CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ई.पु. ६११
R:

ॐ

श्रीगणेशपुराणम्

(नेपाली भाषानुवाद एवं विस्तृत भूमिकासहित)

अनुवादक एवं सम्पादक

प्रा.डा. वेणीमाधव ढकाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमङ्गलमूर्तये नमः

मङ्गलदायकं ढुण्ढिराजस्तोत्रम्

त्वमेव विश्वेश्वर विश्वरूप ! विश्वं सृजस्यत्सि हि पासि देव !
शुभाशुभं कर्म निरीक्ष्य तस्य ददासि भोगं विविधं गणेश ! ॥

ब्रह्मापि सृष्टिं कुरुतेङ्गितात्ते तद्रक्षणञ्चैव हरिस्तथाऽहम् ।
संहारकारीह चराचरस्य विभागकृत्यं हि गुणत्रयस्य ॥

तव प्रसादाद्धरिरब्जजोऽपि शिवश्च शक्तो निजकर्मसिद्धयै ।
त्वया विना वेदविधिर्वृथा स्यात् त्वदीयशक्त्या सुरशत्रुनाशः ॥

अनन्तशक्तिः प्रकृतिः पुरा त्वां समर्च्य दुष्टं महिषं जघान ।
यच्छ्वासनिर्धूतनगप्रपातभीतं जगत् कृत्स्नमिदं ररक्ष ॥

त्वमप्रमेयोऽखिललोकसाक्षी त्वमव्ययः कारणकारणञ्च
वेदा विकुण्ठास्त्वयि सर्व एव शेषो धराभृत्तव भक्तितो हि ॥

त्वामेव नत्वा परिपूजयन्तः सन्तो यजन्ते मनसा स्मरन्तः ।
त्वय्येव भक्तिं परिकल्पयन्तो मुक्तिं भजन्ते परिवृत्तिहीनाः ॥

अनेकरूपाङ्घ्रिविलोचनस्त्वमनेकशीर्षश्रुतिबाहुजिह्वः ।
अनन्तविज्ञानघनो ह्यनेकब्रह्माण्डहेतुः परमप्रकाशः ॥

(ग पु २/४८/५-७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीगणेशपुराणम्

(नेपाली भाषानुवाद एवं विस्तृत भूमिकासहित)

अनुवादक एवं सम्पादक

प्रा.डा. वेणीमाधव ढकाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ड.पु.699
R.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीगणेशपुराणम्

(नेपाली भाषानुवाद एवं विस्तृत भूमिकासहित)

अनुवादक एवं सम्पादक
प्रा.डा. वेणीमाधव ढकाल
नेपाल संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौँ

विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक : श्रीगणेशपुराणम्

अनुवादक एवं सम्पादक : प्रा.डा. वेणीमाधव ढकाल

प्रकाशक : विद्यार्थी पुस्तक भण्डार
भोटाहिटी, काठमाडौँ
फोन : ४२२७२४६, ४४२३३३३

संस्करण : प्रथम, गणेश चतुर्थी, भाद्र २०६६

सर्वाधिकार : अनुवादकमा

प्रकाशित संख्या : २१००

मूल्य : रु. १२५०।-

ISBN : 978-99946-1-382-3

कम्प्युटर : क्वालिटी लेजर प्रिन्ट, बागबजार
फोन : ४२४२६५६

मुद्रक : एनपिटिसी लिमिटेड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

– हरिप्रसाद शर्मा
पूर्व प्रधानन्यायाधीश

प्रस्तुत गणेशपुराण संस्कृतभाषाको गणेशपुराणबाट नेपालीभाषामा अनूदित विशिष्ट कृति हो । अनुवादक एवं सम्पादक प्राध्यापक डा. वेणीमाधव ढकाल पौरस्त्य दर्शनशास्त्र एवं साहित्यशास्त्रका विद्वान् हुनुहुन्छ । यो कृति संस्कृतभाषाबाट नेपालीभाषामा अनूदित भएतापनि यसको अनुवादमा सरलता एवं मिठासका साथै अर्थगम्भीरता पनि रहेको छ ।

नेपालीभाषामा गणेशपुराणको अनुवाद नभएका कारण गणेशपुराणको वस्तुबोध र तत्त्वबोध गर्न नपाउँदा म चिन्तित थिएँ। संयोगवश मलाई डा. चमनलाल गौतमद्वारा हिन्दीभाषामा लिखित संक्षिप्त गणेशपुराण भारतको वाराणसीमा मात्र प्राप्त भयो । धेरै प्रयासपछि सन् १८९२ मा श्रीविनायक रायद्वारा सम्पादित र मुम्बईको गोपालनारायण कम्पनीद्वारा प्रकाशित गणेशपुराण राष्ट्रिय पुस्तकालयमा रहेको जानकारी पाउनासाथ त्यसको अवलोकन गर्ने सौभाग्य पनि प्राप्त भयो । अन्य इच्छुक व्यक्तिले समेत त्यसलाई उपयोगमा ल्याउन सकुन् भन्ने उद्देश्यले सो कृतिको फोटोकपी गराई एकप्रति सर्वोच्च अदालतको पुस्तकालयमा राखिएको छ । यति हुँदाहुँदै पनि नेपालीभाषामा गणेशपुराणको अभावको अनुभवले मलाई सारै संवेदनशील बनाएको थियो । समयान्तरमा गणेशपुराणको श्रवण तथा मनन गर्ने आकांक्षाअनुरूप श्रीगणेशको अनुकम्पाबाट गणेशपुराण सप्ताहयज्ञको आयोजना गर्ने अवसर प्राप्त हुँदा मलाई अत्यन्त सुखद अनुभव भयो । हालै नेपालीभाषामा अनूदित गणेशपुराणको विषयमा स्वयं अनुवादकद्वारा प्राप्त पाण्डुलिपिसम्बन्धी जानकारी मेरा लागि आह्लादकारी भयो । उहाँबाट गणेशपुराणको उक्त पाण्डुलिपि प्राप्त गरी अवलोकन गर्दा यसको भूमिकाखण्डमात्र पनि निकै विस्तृत र मननीय रहेको पाएँ ।

प्रस्तुत ग्रन्थको भूमिकाखण्डमा विभिन्न श्रुति, स्मृति, वेद, वेदाङ्ग, पुराणहरू तथा विविध सम्प्रदायका ग्रन्थहरूमा गरिएका गणेशसम्बन्धी वर्णन, तिनको प्रभाव तथा विस्तारको विशद चर्चाका साथै उपासनाखण्ड र क्रीडाखण्डका विषयवस्तुको गम्भीर विश्लेषण र पर्याप्त एवं सार्थक सारदोहन गरिएको पाइन्छ । यस कृतिमा नेपालको ऐतिहासिककालदेखि किरातकाल, महिषपाल एवं गोपालवंशसम्म र लिच्छविकालदेखि वर्तमानकालसम्म नेपालका विभिन्न जिल्लाहरू र देश–विदेशमा समेत रहेका गणेशमन्दिर एवं गणेशमूर्तिहरूको प्रतिष्ठा र आराधना–उपासनाको विषयमा पर्याप्त अध्ययन गरी त्यसको व्यापकता र प्रसिद्धि दर्शाइएको छ। चिन्तनगम्भीर भूमिका र उपयोगी परिशिष्टका साथै गणेशको पूजाविधि, गणेशपुराणको पाठविधि र गणेशपुराणको माहात्म्यसमेत संलग्न गराइएकाले यो अनूदित गणेशपुराण पठनीय तथा मननीय दुर्लभ ग्रन्थको रूपमा प्रस्तुत भएको छ ।

प्रस्तुत ग्रन्थरचनामा विद्वान् अनुवादकको घनीभूत परिश्रम र गम्भीर अध्यवसायको छाप परेको स्पष्ट हुन्छ । प्राच्यवाङ्मयका विविध विधाको अनुशीलन गरी नेपाली जनमानसका लागि नेपालीभाषामा तयार गरिएको यो प्रस्तुति ज्यादै नै उपयोगी रहेको छ। यसबाट नेपालीभाषामा गणेशपुराणको अभावको परिपूर्ति भएको छ । यस्तो ज्ञानवर्धक र उपयोगी कृति पाठकहरूसमक्ष प्रस्तुत गर्न सफल हुनुभएकोमा विद्वान् अनुवादकलाई हार्दिक धन्यवाद छ । अनुवादकको विषयसम्बन्धी विशद ज्ञान र अनुभवले अनुप्राणित अन्य उपयोगी रचना तथा अनूदित कृतिहरू भविष्यमा समेत नेपाली समाजमा पस्कने उपक्रम क्रमशः झाँगिने र फल्ने–फुल्ने छ भन्ने आशा गर्दछु । साथै नेपाली आध्यात्मिक, सांस्कृतिक एवं धार्मिक साहित्य अनुपम समृद्धितर्फ अग्रसर भइरहने पूर्ण विश्वास लिएको छु । प्रस्तुत कृति नेपाली जनमानसका लागि सत्यं शिवं र सुन्दरंको संवाहक अत्यन्त उपयोगी कृतिका रूपमा सम्मानित भइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

२०६५ माघशुक्ल चतुर्थी
नयाँबानेश्वर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशाय नमः

– प्रा. विदुरप्रसाद पौडेल
उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय

उक्त शीर्षक नेपालका धेरै लेखकका कागजपत्रको सुरुमा पाइन्छ र पाइन्थ्यो। भारतवर्षमा पञ्चदेवको पूजा गर्ने चलन घर-घरमा छ। यिनलाई पाञ्चायनभित्र एक मानिन्छ। गणेश, विष्णु, शिव, सूर्य र देवीको समुदायलाई पाञ्चायन वा पञ्चब्रह्म भनिन्छ। यिनमा गणेशलाई पृथ्वीतत्त्व, विष्णुलाई जलतत्त्व, शिवलाई आकाशतत्त्व, सूर्यलाई तेजस्तत्त्व, देवीलाई वायुतत्त्व मान्ने शास्त्रीय धारणा पनि छ। जसले गणेशलाई इष्ट देव मान्छन्, तिनीहरूले उनलाई बीचमा, विष्णुलाई ईशानमा, शिवलाई आग्नेयमा, सूर्यलाई नैर्ऋत्यमा, देवीलाई वायव्यमा राखेर पूजा गर्ने शास्त्रीय प्रमाण पाइन्छ। पाञ्चायन पूजाबाहेकका अन्य कर्ममा कलश, दीप र गणेशको आदिमै पूजा गर्नु नियत गरिएको छ। यसको मतलब गणेश सबैका विघ्नहर्ता हुन्। विघ्नका पनि तीन रूप छन् – आधिभौतिक, आधिदैविक र आध्यात्मिक। यी तीनै प्रकारका विघ्न हर्नु गणेशका लागि साधारण कार्य हुन्। जीवनमा अन्य ठूला विघ्न पनि छन्, जस्तै कि कसैले पनि आफूलाई ब्रह्म, परमात्मा वा भगवान् भनेर अनुभूत गर्न नसक्नु। यसलाई स्वरूपावरणरूप विघ्न भनिन्छ। स्वरूपावरणलाई अविद्या, माया वा अज्ञान पनि भनिन्छ। अविद्याका पनि दुई रूप छन् – तुलाविद्या र मूलाविद्या। द्वैतभ्रम यसै विघ्नबाट भइरहन्छ। कुनै कुनै साधकमा गणेशको कृपाले स्वरूपावरणरूप विघ्न हटेर अद्वैत स्थिति भए पनि यसलाई पनि विघ्न नै मानिएको छ। अद्वैतरूप महाविघ्नलाई गणेशको महाकृपाले मात्र हटाउन सक्छ। त्यसैले – **द्वैताद्वैतमहामोहशर्वरीक्षपणक्षमः** भनेर गणेशको स्तुति गरिएको छ।

वस्तुतः निर्विकल्प अधिष्ठान नै एकमात्र सम्पूर्ण चराचरको कारण हो। विश्वोत्तीर्णता र विश्वात्मकतामा किञ्चिन्मात्र भेद नरहनु अलौकिकता हो। यही स्फुरण गणेश हो। यो सबै हो र सबै यही हो। त्यसैले गणेश, विष्णु, शिव, सूर्य, देवीमा केही फरक छैन। स्वरूपलाई जाने पछि सबै सबै हुन्छन्। देश, काल र परिस्थितिद्वारा निर्विकल्पता कुण्ठित र सङ्कुचित हुँदैन। कुण्ठा र सङ्कोच गणेशको कुठारद्वारा कृन्तन गरिन्छन्। वरमुद्रा र अभयमुद्रा धेरैजसो देवताका हातमा देखिन्छन्। गणेशका भने खुट्टामा ती दुई मुद्रा देख्न सकिन्छ। वरमुद्राले प्रेय अर्थात् लोकोन्नति र अभयमुद्राले श्रेय अर्थात् लोकोत्तर अवस्था (मोक्ष) दिन सक्ने स्थिति बुझिन्छ। अरू देवताले ती दुई कुरा दिन हात नै लगाउनुपर्ने तर गणेशले भने ती दुई कुरा सहजै हेला र खेल खेलमा दिन सक्ने भन्ने बुझाउन खुट्टामा वर अभय मुद्रा देखाइन्छ।

इडा, पिङ्गला र सुषुम्णा नाडीमा चन्द्र, सूर्य र अग्निको आरोप गरिन्छ। इडा नाडी चन्द्रस्वरूप चन्द्र सोमको प्रतीक र गणेश सोमात्मक अर्थात् शक्तिपुत्र भन्ने पनि बुझ्नुपर्छ। इडा नाडी देब्रेपट्टि बस्छ, त्यसैले कतिपय मन्दिर प्रवेश गर्ने ठाउँमा देब्रेपट्टि गणेशको मूर्ति देख्न सकिन्छ।

मेरुदण्डमा सुषुम्णा, वज्रा, चित्रा र ब्राह्मी नाडी एकभित्र अर्को गरी क्रमशः बस्छन्। तीमध्ये सुषुम्णा अग्निस्वरूप, वज्रा सूर्यस्वरूप र चित्रा चन्द्रस्वरूप छन्। कसैको मतमा ब्राह्मी नाडी छैन त्यसैले चन्द्रस्वरूप अर्थात् सोमात्मक चित्रा नाडी नै अन्तिम हो। यो सोमात्मक भएकोले गणेशरूप छ । यसैभित्र अनन्त शक्ति र अनन्त रहस्यको भण्डार कुण्डलिनी महाशक्ति विद्यमान छ। त्यसैले गणेशको शक्ति, सामर्थ्य र रहस्यको सीमा कुनै हालतमा कसैले पत्तो लगाउन सक्दैन। एकथरि योगीहरू हंसका उपासक छन्। **हंसः सोऽहम् ओम्,** मा कहीं क्रमव्यत्यय र कहीं वर्णलोप हुँदै अवस्था र साधनाअनुसार साससले गति लिइरहन्छ।

२४ घण्टामा एक व्यक्तिले २१ हजार ६ सय चोटी सास फेर्छ भन्ने शास्त्रीय भनाइ छ। तीमध्ये ६ सय सासको संख्या मूलाधारचक्रमा बसेका गणेशलाई चढाइन्छ। मूलाधारचक्र पृथिव्यात्मक छ, त्यसै हुँदा गणेशको स्वरूप पृथिवीतत्त्वात्मक पनि हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशाय नमः

– प्रा. विदुरप्रसाद पौडेल
उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय

उक्त शीर्षक नेपालका धेरै लेखका कागजपत्रको सुरुमा पाइन्छ र पाइन्थ्यो। भारतवर्षमा पञ्चदेवको पूजा गर्ने चलन घर–घरमा छ। यिनलाई पाञ्चायनभित्र एक मानिन्छ। गणेश, विष्णु, शिव, सूर्य र देवीको समुदायलाई पाञ्चायन वा पञ्चब्रह्म भनिन्छ। यिनमा गणेशलाई पृथ्वीतत्त्व, विष्णुलाई जलतत्त्व, शिवलाई आकाशतत्त्व, सूर्यलाई तेजस्तत्त्व, देवीलाई वायुतत्त्व मान्ने शास्त्रीय धारणा पनि छ। जसले गणेशलाई इष्ट देव मान्छन्, तिनीहरूले उनलाई बीचमा, विष्णुलाई ईशानमा, शिवलाई आग्नेयमा, सूर्यलाई नैर्ऋत्यमा, देवीलाई वायव्यमा राखेर पूजा गर्ने शास्त्रीय प्रमाण पाइन्छ। पाञ्चायन पूजाबाहेकका अन्य कर्ममा कलश, दीप र गणेशको आदिमै पूजा गर्नु नियत गरिएको छ। यसको मतलब गणेश सबैका विघ्नहर्ता हुन्। विघ्नका पनि तीन रूप छन् – आधिभौतिक, आधिदैविक र आध्यात्मिक। यी तीनै प्रकारका विघ्न हर्नु गणेशका लागि साधारण कार्य हुन्। जीवनमा अन्य ठूला विघ्न पनि छन्, जस्तै कि कसैले पनि आफूलाई ब्रह्म, परमात्मा वा भगवान् भनेर अनुभूत गर्न नसक्नु। यसलाई स्वरूपावरणरूप विघ्न भनिन्छ। स्वरूपावरणलाई अविद्या, माया वा अज्ञान पनि भनिन्छ। अविद्याका पनि दुई रूप छन् – तुलाविद्या र मूलाविद्या। द्वैतभ्रम यसै विघ्नबाट भइरहन्छ। कुनै कुनै साधकमा गणेशको कृपाले स्वरूपावरणरूप विघ्न हटेर अद्वैत स्थिति भए पनि यसलाई पनि विघ्न नै मानिएको छ। अद्वैतरूप महाविघ्नलाई गणेशको महाकृपाले मात्र हटाउन सक्छ। त्यसैले – **द्वैताद्वैतमहामोहशर्वरीक्षपणक्षमः** भनेर गणेशको स्तुति गरिएको छ।

वस्तुतः निर्विकल्प अधिष्ठान नै एकमात्र सम्पूर्ण चराचरको कारण हो। विश्वोत्तीर्णता र विश्वात्मकतामा किञ्चिन्मात्र भेद नरहनु अलौकिकता हो। यही स्फुरण गणेश हो। यो सबै हो र सबै यही हो। त्यसैले गणेश, विष्णु, शिव, सूर्य, देवीमा केही फरक छैन। स्वरूपलाई जाने पछि सबै सबै हुन्छन्। देश, काल र परिस्थितिद्वारा निर्विकल्पता कुण्ठित र सङ्कुचित हुँदैन। कुण्ठा र सङ्कोच गणेशको कुठारद्वारा कृन्तन गरिन्छन्। वरमुद्रा र अभयमुद्रा धेरैजसो देवताका हातमा देखिन्छन्। गणेशका भने खुट्टामा ती दुई मुद्रा देख्न सकिन्छ। वरमुद्राले प्रेय अर्थात् लोकोन्नति र अभयमुद्राले श्रेय अर्थात् लोकोत्तर अवस्था (मोक्ष) दिन सक्ने स्थिति बुझिन्छ। अरू देवताले ती दुई कुरा दिन हात नै लगाउनुपर्ने तर गणेशले भने ती दुई कुरा सहजै हेला र खेल खेलमा दिन सक्ने भन्ने बुझाउन खुट्टामा वर अभय मुद्रा देखाइन्छ।

इडा, पिङ्गला र सुषुम्णा नाडीमा चन्द्र, सूर्य र अग्निको आरोप गरिन्छ। इडा नाडी चन्द्रस्वरूप चन्द्र सोमको प्रतीक र गणेश सोमात्मक अर्थात् शक्तिपुत्र भन्ने पनि बुझ्नुपर्छ। इडा नाडी देब्रेपट्टि बस्छ, त्यसैले कतिपय मन्दिर प्रवेश गर्ने ठाउँमा देब्रेपट्टि गणेशको मूर्ति देख्न सकिन्छ।

मेरुदण्डमा सुषुम्णा, वज्रा, चित्रा र ब्राह्मी नाडी एकभित्र अर्को गरी क्रमशः बस्छन्। तीमध्ये सुषुम्णा अग्निस्वरूप, वज्रा सूर्यस्वरूप र चित्रा चन्द्रस्वरूप छन्। कसैको मतमा ब्राह्मी नाडी छैन त्यसैले चन्द्रस्वरूप अर्थात् सोमात्मक चित्रा नाडी नै अन्तिम हो। यो सोमात्मक भएकोले गणेशरूप छ । यसैभित्र अनन्त शक्ति र अनन्त रहस्यको भण्डार कुण्डलिनी महाशक्ति विद्यमान छ। त्यसैले गणेशको शक्ति, सामर्थ्य र रहस्यको सीमा कुनै हालतमा कसैले पत्तो लगाउन सक्दैन। एकथरि योगीहरू हंसका उपासक छन्। हंसः सोऽहम् ओम्, मा कहीं क्रमव्यत्यय र कहीं वर्णलोप हुँदै अवस्था र साधनाअनुसार सासले गति लिइरहन्छ।

२४ घण्टामा एक व्यक्तिले २१ हजार ६ सय चोटी सास फेर्छ भन्ने शास्त्रीय भनाइ छ। तीमध्ये ६ सय सासको संख्या मूलाधारचक्रमा बसेका गणेशलाई चढाइन्छ। मूलाधारचक्र पृथिव्यात्मक छ, त्यसै हुँदा गणेशको स्वरूप पृथिवीतत्त्वात्मक पनि हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने निश्चय गरिन्छ ।

पानीमा डुब्छ, अग्निमा डढ्छ, हावामा उड्छ, आकाशमा लड्छ, पृथिवीमात्र यस्तो हो जहाँ प्राणीजगत्ले टेकेर अर्थात् अडिएर अन्य कर्म गर्न सक्छ। त्यसैले अन्य कर्म गर्नका लागि सर्वप्रथम पृथिवीतत्त्वात्मक गणेशको पूजा अनिवार्य गर्ने शास्त्रीय प्रचलन भएको हुन सक्छ। आधारशक्तिको पूजा पृथिवीमा गर्ने शास्त्रीय वचन छ। निराधारमा कुनै कर्म हुन्न। पृथिवीतत्त्वात्मक गणेशको पूजा सर्वप्रथम ता यसै कारण प्रचलित भइरहेको भन्ने बुझ्नुपर्छ।

गणेश मूलाधारचक्रमा बस्छन् भन्ने शास्त्रीय वचन ज्यादातर प्रसिद्ध भए पनि अरू चक्रमा पनि बस्छन् भन्ने थुप्रै सङ्केत पाइन्छन्। तन्त्र र आगम शास्त्रमा आम्नायहरू उपासनाका लागि १० बताइएका छन्। ती हुन् अधः, पूर्व, दक्षिण, पश्चिम, उत्तर, ऊर्ध्व, ईशान, आग्नेय, नैर्ऋत्य, वायव्य। अर्थात् अधः मूलाधार, पूर्व स्वाधिष्ठान, दक्षिण मणिपूर, पश्चिम अनाहत, उत्तर विशुद्धि, ऊर्ध्व आज्ञा त्यस्तै स्वाधिष्ठानदेखि तल ईशान, मणिपूरदेखि तल आग्नेय, अनाहतदेखि तल नैर्ऋत्य विशुद्धिदेखि तल वायव्य दिशाका बीचमा एक/एक गरी चार। जम्मा आम्नाय वा चक्रमा एक/एक गणेश अलग-अलग स्वरूपका छन्, तिनका बीज पनि अलग-अलग छन्। जस्तै दक्षिणाम्नाय अर्थात् मणिपूर चक्रमा उपासना गरिने गणेशको बीज **'गँ'** हो अर्थात् **गँ गणपतये नमः** भनिन्छ भने उत्तराम्नाय अर्थात् विशुद्धिचक्रमा उपासना गर्दाका गणेशको बीज **'ग्लौं'** हो र त्यहाँ **ग्लौं गणपतये नमः** भन्नुपर्छ। यसरी नै सबै आम्नाय-चक्रमा अलग-अलग बीज र गणेश छन्, भन्ने बुझ्नुपर्दछ। कुण्डलिनी-क्रममा अर्थात् तलबाट माथि जाँदा जलतत्त्वात्मक स्वाधिष्ठान, तेजस्तत्त्वात्मक मणिपूर, हंसक्रममा अर्थात् माथिबाट तल झर्दा तेजस्तत्त्वात्मक स्वाधिष्ठान, जलतत्त्वात्मक मणिपूर, वायुतत्त्वात्मक अनाहत, आकाशतत्त्वात्मक विशुद्धि, अहङ्कारादि आज्ञा । यी सबै आम्नायचक्रमा गणेश ती ती स्वरूपले रहने हुँदा गणेशलाई केवल पृथिवीतत्त्वात्मक मान पनि भन्न नमिल्ने हुन्छ। त्यसैले प्रत्येक आम्नाय, चक्र र भुवनमा गणेशको व्याप्ति देखिन्छ। त्यसैले ती ती ठाउँमा पनि पूजक वा उपासकहरूले सर्वप्रथम गणेशकै पूजा वा उपासना गर्नु अनिवार्य छ। आस्तम्ब ब्रह्मपर्यन्त र पातालदेखि सत्यलोकसम्म वा अनन्त भुवनहरू पनि कर्म माध्यमले गरिएका मायिक निर्माण हुन्। यी सबैको जन्म, आयु र भोग मायिक छ। लीलापुरुष वा अवतारहरू स्वेच्छोपात्त वपुवाला हुन्छन्। यिनीहरूमा मायाको अधीनता हुँदैन। यिनीहरूको अधीनमा माया आदि हुन्छन्। महामायाभन्दा पनि पर रहेकी योगमायालाई लिएर अवतारी पुरुषका चेष्टा हुन्छन्। यस पुरुषका शरीर, इन्द्रिय, प्राण, मन, अहङ्कार, बुद्धि, प्रकृति, स्वभाव, आत्मा, चेष्टा, ज्ञान, कर्म र कृपामा योगमाया नै परिणत भएकी हुन्छिन्। वस्तुतः त्यो पुरुष योगमायामात्र हो। त्यसको स्वानुभूतिमात्र निष्कल, निर्गुण, निरञ्जन, निर्विशेष अविकारी सच्चिदानन्दघन ब्रह्म हो। उसले अनाश्रित शिवदेखि कालाग्निरुद्र-भुवनसम्म वा सम्पूर्ण प्रपञ्च र प्रपञ्चेतरलाई आफ्नै स्फुरण ठान्दछ। उसका लागि स्वेतर कुनै वस्तु छैन। त्यसैले त्यस्ता पुरुषमा मायिक पुरुषमा हुने पुण्य-पाप, स्वर्ग-नरक, लोक-लोकान्तर, दण्ड्य, दण्य, दाण्डिकताजस्ता कुनै खालका कर्मबन्धन रहँदैनन्। गणेशका जति अवतार भएका छन् वा लीला देखिन्छन्, त्यो योगमायाको विजृम्भणमात्र हो भन्ने हामीले नबुझ्दा मायिक हाम्रा आफ्ना इष्टानिष्ट कर्मसँग जोड्दै त्यो पुरुषको निन्दा वा स्तुति गर्न लाग्छौं। रहस्यको पर्दा चिरेर भित्र पस्न नसक्नेहरू जन्म-जन्मान्तर त्यसैमा अल्झिएर अनन्त सुषुप्ति र स्वप्न भोगिरहन्छन्। यस अनादि अनन्त सुषुप्ति र स्वप्नबाट ब्युँझिई स्वस्वरूपमा जाग्न सर्वप्रथम गणेशको पूजा अनिवार्य छ।

वाहन मूषक अन्तर्यामी मायावच्छिन्न ब्रह्म हो। अन्तर्यामी जसरी मायाको दुलोभित्र पस्छ, मूषक पनि दुलोभित्र बस्छ। त्यो अन्तर्यामीलाई गणेशजीले वाहन बनाएका छन् । मूसोलाई कसैले मृत्यु र काल पनि भन्छन्। कालले जसरी सबैको आयुलाई दिनानुदिन काटिरहेको हुन्छ, मूषकले पनि वस्त्रादिलाई काट्छ । आखिर आयु क्षीण भएर मृत्यु हुन्छ। त्यस्तो काल र मृत्युमाथि गणेश बस्छन् र तिनीहरूलाई अधीनमा राखेका छन् ।

गणेशको हातमा रहेको पाशले राग अर्थात् कसैप्रति आसक्तिलाई वा आफूप्रति कसैको आसक्तिलाई बुझाउँछ भने अङ्कुशले द्वेषलाई अर्थात् कसैप्रति गरिने द्वेष वा आफूमाथि कसैबाट गरिने द्वेषलाई बुझाउँछ। यी दुवै गणेशको आफ्नो कब्जामा छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तमा आइलाग्ने वा भक्तको अन्तःकरणमा रहने यी दुवै कुरालाई गणेशले ठीक गर्छन् भन्ने बुझ्नुपर्छ।

गणेशको हातमा हस्तिदन्त छ भने त्यसको अर्थ हो शत्रुनाश । लड्डु छ भने त्यसको मतलब सर्वभोगोपलब्धि र मनः कामना पूर्ति बुझ्नुपर्छ। यसमा जस्तो भगवत्स्वरूपको वा गणेशको व्याख्या छ, त्यो त विष्णु, शिव, सूर्य र देवी सबैको समान हुन सक्छ भन्ने कुरा उठ्नु स्वाभाविक हो। यथार्थ पनि त्यही हो। शास्त्रीय भगवदुपासना पूजा वा कर्ममा विशेषण अंशले वस्तुलाई एकबाट अर्कोमा पार्थक्य कायम गर्छ। त्यसैले विघ्नविनाशनत्वेन जसको चिन्तन, पूजन गरिन्छ उनलाई गणेश भनिन्छ। विशेष्यांश चैतन्य ब्रह्मस्वरूपमा कसैसँग कुनै भिन्नता छैन। गणेशको मुख गजाकार छ भने शरीर नराकार। **गच्छति जगत् अस्मिन् गः, जायते जगत् अस्मादिति जः** । गजाकार मस्तकको मतलब **तत्पदार्थवाच्य ब्रह्म** र नराकारको शरीरको मतलब **त्वंपदार्थवाच्य जीव** हो । दुवैको **लक्ष्यार्थ विशुद्ध ब्रह्म** हो, **असि**को मतलब **ऐक्य** हो । त्यसैले **तत्त्वमसि** महावाक्यको सार्थकता गणेशको शरीरमा प्रत्यक्षतः देख्न सकिन्छ । **ॐकार** ईश्वरको वाचक हो । सकल शास्त्र, सकल देव र सकल प्रपञ्चको बीज स्वरूप वा वाचक जो ॐ छ, गणेशको स्वरूप त्यही हो भन्ने शास्त्रको सङ्केत छ। अनन्तमहिममण्डित गणेशजीको यथार्थ विचार अगम्य र दुर्बोध्य भएको हुँदा संक्षेपमा आफ्नो अल्पज्ञता प्रकट गर्दै लेखनीलाई विश्राम दिन्छु। मङ्गलस्वरूप श्रीगणेशपुराणको सम्पादन र नेपालीमा अनुवाद गरी राष्ट्रमा अमूल्य योगदान पुऱ्याउनुहुने मित्र प्रा.डा. श्री वेणीमाधव ढकालजीलाई नेपाल संस्कृत विश्वविद्यालयको तर्फबाट हार्दिक साधुवाद टक्र्याउँछु।

२०६५, माघशुक्ल चतुर्थी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशका चरणकमलमा वाक्यपुष्पाञ्जलि

- प्रा. विद्यानाथ उपाध्याय

कल्याणकारिकमनीयगुणाधिवासं
वन्दामहे गणपतेश्चरणारविन्दम् ।
चित्ताम्बुजे यदि निशं स्मरतां जनानां
निर्विघ्नता भवति सर्वविधोद्यमेषु ।।

श्रीगणेशको करुणा र श्रीगणेशपुराणको अनुवाद

परब्रह्म परमात्मा श्रीगणेशका असीम अनुकम्पाले लोककल्याणका लागि 'श्रीगणेशपुराणम्' महाग्रन्थको ज्यादै उत्तम सम्पादन आज जनसमक्ष प्रस्तुत भएको छ । यस महनीय कार्यको प्रकाशनका निमित्त भगवान् श्रीगणेशले प्राध्यापक डाक्टर वेणीमाधव ढकालजस्ता सिद्धहस्त अनुभवी विद्वान्लाई निमित्त बनाउनुभएको छ । प्रा.डा. वेणीमाधव ढकालले वर्षौंको अथक परिश्रम र आफूले चिरकालसम्म गरेको चिन्तन, मनन र अनुसन्धानद्वारा अर्जित बुद्धि, प्रतिभा एवं व्युत्पत्ति लगाएर यस महान् ग्रन्थको साङ्गोपाङ्ग भाषानुवाद, समीक्षा र शोधपूर्ण सम्पादन गर्नुभएको छ । यस्ता विशिष्ट ग्रन्थको यस्तो विशिष्ट सम्पादन त्यत्तिकै सजिलैसित सम्पन्न हुनु सम्भव छैन । यसमा परमेश्वर श्रीगणेशकै करुणामय अनुकम्पा र लोककल्याणको इच्छा अनस्यूत रहेको छ । यो ग्रन्थ श्रीमद्भागवत महापुराणमा निर्दिष्ट भएझैं तात्त्विक भक्तिरसले परिपूर्ण भएको पाकेको अमृत–फल हो वा भक्तिरसको सरोवर हो । यसको आस्था, श्रद्धा र भक्तिले गरिएको अभ्यासबाट श्रीगणेशको तात्त्विक स्वरूपको परिचय पाउन सकिन्छ । प्रभुको साङ्गोपाङ्ग उपासना गर्ने पूर्णक्रमको ज्ञानलाभ हुन्छ । श्रीगणेशमा अनन्य भक्ति बढ्ने र यसबाट श्रीगणेशको कृपा प्राप्त भएर यस लोकमा सिद्धि, बुद्धि, ऐश्वर्य र परलोकमा कैवल्य प्राप्त हुने महान् अवसरलाभ हुनसक्छ । यस ग्रन्थको प्रकाशनले श्रीगणेशको शास्त्रीय विधिपूर्वक आराधना गर्ने मार्गलाई सुप्रकाशित गरेर साधनापथलाई सुगम र सहज बनाउनुका साथै प्रभुका कृपाप्राप्तिको उपाय प्रशस्त गरेको छ । यतिमात्र नभएर साधनाक्रमको विधिवैगुण्य हुन जाने सम्भावनालाई पनि यस कृतिले समाप्त गरिदिएको छ ।

अनूदित श्रीगणेशपुराणको शोधपूर्ण भूमिका र उपलब्धिपूर्ण परिशिष्ट

'श्रीगणेशपुराणम्'का माहात्म्य, उपासना र क्रीडाखण्डमा विस्तारित विषयवस्तुका मर्महरू सरल, शुद्ध र प्राञ्जल लोकभाषा नेपालीमा बोध गराउने र साधना–रहस्यका ग्रन्थिहरूलाई फुकाएर अनर्थचिन्तनलाई हटाउने लक्ष्यमा सम्पादक प्रा.डा. वेणीमाधव ढकाल यहाँ अत्यन्त सफल हुनुभएको देखिन्छ । उहाँको सशक्त लेखनीबाट निःसृत भूमिकाखण्डमा त श्रीगणेशसँग सम्बद्ध समस्त शास्त्रीय सन्दर्भहरूको अनुसन्धानपूर्ण विवेचन ज्यादै सुन्दर भएको छ । एउटै भूमिकाबाट वेद, उपनिषद्, पुराण, तन्त्रका साथै अन्यान्य सम्प्रदायमा समादृत श्रीगणेशसँग सम्बद्ध सामग्रीको ज्ञान प्राप्त हुने सुलभ भएकाले साधक, जिज्ञासु र अनुसन्धातासमेतका लागि यो ग्रन्थ संग्राह्य र अध्येय बनेको छ । नेपाल र नेपालबाहिरका गणेशमूर्ति, गणेशमन्दिर, गणेशतीर्थको परिचय दिने सामग्रीले यो ग्रन्थ अझ प्रशंसनीय बन्न पुगेको छ । यतिमात्र पनि होइन, यस सम्पादित कृतिको परिशिष्ट खण्ड आफैमा अझ यति विशिष्ट बनेको छ कि यसको अध्ययनले साधकहरूको श्रीगणेशसँग सम्बद्ध ज्ञानराशिको विस्तारमात्र हुने नभएर साधनापथ समुज्ज्वल हुनसक्ने तथ्य सुस्पष्ट छ । प्रा.डा. ढकालको यस सम्पादित ग्रन्थमा भएको शास्त्रीय, लौकिक एवं सम्प्रदायगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भहरूको बोधगम्य विवेचन भएपछि अब यस क्षेत्रमा अरूले आफ्नो कलम घुमाएर कुनै अपूर्व तथ्यको प्रकाशन गर्ने आवश्यकता बाँकी रहन्छ होला जस्तो लाग्दैन । निबद्ध शास्त्रीय सन्दर्भहरूको निचोड यसमा सजिलै प्राप्त हुनसक्दछ । यो सम्पादित ग्रन्थ त हो यसमा सन्देह छैन, तर पौराणिक तथ्यहरूको प्रस्तुतीकरणले मात्र, वास्तवमा भूमिकाखण्ड र परिशिष्ट खण्ड त एउटा शोधकृति नै हो भन्नुपर्दछ । वस्तुतः 'श्रीगणेशपुराणम्' को प्रस्तुत ग्रन्थ एउटा अद्वितीय आकरग्रन्थ नै हो भन्ने कुरा म मान्दछु ।

वैदिकसंस्कृतिको तान्त्रिक धारा र श्रीगणेशको उपासना

प्रस्तुत 'श्रीगणेशपुराणम्'को सम्पादित कृतिमा मित्र प्रा.डा. वेणीमाधव ढकालले एउटा सानो मन्तव्य लेख्न मलाई आग्रह गर्नुभयो । तर म पुराणको विशेषज्ञ नभएकोले कस्तो-कस्तो लाग्यो । यस ग्रन्थमा मैले सिक्नुपर्ने धेरै कुरा छन् । मैले नयाँ कुरा गर्ने ठाउँ कमैमात्र छ जस्तो लाग्दछ । तैपनि श्रीगणेशसँग सम्बद्ध उपासनाको अर्कै एउटा धारा तान्त्रिक साधनाको पक्ष प्रस्तुत गर्ने म प्रयास गर्दछु ।

वैदिक संस्कृति एउटा पावन गङ्गा हो । यसका दुई धारा पौराणिक र तान्त्रिक प्राचीन कालदेखि हिमवत्खण्डमा अनवरत बग्दै यहाँका जनजीवनलाई पवित्र गर्दै आएका छन् । उपासनाका क्षेत्रमा पौराणिक क्रमभन्दा तान्त्रिक क्रम अलि भिन्न जस्तो त देखिन्छ तर पौराणिक र तान्त्रिक दुवै क्रम, दुवै विधिविधान नङ र मासु छुट्टै भए पनि दुवैको सम्बन्ध अविभाज्य भएजस्तै घनिष्ठरूपमा सम्बद्ध छन्, कहीँ कहीँ त यी दुवैको तादात्म्य पनि देखिने गर्दछ । तान्त्रिक क्रममा पौराणिक मन्त्र र स्तुतिवाक्यको प्रयोग र तन्त्रका विषयवस्तुलाई आत्मसात् गर्ने पौराणिक साहित्य यसका प्रमाण हुन् । **वेदाः प्रमाणम्** वेद प्रमाण हो । यसैबाट निःसृत संस्कृति पौराणिक र तान्त्रिक दुवै हुन्छ । तन्त्रलाई कसै-कसैले अवैदिक वा वेदबाह्य भने पनि यो वस्तुतः वेदबाह्य होइन। इतिहास र पुराणले वेदकै समुपबृंहण गरेझैं तन्त्रको प्रतिष्ठा त वेद नै हो । यसैले पुराणजस्तै तन्त्र पनि प्रमाणै मानिन्छ ।

तान्त्रिक उपासनामा पनि श्रीगणेशलाई प्राथमिकता नै दिएको पाइन्छ । हरेक आम्नायमा श्रीगणेशको सगुण स्वरूप र मन्त्र उपचारमा पृथक्ता देखिए पनि उपासनाको पूर्ण सार्थक्य उनको आराधनाविना सम्भव हुँदैन । श्रीगणेशको तान्त्रिक उपासनाका केही पक्षहरू सम्पादक विद्वान् प्रा.डा. वेणीमाधव ढकालका यस कृतिको भूमिकाखण्ड र परिशिष्टखण्डमा पनि चर्चित भइसकेका छन् । तैपनि यस क्षेत्रमा केही अंश म पनि थप गर्ने धृष्टता गर्न चाहन्छु ।

श्रीगणेशाराधनाको तान्त्रिक विशिष्ट विधान

कुलमूलावतार कल्पसूत्रको टीकामा रहेको द्वितीयकाण्डीय गणेशविमर्शिनीमा श्रीगणेशको आराधना गर्ने एउटा विशिष्ट विधान देखिन्छ –

प्रातःकृत्य – प्रातःकृत्यअन्तर्गत आफ्नो शिरमा रहेको सेतो कमलमा श्वेतवर्ण, सुखासीन, वर र अभय पाणि, शान्तवदन गुरुको आराधना, अनि शौच एवं दन्तधावन, सूर्यमण्डलबाट तीर्थको आवाहन गरेर जलमा त्यसको संयोजन गरी सोम, सूर्य र अग्निमण्डलको चिन्तन गरेर त्यसमा अवगाहन, त्यसपछि आफूलाई अभिषिञ्चन, आचमन, वस्त्रपरिधान, पुनराचमन, सूर्योपस्थापन गर्नुपर्दछ । यति गरिसकेपछि सम्पूर्ण अभीष्ट (चाहेको कुरा) प्रदान गर्ने तर्पणको क्रम आउँदछ ।

तर्पणविधि – एकान्त विजन वनमा जहाँ कुनै प्रकारको अशान्ति उपद्रव छैन, त्यहाँ आफ्नो स्नानादि कर्म सिध्याएर न्यास आदि सकी तलाउका बीचमा – भर्खरै उदाउन लागेका सूर्यको जस्तो लालिमाले भरिएको आभा, समुन्नत, सुगन्धि, अत्यन्त मनोहर भर्खरै फुलेको ठूलो कमलको भावना गर्नुपर्दछ । त्यसका बीचमा रत्नैरत्नले निर्मित भद्रासन, त्यसमा विराजमान आफ्नो आत्मस्वरूप श्रीगणनायक – सम्पूर्ण आवरणले युक्त देवता यिनको ध्यान गरेर सम्पूर्ण उपचारले उनको मानसपूजन गर्नुपर्दछ । अनि उनलाई उहाँलाई आफ्नो मस्तकमा चिन्तन गरी चन्दन, कस्तूरीयुक्त जलले मूलमन्त्रद्वारा चार पल्ट अभिषेक गर्नुपर्दछ । यसमा कनिष्ठ, मध्यम र ज्येष्ठ क्रम पनि वर्णित छ, १०८ पल्ट, २१६ पल्ट, ४३४ पल्ट अभिमन्त्रित अमृतमय जलले मानसरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशको तर्पण गर्नाले शीघ्रातिशीघ्र साधकको इष्टसिद्धि हुन्छ भन्ने शास्त्रीय वचन विद्यमान छ । यो तर्पण प्रतिदिन नै गर्नुपर्ने हुन्छ । कहीँ त ४४० पल्ट यस्तो मण्डलाभिषेक गरेर श्रीगणनायकको आराधना गर्ने विधिविधान पनि बताएको पाइन्छ । यस तर्पणमा **गं गणेशं तर्पयामि** भन्ने मन्त्रको प्रयोग हुन्छ । यसको होम पनि निश्चित सङ्ख्यामा गर्ने गरिन्छ । ठूलो यज्ञमा, विवाद पर्दा, ठूलो दरिद्रता र सङ्कट पर्दा, विवाह आदि सबै कर्ममा पनि विशेष गरेर प्रसन्नतापूर्वक यसरी मानसिक तर्पण गरेमा श्रीगणेशका प्रभावले उहाँका लीलाले सम्पूर्ण सिद्धि प्राप्त हुन्छ भन्ने तन्त्रको वचन छ ।

भूतशुद्धि – तर्पणपछि भूतशुद्धिको विधान छ । यसमा कुण्डलिनी योगबाट आफूलाई कल्मषहीन बनाएर देवमय शरीरले देवताको आराधना गर्ने भूमिका तयार गरिन्छ ।

न्यास – भूतशुद्धिपछि मातृकान्यास गरिन्छ अनि बीजन्यास हुन्छ । विभिन्न अङ्गहरूमा मातृकाहरू र बीजहरूको न्यास गरी शरीरलाई देवमय बनाइन्छ । यो पनि आश्रम अनुरूप हुनुपर्दछ, किनभने अङ्गुष्ठदेखि कनिष्ठासम्म ब्रह्मचारीहरूको उत्पत्ति, मध्यमा र तर्जनीसम्म गृहस्थहरूको स्थिति र कनिष्ठादेखि अङ्गुष्ठसम्म संन्यासीहरूको संहार मानिन्छ । यसैक्रममा यो न्यास श्रीगणेशको आराधनासँग सम्बद्ध भएकोले विभिन्न अङ्गमा विनायक, विरूपाक्ष, क्रूरकर्मा, अपराजित, चण्डवेग, हयग्रीव, कराल, चण्डविक्रम, विघ्न, विनायक, वीर, शूर, वदन, गजवक्त्र, एकदन्त, लम्बोदर, क्षिप्रसंज्ञ, महागणप यिनीहरूको न्यास हुन्छ । त्यसपछि त ब्रह्माणी आदि अष्टमातृका र असिताङ्ग आदि भैरवहरूको पनि न्यास गरिन्छ ।

ध्यान – न्यासपछि ध्यानको क्रम आउँछ । यहाँ कसैले सिद्धिलक्ष्मीलाई अङ्कमाल गरेर बसेका दशभुजा भएका विघ्नेश्वरको ध्यान गरिन्छ भन्छन् । वास्तवमा सच्चिदानन्दस्वरूप अर्थात् सत् चित् आनन्दस्वरूप श्रीगणेशको ध्यान हुन्छ । त्यसपछि उहाँको साकार ध्यान हुन्छ, दशभुजा भएका सशक्तिक श्रीगणेशको । यिनै हुन् महागणपति ।

पीठपूजा – ध्यानपछि सुवर्णशलाका वा दूबोको डाँठले कुशोदक, कस्तूरी, चन्दन, कुङ्कुम आदिद्वारा श्रीगणेशको यन्त्र लेखेर, सुनको पीठमा यसलाई स्थापित गरी उनको आज्ञाले पीठपूजा गर्नुपर्दछ । आधारशक्ति, अनन्त, कूर्म, पृथिवी यिनीहरूको क्रमले पूजन यहाँ हुन्छ । सत्त्व, रजः र तम – तीन गुण; माया, विद्या र आनन्द; सूर्यमण्डल, चन्द्रमण्डल र अग्निमण्डलहरूमा– तीन मण्डलहरू; मण्डलहरूमा ब्रह्मा, विष्णु र ईश्वर यी तीन देवता; आत्मा, अन्तरात्मा, तीव्रा, ज्वालिनी, नन्दा, भोगदा, कामवर्द्धिनी, उग्रतेजोवती, सत्त्वा, नवमी, विघ्ननाशिनी – यी शक्तिहरूको पनि यथाक्रम पूजा **सर्वशक्तिकमलासनाय नमः** मन्त्रले गरिन्छ ।

प्राणायाम – पीठपूजापछि प्राणायाम हुन्छ । यहाँ पूरक गर्दै जीवचैतन्यलाई हृदयकमलमा उठाएर श्रीगणेशको सम्पूर्ण उपचारद्वारा मानसरूपमा आराधना गर्दै स्वरूपतामा लगेर तेजोरूप चिन्तन गरी 'श्रीगणपतिमूर्त्तये नमः' मन्त्रले प्रतिष्ठापित गरिन्छ।

मुद्राप्रदर्शन – प्राणायामपछि आवाहन, प्राणप्रतिष्ठा, त्यसपछि स्थापन, सन्निधान, सन्निरोध, अवगुण्ठन र अमृतीकरण – यी पाँच मुद्राको प्रदर्शन र गणेशमुद्राको दर्शन गर्नुपर्दछ । यति गरी श्रीगणेशलाई परिपूर्ण चिन्तन गर्दै सबै उपचारहरूबाट उहाँको अर्चना गरिन्छ ।

पूजा – सवाहन, सपरिवार, सावरण भगवान् श्रीगणेशको पाद्यादि उपचारले यथाशक्ति अर्चना गर्ने यो नित्यविधि हो ।

पुरश्चरण – श्रीगणेशको पुरश्चरण चार लाख चवालीस हजार जपबाट पूर्ण हुन्छ । यसको पनि पृथक् विधान तन्त्रग्रन्थमा वर्णन गरिएको पाइन्छ । यसमा तर्पण, होम, ब्राह्मण भोजन, दक्षिणा यी सब विधिविधानपूर्वक श्रीगणेशको आराधनाबाट एकवर्ष पनि नबित्दै श्रीगणेशको प्रसादले ठूलो ऐश्वर्य प्राप्त हुन्छ । यसमा शंका छैन – यो तन्त्रशास्त्रको वचन हो ।

श्रीगणेशका विविध काम्य प्रयोग

विज्ञान, ज्ञान, ऐश्वर्य, सिद्धि, रोगमुक्ति, विवादसाम्यता, वशीकरण, स्तम्भन, उच्चाटन आदि अभिचार कर्म, शत्रुनाश इत्यादि कामनाले विभिन्न स्वरूपका श्रीगणेशको विविध उपचारले आराधना गर्ने शास्त्रीय विधान तन्त्रमा विद्यमान छ । सुन्दरी र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणवती कन्या प्राप्ति गर्ने, राजाहरूको राजसम्पादन गर्ने, ऐश्वर्यलाभ गर्ने क्रमहरू र महालक्ष्मी साधन, यिनका पृथक् विधान विद्यमान छन् । श्रीमहागणपति उपनिषद्मा श्रीगणपतिलाई प्रत्यक्ष देवता, कर्ता, धर्ता, हर्ता, ब्रह्मस्वरूप मानिएको छ । उहाँलाई आत्मस्वरूप भनिएको छ । श्रीगणेशलाई वाङ्मय, चिन्मय ब्रह्म, ब्रह्ममय, आनन्दमय, सच्चिदानन्द, अद्वितीय, प्रत्यक्षब्रह्म, ज्ञानमय, विज्ञानमय प्रतिपादन गर्दै सम्पूर्ण जगत् उहाँबाटै प्रवृत्त भएको, उहाँमै लीन हुने, उनै पृथिवी, अग्नि र पवन; उनै वाक्, पाणि, पायु र पाउ; उनै गुणत्रयातीत, उनै देहत्रयातीत; उनै कालत्रयातीत; उनै मूलाधारमा रहेर शक्तित्रयात्मक रूपमा योगीहरूले ध्यान गरिने देवता, उनै ब्रह्मा, विष्णु, रुद्र, इन्द्र, अग्नि, वायु, सूर्य, चन्द्र, ब्रह्म, भू, भुवः, स्वः हुन् भन्ने कुरा प्रतिपादन गरिएको पाइन्छ ।

ॐ नमो व्रातपतये नमो गणपतये नमः प्रमथपतये नमस्तेऽस्तु लम्बोदराय एकदन्ताय विघ्ननाशिने शिवसुताय वरदमूर्तये नमः यी मन्त्रहरूको प्रतिपादन गर्दै श्रद्धा र भक्तिपूर्वक श्रीगणेशको आराधना गर्नेले कामनारूप सम्पूर्ण फल प्राप्त गर्ने कुरा त्यहाँ बताइएको छ । विशेषतः श्रीगणेशको दूबोले पूजन गर्ने व्यक्ति वैश्रवणजस्तो हुने, लावाले अर्चना गर्नेले कीर्ति प्राप्त गर्ने, मेधावान् हुने, हजार लड्डुले पूजन गर्नेको मनोरथ सिद्ध हुने, घ्यू र समिधाले हवन गर्नेले सम्पूर्ण वस्तु पाउन सक्ने, आठ ब्राह्मणलाई गणेश संझी पूजा गर्ने साधक सूर्यजस्तो तेजस्वी हुने, सूर्यग्रहणमा महानदीमा स्नान गरी प्रतिमा अगाडि श्रीगणेशको मन्त्र जप्नेलाई मन्त्रसिद्धि हुने, सम्पूर्ण पापबाट मुक्त भएर सर्वज्ञ हुने कुरा बताइएको छ ।

श्रीगणेशको अर्चना प्रत्येक आम्नायमा प्राथमिकतापूर्वक गर्नुपर्ने, गरेमा सम्पूर्ण कर्म निर्विघ्न पूर्ण हुने, नगरेमा विघ्नवाधा आउन सक्ने हुनुका साथै श्रीगणेशको आराधनाबाट सम्पूर्ण अभीष्टसिद्धि लाभ हुने कुरा तन्त्रशास्त्रले वारंवार उद्घोषित गरेको देखिन्छ । श्रीगणेशको आराधना तन्त्रसम्मत ढंगबाट गर्न चाहने साधक भक्तले सद्गुरुबाट विधिपूवृक दीक्षा प्राप्त गरेर शास्त्रोक्त ढंगबाट श्रद्धा र भक्तिपूर्वक गरेमा सिद्ध नहुने कुनै पनि इष्ट वस्तु हुन सक्दैन यो सत्य छ ।

नेपालको परिप्रेक्ष्यमा श्रीगणेश

कान्तिपुर (काठमाडौं), ललितपुर (पाटन) र भक्तपुर (भादगाउँ) यी तीन शहरका गल्लीका कुना-कुनामा श्रीगणेशका साना-ठूला मन्दिरहरू बनाइएका र त्यहाँ गणेशमूर्ति स्थापित भएका देखिन्छन् । छुट्टै मन्दिर त के कुरा घरका भित्तामा पनि खोपाजस्ता ठाउँमा श्रीगणेशका मूर्ति देखिन्छन् । यी गणेशका मूर्तिहरूको स्थापना प्रायः तान्त्रिकविधिले गरिएको हो । वैदिक वा पौराणिक विधिले स्थापित भएका गणेशमूर्ति कमै पाइन्छन् । यसमा एउटा कारण छ –

उक्त तीन शहरमा मल्ल राजाहरूका राज्यकालमा तन्त्रको अत्यन्त विकास भएको हुनाले तान्त्रिक देवताहरूको स्थापना, तान्त्रिक देवमन्दिरको रचना गरी देवपूजा पनि तान्त्रिक पद्धतिले नै हुने गरेको देखिन्छ । त्यसबेला त्यहाँका बासिन्दा नेवारहरू पनि दीक्षा (देखा) लिन्थे र सन्ध्या (न्हिकँ) गर्थे । देवताहरूको पूजा पनि तान्त्रिक उपचारद्वारा नै हुने गर्दथ्यो । यो परम्परा आज पनि धेरै-थोरै चलेकै छ । तान्त्रिक पूजा गर्दा पशुभाव निषिद्ध छ, वीरभाव आफै आरूढ हुने कुरा हो । वीरभावका उपचारहरू प्रायः प्रयोगमा आउने गर्दछन् । यी उपचारहरूमा पञ्चतत्त्व साक्षात् प्रयोग (त्यसका विशेषतः चार तत्त्वको प्रयोग), पाँचौं तत्त्व गोप्य भएकाले गरिने गरिन्छ । त्यसमा पनि नेवारसमुदायलाई त अधिकार प्राप्त नै छ । तन्त्र ग्रन्थमा पद्धतिका (ध्यासफू) ग्रन्थहरूमा **गणपं देवं .. पञ्चतत्त्वैः प्रपूजयेत्** जस्ता वाक्य देखिन्छन् । यसैले यहाँ श्रीगणेशलाई पनि पञ्चतत्त्वका प्रयोगले अर्चना हुने गरेको देखिन्छ । श्रीगणेशका स्वरूपमा पनि तन्त्रमा विविधता पाइन्छ । दुई हात, चार हात, आठ हात, सोह्र हात, यी हातहरूमा विविध आयुधहरू, एकल गणेश, सशक्तिक गणेश, दुई-शक्तिका गणेश, मूषिकवाहन, नागवाहन, कमलवाहन, वेतालवाहन, भैरववाहन भएका गणेशको ध्यान गर्ने र उनीहरूको तान्त्रिक विधिले अर्चना गर्ने विधान तन्त्रसाहित्यमा पाइन्छ । यो नेपालको खास विशेषता नै हो। तर जेहोस्, श्रीगणेशको तान्त्रिकविधिले गरिने उपासनाको प्रयोजन पनि विघ्ननिवारण, ऋद्धि-सिद्धि लाभ, विद्या र ऐश्वर्य प्राप्ति नै हुन् । यसमा चाहिँ कुनै शङ्का छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवादकका विषयमा अलिकति

प्रा.डा. वेणीमाधव ढकाल मेरा ज्यादै घनिष्ठ र मैले ज्यादै स्नेह गर्ने, त्यतिमात्र नभएर एउटा विशिष्ट विद्वान्, सशक्त लेखक, परिश्रमी प्राध्यापकका रूपमा मैले मानेका मित्र हुनुहुन्छ । तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेपाल संस्कृत विश्वविद्यालय)मा हामीले सँगसँगै काम गऱ्यौं । त्यसै क्रममा प्रा.डा. ढकालले समायोजन गर्नुभएका ज्यादै स्तरीय गोष्ठीहरूमा म स्वयम् संलग्न र सक्रिय हुन्थें । उहाँको गोष्ठी सञ्चालन गर्ने विधि र निष्कर्ष निकाल्ने पद्धति म अत्यन्त रुचाउँथे । म समय-समयमा विद्याको क्षेत्रमा संस्कृत शिक्षाको व्यवस्थापन विशेषरूपमा प्राज्ञिक विकासका सम्बन्धमा उहाँसँग सल्लाह लिन्थें र उहाँलाई सक्दो सहयोग दिन्थें पनि । प्रा.डा. ढकाल विश्वविद्यालयका अनुसन्धान केन्द्रको कार्यकारी निर्देशक हुँदा हामी दुईको पारस्परिक परामर्श सहयोग हुन्थ्यो । वास्तवमा भन्नुपर्दा, प्रा.डा. ढकाल संस्कृत विश्वविद्यालयमा हुनुपर्ने प्राज्ञिक विकासका निमित्त ज्यादै सम्मानपूर्वक सङ्ग्रह गर्नुपर्ने व्यक्तित्व हुनुहुन्छ र उहाँबाट विश्वविद्यालयका माध्यमबाट राष्ट्रले शिक्षाक्षेत्रमा ठूलो सहयोग पाउन सक्तछ भन्ने म मान्दछु । प्रा.डा. वेणीमाधव ढकालले आफ्नो क्षेत्रमा उच्चतम अध्यापन र अनुसन्धान गर्नुभयो, गराउनुभयो, गोष्ठीहरूको संयोजन गर्नुभयो, प्राज्ञिक प्रशासनमा अमूल्य सहयोग गर्नुभयो, शोधपूर्ण ग्रन्थ लेख्नुभयो, उहाँको शोधग्रन्थ **लिच्छविकाकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्** अत्यन्त सङ्ग्राह्य र अध्येय छ । अझ यस प्रस्तुत 'श्रीगणेशपुराणम्' को अद्वितीय सम्पादनले त झन् उहाँलाई एउटा सफल अनुसन्धाता, विशिष्ट विद्वान्, सशक्त लेखक, साधनापथका अन्वेष्टा साधकका रूपमा स्थापित गरेको छ । उहाँको यस कृतिले म ज्यादै प्रभावित छु र यस ग्रन्थमा **श्रीगणेशपुराणम्**को सम्पादित कृतिमा एउटा सानो मन्तव्य लेखेर भगवान् गणेशका चरणमा वाक्यपुष्पाञ्जलि समर्पित गर्न पाएकोमा म आफुलाई धन्य संझेर प्रा.डा. वेणीमाधव ढकाल मित्रलाई धन्यवाद टक्र्याउँछु ।

माघशुक्ल चतुर्थी, २०६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराणमा सुवर्णमुकुटको संयोजन

– प्रा.डा. जगदीशचन्द्र रेग्मी

काठमाडौंमा २०२३-२४ सालतिर होला भारतका विदेशमन्त्री यशवन्त राव चाह्वाण काठमाडौं आएको बेला गणेशचतुर्थी परेको रहेछ। चह्वाण महाराष्ट्री हुनाले गणेशदर्शनको माग भएछ। गणेशका मूर्ति-मन्दिर छ्यापछ्याप्ती भएको काठमाडौंमा गणेश दर्शनका स्थानको के कमी थियो र ? तर, कसरी हो विदेशमन्त्रीज्यूले सबै गणेशमन्दिरहरूमा पशुबलि हुने कुरा थाहा पाएपछि पशुबलि नदिइने गणेश मन्दिरको खोजी हुन थालेछ। बल्लबल्ल कताबाट काठमाडौं कमलाक्षी टोलमा रहेको गणेशमूर्तिमा पशुबलि नचढाइने थाहा पाएपछि बल्ल अतिथिमहोदयको गणेशदर्शनको इच्छा पूरा हुन पाएछ। यस कुराबाट गणेशको उपासनामा एउटै विधि प्रचलित नभई अनेक विधि प्रचलित भएको बुझ्न गाह्रो पर्दैन।

भारत महाराष्ट्रको चर्चाबाट सुरु भएको यस उपक्रमलाई अलिकति अझ अगाडि बढाऔं – गणेशको पूजाआजा प्रायः भारतभरि मनाइन्छ तर महाराष्ट्रमा सो आराधनाले अर्को रूप लिने अवसर पाएछ। १८ औं शताब्दीको पेशवा शासकहरूले गणेशोत्सव धूमधामसँग मनाउन सुरु गरेका रहेछन्। ई. १८१८ मा पेशवाहरूको शासन समाप्तिपछि सो परम्परामा कमी आएकोमा ई. १८९५ मा बालगङ्गाधर तिलकको प्रयासबाट फेरि अर्कै ढाँचामा गणेशोत्सव धूमधामसँग मनाउन थालियो। भाद्र शुक्ल चतुर्थीदेखि १० दिनसम्म गणेशोत्सव मनाउने र अनन्त चतुर्दशीको दिन बिसर्जन गर्ने चलन त्यहाँ कायम छ। उहाँ तिलकले भगवान् गणेशलाई भारतीय किंवा महाराष्ट्रीहरूको एकताको प्रतीकका रूपमा लिनुभएको र त्यसलाई तत्कालीन भारतको पराधीनताको विरुद्ध स्वतन्त्रता-संग्रामको वेगसँग गासिदिने काम गर्नुभएको हो भन्ने इतिहासले बताएको छ। महाराष्ट्रलाई आर्थिक सम्पन्नतातिर लम्काउने काममा भगवान् गणेशको उत्सवले पनि पृष्ठभूमिमा बसेर काम गरेन होला त ? महाराष्ट्रमा गणेशोत्सव हिन्दुका लागि मात्र हैन मुसलमान र इसाईहरूलाई पनि एकीकृत गर्ने सशक्त माध्यम बनेको पनि रहेछ।

हिन्दुहरूमा प्रचलित धार्मिक उपासनामा प्राप्त स्वाधीनताले निकै प्रभाव पारेको र कुन देवता ठूलो र कुन सानो भनेर नापतौल गरिँदै यसले गणेशको सन्दर्भ आएको बेलामा उहाँलाई नै अग्रासन दिएर प्रा.डा. वेणीमाधव ढकालले प्रस्तुत ग्रन्थ तयार पार्नुभएछ-यावत् शास्त्रीय प्रमाणहरू जम्मा पारेर। श्री ढकालज्यूको अथक परिश्रमले श्रीगणेशपुराणको कलेवरलाई सुवर्णमुकुट पहिऱ्याउने काम भएको छ गणेशसम्बन्धी यावत् सूचना र बोधसामग्री संकलन गरेर ।

सर्वतोमुखी प्रतिभाका धनी श्री ढकालज्यूको यस लोभलाग्दो कृतिले एकातिर गणेशभक्तहरूलाई थप आध्यात्मिक ऊर्जा दिने छ भन्नेमा म विश्वस्त छु किन भने उहाँ लेखकले वर्षौंसम्म आफै गणेशमय भएर यस्तो रचना उपहार दिनुभएको छ जुन कम श्रम र बुद्धिसाध्य छैन। यस्तो गम्भीर स्तरको आध्यात्मिक कृति नेपालमा कमै मात्र लेखिएका होलान् भन्ने अन्दाजी गरिएको छ। यस सेवाका लागि उहाँ उत्तम धन्यवादका पात्र सिद्ध हुनुभएको छ र यस्तो सिद्धहस्तता निरन्तर र उत्तरोत्तर प्रगतितर्फ उन्मुख भइरहोस् भन्ने शुभ कामना टक्ऱ्याउन चाहन्छु ।

पौष २४, २०६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशाय नमः

- प्रा.डा. दुर्गाप्रसाददवाडी

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तं नमामि गजाननम् ।।

प्राध्यापकप्रवराणां विद्यावारिधीनामनुसन्धानकार्यकारिनिर्देशकचराणां श्रीमतान्तत्रभवतां वेणीमाधवशर्मणां गणेशपुराणव्याख्याविषये किञ्चिन्निवेदनम् ।

वैदिकसनातनवर्णाश्रमधर्मे उपास्यानां देवानां मध्ये भगवतो गणेशस्य महत्त्वं सर्वतो विशिष्टम् । कस्यचिदपि धार्मिकस्य माङ्गलिकस्य वा कार्यस्यारम्भे गणपतेः पूजा सर्वप्रथमं भवति । गणपतिस्मरणपूर्वकमेव कार्यप्रारम्भो विधीयते । विद्यारम्भे, विवाहे प्रवेशे निर्गमे सङ्ग्रामे सङ्कटे च यत्र कुत्रापि गणेशस्मरणं विघ्ननाशं करोति । भगवान् श्रीगणेशः शब्दब्रह्मण ओङ्कारस्य प्रतीकभूतः । गणेशाथर्वशीर्षोपनिषदि श्रीगणपतिरेव केवलं कर्ता केवलं धर्ता केवलं हर्त्ता केवलं ब्रह्म केवलं तत्त्वं केवलं प्रत्यक्षमिति कथितम् । भगवान् गणपतिर्वाङ्मयश्चिन्मयः सच्चिदान्दमयो ब्रह्ममय इति प्रशस्तः । सर्वं जगद् गणेशादेव जायते, गणेशे तिष्ठति, गणेशे लीयते चेति कथितम् । गणेश एव भूमिरापोऽनलोऽनिलो नभश्चेति तत्र गणेशाथर्वशीर्षोपनिषदि प्रतिपादितम्। केचिद् गणेशं शिवायाः शिवस्य च पुत्रं कथयन्ति । सत्यमेव तत् कथनम्, परं तत्र योजनीयं यत् परब्रह्मण एव शिवरूपेणावतारो जातः । वस्तुतस्तु गणेशो न कस्याऽपि पुत्रः, सोऽनादिरनन्तश्च । यथा विष्णुरनादिदेवः कृष्णो नृसिंहो रामो वामन आदयस्तस्यावताराः, तथैव शिवपुत्रो गणेशोऽपि अनादिभूतस्य गणेशस्यावतार एव । तस्य लीलावतारा गणेशपुराणे प्रतिपादिताः । भगवान् श्रीगणेशो निर्गुणो निराकारश्च सन्नपि सच्चिदानन्दब्रह्मरूप सगुणः साकारश्च । गणपतेराकारो अत्यन्तमनोहरो मङ्गलदायकश्च । स एकदन्तश्चतुर्बाहुर्लम्बोदरश्च । बाहुषु पाशाङ्कुशदन्तवरदमुद्रां धारयति । रक्ताम्बरो रक्तचन्दनचर्चितो रक्तपुष्पपूजितश्च । भक्तानामनुकम्पां करोति स मङ्गलमूर्तिर्भगवान् गणपतिः । वेदविहितेषु सर्वकार्येषु प्रथमपूज्यो नित्यो देवः श्रीगणेशः । जगन्मङ्गलाय तस्य मङ्गलमया अवतारा जायन्ते । लीलामयं तस्य प्राकट्यं भवति । गणेशस्य लीलाः कर्माणि च अद्भुतान्यलौकिकानि च । मङ्गलमूर्तेर्भगवतो गणेशस्य नामस्मरणेन ध्यानेन, जपेनाराधनया प्रार्थनया मानवस्य मेधाशक्तेः परिष्कारो जायते, समस्त कामनानां पूर्तिश्च जायते, समस्तविघ्नानां नाशपूर्वकं दुःखानामात्यन्तिकनाशः परमकल्याणञ्च जायते । भगवतः श्रीगणेशस्य प्राकट्यस्य लीलाया मनोरमविग्रहस्य चरितस्य च वर्णनं विभिन्नेषु पुराणेषु शास्त्रेषु चोपलभ्यते । कल्पभेदेन गणेशस्याऽनेकेऽवताराः सञ्जाताः । तेऽवताराः परिपूर्णतमाः परमादर्शरूपाः, परममनोरमाः, परमध्येयाः, परमवन्द्याश्च । गणेशावतारचरितादीनां वर्णनं प्रायः सर्वेषु पुराणेषु विशेषरूपेण पद्मपुराणे, लिङ्गपुराणे, ब्रह्मवैवर्तपुराणे, स्कन्दपुराणे, महाभारते च लभ्यते । तत्राऽपि विशिष्टरूपेण गणेशपुराणे लभ्यते ।

तस्यैव गणेशपुराणस्य विशेषं व्याख्यानं विधाय तस्य समीक्षात्मकं विवेचनमुपस्थापितं विद्वद्भिः श्रीवेणीमाधवशर्मभिः । एते विद्वांसो न केवलं साहित्ये किन्तु सर्वेषु दर्शनेषु, पुराणेषु, व्याकरणशास्त्रेऽपि निष्णाताः सर्वतोमुखीं शेमुषीं दधाना अनुन्धानकार्ये पारङ्गताश्च सन्ति । एतेषां कार्यं गवेषणापूर्णमस्तीत्यत्र नास्ति सन्देहलेशः । सर्वदैव सरस्वत्या आराधने संलग्नैरेतैर्महानुभावैर्नैके ग्रन्थाः सम्पादिता लिखिताः प्रकाशिताश्च । गीर्वाणवाण्याः सेवका इमे विद्वांसः कस्य नाभिनन्दनीयाः स्युः । मन्ये कतिपयैरेभिः कार्यैरेषां मूल्याङ्कनमसम्भवम् ।

अस्मिन् शोधपूर्णे ग्रन्थे प्रमाणबाधो न कृतः, शब्दानां संस्थापनं सम्यग् विहितम्। पदानां विशदार्थता प्रकटीकृता । शब्दगाम्भीर्येण सहार्थगाम्भीर्यमप्युपस्थापितम् । युक्तयोऽत्र व्यवस्थापिताः । आधुनिकमतमाश्रित्य क्वाऽपि शास्त्रस्य खण्डनं न विहितं अधुना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतिभेदतमस्तिरोहिते शास्त्रीयेऽर्थे प्रायो जनाः संशयपूर्णाः तेषां मतिशोधनाय श्रीवेणीमाधवाचार्यैः कृतोऽयं शोधः सुकृतः परिशुद्ध आगम इवार्थदर्शनं करिष्यतीति मे मतिः ।

अखिलब्रह्माण्डे सर्वोत्कृष्टं तत्त्वमेव देवशब्दवाच्यम् । दिव्धातोर्निष्पन्नो देवशब्दो सर्वशक्तिमत्तां दीप्तिं शोभां लावण्यमैश्वर्य-मनन्ताक्षयं सौभाग्यं नित्यामराजरताञ्च बोधयति । देवतत्त्वविवेचनं पृथगग्रन्थमपेक्षते । देवास्त्रयस्त्रिंशत्कोटिपरिमिताः प्रायः कथ्यन्ते। तेषु देवेषु पञ्च देवा मुख्याः । परमात्मनो यन्निर्गुणं भावातीतं पदमुच्यते तच्चोपासनाभिप्रायेण सगुणभावे परावर्तयितुं पञ्चानां सगुणरूपाणां ध्यानानि शास्त्रेषु समुपलभ्यन्ते । चिन्मस्याप्रमेयस्य, निर्गुणस्य, निराकारस्य ब्रह्मणो रूपकल्पना साधकानां कल्याणायैव क्रियते । तथा हि विष्णुसूर्यभगवतीगणपतिशिवाश्चेति विग्रहवत्यो मूर्तयो निर्गुणस्य परमात्मनो भावातीतमेव भावं सगुणभावेन भावमार्गेण धारणायामानेतुं गुणाश्रयीभूता विद्यन्ते । वेदशास्त्रादिषु परमात्मा सृष्टितः परत्वेन त्रिगुणातीतत्वेन एकत्वेनाद्वितीयत्वेन जीवानां मनोबुद्धिविषयातीतत्वेन च वर्णितोऽस्ति । पञ्चदेवोपासनात्मकं सगुणोपासनं यद् वेदेषु तत्सम्मतशास्त्रेषु चोपलभ्यते तत्र पञ्चानां सगुणोपासनानां भावो निर्णीतोऽस्ति । तासां पञ्चोपासनानां गवेषणायां कृतायामाधुनिकवैज्ञानिकदृष्ट्या च विचारे कृते योगशास्त्रतन्त्रशास्त्र-रहस्यानुसारेण च विचारे कृते सत्येतदुपलभ्यते – भगवतः श्रीविष्णोरुपासनायां भगवतो निर्गुणस्य ब्रह्मणश्चिद्भावस्य, श्रीशिवोपासनायां सद्भावस्य, देव्युपासनायां भगवतः शक्तिभावस्य, गणपत्युपासनायां भगवतः परब्रह्मणो ज्ञानमयभावस्य, श्रीसूर्योपासनायाञ्च भगवतः परब्रह्मणस्तेजोभावस्याकर्षणरूपस्य प्रकाशो भवति । अथवा भगवतः परमशिवस्य पञ्च शक्तयो वर्तन्ते चिदानन्देच्छा-निग्रहानुग्रहरूपाः, तासां पञ्चशक्तीनामेव प्रकाशः पञ्चदेवोपासनायां भवतीति मन्तुं शक्यते । परब्रह्मणोऽनन्तविश्वस्य सृष्टिकर्तृत्वं प्रतिपादितं दृश्यते । देवीभागवते कथितम् – **'सङ्ख्या चेद् रजसामस्ति विश्वानां न कदाचन ।'** भागवतेऽपि – **'लक्ष्यन्तेऽन्तर्गताश्चान्ये कोटिशो ह्यण्डराशयः ।'** वयं सङ्कल्पे भणामः – **'महाजलौघमध्ये परिभ्रममाणानामनेककोटिब्रह्माण्डानामेकतमे'** इति। पाश्चात्यविज्ञानविदोऽधुना 'शून्ये विद्यमाना अनन्तनक्षत्रराशयोऽनन्ताः सूर्याः सन्ति तथा नक्षत्रसूर्यः स्वग्रहोपग्रहैः सह सूर्यमण्डलेन अथवा पृथक् पृथक् ब्रह्माण्डस्वरूपेण विराजत इति वदन्ति । एवञ्च प्रत्येकब्रह्माण्डस्य सृष्टिस्थितिप्रलयार्थं प्रतिब्रह्माण्डं 'ब्रह्मविष्णुशिवाः पृथक् पृथग् भवन्ति । अत एव देवीभागवते कथितम् –

ब्रह्मविष्णुशिवादीनां तथा सङ्ख्या न विद्यते । प्रतिविश्वेषु सन्त्येव ब्रह्मविष्णुशिवादयः ।।

लिङ्गपुराणेऽपि कथितम् –

कोटिकोट्ययुतानीशे चाण्डानि कथितानि तु । तत्र तत्र चतुर्वक्त्रा ब्रह्माणो हरयो भवाः ।।
सृष्टाः प्रधानेन तदा लब्ध्वा शम्भोस्तु शासनम् ।। १/३/३३-३४
असङ्ख्याताश्च रुद्राख्या असङ्ख्याता पितामहाः। हरयश्च ह्यसङ्ख्याता एक एव महेश्वरः।। १/४/५४-५५।

एवमनन्तब्रह्माण्डेषु परब्रह्मणः परमेश्वरस्यांशभूता अनन्ता ब्रह्माणः, अनन्ता विष्णवः, अनन्ता रुद्राश्च वर्तन्त इति मन्तव्यम्। अत एव वेदे – **असङ्ख्याता सहस्राणि रुद्राणि मे अधिभूम्याम्। तेषां सहस्रयोजने वधन्वानि तन्मसी** ।। इति स्पष्टं दृश्यते ।

यद्यप्यनन्ता देवा परब्रह्मणः साक्षाज्जाताः, पञ्च परमेश्वराः **'गणेशदेवीविष्णुसूर्यशिवरूपाः'** मुख्याः । अग्निर्देवता, वातो देवता, चन्द्रमा देवता, वसवो देवता, बृहस्पतिर्देवत्यन्द्रो देवता, वरुणो देवत्येत्यादयो वेदेऽपि कथिता देवता एतेषामेव पञ्चदेवानां विभूतिभूता इति कथयितुं शक्यते ।

परमेश्वरस्य परब्रह्मणः प्रतिनिधिभूतास्तु पञ्चैव देवाधिदेवाः । पञ्चैव कथमित्यपि विचारणीयं भवति । गणेशः, शक्तिः (देवी), विष्णुः, सूर्यः, शिवश्चैते पञ्च देवा एव परब्रह्मणः सगुणरूपाः कथमिति चेदुच्यते – पृथिव्यप्तेजोवाय्वाकाशाख्यपञ्चतत्त्वैरेव मनुष्यशरीरं निर्मितं भवति । तदनुसारेणैव कस्मिँश्चिदेकस्मिन् तत्त्वे (मूर्तौ) मानवस्य स्वाभाविकी सक्तिर्भवति । एतेषां पञ्चतत्त्वानामधिपा एव पञ्चदेवाः –

आकाशस्याधिपो विष्णुरग्नेश्चैव महेश्वरः । वायोः सूर्यः क्षितेरीशो जीवनस्य गणाधिपः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दीभाषाया महाकविना तुलसीदासेन कथितम् –

क्षितिजलपावकगगनसमीरा । पञ्चरचित भइ अधमशरीरा ।।

आकाशतत्त्वेत सह विष्णोः, अग्नितत्त्वेन सह महाशक्तेः (देव्याः), वायुतत्त्वेन सह भगवतः सूर्यस्य (तेजसः), पृथिवीतत्त्वेन सह शिवस्य, जल(जीवन) तत्त्वेन सह भगवतो गणेशस्य सम्बन्धो वर्तते । प्रकृतिभेदानुसारेण तत्त्वभेदानुसारेण च एकस्यैवेश्वरस्य पञ्चमूर्तिषूपासना भवति । एते पञ्चदेवा एव सगुणरूपाः ।

अनन्तकोटिब्रह्माण्डेषु पञ्चतत्त्वानामेव प्राधान्यम् । पञ्चतत्त्वानां परब्रह्मसकाशादेवोत्पत्तिः प्रतिपादिता वेदान्ते –

तस्माद्वा एतस्मादात्मन आकाशः सम्भूतः, आकाशाद् वायुः, वायोरग्निः, अग्नेरापः, अद्भ्यः पृथिवी, पृथिव्या ओषधयः, ओषधीभ्योऽन्नम्, अन्नात्पुरुषः, स वा एषः पुरुषोऽन्नरसमयः ।

(तैत्तिरीयोपनिषदि २/१) ।

तथैव प्रलयनिरूपणमपि वेदान्ते प्रतिपादितम् –

जगत्प्रतिष्ठा देवर्षे पृथिव्यप्सु प्रलीयते । तेजस्यापः प्रलीयन्ते तेजो वायौ प्रलीयते ।।
वायुश्च लीयते व्योम्नि तच्चाव्यक्ते प्रलीयते । अव्यक्तं पुरुषे ब्रह्मन् निष्कले प्रलीयते ।।

(विष्णुपुराणे)

एतेन सृष्टिस्थितिलयकारणेषु पञ्चतत्त्वानां प्राधान्यमिति स्पष्टं प्रतीयते । पूर्वं पञ्चदेवोपासनाऽस्माभिर्निरूपिता तत्रैव वक्तव्यमस्ति यद् पञ्चानां स्वतन्त्रभावानामवलम्बनतः स्वतन्त्राः पञ्चापि सगुणब्रह्मोपासनाप्रकाराः शास्त्रेषु वर्णिताः समुपलभ्यन्ते । अत्रेदं विशेषेण ध्येयम् – यद् शक्तिशक्तिमतोरभेदः पञ्चदेवोपासनायां ब्रह्मविष्णुमहेशात्मकमूर्तित्रयतः केवलं विष्णुशिवयोरेव पूजा कथं भवतीत्यत्रेदं निदानम् – ब्रह्मणो रजोधिष्ठातृत्वेन रजोगुणसम्बन्धतः तस्येश्वरत्वेऽपि उपासनासम्बन्धतो न तस्य प्राधान्यम् ।

गीताशास्त्रे ज्ञानयोगस्य (साङ्ख्यस्य) कर्मयोगस्य च वर्णनमुपलभ्यते –

साङ्ख्ययोगौ पृथग् बालाः प्रवदन्ति न पण्डिताः । एकमप्यास्थितः सम्यगुभयोर्बिन्दते फलम् ।।
यत्साङ्ख्यैः प्राप्यते स्थानं तद् योगैरपि गम्यते । एकं साङ्ख्यञ्च योगञ्च यः पश्यति स पश्यति ।।

(गीता ५/४,५)

साङ्ख्यं सर्ववेदान्तैः सम्यग् तत्परत्वेन ख्यायते प्रतिपाद्यते साङ्ख्यस्य ज्ञानं ब्रह्मप्राप्तेः परमं कारणम्, योगः कर्मयोगो भक्तिर्निष्कामकर्म च । द्वयोरेकमेव फलं कथमिति चेत् तत्त्वमस्यादिवाक्यानि पुंसश्चित्तशुद्ध्यभावे ब्रह्मतत्त्वं बोधयितुं न शक्नुवन्ति, चित्तशुद्धिश्च कर्मोपासनाभ्यां विना न सिद्ध्यति । अत एव श्रुतिः – '**अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते**' इति कथयति। **साङ्ख्यैः** = ब्रह्मनिष्ठैर्यत्स्थानं प्राप्यते तद् योगैः – **योगः** = फलाभिसन्धिरहितमीश्वरप्रीत्यै क्रियमाणं वैदिकं कर्म मोक्षोपायत्वाद् योग उच्यते, स योगोऽस्ति येषान्ते योगास्तैः कर्मनिष्ठैरपि तदेवस्थानं मोक्षाख्यं प्राप्यते ।

एवञ्च पञ्चदेवोपासनायां '**ज्ञानमिच्छेन्महेश्वरात्**' इत्युक्तिर्ज्ञानभावनाया विकासाय शिवस्य, निष्कामकर्मभावनाया विकासाय विष्णोश्च पञ्चायतनपूजने समावेश इति मन्तव्यं भवति । सच्चिदानन्दरूपस्य परब्रह्मणश्चिद्भावसम्बन्धतः साङ्ख्ययोगः, सद्भावसम्बन्धश्च कर्मयोग इति चिद्भावसम्बन्धेन शिवस्य, सद्भावसम्बन्धेन विष्णोश्च पञ्चदेवोपासनायां प्रतिष्ठा मन्तव्या । देव्युपासनायाञ्च भगवतः शक्तिभावस्य, गणपत्युपासनायाञ्च भगवतो ज्ञानमयप्रधानभावस्य, सूर्योपासनायाञ्च भगवतः स्वाकर्षणतेजोभावस्य प्रकाशो विद्यते। एवञ्च पञ्चानामपि स्वतन्त्रभावानामवलम्बनतः पञ्चापि स्वतन्त्राः सगुणब्रह्मोपासनाप्रकाराः पार्थक्येन शास्त्रेषु वर्णिता दृश्यन्ते ।

वस्तुतो यावद् द्वैतभावनं तावदुपासनासम्बन्धोऽवतिष्ठति । द्वैतभावनञ्च तावदेव स्थातुमर्हति यावद् सगुणत्वमस्ति । तस्माद् वेदसम्मते समस्ते शास्त्रे सगुणोपासनाविस्तारः सातिशयमुपलभ्यते । सगुणोपासनायाः पञ्च भेदाः भवन्ति – तत्र विष्णोरुपासना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिद्भावाश्रयकारिणी, शिवोपासना सद्भावाश्रयकारिणी, सूर्योपासना भगवत्तेजःसमाश्रयकारिणी, गणेशोपासना भगवद्भावमय-बुद्ध्याश्रयकारिणी, देव्युपासना च भगवच्छक्तिसमाश्रयकारिणी भवति । चित्सत्ता जगद् विभावयति सत्सत्ता जगतोऽस्तित्वं विभावयति, तेजःसत्ता विश्वं ब्रह्माभिमुखमाकर्षति, बुद्धिसत्ता सदसतोर्ब्रह्मजगतोर्भेदं विभावयति, शक्तिसत्ता च सृष्टिस्थितिलयान् कुर्वाणा जीवान् बध्नाति, बन्धनान् मोचयति च । तदेतद् पञ्चावलम्बनेन पञ्चदेवोपासनाश्रयेण सगुणपञ्चोपासनाविज्ञानं बोद्धव्यं भवति ।

प्रा.डा. वेणीमाधवमहाभागैर्बहूनां विषयाणामेकत्र संस्थापनेन पुराणविषये महत्त्वपूर्णं विवेचनं विहितमिति मे मति । केवलं गणेशपुराणस्यैव न किन्तु बहूनां पुराणानां परिचयोऽनेन ग्रन्थेन जायते । ग्रन्थस्य प्रामाणिकतां प्रतिपादयितुं ढकालमहाभागैर्मूलग्रन्थैः पुराणैः सह सम्बन्धं स्थापयित्वेव प्रमाणान्युपस्थापितानि । विभिन्नपुराणामुदाहरणान्युपस्थाप्य ग्रन्थस्य प्रामाणिकता प्रतिपादिता । इत्थञ्चायं ग्रन्थो न केवलं पुराणाध्ययनशीलानामेव कृते, किन्तु सर्वसाधारणजनानां कृतेऽपि उपयोगी वर्तते । अनेन ग्रन्थेनऽनुसन्धान-विषयेऽपि मार्गनिर्देशनं सम्भाव्यते । प्राचीनानां नवीनानाञ्च ग्रन्थानां तत्त्वनिर्णयः कथं कर्तव्य इति विषये मार्गनिर्देशोऽनेन ग्रन्थेन सम्भाव्यते । नेपालीभाषायामितादृशो ग्रन्थोऽतीवाश्यक आसीत् ।

श्रीढकालमहोदयैर्भूमिकायां गणेशतत्त्वस्य सम्यग् विवेचनं विहितमिति तत्र किमपि वक्तव्यं नावशिष्यते । गणेशपुराणस्य महनीयस्वरूपमुपस्थाप्य गणेशस्य स्थानं प्रकटीकृत्य नैपालाभिजनानां गणेशस्य विशेषं महत्त्वं प्रकटीकृतम् । भूमिकाया अन्ते च गणेशपूजाविधिः–गणेशसहस्रनामस्तोत्रः–गणेशपुराणमाहात्म्यानि उपस्थाप्य ग्रन्थस्य अङ्गपूर्णतां सर्वोपयोगिताञ्च प्रकटीकृत्य सर्वे जना अधमर्णाः कृता श्रीढकालमहाभागैः ।

देवेषु सर्वप्रथमपूज्यस्य गणेशस्य (गणेशरूपधारिणः परब्रह्मणः) महत्त्वप्रकाशकस्य श्रीगणेशपुराणस्य व्याख्या विहिता प्रा.डा. वेणीमाधवढकालविद्वद्वरेण्यैः । एतैरतः परं क्रमशो देवीपुराणस्य देवीभागवतस्य वा तथा विष्णुपुराणस्य सूर्यपुराणस्य शिवपुराणस्य अर्थात् देवीविष्णुसूर्यशिवमहत्त्वप्रकाशकानां ग्रन्थानां सानुवादं प्रकाशनं विधेयमिति कामयत एष जनः । अन्ते च, भगवान् गजाननस्तेषां विदुषां सर्वतोभावेन मङ्गलं विदध्यादिति कामयते ।

माघशुक्ल चतुर्थी, २०६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मङ्गलकामना

- प्रा.डा. मुकुन्द अर्याल

पुराणमित्येव न साधु सर्वं न चापि काव्यं नवमित्यवद्यम् ।
सन्तः परीक्ष्यान्यतरद् भजन्ते मूढः परप्रत्ययनेयबुद्धिः ।।

– मालविकाग्निमित्रम्– पूर्वरङ्ग – २

प्राचीन वैदिक साहित्यदेखि नै ब्रह्मणस्पति, बृहस्पति, ज्येष्ठराज आदि नामले आह्वान गरिँदै, पुजिँदै आएका गणहरूका पति गणपतिको हिन्दूसंस्कृतिमा आफ्नै विशिष्ट महत्त्व भएको तथ्य सर्वविदितै छ। वैदिक सभ्यताभन्दा अगाडिका सभ्यताहरूमा गणपतिजस्ता शब्दहरू नपाइए पनि गजानन र गजमुखका आकृतिहरू पाइएका छन्। यसबाट पूर्ववैदिककालदेखि नै कुनै न कुनै रूपमा गजानन, गजमुखको आदर गरिएको कुरा स्पष्ट हुन्छ। गण भन्नाले **'गण्यन्ते बुद्ध्यन्ते ते गणाः'**, कासाथै **'गणशब्दः समूहस्य वाचकः परिकीर्तितः'** अर्थात् गन्न सकिने र बुझ्न सकिने तथा समूहको वाचक नै गण हो। त्यस्तो समूहका मालिक नै गणपति हुन् भन्ने कुरा यहाँ स्पष्ट्याइरहनुपर्दैन । गणपति उपनिषद्मा ॐ **नमस्ते गणपतये, त्वमेव प्रत्यक्षं तत्त्वमसि, त्वमेव केवलं कर्तासि, त्वमेव केवलं धर्तासि, त्वमेव केवलं हर्तासि, त्वमेव केवलं खल्विदं ब्रह्मासि, त्वं साक्षादात्मासि नित्यम्** भन्दै गणपतिलाई सृष्टि, स्थिति र संहारकर्ताका साथै पूर्णब्रह्म मानिएको छ। अझ खोज्दै जाने हो भने ऋग्वेदमा **'गणानां त्वा गणपतिं हवामहे कविं कवीनामुपश्रवस्तमं ज्येष्ठराजं ब्रह्मणां ब्रह्मणस्पत आ नः शृण्वन्नूतिभिः सीद सादनम्'** भन्दै गणपति तत्त्वको महत्त्व दर्साइएको छ। विश्वको महत्तत्त्वमध्येको मुख्य तत्त्व पनि यसैबाट आविर्भाव हुन्छ भन्दै स्वामी करपात्रीले पनि **महत्तत्त्वादितत्त्वगणानां पतिः – गणपतिः** यो वाक्यलाई उद्धृत गर्नुभएको छ। तैतिरीय आरण्यक र मैत्रायणीसंहितामा आजको रूपको गणपति पाइए पनि महाभारतदेखि गणेशतत्त्वको विस्तृत विवरण पाइन्छ। प्रपञ्चसारतन्त्रमा पनि गणपतिको विस्तृत रूपको वर्णन पाइन्छ। स्मार्त सम्प्रदायका पाँच देवतामध्ये यिनी एक हुन्। अनेकौं पुराणले यिनलाई त्रिमूर्ति अर्थात् ब्रह्मा, विष्णु र शिवभन्दा पनि माथि राखेको पाइन्छ। गणपतिलाई देवगुरु बृहस्पतिसँग ऋग्वेदले तादात्म्य गरेको कुरा माथि नै वर्णन गरिसकिएको छ। यिनी नै विद्या, ज्ञान, अक्षरका अधिपति भएका हुनाले महाभारत पनि यिनैको हातबाट लेखिएको हो। सिद्धि अर्थात् सफलता र ऋद्धि अर्थात् सम्पन्नताका स्वामी यिनी नै मानिने हुनाले आजसम्म पनि **'ऋद्धिसिद्धिसहिताय श्रीमते महागणाधिपतये नमः'** भनिने गरिन्छ। यिनका अनेकौं नामहरू छन् । गणेश, विघ्नेश्वर, विनायक, गजानन, गजाधिप आदि नामहरूका अतिरिक्त यिनलाई ऋग्वेदले ज्येष्ठराज, सबै देवताहरूमा प्रथम र सबैको स्वामीका रूपमा मानेको छ।

गणेशको तत्त्व र रूपको यस सानो भूमिकामा बढी चर्चा गर्नु उपयुक्त नहोला। निष्कर्षमा औपनिषद दर्शनको **'अणोरणीयात् महतो महीयान्'** को सम्पूर्णता यसैभित्र गहिरिएको छ। यिनलाई विघ्नविनाश गर्ने विघ्नहर्ताको रूपमा गणपति उपनिषद्ले **'विघ्नविनाशिने शिवसुताय वरदमूर्तये नमो नमः'** भनेको छ। पुण्याहवाचनमा पनि **'भगवन्तौ विघ्नविनायकौ प्रीयेताम्'** भनेको पाइन्छ।

आजका भौतिक विज्ञानवादीहरूले प्राच्य साहित्यको महत्त्व र दर्शनलाई त्यति बुझेको वा बुझ्न खोजेकोजस्तो लाग्दैन। हामीले जबसम्म आफ्नो सभ्यता र संस्कृतिलाई बुझ्दैनौं तबसम्म आफूले आफूलाई चिन्न सक्तैनौं। आफैंलाई चिनेनौं र आफ्नो संस्कृतिमा गर्व गर्न सकेनौं भने विस्तारै सांस्कृतिक पराधीनतामा धकेलिँदै जादैनौं ? राजनीतिक पराधीनताबाट छुट्कारा पाउन त सकिएला तर बौद्धिक र सांस्कृतिक पराधीनताले ग्रस्त भइसकेपछि त्यसबाट मुक्त हुन हाम्रा सन्ततिलाई युगौंसम्म कुर्नुपर्ने हुन्छ। तसर्थ युगौंसम्मको सांस्कृतिक दासतालाई स्वीकार नगर्न आजको पुस्तालाई आफ्नो सभ्यता र संस्कृतिको राम्रो ज्ञान गराउनु अत्यावश्यक छ। जब उनीहरूले आफ्नो सभ्यता र संस्कृतिलाई बुझ्दछन्, जब त्यसको वैज्ञानिक रहस्य थाहा पाउँछन् तबमात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरू त्यसप्रति संवेदनशील हुन्छन् र त्यसको रक्षा गर्छन्। आजको पुस्ताले आफ्नो सभ्यता र संस्कृतिको रक्षा गरेन भने र अरूलाई दोष दिनुभन्दा तिनीहरूलाई हामीले तिनको संस्कृतिको महत्त्व बुझाउन सकेनौं भन्दै आफै दोषको भागी हुनु नपर्ला र? सभ्यता र संस्कृति दुवै हामीले निर्माण गरेका होइनौं, त्यो त हाम्रा पुर्खाले हामीलाई नासो छाडेका हुन्। त्यसको संरक्षण गरी सुरक्षाका साथ भावी पुस्तालाई बुझाउनु नै हाम्रो परमकर्तव्य हो। यति गर्न नसके हामी आफ्नो कर्तव्यबाट च्युत हुनेछौं र विगत आगत दुवैको दोष भागी हुनेछौं ।

आजका पुस्ताले हात्तीटाउके गणेश, भुडे गणेश, मोटे गणेशलाई छुचुन्द्रो, मूसोको वाहन दिनुमा प्राचीन ऋषिमुनिहरूको कत्रो विचार र कुन दर्शन थियो भन्ने नबुझीकन दोष दिइको पाइन्छ। तर, गणेश भनेका विघ्नहर्ता हुन्। हाम्रो जीवनमा प्रत्येक दिन, प्रत्येक मुहूर्त, प्रत्येक पलमा कुनै न कुनै किसिमका विघ्नहरू परिरहेका हुन्छन् र त्यसबाट हामी पार पनि पाइरहेका हुन्छौं । शारीरिक विघ्न, आर्थिक विघ्न र पारिवारिक विघ्नले जो कोही पनि आक्रान्त नभइरहन सक्तैन। त्यस्ता विघ्नबाट पार पाउन हामी आफ्ना अनुभव प्रयोग गरिरहेका हुन्छौं । अनुभव नै ज्ञान हो। ज्ञान नै धर्मार्थकाममोक्षको मुख्य स्रोत हो र यो नै पूर्वीय जीवनको आदर्श पनि हो । त्यसका लागि मूसाले पहाड खनेझैं आफ्नो विचार, आफ्नो आत्मा र आफ्नो ज्ञान तथा अनुभवलाई खोतल्दै नौनी रूपी आत्मनिष्कर्ष वा आत्मज्ञानमा पुऱ्याउने देवताका वाहन गणेशबाहेक अरू हुन सक्तैन । पाणिनि व्याकरणको मुष स्तेये धातुबाट चोर्नु अर्थमा अरूको विचार पढी, बुझी, मनन गर्ने हुनाले नै गणेशको वाहन मूसा भएको छ ।

यस प्रकार निगमागम दुवैले या दुवैद्वारा प्रतिपादित गणेशतत्त्व हाम्रो पूर्वीय दर्शनको एक महत्त्वपूर्ण दर्शन हो भन्ने कुरा विद्वद्वर्गमा विदितै भएको तथ्य हो । सम्पूर्ण पुराण, उपपुराणहरूमा गणेशको धेरै वर्णन पाइन्छ। महर्षि वेदव्यासको अष्टादशमहापुराणमा गणेशपुराण पर्दैन। धेरै विद्वान्हरूले उपपुराणहरूमा पनि गणेशपुराणलाई राखेका छैनन्। त्यसैगरी औपपुराणमा पनि यो परेको छैन। तर पद्मपुराण, ब्रह्मवैवर्तपुराण र मौद्गलपुराणहरूमा गणेशकवचका साथै अन्य वर्णन भएकाले गणेशको पौराणिक माहात्म्य, महर्षि वाल्मीकिले गरेको स्तुति, नारदपुराण, भगवान् शंकराचार्यका गणेश स्तुतिहरू, गणेशगायत्री आदिका साथै तन्त्रशास्त्रमा आद्य शङ्कराचार्यको सौन्दर्यलहरीजस्तो ग्रन्थमा षट्चक्रमध्येको मूलाधारको वर्णनमा गजाननको वर्णन पर्न आउँछ। त्यसैगरी अन्य तन्त्रशास्त्रहरूले पनि विभिन्न गणेशहरूको वर्णन गरेका छन्। मेरुतन्त्रमा गणेश वा धेरै तन्त्रहरू तथा ध्यानहरू पाइनुका साथै विघ्नराज गणेश, गजवक्त्र गणेश, लक्ष्मीगणेश, शक्तिगणेश, वक्रतुण्डगणेश, हेरम्बगणेश, हरिद्रागणेश, महागणपतिगणेश, विरञ्चिगणेश, पञ्चास्यगणेश आदि आम्नायभेदले हुन आउने अलग-अलग मन्त्र, अलग-अलग ध्यान विस्तृत रूपमा वर्णन गरिएको छ।

उपयुक्त सबैको निचोड के देखिन्छ भने नेपाली सभ्यता र संस्कृतिमा निगम र आगम दुवैले गणेशको पूजा आराधना गरेका छन् मानेका छन्। त्यसैगरी शैव, बौद्ध दुवै मतावलम्बीले गणेशलाई त्यत्तिकै मानेको पाइन्छ। सातौं शताब्दीमा भारतमा बौद्धशास्त्रको अध्ययन र बौद्धतीर्थहरूको भ्रमणमा धेरै वर्ष बिताएका हूयान स्याङ्ले उनले भ्रमण गरेका सम्पूर्ण बौद्धविहारहरूमा हारिती, गणेश, महाँकालगणेश आदि रहेको वर्णन गरेका छन्। त्यसै परम्पराअनुसार हाल पनि नेपालका धेरै बौद्धविहारहरूमा गणेशको मूर्ति पाइन्छ। मूर्तिशास्त्र, मूर्तिविज्ञान, मूर्तिशिल्पशास्त्रकारहरूको भनाइअनुसार मातृकाहरूको मूर्ति भएको ठाउँमा वीरेश र गणेशको मूर्ति हुनुपर्ने शास्त्रोक्त निर्देशन देखिन्छ। शिल्पशास्त्रहरू पछिल्ला कालमा लेखिए पनि नेपालको प्राचीन लिच्छविकालदेखि नै गणेशका मूर्तिहरू पाइएका छन् ।

भारतमा गणेशमूर्तिहरू या गणेशका प्रतीकात्मक हात्तीका मूर्तिहरू ईसापूर्व ३००० वर्ष अगाडिदेखिका नै पाइन्छन् । कुषाणकालमा आएर त मथुराकलामा धेरै गणेशका मूर्तिहरू पाइन्छन् । काठमाडौं उपत्यकामा पाइएका केही मूर्तिहरू कलाको आधारमा तेस्रो, चौथो शताब्दी अझ त्योभन्दा पनि १०० वर्ष पुरानो मात्र सकिन्छ । त्यस बेलादेखि बन्दै आएका गणेशमूर्तिहरू नेपालमा बढ्दै नै गए । यसको परम्परा झन्झन् विस्तारित हुँदै गएको देखिन्छ ।

रामायण, महाभारत आदि महाकाव्यहरूमा तथा भविष्य, शिव, स्कन्द, अग्नि, ब्रह्माण्ड, वराह, गरुडजस्ता पुराणहरूमा र विष्णुधर्मोत्तर उपपुराणमा समेत गणेशको विस्तृत वर्णन पाइन्छ । तन्त्रशास्त्रमा अनेक गणेशमध्ये अनौठो गणेश चोर गणेशको पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णन आउँछ । तर गणेश चोर भनेको हैन कि भक्तहरूको विघ्नलाई चोरिदिने हुनाले नै यिनलाई चोर गणेश भनिएको हो । पाँच शिर भएका र सात शिर भएका गणेशको वर्णन पनि अन्य तन्त्रशास्त्रमा पाइन्छ । नेपालमा बलि खाने र बलि नखाने दुई प्रकारका गणेश पाइन्छन् । सरस्वतीलाई साधारणतया बलि दिइँदैन तर आगमोक्त तरिकाले पूजा गर्दा सरस्वतीलाई पनि बलि दिनुपर्ने हुनाले सरस्वतीमूर्तिको तल पादपीठमा वा दायाँ बायाँ गणेशमूर्ति राखिएको हुन्छ । हाल रानीपोखरी राष्ट्रिय नाचघरबाट असनतिर जाँदा सडकको देब्रेतिर पर्खालमा अड्याएर राखिएको एक गणेश मूर्तिमा बलि चढ्दैन । यस्ता मूर्तिहरू अरू पनि होलान् खोजी गर्नुपर्ने आजको आवश्यकता हो ।

विद्वान् सम्पादक, अनुवादक, अनुसन्धाता प्रा.डा. वेणीमाधव ढकालज्यूले अति कष्टसाध्य लामो समयसम्म अध्ययन र अनुसन्धान गरी तयार गर्नुभएको प्रस्तुत ग्रन्थ चार खण्डमा विभाजित छ । प्रथम भूमिकाखण्डमा गणेशपुराणको स्वरूपबाट सुरु गरेर गणेशपुराणको सार, तुलना साहित्यिक सौन्दर्य, गणेशपुराणमा नेपाल, नेपालमा गणेशपुराण, गणेशतत्त्व, अवतरण, स्वरूपसौन्दर्य, उपासना, शास्त्र र शास्त्रीय सिद्धान्तमा गणेश, नेपाली–जनजीवनमा गणेश, गणेशपुराणमा वर्णित गणेशतीर्थ एवं गणेशमन्दिरका साथै नेपाल र नेपालमण्डलका प्रसिद्ध गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्तिहरूको पनि वर्णन गर्नुभएको छ । गणपतितत्त्व, गणेशको प्राचीनता, गणेश पुराणका महत्त्वपूर्ण सन्दर्भहरूजस्ता मननीय विषय समावेश भएको प्रथम भूमिकाखण्डले जिज्ञासु पाठक एवं भक्तहरूलाई अत्यन्त महत्त्वपूर्ण सामग्री जुटाइदिएको छ । दोस्रो पूजाविधिसहितको माहात्म्यखण्डमा विभिन्न आगमनिगमादि शास्त्रहरूले निर्देशन गरेको गणेशपूजाविधि, गणेशसहस्रनामावली, गणेशपुराणमाहात्म्यका पाँचै अध्यायलाई गणेशपुराणकै विधिले सिँगार्नुभएको छ । त्यसैगरी गणेशपुराणको उपासनाखण्डमा गणेशपुराणको एक अध्यायदेखि बयानब्बे अध्यायसम्मका कथाहरू, संवादहरू दिइएको छ । सबैभन्दा लामो १५५ अध्याय भएको क्रीडाखण्डमा युगानुसारका गणेशका अवतार वर्णनबाट सुरु हुँदै बनारसको ५६ विनायकहरूको वर्णनसम्म गरी अन्तिम अध्यायमा गणेशपुराणको फलश्रुतिसमेत दिइएको छ । भक्तजन र विद्वज्जनलाई आनन्द दिने गणेशगीता पनि यसैमा छ । गणेशगीतामा विश्वरूपदर्शन, क्षेत्र–क्षेत्रज्ञ विवेकयोग र गुणत्रयकृतियोग साँच्चै भन्ने हो भने यस खण्डका अनमोल रत्न हुन् । यी खण्डको वर्णन शब्दद्वारा सम्भव छैन । यो त मूकास्वादनवत् हो । यसलाई पढेर हृदयङ्गम गर्नेले मात्र यसको ज्ञानरूपी अमृत चाख्न पाउँछ । यसका अतिरिक्त परिशिष्ट खण्डसमेत दिनुभई यसमा गणेशमन्दिर, मूर्ति र तीर्थसन्दर्भ, उपनिषत्सन्दर्भ, विभिन्न काम्यप्रयोगका लागि पूजाविधिहरू गणेशयन्त्र, ध्यान, न्यास, गायत्री, कवच, सहस्रनाम, गणेशपुराण एवं ग्रन्थान्तरहरूमा रहेका गणेशस्तोत्रहरूका साथै श्लोकानुक्रमणिका पनि दिनुभएको छ । श्रद्धा एवं भक्तिपूर्वक यसको चिन्तन, मनन, कीर्तन र उपासना गरी सबैले आफ्नो मनोवाञ्छा पूर्ण गर्न सक्नुहुनेछ भन्नेमा म विश्वस्त छु।
'यं यं कामयते सोऽस्मै तं तं प्राप्नोति निश्चितम् ।'

सृष्टिमा पूर्णता हुँदैन । कुनै पनि चीजपूर्ण छैन । पूर्ण त केवल एउटा परब्रह्म, परमेश्वर ईश्वर नै छ । त्यस पूर्णबाट जति झिके पनि पूर्ण नै रहन्छ । त्यसै हुनाले सम्पूर्ण वेदको तत्त्वसार –

पूर्णमिदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।। भनिएको हुनसक्छ ।

कुनै हास्यव्यङ्ग्य कविले त्यस पूर्ण ब्रह्मले गरेको सृष्टि नै अपूर्ण छ भन्दै यसप्रकार व्यङ्ग्य गरेका छन् –

गन्धः सुवर्णे फलमिक्षुदण्डे नाकारि पुष्पं खलु चन्दनस्य ।
विद्वान् धनी भूपतिर्दीर्घजीवी धातुः पुरा कोऽपि न बुद्धिदोऽभूत् ।।

यसो हेर्दा कविको व्यङ्ग्योक्ति ठीक देखिँदैन र ?

अब प्रस्तुत पङ्क्तिका लेखकको विचारमा आजसम्म लेखिएका कुनै पनि ग्रन्थ त्यस लेखकको आफ्नो मात्र हुँदैन । त्यस ग्रन्थमा लेखिएका हरेक शब्द, हरेक घटना, हरेक अनुभव, हरेक व्याख्या लेखकले केटाकेटीदेखि गर्दै आएका अनुभव, सुनेका तथ्यहरू, पढेका ग्रन्थहरू, साथीभाइहरूसँग गरेका वार्तालापका अंशहरू कुनै न कुनै रूपमा लेखकको अचेतन मनमा रहिरहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । लेखनी समातेर कुनै ग्रन्थलाई लिपिबद्ध गर्दा त्यसै लेखनीको माध्यमले सबै विचारहरू प्रकट हुन्छन् । यसै अनुरूप प्रस्तुत ग्रन्थ पनि विद्वान् अनुसन्धाताको विद्वत्कुलपरम्परामा हुर्किएको बाल्यकालदेखि नै विभिन्न विद्वान्हरूबाट संस्कृतको उच्चशिक्षा, अनुसन्धान, विद्वज्जनहरूको सङ्गत र उहाँको स्वाध्ययन, चिन्तन, मनन र परिश्रमको फल हो । यस्तो दुःसाध्य कार्य सम्पन्न गरेर उहाँले संस्कृतभाषा, सिङ्गो नेपाली वाङ्मय र ज्ञानको प्रचारद्वारा संस्कृतभाषा नजान्नेले पनि श्रीगणेशतत्त्वको विवेचन बुझून् भनेर यो ग्रन्थ राष्ट्रलाई समर्पण गर्नुभएको छ । यस ग्रन्थद्वारा उहाँले आफ्नो पितृकुलको, मातृकुलको, राष्ट्र तथा समस्त प्रतिको उत्तरदायित्व पूर्ण गर्नुभएको छ। कतै कतै सम्पादनको क्रममा केही छुट्नु स्वाभाविकै हो । काठमाडौं उपत्यकाका गणेश तीर्थहरूको वर्णन गर्दा केही तीर्थ र केही मूर्तिहरू छुटेका छन् तर माथि भनिएझैं सम्पूर्ण कोही र केही पनि हुँदैन । नेपालमा गणेश विनायकलाई वैनायकी बनाएर महिषासुरमर्दिनीको रूपमा समेत प्रस्तुत गरेको पाइन्छ । अनुसन्धाताको यस विशालकाय ग्रन्थमा काठमाडौंको नगरयोजना अनुसार स्थापित चार कुनाका चार गणेश, आठ कोणका आठ गणेशसमेतको वर्णन गरिएको छ । कतिपय कुरा छुटेका हुनसक्छन्, तिनको खोजी हुँदै जानेछ किनकि अनुसन्धानको क्रम कहिल्यै टुङ्गिँदैन । यो अनुसन्धानको एउटा प्रारम्भ हो, अन्त्य होइन । लेखकलाई सम्झना भएसम्म मध्यकालतिरका कविहरूले भक्तिरसप्रधान भगवतान्तर्गत गोपीगीतका नेपाली अनुवादबाट सुरु हुँदै गएको नेपाली साहित्य खास गरेर धार्मिक साहित्य वृद्धि हुँदै गयो । पण्डित उदयानन्द अर्ज्यालको नेपाली रामायण, भानुभक्तको रामायण, मोतीराम, शम्भुप्रसाद हुँदै सुब्बा होमनाथ केदारनाथको महाभारत, पं. वासुदेव भट्टराईको श्रीमद्भागवत, पं. चक्रपाणि चालिसेको सङ्क्षिप्त रामायण, सङ्क्षिप्त भारत, पं. कृष्णप्रसाद घिमिरेको वाल्मीकि रामायण हुँदै-हुँदै डा. स्वामी रामानन्द गिरि आदिका मौलिक संस्कृत ग्रन्थ नेपालीमा अनूदित हुँदै आउनु नेपालीभाषा र नेपाली भक्तिसाहित्यका लागि निश्चय नै गौरवको कुरो हो । हाल अनुसन्धाता डा. वेणीमाधव ढकालज्यूको विशालकाय यो ग्रन्थ प्रकाशित हुनु यस घडीमा यो एउटा महत्त्वपूर्ण कोसेढुङ्गा सावित भएको मैले अनुभव गरेको छु । प्रस्तुत ग्रन्थका प्रकाशकले भारतीय उपमहाद्वीपमा नपाइने वा नपाइएका नेपालमा प्राप्त केही गणेशको चित्र र मूर्तिहरूले सुसज्जित पारी प्रकाशन गर्न सके झनै राम्रो हुन्थ्यो ।

प्रस्तुत पङ्क्तिका लेखकलाई नेपाली संस्कृतिको विद्यार्थी भएको नाताले मलाई नेपालको गणेशहरूका बारेमा र गणेशतत्त्वको बारेमा केही थाहा छ भन्ने भ्रम परेको रहेछ । यो ग्रन्थ पढेपछि म भर्तृहरिको निम्न श्लोक सम्झन पुगें –

यदा किञ्चिज्ज्ञोऽहं द्विप इव मदान्धः समभवं
तदा सर्वज्ञोऽस्मीत्यभवदवलिप्तं मम मनः ।
यदा किञ्चित् किञ्चिद् बुधजनसकाशादवगतं
तदा मूर्खोऽस्मीति ज्वर इव मदो मे व्यपगतः ।।

अन्त्यमा सम्पूर्ण वैदिकशास्त्रको ॐकारस्वरूप भगवान् गणेशका कीर्तन गाइएको '**अयमात्मा ब्रह्म**', '**अहं ब्रह्मास्मि**', '**तत्त्वमसि**', '**प्रज्ञानं ब्रह्म**'लाई बुझाउने गणेशपुराण भाषानुवादरूपी गुलियो अमृतजस्तो स्वाद भएको, बोक्रा, छोक्रा र बियाँ फ्याँकेको आँपको रसमा गुलाबजलको सुवाससमेत थपी श्रद्धालु, जिज्ञासु, पिपासु र उपासक पाठकहरूलाई उहाँले अर्पण गर्नुभएको छ । श्रद्धाले यसको रसास्वादन गरी आफ्नो जीवन ज्ञानवान् र धन्य बनाउने नै छन् ।

श्रीव्यासले महाभारतलाई '**यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित्**' भनेझैं गणपतितत्त्वको बारेमा भन्दा अत्युक्ति नहोला । ॐकारस्वरूप परब्रह्म, परमेश्वर भगवान् श्रीगणेशले उहाँलाई स्वस्थ र दीर्घायुको आशीर्वाद दिऊन्, ताकि उहाँको कलमबाट यस्ता अनेकौं ग्रन्थहरू निस्किरहून् । विघ्नहर्ता श्रीगणेशले उहाँको कलम चलाइमा कहिल्यै विघ्न नगरून् ।

आचख्युः कवयः केचित् सम्प्रत्याचक्षतेऽपरे ।
आख्यास्यन्ति तथैवान्य इतिहासमिमं भुवि ।। (महाभारत, आदिपर्व १/२६)

२०६५, माघशुक्ल चतुर्थी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

– प्रा.डा. दिनेशचन्द्र रेग्मी
विभागाध्यक्ष, नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व
केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय

श्रीगणेश यस्ता देवता हुन्, जस्को हिन्दुहरूमा मात्र होइन बौद्ध र जैनहरूमा पनि पूजा गरिन्छ। सनातन धर्मसमाजका सबै किसिमका पूजा, धार्मिक अवसर र समारोहको आरम्भ गणेशपूजनबाट गरिन्छ। अतएव गणेश प्रथमपूजित देवता हुन्। हाम्रो भाषिक संस्कृतिमा समेत श्रीगणेश शब्दले सुरुआतको अर्थ जनाउँछ। श्रीगणेशका समान आकारप्रकारका मूर्तिहरू विश्वका अनेक स्थानहरूमा विभिन्न नामले सम्बोधन गरिन्छन्। सभ्यताकालदेखि नै मानवले विभिन्न स्थानहरूमा मानव र पशुका एकात्मक र अलौकिक मूर्ति निर्माण गरेका छन्।

हिन्दुजगत्मा श्रीगणेशको महत्त्व धेरै छ। ठूलो पेट भएको मानवशरीरमाथि एकदन्ते हात्तीको शिर श्रीगणेशका मूल ध्यान हुन्। अनेकौं शिर र विभिन्न आयुध वा वस्तु समाउने अनेक हात भएका, कहीँ शान्त, कहीँ क्रुद्ध मुखमुद्राका, बसेका, उठेका र नृत्य गरिरहेका किसिम–किसिमका श्रीगणेशका मूर्ति नेपालमा पनि प्रतिष्ठित छन्। यी सबै स्वरूपका ध्यानका आधार शास्त्रीय चिन्तन र दर्शन हुन्। श्रीगणेशपुराण त्यस्तै शास्त्रको अन्यतम ग्रन्थ हो।

सरल कथा र संवादको माध्यमले लाक्षणिक शैलीले गम्भीर विषय उठाउने कुरा पुराणलाई विद्वान् सम्पादक प्रा.डा. श्रीवेणीमाधव ढकालले शुद्ध पाठ प्रस्तुत गर्नुका साथै नेपाली भाषामा झनै सुबोध बनाइदिनु भएको छ। उपासनाखण्ड र क्रीडाखण्डमा विभाजित मूल पुराणको साथसाथ यस ग्रन्थमा सम्पादकले प्रस्तुत गर्नुभएको भूमिकाखण्डको खास महत्त्व छ। यसमा विद्वान् सम्पादकले वेदहरू, इतिहासग्रन्थ, विभिन्न पुराण, धर्मशास्त्र, तन्त्र, योगजस्ता हिन्दुशास्त्रहरूमा तथा जैन र बौद्धशास्त्रहरूमा समेत गणेशको स्थान, महत्त्व र पूजाको विद्वत्तापूर्वक विवेचन गर्नुभएको छ।

यस ग्रन्थमा नेपालसहित दक्षिण एसियाका विभिन्न स्थानहरूमा रहेका गणेशका मूर्ति र मन्दिरहरूको विवरणको साथसाथ श्रीगणेशका विभिन्न उपचारका पूजाविधिहरूको संग्रहसमेत दिइएका छन्। यसै सन्दर्भमा प्रस्तुत गरिएको नेपाल, भारत, चीन, जापान, मलेसिया, थाइल्यान्ड, कम्बोडिया, बेलायत र अमेरिकामा विभिन्न समयमा स्थापित गणेशका मूर्ति र मन्दिरहरूको विवरण निकै महत्त्वपूर्ण छ। यस प्रसङ्गमा विद्वान् सम्पादकले भूमिका र परिशिष्टखण्डमा नेपालका पचहत्तर जिल्लामा रहेका प्रायः सबै गणेशका मूर्ति, मन्दिर र तीर्थहरूको विवरण निकै मिहेनतका साथ अनुसन्धान गरी प्रस्तुत गर्नुभएको छ। उहाँले अमेरिकाका आदिवासीहरूका ठूलो पेट भएका देवता, प्राचीन युनानका देवता ओरेनस, प्राचीन मिश्र (इजिप्ट) का देवता एकटोन र प्राचीन इरानका देवता अहुरमज्दासँग गणेशको तादात्मीकरण गर्नुभएको छ। सम्पादकको विचारमा युनानी ओरेनस संस्कृत शब्द अरुणास्यबाट, मिश्रको एकटोन शब्द संस्कृतको एकदन्तबाट र इरानी शब्द अहुरमज्दा संस्कृतको असुरमदहाबाट निष्पन्न भएको हो। यद्यपि उहाँले यी शब्दहरूको ध्वनिसमानताको अतिरिक्त व्युत्पत्तिका अन्य आधार प्रस्तुत गर्नुभएको छैन। यसरी भूमिकाखण्ड र परिशिष्टखण्ड नकेवल धर्मार्थीहरूलाई अपितु शोधार्थीहरूका लागि पनि अत्यन्त उपयोगी छन् । सम्पादकको संस्कृत र नेपाली दुवै भाषामा अधिकार र विषयवस्तुको गहिरो ज्ञान ग्रन्थमा प्रतिविम्बित भएको छ। शुद्ध संस्कृत पाठ, यथार्थ अनुवाद र शोधमूलक भूमिका र परिशिष्टका कारण प्रस्तुत ग्रन्थ अत्यन्त उपयोगी अतः एवं पठनीय र संग्रहणीय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रशंसनीय कार्य

- डा. गोविन्द टण्डन

गणाधिप नमस्तुभ्यं सर्वविघ्नप्रशान्तिद। उमानन्दप्रद प्राज्ञ त्राहि मां भवसागरात् ।।
हरानन्दकर ध्यानज्ञानविज्ञानद प्रभो । विघ्नराज नमस्तुभ्यं सर्वदैत्यैकसूदन ।।
सर्वप्रीतिप्रद श्रीद सर्वयज्ञैकरक्षक। सर्वाभीष्टप्रद प्रीत्या नमामि त्वां गणाधिप।।

- पद्मपुराण, सृष्टि०६१/२६-२८

परब्रह्म परमात्माका अनेक रूप छन्। एक भएर पनि अनेकजस्तो देखिनु र अनेकतामा पनि एकरूपताको साक्षात्कार गर्न पाइनु ईश्वरको महानता हो। भगवान् श्रीगणेशको महिमाको गान समग्र वैदिक, पौराणिक एवं तन्त्रसाहित्यमा पाइन्छ। अनन्तकोटि ब्रह्माण्डका नायक, परात्पर, पूर्णतम, परब्रह्म परमात्मालाई वैदिक वाङ्मयमा ब्रह्मणस्पति, गणेश, विनायक आदि विविध नामहरूले सम्बोधन गरेको पाइन्छ। परब्रह्मरूप श्रीग्णेश निराकार एवं साकार दुवै रूपमा उत्तिकै आराध्य र सम्पूज्य हुनुहुन्छ। निराकार अवस्थामा प्रणवस्वरूप ॐ कारवाच्य हुनुहुन्छ भने साकार अवस्थामा गौरीशङ्करका आत्मज हुनुहुन्छ। उहाँको महत्ताको वयान गरेर पुराणहरू थाकेका छैनन्। विभिन्न पुराण-उपपुराणहरूमा गणपतितत्त्व, श्रीगणेशावतार, श्रीगणेशको स्वरूप-चिन्तन, उहाँको अङ्गप्रत्यङ्ग, अलङ्कार, माला, यज्ञोपवीत, आयुध, परिवार-पार्षद, वाहन, आसन, श्रीगणपति-उपासना, आराधनाविधि, मन्दिरनिर्माणविधिको बारेमा भलिभाँति प्रकाश पारिएको पाइन्छ। वेदव्यासद्वारा रचना गरिएको मानिने गणेशपुराणमा त अझ विस्तृत र व्यापक रूपमा भगवान् श्रीगणेशको बारेमा प्रकाश पारिएको छ।

ऋग्वेदमा ब्रह्मणस्पतिलाई गणपतिको उपाधि दिइएको छ, जसबाट ज्ञानदेवता बृहस्पतिको समकक्ष बनाउनमा गणपतिलाई पश्चात्कालिक धारणामा सहायता मिल्यो। रुद्रको वर्णन गरिँदै जाँदा त्यहाँ रुद्रका अनेक गणहरूको चर्चा गर्दा ती गणहरूका स्वामीको नाम गणपति र गणपतिको अर्को नाम विनायक वा गणेशको रूपमा चित्रण गर्दै भनिएको छ -

गणानान्त्वा गणपतिं हवामहे । कविं कवीनामुपमश्रवस्तम् ।।
ज्येष्ठराजं ब्रह्मणां ब्रह्मणस्पते आ न शृण्वन्नूतिभिःसीद सादनम् ।।

- ऋग्वेद २/२३/१

यही वैदिक मन्त्रलाई श्रीगणेशको पूजा-अर्चनामा प्रयोग गरिने प्रचलन अहिलेसम्म पनि व्यापक रूपले विद्यमान छ।

शुक्लयजुर्वेदमा उपलब्ध निम्नलिखित मन्त्र श्रीगणेशको पूजामा शास्त्र एवं विद्वान्हरूद्वारा प्रयुक्त हुने परम्परा अद्यापि विद्यमान छ - **'गणानां त्वा गणपति हवामहे प्रियाणां त्वा प्रियपतिं हवामहे निधिनां त्वा निधिपतिं हवामहे वसो मम। आहमजानि गर्भधमा त्वमजासि गर्भधम् ।।'** (यजु० २३/१९)

उपर्युक्त मन्त्रद्वारा आवाहित तथा पूजित श्रीगणेश-भगवान् ब्रह्मणस्पति गणपति, प्रियपति, स्वामी अथवा सर्वनियन्ता परमेश्वर र निधिपतिको रूपमा स्वीकृत छ। केही भाष्यकारको मतमा उक्त मन्त्रको अर्थ यसरी दिइने गरेको छ - **'हे परमदेव गणेश ! हजुरलाई हामी समस्त गणहरूका पति स्वीकार गर्दछौं, हजुरलाई प्रिय पदार्थ - प्राणीहरूका पालक र समस्त सुखनिधिहरूका निधिपति स्वीकार गर्दछौं। हजुर सृष्टिको उत्पन्न गर्नेवाला हुनुहुन्छ, हामी जीवात्मा हिरण्यगर्भलाई धारण गर्नेवाला-संसारलाई आफैमा धारण गर्ने प्रकृतिका पनि स्वामी हजुरलाई प्राप्त गरौं ।'**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातनधर्ममा पाञ्चायनको रूपमा विष्णु, शिव, गणेश, सूर्य र देवीको उपासना गर्ने परम्पराको लामो इतिहास छ। त्यसमा पनि कुनै पनि धार्मिक नित्य–नैमित्तिक पूजाहरूमा श्रीगणेशलाई अग्रस्थान दिने शास्त्रोक्त स्वीकृत परम्पराले उहाँको विशिष्टता र महत्त्वलाई बुझ्न सघाउ पुऱ्याउँछ। पूजाथालीमा मङ्गलस्वरूप श्रीगणपतिको स्वस्तिक चिह्न बनाएर दायाँ–बायाँ एक/एक लम्बाकार रेखा बनाउने प्रचलनले श्रीगणेश र भार्यास्वरूपा सिद्धिबुद्धि एवं पुत्रस्वरूप लाभ र क्षेमको सम्झना गराउँछ। श्रीगणपतिको **'बीजमन्त्र'** हो – अनुस्वारयुक्त **'ग'** अर्थात् **'गं'**। यही **'गं'** बीजमन्त्रको चारसङ्ख्यालाई मिलाएर एक बनाउँदा स्वस्तिक चिह्न बन्छ। चिह्नमा चार बीजमन्त्र संयुक्त हुनुले चतुर्थीलाई बुझाउँछ। चतुर्थी तिथिमा जन्म लिनुको तात्पर्य श्रीगणपति बुद्धिप्रदाता हुनुहुन्छ भन्ने हो। अतः जाग्रत, स्वप्न, सुषुप्ति र तुरीयमध्ये चौथो अवस्था नै ज्ञानावस्था हो। श्रीगणपतिको पूजनले सिद्धि, बुद्धि, लाभ र क्षेम प्रदान गर्दछ। देवप्रतिमाहरूको आयुध, चिह्नहरूमा निहित गूढार्थ बुझ्न सके मूर्तिपूजनको सार्थकता सिद्ध हुनसक्छ।

श्रीगणेशको लघुस्वरूपले के कुराको सङ्केत गर्छ भने जो व्यक्ति सरलता, नम्रता आदि सद्गुणहरूको साथ आफूलाई लघु वा सानो सम्झेर अभिमान नगरेर जीवनमा उत्साहसाथ कर्मक्षेत्रमा अगाडि बढ्छ उसको सफलता निश्चित छ, त्यस्तो व्यक्तिलाई गणपति सदैव निर्विघ्नतापूर्वक सफलता प्राप्तिका लागि आशीर्वाद प्रदा गर्नुहुन्छ।

श्रीगणेश **'गजेन्द्रवदन'** हुनुहुन्छ। भगवान् शङ्करले कुपित भएर उहाँको शिर छेदन गरिदिनुभएको थियो भन्ने पौराणिक कथाप्रसङ्ग पुराणमा पाइन्छ। हात्तीको शिर पछि जोडिनुको तात्पर्य हो श्रीगणेश बुद्धिप्रद हुनुहुन्छ। किन भने टाउको नै विचारशक्तिको प्रमुख केन्द्रस्थल हो। जनावरहरूमध्ये हात्तीमा बुद्धि, धैर्य एवं गाम्भीर्यको प्राधान्य छ। हात्ती नै एक यस्तो जनावर हो जो खानेकुरा देख्दैमा अरू पशुहरूजस्तो पछि लाग्दैन बरु धीरता एवं गम्भीरतासाथ मात्र त्यसलाई ग्रहण गर्दछ। यसका कान ठूल्ठूला हुन्छन्। भक्त साधकहरूले कुरा सबैको सुन्नुपर्छ तर त्यसमा गम्भीरता एवं धीरतापूर्वक विचार गरेर मात्र अगाडि बढ्नुपर्छ । यसरी कर्तव्यकर्ममा अघि बढ्नेहरूले नै सफलतालाई चुम्दछन् ।

श्रीगणेशको 'एकदन्त' एकताको संवाहक मानिन्छ। त्यसले मानिस–मानिसबीच जातीयता, क्षेत्रीयता, राष्ट्रियताको नाममा तानातानी वा विभाजन नभई एकताभावले नै सबैको भलो हुने सन्देश दिन्छ। त्यसैगरी उहाँलाई चढाउने बुनियाको सहस्रौं गेडाबाट बनेको **'मोतीचूड'**को लड्डुले पनि मिलेर बस्न सके एक हुन सकिने सन्देश दिन्छ। श्रीगणपतिको मूर्तिमा सिन्दूर धारण गर्ने चलनको पछाडि यो मङ्गलसूचक मानिनाले हो। दूबो गणेशको अत्यन्त प्रिय मानिन्छ। आयुर्वेदको दृष्टिकोणले दूबोमा औषधीय गुण छ र कैयौं रोगहरू यसबाट निदान हुन सक्छ भन्ने मान्यता छ। यसैले दूबोलाई गणेशप्रियमात्र नमानी यसमा निहित औषधीय गुणलाई राम्ररी अनुसन्धान गरी अध्ययन गर्न सकेमा मानवमात्रकै कल्याणमा सहयोग सिद्ध हुने देखिन्छ।

श्रीगणपतिको त्यत्रो भीमकाय शरीर थेग्ने वाहन भने सानो मुसा छ। यसको पनि रहस्य छ। मुसाले नयाँ, पुरानो केही नभनी जुनसुकै सामानहरू, अन्न, लत्ताकपडाहरूलाई टुक्राटुक्रा पारी नास पारिदिन्छ। कुतर्क गर्ने मानिसहरू प्रसङ्ग कत्तिको उत्तम छ, लाभकारी छ, त्यो केही नहेरी खाली त्यसको आलोचना गर्नमा नै रमाउँछन्। त्यो उनीहरूको स्वभावै हुन्छ। मुसाको स्वभावजस्तै काट्नमा नै व्यस्त हुन्छन्। श्रीगणपति बुद्धिप्रद हुनुहुन्छ, अतः उहाँले कुतर्करूपी मुसालाई वाहनको रूपमा आफ्नो मुन्तिर दबाएर राख्नुभएको व्याख्या विद्वान्–विदुषीहरू गर्ने गर्छन्। यस प्रकार श्रीगणपतिको प्रत्येक आयुध चिह्नहरूको आफ्नै किसिमको वैशिष्ट्यता छ ।

नेपालको परिप्रेक्ष्यमा त श्रीगणेशको अझ अरू विशिष्ट पहिचान छ। काष्ठकला, प्रस्तरकला, ढलोटकला, चित्रकलाको माध्यमबाट नेपाली जनजीवनमा श्रीगणेशको एकदमै सामीप्य रहनु तथा नेपालको राजधानी काठमाडौंलाई चारै दिशामा गणेशको मन्दिर स्थापना गरी श्रीगणेशको संरक्षकत्व प्राप्त छ भन्ने देखाउने अनेक किसिमका पूजा–परम्परा, यात्रा–पर्व, नाच–गान आदि संस्कृतिको अभिन्न अङ्ग बनेर रहेकोले त्यस कुरालाई पुष्टि गर्छ। हिन्दु हुन् वा बौद्ध, जैन हुन् वा सिख या वैष्णव हुन् कि शाक्त वा शैव सबै धर्म, मत वा सम्प्रदायमा श्रीगणेशको पूजा–आराधना आआफ्नै विधि र परम्पराबाट गर्ने चलनले पनि श्रीगणेशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महत्ताको अवगत हुन्छ। प्राचीन हस्तलिखितग्रन्थ हुन् वा अर्वाचीन ग्रन्थ या निमन्त्रणापत्रहरू हुन्, त्यसको सुरुआत गर्दा शिरमा **'श्रीगणेशाय नमः'** वा **'श्रीमङ्गलमूर्तये नमः'** लेख्ने व्यापक परम्परा सनातन धर्मावलम्बीहरूमा छ। विवाह, व्रतबन्ध गर्दा होस् कि घरको शिलान्यास वा नयाँ घरमा सर्दा होस् कुनै पनि पूजा गर्दा श्रीगणेशको अग्रपूजा हुन्छ। शुभसाइत र मङ्गलदर्शनको कामनाले दरबार हुन् कि महल वा सामान्य घर ढोका, पूजाकोठा वा घरको कहीँ न कहीँ श्रीगणेशको मूर्ति स्थापना गर्ने व्यापक प्रचलनलाई दृष्टिगत गर्दा नेपालमा गणेशप्रति अत्यन्त श्रद्धाभाव रहेको अवगत हुन्छ। सडक, बाटो, चौबाटो, विहार, मन्दिर जहाँतहीँ उहाँको श्रीविग्रह देख्न पाइन्छ। त्यतिमात्र नभई हातमा लगाइने औंठीमा समेत मूँगाको गणेश बनाई लगाउने प्रचलन छ। बत्ती बालिने पानसमा मङ्गलदर्शन होस् भनी गणेशको मूर्ति उत्कीर्ण गर्ने चलन नेपालमा पुरानो हो। अझ मल्लकालिक नेपालमा यसको व्यापकता थियो ।

श्रीगणपतितत्त्व, उपासना र रहस्यको विशद व्याख्या गर्ने श्रीगणेशपुराणलाई नेपाली भाषामा अनुवाद गरी नेपाली भाषाभाषीहरूका लागि सहज पहुँचको विषय बनाउने कार्यमा विद्वान् प्रा.डा. श्रीवेणीमाधव ढकालज्यूको अथक प्रयासलाई जति नै प्रशंसा गरे पनि कमै हुन्छ। उहाँको विद्वत्ता यसअघिका अनेकौं कृतिहरूबाट जनसमक्ष स्पष्ट भई नीरक्षीरविवेकी विद्वान्हरूसामु स्पष्ट भइसकेका छन्। नेपाली भाषाभण्डारलाई श्रीवृद्धि गर्ने कार्यमा उहाँले पुऱ्याउनुभएको अवदान साच्चै नै कदरलायक र अनुकरणीय छन्। उहाँको लेखनीले उत्तरोत्तर सफलता पाउँदै जाओस् भन्ने कामना गर्दछु।

नेपाली समाजमा श्रीगणेशको जुन किसिमको विशिष्टता र महत्ता छ, त्यसलाई उजागर गर्ने काममा प्रस्तुत कृतिको ठूलो योगदान रहने कुरा निर्विवाद छ। भगवान् श्रीगणेशले सदैव उहाँलाई आशीर्वादको वरदहस्त प्रदान गरिरहनुहुनेछ भन्ने कामना गर्दछु। यस्तो महत्त्वपूर्ण कृतिलाई जनसमक्ष ल्याउन जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्ने संस्था पनि धन्यवादको पात्र छ। भविष्यमा यस्तै अरू महत्त्वपूर्ण कृतिहरूको प्रकाशनमा हात बढाउँदै लगोस् भन्ने कामना गर्दछु।

श्रीराममन्दिरमार्ग–२०८
बत्तीसपुतली, काठमाडौं
२०६४ श्रीपञ्चमी माघ ११ गते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

प्राक्कथन

गजाननं भूतगणादिसेवितं कपित्थजम्बूफलचारुभक्षणम् ।
उमासुतं शोकविनाशकारकं नमामि विघ्नेश्वरपादपङ्कजम् ।।

ॐकारस्वरूप परमकरुणामय प्रभु श्रीगणेशको अवतरण, स्वरूपसौन्दर्य, उपासना, वाङ्मयव्याप्ति र विश्वव्यापी ख्याति उजागर गर्ने श्रीगणेशपुराण सद्य:फलदायक आर्षग्रन्थ भएकाले आस्तिक समुदायमा अत्यन्त श्रद्धेय छ । आधिभौतिक, आधिदैविक र आध्यात्मिक क्षेत्र सुख, दु:ख एवं सम्मोहमिश्रित छन् । भौतिक, मानसिक र आध्यात्मिक दु:खमा जीव-जगत् जेलिएको छ । प्राणीहरू दु:खबाट मुक्त हुन भौतिक, दैविक र आध्यात्मिक प्रयास गर्दागर्दै पनि विघ्नद्वारा आहत हुन्छन् र जीवनबाट निराश बन्दछन् । त्यस अवस्थामा शिव, विष्णु, सूर्य, देवी र गणेशनामक पञ्चब्रह्ममध्ये एउटा ब्रह्म विघ्नान्तक श्रीगणेशको उपासनाद्वारा मात्र ती जीवहरू विघ्ननिवारण गरी जीवनको वास्तविक उद्देश्य पूर्ण गर्ने कार्यमा सफलता पाउँछन् भन्ने तथ्य श्रीगणेशपुराणलगायत आर्षग्रन्थहरूबाट अवगत हुन्छ ।

प्रवृत्ति

नेपालीभाषामा गणेशपुराणको अनुवाद नपाइनाले गणेशका भक्त र श्रद्धालुहरूमा परेको कठिनाइ बुझेर त्रिशक्तिसाधना केन्द्र, वनकाली धर्मशालामा विराजमान परमकरुणामयी योगैश्वर्यवती शक्तिमाता लीलादेवीज्यूले २०६१ माघ शुक्ल चतुर्थीका दिन त्रिशक्ति साधना केन्द्र, देवपत्तन, काठमाडौंमा गणेशपुराण यज्ञको साङ्गताको टीका एवं जलप्रसाद प्रदान गर्नुहुँदै 'तिमीले गणेशपुराणको अविलम्ब अनुवादकार्य आरम्भ गर, मेरो आशीर्वाद रहनेछ' भनी आज्ञा गर्नुभयो । अन्न-पानी परित्याग गरी लोककल्याण र विश्वशान्तिका लागि अखण्ड तपमा जुट्नुभएकी भगवती त्रिशक्तिको आज्ञा स्वीकार गरी म त्यसै दिनदेखि अनुवादकार्यमा प्रवृत्त भएँ ।

माताश्रीको परमकरुणाबाट अनुवादकार्यले तीव्र गति लियो । कठिन पदका अर्थ आफै खुल्दै गए । मैले अनुवादकालमा करुणाजनित विचित्र चमत्कृतिको अनुभूति गर्ने अवसर पाएँ । अहोरात्र अनुवाद कार्यमा खट्दा मलाई थकाइ लागेन, विसञ्चो महसुस भएन र आलस्य पनि लागेन । स्रोत व्यक्तिहरूसँग सम्पर्क गरी सूचना प्राप्त गर्ने कार्य पनि हुँदै गयो । सहयोगी विद्वान् एवं मनीषीहरूको स्नेहपूर्ण सहयोग अनवरत रूपमा प्राप्त गर्दै गएँ । यस बीचमा अनेकौं बाधा-व्यवधान आए तर ती स्वयं निरस्त हुँदै गए । २०६३ फाल्गुनमा अनुवादको प्रथम लेखन सम्पन्न भयो । परिष्कार, कम्प्युटर टङ्कण, सम्पादन र अक्षरसंशोधनजस्ता कार्य पनि निरन्तर हुँदै गए । अनुवादकार्य पूरा भएपछि भारतका विभिन्न प्रकाशनबाट प्रकाशित गणेशपुराणमा देखिएका त्रुटिहरू निराकरण गरी मूल संस्कृतलाई शुद्ध्याउने काम पनि सम्पन्न भयो । त्यसपछि गणेशपुराणको माहात्म्य शास्त्रहरूमा कतै पाइन्छ कि भनी खोजी गर्न लागें । त्यो कतै नपाइएकाले गणेशपुराणअन्तर्गतका गणेशपुराणको महिमा उजागर गर्ने प्रसङ्गसँग सम्बद्ध पद्यहरूको संयोजन गरी पाँच अध्यायमा गणेशपुराणको माहात्म्य तयार गरियो ।

त्यसपछि म गणेशतत्त्वको लौकिक र पारमार्थिक प्रभाव द्योतन गर्ने शोधपूर्ण भूमिका तयार गर्छु भन्ने अठोटका साथ गणेशपरक वैदिक, पौराणिक एवं तान्त्रिक ग्रन्थ र संस्कृत, नेपाली, हिन्दी तथा अंग्रेजी भाषामा प्रकाशित गणेशपरक साहित्यको अनुशीलनमा लागें । ६ महिना निरन्तर लागिपरेपछि गणेशपुराणको परिचय, गणेशतत्त्व, गणेशको अवतरण, गणेशको स्वरूपसौन्दर्य, गणेशपुराणमा प्रस्तुत गणेशका विलक्षण लीला, गणेशका दाजु स्कन्द, वाङ्मयमा गणेश, विभिन्न सम्प्रदाय र सिद्धान्तमा गणेश,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्धदर्शन एवं जैनदर्शनमा गणेश, गणेश तीर्थ, मन्दिर एवं मूर्तिहरूजस्ता विषयशीर्षकमा आधारित भूमिकाभाग तयार भयो । तदनन्तर साधकहरूका लागि अत्यन्त उपयोगी पूजाविधिको तयारीमा म कटिबद्ध भएर लागें । त्यो तयार भएपछि गणेशपरक सामग्रीको सङ्कलन र सम्पादन गरी परिशिष्ट भागका साथै अनुसन्धाताका लागि उपयोगी हुने श्लोकानुक्रमणिका पनि तयार गरियो।

यस्तो महिमानुप्राणित र दुर्लभ ग्रन्थ तयार गर्न लगाई लोककल्याण र विश्वशान्तिमा टेवा पुऱ्याउने उद्देश्य लिनुभएकी प्रेरणादायिनी त्रिशक्ति शक्तिमाता २०६२ चैत्रदेखि अलप हुनुभएको हुँदा उहाँको अभाव मलाई साह्रै खट्कियो । उहाँको दर्शन नपाउँदा म निराश भएता पनि उहाँको आज्ञा र आशीर्वादलाई शिरोपर गरी अखण्डरूपमा साधनामा अग्रसर हुँदै गएँ । उहाँकै आशीर्वादका कारण २०६४ आषाढमा भूमिकासमेत गणेशपुराणको नेपाली भाषानुवाद सम्पन्न भयो ।

श्रीगणेशको अनुकम्पा

२०६४ श्रावणमा मेरी पूजनीया माताश्री दिव्यलक्ष्मी ढकाल ८५ वर्षको उमेरमा दिवङ्गत हुनुभयो । म एक वर्षको स्वाध्ययन बिदा लिएर आशौचका नियमपालन गर्दै पाल्पामा बसिरहेको थिएँ । २०६४ पौष महिनामा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा. श्रीविदुरप्रसाद पौडेलज्यूले सहसा फोन गरेर तपाईं तुरुन्त काठमाडौं आउनुहोस् भन्नुभयो । म काठमाडौं आएँ । उपकुलपतिज्यूले अत्यन्त चासो लिएर विश्वविद्यालयका विशिष्ट विद्वान्हरूलाई आमन्त्रित गरी अनूदित गणेशपुराणको भाषा, विषयविन्यास, भूमिका र परिशिष्ट भागमा प्रस्तुत गरिएका विषयमा विद्वान्हरूबाट मूल्याङ्कन गराउनुभयो । मूल्याङ्कन गराउँदा भूमिकाभागमा गणेशपरक तन्त्रशास्त्रीय दृष्टिकोण र उपत्यकाका प्रमुख गणेशबारे थप सामग्री प्रस्तुत गर्नुपर्ने सुझाव प्राप्त भयो । त्यसैबेला उपकुलपति प्रा. विदुरप्रसाद पौडेलज्यूले गणेशभक्त उद्योगपति श्री मीनबहादुर गुरुङसँग भेट गराई गणेशपुराणको अनुवाद, सम्पादन, भाषासम्पादन र सामग्रीको शोधखोजका लागि सहयोगस्वरूप रू. ९३ हजार उपलब्ध गराउनुभयो । उक्त सहयोगबाट गणेशपुराणको सर्वाङ्गपूर्ण स्वरूपनिर्मितिमा अधिकतम टेवा पुगेको तथ्य निवेदन गर्न चाहन्छु ।

विद्वान्हरूको सुझावअनुसार म माघ र फाल्गुन २ महिना थप सामग्रीको अनुसन्धान गरी सम्पादनकार्यमा प्रवृत्त भएँ । श्रीगणेशको अनुकम्पाबाट त्यो कार्य पनि सजिलै सम्पन्न भयो । श्रीगणेशको अनुकम्पा नभएको भए यी सबै कार्य यसरी सम्पन्न हुने थिएनन् भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

प्रा.विदुरप्रसाद पौडेल, प्रा. विद्यानाथ उपाध्याय, प्रा.डा. दुर्गाप्रसाद दवाडी, डा. टीकाराम पन्थी र प्रा.डा. दीर्घराज घिमिरेले गणेशपुराणका सन्दिग्ध स्थलको अर्थबोधमा निर्णायक विचार दिएर अनुवादमा गुणाधान गर्नुका साथै स्रोतसामग्री प्रदान गरी भूमिकानिर्माणमा सहयोग पुऱ्याउनुभएको तथ्य अविस्मरणीय छ । प्रा.डा. मुकुन्दप्रसाद अर्याल, प्रा.डा. जगदीशचन्द्र रेग्मी, प्रा.डा. दिनेशचन्द्र रेग्मी, डा. गोविन्द टण्डनले गणेशपुराणको भूमिका र परिशिष्टखण्डका लागि उपयुक्त स्रोतसामग्री प्रदान गरेर यसलाई आधिकारिक एवं चिन्तनपूर्ण तुल्याउन गर्नुभएको सहयोग संस्मरणीय छ । प्रा.डा. दुर्गादत्त शर्मा उपाध्यायले महिनौंसम्म गणेशपुराणको पाण्डुलिपि हेरी टङ्कणमा हुनगएका कमी–कमजोरी सच्याउनुका साथै सन्दिग्धस्थलको अर्थबोधमा सघाउनुभएको छ र श्रीगणेशपरक अनुसन्धेय सामग्री प्रदान गरी अनुवाद र भूमिकाभागको स्तरीकरणमा अनुपम योगदान गर्नुभएको छ । उपप्रा. भक्तिराम ज्ञवाली, उपप्रा. डा. नुरापति पोखरेल र उपप्रा. सुधन पौडेलले यसको भाषिक सम्पादन गरी अविकल स्वरूपसन्धानमा संस्मरणीय सहयोग गर्नुभएको छ । यसरी कार्य गर्दा मैले धेरै विद्वान्, बुद्धिजीवी, मित्र, बन्धु एवं परिवारका सदस्यहरूको स्नेहका साथै स्वतःस्फूर्त वैचारिक एवं वस्तुगत सहयोग प्राप्त गरेको छु ।

सबैको मानसिक र भौतिक सहयोगबाट श्रीगणेशपुराणको अनुवाद एवं अनुसन्धानपूर्ण भूमिका र उपयोगी परिशिष्ट खण्ड तयार हुनआएको छ । नेपाली भाषामा श्रीगणेशको महनीय तत्त्व, अनुपम ऐश्वर्य र सद्यःफलदायक उपासनाका विषयमा जानकारी प्राप्त गर्न चाहने जिज्ञासु एवं भक्तहरूलाई यस गणेशपुराणको अनुवाद एवं अनुसन्धानपूर्ण सामग्रीबाट थोरैमात्र भए पनि लाभ पुग्न सकेमा मेरो प्रयास सार्थक हुनेछ भन्ने कुरामा म पूर्ण आश्वस्त छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतज्ञताप्रकाशन

मेरा प्राज्ञिक कार्यहरूमा पवित्र वात्सल्यका साथ सहयोग पुऱ्याउनुहुने दिवङ्गत माताश्री र पिताश्रीका चरणकमलमा कृतज्ञता ज्ञापनपूर्वक वन्दना टक्र्याउँछु । मलाई यस महनीय कार्यमा प्रवृत्त गराई श्रीगणेशको आराधनाको अपूर्व अवसर प्रदान गर्नुहुने र आफ्नो दिव्य आशीर्वादद्वारा यस कार्यलाई सम्पन्न गराउनुहुने परमयोगैश्वर्यवती शक्तिमाता श्रीलीलादेवीज्यूका चरणकमलमा वन्दना गर्दै कृतज्ञता व्यक्त गर्दछु। यसलाई स्तरीय र बोधमय तुल्याउन अपूर्व योगदान गर्नुहुने नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा. विदुरप्रसाद पौडेलप्रति आभार प्रकट गर्दछु । आफ्नो गणेशभक्तिले अनुप्राणित निष्काम सहयोगद्वारा ग्रन्थको स्वरूपसम्पादनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने उद्योगपति श्री मीनबहादुर गुरुङप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सन्दिग्ध स्थलहरूमा आफ्ना निर्णायक विचार दिएर यस ग्रन्थलाई आधिकारिक तुल्याउन सहयोग पुऱ्याउनुहुने प्रा. विद्यानाथ उपाध्याय, प्रा.डा. टीकाराम पन्थी, प्रा.डा. दीर्घराज घिमिरे, प्रा.डा. दुर्गाप्रसाद दवाडी र प्रा.डा. दुर्गादत्त शर्मा उपाध्यायप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अध्ययनको क्रममा गणेशपरक दुर्लभ सामग्री प्रदान गरी अविस्मरणीय सहयोग गर्नुहुने प्रा.डा. जगदीशचन्द्र रेग्मी, प्रा.डा. दिनेशचन्द्र रेग्मी र डा. गोविन्द टण्डनप्रति आभार प्रकट गर्दछु ।

गणेशपुराणको पाण्डुलिपि राम्ररी अध्ययन गरी आफ्ना मूल्यवान् शुभकामना मन्तव्य दिएर मेरो उत्साह बढाउनुहुने पूर्वप्रधानन्यायाधीश हरिप्रसाद शर्मा, उपकुलपति प्रा. विदुरप्रसाद पौडेल, प्रा. विद्यानाथ उपाध्याय, प्रा. दुर्गाप्रसाद दवाडी, प्रा. डा. मुकुन्द आचार्य, प्रा.डा. जगदीशचन्द्र रेग्मी, प्रा.डा. दिनेशचन्द्र रेग्मी, डा. गोविन्द टण्डनप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । गणेशपुराणको भाषासम्पादनमा श्रद्धापूर्वक सहयोग गर्नुहुने उपप्रा. भक्तिराम ज्ञवाली, उपप्रा. डा. नुरापति पोखेल र उपप्रा. सुधन पौडेलप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

आफ्नो प्रकाशनको माध्यमबाट समाजलाई सूचना र बोधका मूल्यवान् सामग्री प्रदान गरेर उपकृत तुल्याउन कटिबद्ध विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौंका अध्यक्ष श्री शान्त गौतमले श्रीगणेशप्रति आस्थावान् भई यस गणेशपुराणको प्रकाशनको अभिभारा वहन गर्नुभएकोमा म उहाँप्रति आभार प्रकट गर्दछु ।

यसको तयारीमा आफ्ना मूल्यवान् सुझाव र स्रोतसामग्री प्रदान गरी सघाउ पुऱ्याउनुहुने वरिष्ठ साहित्यकार डा. मोदनाथ प्रश्रित, प्रा. शिवहरि मरहट्टा, प्रा. माधवराज गौतम, प्रा.डा. टीकाराम पन्थी, प्रा.डा. विष्णुराज आत्रेय, प्रा. दुर्गाप्रसाद दाहाल, प्रा. नीलमणि ढुङ्गाना, सहप्रा. रमेश ढकाल, सहप्रा. लीलानाथ पौडेल, श्रीभेषराज न्यौपाने, श्रीपरशुराम न्यौपाने, सहप्रा. ध्रुव भट्टराई, डा. भूपहरि पौडेल, उपप्रा. खेमराज खनाल, उपप्रा. माधव पाण्डेय, उपप्रशासक हरि पाण्डेय, श्री मुरारिराज पाण्डेय, सहाप्रा. भोलानाथ रेग्मी, सहाप्रा. जगन्नाथ रेग्मीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यसैगरी ग्रन्थको तयारीमा सहयोग गर्ने सहायक प्रशासक श्रीधर अधिकारी, सहायक प्रशासक केशव काफ्ले, अधिवक्ता राधेश्याम पराजुली, श्रीनारायण शर्मा, सहायक प्रशासक देवमणि देवकोटाका साथै क्वालिटी लेजर प्रिन्टका प्राविधिकहरू कृष्ण भण्डारी र जयेश गौतमप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मेरो यस कार्यमा हृदयतः सहयोग गर्ने मित्र एवं बन्धुहरूलाई हार्दिक साधुवाद प्रदान गर्दै यस ग्रन्थको तयारीको क्रममा अहोरात्र खटेर सघाउने पारिवारिक सदस्यहरू क्रमशः मीठा ढकाल, नवेन्दु ढकाल, बिन्दु ढकाल, सिन्धु ढकाल, इन्दु ढकाल, दीपा ढकाल, ज्योति ढकाल, विभु ढकाल, शारदा ढकाल, साधना ढकाल र पूजा ढकाललाई आत्मैदेखि आशीर्वाद र हृदयतः धन्यवाद प्रदान गर्छु । अन्तमा, श्रीगणेशका पवित्र चरणारविन्दयुगलको श्रद्धाभक्तिपूर्वक स्मरण गर्दै मेरो भनाइ यहीँ टुङ्ग्याउँछु। जय गणेश !

२०६६/२/२१
काठमाडौं

विद्वान्हरूको वशंवद
- वेणीमाधव ढकाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

श्रीगणेश नेपाल, भारतलगायत विश्वका अनेकौं भागमा छरिएर रहेका हिन्दू, बौद्ध एवं जैन आदि धर्मावलम्बीहरूका श्रद्धास्पद प्रथमपूज्य देवता हुनुहुन्छ । श्रीगणेशको उपासनापक्ष र लीलामा आधारित विषयहरू श्रुति-स्मृति, पुराण-इतिहास, तन्त्र-आगम आदि अनेकौं शास्त्रहरूमा कतै सङ्क्षेप र कतै केही विस्तारका साथ प्रस्तुत गरिएको पाइन्छ । श्रीगणेशपुराणमा भने श्रीगणेशको उपासनाका अनेक पक्षहरूको साङ्गोपाङ्ग निरूपण गरिएको छ । यसमा निरुपाधिक ब्रह्मका रूपमा आराध्य सच्चिदानन्दमूर्ति श्रीगणेशतत्त्वको निरूपणका साथै सोपाधिक ब्रह्मका रूपमा भासमान मङ्गलमूर्ति श्रीगणेशका अनुपम एवं विस्मयजनक लीलाहरूको प्रतिपादन गरिएको छ ।

ऋषिहरूद्वारा निर्मित प्राचीन वाङ्मयमा विघ्ननाश, सङ्कटबाट मुक्ति, सन्तानप्राप्ति, सुखानुभूति र आध्यात्मिक उत्कर्षका लागि श्रीगणेशको आराधना तत्काल फलदायक हुने कुरा बताइएको छ । यसैले शास्त्रहरूमा श्रीगणेश **क्षिप्रप्रसादन** अर्थात् छिटै प्रसन्न हुने देवताका नामबाट पनि प्रसिद्ध हुनुहुन्छ । काठमाडौं उपत्यकालगायत देशका कुना-कुनामा रहेका गणेशका मन्दिर एवं मूर्तिहरू वैदिक एवं बौद्ध धर्मका अनुयायीहरूका लागि समानरूपमा आस्थाकेन्द्र बनेर रहेका छन् । यसैले श्रीगणेश नेपाली समाजमा समन्वयवादी संस्कृतिका प्रवर्तक देवता बनेर रहनुभएको छ ।

वैदिकधर्मको अनुसरण गर्ने गणेशभक्तहरूलाई श्रीगणेशको उपासना र लीलाका अनेक आयामसँग परिचित तुल्याउने एकमात्र आधिकारिक ग्रन्थ गणेशपुराण भारतका विभिन्न प्रकाशनहरूबाट मूलभागमात्र प्रकाशित भएको पाइन्छ । त्यसको अनुवाद मराठीबाहेक नेपाली, हिन्दी, बंगाली आदि कुनै पनि भाषामा अहिलेसम्म हुनसकेको छैन । यसैले नेपाल र नेपाल बाहिर रहेका सबै नेपाली गणेशभक्तहरूलाई गणेशपुराणको अक्षरशः तात्पर्यबोध गराउने उद्देश्यले गणेशपुराणको आधिकारिक नेपालीभाषानुवाद प्रस्तुत गरिएको छ । गणेशसम्बन्धी सूचना एवं बोधका महत्त्वपूर्ण सामग्री सम्पन्न भूमिका, वैदिक गणेशपूजाविधि, गणेशपुराणको माहात्म्य, गणेशको उपासनामा अत्यन्त उपयोगी सन्दर्भ-सामग्रीसहितको परिशिष्ट भाग र प्रबुद्ध पाठक एवं अनुसन्धातालाई सघाउने श्लोकानुक्रमणिका समेत समन्वित गराई प्रा.डा. वेणीमाधव ढकालद्वारा तयार गरिएको गणेशपुराण पाठकहरूसमक्ष प्रस्तुत गर्ने अवसर पाएकोमा विद्यार्थी पुस्तक भण्डार गौरवान्वित भएको छ ।

यस दुर्लभ एवं महिमामय कृतिको प्रकाशनबाट हाम्रो समाजमा रहेका वैदिक, बौद्ध, जैन एवं सिखधर्मका अनुयायी श्रीगणेशका भक्त नरनारीहरू लाभान्वित हुनुहुनेछ । श्रीगणेशको कृपाबाट अहिलेको हाम्रो नेपाल विघ्नबाधा, अशान्ति एवं संकटबाट मुक्त होस् र परापूर्वकालदेखि शान्तिभूमि एवं देवभूमिका रूपमा प्रसिद्ध हाम्रो यो राष्ट्र फेरि पनि लोककल्याण तथा विश्वशान्तिको मुहान बनोस् भन्ने मेरो हार्दिक कामना छ ।

विद्यार्थी पुस्तक भण्डार पाठकहरूले खोजेका विभिन्न विधाका बोध र सूचनाका गहन सामग्री उपलब्ध गराउने कार्यलाई आफ्नो व्यावसायिक कर्तव्य मान्दछ भने समाजको हित हुने सामग्री प्रकाशमा ल्याउने कार्यलाई समाजप्रतिको आफ्नो दायित्व मान्दछ । यसै दायित्वबोधका कारण यो संस्था व्यापारिक दृष्टिबाट माथि उठेर संस्कृति, धर्म, समाज, राष्ट्र र राष्ट्रभाषाको समृद्धिमा सहयोग पुऱ्याउने कृतिहरूको प्रकाशनमा सक्रिय रहँदै आएको कुरा पाठकहरूबाट लुकेको छैन ।

गणेशपुराणलाई यस रूपमा तयार गरी हामीलाई प्रकाशनको अवसर प्रदान गर्नुहुने प्रा.डा. वेणीमाधव ढकालप्रति कृतज्ञता व्यक्त गर्दछु । यस पुराणको संरचनामा बौद्धिक एवं वस्तुगत सहयोग पुऱ्याउने सबै महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै यसको कम्प्युटर टङ्कण एवं मुद्रणमा सघाउनु हुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, आगामी समयमा पनि यस्तै समाजोपयोगी महत्त्वपूर्ण सामग्री प्रकाशित गर्दैजाने वाचा गर्दै विद्वान् लेखकबाट यस्तै गहकिला सामग्री आइरहुन् भन्ने शुभकामनासहित मेरो भनाइ टुङ्ग्याउँछु ।

- शान्त गौतम
विद्यार्थी पुस्तक भण्डार
काठमाडौं ।

२०६६/२/२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूची

विषय — पृष्ठ

भूमिकाखण्ड

परिच्छेद - एक

स्वरूप, सार, सन्महिमा, समानता, सौन्दर्य एवं सम्बन्धको आलोकमा श्रीगणेशपुराण

१.१ श्री गणेशपुराणको स्वरूप — १
१.२ श्रीगणेशपुराणको सार — ३
१.३ श्रीगणेशपुराणको महिमा — ६
१.४ श्रीमद्भागवत र गणेशपुराणको विषयगत समानता — ७
१.५ श्रीगणेशपुराणमा प्रतिबिम्बित साहित्यिक सौन्दर्य — २०
१.६ श्रीगणेशपुराणमा नेपाल — २३
१.७ नेपालमा श्रीगणेशपुराण — २५

परिच्छेद - दुई

गणेशपुराणका महत्त्वपूर्ण सन्दर्भ

२.१ गणेशदर्शनपरक सन्दर्भ — २६
२.२ स्तुतिपरक सन्दर्भ — ३४
२.३ विलक्षण लीलापरक सन्दर्भ — ३७
२.४ स्कन्द-सन्दर्भ — ४१
२.५ गणेशगीता-सन्दर्भ — ४७
२.६ स्वानन्दभुवन-सन्दर्भ — ५३

परिच्छेद - तीन

श्रीगणपतितत्त्व, अवतरण एवं स्वरूपसौन्दर्य

३.१ श्रीगणपतितत्त्व — ५५
३.२ श्रीगणेशको अवतरण — ७०
३.३ श्रीगणेशको स्वरूप-सौन्दर्य — ७८
३.४ स्वरूप-सौन्दर्यका साधक तत्त्व — ८२

परिच्छेद - चार

श्रीगणपति-उपासनाका विविध प्रसङ्ग

४.१ श्रीगणेशपुराणमा गणपति-उपासना — ८७
४.२ वैदिकवाङ्मयमा श्रीगणेशको उपासना — ९०
४.३ तन्त्रवाङ्मयमा श्रीगणेशको उपासना — ९१
४.४ आवेशपीडित मानिसहरूका लागि गणपतिकल्प — १११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.५ सर्वसाधारणका लागि श्रीगणेशपूजाविधि ११२

४.६ चतुर्थी तिथिमा श्रीगणेशको आराधना ११३

४.७ विभिन्न प्रतीकहरूमा श्रीगणेशको पूजा ११५

४.८ श्रीगणेशपूजनका अनेक रूप र अनेक रङ्ग ११५

४.९ गणपति आराधनाको विशेषता ११६

४.१० प्राचीनकालमा श्रीगणेशको मन्दिरनिर्माण, मूर्तिस्थापना र आराधना ११६

४.११ प्रतिमा-निर्माणविधि ११७

४.१२ मन्दिर-निर्माणविधि ११७

परिच्छेद - पाँच

शास्त्र र शास्त्रीय सिद्धान्तमा श्रीगणेश

५.१ वैदिकवाङ्मय ११९

५.२ स्मृतिवाङ्मय १२१

५.३ तन्त्रवाङ्मय १२२

५.४ महाभारत १२७

५.५ पुराणवाङ्मय १२८

५.६ विविध सिद्धान्तमा श्रीगणेश १३९

५.६.१ वैष्णवमत १४०

५.६.२ योगसाधना १४०

५.६.३ श्रीरामोपासक-सम्प्रदाय १४२

५.६.४ शङ्कराचार्य-परम्परा १४३

५.६.५ जैनसिद्धान्त १४४

५.६.६ बौद्धसिद्धान्त १४५

परिच्छेद - छ

नेपाली जनजीवनमा श्रीगणेश

६.१ नेपालीहरूका आराध्य देवता श्रीगणेश १४७

६.२ नेपालमा श्रीगणेश-आराधनाको ऐतिहासिक पर्यवेक्षण १४७

६.३ नेपालमा हिन्दूहरूको गणेश-उपासनापरम्परा १५२

६.४ नेपालमा बौद्धहरूको गणेश-उपासनापरम्परा १५४

६.५ काठमाडौं उपत्यकाका नेवारसमुदायको गणेश-आराधना १५६

परिच्छेद - सात

गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्तिहरू

७.१ गणेशपुराणमा वर्णित गणेशका मूर्ति, मन्दिर एवं तीर्थ १६०

७.२ नेपालका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्तिहरू १६९

७.३ भारतका २१ गणेशक्षेत्र १९१

७.४ नेपाल-भारत बाहिरका श्रीगणेशमन्दिर एवं मूर्ति १९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद - आठ
निष्कर्ष र उपसंहार

८.१	निष्कर्ष	१९५
८.२	उपसंहार	१९९

श्रीगणेश-पूजाविधिखण्ड

श्रीगणेशपूजाविधि	२०२
श्रीमहागणपतिसहस्रनामावली	२२९

माहात्म्यखण्ड

प्रथम अध्याय	२४५
द्वितीय अध्याय	२५२
तृतीय अध्याय	२५८
चतुर्थ अध्याय	२६७
पञ्चम अध्याय	२७१
श्रीगणेशपुराणको पाठविधि	२७७

श्रीगणेशपुराणम्
उपासनाखण्डः

अध्याय	विषय	पृष्ठ
१	शौनक आदि ऋषि एवं सूतको संवाद र राजा सोमकान्तको वृत्तान्त	१
२	अङ्गहरूमा कुष्ठरोगको उत्पत्तिपछि सोमकान्तको शोकपूर्ण उद्गार र तपोवन प्रस्थान गर्ने विचार	५
३	सोमकान्तद्वारा पुत्र हेमकण्ठलाई आचारोपदेश	८
४	हेमकण्ठको राज्याभिषेक र सोमकान्तको वनगमन	१४
५	भृगुपुत्र च्यवन र रानी सुधर्माबीच वार्तालाप	१८
६	आफ्ना अनुयायी मन्त्री र रानी सुधर्माका साथ सोमकान्तको भृगु-आश्रममा प्रवेश	२३
७	महर्षि भृगुद्वारा सोमकान्तका पूर्वजन्मको कथावर्णन	२७
८	सोमकान्तद्वारा पूर्वजन्म कथामा सन्देह प्रकाशन, पक्षीहरूद्वारा सोमकान्तमाथि आक्रमण, सोमकान्तको भृगुका चरणमा शरणागति, भृगुको हुङ्कार र पक्षीहरूको पलायन	३२
९	श्रीगणेशको आराधना र गणेशपुराणको श्रवण गर्न सोमकान्तलाई भृगुको उपदेश	३६
१०	आरम्भमा श्रीगणेशको मङ्गलाचरण नगरेका कारण भ्रान्त भएका वेदव्यासद्वारा ब्रह्माको दर्शन र जिज्ञासा	४०
११	ब्रह्माद्वारा वेदव्यासलाई गणेशमन्त्रको उपदेश	४३
१२	ब्रह्मा, विष्णु र शिवको आराधनाबाट प्रसन्न हुनुभएका श्रीगणेशद्वारा चतुर्भुज स्वरूपको प्रदर्शन	४६
१३	श्रीगणेशद्वारा ब्रह्मा, विष्णु र शङ्करको कार्यविभाजन र ब्रह्माजीद्वारा श्रीगणेशको स्तुति	४९
१४	विघ्नबाट व्याकुल ब्रह्माजीका मनमा 'तिमीले तपस्या गर' भन्ने आकाशवाणी सुनेपछि चिन्ता	५४
१५	ब्रह्माको तपस्या, श्रीगणेशको दर्शन र ब्रह्माद्वारा गजाननको आराधना	५७
१६	मधु-कैटभको उत्पत्ति, योगनिद्राको वशमा परेका श्रीविष्णुको प्रबोधका लागि ब्रह्माद्वारा देवीको प्रार्थना	६१
१७	शिवद्वारा विष्णुलाई गजाननको षडक्षर मन्त्रको उपदेश	६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८	विष्णुद्वारा गणेशको आराधना, विष्णुलाई गणेशदर्शन, वरदानप्राप्ति, मधु-कैटभको संहार र सिद्धक्षेत्रको उत्पत्ति	६८
१९	राजा भीम एवं रानी चारुहासिनीको कथाप्रसङ्गमा राजा वल्लभ एवं रानी कमलाको कथाप्रसङ्ग, कमलाका कोखबाट विरूप पुत्रको जन्म	७२
२०	राजा वल्लभद्वारा विरूप पुत्र पैदा गर्ने कमला र दक्षलाई गृहनिष्कासन, दक्षद्वारा श्रीगणेशको दर्शन र स्तुति	७६
२१	गणेशका भक्त ऋषि मुद्गलको कृपाबाट दक्षलाई गणेशजीको मन्त्रप्राप्ति र दक्षद्वारा मन्त्रजपपूर्वक श्रीगणेशको आराधना	८१
२२	कल्याणनामक वैश्यको कथाप्रसङ्ग र कल्याणका पुत्र वल्लालद्वारा श्रीगणेशको आराधना र श्रीगणेशको दर्शन	८५
२३	गणेशभक्त वल्लालद्वारा वैश्यदम्पतीको भावी जीवनका घटनाहरूको वर्णन	९०
२४	दक्षद्वारा श्रीगणेशको आराधना र शुभ स्वप्नदर्शन	९४
२५	पुत्रहीन राजा चन्द्रसेनको कथाप्रसङ्ग, चन्द्रसेनको मृत्यु र रानी सुलभाको शोच्य अवस्था	९६
२६	राज्यप्राप्तिपछि दक्षद्वारा गणेशमन्दिरको निर्माण एवं दक्षका वंशको विस्तार-प्रसङ्ग	९९
२७	राजा भीमलाई विश्वामित्रद्वारा श्रीगणेशको आराधना गर्ने उपदेश, भीमद्वारा श्रीगणेशको आराधना, रुक्माङ्गदको जन्म र राज्याभिषेक	१०२
२८	रुक्माङ्गदको वनयात्रा, वाचक्नवि ऋषिको आश्रममा प्रवेश, ऋषिपत्नी मुकुन्दाको रुक्माङ्गदसँग रतिक्रीडाको याचना, त्यसमा असहमत रुक्माङ्गदलाई ऋषिपत्नीको सराप परेपछि तिनको दयनीय अवस्था	१०५
२९	रुक्माङ्गदलाई श्रीगणेशको आराधना गर्न नारदको उपदेश र इन्द्रको कथाप्रसङ्ग	१०८
३०	इन्द्रद्वारा गौतमपत्नी अहल्याको पतिव्रताधर्मको नाश र अहल्याको मनमा प्रबल चिन्ता	१११
३१	गौतमद्वारा अहल्यालाई शिलारूपमा परिणत हुने र इन्द्रलाई शरीरमा हजार योनि उत्पन्न भई विरूप बन्ने सराप र देवताहरूको चिन्ता	११४
३२	गौतमको आश्रममा देवताहरूको प्रवेश, इन्द्रको उद्धारका लागि गौतमसँग प्रार्थना, गौतमद्वारा इन्द्रका लागि गणेशमन्त्रको उपदेश	११७
३३	षडक्षर मन्त्रको प्रभावबाट इन्द्रद्वारा दिव्यदेह प्राप्ति	१२१
३४	इन्द्रद्वारा गणेशको आराधना, गणेशदर्शन एवं वरप्राप्ति र चिन्तामणि तीर्थको वर्णन	१२४
३५	राजा रुक्माङ्गदको राजधानीप्रवेश र चिन्तामणि तीर्थको माहात्म्य	१२८
३६	वाचक्नविकी पत्नी मुकुन्दाको कामव्याकुलता, इन्द्रसहवास, गृत्समदको जन्म र माता एवं पुत्रद्वारा परस्पर शापप्रदान	१३२
३७	गृत्समदद्वारा गणेशको आराधना, ब्रह्मत्वप्राप्ति र वरद गणेशमूर्तिको प्रतिष्ठा	१३६
३८	गृत्समदलाई त्रिपुरनामक अद्भुत पुत्रप्राप्ति, त्रिपुरद्वारा श्रीगणेशको आराधना र वरप्राप्ति	१४०
३९	त्रिपुरासुरको इन्द्र आदि देवतामाथि विजय	१४४
४०	त्रिपुरासुरको ब्रह्माजीमाथि विजय र पीडित देवताहरूद्वारा श्रीगणेशको आराधना एवं स्तुति	१४९
४१	ब्राह्मणरूप श्रीगणेशद्वारा त्रिपुरासुरलाई तीन पुर प्रदान गरेको प्रसङ्ग र चिन्तामणि प्रतिमाको प्रशंसा	१५५
४२	श्रीशङ्कर र त्रिपुरासुरको भयङ्कर युद्ध	१५८
४३	श्रीशङ्करमाथि त्रिपुरासुरको विजय, भयभीत पार्वतीद्वारा गुप्तरूपमा हिमालयमा निवास	१६१
४४	श्रीशङ्करद्वारा गणेशको आराधना, श्रीगणेशदर्शन एवं वरप्राप्ति	१६५
४५	श्रीगणेशद्वारा शङ्करसमक्ष गणेशसहस्रनामको महिमा प्रकाशन	१६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४६ श्रीगणेशद्वारा श्रीशङ्करलाई गणेशसहस्रनामको उपदेश १७२
४७ श्रीशङ्कर र त्रिपुरासुरको युद्धमा श्रीशङ्करको विजय र त्रिपुरदाह २०७
४८ हिमालयमा लुकेर रहेकी पार्वतीको आविर्भाव, हिमालयद्वारा पार्वतीलाई श्रीगणेशको आराधना गर्न उपदेश २१२
४९ हिमालयद्वारा पार्वतीसमक्ष पार्थिव पूजाविधिको प्रकाशन २१६
५० श्रावणशुक्ल चतुर्थीदेखि भाद्रशुक्ल चतुर्थीसम्म गरिने पार्थिव पूजाको महत्त्व वर्णन २२३
५१ हिमालयद्वारा पार्वती र शिवद्वारा स्कन्दलाई पार्थिवपूजाको उपदेश २२६
५२ गौतमद्वारा राजा नललाई पार्थिवपूजाको उपदेश २३५
५३ राजा चन्द्राङ्गदको कथा २४०
५४ नारदद्वारा राजा चन्द्राङ्गदकी महारानी इन्दुमतीलाई पार्थिव पूजाविधिको उपदेश २४४
५५ पार्थिव पूजाको अनुष्ठानबाट इन्दुमती-चन्द्राङ्गद र पार्वती-शिवको मिलन २४८
५६ राजा शूरसेनको राजधानीमा अकस्मात् इन्द्रका विमानको पतन र भ्रुशुण्डी मुनिको कथाप्रसङ्ग २५२
५७ श्रीगणेशको नामस्मरणको प्रतापबाट पापात्मा कैवर्तकले भ्रुशुण्डीरूप प्राप्त गरेको कथा २५५
५८ सङ्कष्टचतुर्थीव्रतको महिमा निरूपण गर्ने क्रममा कृतवीर्यको उपाख्यान २६०
५९ सङ्कष्टचतुर्थीव्रतको विधिनिरूपण २६४
६० अङ्गारकचतुर्थीव्रतको महत्त्व प्रकाशन र मङ्गलद्वारा मङ्गलमूर्ति गणेशको प्रतिष्ठा-प्रसङ्ग २६८
६१ सङ्कष्टचतुर्थीव्रत-महिमाको निरूपण गर्ने प्रसङ्गमा चन्द्रमाको उपाख्यान, चन्द्रमालाई शाप एवं अनुग्रह र भालचन्द्र गणेशको प्रतिष्ठा-प्रसङ्ग २७३
६२ दूर्वाङ्कुरको महिमा निरूपण गर्ने क्रममा सुलभ क्षत्रिय, समुद्रा एवं मधुसूदन ब्राह्मणद्वारा परस्पर शापप्रदान र दूर्वाङ्कुर अर्पणका कारण प्रसन्न हुनुभएका गणेशबाट ती सबैको उद्धार-प्रसङ्ग २७८
६३ दूर्वाङ्कुरको महिमा बताउने क्रममा कालानलासुरको उपाख्यान २८२
६४ श्रीगणेशको व्यालबद्धोदरका नामबाट प्रसिद्धि र दूर्वाङ्कुरको महिमा २८७
६५ महादानी राजा जनकको तेजोवधको प्रसङ्ग २९०
६६ विरोचना र त्रिशिराद्वारा समर्पित एउटा दूर्वाङ्कुरबाट भगवान् गजानन तृप्त हुनुभएको वृत्तान्त २९४
६७ दूर्वाङ्कुरको महिमा बताउने क्रममा मुनिपत्नी आश्रयाको उपाख्यान २९७
६८ कृतवीर्यका पिताद्वारा कृतवीर्यलाई सङ्कष्टचतुर्थीव्रतको महत्त्व निरूपण ३०२
६९ सङ्कष्टचतुर्थीव्रतविधि र गणेशपूजनविधिको प्रकाशन ३०५
७० सङ्कष्टचतुर्थीव्रतका उपासक पार्वती, अगस्त्य, दमयन्ती, रुक्मिणी, प्रद्युम्न आदिद्वारा सङ्कष्टचतुर्थीव्रत र गणेश आराधना गरेको संक्षिप्त वृत्तान्त ३१४
७१ सङ्कष्टचतुर्थीव्रतको उद्यापनविधि-निरूपण ३१७
७२ कृतवीर्यलाई अङ्गहीन पुत्रप्राप्ति र पुत्रको 'कार्तवीर्य' नामकरण ३२०
७३ कृतवीर्यको अङ्गहीन पुत्रद्वारा प्रवालक्षेत्रमा श्रीगणेशको आराधना, गणेशदर्शन, सहस्रभुजा प्राप्ति र सहस्रार्जुन नामबाट ख्याति ३२४
७४ सङ्कष्टचतुर्थीव्रतको महिमा बताउने प्रसङ्गमा चाण्डालीको उपाख्यान ३२७
७५ राजा शूरसेनद्वारा सङ्कष्टचतुर्थी व्रतको अनुष्ठान र त्यसबाट प्राप्त फलको वर्णन ३३२
७६ दूर्वाङ्कुरको महिमा प्रकाशन गर्ने प्रसङ्गमा वैश्यपुत्र बुधको कथा ३३६
७७ कृतवीर्यपुत्र सहस्रार्जुनको जमदग्नि-आश्रममा प्रवेश र भोजनको प्रसङ्ग ३४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७८ सहस्रार्जुनद्वारा जमदग्निको गोठमा रहेकी कामधेनुको याचना र जमदग्निको अस्वीकृतिमूलक मौनपछि कामधेनुको अपहरणप्रसङ्ग ३४९

७९ कामधेनुद्वारा उत्पन्न सेनाबाट सहस्रार्जुनको पराजय र सहस्रार्जुनद्वारा जमदग्नि ऋषिको हत्या ३५३

८० जमदग्नि र आफ्नोसमेत और्ध्वदैहिक संस्कार गर्न उपदेश दिंदै रेणुको देहत्याग ३५७

८१ दत्तात्रेय मुनिको सहयोगबाट परशुरामद्वारा जमदग्नि र रेणुकाको और्ध्वदैहिक संस्कार ३६०

८२ मयूरेश्वर क्षेत्रमा परशुरामको तपस्या, मयूरेश श्रीगणेशको दर्शन र वर एवं परशुप्राप्ति ३६३

८३ परशुरामद्वारा परशुप्राप्तिपछि परशुरामका रूपमा ख्याति, तारकासुरको आतङ्क र शङ्करको तपोभङ्ग गर्न कामदेवलाई निर्देशन ३६९

८४ देवताहरूको प्रेरणाबाट तपोभङ्ग गर्न श्रीशङ्करका समीपमा गएका कामदेवको भस्मका रूपमा परिणति ३७३

८५ स्कन्दको उत्पत्तिकथा ३७५

८६ शिवद्वारा स्कन्दलाई वरदचतुर्थीव्रतको महिमा निरूपण ३७९

८७ शिवद्वारा स्कन्दलाई वरचतुर्थीव्रत-विधिको उपदेश, एलापुरक्षेत्रमा स्कन्दको तपस्या, श्रीगणेशको दर्शन एवं वरप्राप्तिका साथै तारकासुर-वधको याचना र तारकासुरको वध ३८२

८८ कामदेवद्वारा श्रीगणेशको आराधना, गणेशदर्शन र कामदेवकी पत्नी रतिद्वारा शङ्करको प्रार्थना एवं वरप्राप्ति ३८८

८९ शिवको वरदानपछि कामदेवको पुनर्जन्म र शेषनागको उपाख्यान ३९३

९० नारदको उपदेशअनुसार शेषनागको तपस्या, श्रीगणेशको प्रसन्नता र वरप्रदान ३९७

९१ सप्तर्षिको उत्पत्ति, कश्यपद्वारा श्रीगणेशको आराधना, श्रीगणेशदर्शन एवं वरप्राप्ति, कश्यपको सृष्टि, कश्यप सन्ततिद्वारा श्रीगणेशको आराधना एवं स्तुति ४०३

९२ भगवान् श्रीगणेशद्वारा कश्यप सन्ततिलाई वरप्रदान, श्रीगणेशका सुमुख, एकदन्त, कपिल, गजकर्णक, लम्बोदर, विकट, विघ्ननाश, विनायक, धूम्रकेतु, गणाध्यक्ष, भालचन्द्र र गजानन गरी बाह्र पवित्र नामहरूका साथै श्रीगणेशपुराणको महिमानिरूपण ४०८

क्रीडाखण्ड

अध्याय विषय पृष्ठ

१ युगअनुसारका श्रीगणेशका अवतारहरूको वर्णन र नारदद्वारा रौद्रकेतु एवं शारदाका पुत्र देवान्तक तथा नरान्तकलाई पञ्चाक्षरी महाविद्याको उपदेश ४१५

२ देवान्तक एवं नरान्तकद्वारा शङ्करको आराधना, शङ्करदर्शन र वरप्राप्ति ४२१

३ इन्द्र आदि देवताहरूमाथि देवान्तकको विजय र देवताहरूको पलायन ४२५

४ नरान्तकको मर्त्यलोकविजय-वर्णन ४३०

५ कश्यपको आज्ञाअनुसार अदितिद्वारा श्रीगणेशको आराधना, गणेशदर्शन र श्रीगणेशबाट पुत्रका रूपमा अवतरित हुनेछु भन्ने वद प्रदान ४३३

६ सत्ययुगमा अदिति र कश्यपका पुत्रका रूपमा भगवान् श्रीगणेशको महोत्कटावतार ४३८

७ विनायकद्वारा विरजा राक्षसीको संहार र बालग्रह-निवारणका लागि स्वस्ति-शान्ति ४४३

८ सुगाको रूप लिएर आफ्नो वध गर्न आएका उद्धत र धुन्धुर दैत्यका साथै गोहीका रूपमा आएका राक्षसको विनायकद्वारा संहार ४४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९ पञ्चायतन मूर्तिसहित हाहा, हूहू एवं तुम्बुरुनामक गन्धर्वहरूको कश्यपाश्रममा प्रवेश, पञ्चायतन मूर्तिको अपहरण, विनायकमा अपहरणको आरोप, अदितिद्वारा श्रीगणेशको मुखभित्र ब्रह्माण्डदर्शन, विनायकद्वारा गन्धर्वहरूलाई पञ्चायतनको रूपमा स्वरूपदर्शन र गन्धर्वहरूबाट विनायकको स्तुति ४५१

१० पाँचौ वर्षमा लागेका विनायकको उपनयनसंस्कार, ब्रह्मणस्पति, भारभूति, सर्वप्रिय, सुरानन्द, पशुहस्त, भालचन्द्र, सिंहवाहन, मालाधर, फणिराजासन, धनञ्जय र प्रभञ्जनजस्ता नामहरूको महिमा निरूपण ४५६

११ विनायकमा बालकभाव राखेर उहाँलाई नमस्कार नगर्ने इन्द्रको गर्वनाश, दुःखी इन्द्रद्वारा श्रीगणेशको स्तुति र श्रीगणेशबाट इन्द्रलाई अभयप्रदान ४५९

१२ काशिराजका साथ रथमा सवार भई काशी जान भनी प्रस्थान गर्नुहुने विनायकद्वारा बाटामा उत्पात मच्चाउने अनेक दैत्यहरूको संहार ४६४

१३ विनायकद्वारा विघण्ट र दन्तुर दैत्यका साथै अनेक दैत्यहरूको संहार, काशीवासी नरनारीहरूद्वारा श्रीगणेशको जयजयकार र उहाँको राजभवन प्रवेश एवं विश्राम ४६९

१४ विनायकद्वारा कामासुर, क्रोधासुर, गजासुर आदि दैत्यहरूको संहार, भक्तिपूर्वक धर्मदत्तद्वारा विनायकलाई सिद्धि-बुद्धिनामक कन्या प्रदान, जृम्भानामक राक्षसीको कपटसेवा र विनायकद्वारा त्यसको संहार ४७४

१५ विनायकद्वारा ज्वालामुख, दारुण र व्याघ्रमुख दानवहरूको वध र भयङ्कर दानवहरूको आतङ्कबाट काशीनगरीको मुक्ति ४७९

१६ विनायकबाट उहाँका भक्त ऋषि भ्रुशुण्डीको महिमा सुनेर काशिराजको मनमा ऋषि भ्रुशुण्डीको दर्शन गर्ने इच्छा र भ्रुशुण्डी ऋषिको आश्रमका लागि यात्रा ४८५

१७ भक्त भ्रुशुण्डी र भगवान् गजाननको भेट, भ्रुशुण्डीको भावविह्वलता र वरप्राप्ति ४९०

१८ विनायकद्वारा कपटज्योतिषी हेमज्योतिको वध ४९५

१९ विनायकद्वारा कूपासुर र कन्दरासुरको वध ५००

२० विनायकद्वारा अन्धकासुर, अम्भासुर र तुङ्गासुरको वध ५०४

२१ विनायकद्वारा अदितिको रूपमा आएकी भ्रमरीनामक राक्षसीको वध ५१०

२२ काशीका गृहस्थहरूद्वारा पूजा एवं भोजन ग्रहण गर्न विनायकसँग अनुरोध, विनायकको स्वीकृति, विद्रुमा ब्राह्मणी र शुक्लब्राह्मणद्वारा श्रीगणेशको आराधनाको तयारी ५१७

२३ सनक, सनन्दनद्वारा विनायकको अवज्ञा, विनायकको शुक्लगृहमा प्रवेश, शुक्लदम्पतीद्वारा उहाँको अपूर्व सम्मान, प्रसन्नता र विनायकबाट वरप्रदान ५२२

२४ विनायक घरमा नआउनुहुँदा गृहस्थहरूमा सन्ताप एवं रोष, श्रीविनायकको अनन्तरूप धारण, सनक र सनन्दनद्वारा विनायकमहिमाको बोध ५२७

२५ सनक, सनन्दनद्वारा स्तुति र भक्तिमहिमाको निरूपण ५३२

२६ दूर्वाङ्कुरको अर्पणका कारण व्याधा पिङ्गल र राक्षस भीमको मुक्ति ५३५

२७ साम्बको दुराचारवर्णन ५३८

२८ राक्षस भीमको पूर्वजन्मको वृत्तान्त ५४१

२९ हिरण्यकशिपु एवं हिरण्याक्षको उत्पत्ति र विरोचनवधको आख्यान ५४५

३० राजा बलिको महायज्ञ, इन्द्र आदि देवताहरूको चिन्ता र विष्णुको वामनावतार ५४९

३१ बलिद्वारा श्रीगणेशको आराधना एवं वरप्राप्ति, बलिको यज्ञस्थलमा वामनको प्रवेश, तीन पद भूमिको याचना, वामनद्वारा सर्वस्वहरण र बलिको पातालयात्रा ५५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२	शमीको महिमा एवं रानी कीर्तिको कथा	५५८
३३	गृत्समदको कृपा र शमीपत्रद्वारा गणेशार्चनको प्रभावबाट कीर्तिका मृत पुत्रलाई पुनर्जीवनप्राप्ति	५६२
३४	शमिका र मन्दारको विवाह, भ्रुशुण्डीको सराप र वृक्षयोनिप्राप्ति	५६७
३५	औरव एवं शौनकद्वारा श्रीगणेशको आराधना र शमी एवं मन्दारको प्रशंसा	५७१
३६	विनायकद्वारा देवाङ्गनाहरूलाई वरदान	५७५
३७	शमी र मन्दारको महिमा	५७९
३८	दुरासदको तपस्या र शिवबाट वरप्राप्ति	५८२
३९	दुरासदको आतङ्क र काशीत्याग गरी शिवको केदारयात्रा	५८८
४०	पार्वतीको तेजबाट भगवान् गणेशको उत्पत्ति	५९१
४१	ढुण्ढिराज गणेश र दुरासदको घोर सङ्ग्राम	५९६
४२	ढुण्ढिराज गणेशद्वारा दुरासदको पराजय	५९९
४३	दिक्पाल एवं मुनिहरूद्वारा काशीका ढुण्ढिराज गणेशको स्तुति	६०२
४४	काशीमा राजा दिवोदासको धर्म र न्यायमूलक सुशासन	६०४
४५	दिवोदासकथाको बाँकी प्रसङ्ग, शिवको अभावमा काशीमा निराशा र शिवलाई चिन्ता	६०७
४६	ज्योतिषीका रूपमा रहेका बालगणेशको चरित्र	६११
४७	दिवोदासको राज्यपरित्याग	६१६
४८	रानी कीर्तिद्वारा वरदानप्राप्ति	६२०
४९	शमी र मन्दार अर्पण गरी गरिने गणेशपूजनको महिमा निरूपण	६२६
५०	श्रीगणेशको स्वानन्दभुवनको वर्णन	६२९
५१	स्वानन्दनभुवनका लागि काशिराजको विमानारोहण	६३६
५२	काशिराजको स्वानन्दभुवनप्राप्ति र त्यहाँका विभिन्न दिव्यदृश्यहरूको अवलोकन	६४०
५३	काशिराजलाई स्वानन्दभुवनमा श्रीगणेशको नित्य सान्निध्यप्राप्ति	६४५
५४	श्रीगणेशको विचित्र बालचरित्रको वर्णन	६५१
५५	बालगणेशद्वारा नरान्तकका दूत शूर र चपलको मुक्ति	६५७
५६	गणेशसँग युद्धका लागि नरान्तकको काशीप्रस्थान	६६२
५७	नरान्तकद्वारा बाँधिएका बन्दी काशिराजको चिन्तनीय अवस्था	६६७
५८	श्रीगणेशद्वारा कालपुरुषको रूपधारण	६७२
५९	श्रीगणेशद्वारा मायाप्रदर्शन र गणेशको विराट् शरीरमा रुमल्लिएका काशिराजको काशीप्रत्यागमन, सर्वत्र हर्षसञ्चार एवं महोत्सवको आयोजना	६७७
६०	विनायक र नरान्तकको घोर युद्ध	६८१
६१	श्रीगणेशद्वारा विराट्रूप दर्शन र नरान्तकको संहार	६८६
६२	नरान्तकको मृत्युबाट विक्षिप्त भएका देवान्तकको युद्धयात्रा र काशीलाई चारैतिरबाट घेराउ गर्ने कार्य	६९०
६३	देवसेना र दैत्यसेनाको भयङ्कर सङ्ग्राम, शुक्राचार्यद्वारा दानव सैनिकहरूलाई पुनर्जीवन प्रदान, त्यसको विरोधमा कृत्याको उत्पत्ति र कृत्याद्वारा शुक्राचार्यलाई अरब देशमा पुऱ्याइएको प्रसङ्ग	६९५
६४	युद्धमा अष्टसिद्धिको पराजय	७००
६५	देवता र दानवहरूको सङ्ग्राममा बुद्धिको विजय	७०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६	युद्धमा सिद्धिसेनाको पराजय	७०७
६७	विनायक र देवान्तकको अस्त्रयुद्ध	७११
६८	विनायक र देवान्तकको अस्त्रयुद्ध	७१५
६९	देवान्तकको मायाप्रदर्शन र गणेशद्वारा आकाशवाणी श्रवण	७२०
७०	देवान्तकवध, विनायकको पुरप्रवेश र काशिराजद्वारा गणेशपूजन	७२४
७१	काशीका नरनारीहरूलाई वियोगमा डुबाउँदै विनायकको कश्यपाश्रम-यात्रा	७२७
७२	विनायकचरित्रको वर्णन र कश्यपाश्रमबाट उहाँको स्वानन्दधामप्राप्ति-प्रसङ्ग	७३१
७३	गण्डकीनगरका राजा चक्रपाणिको पुत्रका रूपमा सिन्धुदैत्यको उत्पत्ति	७३६
७४	सिन्धुदैत्यद्वारा सूर्यको आराधना र वरप्राप्ति	७४२
७५	सिन्धुदैत्यको आक्रमणबाट देवताहरूको पराजय	७४७
७६	देवता र दानवहरूको युद्ध	७५१
७७	देवताहरूको पराजय र पलायन	७५५
७८	देवताहरूद्वारा श्रीगणेशको आराधना, श्रीगणेशदर्शन र वरदानप्राप्ति	७५८
७९	त्रिसन्ध्याक्षेत्रमा रहेका शिवद्वारा गणेशको आराधना र पार्वतीको तपस्यावर्णन	७६३
८०	श्रीगणेशद्वारा पार्वतीलाई स्वरूपदर्शन र वरदान	७६७
८१	श्रीगणेशको मयूरेश्वरावतार-वर्णन	७७०
८२	मुनिहरूद्वारा मयूरेश्वरको गणेश भन्ने नामकरण र सिन्धुदैत्यद्वारा त्रिसन्ध्याक्षेत्रमा सैन्यप्रेषण	७७४
८३	हिमालयद्वारा गणेशदर्शन र गणेशद्वारा गृध्रासुरको वध	७७९
८४	गणेशद्वारा मूसाको रूपमा आएका क्षम र कुशलनामक दैत्य, बिरालाको रूपमा आएको क्रूरनामक दैत्य र बालकरूपमा आएको बालासुर दैत्यको वध	७८३
८५	श्रीगणेशकवचद्वारा श्रीगणेशको रक्षाविधान	७८९
८६	पार्वतीको पूजनकक्षमा व्योमासुरको प्रवेश र श्रीगणेशद्वारा व्योमासुरको वध	७९४
८७	श्रीविनायकद्वारा शतमाहिषा राक्षसी र कमठासुरको वध	७९७
८८	श्रीगणेशद्वारा तल्पासुर र दुन्दुभिनामक दैत्यहरूको वध	८०३
८९	श्रीगणेशद्वारा अजगरासुर र शलभासुरको वध	८०८
९०	श्रीगणेशद्वारा नूपुरासुरको वध	८११
९१	श्रीगणेशद्वारा कूटासुर, मत्स्यासुर र शैलासुरको वध	८१६
९२	श्रीगणेशद्वारा कर्दमासुरको वध र पार्वतीलाई विश्वरूपदर्शन	८२३
९३	श्रीगणेशद्वारा ऊँटको रूपमा आएको खड्गासुर र बालक रूपमा आएको चञ्चलासुरको वध	८२८
९४	श्रीगणेशद्वारा गौतम ऋषिको भोजनपात्रहरण र सर्वत्र रूपप्रदर्शन	८३३
९५	विश्वकर्माको कैलासयात्रा, पार्वती एवं विनायकको दर्शन, विनायकलाई आयुध अर्पण र श्रीगणेशद्वारा वृकासुरको वध	८३७
९६	श्रीगणेशको उपनयन-संस्कार, बालासुरको आक्रमण, श्रीगणेशद्वारा ती दुवै दानवहरूको संहार एवं अदिति र पार्वतीको विवाद	८४४
९७	भगवान् विनायकको गुणेशनामप्राप्ति-प्रसङ्ग, कद्रू र विनताको कलह, वासुकि नाग र गरुड आदि पक्षीहरूको परस्पर युद्ध, वासुकिद्वारा जटायु; संपाति र श्येनको बन्धन, कश्यपद्वारा विनतामा गर्भाधान र विनताबाट अभेद्य अण्डको उत्पत्ति, विनायकद्वारा चतुर्वेद पारायण एवं सामगानद्वारा जगन्मोहन	८४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९८	श्रीगणेशद्वारा हिंस्रक जनावरका रूपमा आएका दानवको हत्या, आफूले उत्पन्न गरेका अण्डको विनताबाट सुरक्षा, विनायकद्वारा अण्डभेदन गरिंदा नीलो घाँटी भएको चराको उत्पत्ति, श्रीगणेशको त्यसमा सवारी, विनताद्वारा गणेशस्तुति, मयूरेश्वरनाम स्वीकार गर्न पक्षीको प्रार्थना र भगवान् गणेशको मयूरेश्वरका रूपमा प्रसिद्धि	८५४
९९	मयूरेश्वरको बालक्रीडा, घोडाको रूप लिएर दैत्यको प्रवेश र मयूरेश्वरद्वारा संहार र नागकन्याहरूका साथ मयूरेश्वरको पातालयात्रा	८६०
१००	श्रीगणेशद्वारा भगासुरको वध	८६७
१०१	श्रीगणेशद्वारा कमलासुरका सेनाको वध	८७३
१०२	कमलासुरसँग श्रीमयूरेश्वरको सङ्ग्राम	८७७
१०३	श्रीगणेशद्वारा कमलासुरको वध	८८०
१०४	श्रीगणेशद्वारा विराट्रूपमा दर्शन दिएर ब्रह्माजीको गर्वहरण	८८३
१०५	श्रीगणेशद्वारा नारायणभक्त विश्वदेवको भेदबुद्धिनिवारण	८८८
१०६	श्रीगणेशद्वारा शिवको निधारमा रहेका चन्द्रमाको अपहरण, शिवद्वारा गणेशलाई दण्ड दिने प्रस्ताव, शिवगण र गणेशको युद्ध, अन्तमा शिवको निधारमा चन्द्रमाको दर्शन	८९४
१०७	इन्द्रयागको प्रसङ्ग, महिषरूपमा कल र विङ्कलको आगमन, श्रीगणेशद्वारा तिनको संहार, इन्द्रयागमा विघ्न, इन्द्रक्षोभ, उत्पात, श्रीगणेशद्वारा उत्पातनाश, घमण्ड तोडिएका इन्द्रद्वारा क्षमायाचना र अमरावती प्रस्थान	८९८
१०८	व्याघ्ररूप लिएर आएका असुरको आतङ्क, गणेशद्वारा त्यसको अङ्ग–भङ्ग, गणेश र बालसखाहरूले दक्षिणतर्फ पाउ फर्काई शयन गरेका कारण क्रुद्ध यमराजद्वारा बालकहरूको अपहरण बालकहरूको अपहरण, श्रीगणेशको यमपुरयात्रा, गणेश र यमको संवाद, यमद्वारा क्षमायाचना र बालकहरूको मुक्ति	९०२
१०९	मुनिबालकहरूद्वारा दैत्यहरूको वध	९०६
११०	दूतका रूपमा सिन्धुदैत्यको सभामा नन्दीको प्रवेश	९१०
१११	सिन्धुसँग मयूरेशको युद्ध गर्ने अठोट	९१३
११२	गण्डकीनगरमा गणेशसेना र सिन्धुसेनाको युद्ध	९१७
११३	वीरभद्र र स्कन्दद्वारा मैत्र र कौस्तुभको वध	९२०
११४	गणेशसेना एवं दैत्यसेनाको युद्ध र गणेशसेनाको विजय	९२५
११५	श्रीगणेश र सिन्धुको क्रोधपूर्ण संवाद, श्रीगणेशद्वारा सिन्धुदैत्यको विद्रूप अवस्था	९३०
११६	मयूरेश गणेशको नायकत्वमा देवताहरूको दैत्यहरूमाथि विजयपछि श्रीगणेशको अभिनन्दन	९३४
११७	रानी दुर्गाको आफ्ना चिन्तित पति सिन्धुसँग प्रार्थना	९३८
११८	देवसेनाद्वारा कल र विकलको वध	९४२
११९	गणेशसेनाद्वारा सिन्धुपुत्र धर्म र अधर्मको वध	९४६
१२०	युद्धमा प्रस्थान गर्ने समयमा शोकसन्तप्त सिन्धुप्रति पिता चक्रपाणिको उपेदश	९४९
१२१	युद्धमा सिन्धुसेनाको पराजय र सिन्धुको शोकापन्न अवस्था	९५४
१२२	गणेशसेनाद्वारा दैत्यसेनाको वध	९६०
१२३	श्रीगणेशद्वारा नाभिस्थलमा प्रहार गरी दैत्यराज सिन्धुको वध, सर्वत्र जयजयकार र देवताहरूद्वारा श्रीगणेशको स्तुति	९६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२४ श्रीगणेशको गण्डकीनगरमा प्रवेश र बन्दी देवताहरूको मुक्ति ९७०
१२५ मयूरेश श्रीगणेशको सिद्धि र बुद्धिका साथ विवाह ९७५
१२६ श्रीगणेशचरित्रको गुणगानको फलनिरूपण र भगवान् गणेशको स्वधामप्राप्ति ९८०
१२७ ब्रह्माजीको हाच्छिउँबाट सिन्दूरासुरको उत्पत्ति ९८६
१२८ शिव र सिन्दूरासुरको युद्ध र द्विजरूप गणेशको दर्शन ९९०
१२९ पार्वतीद्वारा गर्भधारण र शिवगणद्वारा पार्वतीको सेवा ९९७
१३० पार्वतीको कोखबाट भगवान् गजाननको आविर्भाव १००१
१३१ नन्दिकेश्वरद्वारा गन्धर्वहरूको पराजय र गणेशलाई वरेण्यकी रानी पुष्पिकाको सूतिकागारमा पुऱ्याउने काम १००५
१३२ सिन्दूर दैत्यको आतङ्कपछि पार्वतीको कैलासयात्रा १००८
१३३ सूँढ धारण गर्ने लम्बोदर बालकलाई देखेर राजा वरेण्यद्वारा बालगणेशको परित्याग, पराशरद्वारा बालकको रक्षा र गणेशको उपस्थितिका कारण पराशरको आश्रममा आनन्दसञ्चार १०११
१३४ क्रौञ्चनामक गन्धर्वको कथा-प्रसङ्ग, वामदेव मुनिद्वारा क्रौञ्चलाई सराप र मूसाको रूपमा परिणत भएका क्रौञ्चको पराशराश्रममा पतन, मूसाको आतङ्क, गणेशद्वारा वशीकरण र वाहनको रूपमा स्वीकार १०१४
१३५ क्रौञ्च गन्धर्वको पूर्वकथा, सौभरि ऋषिकी पत्नी मनोमयीका शरीरमा क्रौञ्चको हातपात र सौभरिद्वारा मूसो बन्ने सराप, गन्धर्वको क्षमायाचनापछि श्रीगणेशद्वारा भावी कल्याणको विषयमा उद्बोधन १०१८
१३६ मूसामा सवार श्रीगणेशको सिन्दूरासुरसँग युद्धका लागि प्रस्थान, गणेशको आह्वान सुनेपछि सिन्दूर दैत्यको युद्धयात्रा १०२२
१३७ घोर युद्धमा श्रीगणेशद्वारा सिन्दूरासुरको वध, देवताहरूद्वारा श्रीगणेशको स्तुति, राजा वरेण्यको क्षमायाचना र ज्ञानप्राप्तिका लागि अभ्यर्थना तथा गणेशगीताको उपदेशारम्भ १०२६
१३८ श्रीगणेशगीतामा साङ्ख्ययोग १०३१
१३९ श्रीगणेशगीतामा कर्मयोग १०३७
१४० श्रीगणेशगीतामा ब्रह्मार्पणयोग १०४२
१४१ श्रीगणेशगीतामा कर्मसंन्यासयोग १०४६
१४२ श्रीगणेशगीतामा योगावृत्तिको प्रशंसा १०५०
१४३ श्रीगणेशगीतामा योगावृत्ति र बुद्धियोग १०५३
१४४ श्रीगणेशगीतामा उपासनायोग १०५५
१४५ श्रीगणेशगीतामा विश्वरूपदर्शन १०५८
१४६ श्रीगणेशगीतामा क्षेत्रक्षेत्रज्ञविवेकयोग १०६१
१४७ श्रीगणेशगीतामा उपदेशयोग १०६५
१४८ श्रीगणेशगीतामा गुणत्रयकृतियोग १०६७
१४९ कलिका दोषहरूको निरूपण र दोषनिवृत्तिका लागि धूम्रकेतु अवतार हुने तथ्यको प्रकाशन १०७२
१५० वेदव्यासलाई श्रीगणेशद्वारा वरप्रदान १०७७
१५१ भृगुबाट गणेशपुराण श्रवण गरेपछि निष्पाप बनेका सोमकान्तलाई लिन गणेशधामबाट विमानको आगमन र सोमकान्तको विमानारोहण १०८०
१५२ विमान यात्राक्रममा छोरा हेमकण्ठको सम्झना, नगरमा विमानको अवतरण र हेमकण्ठसँग मिलन १०८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५३ सोमकान्तको पुण्यदानबाट सम्पूर्ण नगरवासीहरूको गणेशधामप्राप्ति र सोमकान्तको देवत्वप्राप्ति १०८९
१५४ वाराणसीका छपन्न विनायकहरूको वर्णन १०९३
१५५ गणेशपुराण श्रवणको फलश्रुति १०९५

परिशिष्ट - एक

गणेशमन्दिर, मूर्ति एवं तीर्थपरिचय सन्दर्भ

१.१ नेपालका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्ति ११०३
१.२ भारतका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्ति ११२८
१.३ नेपाल-भारतबाहिरका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्ति ११३४

परिशिष्ट - दुई

नेपालीभाषानुवादसहित गणपति-अथर्वशीर्षउपनिषत्-सन्दर्भ ११३६

परिशिष्ट - तीन

पूजाविधिसन्दर्भ

३.१ गणेशपार्थिवपूजाविधि ११४०
३.२ सङ्कष्टचतुर्थीव्रत-पूजाविधि ११४२
३.३ सिद्धिविनायक-पूजाविधि ११४६

परिच्छेद - चार

यन्त्रादि सहस्रनामान्त-सन्दर्भ

४.१ गणेशयन्त्रोद्धार ११५१
४.२ गणेशमन्त्रोद्धार ११५१
४.३ गणेशध्यान ११५२
४.४ न्यास ११५२
४.५ गणेशगायत्री ११५३
४.६ कवच ११५३
४.७ गणेशशतनामस्तोत्र ११५५
४.८ गणेशसहस्रनामस्तोत्र ११५६

परिशिष्ट - पाँच

गणेशगीतासन्दर्भ

श्रीगणेशगीता ११६३

परिशिष्ट - छ

गणेशस्तोत्रसंन्दर्भ

६.१ गणेशपुराणबाट उद्धृत गणेशस्तोत्र ११८१
६.२ ग्रन्थान्तरबाट उद्धृत गणेशस्तोत्र ११८८
श्लोकानुक्रमणिकासन्दर्भ ११९८
सन्दर्भ-ग्रन्थसूची १२९४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराण

भूमिकाखण्ड

श्रीगणेशपुराणको आलोकमा गणेशतत्त्व,
अवतरण, स्वरूप-सौन्दर्य एवं उपासनाका
अनेक रूप-रङ्ग र श्रीगणेशको अनुशंसा
एवं विश्वव्यापी प्रभावका
विविध प्रसङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो गणाधिपः ।।

धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छुणुयादपि ।।

विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ।।

शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् ।
प्रसन्नवदनं ध्यायेत् सर्वविघ्नोपशान्तये ।।

- ग.पु. १/९२/३६-३९

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशाय नमः

परिच्छेद - एक

स्वरूप, सार, सन्महिमा, समानता, सौन्दर्य एवं सम्बन्धको आलोकमा श्रीगणेशपुराण

गणेशो वः पायात् प्रणमत गणेशं जगदिदम्
गणेशेन त्रातं नम इह गणेशाय महते ।
गणेशान्नास्त्यन्यत् त्रिजगति गणेशस्य महिमा
गणेशे मच्चित्तं निवसतु गणेश ! त्वमव माम् ।।

परब्रह्मरूप श्रीगणेश निराकार एवं साकार परमात्मा हुनुहुन्छ । निराकार अवस्थामा ॐकारवाच्य हुनुहुन्छ भने साकार अवस्थामा गौरी-शङ्करका प्राणप्रिय पुत्र बन्नुहुन्छ । धर्मको रक्षा र अधर्मको विनाशका लागि विभिन्न युगमा विभिन्न माता-पितालाई कृतकृत्य बनाउँदै अवतार ग्रहण गर्नुहुने श्रीगणेश एकदन्त, गजानन, शूर्पकर्ण, लम्बोदर आदि स्वरूपज्ञापक नामबाट प्रसिद्ध हुनुहुन्छ । अरुणाभ, अरुणाम्बर र मूषकवाहन श्रीगणेश अपूर्व सौन्दर्यका पर्याय बनेर रहनुहुन्छ । मङ्गलमूर्ति श्रीगणेश नामस्मरण, ध्यान, जप, आराधना र प्रार्थनाबाट प्रसन्न हुनुहुन्छ । उहाँका सच्चा उपासकहरू उहाँको अनुकम्पाबाट विघ्न एवं विपत्ति निवारण गर्दै धर्म, अर्थ, काम र मोक्षनामक पुरुषार्थ प्राप्त गर्न सफल हुन्छन् भन्ने कुरा श्रीगणेशपुराण र अन्य गणेशपरक वाङ्मयमा राम्ररी खुलाइएको छ । भूमिकाभागको यस परिच्छेदमा श्रीगणेशको अद्भुत योगैश्वर्य, रोमाञ्चक बाललीला र अभ्युदय एवं निश्रेयसका साधक उपासनाका सरणि, सोपान र रहस्य अवगत गराई सुपात्र पाठकलाई सत्यं शिवं सुन्दरम्को गन्तव्यसँग परिचित गराउने श्रीगणेशपुराणका स्वरूप, सार, सन्महिमा, सादृश्य प्रसङ्ग, साहित्यिक सौन्दर्य उजागर गर्दै श्रीगणेशपुराण र हिमाली सुन्दर राष्ट्र नेपालको सुमधुर सम्बन्धको विषयमा पनि विमर्श गरिनेछ ।

१.१ श्री गणेशपुराणको स्वरूप

श्रीगणेशको उपासना, लीला र महिमा प्रतिपादन गर्ने वैनायक सम्प्रदायको उच्च आदर्शरूप आर्षग्रन्थ श्रीगणेशपुराण उपासनाखण्ड र क्रीडाखण्ड गरी दुई भागमा विभाजित छ । प्रथम भाग उपासनाखण्डमा ९२ अध्याय र दोस्रो भाग क्रीडाखण्डमा १५५ अध्याय रहेका छन् । यसलाई द्वादशसाहस्री संहिता भनिन्छ । यसअनुसार गणेशपुराणमा १२ हजार श्लोक हुनुपर्ने देखिन्छ तर विनायक रायद्वारा गोपालनारायण कम्पनी, मुम्बईबाट सन् १९९२ मा प्रकाशित गणेशपुराण र डा. रामकरण शर्माको सम्पादकत्वमा नाग प्रकाशन, दिल्लीबाट सन् १९९३ मा प्रकाशित गणेशपुराणमा पनि गणना गर्दा ११ हजारभन्दा बढी श्लोक पाइन्छन् तर १२ हजार श्लोकसंख्या पुग्दैन । मार्कण्डेयपुराणअन्तर्गत दुर्गामाहात्म्य दुर्गा सप्तशतीका नामबाट विश्वमा प्रसिद्ध छ । त्यहाँ पनि श्लोकसंख्या ७ सय पुगेको देखिँदैन । शक्तितत्त्वका मर्मज्ञ विद्वान्हरूले श्लोक फुटाएर अथवा उवाच सन्दर्भलाई जोडेर भए पनि ७ सय सङ्ख्या पुऱ्याएको देखिन्छ । यसरी नै गणेशपुराणमा पनि गणेशतत्त्वका विशेषज्ञहरूले १२ हजार श्लोक संख्या पुऱ्याएको हुनुपर्छ । अथवा लामो कालक्रमका कारण श्लोक सङ्ख्या यताउति भएको हुन सक्छ । ।[१]

श्रीगणेशपुराणको गणना प्रमुख उपपुराणहरूमा हुन्छ । कूर्मपराणको सूचीमा अठारौं भार्गव उपपुराणको नामबाट

१. *डा. रामकरण शर्मा, गणेशपुराण (भूमिका भाग), नागेशप्रकाशन, दिल्ली, सन् १९९३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको उल्लेख गरिएको छ –

आद्यं सनत्कुमारोक्तं नारसिंहमतः परम् । तृतीयं स्कान्दमुद्दिष्टं कुमारेण तु भाषितम् ।।
चतुर्थं शिवधर्माख्यं साक्षान्नन्दीशभाषितम् । दुर्वाससोक्तमाश्चर्यं नारदीयमतः परम् ।।
कापिलं वामनं चैव तथैवोशनसेरितम् । ब्रह्माण्डं वारुणं चैव कालिकाह्वयमेव च ।।
माहेश्वरं तथा साम्बं सौरं सर्वार्थसञ्चयम् । पराशरोक्तं मारीचं तथैव भार्गवाह्वयम् ।।[२]

उक्त सूचीअनुसार उपपुराणहरू यस प्रकार छन् – सनत्कुमार, नारसिंह, स्कान्द, शिवधर्मोत्तर, दौर्वसस, नारदीय, कापिल, वामन, औशनस, ब्रह्माण्ड, वारुण, कालिका, माहेश्वर, साम्ब, सौर, पाराशर, मारीच र भार्गव । यसरी नै स्कन्द, ब्रह्मवैवर्त आदि पुराण र आनन्दरामायणमा पनि उपपुराणहरूको नामनिर्देश गरिएको छ । उक्त १८ उपपुराणहरूमध्ये अन्तिम भार्गव उपपुराणलाई नै गणेशपुराण मानिएको छ । वास्तवमा भृगु ऋषिले राजा सोमकान्तलाई उपदेश गरेको गणेशपुराण लोकमा भार्गवपुराणको नामबाट प्रसिद्ध भयो । पछि आएर गणेशपुराण अथवा विनायकपुराणका नामबाट पनि यसको प्रसिद्धि थपिँदै गयो ।

महर्षि वाल्मीकिद्वारा प्रणीत आनन्दरामायणमा अठार उपपुराणहरूको नामनिर्देशन गर्ने क्रममा श्रीगणेशपुराणको उल्लेख विनायकपुराणका नामबाट भएको छ –

विष्णुधर्मोत्तरं शैवं बृहन्नारदमेव च । भगवतीपुराणञ्च लघुनारदमेव च ।।
भविष्यत्पर्वषष्ठं स्यात् तन्त्रं भागवतं तथा । अष्टमं नारसिंहं स्यात् पुराणं रेणुकाभिदम् ।।
दशमं तत्त्वसारं स्याद् वायुप्रोक्तं तथैव च । नन्दिप्रोक्तं द्वादशं स्यात् तथा पाशुपताभिधम् ।।
यमनारदसंवादस्तथा हंसपुराणकम् । विनायकपुराणञ्च बृहद्ब्रह्माण्डमेव च ।।
पुण्यं विष्णुरहस्यं स्यादिति ह्यष्टदशानि वै । एतान्युपपुराणानि पुराणार्धफलानि च ।।[३]

आनन्दरामायणको सूचीअनुसार विष्णुधर्मोत्तर, शैव, बृहन्नारद, भगवतीपुराण, लघुनारद, भविष्यत्पुराणको षष्ठपर्व, भागवततन्त्र, नारसिंह, रेणुकापुराण, तत्त्वसार, वायुपुराण, नन्दिकेश्वरपुराण, पाशुपतपुराण, यमनारदसंवाद, हंसपुराण, विनायकपुराण, बृहद्ब्रह्माण्डपुराण र विष्णुरहस्य नामक उपपुराण रहेका छन् । तीमध्ये सोह्रौं उपपुराण विनायक नामबाट प्रसिद्ध छ ।

वेदार्थलाई सर्वसाधारणका निमित्त बोधगम्य बनाउन महापुराणहरूको रचना गरियो । महापुराणहरूलाई वेदझैं प्राचीन मानिएको छ । महापुराणहरूमा छुटेका विषयलाई पूर्ण गर्न सापेक्षरूपमा र स्वतन्त्ररूपमा पनि उपपुराणहरूको रचना गरिएको पाइन्छ । आधुनिक विद्वान्हरू भारतमा गुप्तशासकहरूको शासनकालमा उपपुराणहरूको रचना भएको कुरा बताउँछन् । हाजरा आदि आधुनिक विद्वान्हरूले एघारौं शताब्दी र चौधौं शताब्दीको बीचमा गणेशपुराणको रचना भएको भनेका छन् ।[४] वीरमित्रोदयका रचनाकार मित्रमिश्रले महर्षि याज्ञवल्क्यलाई सम्पूर्ण उपपुराणहरूको ज्ञान थियो भन्ने कुरा बताएका छन् ।[५] यसबाट स्मृतिकालमा पनि उपपुराणको उपस्थिति प्रमाणित हुन्छ । कूर्मपुराण र स्कन्दपुराणको

२. *कूर्मपुराण, पूर्वभाग, १/१७-२० ।*
३. *आनन्दरामायण, मनोहरकाण्ड ८/५३-५७ ।*
४. *डा. रामकरण शर्मा, पूर्ववत् ।*
५. *वीरमित्रोदय, प्रथमकाण्ड ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूतसंहितामा ऋषिहरूले व्यासका मुखबाट पुराणहरूको श्रवण गरेपछि उपपुराणहरूको लोकमा प्रवचन र विस्तार गरेका हुन् भनिएको छ ।[६] मत्स्यपुराणमा उपपुराणहरूलाई पुराणहरूका दोस्रा रूप अथवा पुराणहरूबाट उत्पन्न रचना मानिएको छ ।[७]

वैष्णव, सौर, शैव, शाक्त र गाणपत्य सम्प्रदायबाट प्रभावित ती उपपुराणहरूमा तत् तत् सम्प्रदायका आचार – विचार, व्यवहार, उपासना, वर्णाश्रमधर्म आदिको वर्णन गरिएको पाइन्छ । तिनमा समाज, संस्कृति, इतिहास, धर्म, साहित्य एवं दर्शनसम्बन्धी विचारहरू पनि रहेका छन् । जुन देवतासँग सम्बद्ध उपपुराण छन् तिनमा ती देवताको आराधनापद्धति व्यक्त भएको हुन्छ र तदनुसारका योग, तप, व्रत, पूजा, तीर्थमहिमा र देवताहरूको वर्णन गरिएको पाइन्छ । श्रीगणेशसम्बन्धी दुइटामात्र पुराण उपलब्ध छन् – श्रीगणेशपुराण र मुद्गलपुराण । यी दुवै उपपुराणहरूमा श्रीगणेशको अवतारलीलाको विशद चर्चाका साथ श्रीगणेशको अनुपम महिमा प्रकट गरिएको छ । गणेशपुराणमा श्रीगणेशको उपासनाका अनेक सरणिहरू प्रकाशित छन् र यो पुराण गणेशसहस्रनाम र गणेशगीताजस्ता महत्त्वपूर्ण विषयद्वारा अनुप्राणित छ ।

१.२ श्रीगणेशपुराणको सार

श्रीगणेशपुराण नैमिषारण्य क्षेत्रमा भएको सूत र शौनकादि ऋषिहरूको संवादबाट आरम्भ हुन्छ । शौनक आदि ऋषिहरूले श्रीसूतजीबाट १८ महापुराणहरूको श्रवण गरेपछि गणेशपुराणको श्रवण गर्ने इच्छा प्रकट गरे । शौनक आदि ऋषिहरूको तीव्र जिज्ञासा रहेको बुझेर श्रीसूतले तिनीहरूलाई यो पुराण सुनाएका थिए । गणेशपुराणको प्रवचन गर्ने मनस्वीहरूको सूचीमा ब्रह्मा, व्यास र भृगुका नाम प्रमुख छन् । यस पुराणमा अनेकौं उपासनाप्रसङ्ग र कथाप्रसङ्ग रहे पनि केन्द्रीय पात्र भृगु र सोमकान्त हुन् । कुष्ठरोगबाट पीडित राजा सोमकान्तलाई भृगु ऋषिले गणेशपुराण सुनाएपछि ती राजा रोगमुक्त भई गणेशधाममा प्राप्त भएका थिए । यस प्रसङ्गमा ब्रह्माजीले लोमशलाई र मूक ऋषिले राजा संवरणलाई गणेशपुराण सुनाएको तथ्य पनि स्मरणीय छ ।

क) उपासना खण्डको विषयवस्तु

श्रीविघ्नेशपुराणसारमुदितं व्यासाय धात्रा पुरा,
तत्खण्डं प्रथमं महागणपतेश्चोपासनाख्यं यथा ।
संहर्तुं त्रिपुरं शिवेन गणपस्यादौ कृतं पूजनम्,
कर्तुं सृष्टिमिमां स्तुतः स विधिना व्यासेन बुद्ध्याप्तये ।।
सङ्कष्ट्याश्च विनायकस्य च मनोः स्थानस्य तीर्थस्य वै,
दूर्वाणां महिमेति भक्तचरितं तत्पार्थिवस्यार्चनम् ।
तेभ्यो यैर्यदभीप्सितं गणपतिस्तत्तत्प्रतुष्टो ददौ,
ताः सर्वा न समर्थ एव कथितुं ब्रह्मा कुतो मानवः ।।

६. *आचार्य ऋषि गुरागाँई, उपपुराणहरूमा सदाचारको अवधारणा, गौरी, वर्ष ३, अङ्क ४, पूर्णाङ्क २६, २०६४ पौष, पृष्ठ २६ ।*
७. *पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराणका रचयिता वेदव्यासले गणेशको स्मरणरूप मङ्गलाचरण नगर्नुहुँदा उहाँमा भ्रान्ति उत्पन्न भयो र ब्रह्माजीका सामु पुग्नुभयो । त्यसबेला ब्रह्माजीले व्यासलाई गणेशमन्त्रको उपदेश गर्नुभएको थियो । श्रीगणेशको आज्ञानुसार सदाशिवले त्रिपुरासुरको वध गर्न श्रीगणेशको आराधना गर्नुभयो । सृष्टिमा विघ्न आइपर्दा ब्रह्माजीले गणेशको स्तुति गर्नुभएको थियो । त्यसबेला तपस्या गर भन्ने आकाशवाणी भयो । ब्रह्माजीले तप गर्नुभएपछि गणेशको दर्शन पाउनुभयो। शङ्करले कुनै दिन महाविष्णुलाई गणेशमन्त्रको उपदेश दिनुभयो । महाविष्णुले पनि मन्त्रानुष्ठानपछि गणेशको दर्शन र वरदानसमेत प्राप्त गर्नुभयो ।

राजा भीमले कमला नामक रानीबाट दक्षनामक विरूप पुत्र पैदा गरे । विरूप दक्षले वनमा गई मुद्गल ऋषिको उपदेशअनुसार आराधना गरेर श्रीगणेशको दर्शन पाए । अहल्याको पतिव्रताधर्म भङ्ग गर्ने इन्द्रले पनि गौतम ऋषिको उपदेशअनुसार षडक्षर मन्त्रको जपबाट श्रीगणेशको दर्शन पाए । रुक्माङ्गदले श्रीगणेशको आराधनाबाट दिव्यलोक प्राप्त गरे । यी उपासनाखण्डका मुख्य विषय हुन् ।

गृत्समदको अद्भुत तपस्या र गणेशदर्शन, त्रिपुरासुरको उत्पत्ति, शङ्करद्वारा श्रीगणेशको आराधना एवं सहस्रनामद्वारा स्तुतिजस्ता उपासनाखण्डमा निरूपित महिमामय विषय हुन् । पार्वतीद्वारा पार्थिवगणेशको पूजन, पार्थिव पूजाको प्रभाव, शिव-पार्वतीको मिलन, भ्रुशुण्डीको महिमा, सङ्कष्टचतुर्थीव्रत, दूर्वामहिमा, मयूरेशको महिमाजस्ता विषयका साथै यस खण्डमा स्कन्दको उत्पत्ति, स्कन्दलाई वरदचतुर्थीव्रतद्वारा श्रीगणेशको आराधना गर्न उपदेश एवं वरदचतुर्थीव्रतविधि निरूपण र लक्ष्यविनायकको उत्पत्तिजस्ता विषय पनि महत्त्वपूर्ण छन् । कामदेवद्वारा गणेशको आराधना गरिँदा गणेशले वरदान दिएको प्रसङ्ग र शेषनागद्वारा गणेशको आराधना गरिएका प्रसङ्ग पनि महत्त्वपूर्ण रहेका छन् । उक्त विषयहरूका साथै उपासनाखण्डको अन्तमा निम्नानुसार गणेशका बाह्र नाममन्त्रहरूको महिमा प्रकाशन गरिएको छ –

सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः । लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ।।
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः । द्वादशैतानि नामानि यः पठेत् शृणुयादपि ।।
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा । सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ।।[८]

ख) क्रीडाखण्डको विषयवस्तु

क्रीडाकाण्डमथो वदे कृतयुगे श्वेतच्छविः काश्यपः,
सिंहाङ्कः स विनायको दशभुजो भूत्वाथ काशीं ययौ ।
हत्वा तत्र नरान्तकं तदनुजं देवान्तकं दानवम्,
त्रेतायां शिवनन्दनो रसभुजो जातो मयूरध्वजः ।।
हत्वा तं कमलासुरं च सगणं सिन्धुं महादैत्यपम्,
पश्चात् सिद्धिमती सुते कमलजस्तस्मै च ज्ञानं ददौ ।
द्वापारे तु गजाननो युगभुजो गौरीसुतः सिन्दुरम्,
सम्मर्द्य स्वकरेण तं निजमुखे चाखुध्वजो लिप्तवान् ।।

---

८. *गणेशपुराण १/९२/३६-३७ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीताया उपदेश एव हि कृतो राज्ञे वरेण्याय वै,
तुष्टायाथ च धूम्रकेतुरभिधो विप्रः सधर्मर्धिकः ।
अश्वाङ्को द्विभुजो सितो गणपतिः म्लेच्छान्तकः स्वर्गदः,
क्रीडाकाण्डमिदं गणस्य हरिणा प्रोक्तं विधात्रे पुरा ।।

क्रीडाखण्डमा देवान्तक र नरान्तक दानवहरूको उत्पात हुँदा धर्मको रक्षा र पापको विनाशका लागि कश्यपकी पत्नी अदितिको कोखबाट भगवान् गणेशको महोत्कट अवतार भएको वर्णन गरिएको छ । यस खण्डमा श्रीगणेशको दैत्यवधरूप क्रीडाले उत्कर्ष प्राप्त गरेको छ । भगवान् गणेश काशिराजका साथ काशी पुग्नुहुन्छ । त्यहाँ उहाँले कूप, कन्दर, अन्धकासुर, अम्भासुर, जम्भासुर आदि दैत्यहरूको वध गर्नुहुन्छ । दरिद्र भक्त शुक्ल ब्राह्मणका घरमा भोजन गरी तिनीहरूको उद्धार गर्नुहुन्छ । यसका साथै सनक र सनन्दनलाई दिव्यज्ञान प्रदान गर्नुहुन्छ ।

यस खण्डमा विविध कथाको माध्यमबाट शमी र मन्दारको महिमा व्यक्त गरिएको छ । यहाँ काशीका ढुण्ढिराज गणेश र सात आवरणमा रहेका छपन्न विनायकहरूको पनि महिमा व्यक्त गरिएको छ । यस खण्डमा गणेशलोकको वर्णनका साथै विनायक र नरान्तकको युद्ध वर्णन गरी नरान्तकलाई श्रीगणेशले विराट्रूप दर्शन गराउनुभएको प्रसङ्ग रहेको छ । देवान्तकमाथि नियन्त्रण गरेपछि भगवान् गणेश कश्यपाश्रमबाट स्वानन्दभुवनमा पाल्नुभएको विवरण पनि रहेको छ ।

दैत्यराज सिन्धुको उत्पत्ति, देवताहरूको पराजय र विष्णुको पराक्रम वर्णन गर्ने क्रममा श्रीगणेशको मयूरेश अवतारको वर्णन गरिएको छ । गृध्रासुर, बालासुर, व्योमासुर आदि दैत्यहरूको वधका साथै शलभासुर, शैलासुर आदिको वधको वर्णन पनि गरिएको छ । यसमा पार्वतीले विराट्रूपको दर्शन गर्नुभएको वर्णन र पार्वती एवं अदितिका बीचमा गणेशलाई लिएर भएको मानसिक द्वन्द्व पनि चित्रण गरिएको छ ।

मयूरेश गणेशको नागलोक यात्रा, भगासुरको वध, कमलासुरसँग संग्राम, ब्रह्माजीको गर्वहरणजस्ता विषयहरूको वर्णनका साथै बालगणेशका विनोदहरूको पनि यहाँ वर्णन गरिएको छ । मयूरेशको सेना र सिन्धुसेनाको युद्ध, कल-विकल आदि दैत्यहरूको वध र सिन्धुका पुत्रहरूको वधजस्ता विषयहरूको वर्णनका साथ सिन्धुको पराजय पनि देखाइएको छ । यसैगरी पर्यन्तमा सिन्धुको वध, श्रीगणेशको गण्डकीनगरमा प्रवेश, सिद्धि र बुद्धिका साथ मयूरेश भगवान्को विवाह र मयूरेशचरित्रको फलश्रुति पनि बताइएको छ । यस खण्डमा सिन्दूरासुरको उत्पत्ति, पार्वतीको कथा र गजाननको अवतारकथाको निरूपण गरिएको छ । यसमा श्रीगणेशले मूसालाई वाहन बनाउनुभएको सन्दर्भ खुलाउनुका साथै सिन्दूर दैत्यका साथ गणेशको युद्ध र सिन्दूरवधको बयान गरिएको छ ।

१३८ अध्यायदेखि १४८ अध्यायसम्मका एघार अध्यायमा रहेको गणेशगीतामा साङ्ख्ययोग, कर्मयोग, ब्रह्मार्पणयोग, योगावृत्तिको प्रशंसा, योगावृत्ति र बुद्धियोग, वीक्षणयोग, क्षेत्र-क्षेत्रज्ञ-विवेकयोग, उपदेशयोग, गुणत्रयकृतियोगजस्ता विषयहरूको निरूपण गरिएको छ । व्यासद्वारा श्रीगणेशको दर्शन, व्यासलाई गणेशद्वारा वरदान, सोमकान्तको देवलोकप्राप्ति, भावी धूम्रकेतु अवतारको सूचना, वाराणसीका विनायकहरूको वर्णन र श्रीगणेशपुराण यज्ञको फलश्रुतिका साथ दोस्रो खण्ड समाप्त भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.३ श्रीगणेशपुराणको महिमा

सनातन संस्कृतिलाई पल्लवन गराउने र आर्षपरम्पराको यथार्थ दिग्दर्शन गराई पुस्ता दरपुस्ता त्यसलाई अग्रसारित गराउने काममा श्रीगणेशपुराणको प्रभावकारी भूमिकाको विषयमा कसैको कत्ति पनि विमति हुने छैन । आध्यात्मिक, आधिदैविक र आधिभौतिक तापबाट सन्तप्त मानिसहरूका लागि यो पुराण सहजबोध्य र अमोघ फलदायी उपायका रूपमा रहेको छ । यस अतिरिक्त प्रारब्धपरिवर्तन गराउन सक्नु गणेशपुराणको अर्को उल्लेखनीय विशेषता रहेको छ । ब्रह्माजीबाट वेदव्यासले, वेदव्यासबाट भृगुले र भृगुबाट सोमकान्तले श्रवण गरी लोकमा फैलाइएको यो पुराण चमत्कारी शैलीमा भाग्यपरिवर्तन गराउने अमोघ सामर्थ्यका कारण भक्तहरूका माझमा अत्यन्त लोकप्रिय छ ।

गणेशपुराण श्रवण गरेपछि कुष्ठरोगले ग्रस्त सोमकान्तले दिव्य देह प्राप्त गरे । खुसीको त्यस अवसरमा आफूलाई पुराण सुनाउने भृगु ऋषिलाई सम्बोधन गर्दै राजा सोमकान्तले भने- हे मुनिवर ! गणेशपुराण श्रवण गरेपछि मजस्तो कुष्ठरोगी, पतित र निन्दित मानिस पनि दिव्य देह पाएर शोभायमान भएँ । मेरो यस देहका निर्माता माता-पिता हजूर नै हुनुहुन्छ ।[९]

सोमकान्तलाई उत्तर दिँदै भृगुले भने - जन्म जन्मका पुण्यका प्रतापले तपाईंले मेरो मुखबाट गणेशपुराण श्रवण गर्ने अवसर पाउनु भयो । तपाईं धन्य हुनुहुन्छ । जुन श्रवणबाट आज तपाईंको पापराशि नष्ट भएको छ ।[१०]

यसरी हेर्दा श्रीगणेशपुराण प्रारब्धमा रेखाङ्कित पापलाई नाश गर्न समर्थ रहेछ भन्ने कुरा सोमकान्तको कुष्ठरोग नाश भई दिव्य देह प्राप्त हुनुले प्रमाणित गर्दछ । नैमिषारण्यमा गणेशपुराणको प्रवचन गरिरहेका श्रीसूतजी शौनक आदि ऋषिहरूलाई भन्दै थिए - 'हे ऋषिगण ! श्रीगणेशपुराणको श्रवणबाट अपरिमित पुण्यराशि प्राप्त हुन्छ । ब्रह्माजीले ठूला ठूला यज्ञ-याग गर्दा प्राप्त हुने पुण्य र गणेशपुराणको श्रवणबाट प्राप्त हुने पुण्यको तुलना गर्दा गणेशपुराण सुनेको पुण्य चहकिलो देखियो । अतः श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुने पुण्यका सामु अरू व्रत, दान आदि कर्मबाट हुने पुण्य त निम्नकोटिका नै ठहर्छन् ।[११] जुन घरमा श्रीगणेशपुराण राखिएको हुन्छ, त्यहाँ राक्षस, भूत, प्रेत, बालग्रह, बालमारिका आदिको भय हुँदैन र श्रीगणेशले त्यस घरको रक्षा गर्नुहुन्छ ।[१२]

श्रीगणेशपुराण पवित्रताको आधान गर्ने र पद-प्रतिष्ठा एवं सामाजिक मान्यता प्रदान गर्ने पवित्र ग्रन्थका रूपमा पनि सम्मानित पुराण हो । सूतजीले शौनक आदि ऋषिहरूलाई भनेका छन् - जसले श्रीगणेशपुराणको श्रवण गर्दछ र एकाग्रचित्त भई श्रीगणेशपुराण एवं श्रीगणेशको पूजा गर्दछ त्यस उपासकको दर्शनबाट पतित प्राणीहरू पवित्र हुन्छन् । त्यस्तो उपासक ब्रह्मा आदि देवताहरूका लागि पनि मान्य बन्दछ ।[१३] श्रीगणेशपुराणको दिनदिनै श्रवण गर्नाले उपासकले अणिमा-महिमा आदि अष्टसिद्धि प्राप्त गर्दछ । त्यस उपासकले कहिल्यै पनि दरिद्रता र सङ्कट भोग्नु पर्दैन ।[१४] श्रीगणेशपुराणको श्रवण गर्ने साधक पाँच महापाप एवं स्त्रीहत्या र बालहत्याको पापबाट पनि मुक्त हुन्छ र त्यसले अन्त्यमा श्रीगणेशको

---

९. *पुराणश्रवणस्यापि येनाऽहं पतितोऽपि च । गलत्कुष्ठी दिव्यदेहो जातो माता पितापि च ।। अस्य देहस्य निर्माता त्वमेव मुनिसत्तम । गणेशपुराणमाहात्म्य, ४ ,९-१०।*

१०. *जन्मान्तरीयपुण्येन पुराणश्रवणं तव । सञ्जातं मन्मुखाद् धन्यं दुरितं येन तेऽनशत् ।। -पूर्ववत् ५,१३ ।*

११. *यज्ञानां साङ्गजातानां सर्वेषां दक्षिणावतः । फलं कस्तुलयामास पुराणश्रवणस्य च ।।*
पुराणश्रवणस्यास्य फलं तस्माद् विशेषवत् । व्रतानां जलदानानां तत्र का गणना मता ।। - पूर्ववत् ५,५-६ ।

१२. *यस्य गेहे गणेशस्य पुराणं लिखितं भवेत् । न तत्र राक्षसा भूता प्रेताश्च पूतनादयः ।।*
ग्रहा बालग्रहा नैव पीडां कुर्वन्ति कर्हिचित् । तद् गृहं हि गणेशेन रक्ष्यते सर्वदा स्वयम् ।। - पूर्ववत् ५, ९-१० ।

१३. *इदं पुराणं शृणुयात् पूजयेद् वा समाहितः । तस्य दर्शनतः पूता भवन्ति पतिता नराः ।।*
ब्रह्मादीनां मुनीनां स मान्यो भवति मानवः । - पूर्ववत् ५,११ -१२ ।

१४. *अष्टसिद्धीः समाप्नोति श्रवणात् प्रत्यहं नरः । न दारिद्र्यं समाप्नोति सङ्कटं न नरः क्वचित् ।। पूर्ववत् ५, १३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सान्निध्य प्राप्त गर्दछ ।[१५] जसले गणेशपुराणमा रहेका गणेशका स्तोत्रहरूको पाठ गर्दछ त्यसका लागि संसारमा कुनै पनि वस्तु दुर्लभ हुँदैन ।[१६] भाद्रशुक्ल चतुर्थीका दिन भगवान् श्रीगणेशको पार्थिवपूजन गरी गणेशपुराणको श्रवण गर्ने साधकका सम्पूर्ण मनोरथ पूरा हुने र त्यस्तो साधकले अन्त्यमा मोक्ष प्राप्त गर्ने कुरा बताइएको छ ।[१७] इक्ष्वाकुकुलका प्रसिद्ध राजा संवरणलाई सन्तान भएनन् । तिनले विधिवत् पुत्रेष्टि गरे तर सन्तानप्राप्ति हुन सकेन । फेरि तिनले हरिवंशपुराण लगाए । त्यसबाट पनि सन्तानको मुख हेर्ने रहर पूरा हुन सकेन । एक दिन राजा संवरणले मूक नामक महर्षिलाई व्यासासनमा राखी विधिवत् गणेशपुराण श्रवण गरे । फलस्वरूप संवरणले पुत्रमुख दर्शन गर्ने अवसर पाए । राजा ज्यादै प्रसन्न भए । त्यसपछि उनले आजीवन श्रीगणेशको आराधना गरी अन्त्यमा गणेशधाम प्राप्त गरेका थिए ।[१८]

उक्त सन्दर्भले श्रीगणेशपुराण सन्तानप्राप्तिका लागि अमोघ उपाय भएको तथ्य प्रमाणित गरेको छ । अन्त्यमा श्रीसूतले शौनक आदि ऋषिहरूलाई भने – श्रीगणेशपुराणको सम्पूर्ण महिमा बताइसक्नु छैन । ब्रह्मा, कुमार र शेषले पनि पूरापूर बयान गर्न सक्दैनन् भने अरूको चर्चा नै नगरौं ।[१९]

माथिका विभिन्न सन्दर्भहरूबाट श्रीगणेशपुराण पापनाशक, सर्वकामनापूरक, पुण्यदायक, सन्ततिप्रदायक, भुक्तिप्रद र मुक्तिप्रद पनि रहेछ भन्ने कुरा अवगत हुन्छ । श्रीसूतले नैमिषारण्यमा श्रोता शौनक आदि समक्ष उक्त विभिन्न प्राप्तिहरूको विषयमा आफ्ना विचार राख्दै भनेका थिए – 'हे मुनिहरू ! तपाईंहरूले जुन गणेशपुराणको विषयमा जिज्ञासा राख्नुभएको थियो त्यसको उत्तर मैले दिएँ । लीलामय भगवान् श्रीगणेशको महिमा व्यक्त गर्ने यो पुराण सबै पाप नाश गर्ने, सबै कामना पूरा गर्ने, पुण्य बढाउने, भुक्ति एवं मुक्ति दिने र वक्ता एवं श्रोताका सबै पाप नाश गरी सबै प्रकारका मङ्गल प्रदान गर्ने पवित्र रचना हो ।[२०]

श्रीगणेशको महिमा प्रकाशनका दृष्टिबाट मात्र यस पुराणको उपादेयता छैन अपितु हिन्दूजातिको सांस्कृतिक इतिहास प्रतिपादन गर्दै प्राचीन कला, भाषा, साहित्य, दर्शन, धर्म, व्रत, तीर्थ र उपासनापद्धतिको यथार्थ जानकारी गराउने आर्षग्रन्थको रूपमा पनि यसको अपरिमित महत्त्व रहेको छ ।

१.४ श्रीमद्भागवत र गणेशपुराणको विषयगत समानता

श्रीगणेश र श्रीगणेशपुराणको विशेषता उजागर गर्ने उद्देश्यले श्रीमद्भागवत र श्रीगणेशपुराणको आधारमा श्रीकृष्णलीला र श्रीगणेशलीलाका समान प्रसङ्ग प्रस्तुत गरिँदैछ ।

श्रीमद्भागवतको दशमस्कन्धमा वर्णित कृष्णलीलाको गहन प्रभाव गणेशपुराणमा परेको कुरा यस पुराणका विषयवस्तुलाई गम्भीरतापूर्वक अनुशीलन गरेपछि स्पष्ट हुन्छ । वस्तुतः ब्रह्मवैवर्तपुराणमा श्रीकृष्ण र गणेशको एकरूपता प्रतिपादन गर्दै तेजस्विताका कारण श्रीगणेश कृष्णसमान हुनुन्छ, त्यसैले उहाँ कृष्णका अंशावतार हुनुहुन्छ । अरू देवताहरू षोडशकलावतार

१५. *महापापाद् विनिर्मुक्तः स्त्रीबालहत्ययापि च । सान्निध्यं प्राप्नुयादन्ते गणेशस्य न संशयः ॥ -पूर्ववत् ५, १७ ।*

१६. *असाध्यमपि यत् किञ्चित् तेषां पाठाद् लभेन्नरः । -पूर्ववत् ५, २३ ।*

१७. *भाद्रशुक्लचतुर्थ्यां यः कृत्वा मूर्तिं महीमयीम् । मण्डपे तोरणे रम्ये सम्पूज्य परमादरात् ॥*
पुराणं शृणुयाद् सद्यस्तस्य तुष्टो विनायकः । ददाति निखिलान् कामानन्ते मोक्षञ्च विन्दति ॥ पूर्ववत् ५, २०-२१ ।

१८. *पूर्ववत्, ५, २४-२५ ।*

१९. *सम्पूर्णो महिमा वक्तुं न शक्यो वर्षकोटिभिः । ब्रह्मणा षण्मुखेनापि शेषेणापि मुनीश्वराः ॥ – पूर्ववत् ५,६४ ।*

२०. *युष्माभिः परिपृष्टं यत् सर्वपापप्रणाशनम् । सर्वकामप्रदं भुक्तिमुक्तिदं पुण्यवर्धनम् ॥*
गणेशस्य परेशस्य नानालीलाधरस्य च । वक्तृश्रोत्रोरघहरं सर्वमाङ्गल्यकारणम् ॥ पूर्ववत् ५, ६५-६६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णका कला हुन् । श्रीगणेश कृष्णरूप हुनुभएकाले उहाँको प्रथम पूजा गर्ने विधान रहेको कुरा बताइएको छ –

तेजसा कृष्णतुल्योऽयं कृष्णांशश्च गणेश्वरः । देवाश्चान्ये कृष्णकलाः पूजास्य पुरतस्ततः ।।[२१]

श्रीमद्भागवत र श्रीगणेशपुराणका श्रीकृष्ण र श्रीगणेशको एकताका प्रतिपादक केही समान प्रसङ्गहरू रहेका छन् । श्रीमद्भागवतमा कंस देवकीलाई मार्न तम्सिन्छ भने श्रीगणेशपुराणमा सिन्दूरासुर पार्वतीलाई मार्न तम्सिन्छ । श्रीमद्भागवतमा देवकीनन्दन कृष्णलाई जन्मनासाथ यशोदाको सूतिकागारमा पुऱ्याइन्छ भने श्रीगणेशपुराणमा पार्वतीनन्दन गणेशलाई जन्मनासाथ राजा वरेण्यकी रानी पुष्पिकाको सूतिकागारमा पुऱ्याइन्छ । श्रीमद्भागवतमा कृष्णको प्राणहरण गर्ने उद्देश्यले पूतना आउँछे भने श्रीगणेशपुराणमा गणेशको प्राणहरण गर्ने उद्देश्यले विरजा आउँछे । श्रीमद्भागवतमा श्रीकृष्णले गोपिनीहरूका साथ बाललीला गर्नुभएको छ भने श्रीगणेशपुराणमा श्रीगणेशले मुनिपुत्रहरूका साथ दिव्य बाललीला गर्नुभएको छ । श्रीमद्भागवतमा यशोदाले कृष्णका मुखभित्र ब्रह्माण्डदर्शन गरेको वर्णन पाइन्छ भने श्रीगणेशपुराणमा पार्वतीले गणेशका मुखभित्र ब्रह्माण्डदर्शन गरेको वर्णन पाइन्छ । श्रीमद्भागवतमा कृष्णले सज्जन ब्राह्मण सुदामाको उद्धार गर्नुभएको छ भने श्रीगणेशपुराणमा श्रीगणेशले सज्जन ब्राह्मण शुक्लको उद्धार गर्नुभएको छ । श्रीमद्भागवतमा श्रीकृष्णको वियोगका कारण गोपिनीहरूको व्याकुलता देखाइएको छ भने श्रीगणेशपुराणमा श्रीगणेशको वियोगमा काशीका नर–नारीहरूको रुवावासी देखाइएको छ । श्रीमद्भागवतअनुसार श्रीकृष्णले हजारौं दैत्यहरूको वध गर्नुभएको छ भने श्रीगणेशपुराणअनुसार श्रीगणेशले हजारौं दुर्जेय दानवहरूको वध गर्नुभएको छ । श्रीमद्भागवतमा श्रीकृष्णले ब्राह्मणपत्नीहरूसँग भोजन मागेर मित्रहरूलाई दिनुभएको छ भने श्रीगणेशपुराणमा श्रीगणेशले गौतमऋषिको भोजन हरण गरी भोका बालमित्रहरूलाई खुवाउनुभएको छ । यस्ता कतिपय श्रीमद्भागवत र गणेशपुराणमा समानसन्दर्भमा प्रस्तुत गरिएका दृष्टान्तहरूलाई यहाँ पाठकहरूको जानकारीका लागि प्रस्तुत गरिँदैछ ।

क) श्रीकृष्ण र श्रीगणेशका दिव्य बाललीला

१. श्रीकृष्णको दिव्य बाललीला

श्रीमद्भागवत महापुराणको दशम स्कन्ध श्रीकृष्णका अद्भुत, विलक्षण र दिव्य लीलाद्वारा अनुप्राणित छ । दशम स्कन्धका प्रत्येक अध्यायका प्रत्येक पद्य श्रीकृष्णको हृदयाभिराम सौन्दर्यबाट चमत्कृत छन्। विशेषतः रासाध्यायका विषयवस्तुमा श्रीकृष्णको मुरलीध्वनि ब्रह्मतत्त्वको वंशीध्वनिसमान अनुभूतिगोचर हुन्छ । श्रीकृष्णले आफ्नी आमा यशोदालाई ब्रह्माण्डदर्शन गराउनुभएको छ । मुस्कान छर्दैं प्रीतिपूर्वक ग्वालबालहरूसँग गाई चराउनुभएको छ । समग्र सृष्टिलाई अन्तर्धान गराई रमिता हेर्न चाहने ब्रह्माजीलाई हतप्रभ तुल्याउँदै उस्तै नयाँ सृष्टिको रचना गर्नु भएको छ । आफ्नो यज्ञभङ्ग गरिएको घटनाबाट रिसाएका इन्द्रले प्रलयकालसमान घोर वर्षा गराई व्रजभूमिलाई जलमग्न तुल्याउँदा बालकृष्णले आफ्नो हातको कान्छी औंलाले गोवर्धनपर्वत धारण गरी व्रजवासीलाई सुरक्षा प्रदान गर्नु भएको छ । उहाँले लीलैलीलामा वत्सासुर, बकासुर, अघासुर, धेनुकासुर, प्रलम्बासुर, अरिष्टासुर, केशी, चाणूर, मुष्टिक, कंस आदि खलनायकहरूको वध गरी त्यहाँका नरनारीहरूलाई अमन–चैन प्रदान गर्नु भएको छ र संसारलाई शान्ति, सदाचार एवं मङ्गलद्वारा महनीय तुल्याउनु भएको छ ।[२२]

२१. *ब्र.वै., गणपतिखण्ड ४४/२७ ।*

२२. *श्रीमद्भागवत दशमस्कन्ध पूर्वार्ध ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. श्रीगणेशको दिव्य बाललीला

श्रीगणेशपुराणको क्रीडाखण्ड श्रीगणेशका महोत्कट, मयूरेश्वर एवं गजानन अवतारका विचित्र बाललीलाका कारण अनिर्वचनीय आनन्दको केन्द्रबिन्दु बनेर रहेको छ । अदिति र कश्यपमा पुत्रका रूपमा महोत्कटको नामबाट अवतार लिनु हुने बालगणेशले बाललीलाको क्रममा आफुलाई विष्णु, शिव, सूर्य, शक्ति र गणेशका रूपमा परिणत गराई दर्शन दिएर गन्धर्वहरूको भ्रम हटाउनुभएको छ । ब्रह्मा एवं इन्द्रको घमण्ड तोड्नुभएको छ । काशिराजका साथमा काशीमा गई दिव्य बाललीला देखाउँदै कूपासुर, कन्दरासुर, देवान्तक र नरान्तक जस्ता दैत्यहरूको संहार गर्नुभएको छ । भ्रुशुण्डी जस्ता परमभक्तलाई आफू जस्तै तुल्याएर उनले चाहना गरेको दशबाहु स्वरूपमा दर्शन दिई कृतार्थ तुल्याउनुभएको छ । श्रीगणेशले शुक्ल ब्राह्मणको निष्ठा र समर्पणमा आधारित तीव्र भक्तिबाट पग्लिएर विचित्र ऐश्वर्य प्रदान गरी उनलाई आनन्दमा डुबाउनुभएको छ । उहाँले सनक, सनन्दनजस्ता ज्ञानीहरूमा देखिएको अभिमानको अङ्कुरलाई निमठी सर्वत्र आफूलाई देखाएर तत्त्वबोध गराउनुभएको छ ।

अन्धकासुरद्वारा काशीमा दिउँसै घनघोर अन्धकारको सिर्जना गरिएपछि अम्भासुरद्वारा भीषण वर्षा गराई काशीलाई जलमग्न तुल्याउने काम भएको थियो । त्यसपछि तुङ्गासुरद्वारा विशाल पर्वतहरूको सृष्टि गरी तिनलाई उचालेर प्रहार गरी काशीलाई धुलो-पीठो बनाउने प्रयास गरियो । त्यसबेला बालगणेशले आफुलाई स्थूलकाय चरो बनाउनु भयो र काशीको माझमा ठूलो वटवृक्ष खडा गर्नु भयो । बालगणेशले वटवृक्षको टुप्पामा चराको रूपमा रहेर आफ्नो प्रकाश काशीमा वितरण गर्नुहुँदा काशी प्रकाशमान भयो। अन्धकासुरले फैलाएको अन्धकारलाई चिरेपछि चराको रूपमा रहनुभएका श्रीगणेशले अम्भासुरद्वारा वर्षा गराई फैलाइएको पानी आफ्नै ठूँडले पान गरी काशीको जलराशि सुकाउनु भयो । विशाल पर्वतराशि खडा गरेर काशीवासीहरूलाई यताउति जान अवरोध पैदा गर्ने तुङ्गासुरले खडा गरेका पर्वतहरूको भेदन गरी उहाँले ती तीनैवटै दानवलाई जोडले आकाशमा पुऱ्याई भुइँमा पछारेर निष्प्राण तुल्याउनु भयो ।

महोत्कट अवतारको लीला समेटेर स्वानन्द धाममा पुग्नु भएका श्रीगणेशले दैत्यराज सिन्धुको अत्याचारबाट संसारलााई मुक्ति दिलाउन पार्वती-परमेश्वरका पुत्रका रूपमा मयूरेश्वर नामबाट अवतार लिएर विलक्षण बाललीला देखाउँदै गृध्रासुर, बालासुर, व्योमासुर, कमठासुर, शलभासुर, शैलासुर, वृकासुर आदि दानवहरूको वध गरी धर्म र सत्यको रक्षा गर्नुभयो । तेस्रो गजानन अवतारमा पार्वती-परमेश्वर एवं पुष्पिका-वरेण्यका पुत्रका रूपमा अवतार लिएर दुर्जेय दानवहरूको वध गर्दै राजा वरेण्यलाई गणेशगीताको उपदेश गर्नु भयो ।[२३]

श्रीकृष्णको बाललीला र श्रीगणेशको बाललीलाको स्पन्दन र मर्म एउटै भए तापनि श्रीकृष्णको बाललीलामा गोपिनीजस्ता नारीपात्र पनि सम्मिलित छन् । तर श्रीगणेशको बाललीला भने वासनानिर्मुक्त, सात्त्विक र विलक्षण छ । कलेवरको आधारबाट हेर्दा पनि श्रीमद्भागवतको बाललीला ४९ अध्यायमा समेटिएको छ भने श्रीगणेशको बाललीला गणेशपुराणको क्रीडाखण्डका १५५ अध्यायमा वर्णन गरिएको छ ।

२३. *गणेशपुराण, क्रीडाखण्ड ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख) कंसद्वारा देवकी र सिन्दूरासुरद्वारा पार्वतीको वध गर्ने प्रयास

१) कंसद्वारा देवकीको वध गर्ने प्रयास

श्रीमद्भागवत महापुराणको दशम स्कन्धमा देवकी एवं वसुदेवको विवाहप्रसङ्ग रहेको छ । विवाह सम्पन्न भएपछि दाजु कंसले देवकीलाई साथमा राखी घरमा पुऱ्याउन रथ हाँकिरहेको थियो । त्यसबेला अचानक कंसलाई आकाशवाणी भयो- 'हे मूर्ख ! तँ जुन बहिनीलाई घरमा पुऱ्याउन रथ हाँकिरहेको छस्, तिनको आठौँ गर्भबाट पैदा हुने बालकले तेरो वध गर्ने छ ।'

यस्तो आकाशवाणी सुनेपछि डराएको कंसले बहिनी देवकीलाई मारिदिएपछि बालक नै पैदा हुँदैन भन्ने विचार गरेर उनलाई मार्नका लागि हातमा तरबार लिएर केशमा समात्यो । यो देखेर देवकीको हत्या नगर्न वसुदेवले अनुनय गर्नुका साथै आठौं गर्भको बच्चा पैदा भएपछि कंसलाई सुम्पने वाचा गरेपछि देवकीको रक्षा भयो ।[२४]

२) सिन्दूरासुरद्वारा पार्वतीको वध गर्ने प्रयास

गणेशपुराणको क्रीडाखण्डमा सिन्दूरासुरद्वारा पार्वतीको वध गर्ने प्रयासको वर्णन गरिएको छ । एक दिन राजसभामा सिंहासनासीन दानवहरूको राजा सिन्दूरासुरले सभासद्हरूसंग भनेको थियो – 'अहिले स्वर्ग, पृथिवी र पातालमा म समानको वीर योद्धा कुनै नभएकाले मेरो पराक्रम व्यर्थ भयो ।' त्यस वेला त्यसले आकाशवाणी सुन्यो – 'हे मूर्ख ! तँ किन व्यर्थ वकवास गरिरहेको छस् ? तँलाई युद्धको मैदानमा बिरालोले मुसो खेलाएझैं खेलाएर मृत्युको गास बनाई बिदा गर्ने वीर बालक पार्वतीको कोखबाट पैदा भएको छ । त्यो बालक अहिले राजा वरेण्यको दरबारमा पुगेको छ । अनन्त लीलामय त्यो बालक शुक्ल पक्षको चन्द्रमाझैं बढिरहेको छ ।' यस्तो आकाशवाणी सुनेपछि रिसाएको सिन्दूरासुरले पार्वती बस्नु भएको पर्यलीवनमा पुगेर प्रसूतिकक्षमा नजर लगायो । त्यहाँ बालक नदेखेर आगोझैं दन्किदै मनैमन भन्न लाग्यो – 'आकाशवाणी झुट्टा हुँदैन, पार्वतीको छोराले मलाई अवश्य मार्नेछ । अहिले बालक देखिएन । पैदा नभइसकेको पनि हुनसक्छ अथवा त्यो भविष्यमा पैदा हुनसक्छ । त्यसकारण म पार्वतीलाई नै मारिदिन्छु । यिनलाई मारेपछि जरो नै काटिने छ ।' यसरी विचार गरेर सिन्दूरासुरले हातमा खड्ग लिई पार्वतीको शरीरमा प्रहार गर्ने लागेको बेला सिन्दूरासुरका सामु चतुर्भुज बालगणेश देखिनु भयो ।[२५]

दुवै पुराणका आख्यानहरूमा दुराचारी दानवराजले अवतारपुरुषका माताहरूलाई मार्ने प्रयास गरेको देखिन्छ । तिनीहरूको कुत्सित प्रयासलाई दिव्यादिव्य प्रकृतिका सज्जन र दिव्य प्रकृतिका अवतारपुरुषले विफल तुल्याएका छन् । यो सादृश्य प्रसङ्गले श्रीकृष्ण र श्रीगणेशको एकरूपतालाई प्रमाणित गर्दछ ।

ग) देवकीनन्दन श्रीकृष्ण र गौरीनन्दन गणेशको अन्यत्र लालनपालन

१) नन्द र यशोदाको घरमा श्रीकृष्ण

कंसद्वारा कारागारमा थुनाइएकी देवकीले भाद्र कृष्ण अष्टमीका दिन सोह्र कलाका श्रीकृष्णलाई पैदा गरिन् । कंसबाट डराएका वसुदेवले तत्कालै श्रीकृष्णलाई नन्द र यशोदाको घरमा पुऱ्याएर भर्खरै

२४. श्रीमद्भागवत १०/१/३४-३६ ।
२५. गणेशपुराण २/१३२ अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुत्केरी भएकी यशोदाको काखमा सुताए । त्यसपछि यशोदाबाट पैदा भएकी भगवती योगमायालाई लिएर मथुरातर्फ फर्किए । श्रीकृष्णको लालन-पालन यशोदा र नन्दले गरे । सम्पूर्ण कृष्णलीलामा नन्दबाबा र यशोदाले मातापिताको रूपमा सम्मान र श्रद्धा प्राप्त गरेका थिए ।[२६]

२) पुष्पिका र वरेण्यको घरमा श्रीगणेश

पार्वतीबाट भर्खरै गजाननका रूपमा पैदा हुनुभएका श्रीगणेशले आफ्ना पिता शिवजीसँग निवेदन गर्दै भन्नु भयो- 'हे भगवान् ! म हजुरको पुत्र भएर पैदा भएँ । मैले माहिष्मतीका राजा वरेण्य र तिनकी रानी पुष्पिकालाई छोराको रूपमा पैदा हुने वचन दिएको थिएँ । यतिबेला पुष्पिकाले बालक पैदा गरेकी छिन् र उनी मूर्च्छित अवस्थामा रहेकीछिन् । त्यस बालकलाई राक्षसहरूले अपहरण गरिसकेका छन् । त्यसले अब छिट्टै प्राणत्याग गर्ने छ । पुष्पिका होसमा नआउँदै हजुरले मलाई त्यहाँ पुऱ्याउनुहोस् । जसरी पुष्पिकालाई आफ्नो बालक चोरिएको थाहा हुँदैन र गजानन बालकलाई मैले नै पैदा गरेको भन्ने विश्वास हुन्छ, त्यसरी नै हजुरले मलाई त्यहाँ पुऱ्याउनु होस् ।' श्रीगणेशको प्रार्थना सुनेर भगवान् शिवजीले नन्दिकेश्वरलाई श्रीगणेशले भनेका कुरा संझाई पुष्पिकाको प्रसूतिकक्षमा पुऱ्याउन आदेश दिनु भएपछि उनले छिट्टै श्रीगणेशलाई त्यहाँ पुऱ्याए । यसरी श्रीगणेशको लालन-पालन अन्यत्र भयो ।[२७]

उक्त दुवै आख्यानलाई हेर्दा श्रीकृष्णलाई नन्दको घरमा र श्रीगणेशलाई वरेण्यको घरमा पठाइएका घटनाहरूमा समानता पाइन्छ ।

घ) पूतनाद्वारा श्रीकृष्णको र विरजा एवं शतमहिषाद्वारा श्रीगणेशको हत्याको प्रयास

१) पूतनाद्वारा श्रीकृष्णको हत्या गर्ने प्रयास

बालरूप श्रीकृष्णद्वारा भयभीत कंसले उहाँलाई मार्नका लागि पूतना नामक राक्षसीलाई प्रयोग गरी व्रजभूमिमा रहेका बालबालिकाको हत्या गर्न पठाएको थियो । बालबालिकाको हत्या गर्न पल्किएकी डरलाग्दी पूतना अत्यन्त सुन्दरी बनेर श्रीबालकृष्ण खेलिरहेको ठाँउमा आएकी थिई । श्रीकृष्ण भुइँमा खेलिरहनुभएको थियो । त्यसले एक्कासि काखमा राखी स्तन चुसाउन थाली । बालक श्रीकृष्णले पूतनाको दुराशय तत्काल थाहा पाउनुभयो । उहाँले स्तनपान गर्ने क्रममा दूधका साथ त्यसको प्राण पनि खिँचेर पिउनुभयो । त्यसको विकराल शरीर भुइँमा फैलियो । श्रीकृष्णले बालघातिनीको प्राण लिएर त्यस क्षेत्रका बाँकी बालबालिकाको सुरक्षा गर्नुभयो ।[२८]

२) अ) विरजाद्वारा बालगणेशको हत्या गर्ने प्रयास

श्रीगणेश अदिति र कश्यपका पुत्रका रूपमा महोत्कट नाम लिएर पैदा हुनुभएको थियो । उहाँ भुइँमा सुतिरहनु भएको बेला हलोझैं दाँत भएकी र गुफाझैं नाक भएकी बच्चाहरूलाई मार्ने विरजानामक राक्षसी आइपुगी । त्यसले बालगणेशलाई निलेर पेटभित्र पुऱ्याएपछि उहाँले त्यसको मनसाय बुझ्नु भयो र आफ्नो आकार बढाउन थाल्नुभयो । श्रीगणेशको आकार विशाल हुँदै

---

२६. *श्रीमद्भागवतमहापुराण १०/३ ।*
२७. *श्रीगणेशपुराण २/१३०-१३१ ।*
२८. *श्रीमद्भागवत, १०/६ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएपछि त्यो राक्षसी आत्तिन थाली । उहाँ आफ्नो बढेको आकारद्वारा त्यसको पेट फुटाएर बाहिर निस्कनुभयो । त्यतिबेला नै विरजा पनि प्राणत्याग गरी भुइँमा ढलेकी थिई । समाजमा अशान्ति मच्चाउने दुष्ट राक्षसीको वध गरेर श्रीगणेशले लोककल्याण गर्नु भयो ।[२९]

आ) शतमाहिषाद्वारा श्रीगणेशको हत्या गर्ने प्रयास

गौरी-शङ्करका प्यारा पुत्रका रूपमा पैदा हुनु भएका बालगणेशले खेल खेलमा व्योमासुरको वध गर्नु भएपछि व्योमासुरकी बहिनी शतमाहिषा सोह्र शृङ्गारले सजिएर पार्वतीको निवासमा पुगेकी थिई । त्यहाँ त्यसले आफ्नो मीठो बोलीद्वारा सबैलाई विश्वासमा पारेर बालक गणेशलाई काखमा राखेर गालामा चुम्बन गर्न थाली । बालक गणेशले तुरुन्तै त्यसको दुराशय थाहा पाउनुभयो र त्यसलाई कानमा समाती भुइँमा पछार्नुभयो । त्यो पर्वताकार भएर लडिरहेकी थिई । श्रीगणेशले यसरी खेलखेलमा शतमाहिषाको वध गरी पृथिवीको भार हरण गर्नुभयो ।[३०] बालमारिकाहरूलाई मारेर बालक-बालिकाहरूको सुरक्षा गर्ने अवतारलीलामा आधारित तीनवटै कथाहरूको मर्म एउटै देखिन्छ ।

ङ) यशोदा र पार्वतीद्वारा श्रीकृष्ण र श्रीगणेशको मुखभित्र ब्रह्माण्डदर्शन

१) यशोदाद्वारा श्रीकृष्णको मुखभित्र ब्रह्माण्डदर्शन

एक दिन माता यशोदाले आफ्ना प्यारा छोरा श्रीकृष्णलाई – 'बाबु कृष्ण ! तिमीले माटो खाएको सिकायत आएको छ। यो बानी राम्रो होइन, अब यस्तो गर्न हुँदैन' भनी उपदेश दिँदा श्रीकृष्णले बालस्वभाव-अनुसार भन्नुभयो– 'आमा ! मैले माटो खाएको छैन, ज-जसले मेरो सिकायत गरेका छन् ती ढँटुवा हुन् ।' कृष्णका कुरा सुनेर माता यशोदाले- 'बाबु ! आँ गर त' भनिन् । अनन्त ऐश्वर्य र सामर्थ्यका धनी श्रीकृष्णले आमाको आज्ञानुसार मुख खोल्नुभयो । यशोदाले श्रीकृष्णको मुखभित्र चराचरसहित सम्पूर्ण ब्रह्माण्डको दर्शन गरिन् । त्यसपछि श्रीकृष्णको अद्‌भुत लीला संझेर ती विस्मित एवं मोहित भइन् ।[३१]

२) पार्वतीद्वारा श्रीगणेशको मुखभित्र ब्रह्माण्डदर्शन

आमा पार्वतीले बालगणेशलाई आफ्नो पीठवाट भुइँमा ओराल्नु भयो । भुइँमा ओर्लिएका श्रीगणेश एकाएक बेहोस भई पल्टिनुभएको थियो । उहाँलाई पटक पटक हाई लागिरहेको थियो । आफ्नो प्यारा पुत्रलाई बेहोसीको हालतमा हाई गरिरहेको देखेर नजिकै आई हेर्दा हाईका कारण खुला भएको श्रीकृष्णको मुखभित्र चराचरसहित सम्पूर्ण ब्रह्माण्डको दर्शन गर्दा भयभीत र विस्मित बनेकी पार्वती मूर्च्छित हुनुभयो। मूर्च्छाबाट ब्यूँझे पछि उहाँले आँखा चिम्लेर भगवान् शिवजीको ध्यान गर्नु भयो । आँखा खुल्दा उहाँका सामु बालगणेश पहिलेझैं खेलिरहनु भएको थियो ।[३२] उक्त दुवै प्रसङ्गले मुखभित्र ब्रह्माण्डदर्शन गराउने दुवै अवतारपुरुषहरूको तात्त्विक एकरूपता प्रकाशित गर्दछन् ।

---

२९. *श्रीगणेशपुराण २/७ अध्याय ।*

३०. *पूर्ववत्, २/८७ अध्याय ।*

३१. *श्रीमद्‌भागवत १०/८ अध्याय ।*

३२. *गणेशपुराण २/९२/ ४०-४६ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च) श्रीकृष्ण र श्रीगणेशको भक्तवात्सल्य

१) श्रीकृष्ण र सुदामाको अनिर्वचनीय प्रेम

सुदामासँग उनकी पत्नीले तपाईंले श्रीकृष्ण मेरा बालसखा हुन् भन्नुहुन्छ, हामी यस्ता दीन र हीन छौं, एक पटक द्वारका पुगेर भेट गरे त हुन्थ्यो नि ! भनिरहिन् । श्रीकृष्णमा अपार भक्ति गर्ने तर आफ्ना लागि केही नचाहने सुदामा भने द्वारका जान सङ्कोच मानिरहेका थिए । पतिव्रता पत्नीले सारै आग्रह गरे पछि वचन हार्न नसकेर सुदामा आफ्नी पत्नीले दिएको चिउरा रुमालमा पोको पारी द्वारका गए । रुक्मिणीसहित श्रीकृष्णले सुदामाको स्वागत-सत्कार एवं पूजा गर्नुभयो । सुदामा दंग परे, सकुचाए र लजाए पनि । श्रीकृष्णले मनमनै भन्नुभयो - 'आफ्नी पत्नीको आग्रहका कारण उनले चिताएको प्यारो काम गराउन विचरा सुदामा मेरो नजिकमा आइपुगे । अब म यिनलाई आफ्नो शक्तिबाट देवताका लागि पनि दुर्लभ सम्पत्ति प्रदान गर्नेछु ।' यसरी विचार गरेपछि श्रीकृष्णले सुदामाको हातमा रहेको चिउराको पोको हेरी यो के ल्याउनु भयो भनी खोस्नु भयो । एक गास चिउरा चपाएर निल्नु भएपछि श्रीकृष्णले भन्नुभयो - 'अहा ! मेरा वालसखा ! कति मीठो र कति स्वादिष्ट चिउरा उपहारमा ल्याउनुभएछ । म तृप्त छु र सन्तुष्ट छु ।' यसरी सम्मानित भएका सुदामा केही दिन द्वारका बसेर भगवान्सँग बिदा लिई रित्तै घर फर्किए । घरमा आउँदा कुटीमा जेन तेन निर्वाह गरी जिन्दगी गुजारिरहेका सुदामा संसारका सर्वोत्तम ऐश्वर्यशाली एवं भाग्यशाली पुरुष भइसकेका थिए ।[३३]

२) शुक्लको श्रीगणेशमा अनिर्वचनीय भक्तिभाव र श्रीगणेशको शुक्लमाथि परम करुणा

काशीनगरीमा रही अद्भुत बाललीलाद्वारा सबै नरनारीहरूलाई मन्त्रमुग्ध तुल्याउनु हुने बालगणेशलाई सबैले स्वागत एवं अभिनन्दनका लागि आ-आफ्नो घरमा आतिथ्य ग्रहण गर्न अनुरोध गरिरहेका थिए । श्रीगणेश भने काशीको सीमान्त गाउँमा कुटी बनाएर आफ्नो आराधना गरिरहेका दरिद्रभक्त शुक्लमाथि कृपा गर्ने उद्देश्यले सम्पन्न नगरवासीहरूको घरमा फेरि जानेछु भन्ने विचार गरी बालमित्रहरू साथमा लिएर शुक्लको कुटीमा पुग्नु भयो । शुक्लले आफ्ना आराध्य प्रभुलाई घरमा आउनु भएको देखेर हर्षगद्गद भई श्रद्धापूर्वक, पुष्प, चन्दन, अक्षता, पुष्पमाला, दूर्वाङ्कुर, शमीपत्र, मन्दारपुष्प, सुगन्धित तेल र केतकी पुष्प अर्पण गरी धूप-दीप टक्र्याए पछि नैवेद्यका रूपमा वनमा फलेका फल टक्र्याए । मन्त्रपाठ गर्दै पुष्पाञ्जलि अर्पण गरी भक्तिपूर्वक प्रणाम गरे । त्यसबेला शुक्लले मनमनै भने- 'मसँग कुत्सित अन्नमात्र छ, मैले भगवान्लाई के टक्र्याउँ ?' शुक्लको मनको अभिप्राय बुझेर बालगणेशले शुक्लकी धर्मपत्नीलाई भन्नुभयो - 'आमा ! तपाईंको घरमा जस्तोसुकै अन्नबाट तयार गरिएको भोजन भए पनि म खान्छु, दिनुहोस् । भक्तिपूर्वक अर्पण गरिएको कुत्सित अन्न पनि मेरा लागि अमृतभन्दा तृप्तिदायक हुन्छ । दम्भ र स्वार्थद्वारा प्रेरित भई प्रदान गरिने अमृतमय अन्न पनि मेरा लागि विषबराबर हुन्छ ।' यो कुरा सुनेर लज्जित हुँदै शुक्लकी धर्मपत्नीले पातलो माडसहित नीरस भातले भरिएको भाँडो, वन र खेतहरूबाट ल्याइएका अन्नहरूको पीठो र तेल ल्याएर टक्र्याइन् । भोजनको यो रूप देखेर गणेशका बालसखाहरू मरी मरी हाँस्न थाले । श्रीगणेशले पीठाको प्रत्येक गाससँगै पानी पिएर बल्लबल्ल निल्नुभयो । त्यसपछि

---

३३. *श्रीमद्भागवत १०/८१ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएपछि त्यो राक्षसी आत्तिन थाली । उहाँ आफ्नो बढेको आकारद्वारा त्यसको पेट फुटाएर बाहिर निस्कनुभयो । त्यतिबेला नै विरजा पनि प्राणत्याग गरी भुइँमा ढलेकी थिई । समाजमा अशान्ति मच्चाउने दुष्ट राक्षसीको वध गरेर श्रीगणेशले लोककल्याण गर्नु भयो ।[२९]

आ) शतमाहिषाद्वारा श्रीगणेशको हत्या गर्ने प्रयास

गौरी–शङ्करका प्यारा पुत्रका रूपमा पैदा हुनु भएका बालगणेशले खेल खेलमा व्योमासुरको वध गर्नु भएपछि व्योमासुरकी बहिनी शतमाहिषा सोह्र शृङ्गारले सजिएर पार्वतीको निवासमा पुगेकी थिई । त्यहाँ त्यसले आफ्नो मीठो बोलीद्वारा सबैलाई विश्वासमा पारेर बालक गणेशलाई काखमा राखेर गालामा चुम्बन गर्न थाली । बालक गणेशले तुरुन्तै त्यसको दुराशय थाहा पाउनुभयो र त्यसलाई कानमा समाती भुइँमा पछार्नुभयो । त्यो पर्वताकार भएर लडिरहेकी थिई । श्रीगणेशले यसरी खेलखेलमा शतमाहिषाको वध गरी पृथिवीको भार हरण गर्नुभयो ।[३०] बालमारिकाहरूलाई मारेर बालक-बालिकाहरूको सुरक्षा गर्ने अवतारलीलामा आधारित तीनवटै कथाहरूको मर्म एउटै देखिन्छ ।

ङ) यशोदा र पार्वतीद्वारा श्रीकृष्ण र श्रीगणेशको मुखभित्र ब्रह्माण्डदर्शन

१) यशोदाद्वारा श्रीकृष्णको मुखभित्र ब्रह्माण्डदर्शन

एक दिन माता यशोदाले आफ्ना प्यारा छोरा श्रीकृष्णलाई – 'बाबु कृष्ण ! तिमीले माटो खाएको सिकायत आएको छ। यो बानी राम्रो होइन, अब यस्तो गर्न हुँदैन' भनी उपदेश दिँदा श्रीकृष्णले बालस्वभाव–अनुसार भन्नुभयो- 'आमा ! मैले माटो खाएको छैन, ज–जसले मेरो सिकायत गरेका छन् ती ढँटुवा हुन् ।' कृष्णका कुरा सुनेर माता यशोदाले- 'बाबु ! आँ गर त' भनिन् । अनन्त ऐश्वर्य र सामर्थ्यका धनी श्रीकृष्णले आमाको आज्ञानुसार मुख खोल्नुभयो । यशोदाले श्रीकृष्णको मुखभित्र चराचरसहित सम्पूर्ण ब्रह्माण्डको दर्शन गरिन् । त्यसपछि श्रीकृष्णको अद्‌भुत लीला संझेर ती विस्मित एवं मोहित भइन् ।[३१]

२) पार्वतीद्वारा श्रीगणेशको मुखभित्र ब्रह्माण्डदर्शन

आमा पार्वतीले बालगणेशलाई आफ्नो पीठवाट भुइँमा ओराल्नु भयो । भुइँमा ओर्लिएका श्रीगणेश एकाएक बेहोस भई पल्टिनुभएको थियो । उहाँलाई पटक पटक हाई लागिरहेको थियो । आफ्नो प्यारा पुत्रलाई बेहोसीको हालतमा हाई गरिरहेको देखेर नजिकै आई हेर्दा हाईका कारण खुला भएको श्रीकृष्णको मुखभित्र चराचरसहित सम्पूर्ण ब्रह्माण्डको दर्शन गर्दा भयभीत र विस्मित बनेकी पार्वती मूर्च्छित हुनुभयो। मूर्च्छाबाट ब्यूँझे पछि उहाँले आँखा चिम्लेर भगवान् शिवजीको ध्यान गर्नु भयो । आँखा खुल्दा उहाँका सामु बालगणेश पहिलेझैं खेलिरहनु भएको थियो ।[३२] उक्त दुवै प्रसङ्गले मुखभित्र ब्रह्माण्डदर्शन गराउने दुवै अवतारपुरुषहरूको तात्त्विक एकरूपता प्रकाशित गर्दछन् ।

२९. *श्रीगणेशपुराण २/७ अध्याय ।*
३०. *पूर्ववत्, २/८७ अध्याय ।*
३१. *श्रीमद्‌भागवत १०/८ अध्याय ।*
३२. *गणेशपुराण २/९२/ ४०–४६ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च) श्रीकृष्ण र श्रीगणेशको भक्तवात्सल्य

१) श्रीकृष्ण र सुदामाको अनिर्वचनीय प्रेम

सुदामासँग उनकी पत्नीले तपाईंले श्रीकृष्ण मेरा बालसखा हुन् भन्नुहुन्छ, हामी यस्ता दीन र हीन छौं, एक पटक द्वारका पुगेर भेट गरे त हुन्थ्यो नि ! भनिरहिन् । श्रीकृष्णमा अपार भक्ति गर्ने तर आफ्ना लागि केही नचाहने सुदामा भने द्वारका जान सङ्कोच मानिरहेका थिए । पतिव्रता पत्नीले सारै आग्रह गरे पछि वचन हार्न नसकेर सुदामा आफ्नी पत्नीले दिएको चिउरा रुमालमा पोको पारी द्वारका गए । रुक्मिणीसहित श्रीकृष्णले सुदामाको स्वागत-सत्कार एवं पूजा गर्नुभयो । सुदामा दंग परे, सकुचाए र लजाए पनि । श्रीकृष्णले मनमनै भन्नुभयो - 'आफ्नी पत्नीको आग्रहका कारण उनले चिताएको प्यारो काम गराउन विचरा सुदामा मेरो नजिकमा आइपुगे । अब म यिनलाई आफ्नो शक्तिबाट देवताका लागि पनि दुर्लभ सम्पत्ति प्रदान गर्नेछु ।' यसरी विचार गरेपछि श्रीकृष्णले सुदामाको हातमा रहेको चिउराको पोको हेरी यो के ल्याउनु भयो भनी खोस्नु भयो । एक गास चिउरा चपाएर निल्नु भएपछि श्रीकृष्णले भन्नुभयो - 'अहा ! मेरा वालसखा ! कति मीठो र कति स्वादिष्ट चिउरा उपहारमा ल्याउनुभएछ । म तृप्त छु र सन्तुष्ट छु ।' यसरी सम्मानित भएका सुदामा केही दिन द्वारका बसेर भगवान्सँग बिदा लिई रित्तै घर फर्किए । घरमा आउँदा कुटीमा जेन तेन निर्वाह गरी जिन्दगी गुजारिरहेका सुदामा संसारका सर्वोत्तम ऐश्वर्यशाली एवं भाग्यशाली पुरुष भइसकेका थिए ।[३३]

२) शुक्लको श्रीगणेशमा अनिर्वचनीय भक्तिभाव र श्रीगणेशको शुक्लमाथि परम करुणा

काशीनगरीमा रही अद्भुत बाललीलाद्वारा सबै नरनारीहरूलाई मन्त्रमुग्ध तुल्याउनु हुने बालगणेशलाई सबैले स्वागत एवं अभिनन्दनका लागि आ-आफ्नो घरमा आतिथ्य ग्रहण गर्न अनुरोध गरिरहेका थिए । श्रीगणेश भने काशीको सीमान्त गाउँमा कुटी बनाएर आफ्नो आराधना गरिरहेका दरिद्रभक्त शुक्लमाथि कृपा गर्ने उद्देश्यले सम्पन्न नगरवासीहरूको घरमा फेरि जानेछु भन्ने विचार गरी बालमित्रहरू साथमा लिएर शुक्लको कुटीमा पुग्नु भयो । शुक्लले आफ्ना आराध्य प्रभुलाई घरमा आउनु भएको देखेर हर्षगद्गद भई श्रद्धापूर्वक, पुष्प, चन्दन, अक्षता, पुष्पमाला, दूर्वाङ्कुर, शमीपत्र, मन्दारपुष्प, सुगन्धित तेल र केतकी पुष्प अर्पण गरी धूप-दीप टक्र्याए पछि नैवेद्यका रूपमा वनमा फलेका फल टक्र्याए । मन्त्रपाठ गर्दै पुष्पाञ्जलि अर्पण गरी भक्तिपूर्वक प्रणाम गरे । त्यसबेला शुक्लले मनमनै भने- 'मसँग कुत्सित अन्नमात्र छ, मैले भगवान्लाई के टक्र्याउँ ?' शुक्लको मनको अभिप्राय बुझेर बालगणेशले शुक्लकी धर्मपत्नीलाई भन्नुभयो - 'आमा ! तपाईंको घरमा जस्तोसुकै अन्नबाट तयार गरिएको भोजन भए पनि म खान्छु, दिनुहोस् । भक्तिपूर्वक अर्पण गरिएको कुत्सित अन्न पनि मेरा लागि अमृतभन्दा तृप्तिदायक हुन्छ । दम्भ र स्वार्थद्वारा प्रेरित भई प्रदान गरिने अमृतमय अन्न पनि मेरा लागि विषबराबर हुन्छ ।' यो कुरा सुनेर लज्जित हुँदै शुक्लकी धर्मपत्नीले पातलो माडसहित नीरस भातले भरिएको भाँडो, वन र खेतहरूबाट ल्याइएका अन्नहरूको पीठो र तेल ल्याएर टक्र्याइन् । भोजनको यो रूप देखेर गणेशका बालसखाहरू मरी मरी हाँस्न थाले । श्रीगणेशले पीठाको प्रत्येक गाससँगै पानी पिएर बल्लबल्ल निल्नुभयो । त्यसपछि

---

३३. *श्रीमद्भागवत १०/८१ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तशुक्लले श्रीगणेशका सामु राखिएको माड–भातको भाँडो पूरै टपरीमा खन्याइदिए । पातलो माडसहितको भातबाट माड बग्न थाल्यो । श्रीगणेशले आफ्ना साना–साना हातले बगिरहेको माड–भात छेक्न थाल्नुभयो तर सक्नुभएन । तुरुन्तै श्रीगणेश आफ्नो रूपपरिवर्तन गरी दसहाते गणेशका रूपमा सुहाउनुभयो । उहाँ दसवटै हात प्रयोग गरी बगिरहेको माड–भातलाई थुन्न सफल हुनुभयो । भगवान्को यो अवस्था देखेर बालमित्रहरू ताली पिटी–पिटी हाँस्न थाले । भगवान् श्रीगणेशको यो बाललीला सबैका लागि आश्चर्यदायक थियो । यसरी भक्तदम्पतीको सत्कार र अनुपम भक्तिको अनुभव गर्दै भगवान् फर्किनुभयो । काशिराजको दरबारमा आई उहाँले मनमनै भक्तदम्पतीका लागि मैले जे दिए पनि थोरै हुन्छ भन्दै इन्द्रको दरबारभन्दा राम्रो घर, सुन्दर रूप, ऐश्वर्य र आध्यात्मिक ज्ञानसमेत दिएर कृतकृत्य तुल्याउनु भयो ।[३४]

यी दुवै आख्यानले भक्तहरूमाथि भगवान्को अनुपम वात्सल्य रहने कुरा उजागर गर्दछन् । यी आख्यानका भक्तहरू सुदामा र शुक्ल दुवै धनहीन, सज्जन, निःस्वार्थ र भगवान्का परम भक्त छन् । श्रद्धा, भक्ति, निष्ठा र समर्पणका पर्याय रूपमा रहेका दुवै भक्तहरूको स्वरूपगत समानता रहे पनि परिस्थितिगत पर्याप्त अन्तर छ । सुदामाका आराध्य देवता श्रीकृष्ण सद्गृहस्थ हुनुहुन्छ भने शुक्लका आराध्य देवता श्रीगणेश ब्रह्मचारी बालकका रूपमा हुनुहुन्छ । सुदामाको आख्यानमा सुदामा आराध्यका घर पाहुना भएर गएका छन् तर शुक्लको आख्यानमा स्वयम् गणेश आराधक भक्तको घरमा पाहुना भएर जानुभएको छ । त्यसैले द्वारकामा सुदामाको स्वागत सत्कार भएको छ भने काशीमा श्रीगणेशको स्वागत सत्कार गरिएको छ । यी दुवै आख्यानमा केही अन्तर देखिए पनि गणेशपुराणमा श्रीमद्भागवतीय शैलीको प्रभाव परेको कुरा ठम्याउन सकिन्छ ।[३५]

छ) श्रीकृष्ण र श्रीगणेशका अनेक रूप एवं अनेक लीला

१) श्रीकृष्णका अनेक रूप र अनेक लीला

श्रीमद्भागवतको दशम स्कन्धमा एउटै श्रीकृष्णले हजारौं रूप धारण गरी आफ्ना १६ हजारभन्दा बढी महारानीहरूका कक्षमा एकैपटक लीला गर्नुभएको विषय उजागर गरिएको छ । श्रीकृष्णको विचित्र लीला नजर गर्न द्वारका पुगेका नारदजी सर्वप्रथम १६ हजार कृष्णपत्नीहरूमध्ये एउटीको आवासमा पुगे। त्यहाँ श्रीकृष्णले नारदजीको पाउ पखाली पूजा गर्नुभयो । नारदजी अर्को आवासमा पुग्दा त्यहाँ उनले उद्धव आदि भक्तहरूसँग बसी अक्षक्रीडा गरिरहनुभएका श्रीकृष्णको दर्शन गरे । त्यसपछि नारदजी अर्को आवासमा पुगे । त्यहाँ श्रीकृष्ण आफ्ना सानासाना बालकहरूको लालन गरिरहनुभएको थियो । यसैगरी नारदजी प्रत्येक आवासमा पुगेका थिए । कुनैमा श्रीकृष्ण पञ्चमहायज्ञ गर्दै हुनुहुन्थ्यो, कहीँ ब्राह्मणहरूलाई भोजन गराउँदै हुनुहुन्थ्यो, कहीँ स्वयं यज्ञावशिष्ट भोजन गर्दै हुनुहुन्थ्यो र कहीँ सन्ध्योपासन गर्दै हुनुहुन्थ्यो। फेरि नारदजी अरू आवासहरूमा भ्रमण गर्दै थिए । त्यस बेला श्रीकृष्ण कहीँ तरबार धारण गरी वीरहरूसँग युद्धकौशल देखाइरहनुभएको थियो, कहीँ ओङ्कारको जप गर्दै हुनुहुन्थ्यो, कहीँ घोडा, रथ, हात्ती एवं पैदलसेनाका साथ सल्लाह गर्दै हुनुहुन्थ्यो र कहीँ पलङ्गमा बिराजमान भई स्तुतिपाठकहरूको प्रशस्ति सुन्दै हुनुहुन्थ्यो । भगवान् श्रीकृष्ण कुनै आवासमा उद्धव आदि मन्त्रीहरूका साथ गोप्य मन्त्रणा गर्दै

---

३४. *गणेशपुराण २/२३ अध्याय ।*

३५. *पूर्ववत्, २/२३ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुहुन्थ्यो, कहीँ जलक्रीडा गर्दै हुनुहुन्थ्यो, कहीँ वाराङ्गनाहरूद्वारा घेरिएर बस्नुभएको थियो, कहीँ गोदान गर्दै हुनुहुन्थ्यो र कहीँ मङ्गलपाठ एवं पुराणपाठ सुन्दै हुनुहुन्थ्यो । भगवान् श्रीकृष्ण कुनै आवासमा आफ्नी प्रियतमालाई हास्य कथा सुनाएर मनोरञ्जन प्रदान गर्दै हुनुहुन्छ, कहीँ पुरुषार्थहरूका कार्य गर्दै हुनुहुन्थ्यो र कहीँ निष्कल ब्रह्मको ध्यान गर्दै हुनुन्थ्यो । उहाँ कहीँ गुरुसेवा गर्दै हुनुहुन्थ्यो, कहीँ विषयभोगमा अनुरक्त देखिनुहुन्थ्यो र कहीँ पूजाउपासनामा व्यस्त हुनुहुन्थ्यो । श्रीकृष्ण कहीँ युद्ध, कहीँ सन्धि र कहीँ आफ्ना दाजु बलरामका साथ राजकीय मन्त्रणा गर्दै हुनुहुन्थ्यो । भगवान् श्रीकृष्ण कहीँ छोराहरूको उपयुक्त कन्याहरूका साथ विवाह गराउँदै हुनुहुन्थ्यो भने कहीँ छोरीहरूको उपयुक्त वरका साथ विवाह गराउँदै हुनुहुन्थ्यो । श्रीकृष्ण कहीँ पञ्चमहायज्ञ गर्दै, कहीँ कुँवा, बगैंचा र मठ बनाउँदै, कहीँ धर्मको संरक्षण गर्दै विराजमान हुनुहुन्थ्यो । कहीँ अरबी घोडामा सवार भई सिकार खेल्दै हुनुहुन्थ्यो भने कहीँ अरूले नचिनिने रूप धारण गरी मानिसहरूका घरघरमा पुगेर सुखदुःखको ख्याल गर्दै हुनुहुन्थ्यो । यसरी नारद ऋषि अनन्तवीर्य श्रीकृष्णको योगमायाजनित प्रभाव अनुभाव गरेर चकित भए र श्रीकृष्णसँग आज्ञा लिई ब्रह्मलोकतर्फ फर्किए ।[३६]

२) श्रीगणेशका अनेक रूप र अनेक लीला

काशिराजको निमन्त्रणामा काशीमा रही अनेकौं दानवहरूको वध गर्दै विचित्र लीला गरिरहनुभएका श्रीगणेशले काशीनिवासी नरनारीहरूको भावभक्ति हृदयङ्गम गरी एकैचोटि प्रत्येक काशीवासीका घरमा पुगेर आतिथ्य ग्रहण गर्नुभयो । त्यसबेला श्रीगणेशले प्रत्येक घरमा छुट्टाछुट्टै लीला देखाउनुभयो । उहाँ कुनै घरमा सिँढीबाट माथिल्लो तलामा उक्लिँदै गरेका देखिनुभयो भने कहीँ बालक बनेर झोलुङ्गामा सुतिरहनुभएको थियो । अर्को घरमा उहाँ घर भित्र बस्नुभएको थियो । कुनै घरमा श्रीगणेश पलङ्गमा विराजमान हुनुहुन्थ्यो । कुनै घरमा त्यो घरका बालकहरूसँग क्रीडा गर्दै हुनुहुन्थ्यो भने कहीँ भोजन गरिरहनुभएको थियो । कहीँ शास्त्रको अध्ययन गर्दै हुनुहुन्थ्यो । कहीँ वटुहरूलाई शास्त्र पढाउँदै हुनुहुन्थ्यो। कुनै घरमा श्रीगणेश काशिराजसहित क्रीडा गरिरहनुभएको थियो । कहीँ भक्तहरूले उहाँको शरीरमा मालिस गरिरहेका थिए । कहीँ श्रीगणेश सफा र पवित्र जलले नुहाउँदै हुनुहुन्थ्यो । कहीँ भक्तहरूले उहाँको चरण पखालिरहेका थिए । कहीँ भक्तहरू षोडशोपचारले उहाँको पूजा गरिरहेका थिए । कहीँ श्रीगणेश खीर खाइरहनुभएको थियो, कहीँ भक्तहरू अनेकथरिका सुगन्धित पदार्थ श्रीगणेशको शरीरमा दलिरहेका थिए । कहीँ भक्तहरू फलफूल र मीठा नैवेद्य टक्र्याएर श्रीगणेशको स्वागत गरिरहेका थिए । कहीँ गृहपत्नीहरू, कहीँ शिशुहरू र कहीँ सेवकहरूले श्रीगणेशको सेवा गरिरहेका थिए । श्रीगणेश कहीँ इच्छापूर्वक भोजन गरी तृप्त भएर आराम गर्दै हुनुहुन्थ्यो । कुनै घरमा उहाँ वेद पाठ गर्दै हुनुहुन्थ्यो भने कहीँ गीत गाउँदै हुनुहुन्थ्यो । कुनै घरमा गई मीठामीठा कथा सुन्दै हुनुहुन्थ्यो भने कहीँ हरिगाथा सुन्दै हुनुहुन्थ्यो। कुनै घरमा श्रीगणेश सुन्दरीहरूको नृत्य हेर्दै हुनुहुन्थ्यो भने कहीँ भक्तहरूद्वारा टक्र्याइएको पूजा र आरती ग्रहण गर्दै हुनुहुन्थ्यो । कहीँ साना बालकहरूसँग खेल्दै हुनुहुन्थ्यो भने कहीँ पुराणपाठ गर्दै हुनुहुन्थ्यो । कहीँ धर्मशास्त्र र वेद पढ्दै हुनुहुन्थ्यो भने कहीँ प्रवचन सुन्दै हुनुहुन्थ्यो । यसरी एउटै समयमा सबै घरमा गई लीला गर्नुहुने श्रीगणेशले एकैचोटि भक्तहरूका घरमा उपस्थित भएर ती सबैका मनोरथ पूरा गराउनुभयो ।[३७]

---

३६. *श्रीमद्भागवत, १०/६९ अध्याय ।*

३७. *श्रीगणेशपुराण, २/५४/१९-२९ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै कथाको प्रकृति समान छ । दुवै कथाले अवतारपुरुषको विलक्षण सामर्थ्य प्रकाशन गर्दछन् । अतः श्रीकृष्णको लीला प्रकाशित गर्ने श्रीमद्भागवतबाट श्रीगणेशपुराण पूर्ण प्रभावित भएको तथ्य अवगत गर्न सकिन्छ ।

ज) श्रीकृष्ण र श्रीगणेशका विशिष्ट नाम

१) श्रीकृष्णका विशिष्ट नाम

यशोदा र नन्दका पुत्र बनेर प्रसिद्ध हुनुभएका श्रीकृष्णको नामकरण संस्कारमा आएका गर्ग ऋषिले भनेका थिए – 'हे नन्दजी! तपाईंका छोराका अनेक नाम र अनेक रूप छन्- युगानुसार सेता, राता, पहेँला र नीला । आज उहाँ तपाईंको घरमा नीलो घनश्याम रूप लिएर प्रकट हुनुभएको छ । तपाईंको घरमा आउनुभन्दा पहिले कारागारमा देवकी र वसुदेवका पुत्रका रूपमा पैदा हुनुभएका तपाईंका पुत्र वसुदेवका छोरा हुनाले **वासुदेव**का नामबाट प्रसिद्ध हुनुहुन्छ । उहाँका अरू करोडौं गुण र कर्मका अनुसारका नाम रहेका हुन्छन् ।'[३८]

२) श्रीगणेशका विशिष्ट नाम

भगवान् गणेशले अदिति र कश्यपका पुत्रका रूपमा विनायक अवतार लिनुभयो । नामकरण संस्कारमा कश्यप ऋषिले भने – 'यी बालक सबैभन्दा श्रेष्ठ भएकाले **महोत्कट**का नामबाट विश्रुत हुनेछन् ।' त्यसपछि बालकको दर्शन गर्न आएका वशिष्ठले भने – 'यी विनायक हुन् । यिनले विचित्र एवं डरलाग्दा काम गर्नेछन् । कश्यपका छोरा बनेर पैदा भएका हुनाले यिनलाई **कश्यपनन्दन** पनि भनिनेछ ।'[३९]

भगवान् गणेश पाँच वर्षमा लाग्नुभएपछि उहाँको व्रतबन्ध संस्कार गरियो । त्यस बेला ब्रह्माजीले कमल टक्र्याउँदै **ब्रह्मणस्पति** नाम राखे । बृहस्पतिले पूजाआजा गरी **भारभूति** नामबाट सम्बोधन गरे । कुबेरले आफ्नो घाँटीको रत्नमाला झिकेर अर्पण गर्दै **सुरानन्द** नाम राखे । वरुणले आफ्नो पाश टक्र्याउँदै **सर्वप्रिय** नामबाट सम्बोधन गरे । भगवान् शङ्करले डमरु र त्रिशूल टक्र्याई **विरूपाक्ष** नामबाट सम्बोधन गर्नुभयो र आफ्नो शिरको चन्द्रकला अर्पण गर्दै **भालचन्द्र** भनेर पनि बोलाउनुभयो । परशुरामकी आमा रेणुकाले बालगणेशका निमित्त सँगै खेल्ने एउटी सुन्दरी किशोरी टक्र्याएर परशु प्रदान गरिन् । त्यसपछि **परशुहस्त** नामकरण गरिन् । तिनले श्रीगणेशको पूजा गरी उहाँलाई वाहनको रूपमा सिंह टक्र्याएर **सिंहवाहन** भनी सम्बोधन पनि गरिन् । ब्राह्मणका रूपमा आएका महासागरले मोतीको माला टक्र्याई **मालाधर** भनी नामकरण गरे । शेषनागले श्रीगणेशको आसनका रूपमा आफूलाई सुम्पिदिए र **फणिराजासन** भनी नामकरण गरे । अग्नि देवताले आफ्नो दाहशक्ति प्रदान गरी **धनञ्जय** भनी नामकरण गरे । वायु देवताले ठूलो बल प्रदान गर्दै **प्रभञ्जन** भनी नाम राखे । यसरी अनेक देवता एवं ऋषि मुनिहरूले उपहार टक्र्याउँदै आफ्नै गुणस्वभावअनुसारका श्रीगणेशका नाम राखे ।[४०]

श्रीगणेशले त्रेतायुगमा पार्वती र शङ्करका पुत्रका रूपमा मयूरेश्वर नामबाट अवतार लिनुभयो ।

---

३८. *श्रीमद्भागवत १०/८/१३-१५ ।*
३९. *गणेशपुराण २/७ अध्याय ।*
४०. *पूर्ववत्, २/१० अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एघारौं दिनमा नामकरण संस्कारका लागि आमन्त्रित गरिएका मुनिहरूले आई शिवनन्दन बालकको विघ्ननाशक **गुणेश** भन्ने नाम राखे । गुणमय र सम्पूर्ण प्रपञ्चका स्वामी हुनुभएकाले श्रीगणेशको गुणेश नामलाई अति उत्तम ठहऱ्याई अनुमोदन गर्दै शिवजीले भन्नुभयो – 'हे मुनिगण ! तपाईंहरूले गुणस्वभावअनुसारको अति उत्तम नाम राखिदिनुभएको छ । म प्रसन्न छु ।' यति भनेर शिवजीले श्रीगणेशलाई 'तिम्रो पूजा सम्पूर्ण शुभकर्मको आरम्भमा गरिनेछ' भनी वर पनि दिनुभयो ।[४१]

द्वापर युगमा श्रीगणेश पार्वती एवं शिव र पुष्पिका एवं वरेण्यका पुत्रका रूपमा **गजानन** नामबाट पैदा हुनुभयो । त्यस अवतारमा श्रीगणेशले सिन्दूरासुरको वध गर्नुभएका कारण मुनिहरूले उहाँलाई **सिन्दूरहा** नामबाट सम्बोधन गरे । मुनिहरूले नै पूजा गरी **दैत्यविमर्दन** भन्ने नाम पनि राखे ।[४२]

श्रीमद्भागवत दशमस्कन्धमा गर्ग ऋषिले श्रीकृष्णको नामकरण गरी वासुदेव र कृष्ण भनी सम्बोधन गरे । श्रीकृष्णका अनन्त नामका विषयमा भने – 'उहाँका अनेक नाम छन् र गुण पनि । ती सबैको विषयमा मलाई राम्रो ज्ञान छ ।'[४३] गणेशपुराणमा भने सूत्रात्मक रूपमा नाम निरूपण गरिएको छैन । यहाँ प्रत्येक अवतारका प्रत्येक लीलामा श्रीगणेशका सैकडौं नामहरूको निरूपण गरिएको छ । श्रीमद्भागवतमा व्यापकरूपमा श्रीकृष्ण लीलाको वर्णन गरिएता पनि सहस्रनामको निरूपण भएको छैन । गणेशपुराणमा भने गणेशसहस्रनामको माध्यमबाट पनि श्रीगणेशका विशेषताहरूलाई उजागर गरिएको छ ।

झ) वेदव्यासको चिन्ता

१) श्रीमद्भागवतमा वेदव्यासको चिन्ता

श्रीमद्भागवतको प्रथम स्कन्धमा सत्र पुराण एवं महाभारतसमेतको रचना गरी गङ्गातटमा शम्याप्रास आश्रममा बस्नुभएका वेदव्यासलाई मानसिक चिन्ता परेको कुरा देखाइएको छ । उनले मनमनै 'किन हो यतिविधि रचनात्मक काम गर्दा पनि मेरो आत्मा असम्पन्न भएझैं असन्तुष्ट छ' भनिरहेका थिए । त्यतिखेर नै घुम्दै आइपुगेका देवर्षि नारदजीले वेदव्यासलाई सम्बोधन गर्दै भने – 'हे मुनिवर! तपाईंले आफ्ना रचनाहरूमा जसरी धर्म, अर्थ, काम र मोक्ष नामक पुरुषार्थहरूको व्यापक वर्णन गर्नुभएको छ, त्यसरी भगवान् श्रीकृष्णको महिमा प्रकाशित गर्नुभएन । यसैले तपाईंलाई भ्रान्ति, उद्विग्नता, खेद र असन्तोषले घेरिरहेका छन् । अब तपाईंले श्रीकृष्णको महिमा प्रकाशित गर्ने श्रीमद्भागवत महापुराणको रचना गर्नुहोस्, शान्ति प्राप्त हुनेछ ।'[४४]

२) श्रीगणेशपुराणमा वेदव्यासको चिन्ता

वेदव्यासले वेदका चार भाग लगाएपछि विद्याको मदले सम्पन्न भई वैदिक ज्ञानलाई लोकमा फैलाउने हेतुले पुराणवाङ्मय रचना गर्न आरम्भ गरे । तर, निर्विघ्न समाप्तिका लागि गर्नुपर्ने मङ्गलमूर्ति गणेशको स्मरण एवं वन्दना केही गरेनन् । फलस्वरूप विघ्न आइलाग्यो । उनले वेदका अर्थ बिर्सिए र पुराणलाई वेदार्थले अनुप्राणित गराउन सकेनन् । लौकिक र अलौकिक मार्गका विधि–विधानको वर्णन गर्ने सन्दर्भमा पनि वेदव्यासलाई भ्रान्ति भयो । उनी साह्रै चिन्तित भए । पिता ब्रह्माजीसमक्ष गएर आफ्नो

४१. *पूर्ववत्, २/८२ अध्याय ।*
४२. *पूर्ववत्, २/१३७ अध्याय ।*
४३. *श्रीमद्भागवत १०/६ अध्याय ।*
४४. *पूर्ववत्, १/५ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्या बताए । ब्रह्माजीले भन्नुभयो – 'हे व्यास ! तिमीले पुराणरचनाको आरम्भमा श्रीगणेश अथवा अरू कुनै देवताको सम्झना, वन्दना आदि केही पनि गरेनौ । त्यसकारण तिमीलाई भ्रान्ति उत्पन्न भएको छ। अब तिमीले श्रीगणेशको पवित्र मन्त्र जप गरी आराधना गर । उहाँको दर्शन पाउनेछौ र पुराणवाङ्मयको रचनामा समर्थ पनि हुनेछौ ।'[४५] परमात्मा १६ कलाका अवतार श्रीकृष्णको महिमाको वर्णन नगरेका कारण व्यासलाई असन्तोष भएको कुरा श्रीमद्भागवतबाट ज्ञात हुन्छ । अर्कोतर्फ वेदको विभाग गरेर चार भाग लगाउने समग्र ज्ञानका सागर वेदव्यासलाई पुराणरचना आरम्भ गर्दा विघ्न आइलाग्यो भन्ने कुरा गणेशपुराणबाट थाहा हुन्छ ।

दुवै पुराणको प्रकृति एउटै भए पनि श्रीमद्भागवतको आख्यानमा पुराण रचनापछि असन्तोष भएको छ भने गणेशपुराणको आख्यानमा पुराणरचनाको आरम्भमा नै असन्तोष भएको छ । यी दुवै आख्यानको भिन्नता यही नै हो । श्रीमद्भागवतको आख्यानमा कृष्णको महिमा वर्णन नगरिएका कारण असन्तोष भएको छ भने गणेशपुराणको आख्यानमा प्रथमपूज्य देवता श्रीगणेशको प्रथमपूजा नभएका कारण असन्तोष देखिएको छ । निष्कर्षरूपमा भन्नुपर्दा गणेशपुराण र श्रीमद्भागवतमा व्यासको चिन्ताको प्रमुख कारण परमात्मा श्रीगणेश वा श्रीकृष्णको उपेक्षा नै हो भन्ने समान हेतु प्रकाशित भएको छ ।

ञ) श्रीकृष्ण र श्रीगणेशद्वारा ब्रह्माजीको गर्वहरण

१) श्रीकृष्णद्वारा ब्रह्माजीको गर्वहरण

श्रीमद्भागवत महापुराणमा भगवान् श्रीकृष्णको शक्ति जान्न खोज्ने ब्रह्माजीले श्रीकृष्णका ग्वालबाल र बाच्छाबाच्छीको अपहरण गरी चिन्तित उहाँलाई तुल्याए । श्रीकृष्णले यो ब्रह्माजीको काम हो भन्ने बुझी उनले अपहरण गरेका ग्वालबाल र बाच्छाबाच्छी जस्ता थिए त्यस्तै नयाँ सृष्टि गर्नुभयो । एक वर्षसम्म पनि कसैले पत्तो पाएनन् । भगवान् श्रीकृष्णको यो शक्ति देखेर ब्रह्माजी दङ्ग परे । उनको मनमा पछुतो भयो, शरण परे र आफूले अपहरण गरेका ग्वालबाल र बाच्छाबाच्छी फिर्ता गरे । अन्तमा उनले श्रीकृष्णको चरणमा शरण पर्दै स्तुति, प्रार्थना, परिक्रमा र वन्दना गरे ।[४६]

२) श्रीगणेशद्वारा ब्रह्माजीको गर्वहरण

भगवान् गणेशको मयूरेश्वर अवतार भयो । उहाँले अनेकौं दानवहरूको वधका साथै भयङ्कर दानव कमलासुरको पनि वध गर्नुभयो । ऋषिमुनि एवं ब्रह्मादि देवताहरूले श्रीगणेशको स्तुति गरे । त्यसबेला गणेशले ब्रह्माजीका मनमा माया फैलाइदिनुभयो र एक्कासि उहाँमा अहङ्कारको उदय भयो । ब्रह्माजीले मनमनै भने – 'म सबैको पितामह हुँ । मैले किन गणेशजस्तो ११ वर्षको बच्चालाई नमस्कार गर्ने ? मेरो ज्ञान, मेरो पद र मेरो महिमा सबै धिक्कारयोग्य भए । अब म मेरो सृष्टि लुकाउँछु । यदि गणेश शक्तिशाली रहेछन् भने अर्को सृष्टि गर्नेछन् ।' यसरी विचार गरी ब्रह्माजीले सम्पूर्ण सृष्टि लुकाए, संसार शून्य भयो । श्रीगणेशले ध्यानदृष्टिबाट यो सबै काम ब्रह्माजीको हो भन्ने बुझ्नुभयो । त्यसपछि उहाँले ब्रह्माजीको जस्तै नयाँ सृष्टि गरेर देखाउनुभयो । ब्रह्माजीले श्रीगणेशको महिमा बुझे । उनलाई मनमा पछुतो भयो । त्यसपछि

४५. *गणेशपुराण १/१० अध्याय ।*

४६. *श्रीमद्भागवत १०/१३-१४ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

श्रीगणेशको शरणमा परी स्तुति गरे । त्यस बेला गणेशले ब्रह्माजीलाई विराट् रूप देखाउनुभयो । अन्तमा ब्रह्माजीले क्षमाप्रार्थना गरेपछि श्रीगणेशले क्षमा दिनुभयो ।[४७]

दुवै पुराणका आख्यानहरूमा पूर्ण समानता देखिए पनि केही प्रस्तुतिगत भिन्नता रहेको छ । प्रस्तुति शैलीमा भिन्नता देखिइएकाले दुवै आख्यान रोचक छन् । निष्कर्षमा भन्नुपर्दा गणेशपुराणको कथामा श्रीमद्भागवत कथाको घनीभूत प्रभाव परेको बुझ्न सकिन्छ ।

ट) श्रीकृष्ण र श्रीगणेशद्वारा इन्द्रको गर्वहरण

१) श्रीमद्भागवतमा श्रीकृष्णद्वारा इन्द्रको गर्वहरण

परम्परागत रूपमा इन्द्रयाग गर्दै आएका यदुवंशीहरूले इन्द्रयागको तयारी गरिरहेको देखेर श्रीकृष्णले आई इन्द्रको यज्ञ गर्नु व्यर्थ छ, इन्द्रको पूजाभन्दा गाई, ब्राह्मण र पर्वतको पूजा गर्नु फलदायी हुने कुरा बताउनुभयो । फलतः प्रतिवर्ष गर्दै आएको इन्द्रयाग त्यो वर्ष भएन । आफ्नो मखभङ्ग भएका कारण रिसाएका इन्द्रले प्रलयकालिक वर्षा गराए । व्रजभूमि जलमग्न भयो । व्रजवासी आपत्तिमा परे । श्रीकृष्णले सात दिनसम्म आफ्नो कान्छी औंलामा गोवर्धनपर्वत धारण गरी व्रजवासीको रक्षा गर्नुभयो । श्रीकृष्णको अद्भुत एवं पराक्रमपूर्ण लीला देखेर हतप्रभ भएका इन्द्रले श्रीकृष्णको शरणमा परी स्तुति र क्षमायाचना गरे ।[४८]

२) श्रीगणेशद्वारा इन्द्रको गर्वहरण

अ) श्रीगणेश अदिति कश्यपका पुत्र बनेर महोत्कटका नामबाट अवतीर्ण हुनुभयो । उहाँ पाँच वर्षमा लाग्नुभएपछि उपनयन संस्कार गरियो । त्यसबेला आमन्त्रित देवी-देवता एवं ऋषि-मुनि सबैले भावभक्तिअनुसार नाम राखे । त्यहाँ भेला भएका आमन्त्रितहरू समक्ष कश्यपले श्रीगणेशको विशेषता बताउँदै 'जसले श्रीगणेशको विरोध गर्छ त्यो पदभ्रष्ट हुन्छ' भने । कश्यपका कुरा सुनेर इन्द्रले जवाफ दिए - 'हे कश्यपमुनि ! तपाईंले गुणगान गर्नुभए पनि आफ्नै आँखाले पराक्रम नदेखेसम्म गणेशलाई उत्तम देवता कसरी मान्न सकिन्छ ? म भर्खरै परीक्षा लिन्छु' भनी उनले वायु देवतालाई गणेशलाई उडाएर आकाशमा पुऱ्याउन आदेश दिए । इन्द्रको आज्ञा पाउनासाथ प्रलयकालिक विध्वंसकारी हावा चल्यो । हावाले गणेशलाई उडाउन भरमग्दूर प्रयास गऱ्यो । तर, गणेशको रौं पनि काँपेन । त्यसपछि श्रीगणेशलाई डढाउन भनी अग्निदेवतालाई आदेश दिए । प्रलयकालिक अग्निज्वाला दन्किन थाल्यो, विश्व नै ज्वालामालाले ढाकियो र सम्पूर्ण प्राणी आत्तिए । श्रीगणेशले रोगीले दबाईको गोली निले झैं अग्निलाई निलिदिनुभयो । त्यसपछि इन्द्रले विराट्रूप धारण गर्नुहुने श्रीगणेशको दर्शन पाए । गणेशका रोमरोममा असङ्ख्य ब्रह्माण्डको दर्शन गरे । ती ब्रह्माण्डहरूमध्ये एउटा ब्रह्माण्डमा प्रवेश गरी रुमलिएका इन्द्रले बाटो पाएनन् । शिर झुकाएर विनम्र प्रार्थना गर्दै भने- 'प्रभो ! म अज्ञानी छु । मेरो अपराध क्षमा गर्नुहोस् ।' भनी दण्डवत् प्रणाम गरी स्तुति गरे । यसरी स्तुति, प्रणाम र पूजा गरेपछि इन्द्रले श्रीगणेशलाई अङ्कुश, कल्पवृक्ष र दासीहरू टक्र्याई विनायक भनी नामकरण गरे । भगवान् गणेशले प्रसन्न भई इन्द्रलाई अभयदान दिनुभयो ।[४९]

---

४७. *गणेशपुराण २/१०४ अध्याय ।*

४८. *श्रीमद्भागवत १०/२४-२७ अध्याय ।*

४९. *गणेशपुराण २/१ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आ) पार्वती र शङ्करका पुत्रका रूपमा पैदा हुनुभएका श्रीगणेश १४ वर्षमा लाग्नुभयो । पार्वतीले एक दिन मुनिहरूसमक्ष भन्नुभयो – 'हे मुनिहरू ! मेरा छोरा गणेश १४ वर्षमा लागे । यी जन्मेपछि दानवहरूको उत्पात भइरहेकाले कहिल्यै पनि शान्तिसँग बस्न पाइएन । बालकले पनि दुःख पाए, के गर्दा अमनचैन हुन्छ बताउनुहोस् ।' मुनिहरूले भने – 'हे पार्वती! इन्द्रयाग विघ्ननाशको उपाय हो । यज्ञ गरेर इन्द्रलाई खुसी तुल्याउनुहोस् ।' त्यसपछि सबैले मिलेर इन्द्रयाग आरम्भ गरे । इन्द्रको पूजन, हवन, तर्पण र मार्जनबाट पार्वतीको आश्रम गुञ्जायमान भयो । त्यसै बेला राँगोको रूप लिएका दुई दानवहरूको वध गरी श्रीगणेश पनि आइपुग्नुभयो र यज्ञमण्डप हेर्न जानुभयो । त्यहाँ इन्द्रको पूजा र हवन भइरहेको देखेर रिसाउनुभएका गणेशले इन्द्रको यज्ञभङ्ग गरी त्यहाँका सम्पूर्ण सामान लथालिङ्ग पारिदिनुभयो । इन्द्रको प्रतिमालाई टाढा हुत्याउँदै ऋषिहरूलाई भन्नुभयो– 'हे ऋषिगण ! तपाईंहरू भन्नुहोस् त, इन्द्रले खुसी भएर हामीलाई के दिन सक्छन् ? के बाख्रीको पूजा गरेर गाईको दूध पाउन सकिन्छ ?' श्रीगणेशको यस्तो व्यवहारबाट इन्द्र साह्रै रिसाए । अग्नि देवतालाई लुक्न आज्ञा दिए । त्यसपछि पार्वतीको आश्रममा आगो बलेन । काँचै कचिलै खानुपर्ने विवशता आइलाग्यो । श्रीगणेशले नयाँ अग्निको सृष्टि गर्नुभयो । यो देखेर इन्द्रले वायुलाई लुक्न पठाए । सबैमा प्राणसङ्कट आइलाग्यो । श्रीगणेशले आफैं वायु बनेर सबैको रक्षा गर्नुभयो । फेरि इन्द्रले सूर्यलाई प्रचण्ड ज्वाला छरेर प्रलयकालको विभीषिका खडा गर्न आज्ञा दिए । सूर्यले प्रलयकालिक प्रचण्डता देखाएपछि श्रीगणेश बादल बनेर बर्सिनुभयो । कुनै उपायबाट पनि श्रीगणेशलाई झुकाउन असमर्थ भएका इन्द्र हैरान भएर श्रीगणेशको शरणमा परे । श्रीगणेशको स्तुति गरी प्रणाम गरेर इन्द्रलोकतर्फ फर्किए ।[५०]

गणेशपुराणका इन्द्रसम्बन्धी दुवै कथामा श्रीमद्भागवतमा वर्णित इन्द्र कथाको पूरा प्रभाव देखिन्छ। गणेशपुराणको पहिलो कथामा इन्द्रले गणेशको महिमामा शङ्का गरी शक्तिपरीक्षण गरेका छन् र परिणाममा आफैं हतप्रभ भएका छन् । दोस्रो कथा श्रीमद्भागवतकै विषय र शैलीअनुसार प्रस्तुत गरिएको छ । श्रीकृष्णले झैं श्रीगणेशले पनि इन्द्रयागको औचित्य नरहेको स्पष्ट गर्दै यज्ञभङ्ग गर्नुभएको छ । दोस्रो कथामा श्रीमद्भागवतको पूर्ण प्रभाव परेको देखिन्छ ।

१.५ श्रीगणेशपुराणमा प्रतिबिम्बित साहित्यिक सौन्दर्य

पुराणहरू व्यास र व्यासजस्ता कविहृदयसम्पन्न आप्त मनीषीहरूका रचना हुन्। कुनै विशिष्ट देवताको चरित्रवर्णन र महिमप्रकाशनमा आधारित भए पनि पुराणहरूले तत्कालीन समाज, संस्कृति र जनभावनालाई पनि प्रतिबिम्बित गराउँछन्। पुराण आप्तहरूका रचना हुनाले आर्षकाव्य मानिन्छन् । पुराणहरूमा प्रस्तुत आख्यानहरूका पात्र–पात्रीहरूको संवादमा व्यक्त हुने सुललित भाषा र अर्थमा अलङ्कार, रीति, गुण, रस, ध्वनि र वक्रोक्ति पनि पुष्ट एवं अभिव्यक्त हुँदै जान्छन् ।

गणेशपुराण सरल, सुललित र अर्थगम्भीर भाषामा लेखिएको आर्षकाव्य हो । यस पुराणका महानायक श्रीगणेश हुन् । यसको उद्देश्य नर–नारीहरूले सदाचार एवं सच्चरित्रताको माध्यमबाट सत्यनिष्ठ भई जीवनयापन गर्दै आस्थावान्

५०. *पूर्ववत्, २/१०७ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

बनुन् भन्ने नै हो । चाहेमा जे गर्न पनि सक्ने, न चाहेमा केही पनि नगर्ने र विपरीत पनि गर्न सक्ने सर्वसमर्थ ओङ्काररूप परमात्मा हुनुहुन्छ र उहाँ लोककल्याणका लागि सूँढे गणेशका रूपमा अवतरित हुनुहुन्छ । उहाँको परोपकारमय, सत्यनिष्ठ र करुणाकोमल व्यक्तित्वबाट पाठ सिकेर मानिसहरूले भौतिक जीवनलाई चमत्कारपूर्ण र पारमार्थिक जीवनलाई ज्योतिर्मय तुल्याउनु पर्दछ । सबैले यस्तै आचरण गर्दा जीवन सफल तुल्याउन सक्छन् तर यसको विपरीत आचरण गरेमा तिनको जीवन व्यर्थ हुन्छ ।

यस पुराणमा श्रीगणेशका अवतारचरित्रहरूमा कहीं वात्सल्य, कही वीर, कहीं शान्त र कहीं अद्‌भुत रसको परिपाक भएको छ । दुर्जेय दानवहरूसंग संग्राम गर्दा कतै भयानक, कतै रौद्र र कतै बीभत्स रसको पनि परिपाक भएको कुरा ती ती प्रसंगमा अनुभव गर्न सकिन्छ । दैत्यराज सिन्धुको देहावसान पछि त्यसका माता-पिता र पत्नीहरूको क्रन्दनमा करुणरस अभिव्यक्त भएको छ । उक्त सबै रसहरूको अभिव्यक्ति आत्मसात् गरिएता पनि यो पुराण गणेशभक्तिपरक भएकाले रसहरू भन्दा पनि माथि मूल केन्द्रमा भावकै साम्राज्य अनुभूतिगोचर हुन्छ । ती ती रसहरूको परिपाक भएका स्थलमा तिनका अनुकूल गुण र रीति पनि प्रकट भएका छन् । अर्थानुकूल सुन्दर शब्दहरूको चयन गरिएका स्थलहरूमा शब्दालङ्कार र शब्दहरूको चारुतालाई पनि उछिनेर अर्थको चमत्कृति प्रकट गर्ने पद्यहरूमा अर्थालङ्कारको आस्वाद लिन सकिन्छ । विदग्ध काव्यहरूमाझैं शृङ्खलाबद्ध रूपमा काव्यतत्त्वको अनुभूति गर्न न पाइएता पनि विकीर्ण रूपमा रहेका काव्यतत्त्वले साहित्यिक सौन्दर्यको सिर्जना गरेका छन् । साहित्यभित्र चिन्तन र कल्पना दुवैलाई समेटिने हुँदा गणेशपुराणमा निहित गणेशगीता र विभिन्न स्तुतिपद्यहरूमा व्यक्त दार्शनिक तथ्यहरूका कारण पनि गणेशपुराणमा सङ्लो साहित्यिक सौन्दर्य अनुभव गर्न सकिन्छ । यहाँ काव्यतत्त्वसम्बन्धी केहीं उदाहरण प्रस्तुत गरी वस्तुतथ्यलाई प्रमाणित गर्ने प्रयास गरिँदै छ ।

क) करुण रसको अभिव्यक्ति

श्रीगणेशद्वारा दैत्यराज सिन्धुको वध गरिएपछि विलाप गर्दै दैत्यपत्नी दुर्गाले भनेकी थिइन् – 'हे प्राणनाथ! विधाताले वेदमा दम्पतीको शरीरमा एकता हुने कुरा बताएका छन् । तर ती दुवैको प्राणमा एकता हुने कुरा किन बताएनन् ? ब्रह्मा वास्तवमा मूर्ख हुन् । आफ्ना पराक्रमी पतिको सहवासमा प्राप्त गरेको सौभाग्यका कारण म गर्वित भएँ र मैले इन्द्राणी र सावित्री जस्ता देवनायिकाहरूलाई रौं बराबर पनि गनिनँ । तर आज म सबैका सामु कसरी विधवा हुन पुगें ? हे प्राणनाथ ! म कामावेशमा हुँदा हजुरले आफ्ना हातले मेरा भत्भती पोलिरहेका अङ्गहरूमा कस्तूरी र चन्दनको लेप लगाइदिनुहुन्थ्यो । मेरा अङ्ग-प्रत्यङ्गमा शीतलता फैलिन्थ्यो । आज मेरा ती सबै अङ्ग शोकका कारण जलिरहेका छन् । हजुर छिटो आउनुहोस् र पहिलेजस्तै मेरा ती अङ्गहरूमा कस्तूरी र चन्दनको लेप लगाइदिनुहोस् । हे प्राणनाथ ! हजुरले म नभएका बेला पानीको थोपा पनि खानुहुन्थेन, अहिले किन मलाई एक्लै छाडेर स्वर्गको सुखमा रम्नु भएको छ ? हे पतिदेव ! हजुरले मसंग निस्वार्थ र आनन्ददायक प्रेम गर्नुभएको थियो । आज कुन स्वार्थका कारण मलाई विर्सेर एक्लै स्वर्गतर्फ जानुभयो ?'

देहैक्यं कृतवान् धाता दम्पत्योर्वेददर्शनात् । प्राणैक्यं न कृतं कस्माद् ब्रह्मणा मूढबुद्धिना ।।
नाहं शचीञ्च सावित्री सौभाग्यमदगर्विता । गणयामि न चान्याश्च सा कथं विधवाऽभवम् ।।
स्वहस्तेन च कस्तूरी चन्दनं च यदा भवान् । चर्चति स्म तदाङ्गानि शीतलानि ममाभवन् ।।
इदानी दह्यमानानि शोकेन तानि निर्वप । न भक्षयसि पूर्वं त्वं मद्विना विषमण्वपि ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स कथं मां विना स्वर्गसुखं भोक्ष्यसि तादृशम् । उपाधिरहितं प्रेम कृतं नानाविधं पुरा ।।
अनिर्वाच्यं कथं त्यक्त्वा तद्गतोसि सुरान्तक ।।[५१]

उक्त भनाइमा मरेका पतिको निष्प्राण शरीर आलम्बन विभाव हो । क्षत-विक्षत शरीरमा घाउ लागेको उद्दीपन विभाव हो । पूर्वस्मृति अनुभाव हो र निर्वेद व्यभिचारिभाव हो । यिनै विभावहरूद्वारा पुष्ट शोकनामक स्थायी भाव करुण रसमा परिणत भएको छ ।

ख) भाव

गणेशपुराण भक्तिप्रधान आर्ष रचना भएकाले यहाँ भावतत्त्व मुख्य बनेर रहेको छ । भावप्रधान पद्यहरूमध्ये एउटा पद्यको अर्थ यसप्रकार छ– 'हे भगवान् गणेश ! हजुरले सधैं आफ्ना भक्तहरूलाई आत्माको आनन्द र शरीरको सुख प्रदान गर्नुहुन्छ । हजुरले नै दुखी मानिसहरूप्रति ठूलो दया राख्नुहुन्छ । हे प्रभु ! काम, क्रोध, लोभ, मोह, मद र ईर्ष्याको वेगलाई नाश गरिदिनुहोस् । त्यसपछि अनन्त सुख दिने हजुरको भजन गरेर हामीले मुक्ति पाउन सक्नेछौं ।'

सदा भक्तानां त्वं प्रसभपरमानन्दसुखदो
यतस्त्वं लोकानां परमकरुणामाशु तनुषे ।
षडूर्मीणां वेगं सुरवर सदा नाशय विभो ततो
मुक्तिः श्लाघ्या तव भजनतोऽनन्तसुखदात् ।।[५२]

यस पद्यमा भक्तको भावनाबाट भक्तितत्त्व अभिव्यक्त भएको छ र त्यो भावमा परिणत भएको छ ।

ग) शब्दालङ्कार

गणेशपुराणमा रहेका शब्दालङ्कारका उदाहरण हुनसक्ने पद्यहरूमध्ये एउटा पद्यको अर्थ यसप्रकार छ - - 'कमलनयन, आफ्नो ठूलो सूँढको टुप्पामा कमल धारण गर्नुहुने, कमलको माला लगाउनु भएका, सिन्दुरले रङ्गिनुभएका र आफ्नो शरीरमा सबै देवताहरूलाई धारण गर्नुहुने भगवान् गणेश इन्द्रका सामु प्रकट हुनुभयो ।'

यः पुष्कराक्षः पृथुपुष्करोपि वृहत्करः पुष्करशालिमालः ।
आविर्वभूवाखिलदेवमूर्तिः सिन्दूरशाली पुरतो मघोनः ।।[५३]

उक्त पद्यमा इन्द्रका सामु प्रकट हुनुभएका श्रीगणेशको वर्णनमा प्रयोग गरिएका शव्दहरूमध्ये पुष्कर शब्दको बारम्बार आवृत्ति भएको छ । यहाँ पुष्कर शब्दको आवृत्तिबाट चमत्कार पैदा हुनुका साथै उच्चारणजनित आस्वाद पनि थपिएको हुँदा अनुप्रासनामक शब्दालङ्कार निष्पन्न भएको छ ।

घ) अर्थालङ्कार

गणेशपुराणमा रहेका अनेकौं अर्थालङ्कारका उदाहरण बन्न सक्ने पद्यहरूमध्ये एउटा पद्यको अर्थ यसप्रकार छ – परशुराम विद्यामा बृहस्पतिसमान थिए, क्षमादान दिने व्यक्तित्वहरूमा पृथिवीसमान थिए र गम्भीरतामा उनी

५१. पूर्ववत्, २/१२४/१८-२४ ।
५२. पूर्ववत्, २/१२३/४८ ।
५३. पूर्ववत्, १/३४/५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

समुद्रसमान थिए । उनी आफ्ना पिताका आज्ञाकारी पुत्रका रूपमा पनि प्रसिद्ध थिए । उक्त अर्थको प्रकाशन गर्ने पद्य यसप्रकार छ –

वाक्ये बृहस्पतिसमः क्षमायां पृथिवीसमः । गाम्भीर्येऽब्धिसमो यस्तु पितृवाक्यपरायणः ।।[५४]

यस पद्यमा वाचक पद समले परशुरामको तुलना बृहस्पति, पृथिवी र समुद्रसंग गराउन सघाउ पुऱ्याएको छ । यसै समपदका माध्यमबाट पाठकले परशुरामको विशाल व्यक्तित्वलाई राम्ररी बुझ्न सक्दछ ।

यी माथिका उदाहरण नमूनामात्र हुन् । गणेशपुराणमा यस्ता अनेकौं पद्यहरूबाट विभिन्न रूपमा साहित्यसौन्दर्यका किरणहरू प्रकाशित भइरहेका छन् ।

१.६ श्रीगणेशपुराणमा नेपाल

श्रीगणेशपुराण नेपालीहरूका लागि ज्यादै श्रद्धास्पद पुराण हो र श्रीगणेश नेपालीहरूका औधि प्यारा एवं परम पूज्य देवता हुनुहुन्छ । श्रीगणेशको उपासनासरणि र अद्भुत लीलालाई केन्द्रीय विषय बनाई सनातन संस्कृतिको मर्म पस्किने श्रीगणेशपुराणमा नेपाली भूभाग, गण्डकीक्षेत्र, विश्वविख्यात नेपाली नदी कालीगण्डकी र कालीगण्डकीमा मात्र पाइने शालग्राम शिलाको चर्चा गरिएकाले हिमाली राष्ट्र नेपाल र श्रीगणेशको घनिष्ठ सम्बन्ध रहेको तथ्य अनुभूतिगोचर हुन्छ ।

भगवान् विष्णुले मधु र कैटभनामक दानवहरूसँग दीर्घकालिक युद्ध गर्दा थाकेपछि आफूमा आएको निर्बलता महसुस गरेर शक्ति र विजय प्राप्त गर्न श्रीगणेशको प्रार्थना गर्नुभयो । श्रीगणेशले प्रसन्न भई प्रकट भएर तथास्तु भन्नुभएपछि कृतज्ञ श्रीविष्णुले स्फटिकको रत्नजडित सुन्दर मन्दिर तयार गरी शालग्राम शिलाद्वारा निर्मित श्रीगणेशमूर्तिको प्रतिष्ठा गर्नुभएको विषय गणेशपुराणमा प्रकाशित गरिएको छ ।[५५]

उक्त सन्दर्भबाट श्रीगणेशपुराणमा नेपाली नदी कालीगण्डकीमा पाइने शालग्राम शिलाले महत्त्वपूर्ण स्थान पाएको तथ्य प्रमाणित हुन्छ ।

यसैगरी केदारक्षेत्रमा केही समय बसी श्रीगणेशको कृपाबाट काशी फर्किनुभएका भगवान् शिवजीले कालीगण्डकीमा पाइने शालग्रामशिलाबाट ढुण्ढिराज गणेशको मूर्ति तयार गराई काशीमा ढुण्ढिराज गणेशको मन्दिर बनाएर मूर्तिप्रतिष्ठा गर्नुभएको विषय गणेशपुराणमा उल्लिखित छ ।[५६]

विशाल मिथिलाअन्तर्गत रहेको गण्डकीनगरमा शासन गर्ने राजा चक्रपाणि विष्णुसमान नै पालनीशक्तिद्वारा सम्पन्न थिए ।[५७] गण्डकीनगर हालको चितवन जिल्लाअन्तर्गत पर्ने नारायणगढ–भरतपुरक्षेत्र नै हो भन्ने स्थानीय निवासी एवं बुद्धिजीवीहरूको विश्वास रहेको छ । चितवनकै सीमावर्ती तीर्थको नाम देवघाट रहनु र चक्रपाणिका छोरा दैत्यराज सिन्धुले विष्णु, इन्द्र आदि देवताहरूलाई गण्डकीनगरको कारागारमा थुनेर राखेको वर्णन गणेशपुराणमा पाइनुले पनि देवघाटको नजिकमा रहेको नारायणगढ–भरतपुरक्षेत्र पौराणिक गण्डकीनगर भएको ठहर गर्न सकिन्छ ।[५८]

चितवनको मैदानी भाग केही वर्ष पहिले जंगल फडानी गरी मानिसहरू बसाइएको भूभाग हो । यस्तो क्षेत्र कसरी

५४. *पूर्ववत्, १/७७/१२ ।*

५५. *प्रासादं निर्ममे तत्र स्फाटिकं भूरिरत्नकम् । लसत्काञ्चनशिखरं चतुर्द्वारसुशोभनम् ।।*
प्रतिमां स्थापयामास गण्डकीयोपलैः कृताम् । – पूर्ववत्, १/१८/२०–२२ ।

५६. *एवमुक्त्वाऽस्थापयत् स गण्डकीयोपलैः कृताम् । मूर्तिं ढुण्ढेर्महादेवः प्रासादे चारुनिर्मिते ।। – पूर्ववत्, २/४८/२०–२१।*

५७. *मैथिले विषये राजा गण्डकीनगरे शुभे । चक्रपाणिरिति ख्यातः साक्षाद् विष्णुरिवापरः ।। – पूर्ववत्, २/११०/३ ।*

५८. *सर्वे निगृहीता देवाः सिन्धुना प्रभविष्णुना । – पूर्ववत्, २/७८/१ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गण्डकीनगर हुनसक्छ भन्ने सामान्य रूपमा प्रश्न उठ्नु स्वभाविक हो । तर, कालको महाप्रवाहमा विशाल नदीका तीरमा रहेका के कति महानगर, नगर एवं गाउँहरू बाढी आदि प्रकृतिप्रकोपका कारण बालुवामा र घनाजंगलका रूपमा परिणत भए भन्ने कुरा लेखाजोखा गर्न गाह्रो छ । त्यस्तै यहाँ पनि कुनै प्रकृतिप्रकोपका कारण पहिलेको गण्डकीनगर पछि आएर घनाजंगलका रूपमा परिणत हुन सक्छ । त्यस्ता प्रकृतिप्रकोप हुँदा पनि देवघाट र नारायणगढका केही स्थानहरूमा प्राचीन मन्दिरहरूका भग्नावशेष पाइन्छन् । त्यसकारण यो क्षेत्र नै प्राचीन गण्डकीनगर हो भन्ने तथ्यलाई सत्यापन गर्ने देवघाट तीर्थ छँदैछ । पुनश्च हामीहरूले नारायणगढ एवं रामपुरका बीचमा रहेको आदिगणेशको मन्दिर र त्यस्तै अनेक साक्ष्यहरू रहेको तथ्यलाई पनि बिर्सनुहुँदैन ।

देवताहरूको एकै ठाउँमा जमघट भएकाले देवघाटलाई देवाट र देव्वघाट दुवै नामबाट चिनिन्छ । सिन्धु दैत्यले देवताहरूलाई गण्डकीनगरको कारागारमा थुनेर एकै ठाउँमा गराएको चर्चा गरिसकिएको छ । अर्कोतर्फ नारायणगढ र रामनगरको बीचबाट भरतपुरतर्फ जाने बाटोमा रहेको आदिगणेशमन्दिर गण्डकीनगरका राजा चक्रपाणिले बनाएको हो भन्नेसमेत जनविश्वास रहेको छ ।[५९] एतावता, सप्तगण्डकीको तीरमा रहेको नारायणगढनगरलाई गण्डकीनगर भन्नुसिवाय अर्को विकल्प छैन । श्रीगणेशपुराणमा नेपाली भूभाग, नेपाली नदी कृष्णागण्डकीलगायतका अरू गण्डकीहरू र नेपालमा मात्र पाइने शालग्रामको चर्चा गरिएकाले गणेशपुराण र नेपालको घनिष्ठ सम्बन्ध प्रमाणित हुन्छ ।

गण्डकीनगरमा थुनिएका देवताहरूले संकटमोचनका लागि गण्डकीनगरक्षेत्रमा मण्डप बनाई गणेशका माटोको मूर्ति तयार गरेर श्रीगणेशको आराधना गरे ।[६०] त्यसपछि गणेशले दर्शन दिएर मैले पार्वतीपुत्रका रूपमा मयूरेश्वर अवतार लिएर सिन्धु दैत्यको वध गर्नेछु भनी आश्वस्त तुल्याउनुभयो । श्रीगणेशले मयूरेश्वरको अवतार लिनुभएपछि आफू गण्डकीनगरभन्दा चार कोश पर विराजमान भएर दैत्यराज सिन्धुलाई सम्झाउन दूतका रूपमा नन्दीलाई पठाउनुभएको थियो ।[६१] नन्दीले श्रीगणेशको समाचार सुनाई सम्झाइबुझाई गर्दा पनि सिन्धुले नमानेपछि दुवै पक्षको बीचमा घोर संग्राम भयो । अन्त्यमा श्रीगणेशका हातबाट सिन्धुले वीरगति प्राप्त गऱ्यो । सिन्धुका पिता चक्रपाणि श्रीगणेशको शरणमा परे र तिनले श्रीगणेशलाई गण्डकीनगरमा आउन अनुरोध गरे । भगवान् श्रीगणेशले पनि शिवपार्वतीसहित गण्डकी नगरमा गई देवताहरूलाई कारामुक्त गराउनुभयो ।[६२] सबैले श्रीगणेशको पूजाआराधनाका साथै जयजयकार गरे । भगवान् श्रीगणेशले सबैसँग भेट गरी आशीर्वाद दिएर बिदा हुनुहुँदा राजा चक्रपाणि चार कोशको बाटोसम्म बिदाइ गर्न गएका थिए । श्रीगणेशले तिमी फर्केर गण्डकीनगरमा गई मेरो आराधना गर भनी बिदा गर्नुभयो । उनले पनि गण्डकीनगरमा आएर आफ्ना जनताहरूसँग मिली श्रीगणेशलगायत सूर्य, विष्णु आदि पाञ्चायन देवताका पाँच मन्दिर बनाई श्रीगणेश आदि सबै देवताहरूको आराधना गरे ।[६३] त्यो गणेश मन्दिर नारायणगढनजिकै रहेको कुरा उल्लेख गरिसकिएको छ ।

यसरी गण्डकी नदी, शालग्राम शिला, गण्डकीनगर र गणेश मन्दिरको श्रीगणेशपुराणमा वर्णन गरिएकाले गणेशपुराणमा नेपालको महत्त्वपूर्ण स्थान रहेको तथ्य प्रमाणित हुन्छ ।

---

५९. *प्रा.डा. दुर्गादत्त शर्मोपाध्याय पौडेलबाट प्राप्त जानकारी ।*

६०. *गणेशपुराण २/७८ अध्याय ।*

६१. *योजनावधि गण्डक्या अवरुह्य शिखण्डिनः । अतिष्ठत् स मयूरेशो महर्षासनमुत्तमम् ॥ - पूर्ववत्, २/११०/३ ।*

६२. *पूर्ववत्, २/१२४/५२-५४ ।*

६३. *पूर्ववत्, २/१२५/३-९ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

१.७ नेपालमा श्रीगणेशपुराण

नेपालको गण्डकीक्षेत्रमा श्रीगणेशपुराणको व्यापक प्रसिद्धि रहेको छ । नेपाल राष्ट्रिय अभिलेखालय, धवलागिरि अञ्चलका बागलुङ, पर्वत, म्याग्दी आदि जिल्लाका विद्वत् परिवार र काठमाडौंलगायत केही प्राचीन नगरहरूमा गणेशपुराणका प्राचीन पाण्डुलिपिहरू पाइएकाले नेपालमा धेरै अघिदेखि गणेशपुराणको भौतिक उपस्थिति रहेको तथ्य प्रमाणित हुन्छ ।

श्रीगणेशपुराणको धार्मिक उपादेयता र उपयोगको छुट्टै महत्त्व रहेको छ । धार्मिक पारायण र प्रवचनका माध्यमबाट सनातन संस्कृतिका सबै अङ्गहरूको संरक्षण, संवर्द्धन र प्रचार–प्रसारमा श्रीगणेशपुराणको योगदान अविस्मरणीय छ । धवलागिरि अञ्चलका बागलुङ, पर्वत र म्याग्दी जिल्ला, गण्डकी अञ्चलका स्याङ्जा एवं कास्की जिल्ला र नारायणी अञ्चलको चितवन जिल्लामा गणेशपुराणका धेरै पाण्डुलिपि पाइनुले गण्डकीप्रवाह क्षेत्रमा श्रीगणेशपुराणको व्यापक प्रभाव रहेको तथ्य स्पष्ट हुन्छ । नेपाली समाजमा श्रीगणेशपुराणयज्ञद्वारा श्रीगणेशको आराधना गरिनुमा विघ्नध्वंस, विपत्तिविदारण, संकटमोचन र मनोरथसिद्धिजस्ता सामान्य प्रयोजनका साथै पुत्रप्राप्ति अथवा सन्तानप्राप्तिजस्तो विशिष्ट प्रयोजनले अहं भूमिका खेलेको तथ्य प्रतीत हुन्छ ।

सन्तानप्राप्ति वा पुत्रप्राप्तिका लागि नेपालका अरू भागमा महाभारतको खिलपर्व हरिवंशपुराण लगाई बालकृष्णको उपासना गर्ने प्रचलन अत्यधिक मात्रामा रहेको पाइन्छ । तर, गण्डकीक्षेत्रमा भने व्यापकरूपमा श्रीगणेशपुराण यज्ञद्वारा बालगणेशको आराधना गर्ने प्रचलन रहेको देखिन्छ । गणेशपुराणमा गण्डकीनगरको चर्चा गरिनु र शालग्रामनिर्मित गणेशप्रतिमाको उल्लेख हुनुबाट गण्डकी र शालग्रामशिलासँग श्रीगणेशको घनिष्ठ सम्बन्ध रहेको देखिन्छ । यसैले गण्डकीक्षेत्रमा गणेशपुराणको र परब्रह्मरूप श्रीगणेशको पनि उत्तिकै प्रभाव रहेको छ ।

गण्डकीप्रवाहक्षेत्रका जिल्ला र गाउँहरूमा श्रीगणेशपुराण यज्ञद्वारा श्रीगणेशको आराधना गरिने कुरा ज्यादै प्रसिद्ध छ । यसैले श्रीकृष्णभक्तिको पवित्र भूमि वृन्दावन, मथुरा र गोकुल भएझैं गण्डकीप्रवाहक्षेत्र श्रीगणेशभक्तिको पवित्र भूमि हो भन्न सकिन्छ ।

बागलुङ जिल्लाका सदाचारी एवं गणेशभक्त विद्वान् पं. लक्ष्मीपति रेग्मीले पुत्रको कामना गर्ने १०८ सदाचारी परिवारमा गणेशपूजन, गणेशपुराणको पारायण र प्रवचन गरेका थिए । ती सबै परिवारले पुत्र प्राप्त गरेको सत्यघटना गण्डकीक्षेत्रमा नै चर्चाको विषय बनेको कुरा ज्ञात हुन आएको छ ।[६४] गोरखपुरका एकजना विशिष्ट विद्वान्ले नेपालको पर्वत जिल्लामा पर्ने पाङ गाउँबाट गणेशपुराणको पाण्डुलिपि झिकाई गणेशपुराण यज्ञ लगाउँदा एक वर्षभित्र नै तिनलाई पुत्र प्राप्त भएको घटनाबाट श्रीगणेशपुराणको क्षिप्र प्रभावकारिता बुझ्न सकिन्छ ।

गण्डकीक्षेत्रका अतिरिक्त नेपालका अन्य भागमा पनि श्रद्धालुहरूले गणेशपुराण यज्ञ लगाउँछन् । नेपालका सबै जिल्लाहरूमा श्रीगणेशसँग सम्बन्धित विशिष्ट पर्वहरूमा गणेशपुराण यज्ञ लगाई श्रीगणेशको आराधना गरिन्छ । नेपालका शिवशक्ति मन्दिर एवं सन्तहरूका आश्रमहरू र श्रद्धालु गृहस्थहरूका घरमा पनि गणेशपुराण यज्ञ लगाउने परम्परा रहिआएको छ । गणेशपुराणअन्तर्गतको गणेशसहस्र नामका नाममन्त्रहरूका पाठ र गणेशपुराणको उत्तरार्धमा रहेको गणेशगीताको अनुशीलनमा पनि गणेशभक्तहरूको प्रवृत्ति रहेको बुझिन्छ । नेपालमा गणेशपुराणमा बताइएका संकष्टचतुर्थीव्रत, वरदचतुर्थीव्रत, मङ्गलचतुर्थीव्रत गर्ने दीर्घ परम्परा रहेको छ ।

एतावता गौरी र शंकरको क्रीडाभूमि नेपालमा गौरी र शंकरका प्यारा पुत्र परब्रह्मरूप श्रीगणेशको महिमगायन गर्ने श्रीगणेशपुराण गौरी, शंकर र गणेशझैं श्रद्धास्पद र लोकप्रिय रहेको कुरा निर्धक्क भन्न सकिन्छ ।

ॐ

६४. *पं. लक्ष्मीपति रेग्मीका छोराहरूबाट प्राप्त जानकारी ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद - दुई

गणेशपुराणका महत्त्वपूर्ण सन्दर्भ

श्रीगणेशपुराण सदाचार, उपासना एवं अध्यात्म चिन्तनको कोषका रूपमा रहेको छ । यसमा श्रीगणेशका लीलापरक कथाहरूका साथै श्रीगणेशको विलक्षणता अवगम गराउने विभिन्न सन्दर्भ रहेका छन् । यस परिच्छेदमा श्रीगणेशको दर्शन पाउने भक्तहरूले कसरी र कुन रूपमा दर्शन पाए यसको लेखाजोखा गरिएको छ । यसैगरी विभिन्न भक्तहरूले गरेका प्रभावकारी स्तुतिहरूको माध्यमबाट श्रीगणेशको स्वरूप र आध्यात्मिक तत्त्व प्रस्तुत गरिएको छ भगवान् श्रीगणेशका दाजु प्रथम पूज्य देवता स्वामी कार्तिकेयको महिमा प्रस्तुत गरिएको छ । यसका साथै गणेशपुराणमा श्रीमद्भगवद्गीताकै तुलनामा रहेको महिमामय गणेशगीताको सार प्रस्तुत गरिएको छ । यसमा रहेको गणेशको धाम स्वानन्दभुवनको विलक्षण सौन्दर्यलाई पनि प्रस्तुतिको विषय बनाइएको छ ।

२.१ गणेशदर्शनपरक सन्दर्भ

भगवान् गणेशले श्रद्धा एवं भक्तिपूर्वक आफ्नो आराधना गर्ने भक्तहरूलाई तिनीहरूको प्रकृति एवं स्तरअनुसार बेलाबेलामा दर्शन दिनुभएका अनेक प्रसङ्ग गणेशपुराणमा रहेका छन् । तीमध्ये केही प्रसङ्गहरूलाई दृष्टान्तका रूपमा प्रस्तुत गरिँदैछ ।

क) कमलासुरद्वारा विश्वरूपदर्शन

भगवान् गणेशको गुणग्राहिता अनुपम छ । आफ्नो परम शत्रु कमलासुरको युद्धनिष्ठा, समर्पण र अपूर्व शौर्य देखेर श्रीगणेशले त्यसलाई आफ्नो विश्वरूप देखाउनुभएको कुरा गणेशपुराणमा यसरी वर्णन गरिएको छ - 'कमलासुरको विलक्षण शौर्य देखेर सन्तुष्ट हुनुभएका गुणग्राहकहरूमा उत्तम भगवान् गणेशले त्यसलाई आफ्नो अनन्त विश्वरूपको दर्शन गराउनुभयो । त्यसपछि त्यसले दशै दिशामा श्रीगणेशको दर्शन पायो । अत्यन्त चकित भई आँखा चिम्लिदा त्यसले आफ्नो हदयभित्र पनि श्रीगणेशको दर्शन प्राप्त गरेको थियो ।'[१]

ख) गन्धर्वहरूद्वारा पञ्चायतनका रूपमा श्रीगणेशको दर्शन

कैलासको यात्रामा निस्केका हाहा, हुहु र तुम्बुरुनामक गन्धर्वहरू विश्रामका लागि कश्यप आश्रममा गए । भोजनका लागि प्रार्थना गरिएका ती पाहुनाहरूले पञ्चायतन देवताको पूजा गरेपछिमात्र भोजन गर्ने कुरा बताई विधिपूर्वक देवी, शिव, विष्णु, विनायक र सूर्यको पूजन गरे । त्यस बेला कश्यपनन्दन महोत्कट गणेश बाहिरबाट घर आउनुभयो। उहाँले गन्धर्वहरूद्वारा पूजा गरिएका पञ्चायतन देवताका प्रतिमाहरूको दर्शन गरेपछि कौतूहलवश ती प्रतिमा लुकाउनुभयो ।

---

१. *ततस्तुतोष भगवान् मयूरेशो गुणाग्रणीः । दर्शयामास तस्मै स विश्वरूपमनन्तकम् ॥*
दश दिक्षु मयूरेशं ददर्श कमलासुरः । विस्मितश्छाद्य नयने हृदि तं परिदृष्टवान् ॥ - श्रीगणेशपुराण २/१०३/३-४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

गन्धर्वहरूले प्रतिमा हराएको थाहा पाएपछि प्रतिमा नभेटिएसम्म भोजन नगर्ने आफ्नो निर्णय सुनाए। प्रतिमा लुकाउने मामलामा श्रीगणेशमाथि शङ्का गरी सोधपुछ गरियो । तर उहाँले 'मैले लिएको छैन, खाएको भए मेरो मुखमा हेर्नुहोस्' भन्दै मुख खोल्नुभयो । गणेशले मुख खोल्नासाथ उहाँको मुखभित्र विराट्रूपको दर्शन गर्दा पार्वती मूर्च्छित हुनुभयो । सदाशिवले पनि गणेशका मुखभित्र कैलास, वैकुण्ठसहित विष्णु, सत्यलोक, अमरावतीसहित इन्द्र, पर्वत, वन, समुद्र, नदी, यक्ष, पन्नगसहित पृथिवी, चौध भुवन, लोक, पाताल, दशै दिशा र अद्भुत सृष्टि नजर गर्नुभयो ।

देवप्रतिमा नभेटिएसम्म भोजन नगर्ने प्रतिज्ञा गरेका गन्धर्वहरूले गणेश अलप हुँदा उहाँको ठाउँमा देवी, विष्णु, शिव, विनायक र सूर्यको प्रत्यक्ष दर्शन पाए । ती गन्धर्वहरूले क्षमायाचनापूर्वक महोत्कट भगवान्को चरणमा प्रणाम गरेपछि भोजन ग्रहण गरे । त्यसबेला तिनीहरूले श्रीगणेशलाई अनेक रूपमा दर्शन गरेको विषयमा भनिएको छ – 'तिनीहरूले केही बेर पञ्चायतनदेवताको रूपमा श्रीगणेशको दर्शन गरे, त्यसपछि भयानक आकारका ईश्वरका रूपमा दर्शन गरे र केही बेरमै विराट्रूपधारी प्रभुका रूपमा पनि दर्शन गरे ।'[२]

ग) तपस्यारत शिवजीद्वारा शिवरूप श्रीगणेशको दर्शन

त्रिपुरासुरको वध असम्भवझैं प्रतीत हुँदा स्वयं शिवजीले पनि श्रीगणेशको आराधना गर्नुभयो । त्यसबेला उहाँले जुन रूपको दर्शन गर्नुभयो र उहाँलाई जस्तो भ्रान्ति भयो त्यो यसरी वर्णन गरिएको छ – 'पाँच मुख, दश भुजा र दश प्रकारका आयुधहरूले सुहाउनुभएका भालचन्द्र, मुण्डमालाधारी, सर्वालङ्कारद्वारा अलङ्कृत र चन्द्रसुन्दर श्रीगणेशको दर्शन पाउँदा भगवान् शिवजीले आश्चर्य मान्दै मनमनै भन्नुभयो – अहिले मैले आफ्नै स्वरूप आफैले देखेझैं लाग्यो । के म आफै दुई रूपमा परिणत भएको छु ?'[३]

घ) परमभक्त गृत्समदद्वारा श्रीगणेशको दर्शन

आफ्ना भक्त गृत्समदको तपस्याबाट प्रसन्न हुनुभएका श्रीगणेशले आफू अनिर्वचनीय स्वरूपका हुनुभए तापनि गजानन स्वरूपमा उनलाई दर्शन दिनुभएको विषय गणेशपुरणमा यसरी वर्णन गरिएको छ – 'त्यस बेला सृष्टिका कारणरूप भगवान् श्रीगणेशका ताडीपत्राकारका कानहरू कम्पायमान थिए । उहाँ विशाल गजराजको लीला देखाइरहनुभएको थियो । सहर्ष सुन्दर क्रीडा गरिरहनुहुँदा उहाँको मस्तकमा दिव्यकान्ति भएका चन्द्रमा शोभायमान थिए । कमलद्वारा बनेको सुन्दर र विशाल माला धारण गर्नुहुने भगवान् गणेशका सूँढको टुप्पामा एउटा सुन्दर कमलको फूल देदीप्यमान थियो । देवता र महर्षिहरूले उहाँलाई चारैतिरबाट घेरिरहेका थिए । त्यसबेला श्रीगणेश सिंहमा सवार हुनुहुन्थ्यो र दश भुजाद्वारा शोभायमान पनि । उहाँको छातीमा सर्पराज शेषनाग यज्ञोपवीतका रूपमा रहेका थिए । कुङ्कुम, अगर, कस्तूरी र चन्दनको लेपन गरेका कारण श्रीगणेशको श्रीविग्रहबाट आह्लादक सुगन्ध चारैतिर फैलिएको थियो । कोटिसूर्य भन्दा पनि अधिक कान्तिले सुहाउनुभएका प्रभुका साथमा सिद्धि र बुद्धि शोभायमान थिए ।'[४]

---

२. *अथ ते ददृशुर्बालं क्षणं पञ्चस्वरूपिणम् । क्षणं महाभीतिकरं क्षणं तं विश्वरूपिणम् ॥ - पूर्ववत्, २/९/३९ ।*

३. *पञ्चनेत्रो दशभुजो ललाटेन्दुः शशिप्रभः । मुण्डमालः सर्पभूषो मुकुटाङ्गदभूषणः ॥*
अग्न्यर्कशशिनो भाभिः तिरस्कुर्वन् दशायुधः । तद्भासा धर्षितो देवोऽपश्यदुग्रं पुरःस्थितम् ॥
विनायकं पञ्चमुखं पञ्चास्यमपरं शिवम् । तं दृष्ट्वाऽतर्कयद् देवः किमहं द्विविधोऽभवम् ॥ - पूर्ववत्, २/१४४/२६-२८ ।

४. *चलत्कर्णतालो बृहद्दन्तिलीलो मुदा चारुखेलो लसच्चन्द्रभालः । बृहत्पद्ममालो जगत्कार्यमूलः करे कञ्जनालो नमत्सेविमेलः ॥*
सिंहारूढो दशभुजो व्यालयज्ञोपवीतवान् । कुङ्कुमागरुकस्तूरीचारुचन्दनचर्चितः ॥
सिद्धिबुद्धियुतः श्रीमान् कोटिसूर्याधिकद्युतिः ॥ - पूर्ववत्, १/३७/४१-४२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ङ) स्कन्दद्वारा चतुर्भुज गणेशको दर्शन

शिवजीबाट षडक्षर गणेशमन्त्रको दीक्षा पाएका स्कन्द एकान्त एवं पवित्र वनमा तपस्या गर्न गए । एउटा पाउले टेकेर कठोर तपस्या गरे । भगवान् शिवजीले बताउनुभएको विधिबाट व्रत गरे । मन्त्रानुष्ठान र व्रतका प्रभावले स्कन्दमाथि श्रीगणेश प्रसन्न हुनुभयो । उहाँले स्कन्दलाई योगिध्येय चतुर्बाहुका रूपमा दर्शन दिनुभयो । गणेशपुराणमा स्कन्दले दर्शन गरेको गजाननको स्वरूपसौन्दर्य यसरी वर्णन गरिएको छ – 'चार भुजाद्वारा सुशोभित, महामुकुटद्वारा अलङ्कृत, कुण्डल एवं केयूर धारण गर्नुहुने, एकदन्त, निधारमा चन्द्रमा धारण गरी सुहाउनुभएका, दण्डाकार सूँढद्वारा रमणीय देखिनुहुने, हातमा पाश एवं अङ्कुश लिनुहुने र माला एवं स्वदन्त धारण गर्नुहुने, सौन्दर्यसम्पन्न, मोती एवं मणिबाट बनेका अलङ्कारले सुहाउनुभएका, नाभिमा शेषनागलाई यज्ञोपवीत बनाएर धारण गर्नुहुने, दिव्य वस्त्र र दिव्य परिधानद्वारा सुशोभित, दिव्य गन्धको लेपन गर्नुहुने, अनेकौं सूर्यका कान्तिले जाज्वल्यमान, तेजको ज्वालाका कारण झलमल्ल चम्किनुभएका श्रीगजाननको दर्शन स्कन्दले गरे ।'[५]

च) कश्यपसन्ततिद्वारा श्रीगणेशको दर्शन

कश्यपद्वारा श्रीगणेशको मन्त्रदीक्षा पाएर आफ्नो प्रकृतिअनुसार विभिन्न उद्देश्यले तपस्या गर्ने कश्यपका सन्ततिहरूलाई श्रीगणेशले दर्शन दिनुभएको विषय वर्णन गर्दै भनिएको छ – जुन साधकले जसरी ध्यान गरेका थिए त्यसरी नै श्रीगणेशले कसैलाई मेघवर्ण अष्टभुज, शशिवर्ण चतुर्भुज, कसैलाई षड्भुज, कसैलाई सहस्रभुज, कसैलाई सिंहवाहन, कसैलाई अश्ववाहन, कसैलाई मयूरवाहन, कसैलाई मूषकवाहन, कसैलाई बालक, कसैलाई युवा एवं कसैलाई वृद्धरूपमा समेत दर्शन दिनुभयो ।[६]

छ) अदितिद्वारा पुत्रका रूपमा अवतरित श्रीगणेशको दर्शन

भगवान् श्रीगणेशले महोत्कट अवतार लिएर अदितिलाई दर्शन दिनुभएको विषयमा भनिएको छ– 'अदितिले गर्भधारण गरेको नौ महिनापछि पुत्ररत्न पैदा गरिन् । ब्रह्माजीले कश्यपनन्दन भनी बालकको नामकरण गर्नुभयो। बालक गणेश बलवान्, दशभुजाद्वारा सुहाउनुभएका, कर्ण र कुण्डलले अलङ्कृत, कस्तूरीतिलक धारण गर्नुहुने, मुकुट र मालाद्वारा विभूषित एवं सिद्धिबुद्धिद्वारा सेवित हुनुहुन्थ्यो ।'[७]

ज) विश्वदेव ब्राह्मणद्वारा नारायणका रूपमा श्रीगणेशको दर्शन

भोजन गर्ने इच्छाले कैलासमा पार्वतीको निवासमा पाहुना बनेर आएका नारायणभक्त विश्वदेव ब्राह्मणलाई

---

५. *निजं रूपं महातेजाश्चतुर्भुजविराजितम् । महामुकुटसंशोभि कुण्डलाङ्गदशोभितम् ॥*
एकदन्तं भालचन्द्रं शुण्डादण्डविराजितम् । पाशाङ्कुशकरं मालादन्तहस्तं सुशोभनम् ॥
मुक्तामणिगणोपेतं सर्पराजयुतोदरम् । दिव्यवस्त्रपरीधानं दिव्यगन्धानुलेपनम् ॥
अनेकसूर्यसङ्काशं तेजोज्वालासुदीपितम् । ददर्श षण्मुखस्तत्र विस्मयोत्फुल्ललोचनः ॥ – पूर्ववत्, १/८२७/२६-२९ ।

६. *यो यथा ध्यातवान् देवं तत्परस्तादृशोऽभवत् । कस्यचित् पुरत आसीद् मेघाभोऽष्टमहाभुजः॥*
कस्यचित् पुरत आसीच्छशिवर्णश्चतुर्भुजः । अग्रे कस्यचिदासीत् स षड्भुजोऽसौ गणेश्वरः॥
सहस्रनयनस्तावद्भुजोऽसावपि कस्यचित् । भाति बालस्वरूपोऽपि युवा वृद्धोऽपि भासते॥
तेजोरूपो महाकाय आखुवाहनपृष्ठगः । सिंहगो बर्हिगो वापि गजास्योऽनेकवक्त्रवान् ॥ – पूर्ववत्, १/९१/३८-४१ ।

७. *सम्पूर्णे नवमे मासि सुषुवे पुत्रमुत्तमम् । ब्रह्मवाक्यादभूत् ख्यातो नाम्ना कश्यपनन्दनः ॥*
दशभुजो बहुबलः कर्णकुण्डलमण्डितः । कस्तूरीविलसद्भालो मुकुटभ्राजिमस्तकः ॥
सिद्धिबुद्धियुतः कण्टे रत्नमालाविभूषितः ॥ – पूर्ववत्, २/६/२२-२४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

श्रीगणेशले आफ्नो दिव्य चतुर्बाहुरूप देखाउँदा पनि सन्तोष भएन । 'म नारायणको दर्शन नगरी भोजन गर्दिनँ' भन्ने तिनको प्रतिज्ञा सुनेर चतुर्बाहुरूपलाई अन्तर्हित गराई श्रीगणेशले नारायणको रूपमा दर्शन दिनुभएको विषयमा भनिएको छ – 'श्रीगणेश चतुर्बाहु रूप अन्तर्धान गरी नारायणका रूपमा प्रकट हुनुभर्यो । पीताम्बरधारी, शङ्ख, चक्र, गदा एवं पद्मद्वारा सुहाउनुभएका, अन्तर्यामी, अनेक अलङ्कारद्वारा सुशोभित, सर्वालङ्कार सुन्दर, छातीमा कौस्तुभमणि धारण गर्नुहुने, वनमालाले सुहाउनुभएका, शेषनागमा शयन गर्नुहुने, महालक्ष्मीद्वारा पाउमा सेवा गरिनुभएका नारायणरूप गणेश प्रकट हुनुभयो । विश्वदेवले नारायणको दर्शन गरी खुसी भएर पूजा गरे र दर्शन पाएका स्वरूपमा मुग्ध भई तन्मय भए । शरीरभाव बिर्सेर आनन्दमगन भए । सच्चिदानन्दमा रमाएका विश्वदेवले भगवान्को स्तुति गरे ।'[८]

झ) पार्वतीद्वारा पुत्रका रूपमा अवतरित श्रीगजाननको दर्शन

श्रीगणेशलाई पुत्रका रूपमा प्राप्त गर्ने इच्छाले तपस्या गरिरहेकी पार्वतीले श्रीगणेशको दर्शन पाएपछि उहाँको कृपाबाट श्रीगणेशलाई गर्भमा धारण गर्नुभयो । नौ महिना पुगेपछि पार्वतीले पुत्रका रूपमा अवतार ग्रहण गर्नुहुने श्रीगणेशको दर्शन गर्नुभएको विषय यसरी वर्णन गरिएको छ – 'किरीट–केयूरधारी, कोटिसूर्यसमान प्रकाशमान, चतुर्बाहु र प्रबालझैं रक्तिम आभासम्पन्न ओंठद्वारा सुहाउनुभएका श्रीगणेशको दर्शन पाउनुभयो ।'[९]

ञ) काशीका नरनारीहरूद्वारा अनेकरूपमा श्रीगणेशको दर्शन

काशिराजसहित श्रीगणेशले धूम्राक्षको वध गर्नु भएपछि काशी नगरीमा आउँदा त्यहाँका नरनारीहरूले सहर्ष उहाँहरूको पूजा र स्वागत गरे । त्यसबेला श्रीगणेशले काशीवासी नरनारीहरूलाई भावभक्ति र अवस्थाअनुसार दर्शन दिएर कृतार्थ गराउनुभएको विषयलाई लिएर गणेशपुराणमा भनिएको छ – 'त्यसबेला ब्राह्मणहरूले श्रीगणेशलाई परमात्मा, क्षत्रियहरूले रणाकाङ्क्षी महावीर, दैत्यहरूले सर्वसंहारक रुद्र र शूद्रहरूले श्रीहरि र राजाका रूपमा दर्शन गरे । शुद्ध स्फटिकमा रातो र पहेंलो रङ्ग चम्किएझैं जसका मनमा जस्तो भावना थियो तदनुसार भक्तहरूले भगवान् गणेशको दर्शन गरी आनन्द प्राप्त गरिरहेका थिए ।'[१०]

ट) काशीनिवासी नरनारीहरूद्वारा श्रीगणेशको अनन्तरूप दर्शन

काशीका कतिपय मानिसहरूले श्रीगणेशलाई आ–आफ्ना घरमा भोजन गर्न निमन्त्रणा गरेका थिए । भगवान् समयमा आउनुभएन । त्यसकारण ती सबै बेचैन भए । उनीहरूले शुक्लब्राह्मणका घरमा श्रीगणेशले रुखा-सुखा भोजन गर्नुभएको थाहा पाए । तीमध्ये केही पाखण्डी गृहस्थीहरूले आफूलाई बेवास्ता गरी दरिद्र ब्राह्मणका घरमा भोजन गर्न गएका कारण जगद्गुरु श्रीगणेशको निन्दा गरे। तिनले फेरि पनि भगवान्लाई आफ्नो घरमा जान आग्रह गरे । भगवान्ले भन्नुभयो – 'म शुक्लब्राह्मणको घरमा पेटभर भोजन गरेर टन्न अघाएको छु ।'

---

८. *अन्तर्धाय प्रादुरासीन्नारायणस्वरूपवान् । पीताम्बरः शङ्खचक्रगदापद्मधरो विभुः ॥*
नानालङ्काररुचिरः सर्वालङ्कारसुन्दरः । कौस्तुभेन लसद्वक्षा वनमालाविभूषितः ॥
शेषशायी महालक्ष्म्या संवाहितपदाम्बुजः । विश्वदेवश्च तं दृष्ट्वा ननाम परिपूज्य च ॥
यातस्तन्मयतां भक्त्या विस्मृत्य च शरीरताम् । उवाच च चिदानन्दपरिपूर्णो द्विजोत्तमः ॥ – पूर्ववत्, २/१०५/२७-३० ।

९. *किरीटकेयूरधरं कोटिसूर्यसमप्रभम् । प्रबालाधरशोभाढ्यं चतुर्बाहुविराजितम् ॥* – पूर्ववत्, २/१३०/१ ।

१०. *ब्राह्मणाः परमात्मानं पश्यन्ति स्म विनायकम् । क्षत्रियास्तं महावीरं पश्यन्ति स्म रणोत्सुकम्॥*
वैश्यास्तं ददृशुः सर्वे रुद्रं संहारकारकम् । शूद्रास्तं हरिरूपेण नृपरूपेण चालुकन् ॥
यस्य यस्य यथा भावस्तादृशं सोऽभ्यवीक्षत । यथा रक्ते सिते पीते स्फटिकस्तादृशाकृतिः ॥ – पूर्ववत्, २/१३/१९-२१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌को उत्तर सुनेपछि ती पाखण्डीहरूले आफ्नो घरमा गणेशका लागि तयार गरेको भोजन आफै खाए। सज्जन भक्तहरू भने भक्तिपूर्वक भोजन तयार गरी उहाँको प्रतीक्षा गरिरहेका थिए । भगवान्‌ले भोजन ग्रहण नगरेसम्म हामी भोजन गर्दैनौं भनी उहाँको ध्यान गरिरहेका थिए । ती सबैको भक्तिभावना बुझेर श्रीगणेशले आफूलाई अनेक रूपमा परिणत गरी प्रत्येक भक्तका घरमा गएर तिनलाई दर्शन दिई भोजन ग्रहण गर्नुभयो ।

त्यसबेला श्रीगणेशले आफूलाई अनेकरूपमा परिणत गराउनुभएको विषय यसरी प्रस्तुत गरिएको छ – 'आफ्ना श्रद्धालु भक्तहरूका लागि श्रीगणेशले एउटै आकाश अनेक घटाकाशमा परिणत भएझैं आफू एकरूप भए तापनि अनेकरूप बन्नुभयो अथवा एउटै सूर्य जसरी जलपूर्ण पात्रहरूमा प्रतिबिम्बित भएर अनेक देखिन्छन् त्यसैगरी सर्वज्ञानसम्पन्न र बुद्धिवारिधि श्रीविनायकले प्रत्येक भक्तको भावअनुसार दर्शन दिएर त्यसलाई तृप्त गराउनुभयो। उहाँका कसैका घरमा गएर पलङमा बस्नुभयो । कसैका घरमा गई जप गर्न लाग्नुभयो । कहीं गएर उहाँ दानकर्ममा प्रवृत्त हुनुभयो भने कहीं भोजन ग्रहण गर्न उत्सुक देखिनुभयो । कहीं उहाँले वैदिक वटुहरूलाई अङ्गसहित वेदको अर्थबोध गराउनुभयो। कुनै घरमा गई उहाँले शास्त्रार्थ गर्नुभयो । कहीं उहाँ आफै अध्ययनमा लाग्नुभयो। यसरी अनेक रूप धारण गरी अनेक घरमा गएर श्रीगणेश दिव्यरूपमा सुहाउनुभयो । सबै नरनारीहरू आफ्नो घरमा श्रीगणेशलाई विराजमान हुनुभएको देखेर भगवान्‌सँग आफू पूर्वपरिचित रहेको र उहाँ पहिले पनि पटक पटक आफ्नो घरमा आएसमान सहज आत्मीयताको अनुभूति गरिरहेका थिए ।[११]

ठ) सनक र सनन्दनद्वारा सर्वत्र श्रीगणेशको दर्शन

ब्रह्मज्ञानी सनक र सनन्दन श्रीगणेशको दर्शन गर्न काशिराजको दरबारमा आएका थिए । भगवान् बाहिर जानुभएको थाहा पाएर तिनीहरू पनि नगरतर्फ गए । त्यहाँ तिनीहरूले श्रीगणेशको विश्वव्यापी स्वरूपको दर्शन गरेका थिए । त्यस घटनाको गणेशपुराणमा यसरी निरूपण गरिएको छ – त्यहाँ तिनीहरूले पूर्व-पश्चिम-उत्तर-दक्षिण–तल–माथि सर्वत्र एउटै विनायकलाई सर्वत्र देखे। कहीं हात्तीमा सवार, कहीं बाटोमा हिंडिरहनु भएका, कहीं रथमा सवार, कहीं शिविकामा सवार र कहीं भक्तहरूका घर–घरमा गई भोजन गर्न लाग्नुभएका श्रीगणेशको दर्शन गरे । सनक, सनन्दन जुन जुन घरमा जान्थे त्यहाँ त्यहाँ श्रीगणेश उपस्थित हुनुहुन्थ्यो । उहाँको यो लीला देखेर ती दुबै चकित भए । तिनीहरूको दृष्टिमा भगवान् गणेश कहीं नैवेद्य ग्रहण गर्दै हुनुहुन्थ्यो, कुनै घरमा हातपाउ पखाल्दै हुनुहुन्थ्यो, कहीं फल खाँदै हुनुहुन्थ्यो, कहीं पान चपाउँदै हुनुहुन्थ्यो भने कहीं पलङमा विराजमान भई भक्तहरूलाई आशीर्वाद दिंदै हुनुहुन्थ्यो । यसरी ती दुबै ऋषिले श्रीगणेशको अद्भुत विभूतिको दर्शन गरे । ती दुबैले पृथिवीमा, घरभित्र, घरबाहिर, दशै दिशामा र अनन्त अन्तरिक्षमा पनि भगवान्‌को दर्शन गरिरहेका थिए । त्यसबेला श्रीगणेशबाट आफ्नो ध्यान हटाउन तिनीहरूले विष्णु र शिवजीको ध्यान गरे । ध्यानमा पनि तिनले विष्णु र शिवजीको सट्टा श्रीगणेशको दर्शन पाए । आँखा बन्द गरेर हृदयभित्र विष्णु र शिवजीको ध्यान गरे । त्यहाँ पनि तिनीहरूले श्रीगणेशको दर्शन पाए । त्यसपछि आँखा खोल्दा तिनीहरूले आफ्ना सामु सिंहवाहन, दशभुज, दशायुधधारी, सिद्धिबुद्धिसेवित, भालचन्द्र, कस्तूरीतिलक-विभूषित, किरीटी, कुण्डली, मुक्तामाला; केयूर एवं दिव्य परिधानद्वारा अलङ्कृत, सुवर्णमय कटिसूत्र र औंठी आदि आभूषणद्वारा अलङ्कृत, करोडौं

---

११. *एको नानास्वरूपोऽभूद् घटाकाश इव स्फुटम्। जलपूर्णेषु कुम्भेषु रविर्नाना यथेक्ष्यते।।*
क्वचित् पर्यङ्कशयनः क्वचिज्जपपरायणः। क्वचिद् दानरतः क्वापि भोजनाय समुत्सुकः।।
क्वचित् पाठयते शिष्यान् साङ्गं वेदं सहार्थकम्। क्वचिद् व्याकुरुते शास्त्रं क्वचिच्च पठति स्वयम्।।
एवं नानास्वरूपैः स नानागृहगतो बभौ। अयमस्मद्गृहं यातः पूर्वमित्यभिमेनिरे।। - पूर्ववत्, २/२४/१६-१९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE-IKS

सूर्यसमान कान्तिसम्पन्न, सृष्टि; स्थिति र संहारका देवता श्रीगणेशको दर्शन गरे । त्यसपछि तिनीहरूले आफ्नो मनमा रहेको गणेशप्रतिको भेदबुद्धि हटाएर विनम्रतापूर्वक चरणकमलमा प्रणाम गरे ।[१२]

ती दुबैले आफू ज्ञानी भएको गर्व हटाएर भक्तिपूर्वक श्रीगणेशको स्तुति गर्दै भने – हे प्रभु! हजुरको यथार्थ स्वरूप नजानेर श्रुतिले पनि नेति नेति भन्दछ । हामी पनि हजुरकै मायाले मोहित भएका छौं र हजुरको उत्तम एवं वास्तविक स्वरूपको ज्ञान गर्न असमर्थ छौं । हे अन्तर्यामी प्रभु ! हामीले अनेक रूप र लीला धारण गर्नुहुने हजुरको महिमा बुझ्न सकेका छैनौं तर हजुरका चरणकमलको दर्शन पाएर कृतकृत्य भएका छौं ।[१३]

श्रीगणेशले अनेकरूप र अनेक वाहनसहित विभिन्न अवतार लिंदा भक्तहरूलाई दर्शन दिएर कृतार्थ गराउनुभएका महत्त्वपूर्ण प्रसङ्गले श्रीगणेशको विलक्षण भगवत्ता संसूचित गर्दछन् ।[१४]

ड) भक्त भ्रुशुण्डीद्वारा आफूले चाहेअनुसारको स्वरूपमा श्रीगणेशको दर्शन

महोत्कटको रूपमा अवतार लिएर कश्यपाश्रममा रमाउनु हुने श्रीगणेश काशिराजको निमन्त्रणा स्वीकार गरी काशीमा बाललीला गरिरहनुभएको थियो । काशिराजको दरबारमा निवास गरी काशीवासीहरूलाई स्निग्ध दर्शन दिनुहुने श्रीगणेश क्रूर दानवहरूलाई भयङ्कर दर्शन दिएर निर्मूल गर्दै हुनुहुन्थ्यो । स्वयं काशिराज श्रीगणेशको विलक्षण लीला नजर गरी चकित थिए । उनी श्रीगणेशको खान–पान र विश्राम–आरामको ख्याल गरिरहन्थे । एक दिन पूर्वाह्नमा काशिराजले श्रीगणेशको दर्शन गर्न उहाँको कक्षमा गई निवेदन गरे – 'प्रभु ! भोजन ग्रहण गर्ने बेला भएको छ । जाउँ भोजन गरौं ।' त्यसबेला श्रीगणेश भोजन गरेर अघाएको सूचना दिने डकार गर्दै हुनुहुन्थ्यो। काशिराजले भगवान्का कोठाका चारैतर्फ नजर लगाउँदा खाएर बाँकी रहेका लड्डु, खिर, मालपुवा, दूध, दही, घ्यू, मह, अनेक किसिमका मिठाई र भोज्य सामग्रीका साथै फूल, चन्दन, माला, अक्षता आदि पूजा सामग्री पनि नजर गरे । काशिराजले नयाँ नयाँ अलङ्कार र परिधानले सुहाउनुभएको अवस्थामा श्रीगणेशको दर्शन गरे । चकित हुँदै उनले भने – 'भगवान् ! आज एकाबिहानै कुन भक्तले यहाँ आएर हजुरको पूजा गऱ्यो ? म ती भक्तको परिचय पाउन र दर्शन गर्न चाहन्छु ।' त्यसपछि श्रीगणेशले काशिराजलाई भक्तराज भ्रुशुण्डीको त्याग, तपस्या, समर्पण, निष्ठा, भक्ति र महिमा बताउँदै भन्नुभयो – 'आँखीभौंबाट मेरो जस्तो सूँढ निस्केकाले ती भक्तलाई सबैले भ्रुशुण्डी भन्दछन् र तिनलाई गणेशकै रूप मानी पूजा गर्दछन् । निरन्तर मेरो चिन्तन गर्नाले ती

---

१२. *प्राच्यां प्रतीच्याञ्च दिशि तमेवैतौ समन्ततः। अधश्चोर्ध्वं सर्वगतं विनायकमपश्यताम्।।*
विनायकस्वरूपञ्च तौ पुनर्विश्वरूपिणम्। सर्वं विनायकमयं वस्तुमात्रमपश्यताम्।।
अथाभावयतां शम्भुं विष्णुं तौ भृशविस्मितौ। अपश्यतां हृदि तदा तञ्च तञ्च विनायकम्।।
निमील्य नयने चान्तस्तमेव मुनिसत्तमौ। उद्घाट्य नयने चापि स्वान्त एनमपश्यताम्।।
किरीटिनं कुण्डलिनं मुक्तामालाम्बराङ्गदम्। कटिसूत्रेण हैमेन मुद्रिकाभिश्च भूषितम्।।
सिंहारूढं दशभुजं सिद्धिबुद्धियुतं शुभम्। भालचन्द्रं मृगमदतिलकं नागभूषणम्।।
सूर्यकोटिप्रभं सृष्टिस्थितिसंहारकारिणम्। त्यक्त्वा भेदं तत्त्वविदौ नेमतुश्चरणाम्बुजम्।। – पूर्ववत्, २/२४/३९–४५ ।

१३. *नेति नेति ब्रवीति स्म त्वद्रूपाज्ञानतः श्रुतिः। आवां विमोहितौ ज्ञातुं नेशाथे रूपमुत्तमम्।।*
महिमानं न जानीवोऽनेकरूपस्य ते विभो! । कृतकृत्यौ भवत्पाददर्शनात् स्वः प्रभोऽधुना।। – पूर्ववत्, २/२५/४–५ ।

१४. *श्रीगणेशले तपस्यारत दक्ष र तिनकी मातालाई चतुर्भुजका रूपमा दर्शन दिनुभएको प्रसङ्ग (गणेशपुराण १/२०), गौतम ऋषिको अभिशाप परेका इन्द्रले आराधना गरी श्रीगणेशको दर्शन पाएको प्रसङ्ग (गणेशपुराण १/३४), तपस्वी मङ्गललाई दशभुज श्रीगणेशले दर्शन दिनुभएको प्रसङ्ग (गणेशपुराण १/६०), तपस्यारत स्कन्दलाई श्रीगणेशले योगीहरूद्वारा ध्यान गर्न योग्य दिव्यस्वरूप धारण गरी दर्शन दिनुभएको प्रसङ्ग (गणेशपुराण १/८७), तपस्वी शेषनागलाई दर्शन दिनुभएको प्रसङ्ग (गणेशपुराण १/९०), तपस्यारत भगवान् वामनलाई सिद्धि एवं बुद्धिद्वारा सेवित मयूरवाहन श्रीगणेशले दर्शन दिनुभएको प्रसङ्ग (गणेशपुराण २/३०), तपस्यारत औरव एवं शौनकलाई सिंहवाहन र दशभुज श्रीगणेशले दर्शन दिनुभएको प्रसङ्ग (गणेशपुराण २/३५), तपस्विनी पार्वतीलाई दशभुज र भालचन्द्र श्रीगणेशले दर्शन दिनुभएको प्रसङ्ग (गणेशपुराण २/८०) ले श्रीगणेश सबैभन्दा श्रेष्ठ र सबैभन्दा ज्येष्ठ देवता हुनुभएको तथ्य प्रमाणित गर्दछन् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त मजस्तै निष्पाप, निर्मल र पवित्र पनि भएका छन् । आज शुक्लपक्षको चतुर्थी तिथि भएकाले तिनले एकाबिहानै मेरो पूजा गरे, पदार्थहरू टक्र्याए, अलङ्कार र परिधान पहिऱ्याए । हेर्नुहोस् त मेरो कोठामा फैलिएका यी पदार्थहरूले उनकै भक्तिभावको परिचय दिइरहेका छन् । यो सुनेर काशिराजले निवेदन गरे – 'प्रभु ! म ती विलक्षण भक्तको दर्शन गर्न चाहन्छु ।' श्रीगणेशले उनको स्वरूप, आश्रम र आश्रम जाने यात्रामार्ग बताउँदै भन्नुभयो– 'काशिराज ! तपाईं आजै जानुहोस् र आफ्ना छोराको विवाहको निमन्त्रणा टक्र्याउनुहोस् । उनलाई गएर भन्नुहोस् – तपाईंका आराध्य देवता श्रीगणेश मेरो घरमा हुनुहुन्छ, उहाँ पनि तपाईंलाई भेट्न चाहनुहुन्छ । म उहाँले पठाएर यहाँ आएको हुँ ।' तपाईंले यसो भनेपछि भक्तराज भ्रुशुण्डी खुसी हुँदै तत्काल मेरो दर्शन गर्न यहाँ आउने छन् ।

श्रीगणेशको आज्ञानुसार काशिराज घोडामा सवार भई सैंकडौं नदी, वन र पर्वत नाघेर भ्रुशुण्डीको आश्रममा पुगे । दिव्य आश्रमको दिव्यता अनुभव गरी चकित र अभिभूत भए । भ्रुशुण्डीको पाउमा परी पूजा गरेर उनले आफ्नो परिचय दिए । त्यसपछि श्रीगणेशले अह्राउनु भएझैं सबै कुरा बताए । विवाहको निमन्त्रणा टक्र्याएपछि आफ्नो घरमा भगवान् गणेश विराजमान हुनुभएको र उहाँले लिन पठाउनुभएकाले म आएको हुँ भनी निवेदन गरे । आफ्ना आराध्य प्रभु काशिराजको दरबारमा विराजमान हुनुभएको थाहा पाएर भ्रुशुण्डीलाई पत्याउन गाह्रो भयो । उनले भने – हे राजन् ! वेद, वेदान्त, मन एवं वाणीका अगोचर प्रभु गणेश तपाईंको घरमा बस्नुहुन्छ भन्ने कुरा सुन्दा मलाई विश्वासको सट्टा सन्देह लागिरहेको छ । आज मेरो आश्रममा मेरो दर्शन गर्न तेंत्तीस कोटि देवताहरू आउनुभएको छ । उहाँहरूलाई छाडेर तपाईंका कुरामा विश्वास गरी म कसरी जाउँ ? तपाईं भन्नुहोस् तपाईंका घरमा आउनुभएका देवता कस्ता हुनुहुन्छ ? उहाँको स्वरूपसंरचना थाहा पाएपछि चित्त बुझेमा म तपाईंको घरमा अवश्य जानेछु । काशिराजले भने – ' हे तपस्विराज ! श्रीगणेशका अनन्त रूपहरूको गणना गर्न ब्रह्माजी पनि समर्थ हुनुहुन्न । अहिले उहाँ कश्यपका पुत्र बनेर अवतीर्ण हुनुभएको छ । लोकमा विनायकका नामबाट विख्यात हुनुहुन्छ । जम्मा ७ वर्षको उमेरमा उहाँले अद्‌भुत लीला गरिसक्नुभएको छ । अहिले मेरो घरमा उहाँ ब्रह्मचारीको रूप लिएर विराजमान हुनुहुन्छ । उहाँ कश्यपका पुत्र भएर अवतीर्ण हुनुहुँदा दिव्यरूपसम्पन्न चतुर्बाहु हुनुहुन्थ्यो । कश्यपले प्रार्थना गरेपछि उहाँ सामान्य दुइहाते बालक बन्नुभयो ।'

काशिराजका कुरा सुनेर भ्रुशुण्डीले भने – 'तपाईंले गरेको स्वरूप वर्णनअनुसार तपाईंका घरमा बस्ने देवता मेरा आराध्य गणेश होइनन् । तपाईं फर्किएर जानुहोस्, म जाँदिन । मेरा आराध्य देवताले बोलाउनुभयो भने म जहाँ पनि जान सक्छु ।' काशिराजले चिन्तित हुँदै बिन्ती गरे – 'प्रभु ! म हजुरलाई लिएर जाने आशाले कैयौं दिन लगाएर नदी, वन र पर्वत नाघेर यहाँ आएँ । अहिले म एक्लै कसरी फर्किउँ ?' यो कुरा सुनेर भ्रुशुण्डीले काशिराजको शिरमा वरदहस्त राख्दै भने – 'हे राजन् ! एकै छिन आँखा चिम्लिनुहोस् ।' आँखा चिम्लिएर केही बेरपछि खोल्दा काशिराज आफ्नो दरबारमा पुगिसकेका थिए । आएर श्रीगणेशको दर्शन गरी सबै कुरा बताए । श्रीगणेशले भन्नुभयो – 'हे राजन् ! तपाईं साह्रै थाक्नु भएको छ । तर, तपाईं फेरि भ्रुशुण्डीको आश्रममा जानुपर्छ । प्रभु गजाननले तपाईंलाई लिन पठाउनुभएको छ भन्नुहोस् । तपाईंले गजानन नाम लिएपछि उनी तुरुन्त आउनेछन् ।' भगवान् गणेशको आज्ञा सुनेर काशिराज फेरि भ्रुशुण्डीको आश्रमतर्फ प्रस्थान गरे । श्रीगणेशको कृपाबाट उनले तुरुन्त आफूलाई भ्रुशुण्डीको आश्रममा पाए । काशिराजलाई फर्किएर आएको देखी भ्रुशुण्डीले मनमा अनेक तर्क–वितर्क गरे । काशिराजले प्रणाम गर्दै भने – म तुरुन्तै फर्केर आएँ किनकि हजुरलाई प्रभु गजाननले बोलाउनुभएको छ । गजानन नाम सुन्नासाथ भ्रुशुण्डी खुसी भए र आनन्दको मूर्च्छामा परे । तिनको शरीरमा रोमाञ्च भयो र आँखाबाट हर्षका आँसु बग्न थाले। उनले आत्तिएर हस्याङफस्याङ गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

मेरा प्रभुले मलाई बोलाउनुभयो भनी खुसी हुँदै पाइला चाले । तेस्रो पाइला चाल्नासाथ भ्रुशुण्डी काशिराजका साथ काशी पुगिसकेका थिए । काशिराजले दरबारमा लगेर भ्रुशुण्डीको पूजा-सत्कार गरे । त्यसबेला त्यहाँ श्रीगणेश हुनुहुन्नथ्यो । भ्रुशुण्डीले आत्तिँदै भने – खोई मेरा प्रभु ? हे राजन् ! तपाईंले छल गरेको त होइन, उहाँलाई तुरुन्त देखाउनुहोस् । देखाउन सक्नुहुन्न भने म तपाईंलाई सराप दिएर आश्रमतर्फ फर्किनेछु । त्यसै बेलामा बालक्रीडा गरेका कारण धूलैधूलाले ढाकिनुभएका सूर्यसमान तेजस्वी द्विभुज, सूँढधारी श्रीगणेश आइपुग्नुभयो। उहाँलाई देखेर भ्रुशुण्डीले भने – यी मेरा आराध्य देवता होइनन्, यस्तालाई म किन नमस्कार गरूँ ? भ्रुशुण्डीको कुरा सुनेर श्रीगणेशले भन्नुभयो – 'हे भ्रुशुण्डी ! तपाईं भन्नुहोस्, तपाईंका आराध्य भगवान् कस्ता हुनुहुन्छ ?' भ्रुशुण्डीले उत्तर दिए – 'दिव्य परिधान धारण गर्नुहुने, दशभुजाले सुहाउनुभएका, मोतीको माला लगाएर सजिनुभएका, वरिपरि सिद्धि एवं बुद्धिलाई लिएर रहनुभएका कानमा कुण्डल धारण गर्नुहुने, सुन्दर सूँढले अत्यन्त सुहाउनुभएका, ठूला-ठूला कान धारण गर्नुहुने, शरीरभरि सिन्दूर दल्नुभएका, नाभिमा शेषनागलाई यज्ञोपवीतका रूपमा धारण गर्नुहुने, पाउमा नूपुर लगाउनु हुने, मस्तकमा महामुकुट धारण गर्नुहुने, दश हातमा दशथरि आयुध लिनुहुने, एकदन्त, भालचन्द्र, साना-साना घण्टी धारण गर्नुहुने, मयूरमा सवार हुनुभएका, देवताहरूद्वारा पाउमा पूजा गरिनुभएका मेरा आराध्य भगवान् गजानन हुनुहुन्छ ।'

भ्रुशुण्डीको स्वरूप वर्णन सुनेपछि बालगणेशले उनले बताएकै स्वरूप लिएर दिव्यदर्शन दिनुभयो । आफूले चाहेको रूपमा प्रभुको दर्शन पाएपछि भ्रुशुण्डी गद्‌गद, हर्षविह्वल, रोमाञ्चित, आनन्दसागरमज्जित र भावातीत भए । केहीबेरपछि चेतमा आएर रोमाञ्चका साथ नाच्न थाले । नृत्य सकिएपछि देहभावमा आएर तिनले विधिपूर्वक श्रीगणेशको पूजा गरे । काशिराज भने चुपचाप भगवान् र भक्तको अद्‌भुत मिलनको दृश्य देखेर आफ्नो अहोभाग्य संझिँदै आनन्दको सागरमा पौडिरहेका थिए । भगवान् गणेशले भक्तभ्रुशुण्डीलाई दश हात फैलाएर आलिङ्गन गर्नुभयो । यो दृश्य अपूर्व आनन्दमय थियो । श्रीगणेशले भन्नुभयो – 'हे भ्रुशुण्डी ! तपाईंको गजानन रूपमा अद्‌भुत निष्ठा बुझेर मैले दशबाहुका रूपमा दर्शन दिएँ । जुन भक्तले जुन रूपमा मेरो भजन गर्दछ, मैले त्यसलाई त्यहीरूपमा दर्शन दिने गर्दछु ।' यो कुरा सुनेर भ्रुशुण्डीले कृतार्थ हुँदै भने – प्रभु ! म आज हजुरको कृपाले कृतकृत्य र पवित्र भएको छु । अब उप्रान्त मैले जुन बेला दर्शन गर्न चाहन्छु त्यसबेला यस्तै रूपको दर्शन पाउँ, हजुर आशापूरकका नामबाट प्रसिद्ध हुनुहोस् । भ्रुशुण्डीको याचना सुनेर श्रीगणेश मन्द मुस्कानका साथ तथास्तु भनी आशीर्वाद दिएर उनलाई आश्रमतर्फ पठाई फेरि बाललीलामा लीन हुनुभयो ।[१५]

भगवान् श्रीगणेशले आफ्ना भक्तहरूलाई स्वरूपदर्शन गराउँदा कतै चतुर्भुज, महाकाय, गजानन, शूर्पशङ्काश, मुक्तमालाविभूषित, मणिमनोहर, मुकुटधारी, पीताम्बरधारी, स्वर्णकेयूरद्वारा शोभित, नूपुरधारी र कमलनयनरूपमा दर्शन दिनुभएको छ । कतै शुण्डामण्डित कमलमालाद्वारा शोभित, सिन्दूरवदन, प्रवालमालाभूषित, परशुकमलदन्त र मोदक धारण गर्ने सुन्दर स्वरूपबाट दर्शन दिनुभएको छ । कतै दशभुज, दशायुध र सिंहवाहन बनेर दर्शन दिनुभएको छ । कतै अष्टभुज, कतै षड्‌भुज र कतै द्विभुजका रूपमा पनि दर्शन दिनुभएको छ । कुनै प्रसङ्गमा बालक, कहीँ युवा, कहीँ वृद्ध, कहीँ मुनि र कहीँ ब्राह्मण बनेर पनि दर्शन दिनुभएको छ । कतै उहाँले शिवजीलाई भ्रममा पार्न शिवजी बनेर पनि दर्शन दिनुभएको छ । कतै उहाँले विष्णुका भक्तको मानसिक सन्तोषका लागि नारायणका रूपमा पनि दर्शन दिनुभएको छ । अनन्त शक्तिका स्रोत श्रीगणेशका यी लीलामय चरित्र पापनाशक, मङ्गलदायक र परमानन्ददायक पनि छन् ।

१५. *पूर्ववत्, क्रीडाखण्ड, १६-१७ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.२ स्तुतिपरक सन्दर्भ

गणेशपुराणमा विभिन्न देवता, ऋषि-महर्षि र मानिसहरूले श्रीगणेशको स्तुति गरेका छन् । ती स्तुतिहरूमा श्रीगणेशको निराकारता र साकारतामा आधारित विशेषताहरू व्यक्त भएका छन् । यस सन्दर्भमा तीमध्ये केही स्तुतिहरूका विशेषता प्रकट गर्दै तिनका नमुना पद्यहरू प्रस्तुत गरिनेछ ।

क) राजा सोमकान्तद्वारा श्रीगणेशको प्रातःस्मरणसम्बन्धी उपदेश

वन प्रस्थान गर्न चाहने राजा सोमकान्तले आफ्ना उत्तराधिकारी पुत्र हेमकण्ठलाई आचारोपदेश गर्ने क्रममा श्रीगणेश आदि देवताहरूको प्रातःस्मरण गर्नुपर्ने कुरा बताएका छन् । त्यस क्रममा सर्वप्रथम सकल संसारका कारण, ब्रह्मा आदि देवतालाई वर प्रदान गर्नुहुने, सम्पूर्ण शास्त्र र विद्याका निधि, धर्म; अर्थ; काम र मोक्षजस्ता पुरुषार्थहरूका फलदाता, वाणी र मनदेखि पर रहनुभएका, अनादि, अनन्त श्रीगणेशलाई प्रातःकालमा स्मरण गर्दछु भनी प्रातःस्मरण गर्न निर्देश दिइएको छ । त्यसको एउटा नमुनापद्य यसप्रकार छ -

प्रातर्नमामि गणनाथमशेषहेतुं ब्रह्मादिदेववरदं सकलागमाढ्यम् ।
धर्मार्थकामफलदं जनमोक्षहेतुं वाचामगोचरमनादिमनन्तरूपम् ।।[१६]

ख) ब्रह्मा, विष्णु र शिवजीद्वारा श्रीगणेशको स्तुति

उपासना खण्डको तेह्रौं अध्यायमा ब्रह्मा, विष्णु र शङ्करद्वारा समवेतस्वरमा गरिएको श्रीगणेशको स्तुतिलाई **स्तोत्रराज** भनिएको छ । एघार पद्यमा गुम्फित स्तोत्रराजले श्रीगणेशलाई अज, निर्विकल्प, निराकार, निरालम्ब, अद्वैत, आनन्दपूर्ण, निरीह, परब्रह्मरूप, विधिरूप, विष्णुरूप, शङ्कररूप, सूर्यरूप, चन्द्ररूप, शक्तिरूप र विश्वरूपका रूपमा चिनाएको छ । त्यसको एउटा पद्य उदाहरणार्थ यहाँ प्रस्तुत छ -

अजं निर्विकल्पं निराकारमेकं निरालम्बमद्वैतमानन्दपूर्णम् ।
परं निर्गुणं निर्विशेषं निरीहं परब्रह्मरूपं गणेशं भजेम ।।[१७]

ग) महाविष्णुद्वारा श्रीगणेशको स्तुति

मधु र कैटभको वधका लागि शक्ति प्राप्त गर्न श्रीमहाविष्णुले श्रीगणेशको स्तुति गर्नुहुँदा व्यक्त भएका तीन पद्यहरूमा उहाँलाई सर्वात्मा, सर्वग, सर्वशक्तिमान्, सर्वव्यापी, सर्वकर्ता, सर्वद्रष्टा, सर्वसंहारक, परेश, पालक, पिता, विश्वनेता, व्यक्ताव्यक्तरूप, ब्रह्मा, विष्णु र शङ्कररूपजस्ता विशेषणहरूको प्रयोग गरी स्तुति गर्नुभएको छ । दृष्टान्तका लागि एउटा पद्य यहाँ प्रस्तुत गरिएको छ -

सर्वस्यात्मा सर्वगः सर्वशक्तिः सर्वव्यापी सर्वकर्ता परेशः ।
सर्वद्रष्टा सर्वसंहारकर्ता पाता धाता विश्वनेता पिताऽसि ।।[१८]

---

१६. पूर्ववत्, १/३/७ ।
१७. पूर्ववत्, १/१३/३ ।
१८. पूर्ववत्, १/१८/१३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

घ) त्रिपुरपीडित देवताहरूद्वारा श्रीगणेशको स्तुति

त्रिपुरासुरको अत्याचारबाट अत्यन्त दीन, हीन र विपन्न बनेका देवताहरूले सङ्कटमोचनका लागि श्रीगणेशको भावपूर्ण स्तुति गरेका थिए । आठ पद्यमा गुम्फित त्यस स्तुतिमा श्रीगणेशलाई परमार्थरूप, अखिलकारणरूप, इन्द्रियाधिष्ठाता, सङ्कटनाशक, विघ्नकारण, गुणेश्वर, सर्वसाक्षी र दयासागरका रूपमा प्रार्थना गरिएको छ । उक्त स्तुतिलाई गणेशपुराणमा **सङ्कष्टनाशनस्तोत्र** भनी अत्यन्त ठूलो महिमाका साथ प्रकाशित गरिएको छ । त्यसको एउटा पद्य यस प्रकार छ –

नमो नमस्ते परमार्थरूप नमो नमस्तेऽखिलकारणाय ।
नमो नमस्तेऽखिलकारकाय सर्वेन्द्रियाणामधिवासिनेऽपि ।।[१९]

ङ) शिवजीद्वारा श्रीगणेशको स्तुति

त्रिपुरवधका लागि आवश्यक शक्ति प्राप्त गर्न श्रीगणेशको स्तुति गर्नुहुने सदाशिवले उहाँको दर्शन पाउनुभयो। उहाँको अनिर्वचनीय विशेषताबाट भावविह्वल भएर उहाँले निवेदन गर्दै भन्नुभयो – हे प्रभु ! आज हजुरको दर्शन पाउनाले मेरा दश आँखा धन्य भएका छन् । आज हजुरको अर्चनाको अवसर पाउनाले मेरा दश हात धन्य भएका छन् । हजुरलाई प्रणाम गर्न पाउनाले मेरा पाँचै शिर धन्य भएका छन्। यसै गरी हजुरको स्तुति गर्न पाउनाले मेरा पाँचै मुख धन्य भएका छन् ।

दशापि नेत्राणि ममापि धन्यान्यथो भुजाः पूजनतस्तवाद्य ।
तथानतेः पञ्चशिरांसि धन्यान्यथ स्तुतेः पञ्चमुखानि देव ! ।।[२०]

चार पद्यमा गुम्फित उक्त स्तुतिमा विश्वरूप, सर्वगुणसम्पन्न, निर्गुण, शैव; वैष्णव; शाक्त; सौर र वैनायक सम्प्रदायका साधकहरूद्वारा समान रूपमा वन्दनीय देवेश्वर भनी श्रीगणेशको गुणप्रशंसा गरिएको छ ।

च) शुक्ल ब्राह्मणद्वारा श्रीगणेशको स्तुति

आफ्नो घरमा आई आफूले टक्र्याएको रूखा–सुखा भोजन रुचिपूर्वक ग्रहण गर्नुहुने श्रीगणेशको अनुकम्पाबाट अनुगृहीत र कृतकृत्य भएका दरिद्र ब्राह्मण शुक्लले भावपूर्ण हुँदै भगवान् श्रीगणेशको स्तुति गरेका छन् । त्यसअन्तर्गतका दुई पद्यमा भनिएको छ – 'हे प्रभु ! हजुरको जुन दीननाथ भन्ने पापनाशक नाम तीनै लोकमा विख्यात छ त्यो नामलाई हजुरले हामीजस्ता दरिद्रलाई दर्शन दिएर सार्थक तुल्याउनु भएको छ ।'

तत ऊचे मुनिर्देवं दीननाथेति यत्तव । विख्यातं त्रिषु लोकेषु नाम पापहरं तव ।।
सार्थकं कृतमद्यैव जन्म नः पाददर्शनात् ।।[२१]

छ) वामनावतार श्रीविष्णुद्वारा श्रीगणेशको स्तुति

वामनावतार विष्णुद्वारा गरिएको स्तुतिमा श्रीगणेशका लागि अव्यक्त, व्यक्तहेतु, निगमागमवन्दित, देवाधिदेव,

---

१९. पूर्ववत्, १/४०/४२ ।
२०. पूर्ववत्, १/४५/३ ।
२१. पूर्ववत्, २/२३/३०-३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकब्रह्माण्डाधिपति, सर्ववेदान्तवेद्य, मायातीत, स्ववेद्य, सकलभयहर्ता, सुन्दर, विघ्नराज, विधिशिवनागादिवन्दित, सर्वेश, सर्वरूप, तेजोराशि, त्रिसत्य, त्रिगुणरहित, तत्त्वमसि आदि वाक्यद्वारा वेद्य तथा तत्त्वबुद्धिप्रकाश आदि विशेषणहरूको प्रयोग गरिएको छ –

तं वन्दे विघ्नराजं विधिहरमुनिभिः सेव्यमानं सनागै-
र्भक्तेच्छोपात्तदेहं निजजनसुखदं तत्त्वबुद्धिप्रकाशम् ।
साम्बाद्यैः स्तूयमानं सकलतनुगतं भुक्तिमुक्तिप्रदं तं
तेजोराशिं त्रिसत्यं त्रिगुणविरहितं तत्त्वमस्यादिवेद्यम् ।।[२२]

ज) भगवान् शिवजीद्वारा ढुण्ढिराज श्रीगणेशको स्तुति

दिवोदास काशीका राजा भएपछि वाराणसी छाडी केदारक्षेत्रमा रहनुभएका भगवान् विश्वनाथ दुःखी हुनुहुन्थ्यो । श्रीगणेशको कृपाबाट दिवोदासको राज्यभङ्गपछि वाराणसीमा फर्किनुभयो । त्यस बेला उहाँले श्रीगणेशको स्तुति गर्दा उहाँलाई विश्वेश्वर, विश्वरूप, शुभाशुभफलदाताजस्ता गुणवाचक शब्दहरूको प्रयोग गरी स्तुति गर्नुभएको थियो । त्यसको एउटा पद्यमा भनिएको छ – 'हे विश्वरूप ढुण्ढिराज ! हे विश्वका ईश्वर गणेश ! हजुरले नै विश्वको रचना गर्नुहुन्छ, पालन गर्नुहुन्छ र संहार पनि गर्नुहुन्छ । हे देव ! हजुरले मानिसहरूका शुभ र अशुभ कर्महरूको मूल्याङ्कन गरी फल प्रदान गर्नुहुन्छ ।'

त्वमेव विश्वेश्वर विश्वरूप ! विश्वं सृजस्यत्सि हि पासि देव !
शुभाशुभं कर्म निरीक्ष्य तस्य ददासि भोगं विविधं गणेश ! ।।[२३]

झ) काशिराजद्वारा श्रीगणेशको स्तुति

काशिराजले श्रीगणेशको स्तुति गर्दै उहाँलाई ब्रह्मध्येयपदाम्बुज, पद्म; पाश, खड्ग, परशु आदि आयुधहरूले सम्पन्न इत्यादि गुणस्वभावका व्यञ्जक पदहरूको प्रयोग गरी प्रार्थना गरेका थिए । भावगम्भीर ती स्तुतिपद्यहरूमध्ये एउटामा भनिएको छ – 'हे नाथ ! ब्रह्मा, विष्णु, शिव, इन्द्र आदि देवताहरूद्वारा आत्ममङ्गलका लागि ध्यान गरिने, कमल–पाश–खड्ग, बन्चरो आदि आयुधहरूद्वारा चिह्नित र सबैका विघ्नपुञ्जको निराकरण गर्ने हजुरका चरणकमलमा प्रणाम गर्दछु ।'

नमामि ते नाथ ! पदारविन्दं ब्रह्मादिभिर्ध्येयतमं शिवाय ।
यत् पद्मपाशासिपरश्वधादिसञ्चिह्नितं विघ्नहरं जनानाम् ।।[२४]

ञ) जनसमूहद्वारा श्रीगणेशको स्तुति

श्रीगणेशले त्रिलोकीकण्टक दैत्यराज सिन्धुको वध गर्नुभएपछि प्रसन्न भएका नर–नारीहरूले श्रीगणेशलाई परब्रह्मरूप, चिदानन्दरूप, सदानन्दरूप, गुणसागर, गुणेश आदि गुणबोधक पदहरूको प्रयोग गरी स्तुति गरेका थिए । ती स्तुतिपद्यहरूमध्ये एउटा पद्यमा भनिएको छ – 'हामीहरू परब्रह्मरूप, चैतन्यमय, आनन्दघन,

२२. पूर्ववत्, २/३१/१५ ।
२३. पूर्ववत्, २/४८/५ ।
२४. पूर्ववत्, २/५३/२७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

सत्स्वरूप, देवाधिपति, परमाधिपति, गुणसागर, गुणहरूका अधिपति, गुणहरूदेखि पर रहनुभएका, आत्मानन्दमा रमाउनुहुने, सम्पूर्ण ब्रह्माण्डका स्वामी आद्यदेव मयूरवाहनलाई वारंवार प्रणाम गर्दछौं ।

परब्रह्मरूपं चिदानन्दरूपं सदानन्दरूपं सुरेशं परेशम् ।
गुणाब्धिं गुणेशं गुणातीतमीशं मयूरेशमाद्यं नताः स्मो नताः स्मः ।।[२५]

यसरी भक्तहरूले आफ्ना आराध्य भगवान् श्रीगणेशमा भक्तिभाव अर्पण गरी विभिन्न स्तुतिहरूद्वारा आफूलाई निर्मल तुल्याई भगवान्का चरणारविन्दमा समर्पित गरेका अनेक प्रसङ्ग गणेशपुराणमा रहेका छन् ।[२६]

प्रार्थना, गुणगान, आत्मदोषख्यापन, उद्धारको याचना, स्तुत्यको सौन्दर्यप्रकाशन, दार्शनिक तत्त्वको विशदीकरणजस्ता विषयहरूको विनम्रतापूर्वक प्रस्तुति गर्दा सम्पन्न हुंने स्तुतिले स्तोताको मानस निर्मलीकरणमा ठूलो सघाउ पुऱ्याउँछ । गणेशपुराणमा रहेका गणेशपरक स्तुतिहरूबाट श्रीगणेशको स्वरूपसौन्दर्य प्रकाशनका साथै उहाँको साकार ब्रह्मरूपता र निराकार ब्रह्मरूपता पनि सबैले बुझ्ने गरी व्यक्त भएको छ । सिद्धपुरुषका निर्मल आत्माबाट प्रकाशित यी स्तुतिहरूमा रहेको विलक्षण तैजस तत्त्वले स्तोताको पापनाश र विघ्ननिवारण गर्दै अपूर्व बुद्धिमत्ता दिएर कार्यसिद्धि एवं आत्मसिद्धिमा सफल तुल्याउँछन् ।

२.३ विलक्षण लीलापरक सन्दर्भ

श्रीगणेशका अवतरणसन्दर्भ र स्तुतिसन्दर्भबाट उहाँका महत्ता र विशेषता व्यक्त हुन्छन् । ती सन्दर्भबाट नै उहाँ महान् देवता र विशिष्ट शक्तिका स्रोत हुनुहुन्छ भन्ने विषय पनि प्रमाणित भइसकेको छ । गणेशपुराणमा निरूपित गणेशको विचित्र बाललीला र काशीलीलाजस्ता विषयमा आधारित विशिष्ट सन्दर्भलाई सङ्क्षेपमा प्रस्तुत गरिंदैछ ।

क) श्रीगणेशको विलक्षण भगवत्ता

हेमनामक कपटज्योतिषी राक्षसले काशिराजलाई एक दिन कुरैकुरामा भनेको थियो – 'हे राजन् ! कश्यप ऋषिका छोरा गणेश काशीमा रहेसम्म यस राज्यमा अमनचयन हुँदैन र विघ्नमात्र भइरहन्छन् । यी बालक गणेश काशीका निमित्त दुर्लक्षण बनेर आएका छन् ।' यो कुरा सुनेर काशिराजले कपटज्योतिषी दानवलाई भनेका थिए– 'तपाईंले श्रीगणेशको महिमा बुझ्नु भएको छैन । उहाँले सानातिना कुराहरू छाडेर दोस्रा ब्रह्मा, विष्णु एवं शङ्करको रचना गर्न सक्नुहुन्छ र अनन्त ब्रह्माण्ड बनाउनु सक्नुहुन्छ । उहाँले इन्द्रलाई पदबाट च्युत गर्न सक्नुहुन्छ। असमर्थलाई समर्थ, सानोलाई ठूलो, ठूलोलाई सानो, नीचलाई उच्च, उच्चलाई नीच र ईश्वरलाई अनीश्वर एवं अनीश्वरलाई ईश्वर बनाउन सक्नुहुन्छ ।'[२७]

---

२५. *पूर्ववत्, २/१२३/४० ।*

२६. *गणेशपुराणमा – दक्षकृत गणेशस्तुति (१/२०), इन्द्रकृत गणेशस्तुति (१/३५), मङ्गलकृत गणेशस्तुति (१/६०), चन्द्रकृत गणेशस्तुति (१/६१), परशुरामद्वारा गरिएको गणेशस्तुति (१/८२), स्कन्दकृत गणेशस्तुति (१/८७), शेषनागद्वारा गरिएको गणेशस्तुति (१/९०), कश्यपकृत गणेशस्तुति (१/९१), अदितिकृत गणेशस्तुति (२/५), काशीका नरनारीहरूद्वारा गरिएको गणेशस्तुति (२/२१), सनक-सनन्दनकृत गणेशस्तुति (२/२५ एवं २/५४), महारानी कीर्तिद्वारा गरिएको गणेशस्तुति (२/३२), औरव एवं शौनककृत गणेशस्तुति (२/३५), देवताहरूद्वारा गरिएको गणेशस्तुति (२/३७), देवता एवं ऋषिहरूद्वारा गरिएको गणेशस्तुति (२/४०), विश्वकर्माद्वारा गरिएको गणेशस्तुति (२/९५), विनताद्वारा गरिएको गणेशस्तुति (२/९८), ब्रह्माद्वारा गरिएको गणेशस्तुति (२/१०४), चक्रपाणिकृत गणेशस्तुति (२/१२४), गन्धर्वकृत गणेशस्तुति (२/१३४) जस्ता अनेक स्तुति सन्दर्भ रहेका छन् ।)*

२७. *ब्रह्माणं कमलाकान्तमपरं शूलिनं हरम् । जनयिष्यति वाञ्छा चेद् ब्रह्माण्डानि बहूनि सः ॥*
करोतीन्द्रमनिन्द्रं वाशक्तं शक्तं लघुं गुरुम् । उच्च नीचं तथा नीचमुच्चमीशमनीश्वरम् ॥ – गणेशपुराण २/१८/२५, २९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख) शुक्लदम्पतीमाथि श्रीगणेशको अनुपम स्नेह र स्वरूपपरिवर्तन

काशीका सम्पन्न मानिसहरूद्वारा श्रद्धापूर्वक भोजनका लागि आमन्त्रित गरिनुभएका श्रीगणेश ती सबैको निमन्त्रणलाई बेवास्ता गरी एकाएक काशीको कुनामा बुकुरो बनाएर बस्ने शुक्लब्राह्मणका घर पुग्नुभयो । यस कुराको काशिराजलाई पनि पत्तो भएन । सबै लोकका स्वामी श्रीगणेशलाई अर्पण गर्न भनी शुक्लको घरमा पातलो माडले भरिएको भातको भाँडोबाहेक केही थिएन । श्रीगणेश त्यहाँ पुग्नु हुँदा शुक्लदम्पती हर्षले नाच्न थाले । तिनीहरूले श्रद्धापूर्वक पूजा गरी जगत्का स्वामी श्रीगणेशलाई पातलो माडमा रुमल्लिएको भात टक्र्याउन सङ्कोच मानिरहेका थिए । त्यसैले ती दुबै धेरै बेरसम्म हात जोडेर उभिइरहे । भगवान्ले ब्राह्मणी विद्रुमासँग भन्नुभयो – 'आमा ! तपाईंले कस्तो भोजन तयार गर्नुभएको छ ? तपाईंको भान्सामा जे जस्तो भोजन पाकेको छ त्यो सङ्कोच नमानीकन मलाई दिनुहोस् । भक्तिपूर्वक दिएको नमीठो वस्तु पनि मलाई अमृतभन्दा मीठो लाग्छ । भक्ति र श्रद्धा नभई टक्र्याएको पकवान पनि मेरा लागि विष बराबर हुन्छ ।'[२८]

श्रीगणेशका यस्ता कुरा सुनेर माता विद्रुमाले हर्षपूर्वक जङ्गली अन्नबाट बनेको पीठो, तेल र भातको भाँडो ल्याएर श्रीगणेशका सामु राखिदिइन्। भोजनको त्यो रूप देखेर गणेशका बाल साथीहरू गिज्याउँदै हाँस्न थाले । श्रीगणेशले श्रद्धापूर्वक त्यो पीठो पानीसँग खानुभयो । त्यसपछि शुक्लले माडसहित भात पस्किएर टक्र्याए । त्यो देखेर केही केटाहरूले हाँस्दै भने – 'पण्डित जी ! के तपाईंले घुँडासम्म आउने पानी राखेर भात पकाउनुभयो ?' तर भगवान्ले भने त्यस्ता कुरा वास्ता नगरी भात खानुभयो । भोजन गरेपछि भन्नुभयो – 'मैले जीवनमा यति मीठो भोजन खाएको थिइनँ । अरू भात मलाई दिनुहोस् ।' शुक्लले पनि पकाएको सबै माड र भात टपरीमा खन्याइदिए । पातलो माड धेरै भएकाले भात बग्न थाल्यो र चारैतिर फैलियो । भगवान् श्रीगणेशले आफ्ना साना साना हातले टपरीबाट बगिरहेका भातका सिता रोक्न सक्नुभएन । हेर्दाहेर्दै उहाँ दश भुजाले सुहाउनुभयो र ती भुजाहरूबाट भात खान लाग्नुभयो ।[२९] भक्तप्रिय श्रीगणेशले आफ्नो वर्तमान स्वरूप बिर्सेर भक्तका लागि वास्तविक स्वरूप देखाउनुभयो । शुक्लदम्पतीले मोक्षको कामना गर्दै स्तुति र प्रार्थना गरे । भोजन गरेपछि श्रीगणेश आफ्ना बालमित्रहरूका साथ अन्यत्र कतै जानुभयो ।

ग) श्रीगणेशको विचित्र लीला र काशिराजको आश्चर्य

श्रीगणेश भक्तका घर–घरमा अतिथि बनेर जानुभएको थियो । काशिराज भने आफ्नो दरबारमा भगवान् श्रीगणेशसँगै भोजन गर्न प्रतीक्षारत थिए । लामो प्रतीक्षापछि ती आफै श्रीगणेशको खोजी गर्न दरबारबाट बाहिर निस्किए । घरघरमा गई काशिराजले बालगणेश कहाँ जानुभयो भनी प्रश्न गरिरहेका थिए। सबैले भने – 'बालविनायक त तपाईंसँगै भोजन गरेर यहाँबाट बालक्रीडा गर्न भनी जानुभएको हो ।' काशिराज चकित भए ।[३०] त्यसपछि ती श्रीगणेशको खोजी गर्न शुक्लब्राह्मणका घरमा गए र तिनले त्यहाँ बालविनायकको दर्शन पाए । काशिराजले भने– 'प्रभु ! शिशुहरूको सङ्गतिका कारण के हजुरले मेरो प्रेम बिर्सनु भएको हो ? किन मलाई छाडेर सबै गृहस्थहरूका घरमा गई मिष्टान्न भोजन गर्नुभयो ?' त्यो सुनेर श्रीगणेशले भन्नुभयो– 'महाराज ! तपाईंले बालकले झैं झुट्टा बोल्नु हुँदैन । तपाईंले सबै नरनारीहरूसँग सोध्नुहोस् मैले जुन जुन घरमा भोजन गरें त्यहाँ त्यहाँ तपाई

---

२८. पूर्ववत्, २/२३/२५-५२ ।

२९. तज्जलं चलितं दिक्षु बालो रोद्धुं न चाशकत् । ततोऽभवद् दशभुजो बुभुजे चौदनं च तैः ॥ - पूर्ववत्, २/२३/४१ ।

३०. पूर्ववत्, २/५५/१-१६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDI

पनि उपस्थित हुनुहुन्थ्यो ।' यो संवाद सुनिरहेका नरनारीहरूले भने – ' हे काशिराज ! के राजाले असत्य बोल्न सुहाउँछ ? तपाईंले हाम्रा सामु श्रीगणेशका साथ रहेर भोजन गर्नुभएको थियो ।' यी सबै घटनाहरूको विश्लेषण गर्दै काशिराजले भने- 'हे श्रीगणेश प्रभु ! हजुरको अजेय मायाबाट योगिराजहरू पनि पराजित हुन्छन् भने मेरो के गणना हुनसक्छ ? हजुर सर्वव्यापी, अन्तर्यामी, सर्वशक्तिमान् र वन्दनीय हुनुहुन्छ ।[३१] त्यसपछि काशिराज गणेशभक्तिले रोमाञ्चित भए र श्रीगणेशको ध्यानमा लीन भए । ध्यानमा तत्पर हुँदा तन्मयताका कारण काशिराज श्रीगणेशको रूपमा नै परिणत भएका थिए ।[३२]

घ) शरणागत-शत्रुवत्सल श्रीगणेश

[३३]काशीमा रही लीला गर्नुहुने बालक श्रीगणेश एक दिन शिविकामा सवार भई नगरबाट दरबारतर्फ आउँदै हुनुहुन्थ्यो । त्यसबेला दैत्यराज नरान्तकका सेनानी शूर र चपलनामक दानवहरूले श्रीगणेशलाई घेरेर घोर गर्जन गरे। तिनीहरूको गर्जन सुनेर श्रीगणेश शिविकाबाट ओर्लिनुभयो । तिनीहरू आफूलाई समाप्त पार्ने उद्देश्यले आएको थाहा पाएपछि श्रीगणेशले फूर्तिसाथ ती दुबैलाई दुई हातले उचालेर वेगपूर्वक भुइँमा पछार्नुभयो र उठाएर चपक्क समाउनुभयो । बालक श्रीगणेशले यस्तो गर्न सक्छन् भन्ने कल्पना पनि नगरेका ती दुबै डरले थरथर काँप्न थाले र श्रीगणेशको स्तुति गर्दै प्राणको भिक्षा माग्न थाले । श्रीगणेशले भन्नुभयो – 'तिमीहरूले आफ्नो परिचय दिएर सबै कुरा साँचो साँचो बतायौ भने मैले प्राणहरण गर्नेछैन । अन्यथा तिमीहरूको मृत्यु निश्चित छ ।' ती दुबै दानवले भने- 'हे करुणासागर प्रभु ! हजुर हाम्रा पिता हुनुहुन्छ । गर्भाधान गर्ने, उपनयन गराउने, विद्या दिने, अभय दिने र अन्न दिएर प्राणरक्षा गर्ने पाँचथरि पिता मानिएका छन् ।[३४] तसर्थ हजुरले हामीलाई क्षमा दिनुहोस् । हामी असुरराज नरान्तकका गुप्तचर हौं । काशीका सम्पूर्ण घटनाहरूको सूचना हामीले उहाँसमक्ष पुऱ्याउँछौं । हजुरलाई जुनसुकै किसिमले भए पनि मार्ने उद्देश्यले हामी काशीमा आएका थियौं । यसैले हामीले काशीमा अनेकथरि विघ्न पैदा गर्ने काम गरिरहेका थियौं ।'

काशीका नागरिकहरूले श्रीगणेश र दानवहरूको संवाद सुनेर श्रीगणेशसँग निवेदन गरे – 'हे प्रभु ! सर्पलाई दूध पियाउँदा सर्पको विषमात्र बढ्दछ, अरू कुनै लाभ हुँदैन । यी सर्प हुन् । यिनीहरूको कल्याण गरेर आफूले आपत्तिमात्र पाइन्छ । तसर्थ हजुरले अविलम्ब यिनीहरूको वध गर्नुहोस् ।' नर-नारीहरूका कुरा सुनेर श्रीगणेशले भन्नुभयो- 'हे नर-नारीहरू! मैले यी दुबैलाई अभयदान दिइसकेको छु । मेरो प्रतिज्ञाभङ्ग हुँदैन ।' त्यसपछि श्रीगणेश ती दुबैलाई काशी छोड्ने आज्ञा दिएर शिविकामा सवार भई काशिराजको महलतर्फ जानुभयो । ती दानवहरू पनि भगवान् बालगणेशलाई प्रणाम गरी शरणागतवत्सल श्रीगणेश प्रभुको जय होस् भन्दै काशीबाट आफ्नो राज्यतर्फ लागे ।

ङ) श्रीगणेशको काशीलीला र काशिराजको भावपूर्ण कृतज्ञताज्ञापन

श्रीगणेशले आफ्नो दिव्य पराक्रमबाट लोककण्टक दैत्यराज नरान्तकको वध गर्नुभएपछि देवताहरू आई श्रीगणेशको भावपूर्ण स्तुति गरेर बिदा भए । भगवान् बालगणेश पनि तुरुन्तै कुनै घटना नभएझैं सामान्यरूपमा सिंहमा सवार भई बालमित्रहरूका साथ बालक्रीडा गर्न लाग्नुभयो । भगवान् श्रीगणेशको सहजता, सरलता,

---

३१. *अज्ञेया ते परा माया योगिनामपि मोहिनी । धन्योऽसि सर्वरूपेण सर्वत्र मानितो यतः ।। - पूर्ववत्, २/५५/१३ ।*

३२. *रोमाञ्चाञ्चितगात्रः स ध्यानमेवान्वपद्यत । ततो वैनायकं रूपं स्वयमेवान्वपद्यत ।। - पूर्ववत्, २/५५/१४ ।*

३३. *पूर्ववत्, २/५५/३०-४९ ।*

३४. *सेककृच्चोपनेता च विद्यादोऽभयदोऽपरः । अन्नदः पञ्च पितरो विख्याता भुवनत्रये ।। - पूर्ववत्, २/५५/४० ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्पृहता र सौम्य बालभाव देखेर चकित एवं भावविह्वल भएका काशिराजले श्रीगणेशलाई भक्तिपूर्वक आलिङ्गनपाशमा कसे । त्यसबेला भक्त र भगवान्का आँखाबाट प्रेमका आँसु बगिरहेका थिए। काशिराजले गद्गद भएर भावपूर्ण निवेदन गर्दै भने – 'हे प्रभु ! मेरो अपूर्व सौभाग्यको उदय भएको छ र जन्मजन्मान्तरमा सञ्चित गरेका पुण्य फलदायक हुन थालेका छन् । किनकि मैले ब्रह्मा आदि देवताहरूका लागि पनि दुर्लभ मानिएका सनातन ब्रह्मको प्रत्यक्ष अनुभव गरिरहेको छु । जुन तत्त्व ब्रह्माण्डको कारणको पनि कारण, कारणशून्य, वेदान्तवेद्य, सद्रूप, स्वयंप्रकाश, ज्योतिको पनि ज्योति, नानारूपसम्पन्न एवं रूपरहित छ र पृथिवीको भारहरण गर्न समर्थ छ, त्यही तत्त्व बालरूप लिएर मेरो आँगनमा स्वेच्छापूर्वक क्रीडा गरिरहेको छ । आज मैले मेरो भाग्यको प्रशंसा कुन शब्दले गरूँ?' काशिराजको भक्तिपूर्ण वाणी सुनेर श्रीगणेशले भन्नुभयो – 'हे काशिराज ! म तपाईंजस्ता भक्तलाई एक्लै छोडेर एकछिन पनि यताउति लाग्नेछैन ।'[३५]

च) विद्रुमा एवं शुक्लमाथि श्रीगणेशको अपूर्व कृपा

बालक श्रीगणेशले गरीब ब्राह्मणदम्पतीमाथि अपूर्व कृपा गर्नुभएको प्रसङ्ग ज्यादै हृदयाभिराम रहेको छ । आफ्नो घरमा भोजन गरी तृप्त हुनुभएका भगवान्को बिदाइका लागि काशिराजको दरबारसम्म पछि लागेर आएका शुक्लब्राह्मणलाई देखेर श्रीगणेशले मनमा विचार गर्दै भन्नुभयो – 'यी दम्पतीको भक्तिभाव र श्रद्धा हेर्दा यिनलाई दिन नहुने कुरा केही पनि छैन । तर यी दुबैको पवित्र प्रेमका सामु त्रिलोकीको सम्पत्ति पनि तुच्छ छ ।' यसरी विचार गरेर उहाँले शुक्ल दम्पतीलाई आफ्नो दिव्य सम्पत्तिका साथै कुबेरको भन्दा पनि उत्तम वैभव प्रदान गर्नुभयो ।

भगवान्को बिदाइ गरी घर फर्केका शुक्लब्राह्मण अलौकिक र लौकिक अनन्त सम्पत्तिका स्वामी बनिसकेका थिए । तिनको कुटी भव्य महलमा परिणत भइसकेको थियो र विश्वदुर्लभ सामग्रीको सङ्ग्रहालय पनि । यो देखेर शुक्लकी सहधर्मिणी विद्रुमा चकित थिइन् । तिनलाई सम्बोधन गर्दै शुक्लले भने – 'हे भाग्यवती सुन्दरी ! यो भक्तवत्सल दयासागर भगवान् श्रीगणेशका कृपाको परिणाम हो । प्रभुले हामीलाई हाम्रा सामु केही पनि दिनुभएन। तिमीले टक्र्याएको माड–भातले खुसी भएर परोक्षरूपमा सबै कुरा दिनुभयो। दयासिन्धु प्रभुले आफ्ना भक्तले प्रदान गरेको तुच्छ वस्तुलाई पनि अमूल्य मानेर भक्तलाई सर्वस्व सुम्पनु हुन्छ । तर आफूले दिएको महत्त्वपूर्ण वस्तुलाई तुच्छ संझनुहुन्छ । त्यसकारण कल्याण चाहने मानिसले प्रेम, भय, कामना र शत्रुभावले भए तापनि सर्वदा भगवान् श्रीगणेशको स्मरण, पूजन र स्तुति गर्नुपर्दछ । त्यसैगरी उहाँका कल्याणमय चरणकमलमा बारबार प्रणाम निवेदन गर्नुपर्दछ ।[३६]

छ) दानवकुलकी बुद्धिमती नारी दुर्गाको अनुपम गणेशभक्ति

प्रचण्ड शासक दैत्यराज सिन्धु र श्रीगणेशको घोर सङ्ग्राम भयो । सूर्यदेवको ध्यान गर्दै दैत्यराज सिन्धुले भगवान् श्रीगणेशमाथि धनुष वाण प्रहार गर्‍यो । श्रीगणेशले आफ्नो बञ्चरोले हानेर त्यसलाई छिन्नभिन्न तुल्याउनुभयो। सिन्धुले फेरि भगवान्लाई ताकेर चक्र प्रहार गर्‍यो । श्रीगणेशले प्रहार गरेको त्रिशूल सिन्धुको चक्रलाई टुक्रा टुक्रा बनाई त्यसका मस्तकमा रहेको मुकुट टुक्र्याउँदै दुबै कानसमेत छिनालेर श्रीगणेशसामु आइपुग्यो । कान काटिएपछि रिसाएर श्रीगणेशमाथि जाइलागेको दैत्यराज सिन्धुले आफ्ना चारैतर्फ आयुधधारी श्रीगणेशको दर्शन

३५. पूर्ववत्, २/७०/२१-३० ।
३६. पूर्ववत्, २/५५/१७-२९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

गऱ्यो । त्यसले जता दृष्टि लगाउँथ्यो त्यता सायुध श्रीगणेश विराजमान हुनुहुन्थ्यो । अन्तमा दिक्क भएर त्यसले आँखा चिम्लियो । त्यसबेला पनि त्यसले आफ्नो हृदयमा श्रीगणेशको दर्शन पायो । आँखा खोल्दा पनि दैत्यराज सिन्धुले आफ्ना सामु आयुधधारी श्रीगणेशको दर्शन पायो। यसबाट लज्जित, दुःखी र विस्मित भएको सिन्धु चुपचाप घर फर्की मुख ढाकेर सुत्यो ।[३७]

शय्यामा पल्टिरहेको सिन्धुका सामु सहसा त्यसकी महारानी दुर्गाले आएर भनिन् – 'हे स्वामी ! तपाईं किन चिन्तित र उदास हुनुहुन्छ ? प्रत्येक प्राणी ईश्वरको अधीनमा हुन्छ, जुन कुरा हुनुपर्नेछ त्यो नभई छाड्दैन । हजुरले चिन्ताको कारण बताउनुभएमा मैले आफ्नो बुद्धिअनुसार केही उपाय बताउने साहस गर्ने थिएँ ।' दुर्गाका वचन सुनेर सिन्धुले भन्यो – 'हे प्रिया ! मैले कसरी मेरो पराजयको विषयमा कुरा गरूँ ? मैले कुनै समयमा सातकोटि देवता र शिवगणसमेतलाई धूलो चटाएको थिएँ । तर आज शिवजीको फुच्चे छोराले त्रिशूल प्रहार गरेर मेरा दुबै कान काटिदियो । यसैले लज्जित भई मुख छोपेर सुतिरहेको छु । मैले त्यस शत्रुको वध कसरी गर्नसक्छु ?' दुर्गाले भनिन् –'हे स्वामी ! हजुरले वीरधर्म अँगालेर युद्धमा कोटिकोटि शत्रुको वध गर्नुभएको सत्य हो । तर देवता, ब्राह्मण र गाईसँग द्वेष गर्ने प्राणीले कहिले पनि कल्याण र कीर्ति प्राप्त गर्न सक्दैन । भगवान् श्रीगणेश कल्याणकारी देवता हुनुहुन्छ । उहाँसँग द्वेष र शत्रुभाव राख्ने कसैको पनि उत्तम गति हुँदैन । हेर्नुहोस् देवता, गाई र ब्राह्मणको सेवा, वन्दना, स्तुति, ध्यान, स्मरण र पूजन गर्नाले मात्र इन्द्र आदि लोकपालहरूले स्थिर पद प्राप्त गरेका हुन् । जस्तो बिउबीजन छरिन्छ त्यस्तै अङ्कुर लाग्दछ । अशुभ कर्मको परिणाम दुःख र शुभ कर्मको परिणाम सुख हुन्छ। यसैले सज्जन पुरुषहरूले श्रद्धापूर्वक शुभ कर्म गर्दछन् । तिनले आफ्ना मन, वाणी एवं शरीरबाट जस्तोसुकै परिस्थितिमा पनि अरूको हित गर्दछन् ।'[३८]

फेरि दुर्गाले आफ्ना पतिलाई सुझाव दिँदै भनिन् – 'हे प्राणनाथ ! पटक पटक मैले संझाउँदा पनि हजुरले मान्नुभएन, विपरीत आचरण गर्नुभयो र देवता एवं ऋषिहरूलाई दुःखी तुल्याउनुभयो । जुन आचारबाट आफ्नो मन परधन र परस्त्रीमा लुब्ध हुँदैन त्यस्तो आचार गर्नु नै पुरुषार्थ हो । जुन मानिसले अनिन्द्य पुरुषको निन्दा गर्दैनन्, शरणागतहरूको रक्षामा निरन्तर तत्पर रहन्छन्, धर्मपरायण हुन्छन् र सबै प्राणीमा समदृष्टि राख्दछन् ती नै पुरुषार्थी कहलाउँछन् । हजुरले मेरो प्रार्थनामा ध्यान दिनुभयो भने हजुरको परम कल्याण हुनेछ । आफूले कारागारमा बन्दी बनाएका देवताहरूलाई मुक्त गरेर आनन्दपूर्वक जीवन बिताउनुहोस् र श्रीगणेशको शरणमा परी क्षमायाचना गर्नुहोस्। त्यसो गरेमा संसारका स्वामी गणेश फर्किनु हुनेछ । हामी दम्पती पनि सुखपूर्वक जीवन बिताउन पाउनेछौं ।' महारानी दुर्गाले यसरी सद्बुद्धि प्रदान गरे तापनि **विनाशकाले विपरीतबुद्धिः** भनेझैं सिन्धुको घैंटामा घाम लागेन । त्यसले श्रीगणेशसँग अन्तिम कालसम्म द्वेष गऱ्यो र परिणाममा श्रीगणेशबाट नै मृत्युवरण गऱ्यो।

२.४ स्कन्द-सन्दर्भ

पार्वती र परमेश्वरका प्रथम पुत्रका रूपमा लोकवन्दित स्कन्दको महिमा महाभारत एवं पुराणवाङ्मयमा व्यापक रूपमा चर्चा गरिएको पाइन्छ। श्रीगणेश र स्कन्दको अपूर्व प्रेम र बाललीलाका सन्दर्भ पनि अनेकौं पुराणहरूमा रहेका छन्। कल्पभेद र पुराणभेदका कारण कथावस्तुमा केही अन्तर देखिए पनि सारतत्त्व एउटै पाइन्छ ।

---

३७. पूर्ववत्, २/११५/३४-५१ ।
३८. पूर्ववत्, २/११७/१-२४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क) गणेशपुराण

गणेशपुराणमा तारकासुरको आतङ्कबाट पीडित देवताहरूले कामदेवका माध्यमबाट समाधिस्थ शङ्करको तपोभङ्ग गराई शङ्कर-पार्वतीबाट पुत्रोत्पत्तिका लागि अनुकूल वातावरण तयार गरेको विषय उल्लेख गरिएको छ। महाबली तारकासुरले कठोर तपस्या गर्दा प्रसन्न हुनुभएका ब्रह्माजीले अभयदान दिंदै भन्नुभयो- देवता, ऋषि, गन्धर्व, सर्प, राक्षस र तिनका शस्त्रअस्त्रबाट तिम्रो मृत्यु हुने छैन। शिव र पार्वतीका पुत्रका रूपमा जब स्कन्द पैदा हुनेछन् तबमात्र तिनका हातबाट तिम्रो मृत्यु हुनेछ ।

उग्र तारकासुरलाई यो वरदानले आगोमा घ्यूको काम गऱ्यो। त्यो झन् उग्र हुँदै गयो। त्रिलोकीका सम्पूर्ण प्राणीहरू त्यसको अत्याचारबाट सन्तप्त भए। विद्या, आचारनिष्ठा, धर्म र संस्कृतिमा कुठाराघात भयो। साधु-सज्जन, मुनि र देवताहरूका लागि हिमालयका गुफा आश्रय बने। त्यस अवस्थामा मुनिहरूले भगवान् शङ्करसँग प्रार्थना गरे- हे संहारका देवता ! हजुरले कि त संसारको संहार नै गरिदिनुहोस्, कि त यो दानवलाई मारिदिनुहोस्। यसरी प्रार्थना गरेर ती मुनिहरू तपस्या गर्न लागे। यता तारकासुरले ब्रह्मा, विष्णु र शिवजीमाथि पनि आक्रमण गऱ्यो। कालको अधीनमा रहेका ती शक्तिशाली देवताहरू पनि स्थानत्याग गरी पलायन गरे। हिमालयका गुफामा रहेका इन्द्रादि देवताहरूले शङ्करको स्तुति गरे। स्तुतिपछि तिनीहरूले 'जबसम्म शिवजीलाई पुत्र जन्म हुँदैन तबसम्म तारकासुरको अत्याचार जारी रहनेछ। शिवजीलाई पुत्र जन्माउने कार्यमा तिमीहरू प्रयत्नशील बन' भन्ने आकाशवाणी सुने ।[३९]

हिमालयको गुफामा रहेका इन्द्रादि देवताहरू शङ्करको दर्शन गर्न कैलाशमा पुगे। तर, तिनीहरूले उहाँको दर्शन पाउन सकेनन्। त्यहाँ पार्वतीमात्र हुनुहुन्थ्यो। उहाँलाई सबै कुरा निवेदन गर्दै भने – 'त्रिलोकीलाई निकै सताउने दुष्ट तारकासुरका कारण पदमुक्त भएका हामीहरूलाई हजुरले सङ्कटको सागरबाट पार लगाउनुहोस्।'[४०]

पार्वतीले देवताहरूको दयनीयता देखेर दया जागी भन्नुभयो – हे देवगण! आकाशवाणीको तात्पर्य मैले बुझें। भगवान् शङ्करले कल्याण गर्नुहुनेछ। तपाईहरू मेरा साथ लागेर हिँड्नुहोस् । हामी शङ्कर जहाँ समाधिमा हुनुहुन्छ त्यसै ठाउँमा जानेछौं। यसरी आफ्ना कुरा राखेपछि पार्वतीले भिल्लनारीको रूप धारण गर्नुभयो। उहाँको रूप सौन्दर्य देखेर देवता, ऋषि, मुनि सबै मुग्ध भए। उर्वशी, मेनका, रम्भा आदि सुरसुन्दरीहरू पनि हीनताबोध गर्न थाले। देवताहरूले भगवान् शङ्कर समाधि रहनुभएको ठाउँमा पुगेर उहाँलाई अविचलभावले ब्रह्मको ध्यानमा लाग्नुभएको देखे। त्यसबेला पार्वतीले देवताहरूलाई भन्नुभयो – हे देवगण ! तपोनिष्ठ भगवान् शङ्कर अहिले देहातीत भावमा हुनुहुन्छ। जब उहाँलाई देहभावको बोध हुन्छ तबमात्र हाम्रो कार्य सफल हुनेछ। तसर्थ शिवजीलाई देहभावमा ल्याउन कामदेवलाई लगाउनुहोस् ।[४१]

त्यसपछि सबै देवताहरूले कामदेवसँग शङ्करलाई देहभावमा ल्याउन अनुरोध गरे। कामदेवले पनि देवताहरूको प्रस्ताव स्वीकार गरी जहाँ शङ्कर तपस्यामा लीन हुनुहुन्थ्यो त्यहाँ गई मायाद्वारा अत्यन्त सुन्दर बगैंचा तयार गरे। सुन्दर बगैंचाका सुगन्धित फूलहरूको वासना चारैतिर फैलियो। बिहानको समयमा त्यो गन्ध शिवजीको नाकभित्र पुग्यो र उहाँले आँखा खोली हेर्दा आफ्नो चारैतिर अद्भुत सौन्दर्य नजर गर्नुभयो। त्यसबेला उहाँको मनमा कामभावना पैदा भयो। आफ्नो विकारापन्न मनको अवस्था बुझेर रिसाउँदै शिवजीले भन्नुभयो –

---

३९. *एवं ते तुष्टुवुर्यावच्छुश्रुवुस्तावदेव हि। नभोवाणीं सर्वदेवा हरपुत्रो यदा भवेत् ॥*
तदास्य नाशो भविता यत्नं कुरुत तत्र वै। – पूर्ववत्, १/८३/२९-३०

४०. *तारके तारक ज्ञानप्रदे तारय तारकात्। त्रैलोक्यपीडकाद् दुष्टात् पदभ्रष्टान् मुनीन् सुरान्॥ – पूर्ववत्, १/८३/३२-३३*

४१. *देहातीत इवास्तेऽसौ तपोनिष्ठ सदाशिवः। यास्यते दहभावं स तदा कार्यं भविष्यति॥ – पूर्ववत् १/८३/४२ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

कुन अधमले मेरा तपस्या भङ्ग गर्ने उद्देश्यले यो बगैंचाको रचना गऱ्यो ? शिवजीका रिसले राता भएका आँखा देखेर कामदेव एकान्तमा लुके। तिनले आफ्नो रक्षाका लागि देवताहरूको याद गरे। देवताहरू पनि छिट्टै त्यहाँ आइपुगे। देवता र कामदेवको कुराकानी नहुँदै भगवान् शङ्करले दुर्बल शरीरका कामदेवलाई नजर गर्नुभयो। त्यसबेला उहाँले कामदेवलाई भस्म गराउने उद्देश्यले तेस्रो आँखा खोल्नुभयो। पृथिवी, स्वर्ग र पाताल कम्पायमान भए। देवताहरूले हात जोडेर भने- हे प्रभु ! कामदेवलाई नमार्नुहोस् । तर, शिवजीले तिनीहरूका कुरा सुन्नुभएन। एक्कासि आफ्ना आँखाको तेजबाट कामदेवलाई खरानी तुल्याउनुभयो। भिल्लीको भेषमा रहेकी पार्वतीले शिवजीको पाउमा परी क्रोधशमन गर्ने प्रार्थना गर्दै भन्नुभयो - हे प्रभु ! ब्रह्माजीबाट वर पाएर मातिएको तारकासुरको आतङ्कबाट दु:खी भएका देवताहरूले हजुरको ध्यानसमाधि भङ्ग गरी तारकासुरको विनाशको उपाय गर्न कामदेवलाई उपयोग गरेका थिए। तर, ठूलाबडासँग अपराधपूर्ण व्यवहार गर्नाले आज कामदेवलाई खरानी हुनुपऱ्यो। यसमा हामीहरू पनि सहभागी छौं। हे भगवान् ! हाम्रो अपराध क्षमा गर्नुहोस्। हजुर शरणागतवत्सल हुनुहुन्छ । भिल्ली रूप पार्वतीका यी कुरा सुनेर प्रसन्न हुनुभएका शङ्करले प्रेमपूर्ण मीठा वचन बोल्दै भन्नुभयो - 'हे प्यारी ! भिल्ली उठ, तिमीले मेरो क्रोधबाट देवताहरूलाई जोगायौ ।' यसरी पार्वतीलाई सम्बोधन गरेर एक्कासि शिवजीले काखमा लिनुभयो। र आलिङ्गनपाशमा बाँध्नुभयो। त्यसपछि उहाँले पार्वतीलाई समेत आफ्नो वाहन नन्दीमाथि राखी कैलाशतर्फ प्रस्थान गर्नुभयो। शिवजीको आलिङ्गनका कारण अत्यन्त कामसंतप्त भएकी पार्वती आत्तिनु भयो । कामको संताप निवारण गर्न जति उपाय गरेता पनि ताप बढ्दै गयो । एक दिन उहाँले भगवान् शिवजीसमक्ष पुगेर भन्नुभयो - हे प्रभु ! हजुरले कामदेवलाई खरानी तुल्याउनुभए तापनि मलाई त्यसले सताइरहेको छ। उपाय गर्नुहोस् ।

पार्वतीका यी कुरा सुनेर शिवजीले पार्वतीलाई अङ्कशायिनी बनाई दीर्घकालसम्म रमण गर्नुभयो। भगवान् शिवजी दीर्घकालसम्म रमणमा भुल्नुहुँदा आतङ्कपीडित देवताहरू फेरि कैलाशमा पुगे। शिवजीलाई त्यस अवस्थाबाट छुटाउने सामर्थ्य नभएकाले चुप लागेर पर्खिरहे । त्यस बेला देवगुरु बृहस्पतिले अग्निदेवतालाई शिवपार्वतीको खोपी बाहिर गई भिक्षा माग्न लगाउँदा कल्याण हुने युक्ति बताए। देवताहरूले गुरुको परामर्शअनुसार अग्निको प्रार्थना गरी शिवजीसमक्ष भिक्षार्थी बन्न सहमत गराए ।

काषायवस्त्रधारी ब्राह्मणका रूपमा परिणत भएका अग्नि शिवजीको खोपी बाहिर गई भिक्षां देहि भन्दै चिच्याउन थाले। नग्न अवस्थामा रहेका शिवपार्वतीले हतार गर्दै वस्त्र धारण गरेपछि भिक्षुकलाई के दिने ? हामीसँग यहाँ केही छैन भन्ने चिन्ता गर्दा पार्वतीले शिवजीको वीर्य हातमा लिएर अग्निलाई प्रदान गरिन्। यो वीर्य भुइँमा खस्यो भने त्रिलोकीलाई नै खरानी तुल्याउँछ भन्ने सोची अग्निले आफै धारण गरे र उनलाई गर्भ रह्यो। तेजिलो शिववीर्यको रापले सन्तप्त भएका अग्निदेवता निकै आत्तिए। उनले गङ्गामा गई गर्भमोचन गरे। त्यस बेला कृत्तिकाहरू त्यहाँ नुहाउन आइपुगे। ती सबैले नुहाउँदा अग्निद्वारा परित्यक्त जलमा मिसिएको शिववीर्य पान गरे र ती सबै गर्भवती भए। नुहाएर घर फर्किंदा तिनका पतिहरूले आफ्ना श्रीमतीका पेटमा गर्भ रहेको थाहा पाई घरबाट निकालिदिए। ती कृतिकाहरूले फेरि गङ्गामा आई आआफ्ना गर्भ त्याग गर्दा ६ मुख भएका सुन्दर बालक पैदा भए। बालकले हुङ्कार गर्दा सम्पूर्ण ब्रह्माण्ड कम्पायमान भयो। त्यसै समयमा पृथिवीमा पर्यटन गर्दै नारदजी त्यहाँ आए। तिनले सबै कुरा थाहा पाई कैलाशमा गएर पार्वतीलाई भने - 'तपाईंका सुन्दर बालक गङ्गा तटमा लडिरहेका छन्, तपाईं भने निष्ठुर भई यहाँ बस्नुभएको छ ।' नारदजीका कुरा सुनेपछि पार्वती पनि तीव्र वेगले गङ्गातटमा पुग्नुभयो। पार्वतीले बालकलाई आलिङ्गन गरी माया गर्नुभयो। त्यस बेला गङ्गाले भनिन् - यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क) गणेशपुराण

गणेशपुराणमा तारकासुरको आतङ्कबाट पीडित देवताहरूले कामदेवका माध्यमबाट समाधिस्थ शङ्करको तपोभङ्ग गराई शङ्कर-पार्वतीबाट पुत्रोत्पत्तिका लागि अनुकूल वातावरण तयार गरेको विषय उल्लेख गरिएको छ। महाबली तारकासुरले कठोर तपस्या गर्दा प्रसन्न हुनुभएका ब्रह्माजीले अभयदान दिंदै भन्नुभयो- देवता, ऋषि, गन्धर्व, सर्प, राक्षस र तिनका शस्त्रअस्त्रबाट तिम्रो मृत्यु हुने छैन। शिव र पार्वतीका पुत्रका रूपमा जब स्कन्द पैदा हुनेछन् तबमात्र तिनका हातबाट तिम्रो मृत्यु हुनेछ ।

उग्र तारकासुरलाई यो वरदानले आगोमा घ्यूको काम गऱ्यो। त्यो झन् उग्र हुँदै गयो। त्रिलोकीका सम्पूर्ण प्राणीहरू त्यसको अत्याचारबाट सन्तप्त भए। विद्या, आचारनिष्ठा, धर्म र संस्कृतिमा कुठाराघात भयो। साधु-सज्जन, मुनि र देवताहरूका लागि हिमालयका गुफा आश्रय बने। त्यस अवस्थामा मुनिहरूले भगवान् शङ्करसँग प्रार्थना गरे- हे संहारका देवता ! हजुरले कि त संसारको संहार नै गरिदिनुहोस्, कि त यो दानवलाई मारिदिनुहोस्। यसरी प्रार्थना गरेर ती मुनिहरू तपस्या गर्न लागे। यता तारकासुरले ब्रह्मा, विष्णु र शिवजीमाथि पनि आक्रमण गऱ्यो। कालको अधीनमा रहेका ती शक्तिशाली देवताहरू पनि स्थानत्याग गरी पलायन गरे। हिमालयका गुफामा रहेका इन्द्रादि देवताहरूले शङ्करको स्तुति गरे। स्तुतिपछि तिनीहरूले 'जबसम्म शिवजीलाई पुत्र जन्म हुँदैन तबसम्म तारकासुरको अत्याचार जारी रहनेछ। शिवजीलाई पुत्र जन्माउने कार्यमा तिमीहरू प्रयत्नशील बन' भन्ने आकाशवाणी सुने ।[३९]

हिमालयको गुफामा रहेका इन्द्रादि देवताहरू शङ्करको दर्शन गर्न कैलाशमा पुगे। तर, तिनीहरूले उहाँको दर्शन पाउन सकेनन्। त्यहाँ पार्वतीमात्र हुनुहुन्थ्यो। उहाँलाई सबै कुरा निवेदन गर्दै भने – 'त्रिलोकीलाई निकै सताउने दुष्ट तारकासुरका कारण पदमुक्त भएका हामीहरूलाई हजुरले सङ्कटको सागरबाट पार लगाउनुहोस्।'[४०]

पार्वतीले देवताहरूको दयनीयता देखेर दया जागी भन्नुभयो – हे देवगण! आकाशवाणीको तात्पर्य मैले बुझें। भगवान् शङ्करले कल्याण गर्नुहुनेछ। तपाईंहरू मेरा साथ लागेर हिँड्नुहोस् । हामी शङ्कर जहाँ समाधिमा हुनुहुन्छ त्यसै ठाउँमा जानेछौं। यसरी आफ्ना कुरा राखेपछि पार्वतीले भिल्लनारीको रूप धारण गर्नुभयो। उहाँको रूप सौन्दर्य देखेर देवता, ऋषि, मुनि सबै मुग्ध भए। उर्वशी, मेनका, रम्भा आदि सुरसुन्दरीहरू पनि हीनताबोध गर्न थाले। देवताहरूले भगवान् शङ्कर समाधि रहनुभएको ठाउँमा पुगेर उहाँलाई अविचलभावले ब्रह्मको ध्यानमा लाग्नुभएको देखे। त्यसबेला पार्वतीले देवताहरूलाई भन्नुभयो – हे देवगण ! तपोनिष्ठ भगवान् शङ्कर अहिले देहातीत भावमा हुनुहुन्छ। जब उहाँलाई देहभावको बोध हुन्छ तबमात्र हाम्रो कार्य सफल हुनेछ। तसर्थ शिवजीलाई देहभावमा ल्याउन कामदेवलाई लगाउनुहोस् ।[४१]

त्यसपछि सबै देवताहरूले कामदेवसँग शङ्करलाई देहभावमा ल्याउन अनुरोध गरे। कामदेवले पनि देवताहरूको प्रस्ताव स्वीकार गरी जहाँ शङ्कर तपस्यामा लीन हुनुहुन्थ्यो त्यहाँ गई मायाद्वारा अत्यन्त सुन्दर बगैंचा तयार गरे। सुन्दर बगैंचाका सुगन्धित फूलहरूको वासना चारैतिर फैलियो। बिहानको समयमा त्यो गन्ध शिवजीको नाकभित्र पुग्यो र उहाँले आँखा खोली हेर्दा आफ्नो चारैतिर अद्भुत सौन्दर्य नजर गर्नुभयो। त्यसबेला उहाँको मनमा कामभावना पैदा भयो। आफ्नो विकारापन्न मनको अवस्था बुझेर रिसाउँदै शिवजीले भन्नुभयो –

---

३९. *एवं ते तुष्टुवुर्यावच्छुश्रुवुस्तावदेव हि। नभोवाणीं सर्वदेवा हरपुत्रो यदा भवेत् ॥*
तदास्य नाशो भविता यत्नं कुरुत तत्र वै। – पूर्ववत्, १/८३/२९-३०

४०. *तारके तारक ज्ञानप्रदे तारय तारकात्। त्रैलोक्यपीडकाद् दुष्टात् पदभ्रष्टान् मुनीन् सुरान्॥ – पूर्ववत्, १/८३/३२-३३*

४१. *देहातीत इवास्तेऽसौ तपोनिष्ठ सदाशिवः। यास्यते दहभावं स तदा कार्यं भविष्यति॥ – पूर्ववत् १/८३/४२ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन अधमले मेरा तपस्या भङ्ग गर्ने उद्देश्यले यो बगैंचाको रचना गऱ्यो ? शिवजीका रिसले राता भएका आँखा देखेर कामदेव एकान्तमा लुके। तिनले आफ्नो रक्षाका लागि देवताहरूको याद गरे। देवताहरू पनि छिट्टै त्यहाँ आइपुगे। देवता र कामदेवको कुराकानी नहुँदै भगवान् शङ्करले दुर्बल शरीरका कामदेवलाई नजर गर्नुभयो। त्यसबेला उहाँले कामदेवलाई भस्म गराउने उद्देश्यले तेस्रो आँखा खोल्नुभयो। पृथिवी, स्वर्ग र पाताल कम्पायमान भए। देवताहरूले हात जोडेर भने- हे प्रभु! कामदेवलाई नमार्नुहोस् । तर, शिवजीले तिनीहरूका कुरा सुन्नुभएन। एक्कासि आफ्ना आँखाको तेजबाट कामदेवलाई खरानी तुल्याउनुभयो। भिल्लीको भेषमा रहेकी पार्वतीले शिवजीको पाउमा परी क्रोधशमन गर्न प्रार्थना गर्दै भन्नुभयो - हे प्रभु ! ब्रह्माजीबाट वर पाएर मातिएको तारकासुरको आतङ्कबाट दुःखी भएका देवताहरूले हजुरको ध्यानसमाधि भङ्ग गरी तारकासुरको विनाशको उपाय गर्न कामदेवलाई उपयोग गरेका थिए। तर, ठूलाबडासँग अपराधपूर्ण व्यवहार गर्नाले आज कामदेवलाई खरानी हुनुपऱ्यो। यसमा हामीहरू पनि सहभागी छौं। हे भगवान्! हाम्रो अपराध क्षमा गर्नुहोस्। हजुर शरणागतवत्सल हुनुहुन्छ । भिल्ली रूप पार्वतीका यी कुरा सुनेर प्रसन्न हुनुभएका शङ्करले प्रेमपूर्ण मीठा वचन बोल्दै भन्नुभयो - 'हे प्यारी ! भिल्ली उठ, तिमीले मेरो क्रोधबाट देवताहरूलाई जोगायौ ।' यसरी पार्वतीलाई सम्बोधन गरेर एक्कासि शिवजीले काखमा लिनुभयो। र आलिङ्गनपाशमा बाँध्नुभयो। त्यसपछि उहाँले पार्वतीलाई समेत आफ्नो वाहन नन्दीमाथि राखी कैलाशतर्फ प्रस्थान गर्नुभयो। शिवजीको आलिङ्गनका कारण अत्यन्त कामसंतप्त भएकी पार्वती आत्तिनु भयो । कामको संताप निवारण गर्न जति उपाय गरेता पनि ताप बढ्दै गयो । एक दिन उहाँले भगवान् शिवजीसमक्ष पुगेर भन्नुभयो - हे प्रभु ! हजुरले कामदेवलाई खरानी तुल्याउनुभए तापनि मलाई त्यसले सताइरहेको छ। उपाय गर्नुहोस् ।

पार्वतीका यी कुरा सुनेर शिवजीले पार्वतीलाई अङ्कशायिनी बनाई दीर्घकालसम्म रमण गर्नुभयो। भगवान् शिवजी दीर्घकालसम्म रमणमा भुल्लुहुँदा आतङ्कपीडित देवताहरू फेरि कैलाशमा पुगे। शिवजीलाई त्यस अवस्थाबाट छुटाउने सामर्थ्य नभएकाले चुप लागेर पर्खिरहे । त्यस बेला देवगुरु बृहस्पतिले अग्निदेवतालाई शिवपार्वतीको खोपी बाहिर गई भिक्षा माग्न लगाउँदा कल्याण हुने युक्ति बताए। देवताहरूले गुरुको परामर्शअनुसार अग्निको प्रार्थना गरी शिवजीसमक्ष भिक्षार्थी बन्न सहमत गराए ।

काषायवस्त्रधारी ब्राह्मणका रूपमा परिणत भएका अग्नि शिवजीको खोपी बाहिर गई भिक्षां देहि भन्दै चिच्याउन थाले। नग्न अवस्थामा रहेका शिवपार्वतीले हतार गर्दै वस्त्र धारण गरेपछि भिक्षुकलाई के दिने ? हामीसँग यहाँ केही छैन भन्ने चिन्ता गर्दा पार्वतीले शिवजीको वीर्य हातमा लिएर अग्निलाई प्रदान गरिन्। यो वीर्य भुइँमा खस्यो भने त्रिलोकीलाई नै खरानी तुल्याउँछ भन्ने सोची अग्निले आफै धारण गरे र उनलाई गर्भ रह्यो। तेजिलो शिववीर्यको रापले सन्तप्त भएका अग्निदेवता निकै आत्तिए। उनले गङ्गामा गई गर्भमोचन गरे। त्यस बेला कृत्तिकाहरू त्यहाँ नुहाउन आइपुगे। ती सबैले नुहाउँदा अग्निद्वारा परित्यक्त जलमा मिसिएको शिववीर्य पान गरे र ती सबै गर्भवती भए। नुहाएर घर फर्किंदा तिनका पतिहरूले आफ्ना श्रीमतीका पेटमा गर्भ रहेको थाहा पाई घरबाट निकालिदिए। ती कृतिकाहरूले फेरि गङ्गामा आई आआफ्ना गर्भ त्याग गर्दा ६ मुख भएका सुन्दर बालक पैदा भए। बालकले हुङ्कार गर्दा सम्पूर्ण ब्रह्माण्ड कम्पायमान भयो। त्यसै समयमा पृथिवीमा पर्यटन गर्दै नारदजी त्यहाँ आए। तिनले सबै कुरा थाहा पाई कैलाशमा गएर पार्वतीलाई भने - 'तपाईंका सुन्दर बालक गङ्गा तटमा लडिरहेका छन्, तपाईं भने निष्ठुर भई यहाँ बस्नुभएको छ ।' नारदजीका कुरा सुनेपछि पार्वती पनि तीव्र वेगले गङ्गातटमा पुग्नुभयो। पार्वतीले बालकलाई आलिङ्गन गरी माया गर्नुभयो। त्यस बेला गङ्गाले भनिन् - यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो पुत्र हो । अग्निले भने – यो मेरो पुत्र हो । छवटी कृतिकाले भने – यो हाम्रो पुत्र हो । पुत्रमा अधिकारप्राप्तिका लागि विवाद बढेपछि पार्वती ती सबैलाई साथ लिएर कैलाश पुग्नुभयो। काखमा बालक लिएकी पार्वतीलाई देखेर शिवजीले खुसी भई ती बालकलाई आफ्नो काखमा लिएर शिरमा सुँघ्नुभयो। शिवजीले त्यसरी माया गरेको देखेर मेरो छोरा, मेरो छोरा भन्दै आएका गङ्गा, अग्नि र कृतिकाहरू केही बोल्न हिम्मतै नगरी आआफ्ना घरतर्फ फर्किए। बालकको नामकरण संस्कार गर्न शिवजीले बृहस्पति र ब्रह्माजीलाई बोलाउनुभयो। ती दुवैले भने – बालक कार्तिक मासमा पैदा भएका हुन्। तसर्थ यिनको नाम **कार्तिकेय** हुनेछ। यी बालक पार्वतीका पुत्र हुन्, त्यस कारण यिनलाई **पार्वतीनन्दन** भनिनेछ। शरवणको झाडीमा पैदा भएकाले यी **शरजन्मा** कहलाउने छन्। कृतिकाहरूबाट पैदा भएकाले पनि यी **कार्तिकेय**का रूपमा प्रसिद्ध हुनेछन्। छवटी आमाका छोरा भएकाले यिनलाई **षाणमातुर** भनिनेछ। यिनले भविष्यमा तारकासुरको वध गर्ने हुनाले यिनलाई **तारकजित्** भनिनेछ। भावी समयमा यी देवताहरूका सेनापति हुनेछन्। तसर्थ यिनलाई **सेनानी** भनिनेछ। त्यसै अर्थमा यिनलाई **महासेन** पनि भनिनेछ। यिनका छवटा मुख भएकाले यी **षण्मुख**को नामबाट पनि प्रसिद्ध हुनेछन्। शिवजीबाट पार्वतीमा, पार्वतीबाट अग्निमा, अग्निबाट गङ्गामा वीर्यपतन भएकाले यिनलाई **स्कन्द** भनिनेछ ।[४२]

यसरी बृहस्पति र ब्रह्माजीले नामकरण गरिरहेको बेला इन्द्र आदि देवताहरू त्यहाँ आइपुगे । शिवपुत्रको उत्पत्तिबाट आनन्दित भएका ती सबैले शिवपुत्रलाई प्रणाम गरे र श्रद्धापूर्वक पूजा गरे। त्यस बेला दिव्य बाजा घन्किए र सम्पूर्ण संसारमा वाद्यवादनको ध्वनि भरियो। त्यसपछि तिनीहरूले शिवपुत्र कार्तिकेयलाई सेनापतिपदमा अभिषिक्त गरी प्रार्थनाको स्वरमा भने – हे प्रभु! त्रिलोकीकण्टक तारकासुरको वध गरेर हामी सबैको कल्याण गर्नुहोस्। यसरी प्रार्थना गरेपछि देवताहरू आआफ्नो धामतर्फ गए । शिवपुत्र कार्तिकेय शुक्लपक्षको चन्द्रमाझैं बढ्दै गए। एक दिन कार्तिकेयले चन्द्रमालाई समाउँछु भनी आकाशमा उड्ने प्रयास गर्दा ब्रह्माजीले रोक्नुभयो। कार्तिकेयले बुद्धिबाट बृहस्पतिलाई र शक्तिबाट इन्द्रलाई पनि परास्त गर्ने क्षमता राख्दथे।

एक दिन शिव-पार्वती आनन्दपूर्वक बस्नुभएको समयमा कार्तिकेयले नजिकमा गएर नम्रतापूर्वक भने – हे प्रभु! मलाई सबै प्रकारको सिद्धि प्रदान गर्ने, शत्रुविनाशमा सघाउने र सबै संसारको उपकार गर्न सहयोग गर्ने कुन व्रत हो, त्यसको विधि बताउनुहोस् । शिवजीले भन्नुभयो – 'तिमीले भनेजस्तो सबै कुरा गर्न सहयोग पुऱ्याउने व्रत वरदचतुर्थी व्रत हो। यो व्रत श्रावण शुक्ल चतुर्थीका दिन आरम्भ गर्नुपर्दछ । यो दिन विधिपूर्वक श्रीगणेशको पूजा गरी २१ दूर्वादल अर्पण गर्नुपर्दछ। त्यसपछि भगवान् गणेशको ध्यान गर्नुपर्दछ। एक महिनासम्म यो व्रत गरी भाद्र शुक्ल चतुर्थीका दिन श्रीगणेशको पूजा गरेर साङ्गता गर्नुपर्दछ। गणेशसहस्रनामद्वारा भगवान्को स्तुति गर्नुपर्दछ। यसरी शास्त्रमा बताएका विधिले व्रत पूरा गर्ने उपासकका सबै कामना पूरा हुन्छन्, दुःख एवं तापको नाश हुन्छ, सबै प्रकारका सिद्धि प्राप्त हुन्छन् र अन्तमा उपासक गणेशको धाममा प्राप्त हुन्छ। हे कार्तिकेय ! ब्रह्मा, विष्णु र मैले पनि श्रीगणेशको आराधना गरेर संसारको सृष्टि, पालन र संघार गर्ने शक्ति प्राप्त गरेका हौं। तिमीले पनि यसैगरी व्रत गर। म तिमीलाई गणेशको ६ अक्षरको मन्त्र पनि बताउँछु। त्यसको जप गरी आफ्नो लक्ष्य प्राप्त गर्नेछौ ।'

त्यसपछि शिवजीले कार्तिकेयलाई मन्त्रदीक्षा दिनुभयो । कार्तिकेय पनि हिमाली क्षेत्रको सुन्दर वनमा गई एक पाउले टेकेर तपस्यामा लीन भए । शिवजीले बताएअनुसार वरदचतुर्थीव्रत सम्पन्न गरे । भगवान् गणेशले एक दिन कार्तिकेयलाई सुन्दर रूप लिएर दर्शन दिई वर माग भन्नुभयो। कार्तिकेयले भने – 'हे प्रभु ! युद्धमा मैले पराजय भोग्न नपरोस्, जतिबेला हजुरको याद गर्दा पनि मैले दर्शन पाउन सकूँ, हजुरका

४२. पूर्ववत्, १/८६/८-१२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरणयुगललाई कहिल्यै नबिर्सूं र सबै देवताहरूका माझमा वरिष्ठ देवता भएर रहन पाउँ।' यसरी स्कन्दले वर मागेपछि श्रीगणेशले पनि कार्तिकेयलाई आफ्नो वाहन मयूर टक्र्याउनुभयो र **मयूरध्वज** नामले कार्तिकेयलाई सम्बोधन गर्नुभयो। अन्तमा श्रीगणेशले भन्नुभयो – 'हे कार्तिकेय ! तिम्रो हातबाट तारकासुर मर्नेछ। तिम्रो इच्छा पूरा गराउन म यसै क्षेत्रमा लक्ष्यविनायकका नामबाट रहनेछु।' यसरी वर दिएर श्रीगणेश अन्तर्धान हुनुभयो। कार्तिकेयले पनि भगवान् लक्ष्यविनायकको मूर्ति बनाई मन्दिर तयार गरेर प्रतिष्ठा गराए। त्यसपछि कार्तिकेय भगवान् शिवजीसँग आज्ञा लिएर तारकासुरसँग युद्ध गर्न गए। त्यो युद्ध अवर्णनीय छ ।

तारकासुरसँग दीर्घकालसम्म युद्ध गरेपछि कार्तिकेयले तारकासुरमाथि शक्तिले प्रहार गरे। शक्तिपुत्र कार्तिकेयको त्यो अमोघ शक्ति नामक अस्त्र तारकासुरको छाती चिर्दै भित्र पस्यो । मुटु टुक्राटुक्रा भयो र अपरिमित बलशाली एवं महापराक्रमी दैत्यको शरीर निष्प्राण भई भुइँमा लड्यो । संसारमा अमनचैन फैलियो। देवता एवं मुनिहरू निर्विघ्न भई आआफ्ना स्थानमा आफ्ना कर्म गर्दै विराजमान भए। यसरी श्रीगणेशको आराधनाबाट कार्तिकेयले अपूर्व विजय प्राप्त गरेको प्रसङ्ग गणेशपुराणमा रहेको छ ।[४३]

शिवपरिवारमा श्री दाजु स्कन्दका साथ श्रीगणेशले बाललीला गर्नुभएका प्रसङ्ग, दुई भाइका बीचमा भएका प्रतिस्पर्धाका प्रसङ्गलगायतका विषय अन्य पुराणहरूमा वर्णन गरिएका छन् । श्रीगणेशले मयूर प्रदान गरेका कारण त्यति बेलादेखि कार्तिकेय मयूरवाहन हुनुभयो र सबै देवताहरूमा वरिष्ठ हुने वर पाएका कारण श्रीगणेशका साथै प्रत्येक कर्ममा प्रथमपूज्य भएको विषय पनि यहाँ रहेको छ ।

ख) पद्मपुराण

प्रथमपूज्य देवता श्रीस्कन्दको सन्दर्भ पद्मपुराणमा पनि रहेको छ । हिमालयकी छोरी पार्वतीको आफ्ना प्राणनाथ आशुतोष शङ्करमा अपूर्व स्नेह थियो। उहाँहरू दुवै एकान्त वन र रमणीय उद्यानहरूमा विहार गर्नुहुन्थ्यो। आफ्ना प्राणनाथको मीठो माया पाएर भगवती पार्वती पुलकित र प्रसन्न हुनुहुन्थ्यो । एक दिन भगवती पार्वती एउटा सरोवरको समीपमा जानुभएको थियो । सरोवरको निर्मल जलराशिमा स्वर्णकमल फुलिरहेका थिए। पार्वतीले जलविहार गर्नुभयो र निर्मल जल पिउने मन बनाउनुभयो । त्यसबेला उहाँले छ बहिनी कृत्तिकाहरूलाई कमलको पातमा जल लिएर जान लागेको अवस्थामा भेट्नुभयो । त्यति बेला पार्वतीले भन्नुभयो – कृत्तिका बहिनीहरू! म तपाईंहरूले लिएको कमलपत्रको निर्मल जल पिउन चाहन्छु । कृत्तिकाहरूले विनम्र स्वरमा भने– 'तपाईंको गर्भबाट पैदा हुने बालकले हामी कृत्तिकाहरूलाई पनि आमा मान्ने शर्तमा हामी यो जल तपाईंलाइ दिन सक्छौं ।' पार्वतीले तथास्तु भन्नुभयो । कृत्तिकाहरू खुसी भए । पार्वतीले मधुर जल पिउनुभयो । पार्वतीले जलपान गर्नासाथ उहाँको बायाँ कोखबाट अत्यन्त तेजस्वी बालक पैदा भए । सूर्यसमान तेजस्वी ती बालक स्वर्णसमान गौरवर्णका थिए । तिनका करकमलहरूमा शक्ति, शूल र अङ्कुश सुहाएका थिए । ती बालक कुत्सित दैत्यहरूको संहारका लागि पैदा भएका कारण **कुमार** कहलाए । ती बालक कृत्तिकाप्रदत्त जलबाट शाखासहित प्रकट भएका थिए र ती शाखा ६ मुखका रूपमा फैलिएका थिए । त्यसैले ती बालक **विशाख, षण्मुख, स्कन्द, षडानन** र **कार्तिकेय** आदि नामबाट विख्यात भए । ती बालक अग्निसमान प्रकाशमान थिए। तिनको शरीरको आकार दिव्य थियो । हेर्दा ती प्यारा थिए । सरकण्डाको वनमा पैदा भएका ती शिशु दिनदिनै बढ्न थाले। कृत्तिकाहरूले असाध्यै माया गर्दै ती बालकलाई स्तनपान गराए। कृत्तिकाहरूद्वारा पोषित भएकाले

---

४३. *पूर्ववत्, १/८६ अध्याय ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती कार्तिकेयको नामबाट प्रसिद्ध भए। शिववीर्यको स्कन्दन अर्थात् स्खलन भई जन्मेका कारण ती **स्कन्द** कहलाए । गुफामा निवास गर्ने भएकाले ती **गुह**नामबाट सम्बोधित भए ।[४४] देवताहरूले चन्दन, माला, अङ्गराग आदि टक्र्याई सेनापतिको पदमा अभिषेक गरेर प्रार्थना गर्दै भने – 'हे सेनापति! तारकासुरको अत्याचारबाट हामी पीडित छौं । त्यो तारकासुर शक्तिशाली, दुर्जेय, क्रूर, दुराचारी र क्रोधी छ । त्यसबाट हामी संत्रस्त छौं। कृपया हजुरले त्यसको वध गर्नुहोस् ।'

कार्तिकेयले तथास्तु भन्नुभयो र तुरुन्तै तारकासुरको वध गर्न देवताहरूका पछि लाग्नुभयो। इन्द्रले तारकासुरलाई युद्ध गर्ने आह्वान गर्दै सन्देश पठाए । सन्देश प्राप्त भएपछि तारकासुरले शस्त्र धारण गरी युद्धभूमिमा सेना सजायो । परस्पर वीरतापूर्ण संवादपछि तारकासुरले कार्तिकेयमाथि मुद्गर प्रहार गऱ्यो । कार्तिकेयले त्यसलाई चक्रद्वारा काटिदिनुभयो। यसैगरी ती दुवै वीरहरूको एकले अर्कोमाथि शस्त्र प्रहार गर्ने र तिनलाई निरस्त गर्ने क्रम जारी रह्यो । पर्यन्तमा कार्तिकेयले गदाप्रहार गर्नुभयो र तारकासुर सारै आत्तियो । त्यसपछि तारकासुरका सेनापति कालनेमि आदि वीरहरूले कार्तिकेयमाथि आक्रमण गरे । पराक्रमी कार्तिकेय विचलित हुनुभएन । उहाँले शस्त्रप्रहारबाट दैत्यसेनालाई ध्वस्त गर्नुभयो । कालनेमि आदि वीरहरूले पलायन गरे । तारकासुर व्याकुल भयो । सेनाको पलायनबाट क्रुद्ध तारकासुरले कार्तिकेयमाथि भीषण गदाप्रहार गऱ्यो । त्यस प्रहारबाट कार्तिकेयका वाहन मयूरलाई ठूलो चोट लाग्यो । त्यसपछि ज्यादै रिसाउनुभएका कार्तिकेयले अत्यन्त क्रुद्ध भई शक्तिप्रहार गर्नुभयो । शक्तिपुत्र कार्तिकेयको अमोघ शक्तिप्रहारबाट तारकासुरको छाती विदीर्ण भयो । अजेय दैत्य तारकासुरको निष्प्राण शरीर धराशायी भयो । तारकासुरको वध भएपछि पृथिवी निष्पाप र हलुका भइन् । सबैतिर अमनचैन बहाली भयो । देवताहरूले कार्तिकेयको स्तुति गरे । श्रीगणेशका दाजु श्रीकार्तिकेयको लोकमा धेरै प्रशंसा भयो ।[४५]

ग) शिवपुराण

कार्तिकेय र गणेश यी दुई भाइमा परम् प्रीति थियो । सँगै बालक्रीडा गरी रमाउँथे । मातापिताको सेवा गर्न प्रतिस्पर्धा गर्थे । विवाहको कुरा चल्यो । कार्तिकेयले मेरो विवाह पहिले हुनुपर्छ भन्नुहुँदा गणेशले पनि त्यसैगरी मेरो विवाह पहिले हुनुपर्छ भन्नुभयो । शिव–पार्वती अप्ठ्यारोमा पर्नुभयो । एक दिन विवाहका लागि शर्त तयार गरी शिवजीले भन्नुभयो – 'तिमीहरू दुई भाइमा जसले पहिले पृथिवीको परिक्रमा गर्दछ, त्यसको पहिले विवाह हुन्छ ।' शिवजीको आज्ञा सुनेपछि कार्तिकेय तुरुन्तै पृथिवीको परिक्रमा गर्न गए । गणेशलाई चिन्ता पऱ्यो । मेरो वाहन मूसो सानो छ, त्यसले पृथिवी परिक्रमा गर्दा प्रतिस्पर्धामा विजयी हुन सहयोग पुऱ्याउँदैन । म के गरूँ ? श्रीगणेशले केहीबेर विचार गरी मातापिताको भक्तिपूर्वक पूजा गरी सातपटक परिक्रमा गर्नुभयो । फलस्वरूप पृथिवीपरिक्रमाको सम्पूर्ण फल प्राप्त गरी श्रीगणेश प्रतिस्पर्धामा प्रथम हुनुभयो र विवाहका प्रथम अधिकारी पनि। शिव–पार्वतीले प्रजापति विश्वरूपका दुई छोरी सिद्धि र बुद्धिसँग श्रीगणेशको विवाह सम्पन्न गराउनुभयो । पृथिवीपरिक्रमा गरी फर्किएर आएका कार्तिकेयले गणेशको विवाहको समाचार सुनेपछि खिन्नता अनुभव गरे । त्यसपछि तिनले कैलाश छाड्ने र विवाह नगर्ने निश्चय पनि गरे । त्यस दिनदेखि कार्तिकेय कुमारका रूपमा संसारमा विख्यात भए ।[४६]

४४. *महाभारत, अनुशासन पर्व, ८६/१२-१४*

४५. *पद्मपुराण, ४६ अध्याय ।*

४६. *शिवपुराण, रुद्रसंहिता, कुमारखण्ड, २०/२७-२८।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.५ गणेशगीता-सन्दर्भ

क) गणेशगीतामृत

गणेशपुराणको क्रीडाखण्डको १३८ औं अध्यायदेखि १४८ औं अध्यायसम्म जम्मा ११ अध्यायमा रहेको गणेशगीता श्रीगणेशका वचनामृतको सागर हो । गणेशगीतालाई योगमार्गको प्रकाशक गीता भनिएको छ । यसमा कर्मयोग, ज्ञानयोग र भक्तियोगका तत्त्वलाई राम्ररी विश्लेषण गरी प्रतिपादन गरिएको छ ।

श्रीगणेश वरेण्य राजाका पुत्रका रूपमा पैदा हुनुभएको थियो । श्रीगणेशको स्वरूपगत विरूपता देखेर वरेण्यले उहाँलाई वनमा फ्याँकिदिएका थिए । मुनि पराशरले बालक गणेशको रक्षा गरे । त्यसै अवतारमा ९ वर्षका बालगणेशले सिन्दूरासुरको वध गर्नुभएको थियो । पछि श्रीगणेशको प्रभाव थाहा पाएका राजा वरेण्यले पश्चात्ताप गर्दै भनेका थिए- 'मेरो घरमा प्रभुले अवतार लिनुहुँदा पनि दुर्भाग्यका कारण मैले चिन्न सकिनँ र उहाँलाई वनमा फ्याँकिदिएँ ।' पछि श्रीगणेशको शरणमा परी उनले योगामृतको उपदेश प्राप्त गर्न याचना गर्दा श्रीगणेशले गणेशगीताको उपदेश गर्नुभयो । उक्त गीता गणेशगीताको नामबाट प्रसिद्ध छ । यसमा विभिन्न शीर्षकका एघार अध्याय क्रमशः - शाङ्ख्यसारार्थ योग, कर्मयोग, ब्रह्मार्पण योग, कर्मसंन्यास योग, योगावृत्तिप्रशंसनयोग, योगावृत्तिबुद्धियोग, उपासनायोग, विश्ववीक्षणयोग, क्षेत्रक्षेत्रज्ञविवेकयोग, उपदेशयोग र गुणत्रयकृतियोग रहेका छन् । उक्त गीताको उपदेश दिँदै श्रीगणेशले भन्नुभएको थियो - हे वरेण्य ! योगामृतले परिपूर्ण गीताको उपदेश गर्नेछु ।[४७]

साङ्ख्ययोगसारनामक प्रथम अध्यायमा योगतत्त्वको व्याख्या गर्दै भगवान् गजाननले भन्नुभयो - योगशास्त्रलाई योग भनिँदैन, श्रीसम्पत्तिको योग योग होइन, विषय र इन्द्रियको संयोग योग होइन, बाबु-आमा-पत्नी-पुत्र आदि पारिवारिक जनको संयोग योग होइन, इन्द्रिय र तन्मात्राको योग योग होइन, बन्धु-बान्धवसँग भेटघाट हुनु योग होइन, अणिमा-महिमा आदि विभूति प्राप्त गर्नु योग होइन, सुन्दर पत्नी पाउनु योग होइन, राज्यलाभ गर्नु योग होइन, हात्ती-घोडा आदिको सङ्ग्रह गर्नु योग होइन, इन्द्र पदको योग योग होइन, सत्यलोकमा प्राप्त हुनु योग होइन, शिवलोकमा प्राप्त हुनु योग होइन, वैकुण्ठलोकमा प्राप्त हुनु योग होइन, सूर्यसमान बन्नु योग होइन, चन्द्रमासमान बन्नु योग होइन, कुबेरसमान बन्नु योग होइन, वायुसमान बन्नु योग होइन, अग्निसमान हुनु योग होइन, देवता बन्नु योग होइन, कालस्वरूप हुनु पनि योग होइन, वरुण र निर्ऋतिको रूपमा प्राप्त हुनु पनि योग होइन र पृथिवीको सम्राट् हुनु पनि योग होइन । योग त त्यो हो जसलाई ज्ञानीहरूले योग भनेर उपयोग गर्ने गर्दछन् ।[४८]

योगको सही परिभाषा गर्दै भगवान् गणेशले भन्नुभयो - 'शिव, विष्णु, शक्ति, सूर्य र म गजाननमा जुन एउटै ब्रह्मबुद्धि हो, त्यही नै सक्कली योग हो ।'[४९] म गजानन गणेश नै विष्णु, शिव, शक्ति, सूर्य र गणेश गरी पाँच

---

४७. *सम्यग्व्यवसिता राजन् मतिस्तेऽनुग्रहान्मम । शृणु गीतां प्रवक्ष्यामि योगामृतमयीं नृप ॥ - गणेशपुराण २/१३८/६ ।*

४८. *न योगं योगमित्याहुर्योगो योगो न च श्रियः । न योगो विषयैर्योगो न च मात्रादिभिस्तथा ॥*
योगो यः पितृमात्रादेर्न स योगो नराधिप ! यो योगो बन्धुपित्रादेर्यश्चाष्टभूतिभिः सह ॥
न स योगः स्त्रिया योगो जगदद्भुतरूपया । राज्ययोगश्च नो योगो न योगो गजवाजिभिः ॥
योगो नेन्द्रपदस्यापि योगो योगार्थिनः प्रियः । योगो यः सत्यलोकस्य न स योगो मतो मम ॥
शैवस्य योगो नो योगो वैष्णवस्य पदस्य च । न योगो भूप ! सूर्यत्वं चन्द्रत्वं न कुबेरता ॥
नानिलत्वं नानलत्वं नामरत्वं न कालता । न वारुण्यं न नैर्ऋत्यं योगो न सार्वभौमता ॥ - पूर्ववत्, २/१३८/७-१२ ।

४९. *शिवे विष्णौ च शक्तौ च सूर्ये मयि नराधिप ! याऽभेदबुद्धिर्योगः स सम्यग्योगो मतो मम ॥ - पूर्ववत्, २/१३८/२१ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपमा परिणत भएको हुँ । जगत्का स्रष्टा ब्रह्मा आदि देवताको पनि स्रष्टा मलाई अज्ञानका कारण मानिसहरूले त्यस रूपमा चिन्दैनन् ।[५०] सर्वप्रथम कर्महीन साधक अज्ञानावस्थामा रहन्छ र त्यसबेला त्यसको ज्ञानमा अधिकार हुँदैन, त्यसले सत्कर्म गर्नु पर्दछ । कर्म गर्दै जाँदा त्यसको हृदय निष्पाप र निर्मल बन्दछ । शुद्ध हृदयले चिन्तन गर्दा त्यसले उक्त पाँचवटै देवतामा समानभाव राख्दछ । सबै देवता एउटै श्रीगणेशका रूप हुन् भन्ने बोध हुनु नै योग हो । यो योग नै योगामृत बन्दछ ।[५१]

पशु, पुत्र, मित्र, शत्रु, बन्धु आदि सबैमा समान दृष्टिले व्यवहार गर्नुपर्दछ । सुख, दुःख, हर्ष, विषाद, ईर्ष्या र भयमा पनि समान दृष्टि राख्नुपर्दछ । रोग, योग, जय, पराजय, सम्पत्ति, विपत्ति, लाभ, हानि, जन्म र मृत्युमा पनि मलाई सर्वत्र दर्शन गर्नु योग हो । चन्द्र, सूर्य, तारा, अग्नि, शिव, शक्ति, ब्राह्मण, सरोवर, महानदी, तीर्थ, पुण्यक्षेत्र, विष्णु र सबै देवता, यक्ष-सर्प, गन्धर्व, मनुष्य एवं पशुमा पनि मेरो दर्शन गर्नु नै योग हो । जसले योगको प्रयोग गर्दछ त्यसलाई योगवेत्ता भनिन्छ ।[५२] विवेकपूर्वक इन्द्रियहरूलाई तिनका विषयबाट हटाएर सर्वत्र समभावले हेर्नुलाई योग भनिन्छ ।[५३] नित्य स्वधर्मको पालनमा रमाउने मानिसले यो आत्मतत्त्व हो र यो आत्मतत्त्व होइन भन्ने बुद्धिद्वारा सच्चिदानन्दरूप ईश्वरको पहिचान गर्नुनै योग हो ।[५४] कर्ममा कुशलताको नाम पनि योग हो र यी सबै योगमा साधकले नित्य आफ्नो प्रवृत्ति लगाउनुपर्छ भनिएको छ ।[५५] जसका इन्द्रिय वशमा हुन्छन्, त्यो स्थितप्रज्ञ हो[५६] भनेर प्रथम अध्यायको अन्त्यमा विस्तृतरूपमा स्थितप्रज्ञको लक्षण बताउँदै विषयासक्तिबाट हुने हानिको वर्णन गरिएको छ ।[५७]

कर्मयोग नामक द्वितीय अध्यायमा साधकले आफ्ना तिर्सनाहरू हटाएर इन्द्रियको समूहलाई मनको अधीनमा ल्याई इन्द्रियहरूद्वारा उत्तम कर्म गर्नुलाई कर्मयोग हो भनिएको छ ।[५८] भोगका लागि गरिने कर्महरू संसारका कारण हुन्छन् तर परब्रह्मरूप गजाननको प्रीतिका लागि गरिने कर्मले साधकलाई संसारको बन्धनबाट मुक्त गराउँछन् । वासनापूर्वक गरिने कर्म संसारका कारण बन्दछन् ।[५९] कर्म नगर्ने मानिस निष्क्रिय र असफल हुन्छ । कर्म व्यर्थ छ, तसर्थ कर्मको त्याग गरी कर्मसंन्यासी हुनुपर्छ भन्ने मानिस पनि सफल हुँदैन । संसारयात्राका लागि कर्म गर्नु आवश्यक हुन्छ, तर कर्मफलमा आसक्ति गर्न हुँदैन । कर्म गर्ने साधकले नित्य र नैमित्तिक कर्म

---

५०. *अहमेको नृणां नाथो जातः पञ्चविधः पुरा । अज्ञानान्मां न जानन्ति जगत्कारणकारणम् ॥ - पूर्ववत्, २/१३८/२४ ।*

५१. *जहाति यदि कर्माणि ततः सिद्धिं न बिन्दति । आदौ ज्ञाने नाधिकारः कर्मण्येव स युज्यते ॥*
कर्मणा शुद्धहृदयोऽभेदबुद्धिमुपैष्यति । स च योगः समाख्यातोऽमृतत्वाय हि कल्पते ॥ - पूर्ववत्, २/१३८/३९-४० ।

५२. *योगमन्यं प्रवक्ष्यामि शृणु भूप ! तमुत्तमम् । पशौ पुत्रे तथा मित्रे शत्रौ बन्धौ सुहृज्जने ॥*
बहिर्दृष्ट्या च समया हृत्स्थयालोकयेत् पुमान् । सुखे दुःखे तथामर्षे हर्षे भीतौ समो भवेत् ॥
रोगाप्तौ चैव भोगाप्तौ जये वा विजयेऽपि च । श्रियोऽयोगे च योगे च लाभालाभे मृतावपि ॥
समो मां वस्तुजातेषु पश्यन्नन्तर्बहिः स्थितम् । सूर्ये सोमे जले वह्नौ शिवे शक्तौ तथाऽनिले ॥
द्विजे ह्रदे महानद्यां तीर्थे क्षेत्रेऽघनाशिनि । विष्णौ च सर्वदेवेषु तथा यक्षोरगेषु च ॥
गन्धर्वेषु मनुष्येषु तथा तिर्यग्भवेषु च । सततं मां हि यः पश्येत् सोऽयं योगविदुच्यते ॥ - पूर्ववत्, २/१३८/४१-४६ ।

५३. *सम्परिहृत्य स्वार्थेभ्य इन्द्रियाणि विवेकतः । सर्वत्र समताबुद्धिः स योगो भूप ! मे मतः ॥ - पूर्ववत्, २/१३८/४७ ।*

५४. *आत्मानात्मविवेकेन या बुद्धिर्दैवयोगतः । स्वधर्मासक्तचित्तस्य तद्योगो योग उच्यते ॥ - पूर्ववत्, २/१३८/४८ ।*

५५. *धर्माधर्मौ जहातीह तया त्यक्त उभावपि । अतो योगाय युञ्जीत योगो वैधेषु कौशलम् ॥ - पूर्ववत्, २/१३८/४९ ।*

५६. *पूर्ववत्, २/१३८/५३-५८ ।*

५७. *सञ्चिन्तयतो विषयान् सङ्गस्तेपूपजायते । कामः संवर्धते तस्मात् ततः क्रोधोऽभिवर्द्धते ॥*
क्रोधादज्ञानसम्भूतिर्विभ्रमस्तु ततः स्मृतेः । भ्रंशात् स्मृतेर्मतेर्ध्वंसस्तद्ध्वंसात् सोऽपि नश्यति ॥ - पूर्ववत्, २/१३८/५९-६० ।

५८. *पूर्ववत्, २/१३९/६ ।*

५९. *मदर्थं यानि कर्माणि तानि बध्नन्ति न क्वचित् । सवासनमिदं कर्म बध्नाति देहिनं बलात् ॥ - पूर्ववत्, २/१३९/९ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादन गरी त्यस कर्मलाई गजानन प्रभुमा अर्पण गर्नुपर्दछ । अहंबुद्धि र ममताबुद्धिको त्याग गरेपछि साधकले उत्तम गति प्राप्त गर्दछ ।[६०] यसरी भगवान् गणेशले कर्मयोगनामक द्वितीय अध्यायमा कर्म, कर्मफल र कर्मफलको ईश्वरार्पणजस्ता विषयमा उपदेश गर्नुभएको छ ।

ब्रह्मार्पण योग नामक तेस्रो अध्यायमा भगवान् गणेशले वरेण्यलाई भन्नुभएको छ – सम्पूर्ण कर्म परब्रह्मरूप श्रीगणेशमा अर्पण गरेपछि कर्मयोगी मानिस संसारको चक्रमा पर्दैन । द्वन्द्व र ईर्ष्याको त्याग गरी फल प्राप्ति र अप्राप्तिमा समानभावमा रहने र जे उपलब्ध हुन्छ त्यसमा सन्तुष्ट रहने साधक कर्म गरे तापनि बन्धनमा पर्दैन।[६१] श्रीगणेशले भन्नुभएको छ – 'हे राजा वरेण्य ! म नै अग्नि हुँ, म नै हवि हुँ, म नै यजमान हुँ र जुन हव्य हवन गरिएको हुन्छ, त्यो पनि म नै हुँ । यी सबै कुरालाई ब्रह्मार्पण गर्नुपर्दछ । यसरी सम्पूर्ण कर्म र कर्मका साधनलाई ब्रह्मार्पण गर्ने साधक ब्रह्ममा प्राप्त हुन्छ ।'[६२] सबै यज्ञहरूमा ज्ञानयज्ञ उत्तम मानिन्छ । मोक्षको साधन ज्ञानमा सम्पूर्ण कर्म विलीन हुन्छन् ।[६३] ज्ञानको प्राप्तिका लागि उत्तम पुरुषको सङ्गति गर्नुपर्दछ । उत्तम प्रश्न गरेर पारदर्शी उत्तरको अपेक्षा गर्नुपर्दछ । उत्तम पुरुषलाई प्रणाम गरेर तत्त्वजिज्ञासा गर्नुपर्दछ । उत्तम पुरुषहरूको सेवा-सुसार गर्नुपर्दछ । यसरी प्रणाम, सेवा र सम्मान गरिएका तत्त्वज्ञानीहरूले तत्त्वज्ञान प्रदान गर्नेछन् ।[६४]

कर्मसंन्यासयोगनामक चतुर्थ अध्यायमा कर्मसंन्यासको विषयमा श्रीगणेशले वरेण्यलाई तत्त्वोपदेश गर्नुहुँदै भन्नुभएको छ । कर्मको त्याग गरेर संन्यासीरूपमा रहँदा ब्रह्मप्राप्त हुन्छ भन्ने धारणा भ्रान्तिपूर्ण छ । कर्मको संन्यासबाट मात्र संन्यासधर्म गतार्थ हुँदैन । योगीले अनिच्छापूर्वक भए पनि कर्म गर्नुपर्दछ । अनिच्छापूर्वक कर्म गर्दा योगी कर्मसंस्कारमा लिप्त हुँदैन । यस्तो योगी ब्रह्मरूप नै बन्दछ ।[६५] योगका ज्ञाताहरू चित्तशुद्धिका लागि कुनै पनि आशा नराखीकन शारीरिक, वाचनिक, बौद्धिक, ऐन्द्रियिक र मानस कर्म गर्दछन् ।[६६] योगहीन मानिसले फलको आशाले कर्म गर्दछन् । यस्ता मानिस कर्मका बीजद्वारा बन्धनमा पर्दछन् र दुःखमा पनि ।[६७] आफ्नै आत्मामा रमाउने साधकले परम आनन्दलाभ गर्दछ । ब्रह्मानन्द अविनाशी हुन्छ । विषयभोगबाट पाइने आनन्द सुख-दुःखमूलक हुन्छ ।[६८] विषयजनित सुखनै दुःखका कारण बन्दछन् । ती सुख उत्पत्ति र विनाशले युक्त हुन्छन् । विषयसुखमा आसक्त मानिस कहिले पनि तत्त्वज्ञाता हुनसक्दैन ।[६९] कर्मसंन्यासयोगको व्याख्यापछि श्रीगणेशले वरेण्यलाई अष्टाङ्गयोगको पनि उपदेश दिनुभयो । गजानन भन्नुहुन्छ – योगमार्गमा अग्रसर हुन चाहने साधकले पूरक, रेचक र कुम्भक गरी प्राणायाम साधना गर्नुपर्दछ । प्राणायाम सिद्ध भएपछि त्यो साधक भूत-भविष्य र वर्तमानको ज्ञाता बन्दछ ।[७०]

---

६०. *अनारम्भेण वैधानां निष्क्रियः पुरुषो भवेत् । न सिद्धिं याति सन्त्यागात् केवलात् कर्मजान्नृप ॥*
नित्यं नैमित्तिकं तस्मान्मयि कर्मार्पयेद् बुधः । त्यक्त्वाऽहंममताबुद्धिं परां गतिमवाप्नुयात् ॥ – पूर्ववत्, २/१३९/३, ३० ।
६१. *अद्वन्द्वोऽमत्सरो भूत्वा सिद्ध्यसिद्ध्योः समश्च यः । यथाप्राप्त्येह संतुष्टः कुर्वन् कर्म न बध्यते ॥* – पूर्ववत्, २/१४०/२८ ।
६२. *अहमग्निर्हविर्होता हुतं यन्मयि चार्पितम् । ब्रह्माप्तव्यं च तेनाथ ब्रह्मण्येव यतो रतः॥* – पूर्ववत्, २/१४०/३० ।
६३. *सर्वेषां भूप ! यज्ञानां ज्ञानयज्ञः परो मतः। अखिलं लीयते कर्म ज्ञाने मोक्षस्य साधने ॥* – पूर्ववत्, २/१४०/३९ ।
६४. *तज्ज्ञेयं पुरुषव्याघ्र ! प्रश्नेन नतितः सताम् । शुश्रूषया वदिष्यन्ति सन्तस्तत्त्वविशारदाः ॥* पूर्ववत्, २/१४०/४० ।
६५. *केवलं कर्मणां न्यासं संन्यासं न विदुर्बुधाः । कुर्वन्ननिच्छया कर्म योगी ब्रह्मैव जायते ॥* – पूर्ववत्, २/१४१/६ ।
६६. *कायिकं वाचिकं बौद्धमैन्द्रियं मानसं तथा । त्यक्त्वाशां कर्म कुर्वन्ति योगज्ञाश्चित्तशुद्धये ॥* – पूर्ववत्, २/१४१/१० ।
६७. *योगहीनो नरः कर्म फलेहया करोत्यलम् । बद्ध्यते कर्मबीजैः स ततो दुःखं समश्नुते ॥* – पूर्ववत्, २/१४१/११ ।
६८. *आनन्दमश्नुते सक्तः स्वात्मारामो निजात्मनि । अविनाश्यं सुखं तद्धि न सुखं विषयादिषु ॥* – पूर्ववत्, २/१४१/२१।
६९. *विषयोत्थानि सौख्यानि दुःखानां तानि हेतवः । उत्पत्तिनाशयुक्तानि तत्रासक्तो न तत्त्ववित् ॥* – पूर्ववत्, २/२४१/२२ ।
७०. *पूरकं कुम्भकं चैव रेचकं च ततोऽभ्यसेत् । अतीतानागतज्ञानी ततः स्याज्जगतीतले ॥* – पूर्ववत्, २/१४१/३३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगावृत्तिप्रशंसायोग नामक पाँचौं अध्यायमा श्रीगणेशले वरेण्यलाई योगावृत्तिबारे उपदेश गर्नुभएको छ । सर्वत्र ब्रह्मदर्शनको योग प्राप्त गराउने प्रथम कारण कर्म नै हो । योग सिद्ध भएपछि त्यसलाई कायम राख्न शम र दमको पालन गर्नुपर्दछ । इन्द्रियका लागि भोगको परिकल्पना गरी कर्म गर्ने मानिस आफ्नै शत्रु बन्दछ । तर जुन योगीले इन्द्रियका भोगहरूको कामना नगरी कर्म गर्दछन् तिनले सिद्धि प्राप्त गर्दछन् ।[७१] मान-अपमान, सुख-दुःख, मित्र-सज्जन, तटस्थ-वैरी, माटाका डल्ला र सुवर्णजस्ता विषयमा समान दृष्टि राख्ने आत्मज्ञानी, अपराविद्या र पराविद्यामा पारङ्गत योगीले निरन्तर अष्टाङ्गयोग र ब्रह्मदर्शन योगको अभ्यास गरिरहनुपर्दछ । यसरी अभ्यास गरिरहँदा त्यो योगी नित्य योगसम्पन्न बन्दछ ।[७२] जसले योगद्वारा मलाई प्राप्त गर्दछ, त्यसलाई मैले दर्शन दिइरहन्छु, बन्धनमुक्त तुल्याउँछु । मैले त्यसलाई कहिले पनि छाड्दिन र त्यसले पनि मलाई छाड्दैन ।[७३] योगसाधकले सिद्धिका लागि मनको वशीकार गर्नुपर्दछ । मनमा विजय गर्न नसक्ने हो भने योग दुर्लभ हुन्छ ।[७४] ज्ञान, तपस्या र कर्ममा निष्ठा राख्ने साधकभन्दा योगसाधक श्रेष्ठ मानिएको छ । योगसाधकहरूमा पनि जसले श्रीगणेशमा भक्ति गर्दछ, त्यो उत्तम योगी मानिएको छ ।[७५]

योगावृत्तिबुद्धियोग नामक छैठौं अध्यायमा भगवान् गणेशले प्रकृतिको परिचय दिनुका साथै प्रकृतिविजयका उपाय पनि बताउनुभएको छ । भगवान् भन्नुहुन्छ – हे वरेण्य ! सर्वप्रथम योगसाधकले मेरो प्रकृतिसँग परिचित हुनुपर्दछ । त्यसपछि त्यो साधक ज्ञानमार्गमा अग्रसर हुन्छ, ज्ञानको पात्र बन्दछ । ज्ञानद्वारा मलाई प्राप्त गरेपछि विज्ञानका सबै वैभवसँग पनि त्यो परिचित हुन्छ । पृथिवी, वायु, आकाश, अहङ्कार, जल, चित्त, बुद्धि, सूर्य, चन्द्र र यजमान गरी प्रकृतिका दश रूप हुन्छन् । पुरुषसँग क्रियाशील हुने आद्याप्रकृति प्रत्येक जीवसँग टाँसिएर रहन्छिन् । ती आद्याप्रकृतिले तीनै लोकलाई ढाकेकी छन् । यिनै प्रकृतिको आश्रयमा सम्पूर्ण चेतन-अचेतनको सृष्टि हुन्छ ।[७६] भगवान् भन्नुहुन्छ – माया अथवा प्रकृतिद्वारा मोहित पापात्माहरूले मलाई प्राप्त गर्न सक्दैनन् । सत्त्व, रज र तम गुणद्वारा अनुप्राणित भएकी प्रकृतिले तीनै लोकलाई मोहित बनाउँछिन् ।[७७] जुन मानिसले गणेशलाई एकमात्र शरण मानी भक्तिपूर्वक भजन गर्दछ, त्यसका अविद्या एवं अज्ञान सबै काटिन्छन् र त्यसले योग एवं क्षेम प्राप्त गर्दछ ।[७८]

उपासनायोग नामक सातौं अध्यायमा भगवान् गणेशले राजा वरेण्यलाई उपासनाका विविध पद्धतिबारे जानकारी गराउनुभएकोछ । भगवान् भन्नुहुन्छ – हे राजन् ! उपासकले सर्वप्रथम भूतशुद्धि गरी प्राणायाम गरेर चित्तलाई एकाग्र बनाई न्यास गर्नुपर्दछ । अन्तर्मातृकान्यास, बहिर्मातृकान्यास, षडङ्गन्यास र मन्त्रन्यास गरी

---

७१. *योगप्राप्त्यै महाबाहो ! हेतुः कर्मैव मे मतम् । सिद्धयोगस्य संसिद्ध्यै हेतू शमदमौ मतौ ॥*
इन्द्रियार्थांश्च सङ्कल्प्य कुर्वन् स्वस्य रिपुर्भवेत् । एताननिच्छन् यः कुर्वन् सिद्धिं योगी स सिद्ध्यति॥ – पूर्ववत्, २/१४२/२-३ ।

७२. *मानेऽपमाने दुःखे च सुखे सुहृदि साधुषु । मित्रेऽमित्रेऽप्युदासीने द्वेष्ये लोष्टे च काञ्चने ॥*
समो जितात्मा विज्ञानी ज्ञानीन्द्रियजयावहः । अभ्यसेत् सततं योगं तदा युक्ततमो हि सः ॥ – पूर्ववत्, २/१४२/५-६ ।

७३. *योगेन यो मामुपैति तमुपैम्यहमादरात् । मोचयामि न मुञ्चामि तमहं मां स न त्यजेत् ॥ – पूर्ववत्, २/१४२/१६ ।*

७४. *अभ्यासाद् वा वशीकुर्यान्मनो योगस्य सिद्धये । वरेण्य ! दुर्लभो योगो विनाऽस्य मनसो जयात् ॥ – पूर्ववत्, २/१४२/२३ ।*

७५. *ज्ञाननिष्ठः तपोनिष्ठः कर्मनिष्ठो नराधिप ! । श्रेष्ठो योगी श्रेष्ठतमो भक्तिमान् मयि तेषु यः ॥ – पूर्ववत्, २/१४२/२७ ।*

७६. *ज्ञेया मत्प्रकृतिः पूर्व ततः स्याज्ज्ञानगोचरः । ततो विज्ञानसम्पत्तिर्मयि ज्ञाते नृणां भवेत् ॥*
क्ष्वनलौ खमहङ्कारः कं चित्तं धीः समीरणः । रवीन्दू यागकृच्चैकादशधा प्रकृतिर्मम ॥
अन्यां मत्प्रकृतिं वृद्धां मुनयः सङ्गिरन्ति च । तया त्रिविष्टपं व्याप्तं जीवत्वं गतयाऽनया ॥
आभ्यामुत्पाद्यते सर्वं चराचरमयं जगत् । सङ्गाद्विश्वस्य संभूतिः परित्राणं लयोऽप्यहम् ॥ – पूर्ववत्, २/१४३/३-६ ।

७७. *न मां विन्दन्ति पापिष्ठा मायामोहितचेतसः । त्रिविकारा मोहयति प्रकृतिर्मे जगत्त्रयम् ॥ – पूर्ववत्, २/१४३/११ ।*

७८. *अनन्यशरणो यो मां भक्त्या भजति भूमिप ! योगक्षेमौ च तस्याहं सर्वदा प्रतिपादये ॥ – पूर्ववत्, २/१४३/२० ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्को ध्यान गरेर स्थिरचित्त भई गुरुबाट प्राप्त मन्त्रको जप गर्नुपर्दछ । निश्चित सङ्ख्यामा जप गरेपछि भगवान्लाई जप निवेदन गरेर स्तुतिमन्त्रहरूबाट स्तवन गर्नुपर्दछ । यसरी जसले उपासना गर्दछ त्यसले मोक्ष प्राप्त गर्दछ । जसले उपासना गर्दैन त्यसको जन्म व्यर्थ छ र त्यो धिक्कारयोग्य छ ।[७९] जसले मेरो साकाररूपमा अथवा निराकाररूपमा राम्ररी उपासना गर्दछन् तिनले परब्रह्मरूप मलाई प्राप्त गर्दछन् ।[८०]

विश्वरूपवीक्षणयोग नामक आठौं अध्यायमा श्रीकृष्णले वरेण्यलाई दिव्यचक्षु प्रदान गरी आफ्नो विराट्रूप देखाउनुभएको वृत्तान्त प्रतिपादन गरिएको छ । श्रीगणेशबाट दिव्यदृष्टि पाएका राजा वरेण्यले परमेश्वर गजाननको अद्भुत विराट्रूप दर्शन गरे । त्यस रूपमा असङ्ख्य मुख थिए, असङ्ख्य चरण थिए र असङ्ख्य आँखा थिए । त्यो रूप दिव्य गहना र परिधानले सुसज्जित थियो । सुगन्धै सुगन्धले त्यो रूप परिपूर्ण थियो । करोडौं सूर्यझैं चहकिला अस्त्रहरूले सुहाएको थियो । राजा वरेण्यले गणेशको त्यो विराट् रूपमा स्वर्ग, मर्त्य र पाताल तीनै लोकको दर्शन गरे ।[८१]

क्षेत्रक्षेत्रज्ञविवेकयोग नामक नवौं अध्यायमा श्रीगणेशले राजा वरेण्यलाई क्षेत्र र क्षेत्रज्ञको परिचय दिई भक्तिद्वारा क्षेत्रज्ञ गणेशको उपासना गर्दा परब्रह्मरूप गणेशको प्राप्ति हुने कुरा बताउनुभएको छ । पञ्चभूत, पञ्चतन्मात्रा, पञ्चकर्मेन्द्रिय, पञ्चज्ञानेन्द्रिय, अहङ्कार, मन, बुद्धि, इच्छा, प्रकृति, धृति, द्वेष, सुख, दुःख र चैतन्यसहितको समूहलाई क्षेत्र अथवा शरीर भनिन्छ । यो समूहलाई राम्ररी जान्ने र परिचालन गर्ने तत्त्व सर्वान्तर्यामी श्रीगणेश नै हुनुहन्छ ।[८२] क्षेत्र र क्षेत्रज्ञको ज्ञान गरी सच्चिदानन्दघन परब्रह्ममा रमाउन चाहने साधकले भक्तिपूर्वक श्रीगणेशको उपासना गर्नुपर्दछ । इन्द्रियलाई वशमा तुल्याएर संसारका सबै प्राणीहरूको हित गर्दै अक्षय्य, अव्यय, सर्वव्यापक र कूटस्थ श्रीगणेशको उपासना गर्ने साधकलाई उहाँले संसारसागरबाट उद्धार गर्नुहुन्छ । अघि शुक, सनकादि र नारदजीजस्ता भक्तहरूले भक्तिद्वारा नै ओङ्काररूप परमात्मा श्रीगणेशलाई प्राप्त गरेका थिए । त्यसकारण आत्मकल्याण चाहने भक्तले भक्तिपूर्वक श्रीगणेशको उपासना गर्नुपर्दछ । यसरी उपासना गर्ने भक्त अन्त्यमा श्रीगणेशमा नै विलीन हुन्छ ।[८३]

उपदेशयोग नामक दसौं अध्यायमा भगवान् गणेशले राजा वरेण्यलाई दैवी, आसुरी र राक्षसी प्रकृतिका साथै सात्विक, राजस र तामस भक्तिका लक्षणहरू बताउनुभएको छ ।[८४] गुणत्रयकृतियोग नामक एघारौं

---

७९. भूतशुद्धिं विधायादौ प्राणानां स्थापनं तथा। आकृष्य चेतसो वृत्तिं ततो न्यासमुपक्रमेत् ॥
कृत्वान्तर्मातृकान्यासं बहिश्चाथ षडङ्गकम् । न्यासं च मूलमन्त्रस्य ततो ध्यात्वा जपेन्मनुम् ॥
स्थिरचित्तो जपेन्मन्त्रं यथा गुरुमुखोद्गतम् । जपं निवेद्य देवाय स्तुत्वा स्तोत्रैरनेकधा ॥
एवं मां य उपासीत स लभेन्मोक्षमव्ययम् । य उपासनया हीनो धिङ्नरो व्यर्थजन्मभाक् ॥ - पूर्ववत्, २/१४४/१४-१७ ।

८०. ये मां सम्यगुपासन्ते परं ब्रह्म प्रयान्ति ते । ध्यानाद्यैरुपचारैर्मां तथा पञ्चामृतादिभिः ॥ - पूर्ववत्, २/१४४/६ ।

८१. ततो राजा वरेण्यः स दिव्यचक्षुरवैक्षत। ईशितुः परमं रूपं गजास्यस्य महाद्भुतम् ॥
असङ्ख्यवक्त्रं ललितमसङ्ख्याङ्घ्रिकरं महत् । अनुलिप्तं सुगन्धेन दिव्यभूषाम्बरस्रजम् ॥
असङ्ख्यनयनं कोटिसूर्यरश्मिधृतायुधम् । तद्वर्ष्मणि त्रयो लोका दृष्टास्तेन पृथग्विधाः॥ - पूर्ववत्, २/१४५/५-७ ।

८२. पञ्चभूतानि तन्मात्राः पञ्चकर्मेन्द्रियाणि च । अहङ्कारो मनो बुद्धिः पञ्चज्ञानेन्द्रियाणि च ।
इच्छाऽव्यक्तं धृतिद्वेषौ सुखदुःखे तथैव च ॥ चेतनासहितश्चायं समूहः क्षेत्रमुच्यते ॥
तज्ज्ञं त्वं विद्धि मां भूप ! सर्वान्तर्यामिणं विभुम् ॥ - पूर्ववत्, २/१४६/२१-२२ ।

८३. यो मां मूर्तिधरं भक्त्या मद्भक्तः परिसेवते । स मे मान्योऽनन्यभक्तिर्नियुज्य हृदयं मयि ॥
खगणं स्ववशं कृत्वाऽखिलभूतहितार्थकृत् । ध्येयमक्षरमव्यक्तं सर्वगं कूटगं स्थिरम् ॥
सोऽपि मामेत्य निर्देश्यं मत्परो य उपासते । संसारसागरादस्मादुद्धरामि तमप्यहम् ॥
शुकाद्याः सनकाद्याश्च पुरा मुक्ता हि भक्तितः । भक्त्यैव मामनुप्राप्ता नारदाद्याश्चिरायुषः ॥
अतो भक्त्या मयि मनो निधेहि बुद्धिमेव च। भक्त्या यजस्व मां राजँस्ततो मामेव यास्यसि ॥ - पूर्ववत्, २/१४६/३-५, ९-१० ।

८४. पूर्ववत्, २/१४७/१-२, १८-१९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यायमा भगवान् गणेशले सात्विक, राजस र तामस तीन प्रकारका तप, तीन प्रकारका दान, तीन प्रकारका ज्ञान, तीन प्रकारका कर्म, तीन प्रकारका कर्ता र ॐ तत् सत् गरी तीन प्रकारका प्रवृत्तिहरूको वर्णन गर्नुभएको छ । ॐ तत् सत् प्रवृत्तिद्वारा श्रीगणेशको भजन गरी आत्मलाभ गर्नुपर्ने उपदेश प्रदान गर्नुभएको छ ।[८५] गणेश गीताका एघार अध्यायहरूमा श्रीमद्भगवद्गीताकै शैलीमा विषय निरूपण गरिएको छ। विषय गम्भीर भए तापनि भाषा सरल भएकाले यो गीता साधारण संस्कृतज्ञका लागि पनि उपयोगी र अध्ययनीय छ ।

ख) श्रीगणेशगीता र श्रीमद्भगवद्गीतामा विषयगत समानता

श्रीमद्भगवद्गीता महाभारतअन्तर्गत भीष्मपर्वको एक भाग हो भने श्रीगणेशगीता श्रीगणेशपुराणको क्रीडाखन्डको १३८ अध्यायदेखि १४८ अध्यायसम्मको एक भाग हो । श्रीमद्भगवद्गीताका १८ अध्यायहरूमा ७०० पद्य छन् भने श्रीगणेशगीताका ११ अध्यायहरूमा ४१४ पद्य छन् । श्रीमद्भगवद्गीताको उपदेश महाभारत युद्धको आरम्भमा कुरुक्षेत्रमा श्रीकृष्णले अर्जुनका निमित्त गर्नुभएको हो । श्रीमद्भगवद्गीताको अनुकरणमा सयौं गीताहरूको रचना भएको छ । तीमध्ये रामगीता, हंसगीता, गुरुगीता, अवधूतगीता, पाण्डवगीता, गणेशगीता आदि प्रसिद्ध छन् । ती गीताहरूमध्ये गणेशगीतालाई महत्त्वपूर्ण मानिन्छ । अन्य गीताहरूको विषयमा केही अन्तर हुनसक्छ तर गणेशगीता र श्रीमद्भगवद्गीताका विषयहरूमा समानता छ । विशेषतः दुवै गीताहरूमा कर्मयोग, साङ्ख्ययोग र भक्तियोगमा आधारित विषयहरूको प्रतिपादन गरिएको छ ।

गणेशगीतामा योगसाधन, प्राणायाम, तान्त्रिकपूजन, मानसिकपूजन, सगुणोपासना आदि विषयमा गम्भीर प्रकाश पारिएको छ । उक्त विषयका साथै विश्वरूपदर्शन र विभूतियोगका विषयमा पनि सङ्क्षेपमा वर्णन गरिएको छ । श्रीमद्भगवद्गीता र गणेशगीतामा शब्दगत भिन्नता भए पनि विषयगत अभेद रहेको छ। श्रीमद्भगवद्गीतामा श्रीकृष्णले अर्जुनलाई ज्ञानोपदेश गर्नुभएझैं गणेशगीतामा श्रीगणेशले राजा वरेण्यलाई ज्ञानोपदेश गर्नुभएको छ । उपदेश प्राप्त गर्ने अर्जुन र राजा वरेण्यको स्थितिमा भने पर्याप्त अन्तर देखिन्छ। श्रीमद्भगवद्गीताका अर्जुन मूढ अवस्थामा थिए भने गणेशगीताका वरेण्य मुमुक्षु स्थितिमा थिए ।

गणेशगीता र श्रीमद्भगवद्गीतामा विषयगत पर्याप्त समानता रहेको छ । कतिपय पद्यहरूमा अर्थमात्र नभई शब्दगत सादृश्य पनि रहेको छ । श्रीमद्भगवद्गीतामा स्वधर्मानुष्ठानको महिमा प्रकाशित गर्दै भनिएको छ – 'आफ्नो धर्म गुणरहित भए तापनि राम्ररी अनुष्ठान गरिएको परधर्मभन्दा उत्तम हुन्छ । आफ्नो धर्म पालन गर्दा मृत्यु भए पनि उत्तम हुन्छ तर परधर्म भने भयानक हुन्छ ।'[८६] यसै विषयलाई श्रीगणेशले गणेशगीतामा यसरी बताउनुभएको छ – 'स्वधर्म विगुण भए पनि अरूको साङ्गोपाङ्ग धर्मभन्दा उत्तम हुन्छ । आफ्नो धर्मको साधना गर्दागर्दै मृत्यु भए पनि त्यो मृत्यु परलोकमा कल्याणदायक बन्दछ । परन्तु परधर्म जुनसुकै अवस्थामा पनि भयानक हुन्छ।'[८७] भगवद्गीता दोस्रो अध्यायका १२, २०, २३, २४ श्लोकहरूमा आत्माको अविनाशिताको निरूपण गरिएझैं गणेशगीतामा पनि आत्मतत्त्वको अनिश्वरता प्रतिपादन गर्दै भनिएको छ – 'शस्त्रले आत्मालाई काट्न सक्दैन, आगोले पोल्न सक्दैन, पानीले भिजाउन सक्दैन र हावाले सुकाउन सक्दैन । यो शरीर मरणधर्मा भए पनि आत्मा अमर छ ।'[८८]

८५. पूर्ववत्, २/१४८/१, ३,१०,२१,२३ ।

८६. श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात् । स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥ – श्रीमद्भगवद्गीता, ३/३५ ।

८७. स्वल्पोऽगुणो निजो धर्मः साङ्गादन्यस्य धर्मतः । निजे तस्मिन् मृतिः श्रेयः परत्र भयदः परः ॥ – श्रीगणेशपुराण, २/३९/३५ ।

८८. अच्छेद्यं शस्त्रसङ्घातैरदाह्यमनलेन च अक्लेद्यं भूप! भुवनैरशोष्यं मारुतेन च । अवध्यं वध्यमानेऽपि शरीरेऽस्मिन् नराधिप ॥ – पूर्ववत्, २/१३८/३१-३२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्‌भगवद्‌गीताको दोस्रो अध्यायका ५७-७१ श्लोकहरूमा स्थितप्रज्ञको लक्षण बताएझैं गणेशगीताको प्रथम अध्यायको ५३-६४ सम्मका श्लोकमा स्थिरबुद्धि पुरुषका लक्षण बताइएको छ । जसले मनका सम्पूर्ण कामनाहरूको परित्याग गर्दछ र आफ्नै आत्मामा रमाउँछ, त्यसलाई स्थिरबुद्धि भन्दछन् । सुखहरूमा तिर्सना नभएको र दुःखहरूबाट नआत्तिने, भय-क्रोध र रागदेखि मुक्त साधकलाई स्थिरबुद्धि भन्दछन् ।[८९] भगवद्‌गीतामा योगीको दिन र रात संसारी मानिसको दिन-रातभन्दा फरक हुने कुरा बताइएको छ । यसैगरी गणेशगीतामा पनि योगी र सामान्य मानिसका दिन-रातको अवस्थालाई छुट्ट्याइएको छ ।[९०] स्थिरबुद्धि पुरुष ब्राह्मी स्थितिमा प्राप्त हुने कुरा श्रीमद्‌भगवद्‌गीतामा बताइएझैं गणेशगीतामा पनि बताइएको छ ।[९१]

यी केवल दृष्टान्तका लागि प्रस्तुत पद्य हुन् । गणेशगीताका अनेक प्रसङ्गमा श्रीमद्‌भगवद्‌गीताको शब्दगत र विषयगत सादृश्य देखिन्छ । माथिको सादृश्य सन्दर्भलाई विचार गर्दा दुबै गीताको प्रतिपाद्य विषय एउटै रहेको प्रमाणित हुन्छ। उपासकले श्रद्धाअनुसार जुनसुकै गीताको अनुशीलन गरे पनि समानरूपमा फल प्राप्त हुन्छ अर्थात् समान रूपमा ब्राह्मी स्थिति प्राप्त हुन्छ ।

२.६ स्वानन्दभुवन-सन्दर्भ

गणेशपुराणको क्रीडाखण्डमा मुद्‌गल मुनिले श्रीगणेशको स्वानन्दभुवनको वर्णन गरेका छन् । तदनुसार श्रीगणेश स्वानन्दभुवनको कामदायिनीपीठमा विराजमान हुनुहुन्छ । वास्तवमा यो स्वानन्दभुवन चिन्तामणिद्वीपको नै अर्को नाम हो ।[९२] स्वानन्दभुवनको अवस्थिति र विशेषताबारे भनिएको छ – 'श्रीगणेशको स्वानन्दभुवन पाँच हजार योजनको विस्तारमा फैलिएको छ । यस धामको स्वर्णमय भूतलबाट दिग्दिगन्त आलोकित गराउने प्रकाशप्रवाह प्रवाहित भइरहन्छ । इक्षुरससागरको बीचमा रहेको यो धाम पुण्यवान्‌हरूका लागि पनि दुर्लभ मानिएको छ । वेदाध्ययन, दान, व्रत, यज्ञ र जप-तपबाट यसलाई प्राप्त गर्न असम्भव छ । प्रबल भक्तिभावले ओतप्रोत भई श्रीगणेशको नित्य आराधना गर्ने भक्तले मात्र उहाँको कृपाबाट यसलाई प्राप्त गर्न सक्दछन् । भगवान् विघ्नराज त्यहाँ समष्टि र व्यष्टिरूपमा नित्य निवास गर्नुहुन्छ ।'[९३]

स्वानन्दभुवनमा विराजमान श्रीगणेशको ऐश्वर्य र महिमा खुलाउँदै भनिएको छ – 'अपरिमित शोभासम्पन्न र दुःख-मोहनिर्मुक्त स्वानन्दधाम श्रीगणेशको कृपाबाट मात्र सुलभ हुन्छ । त्यसको उत्तर भागमा इक्षुसागर सुहाएको छ । त्यस धाममा सहस्रपत्रसम्पन्न सुन्दर कमललता रहेको छ । त्यसमा सहस्रदल कमल विकसित छ । त्यो कमल चन्द्रमाझैं देदीप्यमान छ । त्यस कमलको कर्णिकामा रत्नकाञ्चनद्वारा निर्मित एउटा दिव्य शय्या छ । त्यहाँ दिव्य वस्त्र र अलङ्कारले सुहाउनु भएका श्रीगणेश शयन गर्नुहुन्छ । सिद्धि र बुद्धिले उहाँका सामु रहेर चरणकमलको सेवा गर्दछन् ।

---

८९. *मानसानखिलान् कामान् यदा धीमाँस्त्यजेत्प्रिय ! । स्वात्मनि स्वेन सन्तुष्टः स्थिरबुद्धिस्तदोच्यते ॥*
वितृष्णः सर्वसौख्येषु नोद्विग्नो दुःखसङ्गमे । गतसाध्वसरुड्रागः स्थिरबुद्धिस्तदोच्यते ॥ – पूर्ववत्, २/१३८/५३-५४ ।

९०. *या रात्रिः सर्वभूतानां तस्यां निद्राति नैव सः । न स्वपन्तीह ते यत्र सा रात्रिस्तस्य भूमिप ॥ – पूर्ववत्, २/१३८/६५ ।*

९१. *एनां ब्रह्मधियं भूप ! यो विजानाति दैवतः । तुरीयावस्थां प्राप्यापि शीलान्मुक्तिं स ऋच्छति ॥ – पूर्ववत्, २/१३८/६९ ।*

९२. *स कामदायिनीपीठे संतिष्ठति विनायकः । – पूर्ववत्, २/५०/३१ ।*

९३. *विस्तीर्णे पञ्चसहस्रयोजनानि महामते । रत्नकाञ्चनभूमौ स राजते भासयन् दिशः॥*
स्वानन्दनामा दिव्योऽयमिक्षुसागरमध्यगः। न वेदैर्न च दानैश्च व्रतैर्यज्ञैर्जपैरपि ॥
तपोभिर्विविधैश्चैव प्राप्यते नैव कर्हिचित् । विनायकस्य कृपया प्राप्यते नित्यभक्तितः ॥
समष्टिव्यष्टिरूपोऽत्र सदा तिष्ठति विघ्नराट् । – पूर्ववत्, २/५०/३१-३४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीन मूर्तिले सम्पन्न सामवेदले श्रीगणेशको गुणगान गर्दछन् । शास्त्रहरूले मूर्तिमान् भएर उहाँको स्तुति गर्दछन् । समस्त पुराणहरूले पनि उहाँका उत्तम गुणहरूको बयान गर्दछन् । दिव्य शय्यामा विराजमान, सुन्दर सूँढले सुहाउनुभएका श्रीगणेश त्यहाँ नित्य विराजमान हुनुहुन्छ । उहाँका अङ्ग-प्रत्यङ्ग अत्यन्त कोमल छन्, वर्ण रातो छ र आँखाहरू लाम्चिला छन् । उहाँ एकदन्तधारी हुनुहुन्छ । श्रीगणेशले आफ्नो श्रीविग्रहमा मुकुट, कुण्डल र कस्तूरीको तिलक धारण गर्नुहुन्छ । उहाँको कण्ठमा दिव्य माला सुहाएको छ। उहाँका स्वरूप, परिधान र आभूषण दिव्य एवं भव्य छन् । उहाँले आफ्नो श्रीविग्रहमा दिव्य चन्दनको लेपन गर्नुभएको छ । उहाँले मुक्ता, मणि र रत्नजडित हार धारण गर्नुभएको छ । उहाँ अनन्तकोटि सूर्यसमान तेजस्वी हुनुहुन्छ । उहाँको मस्तकमा मुकुटाकार अर्धचन्द्रमा शोभायमान छ । यस्तो दिव्य स्वरूपले सम्पन्न श्रीगणेशले गङ्गा नदीझैं आफ्नो स्मरण गर्ने भक्तका सबै प्रकारका पाप नाश गर्नुहुन्छ ।'[९४] त्यस दिव्य धाममा रहेको श्रीगणेशको पलङ्का दुबै भागमा सूर्यसमान प्रकाश भएका तेजोवती र ज्वालिनीनामक शक्तिहरू उभिएका हुन्छन् ।[९५] श्रीगणेशको स्वानन्दधाम शीत, जरा, थकान, पसिना, तन्द्रा, भोक, प्यास, दुःख आदिबाट मुक्त छ। पुण्यात्माहरू मात्र त्यहाँ निवास गर्दछन् ।[९६]

महाराष्ट्रका गणेशभक्त कवि विनायक महादेवको रचना 'गणेशप्रताप'मा निम्नानुसार गणेशलोकको वर्णन गरिएको छ – 'गणेशलोकको भूमि स्वर्णमय छ, त्यहाँ रहेका विष्णु-शिव आदि देवताका मन्दिर पनि स्वर्णमय छन् । त्यहाँका आवास भवन सुवर्ण एवं रत्नजडित छन् । गणेशलोकका प्रत्येक रूप कल्पवृक्षसमान छन् र प्रत्येक ढुंगा रत्नमय छन्। गणेशलोकमा निवास गर्ने गणेशभक्तहरूलाई गणेशदूत भनिन्छ । ती गणेशदूतहरू श्रीगणेशकै आकार-प्रकारका हुन्छन्। गणेशलोकमा जन्म, मृत्यु, सुख र दुःखको पीडा हुँदैन । गणेशका दूतहरू अत्यन्त तेजस्वी छन् । ऋद्धि र सिद्धिले गणेशलोकका गणेशदूतहरूको सेवा गर्दछन् । सामवेदले गणेशदूतहरूको गुणगान गर्दछन् । भगवान् श्रीगणेशको भक्तिमा लीन हुने मानिस गणेशलोकमा वास गर्दछन् । गणेशलोक वा स्वानन्दभुवनका अधिष्ठाता श्रीगणेश पूर्ण परब्रह्म परमात्मा हुनुहुन्छ ।[९७]

ॐ

---

९४. *तस्यैव कृपया प्राप्यो दुःखमोहविवर्जितः । तदुत्तरे भाति पर इक्षुसागर एव तु ॥*
सहस्रपत्रसंयुक्ता तन्मध्ये पद्मिनी शुभा । सहस्रपत्रं कमलं तस्यां भाति यथा शशी ॥
तत्कर्णिकागतस्तल्पो रत्नकाञ्चननिर्मितः । दिव्याम्बरयुतः शेते नृप ! तत्र विनायकः ॥
सिद्धिबुद्धी सदा तस्य पादसंवाहनं मुदा । कुर्वाते परया भक्त्या सामवेदस्त्रिमूर्तिमान् ॥
गानं करोति शास्त्राणि मूर्तिमन्ति स्तुवन्ति तम् । पुराणानि च सर्वाणि वर्णयन्त्यस्य सद्गुणान् ॥
बालरूपधरस्तत्र शुण्डादण्डविराजितः । कोमलाङ्गोऽरुणनिभो विशालाक्षो विषाणवान् ॥
मुकुटी कुण्डली राजत्कस्तूरीतिलकः स्वराट् । दिव्यमाल्याम्बरधरो दिव्यगन्धानुलेपनः ॥
मुक्तामणिगणोपेतं सरत्नं दाम संदधत् । अनन्तकोटिसूर्यौजाश्चन्द्रार्धकृतशेखरः॥
स्मरणात् पापहा सद्यः स्मृता गङ्गा यथा नृणाम् ॥ - पूर्ववत्, २/५०/५१-५९ ।

९५. *तेजोवती ज्वालिनी च शक्ती पर्यङ्कपार्श्वयोः । सहस्रादित्यसङ्काशे तिष्ठतो नृप ! सर्वदा ॥ - पूर्ववत्, २/५०/६० ।*

९६. *न शीतं न जरा तत्र क्लमः स्वेदोऽथ तन्द्र्यपि । क्षुधा तृष्णाऽथ दुःखं वा न कदाचन जायते ॥ - पूर्ववत्, २/५०/६१ ।*

९७. *क) श्रीरामलाल, 'गणेशलोक', कल्याण, पूर्ववत्, पृ. ४२१ ।*
ख) मोहनखारकर, 'गणेशलोक', कल्याण, पूर्ववत्, पृ. ४२३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद - तीन

श्रीगणपतितत्त्व, अवतरण एवं स्वरूपसौन्दर्य

३.१ श्रीगणपतितत्त्व

अजं निर्विकल्पं निराकारमेकं निरालम्बमद्वैतमानन्दपूर्णम् ।
परं निर्गुणं निर्विशेषं निरीहं परब्रह्मरूपं गणेशं भजेम ।।[१]

अनन्तकोटि ब्रह्माण्डका नायक, परात्पर, पूर्णतम, परब्रह्म, परमात्मालाई नै गणनाथ यद्‌वा विनायक भनिन्छ । सृष्टिको उत्पादन र परिपालनमा आसुरी शक्तिद्वारा प्रकट गरिने विघ्न-बाधाहरूको निवारणका लागि सृष्टिको प्रारम्भकालदेखि नै परमात्माले आफूलाई गणपतिका रूपमा प्रकट गराई ब्रह्मा आदि देवताहरूलाई सघाउँदै आउनुभएको छ । यसै विशेषताका कारण वैदिकवाङ्मय, पुराणवाङ्मय र तन्त्रवाङ्मयमा पनि श्रीगणपतितत्त्वको विवेचनका साथै श्रीगणपतिको अनुपम कल्याणकारिताको गुणगान गर्दै उहाँको आराधना एवं उपासनाका सोपान र सरणिहरूको विषयमा पर्याप्त चिन्तन गरिएको छ । यहाँ श्रुति-स्मृतिवन्दित ओङ्कारात्मा श्रीगणेशका विविध रूपको चर्चा गरिँदैछ ।

क) वाङ्मयवन्दित श्रीगणेश

वेदहरूमा श्रीगणेशलाई गणपति, प्रियपति र निधिपति भनी ऐश्वर्य र योगैश्वर्य सम्पन्न परमात्मा भनिएको छ।[२] उपनिषद्‌हरूमा **खं ब्रह्म** भनेर आकाशलाई ब्रह्मतत्त्व मानिएको छ ।[३] श्रीगणेश पनि आकाशरूप हुनुभएकाले ब्रह्मरूप हुनुहुन्छ भनिएको छ । अतः श्रीगणेश निष्कल, निरञ्जन, निर्गुण, निराकार, अनवद्य, अद्वैत, अज, अखण्ड एवं अभेदरूप परब्रह्म हुनुहुन्छ । वैखानस आगममा पनि आकाशलाई गणपति भनिएको पाइन्छ ।[४] तान्त्रिक विद्वान्‌हरूका दृष्टिमा मूलाधार शक्ति श्रीगणेशका रूपमा स्वीकृत छ ।[५] लिङ्गपुराणमा गणेश र शिवको तादात्म्य-सम्बन्ध देखाई शिवजीका विशेषता, उपाधि, नाम र लक्षणहरूको प्रयोग श्रीगणेशका लागि पनि गरिएको छ । शिव र गणेशको अभेदसिद्धिका लागि भगवान् शिवमा श्रीगणेशका विशेषता, उपाधि, नाम र लक्षणहरूको आरोप गरिएको छ । वायुपुराणमा भगवान् शिवलाई गजेन्द्रकर्ण, लम्बोदरजस्ता श्रीगणेशका नामले सम्बोधन गरिएको छ । ब्रह्मपुराणमा पनि श्रीगणेशका उपाधिहरूलाई शिवमा प्रयोग गरी दुवैमा पूर्ण अभेदको प्रतिपादन गरिएको छ । तैत्तिरीयब्राह्मणमा श्रीगणेशको वाहनलाई शिवजीको पनि वाहन मानिएको छ। सौरपुराणमा श्रीगणेशलाई साक्षात् शिवरूप सिद्ध गरिएको छ । ब्रह्मवैवर्त पुराणमा श्रीगणेश र श्रीविष्णुको एकरूपता प्रतिपादन गरिएको छ । स्वयं विष्णु नै कैलासमा गई बालक बनेर पार्वतीको पुत्रका रूपमा रहनु भएको कुरा त्यहाँ उल्लेख

१. *श्रीगणेशपुराण, १/१३/३*
२. *शुक्लयजुर्वेद, २३/१९ ।*
३. *छान्दोग्योपनिषद्, ३/१४/१ ।*
४. *श्यामाकान्त द्विवेदी, 'गणेश की उत्पत्ति, स्वरूप एवं सम्प्रदाय', कल्याण 'गणेश अङ्क', वर्ष ४८, अङ्क १, गीताप्रेस, गोरखपुर ।*
५. *पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको छ ।[६] सबै आर्षवाङ्मयमा श्रद्धापूर्वक चर्चित श्रीगणेश वास्तवमा वाङ्मयमूर्ति हुनुहुन्छ ।

ख) तत्त्वसमूहका अधिपति श्रीगणेश

गणेशशब्दको तात्त्विक विश्लेषण गर्दा **गण**शब्द समूहको वाचक र **ईश**शब्द देवता आदि सबै तत्त्वको वाचक हुन आउँदछ । तसर्थ गणेश, गणपति, गणाधिप आदि शब्दले पनि सम्पूर्ण तत्त्वसमूहका अधिपतिका रूपमा श्रीगणेशलाई चिनाउँछन् । उपनिषद्मा भनिएको छ – हे गणपते ! तपाईंलाई नमस्कार गर्दछु, तपाईं नै एकमात्र कर्ता हुनुहुन्छ, तपाईं नै समस्त तत्त्वका पालक हुनुहुन्छ, तपाईं नै समस्त जगत्का संहारक हुनुहुन्छ । धेरै के भनौं तपाईं नै जगत्स्वरूप र परब्रह्मरूप हुनुहुन्छ ।[७]

ग) ओङ्काररूप श्रीगणेश

एकाक्षर यो ॐकार सम्पूर्ण भूत, भविष्य एवं वर्तमानरूप हो । त्रिकालरूप र कालातीत सबै तत्त्व ओङ्कार हो । त्यही ओङ्काररूप ब्रह्म श्रीगणेश हो ।[८] गणपति अथर्वशीर्षमा गणपतिको स्वरूपमा रहेको नररूप र गजरूप दुवैको सामञ्जस्य गर्दै **तत्पदार्थ**- परमात्मा र **त्वंपदार्थ**- अल्पज्ञ जीवको समन्वय गरी सबैलाई श्रीगणेशरूप बताइएको छ ।[९] समाधिबाट जसलाई योगीहरूले साक्षात्कार गर्दछन्, त्यो निरुपाधिक गज, तत्पदार्थमय श्रीगणेशको सर्वोत्कृष्ट स्वरूप हो भन्ने विषयमा पनि शास्त्रहरूमा प्रकाश पारिएको छ ।[१०] त्रिभुवनमा अर्थात् **भूः, भुवः, स्वः,** लोकहरूमा जुन विषय छन्, ती सबै ओङ्कारमय हुन् । वास्तवमा अतीत, वर्तमान र भविष्यत् सबै कुरा ओङ्कार हो। त्रिकालातीत जुन तत्त्व छ त्यो पनि ओङ्कार हो र ब्रह्मा, विष्णु एवं शिवजीको रूपमा रहेको श्रीगणेशतत्त्व पनि ओङ्कार नै हो ।[११] श्रीगणेशतत्त्वलाई अनुत्पन्न र अलौकिक आत्मतत्त्व मानिएको छ । त्यो अनादि, अजन्मा आत्मतत्त्व नै श्रीगणेशतत्त्व हो ।[१२] यसबाट श्रीगणेश अद्वय, वाक्तत्त्व, सत्तत्त्व, चित्तत्त्व र आनन्दतत्त्वका अधिष्ठान हुनुहुन्छ भन्ने सिद्ध हुन्छ ।

श्रीगणेशको भौतिकरूप विचित्र र अविश्वसनीय छ । साधकले परमात्मभावले श्रीगणेशको आराधना गरेपछि उहाँको कृपाबाट रहस्यका पर्दा खुल्दै जान्छन् । श्रीगणेशको आधिभौतिक स्वरूप जति विशाल छ, तदनुरूप उहाँका अङ्ग र वाहन पनि उत्तिकै विशाल छन् । आध्यात्मिक दृष्टिबाट हेर्दा श्रीगणेश सबैका आत्मा, इन्द्रियका स्वामी, सर्वरूप हुनाले उहाँको नाम सार्थक छ । आकाश सर्वाधार भएझैं श्रीगणेश पनि सर्वाधार हुनुहुन्छ । वास्तवमा आकाश अथवा शब्दतन्मात्रा नै श्रीगणेशका रूपमा रहेको छ । आकाशतत्त्वबाट सबै तत्त्व उत्पन्न हुन्छन् र अन्तमा त्यसमा नै विलीन हुन्छन् । आकाशमा रूपतन्मात्रा एवं अग्नितत्त्व, रसतन्मात्रा एवं जलतत्त्व, स्पर्शतन्मात्रा एवं वायुतत्त्व, गन्धतन्मात्रा एवं पृथिवीतत्त्व विश्वका उपादानका रूपमा निहित हुन्छन् । तसर्थ आकाश सर्वाधार हो र श्रीगणेशको रूप हो । ओङ्काररूप श्रीगणेशतत्त्वमा विश्वोपादानका समस्त पदार्थ

---

६. *पूर्ववत् ।*

७. *नमस्ते गणपतये, त्वमेव केवलं कर्तासि, त्वमेव केवलं धर्तासि, त्वमेव केवलं हर्तासि, त्वमेव सर्वं खल्विदं ब्रह्मासि, गणेश अथर्वशीर्ष १ ।*

८. *गणेशोत्तरतापिन्युपनिषद् १ ।*

९. *त्वमेव प्रत्यक्षं तत्त्वमसि, गणेश अथर्वशीर्ष – ४ ।*

१०. *स्वामी करपात्री महाराज, गणपतितत्त्व, कल्याण, पूर्ववत्, पृ. २६ ।*

११. *त्वं ब्रह्मा, त्वं विष्णुः, त्वं रुद्रः, त्वं भूर्भुवः स्वरोम्, गणेश-अथर्वशीर्ष ६ ।*

१२. *त्वं वाङ्मयः, त्वं चिन्मयः, त्वमानन्द-मयस्त्वं ब्रह्ममयः, त्वं सच्चिदानन्दाऽद्वितीयोऽसि, गणेशाथर्वशीर्ष ४ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्ष्मरूपमा अवस्थित हुन्छन् । श्रीगणेश नै समस्त ब्रह्माण्डका अधिष्ठाता हुनुहुन्छ ।[१३]

चिद्गगनचन्द्रिकामा भनिएको छ – 'जसरी पूर्णिमाको चन्द्रमाले क्षीरसागरलाई तरङ्गित बनाउँदा तरङ्गहरूले गगनलाई स्पर्श गर्दछन् त्यसरी नै निस्तरङ्ग चिदाकाशमा प्रणवको नादतत्त्व फैलाएर बिन्दुतत्त्वका लहरलाई पनि फैलाइदिने ओङ्काररूप सर्वसाक्षी, सर्वद्रष्टा गजमुखले हाम्रा पाप एवं तापको शमन गरून् ।'[१४] शब्दब्रह्मको मूर्तिरचना ओङ्कारबाट नै हुन्छ । ओङ्कारको प्रथम भाग उदर, मध्य शुण्डाकार भाग दण्ड, अर्धचन्द्र दन्त र बिन्दु मोदक हो । ओङ्कारको चरण अकार हो, विशाल उदर उकार हो र मस्तकको महामण्डल मकार हो । यी तीन अक्षरतत्त्वको समावेशबाट उत्पन्न हुने ओङ्कार ब्रह्माण्डको आदिबीज श्रीगणेशतत्त्व हो ।

घ) स्वस्तिकरूप श्रीगणेश

व्यवसायीहरूद्वारा बहिखातामा लेखिने स्वस्तिक चिह्न ३ मा रहेका चार दण्ड चार भुजाका प्रतीक हुन् । वास्तवमा स्वस्तिकको अर्थ चतुर्भुज ओङ्कार नै हो । वामावर्त र दक्षिणावर्त स्वस्तिकका चारैतिर गणपतिको बीजमन्त्र **गं** रहेको हुन्छ । **स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदा स्वस्ति नस्ताक्ष्योऽअरिष्टनेमिः स्वस्तिनो बृहस्पतिर्दधातु** सामवेदको यस मन्त्रमा इन्द्र, पूषा, ताक्ष्र्य र बृहस्पति यी चार नामको उल्लेख भएको छ र चार पटक स्वस्तिशब्दको प्रयोग पनि । यी चार देवता आकाशका चार ताराका रूपमा स्वस्तिकाकारमा विराजमान छन् । चार पटक स्वस्तिशब्दको प्रयोगबाट स्वस्तिक चिह्नको निर्माण भएको छ। उक्त चार देवतालाई पनि श्रीगणेशरूप नै मानिएको छ । भगवान् गणपति स्वस्तिक चिह्नका रूपमा पनि प्रसिद्ध हुनुहुन्छ । श्रीगणेशको आराधनाबाट सिद्धि, बुद्धि, क्षेम र लाभ प्राप्त हुने कुरा स्वस्तिक चिह्नका चार रेखाहरूले प्रमाणित गर्दछन् । वामावर्त र दक्षिणावर्त स्वस्तिकमा चारैतर्फ गणपतिको बीजमन्त्र गं विराजमान छ। **गम्** यो बीजमन्त्र **गणानान्त्वा गणपतिं हवामहे। कविं कवीनामुपमश्रवस्तम्। ज्येष्ठराजं ब्रह्मणां ब्रह्मणस्पते आ न शृण्वन्नूतिभिः सीद सादनम् ।।** (ऋ. २/२३/१) यस ब्रह्मणस्पति मन्त्रको प्रथमाक्षर ग र अन्तिमाक्षर **बिन्दुबाट** निष्पन्न भएको छ ।[१५]

ङ) मातृका एवं मन्त्ररूप श्रीगणेश

ओङ्काररूप ब्रह्म नादतत्त्वभित्र रहेका वर्णहरूको व्यञ्जक भएर रहेको छ, जुन वर्णहरूलाई मातृका भनिन्छ। ५१ मातृकाहरूलाई लघुषोढान्यास अन्तर्गत शक्तिसहित श्रीगणेशको रूप मानिएको छ । जस्तै – **ऐं, ह्रीं, श्रीं, ॐ श्रीयुक्ताय विघ्नेशाय नमः शिरसि, ऐं, ह्रीं श्रीं अं ह्रीं युक्ताय विघ्नराजाय नमो मुखवृत्ते** यसरी शब्दब्रह्मात्मक श्रीगणेशरूप ओङ्कारको मातृकाहरूका साथ विस्तार गरिएको छ । यिनै मातृकाहरूको योगबाट तन्त्रग्रन्थहरूमा अनेक स्तोत्र-मन्त्रहरूको आविर्भाव भएको कुरा देखाइएको छ ।[१६]

च) चिन्मय नादरूप श्रीगणेश

गणपतिको वाच्यरूप अचिन्त्य र अप्रमेय ब्रह्म नै हो । योगीहरूले षट्चक्रहरूमा नादब्रह्मका रूपमा यस

१३. *डा. श्यामाकान्त द्विवेदी, कल्याण, पूर्ववत्, पृ. १२७ ।*

१४. *क्षीरोदं पौर्णमासीशशधर इव यः प्रस्फुरन्निस्तरङ्गम्, चिद्व्योम स्फारनादं रुचिविसरलसद् बिन्दुवक्रोर्मिमालम् ।*
आद्यः स्पन्दस्वरूपः प्रथयति सकृदोङ्कारशुण्डः क्रियादृग्, दन्तास्योऽयं हठाद् वः शमयतु दुरितं शक्तिजन्मा गणेशः ।।
– स्वामीजी महाराज, पीताम्बरापीठ, गणेशतत्त्व, पूर्ववत्, पृ. ५३ ।

१५. *दीनानाथ शर्मा, 'श्रीगणेशचिन्तन', कल्याण, पूर्ववत्, पृ. ८१ ।*

१६. *स्वामीजी महाराज, पीताम्बरापीठ, पूर्ववत्, पृ. ५३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपको उपासना गर्दछन् । मानवशरीरमा रीढको हाडको मूलमा गुदाभन्दा दुई अङ्गुलमाथि मूलाधारचक्र रहेको हुन्छ । सम्पूर्ण जीवनीशक्तिको आधार पनि यही मूलाधारचक्र हो । यस चक्रको मध्यभागमा चतुष्कोणात्मक आधारबीज रहेको छ । त्यसमाथि भगवान् श्रीगणेश विराजमान हुनुहुन्छ । कुलदेवता श्रीगणेशको स्मरणमात्रले परा शक्ति, कुण्डलिनी प्रबुद्ध भएर आज्ञाचक्रमा प्रविष्ट हुन्छ । त्यसपछिका चक्रहरू पार गर्दै त्यो कुण्डलिनी सहस्रारचक्रमा गई परमशिवसँग एकाकार भएर रहन्छ । षट्चक्रहरूमा व्याप्त चिन्मय नादशक्ति नै महागणपति हुनुहुन्छ ।[१७] वैनायकयोगमा चिदानन्दलहरीको रूपमा षट्चक्रहरूमा महागणपतिको ध्यान गरिन्छ । सर्वप्रथम अनादि, अचिन्त्य, अप्रमेय, अनन्तरूप महागणपतिको चिन्मय स्वरूपबाट वैनायक धर्मको आविर्भाव भयो । श्रीगणपतिले आफ्नो उपाधिरूप उक्त धर्मबाट विष्णु, ब्रह्मा, इन्द्र आदि देवताहरूलाई अलङ्कृत गराउनुभयो । श्रीगणेशको दोस्रो वाचक ओङ्कार सगुण, साकार एवं श्री–समृद्धिको प्रदायक महामन्त्र हो, जसको ध्यानबाट मानिस विद्यानिधि र समृद्धिस्वामी बन्दछ ।[१८]

छ) मङ्गलमूर्ति श्रीगणेश

सनातन वैदिक हिन्दुधर्म र बौद्धधर्मका उपास्य देवताहरूमा भगवान् श्रीगणेशको असाधारण महत्त्व रहेको छ । कुनै पनि धार्मिक, सांस्कृतिक र माङ्गलिक कार्य श्रीगणेशप्रूजनविना प्रारम्भ गरिँदैन । केही मानिसहरू बुद्धिमा स्थित चिदात्मक रूप गणपतिको स्मरण गरेर सत्कर्मको शुभारम्भ गर्दछन्, केही मानिस प्रणव अथवा ओङ्कारको स्मरण गरी सत्कर्ममा प्रवृत्त हुन्छन् । केही गजानन अद्वयमूर्ति श्रीगणेशको स्मरण गर्दछन् र केही योगमय गणपतिको स्मरण गर्दछन्।[१९] यस्तो महत्त्व अरू कुनै पनि देवताको पाइँदैन । ओङ्कार मङ्गलमय र मङ्गलजनक भएकाले ओङ्काररूप गणपतिको प्रथमपूजा स्वाभाविक हुन आउँछ । श्रीगणेशलाई शिवजीका पुत्र मानेर पछिका देवता भनी शङ्का गर्नु हुँदैन, किनकि उहाँ त अनादि र अनन्त हुनुहुन्छ । विष्णुको अवतार कृष्णका रूपमा भएजस्तै उहाँको अवतार शिवपुत्रका रूपमा भएको हो । भक्तहरूले मङ्गल र सौभाग्य प्राप्तिका लागि मङ्गलमूर्ति श्रीगणेशलाई सिन्दूरार्पण गर्दछन् ।

ज) सगुण एवं निर्गुण ब्रह्मरूप श्रीगणेश

भगवान् श्रीगणेशको साकार रूप हुन्नथ्यो भने भक्तहरूका लागि कर्म र उपासनाविधि व्यर्थ हुने थिए । श्रीगणेशका लीला र विशेषताहरूको गुणानुवाद गर्ने माध्यम हुने थिएन । श्रीगणेश परमात्माको प्रकृति सुन्दरीसँग विलास गर्ने आधार हुने थिएन । साधकहरूले सगुण ब्रह्मको उपासना गरी भोग प्राप्त गर्न सक्ने थिएनन् । त्यसकारण ओङ्काररूप परमात्मा श्रीगणेशले आफूलाई साकार रूपमा परिणत गर्नुहुन्छ ।[२०] वास्तवमा श्रीगणेश नीरज, विशोक, परमार्थरूप, आदिमध्यान्तहीन, ब्रह्मतत्त्व हुनुहुन्छ ।[२१] श्रीगणेश परमज्ञेय, परमतत्त्व, श्रुतिमूल, सनातन, सर्वसाक्षी, सर्वव्यापी, मातृकाबीज, सर्वमङ्गलनिधान, मङ्गलमूर्ति, अनिर्वाच्य तत्त्व हुनुहुन्छ ।[२२] नीरूप,

---

१७. नारायणाश्रम स्वामी, 'गणपति और महागणपति', कल्याण, पूर्ववत्, पृ. ११७ ।
१८. पूर्ववत् ।
१९. स्वामी करपात्रीजी, पूर्ववत्, पृ. २८ ।
२०. श्रीगणेशपुराण, २/५३/३५ ।
२१. पूर्ववत्, १/५१/७२ ।
२२. पूर्ववत्, १/२०/३९-४० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

निराकार, त्रिदेवरूप, पञ्चमहाभूतरूप, चराचररूप, त्रिकालज्ञ, इन्द्रियका अधिष्ठाता, कलाकाष्ठादिरूप, धृति कान्ति आदि गुणरूप, साङ्ख्यआदि दर्शनरूप, अष्टादश पुराणरूप, ब्रम्हणादि वर्णरूप, चौसठ्ठी कलारूप, देश-विदेश एवं पुण्यक्षेत्ररूप, स्वर्ग आदि लोकरूप, वन-वनस्पतिरूप, स्वेदज, उद्भिज, अण्डज एवं जरायुजरूप, भाव-भावनारूप, प्रमेय-अप्रमेय एवं ज्ञानगम्य र विश्वप्रपञ्चमा व्याप्त सर्वोपरि तत्त्व नै श्रीगणेशतत्त्व हो ।[२३] श्रीगणेश ओङ्कारवाच्य, श्रुतिनयन, गुह्याशय, परंव्योम, परंधाम, परमात्मा, परमपद, पूर्णात्मा, परानन्द, प्रमाणप्रत्ययातीत, अनन्तनामसम्पन्न, अनन्तरूप, अनन्तानन्तरूप हुनुहुन्छ ।[२४] श्रीगणेश पुराणमा श्रीगणेशलाई लीलामानुषविग्रह, लीलाकर र चराचरगुरु पनि भनिएकोछ ।[२५] जसका रोम-रोममा कोटि-कोटि ब्रह्माण्ड अटाउन सक्छन्, ती श्रीगणेश ब्रह्माण्डनायक हुनुहुन्छ ।[२६]

ब्रह्मरूप श्रीगणेश नै शिव र पार्वतीको तपबाट प्रसन्न भएर पार्वतीपुत्रका रूपमा प्रकट हुनुहुन्छ । ब्रह्मवैवर्तपुराणअनुसार पार्वतीको तपस्याबाट प्रसन्न भई गोलोकनिवासी श्रीकृष्ण परमात्मा गणपतिका रूपमा प्रकट हुनुभएको थियो ।[२७] भगवान् गणपतिको साकारस्वरूप मङ्गलमय छ । उहाँ एकदन्त र चतुर्बाहु हुनुहुन्छ। उहाँले आफ्ना चार हातमा पाश, अङ्कुश, दन्त र वरमुद्रा धारण गर्नुभएको छ । उहाँको ध्वजामा मूषकचिह्न रहेको छ । उहाँ रक्तवर्ण, लम्बोदर, शूर्पकर्ण, रक्तवसन र रक्तचन्दनार्चित हुनुहुन्छ । उहाँ राता पुष्पहरूद्वारा पूजित हुनुहुन्छ । आफ्ना भक्तहरूमाथि कृपा गर्न उहाँले आफूलाई साकाररूपमा अवतरण गराउनुहुन्छ । भक्तकामनापूरक, वरदायक, मङ्गलमूर्ति, ज्योतिर्मय, जगत्का कारण, अच्युत, प्रकृति एवं पुरुषभन्दा पनि पर विराजमान, सृष्टिको आदिमा आविर्भूत श्रीगणेशको तत्त्वविश्लेषण गरी श्रद्धापूर्वक उपासना गर्दा आधिभौतिक, आधिदैविक र आध्यात्मिक कल्याणप्राप्ति हुन्छ । उहाँको उपासनाबाट सबै प्रकारका सन्तापहरूको शमन हुन्छ । उहाँले निराकार एवं साकार दुवै रूपमा रही भक्तजनको कल्याण गर्नुहुन्छ । श्रुति, स्मृति, पुराण, आगम सबैले उहाँको महत्ता बताएका छन् ।[२८] उहाँका सुमुख, एकदन्त, कपिल, गजकर्णक, लम्बोदर, विकट, विघ्ननाशक, विनायक, धूम्रकेतु, गणाध्यक्ष, भालचन्द्र र गजानन यी बाह्र नाम भौतिक र पारमार्थिक अभ्युदय एवं निःश्रेयसका कारक बनेर रहेका छन् ।[२९]

झ) निधिपति, प्रियपति र गणपतिरूप श्रीगणेश

गणेशपदघटक गणशब्दलाई पुराण आदि आर्षग्रन्थहरूमा प्रतिपादित सात प्रकारका वायुहरूको वाचक मानिएको कुरा ऋग्वेदमा व्यक्त भएको छ ।[३०] सत्त्व, रज र तमोगुणको संघात नै गण हो । ती गुणहरूका पति भएका कारण परमात्मालाई गणपति, गुणपति र गुणेश भनिएको छ । परमात्मा ज्ञान, आनन्द आदि आफ्ना दिव्य स्वगत गुणहरू र सत्त्व, रज एवं तमोगुणका अधिपति हुनुभएकाले 'गुणी' कहलाउनुहुन्छ।[३१] श्रीगणेशको आज्ञाबाट तमोगुण, रजोगुण र सत्त्वगुणका अधिपतिका रूपमा शिव, ब्रह्मा र विष्णु नियुक्त हुनुभयो र गुणहरूका स्वामी

२३. *पूर्ववत्, १/२०/३८-४० ।*
२४. *पूर्ववत्, १/४६- गणेशसहस्रनाम ।*
२५. *पूर्ववत्, २/६३/४-५ ।*
२६. *पूर्ववत्, २/५४/५३-५६ ।*
२७. *ब्रह्मवैवर्तपुराण, गणपतिखण्ड, ८/८२-८४ ।*
२८. *गणपति अथर्वशीर्ष - ९ ।*
२९. *श्रीगणेशपुराण, १/९२ ।*
३०. *निषुसीद गणपते गणेषु - ऋग्वेद १०/११२/९ ।*
३१. *स विश्वकृद् विश्वविदात्मयोनिः स कालकालो गुणी सर्वविद् यः । प्रधानमन्त्रज्ञपतिर्गुणेशः संसारमोक्षस्थितिबन्धहेतुः ।। - श्वेताश्वतरोपनिषद् ६/१६ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0: In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेश गुणेश कहलाउनुभयो ।[३२]

पृथिवी, जल, तेज, वायु र आकाशरूप प्रपञ्चको समूह गण हो, त्यसका अधिपति हुनुभएकाले ॐकाररूप परमात्मालाई श्रीगणेश भनिन्छ । आदित्य, विश्वावसुदेखि रुद्रसम्मका गणदेवताहरूका स्वामी हुनुभएकाले पार्वतीपुत्रलाई गणाधिप भनिन्छ । प्रतिपक्षीहरूका विभिन्न गणलाई एक्लै परास्त गर्ने महान् सामर्थ्य भएका कारण श्रीगणेशलाई गणञ्जय भनिन्छ । यज्ञका अध्वर्यु, होता र आचार्यहरूको गणका संरक्षक हुनुभएकाले श्रीगणेशलाई गणप पनि भनिन्छ। सत्, चित्, आनन्दरूप तीन गणका अधिपति तत्त्वलाई गणपति भनिन्छ, सत्ता, ज्ञान र सुखका अधिपति हुनाले सच्चिदानन्दघन ब्रह्मतत्त्वलाई गणपति भनिन्छ । जाग्रत्, स्वप्न एवं सुषुप्तितत्त्वका अधिपति ब्रह्मतत्त्वलाई गणपति भनिन्छ । परा, पश्यन्ती र मध्यमाका द्रष्टा, तुर्यावस्थामा वर्तमान तत्त्व नै गणपति तत्त्व हो । पृथिवी, स्वर्ग र अन्तरिक्षगणका अधिपति हुनाले परमतत्त्वलाई गणपति भनिन्छ । ज्योतिष शास्त्रअनुसार देवता, मानव र राक्षसगणका अधिपति हुनाले परमतत्त्वलाई गणपति भनिन्छ । गणशब्द ३६ कोटि परिमित प्रमथगणको बोधक हो । प्रमथ गणका पति हुनाले श्रीगणेशलाई गणपति भनिन्छ । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, चित्त, मन, बुद्धि र अहङ्कार यी गणका अधिपति हुनाले परमात्मालाई गणपति भनिन्छ । गणशब्द सङ्ख्याविशेषको वाचक पनि मानिएकोछ । गज – २७, रथ– २७, अश्व ८१, पदाति – १३५ गरी २७० को समुदायबाट बनेको गणका स्वामी श्रीगणेश हुनुहुन्छ । गणनामक दैत्यमाथि विजय प्राप्त गर्नुभएका कारण पनि उहाँलाई श्रीगणेश भनिन्छ । वर्ण, अर्थ, रस, मगण आदि छन्दोगणका अधिपति हुनाले परमात्मालाई गणपति भनिन्छ । श्रीगणेशपदमा रहेको ग ज्ञानको वाचक हो, ण निर्वाणको वाचक हो भने **ईश** स्वामीलाई बुझाउने अर्थको वाचक हो। सम्पूर्ण श्रीगणेशपदको शब्दार्थ ज्ञान एवं निर्वाणका स्वामी ब्रह्म, परमात्मा, परमतत्त्व र परमेश्वर जे भने पनि श्रीगणेश हुनुहुन्छ भन्ने नै हो ।[३३] आधारप्राण (आधारशक्ति) श्रीगणेशका आधारमा कूर्मप्राण, शेषप्राण, गन्धप्राण, रसप्राण, रूपप्राण, स्पर्शप्राण, शब्दप्राण आदि अनेक आधेय प्राण विकसित हुन्छन् । अतः अनेक प्राणगणका अधिपति भएकाले ओङ्कारतत्त्वलाई श्रीगणेश भनिन्छ ।[३४]

वेदान्तअनुसार चराचरको अधिपति अद्वैत ब्रह्मतत्त्व हो । अद्वैतमा **एकोऽहं बहु स्याम्**को द्वैतभावना उदय भएपछि सृष्टिमा अनेकरूपता आउँदा समष्टि र व्यष्टि स्वरूप तयार भए । समूह र समाजको निर्माण भयो । समाजका समन्वित रूप अनेक गणहरू तयार भए । ती सबै गणलाई समन्वित र अनुशासित तुल्याउन एउटा गणपतिको आवश्यकता भयो । जुन व्यक्तिमा एकता, अनुशासन, विघ्ननिवारण, मार्गदर्शन, मङ्गलप्रदान र वरप्रदानका शक्ति र सामर्थ्य छन्, जुन व्यक्तिमा गणहरूको नेतृत्व गर्ने विशिष्ट क्षमता विकसित छ, जो सबैको प्यारो छ र जोसँग अकूत धनराशि छ, त्योमात्र गणपति हुन सुहाउँछ भन्ने विचार गरी पार्वतीनन्दन श्रीगणेश सम्पूर्ण गुणहरूले सम्पन्न हुनुभएकाले उहाँलाई देवताहरूले गणपतिको पदमा अभिषिक्त गरेका हुन् । लोकव्यवहारमा पनि असल नेतामा उक्त गुणहरूको विकास आवश्यक हुन्छ । यसैले वैदिक मन्त्रमा – **गणानां त्वा गणपतिं हवामहे प्रियाणां त्वा प्रियपतिं हवामहे निधीनां त्वा निधिपतिं हवामहे वसो मम । आहमजानि गर्ब्भधमा त्वमजासि गर्भधम् ।।**[३५] यस मन्त्रमा प्रयुक्त **गणानां पतिः – गणपतिः, प्रियाणां पतिः-**

---

३२. श्रीगणेशपुराण, २/४०/९ ।

३३. करपात्रीजी, जनार्दन मिश्र, बलदेव उपाध्याय, प्रभुदत्त ब्रह्मचारी आदि विद्वान्हरूका कल्याण, गणेश अङ्क १ मा प्रकाशित निबन्धहरूबाट ।

३४. रङ्गाचार्य, विविध गणेश, कल्याण, गणेश अङ्क, पूर्ववत्, पृ. ५० ।

३५. शुक्लयजुर्वेद २३/१९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रियपतिः र **निधीनां पतिः - निधिपतिः** पदहरूले श्रीगणेश गणपति, प्रियपति र निधिपतिका रूपमा सर्वदा वन्दित हुनुहुन्छ भनिएको छ ।

ञ) विशुद्ध मनस्तत्त्वरूप श्रीगणेश

आध्यात्मिक व्याख्याअनुसार श्रीगणेशतत्त्व भनेको द्वेष आदि रहित शुद्ध मन हो । मनलाई इन्द्रियको स्वामी मानिन्छ। मनरूप श्रीगणेशको उपासनाको महत्त्व स्वीकार गर्दै वेदमा भनिएको छ - **तन्मे मनः शिवसङ्कल्पमस्तु** अर्थात् 'मेरो मन कल्याणकारी चिन्तनद्वारा अनुप्राणित बनोस् ।' ब्रह्मविद्यारूपिणी माता पार्वती र ब्रह्मरूप शिवजीको प्राप्तिका लागि मनरूप श्रीगणेश शिवसङ्कल्पले सम्पन्न हुनु नितान्त आवश्यक छ। श्रीगणेशको जन्म चतुर्थी तिथिमा भएको तथ्य शास्त्रहरूमा वर्णन गरिएको छ । जाग्रत, स्वप्न, सुषुप्ति र तुरीय अवस्थाहरूमध्ये चौथो तुरीय अवस्था ज्ञानमय छ । बुद्धि एवं ज्ञान प्रदान गर्ने मन एवं बुद्धिका स्वामी श्रीगणपतिको चतुर्थी तिथिमा अवतरण हुनु स्वाभाविक देखिन्छ ।[३६]

ट) सोपाधिक र निरुपाधिक तत्त्वमसिसंवेद्य श्रीगणेश

तत्त्वमसि आदि वाक्यले पनि गणपतिरूप ब्रह्मलाई बुझाउँछन् । नर र गजरूपको सामञ्जस्य गणपतिस्वरूपमा भएको छ। **त्वम्**पदार्थ नररूप हो भने **तत्**पदार्थ गजरूप हो । यी दुवैको समन्वय गणपतिरूप **असि** पदार्थले गर्दछ। शास्त्रहरूमा नरपदलाई प्रणवात्मक सोपाधिक ब्रह्म मानिएको छ - **नराज्जातानि तत्त्वानि नाराणीति विदुर्बुधाः।** गजशब्दको व्याख्या गर्दै शास्त्रहरूमा भनिएको छ - **समाधिना योगिनो यत्र गच्छन्ति स गः, यस्मात् बिम्बप्रतिबिम्बतया प्रणवात्मकं जगज्जायते स जः** अर्थात् समाधिद्वारा योगीहरू जहाँ जान्छन् त्यो गतत्त्व हो र जसबाट बिम्ब-प्रतिबिम्बभावले प्रणवात्मक जगत् पैदा हुन्छ त्यो जतत्त्व हो । सोपाधिक त्वंपदार्थबोध्य नररूप श्रीगणेशको पाउदेखि घाँटीसम्मको देह मानिएको छ । निरुपाधिक सर्वोत्तम तत्पदार्थमय गजरूप श्रीगणेशको घाँटीदेखि लिएर मस्तकपर्यन्तको देह मानिएको छ । यो गजतत्त्व निरुपाधिक हुनाले सर्वोत्तम छ। सम्पूर्ण पाउदेखि मस्तकसम्मको श्रीगणेशको देहलाई बुझाउने **असि**पदार्थ अखण्डैकरसमय छ।[३७]

ठ) सर्वविघ्नविनाशक श्रीगणेश

गणानां त्वा इत्यादि मन्त्रद्वारा प्रतिपाद्य गणपतितत्त्वलाई सर्वविघ्नविनाशक मानिन्छ ।[३८] श्रीगणेशको आदिपूजन गर्नाले विघ्नविनाश हुन्छ । पुराणसाहित्यमा पनि यस तथ्यलाई आत्मसात् गरिएको छ । १८ पुराणहरूमा प्रथम ब्रह्मपुराण र अन्तिम ब्रह्माण्डपुराणमा पनि श्रीगणेशको वर्णन गरिएको छ । अन्य पुराणहरूमा निर्गुण एवं बुद्धितत्त्वभन्दा पर रहनु भएका श्रीगणेशतत्त्वको वर्णन एवं विश्लेषण गरिएको छ । उपपुराणहरूमा प्रथम श्रीगणेशपुराण र अन्तिम मुद्गलपुराणमा पनि श्रीगणेशतत्त्वको वर्णन गरिएको छ । यस प्रकार पुराणको प्रारम्भ र अन्तमा श्रीगणेशको स्मरण गर्ने परम्परा देखिनाले 'सम्पूर्ण कार्यहरूमा श्रीगणेशको स्मरण मङ्गलदायक हुन्छ' भन्ने भनाइ यथार्थ प्रमाणित हुन्छ । विभिन्न पुराणहरूमा वर्णन गरिएका ब्रह्मा, विष्णु, शिव, सूर्य, देवी आदि

---

३६. *पं. गोविन्ददास, 'श्रीगणपतिका स्वरूप एवं उसका रहस्य', कल्याण, पूर्ववत्, पृ. १०३ ।*

३७. *पं. माधवाचार्य शास्त्री, 'श्रीगणेशतत्त्व', कल्याण, पूर्ववत्, पृ. ७७ ।*

३८. *विघ्नविनाशिने शिवसुताय वरदमूर्तये नमः, - गणेश अथर्वशीर्ष - १० ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताहरू पनि श्रीगणेशकै अंश हुनाले तिनको स्मरण पनि श्रीगणेशकै स्मरण हो ।[३९]

ड) प्रतिष्ठाप्राणरूप श्रीगणेश

योगशास्त्रमा प्रतिष्ठाप्राणरूप गणपतिको निवास पदार्थहरूको केन्द्रमा रहन्छ भनिएको छ । मनुष्यहरूमा देहमध्यवर्ती, गुदाभन्दा दुई अङ्गुल माथि र शिश्नभागभन्दा दुई अङ्गुल तल श्रीगणेशको आवास मानिएको छ। पशुहरूको देहमध्य-हृदयमा श्रीगणेशको आवास छ । पक्षीहरूको देहमध्य-उदरको मध्यभागमा श्रीगणेशको आवास छ । वृक्षहरूको फेंदमा श्रीगणेशको आवास छ । पृथिवीको केन्द्रमा शेष, कूर्म आदि प्राणतत्त्वका रूपमा श्रीगणेश रहनुहुन्छ ।[४०]

ढ) वैदिकवाङ्मयका आराध्य देवता श्रीगणेश

गणपतिलाई बुद्धिका अधिष्ठाता मानिएको छ । यसै कारण ब्रह्मणस्पतिमन्त्रमा गणपतिलाई कवि भनिएको छ । कविको अर्थ क्रान्तदर्शी र बुद्धिमान् भन्ने हुन्छ । बुद्धिका अधिष्ठाता श्री गणपति ब्रह्मणस्पति हुनुहुन्छ अर्थात् वेदका अधिपति हुनुहुन्छ । यसैले वैदिकवाङ्मयका साथै श्रीगणेशसहस्रनाममा पनि श्रीगणेशलाई उक्त नामहरूबाट सम्बोधन गरिएको पाइन्छ ।[४१] वेदमा श्रीगणेशलाई गणपतिका साथै ब्रह्मणस्पति एवं बृहस्पति पनि भनिन्छ । यसबाट देवगुरु बृहस्पति पनि श्रीगणेशका स्वरूप हुनुहुन्छ भन्ने प्रमाणित हुन्छ ।[४२]

ण) वाङ्मयमूर्ति श्रीगणेश

वेद श्रीगणेशका मूर्ति हुन् । वेदको अक्षर श्रीगणेशको निर्दोष शरीर हो । स्मृतिहरू उहाँका अङ्ग-प्रत्यङ्ग हुन् । अर्थसौन्दर्य, लावण्य एवं शोभा हो । अठार पुराण मणिरत्न हुन् । प्रमेय रत्न हुन् । पदरचना कुन्दन हो । उत्तम पदहरूको लालित्य उहाँको रङ्गीन शरीर हो । साहित्यशास्त्र हाव, भाव र कटाक्ष हुन्। काव्य-नाटक क्षुद्रघण्टिका हुन् । तिनको अर्थ घण्टिकाको ध्वनि हो । व्यास आदि ऋषिहरूको बुद्धि मेखला हो । षड्दर्शन ६ भुजा हुन् । मनन, चिन्तन र सिद्धान्त शस्त्र हुन् । तर्कशास्त्र परशु हो । न्यायशास्त्र अङ्कुश हो । वेदान्तशास्त्र मोदक हो । भाँचिएको दाँत खण्डित गरिएको नास्तिक मत हो । वरदायक करकमल सांख्यहरूको सत्कार्यवाद हो । धर्मप्रतिष्ठा अभयकर हो। निर्मल विवेक सूँढ हो । उत्तम संवाद सेतो वर्णको दन्त हो । पूर्वमीमांसा र उत्तरमीमांसा दुई कान हुन् । तत्त्वार्थप्रकाशन प्रवाल हो । ज्ञानामृत मद हो । ज्ञानवान् मुनिहरू भ्रमर हुन्। द्वैत र अद्वैत कुम्भस्थल हुन् । ती दुवैको सामञ्जस्य मकरन्द हो । वेद र उपनिषद् मस्तकमा रहेका मुकुटपुष्प हुन् ।[४३]

त) शिक्षाप्रद स्वरूपका स्वामी श्रीगणेश

श्रीगणपतिको वामन स्वरूपले मानिसलाई समाजसेवा, सरलता, लघुता एवं नम्रताजस्ता सद्गुणहरूको धारण गर्न शिक्षा प्रदान गर्दछ । त्यसले मानिसहरूलाई कहिल्यै पनि मनमा अहङ्कारको अङ्कुर उत्पन्न नगर्न

---

३९. *स्वामी करपात्रीजी महाराज, पूर्ववत्, पृ. २८ ।*
४०. *रङ्गाचार्य, 'विविध गणेश', कल्याण, पूर्ववत्, पृ. ५१ ।*
४१. *कविः कवीनामृषभो ब्रह्मण्यो ब्रह्मणस्पतिः । ज्येष्ठराजो निधिपतिर्निधिः प्रियपतिः प्रियः ।। गणेशपुराण, पूर्वार्ध, अध्याय ४६ ।*
४२. *गोविन्ददास, गणपतिका स्वरूप एवं रहस्य, कल्याण, पूर्ववत्, पृ. १०६ ।*
४३. *प्रो. जनार्दन मिश्र, 'श्री भगवान् गणपति एक दार्शनिक विश्लेषण', कल्याण, पूर्ववत्, पृ. १०५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेरित गर्दछ । उक्त सद्‌गुणहरूले सम्पन्न मानिस नै संसारमा निर्विघ्नतापूर्वक लक्ष्यप्राप्ति गर्ने काममा सफल हुन्छ ।[४४] गणपतिको मस्तक हात्तीको हुनुको अर्थ श्रीगणपति अत्यन्त उत्तम बुद्धिले सम्पन्न हुनुभएको प्रमाण हो। वास्तवमा मस्तक नै बुद्धिको प्रधान केन्द्र हो । हात्तीमा बुद्धि, धैर्य र गाम्भीर्यको प्रधानता हुन्छ । हात्तीले अरू पशुले झैं खाद्यपदार्थलाई पुच्छर हल्लाउँदै खाँदैन । त्यसले त धीर भई गम्भीरतापूर्वक निरीक्षण गरेर अभीष्ट पदार्थ ग्रहण गर्दछ। हात्तीका ठूला-ठूला कानले धेरै सुन्नु र गम्भीरतापूर्वक मनन गरेर काम गर्नु भन्ने अर्थबोध गराउँछन् ।[४५]

श्रीगणेशको मुखमण्डल हात्तीको आकारको भएकाले हात्तीले मन पराउने दूर्वाङ्कुर उहाँलाई मन पर्नु स्वाभाविक हो । दूबो नम्र र सरल हुने गर्दछ । दूर्वाङ्कुर समर्पण गरी भक्तले भगवान्सँग नम्रता र सरलताको कामना गर्नुपर्दछ ।[४६] दूर्वाको स्मरण गर्नासाथ तीन प्रकारका पाप विलीन हुन्छन् र भगवान् गजाननको पनि स्मरण हुन्छ ।[४७] दूर्वाङ्कुरविना गरिएको श्रीगणेशपूजा निष्फल हुन्छ । त्यसकारण श्रीगणेशका भक्तहरूले प्रातःकालमा २१ दूर्वाङ्कुर अथवा एक दूर्वाङ्कुर भक्तिपूर्वक श्रीगणेशलाई अर्पित गरी पूजन गर्नुपर्दछ । त्यस्तो पूजनबाट प्राप्त हुने पुण्यफलको तुलना यज्ञबाट प्राप्त हुने पुण्यफल, दानबाट प्राप्त हुने पुण्यफल, अनेकौं व्रतबाट प्राप्त हुने पुण्यफल, उग्र तपस्याबाट प्राप्त हुने पुण्यफल र कोटि कोटि जन्मका नियमको पालनबाट प्राप्त हुने पुण्यफलले पनि गर्न सक्दैनन् ।[४८]

थ) २१ सङ्ख्या र सङ्ख्येयद्वारा आराध्य श्रीगणेश

श्रीगणेशलाई २१ सङ्ख्या अत्यन्त प्रिय छ । शास्त्रहरूमा श्रीगणेशलाई अर्पण गरिने वस्तुको सङ्ख्या २१ बताइएको छ । यहाँ दूर्वा, पुष्प, पत्र, वस्तु, व्रत आदि २१ सङ्ख्यामा आधारित महत्त्वपूर्ण विषयहरूको चर्चा गरिँदैछ। श्रीगणेशपुराणअन्तर्गत श्रीगणेशसहस्रनाममा दूर्वाङ्कुर अर्पण गर्दा प्रयोग गर्नुपर्ने नाममन्त्रका रूपमा २१ विशिष्ट नामहरूको परिगणना गरिएको छ– १. गणञ्जय, २. गणपति, ३. हेरम्ब, ४. धरणीधर, ५. महागणपति, ६. बुद्धिप्रिय, ७. क्षिप्रप्रसादन, ८. अमोघसिद्धि, ९. अमित, १०. मन्त्र, ११. चिन्तामणि, १२. निधि १३. सुमङ्गल, १४. बीज, १५. आशापूरक, १६. वरद, १७. कवि, १८. काश्यप, १९. नन्दन, २०. वाचासिद्ध र २१. ढुण्डिविनायक ।[४९]

सङ्कष्टचतुर्थीव्रतविधिमा पनि दूर्वार्पणको सन्दर्भमा छुट्टै २१ महत्त्वपूर्ण नामहरूको उल्लेख गरिएको छ– १. गणाधिप, २. उमापुत्र, ३. अघनाशन, ४. एकदन्त, ५. इभवक्त्र, ६. मूषकवाहन, ७. विनायक, ८. ईशपुत्र, ९. सर्वसिद्धिप्रद, १०. लम्बोदर, ११. वक्रतुण्ड, १२. मोदकप्रिय, १३. विघ्नविध्वंसकर्ता, १४. विश्ववन्द्य, १५. अमरेश, १६. गजकर्ण, १७. नागयज्ञोपवीती, १८. भालचन्द्र, १९. परशुधारी, २०. विघ्नाधिप र २१. विद्याप्रद ।[५०]

श्रीगणेशलाई पुष्पार्पण गर्ने सन्दर्भमा विभिन्न पूजापद्धतिहरूमा विशिष्ट २१ नामहरूको उल्लेख गरिएको

४४. पं. गोविन्ददास, 'श्रीगणपतिका स्वरूप एवं उसका रहस्य', कल्याण, पूर्ववत्, पृ. १०६ ।

४५. पूर्ववत् ।

४६. पूर्ववत् ।

४७. दूर्वेति स्मरणात् पापं त्रिविधं विलयं व्रजेत् । तत्स्मृतौ स्मर्यते यस्मात् सोऽपि देवो गजाननः ॥ – श्रीगणेशपुराण, १/६७/४१ ।

४८. विना दूर्वाङ्कुरैः पूजाफलं केनापि नाप्यते । तस्मादुषसि मद्भक्तैरेका वाप्येकविंशतिः ॥
भक्त्या समर्पिता दूर्वा ददाति यत् फलं महत् । न तत् क्रतुशतैर्दानैर्व्रतानुष्ठानसञ्चयैः ॥
तपोभिरुग्रैर्नियमैः कोटिजन्मार्जितैरपि । प्राप्यते मुनयो देवा यद् दूर्वाभिरवाप्यते ॥ – पूर्ववत्, १/६४/२१-२३ ।

४९. पूर्ववत्, १/४६/२०४-२०७ ।

५०. पूर्ववत्, १/६१/४७-५० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ– १. सुमुख, २. गणाधिप, ३. कपिल, ४. गजकर्ण, ५. लम्बोदर, ६. विकट, ७. विघ्ननाशक, ८. विनायक, ९. धूम्रकेतु, १०. गणाध्यक्ष, ११. भालचन्द्र, १२. पत्नीहित, १३. उमापुत्र, १४. गजानन, १५. ईशपुत्र, १६. सर्वसिद्धिप्रद, १७. मूषकवाहन, १८. कुमारगुरु, १९. दीर्घशुण्ड, २०. अगस्तिपुत्र र २१. सङ्कटनाशन ।[५१]

श्रीगणेशलाई विभिन्न थरिका पत्रहरूको अर्पण गर्ने क्रममा २१ विशिष्ट नामहरूको उल्लेख गरिएको पाइन्छ – १. सुमुख, २. गणाधिप, ३. उमापुत्र, ४. गजानन, ५. लम्बोदर, ६. हरसूनु, ७. गजकर्ण, ८. वक्रतुण्ड, ९. गुहाग्रज, १०. एकदन्त, ११. विकट, १२. कपिल, १३. गजदन्त, १४. विघ्नराज, १५. वटु, १६. सुराग्रज, १७. भालचन्द्र, १८. हेरम्ब, १९. चतुर्भुज, २०. विनायक र २१. सर्वेश्वर ।[५२]

श्रीगणेशपुराणका विभिन्न सन्दर्भमा श्रीगणेशलाई २१ दूर्वा, २१ थरि पत्र, २१ थरि पुष्प, २१ मोदक, २१ थरि नैवेद्य, २१ वायन, २१ दक्षिण, २१ प्रदक्षिणा, २१ अर्घ्य, २१ थरि अन्न, २१ थरि दान, २१ ब्राह्मणको पूजा र २१ नामहरूको प्रयोग गरी श्रीगणेशको आराधना गर्नुपर्ने विधिको निर्देश गरिएको छ । पुराणहरूमा श्रीगणेशको आराधना गर्दा २१ दिवसीय विशिष्ट व्रतको पनि उल्लेख गरिएको पाइन्छ । शास्त्रहरूमा श्रावणशुक्ल चतुर्थीदेखि भाद्रकृष्ण दशमीसम्म गरिने २१ दिवसीय श्रीगणेशव्रतको अमोघ महिमा बताइएको छ । भविष्योत्तरपुराणमा श्रीगणेशको पूजासन्दर्भमा २१ अङ्कलाई महत्त्व दिएर प्रस्तुत गरिएको छ । यसबाट एक्काइस अङ्कको पवित्रता बोधका साथै श्रीगणेशलाई २१ को सङ्ख्या निकै प्रिय रहेछ भन्ने तथ्य पनि अवगत हुन्छ ।

ॐकाररूप परमात्मा श्रीगणेश २१ अङ्कद्वारा बोध्य हुनुहुन्छ भन्ने श्रीगणेशका भक्तहरूले श्रद्धावश उहाँलाई २१ अङ्कका देवता पनि भन्दछन् । ऐतरेय श्रुतिद्वारा स्वीकृत २१ तत्त्वहरूमध्ये अन्तिम अर्थात् २१ सौं तत्त्व आत्मा हो ।[५३] श्रीगणेशको यस रहस्यलाई उहाँको २१ अङ्गुलिविशिष्ट स्वरूपले पनि सङ्केत गर्दछ । द्विभुज श्रीगणेशका पाउका दश औंला, हातका दश औंला र सूँढसमेत गरी २१ औंला भएको तथ्य शास्त्रहरूमा प्रकाशित गरिएको छ ।[५४]

श्रीगणेश र २१ अङ्कको अन्तरङ्गसम्बन्ध रहेको विषयलाई श्रीगणेशका २१ विशिष्ट क्षेत्रहरूले पनि प्रमाणित गर्दछन्– १. भूस्वानन्द क्षेत्र (महाराष्ट्र), २. ओङ्कारगणपति क्षेत्र (प्रयाग), ३. ढुण्ढिराज क्षेत्र (काशी), ४. चिन्तामणि क्षेत्र (कलम्बपुर), ५. शमीविघ्नेश क्षेत्र (मध्यप्रदेश), ६. बल्लालविनायक क्षेत्र (महाराष्ट्र), ७. मङ्गलमूर्ति क्षेत्र (नर्मदातट), ८. भालचन्द्र श्रीगणेश क्षेत्र (गोदावरीतट), ९. विज्ञानगणेश क्षेत्र (गोदावरीतट), १०. सृष्टिविघ्नविनाशक क्षेत्र (पूना), ११. सिद्धाश्रम क्षेत्र (महाराष्ट्र), १२. मणिपूर क्षेत्र (राजनगाउँ), १३. विजय क्षेत्र (मद्रास), १४. कश्यपाश्रम क्षेत्र (अज्ञात), १५. त्रिपुरवन्दित क्षेत्र (अज्ञात), १६. लेह्याद्रि क्षेत्र (पूना), १७. लक्ष्यविनायक क्षेत्र (औरङ्गावाद), १८. प्रबाल क्षेत्र (महाराष्ट्र), १९. अमलाश्रम क्षेत्र (कर्नाटक), २०. राजसदन क्षेत्र (जालना), २१. श्वेतविघ्नेश क्षेत्र (दक्षिणभारत) ।[५५]

पौरस्त्य दर्शनशास्त्रमा २१ सांसारिक दुःखहरूको निरूपण गरिएको छ । मनसमेत ६ ज्ञानेन्द्रिय, प्रत्येक ज्ञानेन्द्रियका ग्राह्य ६ विषय र प्रत्येक ज्ञानेन्द्रियसँग सम्बद्ध भिन्न–भिन्न प्रकृतिका ६ प्रकारका बुद्धि गरी १८ दुःख

---

५१. *दधिराम मरासिनी, कर्मकाण्डभास्कर, म.सं.वि.वि., २०५७, पृ. ३८८ ।*

५२. *पूर्ववत् ।*

५३. *एकविंशः पुमानात्मा चेत्याहुरैतरेयिणः – श्रीगणेशसहस्रनामको भास्कररायकृत भाष्य ।*

५४. *एकविंशत्यङ्गुलिपल्लवः – गणेशपुराण, पूर्वार्ध, अध्याय ४६ ।*

५५. *हेरम्बराज वालशास्त्री, 'इक्कीस प्रधान गणपतिक्षेत्र', कल्याण, पूर्ववत्, पृ. ४२४–४२५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिएका छन् भने शरीर, सुखतत्त्व र दुःखतत्त्वलाई पनि दुःखरूप नै मानिएको छ । उक्त १८ प्रकारका दुःख र यी तीन प्रकारका दुःख गरी जम्मा २१ प्रकारका दुःख हुन आउँछन्।[५६] यी दुःखहरूबाट निवृत्त भई मोक्षरूप परमानन्दमा रमाउने उद्देश्यले उपासकहरू आफ्ना आराध्य २१ अङ्कका देवता श्रीगणेशलाई २१ नामपाठ, २१ क्षेत्रभ्रमण, २१ दिवसीय व्रत, २१ दूर्वाङ्कुर, २१ शमीपत्र, २१ मन्दारपुष्प, २१ विभिन्न पत्र, २१ विभिन्न पुष्प आदि समर्पणपूर्वक गरिएको आराधनाद्वारा २१ सौं तत्त्वका रूपमा रहेका आत्मरूप मानेर प्रसन्न तुल्याउँछन् ।

एक्काइस अङ्कद्वारा बोध्य देवता श्रीगणेशलाई प्रसन्न तुल्याई २१ प्रकारका दुःखहरूको ध्वंस गर्न र मोक्षरूप परमानन्द प्राप्त गर्न २१ वस्तुमात्र नभई २१ वस्तुयुग्म समर्पण गर्ने विधान पनि रहेको छ । विशेषतः युग्मार्पणमा दूर्वालाई ग्राह्यता दिइएको छ । शास्त्रहरूमा दूर्वाङ्कुर र जीवतत्त्वको धेरै विषयमा समानता देखाइएको छ । दूबोका जराहरू मर्दै गएपछि अर्कोतिरबाट पलाउँदै जान्छन् । फलस्वरूप दूबो जहिले पनि हराभरा देखिन्छ। त्यसैगरी संसारमा अनेक जीवहरू मर्दै गए पनि अनेक जीवहरूको नित्य उत्पत्ति भइरहनाले संसार सदा हराभरा नै रहेको हुन्छ । यस अर्थमा जीव र दूर्वाङ्कुरको स्वाभाविकरूपमा गुणसाम्य देखिन्छ । २१ प्रकारका सुख र दुःखका युग्मको प्रतीकका रूपमा २१ दूर्वायुग्म अर्पण गरी सुख-दुःखको द्वन्द्वबाट मुक्त भई मोक्षरूप परमानन्द प्राप्त गर्नु नै आराधनाको परम उद्देश्य हो ।[५७]

गजमुख देवता श्रीगणेश दूर्वाकार जीवहरूका नायक हुनुहुन्छ । गजानन श्रीगणेशका लागि जीवहरू प्रिय छन् र जीवहरूका प्रतीक दूर्वाङ्कुर पनि । वास्तवमा हात्तीले दूबो निकै मन पराउने हुँदा हात्तीको अनुहार लिनुभएका श्रीगणेशलाई दूबो साह्रै प्रिय लाग्दछ । दुःख र भयले परिपूर्ण २१ प्रकारका मुख्य नरकहरूबाट मुक्ति पाउन पनि साधकहरूले २१-२१ को सङ्ख्यामा दूर्वाङ्कुर, शमीपत्र, मन्दारपत्र, मोदक, जातिपुष्प आदि समर्पण गर्ने विधान रहेको छ ।

शास्त्रहरूमा २१ प्रमुख नरकहरूको निरूपण गरिएको छ - १. तामिस्र, २. अन्धतामिस्र, ३. रौरव, ४. महारौरव, ५. कुम्भीपाक, ६. कालसूत्र, ७. असिपत्रवन, ८. सूकरमुख, ९. अन्धकूप, १०. कृमिभोजन, ११. सन्दंश, १२. तप्तसूर्मि, १३. वज्रकण्टक, १४. शाल्मलि, १५. वैतरणी, १६. पूयोद, १७. प्राणरोध, १८. विशसन, १९. लालाभक्ष, २०. सारमेयादन र २१. अवीचिरयपान ।[५८] उक्त २१ प्रकारका नरकहरूको कष्ट निवारणका लागि २१ अङ्कका देवता श्रीगणेशलाई २१ दूर्वा, २१ पुष्प आदि विभिन्न वस्तु अर्पण गरी आराधना गर्नुपर्दछ ।

एक्काईस दूर्वाङ्कुर आदि श्रीगणेशका प्रिय पदार्थ समर्पण गरी २१ अङ्कका देवता श्रीगणेशको आराधनाद्वारा आफ्ना कुलका २१ पुस्ताको उद्धार गर्नु प्रत्येक आस्तिक मानिसको कर्तव्य हो । १. प्रपितामह, २. पितामह, ३. पिता, ४. आफू, ५. पुत्र, ६. पौत्र र ७. प्रपौत्र गरी ७ पुस्ता हुन्छन् । प्रपितामहभन्दा माथिका ७ पुस्ता र प्रपौत्रभन्दा तलका ७ पुस्ता गरी जम्मा २१ पुस्ता हुन्छ । २१ पुस्ताको कल्याणका लागि २१ दूर्वा आदि अर्पण गरेर श्रीगणेशको आराधना गर्ने परम्परा रहिआएको छ ।

द) रहस्यबोधक र शिक्षाप्रद नाममन्त्रका स्वामी श्रीगणेश

भगवान् श्रीगणेशको नाम लम्बोदर प्रसिद्ध छ । उहाँको उदरभित्र समस्त विश्वप्रपञ्च अटाएको छ । उहाँ

५६. *गोतम, न्यायदर्शनम्, ४/१, दुःखपरीक्षाप्रकरणम्, चौखम्बा संस्कृत सीरीज, वाराणसी, सन् १९७० ।*
५७. *पट्टाभिराम शास्त्री, 'कलौ कालीविनायकौ', कल्याण, पूर्ववत्, पृ. १५२ ।*
५८. *श्रीमद्भागवत ५/२६/७ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने कसैका उदरमा अटाउनु हुन्न । भनिएको छ – **तस्योदरात् समुत्पन्नं नाना विश्वं न संशयः** ।[५९] मानिसले आफ्नो पेटमा धेरै कुरा राख्नु पर्दछ, बाहिर प्रकाशित गर्नु हुँदैन र उचित समयमा मात्र उपयोग गर्नुपर्दछ भन्ने शिक्षा लम्बोदर श्रीगणेशको स्वरूपबाट प्राप्त हुन्छ ।[६०] **वक्रतुण्ड** श्रीगणेशको नाम हो । वक्रम् – आत्मरूपम्, तुण्डम् – मुखम् यस्य सः, यस व्युत्पत्तिअनुसार श्रीगणेशको स्वरूप वक्र अर्थात् मन एवं वचनद्वारा अगम्य छ भन्ने अर्थबोध हुन्छ । शास्त्रहरूमा मायानाशक श्रीगणेशलाई पनि वक्रतुण्ड भनिएको छ ।[६१] श्रीगणेशलाई **चतुर्भुज** पनि भनिन्छ । उहाँले देवता, मनुष्य, असुर एवं नाग यी चारैलाई स्थापित गर्नुहुन्छ । यसै गरी ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदका पनि उहाँ संस्थापक हुनुहुन्छ । फेरि उहाँले भक्तहरूमाथि कृपा गर्न आफ्ना चार भुजाहरूमा पाश, अङ्कुश, वरमुद्रा र अभयमुद्रा धारण गर्नुहुन्छ । यी सबै कारणबाट पनि उहाँलाई चतुर्भुज भनिन्छ ।[६२]

भगवान् गणपतिको वाहन **मूषक** सर्वान्तर्यामी ईश्वरका रूपमा सबै प्राणीहरूका हृदयरूपी विलमा निवास गर्दछ। त्यो सबै जन्तुहरूका भोगहरूको भोक्ता हो । जसरी मूसाले सबै प्राणीहरूका भोग चोरेर पनि पाप र पुण्य प्राप्त गर्दैन त्यसरी नै मायाद्वारा लुक्नुभएका मूषकरूप ईश्वर सबै प्राणीका हृदयमा रहनुभएको छ । घट–घटवासी ईश्वर श्रीगणेशका वाहन हुनुभएको हुँदा परब्रह्मरूप श्रीगणेशलाई **मूषकवाहन** भनिन्छ ।[६३] मूषकदमनको अर्थ दुष्ट र दुर्वृत्तिहरूको दमन हो । भगवान् श्रीगणेशको नाम **गजमुख** पनि हो । यस नाममा पनि रहस्य लुकेको छ । गजको अर्थ आठ हुन्छ । जसले आठै दिशातर्फ आफ्नो मुख लगाइरहन्छन् ती **गजमुख** हुन् । श्रीगणेश सर्वज्ञ हुनुभएकाले सर्वत्र दृष्टिपात गर्नुहुन्छ । जो श्रीगणेशझैं मूषकवाहन र गजमुख बन्न सक्छ त्यो सिद्धि र बुद्धिको स्वामी हुनसक्दछ ।[६४] पार्थिव घनप्राण गणपतिको वाहन मुसाको अर्थ भूपिण्ड हो ।[६५] मूसाको स्वभाव वस्तुविच्छेदक हुन्छ। संसारका कुतर्की मानिसहरूसँग मूसोलाई दाँज्न सकिन्छ । भगवान्‌ले मूसोलाई वाहन बनाएर कुतर्कलाई दबाउनुपर्दछ भन्ने शिक्षा दिनुभएको छ ।[६६] श्रीगणेशको वाहन मूसो विवेचन, विभाजन, भेदन, विस्तारण र विश्लेषणबुद्धिको सूचक हो। श्रीगणेशको शिरमा रहेको हात्ती संयोजन, समाहरण, समन्वयन, संश्लेषणबुद्धिको सूचक हो । ज्ञान र ज्ञानमूलक व्यवहारका लागि विभाजन एवं संयोजन गर्ने दुवै प्रकारको बुद्धि आवश्यक हुन्छ । त्यसैले गजवदन भगवान् श्रीगणेश मूषकवाहन हुनुहुन्छ ।[६७] **आखुस्ते पशुः** भनाइअनुसार मूसो लौकिक बुद्धिद्वारा सम्पन्न मोहावृत जीवको परिचायक हो । मूसाको चञ्चलता र भोगलोलुपता प्रसिद्ध छ । त्यो रातमा बाहिर आउँछ । रातलाई मोह र अज्ञानसँग तुलना गरिन्छ ।[६८]श्रीगणेशको आधारस्थल मूलाधार चक्र कामशक्तिको केन्द्र पनि हो । शक्ति र सिद्धि प्राप्त गर्न कामशक्तिरूप मुसामाथि नियन्त्रण आवश्यक हुन्छ । श्रीगणेशको वाहन मुसो कामभावना, कामवेग र कामातिचारको प्रतीक भएकाले त्यसलाई श्रीगणेशले वाहन तुल्याई आफ्नो नियन्त्रणमा राख्नुभएको छ ।[६९]

---

५९. *स्वामी करपात्रीजी, पूर्ववत्, पृ. २७ ।*
६०. *पं. गोविन्ददास, पूर्ववत्, पृ. १०६ ।*
६१. *चल्लपल्लि भास्कर, 'श्रीगणेश के रूपकी विशेषता तथा उपासना के कुछ विशेषांश', कल्याण, पूर्ववत्, पृ. १४७ ।*
६२. *पूर्ववत् ।*
६३. *पूर्ववत् ।*
६४. *हनुमान्प्रसाद पोद्दार, 'श्रीगणेशतत्व', कल्याण, पूर्ववत्, पृ. ४४ ।*
६५. *अनिरुद्धाचार्य वेङ्कटाचार्य, 'श्रीगणेशमीमांसा', कल्याण, पूर्ववत्, पृ. ७४ ।*
६६. *पं. गोविन्ददास, पूर्ववत्, पृ. १०६ ।*
६७. *बलदेव उपाध्याय, पूर्ववत् ।*
६८. *सर्वानन्द पाठक, 'भारतीय संस्कृति में गणेश' कल्याण, पूर्ववत्, पृ. १०३ ।*
६९. *श्रीसोम चैतन्य, 'मूषकवाहन' कल्याण, पूर्ववत्, पृ. १९२ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक वाङ्मयमा भगवान् श्रीगणेशलाई **ज्येष्ठराज** भनिन्छ । ब्रह्मा आदि जेठा देवताहरूका पनि जेठा भई तिनीहरूका माझमा सुहाउने श्रीगणेशको ज्येष्ठराज नाम सार्थक छ ।[७०] श्रीगणेशको **एकदन्त** नाममा रहेको एकशब्दले मायालाई र दन्तशब्दले मायाका सञ्चालक मायिक ईश्वरलाई बुझाउँछ । श्रीगणेश माया र मायिकका पनि परमाधिष्ठान हुनुभएकाले उहाँलाई एकदन्त भनिन्छ । एकदन्त नामको विषयमा ब्रह्मवैवर्तमा भनिएको छ – श्रीगणेशसँग रिसाएका परशुरामले श्रीगणेशमाथि बञ्चरो प्रहार गरेका थिए । त्यसले श्रीगणेशको बायाँ दाँतलाई टुक्र्याइदियो । त्यसपछि श्रीगणेशको एउटामात्र दाँत बाँकी रहेकाले उहाँलाई एकदन्त भनिएको हो । एकदन्तमा रहेको एकशब्दले प्रधान भन्ने अर्थ बुझाउँछ भने दन्तशब्दले बललाई बुझाउँछ । बहुब्रीहिसमास गर्दा एकदन्त शब्दको अर्थ हुन्छ – सर्वोत्तम बलशाली पुरुष अथवा परमतत्त्व ।[७१] श्रीगणेशको वाचक **हेरम्ब**शब्दमा निहित हेपदले दीन भन्ने अर्थ र रम्बपदले पालक भन्ने अर्थबोध गराउँदछ । हेरम्बशब्दको अर्थ हुन्छ – दीन–दुःखीका पालक परमेश्वर ।[७२]

शूर्पकर्ण शब्दबाट सूपो अथवा नाङ्लोसमान विशाल कान भएका श्रीगणेशको बोध हुन्छ । जसरी सूपोले अन्नमा रहेका दूषित तत्त्वलाई छाँटेर अन्नलाई शुद्ध तुल्याउँछ त्यसरी नै भगवान् श्रीगणेशले पनि भक्तका मन, बुद्धि, वचन र कर्ममा रहेका दोष र विघ्नहरूको निवारण गरी भक्तहरूको कल्याण गर्नुहुन्छ । **गजवक्त्र**को अर्थ हुन्छ – विष्णुको प्रसादरूप पुष्पलाई मस्तकमा धारण गर्ने गजेन्द्रवदन भगवान् गणपति । **गुहाग्रज** भगवान् श्रीगणेशको विशिष्ट नाम हो । गुहभन्दा पहिले कैलासमा प्रकट हुनुभएकाले श्रीगणेशलाई गुहाग्रज भनिन्छ । गुह जसका अग्रज हुनुहुन्छ भन्ने अर्थमा पनि गुहाग्रज शब्दको व्याख्या गर्न सकिन्छ । भगवान् श्रीगणेशको सर्वशक्तिसम्पन्न नाम **गजानन** हो । ऋग्बाट 'ग', यजुबाट 'ज', सामनबाट 'न' र अथर्वन्बाट 'न' लिएर **गजानन** शब्द बनेकाले श्रीगणेश वैदिक देवता हुनुहुन्छ । गजाननको गकारबाट गमन (लय), जकारबाट जन्म (उत्पत्ति) को सङ्केत गरिएको छ । यी दुवै अक्षर वेदमा गज नामबाट प्रसिद्ध छन् । यसैले भगवान् श्रीगणेशलाई गजानन भनिएको हो। श्रीगणेशको गजानननामले सम्पूर्ण जगत्को सृष्टि, पालन र लयको सूचना प्रदान गर्दछ ।

महर्षि दुर्वासाले भगवान् विष्णुबाट प्राप्त पारिजात पुष्प इन्द्रलाई दिएका थिए । ऐश्वर्यले मत्त भएका इन्द्रले त्यो पुष्प हात्तीको मस्तकमा राखिदिए । पछि गएर शिवजीले त्यही हात्तीको टाउको काटी श्रीगणेशको शरीरमा जोडिदिनुभयो । शनैश्चरको कुदृष्टिबाट टाउको काटिएका श्रीगणेशको शरीर दुईथरिका माताहरूबाट उत्पन्न अङ्गहरूद्वारा तयार भयो । एउटी माता पार्वती हुनुभयो भने अर्की माता हथिनी भइन् । यसबाट श्रीगणेशका **गजानन** र **द्वैमातुर** भन्ने दुई नाम संसारमा प्रसिद्ध भए ।[७३]

भगवान् श्रीकृष्ण र श्रीगणेश परमात्माका एउटै रूप हुन्। विष्णुले श्रीगणेशलाई प्रथम पूजाको अधिकार दिनुभएकाले सम्पूर्ण धार्मिक कार्यमा श्रीगणेशको प्रथम पूजा गर्ने विधान रहेको छ ।[७४] कृष्णरूप श्रीगणेश अथवा श्रीगणेशरूप कृष्ण ॐकाररूप एवं मङ्गलमूर्ति हुनुहुन्छ । जसरी प्रत्येक मन्त्रको उच्चारण गर्दा सर्वप्रथम ॐको उच्चारण गर्ने विधान छ त्यसरी नै प्रत्येक शुभकार्यमा ओङ्काररूप श्रीगणेशको स्मरण गर्नु अनिवार्य हुन आउँछ ।[७५]

---

७०. *देवीरत्न अवस्थी, 'गणपतिका वैदिक स्तवन', कल्याण, पूर्ववत्, पृ. १२० ।*
७१. *चल्लपल्लि भास्कर, कल्याण, पूर्ववत्, पृ. १४७ ।*
७२. *सर्वानन्द पाठक, कल्याण, पूर्ववत्, पृ. १०३ ।*
७३. *पूर्ववत् ।*
७४. *श्री भवानी शङ्कर पञ्जारिया, 'श्रीगणेश की भगवत्ता एवं महत्ता', कल्याण, पूर्ववत्, पृ. ११५ ।*
७५. *महामहोपाध्याय वालशास्त्री, 'श्रीगणेश सर्वत्र प्रथमपूज्य क्यों', कल्याण, पूर्ववत्, पृ. ४८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध) अग्रपूज्य श्रीगणेश

ब्रह्माण्डमा उत्पन्न हुने साना-ठूला सबै कार्यहरूको सिद्धिका लागि प्रतिष्ठाप्राणरूप अथवा आधाररूप अथवा पृथिवीरूप श्रीगणेशको अवलम्बन आवश्यक हुन्छ भन्ने तथ्य महसुस गरी आर्य ऋषिहरूले कार्यारम्भमा श्रीगणेशको अग्रपूजालाई अपरिहार्य मानेका थिए । यस तथ्यलाई अनुमोदन गर्दै एउटा चिन्तक एवं कविले भनेका छन् – 'भगवान् शङ्करले त्रिपुरासुरमाथि विजय गर्न, भगवान् विष्णुले बलिको बन्धन गर्न, ब्रह्माजीले चौध भुवनको सृष्टि गर्न, शेषनागले पृथिवीलाई धारण गर्न, पार्वतीले महिषासुरको वध गर्न, सिद्धहरूले सिद्धि प्राप्त गर्न र कामदेवले विश्वविजय गर्न जसको सर्वप्रथम ध्यान र अर्चना गरेका थिए, ती श्रीगणेशले हाम्रो रक्षा गरून्।[७६]

न) विविध देवस्वरूप श्रीगणेश

शास्त्रहरूमा साकार श्रीगणेशको लीलावर्णन गर्ने क्रममा उहाँलाई श्रीकृष्णरूप, कालीरूप, हनुमद्रूप र रुद्ररूप पनि मानिएको छ। हनुमान् र रुद्रका रूपमा उहाँको चर्चा गर्दा मरुद्गणमध्ये एउटा मरुत् पनि उहाँलाई मानिएको छ ।[७७] निराकार ब्रह्मका पाँच साकार भेद विष्णु, शिव, सूर्य, शक्ति र श्रीगणेशका रूपमा रहेका छन् । यीमध्ये जसको आराधना गरे पनि पाँचवटै देवताको आराधना हुने कुरा शास्त्रहरूमा बताइएको छ ।[७८] शास्त्रहरूको भनाइअनुसार माया पनि ब्रह्मको शक्ति नै हो । शक्ति र शक्तिका स्वामीमा अभेद सम्बन्ध हुन्छ । अग्नि र त्यसको दाहकशक्तिमा पनि अभेदसम्बन्ध रहेको हुन्छ । श्रीगणेश मायाभन्दा पर रहनुहुँदा निर्गुण ब्रह्मका रूपमा रहनुहुन्छ भने मायासँग सम्बन्ध कायम गर्दा सगुण ब्रह्म भनिनुहुन्छ ।

प) दैवी सम्पत्तिका स्रोत श्रीगणेश

दैवी सम्पत्ति र आसुरी सम्पत्तिका गुणहरूका साथ आदिमानवको उत्पत्ति भएको हो । मानवसँग जन्मजात रूपमा रहेको आसुरी सम्पदाले दैवी सम्पदालाई जित्न नपाओस् यही मानव जीवनको लक्ष्य हो । यसै लक्ष्यलाई आत्मसात् गरेर ऋषिहरूले मन्त्रहरूको दर्शन गरे । ती ऋषिहरूले गणाधिराज गणपतिको आवाहन गर्दै भनेका थिए – **उत्तिष्ठ ब्रह्मणस्पते ! देवयन्तस्त्वे महे** । अर्थात् हे ज्ञानका स्वामी ब्रह्मणस्पति ! हामी ज्ञानको कामना गर्ने सबै साधकहरू तपाईंसँग प्रार्थना गर्दछौं – तपाईं जागा हुनुहोस् ।[७९]

फ) सिद्धिरूप श्रीगणेश

श्रीगणेश सिद्धिरूप हुनुहुन्छ । पार्वतीलाई श्रद्धा र शङ्करलाई विश्वास मानिएको छ – **पार्वती शङ्करौ वन्दे श्रद्धाविश्वासरूपिणौ** । कुनै पनि कार्यको सिद्धिका लागि श्रद्धा र विश्वास आवश्यक हुन्छन् । तिनको अभावमा कार्यसिद्धि हुँदैन । यसैगरी श्रद्धारूप पार्वती र विश्वासरूप शिवजीबाट कार्यसिद्धिरूप श्रीगणेशको प्रादुर्भाव भएको हो ।[८०]

---

७६. *जेतुं यस्त्रिपुरं हरेण हरिणा व्याजाद् बलिं बध्नता, स्रष्टुं वारिभवोद्भवेन भुवनं शेषेण धर्तुं धराम् । पार्वत्या महिषासुरप्रमथने सिद्धाधिपैः सिद्धये ध्यातः पञ्चशरेण विश्वजितये पायात् स नागाननः ।। – अनिरुद्धाचार्य वेङ्कटाचार्य, पूर्ववत्, पृ. ७३ ।*

७७. *पूर्ववत् ।*

७८. *एकः स पञ्चधा जातः क्रियया नामभिः किल । देवदत्तो यथा कश्चित् पुत्राद्याह्वाननामभिः ।।* आनन्दरामायण, ८/९-१०, चौखम्बा संस्कृत सीरीज, वाराणसी।

७९. *देवीरत्न अवस्थी, कल्याण, पूर्ववत्, पृ. १२१ ।*

८०. *श्रीरामाश्रय सिंह, 'गोस्वामी तुलसीद्वासद्वारा श्रीगणेशस्मरण', कल्याण, पूर्ववत्, ३८३-३८४ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब) ध्येय परमात्मरूप श्रीगणेश

श्रीगणेशले पाश, अङ्कुश, मोदक र वरमुद्रा धारण गर्नुहुन्छ । पाशलाई मोह र तमोगुणको प्रतीक मानिन्छ। अङ्कुशलाई प्रवृत्ति र रजोगुणको परिचायक मानिन्छ । यसैगरी मोदकको अर्थ आनन्द हो र वरमुद्राको अर्थ सत्त्वगुण हो । श्रीगणेशका उपासकले तमोगुण, रजोगुण र सत्त्वगुणभन्दा माथि उठेर श्रीगणेशरूप परमात्माको उपासना गर्दा विघ्नविनाशका साथै सबै प्रकारका मङ्गल प्राप्त गर्दछन् ।[८१]

भ) मङ्गलमय परिवारका स्वामी श्रीगणेश

श्रीगणेशका पिता शिवजी हुनुहुन्छ । शिवको अर्थ हो कल्याण । श्रीगणेशको नाम हो विघ्ननाशक । शिवत्व प्राप्तिपछि साधकका विघ्नबाधा नष्ट हुन्छन् र बुद्धि, ऋद्धि, सिद्धि, क्षेम एवं लाभको प्राप्ति हुन्छ । ऋद्धि, सिद्धि र बुद्धि श्रीगणेशका पत्नी हुन् भने क्षेम र लाभ पुत्र हुन् । साधनाक्षेत्रमा शिवत्व प्राप्त गरेपछि विघ्ननाश गर्ने क्षमता प्राप्त हुन्छ। त्यसपछि ऋद्धि, सिद्धि एवं बुद्धि साधकका वशमा आउँछन् । जबसम्म साधकले श्रीगणेशका विश्वात्मिका र मोहिका शक्ति ऋद्धि, सिद्धि एवं बुद्धिलाई वशमा ल्याउँदैन, तबसम्म त्यसले क्षेम र लाभ प्राप्त गर्न सक्दैन ।[८२]

म) ओङ्काररूप गजमस्तकधारी श्रीगणेश

श्रीगणेशको मुख गजाकार छ, श्रीगणेशको शिरच्छेदनका कारण बताउने कथाहरू ब्रह्मवैवर्त, शिवपुराण आदिमा रहेका छन् । ब्रह्मवैवर्तपुराणमा शनिको वक्रदृष्टि पर्नाले श्रीगणेशको टाउको काटिएको कुरा बताइएको छ भने कतै शिवजीले आफैं शिर काट्नुभएको प्रसङ्ग पनि उल्लेख गरिएको पाइन्छ । पार्वतीले आफ्नो रक्षाका लागि मानवमूर्ति निर्माण गरी प्राणप्रतिष्ठा गरेपछि बालक श्रीगणेश द्वारपालका रूपमा रहनुभयो । शिव पार्वतीको कक्षमा जानुहुँदा पार्वतीका छोरा द्वारपालले बाटो रोकेपछि शिवजीले शिर काटिदिनुभयो । पार्वतीबाट यथार्थ तथ्य थाहा पाएपछि शिवजीले बालकको टाउकाको ठाउँमा हात्तीको टाउको जोडिदिनुभयो । त्यस दिनदेखि बालक श्रीगणेश गजाननका रूपमा परिणत हुनुभएको थियो ।

वास्तवमा उक्त कथा एउटा रूपक हो । पार्वतीले आत्मरक्षाका लागि मन्त्रका नामबाट शब्दसमूहलाई चयन गर्नुभयो । शिवजीले शब्दसमूहको परीक्षा गर्दा त्यो शब्दसमूह शक्तिहीन भएको ठान्नुभयो । उहाँले पार्वतीद्वारा कल्पना गरिएका शब्दसमूहलाई निष्प्राण बनाएर हात्तीको स्वरूप भएको ओङ्कार जोडिदिनुभयो। ओङ्कार जोडिएपछि पार्वतीद्वारा कल्पना गरिएको शब्दसमूह मन्त्रका रूपमा परिणत भयो । त्यो मन्त्रमा जोडिएको ओङ्कार नै श्रीगणेश हो ।[८३]

य) महागणपतिका रूपमा श्रीगणेश

श्रीगणेश आनन्दमय ब्रह्म, अद्वितीय, सच्चिदानन्दघन र विज्ञानात्मा हुनुहुन्छ । पञ्चतत्त्वात्मक जगत्को उद्‌गमस्रोत हुनुहुन्छ । ध्वनितत्त्वका परा, पश्यन्ती, मध्यमा र वैखरीमा श्रीगणेशतत्त्वको विस्तार भएको छ ।

---

८१. *चल्लपल्लि भास्कर, पूर्ववत्, पृ. १४८ ।*

८२. *डा. श्यामाकान्त द्विवेदी, पूर्ववत्, पृ. १२८ ।*

८३. *गोविन्द शास्त्री, 'गणेशरूप की मान्त्रिक व्याख्या', कल्याण, पूर्ववत्, पृ. १५३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिगुण, त्रिकाल, त्रिदेह, स्थूल, सूक्ष्म र कारणभन्दा पर रहनुभएका श्रीगणेश मूलाधार हुनुहुन्छ। श्रीगणेश ज्ञान, क्रिया र शक्तिका परमाश्रय एवं योगिध्येय परब्रह्म हुनुहुन्छ।[८४] श्रीगणेशका अनेक रूपहरूमध्ये महागणपति यद्वा महागणेश एउटा विशिष्ट रूप हो । महागणपतिमा सावित्रीसहित ब्रह्मा, पार्वतीसहित शिव र लक्ष्मीसहित विष्णुको समाहार हुने हुँदा सामान्य गणपतिभन्दा फरक देखाउन महत्‌शब्दको प्रयोग गरिएको छ । यसैले द्वादशभुज महागणपतिको मूर्तिमा सपत्नीक त्रिदेवका आयुधहरू रहेका हुन्छन् ।[८५]

र) सदा वन्दनीय र सर्ववन्दनीय श्रीगणेश

प्रथमपूज्य देवता श्रीगणेशको स्वरूप अव्यक्त, अचिन्त्य र अपार छ । उहाँ देवपूज्य, निरुपम र मङ्गलमूर्ति हुनुहुन्छ। उहाँको सूँढ सिद्धिप्रदायक छ भने मुख शिशु हात्तीको झैं लावण्यमय छ । उहाँ सदा प्रणम्य हुनुहुन्छ ।[८६]

ल) अध्यात्ममूर्ति श्रीगणेश

श्रीगणेशकी माता पार्वती हुनुहुन्छ । **पार्वती**को अर्थ हो – तीन पर्वकी स्वामिनी शक्ति । ती पर्व हुन् – इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति । ती शक्तिहरूको उदयपछि विघ्नबाधाको शमन हुन्छ । पार्वतीद्वारा श्रीगणेश जन्मको रहस्य पनि यही हो । श्रीगणेशका दाजु स्कन्द हुन् । श्रीगणेश अभौतिक हुन् भने स्कन्द शिवजीको भौतिक वीर्यबाट उत्पन्न भएका हुन् । त्यसकारण स्कन्द र श्रीगणेशको प्रतिस्पर्धिता हुँदा श्रीगणेश विजयी र स्कन्द पराजित भए । यसबाट आध्यात्मिक भावका सामु भौतिक भाव पराजित हुन्छ भन्ने कुरा प्रमाणित हुन्छ ।[८७]

व) परमतत्त्वरूप श्रीगणेश

तत् गणेश हो, सत् गणेश हो, परमतत्त्व गणेश हो र ब्रह्मतत्त्व गणेश हो – **ॐ तद् गणेशः, ॐ सद् गणेशः, ॐ परं गणेशः, ॐ ब्रह्म गणेशः** ।[८८]

३.२ श्रीगणेशको अवतरण

ओङ्काररूप श्रीगणेशका लीलावतारको चरित्र विभिन्न पुराण र शास्त्रहरूमा विभिन्न रूपमा वर्णन गरिएको पाइन्छ । भगवान् लीलाविहारी श्रीगणेश सर्वसमर्थ हुनुहुन्छ । कल्पभेदले उहाँका अनेक अवतार भएका छन् र चरित्र पनि अनन्त छन्। सिद्धिसदन श्रीगणेश साक्षात् प्रणवरूप देवता हुनुहुन्छ । भिन्न भिन्न समयमा जगत्को मङ्गलका लागि उहाँको मङ्गलमय आविर्भाव हुने गर्दछ । उहाँका लीला र कर्म अद्‌भुत एवं अलौकिक हुन्छन् । करुणामूर्ति श्रीगणेशले अवतार लिएर अधर्म, अनीति, अनाचार, पाप एवं तापको नाश गरी साधुहरूको रक्षा र सद्‌धर्मको स्थापना एवं संरक्षण पनि गर्नुहुन्छ।

यद्यपि भगवान् एउटै हुनुहुन्छ तापनि उहाँले आफ्ना भक्तहरूको रक्षा गर्न, अधर्मको नाश गर्न, धर्मको रक्षा गर्न र भक्तहरूमा आइलाग्ने विघ्न र सङ्कट हरण गर्न अनेक अवतार लिनुहुन्छ । ती अवतारहरूमा भिन्दाभिन्दै विशिष्ट शक्ति र क्रिया दृष्टिगोचर हुन्छन् । विशिष्ट शक्तिसम्पन्न देवताहरूको उपासनाबाट साधकहरूमा विशिष्ट शक्ति जागृत हुन्छ र

---

८४. *प्राणकिशोर गोस्वामी, 'जनगण के गणपति', कल्याण, पूर्ववत्, पृ. ५७ ।*

८५. *एस. लक्ष्मीनरसिंह शास्त्री, 'शङ्कराचार्य की परम्परा में भगवान् श्रीगणेश', कल्याण, पूर्ववत्, पृ. ६२ ।*

८६. *नमो नमः सुरवरपूजिताङ्घ्रये, नमो नमो निरुपममङ्गलात्मने ।*
नमो नमो विपुलकरैकसिद्धये, नमो नमो करिकलभाननाय ते ।। – गणेशपुराण १/४६/२२०।

८७. *श्यामाकान्त द्विवेदी, पूर्ववत्, पृ. १२८ ।*

८८. *गणेशोत्तरतापिन्युपनिषद् २/१ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशिष्ट कर्म सम्पन्न हुन्छन् ।[८९] सदाशिवले आफ्नी शक्तिसँग एकाकार भएर सृष्टिको प्रवर्तन गर्नुहुन्छ ।[९०] प्रकृति माया हुन् भने महेश्वर मायापति हुनुहुन्छ । उहाँहरू दुवैका अङ्गभूत कार्यकारणसमुदायबाट सम्पूर्ण संसार व्याप्त छ । प्रकृति र पुरुषको संयोगबाट सृष्टि भएझैं भगवान् शिव र भगवती पार्वतीबाट ॐकाररूप परमात्माको साकार श्रीगणेशका रूपमा आविर्भाव भयो ।

बुद्धिविधाता गणपतिको आविर्भाव, विग्रह र लीला अलौकिक आनन्ददायक र मङ्गलदायक छन् । यद्यपि पुराण र उपपुराणहरूमा श्रीगणेशको आविर्भावमा आधारित आख्यानहरू छन् । तर शिवपुराण, ब्रह्मवैवर्तपुराण, स्कन्दपुराण, पद्मपुराण, मत्स्यपुराण, लिङ्गपुराण र ब्रह्माण्डपुराणमा श्रीगणेशको आविर्भावसँग सम्बद्ध अनेक प्रसङ्ग रहेका छन् । श्रीगणेशपुराण र मुद्गलपुराण श्रीगणेशको सम्पूर्ण लीलामा आधारित कथानक भएकाले तिनमा श्रीगणेशको अवतरणबारे व्यापक वर्णन गरिएको पाइन्छ । उक्त पुराणहरूका आविर्भावसम्बन्धी कथाहरूको सारसङ्क्षेप प्रस्तुत गरिँदैछ ।

क) श्रीगणेशपुराण

श्रीगणेशपुराणमा श्रीगणेशका लीला र उपासनाविधि वर्णनका साथै निम्नअनुसारका अवतारहरूको विषयमा प्रकाश पारिएको छ ।

१. महोत्कटावतार

सत्ययुगमा परब्रह्म श्रीगणेश परमात्मालाई पुत्रका रूपमा पैदा गर्न चाहने अदितिले कश्यपसँग भावपूर्ण निवेदन गरिन् । कश्यपले तिनीलाई श्रीगणेशको आराधना गर्ने मन्त्र र विधिसमेत बताए । अदितिले तपस्या गरिन् । श्रीगणेशले प्रसन्न भई दर्शन दिएर 'म तपाईंको पुत्रका रूपमा पैदा हुनेछु' भन्ने वर दिनुभयो । अदिति खुसी हुँदै घर फर्किन्। केही समयपछि तिनले गर्भधारण गरिन् । नौ महिना पूरा भएपछि मङ्गलमय मुहूर्तमा उनले अलौकिक परमतत्त्वलाई पुत्रका रूपमा प्राप्त गरिन् । ती बालक दशबाहु र बलवान् थिए। तिनका कानमा कुण्डल, निधारमा कस्तूरीतिलक र मस्तकमा मुकुट सुहाएका थिए । तिनका वरिपरि सिद्धि र बुद्धि उभिएका थिए । तिनको घाँटीमा रत्नको माला र छातीमा चिन्तामणि देदीप्यमान थिए । तिनको अधरोष्ठ बाह्रमासे फूलझैं रातो थियो । सुन्दर मुकुटको संयोगले ललाटमा सौन्दर्य थपिएको थियो । सुगाको झैं सुन्दर नासिका र रमणीय आँखीभौंका कारण सुहाएको निधार, दिव्यवस्त्र, उज्ज्वल दन्तपङ्क्ति एवं अपूर्व देहकान्तिद्वारा तिनले अन्धकारलाई निर्मूल गरेका थिए । सुन्दर परिधानले सुहाएका ती बालकको अलौकिक सौन्दर्य देखेर अदिति मुग्ध भइन्, वातावरण प्रकाशमान भयो, धर्तीमा आनन्द फैलियो र प्रकृति प्रसन्न भइन् । कश्यप ऋषिको आनन्दको सीमा थिएन । जातकर्म संस्कार भयो र नामकरण संस्कारका दिन विद्वान् ब्राह्मणहरूले बालकको शरीरको संरचनालाई हेरी महोत्कट भनी नामकरण गरे ।[९१]

---

८९. *अभिनव विद्यातीर्थ, 'वरदाता गणेश', कल्याण, पूर्ववत्, पृ. १७ ।*

९०. *मायान्तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् । तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत् ।। - श्वेताश्वेतरोपनिषद् ४/१० ।*

९१. *ततो बहुतिथे कालेऽदितिः सा गर्भमादधे। तेजोऽतिववृधे तस्या दिने दिने यथा शशी।।*
सम्पूर्णे नवमे मासे सुषुवे पुत्रमुत्तमम्। ब्रह्मवाक्यादभूत् ख्यातो नाम्ना कश्यपनन्दनः।।
दशभुजो बहुबलःकर्णकुण्डलमण्डितः। कस्तूरीविलसद्भालो मुकुटभ्राजिमस्तकः।।
सिद्धिबुद्धियुतःकण्ठे रत्नमालाविभूषितः। चिन्तामणिलसद्वक्षा जपापुष्पारुणाधरः।।
उन्नसो भृकुटीचारुललाटो दन्तदीप्तिमान्। देहकान्त्या हततमा दिव्याम्बरयुतः शुभः।।
महोत्कटेति नामास्य चक्र एकादशे पिता। बालोऽपि ववृधे शीघ्रं शुक्लपक्षे यथा शशी।।
सर्वेभ्य उत्कटो यस्मान् महोत्कट इति स्मृतः।। - श्रीगणेशपुराण, २/६/२१-२५, ४३-४४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. गुणेश अथवा मयूरेश अवतार

त्रेतायुगमा गण्डकीक्षेत्रका राजा चक्रपाणि र तिनकी रानी उग्राबाट उत्पन्न बालक सिन्धु अजेय पराक्रमी वीर दानवका रूपमा लोकमा प्रसिद्ध भयो । त्यसको अत्याचारबाट देवता, ऋषि-मुनि र मनुष्यहरू अत्यन्त दुःखित भए । त्यसले कैलास, वैकुण्ठ, स्वर्ग, पृथिवी र पातालमा आधिपत्य कायम गऱ्यो । त्यसबेला देवताहरू कुन देवताको आराधना गरी कष्टबाट मुक्ति पाउने भनी प्रश्न गरिरहेका थिए। बृहस्पतिले भने – 'परम प्रभु विनायकको आराधना गरौं । उहाँले नै सबै विघ्न निराकरण गर्नुहुनेछ। माघ मासको कृष्णपक्ष लागिसकेको छ । यस पक्षको मङ्गलवारसहितको चतुर्थी तिथि विघ्नेश्वर श्रीगणेशका लागि अत्यन्त प्यारो तिथि मानिएको छ । तसर्थ तपाईंहरूले सिंहवाहन, दशभुज विनायकको पूजा र प्रार्थना गर्नुपर्दछ ।' बृहस्पतिको आज्ञाअनुसार सबै देवता र ऋषिहरूले गण्डकीतीरमा गई मण्डप बनाएर सङ्कष्टीव्रत आरम्भ गरी श्रीगणेशको प्रार्थना गरे ।[१२]

देवताहरूको प्रार्थनाबाट प्रसन्न हुनुभएका विनायकले प्रकट भएर भन्नुभयो – 'म तपाईंहरूको व्रतबाट प्रसन्न छु । मैले छिट्टै मयूरेश्वर अथवा गुणेश्वरका रूपमा अवतार लिएर तपाईंहरूको इच्छा पूर्ण गर्नेछु ।' यसरी आफ्ना कुरा राखेर भगवान् श्रीगणेश अन्तर्धान हुनुभयो । त्यतिबेला भगवान् शिव सिन्धुको अत्याचारका कारण पार्वतीका साथ त्रिसन्ध्याक्षेत्रमा विराजमान हुनुहुन्थ्यो। उहाँ पनि सङ्कटमोचनका लागि तपस्यामा लाग्नुभयो । एक दिन पार्वतीले भन्नुभयो – 'हे भगवन् ! हजुर सबै देवताका देवता हुनुहुन्छ भने हजुरद्वारा आराधना गरिने कुन तत्त्व हुनसक्छ ?' शिवजीले भन्नुभयो – 'हे कल्याणी ! अनन्त ब्रह्माण्डलाई आफ्ना रोम रोममा धारण गर्ने परम प्रभु श्रीगणेशलाई गुणेश पनि भनिन्छ। म उहाँको आराधना गरिरहेको छु ।' यो सुनेर पार्वतीले पनि श्रीगणेश प्रभुको दर्शन गर्ने उत्सुकताले श्रीगणेशको दर्शन पाउन आफ्ना पतिसँग निवेदन गर्नुभयो । शिवले भन्नुभयो – 'हे पार्वती ! निष्ठापूर्वक आराधना र तपस्या नगरीकन श्रीगणेशको दर्शन पाउन सकिंदैन । म तिमीलाई श्रीगणेशको एकाक्षर मन्त्र दिन्छु । तिमीले मन्त्रजप गर्दै बाह्र वर्षसम्म तपस्या गर । त्यसपछि उहाँको दर्शन पाउनेछौ ।' शिवजीको आज्ञानुसार पार्वतीले लेखनाद्रिमा गई बाह्र वर्ष तपस्या गर्नुभयो । प्रसन्न हुनुभएका श्रीगणेशले दर्शन दिएर वर माग्न भन्नुभयो ।[१३] त्यसपछि पार्वतीले हात जोडेर भन्नुभयो – 'हे प्रभु ! हजुर मेरा पुत्र भएर प्रकट हुनुहोस्। त्यसबेला मैले हजुरको सेवा र आराधना गर्ने अवसर पाउने छु ।' पार्वतीको प्रार्थना सुनेर श्रीगणेश तथास्तु भन्दै अन्तर्धान हुनुभयो । कालान्तरमा भाद्र शुक्ल चतुर्थी तिथि आइपुग्यो । त्यस तिथिमा सोमबार, स्वातिनक्षत्र र सिंह लग्नको अपूर्व संयोग भयो । भगवती पार्वतीले श्रीगणेशको आराधना गर्नुभयो । उहाँले प्रार्थना गरिरहनुभएको बेलामा उहाँका सामु परमतेजस्वी, असंख्य आँखा, असंख्य मुख, असंख्य कान, असंख्य नाक, असंख्य हात र असंख्य शिरले सुहाउनुभएका महामहिम सच्चिदानन्दघन

---

१२. *मायातीताय भक्तानां कामपूराय ते नमः । सोमसूर्याग्निनेत्राय नमो विश्वम्भराय ते ॥ – पूर्ववत्, २/७८/२६ ।*

१३. *तदैवाऽभवद् दृष्टा बालं वीक्ष्य पुरोगतम् । असङ्ख्यवक्त्रनयनमसङ्ख्याङ्घ्रिशिरोरुहम् ॥*
असङ्ख्यमुकुटं सूर्यचन्द्राग्निलोचनं विभुम् । मुक्तामणिमयीं मालां बिभ्रतं दीप्तिमत्परम् ॥
ददर्श पार्वती रूपं पवित्रं परमाद्भुतम् । – पूर्ववत्, २/८१/१-१८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेश पुत्रका रूपमा प्रकट हुनुभयो ।[१४]

यस प्रकार श्रीगणेशको अवतरण भएपछि त्यहाँ सर्वत्र आनन्द छायो । एघारौं दिनका दिन ऋषिमुनिहरूले यी बालक समस्त विघ्नहरूका नाशक एवं प्रथमपूजायोग्य हुनेछन् भनी बालकको नाम श्रीगणेश राखे । पछि गएर यिनले मयूरलाई वाहनका रूपमा स्वीकार गर्नेछन् भनी मयूरेश्वर नाम पनि राखे। यसरी भगवान् श्रीगणेश गुणेश्वर र मयूरेश्वरका रूपमा संसारमा प्रसिद्ध हुनुभयो ।

३. गजाननावतार

ब्रह्माजीले दिएका वरदानका कारण सिन्दूरनामक दैत्यको उग्र प्रताप फैलिंदा देवताहरू भयभीत भए। ती सबैले समवेतस्वरमा भगवान् श्रीगणेशको प्रार्थना गरे । यसरी देवताहरूको स्तुति र तपस्याबाट प्रसन्न हुनुभएका श्रीगणेशले दर्शन दिएर भन्नुभयो – 'हे देवता एवं मुनिगण ! मैले द्वापरयुगमा गजानन अवतार लिएर सिन्दूर दैत्यको वध गर्नेछु । तपाईंहरू निश्चिन्त हुनुहोस् । म शिवधाममा गजाननका नामबाट प्रकट हुनेछु।' देवताहरूले वरदान प्राप्त गरेपछि द्वापरयुगमा कैलासकी स्वामिनी पार्वतीले पनि गर्भधारण गर्नुभयो। भगवान् शिव त्रिसन्ध्याक्षेत्र छाडी कैलासमा गएर समाधिमा लीन हुनुभयो । पार्वतीले गर्भधारण गरेको नौ महिना पूरा भएपछि उहाँकै तेजबाट आनन्ददायक परमतत्त्व प्रकट भयो ।[१५] बालकको जन्मपछि नामकरण संस्कारका दिन उहाँको नाम गजानन राखियो । श्रीगजानन भगवान् श्रीगणेश मूषकवाहनका नामबाट पनि प्रसिद्ध हुनुभयो । यसरी पार्वतीका कोखबाट पैदा हुनुभएका बालक गजानन राजा वरेण्य र रानी पुष्पिकाका पुत्रका रूपमा पनि प्रसिद्ध हुनुभयो ।

४. धूम्रकेतु अवतार

श्रीगणेशपुराणको उत्तरार्द्धको १४९ औं अध्यायमा धूम्रकेतु, धूम्रवर्ण अथवा शूर्पकर्णका रूपमा श्रीगणेशको भावी अवतार हुने कुरा सङ्केत गरिएको छ । तदनुसार कलियुगमा पाप बढेपछि दुःख पाएका देवताहरूले भगवान् श्रीगणेशको स्तुति गर्नेछन् । देवताहरूको प्रार्थनाबाट प्रसन्न भएर भगवान् श्रीगणेश पनि कलिको अन्त्यमा दुष्ट प्राणीहरूको विनाश, सज्जनहरूको रक्षा र धर्मको स्थापनाका लागि धूम्रकेतुको रूपमा प्रकट हुनुहुनेछ। उहाँले गुफामा लुकेर रहेका सदाचारी मानिसहरूलाई जम्मा गरी धर्मको प्रवर्त्तन गराउनुहुनेछ। त्यसपछि संसारमा सत्ययुगको आरम्भ हुनेछ ।[१६]

---

१४. *यावद् वदति सैवं तु ददर्श पुरतस्तु तम् । षड्भुजश्चन्द्रसुभगं लोचनत्रयभूषितम् ॥*
सुनासुभ्रुवदनं स्थूलवक्षसमीश्वरम् । ध्वजाङ्कुशोर्ध्वरेखाब्जचिह्नितं पादपङ्कजम् ॥
कोटिस्फटिकसङ्काशं कोटिचन्द्रप्रभं विभुम् । हेमतारानिभान् केशान् दधतं बालरूपिणम् ॥
कुर्वन्तं प्रथमं शब्दं कम्पयन्तं वसुन्धराम् ॥ – पूर्ववत्, २/८१/३२-३५ ।

१५. *ततस्तु नवमे मासि पूर्णे साऽसूत बालकम् । चारुचन्द्राननं पद्मशोभाजिन्नयनं शुभम् ॥*
किरीटकेयूरधरं कोटिसूर्यसमप्रभम् । प्रवालाधरशोभाढ्यं चतुर्बाहुविराजितम् ॥
मुक्ताहारधरं चारुकङ्कणैरुपशोभितम् । परशुं कमलं मालां मोदकांश्च करैर्दधत् ॥
ध्वजाङ्कुशाब्जविलसत्पादपद्मसमन्वितम् । किङ्किणीजालविलसच्चारुगुल्फयुतं शुभम् ॥
भालचन्द्रं कोटिचन्द्रनिभं वह्निसमप्रभम् । एवं दृष्ट्वा स्वरूपं सा चकम्पे हर्षनिर्भरा ॥ – पूर्ववत्, २/१३०/१-५ ।

१६. *एवं पापे प्रवृद्धे तु धर्मो विश्वार्थमात्रकः। भविष्यन्ति तदा देवा उपवासपरायणाः ॥*
स्वधास्वाहावषट्कारैर्वर्जिता भयविह्वलाः। यास्यन्ति शरणं देवं गजाननमनामयम् ॥
स्तुतिं नानाविधां तस्य करिष्यन्ति नतिं बहु । प्रार्थयिष्यन्ति देवेशं सर्वविघ्नविनाशनम् ॥
एवं सर्वं विचार्याऽसावाविर्भावं करिष्यति। गजाननः शूर्पकर्णो धूम्रवर्णोऽपि नामतः ॥
नीलमश्वं समारुह्य खड्गहस्तो रुषा ज्वलन् । कल्पयिष्यति सेनां स नानारूपां निजेच्छया ॥
शस्त्राणि च महास्त्राणि कल्पयिष्यत्ययत्नतः। वधिष्यति महाम्लेच्छान् सेनया स्वेन तेजसा॥ – पूर्ववत्, २/१४९/३३-३८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख) पद्मपुराण

पार्वतीसँग विवाह संस्कार सम्पन्न भएपछि शिव-पार्वती रमणीय उद्यानहरूमा विहार गर्दै हुनुहुन्थ्यो । एक पटक पार्वतीले श्रृङ्गार गर्ने क्रममा आफ्नो शरीरमा सुगन्धित तेल र अङ्गराग लगाउनुभयो । त्यसको मयल भुइँमा खस्यो । त्यसलाई खेलाउँदा हात्तीको मुखाकृति भएको पुरुषमूर्ति तयार भयो । गङ्गामा प्रवाहित गर्दा गङ्गाको प्रवाहबाट त्यो मूर्ति जीवन्त पुरुषका रूपमा प्रकट भयो । देवताहरूले त्यसलाई गाङ्गेय भने । गजवदन बालकलाई ब्रह्माजीले गणाधिपत्य प्रदान गर्नुभयो र ती बालक श्रीगणेश देवताका रूपमा प्रसिद्ध भए ।

ग) मत्स्यपुराण

मत्स्यपुराणमा श्रीगणेशको आविर्भावसँग सम्बद्ध आख्यान रहेको छ । पार्वतीले अङ्गलेपबाट एउटा गजाकार खेलौना तयार गर्नुभयो । पछि त्यसलाई गङ्गाजलले अभिषेक गर्दा त्यो सजीव भयो । त्यसलाई पार्वती र गङ्गा दुबैले पुत्रका रूपमा स्वीकार गरे । ती बालक पछि गएर श्रीगणेशका नामबाट प्रख्यात भए ।

घ) लिङ्गपुराण

शिव र ब्रह्माजीबाट वरदान पाएका कारण विजयी बनेका दैत्यहरूसँग डराएका देवताहरूले एक दिन विजयप्राप्ति र दैत्यहरूका कार्यमा विघ्नबाधाको उत्पत्तिका लागि भगवान् शङ्करसँग प्रार्थना गरे । प्रसन्न हुनुभएका सदाशिवले 'वर माग' भन्नुभयो । तिनीहरूले 'देवद्रोही दैत्यहरूको कर्ममा विघ्न उपस्थित होस्' भनी वर मागे । शिवजीले 'तथास्तु' भन्नुभयो । केही समयपछि पार्वतीका सामु परब्रह्ममय दिव्य तेज बालकका रूपमा प्रकट भयो । बालकको स्वरूप विचित्र थियो । ती बालकको मुख हात्तीको थियो । तिनले एउटा हातमा त्रिशूल र अर्को हातमा पाश धारण गरेका थिए । तिनलाई देखेर देवताहरू प्रसन्न भए । गजमुख बालक पनि आनन्दपूर्वक आफ्ना माता-पिता शिव-पार्वतीका सामु नृत्य गर्न लागे । पार्वतीले बालकलाई वस्त्राभूषण पहिराई माया गर्नुभयो । शिवजीले आफ्ना प्यारा पुत्रको जातकर्म आदि संस्कार सम्पन्न गर्नुभयो । त्यसपछि काखमा राखेर शिवजीले बालकलाई भन्नुभयो – हे बाबु ! तिम्रो अवतार दैत्यहरूको नाश र देव, ब्राह्मण एवं ब्रह्मवादीहरूको उपकारका लागि भएको छ। पृथिवीमा दक्षिणाहीन यज्ञ गर्ने मानिसका कर्ममा तिमीले विघ्न पैदा गर्नेछौ, अनुचित ढङ्गले अध्ययन, अध्यापन र व्याख्यान गर्ने दोषी विद्वान्हरूको प्राणहरण गर्नेछौ, वर्णाश्रमधर्मबाट च्युत भएका नर-नारी र मानवताहीन मानिसहरूको प्राणहरण गर्नेछौ । उचित समयमा उचित विधिले तिम्रो पूजा गर्ने भक्तलाई आफूसमान बनाउनेछौ । तिमीले लोकमा प्रथम पूजित भएर सबैको रक्षा गर्नेछौ । विघ्नहरूका स्वामी भएका कारण सबै धर्म र सबै जातिका मानिसले तिम्रो प्रथम पूजा गर्नेछन् । तिम्रो पूजा नगरी वैदिक एवं तान्त्रिक धार्मिक कार्यको अनुष्ठान गर्दा विघ्न पैदा हुनेछ र मङ्गल पनि अमङ्गलमा परिणत हुनेछ । यसरी आफ्ना पिता शिवजीबाट वरदान पाउनु भएका श्रीगणेश तदनुसार आचरण गरी लोकमा विघ्ननायकका रूपमा प्रसिद्ध हुनुभयो।

ङ) ब्रह्मवैवर्तपुराण

पार्वतीको कोखबाट श्रीकृष्णरूप परमतत्त्वको श्रीगणेशका रूपमा आविर्भाव भयो। पार्वतीको पुत्रकामना-परिपूर्तिका लागि भगवान् शङ्करले एक दिन उहाँलाई पुण्यक व्रत गर्न उपदेश दिंदै मनुपत्नी शतरूपाले पनि पुण्यक व्रत गरी पुत्र प्राप्त गरेको प्रसङ्ग सुनाउनुभयो । आफ्ना पति शिवजीबाट पुण्यक व्रतको महिमा सुनेपछि व्रतको विधिसमेत प्राप्त गरेर पार्वतीले गरेको पुण्यक व्रतको प्रभावबाट पार्वतीपुत्रका रूपमा श्रीगणेश प्रकट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुहुँदा देवता, ऋषि र मनुष्य प्रसन्न भए । सबैले आशीर्वाद र उपहार टक्र्याए । ब्रह्माजीले प्रथमपूजा हुने आशीर्वाद प्रदान गरे। बालकको दर्शन गर्न आएका शनिको क्रूर दृष्टिबाट बालक श्रीगणेशको शिर छिन्न भयो । श्रीनारायणले हात्तीको टाउको ल्याएर जोडेपछि श्रीगणेश गजानन बन्नुभयो ।

यस पुराणमा श्रीविष्णु र शिवजीमा तादात्म्य-सम्बन्ध रहेको विषयमा प्रकाश पारिएको छ । भगवान् विष्णुले शिवजीलाई भन्नुभयो- 'हे शिवजी ! पार्वतीबाट तपाईंलाई एउटा विघ्ननाशक पुत्र पैदा हुनेछ ।' त्यसपछि स्वयं विष्णु बालक बनेर कैलास जानुभयो र पार्वतीको शय्यामा बालकका रूपमा शयन गर्नुभयो । पार्वतीले ती बालकलाई पुत्र मान्नुभयो । ती पुत्र नै संसारमा श्रीगणेशका नामबाट विख्यात भए ।

च) शिवपुराण

भगवान् शङ्कर र पार्वतीको माधुर्यमय दाम्पत्य जीवन चलिरहेको थियो । एक दिन पार्वती नुहाउन लाग्नुभएको समयमा सहसा शङ्करको प्रवेश हुँदा लजाउनुभयो । केही समयपछि उहाँले मनमा विचार गर्नुभयो – 'मेरो कोठाको ढोकामा कुनै गण द्वारपालको रूपमा रहेको भए आज मैले लजाउनु पर्ने थिएन । अब द्वारपालका रूपमा कुनै गणलाई राख्नुपर्छ ।' यसरी विचार गरेर पार्वतीले आफ्नो मयलबाट सर्वलक्षणसम्पन्न चेतन पुरुषको निर्माण गर्नुभयो ।[१७]

त्यस बालकलाई उहाँले भन्नुभयो – 'तिमी मेरा छोरा हौ । तिमी समान प्यारो अरू कुनै छैन ।' यो कुरा सुनेर बालकले भने – 'आमा ! हजुरका प्रत्येक आज्ञाको पालन गर्नेछु । अहिले के गरूँ आज्ञा गर्नुहोस् ।' पार्वतीले भन्नुभयो – 'बाबु ! तिमी मेरा द्वारपाल बन । मेरो आज्ञाविना कसैलाई पनि अन्तःपुरमा प्रवेश गर्नबाट रोकिदेऊ ।' त्यसपछि पार्वती बालकलाई दण्ड प्रदान गरी द्वारमा खटाएर आफ्ना सखीहरूका साथ स्नान गर्न जानुभयो । त्यस बेला गणेशनामक बालकको उत्पत्तिसन्दर्भबाट अपरिचित हुनुभएका शङ्कर पार्वतीको अन्तःपुरभित्र प्रवेश गर्न भनी आउनुभयो । उहाँ भित्र जान लाग्नु हुँदा द्वारपालरूप श्रीगणेशले रोकिदिनुभयो । शिवजीले बारबार संझाउँदा पनि श्रीगणेश आफ्नो नियममा अटल हुनुहुन्थ्यो । रिसाएका शिवजीले बालकलाई द्वारबाट हटाउन गणहरूलाई खटाउनुभयो, तर श्रीगणेशले ओजपूर्वक खस्रो जबाफ दिएर वीरता देखाई शिवगणलाई परास्त गर्नुभयो । शिवगणका साथमा भीषण युद्ध हुँदा शिवगण परास्त भए । ब्रह्मा र विष्णुसमेत शिवजीको सहयोगका निमित्त आउनुभयो । युद्धमा आएका सबै देवताहरू श्रीगणेशबाट परास्त भए । त्यसबेला देवताहरू भन्दै थिए – 'कहाँ जाने ? के गर्ने ? यस बालकले आफ्नो शस्त्र घुमाउँदा हामी विमूढ भएका छौं' ।[१८]

त्यसपछि ती सबैले भगवान् शिवजीसँग आत्मरक्षाका लागि आतुरभावले प्रार्थना गरे । प्रार्थना सुनेपछि स्वयं शिव, विष्णु आदि देवताहरूलाई लिएर युद्ध गर्न जानुभयो । सर्वप्रथम श्रीहरि र श्रीगणेशको प्रचण्ड सङ्ग्राम भयो । अनि शिव र श्रीगणेशको बीचमा डरलाग्दो युद्ध भयो । शिवजीले बालकमाथि त्रिशूल प्रहार गर्न लाग्दा महाशक्ति पार्वतीले आफ्ना बालक श्रीगणेशको सुरक्षाका लागि अपरिमित शक्ति प्रदान गर्नुभयो । शिवजीले प्रहार गर्नुभएको त्रिशूल लक्ष्यमा नपुगी भुइँमा खस्यो । उहाँको पिनाक धनु पनि असहाय भयो । यसरी युद्ध गर्दै जाँदा अन्तमा शिवजीले त्रिशूल प्रहार गरेर श्रीगणेशको टाउको काटिदिनुभयो । बालक श्रीगणेशको यो दशा देखेर रिसाएकी पार्वतीले आफ्ना शक्तिहरूलाई प्रलय मच्चाउन आज्ञा दिनुभयो । चारैतिर हाहाकार मच्चियो । देवताहरूले पार्वतीको

१७. *विचार्येति च सा देवी वपुषो मलसम्भवम् । पुरुषं निर्ममौ सा तु सर्वलक्षणसंयुतम् ॥ - शि.पु. रु.सं. कु.खं. १३/२० ।*

१८. *किं कर्तव्यं क्व गन्तव्यं न ज्ञायन्ते दिशो दश । परिघं भ्रामयत्येष सव्यापसव्यमेव च ॥ - पूर्ववत् १५/५३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तुति गरे। पार्वतीले भन्नुभयो – 'यदि टाउको काटिएको मेरो पुत्र बाँच्दछ र तपाईंहरूको बीचमा पूजनीय भएर रहन पाउँछ भने मेरो प्रलयलीला रोकिनेछ ।' देवताहरूले पार्वतीको भनाइ शिवजीसमक्ष सुनाए । शिवजीले भन्नुभयो – 'हामी उत्तर दिशातर्फ लागौं, त्यहाँ जुन जीव फेला पर्दछ त्यसको टाउको काटेर श्रीगणेशको शिरमा जोडिदिनुपर्दछ।' देवताहरू उत्तरतर्फ लागे । त्यहाँ एउटा एकदन्त हात्ती भेटियो । देवताहरूले त्यसको शिर काटेर ल्याई श्रीगणेशको शरीरमा जोडिदिए । त्यसपछि शिवजीले बालकमा आफ्नो पूर्ण तेज सङ्क्रमण गराउनुभयो र श्रीगणेश सुन्दर गजानन बालकका रूपमा सुहाउनुभयो ।[११]

आफ्ना पुत्रको सुन्दर स्वरूप देखेर पार्वती प्रसन्न हुनुभयो र कैलासमा ठूलो आनन्दोत्सव भयो । पार्वतीले बालकलाई अबदेखि तिमी सर्वपूज्य र प्रथमपूज्य हुनेछौ भन्ने वरदान दिंदै भन्नुभयो – 'बाबु ! तिम्रो मुखमा सिँदूर देखिएको छ । जसले तिमीलाई सिँदूर अर्पेर पूजा गर्दछ त्यसले सबै प्रकारका सिद्धि प्राप्त गर्नेछ ।' त्यसबेला शिवजीले भन्नुभयो – 'हे पुत्र ! तिमी भाद्र मासको कृष्णपक्षको चतुर्थी तिथिमा पार्वतीको सुन्दर चित्तबाट रात्रिको प्रथम प्रहरमा पैदा भएका थियौ । जुन भक्तले यस तिथिमा व्रत गर्दछन्, तिनले चिताएका कुरा पाउनेछन् ।' यसरी गृहरक्षक बालक पार्वतीपुत्र श्रीगणेशका नामबाट प्रख्यात हुनुभयो ।

छ) ब्रह्मपुराण

ब्रह्मपुराणमा श्रीगणेशको उत्पत्तिसन्दर्भ र महिमाबोधक अनेक प्रसङ्ग रहेका छन् । देवताहरूद्वारा प्रार्थना गरिएकी पार्वतीले मनमा विघ्ननायक देवता मेरा पुत्र भएर पैदा होऊन् भन्ने चिन्तन गर्नासाथ श्रीगणेश पैदा हुनुभयो र संसारमा आनन्द छायो । बालक अवस्थामा आफू तृप्त हुँदाहुँदै पनि आमा पार्वतीका स्तन चुसिरहने र आफ्ना दाजु कार्तिकेयलाई स्तनपानको अवसर नदिने श्रीगणेशको ईर्ष्याभाव बुझेर शङ्करले भन्नुभएको थियो– 'हे विघ्नराज! तिमीले धेरै दूध पिउँछौ त्यस कारण तिमी लम्बोदरका नामबाट प्रसिद्ध हुनेछौ । अब तिमीले आफ्नो नृत्यकला देखाऊ' । पिताको आज्ञा पाएपछि बालभावले नाचेर श्रीगणेशले देवता, ऋषिमुनि सबैलाई आनन्दित तुल्याउनुभयो। श्रीगणेशको नृत्य देखी प्रसन्न हुनुभएका शिवजीले उहाँलाई गणनायकको पदमा अभिषिक्त गर्नुभयो । त्यसबेला देवताहरूले पनि श्रीगणेशको प्रार्थना गर्दै भनेका थिए – 'हे देव ! धर्म, अर्थ, काम र मोक्षको सिद्धिका लागि प्रथम पूजनीय देवताका रूपमा हामीले हजुरलाई नमस्कार गर्दछौं' ।

ज) मुद्गलपुराण

मुद्गलपुराणमा परब्रह्मरूप श्रीगणेशका आठ मुख्य अवतारहरूको निर्वचन गरिएको छ । अवतारवर्णनको सन्दर्भमा भनिएको छ – 'भगवान् श्रीगणेशका अनन्त अवतार छन्, तिनको वर्णन गर्नु सम्भव छैन । उहाँका मुख्य अवतारहरूमा ब्रह्मधारक आठ अवतारहरूको ठूलो महिमा छ ।' मुद्गलपुराणमा बताएअनुसार ती आठ मुख्य अवतारहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिंदैछ ।

वक्रतुण्डावतार – देहब्रह्मको धारक वक्रतुण्डावतारमा श्रीगणेशले मत्सरासुरलाई मार्नुभएको थियो । त्यस अवतारमा उहाँको वाहन सिंह थियो । **एकदन्तावतार** – श्रीगणेशको दोस्रो एकदन्तावतार देहिब्रह्मको धारक मानिएको छ । यस अवतारमा श्रीगणेशले मदासुरनामक दैत्यको वध गर्नुभएको थियो । यस अवतारमा उहाँ मूषकवाहन हुनुहुन्थ्यो । **महोदरावतार**– श्रीगणेशको तेस्रो महोदरावतारलाई ज्ञानब्रह्मको प्रकाशक मानिएको

११. *सुभगः सुन्दरतरो गजवक्त्रः सुरक्तकः । प्रसन्नवदनश्चेति सुपुत्रो ललिताकृतिः ।। – पूर्ववत्, १७/५७ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । यस अवतारमा श्रीगणेशले मोहासुरको विनाश गर्नुभएको थियो र आफू पूर्ववत् मूषकवाहनका रूपमा प्रसिद्ध हुनुहुन्थ्यो । **गजाननावतार** – श्रीगणेशको चौथो अवतारलाई गजाननावतार भनिन्छ । यो अवतार सांख्यदर्शनका योगीहरूको उपकारक अवतारका रूपमा प्रसिद्ध छ । यस अवतारमा श्रीगणेशले मूषकवाहनका रूपमा रहेर लोभासुरको विनाश गर्नुभएको थियो । **लम्बोदरावतार** – भगवान् श्रीगणेशको पाँचौं अवतार शक्तिब्रह्मको धारक लम्बोदरावतारको रूपमा प्रसिद्ध छ । यस अवतारमा भगवान्ले क्रोधासुरमाथि विजय प्राप्त गर्नुभएको थियो । यस अवतारमा पनि उहाँ मूषकवाहन नै हुनुहुन्थ्यो । **विकटावतार** – श्रीगणेशको छैठौं अवतारलाई विकटावतार भनिन्छ । यो अवतार सौरब्रह्मको धारक, कामासुरको नाशक र मयूरवाहनका रूपमा प्रसिद्ध छ । **विघ्नराजावतार** – श्रीगणेशको सातौं अवतार विघ्नराजावतार हो । यो अवतार ममतासुरको विनाशक, विष्णु–ब्रह्मको धारक र शेषवाहनका रूपमा प्रसिद्ध छ । **धूम्रवर्णावतार** – श्रीगणेशको आठौं अवतार धूम्रवर्णावतार मानिएको छ । यस अवतारमा श्रीगणेशले अभिमानासुरमाथि विजय प्राप्त गर्नुभएको थियो । उहाँ यस अवतारमा शिवब्रह्मका धारक र मूषकवाहन हुनुहुन्थ्यो ।[१००]

यसरी मङ्गलमूर्ति आदिदेव परब्रह्म परमेश्वर श्रीगणेश गणपतिका प्रादुर्भावसम्बन्धी इतिवृत्तको सङ्क्षेपमा सङ्केत गरिएको छ । श्रीगणेशका विभिन्न अवतार र उत्पत्तिसन्दर्भलाई लिएर संशयापन्न मनःस्थितिमा पुगेका व्यासलाई एक दिन ब्रह्माजीले भन्नुभएको थियो – 'हे व्यास ! अनन्त शक्तिका स्वामी श्रीगणेशका नाना अवतार र लीलाका विषयमा संशय गर्नु उपर्युक्त हुँदैन । उहाँ आफै इच्छावश अनेक माता–पिताका पुत्र बनेर अवतरित हुनसक्नुहुन्छ । कल्पभेदले पनि उहाँका अवतार र लीलामा अन्तर देखिन सक्छ । कहीँ उहाँ शिवजीका मुखबाट, कहीँ शिवजीका क्रोधबाट पनि उत्पन्न हुनुभएका प्रसङ्ग छन् । कहीँ गौरीको तेजबाट, कहीं गौरीको गर्भबाट, कहीं गौरीको मयलबाट पनि श्रीगणेशको आविर्भाव भएका सन्दर्भहरू पाइन्छन् । कहीँ द्विमुख मुख श्रीगणेश, कहीँ द्विभज श्रीगणेश, कहीँ पञ्चमुख, कहीँ षड्मुख, कहीँ चतुर्भुज, यस्तै यहाँका अनेक स्वरूपगत भेदहरू देखिन्छन् । यी स्वरूपभेद र अवतार भेदलाई दृष्टिगत गरी सन्देह र आश्चर्य मान्नुहुँदैन । श्रीगणेश सर्वशक्तिमान् देवता हुनुभएकाले उहाँले जे पनि गर्न सक्नु हुन्छ ।[१०१]

यी अवतारहरूमा गरिएका कर्म र लीलाहरूको अध्ययन, अनुशीलन, मनन र चिन्तनबाट मङ्गल प्राप्त हुन्छ । यी अवतारहरूको पौराणिक महत्त्व आफ्नै ठाउँमा छ, त्योभन्दा पनि तिनमा व्यक्त भएको आध्यात्मिक पक्ष ज्यादै उच्चकोटिको छ । श्रीगणपति सर्वव्यापक परमात्मा हुनुहुन्छ र सबैका हृदयमा नित्य विराजमान हुनुहुन्छ । प्राक्तन संस्कार र सङ्गतिका कारण मानिसहरूका हृदयमा समय–समयमा प्रकट हुने आसुरी वृत्तिबाट जोगिन श्रीगणेशको उपासना नै सर्वोत्तम उपाय हो । आसुरी वृत्तिको दमन र दैवी वृत्तिको उदय एवं संवर्द्धनका लागि निर्गुण निराकार एवं ओङ्काररूप परमात्मा श्रीगणेशले सगुण एवं साकार रूपमा प्रकट भएर संसारको

१००. *वक्रतुण्डावतारश्च देहानां ब्रह्मधारकः । मत्सरासुरहन्ता स सिंहवाहनगः स्मृतः ।*
एकदन्तावतारो वै देहिनां ब्रह्मधारकः । मदासुरस्य हन्ता स आखुवाहनगः स्मृतः ॥
महोदर इति ख्यातो ज्ञानब्रह्मप्रकाशकः । मोहासुरस्य शत्रुर्वै आखुवाहनगः स्मृतः ॥
गजाननः स विज्ञेयः सांख्येभ्यः सिद्धिदायकः । लोभासुरप्रहर्ता वै आखुगश्च प्रकीर्तितः ॥
लम्बोदरावतारो वै क्रोधासुरनिबर्हणः । शक्तिब्रह्माखुगः सद् यत् तस्य धारक उच्यते ॥
विकटोनाम विख्यातः कामासुरविदाहकः । मयूरवाहनश्चायं सौरब्रह्मधर स्मृतः ॥
विघ्नराजावंतारश्च शेषवाहन उच्यते । ममतासुरहन्ता स विष्णुब्रह्मेतिवाचकः ॥
धूम्रवर्णावतारश्चाभिमानासुरनाशकः । आखुवाहन एवासौ शिवात्मा तु स उच्यते ॥ – मुद्गलपुराण, पृ. ३३५, कल्याण, गणेश विशेषाङ्कबाट उद्धृत ।

१०१. *श्रीगणेशपुराण, २/१४९/५–९ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्याण गर्नुभएको छ । निर्गुणरूप अथवा सगुणरूप भगवान् श्रीगणेशको आश्रय नै मानवजन्मको सफलताका लागि कल्याणकारी उपाय हो ।

३.३ श्रीगणेशको स्वरूप-सौन्दर्य

प्रथम पूजनीय देवता श्रीगणेशको स्वरूप अचिन्त्य, अव्यक्त र अपार छ । उहाँको रूप परम आराध्य, असामान्य र योगिध्येय छ । उहाँ वेदवन्दित, मङ्गलात्मा, बुद्धिविधाता, सिद्धिसाधक परमेश्वर हुनुहुन्छ । उहाँको मुखमण्डल शिशुसमान सौम्य र सुन्दर छ । उहाँ सबैद्वारा सबै कालमा वन्दनीय हुनुहुन्छ । उहाँका अनेक स्वरूप शास्त्रहरूमा वर्णन गरिएका छन् । प्राप्त सामग्रीको आधारमा उहाँको स्वरूप-सौन्दर्यका विषयमा विचार प्रस्तुत गरिँदैछ ।

क) ध्येय स्वरूप

श्रीगणेश एकदन्त र चतुर्भुज हुनुहुन्छ । उहाँका चार हातहरूमा पाश, अङ्कुश, अभय र वरदमुद्रा शोभायमान छन् । उहाँ मूषकध्वज र मूषकवाहन पनि हुनुहुन्छ । उहाँ लम्बोदर, रक्तवस्त्र र शूर्पकर्ण पनि हुनुहुन्छ। रक्तचन्दन र रक्तपुष्पद्वारा पूजित श्रीगणनायकले भक्तहरूमाथि करुणादृष्टिको वृष्टि गर्नुहुन्छ । श्रीगणेश-अथर्वशीर्षअनुसार उहाँ संसारका हेतु र नित्यस्वरूप हुनुहुन्छ । सृष्टिभन्दा पहिले प्रकट हुनुभएका श्रीगणेश प्रकृति र पुरुषभन्दा पनि पर हुनुहुन्छ। योगीहरूले मात्र उहाँको स्वरूप-साक्षात्कार गर्न सक्दछन् । पद्मपुराणमा भगवान् वेदव्यासले श्रीगणेशको स्वरूप-सौन्दर्यको सुन्दर चित्रण गर्नुभएको छ – 'म विशालकाय, गालिएको सुनझैं स्वर्णिम प्रकाशले सम्पन्न लम्बोदर, विशालनयन र एकदन्त श्रीगणेशलाई प्रणाम गर्दछु । जसले मुञ्जको मेखला, कृष्ण मृगचर्म र सर्परूप यज्ञोपवीत धारण गर्नुभएको छ, जसका मस्तकमा बालचन्द्र शोभायमान छन् ती गणनाथलाई प्रणाम गर्दछु । आफ्नो देहलाई अनेक रत्नहरूले सजाउनु हुने, अद्भुत मालाद्वारा शोभायमान र इच्छानुसार स्वरूप धारण गर्नुहुने श्रीगणनाथलाई प्रणाम गर्दछु । गजानन, सर्वदेवशिरोमणि, सुन्दरकर्णद्वारा शोभायमान र पाश एवं अङ्कुश धारण गर्नुहुने श्रीगणेशलाई प्रणाम गर्दछु ।'

एकदन्तं महाकायं तप्तकाञ्चनसन्निभम् । लम्बोदरं विशालाक्षं वन्देऽहं गणनायकम् ।।
मुञ्जकृष्णाजिनधरं नागयज्ञोपवीतिनम् । बालेन्दुकलिकामौलिं वन्देऽहं गणनायकम् ।।
चित्ररत्नविचित्राङ्गं चित्रमालाविभूषणम् । कामरूपधरं देवं वन्देऽहं गणनायकम् ।।
गजवक्त्रं सुरश्रेष्ठं चारुकर्णविभूषितम् । पाशाङ्कुशधरं देवं वन्देऽहं गणनायकम् ।।[१०२]

श्रीतत्त्वनिधि, मन्त्रमहोदधि, मन्त्ररत्नाकर, रूपमण्डन, शिल्परत्न, मन्त्रमहार्णव, अंशुमद्भेदागम, उत्तरकामिकागम, सुप्रभेदागम आदि अनेक ग्रन्थहरूमा भगवान् श्रीगणेशका विभिन्न किसिमका रूपहरूको वर्णन गरिएको छ । ती ती ग्रन्थहरूमा प्रतिपादन गरिएअनुसार भगवान् श्रीगणेश द्विभुज, चतुर्भुज, षड्भुज, अष्टभुज र षोडशभुज पनि हुनुहुन्छ। उहाँको शरीरमा रातो वर्णको कान्ति छाएको हुन्छ । शरदकालको चन्द्रमाझैं गोरो वर्णका देवताका रूपमा पनि उहाँको वर्णन गरिएको छ । उहाँ कतै स्वर्णपिङ्गल वर्णका, कतै रातो वर्णका, कतै सेतो वर्णका हुनुहुन्छ । उहाँ कतै सिंहवाहन, कतै मयूरवाहन, कतै अश्ववाहन र कतै मूषकवाहनका रूपमा पनि वर्णित हुनुहुन्छ।

---

१०२. *पद्मपुराण, सृष्टिखण्ड, ६६/२-३, ६-७ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख) सर्वाङ्गसुन्दर स्वरूप

श्रीगणेशपुराणमा ब्रह्माजीले श्रीगणेशको सर्वाङ्गसुन्दर स्वरूपको ध्यान गर्दै भन्नुभएको छ – मोतीरत्नजडित मुकुटद्वारा शोभायमान, रक्तचन्दनले चर्चित, मस्तकमा सिन्दूरधारण गरी सुहाउनुभएका श्रीगणेशको कण्ठमा माला चम्किएको छ । उहाँले शेषनागलाई यज्ञोपवीतका रूपमा धारण गर्नुभएको छ । उहाँले आफ्नो हातमा बहुमूल्य रत्नहरूबाट बनेको बाजुबन्द धारण गर्नुभएको छ । उहाँका औंलाहरूमा मरकतमणिबाट तयार गरिएका औंठीहरू सुहाएका छन् । उहाँको गम्भीर नाभिलाई चारैतिरबाट सर्पहरूले घेरिरहेका छन् । श्रीगणेशको कम्मरमा रत्नजडित काञ्ची सुहाएको छ । श्रीगणेशका राता वस्त्रहरूमा सुवर्णका तारहरू जडान गरिएका छन् । उहाँको निधारमा चन्द्रमा चम्किरहेको छ । उहाँको दन्तपङ्क्ति उज्ज्वल छ र हातहरू वरद आदि मुद्राहरूबाट अलङ्कृत छन् ।

मुकुटेन विराजन्तं मुक्तारत्नयुजा शुभम् । रक्तचन्दनलिप्ताङ्गं सिन्दूरारुणमस्तकम् ।।
मुक्तादामलसत्कण्ठं सर्पयज्ञोपवीतिनम् । अनर्घ्यरत्नघटितबाहुभूषणभूषितम् ।।
स्फुरन्मरकतभ्राजदङ्गुलीयकशोभितम् । महाहिवेष्टितबृहन्नाभिशोभिमहोदरम् ।।
विचित्ररत्नखचितकटिसूत्रविराजितम् । सुवर्णसूत्रविलसद्रक्तवस्त्रसमावृतम् ।।
भालचन्द्रं लसद्दन्तशोभाराजत्करं परम् ।[१०३]

स्वरूपबाट रूपको अभिव्यक्ति हुन्छ । रूपको अभिव्यक्तिका सम्बन्धमा पुराणहरूमा अनेक कथा पाइन्छन्। सबै कथाहरूले निष्कर्षरूपमा भगवान् श्रीगणेशको मुख हात्तीको मुखजस्तै हुनाले उहाँलाई गजानन, गजमुख, गजास्य, गजवदन आदि शब्द प्रयोग गरिएको कुरा व्यक्त गर्दछन् । श्रीगणेशको सम्पूर्ण शरीर मनुष्याकार छ तर मुख भने गजाकार छ । यही नै श्रीगणेशको विशेषता बनेर रहेको छ । श्रीगणेशपुराण उपासनाखण्डमा महाप्रलय भएपछि संसार नष्ट हुँदा सूक्ष्मरूपमा रहनुभएका दयालु श्रीगणेश प्रकट हुनुभएको देखेर ब्रह्मा, विष्णु र शङ्करले स्तुति गर्नुभएको वर्णन रहेको छ। त्यस बेला दयालु श्रीगणेशले तीनै देवताहरूका समक्ष आफ्नो सुन्दर स्वरूप प्रकट गर्नुभएको थियो । त्यो स्वरूपसौन्दर्य यसप्रकार वर्णित छ – 'त्यसपछि अत्यन्त दयालु, सम्पूर्ण रहस्यका ज्ञाता, त्रिलोकीका स्वामी श्रीगणेशले ब्रह्मा, विष्णु र शङ्करलाई आफ्नो सुन्दर स्वरूप देखाउनुभयो । श्रीगणेशका चरणकमलहरूका नङहरूबाट प्रकट भएका कान्तिमय रश्मिजालले कमलकेसरको शोभालाई परास्त गरेका थिए । श्रीगणेशको शरीरमा सुहाएका राता वस्त्रहरूको कान्तिबाट सन्ध्याकालिक सूर्यबिम्बको शोभा पनि परास्त भएको थियो । श्रीगणेशको कटिसूत्रको कान्तिले सुमेरुशिखरको सुषमा मन्द भएको थियो । उहाँका चारै हातमा खड्ग, खेट, धनु र शक्ति सुहाएका थिए । उहाँको नासिका अत्यन्त सुन्दर थियो । उहाँको मुखकमलको आभाले पूर्णिमा तिथिमा उदाउने चन्द्रमाको कान्तिलाई निस्तेज तुल्याएको थियो । कमलझैं सुन्दर श्रीगणेशका नयनहरू निरन्तर विकसित थिए । कोटि–कोटि सूर्यको कान्तिलाई परास्त गर्ने ज्योतिर्मय मुकुटको चहक चारैतिर फैलिएको थियो । असङ्ख्य ताराहरूद्वारा सम्पन्न आकाश पनि श्रीगणेशको उत्तरीयबाट प्रकट हुने कान्तिको समानता गर्न असमर्थ थियो । श्रीगणेशको एकदन्तको शोभाका सामु भगवान् वराहका दाह्रा निस्तेज थिए । श्रीगणेशको विशाल सूँढ देखेर ऐरावत आदि दिग्गजहरू सन्त्रस्त थिए ।'

१०३. *श्रीगणेशपुराण, १/१४/२१-२५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शयामास तान् रूपं मनोनयननन्दनम् । पादाङ्गुलीनखश्रीभिर्जितरक्ताब्जकेसरम् ।।
रक्ताम्बरप्रभावात् तु जितसन्ध्यार्कमण्डलम् । कटिसूत्रप्रभाजालैर्जितहेमाद्रिशेखरम् ।।
खड्गखेटधनुःशक्तिशोभि चारुचतुर्भुजम् । सुनासं पूर्णिमाचन्द्रजितकान्तिमुखाम्बुजम् ।।
अहर्निशं प्रभायुक्तं पद्मचारुसुलोचनम् । अनेकसूर्यशोभाजिन्मुकुटभ्राजिमस्तकम् ।।
नानाताराङ्कितव्योमकान्तिजिदुत्तरीयकम् । वराहद्रंष्ट्राशोभाजिदेकदन्तविराजितम् ।।
ऐरावतादिदिक्पालभयकारि सुपुष्करम् ।[१०४]

ग) ज्योतिर्मय स्वरूप

श्रीगणेशको रूपसौन्दर्यको मूल्याङ्कन गर्न असाधारण प्रतिभा भएको मानिसमात्र समर्थ हुन्छ । राजा वरेण्यले श्रीगणेशको रूपसौन्दर्य साक्षात्कार गरेका थिए । उनले श्रीगणेशगीतामा भनेका छन् – हे प्रभु ! हजुर अनादि एवं अनन्त हुनुहुन्छ । सम्पूर्ण लोकहरूको रचना गर्ने प्रथम कारण हुनुहुन्छ। हजुर अनन्त भुजा र अनन्त शिरले शोभायमान हुनुहुन्छ । हजुर बलिरहेको अग्निझैं ज्योतिर्मय हुनुहुन्छ । हजुर अप्रमेय र पुरातन हुनुहुन्छ । हजुरले किरीट र कुण्डल धारण गर्नुभएको छ । हजुरको रूपदर्शन सबैका लागि सहज-सुलभ छैन । हजुर आनन्दका कोष हुनुहुन्छ र हजुर विशाल छातीले सुहाउनुभएको छ । म यस्तो स्वरूपसौन्दर्यले सम्पन्न हजुरको दर्शन गरिरहेको छु ।

अनाद्यनन्तं लोकादिमनन्तभुजशीर्षकम् । प्रदीप्तानलसङ्काशमप्रमेयं पुरातनम् ।।
किरीटकुण्डलधरं दुर्निरीक्ष्यं मुदावहम् । एतादृशं निरीक्षे त्वां विशालवक्षसं प्रभुम् ।।[१०५]

घ) आह्लादक स्वरूप

श्रीगणेशपुराणमा सिन्दूरधारी र कमल सुषमाले अनुप्राणित श्रीगणेशको इन्द्रसमक्ष आविर्भाव हुँदा देखिएको आह्लादक स्वरूपको वर्णन गर्दै भनिएको छ – कमलझैं सुन्दर नयनले सुहाउनुभएका, विशाल सूँढको टुप्पामा सुन्दर कमलकलिका धारण गर्नुहुने, आफ्नो सुन्दर कण्ठमा कमलको माला लगाउनुभएका सिन्दूररञ्जित र सकल देवताका पूञ्जीभूत स्वरूप श्रीगणेश आह्लादक बनेर इन्द्रका सामु प्रकट हुनुभयो ।

यः पुष्कराक्षः पृथुपुष्करोऽपि बृहत्करः पुष्करशालिमालः ।
आविर्बभूवाखिलदेवमूर्तिः सिन्दूरशाली पुरतो मघोनः ।।[१०६]

ङ) सिन्दूराभ स्वरूप

श्रीगणेशका भक्त भ्रुशुण्डीले रुचाएको लीलामय श्रीगणेशको सुन्दरस्वरूपको वर्णन गर्दै भनिएको छ – दिव्य परिधानले सुहाउनुभएका, दशभुज, मोतीको मालाद्वारा अलङ्कृत, वरिपरि सिद्धि र बुद्धि लिएर रहनुभएका, कानमा कुण्डल धारण गर्नुहुने, लामो सूँढ लर्काएर उभिनुभएका, लामा लामा कानले सुहाउनुभएका, शरीरभरि छरिएको सिन्दूरको रातो कान्तिले कान्तिमय देखिनुहुने, नाभिमा सर्पराज शेषनागलाई लपेटेर रहनुभएका, पाउमा

१०४. पूर्ववत्, १/१२/३३-३८ ।
१०५. पूर्ववत्, २/१४५/११-१२ ।
१०६. पूर्ववत्, १/३४/५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको नूपुरको मधुरनादले शब्दायमान, मस्तकमा विशाल मुकुट धारण गर्नुहुने, दशथरि आयुधद्वारा अलङ्कृत दशभुजा धारण गर्नुहुने, एउटा दाँतले सुहाउनुभएका, निधारमा चन्द्रमा धारण गर्नुहुने, पाउमा एवं कण्ठमा रहेका साना-साना घण्टीका ध्वनिले दिगन्तलाई ध्वनित गर्नुहुने, मयूरमा सवार हुनुभएका र सम्पूर्ण देवताहरूद्वारा वन्दित श्रीगणेश शोभायमान हुनुहुन्छ ।

दिव्याम्बरो दशभुजो मुक्तामालाविभूषितः। सिद्धिबुद्धियुतः कर्णकुण्डलाभ्यां विराजितः।।
शुण्डादण्डमुखो लम्बकर्णः सिन्दूरमण्डितः। अहिशोभिमहानाभिः क्वणच्चरणनूपुरः।।
महामुकुटशोभाढ्यो दशायुधलसत्करः। एकदन्तो भालचन्द्रः क्षुद्रघण्टाविराजितः।।[१०७]

च) स्वानन्दधाममा देदीप्यमान स्वरूप

आफ्नो विशिष्ट धाम स्वानन्दभुवनमा सुन्दर बालक बनेर आफ्नो स्वरूपसौन्दर्यको नयनाभिराम र हृदयाभिराम सुषमा फैलाउन हुने श्रीगणेशको चित्रण यसरी गरिएको छ - सुकोमल अङ्गले सुहाउनुभएका, बालारुण कान्तिले देदीप्यमान, बालक सुहाउँदो सानो सूँढ धारण गर्नुहुने, ठूला-ठूला आँखाले हेर्नुहुने, एकदन्तधारी, अत्यन्त चम्किला र राम्रा वस्त्र लगाउनुभएका, आफ्नो बाजूबन्धमा केयूर, कानमा कुण्डल र निधारमा कस्तूरीको तिलक धारण गनुहुने स्वप्रकाशद्वारा प्रकाशमान, दिव्य गन्धको लेपन गरेर चारैतिर मोहक वास्ना फैलाउनु हुने, मोती र मणिले सज्जिएको रत्नमय माला धारण गर्नुहुने, अनन्तकोटि सूर्यका तेजले धप्प बल्नुभएका, शिरमा बालचन्द्रमा धारण गर्नुहुने र भगवती गङ्गाले झैं आफूलाई स्मरण गर्ने भक्तहरूका सम्पूर्ण पापराशि पखाल्नु हुने भगवान् बालगणेश स्वानन्दभुवनमा विराजमान हुनुहुन्छ ।

बालरूपधरस्तत्र शुण्डादण्डविराजितः । कोमलाङ्गोऽरुणनिभो विशालाक्षो विषाणवान् ।।
मुकुटी कुण्डली राजत्कस्तूरीतिलकः स्वराट् । दिव्यमाल्याम्बरधरो दिव्यगन्धानुलेपनः ।।
मुक्तामणिगणोपेतं सरत्नं दाम संदधत् । अनन्तकोटिसूर्यौजाश्चन्द्रार्धकृतशेखरः।।
स्मरणात् पापहा सद्यः स्मृता गङ्गा यथा नृणाम् ।।[१०८]

छ) दिव्य नर्तकस्वरूप

मयूरेशावतार श्रीगणेश बाह्रौं महिनामा लाग्नुहुँदा पार्वतीले काखमा लिएर खेलाउनुभयो । त्यसबेला पार्वतीका मनमा बालगणेशको नृत्य हेर्ने इच्छा अङ्कुरित भयो । माता पार्वतीसमेत पिता शिव र बालमित्रहरूको नृत्य हेर्ने इच्छा थाहा पाएर पार्वतीनन्दन बालगणेश थैया थैया गर्दै नृत्य गर्न लाग्नुभयो । बालगणेशका नृत्यको थैया-थैया एवं थेयी-थेयी शब्द सुनेर भगवान् शिवजी नाच्न लाग्नुभयो । सदाशिवलाई नाचिरहनुभएको देखेर भगवान् नारायण नाच्नुभयो । त्यसपछि इन्द्र आदि देवता आएर नाच्न लागे । ती देवताहरूका साथ सचेतन र अचेतन सबै नाच्न थाले । श्रीगणेशकै गतिमा स्वयम् पृथिवी पनि नाच्न थालिन् । अर्कोतर्फ मुनिपत्नी र देवपत्नीहरू पनि भगवती पार्वतीसँग नृत्य गरिरहेका थिए । नूपुरको ध्वनि, घुँघरुको नाद र सबैका चरणाघातका शब्दले दिशा-विदिशा, आकाश एवं पर्वत सबै नादमय बनेका थिए । त्यसबेला बालगणेशको नृत्य र नृत्यजन्य ध्वनिका कारण पृथिवी, शेष, कूर्म, सूर्य-चन्द्र र ताराहरू पनि कम्पायमान भए ।

१०७. पूर्ववत्, २/१७/२५-२७ ।
१०८. पूर्ववत्, २/५०/५६-५९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकानां हरस्याऽथ ज्ञात्वा वाञ्छां शिशुस्तदा । थेयीथेयीति शब्देन ननर्त गिरिजासुतः ।।
श्रुत्वा तदीयं तं शब्दं हरो नर्तितुमागतः । शिवं नृत्यन्तमालोक्य ननर्त श्रीवरोऽपि च ।।
तत इन्द्रादयो देवास्तत्र नर्तितुमागताः । स यथा नर्तते बालस्तेऽपि नृत्यन्ति तादृशम् ।।
दर्शयन्ति तथा भावं स यथा दर्शत्यपि । मनुष्याः पशवो वृक्षा यक्षराक्षसपन्नगाः ।।
मुनयो मानवो भूपा भुवनानि चतुर्दश । एकविंशतिस्वर्गस्थाः सचेतनमचेतनम् ।।
बालप्रभावान्ननृते बालच्छन्देन भूतलम् । मुनिपत्न्यो देवपत्न्यो ननृतुर्गिरिकन्यया ।।
नूपुराणां सिञ्जितेन क्षुद्रघण्टारवेण च । पादाघातस्य शब्देन दिशो विदिश एव च ।।
गगनं पर्वता आसन् नादयुक्तास्तदा मुने । चकम्पे धरणी शेषो रविश्चन्द्रश्च तारकाः ।।[१०९]

ज) विराट् स्वरूप

बालगणेशले नरान्तकसँग युद्ध गर्दा त्यसलाई विराट् रूपको चरम सौन्दर्य देखाउनुभएको थियो । उहाँले वीरताको चरमोत्कर्षमा पुगेर विराट् रूप देखाउनु हुँदा उहाँको मस्तक आकाशभन्दा पनि माथि पुगेको देखिन्थ्यो। उहाँका पाउले पाताल ढाकियो र कान आठै दिशामा फैलिए । सम्पूर्ण वृक्षपङ्क्तिमा उहाँका रोमावली बन्न पुगे । उहाँको एउटा रोमाञ्चमा कोटि-कोटि ब्रह्माण्डहरू चक्कर काटिरहेका थिए । सम्पूर्ण सागरहरू वीर श्रीगणेशका पसिनाको रूपमा टल्किरहेका थिए । श्रीगणेशको नङका टुप्पामा ३३ कोटि देवताहरू अटाएका थिए । श्रीगणेशका पेटको एउटा कुनामा चौध भुवन अडिएका देखिन्थे ।

विनायकं विराड्रूपं गगनोर्ध्वगमस्तकम् । पातालव्याप्तचरणं दिक्छ्रोत्रं वृक्षरोमकम् ।।
भ्रमद्ब्रह्माण्डरोमाञ्चपयोधिश्रमबिन्दुकम्। नखाग्रे यस्य देवानां भान्ति त्रिंशत्त्रिकोटयः।।
उदरे भान्त्येकदेशे भुवनानि चतुर्दश। ततो विनायको दैत्यं मर्दयामास तत्क्षणात् ।।[११०]

अनेक प्राचीन ग्रन्थहरूमा श्रीगणेशका विभिन्न रूपहरूको ध्यान गर्ने पद्धतिको वर्णन पाइन्छ । ती ग्रन्थहरूमा झैं श्रीगणेशपुराणमा पनि विश्वप्रपञ्चमा व्याप्त भएर रहनुहुने श्रीगणेशको ध्यान र स्तुति गरिएको छ । त्यसको एउटा पद्यको भाव यसप्रकार छ – प्रकृतिरूप, महत्तत्त्वरूप, पृथिवीरूप, जलरूप, दिक्पालरूप, सद्रूप, असद्रूप, जगत्का कारण, विश्वरूप र विश्वव्यापक श्रीगणेशको हामी वन्दना गर्दछौं ।

प्रधानस्वरूपं महत्तत्त्वरूपं धरावारिरूपं दिगीशादिरूपम् ।
असत्सत्स्वरूपं जगद्धेतुभूतं सदा विश्वरूपं गणेशं नताः स्मः ।।[१११]

३.४ स्वरूप-सौन्दर्यका साधकतत्त्व

आराध्य देवता श्रीगणेश निराकार एवं साकार दुवै दृष्टिबाट सुन्दर हुनुहुन्छ । निराकार सौन्दर्यको अनुभूति योगीहरूमात्र गर्न सक्दछन्। साकारसौन्दर्यको अनुभूति साकार श्रीगणेशको उपासना गर्ने भक्तहरूको हृदयको विषय बन्दछ। यहाँ साकार श्रीगणेशका सौन्दर्य साधकतत्त्वहरूमध्ये केही तत्त्वहरूको सामान्य परिचय प्रस्तुत गरिँदैछ ।

१०९. पूर्ववत्, २/९०/३-१० ।
११०. पूर्ववत्, २/६१/३१-३३ ।
१११. पूर्ववत्, १/१३/१२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क) अङ्ग-प्रत्यङ्ग, अलङ्कार, माला र यज्ञोपवीत

भगवान् श्रीगणेशका अङ्ग-प्रत्यङ्ग तथा अलङ्कार सबैमा उहाँकै ज्योतिर्मय स्वरूपको आभा तरङ्गित हुने गर्दछ । श्रीगणेशले सूर्य, चन्द्रमा, पवन, लक्ष्मी, सरस्वती र सावित्रीबाट अलङ्कार तथा आभूषण प्राप्त गर्नुभएको छ । उहाँका आभूषणहरू प्रायः स्वर्णिम रङ्गका छन् । स्वर्णाभूषणको स्वर्णिम कान्ति फैलिनाले उहाँ उदयकालका सूर्यसमान आकर्षक आभाले देदीप्यमान हुनुहुन्छ। स्तवकवचमालानामक ग्रन्थमा विघ्ननाशक श्रीगणेशका चरणरजको महिमा बताउँदै भनिएको छ – इन्द्रको मस्तकमा रहेको मन्दारपुष्पको मकरन्दकणिकासँग एकाकार भई रङ्गीन बन्न पुगेका भगवान् श्रीगणेशका चरणरज समस्त विघ्ननाश गर्न समर्थ छन् ।[११२]

श्रीगणेशको नाभिलाई सर्पहरूले वेष्टन गरेका प्रसङ्ग पुराणहरूमा छरिएका छन् । उहाँको वक्षस्थलमा नागयज्ञोपवीत सुहाएको छ । श्रीगणेशका कण्ठमा मणिजडित माला र पुष्पमाला रहने कुरा श्रीगणेशपुराणका विभिन्न प्रसङ्गमा वर्णन गरिएको छ । एकदन्तधारी श्रीगणेश पुरुष र प्रकृतिको एकताको प्रतीक एकदन्त शब्दबाट ज्यादै प्रसिद्ध हुनुहुन्छ । उहाँले मोती र रत्नबाट निर्मित सुन्दर मुकुट धारण गर्नुहुन्छ – **मुकुटेन विराजन्तं मुक्तारत्नयुजा शुभम्** ।[११३]

श्रीगणेशपरक प्रसिद्ध पद्यमा श्रीगणेशका अन्य विशेषताका साथै उहाँको मदधाराप्लुत, भ्रमरसेवित, गण्डस्थलको सुन्दर वर्णन गरिएको छ ।[११४]

ख) आयुध र मोदक

भगवान् श्रीगणेश विघ्ननाशक हुनुहुन्छ । उहाँका असङ्ख्य आयुधहरू छन् । उहाँले ती आयुधहरूको प्रयोग विघ्ननाशका लागि गर्नुहुन्छ । उहाँका दश आयुध मुख्य मानिएका छन् – वज्र, शक्ति, दण्ड, खड्ग, पाश, अङ्कुश, गदा, त्रिशूल, पद्म र चक्र। शिवजीले त्रिपुरासुरलाई पराजित गर्न श्रीगणेशको आराधना गरी प्रसन्न तुल्याउनुभयो। प्रसन्नात्मा श्रीगणेश शिवजीसामु प्रकट हुनुहुँदा पञ्चमुख, दशबाहु र दश आयुधले सुहाउनुभएको वर्णन गरिएको छ ।[११५] श्रीगणेशका हातहरूमा दश आयुधका साथै ध्वज, बाण, धनुष, कमण्डलु, इक्षुदण्ड, दन्त, मुद्गर आदि आयुध र पात्रहरू पनि शोभायमान हुन्छन् । उहाँ अनेक श्रीविग्रहबाट सम्पन्न हुनुहुन्छ । श्रीगणेशका सबै प्रकारका श्रीविग्रहमा अङ्कुश भने रहेकै हुन्छ ।

तरुणगणपतिको एउटा ध्यानपद्यमा पाश, अङ्कुश, अपूप, कपित्थ, जम्बू, दन्त, इक्षुदण्ड धारण गर्नुहुने श्रीगणेशको स्वरूप चित्रण गरिएको छ ।[११६] यसै गरी त्यहाँ अभयमुद्रा, वरदमुद्रा, पाश, दन्त, अक्षमाला, सृणि, परशु, मुद्गर, मोदक र फल धारण गर्नुहुने सिंहास्य, सिंहवाहन हेरम्बगणपतिको ध्यान गरिएको छ ।[११७] मोदकलाई

---

११२. *देवेन्दुमौलिमन्दारमकरन्दकणारुणाः । विघ्नान् हरन्तु हेरम्बचरणाम्बुजरेणवः ॥*
रामलाल, 'श्रीगणेशजी के परिधान, आभूषण, आयुध, परिवार, पार्षद् और वाहन आदि', कल्याण, पूर्ववत्, पृ. १७५ ।

११३. *श्रीगणेशपुराण, १/१४/२१ ।*

११४. *खर्वं स्थूलतनुं गजेन्द्रवदनं लम्बोदरं सुन्दरं प्रस्यन्दमधुगन्धलुब्धमधुपव्यालोलगण्डस्थलम् ।*
दन्ताघातविदारितारिरुधिरैः सिन्दूरशोभाकरं वन्दे शैलसुतासुतं गणपतिं सिद्धिप्रदं कामदम् ॥
– रामलाल, 'श्रीगणेशजी के परिधान, आभूषण, आयुध, परिवार, पार्षद् और वाहन आदि', कल्याण, पूर्ववत्, पृ. १८१ ।

११५. *पञ्चवक्त्रो दशभुजो ललाटेन्दुः शशिप्रभः । मुण्डमालः सर्पभूषो मुकुटाङ्गदभूषणः ॥*
अग्न्यर्कशशिनो भाभिस्तिरस्कुर्वन् दशायुधः । तद्भासा धर्षितो देवोऽपश्यदुग्रं पुरःस्थितम् ॥ – श्रीगणेशपुराण, १/४४/२६-२७ ।

११६. *पाशाङ्कुशापूपकपित्थजम्बूस्वदन्तशालीक्षुमपि स्वहस्तैः ।धत्ते सदा यस्तरुणारुणाभः पायात् स युष्मांस्तरुणो गणेशः ॥ – रामलाल, 'श्रीगणेशजी के परिधान, आभूषण, आयुध, परिवार, पार्षद् और वाहन आदि', कल्याण, पूर्ववत्, पृ. १७७ ।*

११७. *अभयदवरदहस्तः पाशदन्ताक्षमालासृणिपरशू दधानो मुद्गरं मोदकञ्च । फलमधिगतसिंहः पञ्चमातङ्गवक्त्रो गणपतिरतिगौरः पातु हेरम्बनामा ॥ – पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाबुद्धिको परिचायक मानिएको छ र श्रीगणेश मोदकप्रिय मानिनुहुन्छ । उहाँले आफ्नो हातमा नित्य मोदकपात्र धारण गर्नुहुन्छ । हिमालयद्वारा पार्वतीलाई श्रीगणेशध्यानविधिको उपदेश दिने क्रममा मोदकधारी ध्येय श्रीगणेशको वर्णन गरिएको छ ।[११८]

पद्मपुराणको सृष्टिखण्डमा मोदकको निर्माण अमृतबाट भएको भनिएको छ । कुनै समयमा देवताहरूले भगवती पार्वतीलाई अमृतबाट बनेको मोदक समर्पण गरेका थिए । स्कन्द र श्रीगणेश दुवै त्यो मोदक प्राप्त गर्न लालायित भए । पार्वतीले भन्नुभयो – 'बाबु हो ! यस मोदकलाई सुंघ्नाले मात्र अमरत्व प्राप्ति हुन्छ । सुँघ्ने साधक ज्ञान–विज्ञानको ज्ञाता सर्वज्ञ बन्दछ । तिमी दुई भाइमा जुन धर्माचरणमा श्रेष्ठता प्राप्त गरी मेरो समीपमा आउनेछ त्यसलाई नै मैले यो मोदक दिनेछु ।' परिणामस्वरूप पृथिवी परिक्रमा गर्ने सन्दर्भमा माता–पिताको पूजा गरी सात पटक परिक्रमा गरेका कारण श्रीगणेश धर्माचरणमा प्रथम भई सर्वप्रथम माता–पिताका सामु आउनुभएकाले पार्वतीले उहाँलाई नै मोदक प्रदान गर्दै भन्नुभयो – 'म देवनिर्मित मोदक श्रीहेरम्ब अर्थात् श्रीगणेशलाई प्रदान गर्दछु ।'[११९] उक्त पौराणिक प्रसङ्गबाट श्रीगणेशको मोदकप्रियता प्रमाणित हुन्छ ।

ग) वाहन, आसन र छत्र

शास्त्र र पुराणहरूमा सिंह, मयूर, मूषक र अश्व (घोडा)लाई श्रीगणेशका वाहन बताइएको छ । वाहन र भुजाहरूको विषयमा श्रीगणेशपुराणमा यसरी वर्णन गरिएको छ – 'सत्ययुगमा श्रीगणेश सिंहवाहन, दशभुज, तेजोमय, विशालकाय, वरदायक र विनायक नामबाट प्रसिद्ध हुनुहुन्छ । त्रेतायुगमा – उहाँ मयूरवाहन, षड्भुज, गौरवर्ण र मयूरेश्वरका नामबाट विख्यात हुनुहुन्छ । द्वापरयुगमा रक्तवर्ण, मूषकवाहन, चतुर्भुज, देव–मानववन्दित र गजानन नामबाट प्रसिद्ध हुनुहुन्छ । कलियुगमा धूम्रवर्ण, अश्ववाहन, द्विभुज र धूम्रकेतुका नामबाट प्रसिद्ध हुनुहुन्छ ।'[१२०]

उक्त शास्त्रीय प्रमाण हुँदाहुँदै पनि श्रीगणेश मूषकवाहनका रूपमा संसारमा चिनिनुहुन्छ । उहाँलाई पृथिवीले वाहनका रूपमा मूसो प्रदान गरेकी थिइन् ।[१२१] श्रीगणेशपुराणअनुसार सौभरि ऋषिको सराप पर्नाले क्रौञ्च नामक गन्धर्व मूसो बनेको थियो । भगवान् श्रीगणेशले त्यसलाई वाहनका रूपमा स्वीकार गर्नुभयो ।[१२२]

श्रीगणेशको स्वरूप मानवीय सामान्य बुद्धिद्वारा गम्य छैन । उहाँको स्वरूप र वैभवको महिमालाई उहाँकै करुणाबाट मात्र जान्न सकिन्छ । सिद्धि–बुद्धिद्वारा सेवित, समस्त अलङ्कार एवं आयुधद्वारा अलङ्कृत, सिन्दूरकान्ति र मङ्गलमूर्ति श्रीगणेशको अलौकिक सौन्दर्यको आस्वाद पुण्यवान् साधकहरूले मात्र पाउँछन् । गणाधीश्वर वा गणराजराजेश्वरलाई साक्षात् जननी जगदम्बिका पार्वतीले पूजाको अवसरमा स्वर्णसिंहासन प्रदान गर्नुभएको थियो।[१२३]

---

११८. एकदन्तं शूर्पकर्णं गजवक्त्रं चतुर्भुजम् । पाशाङ्कुशधरं देवं मोदकान् बिभ्रतं वरैः ॥ – श्रीगणेशपुराण, १/४९/२१ ।

११९. अतो ददामि हेरम्बे मोदकं देवनिर्मितम् – पद्मपुराण, सृ.खं. ६५/१९ ।

१२०. सिंहारूढो दशभुजः कृते नाम्ना विनायकः । तेजोरूपी महाकायः सर्वेषां वरदो वशी ॥
त्रेतायुगे बर्हिरूढः षड्भूजोऽप्यर्जुनच्छविः । मयूरेश्वरनाम्ना च विख्यातो भुवनत्रये ॥
द्वापरे रक्तवर्णोऽसावाखुरूढश्चतुर्भुजः । गजानन इति ख्यातः पूजितः सुरमानवैः ॥
कलौ तु धूम्रवर्णोऽसावश्वारूढो द्विहस्तवान् । धूम्रकेतुरिति ख्यातो म्लेच्छानीकविनाशकृत् ॥ – श्रीगणेशपुराण, २/१/१८–२१ ।

१२१. वसुन्धरा ददौ तस्मै वाहनाय च मूषकम् । – ब्रह्मवैवर्तपुराण, गणपतिखण्ड १३/१२ ।

१२२. श्रीगणेशपुराण, २/१३५ ।

१२३. स्वर्ण सिंहासनं दिव्यं नानारत्नसमन्वितम् । समर्पितं मया देव ! तत्र त्वं समुपाविश ॥ – पूर्ववत्, १/४९/२५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै गरी देवराज इन्द्रले श्रीगणेशलाई महिमामय रत्नसिंहासन समर्पण गरेका थिए ।[१२४] पुष्पदन्तले सिंहासनासीन श्रीगणपतिको हृदयाभिराम सौन्दर्य साक्षात्कार गर्दै भनेका छन् – 'अमूल्य अलङ्कार, रत्न, वस्त्रद्वारा अलङ्कृत, ज्ञानका स्वामी गजानन सिंहासनमा राज हुनुहुँदा अत्यन्त सुषमासुन्दर देखिनुहुन्छ । आफ्नो मुहारबाट मन्द मुस्कानका सेता किरण छर्नुहुँदा उदयाचलबाट उदाउँदै गरेका सूर्यबिम्बसमान अरुणाभ देखिनुहुन्छ । उहाँको बायाँ भागमा रहेकी सिद्धि र दायाँ भागमा रहेकी बुद्धिले चमर डुलाएर निरन्तर सेवा गरिरहेका हुन्छन् ।[१२५] श्रीगणेशको दिव्यसिंहासनको शोभा दिव्य रत्नछत्रले बढाउँछ । त्यो रत्नछत्र उहाँलाई वरुणले प्रदान गरेका थिए ।[१२६]

वस्तुतः श्रीगणेशको वेषभूषा, अलङ्कार, पार्षद, आयुध र वाहन दिव्य सौन्दर्यले जगमगाइरहेका हुन्छन् । यी सबैको चिन्तनबाट साधक परममङ्गलको भाजन बन्ने कुरामा कुनै सन्देह छैन ।

घ) पार्षद

रूपमण्डननामक ग्रन्थमा श्रीगणेशका पार्षद अथवा प्रतीहारहरूको विवरण दिइएको छ । तिनले श्रीगणेशमन्दिर वा श्रीगणेशधाममा रहेर द्वारपालको काम गर्दछन् । एउटा-एउटा द्वारमा दुई-दुई प्रतीहार रहने व्यवस्था छ । तिनका नाम यस प्रकार छन् – अविघ्न, विघ्नराज, सुवक्त्र, बलवान्, गजकर्ण, गोकर्ण, सुसौम्य र शुभदायक । श्रीगणेशमन्दिरमा उहाँका श्रीविग्रहको बायाँभागमा गणकर्ण, दायाँ भागमा सिद्धि, उत्तरमा गौरी, पूर्वमा बुद्धि, दक्षिण-पूर्वमा बालचन्द्र, दक्षिणमा सरस्वती, पश्चिममा कुबेर र पछाडि धूम्रकका प्रतिमाहरूको स्थापना गर्नुपर्ने कुरा बताइएको छ ।[१२७]

ङ) परिवार

श्रीगणेश ओङ्काररूप हुनु भए तापनि लोकको कल्याणका लागि अवतरित हुनुहुँदा माता पार्वती र पिता शङ्करका पुत्रका रूपमा लीला गर्नुहुन्छ । उहाँको साकार लीलाका अवसरमा पत्नी, सिद्धि एवं बुद्धि र पुत्र क्षेम एवं लाभ भएको तथ्य श्रीगणेशपुराणलगायतका वाङ्मयमा व्यक्त भएको छ ।

श्रीगणेशपुराणअनुसार एक दिन ब्रह्माजीले श्रीगणेशको आराधना गर्नुभयो । आराधनाको अवसरमा त्यहाँ दुइटी सुन्दर कन्या उपस्थित भए । ती कन्याहरूका आँखा आकर्षक र मुख प्रसन्न थिए । अनेकथरि रत्नले सजिएका र दिव्यगन्धले सम्पन्न ती युवतिहरूले आकर्षक वस्त्र धारण गरेका थिए । तिनका सुन्दर कण्ठहरूमा दिव्य माला सुहाएका थिए । ब्रह्माजीले दक्षिणाको रूपमा ती दुई कन्या श्रीगणेशलाई अर्पित गरी कपूरले आरती गरेर पुष्पाञ्जलि टक्र्याउनुभयो । एक हजार नाम जपेर स्तुति एवं प्रदक्षिणा गरी प्रणाम गर्दै भन्नुभयो- 'हे श्रीगणेश! तपाईं दीन-दुःखीहरूका कल्याणकारी हुनुभएकाले मेरो पनि कल्याण गर्नुहोस् ।' यसरी ब्रह्माजीद्वारा पूजित र प्रार्थित श्रीगणेश प्रसन्न भएर उहाँद्वारा टक्र्याइएका कन्याहरू सिद्धि र बुद्धिलाई पत्नीका रूपमा स्वीकार गरी

---

१२४. *रत्नसिंहासनं शक्रः। – ब्रह्मवैवर्तपुराण, गणपतिखण्ड १३/८ ।*

१२५. *अनर्घ्यालङ्कारैररुणवसनैर्भूषिततनुः करीन्द्रास्यः सिंहासनमुपगतो भाति बुधराट् ।*
स्मितास्यात्तन्मध्येऽप्युदितरविबिम्बोपमशुचिः स्थिता सिद्धिर्वामे मतिरितरगा चामरकरा ॥
– रामलाल, 'श्रीगणेशजी के परिधान, आभूषण, आयुध, परिवार, पार्षद और वाहन आदि', कल्याण, पूर्ववत्, पृ. ११० ।

१२६. *रत्नछत्रञ्च वरुणः – ब्र.वै.पु. गणपतिखण्ड, १३/९ ।*

१२७. *वामाङ्गे गजकर्णन्तु सिद्धिं कुर्यात्तु दक्षिणे । पृष्ठदेशे तथा द्वौ च धूम्रको बालचन्द्रमाः ॥*
उत्तरे तु सदा गौरी याम्ये चैव सरस्वती । पश्चिमे यक्षराजश्च बुद्धिः पूर्वे व्यवस्थिता ॥
– रामलाल, 'श्रीगणेशजी के परिधान, आभूषण, आयुध, परिवार, पार्षद और वाहन आदि', कल्याण, पूर्ववत्, पृ. १८८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्धान हुनुभयो ।[१२८]

श्रीगणेशपुराणमा अनिर्वाच्य रूपका हुनुभए तापनि लीला गर्न मुनिका सामु आउनुभएका करोडौं सूर्यभन्दा पनि तेजिला, सिद्धि र बुद्धिका स्वामी श्रीगणेशले गृत्समद ऋषिलाई दर्शन दिनुभएको विषय वर्णन गरिएको छ ।[१२९] शिवपुराणमा श्रीगणेशकी सिद्धिनामक पत्नीबाट क्षेमनामक पुत्र र बुद्धिनामक पत्नीबाट लाभनामक पुत्र पैदा भएको विषयमा प्रकाश पारिएको छ ।[१३०] जसका माता पिता पार्वती एवं शङ्कर हुनुहुन्छ, पत्नीहरू सिद्धि एवं बुद्धि छन्, पुत्रहरू क्षेम एवं लाभ छन् त्यस्ता विघ्नहर्ता गजानन प्रभुको पारिवारिक सौन्दर्यको संस्मरण निश्चय नै कल्याणकारी हुन्छ । श्रीगणेशको प्रसन्नताका लागि उहाँको परिवार यद्वा पत्नी र पुत्रहरूको चिन्तन गर्नु पनि मङ्गलमय हुने गर्दछ। श्रीगणेश सिद्धि र बुद्धिका पति हुनुहुन्छ । शास्त्रहरूमा कहीँ कहीं उहाँलाई ऋद्धि र पुष्टिका पति पनि मानिएको छ । उहाँको दायाँ भागमा बुद्धि र बायाँ भागमा सिद्धिको उपस्थिति हुने कुरा बताइएको छ । जसले श्रीगणेशको उपासना गर्दछन्, ती साधक सिद्धि र बुद्धिद्वारा सम्पन्न हुन्छन् । बुद्धिलाई विश्वात्मिका ब्रह्ममयी शक्ति मानिएको छ भने सिद्धिलाई मोहमयी शक्ति मानिएको छ । यी दुवैका साथ श्रीगणेशले अखण्डरूपमा मङ्गललीलाको सम्पादन गर्नुहुन्छ । शिवपुराणअनुसार पूजा र परिक्रमाबाट प्रसन्न हुनुभएका शिव-पार्वतीले विश्वरूप प्रजापतिका दुई पुत्री सिद्धि र बुद्धिका साथ श्रीगणेशको विवाह गराइदिनुभएको थियो । श्रीगणेशका क्षेम र लाभ नामक दुई पुत्र मानिएका छन्। सिद्धि र बुद्धि हुने साधकले क्षेम र लाभ प्राप्त गर्नु स्वाभाविक नै हो।

ॐ

---

१२८. पूजार्थं देवदेवस्य गणेशस्य प्रसादतः । दक्षिणावसरे द्वे तु कन्यके समुपस्थिते ।।
चारुप्रसन्ननयनवदनैः सुविराजिते । अनेकरत्नखचितनानालङ्कारशोभिते ।।
दिव्यगन्धयुते दिव्यवस्त्रमालाविभूषिते । ते तस्मै दक्षिणार्थं स कल्पयामास पद्मभूः ।।
रम्भागर्भेण नीराज्य दिव्यं पुष्पाञ्जलिं ददौ । सहस्रनामभिः स्तुत्वा प्रदक्षिणमथाकरोत् ।।
नमस्य प्रार्थयामास दीनानां शङ्करो भव । एवं सम्पूजितस्तेन ब्रह्मणा परमेष्ठिना ।।
ततः प्रसन्नो भगवान् विघ्नहर्ता गजाननः । सिद्धिबुद्धी गृहीत्वा ते ह्यन्तर्धानमगाद् विभुः ।। - श्रीगणेशपुराण, १/१५/३४-३९ ।

१२९. सिद्धिबुद्धियुतः श्रीमान् कोटिसूर्याधिकद्युतिः। अनिर्वाच्यस्वरूपोऽपि लीलयाऽऽसीत् पुरो मुनेः।। - पूर्ववत्, १/४९/१३ ।

१३०. सिद्धेर्गणेशपत्न्यास्तु क्षेमनामाऽभवत् सुतः । बुद्धेर्लाभाभिधः पुत्र आसीत् परमशोभनः ।। - शिवपुराण, रुद्रसंहिता, कुमारखण्ड, २०/८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद - चार

श्रीगणपति-उपासनाका विविध प्रसङ्ग

हिन्दुजातिको उपासनाविज्ञानले इतिहासको विकास, समाजको आवश्यकता र परिस्थितिअनुसार बाह्यरूपमा आफूलाई परिवर्तन गर्दै ल्याएको छ । तर त्यसको मूल तत्त्व समन्वयात्मक शैलीमा देवप्रतिमाको उपासनामा सुरक्षित रहेको छ । देवोपासनामा व्यक्ति र समाजको रुचि, संस्कार, क्षेत्रविशेषको परम्परा र समयको आवश्यकताअनुसार परब्रह्मको कुनै एक साकार रूपलाई प्रधानता प्रदान गरिन्छ । तदनुसार नेपालमा शिव र बुद्धलाई, बङ्गालमा शक्तिलाई, उत्तरभारतमा राम र कृष्णलाई, महाराष्ट्र–कर्णाटक आदि दक्षिण भारतका प्रान्तहरूमा श्रीगणेश र स्कन्दलाई प्रधानता दिई उपासना गर्ने गरेको पाइन्छ ।

४.१ श्रीगणेशपुराणमा गणपति-उपासना

लोककल्याण र विश्वशान्तिका लागि लीलावरण गर्नुहुने ओङ्काररूप मङ्गलमूर्ति श्रीगणेश देवता असुर एवं मानव सबैका पूजा र उपास्य हुनुहुन्छ । भक्तहरूका लागि रूचिअनुसार श्रीगणेश, सदाशिव, नारायण, सूर्यनारायण एवं शक्तिमध्ये कुनै एक देवता उपास्य हुन सक्नुहुन्छ । सबै देवताको समान महत्त्व छ । तर, देवताका पनि देवता आदिपूज्य श्रीगणेशको भने आफ्नो छुट्टै विशेषता छ । त्यसैले श्रीगणेशपुराणमा भनिएको छ – ओङ्कार रूप श्रीगणेशका भक्तहरू हरि, हर, सूर्य र शक्तिलाई छाडेर देवताका पनि देवता र प्रथमपूज्य देवता श्रीगणेशको अर्चना उपासना गर्दछन् ।[१]

श्रीगणेशपुराणमा निराकार एवं साकार श्रीगणेशको मान्त्रिक उपासनाको विषयमा राम्ररी प्रकाश पारिएको छ । आगमहरूमा रहेका श्रीगणेशका सात करोड मन्त्रहरूमध्ये षडक्षर मन्त्र '**वक्रतुण्डाय हुम्**' र एकाक्षर मन्त्री '**गम्**' लाई सर्वश्रेष्ठ मन्त्रका रूपमा स्वीकार गरिएको छ ।[२] सबै प्रकारका कल्याणको चाहना गर्नेहरूले श्रीगणेशको उपासना गर्नुपर्ने कुरा बताइएको छ ।[३] उपासकहरूले जुन देवताको जसरी उपासना गरे पनि त्यो उपासना श्रीगणेशकै उपासनामा रूपान्तरित हुन्छ । श्रीगणेशले त्यस्ता उपासकलाई तिनले उपासना गरेकै रूप लिएर दर्शन दिनुहुन्छ भन्ने श्रीगणेशपुराणको निष्कर्ष रहेको छ ।[४]

श्रीगणेश वास्तवमा निराकार ब्रह्म हुनुहुन्छ । उहाँले भक्तहरूमाथि कृपा गरेर साकार रूप ग्रहण गर्नुहुन्छ । यदि उहाँले साकार रूपमा अवतार लिनुहुन्नथ्यो भने शास्त्रमा बताइएका उपासनाविधि व्यर्थ हुने थिए र आराधनाका औपचारिक कर्म अर्थहीन हुने थिए, श्रीगणेशको गुणगरिमाले भक्तको हृदयमा स्थान पाउने थिएन, पुरुष रूपमा विराजमान श्रीगणेशको प्रकृतिसँग विलास सम्भव हुने थिएन, भक्तहरूले भगवान् श्रीगणेशको साकार दर्शन पाउने थिएनन् र उहाँबाट स्वर्ग आदिको वरदान पाउने सम्भावना पनि रहने थिएन । उक्त सबै समस्यालाई हृदयङ्गम गरी ओङ्काररूप श्रीगणेशले साकार रूप लिनुहुन्छ र उपासकहरूलाई आराधना र उपासनाका फल प्रदान गर्नुहुन्छ ।[५]

---

१. *त्यक्त्वा हरिं हरं चाम्बां तेजोयुक्तं परं रविम् । सर्वैः संपूज्यते देवदेव आदौ गजाननः ॥* – श्रीगणेशपुराण २/३२/३२ ।

२. *सप्तकोटिमहामन्त्रा गणेशस्यागमे स्थिताः । षडक्षरैकाक्षरयोः तेषु श्रैष्ठ्यं हि विद्यते ॥* – पूर्ववत्, १/१०/३-४ ।

३. *उपासका गणेशस्य सर्वे लोकाश्चराचराः । अत एव गणेशाद्धि परं किञ्चिन्न विद्यते ॥* – पूर्ववत्, १/१२/११ ।

४. *येन येन हि रूपेण जनो मां पर्युपासते । तथा तथा दर्शयामि तस्मै रूपं सुभक्तितः ॥* – पूर्ववत्, २/१४६/४० ।

५. *निराकृतेस्ते यदि नाकृतिः स्यादुपासनाकर्मविधिः वृथा स्यात् । गुणप्रपञ्चः प्रकृतेर्विलासा जनस्य भोगश्च तदा कथं स्युः ॥* – पूर्ववत्, २/५३/३५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथिवीको धूलो, आकाशका तारा र वर्षाका धाराको गणना गरी संख्या जान्न सकिएला, तर साकार स्वरूप अथवा निराकारस्वरूप अपरिमित शक्तिसम्पन्न श्रीगणेशका गुणहरूको गणना गर्न हजारौं वर्ष लगाउँदा पनि ब्रह्माजी र शेषनाग पनि समर्थ हुँदैनन् । यस्ता श्रीगणेशको आराधना र उपासना गर्नु नै मानवहरूका लागि कल्याणकारी सर्वोत्तम उपाय हो ।[६]

श्रीगणेशका भक्त सज्जनहरूको सङ्गति प्राप्त भएमा तिनीहरूबाट आशीर्वाद र कृपा प्राप्त गर्न सकिन्छ । आशीर्वाद र कृपा प्राप्त भएमा उपासना आदि उत्तम कर्ममा प्रवृत्ति हुन्छ र सच्चिदानन्दस्वरूप श्रीगणेशको सम्झना पनि भइरहन्छ । निरन्तर श्रीगणेशको सम्झना गरिरहँदा चित्तशुद्धि हुन्छ । चित्तशुद्धि भएपछि श्रीगणेशको कृपा प्राप्त हुन्छ । श्रीगणेशको कृपाबाट साधनरूप ज्ञान प्राप्त हुन्छ र त्यसबाट साध्यरूप मुक्ति सुलभ हुन्छ ।[७]

श्रीगणेशपुराणमा उपासनाका अनेक विधिहरूका साथै तत्सम्बन्धी अनेक आख्यान पनि रहेका छन् । मन्त्रजपपूर्वक तपस्या, सहस्रनामपाठ, स्तुतिपाठ, षोडशोपचार, पञ्चोपचार एवं मानसोपचारद्वारा पूजन, मूर्तिप्रतिष्ठा गरी पूजन एवं मन्त्रजाप र श्रीगणेशतीर्थमा स्नानका साथै श्रीगणेशको प्यारो तिथि चतुर्थीमा गरिने र चतुर्थीमा आरम्भ गरी महिनौं अथवा वर्षौंसम्म गरिने पार्थिवपूजन, संकष्टचतुर्थीव्रत, वरदचतुर्थीव्रत, भौमचतुर्थीव्रत, सिद्धिविनायकव्रतजस्ता उपासनाका आधारभूत उत्तम समय, सामग्री, साधना र समर्पणका विषयमा श्रीगणेशपुराणमा व्यापक रूपमा चर्चा गरिएको छ । श्रीगणेशको सामान्य र विशेष उपासनाका सबै पक्ष समेटिएकाले श्रीगणेशपुराणको प्रथम भागलाई उपासनाखण्ड भनी नामकरण गरिएको पाइन्छ ।

माथि उल्लेख गरिएका जुनसुकै व्रतविधि अंगालेर उपासना गर्दा पनि उपासकको हृदयबिन्दुमा भक्तितत्त्व हुनैपर्ने कुरा बताइएको छ । वास्तवमा सर्वज्ञ, सर्वदर्शी, सर्वव्यापी र सर्वान्तर्यामी श्रीगणेश भक्तिबाट मात्र प्रसन्न हुनुहुन्छ । भक्त-उपासकद्वारा भक्तिपूर्वक अर्पण गरिएका पत्र, पुष्प, कन्दमूल, फल र जलले पनि प्रसन्न हुनुहुने श्रीगणेशले भक्तका निमित्त सामान्य विषयमात्र नभई आफूलाई पनि सुम्पिदिनुहुन्छ ।[८]

श्रीगणेशको मन्त्रजप गर्दै उपासना गर्दा भूतशुद्धि, प्राणस्थापन, अन्तर्न्यास, बहिर्न्यास, षडङ्गन्यास, मन्त्रन्यास, ध्यान, निश्चित संख्यामा मन्त्रजप, जपनिवेदन, स्तुति, प्रार्थना र प्रणाम गर्नुपर्ने विधि बताएर श्रीगणेशपुराणले साधनाको क्रमनिर्देश गरेको छ ।[९] श्रीगणेशको पूजा गर्दा आवश्यक हुने ध्यान, आवाहन, आसन आदि षोडशोपचारको क्रम पनि त्यहाँ बताइएको छ ।[१०] श्रीगणेशको पूजनमा दूर्वा, मन्दार एवं शमीपत्रको उपयोग अत्यन्त फलदायक हुने कुरा विभिन्न कथाहरूको माध्यमबाट स्पष्ट गरिएको छ । उक्त सबै प्रकारका उपासनाका सरणि अंगालेर उपासना गर्नाले विघ्नहर्ता श्रीगणेशले विघ्नव्यूहको निवारण गर्नुका साथै ऐहिक भुक्ति पारलौकिक स्वर्गादि सुखसन्तति र पारमार्थिक मुक्तिसमेत प्रदान गर्नुहुने तथ्य ती-ती उपासनाका विधिहरूको वर्णन गर्ने सन्दर्भमा प्रकट गरिएको छ । आपादमस्तक श्रीगणेशका श्रीविग्रहको ध्यान गरी षोडशोपचार वा मानसोपचारद्वारा पूजा गरेर पुरश्चरणविधिबाट श्रीगणेशको मन्त्रजप गर्दा उहाँको साक्षात् दर्शन सुलभ हुने कुरा श्रीगणेशपुराणमा निरूपण गरिएको छ ।[११]

यसरी आराधना गर्ने उपासकमा तीव्र भक्तिभाव हुनुपर्ने कुरा बताएर राजा भीमको दृष्टान्त प्रस्तुत गरिएको छ । उनी भोजन, शयन, यात्रा, संवाद र श्वासप्रश्वासका अवसरहरूमा पनि एकचित्त भई श्रीगणेशको तीव्र ध्यान गरिरहन्थे । तिनले जल, स्थल, आकाश, ग्रह-नक्षत्र, सूर्य, चन्द्र, स्वर्ग, देवता, मानिस, पशु, पक्षी, वृक्ष-लता, वनस्पति, औषधि, भोज्य, पेय

६. धरारजः कोऽपि मिमीत नाके, तारागणं वारिमुचाञ्च धाराः । नालं गुणनां गणनां हि कर्तुम्, शेषो विधाता तव वर्षपूगैः ।। - पूर्ववत्, २/५३/३४ ।

७. सत्सङ्गतिश्चेत् सदनुग्रहः स्यात् सत्कर्मनिष्ठा सदनुस्मृतिश्च। चित्तस्य शुद्धिर्महती कृपा च ज्ञानं विमुक्तिश्च न दुर्लभा स्यात् ।। - पूर्ववत्, २/५३/३६ ।

८. सर्वज्ञः सर्वदर्शी च सर्वगः सर्वचित्तवित् । भक्त्यैव तुष्यते देवो भावो हि तोषकारणम् ।।
भक्त्याहृतं पलाशं च जलं पुष्पं मनोहरम् । तेनैव परितुष्टोऽसावात्मानञ्च प्रयच्छति ।। - पूर्ववत्, २/२५/२८-२९ ।

९. पूर्ववत् ।

१०. पूर्ववत् ।

११. पूर्ववत्, १/११ अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि सबै किसिमका पदार्थमा श्रीगणेशको दर्शन गरेका थिए । बाटोमा भेटिने प्रत्येक प्राणीलाई श्रीगणेशरूप मानी प्रणाम गर्दथे । यस्तो तन्मयताका कारण तिनले श्रीगणेशको दर्शन प्राप्त गरेका थिए ।[१२] उपासकहरूले श्रीगणेशको प्रसन्नताका लागि गरिने दान, हवन, जप, तप, भक्ति र स्वाध्यायलाई श्रीगणेशको सम्पत्ति जानी उहाँलाई नै अर्पण गर्दा ती उपासकहरूका कार्य सिद्ध हुने कुरा श्रीगणेशपुराणमा बताइएको छ ।[१३] भगवान् श्रीगणेशले श्रीगणेशगीतामा भन्नुभएको छ – ध्यान आदि उपचार, पञ्चामृत स्नान, वस्त्र, अलङ्कार, सुगन्ध, धूप, दीप, नैवेद्य, फल, ताम्बूल, दक्षिणा आदि समर्पण गरी जसले मेरो पूजा गर्दछ त्यसले चिताएको कुरा म परिपूर्ण गराउँछु । जुन उपासकहरूले निष्कामभावले मेरो आराधना गर्दछन् तिनीहरूले परब्रह्मस्वरूप मलाई प्राप्त गर्दछन् ।[१४]

महर्षि कश्यपले मानव, देवता, दैत्य, यज्ञ, किन्नर, गन्धर्व, चारण, सिद्ध, गुहयक, पशु, पक्षी, पृथिवी, पर्वत, वृक्ष आदि असंख्य सचेतन, अचेतन आफ्ना सन्ततिलाई पात्रताअनुरूप दीक्षामन्त्र प्रदान गरेका थिए । ती सबैले एकान्तमा गई मन्त्रसिद्धि गरे । उपासनामा लीन ती सबै श्रीगणेशप्रति भक्तिभावले ओतप्रोत थिए र बस्दा, खाँदा, शयन गर्दा र जाग्दा पनि श्रीगणेशको ध्यानमा रमाइरहेका थिए । तिनीहरूको उपासनाबाट प्रसन्न भई श्रीगणेशले तिनीहरूले ध्यान गरेको स्वरूप लिएर प्रत्येकलाई दर्शन दिनुभयो । कहीँ बालरूपमा, कहीँ तरुणरूपमा, कहीँ अष्टादशबाहु, कहीँ द्वादशबाहु, कहीँ दशबाहु, कहीँ षड्बाहु, कहीँ चतुर्बाहु, कहीँ द्विबाहु आदि रूप लिई श्रीगणेशले आफ्ना भक्तहरूलाई दर्शन दिएर कृतार्थ गराउनुभयो ।

श्रीगणेश कहीँ सिंहवाहन, कहीँ मयूरवाहन, कहीँ अश्ववाहन र कहीँ मूषकवाहन हुनुहुनुथ्यो । यसरी श्रीगणेशको दर्शन एवं वरसमेत प्राप्त गरेका ती सबै कश्यप ऋषिका सन्तानहरूले हर्षले गद्गद भई आफ्नो जाति र वर्गअनुसार श्रीगणेशमूर्ति बनाई स्थापना गरी अर्चना गरेका थिए । मूर्ति स्थापनाको क्रममा देवताहरूले सुमुखमूर्ति, मुनिहरूले एकदन्तमूर्ति, गन्धर्व एवं किन्नरहरूले कपिलमूर्ति, गुह्यक, चारण एवं सिद्धहरूले गजकर्णमूर्ति, मानिसहरूले लम्बोदरमूर्ति, वन्य प्राणीहरूले विकटमूर्ति, पर्वत एवं वृक्षहरूले विघ्ननाशकमूर्ति, पक्षीहरूले विनायकमूर्ति, सर्पहरूले धूम्रकेतुमूर्ति, जलाशयहरूले गणाध्यक्षमूर्ति, कृमि, कीट, वनस्पति एवं औषधिहरूले भालचन्द्रमूर्ति र अन्य प्राणीहरूले गजाननमूर्ति स्थापना गरी अर्चना गरेका थिए ।[१५]

देवताहरूलगायत सम्पूर्ण प्राणीहरूसम्मका आराधकहरूद्वारा स्थापित सुमुख आदि मूर्तिहरुका सुमुख, एकदन्त, कपिल, गजकर्ण, लम्बोदर, विकट, विघ्ननाशक, विनायक, धूम्रकेतु, गणाध्यक्ष, भालचन्द्र र गजानन यी बाह्र नाम सिद्धमन्त्र झैं पवित्र र प्रभावकारी मानिएका छन् । यी बाह्र नामको पाठ र श्रवण दुवै मङ्गलकारी मानिएका छन् । विद्या आरम्भ गर्दा, विवाह गर्दा कुनै ठाउँमा प्रवेश गर्दा, कुनै ठाउँबाट बहिर्गमन गर्दा, संग्राम गर्दा र सङ्कट पर्दा उक्त बाह्र नामहरूको श्रवण र पाठ गर्नाले सफलता हस्तगत हुन्छ र विघ्नहरूको निवारण हुन्छ भनिएको छ ।[१६]

---

१२. *तत्रार्चयामास विभुं सर्वदा तं विनायकम्। उपवासपरो नित्यं तन्मन्त्रमवलोडयन् ।।*
भोजने शयने याने वचने श्वसनेऽपि च। तमेव चिन्तयन् नित्यमनन्यमनसा नृपः ।।
जले स्थले नभोमार्गे स्वर्गे देवे नरे द्रुमे। भक्ष्ये पेये नृपोऽपश्यद् विनायकमनुत्तमम् ।।
यं यं पश्यति तं नौति दृढालिङ्गनतत्परः । - पूर्ववत्, १/२७/१३-१६ ।

१३. *दानं होमो जपो भक्तिस्तपः स्वाध्याय एव च।*
यद् यत् करोषि तत् सर्वं स मे मयि निवेद्यताम् ।। - पूर्ववत्, २/१४४/२१ ।

१४. *ये मां सम्यगुपासन्ते परं ब्रह्म प्रयान्ति ते । ध्यानाद्यैरूपचारैर्मां तथा पञ्चामृतादिभिः ।।*
स्नानवस्त्राद्यैरुपचारैर्मां तथा पञ्चामृतादिभिः। भक्त्यैकचेतसा चैव तस्येष्टं पूरयाम्यहम् ।। - पूर्ववत्, २/१४४/६० ।

१५. *पूर्ववत्, १/९२ ।*

१६. *सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः । लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः।।*
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः । द्वादशैतानि नामानि यः पठेत् शृणुयादपि ।।
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा । सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ।। - पूर्ववत्, १।९२/४३-४५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराणको समग्र उपासनाखण्ड श्रीगणेशको उपासनामा केन्द्रित छ । ब्रह्मा, विष्णु, शिव, पार्वती, स्कन्द, इन्द्र, चन्द्रमा, मङ्गल, शेषनाग, परशुराम, महर्षि कश्यप, कामदेव, राजा कीर्तवीर्य, राजा चन्द्राङ्गद, राजा नल, राजा शूरसेन आदि भक्तहरूद्वारा उपासित सङ्कष्टनाशक, सर्वविघ्नविनाशक, मङ्गलदायक र मङ्गलमूर्ति श्रीगणेशको उपासनाका सोपान र सरणिहरूको दिग्दर्शन गराइएको छ । पार्थिव पूजाविधि, सङ्कष्टीव्रतविधि र सामान्य श्रीगणेशपूजन विधिहरूको निरूपणका साथै श्रीगणेशको पूजा-आराधनाबाट आधिभौतिक, आधिदैविक र आध्यात्मिक दुःख निवृत्ति हुनुका साथै विघ्नवाधा, सङ्कट, वेदना र आधि-व्याधिसमेतको समूल उच्छेदन हुने तथ्यलाई विभिन्न कथाहरूको माध्यमबाट प्रस्तुत गरिएको छ । श्रीगणेशपुराणमा निरूपित मन्त्रसमूह, न्यास, कवच र सहस्रनामद्वारा श्रीगणेशको आराधना-उपासना गर्दा तत्काल फल प्राप्त हुने कुरा अनेकौं भक्तहरूको अकल्पनीय अनुभूति र ऋषिमुनिहरूका प्रामाणिक वाग्विभूतिले प्रमाणित गर्दछन् ।

४.२ वैदिकवाङ्मयमा श्रीगणेशको उपासना

गणेशका उपासकहरूका निमित्त एकाक्षर ओङ्कारको उपासना नाम-स्वरूप उपासना हो । यहाँ श्रीगणेशपदबाट शिव एवं पार्वतीका पुत्र श्रीगणेशको उपासना भन्ने अर्थ लिइँदैन । पार्वतीका पुत्र गजानन परब्रह्मका अवतार हुनुहुन्छ ।

निराकार र निर्गुण हुनु भए पनि परमात्मा श्रीगणेशले आफूलाई ब्रह्मा, विष्णु र शिवका रूपमा विभक्त गर्नुभयो । ती देवताहरूको माध्यमबाट सृष्टि, पालन र संहारको व्यवस्था मिलाउनुभयो । यसरी व्यवस्था मिलाउँदा उहाँले साधक र ती ठूला देवताहरूका निमित्त ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदका चार मन्त्रवाक्यलाई संयोजन गरी तयार गरिएको मन्त्रराज प्रदान गर्नुभयो । त्यस मन्त्रराजमा चार पाउ र छ विभाग छन् - **रायस्पोषस्य दाता** (ऋग्वेद), **निधिदातान्नदो मतः** (यजुर्वेद), **रक्षोहणो बलगहनः** (सामवेद), **वक्रतुण्डाय हुम्** (अथर्ववेद) । उक्त एकीकृत मन्त्रका छ विभाग र विभागका पनि छुट्टाछुट्टै फल रहेका छन् । **रायस्पोषस्य दाता** यो प्रथम विभाग हो । यस मन्त्रको जपानुष्ठान गर्ने साधकले पृथिवीमा विशिष्ट स्वामित्व प्राप्त गर्दछ । दोस्रो विभागमा पर्ने **निधिदाता** मन्त्रद्वारा उपासना गर्ने साधक दिक्पति र धनपति बन्दछ। तेस्रो पद **अन्नदः**को जपानुष्ठानद्वारा श्रीगणेशको उपासना गर्ने साधक देवाधिपति र स्वर्गपति बन्दछ । चौथो पद **रक्षोहणः** द्वारा उपासना गर्ने साधकले देवाधिपत्य र ब्रह्माधिपत्य प्राप्त गर्दछ । पाँचौ पद **बलगहनः** मन्त्रद्वारा उपासना गर्ने साधकले विष्णुलोकमा आधिपत्य कायम गर्दछ । **वक्रतुण्डाय हुम्** यस मन्त्रद्वारा उपासना गर्ने साधकले ब्रह्मस्वरूप निरञ्जन व्योमपदको ज्ञान गरी अमृततत्त्व र सत्यलोकाधिपत्य प्रात गर्दछ । यो मन्त्रोपासना निर्गुण परब्रह्मरूप श्रीगणेशको उपासना हो ।[१७]

जसले निर्गुण उपासना गर्न सक्दैनन् तिनले सगुण विधिबाट सगुणोपासना गर्नुपर्दछ । सगुणोपासकले पनि त्यही फल पाउँछन् जुन फल निर्गुणोपासकले पाउँछन् । उपासना गर्ने विधिमा भने अन्तर रहेको हुन्छ । परमात्मा श्रीगणेशले भक्तहरूको उपकारका लागि आफूलाई सगुण रूपमा अवतरित गराउनुहुन्छ । उत्तम भक्तले उहाँको मूल स्वरूप जानेर अवतरित स्वरूपको उपासना गर्दछन् । सगुण स्वरूपको निष्ठापूर्वक उपासना गर्ने साधकहरूमा मुद्गल, गृत्समद, वरेण्य आदि उत्तम मानिएका छन् ।

भगवान् श्रीगणेशको सगुणोपासनाका अनेक भेद र अनेक विधि रहेका छन् । युगभेद र आगमभेदका कारण भगवान्का स्वरूप र वाहनहरूमा पनि अन्तर रहेको हुन्छ । दुई भुजादेखि अठार भुजासम्मका भगवान्का मूर्तिहरूको निर्माण गर्ने विधान रहेको छ । एक मुखदेखि लिएर दश मुखसम्मका श्रीगणेशहरूको उपासना गरिन्छ । भक्तहरूले मूषकवाहन श्रीगणेशका साथै सिंहवाहन, मयूरवाहन र अश्ववाहन श्रीगणेशको पनि उपासना गर्दछन् । वस्तुविशेषको

१७. *पं. दामोदर प्रह्लाद पाठक, 'सच्चिदानन्द गणेश की निर्गुण-सगुण उपासना', कल्याण, पूर्ववत्, पृ. ९६ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्पणका दृष्टिबाट श्रीगणेशका नाम पनि फरक फरक छन् । शमीपत्र समर्पण गरेर आराधना गरिने श्रीगणेशलाई शमीगणेश भनिएझैं हरिद्रागणेश, दूर्वागणेश र गोमयगणेश आदि नामहरू पनि रहेका छन् । काम्यकर्ममा व्यक्त हुने कामनाअनुसार पनि श्रीगणेशको उपासना गरिने हुँदा ती ती फलअनुसार श्रीगणेशका सन्तानगणेश, विद्यागणेश आदि अनेकौं नाम रहेका छन् ।[१८]

विभिन्न फलप्राप्तिका दृष्टिबाट गरिने श्रीगणेशका सकाम व्रतहरू पनि छन् । तिनमा वरदचतुर्थीव्रत, एकविंशतिदिवसीय व्रत, गणपतिव्रत, श्रीगणेशपार्थिवपूजनव्रत, श्रीगणेशचतुर्थीव्रत, तिलाचतुर्थीव्रत, सङ्कष्टहरचतुर्थीव्रत, वैनायिकी-चतुर्थीव्रत आदि प्रमुख छन् । यस अतिरिक्त विशिष्ट कामना र सम्प्रदायअनुसार पनि अनेक व्रताचार रहेका छन् । उपासनाभन्दा कर्ममा अधिक विश्वास गर्ने कर्मनिष्ठहरूले शास्त्रीय विधिबाट श्रीगणेशभद्र, गणपतिभद्रक आदि निर्माण गरेर तिनमा श्रीगणेशयन्त्र स्थापना गरी हविष्यान्नको हवन गर्दछन् । कतिपय उपासकहरूले वाक्सिद्धि, कामनापूर्ति, विद्याप्राप्ति, यशोलाभ, पापनाश आदि फलका लागि व्रतानुष्ठान गर्दछन् । तिनले एकाक्षर मन्त्र र अनेकाक्षर सिद्ध मन्त्रहरूको पनि जप गर्दछन् । सिद्धमन्त्रहरूको जपसिद्धिका लागि हवन, तर्पण, मार्जन, ब्राह्मणभोजन आदिको विधान रहेको छ ।

४.३ तन्त्रवाङ्मयमा श्रीगणेशको उपासना

श्रीतत्त्वनिधि, श्रीविद्यार्णवतन्त्र, मेरुतन्त्र आदि अनेकौं तन्त्रशास्त्रका विशिष्ट ग्रन्थहरूमा विधिपूर्वक श्रीगणेशको उपासनाको दिग्दर्शन गराइएको पाइन्छ । श्रीगणेशको आराधनालाई पहिलो प्राथमिकता दिएर तन्त्रहरूले प्रस्तुत गरेका छन्। यहाँ विद्यार्णवतन्त्र र सुमेरुतन्त्रमा प्रस्तुत श्रीगणेश आराधनाविधिका सम्बन्धमा सङ्क्षिप्त चर्चा गरिँदैछ ।

अ) विद्यार्णवतन्त्र

श्रीविद्यार्णव तन्त्रमा वर्णित सबै आम्नायमा प्रमुख मानिएका पन्ध्र श्रीगणेश यसप्रकार छन् – १. महागणपति, २. विरिगणपति, ३. लक्ष्मीगणेश, ४. त्रिवर्ण शक्तिगणेश, ५. चतुर्वर्ण शक्तिगणेश, ६. शक्तिगणेश, ७. क्षिप्रप्रसादन-विनायक, ८. हेरम्बविनायक, ९. सुब्रह्मण्यविनायक, १०. महागणेश, ११. त्रैलोक्यमोहन गणपति, १२. भोगगणेश, १३. हरिद्रागणेश, १४. वक्रतुण्डगणेश र १५. उच्छिष्टगणेश ।

श्रीविद्यार्णवतन्त्रमा प्रत्येक श्रीगणेशको आराधनाका लागि विनियोग, न्यास, ध्यान, पूजा, मन्त्र, जपविधि, हवन, तर्पण, मार्जन, फलविशेषका लागि वस्तुविशेषको हवनको निर्देशनका साथै फलश्रुतिसमेत उल्लेख गरिएको छ । गुरुमुखबाट दीक्षा लिएर उपासना गर्दामात्र सफलता प्राप्त हुने हुँदा विस्तृत विवरण प्रस्तुत नगरी उक्त श्रीगणेशहरूका ध्यान र मन्त्रमात्र प्रस्तुत गरिँदैछ ।

क) महागणपति

ध्यान

रातो वर्णको स्वरूपमा सुहाउनुभएका, रातो अङ्गराग र राता वस्त्र धारण गर्नुहुने, राता पुष्पद्वारा पूजित, लम्बोदर, मुकुटमा चन्द्रमा धारण गर्नुहुने, त्रिनयन, साना-साना हात-पाउ भएको, सानो स्वरूपमा विराजमान, सूँढको टुप्पामा विमिरो धारण गर्नुहुने, आफ्ना चारभुजामा पाश, अङ्कुश, एकदन्त र वरदमुद्रा धारण गर्नुहुने, शेषनागलाई अलङ्कारका रूपमा ग्रहण गर्नुहुने, कमलासनमा विराजमान भगवान् विघ्नराज तपाईंहरूका लागि ऐश्वर्यदाता बन्नुहुनेछ ।

१८. पूर्ववत्, पृ. १७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्तो रक्ताङ्गरागांशुककुसुमयुतस्तुन्दिलश्चन्द्रमौलि-
र्नेत्रैर्युक्तस्त्रिभिर्वामनकरचरणो बीजपूरात्तनासः ।
हस्ताग्रक्लृप्तपाशांकुशरदवरदो नागवक्त्रोऽहिभूषो
देवः पद्मासनो वो भवतु नतसुरो भूतये विघ्नराजः ।।

मन्त्र – गः अथवा गं ।

ख) विरिञ्चिगणेश

ध्यान

सिन्दूरको कान्तिले सुहाउनुभएका, हात्तीको जस्तो मुखमण्डल धारण गर्नुहुने, हातहरूमा पाश, अङ्कुश र मधुले परिपूर्ण पात्र लिनुहुने, शिरमा अर्धचन्द्रमा धारण गर्नुहुने, एउटा हातमा कमल लिएकी र अर्को हातले कामकेन्द्रमा स्पर्श गरिरहेकी पुष्टिनामक अर्धाङ्गिनीद्वारा आलिङ्गित, आफ्नो सूँढको टुप्पामा धनले परिपूर्ण पात्र धारण गर्नुहुने र एउटा हातद्वारा पुष्टिको कामकेन्द्रमा स्पर्श गर्नुहुने भगवान् विरिञ्चिगणेशको ध्यान गर्दछु ।

सिन्दूराभमिभाननं त्रिनयनं हस्तेषु पाशाङ्कुशौ
बिभ्राणं मधुमत्कपालमनिशं सार्धेन्दुमौलिं भजे ।
पुष्ट्याश्लिष्टतनुं ध्वजाग्रकरया पद्मोल्लसद्धस्तया
तद्योन्याहितपाणिमात्तवसुमत्पात्रोल्लसत्पुष्करम् ।।

मन्त्र – ह्रीं विरिविरि गणपति वरवरद सर्वलोकं मे वशमानय स्वाहा ।

ग) लक्ष्मीगणेश

ध्यान

कमलको आसनमा विराजमान, सुवर्णमय कान्तिले सम्पन्न, करकमलहरूमा शङ्ख, चक्र, दन्त एवं अभयमुद्रा धारण गर्नुहुने, सूँढको टुप्पामा स्वर्णकलश लिनुहुने, त्रिनयन, बायाँ भागमा विराजमान भई हातमा कमल लिएकी, सुवर्णकान्तिद्वारा सुहाएकी, भगवती लक्ष्मीद्वारा दायाँहातबाट आलिङ्गित, गणहरूका परिपालक, भक्तहरूलाई महालक्ष्मी प्रदान गर्नुहुने भगवान् श्रीलक्ष्मीगणेशले तपाईंहरूलाई लक्ष्मी प्रदान गर्नुहुनेछ ।

हेमाभः पीतवस्त्रः करतलकमलैः सन्दधच्चक्रशङ्खौ
दन्ताभीती च नासाधृतकनकघटः पद्मसंस्थस्त्रिनेत्रः ।
वामाङ्गाविष्टलक्ष्म्या विधृतकमलया प्रोल्लसद्दक्षदोष्णा
श्लिष्टः सौवर्णकान्त्या गणप इह महाश्रीकरो वः श्रियेऽस्तु ।।

मन्त्र – श्रीं गं महागणपतये वरवरद सर्वजनं मे वशमानय स्वाहा ।

घ) त्रिवर्ण शक्तिगणेश

ध्यान

गजराजको जस्तो मुखमण्डल धारण गर्नुहुने, चमरको आकारका र चञ्चल कानहरूद्वारा शोभायमान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्णकान्तिसम्पन्न, आफ्ना चारभुजाहरूमा पाश, अङ्कुश, दन्त र विमिरो धारण गर्नुहुने, सूँढको टुप्पामा मोदक लिनुहुने भगवान् त्रिवर्ण शक्तिगणेशको ध्यान गर्दछु ।

गजेन्द्रवदनं साक्षाच्चलत्कर्णसुचामरम् । हेमवर्णं चतुर्बाहुं पाशाङ्कुशधरं विभुम् ।।
स्वदन्तं दक्षिणे हस्ते बीजापूरं च वामके । पुष्करे मोदकाँश्चैव धारयन्तं स्मराम्यहम् ।।

मन्त्र – ह्रीं ग्रीं ह्रीं ।

ङ) चतुर्वर्ण शक्तिगणेश

ध्यान

स्वर्णकान्तिले चंकिनुभएका, दिव्यवस्त्र धारण गर्नुहुने, विशाल शरीरले सुहाउनुभएका, लम्बोदर, सुन्दर, चारबाहुद्वारा अत्यन्त आकर्षक देखिनुहुने, त्रिनयन, आफ्ना हातहरूमा पाश, अक्षमाला, दन्त र अङ्कुश धारण गर्नुहुने, सूँढको टुप्पामा मोदक लिनुहुने, स्वर्णालङ्कारद्वारा अलङ्कृत, मध्याह्नकालिक सूर्यको आभासमान आभा भएकी शक्तिका साथ विराजमान, त्रिलोकीका एकमात्र आधार, विश्वका वन्दनीय देवता, विघ्नका स्वामी र चतुर्वर्ण श्रीशक्तिगणेशको चिन्तन गर्दछु ।

हेमाभं दिव्यवस्त्रं बृहदुदरतनुं चारुबाहुं त्रिनेत्रं
दोर्भिः पाशाक्षसूत्रे निजरदनसृणी मोदकं पुष्करेण ।
बिभ्राणं हेमभूषं तरुणतरणिरुक्चारुशक्त्या समेतं
विघ्नेशं विश्ववन्द्यं त्रिभुवनशरणं चिन्तये श्रीगणेशम् ।।

मन्त्र – ॐ ह्रीं ग्रीं ह्रीं ।

च) शक्तिगणेश

ध्यान

मोती एवं चन्द्रमासमान उज्ज्वल कान्तिले सुहाउनुभएका, मस्तकमा अर्धचन्द्र धारण गर्नुहुने, त्रिनयन, अतिसुन्दर स्वरूपले देदीप्यमान, कमलजस्ता कमनीय करहरूमा कमल, अङ्कुश र विशाल रत्नपात्र धारण गर्नुहुने, काखमा रहेर आफ्नो कामकेन्द्रमा हातले स्पर्श गरिरहेकी प्रियतमाको कामकेन्द्रमा आफ्नो हात राख्नुहुने मणिमय मुकुटले सुहाउनुभएका गजानन श्रीशक्तिगणेशको ध्यान गर्दछु ।

मुक्ताचन्द्रोत्थदीप्तिं शशिशकलधरं भालनेत्रं मनोज्ञं
हस्ताम्भोजैर्दधानं सरसिरुहसृणी रत्नपात्रं विशालम् ।
स्वीयक्रोडस्थिताया ध्वजनिहितलसच्चारुपाणेः प्रियाया
योनौ विन्यस्तहस्तं मणिगणमुकुटं संश्रयेन्नागवक्त्रम् ।।

मन्त्र – ह्रीं गं ह्रीं महागणपतये स्वाहा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ) क्षिप्रप्रसादनविनायक

ध्यान

आफ्ना हातहरूमा पाश, अङ्कुश, कल्पलता र दन्त धारण गर्नुहुने, सूँढको टुप्पामा विमिरो लिनुहुने, रातो आभाद्वारा सुहाउनुभएका, त्रिनयन, तरुणचन्द्रमालाई मस्तकमा धारण गर्नुहुने र हारझैं उज्ज्वल श्रीक्षिप्रप्रसादनविनायकले तपाईंहरूको रक्षा गर्नुहुनेछ ।

पाशाङ्कुशौ कल्पलतां विषाणं दधत्स्वशुण्डाहितबीजपूरः ।
रक्तस्त्रिनेत्रस्तरुणेन्दुमौलिर्हारोज्ज्वलो हस्तिमुखोऽवतान्नः ।।

मन्त्र - गं क्षिप्रप्रसादनाय नमः ।

ज) हेरम्बविनायक

ध्यान

मोती, विद्युत्, बादल, अमृत र चन्द्रका जस्ता शोभाले सम्पन्न पाँच गजमुखद्वारा सुहाउनुभएका, मुकुटका रूपमा चन्द्रमालाई धारण गर्नुहुने, सिंहमा सवार हुनुभएका, आफ्ना हातहरूमा त्रिशूल, अङ्कुश, अक्षमाला, मुद्गर, पुरुषकपाल, परशु, मोदक, स्वदन्त, अभयमुद्रा र वरमुद्रा धारण गर्नुहुने, दशबाहु र सूर्यसमान तेजस्वी भगवान् हेरम्बविनायकको ध्यान गर्नुपर्दछ ।

मुक्ताविद्युत्पयोदामृतघुसृणनिभैः पञ्चभिर्नागवक्त्रै-
र्हेरम्बो भावनीयः शशधरमुकुटो दृप्तसिंहाधिरूढः ।
हस्तैर्बिभ्रत् त्रिशूलाङ्कुशकजपवटीमुद्गरान् पुंस्कपालं
टङ्काङ्को मोदकं स्याद्रदलसदभयं दानमर्कौघदीप्तिः ।।

मन्त्र - ॐ गूं नमः ।

झ) सुब्रह्मण्यविनायक

ध्यान

रातो रङ्गको देहकान्तिद्वारा शोभायमान, चन्द्रमाझैं सुन्दर मुहारका कारण सबैका लागि अत्यन्त प्यारा, हातहरूमा कमल, अभयमुद्रा, शत्रुनाशक शक्ति र कल्याणमय कुक्कुट धारण गर्नुहुने, रातो रङ्गमा रङ्गिएका वस्त्र र मालाद्वारा मनोमोहक देखिनुहुने, अलङ्कारद्वारा अलङ्कृत, भक्तका पापपुञ्जलाई ध्वंस गर्नुहुने र मङ्गलदायक सुब्रह्मण्यविनायकले तपाईंहरूको रक्षा गर्नुहुनेछ ।

पायाद्वोऽरुणविग्रहः शशिमुखः सम्यग् दधानो भुजैः
पद्मं भीतिहरं रिपुक्षयकरीं शक्तिं शुभं कुक्कुटम् ।
रक्तालेपनवस्त्रदामरुचिरो नानाविभूषान्वितः
सुब्रह्मण्यगणाधिपः शुभकरो भक्ताघविध्वंसकः ।।

मन्त्र - ॐ बचत् भुवे नमः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ञ) महागणेश

ध्यान

इक्षुरसोद सागरमा नवरत्नमय र मङ्गलमय द्वीपमा त्यस सागरका तरङ्गहरूले फैलाएका जलद्वारा प्रक्षालित, शीतल एवं निर्मल, सागरदलका कणिकाहरूको सम्पर्कका कारण शीतल र सुगन्धित पवनद्वारा सेवित, कल्पवृक्षको ताँतीबाट सुहाएको भूभागले सम्पन्न, अनेकौं फूलहरूले परिपूर्ण, अनेकौं फलहरूले भरिभराउ, अनेक पक्षीहरूको कलरवले गुञ्जायमान, अप्सराहरूद्वारा सेवित, उदीयमान सूर्यसमान दर्शनीय, चन्द्रमाको कोमल ज्योतिले परिपूर्ण, कल्पवृक्षका पुष्पहरूमा रही मधुपान गर्ने भ्रमरहरूको मृदुनिनादद्वारा निनादित, पद्मरागमणिसमूहद्वारा तयार गरिएको र रक्तिमा रञ्जित भुइँ भएको पवित्र स्थानमा ६ वटै ऋतुहरूद्वारा सेवित र पुष्पसमूहले भरिभराउ पारिजात कल्पतरुको चिन्तन गर्नुपर्दछ । पारिजातको फेंदमा नवरत्नमण्डित सिंहासनको ध्यान गर्नुपर्दछ । सिंहासनको बीच भूमिमा षट्कोण लिपिमा निबद्ध कमलको बीचमा त्रिकोणको भावना गरी त्यहाँ विराजमान रत्नमय अलङ्कारद्वारा अलङ्कृत एकदन्त गजाननको ध्यान गर्नुपर्दछ । आफ्ना हातहरूमा चक्र, कमल, बाण, ताँदोसहित ऊखुबाट बनेको धनु, रक्तकमल, गदा, धान्यगुच्छ, एकदन्त, विमिरो र कलश धारण गर्नुहुने, विकसित कमल हातमा धारण गरेकी अर्धाङ्गिनीद्वारा आलिङ्गित, बाह्रमासे फूलझैं रातो वर्णका, त्रिनेत्र, अर्धचन्द्रधारी महागणपतिको ध्यान गर्नुपर्दछ । सूँढको टुप्पामा रहेको मणिमय कलशको मुखबाट धारावृष्टिसमान, मणि–मोती र मुँगाको बारबार वर्षा गराउनुहुने, आफ्ना गण्डस्थलमा मदधारा पान गर्न ओइरिएका भ्रमरहरूलाई ताडीपत्रको आकारका कान हल्लाएर धपाउनुहुने, देवता र दानवद्वारा वन्दनीय, रत्नमयमुकुट धारण गर्नुहुने, लम्बोदर, नाना अलङ्कारद्वारा अलङ्कृत, भगवान् महागणपतिको वन्दना गर्दछु ।

ऐक्षवे जलधौ द्वीपे नवरत्नमये शुभे । तत्तरङ्गोल्लसत्तोयैर्धौते शीततलेऽमले ।।
तत्तोयकणसम्पृक्तगन्धवाहनिषेविते । कल्पपादपसंशोभिभूभागसमलङ्कृते ।।
नानाकुसुमसङ्कीर्णे नानापक्षिविराजिते । अनेकफलसङ्कीर्णे सेविते चाप्सरोगणैः ।।
उद्यद्बालातपोद्योतिचन्द्रज्योत्स्नासमाकुले । विलसत्पद्मरागौघकुट्टिमारुणभूतले ।।
कल्पपादपपुष्पस्थषट्पदस्वनमञ्जुले । पारिजातं कल्पतरुं तस्य मध्ये विचिन्तयेत् ।।
युगपदृतुषट्केन सेवितं पुष्पशोभितम् । नवरत्नमयं तस्याधस्तात् सिंहासनं स्मरेत् ।।
तन्मध्ये लिपिपद्मं च षडरं तस्य मध्यतः । कर्णिकायां त्रिकोणं च तत्संस्थं च महागणम्।।
नानारत्नविभूषाढ्यमेकदन्तं गजाननम् ।
चक्राब्जत्रिशिखान् गुणैक्षवधनू रक्तोत्पलं सद्गदां
व्रीह्यग्रान्वितबीजपूररदनं कुम्भं करैर्बिभ्रतम् ।
पद्मोद्यत्करया निजप्रमदया श्लिष्टं जपासन्निभं
सार्धेन्दुं प्रभजे महागणपतिं नेत्रत्रयोद्भासितम् ।।
पुष्करोद्धृतरत्नौघमयकुम्भमुखस्रुतान् । मणिमुक्ताप्रवालादीन् वर्षन्तं धारया मुहुः ।।
सर्वतः साधकस्याग्रे स्वदानजललोलुपाम् । षट्पदालीं कर्णतालैर्वारयन्तं मुहुर्मुहुः ।।
अमरासुरसंसेव्यं सद्रत्नमुकुटोज्ज्वलम् । उरूदरं गजमुखं नानाभरणभूषितम् ।।

मन्त्र – ॐ श्रीं ह्रीं क्लीं ग्लौं गं गणपतये वरवरद सर्वजनं मे वशमानय स्वाहा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ट) त्रैलोक्यमोहन गणपति

ध्यान

रातो कान्तिद्वारा सुहाउनुभएका, शिरमा चन्द्रमा धारण गर्नुहुने, हातहरूमा अङ्कुश, धनु, दन्त र वरमुद्रा धारण गर्नुहुने, त्रिनयन, गजानन, रातो अङ्गराग लेपन गरी सुहाउनुभएका, विमिरोसहित विशाल सूँढ र विशाल उदर धारण गर्नुहुने, मदद्वारा भिजेका गण्डस्थलले शोभायमान, शेषनागद्वारा अलङ्कृत, विघ्नका स्वामी भगवान् त्रैलोक्यमोहन गणपतिले तपाईंहरूको भलो गर्नुहुनेछ ।

रक्ताभः शशिमौलिरङ्कुशगुणौ दन्तं वरं धारयन्
हस्ताब्जैर्द्विरदाननस्त्रिनयनो रक्ताङ्गरागावृतः ।
बीजापूरबृहत्करोरुजठरो दानार्द्रगण्डस्थलो
विघ्नेशः फणिभूषणो गणपतिर्भूयाद्भवद्भूतये ।।

मन्त्र - वक्रतुण्डैकद्रंष्ट्राय क्लीं ह्रीं श्रीं गं गणपति वरवरद सर्वजनं मे वशमानय स्वाहा ।

ठ) भोगगणेश

ध्यान

बाह्रमासे फूलझैं रातो कान्तिले सुहाउनुभएका, त्रिनयन, चन्द्रमालाई मुकुटका रूपमा धारण गर्नुहुने, पदार्थहरूको भोगमा चञ्चलता देखाउनुहुने, गजानन, हातमा धनु, अङ्कुश, वरमुद्रा र ऊँखु धारण गर्नुहुने, आफ्नो सूँढको टुप्पाले आफ्नी अर्धाङ्गिनीको कामगृहमा स्पर्श गर्नुहुने, हातमा कमल लिएकी कामगृहमा स्पर्श गर्ने श्यामासुन्दरीद्वारा आलिङ्गित, देवदेव श्रीभोगगणेशको ध्यान गर्नुपर्दछ ।

बन्धूकाभं त्रिनेत्रं शशधरमुकुटं भोगलोलं गणेशं
नागास्यं धारयन्तं गुणसृणिवरदानिक्षुदण्डं कराग्रैः ।
शुण्डासंस्पृष्टयोषामदनगृहममुं श्यामलाङ्ग्या तयापि
श्लिष्टं लिङ्गस्पृशा तं विधृतकमलया भावयेद्देववन्द्यम् ।।

मन्त्र - ॐ ह्रीं गं ह्रीं वशमानय स्वाहा ।

ड) हरिद्रागणेश

ध्यान

इक्षुरसोदसागरको मणिमय सिंहासनमा विराजमान, पहेंलो कान्तिले सुहाउनुभएका, पहेंला अलङ्कार-वस्त्र र मालाद्वारा अलङ्कृत, आफ्ना हातहरूमा परशु, वरमुद्रा, अङ्कुश, क्रोधमुद्रा र अभयमुद्रा धारण गर्नुहुने, त्रिनयन, विघ्नरूपमा पनि प्रकट हुनुहुने, गजानन श्रीहरिद्रागणेशको ध्यान गर्नुपर्दछ ।

स्थाने पूर्वसमीरिते मणिमये सिंहासने संस्थितं
पीतं पीतविभूषणाम्बरलसन्माल्यादिसंशोभितम् ।
विघ्नं दन्तिमुखं त्रिनेत्रलसितं हस्तैर्वहन्तं भजेत्
पाशं सत्परशुं वरं सृणियुतं क्रोधाख्यमुद्राभये ।।

मन्त्र - ॐ हूं गं ग्लौं हरिद्रागणपतये वरवरद सर्वजनहृदयं स्तम्भय स्तम्भय स्वाहा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढ) **वक्रतुण्डगणेश**

ध्यान

चारैतिर फैलिएको रातो कान्तिले परिपूर्ण मणिसमूहसमान सुन्दर कान्तिले सुहाउनुभएका, करकमलहरूमा पाश, अङ्कुश, अभयमुद्रा र वरमुद्रा धारण गर्नुहुने, त्रिनयन, रातो माला र रातो वस्त्र धारण गर्नुहुने, विकसित कमलको आसनमा विराजमान, वक्रतुण्डगणेशको निरन्तर स्मरण गर्नुपर्दछ ।

रम्योद्भिन्नारुणतरमणिव्रातसंशोभिकान्तिं
संबिभ्राणं करकिसलयैः पाशमप्यङ्कुशाह्वम् ।
साभीतीष्टं त्रिनयनयुतं रक्तमाल्यांशुकाढ्य-
मम्भोजोद्यत्पुटगतममुं संस्मरेद् वक्रतुण्डम् ।।

मन्त्र – वक्रतुण्डाय हूम् ।

ण) **उच्छिष्टगणेश**

ध्यान

आफ्ना हातहरूमा बाण, धनु, ताँदो र अङ्कुश धारण गर्नुहुने, रातो कमलमा विराजमान, अम्बरहीन (निर्वस्त्र) अर्धाङ्गिनीका साथ कामकेलिमा प्रवृत्त हुनुभएका श्री उच्छिष्टगणेशको चरणकमलमा शरण पर्दछु।

शरचापगुणाङ्कुशान् स्वहस्तैर्दधतं रक्तसरोरुहे निषण्णम् ।
विगताम्बरजायया प्रवृत्तं सुरते सन्ततमाश्रये गणेशम् ।।

मन्त्र – हस्तिपिशाचिलिखे स्वाहा ।[१९]

आ) मन्त्रमहोदधि अनुसार श्रीगणेशको उपासना

मन्त्रमहोदधिमा सद्यःफलदायक केही श्रीगणेशका मन्त्र र पुरश्चरणविधिको वर्णन गरिएको छ । अभीष्ट सिद्धि प्राप्त गर्न चाहने सद्गृहस्थले सद्गुरुबाट दीक्षा प्राप्त गरी ती मन्त्रहरूको सिद्धि गरेपछि विविध काम्यप्रयोग गर्न सक्दछन् । विघ्ननिवारण, दरिद्रतानाश, समृद्धिप्राप्ति, धनप्राप्ति, पदप्राप्ति, शक्तिप्राप्ति, शत्रुनाश र भगवान् श्रीगणेशमा प्रीतिजस्ता उद्देश्य लिएर विधिपूर्वक साधना गरेमा सिद्धि प्राप्त हुन्छ । त्यस्ता केही श्रीगणेशका मन्त्रहरूको पुरश्चरणविधि सङ्क्षेपमा प्रस्तुत गरिँदैछ ।

क) **षडक्षर वक्रतुण्ड श्रीगणेशमन्त्रको साधना**

वक्रतुण्ड श्रीगणेशमन्त्रको साधनाबाट दरिद्रता निवारण र धन-समृद्धिको प्राप्ति हुन्छ । उहाँको मूलमन्त्र '**वक्रतुण्डाय हुम्**' हो ।

विनियोगः – ॐ अस्य श्रीगणेशमन्त्रस्य भार्गव ऋषिः, अनुष्टुप् छन्दः, विघ्नेशो देवता, वं बीजम्, यं शक्तिर्ममाभीष्टसिद्धये जपे विनियोगः ।

षडङ्गन्यासः – ॐ वं नमः, अङ्गुष्ठाभ्यां नमः । ॐ क्रं नमः, तर्जनीभ्यां नमः । ॐ तुं नमः, मध्यमाभ्यां नमः । ॐ डां नमः, अनामिकाभ्यां नमः । ॐ यं नमः, कनिष्ठिकाभ्यां नमः । ॐ हुं नमः, करतलपृष्ठाभ्यां नमः ।

---

१९. *श्रीविद्यारण्य यति, विद्यार्णवतन्त्र, भाग २, ३२ औं श्वास, प्राच्य प्रकाशन, वाराणसी, सन् १९८९ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयादिन्यासः – ॐ वं नमः, हृदयाय नमः । ॐ क्रं नमः, शिरसे स्वाहा । ॐ तुं नमः, शिखायै वषट् । ॐ डां नमः, कवचाय हुम् । ॐ यं नमः, नेत्रत्रयाय वौषट् । ॐ हुं नमः, अस्त्राय फट् ।

सर्वाङ्गन्यासः – ॐ वं नमः, भ्रूमध्ये । ॐ क्रं नमः, कण्ठे । ॐ तुं नमः, हृदये । ॐ डां नमः, नाभौ । ॐ यं नमः, लिङ्गे । ॐ हुं नमः, पादयोः । ॐ वक्रतुण्डाय हुम्, सर्वाङ्गे ।

ध्यान – **उद्यद्दिनेश्वररुचिं निजहस्तपद्मैः पाशांकुशाभयवरान्दधतं गजास्यम् ।**
रक्ताम्बरं सकलदुःखहरं गणेशं ध्याये प्रसन्नमखिलाभरणाभिरामम् ।।

अर्थ – बायाँ हातहरूमा पाश र अभयमुद्रा, दायाँ हातहरूमा वरमुद्रा एवं अङ्कुश धारण गर्नुहुने, उदाइरहेका सूर्यसमान कान्तिले सुहाउनुभएका, हात्तीको मुखमण्डल धारण गर्नुहुने, आराधकहरूका सबै किसिमका दुःखनिवारण गर्नुहुने, समस्त अलङ्कारद्वारा अलङ्कृत, रक्तकान्ति र प्रसन्न मुद्रामा सुहाउनुभएका श्रीवक्रतुण्ड श्रीगणेशको ध्यान गर्दछु ।

पीठपूजा – ध्यान गरी पूर्वादि दिशाहरूमा **ॐ तीव्रायै नमः, ॐ चालिन्यै नमः, ॐ नन्दायै नमः, ॐ भोगदायै नमः, ॐ कामरूपिण्यै नमः, ॐ उग्रायै नमः, ॐ तेजोवत्यै नमः, ॐ सत्यायै नमः** यी मन्त्रहरूद्वारा पीठशक्तिको पूजा गरेपछि **'गं सर्वशक्तिकमलासनाय नमः'** मन्त्रद्वारा आसन अर्पण गरी मूलमन्त्रबाट श्रीगणेशमूर्तिको कल्पना गरेर पाद्य, अर्घ्य आदि उपचारबाट पूजा गरी तल लेखिएबमोजिम आवरणपूजा गर्नुपर्दछ ।

प्रथम आवरण पूजा – ॐ गां हृदयाय नमः – आग्नेये, ॐ गीं शिरसे स्वाहा – नैर्ऋत्ये, ॐ गूं शिखायै वषट् – वायव्ये, ॐ गैं कवचाय हुम् – ऐशान्ये, ॐ गौं नेत्रत्रयाय वौषट् – अग्रे, ॐ गः अस्त्राय फट् – यी मन्त्रहरूद्वारा षडङ्ग पूजा गरी अञ्जलिमा फूल लिएर मूलमन्त्र जप गर्दै

अभीष्टसिद्धिं मे देहि शरणागतवत्सले । भक्त्या समर्पये तुभ्यं प्रथमावरणार्चनम् ।।

यो पद्य पढी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

द्वितीय आवरण पूजा – ॐ विद्यायै नमः – पूर्वे, ॐ विधात्र्यै नमः – आग्नेये, ॐ भोगदायै नमः – दक्षिणे, ॐ विघ्नघातिन्यै नमः – नैर्ऋत्ये, ॐ निधिप्रदीपायै नमः – पश्चिमे, ॐ पापघ्न्यै नमः – वायव्ये, ॐ पुण्यायै नमः – सौम्ये, ॐ शशिप्रभायै नमः – ऐशान्ये – यसरी आठ दिशामा आठ शक्तिको पूजा गरी पुष्प लिएर मूलमन्त्र उच्चारण गर्दै –

अभीष्टसिद्धिं मे देहि शरणागतवत्सले । भक्त्या समर्पये तुभ्यं द्वितीयावरणार्चनम् ।।

भन्दै पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

तृतीय आवरण पूजा – अष्टदलका अग्रभागमा क्रमशः – ॐ वक्रतुण्डाय नमः, ॐ एकदंष्ट्राय नमः, ॐ महोदराय नमः, ॐ गजास्याय नमः, ॐ लम्बोदराय नमः, ॐ विकटाय नमः, ॐ विघ्नराजाय नमः, ॐ धूम्रवर्णाय नमः – यी मन्त्रहरूबाट वक्रतुण्ड आदि श्रीगणेशहरूको पूजा गरी पुष्प लिएर मूलमन्त्र उच्चारण गर्दै –

अभीष्टसिद्धिं मे देहि शरणागतवत्सले । भक्त्या समर्पये तुभ्यं तृतीयावरणार्चनम् ।।

यो पद्य पढी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

चतुर्थ आवरण पूजा – ॐ इन्द्राय नमः – पूर्वे, ॐ अग्नये नमः – आग्नेये, ॐ यमाय नमः – दक्षिणे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

ॐ निर्ऋतये नमः - नैर्ऋत्ये, ॐ वरुणाय नमः - पश्चिमे, ॐ वायवे नमः वायव्ये, ॐ सोमाय नमः - उत्तरे, ॐ ईशानाय नमः - ऐशान्ये, ॐ ब्रह्मणे नमः - आकाशे, ॐ अनन्ताय नमः - पाताले- यी मन्त्रहरूद्वारा पूर्वादि १० दिशामा इन्द्र आदि दिक्पालहरूको पूजा गरी पुष्प हातमा लिएर मूलमन्त्र उच्चारण गर्दै -

अभीष्टसिद्धिं मे देहि शरणागतवत्सले । भक्त्या समर्पये तुभ्यं चतुर्थावरणार्चनम् ।।

यो पद्य पढी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

पञ्चम आवरण पूजा - ॐ वज्राय नमः, ॐ शक्तये नमः, ॐ दण्डाय नमः, ॐ खड्गाय नमः, ॐ पाशाय नमः, ॐ अङ्कुशाय नमः, ॐ गदायै नमः, ॐ त्रिशूलाय नमः, ॐ चक्राय नमः, ॐ पद्माय नमः - यी मन्त्रहरूद्वारा इन्द्र आदि देवताहरूको समीपमा आयुधपूजन गरी हातमा फूल लिएर मूलमन्त्र उच्चारण गर्दै -

अभीष्टसिद्धिं मे देहि शरणागतवत्सले । भक्त्या समर्पये तुभ्यं पञ्चमावरणार्चनम् ।।

भन्दै पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

यसरी दैनिक पूजा गर्दै - **वक्रतुण्डाय हुम्** मूलमन्त्रको ६ लाख सङ्ख्यामा जप गर्नुपर्दछ । सङ्ख्या पूरा भएपछि अष्टद्रव्यद्वारा दशांश हवन, तर्पण, मार्जन र ब्राह्मण भोजन गराएपछि पुरश्चरण पूर्ण हुन्छ र मन्त्र पनि सिद्ध हुन्छ । सिद्ध मन्त्रबाट विविध उद्देश्यपूर्तिका लागि काम्यप्रयोग गर्न सकिन्छ ।

काम्यप्रयोग -

१) मन्त्र सिद्ध भएपछि साधकले एकाग्र भई १२ हजार मूलमन्त्र जप गरेमा दरिद्रताको निवारण हुन्छ ।

२) कृष्णपक्षको चतुर्थीदेखि शुक्लपक्षको चतुर्थीसम्म प्रतिदिन १० हजार जप र १० आहुति हवन गरेमा ६ महिनाभित्र दरिद्रताको निवारण हुन्छ ।

३) मूलमन्त्रबाट प्रतिदिन घ्यू र चरु मिलाई हवन गर्नाले मानिस धनी र समृद्ध बन्दछ ।

४) प्रतिदिन मूलमन्त्रद्वारा ४४४ सङ्ख्यामा तर्पण गर्नाले साधकले चाहेका सम्पूर्ण मनोरथ परिपूर्ण हुन्छन्।

ख) उच्छिष्ट गणपतिमन्त्रको साधना

आर्थिक अनुकूलता र भौतिक समृद्धि प्राप्त गर्न **'हस्तिपिशाचिलिखे स्वाहा'** यो नौ अक्षरको उच्छिष्ट मन्त्रलाई अचूक उपाय मानिएको छ । यो मन्त्र एक लाख जप गरेपछि सिद्ध हुन्छ ।

विनियोगः - ॐ अस्योच्छिष्टगणपतिमन्त्रस्य कङ्कोल ऋषिः, विराट् छन्दः, उच्छिष्टगणपतिर्देवता, सर्वाभीष्टसिद्धये जपे विनियोगः ।

पञ्चाङ्गन्यास - ॐ हस्ति हृदयाय नमः, ॐ पिशाचि शिरसे स्वाहा । ॐ लिखे शिखायै वषट् । ॐ स्वाहा कवचाय हुम् । ॐ हस्ति पिशाचि लिखे स्वाहा अस्त्राय फट् ।

ध्यान - **चतुर्भुजं रक्ततनुं त्रिनेत्रं पाशांकुशौ मोदकपात्रदन्तौ ।**
करैर्दधानं सरसीरुहस्थमुन्मत्तमुच्छिष्टगणेशमीडे।।

चतुर्भुज, रक्तवर्ण, त्रिनयन, दायाँ हातहरूमा अङ्कुश एवं मोदकपात्र र बायाँ हातहरूमा पाश एवं दन्त धारण गर्नुहुने, उन्मत्त भगवान् उच्छिष्ट गणपतिको ध्यान गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीठपूजा - वक्रतुण्ड गणपतिको साधनामा बताएको विधिअनुसार तीव्रा आदि पीठशक्तिको पूजा गरी मूलमन्त्रले इष्टदेवताको मूर्ति कल्पना गरी मानसपूजन गर्नुपर्दछ ।

प्रथम आवरण पूजा - ॐ हस्ति हृदयाय नमः, ॐ पिशाचि शिरसे स्वाहा, ॐ लिखे शिखायै वषट्, ॐ स्वाहा कवचाय हुम्, ॐ हस्तिपिशाचिलिखे नेत्रत्रयाय वौषट्, ॐ हस्तिपिशाचिलिखे स्वाहा अस्त्राय फट् - इत्यादि रूपमा पूर्ववत् प्रथम आवरणको पूजा गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

द्वितीय आवरण पूजा - ॐ ब्राह्म्यै नमः, ॐ माहेश्वर्यै नमः, ॐ कौमार्यै नमः, ॐ वैष्णव्यै नमः, ॐ वाराह्यै नमः, ॐ इन्द्राण्यै नमः, ॐ चामुण्डायै नमः, ॐ महालक्ष्म्यै नमः, यी मन्त्रहरूद्वारा क्रमशः पूर्वादि दिशामा मातृकापूजा गर्नुपर्दछ ।

तृतीय आवरण पूजा - अष्टदलका अग्रभागमा क्रमशः - ॐ वक्रतुण्डाय नमः, ॐ एकदंष्ट्राय नमः, ॐ महोदराय नमः, ॐ गजास्याय नमः, ॐ लम्बोदराय नमः, ॐ विकटाय नमः, ॐ विघ्नराजाय नमः, ॐ धूम्रवर्णाय नमः - यी मन्त्रहरूबाट अष्टदलका पूर्व आदि १० दिशाहरूमा क्रमशः वक्रतुण्ड आदिको पूजा गर्नुपर्दछ ।

चतुर्थ आवरण पूजा - ॐ इन्द्राय नमः - पूर्वे, ॐ अग्नये नमः - आग्नेये, ॐ यमाय नमः - दक्षिणे, ॐ निऋतये नमः - नैर्ऋत्ये, ॐ वरुणाय नमः - पश्चिमे, ॐ वायवे नमः वायव्ये, ॐ सोमाय नमः - उत्तरे, ॐ ईशानाय नमः - ऐशान्ये, ॐ ब्रह्मणे नमः - आकाशे, ॐ अनन्ताय नमः - पाताले- यी मन्त्रहरूद्वारा क्रमशः इन्द्र आदि दिक्पालहरूको पूजा गर्नुपर्दछ ।

पञ्चम आवरण पूजा - इन्द्रादि देवताको समीपमा - ॐ वज्राय नमः, ॐ शक्तये नमः, ॐ दण्डाय नमः, ॐ खड्गाय नमः, ॐ पाशाय नमः, ॐ अङ्कुशाय नमः, ॐ गदायै नमः, ॐ त्रिशूलाय नमः, ॐ चक्राय नमः, ॐ पद्माय नमः - यी मन्त्रहरूद्वारा पूर्ववत् आयुधहरूको पूजा गर्नुपर्दछ ।

यसरी पूजा गरी मूलमन्त्रको दैनिक जप गर्दै एक लाख सङ्ख्या पुगेपछि दश हजार आहुति दिएर हवन, एक हजार तर्पण, एक सय मार्जन गरी दश ब्राह्मणलाई भोजन गराउनु पर्दछ । मन्त्र सिद्ध गरेपछि विविध काम्यप्रयोग गर्न सकिन्छ ।

काम्यप्रयोग -

१) रक्तचन्दन अथवा सेतो आँकबाट औंठाबराबरको श्रीगणेशको प्रतिमा बनाएर विधिवत् प्राणप्रतिष्ठा गरी मधुद्वारा स्नान गराउनु पर्दछ । कृष्णपक्षको चतुर्दशीदेखि शुक्लपक्षको चतुर्दशीसम्म दिनदिनै भगवान् श्रीगणेशलाई गुड र खीर टक्र्याई एकान्तमा जूठो मुख लिएर निर्वस्त्र भई म आफै श्रीगणेश हुँ भन्ने भावना गरेर मूलमन्त्रको जप गर्दै घ्यू-तिलद्वारा एक हजार आहुति दिनुपर्दछ । यसरी प्रयोग गर्दा राज्य प्राप्त गर्न सकिन्छ ।

२) कुमालेको माटोद्वारा श्रीगणेशको प्रतिमा बनाएर पूजन गरी उक्त विधिबाट मन्त्रजप गर्दा मनोरथ सिद्धि हुन्छ । यसैगरी गुडको प्रतिमा बनाएर श्रीगणेशको आराधना गर्दा सौभाग्य प्राप्त हुन्छ । नीमको प्रतिमा बनाएर पूजन गर्दा शत्रुको नाश हुन्छ । घ्यू, मह, चिनी र लावा मिलाएर उक्त मन्त्र जप्दै हवन गर्नाले सम्पूर्ण संसार आफ्नो वशमा हुन्छ । जूठो मुख लिएर विस्तरामा शयन गर्दै जप गर्दा शत्रुलाई वशीभूत तुल्याउन सकिन्छ । द्यूत, विवाद एवं युद्धमा उक्त विधिबाट सिद्ध गरिएको उच्छिष्ट गणपतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्र जप गर्नाले विजय प्राप्त हुन्छ । साधकले रातो लुगा लगाएर पान चपाउँदै उच्छिष्ट गणपतिमन्त्रको जप गर्नुपर्दछ अथवा भगवान् श्रीगणेशलाई चढाएका लड्डु चपाउँदै जप गर्नुपर्दछ । उच्छिष्टगणपति मन्त्रका साधकहरूले भगवान् श्रीगणेशलाई फल, पान अथवा मांसद्वारा बलि अर्पण गर्नुपर्दछ । बलि दिने मन्त्र यस प्रकार छ – गं हं क्लौं ग्लौं उच्छिष्ट श्रीगणेशाय महायक्षायायं बलिः । उच्छिष्टगणपतिका अरू मन्त्रहरू पनि छन् । उक्त 'हस्तिपिशाचिलिखे स्वाहा' नवार्ण मन्त्रमा ॐ लगाउँदा '**ॐ हस्तिपिशाचिलिखे स्वाहा**' दशाक्षर मन्त्र बन्दछ । त्यसै नवार्ण मन्त्रमा गं लगाउँदा '**गं हस्तिपिशाचिलिखे स्वाहा**' अर्को दशाक्षर मन्त्र तयार हुन्छ । यी तीनवटै मन्त्रको साधनाविधि एउटै रहेको छ । साधकले इच्छाअनुसार गुरुबाट मन्त्रदीक्षा लिई जुनसुकै मन्त्रको जप गर्दा पनि समान फल प्राप्त हुन्छ । उच्छिष्टगणेशका अन्य मन्त्रहरूका साधनाविधि छन् । आकरग्रन्थबाट तिनको विषयबोध सजिलो हुनेछ ।

ग) शक्तिविनायक मन्त्रसाधनाविधि

आर्थिक समुन्नति, धनधान्यवृद्धि, पृथिवी, भवन, कीर्ति, सम्मान, वाहन आदि भौतिक सुख र शक्ति–सामर्थ्य प्राप्त गर्न साधकहरूले भगवान् शक्तिविनायकको मन्त्र **ॐ ह्रीं ग्रीं ह्रीं** को साधना गर्नुपर्दछ ।

विनियोगः – ॐ अस्य शक्तिगणाधिपमन्त्रस्य भार्गव ऋषिः, विराट् छन्दः, शक्तिगणाधिपो देवता ह्रीं शक्तिर्ग्रीं बीजं ममाभीष्टसिद्धये जपे विनियोगः ।

ऋष्यादिन्यासः – ॐ भार्गवाय ऋषये नमः –शिरसि । ॐ विराट् छन्दसे नमः – मुखे । ॐ शक्तिगणाधिपदेवतायै नमः – हृदये । ॐ ग्रीं बीजाय नमः – गुह्ये । ॐ ह्रीं शक्तये नमः – पादयोः।

षडङ्गन्यासः – ॐ ग्रां हृदयाय नमः । ॐ ग्रीं शिरसे स्वाहा । ॐ ग्रूं शिखायै वषट् । ॐ ग्रैं कवचाय हुम्। ॐ ग्रौं नेत्रत्रयाय वौषट् । ॐ ग्रः अस्त्राय फट् ।

ध्यान – **विषाणाङ्कुशावक्षसूत्रं च पाशं दधानं करैर्मोदकं पुष्करेण ।**
स्वपत्न्यायुतं हेमभूषाभराढ्यं गणेशं समुद्यद्दिनेशाभमीडे ।।

दायाँ हातहरूमा अङ्कुश एवं अक्षसूत्र तथा बायाँ हातहरूमा दन्त एवं पाश धारण गर्नुहुने, सूँढको टुप्पामा मोदक धारण गर्नुहुने, आफ्नी पत्नीका साथ शोभायमान, सुवर्णका आभूषणद्वारा अलङ्कृत र उदीयमान सूर्यसमान आभाले सुहाउनुभएका भगवान् शक्तिविनायकको म वन्दना गर्दछु।

यसरी ध्यान गरेर माथि बताएबमोजिम पीठपूजा एवं आवरण पूजा गरी चार लाखको सङ्ख्यामा शक्तिविनायक मन्त्रको जप गरेपछि यो मन्त्र सिद्ध हुन्छ । जपपछि हवन, तर्पण, मार्जन र ब्राह्मणभोजनको क्रम रहेको छ ।

पीठपूजा – वक्रतुण्ड श्रीगणेशको मन्त्रसाधना विधिअनुसार पीठमा तीव्रा, चालिनी, नन्दा, भोगदा, कामरूपिणी, उग्रा, तेजोवती र सत्या यी पीठशक्तिको पूजा गर्नुपर्दछ ।

प्रथम आवरण पूजा – ॐ ग्रां हृदयाय नमः, ॐ ग्रीं शिरसे स्वाहा, ॐ ग्रूं शिखायै वषट्, ॐ ग्रैं कवचाय हुम्, ॐ ग्रौं नेत्रत्रयाय वौषट्, ॐ ग्रः अस्त्राय फट् – यी मन्त्रहरूद्वारा षडङ्गपूजा पूर्ववत् पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

द्वितीय आवरण पूजा – अष्टदलका अग्रभागमा क्रमशः – ॐ वक्रतुण्डाय नमः, ॐ एकदंष्ट्राय नमः, ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महोदराय नमः, ॐ गजास्याय नमः, ॐ लम्बोदराय नमः, ॐ विकटाय नमः, ॐ विघ्नराजाय नमः, ॐ धूम्रवर्णाय नमः – यी मन्त्रहरूद्वारा पूजा गरी पूर्ववत् पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

तृतीय आवरण पूजा – अष्टदलका दलहरूमा ॐ ब्राह्म्यै नमः, ॐ माहेश्वर्यै नमः, ॐ कौमार्यै नमः, ॐ वैष्णव्यै नमः, ॐ वाराह्यै नमः, ॐ इन्द्राण्यै नमः, ॐ चामुण्डायै नमः, ॐ लक्ष्म्यै नमः, यी मन्त्रहरूबाट मातृकापूजन गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

चतुर्थ आवरण पूजा – ॐ इन्द्राय नमः – पूर्वे, ॐ अग्नये नमः – आग्नेये, ॐ यमाय नमः – दक्षिणे, ॐ निऋतये नमः – नैर्ऋत्ये, ॐ वरुणाय नमः – पश्चिमे, ॐ वायवे नमः वायव्ये, ॐ सोमाय नमः – उत्तरे, ॐ ईशानाय नमः – ऐशान्ये, ॐ ब्रह्मणे नमः – आकाशे, ॐ अनन्ताय नमः – पाताले– यी मन्त्रहरूद्वारा पूर्वादि दिशामा इन्द्र आदि दिक्पालहरूको पूजा गरी पूर्ववत् पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

पञ्चम आवरण पूजा – इन्द्रादि देवताको समीपमा – ॐ वज्राय नमः, ॐ शक्तये नमः, ॐ दण्डाय नमः, ॐ खड्गाय नमः, ॐ पाशाय नमः, ॐ अङ्कुशाय नमः, ॐ गदायै नमः, ॐ त्रिशूलाय नमः, ॐ चक्राय नमः, ॐ पद्माय नमः – यी मन्त्रहरूद्वारा आयुधपूजन गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

यस रीतिबाट चार लाख जप सम्पन्न गरी मन्त्र सिद्ध गरेपछि मधुसहित मालपुवाद्वारा चालीस हजार आहुति दिनुपर्दछ । चार हजार तर्पण, चार सय मार्जन र चालीस ब्राह्मणहरूलाई भोजन गराएपछि पुरश्चरण सम्पन्न हुन्छ ।

काम्यप्रयोग –

१) उक्त मन्त्र जप गर्दै घ्यूसहित अन्नको आहुति दिनाले साधक एक वर्षभित्र अन्नवान् बन्दछ । उक्त मन्त्रद्वारा पायसको होम गर्नाले लक्ष्मीप्राप्ति हुन्छ र उखुका टुक्रा हवन गर्नाले राजलक्ष्मी प्राप्त हुन्छ। केरा र नरिवलको हवन गर्नाले वशीकरण शक्ति प्राप्त हुन्छ । घ्यूको हवन गर्नाले धन प्राप्त हुन्छ । मधु र लवण मिसाएर हवन गर्दा कुनै पनि स्त्रीलाई वशमा ल्याउन सकिन्छ । मालपुवाको हवन गर्नाले राजा र राजकीय पुरुष एवं नारी वशवर्ती बन्दछन् ।

घ) लक्ष्मीविनायक मन्त्र साधनाविधि

सम्पूर्ण कामनासिद्धि र समृद्धिप्राप्तिका लागि **'ॐ श्रीं गं सौम्याय गणपतये वरवरद सर्वजनं मे वशमानय स्वाहा'** मन्त्र अचूक उपाय मानिएको छ । पाँच लाख सङ्ख्यामा जप गरेपछि यो मन्त्र सिद्ध हुन्छ। यस मन्त्रको साधना गर्दा रातको समयमा मात्र गर्नुपर्दछ र पाँच लाखको सङ्ख्या २४ दिनमा पुऱ्याउनु पर्दछ ।

विनियोगः – ॐ अस्य लक्ष्मीविनायकमन्त्रस्य अन्तर्य्यामी ऋषिः, गायत्री छन्दः, लक्ष्मीविनायको देवता, श्रीं बीजं स्वाहा शक्तिर्ममाभीष्टसिद्धये जपे विनियोगः ।

न्यासः – ॐ अन्तर्य्यामी ऋषये नमः – शिरसि । ॐ श्रीं बीजाय नमः – गुह्ये । ॐ गायत्री छन्दसे नमः – मुखे । ॐ स्वाहा शक्तये नमः – पादयोः । ॐ लक्ष्मीवनायक देवतायै नमः – हृदि ।

षडङ्गन्यासः – श्रीं गां हृदयाय नमः । श्रीं गीं शिरसे स्वाहा । श्रीं गूं शिखायै वषट् । श्रीं गैं कवचाय हुम् । श्रीं गौं नेत्रत्रयाय वौषट् । श्रीं गः अस्त्राय फट् ।

ध्यान – **दन्ताभये चक्रदरौ दधानं कराग्रगस्वर्णघटं त्रिनेत्रम् ।**
धृताब्जयालिङ्गितमब्धिपुत्र्या लक्ष्मीगणेशं कनकाभमीडे ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दायाँ हातहरूमा दन्त एवं शङ्ख तथा बायाँ हातहरूमा अभय एवं चक्र धारण गर्नुहुने, सूँढको टुप्पामा सुवर्णकलश लिनुहुने, हातमा कमल लिएकी भगवती लक्ष्मीद्वारा आलिङ्गित त्रिनयन र सुवर्णकान्ति भगवान् लक्ष्मीगणेशको वन्दना गर्दछु ।

पीठपूजा – यसरी ध्यान गरी पूर्वोक्त पीठपूजा विधिअनुसार तीव्रा आदि शक्तिहरूको पूजा गरेपछि आवरणपूजा गर्नुपर्दछ ।

प्रथम आवरण पूजा – ॐ गां हृदयाय नमः, ॐ गीं शिरसे स्वाहा, ॐ गूं शिखायै वषट्, ॐ गैं कवचाय हुम्, ॐ गौं नेत्रत्रयाय वौषट्, ॐ गः अस्त्राय फट् – यी मन्त्रहरूद्वारा षडङ्ग पूजा गर्नुपर्दछ ।

द्वितीय आवरण पूजा – ॐ बलाकायै नमः, ॐ विमलायै नमः, ॐ कमलायै नमः, ॐ वनमालिकायै नमः, ॐ विभीषिकायै नमः, ॐ मालिन्यै नमः, ॐ शाङ्कर्यै नमः, ॐ वसुबालिकायै नमः, यी मन्त्रद्वारा मन्त्रशक्तिहरूको पूजा गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

तृतीय आवरण पूजा – अष्टदलको बायाँतर्फ – ॐ पद्मनिधये नमः र दायाँतर्फ ॐ शङ्खनिधये नमः भनी निधिहरूको पूजा गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

चतुर्थ आवरण पूजा – पूर्वादिक्रमले इन्द्रादि दिक्पालहरूको पूजा गर्नुपर्दछ । ॐ इन्द्राय नमः – पूर्वे, ॐ अग्नये नमः – आग्नेये, ॐ यमाय नमः – दक्षिणे, ॐ निऋतये नमः – नैर्ऋत्ये, ॐ वरुणाय नमः– पश्चिमे, ॐ वायवे नमः वायव्ये, ॐ सोमाय नमः – उत्तरे, ॐ ईशानाय नमः – ऐशान्ये, ॐ ब्रह्मणे नमः – आकाशे, ॐ अनन्ताय नमः – पाताले – यी मन्त्रहरूद्वारा पूर्वादि दिशामा इन्द्र आदि दिक्पालहरूको पूजा गरी पूर्ववत् पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

पञ्चम आवरण पूजा – इन्द्रादि देवताको समीपमा – ॐ वज्राय नमः, ॐ शक्तये नमः, ॐ दण्डाय नमः, ॐ खड्गाय नमः, ॐ पाशाय नमः, ॐ अङ्कुशाय नमः, ॐ गदायै नमः, ॐ त्रिशूलाय नमः, ॐ चक्राय नमः, ॐ पद्माय नमः – यी मन्त्रहरूद्वारा आयुधपूजन गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

यस प्रकार आवरण पूजा गरी चार लाख मन्त्र जपेपछि बेलका समिधाहरूद्वारा दशांश हवन, तर्पण, मार्जन एवं ब्राह्मणभोजन आदि सम्पन्न गरेपछि पुरश्चरण पूरा हुन्छ र मन्त्र पनि सिद्ध हुन्छ । त्यसपछि सिद्धमन्त्रबाट अनेक काम्यप्रयोग गर्न सकिन्छ ।

काम्यप्रयोग –

१) हृदयपर्यन्त जलमा उभिएर सूर्यमण्डलमा इष्टदेवको ध्यान गर्दै लक्ष्मीविनायक मन्त्रको तीन लाख जप गरेपछि धनको वृद्धि हुन्छ ।

२) बेलको फेंदमा बसेर उक्त मन्त्रको तीन लाख जप गर्नाले पनि धन–समृद्धिको वृद्धि हुन्छ ।

३) अशोकको समिधाद्वारा प्रज्वलित अग्निमा घृताक्त चामलको हवनबाट विश्वलाई वशवर्ती बनाउन सकिन्छ ।

४) खयरको समिधाद्वारा प्रज्वलित अग्निमा आँकको समिधाको हवन गर्नाले राजा वशवर्ती हुन्छन् ।

५) खयरको समिधाद्वारा प्रज्वलित अग्निमा खीरको आहुति गर्नाले लक्ष्मी प्रसन्न हुन्छिन् ।

ङ) त्रैलोक्यमोहनगणपति-मन्त्रसाधनाविधि

सम्मोहनसिद्धि प्रदान गर्ने त्रैलोक्यमोहन गणपतिमन्त्र यस प्रकार रहेको छ – **वक्रतुण्डैकदंष्ट्राय**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्लीं ह्रीं श्रीं गं गणपते वरवरद सर्वजनं मे वशमानय स्वाहा । आफ्ना सामु श्रीगणेशको मूर्ति राखेर पाँच लाखको सङ्ख्यामा जप गर्नाले यो मन्त्र सिद्ध हुन्छ । मन्त्र जप गर्ने समयमा पूर्णब्रह्मचर्यमा रहनु पर्दछ। यो मन्त्र सिद्ध गर्ने साधकको व्यक्तित्वमा चमत्कार थपिन्छ । यस्ता साधकको दर्शन गर्नासाथ सबै मानिसहरू वशीभूत हुन्छन् ।

विनियोगः – ॐ अस्य त्रैलोक्यमोहनगणेशमन्त्रस्य गणकऋषिः त्रैलोक्यमोहनकरो गणेशो देवता ममाभीष्टसिद्धये जपे विनियोगः ।

षडङ्गन्यासः – वक्रतुण्डैकदंष्ट्राय क्लीं ह्रीं श्रीं गं हृदयाय नमः । गणपते शिरसे स्वाहा । वरवरद शिखायै वषट् । सर्वजनं कवचाय हुम् । मे वशमानय नेत्रत्रयाय वौषट् । स्वाहा अस्त्राय फट् ।

ध्यान – **गदाबीजपूरे धनुः शूलचक्रे सरोजोत्पले पाशधान्याग्रदन्तान् ।**
करैः सन्दधानं स्वशुण्डाग्रराजन्मणीकुम्भमङ्काधिरूढं स्वपत्न्या ।।
सरोजन्मना भूषणानां भरेणोज्ज्वलद्धस्ततन्व्या समालिङ्गिताङ्गम् ।
करीन्द्राननं चन्द्रचूडं त्रिनेत्रं जगन्मोहनं रक्तकान्तिं भजेत्तम् ।।

दायाँ हातहरूमा गदा, बीजपूर, शूल, चक्र एवं पद्म र बायाँ हातहरूमा धनु, कमल, पाश, धान्यमञ्जरी एवं दन्त धारण गर्नुहुने, सूँढको टुप्पामा सुन्दर मणिकलश धारण गर्नुहुने, त्रिनयन, कमल एवं आभूषणद्वारा सुहाएका करकमलले सम्पन्न भई काखमा बसेकी आफ्नी पत्नीद्वारा आलिङ्गित, गजानन, चन्द्रभाल र रक्तकान्ति जगन्मोहन श्रीगणेशको ध्यान गर्दछु ।

पीठपूजा – अङ्गन्यास ध्यान आदि पूर्वोक्त रीतिबाट सम्पन्न गरेपछि त्रैलोक्यमोहनगणेशको मानसोपचारले पूजा गरी अर्घ्यस्थापन गर्नुपर्दछ । ॐ सर्वशक्तिकमलासनाय नमः भनी आसन पूजा गरी तीव्रा आदि पीठदेवताहरूको पूजा गरेर इष्टदेव त्रैलोक्यमोहनको मूर्ति कल्पना गरी ध्यान, आवाहन, पुष्पाञ्जलि समर्पण गर्नुपर्दछ । अष्टदलमा शक्तिहरूको पूजन गर्नुपर्दछ ।

प्रथम आवरण पूजा – आग्नेय आदि कोणहरूमा 'ॐ वक्रतुण्डैकदंष्ट्राय क्लीं ह्रीं श्रीं गं हृदयाय नमः' इत्यादि षडङ्गन्यासमा बताइएका मन्त्रहरूद्वारा अङ्गपूजा गरी पुष्पाञ्जलि दिनुपर्दछ ।

द्वितीय आवरण पूजा – अष्टदलका दलहरूमा ॐ वामायै नमः, ॐ ज्येष्ठायै नमः, ॐ रौद्र्यै नमः, ॐ कलकाल्यै नमः, ॐ कलविकरिण्यै नमः, ॐ बलप्रमथन्यै नमः, ॐ सर्वभूतदमन्यै नमः, ॐ मनोन्मन्यै नमः – यी मन्त्रहरूबाट शक्तिहरूको पूजा गरी पुष्पाञ्जलि दिनुपर्दछ ।

तृतीय आवरण पूजा – द्वितीय आवरणमा शक्तिपूजन गरेपछि पूर्वादि दिशामा ॐ प्रमदाय नमः, ॐ सुमुखाय नमः, ॐ दुर्मुखाय नमः, ॐ विघ्नविनाशकाय नमः – यी मन्त्रहरूद्वारा प्रमोद आदिको पूजा गरी अष्टदलको अग्रभागमा ॐ ब्राह्म्यै नमः, ॐ माहेश्वर्यै नमः, ॐ कौमार्यै नमः, ॐ वैष्णव्यै नमः, ॐ वाराह्यै नमः, ॐ इन्द्राण्यै नमः, ॐ चामुण्डायै नमः, ॐ महालक्ष्म्यै नमः – यी मन्त्रद्वारा मातृकापूजन गरी पुष्पाञ्जलि दिनुपर्दछ ।

चतुर्थ आवरण पूजा – ॐ इन्द्राय नमः – पूर्वे, ॐ अग्नये नमः – आग्नेये, ॐ यमाय नमः – दक्षिणे, ॐ निऋतये नमः – नैर्ऋत्ये, ॐ वरुणाय नमः – पश्चिमे, ॐ वायवे नमः वायव्ये, ॐ सोमाय नमः– उत्तरे, ॐ ईशानाय नमः – ऐशान्ये, ॐ ब्रह्मणे नमः – आकाशे, ॐ अनन्ताय नमः – पाताले– यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्रहरूद्वारा पूर्वादि दिशामा इन्द्र आदि दिक्पालहरूको पूजा गरी पूर्ववत् पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ।

पञ्चम आवरण पूजा - इन्द्रादि देवताको समीपमा - ॐ वज्राय नमः, ॐ शक्तये नमः, ॐ दण्डाय नमः, ॐ खड्गाय नमः, ॐ पाशाय नमः, ॐ अङ्कुशाय नमः, ॐ गदायै नमः, ॐ त्रिशूलाय नमः, ॐ चक्राय नमः, ॐ पद्माय नमः - यी मन्त्रहरूद्वारा आयुधपूजन गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

यसरी नित्य अर्चना गर्दै चार लाख जप पूरा गरेपछि अष्टद्रव्यद्वारा दशांश हवन, तर्पण, मार्जन एवं ब्राह्मण भोजनका कार्य सम्पन्न गर्नुपर्दछ । त्यसपछि मन्त्र सिद्ध हुन्छ र काम्यप्रयोग गर्न सकिन्छ।

काम्यप्रयोग -

१) उक्त मूलमन्त्रको जप गर्दै कमलद्वारा आहुति दिनाले राजालाई वशवर्ती बनाउन सकिन्छ भने कुमुदद्वारा आहुति दिनाले मन्त्रीलाई वशमा तुल्याउन सकिन्छ । पीपलको समिधाद्वारा आहुति दिनाले ब्राह्मणलाई, डुम्रीको समिधाद्वारा आहुति दिनाले क्षत्रियहरूलाई, पाकरीको समिधाद्वारा आहुति दिनाले वैश्यहरूलाई र वटवृक्षको समिधाद्वारा आहुति दिनाले शूद्रहरूलाई वशवर्ती तुल्याउन सकिन्छ । मधुको आहुति दिनाले सुवर्ण प्राप्ति हुन्छ भने गाईको दूधद्वारा आहुति दिनाले गोसम्पत्ति प्राप्त हुन्छ । दही मिसिएको चरुको हवन गर्नाले समृद्धि प्राप्त हुन्छ । घृताहुतिद्वारा अन्न एवं लक्ष्मीको वृद्धि हुन्छ भने वेतको आहुति दिनाले वृष्टि र सुकाल हुन्छ ।

च) हरिद्रागणपतिमन्त्र साधनाविधि

गृहस्थ जीवनलाई सुखी, सम्पन्न र निरापद तुल्याउन पौरुष, वीरता, वीर्यस्तम्भन र पूर्ण सम्भोगसुख प्राप्त गर्नुका साथै नपुंसकता हटाउन हरिद्रागणेशको '**ॐ हुं गं ग्लौं हरिद्रागणपतये वरवरद सर्वजनहृदयं स्तम्भय स्तम्भय स्वाहा**' । यस मन्त्रको साधना गर्नुपर्दछ ।

विनियोगः - ॐ अस्य श्रीहरिद्रागणनायकमन्त्रस्य मदनऋषिः, अनुष्टुप् छन्दः, हरिद्रागणनायको देवता ममाभीष्टसिद्धये जपे विनियोगः ।

षडङ्गन्यासः - ॐ हुं गं ग्लौं हृदयाय नमः । हरिद्रागणपतये शिरसे स्वाहा । वरवरद शिखायै वषट् । सर्वजनहृदयं कवचाय हुम् । स्तम्भय स्तम्भय नेत्रत्रयाय वौषट् । स्वाहा अस्त्राय फट् ।

ध्यान - **पाशांकुशौ मोदकमेकदन्तं करैर्दधानं कनकासनस्थम् ।**
हारिद्रखण्डप्रतिमं त्रिनेत्रं पीतांशुकं रात्रिगणेशमीडे ।।

दायाँ हातहरूमा अंकुश एवं लड्डु र बायाँ हातहरूमा पाश एवं दन्त धारण गर्नुहुने, सुवर्णको सिंहासनमा विराजमान, बेसारजस्तो पहेंलो आभाले सुहाउनुभएका, त्रिनेत्रसम्पन्न र पहेंला वस्त्र धारण गर्नुहुने हरिद्रागणपतिको ध्यान गर्दछु ।

पीठपूजन - अर्घ्य स्थापन गरी अष्टदल कमलमा तीव्रा आदि पूर्वोक्त शक्तिहरूको पूजन गर्नुपर्दछ । फेरि मूल मन्त्रले हरिद्रागणपतिको मूर्तिको कल्पना गरेर मानसपूजा गरी क्रमअनुसार आवरण पूजा गर्नुपर्दछ।

प्रथम आवरण पूजा - **वक्रतुण्डैकदंष्ट्राय क्लीं ह्रीं श्रीं गं हृदयाय नमः** यसरूपमा अङ्गन्यासोक्त सरणिबाट अङ्गपूजा गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

द्वितीय आवरण पूजा - अष्टदल कमलका दलहरूमा ॐ वामायै नमः, ॐ ज्येष्ठायै नमः, ॐ रौद्रै नमः, ॐ कलकाल्यै नमः, ॐ कलविकरिण्यै नमः, ॐ बलप्रमथन्यै नमः, ॐ सर्वभूतदमन्यै नमः, ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोन्मन्यै नमः – यी मन्त्रहरूबाट शक्तिहरूको पूजा गरी पुष्पाञ्जलि दिनुपर्दछ ।

तृतीय आवरण पूजा – अष्टदल कमलका दलहरूमा ॐ प्रमोदाय नमः, ॐ सुमुखाय नमः, ॐ दुर्मुखाय नमः, ॐ विघ्ननाशकाय नमः – यी मन्त्रहरूद्वारा प्रमोद आदिको पूजा गरेपछि दलहरूको अग्रभागमा ॐ ब्राह्मै नमः, ॐ माहेश्वर्यै नमः, ॐ कौमार्यै नमः, ॐ वैष्णव्यै नमः, ॐ वाराह्यै नमः, ॐ इन्द्राण्यै नमः, ॐ चामुण्डायै नमः, ॐ महालक्ष्म्यै नमः, यी मन्त्रहरूद्वारा मातृकापूजन गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

चतुर्थ आवरण पूजा – ॐ इन्द्राय नमः – पूर्वे, ॐ अग्नये नमः – आग्नेये, ॐ यमाय नमः – दक्षिणे, ॐ निऋतये नमः – नैर्ऋत्ये, ॐ वरुणाय नमः – पश्चिमे, ॐ वायवे नमः वायव्ये, ॐ सोमाय नमः – उत्तरे, ॐ ईशानाय नमः – ऐशान्ये, ॐ ब्रह्मणे नमः – आकाशे, ॐ अनन्ताय नमः – पाताले – यी मन्त्रहरूद्वारा पूर्वादि दिशामा इन्द्र आदि दिक्पालहरूको पूजा गरी पूर्ववत् पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

पञ्चम आवरण पूजा – इन्द्रादि देवताको समीपमा – ॐ वज्राय नमः, ॐ शक्तये नमः, ॐ दण्डाय नमः, ॐ खड्गाय नमः, ॐ पाशाय नमः, ॐ अङ्कुशाय नमः, ॐ गदायै नमः, ॐ त्रिशूलाय नमः, ॐ चक्राय नमः, ॐ पद्माय नमः – यी मन्त्रहरूद्वारा आयुधपूजन गरी पुष्पाञ्जलि अर्पण गर्नुपर्दछ ।

यसरी आवरण पूजा गरी मन्त्र जप आरम्भ गर्नुपर्दछ । चार लाख जप पूरा भएपछि बेसार मिश्रित चामलद्वारा दशांश हवन गरी तर्पण, मार्जन एवं ब्राह्मणभोजन गराएपछि मन्त्र सिद्ध हुन्छ र काम्यप्रयोग गर्न सकिन्छ ।

पीठपूजा – यस मन्त्रको चार लाख सङ्ख्यामा जपी पुरश्चरण पूर्ण गर्नुपर्दछ । बेसार मिसिएको चामलद्वारा दशांश होम सम्पन्न गरी ब्राह्मणभोजन गराउनु पर्दछ । प्रत्येक दिन पुरश्चरण आरम्भ गर्नुभन्दा पहिले पीठपूजा, मातृका पूजन र दिक्पालको पूजन गर्नुपर्दछ । यस प्रकार पुरश्चरण गर्दा सिद्ध हुने मन्त्रले सम्पूर्ण मनोवाञ्छित वस्तु प्रदान गर्दछ ।

काम्यप्रयोग –

१) शुक्लपक्षको चतुर्थी तिथिका दिन कन्याद्वारा पिसिएको बेसार शरीरभरि लेपन गरेर तीर्थ आदिका पवित्र जलले स्नान गरी श्रीगणेशको पूजा गर्नुपर्दछ । पूजा गरेपछि तर्पण दिएर भगवान् श्रीगणेशका सामु उक्त मन्त्रको एक हजार आठ सङ्ख्यामा जप सम्पन्न गर्नुपर्दछ । घ्यू एवं मालपुवाले सय आहुति दिएर ब्रह्मचारीहरूलाई भोजन गराउनु पर्दछ । कुमारी एवं गुरुलाई सन्तुष्ट तुल्याएपछि साधकले मनोवाञ्छित फल प्राप्त गर्दछ ।

२) लाजाद्वारा आहुति दिनाले वरले सुन्दर पत्नी प्राप्त गर्दछन् र कन्याले अनुरूप वर प्राप्त गर्दछिन् ।

३) बन्ध्या नारीले ऋतुस्नान गरेपछि श्रीगणेशजीको पूजा गरेर चार तोला गहुँतमा बोचो र बेसार पिसेर मिसाउनु पर्दछ । एक हजार सङ्ख्यामा मूलमन्त्रले उक्त गहुँत अभिमन्त्रित गर्नुपर्दछ । त्यसपछि कन्या एवं वटुहरूलाई श्रीगणेशको प्रसाद लड्डु खुवाउनु पर्दछ । कर्ताले आफै अभिमन्त्रित गोमूत्रपान गर्नुपर्दछ । यसो गरेपछि उत्तम, गुणी पुत्र प्राप्त हुन्छ ।

४) उक्त मन्त्रको जपोपासनाबाट शत्रुस्तम्भन र वाणीस्तम्भन हुन्छ । जल, अग्नि, चोर, सिंह एवं अस्त्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकोप निवारण गर्न सकिन्छ ।[२०]

यसैगरी तन्त्रहरूमा अनेक विनायक र श्रीगणेशहरूको उपासनाविधि रहेको छ । केही स्थानहरूमा श्रीगणेशको द्वारयात्रा गर्ने परम्परा पनि रहिआएको छ । कहीं मन्त्रकल्प गर्ने परम्परा पनि देखिन्छ । श्रीगणेशगायत्री, श्रीगणेशकवच, श्रीगणेशाष्टोत्तरशतनाम, श्रीगणेशसहस्रनामको आधारमा उपासना गरी मनोरथसिद्धि गर्न चाहने उपासकहरूको ठूलो सङ्ख्या रहेको छ ।

श्रीगणेशको श्रीविग्रह दिव्य र विलक्षण छ । श्रीगणेशपूजा स्थूलात्मक, बुद्धिगम्य र अनुभवसिद्ध पनि हुन्छ । तर जुन प्रतीकात्मक श्रीगणेशपूजन गरिन्छ, त्यसलाई निर्गुण ब्रह्मको उपासना भन्नुपर्दछ । श्रीगणेशरूपमा उपास्य देवतामा सत्त्वगुणको प्रधानता रहेको हुन्छ । उहाँको कृपाबाट सत्त्वगुणको उदय हुँदा कर्तृत्वको अभिमान नष्ट हुन्छ । त्यस अवस्थामा विघ्न-बाधाको लोपमात्र होइन, अत्यन्ताभाव नै हुन्छ ।

गणेशपूजनका निर्गुण, सगुण, वैदिक, तान्त्रिक आदि अनेक विधि-विधान रहे पनि श्रीगणेशपूजन एउटा साकार, परिमित, परिच्छिन्न शक्तिको प्रतीक नभएर निर्गुण परब्रह्मको उपासनाको प्रतीक हो । वास्तवमा सगुण हुँदा सत्त्वगुणका धनी र निर्गुण हुँदा निराकार, निरञ्जन, परब्रह्मरूप श्रीगणेश उपासक भक्तहरूका लागि कल्पवृक्षसमान हुनुहुन्छ । सगुणोपासनामा श्रीगणेशका युगानुसारका स्वरूपहरूको ध्यानका विधि रहेका छन् । सत्ययुगमा – सिंहवाहन, दशबाहु, तेजोमय, कश्यपनन्दन महोत्कटको ध्यान र उपासना गर्नुपर्दछ । त्रेतायुगमा – मयूरवाहन, षड्बाहु, शशिवर्ण, शिवपुत्र मयूरेशको ध्यान र उपासना गर्नुपर्दछ । द्वापरयुगमा – मूषकवाहन, चतुर्भुज, रक्तवर्ण, वरेण्यपुत्र श्रीगणेशको ध्यान र उपासना गर्नुपर्दछ । कलियुगमा- अश्ववाहन, धूम्रवर्ण, द्विबाहु श्रीगणेशको ध्यान र उपासना गर्नुपर्दछ ।[२१]

मेरुतन्त्र एवं श्रीविद्यार्णव तन्त्र आदि तन्त्रशास्त्रका विशिष्ट ग्रन्थहरूको शैलीमा बृहत्पुरश्चर्यार्णवमा विभिन्न आम्नायका गणपतिहरूको मन्त्रोपासना विधिको निरूपण गरिएको छ । वैदिककालदेखि नै श्रीगणेशको आराधना सनातनसमाजमा प्रचलित रहेको छ । विभिन्न किसिमका गायत्री र श्रीगणेशपरक मन्त्रहरूबाट श्रीगणेशको उपासना अनादिसिद्ध भएको तथ्य प्रमाणित हुन्छ । शिवपुराण, स्कन्दपुराण, ब्रह्मवैवर्तपुराण, लिङ्गपुराण आदि पौराणिक ग्रन्थहरूमा श्रीगणेशपरक कथा, श्रीगणेशतत्त्वको चिन्तन र श्रीगणेशपूजापद्धति पाइन्छन् । श्रीगणेशको नामबाट प्रचलित श्रीगणेशपुराणमा विस्तृतरूपमा श्रीगणेशतत्त्वको निर्वचन गरिएको छ । तन्त्रवाङ्मयमा व्यापकरूपमा श्रीगणेशको उपासनाका विविध पक्षहरू प्रकाशित गरिएका छन् । गणपति जनगणका देवता हुनुभएकाले उहाँको जनसमूहमा अपरिमित सम्मान छ । श्रीगणेश विघ्नराज र विघ्ननाशक हुनुका साथै सिद्धि एवं बुद्धिका दाता हुनुभएकाले उहाँ सनातनसमाजका मात्र देवता नभई जैनसम्प्रदाय र बौद्धसम्प्रदायका पनि आराध्य हुनुहुन्छ ।

इ) वैनायक सम्प्रदाय

सनातन मतावलम्बीहरूमा मुख्यतया पाँच सम्प्रदाय छन् - शैव, वैष्णव, शाक्त, सौर र वैनायक । जुन सम्प्रदायले क्रमशः- शिव, विष्णु, शक्ति, सूर्य र श्रीगणेशको आराधना गर्दछन् । वैनायकसम्प्रदायका उपासकहरूले भगवान् श्रीगणेशलाई परब्रह्मका रूपमा मान्दछन् । उक्त सम्प्रदायका ६ भेद रहेका छन् - १) महागणपति सम्प्रदाय, २) हरिद्रागणपति सम्प्रदाय, ३) उच्छिष्टगणपति सम्प्रदाय, ४) नवनीतगणपति सम्प्रदाय, ५) स्वर्णगणपति

---

२०. *महीधर, मन्त्रमहोदधि, द्वितीयतरङ्ग, वाराणसी : प्राच्य प्रकाशन, ई. १९८१, पृ. ४८-७६ ।*

२१. *ध्यायेत् सिंहगतं विनायकममुं दिग्बाहुमाद्ये युगे त्रेतायान्तु मयूरवाहनममुं षड्बाहुकं सिद्धिदम् ।*
द्वापारे तु गजाननं युगभुजं रक्ताङ्गरागं विभुं तुर्ये तु द्विभुजं सिताङ्गरुचिरं सर्वार्थदं सर्वदा ॥ - श्रीगणेशपुराण, २/८५/१८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्प्रदाय, ६) सन्तानगणपति सम्प्रदाय ।

श्रीमत्कृष्णानन्दवागीशद्वारा रचित तन्त्रसार ग्रन्थको चतुर्थ परिच्छेदमा वैनायक सम्प्रदायद्वारा आराध्य श्रीगणेशको स्वरूप र तत्त्वबारे भनिएको छ – महापुरुषहरूले जसलाई आदि अक्षर ॐ भन्दछन्, श्रुतिका वचनहरूले जसको नित्य स्तुति गर्दछन्, देवताहरू जसका चरणकमलमा प्रणत हुन्छन् र अर्धचन्द्रमा जसको शिरमा गहना बनेर सुहाउँछन्, म ती भगवान् गजाननको भजन-कीर्तन गर्दछु ।[२२]

तन्त्रसारको द्वितीय परिच्छेदमा विभिन्न वैनायकसम्प्रदायका उपास्यहरू क्रमशः – महागणपति, हरिद्रागणपति, उच्छिष्टगणपति, हेरम्बगणपति, स्वर्णगणपति र सन्तानगणपतिको आराधना विधिका विषयमा विस्तृतरूपमा प्रकाश पारिएको छ । स्वर्णगणपति-सम्प्रदाय एवं सन्तानगणपति-सम्प्रदायका पूजापद्धति र वैदिक पूजापद्धतिमा अन्तर नभएकाले यहाँ बाँकी चार सम्प्रदायमा प्रचलित पूजाविधिको विषयमा सङ्क्षेपमा उल्लेख गरिन्छ ।

क) महागणपति सम्प्रदायको आराधनाविधि

१) दशभुज गणपतिको ध्यान

महागणपतिलाई दशभुज र रक्तवर्ण मानिनुका साथै चतुर्भुज र गौरवर्ण पनि मानिएको छ । दशभुज महागणपतिको ध्यानमा भनिएको छ – उत्तम गजराजको जस्तो मुखमण्डलद्वारा शोभायमान, शिरमा अर्धचन्द्रमा धारण गर्नुहुने, अरुणकान्तिद्वारा शोभायमान, त्रिनयन, श्रीमहागणपति हातमा कमल लिएकी आफ्नी प्रियतमाद्वारा आलिङ्गित हुनुहुन्छ । उहाँले आफ्ना भुजाहरूमा दाडिम, गदा, धनु, त्रिशूल, चक्र, पद्म, पाश, उत्पल, धान्यगुच्छ, स्वदन्त र रत्नकलश धारण गर्नुभएको छ । यस्ता महागणपतिको म ध्यान गर्दछु –

हस्तीन्द्राननमिन्दुचूडमरुणच्छायं त्रिनेत्रं रसा-
दाश्लिष्टं प्रियया सपद्मकरया स्वाङ्कस्थया सन्ततम् ।
बीजापूरगदाधनुस्त्रिशिखयुक्चक्राब्जपाशोत्पल-
व्रीह्यग्रस्वविषाणरत्नकलशान् हस्तैर्वहन्तं भजे ।।[२३]

उक्त ध्यानानुकूल २८ अक्षरको मन्त्र यस प्रकार रहेको छ –

ॐ श्रीं ह्रीं क्लीं ग्लौं गं गणपतये वर वरद सर्वजनं मे वशमानय स्वाहा ।

ख) हेरम्बगणपति सम्प्रदायको आराधनाविधि

तन्त्रसारमा हेरम्बगणपतिका दुईथरि ध्यान र मन्त्रको विधान गरिएको छ –

अ) पञ्चहस्तिमुख दशभुज र सिंहवाहन । आ) चतुर्भुज हेरम्ब ।

अ) पञ्चहस्तिमुख हेरम्बगणपतिको ध्यान

पञ्चहस्तिमुख हेरम्बगणपतिको निम्नाङ्कित ध्यानपद्यको आशय यसप्रकार रहेको छ- पॉच गजमुखले सम्पन्न, चार दिशामा काञ्चन, नील, श्वेत र कुङ्कुम वर्णका ४ गजमुख र

२२. *ओङ्कारमाद्यं प्रवदन्ति सन्तो वाचः श्रुतीनामपि यं गृह्णन्ति ।*
गजाननं देवगणानताङ्घ्रिं भजेऽहमर्धेन्दुकृतावतंसम् ।। – रासमोहन चक्रवर्ती, 'गाणपत्यसम्प्रदाय', कल्याण, पूर्ववत्, ४६० ।

२३. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

ऊर्ध्व भागमा एक मुक्ता वर्ण गजमुखले सुहाउनुभएका, त्रिनयन, सिंहवाहन, चन्द्रमौलि, सूर्यसमान कान्तिले जाज्वल्यमान, बलगर्वित, आफ्ना दश भुजाहरूमा वरमुद्रा, अभयमुद्रा, मोदक, दन्त, टङ्क, शिर, अक्षमाला, मुद्गर, अङ्कुश र त्रिशूल धारण गर्नुहुने हेरम्ब गणपतिको ध्यान गर्दछु ।

मुक्ताकाञ्चननीलकुन्दघुसृणच्छायैस्त्रिनेत्रान्वितै-
र्नागास्यैर्हरिवाहनं शशिधरं हेरम्बमर्कप्रभम् ।
दृप्तं दानमभीतिमोदककरदान् टङ्कं शिरोऽक्षात्मिकाम्
मालां मुद्गरमङ्कुशं त्रिशिखिकं दोर्भिर्दधानं भजे ।।[२४]

उक्त ध्यानसम्मत हेरम्बगणपतिको चतुरक्षर मन्त्र – **ॐ गूं नमः ।**

आ) चतुर्भुज हेरम्बगणपतिको ध्यान

चतुर्भुज हेरम्बगणपतिको निम्नाङ्कित ध्यानपद्यको आशय यसप्रकार रहेको छ – आफ्ना चार भुजाहरूमा क्रमशः पाश, अङ्कुश, कल्पलता र हस्तिदन्त धारण गर्नुहुने, सूँढको टुप्पामा दाडिमको फल राखेर सुहाउनुभएका, रातो वर्णको अङ्गकान्तिले सम्पन्न, त्रिनयन, शिरमा तरुण चन्द्रमा धारण गर्नुहुने र कण्ठमा सेतो हार लगाउनुभएका भगवान् हेरम्बले तपाईंहरू सबैको रक्षा गर्नुहुनेछ ।

पाशाङ्कुशौ कल्पलतां विषाणं दधत् सुशुण्डाहितबीजपूरः ।
रक्तस्त्रिनेत्रस्तरुणेन्दुमौलिर्हारोज्ज्वलो हस्तिमुखोऽवताद् वः ।।[२५]

ध्यानानुकूल मन्त्र – **गं क्षिप्रप्रसादनाय नमः ।**

ग) हरिद्रागणपति सम्प्रदायको आराधनाविधि

हरिद्रागणपतिको निम्नाङ्कित ध्यानपद्यको भाव यसप्रकार रहेको छ – शरीरमा पहेंलो रङ्गको कान्तिले सुहाउनुभएका, चतुर्भुज, पहेंला वस्त्र धारण गर्नुहुने, सर्वव्यापक, पाश, अङ्कुश, मोदक र गजदन्त धारण गर्नुहुने हरिद्रागणपतिलाई प्रणाम गर्दछु ।

हरिद्राभं चतुर्बाहुं हारिद्रवसनं विभुम् ।
पाशाङ्कुशधरं देवं मोदकं दन्तमेव च ।।[२६]

एकाक्षर मन्त्र – ग्लम् ।

घ) उच्छिष्टगणपति सम्प्रदायको आराधनाविधि

उच्छिष्टगणपतिको निम्नाङ्कित ध्यानपद्यको आशय यसप्रकार छ – रातो वर्णको कान्तिले सुहाउनुभएका, सबै प्रकारका अलङ्कारद्वारा अलङ्कृत, राता वस्त्र धारण गर्नुहुने, त्रिनयन, रातो

२४. पूर्ववत् ।
२५. पूर्ववत् ।
२६. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमलमाथि विराजमान, चतुर्भुज, विशालकाय, द्विगजदन्त धारण गर्नुहुने, मुस्कानको कान्तिले सुहाउनुभएका, दायाँ माथिल्लो हातमा वरमुद्रा र तल्लो हातमा एकदन्त लिएर रहनुभएका, बायाँ माथिल्लो हातमा पाश र तल्लो हातमा अंकुश धारण गर्नुहुने, जटाजुटले बेरिनुभएका, मस्तकमा अर्धचन्द्र धारण गर्नुहुने, उच्छिष्टगणपतिको ध्यान गर्दछु ।

रक्तमूर्तिं गणेशञ्च सर्वाभरणभूषितम् । रक्तवस्त्रं त्रिनेत्रञ्च रक्तपद्मासने स्थितम् ।।
चतुर्भुजं महाकायं द्विदन्तं सस्मिताननम् । इष्टञ्च दक्षिणे हस्ते दन्तञ्च तदधःकरे ।
ललाटं चन्द्ररेखाढ्यं सर्वालङ्कारभूषितम् । पाशाङ्कुशौ च हस्ताभ्यां जटामण्डलवेष्टितम् ।।[२७]

मन्त्र – **ॐ हस्तिपिशाचिलिखे स्वाहा ।**

ई) अजपागायत्री एवं गणेशगायत्री

कुण्डलिनीबाट उत्पन्न प्राणरूप गायत्री हकाररूप ध्वनिका साथ बहिर्गमन गर्ने र सकाररूप ध्वनिका साथ अन्तःप्रवेश गर्ने हुँदा **'हंसः हंसः'** यस रूपको अजपा गायत्री मन्त्र निष्पन्न हुन्छ । विना प्रयास जपिने अजपाको स्मरणबाट साधकका समस्त विघ्न निरस्त हुन्छन् । अजपाका देवतालाई हंस भनिन्छ र ती क्रमशः श्रीगणेश, ब्रह्मा, हरि, शिव, जीव र परमात्मा हुन् । शरीरमा रहेका चक्रहरूमध्ये मूलाधार चक्रमा हंसरूप श्रीगणेशको ध्यान गर्नुपर्ने कुरा बताइएको छ ।[२८]

यसैगरी स्वाधिष्ठान चक्रमा ब्रह्मा, मणिपूर चक्रमा विष्णु, अनाहत चक्रमा शिव, विशुद्ध चक्रमा जीवात्मा, आज्ञा चक्रमा गुरु र सहस्रार चक्रमा परमात्माको ध्यान गर्नुपर्दछ । चक्रमा देवताहरूको ध्यान गर्दा तत्तद्देवताका शक्तिहरू क्रमशः श्रीगणेशकी सिद्धि, ब्रह्माकी सरस्वती, विष्णुकी लक्ष्मी, शिवकी पार्वती, जीवकी अविद्या, गुरुकी ज्ञानशक्ति र परमात्माकी मोक्षबीजात्मिका विद्याको पनि ध्यान गर्नुपर्ने निर्देश गरिएको छ ।[२९] निरन्तर अजपा जप जारिरहने हुँदा प्रत्येक साधकले प्रातःकालमा अजपा जपसङ्ख्यामध्ये ६०० श्रीगणेश, ६००० ब्रह्मा, ६००० विष्णु, ६००० शिव, १००० जीवात्मा, १००० गुरु र १००० परमात्मालाई अर्पण गर्नुपर्ने तथ्य बताइएको छ ।[३०] श्रीगणेशमन्त्र साधना गर्दा शीघ्र सिद्धि प्रदान गर्ने क्षेत्रको निरूपण गर्ने क्रममा नर्मदा नदीको तटवर्ती मायूरक्षेत्रलाई सिद्धिदायक क्षेत्र बताइएको छ ।[३१]

गणेश अथर्वशीर्षमा श्रीगणेशपूजा र **ॐ गं गणपतये नमः** मन्त्रको जप गर्ने विधान गरिएको छ । श्रीगणेशको उपासना गर्ने भक्तहरूका लागि उपनिषद्हरूमा श्रीगणेशका अनेक गायत्रीहरू पाइन्छन् ।[३२]

---

२७. *पूर्ववत् ।*

२८. *हेरम्बन्तु यदा मध्ये ऐशान्यामच्युतं भजेत् । आग्नेय्यां पञ्चवक्त्रन्तुं नैर्ऋत्यां जगदम्बिकाम् ।।*
वायव्यां द्युमणिञ्चैव यजेन्मन्त्री ह्यतन्द्रितः । – बृहत्पुरश्चर्यार्णव, दोस्रो भा., पृ. ८७ ।

२९. *व सषदलयुक्ते सम्पग्गाधारपद्मे तरुणमरुणगात्रं वारणास्यं त्रिनेत्रम् ।*
अभयवरदहस्तं चारुपाशाङ्कुशोद्यत् कनकरुचिसमन्यं चिन्तयेदादिदेवम् ।। – पूर्ववत्, पृ. २०८ ।

३०. *शक्तिः सिद्धिर्गणेशस्य ब्रह्मणश्च सरस्वती । लक्ष्मीर्नारायणस्यापि पार्वती च पिनाकिनः ।।*
अविद्या चैव जीवस्य गुरोर्ज्ञानं परापरम् । मोक्षबीजात्मिका विद्या शक्तिश्च परमात्मनः ।। – पूर्ववत्, पृ. २००९ ।

३१. *षट्शतानि गणेशाय ब्रह्मणे षट्सहस्रकम् । विष्णवे षट्सहस्रञ्च षट्सहस्रं पिनाकिने ।।*
सहस्रमात्मने चैव गुरवे च सहस्रकम् । परात्मने सहस्रञ्च यथाविधि समुत्सृजेत् ।। – पूर्ववत्, पृ. २००७ ।

३२. *महागणपतिक्षेत्रं मायूरं नर्मदातटे । महाश्मशानं मायूरं गणेशमनुसिद्धिदम् ।। – मेरुतन्त्र, खेमराज श्रीकृष्णदास वेंकटेश्वर मुद्रणालय, मुम्बई, वि.सं. १९६५, श्लो. ६/२४९।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अ) **एकदन्ताय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात् ।** (गणेश-अथर्वशीर्ष)

आ) **तत्पुरुषाय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात् ।** (नारायणोपनिषद्)

इ) **तत्कराटाय विद्महे हस्तिमुखाय धीमहि तन्नो दन्ती प्रचोदयात् ।** (मैत्रायणीसंहिता)

ई) **लम्बोदराय विद्महे महोदराय धीमहि तन्नो दन्ती प्रचोदयात् ।** (अग्निपुराण)

उ) **महोत्कटाय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात् ।** (अग्निपुराण)

वैदिकवाङ्मयमा गणपतिका रूपमा श्रीगणेश, तत्पुरुष, वक्रतुण्ड र दन्ती शब्दको उल्लेख गरी श्रीगणेशगायत्रीहरू पाइएकाले भगवान् श्रीगणेश पञ्चदेवतामध्ये प्रथमपूज्य र अनादिसिद्ध देवता हुनुहुन्छ, यसमा कुनै सन्देह छैन ।

उ) पञ्चदेवोपासनामा श्रीगणेश

सूर्य, श्रीगणेश, देवी, शिव र नारायणलाई पञ्चदैवत भनिएको छ । सबै कर्ममा यिनको पूजा गर्नुपर्दछ । आकाशका स्वामी विष्णु, अग्निकी स्वामिनी देवी, वायुका स्वामी सूर्य, पृथिवीका स्वामी शिवजी र जलका स्वामी श्रीगणेश हुनुहुन्छ ।[३३] विधाताले सर्वप्रथम जलको सृष्टि गरे र तिनले जलमा नै संसारको बीजतत्त्व प्रतिष्ठित गराएको कुरा मनुले भनेका छन् ।[३४]

सृष्टिकार्यमा सर्वप्रथम जल रचिएकाले र श्रीगणेश जलाधिप हुनुभएकाले श्रीगणेशको प्रथम पूजा गर्ने विधान रहेको छ । गणपति अथर्वशीर्ष र **गणानान्त्वा०** आदि मन्त्रहरूमा श्रीगणेशलाई सर्वदेवमय मानिएकाले श्रीगणेशको पूजन गर्दा सबै देवताको पूजन हुने कुरा शास्त्रमा बताइएको छ । श्रीगणेशको पूजा गर्ने उपासक सबै दोष, सबै विघ्न र सबै पापबाट मुक्त हुन्छन् भनिएको छ ।[३५]

कपिलतन्त्रमा विष्णु, शक्ति, सूर्य, शिव र श्रीगणेशलाई विभिन्न तत्त्वका अधिष्ठाता मानिएको छ । तदनुसार आकाशका स्वामी विष्णु, अग्निका स्वामी शक्ति, वायुका स्वामी सूर्य, पृथिवीका स्वामी शिवजी र जीवन एवं जलका स्वामी श्रीगणेशलाई मानिएको छ ।

गणेश, शिव, विष्णु, देवी र सूर्य यी पाँच देवताका छुट्टाछुट्टै पाञ्चायन रहेका छन् । श्रीगणेश पाञ्चायनमा देवताको स्थापना क्रम निर्देश गर्ने सन्दर्भमा बृहत्पुरश्चर्यार्णवमा भनिएको छ – मध्यभागमा श्रीगणेश, ऐशान्यमा विष्णु, आग्नेयमा शिव, नैर्ऋत्यमा देवी र वायव्यमा सूर्यको स्थापना गर्नुपर्दछ ।[३६]

४.४ आवेशपीडित मानिसहरूका लागि गणपतिकल्प

आफ्ना दुष्कर्म, दुष्प्रवृत्ति, दुर्वासना र ग्रहचक्रको प्रभावका कारण मानिसहरूमा विघ्नराज श्रीगणेशको आवेश प्रकट हुन्छ । त्यसबाट मानिसले अनेक शारीरिक र मानसिक पीडा व्यहोर्नु पर्दछ । श्रीगणेशको आवेश हुँदा नराम्रा सपना देखिन्छन्, मनमा भ्रान्ति पैदा हुन्छ, सानो कुराले पनि अत्याउँछ, मनमा भय र आशङ्का भइरहन्छन्, प्रारम्भ गरेका कार्य अधूरा हुन्छन्, हरेक कार्यमा हानिमात्र भइरहन्छ, आफूले चिताएको कुनै काम पनि पूर्ण हुँदैन, वादविवादमा पराजय हुन्छ,

---

३३. *आदित्यं गणनाथञ्च देवीं रुद्रञ्च केशवम् । पञ्चदैवतमित्युक्तं सर्वकर्मसु पूजयेत् ॥*
आकाशस्याधिपो विष्णुरग्नेश्चैव महेश्वरी । वायोः सूर्यः क्षितेरीशो जीवनस्य गणाधिपः ॥ – भजनानन्द सरस्वती, 'पञ्चदेवोपासना में श्रीगणेश', कल्याण, पूर्ववत्, पृ. ४५।

३४. *आप एव ससर्जादौ तासु बीजमवासृजत् ।* – मनुस्मृति १/८ ।

३५. *त्वं ब्रह्मा त्वं विष्णुस्त्वं रुद्रस्त्वमिन्द्रस्त्वमग्निस्त्वं वायुस्त्वं सूर्यस्त्वं चन्द्रमास्त्वं ब्रह्म भूर्भुवः स्वरोम्।* – गणेशाथर्वशीर्ष ११ ।

३६. श्रीचक्रपल्लि भास्कर, पूर्ववत्, पृ. १४७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

शत्रु लाग्छन्, आफन्तले तिरस्कार गर्दछन् र अत्यधिक निराशाका कारण जीवननै व्यर्थ लाग्दछ । मानिस विद्यार्थी भएमा विद्यामा असफलता हात लाग्दछ, व्यापारी भएमा व्यापारमा घाटा लाग्छ, कृषक भएमा कृषिमा नोक्सानी हुन्छ, कर्मचारी भएमा कार्यालयीय कार्यमा विघ्नका कारण पदोन्नति आदिमा अवरोध हुन्छ, राजनीतिज्ञ भएमा त्यसको राजनीति सफल हुँदैन, कुमार भएमा अधम कन्यासँग विवाह हुन्छ र कुमारी भएमा अधम पुरुषसँग विवाह हुन्छ । विघ्नराज रिसाउनुहुँदा कुनै पनि कार्य सफल हुँदैनन् र मानिसले चरम निराशामा डुबेर जीवनयापन गर्नुपर्दछ ।

यसैले श्रीगणेशलाई प्रसन्न तुल्याई आवेशबाट मुक्ति पाउन महर्षि याज्ञवल्क्यले याज्ञवल्क्यस्मृतिमा गणपतिकल्पको विधान गरेका छन् । तदनुसार साधकले पवित्र भई उत्तम आचार्यको सान्निध्यमा रहेर गणपतिकल्पमा बताइएको विधिअनुसार श्रीगणेशको आराधना गर्नुपर्दछ । गणपतिकल्पअनुसार पूजाका लागि निर्माण गरिएका मण्डपका चारै दिशामा तामाका चार वटा कलश स्थापना गर्नुपर्दछ । ती कलशहरूमा अश्वशाला, गजशाला, गौशाला, जलाशय र नदी–सङ्गमबाट ल्याइएको पवित्र माटो, गोरोचन, चन्दन, गुग्गुल आदि द्रव्यनिक्षेप गर्नुपर्दछ । विधिपूर्वक कलशहरूको पूजा गरी चार कलशका जलले कर्ताले अभिषेक लिनुपर्दछ । पूजनका साथै हवन पनि गर्नुपर्दछ । उक्त मण्डपमा गणपतिपूजनका साथै गौरी र शङ्करको पनि छुट्टाछुट्टै पूजा गर्नुपर्दछ । यसरी अभिषेक, पूजन, हवन र दानजस्ता कार्य सम्पन्न गरेपछि साधक आवेशबाट मुक्त हुन्छ र त्यसमाथि श्रीगणेशको कृपा पनि हुन्छ ।[३७]

४.५ सर्वसाधारणका लागि श्रीगणेशपूजाविधि

प्रत्येक अभीष्ट कार्यमा उत्पन्न हुने विघ्न–बाधाहरू हटाई मङ्गलप्राप्त गर्न श्रीगणेशको आराधना फलदायक हुन्छ । हाम्रो देशमा श्रीगणेशपूजनको परम्परागत प्रसिद्धि छ । उहाँ पाँच देवताहरूमध्ये प्रमुख देवता हुनुहुन्छ । 'जसले सिद्धिसाधक मङ्गलमूर्ति श्रीगणेशको आराधना गर्दछ त्यसको कार्यमा विघ्न हुँदैन' भनिएको पाइन्छ ।[३८] श्रीगणेशको आराधनाबाट उपासकले सिद्धिका साथै जाग्रत जगत्लाई वशीभूत तुल्याउने शक्ति पनि प्राप्त गर्दछ ।

वैदिकविधि र तान्त्रिकविधिबाट अपरिचित तर श्रीगणेशमा असीमित भक्ति गर्ने सामान्य भक्तहरूले भक्तिपूर्वक पहेँलो माटो मुछेर डल्लो पारी त्यसमा मौली र रचना अर्पण गरेपछि श्रीगणेश प्रतिमा तयार हुन्छ । उहाँलाई नैवेद्यका रूपमा लड्डु चढाएपछि उहाँको आराधना हुन्छ । त्यसपछि जुनसुकै श्रीगणेशपरक स्तुतिपद्यको उच्चारण गरी प्रार्थना गर्दा पूजा सम्पन्न हुन्छ । भावभक्ति हुने भक्तका लागि श्रीगणेशपूजा अत्यन्त सरल रहेको छ ।[३९]

गणपतिपूजनमा सबै वर्गको समान अधिकार छ । यज्ञोपवीत धारण गर्ने सज्जनहरूले वैदिक एवं पौराणिक मन्त्रहरूको प्रयोग गरी आराधना गर्नुपर्दछ । यज्ञोपवीत धारण नगर्ने सज्जनहरूले पौराणिक वा तान्त्रिक मन्त्रहरूको प्रयोग गरी आराधना गर्न सक्नुहुन्छ । गणपतिपूजनका लागि सर्वोत्तम समय पूर्वाह्न मानिएको छ । तर अन्य समयमा पनि गर्न सकिन्छ । भगवान् श्रीगणेशको षोडश उपचारद्वारा पूजन गर्नुपर्दछ । षोडश उपचार यी हुन् – आवाहन, आसन, पाद्य, अर्घ्य, आचमनीय, स्नान, वस्त्र, यज्ञोपवीत, गन्ध, पुष्प (दूर्वाङ्कुर माला आदि), धूप, दीप, नैवेद्य, ताम्बूल, आरार्तिक, प्रदक्षिणा र पुष्पाञ्जलि । भगवान् श्रीगणेशको पूजनमा प्रचलित श्रीगणेशपूजाविधिको प्रयोग गर्न सकिन्छ । श्रीगणेशलाई दूर्वाङ्कुर, मन्दारपुष्प र शमीपत्र अर्पण गर्नुपर्दछ । पूजान्तमा विशेष अर्घ्यको समर्पण गरी प्रार्थना गर्नुपर्दछ ।[४०]

---

३७. याज्ञवल्क्य, याज्ञवल्क्यस्मृति, आचाराध्याय, गणपतिकल्प, तृतीय संस्करण, (मुम्बई : निर्णयसागर प्रेस) सन् १९२६, २७१–२९४ पद्य ।
३८. कीर्तन प्रकाशित सन्त, काण्डान, पूर्वार्द्ध, पृ. ५६ ।
३९. महाविघ्नात् प्रमुच्यते, – गणेशाथर्वशीर्ष १३ ।
४०. श्रीगणेशपुराण, १/६१ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.६ चतुर्थी तिथिमा श्रीगणेशको आराधना

भगवान् श्रीगणेशको दैनिकरूपमा सामान्य पूजनको महत्त्व छँदैछ । पाञ्चायनका प्रमुख देवताका रूपमा पनि आराधना गर्नुपर्ने कुरा माथि बताइसकिएको छ । विशेषपूजन प्रत्येक महिनाको चतुर्थी तिथिमा गर्नुपर्दछ । श्रीगणेशलाई चतुर्थी तिथि अत्यन्त प्यारो छ ।[४१] कल्पभेदअनुसार कुनै कल्पमा श्रीगणेशको उत्पत्ति भाद्र महिनाको शुक्लचतुर्थीमा भएकाले भाद्र शुक्ल चतुर्थीलाई श्रीगणेशको जन्मतिथि मानिएको छ । त्यसैगरी कुनै कल्पमा भाद्र महिनाको कृष्णचतुर्थी तिथिमा श्रीगणेशको अवतरण भएकाले त्यसलाई पनि श्रीगणेशको जन्मतिथि मानिएको छ । कुनै पुराणमा माघ महिनाको शुक्ल चतुर्थीलाई श्रीगणेशको जन्मतिथि मानिएको छ । कल्पभेदले अवतरण सन्दर्भमा मास र पक्षको भेद देखिए तापनि श्रीगणेशका निमित्त चतुर्थी तिथि अत्यन्त प्रिय भएको तथ्य मुद्‌गल पुराणमा विस्तारपूर्वक बताइएको छ । त्यहाँ कृष्ण पक्ष र शुक्ल पक्षका चतुर्थी तिथिलाई भगवान् श्रीगणेशले वरदान दिनुभएको समेत वर्णन गरिएको छ ।[४२]

प्रत्येक महिनाका शुक्ल एवं कृष्ण चतुर्थीमा श्रीगणेशको पूजनपछि ब्राह्मणभोजन सम्पन्न गरी कर्ताले पनि प्रसाद ग्रहण गर्नुपर्दछ । श्रावणमा पूजन गर्दा लड्डू, भदौमा दही, आश्विनमा निराहार, कार्तिकमा दूध, मार्गशीर्षमा जल, पौषमा गोमूत्र, माघमा सेतो तिल, फागुनमा चिनी, चैत्रमा पञ्चगव्य, वैशाखमा कमलगट्टा, ज्येष्ठमा गाईको घिउ र असारमा मह ग्रहण गर्नुपर्दछ ।

चतुर्थीमा श्रीगणेशको आराधना गर्नाले समस्त कामना परिपूर्ण हुन्छन् । चतुर्थी व्रतको प्रभावले धन-धान्य एवं आरोग्यको प्राप्ति हुन्छ, आपत्ति विलीन हुन्छन् र परमार्थको सिद्धि हुन्छ । त्यसकारण सम्भव भएमा प्रत्येक मासका दुवै पक्षका चतुर्थी तिथिमा भगवान् श्रीगणेशको पूजा गर्नुपर्दछ । सम्भव नभएमा भाद्रकृष्ण चतुर्थी (बहुला), कार्तिक कृष्ण चतुर्थी (करका) र माघ कृष्ण चतुर्थी (तिलका)मा श्रीगणेशको पूजा गर्दा वर्ष दिनसम्म गरेका चतुर्थी व्रतको फल प्राप्त हुने कुरा बताइएको छ । श्रीगणेशपुराणअनुसार भाद्रशुक्ल चतुर्थीका दिन श्रीगणेशको अवतरण भएकाले त्यसलाई वरदा चतुर्थी मानिएको छ । त्यसदिन श्रीगणेशपूजनको महिमा अतुलनीय छ ।

वर्षभरका चतुर्थी व्रतको महिमा

१) चैत्रमासको चतुर्थी तिथिमा वासुदेवरूप श्रीगणेशको पूजा गरी सुवर्णदान गर्नाले विष्णुलोक प्राप्ति हुन्छ ।

२) वैशाखमासका चतुर्थी तिथिहरूमा सङ्कर्षणरूप श्रीगणेशको पूजा गरी शङ्खदान गर्नाले सङ्कर्षणलोकको प्राप्ति हुन्छ।

३) ज्येष्ठमासका चतुर्थीहरूमा प्रद्युम्नरूप श्रीगणेशको पूजा गरी फलफूल दान गर्नाले स्वर्गलोक प्राप्ति हुन्छ ।

४) आषाढमासका चतुर्थीहरूमा अनिरुद्धरूप श्रीगणेशको पूजन गरी संन्यासीहरूलाई लौकाको तुम्बा दान गर्नाले मनोवाञ्छित फलप्राप्ति हुन्छ ।

५) श्रावणमासका चतुर्थीहरूमा चन्द्रोदयपछि श्रीगणेशको आराधना गर्नाले समस्त कामनापूर्तिको साथै श्रीगणेशधामको प्राप्ति हुन्छ । श्रावणशुक्ल चतुर्थीमा गरिने दूर्वागणपतिव्रतको छुट्टै महिमा रहेको छ । यस तिथिमा श्रीगणेशको स्वर्णप्रतिमा बनाई प्रतिष्ठा गरेर स्वर्णदूर्वार्पणद्वारा पूजा गरिन्छ । यस प्रकार तीन वर्ष अथवा पाँच वर्षसम्म पूजा गर्नाले उपासकका मनोरथ सिद्ध हुन्छन् ।

---

४१. *'चतुर्थीपूजनप्रीत:' – पूर्ववत्, १/४६ सहस्रनामप्रकरण ।*

४२. *श्रीगणेशप्रिय चतुर्थी व्रत माहात्म्य एवं व्रतविधि, कल्याण, पूर्ववत्, पृ. ४८८–४९५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रु लाग्छन्, आफन्तले तिरस्कार गर्दछन् र अत्यधिक निराशाका कारण जीवननै व्यर्थ लाग्दछ । मानिस विद्यार्थी भएमा विद्यामा असफलता हात लाग्दछ, व्यापारी भएमा व्यापारमा घाटा लाग्छ, कृषक भएमा कृषिमा नोक्सानी हुन्छ, कर्मचारी भएमा कार्यालयीय कार्यमा विघ्नका कारण पदोन्नति आदिमा अवरोध हुन्छ, राजनीतिज्ञ भएमा त्यसको राजनीति सफल हुँदैन, कुमार भएमा अधम कन्यासँग विवाह हुन्छ र कुमारी भएमा अधम पुरुषसँग विवाह हुन्छ । विघ्नराज रिसाउनुहुँदा कुनै पनि कार्य सफल हुँदैनन् र मानिसले चरम निराशामा डुबेर जीवनयापन गर्नुपर्दछ ।

यसैले श्रीगणेशलाई प्रसन्न तुल्याई आवेशबाट मुक्ति पाउन महर्षि याज्ञवल्क्यले याज्ञवल्क्यस्मृतिमा गणपतिकल्पको विधान गरेका छन् । तदनुसार साधकले पवित्र भई उत्तम आचार्यको सान्निध्यमा रहेर गणपतिकल्पमा बताइएको विधिअनुसार श्रीगणेशको आराधना गर्नुपर्दछ । गणपतिकल्पअनुसार पूजाका लागि निर्माण गरिएका मण्डपका चारै दिशामा तामाका चार वटा कलश स्थापना गर्नुपर्दछ । ती कलशहरूमा अश्वशाला, गजशाला, गौशाला, जलाशय र नदी–सङ्गमबाट ल्याइएको पवित्र माटो, गोरोचन, चन्दन, गुग्गुल आदि द्रव्यनिक्षेप गर्नुपर्दछ । विधिपूर्वक कलशहरूको पूजा गरी चार कलशका जलले कर्ताले अभिषेक लिनुपर्दछ । पूजनका साथै हवन पनि गर्नुपर्दछ । उक्त मण्डपमा गणपतिपूजनका साथै गौरी र शङ्करको पनि छुट्टाछुट्टै पूजा गर्नुपर्दछ । यसरी अभिषेक, पूजन, हवन र दानजस्ता कार्य सम्पन्न गरेपछि साधक आवेशबाट मुक्त हुन्छ र त्यसमाथि श्रीगणेशको कृपा पनि हुन्छ ।[३७]

४.५ सर्वसाधारणका लागि श्रीगणेशपूजाविधि

प्रत्येक अभीष्ट कार्यमा उत्पन्न हुने विघ्न–बाधाहरू हटाई मङ्गलप्राप्त गर्न श्रीगणेशको आराधना फलदायक हुन्छ । हाम्रो देशमा श्रीगणेशपूजनको परम्परागत प्रसिद्धि छ । उहाँ पाँच देवताहरूमध्ये प्रमुख देवता हुनुहुन्छ । 'जसले सिद्धिसाधक मङ्गलमूर्ति श्रीगणेशको आराधना गर्दछ त्यसको कार्यमा विघ्न हुँदैन' भनिएको पाइन्छ ।[३८] श्रीगणेशको आराधनाबाट उपासकले सिद्धिका साथै जाग्रत जगत्लाई वशीभूत तुल्याउने शक्ति पनि प्राप्त गर्दछ ।

वैदिकविधि र तान्त्रिकविधिबाट अपरिचित तर श्रीगणेशमा असीमित भक्ति गर्ने सामान्य भक्तहरूले भक्तिपूर्वक पहेंलो माटो मुछेर डल्लो पारी त्यसमा मौली र रचना अर्पण गरेपछि श्रीगणेश प्रतिमा तयार हुन्छ । उहाँलाई नैवेद्यका रूपमा लड्डू चढाएपछि उहाँको आराधना हुन्छ । त्यसपछि जुनसुकै श्रीगणेशपरक स्तुतिपद्यको उच्चारण गरी प्रार्थना गर्दा पूजा सम्पन्न हुन्छ । भावभक्ति हुने भक्तका लागि श्रीगणेशपूजा अत्यन्त सरल रहेको छ ।[३९]

गणपतिपूजनमा सबै वर्गको समान अधिकार छ । यज्ञोपवीत धारण गर्ने सज्जनहरूले वैदिक एवं पौराणिक मन्त्रहरूको प्रयोग गरी आराधना गर्नुपर्दछ । यज्ञोपवीत धारण नगर्ने सज्जनहरूले पौराणिक वा तान्त्रिक मन्त्रहरूको प्रयोग गरी आराधना गर्न सक्नुहुन्छ । गणपतिपूजनका लागि सर्वोत्तम समय पूर्वाह्न मानिएको छ । तर अन्य समयमा पनि गर्न सकिन्छ । भगवान् श्रीगणेशको षोडश उपचारद्वारा पूजन गर्नुपर्दछ । षोडश उपचार यी हुन् – आवाहन, आसन, पाद्य, अर्घ्य, आचमनीय, स्नान, वस्त्र, यज्ञोपवीत, गन्ध, पुष्प (दूर्वाङ्कुर माला आदि), धूप, दीप, नैवेद्य, ताम्बूल, आरार्तिक, प्रदक्षिणा र पुष्पाञ्जलि । भगवान् श्रीगणेशको पूजनमा प्रचलित श्रीगणेशपूजाविधिको प्रयोग गर्न सकिन्छ । श्रीगणेशलाई दूर्वाङ्कुर, मन्दारपुष्प र शमीपत्र अर्पण गर्नुपर्दछ । पूजान्तमा विशेष अर्घ्यको समर्पण गरी प्रार्थना गर्नुपर्दछ ।[४०]

---

३७. *याज्ञवल्क्य, याज्ञवल्क्यस्मृति, आचाराध्याय, गणपतिकल्प, तृतीय संस्करण, (मुम्बई : निर्णयसागर प्रेस) सन् १९२६, २७१–२९४ पद्य ।*

३८. *वीतराग ब्रह्मनिष्ठ सन्त, कल्याण, पूर्ववत्, पृ. ५६ ।*

३९. *महाविघ्नात् प्रमुच्यते, – गणेशाथर्वशीर्ष १३ ।*

४०. *श्रीगणेशपुराण, १/६९ ।*

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.६ चतुर्थी तिथिमा श्रीगणेशको आराधना

भगवान् श्रीगणेशको दैनिकरूपमा सामान्य पूजनको महत्त्व छँदैछ । पाञ्चायनका प्रमुख देवताका रूपमा पनि आराधना गर्नुपर्ने कुरा माथि बताइसकिएको छ । विशेषपूजन प्रत्येक महिनाको चतुर्थी तिथिमा गर्नुपर्दछ । श्रीगणेशलाई चतुर्थी तिथि अत्यन्त प्यारो छ ।[४१] कल्पभेदअनुसार कुनै कल्पमा श्रीगणेशको उत्पत्ति भाद्र महिनाको शुक्लचतुर्थीमा भएकाले भाद्र शुक्ल चतुर्थीलाई श्रीगणेशको जन्मतिथि मानिएको छ । त्यसैगरी कुनै कल्पमा भाद्र महिनाको कृष्णचतुर्थी तिथिमा श्रीगणेशको अवतरण भएकाले त्यसलाई पनि श्रीगणेशको जन्मतिथि मानिएको छ । कुनै पुराणमा माघ महिनाको शुक्ल चतुर्थीलाई श्रीगणेशको जन्मतिथि मानिएको छ । कल्पभेदले अवतरण सन्दर्भमा मास र पक्षको भेद देखिए तापनि श्रीगणेशका निमित्त चतुर्थी तिथि अत्यन्त प्रिय भएको तथ्य मुद्‌गल पुराणमा विस्तारपूर्वक बताइएको छ । त्यहाँ कृष्ण पक्ष र शुक्ल पक्षका चतुर्थी तिथिलाई भगवान् श्रीगणेशले वरदान दिनुभएको समेत वर्णन गरिएको छ ।[४२]

प्रत्येक महिनाका शुक्ल एवं कृष्ण चतुर्थीमा श्रीगणेशको पूजनपछि ब्राह्मणभोजन सम्पन्न गरी कर्ताले पनि प्रसाद ग्रहण गर्नुपर्दछ । श्रावणमा पूजन गर्दा लड्डु, भदौमा दही, आश्विनमा निराहार, कार्तिकमा दूध, मार्गशीर्षमा जल, पौषमा गोमूत्र, माघमा सेतो तिल, फागुनमा चिनी, चैत्रमा पञ्चगव्य, वैशाखमा कमलगट्टा, ज्येष्ठमा गाईको घिउ र असारमा मह ग्रहण गर्नुपर्दछ ।

चतुर्थीमा श्रीगणेशको आराधना गर्नाले समस्त कामना परिपूर्ण हुन्छन् । चतुर्थी व्रतको प्रभावले धन-धान्य एवं आरोग्यको प्राप्ति हुन्छ, आपत्ति विलीन हुन्छन् र परमार्थको सिद्धि हुन्छ । त्यसकारण सम्भव भएमा प्रत्येक मासका दुवै पक्षका चतुर्थी तिथिमा भगवान् श्रीगणेशको पूजा गर्नुपर्दछ । सम्भव नभएमा भाद्रकृष्ण चतुर्थी (बहुला), कार्तिक कृष्ण चतुर्थी (करका) र माघ कृष्ण चतुर्थी (तिलका)मा श्रीगणेशको पूजा गर्दा वर्ष दिनसम्म गरेका चतुर्थी व्रतको फल प्राप्त हुने कुरा बताइएको छ । श्रीगणेशपुराणअनुसार भाद्रशुक्ल चतुर्थीका दिन श्रीगणेशको अवतरण भएकाले त्यसलाई वरदा चतुर्थी मानिएको छ । त्यसदिन श्रीगणेशपूजनको महिमा अतुलनीय छ ।

वर्षभरका चतुर्थी व्रतको महिमा

१) चैत्रमासको चतुर्थी तिथिमा वासुदेवरूप श्रीगणेशको पूजा गरी सुवर्णदान गर्नाले विष्णुलोक प्राप्ति हुन्छ ।

२) वैशाखमासका चतुर्थी तिथिहरूमा सङ्कर्षणरूप श्रीगणेशको पूजा गरी शङ्खदान गर्नाले सङ्कर्षणलोकको प्राप्ति हुन्छ।

३) ज्येष्ठमासका चतुर्थीहरूमा प्रद्युम्नरूप श्रीगणेशको पूजा गरी फलफूल दान गर्नाले स्वर्गलोक प्राप्ति हुन्छ ।

४) आषाढमासका चतुर्थीहरूमा अनिरुद्धरूप श्रीगणेशको पूजन गरी संन्यासीहरूलाई लौकाको तुम्बा दान गर्नाले मनोवाञ्छित फलप्राप्ति हुन्छ ।

५) श्रावणमासका चतुर्थीहरूमा चन्द्रोदयपछि श्रीगणेशको आराधना गर्नाले समस्त कामनापूर्तिको साथै श्रीगणेशधामको प्राप्ति हुन्छ । श्रावणशुक्ल चतुर्थीमा गरिने दूर्वागणपतिव्रतको छुट्टै महिमा रहेको छ । यस तिथिमा श्रीगणेशको स्वर्णप्रतिमा बनाई प्रतिष्ठा गरेर स्वर्णदूर्वार्पणद्वारा पूजा गरिन्छ । यस प्रकार तीन वर्ष अथवा पाँच वर्षसम्म पूजा गर्नाले उपासकका मनोरथ सिद्ध हुन्छन् ।

---

४१. *'चतुर्थीपूजनप्रीत:' – पूर्ववत्, १/४६ सहस्रनामप्रकरण ।*
४२. *श्रीगणेशप्रिय चतुर्थी व्रत माहात्म्य एवं व्रतविधि, कल्याण, पूर्ववत्, पृ. ४८८–४९५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) भाद्रकृष्ण चतुर्थीमा बहुला (गाई) समेत श्रीगणेशको पूजा गर्नुपर्दछ । यो व्रत पाँच वर्ष, दश वर्ष अथवा सोह्र वर्षसम्म गर्ने विधान छ । उद्यापनमा दूध दिने गाईको दान गर्नुपर्दछ । यसो गर्नाले सम्पूर्ण भोग र सुखको प्राप्ति हुन्छ । भाद्र शुक्ल चतुर्थीको मध्याह्नमा सिद्धविनायकको पूजा गर्नुपर्दछ । भगवान् श्रीगणेश यसै दिन मध्याह्नमा प्रकट हुनुभएकाले यस तिथिमा गरिने पूजाको अपूर्व महिमा छ ।

७) भाद्रकृष्ण चतुर्थीमा श्रीगणेशको पूजा गर्दा एक्काइस नामहरूलाई चतुर्थ्यन्त बनाएर नमः पद जोडी शमीपत्र आदि विभिन्न एक्काइसथरिका पत्रहरू अर्पण गर्नुपर्दछ । ती एक्काइस नाम र पत्रहरू यस प्रकार छन् - १) **सुमुख** - मालतीपत्र, २) **गणाधीश** - भृङ्गिराजपत्र, ३) **उमापुत्र** - बिल्वपत्र, ४) **गजमुख** - श्वेतदूर्वाङ्कुर, ५) **लम्बोदर** - वदरीपत्र, ६) **हरसूनु** - धत्तूरपत्र, ७) **शूर्पकर्ण**- तुलसीपत्र, ८) **वक्रतुण्ड**- शमीपत्र, ९) गुहाग्रज- अपामार्गपत्र, १०) **एकदन्त** - बृहतीपत्र, ११) **हेरम्ब** - अश्वत्थपत्र, १२) **चतुर्होता** - जातीपत्र, १३) **सर्वेश्वर**- अगस्त्यपत्र, १४) **विकट** - करवीरपत्र अथवा कर्णिकारपत्र , १५) **हेमतुण्ड** - कदलीपत्र, १६) **विनायक** - अर्कपत्र, १७) **कपिल** - अर्जुनपत्र, १८) **वटु** - दाडिमीपत्र, १९) **भालचन्द्र** - मरुपत्र, २०) **सूराग्रज** - देवदारुपत्र, २१) **सिद्धिविनायक**- केतकीपत्र। यसरी पाँच वर्षसम्म श्रीगणेशपूजन गर्नाले लौकिक र पारमार्थिक सुख प्राप्ति हुन्छ।

८) आश्विनशुक्ल चतुर्थीमा पुरुषसूक्तका मन्त्रहरूद्वारा कपर्दीशविनायकको आराधना गर्नाले इच्छित फलको प्राप्ति हुन्छ ।

९) कार्तिक कृष्ण चतुर्थीमा करका चतुर्थी व्रतको विधान गरिएको छ । यो व्रत विशेषरूपमा नारीहरूद्वारा गरिन्छ । यस व्रतको उद्यापन बाह्र अथवा सोह्र वर्षमा गर्नुपर्ने विधि रहेको छ । नारीहरूका निमित्त सौभाग्यप्राप्तिको सन्दर्भमा यो बराबर फलदायक अन्य व्रत रहेको छैन ।

१०) मार्गशीर्ष चतुर्थी तिथिमा कृच्छ्रचतुर्थीव्रतको विधान गरिएको छ । यो व्रत चतुर्थीबाट आरम्भ गरी एक वर्षसम्म प्रत्येक चतुर्थीमा व्रतोपवास र गजानन भगवान्को पूजन गर्नाले साधकको कामना परिपूर्ण हुन्छ । चार वर्षसम्म यो व्रत गर्ने साधकले विष्णुसायुज्य प्राप्त गर्दछ ।

११) पौषमासका चतुर्थीहरूमा भक्तिपूर्वक विघ्नेश्वर भगवान्को पूजन गर्नाले आराधकले समस्त समृद्धि प्राप्त गर्दछ ।

१२) माघकृष्ण चतुर्थीमा सङ्कष्टीव्रतको विधान गरिएको छ । चन्द्रोदयपछि श्रीगणेशको माटाको मूर्ति बनाएर षोडशोपचारले पूजा गर्नुपर्दछ । परमकल्याणकारी उक्त व्रतको प्रभावले व्रत गर्ने उपासक धन-धान्यसम्पन्न बन्दछ । माघमासदेखि आरम्भ गरी प्रत्येक मासमा यो व्रत गर्नाले कहिल्यै पनि कष्ट र पीडा व्यहोर्नु पर्दैन । माघमासको शुक्ल पक्षको चतुर्थीमा भक्तिपूर्वक श्रीगणेशको पूजा गर्नाले साधकका लौकिक र पारमार्थिक मनोरथ पूर्ण हुन्छन् ।

१३) फाल्गुनमासका चतुर्थीहरूमा ढुण्ढिराजव्रतको विधान गरिएको छ । यस तिथिमा भगवान् ढुण्ढिराजको विधिपूर्वक पूजन गर्नाले सम्पत्ति वृद्धि हुन्छ । मत्स्यपुराणमा फाल्गुन शुक्ल चतुर्थीलाई मनोरथचतुर्थी भनिएको छ । यसमा विधिपूर्वक श्रीगणेशको आराधना गर्ने साधकले समस्त मनोरथहरू पूर्ण हुने फल प्राप्त गर्दछ ।

१४) जुनसुकै महिनामा चतुर्थी तिथि र रविवार अथवा मङ्गलवारको संयोग भएमा त्यसलाई विशेष फलदायक मानिएको छ । यस्तो तिथिलाई अङ्गारक चतुर्थी भन्दछन् । यस दिन श्रीगणेशको आराधना गर्नाले सम्पूर्ण अभीष्ट फलको प्राप्ति हुन्छ । अङ्गारकचतुर्थीको विषयमा श्रीगणेशपुराणमा विशेष प्रकाश पारिएको छ ।[४३]

---

४३. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.७ विभिन्न प्रतीकहरूमा श्रीगणेशको पूजा

मङ्गलाकर्षण र लक्ष्मीप्राप्तिका लागि बेसारको श्रीगणेशमूर्ति तयार गरी पूजा गर्ने विधान रहेको छ । लक्ष्मीप्राप्तिका लागि सम्भव भएसम्म सुवर्णप्रतिमा नभए बेसारको प्रतिमा तयार गरी श्रीगणेशपूजन गर्ने विधि नारदपुराणमा बताइएको छ। गोबरमा लक्ष्मीको बास मानिएकाले लक्ष्मीप्राप्तिका लागि गोबरको श्रीगणेशविग्रह अर्थात् गोमयगणेश तयार गरी पूजा गर्ने विधि रहेको छ । श्रीगणेशको विशेष कृपा प्राप्तिका लागि पुष्यनक्षत्र र रविवारको योग भएका दिन मन्त्रजप गर्दै आँकको जरो उखेलेर ल्याई त्यसबाट बूढी औंला बराबरको श्रीगणेशको मूर्ति बनाएर त्यसलाई पञ्चामृतले अभिषेक गरेपछि प्राणप्रतिष्ठा गरी पूजा गर्ने विधि अग्निपुराणमा बताइएको छ । रविवार र पुष्यनक्षत्रको योग नजुरेमा पुष्य नक्षत्रका दिनमात्र पनि उक्त विधिले पूजा गर्न सकिन्छ । घरलाई मङ्गलमय तुल्याउन गृहस्थले काठको श्रीगणेशको प्रतिमा तयार गरी घरको बाहिरी ढोकाको माथिल्लो भागमा स्थापना गर्नुपर्दछ । यसबाट घर मङ्गलमय बन्दछ । भनिएको छ – **प्रभावात् तन्मूर्त्या भवति सदनं मङ्गलकरम् ।**[४४]

४.८ श्रीगणेशपूजनका अनेक रूप र अनेक रङ्ग

वैदिकवाङ्मयका **गणानान्त्वा०** आदि श्रीगणेशपरक मन्त्रहरूमा पूजाको उल्लेख भएकाले वैदिककालदेखि नै श्रीगणेश पूजाको प्रचलन रहेको तथ्य प्रमाणित हुन्छ । मानवले अन्य सबै कारण हुँदाहुँदै पनि कार्य निष्पत्ति नहुँदा त्यस कार्यको प्रतिबन्धक अदृष्टको अनुमान गर्दछ । त्यस बेला विघ्नबाधा निराकरण गर्न विघ्नेश्वर श्रीगणेशको शरणमा प्राप्त हुन्छ । त्यहाँ त्यसले चित्तलाई एकाग्र गराएर भगवान् श्रीगणेशको नामस्मरण गरी विघ्नबाधाबाट मुक्त हुन प्रार्थना गर्दछ। प्रार्थनामा भगवान्को नामस्मरणलाई महत्त्व दिइएको छ । नामस्मरणका साथै पूजाक्रमको पनि प्रवर्त्तन गरेर ऋषिमुनिहरूले मानवलाई विघ्ननिर्मुक्त हुने उपायको प्रतिपादन गरेका छन् । यस क्रममा वैदिक, पौराणिक र तान्त्रिक विधिहरू रहेका छन्। साधकले रुचि र योग्यताअनुसार उक्त विधिहरूमध्ये कुनै एक विधिको अवलम्बन गरी श्रीगणेशको आराधना गर्ने परम्परा रहिआएको छ ।

श्रीगणेशको अङ्गपूजा र प्रधानपूजा गरी दुई किसिमले पूजा गर्ने प्रचलन छ । अङ्गपूजन विघ्नहरणका लागि गरिन्छ भने प्रधानपूजन मनोरथसिद्धिका लागि गरिन्छ । उपासनाक्रममा उपासकले जुन देवताको उपासना गर्दछ ती देवतालाई सर्वोपरि पूर्णब्रह्म परमात्मा मानेर उपासना गर्नुपर्दछ । त्यसबाट मनोरथसिद्ध हुन्छ । श्रीगणेशका उपासकले श्रीगणेशलाई पूर्ण परमब्रह्म, स्वेच्छापूर्वक अवतार लिनुहुने, सर्वशक्तिसम्पन्न र सगुण एवं निर्गुण देवता मानेर उपासना गर्दा पूर्ण फल प्राप्त गर्दछ । वरदाता श्रीगणेश, विघ्नहर्ता श्रीगणेश, सिद्धि–बुद्धिदाता श्रीगणेश, अनुग्रहमूर्ति श्रीगणेश, सुखशान्तिदाता श्रीगणेश, मङ्गलमूर्ति श्रीगणेश, दारिद्र्यहर्ता श्रीगणेश, लक्ष्मीदाता श्रीगणेश आदि फलअनुसारका श्रीगणेशका भिन्न–भिन्न मूर्तिहरूको उपासना गर्दा साधकले चिताएको फल प्राप्त गर्ने कुरामा कुनै पनि सन्देह छैन ।

फलभेदअनुसार श्रीगणेशका मूर्तिहरूको ध्यान गर्ने स्वरूपमा पनि अन्तर रहेको पाइन्छ । मन्त्रसाधकले स्तम्भनका लागि पहेंलो कान्ति भएका श्रीगणेश, वशीकरणका लागि रातो कान्ति भएका श्रीगणेश, मारणका लागि कालो कान्ति भएका श्रीगणेश, उच्चाटनका लागि धूम्रवर्णका श्रीगणेश, आकर्षण र कान्तिप्राप्तिका लागि रातो वर्ण भएका श्रीगणेश, धनप्राप्तिका लागि हरियो कान्ति भएका श्रीगणेश र मोक्षका लागि उज्ज्वल सेतो कान्ति भएका श्रीगणेशको ध्यान गर्नुपर्ने विधि पनि शास्त्रहरूमा बताइएको छ ।[४५]

---

४४. *चल्लपल्लि भास्कर, पूर्ववत्, पृ. १४७ ।*

४५. *पीतं स्मरेत् स्तम्भनकार्य एनं वश्याय मन्त्री ह्यरुणं स्मरेत् तं कृष्णं स्मरेत् मारणकर्मणीशमुच्चाटने धूम्रनिभं स्मरेत् तत् ।*
बन्धूकपुष्पादिनिभं च वृद्धौ स्मरेद् बलार्थं किल पुष्टिकार्ये स्मरेद् धनार्थी हरिवर्णमेतं मुक्तौ च शुक्लं मनुवित् स्मरेत् तम् ॥ – रामानुजाचार्य, 'विविध गणेश', कल्याण, पृ. ५२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.९ गणपति आराधनाको विशेषता

समस्त देवताहरूमा श्रीगणेशको असाधारण महिमा छ । कुनै पनि धार्मिक एवं माङ्गलिक कार्य श्रीगणेशपूजा विना सफल हुँदैन । कुनै पनि देवताको पूजन र उत्सवहरूका आरम्भमा महागणपतिको स्मरण र पूजन अनिवार्य मानिएको छ। यस्तो महत्त्व कुनै देवताको छैन । वास्तवमा श्रीगणेशपूजनको अर्थ साकार, परिच्छिन्न र परिमित शक्तिको पूजन नभई निर्गुण ब्रह्मको उपासना हो । उहाँ आफ्ना उपासकहरूका लागि कल्पवृक्षतुल्य र परमानन्दजनक हुनुहुन्छ । श्रीगणेश पार्वती शङ्करलाई आनन्दप्रदान गर्ने उत्तम नन्दन हुनुहुन्छ । उहाँ प्रथमपूज्य, स्वस्तिकरूप र प्रणवरूप पनि हुनुहुन्छ । उहाँका सबै प्रकारका सिद्धि प्रदान गर्ने र सङ्कष्ट नाश गर्ने बाह्र नाम प्रसिद्ध छन् ।[४६]

मोदकप्रिय श्रीगणेश विद्या, बुद्धि, सिद्धि र ज्ञानका दाता हुनुहुन्छ । उहाँले आफ्ना उपासक भक्तहरूलाई विद्या र अविद्या दुवै तत्त्वबाट निर्मुक्त गरी आत्मतत्त्वको बोध गराएर संसारसागरबाट मुक्त गराउनुहुन्छ । भगवान् श्रीगणेश सदाशिवसमान भावभक्तिबाट छिटो प्रसन्न हुनुहुने आशुतोष देवता पनि हुनुहुन्छ । तसर्थ जुनसुकै सरणिबाट आराधना-उपासना गरे पनि उहाँले छिटो प्रसन्न भई फलप्रदान गर्नुहुन्छ । विघ्नव्यूहको निवारण र शीघ्रफल प्राप्ति गराउनु उहाँको विशेषता हो ।

४.१० प्राचीनकालमा श्रीगणेशको मन्दिरनिर्माण, मूर्तिस्थापना र आराधना

अनादिकालदेखि नै विघ्नविनाश, विपत्तिनाश, सम्पत्तिप्राप्ति र श्रीगणेशको कृपा प्राप्तिका लागि भक्तहरूद्वारा श्रीगणेशमन्दिर वा श्रीगणेशस्थानहरूमा श्रीगणेशको पूजा गरिँदैआएको छ । श्रीगणेशको प्रतिमा सौन्दर्यको पर्याय मानिन्छ। श्रीगणेशप्रतिमाको पूजनलाई विघ्न-भयनाशक मानिएको छ ।[४७]

श्रीगणेश विश्वरूप देवता हुनुभए तापनि उहाँको प्रतिमामा रूपको उपलब्धि हुन्छ । श्रीगणेशपुराणअनुसार एकपटक उहाँले आफ्नो सौन्दर्यसम्पन्न, नयनाभिराम र हृदयाभिराम रूप ब्रह्मा, विष्णु र शङ्करलाई दर्शन गराउनुभएको थियो । यसैगरी उहाँले एक पटक ब्रह्माजीलाई मात्र पनि सर्वाङ्गसुन्दर स्वरूपमा दर्शन दिएर कृतकृत्य तुल्याउनु भएको थियो । भगवान् विष्णुले श्रीगणेशको अर्चनापछि मधुकैटभ दैत्यमाथि विजय प्राप्त गर्नुभयो । त्यसपछि उहाँले श्रीगणेशको मन्दिरनिर्माण गरेर कृष्णागण्डकीमा पाइने कालो रङ्गका शिलाहरूद्वारा निर्मित सिद्धिविनायकको प्रतिमा स्थापना गर्नुभएको थियो ।[४८]

भगवान् वामनले कश्यप ऋषिबाट उपदेश प्राप्त गरी श्रीगणेशको मन्त्राराधना गरेपछि श्रीगणेशको दर्शन पाउनुभयो। उहाँको कृपाबाट दैत्यराज बलिमाथि विजय प्राप्त गर्नुभयो । विजयको खुसियालीमा उहाँले काश्मीर देशमा पाइने शिलाको प्रयोग गरी सुन्दर प्रतिमा निर्माण गराई आफूले बनाएको मन्दिरमा प्रतिष्ठा गराउनुभयो ।[४९]

भगवान् शङ्करले श्रीगणेशसहस्रनामद्वारा श्रीगणेशको आराधना गरी त्रिपुरासुरमाथि विजय प्राप्त गर्नुभएपछि काश्मीर देशका पाषाणहरूको उपयोग गरी श्रीगणेशको सुन्दर प्रतिमा तयार गराउनुभयो । त्यसपछि श्रीगणेशपुरनामक स्थानमा श्रीगणेशको मन्दिर बनाई उक्त प्रतिमाको प्रतिष्ठासमेत गर्नुभएको विषय श्रीगणेशपुराणमा वर्णन गरिएको छ ।[५०] भगवान् शङ्करले नै श्रीगणेशको कृपाबाट प्राप्त भएको चिन्तामणि श्रीगणेशको मूर्ति स्थापित गर्नुभएको विषय श्रीगणेशपुराणमा प्रस्तुत गरिएको छ ।[५१]

---

४६. *सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः । लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ॥*
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः । - श्रीगणेशपुराण, १/१२/३६-३७ ।

४७. *गणेशं पूजयेद् यस्तु विघ्नस्तस्य न जायते । - पद्मपुराण, सृष्टिखण्ड, ५१/६६ ।*

४८. *श्रीगणेशपुराण, १/१८/२०-२३ ।*

४९. पूर्ववत्, २/३१/२१-२३ ।

५०. गपूर्ववत्, १/३९/२-३ ।

५१. पूर्ववत्, १/४५/१९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

देवराज इन्द्रले गौतम ऋषिको सरापबाट मुक्त हुन श्रीगणेशको आराधना गरेका थिए । आराधनापछि श्रीगणेशको दर्शन प्राप्त गरी इन्द्र सरापबाट मुक्त भए । त्यसपछि तिनले चिन्तामणिपुरनामक तीर्थमा सुवर्णमय श्रीगणेशमन्दिर तयार गरी त्यसमा श्रीगणेशको दिव्य र सर्वाङ्गसुन्दर प्रतिमा स्थापना गरेका थिए ।[५२] गणेशपुराणमा गृत्समद ऋषिले श्रीगणेशमूर्ति र मन्दिर तयार गराई विधिवत् प्रतिष्ठापछि श्रीगणेशको आराधना गरेको विषयमा पनि प्रकाश पारिएको छ ।[५३]

यसरी पौराणिक कालमा विभिन्न देवता र ऋषिमुनिहरूले श्रीगणेशको भक्तिले ओतप्रोत भई प्रतिमा एवं मन्दिर तयार गरेर प्रतिष्ठा गरी आराधना गरेको विषयमा विभिन्न पुराणहरूमा वर्णन गरिएको छ । पुराणहरूमा बताइएअनुसारको परम्परा आज पनि नेपाल, भारतलगायत विभिन्न देशमा प्रचलित छ ।

४.११ प्रतिमा-निर्माणविधि

भगवान् श्रीगणेशका प्रतिमाहरू विभिन्न संस्थागत मन्दिरहरूमा पुरुषाकार र त्योभन्दा पनि विशाल पाइन्छन् तापनि घर-घरमा स्थापना गरिने ती प्रतिमाहरू बाह्र अङ्गुल परिमाणका हुनुपर्दछ भन्ने कुरा मत्स्यपुराणमा बताइएको छ ।[५४]

गणेशमूर्तिमा दश प्रकारका आयुधहरू क्रमशः वज्र, शक्ति, दण्ड, खड्ग, पात्र, अङ्कुश, गदा, त्रिशूल, पद्म र चक्र रहने कुरा कामिकागममा बताइएको छ ।[५५] श्रीगणेशका स्थानक, आसीन र नृत्यमुद्राका प्रतिमा पाइन्छन् । श्रीगणेशका स्थानकप्रतिमा त्रिभङ्ग र समभङ्ग हुन्छन् । श्रीगणेशका मूर्तिहरू चतुर्भुज, षड्भुज, अष्टभुज, दशभुज, षोडशभुज र अष्टादशभुजसमेत प्राप्त हुन्छन् । प्रायः चतुर्भुजमूर्ति दृष्टिपथमा आउँछन् ।

विष्णुधर्मोत्तर पुराणमा भनिएअनुसार गजवदन र चतुर्भुज श्रीगणेशमूर्ति तयार गर्नुपर्दछ । मूर्तिका दायाँ हातहरूमा शूल र अक्षमाला, बायाँ हातहरूमा परशु र मोदकपात्रको संयोजन गर्नुपर्दछ । श्रीगणेशको बायाँ दात बनाउनुहुँदैन ।[५६] शिल्परत्न, रूपमण्डन आदि ग्रन्थहरूमा श्रीगणेशमूर्ति निर्माणको विषयमा राम्ररी वर्णन गरिएको छ । श्रीगणेशको प्रतिमा निर्माण, प्रतिष्ठा र पूजन सनातन सिद्धिदायक र मङ्गलविधायक पनि छ । श्रीगणेशको मूर्तिप्रतिष्ठा चैत्र, वैशाख, जेष्ठ, माघ र फागुन महिनाका शुक्लपक्षमा गर्नुपर्दछ ।[५७] मङ्गलवारबाहेक अरू वारहरू प्रतिष्ठाका लागि ग्राह्य मानिएका छन् । तिथिहरूमा रिक्ता तिथिलाई छाडेर अरू तिथि लिइएका छन् । नक्षत्रहरूमा अश्विनी, रोहिणी, मृगशिरा, पुष्य, उत्तराफाल्गुनी, हस्ता, स्वाती, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, श्रवण, पूर्वाभाद्रपद, उत्तराभाद्रपद र रेवतीनक्षत्र उत्तम मानिएका छन्।

४.१२ मन्दिर-निर्माणविधि

गणेश आदि देवताका मन्दिर घरको ऐशान्य कोणमा बनाउनुपर्दछ । देवताको मुख भने पश्चिमतिर फर्केको हुनुपर्छ भन्ने कुरा नारदपुराणमा बताइएको छ । श्रीगणेशमन्दिरमा श्रीगणेशका पार्श्ववर्ती अर्थात् सेवक निम्नानुसार रहेका हुन्छन् - श्रीगणेश, गालव, गार्ग्य, मङ्गल र सुधाकर । रूपमण्डनमा निम्नानुसार श्रीगणेशका द्वारपालहरूको नामावली दिइएको छ- अविघ्न र विघ्नराज, सुवक्त्र र बलवान्, गजकर्ण र गोकर्ण, सुसौम्य र शुभदायक । श्रीगणेशमन्दिरमा श्रीगणेशविग्रहको

५२. पूर्ववत्, १/३४/३७-३८ ।

५३. पूर्ववत्, १/३७/४५-४७ ।

५४. अङ्गुष्ठपर्वादारभ्य वितस्तिं यावदेव तु ।
गृहेषु प्रतिमा कार्या नाधिका शस्यते बुधैः ।। - कृष्णदत्त भारद्वाज, 'श्रीगणपति भगवान् का स्वरूप और उनकी आराधना, कल्याण, पूर्ववत्, पृ. ९० ।

५५. वज्रं शक्तिं च दण्डं च खड्गं पात्रं तथायुधम् । गदा त्रिशूलं पद्मं च चक्रं चेतिं दशायुधम्।। - रामलाल, 'श्रीगणेश के परिधान, आयुध.....', कल्याण, पूर्ववत्, पृ. १८२।

५६. विनायकस्तु कर्तव्यो गजवक्त्रश्चतुर्भुजः । शूलकं चाक्षमालां च तस्य दक्षिणहस्तयोः ।।
पात्रं मोदकपूर्णं तु परशुश्चैव वामतः । दन्तश्चास्य न कर्तव्यो वामो रिपुनिषूदन ।। - पूर्ववत् ।

५७. चैत्रे वा फाल्गुने वापि ज्येष्ठे वा माधवे तथा । माघे वा सर्वदेवानां प्रतिष्ठा शुभदा सिते ।। - कृष्णदत्त भारद्वाज, कल्याण, पूर्ववत्, पृ. १२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बायाँतर्फ गजकर्ण, दायाँतर्फ सिद्धि, उत्तरतर्फ गौरी, पूर्वतर्फ बुद्धि, दक्षिण–पूर्वतर्फ बालचन्द्रमा, दक्षिणमा सरस्वती, पश्चिममा कुबेर र पछाडि धूम्रकको स्थापना गर्नुपर्ने कुरा बताइएको छ ।[५८]

गणेशका द्वारपालहरू वामनाकारका बनाई मन्दिरमा राख्नुपर्दछ । ती द्वारपालहरूलाई स्वभावले सौम्य र कठोर अनुहारका देखाउनु पर्दछ । तिनका दुवै हात तर्जनीमुद्रा र दण्डले अलङ्कृत गराउनुपर्दछ । पूर्वद्वारमा रहेका अविघ्न र विघ्नराजका हातहरूमा परशु र पद्म, दक्षिणद्वारमा वर्तमान सुवक्त्र र बलवान्का हातहरूमा खड्ग र खेटक, पश्चिमद्वारमा रहेका गजकर्ण र गोकर्णका हातहरूमा धनु र बाण, उत्तरद्वारमा वर्तमान सुसौम्य र शुभदायकका हातहरूमा पद्म र अङ्कुश चित्राङ्कन गर्नुपर्दछ ।[५९]

गणेशको आराधनाका लागि मूर्ति र मन्दिरको निर्माण सम्बन्धमा शास्त्रहरूमा विस्तृत रूपमा प्रकाश पारिएको छ । पौराणिक कालदेखि वर्तमान कालसम्म शास्त्रहरूकै निर्देशका आधारमा मूर्तिनिर्माण, मन्दिरनिर्माण, मूर्तिप्रतिष्ठा र मूर्तिपूजनको परम्परा रहिआएको छ । नेपालमा श्रीगणेशका आराधकहरूको विपुल संख्या रहेकाले मेचीदेखि महाकालीसम्म र विशेष गरेर काठमाडौं उपत्यकामा श्रीगणेशको आराधना अत्यधिक मात्रामा हुने गरेको तथ्य कसैबाट छिपेको छैन । श्रीगणेशमन्दिर, श्रीगणेशमूर्ति र श्रीगणेशोपासनाका दृष्टिबाट काठमाडौं उपत्यकाको गौरवपूर्ण स्थान रहेको तथ्य स्मरणीय छ ।

ॐ

५८. वामाङ्गे गजकर्णन्तु सिद्धिं कुर्यात्तु दक्षिणे । पृष्ठकर्णे तथा द्वौ च धूम्रको बालचन्द्रमाः ॥
उत्तरे तु सदा गौरी याम्ये चैव सरस्वती । पश्चिमे यक्षराजस्तु बुद्धिः पूर्वे व्यवस्थिता ॥ – रामलाल, 'श्रीगणेशके परिधान....', कल्याण, पूर्ववत्, पृ. १८० ।

५९. सर्वे च वामनाकाराः सौम्याश्च परुषाननाः । तर्जनी परशुः पद्ममविघ्नो विघ्नराजकः ॥
तर्जनी खड्गखेटन्तु दण्डहस्तः सुवक्त्रकः । तर्जनी दण्डापसव्ये दक्षिणे बलवान् भवेत् ॥
तर्जनी बाणचापं च दण्डश्च गजकर्णकः । तर्जनी दण्डापसव्ये गोकर्णः पश्चिमे स्थितः ॥
तर्जनी पद्माङ्कुशश्च दण्डहस्तः सुसौम्यकः । तर्जनी दण्डापसव्ये चैव शुभदायकः ॥
पूर्वद्वारादिके सर्वे प्राच्यादिष्वष्ट संस्थिताः । – पूर्ववत्, पृ. १८३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

परिच्छेद - पाँच

शास्त्र र शास्त्रीय सिद्धान्तमा श्रीगणेश

श्रुति, स्मृति, पुराण, इतिहास, तन्त्र–आगम, विविध मत र सिद्धान्तहरूमा श्रीगणेशको कतै विस्तृत र कतै सङ्क्षिप्त चर्चा गरिएको पाइन्छ । ती ग्रन्थहरूमा श्रीगणेशतत्त्वको विश्लेषणका साथै श्रीगणेशलीलाहरूको प्रकाशन गरिएको छ । यस परिच्छेदमा ती सबै वाङ्मयमा रहेका श्रीगणेशपरक विषयवस्तुको सारसङ्क्षेप प्रस्तुत गरिँदैछ ।

५.१ वैदिकवाङ्मय

वेद विश्वको आदिवाङ्मय हो । वेदहरूमा गणपतिको निरूपण ब्रह्मणस्पति, ज्येष्ठराज आदि नामबाट भएको छ। सर्वमङ्गलविधाता गणपति ब्रह्मणस्पतिका रूपमा सकल ज्ञानका निधि भएर विराजमान हुनुहुन्छ । उहाँ सर्वश्रेष्ठ देवताका रूपमा पूजित हुनुहुन्छ र समस्त वाङ्मयका अधिष्ठाता कवि पनि हुनुहुन्छ । ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, ऐतरेयब्राह्मण, श्रीगणेशाथर्वशीर्ष, गणपत्युपनिषद् आदि वैदिक ग्रन्थहरूमा ब्रह्मणस्पति भगवान् श्रीगणेशको विस्तृत चर्चा भएको छ । ऋग्वेदमा श्रीगणेशलाई गणपति र ब्रह्मणस्पतिका रूपमा चित्रण गरिएको छ । वेदज्ञानका पालक परब्रह्म परमेश्वर हुन् । ती गणहरूमा प्रमुख छन् । ती गणहरूका स्वामी हुन् । कविहरूमा श्रेष्ठ कवि हुन् । एतावता, ती परम यशस्वी एवं कीर्तनीय पनि छन् र प्रत्येक स्थानमा विराजमान छन् ।[१]

ऐतरेयब्राह्मणमा भगवान् ब्रह्मणस्पति नै गणपति र बृहस्पति पनि हुनुहुन्छ भन्ने अभिप्राय भएको मन्त्रमा श्रीगणेशलाई बृहस्पति भनिएको छ ।[२] तिनै बृहस्पति उत्तम संरक्षक अर्थात् सुगोपा हुन् । तिनको संरक्षणमा रहने कुनै पनि प्राणी दुःखी हुनै सक्दैन भन्ने अभिप्राय ऋग्वेदीय मन्त्रमा व्यक्त भएको छ ।[३]

भगवान् श्रीगणेशरूप 'सम्पत्तिशाली, रोगनाशक, धनदाता, पुष्टिवर्द्धक र शीघ्र फलदाता ब्रह्मणस्पतिले हामीमाथि अनुग्रह गरून्' भनी एउटा मन्त्रमा ब्रह्मणस्पतिको विशेषता बताइएको छ ।[४]

शुक्ल यजुर्वेदको गणानां त्वा० मन्त्रलाई भगवान् श्रीगणेशको पूजा आराधनामा प्रयोग गरिन्छ । उक्त मन्त्रद्वारा आवाहित गणपति ब्रह्मणस्पति, प्रियपति, निधिपति र सर्वनियन्ता परमेश्वरका रूपमा प्रसिद्ध हुनुहुन्छ । सामवेदको **प्रैतु ब्रह्मणस्पतिः प्र देवेतु सूनृता** यस मन्त्रमा ब्रह्मणस्पतिका रूपमा रहेका श्रीगणेशको उपासनाको फलका विषयमा सङ्केत गर्दै भनिएको छ – हामीले ब्रह्माण्डका पालक ईश्वर ब्रह्मणस्पति र वाग्देवतालाई प्राप्त गर्न सकौं ।[५]

शतपथब्राह्मणका भाष्यकार हरिस्वामीका गुरु स्कन्दस्वामीले ऋग्वेदभाष्यको प्रारम्भमा श्रीगणेशको वन्दना गर्दै भनेका छन् – 'ब्रह्म, सूर्य, चन्द्र, इन्द्र र विष्णुद्वारा वन्दित हे विघ्नहर्ता गणपति ! मन्त्रहरूका स्वामी हे ब्रह्मणस्पति !

---

१. *गणानान्त्वा गणपतिं हवामहे । कविं कवीनामुपमश्रवस्तम् ।। ज्येष्ठराजं ब्रह्मणां ब्रह्मणस्पते आ न शृण्वन्नूतिभिः सीद सादनम् ।। ऋग्वेद, २/२३/१ ।*

२. *गणानां त्वा गणपतिं हवामह इति ब्राह्मणस्पत्यं ब्रह्म वै बृहस्पतिर्ब्रह्मणैवेनं तद् भिषज्यति ।। – ऐतरेय ब्राह्मण ४/४/२१ ।*

३. *न तमंहो दुःखं कुतश्चन । नारातयस्तितिरुः इयाविनः । विश्वा इदस्माद् ध्वरसो वि बाधसे यं सुगोपा रक्षसि ब्रह्मणस्पते ।। – ऋग्वेद, २/२३/५ ।*

४. *यो रेवा यो अमीवहा वसुवित् पुष्टिवर्धनः । स नः सिषक्त यस्तुरः ।। – पूर्ववत्, १/१८/२ ।*

५. *रामलाल, 'भगवान् ब्रह्मणस्पति', कल्याण, पूर्ववत्, पृ. १३३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजुरलाई नमस्कार छ ।'[६]

यसबाट ब्रह्मणस्पति शब्द श्रीगणेशको वाचकका रूपमा प्राचीन कालदेखि नै प्रसिद्ध रहेको तथ्य प्रमाणित हुन्छ । सबै वेदहरूमा ब्रह्मणस्पति, बृहस्पति र वाचस्पति यी नामहरू एउटै श्रीगणेशका नाम हुन् भन्ने कुरा प्रतिपादन गरिएको छ। एउटा मन्त्रमा **बृहती**- वाक् अथवा संसारका स्वामी बृहस्पति परमव्योमरूप महाशक्तिको महान् तेजबाट सर्वप्रथम उत्पन्न भई सात छन्दरूप मुखले सम्पन्न सात किरण अथवा सात वर्णले सम्पन्न हुँदै नादद्वारा अन्धकारलाई निवारण गर्दछन् भनिएको छ ।[७]

वेदहरूमा वाचस्पति, बृहस्पति, ब्रह्मणस्पति शब्दका प्रचुर प्रयोग पाइन्छन् । यी तीनै शब्दहरूको अर्थ गणपति हो भन्ने कुरा भाष्यकारहरूले समर्थन गरेका छन् । गणपतिलाई वेदमा ज्येष्ठराज पनि भनिएको छ । ऋग्वेदको शाकलसंहिताको एउटा मन्त्रमा शिवजीका जेठा छोराका रूपमा श्रीगणेशको निरूपण गरिएको छ ।[८] यसैगरी शौनकसंहितामा श्रीगणेशलाई ज्येष्ठाजका नामबाट स्मरण गरिएको छ ।[९]

शुक्लयजुर्वेदको **'नमो गणेभ्यो गणपतिभ्यश्चवो'** (१६/२५) इत्यादि मन्त्रमा पनि श्रीगणेशको संस्मरण गरिएको छ । शुक्लयजुर्वेदकै **'गणश्रियै स्वाहा गणपतये स्वाहा'** (२२/३०) मन्त्रमा गणपति र गणश्रीका रूपमा श्रीगणेशको निरूपण गरिएको छ। कृष्णयजुर्वेदको तैत्तिरीयसंहितामा – **'तत्कराटाय विद्महे हस्तिमुखाय धीमहि तन्नो दन्ती प्रचोदयात्'** (२/३/१८) भनी श्रीगणेशलाई हस्तिमुख र दन्तीका रूपमा उल्लेख गरिएको छ । यही कुरा कृष्णयजुर्वेदको मैत्रायणीसंहितामा पनि निरूपित छ । यसबाट वेदका द्रष्टा महर्षिहरूले भगवान् श्रीगणेशका हस्तितुण्ड, गजवदन, वक्रतुण्ड र बृहद्दन्तिस्वरूपलाई साक्षात्कार गरेको तथ्य स्पष्ट हुन्छ ।

अथर्ववेदको शौनकीसंहितामा र गणपत्यथर्वशीर्ष – १० मा पनि **'एकदन्ताय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात्'** मन्त्रको उल्लेख गरिएको छ । सामवेदको विनायकसंहितामा **'एतान् प्रयुञ्जन् विनायकान् प्रीणाति'** भनेर श्रीगणेशपूजाविधिको उल्लेख गरिएको छ । कृष्णयजुर्वेदको तैत्तिरीय आरण्यकको १०/१ मा **'तत्पुरुषाय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात्'** भनेर गणपतिगायत्रीको उल्लेख गरिएको छ । अथर्ववेदको श्रीगणेशपूर्वतापिन्युपनिषद्मा **गणानां त्वा०** आदि मन्त्रद्वारा श्रीगणेशको स्तुति गरी उहाँको प्रशंसा गरिएको छ । यसैगरी त्यसै उपनिषद्को २/३ मन्त्रमा चतुर्भुज, रक्तवर्ण, गजवदन, वक्रतुण्ड, भक्तवरद, महादेव र पार्वतीपुत्र श्रीगणेशको स्मरण गरिएको छ । अथर्ववेदको बृहज्जाबालोपनिषद् ४/२२ मा शिव, विष्णु, लक्ष्मी आदि देवताहरूका साथ विघ्नेशका नामबाट श्रीगणेशको पनि चर्चा गरिएको छ ।

ऋग्वेदमा बाह्र मन्त्रहरूद्वारा सजिएको श्रीगणेशसूक्त रहेको छ । मन्त्रसाधनाकालमा आइलाग्ने निद्रा, आलस्य, भोक, तिर्खा, काम, क्रोध, लोभ, मोह, माया, प्रमाद र रोगजस्ता विघ्नबाधा हटाउने कार्यमा ऋग्वेद २/२३/१-१३ मा सन्निहित श्रीगणेशसूक्तका मन्त्रहरूको प्रभावकारी भूमिका रहने तथ्य मेरुतन्त्र आदि प्रामाणिक ग्रन्थहरूमा बताइएको छ । श्रीगणेशसूक्तको पाठ गरी मन्त्रजाप गर्दा उच्चारणजनित दोष, भावदोष र संसर्गदोषसमेत निराकृत हुन्छन् । यसबाट माथि बताइएका भौतिक, मानसिक र आध्यात्मिक विघ्न पनि निरस्त हुन्छन् । यसकारण साधकहरूले विधिपूर्वक तल लेखिएअनुसार विनियोग गरी श्रीगणेशसूक्तको पाठ गर्नुपर्दछ ।

---

६. *विघ्नेश ! विधिमार्तण्डचन्द्रेन्द्रोपेन्द्रवन्दित ! नमो गणपते तुभ्यं ब्रह्मणां ब्रह्मणस्पते ।। – शिवशङ्कर शास्त्री, 'वेदों मे गणपति', कल्याण, पूर्ववत्, पृ. १२३ ।*

७. *बृहस्पतिः प्रथमं जायमानो महो ज्योतिषः परमे व्योमन् । सप्तास्यस्तु विजातो रवेण द्विसप्तरश्मिरधमत्तमांसि ।। – ऋग्वेद, ४/५०/४ ।*

८. *ज्येष्ठराजं ब्रह्मणां ब्रह्मणस्पते आ नः शृण्वन्नूतिभिः सीद सादनम् । – पूर्ववत्, २/२३/१ ।*

९. *'ज्येष्ठराजं भरे कृत्नुपम् – शौनकसंहिता २०/४४/३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

गणेशसूक्तम्

विनियोगः – महात्मनो गणेशस्य अस्य द्वादशर्चस्य समदऋषिः, गणपो देवता आद्यानां त्रिऋचानां त्रिष्टुप्छन्दः, उत्तराणां नवानां गायत्रं छन्दः, महागणपतिर्दैवतम्, मन्त्रसाधनायां जायमानानां दोषाणां निराकरणाय विनियोगः ।

गणानान्त्वा गणपतिं हवामहे कविं कवीनामुपमश्रवस्तमम् ।
ज्येष्ठराजं ब्रह्मणां ब्रह्मणस्पते आ नः शृण्वन्नूतिभिः सीद सादनम् ।।१।।
निषुसीदगणपते गणेषु त्वमाहुर्विप्रतमङ्कवीनाम् ।
न ऋते त्वत्क्रियते किञ्चनारे महामर्कंमधञ्चित्रमर्च ।।२।।
त्वेषङ्गणं तव शंखादिहस्तं धृतिव्रतं मा विदानन्ति वारम् । मया भुवो ये ।।३।।
आ तून इन्द्र सुमन्तं चित्रं यामं संगृभाय । महाहस्ती दक्षिणेन ।।४।।
विद्मा हि त्वा तु विकूर्मिं तु विदेशन्तुवीमघम् । तुविमात्रमवोभिः ।।५।।
न हि त्वा शूर देवा न मर्तासो दित्स तम् । भीमं गोवादयन्ते ।।६।।
एतोन्विन्द्रं स्तवामेशानं वस्य स्वराज्यम् । न राधसार्थिषं नः ।।७।।
प्रस्तोष उपगासिषच्छवत्साम गीयमानम् । अभिशर्धस्य जुगुरत् ।।८।।
आ नो मख्यञ्जनं दक्षिणेनभिमध्यन प्रामृजद्वा इन्द्र । मा नो वसोर्निर्भाक् ।।९।।
उपक्रमस्याभर घृताधृष्णो जनानां यद्यशुष्ठरस्य वेदः ।।१०।।
इन्द्र य उ नु ते अस्ति वोजो विप्रेभिस्तनित्वः । अस्माभिस्तु तं सन्निहि ।।११।।
स याजुषो वजा अस्मभ्यं विश्वश्चन्द्राः । बलेश्च मक्षु जरन्तम् ।।१२।।
गणानां त्वा निषुसीद त्वेषं गणन्तथैव च ।
आ तू न इन्द्र विद्महि न हि त्वा शूरमेव च ।।१३।।

उपर्युक्त वैदिक प्रमाणहरूबाट श्रीगणेश वैदिक देवता हुनुभएको तथ्य प्रमाणित हुन्छ । वेद, उपनिषद्, पुराण एवं तन्त्रहरूमा निरूपित श्रीगणेशगायत्रीहरूका तत्पुरुष, एकदन्त, हस्तिमुख, वक्रतुण्ड, दन्ती, वराट आदि श्रीगणेशका पर्यायवाची नामहरूको पर्यालोचन गर्दा ती सबैले श्रीगणेशको महत्ता र विशेषता व्यक्त गरेको तथ्य स्पष्ट हुन्छ । जसरी श्रीगणेश वैदिक देवता हुनुहुन्छ, त्यसरी नै उहाँ अनादिसिद्ध आदिदेव पनि मानिनुभएको छ । उहाँलाई नै कर्ता, धर्ता र हर्ता पनि मानिएको छ । उहाँलाई **'त्वं प्रत्यक्षं ब्रह्मासि'** भनेर प्रत्यक्ष ब्रह्मको रूपमा चित्रण गरिएको छ । वास्तवमा श्रीगणेश जीवात्माका प्रतिनिधि र सर्वदेवमय हुनुहुन्छ । त्यसकारण उहाँ सबैका लागि वन्दनीय र पूजनीय पनि हुनुहुन्छ । प्राणीमात्रको मङ्गलविधान गर्नु नै उहाँको प्रमुख कार्य भएकाले उहाँलाई मङ्गलमूर्ति भनिएको छ । भक्तकल्याणकारी देवता हुनुभएकाले उहाँलाई **वरदमूर्तये नमः** भनी वरद र भक्तकामनापूरक मानिएको छ ।

५.२ स्मृतिवाङ्मय

स्मृतिहरूमा श्रीगणेशको चर्चा, प्रशंसा र पूजाविधिको निरूपणसमेत भएको छ । बृहत्पाराशरस्मृतिमा श्रीगणेशको नित्यपूजाको विधान गर्दै भनिएको छ – वलिवैश्वदेव कालमा श्रीगणेशका लागि घृताहुति दिनुपर्दछ र सबै प्रकारका विघ्नहरूको शान्तिका लागि उहाँको पूजा गर्नुपर्दछ । फेरि **गणानान्त्वा०** इत्यादि मन्त्रबाट अन्तमा स्वाहाको प्रयोग गर्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशका निमित्त चार आहुति दिनुपर्दछ ।[१०] बृहत्पाराशरस्मृतिमा विविध विघ्नहरूको उल्लेख गर्दै तिनीहरूको शमनका लागि श्रीगणेशपूजन र श्रीगणेशमन्त्रजपको समेत विधान गरिएको छ ।

महर्षि लौगाक्षिले लौगाक्षिस्मृतिमा अरू देवताले केही निर्धारित पदार्थमात्र प्रदान गर्दछन् भने श्रीगणेशले सबै कुरा दिनुहुन्छ भन्ने कुरा खुलाउँदै भनिएको छ – 'सूर्यबाट आरोग्य, अग्निबाट श्री, शिवजीबाट ज्ञान, जनार्दनबाट मोक्ष, दुर्गा आदि देवीहरूबाट रक्षा, भैरव आदिबाट सङ्कटमोचन, सरस्वतीबाट विद्या, लक्ष्मीबाट ऐश्वर्यवृद्धि, पार्वतीबाट सौभाग्य, इन्द्राणीबाट कल्याणपरम्परा, स्कन्दबाट सन्तानवृद्धिको कामना गर्नुपर्दछ भने श्रीगणेशबाट उक्त सबै विषयको कामना गर्नुपर्दछ । किनभने उहाँ सबै कुरा प्रदान गर्न समर्थ हुनुहुन्छ।'[११]

याज्ञवल्क्यस्मृतिको गणपतिकल्पमा गणपति आराधनाविधिको निरूपणका साथै ब्रह्मा र शङ्करले श्रीगणेशलाई विघ्नकर्ताका रूपमा गणहरूको अधिपति बनाएको तथ्य निरूपण गरिएको छ ।[१२] उक्त प्रकरणमा नै विनायकको विघ्नजालमा फँसेका प्राणीहरूको निरूपण गरी त्यसबाट मुक्त हुने उपायसमेत बताइएको छ। विभिन्न पवित्र पदार्थहरूले समन्वित कलशको जलले अभिषेक गर्ने विधि बताएर मित, सम्मित, शाल, कटङ्कट, कूष्माण्ड र राजपुत्र नामहरूमा स्वाहापद जोडेर हवन गर्नुपर्ने निर्देश गरिएको छ ।[१३] तत्पश्चात् बलिदान, श्रीगणेशकी माता अम्बिकाको उपस्थान र ब्रह्मभोजन आदि कर्म गरी विनायकपूजा समाप्ति हुने कुरा बताइएको छ । यसैगरी वीरमित्रोदयको पूजाप्रकाशमा पनि श्रीगणेशको पूजाबाट विघ्ननिवारण हुने तथ्य खुलाइएको छ । यसरी धर्मशास्त्रका विभिन्न ग्रन्थहरूमा श्रीगणेशको चर्चा हुनुले धर्मशास्त्रमा विघ्नविनाशक विशिष्ट देवताका रूपमा श्रीगणेशको मान्यता रहेको तथ्य प्रमाणित हुन्छ ।

५.३ तन्त्रवाङ्मय

तन्त्रशास्त्रमा श्रीगणेशको व्यापक चर्चा भएको छ । तन्त्रशास्त्रअनुसार विश्वको आधारशक्तिका रूपमा रहनुभएका श्रीगणपतिको अपूर्व महिमा रहेको छ । आधारशक्ति वस्तुका भेदले अनन्त मानिएको छ । श्रीगणेश आधारशक्तिभन्दा पृथक् नहुनुभएकाले उहाँका रूप पनि अनन्त मानिएका छन् । गणपतिका नाम, रूप, वर्ण, वस्त्र, आयुध, वाहन र कार्य पनि अनेक छन् । तन्त्रशास्त्रका तत्त्ववेत्ताहरूले कतिपय गणपतिहरूका नाम, आकृति, वर्ण, वाहन र आयुधको निर्देश श्रीतत्त्वनिधि, श्रीविद्यार्णव आदि ग्रन्थहरूमा प्रतिपादन गरेका छन् । एउटै गणपतिका एकदन्त, लम्बोदर, गजानन, गणपति, विघ्नराज आदि अनेक पर्याय बताइएका छन् । परन्तु यी सबै नामका आ-आफ्नै भिन्न भिन्न अर्थ पनि छन् ।

तन्त्रका विशिष्ट ग्रन्थहरूमा श्रीगणेशका तान्त्रिक ध्यानका सुन्दर चित्र देखाइएका छन् । त्यहाँ रत्न, कुम्भ, अङ्कुश र कमल, अभयमुद्रा, वरमुद्रा र गदा धारण गर्ने भगवान् श्रीगणेशको ध्यानविधि पनि निरूपण गरिएको छ । ऊर्ध्वगणपतिको ध्यानमा धनुर्धारी श्रीगणेशको ध्यान पनि पाइन्छ । वीरगणपतिको ध्यानको प्रसङ्गमा श्रीतत्त्वनिधिमा शक्तिधारी श्रीगणेशको चर्चा गरिएको छ । अक्षरगणपतिको ध्यानमा दायाँ हातमा दन्त धारण गरेको देखाइएको छ । तरुणगणपतिको ध्यानमा पाश, अङ्कुश, अपूप, जम्बू, स्वदन्त, शालि, इक्षु धारण गरेको देखाइएको छ । हेरम्बगणपतिको ध्यानमा अभय, वरमुद्रा,

---

१०. *विनायकाय होतव्या घृतस्याहुतयस्तथा । सर्वविघ्नोपशान्त्यर्थं पूजयेत् परतस्तु तम् ।। गणानान्त्वेति मन्त्रेण स्वाहाकारान्तमादृतः । चतस्रो जुहुयात् तस्मै गणेशाय तथाऽऽहुतीः ।। वैश्वदेव प्रकरण ४/१७६-१७८ ।*

११. *आरोग्यं भास्करादिच्छेत् श्रियमिच्छेद् हुताशनात्। ईश्वराज्ज्ञानमन्विच्छेन्मोक्षमिच्छेद् जनार्दनात्।।*
दुर्गादिभिस्तथा रक्षां भैरवाद्यैस्तु दुर्गमम् । विद्यासारं सरस्वत्या लक्ष्म्याश्चैश्वर्यवर्धनम् ।।
पार्वत्याश्चैव सौभाग्यं शच्याः कल्याणसन्ततिम्। स्कन्दात् प्रजाभिवृद्धिश्च सर्वं चैव गणाधिपात्।। – रामाधार शुक्ल, 'स्मृतिओं मे गणेश', कल्याण, पूर्ववत्, पृ. ३५८ ।

१२. *विनायकः कर्मविघ्नसिद्ध्यर्थं विनियोजितः । गणानामाधिपत्ये च रुद्रेण ब्रह्मणा तथा ।। – याज्ञवल्क्यस्मृति १/२७१ ।*

१३. *मितश्च सम्मितश्चैव तथा शालकटङ्कटौ । कूष्माण्डो राजपुत्रश्चेत्यन्ते स्वाहासमन्वितैः ।। – पूर्ववत्, १/२८५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

पाश, दन्त, अक्षमाला, सृणि, परशु, मुद्गर र मोदक धारण गर्ने स्वरूपको ध्यान प्रस्तुत गरिएको छ । गदाधारी महागणपतिको सौन्दर्यचित्रण गरिएको छ र लक्ष्मीगणपतिको हातमा चक्र रहेको देखाइएको छ । यसैगरी अंशुमद्भेदागममा पनि दायाँ हातमा दन्त र बायाँ हातमा कपित्थ धारण गर्ने श्रीगणेशको चर्चा पाइन्छ । मन्त्रमहार्णवमा उन्मत्तगणपति र उच्छिष्टगणपतिको वर्णन गरिएको छ र श्रीगणेशका सूँढको टुप्पामा मोदक रहेको देखाइएको छ । शिवगण र गणदेवताका स्वामी श्रीगणेशको नाममा रहेको गणशब्दका अनेक अर्थ अनेक तन्त्रमा पाइन्छन् । संख्याविशेषले सम्पन्न सेनाका सेनापतिका रूपमा पनि श्रीगणेशको चर्चा भएको छ । महानिर्वाणतन्त्रमा गणदीक्षाको प्रवर्त्तन गर्ने श्रीगणेशलाई गणप भनिएको छ।[१४]

पाञ्चरात्र आगममा श्रीवैष्णव सम्प्रदाय अथवा विशिष्टाद्वैत सम्प्रदायका मानिसहरूले श्रीगणेशलाई विष्णु परिवारमा गणना गर्ने विषयमा प्रकाश पारिएको छ । सनत्कुमारसंहितामा भगवान्का मन्दिर, प्राङ्गण र विमानहरूमा कौशिक, कन्दर्प, स्कन्द र श्रीगणेशको स्थापना गर्नुपर्ने विधि बताइएको छ । त्यहीं नै श्रीगणेश र सिंहको माझमा मिश्र र श्रीधर एवं श्रीगणेशको बीचमा वरुणको स्थापना गर्नुपर्ने विषयमा प्रकाश पार्दै त्यहाँ स्थापित कुमारी, कुमार, गणेश, विनायक, सिद्ध र किन्नरहरूले हाम्रो कल्याण गरून् भनिएको छ । त्यसै संहितामा शिवरात्रिका दिन गाउँको दक्षिण भागमा गई उत्तराभिमुख गराएर श्रीगणेशको स्थापना गर्ने निर्देश दिइएको छ । **'ॐ नमो गणाधिपतये शूर्पकर्णाय विद्महे कोटिरक्षाय धीमहि तन्नो गणपतिः प्रचोदयात्'** – यस श्रीगणेशगायत्रीको जप र श्रीगणेशपूजाको विधि पनि त्यहाँ बताइएको छ । श्रीप्रश्नसंहितामा श्रीगणेशलाई ओङ्कारका अधिष्ठाता मानिएको छ । यसरी विष्णुपरिवारमा पनि श्रीगणेशको महत्त्वपूर्ण स्थान रहेको तथ्य प्रमाणित हुन्छ ।[१५]

वैखानस–आगममा हनुमान् र श्रीगणेशलाई एउटै तत्त्व मानिएको छ । तन्त्रसारमा वैनायक सम्प्रदायका उपास्य देवता महागणपति, हेरम्बगणपति, हरिद्रागणपति, उच्छिष्टगणपति, स्वर्णगणपति र रक्तदन्तगणपतिको ध्यान, पूजाविधि र प्रयोग विधिको विस्तृत रूपमा निरूपण गरिएको छ । श्रीतत्त्वनिधिमा ३२ प्रकारका गणपतिहरूको नाम निर्देश पाइन्छ – बालगणपति, तरुणगणपति, भक्तगणपति, वीरगणपति, शक्तिगणपति, हेरम्बगणपति, द्विजगणपति, सिद्धगणपति, उच्छिष्टगणपति, विघ्नगणपति, क्षिप्रगणपति, लक्ष्मीगणपति, महागणपति, विजयगणपति, नृत्तगणपति, ऊर्ध्वगणपति, एकाक्षरगणपति, वरगणपति, त्र्यक्षरगणपति, क्षिप्रप्रसादगणपति, हरिद्रागणपति, एकदन्तगणपति, सृष्टिगणपति, उद्दण्डगणपति, ऋणमोचनगणपति, ढुण्ढिगणपति, द्विमुखगणपति, त्रिमुखगणपति, सिंहगणपति, योगगणपति, दुर्गागणपति र सङ्कटहरगणपति ।[१६] तन्त्र एवं आगममा श्रीगणेशको व्यापक वर्णन पाइन्छ ।

गणेशपरक तन्त्रशास्त्रमा लघुषोढान्यासअन्तर्गत ५१ प्रकारका मातृकाहरूलाई सशक्तिक श्रीगणेश मानिएको पाइन्छ। त्यसको वर्णन यस प्रकार छ – **अ** – ह्रीसहित विघ्नेश, **आ** – श्रीसहित विघ्नराज, **इ** – तुष्टिसहित विनायक, **ई** – शक्तिसहित शिवोत्तम, **उ** – पुष्टिसहित विघ्नहृत्, **ऊ** – सरस्वतीसहित विघ्नकर्ता, **ऋ** – रतिसहित विघ्नराट्, **ॠ** – मेधासहित गणनायक, **ऌ** – कान्तिसहित एकदन्त, **ॡ** – कामिनीसहित द्विदन्त, **ए** – मोहिनीसहित गजवक्त्र, **ऐ** – जटासहित निरञ्जन, **ओ** – तीव्रासहित कपर्दिभृत्, **औ** – ज्वालिनीसहित दीर्घमुख, **अं** – नन्दासहित शङ्कुकर्ण, **अः** – सुयशासहित वृषभध्वज, **क**– कामरूपिणीसहित गणनाथ, **ख** – सुभ्रूसहित गजेन्द्र, **ग** – जयिनीसहित शूर्पकर्ण, **घ** – सत्यासहित त्रिलोचन, **ङ**–विघ्नेशीसहित लम्बोदर, **च** – सुरूपासहित महानाद, **छ** – कामदासहित चतुर्मूर्ति, **ज** – मदविह्वलासहित सदाशिव, **झ**– विकटासहित आमोद, **ञ** – दुर्मुखासहित दुर्मुख, **ट** – भूतिदासहित सुमुख, **ठ** – भूमिसहित प्रमोद, **ड** –

१४. *रामलाल, पूर्ववत्, पृ. १७२ ।*

१५. *वे. वरदाचार्य, 'पाञ्चरात्र आगम में गणेश', कल्याण, पूर्ववत्, पृ. ३५६ ।*

१६. *रासमोहन चक्रवर्ती, कल्याण, पूर्ववत्, पृ. ४६० ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्तिसहित एकपाद, **ढ** – रमासहित द्विजिह्व, **ण** – मानुषीसहित शूर, **त** – मकरध्वजासहित वीर, **थ** – वीरिणीसहित षण्मुख, **द** – भृकुटीसहित वरद, **ध** – लज्जासहित वामदेव, **न** – दीर्घघोणासहित वक्रतुण्ड, **प** – धनुर्धरासहित द्विरण्डक, **फ** – यामिनीसहित सेनानी, **ब** – रात्रिसहित ग्रामणी, **भ** – चन्द्रिकासहित मत्त, **म** – शशिप्रभासहित विभक्त, **य** – लोलासहित मत्तवाहन, **र** – चपलासहित जटी, **ल** – ऋद्धिसहित मुण्डी, **व** – दुर्भगासहित खड्गी, **श** – सुभगासहित वरेण्य, **ष** – शिवासहित वृषकेतन, **स** – दुर्गासहित भक्षप्रिय, **ह** – कालीसहित गणेश, **लम्** – कालकुब्जिकासहित मेघनाद, **क्षम्** – विघ्नहारिणीसहित गणेश्वर । यसरी शब्दब्रह्मरूप श्रीगणेश ओङ्कारको मातृकाहरूका साथ विस्तार गरिएको पाइन्छ ।[१७]

मेरुतन्त्रमा पनि विघ्ननिराकरणका लागि दैनिक उपासना गर्दा सशक्तिक गणेशमातृका न्यासको आवश्यकता औंल्याई विनियोग, ध्यानसहित मातृकान्यासको सरणि प्रकाशित गरिएको छ –

अ – ह्रीसहित विघ्नेश, **आ** – श्रीसहित विघ्नराज, **इ** – पुष्टिसहित विनायक, **ई** – शान्तिसहित शिवोत्तम, **उ** – स्वस्तिसहित विघ्नहृत्, **ऊ** – सरस्वतीसहित विघ्नकर्ता, **ऋ** – स्वाहासहित गण, **ॠ** – सुमेधासहित एकदन्त, **ऌ** – कान्तिसहित द्विदन्त, **ॡ** – कामिनीसहित गजवक्त्र, **ए** – मोहिनीसहित निरञ्जन, **ऐ** – नटीसहित कपर्दी, **ओ** – पार्वतीसहित दीर्घजिह्व, **औ** – ज्वालिनीसहित शङ्कुकर्ण, **अं** – नन्दासहित वृषभध्वज, **अः** – सुयशासहित गणनायक, **क**– कामरूपिणीसहित गजेन्द्र, **ख** – उमासहित शूर्पकर्ण, **ग** – तेजोवतीसहित त्रिलोचन, **घ** – सत्यासहित लम्बोदर, **ङ**– विघ्नेशीसहित महानन्द, **च** – सुरूपासहित चतुर्मूर्ति, **छ** – कामदासहित सदाशिव, **ज** – मदजिह्वासहित आमोद, **झ**– भूतिसहित दुर्मुख, **ञ** – भौतिकासहित सुमुख, **ट** – सीतासहित प्रमोद, **ठ** – रमासहित एकपाद, **ड** – महिषीसहित द्विजिह्व, **ढ** – जम्भिनीसहित शूर, **ण** – विकर्णासहित वीर, **त** – भृकुटीसहित षण्मुख, **थ** – लज्जासहित वरद, **द** – दीर्घघोणासहित वामदेव, **ध** – धनुर्धरासहित वक्रतुण्ड, **न** – यामिनीसहित द्विरद, **प** – रात्रिसहित सिनीश, **फ** – ग्रामणीसहित कामान्ध, **ब** – शशिप्रभासहित मत्त, **भ** – लोललोचनासहित विमत्त, **म** – चञ्चलासहित मत्तवाहन, **य** – दीप्तिसहित जटी, **र** – सुभगासहित मुण्डी, **ल**– दुर्भगासहित खड्गी, **व** – शिवासहित वरेण्य, **श** – भगासहित वृषकेतन, **ष** – भगिनीसहित भक्तप्रिय, **स** – भोगिनीसहित गणेश, **ह** – सुभगासहित मेघनाद, **लम्** – कालरात्रिसहित व्यापी, **क्षम्** – कालिकासहित गणेश्वर ।[१८]

श्रीविद्याको उपासना गर्ने शङ्कराचार्यपरम्परामा श्रीयन्त्रको मध्यबिन्दुमा श्रीगणेशका विभिन्न रूप – महागणपति, छिप्रप्रसादनगणपति, वक्रतुण्डगणपति, लक्ष्मीगणपति, हेरम्बगणपति, विरिगणपति, शक्तिगणपति आदिको ध्यान गर्ने विधान रहेको छ ।[१९] मेरुतन्त्र श्रीगणेशपरक बोध र सूचनाको स्रोतका रूपमा रहेको छ । त्यहाँ दशाक्षर शावरमन्त्र श्रीगणेशद्वारा अभिशप्त भएकाले श्रीगणेशको आराधना गरेपछि मात्र सद्गुरुबाट मन्त्रप्राप्त गरी विधिपूर्वक त्यसको उद्दीपन गर्नुपर्ने कुरा बताइएको छ । यदि त्यसो नगरी जथाभावी मन्त्र जपियो भने जापक जन्मजन्मान्तरसम्म मूर्ख रहने कुरा बताइएको छ ।[२०] चन्दन, गुग्गुलधूप, कपूर, रक्तकमल, कुंकुम, कस्तूरी, रक्तचन्दन र रक्तचन्दनसँग मिसिएको जल यी पदार्थ श्रीगणेशका निमित्त अतिशय रुचिकर भएकाले उक्त पदार्थहरूको समूहलाई श्रीगणेशको अष्टगन्ध अथवा गणेशगन्धाष्टक भनिएको छ ।[२१]

कृष्णागण्डकीमा पाइने शालग्रामका अनेक आकार र रूप हुन्छन् । तीमध्ये कुनै सूर्यशालग्राम, कुनै शिवशालग्राम, कुनै विष्णुशालग्राम, कुनै श्रीगणेशशालग्राम हुन्छन् र यस्तै अरू देवतासँग सम्बद्ध शालग्राम पनि । गणेशशालग्रामको

---

१७. रामानुजाचार्य, 'विविध गणेश', कल्याण, पूर्ववत्, पृ. ५० ।

१८. मेरुतन्त्र, पाँचौँ आह्निक प्रकाश ।

१९. वे. वरदाचार्य, पूर्ववत् ।

२०. दशाक्षरस्तु यो मन्त्रः स गणेशस्य शापतः । मन्दो जप्तस्तु मूर्खत्वं कुर्याज्जन्मनि जन्मनि ।। – मेरुतन्त्र १/१९७ ।

२१. चन्दनागरुकर्पूररोचनाकुंकुमं मदः । रक्तचन्दनजं वारि गन्धाष्टकमुदाहृतम् ।। – पूर्ववत्, ३/४३१-४३२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

चिनारी गराउँदै मेरुतन्त्रमा भनिएको छ – जुन शालग्राममा सूँढको आकार स्पष्ट देखिन्छ त्यसलाई गणेशशालग्राम भन्नुपर्दछ। सूँढको आकारमा रहेको शालग्राम शिला र श्रीगणेशको आकारमा देखिने शालग्रामशिलालाई समेत गणेशशालग्राम मान्नु पर्दछ।[२२]

सनातन संस्कृतिमा रुद्राक्षलाई ज्यादै पवित्र, सिद्धिप्रद र देवरूप मानिएको छ । रुद्राक्षका मुखअनुसारका देवता हुन्छन्। आठ मुख भएको रुद्राक्षलाई श्रीगणेशरूप मानिएको छ । श्रीगणेशका भक्तहरूले आठमुखे रुद्राक्ष विधिवत् धारण गर्नुपर्दछ । गणेशरुद्राक्ष धारण गर्ने साधकका काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यजस्ता आभ्यन्तर शत्रुहरूको विनाश हुन्छ भनिएको छ।[२३]

कुलार्णव तन्त्रअनुसार सदाशिवका मुखबाट १० दिशाका रूपमा प्रकट भएका तान्त्रिक मन्त्रसहितका मार्गलाई आम्नाय भनिन्छ । ती यसप्रकार छन् – १) पूर्वाम्नाय, २) पश्चिमाम्नाय, ३) दक्षिणाम्नाय, ४) उत्तराम्नाय, ५) ऊर्ध्वाम्नाय, ६) अधराम्नाय, ७) ईशानाम्नाय, ८) आग्नेयाम्नाय, ९) नैर्ऋत्याम्नाय र १०) वायव्याम्नाय । यीमध्ये अधराम्नाय बौद्धतन्त्रको रूपमा रहेको छ । भगवान् शङ्करको पूर्वमुखबाट पूर्वाम्नाय, पश्चिम मुखबाट पश्चिमाम्नाय, दक्षिण मुखबाट दक्षिणाम्नाय, उत्तरमुखबाट उत्तराम्नाय, ऊर्ध्वमुखबाट ऊर्ध्वाम्नाय, अधरमुखबाट अधराम्नाय, ऐशान्य एवं पूर्वमुखबाट ईशानाम्नाय, पूर्व एवं दक्षिण मुखबाट आग्नेयाम्नाय, दक्षिण एवं पश्चिम मुखबाट नैर्ऋत्याम्नाय, पश्चिम एवं उत्तर मुखबाट वायव्याम्नाय प्रकट भएको कुरा कुलार्णव तन्त्रमा बताइएको छ ।[२४]

तन्त्रपरम्परामा आम्नाय बेग्लाबेग्लै भएकाले श्रीगणेशका स्वरूप र नाम पनि बेग्लाबेग्लै छन् । पूर्वाम्नायमा विरञ्चिगणेश, उत्तराम्नायमा उच्छिष्टगणेश, पश्चिमाम्नायमा छिप्रप्रसादनगणेश, दक्षिणाम्नायमा लक्ष्मीगणेश एवं हरिद्रागणेश, ऊर्ध्वाम्नायमा महागणेश प्रसिद्ध छन् । तन्त्रशास्त्रमा पञ्चमुख गणपति र सशक्तिक गणपति आदि अनेक भेदहरूको निरूपण गरिएको छ।

महाकालसंहिताको द्वितीय भाग गुह्यकालीखण्डमा कालीयन्त्रको कर्णिकामा पूजा गरिने ५१ गणेशको निम्नानुसार उल्लेख गरिएको छ । लम्बोदर, एकदन्त, गजवक्त्र, विनायक, विघ्नहर्ता, भीमनाद, हेरम्ब, मूषकवाहन, जितेन्द्रिय, सुमुख, एकानंश, गणेश्वर, कपिल, शूर्पकर्ण, देवीपुत्र, घटोदर, भग्नदन्त, विश्वमूर्ति, महाबल, स्थिरासन, व्यालसूत्री, चलकर्ण, गणाधिप, ऊर्ध्वरोमा, महापद्मी, प्रत्यूहच्छिद्, महास्वन, महाशुण्ड, जगन्नेता, सिद्धिदाता, बलिप्रिय, कार्यकर्ता, कर्मसाक्षी, प्रभिन्न, प्रणतार्तिहत्, उग्रनाद, महावाग्मी, हेमाङ्ग, अङ्कुशधारी, सटाधर, आखुध्वज, रतित्यागी, महागण्ड, महेश्वर, मत्तरूप, सुरत्राता, महाविघ्नौघमर्दन ।

आम्नायभेदअनुसार श्रीगणेशका स्वरूपमा विभेद हुने भएकाले तिनका ध्यान र मन्त्र पनि भिन्न–भिन्न छन् । जुन आम्नायका देवताको पूजा हुन्छ, त्यस आम्नायका मन्त्रले श्रीगणेशको पूजा गर्नुपर्दछ । मेरुतन्त्रमा विभिन्न आम्नायका गणपतिहरूको वर्णन गरिएको पाइन्छ ।

१. **ऊर्ध्वाम्नाय** – १. महागणपति, २. सिद्धिविनायक, ३. लक्ष्मीविनायक, ४. त्रैलोक्यमोहनविनायकका नामबाट श्रीगणेश ऊर्ध्वाम्नायमा रहनुभएको छ ।

२. **पूर्वाम्नाय** – १. विरिविघ्नेश, २. विरिञ्चिगणनायक, ३. शक्तिगणेश, ४. वक्रतुण्डगणेश पूर्वाम्नायमा रहेका छन् ।

३. **पश्चिमाम्नाय** – पश्चिमाम्नायमा वाराणसीमा रहेका ६४ गणेशहरूलाई आठ आवरणमा विभक्त गरी प्रस्तुत गरिएको छ।

क) **प्रथम आवरण** – १. विघ्नविनायक, २. वीरविनायक, ३. सुरविनायक, ४. वरदाक्षविनायक, ५. इभवक्त्रविनायक, ६. विप्रविनायक, ७. एकदन्तविनायक र ८. लम्बोदरविनायक ।

ख) **द्वितीय आवरण** – १. सिद्धिविनायक, २. अर्कविनायक, ३. दुर्गविनायक, ४. चण्डविनायक, ५. देहलीविनायक,

---

२२. *गणेशः स तु विज्ञेयो यस्तु शुण्डाङ्कितो भवेत् । शुण्डाकारा शिला वाऽपि गजाननसमाऽपि वा ।। – पूर्ववत्, ५/६६१ ।*

२३. *अष्टवक्त्रो गणेशः स्यात् सर्वविघ्ननिवारकः । नश्यन्ति तज्जपात् सर्वे कामक्रोधादिशत्रवः ।। – पूर्ववत्, ६/३३३ ।*

२४. *फणीन्द्र पाण्डेय, संस्कृत् नेपाली वृहत् शब्दकोष, पृ. १६१–१६२ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. उद्दण्डविनायक, ७. पाशपाणिविनायक र ८. खर्बविनायक ।

ग) **तृतीय आवरण** – १. वेदप्रवर्तकविनायक, २. अभक्तविघ्नकृद्विनायक, ३. भक्तविजयप्रदविनायक, ४. पापिपापहृद्विनायक, ५. वाममार्गप्रसाधकविनायक, ६. तपोवनपरित्रायकविनायक, ७. सीमारक्षाकरविनायक र ८. आयुष्कृद्विनायक ।

घ) **चतुर्थ आवरण** – १. रोगहृद्विनायक, २. निधिदविनायक, ३. द्विजाधिपविनायक, ४. तुन्दिलविनायक, ५. विश्वरक्षाकरविनायक, ६. गणनाथविनायक, ७. गणाधिपविनायक र ८. दुग्धविनायक ।

ङ) **पञ्चम आवरण** – १. लम्बोदरविनायक, २. कूटदन्तविनायक, ३. शालङ्कटङ्कटविनायक, ४. कूष्माण्डविनायक, ५. मुण्डविनायक, ६. विकटदन्तविनायक, ७. राजपुत्रविनायक र ८. प्रवरविनायक ।

च) **षष्ठ आवरण** – १. वक्रतुण्डविनायक, २. एकदन्तुरविनायक, ३. कपिसिंहद्विपाननविनायक, ४. पञ्चास्यविनायक, ५. हेरम्बविनायक, ६. प्रवरविनायक, ७. विघ्नराजविनायक र ८. मोदकप्रियविनायक ।

छ) **सप्तम आवरण** – १. वातुलविनायक, २. सिंहतुण्डविनायक, ३. कुणिताक्षविनायक, ४. क्षिप्रप्रसादनविनायक, ५. चिन्तामणिविनायक, ६. दन्तिहस्तविनायक, ७. पिचिण्डिलविनायक र ८. उद्दण्डमुण्डविनायक ।

ज) **अष्टम आवरण** – १. स्थूलदन्तविनायक, २. कलिप्रियविनायक, ३. चतुर्दन्तविनायक, ४. द्विदन्तादि-द्वितुण्डविनायक, ५. ज्येष्ठविनायक, ६. गजविनायक, ७. कालविनायक र ८. नागेशविनायक ।

यस अतिरिक्त राजमातङ्गी देवीसम्बद्ध मोद, प्रमोद, सुमुख, दुर्मुख, गणनायक, ज्ञानविनायक, द्वारविघ्नेश, सृष्टिगणेश, यक्षविघ्नेश, गजकर्ण, चित्रघण्ट, मङ्गलविनायक, मित्रविनायक, अभिमुक्तविनायक आदि पन्ध्र गणेशहरूको पनि यसै आम्नायमा उल्लेख गरिएको पाइन्छ ।

४. **दक्षिण आम्नाय** – १. विघ्नराज, २. लक्ष्मीगणपति, ३. त्र्यक्षरशक्तिगणपति, ४. चतुरक्षरशक्तिगणपति, ५. क्षिप्र-प्रसादनगणपति, ६. हेरम्बगणपति, ७. सुब्रह्मण्यगणपति र ८. हरिद्रागणपति दक्षिण आम्नायमा रहेका छन् ।

५. **उत्तर आम्नाय** – उच्छिष्टगणेशको उल्लेख गरिएको छ । यिनै उच्छिष्ट गणेशलाई अरू तन्त्रहरूमा अधराम्नायका गणेश पनि भनिन्छ ।[२५]

प्रतापसिंह शाहद्वारा रचित बृहत्पुरश्चर्यार्णवमा ऊर्ध्वाम्नायका महागणपति, दक्षिणाम्नायका विघ्नराज, लक्ष्मीगणेश, शक्तिगणेश एवं हरिद्रागणेश; उत्तर आम्नायका – क्षिप्रप्रसादन एवं उच्छिष्टगणपति, पूर्वाम्नायका महागणपति, पश्चिमाम्नायका विघ्नगणेश, पञ्चास्यगणेश र अधराम्नायका गणपतिका मन्त्र र साधनाविधि प्रस्तुत गरिएका छन् ।

दीक्षा मन्त्र लिँदा द्वारको ऊर्ध्व भागमा विघ्नेश र दक्षिण भागमा गणपतिको पूजा गर्नुपर्ने र गणेशमन्त्रको दीक्षा लिने क्रममा श्रीगणेशको पूजा गर्दा वक्रतुण्ड, एकदंष्ट्र, महोदर, गजानन, लम्बोदर, विकट, विघ्नराज र धूम्रवर्णनामक श्रीगणेशका आत्मीय द्वाररक्षकहरूको पूजा गर्नुपर्ने विधान गरिएको छ । दीक्षाप्रयुक्त हवनका क्रममा अग्निमुखविधिमा महागणपतिका १० थरि मन्त्रद्वारा १० आहुति दिनुपर्ने तथ्य निरूपण गरिएको छ । प्रत्येक देवताका तत्त्वहरूको निरूपणका क्रममा गणेशतत्त्वअन्तर्गत शिव, शक्ति, सदाशिव, ईश्वर, माया, विद्या, माया, कला, राग, काल, नियति, पुरुष, प्रकृति, बुद्धि, अहङ्कार, मन, चक्षु, श्रोत्र, घ्राण, जिह्वा, त्वक्, वाक्, पाणि, पाद, पायु, उपस्थ, शब्द, स्पर्श, रूप, रस, गन्ध, आकाश, वायु, तेज, जल र पृथिवी गरी ३६ तत्त्व उपस्थापित गरिएका छन् ।[२६]

---

२५. *मेरुतन्त्र, पूर्ववत् ।*

२६. *प्रतापसिंह शाह, बृहत्पुरश्चर्यार्णव, द्वितीय भाग ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्त्रशास्त्रमा चौरगणपतिको पनि वर्णन पाइन्छ । वास्तवमा यहाँ चौर शब्द विघ्न एवं अज्ञानका हर्ता भन्ने विशेष अर्थद्योतनमा केन्द्रित छ । विघ्नविनाशक गणपतिको आराधना गरेपछि उहाँले विघ्न-बाधा र अज्ञान चोरिदिनुहुन्छ ।

योग र तन्त्र शास्त्रअनुसार शरीरमा रहेका मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञानामक ६ चक्रहरूमध्ये प्रथम मूलाधारचक्रमा सिद्धि-शक्तिसहित श्रीगणेशको पूजा गरिन्छ ।

काठमाडौं उपत्यकामा पनि तन्त्रानुसार विभिन्न रूपका गणपतिमूर्तिहरूको स्थापना गरिएको छ । वैनायक सम्प्रदायको प्रमुख ग्रन्थ श्रीगणेशपुराणमा बताएभन्दा भिन्न रूपमा कमलासन, नागवाहन आदि रूपका श्रीगणेशमूर्ति काठमाडौं उपत्यकामा पाइन्छन् । चावहिल गणेश अथवा चन्द्रविनायक, कमलादी गणेश, भक्तपुर गणेश आदि प्रसिद्ध गणपतिमूर्तिहरू विभिन्न तन्त्रअनुसार निर्मित र प्रतिष्ठापित भएकाले तिनमा स्वरूप, वाहन, आयुध आदिमा एकरूपता पाइँदैन ।

नेपालमा तान्त्रिक विधिअनुसार स्थापित श्रीगणेशमूर्तिहरूको ठूलो संख्या रहेको छ । सबै श्रीगणेशका वाहन मूसा छैनन्। कहीँ वाहनको रूपमा कमल छ, कहीँ नाग छ र कहीँ बेताल पनि छ । तन्त्रानुसार गणेशमूर्तिका भुजा र आयुध पनि भिन्दा-भिन्दै छन् । रानीपोखरीका सोह्रहाते गणेशले शक्तिलाई काखमा लिएका छन्, चाबहिल गणेशको वाहन नाग छ र तिनका अगाडि बेताल सुतिरहेको छ । यसैगरी भादगाउँ गणेशको भिन्दै स्वरूप छ । तसर्थ नेपालका धेरैजसो श्रीगणेशमूर्तिहरू तान्त्रिक विधिबाट स्थापित मूर्ति हुन् भन्नु अत्युक्ति हुनेछैन ।[२७]

५.४ महाभारत

श्रीवेदव्यासले मानसिकरूपमा पञ्चम वेद महाभारतको रचना गर्नुभएपछि ब्रह्माजीका सामु गई निवेदन गर्नुभयो- हे भगवन् ! मैले लोकवन्दनीय महाकाव्य महाभारतको रचना गरेको छु । यसमा मैले समस्त वेदहरूका गोपनीय तत्त्व र सबै शास्त्रहरूका सारतत्त्वको सङ्कलन गरेको छु । यसमा उपनिषद्हरूको सारदोहनका साथै लोकोपयोगी बोध र सूचना पनि सङ्कलित छन् । तर मेरो यस काव्यलाई मैले भनेअनुसारको गतिमा लेखिदिने लेखक पाएको छैन ।[२८] वेदव्यासको प्रार्थना सुनेर ब्रह्माजीले भन्नुभयो - हे व्यास ! यसलाई लिपिबद्ध गर्न तपाईंले श्रीगणेशको स्मरण गर्नुहोस् ।[२९]

ब्रह्माजीको आदेशअनुसार व्यासले श्रीगणेशको स्मरण गर्नुभयो । व्याससँग प्रसन्न हुनुभएका श्रीगणेशले दर्शन दिनुहुँदा वेदव्यासले निवेदन गर्दै भन्नुभयो - 'हे गणनायक ! तपाईं मेरो मनद्वारा कल्पित र उच्चार्यमाण महाभारतनामक काव्यको लेखक बनिदिनुहोस्।'[३०] व्यासको प्रार्थना सुनेर गणेशले भन्नुभयो - 'हे व्यास! मैले लेख्न थालेपछि एक क्षणका लागि पनि मेरो लेखनी रोकिनु हुँदैन । त्यस्तो हुनसक्छ भने म लेखक बनिदिनेछु ।'[३१] व्यासले श्रीगणेशको शर्त स्वीकार गर्नुभएपछि श्रीगणेशले लेखनकार्य आरम्भ गर्नुभयो । श्रीगणेशको कृपाबाट संसारले महाभारतजस्तो महिमामय ग्रन्थरत्न पाएर धन्य भयो । महाभारतमा गणदेवताका रूपमा पनि भगवान् श्रीगणेशको वर्णन गरिएको पाइन्छ । महाभारतअन्तर्गत अनुशासनपर्वको १५०/२५-२९ मा शुद्धभावले विनायकको कीर्तन गर्दा मानिसहरू पापमुक्त हुन्छन् भनिएको छ ।

---

२७. प्रा. विद्यानाथ उपाध्याय, तन्त्रविद्यालोक, प्रकाशिका - श्रीमती अन्नपूर्णा उपाध्याय भट्ट, वि.सं. २०६२ ।

२८. कृतं मयेदं भगवन् ! काव्यं परमपूजितम् । ब्रह्मन् ! वेदरहस्यञ्च यच्चान्यत् स्थापितं मया ॥
साङ्गोपनिषदाञ्चैव वेदानां विस्तरक्रिया । यच्चापि सर्वगं वस्तु तच्चैव प्रतिपादितम् ॥
परं न लेखकः कश्चिदेतस्य भुवि विद्यते ॥ - महाभारत, आदिपर्व १/६१,६२, ७० ।

२९. काव्यस्य लेखनार्थाय गणेशः स्मर्यतां मुने । - पूर्ववत्, १/७४ ।

३०. लेखको भारतस्यास्य भव त्वं गणनायक ! । मयैव प्रोच्यमानस्य मनसा कल्पितस्य च ॥ - पूर्ववत्, १/७७ ।

३१. श्रुत्वैतत् प्राह विघ्नेशो यदि मे लेखनी क्षणम्। लिखतो नावतिष्ठेत तदा स्यां लेखको ह्यहम्॥ - पूर्ववत्, १/७८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.५ पुराणवाङ्मय

पुराण सनातन संस्कृतिका निर्मल प्रतिबिम्ब हुन् । वैदिक संस्कृतिका सूत्रात्मक सन्देशलाई सर्वबोध्य बनाएर विस्तारपूर्वक अग्रसारित गर्ने काम पुराणहरूबाट भएको तथ्य ऐनाझैं छर्लङ्ग छ । वैदिक देवता श्रीगणेशको ओङ्कारमयता, ब्रह्मरूपता, सर्वशक्तिसम्पन्नता, सर्वज्ञता, लीलामयता, सर्वकल्याणकारिता, सर्वमङ्गलमयता, प्रथमपूज्यता, विघ्नविनाशकारिताजस्ता विशेषतालाई विभिन्न कथानकहरूको माध्यमबाट प्रस्तार गर्ने काम पुराणहरूबाट भएको छ । श्रीगणेशको सङ्क्षिप्त एवं विस्तृत रूपमा निरूपण गर्ने काम प्राय: सबै पुराणले गरेका छन् ।

ब्रह्मवैवर्तपुराण (गणपतिखण्ड), पद्मपुराण (सृष्टिखण्ड), भविष्यपुराण (उत्तरपर्व), शिवपुराण (रुद्रसंहिता, कुमारखण्ड), स्कन्दपुराण (काशीखण्ड), अग्निपुराण (अ. ७१, १७९, ३१३, ३१८, ३४८), ब्रह्माण्डपुराण (अ. १-५), वराहपुराण (अ. २३), लिङ्गपुराण (पूर्वार्द्ध, अ . १०४-१०५), ब्रह्मपुराण (अ. ३९), सौरपुराण (अ. ४३), विष्णुधर्मोत्तरपुराण (खण्ड ३, अ १०४), नारदपुराण (अ. ५१, ६५-६६, १४३) मा अपेक्षाकृत विस्तृत निरूपण गरिएको पाइन्छ। श्रीगणेशपुराण र मुद्‌गलपुराण सम्पूर्णतया श्रीगणेशका लीला र कर्मको वर्णनमा आधारित पुराण हुन् ।

क) पद्मपुराण

पद्मपुराणमा भगवान् विघ्नराजको अति सुन्दर स्तुति रहेको छ । भक्तद्वारा भवसागर संतरणका लागि गरिएको त्यो प्रार्थना आनन्ददायक छ ।[३२] पद्मपुराणको सृष्टिखण्ड ६६ अध्यायका २-३, ६-७ यी चार पद्यहरूमा श्रीवेदव्यासले स्तुतिको माध्यमबाट श्रीगणेशको सर्वाङ्गसुन्दर स्वरूप प्रकाशित गर्नुभएको छ । माता-पिताको परिक्रमा नै संसारको परिक्रमा हो भन्ने सिद्धान्तमा पूर्ण निष्ठावान् श्रीगणेशलाई माता पार्वतीले खुसी भई मोदक प्रदान गर्नुभएको थियो । विश्वपरिक्रमाको कार्यमा विजयको प्रतीक मोदक श्रीगणेशका लागि सर्वदा प्रिय वस्तु बनेर रहेको छ । त्यसैले उहाँलाई मोदकप्रिय भनिन्छ भन्ने तथ्य पनि पद्मपुराणमा व्यक्त भएको छ।[३३] उक्त सन्दर्भमा नै वेदव्यासले मूषकवाहन श्रीगणेशको वन्दना गरिएको पाइन्छ ।[३४] यस पुराणमा श्रीगणेशका दाजु स्कन्दको उत्पत्तिकथाका साथै पार्वतीले आफ्नो शरीरको मयलबाट गजाकार आकृति बनाई गङ्गामा प्रवाहित गर्दा जीवन्त भएको पुरुष नै श्रीगणेशका रूपमा संसारमा प्रसिद्ध भएको विषय पनि बयान गरिएको छ ।

ख) ब्रह्मवैवर्तपुराण

ब्रह्मवैवर्तपुराण अनुसार पार्वतीको कोखबाट श्रीकृष्णरूप परमतत्त्व नै श्रीगणेशका रूपमा प्रकट हुनुभयो । नारायणले देवर्षि नारदजीलाई श्रीकृष्णरूप परमात्मा गणेशको रूपमा उत्पन्न हुनुभएको कथा ब्रह्मवैवर्तपुराणको गणपति खण्डमा बताउनुभएको छ ।

एक दिन कैलासमा पुगेका रेणुकापुत्र परशुरामले आफ्नो कक्षमा शयन गर्नुभएका शिव-पार्वतीको दर्शन गर्न जाँदा द्वारपालका रूपमा रहनुभएका श्रीगणेशले उनलाई प्रवेश गर्न दिनुभएन । रिसाएका परशुरामले उहाँलाई धक्का दिए। श्रीगणेशले तिनलाई सागरमा फ्याँकिदिनुभयो । त्यसबेला परशुरामले श्रीगणेशको कृपाबाट श्रीकृष्णको गोलोक धामको दर्शन पाए । त्यसपछि परशुराम पृथिवीमा खसेका थिए । त्यति हुँदा पनि परशुरामको श्रीगणेशप्रतिको

३२. *गणाधिप ! नमस्तुभ्यं सर्वविघ्नप्रशान्तिद ! उमानन्दप्रद ! प्राज्ञ ! त्राहि मां भवसागरात् ॥ - पद्मपुराण, सृष्टिखण्ड ६१ अध्याय ।*

३३. *अतो ददामि हेरम्बे मोदकं देवनिर्मितम् । - पूर्ववत्, ६५/१९ ।*

३४. *मूषकोत्तममारुह्य देवासुरमहाहवे । योद्धुकामं महाबाहुं वन्देऽहं गणनायकम् ॥ - पूर्ववत्, ६६/७ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रोध शान्त भएन । तिनले श्रीगणेशमाथि परशु प्रहार गरे । श्रीगणेशले दाँतले त्यसलाई समाउनुभयो । परशुले श्रीगणेशको दाँत भाँचिदियो । मुखबाट रगत बग्न थाल्यो । आफ्नो छोराको दुर्दशा देखेर पार्वती परशुरामसँग रिसाउनुभयो र परशुरामलाई दण्ड दिन तयार हुनुभयो । तत्काल त्यहाँ आउनुभएका भगवान् वामनले पार्वतीलाई संझाई एउटा दाँत भाँचिएर एकदन्त बन्नुभएका श्रीगणेशको प्रार्थना गर्नुभयो ।[३५] श्रीगणेशको महिमा थाहा पाई भयभीत भएका परशुरामले आत्मरक्षाका लागि भगवती पार्वतीसँग प्रार्थना गरे ।[३६]

परमकरुणामयी पार्वतीले प्रसन्न भई परशुरामलाई क्षमा र आशीर्वाद दिनुभयो । परशुरामले पनि विधिपूर्वक श्रीगणेशको आराधना गरे । श्रीगणेश प्रसन्न हुनुभयो । त्यसपछि उहाँको आज्ञा पाएर परशुराम तपस्याका निम्ति प्रस्थान गरे । श्रीगणेश पनि तपस्याका निम्ति गङ्गाका तटतर्फ लाग्नुभयो । एक दिन गङ्गातीरमा तपस्या गरिरहनु भएका श्रीगणेशका सामु धर्मात्मजकी नवयुवति पुत्री तुलसी आएर उभिइन्। श्रीगणेशको सौन्दर्यबाट मुग्ध तुलसीले उहाँ समक्ष विवाहको प्रस्ताव राखेपछि परमत्यागी श्रीगणेशले भन्नुभयो- 'विवाह दुःखदायक हुन्छ । त्यसबाट सुख पाइँदैन । विवाह तत्त्वज्ञानको विच्छेदक र संशयको केन्द्र पनि हुन्छ । तिमीले अरू कुनै पुरुषसँग विवाह गर्ने प्रयास गर । मलाई क्षमा देऊ ।' श्रीगणेशका कुरा सुनेर रिसाएकी तुलसीले सराप दिंदै भनिन् – 'तपाईंको अवश्य विवाह हुनेछ ।' श्रीगणेशले प्रत्युत्तर दिंदै भन्नुभयो – 'त्यसो भए तिम्रो विवाह पनि कुनै असुरसँग हुनेछ । त्यसपछि कुनै महापुरुषको सरापबाट तिमी वृक्षयोनिमा प्राप्त हुनेछ्यौ ।' श्रीगणेशको यस कठोर सरापबाट काँपिरहेकी तुलसीले भगवान् श्रीगणेशको स्तुति गरिन् । स्तुतिबाट प्रसन्न हुनुभएका श्रीगणेशले 'मैले बोलेको अन्यथा हुँदैन, तिमी वृक्षयोनिमा जन्मिए पनि पुष्पको सुगन्धले सुगन्धित र भगवान् नारायणकी प्यारी हुनेछ्यौ । तिमीलाई अर्पण गरेपछि भक्तले भगवान्लाई भेट्न पाउनेछन् । किन्तु तिमी मेरो पूजाका निमित्त भने वर्जित हुनेछ्यौ ।' यसरी तुलसीलाई आफ्नो आज्ञा सुनाएर श्रीगणेश तपस्या पूरा गर्न बद्रीनाथतर्फ लाग्नुभयो। कालान्तरमा तुलसी वृन्दाको नामबाट प्रसिद्ध भई दानवराज शङ्खचूडकी पत्नी बनिन् । केही समयपछि शङ्करको त्रिशूलप्रहारबाट शङ्खचूड मारियो । उता तुलसी वृक्षको रूपमा परिणत भइन् र भगवान् नारायणकी प्रिया बनिन्। ब्रह्मवैवर्तपुराणमा निहित गणेशसम्बन्धी कथाको सारसङ्क्षेप यही हो । ब्रह्मवैवर्तपुराणअन्तर्गतका गणेशपरक विशिष्ट सन्दर्भ निम्नानुसार छन् ।

१) गणेशकवच

ब्रह्मवैवर्तपुराणमा निहित गणेशकवचलाई सिद्धिदायक कवच मानिएको छ । भगवान् विष्णुले शनिदेवलाई सुनाउनु भएको यो कवच दश लाख जप गर्दा सिद्ध हुने तथ्य बताइएको छ । कवच सिद्ध भएपछि साधक मृत्युञ्जय बन्दछ । सिद्ध कवच धारण गर्नाले मानिस वाग्मी, चिरञ्जीवी, विजयी र पूज्य बन्ने कुरा त्यहाँ बताइएको छ । यस मालामन्त्रको जपका प्रतापले साधकका पापहरू समाप्त हुन्छन् । यस कवचको श्रवणबाट भूत, प्रेत, वेताल, डाकिनी, शाकिनी, योगिनी आदि टाढा भाग्दछन्। कवच धारण गर्ने साधकलाई आधि र व्याधि दुबैले छुन सक्दैनन् । यस कवचको नाम **सर्वविघ्नैकहरण गणेशकवच** हो ।

विनियोग –

संसारमोहनस्यास्य कवचस्य प्रजापतिः । ऋषिश्छन्दश्च बृहती देवो लम्बोदरः स्वयम्।।
धर्मार्थकाममोक्षेषु विनियोगः प्रकीर्तितः ।

---

३५. *ज्ञानार्थवाचको गश्च णश्च निर्वाणवाचकः । तयोरीशं परं ब्रह्म गणेशं प्रणमाम्यहम् ।।*
एकशब्दः प्रधानार्थो दन्तश्च बलवाचकः । बलं प्रधानं सर्वस्मादेकदन्तं नमाम्यहम् ।। – ब्रह्मवैवर्तपुराण, गणपतिखण्ड, ४४/८७-८८ ।

३६. *रक्ष रक्ष जगन्मातरपराधं क्षमस्व मे । शिशूनामपराधेन कुतो माता हि कुप्यति ।। – पूर्ववत्, ४५/४७ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कवचपाठ -

सर्वेषां कवचानाञ्च सारभूतमिदं मुने। ॐ गं हुं श्रीगणेशाय स्वाहा मे पातु मस्तकम् ।।
द्वात्रिंशदक्षरो मन्त्रो ललाटं मे सदाऽवतु। ॐ ह्रीं क्लीं श्रीं गमिति वै सततं पातु लोचनम्।।
तालुकं पातु विघ्नेशः सन्ततं धरणीतले। ॐ ह्रीं श्रीं क्लीमिति परं सन्ततं पातु नासिकाम्।।
ॐ गौं गं शूर्पकर्णाय स्वाहा पात्वधरं मम । दन्ताँश्च तालुकां जिह्वां पातु मे षोडशाक्षरः।।
ॐ लं श्रीं लम्बोदरायेति स्वाहा गण्डं सदाऽवतु। ॐ श्रीं गं गजाननायेति स्वाहा स्कन्धं सदाऽवतु।।
ॐ ह्रीं विनायकायेति स्वाहा पृष्ठं सदाऽवतु। ॐ क्लीं ह्रीमिति कङ्कालं पातु वक्षस्थलं च गम्।।
करौ पादौ सदा पातु सर्वाङ्गं विघ्ननिघ्नकृत् । प्राच्यां लम्बोदरः पातु चाग्नेय्यां विघ्ननायकः।।
दक्षिणे पातु विघ्नेशो नैर्ऋत्यान्तु गजाननः । पश्चिमे पार्वतीपुत्रो वायव्यां शङ्करात्मजः ।।
कृष्णस्यांशश्चोत्तरे च परिपूर्णतमस्य च । ऐशान्यामेकदन्तश्च हेरम्बः पातु चोर्ध्वतः ।।
अधो गणाधिपः पातु सर्वपूज्यश्च सर्वतः । स्वप्ने जागरणे चैव पातु मां योगिनां गुरुः ।।
इति ते कथितं वत्स सर्वमन्त्रौघविग्रहम् । संसारमोहनं नाम कवचं परमाद्भुतम् ।।
श्रीकृष्णेन पुरा दत्तं गोलोके रासमण्डले । वृन्दावने विनीताय मह्यं दिनकरात्मज ।।
मया दत्तं च तुभ्यं च यस्मै कस्मै न दास्यसि । परं वरं सर्वपूज्यं सर्वसङ्कटतारणम् ।।
गुरुमभ्यर्च्य विधिवत् कवचं धारयेत्तु यः। कण्ठे वा दक्षिणे बाहौ सोऽपि विष्णुर्न संशयः।।
अश्वमेधसहस्राणि वाजपेयशतानि च । ग्रहेन्द्र ! कवचस्यास्य कलां नार्हन्ति षोडशीम् ।।
इदं कवचमज्ञात्वा यो भजेत् शङ्करात्मजम् । शतलक्षप्रजप्तोऽपि न मन्त्रः सिद्धिदायकः।।[३७]

अर्थ – 'हे शनैश्चर ! यस संसारमोहन नामक कवचका ऋषि प्रजापति हुन् । बृहती छन्द हो र स्वयं लम्बोदर यसका देवता हुनुहुन्छ । धर्म, अर्थ, काम र मोक्षका लागि यसको विनियोग गर्नुपर्दछ । हे मुनि ! यो कवच कवचहरूको सारभूत कवच हो । '**ॐ गं हुं श्रीगणेशाय स्वाहा**' यस मन्त्रले मेरो मस्तकको रक्षा गरोस् । बत्तीस अक्षर भएको महान् गणेशमन्त्रले मेरा निधारको रक्षा गरोस् । '**ॐ ह्रीं क्लीं श्रीं गम्**' यस मन्त्रले मेरा आँखाको रक्षा गरोस् । विघ्नेशले भूतलमा रहेर मेरा तालुको रक्षा गरून् । '**ॐ ह्रीं श्रीं क्लीं**' यस मन्त्रले मेरो नाकको रक्षा गरोस् । '**ॐ गौं गं शूर्पकर्णाय स्वाहा**' यस मन्त्रले मेरा ओठहरूको रक्षा गरोस् । गणेशको सोह्र अक्षरको मन्त्रले मेरा दाँत, तालु र जिब्राको रक्षा गरोस् । '**ॐ लं श्रीं लम्बोदराय स्वाहा**' यस मन्त्रले मेरा गालाहरूको रक्षा गरोस् । '**ॐ क्लीं ह्रीं विघ्ननाशाय स्वाहा**' यस मन्त्रले मेरा कानहरूको रक्षा गरोस् । '**ॐ श्रीं गं गजाननाय स्वाहा**' यस मन्त्रले मेरा काँधहरूको रक्षा गरोस् । '**ॐ ह्रीं विनायकाय स्वाहा**' यस मन्त्रले मेरा शरीरको पृष्ठभागको रक्षा गरोस् । '**ॐ ह्रीं क्लीं**' मन्त्रले कङ्कालको रक्षा गरोस् र '**गं**' मन्त्रले वक्षस्थलको रक्षा गरोस् । विघ्नहर्ता श्रीगणेशले मेरा हात, खुट्टा र सर्वाङ्गको रक्षा गरून् । पूर्व दिशामा लम्बोदर, आग्नेयकोणमा विघ्ननायक, दक्षिणमा विघ्नेश र नैर्ऋत्यकोणमा गजाननले रक्षा गरून् । पश्चिममा पार्वतीपुत्र, वायव्यमा शङ्करात्मज, उत्तरमा परिपूर्णतम श्रीकृष्णका अंश गणेश, ईशानकोणमा एकदन्त, ऊर्ध्वभागमा हेरम्ब र अधोभागमा सर्वपूज्य गणाधिपले मेरो रक्षा गरून् । शयन र जागरणकालमा योगीहरूका गुरु श्रीगणेशले रक्षा गरून् ।'

३७. *पूर्ववत्, १३/७९-९३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे शनिदेव ! मैले मन्त्रसमूहको विग्रहरूप संसारमोहननामक कवचको परिचय दिएको छु । यो कवच गोलोकको वृन्दावनमा रासमण्डलअन्तर्गत रहनुभएका श्रीकृष्णले मलाई उपदेश गर्नुभएको हो । यसको उपदेश सबैलाई गर्नुहुँदैन । सुपात्रमा मात्र गर्नुपर्दछ । यो कवच सर्वोत्तम, सर्वपूज्य र सङ्कटनिवारक छ। जुन मानिसले आफ्ना सद्गुरुबाट विधिपूर्वक कवचको दीक्षा लिएर कण्ठमा अथवा दायाँ हातमा धारण गर्दछ त्यो विष्णुसमान हुने कुरामा कुनै सन्देह छैन । हे शनिदेव ! हजारौं अश्वमेध यज्ञ र सयौं वाजपेय यज्ञले यस कवचको सोह्र भागको एक भागसँग पनि समानता गर्न सक्दैनन् । जसले यस कवचको ज्ञानविना भगवान् श्रीगणेशको आराधना गर्दछन् तिनको साधना सिद्ध हुँदैन ।

२) **नामाष्टकस्तोत्र**

नारायणले पार्वतीलाई भन्नुभयो – 'हे जगज्जननी ! तपाईंका प्यारा पुत्र श्रीगणेशलाई वेदमा एकदन्त भनिएको छ । सामवेदमा श्रीगणेशका महत्त्वपूर्ण आठ नामहरू यस प्रकार रहेका छन् ।

गणेशमेकदन्तं च हेरम्बं विघ्ननायकम् । लम्बोदरं शूर्पकर्णं गजवक्त्रं गुहाग्रजम् ।।[३८]

अर्थात् गणेश एकदन्त, हेरम्ब, विघ्ननायक, लम्बोदर, शूर्पकर्ण, गजवक्त्र र गुहाग्रज यी श्रीगणेशका आठ प्रमुख नाम हुन् । यसरी आठ नामहरूको सङ्केत गरेपछि विष्णुले पार्वतीका समक्ष प्रत्येक नामको व्याख्या गर्दै बताउनुभएको नामाष्टक स्तोत्र यस प्रकार रहेको छ –

ज्ञानार्थवाचको गश्च णश्च निर्वाणवाचकः । तयोरीशं परं ब्रह्म गणेशं प्रणमाम्यहम् ।।
एकशब्दः प्रधानार्थो दन्तश्च बलवाचकः । बलं प्रधानं सर्वस्मादेकदन्तं नमाम्यहम् ।।
दीनार्थवाचको हेश्च रम्बः पालकवाचकः । दीनानां पालनं देवं हेरम्बं प्रणमाम्यहम् ।।
विपत्तिवाचको विघ्नो नायकः खण्डनार्थकः। विपत्तिखण्डकं देवं नमामि विघ्ननायकम्।।
विष्णुदत्तैश्च नैवेद्यैर्यस्य लम्बोदरं पुरा । पित्रा दत्तैश्च विविधैर्वन्दे लम्बोदरं च तम् ।।
शूर्पाकारौ च यत्कर्णौ विघ्नवारणकारणौ । सम्पदौ ज्ञानरूपौ च शूर्पकर्णं नमाम्यहम्।।
विष्णुप्रसादपुष्पञ्च यन्मूर्ध्नि मुनिदत्तकम् । तद्गजेन्द्रवक्त्रयुक्तं गजवक्त्रं नमाम्यहम् ।।
गुहस्याग्रे च जातोऽयमाविर्भूतो हरालये । वन्दे गुहाग्रजं देवं सर्वदेवाग्रपूजितम् ।।[३९]

अर्थ – गकार ज्ञानार्थवाचक र णकार निर्वाणवाचक मानिएको छ । गकार र णकारका ईश परब्रह्मरूप श्रीगणेशलाई प्रणाम गर्दछु । एकशब्दले प्रधान अर्थ बुझाउँछ र दन्तशब्दले बललाई बताउँछ । जसको बल अरूको भन्दा उत्कृष्ट छ ती एकदन्त देवतालाई प्रणाम गर्दछु । 'हे' को अर्थ दीन–दुःखी हुन्छ भने 'रम्ब' को अर्थ पालक हुन्छ । म दीनदुःखीका पालक देवता हेरम्बलाई प्रणाम गर्दछु । विघ्नशब्द विपत्तिको वाचक हो भने नायकशब्दले विपत्ति खण्डन गर्नेलाई बुझाउँछ । विपत्तिलाई खण्डन गर्ने विघ्ननायक श्रीगणेशलाई प्रणाम गर्दछु । पूर्वकालमा विष्णुद्वारा प्रदान गरिएको नैवेद्य र आफ्ना माता–पिता शिव–पार्वतीद्वारा प्रदान गरिएको मिष्टान्न भोजन गर्नाले जसको पेट विशाल बनेको छ त्यस्ता लम्बोदरलाई प्रणाम गर्दछु । सूपो

३८. पूर्ववत्, ४४/८५ ।
३९. पूर्ववत्, ४४/८७–९४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् नाङ्लोसमान चौडा, विघ्ननिवारणका उपाय मानिएका, सम्पत्ति र ज्ञानरूप दुई कानले सुहाउनुभएका शूर्पकर्ण श्रीगणेशलाई प्रणाम गर्दछु । जसको मस्तकमा मुनिद्वारा अर्पित विष्णुको प्रसादरूप पुष्प सुहाएको छ, जुन देवता गजानन बनेर रहनुभएको छ, ती गजवक्त्र श्रीगणेशलाई प्रणाम गर्दछु । जुन देवता स्कन्दभन्दा पहिले पैदा भई कैलासमा प्रकट हुनुभएको थियो र जसको देवगणहरूमा नित्य पूजन हुन्छ ती गुहाग्रज श्रीगणेशलाई प्रणाम गर्दछु ।

एतन्नामाष्टकं दुर्गे नामभिः संयुतं परम् । पुत्रस्य पश्य वेदे च तदा कोपं यदा कुरु ।।
एतन्नामाष्टकं स्तोत्रं नानार्थसंयुतं शुभम्। त्रिसन्ध्यं यः पठेन्नित्यं स सुखी सर्वतो जयी।।
ततो विघ्नाः पलायन्ते वैनतेयाद् यथोरगः । गणेश्वरप्रसादेन महाज्ञानी भवेद् ध्रुवम् ।।
पुत्रार्थी लभते पुत्रं भार्यार्थी विपुलां श्रियम् । महाजडः कवीन्द्रश्च विद्यावाँश्च भवेद् ध्रुवम्।।[४०]

आठ नामहरूको महिमा बताएपछि फेरि हरिले पार्वतीलाई भन्नुभयो – हे पार्वती ! यो उत्तम नामाष्टकस्तोत्र वेदमा रहेको छ । यसको अनुशीलन गर्नुहोस् । त्यसपछि मात्र तपाईंले क्रोध गर्नु उचित हुनेछ। यो स्तोत्र अनेक अर्थले सम्पन्न र मङ्गलकारक छ । जसले तीनै सन्ध्यामा यस स्तोत्रको पाठ गर्दछ त्यो सुखी र विजयी पनि हुन्छ । त्यसका विघ्नहरू गरुडको दर्शनमा सर्पहरू भागेझैं भाग्दछन् । त्यो साधक श्रीगणेशको कृपाबाट ज्ञानी बन्दछ । यस स्तोत्रको पाठ गर्नाले पुत्र चाहनेले पुत्र, भार्या चाहनेले भार्या, सम्पत्तिको चाहना गर्नेले विपुल लक्ष्मी र ज्ञान चाहनेले ज्ञान प्राप्त गर्दछन् । महामूर्ख पनि यस स्तोत्रको पाठबाट विद्वान् र उत्तम कवि बन्दछ ।

ग) शिवपुराण

शिवपुराण रुद्रसंहितामा श्रीगणेशको उत्पत्तिवर्णनका साथै महिमबोधक अनेक प्रसङ्ग रहेका छन् । शिवजीका पुत्र कुमार र गणेश विवाहयोग्य भइसकेका थिए । एक दिन कुरैकुरामा श्रीगणेशले मैले पहिल्यै विवाह गर्छु भन्नुभयो भने कार्तिकियले मेरो विवाह पहिले हुनुपर्छ भने । बालकहरूका कुराबाट चकित हुनुभएका शिव र पार्वतीले भन्नुभयो – 'तिमी दुई भाइमा जो पृथिवीको परिक्रमा गरेर पहिले आइपुग्छ त्यसको विवाह पहिले हुन्छ ।' माता–पिताको आज्ञा पाएपछि मयूरमा सवार भएका कार्तिकेय पृथिवीको परिक्रमा गर्न भनी कैलासबाट प्रस्थान गरे ।

श्रीगणेशले दाजु कार्तिकेय पृथिवीको परिक्रमा गर्न घरबाट हिंडेपछि त्यस विषयमा धेरै बेर विचार गर्नुभयो। अन्तमा आफ्ना माता–पिताका समीपमा पुगेर पाउमा पूजा गर्नुभयो । श्रद्धापूर्वक सात पटक परिक्रमा गरेपछि भन्नुभयो – 'हे कृपालु माता–पिता ! मेरो मङ्गलमय विवाह गरिदिनुहोस् ।' श्रीगणेशका कुरा सुनेर शिवजीले भन्नुभयो– 'हे गणेश ! तिम्रा दाजु कार्तिकेय समुद्र, पर्वत र वनमण्डलसहित पृथिवीको परिक्रमा गर्न गएका छन्। तिमी पनि जाऊ । दाजुभन्दा पहिले फर्केर आयौ भने हामीले तिम्रो पहिले विवाह गरिदिनेछौं ।' श्रीगणेशले भन्नुभयो– 'हे पूज्य माता–पिता ! मैले सम्पूर्ण भूमण्डलको एक पटकमात्र होइन, सात पटक परिक्रमा गरिसकेको छु किनकि जुन पुत्रले माता–पिताको पूजा गरेर प्रदक्षिणा गर्दछ त्यसले सम्पूर्ण पृथिवीको परिक्रमा गरेको फल प्राप्त गर्दछ । जसले आमा–बाबुलाई घरमा छाडी आफूमात्र तीर्थयात्राका लागि प्रस्थान गर्दछ, त्यसले मातृहत्या र पितृहत्याको

---

४०. पूर्ववत्, ४४/९५–९८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

पाप भोग्नुपर्दछ । पुत्रका निमित्त माता-पिताका चरणकमल नै पवित्र तीर्थ हुन् । अरू तीर्थ त टाढा टाढा गएर प्राप्त हुन्छन् तर पितृतीर्थ भने सर्वदा नजिकमा हुन्छन् भन्ने वेदसम्मत वचन रहेको छ । तसर्थ मैले पृथिवीको परिक्रमा पूरा गरेको कुरा स्वीकार गरी हजुरहरूले मेरो छिट्टै विवाह गरिदिनुहोस् ।' यथार्थवादी र प्रतिभाशाली बालक पुत्र श्रीगणेशका कुरा सुनेर शिवजीले भन्नुभयो – 'हे पुत्र ! तिमी आत्मबली भएका कारण तिम्रो हृदयमा निर्मल बुद्धिको उदय भएको छ । तिम्रो कुरा सत्य हो ।'[४१]

उक्त घटनापछि शिव-पार्वतीले प्रजापति विश्वरूपका दुई छोरीहरू सिद्धि र बुद्धिका साथ श्रीगणेशको विवाह सम्पन्न गराउनुभयो । उता पृथिवीको परिक्रमा पूरा गरी घर फर्केका कार्तिकेयले गणेशको विवाह सम्पन्न भइसकेको कुरा थाहा पाएर दुःख माने । अब कैलासमा बस्दिनँ भनी उनी माता-पिताको आग्रहलाई लत्याएर क्रौञ्च पर्वततर्फ गए । त्यस दिनदेखि कार्तिकेय ब्रह्मचारीका रूपमा रहेकाले कुमारका रूपमा प्रसिद्ध भए ।

घ) लिङ्गपुराण

लिङ्गपुराणमा श्रीगणेशको उत्पत्ति प्रसङ्गका साथै विघ्ननिवारणका लागि विशिष्ट शक्तिको उत्पत्ति गराउन देवताहरूले अभ्यर्थना गरेको उच्चस्तरीय प्रसङ्ग रहेको छ । तदनुसार शिवजीले स्वयं गणेशरूपमा अवतार लिनुभएको तथ्य पुष्ट गरिएको छ । यस पुराणमा ठाउँ–ठाउँमा श्रीगणेश र शिवजीको अभेदसम्बन्ध देखाउँदै उपाधि, विशेषता, अभिधान र लक्षणहरूमा शिवजी एवं श्रीगणेशको एकरूपता देखाइएको छ । श्रीगणेश र शिवजीको अभेदसिद्धिका लागि भगवान् शिवजीमा पनि श्रीगणेशका गुणहरूको आरोप गरिएको छ । भगवान् शिवजीले आफ्ना छोरा गणेशलाई काखमा लिएर भन्नुभयो- वत्स ! यो तिम्रो अवतार दैत्यहरूको विनाश र ब्रह्मवादी एवं देवताहरूको उपकारका लागि भएको छ ।[४२]

ङ) ब्रह्मपुराण

ब्रह्मपुराणमा श्रीगणेशको उत्पत्तिसन्दर्भको वर्णनका साथै उहाँको महिमा बुझाउने प्रसङ्ग पनि रहेका छन् । गौतमी नदीको तटमा यज्ञ गरिरहेका देवताहरूको यज्ञमा पटक-पटक विघ्न उपस्थित भएपछि ती सबैले ब्रह्मा र विष्णुसँग विघ्नको कारणको विषयमा जिज्ञासा प्रकट गरे । ब्रह्माजी ध्यानस्थ भई कारण जान्न तल्लीन हुनुभयो । रहस्य थाहा पाएपछि उहाँले देवताहरूलाई भन्नुभयो – 'हे देवगण ! यस यज्ञमा भगवान् श्रीगणेश विघ्न पैदा गर्दै हुनुहुन्छ । तपाईंहरूले श्रीगणेशलाई प्रसन्न तुल्याउनुहोस् । त्यसपछि मात्र तपाईंहरूको यज्ञ परिपूर्ण हुनेछ ।' ब्रह्माजीको आज्ञा पाएर देवताहरूले पार्वतीपुत्र श्रीगणेशको स्तुति गरे – 'सर्वदा सबै कार्यहरूमा सम्पूर्ण देवताहरूले जसको पूजा, वन्दना र चिन्तन गर्दछन् ती विघ्नराजका शरणमा हामी आएका छौं । विघ्नराज श्रीगणेशसमान मनोरथ पूरा गर्ने अरू कुनै देवता नभएकाले भगवान् शङ्करले पनि त्रिपुरवधको समयमा हजुरको स्तुति गर्नुभएको थियो । जसको ध्यान गर्नाले सबैका मनोरथ पूरा हुन्छन् ती पार्वतीनन्दन श्रीगणेशले हाम्रो कामना पूरा गरी हाम्रा विघ्नहरूलाई निवारण गरून् । 'देवी पार्वतीले चिन्तन गर्नासाथ श्रीगणेश पैदा हुनुभयो र संसारमा आनन्द छायो' भन्दै देवताहरूद्वारा स्तुति गरिएका श्रीगणेशलाई अहिले पनि हामी नमस्कार गर्दछौं । आमाको काखमा बस्दा पिताको निधारमा रहेको चन्द्रमालाई थुतेर उहाँकै जटामा लुकाई बालविनोद गर्नुहुने श्रीगणेशलाई नमस्कार गर्दछौं । स्वयं तृप्त हुँदाहुँदै पनि

४१. *पुत्र ते विमला बुद्धिः समुत्पन्ना महात्मनः । त्वयोक्तं यद् वचश्चैव तत् तथैव न चान्यथा ।। – शिवपुराण, रुद्रसंहिता, कुमारखण्ड, पूर्ववत्, १९/५० ।*

४२. *तवावतारो दैत्यानां विनाशाय ममात्मज ।। देवानामुपकारार्थं द्विजानां ब्रह्मवादिनाम् ।। – लिङ्गपुराण १०५/१५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमाको स्तन चुसिरहेर दाजु कार्तिकेयलाई स्तनपानको अवसर नदिने श्रीगणेशलाई नमस्कार गर्दछौं ।[४३]

देवताद्वारा प्रार्थना गरिएका श्रीगणेशप्रति प्रसन्न हुँदै सदाशिव शङ्करले पनि उहाँलाई गणेशपदमा अभिषिक्त गर्नुभयो । त्यस बेला पनि देवताहरूले स्तुति गर्दै भनेका थिए – 'जसले एउटा हातमा पाश र दोस्रो हातमा कुठार धारण गर्नुहुन्छ, आफ्नो पूजा नभएमा विघ्न पैदा गर्नुहुन्छ, त्यस्ता प्रभावशाली देवता विघ्नराज श्रीगणेशका चरणमा प्रणाम गर्दछौं । धर्म, अर्थ र कामनामक पुरुषार्थको सिद्धिका लागि प्रथम पूजनीय देवता भगवान् श्रीगणेशको जसले नित्य पूजा गर्दछन् तिनले कहिल्यै पनि कष्ट प्राप्त गर्दैनन् । भगवान् श्रीगणेशजस्ता दयालु देवताका पाउमा हामी प्रणाम गर्दछौं । जसले सरस नृत्य, सङ्गीत, मनोरथसिद्धि र विनोदद्वारा आफ्नी माता पार्वतीलाई प्रसन्न तुल्याउनुभयो ती श्रीगणेशलाई हामी नमस्कार गर्दछौं ।'

ब्रह्मपुराणमा श्रीगणेशको लीला र महत्ताको झलक दिने यस्ता केही प्रसङ्ग रहेका छन् । त्यहाँ शिवजी र श्रीगणेशका लागि समान विशेषणहरूको प्रयोग भएको छ । यसबाट उक्त पुराणले पनि श्रीगणेश र शिवजीको एकरूपता प्रतिपादन गरेको तथ्य प्रमाणित हुन्छ ।

च) स्कन्दपुराण

सनातनधर्मद्वारा स्वीकृत देवताहरूमा श्रीगणेश ज्यादै प्रसिद्ध र लोकप्रिय रहनुभएको तथ्य स्कन्दपुराण काशीखण्डबाट अवगत हुन्छ । काशीका गणेशका रूपमा ढुण्ढिराज गणेशको अनुपम महत्त्व पुराणवाङ्मयमा व्यक्त भएको छ । स्कन्दपुराणअनुसार ढुण्डिराज गणेशले आफूलाई सात आवरणमा विभक्त गरी छपन्न विनायकका रूपमा परिणत गर्नुभएको छ । जुन आवरण यसप्रकार रहेका छन् –

प्रथम आवरण – अर्थविनायक, दुर्गविनायक, भीमचण्डविनायक, देहलीविनायक, उद्दण्डविनायक, पाशपाणिविनायक, खर्वविनायक र सिद्धिविनायक ।

द्वितीय आवरण – लम्बोदरविनायक, कूटदन्तविनायक, शालकटङ्कटविनायक, कूष्माण्डविनायक, मुण्डविनायक, विकटदन्तविनायक, राजपुत्रविनायक र प्रणवविनायक ।

तृतीय आवरण – वक्रतुण्डविनायक, एकदन्तविनायक, त्रिमुखविनायक, पञ्चास्यविनायक, हेरम्बविनायक, विघ्नराजविनायक, वरदविनायक र मोदकप्रियविनायक ।

चतुर्थ आवरण – अभयदविनायक, सिंहतुण्डविनायक, कूणिताक्षविनायक, क्षिप्रप्रसादनविनायक, चिन्तामणिविनायक, दन्तहस्तविनायक, पिचिण्डिलविनायक र उद्दण्डमुण्डविनायक।

पञ्चम आवरण – स्थूलदन्तविनायक, कलिप्रियविनायक, चतुर्दन्तविनायक, द्वितुण्डविनायक, ज्येष्ठविनायक, गजविनायक, कालविनायक र नागेशविनायक ।

षष्ठ आवरण – मणिकर्णविनायक, आशाविनायक, सृष्टिविनायक, यक्षविनायक, गजकर्णविनायक, चित्रघण्टविनायक, स्थूलजङ्घविनायक र मङ्गलविनायक ।

सप्तम आवरण – मोदविनायक, प्रमोदविनायक, सुमुखविनायक, दुर्मुखविनायक, गणनाथविनायक, ज्ञानविनायक, द्वारविनायक र अविमुक्तविनायक ।[४४]

---

४३. *यः सर्वकार्येषु सदा सुराणामपीशविष्ण्वम्बुजसम्भवानाम् । पूज्यो नमस्यः परिचिन्तनीयः तं विघ्नराजं शरणं व्रजामः ॥*
महोत्सवोऽभूदखिलस्य देवा ज्ञातः सुतश्चिन्तितमात्र एव । अतोऽवदन् देवसङ्घाः कृतार्थाः सद्योजातं विघ्नराजं नमन्तः ॥
धर्मार्थकामादिषु पूर्वपूज्यो देवासुरैः पूज्यत एव नित्यम् । यस्यार्चनं नैव विनाशमेति तं पूर्वपूज्यं प्रथमं नमामः ॥ – ब्रह्मपुराण, ११४/६, ९, १० ।

४४. *अवधेश नारायणसिंह, 'काशी के छपन्न विनायक', कल्याण, पूर्ववत्, पृ. ४४८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

स्कन्दपुराणकै सरणिमा श्रीगणेशपुराणमा पनि काशीका छपन्न विनायकहरूको उल्लेख गरिएको छ । उक्त छपन्न विनायकहरूमध्ये लम्बोदरविनायकलाई चिन्तामणिविनायक, वक्रतुण्डविनायकलाई सरस्वतीविनायक, दन्तहस्तविनायकलाई हस्तदन्तविनायक, द्वितुण्डविनायकलाई द्विमुखविनायक, गजविनायकलाई राजविनायक र स्थूलजङ्घविनायकलाई मित्रविनायक पनि भनिन्छ । काशीखण्डमा वर्णित उक्त विनायकहरूको छुट्टाछुट्टै महत्त्व रहेको छ । पञ्चकोशीयात्राको दृष्टिबाट निम्नलिखित दश विनायकहरूको ज्यादै महत्त्व छ – अर्थविनायक, दुर्गविनायक, देहलीविनायक, उद्दण्डविनायक, पाशपाणिविनायक, सिद्धिविनायक, मोदविनायक, प्रमोदविनायक, सुमुखविनायक र दुर्मुखविनायक । स्कन्दपुराणमा उक्त विनायकहरूको उपासनाबाट सबै मानिसहरूको परमकल्याण हुने कुरा बताइएको छ ।[४५]

स्कन्दपुराणको काशीखण्डमा दिवोदासको राज्यत्यागपछि आफ्नो अनादिनगरीबाट वियुक्त हुनुभएका भगवान् विश्वनाथले श्रीगणेशकै प्रतापबाट केदारक्षेत्रबाट काशी आउने अवसर पाउनुहुँदा गद्गद हुँदै भन्नुभएको थियो – यो वाराणसीपुरी मेरा लागि पनि दुष्प्राप्य छ । मैले आज यी बालक गणेशको प्रतापबाट यहाँ फेरि आउने अवसर पाएँ। त्रिलोकीमा पिताले गर्न नसकेको काम पुत्रले गर्न सक्ने कुरा यस घटनाबाट प्रमाणित भएको छ । वास्तवमा गणेशका कारण म संसारमा पुत्रवान् भएको छु । मेरा छोराले आफ्नो पुरुषार्थबाट मेरो इच्छा पूरा गराएका छन् ।[४६]

यसैगरी स्कन्दपुराणमा भगवान् श्रीगणेशको अर्थगम्भीर स्तुति रहेको छ । त्यसमा भनिएको छ – हे परमकारण श्रीगणेश ! तपाईं कारणका पनि कारण हुनुहुन्छ । वैदिक विद्वान्हरूद्वारा ज्ञेय पुरुष हुनुहुन्छ । तपाईं वेदवाणीमा अनुसन्धेय र अनिर्वचनीय तत्त्व हुनुहुन्छ । यो सम्पूर्ण चराचर जगत् तपाईंको दिव्य स्वरूपको एक अंश हो । तपाईं वाणीका अगोचर चराचररूप दिव्यमूर्ति हुनुहुन्छ ।[४७]

छ) अग्निपुराण

अग्निपुराणका अनेक अध्यायहरूमा प्रसङ्गले श्रीगणेशको उपासना र महत्ताको विषयमा केन्द्रित सूचना उपलब्ध हुन्छन् । अग्निपुराणको ३०१ औं अध्यायमा श्रीगणेशको शीघ्र कृपा प्राप्त गर्न पुष्यनक्षत्र भएको रविवारका दिन मन्त्रोच्चारणपूर्वक आँकको जरो उखेली त्यसबाट औंठी बराबरको मूर्ति बनाएर पञ्चामृतले अभिषेक गरी पूजा गरेपछि लक्ष्मीप्राप्त हुने कुरा बताइएको छ । यदि पुष्य नक्षत्रका दिन रविवार परेको छैन भने सेतो आँकको जरो उखेलेर पूजाका लागि उपयोग गर्न सकिने कुरा पनि त्यहाँ बताइएको छ।

अग्निपुराणको ७१ औं अध्यायमा लम्बोदर गायत्रीको वर्णन गरिएको छ – **'लम्बोदराय विद्महे महोदराय धीमहि तन्नो दन्ती प्रचोदयात् ।'** यसैगरी १७९ औं अध्यायमा महोत्कटगायत्रीको निरूपण गरिएको छ – **'महोत्कटाय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात् ।'**[४८]

---

४५. षट्पञ्चाशद् गजमुखानेतान् यः संस्मरिष्यति । दूरदेशान्तरस्थोऽपि स मृतो ज्ञानमाप्नुयात् ।।
इमे गणेश्वराः सर्वे स्मर्तव्या यत्र कुत्रचित् । महाविपत्समुद्रान्तः पतन्तं पान्ति मानवम् ।। – स्कन्दपुराण, काशीखण्ड ५७/११५, ११७ ।

४६. यदहं प्राप्तवानस्मि पुरीं वाराणसीं शुभाम् । मयाप्यतीव दुष्प्राप्यां स प्रसादोऽस्य वै शिशोः।।
यद् दुष्प्रसाध्यं हि पितुरपि त्रिजगतीतले । तत्सूनुना सुसाध्यं स्यादत्र दृष्टान्तता मयि ।।
पुत्रवानहमेवास्मि यच्च मे चिरचिन्तितम् । स्वपौरुषेण कृतवानभिलाषं करस्थितम् ।। – पूर्ववत्, ५७/१२,१३,१५ ।

४७. त्वं कारणं परमकारणकारणानां वेद्योऽसि वेदविदुषां सततं त्वमेकः ।
त्वं मार्गणीयमसि किञ्चन मूलवाचां वाचामगोचर चराचरदिव्यमूर्ते ।। – पूर्ववत्, ५७/३० ।

४८. चक्रपल्लि भास्कर, कल्याण, पूर्ववत्, पृ. १५०-१५१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज) वाराहपुराण

श्रीगणेशलाई वाङ्मय र चिन्मय ब्रह्म भनिएको छ। सूक्ष्म शरीरमा मूलाधार चक्रलाई परा वाक्को केन्द्र भनिन्छ । ज्ञानको अभिव्यक्ति वाणीद्वारा हुन्छ । श्रीगणेश वाणीका देवता हुनुभएकाले वराहपुराणमा उहाँलाई मूलाधारमा विराजमान देवता भनिएको छ। वाक् अथवा नाद आकाशको गुण हो । श्रीगणेश भूमितत्त्व र आकाशतत्त्वका स्वामी हुनुभएको कुरा त्यहाँ बताइएको छ ।[४९]

वास्तवमा श्रीगणेश भूमितत्त्वका स्वामी हुनुभएका कारण जीवनसँग सम्बद्ध सिद्धिका दाता र विघ्नका हर्ता हुनुहुन्छ । आकाशतत्त्वका स्वामी हुनुभएकाले उहाँ बुद्धि र वाणीका अधिष्ठान हुनुहुन्छ । त्यसैले उहाँले अविद्यारूप महाविघ्नको नाश गरी ब्रह्मविद्यारूप सिद्धि प्रदान गर्नुहुन्छ । यसकारण श्रीगणेश ज्ञानी र योगीहरूका उपास्य हुनुहुन्छ र गुरुका पनि गुरु हुनुहुन्छ भन्ने कुरा वराहपुराणले पुष्टि गरेको छ ।

वाराहपुराणमा नै भगवान् श्रीगणेशको अपूर्व सौन्दर्य र उहाँमाथि परेको सरापका विषयमा पनि चर्चा गरिएको छ । एक दिन देवताहरूले कैलासमा गएर भगवान् शङ्करसँग निवेदन गरे – 'हे प्रभो ! असत् कार्य गर्ने असतीहरूको कार्यमा विघ्न पैदा गर्न हजुर समर्थ हुनुहुन्छ ।' त्यसबेला शिवजीले पार्वतीको मुखमा हेरी आकाशतर्फ हेर्नुभयो र हाँस्नुभयो । पार्वतीले पनि आकाशमा चम्किरहेको दिव्य स्वरूपलाई निर्निमेष नयनले हेर्नुभयो । सबैका आँखामा मोहनी लगाउने दिव्य पुरुषको अनुहार हेरेर शिवजीले सराप दिनुभयो – 'हे कुमार ! तिम्रो रूप हात्तीको जस्तै हुनेछ । पेट लामो हुनेछ र तिमीले सर्पको यज्ञोपवीत धारण गर्नेछौ' ।[५०]

झ) ब्रह्माण्डपुराण

ब्रह्माण्डपुराणमा भगवान् श्रीगणेशको अनिर्वचनीय महिमा बताइएको छ । श्रीकृष्णले पार्वतीलाई भन्नुभएको छ – हे भाग्यवती देवी ! मैले वेदका माध्यमबाट प्रकट गरेको वचन सुन्नुहोस् । जुन वचन सुनेपछि तपाईं निश्चय नै खुसी हुनुहुनेछ । हे भगवती ! तपाईंका पुत्र विनायक महान्भन्दा पनि महान् महात्मा हुनुहुन्छ ।[५१]

ब्रह्माण्डपुराणअन्तर्गत ललितोपाख्यानमा महागणपतिको प्रादुर्भावसम्बन्धी कथा रहेको छ । महात्रिपुरसुन्दरीका साथ भण्डासुर दैत्यको युद्ध चलिरहेको थियो । त्रिपुरसुन्दरीका शक्तिहरूद्वारा भण्डासुरका तीन सय पुत्रहरूको नाश भइसकेको थियो । भगवतीको महानिनाद चलिरहेको थियो । त्यसबेला क्षुब्ध भएको भण्डासुरको मन्त्री विशुक्रले जयविघ्नयन्त्र लेखेर ललितादेवीको सैन्यशिविरको एउटा कुनामा राखिदियो । त्यस यन्त्रको प्रभावका कारण ललितादेवीको सेनामा रहेका योद्धाहरू आलस्य, कृपणता, दीनता, निद्रा, तन्द्रा, प्रमीलिका, क्लीबता, विस्मृतिजस्ता आठ दोषले युक्त भए । यो अवस्था देखेर भण्डासुरको मन्त्री विशुक्रले शक्तिसेनामा आक्रमण गरी दिव्य अस्त्रको वर्षा गऱ्यो । अम्बिका, दण्डनाथा आदि ललितादेवीका सेनानायिकाहरू सचेत थिए । विशुक्रको युद्धतत्परता देखेर तिनीहरूले श्रीललितामाताको समीपमा पुगी युद्धको वृत्तान्त बताए । युद्धको वृत्तान्त थाहा पाएपछि ललितादेवीले मन्द मुस्कान छर्दै महाकामेश्वरको अनुहारमा अपलक हेर्नुभयो । हेर्दा हेर्दै त्रिपुरसुन्दरीको हास्यद्वारा उत्पन्न प्रभापुञ्जबाट

---

४९. *'ततो गणपतिर्वाक्यमाकाशाख्योऽब्रवीत्तदा ।' 'पृथिव्यादिगुणस्त्वेष गजवक्त्रो भविष्यति ।' – वाराहपुराण, १७/३, ६२ ।*

५०. *ततः शशाप तं देवो गणेशं परमेश्वरः । कुमार ! गजवक्त्रस्त्वं प्रलम्बजठरस्तथा ॥*
भविष्यसि तथा सर्पैरुपवीतगतिः स्वयम् ॥ – पूर्ववत्, २३/१८ ।

५१. *शृणु देवि! महाभागे वेदोक्तं वचनं मम । यच्छ्रुत्वा हर्षिता नूनं भविष्यसि न संशयः ॥*
विनायकस्ते तनयो महात्मा महतां महान् ॥ – ब्रह्माण्डपुराण ३/४२/३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

कुनै अनिर्वचनीय देवता प्रकट भए । ती देवताको मुख हात्तीको मुखजस्तै थियो । तिनका गालाहरूबाट मदका धारा बगिरहेका थिए । तिनको कान्ति जपापुष्पभन्दा पनि रातो थियो । तिनले आफ्ना दश हात र सूँढमा क्रमशः बेल, गदा, इक्षुदण्ड, शूल, खड्ग, पाश, कमल, धानको बाला, वरमुद्रा, अङ्कुश र रत्नमय कलश धारण गरेका थिए । ती देवता लम्बोदर थिए र तिनको शिरमा चन्द्रमाको आकारको चूडामणि सुहाएको थियो । तिनका मुखबाट मदमत्त गर्जनको ध्वनि निस्किरहेको थियो । ती सिद्धिलक्ष्मीद्वारा आलिङ्गित थिए । यस्तो स्वरूपका गजानन देवताले उत्पत्ति हुनासाथ त्यहाँ आएर ललिता त्रिपुरसुन्दरीका पाउमा प्रणाम गरेको कुरा ब्रह्माण्डपुराणमा वर्णन गरिएको छ ।[५२]

भगवती ललितात्रिपुरसुन्दरीबाट आशीर्वाद प्राप्त गरी ती देवता सेनाशिविरमा पुगे । प्राकारको चारैतर्फ घुम्दा तिनले एउटा कुनामा जयविघ्नकर यन्त्रको दर्शन गरे । त्यसपछि आफ्ना दाँतको प्रहारबाट त्यसलाई आकाशमा उडाइदिए। विघ्नयन्त्रको विनाश हुनासाथ शक्तिसेना स्पन्दित, सक्रिय र गतिशील भयो । श्रीमहागणपति आफ्नो मदधाराबाट दैत्यसेनालाई मूर्च्छित तुल्याउँदै आमोद, प्रमोद, सुमुख, दुर्मुख, अरिघ्न र विघ्नकर्तानामक विनायक गणका साथै तीव्रा, ज्वालिनी, नन्दा, सम्भोगदा, कामरूपिणी, उग्रा, तेजोवती, सत्या एवं विघ्ननाशिनी नामक नौ शक्तिहरूका साथ विशुक्रको सैन्यशिविरमा पुग्नुभयो । त्यहाँ तिनले सात अक्षौहिणी सेना र गजासुरनामक पराक्रमी दैत्यको संहार गर्नुभयो । गजासुरलाई मारेपछि श्रीगणपति आफ्नी माता ललिताम्बाका सामु पुग्नुभयो । श्रीगणेशको कर्मबाट प्रसन्न हुनुभएकी ललिताम्बाले हे गणेश! तिमी सबै प्रकारका पूजामा प्रथम पूज्य हुनेछौ भनी आशीर्वाद दिनुभयो ।[५३]

यसरी ललिताम्बाले श्रीगणेशलाई आशीर्वाद दिनुभएपछि गणपति पनि ब्रह्मा, विष्णु आदि सबै देवता, असुर, मुनि, महर्षि र मनुष्यहरूमा प्रथम पूजित हुनुभयो । यसैले पञ्चायतन पूजामा पनि सर्वप्रथम श्रीगणेशको पूजा गर्ने परम्परा रहिआएको छ ।

ञ) अन्य महापुराण

मत्स्यपुराण, भविष्यपुराण, नारदपुराण, वायुपुराण, श्रीमद्भागवतपुराण आदि महापुराणहरूमा यत्र तत्र श्रीगणेशको स्वरूप, विशेषता र लीलाबारे सङ्केत गरिएको पाइन्छ ।

१) **मस्त्यपुराण** - मस्त्यपुराणमा गणेशोत्पत्तिसम्बन्धी एउटा आख्यान रहेको छ - एक दिन पार्वतीले आफ्नो शरीरको अङ्गलेपबाट एउटा खेलौना तयार गर्नुभयो । त्यसको टाउको हात्तीको टाउको समान थियो । पार्वतीले गङ्गाजलले अभिषेक गर्दा त्यो खेलौना प्राणवान् भयो । त्यसलाई पार्वती र गङ्गा दुवैले आ-आफ्ना पुत्रका रूपमा स्वीकार गर्नुभयो। तिनै बालक पछि गणेशका रूपमा विख्यात भए।[५४]

२) **वायुपुराण** - वायुपुराणमा भगवान् शिवजीलाई गजेन्द्रकर्ण, लम्बोदर आदि श्रीगणेशका निमित्त प्रयोग गरिने विशेषण शब्दहरूको प्रयोग गरी श्रीगणेश र शिवजीमा अभेद सिद्ध गरिएको छ ।[५५]

३) **भविष्यपुराण** - भविष्यपुराणमा **गणानान्त्वा०** इत्यादि वैदिकमन्त्रलाई गणेशको आराधना गर्ने मन्त्र

---

५२. *तस्याः स्मितप्रभापुञ्जे कुञ्जराकृतिमान् मुखे । कटक्रोडगलद्दानः कश्चिद् देवो व्यजृम्भत ॥*
जयापटलपाटल्यपाटच्चरवपुर्द्युतिः । बीजपुरं गदामिक्षुचापं शूलं सुदर्शनम् ॥
अब्जपाशोत्पलं व्रीहिमञ्जरीर्वरदाङ्कुशान् । रत्नकुम्भं च दशभिः स्वकैर्हस्तैः समुद्वहन् ॥
तुन्दिलश्चन्द्रचूडालो मदबृंहितनिःस्वनः । सिद्धिलक्ष्म्या समाश्लिष्टः प्रणनाम महेश्वरीम् ॥ - पूर्ववत्, ललितोपाख्यान २७०/६८-७१ ।

५३. *विततार महाराज्ञी प्रीयमाणा गणेशितुः । सर्वदैवतपूजायाः पूर्वपूज्यत्वमुत्तमम् ॥ - पूर्ववत्, २७/१०४ ।*

५४. *श्यामाकान्त द्विवेदी, कल्याण, पूर्ववत्, पृ. १२७ ।*

५५. *पूर्ववत्, पृ. १२८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिएको छ । त्यहाँ विभिन्न प्रसङ्गमा भगवान् श्रीगणेशलाई गजानन, मूषकवाहन आदि विशेषणद्वारा वर्णन गरिएको छ ।[५६]

४) **नारदपुराण** – नारदपुराणका ९२, १४४, १६८ र १८८ औं अध्यायहरूमा श्रीगणेशको वर्णन पाइन्छ। त्यहाँ श्रीगणेशलाई ओङ्काररूप मानिएको छ । उहाँ ओङ्काररूप हुनुभएकाले मङ्गलमय हुनुहुन्छ भनिएको छ । त्यसपछि ओङ्कार र अथ शब्दको माङ्गलिकता स्पष्ट गरिएको छ ।[५७] नारदपुराणमा श्रीगणेशको ध्यानविधि प्रस्तुत गरिएको छ । त्यसमा सिद्धिनामक पत्नीद्वारा आलिङ्गित श्रीगणेशको ध्यान बताइएको छ । श्रीगणेश चार भुजाहरूमा पाश, अङ्कुश, अभय र वरमुद्रा धारण गर्ने दिव्य देवताका रूपमा वर्णित हुनुहुन्छ । हातमा कमल धारण गर्ने श्रीगणेशलाई सिद्धि–बुद्धिद्वारा आलिङ्गन गरिएको पनि देखाइएको छ । यसका साथै उहाँलाई त्रिनयन पनि भनिएको छ ।[५८] नारदपुराणमा निहित सङ्कटनाशन गणेशस्तोत्र सनातन धर्मानुयायीहरूमा प्रसिद्ध छ । आयुवृद्धि, कामनासिद्धि, अर्थप्राप्ति र सङ्कटनाशका लागि यसको पाठ गर्ने विधान रहेको छ । यस स्तोत्रमा वक्रतुण्ड, एकदन्त, कृष्णपिङ्गाक्ष, गवजक्त्र, लम्बोदर, विकट, विघ्नराजेन्द्र, धूम्रवर्ण, भालचन्द्र, विनायक, गणपति र गजानन गरी श्रीगणेशका बाह्र नामहरूको उल्लेख गरिएको छ ।[५९]

५) **श्रीमद्भागवत** – श्रीमद्भागवतको एकादश स्कन्धमा भगवान् श्रीकृष्णले उद्धवलाई क्रियायोगको शिक्षा प्रदान गर्दै भन्नुभएको छ – 'हे उद्धव ! भक्तहरूले मेरो पूजा गर्दा दुर्गा देवी, विनायक, व्यास, विष्वक्सेन, सद्गुरु र देवताहरूको पनि पूजा गर्नुपर्दछ ।'[६०]

श्रीमद्भागवतपुराणमा शुकदेव स्वामीले राजा परीक्षितलाई ब्रह्मतेजका इच्छुक साधकहरूले ब्रह्मणस्पतिरूप श्रीगणेशको उपासना गर्नुपर्ने कुरा बताउनुभएको छ ।[६१]

ट) विष्णुधर्मोत्तरपुराण

विष्णुधर्मोत्तरपुराणमा श्रीगणेशको प्रतिमा निर्माणको सन्दर्भमा भनिएको छ – गजानन, चतुर्बाहु, शूल र अक्षमाला धारण गर्ने विनायकको प्रतिमानिर्माण गर्नुपर्दछ ।[६२]

ठ) मुद्गलपुराण

भगवान् श्रीगणेशका परमभक्त मुद्गल ऋषिद्वारा रचित मुद्गलपुराण सर्वात्मना श्रीगणेशको उद्भव र लीलाको प्रकाशनमा समर्पित भक्तिभावपूर्ण उपपुराण हो । यस पुराणमा श्रीगणेशलाई सर्वशक्तिसम्पन्न परमतत्त्वका रूपमा चित्रण गरिएको छ । निराकार ब्रह्मको रूप र साकार अवतारी पुरुषका रूपमा भगवान् श्रीगणेशको सर्वशक्तिमत्ता यस पुराणमा देखाइएको छ । विष्णु आदि विशिष्ट देवताका कुलदेव, स्वानन्दभुवनमा देदीप्यमान,

---

५६. *गणानान्त्वेति मन्त्रेण विन्यसेदुत्तरे ध्रुवम् । – भविष्यपुराण, मध्यपर्व, द्वितीयभाग, २०/१४२ ।*

५७. *ओङ्कारश्चाथशब्दश्च द्वावेतौ ब्रह्मणः पुरा । कण्ठं भित्त्वा विनिर्यातौ तस्मान् माङ्गलिकावुभौ।। – नारदपुराण, पूर्व० ५१/१०।*

५८. *पाशाङ्कुशभयवरान् दधानं कञ्जहस्तया । पत्न्याश्लिष्टं रक्ततनुं त्रिनेत्रं गणपं भजे ।। – पूर्ववत्, ६६/१३९ ।*

५९. *प्रथमं वक्रतुण्डञ्च एकदन्तं द्वितीयकम् । तृतीयं कृष्णपिङ्गाक्षं गजवक्त्रं चतुर्थकम् ।।*
लम्बोदरं पञ्चमञ्च षष्ठं विकटमेव च । सप्तमं विघ्नराजेन्द्रं धूम्रवर्णं तथाष्टमम् ।।
नवमं भालचन्द्रञ्च दशमं तु विनायकम् । एकादशं गणपतिं द्वादशं तु गजाननम् ।। – कल्याण, पृ. ५१२ ।

६०. *दुर्गां विनायकं व्यासं विष्वक्सेनं गुरून् सुरान् । स्वे स्वे स्थाने त्वभिमुखान् पूजयेत् प्रोक्षणादिभिः ।। – श्रीमद्भागवत, ११/२७/२९*

६१. *ब्रह्मवर्चसकामस्तु यजेत ब्रह्मणस्पतिम् । – पूर्ववत्, २/३/२ ।*

६२. *विनायकस्तु कर्तव्यो गजवक्त्रश्चतुर्भुजः । शूलकं चाक्षमालाञ्च तस्य दक्षिणहस्तयोः ।। – पूर्ववत्, ३/७१/१३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

मायामय र अमायी परब्रह्मरूप र परमेश्वररूप श्रीगणेशको स्तुति गर्दै देवताहरूले भनेका थिए – 'हे विघ्नराज ! समाधिबाट योगीहरू जहाँ प्राप्त हुन्छन्, त्यो **ग** निराकार ब्रह्म हो र जसबाट प्रणवात्मक जगत्को उत्पत्ति हुन्छ त्यो **ज** हो । त्यसकारण **गज**शब्द सम्पूर्ण ब्रह्माण्डको बीजतत्त्व हो । त्यसै गजाकार बीजतत्त्वको अनुशीलन गरी योगीहरूले तपाईंलाई जान्दछन् र त्यसै गजाकारमा परिणत भई रमाउँछन् । गजतत्त्वका कारण नै तपाईंलाई भक्त र ज्ञानीहरूले गजवक्त्र, गजानन, गजमुख, गजास्य आदि नामबाट पुकार्दछन् । जसको स्तुति गर्न शङ्कर आदि देवता र वेदहरू असमर्थ हुन्छन् त्यस्ता गजानन प्रभुको हामी कसरी स्तुति गरौं ।'[६३]

मुद्गलपुराणअन्तर्गतको **एकदन्तशरणागतिस्तोत्र**मा श्रीगणेशलाई अनादिमध्यान्तविहीन, अचिन्त्यबोध, हृत्प्रकाश, प्रकाशमय, निरालम्बसमाधिगम्य, स्वबिम्बद्वाराविलसित मायातत्त्वमा वीर्याधान गर्ने तुरीय परमात्माका रूपमा वर्णन गरिएको छ । यसैगरी त्यहाँ श्रीगणेशलाई गुणेश्वर, तीन लोक, तीन गुण, तीन अवस्था र तीन देवताहरूमा देदीप्यमान, नादद्वारा सुषुप्तिसंसारका रचयिता, अनेकरूप र एकरूप परमतत्त्वका रूपमा वर्णन गरिएको छ । यसैगरी उहाँलाई बिन्दुद्वारा सूक्ष्म संसारको रचना गर्ने, रजोगुणद्वारा जाग्रत् संसारको रचना गर्ने, प्रकृतिसहित जगत्को सृष्टि गरी त्यसमा विराजमान हुने देवता भनिएको छ । फेरि उहाँलाई ग्रह–नक्षत्र आदि ज्योतिर्मय तत्त्वका सञ्चालक, ब्रह्मा, विष्णु र शिवजीका नियामक, भूमि, जल र नदीका प्राणतत्त्व, देवताहरूका उत्प्रेरक देवताका रूपमा पनि वर्णन गरिएको छ । त्यस स्तोत्रमा उहाँलाई शेषनाग, कामदेव र सूर्यका प्रवर्तक, वायु, अग्नि र चराचरका नियन्ता सर्वान्तर्यामी देवताका रूपमा वर्णन गरिएको छ ।[६४]

मुद्गलपुराणमा गणेश शब्दअन्तर्गत रहेको गणशब्दका अक्षरहरूको पृथक् पृथक् अर्थ प्रकाशन गरिएको पाइन्छ । मनोमय र वाणीमय जगत्को जुन दृश्य र अदृश्य रूप छ त्यो गकार हो र श्रीगणेश त्यसका धारक ब्रह्म हुनुहुन्छ । यसैगरी मनोवाणीविहीन संयोग र अयोगरूप ब्रह्मको वाचक णकार हो भनिएको छ ।[६५]

मुद्गलपुराणको **भक्तमनोरथ सिद्धिप्रद गणेशस्तोत्र**मा गणेशशब्दमा आएको गकार जगत्रूप हो र णकार ब्रह्मवाचक हो भनिएको छ ।[६६]

५.६ विविध सिद्धान्तमा श्रीगणेश

शैव, वैष्णव, रामोपासक एवं योगसाधनापरक वाङ्मयमा श्रीगणेशको व्यापक प्रभाव रहेको छ । यसै गरी बौद्ध एवं जैन सिद्धान्तहरूमा पनि श्रीगणेशपरक चिन्तन पाइन्छन् । पाठकहरूको सुविधाका लागि ती वाङ्मयहरूमा रहेका श्रीगणेशपरक चिन्तन र महत्तामा आधारित विचारहरूको सारसङ्क्षेप प्रस्तुत गरिन्छ ।

---

६३. क) *गजाननाय पूर्णाय साङ्ख्यरूपमयाय ते । विदेहेन च सर्वत्र संस्थिताय नमो नमः ।।*
गजः सर्वस्य बीजं यत् तेन चिह्नेन विघ्नप ! । योगिनस्त्वां प्रजानन्ति तदाकारा भवन्ति ते ।।
वेदादयो विकुण्ठाश्च शङ्कराद्याश्च देवताः । तेन त्वं गजवक्त्रश्च किं स्तुमास्त्वां गजानन ! ।।
अमेयाय च हेरम्ब ! परशुधारकाय ते । मूषकवाहनायैव विश्वेशाय नमो नमः ।।
– मुद्गल, मुद्गलपुराण, गणपति हरिहर पटवर्धन, कुसन्दवाड संस्थान, कुसन्दवाड ।

ख) *देवस्तुति, कल्याण, पूर्ववत्, पृ. ५ ।*

६४. *यदन्तरे संस्थितमेकदन्तस्तदाज्ञया सर्वमिदं विभाति अनन्तरूपं हृदि बोधकं यस्तमेकदन्तं शरणं व्रजामः ।*
सदात्मरूपं सकलादिभूतममायिकं सोऽहमचिन्त्यबोधं अनादिमध्यान्तविहीनमेकं तमेकदन्तं शरणं व्रजामः ।। – कल्याण, पूर्ववत्, एकदन्तशरणागतिस्तोत्र, पृ. ९–१० ।

६५. *मनोवाणीमयं सर्वं दृश्यादृश्यस्वरूपकम् । गकारात्मकमेवं तत् तत्र ब्रह्म गकारकः ।।*
मनोवाणीविहीनश्च संयोगायोगसंस्थितम् । णकारात्मकरूपं तत् णकारस्तत्र संस्थितः ।। – मुद्गलपुराण, पूर्ववत् ।

६६. *जगद्रूपो गकारश्च णकारो ब्रह्मवाचकः । तयोर्योगे गणेशाय नाम तुभ्यं नमो नमः ।। – पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क) वैष्णवमत

श्रीवैष्णवसम्प्रदायमा श्रीगणेशको उच्च स्थान रहेको छ । परम पदमा परब्रह्म श्रीमन्नारायण हुनुहुन्छ। उहाँ नै व्यूहरूपमा वासुदेव भगवान् हुनुहुन्छ । परम पदमा जो नित्यसूरि भगवान् अनन्त हुनुहुन्छ उहाँ नै लीलाविभूतिमा भगवान् शङ्कर हुनुहुन्छ । परम पदमा जुन सेनानायक विष्वक्सेन हुनुहुन्छ उहाँ नै लीलाविभूतिमा विघ्ननाशक, सिद्धि एवं बुद्धिका स्वामी र गणहरूका अधिनायक श्रीगणेश हुनुहुन्छ । यसैगरी सरस्वती विद्या एवं ज्ञानकी अधिष्ठात्री हुनुहुन्छ भने विद्या र ज्ञानका अधिष्ठाता श्रीगणेश मानिनुहुन्छ ।

विशिष्टाद्वैत वेदान्तमा **स्वरूप** – जीवात्माको स्वरूप, **परस्वरूप** – परमात्माको स्वरूप, **पुरुषार्थ** – धर्म; अर्थ; काम र मोक्ष, **उपाय** – कर्मयोग; ज्ञानयोग; भक्तियोग; प्रपत्तियोग र आचार्याभियान, **विरोधी** – जीवात्मालाई परमात्मासँग मिल्न नदिने विघ्नव्यूह, **श्रीगणेश** – विरोधी विघ्नबाधालाई हटाउने शक्ति र ज्ञानले सम्पन्न देवताको रूपमा मानिएका छन् ।

वैष्णवहरूमा मुख्य चार सम्प्रदाय प्रचलित छन् – १. श्रीसम्प्रदाय, २. मध्वसम्प्रदाय, ३. श्रीविष्णुस्वामिसम्प्रदाय, ४ श्री श्री निम्बार्कसम्प्रदाय । उक्त चारै सम्प्रदाय र ती अन्तर्गतका अन्य सम्प्रदायहरूमा पनि विघ्नविनाशक देवताका रूपमा श्रीगणेशको आराधना गर्नुपर्ने कुरा बताइएको छ । उक्त सम्प्रदायहरूले श्रीगणेशलाई परमात्माकै अवतार मानेका छन् । तदनुसार विघ्ननिवारण गर्न र मानवहरूलाई सिद्धि एवं सफलता प्रदान गर्न परमात्माले नै श्रीगणेशको रूपमा अवतार लिनुभएको भन्ने मान्यता रहेको छ । विष्वक्सेनसंहितामा पनि श्रीगणेशको अतुलनीय महिमा बताइएको छ । श्रीवैष्णवसम्प्रदायमा भगवान् श्रीगणेश विष्वक्सेनका रूपमा पूजित हुनुहुन्छ र अन्य वैष्णवसम्प्रदायमा पनि श्रीगणेश प्रथम पूजनीय देवताका रूपमा सम्मानित हुनुहुन्छ ।[६७]

ख) योगसाधना

श्रीगणेशलाई षट्चक्रसाधना–योगको आधार मानिएको छ । उहाँ मूलाधारचक्रमा विराजमान हुनुहुन्छ। त्यसै मूलाधारचक्रबाट कुण्डलिनीजागरणको प्रक्रिया प्रारम्भ हुन्छ । मूलाधारको तल्लो भागमा गोलाकार वायुमण्डल रहेको छ । त्यसमा वायुबीज यकारको उपस्थिति हुन्छ । त्यस बीजबाट वायु प्रवाहित हुन्छ । त्यसमाथि रहेको त्रिकोणात्मक अग्निमण्डलमा अग्निबीज रकारबाट अग्नि प्रकट हुन्छ । वायु र अग्निका साथ मूलाधारमा कुलकुण्डलिनी सर्पिणीको आकारमा शयनमुद्रामा रहेको हुन्छ । त्यो कुण्डलिनी स्वयम्भू लिङ्गलाई बेरेर रहेको छ । त्यसलाई जगाएर ब्रह्मरन्ध्रसम्म पुऱ्याइन्छ र त्यसलाई त्यहाँको अमृतमा डुबाएर योगीहरूले आत्मचिन्तन गर्दछन् भन्ने तथ्य नारदपुराणमा प्रकट गरिएको छ ।[६८] योगशास्त्रमा मूलाधारचक्रमा रहेको आधारपद्मको ध्यान गर्नाले योगीहरूको पाप समूल नष्ट हुन्छ भनिएको छ ।[६९]

दोस्रो चक्रको नाम स्वाधिष्ठान हो । स्वाधिष्ठान चक्रको ध्यान गर्नाले योगी दिव्यसौन्दर्यसम्पन्न बन्दछ। तेस्रो मणिपूरचक्रको ध्यान गर्नाले योगीका सम्पूर्ण कामना परिपूर्ण हुन्छन् । चौथो अनाहतचक्रको ध्यान गर्नाले योगी

---

६७. क) *वेंकटवरदाचार्य, 'पाञ्चरात्र आगम में गणेश', कल्याण, पूर्ववत्, पृ. ३५६–३५७ ।*
ख) *जयनारायण मल्लिक, 'श्रीवैष्णव सम्प्रदाय एवं विशिष्टाद्वैत वेदान्त में श्रीगणेश', कल्याण, पूर्ववत्, पृ. ३६०–३६२ ।*
ग) *श्रीभाल आचार्य, 'मध्वसम्प्रदाय में श्रीगणेश', कल्याण, पूर्ववत्, पृ. ३६३–३६४ ।*

६८. *नारदपुराण, पूर्वभाग, अध्याय ६५ ।*

६९. *मूलपद्मं यदा ध्यायेत् योगी स्वयम्भूलिङ्गकम् । तदा तत्क्षणमात्रेण पापौघं नाशयेत् ध्रुवम् ।। – शिवसंहिता ५/९६ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिकालदर्शी बन्दछ । पाँचौं विशुद्धचक्रको ध्यानबाट योगी वेदार्थको ज्ञाता बन्दछ । विशुद्धचक्रको ध्यान गर्ने योगीले क्रोधपूर्ण आँखाले संसारलाई हेर्दा संसार नै कम्पायमान हुन्छ । छैठौं आज्ञाचक्रको ध्यान गर्ने योगीले साक्षात् विश्वनाथ, भूतभावन शङ्करको दर्शन गर्दछ र त्यो दुःख एवं शोकबाट मुक्त हुन्छ भनिएको छ ।[७०]

यसरी चक्र-कमलहरूको ध्यान गर्ने योगीले ब्रह्मरन्ध्रमा स्थित सहस्रारपद्मबाट प्रवाहित अमृतको पान गर्दछ। उक्त दिव्यसहस्रारपद्मले योगीलाई मुक्ति प्रदान गर्दछ । त्यस पद्मको अर्को नाम कैलास पनि हो। कुण्डलिनी अर्थात् जीवनशक्तिलाई जाग्रत बनाउँदै आत्मरूप चैतन्य जीव उक्त कैलासमा शिवजीलाई साक्षात्कार गरी अमरपदवीमा प्रतिष्ठित हुन्छ भनिएको छ ।[७१]

१) मूलाधारचक्र र श्रीगणेश

मूलाधारचक्रमा चारपाते कमल रहेको छ । त्यो रातो रङ्गको छ । त्यसका चार पातहरूमा क्रमशः व श ष श अक्षर अङ्कित छन् । त्यस कमलमाथि आफ्नो शक्तिका साथ मूषकवाहन श्रीगणेश विराजमान हुनुहुन्छ । उहाँले आफ्ना चार हातमा क्रमशः पाश, अङ्कुश, अमृतपात्र र मोदक धारण गर्नुहुन्छ भन्ने कुरा बताइएको छ। मूलाधारचक्रमा स्थित श्रीगणेशका पादपद्ममा रही योगसाधना आरम्भ गर्ने योगीले षट्चक्रभेदन गरी सहस्रारकैलासमा विराजमान शिवजीको साक्षात्कार गर्दछ र त्यो परमपदमा प्रतिष्ठित हुन्छ ।[७२] यसरी योगसाधनाका परमाधार एवं मूलाधारचक्रमा विराजमान श्रीगणेश आराध्य हुनुहुन्छ भन्ने तथ्य स्पष्ट हुन्छ । त्यहाँ श्रीगणेश पूर्णानन्द, परानन्द र पुराणपुरुषोत्तम हुनुहुन्छ भनिएको छ ।[७३]

योगस्थ श्रीगणेशमा समस्त मायिक प्रपञ्चको अवसान हुन्छ । उहाँ अव्यक्त ज्योतिरूप र मायातीत हुनुहुन्छ । श्रीगणेश चिदानन्दरूप, वेदागोचर, निर्गुण, परब्रह्मस्वरूप र योगप्रतिपाद्य परमतत्त्व हुनुहुन्छ ।[७४]

योगको साधनाभूमिमा श्रीगणेश सद्, असद्, व्यक्त एवं अव्यक्त सबै कुरा हुनुहुन्छ भनिएको छ ।[७५] गणपति अथर्वशीर्षमा इच्छा, ज्ञान र क्रियाशक्तिमा व्याप्त एवं मूलाधारचक्रमा विराजमान, योगिध्येय श्रीगणेशको वर्णन गरिएको छ ।[७६] गणपत्युपनिषद्मा सृष्टिको आदिमा प्रादुर्भूत प्रकृति र पुरुषभन्दा पर रहनुभएका श्रीगणेशको नित्य ध्यान गर्ने योगी सबै योगीहरूमा उत्तम हुन्छ भनिएको छ ।[७७] स्वर्णिम वर्णले सम्पन्न मूलाधारचक्रमा श्रीगणेशको ध्यान गर्नुपर्ने कुरा शङ्करदिग्विजयमा बताइएको छ ।

२) योगीश्वर श्रीगणेशको योगमार्गद्वारा उपासना

अनादिकालदेखि नै श्रीगणेश योगीश्वरहरूद्वारा पूजित हुनुहुन्छ । श्रीगणेशपुराणको उपासनाखण्डमा

---

७०. *पुमान् परमहंसोऽयं यज्ज्ञात्वा नावसीदति । - पूर्ववत्, ५/१३० ।*

७१. *अत ऊर्ध्वं दिव्यरूपं सहस्रारं सरोरुहम् । ब्रह्माण्डाख्यस्य देहस्य बाह्ये तिष्ठति मुक्तिदम् ॥*
कैलासो नाम तस्यैव महेशो यत्र तिष्ठति ॥ - पूर्ववत्, ५/११६-११७ ।

७२. *मूलाधारे वादिसान्तबीजयुक्ते चतुर्दले। बन्धूकाभे श्वशक्त्या तु सहितायाखुगाय च॥*
पाशाङ्कुशसुधापात्रमोदकोल्लासपाणये ॥ - नारदपुराण, पूर्व. तृ. ६५/८१-८२ ।

७३. *पूर्णानन्दः परानन्दः पुराणपुरुषोत्तमः । - श्रीगणेशपुराण, १/४६, सहस्रनाम प्रकरण ।*

७४. *परब्रह्मस्वरूपाय निर्गुणाय नमो नमः । चिदानन्दस्वरूपाय वेदानामप्यगोचरः ॥ - पूर्ववत्, २/२७/४ ।*

७५. *सदसद्व्यक्तमव्यक्तं सर्वं हि गणनायकः । - पूर्ववत्, १/१२/९ ।*

७६. *त्वं मूलाधारस्थितोऽसि नित्यम् । शक्तित्रयात्मकः। त्वां योगिनो ध्यायन्ति नित्यम् । - गणेश अथर्वशीर्ष ६ ।*

७७. *रामलाल, 'योगसाधना में श्रीगणेशका चिन्तन', कल्याण, पूर्ववत्, पृ. ३६१ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगीश्वर श्रीविष्णुद्वारा प्राणायामपूर्वक श्रीगणेशको ध्यान एवं मन्त्रजपपूर्वक आराधना गरिएको विषयमा प्रकाश पारिएको छ ।[७८]

श्रीगणेश गुणातीत, परात्पर परमात्मा हुनुहुन्छ । उहाँ शुद्धसत्त्वरूप र समस्त जीवहरूका भुवनेश्वर हुनुहुन्छ । श्रीगणेशपुराणअन्तर्गत श्रीगणेशगीतामा अनादि, अनन्त, विश्वव्यापक र सर्वविघ्नविनाशक श्रीगणेशलाई योगविद्याका परमज्ञाता मानिएको छ । श्रीगणेशले राजा वरेण्यलाई म तिमीलाई योगमार्ग प्रकाशक गीता सुनाउँछु भनेर आफ्नो योगविज्ञता व्यक्त गर्नुभएको छ ।[७९]

गणेशगीताअनुसार ज्ञानीहरूलाई संसारबाट विरक्त गराउने अमृतमय तत्त्वलाई नै योग मानिएको छ । श्रीगणेशपुराणमा ज्ञानयोगीहरूले हृदयमा विराजमान परब्रह्मको दर्शन गर्ने तथ्य यसरी व्यक्त गरिएको छ – ज्ञानयोगीहरूले जीवन्मुक्त भई ब्रह्मानन्दमा लीन भएर हृदयमा स्थित परब्रह्मको दर्शन गर्दछन्। तिनीहरूले चित्तमा योगद्वारा वशीकृत परब्रह्मको ध्यान गर्दै सम्पूर्ण प्राणीहरूलाई आत्मवत् मान्दछन् ।[८०]

श्रीगणेशले योगसाधनापद्धति प्रकाशित गर्दै भन्नुभएको छ – योगीले आफ्ना मनबाट समस्त कर्महरूको परित्याग गरी सुखपूर्वक जीवनयापन गर्नुपर्दछ।[८१] आत्मानन्दमा रमाउने योगीहरू ब्रह्मा आदि देवताहरूद्वारा वन्दनीय हुने तथ्य व्यक्त गर्दै श्रीगणेशले भन्नुभएको छ – आफ्नो आत्मामा रमाउने र संसारका भोगहरूमा अनासक्त योगीहरूले परम आनन्दको अनुभव गर्दछन् । आत्माको सुख नै अविनाशी सुख हो । विषयमा पाइने सुख सुख होइन । जुन योगी परमात्मरूप श्रीगणेशमा रमण गर्दछन्, ती जीवन्मुक्त हुन्छन् । देहवान् भएर पनि ती विदेह नै हुन्छन् ।[८२]

यस्ता योगीहरू तीनै लोकमा ब्रह्मा आदि देवताहरूद्वारा वन्दनीय हुन्छन् । यस्ता योगप्रतिपाद्य परमशक्ति, चिन्मयज्योति श्रीगणेश आकाशरूप र वायुरूप विकारका आदिकारण, कला एवं कालका कारण हुनुहुन्छ । उहाँ अनेक क्रिया र शक्तिका स्वरूप पनि हुनुहुन्छ भनिएको छ ।[८३] योगसाधनाका प्रबलस्तम्भरूप श्रीगणेश निश्चय नै योगलभ्य परब्रह्म हुनुहुन्छ ।

ग) श्रीरामोपासक-सम्प्रदाय

श्रीरामानन्दसम्प्रदायमा श्रीगणेशको पूजा गर्ने विधान रहेको विषय श्रीरामतापिनी उपनिषद्बाट ज्ञात हुन्छ । श्रीरामार्चापद्धतिअनुसार श्रीरामपूजनको प्रारम्भमा श्रीगणेशको पूजा गर्नुपर्दछ । त्यस बेला गरिने श्रीगणेश आवाहनको मन्त्रमा भनिएको छ – हे गणाधिप ! तपाईंलाई नमस्कार छ, हे गजानन ! तपाईं यस पूजास्थलमा आउनुहोस्, पूर्व दिशामा बस्नुहोस् र यो पूजा स्वीकार गर्नुहोस् ।[८४]

गणेश, दुर्गा, क्षेत्रपाल र वाणी यी चार देवता श्रीरामका अङ्ग हुन् भन्ने सिद्धान्त मान्ने रामका उपासकहरूले

---

७८. प्राणानायम्य मूलेन ध्यात्वा देवं गजाननम् । आवाहन्यादिमुद्राभिः पूजयित्वा मनोमयैः ॥
द्रव्यैर्नानाविधैश्चैव षोडशैश्चोपचारकैः । जजाप परमं मन्त्रं विष्णुर्योगीश्वरेश्वरः ॥ – श्रीगणेशपुराण, १/२८/६–७ ।

७९. अथ गीतां प्रवक्ष्यामि योगमार्गप्रकाशिनीम् । – पूर्ववत्, २/३८/४ ।

८०. ध्यायन्तः परमं ब्रह्म चित्ते योगवशीकृतम्। भूतानि स्वात्मना तुल्यं सर्वाणि गणयन्ति ते॥ – पूर्ववत्, २/१३८/१५–१६ ।

८१. मनसा सकलं कर्म त्यक्त्वा योगी सुखं वसेत् । – पूर्ववत्, २/१४१/११ ।

८२. आनन्दमश्नुते सक्तः स्वात्मारामो निजात्मनि । अविनाश्यं सुखं तद्धि न सुखं विषयादिषु॥
विषयोत्थानि सौख्यानि दुःखानां तानि हेतवः। उत्पत्तिनाशयुक्तानि तत्रासक्तो न तत्त्ववित्॥ – पूर्ववत्, २/१४१/२०–२२ ।

८३. प्रकाशस्वरूपं नभोवायुरूपं विकारादिहेतुं कलाकालभूतम् । अनेकक्रियाऽनेकशक्तिस्वरूपं सदा शक्तिरूपं गणेशं नमामः॥ – पूर्ववत्, १/१३/११ ।

८४. गणाधिप ! नमस्तुभ्यमिहागच्छ गजानन । पूर्वभागे समातिष्ठ पूजनं गृह्यतामिदम् ॥ – अवधकिशोर दास, 'रामोपासना में भगवान् गणेश', कल्याण, पूर्ववत्, पृ. ३६५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

श्रीरामको मान्त्रिक आराधनाका साथै श्रीगणेशको पनि **'ॐ नमो रामचन्द्राय गं गणेशाय ते नमः'** भनी मान्त्रिक आराधना गर्दछन् ।[८५] श्रीरामको स्तुतिप्रसङ्गमा उहाँलाई ब्रह्मरूप, विष्णुरूप र रुद्ररूपका साथै करिरूप पनि मानी नमस्कार गरिएको छ ।[८६] श्रीरामपरक उपासनासाहित्यमा अन्यत्र पनि श्रीगणेशका पवित्र संस्मरण र कीर्तनमा आधारित प्रसङ्गहरू प्राप्त हुन्छन् ।

घ) शङ्कराचार्य-परम्परा

शङ्कराचार्यको अद्वैत सम्प्रदायमा एकेश्वरवादको विशिष्ट स्थान रहेको छ । अद्वैतपरम्पराका पोषक स्वामी ब्रह्मानन्दसरस्वतीले भनेका छन् – हे शङ्खपाणि नारायण ! कसैले ध्यान गर्न योग्य देवता शिवजीमात्र हुन् भन्दछन्, अरूले ध्येय देवता आद्याभगवतीमात्र हुन् भन्दछन्, कसैले ध्येय देवताका रूपमा सूर्यलाई मात्र स्थान दिन्छन्, अर्काथरि मानिसहरू ध्येय देवता श्रीगणेशमात्र हुन् भन्दछन् । तपाईं भने ती सबै देवताका रूपलाई आत्मसात् गरेर सुहाउनुहुन्छ अर्थात् तपाईंको ध्यान गर्नेले स्वतः ती सबै देवताको ध्यान गर्ने अवसर र पुण्य पाउँछन् । त्यस कारण तपाईं नै मेरा शरणदाता बन्नुहोस् ।[८७] श्रीशङ्कराचार्यले **'गणेशपञ्चरत्नम्'** भनेर शिव, शक्ति, गणेश, सूर्य र विष्णुमा एकस्वरूपको दर्शन गरी श्रीगणेशलाई नारायणकै कोटिमा राखेर सम्मान गरेका छन् । शङ्कराचार्यले उपास्य देवताको परिगणना गर्दा आदित्य, देवी, विष्णु, गणेश र महेश्वरको गृहस्थले नित्य पूजा गर्नुपर्ने विधान गरेका छन् ।[८८] शङ्करपरम्पराका मूर्धन्य विद्वान् स्वामी विद्यारण्यले भक्ति प्राप्त गर्न शैव, वैष्णव, शाक्त, सौर, वैनायक र स्कान्द गरी ६ वटा दर्शनको अनुशीलन गर्नुपर्ने कुरा बताएका छन् ।[८९]

शङ्कराचार्यको मतानुसार मूलाधारचक्रमा श्रीगणेशको सत्ता रहेको र सबै देवता गणपतिकै विभिन्न रूप भएको विषय विभिन्न प्रसङ्गमा प्रमाणित गरेका छन् । तिनले सबै देवता निर्गुण र सगुण दुवै रूपमा रहने कुरा बताउँदै भनेका छन् – सम्पूर्ण प्राणीहरूको कल्याण कार्यमा निरन्तर सम्पृक्त रहने, दैत्यरूप हात्तीहरूलाई प्रबल पराक्रमले निरस्त गर्ने, असामान्य उदरका कारण लम्बोदरका नामबाट विख्यात, उत्तम गजाकारको मुखमण्डलले सुहाउनुभएका, भक्तमाथि कृपा एवं क्षमा गर्ने, भक्तहरूलाई यश र हर्ष प्रदान गर्ने, आफूलाई वन्दना गर्ने भक्तहरूको कल्याण गर्ने, सबैभन्दा चहकिला देवता श्रीगणेशलाई प्रणाम गर्दछु ।[९०]

यसरी श्रीगणेशमा लौकिक दृष्टि राखे पनि उनले श्रीगणेशको निर्गुण स्वरूपमा दृष्टिपात गर्दै भनेका छन् – सम्पूर्ण ज्ञानीहरू ओङ्काररूप एकाक्षर, निर्मल, निर्विकल्प, गुणातीत, आनन्दरूप, निराकार, परमपार ओङ्कारको रूपमा जसको आराधना गर्दछन्, ती प्रगल्भ पुराणरूप श्रीगणेशको स्तुति गर्दछु ।[९१]

श्रीगणेशको परम सार यही हो कि उहाँ ओङ्कारका व्यक्त रूप हुनुहुन्छ । माथि जे भनिएता पनि श्रीगणेश शङ्करचार्यका अनुयायीहरूका निमित्त निर्गुण ब्रह्मका रूप हुनुहुन्छ । शङ्कराचार्यद्वारा स्थापित पीठहरूमा श्रीगणेशपूजाको

---

८५. *पूर्ववत् ।*

८६. *नमस्ते ब्रह्मरूपाय विष्णुरूपाय ते नमः । नमस्ते रुद्ररूपाय करिरूपाय ते नमः ॥ – पूर्ववत्, पृ. ३६६ ।*

८७. *ध्येयं वदन्ति शिवमेव हि केचिदन्ये शक्तिं गणेशमपरे तु दिवाकरं वै ॥*
रूपैस्तु तैरपि विभासि यतस्त्वमेव तस्मात् त्वमेव शरणं मम शङ्खपाणे ॥ – डा. लक्ष्मीनरसिंह शास्त्री, 'शङ्कराचार्य परम्परा में गणेश', कल्याण, पूर्ववत्, पृ. ६० ।

८८. *आदित्यमम्बिकां विष्णुं गणनाथं महेश्वरम्। पञ्चयज्ञपरो नित्यं गृहस्थः पञ्च पूजयेत्॥ – पूर्ववत् ।*

८९. *शैवं च वैष्णवं शाक्तं सौरं वैनायकं तथा । स्कान्दश्च भक्तिमार्गस्य दर्शनानि षडेव हि ॥ – पूर्ववत्, पृ. ६१ ।*

९०. *समस्तलोकशङ्करं निरस्तदैत्यकुञ्जरं दरेतरोदरं वरं वरेभवक्त्रमक्षरम् ॥*
कृपाकरं क्षमाकरं मुदाकरं यशस्करं नमस्करं नमस्कृतां नमस्करोमि भास्वरम् ॥ – पूर्ववत्, पृ. ६२ ।

९१. *यमेकाक्षरं निर्मलं निर्विकल्पं गुणातीतमानन्दमाकारशून्यम् । परम्पारमोङ्कारमाम्नायगर्भं वदन्ति प्रगल्भं पुराणं तमीडे ॥ – पूर्ववत्, पृ. ६३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्परा रहिआएको छ । उच्छिष्टगणपतिसहस्रनाम स्तोत्रमा भनिएको छ – कामकोटिपीठमा विराजमान श्रीशङ्कराचार्यद्वारा पादुकासेवित श्रीगणेश, शृङ्गेरीपुरमा विराजमान सुरेशाचार्यद्वारा सम्पूजित श्रीगणेश, द्वारकापीठमा विराजमान पद्मपादाचार्यद्वारा चरणकमलमा सेवित श्रीगणेश र जगन्नाथपुरमा विराजमान तोटकाचार्यद्वारा सेवित ज्योतिष्पीठमा विराजमान श्रीगणेश हुनुहुन्छ ।[९२]

यसरी शङ्कराचार्यद्वारा स्थापित मठहरूमा श्रीगणेशको बाह्यपूजा आत्मसाक्षात्कारसाधनाको आवश्यक अङ्ग मानिएको तथ्य प्रमाणित हुन्छ । शङ्कराचार्यका अनुयायीहरूका निमित्त श्रीगणेश र अन्य देवतामा कुनै अन्तर छैन। साम्प्रदायिकता, धर्मान्धिता र तान्त्रिकताको आडमा गरिने अनाचारका लागि पनि त्यहाँ कुनै ठाउँ छैन । तिनीहरूका दृष्टिमा गणपति सगुण ईश्वर र निर्गुण ब्रह्म पनि हुनुहुन्छ । यसै तथ्यलाई प्रतीत गराउने राघवचैतन्यरचित **महागणपतिस्तोत्र**को मन्त्रात्मक पद्यमा भनिएको छ – 'विष्णु, शिव आदि तत्त्व जसका शरीर हुन्; जसले आफ्नो हुङ्कारबाट समस्त दैत्यसमूहलाई समाप्त पारिदिनुभएको छ; जसको दीप्ति अत्यन्त चमत्कृत छ; जसले आनन्दमय ज्ञानलहरीबाट समस्त वासनाका ऊर्मिहरूलाई विध्वस्त पार्नुभएको छ; जसको सम्मोहक र मनोहर तेज सर्वत्र व्याप्त भएर रहेको छ; ती परमात्मा वक्रतुण्ड गणेशलाई नमस्कार गर्दछु ।'[९३]

उक्त सबै तथ्यहरूको आधारमा शङ्कराचार्यपरम्परामा श्रीगणेश परिपूर्ण ब्रह्मका रूपमा सम्मानित हुनुहुन्छ भन्न सकिन्छ ।

ङ) जैनसिद्धान्त

महाभारतको सङ्कलन गरी लिपिबद्ध गर्ने श्रीगणेशको मान्यता सनातनधर्ममा रहेझैं जैनमतमा पनि ज्ञानको सङ्कलन गर्ने गणधर अर्थात् श्रीगणेशको मान्यता रहँदै आएको छ । सर्वज्ञता प्राप्त गरेका अरहन्त अर्थात् तीर्थङ्करहरूले दिने उपदेशका ग्राहक गणधर नै हुन्छन् । तिनले ज्ञानको सङ्कलन १२ अङ्ग र १४ पूर्वाहरूमा गर्दछन् । गणधरहरू मति, श्रुत, अवधि (परोक्षविषयको सीमित ज्ञान) र मनःपर्ययज्ञान (अरूको मन तुरुन्तै बुझ्न सक्ने ज्ञान) ले सम्पन्न हुन्छन् । तीर्थङ्करहरूले कसैलाई शिष्य बनाउने र उपदेश दिने काम गर्दैनन् । तीर्थङ्करहरूका साथ जुन साधुसङ्घ रहन्छ त्यसका नियामक गणधरहरू हुन्छन् । तीर्थङ्कर अनादिसिद्ध भएझैं गणधर पनि अनादिसिद्ध मानिन्छन् ।

वर्तमान कल्पका अन्तिम तीर्थङ्कर महावीर स्वामीलाई केवलज्ञान भयो । उहाँको दिव्यध्वनि (उपदेश) श्रवण गर्न दिव्य सभाभवनमा इन्द्र आदि देवता, मनुष्य, पशु एवं पक्षी बसिरहेका थिए । तर योग्यपात्रको अभावमा ६३ दिनसम्म भगवान्‌ले दिव्यध्वनिको उच्चारण गर्नुभएन । इन्द्रले रहस्य थाहा पाएर तत्कालीन महाविद्वान् र ५०० शिष्यहरूद्वारा घेरिएका इन्द्रभूति गौतमलाई महावीरसँग शास्त्रार्थ गर्न निमन्त्रणा गरे । दिव्य सभाभवनबाहिर रहेको मानस्तम्भको दर्शनपछि गौतमको गर्व गलित भयो र ती विनयशील भए । त्यसपछि ती दिव्य सभाभवन (समवशरण) मा प्रविष्ट भए । गौतमको प्रवेशसाथ महावीरको दिव्य–ध्वनि फैलिन थाल्यो । त्यसबाट गौतमको शङ्का समाधान भयो र गर्व गलित भयो । निर्मल भावोदयका कारण इन्द्रभूति गौतम बुद्धि, औषध, अक्षय, ऊर्ज, रस, तप र विक्रिया नामक सात प्रकारका शक्ति, मति, श्रुत, अवधि एवं मनःपर्ययज्ञान गराउने ज्ञानका धारक भए । त्यस कारण ती

---

९२. कामकोटिपीठवासः शङ्करार्चितपादुकः । ऋष्यशृङ्गपुरस्थः स सुरेशार्चितवैभवः ॥
द्वारकापीठसम्बद्धः पद्मपादार्चिताङ्घ्रिकः । जगन्नाथपुरस्थस्तु तोटकाचार्यसेवितः ॥
ज्योतिर्मण्डलमध्यस्थो हस्तामलकपूजितः ॥ – पूर्ववत्, पृ. ६१ ।

९३. इत्थं विष्णुशिवादितत्त्वतनवे श्रीवक्रतुण्डाय हुङ्काराक्षिप्तसमस्तदैत्यपृतनाव्राताय दीप्तत्विषे ।
आनन्दैकरसावबोधलहरीविध्वस्तसर्वोर्मये सर्वत्र प्रथमानमुग्धमहसे तस्मै परस्मै नमः ॥ – एस. नर्सिंह शास्त्री, 'शङ्कराचार्य परम्परा में श्रीगणेश', कल्याण, पूर्ववत्, पृ. ६२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महावीर स्वामीका मुख्य गणधरका पदमा नियुक्त भए । तिनले त्यसै दिन एक मुहूर्त्तमा नै १२ अङ्ग र १४ पूर्वाहरूको सङ्कलन गरे । जैनमतमा यिनै इन्द्रभूति गौतम गणधरलाई गणेश भनिन्छ । सबै तीर्थङ्करहरूद्वारा पूजित महावीर स्वामीको दिव्य-ध्वनि ओङ्काररूप निरक्षरात्मक भएता पनि सर्वभाषामय थियो अर्थात् त्यो मनुष्य, पक्षी, पशु आदि श्रोताहरूको कर्णकुहरमा पुगे पछि तिनकै भाषाको रूपमा परिणत हुन्थ्यो । त्यस दिव्य-ध्वनिमा समस्त विश्वका सम्पूर्ण पदार्थ र विषयहरूको शाब्दिक ज्ञान-विज्ञान सबै विद्या र कला प्रकट हुन्थे । तसर्थ गणधरद्वारा सङ्कलित शास्त्र पनि सबै विषय, पदार्थ, विद्या र कलाहरूको शाब्दिक ज्ञान एवं विज्ञानरूप थिए ।

यद्यपि सर्वत्र तीर्थङ्करहरूको सम्पूर्ण ज्ञानको अत्यल्प अंशमात्र दिव्य-ध्वनिद्वारा प्रकट हुन्थ्यो तापनि त्यो प्रकटित शाब्दिक ज्ञान पनि ज्ञान-विज्ञानको महासागरसमान थियो । यसबाट पनि गणेशरूप गणधरको अनन्तज्ञान प्रमाणित हुन्छ । जैनधर्म भारतीयोपमहाद्वीपको प्राचीन धर्म हो । यसका श्वेताम्बर र दिगम्बर गरी दुई समुदाय प्रसिद्ध छन् । माथि चर्चा गरिएको विषय श्वेताम्बर समुदायको हो । दिगम्बर सम्प्रदायको साहित्य, परम्परा, संस्कृति र धर्ममा गणेशसम्बन्धी सामग्री पाइँदैन ।[९४]

जैन सम्प्रदायमा विवाहकालमा विनायकयन्त्रको पूजा गर्ने प्रचलन छ । त्यस-बेला पढिने श्लोकहरूमध्ये दुई श्लोकको तात्पर्यार्थ यस्तो छ – 'हे गणधर ! तपाईं नै गण र मुनिगणका अधीश्वर हुनुहुन्छ । जसले गणेशनामबाट तपाईंको स्तुति गर्दछन्, ती आयतश्रेयस (विस्तृत कल्याण)का अधिकारी हुन्छन् र अनेक विघ्नहरूको शमन गर्न समर्थ हुन्छन् अर्थात् विघ्नशान्ति तिनको सामान्य कौतुकको विषय बन्दछ । तपाईं मेरा विनायक हुनुहुन्छ, तपाईंको भाव प्रत्यक्ष योगबाट अवरुद्ध हुँदैन । अतः तपाईंको नाम लिनाले मात्र विघ्नरूप शत्रु पराजित हुन्छन् भने यसमा विस्मय गर्नुपर्ने कुनै कुरा छैन ।'[९५] यसरी जैनसिद्धान्तमा भगवान् गणेशको स्मरण, आराधना र उपासना प्रचलित रहेको तथ्य प्रमाणित हुन्छ ।

च) बौद्धसिद्धान्त

बौद्ध धर्म, संस्कृति र साधनाबाट विश्वको ठूलो भाग प्रभावित छ । शील, समाधि र प्रज्ञा यी तीन विशेषताका कारण बौद्धहरू जहाँ जहाँ गए त्यहाँको समाजलाई तिनीहरूले सहजतापूर्वक प्रभावित गरे । बौद्धहरूले जहाँ गए पनि र जहाँ रहे पनि त्यस जाति र राष्ट्रमा प्रचलित देवी-देवताहरूको अनादर र विरोध नगरी तिनलाई पनि आफ्नो धर्मको अङ्गका रूपमा स्वीकार गरे । भारतवर्षमा प्रचलित श्रीगणेश, इन्द्र, ब्रह्मा, सनत्कुमार, प्रजापति, सूर्य, चन्द्रमा, वरुण, लक्ष्मी, श्रद्धा, आशा, चतुर्महाराजिकदेव, यक्ष, नाग, वृक्ष, गन्धर्व, गरुड, वृषभ, कुबेर आदि देवी-देवता र ती समानका विषयलाई त्यसैरूपमा अङ्गीकार गरी पूजा र आराधना गरे । रूपलाई राष्ट्रिय र विचारलाई बौद्ध राख्ने कलाका कारण बौद्धधर्म संसारमा लोकप्रिय भयो।

सनातन धर्मको देववाद ज्यादै प्रसिद्ध छ । देवताहरूको लामो सूचीमा श्रीगणेशको विशिष्ट स्थान रहेको छ। सनातन-धर्मका अनुयायीहरू प्रत्येक कार्यलाई **श्रीगणेशाय नमः** भनेर प्रारम्भ गर्दछन् । बौद्ध धर्मको महायान सम्प्रदायका वज्रयान शाखाका साधकहरूले पनि त्यसरी नै साधना र सिद्धिका लागि श्रीगणेशलाई सहयोगी देवताको रूपमा स्वीकार गरी आराधना गर्ने परम्परा बसाएको पाइन्छ ।

---

९४. *ताराचन्द पाण्ड्या, 'जैनमत में गणेशका स्वरूप', कल्याण, पूर्ववत्, पृ. ३७४ ।*

९५. *गणानां मुनीनामधीशस्त्वमेव गणेशाख्यया ये भवन्तं स्तुवन्ति । सदाविघ्नसन्दोहशान्तिर्जनानां करे संलुठत्वायतश्रेयसानाम् ।।*
यतस्त्वमेवासि विनायको मे दृष्टेष्टयोगानलरुद्धभावः । त्वन्नाममात्रेण पराभवन्ति विघ्नारयस्तर्हि किमत्र चित्रम् ।।
– भवरलाल नाहटा, श्वेताम्बर जैन कवियों द्वारा श्रीगणेशका स्मरण, कल्याण, पूर्ववत्, पृ. ३७२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्परा रहिआएको छ । उच्छिष्टगणपतिसहस्रनाम स्तोत्रमा भनिएको छ – कामकोटिपीठमा विराजमान श्रीशङ्कराचार्यद्वारा पादुकासेवित श्रीगणेश, शृङ्गेरीपुरमा विराजमान सुरेशाचार्यद्वारा सम्पूजित श्रीगणेश, द्वारकापीठमा विराजमान पद्मपादाचार्यद्वारा चरणकमलमा सेवित श्रीगणेश र जगन्नाथपुरमा विराजमान तोटकाचार्यद्वारा सेवित ज्योतिष्पीठमा विराजमान श्रीगणेश हुनुहुन्छ ।[१२]

यसरी शङ्कराचार्यद्वारा स्थापित मठहरूमा श्रीगणेशको बाह्यपूजा आत्मसाक्षात्कारसाधनाको आवश्यक अङ्ग मानिएको तथ्य प्रमाणित हुन्छ । शङ्कराचार्यका अनुयायीहरूका निमित्त श्रीगणेश र अन्य देवतामा कुनै अन्तर छैन। साम्प्रदायिकता, धर्मान्धता र तान्त्रिकताको आडमा गरिने अनाचारका लागि पनि त्यहाँ कुनै ठाउँ छैन । तिनीहरूका दृष्टिमा गणपति सगुण ईश्वर र निर्गुण ब्रह्म पनि हुनुहुन्छ । यसै तथ्यलाई प्रतीत गराउने राघवचैतन्यरचित **महागणपतिस्तोत्र**को मन्त्रात्मक पद्यमा भनिएको छ – 'विष्णु, शिव आदि तत्त्व जसका शरीर हुन्; जसले आफ्नो हुङ्कारबाट समस्त दैत्यसमूहलाई समाप्त पारिदिनुभएको छ; जसको दीप्ति अत्यन्त चमत्कृत छ; जसले आनन्दमय ज्ञानलहरीबाट समस्त वासनाका ऊर्मिहरूलाई विध्वस्त पार्नुभएको छ; जसको सम्मोहक र मनोहर तेज सर्वत्र व्याप्त भएर रहेको छ; ती परमात्मा वक्रतुण्ड गणेशलाई नमस्कार गर्दछु ।'[१३]

उक्त सबै तथ्यहरूको आधारमा शङ्कराचार्यपरम्परामा श्रीगणेश परिपूर्ण ब्रह्मका रूपमा सम्मानित हुनुहुन्छ भन्न सकिन्छ ।

ङ) जैनसिद्धान्त

महाभारतको सङ्कलन गरी लिपिबद्ध गर्ने श्रीगणेशको मान्यता सनातनधर्ममा रहेझैं जैनमतमा पनि ज्ञानको सङ्कलन गर्ने गणधर अर्थात् श्रीगणेशको मान्यता रहँदै आएको छ । सर्वज्ञता प्राप्त गरेका अरहन्त अर्थात् तीर्थङ्करहरूले दिने उपदेशका ग्राहक गणधर नै हुन्छन् । तिनले ज्ञानको सङ्कलन १२ अङ्ग र १४ पूर्वाहरूमा गर्दछन् । गणधरहरू मति, श्रुत, अवधि (परोक्षविषयको सीमित ज्ञान) र मनःपर्ययज्ञान (अरूको मन तुरुन्तै बुझ्न सक्ने ज्ञान) ले सम्पन्न हुन्छन् । तीर्थङ्करहरूले कसैलाई शिष्य बनाउने र उपदेश दिने काम गर्दैनन् । तीर्थङ्करहरूका साथ जुन साधुसङ्घ रहन्छ त्यसका नियामक गणधरहरू हुन्छन् । तीर्थङ्कर अनादिसिद्ध भएझैं गणधर पनि अनादिसिद्ध मानिन्छन् ।

वर्तमान कल्पका अन्तिम तीर्थङ्कर महावीर स्वामीलाई केवलज्ञान भयो । उहाँको दिव्यध्वनि (उपदेश) श्रवण गर्न दिव्य सभाभवनमा इन्द्र आदि देवता, मनुष्य, पशु एवं पक्षी बसिरहेका थिए । तर योग्यपात्रको अभावमा ६३ दिनसम्म भगवान्‌ले दिव्यध्वनिको उच्चारण गर्नुभएन । इन्द्रले रहस्य थाहा पाएर तत्कालीन महाविद्वान् र ५०० शिष्यहरूद्वारा घेरिएका इन्द्रभूति गौतमलाई महावीरसँग शास्त्रार्थ गर्न निमन्त्रणा गरे । दिव्य सभाभवनबाहिर रहेको मानस्तम्भको दर्शनपछि गौतमको गर्व गलित भयो र ती विनयशील भए । त्यसपछि ती दिव्य सभाभवन (समवशरण) मा प्रविष्ट भए । गौतमको प्रवेशसाथ महावीरको दिव्य-ध्वनि फैलिन थाल्यो । त्यसबाट गौतमको शङ्का समाधान भयो र गर्व गलित भयो । निर्मल भावोदयका कारण इन्द्रभूति गौतम बुद्धि, औषध, अक्षय, ऊर्ज, रस, तप र विक्रिया नामक सात प्रकारका शक्ति, मति, श्रुत, अवधि एवं मनःपर्ययज्ञान गराउने ज्ञानका धारक भए । त्यस कारण ती

१२. कामकोटिपीठवासः शङ्करार्चितपादुकः । ऋष्यशृङ्गपुरस्थः स सुरेशार्चितवैभवः ॥
द्वारकापीठसम्बद्धः पद्मपादार्चिताङ्घ्रिकः । जगन्नाथपुरस्थस्तु तोटकाचार्यसेवितः ॥
ज्योतिर्मण्डलमध्यस्थो हस्तामलकपूजितः ॥ – पूर्ववत्, पृ. ६१ ।

१३. इत्थं विष्णुशिवादितत्त्वतनवे श्रीवक्रतुण्डाय हुङ्काराक्षिप्तसमस्तदैत्यपृतनाव्राताय दीप्तत्विषे । आनन्दैकरसावबोधलहरीविध्वस्तसर्वोर्मये सर्वत्र प्रथमानमुग्धमहसे तस्मै परस्मै नमः ॥ – एस. नर्सिंह शास्त्री, 'शङ्कराचार्य परम्परा में श्रीगणेश', कल्याण, पूर्ववत्, पृ. ६२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महावीर स्वामीका मुख्य गणधरका पदमा नियुक्त भए । तिनले त्यसै दिन एक मुहूर्त्तमा नै १२ अङ्ग र १४ पूर्वाहरूको सङ्कलन गरे । जैनमतमा यिनै इन्द्रभूति गौतम गणधरलाई गणेश भनिन्छ । सबै तीर्थङ्करहरूद्वारा पूजित महावीर स्वामीको दिव्य-ध्वनि ओङ्काररूप निरक्षरात्मक भएता पनि सर्वभाषामय थियो अर्थात् त्यो मनुष्य, पक्षी, पशु आदि श्रोताहरूको कर्णकुहरमा पुगे पछि तिनकै भाषाको रूपमा परिणत हुन्थ्यो । त्यस दिव्य-ध्वनिमा समस्त विश्वका सम्पूर्ण पदार्थ र विषयहरूको शाब्दिक ज्ञान-विज्ञान सबै विद्या र कला प्रकट हुन्थे । तसर्थ गणधरद्वारा सङ्कलित शास्त्र पनि सबै विषय, पदार्थ, विद्या र कलाहरूको शाब्दिक ज्ञान एवं विज्ञानरूप थिए ।

यद्यपि सर्वत्र तीर्थङ्करहरूको सम्पूर्ण ज्ञानको अत्यल्प अंशमात्र दिव्य-ध्वनिद्वारा प्रकट हुन्थ्यो तापनि त्यो प्रकटित शाब्दिक ज्ञान पनि ज्ञान-विज्ञानको महासागरसमान थियो । यसबाट पनि गणेशरूप गणधरको अनन्तज्ञान प्रमाणित हुन्छ । जैनधर्म भारतीयोपमहाद्वीपको प्राचीन धर्म हो । यसका श्वेताम्बर र दिगम्बर गरी दुई समुदाय प्रसिद्ध छन् । माथि चर्चा गरिएको विषय श्वेताम्बर समुदायको हो । दिगम्बर सम्प्रदायको साहित्य, परम्परा, संस्कृति र धर्ममा गणेशसम्बन्धी सामग्री पाइँदैन ।[१४]

जैन सम्प्रदायमा विवाहकालमा विनायकयन्त्रको पूजा गर्ने प्रचलन छ । त्यस-बेला पढिने श्लोकहरूमध्ये दुई श्लोकको तात्पर्यार्थ यस्तो छ – 'हे गणधर ! तपाईं नै गण र मुनिगणका अधीश्वर हुनुहुन्छ । जसले गणेशनामबाट तपाईंको स्तुति गर्दछन्, ती आयतस्रेयस (विस्तृत कल्याण)का अधिकारी हुन्छन् र अनेक विघ्नहरूको शमन गर्न समर्थ हुन्छन् अर्थात् विघ्नशान्ति तिनको सामान्य कौतुकको विषय बन्दछ । तपाईं मेरा विनायक हुनुहुन्छ, तपाईंको भाव प्रत्यक्ष योगबाट अवरुद्ध हुँदैन । अतः तपाईंको नाम लिनाले मात्र विघ्नरूप शत्रु पराजित हुन्छन् भने यसमा विस्मय गर्नुपर्ने कुनै कुरा छैन ।'[१५] यसरी जैनसिद्धान्तमा भगवान् गणेशको स्मरण, आराधना र उपासना प्रचलित रहेको तथ्य प्रमाणित हुन्छ ।

च) बौद्धसिद्धान्त

बौद्ध धर्म, संस्कृति र साधनाबाट विश्वको ठूलो भाग प्रभावित छ । शील, समाधि र प्रज्ञा यी तीन विशेषताका कारण बौद्धहरू जहाँ जहाँ गए त्यहाँको समाजलाई तिनीहरूले सहजतापूर्वक प्रभावित गरे । बौद्धहरूले जहाँ गए पनि र जहाँ रहे पनि त्यस जाति र राष्ट्रमा प्रचलित देवी-देवताहरूको अनादर र विरोध नगरी तिनलाई पनि आफ्नो धर्मको अङ्गका रूपमा स्वीकार गरे । भारतवर्षमा प्रचलित श्रीगणेश, इन्द्र, ब्रह्मा, सनत्कुमार, प्रजापति, सूर्य, चन्द्रमा, वरुण, लक्ष्मी, श्रद्धा, आशा, चतुर्महाराजिकदेव, यक्ष, नाग, वृक्ष, गन्धर्व, गरुड, वृषभ, कुबेर आदि देवी-देवता र ती समानका विषयलाई त्यसैरूपमा अङ्गीकार गरी पूजा र आराधना गरे । रूपलाई राष्ट्रिय र विचारलाई बौद्ध राख्ने कलाका कारण बौद्धधर्म संसारमा लोकप्रिय भयो।

सनातन धर्मको देववाद ज्यादै प्रसिद्ध छ । देवताहरूको लामो सूचीमा श्रीगणेशको विशिष्ट स्थान रहेको छ। सनातन-धर्मका अनुयायीहरू प्रत्येक कार्यलाई **श्रीगणेशाय नमः** भनेर प्रारम्भ गर्दछन् । बौद्ध धर्मको महायान सम्प्रदायका वज्रयान शाखाका साधकहरूले पनि त्यसरी नै साधना र सिद्धिका लागि श्रीगणेशलाई सहयोगी देवताको रूपमा स्वीकार गरी आराधना गर्ने परम्परा बसाएको पाइन्छ ।

---

१४. *ताराचन्द पाण्ड्या, 'जैनमत में गणेशका स्वरूप', कल्याण, पूर्ववत्, पृ. ३७४ ।*

१५. *गणानां मुनीनामधीशस्त्वमेव गणेशाख्यया ये भवन्तं स्तुवन्ति । सदाविघ्नसन्दोहशान्तिर्जनानां करे संलुठत्वायतश्रेयसानाम् ॥*
यतस्त्वमेवासि विनायको मे दृष्टेष्टयोगानलरुद्धभावः । त्वन्नाममात्रेण पराभवन्ति विघ्नारयस्तर्हि किमत्र चित्रम् ॥
– भवरलाल नाहटा, श्वेताम्बर जैन कवियों द्वारा श्रीगणेशका स्मरण, कल्याण, पूर्ववत्, पृ. ३७२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणपतिहृदय नेपाली बौद्धसाहित्यको प्रमुख ग्रन्थ हो । यस ग्रन्थरत्नमा प्रस्तुत **गणपतिवन्दनालाई** अध्ययन गरेपछि बौद्धमतमा र बौद्धसाहित्यमा श्रीगणेशपूजाको विशिष्ट स्थान रहेको तथ्य ज्ञात गर्न सकिन्छ। **गणपतिहृदयअनुसार** तथागतबुद्धले राजगृहमा विहार गर्नुहुँदा आफ्ना शिष्य आनन्दलाई भन्नुभयो – हे आनन्द ! जसले गणपतिहृदयको श्रद्धापूर्वक अध्ययन गर्दछ र सुन्दछ, त्यसका सबै इच्छा पूरा हुन्छन् । गणपतिहृदयका प्रत्येक मन्त्र **ॐ नमोऽस्तु ते गणेशाय, गणपतये स्वाहा, ॐ गणपतये स्वाहा,** आदि मन्त्रहरूबाट आरम्भ गरिएका छन् ।

गणपतिहृदयका प्रारम्भिक पङ्क्ति यसप्रकार छन् – **'ॐ नमो भगवते आर्यगणपतिहृदयाय, ॐ नमो रत्नत्रयाय, एवं मयाश्रुतमेकस्मिन् समये राजगृहे विहरति स्म गृद्धकूटपर्वते, महता भिक्षुसङ्घेन सार्द्धम् । त्रयोदशयभिक्षुशतैश्च सम्बहुलैश्च बोधिसत्त्वो महासत्त्वः। तेन खलु पुनः समये भगवान् आयुष्मान् आनन्दमामन्त्रयते स्म । यः कश्चित् कुलपुत्र आनन्द ! इमानि गणपतिहृदयानि धारयिष्यति वाचयिष्यति पर्यवाप्स्यति प्रवर्तयिष्यति, तस्य सर्वाणि कार्याणि सिद्धानि भविष्यन्ति । तद् यथा - ॐ नमोऽस्तु ते गणेशाय, गणपतये स्वाहा ।'**

बौद्धधर्मको वज्रयान-शाखाका बौद्धहरूले श्रीगणेशको स्तुतिविना कुनै पनि मन्त्र सिद्ध नहुने कुरामा विश्वास गर्दछन् । नेपाल र तिब्बतका बौद्ध धर्मावलम्बीहरूका घर-घरमा तथागतका मूर्तिका साथ श्रीगणेशका मूर्ति पनि राखिएका हुन्छन् । यी बौद्धहरूले श्रीगणेशको पूजा विघ्नको नाश र ऐश्वर्यको प्राप्तिका लागि गर्दछन् ।

नेपाल, भारत, बर्मा, थाइल्याण्ड, चीन, जावा, तिब्बत, अफगानिस्तान, मध्य एशिया, श्याम, कम्बोडिया, तुर्किस्तान, मङ्गोलिया, बोर्नियो, बालीद्वीप, जापान, इण्डोनेशिया, भियतनाम आदि तमाम बौद्धधर्मबाट प्रभावित देशहरूका साहित्य र साधनामा श्रीगणेशपूजाको विशेष स्थान रहेको छ । उक्त राष्ट्रहरूमा प्राप्त पुरातात्त्विक सामग्रीले पनि त्यहाँ रहेको श्रीगणेश पूजाको प्राचीन परम्परालाई प्रमाणित गर्दछन् । वास्तवमा श्रीगणेशपूजाको परम्परा बौद्धसम्प्रदायको माध्यमबाट विश्वका अनेक देशहरूमा व्याप्त भएको छ । महायान बौद्ध सम्प्रदायमा श्रीगणेशपूजन संस्कार र संस्कृतिको अङ्ग बनेर रहेको छ ।[१६]

१६. *अक्षयवरमणि त्रिपाठी, 'बौद्धधर्म साहित्य एवं संस्कृति में श्रीगणेश' कल्याण, पूर्ववत्, पृ. ३७५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद - छ

नेपाली जनजीवनमा श्रीगणेश

६.१ नेपालीहरूका आराध्य देवता श्रीगणेश

नेपाल भगवान् श्रीगणेशको क्रीडाभूमि र श्रीगणेशभक्तहरूको साधनाभूमि पनि हो । नेपालका घरघरमा गरिने पाञ्चायन देवताको आराधनाअन्तर्गत श्रीगणेशको पूजन, माङ्गलिक एवं धार्मिक अवसरमा विघ्ननिवारणका लागि गरिने श्रीगणेशको प्रथम पूजा, परब्रह्मरूप श्रीगणेशको प्रीतिका लागि गरिने श्रीगणेशपुराण यज्ञ, विभिन्न कामनासिद्धिका लागि गरिने श्रीगणेशव्रत, श्रीगणेशमन्त्रको जपानुष्ठान र वैदिक एवं तान्त्रिकविधिबाट मूर्ति प्रतिष्ठा गरी गरिने श्रीगणेशको उपासनाका कारण गौरीशंकरको विहारभूमि नेपाल परब्रह्मरूप गौरीनन्दन श्रीगणेशको लीलाभूमिका रूपमा पनि यशस्वी बनेको छ ।

काठमाडौं उपत्यकाका चार एवं आठ विनायकका मन्दिर एवं अन्य प्रसिद्ध श्रीगणेशमन्दिर, श्रीगणेशपीठ, नेपाल अधिराज्यका प्रत्येक जिल्लामा रहेका श्रीगणेशका प्राचीन एवं अर्वाचीन मन्दिर, श्रीगणेशमूर्ति एवं श्रीगणेशतीर्थहरूका कारण नेपाल श्रीगणेशको आराधनाका लागि अत्यन्त उपयोगी पवित्रभूमिका रूपमा पनि गौरवशाली बनेको छ ।

नेपाल राष्ट्रका विभिन्न भागमा रहेका श्रीगणेशमूर्ति, श्रीगणेशमन्दिर एवं श्रीगणेशतीर्थ र काठमाडौं, पाटन एवं भक्तपुरका स्थानीय श्रीगणेशमन्दिर एवं मूर्ति, श्रीगणेशमा अपरिमित आस्थाको उद्रेकका कारण हिमशृङ्गलाई नै श्रीगणेशको आकार मानी श्रीगणेशहिमालका रूपमा सम्मान गर्ने जनताको मनोवृत्तिजस्ता विशेषताका कारण नेपाल श्रीगणेशको उपासना गर्ने पवित्र एवं संस्कारधायक क्षेत्रका रूपमा परिचित छ । विनायकका असंख्य स्थानीय मूर्तिहरूका कारण विनायकपुरीका रूपमा विख्यात बनेपा, विभिन्न स्थानमा रहेका श्रीगणेशकुण्ड, श्रीगणेशगुफा, श्रीगणेशपीठ एवं श्रीगणेशतीर्थहरूको उपस्थिति, गणेशखोला, गणेश गाविस, गणेशपुर, विनायकपुरजस्ता नामहरूलाई आत्मसात् गरी प्रसिद्ध भएका गाउँ वा नगरक्षेत्र, श्रीगणेशसँग सम्बन्धित संस्था एवं व्यक्तिहरूका नामले समेत नेपाल र श्रीगणेशको आत्मीय सम्बन्ध प्रकट गर्दै नेपाललाई श्रीगणेशमय तुल्याएका छन्।

६.२ नेपालमा श्रीगणेश-आराधनाको ऐतिहासिक पर्यवेक्षण

संस्कृति, साधना र कलाका माध्यमले श्रीगणेशलाई आत्मैदेखि पछ्याउने वर्तमान नेपाली समाजको श्रीगणेशप्रतिको परिपक्व आस्था, भक्ति, श्रद्धा र सम्मान हुनुको कारण ऐतिहासिककालदेखि नै गरिँदै आएको श्रीगणेशको उपासना नै हो।

लिच्छविकाल नेपालको स्वर्णयुग हो । यो युगभन्दा पहिलेको किरात शासनकालको सामाजिक, सांस्कृति, धार्मिक र राजनीतिक चित्र त्यति स्पष्ट छैन । लिच्छविकाल (वि.सं. ५२१-७९० सम्म) भाषा, साहित्य, धर्म, दर्शन, कला एवं राजनीतिका दृष्टिबाट ज्यादै माथि उठेको समृद्ध समय हो भन्ने कुरा लिच्छविकालका उच्चस्तरीय शिलालेखहरूबाट प्रमाणित हुन्छ । लिच्छविकालका शिलालेखहरूमा अधिक मात्रामा श्रीगणेशसम्बन्धी चर्चा नपाइएकाले त्यति बेला नेपाली समाज श्रीगणेशसँग अपरिचित थियो कसैले भन्न सक्छ । तर, त्यसो होइन । नेपालमा लिच्छविवंशका राजाहरूको शासन चलिरहँदा भारतमा गुप्तवंशी राजाहरू शासन गरिरहेका थिए । भौगोलिक निकटता र धार्मिक एवं सांस्कृतिक समानताका कारण भारत र नेपालको सुमधुर सम्बन्ध थियो । वैवाहिक आदान-प्रदान हुन्थे । गुप्तहरू वैष्णवधर्मका अनुयायी भए तापनि श्रीगणेशका पनि भक्त थिए । त्यस बेला भारतमा श्रीगणेशमन्दिर र श्रीगणेशमूर्तिहरूको प्रतिष्ठा भएझैं नेपालमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशमन्दिर र श्रीगणेशमूर्तिको निर्माण एवं प्रतिष्ठा अवश्य गरिएको हुनुपर्छ । वि.सं. ६१७ मा स्थापित छवटा अभिलेखमा गणदेवनामक राजाको उल्लेख गरिएको छ । यसबाट तत्कालीन समाजको नामकरण संस्कारमा गणहरूका देवता श्रीगणेशको प्रभाव परेको बुझिन्छ ।

यसैगरी वि.सं. ९२४ को हस्तलिखित ग्रन्थ सहोत्तरतन्त्रमा गणदेवकुलको उल्लेख गरिएको छ । देवकुलको अर्थ मन्दिर हुन्छ । यसबाट शिवगणका रूपमा श्रीगणेशलाई प्रधानता दिने चलन लिच्छविकालमा रहेको कुरा सिद्ध हुन्छ ।[१] उत्तर लिच्छविकालमा निर्मित उमामहेश्वरका मूर्तिहरूको मुन्तिर शिवगणका रूपमा नन्दी, भृङ्गी, वीरभद्र र श्रीगणेशलाई देखाइएको पाइन्छ । उमामहेश्वर मूर्तिफलकमा देखाइने श्रीगणेशमूर्तिहरू नृत्यमुद्रामा र आसनमुद्रामा रहेका छन् । लिच्छविकालका त्यस्ता मूर्तिहरू चतुर्भुज, सरल र मुकुटरहित छन् । ती मूर्तिहरूको घाँटीमा रत्नमाला र पेटमा यज्ञोपवीतका रूपमा सर्पहरू रहेका छन् । तिनीहरूको घाँटीदेखि घुँडासम्म अथवा पाउसम्म दुई खुट्टाको बीचबाट धोती लत्रेको देखाइएको छ । चार हातमा क्रमशः परशु, अक्षमाला, मूला र लड्डु रहेका हुन्छन् । यस्ता मूर्तिहरू काठमाडौं उपत्यकामा छ्यापछ्याप्ती पाइन्छन्। उमामहेश्वर–मूर्तिफलकबाहेक कार्तिकेय–मूर्तिफलकमा पनि त्यस्ता मूर्ति पाइन्छन् । काठमाडौं उपत्यकामा छरिएर रहेका श्रीगणेशमूर्तिहरूमा अभिलेखसमेत भेटिएका भए धेरै कुरा खुल्ने थियो । धेरै मूर्तिहरूको अभिलेख नपाइएता पनि मूर्तिका विशेषताहरूबाट काल निर्णय गर्न भने गाह्रो छैन । काठमाडौंमा व्यापक रूपमा पाइने श्रीगणेशमूर्तिहरूबाट लिच्छविकाल, मल्लकाल र शाहकालमा समेत नेपालमा श्रीगणेश–उपासना गरिँदैआएको वास्तविकता प्रकट हुन्छ । लिच्छविकालका अभिलेखहरूको आरम्भमा ओङ्कार राखिनु र श्रीगणेशलाई उपनिषद्हरूमा ओङ्काररूप मानिनुले पनि नेपालमा श्रीगणेश आराधना प्राचीनकालदेखि नै हुँदै आएको स्पष्ट हुन्छ ।

विष्णु, शिव, सूर्य र देवीका स्वतन्त्र मूर्तिजस्तै श्रीगणेशका पनि स्वतन्त्र मूर्तिहरू पाइने हुनाले लिच्छविकालमा श्रीगणेशको राम्ररी महत्त्वबोध गरिएको पुष्टि हुन्छ । लिच्छविकालको एक्लो श्रीगणेशमूर्ति देवपाटनको पिङ्गलास्थानमा रहेको छ । अर्धपर्यङ्कासनमुद्रामा अवस्थित यो द्विभुज मूर्ति मुकुटरहित र सादा छ । कालो ढुङ्गामा बनेको यो मूर्ति उमामहेश्वरफलकमा भेटिने श्रीगणेशमूर्तिकै शैलीमा कुँदिएको छ । पाँचौं शताब्दीतिरका हुनसक्ने द्विभुज, गजानन, सर्पयज्ञोपवीतधारी लम्बोदर श्रीगणेशमूर्तिहरू उपत्यकाका देवपाटन, साँखुबजार, पाटनढोका, धोबीचौर, धुम्बाराही, टङ्गाल आदि स्थानमा रहेका छन् । चाँगुनारायणस्थानमा सातौं शताब्दीतिर लिच्छविलिपिमा लेखिएको श्रीगणेशमूर्तिसमेतको अभिलेख प्राप्त भएको छ । त्यस मूर्तिका स्थापक प्राणधर शर्मा भनी उल्लेख गरिएको छ । यसैताका काठमाडौं यङ्गाल मजिमपाटमा समेत श्रीगणेशमूर्ति स्थापना गरिएका प्रमाण भेटिएका छन् ।[२]

फर्पिङका गोरे श्रीगणेश, पाटनका पिलाँछे श्रीगणेश र पशुपतिबाहिर पश्चिम ढोकामा रहेका श्रीगणेश पनि लिच्छविकालको उत्तरार्धमा स्थापित श्रीगणेश हुन् । हाँडीगाउँ टङ्गाल दरबारनेर उत्तर लिच्छविकालको विशाल श्रीगणेशमूर्ति रहेको छ । राजा शिवदेवले गजकर्णक श्रीगणेशको पत्ता लगाई जगाएको तथ्य पनि जानकारीमा आएको छ ।[३] पाटन गँचाननीको शिवपरिवार मूर्तिको तल्लो भागमा श्रीगणेशको आकृति कुँदिएको छ । ने.सं. १३२ अर्थात् ई. १०१२ मितिमा त्यहाँ थापिएको अभिलेखमा शिवपरिवारगण र श्रीगणेशको स्तुति गरिएको छ ।[४]

पशुपतिको बाहिरी मूल ढोकानेर नृत्यमुद्रामा रहेको श्रीगणेशमूर्तिलाई नवौं वा दसौं शताब्दीको मानिएको छ ।

१. डा. गोविन्द टन्डन, *काठमाडौं अधित्यकाका गणेशमूर्तिहरू*, एसियाली अध्ययन संस्था, कीर्तिपुर, २०४२, पृ. ३७ ।
२. डा. जगदीशचन्द्र रेग्मी, 'श्रीगणेश नेपालको धार्मिकपरम्परामा', अप्रकाशित शोधनिबन्ध ।
३. पूर्ववत् ।
४. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुमडी भद्रकालीस्थानमा रहेको भव्य श्रीगणेशमूर्तिलाई पनि उक्त समयकै मानिन्छ ।[५]

लिच्छविकालदेखि नै प्रख्यात श्रीगणेश मल्लकालमा झन् प्रसिद्ध भए । मध्यकालकाजस्ता देखिने श्रीगणेशमूर्तिहरू उपत्यकामा धेरै पाइन्छन् । तर, तीमध्ये अनेक मूर्तिहरूको अभिलेख नभेटिएकाले कसले कसरी कुन उद्देश्यले कतिबेला ती मूर्तिहरूको स्थापना गरे भन्न सजिलो छैन । जयस्थिति मल्लले कुम्भेश्वर मन्दिरनेरको तलाउ सफा गर्दा प्राप्त गरेका देवताका मूर्तिहरूमा श्रीगणेशको मूर्ति पनि थियो । पछि उनले ती सबै मूर्तिहरूको स्थापना गरेका थिए ।[६] राजा जयस्थिति मल्लको पालामा असन र ज्याठाटोलको बीचमा रहेको त्यौडमा श्रीगणेशमूर्ति स्थापना गरिएको कुरा वंशावलीमा उल्लेख गरिएको छ ।[७]

मध्यकालीन नेपालको साहित्यिक स्रोतको अनुशीलन गर्दा ई. १३३९ मा विनायकस्तवराजनामक स्तोत्रग्रन्थको पाण्डुलिपि तयार गरिएको तथ्य अवगत हुन्छ ।[८] पाटन विक्रमबहिलको ने.सं. ५३६ अर्थात् ई. १४१६ को अभिलेखमा श्री श्री श्री यंदुविनायक देवको स्थापना गरिएको अभिलेख रहेको छ । श्रीगणेशको स्तुतिसमेत रहेको उक्त अभिलेख आश्विन शुक्ल पूर्णिमा मङ्गलबारका दिन थापिएको थियो ।[९] पशुपतिनाथ मन्दिरमा रहेको ने.सं. ५९१ अर्थात् ई. १४७१ को अभिलेखमा पञ्चमुखी पशुपतिको भैरवका रूपमा स्तुति गर्दा श्रीगणेशको पनि स्मरण गरिएको छ ।[१०]

राजा यक्ष मल्लले भक्तपुरको राजधानीमा सुन्धारा बनाएको उपलक्ष्यमा लेखिएको अभिलेखमा धारास्थापनाको उपलक्ष्यमा होम गर्दा श्रीगणेशका लागि पनि होम गरिएको कुरा उल्लेख गरिएको छ ।[११] भक्तपुर इमाडोलमा रहेको श्रीगणेशमूर्तिको पादपीठमा स्थापित ई. १५०० को अभिलेखमा कसैले दिवंगत पुत्र जयहरिको मोक्षप्राप्तिका लागि श्रीगणेशमूर्तिको प्रतिष्ठा गरेको कुरा उल्लेख गरिएको छ ।[१२] नालाको श्रीगणेशमूर्तिको पादपीठमा रहेको ने.सं. ६३७ अर्थात् ई. १५१७ को अभिलेखमा शुभराज भारो नामक भक्तले आफ्ना दिवंगत छोराको नाममा श्री ३ विनायक मूर्ति प्रतिष्ठा गरेको कुरा उल्लेख गरिएको छ ।[१३]

भादगाउँदेखि दुई माइल पूर्व साँगामा ने.सं. ५७३ को एउटा श्रीगणेशमूर्तिको पादपीठको अभिलेखमा श्रीगणेशको स्तुति रहेको छ । त्यसमा सपत्नीक भीमदत्त वर्माले छोरा, छोरी र धनसम्पत्तिको वृद्धिका लागि गणेश्वर देव नामक श्रीगणेशको स्थापना गरेको कुरा उल्लेख गरिएको छ ।[१४] बकुटोल बनेपाको श्रीगणेश मन्दिरमा रहेको मूर्तिमा ने.सं. ६३७ लेखिएको छ ।[१५] नुवाकोट श्रीगणेश मन्दिरको श्रीगणेशमूर्तिको पादपीठमा रहेको अभिलेखबाट उक्त श्रीगणेशमूर्ति ने.सं. ६७६ अर्थात् ई. १५५६ मा उजोत सिंहहरूले श्री श्री श्री विनायक मूर्तिको प्रतिष्ठा गरेको कुरा उल्लेख गरिएको छ ।[१६]

भक्तपुरका राजा त्रैलोक्य मल्लले विस्केट जात्रा चलाएको अवसरमा टोलटोलमा श्रीगणेशको खटजात्रा चलाएको

५. पूर्ववत् ।
६. पूर्ववत् ।
७. पूर्ववत् ।
८. *Milan Ratna Shakya, Ganesh in Medieval Nepal. Published by Rupa Co. 7/16, Ansari Road, Darya ganj, New Delhi, 2006, P. 23.*
९. डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।
१०. पूर्ववत् ।
११. पूर्ववत् ।
१२. पूर्ववत् ।
१३. पूर्ववत् ।
१४. डा. गोविन्द टन्डन, पूर्ववत्, पृष्ठ ३९ ।
१५. पूर्ववत् ।
१६. डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशमन्दिर र श्रीगणेशमूर्तिको निर्माण एवं प्रतिष्ठा अवश्य गरिएको हुनुपर्छ । वि.सं. ६१७ मा स्थापित छवटा अभिलेखमा गणदेवनामक राजाको उल्लेख गरिएको छ । यसबाट तत्कालीन समाजको नामकरण संस्कारमा गणहरूका देवता श्रीगणेशको प्रभाव परेको बुझिन्छ ।

यसैगरी वि.सं. ९२४ को हस्तलिखित ग्रन्थ सहोत्तरतन्त्रमा गणदेवकुलको उल्लेख गरिएको छ । देवकुलको अर्थ मन्दिर हुन्छ । यसबाट शिवगणका रूपमा श्रीगणेशलाई प्रधानता दिने चलन लिच्छविकालमा रहेको कुरा सिद्ध हुन्छ ।[१] उत्तर लिच्छविकालमा निर्मित उमामहेश्वरका मूर्तिहरूको मुन्तिर शिवगणका रूपमा नन्दी, भृङ्गी, वीरभद्र र श्रीगणेशलाई देखाइएको पाइन्छ । उमामहेश्वर मूर्तिफलकमा देखाइने श्रीगणेशमूर्तिहरू नृत्यमुद्रामा र आसनमुद्रामा रहेका छन् । लिच्छविकालका त्यस्ता मूर्तिहरू चतुर्भुज, सरल र मुकुटरहित छन् । ती मूर्तिहरूको घाँटीमा रत्नमाला र पेटमा यज्ञोपवीतका रूपमा सर्पहरू रहेका छन् । तिनीहरूको घाँटीदेखि घुँडासम्म अथवा पाउसम्म दुई खुट्टाको बीचबाट धोती लत्रेको देखाइएको छ । चार हातमा क्रमशः परशु, अक्षमाला, मूला र लड्डु रहेका हुन्छन् । यस्ता मूर्तिहरू काठमाडौं उपत्यकामा छ्यापछ्याप्ती पाइन्छन्। उमामहेश्वर-मूर्तिफलकबाहेक कार्तिकेय-मूर्तिफलकमा पनि त्यस्ता मूर्ति पाइन्छन् । काठमाडौं उपत्यकामा छरिएर रहेका श्रीगणेशमूर्तिहरूमा अभिलेखसमेत भेटिएका भए धेरै कुरा खुल्ने थियो । धेरै मूर्तिहरूको अभिलेख नपाइएता पनि मूर्तिका विशेषताहरूबाट काल निर्णय गर्न भने गाह्रो छैन । काठमाडौंमा व्यापक रूपमा पाइने श्रीगणेशमूर्तिहरूबाट लिच्छविकाल, मल्लकाल र शाहकालमा समेत नेपालमा श्रीगणेश-उपासना गरिँदैआएको वास्तविकता प्रकट हुन्छ । लिच्छविकालका अभिलेखहरूको आरम्भमा ओङ्कार राखिनु र श्रीगणेशलाई उपनिषद्हरूमा ओङ्काररूप मानिनुले पनि नेपालमा श्रीगणेश आराधना प्राचीनकालदेखि नै हुँदै आएको स्पष्ट हुन्छ ।

विष्णु, शिव, सूर्य र देवीका स्वतन्त्र मूर्तिजस्तै श्रीगणेशका पनि स्वतन्त्र मूर्तिहरू पाइने हुनाले लिच्छविकालमा श्रीगणेशको राम्ररी महत्त्वबोध गरिएको पुष्टि हुन्छ । लिच्छविकालको एक्लो श्रीगणेशमूर्ति देवपाटनको पिङ्गलास्थानमा रहेको छ । अर्धपर्यङ्कासनमुद्रामा अवस्थित यो द्विभुज मूर्ति मुकुटरहित र सादा छ । कालो ढुङ्गामा बनेको यो मूर्ति उमामहेश्वरफलकमा भेटिने श्रीगणेशमूर्तिकै शैलीमा कुँदिएको छ । पाँचौं शताब्दीतिरका हुनसक्ने द्विभुज, गजानन, सर्पयज्ञोपवीतधारी लम्बोदर श्रीगणेशमूर्तिहरू उपत्यकाका देवपाटन, साँखुबजार, पाटनढोका, धोबीचौर, धुम्बाराही, टङ्गाल आदि स्थानमा रहेका छन् । चाँगुनारायणस्थानमा सातौं शताब्दीतिर लिच्छविलिपिमा लेखिएको श्रीगणेशमूर्तिसमेतको अभिलेख प्राप्त भएको छ । त्यस मूर्तिका स्थापक प्राणधर शर्मा भनी उल्लेख गरिएको छ । यसैताका काठमाडौं यङ्गाल मजिमपाटमा समेत श्रीगणेशमूर्ति स्थापना गरिएका प्रमाण भेटिएका छन् ।[२]

फर्पिङका गोरे श्रीगणेश, पाटनका पिलाँछे श्रीगणेश र पशुपतिबाहिर पश्चिम ढोकामा रहेका श्रीगणेश पनि लिच्छविकालको उत्तरार्धमा स्थापित श्रीगणेश हुन् । हाँडीगाउँ टङ्गाल दरबारनेर उत्तर लिच्छविकालको विशाल श्रीगणेशमूर्ति रहेको छ । राजा शिवदेवले गजकर्णक श्रीगणेशको पत्ता लगाई जगाएको तथ्य पनि जानकारीमा आएको छ ।[३] पाटन गँचाननीको शिवपरिवार मूर्तिको तल्लो भागमा श्रीगणेशको आकृति कुँदिएको छ । ने.सं. १३२ अर्थात् ई. १०१२ मितिमा त्यहाँ थापिएको अभिलेखमा शिवपरिवारगण र श्रीगणेशको स्तुति गरिएको छ ।[४]

पशुपतिको बाहिरी मूल ढोकानेर नृत्यमुद्रामा रहेको श्रीगणेशमूर्तिलाई नवौं वा दसौं शताब्दीको मानिएको छ ।

१. डा. गोविन्द टन्डन, *काठमाडौं अधित्यकाका गणेशमूर्तिहरू*, एसियाली अध्ययन संस्था, कीर्तिपुर, २०४२, पृ. ३७ ।
२. डा. जगदीशचन्द्र रेग्मी, 'श्रीगणेश नेपालको धार्मिकपरम्परामा', अप्रकाशित शोधनिबन्ध ।
३. पूर्ववत् ।
४. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुमडी भद्रकालीस्थानमा रहेको भव्य श्रीगणेशमूर्तिलाई पनि उक्त समयकै मानिन्छ ।[५]

लिच्छविकालदेखि नै प्रख्यात श्रीगणेश मल्लकालमा झन् प्रसिद्ध भए । मध्यकालकाजस्ता देखिने श्रीगणेशमूर्तिहरू उपत्यकामा धेरै पाइन्छन् । तर, तीमध्ये अनेक मूर्तिहरूको अभिलेख नभेटिएकाले कसले कसरी कुन उद्देश्यले कतिबेला ती मूर्तिहरूको स्थापना गरे भन्न सजिलो छैन । जयस्थिति मल्लले कुम्भेश्वर मन्दिरनेरको तलाउ सफा गर्दा प्राप्त गरेका देवताका मूर्तिहरूमा श्रीगणेशको मूर्ति पनि थियो । पछि उनले ती सबै मूर्तिहरूको स्थापना गरेका थिए ।[६] राजा जयस्थिति मल्लको पालामा असन र ज्याठाटोलको बीचमा रहेको त्यौडमा श्रीगणेशमूर्ति स्थापना गरिएको कुरा वंशावलीमा उल्लेख गरिएको छ ।[७]

मध्यकालीन नेपालको साहित्यिक स्रोतको अनुशीलन गर्दा ई. १३३९ मा विनायकस्तवराजनामक स्तोत्रग्रन्थको पाण्डुलिपि तयार गरिएको तथ्य अवगत हुन्छ ।[८] पाटन विक्रमबहिलको ने.सं. ५३६ अर्थात् ई. १४१६ को अभिलेखमा श्री श्री श्री यंदुविनायक देवको स्थापना गरिएको अभिलेख रहेको छ । श्रीगणेशको स्तुतिसमेत रहेको उक्त अभिलेख आश्विन शुक्ल पूर्णिमा मङ्गलबारका दिन थापिएको थियो ।[९] पशुपतिनाथ मन्दिरमा रहेको ने.सं. ५९१ अर्थात् ई. १४७१ को अभिलेखमा पञ्चमुखी पशुपतिको भैरवका रूपमा स्तुति गर्दा श्रीगणेशको पनि स्मरण गरिएको छ ।[१०]

राजा यक्ष मल्लले भक्तपुरको राजधानीमा सुन्धारा बनाएको उपलक्ष्यमा लेखिएको अभिलेखमा धारास्थापनाको उपलक्ष्यमा होम गर्दा श्रीगणेशका लागि पनि होम गरिएको कुरा उल्लेख गरिएको छ ।[११] भक्तपुर इमाडोलमा रहेको श्रीगणेशमूर्तिको पादपीठमा स्थापित ई. १५०० को अभिलेखमा कसैले दिवंगत पुत्र जयहरिको मोक्षप्राप्तिका लागि श्रीगणेशमूर्तिको प्रतिष्ठा गरेको कुरा उल्लेख गरिएको छ ।[१२] नालाको श्रीगणेशमूर्तिको पादपीठमा रहेको ने.सं. ६३७ अर्थात् ई. १५१७ को अभिलेखमा शुभराज भारो नामक भक्तले आफ्ना दिवंगत छोराको नाममा श्री ३ विनायक मूर्ति प्रतिष्ठा गरेको कुरा उल्लेख गरिएको छ ।[१३]

भादगाउँदेखि दुई माइल पूर्व साँगामा ने.सं. ५७३ को एउटा श्रीगणेशमूर्तिको पादपीठको अभिलेखमा श्रीगणेशको स्तुति रहेको छ । त्यसमा सपत्नीक भीमदत्त वर्माले छोरा, छोरी र धनसम्पत्तिको वृद्धिका लागि गणेश्वर देव नामक श्रीगणेशको स्थापना गरेको कुरा उल्लेख गरिएको छ ।[१४] बकुटोल बनेपाको श्रीगणेश मन्दिरमा रहेको मूर्तिमा ने.सं. ६३७ लेखिएको छ ।[१५] नुवाकोट श्रीगणेश मन्दिरको श्रीगणेशमूर्तिको पादपीठमा रहेको अभिलेखबाट उक्त श्रीगणेशमूर्ति ने.सं. ६७६ अर्थात् ई. १५५६ मा उजोत सिंहहरूले श्री श्री श्री विनायक मूर्तिको प्रतिष्ठा गरेको कुरा उल्लेख गरिएको छ ।[१६]

भक्तपुरका राजा त्रैलोक्य मल्लले विस्केट जात्रा चलाएको अवसरमा टोलटोलमा श्रीगणेशको खटजात्रा चलाएको

५. पूर्ववत् ।
६. पूर्ववत् ।
७. पूर्ववत् ।
८. *Milan Ratna Shakya. Ganesh in Medieval Nepal. Published by Rupa Co. 7/16, Ansari Road, Darya ganj, New Delhi. 2006, P. 23.*
९. *डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।*
१०. पूर्ववत् ।
११. पूर्ववत् ।
१२. पूर्ववत् ।
१३. पूर्ववत् ।
१४. *डा. गोविन्द टन्डन, पूर्ववत्, पृष्ठ ३९ ।*
१५. पूर्ववत् ।
१६. *डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा भाषावंशावली- भाग २ बाट ज्ञात हुन्छ ।[१७] भक्तपुर तौमडीको ने.सं. ६९२ अर्थात् ई १५७२ को अभिलेखमा त्रैलोक्य मल्लले शैवमठ तयार गरेर शिवजीको स्थापना गरी गुठी बन्दोबस्त गरेका थिए । पछि आएर राजा रणजित मल्लले ने.सं. ८६२ अर्थात् ई. १७४२ मा अनेक देवीदेवताका साथै श्रीगणेशको प्रीतिका लागि जग्गा गुठी राखेको विवरण प्राप्त भएको छ ।[१८] पाटनका राजा सिद्धिनरसिंह मल्लले ने.सं. ७४१ अर्थात् ई. १६२१ मा आफ्नो दरबारको दायाँतर्फ पञ्चमुखी श्रीगणेशको स्थापना गरेको कुरा भाषावंशावली भाग-२ बाट ज्ञात हुन्छ ।[१९] भक्तपुर सुमधिटोलको ने.सं ७५१ अर्थात् ई. १६३१ को अभिलेखबाट वरवमसिंह दर्शनधारीले बाबुको नाममा महाभैरव, छोराको नाममा महालक्ष्मी र आफ्नो नाममा सिद्धिविनायकको स्थापना गरेको विषय ज्ञात हुन्छ ।[२०]

भक्तपुर गोलमाडी टोलमा रहेको श्रीगणेश मन्दिरमा ने.सं. ७६२ अर्थात् ई. १६४२ मा थापिएको अभिलेखमा त्यस टोलका मुख्य मुख्य मानिसहरूले मिलेर टोलगणेशका रूपमा त्वारगणेशको स्थापना गरेको कुरा खुलाइएको छ ।[२१] भक्तपुर कुमालटोल श्रीगणेशस्थानको ने.सं. ७७१ को अभिलेखमा यट्खा टोलका शिल्पकार नारायण सिंहले श्रीगणेशको प्रीतिका लागि देवालय बनाई गजूर चढाएर प्रतिष्ठा गरिएको विषयमा प्रकाश पारिएको छ ।[२२] ने.सं. ७७४ मा ठिमी चपाचोटोलको श्रीगणेशमन्दिरको अभिलेखमा उक्त मन्दिर बनाएको उल्लेख गरिएको छ ।[२३] ने.सं. ७७४ मा श्रीगणेशको मूर्तिमा पसिना आएकाले होम र बलिद्वारा स्वस्तिशान्ति गरिएको वर्णन पाइन्छ ।[२४]

कान्तिपुरका राजा प्रताप मल्लले मरुटोल काठमाडौंमा नृत्यनाथमन्दिर बनाएपछि नृत्योत्सवको आयोजना गर्दा श्री श्री श्री श्रीगणेशपरिवारको स्थापना गरिएको तथ्य त्यहाँ रहेको अभिलेखबाट ज्ञात हुन्छ । वर्तमान समयमा पनि सङ्गीतका देवता नाट्येश्वरको आराधना गर्दा श्रीगणेशको पनि सम्मान गर्ने परम्परा रहिआएको छ । यिनै प्रताप मल्लले उपत्यकाका अनेक पीठहरूको मान्यता गर्दा श्रीगणेशको पनि मान्यता गरेको उल्लेख पाइन्छ ।[२५] प्रताप मल्लको समयमा चाबहिलका श्वेतविनायक, चोभारका चन्द्रविनायक र भक्तपुरका सूर्यविनायक तीन सहरका मूल श्रीगणेश हुन् भन्ने धारणा उपत्यकावासीहरूमा रहेको तथ्य भाषावंशावली भाग-२ बाट ज्ञात हुन्छ ।[२६]

ने.सं. ७७५ र ने.सं ९३५ का कमलविनायक मन्दिरका अभिलेखहरूबाट त्यस बेला कमलविनायकप्रति जनजीवनमा असीम आस्था रहेको तथ्य ज्ञात हुन्छ ।[२७] देवपाटन जयवागीश्वरी मन्दिरनेरको श्रीगणेशको सानो मन्दिरमा रहेको ने.सं. ७७७ अर्थात् ई. १६५७ को अभिलेखबाट पशुपतिका अडिर सुरपुरी भारोले आफ्ना दिवगंत छोरा विश्वनाथको स्वर्गप्राप्तिको कामनाले श्रीगणेशमन्दिरको फलैंचा निर्माण गरेको कुरा गरेको ज्ञात हुन्छ ।[२८] टेबहालको ने.सं. ७८५ अर्थात् ई. १६६५ को अभिलेखमा नरसिंह कटुवालले महादेव, नारायण र श्रीगणेशको प्रसन्नताका लागि केही गुठी राखिदिएको कुरा उल्लेख गरिएको छ ।[२९] ठिमी पतारसीटोल श्रीगणेशमन्दिरको ने.सं. ७९४ अर्थात् ई. १६७४ को अभिलेखमा भक्तपुरका तत्कालीन

---

१७. पूर्ववत् ।
१८. पूर्ववत् ।
१९. पूर्ववत् ।
२०. पूर्ववत् ।
२१. पूर्ववत् ।
२२. पूर्ववत् ।
२३. पूर्ववत् ।
२४. पूर्ववत् ।
२५. पूर्ववत् ।
२६. पूर्ववत् ।
२७. पूर्ववत् ।
२८. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्री भागीराम र तिनका पारिवारिक मानिसहरूले मिलेर पतारसीको श्रीगणेशमन्दिरको स्थापना गरेको कुरा उल्लेख गरिएको छ ।[३०] बोडे वाकोचो टोलका श्रीगणेशमन्दिरको ने.सं. ८०९ अर्थात. ई. १६८६ को अभिलेखमा श्री ३ पाकोचो श्रीगणेशको सानो मन्दिर बनाएको उल्लेख गरिएको छ ।[३१]

बनेपा भालोंछे टोल श्रीगणेश मन्दिरको ने.सं. ८१० अर्थात् ई. १६९० को अभिलेखमा रामचन्द्र भारो र अरू भक्तहरूले मिलेर श्रीगणेशलाई शिलानिर्मित सिंह एवं सिंहिनी चढाएको तथ्य उजागर गरिएको छ ।[३२] ने.सं. ८२६ अर्थात् ई. १७०६ मा लुइनारायण श्रीगणेश पश्चिमतिर फर्केकाले अपशकुन भएको कुरा भाषावंशावली भाग-२ मा उल्लेख गरिएको छ ।[३३] भक्तपुर हनुमानघाटमा ने.सं. ८३२ मा पाञ्चायन देवताको स्थापना गर्दा राजा भूपतीन्द्र मल्लले श्रीगणेशको पनि स्थापना गरेका थिए । उक्त स्थानमा तीनमुखे श्रीगणेशको मूर्ति अहिलेसम्म रहेको छ । यो भूपतीन्द्र मल्लले स्थापना गरेको श्रीगणेशमूर्ति नै हुनुपर्छ भन्ने जानकारहरूको भनाइ रहेको छ ।[३४]

ने.सं. ८५४ अर्थात् ई. १७३४ को धुलिखेल गोखुरेश्वर मन्दिरको अभिलेखमा स्फटिकेश्वर र गोखुरेश्वरको स्थापना गरी प्रतिमान भारोद्वारा पाटी निर्माण गरेर श्री ३ श्रीगणेशको स्थापना गरेको कुरा उल्लेख गरिएको छ ।[३५] भक्तपुर हनुमान् घाटमा श्रीगणेशलाई १० रोपनी जग्गा गुठी राखेको कुरा त्यहाँ स्थापना गरिएको ई. १७४१ को अभिलेखबाट ज्ञात हुन्छ ।[३६] उक्त मितिकै हनुमान् घाटको अर्को अभिलेखमा त्यहाँ कुमार र श्रीगणेशको मन्दिर बनाएको कुरा उल्लेख गरिएको छ ।[३७] मध्यकालीन नेपालका धार्मिक गतिविधिसमेत अंकित गरिएको भाषावंशावलीमा कुमारी रथयात्रामा चलाइने तीन रथमध्ये पहिलो रथ श्रीगणेशको हुने र उक्त रथमा श्रीगणेशरूप जीवित बालक रहने कुरा उल्लेख गरिएको छ ।[३८]

उत्तम प्रकृतिका मानिसहरूलाई एउटा एउटा देवताको रूपमा लिने चलन नेपालमा रहिआएको छ । कवि सुन्दरानन्द बाँडाले पाटनका ६ प्रधानमध्ये एउटा प्रधान कालिदासलाई ठमेलनेर सल्लाधारीमा रहेका हेरम्ब श्रीगणेशका अवतार भनी सम्बोधन गरेका थिए ।[३९]

सिनामङ्गलमा रहेको श्रीगणेशको मूर्तिको स्थापना ने.सं. ९३० अर्थात् ई. १८१० मा ठिमीका श्रीकृष्णमान र उनका छोरा सिंहघनसिंहद्वारा गरिएको भन्ने कुरा त्यहाँ रहेको अभिलेखबाट ज्ञात हुन्छ ।[४०] धुलिखेल ओटोलको श्रीगणेशमन्दिरमा रहेका ने.सं. ९४० र ९५३ का अभिलेखहरूमा श्रीगणेश र सत्यनारायणको मन्दिर बनाएको कुरा उल्लेख गरिएको छ ।[४१]

नेपाल उपत्यकाका प्रसिद्ध श्रीगणेशहरू क्रमशः चोभारका चन्द्रविनायक, भक्तपुरका सूर्यविनायक, देवपाटनका रक्तविनायक र चाबहिलका श्वेतविनायकलाई उपत्यकाका संरक्षक आदिगणेश भनी भाषा वंशावलीमा महत्त्वगान गरिएको छ ।[४२]

---

२९. पूर्ववत् ।
३०. पूर्ववत् ।
३१. पूर्ववत् ।
३२. पूर्ववत् ।
३३. पूर्ववत् ।
३४. डा. गोविन्द टन्डन, पूर्ववत्, पृ. ३९ ।
३५. डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।
३६. पूर्ववत् ।
३७. पूर्ववत् ।
३८. पूर्ववत् ।
३९. पूर्ववत् ।
४०. पूर्ववत् ।
४१. पूर्ववत् ।
४२. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिलालेखहरूको आरम्भमा 'श्रीगणेशाय नमः' लेख्ने चलन मल्लकालमा आरम्भ भएको देखिन्छ । ने.सं. ८१० को कार्तिक महिनामा स्थापित ऋद्धिलक्ष्मीको माजुदेवलको अभिलेखको आरम्भमा श्रीगणेशाय नमः लेखिएको छ । यो चलन शाहकालमा अझ व्यापक हुँदै गयो । पृथिवीनारायण शाहको वसन्तपुरको अभिलेखको प्रारम्भ र नासलचोकको अभिलेखको प्रारम्भमा पनि श्री श्रीगणेशाय नमः लेखिएको छ ।[४३] यसरी नेपालको इतिहास पर्यवेक्षण गर्दा नेपालमा प्राचीनकालदेखि नै श्रीगणेशको आराधना गर्ने परम्परा अनवरत रूपमा चल्दै आएको कुरा सिद्ध हुन्छ । उक्त सबै ऐतिहासिक साक्ष्यहरूबाट श्रीगणेशका मूर्ति बनाउने, मन्दिर बनाई मूर्ति प्रतिष्ठा गर्ने र गुठी राखिदिने कामहरूसमेत नेपालमा हुँदै आएको कुरा सिद्ध हुन्छ ।

श्रीगणेश हिन्दुजगत्का अत्यन्त श्रद्धेय र अग्रपूज्य देवता हुनुहुन्छ । काठमाडौं उपत्यकामा श्रीगणेश अग्रपूज्य हुनुका साथै अत्यन्त लोकप्रिय देवताका रूपमा सम्मानित भएको तथ्य पनि माथिका विवरणहरूबाट पुष्टि हुन्छ । ऐतिहासिक साक्ष्य र वर्तमान दृश्य दुवैले विशेषरूपमा काठमाडौं उपत्यका र सामान्यरूपमा नेपाल अधिराज्यभरि श्रीगणेशको आराधना हुने गरेको तथ्यलाई सत्यापित गर्दछन् ।

६.३ नेपालमा हिन्दूहरूको गणेश-उपासनापरम्परा

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र उत्तर हिमालदेखि दक्षिण तराईसम्म श्रीगणेश प्रथमपूज्य, मङ्गलमूर्ति, शुभ एवं लाभका दाता, सर्वसिद्धिप्रदाता, विघ्ननिवारक देवताका रूपमा प्रसिद्ध हुनुहुन्छ । नेपाली समाजमा धार्मिक, सांस्कृतिक र आध्यात्मिक दृष्टिबाट श्रीगणेश देवता प्रत्येक नरनारीका रगतका थोपाहरूमा भिजेर रहनुभएको छ । प्रत्येक धार्मिक कार्यमा नेपालमा श्रीगणेशको अग्रपूजा गरिन्छ । घरघरमा आयोजना गरिने पूजा एवं आराधनामा दीप, कलश एवं श्रीगणेशको पूजापछि मात्र प्रधान देवताको पूजा गरिन्छ । विवाह, व्रतबन्ध आदि माङ्गलिक अवसरमा गाइने मङ्गलगीतहरूमा सर्वप्रथम श्रीगणेशको स्मरण गरिन्छ । नेपालका गाउँगाउँमा र घरघरमा भजन गाउँदा भगवान् श्रीगणेशको आरतीभजन गाएपछि मात्र अरू देवताको भजन गाउने परम्परा रहिआएको छ । विभिन्न जातिका मानिसहरूले सांस्कृतिक कार्यहरूमा गाउने गीतहरूमा श्रीगणेशको प्रारम्भिक स्मरण गरेको पाइन्छ । हिमाल, पहाड एवं तराई–मधेशका विभिन्न जातजातिहरूका सांस्कृतिक एवं धार्मिक पर्व, उत्सवहरूमा पनि श्रीगणेशको श्रद्धापूर्वक स्मरण गरिन्छ । अवधी, भोजपुरी र मैथिलीभाषाका माङ्गलिक गीतहरूमा श्रीगणेशको प्रथम वन्दना गरिन्छ । नेपालका गाउँ–गाउँ र ठाउँ–ठाउँमा बालुन, नचरी, भोलाउरो, चैत, खैंजडी, धमारी, होरी, फाग, भजन, चुड्का, गाइने गीत आदिमा पार्वती–परमेश्वरका प्यारा पुत्र श्रीगणेशको वन्दना गरिन्छ । विवाह र चाडवाडका गीतहरूमा विभिन्न भाषाभाषी नरनारीहरूले श्रीगणेशको स्मरण गर्दछन् । सुदूरपश्चिमाञ्चलको डोटेली समाजमा 'गणेश फाग' गाउने प्रचलन छ ।

जै जै गणपति जैजै हेरम्ब, गँवरी के नन्दन, मूषकवाहन
लाडू के प्रिय, जय लम्बोदर पूजा करुँ मैं गोसाईं तुमारी ।
अग्नि विना हूम नै, वर्षा विना वेद नै गणपति गुसाईं विना जग्य नै
पुत्र धनदायक जगत् रचाएक, पूजा करुँ मै गुसाईं तुमारी ।।[४४]

श्रीगणेशाय नमः भनेर अथवा लेखेर कुनै पनि कार्य प्रारम्भ गर्ने दरिलो संस्कार भएकाले नेपालीहरूले कुनै पनि

४३. *डा. गोविन्द टन्डन, पूर्ववत् पृ. ३९ ।*
४४. *जयराज पन्त, अञ्जुलीभरि सगुन पोल्टाभरि फाग, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृष्ठ २११, वि.सं. २०५५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यको आरम्भ गर्नुलाई श्रीगणेश गर्नु भन्ने बानी बसालेको पाइन्छ । हिन्दू, बौद्ध, जैन र सिखजस्ता धार्मिक सम्प्रदायका नरनारीहरूले मन्त्रको उच्चारण गर्दा सर्वप्रथम ओङ्कारको उच्चारण गर्दछन् । श्रीगणेशलाई शास्त्रहरूमा ओङ्कार रूप मानिएकाले सबै सम्प्रदायका मानिसहरूले श्रीगणेशको आराधना गर्दछन् भन्ने कुरामा अत्युक्ति हुने छैन । हाम्रो समाजमा श्रीगणेशपुराण आदि श्रीगणेशसम्बन्धी मूर्धन्य ग्रन्थ र अन्य तन्त्रग्रन्थहरूमा बताइएको प्रतिमा लक्षणानुसार श्रीगणेशको मूर्ति बनाई मन्दिरहरूमा प्रतिष्ठा गर्ने परम्परा धेरै समयदेखि चलिआएको छ । नेपालका स्वतन्त्र श्रीगणेशमन्दिर र मूर्तिहरूका साथै विष्णु, शिव र शक्तिका मन्दिरहरूमा पनि अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्ति रहेका छन् । काठमाडौं उपत्यका र नेवारजातिको बसाईं भएका सहर एवं गाउँहरूमा श्रीगणेशमन्दिर एवं मूर्तिहरूको बाहुल्य देख्न सकिन्छ । नेपालका श्रीगणेशभक्त एवं संस्कारवान् व्यापारीहरूले आफ्नो बहिखाताहरूमा श्रीगणेशको रूप मानिने स्वस्तिक चिह्नको प्रयोग गर्दै आएका छन् । वैदिक वाङ्मयबाट बताइएको संस्कार र संस्कृतिलाई अङ्गीकार गर्ने आर्यहिन्दूहरूको श्रीगणेशोपासनाको गम्भीर प्रवाह नेपालका गाउँगाउँ र ठाउँठाउँमा गङ्गाको निर्मल प्रवाहझैं प्रवाहित छ ।

हिन्दूहरूका घरघरका पूजाकोठा र ठाउँठाउँमा बनेका पाञ्चायन मन्दिरहरूमा श्रीगणेशको अग्रपूजा अखण्ड रूपमा चल्दै आएको छ । नेपाली समाजमा कतै पाँचै देवदेवीका छुट्टाछुट्टै पाञ्चायनमन्दिर बनेका छन् भने कतै आफ्नो सम्प्रदायअनुसारका पाञ्चायनमन्दिरहरू छन् । ती सबैमा श्रीगणेशको अग्रपूजा र प्रधानपूजा देख्न सकिन्छ । नेपाली जनजीवनमा कतै श्रीगणेशलाई ओङ्कार रूपमा, कतै शिवपुत्रका रूपमा, कतै कृष्णका अवतारपुरुषका रूपमा, कतै हनुमान्का रूपमा, कतै रुद्रका रूपमा, कतै नटराजका रूपमा, कतै विश्वकर्माका रूपमा र कतै जीवित शाक्यपुत्रका रूपमा पनि सम्मान गर्ने परम्परा रहिआएको छ । तर, मूलरूपमा नेपालमा श्रीगणेश पार्वती एवं परमेश्वरका प्यारा पुत्रका रूपमा अग्रपूज्य देवता बनेर रहनुभएको छ ।

नेपालमा खास गरेर काठमाडौं उपत्यकाका सहरहरूका प्रत्येक टोलमा स्थानगणेशको स्थापना गर्ने परम्परा रहिआएको छ । मूर्तिमात्र नभई श्रीगणेशको आकृति मिल्ने शिलालाई समेत श्रीगणेश मानी पूजा गर्ने प्रवृत्ति पाइन्छ । माङ्गलिक अवसरहरूमा नरनारीहरूले आफ्ना टोलका श्रीगणेशको प्रथमपूजा गर्दछन् । मङ्गलबारका दिन विशेष रूपमा श्रीगणेशको पूजा गर्ने प्रचलन रहेको छ । धेरैजसो मन्दिरहरूमा शिलामूर्तिलाई छोपी पित्तलमूर्ति राख्ने चलन देखिन्छ । नेपालमा गृहस्थीहरूले आफ्ना छोराको व्रतबन्ध गरेपछि विभिन्न देवदेवताको दर्शन गराउने क्रममा श्रीगणेशस्थानमा अनिवार्य रूपमा लैजाने चलन रहेको छ ।

हिन्दूहरू कुनै पनि धार्मिक कार्य गर्दा कलश अथवा सानो सिङ्गो सुपारीलाई श्रीगणेश मानेर कार्यको आरम्भ गर्दछन् । नेवारसमुदायमा पनि श्रीगणेशको कलशमाथि बत्ती बाल्ने दियोसमेत रहेको सुकुन्डालाई माङ्गलिक मानी श्रीगणेशको पूजामा प्रयोग गर्ने प्रचलन रहेको देखिन्छ । काठमाडौं उपत्यकामा रहेका श्रीगणेशका स्थानकमूर्ति, आसनमूर्ति र नृत्यमूर्तिहरूले नेपाली जनजीवनमा प्राचीनकालदेखि अहिलेसम्म श्रीगणेशप्रति अपार श्रद्धा, विश्वास, आस्था, आदर, सम्मान र भक्ति रहेको तथ्यलाई प्रमाणित गर्दछन् ।

नेपालमा प्रस्तरकला, काष्ठकला, मृत्तिकाकला, चित्रकला र धातुकलामा पनि श्रीगणेशको सर्वोपरि स्थान रहेको छ। श्रीगणेशका प्रस्तरमूर्ति, काष्ठमूर्ति, मृन्मूर्तिका साथै हस्तिहाड, मुगा आदि माध्यममा पनि श्रीगणेशमूर्ति बनेका पाइन्छन् । काठमा कुँदिएका श्रीगणेशमूर्तिहरूका साथै टुँडाल, पौभा, तोरण, स्तम्भ आदिमा चित्रित गणेशका चित्र पाइन्छन्। पाटनको गोकर्णेश्वरमन्दिर र स्वठटोलको नारायणमन्दिरलाई उदाहरणका रूपमा लिन सकिन्छ । यत्रतत्र गुफाहरूमा श्रीगणेशका गुफाचित्र पाइन्छन् । झ्याल, ढोका वरिपरि तोरणहरूमा श्रीगणेशका चित्र अङ्कित छन् । शिलालेखहरूका सिरानमा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डुलिपिहरूका मुखपृष्ठमा पनि श्रीगणेशका चित्र अङ्कित गरिएका छन् । रेखाचित्रहरूमा श्रीगणेशका मूर्ति रेखाङ्कन गरिएका पाइन्छन् । मल्लकालीन मुद्राहरूमा श्रीगणेशका मूर्तिहरू चिह्नित गरिएका छन् । विशेषगरी चक्रवर्तीन्द्र मल्लका मुद्राहरूमा श्रीगणेशचित्रका साथै पाश, अङ्कुश आदि अङ्कित गरिएको पाइन्छ । विभिन्न भित्तिचित्र अर्थात् पौभाचित्रहरूमा पनि अनेक मुद्राका श्रीगणेशमूर्तिहरूको दर्शन गर्न सकिन्छ । नेपाल संवत् २९४ अर्थात् ई. ११७४ को रुद्रदेवको समयमा निर्मित **पिङ्गलमतम्** नामक पाण्डुलिपिको मुखपृष्ठमा श्रीगणेशको चित्र कुँदिएको छ । रत्न मल्लको शासनकालमा लेखिएको '**पाण्डवविजयनाटकम्**'मा श्रीगणेशसँग कुनै पात्रको संवाद देखाइएको छ ।[४५]

६.४ नेपालमा बौद्धहरूको गणेश-उपासनापरम्परा

शील, समाधि र प्रज्ञालाई सर्वोपरि मान्यता दिने बौद्ध धर्मका अनुयायीहरूले उक्त तीन तत्त्वलाई सैद्धान्तिक र प्रायोगिक दुवै सरणिबाट आत्मसात् गरी बौद्ध धर्मलाई संसारका अनेक राष्ट्रहरूमा पुऱ्याए । आफ्नो धर्म, संस्कृति र साधनाबाट नेपाल, भारत, श्रीलंका, बर्मा, चीन, जापान, कोरिया, मङ्गोलिया, आफगानिस्तान, तिब्बत, मेसोपोटानिया, मलाया आदि देश सम्मिलित विश्वको ठूलो भूभागलाई प्रभावित गरे । बौद्ध धर्मअन्तर्गत महायान सम्प्रदायको विकास भएपछि हिन्दू धर्मअन्तर्गतका देवताहरूले त्यहाँ पूज्य स्थान प्राप्त गरे । श्रीगणेश, हनुमान्, इन्द्र, ब्रह्मा, सनत्कुमार, प्रजापति, सूर्य, चन्द्र, प्रजन्य, लक्ष्मी, श्रद्धा, आशा, लोकपाल, चतुर्महाराजिक देव, धृतराष्ट्र महाराज, गन्धर्व, गरुड, यक्ष, नाग, वृषभ, कुबेर आदि देवताहरूलाई बौद्ध धर्मावलम्बीहरूले जस्ताको तस्तै त्यस्तै स्वीकार गरे । सनातनधर्मको देववाद प्रसिद्ध छ । देवताहरूमध्ये श्रीगणेश अत्यन्त प्रसिद्ध देवता हुनुहुन्छ । पुरातात्त्विक उत्खनन गर्दा विश्वका अनेक देश र बौद्ध देशहरूमा समेत श्रीगणेशका मूर्ति प्राप्त भएका छन् । बौद्धधर्मको महायान सम्प्रदायअन्तर्गत बज्रयानशाखाका साधकहरूले श्रीगणेशलाई आफ्नो साधनाको सिद्धिका लागि निर्विकल्प सहयोगी देवताको रूपमा स्वीकार गरेका छन् ।

गणपतिहृदयम् नेपाली बौद्ध साहित्यको संस्कृतभाषामा लेखिएको विशिष्ट ग्रन्थ हो । यसमा रहेको गणपति वन्दनालाई अनुशीलन गरेपछि बौद्ध धर्ममा श्रीगणेशको कति महत्त्वपूर्ण स्थान रहेछ भन्ने कुरा जान्न सकिन्छ । वज्रयान शाखाका साधकहरू श्रीगणेशको स्तुतिबाट मन्त्र सिद्ध हुने कुरामा विश्वास राख्दछन् । नेपाल र तिब्बतका वज्रयानी बौद्धहरूका घरघरमा तथागतको मूर्तिसँगै श्रीगणेशको मूर्ति पनि रहेको हुन्छ । तिनीहरू विघ्नविनाश र ऐश्वर्यप्राप्तिका लागि विघ्नान्तक र विघ्नराजको रूपमा श्रीगणेशको पूजा आराधना गर्दछन् । काठमाडौं उपत्यकामा निर्मित बौद्धमूर्तिहरूमा भगवान् बुद्धको मूर्तिसँगै श्रीगणेशका अनेक मुद्राका मूर्ति रहेका छन् । काठमाडौंमा मञ्जुश्रीनामक बौद्धमूर्तिसँगै श्रीगणेशको मूर्ति पनि स्थापना गरिएको छ । **कल्पद्रुमावदानम्** महायानीमिश्रित संस्कृतको ग्रन्थ हो । त्यसमा श्रीगणेशस्तुतिसम्बन्धी एउटा आख्यान रहेको छ– 'बौद्ध उपासक श्रावस्तीका एउटा वणिक्पुत्र व्यापारका लागि आफ्नो मित्रहरूका साथ रत्नाकरद्वीपमा जान प्रस्थान गरे। तिनको डुँगा तूफानमा धक्का खाएर समुद्रमा डुब्यो । ती वणिक्पुत्रले प्राणरक्षाका लागि अनेक देवीदेवताका साथै श्रीगणेशको पनि स्तुति गरे ।' यसबाट बौद्ध धर्ममा श्रीगणेशको अति उच्च स्थान रहेको प्रमाणित हुन्छ ।[४६]

नेपालमा हिन्दू धर्म र बौद्ध धर्मका अनुयायीहरूले श्रीगणेशको आदरपूर्वक पूजा गर्छन् । मध्यकालका विहारहरूमा मूलढोकाको लंगको देब्रेपट्टि श्रीगणेश र दाहिनेपट्टि महाकाललाई स्थान दिइएबाट बौद्धहरूको श्रीगणेशप्रतिको उच्च आस्था प्रकट हुन्छ । पञ्चमुखी श्रीगणेशलाई हेरम्बगणेशको रूपमा बौद्धधर्मको वज्रयानशाखामा मान्यता प्रदान गरी पूजा

४५. *मिलनरत्न शाक्य, पूर्ववत्, पृ. ४५-४६ ।*
४६. *अक्षयवरमणि त्रिपाठी, बौद्ध धर्म साहित्य एवं संस्कृति में गणेश, कल्याण वर्ष ४८, अङ्क १, पृष्ठ ३७५-३७६ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने चलन नेपाली बौद्धसमाजमा रहेको छ । मध्यकालिक कैयौं विहार आजसम्म यथावत् रहेका छन् । तीमध्ये केही विहारहरू त लिच्छविकालका पनि हुन सक्छन् । लिच्छविकालमा नेपालमा केही बौद्धविहार रहेको कुरा लिच्छविकालका अभिलेखबाट थाहा पाउन सकिन्छ ।[४७]

बौद्धधर्मका अनुयायीहरूको श्रीगणेशाराधनामा कसरी प्रवृत्ति भयो भन्ने प्रश्नको उत्तरमा भनिएको छ – प्राचीनकालमा ओदियाचार्य एउटा पर्वतमा सबै देवीदेवता डाकी पूजा गर्दै थिए । तिनले श्रीगणेशलाई भने डाकेका थिएनन् । रिसाएका श्रीगणेशले पूजामा विघ्न पैदा गरे । यस्तो विघ्न पैदा भएपछि लोकेश्वर पद्मपाणिले क्षितिगर्भ बोधिसत्त्वलाई विघ्नान्तकको उत्पत्ति गरी विघ्न हटाउन लगाए । विघ्नान्तकले हिन्दूदेवता श्रीगणेशलाई वशमा ल्याएपछि श्रीगणेशको रूपमा मान्यता प्रदान गरी विघ्ननिवारणका लागि तिम्रो पूजा गरिनेछ भन्ने वचन दिए । त्यसपछि विघ्न शान्त भयो ।[४८]

भक्तपुर तुलाँछे टोल गुरुबहालभित्र ई. १५९२ को शिलालेखमा बौद्धचैत्यको स्थापना गर्दा श्रीगणेशमूर्तिको पनि स्थापना गरिएको वर्णन गरिएको छ ।[४९] चापागाउँ दुमख्यो बाहालको ने.सं. ७५९ ई १६३९ को शिलालेखमा सो बाहालमा बौद्ध चैत्य, चक्रसंवर र महाकालहरूको स्थापना गर्दा श्री ३ श्रीगणेश र हनुमान्‌को पनि स्थापना गरिएको उल्लेख गरिएको छ ।[५०]

काठमाडौं मुसंबहालभित्रको ने.सं. ८०९ अर्थात् ई १६८९ को अभिलेखमा कुनै भक्तले श्रीगणपतिमूर्ति बनाई स्थापना गरेको उल्लेख गरिएको छ ।[५१] श्यामर्पा लामाले ने.सं. ८७८ मा स्वयम्भूचैत्यको जीर्णोद्धार गरी राखिएको शिलालेखमा भनिएको छ– 'जीर्णोद्धारको समयमा शिव, कुमार र श्रीगणेशले आफ्नै आफ्नै रूपमा प्रकट भई चैत्यको जीर्णोद्धार गर्दा आवश्यक पर्ने सुवर्ण र अन्य सामग्री हामी ल्याइदिन्छौं भन्नुभयो ।' उक्त अभिलेखबाट हिन्दूदेवता र बौद्धदेवताको पारस्परिक सौमनस्य रहेको कुरा सिद्ध हुन्छ ।[५२] बुद्धमार्गीहरूले आगमगणेशको पूजा गर्दछन् । कीर्तिपुरको बौद्धमन्दिरमा आगमगणेशको पूजाआजा गर्न श्री ५ पृथ्वीनारायण शाहले २५ रोपनी खेत गुठी राखिदिएको वर्णन पाइन्छ ।[५३] मृगस्थलीमा विश्वरूप स्थाननेर राम्रो डीलडालको श्रीगणेशमूर्ति रहेको छ । मूर्तिको अगाडि बौद्धचैत्य बनाइएको छ । बौद्धचैत्य र श्रीगणेशमूर्तिको सामीप्यलाई हेर्दा यो श्रीगणेशमूर्ति कुनै बौद्धभक्तद्वारा स्थापना गरिएको मूर्ति हो भन्न सकिन्छ ।[५४]

शान्तिकर आचार्यले स्वयम्भू ज्योतिलाई छोपी चैत्य बनाएपछि सोको रक्षा गर्न चारैतिर चारवटा पुर तयार गरे । ती पुरहरूमा देवीदेवताको स्थापना गर्दा पूर्वतर्फ श्रीगणेशको मूर्ति स्थापना गरिएको अनुश्रुति रहेको छ ।[५५] शान्तिकरले सबै कार्यमा सिद्धि प्राप्त गर्न श्रीगणेशको स्थापना गरेको विषय स्वयम्भूपुराणमा उल्लेख गरिएको छ ।[५६]

स्वयम्भू जंगलको पूर्वतर्फ सूर्यमुख वा सूर्यविनायकको मूर्ति रहेको छ । यी श्रीगणेशलाई दक्षिणाभिमुख श्रीगणेश भनिन्छ । यिनलाई मञ्जुश्रीको आगमनसँग पनि जोडिन्छ । चौपायामा लाग्ने रोगनिवारण गर्न सूर्यमुख श्रीगणेशको उपासना

---

४७. *डा. गोविन्द टन्डन, पूर्ववत्, पृष्ठ ३९–४० ।*
४८. *डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।*
४९. *पूर्ववत् ।*
५०. *पूर्ववत् ।*
५१. *पूर्ववत् ।*
५२. *पूर्ववत् ।*
५३. *पूर्ववत् ।*
५४. *पूर्ववत् ।*
५५. *पूर्ववत् ।*
५६. *ततोऽपि च गणेशौ द्वौ अमिन वने प्रस्थापितम् । शान्तिकरः सिद्धाचार्यः सर्वकार्यप्रसिद्धकान् ॥*
प्रथमं सूर्यमुखेन सूर्यमुखं गणेश्वरम् । विधिभिश्च तस्मै पूज्य स्थापितश्च शान्तिकरः ॥
पश्चाद् द्वितीयं गणेशं दक्षिणाभिमुखस्थितम् । अनेकविघ्ननाशाय दक्षिणस्यां प्रस्थापितम् ॥ – पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने चलन रहेको छ ।[५७]

काठमाडौंको उत्तरतर्फ रहेको धर्मपुर श्रीगणेशमन्दिरको अभिलेखमा ने.सं. ७९५ अर्थात् ई. १६७५ मा श्री सिद्धिमहागणेशको मन्दिरसम्बन्धी कुनै काम भएको उल्लेख गरिएको छ । त्यहाँ रहेको ने.सं. ८६५ अर्थात् ई. १७४५ को अभिलेखमा बौद्धधर्मानुयायी चक्रसिंह महर्जनहरूले मन्दिरको दुवै भागको जीर्णोद्धार गरेको वर्णन गरिएको छ ।[५८]

पाटन बल्खु श्रीगणेशस्थानको ने.सं. ८०५ अर्थात् ई. १६८५ को अभिलेखमा केशवराज जोशी र सिद्धिराज जोशी नामक दाजुभाइले राखेको शिलालेखमा श्री ३ श्रीगणेशको मन्दिर बनाएको उल्लेख गरिएको छ ।[५९] म्है‌पीपीठमा बौद्ध श्रीगणेशको मूर्ति रहेको कुरा धनशमशेर जबराद्वारा उल्लेख गरिएको छ । त्यहीँ बौद्धस्तूपमा पनि श्रीगणेशको मूर्ति रहेको छ ।[६०]

उक्त तथ्यहरूबाट नेपालको समन्वयात्मक धार्मिक आदर्शअनुरूप नै बुद्धमार्गीहरूले पनि हिन्दूहरूले झैं श्रीगणेशको आराधना गर्दै आएको कुरा सिद्ध हुन्छ ।

६.४ काठमाडौं उपत्यकाका नेवार समुदायको श्रीगणेश आराधना

काठमाडौं उपत्यका बहुरङ्गी संस्कृतिको सुन्दर उद्यान हो र समन्वयात्मक संस्कृतिको मुहान पनि । यहाँ हिन्दूधर्म र बौद्धधर्म दुवै सँगै हुर्के, बढे र विकसित भए । हिन्दू देवता बौद्धहरूका श्रद्धेय बने र बौद्ध देवता हिन्दूहरूका श्रद्धास्पद बनेर रहे । काठमाडौं उपत्यकामा दुवै समुदायका समानरूपमा श्रद्धेय देवता श्रीगणेश हुन् । यहाँ श्रीगणेशका जति मूर्ति र मन्दिर छन् त्यति अरू देवताका छैनन् । यसैगरी यहाँ जति उपासना श्रीगणेशको गरिन्छ त्यति अरू देवताको गरिँदैन । नेवारसमुदायका नरनारीहरू श्रीगणेशका प्रमुख उपासक हुन् । हिन्दू-नेवारसमुदाय एवं बौद्ध-नेवारसमुदाय दुवैले विघ्नपरिहार, मङ्गलोदय, सुख, समृद्धि, आत्मज्ञान अथवा निर्वाण आदि प्राप्त गर्ने उद्देश्यले परम्परागत रूपमा श्रीगणेशको आराधना गर्दै आएका छन् । नेपालभाषामा श्रीगणेशलाई गनेद्यो, विनायकलाई इनाय र चतुर्थीतिथिलाई चथा भनिन्छ ।

काठमाडौं उपत्यकाका नेवारसमुदायको धार्मिक क्रियाकलापमा वैदिक र तान्त्रिक विधि अवलम्बन गरी श्रीगणेशलाई आफ्नो भाषा र संस्कृतिमा ढालेर आराधना गर्ने लामो परम्परा रहिआएको छ । यसै परम्परामा श्रीगणेशका टोलगणेश र टोलविनायकका रूपमा अनेक नाम रहेका पाइन्छन् । नामअनुसारका मन्दिर एवं मूर्ति बनाई श्रीगणेशको उपासना गर्ने क्रम मल्लकालदेखि गतिशील छ । आख्यान, अनुश्रुति र परम्पराको आधारमा श्रीगणेशमा अतिशय आस्था राख्ने नेवारसमुदायले आफ्नै संस्कृतिमा ढालेर श्रीगणेशको उपासना गरेता पनि साधना र फलश्रुतिका आधार भने प्राच्य वाङ्मय नै हुन् ।

उत्तम जीवन, उत्तम आचार, उच्चस्तरीय नैतिकता, सौभाग्य, मङ्गलोदय, शुभ-लाभको प्राप्ति एवं विघ्न, दुर्भाग्य, दौर्मनस्य आदि मानवजीवनका घातक तत्त्वहरूको निवारणका लागि श्रीगणेशको उपासना गर्ने नेवारसमुदायले टोलटोलमा स्थापना गरेका श्रीगणेशका प्रमुख नाम निम्नानुसार रहेका छन्-

पाकोगनेद्यो, मुस्याकाला गनेद्यो, स्वाचापु गनेद्यो, स्वोमधु गनेद्यो, हसिपोटा गनेद्यो, खुयान गनेद्यो, भोंडी गनेद्यो, चारखुञ्चा गनेद्यो, हुमा गनेद्यो, चोंगापोंगा गनेद्यो, कथुस्या गनेद्यो, नायापान्स्या गनेद्यो, तुन्कन्यो गनेद्यो, बुनिनाया गनेद्यो, थानिना गनेद्यो, कोइना गनेद्यो, चोपो गनेद्यो आदि । यी स्थानीय श्रीगणेशमूर्ति हुन् । यी मूर्तिहरूसँग काठमाडौं उपत्यकाको सामाजिक, सांस्कृतिक र धार्मिक इतिहास गाँसिएको छ । यी श्रीगणेशमूर्तिहरूको स्थापनासम्बन्धी इतिवृत्त र महिमाबोध

५७. पूर्ववत् ।
५८. पूर्ववत् ।
५९. पूर्ववत् ।
६०. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराउने अनेक आख्यान र अनुश्रुति नेवारसमुदायमा प्रसिद्ध छन् ।[६१]

काठमाडौं उपत्यकामा मल्लकालको सांस्कृतिक जीवन इनाय अथवा विनायकद्वारा प्रभावित थियो । शुभ, लाभ र मङ्गलका दाता, ओङ्काररूप श्रीगणेश, अखिलविदितनाथ एवं सिद्धिप्रदाता, विश्वनायक र विनायकका रूपमा प्रसिद्ध हुनुभयो । विनायकका अनेक रूपहरूमध्ये सिद्धिविनायकको रूप औधि लोकप्रिय थियो र आज पनि छ । विनायक-आस्थाका प्रतीक स्थानीय विनायकहरूका केही नाम यस प्रकार छन् – कोइनाइत्वा विनायक, कमलादी विनायक, कमलाक्षी विनायक, थामामाण्डु विनायक, इनायत्वा विनायक, इनायामाचो विनायक, पाकोइनाय विनायक, थानिनाय विनायक, बुनिनाय विनायक, इनायकचो विनायक, येनदेवा विनायक, बोनदेवा विनायक, मरुगनेद्यो, लोहनशाला गनेद्यो, चाल्खु गनेद्यो, क्वालाखु गनेद्यो, बहालखु गनेद्यो, जोर गनेद्यो आदि ।

काठमाडौं उपत्यकाका गल्ली र टोलहरूका नाममासमेत स्थानीय श्रीगणेशका नाम जोडिएका छन् । काठमाडौं, भक्तपुर र ललितपुरमा रहेका ज्याठाटोलहरूमा वैदिक देवता ज्येष्ठराज श्रीगणेशको स्थानीय नाममा ज्येष्ठको अर्थमा ज्याठापद जोडिएको छ ।

भक्तपुरमा प्रजापति (कुमाले) हरूले विश्वकर्माको नामबाट श्रीगणेशको आराधना गर्दछन् । भक्तपुरको सुरक्षाका लागि २४ ठाउँमा स्थापित गरिएका २४ विश्वकर्मा श्रीगणेशहरूका नाम यस प्रकार छन् – मार्वाचो, इटाचेन, हेरवाचो, खौपा, मङ्गलाचे, लस्कुडोमा, बोलाचे, लाकुलाचेन, तमाही, क्वाचेन, यालाचेन, तुलाचेन, तिवुकचेन, कोचेन, याचेन, ग्वाभारी, भोलाचेन, धलाचेन, तन्चापाल, इनाचो, क्वाथान्डो, गाचेन, तौलाचेन र जन्ला ।

श्रीगणेशलाई आफ्नो संस्कृतिमा ढालेर आफ्नो वृत्ति र प्रवृत्तिअनुसार उपचारहरू टक्र्याई आराधना गर्ने उपत्यकावासी नेवारसमुदायको मनमस्तिष्कमा श्रीगणेशको गहिरो छाप परेको तथ्य माथि उल्लेख गरिएका गनेद्यो र इनाय देवताप्रतिको अतिशय भक्तिबाट प्रमाणित हुन्छ । भक्तपुरका प्रजापतिहरूले विश्वकर्माका रूपमा श्रीगणेशको आराधना गरेझैं केही जातिहरूले कुलदेवताका रूपमा पनि श्रीगणेशको आराधना गर्दछन् । नासाद्यौ र हेमाद्यौको संयुक्त आराधना गर्दा नृत्यनाथ शिवजी र श्रीगणेशको आराधना गरिन्छ भन्ने मान्यता रहेको पाइन्छ ।[६२]

उपत्यकाका नेवारसमुदायले प्राकृतिक निरलङ्कार श्रीगणेशमूर्तिका साथै सायुध, सालङ्कार र सौम्य श्रीगणेशमूर्तिहरूको उपासना गर्दछन् । पृथिवीतत्त्वको प्रतीक किसली- पवित्र मदिरा, जलतत्त्वको प्रतीक कलश, आद्यज्योतिको प्रतीक कलशाकार श्रीगणेशाङ्कित आरतीपात्र – कुसुण्डा, कसार, लड्डु, आदि पूजाका उपचारबाट अर्चना गर्ने नेवारसमुदायले विघ्नका देवता श्रीगणेशबाट विघ्ननिवारणका साथै ज्योतिर्मय, समृद्धिमय, प्रीतिस्निग्ध, गतिशील र आध्यात्मिक सौन्दर्यसम्पन्न जीवनको आकांक्षा गरेका हुन्छन् । तिनीहरूले ज्योतिर्मय, शुभलाभदायक, पवित्रतादायक, अग्रपूज्य, आदिदेव, स्वयंज्योति, आद्यज्योति, ज्येष्ठराज, अध्यात्मज्योति, बृहस्पति, वाचस्पति र ब्रह्मणस्पतिका रूपमा पनि श्रीगणेशको आराधना गर्दछन् ।

उपत्यकावासी नेवार समुदायको सांस्कृतिक जीवनशैलीमा कुमारी, श्रीगणेश र भैरवको केन्द्रीय भूमिका रहेको हुन्छ । यी तीनै देवतालाई शाक्यकुलका कुमार एवं कुमारीको माध्यमबाट प्रत्यक्षीकरण गरिन्छ । कुमार र कुमारीलाई देवदेवी मानी पूजा-आराधना गरेर रथयात्रा गराउने काठमाडौं उपत्यकाका निवासी नेवारसमुदायको संस्कृतिलाई विश्वदुर्लभ संस्कृति मान्नुपर्दछ ।

कुमारी, श्रीगणेश र भैरवरूप मानवदेवताको चयन शाक्यपरिवारभित्रबाट गरिन्छ । चयनको क्रममा बालक एवं

६१. *डा. मिलनरत्न शाक्य, पूर्ववत् पृष्ठ २७ ।*
६२. *पूर्ववत्, पृष्ठ ६१-६२ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालिकाको ज्योतिषशास्त्रअनुसार कुण्डली हेरी उत्तम प्रकृतिको कुण्डलीको आधारमा कुमारी, श्रीगणेश र भैरवको चयन गरिन्छ । वर्तमान शाक्य कुमाररूप श्रीगणेशको चयन ई. २००० मा गरिएको हो । ई. १९९५ मा ओटु, ताघल बहाल काठमाडौंका पूर्णरूपी शाक्य र कल्याणरत्न शाक्यका पुत्रका रूपमा जन्मिएका कपिलरत्न शाक्य वर्तमान श्रीगणेश हुन् । धर्मचक्रदर्शन महाविहार ताघाल बहालसँग सम्बन्धित वर्तमान श्रीगणेश कपिलरत्न शाक्य अहिले १३ औं वर्षको उमेरमा प्रवेश गरेका छन् । ई. २००० आश्विन बडा दसैं सप्तमीका दिन यिनको चयन गरिएको हो । जीवित श्रीगणेशलाई वर्षमा दुईपटक कुमारीघर जानुपर्ने हुन्छ । कुमारीको रथयात्रामा सर्वप्रथम श्रीगणेशको रथसञ्चालन गरी श्रीगणेशको प्रथमपूज्यतालाई सम्मान गरिन्छ ।

यी सबै विशेषताका कारण काठमाडौं उपत्यकाका नेवारसमुदायको श्रीगणेशाराधना गम्भीर, अर्थपूर्ण एवं वैदिक संस्कृति र बौद्ध संस्कृतिको समन्वयको सुन्दर उदाहरण बनेर विश्वसामु आफ्नो विलक्षणताको बोध गराउँदै गतिशील बनेर रहेको छ । श्रीगणेशमा भक्ति गर्ने जातिहरूमध्ये नेवारजातिको श्रीगणेशाराधना क्षेत्रमा मूर्धन्य स्थान रहेको तथ्य माथिका विवरणहरूबाट प्रमाणित हुन्छ ।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद - सात

गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्तिहरू

श्रीगणेशपुराणमा भगवान् श्रीगणेशका क्षेत्रहरूको महिमा र उपासनाको प्रभावकारिता प्रकाशन गर्ने उद्देश्यले उहाँका उपासक ब्रह्मा, विष्णु, शिव, इन्द्र आदि देवता; ऋषि-मुनि र अन्य भक्त नर-नारीहरूले स्थापना गरेका गणेशमन्दिर र गणेशमूर्तिका साथै गणेशतीर्थ एवं क्षेत्रहरूको वर्णन गरिएको छ । नेपाल, भारतलगायत संसारका अनेक देशहरू प्राचीनकालदेखि अहिलेसम्म भक्तहरूका आस्था र आराधनाका केन्द्र बनेर रहेका गणेशक्षेत्र, गणेशतीर्थ, गणेशमन्दिर एवं गणेशमूर्तिले सुहाएका छन् । ईशाको प्रथम शताब्दीदेखि यता निर्माण गरिएका गणेशमन्दिर र प्रतिष्ठा गरिएका गणेशमूर्तिहरू भारत र नेपालमा प्रशस्त पाइन्छन् । समयको गतिसँगै भक्तहरूले मन्दिर बनाउँदै रहे, मूर्ति प्रतिष्ठा गर्दै गए र आराधना एवं उत्सवका कार्यक्रम चलाउँदै रहे । अहिले आएर जनसंख्या वृद्धिका कारण बसाइएका नयाँ बस्तीहरूमा पनि मन्दिरनिर्माण र मूर्तिप्रतिष्ठाका कार्य भइरहेका छन् । नेपाल र भारतमा मात्र नभई हिन्दु र बौद्धहरूको बाहुल्य भएका देशहरूमा पनि गणेशमूर्ति प्रतिष्ठा गरी गणेशोत्सव मनाउने काम गर्न थालिएको छ । सर्वपूज्यता र अग्रपूज्यताका कारण श्रीगणेश विश्वव्यापी देवताका रूपमा वन्दित हुनुहुन्छ ।

यस परिच्छेदमा गणेशपुराणमा वर्णित गणेशमन्दिर, गणेशमूर्ति, गणेशतीर्थ एवं गणेशक्षेत्रहरूको वर्णनका साथै नेपाल एवं भारतमा रहेका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्तिहरूको प्राप्त सामग्रीका आधारमा सङ्क्षिप्त परिचय प्रस्तुत गरी नेपाल एवं भारतबाहिरका देशहरूमा पाइने गणेशमन्दिर र गणेशमूर्तिहरूको विषयमा पनि छोटो चर्चा गरिनेछ । पौराणिक कालदेखि वर्तमान कालसम्म नेपाल, भारत एवं विश्वका अनेक देशहरूमा स्थापित गणेशका मूर्ति एवं मन्दिरहरूले श्रीगणेशको विश्वव्यापी प्रसिद्धि उजागर गर्दछन् ।

यहाँ प्रस्तुत गरिने गणेशमन्दिर, मूर्ति, तीर्थ र क्षेत्रसम्बन्धी विवरण पूर्ण छैन तापनि यसले थाहा पाउन बाँकी रहेका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्तिहरूको अनुसन्धानमा अनुसन्धाताहरूलाई प्रेरणा प्रदान गर्नेछ । यस विवरणबाट पाठकले गणेशको विश्वव्यापी प्रभावबारे जानकारी पाउनेछन् र नेपाललगायत धेरै देशहरूमा पौराणिक कालदेखि नै श्रीगणेशको उपासनाको सुदृढ परम्परा रहेको तथ्यबाट अवगत हुनेछन् । श्रीगणेशपुराणको नेपाली भाषानुवादको सन्दर्भमा भूमिकामा प्रस्तुत श्रीगणेशसँग सम्बद्ध मूर्ति र मन्दिरहरूको वर्णनात्मक प्रस्तुतिबाट पाठकहरूले प्राचीन एवं अर्वाचीन वाङ्मयमा श्रीगणेशको जति प्रसिद्धि छ, त्यति नै भौतिक व्यवहारमा पनि उहाँको प्रत्यक्ष प्रभाव छ भन्ने कुरा आत्मसात् गर्नेछन् ।

यस प्रकरणमा गणेशपुराणमा वर्णन गरिएका गणेशतीर्थहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरी नेपालमण्डलका प्रसिद्ध विनायकहरू एवं मेचीदेखि महाकालीसम्मका केही प्रसिद्ध गणेशमन्दिर, गणेशमूर्ति र गणेशतीर्थहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिनेछ । सम्पूर्ण नेपालमा छरिएर रहेका गणेशमन्दिर एवं मूर्तिहरूको जिल्लागत आधारमा सङ्क्षिप्त परिचय भने परिशिष्ट एकमा प्रस्तुत गरिएको छ । यसैगरी भारतका २१ गणपतिक्षेत्रको सङ्क्षिप्त वर्णन र विश्वका अनेकौं देशहरूमा रहेका गणेशमन्दिर एवं मूर्तिसम्बन्धी सैद्धान्तिक चर्चा पनि यहाँ प्रस्तुत गरिनेछ । ती सबैको सङ्क्षिप्त परिचय परिशिष्ट एकको अध्ययनबाट अवगत हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७.१ गणेशपुराणमा वर्णित गणेशका मूर्ति, मन्दिर एवं तीर्थ

श्रीगणेशपुराण सनातन संस्कृतिका सबै पक्षलाई प्रतिबिम्बित गराउने सिद्ध एवं प्रसिद्ध पौराणिक ग्रन्थ हो । यस प्रकरणमा गणेशका उपासकहरूलाई प्राचीन गणेशमूर्ति, गणेशमन्दिर र गणेशतीर्थहरूसँग परिचित गराई उनीहरूको गणेशोपासना पक्षलाई अझ तीव्रतम बनाउने उद्देश्यले श्रीगणेशपुराणमा वर्णित गणेशमूर्ति, गणेशमन्दिर एवं गणेशतीर्थहरूको वर्णन क्रमअनुसार परिचय प्रस्तुत गरिँदैछ ।

क) पल्लीपुरीको बल्लाल विनायकमन्दिर

सिन्धुदेशको पल्लीपुरीमा कल्याणवैश्यका छोरा बल्लाल सानैदेखि श्रीगणेशका उपासक थिए । आफ्ना बालमित्रहरूका साथ बालक्रीडा गर्दा पनि बल्लाल गणेशपूजनमा आधारित क्रीडा गर्दथे । एकदिन बालमित्रहरूका साथ वनमा गई श्रीगणेशको मन्दिर तयार गरेर उनी बालभावले गणेशपूजा गरिरहेका थिए । त्यसबेला 'तिम्रो छोरा बल्लालका कारण हाम्रा छोरा बिग्रिए' भन्ने नगर एवं गाउँका भद्रभलाद्मीहरूको भनाइ सुनेर रिसाउँदै आएका तिनका पिता कल्याण वैश्यले सहसा आएर मन्दिर भत्काए, पूजास्थल लथालिङ्ग बनाए र छोरा बल्लाललाई नराम्रोसँग पिटेर रगताम्ये बनाए । त्यसपछि बालक बल्लालले आर्तभावले श्रीगणेशको प्रार्थना गरे, उहाँ प्रकट हुनुभयो ।[१] बल्लालले खुसी भई हजुर यस क्षेत्रमा विराजमान हुनुहोस् भनी बिन्ती गरेपछि म यहाँ मेरो नाममा तिम्रो नाम जोडेर बल्लालविनायकका नामबाट रहनेछु । भाद्रशुक्ल चतुर्थीका दिन जसले यहाँ आई पूजा गरेर रथयात्रा गर्नेछन्, तिनका मनोरथ पूर्ण हुनेछन् भनी श्रीगणेश अन्तर्धान हुनुभयो । त्यसपछि बल्लालले गणेशभक्त सज्जनहरूको सहयोगमा बल्लालविनायकको मूर्ति तयार गराई मन्दिर बनाएर ब्राह्मणहरूद्वारा मूर्तिप्रतिष्ठा गराएका थिए ।[२]

ख) कोह्लारनगरको अनादिगणेशमन्दिर

राजा सोमकान्त प्रतापी, परोपकारी एवं आस्थावान् राजाका रूपमा जनप्रिय बनेर शासन गरिरहेका थिए। एक्कासि उनलाई कुष्ठरोगले समात्यो । उपचार गर्दागर्दै पनि निको हुन सकेन । शरीर दुर्गन्धित हुँदै गयो, पीपका धारा लाग्न थाले र असह्य पीडा भयो । उनलाई आफ्नै शरीरप्रति घृणा लाग्यो र मनमा वैराग्य जाग्यो । राजपात छाडेर सपत्नीक महर्षि भृगुका शरणमा पुगे । भृगु ऋषिले ध्यानबाट हेर्दा सोमकान्तका पूर्वजन्मका घोर पापका साथै एउटा विशिष्ट पुण्यकर्म पनि देखे । उनले भने – हे राजन् ! घना जंगलको जीर्ण मन्दिरमा विना पूजाआजा रहेको अनादिगणेश मूर्तिका निमित्त सुन्दर मन्दिर बनाई स्थापना गर्नु नै तिम्रो पूर्वजन्मको विशिष्ट पुण्यकर्म थियो। तिमीले पाप र पुण्यका फलमध्ये पहिले पुण्यफल भोग गर्छु भनेकाले केही कालसम्म प्रतापी राजाको रूपमा राजपात भोग्यौ, अब पापको फल भोग गर्ने समय आएकाले तिमी कुष्ठरोगी भएका छौ । श्रीगणेशको आराधना गर्दै गणेशपुराण श्रवण गर तिम्रो कल्याण हुनेछ । तिमीले अघिल्लो जन्ममा कारिगर लगाएर विशाल

---

१. *गणेशपुराण १/२२/१-५१ ।*

२. *त्वन्नामपूर्वं मन्नाम भविष्यति जने शुभम् । बल्लालविनायकेति नगरे सुप्रतिष्ठितम् ॥*
मयि चित्तं स्थिरं ते स्याद् भक्तिरव्यभिचारिणी । यात्रां मम करिष्यन्ति नगरे पल्लीसंज्ञके ॥
भाद्रशुक्लचतुर्थ्यां ये तेषां कामान् ददाम्यहम् । इति दत्त्वा वरं देवस्तत्रैवान्तरधीयत ॥
ततो विनायकं स्थाप्य बल्लालो ब्राह्मणैः सह । प्रासादं कारयामास नानाशोभासमन्वितम् ॥ – पूर्ववत्, १/२२/५२-५६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकारको चार ढोका, चार तोरण र चार गुम्बजले सजिएको; अनेक स्तम्भ एवं मण्डपले सम्पन्न, मणि–रत्न एवं मोतीद्वारा झकिझकाउ र फराकिलो आँगन भएको; चारैतिर सुन्दर उद्यान रहेकाले अत्यन्त शोभायमान, चारै दिशामा रहेका निर्मल जल र कमलसहितका तलाउले घेरिएको कलात्मक गणेशमन्दिर बनाएर वनको जीर्ण देवालयमा रहेको अनादिगणेश मूर्तिको प्रतिष्ठा गराई नयाँ मन्दिर बनाएर स्थापना गरेका थियौ । अहिले तिमीले बनाएको मन्दिर कोल्हारपुरको शोभा बनेर रहेको छ । भृगु ऋषिका मुखबाट आफ्ना पूर्वजन्मका पुण्य र पाप थाहा पाई राजा सोमकान्तले श्रीगणेशपुराण श्रवण गरे र त्यसका पुण्यले गणेशधाममा प्राप्त भए ।[३]

ग) बङ्गाल गणेशपुरको गणेशमन्दिर

मुनि गृत्समदबाट गणानान्त्वा० इत्यादि वैदिक मन्त्रको दीक्षा प्राप्त गरी तपस्यामा लीन भएको त्रिपुरासुरलाई चतुर्बाहु श्रीगणेशको दर्शन गर्ने सौभाग्य प्राप्त भयो । श्रीगणेशले वर माग भन्नुहुँदा त्यसले अरू अनेक वरका साथै मेरो नगरमा हजुर विराजमान हुनुहोस् र हजुर विराजमान हुनुभएका कारण यो नगर गणेशपुरका नामबाट प्रख्यात होस् भनी वरयाचना गर्दा श्रीगणेश तथास्तु भनी अन्तर्धान हुनुंभयो । त्यसपछि त्रिपुरासुरले बङ्गाल देशमा रहेको आफ्नो नगरमा काश्मीर देशमा पाइने चिल्लो शिलाद्वारा गणेशमूर्ति तयार गराई मणि, मोती, सुवर्ण आदिद्वारा सुसज्जित दिव्य मन्दिर बनाएर गणेशमूर्तिको स्थापना गरी विधिवत् आराधना गरेको थियो । मन्दिरस्थापनापछि त्रिपुरासुरको नगर लोकमा गणेशपुरका नामबाट प्रसिद्ध भयो ।[४]

घ) कदम्बपुरको चिन्तामणिविनायक मन्दिर एवं चिन्तामणितीर्थ

गौतम ऋषिको सराप परी दुःखी भएका इन्द्रले देवताहरूको सहयोगमा उनै ऋषिबाट षडक्षर मन्त्रको दीक्षा लिएर श्रीगणेशको आराधना गरेका थिए । श्रीगणेशले प्रसन्न भई दर्शन दिनुभयो । वर माग भनी प्रेरित गर्दा इन्द्रले - मेरो चित्त हजुरमा लागिरहोस्, यो क्षेत्र चिन्तामणिका नामबाट प्रसिद्ध होस्, चिन्तामणितीर्थ एवं गणेशसरोवरको महिमा बढोस् र यहाँ आई हजुरको आराधना गर्ने आराधकले चिताएका कुरा पूरा होऊन् भनी वर मागेका थिए । भगवान् गणेश तथास्तु भनी अन्तर्धान हुनुभयो । त्यसपछि इन्द्रले चिन्तामणिविनायकको प्रतिमा तयार गरी मन्दिर बनाएर स्थापना गरे ।[५]

ङ) दण्डकारण्यको महागणेशमिन्दर

भगवान् सदाशिव युद्धमा दुर्जेय दानवराज त्रिपुरासुरबाट पराजित हुनुभयो । त्यस बेला देवर्षि नारदजीले सदाशिवलाई भगवान् श्रीगणेशको आराधना गर्नुपर्ने परामर्श दिएपछि उहाँले आराधनाद्वारा श्रीगणेशको दर्शन

---

३. *ततोऽनादिः परा मूर्तिर्गणेशस्य वने शुभा । जीर्णदेवालये छुद्रे स्थिता ते कथिता द्विजैः ॥*
ततोऽतिविस्तृतं दीर्घं चतुस्तोरणसंयुतम् । चतुर्द्वारं सुरुचिरं चतुःशिखरशोभितम् ॥
नानास्तम्भचितं नानावेदीभिः परिवारितम् । मुक्ताप्रवालरत्नाद्यैः खचितं रुचिराङ्गणम् ॥
नानापुष्पद्रुमयुतं नानाफलद्रुमैश्चितम् । चतुर्दिक्षु चारुवारिमयवापीविराजितम् ॥ - ग.पु. १/८/२१-२४ ।

४. *ततः काश्मीरपाषाणभवां मूर्तिं गजाननीम् । स्थापयामास विधिवत् ब्राह्मणैर्मन्त्रकोविदैः ॥*
महान्तं काञ्चनं दिव्यं मणिरत्नादिभूषितम् । गणेशपुरमध्ये स प्रासादं कृतवान् शुभम् ॥
उपचारैः षोडशभिः पूजयामास तं विभुम् । ततस्तदभवत् स्थानं बङ्गाले त्रिपुरस्य ह । गणेशपुरमित्येव सर्वेषां सर्वसिद्धिदम् ॥ - गणेशपुराण, १/३९/२-४, ६।

५. *इन्दं चिन्तामणिपुरं ख्यातं भुवि भविष्यति । चिन्तितं च प्रदास्यामि चिन्तामणिविनायकः ॥*
पूजितः सुरनाथेन तत्रैवान्तर्दधे विभुः । स्थापयामास शक्रोऽपि स्फाटिकां मूर्तिमादरात् ॥
कारयामास विपुलं प्रासादं रत्नकाञ्चनैः ॥ - ग.पु. १/३४/३३,३५,३७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउनुभयो र गणेशसहस्रनामको उपदेश पनि । यसै अवसरमा उहाँले दण्डकारण्यमा गणेशमन्दिर बनाई महागणेशमूर्तिको प्रतिष्ठा गराउनुभयो । त्यसपछि गणेशमन्दिरको निर्माण, गणेशसहस्रनामको पाठ र आराधनाद्वारा सदाशिवले त्रिपुरासुरमाथि विजय प्राप्त गर्नुभयो ।[६]

च) पारिनेर नगरको मङ्गलमूर्ति मन्दिर

भारद्वाज ऋषि र पृथिवीका पुत्रका रूपमा पैदा भएका मङ्गलले आफ्ना पिता भारद्वाजबाट शिक्षा र गणेशमन्त्रको दीक्षासमेत प्राप्त गरे । गणेशमन्त्रको जपानुष्ठान गरी मङ्गलले श्रीगणेशलाई प्रसन्न तुल्याए । श्रीगणेशले दर्शन दिएर मङ्गललाई देवताहरूको माझमा रही अमृतपान गर्ने अधिकार प्रदान गर्दै सम्पूर्ण मनोरथ पूर्ण तुल्याइदिनुभयो । त्यसपछि मङ्गलले श्रीगणेशको दशभुज मूर्ति बनाई मङ्गलमूर्ति भनी नामकरण गरेर मन्दिरमा प्रतिष्ठा गराएका थिए । मङ्गलमूर्ति क्षेत्र त्यसपछि गणेशतीर्थका रूपमा प्रसिद्ध भयो ।[७]

छ) दण्डकारण्यको गणेशमूर्ति र नामलतीर्थ

मुद्गल ऋषिका शिष्य र धर्मपुत्र भ्रुशुण्डी तल्लीनतापूर्वक दीर्घकालिक श्रीगणेशको आराधनाका कारण श्रीगणेशकै स्वरूपमा परिणत भएका थिए । उनको आँखीभौंबाट सूँढ निस्किनाले उनलाई भ्रुशुण्डी भनिएको थियो । उनको प्रभाव पनि आफ्ना आराध्य श्रीगणेशकै समान भएकाले उनलाई मानिसहरू श्रीगणेश नै मान्दथे। वास्तवमा उनले श्रीगणेशको एकाक्षर मन्त्र गं को जपानुष्ठान गर्दै लामो समय बिताए । भगवान् गणेशको मूर्ति आफ्नो अगाडि राखी नित्य षोडशोपचारद्वारा अर्चना गरे । उनको आराधना र जपानुष्ठानबाट प्रसन्न हुनुभएका श्रीगणेशले उनलाई दर्शन दिएर भन्नुभयो – तिमी मेरा प्यारा भक्त हौ, तिम्रो कल्याण हुनेछ र तिमीले तपस्या गरेको यो क्षेत्र नामलतीर्थका नामबाट प्रसिद्ध हुनेछ ।[८]

ज) गङ्गातीरको भालचन्द्र मन्दिर

सौन्दर्यगर्वित चन्द्रमाले एकदिन श्रीगणेशको सूँढ देखेर उपहास गरे । फलस्वरूप श्रीगणेशबाट ज्योतिहीन एवं कुष्ठरोगी हुने सराप पर्न गयो । पछुतो मानिरहेका चन्द्रमाले श्रीगणेशको एकाक्षर मन्त्रजप गरी १२ वर्षसम्म अखण्डरूपमा आराधना गरेपछि उहाँ प्रसन्न हुनुभयो । भाद्र शुक्ल चतुर्थी तिथिमा चन्द्रको दर्शन गर्ने मानिसले सरापको फल बेहोर्ने गरी श्रीगणेशले चन्द्रमालाई पहिलेझैं ज्योतिर्मय र सुन्दर तुल्याउनुभयो । त्यसपछि चन्द्रमाले श्रीगणेशको वरदनामबाट मूर्ति तयार गराएर मन्दिरमा राखी प्रतिष्ठा गराएर पूजा गरे । देवता र ऋषिहरूले त्यस मूर्तिलाई भालचन्द्रमूर्ति भनी सम्बोधन गरे । भालचन्द्रमन्दिर रहेको यो क्षेत्र सिद्धिक्षेत्रका रूपमा प्रसिद्ध भयो ।[९]

---

६. *श्रुत्वा तु वाक्यं द्विरदाननस्य । तं पूज्य सम्यक् शिव उज्जहर्ष ।।*
संस्थापयामास महागणेशम् । प्रासादमुच्चैर्दृढमाशु चक्रे ।। – गणेशपुराण १/४५/१९ ।

७. *ततस्तु मङ्गलो देवं स्थापयामास भक्तितः । शुण्डामुखं दशभुजं सर्वावयवसुन्दरम् ।।*
प्रासादं कारयामास गजाननमुदावहम् । संज्ञां मङ्गलमूर्तीति देवदेवस्य सोऽकरोत् ।। – ग.पु. १/६०/३७–३८ ।

८. *पुनः पद्मासनगतो जजापैकाक्षरं मनुम् । पुरो मूर्तिं प्रतिष्ठाप्य गणेशस्य मनोहराम् ।।*
इदं क्षेत्रं सुविख्यातं नामलेति भविष्यति । अनुष्ठानकृतामत्र नानासिद्धिप्रदं नृणाम् ।। – ग.पु. १/५७/५१, ५५ ।

९. *स्थापयामास वरदमूर्तिं देवर्षिभिः सह । भालचन्द्रेति नामास्य चक्रुस्ते मुनयः सुराः ।।*
प्रासादं कारयामास काञ्चनं रत्नसंयुतम् । उपचारैः षोडशभिः पूजयामास सादरम् ।। – ग.पु. १/६०/५१–५२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झ) जाम्बानगरीको गणनाथमन्दिर

दक्षिण भारतको जाम्बा नगरीमा अतिप्राचीन गणनाथ मन्दिर रहेको छ । यो सिद्धक्षेत्र मानिएकाले यसमा गणेशका उपासक योगीहरू नित्य निवास गर्दछन् । भाद्रशुक्ल चतुर्थीका दिन यहाँ गणेशमहोत्सवको आयोजना गरिन्छ । यो महोत्सव गणेशमन्दिरका साथै जाम्बा नगरीका घर-घरमा मनाइन्छ । यसै क्षेत्रमा गोरु, गधा र दलित नारीले अज्ञानमै भए पनि श्रीगणेशमा दूर्वार्पण गर्दा श्रीगणेश प्रसन्न हुनुभयो । फलस्वरूप ती तीनवटै प्राणीहरूले गणेशधाम प्राप्त गरेका थिए ।[१०]

ञ) मयूरेश्वर क्षेत्रको महागणेशमन्दिर

राजा कार्तवीर्यद्वारा जमदग्नि ऋषिको वध गरियो । उनका छोरा परशुराम ठूलो चोटमा परे । माता रेणुकाको उपदेशअनुसार तिनले भगवान् शिवको आराधना गरे । शिवले प्रसन्न भई दर्शन दिएर श्रीगणेशको ६ अक्षरको मन्त्र **वक्रतुण्डाय हुम्**को दीक्षा दिनुभएपछि परशुराम जपानुष्ठानमा प्रवृत्त भए । परशुरामको भक्तिपूर्ण साधनाबाट प्रसन्न हुनुभएका श्रीगणेशले दर्शन दिएर मनकामना सिद्धि हुने वरका साथै परशु पनि प्रदान गर्नुभयो । वर एवं परशु प्राप्त गरेपछि परशुरामले श्रद्धापूर्वक महागणपतिको प्रतिमा तयार गरी विशाल मन्दिर निर्माण गरेर उक्त प्रतिमाको प्रतिष्ठा गराएका थिए । मयूरेश्वर सिद्धक्षेत्रमा अवस्थित यो मन्दिर तीर्थका रूपमा सम्मानित छ ।[११]

ट) एल नगरको लक्षविनायकको मूर्ति

भगवान् शिवबाट श्रीगणेशमन्त्रको दीक्षा लिएर हिमालीक्षेत्रको सघन वनमा तपस्या गर्न गएका स्वामी कार्तिकेयको कठोर तपस्याबाट प्रसन्न भई श्रीगणेशले दर्शन दिएर वर माग्न प्रेरित गर्नुभयो । स्वामी कार्तिकेयले मनकामनासिद्धि, देवताहरूमा वरिष्ठता, चरणारविन्दको अविस्मृति एवं अपराजेयताजस्ता विषयहरूको प्राप्तिका साथै चिन्तन गर्नासाथ श्रीगणेशको दर्शन प्राप्त गर्ने सौभाग्यका लागि प्रार्थना गरेका थिए । श्रीगणेश स्वीकृति प्रदान गरी आपनो वाहन मयूर पनि दिएर स्वामी कार्तिकेयलाई मयूरध्वज भनी सम्बोधन गर्दै अन्तर्धान हुनुभयो। स्वामी कार्तिकेयले पनि श्रीगणेशको महामूर्ति स्थापित गरी एक लाख दूर्वार्पण गर्दै अर्चना गरे । उनीद्वारा एलनगरमा स्थापित गणेशमूर्ति लक्षविनायक मूर्तिका रूपमा प्रसिद्ध भयो ।[१२]

ठ) नासिक जनस्थानको महोत्कट गणेशको मूर्ति

भगवान् शङ्करको सराप परी खरानी भएका कामदेवको आत्मा भट्किरहेको थियो । कामदेवकी पत्नी रतिको विलापपूर्ण प्रार्थनाबाट करुणामय भई भगवान् शङ्करले शरीर नरहे पनि कामदेवलाई प्रत्येक प्राणीका मनमा बस्ने व्यवस्था मिलाइदिनुभयो । मनमा बसेका कारण कामदेवसँग रतिको पुनर्मिलन भयो । कामदेवले

---

१०. *प्रासादं गणनाथस्य ददर्श परमाद्भुतम् । नानावृक्षलताजालैर्नानापक्षिगणैर्युतम् ॥*
यत्र योगीश्वराः केचिदनुष्ठानरताः सदा । उपासका गणेशस्य नियमस्था वसन्ति हि ॥
कदाचिद भाद्रमासस्य चतुर्थ्यां तु गृहे गृहे । तस्मिन् पुरे सम्प्रवृत्तो गणनाथमहोत्सवः ॥ - ग.पु. १/६२/२१-२४ ।

११. *रामोऽपि स्थापयामास महागणपतिं तदा । ब्राह्मणैर्वेदवेदाङ्गशास्त्रविद्भिः समं मुदा ॥*
प्रासादं कारयामास रत्नस्तम्भयुतं दृढम् । - ग.पु. १/८२/४४-४५ ।

१२. *पराजयो मे न कदापि भूयात् । प्रत्यक्षतामेहि विचिन्त्यमानः ॥*
अविस्मृतिः स्यात् तव पादपद्मे । सर्वेषु देवेषु वरिष्ठता च ॥
अलक्ष्यो लक्ष्यतां यातस्ततो लक्ष्यविनायकः । नाम्ना ख्यातो भवात्र त्वं भक्तकामसुरद्रुमः ॥ - ग.पु. १/८७/४०-४२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक दिन भगवान् शिवसमक्ष गएर विनाशरीर प्राणीहरूका मनमा मात्र बसिरहँदा आफूले कष्ठ भोग्नुपरिरहेको कुरा निवेदन गरे । भगवान् शिवले श्रीगणेशको एकाक्षर मन्त्र सुनाई आराधना गर्न लगाउनुभयो । कामदेवले आराधनाबाट श्रीगणेशको दर्शन पाए । उहाँले तिनलाई त्रिलोकीमा विजयी हुने वरका साथै द्वापरयुगमा कृष्ण र रुक्मिणीका छोरा प्रद्युम्नका रूपमा पैदा हुने वर दिएर अन्तर्धान हुनुभयो । यसै खुसियालीमा कामदेवले आफ्नी पत्नी रतिका माध्यमबाट श्रीगणेशको महामूर्ति तयार गराई नासिकको जनस्थानमा स्थापना गराएर उपासना गरे। पहिले श्रीरामले शूर्पणखाको नाक काटिदिनुभएको ठाउँमा भगवान् महोत्कट विराजमान हुनुभयो ।[१३]

ड) प्रवालनगरको धरणीधर गणेशमन्दिर

अत्यन्त अभिमानी स्वभावका कारण भगवान् शिवद्वारा तिरस्कृत र महत्त्वहीन अवस्थामा रही दीनतापूर्वक समययापन गरिरहेका शेषनागले नारदजीको उपदेशअनुसार श्रीगणेशको आराधना गरी दर्शन पाए । त्यसपछि उनले आफ्नो वेदना सुनाए । श्रीगणेशले शेषनागलाई पुरानो स्वरूप एवं गौरवका साथै पृथ्वी धारण गर्ने सामर्थ्य पनि दिनुभयो र आफ्नो पेटमा यज्ञोपवीतकै रूपमा धारण गर्नुभयो । यसरी शेषनागलाई पेटमा धारण गर्नुभएका कारण श्रीगणेशको नाम 'व्यालबद्धमहोदर' हुन गयो । त्यसबेला शेषनागले भनेका थिए – हे प्रभु ! अब उप्रान्त हामी दुवै धरणीधरका नामबाट प्रसिद्ध होऔं र हजुर प्रवालनगरमा धरणीधर नामबाट विराजमान हुनुहोस् । श्रीगणेश तथास्तु भनेर अन्तर्धान हुनुभयो । शेषनागले प्रवालनगरमा श्रीगणेशको धरणीधर मूर्ति बनाई सुन्दर मन्दिर तयार गरेर मूर्तिस्थापना गरेका थिए । प्रवालनगरको यो गणेशमन्दिर श्रीगणेशको पवित्र तीर्थका रूपमा समादृत छ ।[१४]

ढ) कश्यपसन्ततिद्वारा स्थापित गणेशमूर्तिहरू

महर्षि कश्यपका सबैथरि सन्तानले सृष्टिसामर्थ्य प्राप्त गर्न श्रीगणेशको आराधना गरेका थिए । उहाँले दर्शन दिएर मनोरथ पूर्ण गराउनुभएपछि प्रसन्न भएका ती सबैले आ–आफ्नै किसिमका गणेशमूर्तिहरूको स्थापना गरे । देवताहरूले सुमुखमूर्ति, मुनिहरूले एकदन्तमूर्ति, गन्धर्व एवं किन्नरहरूले कपिलमूर्ति, गुह्यक, चारण एवं सिद्धहरूले गजकर्णमूर्ति, मानिसहरूले लम्बोदरमूर्ति, वन्यजन्तुहरूले विकटमूर्ति, वन र पर्वतहरूले विघ्ननाशकमूर्ति, चराचुरुङ्गीहरूले विनायकमूर्ति, सर्पहरूले धूम्रकेतुमूर्ति, जलाशयहरूले गणाध्यक्षमूर्ति, कृमि, कीट, वनस्पति एवं औषधिहरूले भालचन्द्र मूर्ति र अरू सचेतन प्राणीहरूले गजाननमूर्ति तयार गरी प्रतिष्ठा गरेका थिए । उक्त सबै नाम मन्त्रसमान पवित्र र प्रभावकारी मानिएका छन् ।[१५]

ण) सह्यपर्वतको हेरम्बमन्दिर

यज्ञमा श्रीगणेशको स्मरण नगर्नाले र सावित्रीको उपेक्षा गरी गायत्रीको अर्चना गर्नाले सावित्रीको सराप परेर देवताहरू जलको रूपमा परिणत भए ! देवताहरूको उद्धारका लागि देवपत्नीहरूले कर्नाटकको वक्रतुण्ड

---

१३. *तत्र कामो महामूर्तिं गणेशस्य तथाविधाम् । सम्पाद्य स्थापयामास पूजयामास तां तदा ॥*
महोत्कटेति नामास्य तेजस्वित्वात् तथाऽकरोत् ॥ – ग.पु. १/८९/७-८ ।

१४. *शेषोऽपि तादृशीं मूर्ति कृत्वाऽस्थापयदादरात् । अकरोद् बहुरत्नाढ्यं प्रसादं काञ्चनं दृढम् ॥*
प्रवालनगरे ख्यातो गणेशो धरणीधरः ॥ – ग.पु. १/९०/५३, ५६ ।

१५. *सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः । लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ॥*
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः । द्वादशैतानि नामानि यः पठेत् शृणुयादपि ॥
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा । संग्रामे संकटे चैव विघ्नस्तस्य न जायते ॥ – ग.पु. १/९२/३०-३२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिरमा गई श्रीगणेशको आराधना गर्दा उहाँले दर्शन दिनुभयो । दर्शन पाएपछि रमाएका देवपत्नीहरूले स्तुति र दुःख निवेदन गरे । वर दिँदै भगवान् गणेशले भन्नुभयो – अब देवताहरूले अंशरूपमा मात्र जलमा रही पूर्ववत् स्वरूप धारण गर्नेछन् । यसै प्रसन्नताको अवसरमा देवताहरूले हेरम्बगणपतिको मूर्ति बनाई सुँन्दर मन्दिर तयार गरेर मूर्तिप्रतिष्ठाका साथै दूर्वाङ्कुर चढाई अर्चना–उपासना गरेका थिए ।[१६]

त) भगवान् विश्वनाथद्वारा काशीमा स्थापित ढुण्ढिराज मन्दिर

भस्मासुरको छोरा दुरासद दानवले शिवको आराधना गरी उहाँको वरदानबाट तीनै लोकमाथि पूर्ण अधिकार कायम गरेपछि त्यसको कठोर शासन र अत्याचारका कारण देवता, मुनि र सबै मानवहरू त्राहि त्राहि भन्न थाले । आफूले दिएको वरदानका कारण दुरासदलाई उन्मत्त भएको देखेर भगवान् विश्वनाथले पनि केदारेश्वर क्षेत्रमा गई एकान्तवास गर्नुभयो । 'शक्तिपुत्रले मात्र तिमीमाथि विजय प्राप्त गर्नेछन् र जीवनदान पनि दिनेछन्' भन्ने वर दुरासदले प्राप्त गरेको थाहा पाएर देवताहरूले श्रीशक्तिको आराधना गरे । श्रीशक्तिले दर्शन दिएर तिमीहरूले आफ्नो कार्यसिद्धिका लागि श्रीगणेशको आराधना गर भन्नुभयो । देवताहरूले आराधना गरी स्तुति गर्दै दुरासदबाट पाएका पीडाको विषयमा श्रीगणेशलाई निवेदन गरे । त्यस बेला श्रीगणेशको आकाशवाणी भयो – 'तिमीहरू चिन्ता नगर, मैले दुरासदमाथि विजय प्राप्त गर्नेछु ।' त्यसपछि देवताहरूले पार्वतीछेउमा गएर गणेशबाट आकाशवाणी भएको कुरा अवगत गराए । एक्कासि पार्वतीको मुद्रा बदलियो, रिसाउनुभयो । रिसाउँदा खुल्न गएको उहाँको मुखबाट एउटा तेजको पुञ्ज प्रकट भयो र त्यो गणेशका रूपमा परिणत भयो । देवताहरूले स्तुति गरे अनि पार्वतीले पूजा गर्नुभयो । उहाँले आफ्नो वाहन सिंह प्रदान गरी वक्रतुण्ड भनी नामकरण गर्नुभयो । त्यसपछि पार्वतीनन्दन गणेश र दुरासदका बीचमा घोर युद्ध भयो । दुरासदले आफ्ना सम्पूर्ण योद्धाहरू लगाएर श्रीगणेशलाई चारैतिरबाट घेर्‍यो । त्यसबेला श्रीगणेशले काशीमा आफ्ना तेजबाट छपन्न विनायक प्रकट गरी युद्ध गर्न लाग्नुभयो । श्रीगणेश एवं विनायकहरूको पराक्रमबाट दुरासदको सेना पराजित भयो । महाबली दुरासदले पनि युद्धभूमिबाट पलायन गर्‍यो । यस्तो अवस्था देखेर श्रीगणेशले विराट्रूप धारण गरी त्यसलाई समात्नुभयो । त्यसबेला उहाँले एउटा पाउले काशीमा र अर्को पाउले त्यसको टाउकोमा टेक्नुभएको थियो । श्रीगणेशले भन्नुभयो – शिवको वर पाएका कारण तेरो मृत्यु हुँदैन, तँ अबदेखि काशीमा पर्वतझैं अचल भएर बस्नुपर्दछ । दुरासदले बिन्ती गर्‍यो – हे प्रभु ! हजुरले पनि यसरी नै मेरो टाउकोमा टेकिरहनुपर्दछ । भगवान् गणेश तथास्तु भनी छपन्न विनायकहरूका साथ काशीविश्वनाथका समीपमा ढुण्ढिराज गणेशका नामबाट विराजमान हुनुभयो । उहाँको अर्को मूर्ति तुण्डिनपुरमा एकपादविनायकका रूपमा शोभायमान भयो ।

भगवान् ढुण्ढिराजको प्रयासबाट केदारक्षेत्रमा एकान्तवास गरिरहनुभएका भगवान् विश्वनाथ पनि अविमुक्त पुरी काशीमा फर्किनुभयो । त्यसपछि विश्वनाथले ढुण्ढिराज गणेशको भावपूर्ण स्तुति गरी नेपालको कालीगण्डकीमा पाइने शालग्राम शिलाद्वारा गणेशको मूर्ति तयार गराएर सुन्दर मूर्ति बनाई सकल भक्तहरूलाई खोजी–खोजी तिनीहरूले चाहेका वस्तु प्रदान गर्नुहुने अर्थमा उक्त मूर्तिको ढुण्ढिराज गणेश नामकरण गरी प्रतिष्ठा गराउनुभयो ।[१७]

---

१६. *सोऽपि तत्प्रतिनन्द्याथ पिदधे विघ्ननाशनः । ततस्ते सुन्दरां मूर्तिं कृत्वा पाषाणतः शुभाम् ॥*
चतुर्भुजां करिकराननां हीरकनिर्मिताम् । प्रासादं परमं कृत्वा स्थापयामासुरादरात् ॥ – ग.पु. २/३६/१८-१ ।

१७. *अन्वेषयित्वा सर्वार्थान् विदधासि नृणामिह । अतो दुण्ढिरिति ख्यातस्त्रिलोक्यां त्वं भविष्यसि ॥*
दुण्ढिरित्येव ते नाम मुक्तिदं पापनाशनात् । स्मरणात् सर्वकार्याणां सिद्धिदं च भविष्यति ॥
एवमुक्त्वाऽस्थापयत् स गण्डकीयोपलैः कृताम् । मूर्तिं दुण्ढेर्महादेवः प्रासादे चारुनिर्मिते ॥ – ग.पु. २/४८/१८-२१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थ) श्रीरामद्वारा स्थापित कर्नाटकको वक्रतुण्डमूर्ति

भगवान् श्रीरामले रावणमाथि विजय प्राप्त गर्न कर्नाटक देशमा गई मन्दारवृक्षको फेंदमा वक्रतुण्ड गणेशको मूर्ति स्थापना गर्नुभयो । वक्रतुण्डको अनुकम्पाबाट उहाँले स्वर्ग, मर्त्य र पातालका लागि काँडोसमान पीडादायक रावणमाथि विजय प्राप्त गर्नुभएको थियो ।[१८]

द) सनक-सनन्दनद्वारा स्थापित काशीको वरदविनायक मन्दिर

भगवान् श्रीगणेशको मानुषलीला अवलोकन गर्न काशी पुगेका सनक र सनन्दनले उहाँको अद्भुत लीला र विलक्षण स्वरूप दर्शन गर्नुका साथै अवाङ्मनसगोचर महिमा पनि अनुभव गरे । उनीहरूले श्रीगणेशको अन्तर्यामिता र विश्वसत्ता आत्मसात् गरे । त्यसपछि श्रद्धा एवं भक्तिले अनुप्राणित भई सुन्दर गणेशमूर्ति तयार गर्न लगाएर काशीमा वरदविनायकको नामबाट श्रीगणेशको प्रतिष्ठा गरे । मन्दिरको छेउमा कुण्ड तयार गराई गणेशकुण्ड एवं गणेशतीर्थ भनी नामकरण गरेका थिए । उक्त गणेशतीर्थमा स्नान गरी वरदविनायकको आराधना गर्नाले भक्तहरूका मनोरथ पूर्ण हुने कुरा गणेशपुराणमा बताइएको छ ।[१९]

ध) पार्वतीद्वारा स्थापित लेखनाद्रिको गिरिजात्मज गणेशमन्दिर

त्रिसन्ध्याक्षेत्रमा विराजमान हुनुभएका भगवान् शङ्करले नित्य श्रीगणेशको उपासना गर्नुभएको देखेर पार्वतीलाई गणेशमा भक्ति गरी उहाँको दर्शन गर्ने प्रबल इच्छा जागृत भयो । श्री पार्वतीले भगवान् शङ्करबाट गणेशको एकाक्षर मन्त्रको दीक्षाग्रहण गरी लेखनाद्रिमा गई आराधना प्रारम्भ गर्नुभयो । आराधनाबाट प्रसन्न हुनुभएका श्रीगणेशले एकदिन श्रीपार्वतीलाई दशभुज स्वरूप लिएर दर्शन दिनुभयो । हे माता पार्वती ! हजुर के चाहनु हुन्छ ? भनी प्रश्न गर्नुहुँदा पार्वतीले म हजुरलाई पुत्रका रूपमा पैदा गर्न चाहन्छु भन्नुभएपछि श्रीगणेश तथास्तु भनी अन्तर्धान हुनुभयो । श्रीगणेशको दर्शनपछि भगवती पार्वतीले लेखनाद्रिमा गिरिजात्मज नामबाट गणेशमूर्ति तयार गराई गणेशमन्दिर बनाएर मूर्तिस्थापना गर्नुभयो । त्यसपछि तपस्याको महत्तम प्राप्तिबाट प्रफुल्लित हुँदै पार्वती शिवसमक्ष जानुभएको थियो ।[२०]

न) विश्वकर्माद्वारा निर्मित मयूरेशपुरको गणेश-शङ्करमन्दिर

भगवान् श्रीगणेशले सदाशिवको सहयोग लिएर पापाचारी कमलासुरको वध गर्नुभयो । देवताहरूले स्तुति गर्दै श्रीगणेश एवं श्रीशङ्करलाई मयूरेशपुरमा विराजमान हुन अनुरोध गरे । उहाँहरूले अनुमति दिनुभएपछि विश्वकर्माले श्रीगणेश एवं श्रीशङ्करका मूर्ति बनाई मन्दिरमा प्रतिष्ठा गरेर श्रीगणेश एवं श्रीशङ्करको अर्चना-उपासना गरेका थिए ।[२१]

---

१८. रामेण स्थापितं पूर्व वक्रतुण्डेति नामतः । यद्वरैर्विजयी रामो हत्वा राक्षसपुङ्गवान् । दशाननश्च विख्यातं ययौ पत्न्या निजं पदम् ॥ - ग.पु. २/३६/२७-२९ ।

१९. स्थापयामासतुर्नाम त्वरदोऽयं विनायकः । प्रासादं परमं कृत्वा मूर्तिं वैनायिकीं शुभाम् ॥
गणेशतीर्थमिति च तत्र यत् सर उत्तमम् । स्थापितं नाम तस्यापि तत्र तत् ख्यातिमागमत् ॥
अत्र स्नानेन दानेन गणेशपूजनेन च । सर्वान् कामानवाप्नोति हित्वा पापं पुरातनम् ॥ - ग.पु. २/५४/५८-६१ ।

२०. ततोऽहं परमप्रीता मूर्तिं प्रासादमेव च । विधाय स्थापयित्वा तां तवान्तिकमुपागता ॥ - ग.पु. २/८१/२९ ।

२१. विश्वकर्मा व्यधात्तत्र मन्दिरं सुन्दरं ततः । असङ्ख्यशिखरद्वारमसङ्ख्याश्चर्यसंयुतम् ॥
तत्राभून्नगरं चारु सर्वलोकसमन्वितम् । मयूरेशपुरं नाम तस्य चक्रुमहर्षयः ॥ - ग.पु. २/१०४/३२-३३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प) राजा चक्रपाणिद्वारा स्थापित गण्डकीनगरको गणेशमन्दिर

भगवान् श्रीगणेशले मयूरेश अवतार लिएर आफ्नो अद्‌भुत पराक्रमद्वारा दुर्जेय दानवराज सिन्धुको वध गर्नुभएपछि सिन्धुका पिता राजा चक्रपाणिले भक्तिपूर्वक श्रीगणेशको स्तुति गरे । आफ्नो राजधानी गण्डकीनगरमा श्रीगणेशलाई पुऱ्याए । सम्पूर्ण जनताद्वारा श्रीगणेशको जय जयकार गराई उहाँको भावपूर्ण विदाई गर्न चार कोशको बाटोसम्म आफू पनि गए । श्रीगणेशले प्रसन्न भई तिनलाई पारमार्थिक कल्याण हुने आशीर्वाद प्रदान गर्नुभयो । श्रीगणेशबाट आशीर्वाद पाएका राजा चक्रपाणिले गण्डकीनगर अर्थात् अहिलेको नेपालमा पर्ने चितवन–नारायणगढमा श्रीगणेशलगायत सबै पाञ्चायन देवताका छुट्टाछुट्टै मन्दिर बनाई मूर्तिप्रतिष्ठा गरेका थिए । चक्रपाणिद्वारा स्थापित गणेशपाञ्चायनमन्दिर अहिले पनि नारायणगढमा प्राचीन गणेशमन्दिरका रूपमा रहेको छ ।[२२]

फ) ब्रह्माजीद्वारा स्थापित गजाननमन्दिर

मयूरेश अवतारमा भगवान् श्रीगणेशले सिन्धु दैत्यको वधपछि कारागारमा थुनिएका देवताहरूलाई छुटाउनुभयो। अन्त्यमा लीला तिरोहित गरी धाममा फर्किनुभयो । भगवान् गणेश अनर्धान हुनुभएपछि ब्रह्मा, विष्णु र शिवले आ–आफ्ना हृदयमा मयूरेश श्रीगणेशको दर्शन पाउनुभयो । त्यसबेला ब्रह्माजीले बालुवाद्वारा गजानन मूर्ति तयार गरी गणेशमन्दिर बनाएर मूर्तिको प्रतिष्ठा गराउनुभयो । उक्त मन्दिरक्षेत्र मयूरेशक्षेत्रका रूपमा प्रसिद्ध भयो ।[२३]

ब) नर्मदातटको गणेशतीर्थ र गणेशशिला

श्रीगणेशले शिव–पार्वतीका पुत्रका रूपमा पैदा भई राजा वरेण्यका पुत्रका रूपमा पनि लीला गर्नुभयो । त्यसबेला पृथिवीमा सिन्दूरासुरको अत्याचारले सीमा नाघेको थियो । सिन्दूरासुरले एक दिन आकाशवाणी सुन्यो – 'तेरो घमण्ड तोड्ने वीर बालक पार्वतीको कोखबाट पैदा भई राजा वरेण्यको दरबारमा पुगेको छ ।' सिन्दूरासुर बालकको खोजी गर्दै पर्यलीवनमा पुग्यो । पार्वतीको निवासकक्षमा बालक नदेखी पार्वतीलाई नै मार्न तम्सिएर तरबार उठायो। त्यसबेला त्यसका सामु चतुर्भुज बालकका रूपमा श्रीगणेश देखिनुभयो । सिन्दूरासुरले यो बालकलाई महासागरमा डुबाउँछु भनी आफ्नो पिठ्यूँमा धारण गऱ्यो । गणेशले आफ्नो शरीर बढाउँदै लग्नुभएपछि त्यसले थाम्न सकेन र उहाँलाई नर्मदानजिकै भुइँमा फ्याँकिदियो । त्यसबेला ठूलो आवाज भयो र पृथिवी कम्पायमान भइन् । भगवान् गणेश नर्मदातटमा तपस्या गरिरहेका मुनिहरूको समीपमा भुइँमा लड्नुभएको थियो । उहाँको शरीर भुइँमा खस्दा चोट लागेर रगतका धारा बगिरहेका थिए । त्यहाँका सबै ढुंगा रगतमा मुछिएर राता देखिए । जहाँनिर श्रीगणेश लड्नुभएको थियो त्यो ठाउँ नार्मद तीर्थका रूपमा प्रसिद्ध भयो। कालीगण्डकीका शालग्रामझैं नर्मदाका राता गणेशशिला पनि सिद्धशिला मानिए । त्यसबेलादेखि त्यो क्षेत्र मायूरक्षेत्र एवं पुण्यक्षेत्रका रूपमा प्रख्यात भयो र मन्त्रसाधकहरूलाई मन्त्रसिद्धि प्रदान गर्ने सिद्धक्षेत्रका रूपमा पनि प्रसिद्ध भयो ।[२४]

भ) देवताहरूद्वारा स्थापित माहिष्मतीको गणेशमन्दिर

द्वापरयुगमा भगवान् गणेशले गौरीशङ्करका पुत्रका रूपमा गजाननका नामबाट अवतार लिनुभयो ।

---

२२. *नागराः स्वगृहं प्राप्ताश्चक्रपाणिर्निजालयम् । पञ्चानामपि देवानां प्रासादानप्यकारयत् ।। प्रत्यहं पूजयामास भक्तिभावसमन्वितः ।।* – ग.पु. २/१२६/१३–१४ ।

२३. *तस्मिन्नन्तर्हिते केशा अपश्यन् हृदि तं सदा । ततो ब्रह्मा बालुकाभिः कृत्वा मूर्तिं गजाननीम् ।।*
स्थापयामास विधिवत् प्रासादे सुमनोहरे । नैतादृशं पुण्यक्षेत्रं यत्र देवः स्थितः स्वयम् ।। मयूरेशो विघ्नहरो भक्तानां कामपूरकः ।। – ग.पु. २/१२७/५७–५९।

२४. *स बालः पतितो रेवाजलान्ते मुनिसन्निधौ । तत्र तीर्थमभूत् श्रेष्ठं गणेशकुण्डमित्युत ।।*
तद्देदरुधिरात्तत्र प्रस्तरा रक्ततां गताः । त एव नार्मदाः ख्याता गणेशाः पापनाशनाः ।। – ग.पु. २/१३२/२३,२५–२६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुराचारी सिन्दूरासुरको वध गरेर उहाँले लोककल्याण र विश्वशान्ति गर्नुभयो । यसै प्रसन्नताको अवसरमा देवताहरूले गणेशको स्तुति गरी सिन्दूरहन्ता गणेशको मूर्ति तयार गराएर माहिष्मती नगरको राजसदनक्षेत्रमा मन्दिर बनाई मूर्तिको स्थापना गरेका थिए । त्यो राजसदनक्षेत्र त्यसबेलादेखि तीर्थका रूपमा प्रसिद्ध भयो ।[२५]

म) व्यासद्वारा भृगुतीर्थमा स्थापित गजाननमन्दिर एवं सिद्धिक्षेत्र

वेदव्यासले अठार महापुराणहरूको रचना गर्ने पूर्ण सामर्थ्य प्राप्त गर्न श्रीगणेशको आराधना गरेका थिए । श्रीगणेशले दर्शन दिनुभएपछि व्यासले आफ्ना मनमा आउने भ्रान्ति निवारण गराई आफूलाई पुराणरचना गर्ने पूर्ण शक्ति प्रदान गर्न विन्ती गरे । भगवान् गणेश तथास्तु भनी व्यासका हृदयमा प्रविष्ट हुनुभयो । त्यसपछि वेदव्यास तेजस्वी पुराणरचनाकार बने । दर्शन पाएपछि प्रसन्न भई व्यासले श्रीगणेशको गजाननमूर्ति तयार गर्न लगाई सिद्धिक्षेत्रमा मन्दिर बनाएर मूर्तिप्रतिष्ठाका साथै पूजा-उपासना गरे । त्यसपछि त्यो सिद्धिक्षेत्र पवित्र तीर्थका रूपमा प्रसिद्ध भयो ।[२६]

य) काशीमा रहेका ५६ विनायक

भगवान् गणेशले दुरासद नामक दावनसँग युद्ध गर्नुहुँदा सहयोगी कोही भएन । एक्लै युद्ध गरिरहँदा थाक्नुभयो । त्यसबेला उहाँले आफ्नै तेजबाट ५६ विनायकहरूलाई प्रकट गर्नुभएको थियो । पछि आफू ढुण्ढिविनायकका रूपमा विराजमान हुनुभयो । श्रीगणेशद्वारा प्रकट गरिएका ५६ विनायकहरूको आवरणअनुसार नामनिर्देश गरिँदैछ - दुर्गविनायक, अर्कविनायक, भीमचण्डविनायक, देहलीविनायक, उद्दण्डविनायक, पाशपाणिविनायक, सर्वविघ्नहरविनायक र सिद्धसिद्धिविनायक गरी ८ विनायक भगवान् विश्वनाथको प्रथम आवरणमा रहेका छन् । लम्बोदरविनायक, कूटदन्तविनायक, शालटङ्कविनायक, कूष्माण्डविनायक, मुण्डविनायक, विकटदन्तविनायक, राजपुत्रविनायक र प्रणवविनायक गरी ८ विनायक भगवान् विश्वनाथको द्वितीय आवरणमा रहेका छन् । वक्रतुण्डविनायक, एकदन्तविनायक, त्रिमुखविनायक, विघ्नराजविनायक, वरदविनायक, पञ्चास्यविनायक, हेरम्बविनायक र मोदकप्रियविनायक गरी ८ विनायक भगवान् विश्वनाथको तृतीय आवरणमा रहेका छन् । अभयप्रदविनायक, सिंहतुण्डविनायक, कूणिताक्षविनायक, क्षिप्रप्रसादविनायक, चिन्तामणिविनायक, दन्तहस्तविनायक, प्रचण्डविनायक र उद्दण्डमुण्डविनायक गरी ८ विनायक भगवान् विश्वनाथको चतुर्थ आवरणमा रहेका छन् । स्थूलदन्तविनायक, कलिप्रियविनायक, चतुर्दन्तविनायक, द्वितुण्डविनायक, ज्येष्ठविनायक, गजविनायक, कालविनायक र नागेशविनायक गरी ८ विनायक भगवान् विश्वनाथका पाँचौं आवरणमा रहेका छन् । मणिकर्णविनायक, आशाविनायक, सृष्टिविनायक, यक्षविनायक, गजकर्णविनायक, चित्रघण्टविनायक, सुमङ्गलविनायक र मित्रविनायक गरी ८ विनायक विश्वनाथको छैठौं आवरणमा रहेका छन् । मोदविनायक,

---

२५. *एवमुक्त्वा सुरास्तं तु व्यदधुः सर्व एव ते । प्रासादं रम्यशिखरं स्थापयित्वा गजाननम् ॥*
यस्य दर्शनमात्रेण मुच्यते पातकाज्जनः । कुलानि तारयेत् सप्त स्मरणादस्य मानवः ॥
पूजयित्वा प्रणम्यैनं परितृप्तिं ययुः सुराः । ततस्तं मुनयः सर्वे पुपूजुः परमादरात् ।
सिन्दूरहेति नामास्य चक्रुः सिन्दूरनाशनात् ॥ - ग.पु. २/१३७/३६-३९ ।

२६. *एवमुक्त्वा प्राविशत् स तन्मुनेरुदरं मुनिः । प्रकाशमतुलं लेभे सूर्यकोटिसमं पुनः ॥*
दीपयामास ककुभस्ततो मूर्ति विधाय च । गजाननस्य महतीं प्रासादेऽस्थापयच्च सः ॥
पूजयामास विविधैरुपचारैः पृथक् पृथक् ॥ - ग.पु. २/१५०/१७-१९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमोदविनायक, सुमुखविनायक, दुर्मुखविनायक, गणपविनायक, ज्ञानविनायक, द्वारविनायक र मुक्तिदाता अविमुक्तविनायक गरी ८ विनायक विश्वनाथका सातौं आवरणमा रहेका छन् । यसरी काशीमा विश्वनाथका आवरणका रूपमा ५६ विनायकहरूको अवस्थिति छ । यी सबै विनायकहरूको स्मरणबाट साधकले सम्पूर्ण चिताएका कुरा प्राप्त गर्दछ ।[२७]

७.२ नेपालका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्तिहरू

नेपालमा लिच्छविकालदेखि नै गणेशको उपासना र मूर्ति निर्माणको क्रम प्रारम्भ भएको थियो । लिच्छविकालभन्दा पहिले के थियो भन्ने कुरा प्रमाणका अभावका कारण निश्चित रूपमा भन्न सकिँदैन । वंशावलीहरूको विवरण, लिच्छविकालका शिलालेखमा पाइने संस्कृतेतर शब्दहरू, समकालिक भारतसँगको सम्बन्धका बारेमा प्राप्त भएका सामग्रीहरूबाट नेपालको बारेमा केही बुझ्न सकिन्छ । प्रचलित वंशावलीहरूले लिच्छविहरूभन्दा अगाडि किरात, त्योभन्दा अगाडि महिषपाल र त्योभन्दा पनि अगाडि गोपालवंशी राजाहरूले राज्य गरेको विवरण खुलाएका छन् । वंशावलीका विवरणहरू धेरै पछि देखिएका हुनाले ती कत्तिको प्रामाणिक हुनसक्छन्, यसबारेमा विवाद नै छ । अरू कुरा जे भए तापनि प्राप्त प्रमाणहरूको आधारमा लिच्छविकालपूर्व पनि नेपालमा गणेशोपासना प्रचलित थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

नेपालमा गणेशका मूर्तिहरू अरू कुनै देवीदेवताका मूर्तिहरूभन्दा अधिक मात्रामा पाइन्छन् । काठमाडौं उपत्यकाका पुराना टोल र गल्ली गल्लीमा गणेशका स्थान र मूर्तिहरू छन् । आधुनिक कालमा पनि गणेशका उपासकहरूले टोलछिमेक मिलेर नयाँ बस्तीहरूमा गणेशको मन्दिर बनाई मूर्ति स्थापना गर्ने गरेका प्रशस्त उदाहरण पाइन्छन् ।

नेपाली समाजमा पञ्चायतन देवताहरूमध्येमा र सिद्धिदाताका रूपमा गणेशको प्रसिद्धि रहेको छ । जुनसुकै धार्मिक कृत्य, रथयात्रा, विवाह, व्रतबन्ध आदि धार्मिक र माङ्गलिक कार्यमा विघ्नविनाशका निमित्त श्रीगणेशको अग्रपूजा हुने परम्परा नेपालमा रहिआएको छ । नेपालको सामाजिक एवं धार्मिक क्षेत्रमा गणेशको अतिशय प्रभाव रहेका कारण समाजमा विद्यमान विविध धर्मका अनुयायीहरूद्वारा गणेशको उपासना गरिने कुरा स्मरणीय छ ।

---

२७. *गणेशान् क्रमशो राजन् ! शृणु सर्वभयापहान् । दुर्गविनायकोऽथार्कभीमचण्डविनायकौ ॥*
देहलीगणपश्चाथ तथोद्दण्डविनायकः । पाशपाणिः सर्वविघ्नहरणोऽथ विनायकः ॥
प्रथमावरणे सिद्धसिद्धिरूपो विनायकः । लम्बोदरः कूटदन्तः शालटङ्कविनायकः ॥
कूष्माण्डाख्यश्चतुर्थश्च पञ्चमो मुण्डसंज्ञकः । विकटद्विजसंज्ञस्तु राजपुत्रविनायकः ॥
प्रणवाख्योऽथापरश्च द्वितीयावरणे स्थिताः । वक्रतुण्ड एकदन्तस्त्रिमुखश्च विनायकः ॥
विघ्नराजश्चतुर्थोऽथ वरदश्च विनायकः । पञ्चास्यश्चापरश्चात्र हेरम्बश्च विनायकः ॥
मोदकप्रिय इत्येव तृतीयावरणे स्थिताः । विनायकोऽभयप्रदः सिंहतुण्डविनायकः ॥
कूणिताक्षश्चापरश्च क्षिप्रप्रसादसंज्ञकः । चिन्तामणिरिति ख्यातो दन्तहस्तविनायकः ॥
प्रचण्डश्चाप्यपरश्चोद्दण्डमुण्डविनायकः । चतुर्थावरणे ज्ञेया अष्टावेते विनायकाः ॥
स्थूलदन्तो द्वितीयस्तु कलिप्रियविनायकः । चतुर्दन्तो द्वितुण्डश्च ज्येष्ठो गजविनायकः ॥
कालाख्यश्च तथा ज्ञेयो नागेशाख्योऽपरोऽपि च । पञ्चमावरणे ज्ञेया अष्टावेते विनायकाः ॥
मणिकर्णविनायक आशासृष्टिविनायकौ । यक्षाख्यो गजकर्णाख्यश्चित्रघण्टविनायकः ॥
सुमङ्गलश्च मित्राख्य एते षष्ठे विनायकाः । मोदः प्रमोदः सुमुखो दुर्मुखश्च विनायकः ॥
गणपाख्योऽथापरश्च तथा ज्ञानविनायकः । सप्तमावरणे ज्ञेयास्तथा द्वारविनायकः ॥
अविमुक्तोऽष्टमो यत्र मोक्षदोऽथ विनायकः । अन्यो भगीरथाख्यो हि हरिश्चन्द्रविनायकः ॥
कपर्दीति परो ज्ञेयस्तथा बिन्दुविनायकः । एतेषां स्मरणं नित्यं सर्वकामफलप्रदम् ॥ - ग.पु. २/१५४/५-२० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क) काठमाडौं उपत्यकाका अष्टविनायक एवं प्रमुख गणेशमन्दिरहरू

१) सूर्यविनायक

नेपालका प्रमुख चार विनायकमध्ये प्रसिद्ध, पौराणिक दृष्टिले महत्त्वपूर्ण र ऐतिहासिक दृष्टिबाट गरिमामय मानिएका सूर्यविनायक नामक श्रीगणेशको पूजित मन्दिर भक्तपुरबजारबाट एक किमि टाढा कोदारी राजमार्गको दक्षिणतर्फको जङ्गलको फेदीमा अवस्थित छ । त्यहाँ खुला आकाशको मन्दिरको भित्तामा गणेशको आकार देखिने प्राकृतिक शिलामूर्ति पूर्वाभिमुख अवस्थामा आसनमुद्रामा रहेको छ । गणेशमूर्तिको अगाडि शिलास्तम्भमा गणेशको वाहन मूसो रहेको छ । यो मन्दिरभन्दा केहीमाथि डाँडामा गणेशकी माता पार्वतीको मन्दिर अवस्थित छ ।[२८] सूर्यविनायकको प्रादुर्भाव, विशेषता र महिमाबारे स्कन्दपुराण – हिमवत् खण्डको नेपाल माहात्म्यअन्तर्गत सूर्यविनायकको प्रादुर्भाव शीर्षकान्वित छैंठौं अध्यायमा एउटा कथा प्रस्तुत गरिएको छ ।

डोलेश्वरको पश्चिमतर्फ रहेको जङ्गलमा गुणनिधि नामक मुनि आफ्नी पत्नी लीलावती र पुत्र प्राणनाथका साथ वेदवेदाङ्गको अध्ययन-अध्यापन गर्दै तपस्या गरिरहेका थिए । छोरा प्राणनाथमा ती दुवैको घनीभूत वात्सल्य थियो । शिवका भक्त मुनि गुणनिधि नित्य पाशुपतक्षेत्रमा गई बागमतीमा नुहाएर पशुपतिको दर्शन गरी घर फर्किन्थे । घरमा आएपछि छोरा प्राणनाथलाई वेद–वेदाङ्ग पढाउँथे ।

एक दिन कार्यवश प्राणनाथ जङ्गलमा गएका थिए । दैवगत्या ती भुइँमा लडे । तपोवनमा तपस्या गरिररहेका मुनिहरूले प्राणनाथ भुइँमा लडेको थाहा पाएर आआफ्ना पत्नीहरूसहित त्यहाँ आई प्राणनाथलाई हेरे । त्यति बेला प्राणनाथको प्राणपन्छी उडिसकेको थियो । सुन्दर मुनिबालकको आकस्मिक मृत्यु भएकोमा ती सबै रुन कराउन थाले । तिनीहरूले तुरुन्तै प्राणनाथको घरमा गई हवन गरिरहेका गुणनिधिलाई भेटेर प्राणनाथको परिस्थिति बताउँदा गुणनिधि एवं तिनकी धर्मपत्नीलाई ठूलो चोट पऱ्यो र ती दुवै मूर्च्छित भए । केही समयपछि चेतमा अएका ती दुवै दम्पती मुनिहरूका साथ छोरालाई हेर्न गए । छोराको निष्प्राण शरीर देखेर शोकविह्वल ती मुनिले विलाप गर्दै भने – 'अनाथका नाथ भगवान् पशुपतिनाथ विराजमान हुनुभएको पाशुपतक्षेत्रमा अकालमरण हुँदैन, सर्पले टोक्दैन, बाघ लाग्दैन र ग्रहनक्षत्रको प्रभाव पर्दैन । यसर्थ हामी छोरा प्राणनाथको यो निष्प्राण शरीरलाई त्यहाँ पुऱ्याउँछौं ।' यसरी सङ्कल्प गरेर ती मुनिले आफ्नी धर्मपत्नीसमेत भई प्राणनाथको शरीर शोकेर पाशुपतक्षेत्रमा पुऱ्याए । त्यस क्षेत्रमा तपस्या गरी बस्ने मुनि र मुनिपत्नीहरू पनि पछि लागेर त्यहाँ पुगे । त्यसपछि गुणनिधिले आफ्ना पुत्र प्राणनाथको निष्प्राण शरीरलाई पशुपतिनाथको ढोकामा तेर्स्याएर राखे । 'जबसम्म बालकको प्राण फर्किंदैन तबसम्म अनशनमा रही तपस्या गर्छौं' भनी ती सबै तपस्यारत भए । हप्तौंसम्म तिनीहरूलाई तपस्या गरिरहेको अवस्थामा देखेर भगवान् पशुपतिनाथले 'मुनिपुत्र कुन कारणले मरे होलान्' भन्ने विषयमा ध्यान गर्नुभयो । ध्यान गरेपछि मुनिपुत्र प्राणनाथको मृत्युको कारण थाहा पाएर मनमनै भन्नुभयो- 'म वास्तवमा मेरा सुपुत्र श्रीगणेशलाई बिर्सिएर पाशुपतक्षेत्रको मोहमा फसें । फलस्वरूप मेरा पुत्र विघ्ननायकले मुनिपुत्र प्राणनाथको प्राण खिँचेर आफ्नो रोष प्रकट गरे । यस क्षेत्रमा श्रीगणेशलाई प्रकट नगराएसम्म यस्ता विघ्न भइरहनेछन् ।' यसरी मनमनै विचार गरेपछि पशुपतिनाथले गुणनिधिलगायतका

२८. पुरुषोत्तम ढकाल, पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै मुनिहरूसमक्ष भन्नुभयो – 'हे मुनिहरू ! तपाईंहरू निर्भय हुनुहोस् । मेरा पुत्र गणेशलाई मैले बिर्सनाले ती रिसाएछन् । तिनकै रीसका कारण मुनिपुत्रको प्राणहरण भएको रहेछ । तपाईंहरू आश्रमतर्फ जानुहोस्। श्रीगणेशले बालकलाई जीवित तुल्याउनेछन् । भोलि बिहान सूर्योदय हुँदा सूर्यको पहिलो किरण जुन ठाउँमा पर्छ, त्यहाँ मेरो छोरा गणेश गुप्त रूपले रहनेछन् ।' यति भनेर भगवान् पशुपतिनाथ अन्तर्धान हुनुभयो ।

भगवान् पशुपतिनाथको आज्ञा पाएपछि गुणनिधिसहित सबै मुनि र मुनिपत्नीहरु आश्रमतर्फ गए । त्यो दिन र रातभरि बालकलाई आफ्ना अगाडि राखेर ती सबैले पशुपतिनन्दन श्रीगणेशको स्तुति गरे । बिहान भयो र सूर्यको प्रथम किरण परेको ठाउँ सूर्यविनायक मन्दिर रहेको क्षेत्रमा भगवान् श्रीगणेश पृथिवी फुटाउँदै प्रकट हुनुभयो । उहाँको हातमा मृतसञ्जीवनी वूटीको लता थियो । उहाँले ती मुनिहरूलाई भन्नुभयो – 'हे मुनिहरू ! यो लताको रस प्राणनाथको शिर र आँखामा लगाई उपचार गर ।' श्रीगणेशको आज्ञानुसार रस लगाएपछि प्राणनाथ निद्राबाट ब्युँझे झैं जागे । पुष्पवृष्टिका साथ जयजयकार भयो । श्रीगणेशले मुनिहरूलाई वर माग्न प्रेरित गर्नुभयो । तिनीहरूले 'हजुर यहीँ विराजमान हुनुहोस्' भने । श्रीगणेशले पनि 'म यहाँ सूर्यको किरण पर्नासाथ प्रकट भएकाले सूर्यविनायकका नामबाट रहनेछु । मंगल चौथीका दिन जसले मेरो दर्शन गर्नेछ, त्यसलाई कहिल्यै पनि विघ्नभय हुने छैन' भन्नुभयो । त्यसपछि सूर्यविनायक विराजमान हुनुभएको त्यो प्रकाण्ड वन गणेशतीर्थका रूपमा प्रसिद्ध भयो ।[२९]

प्रकाण्ड वनमा विराजमान सूर्यविनायकको दर्शन गर्ने भक्तले कहिल्यै पनि कुनै किसिमको विघ्न व्यहोर्नुपर्दैन भन्ने कुरा पुराणमा बताइएको छ ।[३०] त्यसपछि ती मुनिहरू श्रीगणेशको सामर्थ्य र महिमाबाट अभिभूत भई उत्तर दिशातर्फको वनमा गए । त्यहाँ गएर तिनीहरूले मङ्गलविघ्नहाको नामबाट श्रीगणेश र मङ्गलेश्वर नामबाट शिवलिङ्गको स्थापना गरे । त्यसपछि त्यो स्थान मङ्गलतीर्थका रूपमा प्रसिद्ध भयो ।[३१]

भाषावंशावलीमा पनि नेपालमाहात्म्यको कथालाई आधार बनाएर कथावस्तुमा कतै विस्तार र कतै संकोच गरी सूर्यविनायकको आविर्भावबारे प्रकाश पारिएको छ । त्यहाँ भगवान् शिव काशीबाट नेपाल आउनुहुँदा आफ्ना छोरा गणेशलाई ल्याउन बिर्सनुभएका कारण गणेशले रिसाई प्राणनाथको प्राणहरण गरेर आफ्नो रोष प्रकट गरेको तथ्य प्रस्तुत गरिएको छ । ३२००० वर्ष कलि जाँदासम्म बागमती नदीको प्रभाव र महिमा अक्षुण्ण रहने हुँदा गङ्गा आदि नदीहरूभन्दा बागमती नदी चारगुना श्रेष्ठ भएकाले भगवान् शिव काशीबाट नेपाल आउनुभएको रहस्य पनि उजागर गरिएको छ ।[३२]

कुनै अर्को वंशावलीमा सूर्यविनायकको आविर्भाव सम्बन्धमा अर्कै किसिमको कथा प्रस्तुत गरिएको छ । भारतका राजा विक्रमजित नेपाल आई बसोबास गरेका थिए । एक दिन सूर्यविनायकमाथिको पर्वतीय गाउँमा घुम्न गएका थिए । त्यहाँ तिनलाई जनताको दयनीयता, ऋण, अभाव आदि देखेर करुणा जाग्यो । 'म कसरी यी जनतालाई सुखी, समृद्ध र स्वस्थ तुल्याऊँ' भनी चिन्तन गरिरहँदा श्रीगणेशले दर्शन दिनुभयो । त्यसपछि विक्रमजित राजा मनमनै 'मैले ऋण तिरिदिने, दुःख हेर्ने र सफलता प्रदान गर्ने देवताको दर्शन पाएँ' भनी खुसी हुँदै घर फर्किए । उनले गणेशदर्शनको पुण्य अवसरमा सूर्यविनायक

२९. *नेपालमाहात्म्य, छैटौं अध्यायको कथावस्तुमा आधारित ।*

३०. *प्रकाण्डविपिने नित्यं स्थितः सूर्यविनायकः। तस्य दर्शनमात्रेण न विघ्नैः परिभूयते ॥ – नेपालमाहात्म्य, छ अध्याय, पृष्ठ ३९ ।*

३१. *अतो गणेशनामेदं जातं मङ्गलविघ्नहा । मङ्गलेश्वरनामापि शिवस्य परिकीर्तितम्॥ – नेपालमाहात्म्य, पूर्ववत्, पृष्ठ ४० ।*

३२. *डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेशको स्थापना गरेका थिए ।[३३]

कुनै वंशावलीमा भक्तपुरका सूर्यविनायक एवं मङ्गलगणेश र पाटनका मणिगणेशको स्थापना राजा गुणकामदेवले गरेका हुन् भनिएको छ ।[३४] शिवगण भृङ्गीलाई सराप पर्दा ती गुणाढ्य ब्राह्मणका रूपमा पैदा भए । एक दिन तिनी पीठहरूको दर्शन गर्न गए । यात्राको क्रममा एक दिन तिनले भक्तिपूर्वक सूर्यविनायकको दर्शन गरेको कुरा भाषावंशावलीमा वर्णन गरिएको छ ।[३५] नेपाल क्षेत्रको परिक्रमा गर्दा यात्रामा विघ्न नपरोस् भनी सूर्यविनायकको वन्दना गर्नुपर्ने कुरा नेपालमाहात्म्यमा उल्लेख गरिएको छ ।[३६]

सूर्यविनायक मन्दिरको ने.सं. २७७ मितिको अभिलेखमा भाजुमनि कोजुले सूर्यविनायकको प्रसन्नताका लागि फलैंचा बनाई अर्पण गरेको कुरा उल्लेख गरिएको छ ।[३७] सूर्यविनायक ऋणनाशक, सिद्धिदायक, समृद्धिदायक, आयुष्यदायक र सन्तानदायक देवता हुन् भन्ने जनविश्वास रहेको छ । उक्त तथ्यका साथै सूर्यविनायक भक्तपुरक्षेत्रमा बसोबास गर्ने जनताका सिद्धिदाता देवता हुन् भन्ने प्रसिद्ध रहेको छ ।

सूर्यविनायक प्रार्थना

जय देव गणाधीश ! विघ्नराज ! नमोऽस्तु ते । जय त्र्यक्ष ! महादेवप्रियपुत्र ! नमोऽस्तु ते ।।
नमस्ते भक्तिगम्याय देवदेवाय ते नमः । पार्वतीप्रियपुत्राय नमो गजमुखाय च ।।
चतुर्हस्ताय देवाय नमः परशुधारिणे । भक्तानां भयहन्त्रे च नमस्ते मोदकप्रिय ।।
पाशहस्त नमस्तेऽस्तु देवदेव ! नमोऽस्तु ते । गणनाथ ! नमस्तुभ्यं नमः सूर्यविनायक ।।[३८]

२) अशोकविनायक

काष्ठमण्डप सत्तलको नजिकै अङ्गको रूपमा स्थापित अशोक विनायक मन्दिरमा श्रीगणेशको चतुर्भुज मूर्ति रहेको छ । उक्त मूर्तिका चार हातमा परशु, अक्षमाला, फल र लड्डु रहेका छन् । आसनमुद्रामा रहेको यो मूर्ति द्वापरमा पार्वती–शङ्करबाट उत्पन्न हुनुभएका चतुर्भुज गजाननको प्रतीक हो भन्न सकिन्छ । मन्दिरको आकारप्रकार सानो भएता पनि अशोक विनायकलाई उपत्यकाका चार विनायकहरूमध्ये एक मानिएकाले अशोकविनायक–मन्दिर अथवा मण्डपगणेश–मन्दिर अथवा मरुगणेशमन्दिरको रूपमा यो मन्दिर ज्यादै प्रसिद्ध छ ।

अशोकविनायकको मूर्ति एघारौं–बाह्रौं शताब्दीको मूर्तिशैलीमा आधारित भएकाले उक्त समयमा स्थापित गरिएको हो भनी ठम्याउन सकिन्छ । यस मन्दिरको छानो स्वर्णनिर्मित छ भने यसमा गजूर रहेको छैन । गजूर नहुनु यस मन्दिरको आफ्नै विशेषता हो । वि.सं. १९०४ मा सुरेन्द्रविक्रम शाहद्वारा सुनको छानो राख्ने काम भएको तथ्य उक्त छानोमा रहेको अभिलेखबाट प्रमाणित हुन्छ ।

प्राचीन समयदेखि नै अशोक विनायक हनुमानढोका राजदरबारका स्थानगणेशका रूपमा सम्मानित

---

३३. *पूर्ववत् ।*
३४. *मिलनरत्न शाक्य, पूर्ववत्, पृ. १६–१८ ।*
३५. *डा. जगदीशचन्द्र रेग्मी पूर्ववत् ।*
३६. *पूर्ववत् ।*
३७. *पूर्ववत् ।*
३८. *नेपालमाहात्म्य ६ अध्याय पृ. ३७–३८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदै आएका छन् । राजदरबारका धार्मिक कार्यमा राजकीय सम्मानपूर्वक अशोक विनायकको पूजा-आराधना गर्ने परम्परा रहिआएको छ । राज्याभिषेक हुँदा सिन्दूरयात्रा हुनुभन्दा पहिले राजाद्वारा हनुमानढोका बाहिर गई अशोक विनायकको दर्शन गर्ने परम्परा रहेको छ । राजकुमारको पास्नीको अवसरमा विधिविधानपूर्वक निकालिएको जुलुससहित राजकुमारलाई अशोक विनायकमा ल्याई दशृन गराउने प्रचलन छ ।[३९]

परापूर्वकालमा मन्दिरनजिकै एउटा सत्पात्र गृहस्थको बसोबास थियो । अहिले मन्दिर रहेको ठाउँमा अशोक वृक्ष थियो । एक दिन राति ती गृहस्थले अशोकवृक्षमा झलमल्ल उज्यालो देखे । के हो भन्ने उत्सुकता भयो र नजिकै गई हेर्दा तिनले अशोकवृक्षको फेंदमा विशालकाय श्रीगणेशको स्वरूप दर्शन गरे । उत्सुकता लिई फेंदतर्फ जाँदा तिनले श्रीगणेशलाई अशोकवृक्षमा आरोहण गरी विराजमान हुनुभएको दर्शन गरे । त्यहाँ अशोकविनायक श्रीगणेशको स्थापना गरी पूजा-आराधनाको परम्परा प्रवर्तित भयो ।[४०] अशोकवृक्षमा देखिनुभएकाले श्रीगणेश अशोकविनायकका नामबाट प्रसिद्ध हुनुभयो भन्ने कुरा वंशावलीहरूमा उल्लेख गरिएको पाइन्छ ।[४१]

पृथिवीनारायण शाहको बसोबास हनुमानढोका दरबारमा भएकाले अशोकविनायक हनुमानढोका राजदरबारका स्थानगणेशका रूपमा सम्मानित हुनुभएको तथ्यलाई विद्वान्‌हरूले अनुमोदन गरेका छन् ।[४२] राजा गुणकामदेवको शासनकालमा कुनै व्यक्तिले अशोकवृक्षको फेंदमा श्रीगणेशको स्थापना गरेकाले यी गणेशलाई अशोकविनायक भनिएको हो भन्ने एकथरि वंशावलीमा उल्लेख गरिएको छ ।[४३] कान्तिपुर नगरका निर्माता गुणकामदेवले काष्ठमण्डप बनाए । मण्डपनिर्माण गरेपछि गणेशको स्थापना गर्नुपर्ने चलनअनुसार अशोकविनायकको स्थापना गरिएको हो । सत्तलकै एउटा अंश भएकाले उक्त मन्दिरमा गजूर राखिएको छैन ।[४४]

प्राचीनकालमा राजा शङ्करदेवले पूर्णावती (कान्तिपुर) सहरको निर्माण गरेपछि कामनादायक गणेशको स्थापना गरेको वर्णन वंशावलीमा पाइने हुँदा यिनै अशोक विनायक नै कामनादायक गणेश हुन् भन्ने सम्भावना गर्न सकिन्छ ।[४५] वंशावलीमा वर्णित कामनादायक गणेश पनि उहाँ नै हो भने अशोकविनायकलाई कामनापूरक गणेशका रूपमा पनि मान्नुपर्ने हुन्छ ।

अशोकविनायक-मन्दिरमा गजूर नराखी छानो खुला राखिएको विषयमा आधारित एउटा प्राचीन किंवदन्ती रहेको छ- 'श्रीगणेश पृथिवीतत्त्वका प्रतिनिधि उच्चस्तरीय देवता हुनुभएकाले दिनको तीनपटक उहाँलाई पृथिवीतलका प्रतिनिधिका रूपमा स्वर्गको सभामा भाग लिन जानुपर्ने हुन्छ । हतारहतारमा ऊर्ध्वगमन गर्न परिरहने हुँदा अशोकविनायक-मन्दिरको छानो खुला राखिएको हो ।[४६]

जेजस्ता किंवदन्ती र प्रसिद्धि रहेतापनि भगवान् श्रीगणेश शोकविनाशक एवं शोकरहित देवता हुनुभएकाले उहाँलाई अशोक भनिन्छ । अशोक पदमा विनायक पदको संयोजन गर्दा अशोकविनायक

---

३९. डा. गोविन्द टण्डन, पूर्ववत्, पृ. ५७ ।
४०. पूर्ववत् ।
४१. डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।
४२. पूर्ववत् ।
४३. पूर्ववत् ।
४४. पूर्ववत् ।
४५. पूर्ववत् ।
४६. मिलनरत्न शाक्य, पूर्ववत्, पृ. १२-१३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदको निष्पत्ति हुन्छ । वस्तुतः अशोकविनायक आफ्नो नामअनुसार भक्तहरूलाई अशोक अर्थात् चिन्ताहीन तुल्याई पूर्ण आनन्द प्रदान गर्ने भाग्यविधायक देवताका रूपमा प्रसिद्ध हुनुहुन्छ । अशोकविनायकका आराधक एवं उपासकहरू शोकविनाशक भगवान् अशोकविनायकको आराधनाबाट अशोक यद्वा आनन्दमग्न हुने कुरामा कसैको पनि विमति हुने छैन ।

अशोक विनायकको प्रार्थनापद्य

गजाननं भूतगणादिसेवितं कपित्थजम्बूफलचारुभक्षणम् ।
उमासुतं शोकविनाशकारकं नमामि विघ्नेश्वरपादपङ्कजम् ।।

३) **कार्यविनायक**

उपत्यकाका चार प्रमुख विनायकमध्ये एक कार्यविनायक मानिएका छन् । कार्यविनायकको मन्दिर ललितपुर जिल्लाको भैंसेपाटीनजिकै बुङ्मती गाविसको सैंभूमा रहेको छ । दक्षिणाभिमुख, कलात्मक तोरणले सजिएको, प्यागोडा शैलीको, एकतले कार्यविनायक मन्दिरको अगाडि गणेशको वाहन छुचुन्द्रो रहेको छ । मन्दिरमा चाँदीको विनायक मूर्ति छ । मत्स्येन्द्रनाथलाई कामरूप कामाख्याबाट यहाँ ल्याएपछि आजभन्दा १४६१ वर्षअगाडि कार्यविनायक गणेशको स्थापना गरिएको हो भनिन्छ । यस मन्दिरको पश्चिम मागमा जल विनायकको शिलामूर्ति रहेको छ ।[४७]

मुकुटले सजिएको कार्यविनायकको मूर्ति गजानन, त्रिनयन र चतुर्भुज छ । कार्यविनायकलाई कामाख्या कामरूपका कामरूपविनायककै रूप पनि मानिन्छ । कामरूप कै अपभ्रंश कार्य भएको हो भन्नेसमेत भनाइ रहेको छ ।[४८] कार्यविनायकलाई बौद्धधर्मावलम्बीहरू बुङ्मती लोकेश्वर अथवा पद्मपाणि लोकेश्वर मानेर आराधना गर्दछन् । उपत्यकाका बौद्धधर्मावलम्बी किसानहरू कार्यविनायकलाई धनधान्यको अभिवृद्धि गराउने बुङ्गामा लोकेश्वरका रूपमा मान्दछन् ।[४९]

हयग्रीव, रुण्डमुण्ड, आनन्द, संहार आदि भैरवहरूलाई कामाख्याबाट यहाँ ल्याएसरह कार्यविनायकलाई पनि यहाँ ल्याइएको हो । बौद्धहरूका बुङ्माहा लोकेश्वर पनि कामरूपबाट नै यहाँ ल्याइएका हुन् भन्ने अनुश्रुति रहेको छ । कामरूप कामाख्या र बुङ्माहा लोकेश्वरका साथै कार्यविनायकको घनिष्ठ सम्बन्ध मत्स्येन्द्रनाथसँग पनि रहेको छ ।[५०] कार्यविनायकको मन्दिरमा प्रत्येक मङ्गलबार र मङ्गलचौथीमा भक्तहरूको ठूलो भीड लाग्दछ । कुनै पनि कार्यको शुभारम्भ गर्दा श्रीगणेशको पूजाआराधना गरेमा कार्यसिद्धि हुने विश्वास भएकाले कार्यविनायक वा सिद्धिविनायकको पूजाआराधना गर्ने परम्परा रहिआएको छ ।

कार्यविनायकका मन्त्रात्मक प्रार्थनापद्य

वक्रतुण्ड ! महाकाय ! सूर्यकोटिसमप्रभ । अविघ्नं कुरु मे देव ! सर्वकार्येषु सर्वदा ।।
यं निर्जरासुरनरा अखिलार्थसिद्ध्यै भूर्यन्तरायहतयेऽनुदिनं नमन्ति ।
तं भक्तकामपरिपूरणकल्पवृक्षं भक्त्या गणेशमखिलार्थदमानतोऽस्मि ।।[५१]

---

४७. *पुरुषोत्तम ढकाल, पूर्ववत् ।*
४८. *मिलनरत्न शाक्य, पूर्ववत् पृ. १५ ।*
४९. *पूर्ववत्, पृ. १४ ।*
५०. *पूर्ववत्, पृ. १५ ।*
५१. *कल्याण अङ्क ४८ बाट साभार ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) चन्द्रविनायक

काठमाडौं चावहिलको गणेशस्थान ऐतिहासिककालदेखि नै प्रसिद्धिप्राप्त देवस्थान हो । यहाँका देवता श्रीगणेश चन्द्रविनायक, श्वेतविनायक, रक्तविनायक, लोहन्शाला विनायक, धन्वन्तरिविनायक र श्रीगुरुसिद्धिविनायकजस्ता अनेक नामबाट प्रख्यात हुनुहुन्छ । उहाँका उक्त प्रत्येक नामले आफ्नै किसिमको आख्यान, अनुश्रुति र विशेषता संवहन गर्दछन् ।

श्वेतविनायक नाममा जोडिएको श्वेत पद र चन्द्रविनायक नाममा जोडिएको चन्द्र पदले चाबहिल गणेशको निरतिशय पवित्रता र सात्विकभावलाई व्यक्त गर्दछन् । रक्तविनायक नाममा जोडिएको रक्तपदले यी गणेश रगतसम्बन्धी रोगहरूका नाशक देवता हुन् भन्ने जनाउँछ । लोहन्शालाविनायक नामसँग सम्वद्ध लोहन्शाला पदले लोहशिलानामक कुमारीगणको उत्पात र चाबहिल गणेशको उत्पत्तिसम्बन्धी अनुश्रुतितर्फ ध्यान केन्द्रित गराउँछ । धन्वन्तरिविनायक नामा जोडिएको धन्वन्तरि पदले चाबहिल गणेश आयुर्वेदशास्त्रका प्रवर्तक भगवान् धन्वन्तरि र श्रीगणेशको घनिष्ठ सम्बन्ध अवगत गराउँदै आयुर्वेदविद्या र आयुर्वेदचिकित्साका साधकहरूद्वारा प्राज्ञिक पूर्णता, व्यावसायिक सफलता र समृद्धिका लागि उपासना गरिने देवताको रूपमा चाबहिल गणेशको चिनारी गराउँछ । श्री गुरुसिद्धविनायक नाममा रहेका श्रीगुरु एवं सिद्धि पदहरूले मन्त्रसिद्धिका लागि चाबहिल गणेशलाई परम गुरु मानी उहाँकै साक्ष्यमा आयुर्वेदशास्त्रका गुरुहरूले शिष्यलाई मन्त्रोच्चारणपूर्वक प्रदान गरिने मन्त्रदीक्षाको परम्परालाई बोध गराउँछन् । उक्त प्रतीकात्मक अर्थका साथै श्वेतविनायक नाममा रहेको श्वेतपदले इन्द्रको वाहन सेतो रङ्गको हात्ती ऐरावतको टाउको जोडिएका पार्वतीपुत्र श्रीगणेशको आविर्भावकथालाई इङ्गित गर्दै सेतो हात्तीलाई मङ्गलरूप मानेर श्रीगणेशको आराधना गर्ने बौद्धधर्मावलम्बी जनसमुदायद्वारा पनि चाबहिल गणेशमा आराधना गर्ने परम्परा रहिआएको तथ्य उजागर गर्दछ ।[५२]

चाबहिल गणेशको उत्पत्ति, गणेशस्थानको निर्माण, मर्मत, सेवा, यात्रा, गुठी आदि विषयसँग सम्बद्ध ऐतिहासिक सामग्री पर्याप्त भेटिन्छन् र नामहरूसँग सम्बद्ध अनुश्रुति पनि । मारवाड देशबाट कारणवश नेपाल आई तपस्विनीको रूपमा रहेकी पिङ्गलानामक रानी तपस्या गरिरहेकी थिइन् । एक दिन उनी तपोनिरत रहेको अस्थामा उनका सामु आई लोहवान् नामक देवगणले लोहक्रीडा गरे । लौह खण्डित भई चारैतिर फैलिँदा लोहशालानामक कुमारीगण पैदा भई उत्पात मच्चाउन थाले । रानी पिङ्गलाले भयभीत भई भगवती गुह्येश्वरीको प्रार्थना गरिन् । गुह्येश्वरीले 'विघ्ननाशक श्वेतविनायकको स्थापना गरी आराधना गर, तिम्रो विघ्न नाश हुनेछ' भन्नुभएपछि रानी पिङ्गलाले श्वेतविनायकको स्थापना गरी आराधना गरिन् । तिनका विघ्न शान्त भए र तपस्या पनि सफल भयो ।[५३]

चाबहिल गणेशको बाह्यमूर्ति द्विभुज, दक्षिणाभिमुख र आसन अवस्थामा रहेको छ । यस मूर्तिलाई निकै प्राचीन मानिएको छ । बाह्यमूर्तिअगाडि हस्तिमुख नामक प्रतिहार कल्पवृक्षमाथि रही रक्तविनायकको ध्यान गरिरहेका छन् भन्ने कुरा गणेशमूर्तिअगाडि ढिस्को उठाई राखिएकोबाट स्पष्ट हुन्छ ।[५४] पहिले यो मूर्ति यहाँ थिएन । पशुपति मन्दिर पारिपट्टि गुह्येश्वरीनजिकै बागमतीकिनारमा थियो । पछि यसलाई

५२. *मिलनरत्न शाक्य, पूर्ववत्, पृ. १८-२० ।*
५३. *डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।*
५४. *पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाबहिलमा स्थापना गरियो भन्ने जनविश्वास रहेको छ ।[५५] मूर्ति निर्माणशैलीको आधारमा यस मूर्तिको निर्माण नवौं अथवा दसौं शताब्दीमा भएको हुन सक्ने सम्भावना गरिएको छ ।[५६]

प्रचलित किंवदन्तीअनुसार यो मूर्ति पहिले हाँडीगाउँको धनविनायकसँगै थियो । केही दुष्ट मानिहरूले रातको समयमा यसलाई कतै लैजाने उद्देश्यले अपहरण गरेका थिए । चाबहिलनेर आइपुग्दा बिहानीका कुखुरा बास्न थाले । ती दुष्टहरू अरूले हामीलाई देख्छन् भन्ने डरले मूर्ति कतै लुकाएर भागे । पछि खोजी गर्दा यो मूर्ति चाबहिल स्तूपनेर भेटियो । हाँडीगाउँका बासिन्दाले अथक परिश्रम र उपाय गर्दा पनि मूर्तिलाई हाँडीगाउँ फर्काउन सकेनन् । भेटिएकै ठाउँमा मूर्तिस्थापना गरियो । त्यसपछि यी गणेश चाबहिल गणेशका नामबाट प्रसिद्ध भए ।

चाबहिल गणेश अनेकौं रोगका नाशक, स्वास्थ्यका दाता र सौभाग्यका प्रदाता भएकाले आयुर्वेद विद्याका साधकहरू धन्वन्तरिविनायकका नामबाट आराधना गर्दछन् । वैद्य थरका मानिसहरू परम्परागत रूपमा आफ्नो व्यवसायमा सफलता र समृद्धिका लागि यिनको उपासना गर्दै आएका छन् ।[५७] चाबहिल गणेशलाई रक्तसम्बन्धी रोगका नाशक देवता भनी आराधना गर्ने प्रचलन रहेको छ । यसैले धेरै मानिसहरू रक्तविनायकका नामबाट यिनको आराधना गर्दछन् ।

आयुर्वेद विद्याका साधकहरू विशेष गरेर देवपाटनतिरका वैद्यहरू मङ्गलचौथीजस्ता पवित्र पर्वहरूमा चाबहिल गणेशका सामु आई उहाँलाई परमगुरु मानेर उहाँकै सामु पवित्र मन्त्रोच्चारण गर्दै मन्त्रदीक्षा प्रदान गर्दछन् । विद्याध्ययनको शुभारम्भ गर्दछन् र गराउँछन् । त्यसैले यिनलाई धन्वन्तरिविनायकका साथै श्रीगुरुसिद्धिविनायकका रूपमा पनि मान्यता दिने गरेको पाइन्छ ।[५८] नेपालमण्डल अर्थात् काठमाडौं उपत्यकाको रक्षा गर्ने चार विनायकमध्ये एउटा चन्द्रविनायक हुन् भनी विश्वास गर्ने मानिसहरूको ठूलो संख्या रहेको छ । भाषावंशावलीमा पनि यिनलाई चार विनायकमध्ये एक विनायक मानिएको छ ।[५९]

भाषावंशावलीमा प्रताप मल्लको शासनकालमा चाबहिलका श्वेतविनायक, चोभारका चन्द्रविनायक र भक्तपुरका सूर्यविनायकलाई तीन सहरका मूल विनायक मानिएको र प्रताप मल्लले ती सबै गणेशपीठहरूलाई जगाएको भन्नेसमेत उल्लेख पाइनुले चाबहिल गणेशको मल्लकालमा पनि महत्त्वबोध गरिएको तथ्य स्पष्ट हुन्छ ।[६०] भाषावंशावलीमा चन्द्रविनायकलाई चार विनायकमध्ये एक विनायक मानिएता पनि काठमाडौं मरुटोलको मरुसत्तलभित्र चार दिशामा अशोकविनायक, सूर्यविनायक, जलविनायक र कार्यविनायकका मात्र मूर्ति रहेका छन् । यहाँ चन्द्रविनायकलाई चार विनायकमा सामेल गराइएको छैन । चन्द्रविनायकलाई चार विनायकमध्ये एक विनायक मान्नेहरूले कार्यविनायकलाई छाडेको देखिन्छ र कार्यविनायकलाई चार विनायकमध्ये एक विनायक मान्नेहरूले चन्द्रविनायकलाई छाडेको देखिन्छ ।

भाषावंशावलीमा चाबहिलका श्वेतविनायक काठमाडौं भेगका मूल गणेश हुन् भनिएको छ । चाबहिल

---

५५. *मिलनरत्न शाक्य, पूर्ववत्, पृ. १८ ।*
५६ *डा. गोविन्द टण्डन, पूर्ववत्, पृ. २६ ।*
५७. *मिलनरत्न शाक्य, पूर्ववत्, पृ. २० ।*
५८. *पूर्ववत् ।*
५९. *डा. जगदीशचन्द्र रेग्मी पूर्ववत् ।*
६०. *डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेशस्थानमा दिनदिनै देखिने भक्तहरूको भीडबाट पनि उक्त भनाइ यथार्थ साबित हुन्छ ।[६१] देवमालावंशावलीमा चाबहिल रक्तविनायकको अर्चना–उपासना गरेमा शारीरिक व्याधि निको हुने कुरा बताइएको छ ।[६२] कान्तिपुरका राजा भूपालेन्द्र मल्ले चाबहिलका श्वेत विनायकको मूर्ति बनाई गुठीको व्यवस्था गरेकों, कार्तिक शुक्ल पूर्णिमा एवं त्यसपछिको प्रतिपदामा रथयात्राको चलन चलाएको र बाँडाहरूलाई समेत गुठियार बनाएको कुरा भाषावंशावलीमा उल्लेख गरिएको छ ।[६३]

चाबहिल गणेशस्थानमा रहेको प्रताप मल्लका पालाको अभिलेखमा विश्वदेव मानन्धरले चतुर्दशीव्रत पूरा गरेपछि श्री ३ गणेशको मन्दिरमा छानो हाली गजूर चढाएको र मन्दिरको जीर्णोद्धार गरेको कुरा उल्लेख गरिएको छ । उक्त अभिलेखबाट जीर्णोद्धार गर्ने कार्यमा गणेश सेवा कुलका थकाली, थकाली भिक्षु र अन्य श्रद्धालु सज्जनहरूको पनि सहभागिता रहेको कुरा अवगत हुन्छ ।[६४] यसबाट बौद्ध गृहस्थहरूले पनि चाबहिल गणेशको मान्यता गर्दै आएको तथ्य प्रमाणित हुन्छ । यसका साथै चाबहिल गणेशमूर्तिलाई एउटा बौद्धचैत्यसँग जोडेर स्थापित गरिएबाट पनि बौद्धमार्गीहरूको चाबहिलगणेशसँग घनिष्ठ सम्बन्ध प्रमाणित हुन्छ । उक्त सबै प्रमाण र वर्तमान मान्यताको आधारमा चाबहिल गणेश उपत्यकाका महत्त्वपूर्ण विनायकहरूमध्ये एक हुन् भन्ने कुरा सिद्ध हुन्छ ।

चन्द्रविनायकका मन्त्रात्मक प्रार्थनापद्य

नमामि देवं द्विरदाननन्तं यः सर्वविघ्नं हरते जनानाम् ।
धर्मार्थकामान् तनुतेऽखिलान् यो तस्मै नमो विघ्नविनाशनाय ।।
कृपानिधे ! ब्रह्ममयाय देव ! विश्वात्मने विश्वविधानदक्ष ।
विश्वस्य बीजाय जगन्मयाय त्रैलोक्यसंहारकृते नमस्ते ।।
त्रयीमयायाखिलबुद्धिदात्रे बुद्धिप्रदीपाय सुराधिपाय ।
नित्याय सत्याय च नित्यबुद्धे ! नित्यं निरीहाय नमोऽस्तु तुभ्यम् ।।[६५]

५) श्रीजलविनायक

जलविनायक अर्थात् चोभार गणेश काठमाडौंका प्रसिद्ध चार विनायकमध्ये एक हुन् । पौराणिक कालमा नै प्रसिद्धि पाएका देवता हुनाले नेपाली समाजमा चोभारस्थित गणेशस्थान पवित्रतीर्थका रूपमा श्रद्धास्पद बनेर रहेको छ । हिमवतखण्डअन्तर्गत 'नेपालमाहात्म्यम्' मा जलान्तर्वासी गणेशका रूपमा जलविनायकको निरूपण गरिएको छ । श्रीकृष्णले नेपालयात्रामा आउँदा नेपालका पवित्र स्थानहरूको निरूपण गर्दै भन्नुभएको छ- कूर्मगिरिको फेंदी बागमतीको पश्चिमतर्फ लोकपूजित जलविनायक रहनेछन्। त्यहाँ साधारण मानिसहरूद्वारा थाहा नपाइने गरी मेरो पनि पवित्र स्थान रहनेछ । यस पवित्र स्थानमा आई जलविनायक एवं मेरोसमेत दर्शन गर्नाले र बागमतीमा स्नान गर्नाले मानिसहरू पुण्यवान् हुने छन् ।[६६]

६१. पूर्ववत् ।
६२. पूर्ववत् ।
६३. पूर्ववत् ।
६४. पूर्ववत् ।
६५. गणेशपुराण उपासना खण्ड ६१/४१–४३ ।
६६. अस्य कूर्मगिरेर्मूले वाग्वत्याः पश्चिमेन तु। भविष्यति जलादन्तर्गणेशो लोकपूजितः।।
तत्रापि च मम स्थानं दुर्विज्ञेयं भविष्यति। स्नानादपि च वाग्वत्यां पुण्यवान् जायते नरः ।। – नेपालमाहात्म्याम् ११/११४–११६, पृ. ८० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराणमा समेत चर्चित देवता भएकाले जलविनायकको जनसाधारणमा प्रसिद्धि रहेको छ । ऐतिहासिक दृष्टिकोणबाट हेर्दा पनि वंशावली र अभिलेखहरूमा जलविनायकको वर्णन गरिएको पाइन्छ । चोभार गणेशस्थानमा रहेको ने.सं. ८०८ अर्थात् ई. १६८८ को अभिलेखमा पाटनका राजा श्रीनिवास मल्लकी छोरी कीर्तिमङ्गला र तिनका श्रीमान् अमर सिंहले चोभार गणेशस्थानमा पूजाउपासना गर्न आउने भक्तहरूको विश्रामका लागि धर्मशाला बनाएको उल्लेख गरिएको छ । कवि हरिवंशद्वारा लेखिएको उक्त अभिलेखमा सिंहदम्पतीले पूजाउपासना निरन्तर चलाउन गुठी राखेकोसमेत वर्णन गरिएको छ । त्यस अभिलेखमा चोभार गणेशलाई 'श्री ३ को इनाय भट्टारक' भनिएकाले प्राचीनकालदेखि नै चोभारगणेश जलविनायकका रूपमा प्रसिद्ध रहेको विषय पनि स्पष्ट हुन्छ ।[६७] जलविनायकको दोस्रो नाम चन्द्रविनायक हो । भाषा-वंशावलीमा चोभारका चन्द्रविनायक उपत्यकाका चार विनायकमध्ये एक हुन् भनिएको छ ।[६८]

भाषावंशावलीमा पाटनका राजा सिद्धिनरसिंह मल्लले चोभारमा चन्द्रविनायकको देवालय बनाएको उल्लेख गरिएको छ ।[६९] देवमाला वंशावलीमा ललितपुरका राजा श्रीनिवास मल्लले चोभार गणेशस्थानमा मन्दिर निर्माण गरेको विषयमा प्रकाश पारिएको छ ।[७०] राज्यप्रकाश मल्ललाई आँखाको रोग हुँदा श्रीगणेशको दोषबाट यो रोग भएको हो भन्ने ज्योतिषीको भनाइलाई विचार गरी तिनले चोभारगणेशको मन्दिर बनाई गजूर चढाएको कुरा भाषावंशावलीमा उल्लेख गरिएको छ ।[७१]

देवमालावंशावलीमा चोभार गणेशको मूर्ति र गणेशस्थानको विषयमा चलेको अनुश्रुतिलाई स्पष्ट गर्दै भनिएको छ- 'चोभार गणेशमन्दिरमा प्रत्यक्ष देखिने माथिको मूर्ति महादेवको मूर्ति हो । त्यो मूर्तिमुन्तिर श्रीगणेशको सानो आकारको मूर्ति रहेको छ । सिंहासन झिकेर हेर्दा गणेशको दर्शन हुन्छ । भित्र अन्धकार हुनाले त्यो गणेशको मूर्ति त्यति स्पष्ट देखिँदैन । सत्ययुगमा महादेवलाई ब्रह्महत्या लागेकाले गणेशले महादेवलाई तीर्थयात्रा गराएका थिए । तीर्थबाट फर्की चोभारमा आइपुग्दा गणेशलाई थकाई लाग्यो र त्यहीँ थचक्क बसे । त्यसैले माथि देखिने विशाल मूर्ति महादेवको हो र तल नदेखिने मूर्ति श्रीगणेशको हो।' कसैले माथिल्लो मूर्तिलाई भैरवको मूर्ति पनि भन्ने गरेका छन् ।[७२]

पौराणिक एवं ऐतिहासिक दृष्टिबाट महत्त्वपूर्ण र अपार जनआस्थाको केन्द्रका रूपमा रहेको जलविनायक-मन्दिरमा रहेका श्रीगणेशलाई ललितपुर भेगका जनताका सिद्धिदाता देवता हुन् भनिएको छ ।[७३] संवत् १९४४ मा देवशमशेरले चोभार गणेश मन्दिरको चौघेरा र सत्तल बनाएका थिए । संवत् १९९० को महाभूकम्पमा पनि चोभार गणेशस्थानमा कुनै क्षति नभएको तथ्य प्रसिद्ध छ । जलविनायकलाई आदिविनायकका रूपमा आराधना गरिन्छ । पृथिवी, जल, तेज, वायु र आकाश यी पाँच तत्त्वमध्ये सर्वप्रथम जलतत्त्वको सृष्टि भएको र श्रीगणेश जलका अधिष्ठाता मानिएकाले जलविनायकलाई आदिविनायक भनिने कुरा युक्तिसंगत देखिन्छ ।[७४]

---

६७. *डा. जगदीशचन्द्र रेग्मी पूर्ववत् ।*
६८. *पूर्ववत् ।*
६९. *पूर्ववत् ।*
७०. *पूर्ववत् ।*
७१. *पूर्ववत् ।*
७२. *पूर्ववत् ।*
७३. *पूर्ववत् ।*
७४. *मिलनरत्न शाक्य, पूर्ववत्, पृ. १२ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्धधर्मावलम्बीहरूले जलविनायकलाई वीरविघ्नान्तकका रूपमा आराधना गर्दछन् । मञ्जुश्रीले चोभारको डाँडो काटेर उपत्यकाको जल निष्कासन गराउँदा श्रीगणेश घटनाका प्रत्यक्षदर्शी देवताका रूपमा रहनुभएको भन्ने कुरामा बौद्धधर्मावलम्बीहरूको विश्वास रहेको पाइन्छ ।[७५] वास्तवमा चोभार गणेश त्यस क्षेत्रका विघ्नहर्ता र सिद्धिदाता देवताका रूपमा प्रसिद्ध हुनुहुन्छ । पानी र बाढीको समयमा चोभार गणेशमा आजापूजा गर्ने भक्तहरूले केही मनका कामनाहरू पूरा गराउन भाकल गरेर पूजा गर्नेसमेत चलन रहेको छ ।

जलविनायकप्रार्थनापद्य

नमस्ते सर्वरूपाय सर्वान्तर्यामिणे नमः । नमः सर्वकृते तुभ्यं सर्वदात्रे कृपालवे ।।
नमः सर्वप्रकाशाय नमस्तेऽनन्तशक्तये । नमः सर्वप्रवोधाय सर्वपात्रेऽखिलादय ।।
परब्रह्मस्वरूपाय निर्गुणाय नमो नमः । चिदानन्दस्वरूपाय वेदानामप्यगोचर ।।
मायाश्रयायामेयाय गुणातीताय ते नमः । सत्यायासत्यरूपाय गुणविक्षोभकारिणे ।।
शरणागतपालाय दैत्यदानवभेदिने । नमो नानावताराय विश्वरक्षणतत्पर ।।
अनेकायुद्धहस्ताय सर्वशत्रुनिबर्हण । अनेकवरदात्रे ते भक्तानां हितकारक ।।
देवानां जलरूपाणां स्वरूपाणि प्रयच्छ भोः । नास्मृतिः सर्वदा ते स्यात् तथा कर्तुमिहार्हसि ।।[७६]

६) श्रीसिद्धिविनायक

भक्तपुर जिल्लाको मध्यपुर नगरपालिका वडा नं. ४ नगदेशमा श्रीसिद्धिविनायकको मन्दिर रहेको छ । यो मन्दिर कला र धर्म दुवै दृष्टिबाट महत्त्वपूर्ण मानिएको छ । यस गणेशस्थानमा आई साधकहरूले श्रीगणेशको उपासना गरेर सिद्धि प्राप्त गरेका कारण यो मन्दिर सिद्धिविनायक मन्दिर अथवा सिद्धिगणेशका नामबाट प्रसिद्ध छ । भगवान् गणेश सिद्धिविनायकका रूपमा भक्तहरूका लागि अतिश्रद्धेय देवता हुनुहुन्छ । भारतको मुम्बईमा प्रभादेवी क्षेत्रमा रहेको सिद्धिविनायकको मन्दिर यस्तै प्रसिद्ध देवस्थान हो । यो प्राचीन मन्दिर भारतवासीहरूका लागि अतिश्रद्धेय आराधनातीर्थका रूपमा रहेको छ । यसैगरी महाराष्ट्रको सिद्धटेकमा रहेको सिद्धिविनायक मन्दिरमा श्रीगणेशको स्वयंभूप्रतिमा रहेको छ । उडीसा प्रान्तको पुरी नामक सहरमा रहेको सिद्धिविनायक मन्दिरलाई उस्तै प्रभावशाली तीर्थ मानिन्छ । काशीमा विश्वनाथका सात आवरणमध्ये प्रथम आवरणमा रहेका सिद्धिविनायक अपूर्व आस्थास्पद बनेर रहेका छन् । नेपालमा पनि भक्तपुरमा विराजमान सिद्धिविनायक मन्दिरसरह अनेकौं ठाउँमा सिद्धिविनायकका मन्दिर एवं मूर्तिहरू रहेका छन् । तीमध्ये सिनामङ्गलको सिद्धिविनायक मन्दिर, गोर्खाको सिद्धिविनायक मन्दिर, देवघाटको सिद्धिगणेश मन्दिर र पाटनदरबारको सिद्धिविनायक मूर्ति ज्यादै प्रसिद्ध छन् ।

भाद्र शुक्ल चतुर्थीका दिन विशेष रूपमा आराधना गरिने भगवान् सिद्धिविनायकको गुणकीर्तन र महिमप्रकाशन अनेकौं पुराणहरूमा गरिएको पाइन्छ । भविष्यपुराणमा निरूपित सिद्धिविनायक पूजाविधि नेपाली समाजमा ज्यादै लोकप्रिय छ । यस पूजाविधिमा सिद्धिविनायकको ध्यानमा एकदन्त, शूर्पकर्ण,

---

७५. *पूर्ववत् ।*
७६. *गणेशपुराण क्रीडाखण्ड, ३७/२-९ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्भुज, गजानन एवं पाशाङ्कुशधारी सिद्धिविनायकको प्रार्थना गरिएको छ ।[७७] काठमाडौं उपत्यकाका अशोकविनायक, जलविनायक, कार्यविनायक, सूर्यविनायक, सिद्धिविनायक, कमलविनायक, चन्द्रविनायक र रक्तविनायक गरी आठ विनायकमध्ये एउटा विनायकका रूपमा प्रसिद्ध यी सिद्धिविनायक तत्काल सिद्धि प्रदान गर्ने गणेशका रूपमा प्रसिद्ध छन् ।[७८]

पुराणहरूमा सिद्धिविनायकको अविर्भावसम्बन्धी कथा रहेका छन् । तीमध्ये गणेशपुराणको कथा यहाँ प्रस्तुत गरिँदै छ – मधु र कैटभ नामक दानवहरूसँग दीर्घकालसम्म युद्ध गर्दा भगवान् विष्णु पराजित हुनुभयो । चिन्तित श्रीविष्णुले युद्धमा सफलता प्राप्त गर्न आशुतोष भगवान् शङ्करको उपासना गर्नुभयो । श्रीविष्णुको तपस्याबाट प्रसन्न भई उहाँको चिन्ता बुझेर भगवान् शङ्करले भन्नुभयो – ती दुर्जेय दानवहरूमाथि विजय प्राप्त गर्न श्रीगणेशको आराधनामात्र एउटा अमोघ उपाय हो । तपाईं श्रीगणेशको स्मरण चिन्तन केही नगरीकन युद्धमा जानुभएकाले पराजय व्यहोर्नुपर्‍यो । तपाईंलाई श्रीगणेशको छ अक्षरको मन्त्र **'वक्रतुण्डाय हुम्'** प्रदान गर्दछु । यो सबै प्रकारका सिद्धि प्रदान गर्ने मन्त्र हो । यही मन्त्रको महिमा बताएर उहाँले श्रीविष्णुलाई मन्त्रदीक्षा दिनुभयो । त्यसपछि श्रीविष्णुले भूमण्डलमा विख्यात तपोवनमा गई विधिपूर्वक श्रीगणेशको पूजा गरेर षडङ्गन्यासपूर्वक उक्त मन्त्रको जपानुष्ठान गर्नुभयो ।

बर्सौंको अनुष्ठानपछि भगवान् विष्णुले करोडौं सूर्यसमान तेज र प्रभाले चम्किनुभएका, प्रसन्नवदन श्रीगणेशको दर्शन पाउनुभयो। दर्शन दिएपछि श्रीविष्णुलाई सम्बोधन गर्दै श्रीगणेशले भन्नुभयो– हे विष्णुदेव! तपाईंको आराधनाबाट म प्रसन्न भएको छु । तपाईंले चिताएका सबै कामना पूर्ण तुल्याउनेछु। तपाईं वर माग्नुहोस् । श्रीविष्णुले हात जोडेर बिन्ती गर्नुभयो – हे सिद्धिदाता प्रभु! ब्रह्मादि देवताहरूका लागि पनि दुर्लभ मानिएको हजुरको दर्शन मैले आज पाएको छु । अनेक रूप लिएर लीला गर्नुहुने र एउटै ब्रह्मका रूपमा पनि विराजमान हुनुहुने, कहिले निराकार, कहिले साकार, अणुभन्दा अणुरूप, महान्‌भन्दा पनि महत्तमरूप, सर्वसाक्षी, सृष्टि, पालन र संहारका देवता हजुरको दर्शन पाएर म कृतकृत्य भएको छु । हजुरको दर्शनसौभाग्य पाएको हुँदा मैले अवश्य सिद्धि पाउनेछु । हे ओङ्काररूप प्रभु! म मधु र कैटभको वध गर्न सफल हुन सकूँ, अरू दैत्यहरूमाथि विजयी भएर रहन पाऊँ । मेरो कीर्ति संसारमा फैलियोस् र हजुरका चरणमा मेरो निरन्तर भक्ति लागिरहोस् । भगवान् विष्णुको यो प्रार्थना सुनेर श्रीगणेश तथास्तु भनी अन्तर्धान हुनुभयो ।[७९] त्यसपछि देवता र मुनिहरूले सिद्धिविनायक नामकरण गरी श्रीगणेशको वन्दना एवं आराधना गरे । भगवान् विष्णुले सिद्धि प्राप्त गर्नुभएका कारण त्यो क्षेत्र संसारमा सिद्धिविनायक-क्षेत्रका नामबाट प्रसिद्ध भयो । यस प्रसङ्गबाट भगवान् सिद्धिविनायकको उपासना ऐहिक अभ्युदय र पारमार्थिक निःश्रेयसको प्राप्तिको लागि अमोघ उपाय हो भन्ने कुरा स्पष्ट हुन्छ ।[८०]

---

७७. *एकदन्तं शूर्पकर्णं गजवक्त्रं चतुर्भुजम् । पाशाङ्कुशधरं देवं ध्यायेत् सिद्धिविनायकम्।। – कर्मकाण्ड भास्कर, म.सं.वि. २०५४ ।*

७८. *पुरुषोत्तम ढकाल, मन्दिरै मन्दिरको देश... ।*

७९. *गणेशपुराण उपासनाखण्ड १८ अध्याय ।*

८०. *तत आनन्दपूर्णोऽसौ मेने तावसुरौ हतौ । प्रासादं निर्ममे तत्र स्फाटिकं भूरिरत्नकम्।।*
लसत्काञ्चनशिखरं चतुर्द्वारसुशोभनम् । प्रतिमां स्थापयामास गण्डकीयोपलैः कृताम् ।।
देवाश्च मुनयः सिद्धिविनायक इति प्रथाम् । चक्रुरत्र यतः सिद्धिः प्राप्तेयं हरिणा शुभा।।
सिद्धिक्षेत्रं ततस्तत्तु पप्रथे भुवि सर्वशः । – गणेशपुराण, उपासनाखण्ड १८/२०–२३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीसिद्धिविनायकप्रार्थनापद्य

ब्रह्मेशानाविन्द्रमुख्याश्च देवा यं त्वां द्रष्टुं नैव शक्तास्तपोभिः ।
तं त्वां नानारूपमेकस्वरूपं पश्ये व्यक्ताव्यक्तरूपं गणेशम् ।।
त्वं योऽणुभ्योऽणुस्वरूपो महद्भ्यो व्योमादिभ्यस्त्वं महान् सत्त्वरूपः ।
सृष्टिं चान्तं पालनं त्वं करोषि वारं वारं प्राणिनां दैवयोगात् ।।
सर्वस्यात्मा सर्वगः सर्वशक्तिः सर्वव्यापी सर्वकर्ता परेशः ।
सर्वद्रष्टा सर्वसंहारकर्ता पाता धाता विश्वनेता पिताऽसि ।।
एतादृशस्य ते देव ! दर्शनान्मम सिद्धयः । संभविष्यन्ति सर्वत्र तथाऽप्येकं वदामि ते ।।
ममैव योगनिद्रान्ते श्रुतेर्मलसमुद्भवौ । मधुकैटभौ महासत्त्वौ कं खादितुं समुद्यतौ ।।
ताभ्यामहं ततो युद्धं कृतवान् बहुवत्सरम् । ततः क्षीणबलश्चाहं शरणं समुपागतः ।।
अतो यथा तयोर्मत्तो वधः स्यात् तद् विचार्यताम् । अन्येषामपि दैत्यानां जयेन यश उत्तमम्।।
देहि मे परमेशान ! भक्तिं ते ह्यनपायिनीम् । यया मे कीर्तिरतुला त्रैलोक्यं पावयिष्यति ।।[८१]

७) कमलविनायक

भक्तपुर नगरपालिकाको पूर्वीभागको बजारक्षेत्रमा ठूलो पोखरीको डिलमा कमलविनायकको मन्दिर रहेको छ । कमलविनायकलाई उपत्यकाका आठ विनायकमध्ये एक विनायक मानिन्छ । भक्तपुर क्षेत्रमा कमलविनायकको ठूलो महिमा र मान्यता रहेको पाइन्छ । भक्तपुर कमलपोखरीको कमलविनायकको मन्दिरमा रहेका ने.सं. ७७५ र ने.सं. ९३५ का दुई अभिलेखमध्ये ७७५ को अभिलेखबाट धेरै भक्तहरूले कमलविनायकमा तोरण चढाएको कुरा ज्ञात हुन्छ । पहिलो अभिलेखमा भक्त तेजनारायणले कमलविनायकमा धर्मशाला तयार गरी प्रतिष्ठा गरेको तथ्य अवगत हुन्छ ।[८२]

कमलविनायकमा प्रत्येक मंगलबार, गणेशचौथी र माघ महिनामा दर्शनार्थीहरूको घुइँचो लाग्छ । कमलको आसनमा विराजमान भएका कारण यी गणेशको नाम कमलविनायक राखिएको सम्भावना गर्न सकिन्छ । पोखरीको डिलमा कमलविनायकको मन्दिर रहेकाले कमलका फूलहरूद्वारा पूजा गरिएको गणेश भन्ने अर्थमा पनि कमलविनायक नामकरण गरिएको हुनसक्छ । अर्कोतर्फ पौराणिक आधारलाई हेर्ने हो भने भगवान् गौरीनन्दन श्रीगणेशले त्रेतायुगमा पार्वतीको कोखबाट मयूरेश्वर अवतार लिनुभयो । त्यस अवतारमा १० वर्षको उमेरमा उहाँले घोरदैत्य कमलासुरको वध गर्नुभएको थियो । कमलासुरको वध गरिएता पनि त्यसको अतिशय पराक्रमबाट खुसी भई त्यसलाई उहाँले आफ्नो विश्वरूप दर्शन गराएको कुरा गणेश पुराणमा वर्णन गरिएको छ ।[८३] गणेशलीलाको यसै घटनालाई आधार बनाई श्रीगणेशको नाम कमलविनायक रहन गएको हुनसक्छ । कमलासुरको वध गरिएपछि मुनिहरूले कमलासुर गणेशको भावपूर्ण स्तुति गरेका थिए ।

---

८१. *पूर्ववत् ।*
८२. *डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।*
८३. *गणेशपुराण, २/१०३/२-३ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमलविनायकका प्रार्थनापद्य

कमलाकान्तहृदय हृदयानन्दवर्धन । कमलाकान्तनमित कमलासुरनाशन ।।
कमलासेवितपद जय त्वं कमलाप्रद । कमलासनवन्द्येश कमलाकरशीतल ।।
कमलाङ्कसुपादाब्ज कमलाङ्कितसतकर । कमलाबन्धुतिलक, भक्तानां कमलाप्रद ।।
कमलासूनुरिपुज कमलासूनुसुन्दर । कमलापितृरत्नानां मालया जय शोभित ।।
कमलासुरवाणानां कमलेन निवारक । कमलाक्रान्त कमलकोशजित्कर पद्मज ।।
कमलापतिहस्तस्थपद्मकोशनिभेक्षण । सर्वहृत्कमलानन्द जय सर्वाघनाशन ।।
कमलाङ्कुशहस्ताब्ज जय विघ्नहराव्यय । एवं स्तुत्वा पुपूजुस्ते गौतमाद्या महर्षयः ।।[८४]

८) देवपत्तन पशुपतिका रक्तविनायक अथवा लालगणेश

भाषावंशावलीमा काठमाडौं–उपत्यकालाई चार भागमा विभाजन गरेर चार विनायकलाई क्रमशः ती ती विभागका रक्षक मानी विनायकहरूको महिमा प्रकाशन गरिएको छ । ती विनायकहरूमध्ये क्रमशः चोभारका चन्द्रविनायक, भक्तपुरका सूर्यविनायक, चाबहिलका श्वेतविनायक र देवपत्तनका रक्तविनायक रहेका छन् । यी चारै विनायकलाई आदिविनायक पनि भनिएको छ ।[८५] देवपत्तनमा त्यति प्रसिद्ध रक्तविनायकको छुट्टै मन्दिर नरहेकाले ती रक्तविनायक कुन हुन् त भन्ने जिज्ञासा हुन्छ । जिज्ञासाको समाधानका लागि प्राचीन वाङ्मय हेर्नुपर्ने हुन्छ । नेपाल माहात्म्यमा पशुपतिका द्वारपालविनायकको उल्लेख गरिएको छ । नेपालमण्डलको परिक्रमा गर्दा अन्तिममा पशुपतिमा आई द्वारपालविनायकको दर्शन गर्नुपर्नेसमेत उल्लेख भएकाले पशुपति मन्दिरको पूर्वपट्टिको प्राङ्गणमा रहेका लालगणेश नै द्वारपालविनायक हुन् भन्न सकिन्छ ।[८६]

भाषावंशावलीमा पशुपति क्षेत्रका गणेशमूर्तिहरूको उल्लेख गरिएको छ । पशुपतिनाथका दक्षिणढोकामा रहेका श्रीगणेश, पश्चिमढोकामा रहेका लम्बोदर दण्डपाणि गणेश, उत्तरढोकामा रहेका एकदन्त गणेश र पूर्वीढोकामा रहेका द्वारविनायक अथवा द्वारपालगणेश भनेर उल्लेख गरेको पाइन्छ ।[८७] धेरैजसो विद्वान्हरूले नेपालमाहात्म्यमा वर्णन गरिएका द्वारपाल गणेशलाई नै रक्तविनायक अथवा लालगणेश मानेका छन् । यिनलाई नमान्ने हो भने देवपाटनक्षेत्रमा अर्को प्रसिद्ध रक्तविनायकको मन्दिर जानकारीमा आएको छैन । आजका लालगणेशलाई नै भाषावंशावलीमा नेपालमण्डलको रक्षा गर्ने आदिविनायक मानिएको कुरा ठम्याउन सकिन्छ । शास्त्रीय महत्त्वका आधारमा प्रताप मल्लद्वारा बनाइएको रानीपोखरीको छेउमा रहेका सोह्रहाते गणेशलाई पनि उपत्यकाका महत्त्वपूर्ण आठ विनायकमध्ये एउटा विनायक मान्ने मत पनि रहेको छ ।

रक्तविनायकप्रार्थनापद्य

रक्तो रक्ताङ्गरागांशुककुसुमयुतस्तुन्दिलश्चन्द्रमौलिः
नेत्रैर्युक्तस्त्रिभिर्वामनकरचरणो वीजपूरातनासः ।

८४. पूर्ववत्, २/१०३ अध्याय ।
८५. डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।
८६. पूर्ववत् ।
८७. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हस्ताग्रक्लृप्तपाशाङ्कुशरदवरदोनागवक्त्रोऽहिभूषो
देवः पद्मासनो वो भवतु नतसुरो भूतये विघ्नराजः ।।[८८]

९) रानीपोखरीका सोह्रहाते गणेश

काठमाडौंस्थित रानीपोखरीको नैऋत्य कोणमा सोह्रहाते गणेशको सानो मन्दिर रहेको छ । यसमा अठारौं शताब्दीको आरम्भमा राखिएको शक्तिसहित गणेशको मूर्ति रहेको छ । श्रीगणेशको मूर्ति विपरीत दिशातिर फर्केका दुई मुसामाथि उभिएको छ । देब्रे छातीपट्टि दुईपत्रे कमलमाथि सिद्धिको मूर्ति रहेको छ। यी गणेशका सोह्र हात छन् अर्थात् यी गणेश षोडशभुज छन् । यहाँको मूर्ति कालो रङ्गको साह्रो ढुङ्गाबाट बनाइएकाले मानिसहरू यिनलाई कालागणेश पनि भन्दछन् । दुवै मूर्तिमा घुँडासम्म वनमाला लत्रेको छ। गणेशले नाभिमा सर्पको यज्ञोपवीत धारण गरेका छन् ।[८९] लम्बोदर मूर्ति भएकाले यी गणेशलाई भुँडेगणेश पनि भनिन्छ । हुन त उपत्यकामा भुँडेगणेशका नामबाट अनेक गणेश प्रसिद्ध छन् तर आठ विनायकमध्ये गणना गरिने भुँडेगणेश रानीपोखरीका गणेशमात्र हुन् भन्ने धेरै मानिसहरूको विश्वास रहेको पाइन्छ ।[९०] रानीपोखरीको शक्तिसहित शोभायमान गणेशमूर्ति नेपालमा पाइने गणेशमूर्तिहरूमा प्रभावशाली मानिएको छ । राजा प्रताप मल्लले तीर्थहरूको समष्टि रूप रानीपोखरी तयार गरी त्यसको प्रतिष्ठा गर्दा ने.सं. ७९० मा अभिलेख राखेका थिए ।[९१]

नेपालमा शक्तिसहित गणेशलाई लक्ष्मीगणपति मानिने हुनाले रानीपोखरी गणेशमूर्तिलाई मन्त्रमहोदधिको निरूपणअनुसार लक्ष्मीगणपतिको मूर्ति हो भन्न सकिन्छ । लक्ष्मीगणपतिको शास्त्रीय स्वरूपसँग रानीपोखरीका सोह्रहाते गणेशको मूर्ति मिल्दोजुल्दो हुनाले यी विनायकलाई महत्त्वकै आधारमा आठ विनायकमध्ये एक मानिएको हुन सक्छ । अर्काथरि विद्वान्हरूको मतमा पशुपतिका लालगणेशलाई नै आठ विनायकमध्ये एक मानिएको कुरा उल्लेख गरिसकिएको छ। आठ विनायकमध्ये पर्नु र नपर्नुभन्दा पनि महत्त्वका दृष्टिबाट रानीपोखरीको सोह्रहाते श्रीगणेश उपत्यकाका सिद्धिदाता रक्षक र मनःकामनापूरक गणेशका रूपमा प्रसिद्ध छन् ।

रानीपोखरीका लक्ष्मीगणपतिको प्रार्थनापद्य

दन्ताभये चक्रदरौ दधानं कराग्रगस्वर्णघटं त्रिनेत्रम् ।
धृताब्जयालिङ्गितमब्धिपुत्र्या लक्ष्मीगणेशं कनकाभमीडे ।।

१०) कमलादी गणेशमन्दिर

कमलादीमा रहेको प्राचीन गणेशमन्दिर घण्टाघरदेखि पूर्वतर्फ पर्दछ । कमलादी गणेशलाई काठमाडौंका प्रसिद्ध गणेशमध्येका एक गणेश मानिन्छ । यी गणेशलाई श्वेतगणेश पनि भनिन्छ । भुइँतले यस मन्दिरभित्र सुनको जलपले सुन्दर गराइएको मूर्तिले प्राचीन मूर्तिलाई छोपेको छ । यी गणेशको उत्पत्तिका सम्बन्धमा

---

८८. प्रपञ्चसार, १६/४९ ।
८९. गोविन्द टण्डन, पूर्ववत्, पृ. ६५ ।
९०. पुरुषोत्तम ढकाल, पूर्ववत् ।
९१. डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिएको छ – 'प्राचीन कालमा हाल गणेशको मन्दिर रहेको ठाउँमा मानिस हराउने गरेकाले त्यसको कारण पत्ता लगाउन उत्खनन गर्दा गणेशको मूर्ति फेला पारी स्थापना गरिएको थियो ।'

कमलादी गणेशको पूजाआराधना गरेमा सिद्धि प्राप्त हुने र सन्तान नहुनेलाई सन्तान प्राप्त हुने जनविश्वास रहेको छ । कमलादी गणेशनामले यी गणेशको प्रसिद्धि भए तापनि कमलादि, कमलादी, कमलाति र कमलाक्षीसमेत गरी अनेकौं नामबाट सम्बोधन गरिने कमलादी शब्दको सम्बन्ध कमलातीर्थसँग रहेको छ । वास्तवमा उक्त गणेशसँग जोडिएका ती सबै नामहरू कमलातीर्थकै अपभ्रंश हुन् । कान्तिपुरका राजा जयज्योतिप्रकाश मल्लका पालाको ने.सं. ८७० को अभिलेखमा कमलादीलाई कमरात्रि भनिएको छ । श्री ५ राजेन्द्रका पालाको अर्को अभिलेखमा कमलातीर्थ भनिएको छ ।

श्री ५ पृथ्वीवीरविक्रम शाहले कमलादी गणेशको आराधनाबाट पुत्रसन्तान प्राप्त गरेपछि विशाल गणेशमन्दिर निर्माण गराउने उद्देश्यले तत्कालीन एकलाख मुद्रा मन्दिरमा अर्पण गरेका थिए । तान्त्रिकविधिद्वारा निर्मित उक्त गणेशमन्दिरको स्वरूप परिवर्तन गर्न नमिल्ने हुँदा मन्दिरका व्यवस्थापकहरूको अनुरोध अनुसार त्यो धनराशि उपत्यकाका अरू गणेशमन्दिरहरूको जीर्णोद्धार एवं नयाँ मन्दिर निर्माण गर्ने कार्यमा खर्च गरिएको अनुश्रुति रहेको छ ।[१२]

कमलादी गणेशको धातुमूर्ति सवा दुई फिट जति अग्लो छ । नागको आसन छ । नागका फणाहरू गणेशको शिरमाथि गई छाताको आकारमा रहेका छन् । चतुर्बाहुमूर्ति दक्षिणाभिमुख भएर रहेको छ । दाया भागमा अक्षमाला र मूला रहेका छन्, बायाँ भागमा बन्चरो र लड्डु छन् । शिरमा मुकुट छ । मूर्तिको शिरोभागमा रहेको धातुको चँदुवामा गणेशकै मूर्ति बनाइएको छ । मन्दिरको शैली अनौठो छ । मुख्य मन्दिर गुम्बजाकार छ र चार दिशामा चार खोपा रहेका छन् । सुनको मोलम्मा लगाइएको पीतलका पाताले छाइएको यो मन्दिर हिन्दू एवं बौद्ध दुवैथरिका भक्तहरूको आस्था केन्द्र बनेर रहेको छ ।

ने.सं. ८७० मा स्थापित कमलादी मन्दिरको अभिलेखमा महर्जन गुठीका गुठियारहरूले देवल बनाई छाना राखेको विवरण रहेकाले प्राचीन समयदेखि नै बौद्धधर्मानुयायी महर्जनहरूको यस मन्दिरसँग सम्बन्ध रहेको तथ्य प्रमाणित हुन्छ । यसै कारण मूर्तिको एउटा हातमा मूला रहेको देखिन्छ । मन्दिरको समीपमा नै बौद्धमूर्ति रहेको छ । त्यहाँ हालै स्थापित एउटा चैत्यका साथै त्यसको छेउमा रहेको सानो तलाउमा चैत्यस्तम्भ पनि रहेको छ । यी सबै तथ्यहरूबाट कमलादी गणेश मन्दिर हिन्दू एवं बौद्धमार्गीहरूको पवित्र आराधनास्थल हो भन्ने कुरा पुष्ट हुन्छ । कमलादी गणेशमन्दिरमा रहेका मूर्तिहरूबाट बौद्धमार्गीहरूले यी गणेशलाई विघ्नान्तक गणेशका रूपमा मान्दछन् भन्ने कुरा अवगत हुन्छ । लिच्छविकालिक जमयम्बीटोल अर्थात् हालको जमलटोलका स्थानगणपतिका रूपमा कमलादी गणेशले मान्यता पाउँदै आएको बुझिन्छ ।[१३]

११) चाँगुनारायणका आदिगणेश

भाषावंशावलीमा चाँगुनारायण स्थानमा गणेशपीठ रहेको वर्णन गरिएको छ । दोलागिरिमा गरुडनारायणको स्वरूप प्रकाशित भएपछि श्रीगणेशको पनि स्वरूप प्रकाशित भएको वर्णन त्यहाँ रहेको अभिलेखमा गरिएको छ ।[१४]

१२. *प्रा.डा. मुकुन्द अर्यालबाट प्राप्त सूचनाको आधारमा ।*
१३. *डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।*
१४. *पूर्ववत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२) मणिगणेश पाटन

ललितपुरको मङ्गलबजारमा रहेको मणिगणेशको मन्दिर ऐतिहासिक एवं धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिएको छ । राजा गुणकामदेवले सूर्यविनायक, मङ्गलविनायक र मणिगणेशको स्थापना गरेको ऐतिहासिक वर्णन पाइन्छ । यस मन्दिरको निर्माण राजा मणिचूडबाट भएको भन्ने तथ्य भाषावंशावलीहरूबाट ज्ञात हुन्छ । साकेत नगरका राजा मणिचूडले मणिचूड पर्वतमा यज्ञ सम्पन्न गरेपछि मणिगणेशको स्थापना गरेका हुन् भन्ने वर्णन अर्कोथरि वंशावलीमा पाइन्छ । गुणकामदेवले अनावृष्टि निवारण गर्न पाटनका अनेक देवी-देवताका साथै मणिगणेशको पनि स्थापना गरेका हुन् भन्ने कुरा भाषावंशावलीमा लेखिएको छ । उक्त सन्दर्भहरूबाट मणिगणेशको स्थापनाविषयमा बेग्लाबेग्लै मतहरू देखिए पनि मणिगणेशको व्यापक महत्त्व भने उजागर हुन्छ ।[९५]

१३) भक्तपुर तुलजामन्दिरको गणेशमूर्ति

भक्तपुर तुलजा मन्दिरको ढोकैनिर स्थापना गरिएको गणेशमूर्तिको धार्मिक र ऐतिहासिक महत्त्व रहेको छ । तुलजाको द्वारमा रहेका श्रीगणेशको पूजा गरेपछिमात्र तुलजा भवानीको पूजा गर्ने परम्परा रहिआएको छ । भाषावंशावलीमा यी गणेशसँग सम्बद्ध एउटा आख्यान रहेको छ – सिम्रौनगढका राजा हरिसिंह देवलाई आफ्नी इष्टदेवता तुलजा भवानीले सपनामा भनिन् – 'यहाँ विधर्मीहरूको उपद्रव बढ्दै गयो, तिमीले मेरो मूर्ति र यन्त्र साथमा लिई उत्तरदिशातर्फ भक्तपुरमा गएर मेरो स्थापना गर ।' तुलजा भवानीको सन्देश पाएर ती राजा भक्तपुर आइपुगे । भक्तपुरका राजा जयभीमले हरिसिंह देवलाई तुलजाको मन्दिर बनाउने अनुमति दिए । तुलजाले सपनामा भक्तपुरमा दाक्षिणात्य ब्राह्मणको घरजग्गा रहेको ठाउँ साह्रै पवित्र छ, त्यहीं मेरो मन्दिर बनाऊ भनिन् । त्यसपछि हरिसिंह देवले दाक्षिणात्य ब्राह्मणसँग मन्दिर बनाउन जग्गा दिन अनुरोध गरे, तर ती ब्राह्मणले स्वीकार गरेनन् । यो कुरा थाहा पाएर भक्तपुर नरेश जयभीमदेवले ती ब्राह्मणको जग्गा जवर्जस्ती खोसेर लिए । जग्गा हरिएको चोटमा ती दाक्षिणात्य ब्राह्मणले घाँटी सेरी आत्महत्या गरे । हरिसिंह र जयभीमलाई ब्रह्महत्या लागेकोमा साह्रै पीर पर्‍यो । तिनीहरूले सात दिनसम्म अन्न-जल त्याग गरी तुलजा मूर्तिका सामु धर्ना दिए । तुलजा ईश्वरीले सपनामा – 'ती ब्राह्मण स्वयं गणेशरूप हुन्, तिनको घाँटी पहिलेदेखि नै सेरिएको थियो, तिमीहरूलाई हत्याको दोष लाग्दैन, मेरो मन्दिरको ढोका रहने ठाउँमा तिनको लाश गाडी मेरो मन्दिर तयार गरेर प्रतिष्ठा गर । सर्वप्रथम ती द्वारगणेशको पूजा गरी मेरो पूजा गर्नुपर्दछ' भनी आज्ञा दिइन् । तदनुसार मन्दिर तयार गरियो र गणेशमूर्ति प्रतिष्ठाका साथ तुलजाको यन्त्र एवं मूर्तिको प्रतिष्ठा पनि गरियो । अहिले त्यहाँ दैनिक पूजामा सर्वप्रथम द्वारगणेशको पूजा गरिन्छ र त्यसपछि तुलजा भवानीको पूजा-उपासना गरिन्छ ।[९६]

१४) कमलाक्षी गणेशमूर्ति

कमलाक्षीमा हाल रानीपोखरी राष्ट्रिय नाचघरबाट असनतिर जाँदा सडकको देब्रेतिर पर्खालमा अड्याएर राखिएको एक गणेशमूर्ति रहेको छ । यस मूर्तिमा बलि नचढ्ने हुँदा शाकाहारी भक्तहरूले यहीँ

९५. पूर्ववत् ।
९६. पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएर श्रीगणेशको पूजा-आराधना गर्दछन् ।[१७]

१५) पशुपतिनाथ परिसरका गणेशमन्दिर र मूर्तिहरू

नेपालको प्रसिद्ध पशुपतिनाथमन्दिरको उत्तरतर्फ ब्रह्मा, शिव-पार्वती, विष्णु र कुमारका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ । आर्यघाटको अलिकति दक्षिणतर्फ पुलकै मुखमा पञ्चगणेशको मन्दिर रहेको छ । यज्ञेश्वर शिवलिङ्गको परिक्रमा गर्दै त्यहाँबाट बाहिर निस्कँदा भित्तामा दक्षिणकाली, नवदुर्गा र भैरवको मूर्तिका साथै गणेशको मूर्ति पनि कुँदिएको देख्न सकिन्छ। पशुपति मन्दिरको गर्भगृहमा लालगणेशको दुर्लभ मूर्ति रहेको छ । पूजारीबाहेक अरू कसैको दृष्टि नपर्नाले त्यति प्रसिद्ध नभए तापनि लालगणेश भगवान् पशुपतिसरह नै प्रभावकारी, सद्यफलदाता र विघ्नहर्ता मानिएका छन् । पशुपति मन्दिरको दक्षिणतर्फ सिनामङ्गलमा भगवान् पशुपतिनाथसँग सम्बद्ध सिद्धिविनायकको मन्दिर रहेको छ ।

प्राचीन राजा शिवदेवले देउपाटनमा नौ टोल बनाई अनेक देवी-देवताको स्थापना गर्दा प्रत्येक टोलमा एक-एक गणेशमूर्तिको स्थापना गरेको विषय वंशावलीहरूमा प्रकाश पारिएको छ । उनैले देउपाटनको पश्चिमी भेगमा पनि चार वटा गणेशमूर्तिको स्थापना गरेको उल्लेख गरिएको छ । प्राचीन राजा शिवदेवले पशुपति वनकालीको स्थापना गरेपछि त्रिनेत्र र विशालकाय मूर्ति बनाई वनकालीमन्दिर र वर्तमान वनकाली धर्मशालाको बीचमा वचनविनायकको मन्दिर बनाई मूर्ति प्रतिष्ठा गरेको कुरा भाषा वंशावली भाग - एकमा उल्लेख गरिएको छ । पशुपतिनाथ मन्दिर परिसरभित्र रहेको रक्तविनायकको मूर्ति मल्लकालमा पनि सिद्धिप्रद मूर्तिका रूपमा प्रसिद्ध रहेको कुरा प्रताप मल्ल आदि मल्लकालीन राजाहरूका अभिलेखहरूबाट प्रमाणित हुन्छ ।

१६) साईगणेशमन्दिर

काठमाडौंको भाटभटेनीमा श्रीगणेशका भक्त मीनबहादुर गुरुङद्वारा स्थापित श्रीसाई गणेशको भव्य मन्दिर रहेको छ । दक्षिणाभिमुख यो मन्दिर मङ्गलवार एवं शनिवार भक्तहरूका निमित्त आकर्षणको केन्द्र बनेको छ ।

ख) नेपालका प्रमुख गणेशमन्दिरहरू[१८]

नेपालका सबै जिल्लाहरूमा प्राचीन एवं अर्वाचीन सयकडौं गणेशमन्दिर, गणेशमूर्ति एवं गणेशतीर्थ रहेका छन् । प्राप्त सामग्रीको आधारमा जानकारीमा आएका ती गणेशमन्दिर, मूर्ति एवं तीर्थहरूको जिल्लागत आधारमा परिशिष्ट - एकमा वर्णन गरिएकोछ । तीमध्ये केही प्रमुख गणेशमन्दिर एवं गणेशमूर्तिको सङ्क्षिप्त विवरण यहाँ प्रस्तुत गरिँदैछ ।

---

१७. *प्रा.डा. मुकुन्द अर्याल एवं प्रा.डा. जगदीशचन्द्र रेग्मीको भनाइको आधारमा ।*

१८. *नेपालको विभिन्न जिल्लामा रहेका गणेशमन्दिर एवं मूर्ति, भारतका प्रसिद्ध गणेशमन्दिर एवं मूर्ति र नेपाल-भारत बाहिरका गणेशमन्दिर एवं मूर्तिहरूको विस्तृत विवरण परिशिष्ट - एकमा समावेश गरिएको छ । यहाँ उल्लिखित नेपालका गणेशमन्दिर एवं गणेशमूर्तिहरूको विवरण पुरुषोत्तम ढकालद्वारा लिखित मन्दिरैमन्दिरको देश र मन्दिरपरिचायक अन्य कृतिहरूका साथै ती ती स्थानका स्रोत व्यक्तिहरूबाट प्राप्त जानकारीका आधारमा तयार गरिएको छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१) पाथीभराका गणेशमूर्ति

ताप्लेजुङ जिल्लाको **तापेथोक गा.वि.स.**मा घोप्टयाएर राखिएको पाथीको आकारमा रहेको पाथीभरा डाँडामा पूर्वाञ्चलकै प्रसिद्ध **पाथीभरा भगवती**को अथवा अन्नपूर्णा भगवतीको प्राकृतिक मन्दिर रहेको छ । त्यहाँ प्राकृतिक शिलालाई नै देवी मानेर पूजा गरिन्छ । पश्चिमाभिमुख यस मन्दिरको बीचको खोपामा श्रीगणेशको मूर्ति रहेको छ । त्यस मन्दिरको नजिकमा रहेको एउटा सिमलको रूखमुनि विभिन्न देवीदेवताका मूर्तिहरूको बीचमा गणेशको मूर्ति पनि प्रतिष्ठापित छ । पाथीभरा परिसर सिद्धक्षेत्र हो भन्ने जनविश्वास रहेको छ ।

२) झापाको अर्जुनधाराको गणेशमन्दिर

अर्जुनधारा जलेश्वरधामलाई पूर्वको पशुपतिक्षेत्र मानिएको छ । यहाँका शिवपाञ्चायनका पाँच मन्दिरमध्ये श्रीगणेशको मन्दिर पनि एक हो । यसै क्षेत्रमा रहेको पोखरीमा अन्य देवीदेवताका मूर्तिहरूका साथै गणेशको मूर्ति पनि रहेको छ ।

३) सुनसरीको वराहक्षेत्रका गणेशमूर्ति

वराहक्षेत्रमा रहेको वराहमन्दिरभित्र दक्षिणतर्फ गणेशको विशाल मूर्ति रहेको छ । यसैगरी त्यहाँ ठाउँ–ठाउँमा अन्य देवताका मूर्तिका साथै गणेशका मूर्तिहरू पनि रहेका छन् ।

४) खोटाङ हलेसी महादेव मन्दिरपरिसरको गणेशमन्दिर

हलेसी महादेवको मन्दिर खोटाङको सदरमुकाम दिक्तेलबाट २४ कि.मि.पश्चिम दक्षिणभेगमा महादेवस्थान गाविस वडा नं. ५ मा हलेसी भन्ने ठाउँमा रहेको छ । पहिले यी महादेवको नाम हलेश्वर रहेकोमा पछि अपभ्रंश हुँदै जाँदा हलेसीका रूपमा प्रचलित भएको जनविश्वास छ । हलेसीमा रहेको महादेवगुफामा प्राकृतिक पत्थरको शिवलिङ्ग छ । यस शिवलिङ्गलाई हलेश्वर अथवा हलेसीका नामबाट पूजा–आराधना गरिन्छ । महादेवगुफाको दक्षिणपट्टि रहेको अर्को बसाहागुफामा शिवलिङ्ग, शिवप्रतिमा र देवताका मूर्तिहरू छन् । यहाँको बसाहा महादेवगुफातर्फ फर्किएर रहेको छ । शिवलिङ्गदेखि पाँच–छ मिटरमाथि चुनढुङ्गाको प्रतिमा छ । यस प्रतिमालाई पार्वतीको प्रतीक मानी पूजा–आराधना गरिन्छ । यहाँ शिवरात्रिका दिन भोटे जातका मानिसहरूले सुम्निमा–पारोहाङ्का रूपमा शिव–पार्वतीको पूजा गर्दछन् । रामनवमीका दिन यस क्षेत्रमा सोहदिने मेला लाग्दछ । हलेसी महादेवलाई पूर्वका पशुपति पनि भनिन्छ । यहाँ पूजारी र गुठीको राम्रो व्यवस्था छ । यी महादेवको पूजा–आराधना गर्नाले निर्धन धनि हुने, मूर्ख विद्वान् बन्ने, खडेरीमा पानी पर्ने, रोगीको रोग निको हुने, सन्तानहीनले सन्तान प्राप्त गर्ने, पितृहरू तर्ने र मनकामना पूरा हुने आदि फल प्राप्त हुने कुरामा श्रद्धालुहरू विश्वस्त छन् ।

बसाहास्थानदेखि पूर्वपट्टिको डाँडामाथिको फेदिबाट तलतिर हेर्दा डरलाग्दो अँध्यारो गुफाभित्र महादेवस्थान रहेको देखिन्छ । त्यहाँ भऱ्याङबाट ओर्लेजस्तै तल ओर्लिनु पर्दछ । तल ओर्लेपछि पश्चिमपट्टिको भित्ताका वरिपरि ढुङ्गे वेदी छन् । माझमा ढेढ हात अग्लो शिवलिङ्ग छ । शिवलिङ्गको नजिकमा उत्तरपट्टि ढिकीको आकारका सेता–चिल्ला ढुङ्गाहरू स्तम्भका आकारमा उभिएका छन् । ती ढुङ्गाको चेपबाट ठूलो शरीरका मानिस पनि चेपिएर फुत्त निस्कन सक्छन् । त्यस्तै अर्को चिल्ला ढुङ्गाको बाटुलो प्वालबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि मानिसहरू छिर्दछन् । यी दुई दुलालाई धर्मद्वार र पापद्वार भनिन्छ । ती खम्बाको बीचबाट छिर्न सक्नेलाई धर्मात्मा भनिन्छ ।

यो महादेवगुफा नजिकै दार्जिलिङका शेर्पाहरूले बनाएको गुम्बा पनि रहेको छ । हलेसी महादेवको इतिवृत्तलाई पौराणिक भस्मासुरको कथासँग जोड्ने गरिएको पाइन्छ । यो सिद्धभूमि भएको र यहाँ ब्रह्मा, विष्णु, महेश्वर आदि देवताहरूले नित्यनिवास गर्ने गरेको विषयमा विद्वान्, महात्मा र सिद्धहरू विश्वस्त छन् । यसै सिद्धभूमिमा पार्वती र परमेश्वरका प्यारा पुत्र श्रीगणेशको मन्दिर नभएको तथ्यलाई महसुस गरी खोटाङ जिल्लाकै निवासी गणेशभक्त श्रीमीनबहादुर गुरुङद्वारा गणेशमन्दिर बनाई श्रीगणेशको विशाल प्रतिमा प्रतिष्ठापित गरिएको छ ।

५) ओखलढुङ्गाको गणेशमन्दिर

ओखलढुङ्गा गा.वि.स. वडा नं. ६ मा रहेको बजारमा गणेशमन्दिर अवस्थित छ । प्यागोडा शैलीको दुइतले यस मन्दिरमा गणेशको प्रतीकस्वरूप प्राकृतिक शिला रहेको छ । त्यसलाई नै गणेश मानी पूजा गर्ने गरिन्छ ।

६) जनकपुर स्वर्णशिखर राममन्दिरको गणेशमूर्ति

जनकपुरमा रहेको स्वर्णशिखरसम्पन्न राममन्दिर देश-विदेशमा प्रसिद्ध छ । यसै राममन्दिरको बाहिरपट्टि श्रीगणेशको सिद्धप्रतिमा रहेको छ ।

७) फूलहरको गणेशमन्दिर

जनकपुरदेखि करीब १५ कि.मि. दक्षिणतर्फ रहेको फूलहरनामक पौराणिक स्थानमा प्राचीन गणेशमन्दिर रहेको छ । यसलाई साधनासिद्धिदायक गणेशक्षेत्र मानिएको छ ।

८) सिन्धुपाल्चोकको गणेशकुण्ड

सिन्धुपाल्चोक जिल्लामा सरस्वतीकुण्ड, इन्द्रकुण्ड, नौलिङ्गकुण्ड र बगामकुण्ड रहेजस्तै गणेशको नामबाट गणेशकुण्ड पनि रहेको छ ।

९) पलाञ्चोक भगवतीमन्दिरको गणेशमूर्ति

पाँचखालदेखि सात कि.मि. उचाइमा पर्वतको डाँडामा रहेको पलाञ्चोक भगवतीको मन्दिर निकै प्राचीन मन्दिरका रूपमा विख्यात छ । त्यहाँ भगवतीमूर्तिको उत्तरतर्फ गणेशमूर्ति स्थापना गरिएको छ ।

१०) नुवाकोटको जगात गणेशमन्दिर

नुवाकोट जिल्लाको चतुराल गा.वि.स.मा रहेको गणेशमन्दिर जगात गणेशमन्दिरको नामबाट प्रसिद्ध छ। यहाँको गणेशमूर्ति आफ्नो वाहन छुचुन्द्रोमाथि सवार छ। नुवाकोट जिल्लाका अनेक देवीदेवताका मन्दिरहरूमा गणेशमूर्ति पाइन्छन्। यस मन्दिरमा नै नेपाल संवत् ६७६ को विनायक स्थापनासम्बन्धी अभिलेख रहेको छ । यी गणेशको स्थापना उजोतसिंह र उनका पारिवारिक मानिसहरूले गरेको उल्लेख गरिएको छ ।

११) पाल्चोक र खोन नदी दोभानको गणेशमन्दिर

यो गणेशमन्दिर मकवानपुर जिल्लाको टिष्टुङ गा.वि.स. वडा नं. १ को पाल्चोक र खोन नदीको दोभानमा पर्दछ । यो प्यागोडा शैलीको एकतले मन्दिरभित्र गणेशको प्रतीक प्राकृतिक शिलाको मूर्ति छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस मन्दिरमा प्रत्येक शनिवार र मङ्गलवारका अतिरिक्त बडादशैंमा पनि विशेष पूजा हुन्छ ।

१२) गण्डकीनगर चितवनको श्रीगणेशमन्दिर

चितवन जिल्लाको रामनगरदेखि दक्षिणतर्फ जाँदा भरतपुर र नारायणगढ जाने चोकमा पुगिन्छ । त्यहाँबाट भरतपुर जाने बाटोमा लागेपछि बीचमा अत्यन्त प्राचीन गण्डकीनगरको गणेशमन्दिर देख्न सकिन्छ । यो मन्दिर गणेशपुराणको क्रीडाखण्डमा वर्णन गरिएको गण्डकीनगरमा स्थापित गणेशमूर्ति हो भन्ने जनविश्वास रहेको छ । सिन्धुनामक दैत्यको वध गरेपछि श्रीगणेश गण्डकीनगरमा थुनिएका देवताहरूलाई मुक्त गर्न देवगणसहित त्यहाँ जानुभएको थियो । देवताहरूलाई कारागारबाट मुक्त गरेपछि सिन्धुदैत्यका पिता चक्रपाणिले श्रीगणेशको भक्तिपूर्वक आराधना गरेका थिए । प्रसन्न हुनुभएका भगवान् गणेशबाट आशीर्वाद प्राप्त गर्ने चक्रपाणिले आफ्ना नागरिकहरूसँग मिलेर गण्डकीनगरमा गणेशमन्दिर तयार गरी गणेशमूर्तिको प्रतिष्ठा गरेका थिए । यस मन्दिरको मूर्ति निकै पुरानो शिलामा कुँदिएको छ । त्यतिबेला चक्रपाणिले स्थापित गरेको मन्दिर नै वर्तमान मन्दिर हो भन्ने विषयमा भक्त एवं विद्वान्हरू विश्वस्त रहेका छन् । चितवननगरमा उक्त गणेशको उपस्थितिका कारण चितवन क्षेत्रलाई श्रीगणेशका पवित्र क्षेत्रहरूमध्ये एउटा क्षेत्र मानिएको छ ।

१३) गोर्खाको सत्यरूपेश्वर सिद्धिविनायकमन्दिर

सिद्धिविनायक गणेशको मन्दिर गोरखा दरबारको नजिकै रहेको छ । यस मन्दिरको निर्माण वि.सं. १९७९ मा उद्योत शाहले गरेका हुन् । यस मन्दिरको गणेशमूर्ति खस्रो शिलाले बनेको छ । यसको पादपीठमा नाग अङ्कित छ । त्यस पादपीठमाथि रहेको कमलासनमा चारबाहु भएका, घाँटीमा जनैजस्तो गराई नागमाला पहिरिएका, दुवै पाउ आफ्ना वाहन मूसामाथि राखेका गणेश उभिएको स्थितिमा रहेका छन् । त्यस भेगका श्रद्धालुहरू विशेषतः मङ्गलवार र गणेशचौथीका दिन दर्शनार्थ यहाँ आउने गर्दछन् ।

१४) स्याङ्जा भृगुतुङ्गेश्वरको गणेशशिला

स्याङ्जा जिल्लामा पर्ने तर पाल्पा र गुल्मीको ज्यादै निकट रुरुक्षेत्र पारिपट्टि कालिपारमा रहेको भृगुतुङ्गेश्वर मन्दिर सिद्धक्षेत्रका रूपमा प्रख्यात छ । त्यस प्राकृतिक मन्दिरमा श्रीगणेशको प्राकृतिक भव्य शिलामय मूर्ति रहेको छ ।

१५) पाल्पा राम्दी सिद्धगुफाको गणेशमूर्ति

काली गण्डकीको तट राम्दीघाट नजिकै पहराको बीचमा सिद्धगुफा रहेको छ । यहाँ पौराणिक कालमा कपिलमुनिले तपस्या गरेका थिए । यस गुफामा सिद्ध, गणेश र सरस्वतीका स्वयम्भू प्रतिमाहरू छन् ।

१६) पाल्पा जलेश्वर महादेवमन्दिरको गणेशमूर्ति

पाल्पाको ऐतिहासिक राजधानी रिब्दीकोटमा जलेश्वर महादेवको मन्दिर रहेको छ । यस मन्दिरको शिवलिङ्ग रूपन्देही जिल्लाको सैनामैना भन्ने ठाउँमा स्वयम्भू लिङ्गका रूपमा प्रकट भएको थियो । लिङ्ग प्रकट भएको ठाउँबाट सार्नका लागि हजारौं मानिसहरूले प्रयास गर्दा पनि उठाउन सकेनन् । पछि पाल्पा रिब्दीकोटका सिद्धयोगी श्रीरामानन्दपुरीले एक्लै त्यो स्वयम्भू लिङ्ग उठाई पाल्पाको रिब्दीकोटमा लगी जलेश्वर महादेवका नामबाट स्थापित गरेका थिए । उक्त मन्दिरको गर्भगृहमा र परिसरमा पनि श्रीगणेशका मूर्तिहरू रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७) रुरुक्षेत्रको गणेशमन्दिर

यो गणेशको मन्दिर गुल्मीजिल्लाको रुरु गा.वि.स. वडा नं. ५ मा पर्दछ । त्यहाँ गुम्बज शैलीका दुई मन्दिर छन् । तीमध्ये पश्चिमपट्टिको मन्दिरभित्र रिडीखोलाको पुरानो मन्दिर बगाएपछि त्यहाँकै पुरानो मूर्ति ल्याई गणेशको स्थापना गरिएको हो । पूर्वपट्टिको मन्दिरमा भैरवमूर्ति रहेको छ ।

१८) बुटवलको जलविनायक मन्दिर

बुटवल नगरपालिका तिनाउपारि गणेशटोलमा प्राचीन गणेशमन्दिर रहेको छ । दक्षिणाभिमुख भएको पित्तलको गजुरले युक्त एकतलेमन्दिरभित्र शिलाका गणेश छन् भने दायाँबायाँ पित्तलका गणेशका मूर्तिहरू छन् । यहाँ प्रत्येक मङ्गलवार, शनिवार र माघ महिनामा दर्शनार्थीहरूको घुइँचो लाग्दछ ।

१९) स्वर्गद्वारी आश्रमको गणेशमूर्ति

प्यूठानको सदरमुकाम खलङ्गाबाट २६ कि.मि. पश्चिम **स्वर्गद्वारी गा.वि.स.** वडा नं. १ मा स्वर्गद्वारी आश्रम रहेको छ । स्वर्गद्वारी आश्रम महाप्रभु **हंसानन्द सरस्वती**द्वारा वि.सं. १९५२ मा स्थापित भएको हो । यहाँ दैनिक हवन गर्ने कुण्ड छ । यसै कुण्डलाई अखण्डधुनि मानिएको छ । नवग्रहको हवनकुण्डका चार सुरमा भगवती, शिव र शालिग्रामका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

२०) छिल्लीकोटको गणेशमन्दिर

दाङ जिल्लाको उत्तरी भेगमा रहेको पर्वतशिखरमा कालिकामन्दिर र मालिकामन्दिरको मध्यभागमा विशाल प्राकृतिक शिलामूर्तिसहितको गणेशमन्दिर रहेको छ ।

२१) जुम्लाको गणेशगुफा

यो गुफा जुम्लाबाट ५ कि.मि. दक्षिण ठाकुरनाथ जाने बाटोमा बोहरा गाउँको डाँडामाथि पर्दछ । यस गुफाभित्र चुनढुङ्गा जस्तै सेतो गणेशमूर्ति रहेकाले यस गुफालाई गणेशगुफा भनिएको हुनुपर्दछ । यहाँ गणेशचौथी, हरिबोधिनी र हरिशयनी एकादशीका दिन मेला लाग्दछ । यहाँ हनुमान् र मालिका भगवतीका मन्दिरहरू पनि रहेका छन् । यस जिल्लामा रहेका विभिन्न मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्तिहरू पनि रहेका छन् ।

२२) बर्दियाको गणेशबाबामन्दिर

बर्दियाको राजापुर बजारदेखि दक्षिणपूर्वी भागमा गणेशबाबामन्दिर रहेको छ । गुम्बज शैलीको पश्चिम फर्केको र गजुर भएको यस मन्दिरभित्र पहिले गणेशको शिरको आकार बन्न गएको पीपलको जरा रहेको छ । त्यसैलाई गणेश मानी पूजा गर्दै आएको पाइन्छ । यस मन्दिरमा श्रीपञ्चमीका दिन दर्शनार्थीहरूको भीड लाग्ने गर्दछ ।

२३) अछामको गणेशपञ्चदेवल

यो पञ्चदेवलमन्दिर अछाम जिल्लाको घोडाकत्रे भन्ने डाँडामा रहेको छ । वरिपरि चारवटा देवल र बीचमा चारैतिर चौतारी बनाएर गणेशदेवल निर्माण गरिएको छ । यस पञ्चदेवलको निर्माण सिञ्जाली राजाका छोरा अक्षय मल्लले वि.सं. १३३९ मा गरेका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४) डडेल्धुराको गन्यापधुरा - गणेशमन्दिर

गणेशमन्दिरको रूपमा मानिने यो मन्दिर सदरमुकामबाट करीब १५ कि.मि. पूर्व गणेशपुर गा.वि.स.अन्तर्गत पर्दछ । गणेशमूर्तिको रूपमा रहेको शिलालाई ताम्रपत्रले छोपेको छ । यहाँ सदा सर्पले रक्षा गर्ने र त्यहाँको ढुङ्गा झिक्न खोजेमा सर्पले झिक्न नदिने भन्ने भनाइ छ । यस जिल्लामा रहेका अन्य मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्ति रहेका छन् ।[११]

७.३ भारतका २१ गणेशक्षेत्र

भारतमा अनेक गणेशक्षेत्र, गणपतितीर्थ , गणपतिमन्दिर र गणपतिमूर्ति रहेका छन् । तीमध्ये प्रमुख तीर्थ, मन्दिर एवं मूर्तिहरूको विवरण परिशिष्ट - एकमा दिइएको छ । गणेशक्षेत्रको निरूपणका लागि यो प्रकरण प्रारम्भ गरिएको छ।

क) ढुण्ढिराजक्षेत्र

काशीको ढुण्ढिराजमन्दिर निकै प्रसिद्ध छ । काशीलाई ढुण्ढिराजक्षेत्र भनिन्छ । ढुण्ढिराजको अधीनमा काशीमा ५६ गणेशमूर्ति रहेका छन् । तिनको आफ्नै किसिको महत्त्व छ ।

ख) ओङ्कारगणपतिक्षेत्र

प्रयागलाई ओङ्कारगणपतिको सिद्धक्षेत्र मानिएको छ । यस क्षेत्रमा ओङ्कारगणपतिलगायत अनेक सिद्धिप्रद श्रीगणेशका मन्दिर एवं मूर्तिहरू रहेका छन् ।

ग) भूस्वानन्दक्षेत्र

पूना नजिकै रहेको मोरेश्वर स्थानलाई भूस्वानन्दक्षेत्र भनिन्छ । यहाँ मयूरेश्वर भगवान्‌को मन्दिरका साथै गणेशका अनेक मन्दिर र मूर्ति रहेका छन् ।

घ) चिन्तामणिक्षेत्र

यो क्षेत्र यवतमाल नगरको समीपमा रहेको छ । यसलाई अहिले कलम्ब भन्दछन् । यहाँ देवराज इन्द्रले चिन्तामणिगणेशको स्थापना गरी आराधना गरेका थिए । मनले चिताएको पुऱ्याउने भएका कारण यहाँका गणेशलाई चिन्तामणि गणेश भनिन्छ र उहाँ रहनुभएको यस क्षेत्रलाई चिन्तामणिक्षेत्र भनिएको छ ।

ङ) शमीविघ्नेशक्षेत्र

भारतको नागपुर-छिन्दवाडा रेवले लाइनमा रहेको सामनेर स्टेशनको नजिकमा अघोषनामक स्थान रहेको छ । त्यसलाई शमीविघ्नेशक्षेत्र भनिन्छ । यहाँ परापूर्वकालमा ऋषिहरूले श्रीगणेशको स्थापना गरेका थिए । भगवान् वामन पनि बलिको यज्ञमा जानुभन्दा पहिले यस क्षेत्रमा शमीविघ्नेशको दर्शन गर्न आउनुभएको थियो भन्ने पौराणिक मान्यता रहेको छ ।

च) बल्लालविनायकक्षेत्र

महाराष्ट्रको कुलावा जिल्लामा रहेको पालीनामक स्थानलाई वल्लालविनायकक्षेत्र भनिन्छ । यस क्षेत्रमा वल्लालनामक वैश्य बालकले भक्तिपूर्वक तपस्या गरेका कारण भगवान् श्रीगणेशले ती बालकलाई बल्लालविनायकका रूपमा दर्शन दिनुभएको थियो ।

११. *२१ गणपतिक्षेत्र, कल्याण, पूर्ववत्, पृ. ४२४-४२५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ) **मङ्गलमूर्तिक्षेत्र**

नर्मदा नदीको तटमा रहेको पारिनेर क्षेत्रमा मङ्गलग्रहले तपस्या गरी गणेशको आराधना गरेका थिए । मङ्गलमूर्ति भगवान् गणेशले मङ्गललाई यसै ठाउँमा दर्शन दिनुभएको थियो । त्यसकारण यहाँको गणेशमूर्तिलाई पारिनेर मङ्गलमूर्ति भनिन्छ भने यस क्षेत्रलाई पारिनेर मङ्गलमूर्तिक्षेत्रका रूपमा चिनिन्छ । यहाँ स्थापित श्रीगणेशलाई मङ्गलविनायक भनिन्छ ।

ज) **भालचन्द्रगणेशक्षेत्र**

गोदावरी नदीको तटमा रहेको गङ्गामसलेनामक स्थान भालचन्द्रगणेशक्षेत्रको नामबाट प्रसिद्ध छ । यहाँ प्राचीन समयमा चन्द्रमाले श्रीगणेशको आराधना गरेका थिए ।

झ) **विज्ञानगणेशक्षेत्र**

गोदावरी नदीको तटमा राक्षसभुवननामक स्थान रहेको छ । यसलाई विज्ञानगणेशक्षेत्रको नामबाट पनि चिनिन्छ । यहाँ दत्तात्रेय ऋषिले तपस्या गरी विज्ञानगणेशको स्थापना गरेका थिए ।

ञ) **विघ्ननाशक-गणेशक्षेत्र**

पूनाभन्दा पाँच माइल टाढा थेउरनामक स्थानमा विघ्ननाशक गणेशको मन्दिर रहेको छ । ब्रह्माजीले सृष्टिकार्यमा सम्भावित विघ्नहरूको निवारणका लागि यस क्षेत्रमा रहेर विघ्ननाशक गणेशको आराधना गर्नुएको थियो । यो समयदेखि यो क्षेत्र विघ्ननाशकगणेशक्षेत्रका रूपमा प्रसिद्ध छ ।

ट) **सिद्धिविनायकक्षेत्र**

भीमानदीको तटमा रहेको सिद्धिविनायक क्षेत्रमा भगवान् विष्णुले तपस्या गरी श्रीगणेशको दर्शन पाउनुभएपछि सिद्धिविनायकको प्रतिमा स्थापना गर्नुभएको थियो । वेदव्यासले वेदको विभाजन गर्नुभन्दा पहिले यहाँ आई सिद्धिविनायकको दर्शन र आराधना गरेका थिए । यस मन्दिरमा सिद्धिविनायक भगवान्को स्वयम्भू मूर्ति रहेको छ । मूर्तिको सूँढ दायाँतर्फ फर्किएको छ । सिद्धिविनायकलाई महाराष्ट्रका आठ विनायकहरूमध्ये एक मानिन्छ।

ठ) **महोत्कटविनायकक्षेत्र**

पूना नजिकै राजन गाउँमा भगवान् शङ्करद्वारा स्थापित एवं पूजित महोत्कटविनायकको मन्दिर रहेको छ । कश्यप र अदितिका पुत्रका रूपमा अवतार लिनुहुने महोत्कटविनायक आफ्नो अनुपम लीलाका कारण जगत्मा प्रसिद्ध हुनुहुन्छ । उहाँकै लीलालाई गणेशपुराणमा समेटिएको छ ।

ड) **अनलासुरहन्ता गणपतिक्षेत्र**

मद्रास–मङ्गलोर रेलवे लाइनमा पर्ने विजयमङ्गलम् स्टेशन नजिकै गणपतिको प्रसिद्ध मन्दिर रहेको छ । यहाँ अनलासुरको वधका लागि भगवान् श्रीगणेशको आविर्भाव भएको थियो ।

ढ) **अनुग्रहमूर्ति गणेशक्षेत्र**

दक्षिणभारतमा कश्यपद्वारा स्थापित एवं पूजित अनुग्रहमूर्ति भगवान् श्रीगणेशको प्रसिद्ध मन्दिर रहेको छ ।

ण) **मयनिर्मित गणेशक्षेत्र**

दक्षिण भारतको जलेशपुरमा मयदानवद्वारा निर्मित र त्रिपुरवासी असुरहरूद्वारा स्थापित गणेशमूर्ति रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त) लेह्याद्रि (लेखनाद्रि) गणेशक्षेत्र

महाराष्ट्र प्रान्तअन्तर्गत पूना जिल्लाको जुआरतातुकादेखि पाँच माइल टाढा रहेको लेह्याद्रिमा प्राचीन श्रीगणेशमन्दिर रहेको छ । यहाँ भगवती पार्वतीले श्रीगणेशलाई पुत्रका रूपमा प्राप्त गर्न तपस्याँ गर्नुभएको थियो भन्ने मान्यता रहिआएको छ ।

थ) लक्षविनायकक्षेत्र

औरङ्गाबादअन्तर्गत वेरोलमा अर्थात् एलापुर क्षेत्रमा पार्वती एवं शिवका पुत्र स्कन्दद्वारा स्थापित एवं पूजित लक्षविनायक भगवान् श्रीगणेशमन्दिर रहेको छ ।

द) प्रवालगणपतिक्षेत्र

बम्बई-भुसावल रेवले लाइनमा महसावद स्टेशनभन्दा पाँच माइल टाढा रहेको प्रवाल क्षेत्रमा प्रवाल-गणपतिमन्दिर रहेको छ । यहाँ शेषनाग र कार्तवीर्यद्वारा स्थापित गणेशका दुई मूर्ति रहेका छन् ।

ध) आशापूरक गणपतिक्षेत्र

प्रसिद्ध आशापूरक गणेशमन्दिर काचीमुडा-मनमाड रेलवे लाइनको जालना स्टेशनबाट केही टाढा रहेको नामल गाउँमा विद्यमान छ । यहाँ धर्मराजले माताको सरापबाट मुक्त हुन आशापूरक गणेशको स्थापना गरी आराधना गरेका थिए ।

न) राजसदनक्षेत्र

जालना रेलवे स्टेशनभन्दा चौध माइल टाढा रहेको राजसदन क्षेत्रमा ज्ञानदाता गणेशको अनुग्रहमूर्ति स्थापित छ । यहाँ सिन्दूरासुरको वध गरेपछि श्रीगणेशले राजा वरेण्यलाई गणेशगीताको उपदेश गर्नुभएको थियो ।

प) श्वेतविघ्नेश्वरक्षेत्र

[१००]दक्षिण भारतको कुम्भकोणम् तीर्थअन्तर्गत तिरुवलं चुलिस्थानमा कावेरीतट नजिकै श्वेतविघ्नेश्वर अथवा सुधागणेशको भव्य प्रतिमा रहेको छ । अमृतमन्थनको समयमा यहाँ आई देवताहरूले श्वेतविघ्नेश्वर गणेशको स्थापना गरी आराधना गरेका थिए । त्यसै आराधनाका कारण समुद्रमन्थन गर्दा अमृतको उत्पत्ति भयो। त्यसकारण श्वेतविघ्नेश्वरलाई सुधागणेश पनि भनिन्छ ।[१०१]

७.४ नेपाल-भारत बाहिरका श्रीगणेशमन्दिर एवं मूर्ति

बौद्ध धर्म, साहित्य, संस्कृति र साधनाबाट प्रभावित श्रीलङ्कार, बर्मा, जाबा, बोर्नियो, चीन, अफगानिस्तान, जापान, कोरिया, तिब्बत, मङ्गोलिया, तुर्किस्थान, श्याम, कम्बोडियो, बाली, मलयद्वीप आदि देशहरूका साथै अमेरिका, इरान, मिश्र, युनान आदि देशहरूमा रहेका गणेशका मन्दिर एवं मूर्तिहरूमा अर्चना-उपासना हुँदै आएको छ ।

मलयद्वीपपुञ्जमा पाषाणनिर्मित एवं धातुनिर्मित गणेशका मूर्ति पाइन्छन् । जावामा नदीहरूका घाटहरूमा गणेशमूर्ति देख्न सकिन्छ । जावामा गणेशलाई 'महापिएन' भनिन्छ । महापिएन शब्द महाविनायक शब्दको अपभ्रंश हो भन्न

१००. *भारतका प्रमुख गणेशमन्दिर, मूर्ति एवं तीर्थहरूको विवरण परिशिष्ट - एकमा समावेश गरिएको छ ।*

१०१. *गणेशप्रसाद जैन, विदेशों के गणेशविग्रह और मन्दिर, कल्याण, पूर्ववत्, पृ. ४५१-४५२ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ । श्याम देशमा गणेशका स्थापित मूर्तिहरू पाइन्छन् । कम्बोडियामा गणेशलाई 'केनेस' भनिन्छ र त्यहाँको गणेशको कांस्यमूर्ति प्रसिद्ध छ । चीनमा गणेशलाई 'विनायक' र 'कांगितेन' भनिन्छ ।

चीनको तुनुहआङ नामक स्थानमा रहेको एउटा गुफाको भित्तामा अजन्ता शैलीमा मूर्तिहरू कुँदिएका छन् । तिनमा गणेशको मूर्ति पनि रहेको छ । मूर्तिनिर्माणको तिथि संवत् ५८८ अङ्कित गरिएको छ । यति पुरानो गणेशमूर्ति सम्भवतः भारतीय उपमहाद्वीपमा पनि पाइँदैन । यस मूर्तिलाई विनायक मूर्ति भनिन्छ । मूर्तिको पीठमा चिनिया भाषामा 'यो हात्तीहरूका अमानुष राजाको मूर्ति हो' भनिएको छ ।

जापानको सिङ्गवेन सम्प्रदायमा विनायक पूजा गर्ने परम्परा रहेको छ । तिब्बतका प्रत्येक बौद्धमठमा मठाधीशका रूपमा गणेशको पूजा गर्ने प्रचलन छ ।

युनानमा 'ओरेनस' देवताको श्रद्धापूर्वक पूजा गरिन्छ । हिन्दूहरूका अरुणास्य र युनानीहरूका ओरेनस एउटै देवता प्रतीत हुन्छन् । अरुणास्य र ओरेनसमा ध्वनि सादृश्यमात्र होइन अपितु पूज्यतासादृश्य पनि देखिन्छ ।

मिश्र देशमा बुद्धिका अधिष्ठाता र परिपूर्णस्वरूप देवतालाई 'एकटोन' भनिन्छ । यो एकटोन शब्द र हिन्दूहरूको गणेशवाचक एकदन्त शब्दमा पनि ध्वनिसादृश्य प्रतीत हुन्छ । अतः एकटोन शब्द एकदन्तको अपभ्रंश हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

इरान देशका पारसीहरू हिन्दूहरूले श्रीगणेशलाई श्रद्धेय देवता मानी आराधना गरेझैं आफ्ना आराध्य देवता 'अहुरमज्दा'को आराधना गर्दछन् । हिन्दू एवं बौद्धहरूका गणेशपरक वाङ्मयमा गणेशका अलौकिक लीला र सामर्थ्यको बयान गरिएझैं पारसीहरूको धर्मग्रन्थ जिन्दाबेस्ताका पचासौं आयातहरूमा अहुरमज्दाको लोकोत्तर शक्ति र विशेषताको बयान गरिएको छ । अहुरमज्दा शब्द र गणेशको पर्यायवाची शब्द 'असुरमदहा' शब्दमा सादृश्य देखिन्छ । पारसी भाषा 'स' को उच्चारण 'ह' गरिन्छ । तदनुसार सिन्धुलाई हिन्दू, मासलाई माह, सप्ताहलाई हप्ता इत्यादि रूपमा अनेक शब्दहरूमा सकारको ठाउँमा हकारको उच्चारण गरिएको अनुभव गर्न सकिन्छ । यस उच्चारणगत रूपान्तरण प्रक्रियालाई हेर्दा अहुरमज्दाको मूल रूप असुरमदहा हुन सक्ने सम्भावना गर्न सकिन्छ । भगवान् गणेशले सैकडौं असुरहरूको शक्तिमदलाई छियाछिया बनाउनुभएको कुरा गणेशपुराण आदि आर्षग्रन्थहरूबाट ज्ञात गर्न सकिन्छ ।

एलिस गेट्टी नामक प्रसिद्ध पाश्चात्य लेखिकाले 'गणेश ए मोनोग्राफ अफ द एलिफेन्ट फेस्ड गाड' नामक आफ्नो पुस्तकमा गणेशका नाम, नामसाम्य र गुणसाम्यका विषयमा विस्तृत चर्चा गरी यस्ता सम्भावनाहरूको वास्तविकता उजागर गर्ने प्रयास गरेकी छिन् ।

अमेरिकामा लम्बोदर गणेशको मूर्ति प्राप्त भएको छ । 'हिन्दू अमेरिका' नामक कृतिका रचयिता दीवान चमनलालले कोलम्बसद्वारा अमेरिका खोज गरिनुभन्दा पहिलेदेखि नै त्यहाँ गणेश, सूर्य आदि देवताहरूका मूर्तिहरूको अस्तित्व रहेको कुरा उल्लेख गरेका छन् । दक्षिण अमेरिकाको ब्राजिल नामक देशमा उत्खनन गर्दा प्राप्त भएको मूर्तिलाई ४-५ हजार वर्ष पुरानो मूर्ति मानिएको छ ।

उपर्युक्त विवरणहरूका आधारमा उत्तर मङ्गोलियादेखि दक्षिण बालीसम्म र जापानदेखि अमेरिकासम्म विभिन्न रूपमा गणेशको अर्चना, उपासना र मूर्ति प्रतिष्ठा गर्ने परम्परा रहिआएको कुरा ज्ञात हुन्छ । यसबाट श्रीगणेश धर्मविशेष र देशविशेषका मात्र देवता नभई विश्वब्रह्माण्डका आराध्य र विश्वव्यापी एवं सर्वान्तयामी देवता हुनुहुन्छ भन्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद - आठ

निष्कर्ष र उपसंहार

८.१ निष्कर्ष

ओङ्काररूप श्रीगणेशका साकार एवं निराकार रूप, लीला, चरित्र, उपासना र विशेषताको बयान गर्ने श्रीगणेशपुराणलाई वैनायक सम्प्रदायको विशिष्ट ग्रन्थ मानिएको छ । कूर्मपुराण अनुसार यो भार्गव उपपुराण हो र आनन्दरामायणमा यसलाई विनायकपुराण भनिएको छ । भृगु ऋषिले राजा सोमकान्तलाई उपदेश गरेका कारण यो पुराण भार्गवपुराणका नामबाट प्रसिद्ध भयो । समयक्रममा श्रीगणेशपुराणका नामबाट ज्यादै प्रसिद्ध भयो । श्रीगणेशपरक पुराणहरूमध्ये यो प्रथम पुराण हो भने मुद्गलपुराण अन्तिम पुराण हो । सम्भवतः रचनाकालमा यसमा १२ हजार जति श्लोकहरू रहेकाले यसलाई द्वादशसाहस्री संहिता भनियो, तर अहिले यसमा ११ हजारभन्दा केही बढी श्लोकहरूमात्र पाइन्छन् । यसको प्रथम भाग उपासनाखण्डमा ९२ अध्याय र द्वितीय भाग क्रीडाखण्डमा १५५ अध्याय रहेका छन् ।

श्रीगणेशपुराणको उपासनाखण्डको विषयवस्तु श्रीगणेशको उपासनामा आधारित भएकाले यो खण्ड उपासनाखण्डका नामबाट प्रसिद्ध छ । यस खण्डका अनेक विषयहरूमध्ये चहकिलो विषय अमोघ-सामर्थ्यसम्पन्न गणेशसहस्रनाम हो। श्रीभास्कर रायले यसको टीका लेखिदिएर यसको महत्त्व अरू बढाएका छन् । गणेशतत्त्वको निरूपण, गणेशमन्त्रहरूको प्रकाशन, गणेशतीर्थहरूको महिमगायन, गणेशभक्तहरूको समर्पण; निष्ठा एवं श्रद्धा-भक्तिको वर्णन, सङ्कष्टचतुर्थीव्रत, मङ्गलचतुर्थीव्रत, वरदचतुर्थीव्रत, पार्थिवपूजनजस्ता उपासनाका सरणिहरूको निरूपणका साथै दूर्वाङ्कुरको महत्त्वकीर्तनजस्ता विषय उपासनाखण्डका जीवन्त तत्त्व बनेर रहेकाछन् ।

श्रीगणेशपुराणको दोस्रो भाग क्रीडाखण्डका नामबाट प्रसिद्ध छ । यसमा श्रीगणेशका अनेक अवतारप्रसङ्ग, अद्भुत शौर्य प्रकाशन गर्ने विलक्षण लीला र विचित्र चरित्र पनि छन् । सत्ययुगमा अदिति-कश्यपनन्दनका रूपमा श्रीगणेशको दशभुज महोत्कट अवतार, उहाँको अवाङ्मनसगोचर काशीलीला, उहाँद्वारा नरान्तक एवं देवान्तकजस्ता दुर्जेय दानवराजहरूको वधजस्ता घटनाचक्रहरूको वर्णन क्रीडाखण्डका केन्द्रीय विषय हुन् । त्रेतायुगमा गौरी-शङ्करका प्यारा पुत्र बनेर श्रीगणेशले गर्नुभएका विचित्र लीला, कमलासुर एवं सिन्धुजस्ता पापाचारी दानवहरूको वध र गणेशले दानवदलन गर्नुभएको उपलक्ष्यमा ब्रह्माजीले उहाँलाई सिद्धि एवं बुद्धि नामक कन्याहरू टक्र्याएर सम्मान गर्नुभएको कुरा पनि श्रीगणेशको महिमा र उत्कर्ष द्योतन गर्ने क्रीडाखण्डका महत्त्वपूर्ण विषय हुन् । द्वापरयुगमा श्रीगणेशले गौरीपुत्र बनेर चुतुर्भुज गजाननका रूपमा अवतरित भई सिन्दूरासुरको वध गरेर पितृकल्प राजा वरेण्यलाई गणेशगीताको उपदेश गर्नुभएको विषय ज्यादै महनीय छ । वास्तवमा गणेशपुराणमा निहित गणेशगीताले अध्यात्मपथका पथिकहरूलाई सरल तर भावगम्भीर शैलीमा गन्तव्यको बोध गराउँछ । विद्वान् टीकाकार नीलकण्ठले टीका लेखिदिएर गणेशगीताको गौरव बढाइदिएका छन् । यस खण्डमा नै श्रीगणेशले कलियुगमा धूम्रवर्णको नामबाट द्विभुज अवतार लिएर असत्य र अधर्मका कारकतत्त्वहरूको विध्वंस गरी सत्य र धर्मको सुरक्षा गर्नु हुनेछ भन्ने सङ्केतसमेत गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराणमा भक्तहरूका भावपूर्ण र चिन्तनपूर्ण स्तुतिहरू छन् । श्रीगणेशले विभिन्न अवसरमा आफ्ना भक्तहरूलाई दर्शन दिनुभएका अनेक सन्दर्भ छन् । उपासकहरूले स्तुतिहरूको माध्यमबाट श्रीगणेशको साकार ब्रह्मरूपता र निराकार ब्रह्मरूपताको मीमांसा गर्दै उहाँको विश्वव्यापी सर्ववन्द्य स्वरूपलाई साक्षात्कार गरेका मार्मिक प्रसङ्ग पनि छन् । यहाँ अन्य अवतारलीलाभन्दा विलक्षण वीर, करुणाकोमल र अध्यात्मप्रोज्ज्वल श्रीगणेशलीला स्पष्ट भएको छ । वास्तवमा श्रीगणेशको अनुपम चरित्र, विशेषता र परब्रह्मरूपतालाई हृदयङ्गय गराई गणेशतत्त्वलाई पाठकहरूको हृदयपटलमा सजाएर राखिदिन सक्ने श्रीगणेशपुराणबाहेक अरू कुनै पनि कृति दृष्टिगोचर हुँदैन ।

आशुतोष भगवान् श्रीगणेशको महिमालाई सर्वसंवेद्य बनाउने ग्रन्थ गणेशपुराण स्वयं महिमामय छ । श्रीगणेशपुराणयज्ञ लगाई श्रीगणेशको विधिपूर्वक अर्चना–उपासना गर्दै पारायण एवं प्रवचनरूप पीयूषपान गर्ने भक्तहरूका लौकिक एवं पारमार्थिक कामनाहरूलाई फलीभूत तुल्याउने विशेषताकै कारण श्रीगणेशपुराण विद्वान् एवं सर्वसाधारण उपासकहरूमा लोकप्रिय छ । लोकैषणा, वित्तैषणा एवं पुत्रैषणाको परिपूर्ति गराउने र अध्यात्मपिपासाशमन गराउने यो श्रीगणेशपुराण रिपु, रोग र ऋणद्वारा सन्त्रस्त दुःखीजनहरूका लागि सबल अवम्बनमात्र होइन, दुःखनिवारक रामवाण पनि हो ।

श्रीगणेशपुराणमा निरूपित श्रीगणेशको बालचरित्र र श्रीमद्भागवत महापुराणमा निरूपित बालचरित्र समान छन् र दुबै समानस्तरमा हृदयाभिराम पनि छन् । कतिपय घटनाहरूमा अत्यन्त सादृश्य देखिने हुँदा यो कुन पुराणको कथा हो भन्न पनि धौ–धौ पर्छ । तसर्थ ब्रह्मवैवर्तपुराणका श्रीकृष्ण नै श्रीगणेशका रूपमा अवतरित हुनुभएको हो भन्ने भनाई यथार्थ प्रतीत हुन्छ ।

धार्मिक एवं आध्यात्मिक सौन्दर्यले अनुप्राणित श्रीगणेशपुराण साहित्यिक सौन्दर्यबाट पनि आप्लावित छ । महोत्कट गणेश, मयूरेश गणेश र गजानन गणेशका बाललीलाहरूमा वात्सल्य, वीर र अद्‌भुत रसको परिपाक भएको छ । दुर्जेय दानवहरूका चरित्रमा भयानक, रौद्र र बीभत्स रसको परिपाक भएको छ । सिन्धुदैत्यको वध भएपछि त्यसका माता–पिता र धर्मपत्नीको करुणक्रन्दनमा करुण रसको पूर्ण परिपाक देखिन्छ । श्रीगणेशका भक्त भ्रुशुण्डी र शुक्ल ब्राह्मणको चरित्रनिरूपणमा भाव एवं शान्त रस अभिव्यक्त भएको पाइन्छ । पर्यन्तमा यो गणेशपुराण श्रीगणेशप्रति अपार भक्ति अभिव्यञ्जन गर्ने आर्ष काव्य भएकाले यहाँ भावकै साम्राज्य अनुभव गर्न सकिन्छ । ठाउँ–ठाउँमा शब्दसंयोजनजनित चारुताका कारण उपमा, रूपक, उत्प्रेक्षाजस्ता अर्थालङ्कार चमत्कृतिपूर्ण प्रतीतिका विषय बनेका छन् । एतावता, श्रीगेशपुराण साहित्यिक सौन्दर्यले परिपूर्ण भएको तथ्य स्पष्ट हुन्छ ।

श्रीगणेशको सर्वाङ्गीण स्वरूपसौन्दर्य, उपासना, लीला र अद्‌भुत पराक्रम प्रकाशित गर्ने श्रीगणेशपुराणमा नगाधिराज हिमालय, सप्तकर्णाली, सप्तगण्डकी, सप्तकोशी आदि पवित्र नदी, अनुपम प्राकृतिक सुषमा, आह्लादक संस्कृति एवं अनुपम धार्मिक सहिष्णुताले देदीप्यमान नेपालभूमिको पनि प्रकारान्तरबाट उल्लेख गरिएको पाइन्छ । विश्वको एकमात्र नदी कालीगण्डकीमा पाइने शालग्रामशिला र गण्डकीक्षेत्रको उल्लेख गणेशपुराणका अनेकौं ठाउँमा भएकाले श्रीगणेशपुराणमा नेपालको महिमामय स्थान रहेको तथ्य अवगत गर्न सकिन्छ । गण्डकीनगरमा श्रीगणेशले आफ्नो वीरलीला देखाई दैत्यराज सिन्धुको वध गर्नु भएपछि चक्रपाणिलगायतका भक्तहरूले मन्दिर बनाई श्रीगणेशमूर्तिको प्रतिष्ठा गरेको विषय गणेशपुराणमा सविस्तार वर्णन गरिएको छ । काशीमा ढुण्ढिराज गणेशको श्रीविग्रह बनाउँदा कालीगण्डकीमा पाइने शालग्रामशिलाको उपयोग गरिएको कुरा श्रीगणेशपुराणबाट ज्ञात हुन्छ । गणेशपुराणमा गण्डकीक्षेत्रलाई गणेशतीर्थका रूपमा उपस्थापित गरिएको छ । देवघाट र नारायणघाटका बीचमा पर्ने रामनगरदेखि भरतपुरतर्फ जाने बाटोमा रहेको प्राचीन गणेशमन्दिर नै गणेशपुराणमा वर्णित गणेशमन्दिर हो भन्ने त्यस क्षेत्रका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तहरूको विश्वास रहेको पाइन्छ । यसरी अध्ययन गर्दा गणेशपुराणमा हिमाली सुन्दर राज्य नेपाललाई पूज्य स्थान प्रदान गरिएको देखिन्छ । गणेशपुराणमा नेपालको स्थानबारे चर्चा भएपछि नेपालमा गणेशपुराणको स्थान के कस्तो छ भन्ने जिज्ञासा प्रकट हुनु स्वाभाविक हुन आउँछ । गण्डकी-प्रस्रवणक्षेत्र नै गणेशतीर्थका रूपमा सम्मानित भएको हुनाले गण्डकीक्षेत्रअन्तर्गतका जिल्लाहरूमा गणेशपुराणप्रति प्राचीनकालदेखि नै व्यापक जनआस्था रहेको पाइन्छ । गण्डकीक्षेत्रमा पर्ने वागलुङ तथा पर्वत जिल्लाका भक्त एवं विद्वान्हरूका घरमा र अभिलेखालयहरूमा समेत गणेशपुराणका दुर्लभ पाण्डुलिपिहरूको प्राप्ति भएबाट पनि नेपालमा प्राचीनकालदेखि नै गणेशपुराणको अध्ययन-मनन, पारायण-प्रवचन एवं यज्ञको आयोजना गरिँदै आएको कुरा प्रमाणित हुन्छ । अहिले पनि गण्डकीक्षेत्रमा जे-जति गणेशपुराणयज्ञ हुन्छन् त्यति अन्य क्षेत्रमा भएको पाइँदैन । उपर्युक्त प्रस्तुतिबाट शालग्रामशिला, कालीगण्डकी र गण्डकीक्षेत्रसँग श्रीगणेशको घनिष्ठ सम्बन्ध रहेको बुझिन्छ ।

अनन्तकोटि ब्रह्माण्डका नायक ओङ्काररूप परात्पर परिपूर्ण सच्चिदानन्दघन ब्रह्मतत्त्व नै श्रीगणेशतत्त्व हो । उक्त तत्त्व नै जब लोककल्याण र विश्वशान्तिका लागि साकार हुने क्रममा गौरीनन्दन, अदितिनन्दन वा पुष्पिकानन्दन बनेर मूर्तिमान् हुन आउँछ तव त्यो लोकचक्षुगोचर बन्दछ । गणेशतत्त्व साकार हुँदा आफ्नो विलक्षण शारीरिक संरचना र अनुपम करुणामय स्वभावका कारण जन-जनको नायक विनायक बनेर सुहाउँछ ।

श्रीगणेशको साकार रूपमा अवतरणका निश्चित अवसर हुन्छन्, तर भक्तिप्रिय भगवान् गणेश भक्तहरूको आर्त पुकार हुँदा अनिश्चित अवसरहरूमा पनि प्रकट हुनुहुन्छ । वस्तुतः संसारमा अधर्मको वृद्धि, धर्मको ह्रास, नीति, नियम र नैतिकताको उपहास, स्वच्छन्दतावादको उल्लास, अशक्तहरूको सर्वनाश र सशक्त बाहुवलीहरूको जंगली राज हुँदा सत्य र धर्मको संरक्षण- संवर्धन र सती एवं सज्जनहरूको त्राण-उद्धारका लागि निराकार ब्रह्मरूप श्रीगणेशको साकार ब्रह्मरूपमा अवतरण हुन्छ । श्रीगणेशले परिस्थिति र आवश्यकता अनुसार दशभुज, षड्भुज चतुर्भुज, त्रिभुज आदि रूप लिएर लोकमाङ्गल्य गर्दै विघ्नव्यूहको निराकरण गर्नु हुन्छ ।

श्रीगणेशको अनन्तसौन्दर्यसम्पन्न साकार स्वरूप विश्वका कोटि-कोटि नर-नारीहरूका लागि आस्थाको धाम बन्दछ । श्रीगणेशको ज्योतिर्मय र कान्तिकमनीय दिव्य देहमा रहेको सूँढले छिटै अरू देवताभन्दा पृथक् रूपमा उहाँको पहिचान गराउँछ । उहाँका भुजाहरूमा रहेका अलङ्कार, आयुध र अवसरानुकूल वेषविन्यासले उहाँलाई परम वीर, परम कारुणिक, परम विस्मयधाम र परम आराध्य देवताका रूपमा चिनाउँछन् । यद्यपि श्रीगणेशका अनन्त रूप, अनन्त लीला र अनन्त चरित्र छन्, तापनि उहाँको गजाननरूप भक्तहरूका लागि विघ्नान्तक र मङ्गलमूर्तिमय बन्दछ । पार्वती र शङ्करका पुत्र, सिद्धि र बुद्धिका पति, क्षेम र लाभका पिता श्रीगणेशको दिव्य परिवार दिव्य सौन्दर्यको पर्याय बनेर रहेको छ ।

सम्प्रदायभेद, आगमभेद, आम्नायभेद, देशभेद र कालभेदका कारण श्रीगणेशको उपासना र आराधनाका विविध सरणि दृष्टिगोचर हुन्छन् । वैदिक उपासनाविधि, पौराणिक उपासनाविधि र तान्त्रिक उपासनाविधि प्रमुख विधि हुन् । श्रद्धा एवं भक्तिपूर्वक जसले, जसरी, जहिले र जुन रूपमा श्रीगणेशको आराधना गरे पनि उहाँ प्रसन्न हुनुहुन्छ, किनकि उहाँ आशुतोष हुनुहुन्छ । त्यसैले उहाँलाई क्षिप्रप्रसादन पनि भनिएको छ । श्रीगणेशपुराणको प्रथम भागको नाम नै उपासनाखण्ड भएकाले यो पुराण उपासनाकोषका रूपमा रहेको छ ।

वैदिकवाङ्मय अन्तर्गत गणेशाथर्वशीर्ष, गणेशपूर्वतापिनी उपनिषद्, गणेशोत्तरतापिनी उपनिषद् आदि ग्रन्थहरूमा श्रीगणेशलाई ओङ्काररूप परमात्मा भनिएको छ र उहाँको उपासना एवं अर्चनाका विधिहरूको निर्देश गरिएको छ । याज्ञवल्क्य स्मृति आदि धर्मशास्त्रका ग्रन्थहरूमा श्रीगणेशको उपासना र महिमाबारे प्रकाश पारिएको छ । ब्रह्मवैवर्तपुराण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवपुराण, स्कन्दपुराण आदि महापुराण र गणेशपुराण एवं मुद्गल पुराणमा श्रीगणेश तत्त्व , अवतरण, लीला, स्वरूपसौन्दर्य र उपासनाको विषयमा गहन निरूपण गरिएको छ । सुमेरुतन्त्र, श्रीविद्यार्णवतन्त्र आदि अनेकौं तन्त्रग्रन्थहरूमा गणेशोपासनाका सरणि र सोपानहरूो विस्तृत वर्णन गरिएको पाइन्छ । योगसाधना, शङ्कराचार्यसिद्धान्त, रामोपासकपरम्परा, जैनसिद्धान्त र बौद्धसिद्धान्तमा समेत श्रीगणेशको आराधना–उपासनाबारे चर्चा गरिएको छ । तसर्थ, श्रीगणेश हिन्दू धर्मानुयायीका मात्र आराध्य देवता नभई जैन धर्मानुयायी एवं बौद्ध धर्मानुयायीहरूका पनि आराध्य देवता हुनुहुन्छ ।

हिन्दू एवं बौद्ध धर्मावलम्बीहरूका आस्थाका केन्द्र श्रीगणेशको नेपाली जनजीवनमा के–कस्तो प्रभाव छ भन्ने अध्ययन एवं अनुसन्धान गर्ने व्यक्तिले श्रीगणेशको ऐतिहासिक तथा सामाजिक प्रभावका दृष्टिबाट अध्ययन गर्नुपर्ने हुन्छ । सामाजिक दृष्टिबाट नियालेर हेर्दा नेपालमा बसोबास गर्ने नेपालीहरूमात्र नभई नेपालबाहिर बसोबास गरेका नेपालीहरूमा पनि सूँढेदेवता श्रीगणेशप्रति अपूर्व भक्ति र श्रद्धा रहेको पाइन्छ । वैदिक सनातन धर्मका अनुयायीहरूले प्रतिदिन घरघरमा पाञ्चायन देवताको पूजा–आराधना गर्दछन् । पाञ्चायनअन्तर्गतका पाँच देवतामध्ये एउटा देवता श्रीगणेश हुनुभएको हुनाले नेपालमा उहाँको नित्य पूजा–उपासना हुन्छ । प्रत्येक गृहस्थले जुनकुनै देवताको पूजा गर्दा पनि प्रारम्भिक चरणमा दीप, कलश तथा गणेशको अर्चना गर्नु अनिवार्य हुन्छ । नेपालीसमाजमा श्रीगणेशको विघ्ननिवारण गर्ने अङ्गदेवता र प्रधान देवताका रूपमा पनि अर्चना हुन्छ । यसरी श्रीगणेश सम्पूर्ण कर्ममा सर्वप्रथम पूजा गरिने देवता हुनुभएको हुनाले उहाँको स्मरण र पूजन गरिन्छ । श्रीगणेशलाई प्रसन्न तुल्याउन, कार्यसिद्धि गर्न, शत्रु, रोग एवं ऋणबाट मुक्ति पाउन, ऐश्वर्य, विद्या एवं सन्तान प्राप्त गर्न श्रीगणेशलाई मुख्य देवता बनाएर पूजा गर्ने परम्परा नेपालमा रहिआएको छ । भक्तिगीत, भजन तथा लोकगीतहरूमा पनि नेपाली समाजमा श्रीगणेशको स्मरण गर्ने परम्परा रहेको छ । नेपालीहरूले गाउँ र शहरका विभिन्न ठाउँमा मन्दिर बनाई गणेशमूर्तिको स्थापना गर्दैआएका छन् । अन्य देवीदेवताको मन्दिर बनाउँदा पनि गोपुरभित्र अनिवार्य रूपमा श्रीगणेशको मूर्ति स्थापना गर्ने परम्परा रहेको छ । सन्तान प्राप्त गर्न गणेशपुराणयज्ञ लगाई गणेशको विशेष आराधना गर्ने परम्परा रहेको छ । यसैगरी नेपालमा गणेशका मङ्गलचतुर्थीव्रत, सङ्कष्टचतुर्थीव्रत तथा वरदचतुर्थीव्रतका माध्यमबाट व्यापक रूपमा इष्टसिद्धिका निम्ति श्रीगणेशको आराधना गरिन्छ । यस प्रस्तुतिबाट श्रीगणेश सनातन हिन्दूसमाजमा अत्यन्त श्रद्धेय आराध्य देवताका रूपमा सम्मानित हुनुहुन्छ भन्ने प्रमाणित हुन्छ ।

ऐतिहासिक दृष्टिबाट अध्ययन गर्दा नेपालमा लिच्छविशासनकालभन्दा पहिलेको सामाजिक चित्र अहिलेसम्म स्पष्ट हुनसकेको छैन तापनि लिच्छविकालदेखि वर्तमान समयसम्म गणेशको आराधना, मन्दिरनिर्माण, मूर्तिप्रतिष्ठा तथा जीर्णोद्धार जस्ता विषयलाई प्रमाणित गर्ने यथेष्ट प्रमाणहरू पाइन्छन् । काठमाडौँ उपत्यकाका अष्टविनायकहरूका साथै मेचीदेखि महाकालीसम्म स्थापना गरिएका मन्दिर एवं मूर्तिहरूले प्राचीनकालदेखि अर्वाचीनकालसम्म नेपाली जनमानसमा रहेको गणेशप्रतिको अगाध भक्ति प्रतिबिम्बित गराउँछन् । प्राचीन अभिलेख, मुद्रा, मन्दिरका टुँडालहरूमा कुँदिएका मूर्ति, भित्तिचित्र र पाण्डुलिपिहरूमा कोरिएका श्रीगणेशका मुखचित्र एवं वंशावलीजस्ता ऐतिहासिक साक्ष्यहरूले लिच्छविकाल, मल्लकाल तथा शाहकालमा श्रीगणेशको अर्चना, उपासना गरिँदैआएको कुरा प्रमाणित गर्दछन् । नेपालका गणेशमन्दिर तथा मूर्तिहरूमा बौद्ध तथा हिन्दू दुवै सम्प्रदायका उपासकहरूले पूजा–आराधना गर्दैआएको पाइन्छ । नेपालमा महायान सम्प्रदायका बौद्धहरूले आ–आफ्ना घर, टोल र विहारहरूमा बौद्धसिद्धान्त अनुकूलका आयुध तथा अलङ्कारविन्यास गरिएका गणेशमूर्तिहरूमा पूजा गर्दैआएका छन् । नेपालमा बौद्धधर्मावलम्बीहरूद्वारा गणेशको पूजा–उपासना गरिने कार्य ऐतिहासिक कालदेखि नै चलिआएको पाइन्छ । हिन्दू तथा बौद्धधर्मावलम्बीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशको सँगै पूजा गरी समवेत स्वरमा गणेशको प्रार्थना गरिएका दृश्य नेपालका मन्दिरहरूमा हेर्न पाइन्छ । नेपाली बौद्धलेखकद्वारा लेखिएको **गणपतिहृदयम्** नामक पुस्तकको विश्वभरि नै प्रसिद्धि रहेको छ । नेपालमा बौद्धहरूले स्थापना गरेका गणेशमन्दिर, गणेशमूर्ति र गणेशाराधनाका प्रमापक ऐतिहासिक सामग्रीहरूले नेपाली जनजीवनमा प्राचीन कालदेखि नै हिन्दू तथा बौद्धधर्मावलम्बीहरूबीच कायम रहेको सौमनस्य, सद्भाव एवं प्रेमभावलाई पुष्ट गर्दछन् । काठमाडौं उपत्यकामा रहेका अष्टविनायकका मूर्ति र अन्य हजारौं गणेशमूर्तिहरूले नेपाललाई गणेशमय तुल्याएका छन् । काठमाडौंका हिन्दू एवं बौद्धधर्मावलम्बी नेवारसमुदायले गणेशका शास्त्रीय स्वरूप, सिद्धान्त, लीला एवं चरित्रलाई अफ्नै भाषा-संस्कृतिमा परिणत गरेर आफ्नो संस्कृतिको विशिष्ट अङ्ग बनाएको परिप्रेक्ष्यमा भन्नुपर्दा नेपालमा श्रीगणेशलाई लोकप्रिय बनाउने कार्यमा नेवारसमुदायको महत्त्वपूर्ण योगदान रहेको प्रतीत हुन्छ । नेवारसमुदायद्वारा आफ्नै टोल एवं गल्लीहरूमा स्थापना गरिएका गणेशमूर्तिहरूका नामसमेत नेवारी भाषामा रहेको पाइन्छ । नेवारी संस्कृतिअनुसार गणेशको पूजा गर्दा आवश्यक मानिएका मङ्गलमय कलश, आरतीपात्र आदिको छुट्टै विशेषता रहेको छ ।

यस्तै लोकप्रियताका कारण नेपालका गाउँ, नगर, खोला, डाँडा, पर्वत, कुण्ड, संस्था, उद्योग, पसल एवं व्यक्तिका नामले समेत श्रीगणेशलाई आत्मसात् गरी आफूलाई परिचित गराएको पाइन्छ ।

श्रीगणेशपुराणका विभिन्न प्रसङ्गहरूमा अनेक देवता, ऋषिमुनि र अन्य भक्तहरूले गणेशको आराधना गरी गणेशको दर्शन प्राप्त गरेको सन्दर्भमा प्रसन्नतापूर्वक गणेशमूर्ति तयार गरेर मन्दिरहरूमा स्थापना गरी प्रतिष्ठा गरेको कुरा श्रीगणेशपुराणका विभिन्न प्रसङ्गहरूमा वर्णन गरिएको पाइन्छ । यसबाट गणेशमूर्ति र गणेशमन्दिरको निर्माणपरम्परा अत्यन्त प्राचीन हो भन्ने सिद्ध हुन्छ ।

नेपालमा पनि लिच्छविकालदेखि वर्तमान कालसम्म निर्मित हजारौं गणेशमूर्ति र मन्दिर रहेका छन् । काठमाडौँ उपत्यकामा रहेका अशोकविनायक, जलविनायक, रक्तविनायक, सूर्यविनायक, चन्द्रविनायक, कमलविनायक, सिद्धिविनायक एवं कार्यविनायकका मन्दिरहरू भक्तहरूका निमित्त महत्वपूर्ण तीर्थस्थलका रूपमा रहेका छन् । नेपाल राज्यको मेचीदेखि महाकालीसम्म रहेका गणेशमूर्ति र मन्दिरहरूको आफ्नै महिमामय इतिहास रहेको छ ।

भारतका विभिन्न प्रान्तहरूमा एक्काइस गणपतिक्षेत्र रहेका छन् । ती एक्काइस क्षेत्र पनि विशिष्ट तीर्थस्थलका रूपमा सम्मानित छन् । भारतका साना-ठूला पचासौं प्रान्तहरूमा रहेका हजारौं गणेशमूर्ति र मन्दिरहरूले भारतीय जनजीवनमा श्रीगणेशप्रति अनुपम आस्था एवं भक्ति रहेको तथ्यलाई प्रमाणित गर्दछन् ।

नेपाल र भारतमा झैं बौद्धधर्मबाट प्रभावित जापान, श्रीलङ्का, कम्बोडिया, चीन, मङ्गोलिया, अफगानिस्तान, बर्मा, स्याम, मलाया आदि देशहरूमा पनि सैकडौ गणेशमूर्ति र मन्दिरहरू स्थापित गरिएका छन् । उपर्युक्त मन्दिर र मूर्तिहरूले श्रीगणेश देशविशेष एवं धर्मविशेषका मात्र देवता नभएर विश्वका नै आराध्य देवता हुनुभएको विषयलाई सिद्ध गर्दछन् ।

८.२ उपसंहार

परब्रह्मरूप श्रीगणेशको पारमार्थिक स्वरूप ओङ्कारका रूपमा ज्योतिर्मय बन्दछ भने भौतिक स्वरूप गजाननका रूपमा प्रकाशित हुन्छ । भक्तिभावनाले ओतप्रोत भई श्रीगणेशको उपासना गर्दा मानिसहरूका आधिभौतिक, आधिदैविक तथा आध्यात्मिक दुःखहरूको निवारण हुन्छ । वर्तमान समयमा समाजमा व्याप्त दुर्वासना, दुर्भावना, अनैतिकता, अनास्था, अपसभ्यता, अशिष्टता, अपसंस्कृति एवं स्वार्थदूषित प्रवृत्तिलाई निर्मूल गरी शान्त, सौहार्दमय र सदाचारसुन्दर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनयापन गर्दै ज्योतिर्मय, मङ्गलमय, पावन एवं सच्चिदानन्दघन आध्यात्मिक जीवनको प्राप्तिका लागि श्रीगणेशको उपासना अचूक रामबाण हो ।

श्रीगणेशको उपासनाका अनेक रूप र रङ्गसित परिचित हुन, श्रीगणेशको अनिर्वचनीय महिमा आत्मसात् गर्न, श्रीगणेशका मङ्गलमय अवतारलीलाहरूको महिमा एवं महक प्राप्त गर्न र हृदयलाई सात्त्विक बनाएर आफूलाई उपासनाको सुपात्र बनाउन समेत श्रीगणेशका पवित्रतम लीलागाथाहरूमा आधारित श्रीगणेशपुराण अध्ययनीय एवं मननीय छ ।

उपर्युक्त परिप्रेक्ष्यमा श्रद्धालु पाठकहरूका निमित्त श्रीगणेशपुराण, श्रीगणेशतत्त्व, श्रीगणेशको अवतरण, स्वरूपसौन्दर्य, श्रीगणेशको उपासनाविधि, पावन लीला र विश्वव्यापक महिमाको बोध गराउने अनुसन्धानपूर्ण विस्तृत भूमिका र उपयोगी सामग्रीद्वारा सुसज्जित परिशिष्ट समेत संयोजन गरी नेपाली-भाषानुवादसहित श्रीगणेशपुराण प्रकाशित गरिएको छ ।

श्रीगणेशपुराणको नेपालीभाषामा अनुवाद गरी लोककल्याण एवं विश्वशान्तिमा सघाउ पुऱ्याउन वरद एवं अमोघ प्रेरणा दिनुहुने त्रिशक्तिरूपा माताश्री लीलादेवीज्यूका चरणारविन्दमा सविनय एवं सश्रद्ध प्रणाम गर्दछु । यस ग्रन्थका प्रकाशक विद्यार्थी पुस्तक भण्डारका प्रोप्राइटर श्री शान्त गौतमका साथै यस ग्रन्थका लागि शुभकामना प्रदान गर्नुहुने विद्वज्जन र अनुवाद कार्य एवं भूमिकाको निर्मितिमा सहयोग पुऱ्याउने निबन्ध, प्रबन्ध एवं लेख-रचनाका स्रष्टाहरूप्रति हार्दिक आभारिता प्रकाशन गर्दछु । गणेशपुराणको यस स्वरूपको तयारीमा आत्मीयतापूर्वक सहयोग गर्ने मित्र, बन्धु एवं परिवारजनप्रति धन्यवाद ज्ञापन गर्दछु । अन्तमा, वाङ्मयमूर्ति भगवती गौरी र सच्चिदानन्दघन श्रीगणेशप्रति भावपूर्ण नमन टक्र्याउँदै आफ्नो मन्तव्य यहीँ टुङ्ग्याउँछु । जय गणेश !

यं निर्जरासुरनरा अखिलार्थसिद्ध्यै भूर्यन्तरायहतयेऽनुदिनं नमन्ति ।
तं भक्तकामपरिपूरणकल्पवृक्षं भक्त्या गणेशमखिलार्थदमानतोऽस्मि ।।

विद्वद्वशंवद
वेणीमाधव ढकाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराणम्

पूजाविधिखण्डः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपूजाविधि

विधिनिर्देश

कुनै पनि देवताको पूजा गर्दा सकिन्छ भने जूठो-सूतक निवारणका लागि एक साताअघि नै कपाल मुण्डन गरी घर लिपपोत गर्ने र कपडाहरू धोएर शुद्ध भई दीप, कलश, गणेश पूजा गर्नुपर्दछ । यस क्रममा आभ्युदयिक श्राद्ध, मातृका पूजा आदि पनि गरिन्छ। पुराण प्रारम्भ गर्ने दिन बिहानै उपासकले स्नान, सन्ध्या आदि नित्यकर्म सम्पन्न गरेपछि शुद्ध भई लिप-पोत गरिसकेको यज्ञमण्डपमा आई सुखासनमा पूर्वतिर फर्केर बस्नु पर्दछ । पञ्चगव्य निर्माण गरी प्राशन गर्ने-गराउने गर्नुपर्दछ । यसपछि कर्मपात्र निर्माण गरी चारैतिर जलसेचन गर्नुपर्दछ । जनै फेर्ने, शुद्ध वस्त्र धारण गर्ने र कुशको पवित्र धारण गर्ने कार्य पनि पूजाका प्रारम्भिक क्रियाकलाप हुन् । यसपछि यज्ञमण्डप वरिपरि जौ, तिल र सर्स्यूं छर्नु पर्दछ । अनि आचमन र प्राणायाम गर्नुपर्दछ ।

वेदीमा दीप, कलश, गणेश, चार सुरमा चार देवता र माझमा प्रधान देवताको रेखी हाली धान, चामल र घडा स्थापना गरेपछि बत्ती बाल्नु पर्दछ । अनि स्वस्तिवाचन गर्नुपर्छ । यसपछि प्रतिज्ञा सङ्कल्प, ब्राह्मण वरण, पुण्याहवाचन आदि यज्ञका कर्महरू गर्नुपर्दछ । पूजाका क्रममा दीप, कलश, गणेश, नवग्रह, मातृका, सरस्वती, ब्रह्मा आदि स्थापित देवताहरूको क्रमशः पूजा गर्ने विधान छ । यो पूजा सकिएपछि मण्डपबाहिर दश दिक्पालका लागि रेखी हाल्ने र रेखीमाथि धानका टपरी राखेर घडा स्थापना गरी सप्ताहमण्डपपूजाविधिअनुसार दश दिक्पालका ध्वजा-पताका, लिङ्ग आदि गाडी पूजा गर्ने विधान छ । यसपछि पुराणको पुस्तक शिरमा राखी कर्ताले पूर्णकलश लिई शङ्ख, घण्ट, चमर आदि लिएर जय-जयकार गर्दै तीन पटक मन्दिर प्रदक्षिणा गरी मन्दिरभित्र प्रवेश गर्नुपर्दछ ।

यसपछि प्रधान देवताको पूजाका लागि रेखी हालेको ठाउँमा धान, चामल, पूर्णकलश, पञ्चपल्लव इत्यादि राखेर कलशपूजाविधिले पूजा गर्नुपर्दछ । पुनः चामल राखी सर्वतोभद्र आदि यन्त्रहरू कपडामा लेखी त्यसको पनि पूजा गरी थालीमाथि ॐकार लेखेर चाँदीको सिंहासनमा प्रधानदेवताको सुनको प्रतिमा वा गणेशमूर्ति स्थापित गर्नुपर्दछ । त्यस प्रतिमालाई स्थापित गर्नुभन्दा पहिले अग्न्युत्तारण मन्त्र पढ्दै पञ्चगव्य र पञ्चामृतले शुद्ध पार्नुपर्दछ । यसपछि पुनः शुद्ध जलले पखाल्नुपर्दछ अनिमात्र मूर्ति स्थापना गरेर प्राणप्रतिष्ठा गर्ने विधान छ । त्यसपछि षोडशोपचारले भगवान्को मूर्तिको पूजा गरी पुस्तकको पूजा गर्नुपर्दछ र ब्राह्मणलाई चन्दन, अक्षता, माला, वस्त्रालङ्कार आदिले हरेक दिन पूजा गर्नुपर्दछ । यति गरिसकेपछि यज्ञ मण्डपको प्रदक्षिणा गर्नुपर्दछ र साष्टाङ्गदण्डवत् गरिसकेपछि यत्किञ्चित् जलपान गर्ने चलन छ । जलपानअघि यज्ञमण्डपबाट बाहिर ननिस्कँदै ब्राह्मणहरूले कर्तालाई प्रसाद लगाइदिने गर्नुपर्दछ । जलपानपछि लघुशङ्का आदि गरेर हात-पाउ धोई ब्राह्मण र कर्ताहरूले पञ्चगव्य खाई आ-आफ्नो आसनमा सुखपूर्वक बस्नुपर्दछ र सबैले पुष्पाञ्जलि लिई भगवान्को जय-जयकार गर्नुपर्दछ । यति गरिसकेपछि पुराण र प्रवचन शुरु हुन्छ ।

पुराणवाचनमा विच्छेद नगरिकन बाह्र बजेतिर मध्याह्न गर्नुपर्दछ । मध्याह्नको वेला स्वल्पाहारपछि हात-खुट्टा पखालेर (कती - कती मध्याह्न स्नान गर्ने चलन पनि छ) पुनः पञ्चगव्य प्राशन गरी यज्ञमण्डपमा आई धूप, बत्ती, नैवेद्य गरेर पुराणप्रवचन अगाडि बढाउने र साँझ एक दिनको पाठ सकिएपछि पुनः धूप, बत्ती गर्ने गर्नुपर्दछ । यसपछि आरती पुष्पाञ्जलि गरेर शान्तिपाठ, तिलकपाती, पञ्चामृत र प्रसाद वितरण आदि गरेर भोजन गर्नुपर्दछ । साँझ सन्ध्याकालमा सन्ध्यावन्दनादि गरी पञ्चोपचारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थापित सबै देवताको सङ्क्षिप्त पूजा गर्नुपर्दछ । यसपछि प्रदक्षिणा, आरती र पुष्पाञ्जलि आदि कार्य सम्पन्न गरेर माहात्म्य भन्ने चलन छ । यति गरिसकेपछि साँझ भगवान्‌को नामसङ्कीर्तन गर्ने गरिन्छ । साँझ पनि पञ्चामृत-प्रसाद वितरण गर्नुपर्दछ । यसपछि रात्रिविश्राम हुन्छ ।

पुराणको अन्तिम दिन पुराणसम्बन्धी नित्य कर्म सकिएपछि अग्निस्थापना शुरु गर्नुपर्दछ । अग्निस्थापनालाई चतुःस्वस्तिसम्म पुऱ्याएर पुराणको दशांशले हवन, हवनको दशांशले तर्पण र तर्पणको दशांशले मार्जन गर्नुपर्दछ । हवन, तर्पण र मार्जन गर्दा प्रधान देवताको जुन मन्त्र छ त्यस मन्त्रले गर्नुपर्दछ । पूजा, हवन, तर्पण, मार्जन आदि कार्यहरू सकिएपछि गोदान, पूर्णपात्र, पुस्तकदान, गणेश र वाचक आदि ब्राह्मणहरूको दक्षिणा र भूयसी दक्षिणा आदि गर्नुपर्दछ । त्यसपछि आरती, पुष्पाञ्जलि र प्रदक्षिणा गरेर स्तुतिपाठ प्रार्थनासहित अर्घ्यनिवेदन गर्दै साष्टाङ्गप्रणाम गर्नुपर्दछ । अनि विसर्जन गर्ने र शान्तिकलशको जलले अभिषेक, तिलकपाती, रक्षाबन्धन, पञ्चामृत एवं प्रसाद ग्रहण गर्नुपर्दछ ।

सबै काम सकिएपछि शङ्ख, घण्ट आदि वाद्यहरू बजाउँदै र भजन-कीर्तन गर्दै नजिकैको ठूलो नदीमा पुष्प सेलाउन जाने चलन छ । त्यहाँ पुगेपछि पञ्चोपचारले गङ्गाजीको पूजा गरी पुष्प सेलाउने र गङ्गाजीमा बलेको बत्ती बगाइदिने एवं भेटीहरू चढाउने गर्नुपर्दछ । पुष्प सेलाइसकेपछि फूलपाती मिसिएको गङ्गाजल र पूजाको घडाको जलले समेत कर्ताहरूले कपडा लगाएरै स्नान गर्नुपर्दछ । यसपछि नभिजेको शुद्ध वस्त्र पहिरिई ब्राह्मणहरूद्वारा टीका-प्रसाद ग्रहण गरेर आशीर्वाद लिने गरिन्छ । त्यतिखेर ब्राह्मणहरूलाई टीका लगाइदिएर किञ्चित् दक्षिणा पनि दिनुपर्दछ र सबैलाई प्रसाद वितरण गरी भगवान्‌को नाम स्मरण गर्दै घर फर्किने चलन छ ।

गणेशपुराणलाई लक्षित गरी माथि विधिनिर्देश गरिएको छ । सामान्य गणेशपूजनमा परम्पराअनुसार गर्नुपर्दछ ।

पूजाका उपचार - गणेशपूजाका सोह्र प्रकारका उपचारहरू छन् - १) आवाहन २) आसन ३) पाद्य ४) अर्घ्य ५) आचमनीय ६) पञ्चामृत स्नान, शुद्धोदक स्नान ७) वस्त्र ८) यज्ञोपवीत ९) गन्ध १०) पुष्प, दूर्वाङ्कुर र माला ११) धूप १२) दीप १३) नैवेद्य १४) ताम्बूल (१५) आरती, दक्षिणा एवं प्रदक्षिणा १६) पुष्पाञ्जलि ।

पूजाका चार मुख्य पात्र - गणेशपूजनमा चार प्रकारका पात्रहरू आवश्यक हुन्छन् - १) पाद्यपात्र (यसमा जलसहित दूबो, विष्णुक्रान्ता, सामा र कमल राखिन्छ), २) अर्घ्यपात्र (यसमा जल, दही, दूबो, कुशको टुक्रा, फूल, अक्षता, कुंकुम, सर्स्यूँ र सुपारी राखिन्छ), ३) आचमनीयपात्र (यसमा जल, जाइफल, ल्वाङ् र कङ्कोल राख्नुपर्दछ) र ४) स्नानीयपात्र (यसमा अक्षता, गन्ध, पुष्प र जल राखिन्छ) ।

पञ्चामृत - दूध, दही, घिउ, चिनी र मह राखी पञ्चामृत तयार गर्नुपर्दछ ।

पञ्चगव्य - गोमूत्र, गोमय, दूध, दही र घिउमा कुशको जल मिसाई पञ्चगव्य तयार गर्नुपर्दछ ।

पञ्चपल्लव - वर, पीपल, आँप, डुम्री, पाँखरीका पातहरू ।

अष्टाङ्गअर्घ्य - जल, दूध, कुश, दही, घिउ, अक्षता, तिल र सर्स्यूँ यी वस्तु अर्घ्यका आठ अङ्ग हुन् ।

पूजाप्रारम्भ

कर्ताले चोखो वस्त्र पहिरी नित्यकर्म सम्पन्न गरेर जनै फेरेर पूजामण्डपमा आएपछि पूजाका लागि गङ्गाजलसहित र षोडशोपचारका सामग्रीहरू आफ्नो समीपमा राख्नु पर्दछ । आचमन गरी पञ्चगव्य प्राशन गर्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चगव्य निर्माणविधि

यसमा गउँत एक भाग, गोबर आधा भाग, दूध तीन भाग, दही दुई भाग, घिउ एक भाग, कुशपानी एक भाग यति सबै क्रमैसित लेखिएअनुसार मन्त्र पढ्दै एक-एक गरेर एउटा तामाको चोखो भाँडामा राख्नुपर्दछ । यसमा यथासम्भव गउँत कैली गाईको, गोबर काली गाईको, दूध सेती गाईको, दही राती गाईको र घिउ माली गाईको लिनुपर्दछ । नपाए पाँचै थोक कैली गाईको लिनुपर्दछ। त्यो पनि नपाए जस्तो गाईको पाइन्छ, त्यस्तै त्यस्तै लिनुपर्दछ। तल लेखिएका मन्त्रअनुसार पञ्चगव्य निर्माण गर्नुपर्दछ।

गउँत - **ॐ भूर्भुवःस्वः। तत्सवितुर्वरेण्यंभर्गोदेवस्यधीमहि । धियोयोनःप्रचोदयात् ।।** यो मन्त्र पढ्दै वरुणको ध्यान गरी तामाको चोखो भाँडामा गउँत राख्नुपर्दछ ।

गोबर - **ॐ गन्धद्वारान्दुराधर्षान्नित्यपुष्टांकरीषिणीम् । ईश्वरींसर्वभूतानांतामिहोपह्वयेश्रियम् ।।** यो मन्त्र पढ्दै अग्निको ध्यान गरी गोबर राख्नुपर्दछ ।

दूध - **ॐ आप्यायस्वसमेतुतेविश्वतःसोमवृष्ण्यम् । भवावाजस्यसङ्गथे।।** यो मन्त्र पढ्दै चन्द्रमाको ध्यान गरी दूध राख्नुपर्दछ ।

दही - **ॐ दधिक्राब्णोऽअकारिषञ्जिष्णोरश्वस्यवाजिनः । सुरभिनोमुखाकरत्प्रणऽआयूꣳषितारिषत् ।।** यो मन्त्र पढ्दै वायुको ध्यान गरी दही राख्नुपर्दछ ।

घिउ - **ॐ तेजोसिशुक्रमस्यमृतमसिधामनामासिप्रियन्देवानामनाधृष्टन्देवयजनमसि ।।** यो मन्त्र पढ्दै सूर्यको ध्यान गरी घिउ राख्नुपर्दछ ।

कुश पानी- **ॐ देवस्यत्त्वासवितुःप्रसवेश्विनोर्बाहुभ्याम्पूष्णोहस्ताभ्याम् ।।** यो मन्त्र पढ्दै कुश-पानी र पवित्र राख्नुपर्दछ ।

दूबो - **ॐ काण्डात्काण्डात्प्ररोहन्तीपरुषःपरुषस्परि । एवानोदूर्वेप्रतनुसहस्त्रेणशतेनच ।।** यो मन्त्र पढ्दै दूबो राख्नुपर्दछ ।

त्यसपछि तलको मन्त्र पढी हातमा पवित्र लिएर पञ्चगव्य चलाउनु पर्दछ ।

ॐ आपो हिष्ठा मयोभुवस्ता न ऊर्जे दधातन । महेरणाय चक्षसे ।।

यसपछि तलको मन्त्र अथवा गायत्री मन्त्रले दश पटकसम्म पञ्चगव्यको अभिमन्त्रण गर्नुपर्दछ ।

ॐ मानस्तोके तनये मा नऽआयुषि मा नो गो षु मा नोऽअश्वेषु रीरिषः ।
मा नो वीरान् रुद्र भामिनो बधीर्हविष्मन्तः सदमित्वा हवामहे ।।

यसरी पञ्चगव्य बनाएर पहिले शिवजीलाई अर्पण गरेर आफूले तलको मन्त्र पढी खानुपर्दछ ।

यत्त्वगस्थिगतं पापं देहे तिष्ठति मामके । प्राशनं पञ्चगव्यस्य दहत्वग्निरिवेन्धनम् ।।

कर्मपात्र निर्माणविधि

कर्ताले पञ्चगव्य प्राशन गरेपछि आसनमा बसी तीन पल्ट आचमन गर्नुपर्दछ । त्यसपछि **ॐ आधारशक्तये नमः** भनेर आफ्नो अघिल्तिर दाहिनेपट्टि भुइँमा अलिकति फूल-अक्षताहरू चढाएर त्यसमाथि तामाको एउटा चोखो भाँडो, सानो बाटा वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाली राख्नुपर्दछ । त्यसमा क्रमैसित तल लेखिएअनुसार मन्त्र पढ्दै पवित्र, कुश, जल, चन्दन, अक्षता, फूलहरू राखेर कर्मपात्र बनाउनुपर्दछ ।

कर्मपात्र स्थापना- ॐ यद्देवादेवहेडनन्देवासश्चकृमावयम्। अग्निर्मातस्मादेनसोविश्वान्मुञ्चत्वं हसः।।१।। ॐ यदिदिवायदिनक्तमेनां सिचकृमावयम् । वायुर्मातस्मादेनसोविश्वान्मुञ्चत्वं हसः।।२।। ॐ यदिजाग्रद्यदिस्वप्नऽएनां सिचकृमावयम् । सूर्योमातस्मादेनसोविश्वान्मुञ्चत्वं हसः।।३।। यी मन्त्र पढ्दै अक्षतापुञ्जमाथि कर्मपात्रको स्थापना गर्नुपर्दछ ।

कुशका पवित्र - ॐ पवित्रेस्त्थोवैष्णव्योसवितुर्वःप्रसवऽउत्पुनाम्यच्छिद्रेणपवित्रेणसूर्यस्यरश्मिभिः ।। यो मन्त्र पढ्दै कर्मपात्रमा पवित्र राख्नुपर्दछ ।

जल - ॐ शन्नोदेवीरभिष्टयऽआपोभवन्तुपीतये । शंय्योरभिस्त्रवन्तुनः।। यो मन्त्र पढ्दै कर्मपात्रमा जल राख्नुपर्दछ ।

पुष्प - ॐ श्रीश्चतेलक्ष्मीश्चपत्न्यावहोरात्रेपार्श्वेनक्षत्राणिरूपमश्विनौव्यात्तम्। इष्णन्निषाणामुमऽइषाणसर्वलोकमऽइषाण ।। यो मन्त्र पढ्दै कर्मपात्रमा पुष्प राख्नुपर्दछ ।

जौ - ॐ यवोसियवयास्मद्द्वेषोयवयारातीः।। यो मन्त्र पढ्दै कर्मपात्रमा जौ राख्नुपर्दछ ।

तिल - ॐ तिलोसिसोमदैवत्योगोसवोदेवनिर्मितः । प्रत्नमद्भिःपृक्तःस्वधयापितॄँल्लोकान्पृणाहिनःस्वाहा ।। यो मन्त्र पढ्दै कर्मपात्रमा तिल राख्नुपर्दछ ।

चन्दन - ॐ गन्धद्वारान्दुराधर्षान्नित्यपुष्टांकरीषिणीम् । ईश्वरींसर्वभूतानांतामिहोपह्वयेश्रियम् ।। यो मन्त्र पढ्दै कर्मपात्रमा चन्दन राख्नुपर्दछ ।

अक्षता - ॐ अक्षन्नमीमदन्तह्यवप्रियाऽअधूषत । अस्तोषतस्वभानवोविप्रानविष्ठयामतीयोजान्विन्द्रतेहरी।। यो मन्त्र पढ्दै कर्मपात्रमा अक्षता राख्नुपर्दछ ।

दूबो - ॐ काण्डात्काण्डात्प्ररोहन्तीपरुषःपरुषस्प्परि । एवानोदूर्वेप्रतनुसहस्रेणशतेनच।। यो मन्त्र पढ्दै कर्मपात्रमा दूबो राख्नुपर्दछ ।

अभिमन्त्रण - ॐ यद्देवादेवहेडनन्देवासश्चकृमावयम्। अग्निर्मातस्मादेनसोविश्वान्मुञ्चत्वं हसः।।१।। ॐ यदिदिवायदिनक्तमेनां सिचकृमावयम् । वायुर्मातस्मादेनसोविश्वान्मुञ्चत्वं हसः।।२।। ॐ यदिजाग्रद्यदिस्वप्नऽएनां सिचकृमावयम् । सूर्योमातस्मादेनसोविश्वान्मुञ्चत्वं हसः।।३।। उक्त तीन मन्त्रले कर्मपात्रको जललाई विस्तारै चलाउँदै अभिमन्त्रण गर्नुपर्दछ ।

सेचन - ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोऽपि वा। यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः।। ॐ पुण्डरीकाक्षः पुनातु यी मन्त्रले कर्मपात्रको जल लिएर आफूलाई सेचन गरी अन्यत्र पनि छर्कनु पर्दछ ।

पवित्रधारण - ॐ पवित्रेस्त्थोवैष्णव्योसवितुर्वःप्रसवऽउत्पुनाम्यच्छिद्रेणपवित्रेणसूर्यस्यरश्मिभिः ।। यो मन्त्र पढ्दै हातमा पवित्र धारण गर्नुपर्दछ । यसपछि बत्ती बाल्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीपप्रज्वालन

ॐ स्थिरोभवविड्वङ्गऽआशुर्भववाज्र्यवन् । पृथुर्भवसुखदस्त्वमग्नेःपुरीषवाहणः । यो मन्त्र पढी दीपप्रज्वालन गर्नुपर्दछ र चन्दन अक्षता चढाई तलको मन्त्रले बत्तीलाई नमस्कार गर्नुपर्दछ ।

ॐ पृष्टोदिविपृष्टोऽअग्निःपृथिव्याम्पृष्टोविश्वाऽओषधीराविवेश ।
वैश्वानरःसहसापृष्टोऽअग्निःसनोदिवासरिषस्पातुनक्तम् ॥

आसनाभिमन्त्रण

बत्ती बालेपछि ॐ ह्रीँ आधारशक्तिकमलासनाय नमः भनी आसनमुनि फूल–अक्षता आदि चढाई आफू बसेको आसनलाई हातले छोएर तलको मन्त्रले अभिमन्त्रण गर्नुपर्दछ ।

ॐ पृथ्वि त्वया धृता लोका देवि त्वं विष्णुना धृता । त्वं च धारय मां देवि पवित्रं कुरु चासनम् ॥

भूतोत्सारण

अभिमन्त्रणपछि कमेरो, सर्स्यूँ, दही, रातो अक्षता, तिलहरू लिएर तलका मन्त्रले सबैतिर छर्दै भूतोत्सारण गर्नुपर्दछ ।

ॐ अपसर्पन्तु ते भूता ये भूता भूमिसंस्थिताः । ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ॥

ॐ अपक्रामन्तु भूतानि पिशाचाः सर्वतो दिशम्। सर्वेषामविरोधेन पूजाकर्म समारभे॥

यसपछि शिखा बाँधीकन तीन पटक आचमन गरी तीन पल्ट प्राणायाम गर्नुपर्दछ । त्यसपछि तीन टुक्रा कुश र दूबोले तलको मन्त्रद्वारा पञ्चगव्य चारैतिर छर्कनुपर्दछ ।

ॐ रक्षोहणो वो बलगहनः प्रोक्षामि वैष्णवान् रक्षोहणोवो बलगहनोवनयामि वैष्णवान्रक्षोहणो वो बलगहनो-वस्तृणामि वैष्णवान् रक्षोहणौ वां बलगहनौ पर्य्यू हामि वैष्णवी वैष्णवमसि वैष्णवाः स्थ ॥

मङ्गलपाठ एवं शान्तिपाठ

मङ्गलपाठ

सुशान्तिर्भवतु । श्रीमन्महागणाधिपतये नमः । लक्ष्मीनारायणभ्यां नमः । उमामहेश्वराभ्यां नमः । वाणीहिरण्यगर्भाभ्यां नमः । शचीपुरन्दराभ्यां नमः । मातापितृभ्यां नमः । इष्टदेवताभ्यो नमः । कुलदेवताभ्यो नमः । ग्रामदेवताभ्यो नमः । वास्तुदेवताभ्यो नमः । स्थानदेवताभ्यो नमः । सर्वेभ्यो देवेभ्यो नमः । सर्वेभ्यो ब्राह्मणेभ्यो नमः ।

विश्वेशं माधवं ढुण्ढिं दण्डपाणिं च भैरवम्। वन्दे काशीगुहां गङ्गां भवानीं मणिकर्णिकाम् ॥१॥
वक्रतुण्ड महाकाव्य कोटिसूर्यसमप्रभ । निर्विघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ॥२॥
सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः । लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः । द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ।।४।।
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा । सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ।।५।।
शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् । प्रसन्नवदनं ध्यायेत् सर्वविघ्नोपशान्तये ।।६।।
अभीप्सितार्थसिद्ध्यर्थं पूजितो यः सुरासुरैः । सर्वविघ्नच्छिदे तस्मै गणाधिपतये नमः ।।७।।
सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके । शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ।।८।।
सर्वदा सर्वकार्येषु नास्ति तेषाममङ्गलम् । येषां हृदिस्थो भगवान् मङ्गलायतनं हरिः ।।९।।
तदेव लग्नं सुदिनं तदेव ताराबलं चन्द्रबलं तदेव ।
विद्याबलं दैवबलं तदेव लक्ष्मीपते तेऽङ्घ्रियुगं स्मरामि ।।१०।।
लाभस्तेषां जयस्तेषां कुतस्तेषां पराजयः । येषामिन्दीवरश्यामो हृदयस्थो जनार्दनः ।।११।।
यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः । तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ।।१२।।
अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते । तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ।।१३।।
स्मृते सकलकल्याणभाजनं यत्र जायते । पुरुषं तमजं नित्यं व्रजामि शरणं हरिम् ।।१४।।
सर्वेष्वारम्भकार्येषु त्रयस्त्रिभुवनेश्वराः । देवा दिशन्तु नः सिद्धिं ब्रह्मेशानजनार्दनाः ।।१५।।

शान्तिपाठ

आ नो भद्राः क्रतवो यन्तु विश्वतोऽदब्धासो ऽअपरीतास ऽउद्भिदः । देवा नो यथा सदमिद्वृधे असन्नप्रायुवो रक्षितारो दिवेदिवे ।। देवानां भद्रा सुमतिर्ऋजूयतां देवानां रातिरभि नो निवर्तताम् । देवानां सख्यमुपसेदिमा वयं देवा न ऽआयुः प्रतिरन्तु जीवसे ।। तान्पूर्वया निविदा हूमहे वयं भगं मित्रमदितिं दक्षमस्त्रिधम्। अर्यमणं वरुणं सोममश्विना सरस्वती नः सुभगा मयस्करत् ।। तन्नो वातो मयोभु वातु भेषजं तन्माता पृथिवी तत्पिता द्यौः । तद्ग्रावाणः सोमसुतो मयोभुवस्तदश्विना शृणुतं धिष्ण्या युवम् ।। तमीशानं जगतस्तस्थुषस्पतिं धियंजिन्वमवसे हूमहे वयम् । पूषा नो यथा वेदसामसद्वृधे रक्षिता पायुरदब्धः स्वस्तये।। स्वस्ति न ऽइन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः। स्वस्ति नस्तार्क्ष्यो ऽअरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु।। पृषदश्वा मरुतः पृश्निमातरः शुभंयावानो विदथेषु जग्मयः । अग्निजिह्वा मनवः सूरचक्षसो विश्वे नो देवा ऽअवसागमन्निह ।। भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः । स्थिरैरङ्गैस्तुष्टुवांं सस्तनूभिर्व्यशेमहि देवहितं यदायुः ।। शतमिन्नु शरदो ऽअन्ति देवा यत्रा नश्चक्रा जरसं तनूनाम् । पुत्रासो यत्र पितरो भवन्ति मा नो मध्या रीरिषतायुर्गन्तोः ।। अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः । विश्वे देवा ऽअदितिः पञ्चजना ऽअदितिर्जातमदितिर्जनित्वम् ।। (यजु. २५/१४-२३) द्यौः शान्तिरन्तरिक्षं शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वे देवाः शान्तिर्ब्रह्म शान्तिः सर्वं शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ।। यतो यतः समीहसे ततो नो ऽअभयं कुरु। शं नः कुरु प्रजाभ्यो ऽअभयं नः पशुभ्यः ।। (यजु. ३६/१७, २२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोदान

मङ्गलपाठ एवं शान्तिपाठपछि निम्न विधिअनुसार प्रायश्चित्त गोदान गर्नुपर्दछ ।

गोपूजन - **ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च । नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ।। ॐ गवे नमः । ॐ गोप्रत्याम्नायीभूतद्रव्याय नमः ।** यो मन्त्रले गोदानका निमित्त छुट्ट्याइएको रूपैयाँ पैसा अथवा गाईलाई अघिल्तिर राखेर पूजा गर्नुपर्दछ ।

ब्राह्मणपूजन - **ॐ नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च । जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः।। ॐ ब्राह्मणाय नमः ।।** यो मन्त्रले ब्राह्मणलाई टीका लगाई पूजा गर्नुपर्दछ ।

सङ्कल्प - **हरिः ॐ तत्सत् तत्सत् तत्सत् ॐ विष्णुर्विष्णुर्विष्णुः श्रीमद्भगवतो पुराणपुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य अद्य श्रीब्रह्मणोऽह्नि द्वितीये परार्द्धे श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमे युगे कलियुगे कलिप्रथमचरणे भूर्लोके जम्बूद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्तान्तर्गतैकदेशे अमुकनगरे अमुकग्रामे अमुकस्थाने वा बौद्धावतारे अमुकनामसंवत्सरे श्रीसूर्ये अमुकायने अमुकर्तौ महामाङ्गल्यप्रदमासोत्तमे अमुकमासे अमुकपक्षे अमुकतिथौ अमुकवासरे अमुकनक्षत्रे अमुकयोगे अमुककरणे अमुकराशिस्थिते चन्द्रे अमुकराशिस्थिते श्रीसूर्ये अमुकराशिस्थिते देवगुरौ शेषेषु ग्रहेषु च यथायथाराशिस्थानस्थितेषु सत्सु एवं ग्रहगुणगणविशेषणविशिष्टायां शुभपुण्यतिथौ अमुकगोत्रः अमुकशर्मा (अमुकवर्मा अमुकगुप्त) अहं श्रीगणेशपुराणयज्ञस्य पूर्वाङ्गत्वेन विधीयमाने दीपकलशगणेशादिपूजनकर्मणि कायिकवाचिकमानसिकसकलप्रायश्चित्तार्थं तथा च सद्योदेहविशुद्ध्यर्थं इमां गां रुद्रदैवत्यां तत्प्रत्याम्नायीभूतं द्रव्यं रजतखण्डं चन्द्रदैवताकं ताम्रखण्डं सूर्यदैवताकं द्रव्यान्तरं वा यथानामदैवताकममुकगोत्राय अमुकशर्मणे ब्राह्मणाय सुपूजिताय प्रायश्चित्तगोदानत्वेन तुभ्यं सम्प्रददे तत्सन्न मम ।** सङ्कल्प सकिएपछि ब्राह्मणका हातमा कुशपानी राखी गोप्रार्थना गर्नुपर्दछ ।

सूतजीले भन्नुभयो - त्यसपछि रानी सुधर्माले भनिन्- म वीरपुत्रकी आमा र वीर राजाकी पटरानी हुँ । म पनि मेरा पतिका साथ लागेर उहाँको सेवा गर्ने उद्देश्यले वन जान चाहन्छु। तपाईँहरूले मेरा छोराका साथ रही राज्यशासनको सञ्चालनमा सहयोग गर्नुपर्दछ ।।५२।। प्राणीहरूले गरेका पूर्वकर्मको फल दुःख अथवा सुखको भोग अरूले गर्दैन त्यसको भोक्ता ऊ आफूमात्र हुन्छ । जसले जस्तो कर्मफल भोग्नुपर्ने हुन्छ त्यसले त्यो फल आफैले भोग्नुपर्दछ ।।५३।। अनेक प्रकारका विषयसुखको भोग गरिसकेकी मैले मेरा पतिकी पटरानीका रूपमा राज्यसुख पनि भोगिसकेकी छु । प्राचीन मुनिहरूले लोक र परलोक दुवैमा नारीहरूले पतिको अनुगमन गर्नुपर्दछ भनेका छन् । तसर्थ म पनि मेरा पतिका साथ वन जान चाहन्छु ।।५४।। माता-पिताका कुरा सुनेपछि शोकले सन्तप्त भएका विनीत राजपुत्र हेमकण्ठले आफ्ना पिता सोमकान्तलाई सम्बोधन गरे।।५५।।

हेमकण्ठले भने - हे राजसिंह ! मेरा पूज्य पिताश्री ! हजुरको अभावमा मलाई राज्य, रानी, धन-सम्पत्ति र जीवन पनि चाहिँदैन । हजुरको सेवा गर्नुबाहेक मेरो अरू कुनै कर्तव्य छैन ।।५६।। हे धर्मपालक महाराज ! विना तेलको बत्ती जसरी व्यर्थ हुन्छ त्यसै गरी विना प्राणको शरीर पनि व्यर्थ हुन्छ र अहिले मलाई हजुरविनाको यो राज्यभोग पनि व्यर्थ लाग्नेछ ।।५७।।

सूतजीले भन्नुभयो - हे मुनिजन ! अमात्य, महारानी सुधर्मा र छोरा हेमकण्ठका अमृतमय वचन सुनेर प्रसन्न भएका राजा सोमकान्तले आफ्नो छोरा हेमकण्ठलाई सम्बोधन गरे ।।५८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजोवाच

पितुर्वाक्यरतो नित्यं श्रद्धया श्राद्धकृत् तथा ।
पिण्डदो यो गयायान्तु स पुत्रः पुत्र उच्यते ।।५९।।

अतो नीत्या समायुक्तः कुरु राज्यं ममाज्ञया ।
अमात्ययुक्तः शाधि त्वं पुत्रवच्चाखिलाः प्रजाः ।।६०।।

धर्मशास्त्रार्थतत्त्वज्ञो नीतिज्ञोऽखिलतोषकृत् ।
पितॄनुद्धरते यस्तु स पुत्रः पुत्र उच्यते ।।६१।।

अहं वनं गमिष्यामि गलत्कुष्ठोऽतिगर्हितः ।
पत्न्या सुधर्मया सार्धमनुजानीहि सुव्रत ।।६२।।

सोमकान्तले भने – पिता जीवित हुँदा तिनको आज्ञापालन गर्ने, पिता दिवङ्गत भएपछि तिथिका दिन श्रद्धापूर्वक श्राद्ध गर्ने र गयातीर्थमा गएर पिता एवं पुर्खाका लागि पिंण्डदान गर्ने पुत्र नै उत्तम पुत्र मानिन्छ ।।५९।। त्यस कारण हे छोरा ! तिमीले नीतिनिष्ठ भएर मेरो आज्ञाअनुसार राज्य गर। अमात्यहरूलाई साथ लिएर तिमीले सम्पूर्ण प्रजाको पुत्रवत् पालन गर ।।६०।। जुन पुत्रले धर्मशास्त्रको रहस्य जान्दछ, सबैलाई आफ्नो व्यवहारबाट सन्तुष्ट तुल्याउँछ, नीतिशास्त्र जान्दछ र पितृहरूको उद्धारकार्यमा दत्तचित्त हुन्छ त्यसलाई नै उत्तम पुत्र भनिन्छ ।।६१।। हे सुव्रत पुत्र ! शरीरका अङ्ग–प्रत्यङ्गलाई सडाउने प्रकृति भएको यो कुष्ठरोग लाग्नाले अत्यन्त घृणित बनेको म आफ्नी सती रानी सुधर्माका साथ वन जानेछु। अहिले तिमीले मलाई वन जान अनुमति प्रदान गर ।।६२।।

ॐ

इतिश्रीगणेशपुराणान्तर्गते श्रीगणेशमाहात्म्ये सूत-शौनकादिसंवादे प्रथमोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराणमाहात्म्यको पहिलो अध्याय पूर्ण भयो ।।१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीयोऽध्यायः

ऋषय ऊचुः

कथं राजा सोमकान्तः किं वनं समुपागतः ।
किंसहायश्च किं चक्रे कर्म नो वद विस्तरात् ।।१।।

सूत उवाच

हेतवः कथयिष्यामि सोमकान्तो यथा वनम् ।
गत्वा चकार यत् कार्यं सादरं शृणुतानघाः ।।२।।

सुबलज्ञानगम्याभ्याममात्याभ्यां सुधर्मया ।
धर्मपत्न्या युतोऽरण्यं प्रविवेश दुरासदम् ।।३।।

अग्रतः प्रकृतिर्याता मध्ये राजाऽथ पृष्ठतः ।
धर्मपत्नी सुधर्माऽगात् सीतेव रामपृष्ठतः ।।४।।

एकाशनाश्च चत्वार एकचित्तासनालयाः ।
समसुखदुःखाश्चापि वनाद् वनमुपाययुः ।।५।।

क्षुधा तृषा श्रमैर्वापि निम्नोन्नतगताध्वभिः ।
अत्यन्तं कर्षिताश्छायामाश्रित्योपाविशन् क्वचित् ।।६।।

पुनर्वनान्तरं गत्वा ददृशुस्ते सरो महत् ।
यत्र वायुः सुखस्पर्शः पद्मकादम्बगन्धवान् ।।७।।

तत्र गत्वा जलं सर्वे पपुः शीतं श्रमापहम् ।
स्नात्वा नित्यक्रियां कृत्वा फलानि बुभुजुश्च ते ।।८।।

सुष्वाप च क्षणं राजा कच्छे कोमलवालुके ।
धर्मपत्नी सुधर्मा च पादसंवाहने स्थिता ।।९।।

तस्यानुमतमाज्ञाय द्वावमात्यावगच्छताम् ।
आदातुं कन्दमूलानि फलानि च बिसानि च ।।१०।।

{ २ अध्याय }

ऋषिहरूले सोधे – हे सूतज्यू ! राजा सोमकान्त कुन वनमा कसरी प्राप्त भए र कसको सहयोग लिएर उनले के काम गरे ? हाम्रा यी प्रश्नहरूको विस्तारपूर्वक उत्तर दिनुहोस् ।।१।।

सूतजीले भन्नुभयो – हे निष्पाप मुनिजन ! राजा सोमकान्तले वनमा गएर उनले जसरी जे जे कर्म गरे तथा तिनले दुःख पाउनुमा जे-जस्ता कारण रहेका थिए ती सबैको विषयमा म बताउँछु, तपाइँहरू श्रद्धापूर्वक सुन्नुहोस् ।।२।। राजा सोमकान्त सुबल र ज्ञानगम्य नामक दुई अमात्य र सुधर्मा नामक आफ्नी महारानीका साथ दुर्गम वनमा प्राप्त भए ।।३।। वनप्रस्थान गर्दा राजाको अगाडि दुईजना अमात्य थिए, बीचमा आफै राजा सोमकान्त थिए र तिनका पछाडि रामको पछि लागेर वन जाने सीतासमान रानी सुधर्मा हिंडिरहेकी थिइन् ।।४।। एउटै भाँडामा पाकेको भोजन गर्ने, समान चित्त, समान आसन र समान आश्रय लिएर वनवासका दिन बिताइरहेका ती चार जना एउटा वनबाट अर्को वनतर्फ नित्य यात्रा गरिरहेका देखिन्थे ।।५।। कुनै दिन भोक, तिर्खा र थकाईले क्लान्त बनेका, उकाला र ओराला बाटाहरूमा अनवरत यात्राका कारण अत्यन्त दुर्बल देखिने ती चार जना एउटा रूखको छायाँमा गएर बसेका थिए ।।६।। छायाँमा केहीबेर विश्राम गरेपछि ती सबै अर्को वनतर्फ लागे । तिनले त्यहाँ एउटा विशाल सरोवर देखे, जहाँ कमल र कदमको गन्ध बोकेको आनन्ददायक हावा प्रवाहित थियो । ।।७।। त्यहाँ ती सबैले थकाई मेटाइदिने मीठो पानी खाए । नुहाएर नित्यक्रिया सम्पन्न गरी तिनले मीठा फल पनि चाखे ।।८।। त्यसपछि राजा सोमकान्त तलाउको कोमल बालुवा भएको किनारमा निदाए । तिनकी धर्मपत्नी सुधर्मा पनि आफ्ना पति सोमकान्तको पाउ दबाएर सेवा गर्न थालिन् ।।९।। राजा सोमकान्तको आज्ञा पाएर साथमा आएका दुईजना अमात्यहरू कन्दमूल, फल र कमलका डाँठ सङ्ग्रह गर्न गए।।१०।। अमात्यहरू हिंडेपछि सुधर्माले त्यहाँ अद्‌भुत सुन्दर, प्रखर तेजस्वी र कान्तिद्वारा देदीप्यमान एउटा बालकलाई देखिन्। तिनले त्यस बालकलाई देखेर अद्‌भुत रूप भएका कारण कामदेव नै फेरि पैदा भई आएजस्तो मानिन् ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ददर्श तत्राद्भुतरूपमुग्रं
बालं सुधर्मा प्रभया ज्वलन्तम् ।
उत्कृष्टरूपस्य कृते स्मरं तं
जातं पुरा बालमिति स्म मेने ।।११।।

दृष्ट्वैव तं सा जहृषे सुधर्मा
मेने च तं सा हितकारिणञ्च ।
क्षुब्धं प्रसन्नं हृदयं समीक्ष्या-
पकारिणं चोपकरं हि वक्ति ।।१२।।

पप्रच्छ तं कश्च कुतः प्रयातः
कस्यासि पुत्रो जननी च का ते ।
वदस्व शब्दामृतधारया मे
सखेव कर्णौ परितोषयाशु ।।१३।।

सूत उवाच

इति स्म पृष्टः स जगाद बाल-
स्तां राजपुत्रीं सुधया गिरा मे ।
पिता भृगुर्भामिनि ! मे पुलोमा
माता जलार्थी स्वगृहादिहागाम् ।।१४।।

च्यवनः खलु नाम्नाहं पितुराज्ञाकरः शुभे ।
त्वं च का कतमोऽयं ते कथं वनमिदं गतः ।।१५।।

स्रवन्ति कथमङ्गानि वर्षाकाले गिरेरिव ।
अति दुर्गन्धता चास्य केन वा वद कर्मणा ।।१६।।

कृमिभारसमाकीर्णममुं वा सेवसे कथम् ।
स्वयं चारुतरा भूत्वा सुकुमारी सुलोचना ।।१७।।

सूत उवाच

इति पृष्टा सुधर्मा सा मुनिपुत्रेण धीमता ।
व्याचष्टे सकलं तस्मै शोकहर्षसमन्विता ।।१८।।

सुधर्मावचनं श्रुत्वा च्यवनो भृगुनन्दनः ।
त्वरया स्वमुपादाय कलशं जलसम्भृतम् ।।१९।।

दुःखितः परदुःखेन तूष्णीमेवागमद् गृहम् ।
तं भृगुः परिपप्रच्छ विलम्बकारिणं सुतम् ।।२०।।

सुधर्मा त्यस बालकको दर्शन पाएर अत्यन्त प्रसन्न भइन् । उनले त्यसलाई आफ्नो हितैषी पनि मानिन् । हुन पनि कुनै पनि क्रुद्ध मानिसलाई देख्दा यो अपराधी हो भन्ने र कुनै प्रसन्न मानिसलाई देख्दा यो उपकारी हो भन्ने कुरा आफ्नै मनले भनिरहेको हुन्छ।।१२।। सुधर्माले बालकसँग सोधिन् – बाबु तिमी को हौ ? कहाँबाट आएका हौ ? कस्का छोरा हौ ? तिम्री आमा को हुन्? यी प्रश्नहरूको उत्तर दिने सन्दर्भमा आफ्ना वचनामृतको धारा प्रवाहित गरेर मेरो मनलाई छिटो सन्तुष्ट तुल्याऊ ।।१३।।

सूतजीले भन्नुभयो – हे मुनिहरू ! सुधर्माद्वारा प्रश्न गरिएका ती बालकले आफ्नो अमृतमय वचनद्वारा उत्तर दिए – हे आदर्श नारी ! मेरा पिताको नाम भृगु ऋषि हो र मेरी आमालाई पुलोमा भन्दछन् । म अहिले यहाँ पानी लिन आएको छु ।।१४।। हे सुमङ्गली नारी ! मेरो नाम च्यवन हो । म पिताको आज्ञापालन गर्ने पुत्र हुँ । तपाइँ को हुनुहुन्छ ? तपाइँसँगै रहेका यी पुरुष को हुन् र किन तपाइँ यो वनमा आउनुभएको छ ? ।।१५।। वर्षाकालमा पर्वतबाट पानीको धारा बगेझैं तपाइँका नजिक रहेका यी पुरुषका अङ्ग–प्रत्यङ्गहरूबाट किन पीप र रगतका धारा बगिरहेका छन् ? कुन कर्मले गर्दा यिनका शरीरबाट घोर दुर्गन्ध आइरहेको छ ? यी कुरा मलाई बताउनुहोस् ।।१६।। तपाइँ आफू सुन्दर रूप भएकी नारी हुनुहुन्छ, सुकुमारी र सुनयना पनि हुनुहुन्छ, तर कीरैकीराको भारी बोक्ने यस्ता दुर्गन्धित र घिनलाग्दा मानिसको सेवा किन गरिरहनुभएको छ ? ।।१७।।

सूतजीले भन्नुभयो – हे मुनिजन ! भृगुका बुद्धिमान् छोरा च्यवनले यसरी सोधेपछि शोक र हर्षले युक्त भएकी सुधर्माले तिनलाई सबै आफ्ना कुरा बताइन् ।।१८।। सुधर्माका कुरा सुनेपछि महर्षि भृगुका छोरा च्यवन अत्यन्त दुःखित भए र छिटो –छिटो गरी कलशमा पानी भरी नबोलीकन आफ्नो घरतर्फ लागे । आफ्नो छोरालाई ढिलो आएको देखेर भृगु ऋषिले – तिमीले किन विलम्ब गर्‍यौ भनी सोधे ।।१९-२०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृगुरुवाच

किमपूर्वं त्वया दृष्टं लक्ष्यसे चकितो यथा ।
विलम्बश्च कथं जातो वद पुत्र ! ममाग्रतः ।।२१।।

भृगुले भन्नुभयो – बाबु च्यवन ! आज तिमीले के अपूर्व कुरा देख्यौ ? तिमी आश्चर्यचकित देखिन्छौ ? किन विलम्ब भयो ? मेरा सामु सबै कुरा भन ।।२१।।

पुत्र उवाच

सौराष्ट्रदेशे विख्याते दैवते नगरे मुने ।
सोमकान्त इति ख्यातो राजा राजीवलोचनः ।।२२।।

चक्रे राज्यं बहुतिथं धर्मेण पालयन् प्रजाः ।
दुर्भगत्वं गतो दैवात् पुत्रे राज्यं निवेश्य सः ।।२३।।

पत्न्या सुधर्मया युक्तो भर्तुराज्ञाभृता पितः ।
सुबलज्ञानगम्याभ्यां प्रकृतिभ्यामिहागतः ।।२४।।

गलत्कुष्ठी कृमियुतो विभ्रमन् दुर्गमं सरः ।
सहस्रभगतां प्राप्तो यथेन्द्रो गौतमान् मुनेः ।।२५।।

क्व सा सुधर्मा चार्वङ्गी क्व गलत्कुष्ठवान् पतिः ।
इति मे पृच्छतो वृत्तं तदीयं गतवान् क्षणः ।।२६।।

तदीयैः करुणावाक्यैर्मनो मे कलिलं त्वभूत् ।
ततोऽहं कलशं पूर्णं कृत्वा शीघ्रमुपागतः ।।२७।।

च्यवनले भने – हे पिताश्री ! विख्यात सौराष्ट्र देशमा देवतानगर नामक एउटा शहर छ । त्यहाँ कमलजस्ता आँखा भएका सोमकान्त नामक प्रख्यात राजा थिए ।।२२।। तिनले धर्मपूर्वक प्रजापालन गर्दै धेरै दिनसम्म राज्य गरे । दैवसंयोग तिनी कुष्ठरोगबाट् ग्रस्त भए । त्यसपछि आफ्नो राज्य छोरालाई दिएर ती आज्ञापालक पत्नी सुधर्मा र सुबल एवं ज्ञानगम्य नामक मन्त्रीहरूका साथ यहीं नजिकको सरोवरमा आई बसेका छन् । कुष्ठरोगका कारण तिनको शरीरबाट रगत र पीपको धारा बगिरहेको छ । तिनको शरीर कीराहरूले ढाकिएको छ। जसरी पहिले गौतम ऋषिको सरापबाट सम्पूर्ण शरीरमा हजार योनि धारण गर्ने इन्द्र घिनलाग्दा देखिएका थिए त्यस्तै यी राजा सोमकान्त पनि घिनलाग्दा भएर तलाउको नजिकमा बसेका छन् । अत्यन्त मनोहर स्वरूप भएकी सुधर्मा कहाँ ? शरीरबाट रगत र पीपका धारा बगाउने ती पुरुष कहाँ ? यो सोचेर मलाई खुल्दुली भयो र तिनै सुधर्माका साथ संवादको क्रममा मैले धेरै समय बिताएँ ।।२३-२६।। हे पिताश्री ! ती सुधर्माका कारुणिक वचन सुनेर मेरो मन पग्लियो त्यसैले कलशमा पानी भरेर छिटो-छिटो गरी आश्रममा आइपुगें ।।२७।।

सूत उवाच

सर्वं चाकथयत् तस्मै तया यत् कथितं वचः ।
श्रुत्वा तच्च पुनः पुत्रं च्यवनं भृगुरब्रवीत् ।।२८।।

सूतजीले भन्नुभयो – च्यवनले आफ्ना पिता भृगुका सामु रानी सुधर्माले गरेका बिलौना सुनाए । आफ्ना पुत्रका मुखबाट सोमकान्त राजा र सुधर्मा रानीको विषयमा सबै कुरा सुनेर भृगु ऋषिले आफ्ना छोरालाई भन्नुभयो ।।२८।।

भृगुरुवाच

सर्वानानय तान् शीघ्रं पुत्र ! गच्छ ममाज्ञया ।
द्रक्ष्यामि कौतुकं तेषां स्वीयं वा दर्शयामि तान् ।।२९।।

भृगुले भन्नुभयो – हे छोरा ! तिमी मेरो आज्ञाअनुसार छिटै सरोवरतर्फ गएर राजा सोमकान्त, रानी सुधर्मा र अमात्यहरू सुबल एवं ज्ञानगम्यलाई लिएर आऊ । मैले तिनलाई मेरै आश्रममा हेर्नेछु । मेरो मनमा तिनीहरूलाई हेर्ने कौतूहल भइरहेको छ । म राजा सोमकान्तलाई केही उपाय बताउने छु ।।२९।।

सूत उवाच

इत्थं स चोदितः पित्रा च्यवनः करुणानिधिः ।
जगाम सरसो भूमिं सुधर्मां द्रष्टुमुत्सुकः ।।३०।।

सूतजीले भन्नुभयो – यसरी आफ्ना पिताद्वारा अभिप्रेरित, दयालु स्वभावका च्यवन सरोवरको नजिकै रहेकी सुधर्मालाई भेट्न उत्सुकतापूर्वक गए । च्यवन त्यहाँ पुग्दा फलको भारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मिन्नेव क्षणेऽमात्यौ फलकन्दभरान्वितौ ।
सुबलज्ञानगम्यौ तावागतौ राजसन्निधिम् ।।३१।।

तत ऊचे स तु मुनिः सुधर्मां चारुलोचनाम् ।
पिता मे स्वाश्रमं सर्वानाकारयति सुव्रते ।।३२।।

इति तद्वचनं श्रुत्वा सुधर्मा शोकविह्वला ।
तदैव सावधानाऽभूत् तनुः प्राण इवागते ।।३३।।

सुशीला राजपत्नी सा पीत्वा तद्वचनामृतम् ।
अगमत् सा सुचार्वङ्गी प्रकृतिद्वयसंयुता ।।३४।।

सोमकान्तेन पतिना मुनिपुत्रपुरःसरा ।
गणेशस्कन्दसहिता शिवेव शिवसंयुता ।।३५।।

शुशुभे मार्गमध्ये सा वाचस्पतिपुरःसरा ।
मन्त्रघोषयुतं प्राप भृगोराश्रममण्डलम् ।।३६।।

नानापुष्पलताकीर्णं नानापक्षिनिनादितम् ।
मार्जारा नकुलाः श्येना गजा गावो मयूरकाः ।।३७।।

भुजङ्गाः पक्षिणः सिंहा व्याघ्राः क्रीडन्ति यत्र च ।
न च वायुर्भृशं वाति न सूर्यस्तपते भृशम् ।।३८।।

न वर्षति भृशं मेघो वर्षते च तदिच्छया ।
विविशुस्ते हर्षयुता मुनिपुत्रपुरःसराः ।।३९।।

तत्राद्भुतं व्याघ्रमृगाजिनस्थं
दर्दश सूर्यप्रतिमं भृगुं तम् ।
राजाऽथ पत्नी प्रकृतिद्वयञ्च
ननाम बद्धाञ्जलिरब्रवीच्च ।।४०।।

राजोवाच

अद्याशिषो मे सफला द्विजेन्द्र !
द्विजेरिता धर्मचयस्तपोऽपि ।
आजन्मतोऽहं परिपूत एष
पितुर्जनन्याश्च सुजीवितं मे ।।४१।।

बोकेका सुबल र ज्ञानगम्य नामक अमात्यहरू पनि राजा बसेको ठाउँमा आइपुगे । च्यवनले त्यहाँ गएर सुनयनी सुधर्मालाई भने– हे सुव्रता नारी ! मेरा पिताश्रीले तपाईंहरू सबैलाई आफ्नो आश्रममा आमन्त्रित गर्नुभएको छ ।।३०–३२।। च्यवनका ती कुरा सुनेर शोकले विह्वल भएकी सुधर्मा प्राणको सञ्चार हुँदा शरीर सक्रिय भएझैं टाठी भइन् । सुशीला राजपत्नी ती सुधर्मा च्यवनको वचनामृत पान गरेर दुई अमात्य र आफ्ना पतिलाई साथ लिई भृगुको आश्रमतर्फ लागिन् । अगाडि मुनिपुत्र, तिनका पछि अमात्यहरू, तीपछि राजा सोमकान्त र तिनका पछि रहेकी सुधर्मा मुनिको आश्रमतर्फ जाँदा बाटाको बीचमा श्रीगणेश, स्कन्द र शिवजीका साथमा बृहस्पतिलाई अगाडि लगाएर यात्रा गरिरहेकी पार्वतीसमान देखिइन् । केही समयपछि वैदिक मन्त्रघोषले गुञ्जायमान भृगु ऋषिको पवित्र आश्रममा ती प्राप्त भइन् ।।३३–३६।। भृगु ऋषिको आश्रम अनेक प्रकारका लता र पुष्पले भरिभराउ थियो । त्यसलाई अनेक थरिका पक्षीहरूले आ–आफ्ना स्वर निकालेर ध्वनिमय तुल्याएका थिए । त्यहाँ बिराला, न्याउरी मुसा, बाज, हात्ती, गाई, मयूर, सर्प, पक्षी, सिंह, बाघजस्ता पशुपक्षीहरू आनन्दपूर्वक क्रीडा गरिरहेका थिए । त्यहाँ प्रचुर हावा थिएन र सूर्यको कडा ताप पनि थिएन । बादलले आवश्यकताअनुसार मात्र पानी वर्षाउँथे। त्यस दिव्याश्रममा ती सबै सहर्ष प्राप्त भए । तिनीहरूले त्यहाँ अद्भुत स्वरूपले सुहाएका, बाघ र मृगको छालामा विराजमान र सूर्यजस्तै चहकिला भृगु ऋषिको दर्शन गरे । राजा, राजपत्नी र अमात्यहरूले हात जोडेर भृगु ऋषिलाई प्रणाम गरे । त्यसपछि राजा सोमकान्तले नम्रतापूर्वक ऋषिलाई निवेदन गरे ।।३७–४०।।

राजाले भने – हे पूजनीय भृगु ऋषि ! मैले ब्राह्मणद्वारा प्राप्त गरेका ती आशीर्वादलाई आज सफल भएको अनुभव गरेको छु र मैले गरेका पुण्यकर्मलाई पनि फलीभूत भएको मानेको छु । मैले गरेका तपस्या र धार्मिक कार्यलाई परिपूर्ण भएको ठानेको छु । म घिनलाग्दो भए तापनि मैले आफूलाई जन्मदेखि नै अत्यन्त पवित्र भएको महसुस गरेको छु । मेरा मातापिताको जीवन र मेरो जीवनलाई पनि उत्तम जीवनको रूपमा परिणत भएको मानेको छु ।।४१।। पूर्वजन्ममा अर्जित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवद्दृशिः सम्प्रति हन्त्यथैनः
पूर्वार्जितैः पुण्यचयैः कृताऽपि ।
आगामिकल्याणकरी मुनीन्द्र !
कालत्रये जन्म करोति पूतम् ।।४२।।

सौराष्ट्रदेशे खलु देवताख्ये
पुरे कृतं राज्यममोघदृष्टे !
भीतेन पापाद् द्विजदेवतादि-
पूजा कृता नीतिमता मुनीन्द्र ! ।।४३।।

आकस्मिकं मे दुरितं किमेतत्
प्रादुर्बभूवोग्रतरं दुरन्तम् ।
येनाऽहमीदृक् कुदशां प्रणीतो
जाने न किञ्चित् प्रतिकारमत्र ।।४४।।

अपायतां यान्ति कृता उपाया
युष्मत्कृतोपायमुपायमीहे ।
निर्वैरतां यान्ति हि जातिवैरा-
स्तवाश्रमे त्वां शरणं प्रपन्नः ।।४५।।

सूत उवाच

श्रुत्वेति वचनं तस्य भृगुस्तु करुणायुतः ।
उवाच सोमकान्तं तं ध्यानेनालोक्य सुव्रत ! ।।४६।।

भृगुरुवाच

उपायं वच्मि नृपते न चिन्तां कर्तु! मर्हसि ।
ममाश्रमगता दुःखं नहि बिन्दन्ति जन्मिनः ।।४७।।

जन्मान्तरकृतं चैव दुरितं ते नृपोत्तम ! ।
येनेमाङ्गमितोऽवस्थां कथयिष्ये तदप्यहम् ।।४८।।

कुर्वन्तु भोजनं सर्वे चिरकालं बुभुक्षिताः ।
वनाद् वनान्तरं याताः श्रान्ताः क्लान्तानना भृशम्।।४९।।

सूत उवाच

इत्युक्त्वा स्नापयामास सुतैलाभ्यङ्गपूर्वकम् ।
भोजयामास चान्नानि षड्रसानि त्वनेकशः ।।५०।।

गरेका पुण्यका प्रतापले मैले पाएको हजुरको दर्शनबाट मेरा वर्तमान पाप नष्ट भएका छन् । मेरा निमित्त आगामी समय कल्याणकारी हुनेछ भन्ने विश्वास गरेको छु । मैले भूत, भविष्य, वर्तमान यी तीन कालका निमित्त नै मेरो जन्म पवित्र भएको महसुस गरेको छु । ।।४२।। सौराष्ट्र देशको देवतापुरमा राज्य गरेको थिएँ । पापबाट भयभीत भई मैले ब्राह्मण र देवताको पूजा गर्दै नीतिपूर्वक राज्यसञ्चालन गरेको थिएँ, तर हे अमोघ दृष्टि भएका मुनिराज ! मलाई थाहा छैन, कुन पापबाट अकस्मात् यस्तो घिनलाग्दो रोग आइलाग्यो । यो रोग अत्यन्त कष्टदायक छ र यसको अन्त हुने केही लक्षण छैन । यस्तो घिनलाग्दो अवस्थामा पुगेको मैले यस रोगको निराकरण गर्ने कुनै उपाय जान्न सकेको छैन। जति उपाय गरें, ती सारा व्यर्थ भए । यस बेला हजुरजस्ता तपस्वी र सिद्धपुरुषको उपदेश नै मेरा निमित्त अमोघ उपाय हुनेछ । मेरो यही आकाङ्क्षा छ । हजुरको पवित्र आश्रममा रहेका जन्मजात द्वेष हुने प्राणीहरू पनि द्वेष छाडेर परस्परमा आनन्दका साथ क्रीडा गरिरहेका छन् । यस्तो पवित्र स्थानमा मेरो पनि रोगनिवारण हुनेछ भन्ने विश्वासका साथ म हजुरको शरणमा परेको छु ।।४३-४५।।

सूतजीले भन्नुभयो - राजाका यी कुरा सुनेर दयालु भृगु ऋषिले ध्यानपूर्वक सोमकान्तको विषयमा विचार गरी हे सुव्रत ! मेरो कुरा सुन्नुहोस् भन्दै आफ्ना कुरा राख्नुभयो ।।४६।।

भृगुले भन्नुभयो - हे राजा ! म तपाईंको रोगनिवारणका लागि उपाय बताउँछु । तपाईंले कुनै प्रकारको चिन्ता लिनुपर्दैन। मेरो आश्रममा आएका प्राणीहरूले दुःखको अनुभव गर्दैनन् । हे राजा ! जन्मान्तरमा गरेको जुन पापले आज तपाईं यस्तो डरलाग्दो र घिनलाग्दो अवस्थामा पुग्नुभएको छ त्यस पापको विषयमा पनि म बताउने छु । तपाईंहरू धेरै दिनसम्मको भोकले पीडित हुनुहुन्छ । एउटा वनबाट अर्को वनमा भौंतारिदा तपाईंहरू धेरै थाक्नुभएको छ र ओइलाउनुभएको छ । त्यस कारण सर्वप्रथम भोजन गर्नुहोस् ।।४७-४९।।

सूतजीले भन्नुभयो - भृगु ऋषिले यस्ता कुरा गर्नुभएपछि आफ्ना आश्रमका मानिसहरूद्वारा राजालाई उत्तम तेलले मालिश गराएर स्नान गर्न लगाउनुभयो । त्यसपछि छ प्रकारका रसले परिपूर्ण अनेक थरि मिष्टान्न र भोजन खुवाउनुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुभुजुस्तेऽपि विश्रान्ता भृगोरमिततेजसः ।
आज्ञया मुनिवर्यस्य सुस्नाताः सुष्ठ्वलङ्कृताः ।।५१।।

सुषुपुर्मृदुशय्यायां हित्वा चिन्तां दुरत्ययाम् ।
मुनिना कल्पितायां ते स्वराज्यङ्गमिता इव ।।५२।।

तिनीहरूले पनि आराम गरी अत्यन्त तेजस्वी भृगु ऋषिको आज्ञाअनुसार राम्रोसँग स्नान गरेर राम्रा लुगा–गहनाहरू धारण गरेपछि भोजन गरे । भविष्यको पीडादायक चिन्तालाई छाडेर आनन्दपूर्वक भृगु ऋषिद्वारा आराम गर्न प्रदान गरिएको शय्यामा शयन गरे । त्यस बेला तिनीहरूले आफूले राज्य प्राप्त गरेसरह महान् सुखको अनुभव गरिरहेका थिए ।।५०–५२।।

ॐ

इतिश्रीगणेशपुराणान्तर्गते श्रीगणेशमाहात्म्ये सूत-शौनकादिसंवादे द्वितीयोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराणमाहात्म्यको दोस्रो अध्याय पूर्ण भयो ।।२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीयोऽध्यायः

ऋषय ऊचुः

तत्र गत्वा किमकरोत् सोमकान्तो नृपस्तदा ।
उपायः कथितः को वा भृगुणा सर्ववेदिना ।।१।।

कथयस्व कथामेतां शृण्वतां नो द्विजोत्तम ।
न तृप्तिमधिगच्छामः पीत्वा त्वद्वचनामृतम् ।।२।।

सूत उवाच

सम्यक् पृष्टं महाभागा यूयं तु ज्ञानसागराः ।
शृण्वन्तु कथयिष्यामि सोमकान्तकथामतः ।।३।।

तस्यां रात्र्यां व्यतीतायां दिननाथे तथोदिते ।
स्नानं सन्ध्यां जपं होमं कृत्वा स भृगुसत्तमः ।।४।।

स्नाताय कृतजप्याय पत्नीप्रकृतिसंयुजे ।
पूर्वजन्मकथां तस्मै राज्ञे कथितुमारभत् ।।५।।

भृगुरुवाच

कोह्लारनगरे रम्ये विन्ध्याचलसमीपतः ।
चिद्रूप इति विख्यातो वैश्यो बहुधनोऽभवत् ।।६।।

तस्य भार्या तु सुभगा नाम्ना ख्याता सुलोचना ।
सुशीला दानशीला च पतिवाक्यपरा सती ।।७।।

तस्यास्त्वं पुत्रतां यातो भवे पूर्वे नृपोत्तम ।
कामन्द इति ते नाम चक्रतुस्तौ द्विजेरितौ ।।८।।

अतिस्नेहं दिवारात्रावतिलालनमेकके ।
वार्धक्यकालजे तौ तु पितरौ त्वयि चक्रतुः ।।९।।

विवाहं चक्रतुस्तौ तु धनकौतुकमङ्गलैः ।
मृगाक्षी सुकुमाराङ्गी नाम्ना ख्याता कुटुम्बिनी ।।१०।।

अनुरक्ता त्वयि सदा द्विजदेवाऽतिथिप्रिया ।
बभूव योषिद् योषित्सु रत्नभूताऽतिसुन्दरी ।।११।।

कुटुम्बिनीति स्वं नाम विदधे सार्थकं तु सा ।
सप्तपुत्रा पञ्चकन्या पञ्चबाणप्रिया नु किम् ।।१२।।

{ ३ अध्याय }

ऋषिहरूले भने – हे सूतज्यू ! भृगु ऋषिको आश्रममा गएपछि सोमकान्त राजाले के गरे ? र सर्वज्ञ ऋषि भृगुले कस्तो उपाय बताए ? ।।१।। हे सूतज्यू! हामी श्रद्धालु स्रोताहरूलाई अरू कथा सुनाउनुहोस् । हजुरको मुखबाट उपदेशामृत पान गरेर हामी कहिल्यै पनि अघाउँदैनौं ।।२।।

सूतजीले भन्नुभयो– हे भाग्यशाली ऋषिहरू ! तपाइँहरू त स्वयं ज्ञानका सागर हुनुहुन्छ । तपाईंहरूको जिज्ञासालाई आत्मसात् गरेर म राजा सोमकान्तको कथा बताउँदैछु । तपाइँहरू आदरपूर्वक त्यो कथा सुन्नुहोस् ।।३।। त्यो रात बितेपछि अर्को दिन सूर्यनारायणको उदय भयो र भृगु ऋषिले स्नान, सन्ध्या, जप र होम सम्पन्न गरेपछि स्नान गरी मन्त्र जप गरेर आफ्नी पत्नी र अमात्यहरूका साथ रहेका राजा सोमकान्तलाई तिनकै पूर्वजन्मको कथा सुनाउन आरम्भ गर्नुभयो ।।४-५।।

भृगुले भन्नुभयो – विन्ध्याचल नजिकै रमणीय कोह्लार नगरमा अत्यन्त धनी चिद्रूप नामक वैश्य बस्दथे । तिनकी पत्नी सुभगा अत्यन्त राम्री, सुशीला र परोपकारपरायणा नारी थिइन् । तिनले आफ्ना पतिको आज्ञा कहिल्यै पनि उल्लङ्घन गर्दैनथिन् । हे राजा सोमकान्त ! तपाइँ पूर्वजन्ममा तिनै सुभगाका छोरा भएर जन्मनुभएको थियो । ती वैश्यदम्पतीले ब्राह्मणबाट जुराएर तपाइँको नाम कामन्द राखेका थिए ।।६-८।। वृद्धावस्थामा जन्मनुभएका एउटा मात्र छोरा हुनुभएका कारण तपाइँका मातापिताले तपाइँप्रति अत्यन्त गहिरो स्नेह गर्दथे ।।९।। युवावस्थामा पुगेपछि तपाइँका बाबु-आमा वैश्य दम्पतीले प्रशस्त धन खर्च गरेर ठूलो उत्सवका साथ मङ्गल गर्दै विवाह गरिदिए । मृगका जस्ता आँखा भएकी एउटी कुटुम्बिनी नामक कोमलाङ्गी नारी तपाइँकी पत्नी भएर आइन् ।।१०।। ती कुटुम्बिनी तपाइँप्रति अत्यन्त अनुरक्त थिइन् । तिनले श्रद्धा र प्रेमका साथ ब्राह्मण, देवता र अभ्यागतको सेवा –सत्कार गर्दथिन् । वास्तवमा ती संसारका नारीरत्नहरूमा पनि उत्तम नारीरत्न थिइन् ।।११।। तिनले सबैप्रति कुटुम्बको जस्तो व्यवहार गरेर आफ्नो कुटुम्बिनी भन्ने नामलाई सार्थक तुल्याएकी थिइन् । कामदेवकी पियारी रतिजस्ती राम्री ती कुटुम्बिनीले सात भाइ छोरा र पाँच बहिनी छोरी जन्माइन्।।१२।। छोरा-छोरी जन्मेका धेरै दिनपछि तपाइँका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो बहुतिथे काले पञ्चत्वमगमत् पिता ।
माता तव सती तेन सह दग्धा दिवं गता ।।१३।।

ततस्त्वं सखिवर्गैस्तद् द्रव्यं नाशितवान् बहु ।
नीतं नष्टं भक्षितं च विनाशमगमद् धनम् ।।१४।।

चिन्तया धर्मपत्नी त्वां निराकृतवती भृशम् ।
न गृहीतं तु तद्वाक्यं ततो विक्रीतवान् गृहम् ।।१५।।

गता सा बालकैः सार्धमनुज्ञाता पितुर्गृहम् ।
अपत्यपोषणकृते ऋते त्वां वंशकण्टकम् ।।१६।।

तत उद्वृत्ततां यात उन्मत्त इव मद्यपः ।
अन्यायकारी नगरे जातो मत्त इव द्विपः ।।१७।।

परस्वहारो वनितासु जारो
ग्रामेषु चोरो जनतापकारः ।
द्यूतेषु वीरो वृजिनौघसारो
हिंसाविहारो बलहीनशूरः ।।१८।।

ये ये जनास्ते सुखसङ्गतृप्ता-
स्तेभ्यो गृहीत्वा बहुवित्तमादः ।
निक्षेपतः पितृकृतात्सुहृद्भ्यो
मिषात्कुतश्चिन्नगरस्थितेभ्यः ।।१९।।

शपथाननृतांश्चकर्थ नून-
मनृतानां प्रमदाजनेषु साक्ष्यम् ।
इति सर्वजनाः सुभीतिमापु-
रुरगात् सद्मगतादिवोग्रवीर्यात् ।।२०।।

पिता दिवङ्गत भए । तपाइँकी आमा सुभगा पनि पतिव्रता नारी भएका कारण आफ्ना पतिको चितामा जलेर दिवङ्गत भइन् ।।१३।। माता-पिताको मृत्युपछि तपाइँ आफ्ना मित्रहरूका साथमा लागेर दुर्व्यसनमा फस्नुभयो । तपाइँले आफ्ना पिताको ठूलो सम्पत्ति र धनको नाश गर्नुभयो। तपाइँको धन चोरले हरे, श्रीसम्पत्ति नष्ट-भ्रष्ट भयो र तपाइँ आफैले पनि दुरुपयोग गर्नुभयो। यसरी तपाइँका पिताले आर्जेको असङ्ख्य धनराशि समाप्त भयो ।।१४।। तपाइँकी धर्मपत्नी कुटुम्बिनीले चिन्तित भएर तपाइँलाई पटक-पटक त्यसो नगर्न अनुरोध गरिन् । परन्तु तपाइँले तिनका कुरा कहिले पनि सुन्नुभएन । बरु आफ्ना पिताको घर नै बेचिदिनुभयो । बालक-बालिकाका साथमा रहेकी बिचरा ती कुटुम्बिनी अनाथ भइन् । के खानू ? कहाँ जानू ? कहाँ बस्नू ? यस्ता प्रश्नहरू उनका सामु थिए । अन्तमा उपाय नभएर तपाइँसँग आज्ञा मागीकन तिनी आफ्ना लालाबाला साथमा लिएर पिताको घरतर्फ लागिन् । बालबच्चाको पालनपोषणका लागि तपाइँजस्तो कुलकण्टकलाई छाडेर तिनले माइतीको शरण लिनुप¥यो ।।१५-१६।। कुटम्बिनीले छाडेपछि तपाइँ चरित्रहीन र मदिरापान गर्ने मानिसझैं उन्मत्त हुनुभयो। मत्ता हात्तीझैं व्यवहार गरेर तपाइँले जनतालाई तर्साउनु भयो र अन्यायकारी दुर्जनका रूपमा प्रसिद्ध हुनुभयो ।।१७।। तपाइँले परधनको अपहरण गर्नुभयो, परस्त्री एवं परपुत्रीहरूको धर्म लुट्नु भयो र गाउँ-गाउँमा चोरी एवं डकैती गराएर त्राहि-त्राहि मचाउनुभयो । तपाइँले जनताको कति अपकार गर्नुभयो त्यसको ठेगान रहेन । जूवा खेल्ने काममा आफूलाई वीर ठान्ने तपाइँ पापको पुञ्ज नै बन्नुभयो । हिंसासँग विहार गर्दै तपाइँले निर्बलसँग शूरता देखाउनुभयो ।।१८।। जुन मानिस तपाइँको सङ्गत पाएर रमाउँथे तिनीहरूबाट धेरै धनसम्पत्ति लिएर तपाइँले खाने-पिउने काम गर्नुभयो । तपाइँले केही ठाउँबाट पैतृक सम्पत्ति धितो राखेर पैसा ल्याई चलन गर्नुभयो । कतिपय आफ्ना मित्रहरूसँग गई अनेक निहुँ बनाएर पैसा ल्याउनुभयो। फेरि नगरका ठूला-बडा मानिसहरूकहाँ गएर पनि उधारो धन ल्याई त्यसको दुरुपयोग गर्नुभयो ।।१९।। तपाइँले झूटो शपथ खाने काम गर्नुहुन्थ्यो । असत्य भाषण गरेर सुन्दर युवतीहरूका नजिकमा गई झुट्टा मानिसहरूलाई साक्षी राखेर तिनीहरूसँग आहार-विहार र भोग गर्नुहुन्थ्यो । तपाइँको यस चरित्रबाट कोह्लार नगरका सबै मानिसहरू घरभित्र रहेको प्रचण्ड सर्पसँग डराएझैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असह्यतां तेन जनस्य यातो
गोक्षूरकः पायसगो यथैव ।
राज्ञो गृहीत्वाऽनुमतिं जनास्ते
निर्वापयामासुरतो पुरात् त्वाम् ।।२१।।

वने स्थितस्त्वं बहुजन्तुघाती
स्त्रीबालवृद्धान् विनिहंसि नित्यम् ।
महाजनं वीक्ष्य पलायसे च
सिंहं निरीक्ष्येव वृको मृगो वा ।।२२।।

मस्त्यान् बकान् सारसकुक्कुटाँश्च
वृकान् मृगान् वानरकोकिलाँश्च ।
हत्वाऽत्सि खड्गान् शशकाँश्च गोधा
मुधा स्वदेहं वृजिनादपोषः ।।२३।।

त्वं च मार्गे जनान् दीनान् हत्वा हत्वा गुहाङ्गतः ।
चोरैः सबालयोषिद्भिर्भासि राजेव तद्गतः ।।२४।।

कदाचिद् ब्राह्मणो विद्वान् विख्यातो गुणवर्धनः ।
मध्याह्ने मार्गमध्ये तु त्वया दृष्टः स एककः ।।२५।।

गृहीत्वा दक्षिणं पाणिं तं विप्रं धृतवानसि ।
स वेपमानस्त्वद्बुद्धिं जानन् धर्षणया तया ।।२६।।

ऊचे त्वां स्वान्तकं मत्वा मूर्च्छितो जीवितेच्छया ।
अत्यन्तं करुणावाक्यैर्बोधयँस्त्वां सहेतुकैः ।।२७।।

गुणवर्धन उवाच

धनवान् सुभगो भूत्वा कथं मां हन्तुमिच्छसि ।
द्विजं नवोढाभर्तारं शान्तं चानपराधिनम् ।।२८।।

चोर उवाच

क्वेयं मम मतिर्मूढ ! क्वोपदेशस्तवाप्ययम् ।
तत्त्वचिन्तेव मधुपे साम्प्रतं मे न रोचते ।।२९।।

अन्तिके त्वं निसृष्टोऽसि व्यापाररहितस्य मे ।
विधात्रा दैवयोगेन न त्वां मुञ्चामि कर्हिचित् ।।३०।।

भृगुरुवाच

इत्युक्त्वा निशितं खड्गं हस्त आदाय दक्षिणे ।
चकर्ताऽथ शिरस्तस्य बिडाल इव मौषकम् ।।३१।।

डराउँथे ।।२०।। खीरमा गाईको खूर परेजस्तै तपाईँ पनि अरूका निमित्त असह्य हुनुभयो । त्यसपछि त्यहाँका जनताले राजासँग अनुमति लिएर तपाईँलाई कोल्हारपुरबाट टाढा भगाए ।।२१।। भागेर वनमा पुगेका तपाईँले अनेक जीवजन्तुहरूको हत्या गर्नुका साथै बाटोमा हिँड्ने स्त्री, पुरुष, बालक र वृद्धहरूको पनि हत्या गर्नुभयो। त्यस बेला बाघलाई देखेर ब्वाँसो र मृग भागेजस्तै तपाईँ पनि बलिया मानिस देखेपछि डरले भाग्नुहुन्थ्यो ।।२२।। वनमा भौंतारिने क्रममा माछा, बकुल्ला, सारस, कुखुरा, ब्वाँसो, मृग, बाँदर, कोइली, ‘गैंडा, खरायो, गोहोरोजस्ता प्राणीहरूको पनि हत्या गरेर तपाईँले पापकर्मबाट शरीरको पोषण गर्नुभयो ।।२३।।

तपाईँ बाटोमा हिंड्ने बटोहीहरूलाई लुटेर, मारेर गुफामा गएर लुक्नु हुन्थ्यो । स्त्री र बच्चाहरूका साथमा रहेका कतिपय चोरहरू तपाईँसँगै रहने गर्दथे। तपाईँ भने तिनकै राजासरह जीवन बिताइरहनु भएको थियो ।।२४।। कुनै दिन मध्याह्नमा एक जना विद्वान् ब्राह्मण गुणवर्धन बाटामा हिंडिरहेका थिए । ती एक्लै थिए । तिनलाई देखेर तपाईँले आक्रमण गर्नुभयो । तिनको दायाँ हात समातेर बाँध्नुभयो। बिचरा काँपिरहेका ती ब्राह्मणले तपाईँको व्यवहार देखेर डराई तपाईँलाई यमराज ठाने । तिनले अब मेरो अन्त हुन्छ भन्ने कुरा जानेर केही बेर मूर्च्छित भई होशमा आएपछि जीवनदानका लागि प्रार्थना गरे। अत्यन्त करुणामय वाक्यको उच्चारण गरेर तपाईँलाई उद्‌बोधन गर्दै भने ।।२५-२७।।

गुणवर्धनले भने - हे सज्जन ! तपाईँ धनवान् र सुन्दर हुनुहुन्छ । म वृद्ध ब्राह्मण हुँ र भर्खर विवाह भएकी युवती पत्नीको पति पनि हुँ । म शान्त स्वभावको छु र मैले केही अपराध गरेको छैन । मलाई किन मार्दै हुनुहुन्छ ? ।।२८।।

चोरले भन्यो- म जस्तो कठोर मानिसको बुद्धि कहाँ ? तपाईँको यो उपदेश कहाँ ? यिनको तुलना नै हुन सक्दैन । यस कारण मलाई तपाईँको यो उपदेश मन परेको छैन ।।२९।। उद्योगधन्दा केही नभएको, चोरी गरेर पेट पाल्ने मेरासामु विधाताले तपाईँलाई पठाएका छन् । दैवयोगबाट प्राप्त हुनुभएका तपाईँलाई मैले कुनै हालतमा पनि छाड्न सक्दिनँ ।।३०।।

भृगुले भन्नुभयो - हे राजन् ! यसरी उत्तर दिएर चोरका रूपमा रहनुभएका तपाईँले दायाँ हातमा तीखो धार भएको तरबार लिएर बिरालाले मुसाको टाउको चोइट्याएझैं ती ब्राह्मणको शिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं ते ब्रह्महत्यानां सङ्ख्यां कर्तुं न शक्यते ।
स्त्रीबालवृद्धजन्तूनां हत्यानाञ्च विशेषतः ।।३२।।

सङ्ख्याता परपापानां विभागी जायते यतः ।
ततो बहुतिथे काले गते कामन्द ! ते जरा ।।३३।।

आगताऽथ कफो ग्लानिः स्वेदो हिक्काऽथ वेपथुः ।
अभूत् तन्द्री चोपविष्टे प्रसुप्ते न च साऽभवत् ।।३४।।

अनादरञ्च चक्रुस्ते पुत्रा दास्योऽथ सेवकाः ।
सुहृदश्च सुताश्चापि नप्तारोऽथापि मित्रकाः ।।३५।।

ततोऽनुतापो मनसि जातः कामन्द ! ते भृशम् ।
आमयात् स्वजनैस्त्यागाद् ब्राह्मणैः परिवर्जनात् ।।३६।।

जीर्णदेवालयोद्धारेऽभवत् ते मतिरूर्जिता ।
धनं स्वं विपुलं वीक्ष्य कुप्यरत्नादिसंयुतम् ।।३७।।

ततोऽनादिः परामूर्तिर्गणेशस्य वने शुभा ।
जीर्णदेवालये क्षुद्रे स्थिता ते कथिता द्विजैः ।।३८।।

ततोऽतिविस्तृतं दीर्घं चतुस्तोरणसंयुतम् ।
चतुर्द्वारं सुरुचिरं चतुःशिखरशोभितम् ।।३९।।

नानास्तम्भचितं नानावेदिभिः परिवारितम् ।
मुक्ताप्रवालरत्नाद्यैः खचितं रुचिराङ्गणम् ।।४०।।

नानापुष्पद्रुमयुतं नानाफलद्रुमैश्चितम् ।
चतुर्दिक्षु चारुवारिमयवापीविराजितम् ।।४१।।

प्रासादं निर्मितवतस्तद् द्रव्यं ते व्ययं गतम् ।
किञ्चित् स्त्रिया च पुत्रैश्च सुहृद्भिर्बन्धुभिर्हृतम् ।।४२।।

ततो नातिचिरे काले पञ्चत्वञ्च गतो भवान् ।
याम्यदूतैः कशाघातैर्बद्धः सन्ताडितो भृशम् ।।४३।।

टुङ्ग्याउनु भयो ।।३१।। यसरी हेर्दा तपाइँले पूर्वजन्ममा गरेका ब्रह्महत्याहरूको गणना गर्न सकिंदैन । खास गरी स्त्रीहत्या, बालहत्या र जीवहत्याको गणना गर्न त झनै सकिंदैन ।।३२।। अरूले गरेका पापकर्मको चर्चा अथवा गणना गर्ने मानिसले त्यस पापको फलभोगमा भागीदार हुनुपर्छ भन्ने शास्त्रीय मान्यता रहेको छ । त्यस कारण पनि तपाइँले गरेका पापकर्मको म चर्चा गर्न चाहन्नँ। हे तत्कालीन कामन्द र अहिलेका सोमकान्त ! तपाइँलाई त्यसपछि वृद्धावस्थाले आक्रमण गऱ्यो । कफ, ग्लानि, पसिना, बाडुली र कम्पनजस्ता वृद्धावस्थामा हुने दोषहरू तपाइँमा आइलागे । बसेको बेला ऊँघ लाग्ने र सुतेका बेला ऊँघ नलाग्ने स्थिति भयो । तपाइँका छोरा-छोरी, दास-दासी, नाति-नातिनी, मित्र र शुभचिन्तकहरूले पनि तपाइँको अनादर गर्न थाले ।।३३-३५।। हे सोमकान्त ! अथवा पूर्वजन्मका कामन्द ! त्यो घटनापछि वृद्धावस्थाजनित रोगबाट पीडित हुनाले, आफन्तहरूले छोडिदिनाले र तपस्वी ब्राह्मणहरूले पतितका हातबाट गरिएको दान लिंदैनौं भनी तिरस्कारपूर्वक वर्जना गर्नाले तपाइँलाई मनमा साह्है पछुतो लाग्यो र तीव्र वेदनाको अनुभव पनि गर्नुभयो।।३६।। त्यसपछि आफूसँग धातु, उपधातु, रत्न आदि सहित धेरै धन भएको जानेर तपाइँको बुद्धि जीर्ण मन्दिरको उद्धारकार्यमा प्रवृत्त भयो ।।३७।। केही ब्राह्मणहरूले तपाइँलाई वनमा रहेको सानो र जीर्ण मन्दिरमा श्रीगणेश भगवान्को प्राचीन मङ्गलमय उच्चकोटिको मूर्ति रहेको समाचार सुनाए।।३८।। त्यो कुरा सुनेर तपाइँले त्यहाँ गई मन्दिरमा रहेको श्रीगणेशको मूर्ति देखेपछि लम्बाइ र चौडाइ दुवै दृष्टिबाट फैलिएको, विशाल, चार तोरण भएको, चार ढोका भएको, चार बुर्जा भएको, अनेक स्तम्भहरूले खचित, अनेक मण्डपहरूले शोभायमान, मोती-मुगा आदिबाट सुसज्जित, सुन्दर प्राङ्गण भएको, अनेक फूलका वृक्षले घेरिएको, अनेक फलका वृक्षले शोभायमान र चारै दिशामा सुन्दर सङ्लो पानी भएका पोखरीले सुहाएको भव्य श्रीगणेशको मन्दिर बनाउनुभयो। उक्त मन्दिरको निर्माण गर्दा तपाइँसँग रहेको सम्पूर्ण धन खर्च भयो । त्योभन्दा पहिले तपाइँको धेरै धन वेश्या, मित्र र बन्धुहरूले अनेक निहुँमा खर्च गरिसकेका थिए।।३९-४२।। मन्दिर निर्माणपछि तुरुन्तै तपाइँको देहावसान भयो। तपाइँलाई यमदूतहरूले बाँधी धेरै कालसम्म दण्डप्रहार गरे, काँडाको घारीमा फ्याँकिर अङ्ग-प्रत्यङ्गमा घाउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कण्टकैर्विद्धसर्वाङ्गः शिलायां पोथितोऽपि च ।
मज्जितो नरके घोरे पूयशोणितकर्दमे ।।४४।।

एवं नीतस्तु तैर्दूतैश्चित्रगुप्तयमान्तिके ।
यमेन पृष्टः किं पुण्यमुत भोक्ष्यसि पातकम् ।।४५।।

त्वमवोचः पुण्यमहं पूर्वं भोक्ष्यामि सूर्यज !
ततः सौराष्ट्रदेशे त्वं राजत्वेन विनिर्मितः ।।४६।।

इति ते कथितं पूर्वजन्म पापकरं मया ।
शरणागतकारुण्यात् तपोबलसमाश्रयात् ।।४७।।

कान्तप्रासादकरणात् सोमकान्तोऽभवो नृपः ।
कान्तया कान्ततरया भासि कान्त्या शशी यथा ।।४८।।

सूत उवाच

भृगुणाऽभिहितं श्रुत्वा सोमकान्तो नृपाधमः ।
तद्वाक्ये संशयापन्न आसीदश्मेव निष्क्रियः ।।४९।।

वेदशास्त्रार्थविदुषो भूतभाविभवद्विदः ।
तपस्विनो भृगोर्वाक्ये यतः स संशयं दधौ ।।५०।।

निरगन् क्षणमात्रेण तस्याङ्गात् पक्षिणो भृशम् ।
नानावर्णाकृतिधरा बभक्षुर्नृपतिं तदा ।।५१।।

उड्डीयोड्डीयचञ्च्वग्रैर्ददंशुर्नृपशुं दृढैः ।
उत्कृत्योत्कृत्य मांसानि जक्षुस्ते मुनिसन्निधौ ।।५२।।

ततोऽतिदुःखिततनुः शरणं पुनरागतः ।
अवदद् दीनया वाचा भृगुं ज्ञानतपोनिधिम् ।।५३।।

राजोवाच

त्वद्वने जातिवैराणां परस्परभयं न हि ।
त्वत्समक्षं कथमिमे मृतं मां मारयन्ति च ।।५४।।

बनाए, ढुङ्गामाथि तपाइँलाई पछारे र पीप र रगतको हिलोले भरिएको नरकमा लगेर डुबाए । यमदूतहरूले यस्ता धेरै किसिमका यातना दिएपछि तपाइँलाई चित्रगुप्त र यमको नजिकमा पुऱ्याए । त्यस बेला यमराजले पहिले पुण्यको फल भोग्न चाहन्छौ अथवा पापको फल भनी सोधेका थिए ।।४३-४५।। यमराजले त्यसरी सोधेपछि तपाइँले भन्नुभयो – हे धर्मराज ! म सर्वप्रथम पुण्यको फल भोग्न चाहन्छु । त्यसपछि तपाइँ सौराष्ट्र देशको राजा सोमकान्तको रूपमा पैदा हुनुभयो ।।४६।। शरणमा आएका तपाइँमाथि दया लागेर मैले आफ्नो तपस्याको सामर्थ्यबाट तपाइँको पापमय पूर्वजन्मको बयान गरें । श्रीगणेशको अत्यन्त सुन्दर एवं भव्य मन्दिर बनाएका कारण तपाइँको नाम सोमकान्त रह्यो । त्यस पुण्यका कारण तपाइँले अत्यन्त सुन्दरी महारानी सुधर्माद्वारा शोभायमान हुने अवसर पनि पाउनुभयो ।।४७-४८।।

सूतजीले भन्नुभयो- भृगुले बताएका कुरा सुनेर अधम राजा सोमकान्तलाई ती कुराहरूमा सन्देह भयो र उनी ढुंगाझैं निश्चल अवस्थामा रहे ।।४९।। वेद र शास्त्रका अर्थ जान्ने वर्तमान; भूत एवं भविष्यका घटनालाई आँखाले देखेझैं बताउने तपस्वी भृगु ऋषिका कुरामा राजा सोमकान्तले सन्देह प्रकट गरेका कारण तत्काल तिनका अङ्ग-प्रत्यङ्गबाट अनेक वर्ण र आकारका चराहरू निस्कन थाले । यसरी निस्किएका ती चराहरूले नरपशु राजाको शरीरलाई लुछ्न र खान लागे ।।५०-५१।। उड्दै-उड्दै आएर झम्टिने ती चराहरूले आफ्ना बलिया ठूँडको चुच्चाबाट टोक्न थाले र शरीरबाट मासु चोक्ट्याएर भृगु मुनिका सामु खान थाले ।।५२।। सर्वाङ्गमा भएको वेदनाले आत्तिएका ती राजा सोमकान्त त्यसपछि ज्ञान र तपका सागर भृगुका चरणमा शरणागत भएर दीनवचनद्वारा निवेदन गर्न लागे ।।५३।।

राजाले भने - हे महामुनि! हजुरको यो आश्रम र यसको सेरोफेरोमा रहेका वनमा जन्मजात वैरी प्राणीहरू पनि परस्पर मिलेर रहेका छन् । तिनीहरूमा कोही कसैसँग डराउँदैन । यी चराहरूले भने हजुरकै सामु म कुकर्मले गर्दा ज्यूँदै मरेको मानिसलाई किन मारिरहेका छन् ? हे मुनिवर ! म हजुरको पाउमा परेको छु, दीन-हीन छु, कुष्ठरोगले गलेको छु र अहिले आत्मरक्षाका लागि हजुरका शरणमा आएको छु । सबै प्राणीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वत्पादप्रवणं दीनं सकुष्ठं शरणागतम् ।
इदानीं मोचय मुने सर्वसत्त्वाभयङ्कर ।।५५।।

सूत उवाच

इत्युक्तः पुनरप्याह भृगुस्तं दीनवत्सलः ।
मद्वाक्यसंशयादित्थमनुभूतं नृप ! त्वया ।।५६।।

प्रतीकारं वदिष्यामि स्वस्थो भव क्षणं नृप ।
मम हुङ्कारमात्रेण गमिष्यन्ति द्विजा इमे ।।५७।।

सूत उवाच

द्विजस्य हुङ्कृतिं श्रुत्वा द्विजाश्चान्तर्हितास्तदा ।
तुतोष नृपतिश्चापि पत्न्यमात्यसमन्वितः ।।५८।।
ततो भृगुः क्षणं ध्यात्वा पुनस्तं प्राह भूपतिम् ।
अत्यन्तविह्वलो दुःखं वीक्ष्य तत्पूर्वकर्मजम् ।।५९।।
क्व पापनिकरास्ते तु क्वोपायाः कथिता मया ।
तथाप्येकं ब्रवीमि त्वामुपायमघनाशनम् ।।६०।।
गणेशस्य पुराणं त्वं श्रोष्यसे यदि सत्वरम् ।
तदैव मोक्ष्यसे दुःखसागरान् नात्र संशयः ।।६१।।
इत्युक्त्वा तं गणेशस्य नामाष्टशतमुत्तमम् ।
जप्त्वा जलं मन्त्रयित्वा सिषेच नृपतिं तदा ।।६२।।
सिक्तमात्रे जले तेन तन्नासारन्ध्रतो लघुः ।
कृष्णास्यः प्राप तद्भूमौ ववृधे तत्क्षणादसौ ।।६३।।
सप्ततालप्रमाणोऽभूद् व्यादितास्यो भयङ्करः ।
करालजिह्वो रक्ताक्षो दीर्घबाहुर्जटाधरः ।।६४।।
मुखादुरुवमन् रग्निं क्षणाच्च पूयशोणिते ।
नेत्राणामन्धतां कुर्वन्नन्धकार इवापरः ।।६५।।
आलोक्य दुद्रुवुः सर्वे तदाश्रमनिवासिनः ।
दंष्ट्रारावैर्दशदिशः पूरयन्तं तमद्भुतम् ।।६६।।
अपृच्छत् तं द्विजवरस्तत्समक्षं तु पूरुषम् ।
विद्वानपीति कोसि त्वं नाम ते किं वदस्व मे ।।६७।।
प्रत्युवाच मुनिं तं तु परिपृष्टो द्विजेन सः ।
प्राणिमात्रशरीरस्थो नाम्नाऽहं पापपूरुषः ।।६८।।

कल्याण गर्ने र डर-त्रासबाट रक्षा गर्ने स्वभाव भएका हे मुनिवर ! अहिले यस भयङ्कर आक्रमणबाट मेरो रक्षा गर्नुहोस्।।५४-५५।।

सूतजीले भन्नुभयो- रक्षाका लागि आर्तपुकार गरिरहेका राजा सोमकान्तको प्रार्थनापछि दीनवत्सल महर्षि भृगुले भन्नुभयो- हे राजा ! मेरो वाक्यमा सन्देह गरेका कारण तपाईंले यसरी पक्षीहरूको आक्रमण भोग्नुपर्‍यो । म यिनबाट मुक्त हुने उपाय बताउँछु । तपाइँ निश्चिन्त हुनुहोस् । मेरो हुँकारबाट यी सबै चराहरू यहाँबाट भाग्ने छन् ।।५६-५७।।

सूतजीले भन्नुभयो - भृगु ऋषिले हुँकार गरेपछि त्यो सुनेर ती चराहरू अलप भए । पत्नी र मन्त्रीहरूका साथमा रहेका ती राजा सोमकान्त पनि सन्तुष्ट भए ।।५८।। त्यसपछि राजा सोमकान्तको जन्मान्तरजनित पापबाट उत्पन्न भएको दुःख देखेर व्याकुल भृगु ऋषिले केही बेर ध्यान गरी सोमकान्तप्रति भन्नुभयो - हे राजा ! तपाइँबाट गरिएका ती भयङ्कर पाप कहाँ ? मैले बताएका उपाय कहाँ ? तापनि तपाइँको पाप नाश गर्ने एउटा उपाय बताउँछु ।।५९-६०।। छिटै श्रीगणेशपुराणको श्रवण गर्नुभयो भने तपाइँ तत्काल दुःखको समुद्रबाट मुक्त हुनुहुनेछ । यस कुरामा सन्देह छैन ।।६१।। यसो भनेर भृगु ऋषिले श्रीगणेशका १०८ नाम जपी जललाई अभिमन्त्रित गरेर सोमकान्तको शरीरमा सेचन गर्नुभयो ।।६२।। भृगुले सोमकान्तको शरीरमा जलसेचन गरिसकेपछि सोमकान्तको नाकको प्वालबाट सानो आकारको कालो अनुहार भएको एउटा प्राणी पैदा भयो र तुरुन्तै त्यसको शरीर बढ्न थाल्यो ।।६३।। शरीर बढ्दै जाँदा त्यो प्राणी सातवटा ताडीवृक्षसमान अग्लो भयो । फैलिएको मुख, डरलाग्दो जिब्रो, राता आँखा, लामा हात र शिरमा डरलाग्दो जटा यस्तो आकार-प्रकार भएको, मुखबाट अग्निको ज्वाला, पीप र रगत वमन गर्दै दर्शकका आँखालाई अन्धकारमा पुर्‍याउने त्यो कालो वर्णको प्राणीलाई देखेर आश्रमवासी सबै मानिसहरू डराई यताउति भाग्न थाले । विद्या र तपस्याको बलबाट सबै कुरा जाने तापनि नजानेझैं गरी विद्वान् भृगुले घोर दाह्रा बजाएर भयङ्कर आवाजले दशै दिशा भर्ने त्यस अद्भुत प्राणीसँग तिमी को हौ ? तिम्रो नाम के हो ? मलाई भन भनी सोधे ।।६४-६७।। भृगुद्वारा सोधिएको त्यस प्राणीले भन्यो - हे ऋषि ! प्राणीमात्रको शरीरमा रहने म पापपुरुषका नामबाट चिनिन्छु । तपाइँले श्रीगणेशका मन्त्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वन्मन्त्रजलपातेन निःसृतो राजदेहतः ।
क्षुधातुरो भक्ष्यमीहे देहि मह्यं न चेत् तदा ।।६९।।
भक्षयिष्ये मुने ! लोकान् सोमकान्तं तवाग्रतः ।
वद मे वसतिं रम्यामितो निःसारितस्य च ।।७०।।
ततस्तु बहिरभ्येत्य तमुवाच मुनिः पुनः ।
अस्मिन् रसाले सरले विरसे वस कोटरे ।।७१।।
गलितानि च पत्राणि भक्षयस्व ममाज्ञया ।
नोचेत् त्वां भस्मसात् कुर्यां नानृतं मे वचोऽधम ।।७२।।

सूत उवाच

इति तन्मुनिवाक्यान्ते शुष्कं स वृक्षमस्पृशत् ।
भस्मसादभवद् वृक्षो द्विजास्तत्स्पर्शमात्रतः ।।७३।।
मुनेः सन्दर्शनाद्भीतस्तस्मिन् भस्मन्यलीयत ।
तस्मिन् विलीने स मुनिः सोमकान्तं पुनर्जगौ ।।७४।।

भृगुरुवाच

पुराणश्रवणाद् यत् ते जातं पुण्यं नृपोत्तम ।
अयं यावच्चूततरुरत्र चोत्तिष्ठते पुनः ।।७५।।
तावत्संपादयास्मिंस्तद्भस्मन्येव दिने दिने ।
विवृद्धेऽस्मिंस्तरौ राजन्निष्पापस्त्वं भविष्यसि ।।७६।।

राजोवाच

गणेशस्य पुराणं यन्नदृष्टं न च वै श्रुतम् ।
कुत्र तल्लभ्यते ब्रह्मन् ! व्याकर्ता तस्य वा मुने ।।७७।।

मुनिरुवाच

ब्रह्मणा कथितं पूर्वं वेदव्यासाय धीमते ।
व्यासाच्च विदितं मह्यं पुराणं पापनाशनम् ।।७८।।
अहं ते च प्रवक्ष्यामि तीर्थे स्नानं समाचर ।
श्रोष्ये पुराणमिति च सङ्कल्पं कुरु सुव्रत ।।७९।।

सूत उवाच

भृगुणा नोदितः स्नात्वा भृगुतीर्थेति विश्रुते ।
सोमकान्तो मुदा युक्तस्ततः सङ्कल्पमाचरत् ।।८०।।

अभिमन्त्रित गरेर जलले सेचन गरेपछि राजा सोमकान्तको शरीरबाट म बाहिर आएको छु । मलाई भोक लागेको छ, केही खानेकुरा दिनुहोस् । अन्यथा मैले भर्खरै यी सबै मानिस र यो सोमकान्तलाई तपाईंकै सामु खानेछु। तपाईंले बाहिर निकाल्नुभयो । अब मलाई बस्ने ठाउँको खाँचो छ। त्यो ठाउँ पनि बताउनुहोस् ।।६८-७०।। त्यो कुरा सुनेपछि बाहिर आएर भृगुले पापपुरुषलाई भन्नुभयो - यो सुक्न लागेको आँपको रूख छ, यसको टोड्कामा तिमी बस र रूखबाट भुइँमा झरेका सुकेका पात खाएर निर्वाह गर । यो मेरो आज्ञा हो। अन्यथा मैले तिमीलाई तपोबलबाट खरानी बनाउने छु । हे अधम पुरुष! मेरो वचन मिथ्या हुँदैन ।।७१-७२।।

सूतजीले भन्नुभयो- हे मुनिजन! भृगुऋषिले भन्नुभएको वचन सुनेर पापपुरुषले सुकेको आँपको रूखलाई स्पर्श गर्‍यो। स्पर्श गर्नासाथ त्यो रूख खरानी भयो । त्यो पापपुरुष पनि भृगु ऋषिसँग डराएर त्यही खरानीमा लीन भयो। पापपुरुष खरानीमा लीन भएपछि भृगुले सोमकान्तलाई भन्नुभयो ।।७३-७४।।

भृगुले भन्नुभयो - हे राजन् ! तपाईंले श्रीगणेशको पुराण सुनेपछि त्यसबाट जुन पुण्य पैदा हुन्छ त्यो पुण्य जबसम्म भुइँमा खरानीका रूपमा रहेको रूख जस्ताको तस्तै हुँदैन तबसम्म दिनदिनै समर्पण गरिरहनु पर्दछ। यो वृक्ष बढेर फलफूलले भरिभराउ भएपछि तपाईं पापबाट मुक्त हुनुहुनेछ ।।७५-७६।।

राजाले भने - हे मुनिराज ! मैले श्रीगणेशपुराणको नाम सुनेको थिइनँ, देख्ने कुरै भएन। त्यो पुराण र त्यसलाई राम्ररी व्याख्या गरी सुनाउने विद्वान्को प्राप्ति कहाँ हुनसक्छ ?।।७७।।

भृगुले भन्नुभयो- सर्वप्रथम ब्रह्माले बुद्धिमान् र विद्वान् आफ्ना छोरा व्यासलाई श्रीगणेशपुराण सुनाउनुभएको थियो । मैले पापनाश गर्नमा अमोघ उपाय मानिएको श्रीगणेशपुराण व्यासबाट सुनेको हुँ। म तपाईंलाई श्रीगणेशपुराण सुनाउने छु। भृगुतीर्थमा गएर स्नान गर्नुहोस् र आजदेखि श्रीगणेशपुराण सुन्नेछु भन्ने सङ्कल्प पनि गर्नुहोस् ।।७८-७९।।

सूतजीले भन्नुभयो - भृगुद्वारा अभिप्रेरित एवं प्रसन्न राजा सोमकान्तले भृगुतीर्थमा नुहाएर म आजदेखि दिनदिनै श्रीगणेशपुराण सुन्नेछु भन्ने सङ्कल्प गरे । सङ्कल्पमात्र गर्नाले रगत नभएका ती राजा कृमिहीन एवं घाउ-खटिरा र कीराले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेशस्य पुराणं यत् तच्छ्रोष्येऽद्य प्रभृत्यहम् ।
सङ्कल्पमात्रे तु कृते बभौ राजा निरामयः ।।८१।।
भृगुप्रसादान्नीरक्तः कृमिक्षतविसर्जितः ।
गृहीत्वा तं भृगुरगाद्विस्मितं हर्षितं नृपम् ।।८२।।
उपविश्यासने स्वीयेऽदापयत् तस्य चासनम् ।
उपविष्टो बभाषे तं दिव्यकान्तिर्नृपोत्तमः ।।८३।।

राजोवाच

भवत्प्रसादात्सकला गरिष्ठा
सङ्कल्पमात्रेण गता व्यथा मे ।
आश्चर्यभूतं सकलं वदस्व
पुराणमेतद् द्विरदाननस्य ।।८४।।

भृगुरुवाच

शृणुष्वावहितो भूत्वा तत्पुराणं वदाम्यहम् ।
अनन्तपुण्यनिचयैर्यस्य श्रवणगोचरा ।।८५।।
मतिरुत्पद्यते पुंसां नान्यथा पापकारिणाम् ।
यस्याकर्णनमात्रेण सप्तजन्मार्जितान्यपि ।।८६।।
लघुशुष्कार्द्रस्थूलानि पापानि च महान्त्यपि ।
तत्क्षणाद् विलयं यान्ति गणेशस्य प्रसादतः ।।८७।।
अव्ययस्याऽप्रमेयस्य निर्गुणस्य निराकृतेः ।
मनोवागनिरूप्यस्य केवलानन्दरूपिणः ।।८८।।
यस्य स्वरूपं न विदुर्ब्रह्मेशानादयः सुराः ।
सहस्रवदनो यस्य महिमानं न च क्षमः ।।८९।।
यावद्विशेषविदपि प्रवक्तुं राजसत्तम !
मया यथा श्रुतं पूर्वं तत्पुराणं सुपुण्यदम् ।।९०।।
अतीन्द्रियज्ञानवतो व्यासाच्चाऽमिततेजसः ।
यज्ञविध्वंसशोकार्तो दक्षः शुश्राव मुद्गलात् ।।९१।।
यस्य भक्तिर्दृढा राजन् ! गणेशे सर्वसिद्धिदे ।
स एतच्छृणुयान्नित्यं न वाच्यं तादृशेतरे ।।९२।।

परिपूर्ण शरीरको सट्टा सफा सुन्दर शरीरले शोभायमान पनि भए। त्यसपछि चकित र हर्षित भएका राजालाई साथ लिएर भृगु ऋषि पूजामण्डपमा गए । तिनले आफू व्यासासनमा बसेपछि राजा सोमकान्तलाई पनि बस्ने आसन दिए । भृगु नजिकै आसनमा बसेका दिव्यकान्तिले शोभायमान राजा सोमकान्तले भने ।।८०-८३।।

राजाले भने – हे महर्षि भृगु ! तपाइँको कृपामय प्रेरणाबाट श्रीगणेशपुराणको श्रवण गर्नेछु भन्ने सङ्कल्प गर्नासाथ मेरो सम्पूर्ण शरीरमा व्याप्त गुरुतर वेदना हराएको छ । यस्तो आश्चर्यमय श्रीगणेशपुराण मलाई राम्ररी सुनाउनुहोस् ।।८४।।

भृगुले भन्नुभयो – हे राजा ! तपाइँ सावधान भई श्रीगणेशपुराण सुन्नुहोस् । म सुनाउँछु । अनन्त पुण्यको राशि भएपछि मात्र मानिसका हृदयमा श्रीगणेशपुराण सुन्ने बुद्धि पैदा हुन्छ । पापी मानिसका हृदयमा त्यस्तो बुद्धि पैदा हुँदैन । श्रीगणेशपुराणको श्रवणमात्रले श्रीगणेशका कृपाबाट सात जन्मसम्म गरेका साना-ठूला, पुराना र ताजा सबै प्रकारका पापहरू तत्काल समाप्त हुन्छन् ।।८५-८६।। हे राजन् ! अव्यय, अप्रमेय, निर्गुण, निराकार, मन एवं वाणीद्वारा अगम्य, केवलानन्दस्वरूप जुन श्रीगणेश भगवान् हुनुहुन्छ उहाँको वास्तविक स्वरूपलाई ब्रह्मा, शिव आदि देवताहरू पनि जान्न हुन्न । श्रीगणेशका सम्पूर्ण विशेषता र महिमा जान्ने इन्द्र महाराजले पनि श्रीगणेशको पूर्ण महिमा बताउन सक्नु हुन्न । मैले अतीन्द्रिय-ज्ञानसम्पन्न, अतितेजस्वी भगवान् वेदव्यासका मुखारविन्दबाट पहिले जुन रूपमा पुण्यदायक श्रीगणेशपुराण सुनेको थिएँ त्यसै रूपमा तपाइँलाई पनि सुनाउने छु । यज्ञविध्वंस भएपछि शोक-सन्तप्त दक्षप्रजापतिले पनि यो श्रीगणेशपुराण मुद्गल ऋषिबाट सुनेका थिए ।।८७-९१।। हे राजन् ! सबै प्रकारका सिद्धि प्रदान गर्ने भगवान् श्रीगणेशमा जुन मानिसको दृढ भक्ति हुन्छ त्यसले मात्र यो पुराण सुन्ने अवसर पाउँछ । त्यस्ता मानिसलाई मात्र वक्ताले सुनाउनु पर्दछ । विपरीत स्वभाव भएका नास्तिक मानिसहरूलाई यो पुराण सुनाउनु हुँदैन ।।९२।। यदि सबै मानिसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि सर्वेऽपि कुर्वीरन् विघ्नराजस्य सेवनम् ।
क्व तदा विघ्ननिचया विहरेयुर्यथासुखम् ।।९३।।

दुखान्यनुभवेयुः के नानाविरहजान्युत ।
चकारेदं पुरा व्यासो भूतभव्यभविष्यवित् ।।९४।।

वेदार्थज्ञानरहितान् वेदाध्ययनवर्जितान् ।
वर्णाश्रमाचारशून्यान् जातिसङ्करकारिणः ।।९५।।

कलौ विलोक्य तु जनान् कुटिलान् पापकारिणः ।
अष्टादशपुराणानि कृतवान् धर्मगुप्तये ।।९६।।

तावन्त्युपपुराणानि ततोऽर्थान् बुबुधुर्जनाः ।
तत एव गणेशस्य रूपं जानन्त्यमी जनाः ।।९७।।

सूत उवाच

इत्युक्त्वा भृगुणा सम्यक् पुराणं श्रीगणेशितुः ।
खण्डद्वययुतं तस्मै सोमकान्ताय सादरम् ।।९८।।

श्रावितं सोमकान्तोऽपि श्रुतवान् भक्तिपूर्वकम् ।
वेदव्यासो यथा पूर्वं शुश्राव ब्रह्मणो मुखात् ।।९९।।

विघ्नविनाशक श्रीगणेशको सेवा गर्दछन् भने विघ्नहरू संसारमा कसरी रहन सक्छन् ? फेरि कसले अनेक थरि वियोगबाट उत्पन्न दुःखको अनुभव गर्नु पर्छ ? भूत, वर्तमान र भविष्य जान्ने भगवान् वेदव्यासले यस पुराणको रचना गर्नुभएको हो । भगवान् वेदव्यासले वेदार्थ नजान्ने, वेदको अध्ययन नगर्ने, वर्ण र आश्रमका आचार र विचारको पालन नगर्ने, जातिसङ्कर मानिसहरूको सङ्ख्या बढाउने र कुटिल एवं पापी कलिकालिक मानिसहरूलाई देखेर धर्मको रक्षाका निमित्त १८ महापुराणको रचना गर्नुभयो । त्यस्तै उहाँले १८ उपपुराण पनि बनाउनुभयो । ती महापुराण र उपपुराणहरूबाट मानिसहरूले मानवजीवनको प्रयोजन र कर्तव्यको विषयमा बुझ्ने अवसर प्राप्त गरे । ती सबै पुराण र श्रीगणेशपुराणबाट धेरै मानिसहरूले भगवान् श्रीगणेशको स्वरूप र महिमा बुझ्ने अवसर पनि पाए ।।९३-९७।।

सूतजीले भन्नुभयो – यसरी राजालाई बताएपछि भृगु ऋषिले भगवान् श्रीगणेशको नाममा रचिएको श्रीगणेशपुराण उपासनाखण्ड र क्रीडाखण्डसमेत आदरपूर्वक सोमकान्तराजालाई उपदेश गर्नुभयो ।।९८।। सोमकान्तले पनि पूर्वकालमा वेदव्यासले ब्रह्माको मुखबाट सुनेझैं भृगुद्वारा सुनाइएको श्रीगणेशपुराण भक्तिपूर्वक सुने ।।९९।।

ॐ

इतिश्रीगणेशपुराणान्तर्गते श्रीगणेशमाहात्म्ये भृगु-सोमकान्तसंवादे तृतीयोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराणमाहात्म्यको तेस्रो अध्याय पूर्ण भयो ।।३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थोऽध्यायः { ४ अध्याय }

सूत उवाच

एवं श्रुत्वा कथां नित्यं सोमकान्तो मुनीश्वरात् ।
शुष्काम्रमूले तत्पुण्यं न्यक्षिपज्जलतो नृप : ।।१।।

गते संवत्सरे चूतपल्लवैः कुसुमैः फलैः ।
शुशुभेऽतीवरुचिरः पुराणश्रुतिपुण्यतः ।।२।।

सोमकान्तो दिव्यकान्तिस्त्यक्त्वा कुष्ठभवां रुजम् ।
अक्षतश्चाभवत् पूतिगन्धं त्यक्त्वा सुगन्धवान् ।।३।।

निःखेदः सुरभेर्गन्धाद् दशदिक्षु प्रसारिणः ।
दिव्यदेहं सूर्यकान्तिं कोटिचन्द्रनिभं नृपम् ।।४।।

दृष्ट्वा विसिस्मिरे लोकाः कथमीदृक् च तादृशः ।
गणेशाख्यपुराणस्य महिम्ना दोषहारिणा ।।५।।

भृगुरुवाच

सिद्धिस्ते नृपशार्दूल ! पुराणश्रवणादभूत् ।
व्रजेदानी निजं पुत्रं सामात्यं जनमेव च ।।६।।

चिरोत्कण्ठं वर्षमध्ये दृष्ट्वा हर्षमवाप्स्यसि ।

सूत उवाच

एवमाकर्ण्य तद्वाक्यं पादयोर्न्यपतन्मुनेः ।।७।।

आनन्दार्णवमग्नः स सोमकान्तोऽवदद् भृगुम् ।

राजोवाच

अद्भुतस्तपसस्तेऽद्य महिमैक्षि मया मुने ।।८।।

पुराणश्रवणस्यापि येनाहं पतितोऽपि च ।
गलत्कुष्ठी दिव्यदेहो जातो माता पिता मम ।।९।।

सूतजीले भन्नुभयो – हे शौनक आदि ऋषिसमूह ! यसरी दिनदिनै भृगु मुनिबाट पवित्र कथा सुनेर प्रसन्न भएका सोमकान्तले सुकेको आँपको फेंदमा जल चढाउँदै आफूले कमाएको पुण्य समर्पण गरे।।१।। एक वर्ष बितेपछि त्यो आँपको वृक्ष पालुवा, फूल र फलले अत्यन्त रमणीय देखियो । राजा सोमकान्तले श्रीगणेशपुराण श्रवण गरेको पुण्यबाट सुकेको वृक्ष त्यसबेला अत्यन्त रमणीय रूपमा सबैका दृष्टिपथमा चमत्कार–जनक बनेर सुहाएको थियो।।२।। त्यस पुण्यका कारण सोमकान्त पनि कुष्ठरोगलाई निराकरण गरी दिव्य कान्तिद्वारा शोभायमान भए । तिनका शरीरबाट प्रवाहित हुने दुर्गन्ध हरायो र सुगन्धको प्रसार हुनथाल्यो ।।३।। तिनको शरीरबाट प्रवाहित र दशै दिशामा प्रसारित सुगन्धबाट मानिस र प्राणीहरू आनन्दित भए । त्यस्ता रोगी, दुर्गन्धित एवं घृणित राजा सोमकान्तलाई करोडौं चन्द्रसमान सुन्दर र सूर्यसमान तेजस्वी एवं दिव्य देहले सम्पन्न देखेर मानिसहरू अचम्म परे र श्रीगणेश पुराणको पापनाशक महिमाकै प्रतापबाट आज सोमकान्त राजा यति भव्य र दिव्य देखिएका हुन् भन्ने अनुमान गरे ।।४–५।।

भृगुले भन्नुभयो – हे सोमकान्त ! हे उत्तम राजा ! तपाइँले श्रीगणेश पुराणश्रवण गरेका कारण सिद्धि प्राप्त गर्नुभएको छ । अब तपाइँ आफ्ना मन्त्रीहरू र पारिवारिक मानिसहरूका साथ रहेका छोरासामु जानुहोस् ।।६।। ती छोरा तपाइँको दर्शनका लागि अत्यन्त उत्कण्ठित छन् । तिनको दर्शन गरेर तपाइँले पनि हर्ष र आनन्द प्राप्त गर्नुहुनेछ ।

सूतजीले भन्नुभयो – सोमकान्तले राजा भृगु ऋषिका उक्त वचन सुनेर अत्यन्त हर्षित भई आनन्दको सागरमा गोता लगाउँदै मुनिको पाउमा प्रणाम गरी हात जोडेर कृतज्ञता व्यक्त गरे ।

सोमकान्तले भने – हे ऋषिवर ! आज मैले हजुरको तपस्याको अद्भुत महिमा देख्ने अवसर पाएँ ।।७–८।। मैले श्रीगणेशपुराणको विचित्र महिमा पनि अनुभव गरें । मजस्तो पतितको पनि पुराण श्रवणबाट उद्धार भएको छ । मेरो शरीरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्य देहस्य निर्माता त्वमेव मुनिसत्तम ।
नीरसश्चूतवृक्षोऽपि फलपुष्पयुतोऽभवत् ।।१०।।

त्यक्तुं नेच्छाम्यतोऽहं त्वां किं मे पुत्रजनैर्भवेत् ।
एवं निशम्य तद्वाक्यं भृगुः पुनरथाऽब्रवीत् ।।११।।

भृगुरुवाच

जन्मान्तरीयपुण्येन पुराणश्रवणं तव ।
सञ्जातं मन्मुखाद् धन्यं दुरितं येन तेऽनशत् ।।१२।।

गणेशस्य पुराणस्य महिमा केन वर्ण्यते ।
न मां विस्मर गच्छ त्वं जनेश ! नगरं निजम् ।।१३।।

एवं तयोः संवदतोस्तेजसा ज्वलदद्भुतम् ।
विमानं ददृशे ताभ्यां सूर्यकोटिनिभं महत् ।।१४।।

भृगुरुवाच

त्वदर्थं यानमायातमिदं नृप ! महाद्भुतम् ।
इदमारुह्य गच्छ त्वं गणनाथस्य सन्निधिम् ।।१५।।

न प्राप्नुवन्त्यनुष्ठानाद् विमानं यन्मुनीश्वराः ।
तत्पुराणश्रवाद् राजँस्त्वया प्राप्तं गणेश्वरात् ।।१६।।

विमानं वदतोरेवं भूमण्डलमगात् क्षणात् ।
विनायकगणैर्युक्तं चतुर्बाहुविराजितैः ।।१७।।

मुकुटाङ्गदहारादिभूषणैरुपशोभितैः ।
दिव्यचन्दनवस्त्रादिपद्मपरशुशोभिभिः ।।१८।।

नृत्यत्किन्नरकन्याभिर्मृदङ्गतालपाणिभिः ।
किन्नरैर्गायनैर्युक्तं दृष्ट्वा राजाऽब्रवीत्पुनः ।।१९।।

राजोवाच

श्रुतासीद् बहुधा वार्ता विमानानां मुनीश्वर !
तद् दृष्टं पुरतो ब्रह्मन् ! तपोवीर्यबलात् तव ।।२०।।

कुष्ठरोग थियो, म दुर्गन्धित थिएँ । आज म दिव्य शरीरले शोभायमान भएको छु । हजुर नै आज मेरा लागि माता-पिता हुनुभएको छ । किनकि यस दिव्य शरीरको निर्माता हजुर नै हुनुहुन्छ । हजुरको कृपाबाट श्रीगणेशपुराण श्रवण गरी पुण्यदान गर्दा आज सुकेको आँपको रूख हरियो भएको छ । त्यसमा सुन्दर पालुवा, फूल र फल लागेका छन् । मलाई नरकबाट उद्धार गरी यस रूपमा ल्याउनुहुने हजुरलाई छोडेर म कहाँ जाऊ ? म हजुरको पाउको आश्रय छोड्न चाहन्न । मेरा छोरा, मित्र र सेवकबाट मैले के पाउन सक्छु र ? राजाका यी कुरा सुनेर मुनि भृगुले संझाउनुभयो ।।९-११।।

भृगुले भन्नुभयो - हे राजन्! जन्म-जन्मान्तरका पुण्यले गर्दा तपाईँले आज मेरा मुखबाट श्रीगणेशपुराण श्रवणको अवसर पाउनुभएको हो। श्रीगणेशपुराण धन्य छ र तपाइँ पनि धन्य हुनुभएको छ । किनभने पुराणश्रवणबाट तपाईँका पापराशि डढेर खरानी भएका छन्।।१२।। श्रीगणेशको महिमा र श्रीगणेशपुराणको महिमा कसले बयान गरेर सक्छ ? हे राजा! तपाईँले मलाई बिर्सनु हुनेछैन । तपाइँ त अरूको कल्याणका लागि आफ्नो नगरमा जानुपर्छ । यसरी भृगु ऋषि र सोमकान्तको बीचमा संवाद भइरहेको बेला ती दुवैले एउटा तेजोमय करोडौं सूर्यको कान्ति भएको विमान आइरहेको देखे ।।१३-१४।।

भृगुले भन्नुभयो - हे राजा ! तपाइँका लागि अद्भुत विमान आइसकेको छ । तपाइँ त्यसमा सवार भएर भगवान् श्रीगणेशको धाममा जानुहोस् । ठूला-ठूला ऋषिमुनिहरूले हजारौं वर्षसम्म तपस्या गरेर पनि जुन विमानको दर्शन पाउँदैनन्, त्यसको दर्शन तपाइँले श्रीगणेशपुराणको श्रवणको पुण्यबाट पाउनुभएको छ । यसरी कुरा गरिरहेकै समयमा ती दुबैका सामु विमान आई भुइँमा ओर्लियो । चतुर्बाहु, मुकुट, केयूर आदि अलङ्कारद्वारा अलङ्कृत, दिव्य चन्दन, वस्त्र, कमल आदि सुन्दर पदार्थहरूद्वारा सुशोभित; हातमा मादल एवं ताल धारण गर्ने, सुन्दरीहरूको नृत्यले आह्लादक; किन्नरहरूको गायनद्वारा मनोहर; श्रीगणेशका गणहरूद्वारा सञ्चालित विमानलाई देखेर सोमकान्तले जिज्ञासा व्यक्त गरे ।।१५-१९।।

सोमकान्तले भने- हे मुनिश्रेष्ठ ! विमानहरूका विषयमा धेरै पटक कुरा सुनेको थिएँ । अहिले तपाइँको तपस्याको शक्तिबाट आफ्नै सामु विमान हेर्न पाएँ । धेरैपटक धेरैका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिमा श्रूयते कर्णैर्बहुधा बहुवक्त्रतः ।
अनुभूतो मया सोऽपि पुराणश्रवणात् तव ।।२१।।

एवं ब्रुवति भूपे तु दूता उत्तीर्य यानतः ।
प्रणिपत्याखिलाः प्रोचुः सोमकान्तं नृपं तदा ।।२२।।

परात्परेण देवेन तव पुण्यात् स्मृतिः कृता ।
गजाननेन शुद्धात्मन् ! पुराणश्रवणादिना ।।२३।।

वयं दूता आज्ञयाऽस्य विमानेन समागताः ।
नेतुं त्वां पुण्यकीर्तिञ्च याहि लोकमनुत्तमम् ।।२४।।

तद्दर्शनाज्जन्ममृतेर्मुक्तस्तत्सन्निधिं गतः ।
सुखमात्यन्तिकं तत्र प्राप्स्यसे तत्प्रसादतः ।।२५।।

निशम्य दूतवाक्यं तद् देहातीत इवाभवत् ।
रोमाञ्चाञ्चितसर्वाङ्गः प्राह गद्गदया गिरा ।।२६।।

परात्परेण देवेन चराचरकृताऽमुना ।
निर्गुणेन गुणक्षोभकारिणा विश्वयोनिना ।।२७।।

दीननाथेन भो दूताः स्मृतोऽहं कृपयाऽनघाः ।
ब्रह्माद्या न विदुर्यं हि ध्यात्वा च सनकादयः ।।२८।।

अनन्तगुणपूर्णः सोऽप्रेषयद् यानमुत्तमम् ।
नानावतारवान् नानारूपी परममायिकः ।।२९।।

तेन मे स्मरणं कस्मात् कृतमाश्चर्यकारकम् ।
एवमुक्त्वा नमस्कृत्य भृगुं तं प्राह भूमिपः ।।३०।।

आज्ञया ते गमिष्यामि दूतैः सह विमानगः ।
प्रसादात् ते च देवस्य न मां विस्मर्तुमर्हसि ।।३१।।

मुखबाट विमानको महिमा सुनिन्छ । तपाइँका मुखबाट पुराण सुनेपछि मैले भगवान् श्रीगणेश, उहाँका गण र ती गणद्वारा सञ्चालित विमानलाई प्रत्यक्ष अनुभव गर्न पाएँ ।।२०-२१।। यसरी राजाले भनिरहेकै समयमा दूतहरू विमानबाट ओर्लेर तिनीहरू भएको ठाउँमा आई नमस्कार गरेर सोमकान्त राजालाई भने- हे राजा! परब्रह्मस्वरूप भगवान् श्रीगणेशले तपाइँले गरेको पुण्यका कारण तपाइँलाई संझनु भएको छ किनकि तपाइँले श्रीगणेशपुराणको विधिपूर्वक श्रवण गर्नुभएको छ । हामी त भगवान् श्रीगणेशका दूत हौं। उहाँको आज्ञाले विमान लिएर तपाइँका समीपमा आएका छौं । हाम्रो आगमनको उद्देश्य पुण्यकीर्ति बन्नुभएका तपाइँलाई विमानमा सवार गराई श्रीगणेशधाममा पुऱ्याउनु हो । अब हिंड्नुहोस् र विमानमा सवार हुनुहोस्।।२२-२४।। त्यहाँबाट तपाइँ पवित्र श्रीगणेशधाममा पुग्नुहुनेछ । भगवान् श्रीगणेशको दर्शन पाएपछि तपाइँ जन्म र मृत्युको चक्रबाट मुक्त हुनुहुनेछ । उहाँको नित्य दर्शन र कृपाका कारण तपाइँले संसारमा कहीं नपाइने अत्यन्त उत्तम आत्माको सुख पाउनुहुनेछ ।।२५।। दूतहरूका ती कुरा सुनेर सम्पूर्ण शरीरमा रोमाञ्च अनुभव गर्ने राजा भावावेशमा पुगे र आफैलाई बिर्सेजस्ता भए । प्रसन्नताले सीमा नाघ्यो । केही होशमा आएर उनले गद्गद् वाणीबाट भने - हे निष्पाप दूत हो! सम्पूर्ण चराचरका सृष्टिकर्ता, निर्गुण, गुणहरूमा क्षोभ उत्पन्न गर्ने, विश्वयोनि, दीन-दुःखीहरूका स्वामी, परब्रह्मस्वरूप भगवान् श्रीगणेशले आज मलाई संझनुभयो । ब्रह्मा आदि देवता र सनक आदि महर्षिहरूले दीर्घकालसम्म ध्यान गर्दा पनि जसको दर्शन पाउन सक्दैनन्, त्यस्ता अनन्त गुणका खानी भगवान् श्रीगणेशले आज मेरा लागि उत्तम यान पठाउनुभयो । भगवान् श्रीगणेश अनेक अवतार लिन सक्नुहुन्छ, अनेकथरि रूप धारण गर्नुहुन्छ, मायालाई वशमा राख्ने ठूला मायावी हुनुहुन्छ । त्यस्ता देवताले पनि मजस्तो साधारण मानिसलाई कसरी संझिनुभयो? मलाई अचम्म लागिरहेको छ। यसरी आफ्ना मनका भावनाहरू पोखेर भृगु ऋषिलाई प्रणाम गर्दै राजा सोमकान्तले निवेदन गरे- हे गुरुदेव! हजुरले आज्ञा दिनुहोस् म अब दूतहरूका साथमा विमानमा सवार भई श्रीगणेशधाम जानेछु। यसो हुनुमा हजुरको र भगवान् श्रीगणेशको समान रूपमा कृपा र आशीर्वाद भएको छ। हे गुरुदेव! मलाई हजुरले बिर्सनु हुनेछैन ।।२६-३१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच

निशम्य गदितं तस्य भृगुः सम्भ्रमविह्वलः ।
आनन्दाश्रुः सरोमाञ्चः कण्ठे धृत्वा नृपस्य सः ।।३२।।

प्राहाहं नृपते ! विप्रो भाग्यवाँस्त्वं महाफलः ।
गणेशपुरगो भूत्वा न मां विस्मर कर्हिचित् ।।३३।।

एवमुक्त्वा बहिर्यातौ धृत्वा हस्तावुभावपि ।
नमस्कृत्य विमानं तन्नृपो मुनिवरञ्च तम् ।।३४।।

आरुहत् परमप्रीतो दूतवाक्यात् त्वरान्वितः ।
द्वावमात्यौ सुधर्मा च रुरुहुर्यानमुत्तमम् ।।३५।।

ततो दूताश्च वाद्यानां घोषैर्व्याप्तं दिगन्तरम् ।
विमानशोभां वीक्ष्यैव सोमकान्तो ननन्द ह ।।३६।।

जन्मान्तरीयपुण्येन प्राप्तमेतदमन्यत ।
ततोऽस्मिन् पश्यति भृगौ विमानं यातमम्बरे ।।३७।।

सर्वोत्तमपदं प्राप्तं मर्त्यदेहेन वीक्ष्य च ।
विस्मयं परमं प्राप नत्वा दूतान् ययौ पदम् ।।३८।।

सूतजीले भन्नुभयो – राजा सोमकान्तले भनेको सुनेर भृगु ऋषिलाई कस्तो कस्तो लाग्यो । विरहको क्षण संझिँदा विह्वल हुनुभयो । एउटा मानिसको उद्धार गर्न पाउँदा हर्ष पनि भयो। हर्षका आँसु बगे, शरीरमा रोमाञ्च छुट्यो । राजालाई अङ्कमाल गर्दै उहाँले भन्नुभयो – हे राजा ! आज मैले आफूलाई भाग्यशाली ब्राह्मणको रूपमा पाएको छु । तपाईंले पनि ठूलो फल प्राप्त गर्नुभएको छ । श्रीगणेशको धाममा पुगेपछि कहिल्यै पनि मलाई नबिर्सनुहोला । यसरी आपसमा कुरा गर्दै ती दुबै आश्रमदेखि बाहिर आए । दुबैले एक–अर्काका हातमा समातेर रहे । त्यसपछि राजा सोमकान्तले विमानलाई र मुनिलाई पनि प्रणाम गरे । श्रीगणेशका दूतहरूको आज्ञा पाएर सोमकान्त प्रसन्न भई शीघ्रतापूर्वक विमानमा सवार भए । सोमकान्तका साथमा उनका दुई मन्त्री र उनकी पत्नी सुधर्मासमेत विमानमा सवार भए ।।३२–३५।। त्यसपछि श्रीगणेशका दूतहरू पनि सवार भए । त्यस बेला वाद्यघोष भयो। त्यसले चारै दिशा ढाक्यो । विमानको शोभा विचित्र थियो । त्यो देखेर सोमकान्त अत्यन्त खुसी भए। मैले जन्मजन्मान्तरका पुण्यबाट यो विमानमा आरोहण गर्ने अवसर प्राप्त गरें भन्ने विचार गरे । त्यसपछि भृगु ऋषिले हेर्दाहेर्दै त्यो विमान आकाशमा उड्न थाल्यो ।।३६–३७।। मानिसकै शरीरबाट पनि यसरी श्रीगणेशको कृपा भई विमानमा आरोहण गरेर श्रीगणेशधाम जानसकिंदो रहेछ भन्ने कुरा प्रत्यक्ष दर्शन गर्नका पाउनुभएका भृगुले ठूलो आश्चर्य मान्नुभयो । त्यसपछि भृगु ऋषि ती दूतहरूलाई नमस्कार गरी आफ्नो आश्रमभित्र प्रवेश गर्नुभयो ।।३८।।

ॐ

इतिश्रीगणेशपुराणान्तर्गते श्रीगणेशमाहात्म्ये सूत-शौनकादिसंवादे चतुर्थोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराणमाहात्म्यको चौथो अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चमोऽध्यायः

सूत उवाच

जन्ममृती न च स्यातां पुराणस्यास्य संश्रयात् ।
एकशो बहुशश्चेत् स्याद् यद्यस्य श्रवणं द्विजा : ।।१।।

न शक्नुतामलं वक्तुं शेषपद्मासनावपि ।
यो ददाति कुरुक्षेत्रे सोमसूर्यग्रहे नरः ।।२।।

हेमभारसहस्त्राणि विप्रेभ्यो भक्तिभावतः ।
तदस्य श्रवणात् पुण्यं प्राप्नुयाद् भक्तिमान् नरः ।।३।।

यज्ञानां साङ्गजातानां सर्वेषां दक्षिणावताम् ।
फलं कस्तुलयामास पुराणश्रवणस्य च ।।४।।

पुराणश्रवणस्यास्य पुण्यं तस्माद् विशेषवत् ।
व्रतानां जलदानानां तत्र का गणना मता ।।५।।

कोटिकन्याप्रदानानां गोदानानां सहस्त्रशः ।
तत्पुण्यं कोटिगुणितं श्रवणादस्य जायते ।।६।।

चतुर्णामपि वेदानां साङ्गानां पठनात् सदा ।
शास्त्राणां व्याकृतेर्वापि सदा सत्सेवनादपि ।।७।।

तत्पुण्यं कोटिगुणितं तदस्य श्रवणाद् भवेत् ।
भारतस्य पुराणस्य सम्पूर्णस्य श्रवादपि ।
यत् पुण्यं कोटिगुणितं तदस्य श्रवणाद् भवेत् ।।८।।

यस्य गेहे गणेशस्य पुराणं लिखितं भवेत् ।
न तत्र राक्षसा भूताः प्रेताश्च पूतनादयः ।।९।।

ग्रहा बालग्रहा नैव पीडां कुर्वन्ति कर्हिचित् ।
तद् गृहं हि गणेशेन रक्ष्यते सर्वदा स्वयम् ।।१०।।

इदं पुराणं शृणुयात् पूजयेद् वा समाहितः ।
तस्य दर्शनतः पूता भवन्ति पतिता नराः ।।११।।

ब्रह्मादीनां मुनीनां स मान्यो भवति मानवः ।
क्रुद्धो दहेत् स भुवनं तुष्टो दद्यान्महत् पदम् ।।१२।।

{ ५ अध्याय }

सूतजीले भन्नुभयो – हे शौनक आदि ऋषिवृन्द ! श्रीगणेशपुराणको आश्रय लिने साधकको फेरि जन्म र मृत्यु हुँदैन । एक पटक र अनेक पटक श्रीगणेशपुराणको श्रवण गर्ने साधकको महिमा बताउन शेषनाग र ब्रह्मा पनि समर्थ हुँदैनन् । जसले कुरुक्षेत्रमा गई चन्द्रग्रहण र सूर्यग्रहणका अवसरमा ब्राह्मणहरूलाई भक्ति-पूर्वक एक हजार भारी सुनदान गर्दछ, त्यसले प्राप्त गर्ने पुण्य श्रीगणेशपुराणको श्रवणबाट साधकले प्राप्त गर्न सक्दछ ।।१-३।। दक्षिणा आदिसहित साङ्गोपाङ्ग यज्ञ सम्पन्न गर्दा प्राप्त हुने फल र श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुने फलसँगै राखेर एक दिन ब्रह्माले तुलामा जोख्ने काम गर्नुभयो । त्यस बेला श्रीगणेशपुराण सुनेको फल भारी भएको थियो । व्रतसम्पादन र जलदानबाट प्राप्त हुने फलको श्रीगणेशपुराणको श्रवणको फलसँग दाँजिने सम्भावना नै छैन अर्थात् तिनको कुनै गणना नै हुँदैन। कोटि-कन्यादान गरेको जुन फल र हजार गाई दान गरेको जुन फल हुन्छ, त्यसको कोटिगुना फल श्रीगणेशपुराणको श्रवण गर्दा प्राप्त हुन्छ ।।४-६।। अङ्गसहित चारै वेदको निरन्तर पाठ, अध्ययन र व्याख्याको फल एवं सदा सत्सङ्ग गर्दा प्राप्त हुने फलभन्दा पनि करोडौं गुना धेरै फल श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुन्छ। महाभारत र सम्पूर्ण पुराणहरूको श्रवण गर्नाले जुन पुण्य प्राप्त हुन्छ त्योभन्दा करोडौं गुना धेरै फल श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुन्छ ।।७-८।। जसका घरमा श्रीगणेशपुराणका पाण्डुलिपि अथवा पुस्तक रहेका हुन्छन् त्यहाँ राक्षस, भूत, प्रेत, पूतना आदि बालघाती राक्षस एवं राक्षसी, ग्रह र बालग्रहले कुनै समयमा पनि पीडा दिंदैनन् । वास्तवमा श्रीगणेशले त्यस घरको स्वयं रक्षा गर्नुहुन्छ। सावधान, धीर, संयमित र अचल भएर जसले श्रीगणेशपुराणको श्रवण गर्दछ, त्यस मानिसको दर्शनबाट पतित मानिसहरू पनि पवित्र हुन आउँछन् ।।९-११।। श्रीगणेशपुराणको श्रवण गर्ने श्रोता, ब्रह्मा आदि देवता र मुनिहरूको पनि आदरणीय पुरुष बन्दछ । श्रीगणेशपुराणको पुण्यवान् श्रोता रिसाएमा त्यसले सम्पूर्ण भुवनहरूमा आगो लगाउन सक्छ । त्यो प्रसन्न भयो भने इन्द्र आदि पद पनि प्रदान गर्नसक्छ।।१२।। मानिसले दिनदिनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टसिद्धीः समाप्नोति श्रवणात् प्रत्यहं नरः ।
न दारिद्र्यं समाप्नोति न सङ्कष्टं नरः क्वचित् ।।१३।।

ईप्सितं समवाप्नोति पद्मादींश्च निधीनपि ।
कल्पद्रुमः कामधेनुर्निधिश्चिन्तामणिस्तथा ।।१४।।

तस्य वश्यत्वमभ्येति सोऽपि वन्द्यो भवत्यपि ।
जारणं मारणं स्तम्भ उच्चाटनमथापि च ।।१५।।

अस्य स्मरणमात्रेण निरस्तं स्यात् क्षणेन ह ।
गणेशनिकटे स्थित्वा पुराणं शृणुयान् नरः ।।१६।।

महापापाद् विनिर्मुक्तः स्त्रीबालहत्ययापि च ।
सान्निध्यमाप्नुयादन्ते गणेशस्य न संशयः ।।१७।।

शूद्रोऽपि मध्ये संस्थाप्य ब्राह्मणान् शृणुयादिदम् ।
क्रमेण लभते वर्णान् वैश्यक्षत्रद्विजाह्वयान् ।।१८।।

नित्यनैमित्तकर्मभ्यश्च्युतो यः शृणुयादिदम् ।
कर्मसाद्गुण्यमाप्नोति गणेशस्य प्रसादतः ।।१९।।

भाद्रशुक्लचतुर्थ्यां यः कृत्वा मूर्तिं महीमयीम् ।
मण्डपे तोरणे रम्ये सम्पूज्य परमादरात् ।।२०।।

पुराणं शृणुयात् सद्यस्तस्य तुष्टो विनायकः ।
ददाति निखिलान् कामानन्ते मोक्षञ्च विघ्नपः ।।२१।।

स्तोत्राण्यत्र च यावन्ति तावन्ति प्रत्यहं नरः ।
पठते यदि यो भक्त्या स सिद्धः स्यान्न संशयः ।।२२।।

असाध्यमपि यत् किञ्चित् तेषां पाठाल्लभेन्नरः ।
अनुष्ठानविधानेन मासमात्रं जपेत् तु यः ।।२३।।

ब्राह्मणान् भोजयेद् भक्त्या सोऽपि तन्मयतामियात्।

श्रद्धापूर्वक श्रीगणेशपुराणको श्रवण गर्दछ भने त्यसले अणिमा, महिमा, गरिमा आदि आठ प्रकारका सिद्धि प्राप्त गर्न सक्छ । त्यस मानिसले दरिद्रता भोग्नुपर्दैन र कहीं पनि त्यसले सङ्कट व्यहोर्नु पर्दैन ।।१३।। त्यसले मनले चिताएको विषयभोग र पद्म आदि निधि पनि प्राप्त गर्दछ । कल्पवृक्ष, कामधेनु र चिन्तामणिजस्ता चिताएका फल दिने र पुऱ्याउने विषय त्यसका वशमा आउँछन् र त्यो आफै पनि सबैको वन्दनीय बन्दछ । श्रीगणेशपुराणको श्रवण गर्नाले अग्निदाह, मृत्यु, स्तम्भन, उच्चाटन–जस्ता विपत्तिहरू एक क्षणमा नाश भएर जान्छन् । भगवान् श्रीगणेशको मन्दिर र प्रतिमाको नजिकै रहेर श्रीगणेशपुराण श्रवण गर्ने मानिस महापाप, स्त्रीहत्या एवं बालहत्याको पापबाट पनि मुक्त हुन्छ । अन्तमा त्यसले भगवान् श्रीगणेशको सान्निध्यमा बस्ने सौभाग्य प्राप्त गर्दछ । यसमा कुनै सन्देह छैन ।।१४–१७।। शूद्र जातिको मानिसले पनि माझमा ब्राह्मणलाई राखी श्रीगणेश–पुराणको श्रवण गरोस्। यसो गर्दा त्यसले क्रमैसँग वैश्य, क्षत्रिय एवं ब्राह्मणवर्णमा जन्म लिने सौभाग्य प्राप्त गर्दछ। नित्य कर्म र नैमित्तिक कर्मबाट चुकेको मानिसले यदि श्रीगणेशपुराण श्रवण गर्दछ भने त्यसले श्रीगणेशको कृपाद्वारा उत्तम फलभोग गर्न पाउँछ र कर्मच्युतिबाट भएको दोषलाई पन्छाउँछ।।१८–१९।। भाद्र महिनाको शुक्लपक्षको चतुर्थी तिथिमा जसले भगवान् श्रीगणेशको पार्थिव प्रतिमा तयार गरी मण्डपमा र रमणीय द्वारमा समेत परम आदरका साथ पूजा गरी पुराण श्रवण गर्दछ भने भगवान् श्रीगणेश त्यसमाथि तुरुन्तै प्रसन्न हुनुहुन्छ। प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले त्यस भक्तका सम्पूर्ण इच्छाहरू परिपूर्ण तुल्याइदिनुहुन्छ । अन्तमा भगवान् श्रीगणेशले त्यसलाई मोक्षको धाम पनि प्रदान गर्नुहुन्छ । श्रीगणेशपुराणभित्र जति स्तोत्रहरू छन्, ती सबैको दिनदिनै पाठ गर्ने साधक सिद्धपुरुष बन्दछ । यसमा कुनै सन्देह छैन ।।२०–२२।। संसारमा असाध्य मानिएको जुनसुकै विषय भए पनि त्यो श्रीगणेशका स्तोत्रहरूको पाठबाट प्राप्त हुन्छ । अनुष्ठानविधि अँगालेर जसले एक महिनासम्म श्रीगणेशका स्तोत्रहरूको पाठ एवं श्रीगणेशका मन्त्रहरूको जप गर्दछन् र भक्तिपूर्वक ब्रह्मभोजन गराउँछन्, ती साधकहरू पनि श्रीगणेशमा तन्मय हुन्छन् अर्थात् श्रीगणेशमय बन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषय ऊचुः

कथमस्य श्रवात् पुण्यं केन प्राप्तं पुराऽनघ ।।२४।।

तन्नः शंस महाभाग ! पृच्छतां सूतनन्दन !

सूत उवाच

शृण्वन्तु मुनयः पूर्वं कश्चिन्मूकोऽभवन्मुनिः ।।२५।।

ब्रह्मलोकं गतोऽकस्माल्लोमशोऽपि यदृच्छया ।
नमस्कृत्य च लोकेशमुपविष्टस्तदाज्ञया ।।२६।।

पूजितः परया भक्त्या लोमशोऽथाऽब्रवीद् विधिम् ।

लोमश उवाच

व्यासाय कथितं देव ! पुराणं पुण्यवर्द्धनम् ।।२७।।
गणेशस्य महाभाग ! तन्मे वक्तुमिहार्हसि ।

ब्रह्मोवाच

शृणु लोमश ! यत्नेन सर्वपापहरं शुभम् ।।२८।।

पुराणं हि गणेशस्य काममोक्षप्रदं नृणाम् ।

सूत उवाच

ततः स कथयामास ब्रह्मा स्वीयेन यामतः ।।२९।।

लोमशाय गणेशस्य पुराणं काममोक्षदम् ।
मूकेन नादलुब्धेन श्रुतं भक्त्याऽखिलं तु तत् ।।३०।।

ततः स वागीश्वरवत् प्रोवाच भारतीं मुनिः ।
अधीत्य पाठतः कृत्वा श्रावयामास चेतरान् ।।३१।।

भुक्त्वा भोगान् यथाकामान् पुत्रान् पौत्रानवाप्य च।
अन्ते जगाम परमं धाम गाणेश्वरं शुभम् ।।३२।।

पुनः शृण्वन्तु मुनय इतिहासं पुरातनम् ।
इक्ष्वाकुकुलसम्भूतो राजा शुद्धात्मकः शुचिः ।।३३।।

यज्वा दानप्रदो नित्यं स्वाध्यायपरमोऽरिहा ।
आख्याता सर्वधर्माणां प्रजानां पालने रतः ।
षष्ठांशभागी लोकानां मान्यः प्रियतरोऽपि च ।।३४।।

शौनक आदि ऋषिहरूले भने – हे निष्पाप महाभाग! श्रीगणेशपुराणको श्रवणबाट के कस्ता पुण्य प्राप्त हुन्छन् र ती पुण्य क-कसले प्राप्त गरे ? हाम्रा प्रश्नहरूको उत्तर दिनुहोस्? हामी श्रद्धापूर्वक श्रवण गरिरहेका छौं ।

सूतजीले भन्नुभयो– हे शौनक आदि ऋषिवृन्द ! प्राचीन समयमा कुनै एक मूकनामक लाटा मुनि थिए ।।२३-२५।। एक दिन ती अकस्मात् ब्रह्माको दर्शन गर्न ब्रह्मलोकमा पुगेका थिए। ती त्यहाँ गएको बेला घुम्दैघुम्दै लोमश ऋषि पनि ब्रह्माको धाममा आइपुगे । लोमश ऋषिले ब्रह्मालाई प्रणाम गरेपछि ब्रह्माको आज्ञाअनुसार ती ब्रह्माका सामु आसनमा बसे ।।२६।। ब्रह्माले भक्तिका साथ लोमशको सम्मान गर्नुभयो। लोमशले ब्रह्मासँग निवेदन गरे ।

लोमशले भने- हे पितामह ! हजुरले महामुनि व्यासलाई जुन श्रीगणेशपुराण सुनाउनुभयो त्यो पुराण कृपया मलाई पनि सुनाउनुहोस् ।

ब्रह्माजीले भन्नुभयो - हे लोमश ! सम्पूर्ण पापनाशक, मङ्गलदायक, काम र मोक्ष प्रदान गर्ने श्रीगणेशपुराण प्रयत्नपूर्वक तिमीले श्रवण गर ।

सूतजीले भन्नुभयो - त्यसपछि ब्रह्माले आफ्नो प्रहरार्धमा लोमश ऋषिलाई काम र मोक्ष प्रदान गर्ने श्रीगणेशपुराण सुनाउनुभयो । त्यस बेला त्यहीं बसिरहेका लाटा मुनि मूकले पुराणको कथा नबुझे पनि श्लोक उच्चारण गरेको ध्वनि कानमा पर्दा अत्यन्त आनन्दित हुँदै भक्तिपूर्वक श्रीगणेशपुराण श्रवण गरे ।।२७-३०।। श्रीगणेशपुराणको श्रवण गरेको पुण्यले ती लाटा ऋषि बृहस्पतिझैं बोल्नसक्ने वाणीका स्वामी बने । तिनले आफै श्रीगणेशपुराण पढे र कण्ठस्थ गराए । पछिबाट आफूले पढेको र कण्ठस्थ गराएको श्रीगणेशपुराणलाई आँखा चिम्लेर जस्ताको तस्तै अरूलाई सुनाउन सक्ने पनि भए ।।३१।। त्यसपछि आफ्नो इच्छाअनुसार संसारका सुख भोगेर छोरा एवं नाति प्राप्त गरी अन्तमा ती मूक ऋषि श्रीगणेशको मङ्गलमय धाममा प्राप्त भए ।।३२।। हे ऋषिहरू ! यस सम्बन्धमा अर्को पनि प्रसिद्ध इतिहास छ, त्यो सुन्नुहोस् । इक्ष्वाकुकुलमा उत्पन्न, पवित्र, शुद्धात्मा, यज्ञशील, दानपरायण, नित्यस्वाध्यायसम्पन्न, शत्रुहन्ता, सबै धर्मका व्याख्याता, प्रजापालनमा तत्पर, जनताबाट आम्दानीको ६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विख्यातस्त्रिषु लोकेषु गोप्ता संवरणाभिधः ।
अनपत्यः स पुत्रार्थे पुत्रीयामिष्टिमाहरत् ।।३५।।

साङ्गां सदक्षिणामन्नदानैः सुविहितां ततः ।
न लेभे सन्ततिं राजा हरिवंशमथाशृणोत् ।।३६।।

पूजयित्वा द्विजानन्ते वाचकं परितोष्य च ।
वस्त्रधेनुहिरण्याद्यै रत्नमूलफलादिभिः ।।३७।।

ततोऽपि नाभवत् पुत्रो दैवान्मूकस्तु तद्गृहम् ।
समायातस्तु विख्यातो गणेशाख्यपुराणवित् ।।३८।।

स्थापितः प्रार्थयित्वा च राज्ञा संवरणेन सः ।
श्रुत्वा पुराणं तद्वक्त्राद् गणेशाख्यं मुदा नृपः ।।३९।।

तदन्ते तोषयामास मूकं तं द्विजपुङ्गवम् ।
रत्नमुक्ताफलैर्वस्त्रैर्भूषणैर्हेमनिर्मितैः ।।४०।।

लेभे ततः कुमारं स गणेशे तत्परोऽभवत् ।
भुक्त्वानेकसुखान् प्राप गाणेशं पदमुत्तमम् ।।४१।।

भगिनी तस्य बन्ध्यासीत् त्रिंशद्वर्षा रजस्वला ।
यथाकालं भवत्येव श्रुत्वा तस्याथ सन्ततिम् ।।४२।।

गणेशाख्यपुराणस्य श्रवाज्जाताञ्च तं मुनिम् ।
आकार्य परिशुश्राव पुराणं तन्मुखांच्छुभम् ।।४३।।

लेभे पुत्रं महाशूरं गणेशभजने रता ।
पुत्रान् पौत्रान् समावाप्य भुक्त्वा भोगान् मनोहरान्।।४४।।

जगाम सा गणेशस्य निजधामावसानतः ।
सगरस्य तु पुत्राणामेकः पङ्गुरभूत् सुतः ।।४५।।

तेनापीदं श्रुतं पुण्यं पुराणं लोमशात् पुरा ।
भक्त्या द्वादशवर्षेण विनीतेनाथ भक्तितः ।।४६।।

प्रतिशत कर लिएर जनताको पालन गर्ने, सबैका मान्य, सबैका प्यारा, तीनै लोकमा विख्यात र सबैका रक्षक संवरण राजा भए । दैवसंयोगले तिनलाई छोरा भएनन् । पुत्रप्राप्तिका लागि तिनले अङ्ग पुऱ्याएर पुत्रेष्टि गरे ।।३३-३५।। त्यसमा दक्षिणाका साथै प्रचुर मात्रामा अन्नदान पनि गरे । त्यसो गर्दा पनि तिनलाई पुत्रप्राप्त भएन । त्यसपछि राजा संवरणले पुत्रप्राप्तिका लागि हरिवंशपुराण श्रवण गरी ब्राह्मणपूजन गरे । वस्त्र, गाई, सुवर्ण, रत्न, कन्दमूल, फल आदि दिएर पुराणको वक्तालाई सन्तुष्ट बनाए । त्यति गर्दा पनि पुत्रलाभ भएन । त्यसपछि कुनै दिन दैवसंयोग श्रीगणेशपुराणका वक्ताका रूपमा संसारमा विख्यात मूकनामक उत्तम ऋषि आइपुगे ।।३६-३८।। राजा संवरणले मूक ब्राह्मणसँग प्रार्थना गरी तिनलाई वाचक बनिदिन प्रार्थना गरी तिनका मुखबाट सहर्ष श्रीगणेशपुराण श्रवण गरे । पुराणको साङ्गताको दिन मूक ब्राह्मणलाई रत्न, वस्त्र, मोती, सुवर्णले बनेका गहना दान गरेर सन्तुष्ट तुल्याए । त्यसपछि तुरुन्तै राजा संवरणले पुत्रलाभ गरेका थिए । त्यसपछि ती राजा श्रीगणेशका परम भक्त भई श्रीगणेशको आराधनामा तत्पर भए । यस संसारका थरिथरि सुखभोग गरी अन्तमा तिनले उत्तम श्रीगणेशधाम प्राप्त गरे ।।३९-४१।। राजा संवरणकी एउटी ३० वर्षको उमेरमा लागेकी बहिनी थिइन्। समयअनुसार रजस्वला पनि हुने गर्थिन् तर कत्ति उपाय गर्दा पनि तिनलाई सन्तान भएनन् । तिनले आफ्ना दाजु संवरणले श्रीगणेशपुराण सुनेर पुत्र प्राप्त गरेको विषयमा थाहा पाइन्। त्यसपछि तिनले पनि मूक ऋषिलाई बोलाएर तिनका मुखबाट मङ्गलमय श्रीगणेशपुराणको श्रवण गरिन् ।।४२-४३।। श्रीगणेशको आराधनामा निरत ती भक्तिमती नारीले श्रीगणेशपुराणको श्रवण र आराधनाजनित पुण्यबाट पराक्रमी पुत्र प्राप्त गरिन् । त्यसपछि अनेक पुत्र-पौत्र प्राप्त गरी मनोहर र मङ्गलमय संसारका सुख भोगेर अन्तमा श्रीगणेशको धाममा प्राप्त भइन् ।।४४-४५।। सगर राजाका धेरै पुत्रहरूमध्ये एउटा पुत्र लंगडा थिए । तिनले पनि भक्तिपूर्वक लोमश ऋषिका मुखबाट श्रीगणेशपुराणको श्रवण गरे । १२ वर्षसम्म विनम्रता र पवित्रताका साथ अखण्ड रूपमा श्रीगणेशको भक्तिमा डुबेर तिनले श्रीगणेशपुराणको श्रवण गरेका थिए । पुराण श्रवणपछि अनेक द्रव्य अर्पण गरी तिनले लोमश ऋषिलाई सन्तुष्ट बनाए । श्रीगणेशपुराणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तोष्य लोमशं द्रव्यैस्ततोऽङ्घ्रिं समवाप सः ।
विजयं पुष्टिमायुष्यं प्राणान्ते धामतत्परः ।।४७।।

अष्टादशपुराणानां श्रवणे यत् फलं लभेत् ।
तदेकस्य पुराणस्य गणेशस्य श्रुतेर्भवेत् ।।४८।।

काकवन्ध्या बहुसुता श्रवणादस्य जायते ।
स्रवद्गर्भा भवेद् विप्रा दृढगर्भा भवत्यपि ।।४९।।

मूको वागीशतां याति श्रवणान्मुनिपुङ्गवाः ।
वेदाध्ययनसम्पन्नो मान्योऽपि द्विजपुङ्गवः ।।५०।।

शूद्रो वैश्यत्वमाप्नोति वैश्यः क्षत्रियतामियात् ।
क्षत्रियो द्विजतां याति स्मरणादप्यमुष्य हि ।।५१।।

कन्या तु लभते चास्याप्येकाध्यायस्य संश्रवात् ।
गुणवन्तं कुलीनञ्च पतिं साधुं धनान्वितम् ।।५२।।

जात्यन्धो लभते दृष्टिं पुराणस्यास्य संश्रयात् ।
सर्वतीर्थेषु यः स्नायाद् दद्याद् दानानि सर्वशः ।।५३।।

तत्फलं समवाप्नोति भक्त्या यः शुणुयादिदम् ।
पञ्चाग्निसाधनं ग्रीष्मे हेमन्ते जलवासनम् ।।५४।।

वर्षास्वाकाशवासं यः कुरुते बहुवत्सरम् ।
तत् फलं प्राप्नुयान्मर्त्यः संश्रुतेऽध्यायपञ्चके ।।५५।।

अग्निहोत्रं सदा यस्तु सेवते भक्तिमान् नरः ।
तत् फलं हि पुराणस्य श्रवणादस्य जायते ।।५६।।

एकाङ्गुष्ठेन यस्तिष्ठेद् वर्षाणामयुतं नरः ।
दशाध्यायश्रुतेरस्य पुराणस्य तथा फलम् ।।५७।।

पुण्यबाट लंगडा ती सगरपुत्रले खुट्टा प्राप्त गरेका थिए । त्यतिमात्र होइन तिनले विजय, पुष्टि र आयुसमेत प्राप्त गरे । अन्तमा श्रीगणेशको साधनामा तत्पर हुँदै ती पनि श्रीगणेशधाममा गए ।।४६-४७।। अठार महापुराणहरूको श्रवणबाट जुन फल प्राप्त गर्न सकिन्छ त्यो फल एउटै श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुन्छ ।।४८।। एक पटकमात्र सन्तान जन्माउने काकबन्ध्या नारीले यो पुराण श्रवण गरेमा ती पनि अनेक पुत्रकी आमा बन्न सक्दछिन् । पटक-पटक गर्भस्रावका कारण दुःखी भएकी नारीले पनि यस पुराणको श्रवणबाट गर्भस्रावको दोषबाट मुक्त भई गर्भरक्षा गर्न समर्थ हुन्छिन् ।।४९।। हे मुनिहरू ! श्रीगणेशपुराणको श्रवणबाट लाटो मानिस पनि बृहस्पतिसमान वाणीको अधिपति हुन्छ । श्रीगणेशपुराणको श्रवण गर्ने ब्राह्मण उत्तम ब्राह्मण बन्दछ, मान्य हुन्छ र वेदाध्ययन सम्पन्न पनि हुन्छ । श्रीगणेशपुराणको श्रवण गर्ने शूद्र वैश्यजातिमा परिणत हुन्छ। यसै गरी श्रीगणेशपुराण श्रवण गर्ने वैश्य क्षत्रिय जातिका रूपमा परिणत हुन्छ । श्रीगणेशपुराणको एउटा अध्यायमात्र श्रवण गर्नाले अविवाहित कन्याले गुणवान्, कुलीन, सज्जन र धनी पति प्राप्त गर्न सक्दछिन् ।।५०-५२।। श्रीगणेशपुराणको श्रवण गर्नाले जन्मान्धहरूले पनि दृष्टिशक्ति प्राप्त गर्दछन् । जसले भक्तिपूर्वक श्रीगणेशपुराणको श्रवण गर्दछ त्यसले सबै तीर्थमा स्नान र दान गरेको पुण्य प्राप्त गर्दछ । ग्रीष्म (जेठ, असार)मा पञ्चाग्निसाधना, हेमन्त (मंसिर, पुष)मा पानीमा बसी जलसाधना, वर्षा (श्रावण, भदौ)मा खुला जमिनमा बसी वर्षासाधना जसले गर्दछ त्यसले गरेका ती सम्पूर्ण तपस्याको फल श्रीगणेशपुराणका पाँच अध्यायमात्र भक्तिपूर्वक पाठ र श्रवण गर्ने भक्तले प्राप्त गर्दछ ।।५३-५५।। जुन भक्तिमान् मानिसले दिनदिनै अग्निहोत्र गर्दछ, त्यसले प्राप्त गर्ने पुण्य भक्ति-पूर्वक श्रीगणेशपुराण श्रवण गर्ने मानिसले पनि प्राप्त गर्दछ ।।५६।। कुनै मानिसले खुट्टाको बूढी औंलाले टेकेर उभिई दश हजार वर्षसम्म तपस्या गरी जुन फल प्राप्त गर्दछ, त्यो फल श्रीगणेश-पुराणको श्रद्धापूर्वक दश अध्यायमात्र श्रवण गर्ने मानिसले प्राप्त गर्न सक्दछ । यस कुरामा कुनै सन्देह छैन ।।५७।। मानिसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लभते मानवो भक्त्या निश्चितं नात्र संशयः ।
आजन्ममरणान्नित्यं शृणुयान्मानवो भुवि ।।५८।।

पुराणन्तु गणेशस्य चक्रवर्ती भवेत् तु सः ।
आजन्ममरणाद् यस्तु काशीवासं करोति च ।।५९।।

तत्पुण्यं लभते मर्त्यो गणेशस्य पुराणतः ।
सहस्रं माघमासान् यः प्रयागे स्नाति मानवः ।।६०।।

तत्फलं लभते मर्त्यः पुराणस्यास्य संश्रवात् ।
गोमतीसङ्गमे तद्वत् स्नानं भक्त्या करोति यः ।।६१।।

तत्फलं कोटिगुणितं लभते चास्य संश्रवात् ।
गणेशस्य पुराणं यः शृणुयाद् भक्तिमान् नरः ।।६२।।

न भयं तस्य शूलात् तु वज्राच्च चक्रिचक्रतः ।
इदं वः कथितं सर्वं पुराणञ्च सविस्तरम् ।।६३।।

सम्पूर्णो महिमा वक्तुं न शक्यो वर्षकोटिभिः ।
ब्रह्मणा षण्मुखेनापि शेषेणापि मुनीश्वराः ।।६४।।

युष्माभिः परिपृष्टं यत् सर्वपापप्रणाशनम् ।
सर्वकामप्रदं भुक्तिमुक्तिदं पुण्यवर्धनम् ।।६५।।

गणेशस्य परेशस्य नानालीलाधरस्य च ।
वक्तृश्रोत्रोरघहरं सर्वमाङ्गल्यदायकम् ।।६६।।

जन्मदेखि मृत्युसम्म नित्य श्रीगणेशपुराणको श्रवण गर्नुपर्दछ। जसले त्यसो गर्दछ, त्यो मानिस चक्रवर्ती राजा हुन्छ । जन्मदेखि मरणसम्म जुन मानिसले काशीवास गरी पुण्य आर्जन गर्दछ, त्यसले प्राप्त गर्ने पुण्य श्रीगणेशपुराणको श्रवण गर्ने मानिसले पनि प्राप्त गर्दछ । कुनै मानिसले प्रयाग तीर्थमा रहेर एक हजार वर्षका माघ महिनाहरूमा नुहाउँदा जुन फल प्राप्त गर्छ, त्यो फल श्रीगणेशपुराण श्रवण गर्ने मानिसले पनि प्राप्त गर्छ। गङ्गा र गोमती नदीको सङ्गममा नुहाएर जुन फल प्राप्त हुन्छ, त्यो फलभन्दा करोडौं गुना धेरै फल श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुन्छ । जुन भक्तिमान् मानिसले श्रीगणेशपुराणको श्रवण गर्दछ, त्यसलाई शिवजीको त्रिशूल, इन्द्रको वज्र र नारायणको चक्रबाट पनि भय हुँदैन । हे ऋषिवृन्द ! मैले तपाइँहरूलाई विस्तारपूर्वक यस्तो अपूर्व महिमा भएको भगवान् श्रीगणेशको प्यारो श्रीगणेशपुराण सुनाएँ।।५८-६३।। हे मुनिहरू! श्रीगणेशपुराणको श्रवणको सम्पूर्ण महिमा ब्रह्मा, स्कन्द र शेषनागले करोडौं वर्ष लगाएर पनि वर्णन गर्न सक्दैनन् । हे मुनिहरू ! तपाइँहरूले सबै पापलाई नाश गर्ने, सम्पूर्ण कामना परिपूर्ण गराउने, भुक्ति र मुक्ति दिने, पुण्यको वृद्धि गराउने परमात्मा अनेक लीलाधारी भगवान् श्रीगणेशको विषयमा सोध्नुभएअनुसार मैले तपाइँहरूलाई वक्ता र श्रोता दुबैका पापहरूको विनाश गर्ने र सम्पूर्ण मङ्गल प्रदान गर्ने श्रीगणेशपुराण सुनाएँ ।।६४-६६।। जय श्रीगणेश!

ॐ

इतिश्रीगणेशपुराणान्तर्गते श्रीगणेशमाहात्म्ये सूत-शौनकादिसंवादे पञ्चमोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराणमाहात्म्यको पहिलो अध्याय पूर्ण भयो ।।

ॐ

गजाननं भूतगणादिसेवितं कपित्थजम्बूफलचारुभक्षणम् ।
उमासुतं शोकविनाशकारकं नमामि विघ्नेश्वरपादपङ्कजम् ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्गणेशपुराणपाठविधिः

विधिनिर्देशः

कर्तालें प्रातःकालमा स्नान गरी पवित्र भएर प्राणायाम गरेपछि तीन पटक आचमन गरेर मङ्गलपाठ गर्दै भगवान् गजाननलाई नमस्कार गर्नुपर्दछ । त्यसपछि षोडशोपचार, पञ्चोपचार अथवा मानसोपचारले भगवान् गणेश, व्यास, ब्रह्मा, नारद, भृगु, सूत एवं श्रीगणेशपुराण ग्रन्थको भक्तिपूर्वक पूजा गर्नुपर्दछ । पाठ आरम्भ गर्नुभन्दा पहिले **ॐ गं गणपतये नमः** अथवा **ॐ वक्रतुण्डाय हुम्** मन्त्रको १०८ अथवा २१ पटक जप गरेपछि तल बताइएअनुसार विनियोग गर्नुपर्दछ। विनियोगपछि ऋषिन्यास, हृदयादिन्यास, करन्यास र ध्यान गर्नुपर्दछ ।

प्रयोगः

स्नातः शुचिर्भूत्वा प्राणानायम्य त्रिराचान्तो मङ्गलपाठपूर्वकं भगवन्तं गजाननं नमस्कुर्यात् । ततः षोडशोपचारैर्मानसोपचारैर्वा गजाननं व्यासं ब्रह्माणं नारदं भृगुं सूतं श्रीमद्गणेशपुराणग्रन्थञ्च सभक्तिभावं पूजयेत् । ततः पाठारम्भात् पूर्वं **ॐ गं गणपतये नमः** इत्यष्टाक्षरमन्त्रम्, **ॐ वक्रतुण्डाय हुम्** इति षडक्षरमन्त्रं वाष्टोत्तरशतशतमथवैक-विंशतिवारं जपेत् । ततो विनियोगं कुर्यात् ।

विनियोगः

अस्य श्रीमद्गणेशपुराणाख्यस्तोत्रमन्त्रस्य **श्रीमहागणपतिः** ऋषिः, **स्वानन्ददेशो ब्रह्मणस्पतिर्देवता, नानाविधानि** छन्दांसि, हुम् इति बीजम्, तुंगमिति शक्तिः, **स्वाहाशक्तिरिति** कीलकम्, मम **श्रीगजाननप्रसाद**-सिद्ध्यर्थं श्रीमद्गणेशपुराणपाठे विनियोगः ।

ऋष्यादिन्यासः

ॐ महागणपतये नमः इति शिरसि, **नानाविधछन्दोभ्यो नमः** इति मुखे, **स्वानन्दंभुवनवासिने ब्रह्मणस्पतये नमः** इति हृदि, **हुम् इति बीजाय नमः** इति गुह्ये, **गम् इति शक्तये नमः** इति पादयोः, **स्वाहाशक्तिकीलकय नमः** इति नाभौ, **श्रीमद्गजाननप्रसादसिद्ध्यर्थकपाठाय** नमः इति सर्वाङ्गे ।

हृदयादिन्यासः

ॐ गां हृदयाय नमः, ॐ गीं शिरसे स्वाह, ॐ गूं शिखायै वषट्, ॐ गैं कवचाय हुम्, ॐ गौं नेत्रत्रयाय वौषट्, ॐ गः अस्त्राय फट् ।

करन्यासः

ॐ गां अङ्गुष्ठाभ्यां नमः, ॐ गीं तर्जनीभ्यां स्वाहा, ॐ गूं मध्यमाभ्यां वषट्, ॐ गैं अनामिकाभ्यां हुम्, ॐ गौं कनिष्ठिकाभ्यां वौषट्, ॐ गः करतलपृष्ठाभ्यां फट् ।

ध्यानम्

परं धाम परं ब्रह्म परेशं परमीश्वरम् । विघ्ननिघ्नकरं शान्तं पुष्टं कान्तः मनन्तकम् ।।
सुरासुरेन्द्रैः सिद्धेन्द्रैः स्तुतं स्तौमि परात्परम् । सुरपद्मदिनेशञ्च गणेशं मङ्गलायनम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठारम्भपुष्पाञ्जलिः

अजन्निर्विकल्पं निराकारमेकं निरानन्दमद्वैतमानन्दपूर्णम् ।
परं निर्गुणं निर्विशेषं निरीहं परब्रह्मरूपं गणेशं भजेम ।।

गुणातीतमाद्यं चिदानन्दरूपं चिदाभासकं सर्वगं ज्ञानगम्यम् ।
मुनिध्येयमाकाशरूपं परेशं परब्रह्मरूपं गणेशं भजेम ।।

जगत्कारणं कारणज्ञानरूपं सुरादिं सुखादिं युगादिं गणेशम् ।
जगद्व्यापिनं विश्ववन्द्यं सुरेशं परब्रह्मरूपं गणेशं भजेम ।।

रजोयोगतो ब्रह्मरूपं श्रुतिज्ञं सदा कार्यसक्तं हृदा चिन्त्यरूपम् ।
जगत्कारकं सर्वविद्यानिधानं परब्रह्मरूपं गणेशं नताः स्मः ।।

सदा सत्त्वयोगं मुदा क्रीडमानं सुरारीन् हरन्तं जगत् पालयन्तम् ।
अनेकावतारं निजाज्ञानहारं सदा विष्णुरूपं गणेशं नमामः ।।

तमोयोगिनं रुद्ररूपं त्रिनेत्रं जगद्धारकं तारकं ज्ञानहेतुम् ।
अनेकागमैः स्वं जनं बोधयन्तं सदा शर्वरूपं गणेशं नमामः ।।

तमस्तोमहारं जनाज्ञानहारं त्रयीवेदसारं परब्रह्मपारम् ।
मुनिज्ञानकारं विदूरे विकारं सदा ब्रह्मरूपं गणेशं नमामः ।।

निजैरोषधीस्तर्पयन्तं करौघैः सुरौघान् कलाभिः सुधास्राविणीभिः ।
दिनेशांशुसन्तापहारं द्विजेशं शशाङ्कस्वरूपं गणेशं नमामः ।।

प्रकाशस्वरूपं नभोवायुरूपं विकारादिहेतुं कलाकालभूतम् ।
अनेकक्रियाऽनेकशक्तिस्वरूपं सदा शक्तिरूपं गणेशं नमामः ।।

प्रधानस्वरूपं महत्तत्त्वरूपं धरावारिरूपं दिगीशादिरूपम् ।
असत्सत्स्वरूपं जगद्धेतुभूतं सदा विश्वरूपं गणेशं नताः स्मः ।।

त्वदीये मनः स्थापयेदङ्घ्रियुग्मे जनो विघ्नसङ्घान्न पीडां लभेत ।
लसत्सूर्यबिम्बे विशाले स्थितोऽयं जनो ध्वान्तबाधां कथं वा लभेत ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराणम्

नेपालीभाषानुवादसहितम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभारम्भमङ्गलम्

ॐ

सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो गणाधिपः ।।

धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छुणुयादपि ।।

विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ।।

शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् ।
प्रसन्नवदनं ध्यायेत् सर्वविघ्नोपशान्तये ।।३९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराणम्

उपासनाखण्डः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

उपासनाखण्डसारः

श्रीविघ्नेशपुराणसारमुदितं व्यासाय धात्रा पुरा
तत्खण्डं प्रथमं महागणपतेश्चोपासनाख्यं यथा ।
संहर्तुं त्रिपुरं शिवेन गणपस्यादौ कृतं पूजनं
कर्तुं सृष्टिमिमां स्तुतः स विधिना व्यासेन बुद्ध्याप्तये ।।१।।

सङ्कष्ट्याश्च विनायकस्य च मनोः स्थानस्य तीर्थस्य वै
दूर्वाणां महिमेति भक्तिचरितं तत्पार्थिवस्यार्चनम् ।
तेभ्यो यैर्यदभीप्सितं गणपतिस्तत्तत्प्रतुष्टो ददौ
ताः सर्वा न समर्थ एव कथितुं ब्रह्मा कुतो मानवः ।।२।।

अर्थ – प्राचीन समयमा ब्रह्माले वेदव्यासलाई गणेशपुराणको सार बताउनुभएको थियो । गणेशपुराणका दुई खण्डमध्ये पहिलो खण्ड उपासनाखण्ड हो । यसमा वर्णन गरिएअनुसार सदाशिवले त्रिपुरको संहारका लागि सर्वप्रथम श्रीगणेशको आराधना गर्नुभयो । त्यसपछि ब्रह्माले सृष्टिको रचना गर्न विधिपूर्वक श्रीगणेशको स्तुति गर्नुभयो । वेदव्यासले बुद्धिप्राप्त गर्न श्रीगणेशको स्तवन गर्नुभयो । भक्तिमय चरित्रको प्रस्तुति गर्ने क्रममा सङ्कष्टी देवी, श्रीगणेश, श्रीगणेशका मन्त्र, श्रीगणेशको धाम, श्रीगणेशका तीर्थ र दूर्वाङ्कुरको महिमा पनि यस खण्डमा बताइएको छ । यसमा भक्तिचर्याको उत्तम दृष्टान्तको रूपमा पार्थिव पूजाविधि प्रस्तुत गरिएको छ । श्रीगणेशमा भक्ति गर्ने साधकहरूमध्ये जसले जुन पदार्थ प्राप्त गर्ने इच्छा व्यक्त गरेका थिए ती सबैलाई श्रीगणेशले दर्शन दिएर कृतार्थ तुल्याउनुभएको थियो । भगवान् श्रीगणेशको अपूर्व करुणा र दानको विषयमा ब्रह्मा पनि पूरापुर बताउन समर्थ हुनुहुन्न भने सामान्य मानिसले कसरी बताउन सक्छन् ?

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीगणेशपुराणम्

ॐ

उपासनाखण्डः

ॐ

प्रथमोऽध्यायः { १ अध्याय }

卐

卐 श्रीगणेशाय नमः 卐

★ श्रीसरस्वत्यै नमः ★ ★ श्रीगुरुभ्यो नमः ★

卐

नमस्तस्मै गणेशाय ब्रह्मविद्याप्रदायिने ।
यस्यागस्त्यायते नाम विघ्नसागरशोषणे ।।

ऋषय ऊचुः

सूत सूत महाप्राज्ञ वेदशास्त्रविशारद ।
सर्वविद्यानिधे त्वत्तो वक्ताऽन्यो नोपलभ्यते ।।१।।

जन्मजन्मान्तरीयं नः स्थितं पुण्यं महत्तरम् ।
तेन सन्दर्शनं जातं सर्वज्ञस्य सतस्तव ।।२।।

वयं धन्यतमा लोके जीवितं नः सुजीवितम् ।
पितरो वेदशास्त्राणि तपांस्याश्रम एव च ।।३।।

अष्टादशपुराणानि विस्तराच्छ्रावितानि नः ।
अन्यान्यपि हि नः श्रोतुमिच्छा नो वद सत्तम ।।४।।

शौनकेये महासत्रे सक्ता द्वादशवार्षिके ।
त्वत्कथामृतपानान्नो नान्यद्विश्रामकारणम् ।।५।।

सूत उवाच

साधु पृष्टं महाभागा भवद्भिः पुण्यकर्मभिः ।
साधूनां समचित्तानां मतिर्लोकोपकारिणी ।।६।।

श्रीगणेशलाई नमस्कार गर्दछु । श्रीसरस्वतीलाई नमस्कार गर्दछु । श्रीगुरुदेवहरूका चरणकमलमा प्रणाम गर्दछु ।

विघ्नका सागरहरू सुकाउन अगस्त्य ऋषिसमान प्रभावशाली पवित्र नामले सम्पन्न, विघ्नविनाशक एवं ब्रह्मविद्याका उपदेशक भगवान् श्रीगणेशका चरणकमलमा प्रणाम गर्दछु ।

ऋषिहरूले प्रश्न गरे – अत्यन्त समुन्नत प्रज्ञाद्वारा सुहाएका वेद र शास्त्रका विशेषज्ञ, सबै विद्याका निधि हे सूतज्यू! शास्त्र र विद्याका विषयमा हजुरभन्दा विशेषज्ञ अर्को वक्ता कुनै छैन ।।१।। जन्म-जन्मान्तरको महान् पुण्यका प्रतापबाट आज हामीले हजुरजस्ता सर्वज्ञ, सज्जन र विद्वान्को दर्शन गर्ने उत्तम प्राप्त गऱ्यौं ।।२।। आज संसारमा हामी धन्य छौं, हाम्रो जीवन उत्तम जीवनका रूपमा परिणत भएको छ । हाम्रा पितापुर्खा, वेद एवं शास्त्र, तप र आश्रम व्यवस्था पनि धन्य भएका छन् । हजुरले हामीहरूलाई विस्तारपूर्वक अठार महापुराण सुनाउनुभएको छ । हे महापुरुष ! यसैगरी अरू पुराणहरूको विषयमा पनि हाम्रो जिज्ञासा रहेको छ । ती पुराणहरूमा आधारित प्रवचन दिएर कल्याण गर्नुहुन हामी हजुरसँग अनुरोध गर्दछौं ।।३-४।। शौनक ऋषिको बाह्र वर्षसम्म चल्ने महायागमा हामी दीक्षित भएका छौँ । तपाइँको कथामृतपानभन्दा अर्को कुनै विश्रामको उपाय छैन ।।५।।

सूतजीले भन्नुभयो – उत्तम भाग्य भएका हे ऋषिहरू! पुण्यकर्ममा प्रवृत्त हुनुभएका तपाइँहरूले उत्तम जिज्ञासा व्यक्त गर्नुभयो । सर्वत्र समान दृष्टि भएका सज्जनहरूको बुद्धि निरन्तर लोकोपकारमा प्रवृत्त हुने गर्दछ ।।६।। हे ब्राह्मण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ममापि परितोषोऽस्ति कथानां कथने द्विजाः ।
अतोऽहं साधुवृत्तेभ्यः कथयिष्ये विशेषतः ।।७।।

अन्यान्युपपुराणानि वर्तन्तेऽष्टादशैव च ।
गणेशं नारदीयं च नृसिंहादीन्यथापि च ।।८।।
गणेशस्य पुराणं यत्तत्रादौ कथयाम्यहम् ।
दुर्लभं श्रवणं यस्य मर्त्यलोके विशेषतः ।।९।।

यस्य स्मरणमात्रेण कृतकृत्यो भवेन्नरः ।
प्रभावमस्य गदितुं नेशः शेषश्चतुर्मुखः ।।१०।।

सङ्क्षेपतो ब्रवीम्येतत् तथापि भवदाज्ञया ।
बहुजन्मार्जितैः पुण्यैरस्य तु श्रवणं भवेत् ।।११।।

पाखण्डिनां नास्तिकानां न भवेत् पापकर्मिणाम् ।।
नित्यत्वान्निर्गुणत्वाच्च अनादित्वाच्च तत्त्वतः ।।१२।।

गणेशस्य स्वरूपं न वक्तुं केनापि शक्यते ।
तथाप्युपासनासक्तैर्निर्गुणं तन्निरूप्यते ।।१३।।

ॐकाररूपी भगवान् यो वेदादौ प्रतिष्ठितः ।
यं सदा मुनयो देवाः स्मरन्तीन्द्रादयो हृदि ।।१४।।

यं पूजयन्ति सततं ब्रह्मेशानेन्द्रविष्णवः ।।
यो हेतुः सर्वजगतां सर्वकारणकारणम् ।।१५।।

यदाज्ञया कः सृजतेऽथ विष्णु-
र्यदाज्ञया पालनमातनोति ।।
यदाज्ञया संहरते हरोऽपि
यदाज्ञया सञ्चरते दिनेशः ।।१६।।

यदाज्ञया वाति समीरणोऽपि
यदाज्ञयापः प्रवहन्ति दिक्षु ।
यदाज्ञया भानि पतन्ति भूमौ
यदाज्ञयाग्निर्ज्वलति त्रिलोके ।।१७।।

देवताहरू! मलाई पनि उत्तम कथाहरूको वक्ता भएर आदर्शको उपस्थापन गर्न पाउँदा ज्यादै सन्तोष लागेको छ । तसर्थ उत्तम चरित्रले सुहाएका तपाइँहरूजस्ता विद्वान् श्रोताहरूका सामु मैले विशेषरूपमा शास्त्र र विद्याको विषयमा आधारित कथाहरूको प्रकाशन गर्नेछु ।।७।। श्रीगणेशपुराण, नारदीयपुराण र नृसिंहपुराण आदि सबै पुराणहरूको गणना गर्दा अठार महापुराणहरूभन्दा भिन्दै अठार उपपुराण पनि रहेका छन् ।।८।।

सर्वप्रथम म तपाइँहरूसमक्ष श्रीगणेशपुराणको विषयवस्तु प्रकाशित गर्दछु । मर्त्यलोकमा श्रीगणेशपुराणको श्रवण अत्यन्त दुर्लभ मानिएको छ ।।९।। भगवान् श्रीगणेशको नाम-स्मरणबाट मात्र मानिस कृतकृत्य हुन्छ । श्रीगणेशको प्रभुताको विषयमा सम्पूर्णतया बताउन शेषनाग र ब्रह्माजी पनि समर्थ हुनुहुन्न ।।१०।। वस्तुतथ्य यस्तो भए तापनि म तपाइँहरूको आज्ञालाई शिरोपर गरेर सङ्क्षेपमा आफ्नो ज्ञानअनुसार श्रीगणेशपुराणको वर्णन गर्दछु। अनेक जन्ममा अर्जित पुण्यले मात्र श्रीगणेशपुराण सुन्न पाइन्छ।।११।। पाखण्डी, नास्तिक र पापीहरू अनेक प्रयास गर्दा पनि श्रीगणेशपुराण सुन्ने सौभाग्यबाट वञ्चित हुन्छन् । वस्तुतः श्रीगणेश नित्य, निर्गुण र अनादिस्वरूप हुनुहुन्छ ।।१२।। त्यस कारण श्रीगणेशको वास्तविक स्वरूप कसैले पनि बताएर सक्दैन। तथापि उपासनामा निरन्तर लाग्ने मानिसहरूले उहाँको स्वरूपलाई जान्न इच्छा गर्दछन्। त्यस कारण म सर्वप्रथम श्रीगणेशको निर्गुण स्वरूपको विषयमा प्रवचन गर्दछु ।।१३।। श्रीगणेश ॐकाररूप भगवान् हुनुहुन्छ। उहाँ वेद आदि शास्त्रहरूमा ॐकारकै रूपमा विराजमान हुनुहुन्छ। श्रीगणेशलाई मुनिगण र इन्द्र आदि देवताहरूले हृदयमा स्मरण गर्दछन् ।।१४।। ब्रह्मा, शिव, विष्णु र इन्द्रले जसको निरन्तर आराधना गर्दछन्, जो सम्पूर्ण संसारका कारण हुनुहुन्छ ती श्रीगणेश सबै कारणका पनि कारणतत्त्व हुनुहुन्छ।।१५।। जसको आज्ञा प्राप्त गरेर ब्रह्माजीले जगत्को सृष्टि गर्नुहुन्छ, विष्णुले पालन गर्नुहुन्छ र शिवजीले संहार गर्नुहुन्छ । जुन श्रीगणेशको आज्ञाका वशवर्ती भएर सूर्यनारायण निरन्तर आकाशमण्डलमा भ्रमण गर्नुहुन्छ ।।१६।। जसको आज्ञा पाएर पवन सर्वत्र विचरण गर्दछन् । जसको आज्ञाअनुसार जलतत्त्व सम्पूर्ण विश्वमा फैलिएर रहन्छ । जुन श्रीगणेशको आज्ञाबाट ग्रह-नक्षत्रहरूले आफ्ना किरण संसारमा फैलाउँछन्, जुन श्रीगणेशको आज्ञाबाट अग्निदेवता स्वर्ग, मर्त्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्य यच्चरितं गुप्तं कस्यापि न निवेदितम् ।
तदहं वः प्रवक्ष्यामि सादरं श्रूयतां द्विजाः ।।१८।।

ब्रह्मणा कथितं पूर्वं व्यासायामिततेजसे ।
भृगवे कथितं तेन सोमकान्ताय तेन च ।।१९।।

व्रतैर्यज्ञैस्तपोभिश्च दानैस्तीर्थैश्च कोटयः ।
भवन्ति येषां पुण्यानां तेषां बुद्धिः प्रजायते ।।२०।।

गणेशाख्यपुराणस्य श्रवणे द्विजसत्तमाः ।
माया येषां न संसारे न दारापत्यभूमिषु ।।२१।।

मयूरेशकथायां ते सादरा मुनिसत्तमाः ।
श्रूयतामस्य महिमा सोमकान्तप्रसङ्गतः ।।२२।।

सौराष्ट्रे देवनगरे सोमकान्तोऽभवन्नृपः ।
वेदशास्त्रार्थतत्त्वज्ञो धर्मशास्त्रार्थतत्परः ।।२३।।

दशनागसहस्त्राणि हयानां द्विगुणानि च ।
रथिनां षट्सहस्त्राणि प्रयान्तमनुयान्ति च ।।२४।।

पदातयोऽप्यसङ्ख्याता अग्निशस्त्रधरास्तथा ।
कोदण्डधारिणश्चान्ये निषङ्गद्वयधारिणः ।।२५।।

बुद्ध्या बृहस्पतिं जिग्ये सम्पदा धनदञ्च यः ।
क्षमया पृथिवीं जिग्ये गाम्भीर्येण महोदधिम् ।।२६।।

सूर्याचन्द्रमसौ जिग्ये भासा कान्त्या च यो नृपः ।
प्रतापेनानलं जिग्ये सौन्दर्येण मनोभवम् ।।२७।।

यस्यामात्याः प्रबलिनः पञ्चासन् दृढविक्रमाः ।
नीतिशास्त्रार्थतत्त्वज्ञाः परराष्ट्रविमर्दिनः ।।२८।।

रूपवान् प्रथमस्तत्र विद्याधीशस्तथापरः ।
क्षेमङ्करो ज्ञानगम्यः सुबलः पञ्चमः स्मृतः ।।२९।।

एवं पातालमा जाज्वल्यमान बन्दछन् ।।१७।। त्यस्ता ती परमेश्वर श्रीगणेशको गुप्त र गहन चरित्रलाई आजसम्म कसैका सामु प्रकाशित गरिएको छैन । म आज तपाइँहरूसामु आदरपूर्वक त्यो चरित्र प्रकाशित गर्दछु । हे ब्राह्मणहरू ! श्रीगणेशको त्यो पावन चरित्र तपाइँहरूले आदरपूर्वक सुन्नुहोस् ।।१८।। सर्वप्रथम ब्रह्माजीले आफ्ना अत्यन्त तेजस्वी शिष्य वेदव्यासलाई त्यो चरित्र बताउनुभएको थियो । वेदव्यासले भृगुऋषिलाई बताउनुभयो र भृगुऋषिले पनि त्यो पावन चरित्र आफ्ना शिष्य सोमकान्तलाई उपदेश गर्नुभएको थियो ।।१९।।

व्रत, यज्ञ, तप, दान, तीर्थाटनद्वारा जसले कोटि-कोटि पुण्य अर्जित गरेका छन्, ती भाग्यशाली साधकहरूका बुद्धिमा मात्र श्रीगणेशको चरित्र र श्रीगणेशपुराणको श्रवणमा जिज्ञासा पैदा हुन्छ।।२०।। हे उत्तम ब्राह्मणहरू! संसारको ऐश्वर्य, पत्नी, पुत्र र भूसम्पत्तिमा जसको आसक्ति हुँदैन, ती पुण्यवान् मानिसहरूमात्र मयूरेशका नामबाट प्रसिद्ध हुनुभएका श्रीगणेशको पुराणामृत पान गर्न आदरपूर्वक लालायित हुन्छन्। हे मुनिजन! सोमकान्त-नामक प्राचीन राजाको कथाप्रसङ्गबाट म तपाइँहरूलाई मयूरेश प्रभुको महिमा बताउँछु, तपाइँहरू सुन्नुहोस् ।।२१-२२।। कुनै समयमा सौराष्ट्रको देवनगरमा सोमकान्त नामक राजा थिए। ती वेद र शास्त्रका तत्त्वज्ञाता थिए र धर्मशास्त्रको अर्थबोध एवं प्रयोगमा नित्य तत्पर थिए।।२३।। ती राजा कतै जाँदा दश हजार हात्ती, बीस हजार घोडा र छ हजार रथ सेना तिनका अनुयायी बन्दथे ।।२४।। ती सेनाहरूका पछि आग्नेयास्त्रले सजिएका असङ्ख्य पैदल सैनिक रहन्थे । धनु एवं ठोक्रा धारण गर्ने र तलवारहरूले सुसज्जित वीरहरू पनि तिनका अनुयायी बन्दथे ।।२५।। राजा सोमकान्तले आफ्नो बुद्धिद्वारा बृहस्पति, सम्पत्तिद्वारा कुबेर, सहनशीलताद्वारा पृथिवी, गाम्भीर्यद्वारा महासागर, आभा र कान्तिद्वारा सूर्य एवं चन्द्रमा, प्रतापद्वारा अग्निलाई र सौन्दर्यद्वारा कामदेवलाई परास्त गरेका थिए ।।२६-२७।। राजा सोमकान्तका बलवान्, दृढचरित्र, पुरुषार्थी, नीतिशास्त्रका विशेषज्ञ, शत्रुराष्ट्रलाई शौर्य र वीर्यले छिन्न-भिन्न तुल्याउन समर्थ र गुणवान्का रूपमा संसारमा प्रख्यात पाँच महामात्य थिए ।।२८।। ती पाँच जना महामात्यमा पहिला महामात्य रूपवान्, दोस्रा महामात्य विद्याधीश, तेस्रा महामात्य क्षेमङ्कर, चौथा महामात्य ज्ञानगम्य र पाँचौं महामात्य सुबलका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजकार्यकरा नित्यं राज्ञःप्रियतमा भृशम् ।
एतैर्नानाविधा देशा आक्रान्ताः स्वपराक्रमात् ।।३०।।

एतेऽतिसुन्दरा नानाभूषावस्त्रैरलङ्कृताः ।
तस्य राज्ञोऽभवद्भार्या सुधर्मा गुणशालिनी ।।३१।।

यद्रूपमवलोक्यैव रतिरम्भातिलोत्तमाः ।
लज्जिता न सुखं क्वापि लेभिरे न च मेनिरे ।।३२।।

अनेकरत्नखचिते ताटङ्के काञ्चने शुभे ।
बिभ्रती कर्णयोः कण्ठे निष्कं मुक्ताफलानि च ।।३३।।

कटौ रत्नमयीं काञ्चीं तादृशे नूपुरेऽङ्घ्रिगे ।
अङ्गुलीयान्युत्तमानि करपादाङ्गुलीषु च ।।३४।।

वासांस्यनेकवर्णानि महार्हाणि सहस्रशः ।
भगवद्भजने सक्ता तथा चातिथिपूजने ।।३५।।

सेवनेऽहर्निशं भर्तुर्वचने च रता सदा ।
हेमकण्ठ इति ख्यातःपुत्रोऽभूदनयोः शुभः ।।३६।।

गजायुतबलो धीमान् विक्रमी शत्रुतापनः ।
एवमासीत् सोमकान्तः पृथिव्यां राजसत्तमः ।।३७।।

सर्वान् राज्ञो वशे कृत्वा चक्रे राज्यं धरातले ।
नित्यं धर्मरतो यज्वा दाता त्यागी द्विजोत्तमाः ।।३८।।

नामबाट प्रसिद्ध थिए ।।२९।। ती सबै महामात्यहरू राजाका आज्ञापालक र प्रीतिपात्र पनि थिए। ती महामात्यहरूले आफ्नो पुरुषार्थ र पराक्रमबाट अनेक देशहरूमा आक्रमण गरी राजालाई विजयश्री दिलाउन सहयोग गरेका थिए ।।३०।। ती महामात्यहरू बहुमूल्य एवं सुन्दर गहना र वस्त्रहरूबाट अलङ्कृत थिए । राजा सोमकान्तकी सुधर्मा नामक रानी अत्यन्त गुणवती र रूपवती पनि थिइन् ।।३१।। सुधर्माको रूपसौन्दर्य देखेर रति, रम्भा र तिलोत्तमाजस्ता अप्सराहरू पनि लज्जित हुन्थे। ईर्ष्याग्रस्त ती अप्सराहरूले कहीँ पनि सुख पाउन सकेनन् र प्राप्त सुखलाई पनि सुखका रूपमा अनुभव गर्न सकेनन् ।।३२।। अनेक रत्नहरूले तयार गरिएको मङ्गलमय स्वर्णनिर्मित माडवारी कानमा लगाएकी, कण्ठमा मोतीको हार र सुनको तिलहरी धारण गरिरहेकी, कटिमा रत्नमय काञ्ची धारण गरी सुहाएकी, पाउहरूमा अत्यन्त उत्तम नूपुर लगाएकी, हात र पाउका औंलाहरूमा सुन्दर औंठी बेरेकी र बहुमूल्य वस्त्रालङ्कारद्वारा सुहाएकी महारानी सुधर्मा विलक्षण सौन्दर्यकी खानी थिइन् । ती निरन्तर भगवान्को भजनमा लागिरहन्थिन्। तिनले सधैं अतिथि-अभ्यागतको स्वागत - सेवा गर्दथिन्। ती पतिको सेवा र आज्ञापालनमा निरन्तर जागरूक थिइन् । सोमकान्त राजा र सुधर्मा रानीका हेमकण्ठ नामबाट संसारमा विख्यात सुपुत्र थिए ।।३३-३६।। हेमकण्ठले एक लाख हात्तीको बल आफूमा धारण गरेका थिए । ती बुद्धिमान् र पराक्रमी पनि थिए । हेमकण्ठको नाम सुनेर शत्रुहरूको मुटु थर्थर काँप्दथ्यो । उत्तम अमात्य, उत्तम पत्नी र उत्तम पुत्रद्वारा सम्पन्न ती सोमकान्त राजा पृथिवीमा उत्तम राजाका रूपमा प्रख्यात थिए ।।३७।। हे मुनिहरू ! सोमकान्तले सबै राजाहरूलाई वशवर्ती तुल्याएर पृथिवीमा राज्य गरे । ती राजा नित्य धर्माचरणमा तत्पर, यज्ञशील, दानी र त्यागीका रूपमा संसारमा प्रसिद्ध भए ।।३८।।

ॐ

इतिश्रीगणेशपुराणे उपासनाखण्डे सोमकान्तवर्णनं नाम प्रथमोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्या पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सोमकान्तवर्णन' शीर्षकान्वित पहिलो अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीयोऽध्याय:

सूत उवाच

श्रूयतामृषय: सर्वे सोमकान्तस्य दुष्कृतम् ।
अकस्मादभवत्तस्य गलत्कुष्ठोऽतिदु:खद: ।।१।।

धर्मशीलस्य राज्ञोऽथ पूर्वकर्मविपाकत: ।
शुभं वाप्यशुभं कर्म न मुञ्चति नरं क्वचित् ।।२।।

यस्यां यस्यामवस्थायां कृतं भवति कर्म यत् ।
तस्यां तस्यामवस्थायां भुज्यते प्राणिभिर्ध्रुवम् ।।३।।

दु:खसागरमग्नोऽभूदप्लवो जलधौ यथा ।
वेदनामलभद् बह्वीं भुजङ्गेनेव दंशित: ।।४।।

नानाक्षतसमाकीर्ण: स्रवद्रक्त इतस्तत: ।
पूयशोणितवान् राजा कृमिभिर्विह्वलीकृत: ।
अस्थिशेषोऽभवद्राजा यक्ष्मणेव समावृत: ।।५।।

चिन्तया व्याकुलीभूत: सर्वेन्द्रियरुजान्वित: ।
ततोऽमात्याञ्जगौ राजा मन: संरुद्ध्य यत्नत: ।।६।।

राजोवाच

धिङ् मे राज्यञ्च रूपञ्च धिग्बलं जीवितं धनम् ।
केनेदं कर्मबीजेन व्यसनं समुपस्थितम् ।।७।।

कान्त्या सोमो जितो येन सोमकान्तस्ततोऽभवम् ।
येन मे साधवो दीना: श्रोत्रिया आश्रमा अपि ।।८।।

पालिता: पुत्रवज्जानपदा लोकास्तथा परे ।
येन मे निर्जिता बाणै: शत्रवो घोररूपिण: ।।९।।

येन मे सकला पृथ्वी कृता स्ववशवर्तिनी ।
सम्यगाराधितो देव: परमात्मा सदाशिव: ।।१०।।

दुष्टसङ्गमहीनेन चित्तनिग्रहकारिणा ।
येन मे वपुषा पूर्वमिष्टगन्धा निषेविता: ।।११।।

{ २ अध्याय }

सूतजीले भन्नुभयो - हे ऋषिहरू ! राजा सोमकान्तको पाप र त्यसका परिणामका विषयमा म भन्दछु तपाइँहरू सुन्नुहोस्। एक दिन अचानक उनको शरीरमा अत्यन्त दु:खदायक पीपै पीपले भरिएको कुष्ठरोग देखियो, जुन रोग लाग्दा मानिसका नङ, औंला अथवा नाक गलेर झर्ने गर्दछन् ।।१।। पूर्वजन्ममा गरेका पापको परिणामबाट धर्मात्मा ती राजाले त्यो रोग ब्यहोर्नु पऱ्यो । वास्तवमा शुभ अथवा अशुभ कर्मले कहीँ पनि मानिसलाई छाड्दैन ।।२।। जुन जुन अवस्थामा मानिसद्वारा जस्तो कर्म गरिन्छ, ती ती अवस्थामा त्यसको फल तिनले अवश्य भोग्नुपर्दछ ।।३।। यसरी गलत्कुष्ठरोगले ग्रस्त राजा सोमकान्त गहन समुद्रको माझमा डुँगा डुबेझैं दु:खका सागरमा डुबे । तिनले सर्पले डसेको प्राणीले झैं धेरै वेदना भोग्नु पऱ्यो ।।४।। अनेक घाउका खोपिल्टाले जेलिएका, शरीरबाट चारैतर्फ रगत चुहाइरहेका र पीपै पीप एवं रगतै रगतले मुछिएका ती राजालाई घाउका कीराले अत्यन्त व्याकुल बनाए । क्षयरोगले जीर्ण-शीर्ण भएसरह तिनको शरीरमा हाडमात्र बाँकी थियो ।।५।। सम्पूर्ण इन्द्रियमा रोग लागेका र चिन्ताले व्याकुल राजा सोमकान्तले ठूलो प्रयासबाट मनलाई बाँधेर आफ्ना महामात्यहरूसँग भने ।।६।।

राजाले भने - मेरो राज्य र रूपलाई धिक्कार छ, मेरो सामर्थ्य, जीवन र धनसम्पत्तिलाई धिक्कार छ । कुन कर्मबीजका कारण मेरा सामु यो विपत्ति आइलाग्यो ? मलाई थाहा छैन ।।७।। आफ्नो कान्तिद्वारा सोम अर्थात् चन्द्रमालाई परास्त गरेका कारण म सोमकान्त नामबाट चिनिन्छु । मैले सज्जन, दीन-दु:खी, श्रोत्रिय विद्वान्, ब्रह्मचर्य-गृहस्थ आदि आश्रम, देशका नागरिक र अरूको पनि संरक्षण एवं परिपालन गरें । मैले आफ्ना बाणद्वारा भयङ्कर शत्रुहरूलाई संग्राममा जितें । मैले आफ्नो पुरुषार्थबाट सम्पूर्ण पृथिवीलाई आफ्नो अधिकारमा ल्याएँ । दुष्टसङ्गति वर्जना र चित्तको निग्रहमा अभ्यस्त रहने मैले परमात्मा सदाशिवजीको राम्ररी आराधना गरें । मैले आफ्नो जीवनका बितेका दिनहरूमा शरीरद्वारा अत्यन्त अभीष्ट, मीठा र सुगन्धित पदार्थहरूको सेवन गरें, उपभोग गरें । आज मलाई त्यसै शरीरमा उत्पन्न कुष्ठरोगको दुर्गन्ध भोग्नु-परिरहेको छ । त्यस कारण मेरो जीवन व्यर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदिदानीं पूतिगन्धमतो मे जीवितं वृथा ।
अतोऽहङ्काननं यास्ये सर्वेषामभ्यनुज्ञया ।।१२।।

हेमकण्ठं सुतं सर्वे बुद्धिविक्रमसंयुतम् ।
सिञ्चन्तु राज्यहेतोर्मे पालयन्तु पराक्रमैः ।।१३।।

इदानीं न प्रदर्शिष्ये मुखं लोके कथञ्चन ।
न मे राज्यैर्नदारैर्वा जीवितेन श्रियाऽपि वा ।।१४।।

प्रयोजनं महामात्याः करिष्ये स्वहितं वने ।

सूत उवाच

इत्युक्त्वा निपपातोर्व्यान्तरुर्वातहतो यथा ।।१५।।

पूयशोणितघर्मौघैर्व्याप्तोऽसौ द्विजसत्तमाः ।
कोलाहलो महानासीदमात्यानाञ्च योषिताम् ।।१६।।

हाहाकारश्च लोकानां क्षणमासीत् सुदारुणः ।
वस्त्रप्रोञ्छनवाताद्यैरौषधैः क्षिप्रकारिभिः ।।१७।।

मणिमन्त्रप्रयोगैस्तं सचेतनमकारयन् ।
स्वस्थे जाते नृपे तस्मिन्नमात्याः प्राब्रुवन्निदम् ।।१८।।

अमात्या ऊचुः

तव प्रसादादमरेन्द्रतुल्यं
भुक्तं सुखं सर्वजनेष्वसिद्धम् ।
कथं त्विदानीं त्वदृते वसामः
कथञ्च जीवेम पशुघ्नतुल्याः ।।१९।।

करोतु राज्यं तवसूनुरेकः
प्रभूतकोशो बलवान् रिपुघ्नः ।
विहाय सर्वं सुखमद्य राजन् !
सहैव यामस्तु वनाय गन्तुम् ।।२०।।

सूत उवाच

ततः सुधर्मा वचनं जगाद
वने नृपं सेवितुमेकवीरा ।
व्रजे सहानेन प्रधानवर्याः
प्रशिष्ट राज्यं सह मे सुतेन ।।२१।।

छ । त्यसैले अब म छिट्टै सबैसँग बिदावारी भई वनतर्फ लाग्दछु ।।८-१२।। यसपछि सबै भाइभारदार र जनता मिलेर बुद्धि र पराक्रम दुबै गुणले सम्पन्न मेरा छोरा हेमकण्ठको राज्याभिषेक गरून् र ती सबैले आफ्नो पराक्रमद्वारा राजा हेमकण्ठको रक्षा गरून् ।।१३।। अहिले म कुनै रूपमा पनि सबैका सामु आफ्नो मुख देखाउन सक्दिनँ । मलाई अब राज्य, रानीहरू, राज्यलक्ष्मी र जीवनको पनि कुनै प्रयोजन रहेन । हे महामात्यहरू ! अब म वन गई आफ्नो हितका लागि परमार्थसाधना गर्न चाहन्छु ।

सूतजीले भन्नुभयो- यसरी आफ्ना मनका कुरा भनेर राजा सोमकान्त हावाले ढलेको रूख झैं भुइँमा ढले।।१४-१५।। हे विद्वान् मुनिजन ! त्यसपछि पीप, रगत र पसिनाका धाराले चुर्लुम्म भिजेका राजा सोमकान्तको मूर्च्छित अवस्था देखेर अमात्य र नारीहरूले ठूलो कोलाहल गरे।।१६।। त्यस बेला अत्यन्त दुःखित भएका जनता दारुण चीत्कार गरिरहेका थिए। केही बेरपछि सेवकहरूले कपडाका टुक्राले रगत, पीप र पसिना पुछ्ने; ताजा हावाको प्रसार गराउने, छिटो प्रभाव पार्ने औषधि खुवाउने र मन्त्रवेत्ताका मन्त्रहरूको प्रयोग गराउनेजस्ता उपायहरूबाट राजालाई होशमा ल्याए । राजा सोमकान्त केही स्वस्थ देखिएपछि तिनलाई लक्षित गर्दै अमात्यहरूले आ-आफ्ना भाव यसरी व्यक्त गरे।।१७-१८।।

अमात्यहरूले भने - हे महाराज ! हजुरको कृपाबाट सर्वसाधारणले भोग्न नपाउने र देवराज इन्द्रजस्ता देवताहरूले भोग्ने सुखको हामीले भोग गऱ्यौं । अहिले वनतर्फ लाग्नुभयो भने हजुरविना हामी कसरी बस्ने छौं ? हजुरलाई यस्तो हालतमा वनमा पठाएर व्याधासरि निष्ठुर भई हामी यहाँ कसरी बस्न सक्छौं ? ।।१९।। हजुरका सुपुत्र हेमकण्ठ ऐश्वर्यशाली, बलवान् र शत्रुहन्ता हुनुहुन्छ । उहाँ एक्लै राज्यसञ्चालन गर्न समर्थ हुनुहुन्छ र हामीविना पनि उहाँले राज्य गर्नुहुनेछ । हामी सबै यो राज्यसुख त्याग गरी अहिले हजुरका साथ लागेर वन जान चाहन्छौं ।।२०।।

सूतजीले भन्नुभयो- त्यसपछि रानी सुधर्माले भनिन्- हे मन्त्रीहरू! म वीरपुत्रकी आमा र वीर राजाकी पटरानी हुँ। तसर्थ म मेरा पतिको पछि लागेर उहाँको सेवा गर्ने उद्देश्यले वन जान चाहन्छु। तसर्थ तपाइँहरूले मेरा छोराका साथ रही राज्य शासनको सञ्चालनमा सहयोग गर्नुपर्दछ ।।२१।। प्राणीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःखस्य भोक्ता न परोऽस्ति नैव
सुखस्य वा पूर्वकृतस्य जन्तोः ।
यथा यथा कर्मफलं प्रसक्तं
तदेव भोग्यं स्वयमेव तादृक् ।।२२।।
मयापि नानाविधभोगवत्या
सुखेन राज्यं परिभुक्तमस्य ।
स्त्रीणां हि भर्त्रा गमनं सहैव
परत्र लोके मुनिभिः प्रदिष्टम् ।।२३।।
ततः पुत्रो हेमकण्ठो विनीतः शोकसङ्कुलः ।
उवाच तस्मिन् समये सोमकान्तमिदं वचः ।।२४।।

हेमकण्ठ उवाच

न मे राज्येन दारैश्च प्राणैर्धनचयैरपि ।
त्वां विना नृपशार्दूल! कृत्यं नैवास्ति यत् क्वचित्।।२५।।
यथा स्नेहं विना दीपो विना प्राणं यथा तनुः ।
वृथा राज्यं तथा राजँस्त्वां विना धर्मपालक ! ।।२६।।

सूत उवाच

श्रुत्वा हृष्टमना राजा पुत्रं प्रोवाच धर्मतः ।
अमात्यानां सुधर्मायाः पुत्रस्य वचनामृतम् ।।२७।।

राजोवाच

पितुर्वाक्यरतो नित्यं श्रद्धया श्राद्धकृत्तथा ।
पिण्डदो यो गयायान्तु स पुत्रः पुत्र उच्यते ।।२८।।
अतो नीत्या समायुक्तः कुरु राज्यं ममाज्ञया ।
अमात्ययुक्तः शाधि त्वं पुत्रवच्चाखिलाः प्रजाः ।।२९।।
धर्मशास्त्रार्थतत्त्वज्ञो नीतिज्ञोऽखिलतोषकृत् ।
पितॄनुद्धरते यस्तु स पुत्रः पुत्र उच्यते ।।३०।।
अहं वनं गमिष्यामि गलत्कुष्ठोऽतिगर्हितः ।
पत्न्या सुधर्मया सार्धमनुजानीहि सुव्रत ।।३१।।

गरेका पूर्वकर्मको फल दुःख अथवा सुखको भोग अरूले गर्दैन, त्यसको भोक्ता ऊ आफूमात्र हुन्छ । जसले जस्तो कर्मफल भोग्नुपर्ने हुन्छ त्यसले त्यो फल आफैले भोग्नुपर्दछ ।।२२।। अनेक थरि विषयसुखको भोग गरिसकेकी मैले मेरा पतिकी पटरानीका रूपमा राज्यसुख पनि भोगिसकेकी छु । प्राचीन मुनिहरूले लोक र परलोक दुबैमा नारीहरूले पतिको अनुगमन गर्नुपर्दछ भनेका छन् । तसर्थ म पनि मेरा पतिका साथ वन जान्छु ।।२३।। माता-पिताको कुरा सुनेपछि शोकले सन्तप्त भएका विनीत राजपुत्र हेमकण्ठले आफ्ना पिता सोमकान्तलाई सम्बोधन गर्दै भने ।।२४।।

हेमकण्ठले भने- हे राजसिंह, मेरा पूज्य पिताश्री ! हजुरको अभावमा मलाई राज्य, रानी, धन-सम्पत्ति र जीवन पनि चाहिँदैन। हजुरको सेवा गर्नुबाहेक मेरो अरू कुनै कर्तव्य छैन ।।२५।। धर्मपालक हे महाराज ! विना तेलको बत्ती जसरी व्यर्थ हुन्छ त्यसै गरी विना प्राणको शरीर पनि व्यर्थ हुन्छ र अहिले मलाई हजुरविनाको यो राज्यभोग पनि व्यर्थ हुनेछ ।।२६।।

सूतजीले भन्नुभयो - हे मुनिजन ! अमात्य, महारानी सुधर्मा र छोरा हेमकण्ठका अमृतमय वचन सुनेर प्रसन्न भएका राजा सोमकान्तले आफ्ना छोरालाई सम्बोधन गर्दै भने ।।२७।।

सोमकान्तले भने- पिता जीवित हुँदा उनको आज्ञापालन गर्ने, पिता दिवङ्गत भएपछि तिथिका दिन श्रद्धापूर्वक श्राद्ध गर्ने र गयातीर्थमा गएर पिता एवं पुर्खाका लागि पिण्डदान गर्ने पुत्र नै उत्तम पुत्र मानिन्छ ।।२८।। हे छोरा ! त्यस कारण तिमीले नीतिनिष्ठ भएर मेरो आज्ञाअनुसार राज्य गर। अमात्यहरूलाई साथ लिएर तिमीले सम्पूर्ण प्रजाको पुत्रवत् पालन गर ।।२९।। जुन पुत्रले धर्मशास्त्रको रहस्य जान्दछ, सबैलाई आफ्नो व्यवहारबाट सन्तुष्ट तुल्याउँछ, नीतिशास्त्र जान्दछ र पितृहरूको उद्धारकार्यमा दत्तचित्त हुन्छ त्यस पुत्रलाई नै उत्तम पुत्र भनिन्छ।।३०।। हे सुव्रत पुत्र ! शरीरका अङ्ग-प्रत्यङ्गलाई सडाउने प्रकृति भएको यो कुष्ठरोग लाग्नाले अत्यन्त घृणित रूप भएको म आफ्नी सती पत्नी सुधर्माका साथ वन जानेछु । तिमीले मलाई वन जान अनुमति प्रदान गर ।।३१।।

ॐ

इतिश्रीगणेशपुराणे उपासनाखण्डे तपोवनगमननिश्चयो नाम द्वितीयोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सोमकान्तको तपोवन जाने निश्चय' शीर्षकान्वित दोस्रो अध्याय पूर्ण भयो ।।द्द।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीयोऽध्यायः { ३ अध्याय }

सूत उवाच

तत उत्थाय राजा स गृहीत्वा दक्षिणे करे ।
पुत्रं विवेश हर्म्याग्रं यत्र मन्त्रयते सदा ।।१।।

यत्र सिंहासनं दिव्यं काञ्चनं बहुरत्नयुक् ।
मुक्ताप्रवालखचितं भाति शक्रपदं यथा ।।२।।

तत्रासतुः पितापुत्रौ भातो द्वावप्यनेकधा ।
प्रतिरत्नं गतौ यस्मात् समुदायवृताविव ।।३।।

आचारं प्रथमं प्राह नीतिं नानाविधां नृपः ।
पुत्राय करुणायुक्तो यशसे स्वकुलस्य च ।।४।।

सोमकान्त उवाच

याममात्रावशिष्टायां निशायां जागृतः पुमान् ।
त्यक्त्वा शय्यां शुचिस्थाने उपविश्य गुरुं स्मरेत् ।।५।।

देवतां चिन्तयित्वेष्टां प्रणमेत् स्तुतिपूर्वकम् ।
प्रार्थ्य पृथ्वीं क्षमस्वेति पादस्पर्शं जगन्मये ।।६।।

प्रातर्नमामि गणनाथमशेषहेतुं
ब्रह्मादिदेववरदं सकलागमाढ्यम् ।
धर्मार्थकामफलदं जनमोक्षहेतुं
वाचामगोचरमनादिमनन्तरूपम् ।।७।।

प्रातर्नमामि कमलापतिमुग्रवीर्यं
नानावतारनिरतं निजरक्षणाय ।
क्षीराब्धिवासममराधिपबन्धुमीशं
पापापहं रिपुहरं भवमुक्तिहेतुम् ।।८।।

सूतजीले भन्नुभयो- राजा सोमकान्तले त्यहाँबाट उठी आफ्ना छोराको दायाँ हात समातेर जहाँ सधैं गोप्य मन्त्रणाका लागि प्रयोग गरिने उत्तम राजभवनमा प्रवेश गरे ।।१।। जुन राजभवनमा स्वर्णनिर्मित, रत्नमय र मोती एवं मुँगाले भरिभराउ, इन्द्रको सिंहासनसमान ज्योतिर्मय र दिव्य कान्तिले परिपूर्ण राजसिंहासन थियो ।।२।। त्यस भवनमा प्रवेश गरेपछि ती पिता एवं पुत्र सङ्ख्यामा जम्मा दुई रहे पनि तिनीहरूको बिम्ब प्रत्येक रत्नमा प्रतिबिम्बित भएको हुँदा समुदायसहित रहेजस्तै अनेकरूपमा देखिए।।३।। पुत्रमाथि दयालु बनेका राजा सोमकान्तले आफ्नो कुलको कीर्ति बढाउन सर्वप्रथम आचारशास्त्र र त्यसपछि अनेक नीतिशास्त्रको पनि उपदेश गरे ।।४।।

सोमकान्तले भने - हे पुत्र ! साधक मानिस रातको एक प्रहर बाँकी छँदै उठ्नु पर्दछ । जागृत मानिसले शय्यात्याग गरेपछि पवित्र स्थानमा बसेर आफ्ना सद्गुरुको स्मरण गर्नुपर्दछ ।।५।। त्यसपछि इष्टदेवताको चिन्तन गरी स्तुति गरेर प्रणाम गर्नुपर्दछ । अनि - 'हे जगन्मय स्वरूप पृथिवी! म मेरा पाउले तपाइँलाई टेक्दैछु, मेरो यो अपराध क्षमा गर्नुहोस्' भनी प्रार्थना गर्नुपर्दछ । (त्यस बेला त्यसले श्रीगणेश आदि विभिन्न देवी-देवताहरूको तल लेखिएअनुसार स्तुति गर्नुपर्दछ) ।।६।। म यस पावन प्रातःकालमा सम्पूर्ण ब्रह्माण्डका उत्पत्तिकारण, ब्रह्मा आदि देवतालाई पनि वरदान दिएर कृतार्थ तुल्याउने, सम्पूर्ण शास्त्रका खजाना, धर्म-अर्थ एवं कामनामक पुरुषार्थहरूको फल प्रदान गर्ने, सुपात्र मानिसलाई ज्ञान दिएर मोक्षतर्फ उन्मुख गराउने र वाणीद्वारा अज्ञेय, अनादि-अनन्त स्वरूप भगवान् श्रीगणनाथलाई नमस्कार गर्दछु ।।७।। म यस प्रातःकालमा प्रचण्ड पराक्रमी, आफ्ना भक्तको सुरक्षाका लागि अनेकौं पटक अनेक थरि अवतार लिनुहुने, क्षीरसागरमा रहेको शेषशय्यामा शयन गर्नुहुने, देवराज इन्द्रका भाइ भएका नाताले उपेन्द्रका नामबाट प्रसिद्ध, सबैका स्वामी एवं शास्ता, पापनाशक, शत्रुनाशक र उपासकलाई संसारको बन्धनदेखि मुक्त गराउने कार्यका प्रमुख हेतु कमलापति श्रीनारायणलाई नमस्कार गर्दछु ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रातर्नमामि गिरिजापतिमिन्दुमौलिं
व्याघ्राजिनावृतमुदस्तदयं मनोजे ।
नारायणेन्द्रवरदं सुरसिद्धजुष्टं
सर्पास्त्रिशूलडमरून् दधतं पुरारिम् ।।९।।

प्रातर्नमामि दिननाथमघापहारं
गाढान्धकारहरमुत्तमलोकवन्द्यम् ।
वेदत्रयात्मकमुदस्तसुरारिमायं
ज्ञानैकहेतुमुरुशक्तिमुदारभावम् ।।१०।।

प्रातर्नमामि गिरिजां भवभूतिहेतुं
संसारसिन्धुपरपारकरीं त्रिनेत्राम् ।
तत्त्वादिकारणमुदस्तसुरारिमायां
मायामयीं सुरमुनीन्द्रनुतां सुरेशीम् ।।११।।

एवमन्यांश्च संस्मृत्य देवान् मुनिगणाँस्तथा ।
मानसैरुपचारैश्च पूजयित्वा क्षमापयेत् ।।१२।।

ततो गच्छेत् सोदपात्रो ग्रामस्य नैर्ऋतीं दिशम् ।
मृदङ् गृहीत्वा सुश्वेतां ब्राह्मणः क्षत्रियोऽरुणाम् ।।१३।।
वैश्यशूद्रौ तथा श्यामां न नदीतीरतः खनेत् ।।
नोर्वराया न वल्मीकाद् ब्राह्मणागारतः क्वचित् ।।१४।।

तृणादिनाच्छादयित्वा धरां मूत्रपुरीषयोः ।
कृत्वोत्सर्गं दिवारात्रावुदग्दक्षिणदिङ्मुखः ।।१५।।

आदौ गुदं प्रमृज्यैव तृणकाष्ठादिना नरः ।
पञ्चवारं मृदाऽद्भिश्च क्षालयेत् तदनन्तरम् ।।१६।।

दशवारं वामहस्तं सप्तवारमुभौ करौ ।
लिङ्गं तथैकवारं तु वामहस्तं त्रिवारतः ।।१७।।

म यस प्रातःकालमा चन्द्रमालाई मस्तकमा धारण गरेका कारण चन्द्रमौलिका नामबाट प्रसिद्ध, व्याघ्रचर्मद्वारा सुशोभित, कामदेवलाई निर्दयतापूर्वक भस्म तुल्याउनुहुने, नारायण एवं इन्द्रलाई वरदान दिनुहुने, देवता र सिद्धपुरुषहरूद्वारा सेवित, सर्प, त्रिशूल र डमरु धारण गर्नुहुने, त्रिपुरारिका नामबाट प्रसिद्ध गिरिजा अर्थात् पार्वतीका स्वामी श्रीशङ्कर भगवान्लाई नमस्कार गर्दछु ।।९।। म यस प्रातःकालमा पापनाशक, घना अन्धकारका नाशक, उत्तम चरित्र भएका व्यक्तिहरूद्वारा वन्दनीय, ऋग्, यजु र सामस्वरूप, मन्देहनामक दैत्यहरूको मायालाई छिन्न-भिन्न तुल्याउनुहुने, ज्ञानका एकमात्र कारण, प्रचण्ड प्रतापी र उदार स्वभावका श्रीसूर्य नारायणलाई नमस्कार गर्दछु ।।१०।। म यस प्रातःकालमा सांसारिक ऐश्वर्यकी एकमात्र कारण, संसारसागरबाट भक्तहरूलाई पार लगाउनुहुने अमोघ शक्तिका रूपमा विराजमान, तीन नेत्रद्वारा शोभायमान, पृथिवी आदि तत्त्वहरूकी आधारभूमि, महिषासुर आदि दैत्यसमूहकी विनाशिनी, मायामयी, देवता एवं मुनीन्द्रहरूद्वारा सेवित र देवताहरूकी पनि आराध्या भगवती गिरिनन्दिनी पार्वतीलाई नमस्कार गर्दछु ।।११।। यसैगरी साधकले प्रातःकालमा अरू देवता एवं ऋषि-मुनिहरूको पनि संस्मरण गरी मानस उपचारद्वारा पूजा-आराधना गरेर ती सबै देवता एवं ऋषि-मुनिसँग क्षमायाचना गर्नुपर्दछ ।।१२।। त्यसपछि हातमा जलपात्र लिएर मलमूत्रत्यागका निमित्त आफ्नो बस्तीबाट नैर्ऋत्य दिशातर्फ जानुपर्दछ । त्यस बेला ब्राह्मणले सेतो माटो, क्षत्रियले रातो माटो, वैश्य र शूद्रले कालो माटो खनेर साथमा राख्नुपर्दछ । त्यसरी माटो ग्रहण गर्दा नदीका तटको माटो, उर्वर जमिनको माटो, धमिराले उठाएको माटो र ब्राह्मणका घरभित्रको माटो उपयोग गर्नुहुँदैन ।।१३-१४।। शौचका लागि निर्धारित जमिनमा गई दिनको समयमा उत्तरतिर र रातको समयमा दक्षिणतिर फर्केर मलमूत्रत्याग गर्नुपर्दछ ।।१५।। मलमूत्रत्याग गरेपछि तृण आदिद्वारा मलत्याग गर्ने इन्द्रियलाई राम्ररी शोधन गरी पाँच पटकसम्म माटो पानी लगाएर प्रक्षालन गर्नुपर्दछ ।।१६।। बायाँ हातलाई माटो पानीले दश पटक सफा गर्नुपर्दछ । त्यसपछि दुबै हातलाई सात पटक माटो पानीले सफा गर्नुपर्दछ । मूत्रेन्द्रियलाई एक पटक सफा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूत्रोत्सर्गे क्षालयीत द्वौ करौ च द्विवारतः ।
पादौ सदैकवारं तु गृहस्थस्यैवमीरितम् ।।१८।।

व्रतवान् द्विगुणं कुर्यात् त्रिगुणं वनगोचरः ।
यतिश्चतुर्गुणं कुर्याद् रात्रावर्धन्तु मौनवान् ।।१९।।

अर्धं पादं दिवारात्रौ शौचं स्त्री शूद्र एव च ।
तत आचम्य काष्ठं तु क्षीरकण्टकवृक्षयोः ।।२०।।

गृहीत्वा प्रार्थनापूर्वं दन्ताञ्जिह्वां विशोधयेत् ।
बलमोजो यशस्तेजः पशुबुद्धिधनानि च ।।२१।।

मेधां ब्रह्मधियं चैव त्वं मे देहि वनस्पते ! ।
ततः शीतजलैः स्नानं कृत्वा मलहरं पुरा ।।२२।।

ततो मन्त्रैश्च गृह्योक्तैः सन्ध्योपास्तिं ततश्चरेत् ।
जपं होमञ्च स्वाध्यायं तर्पणं देवपूजनम् ।।२३।।

वैश्वदेवं तथाऽऽतिथ्यं भोजनं द्विजसाक्षिकम् ।
पुराणश्रवणं दानं परनिन्दाविवर्जनम् ।।२४।।

परोपकारं कुर्याच्च द्रव्यप्राणवचोमृतैः ।
परापकारं नो कुर्यादात्मस्तवनमेव च ।।२५।।

गुरुद्रोहं वेदनिन्दां नास्तिक्यं पापसेवनम् ।
अभक्ष्यभक्षणं चैव परदारनिषेवणम् ।।२६।।

स्वदारवर्जनं चैव कुर्यादृतुगतिं चरेत् ।
मातापितृगुरूणां च गवां शुश्रूषणं सदा ।।२७।।

दीनान्धकृपणेभ्यश्च दद्यादन्नं सवस्त्रकम् ।
प्राणात्ययेऽपि सत्यस्य त्यागं नैव समाचरेत् ।।२८।।

गरेपछि फेरि बायाँ हातलाई तीन पटक चोख्याउनु पर्दछ। मूत्रत्याग गर्दा आफ्ना दुबै हात दुई पटक राम्ररी धुनु पर्दछ र खुट्टा राम्ररी सफा गर्नुपर्दछ । यो सबै विधि गृहस्थहरूका लागि विधान गरिएको छ ।।१७-१८।। कुनै खास व्रतको अनुष्ठानमा लागेका गृहस्थले माथि बताइएका क्रियाहरूको सम्पादन गर्दा निर्धारित संख्याभन्दा दुई गुना बढी गर्नुपर्दछ । संन्यासीले भने चार गुना बढी सङ्ख्यामा उक्त क्रिया सम्पन्न गर्नुपर्दछ । मौनव्रत लिने मानिसले रातको समयमा उक्त क्रिया गर्नुपर्यो भने माथि तोकिएको आधा सङ्ख्यामा कर्म सम्पन्न गर्नुपर्दछ ।।१९।। स्त्रीजातिले दिन एवं रात दुबै कालमा निर्धारित सङ्ख्याको आधामात्र क्रियासम्पादन गर्दा हुन्छ भने शूद्रले निर्धारित संख्याको एक चौथाई क्रिया सम्पन्न गर्नुपर्दछ। सबैले यसरी शौचकर्म सम्पन्न गरिसकेपछि आचमन गरी चोप हुने रूख र काँढा हुने रूखमध्ये कुनै एक रूखबाट दतिवन सङ्कलन गरी निम्नअनुसार आफूले दतिवनका लागि ग्रहण गरेका वनस्पतिको प्रार्थना गर्दै दाँत र जिब्रो सफा गर्नुपर्दछ- 'हे वनस्पति ! तिमीले बल, ओज, यश, तेज, पशु, सम्पत्ति, बुद्धि, धन, मेधा र ब्रह्मप्राप्तितर्फ उन्मुख गराउने बुद्धि मलाई प्रदान गर ।' त्यसपछि सर्वप्रथम मलप्रक्षालन गर्ने उद्देश्यले चीसो पानीले नुहाएर आफ्ना गृह्यसूत्रले बताएका मन्त्रद्वारा सन्ध्योपासन गर्नुपर्दछ । सन्ध्योपासनपछि जप, होम, स्वाध्याय, तर्पण, देवपूजन, बलिवैश्वदेव, अतिथि-सत्कारजस्ता कर्म सम्पन्न गरी ब्राह्मणलाई भोजन गराएपछिमात्र आफूले भोजन गर्नुपर्दछ । यसै गरी नित्य पुराणश्रवण गर्दै परनिन्दाबाट जोगिएर धन, प्राण एवं वचनामृतद्वारा परोपकार गर्नुपर्दछ । परन्तु कहिले पनि साधकले आत्मप्रशंसा गर्नु हुँदैन ।।२०-२५।। यसै गरी साधकले गुरुद्रोह, वेदनिन्दा, नास्तिक व्यवहार, पापसेवन, अभक्ष्यभक्षण, परस्त्रीगमन, धर्मपत्नीत्यागजस्ता कार्य गर्न हुँदैन र ऋतुकालमा धर्मपत्नीका साथ ऋतुधर्मको पालन गर्नुपर्दछ । माता-पिता, गुरु र गाईको सेवा गर्नुपर्दछ । दीन-दुःखी र गरीब-निमुखालाई वस्त्र र अन्न दिनुपर्दछ । यसरी उज्ज्वल जीवन बिताउँदै सद्गृहस्थले प्राण जाने अवस्थामा पनि सत्यलाई छोड्नु हुँदैन । जुन सज्जनमा ईश्वरको अनुग्रह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरानुग्रहो येषां साधूनां च प्रपालनम् ।
अपराधानुसारेण धर्मशास्त्रं विलोक्य च ।।२९।।

पृष्ट्वा वा पण्डितान् दण्डं कुर्यान्नीतिविशारदः ।
विश्वासो यस्य नैव स्यात् तत्र नो विश्वसेत् क्वचित् ।।३०।।

विश्वस्तेऽत्यन्तविश्वासो न कर्तव्यो बुभूषता ।
कृतवैरेऽथ विश्वस्ते कदापि न च विश्वसेत् ।।३१।।

षड्गुणानां प्रयोगेण वर्धयेद् राष्ट्रमात्मनः ।
दानं स्वशक्त्या कुर्वीत क्षीणतामन्यथा व्रजेत् ।।३२।।

परे व्याकुलिते यानमधमं परिचक्षते ।
चारदृष्टिर्दूतवक्त्र उद्यद्दण्डो नृपो भवेत् ।।३३।।

दण्डस्यैव भयाल्लोकाः स्वे स्वे धर्मे व्यवस्थिताः ।
अन्यथा नियमो न स्यात् पारक्यं स्वीयमित्यदः ।।३४।।

अधमो यदि निन्देत स्तुवीत यदि वा क्वचित् ।
न क्रुद्ध्येन्न च तुष्येच्च किं तयाऽर्चितयापि च ।।३५।।

पूर्वापकारी यदि च पुनर्वा शरणं व्रजेत् ।
पूर्वं च धनिको यः स्यात् परिपाल्यः सदैव हि ।।३६।।

मन्त्रगुप्तिः सदा कार्या तन्मूलं राज्यमुच्यते ।
कामादिषड्रिपून् हित्वा ततोऽन्यान् विजयीत च ।।३७।।

भएको हुन्छ त्यस्ता सज्जनको सुरक्षा र पालन गर्नुपर्दछ । नीतिनिपुण राजाले धर्मशास्त्रको अवलोकन गरेर अथवा धर्मशास्त्रका विद्वान्हरूसँग सोधेर अपराधअनुसार दोषीमाथि दण्डको कारवाही गर्नुपर्दछ । जुन मानिससँग विश्वास गर्न सकिंदैन अथवा जसले आफूमाथि विश्वास गर्दैनन्, तिनमा कहिले पनि विश्वास गर्न हुँदैन । विश्वस्त मानिससँग पनि धेरै विश्वास गर्नुहुँदैन । विश्वस्त मानिस भए पनि भित्रबाट त्यसले आफूसँग द्वेष गर्दछ भने त्यसमाथि कहिल्यै विश्वास गर्न हुँदैन ।।२८-३१।। सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रयजस्ता ६ वटा राजनीतिक गुणहरूको प्रयोग गरी राजाले आफ्नो राज्यलाई समृद्ध र विकसित तुल्याउनुपर्दछ। आफ्नो गच्छेअनुसार दान गर्नुपर्दछ, यसको विपरीत अतिशय दान गरिन्छ भने राजा र राष्ट्र आर्थिक दृष्टिले क्षीण भएर जान्छन् ।।३२।। शत्रु राजा विपत्तिग्रस्त भएको बेला त्यसमाथि जाइलाग्नु हुँदैन, त्यसलाई अधम कर्म मानिन्छ । राजाले गुप्तचरहरूको आँखाबाट राष्ट्रका गतिविधिको निरीक्षण गर्नुपर्दछ । दूतहरूको माध्यमबाट अन्य राजाहरूसँग संवाद गर्नुपर्दछ । दण्डलाई सधैं तरोताजा बनाई न्यायपूर्वक प्रयोग गर्नुपर्दछ ।।३३।। संसारका मानिसहरू दण्डको डरले आ-आफ्नो कर्तव्यको पालनमा लागेका हुन्छन् । संसारमा दण्डको व्यवस्था हुन्नथ्यो भने मानिसहरू अमर्यादित, अराजक हुने थिए र चारैतिर छाडापन छाउने थियो । यो मेरो र यो तेरो भन्ने व्यवस्थामा आघात पर्दा बलिया मानिसमात्र संसारमा रहने थिए ।।३४।। अधम मानिसले निन्दा गर्दछ भने राजाले त्यसमाथि रीस गर्नुहुँदैन। त्यसले स्तुति अथवा प्रशंसा गर्दछ भने सन्तोष गर्न पनि हुँदैन । वास्तवमा अधमले गरेको निन्दाबाट कुनै हानि हुँदैन र त्यसले गरेको प्रशंसाबाट कुनै लाभ पनि हुँदैन ।।३५।। पूर्वापकारी अर्थात् पहिले कुनै बेला आफ्नो अपकार गर्ने मानिस शरणमा आउँछ भने त्यस्ता मानिसको सुरक्षा गर्नुपर्दछ । पहिले सम्पन्न मानिस कारणवश कङ्गाल हुन गई शरणमा आउँछ भने त्यसको पनि सुरक्षा गर्नुपर्दछ ।।३६।। राजाले राज्यको समुन्नति र रक्षाका लागि गरिने मन्त्रणालाई गुप्त राख्नु पर्दछ । मन्त्रणा अथवा राजनीतिक गम्भीर चिन्तनकै आधारमा राज्यले गति लिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृत्तिच्छेदं प्रजोच्छेदं देवतोच्छेदमेव च ।
आरामचैत्ययोश्छेदं न कुर्यान्नृपसत्तमः ।।३८।।

पर्वकाले ददेद् दानं यशसे त्यागमेव च ।
न मित्रवञ्चनां कुर्यात् स्त्रीषु गोप्यं वदेन्न च ।।३९।।

ऋणतो ब्राह्मणं चैव पङ्कतो गां समुद्धरेत् ।
अनृतं न वदेत् क्वापि सत्यं क्वापि न हापयेत् ।।४०।।

अमात्यानां प्रजानाञ्च भृत्यानां चित्तहृद् भवेत् ।
ब्राह्मणेभ्यो नमस्कुर्याद् देवताभ्यः सदैव च ।।४१।।

सूत उवाच

इत्यन्यदपि शिक्षाप्य हेमकण्ठं सुतं नृपः ।
आचारं सह धर्मेण नीतिशास्त्रं यथाश्रुतम् ।।४२।।

क्षेमङ्करं रूपवन्तं विद्याधीशं तथैव च ।
आह्वयामास चामात्यान्सुमुहूर्तं विलोक्य च ।।४३।।

सम्भारानुपकल्प्यैव नानास्थानगतान्नृपः ।
ब्राह्मणान् वेदविदुषो यज्ञकर्मसु निष्ठितान् ।।४४।।

राज्ञोऽथ महतो राजपत्नीश्च सुहृदः स्वकान् ।
आह्वयामास नृपतिः श्रेणीमुख्याँश्च नागरान् ।।४५।।

अभिषेकावलोकाय पुत्रस्य रिपुघातिनः ।
गणेशं पूजयित्वेष्टदेवतां च यथाविधि ।।४६।।

वाचयित्वा स्वस्त्ययनं मातृपूजनपूर्वकम् ।
कृत्वाभ्युदयिकं श्राद्धं ब्राह्मणाँस्तर्प्य चान्धसा ।।४७।।

कारयित्वा मन्त्रघोषैरभिषेकं सुतस्य सः ।
उवाच सोमकान्तस्त्रीन् मन्त्रिमुख्यानिदं वचः ।।४८।।

हुन्छ । काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यजस्ता ६ वटा भित्री शत्रुहरूलाई जितेपछि मात्र राजाले अरू बाहिरी शत्रुहरूमाथि विजय प्राप्त गर्न सक्दछ ।।३७।। कुनै पनि उत्तम राजाले कसैको जीविकाको छेदन, सन्तानको नाश, देवताको छेदन, बगैंचा, घर, यज्ञशाला, मन्दिर आदिको छेदन पनि गर्न हुँदैन ।।३८।। राजाले उत्तम पर्वहरूमा यथाशक्ति दान गर्नुपर्दछ । कीर्ति हुने कामका लागि त्याग देखाउनु पर्दछ । आफ्ना मित्रहरूलाई धोका दिनु हुँदैन र नारीहरूसमक्ष गोप्य कुरा खोल्नु हुँदैन ।।३९।। उत्तम राजाले ऋणमा डुबेका ब्राह्मणको उद्धार गर्नुपर्दछ, हिलोमा डुबेकी गाईको उद्धार गर्नुपर्दछ, कुनै अवस्थामा पनि मिथ्याभाषण गर्नुहुँदैन र कस्तै विपत्तिमा पनि सत्यलाई छोड्नु हुँदैन ।।४०।। राजाले आफ्ना उत्तम व्यवहारबाट मन्त्री, प्रजा र सेवक-कर्मचारीहरूको हृदय जित्नु पर्दछ । तिनले सर्वदा ब्राह्मण र देवताहरूलाई नमस्कार गर्नुपर्दछ ।।४१।।

सूतजीले भन्नुभयो - राजा सोमकान्तले आफ्नो अनुभवअनुसार आफ्ना छोरा हेमकण्ठलाई यी र यस्तै अरू पनि धर्म-आचार र नीतिशास्त्रसम्बन्धी शिक्षा दिए ।।४२।। त्यसपछि क्षेमङ्कर, रूपवान् र विद्याधीश नामक तीन जना महामात्यहरूलाई आफूसामु बोलाएर मुहूर्त हेराई राजाले विभिन्न ठाउँमा छरिएका राज्याभिषेकका सामग्री जुटाए । वेदका ज्ञाता र यज्ञसञ्चालनमा निपुण ब्राह्मण, ठूला ठूला राजा-रानी, आफ्ना मित्र-बन्धु, विभिन्न जात-जाति र वर्गका प्रतिनिधि नागरिकहरूलाई समेत आफ्ना प्रतापी र शत्रुसंहारक छोरा हेमकण्ठको राज्याभिषेकको अवलोकन गर्न आमन्त्रण गरे । सर्वप्रथम श्रीगणेशको अर्चना गरेर विधिपूर्वक इष्टदेवताको आराधना गरे । स्वस्तिवाचन गराई मातृकापूजाका साथ आभ्युदयिक श्राद्ध पनि सम्पन्न गरे । त्यसपछि निमन्त्रित ब्राह्मणहरूलाई सुस्वादु भोजनद्वारा तृप्त गराए ।।४३-४७।। यसरी मन्त्रघोषपूर्वक छोरा हेमकण्ठको राज्याभिषेक सम्पन्न गरेपछि राजा सोमकान्तले आफ्ना तीनजना महामात्यसँग कुराकानी गरे ।।४८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजोवाच

ममायं सुत इत्येवममात्या बुद्धिरस्तु वः ।

भवतामेव हस्तेषु सुत एष निरूपितः ।।४९।।

ममानुशासनं यद्वत् कृतं नीतिविशारदैः ।

तथास्य शासनं कार्यं श्रेणीमुख्यसमन्वितैः ।।५०।।

सोमकान्तले भने - हे महामात्यहरू ! तपाइँहरूको हृदयमा यी हेमकण्ठ मेरै छोरा हुन् भन्ने बुद्धि पलाओस्, म अब वन जान लागें । तसर्थ मेरो यो छोरालाई मैले तपाइँहरूको जिम्मामा सुम्पेको छु ।।४९।। मैले जसरी आज मेरो छोरालाई आचार र राजनीतिको विषयमा अनुशासन गरें अर्थात् उपदेश गरें त्यसैगरी नीतिवेत्ता तपाइँ महामात्यहरूले पनि विभिन्न वर्ग, समूह र जातिका ठूला-बडा पुरुषहरूसमेत साथमा लिएर मेरो छोराको राज्यसञ्चालनमा मार्गदर्शन गर्नुहुनेछ ।।५०।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे आचारादिनिरूपणं नाम तृतीयोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'आचारोपदेश' शीर्षकान्वित तेस्रो अध्याय पूर्ण भयो ।।३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थोऽध्यायः { ४ अध्याय }

सूत उवाच

जातेऽभिषेके राजाऽसौ चकार द्विजपूजनम् ।
मणिमुक्ताप्रवालानि ददौ साङ्गं गवा युतम् ।।१।।

तोषयामास सर्वांस्तान् गजगोऽश्वधनांशुकैः ।
नानादेश्यानि वासांसि सुवर्णान्तरितानि च ।।२।।

नानावर्णानि काश्मीरदेशजानि महान्ति च ।
राजभ्यो राजपत्नीभ्यो ग्राममुख्येभ्य एव च ।।३।।

तद्भृत्येभ्यो गुणिभ्यश्च ददौ राजा यथार्हतः ।
अमात्येभ्यो ददावन्यान् ग्रामान् बहुधनान्यपि ।।४।।

ततो वनं ययौ राजा दुःखशोकसमन्वितः ।
पूर्वजन्मार्जितैर्दोषैरत्यन्तमलिनोऽशुचिः ।।५।।

तस्मिन्प्रयाते लोकानां हाहाकारो महानभूत् ।
स्वं स्वं कार्यं विहायैव प्रतिजग्मुर्जनाधिपम् ।।६।।

अमात्या राजभार्या च हेमकण्ठः सुहृद्वृतः ।
उत्तिष्ठन् प्रपपाताग्रे स्खलन् धावन् रुदन्नपि ।।७।।

अमात्या नागरास्तन्तु दुःखिता अप्यवारयन् ।
गव्यूतिद्वितयं गत्वा तस्थौ राजा श्रमान्वितः ।।८।।

दृष्ट्वा वापीं शीतजलां नानावृक्षसमन्विताम् ।
उवाच नागरान् सर्वानमात्यान् स्वजनानपि ।।९।।

अपराद्धं मया यद् यच्चिरं राज्यं प्रकुर्वता ।
तत् क्षन्तव्यं नमाम्येष बद्धवाञ्जलिपुटं जनाः ।।१०।।

सूतजीले भन्नुभयो - राजा सोमकान्तले छोरा हेमकण्ठको राज्याभिषेक सम्पन्न गरिसकेपछि राज्याभिषेकमा आमन्त्रित ब्राह्मणहरूको पूजा गरे । उनले मणि, मोती, मुगाजस्ता बहुमूल्य पदार्थ र गाईसमेत अङ्ग पुऱ्याएर दान गरे ।।१।। तिनले ती सबै ब्राह्मणहरूलाई हात्ती, घोडा, गाई, धन र वस्त्र दिएर सन्तुष्ट बनाए । त्यसपछि विभिन्न देशमा तयार भएका अनेक रङ्गका वस्त्र, काश्मीर देशमा तयार गरिएका ठूला आकार भएका दोसल्लाहरूसमेत आमन्त्रित राजा-रानी, ग्रामप्रधान, तिनका सेवक र गुणी सज्जनहरूलाई स्तरअनुसार प्रदान गरे। यसका साथै आफ्ना अमात्यहरूलाई पनि केही गाउँ विर्ताका रूपमा प्रदान गरी धेरै धन पनि प्रदान गरे ।।२-४।। त्यसपछि पूर्वजन्ममा अर्जित दोषहरूका कारण अत्यन्त मलिन र अपवित्र स्वरूपमा देखिएका राजा सोमकान्त दुःख एवं शोकले युक्त भई वनका लागि प्रस्थान गरे ।।५।। राजाको वन प्रस्थानपछि त्यहाँ मुनिहरूले ठूलो हाहाकार गरे । सबै मानिस आ-आफ्ना काम छाडेर राजाका पछि लागे ।।६।। पछि लाग्नेहरूमा महामात्य, महारानी र मित्रसहित छोरा हेमकण्ठ पनि थिए । पितालाई त्यसरी वन जान लागेको देखेर हेमकण्ठका खुट्टा लर्बराए । केही बेर उभिए, अनि दौडन थाले । त्यसपछि शोकसन्तप्त भएर भुइँमा पछारिए अनि रुन लागे । हेमकण्ठको त्यो अवस्था देखी दुःखी भएका अमात्य र नागरिकहरूले हेमकण्ठलाई त्यसो नगर्न अनुरोध गरे । यसरी चार कोश लामो दूरीको बाटो तय गरेपछि थाकेका राजा सोमकान्त उभिए। अनेक वृक्ष-वनस्पतिले चारैतिर घेरिएको, चीसो पानी भएको पोखरी देखेर तिनले सबै प्रजाजन, स्वजन र अमात्यहरूलाई अनुरोधको मुद्रामा भने ।।७-९।। 'हे मेरा प्यारा जन हो ! मैले चिरकालसम्म राज्य गर्दा तपाइँहरूमाथि जुन र जस्तो अपराध गरें त्यसका लागि म आज हात जोडेर क्षमायाचना गर्दछु, मलाई क्षमा दिनुहोस् । तपाइँहरूले मेरा छोरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृपा विधेया पुत्रे मे यदि दैवात् समागते ।
विज्ञापयामि वः सर्वान् मयि स्नेहो न हीयताम् ।।११।।

गच्छन्तु नगरं सर्वे सस्त्रीवृद्धाः समागताः ।
पुत्रेण पाल्यमाना मे तिष्ठन्तु विगतज्वराः ।।१२।।

अनुजानन्तु मां सर्वे सुचित्तो याम्यहं वनम् ।
युष्मासु तु प्रयातेषु मनो मे निश्चलं भवेत् ।।१३।।

उपकारं महान्तं मे कुर्वन्तु कृपयाऽखिलाः ।
दुःखितो निष्ठुरं वक्तुं मर्तुकामोऽपि नोत्सहे ।।१४।।

महत्पापं मयैवैतज्जन्मजन्मान्तरार्जितम् ।
यद्वियोगो हि राज्यस्य लोकानां हितकारिणाम् ।।१५।।

परन्तु किं करोम्येष यद् गलत्कुष्ठवानहम् ।
सर्वोऽपि स्वकृतं भुङ्क्ते सुकृतं दुष्कृतं तथा ।।१६।।

सूत उवाच

इति श्रुत्वा वचो राज्ञो मूर्च्छिताः सुहृदस्तथा ।
घ्नन्तः केचित् पाणितलैः शिरांसि भृशदुःखिताः ।।१७।।

केचित् परस्परं चक्रुरभिज्ञाः पण्डिताश्च ये ।
सान्त्वनं पूर्वजातानां नृपाणां चरितैर्नृपे ।।१८।।

अनिर्वाच्यामवस्थां तत् समीक्षेयुरथाऽपरे ।
यथा स्वरूपे विज्ञाते योगिनो ज्ञानवृत्तयः ।।१९।।

दुःखितं सोमकान्तं तं वनं गन्तुं समुत्सुकम् ।
नियम्य दुःखं धैर्येण धीराः केचिदथाब्रुवन् ।।२०।।

जना ऊचुः

पोषयित्वा पालयित्वा न नस्त्वं त्यक्तुमर्हसि ।
यथा न त्यजते शैत्यं जलमौष्ण्यं तनूनपात् ।।२१।।

मर्यादां जलधिर्वापि सूर्यः प्राकाश्यमेव च ।
कथं वा नगरं यामस्त्वां विना जनवत्सल ।।२२।।

हेमकण्ठमाथि दया गर्नुहुनेछ। दैवको कृपाबाट स्वस्थ भएर म फर्कें भने मेरा सबै सुख-दुःख तपाइँहरूलाई बताउने छु। मेरो माया नमार्नु होला । अहिले स्त्री-वृद्धसहित सबै तपाइँहरू राजधानी फर्कनुहोस्। मेरा छोराको शासनमा उनीद्वारा संरक्षित भई चिरकालसम्म निश्चिन्त भएर रहनुहोस् । तपाइँहरूले मलाई खुसीसाथ वन जान आज्ञा दिनुहोस् । तपाइँहरू खुसी भएर घर फर्किनुभएमा मेरो मन स्थिर हुनेछ ।।१०-१३।। अहिले फर्किदिएर तपाइँहरूले ममाथि गुन लगाउनुहोस् । तपाइँहरूसमक्ष मर्ने बेलामा पनि निष्ठुर भाषण गर्न म सक्दिनँ ।।१४।।मैले जन्म-जन्मान्तरमा ठूलो पाप गरेको रहेँछु । त्यस कारण आज मलाई आफ्ना हितैषी, स्वजन, प्रजाजन र अमात्यजनहरूबाट टाढा भएर वनवास गर्नुपरेको छ। तर मेरो केही उपाय छैन । म आफै कुष्ठरोगी भएर दुःख पाइरहेको छु । सबैले आफूले गरेका राम्रा नराम्रा कर्मको फल भोग्नै पर्ने रहेछ।।१५-१६।।

सूतजीले भन्नुभयो - राजा सोमकान्तका यी वचन सुनेर केही मित्र सज्जनहरू बेहोश भए, केहीले साह्रै दुःखी भएर दुबै हातले शिर पिट्न थाले, केही परस्परमा भावाविष्ट भई कुरा गर्न थाले, केही विद्वान् एवं बुद्धिजीवीहरूले पुराना राजाहरूका चरित्र, सङ्घर्षमय जीवन र दुःखमय अवस्थाको दृष्टान्त दिएर राजालाई सान्त्वना दिन थाले ।।१७-१८।। कुनै मानिस त राजाको त्यो दयनीय अवस्था देखेर स्वरूपज्ञानपछि योगीहरू स्वरूपबोधमा विलीन भएझैं अनिर्वचनीय अवस्थामा पुगे ।।१९।। वन जान उत्सुक दुःखी राजा सोमकान्तलाई देखेर उत्पन्न भएको सन्तापलाई धैर्यले बाँधी केही धीर स्वभावका सज्जनहरू भन्न लागे ।

सज्जनहरूले भने - हे महाराजा ! पालन-पोषण गरी हामीलाई हुर्काएर अहिले चटक्कै छाडी तपाइँ वनमा नजानुहोस्। जसरी पानीले चीसोपन छाड्दैन, आगोले तातोपन छाड्दैन, समुद्रले सीमा नाघ्दैन र सूर्यले प्रकाश छाड्दैन त्यसैगरी हाम्रा अभिभावक राजाले हामीलाई छोड्नु हुँदैन । हे जनप्रिय राजा ! हामी सबै तपाइँविना एक्लै कसरी राजधानी फर्कन सक्छौं ? ।।२०-२२।। हे शत्रुनाशक राजा ! जसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथोडुपतिना हीनं व्योम तारान्वितं नृपः ।
पुरं तद्वन्न शोभेत त्वां विना शत्रुकर्षण ।।२३।।

सहैव यामस्तीर्थानि द्वित्राणि वयमप्युत ।
रूपं ते कान्तिमत् कान्त! भविता तीर्थसेवनात् ।।२४।।

ततः सहैव यास्यामो नगरं ध्वजसङ्कुलम् ।
हर्षेण महता युक्ता वाद्यबन्दिपुरःसराः ।।२५।।

सूत उवाच

इति तद्वचनं श्रुत्वा क्रोधदुःखसमन्वितः ।
उवाच राजा तान्नत्वा मैवं मैवं पुनः पुनः ।।२६।।

ततोऽब्रवीद्धेमकण्ठः सामात्यो वत्सलं नृपम् ।
स्नेहकारुण्यभावेन विनयेन समन्वितः ।।२७।।

पुत्र उवाच

विना त्वां नोत्सहे गन्तुं कर्तुं राज्यञ्च जीवितुम् ।
न मया दृष्टपूर्वस्ते विरहस्तं सहे कथम् ।।२८।।

राजोवाच

एतदर्थं मया पूर्वं धर्मशास्त्रं सुनीतिमत् ।
उपदिष्टं तव शुभं न वृथा कर्तुमर्हसि ।।२९।।

श्रूयते जामदग्न्येन जननी निहता पुरा ।
पितृवाक्यानुरोधेन नीतिज्ञेन सुधीमता ।।३०।।

रामस्तु राज्यं त्यक्त्वैव वनं यातः सहानुजः ।
अपृष्ट्वा कारणं सीतां तत्याज लक्ष्मणो वने ।।३१।।

हेमकण्ठ ! पुरं शीघ्रममात्यैस्त्रिभिरन्वितः ।
अतो ममाज्ञया गच्छ कुरु राज्यं मयार्पितम् ।।३२।।

विज्ञे यथा कार्यसक्ते चित्तं तस्य परात्मनि ।
यथाऽवस्थापिते वित्ते चित्तं लोकस्य वर्तते ।।३३।।

ताराहरूले सम्पन्न भए पनि जून नभएको आकाश सुहाउँदैन त्यसरी नै हजुर नभएको नगर सुहाउने छैन ।।२३।। हे प्यारा राजा! हामी पनि तपाइँका साथ दुई-तीन तीर्थमा जान चाहन्छौं। तपाइँको यो रोगजर्जर रूप पनि तीर्थसेवाबाट कान्तिमय हुनेछ।।२४।।

त्यसपछि ठूलो हर्षले सम्पन्न भएका हामीहरू तपाइँका साथ लागेर ध्वजा-पताकाले सुहाएको राजधानीमा बाजा-गाजा र स्तुतिपाठका साथ प्रवेश गर्नेछौं ।।२५।।

सूतजीले भन्नुभयो - जनताका अनुरोधपूर्ण वचन सुनेर दुःख र क्रोधले युक्त भएका राजा सोमकान्तले सबैलाई हात जोडेर नमस्कार गर्दै 'यो कुरा हुनै सक्तैन' भन्ने वाक्य पटक-पटक दोहोऱ्याए।।२६।। त्यसपछि मन्त्रीसहित हेमकण्ठले दयालु राजासँग स्नेह र करुणा प्रकट गर्दै विनयपूर्ण स्वरमा भने ।।२७।।

हेमकण्ठले भने- पूज्य पिताश्री! म हजुरविना घर फर्कन चाहन्नँ, राज्य गर्न चाहन्नँ र बाँच्न पनि चाहन्नँ । मैले कहिल्यै पनि हजुरको वियोगको अनुभव गरेको छैन । अहिले त्यो वियोग कसरी सहन गरूँ ?।।२८।।

राजाले भने - प्यारा पुत्र ! यस्तै परिस्थितिमा कर्तव्यपालन गर्नु पर्ने विधिव्यवस्थाका लागि मैले मङ्गलमय नीतिशास्त्र र धर्मशास्त्रको तिमीलाई उपदेश गरेको हुँ । त्यो उपदेशलाई तिमीले व्यर्थ बनाउन हुँदैन ।।२९।। पहिले नीतिज्ञ र बुद्धिमान् महापुरुष परशुरामले आफ्नै पिताको अनुरोधमा आफ्नी आमाको घाँटी काटेका थिए भन्ने कुरा पुराण-वेत्ताहरूबाट सुन्न पाइन्छ ।।३०।। श्रीराम पनि आफ्ना पिताको आज्ञा पाएर राज्यत्याग गरी भाइ लक्ष्मणका साथ वनवासका लागि प्रस्थान गरेका थिए । लक्ष्मणले पनि कुनै कारण नसोधीकन श्रीसीतालाई वनमा एक्लै छाडेर रामको अनुगमन गरेका थिए।।३१।। बाबु हेमकण्ठ ! मेरो आज्ञापालन गरी तीनजना अमात्यहरूका साथ तिमी छिटै राजधानी फर्किनु पर्छ र मैले जिम्मा लगाएको राज्यको पालन गर्नुपर्दछ ।।३२।। जस्तै विज्ञ जन कार्यमा व्यापृत भए पनि तिनको चित्त परमात्मामा नै लागिरहेको हुन्छ, जस्तै कमाएको धनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा मयि वनं याते स्वान्तं मे त्वयि वर्तते ।
दैवयोगेन सुभगो जातो यास्ये पुनर्गृहम् ।।३४।।

भविष्यति तथा धर्मो मद्वाक्यकारिणस्तव ।
न तथा सह यानेन तस्माद् गच्छ व्रजामि च ।।३५।।

संसारका मानिसको चित्त लागिरहेको हुन्छ त्यसैगरी म वन गएपछि मेरो चित्त मेरा प्यारा पुत्र तिमीमा नै लागिरहने छ। दैवयोगले म निको हुन र राम्रोसमेत हुन पाएँ भने म फेरि घर फर्कने छु ।।३३-३४।। मेरो आज्ञापालन गर्ने तिमीहरू सबै पुण्यभागी हुनेछौ । मसँग वनजाँदा तिमीहरूलाई त्यो पुण्य प्राप्त हुनेछैन। त्यस कारण तिमी राजधानीतर्फ जाऊ र म वनतर्फ जानेछु ।।३५।।

सूत उवाच

अमात्या नागराः पुत्रः प्रयातुं कृतमानसाः ।
कष्टेन महता युक्ता नमश्चक्रुर्नृपं तदा ।।३६।।

अनुज्ञातास्ततस्तेन आशीर्भिरभिनन्द्य च ।
प्रदक्षिणीकृत्य नृपं निवृत्ता नगरं प्रति ।।३७।।

अग्रे कृत्वा महासेनां गजाश्वरथपत्तिनीम् ।
छत्रध्वजयुतो मानी हेमकण्ठोऽगमत् पुरीम् ।।३८।।

सूतजीले भन्नुभयो- राजाका साथ वन जानका लागि हठ गरिरहेका मन्त्री, नगरवासी जनता र हेमकण्ठसमेत सबैले राजाज्ञा स्वीकार गरी अनिच्छापूर्वक अत्यन्त कष्टले नगरतर्फ फर्कने विचार बनाएर राजालाई नमस्कार गरे ।।३६।। राजाबाट आशीर्वाद एवं अभिनन्दनपूर्वक नगर फर्कनका लागि आज्ञाप्राप्त गरेका ती सबै राजाको परिक्रमा गरी नगरतर्फ फर्के ।।३७।। स्वाभिमानी हेमकण्ठ पनि छाता र ध्वजाका साथ हात्ती, घोडा, रथ र पैदल सेनालाई आफ्ना अगाडि लगाएर राजधानीतर्फ फर्किए ।।३८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे सोमकान्ततपोवनगमनं नाम चतुर्थोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'हेमकण्ठको राज्याभिषेकपछि सोमकान्तको तपोवन प्रस्थान' शीर्षकान्वित चौथो अध्याय पूर्ण भयो ।।४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चमोऽध्यायः { ५ अध्याय }

सूत उवाच

ततो मातरमभ्येत्य स्नेहकातरया धिया ।
तां जगाद कथं मातस्त्यजसेऽनपराधिनम् ।।१।।

पुत्र उवाच

सहैव यातु पुत्रोऽयमिति वाच्यस्त्वया पिता ।
तव वाक्यानुरोधेन यदि मां सह नेष्यति ।।२।।

तदा वां सेवनं कुर्यां न मे राज्ये मतिस्तथा ।
किं तद्राज्यं सुखं दद्याद्भवभ्यां रहितस्य मे ।।३।।

सुधर्मोवाच

एतावद् दुःखशोकाभ्यां युक्तो राजा न मे वचः ।
करिष्यति महाबाहो तस्माद् गच्छ ममाज्ञया ।।४।।

पातिव्रत्येन धर्मेण परवत्यस्मि बालक ।
भर्तुरन्यो न देवोऽस्ति योषितां मान्य एव च ।।५।।

सूत उवाच

इत्याकर्ण्य नमश्चक्रे मातरं ससुहृत् सुतः ।
प्रदक्षिणीकृत्य ततोऽनुज्ञां प्राप्य पुरं ययौ ।।६।।

अलङ्कृतैर्नागरिकैः पताकाध्वजपल्लवैः ।
सिक्तमार्गं सुगन्धाढ्यं यथेन्द्रनगरं तथा ।।७।।

दत्त्वा ताम्बूलवासांसि विसृज्य स्वजनान् नृपः ।
प्रविवेश गृहं श्रीमद् हर्षशोकसमन्वितः ।।८।।

चकार राज्यं धर्मेण सुतवत् पालयन् प्रजाः ।
धर्मार्थकाममोक्षेषु यथाशिक्षं मनो दधे ।।९।।

सूतजीले भन्नुभयो - पितासँग बिदावारी भई राजधानी फर्कन लागेका हेमकण्ठले आफ्ना पतिको अनुसरण गर्दै वन जान लागेकी आमा सुधर्माका नजिकमा गएर कातर स्वरमा भने- 'हे आमा ! तपाइँ मजस्तो निरपराध छोरालाई एक्लै छाडेर किन वनतर्फ जाँदै हुनुहुन्छ ?' ।।१।।

हेमकण्ठले भने - आमा ! तपाइँले पिताश्रीलाई भनिदिनुहोस् यो छोरा पनि हामीसँग वन जान्छ । तपाइँको अनुरोध स्वीकार गरी पिताश्रीले मलाई साथमा लगेमा मैले माता-पिताको सेवा र सत्कार गर्ने अवसर पाउने थिएँ । हजुरहरूलाई वन पठाएर मलाई राज्य गर्ने इच्छा छैन । हजुरहरू नभएको त्यस रित्तो राज्यले मलाई के सुख देला र ? ।।२-३।।

सुधर्माले भनिन् - हे महावाहु छोरा ! त्यस्ता दुःख र शोकले जेलिएका तिम्रा पिताले मेरो वचन स्वीकार गर्नुहुने छैन । त्यस कारण तिमी मेरो आज्ञाअनुसार राजधानी फर्क। हे छोरा! म पनि पतिव्रताधर्मको अधीनमा छु । पत्नीका लागि पतिभन्दा मान्य देवता अरू कुनै हुँदैन ।।४-५।।

सूतजीले भन्नुभयो - हेमकण्ठले आमाका ती कुरा सुनेपछि आफ्ना प्रियजन र मित्रहरूका साथ प्रदक्षिणा गरी आमालाई प्रणाम गरे अनि मातापिताको आज्ञा लिएर राजधानी फर्किए ।।६।। तिनको राजधानी सिंगारिएका नरनारीहरूबाट सुहाएको थियो र ध्वजा-पताकाले अत्यन्त सुन्दर देखिन्थ्यो। त्यहाँका राजमार्गहरू धोइ-पखाली राम्रा तुल्याइएका थिए र विभिन्न सुगन्धित पदार्थहरू छरेर सुगन्धमय बनाइएका थिए। त्यो राजधानी इन्द्रकै अमरावती पुरीजस्तो देखिन्थ्यो ।।७।। राजधानीमा पुगेपछि हेमकण्ठले साथमा आएका मानिसहरूलाई पान, सुपारी र लत्ता-कपडा दिएर बिदा गरे। त्यसपछि हर्ष र शोकमा डुबेका ती हेमकण्ठले ऐश्वर्यसम्पन्न आफ्नो राजभवनमा प्रवेश गरे ।।८।। धर्मपूर्वक शासन गर्दै तिनले आफ्ना सन्तानको पालन गरेजस्तै प्रजाको पालन गरे । धर्म, अर्थ, काम र मोक्षसम्बन्धी क्रियाकलापहरूमा आफ्नो अध्ययन र ज्ञानअनुसार प्रवृत्त भए ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषय ऊचुः

कथं राजा सोमकान्तः किं वनं समुपागतः ।
किंसहायश्च किं चक्रे कर्म नो वद विस्तरात् ।।१०।।

सूत उवाच

हेतवः कथयिष्यामि सोमकान्तो यथा वनम् ।
गत्वा चकार यत् कार्यं सादरं श्रृणुतानघाः ।।११।।

सुबलज्ञानगम्याभ्याममात्याभ्यां सुधर्मया ।
धर्मपत्न्या युतोऽरण्यं प्रविवेश दुरासदम् ।।१२।।

अग्रतः प्रकृतिर्याता मध्ये राजाऽथ पृष्ठतः ।
धर्मपत्नी सुधर्माऽगात् सीतेव रामपृष्ठतः ।।१३।।

एकाशनाश्च चत्वार एकचित्तासनालयाः ।
समसुखदुःखाश्चापि वनाद् वनमुपाययुः ।।१४।।

क्षुधातृषाश्रमैर्वापि निम्नोन्नतगताध्वभिः ।
अत्यन्तं कर्षिताश्छायामाश्रित्योपाविशन् क्वचित् ।।१५।।

पुनर्वनान्तरं गत्वा ददृशुस्ते सरो महत् ।
यत्र मातङ्गसदृशा नक्रा भान्ति सकच्छपाः ।।१६।।

तालास्तमालाः सरलाः प्रियाला बकुलाः शुभाः ।
सरलाः पनसा जम्बुनिम्बाश्वत्थवटादयः ।।१७।।

वृक्षा नानालताजालैर्वेष्टिताः परितो बभुः ।
यत्रास्ते तिमिरं गाढं गिरिदर्युदरे यथा ।।१८।।

यत्र वायुः सुखस्पर्शः पद्मकादम्बगन्धवान् ।
यस्मान्नयन्ति मुनयः कुसुमानि फलानि च ।।१९।।

यत्र हंसा बकाःश्येनाः शुभाः काकाश्च कोकिलाः ।
सारिकाश्चक्रवाकाश्च नाना रावान् विकुर्वते ।।२०।।

ऋषिहरूले सोधे - हे सूतज्यू ! राजा सोमकान्त कसरी कुन वनमा प्राप्त भए ? कसको सहयोग लिएर उनले के काम गरे ? हाम्रा यी प्रश्नहरूको विस्तारपूर्वक उत्तर दिनुहोस् ।।१०।।

सूतजीले भन्नुभयो - हे निष्पाप मुनिजन ! राजा सोमकान्त जसरी वनमा गए र उनले जे गरे तथा तिनको वनगमनमा जे-जस्ता कारण रहेका थिए, ती सबैको विषयमा म बताउँछु। तपाइँहरू आदरपूर्वक सुन्नुहोस् ।।११।। सुबल र ज्ञानगम्य नामक दुईजना अमात्य र सुधर्मा नामक आफ्नी धर्मपत्नीका साथ राजा सोमकान्त दुर्गम वनमा प्राप्त भए।।१२।। वनप्रस्थान गर्दा राजाका अगाडि दुईजना अमात्य थिए, बीचमा आफै राजा सोमकान्त थिए र तिनका पछाडि रामको पछि लागेर वन जाने सीतासमान रानी सुधर्मा हिंडिरहेकी थिइन्।।१३।। एउटै भाँडामा पाकेको भोजन गर्ने, समान चित्त, समान आसन र समान आश्रय लिएर वनवासका दिन बिताइरहेका ती चार जना एउटा वनबाट अर्को वनतर्फ नित्य यात्रा गरिरहेका देखिन्थे ।।१४।। कुनै दिन भोक, तिर्खा र थकाइले क्लान्त बनेका, उकाला र ओराला बाटाहरूमा अनवरत यात्राका कारण अत्यन्त दुर्बल देखिने ती चार जना एउटा रूखको छायामा गएर बसेका थिए ।।१५।। छायामा केहीबेर विश्राम गरेपछि ती सबै अर्को वनतर्फ लागे र तिनले त्यहाँ एउटा विशाल सरोवर देखे । जुन सरोवरमा हात्तीसमान गोहीहरू कछुवाका साथ पानीमा सुहाएका थिए ।।१६।। सरोवरका वरिपरि ताडी, तमाल, सल्लो, आँप, मौलसिरी, धूपी, कटहर, जामुनो, नीम, पीपल र वर जातिका रूखहरू अनेक थरि लहराले जेलिएर सुहाएका थिए । जहाँ पर्वतको गुफामा अनुभव गरिने कालो अन्धकारझैं घना अन्धकार छाएको थियो। जहाँ कमल र कदमको गन्ध बोकेको आनन्ददायक मन्द पवन प्रवाहित थियो । जुन वनबाट कमल र कदमलाई मुनिहरूले नित्य पूजाका लागि टिपेर लैजाने गर्दथे ।।१७-१९।। हे मुनिजन! जहाँ अत्यन्त आकर्षक हाँस, बकुल्ला, बाज, कौवा, कोइली, मैना र चखेवा नामक चराहरूले अनेक थरि स्वर निकालेर वातावरणमा सङ्गीतमयता प्रदान गरेका थिए ।।२०।। जहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न यत्र शीतोष्णकरांशुसन्धि-
नानालतापुष्पकुजाश्रितानाम् ।
क्षुत्तृड्भयं यत्र न चैव मृत्युः
स्वर्गे यथा पुण्यवतां द्विजेन्द्राः ।।२१।।

तत्र गत्वा जलं सर्वे पपुःशीतं श्रमापहम् ।
स्नात्वा नित्यक्रियां कृत्वा फलानि बुभुजुश्च ते ।।२२।।

सुष्वाप च क्षणं राजा कच्छे कोमलवालुके ।
धर्मपत्नी सुधर्मा च पादसंवाहने स्थिता ।।२३।।

तस्यानुमतमाज्ञाय द्वावमात्यावगच्छताम् ।
आदातुं कन्दमूलानि फलानि च बिसानि च ।।२४।।

ददर्श तत्राद्भुतरूपमुग्रं
बालं सुधर्मा प्रभया ज्वलन्तम् ।
उत्कृष्टरूपस्य कृते स्मरं तं
जातं पुरा बालमिति स्म मेने ।।२५।।

दृष्ट्वैव तं सा जहृषे सुधर्मा
मेने च तं सा हितकारिणञ्च ।
क्षुब्धं प्रसन्नं हृदयं समीक्ष्या-
पकारिणं चोपकरं हि वक्ति ।।२६।।

पप्रच्छ तं कश्च कुतः प्रयातः
कस्यासि पुत्रो जननी च का ते ।
वदस्व शब्दामृतधारया मे
सखेव कर्णौ परितोषयाशु ।।२७।।

सूत उवाच

इति स्म पृष्टः स जगाद बाल-
स्तां राजपुत्रीं सुधया गिरा मे ।
पिता भृगुर्भामिनि ! मे पुलोमा
माता जलार्थी स्वगृहादिहागाम् ।।२८।।

च्यवनः खलु नाम्नाहं पितुराज्ञाकरः शुभे ।
त्वं च का कतमोऽयं ते कथं वनमिदं गतः ।।२९।।

लहरा, फूल झुलेका थिए । रूखको छायादार आश्रयमा बस्नेहरूका लागि प्रचण्ड सूर्यका ताता किरण र चन्द्रमाका चीसा किरणको कहिल्यै पनि संयोग हुन्नथ्यो । जहाँ पुण्यवान्हरूले भोक र तिर्खाको दुःख अनुभव गर्दैनथे र जहाँ मानिसहरूले मृत्युको पीडा पनि व्यहोर्नु पर्दैनथ्यो ।।२१।। ती सबैले त्यहाँ गई थकाई मेटाइदिने मीठो पानी खाए । नुहाएर नित्यक्रिया सम्पन्न गरी मीठा फल पनि खाए ।।२२।। त्यसपछि तलाउको कोमल बालुवा भएको किनारमा पल्टिएका राजा सोमकान्त निदाए । तिनकी धर्मपत्नी सुधर्मा आफ्ना पति सोमकान्तको पाउ दबाएर सेवा गर्न थालिन् ।।२३।। राजा सोमकान्तको आज्ञा पाएर साथमा आएका दुईजना अमात्यहरू कन्दमूल, फल र कमलका डाँठ सङ्ग्रह गर्न गए।।२४।। अमात्यहरू हिंडेपछि सुधर्माले त्यहाँ अद्भुत सुन्दर, प्रखर तेजस्वी र कान्तिद्वारा देदीप्यमान एउटा बालकलाई देखिन्। तिनले त्यस बालकलाई देखेर त्यसको अद्भुत रूपका कारण कामदेव नै फेरि पैदा भएर आएजस्तो मानिन् ।।२५।। सुधर्मा त्यस बालकको दर्शन पाएर अत्यन्त प्रसन्न भइन् । तिनीले त्यसलाई आफ्नो हितैषी पनि मानिन् । हुन पनि कुनै पनि क्रुद्ध मानिसलाई देख्दा यो अपराधी हो भन्ने र कुनै प्रसन्न मानिसलाई देख्दा यो उपकारी हो भन्ने कुरा आफ्नै मनले भनिरहेको हुन्छ।।२६।। सुधर्माले ती बालकसँग सोधिन् - बाबु ! तिमी को हौ ? कहाँबाट आएका हौ ? कस्का छोरा हौ ? तिम्री आमा को हुन्? यी प्रश्नहरूको उत्तर दिने सन्दर्भमा मित्रले जस्तै आफ्ना वचनामृतको धारा प्रवाहित गरेर मेरो मनलाई छिटो सन्तुष्ट तुल्याऊ ।।२७।।

सूतजीले भन्नुभयो - हे मुनिहरू ! सुधर्माद्वारा प्रश्न गरिएका ती बालकले आफ्नो अमृतमय वचनद्वारा उत्तर दिए- हे आदर्श नारी ! मेरा पिताको नाम भृगु ऋषि हो र मेरी आमालाई पुलोमा भन्दछन् । म अहिले यहाँ पानी लिन आएको छु ।।२८।। हे सुमङ्गली नारी ! मेरो नाम च्यवन हो । म पिताको आज्ञापालन गर्ने पुत्र हुँ । तपाइँ को हुनुहुन्छ ? तपाइँसँगै रहेका यी पुरुष को हुन् र किन तपाइँ यो वनमा आउनुभएको छ ? ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्रवन्ति कथमङ्गानि वर्षाकाले गिरेरिव ।
अतिदुर्गन्धता चास्य केन वा वद कर्मणा ।।३०।।

कृमिभारसमाकीर्णममुं वा सेवसे कथम् ।
स्वयं चारुतरा भूत्वा सुकुमारी सुलोचना ।।३१।।

चारुप्रसन्नवदना चारुसर्वाङ्गशोभिनी ।
कच्चित्पूर्वं न पित्रा ते सुहृद्भिर्भ्रातृभिर्द्विजैः ।।३२।।

विज्ञातोऽयं वरः कुष्ठी कृमिभाराकुलोऽपि च ।
कथमेनं वृतवती दुर्गमञ्चागता वनम् ।।३३।।

सूत उवाच

इति पृष्टा सुधर्मा सा मुनिपुत्रेण धीमता ।
व्याचष्टे सकलं तस्मै शोकहर्षसमन्विता ।।३४।।

सुधर्मोवाच

सौराष्ट्रदेशे विख्यातं देवताख्यं पुरं महत् ।
तत्राऽयं सोमकान्तो मे भर्ता राज्यं चकार ह ।।३५।।

अतिमानी वदान्यश्च शूरो दृढपराक्रमः ।
असङ्ख्यातबलोपेतो रिपुराष्ट्रविमर्दनः ।।३६।।

यज्वाऽतिसुन्दरः श्रीमान् सुहृदानन्दकारकः ।
विवेक्ता सर्वकार्याणां नीतिशास्त्रविशारदः ।।३७।।

राज्यं स्वं बुभुजे राजा बहुकालं द्विजोत्तम ।
इमामवस्थां सम्प्राप्तः पूर्वकर्मविपाकतः ।।३८।।

अमात्यद्वयसंयुक्तो वनमेतत् समागतः ।
भ्रमन्ती पृष्ठलग्नाऽस्य पुत्रे राज्यं प्रयच्छतः ।।३९।।

वर्षाकालमा पर्वतबाट पानीको धारा बगेझैं तपाइँका नजिक रहेका यी पुरुषका अङ्ग-प्रत्यङ्गहरूबाट किन पीप र रगतका धारा बगिरहेका छन् ? कुन कर्मले गर्दा यिनका शरीरबाट घोर दुर्गन्ध आइरहेको छ ? मलाई उत्तर दिनुहोस् ।।३०।। तपाइँ आफू सुरूपा नारी हुनुहुन्छ, सुकुमारी र सुनयना पनि हुनुहुन्छ तर कीरैकीराको भारी बोक्ने यस्ता दुर्गन्धित र घिन लाग्दा मानिसको सेवा किन गरिरहनुभएको छ ? ।।३१।। तपाइँ सुन्दरी एवं उज्यालो अनुहारकी हुनुहुन्छ र आफ्ना अङ्ग-प्रत्यङ्गमा रहेको सौन्दर्यले सुहाउनुभएको छ । यस्ती तपाइँसँग यो घिन लाग्दो कीरै कीराको भारी बोक्ने कुष्ठरोगी पुरुषसँग विवाहको प्रस्ताव आउँदा के तपाइँका पिताले आफ्ना मित्र, दाजुभाइ र ब्राह्मणहरूसँग राम्ररी बुझ्ने प्रयास गर्नुभएन? तपाइँ आफै पनि किन यस्ता पुरुषसँग विवाह गर्न राजी हुनुभयो र वरण गर्नुभयो ? फेरि यस्ता पुरुषसँग किन यस दुर्गम वनमा आउनुभयो ? ।।३२-३३।।

सूतजीले भन्नुभयो - हे मुनिजन ! भृगुका बुद्धिमान् छोरा च्यवनले यसरी सोधेपछि आफ्ना पतिलाई कुष्ठरोग भएकाले शोकाकुल र घोर वनमा प्रेमपूर्वक आफ्नो वृत्तान्त सुन्न चाहने व्यक्तिलाई पाउँदा हर्षित भएकी सुधर्माले तिनलाई आफ्ना सबै कुरा बताउँदै भनिन् ।।३४।।

सुधर्माले भनिन् - हे मुनिपुत्र ! सौराष्ट्र देशमा देवतापुर नामबाट प्रसिद्ध ठूलो नगर छ । त्यहाँ रहेर यी मेरा श्रीमान् सोमकान्तले राज्य गरिरहनुभएको थियो ।।३५।। हे उत्तम ब्राह्मण ! मेरा श्रीमान् सोमकान्त अति स्वाभिमानी, उदार दाता, शूर, दृढपराक्रमी, असङ्ख्यसेनासम्पन्न, शत्रुराज्यमा आक्रमण गरी शत्रुलाई तह लगाउन समर्थ, निरन्तर यज्ञ-यागमा संलग्न, ऐश्वर्यवान्, मित्रहरूलाई आनन्द प्रदान गर्ने, सुन्दर स्वरूप भएका, सबै कार्यहरूको विश्लेषण गर्न समर्थ र नीतिशास्त्रका विद्वान्का रूपमा प्रसिद्ध हुनुहुन्थ्यो । उहाँले आफ्नो प्रसिद्धिअनुकूल दीर्घकालसम्म राज्य सञ्चालन गर्नुभयो। अहिले पूर्वजन्मका कर्मका परिणामले यस अवस्थामा प्राप्त हुनुभएको छ ।।३६-३८।। उहाँ दुई अमात्यहरूका साथमा यस वनमा आउनुभएको हो । छोरालाई राज्य सुम्पनु हुने श्रीमान्को साथ लागेर म पनि वनमा आएकी छु । मैले सुबल र ज्ञानगम्य नामक अमात्यहरूका साथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुबलज्ञानगम्याभ्यां प्रकृतिभ्यामिहागता ।
राज्ञोऽनुज्ञां समादाय फलार्थं तौ गतौ वने ।।४०।।

इहाऽस्मान् राक्षसाः प्रेता भूतानि मृगपक्षिणः ।
नानाविधा भीषयन्ति कथं नो भक्षयन्ति न ।।४१।।

न जाने दुःखभोगाय स्थापयन्त्यग्रतोऽपि च ।
दुःखस्यान्तं न पश्यामि कर्मणो दुष्कृतस्य च ।।४२।।

कटुतिक्ताम्ललवणमधुरस्निग्धभोजने ।
न तथा रुचिरस्याऽभूत् परीतस्य द्विजातिभिः ।।४३।।

यथेदानीं कन्दमूलकषायाम्लफलादिषु ।
दरिद्राणां महाहारः पाकोऽपि भक्षितस्य च ।।४४।।

न तथा श्रीमतां शक्तिरशने पाक एव च ।
यः शेते कोमले दिव्ये शयने स्म मनोरमे ।।४५।।

इदानीं यत्र कुत्रापि पश्य कालविपर्ययम् ।
यस्य दिग्व्यापिनश्चासन् नानापरिमलाः शुभाः ।।४६।।

पूयशोणितदिग्धस्य पूतिगन्धोऽपि साम्प्रतम् ।
य आनन्दमये सिन्धौ मग्नोऽभूत् पण्डितैर्वृतः ।।४७।।

स इदानीं दुःखमये कृमिभिः परिवारितः ।
कथं तरेम दुःखाब्धिं न जाने भृगुनन्दन ।।४८।।

भव पोत इवागाधे मज्जन्तं नौरिवार्णवे ।।४९।।

उहाँको सेवा गर्दै कालयापन गरिरहेकी छु । यस बेला राजाको आज्ञा पाएर ती दुबै अमात्य कन्द-मूल र फल-फूलको खोजी गर्न गएका छन् ।।३९-४०।। यहाँ हामीहरूलाई राक्षस, प्रेत, भूत, अनेक थरि जनावर र चरासमेतले भय-त्रास देखाइरहेका छन् तर किन हो हामीलाई खान सकेका छैनन् ।।४१।। मलाई लाग्छ, हामीलाई अझ दुःख दिन यिनले आफ्नो आहार बनाएका छैनन् । मलाई दुःखको अन्त होलाजस्तो लाग्दैन । अहिले हामीले यसरी पापकर्मको फल भोगिरहेका छौं ।।४२।। पहिले मेरा पतिदेव आफ्नो दरबारमा ब्राह्मण आदि पूज्यवर्गका साथ भोजन गर्न लाग्दा पीरो, तीतो, नूनिलो, अमिलो, गुलियो र चिल्लो भोजनमा त्यति रुचि राख्नुहुन्नथ्यो । अहिले भने उहाँले यस वनमा कन्दमूल, टर्रो, तीतो, अमिलो जेजस्ता पदार्थ पाइन्छ त्यसलाई रुचिपूर्वक खानु परिरहेको छ । गरीबले त्यस्तो जङ्गली आहारा खान सक्छन् र पचाउन पनि सक्छन् ।।४३-४४।। तर ऐश्वर्यभोगमा अभ्यस्त मानिसहरूको यस्तो आहारा खाने सामर्थ्य हुँदैन र पचाउन पनि सक्दैनन् । जुन राजा पहिले कोमल, दिव्य र सुन्दर शय्यामा आराम गर्नुहुन्थ्यो, आज उहाँलाई जस्तोसुकै भुइँमा सुतेर कालयापन गर्नुपरेको छ । समयको उल्टो परिणाम हेर्नुहोस् – के थियौं हामी र आज के भोगिरहेका छौं ? जुन राजाको शरीरबाट दिग्दिगन्तव्यापी सुगन्धको धारा प्रवाहित हुन्थ्यो, आज उहाँलाई पीप र रगतको दुर्गन्धको बीचमा बाँच्न परिरहेको छ । जुन राजा पहिले विद्वान्हरूका साथ आनन्दसागरमा डुबुल्की मार्दै राज्यसञ्चालन गर्नुहुन्थ्यो, आज उहाँ यो दुःखमय परिस्थिति आत्मसात् गरेर शरीरका घाउमा सल्बलाउने कीराहरू हेर्दै बाँचिरहनुभएको छ । हे भृगुपुत्र ! हामी यो दुःखसागर कसरी तर्न सक्छौं ? मैले कुनै उपाय देखेकी छैन । अगाध सागरमा डुबिरहेका हामीहरूका निमित्त तपाइँ जहाज अथवा डुंगा बनिदिनुहोस् ।।४५-४९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे सुधर्माच्यवनसंवादो नाम पञ्चमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सोमकान्तकी रानी सुधर्मासँग भृगुका पुत्र च्यवनको कुराकानी' शीर्षकान्वित पाँचौं अध्याय पूर्ण भयो ।।५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्ठोऽध्यायः { ६ अध्याय }

सूत उवाच

इति तद्वचनं श्रुत्वा च्यवनो भृगुनन्दनः ।
त्वरया स्वमुपादाय कलशं जलसम्भृतम् ।।१।।

दुःखितः परदुःखेन तूष्णीमेवागमद् गृहम् ।
तं भृगुः परिपप्रच्छ विलम्बकारिणं सुतम् ।।२।।

भृगुरुवाच

किमपूर्वं त्वया दृष्टं लक्ष्यसे चकितो यथा ।
विलम्बश्च कथं जातो वद पुत्र ! ममाग्रतः ।।३।।

पुत्र उवाच

सौराष्ट्रदेशे विख्याते दैवते नगरे मुने ।
सोमकान्त इति ख्यातो राजा राजीवलोचनः ।।४।।

चक्रे राज्यं बहुतिथं धर्मेण पालयन् प्रजाः ।
दुर्भगत्वं गतो दैवात् पुत्रे राज्यं निवेश्य सः ।।५।।

पत्न्या सुधर्मया युक्तो भर्तुराज्ञाभृता पितः ।
सुबलज्ञानगम्याभ्यां प्रकृतिभ्यामिहागतः ।।६।।

गलत्कुष्ठी कृमियुतो विभ्रमन् दुर्गमं सरः ।
सहस्रभगतां प्राप्तो यथेन्द्रो गौतमान् मुनेः ।।७।।

क्व सा सुधर्मा चार्वङ्गी क्व गलत्कुष्ठवान् पतिः ।
इति मे पृच्छतो वृत्तं तदीयं गतवान् क्षणः ।।८।।

तदीयैः करुणावाक्यैर्मनो मे कलिलं त्वभूत् ।
ततोऽहं कलशं पूर्णं कृत्वा शीघ्रमुपागतः ।।९।।

सूत उवाच

सर्वं चाकथयत् तस्मै तया यत् कथितं वचः ।
श्रुत्वा तच्च पुनः पुत्रं च्यवनं भृगुरब्रवीत् ।।१०।।

सूतजीले भन्नुभयो – सुधर्माका ती कुराहरू सुनेपछि महर्षि भृगुका छोरा च्यवन अत्यन्त दुःखित भए र कलशमा छिटो छिटो पानी भरी नबोलीकन आफ्नो घरतर्फ लागे। आफ्नो छोरालाई ढिलो आएको देखेर भृगु ऋषिले बिलम्ब गर्ने छोरा च्यवनलाई किन विलम्ब गऱ्यौ भनी सोध्नुभयो ।।१-२।।

भृगुले भन्नुभयो – बाबु च्यवन ! आज तिमीले के अपूर्व कुरा देख्यौ ? तिमी चकित झैं देखिन्छौ ? किन विलम्ब भयो ? मेरा सामु सबै कुरा भन ।।३।।

च्यवनले भने – हे पिताश्री ! विख्यात सौराष्ट्र देशमा देवतानगर नामक एउटा सहर छ । त्यहाँ कमलजस्ता आँखा भएका सोमकान्त नामक प्रख्यात राजा थिए ।।४।। तिनले धर्मपूर्वक प्रजापालन गर्दै धेरै दिनसम्म राज्य गरे । दैवसंयोग ती कुष्ठरोगबाट ग्रस्त भए । त्यसपछि आफ्नो राज्य छोरालाई सुम्पेर आज्ञापालिका पत्नी सुधर्मा र सुबल एवं ज्ञानगम्य नामक मन्त्रीहरूका साथ ती राजा यहीं नजिकको सरोवरमा आई बसेका छन् । कुष्ठरोगका कारण तिनको शरीरबाट रगत र पीपको धारा बगिरहेको छ । तिनको शरीर कीराहरूले ढाकिएको छ। जसरी पहिले गौतम ऋषिको सरापबाट सम्पूर्ण शरीरमा हजार योनि धारण गर्ने इन्द्र घिनलाग्दा देखिएका थिए, त्यस्तै राजा सोमकान्त पनि घिनलाग्दा भएर तलाउको नजिकमा बसेका छन् । अत्यन्त मनोहर स्वरूप भएकी सुधर्मा कहाँ? शरीरबाट रगत र पीपका धारा बगाउने ती सोमकान्त कहाँ? यो सोचेर मलाई खुल्दुली भयो र तिनै सुधर्माका साथ संवादको क्रममा मैले धेरै समय बिताएँ ।।५-८।। हे पिताश्री! सुधर्माका ती कारुणिक वचन सुनेर मेरो मन पग्लियो । त्यसपछि कलशमा पानी भरेर छिटो-छिटो गरी आश्रममा आइपुगें ।।९।।

सूतजीले भन्नुभयो – च्यवनले आफ्ना पिता भृगुका सामु रानी सुधर्माले गरेका बिलौना सुनाए । आफ्ना पुत्रका मुखबाट सोमकान्त राजा र सुधर्मा रानीको विषयमा सबै कुरा सुनेर भृगु ऋषिले आफ्ना छोरालाई भन्नुभयो ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृगुरुवाच

सर्वानानय तान् शीघ्रं पुत्र ! गच्छ ममाज्ञया ।
द्रक्ष्यामि कौतुकं तेषां स्वीयं वा दर्शयामि तान् ।।११।।

सूत उवाच

इत्थं स चोदितः पित्रा च्यवनः करुणानिधिः ।
जगाम सरसो भूमिं सुधर्मां द्रष्टुमुत्सुकः ।।१२।।

तस्मिन्नेव क्षणेऽमात्यौ फलकन्दभरान्वितौ ।
सुबलज्ञानगम्यौ तावागतौ राजसन्निधिम् ।।१३।।

तत ऊचे स तु मुनिः सुधर्मां चारुलोचनाम् ।
पिता मे स्वाश्रमं सर्वानाकारयति सुव्रते ।।१४।।

इति तद्वचनं श्रुत्वा सुधर्मा शोकविह्वला ।
तदैव सावधानाऽभूत् तनुः प्राण इवागते ।।१५।।

सुशीला राजपत्नी सा पीत्वा तद्वचनामृतम् ।
अगमत् सा सुचार्वङ्गी प्रकृतिद्वयसंयुता ।।१६।।

सोमकान्तेन पतिना मुनिपुत्रपुरःसरा ।
गणेशस्कन्दसहिता शिवेव शिवसंयुता ।।१७।।

शुशुभे मार्गमध्ये सा वाचस्पतिपुरःसरा ।
मन्त्रघोषयुतं प्राप भृगोराश्रममण्डलम् ।।१८।।

नानापुष्पलताकीर्णं नानापक्षिनिनादितम् ।
मार्जारा नकुलाःश्येना गजा गावो मयूरकाः ।।१९।।

भुजङ्गाः पक्षिणः सिंहा व्याघ्राः क्रीडन्ति यत्र च ।
न च वायुर्भृशं वाति न सूर्यस्तपते भृशम् ।।२०।।

न वर्षति भृशं मेघो वर्षते च तदिच्छया ।
विविशुस्ते हर्षयुता मुनिपुत्रपुरःसराः ।।२१।।

तत्राद्भुतं व्याघ्रमृगाजिनस्थं
ददर्श सूर्यप्रतिमं भृगुं तम् ।
राजाऽथ पत्नी प्रकृतिद्वयञ्च
ननाम बद्धाञ्जलिरब्रवीच्च ।।२२।।

भृगुले भन्नुभयो – हे छोरा ! तिमी मेरो आज्ञाअनुसार छिटै सरोवरतर्फ जाऊ र राजा सोमकान्त, रानी सुधर्मा र अमात्यहरू सुबल र ज्ञानगम्यलाई लिएर यहाँ आऊ । मैले तिनलाई मेरै आश्रममा देख्नेछु अथवा मैले तिनीहरूलाई आफ्नो कौतूहल अर्थात् केही आश्चर्यपूर्ण घटना देखाउँछु ।।११।।

सूतजीले भन्नुभयो – यसरी आफ्ना पिताद्वारा अभिप्रेरित दयालु स्वभावका च्यवन सरोवरको नजिकै रहेकी सुधर्मालाई भेट्न उत्सुकतापूर्वक गए । च्यवन त्यहाँ पुगेका बेला फलको भारी बोकेका सुबल र ज्ञानगम्य नामक अमात्यहरू पनि राजा बसेको ठाउँमा आइपुगे । च्यवनले त्यहाँ गएर सुनयनी सुधर्मालाई भने– हे सुव्रता नारी ! मेरा पिताश्रीले तपाइँहरू सबैलाई आफ्नो आश्रममा आमन्त्रित गर्नुभएको छ ।।१२–१४।। च्यवनका ती कुरा सुनेर शोकले विह्वल भएकी सुधर्मा प्राणको सञ्चार हुँदा शरीर सक्रिय भएझैं टाठी भइन् । सुशीला राजपत्नी ती सुधर्मा च्यवनको वचनामृत पान गरेर आफ्ना दुईजना अमात्यहरू र आफ्ना पतिलाई साथ लिएर भृगुको आश्रमतर्फ लागिन् । अगाडि अगाडि मुनिपुत्र, तिनका पछि अमात्यहरू, त्यसपछि राजा सोमकान्त र तिनका पछि रहेकी सुधर्मा मुनिको आश्रमतर्फ जाँदा बाटाको बीचमा श्रीगणेश, स्कन्द र शिवजीका साथमा बृहस्पतिलाई अघि लगाएर यात्रा गरिरहेकी पार्वतीसमान देखिइन् । केही समयपछि सुधर्मा वैदिक मन्त्रघोषले गुञ्जायमान भृगु ऋषिको पवित्र आश्रममा पुगिन् ।।१५–१८।। भृगु ऋषिको आश्रम अनेक प्रकारका लता र पुष्पले भरिभराउ थियो । त्यसलाई अनेक थरिका पक्षीहरूले आ–आफ्ना स्वर निकालेर ध्वनिमय तुल्याएका थिए । त्यहाँ बिराला, न्याउरी मूसा, बाज, हात्ती, गाई, मयूर, सर्प, पक्षी, सिंह, बाघजस्ता पशुपक्षीहरू आनन्दपूर्वक क्रीडा गरिरहेका थिए । त्यहाँ प्रचुर हावा थिएन र सूर्यको कडा ताप पनि थिएन । बादलले आवश्यकताअनुसार पानी वर्षाउँथे। त्यस दिव्याश्रममा ती सबै सहर्ष प्राप्त भए । तिनीहरूले त्यहाँ अद्भुत स्वरूपसम्पन्न, बाघ र मृगको छालामा विराजमान सूर्यजस्तै चहकिला भृगु ऋषिको दर्शन गरे । राजा, राजपत्नी र अमात्यहरूले हात जोडेर भृगु ऋषिलाई प्रणाम गरे। अनि राजाले नम्रतापूर्वक निवेदन गरे ।।१९–२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजोवाच

अद्याशिषो मे सफला द्विजेन्द्र !
द्विजेरिता धर्मचयस्तपोऽपि ।
आजन्मतोऽहं परिपूत एष
पितुर्जनन्याश्च सुजीवितं मे ।।२३।।

भवद्दृशिः सम्प्रति हन्त्यथैनः
पूर्वार्जितैः पुण्यचयैः कृताऽपि ।
आगामिकल्याणकरी मुनीन्द्र !
कालत्रये जन्म करोति पूतम् ।।२४।।

सौराष्ट्रदेशे खलु देवताख्ये
पुरे कृतं राज्यममोघदृष्टे !
भीतेन पापाद् द्विजदेवतादि-
पूजा कृता नीतिमता मुनीन्द्र ! ।।२५।।

आकस्मिकं मे दुरितं किमेतत्
प्रादुर्बभूवोग्रतरं दुरन्तम् ।
येनाऽहमीदृक् कुदशां प्रणीतो
जाने न किञ्चित् प्रतिकारमत्र ।।२६।।

अपायतां यान्ति कृता उपाया
युष्मत्कृतोपायमुपायमीहे ।
निर्वैरतां यान्ति हि जातिवैरा-
स्तवाश्रमे त्वां शरणं प्रपन्नः ।।२७।।

सूत उवाच

श्रुत्वेति वचनं तस्य भृगुस्तु करुणायुतः ।
उवाच सोमकान्तं तं ध्यानेनालोक्य सुव्रत ! ।।२८।।

भृगुरुवाच

उपायं वच्मि नृपते न चिन्तां कर्तुमर्हसि ।
ममाश्रमगता दुःखं नहि बिन्दन्ति जन्मिनः ।।२९।।

जन्मान्तरकृतं चैव दुरितं ते नृपोत्तम ।
येनेमाङ्गमितोऽवस्थां कथयिष्ये तदप्यहम् ।।३०।।

राजाले भने - हे भृगु ऋषि ! मैले ब्राह्मणद्वारा प्राप्त गरेका ती आशीर्वादलाई आज सफल भएको अनुभव गरेको छु र मैले गरेका धर्मलाई पनि फलीभूत भएको मानेको छु । मैले गरेका तपस्या र पुण्यकर्मलाई पनि परिपूर्ण भएको ठानेको छु । म घिनलाग्दो भएतापनि मैले आफूलाई जन्मदेखि नै अत्यन्त पवित्र भएको महसुस गरेको छु । मेरा मातापिताको जीवन र मेरो जीवन पनि उत्तम जीवनका रूपमा परिणत भएको मानेको छु ।।२३।। पूर्वजन्ममा अर्जित पुण्यका प्रतापले पाएको हजुरको दर्शनले अहिले पापनाश गर्दछ, पूर्वजन्ममा अर्जित पुण्यहरूका प्रभावले दर्शन पाइयो । हजुरको दर्शनले भविष्यमा पनि कल्याण हुनेछ । अतः हजुरको यो दर्शनले हाम्रो भूत; भविष्य र वर्तमानलाई पनि पवित्र गर्दछ ।।२४।। सौराष्ट्र देशको देवतापुरमा पापबाट भयभीत भई मैले ब्राह्मण र देवताको पूजा गर्दै नीतिपूर्वक राज्यसञ्चालन गरिरहेको थिएँ । तर हे अमोघ दृष्टि भएका मुनिराज ! मलाई थाहा छैन, कुन पापबाट अकस्मात् यस्तो घिनलाग्दो रोग आइलाग्यो। यो रोग अत्यन्त कष्टदायक छ र यसको अन्त हुने केही लक्षण छैन । यस्तो घिनलाग्दो अवस्थामा पुगेको मैले यस रोगको निराकरण गर्ने कुनै उपाय जान्न सकेको छैन। जति उपाय गरें, ती सारा व्यर्थ भए । यस बेला तपाइँजस्ता तपस्वी र सिद्धपुरुषको उपदेश नै मेरा निमित्त सफलतम उपाय हुनेछ। मेरो यही आकाङ्क्षा छ । हजुरको पवित्र आश्रममा रहेका जन्मजात द्वेष हुने प्राणीहरू पनि द्वेष छाडेर परस्परमा आनन्दका साथ क्रीडा गरिरहेका छन् । यस्तो पवित्र स्थानमा मेरो पनि रोगनिवारण हुनेछ भन्ने विश्वासका साथ म हजुरको शरणमा परेको छु ।।२५-२७।।

सूतजीले भन्नुभयो- राजाका यी कुरा सुनेपछि दयालु भृगु ऋषिले ध्यानपूर्वक तिनको विषयमा केहीबेर विचार गरेर हे सुव्रत ! मेरो कुरा सुन्नुहोस् भनी आफ्ना कुरा राख्नुभयो ।।२८।।

भृगुले भन्नुभयो- हे राजा ! म तपाइँको रोगनिवारणका लागि उपाय बताउँछु । तपाइँले कुनै प्रकारको चिन्ता गर्नुपर्दैन। मेरो आश्रममा आएका प्राणीहरूले दुःखको अनुभव गर्दैनन्। हे उत्तम राजा ! जन्मान्तरमा गरेको जुन पापले आज तपाइँ यस्तो डरलाग्दो र घिनलाग्दो अवस्थामा पुग्नुभएको छ, त्यस पापको विषयमा पनि म बताउने छु ।।२९-३०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुर्वन्तु भोजनं सर्वे चिरकालं बुभुक्षिताः ।
वनाद् वनान्तरं याताः श्रान्ताः क्लान्तानना भृशम्।।३१।।

तपाईँहरू धेरै दिनसम्मको भोकले पीडित हुनुहुन्छ । एउटा वनबाट अर्को वनमा भौंतारिदा तपाईँहरू धेरै थाक्नुभएको छ, ओइलाउनुभएको छ, त्यस कारण अहिले भोजन गर्नुहोस् ।।३१।।

सूत उवाच

इत्युक्त्वा स्नापयामास सुतैलाभ्यङ्गपूर्वकम् ।
भोजयामास चान्नानि षड्रसानि त्वनेकशः ।।३२।।

बुभुजुस्तेऽपि विश्रान्ता भृगोरमिततेजसः ।
आज्ञया मुनिवर्यस्य सुस्नाताः सुष्ठ्वलङ्कृताः ।।३३।।

सुषुपुर्मृदुशय्यायां हित्वा चिन्तां दुरत्ययाम् ।
मुनिना कल्पितायां ते स्वराज्यङ्गमिता इव ।।३४।।

सूतजीले भन्नुभयो -- यस्ता कुरा गरेपछि भृगु ऋषिले आफ्ना आश्रमका मानिसहरूद्वारा राजालाई उत्तम तेलले मालिश गराएर स्नान गर्न लगाए । त्यसपछि ६ प्रकारका रसले परिपूर्ण अनेक थरि मिष्टान्न र भोजन खुवाए ।।३२।। तिनीहरूले पनि आराम गरी अत्यन्त तेजस्वी भृगु ऋषिको आज्ञाअनुसार राम्रोसँग स्नान गरी राम्रा लुगा-गहनाहरू धारण गरेपछि भोजन गरे ।।३३।। भविष्यको पीडादायक चिन्तालाई छाडेर आनन्दपूर्वक भृगु ऋषिद्वारा आराम गर्न प्रदान गरिएको शय्यामा शयन गरे । त्यस बेला तिनीहरूले आफूले राज्य प्राप्त गरेसरह महान् सुखको अनुभव गरिरहेका थिए ।।३४।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे भृगोराश्रमागमनं नाम षष्ठोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'रानी र मन्त्रीहरूका साथ सोमकान्तको भृगु आश्रममा प्रवेश' शीर्षकान्वित छैठौं अध्याय पूर्ण भयो ।।६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तमोऽध्यायः { ७ अध्याय }

ऋषय ऊचुः

तत्र गत्वा किमकरोत् सोमकान्तो नृपस्तदा ।
उपायः कथितः को वा भृगुणा सर्ववेदिना ।।१।।

कथयस्व कथामेतां शृण्वतां नो द्विजोत्तम ।
न तृप्तिमधिगच्छामः पीत्वा त्वद्वचनामृतम् ।।२।।

सूत उवाच

सम्यक् पृष्टं महाभागा यूयं तु ज्ञानसागराः ।
यः कथान्तं न प्रयाति श्रोता वक्ताऽथवा द्विजाः ।।३।।

लिख्यमानं वाचयति पुस्तकं हरतेऽपि वा ।
न पृच्छति च यः शिष्यो गुरुः पृष्टो न वक्ति चेत् ।।४।।

उभौ तौ मूकबधिरौ लोके दृष्टौ द्विजोत्तमाः ।
शृण्वन्तु कथयिष्यामि सोमकान्तकथामतः ।।५।।

तस्यां रात्र्यां व्यतीतायां दिननाथे तथोदिते ।
स्नानं सन्ध्यां जपं होमं कृत्वा स भृगुसत्तमः ।।६।।

स्नाताय कृतजप्याय पत्नीप्रकृतिसंयुजे ।
पूर्वजन्मकथां तस्मै राज्ञे कथितुमारभत् ।।७।।

भृगुरुवाच

कोह्लारनगरे रम्ये विन्ध्याचलसमीपतः ।
चिद्रूप इति विख्यातो वैश्यो बहुधनोऽभवत् ।।८।।

तस्य भार्या तु सुभगा नाम्ना ख्याता सुलोचना ।
सुशीला दानशीला च पतिवाक्यपरा सती ।।९।।

तस्यास्त्वं पुत्रतां यातो भवे पूर्वे नृपोत्तम ।
कामन्द इति ते नाम चक्रतुस्तौ द्विजेरितौ ।।१०।।

अतिस्नेहं दिवारात्रावतिलालनमेकके ।
वार्धक्यकालजे तौ तु पितरौ त्वयि चक्रतुः ।।११।।

ऋषिहरूले भने - हे सूतज्यू ! भृगु ऋषिको आश्रममा गएपछि सोमकान्त राजाले के गरे ? र सर्वज्ञ ऋषि भृगुले कस्तो उपाय बताए ?।।१।। हे सूतज्यू! हामी श्रद्धालु श्रोताहरूलाई अरू कथा सुनाउनुहोस् । हजुरका मुखबाट उपदेशामृत पान गरेर हामी कहिल्यै पनि अघाउँदैनौं ।।२।।

सूतजीले भन्नुभयो- हे भाग्यशाली ऋषिहरू! तपाइँहरू त स्वयं ज्ञानका सागर हुनुहुन्छ तापनि मलाई मान्यता दिएर राम्रो कुरा सोध्नुभयो । जुन श्रोता अथवा वक्ता कुनै कथा आरम्भ गरेर त्यसको अन्त्यमा पुग्दैन, जसले महत्त्वपूर्ण ग्रन्थ स्वयं लेखी पाठ गर्दैन अपितु अरूले मिहेनेत गरी लेखेको पुस्तक पाएमा मात्र वाचन गर्दछ, जसले पुस्तक चोर्ने काम गर्दछ, जुन शिष्यले गुरुलाई सोध्दैन र जुन गुरुले शिष्यले प्रश्न गर्दा उत्तर दिंदैन ती सबै लाटा र बहिरा हुने कुरा लोकमा देखिएको छ । हे मुनिहरू ! तपाइँहरूको जिज्ञासालाई आत्मसात् गरेर म सोमकान्तको कथा बताउँदैछु। तपाइँहरू आदरपूर्वक त्यो कथा सुन्नुहोस् ।।३-५।। त्यो रात बितेपछि अर्को दिन सूर्यनारायणको उदय भयो र भृगु ऋषिले स्नान, सन्ध्या, जप र होम सम्पन्न गरी स्नान र सन्ध्योपासनपछि आफ्नी पत्नी र अमात्यहरूका साथ रहेका राजा सोमकान्तलाई तिनकै पूर्वजन्मको कथा सुनाउन आरम्भ गर्नुभयो ।।६-७।।

भृगुले भन्नुभयो - विन्ध्याचल नजिकै रहेको रमणीय कोह्लार नगरमा अत्यन्त धनी चिद्रूपनामक वैश्य बस्दथे। तिनकी पत्नी सुलोचना अत्यन्त राम्री, सुशील, सुन्दर र दान गर्ने स्वभाव भएकी नारी थिइन् । तिनले आफ्ना पतिको आज्ञालाई कहिल्यै पनि उल्लङ्घन गर्दैनथिन् । हे राजा सोमकान्त ! तपाइँ पूर्वजन्ममा तिनै सुलोचनाका छोरा भएर जन्मनुभएको थियो । ती वैश्य दम्पतीले ब्राह्मणबाट जुराएर तपाइँको नाम कामन्द राखेका थिए ।।८-१०।। वृद्धावस्थामा जन्मनुभएका एउटा मात्र छोरा हुनुभएका कारण तपाइँका माता-पिताले तपाइँप्रति अत्यन्त गहिरो स्नेह गरेका थिए ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहं चक्रतुस्तौ तु धनकौतुकमङ्गलैः ।
मृगाक्षी सुकुमाराङ्गी नाम्ना ख्याता कुटुम्बिनी ।।१२।।

अनुरक्ता त्वयि सदा द्विजदेवाऽतिथिप्रिया ।
बभूव योषिद् योषित्सु रत्नभूताऽतिसुन्दरी ।।१३।।

कुटुम्बिनीति स्वं नाम विदधे सार्थकं तु सा ।
सप्तपुत्रा पञ्चकन्या पञ्चबाणप्रिया नु किम् ।।१४।।

ततो बहुतिथे काले पञ्चत्वमगमत् पिता ।
माता तव सती तेन सह दग्धा दिवं गता ।।१५।।

ततस्त्वं सखिवर्गैस्तद् द्रव्यं नाशितवान् बहु ।
नीतं नष्टं भक्षितं च विनाशमगमद् धनम् ।।१६।।

चिन्तया धर्मपत्नी त्वां निराकृतवती भृशम् ।
न गृहीतं तु तद्वाक्यं ततो विक्रीतवान् गृहम् ।।१७।।

गता सा बालकैः सार्धमनुज्ञाता पितुर्गृहम् ।
अपत्यपोषणकृते ऋते त्वां वंशकण्टकम् ।।१८।।

तत उद्वृत्ततां यात उन्मत्त इव मद्यपः ।
अन्यायकारी नगरे जातो मत्त इव द्विपः ।।१९।।

परस्वहारो वनितासु जारो
ग्रामेषु चोरो जनतापकारः ।
द्यूतेषु वीरो वृजिनौघसारो
हिंसाविहारो बलहीनशूरः ।।२०।।

तपाइँ युवावस्थामा पुगेपछि तपाइँका बाबु-आमा वैश्यदम्पतीले प्रशस्त धन खर्च गरेर ठूलो कौतुकका साथ मङ्गलोत्सव गर्दै विवाह गरिदिए। मृगका जस्ता आँखा भएकी कुटुम्बिनीनामक एउटी कोमलाङ्गी नारी तपाइँकी पत्नी भएर आइन् ।।१२।। तपाइँकी पत्नी कुटुम्बिनी तपाइँप्रति अनुरक्त थिइन् । तिनले श्रद्धा र प्रेमका साथ ब्राह्मण, देवता र अभ्यागतको सेवा - सत्कार गर्दथिन्। वास्तवमा ती सुन्दरी संसारका नारीरत्नहरूमा पनि उत्तम नारीरत्न थिइन् ।।१३।। तिनले सबैप्रति कुटुम्बको जस्तो व्यवहार गरेर आफ्नो कुटुम्बिनी भन्ने नामलाई सार्थक तुल्याएकी थिइन् । कामदेवकी पियारी रतिजस्ती राम्री ती कुटुम्बिनीले सात भाइ छोरा र पाँच बहिनी छोरी जन्माइन्।।१४।। छोराछोरी जन्मेका धेरै दिनपछि तपाइँका पिता दिवङ्गत भए। तपाइँकी आमा सुलोचना पनि पतिव्रता नारी भएका कारण आफ्ना पतिको चितामा जलेर दिवङ्गत भइन् ।।१५।। माता-पिताको मृत्युपछि तपाइँ आफ्ना दुर्व्यसनी मित्रहरूका साथमा लागेर दुर्व्यसनमा फँस्नुभयो । तपाइँले आफ्ना बाबुको ठूलो सम्पत्ति र धनको नाश गर्नुभयो। तपाइँको धन चोरले हरे, श्रीसम्पत्ति नष्ट-भ्रष्ट भयो, तपाइँ आफैले पनि दुरुपयोग गर्नुभयो। यसरी तपाइँका बुबाले आर्जेको असङ्ख्य धनराशि समाप्त भयो ।।१६।। तपाइँकी धर्मपत्नी कुटुम्बिनीले चिन्तित भएर तपाइँलाई पटक पटक त्यसो नगर्न अनुरोध गरिन् । परन्तु तपाइँले कुटुम्बिनीका कुरा कहिले पनि सुन्नुभएन । बरु आफ्ना बुवाको घर नै बेचिदिनुभयो ।।१७।। बालक-बालिकाका साथमा रहेकी बिचरी ती कुटुम्बिनी अनाथ भइन् । के खानु ? कहाँ जानु ? कहाँ बस्नु ? यस्ता प्रश्नहरू उनका सामु थिए । अन्तमा उपाय नभएर तपाइँसँग आज्ञा मागीकन उनी आफ्ना लालाबाला साथमा लिएर पिताको घरतर्फ लागिन् । बालबच्चाको पालनपोषणका लागि तपाइँजस्तो कुलकण्टकलाई छाडेर तिनले माइतको शरण लिनुपर्‍यो ।।१८।। त्यसपछि तपाइँ चरित्रहीन हुनुभयो र मदिरापान गरेर पागलजस्तो हुने, अन्याय गर्ने, मत्त हात्तीझैं हुनुभयो।।१९।। तपाइँले परधनको अपहरण गर्नुभयो। परस्त्री र परपुत्रीहरूको धर्म लुट्नु भयो। गाउँ-गाउँमा चोरी र डकैती गराएर त्राहि-त्राहि मचाउनुभयो । तपाइँले जनताको धेरै अपकार गर्नुभयो त्यसको ठेगान रहेन। जूवा खेल्ने काममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ये ये जनास्ते सुखसङ्गतृप्ता-
स्तेभ्यो गृहीत्वा बहुवित्तमादः ।
निक्षेपतः पितृकृतात् सुहृद्भ्यो
मिषात् कुतश्चिन्नगरस्थितेभ्यः ।।२१।।

शपथाननृतांश्चकर्थ नून-
मनृतानां प्रमदाजनेषु साक्ष्यम् ।
इति सर्वजनाः सुभीतिमापु-
रुरगात् सद्मगतादिवोग्रवीर्यात् ।।२२।।

असह्यतां तेन जनस्य यातो
गोक्षूरकः पायसगो यथैव ।
राज्ञो गृहीत्वाऽनुमतिं जनास्ते
निर्वापयामासुरतो पुरात् त्वाम् ।।२३।।

वने स्थितस्त्वं बहुजन्तुघाती
स्त्रीबालवृद्धान् विनिहंसि नित्यम् ।
महाजनं वीक्ष्य पलायसे च
सिंहं निरीक्ष्येव वृको मृगो वा ।।२४।।

मस्त्यान् बकान् सारसकुक्कुटाँश्च
वृकान् मृगान् वानरकोकिलाँश्च ।
हत्वाऽत्सि खड्गान् शशकाँश्च गोधा
मुधा स्वदेहं वृजिनादपोषः ।।२५।।

सिंहान् व्याघ्रांश्च जम्बूकान्निःसार्य गिरिगह्वरात् ।
नानास्थानगतांश्चोरान् मेलयित्वा सुदुर्धरान् ।।२६।।

काष्ठैर्लोष्टैश्च पाषाणैश्चकर्थ गृहमुत्तमम् ।
विशालं क्रोशविस्तारं नानाकौतुकमण्डितम् ।।२७।।

पित्रा भीतेन पत्नी सा प्रापिता बालकैः सह ।
गुहागतं ते सदनं राजतो जनतोऽपि च ।।२८।।

आफूलाई वीर ठान्ने तपाइँ पापको पुञ्ज नै बन्नुभयो। हिंसासँग विहार गर्दै तपाईंले निर्बलसँग शूऱ्याइँ देखाउनुभयो ।।२०।। जुन मानिसहरू तपाईंको सङ्गत पाएर रमाउँथे तिनीहरूबाट धेरै धनसम्पत्ति लिएर तपाईंले खाने-पिउने काम गर्नुभयो । कतिपय ठाउँमा तपाईंले पैतृक सम्पत्ति धितो राखेर पैसा ल्याई चलन गर्नुभयो । कतिपय आफ्ना मित्रहरूसँग गई अनेक निहुँ बनाएर पैसा ल्याउनुभयो। फेरि नगरका ठूला-बडा मानिसहरूकहाँ गएर पनि उधारो धन ल्याई त्यसको दुरुपयोग गर्नुभयो ।।२१।। तपाईंले झूटो शपथ खाने काम गर्नुहुन्थ्यो । असत्यभाषण गरेर सुन्दर युवतीहरूका नजिकमा गई भुक्ट्टा मानिसहरूलाई साक्षी राखेर तिनीहरूसँग आहार-विहार र भोग गर्नुहुन्थ्यो । तपाईंको यस चरित्रबाट कोह्लार नगरका सबै मानिसहरू घरभित्र रहेको प्रचण्ड सर्पसँग डराए झैं डराउँथे ।।२२।। खीरमा ओदाने काँडो परेजस्तै तपाइँ पनि अरूका निमित्त असह्य हुनुभयो । त्यसपछि त्यहाँका जनताले राजासँग अनुमति लिएर तपाईंलाई कोह्लारपुरबाट टाढा भगाए ।।२३।। भागेर ज्यान जोगाउन वनमा पुगेका तपाईंले अनेक जीवजन्तुहरूको हत्या गर्नुका साथै बाटोमा हिँड्ने स्त्री, पुरुष, बालक र वृद्धहरूको पनि हत्या गर्नुभयो । त्यस बेला तपाइँ बाघलाई देखेर ब्वाँसो र मृग भागेजस्तै बलिया मानिस देखेपछि डरले भाग्नु हुन्थ्यो ।।२४।। तपाईंले भौंतारिने क्रममा माछा, बकुल्ला, सारस, कुखुरा, ब्वाँसो, मृग, बाँदर, कोइली, गैंडा, खरायो, गोहोरोजस्ता प्राणीहरूको पनि हत्या गरेर पापकर्मबाट शरीरको पोषण गर्नुभयो ।।२५।। तपाईंले पर्वतको गुफामा बस्ने सिंह, बाघ, स्यालजस्ता प्राणीलाई ढुङ्गाले हानेर गुफाबाट बाहिर निकाली मार्ने काम गर्नुभयो । अनेक ठाउँमा रहेका आफ्नोजस्तै स्वभाव भएका दुष्ट, चोर र डाकाहरूलाई एक ठाउँमा जम्मा गर्नुभयो । त्यसपछि तपाईंले पर्वतकै गुफाभित्र काठ, ढेला र ढुङ्गाद्वारा उत्तम, विशाल, एक कोशसम्म फैलिएको, अनेक आश्चर्यदायक विषयवस्तुले भरिएको घर बनाउनुभयो । तपाइँसँग र सामाजिक परम्परासँग डराएका तपाइँका ससुराले लाला-बालाहरूका साथ तपाइँकी पत्नीलाई त्यहाँ पुऱ्याए। तपाइँका छोरा-छोरीहरू उत्तम वस्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानालङ्कारवसना बालका अपि तेजसा ।
देवाङ्गनेव शुशुभे त्वं च चोरसमन्वितः ।।२९।।

त्वं च मार्गे जनान् दीनान् हत्वा हत्वा गुहाङ्गतः ।
चोरैः सबालयोषिद्भिर्भासि राजेव तद्गतः ।।३०।।

कदाचिद् ब्राह्मणो विद्वान् विख्यातो गुणवर्धनः ।
मध्याह्ने मार्गमध्ये तु त्वया दृष्टः स एककः ।।३१।।

गृहीत्वा दक्षिणं पाणिं तं विप्रं धृतवानसि ।
स वेपमानस्त्वद्बुद्धिं जानन् धर्षणया तया ।।३२।।

ऊचे त्वां स्वान्तकं मत्वा मूर्च्छितो जीवितेच्छया ।
अत्यन्तं करुणावाक्यैर्बोधयँस्त्वां सहेतुकैः ।।३३।।

गुणवर्धन उवाच

धनवान् सुभगो भूत्वा कथं मां हन्तुमिच्छसि ।
द्विजं नवोढाभर्तारं शान्तं चानपराधिनम् ।।३४।।

दुर्बुद्धिवासनां त्यक्त्वा सद्धर्मेषु मतिं कुरु ।
प्रथमा मे गता कान्ता प्राप्ता कान्ततरा परा ।।३५।।

स्वाचारा परमोदारा साध्वी सर्वगुणाकरा ।
पितृणामनृणार्थाय धर्मसन्तानवृद्धये ।।३६।।

कृता साऽतिप्रयत्नेन गार्हस्थं धर्ममिच्छता ।
मद्विना तद्विना वां हि जन्मनी भवतो वृथा ।।३७।।

पिता मे हि भव त्वञ्च माता पुत्रोऽस्म्यहं तव ।
जीवदाता भयत्राता पिता शास्त्रे निगद्यते ।।३८।।

र अलङ्कारले सुहाएका थिए र तपाईंकी पत्नी देवाङ्गनाझैं शोभायमान थिइन् । तपाईं भने चोर र डाँकाहरूका साथमा जीवनयापन गरिरहनुभएको थियो ।।२६-२९।। तपाईं बाटोमा हिंड्ने बटोहीहरूलाई लुट्ने र मार्ने काम गर्दै गुफामा गएर लुक्नु हुन्थ्यो । तपाईंसँगै स्त्री र बच्चाहरूका साथमा रहेका कतिपय चोरहरू रहने गर्दथे। तपाईं भने तिनकै राजासरह जीवन बिताइरहनु भएको थियो ।।३०।। कुनै दिन मध्याह्नमा एक जना विख्यात विद्वान् ब्राह्मण गुणवर्धन बाटामा हिंडिरहेका थिए । ती एक्लै थिए । तिनलाई देखेर तपाईंले आक्रमण गर्नुभयो। उनको दायाँ हात समातेर ल्याएर बाँध्नुभयो। बिचरा काँपिरहेका ती ब्राह्मणले तपाईंको व्यवहार देखेर डराई तपाईंलाई यमराज ठाने । तिनले अब मेरो अन्त हुन्छ भन्ने कुरा जानेर केही बेर मूर्च्छित भई होशमा आए र जीवनदानका लागि तपाईंसँग प्रार्थना गरे । अत्यन्त करुणामय वाक्य उच्चारण गरी तपाईंलाई उद्बोधन गर्दै भने ।।३१-३३।।

गुणवर्धनले भने - हे सज्जन ! तपाईं धनवान् र सुन्दर हुनुहुन्छ । म ब्राह्मण हुँ र भर्खर विवाह भएकी युवतीको पति पनि हुँ । म शान्त स्वभावको छु र मैले केही अपराध गरेको छैन । मलाई किन मार्दै हुनुहुन्छ ? ।।३४।। तसर्थ दुर्बुद्धिको भावना छाडेर धर्ममा बुद्धि लगाउनुहोस् । मेरी पहिली पत्नी दिवङ्गत भएकी हुन् । त्यसपछि मैले दोस्रो विवाह गरेको छु । ती भर्खरकी सुन्दरी युवती छन् । आफ्नो आचारमा निष्ठा राख्दछिन्। उदार हृदयकी छन्, पतिव्रता छन् र सबै गुणकी खानी पनि छन् । मैले त पितृऋण तिर्न, धर्मपूर्वक सन्तान वृद्धि गर्न र अत्यन्त उत्तम गृहस्थ जीवन बिताउनका लागि तिनीसँग विवाह गरेको हुँ । म उत्तम गृहस्थजीवन बिताउन चाहन्छु । यस बेला तपाईंले मलाई मारिदिनुभयो भने मविना उनको पनि जीवन व्यर्थ हुनेछ । तिनीलाई छाडेर जाने मेरो जीवन पनि व्यर्थ हुनेछ।।३५-३७।। हे सज्जन! तपाईं मेरा पिता र मेरी दयालु माता पनि बन्नुहोस्। म तपाईंको पुत्र हुँ । किनकि शास्त्रहरूमा भयबाट मुक्ति दिलाउने र प्राण दिने मानिसलाई समेत पिता भनिएको छ।।३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दस्यवोऽपि हि रक्षन्ति द्विजं वा शरणागतम् ।
द्विजं योग्यं शरण्यं मामतस्त्वं मोक्तुमर्हसि ।।३९।।

नो चेत् कल्पसहस्त्रं त्वं निरयान् प्रतिपद्यसे ।
भोक्तारः सर्व एवैते स्त्रीपुत्राः सुहृदो जनाः ।।४०।।

न पापभागिनस्त्वेते सुखिनस्त्वत्प्रतारकाः ।
कियद्भिर्जन्मभिः पापं मोक्ष्यसे न वितर्कये ।।४१।।

शरणमा आएका मानिस र ब्राह्मणको हत्या डाँकाहरूले पनि गर्दैनन् । म शरणमा आएको योग्य ब्राह्मण हुँ । तसर्थ तपाइँले मलाई छोडिदिनुहोस् ।।३९।। यसरी बिन्ती गर्दागर्दै पनि तपाइँले मलाई मार्नुभयो भने हजारौं कल्पसम्म नरकभोग गर्नुपर्नेछ। तपाइँले मलाई मारेर प्राप्त गरेको धन र पदार्थको भोग गर्ने तपाइँका स्त्री, पुत्र, मित्र र अरु सम्बन्धी मानिसहरू पापका फलभागी हुने छैनन् । तपाइँलाई ठग्ने ती त सुखी हुनेछन् । तर तपाइँभने कति जन्मको प्रयासबाट पापमुक्त हुनुहुनेछ त्यो म भन्न सक्दिनँ ।।४०-४१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे सोमकान्तपूर्वजन्मकथनं नाम सप्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'भृगुद्वारा सोमकान्तको पूर्वजन्मकथन' शीर्षकान्वित सातौं अध्याय पूर्ण भयो ।।७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टमोऽध्यायः { ८ अध्याय }

भृगुरुवाच

इति तेनोदितं वाक्यं मुहुर्ग्लानिं प्रकुर्वतः ।
करुणायुतमाकर्ण्य नोद्विग्नं हृदयं तव ।।१।।

वज्रात् सारतरं किन्नु ब्रह्मणा त्वयि निर्मितम् ।
हिंसनाद् बहुजन्तूनां मनुष्याणां सहस्रशः ।।२।।

अतिनिष्ठुरतां प्राप्तं कृतघ्नस्येव मानसम् ।
अवोचस्त्वं ततस्तन्तु कृतान्त इव निष्ठुरः ।।३।।

चोर उवाच

किं ते वाक्यचयैर्विप्र ! वृथा मयि नियोजितैः ।
अश्रोतरि च पाण्डित्यं न्युब्जकुम्भे यथा जलम् ।।४।।

क्वेयं मम मतिर्मूढ ! क्वोपदेशस्तवाप्ययम् ।
तत्त्वचिन्तेव मधुपे साम्प्रतं मे न रोचते ।।५।।

अर्थासक्तस्य न क्वापि पितृबन्धुविचारणा ।
यथा कामातुरस्यापि न भीतिर्ह्रीश्च विद्यते ।।६।।

शुद्धिः काके द्यूतकारे सत्यं धैर्यं नपुंसके ।
कामशान्तिः स्त्रियां सर्पे क्षमा दृष्टा त्वया नु किम्।।७।।

अन्तिके त्वं निसृष्टोऽसि व्यापाररहितस्य मे ।
विधात्रा दैवयोगेन न त्वां मुञ्चामि कर्हिचित् ।।८।।

भृगुरुवाच

इत्युक्त्वा निशितं खड्गं हस्त आदाय दक्षिणे ।
चकर्ताऽथ शिरस्तस्य बिडाल इव मौषकम् ।।९।।

एवं ते ब्रह्महत्यानां सङ्ख्यां कर्तुं न शक्यते ।
स्त्रीबालवृद्धजन्तूनां हत्यानाञ्च विशेषतः ।।१०।।

भृगुले भन्नुभयो – ब्राह्मणले भनेका ती कारुणिक कुरा सुनेर पटक पटक ग्लानिको अनुभव गरेता पनि तपाइँको हृदयमा कुनै असर परेन ।।१।। ब्रह्माजीले तपाइँको मन वज्रभन्दा पनि कठोर बनाएजस्तो लाग्दथ्यो । त्यो धेरै जन्तुहरूको हत्या गर्नाले अति निष्ठुर भएजस्तो र कृतघ्न मानिसको जस्तो ज्यादै मलिन थियो । त्यस कारण जीवनको याचना गरिरहेका ती ब्राह्मणप्रति यमराजसमान निष्ठुर भएर चोररूपमा रहेका तपाइँले भन्नुभयो ।।२-३।।

चोरले भन्यो – हे ब्राह्मण ! जसरी सावधानीपूर्वक कुरासमेत सुन्न नचाहने मानिसलाई पण्डित्याइँ देखाउनु व्यर्थ हुन्छ । जसरी उल्ट्याएर राखिएको गाग्रामाथि पानी खन्याउनु व्यर्थ हुन्छ । जसरी मदिरापान गर्ने मानिसका सामु गरिएको तत्त्वचिन्ता व्यर्थ हुन्छ, त्यसरी नै मेरा निमित्त प्रयोग गरिएका तपाइँका वचनहरू व्यर्थ छन् । म जस्तो कठोर मानिसको बुद्धि कहाँ ? तपाइँको यो उपदेश कहाँ ? यिनको तुलना नै हुन सक्दैन । यस कारण मलाई तपाइँको यो उपदेश मन परेको छैन ।।४-५।।

धनार्जनलाई सर्वोपरि महत्त्व दिने मानिसले कहिले पनि यी मेरा माता-पिता हुन् र यी मेरा बन्धु हुन् भन्दैन । कामातुर मानिसले पनि निन्दनीय कर्म गर्न डर र लाज मान्दैन ।।६।। के तपाइँले कौवामा पवित्रता, जुवाडे मानिसमा सत्य, नपुंसकमा धैर्य, नारी जातिमा कामसन्तुष्टि र सर्पमा सहनशीलता देख्नुभएको छ ? ।।७।। उद्योगधन्दा केही नभएको र चोरी गरेर पेट पाल्ने मेरा सामु विधाताले तपाइँलाई पठाएका छन्। दैवयोगबाट प्राप्त भएका तपाइँलाई मैले कुनै हालतमा पनि छाड्न सक्दिनँ।।८।।

भृगुले भन्नुभयो– हे राजन् ! यसरी उत्तर दिएर चोरका रूपमा रहनुभएका तपाइँले दायाँ हातमा तीखो धार भएको तरबार लिएर बिरालाले मूसाको टाउको चोइट्याएझैं ती ब्राह्मणको शिर टुक्र्याउनु भयो ।।९।। यसरी हेर्दा तपाइँले पूर्वजन्ममा गरेका ब्रह्महत्याहरूको गणना गर्न सकिंदैन । खास गरी स्त्रीहत्या, बालहत्या र जीवहत्याको गणना गर्न त झनै सकिंदैन ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्ख्याता परपापानां विभागी जायते यतः ।
ततो बहुतिथे काले गते कामन्द ! ते जरा ।।११।।

आगताऽथ कफो ग्लानिः स्वेदो हिक्काऽथ वेपथुः ।
अभूत् तन्द्री चोपविष्टे प्रसुप्ते न च साऽभवत् ।।१२।।

अनादरञ्च चक्रुस्ते पुत्रा दास्योऽथ सेवकाः ।
सुहृदश्च सुताश्चापि नप्तारोऽथापि मित्रकाः ।।१३।।

एक एवाऽभवत् तत्र दृष्ट आप्तो रहस्यकृत् ।
अनिवार्यगतिर्विप्रः स चापि प्रेषितस्त्वया ।।१४।।

आकारयितुं सर्वांस्तान् मुनीन् काननवासिनः ।
ते चापि त्वद्भयादेव द्विजवाक्यात् समागताः ।।१५।।

अब्रवीस्तान् नमस्कृत्य मत्तो दानानि गृह्यताम् ।
तेऽब्रुवन् न च गृह्णीमो दानानि पतितस्य ते ।।१६।।

याजनाध्यापनाद् यौनात् सम्बन्धाद् भाषणादपि ।
परं सञ्चरते पापं सहयानासनाशनात् ।।१७।।

इति ते भाषमाणास्त्वां गत्वा च निजमाश्रमम् ।
सस्नुः सचैलं सर्वेऽपि पावमानीस्ततोऽजपन् ।।१८।।

ततोऽनुतापो मनसि जातः कामन्द ! ते भृशम् ।
आमयात् स्वजनैस्त्यागाद् ब्राह्मणैः परिवर्जनात् ।।१९।।

जीर्णदेवालयोद्धारेऽभवत्ते मतिरूर्जिता ।
धनं स्वं विपुलं वीक्ष्य कुप्यरत्नादिसंयुतम् ।।२०।।

ततोऽनादिः परामूर्तिर्गणेशस्य वने शुभा ।
जीर्णदेवालये क्षुद्रे स्थिता ते कथिता द्विजैः ।।२१।।

अरूले गरेका पापकर्मको चर्चा अथवा गणना गर्ने मानिसले त्यो पापको फलभोगमा भागिदार हुनुपर्छ भन्ने शास्त्रीय मान्यता रहेको छ । त्यस कारण पनि तपाइँले गरेका पापकर्मको म चर्चा गर्न चाहन्नँ। हे तत्कालीन कामन्द र अहिलेका सोमकान्त! तपाइँलाई त्यसपछि वृद्धावस्थाले आक्रमण गऱ्यो । कफ, ग्लानि, पसिना, बाडुली र कम्पनजस्ता वृद्धावस्थामा हुने दोषहरू पनि तपाइँमा आइलागे । बसेको बेला उँघ लाग्ने र सुतेका बेला उँघ नलाग्ने स्थिति भयो । तपाइँका छोरा-छोरी, दास-दासी, नाति-नातिनी, मित्र र शुभचिन्तकहरूले पनि तपाइँको अनादर गर्न थाले ।।११-१३।। तपाइँको सम्मान गर्ने, आज्ञाकारी र गोप्यरूपमा सेवा गर्ने एक जना अनिवार्यगति नामक ब्राह्मण थिए, तिनलाई पनि तपाइँले वनवासी सबै मुनिहरूलाई बोलाउन भनी खटाउनुभयो । ती मुनिहरू पनि ब्राह्मणबाट सन्देश पाएपछि नजाने हो भने कामन्दले मारिदिन्छ भन्ने डरले छिटै तपाइँका समीपमा आए।।१४-१५।। त्यस बेला तपाइँले ती ब्राह्मणहरूलाई प्रणाम गरेर भन्नुभयो - हे मुनिहरू ! म दान गर्न चाहन्छु । तपाइँहरूले मेरो दान स्वीकार गर्नुहोस् । ती मुनिहरूले तपाइँका कुरा सुनेपछि - तिमी जस्ता पतित व्यक्तिले दिएको दान हामी लिंदैनौं भनेका थिए ।।१६।। यज्ञकर्म, अध्यापन, यौन सम्पर्क, मैत्री आदि सम्बन्ध, परस्पर संवाद, सहयात्रा, सहासन र सहभोजनबाट पनि यौटाले गरेको पाप अर्कोमा सर्दछ ।।१७।। यसरी तपाइँलाई आफ्नो राय सुनाएर ती मुनिहरू आ-आफ्ना आश्रमतर्फ लागे। त्यहाँ गई तिनीहरूले पतितसँग कुराकानी गरेका कारण लागेको पापदेखि मुक्त हुन सचैल स्नान गरी पावमानी सूक्तको जप गरे ।।१८।। हे सोमकान्त ! अथवा पूर्वजन्मका हे कामन्द ! त्यो घटनापछि वृद्धावस्थाजनित रोगबाट पीडित हुनाले, आफन्तहरूले छोडिदिनाले र तपस्वी ब्राह्मणहरूले पतितका हातबाट गरिएको दान लिंदैनौं भनी तिरस्कारपूर्वक वर्जना गर्नाले तपाइँलाई मनमा साह्रै पछुतो लाग्यो र तीव्र वेदनाको अनुभव पनि गर्नुभयो।।१९।। त्यसपछि आफूसँग धातु, उपधातु र रत्न आदि सहित धेरै धन भएको जानेर तपाइँको बुद्धि जीर्ण मन्दिरको उद्धारकार्यमा प्रवृत्त भयो ।।२०।। त्यसपछि केही ब्राह्मणहरूले तपाइँलाई वनमा रहेको सानो र जीर्ण मन्दिरमा श्रीगणेश भगवान्को मङ्गलमय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततोऽतिविस्तृतं दीर्घं चतुस्तोरणसंयुतम् ।
चतुर्द्वारं सुरुचिरं चतुःशिखरशोभितम् ।।२२।।

नानास्तम्भचितं नानावेदिभिः परिवारितम् ।
मुक्ताप्रवालरत्नाद्यैः खचितं रुचिराङ्गणम् ।।२३।।

नानापुष्पद्रुमयुतं नानाफलद्रुमैश्चितम् ।
चतुर्दिक्षु चारुवारिमयवापीविराजितम् ।।२४।।

प्रासादं निर्मितवतस्तद् द्रव्यं ते व्ययं गतम् ।
किञ्चित् स्त्रिया च पुत्रैश्च सुहृद्भिर्बन्धुभिर्हृतम् ।।२५।।

ततो नातिचिरे काले पञ्चत्वञ्च गतो भवान् ।
याम्यदूतैः कशाघातैर्बद्धः सन्ताडितो भृशम् ।।२६।।

कण्टकैर्विद्धसर्वाङ्गः शिलायां पोथितोऽपि च ।
मज्जितो नरके घोरे पूयशोणितकर्दमे ।।२७।।

एवं नीतस्तु तैर्दूतैश्चित्रगुप्तयमान्तिके ।
यमेन पृष्टः किं पुण्यमुत भोक्ष्यसि पातकम् ।।२८।।

त्वमवोचः पुण्यमहं पूर्वं भोक्ष्यामि सूर्यज !
ततः सौराष्ट्रदेशे त्वं राजत्वेन विनिर्मितः ।।२९।।

इति ते कथितं पूर्वजन्म पापकरं मया ।
शरणागतकारुण्यात् तपोबलसमाश्रयात् ।।३०।।

कान्तप्रासादकरणात् सोमकान्तोऽभवो नृपः ।
कान्तया कान्ततरया भासि कान्त्या शशी यथा ।।३१।।

सूत उवाच

भृगुणाऽभिहितं श्रुत्वा सोमकान्तो नृपाधमः ।
तद्वाक्ये संशयापन्न आसीदश्मेव निष्क्रियः ।।३२।।

अनादि उच्चकोटिको मूर्ति रहेको समाचार सुनाए ।।२१।। त्यो कुरा सुनेर तपाइँले त्यस वनमा गई मन्दिरमा रहेको श्रीगणेशको मूर्ति देखेपछि त्यहाँ लम्बाइ र चौडाइ दुबै दृष्टिबाट फैलिएको विशाल, चार तोरण भएको, चार ढोका भएको, चार बुर्जा भएको, अनेक स्तम्भहरूले खचित, अनेक मण्डपहरूले शोभायमान, मोती–मुँगा आदिबाट खचित, सुन्दर प्राङ्गण भएको, अनेक फूलका वृक्षले घेरिएको, अनेक फलका वृक्षले शोभायमान र चारै दिशामा सुन्दर सङ्लो पानी भएका पोखरीले सुहाएको भव्य श्रीगणेशको मन्दिर बनाउनुभयो । उक्त मन्दिरको निर्माण गर्दा तपाइँसँग रहेको सम्पूर्ण धन खर्च भयो । त्योभन्दा पहिले तपाइँको धेरै धन वेश्या, मित्र र बन्धुहरूले अनेक निहुँमा तपाइँसँग लिएर खर्च गरिसकेका थिए ।।२२–२५।। मन्दिरनिर्माणपछि केही समय नबित्दै तपाइँको देहावसान भयो । तपाइँलाई यमदूतहरूले बाँधी धेरै कालसम्म दण्डप्रहार गरे । काँडाको घारीमा फ्याँकेर अङ्ग–प्रत्यङ्गमा घाउ–घाउ बनाए । ढुङ्गामाथि तपाइँलाई पछारे। त्यसपछि पीप र रगतको हिलोले भरिएको नरकमा लगेर डुबाए । यस्तै धेरै किसिमका यातना दिएपछि यमदूतहरूले तपाइँलाई चित्रगुप्त र यमको नजिकमा पुऱ्याए। त्यस बेला यमराजले पहिले पुण्यको फल भोग्न चाहन्छौ अथवा पापको फल भनी सोधेका थिए ।।२६–२८।। यमराजले त्यसरी सोधेपछि तपाइँले भन्नुभयो – हे धर्मराज! म सर्वप्रथम पुण्यको फल भोग्न चाहन्छु । त्यसपछि तपाइँ सौराष्ट्र देशको राजा सोमकान्तको रूपमा पैदा हुनुभयो ।।२९।। शरणमा आएका तपाइँमाथि दया लागेर मैले आफ्नो तपस्याको सामर्थ्यबाट तपाइँको पापमय पूर्वजन्मको बयान गरें । श्रीगणेशको अत्यन्त सुन्दर एवं भव्य मन्दिर बनाएका कारण तपाइँको नाम सोमकान्त रह्यो । त्यस पुण्यका कारण तपाइँले अत्यन्त सुन्दर महारानी सुधर्माद्वारा शोभायमान हुने अवसर पनि पाउनुभयो।।३०–३१।।

सूतजीले भन्नुभयो – भृगुले बताएका कुरा सुनेर अधम राजा सोमकान्तलाई ती कुराहरूमा सन्देह भयो र उनी ढुङ्गाझैं निश्चल अवस्थामा रहे ।।३२।। वेद र शास्त्रका अर्थ जान्ने वर्तमान, भूत र भविष्यका घटनालाई आँखाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदशास्त्रार्थविदुषो भूतभाविभवद्विदः ।
तपस्विनो भृगोर्वाक्ये यतः स संशयं दधौ ।।३३।।

निरगन् क्षणमात्रेण तस्याङ्गात् पक्षिणो भृशम् ।
नानावर्णाकृतिधरा बभक्षुर्नृपतिं तदा ।।३४।।

उड्डीयोड्डीयचञ्च्वग्रैर्ददंशुर्नृपशुं दृढैः ।
उत्कृत्योत्कृत्य मांसानि जक्षुस्ते मुनिसन्निधौ ।।३५।।

ततोऽतिदुःखिततनुः शरणं पुनरागतः ।
अवदद् दीनया वाचा भृगुं ज्ञानतपोनिधिम् ।।३६।।

देखेझैं बताउने तपस्वी भृगु ऋषिका कुरामा राजा सोमकान्तले सन्देह प्रकट गरेका कारण तत्काल तिनका अङ्ग - प्रत्यङ्गबाट अनेक वर्ण र आकारका चराहरू निस्कन थाले । यसरी निस्किएका ती चराहरूले नरपशु राजाको शरीरलाई लुछ्न र खान लागे ।।३२-३४।। उड्दै - उड्दै आएर झम्टिने ती चराहरूले आफ्ना बलिया ठोंडको चुच्चाबाट टोक्न थाले र शरीरको मासु चोक्टयाएर भृगु मुनिका सामु खान थाले ।।३५।। त्यसपछि सर्वाङ्गमा भएको वेदनाले आत्तिएका ती राजा सोमकान्त फेरि ज्ञान र तपका सागर भृगुका चरणमा शरणागत भएर दीनवचनद्वारा निवेदन गर्न लागे ।।३६।।

राजोवाच

त्वद्वने जातिवैराणां परस्परभयं न हि ।
त्वत्समक्षं कथमिमे मृतं मां मारयन्ति च ।।३७।।

त्वत्पादप्रवणं दीनं सकुष्ठं शरणागतम् ।
इदानीं मोचय मुने सर्वसत्त्वाभयङ्कर ।।३८।।

राजाले भने - हे महामुनि ! तपाईंको यो आश्रम र यसको सेरोफेरोमा रहेका वनमा जन्मजात वैरी प्राणीहरू पनि परस्पर मिलेर रहेका छन् । तिनीहरूमा कोही-कसैसँग डराउँदैन तर यी चराहरूले तपाईंकै सामु कुकर्मले ज्यूँदै मरेको मानिसलाई किन मारिरहेका छन् ? हे मुनिवर ! म तपाईंको पाउमा परेको छु, दीन-हीन छु, कुष्ठरोगले गलेको छु र अहिले आत्मरक्षाका लागि तपाईंको शरणमा आएको छु । सबै प्राणीहरूको कल्याण गर्ने र डर-त्रासबाट रक्षा गर्ने स्वभाव भएका हे मुनिवर ! अहिले यो भयङ्कर आक्रमणबाट मेरो रक्षा गर्नुहोस् ।।३७-३८।।

सूत उवाच

इत्युक्तः पुनरप्याह भृगुस्तं दीनवत्सलः ।
मद्वाक्यसंशयादित्थमनुभूतं नृप ! त्वया ।।३९।।

प्रतीकारं वदिष्यामि स्वस्थो भव क्षणं नृप ।
मम हुङ्कारमात्रेण गमिष्यन्ति द्विजा इमे ।।४०।।

सूतजीले भन्नुभयो - रक्षाका लागि आर्तपुकार गरिरहेका राजा सोमकान्तद्वारा प्रार्थित दीनवत्सल महर्षि भृगुले भन्नुभयो - हे राजा ! मेरो वाक्यमा सन्देह गरेका कारण तपाईंले यसरी पक्षीहरूको आक्रमण भोग्नुपर्‍यो । म यिनबाट मुक्त हुने उपाय बताउँछु । तपाईं निश्चिन्त हुनुहोस् । मेरो हुँकारमात्रबाट यी सबै चराहरू यहाँबाट भाग्ने छन् ।।३९-४०।।

सूत उवाच

द्विजस्य हुङ्कृतिं श्रुत्वा द्विजाश्चान्तर्हितास्तदा ।
तुतोष नृपतिश्चापि पत्न्यमात्यसमन्वितः ।।४१।।

सूतजीले भन्नुभयो - त्यसपछि भृगु ऋषिको हुँकार सुनेर ती चराहरू अलप भए । पत्नी र मन्त्रीहरूका साथमा रहेका ती राजा सोमकान्त पनि सन्तुष्ट भए ।।४१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे नानापक्षिनिवारणं नामाष्टमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सोमकान्तद्वारा निरूपित पूर्वजन्मकथाप्रति सन्दिग्ध सोमकान्तमाथि पक्षीहरूको आक्रमण' शीर्षकान्वित आठौं अध्याय पूर्ण भयो ।।८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवमोऽध्यायः { ९ अध्याय }

सूत उवाच

ततो भृगुः क्षणं ध्यात्वा पुनस्तं प्राह भूपतिम् ।
अत्यन्तविह्वलो दुःखं वीक्ष्य तत्पूर्वकर्मजम् ।।१।।

क्व पापनिकरास्ते तु क्वोपायाः कथिता मया ।
तथाप्येकं ब्रवीमि त्वामुपायमघनाशनम् ।।२।।

गणेशस्य पुराणं त्वं श्रोष्यसे यदि सत्वरम् ।
तदैव मोक्ष्यसे दुःखसागरान् नात्र संशयः ।।३।।

इत्युक्त्वा तं गणेशस्य नामाष्टशतमुत्तमम् ।
जप्त्वा जलं मन्त्रयित्वा सिषेच नृपतिं तदा ।।४।।

सिक्तमात्रे जले तेन तन्नासारन्ध्रतो लघुः ।
कृष्णास्यः प्राप तद्भूमौ ववृधे तत्क्षणादसौ ।।५।।

सप्ततालप्रमाणोऽभूद् व्यादितास्यो भयङ्करः ।
करालजिह्वो रक्ताक्षो दीर्घबाहुर्जटाधरः ।।६।।

मुखादुरु वमन्नग्निं क्षणाच्च पूयशोणिते ।
नेत्राणामन्धतां कुर्वन्नन्धकार इवापरः ।।७।।

आलोक्य दुद्रुवुः सर्वे तदाश्रमनिवासिनः ।
दंष्ट्रारावैर्दशदिशः पूरयन्तं तमद्भुतम् ।।८।।

अपृच्छत् तं द्विजवरस्तत्समक्षं तु पूरुषम् ।
विद्वानपीति कोऽसि त्वं नाम ते किं वदस्व मे ।।९।।

प्रत्युवाच मुनिं तं तु परिपृष्टो द्विजेन सः ।
प्राणिमात्रशरीरस्थो नाम्नाऽहं पापपूरुषः ।।१०।।

त्वन्मन्त्रजलपातेन निःसृतो राजदेहतः ।
क्षुधातुरो भक्ष्यमीहे देहि मह्यं न चेत् तदा ।।११।।

भक्षयिष्ये मुने ! लोकान् सोमकान्तं तवाग्रतः ।
वद मे वसतिं रम्यामितो निःसारितस्य च ।।१२।।

सूतजीले भन्नुभयो - त्यसपछि राजा सोमकान्तको जन्मान्तरजनित पापबाट उत्पन्न भएको दुःख देखेर व्याकुल भृगु ऋषिले केहीबेर ध्यान गरी सोमकान्तका प्रति भने - हे राजा ! तपाइँबाट गरिएका ती भयङ्कर पाप कहाँ ? मैले बताएका उपाय कहाँ ? तापनि तपाइँको पाप नाश गर्ने एउटा उपाय बताउँछु.।।१-२।। तपाइँले छिटै श्रीगणेशपुराणको श्रवण गर्नुभयो भने तत्काल दुःखको समुद्रबाट मुक्त हुनुहुनेछ, यस कुरामा सन्देह छैन ।।३।। यसो भनेर भृगु ऋषिले श्रीगणेशका १०८ नाम जपी जललाई अभिमन्त्रित गरेर सोमकान्तको शरीरमा सेचन गरे ।।४।। भृगुले सोमकान्तको शरीरमा जल सेचन गरिसकेपछि सोमकान्तको नाकको प्वालबाट सानो आकार र कालो अनुहार भएको एउटा प्राणी पैदा भयो र तुरुन्तै त्यसको शरीर बढ्न थाल्यो ।।५।। शरीर बढ्दै जाँदा त्यो प्राणी सातवटा ताडीवृक्षसमान अग्लो भयो । फैलिएको मुख, डरलाग्दो जिब्रो, राता आँखा, लामा हात, शिरमा डरलाग्दो जटा यस्तो आकार-प्रकार भएको, मुखबाट अग्निको ज्वाला, पीप र रगत वमन गर्दै दर्शकका आँखालाई अन्धकारमा पुऱ्याउने त्यो कालो वर्णको प्राणीलाई देखेर आश्रमवासी सबै मानिसहरू डराएर यताउति भाग्न थाले । घोर दाह्रा बजाएर भयङ्कर आवाजले दसै दिशा भर्ने त्यस अद्भुत प्राणीसँग विद्या र तपस्याको बलबाट सबै कुरा जानेता पनि नजानेझैं गरी विद्वान् भृगुले तिमी को हौ? तिम्रो नाम के हो ? मलाई भन भनी सोधे ।।६-९।। भृगुद्वारा सोधिएको त्यस प्राणीले भन्यो- हे ऋषि! प्राणीमात्रको शरीरमा रहने म पापपुरुषका नामबाट चिनिन्छु । तपाइँले श्रीगणेशका मन्त्रले अभिमन्त्रित गरेर जलले सेचन गरेपछि राजा सोमकान्तको शरीरबाट म बाहिर आएको छु । मलाई भोक लागेको छ, केही खानेकुरा दिनुहोस् । अन्यथा मैले भर्खरै यी सबै मानिस र यो सोमकान्तलाई तपाइँकै सामु खानेछु । तपाइँले बाहिर निकाल्नुभयो, अब मलाई बस्ने ठाउँको खाँचो छ । त्यो ठाउँ पनि बताउनुहोस् ।।१०-१२।। त्यसपछि बाहिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्तु बहिरभ्येत्य तमुवाच मुनिः पुनः ।
अस्मिन् रसाले सरले विरसे वस कोटरे ।।१३।।

गलितानि च पत्राणि भक्षयस्व ममाज्ञया ।
नो चेत् त्वां भस्मसात् कुर्यां नानृतं मे वचोऽधम ।।१४।।

सूत उवाच

इति तन्मुनिवाक्यान्ते शुष्कं स वृक्षमस्पृशत् ।
भस्मसादभवद् वृक्षो द्विजास्तत्स्पर्शमात्रतः ।।१५।।

मुनेः सन्दर्शनाद्भीतस्तस्मिन् भस्मन्यलीयत ।
तस्मिन् विलीने स मुनिः सोमकान्तं पुनर्जगौ ।।१६।।

भृगुरुवाच

पुराणश्रवणाद् यत्ते जातं पुण्यं नृपोत्तम ।
अयं यावच्चूततरुरत्र चोत्तिष्ठते पुनः ।।१७।।

तावत्संपादयास्मिंस्तद्भस्मन्येव दिने दिने ।
विवृद्धेऽस्मिंस्तरौ राजन्निष्पापस्त्वं भविष्यसि ।।१८।।

राजोवाच

गणेशस्य पुराणं यन्नदृष्टं न च वै श्रुतम् ।
कुत्र तल्लभ्यते ब्रह्मन् ! व्याकर्ता तस्य वा मुने ।।१९।।

मुनिरुवाच

ब्रह्मणा कथितं पूर्वं वेदव्यासाय धीमते ।
व्यासाच्च विदितं मह्यं पुराणं पापनाशनम् ।।२०।।

अहं ते च प्रवक्ष्यामि तीर्थे स्नानं समाचर ।
श्रोष्ये पुराणमिति च सङ्कल्पं कुरु सुव्रत ।।२१।।

सूत उवाच

भृगुणा नोदितः स्नात्वा भृगुतीर्थेति विश्रुते ।
सोमकान्तो मुदायुक्तस्ततः सङ्कल्पमाचरत् ।।२२।।

गणेशस्य पुराणं यत् तच्छ्रोष्येऽद्य प्रभृत्यहम् ।
सङ्कल्पमात्रे तु कृते बभौ राजा निरामयः ।।२३।।

आएर भृगुले पापपुरुषलाई भने - यो सुक्न लागेको आँपको रूख छ, यसको टोड्कामा तिमी बस । यस रूखबाट भुइँमा झरेका सुकेका पात खाएर निर्वाह गर । यो मेरो आज्ञा हो । अन्यथा मैले तिमीलाई तपोबलबाट खरानी बनाउने छु । हे अधम पुरुष ! मेरो वचन मिथ्या हुँदैन ।।१३-१४।।

सूतजीले भन्नुभयो- हे मुनिजन ! भृगुऋषिले भनेका वचन सुनेर पापपुरुषले त्यस सुकेको आँपको रूखलाई स्पर्श गर्‍यो। स्पर्श गर्नासाथ त्यो रूख खरानी भयो। त्यो पापपुरुष भृगु ऋषिसँग डराएर त्यसै खरानीमा लीन भयो। पापपुरुष खरानीमा लीन भएपछि भृगुले सोमकान्तलाई भन्नुभयो ।।१५-१६।।

भृगुले भन्नुभयो - हे राजन् ! तपाईंले श्रीगणेशको पुराण सुनेपछि त्यसबाट जुन पुण्य पैदा हुन्छ त्यो पुण्य जबसम्म भुइँमा खरानीका रूपमा रहेको रूख जस्ताको तस्तै हुँदैन, तबसम्म दिनदिनै समर्पण गरिरहनु पर्दछ । यो वृक्ष बढेर फलफूलले भरिभराउ भएपछि तपाइँ पापबाट मुक्त हुनुहुनेछ ।।१७-१८।।

राजाले भने - हे मुनिराज ! मैले श्रीगणेशपुराणको नाम सुनेको थिइनँ, देख्ने कुरै भएन । त्यो पुराण कहाँ पाइन्छ र त्यसलाई राम्ररी व्याख्या गरी सुनाउने विद्वान् को छन् र कहाँ पाइन्छन् ?।।१९।।

भृगुले भन्नुभयो - सर्वप्रथम ब्रह्माजीले बुद्धिमान् र विद्वान् आफ्ना छोरा व्यासलाई श्रीगणेशपुराण सुनाउनुभएको थियो । पापनाश गर्नमा अमोघ उपाय बनेको यो श्रीगणेशपुराण व्यासबाट सुनेको हुँ । म तपाइँलाई श्रीगणेशपुराण सुनाउने छु । भृगु तीर्थमा गएर स्नान गर्नुहोस् र म आजदेखि श्रीगणेशपुराण सुन्नेछु भन्ने सङ्कल्प पनि गर्नुहोस् ।।२०-२१।।

सूतजीले भन्नुभयो - भृगुद्वारा अभिप्रेरित एवं प्रसन्न राजा सोमकान्तले भृगुतीर्थमा नुहाएर म आजदेखि दिनदिनै श्रीगणेशपुराण सुन्नेछु भन्ने सङ्कल्प गरे । सङ्कल्पमात्र गर्नाले रगत नभएका ती राजा कृमिहीन एवं घाउ-खटिरा र कीराले परिपूर्ण शरीरको सट्टा सफा, सुन्दर शरीरले शोभायमान पनि भए। त्यसपछि चकित र हर्षित भएका राजालाई साथ लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृगुप्रसादान्नीरक्तः कृमिक्षतविसर्जितः ।
गृहीत्वा तं भृगुरगाद्विस्मितं हर्षितं नृपम् ।।२४।।

उपविश्यासने स्वीयेऽदापयत्तस्य चासनम् ।
उपविष्टो बभाषे तं दिव्यकान्तिर्नृपोत्तमः ।।२५।।

राजोवाच

भवत् प्रसादात्सकला गरिष्ठा
सङ्कल्पमात्रेण गता व्यथा मे ।
आश्चर्यभूतं सकलं वदस्व
पुराणमेतद् द्विरदाननस्य ।।२६।।

भृगुरुवाच

शृणुष्वावहितो भूत्वा तत्पुराणं वदाम्यहम् ।
अनन्तपुण्यनिचयैर्यस्य श्रवणगोचरा ।।२७।।

मतिरुत्पद्यते पुंसां नान्यथा पापकारिणाम् ।
यस्याकर्णनमात्रेण सप्तजन्मार्जितान्यपि ।।२८।।

लघुशुष्कार्द्रस्थूलानि पापानि च महान्त्यपि ।
तत्क्षणाद् विलयं यान्ति गणेशस्य प्रसादतः ।।२९।।

अव्ययस्याऽप्रमेयस्य निर्गुणस्य निराकृतेः ।
मनोवागनिरूप्यस्य केवलानन्दरूपिणः ।।३०।।

यस्य स्वरूपं न विदुर्ब्रह्मेशानादयः सुराः ।
सहस्त्रवदनो यस्य महिमानं न च क्षमः ।।३१।।

यावद् विशेषविदपि प्रवक्तुं राजसत्तम !
मया यथा श्रुतं पूर्वं तत्पुराणं सुपुण्यदम् ।।३२।।

अतीन्द्रियज्ञानवतो व्यासाच्चाऽमिततेजसः ।
यज्ञविध्वंसशोकार्तो दक्षः शुश्राव मुद्गलात् ।।३३।।

यस्य भक्तिर्दृढा राजन् ! गणेशे सर्वसिद्धिदे ।
स एतच्छृणुयान्नित्यं न वाच्यं तादृशेतरे ।।३४।।

यदि सर्वेऽपि कुर्वीरन् विघ्नराजस्य सेवनम् ।
क्व तदा विघ्ननिचया विहरेयुर्यथासुखम् ।।३५।।

भृगु ऋषि पूजामण्डपमा जानुभयो । तिनले आफू व्यासासनमा बसेपछि राजा सोमकान्तलाई पनि बस्ने आसन दिनुभयो । भृगु नजिकै आसनमा बसेका दिव्यकान्तिले शोभायमान राजा सोमकान्तले भने ।।२२-२५।।

राजाले भने - हे महर्षि भृगु ! हजुरको कृपामय प्रेरणाबाट श्रीगणेशपुराणको श्रवण गर्नेछु भन्ने सङ्कल्प गर्नासाथ सम्पूर्ण शरीरमा व्याप्त गुरुतर वेदना हराएको छ । यस्तो आश्चर्यमय श्रीगणेशपुराण मलाई राम्ररी सुनाउनुहोस् ।।२६।।

भृगुले भन्नुभयो - हे राजा ! तपाइँ सावधान हुनुहोस् र श्रीगणेशपुराण सुन्नुहोस्, म सुनाउँछु । अनन्त पुण्यको राशि भएपछि मात्र मानिसका हृदयमा श्रीगणेशपुराण सुन्ने बुद्धि पैदा हुन्छ । पापी मानिसका हृदयमा त्यस्तो बुद्धि पैदा हुँदैन । श्रीगणेशपुराणको श्रवणमात्रले श्रीगणेशका कृपाबाट सात जन्मसम्म गरेका साना-ठूला, पुराना र ताजा सबै प्रकारका पापहरू तत्काल समाप्त हुन्छन् ।।२७-२९।। हे राजन् ! अव्यय, अप्रमेय, निर्गुण, निराकार, मन र वाणीद्वारा अगम्य, केवलानन्दस्वरूप जुन श्रीगणेश भगवान् हुनुहुन्छ, उहाँको वास्तविक स्वरूपलाई ब्रह्मा, शिव आदि देवताहरू पनि जान्नु हुन्न । श्रीगणेशका सम्पूर्ण विशेषता र महिमा जान्ने शेषनागले पनि श्रीगणेशको पूर्ण महिमा बताउन सक्नु हुन्न । मैले अतीन्द्रिय-ज्ञानसम्पन्न, अतितेजस्वी भगवान् वेदव्यासका मुखारविन्दबाट पहिले जुन रूपमा पुण्यदायक श्रीगणेशपुराण सुनेको थिएँ त्यसै रूपमा तपाइँलाई पनि सुनाउने छु । यज्ञविध्वंस भएपछि शोक-सन्तप्त दक्षप्रजापतिले पनि यो श्रीगणेशपुराण मुद्गल ऋषिबाट सुनेका थिए ।।३०-३३।। हे राजन् ! सबै प्रकारका सिद्धि प्रदान गर्ने श्रीगणेशमा जुन मानिसको दृढ भक्ति हुन्छ, त्यसले मात्र यो पुराण सुन्ने अवसर प्राप्त गर्दछ । त्यस्ता मानिसलाई मात्र वक्ताले सुनाउनु पर्दछ, त्यसको विपरीत स्वभाव भएका नास्तिक मानिसहरूलाई यो पुराण सुनाउनु हुँदैन ।।३४।। यदि सबै मानिसले विघ्नविनाशक श्रीगणेशको सेवा गर्दछन् भने कसरी विघ्नको पुञ्ज संसारमा सानन्द रहन सक्छन् ? फेरि कसले अनेक थरि वियोगबाट उत्पन्न दुःखको अनुभव गर्नुपर्छ ? भूत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुखान्यनुभवेयुः के नानाविरहजान्युत ।
चकारेदं पुरा व्यासो भूतभव्यभविष्यवित् ।।३६।।

वेदार्थज्ञानरहितान् वेदाध्ययनवर्जितान् ।
वर्णाश्रमाचारशून्यान् जातिसङ्करकारिणः ।।३७।।

कलौ विलोक्य तु जनान् कुटिलान् पापकारिणः ।
अष्टादशपुराणानि कृतवान् धर्मगुप्तये ।।३८।।

तावन्त्युपपुराणानि ततोऽर्थान् बुबुधुर्जनाः ।
तत एव गणेशस्य रूपं जानन्त्यमी जनाः ।।३९।।

वर्तमान र भविष्य जान्ने भगवान् वेदव्यासले यस पुराणको रचना गर्नुभएको हो । भगवान् वेदव्यासले वेदार्थ नजान्ने, वेदको अध्ययन नगर्ने, वर्ण र आश्रमका आचार र विचारको पालन नगर्ने, जातिसङ्कर मानिसहरूको सङ्ख्या बढाउने, कुटिल र पापी कलिकालिक मानिसहरूलाई देखेर धर्मको रक्षाका निमित्त १८ महापुराणको रचना गर्नुभयो । त्यस्तै उहाँले १८ उपपुराण पनि बनाउनुभयो । ती महापुराण र उपपुराणहरूबाट मानिसहरूले मानव जीवनको प्रयोजन र कर्तव्यको विषयमा बुझ्ने अवसर प्राप्त गरे । ती सबै पुराण र श्रीगणेशपुराणबाट धेरै मानिसहरूले भगवान् श्रीगणेशको स्वरूप र महिमा बुझ्ने अवसर पनि पाए ।।३५-३९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे राजोपदेशज्ञानोपदेशकथनं नाम नवमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'शरणागत सोमकान्तका प्रति भृगुको ज्ञानोपदेश' शीर्षकान्वित नवौं अध्याय पूर्ण भयो ।।९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशमोऽध्यायः　{ १० अध्याय }

भृगुरुवाच

नारायणांशसम्भूतः पाराशर्यो महामुनिः ।
अतीतानागतज्ञानी वेदशास्त्रार्थतत्त्ववित् ।।१।।

कृत्वा वेदं चतुर्भागं तदर्थज्ञानसिद्धये ।
स विद्यामदगर्वेण पुराणं कर्तुमारभत् ।।२।।

समाप्तिसाधनं नैव कृतवान् मङ्गलं पुरा ।
गणेशस्य नतिं वापि स्तुतिं वा तस्य वा क्वचित् ।।३।।

ततो विघ्नाभिभूतःसन्नर्थं कञ्चन नास्मरत् ।
भ्रान्तिरेवाभवत् तस्य लौकिकेऽलौकिके पथि ।।४।।

नित्ये नैमित्तिके काम्ये श्रौते स्मार्ते च कर्मणि ।
व्याख्यातुर्वेदशास्त्राणां सर्वज्ञस्य सतोऽपि हि ।।५।।

ओषधीभिश्च मन्त्रैश्च भग्नवीर्य इवाहिराट् ।
तस्तम्भे स्वात्मनि भृशं तद्धेतुं नाध्यगच्छत ।।६।।

ततोऽगच्छत् सत्यलोकं धातारं प्रष्टुमादरात् ।
विस्मयाक्रान्तहृदयो ह्रीणः पाराशरो मुनिः ।।७।।

नमस्कृत्य देवगणान् देवर्षीन् कमलासनम् ।
पूजितो ब्रह्मणा दत्ते निषसादासने शुभे ।।८।।

पाणिना चास्पृशत् पादौ पाराशर्यो महामुनिः ।
प्रणयावनतो भूत्वा ब्रह्माणं प्रष्टुमारभत् ।।९।।

व्यास उवाच

ब्रह्मन्नद्भुतमेतद्धि किं मे दैवादुपस्थितम् ।
वेदार्थानि पुराणानि कर्तुं मे बुद्धिरादृता ।।१०।।

आवीक्षतोऽखिलाँल्लोकान् ज्ञानाचारविवर्जितान् ।
कलौ कर्मजडाँस्तब्धान् नास्तिकान् वेदनिन्दकान् ।।११।।

भृगुले भन्नुभयो - अतीत एवं भविष्यका द्रष्टा, वेद एवं शास्त्रका अर्थज्ञाता र नारायणको अंशबाट उत्पन्न पराशरका सुपुत्र महामुनि वेदव्यासले सर्वप्रथम एउटा वेदलाई चार भागमा बाँड्नुभयो र वेदार्थको ज्ञान सजिलैसँग सबैले गर्न सकून् भन्ने आशयले विद्यामदको गर्वले युक्त भएर पुराणवाङ्मयको निर्माण गर्न आरम्भ गर्नुभयो ।।१-२।। उहाँले पुराणको रचना शुरु गर्दा प्रमादवश ग्रन्थ समाप्तिको साधन मङ्गलाचरण गर्नुभएन । श्रीगणेशको वन्दना र स्तुति पनि गर्नुभएन । त्यस कारण पुराणको रचना गर्ने कार्यमा विघ्न आइलाग्यो । विघ्नद्वारा अभिभूत व्यासदेवले कुनै पनि अर्थको स्मरण र निक्यौंल गर्न सक्नुभएन । लौकिक र अलौकिक दुबै विषयमा उहाँलाई भ्रान्तिमात्र भयो । नित्य, नैमित्तिक र काम्य, श्रौत एवं स्मार्त कर्मको विषयमा वेदको व्याख्या गरेर यथार्थ सन्देश दिने सर्वज्ञ विद्वान् भएर पनि भगवान् वेदव्यास मन्त्र र औषधिबाट पराक्रमहीन एवं विवश बनेको सर्पराजझैं स्तब्ध हुनुभयो । आफूले विचार गर्दा यस्तो किन भयो भन्ने कुराको कारण पनि फेला पार्न सक्नुभएन ।।३-६।। त्यसपछि विस्मित र लज्जित मुनि वेदव्यास यस्तो किन भयो भन्ने विषयमा सत्य-तथ्य पत्ता लगाउन सत्यलोकमा विराजमान ब्रह्माजीका समीपमा आदरपूर्वक जानुभयो ।।७।। त्यहाँ पुगेका वेदव्यासले ब्रह्माजीका वरिपरि विराजमान देवगण र देवर्षिका साथै भगवान् ब्रह्माजीलाई प्रणाम गर्नुभयो । ब्रह्माजीद्वारा सत्कार प्राप्त गर्नुभएका वेदव्यास उहाँले दिनुभएको मङ्गलमय आसनमा बस्नुभयो । त्यसपछि पराशरनन्दन महामुनि वेदव्यासले आफ्ना हातले ब्रह्माजीका दुई पाउ स्पर्श गरी नम्र भएर ब्रह्माजीसँग प्रश्न गर्नुभयो ।।८-९।।

वेदव्यासले भन्नुभयो -हे ब्रह्माजी ! कलिकालमा ज्ञान र आचारबाट वर्जित, कर्मसम्पादनमा मन्द, स्तब्ध, नास्तिक र वेदनिन्दक मानिसहरूलाई देखेर यी सबैले मैले बनाएका पुराणका वाक्यहरूबाट विधि र निषेध जानून् भन्ने आशयले मेरो मनमा पुराणहरूको रचना गर्ने बुद्धि पैदा भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिं चैव निषेधं च ज्ञास्यन्ति मम वाक्यतः ।
ममैव तु गतं ज्ञानं भ्रान्तः क्षीब इवाऽभवम् ।।१२।।

न हेतुं तत्र पश्यामि स्फूर्तिः कापि न जायते ।
तद्धेतुं स्फूर्तिहेतुञ्च प्रष्टुं त्वामहमागतः ।।१३।।

अन्यं कं शरणं यामि विना त्वां चतुरानन !
सर्वज्ञ सर्वकर्ता त्वं मम भ्रान्तिं निवारय ।।१४।।

वद हेतुं मम भ्रान्तेर्नारायणस्वरूपिणः ।
नित्याचारवतो ब्रह्मन् सर्वज्ञस्य सतोऽपि च ।।१५।।

सूत उवाच

एवमाकर्ण्य तद्वाक्यं विचार्य कमलासनः ।
प्रणतं मुनिमभ्याह प्रहसन् विस्मयन्निव ।।१६।।

ब्रह्मोवाच

हन्त ! ते कथयिष्यामि गतिं सूक्ष्मां हि कर्मणाम् ।
विचार्य सम्यक् कर्तव्यं कर्म साध्वितरच्च यत् ।।१७।।

अन्यथा कुर्वतः पुंसः कृतं भवति चान्यथा ।
बुद्ध्या युक्त्याऽऽर्जवेनापि गुरूणि च लघूनि च ।।१८।।

कार्याणि साधयेद् धीमान् न गर्वान्न च मत्सरात् ।
वाहनत्वं समापन्नो गर्वेण तु खगेश्वरः ।।१९।।

मत्सरान्नाशितं सर्वमाम्बिकेयसुतेन च ।
मत्सरादेव रामेण क्षत्रमुत्सादितं पुरा ।।२०।।

योऽनादिनिधनो देवो जगत्कर्ता जगन्मयः ।
जगद्धाता जगद्धर्ता सदसद् व्यक्तमव्ययम् ।।२१।।

यो कर्तुमन्यथाकर्तुं शक्तः कर्तुञ्च सर्वदा ।
यस्याऽऽज्ञावशगा नित्यं देवा इन्द्रपुरोगमाः ।।२२।।

अहं विष्णुश्च रुद्रश्च सूर्याग्निवरुणादयः ।
यो विघ्नहर्ता भक्तानां विघ्नकर्तेतरस्य च ।।२३।।

तस्मिँस्त्वं कृतवान् गर्वं स्वविद्याबलसंश्रयात् ।
सर्वज्ञताऽभिमानेन न कृतं पूजनं त्वया ।।२४।।

तर मैले दैवबाट अद्भुत कुरा बेहोर्नु पऱ्यो । मैले जानेको ज्ञान सहसा मबाट लुप्त भयो । म आफै भ्रान्तिमा परें र मत्त जस्तो भएँ । यस्तो कसरी हुन गयो ? त्यो कारण पनि जान्न सकिनँ। मेरो आत्मामा जाँगर र स्फूर्ति कत्ति पनि रहेन । त्यसको कारण जान्न र स्फूर्ति जगाउने उपाय प्राप्त गर्नका लागि आज म हजुरका शरणमा आएको छु । हे चतुर्मुख ब्रह्माजी ! हजुरलाई छाडेर म अरू कसको शरणमा जाउँ ? हजुर सर्वज्ञ र सर्वकारण हुनुहुन्छ, त्यस कारण मेरो भ्रान्ति निवारण गरिदिनुहोस् । हे ब्रह्माजी ! नारायणको अंशावतार, नित्य सदाचारमा प्रवृत्त र सर्वज्ञ भएर पनि मेरो मनमा भ्रान्ति कसरी आयो ? यसको कारण बताउनुहोस् ।।१०-१५।।

सूतजीले भन्नुभयो - व्यासको प्रार्थना सुनेर केहीबेर विचार गरेपछि ब्रह्माजीले विनम्र वेदव्यासलाई मन्द मुस्कानका साथ चकित तुल्याउँदै भन्नुभयो ।।१६।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! म तपाइँलाई कर्मको सूक्ष्म गतिको विषयमा बताउँछु । मानिसले शुभ एवं उग्र कर्म गर्दा विचारपूर्वक गर्नुपर्दछ ।।१७।। कर्ममा विचार पुगेन भने कर्म गर्ने मानिसले गरेको कर्म प्रतिकूल अथवा प्रत्युत्पादक हुने गर्दछ । बुद्धिमान् मानिसले बुद्धि, युक्ति र सरलताको समुचित सामञ्जस्य मिलाएर साना-ठूला कार्यसम्पादन गर्नुपर्दछ। कुनै पनि काम अहङ्कार र द्वेष राखेर गर्नु हुँदैन । गरुड गर्वकै कारण नारायणका वाहन बन्न विवश भए ।।१८-१९।। पाण्डु-पुत्रहरूसँग द्वेषका कारण दुर्योधनले सर्वस्व नाश गरे र द्वेषकै कारण पहिले परशुरामले क्षत्रियकुलको नाश गरे ।।२०।। अनादिनिधन, जगत्कर्ता, जगन्मय, जगत्रक्षक, जगत्का संहारक, सत्, असत्, व्यक्त र अव्यक्त जुन देवता हुनुहुन्छ, जुन देवताले गर्न, नगर्न र अन्यथा गर्न पनि सक्नु हुन्छ, जसका अधीनमा इन्द्र आदि देवता ब्रह्मा, विष्णु, रुद्र, सूर्य, अग्नि र वरुण आदि सबै रहन्छन्, जो भक्तका विघ्नहर्ता र दुष्टहरूका विघ्नकर्ताका रूपमा प्रसिद्ध हुनुहुन्छ त्यस्ता गणनाथ प्रभुका सामु हे वेदव्यास! तपाइँले विषयज्ञानको अभिमान देखाउनुभयो र म सर्वज्ञ छु भन्ठानेर उहाँको आराधना गर्नुभएन ।।२१-२४।। तपाइँले पुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्मरणं वा गणेशस्य प्रारम्भेऽन्यस्य वा तथा ।
न कृतं च त्वया व्यास ! तेन भ्रान्तिस्तवाऽनघ ।।२५।।

आरम्भे सर्वकार्याणां प्रवेशे वापि निर्गमे ।
श्रौते स्मार्ते लोकिके यो स्मृतोऽविघ्नं करोति च ।।२६।।

यमाहुः परमानन्दं यमाहुः परमां गतिम् ।
यमाहुः परमं ब्रह्म वेदशास्त्रार्थदर्शिनः ।
तं गच्छ शरणं वत्स द्विरदाननमादरात् ।।२७।।

स चेत् प्रसन्नो भगवान् वाञ्छितं ते करिष्यति ।
नो चेद् वर्षसहस्रेण न स्ववाञ्छामवाप्स्यसि ।।२८।।

व्यास उवाच

कोऽसौ गणेशः किं चास्य रूपं वेद्यं कथञ्च तत् ।
कस्य वायं प्रसन्नोऽभूत् पूर्वं हि चतुरानन ।।२९।।

कति वा ह्यवताराश्च किं किं कार्यं च वै कृतम् ।
पूर्वञ्च पूजितः केन कस्मिन् काले स्मृतोऽपि च ।।३०।।

मम विक्षिप्तचित्तस्य पृच्छतः प्रपितामह !
एतत् सर्वं सुविस्तार्य ब्रूहि मे करुणानिधे ।।३१।।

रचनाको आरम्भमा न श्रीगणेशको, न त अरू कुनै देवताको सम्झना गर्नुभयो । त्यस कारण हे निष्पाप व्यास ! तपाइँको मनमा भ्रान्ति पैदा भयो ।।२५।। सबै कार्यको आरम्भ, प्रवेश र निर्गम काल र श्रौत एवं स्मार्त कार्यको सम्पादनमा जसको स्मरण गरिएन भने विघ्न प्राप्त हुन्छ, जसलाई परमानन्द, परमगति र परमब्रह्म पनि भन्ने गरिन्छ, ती वेद र शास्त्रका रहस्य जान्ने विद्वान्हरूद्वारा आराध्य गजानन प्रभु श्रीगणेशको शरणमा तपाइँ श्रद्धापूर्वक जानुहोस् ।।२६-२७।। श्रीगणेश प्रसन्न हुनुभयो भने उहाँले तपाइँको इच्छा पूरा गरिदिनुहुनेछ । उहाँ रिसाउनुभयो भने हजारौं वर्ष लगाएर कार्य गरे पनि तपाइँको त्यो इच्छा कहिले पूरा हुनेछैन ।।२८।।

व्यासले भन्नुभयो - हे चतुर्मुख विधाता ! श्रीगणेश को हुनुहुन्छ ? उहाँको स्वरूप कस्तो छ ? त्यो स्वरूप कसरी जान्न सकिन्छ ? योभन्दा पहिले श्रीगणेश कोसँग प्रसन्न हुनुभएको थियो ? उहाँका कति अवतार भए ? र ती ती अवतारहरूमा उहाँले कस्ता र के के कार्य सम्पन्न गर्नुभयो ? सर्वप्रथम उहाँको पूजा कसले गर्‍यो ? कुन समयमा कसले, कसरी उहाँको सम्झना गर्‍यो ? हे दयालु पितामह ! चित्तमा विक्षेप भई हजुरका सामु जिज्ञासा प्रकट गर्ने मलाई यी प्रश्नहरूको उत्तर दिएर सबै कुराको रहस्य राम्ररी खुलाइदिनुहोस् ।।२९-३१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे व्यासप्रश्नवर्णनं नाम दशमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'श्रीगणेशको स्वरूप र सामर्थ्यका विषयमा वेदव्यासको जिज्ञासा' शीर्षकान्वित दसौं अध्याय पूर्ण भयो ।।१०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादशोऽध्यायः { ११ अध्याय }

भृगुरुवाच

जगाद भूयश्चतुराननस्त-
मेवं कृतप्रश्नविवक्षयाऽथ ।
क्रमेण सर्वं कथयामि तेऽहं
गणेशमन्त्रान् बहुधा विचार्य ।।१।।

ब्रह्मोवाच

अनन्ता हि मुने ! मन्त्रा गणेशस्य महात्मनः ।
उपासनं वदिष्यामि शीघ्रं सिद्धिकरस्य ते ।।२।।

सप्तकोटिमहामन्त्रा गणेशस्यागमे स्थिताः ।
तद्रहस्यं शिवो वेद किञ्चित् किञ्चिदहं मुने ।।३।।

षडक्षरैकाक्षरयोः श्रेष्ठत्वं तेषु विद्यते ।
ययोः स्मरणमात्रेण सर्वसिद्धिः करे भवेत् ।।४।।

जीवन्मुक्ता भवन्त्येव यदुपासनया मुने ।
त एव धन्यास्ते पूज्यास्ते नमस्याः सुरैरपि ।।५।।

यदुपासनया दास्यं येषां कुर्वन्ति सिद्धयः ।
इच्छाविहाराः सर्वज्ञा नानारूपा भवन्ति ते ।।६।।

ये कुर्वन्ति गणेशस्य भक्तिं भावसमन्विताः ।
न येषां भक्तिलेशोऽपि तेषां जन्म निरर्थकम् ।।७।।

नालोकयेन्मुखं तेषां विमुखा ये गजानने ।
तेषां दर्शनमात्रेण विघ्नानि स्युः पदे पदे ।।८।।

विघ्नान्युपशमं यान्ति तदुपासकदर्शनात् ।
नमस्यन्ति च भूतानि स्थावराणि चराणि च ।।९।।

अतस्तेऽहं प्रवक्ष्यामि मन्त्रमेकाक्षरं शुभम् ।
तदनुष्ठानमात्रेण वाञ्छितं समवाप्स्यसि ।।१०।।

अनुष्ठानं प्रवक्ष्यामि यथोक्तं शम्भुना मम ।
स्नानं कृत्वा धौतवस्त्रे परिधाय शुचिर्नरः ।।११।।

भृगुले भन्नुभयो - ब्रह्माजीले वेदव्यासले गरेका ती प्रश्नहरूको उत्तर दिने इच्छाले भन्नुभयो- हे वेदव्यास! सर्वप्रथम श्रीगणेशका मन्त्रहरूको विषयमा विचार गरेर क्रमैसँग म तपाइँका सबै प्रश्नहरूको उत्तर दिनेछु ।।१।।

ब्रह्माजी भन्नुहुन्छ - हे मुनिवर ! महात्मा श्रीगणेशका वाचक अनन्त मन्त्र छन् । अत्यन्त छिटो सिद्धि प्रदान गर्ने मन्त्रको उपासना विधिबारे म तपाइँलाई बताउँछु ।।२।। हे मुनि! शास्त्रहरूमा श्रीगणेशका सात करोड मन्त्रहरू रहेका छन् । ती मन्त्रहरूको रहस्य भगवान् शिवजी जान्नुहुन्छ र केही म पनि जान्दछु । ती मन्त्रहरूमा ६ अक्षरको मन्त्र र १ अक्षरको मन्त्र उत्तम मन्त्र मानिएका छन् । जुन मन्त्रहरूको सम्झनामात्र गर्दा सबै प्रकारका सिद्धि प्राप्त गर्न सकिन्छ ।।३-४।। हे मुनि! जुन मन्त्रको उपासनाबाट साधकहरू जीवनमुक्त हुन्छन्, धन्य हुन्छन् र सबै देवताहरूद्वारा वन्दनीय बन्दछन्, ती मन्त्रहरूको उपासनाबाट सिद्धि पनि दासी भएर आउँछन् । जसले भावपूर्ण भएर श्रीगणेशमा भक्ति गर्दछन्, ती स्वेच्छापूर्वक सर्वत्र विहार गर्न समर्थ हुन्छन् । ती सर्वज्ञ र अनेक रूपमा परिणत भई विचरण गर्न समर्थ पुरुष बन्दछन्। जसका हृदयमा श्रीगणेशका प्रति लेशमात्र पनि भक्ति हुँदैन त्यस्ता मानिसहरूको जन्म व्यर्थ छ ।।५-७।। जुन मानिस श्रीगणेशबाट पराङ्मुख भएर रहन्छन् तिनको मुख पनि हेर्न हुँदैन । त्यस्ता मानिसहरूको मुख हेरेपछि पाइला पाइलामा विघ्न आइलाग्छ।।८।। श्रीगणेशको उपासना गर्ने भक्तहरूको दर्शन गर्नाले विघ्नहरू समाप्त हुन्छन् । त्यस्ता साधकलाई सकल प्राणी, स्थावर र जङ्गमतत्त्वले पनि नमस्कार गर्दछन् ।।९।। त्यस कारण म तपाइँलाई मङ्गलमय एकाक्षरी मन्त्रको विषयमा बताउँछु । त्यसको अनुष्ठान गर्नाले आफूले चाहेको विषय प्राप्त गर्न सक्नु हुनेछ ।।१०।। भगवान् शङ्करले मलाई जसरी श्रीगणेशको अनुष्ठानविधि बताउनुभएको थियो त्यसरी म तपाइँलाई बताउँछु । बुद्धिमान् साधकले स्नान गरेर पवित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैलाजिनं कुशैः कृत्वा स्वासनं साधकः सुधीः ।
तस्मिन् स्थित्वा भूतशुद्धिं प्राणानां स्थापनं तथा ।।१२।।

अन्तर्बहिर्मातृकाणां न्यासं कृत्वा त्वतन्द्रितः ।
प्राणायामं ततः कृत्वा मूलमन्त्रं जपन् हृदि ।।१३।।

मन्त्रसन्ध्यामुपासीत आगमोक्तां यथाविधि ।
आपादमस्तकं देवं ध्यात्वा निश्चलचेतसा ।।१४।।

मानसैरुपचारैस्तं पूजयेत् सुसमाहितः ।
ततो जपेद् यथाशक्ति पुरश्चरणमार्गतः ।।१५।।

अनुकूलो भवेद् यावद् वरं दातुं गजाननः ।
स्वरूपं दर्शयेद् यावत् तावज्जपपरो भवेत् ।।१६।।

भृगुरुवाच

एवमुक्त्वा मुनिं ब्रह्मा विलोक्य शुभवासरम् ।
एकाक्षरं मन्त्रराजमेकार्णं गणपस्य च ।।१७।।

अशिक्षयत् तदा सर्वं सम्भ्रान्तं मुनिसत्तमम् ।

ब्रह्मोवाच

सूर्यकोटिप्रतीकाशं वरं दातुं समागतम् ।।१८।।

यदा द्रक्ष्यसि तं देवं तदा चित्तं स्थिरीकुरु ।
ममैव हृदये नित्यं स्थिरो भव गजानन ।।१९।।

वृणीष्वेति वरं तस्मात् स ते दास्यत्यसंशयम् ।
हृदि स्थिते तत्र देवे दिव्यं ज्ञानमवाप्स्यसि ।।२०।।

भूतं भावि भवच्चैव ज्ञास्यसि त्वमशेषतः ।
हित्वा भ्रान्तिं दृढां वत्स ! नानाग्रन्थान् करिष्यसि ।।२१।।

व्यास उवाच

गता भ्रान्तिर्मम पितरुपदेशे कृते त्वया ।
अनुष्ठानं करिष्यामि पितामह ! तवाज्ञया ।।२२।।

ब्रह्मोवाच

एकान्ते निर्जने देशे व्यग्रताहेतुवर्जिते ।
अनुष्ठानं कुरु विभो ! गजाननमनुस्मरन् ।।२३।।

वस्त्र धारण गरी कुशासनमा बसेर विधिपूर्वक भूतशुद्धि र प्राणस्थापना गर्नुपर्दछ । मातृकाको अन्तर्न्यास एवं बहिर्न्यास गरी निरालस्य भएर प्राणायाम गर्नुपर्दछ । त्यसपछि हृदयमा मूलमन्त्र जप्दै विधिपूर्वक शास्त्रोक्त मन्त्रसन्ध्या गर्नुपर्दछ। त्यसपछि आफ्नो चित्तलाई निश्चल बनाएर गजानन भगवान्का पाउदेखि मस्तकसम्मका अङ्गहरूको ध्यान गर्नुपर्दछ ।।११-१४।। फेरि एकाग्र भएर मानस उपचारबाट श्रीगणेशको पूजा गर्नुपर्दछ। त्यसपछि पुरश्चरणका विधानले यथाशक्ति श्रीगणेश मन्त्रको जप गर्नुपर्दछ। जबसम्म भगवान् गजानन वरदान दिनका लागि अनुकूल बन्नुहुन्न र आफ्नो स्वरूप दर्शन गराउन प्रकट हुनुहुन्न, तबसम्म श्रीगणेशमन्त्रको निरन्तर जप गर्नुपर्दछ ।।१५-१६।।

भृगुले भन्नुभयो - ब्रह्माजीले यसरी वेदव्यासलाई उपदेश दिनुभयो र उत्तम तिथि एवं वारको विचार गरी श्रीगणेशको एकाक्षरी मन्त्रको शिक्षा दिनुभयो । भ्रान्तिमा परेका वेदव्यासलाई ब्रह्माजीले भन्नुभयो - कोटिसूर्यको कान्तिले सुहाउनुभएका र वरदान दिन भनी दर्शन दिनुहुने श्रीगणेश जुन बेला तपाइँका सामु साकार बन्नुहुन्छ, त्यस बेला तपाइँले उहाँलाई हृदयमा धारण गर्नुहोस् अनि प्रार्थनाको मुद्रामा भन्नुहोस् - हे गजानन ! तपाइँ मेरा हृदयमा निरन्तर स्थिर भएर रहनुहोस् । त्यसपछि भगवान् श्रीगणेशले तपाइँलाई वरदान लिन आज्ञा गर्नुहुनेछ र निश्चय नै तपाइँले चिताएको वरदान दिनुहुनेछ । यसरी श्रीगणेशलाई हृदयमा स्थिर गराएपछि तपाइँले उहाँबाट दिव्य ज्ञान प्राप्त गर्नुहुनेछ । त्यसपछि भूत, भविष्य र वर्तमानकालका सबै विषय तपाइँका सामु प्रत्यक्ष हुनेछन् र ती सबै विषयमा तपाइँलाई पूर्ण बोध हुनेछ । त्यसपछि तपाइँले आफ्ना मनमा रहेका भ्रान्तिहरूलाई निराकरण गरेर अनेक थरि ग्रन्थहरूको निर्माण गर्नुहुनेछ ।।१७-२१।।

व्यासले भन्नुभयो - हे पितामह ! हजुरको उपदेश प्राप्त गरेर मेरो भ्रान्ति निर्मूल भएको छ । अब हजुरको आज्ञाअनुसार म श्रीगणेशको उपासनामा लाग्नेछु ।।२२।।

ब्रह्माजीले भन्नुभयो - हे सर्वज्ञ वेदव्यास ! आफूलाई अशान्त बनाउने कुनै पनि तत्त्व नभएको अर्थात् आतङ्कशून्य, शान्त, एकान्त एवं निर्जन स्थलमा गजाननको स्मरण गर्दै उपासना आरम्भ गर्नुहोस् ।।२३।। नास्तिक, निन्दक, क्रूर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नास्तिके निन्दके क्रूरेऽनाचारे च खले शठे ।
न वक्तव्यो मन्त्रराजस्तादृशे शरणागते ।।२४।।

दृढभक्तौ श्रद्दधाने विनीते वेदवादिनि ।
साकाङ्क्षे निरनुक्रोशे शास्त्रज्ञे च प्रकाशय ।।२५।।

प्रापयत्येव नरकान् दशपूर्वान् दशापरान् ।
मन्त्रराजस्तु वक्तारमप्रकाश्ये प्रकाशितः ।।२६।।

यो जपेद् भक्तिपूर्वं तु स लभेदीप्सितं फलम् ।
पुत्रपौत्रसमायुक्तो धनधान्यसमन्वितः ।।२७।।

एकदन्तप्रभावेण लब्ध्वा ज्ञानं सुनिर्मलम् ।
इह भुक्त्वाऽखिलान् भोगानन्ते मोक्षमवाप्नुयात् ।।२८।।

आचारहीन, दुर्जन र धूर्त मानिसहरूमा श्रीगणेशको मन्त्र प्रकाशित गर्न हुँदैन । त्यसरी नै उक्त प्रकृतिका मानिस शरणमा आएर मन्त्रप्रकाशनका लागि हठ गर्दछन् भने पनि तिनका सामु श्रीगणेशको मन्त्र प्रकाशित गर्न हुँदैन ।।२४।। दृढ भक्ति भएका, श्रद्धालु, नम्र, वेदाध्ययन गर्ने, उत्तम आकाङ्क्षा भएका, दयालु र शास्त्रवेत्ता मानिसहरूका सामुमात्र श्रीगणेशको मन्त्र प्रकाशित गर्न हुन्छ।।२५।। जुन मानिसहरूका सामु श्रीगणेशमन्त्र प्रकाशित गर्न हुँदैन तिनका सामु प्रकाशित गरेको श्रीगणेशमन्त्रले आफ्ना पूर्ववर्ती दश पुस्ता र उत्तरवर्ती दश पुस्तासम्मका मानिसहरूलाई नरकहरूमा पुऱ्याउँछ ।।२६।। जसले भक्तिपूर्वक श्रीगणेशमन्त्रको जप गर्दछ त्यसले चिताएको कुरा प्राप्त गर्दछ । छोरा-नातिहरूले सम्पन्न र धनधान्यले समृद्ध त्यो मानिस एकदन्त श्रीगणेशको प्रतापबाट निर्मल ज्ञानप्राप्त गरी यस संसारका सबै प्रकारका भोग भोगेर अन्तमा मोक्षमा प्राप्त हुन्छ ।।२७-२८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे मन्त्रकथनं नामैकादशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'ब्रह्माजीद्वारा वेदव्यासलाई श्रीगणेशमन्त्रको उपदेश' शीर्षकान्वित एघारौं अध्याय पूर्ण भयो ।।११।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वादशोऽध्यायः { १२ अध्याय }

सूत उवाच

इति श्रुत्वा तु वचनं निर्गतं ब्रह्मणो मुखात् ।
हर्षेण महता युक्तो मुनिः पप्रच्छ तं पुनः ।।१।।

व्यास उवाच

अवधानं मया प्राप्तं पीत्वा वागमृतं तव ।
इदानीं श्रोतुमिच्छामि मन्त्रराजमिमं पितः ।।२।।
को जजाप कथं सिद्धिमवाप च गजाननात् ।
एतं मे संशयं छिन्धि त्वत्तोऽन्यो नास्ति मे गुरुः ।।३।।

भृगुरुवाच

इत्येवं मुनिना पृष्टो जगाद वदतां वरः ।
कृपयावनतं ब्रह्मा तं व्यासं राजसत्तम ।।४।।

ब्रह्मोवाच

साधु साधु त्वया पृष्टं पुण्यवानसि साम्प्रतम् ।
न ह्यपुण्यवतां ब्रह्मन् कथायाः श्रवणे रतिः ।।५।।
उपासनामार्गमिमं सम्यक् त्वां बोधयाम्यहम् ।
स्निग्धे प्रज्ञाधिके शिष्ये यतो गोप्यं न किञ्चन ।।६।।
ॐकाररूपी भगवानुक्तस्ते गणनायकः ।
यथा सर्वेषु कार्येषु पूज्यतेऽसौ विनायकः ।।७।।
निर्विघ्नकामनावद्भिर्नो चेद् विघ्नं करोति सः ।
तथोंकारबीजयुक्ता ॐकारपल्लवान्विताः ।।८।।
मन्त्राः सर्वागमे प्रोक्ता अन्ये ये निष्फलाश्च ते ।
सदसद् व्यक्तमव्यक्तं सर्वं हि गणनायकः ।।९।।
एवं सर्वे देवसिद्धमुनिराक्षसकिन्नराः ।
गन्धर्वाश्चारणा नागा यक्षगुह्यकमानवाः ।।१०।।
उपासका गणेशस्य सर्वे लोकाश्चराचराः ।
अत एव गणेशाद्धि परं किञ्चिन्न विद्यते ।
इदानीं कथयिष्यामि कथामेकां पुरातनीम् ।।११।।
मन्त्रराजजपेनायं यथा तुष्टो गजाननः ।
कदाचिद् दैवयोगेन प्रलये समुपस्थिते ।।१२।।

सूतजीले भन्नुभयो - ब्रह्माजीका मुखबाट निःसृत वचन सुनेर अत्यन्त हर्षित मुनि वेदव्यासले फेरि ब्रह्माजीसँग प्रश्न गर्नुभयो ।।१।।

व्यासले भन्नुभयो - हे पितामह ! हजुरको वचनामृत पिएर मैले मनको एकाग्रता प्राप्त गरेको छु । अहिले म हजुरले उपदेश गर्नुभएको मन्त्रराजको विषयमा सुन्न चाहन्छु।।२।। हे विधाता! सर्वप्रथम मन्त्रराजको कसले जप गर्‍यो र गजाननबाट सिद्धि प्राप्त गर्‍यो ? यो मेरो मनमा रहेको संशय हो । मेरो यस संशयको छेदन गर्नुहोस् । हजुरबाहेक मेरा अरू कुनै गुरु छैनन् ।।३।।

भृगुले भन्नुभयो - हे उत्तम राजा ! यसरी व्यासमुनिद्वारा सोधिएका शास्त्रवक्ता ब्रह्माजीले कृपापूर्वक विनीत व्यासका प्रति उपदेश गर्नुभयो ।।४।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! तपाईँले ज्यादै राम्रो जिज्ञासा गर्नुभएको छ । तपाइँ पुण्यवान् हुनुहुन्छ, किनकि पुण्य नहुने मानिसको मनमा कथाश्रवणमा रुचि हुँदैन ।।५।। म तपाईँलाई राम्ररी उपासनामार्ग बताउँछु किनकि स्नेहपात्र र मेधावी शिष्यबाट लुकाउनुपर्ने कुनै पनि कुरा हुँदैन ।।६।। हे वेदव्यास! तपाइँद्वारा जान्न खोजिएका श्रीगणेश ॐकाररूप ब्रह्म हुनुहुन्छ। कार्यको निर्विघ्न परिसमाप्तिको कामना गर्नेहरूले विनायक भगवान्को सबै कार्यमा पूजन गर्दछन्, अन्यथा श्रीगणेशले कार्यमा विघ्न पुर्‍याउनुहुन्छ । सबै आगमहरूमा ॐकारबीज, ॐकार पल्लवसम्पन्न श्रीगणेशका मन्त्र बताइएका छन् । अरू जुन मन्त्र छन्, तिनलाई निष्फल मन्त्र मानिएको छ । सत्, असत्, व्यक्त र अव्यक्त सबै तत्त्व श्रीगणेशका स्वरूप हुन् ।।७-९।। यसैगरी सबै देवता, सिद्ध, मुनि, राक्षस, किन्नर, गन्धर्व, चारण, यक्ष, गुह्यक, मानव, स्थावर र जङ्गमरूप सम्पूर्ण तत्त्वहरूले श्रीगणेशकै उपासना गर्दछन् । त्यस कारण श्रीगणेशभन्दा भिन्न कुनै तत्त्व रहेको छैन । मन्त्रराजको जपबाट श्रीगणेश सन्तुष्ट हुनुहुन्छ भन्ने विषयमा म अहिले तपाइँलाई पुरानो कथा सुनाउँछु । कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायुभिः पर्वता भिन्नाः पतिताः परितो दिशम् ।
तपन्ति द्वादशादित्याः शोषयित्वा जलं महत् ।।१३।।
ज्वालामाली महावह्निरखिलं ज्वलयत्यपि ।
संवर्त्तका महामेघा वर्षन्ति परितो जलम् ।।१४।।
हस्तिहस्तोपमाभिस्तु धाराभिर्द्विजसत्तम ।
उल्लङ्घयन्ति मर्यादां सागराः सरितोऽपि च ।।१५।।
एवं सर्वे विनश्यन्ति ह्याब्रह्मस्थावरादयः ।
एवं मायामये नष्टे विकारेऽसौ गजाननः ।।१६।।
अणुभ्योऽणुतरं रूपं कृत्वा क्वापि व्यवस्थितः ।
ततः काले बहुतरे गतेऽन्धतमसावृते ।।१७।।
एकाक्षरं पुनर्ब्रह्म नादयुक्तमजायत ।
वैकारिकं पुनारूपं यदा नादमयं स्थितम् ।।१८।।
मायाविकारमासाद्य तदेवाभूद् गजाननः ।
तत एव च सम्भूता गुणाः सत्त्वं रजस्तमः ।।१९।।
ततस्त्रयः समुत्पन्ना विष्णुर्ब्रह्मा हरोऽपि च ।
मायया रचितं सर्वं त्रैलोक्यं सचराचरम् ।।२०।।
ततस्तन्मायया भ्रान्ता बभ्रमुस्ते सुरास्त्रयः ।
तमेव जनकं स्वस्य द्रष्टुं प्रष्टुं समुत्सुकाः ।।२१।।
किमस्माभिः कर्म कार्यमिति जिज्ञासया मुने ।
एकविंशतिस्वर्गाणि पूर्वमूर्ध्वं विलोक्यते ।।२२।।
अन्तरिक्षं तथा तिर्यक् पश्चात् पातालमाययुः ।
अदृष्ट्वा परमात्मानं तपश्चेरुस्ततो भृशम् ।।२३।।
निराहारा जपपरा दिव्यवर्षसहस्त्रकम् ।
श्रान्ताः खेदमनुप्राप्तास्ततस्ते पृथिवीं पुनः ।।२४।।
विचिन्वन्तो ययुर्द्रष्टुं वनान्युपवनानि च ।
सरितः सागरान् शैलान् शिखराणि गुहाश्च ताः।।२५।।
ततो जलाशयं ते तु महान्तं ददृशुः पुरः ।
नाना जलचरैर्वृक्षैः पक्षिभिर्विविधैर्युतम् ।।२६।।
बलाकाभिश्चक्रवाकैर्हंसैः कारण्डकैरपि ।
नादितं नलिनीजालं बिसखण्डाशने रतैः ।।२७।।

बेला दैवयोगले प्रलयकाल आएपछि वायुको वेगबाट पर्वतहरू टुक्रिएर चारै दिशामा फैलिए, १२ सूर्य सम्पूर्ण जलराशि सुकाएर प्रचण्ड तेजले बल्न थाले, ज्वालैज्वालाले ज्योतिर्मय अग्निले सम्पूर्ण संसार डढाउन थाल्यो, प्रलयकालिक संवर्तक मेघले हात्तीका सूँढजस्ता धारा वर्षाएर चारैतिर जलैजल बनाए, सागर र नदीहरूले मर्यादा नाघ्न थाले।।१०-१५।। यसरी ब्रह्माजीदेखि स्थावरसम्मका सबै विषय नष्ट हुन थाले । मायाद्वारा बनेका ती सबै विकारी तत्त्व नष्ट भएपछि भगवान् श्रीगणेश अणुभन्दा पनि सानो रूप धारण गरी कतै लीन हुनुभयो । कालो अन्धकारले समयलाई ढाक्यो । त्यो समयपछि ब्रह्मनादले सम्पन्न ॐकाररूप एकाक्षर पैदा भयो। त्यसको वैकारिक रूप आनन्दमय भएर रह्यो । मायाविकारको सम्पर्कले त्यो ॐकार गजानन श्रीगणेशका रूपमा पैदा भयो। ती गजाननबाट नै सत्त्व, रज र तमनामक गुणहरू पैदा भए ।।१६-१९।। त्यसपछि ती गुणहरूका माध्यमवाट ब्रह्मा, विष्णु र शिव यी तीन देवता उत्पन्न भए । मायाबाट नै चराचरसहित स्वर्ग, मर्त्य र पातालनामक तीन लोक पनि रचिए ।।२०।। त्यसपछि श्रीगणेशको मायाले भ्रान्त भएका ब्रह्मा, विष्णु र शिव आफूलाई जन्म दिने पितृतत्त्व श्रीगणेशको स्वरूप दर्शन गर्न र रहस्य केलाउन उत्सुक भएर चारैतिर घुम्न थाले ।।२१।। हामीले के काम गर्नुपर्ने हो भन्ने जिज्ञासा लिएर यी तीन देवताले सर्वप्रथम माथि रहेका एक्काइस प्रकारका स्वर्गहरूको अवलोकन गरे, अन्तरिक्षमा घुमे र तिर्यक् रूपमा रहेको पातालमा पुगे । कहीं पनि तिनीहरूले श्रीगणेशरूप परमात्माको दर्शन गर्न पाएनन् र निराश भई दीर्घकालिक तपस्यामा प्रवृत्त भए ।।२२-२३।। दिव्य एक हजारवर्षसम्म निराहार रही जप गरे । तपस्याले थाकेपछि खिन्न मन भएका ती देवता फेरि पृथिवीभ्रमण गर्न लागे । त्यहाँ परमात्माको खोजी गर्दै ती वन-उपवन, नदी, सागर, शैलशिखर र गुफाहरूको दर्शनका लागि ठाउँ-ठाउँमा घुमिरहे ।।२४-२५।। त्यसपछि तिनीहरूले अनेक थरि जलचर, वृक्ष, अनेक प्रकारका पक्षीहरू, बकुल्ला, चखेवा, नलिनीका पात र कमलका डाँठ खाइरहेका ठूला हाँस र साना खाले घरेलु हाँसको स्वरबाट गुञ्जित विशाल जलाशय आफ्नै अगाडि देखे ।।२६-२७।। जलाशयको तीरमा नुहाई केहीबेर विश्राम गरेपछि अनेक तरङ्गहरूको क्रीडाभूमि, मानिसहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नात्वा विश्रम्य तत्तीरे समुत्तीर्य पुरो ययुः ।
नानावीचिसमायुक्तं महान्तं तं जलाशयम् ।।२८।।

सुदुस्तरतरं पुंसां झषनक्रसमाकुलम् ।
ईक्षां चक्रुः सुदुर्दर्शं प्रलयानलसन्निभम् ।।२९।।

कोटिसूर्यप्रतीकाशं तेजोराशिं पुरो मुने ।
चिन्तामापुः परान्ते तु तेजसा हृतदृष्टयः ।।३०।।

ततो गगनमार्गेण तेजोमध्याद् विनिर्गताः ।
क्षुधातृषापरिश्रान्ता निश्वसन्तो मुहुर्मुहुः ।।३१।।

निन्दन्तश्च शपन्तश्च स्वात्मानं जातसाध्वसाः ।
ततोऽतिकरुणाविष्टो लोकाध्यक्षोऽखिलार्थवित् ।।३२।।

दर्शयामास तान् रूपं मनोनयननन्दनम् ।
पादाङ्गुलीनखश्रीभिर्जितरक्ताब्जकेसरम् ।।३३।।

रक्ताम्बरप्रभावात् तु जितसन्ध्यार्कमण्डलम् ।
कटिसूत्रप्रभाजालैर्जितहेमाद्रिशेखरम् ।।३४।।

खड्गखेटधनुःशक्तिशोभि चारुचतुर्भुजम् ।
सुनासं पूर्णिमाचन्द्रजितकान्तिमुखाम्बुजम् ।।३५।।

अहर्निशं प्रभायुक्तं पद्मचारुसुलोचनम् ।
अनेकसूर्यशोभाजिन्मुकुटभ्राजिमस्तकम् ।।३६।।

नानातारांङ्कितव्योमकान्तिजिदुत्तरीयकम् ।
वराहद्रंष्ट्राशोभाजिदेकदन्तविराजितम् ।।३७।।

ऐरावतादिदिङ्नागभयकारि सुपुष्करम् ।
दृष्ट्वैव सहसा देवं प्रणेमुस्ते मुदा मुने ।
पादाम्बुजमुपस्पृश्य ततः स्तोतुं प्रचक्रमुः ।।३८।।

लागि दुस्तर, ठूला-ठूला माछा र गोहीले भरिएको त्यो जलाशय छाडेर ती अगाडि बढे । अगाडि बढ्नासाथ तिनीहरूले प्रलयकालको अग्निसमान, आँखाले हेर्नै नसकिने करोडौं सूर्यसमान प्रचण्डकिरण भएको तेजको पुञ्ज देखे । तेजबाट दृष्टि मन्द भएका ती देवताहरू ठूलो चिन्तामा परे ।।२८-३०।। त्यसपछि तिनीहरूले तेजलाई चिरेर कथञ्चित् आकाशमार्गबाट आफूलाई अगाडि बढाए र त्यसपछि ती देवता भोक र प्यासले व्याकुल भए । बार-बार श्वास-प्रश्वास लिन थाले ।।३१।। त्यो तेजराशि देखेर भयभीत ती देवता आफूले खोजेको तत्त्व नभेटाएर आफ्नो निन्दा आफै गर्न लागे र आफ्नो भाग्यलाई आफै सराप्न लागे। त्यसपछि सम्पूर्ण रहस्य जान्ने, अन्तर्यामी, सम्पूर्ण लोकहरूका नायक श्रीगणेशले ती देवताहरूको दुःख देखी दयालु भएर मन र आँखालाई प्यारो लाग्ने आफ्नो सुन्दर र दिव्य रूप तिनलाई देखाउनुभयो । भगवान् श्रीगणेशको त्यो रूप विचित्र थियो । पाउका औंलाका नङहरूको कान्तिले रातो कमलको केस्रालाई तेजोहीन तुल्याइरहेको थियो। रातो वस्त्रको आभाबाट सन्ध्याकालिक सूर्यको लालिमा तिरस्कृत भइरहेको थियो । कमरको कन्धनीको सेतो कान्तिले हिमालयका चुचुराहरूको सेतोपनलाई निस्तेज बनाइरहेको थियो ।।३२-३४।। खड्ग, ढाल, धनु र शक्तिद्वारा सुहाएका चार हात धारण गर्ने, सुन्दर नासिकाले सुहाएको, पूर्णिमाका चन्द्रमाको कान्तिलाई परास्त गर्ने मुखकमलको कान्तिले सुहाएको, नित्य प्रभामय, कमलझैं राम्रा आँखाहरूले सम्पन्न, अनेक सूर्यको शोभालाई परास्त गर्ने, चम्चमाउँदो मुकुटले शोभायमान मस्तक भएको, अनेक थरि ताराहरूले सम्पन्न आकाशको कान्तिलाई तिरस्कृत गर्ने दोसल्लाद्वारा रमणीय, बँदेलका दाह्राको शोभालाई जित्ने एउटा दाह्रा भएको र ऐरावत आदि हात्तीहरूलाई पनि भयभीत तुल्याउने सूँढ भएको भगवान् श्रीगणेशको दिव्य स्वरूप देखेर तीनवटै देवताले प्रसन्न भएर प्रणाम गर्दै श्रीगणेशका चरणकमलको स्पर्श गरी स्तुति गरे ।।३५-३८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे गजाननदर्शनं नाम द्वादशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'ब्रह्मा, विष्णु र शिवजीद्वारा आराधित श्रीगजाननद्वारा ती देवताहरूलाई दिव्य रूपप्रदर्शन' शीर्षकान्वित बाह्रौं अध्याय पूर्ण भयो ।।१२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयोदशोऽध्यायः { १३ अध्याय }

व्यास उवाच

पञ्चास्यश्चतुरास्यश्च सहस्रमस्तकोऽपि च ।
गजास्यं वरदं देवं कथमेते प्रतुष्टुवुः ।।१।।

ब्रह्मोवाच

प्रसादोन्मुखविघ्नेशकृपापाङ्गनिरीक्षणात् ।
प्राप्तबुद्धिप्रसादास्ते केशास्तं नुनुवुस्तदा ।।२।।

ब्रह्मविष्णुमहेशा ऊचुः

अजन्निर्विकल्पं निराकारमेकं
निरानन्दमद्वैतमानन्दपूर्णम्।
परं निर्गुणं निर्विशेषं निरीहं
परब्रह्मरूपं गणेशं भजेम ।।३।।

गुणातीतमाद्यं चिदानन्दरूपं
चिदाभासकं सर्वगं ज्ञानगम्यम् ।
मुनिध्येयमाकाशरूपं परेशं
परब्रह्मरूपं गणेशं भजेम ।।४।।

जगत्कारणं कारणज्ञानरूपं
सुरादिं सुखादिं युगादिं गणेशम् ।
जगद्व्यापिनं विश्ववन्द्यं सुरेशं
परब्रह्मरूपं गणेशं भजेम ।।५।।

रजोयोगतो ब्रह्मरूपं श्रुतिज्ञं
सदा कार्यसक्तं हृदा चिन्त्यरूपम् ।
जगत्कारकं सर्वविद्यानिधानं
परब्रह्मरूपं गणेशं नताः स्मः ।।६।।

सदा सत्त्वयोगं मुदा क्रीडमानं
सुरारीन् हरन्तं जगत् पालयन्तम् ।
अनेकावतारं निजाज्ञानहारं
सदा विष्णुरूपं गणेशं नमामः ।।७।।

तमोयोगिनं रुद्ररूपं त्रिनेत्रं
जगद्धारकं तारकं ज्ञानहेतुम् ।
अनेकागमैः स्वं जनं बोधयन्तं
सदा शर्वरूपं गणेशं नमामः ।।८।।

व्यासले भन्नुभयो - पञ्चमुख सदाशिव, चतुर्मुख ब्रह्माजी र सहस्रशीर्षा नारायणले वरदायक गजानन श्रीगणेशदेवको स्तुति कसरी गर्नुभयो ? ।।१।।

ब्रह्माजीले भन्नुभयो - प्रसन्न र विघ्नेश श्रीगणेशको कृपादृष्टिबाट निर्मल बुद्धि प्राप्त गर्ने ब्रह्मा, शिव र नारायणले त्यस बेला निम्नअनुसार स्तुति गर्नुभयो।।२।।

ब्रह्मा, विष्णु र महेशले भन्नुभयो - अज, निर्विकल्प, निराकार, एकस्वरूप, निरानन्द, अद्वैत, आनन्दपूर्ण, परात्पर, निर्गुण, निर्विशेष र निरीह परब्रह्मरूप श्रीगणेशलाई भज्दछौं।।३।। गुणातीत, आद्य, चिदानन्दस्वरूप, चिदाभासकर्ता, सर्वत्र विद्यमान, सर्वग, ज्ञानगम्य, मुनिहरूद्वारा ध्यानयोग्य र आनन्दरूप परब्रह्म-स्वरूप श्रीगणेशलाई भज्दछौं ।।४।। जगत्का कारण, कारणका पनि कारण, कारणका ज्ञानरूप, आदिदेवरूप, आदिसुखरूप, आदियुगरूप, गुणहरूका स्वामी, जगद्व्यापक, विश्ववन्दनीय र देवताहरूका आराध्य, परब्रह्मरूप श्रीगणेशको भजन गर्दछौं ।।५।। रजोगुणको सम्पर्कबाट ब्रह्माजीका रूपमा अवतीर्ण, वेदका विशेषज्ञ, सदा सत्कार्यमा लीन, हृदयद्वारा ध्येय स्वरूपले सुहाउनुभएका, जगत्का सृष्टिकर्ता र सबै विद्याका निधि परब्रह्मरूप श्रीगणेशलाई नमस्कार गर्दछौं ।।६।। सदा सत्त्व गुणको सम्पर्कमा रहनुहुने, आनन्दपूर्वक लीला विहार गर्नुहुने, देवतत्त्वका विरोधीहरूलाई परास्त गर्नुहुने, संसारका रक्षक, अनेक अवतार लिएर धर्मको रक्षा गर्दै दुष्टहरूको नाश गर्नुहुने र भक्तका हृदयमा रहेको अन्धकारलाई नाश गर्नुहुने विष्णुका रूपमा रहनुभएका श्रीगणेशलाई नमस्कार गर्दछौं।।७।। तमोगुणसँग सम्पर्क गर्नुहुने, रुद्ररूप, जगत्का धर्ता, त्रिनयन, भक्तलाई संसारसागरबाट पार लगाउनुहुने, ज्ञानका हेतु र अनेक शास्त्रहरूको उपदेश दिएर भक्तहरूलाई सत्कर्म एवं पुरुषार्थ गर्न अभिप्रेरित गर्नुहुने सदाशिवरूप श्रीगणेशको वन्दना गर्दछौं।।८।। अन्धकारको पुञ्जलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तमस्तोमहारं जनाज्ञानहारं
त्रयीवेदसारं परब्रह्मपारम् ।
मुनिज्ञानकारं विदूरे विकारं
सदा ब्रह्मरूपं गणेशं नमामः ।।९।।
निजैरोषधीस्तर्पयन्तं करौघैः
सुरौघान् कलाभिः सुधास्राविणीभिः ।
दिनेशांशुसन्तापहारं द्विजेशं
शशाङ्कस्वरूपं गणेशं नमामः ।।१०।।
प्रकाशस्वरूपं नभोवायुरूपं
विकारादिहेतुं कलाकालभूतम् ।
अनेकक्रियाऽनेकशक्तिस्वरूपं
सदा शक्तिरूपं गणेशं नमामः ।।११।।
प्रधानस्वरूपं महत्तत्त्वरूपं
धरावारिरूपं दिगीशादिरूपम् ।
असत्सत्स्वरूपं जगद्धेतुभूतं
सदा विश्वरूपं गणेशं नताः स्मः ।।१२।।
त्वदीये मनः स्थापयेदङ्घ्रियुग्मे
जनो विघ्नसङ्घान्न पीडां लभेत ।
लसत्सूर्यबिम्बे विशाले स्थितोऽयं
जनो ध्वान्तबाधां कथं वा लभेत ।।१३।।
वयं भ्रामिताः सर्वथाज्ञानयोगा-
दलब्ध्वा तवाङ्घ्रिं बहून् वर्षपूगान् ।
इदानीमवाप्तास्तवैव प्रसादात्
प्रपन्नान् सदा पाहि विश्वम्भराद्य ।।१४।।

ब्रह्मोवाच

एवं स्तुतो गणेशस्तु सन्तुष्टोऽभून्महामुने ।
कृपया परयोपेतोऽभिधातुं तान् प्रचक्रमे ।।१५।।

गणेश उवाच

यदर्थं क्लेशिता यूयं यदर्थमिह चागताः ।
प्रीतोऽहमनया स्तुत्या वरं मत्तो वृणीत तम् ।।१६।।

हटाउनुहुने, मानिसका हृदयमा रहेको अज्ञानलाई निरस्त गर्नुहुने, यजु-साम र अथर्ववेदरूप त्रयीका सारतत्त्व, सबैलाई पार लगाउनुहुने, परब्रह्मका नामबाट प्रसिद्ध, मुनिहरूलाई ज्ञान प्रदान गर्नुहुने र विकारलाई टाढा पन्छाउनुहुने, सदा ब्रह्मरूप श्रीसूर्यका रूपमा प्रकाशमान श्रीगणेशलाई नमस्कार गर्दछौं ।।९।। आफ्नो किरणसमूहद्वारा वनस्पति र औषधिहरूलाई रसमय तुल्याउनु हुने, अमृतवर्षी कलाद्वारा देवताहरूलाई तृप्त एवं सन्तुष्ट तुल्याउनु हुने, सूर्य किरणबाट उत्पन्न सन्तापलाई हटाउनु हुने र नक्षत्रहरूका नायक चन्द्ररूप श्रीगणेशको वन्दना गर्दछौं।।१०।। प्रकाशरूप, आकाशरूप, वायुरूप, विकारका आदिकारण, कलाका विकासक एवं संहारक, अनेक क्रिया र अनेक शक्तिका प्रमुख स्रोत श्रीशक्तिरूप श्रीगणेशको वन्दना गर्दछौं ।।११।। प्रकृतिका रूपमा रहनुहुने, महत्तत्त्वका रूपमा संसारमा व्याप्त हुनुहुने, पृथिवीरूप, जलरूप, दिक्पालरूप, असत्‌रूप, सत्‌रूप र जगत्‌का एकमात्र कारण विश्वब्रह्माण्डरूप श्रीगणेशको वन्दना गर्दछौं ।।१२।। जुन मानिसले हजुरका चरणयुगलमा आफ्नो मन लगाउँछ त्यसले विघ्नका समूहबाट उत्पन्न गरिने पीडा भोग्नु पर्दैन । विशाल एवं चहकिलो सूर्यमण्डलमा रहेको प्राणीले अन्धकारको पीडा किन भोग्नुपर्छ र ? ।।१३।। विश्वम्भर ! आद्यरूप ! हे श्रीगणेशदेव ! धेरै वर्षसम्म हजुरका चरणकमलको आश्रय नपाएर हामी अज्ञानवश जगत्‌मा भौंतारियौं, अहिले हजुरकै कृपाबाट हजुरका चरणकमलको दर्शन गर्ने अवसर पायौं । हामी शरणागत छौं । हाम्रो रक्षा गर्नुहोस् ।।१४।।

ब्रह्माजीले भन्नुभयो – हे महामुनि ! यसरी ब्रह्मा, विष्णु र शिवजीद्वारा स्तुति गरिएका भगवान् श्रीगणेश उहाँहरूप्रति अत्यन्त प्रसन्न हुनुभयो र परमकृपाले युक्त भई उहाँले त्रिदेवलाई भन्नुभयो ।।१५।।

श्रीगणेशले भन्नुभयो – जुन प्रयोजनका लागि तपाईंहरूले धेरै कष्ट भोग्नुपर्‍यो र जुन प्रयोजनका लागि यहाँ आउनुभएको छ, त्यो कुन प्रयोजन हो ? मलाई बताउनुहोस् । म तपाईंहरूको स्तुतिबाट प्रसन्न छु । मबाट आफूले चाहेको वरदान प्राप्त गर्नुहोस् ।।१६।। हे त्रिदेव !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतञ्च मम यत् स्तोत्रं भवद्भिर्भावितात्मभिः ।
स्तोत्रराजमिति ख्यातं भविष्यति ममाज्ञया ।।१७।।

इदं यः पठेत् प्रातरुत्थाय धीमान्
त्रिसन्ध्यं सदा भक्तियुक्तो विशुद्धः ।
स पुत्रान् श्रियं सर्वकामान् लभेत
परब्रह्मरूपो भवेदन्तकाले ।।१८।।

ब्रह्मोवाच

इति तद्वचनं श्रुत्वा सन्तुष्टास्ते तमब्रुवन् ।
तदीक्षया रजःसत्त्वतमोगुणसमुद्भवाः ।।१९।।

त्रय ऊचुः

यदि तुष्टोऽसि देवेश ! सृष्टिसंहारकारक !
तवाङ्घ्रिकमले नोऽस्तु भक्तिरव्यभिचारिणी ।।२०।।

किं चास्माभिः प्रकर्तव्यमाज्ञापयतु नो भवान् ।
अयमेव वरोऽस्माकं वाञ्छितो द्विरदानन ।।२१।।

इति श्रुत्वा वचस्तेषां पुनः प्राह गजाननः ।
भविष्यति महाभागा मयि भक्तिर्दृढा हि वः ।।२२।।

सङ्कष्टानि यथा यूयं तरिष्यथ महान्त्यपि ।
भवत्ख्यात्यै प्रवक्ष्यामि कार्याणि च पृथक् पृथक् ।।२३।।

सृष्टिकर्ता भव ब्रह्मन् ! रजोगुणसमुद्भवः ।
पालनं कुरु विष्णो ! त्वं व्यापकः सत्त्वसंश्रयः ।।२४।।

हर ! संहर सर्वं त्वं तमोगुणसमुद्भवः ।

ब्रह्मोवाच

वेदशास्त्रपुराणानि सृष्टिसामर्थ्यमेव च ।।२५।।

गणेशो दत्तवान् विद्यां ब्रह्मणे मह्यमादरात् ।
विष्णवे भगवान् प्रादात् योगात् स्वच्छन्दरूपताम् ।।२६।।

एकाक्षरं षडर्णं च मन्त्रं सर्वागमाँस्तथा ।
हराय भगवान् प्रादाच्छक्तिं संहरणेऽपि च ।।२७।।

तपाइँहरूले भावविभोर भएर जुन मेरो स्तोत्र पाठ गर्नुभएको यो स्तोत्र मेरो आज्ञाबाट संसारमा स्तोत्रराजका रूपमा विख्यात हुनेछ ।।१७।। जुन बुद्धिमान् मानिसले प्रातःकालमा सबेरै उठी यो स्तोत्रको पाठ गर्दछ र जुन शुद्धाचरण भएको मानिसले भक्तिभावले ओतप्रोत भएर तीनवटै सन्ध्यामा यो स्तोत्रको पाठ गर्दछ, त्यसले पुत्र, सम्पत्ति र चिताएका सबै विषय प्राप्त गर्दछ। त्यो अन्तमा परब्रह्मरूप भएर ब्रह्ममा नै विलीन हुन्छ ।।१८।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशको दृष्टिबाट रजोगुण, तमोगुण र सत्त्वगुणबाट पैदा भएका ती तीन देवताहरू श्रीगणेशको त्यो वचन सुनेर सन्तुष्ट भए ।।१९।।

त्रिदेवले भने - सृष्टि र संहारका विधायक हे श्रीगणेश! यदि हजुर सन्तुष्ट हुनुहुन्छ भने हजुरका चरणकमलमा हाम्रो निष्कलङ्क र निरन्तर भक्ति रहोस् ।।२०।। हे गजानन ! हामीहरूले कुन कर्तव्यपालन गर्नुपर्दछ ? त्यो आज्ञा गर्नुहोस्। हामीले चाहेको वरदान यही हो ।।२१।। तीन देवताहरूको प्रार्थना सुनेर भगवान् श्रीगणेशले भन्नुभयो - हे भाग्यशाली देवताहरू हो! तपाइँहरूको ममा दृढ भक्ति हुनेछ ।।२२।। जसरी तपाइँहरूले ठूला-ठूला कष्टलाई पार गर्न सक्नु हुन्छ, ती छुट्टाछुट्टै कार्यहरू तपाइँहरूको प्रसिद्धिका लागि म बताउँछु।।२३।। हे विधाता ! तपाइँ रजोगुणबाट पैदा हुनुभएको छ, त्यस कारण तपाइँ सृष्टिकर्ता हुनुहोस् । हे विष्णु ! तपाइँ सत्त्वगुणबाट उत्पन्न हुनुभएको छ र व्यापक पनि हुनुहुन्छ, तसर्थ तपाइँले जगत्को पालन गर्नुहोस् ।।२४।। हे शिवजी! तपाइँ तमोगुणबाट पैदा हुनुभएको छ, त्यस कारण तपाइँ संसारका संहारक देवता बन्नुहोस् ।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशले मलाई अर्थात् ब्रह्माजीलाई वेद, शास्त्र, पुराण, सृष्टिशक्ति र अन्य विद्याहरू पनि आदरपूर्वक प्रदान गर्नुभयो। भगवान् श्रीगणेशले विष्णुलाई योगबाट स्वच्छन्द रूपमा विचरण गर्ने सामर्थ्य प्रदान गर्नुभयो ।।२५-२६।। भगवान् श्रीगणेशले शिवजीलाई आफ्ना एकाक्षरी मन्त्र, षडक्षरी मन्त्र, सबै शास्त्र र संहारशक्ति पनि प्रदान गर्नुभयो ।।२७।। त्यसपछि म ब्रह्माले दुःखी मनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततश्चाहं दीनमनास्त्रैलोक्येशं जगद्गुरुम् ।
उवाच प्राञ्जलिर्भूत्वा वरदं तमिभाननम् ।।२८।।

त्रिलोकीका स्वामी जगद्गुरु, वरदायक श्रीगणेशलाई हात जोडेर प्रार्थना गरें ।।२८।।

ब्रह्मोवाच

यथा गृहीतशक्तिस्तु वाच्यावाच्यं वेवेक्ति न ।
तथानेकविधां सृष्टिमदृष्ट्वा क्वापि किञ्चन ।।२९।।

कर्तुं वापि विभोराज्ञाविभेदं कथमुत्सहे ।
इतः कूप इतो वापीत्येवं प्राप्तं मया कथम् ।।३०।।

ततो गजाननः प्राह दिव्यं चक्षुः प्रदाय तम् ।
ब्रह्माणं वेदशास्त्रज्ञं तथा व्याकुलितं प्रभुः ।।३१।।

ब्रह्माजीले भन्नुभयो – "जस्तै अभिधा, लक्षणा र व्यञ्जनाजस्ता शब्दशक्तिसँग अपरिचित मानिसले अर्थ र अनर्थको विवेक गर्न सक्दैन, त्यस्तै सृष्टिका अनेक रूप नदेखीकन कुनै रूपमापनि नयाँ सृष्टि गर्न सकिंदैन । हजुरको आज्ञाभङ्ग गर्न मैले कसरी उत्साह गरूँ ? अर्को तर्फ सृष्टिको स्वरूपं नबुझीकन नयाँ सृष्टि कसरी गरूँ ? म दोधारमा परें । यहाँ कुवा हुनुपर्छ र यहाँ पोखरी हुनुपर्छ भन्ने ठाउँ ठम्याउन नसकी मैले सृष्टि कसरी गर्न सक्दछु ?" ब्रह्माजीको संशयपूर्ण वचन सुनेर प्रभु श्रीगणेशले वेद र शास्त्रका ज्ञाता तर व्याकुल अवस्थामा रहेका ब्रह्माजीलाई दिव्यचक्षु प्रदान गरेर भन्नुभयो ।।२९-३१।।

गजानन उवाच

बहिरन्तः शरीरे मे सङ्ख्यातीतानि पद्मज !
ब्रह्माण्डानि त्वमद्यैव विभ्रमन्ति विलोकय ।।३२।।

श्रीगणेशले भन्नुभयो – हे ब्रह्माजी ! मेरा शरीरका बाहिर र भित्र पनि असङ्ख्य ब्रह्माण्ड घुमिरहेका छन् । तपाइँले पनि ती ब्रह्माण्डलाई मेरै शरीरमा भर्खरै हेर्न सक्नु हुन्छ ।।३२।।

ब्रह्मोवाच

ततो गजाननेनाऽहं स्वोदरे श्वासवायुना ।
नीतो ददर्श धाताऽपि ब्रह्माण्डानि त्वनेकशः ।
औदुम्बराणीव तरौ तेषु वा मशकानिव ।।३३।।

भेदयामास तत्रैकं परमेणा स्वतेजसा ।
तदन्तः सकलां सृष्टिं ददर्शाऽथ पुनः पुनः ।।३४।।

ब्रह्माणं चापरं तत्र विष्णुमिन्द्रं प्रजापतिम् ।
शङ्करं भास्करं वायुं वनानि सरितोऽम्बुपम् ।।३५।।

सागरान् यक्षगन्धर्वानप्सरःकिन्नरोरगान् ।
ऋषीन् पुण्यजनान् साध्यान् मनुष्यान् पर्वतान् द्रुमान् ।।३६।।

उद्भिज्जान् जारजान् जन्तून् स्वेदजानण्डजानपि ।
पृथ्वीञ्च सप्तपातालान्यव्ययान्येकविंशतिम् ।।३७।।

ददर्श विश्वं चाहं वै भावाभावं चराचरम् ।।३८।।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि श्रीगणेशले मलाई श्वास वायुले खिंचेर आफ्नो पेटभित्र पुऱ्याउनुभयो । त्यस बेला मैले डुम्रीको रूखमा फलहरू लटरम्म रहेझैं र डुम्रीका फलहरूभित्र स्याउँ स्याउँ लामखुट्टे रहेझैं श्रीगणेशका पेटभित्र अनेक ब्रह्माण्ड देखें ।।३३।। श्रीगणेशले आफ्नो परमतेजबाट आफूमा अन्तर्निहित ब्रह्माण्डहरूमध्ये एउटा ब्रह्माण्डको भेदन गर्नुभयो र त्यसभित्र रहेको सम्पूर्ण सृष्टिको वारपार सबै कुरा वारंवार विलोकन गर्नुभयो ।।३४।। श्रीगणेशद्वारा देखाइएको त्यस सृष्टिमा ब्रह्मा, विष्णु, प्रजापति, शङ्कर, सूर्य, वायु, वन, नदी, बादल, सागर, यक्ष, गन्धर्व, अप्सरा, किन्नर, चन्द्रमा, ऋषि, गन्धर्व एवं राक्षस, साध्यजन, पर्वत, वृक्ष, मानिस, उद्भिज, जरायुज, स्वेदज र अण्डज प्राणीहरूका साथ पृथिवी सातै पाताल, एक्काइस प्रकारका स्वर्ग, सारा संसार र मूर्त एवं अमूर्त चराचरको समेत मैले दर्शन गरें ।।३५-३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद् यच्चाहं भेदयामास चाण्डं
तस्मिँस्तस्मिन् सर्वमेवं ददर्श ।
दृष्ट्वा भ्रान्तिं पूर्ववत् सम्प्रपेदे
तेषामन्तं सर्वथा नाध्यगच्छम् ।।३९।।
न स्थातुं नैव वा गन्तुं शशाक कमलासनः ।
उपविश्य ततो ब्रह्मन् ! तुष्टाव द्विरदाननम् ।।४०।।

ब्रह्मोवाच

वन्दे देवं देवदेवं गणेशं
ब्रह्माण्डानां नैव सङ्ख्या यदङ्गे ।
अभ्रोडूनां सागरे वा झषाणां
कः सङ्ख्याता शर्कराणां च तीरे ।।४१।।
लज्जा न मेऽत्रास्ति सुरेन्द्रवन्द्य !
पादारविन्दं तव यद् विलोक्य ।
भ्रान्तोऽभवं ज्ञाननिधौ प्रसन्ने
मोक्षोऽपि तुच्छः किमुताऽन्यवार्ता ।।४२।।
दृष्टञ्च नानार्थयुतं सुरेश
ब्रह्माण्डकूटं जठरे त्वदीये ।
स्थातुं बहिर्गन्तुमपीह नेश-
स्त्वदन्यदेवं शरणं न चैमि ।।४३।।
ततः प्रसन्नो भगवाननन्तो वै गजाननः ।
बहिर्निष्कासयामास तदा मां खिन्नमानसम् ।।४४।।
नासिकारन्ध्रमार्गेण हरिं मदनुयायिनम् ।
तामसञ्च हरं देवं विष्णुना सह सङ्गतम् ।।४५।।
निःसारयामास विभुः श्रुतिरन्ध्राद् गजाननः ।
शयाते स्म तदङ्गे तावुभौ हरिहरौ सुखम् ।।४६।।

फेरि मैले जुन जुन ब्रह्माण्डको भेदन गरें, त्यहाँ त्यहाँ ती सबै विषयलाई त्यसरी नै देखें । ती सारा ब्रह्माण्ड देखेर मेरो मनमा पहिलेजस्तो भ्रान्ति पैदा भयो । वास्तवमा मैले ती ब्रह्माण्डहरूको पार पाउन सकिनँ । हे वेदव्यास ! म त्यस बेला कमलको आसनमा बस्न र त्यहाँबाट अन्यत्र जान पनि सकिनँ । मैले त्यहीं बसी बसी गजानन श्रीगणेश प्रभुको स्तुति गरें ।।३९-४०।।

ब्रह्माजीले भन्नुभयो - देवताहरूका पनि देवता मेरा आराध्यदेव श्रीगणेशको वन्दना गर्दछु । जसरी आकाशका तारा, सागरका माछा र नदी अथवा सागरका तीरमा रहेका बालुवाको गणना गर्न सकिंदैन त्यसैगरी श्रीगणेश प्रभुमा रहेका ब्रह्माण्डहरूको गणना गर्न पनि सकिंदैन ।।४१।। हे देवताहरूका वन्दनीय परमात्मा ! हजुरका चरणकमलको दर्शन गरेर म भ्रान्तिमा परें भन्नुपर्दा मलाई कत्ति पनि लाज लाग्दैन । ज्ञानका सागर तपाइँ प्रसन्न हुनुभएमा मेरा लागि मोक्ष पनि तुच्छ हुनेछ, अरू के भनूँ ? ।।४२।। देवताहरूका स्वामी हे गणेश प्रभु ! मैले हजुरका पेटभित्र सम्पूर्ण सृष्टिका पदार्थले परिपूर्ण ब्रह्माण्डहरूको दर्शन गरें, अहिले म उभिन र बाहिर जान पनि असमर्थ छु । हजुरबाहेक अरू कुनै मेरो शरण पनि देखेको छैन ।।४३।। स्तुतिपछि प्रसन्न हुनुभएका अनन्तरूप भगवान् श्रीगणेशले खिन्न अवस्थामा रहेको मलाई आफ्नो पेटबाट बाहिर निकाल्नुभयो ।।४४।। त्यसपछि श्रीगणेशका शरीरभित्र सुखपूर्वक निदाइरहेका विष्णु र शिवजीलाई पनि श्रीगणेशले बाहिर निकाल्नुभयो । मेरा पछि रहनुभएका नारायणलाई उहाँले नाकका प्वालबाट बाहिर निकाल्नुभयो भने नारायणका पछि रहनुभएका तमोगुणी देवता सदाशिवलाई कानका प्वालबाट बाहिर निकाल्नुभयो ।।४५-४६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे ब्रह्मस्तुतिवर्णनं नाम त्रयोदशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'श्रीगणेशद्वारा देवत्रयको कार्यविभाजन र ब्रह्माजीद्वारा श्रीगणेशको स्तुति' शीर्षकान्वित तेह्रौं अध्याय पूर्ण भयो ।।१३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्दशोऽध्यायः { १४ अध्याय }

राजोवाच

ततः किमकरोद् ब्रह्मा वीक्ष्याण्डानि सहस्रशः ।
कथञ्च सृष्टिमकरोदाज्ञां प्राप्य गजाननात् ।।१।।

भृगुरुवाच

अभवद् गर्वसम्पन्नः स्वात्मन्येवं विचारयन् ।
वेद्मि शास्त्राणि वेदाँश्च पुराणान्यागमानपि ।।२।।

ज्ञानविज्ञानसम्पन्नः शापानुग्रहशक्तिमान् ।
ब्रह्माण्डानि च दृष्टानि सृष्टीनां रचनास्तथा ।।३।।

इदानीं सृष्टिकरणेऽशक्यं मे नैव किञ्चन ।
इत्येवं सर्वसम्पन्ने सृष्ट्यर्थं कमलोद्भवे ।।४।।

विघ्ना नानाविधा भूप ! प्रादुरासन् सहस्रशः ।
तं वेष्टयित्वा ब्रह्माणं स्थिताः परमदारुणाः ।।५।।

यथा मत्ताः पुष्परसैः सरघा मधुजालकम् ।
त्रिनेत्राः पञ्चहस्ताश्च कूपास्याः सप्तपाणयः ।।६।।

त्र्यङ्घ्रयः पञ्चतुण्डाश्च सप्ततुण्डाः षडङ्घ्रयः ।
दशास्याः पञ्चपादाश्च तालदन्ता वृकोदराः ।।७।।

नानारूपा महासत्वाः सङ्ख्यातुं न च ते क्षमाः ।
चकम्पे द्रुहिणस्तेषां नानारावान् निशम्य तान् ।।८।।

केचित् तं मुष्टिभिर्जघ्नुर्नेमुश्च नुनुवुः परे ।
चतुःशिखासु सङ्गृह्य दोलयामासुरादरात् ।।९।।

चत्वार्यपि मुखान्यस्य जहसुस्तं तथा परे ।
निनिन्दुश्च प्रशंसाञ्च चक्रुः केचित् सिषेविरे ।।१०।।

मोचयामासुरपरे बबन्धुरपरे पुनः ।
मोचितं पुनरप्यन्ये विचकर्षुरितस्ततः ।।११।।

सोमकान्तले भने - श्रीगणेशका शरीरमा हजारौं ब्रह्माण्ड देखेपछि ब्रह्माले के गर्नुभयो ? र उहाँले गजाननबाट आज्ञा पाएर कसरी सृष्टि गर्नुभयो ? ।।१।।

भृगुले भन्नुभयो - त्यसपछि ब्रह्माजीले मनमनै विचार गर्नुभयो- म शास्त्र, वेद, पुराण, आगम जान्दछु, ज्ञान-विज्ञानसम्पन्न छु, सराप र वरदान दिन समर्थ छु, मैले ब्रह्माण्डहरूको र सृष्टिका नानाथरिका रचनाहरूको अवलोकन गरेको छु र यसबेला मैले सृष्टिकार्य गर्न नसक्ने कुनै कारण छैन । यसरी विचार गरेपछि कता-कता ब्रह्माजीका मनमा अभिमान भरियो। म सर्वशक्तिसम्पन्न छु भन्ने ब्रह्माजीले कार्यारम्भ गर्न लाग्दा हजारौंथरिका विघ्न आइलागे। ब्रह्माजीलाई चारैतिरबाट डरलाग्दा प्राणीले घेर्न थाले । जसरी फूलको रसपान गरी मातेको माहुरीले महको चाकालाई ढाकिदिन्छ त्यसैगरी ब्रह्माजीलाई पनि नानाथरिका प्राणीहरूले घेरे । ती प्राणीमध्ये केही तीन आँखा भएका, केही पाँच हात भएका, केही कुवाझैं चौडा मुख भएका, केही सात हात भएका, केही तीन खुट्टा भएका, केही पाँच मुख भएका, केही सात मुख भएका, केही छ खुट्टा भएका, केही दश मुख भएका, केही पाँच खुट्टा भएका, केही ताडीको पातझैं चौडा दाँत भएका र केही ठूलो पेट भएका प्राणीहरू थिए ।।२-७।। अनेक रूप र ठूलो ज्यान भएका ती प्राणीहरू असङ्ख्य थिए । ती ठूलो-ठूलो स्वरले चिच्याएको सुनेर ब्रह्माजी साह्रै डराउनुभयो ।।८।। तीमध्ये केही प्राणीले ब्रह्माजीलाई मुड्कीले प्रहार गरे, कुनैले प्रणाम गरे र केहीले स्तुति पनि गरे । कसैले चार टाउकामा रहेका टुप्पी समातेर ब्रह्माजीलाई पिङमा मच्चाएझैं मच्चाउन थाले ।।९।। त्यस बेला ब्रह्माजीका चारैमुखबाट डरलाग्दो हाँसो छुटिरहेको थियो । त्यस समयमा कुनै प्राणीले ब्रह्माजीको निन्दा गरिरहेका थिए भने कुनैले प्रशंसा पनि गरिरहेका थिए। कुनै प्राणीले ब्रह्माजीको सेवा गरिरहेका थिए, कसैले उहाँलाई डोरीले बाँधिरहेका थिए भने कसैले उहाँको बन्धन फुकाइरहेका थिए । कसैले बन्धनमुक्त भएका ब्रह्माजीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आलिलिङ्गुश्च तं केचिच्चुचुम्बुः शिशुवत् परे ।
अष्टश्मश्रुषु तं धृत्वा ननर्त्ते कोष्ठहस्तवान् ।।१२।।

एवं स परवान् ब्रह्मा चिन्ताशोकसमन्वितः ।
अखर्वं सृष्टिगर्वं तं तत्याज हृदि सङ्गतम् ।।१३।।

जगाम महतीं मूर्च्छां निराशः स्वस्य जीवने ।
मुहूर्त्तमात्रे तु गते सस्मार मनसा विभुम् ।।
प्रार्थयामास कारुण्याद् रुदन्निव गजाननम् ।।१४।।

ब्रह्मोवाच

न चायुष्यं स्वल्पं विविधजनने सक्तमनसो
न मे तत्त्वज्ञानं भवजलधितारं सुविमलम् ।
जनुर्भूमौ लब्ध्वा तव भजनतो यामिं परमां
कदा भुक्तिं मुक्तिं निरुपमसुखां वाऽखिलगुरो।।१५।।

त्वत्कटाक्षामृतेनाक्तो भक्तः सीदति ते विभो ।
इयं लज्जा तवैवास्तां न मे मृत्युश्चिरायुषः ।।१६।।

भृगुरुवाच

इत्यसौ प्रार्थयन्नेव शुश्राव गगनेरिताम् ।
गिरं तपस्वेति ततः प्रार्थयामास तां पुनः ।।१७।।

अन्तर्हिताश्च ते विघ्नाः श्रुतायां नभसो गिरि ।
नानारूपा महावीर्या मुक्त्वा तं कमलासनम् ।।१८।।

स मुक्तश्चिन्तयामास पद्मयोनिर्महायशाः ।
विना मन्त्रं विना स्थानं कथं तप्स्ये तपो महत् ।।१९।।

इति व्याकुलचित्तोऽसौ बभ्राम जलमध्यतः ।
अनन्यमनसा ध्यायन् गजाननमनामयम् ।।२०।।

मुकुटेन विराजन्तं मुक्तारत्नयुजा शुभम् ।
रक्तचन्दनलिप्ताङ्गं सिन्दूरारुणमस्तकम् ।।२१।।

तानेर यता र उति गराइरहेका थिए ।।१०-११।। कसैले ब्रह्माजीलाई आलिङ्गन गर्दै थिए, कोही उहाँलाई बालकझैं मानी चुम्बन गरिरहेका थिए । पर्खालझैं ठूला पाखुरा भएका कुनै प्राणी ब्रह्माजीका चार मुखका चार दाह्री र चार जुङ्गा तानेर नाचिरहेका थिए ।।१२।। यस्तो विचित्रको विपत्ति भोगेपछि ब्रह्माजी पराधीन हुनुभयो । चिन्ता र शोकले युक्त भएका ब्रह्माजी म सम्पूर्ण सृष्टि गर्न सिपालु छु भन्ने मनमा जमेको ठूलो अभिमानबाट पनि मुक्त हुनुभयो ।।१३।। ब्रह्माजी आफ्नै जीवनबाट निराश भएपछि ठूलो मूर्च्छामा पर्नुभयो। मूर्च्छाको एक मुहूर्त बितेपछि होशमा आएर उहाँले मनबाट गजानन प्रभुलाई सम्झनुभयो। त्यसपछि रुँदै कारुणिक मुद्रामा श्रीगणेशको प्रार्थना गर्नुभयो।।१४।।

ब्रह्माजीले भन्नुभयो - संसारका गुरु हे श्रीगणेश प्रभु ! संसारको सृष्टिकार्यको अभिभारा बोकेर त्यसमा नित्य लागिरहने मेरा लागि विशाल आयु बाँच्नु एउटा विवशता हो । मेरो आयु छोटो छैन, संसारसागरबाट पारि तर्नसक्ने निर्मल तत्त्वज्ञान पनि ममा छैन । यस पृथिवीमा जन्मेर तपाइँको भजन गरी कहिले आनन्ददायक मुक्ति पाउन सकुँला ? र कहिले अनुपम आनन्दको साम्राज्य मुक्तिमा रम्न पाउँला ?।।१५।। हे विभु! तपाइँको कृपाकटाक्षबाट अभिषिक्त यो तपाइँको भक्त वेदनाले परिपूर्ण छ । तपाइँका भक्तले दुःख पाउनुभनेको तपाइँलाई नै लज्जादायक विषय हो । म चिरायु छु, त्यस कारण मेरा लागि मृत्युको विषय ठूलो कुरा होइन ।।१६।।

भृगुले भन्नुभयो - यसरी प्रार्थना गर्ने ब्रह्माजीले **तिमीले तपस्या गर** भन्ने आकाशवाणी सुन्नुभयो । त्यसपछि उहाँले फेरि गजानन प्रभुको प्रार्थना गर्नुभयो ।।१७।। आकाशवाणी भएपछि ती अनेक थरि ठूला विघ्नले ब्रह्माजीलाई छाडि-दिए।।१८।। चिन्तामुक्त हुनुभएका यशस्वी कमलासन ब्रह्माजीले विचार गर्नुभयो- विना मन्त्र र विना आधार मैले कसरी ठूलो तपस्या गरूँ?।।१९।। यसरी व्याकुल चित्त भएका ब्रह्माजी अनन्य मनबाट गजानन गुरु श्रीगणेशको ध्यान गर्दै पानीको बीचमा यताउति भ्रमण गर्न थाल्नुभयो ।।२०।। मोती र रत्नले जडित मुकुटले सुहाउनुभएका, अङ्ग-अङ्गमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तादामलसत्कण्ठं सर्पयज्ञोपवीतिनम् ।
अनर्घ्यरत्नघटितबाहुभूषणभूषितम् ।।२२।।

स्फुरन्मरकतभ्राजदङ्गुलीयकशोभितम् ।
महाहिवेष्टितबृहन्नाभिशोभिमहोदरम् ।।२३।।

विचित्ररत्नखचितकटिसूत्रविराजितम् ।
सुवर्णसूत्रविलसद्रक्तवस्त्रसमावृतम् ।।२४।।

भालचन्द्रं लसद्दन्तशोभाराजत्करं परम् ।
एवं ध्यायति तस्मिँस्तु पुनरेव नभोवचः ।।२५।।

उदियाय वटं पश्य वटं पश्येति सुन्दरम् ।
श्रुत्वेति वचनं ब्रह्मा पुनश्चिन्तामवाप सः ।।२६।।

रातो चन्दन लेपन गर्नुभएका, सिन्दूर धारणका कारण रातो रङ्गले रङ्गिएको मस्तकद्वारा सुहाउनुभएका, घाँटीमा मोतीको हार धारण गरी अत्यन्त शोभायमान, सर्पको माला धारण गर्नुहुने, भुजामा बहुमूल्य रत्नजडित केयूर धारण गर्नुहुने, औंलामा चम्किलो मरकत मणिले बनेको औंठी धारण गर्नुहुने, ठूलो सर्पले वेष्टित सुन्दर नाभिबाट शोभायमान भएको विशाल पेट धारण गर्नुहुने, विचित्र रत्नमय कन्धनीले सुहाउनुभएका, सुनको धागोले सिएका राता रङ्गका वस्त्र धारण गर्नुहुने, एउटा दाँतले सुहाउनुभएका, आकर्षक सूँढ धारण गर्नुहुने र मस्तकमा धारण गरिएको चन्द्रमाद्वारा ज्योतिर्मय देखिनुभएका गजानन श्रीगणेशको ब्रह्माजीले ध्यान गर्नुभयो । यसरी उहाँले ध्यान गरेको समयमा **वरको वृक्ष हेर, वरको वृक्ष हेर** भन्ने आकाशवाणी उहाँले सुन्नुभयो । यस्तो आकाशवाणी सुनेपछि ब्रह्माजी फेरि चिन्तामा मग्न हुनुभयो ।।२१-२६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे ब्रह्मचिन्तावर्णनं नाम चतुर्दशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको ''विघ्नका कारण व्याकुल ब्रह्माजीलाई 'तिमीले तपस्या गर' भन्ने आकाशवाणी श्रवणपछि चिन्ता'' शीर्षकान्वित चौधौं अध्याय पूर्ण भयो ।।१४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चदशोऽध्यायः { १५ अध्याय }

भृगुरुवाच

व्यासायाकथयच्चाग्रे ब्रह्मा लोकपितामहः ।
सोमकान्त ! प्रवक्ष्यामि तां कथां शृणु सादरम् ।।१।।

ब्रह्मोवाच

ततोऽहं सुमहत् स्वप्नं ददर्श मुनिसत्तम ।
भ्रमता भ्रमता व्योमजले दृष्टो वटो महान् ।।२।।

महावातातपाद्भिस्तु नष्टे स्थावरजङ्गमे ।
अवशिष्टः कथमयमेक एव वटो महान् ।।३।।

एवं संशयमापन्नस्तत्पत्रे बालकं लघुम् ।
चतुर्बाहुं सुमुकुटं कुण्डलाभ्यां विराजितम् ।।४।।

मणिमुक्तामयं दाम बिभ्रत् कण्ठे सुशोभितम् ।
अर्धचन्द्रं रक्तवस्त्रं कटिसूत्रं तथैव च ।।५।।

एकदन्तं नरवपुर्गजास्यं तेजसा ज्वलत् ।
दृष्ट्वैवं तर्कयामास बालकं कथमत्र वै ।।६।।

पुष्करेण च बालोऽसौ जलं मन्मस्तकेऽक्षिपत् ।
ततोऽहमाजहासोच्चैश्चिन्तानन्दसमन्वितः ।।७।।

मय्याहसति बालः स उत्ततार वटात्ततः ।
स ममाङ्कं समागत्य मञ्जुवाक्यं जगाद ह ।।८।।

बाल उवाच

लघोर्लघुतरोऽसि त्वं वृथा वृद्धोऽपि मूढधीः ।
विघ्नैरभिहतोऽसि त्वं सृष्टिचिन्तासमावृतः ।।९।।

तपश्चिन्तापरो नित्यं विभ्रमञ्जलमध्यगः ।
सर्वचिन्ताहरं तेऽमुमुपायं चतुरानन ।।१०।।

उपादिशामि ते मन्त्रमेकाक्षरमिमं मम ।
पुरश्चरणमार्गेण दशलक्षं जपस्व तम् ।।११।।
ततः प्रत्यक्षतां यास्ये दास्ये सामर्थ्यमुत्तमम् ।

भृगुले भन्नुभयो- हे सोमकान्त! लोकपितामह ब्रह्माजीले फेरि वेदव्यासलाई भन्नुभयो – त्यसपछिको कथा म तपाईंलाई सुनाउँछु । तपाइँले आदरपूर्वक त्यो कथा सुन्नुहोस् ।।१।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! त्यसपछि मैले ठूलो सपना देखें । अब म सपनामा देखेको विषय बताउँछु । म पानीमा घुमिरहेको बेला आकाशको जलमा ठूलो वरको रूख देखें ।।२।। महावात, अनन्त जलराशि र प्रचण्ड सूर्यको तेजबाट सबै चराचर नष्ट भएपछि यो वटवृक्ष कसरी बाँकी रह्यो ? यस्तो संशय मेरो मनमा उदायो ।।३।। संशयमा परेको बेला मैले वरको एउटा पातमा चतुर्बाहु, सुन्दर मुकुटधारी, कानमा धारण गरिएका कुण्डलले सुहाएका, कण्ठमा मणि र मोतीको हार पहिरेर अत्यन्त देदीप्यमान, मस्तकमा आधा चन्द्रमा धारण गर्ने, सुन्दर कन्धनी लगाएका, एकदन्तले शोभायमान र हात्तीको मुख एवं मानिसको शरीर भएका एउटा तेजस्वी बालकलाई देखें । त्यस बेला मेरो मनमा तर्क भयो – यस्ता बालक यहाँ कसरी आइपुगे ?।।४-६।। त्यसपछि ती बालकले आफ्नो सूँढबाट मेरो शिरमा जलले सेचन गरे । म चिन्ता र आनन्दले परिपूर्ण भई ठूलो अट्टहास गरेर हाँसे ।।७।। म हाँसेपछि ती बालक वरको रूखबाट भुइँमा ओर्लेर मेरो काखमा बस्न आए । त्यसपछि तिनले मीठा वचनद्वारा मलाई भने ।।८।।

बालकले भने - हे ब्रह्माजी ! तिमी बूढा भएर पनि सानो हृदयका छुद्र पुरुष रहेछौ, तिम्रो बुद्धि मूढ रहेछ, सृष्टि कसरी गरूँ भन्ने चिन्ताले चिन्तित तिमीले विघ्नहरूबाट पाइला-पाइलामा हण्डर खायौ, त्यसपछि तपस्या कसरी गरूँ भन्ने चिन्ताले जेलिएका तिमी पानीका बीचमा घुम्दै यता र उता गरिरहेका छौ। हे चतुर्मुख ! म तिमीलाई तिम्रा सबै चिन्ताबाट मुक्त गराउने एउटा उपाय बताउँछु । अब म तिमीलाई मेरो एकाक्षरी मन्त्रको उपदेश गर्दछु । तिमीले पुरश्चरणको विधिबाट त्यो एकाक्षरी मन्त्र दश लाख सङ्ख्यामा जप ।।९-११।। त्यसपछि मैले तिमीलाई प्रत्यक्ष दर्शन दिएर सृष्टि गर्ने सामर्थ्य प्रदान गर्नेछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

दृष्ट्वैवं स्वप्नमाश्चर्यं प्रतिबुद्धोऽभवं ह्यहम् ।।१२।।

शुशोच च कदा मे स्याद् दर्शनं परमेशितुः ।
दृष्टस्वप्नोऽभवं मग्न आनन्दमयसागरे ।।१३।।

ततः स्नात्वा परं मन्त्रं जजाप बहुवासरम् ।
एकपादेन कमले तिष्ठन् ध्यायन् गजाननम् ।।१४।।

जितेन्द्रियो जिताहारः काष्ठपाषाणवत् स्थिरः ।
दिव्यवर्षसहस्त्रं स तपस्तेपे परं महत् ।।१५।।

ततो मन्मुखतो ज्वालाः प्रादुरासन् दुरासदाः ।
ताभिः सर्वाणि भूतानि पीडामापुः सुदारुणाम् ।।१६।।

ततो गजाननो दृष्ट्वा तां निष्ठां मम सुदृढाम् ।
तुतोष परया भक्त्या प्रादुरासीत् ततः पुरः ।।१७।।

कोटिसूर्यसमानश्रीर्ज्वालामालीव हव्यभुक् ।
दहन्निव त्रिलोकीं स संहरन्निव रोदसी ।।१८।।

परशुकमलधारी दिव्यमायाविभूषः
सकलदुरितहारी सर्वसौन्दर्यकोशः ।
करिवरमुखशोभी भक्तवाञ्छाप्रपोषः
सुरमनुजमुनीनां सर्वविघ्नैकनाशः।।१९।।

तेजोराशिमहं दृष्ट्वा चकम्पे व्यास ! सन्मुने ।
चिन्तामवाप परमां व्यग्रचित्तो जपाच्च्युतः ।।२०।।

आच्छादितानीक्षणानि स्मृतिश्च विलयं गता ।
दृष्ट्वेदृशीमवस्थां तां शीघ्रं प्राहाऽथ विघ्नराट् ।।२१।।

गणेश उवाच

न भयं कुरु लोकेश ! स एवाहं समागतः ।
येन ते मन्त्र आदेशि स्वप्न एकाक्षरः शुभः ।।२२।।

ब्रह्माजीले भन्नुभयो – यस्तो आश्चर्यजनक सपना देखेपछि म जागेंछु । त्यस बेला मैले सपनामा देखेका परमेश्वर श्रीगणेशको विपनामा दर्शन कुन समयमा पाउँला भन्ने कुरा सोचें । विचित्र र सुन्दर सपना देखेकोमा म आनन्दको सागरमा मग्न पनि भएँ ।।१२-१३।। त्यसपछि दिनदिनै स्नान गरेपछि मैले धेरै दिनसम्म श्रीगणेशका महामन्त्रको जप गरिरहें । त्यो मन्त्रसाधना गर्दा म कमलमाथि एउटा पाउले टेकेर उभिएको थिएँ र भगवान् श्रीगणेशको ध्यान गरिरहेको थिएँ। मैले जितेन्द्रिय भई भोजन-पानी परित्याग गरी काठ र ढुङ्गाझैं निश्चल भएर दिव्य हजार वर्षसम्म एकाक्षरी मन्त्र जप्दै ठूलो तपस्या गरें ।।१४-१५।। त्यो दिव्य हजार वर्षको तपस्या पूरा भएपछि मेरा मुखबाट असह्य अनेक अग्निज्वाला प्रकट भए । ती अग्निज्वालाबाट सम्पूर्ण प्राणीहरूले प्रचण्ड पीडा भोग्नुपर्‍यो। त्यसपछि श्रीगणेश मेरो परमनिष्ठा र अविचल भक्ति देखेर अत्यन्त प्रसन्न हुनु भई मेरा सामु प्रकट हुनुभयो ।।१६-१७।। हे वेदव्यास ! कोटिसूर्यसमान आभाले सुहाउनुभएका, चरुको हवनबाट प्रसन्न भएका अग्निदेवताझैं तेजस्वी, आफ्नो तेजबाट स्वर्ग, मर्त्य र पाताललाई डढाउन लाग्नुभएझैं देखिनुभएका, पृथिवी र अन्तरिक्षको संहार गर्न लागेझैं तेजस्वी स्वरूपले सुहाउनुभएका, परशु र कमल धारण गर्नुभएका, दिव्यमालाद्वारा विभूषित सबै सौन्दर्यका खानी, सम्पूर्ण पाप नाश गर्ने, हात्तीको जस्तो मुखद्वारा शोभायमान, भक्तहरूको इच्छा पूरा गराउनुहुने र देवता, मुनि र मानिसहरूका सबै विघ्न सखाप पार्नुहुने, तेजोमय श्रीगणेशको दर्शन पाएर म डरले काँप्न थालें । व्यग्र भएर जपबाट च्युत भएँ, अनि ठूलो चिन्तामा परें । मेरा आँखा धमिला भए। मैले कतै केही देख्न सकिनँ। मसँग संझना गर्न सक्ने शक्ति पनि रहेन । मेरो यो अवस्था देखेर विघ्नराज श्रीगणेशले मलाई सम्बोधन गर्दै भन्नुभयो ।।१८-२१।।

श्रीगणेशले भन्नुभयो – हे लोकपितामह ब्रह्माजी ! तपाईं नडराउनुहोस् । जसले तपाईँलाई सपनामा मङ्गलमय एकाक्षरी मन्त्रको उपदेश गरेको थियो, त्यो उपदेशक म नै हुँ र यहाँ तपाईँका सामु आएको छु ।।२२।। हे ब्रह्माजी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन सिद्धिरनुप्राप्ता वरं दातुं समागतः ।
सौम्यभावं प्रपन्नोऽस्मि वरं वरय सुव्रत ।।२३।।

दास्यामि ते प्रसन्नोऽहं यद् यत् ते हृदि वर्तते ।
मयि प्रसन्ने सर्वं तद् भविता नात्र संशयः ।।२४।।

मुनिरुवाच

इत्थं निशम्य गणनाथवचो विशुद्धं
ब्रह्मा जहर्ष परमं प्रसमीक्षमाणः ।
नत्वा चराचरगुरुं सकलैः शिरोभिः
प्राह प्रसन्नहृदयः सफलं जनुर्मे ।।२५।।

ब्रह्मोवाच

यो वेदानां सशास्त्राणां ज्ञानिनां योगिनामपि ।
सर्वोपनिषदां चैव गोचरो न कदाचन ।।२६।।

स पुण्यनिचयैर्मेऽद्य यातः प्रत्यक्षतां विभुः ।
अनादिनिधनोऽनन्तोऽप्रमेयो निर्गुणोऽपि च ।।२७।।

यदि प्रसन्नो देवेश ! विघ्नेश ! करुणाकर !
तव भक्तिं दृढां देहि यया दुःखं न नः स्पृशेत् ।।२८।।

इदानीं देहि सामर्थ्यं नाना निर्माणने मम ।
विघ्नानि च शमं यान्तु यदि तुष्टोऽसि मे प्रभो ।।२९।।

स्मृतमात्रः सदा मे त्वं सर्वं कार्यं समापय ।
अन्ते मुक्तिं स्थिरां देहि ज्ञानञ्च विमलं मम ।।३०।।

गजानन उवाच

एवमस्तु कुरुष्व त्वं सृष्टिं नानाविधां बहुम् ।
मां स्मृत्वा सर्वविघ्नानि नाशं यास्यन्ति सर्वतः ।।३१।।

दृढा भक्तिः शुभं ज्ञानं मत्प्रसादाद्भविष्यति ।
निःशङ्कं कुरु कार्याणि सर्वाणि चतुरानन ।।३२।।

मुनिरुवाच

एवं लब्धवरो ब्रह्मा पूजयामास तं विभुम् ।
यद् यच्चित्तेऽचिन्तयत् स तत् तदेवोपतिष्ठते ।।३३।।

जपद्वारा तपाईँले ठूलो सिद्धि प्राप्त गर्नुभएको छ । म वरदान दिन तपाईँका सामु आएको छु । म तपाईँको भक्तिबाट भावावेशमा प्राप्त भएको छु । हे सुव्रत ! तपाईँले मसँग वर माग्नुहोस् । म तपाईँसँग प्रसन्न छु ।।२३।। तपाईँको हृदयले जस्ता पदार्थहरूको चाहना गरेको छ, ती सबै पदार्थ प्रदान गर्न म तयार छु । म प्रसन्न भएपछि तपाईँका सबै चाहना पूरा हुनेछन् । यसमा कत्ति पनि शङ्का मान्नुपर्दैन ।।२४।।

भृगुले भन्नुभयो - यसरी श्रीगणेशका वचन सुनेपछि परमतत्त्व श्रीगणेशको प्रत्यक्ष दर्शनबाट आनन्दित हुनुभएका ब्रह्माजीको खुसीको सीमा रहेन । उहाँले आफ्ना सबै शिर झुकाएर चराचरगुरु श्रीगणेशको वन्दना गर्नुभयो र प्रसन्न हुँदै भन्नुभयो- आज मेरो जन्म सफल भएको छ ।।२५।।

ब्रह्माजीले भन्नुभयो - जुन श्रीगणेश प्रभु वेद, शास्त्र, ज्ञानी, योगी र सबै उपनिषद्का पनि गोचर हुनुहुन्न, आज ती परमदेवता, सर्वव्यापक, अनादिनिधन, अनन्त, अप्रमेय र निर्गुण प्रभु मेरा पुण्य प्रतापले प्रत्यक्ष हुनुहुन्छ ।।२६-२७।। हे विघ्नेश! हे देवेश! हे दयालु देवता श्रीगणेश! हजुर ममाथि प्रसन्न हुनुहुन्छ भने मलाई अविचल भक्ति प्रदान गर्नुहोस् । जसबाट मैले कहिले पनि दुःखभोग गर्न नपरोस् ।।२८।। हे प्रभु ! अहिले मलाई नानाथरिका सृष्टि निर्माण गर्ने शक्ति र सामर्थ्य प्रदान गर्नुहोस् । हे प्रभु ! यदि हजुर प्रसन्न हुनुहुन्छ भने मेरा सबै विघ्न र चिन्तालाई समाप्त तुल्याउनुहोस् ।।२९।। मैले सम्झनामात्र गर्दा मेरा सबै कार्यलाई सफल तुल्याउनुहोस् र अन्तमा मलाई निर्मल ज्ञान र स्थिर मुक्ति पनि प्रदान गर्नुहोस् ।।३०।।

श्रीगणेशले भन्नुभयो - तपाईँका सारा इच्छा पूरा हुनेछन् । तपाईँले अनेक थरि सृष्टि गर्नुहोस् । विघ्न आइलागेमा मलाई सम्झेपछि तपाईँका सबै विघ्न विलीन हुनेछन् ।।३१।। हे ब्रह्माजी! मेरो कृपाबाट तपाईँका हृदयमा मप्रति अविचल भक्ति जागा रहनेछ र तपाईँले निर्मल ज्ञान पनि पाउनुहुनेछ । हे चतुर्मुख ! सबै प्रकारका शङ्का, सन्देह पन्छाएर आफ्नो कर्तव्यपालन गर्नुहोस्।।३२।।

भृगुले भन्नुभयो - यसरी श्रीगणेशको कृपाबाट वरदान प्राप्त गरेका ब्रह्माजीले विभुरूप गजानन श्रीगणेशको पूजा गर्नुभयो। ब्रह्माजीले जे जे मनमा चिताउनुहुन्थ्यो ती ती पदार्थ उहाँका सामु उपस्थित हुने गर्दथे ।।३३।। देवताका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजार्थं देवदेवस्य गणेशस्य प्रसादतः ।
दक्षिणावसरे द्वे तु कन्यके समुपस्थिते ।।३४।।

चारुप्रसन्ननयनवदनैः सुविराजिते ।
अनेकरत्नखचितनानालङ्कारशोभिते ।।३५।।

दिव्यगन्धयुते दिव्यवस्त्रमालाविभूषिते ।
ते तस्मै दक्षिणार्थं स कल्पयामास पद्मभूः ।।३६।।

रम्भागर्भेण नीराज्य दिव्यं पुष्पाञ्जलिं ददौ ।
सहस्त्रनामभिः स्तुत्वा प्रदक्षिणमथाकरोत् ।।३७।।

नमस्य प्रार्थयामास दीनानां शङ्करो भव ।
एवं सम्पूजितस्तेन ब्रह्मणा परमेष्ठिना ।।३८।।

ततः प्रसन्नो भगवान् विघ्नहर्ता गजाननः ।
सिद्धिबुद्धी गृहीत्वा ते ह्यन्तर्धानमगाद् विभुः ।।३९।।

कस्ततः कारयामास सृष्टिं पूर्ववदायताम् ।
आज्ञया परमेशस्य प्रसादाच्च प्रसन्नधीः ।।४०।।

पनि देवता श्रीगणेशको पूजा गरी दक्षिणा दिन तयार हुँदा उहाँको कृपाले सुन्दर अनुहार र सुन्दर आँखा भएका दुई कन्या त्यहाँ उपस्थित भए । ती कन्याहरू अनेक रत्नले अलङ्कृत थिए र मूल्यवान् गहनाले सुहाएका थिए । तिनका शरीरबाट दिव्य सुगन्ध प्रवाहित भइरहेको थियो । तिनीहरू दिव्यमाला पहिरेर देदीप्यमान थिए। ब्रह्माजीले ती दुबै कन्यालाई श्रीगणेशका सामु दक्षिणाको रूपमा प्रदान गर्नेछु भन्ने सङ्कल्प गर्नुभयो ।।३४-३६।। त्यसपछि ब्रह्माजीले कपूरको आरती तयार गरी श्रीगणेशको आरती गर्नुभयो, दिव्य पुष्पाञ्जलि समर्पण गर्नुभयो र श्रीगणेशसहस्रनाम पाठ गरी श्रीगणेशको परिक्रमा पनि गर्नुभयो ।।३७।। ब्रह्माजीले श्रीगणेशलाई प्रणाम गरेपछि प्रार्थना गर्दै भन्नुभयो – 'हे श्रीगणेश! तपाइँ दीन-दुःखीहरूका निमित्त कल्याणकारी हुनुहोस् ।' यसरी परमेष्ठी ब्रह्माजीद्वारा पूजा गरिएपछि प्रसन्न हुनुभएका विघ्नहर्ता गजानन पनि दक्षिणाका रूपमा प्राप्त गरेका सिद्धि र बुद्धिलाई साथ लिएर अन्तर्धान हुनुभयो ।।३८-३९।। त्यसपछि ब्रह्माजीले श्रीगणेश परमात्माको आज्ञा पाएर प्रसन्न हुँदै पहिलेको जस्तो विशाल र विस्तृत सृष्टि गर्नुभयो ।।४०।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे गजाननपूजानिरूपणं नाम पञ्चदशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'ब्रह्माजीको तपस्या, श्रीगणेशको दर्शन र ब्रह्माजीद्वारा श्रीगणेशको पूजा' शीर्षकान्वित पन्ध्रौं अध्याय पूर्ण भयो ।।१५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोडशोऽध्यायः { १६ अध्याय }

राजोवाच

श्रुत्वा कथां गणेशस्य हर्षश्चेतसि जायते ।
पुनश्च वद विप्रर्षे ! न तृप्यामि कथामृतात् ।।१।।

अन्तर्हिते भगवति गणेशे परमात्मनि ।
कथं विनिर्ममे सृष्टिं ब्रह्मा तद् वर्णय प्रभो ।।२।।

यच्चाग्रे कथयामास व्यासायाख्यानकं विधिः ।
तदहं विस्तरेणैव श्रोतुमिच्छामि सन्मुने ।।३।।

भृगुरुवाच

सिद्धक्षेत्रस्य माहात्म्यं व्यासायाऽकथयत् प्रभुः ।
आनुपूर्व्येण तत् तेऽहं कथयिष्येऽसृजच्च यत् ।।४।।

स ब्रह्मा निर्ममे पूर्वं मनसा सप्तपुत्रकान् ।
आह तान् सृष्टिसाहाय्यं सृजध्वं स्वस्वबुद्धितः ।।५।।

ते तु तद्वचनं श्रुत्वा तपसे कृतनिश्चयाः ।
तपस्तप्त्वाऽऽशु विपुलं परं ब्रह्म समागताः ।।६।।

ततोऽन्यान् कल्पयामास सप्त पुत्रान् प्रजापतिः ।
तेऽत्यन्तज्ञानसम्पन्ना न चक्रुः सृष्टिमुत्तमाम् ।।७।।

ततः स्वयं समारेभे सनकादीन् विलोक्य तान् ।
मुखतो ब्राह्मणानग्निमसृजत् कमलासनः ।।८।।

बाहूरुपादतोऽन्याँस्त्रीन् वर्णांश्चन्द्रमसं हृदः ।
चक्षुर्भ्याञ्च रविं श्रोत्रान्मारुतं प्राणमेव च ।।९।।

अन्तरिक्षं तथा नाभेः शिरसो दिवमेव च ।
भूमिं पद्भ्यां दिशः श्रोत्रादन्याँल्लोकानकल्पयत् ।।१०।।

अन्यदुच्चावचं विश्वं स्थावरं जङ्गमञ्च यत् ।
समुद्रान् सरितः शैलाँस्तृणगुल्ममहीरुहान् ।।११।।

सोमकान्तले भने - हे भृगु महर्षि ! श्रीगणेशको कथा सुन्दा मनमा खुसी पैदा हुन्छ । हे विप्रर्षि ! फेरि पनि मलाई त्यो कथा सुनाउनुहोस् । श्रीगणेशको कथा सुनेर कहिले पनि तृप्त भइँदैन ।।१।। परमात्मा श्रीगणेश अन्तर्धान हुनुभएपछि ब्रह्माजीले कसरी सृष्टिको विस्तार गर्नुभयो ? हे प्रभो ! यस प्रश्नको उत्तर दिनुहोस् ।।२।। हे मुनिवर ! ब्रह्माजीले पहिले वेदव्यासलाई श्रीगणेशको जुन आख्यान सुनाउनुभएको थियो, म त्यसलाई विस्तारपूर्वक सुन्न र जान्न चाहन्छु ।।३।।

भृगुले भन्नुभयो - हे राजन् ! भगवान् ब्रह्माजीले वेदव्यासलाई सिद्धक्षेत्रको महिमा बताउनुभएको थियो । म क्रमशः त्यो बताउँछु र कसरी ब्रह्माजीले सृष्टि गर्नुभयो भन्नेसमेत बताउनेछु ।।४।। ब्रह्माजीले सर्वप्रथम मनबाट सात भाइ छोरा जन्माउनुभयो । तिनलाई सामु राखेर 'तिमीहरूले आफ्नो बुद्धिअनुसार सृष्टिकार्यमा सहयोग गर' भन्नुभयो।।५।। ती सात भाइ छोराले ब्रह्माजीको आदेशअनुसार सृष्टिकार्यमा सहयोगी हुनुको सट्टा तपस्या गर्न जाने निश्चय गरे । त्यसपछि दीर्घकालसम्म तपस्या गरी परब्रह्म परमात्मामा समाहित भए।।६।। छोराहरू तपस्या गर्न गएपछि ब्रह्माजीले तीभन्दा बाहेक अरू सनक, सनातन आदि सात भाइ छोरा जन्माउनुभयो। ती छोरा पनि ठूला ज्ञानी भएर निस्के । तिनले पनि सृष्टिकार्यमा रुचि देखाएनन् ।।७।। ती सनकादि ऋषिहरूलाई ज्ञानोन्मुख अवस्थामा देखेर ब्रह्माजीले स्वयं सृष्टिकार्य आरम्भ गर्नुभयो । त्यसपछि उहाँले मुखबाट ब्राह्मण र अग्निको सृष्टि गर्नुभयो ।।८।। उहाँले बाहुबाट क्षत्रिय, ऊरुबाट वैश्य र चरणबाट शूद्र वर्णको सृष्टि गर्नुभयो। ब्रह्माजीले हृदयबाट चन्द्रमा, आँखाबाट सूर्य, कानबाट वायु र प्राण, नाभिबाट अन्तरिक्ष, शिरबाट स्वर्ग, पाउबाट पृथिवी, कानबाट दिशा र लोकहरूको पनि सृष्टि गर्नुभयो ।।९-१०।। यसरी नै उहाँले अग्ला, गहिरा, समतल एवं उबड-खाबड भूभाग भएको संसारको सृष्टिका साथै चराचरको पनि सृष्टि गर्नुभयो । फेरि त्यसैगरी समुद्र, नदी, पर्वत, तृण, पोथ्रा, वनस्पति र वृक्षको पनि रचना गर्नुभयो।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः कतिपयाहःसु गतेषु मुनिसत्तमाः ।
निद्रितस्य महाविष्णोः श्रोत्राज्जातौ महासुरौ ।।१२।।

मधुकैटभनामानौ विख्यातौ भुवनत्रये ।
दँष्ट्राकरालवदनौ पिङ्गाक्षौ दीर्घनासिकौ ।।१३।।

महाकायौ महारावावत्युच्चौ पर्वताविव ।
वर्षामुदिरशब्दौ तौ गर्जन्तौ भृशगर्वितौ ।।१४।।

वचोभिर्बहुभिर्दुष्टौ धिक्कारं तस्य चक्रतुः ।
विप्रान् देवान् ऋषीन् साधून् शास्त्राणि च निनिन्दतुः।।१५।।

तयोः शब्देन धरणी चकम्पे शेष एव च ।
उद्विग्नमासीत् सकलं ब्रह्माण्डं स्वनतस्तयोः ।।१६।।

ततस्तौ क्रोधरक्ताक्षौ कं तं खादितुमुद्यतौ ।
ततोऽसौ वरदां देवीं विष्णुमोहनकारिणीम् ।।१७।।

विष्णुनेत्रगतां निद्रां तुष्टाव कमलासनः ।
मधुकैटभनाशाय प्रबोधाय हरेरपि ।।१८।।

गजाननप्रसादेन विष्णुहस्तात् तयोर्वधम् ।
ज्ञात्वा सम्यग्विचार्यैव चिन्ताहर्षसमन्वितः ।।१९।।

ब्रह्मोवाच

स्वाहास्वधारूपधरा सुधा त्वं
मात्रार्धमात्रास्वररूपिणी च ।
कर्त्री च हर्त्री जननी जनस्य
सतोऽसतः शक्तिरसि त्वमेव ।।२०।।

श्रुतिः स्वरा कालरात्रिरनादिनिधनाऽक्षया ।
जगन्माता जगद्धात्री सृष्टिस्थित्यन्तकारिणी ।।२१।।

सावित्री च तथा सन्ध्या महामाया तृषा क्षुधा ।
सर्वेषां वस्तुजातानां शक्तिस्त्वमसि पार्वति ।।२२।।

त्रैलोक्यकर्ता त्वन्नाथो दैत्यदानवसूदनः ।
निद्रया व्याप्तचित्तोऽसौ ज्ञानविज्ञानवान् हरिः ।।२३।।

सृष्टिका केही दिन बितेपछि निदाइरहेका विष्णुका कानबाट त्रिलोकीमा विख्यात मधु र कैटभ नामक दुई दैत्य पैदा भए। ती दैत्यहरू विशाल शरीर भएका, डरलाग्दा दाह्राका कारण विकराल अनुहारका देखिने, लामो नाक र पहेंला आँखा भएका, महाकाय, पहाडझैं अग्ला, घोर गर्जन गर्ने, अत्यन्त उग्र र शक्तिशाली थिए । वर्षाकालको मेघझैं गर्जन गर्ने अत्यन्त घमण्डी ती दानवहरूले भयङ्कर गर्जन गर्दै बारबार ब्रह्माजीलाई धिक्कार गरे । ब्राह्मण, देवता, ऋषि, सज्जन, महात्मा र शास्त्रहरूको घोर निन्दा पनि गरे ।।१२-१५।। मधु र कैटभको संसारै थर्काउने चर्को स्वर सुनेर पृथिवी र शेषनाग पनि कम्पित भए । तिनको ठूलो र डरलाग्दो स्वरबाट सम्पूर्ण ब्रह्माण्ड नै खिन्न र उद्विग्न भयो।।१६।। भयङ्कर गर्जनपछि रीसले राता आँखा गराएका ती दुष्ट दैत्यहरू ब्रह्माजीलाई खान खोज्दै अगाडि सरे । त्यस बेला तिनको त्यो उत्साह देखेर ब्रह्माजीले विष्णुलाई मूर्च्छामा पुऱ्याउने र विष्णुकै आँखामा बास गरिरहेकी वरदायिनी निद्रादेवीको स्तुति गर्नुभयो। उहाँले मधु-कैटभको नाश र विष्णुको जागरणका लागि पनि प्रार्थना गर्नुभयो ।।१७-१८।। श्रीगणेशको कृपाले विष्णुकै हातबाट ती दुष्ट दानवहरूको हत्या हुने कुरा थाहा पाएर त्यसबारे राम्ररी विचार गरी ब्रह्माजी चिन्ता र हर्षले युक्त हुनुभयो । केहीबेर पछि उहाँले भगवती निद्रादेवीको प्रार्थना गर्नुभयो ।।१९।।

ब्रह्माजीले भन्नुभयो - हे भगवती! तपाइँ स्वाहा र स्वधाको रूपमा विराजमान हुनुहुन्छ । तपाइँ मात्रा, अर्धमात्रा र स्वरका रूपमा पनि प्रकट हुनुहुन्छ । तपाइँ अमृतमयी, सृष्टि, पालन र संहारक्रियाकी स्वामिनी पनि हुनुहुन्छ । हे भगवती! तपाइँ सबैकी आमा हुनुहुन्छ । तपाइँ नै सत् शक्ति र असत् शक्ति पनि हुनुहुन्छ।।२०।। हे भगवती! तपाइँ नै श्रुति, स्वर, अनादिनिधन, अक्षय र कालरात्रि पनि हुनुहुन्छ। तपाइँ जगन्माता, जगद्धात्री, सृष्टि, स्थिति र संहारकी हेतु, सावित्री, सन्ध्या, महामाया, तृषा र क्षुधा पनि हुनुहुन्छ । हे काली! तपाइँ नै सम्पूर्ण वस्तुमा शक्ति र सत्त्वका रूपमा विराजमान हुनुहुन्छ ।।२१-२२।। त्रिलोकीका रचयिता, दैत्य र दानवका संहारक र ज्ञान-विज्ञानका आधार, तपाइँका स्वामी भगवान् नारायण अहिले निद्रामा मग्न हुनुहुन्छ ।।२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगदुत्पाद्यते येन पाल्यते ह्रियतेऽपि च ।
सोऽपि त्वयावताराणां सङ्कटे विनियोज्यते ।।२४।।

दुष्टात्मानौ मोहयैतौ त्वं दैत्यौ मधुकैटभौ ।
हन्तुमेतौ दुराधर्षौ ज्ञानमस्य प्रदीयताम् ।।२५।।

अहमाराधितश्चाभ्यां पूर्वजन्मन्यतन्द्रितम् ।
वरान् बहुविधान् प्रादामवध्यौ मम तावुभौ ।।२६।।

तयोरुच्चावचान् शब्दानतोऽहमहसं बहु ।।
मामेव हन्तुकामौ तौ स्तुतौ नानाविधैः स्तवैः ।।२७।।

तथापि मद्वधात् तौ न निवृत्तौ दुष्टभावतः ।
अतस्त्वां प्रार्थये देवि ! विष्णुबोधनहेतवे ।।२८।।

जगत्को उत्पत्ति, पालन र संहार यी तीन महत्त्वपूर्ण कार्य सम्पादन गर्ने देवता नारायणलाई निद्रामा पुऱ्याएर तपाइँले संसारलाई सङ्कटमा पार्नुभएको छ । हे भगवती ! तपाइँले यी दुरात्मा मधु र कैटभलाई आफ्नो मोहजालमा पार्नुहोस् । यी दैत्य अत्यन्त बलशाली, अविजेय र पराक्रमशाली छन् ! यिनलाई मार्न भगवान् विष्णुलाई आफ्नो शक्ति प्रदान गर्नुहोस् ।।२४-२५।। ब्रह्माजीले भन्नुभयो - पूर्वजन्ममा यी दुबैले जागरूक भएर मेरो आराधना गरेका थिए, मैले यिनलाई धेरै ठूला वरदान दिएको छु । मैले नै वरदान दिएका कारण म यिनलाई मार्न सक्दिनँ । जब यिनले अपलाप गरी जथाभावी बोलेका थिए, त्यस बेला खिसी गर्दै म हाँसें, अनि ती दुबै मलाई नै खान भनी ममाथि आइलागे । मैले ज्यान जोगाउन त्यस्ता दुष्ट दैत्यको पनि स्तुति गर्नुपऱ्यो । त्यति हुँदा पनि दुर्भावनादूषित ती दुबै दैत्य मलाई मार्ने उद्योगबाट निवृत्त भएनन् । तसर्थ हे भगवती ! भगवान् विष्णुको निद्राभङ्ग गराउन म हजुरसँग प्रार्थना गर्दछु ।।२६-२८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे देवीप्रार्थनं नाम षोडशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'मधुकैटभको उत्पत्ति र योगनिद्राको वशमा परेका विष्णुको उद्बोधनका लागि ब्रह्माजीद्वारा देवीको स्तुति' शीर्षकान्वित सोह्रौं अध्याय पूर्ण भयो ।।१६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तदशोऽध्यायः { १७ अध्याय }

मुनिरुवाच

यावदुत्तिष्ठते विष्णुस्तावत्ताभ्यां त्रिविष्टपम् ।
आक्रान्तमिन्द्रसदनं याम्यं कौबेरमेव च ।।१।।

तौ दृष्ट्वा सर्वतो देवाः पलायनपरा बभुः ।
निपेतुर्बभ्रमुः केचिन्मुमूर्च्छुश्चस्खलुः परे ।।२।।

ततो देव्या विनिर्मुक्तो निद्रया हरिरीश्वरः ।
आश्वास्य सर्वदेवाँस्ताँस्ताभ्यां युद्धं चकार ह ।।३।।

आक्रमं सर्वदेवानां कृतं ताभ्यां निवारितुम् ।
शेषादिसर्वनागानां मुनीनां यक्षरक्षसाम् ।।४।।

शुशुभे स हरिस्तत्र शङ्खचक्रगदाधरः ।
किरीटकुण्डलधरो नीलमेघघनच्छविः ।।५।।

ततः स भगवान् शङ्खं प्रदध्मौ भृशवेगवान् ।
तेन शब्देन महता क्षोभयामास रोदसी ।।६।।

पाञ्चजन्यस्वनं श्रुत्वा विभिदे हृदयं तयोः ।
ततस्तौ भयसंविग्नौ परस्परमथोचतुः ।।७।।

भूमण्डलञ्च पातालं स्वर्गाणामेकविंशतिः ।
आक्रान्ताः सम्यगावाभ्यां तदाऽयं न श्रुतः स्वनः।।८।।

वज्रसारमयं येन चकम्पे हृदयं द्वयोः ।
तस्मादनेन योद्धव्यं पुरुषेण बलीयसा ।।९।।

रणकण्डूतिशान्त्यर्थं विजयायेतराय वा ।
रिपुमेनं हनिष्यावो गच्छावो वा पुनर्भवम् ।।१०।।

एवं तौ निश्चयं कृत्वा युयुत्सुं हरिमूचतुः ।
रणकण्डूतिशान्त्यर्थं दृष्टोऽसि पुरुषोत्तम ।।११।।
कथमुत्तमतां यासि ह्यावयोर्दृष्टिगोचरः ।

भृगुले भन्नुभयो- भगवान् विष्णु निद्रामुक्त नहुँदै ती दैत्यले स्वर्गमा आक्रमण गरे । इन्द्रको राजभवन, यमनिवास र कुबेरनिवासमा पनि आक्रमण गरे ।।१।। तिनलाई देखेर देवताहरू चारैतिर भाग्न थाले । भाग्ने क्रममा केही भुइँमा लडे, केही चक्कर लागेर थला परे, केही मूर्च्छित भए, केही लर्किएर लडे ।।२।। त्यसपछि देवीको कृपाबाट निद्रामुक्त हुनुभएका भगवान् नारायण ती सबै देवताहरूलाई आश्वासन दिंदै मधु र कैटभका साथ युद्ध गर्न लाग्नुभयो ।।३।। ती दैत्यले सबै देवतामाथि गरेको आक्रमण रोक्न शेष आदि सबै नाग, मुनि, यक्ष आदिका बीचमा शोभायमान शङ्ख, चक्र, गदा एवं पद्मद्वारा अलङ्कृत नारायणले किरीट र कुण्डल धारण गर्नुभयो र उहाँ नीलो बादलको जस्तो श्यामल कान्तिद्वारा आभामय बन्नुभएको थियो ।।४-५।। त्यस बेला भगवान् हरिले अत्यन्त वेगपूर्वक शङ्ख फुक्नुभयो । शङ्खको महान् स्वरबाट आकाश र धर्ती शब्दायमान भए ।।६।। पाञ्चजन्य शङ्खको त्यो स्वर सुनेर मधु र कैटभको पनि मुटु काँप्न थाल्यो । अत्यन्त भयभीत ती दैत्यले आपसमा भन्न लागे – एक्काइस प्रकारका स्वर्ग, भूमण्डल र पातालसम्म हामीले आक्रमण गऱ्यौं, ती आक्रमणहरूमा हामीले कहिल्यै पनि यस्तो भयङ्कर स्वर सुनेका थिएनौं ।।७-८।। यो स्वर वज्रभन्दा पनि कठोर छ । यस स्वरका कारण हामी दुबैको मुटु थर्थर काँपिरहेको छ । अब हामीले पनि शङ्ख फुकेर सबैलाई तर्साउने यो बलियो पुरुषसँग युद्ध गर्नुपर्दछ।।९।। युद्धको चिलचिलाहट मेटाउन, युद्धमा विजय प्राप्त गर्न अथवा पराजय नै भोग्नका लागि पनि हामीले नारायणमाथि आक्रमण गर्नुपर्छ । हामी कि त नारायणलाई मार्नेछौं, त्यसो नभए तिनका हातबाट मरेर पुनर्जन्म लिनेछौं ।।१०।। ती दैत्यले आपसमा यसरी निश्चय गरेर युद्ध गर्न चाहने भगवान् नारायणलाई सम्बोधन गर्दै भने – हे विष्णु ! युद्धरूपी लुतो चिलाएको हुँदा त्यसलाई कन्याउन तिमी हाम्रा सामु देखिएका छौ ।।११।। हाम्रो दृष्टि परेपछि तिमी अब कसरी पुरुषोत्तम बन्दछौ ? हामी त्यो हेर्नेछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिरुवाच

इति वाक्यं तयोः श्रुत्वा जगाद विष्टरश्रवाः ।।१२।।

हरिरुवाच

सम्यगुक्तं महादैत्यौ यथेष्टं युध्यतं मया ।
न हि कामयते कश्चिन्मरणं स्वयमात्मनः ।।१३।।

तावूचतुः

चतुर्भुजोऽसि देवेश ! बाहुयुद्धं ददस्व नौ ।

मुनिरुवाच

एवमुक्तो हरिस्ताभ्यां तथेत्याह मुदान्वितः ।।१४।।

त्यक्त्वाऽऽयुधानि युयुधे द्वाभ्यामेकश्चतुर्भुजः ।
जघ्नतुस्तौ शिरो मूर्ध्ना जङ्घाभिरथ जङ्घयोः ।
कूर्परौ कूर्परैः स्वीयैर्बाहू बाहुभिरेव च ।।१५।।

गुल्फौ गुल्फैः कटिं ताभ्यां नासिकाभ्याञ्च नासिकाम् ।
मुष्टिभ्यां मुष्टिदेशं च पृष्ठाभ्यां पृष्ठमेव च ।।१६।।

आस्फोटनविकर्षाभ्यां बाहुभिर्मण्डलैरपि ।
एवं परस्परं युद्धं प्रावर्तत चिरं तदा ।।१७।।

सहस्रं पञ्चगुणितमतिक्रान्तं महामुने ।
वर्षाणां न तु तौ जेतुं शशाक हरिरीश्वरः ।।
ततो दधार रूपं स गान्धर्वं गीतकोविदम् ।।१८।।

गत्वा वनान्तरं चारु वीणागानं चकार सः ।
हरिणाः श्वापदा लोका देवगन्धर्वराक्षसाः ।।१९।।

स्वस्वव्यापाररहिताः सर्वे तत्परतां ययुः ।
आलापं तस्य गिरिशः कैलासे श्रुतवान् मुहुः ।।२०।।

निकुम्भं पुष्पदन्तञ्च जगाद भगनेत्रहा ।
एतमानयतं शीघ्रं योऽसौ गायति कानने ।।२१।।

तौ गत्वा दर्शनं तस्य गृहीत्वा वै तमूचतुः ।
तव गीतस्वनं श्रुत्वा शङ्करो हर्षनिर्भरः ।।२२।।

भृगुले भन्नुभयो - मधु र कैटभका यस्ता कुरा सुनेर भगवान् नारायणले भन्न थाल्नुभयो ।।१२।।

हरिले भन्नुभयो- हे दैत्यहरू ! तिमीहरूले आफू सुहाउँदो कुरा गरेका छौ । मसँग इच्छाअनुसार युद्ध गर । कुनै पनि मानिसले आफ्नो मरण आफै चाहन्नँ ।।१३।।

मधु र कैटभले भने- हे नारायण! तपाइँ चतुर्भुज हुनुहुन्छ । तसर्थ हामीलाई बाहुयुद्ध गर्ने अवसर दिनुहोस् ।

भृगुले भन्नुभयो - यसरी प्रार्थना गरिएका श्रीहरिले प्रसन्न भई हुन्छ, बाहुयुद्ध नै गरौं भन्नुभयो ।।१४।। आफ्ना आयुधहरू पर सारेर चार बाहुले सुहाउनुभएका चतुर्भुज नारायण दुई भुजा भएका ती दानवसँग युद्ध गर्न थाल्नुभयो। ती दानवले शिरहरूद्वारा नारायणको शिरमा, जङ्घाहरूद्वारा नारायणको जङ्घामा, कुहिनाहरूद्वारा नारायणको कुहिनामा, घुँडाहरूद्वारा नारायणको घुँडामा, भुजाहरूद्वारा नारायणका भुजाहरूमा, गोलिगाँठाहरूद्वारा नारायणका गोलिगाँठाहरूमा, कटिहरूद्वारा नारायणको कटिमा, नाकहरूद्वारा नारायणको नाकमा, मुड्कीहरूद्वारा नारायणको मुड्कीमा र पीठ्यूँहरूद्वारा नारायणको पीठ्यूँमा प्रहार गर्दै भुजाहरूद्वारा ताल ठोकी मण्डल बनाएर खिचातानी गर्ने कामसमेत भएको त्यो भयङ्कर युद्ध चिरकालसम्म चलिरह्यो ।।१५-१७।। हे महामुनि ! पाँच हजार वर्षसम्म युद्ध चलिरहँदा पनि श्रीहरिले ती दानवहरूलाई पराजित गर्न सक्नु भएन । त्यसपछि उहाँले गीतिगायनकलामा कुशल गन्धर्वको स्वरूप धारण गरी वनमा गएर अत्यन्त सुरिलो स्वरमा वीणागान आरम्भ गर्नुभयो । गन्धर्वरूप हरिको त्यो वीणागान सुनेर जङ्गली जनावर, मानिस, देवता, गन्धर्व, राक्षस आदि सबै आ-आफ्ना काम छाडेर मुग्ध भई वीणागान सुन्न तत्पर भए । वीणाको त्यो मधुर गानलाई कैलासमा विराजमान भगवान् शङ्करले पनि सुन्नुभयो ।।१८-२०।। त्यसपछि उहाँले निकुम्भ र पुष्पदन्तलाई भन्नुभयो - तिमीहरू वनमा गएर वीणागान गरिरहेको गायकलाई मेरो समीपमा ल्याउने काम गर ।।२१।। यसरी शङ्करको आज्ञा पाएर वनमा गएका निकुम्भ र पुष्पदन्तले गन्धर्वरूप हरिको दर्शन गरेपछि सम्बोधन गर्दै भने - हे गन्धर्व ! तपाइँको गीतको नाद सुनेर भगवान् शङ्कर ज्यादै खुसी हुनुभएको छ ।।२२।। फेरि पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वां समाह्वयते देवो गानं श्रोतुं तवानघ ।
आवाभ्यां सह याहि त्वं शीघ्रं याम तदन्तिकम् ।।२३।।

तयोर्वाक्यमिति श्रुत्वा गन्धर्वो हरिभक्तिमान् ।
ताभ्यां सह ययौ तत्र यत्र देवो महेश्वरः ।।२४।।

ददर्श पार्वतीकान्तं चन्द्रार्धकृतशेखरम् ।
गजचर्मपरीधानं रुण्डमालाविभूषितम् ।।२५।।

राजत्पिङ्गजटाभारं सर्पयज्ञोपवीतिनम् ।
ननाम भुवि विश्वेशं प्रणतार्त्तिविनाशनम् ।।२६।।

उत्थाप्य गिरिशः स्वेन पाणिना तमधोक्षजम् ।
आसनञ्च ददौ तस्मै पूजयामास शङ्करः ।।२७।।

ततो जगाद स हरिरद्य मे सफलं जनुः ।
यतोऽद्य दर्शनं तेऽभूद् धर्मकामार्थमोक्षदम् ।।२८।।

तोषयामास तं देवं गन्धर्वो गानतत्परः ।
वीणारवैः कलपदैरालापैर्विविधैरपि ।।२९।।

स्कन्दं गणेश्वरं देवीं पार्वतीञ्च सुरानृषीन् ।
ततो महेश्वरः प्रीत्याऽऽलिलिङ्ग प्रकटं हरिम् ।।३०।।

शङ्खचक्रगदापद्मपीताम्बरधरं शुभम् ।
उवाच च हरे ! मत्तो वृणु कामानशेषतः ।।३१।।
दास्यामि तव गानेन परां मुदमुपागतः ।

भृगुरुवाच

तत ऊचे स्वभूस्तन्तु वृत्तान्तं दैत्ययोः परम् ।।३२।।

हरिरुवाच

मयि क्षीराब्धिशयने निद्रिते मधुकैटभौ ।
उत्पन्नौ कर्णमलतो ब्रह्माणं भक्षितुं गतौ ।।३३।।

त्यो मीठो वीणागान सुन्ने इच्छाले तपाइँलाई कैलासमा बोलाउनुभएको छ । हे निष्पाप गन्धर्व ! तपाइँ हामीहरूका साथ लागेर हिंड्नुहोस् । हामी सबै भगवान् शङ्कर विराजमान हुनुभएको ठाउँमा जाने काम गरौं ।।२३।। यसरी तिनीहरूले भनेको कुरा सुनेर ती गन्धर्व तिनीहरूका साथ भगवान् शङ्कर विराजमान हुनुभएको दिव्य स्थानमा पुगे ।।२४।। त्यहाँ गएर ती गन्धर्वले पार्वतीपति, शिरमा अर्धचन्द्र धारण गर्नुहुने, हात्तीको छाला ओढ्नु भएका, मुण्डमालाद्वारा विभूषित, पहेंलो जटापुञ्जले सुहाउनुभएका, सर्पको यज्ञोपवीत धारण गर्नुहुने र शरणागत भक्तहरूका दुःखनाशक विश्वेश्वर भगवान् शङ्करलाई भुइँमा लम्पसार परेर प्रणाम गरे ।।२५-२६।। भगवान् शङ्करले गन्धर्वरूप हरिलाई आफ्नै हातले उठाएर आसन दिई सत्कार गर्नुभयो ।।२७।। सत्कार प्राप्त गरेपछि गन्धर्वरूप हरिले भन्नुभयो - आज मेरो जन्म सफल भएको छ किनकि मैले धर्म, अर्थ, काम र मोक्षजस्ता पुरुषार्थ प्रदान गर्ने हजुरको दुर्लभ दर्शन पाएँ ।।२८।। त्यस बेला गन्धर्वरूप हरिले वीणागानमा प्रवृत्त भएर मीठो गीतालापद्वारा भगवान् शङ्करलाई प्रसन्न तुल्याउनुभयो ।।२९।। गन्धर्वरूप हरिले भगवान् शङ्करलाई मात्र होइन भगवान् कार्तिकेय, गणनाथ, देवी पार्वती, देवता एवं ऋषिहरूलाई पनि प्रसन्न तुल्याउनुभयो । त्यसपछि हरिका रूपमा प्रकट भएका ती गन्धर्वलाई शिवजीले प्रेमपूर्वक आलिङ्गन गर्नुभयो ।।३०।। हातहरूमा शङ्ख, चक्र, गदा र पद्म धारण गर्नुहुने, पीताम्बरधारी, चतुर्बाहुका रूपमा प्रकट हुनुभएका नारायणलाई शङ्करले भन्नुभयो - हे नारायण ! मैले तपाइँलाई सम्पूर्ण इच्छा पूरा गराउने वर प्रदान गर्छु, स्वीकार गर्नुहोस् । हजूरको वीणागान सुनेर मैले परमानन्द पाएको छु र अत्यन्त हर्षित छु ।

भृगुले भन्नुभयो - शिवजीका यस्ता कुरा सुनेर स्वयम्भू हरिले मधु र कैटभ नामक दैत्यहरूको वृत्तान्त भगवान् शङ्करलाई सुनाउनुभयो ।।३१-३२।।

हरिले भन्नुभयो - हे शङ्कर ! म क्षीरसागरमा अवस्थित शेषशय्यामा निदाएपछि मेरो कानको मयलबाट मधु र कैटभ नामक दुई दैत्य उत्पन्न भए । ती दैत्यले ब्रह्माजीलाई खान खोज्दै आक्रमण गरे ।।३३।। हे भगवन् शिवजी ! ब्रह्माजीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन निद्रा स्तुता भर्ग ! तयाऽहं प्रतिबोधितः ।
युद्धञ्च कृतवाँस्ताभ्यां मल्ललीलामुपागतः ।।३४।।

नास्मि शक्तो विजेतुं तौ तत एतत् कृतं मया ।
इदानीं तद्वधोपायं वद मे करुणानिधे ।।३५।।

भर्ग उवाच

विनायकमनर्च्यैव गतोऽसि रणभूमिकाम् ।
शक्तिहीनश्च तेनाऽसि सुभृशं क्लेशवानपि ।।३६।।

गणेशं पूजयित्वैव व्रज युद्धाय मारिष !
स च तौ माययाऽऽमोह्य वशतां प्रापयिष्यति ।।३७।।

मत्प्रसादेन दुष्टौ तौ वधिष्यसि न संशयः ।

हरिरुवाच

कथं विनायकं देवमुपासे भर्ग ! तद् वद ।।३८।।

ईश्वर उवाच

उक्ता गणेश्वरस्यैव मन्त्राणां सप्तकोटयः ।
तत्रापि च महामन्त्रास्तेष्वप्येकाक्षरो महान् ।।३९।।

षडक्षरश्च भगवँस्तयोरेकं वदामि ते ।
तत एकाक्षरं त्यक्त्वा सिद्धारिचक्रयोगतः ।।४०।।

ऋणं धनं शोधयित्वा तं जगाद षडक्षरम् ।
महामन्त्रं गणेशस्य सर्वसिद्धिप्रदं शुभम् ।।४१।।

अस्यानुष्ठानमात्रेण कार्यं ते सिद्धिमेष्यति ।
ततो जगाम स हरिरनुष्ठानाय सत्वरः ।।४२।।

निद्रादेवीको प्रार्थना गर्नुभयो र तिनले मलाई जगाइन् । मैले पनि मल्लयुद्धको कला स्वीकार गरी ती दुई दानवसित युद्ध गरें।।३४।। तर युद्धमा मैले ती दानवलाई परास्त गर्न सकिनँ। त्यसपछि गन्धर्वको रूप लिएर वनमा गई वीणागान गर्न थालें। त्यसको प्रभावले आज यसरी हजुरको दर्शन पाएको छु । हे करुणानिधि! मलाई ती दुष्ट दैत्यहरूको वध गर्ने उपाय बताउनुहोस् ।।३५।।

शिवजीले भन्नुभयो - हे विष्णु ! श्रीगणेशको आराधना नगरीकन तपाइँ रणभूमिमा जानुभयो । त्यस कारण अहिले तपाइँ शक्तिहीन अत्यन्त दुःखी हुनुहुन्छ ।।३६।। हे देव ! तपाइँ श्रीगणेशको विधिवत् पूजा गरेपछिमात्र युद्ध गर्न जानुहोस्। श्रीगणेशले ती दुबै दानवलाई आफ्नो मायाद्वारा मोहित बनाई वशीभूत तुल्याउनुहुनेछ ।।३७।। हे नारायण ! श्रीगणेशको विधिवत् पूजा गरेपछि मेरो कृपाबाट तपाइँले ती दुष्टहरूको वध गर्नुहुनेछ। यसमा कुनै सन्देह छैन ।

हरिले भन्नुभयो - हे भगवन् शिवजी ! मैले विनायक भगवान्को कुन विधिबाट उपासना गरूँ ? त्यो बताउनुहोस् ।।३८।।

शिवजीले भन्नुभयो - हे नारायण ! शास्त्रहरूमा श्रीगणेशका सात करोड मन्त्रहरू बताइएका छन् । तीमध्ये केही महामन्त्र मानिएका छन् । तिनमा पनि एकाक्षरी मन्त्र र षडक्षरी मन्त्रको ठूलो महिमा छ । हे विष्णु भगवान् ! म तपाइँका निमित्त ती दुईथरि मन्त्रमध्ये एउटाको उपदेश गर्दछु। त्यसपछि शिवजीले एकाक्षरी मन्त्र छोडेर सिद्धारिचक्रयोगबाट ऋण-धन-शोधन गरी सर्वसिद्धि प्रदान गर्ने श्रीगणेशको षडक्षरी मन्त्रको उपदेश गर्दै भन्नुभयो - हे नारायण ! यस मन्त्रको अनुष्ठानबाट तपाइँको कार्य सिद्ध हुनेछ। भगवान् शिवजीबाट मन्त्रोपदेश पाएपछि श्रीहरि पनि तीव्र गतिका साथ मन्त्रानुष्ठानका लागि प्रस्थान गर्नुभयो ।।३९-४२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे मन्त्रोपदेशो नाम सप्तदशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'शिवजीद्वारा विष्णुलाई भगवान् गजाननको षडक्षरी मन्त्रको उपदेश' शीर्षकान्वित सत्रौं अध्याय पूर्ण भयो ।।१७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टादशोऽध्यायः { १८ अध्याय }

सोमकान्त उवाच

कथं जजाप स हरिः कुत्र वा मन्त्रमुत्तमम् ।
सिद्धिं चावाप स कथं वद मे तत् सविस्तरम् ।।१।।

भृगुरुवाच

सिद्धिक्षेत्रमिति ख्यातं भुवि सिद्धिकरं परम् ।
तत्र गत्वा महाविष्णुस्तताप परमं तपः ।।२।।

ध्यायन् विनायकं देवं षडक्षरविधानतः ।
आराधयामास तदा जित्वा खानि प्रयत्नतः ।।३।।

बाणास्त्रेण तु कृत्वैव पूर्वदिग्बन्धमादृतः ।
भूतशुद्धिं विधायैव प्राणानां स्थापनं तथा ।।४।।

कृत्वाऽन्तर्मातृकान्यासमाधारादिक्रमेण तु ।
बहिश्च मातृकान्यासं मस्तकादिक्रमेण च ।।५।।

प्राणानायम्य मूलेन ध्यात्वा देवं गजाननम् ।
आवाहन्यादिमुद्राभिः पूजयित्वा मनोमयैः ।।६।।

द्रव्यैर्नानाविधैश्चैव षोडशैश्चोपचारकैः ।
जजाप परमं मन्त्रं विष्णुर्योगेश्वरेश्वरः ।।७।।

गते वर्षशते काले परमात्मा गणाधिपः ।
प्रत्यक्षतां ययौ तस्य कोटिसूर्याग्निसन्निभः ।।८।।

अतिप्रसन्नहृदयो बभाषे गरुडध्वजम् ।
याचस्व त्वं वरान् मत्तो याँस्त्वं कामयसे हरे ।।९।।

ददामि तानहं सर्वांस्तपसाऽनेन तोषितः ।
पूर्वमेवार्चितः स्यां चेद् विजयस्ते ध्रुवं भवेत् ।।१०।।

हरिरुवाच

ब्रह्मेशानाविन्द्रमुख्याश्च देवा
यं त्वां द्रष्टुं नैव शक्तास्तपोभिः ।
तं त्वां नानारूपमेकस्वरूपं
पश्ये व्यक्ताऽव्यक्तरूपं गणेशम् ।।११।।

सोमकान्तले भने - श्रीहरिले त्यो उत्तम षडक्षरी मन्त्र कसरी र कहाँ जप्नुभयो? कसरी त्यस जपबाट सिद्धिलाभ गर्नुभयो ? मलाई यी प्रश्नहरूको उत्तर दिनुहोस् ।।१।।

भृगुले भन्नुभयो - पृथिवीमा परमसिद्धि प्रदान गर्ने प्रख्यात सिद्धिक्षेत्र रहेको छ । त्यहाँ गएर विष्णु भगवान्ले ठूलो तपस्या गर्नुभयो ।।२।। षडक्षरी मन्त्रको विधिअनुसार श्रीगणेश भगवान्को ध्यान गर्दै विष्णुले प्रयत्नपूर्वक इन्द्रियहरूलाई आफ्नो वशमा राखी श्रीगणेशको आराधना गर्नुभयो ।।३।। सर्वप्रथम श्रद्धापूर्वक उहाँले बाणास्त्रद्वारा दिग्बन्धन गरेर भूतशुद्धि गरेपछि प्राणस्थापना गर्नुभयो ।।४।। आधारादिक्रमले अन्तर्मातृका न्यास गरेपछि शिरदेखि आरम्भ गरी बाह्यमातृकान्यास पनि गर्नुभयो ।।५।। मूलमन्त्रले प्राणायाम गरी गजानन भगवान्को ध्यान गरेर आवाहनी आदि मुद्राका साथ मनोमय द्रव्य र षोडशोपचारबाट पूजा गरी योगेश्वर भगवान् विष्णुले श्रीगणेशका परममन्त्रको जप गर्नुभयो ।।६-७।। मन्त्र जप गर्दागर्दै सय वर्ष बितेपछि करोडौं सूर्यको कान्तिले सुहाउनुभएका परमात्मा श्रीगणेशले अत्यन्त प्रसन्न भएर विष्णुलाई प्रत्यक्ष दर्शन दिंदै भन्नुभयो - हे हरि ! तपाइँले मबाट जस्तो वरदान चाहनुहुन्छ त्यो माग्नुहोस् ।।८-९।। तपाइँको यस तपस्याबाट म प्रसन्न भएको छु। तसर्थ म तपाइँका सबै इच्छा पूर्ण गर्न तत्पर छु । युद्ध गर्नुभन्दा पहिले यसरी नै आराधना गर्नुभएको भए मैले खुसी भएर पहिले नै वरदान दिइसक्ने थिएँ र तपाइँको विजय भइसक्ने थियो ।।१०।।

हरिले भन्नुभयो - ब्रह्मा, शिव, इन्द्र आदि देवताहरू पनि तपस्याबाट जुन हजुरको दर्शन गर्न समर्थ हुँदैनन् त्यस्ता नानारूप र एकरूप, व्यक्त र अव्यक्तरूप श्रीगणेशको ध्यान गर्दछु ।।११।। हे श्रीगणेश ! हजुर अणुभन्दा अणुरूप र महान् आकाशभन्दा पनि महान् सत्त्वरूप हुनुहुन्छ । हजुरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वं योऽणुभ्योऽणुस्वरूपो महद्भ्यो
व्योमादिभ्यस्त्वं महान् सत्त्वरूपः ।
सृष्टिं चान्तं पालनं त्वं करोषि
वारंवारं प्राणिनां दैवयोगात् ।।१२।।

सर्वस्यात्मा सर्वगः सर्वशक्तिः
सर्वव्यापी सर्वकर्ता परेशः ।
सर्वद्रष्टा सर्वसंहारकर्ता
पाता धाता विश्वनेता पिताऽपि ।।१३।।

एतादृशस्य ते देव ! दर्शनान्मम सिद्धयः ।
सम्भविष्यन्ति सर्वत्र तथाऽप्येकं वदामि ते ।।१४।।

ममैव योगनिद्रान्ते श्रुतेर्मलसमुद्भवौ ।
मधुकैटभौ महासत्त्वौ कन्तौ खादितुमुद्यतौ ।।१५।।

ताभ्यामहं ततो युद्धं कृतवान् बहुवत्सरम् ।
ततः क्षीणबलस्त्वाऽहं शरणं समुपागतः ।
अतो यथा तयोर्मत्तो वधः स्यात् तद् विचार्यताम् ।।१६।।

अन्येषामपि दैत्यानां जयेन यश उत्तमम् ।
देहि मे परमेशान ! भक्तिं ते ह्यनपायिनीम् ।।१७।।

यया मे कीर्तिरतुला त्रैलोक्यं पावयिष्यति ।

गणेश उवाच

यद् यत् ते प्रार्थितं विष्णो! तत् तत् ते भविता ध्रुवम्।।१८।।

यशो बलं परा कीर्तिरविघ्नश्च भविष्यति ।

मुनिरुवाच

एवमुक्त्वा महाविष्णुं तत्रैवाऽन्तर्दधे विभुः ।।१९।।

तत आनन्दपूर्णोऽसौ मेने तावसुरौ जितौ ।
प्रासादं निर्ममे तत्र स्फाटिकं भूरिरत्नकम् ।।२०।।

लसत्काञ्चनशिखरं चतुर्द्वारं सुशोभनम् ।
प्रतिमां स्थापयामास गण्डकीयोपलैः कृताम् ।।२१।।

देवाश्च मुनयः सिद्धविनायक इति प्रथाम् ।
चक्रुरत्र यतः सिद्धिः प्राप्तेयं हरिणा शुभा ।।२२।।

दैवयोगबाट प्राणीहरूको सृष्टि, पालन र संहार गर्नुहुन्छ ।।१२।। हे श्रीगणेश! हजुर सर्वात्मा, सर्वत्र विचरणशील, सर्वशक्ति-सम्पन्न, सर्वव्यापक, सर्वकर्ता र सर्वद्रष्टा महान् ईश्वर हुनुहुन्छ। हजुर सकल सृष्टिका संहारक, सर्वपालक, सर्वरक्षक, विश्वनायक र विश्वका जनक पनि हुनुहुन्छ ।।१३।। यस्ता सर्वगुणसम्पन्न हजुरको दर्शनबाट मैले जहाँ गए पनि सबै प्रकारका सिद्धि प्राप्त गर्नेछु तर अहिले म हजुर सामु एउटा कुरा निवेदन गर्न चाहन्छु ।।१४।। मेरो योगनिद्रा समाप्त भएपछि मेरै कानको मयलबाट उत्पन्न भएका अत्यन्त शक्तिशाली मधु र कैटभ नामक दानवहरूले ब्रह्माजीलाई खान खोजे ।।१५।। ती दुष्ट दानवहरूका साथ मैले धेरै वर्षसम्म युद्ध गरें, त्यसबाट मेरो शक्ति क्षीण भयो । अहिले म हजुरका शरणमा आएको छु । तसर्थ जसरी मबाट ती दुई दानवको वध हुनसक्छ, त्यो उपाय बताउनुहोस् ।।१६।। हे प्रभु ! हजुरको कृपाबाट म अरू दैत्यहरूमाथि पनि विजयी हुन सकूँ र उत्तम कीर्ति प्राप्त गर्न सकूँ । हे परमेश्वर ! मलाई हजुरले अविनाशी भक्ति पनि प्रदान गर्नुहोस् ।।१७।। जुन अनपायिनी भक्तिको साधनाबाट संसारमा मेरो अतुलनीय कीर्ति हुनेछ र त्यस कीर्तिले त्रिलोकीलाई नै पवित्र तुल्याउने छ ।

श्रीगणेशले भन्नुभयो - हे विष्णु ! तपाइँले जुन प्रार्थना गर्नुभएको छ, त्यो पाउनु हुनेछ । त्यसका साथै तपाइँले यश, बल र कीर्ति पनि पाउनुहुनेछ । तपाइँको कुनै पनि कार्यमा विघ्न हुने छैन ।

भृगुले भन्नुभयो - यसरी नारायणलाई भन्नुभएपछि भगवान् श्रीगणेश त्यहीं अन्तर्धान हुनुभयो ।।१८-१९।। भगवान् श्रीगणेशबाट वरदान पाएर प्रसन्न र आनन्दित हुनुभएका श्रीहरिले उहाँको अन्तर्धानपछि मैले अब ती दुई दानवलाई जित्न सक्छु भन्ने विश्वास गर्नुभयो । श्रीगणेशमा भक्ति भएका कारण श्रीनारायणले स्फटिक मणिद्वारा निर्मित, अनेक रत्नसम्पन्न, सुनको शिखरले सुहाएको, चार ढोका भएको, अत्यन्त रमणीय श्रीगणेशको मन्दिर बनाउनुभयो । त्यस मन्दिरमा कृष्णा गण्डकीको शिलाबाट बनेको विनायकको प्रतिमा स्थापित गर्नुभयो ।।२०-२१।। त्यस मन्दिरमा स्थापना गरिएको मूर्तिलाई देवता र मुनिहरूले सिद्धविनायक भनेर सम्बोधन एवं प्रचार गरे, किनकि त्यहीं नै भगवान् नारायणले मङ्गलदायक सिद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धं क्षेत्रं ततस्तत् तु पप्रथे भुवि सर्वशः ।
ततो जगाम स हरिर्यत्र तौ मधुकैटभौ ।।२३।।
दृष्ट्वा तौ हरिमायान्तं जहसतुर्निनिन्दतुः ।
मेघश्यामं मुखं तेऽद्य दर्शितं नौ कुतः पुनः ।।२४।।
आवान्तु ते महामुक्तिं दास्यावोऽतः पुनः किल ।
लघुताञ्च प्रयातोऽसि किमर्थं रणमागतः ।।२५।।

हरिरुवाच

सहसा दहते सर्वं लघुरेव हुताशनः ।
लघुदीपो महद्रात्रौ यथा संहरते तमः ।।२६।।
तथा वामहमद्यैव शक्तो नाशाय दुर्मदौ ।

मुनिरुवाच

इति तस्य वचः श्रुत्वाऽतिक्रुद्धौ मधुकैटभौ ।।२७।।
सहसा जघ्नतुर्विष्णुं मुष्टिभ्यां हृदये भृशम् ।
ततः पुनर्मल्लयुद्धं तयोस्तस्य व्यवर्द्धत ।।२८।।
युद्ध्वा बहुदिनं ताभ्यां वरं दातुं समुत्सुकः ।
उवाच श्लक्ष्णया वाचा हरिस्तौ मधुकैटभौ ।।२९।।
मम प्रहारान् हि युवां सहाथे बहुलाः समाः ।
युवयोः पुरुषार्थेन प्रीतोऽहं दैत्यपुङ्गवौ ।।३०।।
युवयोः सदृशौ नैव सम्भूतौ न भविष्यतः ।

तावूचतुः

अस्मत्तस्त्वं वरान् ब्रूहि दास्यावस्तान् हरे बहून् ।।३१।।
आवां हि तव युद्धेन सन्तुष्टौ च भृशं त्वयि ।

मुनिरुवाच

तयोर्वचनमाकर्ण्य मायामोहितयोर्हरिः ।।३२।।
श्रुत्वा बभाण दैत्यौ मे वरान् दातुं समुद्यतौ ।
तदा मे वध्यतां यातं वर एष वृतो मया ।।३३।।
तदा सर्वं जलमयं दृष्ट्वा तौ मधुकैटभौ ।
ऊचतुः परमप्रीतौ तव हस्तात् मृतिः शुभा ।।३४।।

प्राप्त गर्नुभएको थियो ।।२२।। त्यसपछि त्यो ठाउँ पनि संसारमा सिद्धिक्षेत्रका नामबाट प्रसिद्ध भयो। श्रीगणेशको प्रतिष्ठा गरेपछि भगवान् हरि पनि मधु र कैटभ रहेको ठाउँमा पुग्नुभयो ।।२३।। हरिलाई आउनुभएको देखेर मधु र कैटभले उहाँको उपहास र निन्दा गर्दै भने – हामीलाई तिमीले आफ्नो बादलजस्तो कालो मुख देखाउन किन आयौ ? फेरि जोरी खोजेर आएका छौ भने हामीले तिमीलाई महामुक्तिको वरदान दिनेछौं । युद्धबाट भागेर हिंड्दा तिमीले आफ्नो लघुता आफै देखाइसकेका छौ । फेरि यस रणभूमिमा किन आयौ ? ।।२४–२५।।

हरिले भन्नुभयो – सानो आगोले पनि छिटै पोल्दछ, सानै बत्तीले पनि अन्धकारमय रातको समयमा घोर अन्धकारको नाश गर्दछ ।।२६।। हे मदमत्त दानवहरू ! म सानै भए तापनि मदोन्मत्त तिमी दुबै दानवको भर्खरै नाश गर्न सक्दछु।

भृगुले भन्नुभयो – श्रीहरिका यस प्रकारका वचन सुनेर अत्यन्त रिसाएका मधु र कैटभले अचानक विष्णुका छातीमा मुड्कीले प्रहार गरे । त्यसपछि ती दुबैका साथ श्रीहरिको मल्लयुद्ध प्रारम्भ भई दीर्घकालसम्म निरन्तर चलिरह्यो ।।२७–२८।। धेरै दिनसम्म मधु र कैटभका साथ युद्ध गरेपछि तिनीहरूलाई वरदान दिन उत्सुक हुनुभएका श्रीहरिले मीठो वचनद्वारा सम्बोधन गर्दै भन्नुभयो – 'हे मधु र कैटभ ! तिमीहरूले मेरा अनेक कठोर प्रहारलाई सजिलै सहन गर्‍यौ । हे दैत्यश्रेष्ठहरू! तिमी दुबैको पुरुषार्थबाट म प्रसन्न भएको छु ।।२९–३०।। फेरि हरिले भन्नुभयो – 'तिमीहरूजस्ता बलवान् वीर संसारमा जन्मिएका थिएनन् र भविष्यमा पनि जन्मिने छैनन्।'

मधु र कैटभले भने – हे हरि ! हामी पनि तिम्रो पुरुषार्थबाट अत्यन्त प्रसन्न छौं । हामीसँग तिमीले चाहे जति वर माग, हामी पूरा गर्नेछौं ।

भृगुले भन्नुभयो – श्रीहरिले मायामोहित दैत्यहरूका वचन सुनेर भन्नुभयो – तिमीहरू मलाई वरदान दिन तयार छौ भने तिमी दुबैले मबाट मृत्यु प्राप्त गर । मैले माग्ने उत्तम वर यही हो ।।३१–३२।। भगवान् विष्णुले वर मागेपछि ती दुबै दैत्यले संसारको चारैतिर जलै जल देखी अत्यन्त हर्षित हुँदै परम प्रीतिले युक्त भएर भने – हे हरि ! तपाइँको हातबाट मर्न पाउनु हाम्रा लागि मङ्गलमय हुनेछ । अन्त्य अवस्थामा तपाइँको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्ते त्वच्चिन्तनात् सद्यो मुक्तिं यान्ति सनातनीम् ।
यत्र नोर्वी जलमयी तत्र नौ जहि माधव ।।३५।।
सर्वं त्यजावो नौ सत्यं सत्ये सर्वं प्रतिष्ठितम् ।

मुनिरुवाच

तयोरित्थं वचः श्रुत्वा जघने तौ दधार ह ।।३६।।
चक्रेण क्षुरधारेण चिच्छेद शिरसी तयोः ।
ततो देवा मुमुदिरे ववर्षुः कुसुमानि च ।।३७।।
गन्धर्वा ननृतुः सर्वे जगुरप्सरसाङ्गणाः ।
ततस्तु विष्णुरभ्येत्य ब्रह्माणं परमेष्ठिनम् ।।३८।।
कथयामास वृत्तान्तं सर्वं हर्षविनिर्भरः ।

हरिरुवाच

यदाऽशक्तो विजेतुं तौ तदाहं गिरिशं गतः ।।३९।।
शङ्करेणोपदिष्टोऽहं षडर्णं मन्त्रमुत्तमम् ।
आराधयमहं तेन देवं विघ्नेश्वरं विभुम् ।।४०।।
तेन दत्ता वरा मह्यं नानाकामफलप्रदाः ।
तत्प्रभावान्मया दुष्टौ निहतौ मधुकैटभौ ।।४१।।
स्तुतः संपूजितः सोऽथ तदैवाऽन्तर्दधे विभुः ।
विज्ञातो महिमा तस्य गणेशस्य महात्मनः ।।४२।।
शङ्करस्य प्रसादेन हनिष्ये दैत्यदानवान् ।
देवाश्च मुनयः सर्वे स्तुत्वा देवं गजाननम् ।।४३।।
ब्रह्माणं शङ्करं माञ्च ययुः स्वं स्वं निकेतनम् ।
य इदं श्रृणुयान्नित्यं माहात्म्यं पापनाशनम् ।।४४।।
कस्मादपि भयं न स्याल्लभते सार्वकामिकम् ।।४५।।

चिन्तन गरेर प्राणीहरू छिटै सनातन मुक्तिमा प्राप्त हुन्छन् । हे माधव ! जुन जमिनमा पानी छैन, त्यहाँ लगेर हाम्रो वध गर्नुहोस्। हामी सबै कुरा त्यागिदिन्छौं । हाम्रो यो भनाइ सत्य हो र सबै कुरा सत्यमा टिकेको छ भन्ने कुरामा पनि हामी विश्वस्त छौं ।

भृगुले भन्नुभयो - मधु र कैटभका यी कुरा सुनेर हरिले ती दुबैलाई आफ्नो जघनमा धारण गर्नुभयो।।३३-३६।। त्यसपछि श्रीहरिले छुराको झैं तीखो धार भएको चक्रद्वारा ती दुबै दानवका शिर काटिदिनुभयो । मधु र कैटभका शिर काटिएका देखेर खुसी भएका देवताहरूले पुष्पवर्षा गरे, गन्धर्वहरू गाउन थाले र अप्सराहरू नाच्न थाले । आफ्नो सफलताका कारण अत्यन्त प्रसन्न मुद्रामा विराजमान हुनुभएका नारायणले ब्रह्माजीका नजिकमा आई सबै वृत्तान्त सुनाउनुभयो।

हरिले भन्नुभयो- हे विधाता ! जुन बेला मधु र कैटभलाई परास्त गर्न म असमर्थ भएँ, त्यस बेला भगवान् शङ्करका नजिकमा पुगें । उहाँले मलाई श्रीगणेशको उत्तम षडक्षरी मन्त्र प्रदान गर्नुभयो । मैले त्यस मन्त्रको जप गरेर विघ्नेश्वर एवं विभु श्रीगणेशको आराधना गरें ।।३७-४०।। प्रसन्न हुनुभएका श्रीगणेशले मलाई अनेक थरि कामनापूरक वर प्रदान गर्नुभयो। उक्त वरदानका प्रभावबाट मैले दुष्ट दानव मधु र कैटभको वध गरें ।।४१।। मबाट गरिएका स्तुति र पूजाले प्रसन्न हुनुभएका श्रीगणेश वरदान दिएपछि अन्तर्धान हुनुभयो । आज मैले मधु र कैटभको वध गरेपछि श्रीगणेशको महिमा साक्षात्कार गर्ने अवसर पाएँ ।।४२।। भगवान् शङ्करको कृपाबाट मैले अरू दानवहरूको पनि वध गर्नेछु । मधु र कैटभको वधबाट प्रसन्न भएका सबै मुनिहरू भगवान् गणेश, ब्रह्मा, शिव र नारायणको स्तुति गरी आ-आफ्ना धामतर्फ लागे । जसले मधु- कैटभको वधमा आधारित पापनाशक यो श्रीगणेशमाहात्म्य सुन्दछ, त्यसलाई कुनै कालमा पनि कसैबाट भय हुने छैन र त्यसले चिताएका सबै कामना परिपूर्ण हुनेछन् ।।४३-४५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे सिद्धक्षेत्रोत्पत्तिकथनं नामाष्टादशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'मधुकैटभको वध र सिद्धक्षेत्रको उत्पत्ति' शीर्षकान्वित अठारौं अध्याय पूर्ण भयो ।।१८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोनविंशोऽध्यायः { १९ अध्याय }

भृगुरुवाच

श्रुत्वाख्यानमिदं व्यासः षडर्णविधिमप्यथ ।
पुनरूचे विधातारं नातिपूर्णाशयो यथा ।।

व्यास उवाच

सिद्धक्षेत्रस्य माहात्म्यं गणनाथस्य चैव हि ।
श्रुतं पापहरं सर्वं कामपुण्यविवर्धनम् ।।१।।
पुनश्च वद मे ब्रह्मन् विनायककथानकम् ।
तृप्तिं न याति परमां पिबन्नपि कथामृतम् ।।२।।

ब्रह्मोवाच

पाराशर्य ! महाख्यानं कथयामि तवाग्रतः ।
सर्वदेवाधिदेवस्य गणेशस्य विभोः शुभम् ।।३।।
विदर्भदेशे राजाऽभूद् दानशूरो महाबली ।
नाम्ना भीम इति ख्यातो दाता भीमपराक्रमः ।
कौण्डिन्यनगरे तस्य निवासोऽभून्महामते ।।४।।
सामन्ताः करदा यस्य करदा इतरे नृपाः ।
वाजिनां वारणानां च पत्तीनां कोटयो दश ।।५।।
रथानामग्रतो यान्तं यान्ति तत्पृष्ठतोऽपि च ।
ब्राह्मणानां सहस्राणि यमाश्रित्य मुदं ययुः ।।६।।
तस्य भार्या महाभागा नाम्नाऽभूच्चारुहासिनी ।
विकसत्पद्मवदना मृगशावकलोचना ।।७।।
ब्रह्मण्या दैवतपरा नित्यं धर्मपरायणा ।
पतिव्रता पतिप्राणा पतिवाक्यरता सदा ।।८।।
अपुत्रा दैवयोगेन जाता सा वरवर्णिनी ।
तां निरीक्ष्य तदा भीमश्चारुसर्वाङ्गशोभिनीम् ।।९।।
अवदद् दुःखितो वाक्यं पुत्रहीनो नृपोत्तमः ।
सर्वं राज्यं परित्यज्य गन्तव्यं वनमुत्तमम् ।।१०।।
अपुत्रस्य गतिर्नैव स्वर्गो वा सुखमेव च ।
देवा हव्यं न गृह्णन्ति पितरः कव्यमेव च ।।११।।
वृथा मे जननी जन्म पिता गेहं धनं कुलम् ।
विफलं सकलं कर्म विना पुत्रेण निश्चितम् ।।१२।।

भृगुले भन्नुभयो - ब्रह्माजीका मुखबाट यो आख्यान र षडक्षरी मन्त्रको विधिसमेत सुनेर नअघाएका वेदव्यासले फेरि उहाँसँग निवेदन गर्नुभयो ।

व्यासले भन्नुभयो - मैले हजुरका मुखारविन्दबाट सिद्धक्षेत्रको महिमा र पापनाशक, कामनापूरक एवं पुण्यवर्धक श्रीगणेशको माहात्म्य सुनें । हे विधाता ! फेरि पनि मलाई श्रीगणेशका कथा सुनाउनुहोस् । कथारूपी अमृतलाई जति पटक पान गर्दा पनि म अघाएको छैन ।।१-२।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! अब म तपाईँलाई देवताहरूका पनि देवता, अन्तर्यामी श्रीगणेशको पवित्र कथा सुनाउँछु।।३।। अघि विदर्भ देशमा दानशूर, महाबली, उदार र पराक्रमी भीमनामक राजा थिए । अत्यन्त बुद्धिमान् ती राजाको बसाइँ कौण्डिन्यनगरमा थियो ।।४।। ती भीम राजालाई सामन्त र अरू राजाले पनि कर तिर्ने गर्दथे। दश करोड हात्ती सेना, घुडसवार सेना र पैदल सेना यिनका अघि-पछि लाग्दथे । हजारौं ब्राह्मण भीम राजाको आश्रयमा बस्न पाएर प्रसन्न थिए ।।५-६।। ती राजाकी भाग्यवती रानीको नाम चारुहासिनी थियो । ती रानी विकसित कमलसमान सुन्दर अनुहार भएकी, मृगका बच्चाका जस्ता चञ्चल र सुन्दर आँखाले सुहाएकी, ब्राह्मणमा भक्ति गर्ने, देवाराधनामा तत्पर, धर्मपरायण, पतिव्रता, पतिकी पियारी र पतिकी आज्ञापालिका थिइन् ।।७-८।। ती रानी दैवयोगले पुत्रहीन थिइन् । अङ्गप्रत्यङ्गमा सौन्दर्य भरिएकी ती रानीलाई पुत्रहीन र चिन्तित देखेर दुःखित राजा भीम भन्न लागे - हे रानी ! अब सबै राज्य परित्याग गरी वन जानु नै सर्वोत्तम उपाय हो। पुत्रहीन मानिसको गति हुँदैन, स्वर्गप्राप्ति हुँदैन र सुख पनि हुँदैन । हवन गरेको हव्य देवताले ग्रहण गर्दैनन् र श्रद्धापूर्वक दिएको कव्य पितृहरूले स्वीकार गर्दैनन् ।।९-११।। पुत्र नहुनाले मजस्तो अभागीलाई जन्म दिने आमा र बुबाको प्रयास पनि विफल भयो । मेरो जन्म विफल भयो । वास्तवमा मेरा घर, धन, कुल र कर्मसमेत विफल भए ।।१२।। यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स एवं निश्चयं कृत्वा द्वावमात्यौ समाह्वयत् ।
मनोरञ्जननामैकः सुमन्तुनामकोऽपरः ।।१३।।
आन्वीक्षिकीं त्रयीं वार्त्तां जानन्तौ षोडशीः कलाः ।
आगत्य तत्क्षणादेव नृपन्तं नेमतुर्मुने ।।१४।।
तावुवाच ततो भीमो राज्यं मे परिपाल्यताम् ।
मम वा मम पत्न्या वा दुरितं पूर्वजन्मजम् ।।१५।।
तेन नौ नास्ति सन्तानमुभयत्र सुखावहम् ।
यद्यहं पुनरागन्ता तदा तन्मम दीयताम् ।।१६।।
नो चेदुभाभ्यां मे राज्यं विभज्य परिगृह्यताम् ।
एवं निश्चित्य स नृपः स्वस्तिवाचनपूर्वकम् ।।१७।।
कृत्वा दानानि बहुशो ब्राह्मणेभ्यो ययौ पुरात् ।
सपत्नीको नृपवरोऽमात्याभ्यां सह नागरैः ।।१८।।
गव्यूतिमात्रं गत्वा तु विससर्जाखिलाँस्तदा ।
अमात्यावूचत् राजन्नावां यावः सहैव ते ।।१९।।
सुहृदो नागराश्चैव रुरुदुर्भृशदुःखिताः ।
तानुवाच न भीः कार्याऽमात्यौ वोऽधिपतीकृतौ ।।२०।।
यथाहं वस्तथैवैतौ पालनं सङ्करिष्यतः ।
इति तान् समनुश्वास्य तावुवाच पुनर्नृपः ।।२१।।
दत्तं राज्यं भवद्भ्यां मे रक्षतं सर्वथा पुरम् ।
इति सर्वान् विसृज्यैव सपत्नीको ययौ पुरात् ।।२२।।
भ्रममाणो ददर्शैकं कासारं कमलैर्युतम् ।
पुष्पितद्रुमसंशोभि नानाजलचरान्वितम् ।।२३।।
ततोऽस्य निकटे रम्यमाश्रमं पश्यतः शुभम् ।
राजा च राजपत्नी च सर्वानन्दविवर्धनम् ।।२४।।
यत्र वैरं न चक्रुस्ते जातिवैरा गजादयः ।
सिंहाश्च नकुलाः सर्पा बिडाला मूषकादयः ।।२५।।
ददृशतुस्तत्र मुनिं विश्वामित्रं कुशासने ।
शिष्यैः परिवृतं शान्तं वेदाध्ययनतत्परैः ।।२६।।

निश्चय गरेर ती राजाले मनोरञ्जन र सुमन्तु नामक आफ्ना दुई जना मन्त्रीलाई आफ्नो समीपमा बोलाए ।।१३।। श्रुति, आन्वीक्षिकी, वाणिज्य एवं कलाशास्त्रका ज्ञाता ती मन्त्रीहरूले तुरुन्तै राजाको समक्षमा आएर प्रणाम गरे ।।१४।। राजा भीमले तिनलाई सम्बोधन गर्दै भने- अब तिमी दुबैले राज्यको पालन गर । मेरो अथवा मेरी रानीको पूर्वजन्मको कुनै पाप रहेछ। त्यसले गर्दा हाम्रा लागि दुबै लोकमा सुख दिने सन्तान भएन । म वनमा जान्छु । कुनै समयमा वनबाट फर्केर आएँ भने तिमीहरूले यो राज्य मलाई फिर्ता गर्नेछौ ।।१५-१६।। म नआएमा तिमी दुबैले यो राज्य आपसमा बाँडेर भोग गर्नेछौ। यसरी मन्त्रीहरूको जिम्मामा राज्य सुम्पेर वन जाने निश्चय गरी ती राजा भीमले स्वस्तिवाचनपूर्वक अनेक ब्राह्मणहरूलाई दान दिएर राजधानीबाट पत्नी, दुई मन्त्री र केही नगरवासीहरूका साथ वनका लागि प्रस्थान गरे ।।१७-१८।। दुई कोश बाटो हिंडेपछि राजा भीमले ती सबै प्रजा, मित्र र मन्त्रीहरूलाई बिदा गरे । त्यस बेला ती मन्त्रीहरूले भने- हे राजन्! हामीहरू पनि हजुरसँगै वन जान्छौं ।।१९।। मित्र र नगरवासीहरू पनि वियोगका दुःखले साह्रै रोए । राजाले प्रजाजनलाई भने - तिमीहरूले कुनै डर नमान । यी दुबै मन्त्रीलाई मैले तिमीहरूका शासक बनाएको छु। जसरी मैले राज्यको रक्षा गरिरहेको थिएँ त्यसैगरी यिनले पनि राज्यको रक्षा गर्नेछन् । यसरी प्रजालाई सान्त्वना दिएपछि राजा भीमले ती मन्त्रीहरूलाई भने - 'मैले मेरो राज्य तिमीहरूलाई सुम्पेको छु । अब तिमीहरूले सर्वात्मना समर्पित भएर राज्यको रक्षा गर ।' यसरी अह्राएपछि ती राजाले सबैसँग बिदावारी भई नगरबाट सपत्नीक प्रस्थान गरे ।।२०-२२।। वनमा घुम्दै जाँदा भीम राजाले एक दिन कमलका फूलले भरिएको, फुलिरहेका फूलका वृक्षले शोभायमान र अनेक थरि जलचर प्राणीको क्रीडाभूमिका रूपमा रहेको तलाउ देखे ।।२३।। ती दम्पतीले त्यस तलाउकै नजिकमा एउटा मङ्गलमय र हृदयमा आनन्दसञ्चार गराउने सुन्दर आश्रम पनि देखे ।।२४।। जुन आश्रममा रहेका जाति वैरी- सिंह, न्याउरीमूसो, सर्प, बिराला, मूसा आदि जनावरले आपसमा वैर गर्दैनथे । त्यस आश्रममा ती राजा-रानीले कुशको आसनमा विराजमान, वेदाध्ययनमा तत्पर शिष्यहरूले घेरिएका र शान्त स्वभावका विश्वामित्र मुनिलाई देखे ।।२५-२६।। हात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रणिपत्य महात्मानं कृताञ्जलिपुटावुभौ ।
पुनः पुनर्नमस्कारान् पादौ धृत्वा प्रचक्रतुः ।।२७।।
उत्थाप्य मुनिशार्दूलो विश्वामित्रस्तपोनिधिः ।
उवाच श्लक्ष्णया वाचा विज्ञातार्थो नृपं तदा ।।२८।।

विश्वामित्र उवाच

भविता ते सुतो राजन् गुणयुक्तो महायशाः ।
कुतस्त्वमागतः किं ते नगरं नाम तद् वद ।।२९।।
ततस्ते पापनाशार्थं यतिष्ये नृपसत्तम ।

भीम उवाच

विदर्भविषये स्वामिन् ! कौण्डिन्यं नगरं मम ।।३०।।
भीम इत्येव मे नाम पत्नीयं चारुहासिनी ।
पुत्रार्थं च कृतो यत्नस्तपोदानव्रतादिभिः ।।३१।।
नागता करुणा देवे पूर्वजन्मकृतादघात् ।
त्यक्त्वा राज्यं वने यातौ दृष्टौ त्वच्चरणौ मुने ।।३२।।
भ्रमन् वनानि बहुशो दैवेनेहोपसादितः ।
साधूनां सङ्गतिः सद्यो ददाति फलमुत्तमम् ।।३३।।
अतो मे भवदाशीर्भिर्जातः पुत्रो न संशयः ।
विद्याव्रततपोदानयज्ञस्वाध्यायकारिणः ।।३४।।
दयादमवतस्तेऽद्य नाशीर्व्यर्था भवेन्मुने ।
परन्तु कलुषं मे किं पूर्वजन्मकृतं मुने ।।३५।।
वद तत्र प्रतीकारं सर्वज्ञोऽसि मतो मम ।।

ब्रह्मोवाच

इति तस्य वचः श्रुत्वा विश्वामित्रो महामुनिः ।
तस्मै राज्ञे पूर्वकथां कथयामास सादरम् ।।३६।।

विश्वामित्र उवाच

कुलधर्मास्त्वया त्यक्ताः श्रीमदान्धेन दुर्मते ।
वेदे शास्त्रे पुराणे च लौकिके च प्रतिष्ठिताः ।।३७।।
ते सर्वे पूर्वजा नित्यं पुपूजुर्गणनायकम् ।
तस्य क्रोधवशान्नैव सन्ततिस्तव जायते ।।३८।।
येन ते कुलदेवत्वं सम्प्राप्तोऽसौ गजाननः ।
भणैतत्ते महावीर! श्रृणु सादरमादितः ।।३९।।

जोडेका ती राजदम्पतीले झुकेर पाउ स्पर्श गरी उनलाई बारबार प्रणाम गरे ।।२७।। मुनिश्रेष्ठ र तपोनिधि विश्वामित्र ऋषिले राजाको आशय बुझी राजालाई भुइँबाट उठाएर मधुरवाणीद्वारा सम्बोधन गर्दै भन्नुभयो ।।२८।।

विश्वामित्रले भन्नुभयो – हे राजन् ! तपाइँ कहाँबाट आउनुभयो ? तपाइँको नगरको नाम के हो ? तपाइँले चिन्ता मान्नुपर्दैन । यसपछि तपाइँको कोखमा गुणवान् र यशस्वी पुत्रको जन्म हुनेछ । म तपाइँको पापनाश गर्न प्रयत्न गर्नेछु।

भीम राजाले भने – हे महर्षि ! विदर्भ देशमा रहेको कौण्डिन्यनगर मेरो नगर हो ।।२९-३०।। मेरो नाम भीम हो भने मेरी पत्नीको नाम चारुहासिनी हो । हामीले पुत्रप्राप्तिका लागि तपस्या, दान र व्रत गर्‍यौं । पूर्वजन्ममा गरेको पापका कारण हामीप्रति परमेश्वरको हृदयमा दया जागेन । त्यस कारण हामी पुत्रहीन छौं । अहिले राज्यत्याग गरी हामी वनमा आएका छौं र सौभाग्यले हजुरका चरणकमलको दर्शन गर्ने अवसर प्राप्त गर्‍यौं ।।३१-३२।। वन-वनमा घुम्दाघुम्दै दैवले हामीलाई यहाँ ल्याइपुर्‍यायो । सज्जनको सङ्गतिले छिटै उत्तम फल दिने कुरामा म विश्वस्त छु ।।३३।। हजुरको आशीर्वादबाट छोरा जन्मिने छ भन्ने कुरामा पनि मैले कत्ति सन्देह मानेको छैन । विद्या, व्रत, तपस्या, दान, यज्ञ र स्वाध्यायमा अखण्डरूपमा लागिरहने दया र इन्द्रियदमनजस्ता गुणहरूबाट सुहाउनुभएका हजुरको आशीर्वाद खेर जाँदैन । परन्तु मैले पूर्वजन्ममा गरेको पाप कुन हो ? र त्यसको प्रतिकार गर्ने उपाय के हो ? त्यसबारे मलाई जानकारी गराइदिनुहोस् । किनकि हजुर सर्वज्ञ हुनुहुन्छ।

ब्रह्माजीले भन्नुभयो – राजा भीमका ती कुरा सुनेर महामुनि विश्वामित्रले राजालाई आदरपूर्वक पूर्वकथा सुनाउन आरम्भ गर्नुभयो ।।३४-३६।।

विश्वामित्रले भन्नुभयो– हे राजन् ! पूर्वजन्ममा तपाइँले ऐश्वर्यमत्त भएर वेद, शास्त्र, पुराण र लोकपरम्परामा आश्रित कुलधर्मको त्याग गर्नुभयो। तपाइँका पूर्वजहरूले नित्य गणनायक भगवान्को पूजा गर्ने गर्दथे, तपाइँले गर्नुभएन । तपाइँप्रति श्रीगणेश रिसाउनुभयो र तपाइँलाई सन्तान भएनन् । किनकि भगवान् श्रीगणेश तपाइँका कुलदेवता हुनुहुन्थ्यो । उहाँको तिरस्कारबाट कल्याण हुने कुरा भएन । हे वीर! अब म तपाइँको पूर्वजन्मका विषयमा शुरुदेखि नै बताउँछु।।३७-३९।। हे राजा भीम !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तमः पुरुषस्त्वत्तः पूर्वं भीमो नृपोऽभवत् ।
रूपबान्धवसम्पन्नो वल्लभो नाम सत्तमः ।
तस्यापि बहुकालेन शिशुरेकोऽभवन्नृप ।।४०।।

अथ तस्याऽभवद् देहो मूको बधिर एव च ।
अतिदुर्गन्धवत्पूयस्त्राववान् कुब्ज एव च ।।४१।।

तं दृष्ट्वा जननी तस्य कमला दुःखिता भृशम् ।
अचिन्तयत् स्वान्तमध्ये लोके सम्यगपुत्रता ।।४२।।

नैतादृशं पुत्रवत्त्वं श्लाघ्यं दुःखकरं भृशम् ।
मरणं मे विधात्रा किं नास्य वा क्रियतेऽधुना ।।४३।।

कथं वा मुखमद्याऽहं दर्शयिष्ये सुहृज्जनान् ।
एवं विलपती दुःखाद् रुरोद भृशदारुणम् ।।४४।।

श्रुत्वा तद् रुदितं भर्ता सूतिकागारमागमत् ।
दृष्ट्वा तथाविधं बालं भृशं पत्नीं च दुःखिताम् ।।४५।।

बभाण मृदुवाक्येन सान्त्वयन् कर्ममार्गवित् ।
मा दुःखं कुरु कल्याणि कर्मणां गतिरीदृशी ।।४६।।

पूर्वजन्मकृतात् पापाज्जायते दुःखभाङ् नरः ।
दुःखवान् सुखमाप्नोति सुखवानपि तत् पुनः ।।४७।।

न हि शोच्यो हि बालोऽयं समीचीनो भविष्यति ।
यथास्य पूर्ववृत्तं स्यात् तथैवास्य भविष्यति ।।४८।।

वयं च प्रयतिष्यामो मणिमन्त्रमहौषधैः ।
तपोभिश्च जपैर्देवपूजायात्राविधानतः ।।४९।।

सम्यक्कर्तुं शिशुं सुभ्रूः प्रस्तुतं यत्समाचर ।
एवं प्रबोधिता साध्वी त्यक्त्वा शोकं शिशुं ततः ।।५०।।

क्षालयित्वा जलैस्तं तु जहर्ष सखीभिः सह ।
सर्वमाभ्युदयं चक्रे पुत्रस्य जननोचितम् ।।५१।।

पूजयामास विप्रान् स सा तत् पत्न्यो ह्यनेकशः ।।५२।।

तपाइँदेखि सात पुस्ता अघिका राजपुरुषको नाम वल्लभ थियो । उनी स्वरूप र इष्ट-मित्रले सम्पन्न थिए। विवाहका अनेकौं वर्ष बितेपछि मात्र तिनलाई एउटा छोरा जन्मियो । परन्तु त्यो बालक लाटो, बहिरो र कुजो थियो । त्यतिमात्र होइन त्यो शरीरबाट दुर्गन्ध आउने रोगले ग्रस्त पनि थियो । त्यसका शरीरबाट निरन्तर रगत र पीप बगिरहन्थ्यो । बालकलाई त्यस रूपको देखेर आमा कमला अत्यन्त दुःखित थिइन् । उनले मनमा विचार गरेकी थिइन्- 'संसारमा अपुत्र भएर रहन बरु वेस हुन्छ तर यस्तो पुत्रबाट पुत्रवान् अथवा पुत्रवती हुनु कलङ्कित हुनु हो र दुःख पाउनुमात्र हो। विधाताले मलाई अथवा बालकलाई किन मार्दैनन् ? मैले आफन्त र मित्रका सामु अब कसरी मुख देखाऊँ?' यसरी सूतिकागारमा बसी विलाप गर्ने ती रानी एकान्तमा धेरै बेरसम्म रोइरहिन्।।४०-४४।। रानीको रोदन सुनेर राजा वल्लभ सूतिकागारमा आए । कर्ममार्गका ज्ञाता राजा वल्लभले विरूप बच्चा देखेर रोइरहेकी रानीलाई मीठा वचनद्वारा सम्झाउँदै भने - हे कल्याणी ! तिमीले दुःख नमान । कर्महरूको गति यस्तै हुन्छ । पूर्वजन्ममा गरेका पापका कारण मानिसले दुःख भोग गर्नुपर्दछ । संसारमा कर्मका कारण नै दुःखी मानिस सुखी बन्न सक्छ र सुखी मानिस पनि दुःखमा पर्न सक्दछन्।।४५-४७।। यस बालकलाई देखेर तिमीले चिन्ता नगर, पछि यो बालक राम्रो हुनेछ । हे सुन्दरी! यसले पूर्वजन्ममा जस्तो आचरण गरेको छ त्यस्तै फल प्राप्त गर्नेछ । हामी मणि, मन्त्र, औषधि, तपस्या, जप, देवार्चना, देवयात्रा आदि विधानबाट यसलाई राम्रो तुल्याउन प्रयास गर्नेछौं । अहिले तिमीले माताले गर्नुपर्ने कर्तव्यको पालन गर। यसरी श्रीमानबाट उपदेश पाएपछि ती रानीले चिन्ता छाडेर पानीले शिशुलाई स्नान गराइन् र सखीहरूका साथ खुसी पनि मनाइन्। राजाले पुत्रजन्मको उपलक्ष्यमा सबै माङ्गलिक कार्य सम्पन्न गरे । राजा, रानी र अरू रानीहरूले समेत ब्राह्मणहरूको स्वागत, सत्कार र सम्मान पनि गरे ।।४८-५२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे कमलापुत्रवर्णनामैकोनविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'रानी कमलाको कोखबाट विरूप पुत्रजन्म' शीर्षकान्वित उन्नाइसौं अध्याय पूर्ण भयो ।।१९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विंशोऽध्यायः { २० अध्याय }

ब्रह्मोवाच

ततः स ब्राह्मणान् साधून् दैवज्ञान् वेदनिष्ठितान् ।
आकार्य प्रतिपूज्यादौ रत्नवासोधनादिभिः ।।१।।

पृष्ट्वा तान् दक्ष इत्येव नाम चक्रे सुतस्य सः ।
जपमन्त्रप्रयोगाँश्च चकारौषधसञ्चयान् ।।२।।

स्वयञ्च द्वादशाब्दानि चकार परमं तपः ।
पुत्ररोगविमुक्त्यर्थं स्वसन्तानस्य वृद्धये ।।३।।

नापश्यद् रोगनिर्मुक्तं पुत्रं तं स यदा नृपः ।
तदा निर्वेदमापन्नो जगाद क्रोधमूर्च्छितः ।।४।।

गच्छ मे भवनाद् राज्ञि कमले ! पुत्रसंयुता ।
नेमं पुत्रं न च त्वाहं द्रष्टुं शक्त इतः परम् ।।५।।

इति निर्भर्त्सिता तेन वल्लभेन तदा सुतम् ।
आदाय कमला तस्मान्नगरात् प्रस्थिता वनम् ।।६।।

रुदती शोकसंविग्ना दुःखिताश्रु प्रमार्जती ।
वहन्ती पृष्ठभागे तं क्षुत्तृट्श्रमविकर्षिता ।।७।।

ग्रामाद् ग्रामान्तरं याता भिक्षाचारा भृशातुरा ।
तस्करैर्लुण्ठितं तस्या वसनं भूषणादिकम् ।।८।।

ततो ग्रामान्तरं गत्वा न्यस्य पुत्रं शिवालये ।
भिक्षार्थै पुरमध्ये सा बभ्राम नृपवल्लभा ।।९।।

कदाचित् सह पुत्रेण भिक्षितुं सा पुरं ययौ ।
कस्यचिद् द्विजमुख्यस्य वायुस्पर्शेन सोऽर्भकः ।।१०।।

भक्तेरतिशयात् साक्षात्कृतो लम्बोदरेण सः ।
चक्षुष्मान् श्रुतिसम्पन्नो दिव्यदेहोऽभवत् तदा ।।११।।

जहर्ष कमला त्यक्त्वा सर्वं दुःखं निरीक्ष्य तम् ।
मञ्जुलां सुखदां वाचमुच्चरन्तं मुहुर्मुहुः ।।१२।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि राजा वल्लभले ब्राह्मण, साधु, ज्योतिषी र श्रोत्रियहरूलाई निमन्त्रित गरी रत्न, वस्त्र, धन आदिद्वारा स्वागत-सत्कार गरेर तिनकै निर्देशनअनुसार भर्खर जन्मेका बालकको दक्ष भन्ने नामकरण गरे । त्यस बालकलाई स्वस्थ र सुन्दर तुल्याउन जप, मन्त्रको प्रयोग र औषधोपचार पनि गरे ।।१-२।। स्वयं राजा वल्लभले छोराको रोगमुक्ति र सन्तानको वृद्धिका लागि बाह्र वर्षसम्म परम तपस्या पनि गरे। त्यति गर्दा पनि छोराको रोग निर्मूलन नहुँदा उनलाई ठूलो निर्वेद भयो । अनि रिसाएर उनले रानीलाई भने - हे कमला ! तिमी मेरो घरबाट छोरा लिएर बाहिर निस्क । म अब तिमीलाई र तिमीले जन्माएको यो विरूप छोरालाई हेर्न चाहन्नँ ।।३-५।। राजा वल्लभले यसरी गर्जेर तर्जना गरेपछि कमला पनि छोरालाई साथमा लिएर त्यस नगरबाट वनतर्फ लागिन् ।।६।। रोइरहेकी, शोकले सुकेकी, दुःखित, आँखाबाट बगिरहेका आँसु पुछ्दै गरेकी, छोरालाई पीठ्यूँमा राखेर भौंतारिंदा भोक र प्यासले व्याकुल भएकी ती कमला एउटा गाउँबाट अर्को गाउँमा घुमिरहेकी थिइन् । तिनले भिक्षा मागेर पेटको आगो निभाइरहेकी थिइन् र साह्रै आतुर अवस्थामा थिइन् । त्यो विपत्तिको अवस्थामा पनि वनका बीचमा तिनीमाथि डाँकाहरूले आक्रमण गरी तिनीसँग भएका वस्त्र र गहना लुटे ।।७-८।। त्यसपछि ती कमला कुनै गाउँमा पुगिन् र त्यहाँको शिवालयमा छोरालाई राखेर भिक्षा माग्न नगरमा डुलिन् ।।९।। कुनै दिन रानी कमला आफ्नो छोरालाई पीठ्यूँमा राखेर भिक्षा माग्न नगरमा गएकी थिइन् । त्यस बेला कुनै उत्तम ब्राह्मणका शरीरको हावाको स्पर्श र भगवान् श्रीगणेशमा अतिशय भक्तिका कारण प्रभु श्रीगणेशको कृपादृष्टि पर्नाले त्यो बालक आँखाले देख्न सक्ने र कानले सुन्न सक्ने हुनुका साथै सुन्दर स्वरूपले सम्पन्न पनि भयो ।।१०-११।। दिव्य देहसम्पन्न बालकले मीठो वाणी उच्चारण गरिरहेको देखेर कमलाले सबै दुःख बिर्सी परम हर्षको अनुभव गरिन् ।।१२।। त्यस बेला तिनले तर्कना गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्कयामास कमला मणिमन्त्रमहौषधैः ।
अनुष्ठानैर्महाहोमैर्न सम्यग् यो बभूव ह ।।१३।।

स कथं मारुतस्पर्शात् समीचीनोऽभवत् सुतः ।
अथं तं पुरुषं क्वाहं द्रक्ष्ये दुष्कर्मनाशनम् ।।१४।।

इत्युक्त्वा सुतमालिङ्ग्य सा तस्थौ विगतज्वरा ।
तमादाय गता भिक्षां कर्तुं तन्नगरे पुनः ।।१५।।

नागरा भोजयामासुरुभावामन्त्र्य सादरम् ।
नानापक्वान्नशाकाद्यैः शर्कराघृतपायसैः ।।१६।।

एवं प्रतिदिनं तौ तु भुक्त्वानुदिवसं मुदा ।
आपतुर्धनवस्त्राणि नूतनानि वराणि च ।।१७।।

तमपृच्छन्नागरिकः पितुस्ते नाम मे वद ।
को देशः किं पुरं ज्ञातिः का च ते वृत्तमेव च ।।१८।।

इति तद्गिरमाकर्ण्य दक्षो नाम तमब्रवीत् ।
ततो मातरमागम्य पितरं नगरं कुलम् ।।१९।।

वृत्तञ्च परिपप्रच्छ ततस्तं पुनरब्रवीत् ।
कर्नाटे भानुनगरे वल्लभो मे पिता महान् ।।२०।।

क्षत्रियो बलसम्पन्नः ख्यातो रिपुबलार्दनः ।
तस्येयं कमला जाया सुतोऽहं दक्षसंज्ञकः ।।२१।।

उत्पन्नोऽहं यदा ब्रह्मन्नन्धो बधिर एव च ।
अनेकक्षतसम्पन्नो माता त्यक्तुं तदोद्यता ।।२२।।

पित्रा निषेधिता सा च यत्नं बहु तथाऽकरोत् ।
द्वादशाब्दं तपस्तप्त्वा पिता पुण्यं न्यवेदयत् ।।२३।।

न च मे पाटवं देहे पश्यति स्म पिता यदा ।
तदा विसर्जयामास मातरं माञ्च नागर ।।२४।।

इति सर्वं जगौ तस्मै दक्षो मातृमुखोद्गतम् ।
अत्राऽहं सुभगो जातो वायुस्पर्शेन कस्यचित् ।।२५।।

थालिन् - 'मणि, मन्त्र, औषधिको प्रयोग, मन्त्रको अनुष्ठान र होमबाट पनि यो बालक स्वस्थ हुन सकेन तर आज कुनै ब्राह्मणका शरीरको हावाको स्पर्शबाट मात्र कसरी सुन्दर र स्वस्थ भयो ? ती पवित्र र दुष्कर्मनाशक ब्राह्मणलाई कहाँ गएर भेटूँ ।' यसरी तर्कना गर्दै तिनले छोरालाई आलिङ्गन गरिन् र चिन्तामुक्त भइन् । एक दिन ती भिक्षा गर्न नगरमा पुगिन् ।।१३-१५।। नगरवासी सज्जनहरूले आमा-छोरा दुबैलाई आदरपूर्वक आमन्त्रण गरी मीठा-पकवान, उत्तम व्यञ्जन, चिनी, घ्यू र खीर टक्र्याई राम्ररी भोजन गराए।।१६।। यो रीति दिनदिनै चल्यो । यसरी प्रतिदिन आनन्दले भोजन गर्दै ती दुबैले धन, नयाँ र उत्तम वस्त्र पनि प्राप्त गरे ।।१७।। कुनै दिन त्यहाँ एउटा नागरिकले बालकलाई तिम्रो पिताको नाम के हो ? तिमी कुन देशका मानिस हौ ? तिम्रो कुन परिवार हो ? र तिमीहरू यहाँ किन आएका छौ ? भनेर सोध्यो ।।१८।। नागरिकको प्रश्न सुनेर त्यो बालकले मेरो नाम दक्ष हो भन्यो । त्यसपछि आफ्नी आमाका नजिक आएर पिता, नगर, कुल र घुम्नुको कारणबारे जिज्ञासा प्रकट गऱ्यो । आमाले सबै कुरा बताएपछि त्यस बालकले प्रश्न सोध्ने नागरिकलाई भन्यो- हे भद्रजन! कर्नाटक देशको भानुनगरमा बसोवास गर्ने महान् राजा वल्लभ मेरा पिता हुनुहुन्छ।।१९-२०।। उहाँ क्षत्रियश्रेष्ठ, बलवान्, विख्यात र शत्रुनाशक राजा हुनुहुन्छ । उहाँकी रानी अर्थात् मेरी आमाको नाम कमला हो। म उहाँको पुत्र दक्ष हुँ।।२१।। जुन वेला म जन्में, त्यस बेला अन्धो र बहिरो पनि थिएँ । मेरा शरीरमा धेरै घाउ थिए । मेरी आमाले मलाई विरूप जानेर फ्याँक्न खोज्नुभयो, त्यस बेला मेरा पिताले निषेध गर्नुभयो। मेरा पिता वल्लभले मलाई निको गराउन धेरै उपायका साथै बाह्र वर्षसम्म तपस्या पनि गर्नुभयो र आफूले प्राप्त गरेको पुण्य मेरो स्वास्थ्यका लागि सुम्पनु भयो ।।२२-२३।। त्यसरी पुण्य दान प्राप्त गर्दा पनि मेरो शरीरमा कुनै अन्तर नआएको देखेर उहाँले मेरी आमाका साथ मलाई पनि घरबाट निकाला गरिदिनुभयो ।।२४।।' यी सबै कुरा माताबाट थाहा पाएर त्यो बालक दक्षले ती नागरिकलाई बताएको थियो । बालकले फेरि भन्यो- 'हे नागरिक सज्जन! यहाँ आउँदा कुनै तपस्वी ब्राह्मणका शरीरको वायुस्पर्श पाएर म सुन्दर भएको छु ।।२५।।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वैवं तु गते तस्मिन् पुरुषे पुरवासिनि ।
दक्षो जगाम त्वरितो मातरं प्रतिनन्दयन् ।।२६।।

यसरी बालकले बताएपछि त्यो नागरिक कतै लाग्यो । बालक दक्ष पनि हतारिँदै सहर्ष आफ्नी आमाका सामु आयो ।।२६।।

ततस्तन्नगरे तौ द्वावुपदिष्टौ द्विजन्मना ।
गणेशाराधनविधौ करुणायुतचेतसा ।।२७।।

त्यसपछि त्यस नगरमा बस्ने कुनै दयालु ब्राह्मणले ती आमा-छोरालाई भगवान् श्रीगणेशको आराधना गर्ने विधि सिकाए ।।२७।।

ततः सा कमला दक्षो निर्वाणं परमास्थितौ ।
एकाङ्गुष्ठेन तपसा गणेशाराधने रतौ ।।२८।।

देवनामचतुर्थ्यन्तमोङ्कारपल्लवान्वितम् ।
अष्टाक्षरं परं मन्त्रं जपन्तौ भक्तितत्परौ ।।२९।।

ब्राह्मणबाट आराधना विधिको उपदेश पाएपछि ती दुबैले परम आनन्दको अनुभव गरे । त्यसपछि ती दुबै आ-आफ्ना खुट्टाको एउटा बूढी औंलाले मात्र जमिनमा टेकेर **ॐ गं गणपतये नमः** यस्तो रूप भएको ॐकारसहित चतुर्थी विभक्ति अन्तमा रहेको आठ अक्षरको परम मन्त्र जप्दै श्रीगणेशको भक्तिमा तत्पर भए ।।२८-२९।।

वायुभक्षौ शुष्कतनू निरीक्ष्य भगवाँस्तदा ।
आविरासीत् तयोरग्रे करुणाब्धिर्विनायकः ।।३०।।

यसरी केवल वायुपान गरी जप गरिरहेका र दुर्बल शरीर भएका ती आमा-छोरालाई देखेर करुणासागर भगवान् श्रीगणेश तिनका सामु प्रकट हुनुभयो ।।३०।।

चतुर्भुजो महाकायो वारणास्योऽतिसुन्दरः ।
अनेकसूर्यसङ्काशो निशि सूर्य इवोदितः ।।३१।।

रत्नकाञ्चनमुक्तावन्मुकुटभ्राजिमस्तकः ।
पीतकौशेयवसनो हाटकाङ्गदभूषणः ।।३२।।

एकजानुनिपातेन सन्निविष्टो महासने ।
कटिसूत्रं काञ्चनीयं मुद्रिकां रत्नसंयुताम् ।।३३।।

महाहिं जठरे बिभ्रदेकदन्तं गजार्धकम् ।
एवं रूपं ददृशतुः पुनश्च द्विजरूपिणम् ।।३४।।

जगाद स द्विजस्तौ तु भवन्निर्वाणतोषितः ।
आगतोऽहं वरं दातुं वृणु तं मनसीप्सितम् ।।३५।।

ती दुबैले त्यस बेला चतुर्बाहु, विशालकाय, गजानन, अतिमोहक, अनेक सूर्यको तेजले सम्पन्न, रातमा उदाएका सूर्यका समान, रत्न, सुवर्ण र मोतीको हारले अलङ्कृत मुकुटका कारण रमणीय मस्तक भएका, पहेंला रेशमी वस्त्र धारण गर्नुहुने, स्वर्णमय केयूरद्वारा विभूषित, एउटा घुँडा मारेर महासनमा विराजमान, स्वर्णमय कन्धनी र रत्नमय औंठी धारण गर्नुहुने, ठूलो सर्पलाई कम्मरमा बेर्नुभएका, एकदन्त, हात्तीको मुख र सूँढले शोभायमान भगवान् श्रीगणेशको दर्शन गरे । श्रीगणेशको त्यो रूप तत्कालै एउटा ब्राह्मणका रूपमा परिणत भयो । ब्राह्मणले भने - तिमीहरूको आराधनाबाट प्रसन्न भई वर प्रदान गर्न म समीपमा आएको छु । आफ्नो मनले चाहेको कुरा माग ।।३१-३५।।

विश्वामित्र उवाच

एवं प्रसन्ने विघ्नेशे प्रत्यक्षे द्विजरूपतः ।
ननाम परया भक्त्याऽभणद् बद्धाञ्जलिश्च तम्।।३६।।

विश्वामित्रले भन्नुभयो- प्रसन्न भई ब्राह्मणरूप भगवान् श्रीगणेशको साक्षात् दर्शन पाएपछि दक्ष नामक बालकले परम भक्तिपूर्वक उहाँलाई प्रणाम गरी हात जोडेर भने ।।३६।।

दक्ष उवाच

पूर्वजन्मकृतं पुण्यं फलितं मे द्विजोत्तम ।
यन्मयाऽदर्शि रूपं ते द्विविधं परमं महत् ।।३७।।

वैनायकञ्च वैप्रञ्च जन्म मेऽजनि सार्थकम् ।
कारणानां परं त्वञ्च कारणं छन्दसामपि ।।३८।।

दक्षले भने - हे उत्तम ब्राह्मण ! मेरा पूर्वजन्मको पुण्य फलीभूत भएको छ । तसर्थ मैले हजुरका महत्त्वपूर्ण दुई स्वरूपको साक्षात्कार गर्न पाएँ । तीमध्ये एउटा स्वरूप विनायकरूप हो भने अर्को स्वरूप ब्राह्मणरूप । ती दुबैको दर्शन गरेर मेरो जन्म सार्थक भएको छ । हे श्रीगणेश ! हजुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परं ज्ञेयं परं ब्रह्म श्रुतिमृग्यं सनातनम् ।
त्वमेव साक्षी सर्वस्य सर्वस्यान्तर्बहिस्तथा ।।३९।।

त्वमेव कर्ता कार्याणां लघुस्थूलशरीरिणाम् ।
नानारूप्येकरूपी त्वं नीरूपश्च निराकृतिः ।।४०।।

त्वमेव शङ्करो विष्णुस्त्वमेवेन्द्रोऽनलोऽर्यमा ।
भूवायुखस्वरूपोऽपि जलसोमर्क्षरूपवान् ।।४१।।

विश्वकर्ता विश्वपाता विश्वसंहारकारकः ।
चराचरगुरुर्गोप्ता ज्ञानविज्ञानवानपि ।।४२।।

भूतं भावि भवच्चैव त्वमेवेन्द्रियदेवताः ।
कलाः काष्ठा मुहूर्ताश्च श्रीर्धृतिः कान्तिरेव च ।।४३।।

त्वमेव साङ्ख्यं योगश्च शास्त्राणि श्रुतिरेव च ।
पुराणानि चतुःषष्टिकला उपनिषत्तथा ।।४४।।

त्वमेव ब्राह्मणो वैश्यः क्षत्रियः शूद्र एव च ।
देशो विदेशस्त्वं क्षेत्रं पुण्यक्षेत्राणि यान्युत ।।४५।।

त्वं प्रमेयोऽप्रमेयश्च योगिनां ज्ञानगोचरः ।
त्वमेव स्वर्गः पातालं वनान्युपवनानि च ।।४६।।

ओषध्योऽथ लतावृक्षकन्दमूलफलानि च ।
अण्डजा जारजा जीवाः स्वेदजा उद्भिजा अपि।।४७।।

कामः क्रोधः क्षुधा लोभो दम्भो दर्पो दया क्षमा ।
निद्रा तन्द्रा विलासश्च हर्षः शोकस्त्वमेव च ।।४८।।

विश्वामित्र उवाच

इति दक्षवचः श्रुत्वा सुप्रसन्नो विनायकः ।
मेघगम्भीरया वाचा स्मयन्निव जगाद तम् ।।४९।।

गजानन उवाच

प्रीतोऽहं ते महाभाग ! स्तुत्या गम्भीरयाऽनया ।
वरं दातुं समुत्कण्ठस्तथापि न ददामि ते ।।५०।।

यद्यहं वरदः स्यां ते क्रुध्येद् भक्तो ममोपरि ।
स एव दास्यति वरं यदङ्गस्य प्रभञ्जनात् ।।५१।।

कारणका पनि कारण, वेदभन्दा पनि पर रहेका, परम ज्ञेय र वेदद्वारा अनुशीलन गर्न योग्य सनातन देवता हुनुहुन्छ । हजुर नै सबैका साक्षी, भित्र-बाहिर एवं सर्वत्र विराजमान, लघु एवं स्थूल शरीर धारण गर्नुहुने, सबै प्राणीहरूका रचयिता, अनेकरूप, एकरूप, नीरूप र निराकार पनि हुनुहुन्छ ।।३७-४०।। हजुर नै शङ्कर, विष्णु, इन्द्र, अग्नि र अर्यमा हुनुहुन्छ । हे श्रीगणेश! हजुर नै पृथिवी, वायु, आकाश, जल, चन्द्रमा, तारा र नक्षत्रका रूपमा विराजमान हुनुहुन्छ । हजुर नै विश्वकर्ता, विश्वपालक, विश्वसंहारक, चराचरगुरु, विश्वरक्षक र ज्ञान-विज्ञानसम्पन्न पनि हुनुहुन्छ ।।४१-४२।। हे विनायक ! हजुर नै भूत, भविष्य र वर्तमान हुनुहुन्छ। हजुर नै इन्द्रियका अधिष्ठाता, कला, काष्ठा, मुहूर्त, श्री, सम्पत्ति, धृति र कान्तिरूप पनि हुनुहुन्छ ।।४३।। हे श्रीगणेश! हजुर नै साङ्ख्य, योग, शास्त्र, वेद, पुराण, चौसठ्ठी कला र उपनिषद्का रूपमा विराजमान हुनुहुन्छ ।।४४।। हे प्रभु! हजुर नै ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रजस्ता वर्णका रूपमा हुनुहुन्छ । हे परमेश्वर ! हजुर नै देश, परदेश, क्षेत्र र पुण्यक्षेत्रका रूपमा रहनुहुन्छ ।।४५।। हे श्रीगणेश ! हजुर नै प्रमेय, अप्रमेय र योगिज्ञेय हुनुहुन्छ । हे श्रीगणेश ! हजुर नै स्वर्ग, पाताल, वन, उपवन, औषधि, लता, वृक्ष, कन्द, मूल र फलका रूपमा हुनुहुन्छ । हे श्रीगणेश हजुर नै अण्डज, जरायुज, स्वेदज र उद्भिजका रूपमा रहनुहुन्छ ।।४६-४७।। हे गजानन! हजुर नै काम, क्रोध, क्षुधा, लोभ, दम्भ, दर्प, दया, क्षमा, निद्रा, तन्द्रा, विलास, हर्ष र शोकका रूपमा रहनुहुन्छ।।४८।।

विश्वामित्रले भन्नुभयो - दक्षका यस्ता वचन सुनेर प्रसन्न हुनुभएका श्रीगणेशले मेघगम्भीर वाणीबाट मुस्कुराउँदै भन्नुभयो ।।४९।।

श्रीगणेशले भन्नुभयो - हे महाभाग दक्ष ! तिम्रो यस गम्भीर स्तुतिबाट म प्रसन्न छु । म तिमीलाई वर दिन चाहन्छु ता पनि म त्यसो गर्दिनँ ।।५०।। यदि मैले वर दिएँ भने मेरा ती भक्त मसँग रिसाउने छन् । जसका अङ्गको वायुस्पर्शबाट तिमीले सुन्दर रूप र आँखा एवं कानका शक्तिसमेत प्राप्त गरेका छौ । ती भक्तले तिमीलाई वर दिनेछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वैवं तु गते तस्मिन् पुरुषे पुरवासिनि ।
दक्षो जगाम त्वरितो मातरं प्रतिनन्दयन् ।।२६।।

यसरी बालकले बताएपछि त्यो नागरिक कतै लाग्यो । बालक दक्ष पनि हतारिंदै सहर्ष आफ्नी आमाका सामु आयो ।।२६।।

ततस्तन्नगरे तौ द्वावुपदिष्टौ द्विजन्मना ।
गणेशाराधनविधौ करुणायुतचेतसा ।।२७।।

त्यसपछि त्यस नगरमा बस्ने कुनै दयालु ब्राह्मणले ती आमा–छोरालाई भगवान् श्रीगणेशको आराधना गर्ने विधि सिकाए ।।२७।।

ततः सा कमला दक्षो निर्वाणं परमास्थितौ ।
एकाङ्गुष्ठेन तपसा गणेशाराधने रतौ ।।२८।।

देवनामचतुर्थ्यन्तमोङ्कारपल्लवान्वितम् ।
अष्टाक्षरं परं मन्त्रं जपन्तौ भक्तितत्परौ ।।२९।।

ब्राह्मणबाट आराधना विधिको उपदेश पाएपछि ती दुबैले परम आनन्दको अनुभव गरे । त्यसपछि ती दुबै आ–आफ्ना खुट्टाको एउटा बूढी औंलाले मात्र जमिनमा टेकेर ॐ गं **गणपतये नमः** यस्तो रूप भएको ॐकारसहित चतुर्थी विभक्ति अन्तमा रहेको आठ अक्षरको परम मन्त्र जप्दै श्रीगणेशको भक्तिमा तत्पर भए ।।२८–२९।।

वायुभक्षौ शुष्कतनू निरीक्ष्य भगवाँस्तदा ।
आविरासीत् तयोरग्रे करुणाब्धिर्विनायकः ।।३०।।

यसरी केवल वायुपान गरी जप गरिरहेका र दुर्बल शरीर भएका ती आमा–छोरालाई देखेर करुणासागर भगवान् श्रीगणेश तिनका सामु प्रकट हुनुभयो ।।३०।।

चतुर्भुजो महाकायो वारणास्योऽतिसुन्दरः ।
अनेकसूर्यसङ्काशो निशि सूर्य इवोदितः ।।३१।।

रत्नकाञ्चनमुक्तावन्मुकुटभ्राजिमस्तकः ।
पीतकौशेयवसनो हाटकाङ्गदभूषणः ।।३२।।

एकजानुनिपातेन सन्निविष्टो महासने ।
कटिसूत्रं काञ्चनीयं मुद्रिकां रत्नसंयुताम् ।।३३।।

महाहिं जठरे बिभ्रदेकदन्तं गजार्धकम् ।
एवं रूपं ददृशतुः पुनश्च द्विजरूपिणम् ।।३४।।

जगाद स द्विजस्तौ तु भवन्निर्वाणतोषितः ।
आगतोऽहं वरं दातुं वृणु तं मनसीप्सितम् ।।३५।।

ती दुबैले त्यस बेला चतुर्बाहु, विशालकाय, गजानन, अतिमोहक, अनेक सूर्यको तेजले सम्पन्न, रातमा उदाएका सूर्यका समान, रत्न, सुवर्ण र मोतीको हारले अलङ्कृत मुकुटका कारण रमणीय मस्तक भएका, पहेंला रेशमी वस्त्र धारण गर्नुहुने, स्वर्णमय केयूरद्वारा विभूषित, एउटा घुँडा मारेर महासनमा विराजमान, स्वर्णमय कन्धनी र रत्नमय औंठी धारण गर्नुहुने, ठूलो सर्पलाई कम्मरमा बेर्नुभएका, एकदन्त, हात्तीको मुख र सूँढले शोभायमान भगवान् श्रीगणेशको दर्शन गरे । श्रीगणेशको त्यो रूप तत्कालै एउटा ब्राह्मणका रूपमा परिणत भयो । ब्राह्मणले भने – तिमीहरूको आराधनाबाट प्रसन्न भई वर प्रदान गर्न म समीपमा आएको छु । आफ्नो मनले चाहेको कुरा माग ।।३१–३५।।

विश्वामित्र उवाच

एवं प्रसन्ने विघ्नेशे प्रत्यक्षे द्विजरूपतः ।
ननाम परया भक्त्याऽभणद् बद्धाञ्जलिश्च तम्।।३६।।

विश्वामित्रले भन्नुभयो– प्रसन्न भई ब्राह्मणरूप भगवान् श्रीगणेशको साक्षात् दर्शन पाएपछि दक्ष नामक बालकले परम भक्तिपूर्वक उहाँलाई प्रणाम गरी हात जोडेर भने ।।३६।।

दक्ष उवाच

पूर्वजन्मकृतं पुण्यं फलितं मे द्विजोत्तम ।
यन्मयाऽदर्शि रूपं ते द्विविधं परमं महत् ।।३७।।

वैनायकञ्च वैप्रञ्च जन्म मेऽजनि सार्थकम् ।
कारणानां परं त्वञ्च कारणं छन्दसामपि ।।३८।।

दक्षले भने – हे उत्तम ब्राह्मण ! मेरा पूर्वजन्मको पुण्य फलीभूत भएको छ । तसर्थ मैले हजुरका महत्त्वपूर्ण दुई स्वरूपको साक्षात्कार गर्न पाएँ । तीमध्ये एउटा स्वरूप विनायकरूप हो भने अर्को स्वरूप ब्राह्मणरूप । ती दुबैको दर्शन गरेर मेरो जन्म सार्थक भएको छ । हे श्रीगणेश ! हजुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परं ज्ञेयं परं ब्रह्म श्रुतिमृग्यं सनातनम् ।
त्वमेव साक्षी सर्वस्य सर्वस्यान्तर्बहिस्तथा ।।३९।।

त्वमेव कर्ता कार्याणां लघुस्थूलशरीरिणाम् ।
नानारूप्येकरूपी त्वं नीरूपश्च निराकृतिः ।।४०।।

त्वमेव शङ्करो विष्णुस्त्वमेवेन्द्रोऽनलोऽर्यमा ।
भूवायुखस्वरूपोऽपि जलसोमर्क्षरूपवान् ।।४१।।

विश्वकर्ता विश्वपाता विश्वसंहारकारकः ।
चराचरगुरुर्गोप्ता ज्ञानविज्ञानवानपि ।।४२।।

भूतं भावि भवच्चैव त्वमेवेन्द्रियदेवताः ।
कलाः काष्ठा मुहूर्ताश्च श्रीर्धृतिः कान्तिरेव च ।।४३।।

त्वमेव साङ्ख्यं योगश्च शास्त्राणि श्रुतिरेव च ।
पुराणानि चतुःषष्टिकला उपनिषत्तथा ।।४४।।

त्वमेव ब्राह्मणो वैश्यः क्षत्रियः शूद्र एव च ।
देशो विदेशस्त्वं क्षेत्रं पुण्यक्षेत्राणि यान्युत ।।४५।।

त्वं प्रमेयोऽप्रमेयश्च योगिनां ज्ञानगोचरः ।
त्वमेव स्वर्गः पातालं वनान्युपवनानि च ।।४६।।

ओषध्योऽथ लतावृक्षकन्दमूलफलानि च ।
अण्डजा जारजा जीवाः स्वेदजा उद्भिजा अपि।।४७।।

कामः क्रोधः क्षुधा लोभो दम्भो दर्पो दया क्षमा ।
निद्रा तन्द्रा विलासश्च हर्षः शोकस्त्वमेव च ।।४८।।

विश्वामित्र उवाच

इति दक्षवचः श्रुत्वा सुप्रसन्नो विनायकः ।
मेघगम्भीरया वाचा स्मयन्निव जगाद तम् ।।४९।।

गजानन उवाच

प्रीतोऽहं ते महाभाग ! स्तुत्या गम्भीरयाऽनया ।
वरं दातुं समुत्कण्ठस्तथापि न ददामि ते ।।५०।।

यद्यहं वरदः स्यां ते क्रुध्येद् भक्तो ममोपरि ।
स एव दास्यति वरं यदङ्गस्य प्रभञ्जनात् ।।५१।।

कारणका पनि कारण, वेदभन्दा पनि पर रहेका, परम ज्ञेय र वेदद्वारा अनुशीलन गर्न योग्य सनातन देवता हुनुहुन्छ । हजुर नै सबैका साक्षी, भित्र-बाहिर एवं सर्वत्र विराजमान, लघु एवं स्थूल शरीर धारण गर्नुहुने, सबै प्राणीहरूका रचयिता, अनेकरूप, एकरूप, नीरूप र निराकार पनि हुनुहुन्छ ।।३७-४०।। हजुर नै शङ्कर, विष्णु, इन्द्र, अग्नि र अर्यमा हुनुहुन्छ । हे श्रीगणेश! हजुर नै पृथिवी, वायु, आकाश, जल, चन्द्रमा, तारा र नक्षत्रका रूपमा विराजमान हुनुहुन्छ । हजुर नै विश्वकर्ता, विश्वपालक, विश्वसंहारक, चराचरगुरु, विश्वरक्षक र ज्ञान-विज्ञानसम्पन्न पनि हुनुहुन्छ ।।४१-४२।। हे विनायक ! हजुर नै भूत, भविष्य र वर्तमान हुनुहुन्छ। हजुर नै इन्द्रियका अधिष्ठाता, कला, काष्ठा, मुहूर्त, श्री, सम्पत्ति, धृति र कान्तिरूप पनि हुनुहुन्छ ।।४३।। हे श्रीगणेश! हजुर नै साङ्ख्य, योग, शास्त्र, वेद, पुराण, चौसठ्ठी कला र उपनिषद्का रूपमा विराजमान हुनुहुन्छ ।।४४।। हे प्रभु! हजुर नै ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रजस्ता वर्णका रूपमा हुनुहुन्छ । हे परमेश्वर ! हजुर नै देश, परदेश, क्षेत्र र पुण्यक्षेत्रका रूपमा रहनुहुन्छ ।।४५।। हे श्रीगणेश ! हजुर नै प्रमेय, अप्रमेय र योगिज्ञेय हुनुहुन्छ । हे श्रीगणेश ! हजुर नै स्वर्ग, पाताल, वन, उपवन, औषधि, लता, वृक्ष, कन्द, मूल र फलका रूपमा हुनुहुन्छ । हे श्रीगणेश हजुर नै अण्डज, जरायुज, स्वेदज र उद्भिजका रूपमा रहनुहुन्छ ।।४६-४७।। हे गजानन! हजुर नै काम, क्रोध, क्षुधा, लोभ, दम्भ, दर्प, दया, क्षमा, निद्रा, तन्द्रा, विलास, हर्ष र शोकका रूपमा रहनुहुन्छ।।४८।।

विश्वामित्रले भन्नुभयो - दक्षका यस्ता वचन सुनेर प्रसन्न हुनुभएका श्रीगणेशले मेघगम्भीर वाणीबाट मुस्कुराउँदै भन्नुभयो ।।४९।।

श्रीगणेशले भन्नुभयो - हे महाभाग दक्ष ! तिम्रो यस गम्भीर स्तुतिबाट म प्रसन्न छु । म तिमीलाई वर दिन चाहन्छु ता पनि म त्यसो गर्दिनँ ।।५०।। यदि मैले वर दिएँ भने मेरा ती भक्त मसँग रिसाउने छन् । जसका अङ्गको वायुस्पर्शबाट तिमीले सुन्दर रूप र आँखा एवं कानका शक्तिसमेत प्राप्त गरेका छौ । ती भक्तले तिमीलाई वर दिनेछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिव्यदेहमनुप्राप्तश्चक्षुश्रोत्रसमन्वितः ।
जातस्त्वं तस्य नामाऽपि वदामि मुद्गलेति च ।।५२।।

स ध्यातमात्रो विप्रेशः स्वरूपं दर्शयिष्यति ।
यान् यान् कामयसे कामान् स ते सर्वान् प्रदास्यति ।।५३।।

इत्युक्त्वा परमात्माऽसौ तत्रैवाऽन्तरधीयत ।
तस्मिन्नन्तर्हिते दक्षो रुरोद भृशदुःखितः ।।५४।।

दरिद्रेण निधौ लब्धे गते तस्मिन् यथैव सः ।
गतायां गवि वत्सो वा रोरवीति यथा भृशम् ।।५५।।

मुञ्चन्नश्रूणि नेत्राभ्यां पपात धरणीतले ।
क्व गतः क्व गत इति मुहुर्जल्पन् विनायकः ।।५६।।

म ती मेरा भक्तको नाम बताउँछु । तिनको नाम मुद्‌गल हो। तिमीले ध्यानमात्र गर्दा ती मुद्‌गलले आफ्नो रूप तिम्रा सामु देखाउने छन् । तिमीले कुन कुन कामना गरेका छौ, ती सबैलाई तिनले पूर्ण गराउने छन् ।।५१-५३।। यस्तो उपदेश दिएर परमात्मा श्रीगणेश त्यहीं अन्तर्धान हुनुभयो । द्विजरूप श्रीगणेशको अन्तर्धानपछि ती दक्ष दुःखी भएर रोए ।।५४।। दरिद्रले खजाना भेट्टाएर हराउँदा जस्तो दुःखको अनुभव गर्दछ, गाई मरेपछि जसरी बाच्छो रुन्छ, त्यसैगरी दक्ष आफ्ना आँखाबाट आँसु खसाउँदै भुइँमा लडे र तिनले मेरा आराध्य ईश्वर विनायक कहाँ जानुभयो भनी विलाप गरे ।।५५-५६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे दक्षस्तुतिर्नाम विंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कमलापुत्र दक्षद्वारा भगवान् श्रीगणेशको आराधना र स्तुति' शीर्षकान्वित बीसौं अध्याय पूर्ण भयो ।।२०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकविंशोऽध्यायः { २१ अध्याय }

विश्वामित्र उवाच

इतस्ततो भ्रमन् धावन् वल्लभस्यात्मजस्तदा ।
न विवेद गतं वस्त्रं भूषणं चातिविह्वलः ।।१।।

पप्रच्छ ब्राह्मणान् मार्गे वृक्षाँश्चैव विनायकम् ।
विनायको गतः कुत्र क्वचिद् दृष्टो गदन्तु मे ।।२।।

स एवं भ्रान्तहृदयोऽभ्रमच्चक्षुर्नृपोत्तमः ।
निपपात धरापृष्ठे क्षणं विगतचेतनः ।।३।।

एतस्मिन्नन्तरे स्वप्नेऽपश्यद् ब्राह्मणमग्रतः ।
दत्तं तवेप्सितं बाल! मुद्गलेन मया हि तत् ।।४।।

यत् त्वया याचितं पूर्वं विघ्नेशाद् दृष्टिगोचरात् ।
इत्युक्त्वा प्रस्थिते तस्मिन् ब्राह्मणे नृपसत्तम ।।५।।

सुप्तोत्थित इव प्रायो दक्षो हृष्टमनाऽभवत् ।
कस्मैचित् परिपप्रच्छ त्वरिताय द्विजातये ।।६।।

अन्तिकं दर्शितं तेन बहुशिष्योपशोभितम् ।
मुद्गलस्यातिभक्तस्य गजाननरतस्य च ।
आश्रमं परमं दिव्यं सर्वसत्त्वाऽभयप्रदम् ।।७।।

मुद्गलं मनसा ध्यायन् भ्रमन् यातस्तदाश्रमम् ।
नानाश्चर्ययुतं रम्यमलकानन्दनातिगम् ।।८।।

ददर्श मुद्गलं तत्र परार्ध्यासनगं द्विजम् ।
वेदवेदाङ्गतत्त्वज्ञं सर्वशास्त्रविशारदम् ।।९।।

योगाभ्यासबलैर्नानारूपिणं सूर्यतेजसम् ।
वैनायकीं महामूर्तिं रत्नकाञ्चननिर्मिताम् ।।१०।।

चतुर्भुजां त्रिनयनां नानालङ्कारशोभिनीम् ।
उपचारैः षोडशभिः पूजयन्तं विधानतः ।।११।।

ननाम दक्षस्तं दृष्ट्वा दण्डवत् पृथिवीतले ।
मुञ्चन्नश्रूणि नेत्राभ्यां निश्वसँश्च मुहुर्मुहुः ।।१२।।

विश्वामित्रले भन्नुभयो - त्यस बेला वल्लभका छोरा बालक दक्ष अत्यन्त विह्वल भई चारैतिर घुम्दै जाँदा तिनलाई आफ्नो सुधी पनि रहेन । तिनले वस्त्र र अलङ्कार भुइँमा खस्दा पनि थाहा पाएनन् ।।१।। तिनले बाटोमा हिंड्दा ब्राह्मणहरू र रूखहरूसँग पनि श्रीगणेशको विषयमा सोधे । विनायक भगवान् कहाँ ज़ानुभयो ? कतै तपाइँले देख्नुभएको छ कि? मलाई बताउनुहोस् भन्दै चारैतिर डुल्दा कहीं नदेखेर भ्रान्तिमा परेका र चारैतिर आँखा घुमाई श्रीगणेशको खोजी गर्ने ती बालक दक्ष केहीबेर बिहोश भई भुइँमा लडे ।।२-३।। केही बेरपछि अचेत अवस्थामा दक्षले सपनामा आफ्ना सामु एउटा ब्राह्मणलाई देखे । ती ब्राह्मणले उनलाई भने- हे बाबु! तिमीले जुन वरदान श्रीगणेशसँग मागेका थियौ त्यो वरदान म मुद्गल ऋषिले तिमीलाई दिनेछु । यति भनेर ती ब्राह्मणले प्रस्थान गरेपछि भर्खर सुतेर उठेजस्ता दक्ष ज्यादै प्रसन्न भए । कुनै मानिससँग दक्षले भर्खरै अन्तर्धान भएका मुद्गलको आश्रम कहाँ हो भनेर सोधे । ।४-६।। त्यो मानिसले उनलाई नजिकैमा रहेको मुद्गलको आश्रम देखाइदियो । त्यो आश्रम अनेक शिष्यहरूले शोभायमान थियो । गजाननका परमभक्त मुद्गलको त्यो आश्रम दिव्य थियो । सबै प्राणीलाई अभय प्रदान गर्ने विलक्षण धाम थियो ।।७।। बाहिरबाट आश्रमको दर्शन गरेपछि मनद्वारा मुद्गलको ध्यान गर्दै दक्षले अनेक थरि आश्चर्यजनक विशेषता भएको, सौन्दर्यले अलका र नन्दनलाई पनि परास्त गर्ने त्यस आश्रममा प्रवेश गरे ।।८।। त्यहाँ तिनले बहुमूल्य आसनमा विराजमान, वेदवेदाङ्गका तत्त्वज्ञाता, सबै शास्त्रका विशेषज्ञ, योगाभ्यासको सामर्थ्यबाट अनेकरूप धारण गर्न समर्थ, सूर्यसमान तेजस्वी मुद्गल ऋषिको रत्न र सुवर्णद्वारा निर्मित चार हात र तीन आँखाले शोभायमान, अनेक अलङ्कारद्वारा अलङ्कृत श्रीगणेशको मूर्तिमा विधिपूर्वक षोडशोपचारद्वारा पूजा गरिरहेको अवस्थामा दर्शन गरे ।।९-११।। दक्षले मुद्गलको दर्शन पाएपछि आँखाबाट आँसुका धारा बगाउँदै लामो श्वास लिएर भुइँमा लम्पसार परेर प्रणाम गरे ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वामित्र उवाच

पप्रच्छ मुद्गलस्तं तु कस्त्वं कस्मादिहागतः ।
नुदामि दुःखं किं तेऽस्ति वद सर्वमशेषतः ।।१३।।

एवं विप्रवचः श्रुत्वा कमलानन्दनस्तदा ।
सावधानमना भूत्वा जगाद द्विजपुङ्गवम् ।।१४।।

दक्ष उवाच

सत्यमेव वदे ब्रह्मन्नभिप्रायं तवान्तिके ।
कर्णाटदेशे राजाभून्नगरे भानुसंज्ञके ।।१५।।

वल्लभो नाम नीतिज्ञो ज्ञानी दाता दयान्वितः ।
तस्य पत्नी तु कमला जनयामास मां यदा ।।१६।।

तदा दुर्गन्धिक्षतयुक् शोणितस्त्राविनासिकः ।
अन्धः कुब्जः कर्णहीनः शब्दहीनः श्वसन् बहु ।।१७।।

अभवं नागरा दृष्ट्वा त्यजैनमिति चाब्रुवन् ।
पिता मे द्वादशाब्दानि नानायत्नमथाऽकरोत् ।।१८।।

शरीरपाटवार्थं मे नालभत् तन्महेश्वरात् ।
उपायं स ततो माञ्च मातरं कमलाञ्च मे ।।१९।।

बहिर्निष्कासयामास निर्दयेनाऽन्तरात्मना ।
ततो मे जननी खेदादटमाना पुरं पुरम् ।।२०।।

आगत्य कौण्डिन्यपुरं मया सह क्षुधार्दिता ।
भिक्षाटने क्रियमाणे पूर्वपुण्यप्रभावतः ।।२१।।

अभवद् दर्शनं ते वामन्धस्येव यथा दृशिः ।
तव गात्रभवाद् वायोः स्पर्शाद् दोषा गता मम ।।२२।।

रघुनाथाङ्घ्रिसंस्पर्शादहल्याया यथा पुरा ।
दिव्यदेहं समापन्नः प्रसादात् तव सुव्रत ।।२३।।

न मया विदितं किञ्चिज्जनन्या मे निवेदितम् ।
अहञ्च विस्मितो भूत्वा निश्चयं कृतवान् हृदि ।।२४।।

यदङ्गवायुस्पर्शेन दिव्यदेहमहङ्गतः ।
तद्दर्शनं यदा स्यान्मे तदा देहं धराम्यहम् ।।२५।।

विश्वामित्रले भन्नुभयो- मुद्गल ऋषिले दक्षलाई देखेर सोधे– तिमी को हौ ? र के कारणले यहाँ आयौ? मैले तिम्रो कुन दुःखलाई हटाऊँ ? सबै कुरा खुलाएर भन ।।१३।। मुद्गलका यस्ता वचन सुनेर कमलाका छोरा दक्षले सावधानचित्त भई उत्तम ब्राह्मण मुद्गलसामु निवेदन गरे ।।१४।।

दक्षले भने – हे ब्राह्मण देवता ! म हजुरका सामु साँचो कुरा निवेदन गर्दछु । कर्णाटक देशको भानु नगरमा वल्लभ नामक नीतिज्ञ, ज्ञानी, दाता र दयालु राजा हुनुभयो । उहाँकी भार्या कमलाले मलाई जन्म दिनुभएको हो । म जन्मदा दुर्गन्धमय घाउ भएको, नाकबाट रगतका धारा बगाउने, अन्धो, बहिरो, कुजो र लाटो पनि थिएँ । मेरो मुखबाट तीव्र श्वासप्रश्वास चलिरहेको थियो । मानिसहरूले मेरो रूप देखेर यस्तो बच्चालाई फ्याँकिदिनुहोस् भनी राजासँग आग्रह गरे । मेरा पिता वल्लभ राजाले मेरो स्वास्थ्य सुधार्नका लागि बाह्र वर्षसम्म कठोर तपस्या गर्नुभयो । अनेक यत्न र परिश्रम पनि गर्नुभयो । तर परमेश्वरबाट मेरा शरीरको सुधारका लागि केही पनि उपाय पाउनुभएन । त्यसपछि उहाँले आफ्नो मनलाई कठोर एवं निर्दय तुल्याएर मेरी आमा कमला र मलाई निर्दयतापूर्वक घरबाट निकालिदिनुभयो । पतिद्वारा घरबाट निकालिएकी मेरी आमा खिन्न भएर भिक्षाटन गर्दै एउटा नगरबाट अर्को नगरमा मलाई पीठ्यूँमा बोकी घुम्नुभयो ।।१५-२०।। एक दिन भोक र प्यासले व्याकुल मेरी आमा मलाई साथ लिएर कौण्डिन्यपुरमा आई भिक्षाटन गर्दा पूर्वजन्मका पुण्यका प्रतापले हामी आमा-छोराले हजुरको दर्शन गर्ने अवसर पायौं । यो दर्शन हामीहरूका लागि अन्धाले आँखा पाएजस्तो भयो । हजुरका शरीरको हावाको स्पर्श पाएर मेरा शरीरका सबै रोग र दोष समाप्त भएका छन्।२१-२२।। हे उत्तम व्रतमा निष्ठा राख्नुहुने ऋषि ! जसरी पहिले श्रीराम भगवान्‌को पाउको स्पर्श पाएर शिलारूपकी अहल्याको रूपान्तरण भएको थियो, त्यसैगरी हजुरको कृपाबाट मेरो शरीर पनि दिव्य बन्यो ।।२३।। हे ऋषि ! मलाई त केही पनि थाहा थिएन, तर मैले मेरो शरीरमा परिवर्तन आएको कुरा आमाबाट थाहा पाएँ । त्यसपछि म सारै चकित भएँ र मनले निश्चय गरें – जुन महानुभावका शरीरका हावाको स्पर्श पाएर मेरो देह दिव्य भयो, तिनको दर्शन पाएमा मात्र म बाँच्ने छु , अन्यथा देहत्याग गर्नेछु ।।२४-२५।। उक्त लक्ष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं भ्रमन् बहुदिनं ततोऽसौ करुणानिधिः ।
आविरासीन् मत्पुरतः कोटिसूर्यसमप्रभः ।।२६।।

उभयोस्तपसा तुष्टो देवदेवो गजाननः ।
तं दृष्ट्वा कमला कामान् सम्प्राप्ता मनसीप्सितान् ।।२७।।

ततो मामब्रवीद् देवः प्रसन्नो मञ्जुलाङ्गिरम् ।
यदर्थं नियमं कृत्वा भ्रमन् खेदमुपागतः ।।२८।।

सोऽहन्ते दर्शनं यातो मुद्गलो ब्राह्मणोत्तमः ।
श्रुत्वा तद्वचनं हृष्टमभवन् मानसं मम ।।२९।।

ततो गजाननमहं स्तुतवान् विविधैः स्तवैः ।
उवाच सुप्रसन्नात्मा वरं वृणु महामते ।।३०।।

अहञ्चाकथयं तस्मै यद् यन्मे मनसीप्सितम् ।
ततो ब्राह्मणरूपं तत् त्यक्त्वाऽन्यद् रूपमादधे ।।३१।।

चतुर्भुजं महाकायं मुकुटाटोपमस्तकम् ।
परशुं कमलं मालां मोदकानावहत् करैः ।।३२।।

दिव्याम्बरधरं भ्राजद्विषाणकरपुष्करम् ।
कुण्डले प्रावहच्छ्रुत्योः सूर्यबिम्बे इवापरे ।।३३।।

दिव्यालङ्कारसंयुक्तं भुजङ्गवलयोदरम् ।
देवर्षिगन्धर्वगणैः किन्नरैरुपशोभितम् ।।३४।।

तत आनन्दपूर्णोऽहं दृष्ट्वा रूपं तथाऽभवम् ।
पूर्णचन्द्रं यथा दृष्ट्वा पूर्णो भवति वारिधिः ।
तेनोक्तं मुद्गलः सर्वान् कामाँस्ते परिपूरयेत् ।।३५।।

तदैवाऽन्तर्हितं रूपं दृष्टं यावन्न सादरम् ।
यथा स्वप्नगतं सर्वं जागरैर्नैव दृश्यते ।।३६।।

ततोऽहं नितरां खिन्नो न्यपतं भुवि मूर्च्छितः ।
प्रतिलभ्य ततः संज्ञां वरं वृणिवति संस्मरन् ।।३७।।

ययाचे देवदेवेशं सर्वव्यापिनमीश्वरम् ।
गृहे मे सुस्थिरा लक्ष्मीर्भक्तिर्मे तादृशी तव ।।३८।।

दृष्टश्चेत् पूर्वपुण्येन द्वयमेतत् प्रदीयताम् ।
ततोऽहं श्रुतवान् दत्तमिति वाचं नभोगताम् ।।३९।।

राखेर घुम्दाघुम्दै जाँदा एक दिन करुणासागर, कोटिसूर्यसमान कान्तिले सुहाउनुभएका हामी आमा–छोराको तपस्याबाट प्रसन्न हुनुभएका देवताहरूका पनि परमदेवता श्रीगणेश मेरा सामु प्रकट हुनुभयो । उहाँलाई देखेर मेरी आमा कमला आफ्ना मनमा रहेका अनेक कामनाको विषयमा चिन्तन गर्दै हुनुहुन्थ्यो। त्यस बेला हजुरले मलाई मीठो स्वरले भन्नुभयो- जुन उद्देश्यको पूर्तिका लागि प्रतिज्ञा गरेर मलाई खोजिरहेका छौ, न भेटाएर खिन्न छौ, आज म मुद्गल ब्राह्मण तिम्रा सामु प्रकट भएको छु। मुद्गल ऋषिको वचन सुनेर मेरो मन प्रसन्न भयो ।।२६-२९।। त्यसपछि मैले गजानन भगवान्‌को अनेक स्तुतिद्वारा स्तवन गरें । उहाँले प्रसन्न भएर भन्नुभयो– 'हे बुद्धिमान् बालक ! म तिमीलाई वरदान दिन्छु, तिमीले माग ।' उहाँका वचन सुनेर मैले पनि मेरा मनमा लागेका सबै कुरा निवेदन गरें । त्यसपछि उहाँले ब्राह्मणरूप छाडेर अर्कै रूप लिनुभयो ।।३०-३१।। उहाँको परिवर्तित स्वरूप चतुर्बाहु, विशालकाय, मुकुटसुशोभित मस्तकद्वारा रमणीय , हातमा परशु, कमल, माला र लड्डू धारण गर्ने, दिव्य वस्त्रले शोभायमान, एकदन्तद्वारा आकर्षक, सूँढ भएको, दुबै कानमा सूर्यमण्डलसमान कुण्डल धारण गर्ने, दिव्य अलङ्कारसम्पन्न, पेटमा सर्पवलय धारण गर्ने, देवता; ऋषि; किन्नर; गन्धर्व आदिद्वारा शोभायमान र सुन्दर थियो ।।३२-३४।। त्यो दिव्यरूप देखेपछि म पूर्णचन्द्रको उदयपछि महासागर उर्लिएझैं आनन्दसागरमा डुबुल्की मार्न थालें । त्यस बेला श्रीविनायक भगवान्‌ले भन्नुभयो – 'हे दक्ष! मुद्गल ऋषिले तिम्रो कामना पूरा गर्नेछन् ।' यति भनेर उहाँको रूपलाई राम्ररी दर्शन गर्न नपाउँदै श्रीविनायक अन्तर्धान हुनुभयो । हुन पनि सपनामा देखिएका सबै रूपलाई विपनामा देख्न सकिंदैन।।३५-३६।। भगवान्‌को अन्तर्धानपछि म अत्यन्त खिन्न भएर मूर्च्छित भएँछु। होशमा आउँदा 'वरदान स्वीकार गर' भन्ने कुरा सम्झें। अनि मैले सर्वव्यापक ईश्वरसँग मेरा घरमा लक्ष्मी स्थिर होऊन् र गजानन भगवान्‌मा मेरो भक्ति पनि स्थिर होस् भन्ने याचना गरें। यदि पूर्व पुण्यले मलाई केही स्पर्श गरेको छ भने ती दुबै कुरा मलाई प्रदान गर्नुहोस् भन्ने प्रार्थना गरें। त्यसपछि "मैले तिमीलाई ती दुबै कुरा दिएँ" भन्ने आकाशवाणी सुनें ।।३७-३९।। हे महर्षि! त्यो सुनेर म प्रसन्नमुद्रामा हजुरको आश्रममा आएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो हृष्टमना विप्र ! तव सान्निध्यमागतः ।
मुद्गलस्त्वं द्विपास्योऽसौ द्विपास्यस्त्वं स मुद्गलः ।।४०।।
इति मे मनसि स्पष्टं भाति सर्वं गजाननः ।

भृगुरुवाच

इति तद्वचनं श्रुत्वा मुद्गलो वाक्यमब्रवीत् ।।४१।।
सभाग्यः कृतकृत्योऽसि भक्तिमान् कमलासुत !
महिमा तव भक्तेर्हि वक्तुं शक्यो न केनचित् ।।४२।।
तपामि सुदृढं चाहं दशवर्षशतं तपः ।
न म एतादृशो देवो दृष्ट आसीत् कदाचन ।।४३।।
यः सर्वजगतां नाथश्चराचरगुरोर्गुरुः ।
यो रजःसत्त्वतमसां नेता नित्यं गुणाश्रयः ।।४४।।
यो ब्रह्मशिवविष्णूनां शरीराणि करोति हि ।
भूतानाञ्च विभूतीनां मात्रेन्द्रियधियामपि ।।४५।।
यं न देवा विदुः सम्यङ् न वेदा नर्षयोऽपि च ।
एवं गजाननं त्वं हि प्रत्यक्षं दृष्टवान् स्फुटम् ।।४६।।
अहं त्वच्चरणौ वन्दे यतस्त्वं भक्तिमान् परः ।
ततः परस्परं तौ तु नेमतुश्चालिलिङ्गतुः ।।४७।।
गुरुबन्धू चिरं कालमेकचित्तौ समागतौ ।
तत एकाक्षरं मन्त्रं सजपध्यानपूर्वकम् ।।४८।।
मुद्गलो राजपुत्राय नम्रायोपदिदेश ह ।
उवाच चैनं भूयोऽपि मन्त्रस्याऽस्य दिने दिने ।।४९।।
अनुष्ठानं कुरुष्व त्वं प्रसन्नस्ते भविष्यति ।
गजाननो ददेत् कामान् मनसा वाञ्छिताँस्त्वया।।५०।।
एनं चेत् त्यजसे मन्त्रं सर्वशो नाशमेष्यसि ।
यद्यस्य भक्तिं सुचिरं लोकेऽस्मिन् विचरिष्यसि ।।५१।।
इन्द्रादिलोकपालानां गणो वश्यत्वमेष्यति ।
इह भुक्त्वाऽखिलान् भोगानन्ते मोक्षमवाप्स्यसि ।।५२।।

छु । हजुर श्रीगणेशरूप मुद्‌गल ऋषि हुनुहुन्छ र श्रीगणेश पनि मुद्‌गलरूप श्रीगणेश हुनुहुन्छ । यस्तो मेरो मनमा लाग्छ । मैले हजुर र श्रीगणेशलाई एउटै गजाननका दुई रूप सम्झेको छु ।

भृगुले भन्नुभयो- दक्षका यी कुरा सुनेपछि मुद्‌गल ऋषिले भने – कमलापुत्र! तिमी भाग्यवान् छौ, कृतकृत्य छौ र भक्तिमान् छौ। तिम्रो भक्तिको महिमा कसैले वर्णन गर्न सक्दैन।।४०–४२।। मैले हजारवर्षसम्म तपस्या गरें त्यहाँ श्रीगणेशसमान देवता अरू कुनै देखिनँ । उहाँ सबै जगत्‌का नाथ हुनुहुन्छ र चराचरस्वामीका पनि स्वामी हुनुहुन्छ । गुणाश्रय भए पनि रजोगुण, सत्त्वगुण र तमोगुणका नायक हुनुहुन्छ ।।४३–४४।। उहाँले ब्रह्मा, शिव र विष्णुका शरीरको निर्माण गर्नुहुन्छ । उहाँ पञ्चमहाभूत, विभूति, तन्मात्रा, इन्द्रिय र बुद्धिका पनि स्वरूप-निर्माता हुनुहुन्छ ।।४५।। श्रीगणेशका स्वरूपका विषयमा देवता, वेद र ऋषिहरूले पनि राम्ररी बताउन सक्दैनन् । हे दक्ष ! तिमीले यस्ता विलक्षण देवता श्रीगणेशलाई प्रत्यक्षरूपमा दर्शन गर्ने सौभाग्य पायौ ।।४६।। तिम्रो यसै विशेषताका कारण म तिम्रो चरणमा प्रणाम गर्दछु । किनकि तिमी श्रीगणेशका परमभक्त छौ । यी कुरा गरेपछि मुद्‌गलले दक्षलाई प्रणाम गरेर आलिङ्गन गरे भने दक्षले पनि मुद्‌गललाई आलिङ्गन गरे ।।४७।। एउटै देवताका उपासक र आराध्यका अत्यन्त प्रीतिपात्र दुबै चिरकालसम्म एकचित्त भए। त्यसपछि ऋषि मुद्‌गलले राजपुत्र दक्षलाई जप र ध्यानविधिको निर्देशसहित श्रीगणेशको एकाक्षरी मन्त्रको उपदेश गरे । उपदेशको क्रममा मुद्‌गलले भने – हे दक्ष ! तिमीले फेरि पनि दिनदिनै यस एकाक्षरी मन्त्रको अनुष्ठान गर । भगवान् श्रीगणेश प्रसन्न हुनुहुनेछ र तिम्रा सबै कामना पूर्ण तुल्याउनुहुनेछ ।।४८–५०।। फेरि मुद्‌गलले भने – यदि तिमीले यस मन्त्रको त्याग गर्‍यौ भने तिम्रो सर्वनाश हुनेछ । मन्त्र जप गरिरह्यौ भने तिमी दीर्घकालसम्म यस संसारमा सानन्द विचरण गर्नेछौ। इन्द्र आदि लोकपालहरूको समुदाय तिम्रो अधीनमा रहनेछ। यस लोकमा सम्पूर्ण भुक्तिसुखको अनुभव गरी अन्तमा मुक्तिसुख पाएर रमाउने छौ ।।५१–५२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे मन्त्रोपदेशवर्णनं नामैकविंशतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'महर्षि मुद्‌गलद्वारा दक्षलाई श्रीगणेशमन्त्रको उपदेश' शीर्षकान्वित एक्काइसौं अध्याय पूर्ण भयो ।।२१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वाविंशोऽध्यायः { २२ अध्याय }

राजोवाच

आश्चर्यभूतं कथितं दक्षपुत्रस्य चेष्टितम् ।
विस्मयो मे महाँस्तत्र सञ्जातो मुनिसत्तम ।।१।।

अन्धः कुब्जः स्त्रवद्रक्तः पूतिगन्धसमन्वितः ।
वाचा विहीनोऽमेध्यश्च श्वासमात्रावशेषितः ।।२।।

कथं मुद्गलदेहोत्थवायुना दिव्यदेहभाक् ।
सञ्जातः केन पुण्येन मुक्तो वा पातकात् कुतः ।।३।।

दिव्यवर्षसहस्त्रं यस्तताप परमन्तपः ।
कथं तस्याभवन्नैव दर्शनं देव! काङ्क्षितम् ।।४।।

कथं वल्लभपुत्राय देवदेव इभाननः ।
प्रत्यक्षोऽभूद् विना क्लेशैः स च कः पूर्वजन्मनि ।।५।।

एतत् संशयजातं मे नुद सर्वज्ञ ते नमः ।
न तृप्यामि पिबन् नित्यं गजाननकथामृतम् ।।६।।

विश्वामित्र उवाच

सम्यक् पृष्टं त्वया राजन् ! संशयच्छेदनाय ते ।
वदामि निखिलं सम्यक् शृणुष्वैकमना नृप ।।७।।

सिन्धुदेशेऽतिविख्याता पल्ली नाम्नाऽभवत् पुरी ।
तस्यामासीद् धनी वैश्यः श्रेष्ठः कल्याणसंज्ञकः ।।८।।

वदान्यः कुशलो धीमान् द्विजदेवपरायणः ।
इन्दुमतीति विख्याता पत्नी तस्य शुभानना ।।९।।

पतिव्रता पतिप्राणा पतिवाक्यपरायणा ।
तयोः कालेन सञ्जातो गुणवान् पुत्र उत्तमः ।।१०।।

कल्याणः प्रददौ धेनूर्वस्त्रालङ्करणानि च ।
ब्राह्मणेभ्योऽथ रत्नानि काञ्चनं भूरिदक्षिणाम् ।।११।।

ज्योतिर्विद्भिर्निगदितं नाम चक्रे सुतस्य सः ।
बल्लाल इति विख्यातं बलवत्त्वाच्छुभं तदा ।।१२।।

स च कालेन महता वयस्यैश्च समन्वितः ।
देवपूजारतो नित्यं ग्रामाद् बहिरयान्मुदा ।।१३।।

भीमले भने - हे मुनिश्रेष्ठ ! हजुरले आश्चर्यमय चरित्र सुनाउनुभयो । मलाई यो कथा सुनेर साह्रै आश्चर्य लागिरहेको छ ।।१।। अन्धो, कुजो, शरीरबाट निरन्तर रगत र पीपका धारा बग्नाले दुर्गन्धित, लाटो, अपवित्र, सासमात्र बाँकी रहेको त्यो दक्षनामक बालक मुद्गल ऋषिका शरीरको हावाले स्पर्श गर्दामात्र कसरी दिव्य देहले सम्पन्न भयो ? कुन पुण्यले त्यस्तो घटना घट्यो ? कसरी त्यो पापबाट मुक्त भयो ? कसैले दिव्य एक हजार वर्ष तपस्या गर्दा पनि श्रीगणेशको दर्शन पाउँदैनन् भने वल्लभको छोरा दक्षलाई गजानन भगवान्ले कसरी प्रत्यक्ष दर्शन दिनुभयो ? त्यो दक्ष पूर्वजन्ममा को थियो? हे सर्वज्ञ ! हजुरले मेरो यो सन्देह मेटाइदिनुहोस् । हजुरलाई बारबार नमस्कार छ । श्रीगणेश भगवान्का कथामृतको नित्य पान गर्दा पनि म तृप्त हुन सकेको छैन ।।२-६।।

विश्वामित्रले भन्नुभयो- हे राजा ! तपाईंले राम्रो जिज्ञासा गर्नुभएको छ । तपाईंको सन्देहनिवारण गर्न म सबै कुरा राम्रोसँग खुलाउँछु। तपाइँ एकाग्रचित्त भएर सुन्नुहोस् ।।७।। सिन्धु देशमा पल्लीनामक नगरी थियो । त्यहाँ धनी, उदार, कार्यकुशल, बुद्धिमान्, ब्राह्मण एवं देवताका उपासक र उत्तम गुणस्वभावले सम्पन्न कल्याण नाम गरेका वैश्य थिए।।८-९।। ती वैश्यकी पत्नीको नाम इन्दुमती थियो र ती पतिकी पियारी, आज्ञापालिका र पतिव्रता थिइन् । समय भएपछि ती दुबैबाट उत्तम एवं गुणी पुत्र पैदा भयो ।।१०।। पुत्रजन्मको उपलक्ष्यमा ती कल्याण वैश्यले ब्राह्मणहरूलाई गाई, वस्त्र, गहना, रत्न र सुवर्णका साथ धेरै दक्षिणा पनि दिए । त्यस बेला ज्योतिर्विद्हरूले बताएअनुसार कल्याणले आफ्नो छोराको नाम बल्लाल राखे। भोलि यो बालक बलवान् हुनेछ भन्ने अर्थमा त्यो नामलाई शुभ मानियो ।।११-१२।। उमेर बढ्दै गएपछि ती बल्लाल बालक आफ्ना समवयस्क साथीहरूका साथ दिनहुँ गाउँदेखि बाहिर गई श्रीगणेशको पूजाकार्यमा नित्य लागिरहन्थे ।।१३।। एक दिन बल्लालसहित सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकदा ते वनं याता बल्लालप्रमुखाः सुताः ।
नानाक्रीडारताः स्नाता उपलं स्थाप्य सुन्दरम् ।।१४।।

गणेशबुद्ध्या सम्पूज्य दूर्वाङ्कुरसुपल्लवैः ।
केचिद् ध्यानरतास्तस्य नामजाप्यं प्रचक्रिरे ।।१५।।

केचिच्च ननृतुस्तत्र यथेष्टं देवभक्तितः ।
केचिच्च गानकुशला जगुर्देवस्य तुष्टये ।।१६।।

केचित् काष्ठैः पल्लवैश्च मण्डपं चक्रुरोजसा ।
केचिद् भित्तिपरीवेषं केचित् प्रासादमुत्तमम् ।।१७।।

केचिन्मानसपूजाभिः केचित् पुष्पलतादिभिः ।
धूपं दीपञ्च नैवेद्यं फलताम्बूलदक्षिणाः ।।१८।।

निवेद्य पुपूजुस्तस्मै मुदा परमयायुताः ।
केचिच्च पण्डिता भूत्वा पुराणान्यब्रुवँस्तथा ।।१९।।

व्याचक्रुर्धर्मशास्त्राणि ग्रन्थानन्याँश्च केचन ।
एवं देवरताः सर्वे निन्युर्वै दिवसान् बहून् ।।२०।।

न क्षुधां न तृषां कोऽप्य जानाद् देवस्य भक्तितः ।
एकदा जनकास्तेषां कल्याणवैश्यमन्वयुः ।।२१।।

अब्रुवन् रोषिताः सर्वे स्वबल्लालं निवारय ।
शिशून् सर्वान् समाहूय वनं याति दिने दिने ।।२२।।

नायान्ति प्रातराशाय न मध्याह्ने निशामुखे ।
कृशा नो बालका जाताः स्वसुतं शिक्षयाधुना ।।२३।।

नो चेद् वयं निबद्ध्वैनं ताडयाम इतः परम् ।
पुराधिपमथाभ्येत्य त्वां बहिः करवामहे ।।२४।।

इति तेषां वचः श्रुत्वाऽश्रुतपूर्वं कदाचन ।
रोषावेशात् स कल्याणो जपाकुसुमलोचनः ।।२५।।

महान्तं दण्डमादाय ताडनार्थं सुतं ययौ ।
दण्डाघातेन गत्वैव मण्डपं प्रबभञ्ज ह ।।२६।।

किशोरहरू वनमा गए । त्यहाँ नानाथरि क्रीडा गरेपछि नुहाएर तिनीहरूले सुन्दर शिला स्थापित गरी श्रीगणेशको भावना राखी दूर्वाङ्कुर र पल्लवहरूद्वारा पूजा गरे । कसैले श्रीगणेशको ध्यान गरे, कोही श्रीगणेशको नामजपमा प्रवृत्त भए, कुनै श्रीगणेशमा भक्ति गर्दै नृत्य गर्न लागे र कुनै गायनकलामा कुशल किशोरहरू श्रीगणेशको प्रसन्नताका लागि भक्तिगीत गाउन थाले ।।१४-१६।। ती बालकहरूमध्ये कसैले काठ, पालुवा आदि सामग्रीद्वारा उत्साहका साथ मण्डप तयार गरे, कसैले भित्तामा श्रीगणेशको चित्र बनाए, कसैले सुन्दर मन्दिर तयार गरे, कसैले मानसविधिले श्रीगणेशको पूजा गरे, कुनैले पुष्प र लता टक्र्याएर पूजा गरे र कोही धूप, दीप, नैवेद्य, फल, ताम्बुल र दक्षिणा निवेदन गरी प्रसन्नमुद्रामा श्रीगणेशको पूजा गर्दै थिए । तीमध्ये कुनैले आफूलाई पण्डित बनाएर पुराण भन्न थाले, कसैले धर्मशास्त्रको व्याख्या गर्न थाले र कसैले अरू पुण्यग्रन्थहरूको पारायण गरे। यसरी श्रीगणेशदेवको पूजामा लागेका ती किशोरहरूले धेरै दिन बिताए ।।१७-२०।। भगवान् श्रीगणेशप्रति तीव्र भक्तिभावका कारण ती किशोरहरूले भोक र प्यासको वेदना अनुभव गर्नु परेन । एक दिन बल्लालका गाउँले साथीका पिताहरू बल्लालका पिता कल्याण वैश्यका घरमा आए ।।२१।। ती सबैले रिसाएर कल्याण वैश्यलाई भने - तिम्रो छोरा बल्लाललाई वन जानबाट रोक, हाम्रा सबै बालकहरू जुटाएर त्यो दिनदिनै वन जान्छ ।।२२।। बिहानको भोजन, दिउँसोको खाजा र साँझको भोजनको बेला पनि ती कुनै बालक घरमा हुँदैनन् । तिम्रा छोरा बल्लालको सङ्गमा लागेर हाम्रा छोराहरूको लत बिग्र्यो र दुब्ला पनि भए । तिमीले आफ्ना छोरालाई तुरुन्त राम्रो पाठ पढाऊ । यदि त्यसो गर्दैनौ भने अब हामी आफैले तिम्रा छोरालाई बाँधेर पिट्छौं र नगरका स्वामीलाई भनेर तिमीलाई सपरिवार नगरबाट बाहिर निकाला गराउँछौं ।।२३-२४।। गाउँलेहरूका कहिल्यै पनि नसुनिएका ती गुनासा सुनेर ती कल्याण वैश्य बाह्रमासे फूलझैं राता आँखा गराई हातमा लौरो लिएर आफ्नो छोरा बल्लाललाई पिट्ने उद्देश्यले वनमा गए । त्यहाँ पुग्नासाथ तिनले सर्वप्रथम छोरालाई लौराले हिर्काएर श्रीगणेशपूजाको मण्डप भताभुङ्ग पारे ।।२५-२६।। पूजामण्डप भताभुङ्ग भएको देखेर त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकाश्च ततः सर्वे जग्मुर्दशदिशो नृप ।
एक एव स बल्लालो दृढभक्त्या स्थिरोऽभवत् ।।२७।।

दृढमुष्ट्या स तं धृत्वा दण्डेनाऽताडयत् भृशम् ।
यथा सर्वशरीरात् तु धाराः शोणितसम्भवाः ।।२८।।

प्रादुरासन् वारिधारा वर्षाकाले यथा गिरेः ।
चिक्षेप दूरतः पश्चाद् देवं सिन्दूरसुन्दरम् ।।२९।।

बबन्ध तं सुतं वृक्षे वल्लीपाशशतैर्दृढम् ।
पुत्रस्नेहं परित्यज्य यमदूत इवापरः ।।३०।।

मुक्तो दन्तैर्न हस्ताभ्यां पादाभ्यां स यथा भवेत् ।
उवाच पश्चात् तं पुत्रं देवस्त्वां मोचयिष्यते ।।३१।।

स दाता भोजनं पानं गोपनञ्च.करिष्यति ।
यदि चेद् गृहमायासि तदा सत्यं मरिष्यसि ।।३२।।

मुनिरुवाच

विभज्य देवालयमाशु यातः
कल्याणवैश्योऽतिरुषा निविष्टः ।
स्वमन्दिरं बध्य वने स्वपुत्रं
दैवस्य योगादभवत्सुदुष्टः ।।३३।।

तस्मिन् प्रयाते स च वैश्यपुत्रः
शुशोच देवं मनसा विचिन्त्य ।
विघ्नारिरित्येव कथं नु देव-
नामाऽभवत् सर्वजनेषु गीतम् ।।३४।।

दुष्टांश्च विघ्नानि न नाशयेस्त्वं
दुष्टान्तकत्वेन कथं प्रसिद्धः ।
शेषोऽवनिं वा सविताऽथ दीप्तिं
चन्द्रोऽमृतं वह्निरथोष्णताञ्च ।।३५।।

त्यजेत् स्वभक्तान्न च सन्त्यजेथा
वेदेषु शास्त्रेषु कथं प्रसिद्धिः ।
एवं विलप्याऽथ निजं शशाप
कल्याणसंज्ञं पितरं सुदुष्टम् ।।३६।।

येनेदं मम विध्वस्तं देवालयमनुत्तमम् ।
गणेशमूर्तिविक्षेपं ताडनं च ममाऽकरोत् ।।३७।।

श्रीगणेशको आराधना गरिरहेका ती गाउँले बालकहरू डरले दश दिशामा तितर-बितर भए । तर बल्लाल भने श्रीगणेशमा दृढ भक्तिका कारण नडराई स्थिर भएर बसिरहे ।।२७।। कल्याणले आफ्ना हातले समातेर तिनलाई लौराले सयौं पटक प्रहार गरे। लौराको निरन्तर प्रहारका कारण वर्षाको समयमा पर्वतबाट जलधारा प्रवाहित भएझैं बल्लालका शरीरबाट रगतका धारा बग्न थाले । कल्याण वैश्यले लहराको डोरीले बल्लाललाई रूखमा बाँधे र डोरीलाई दाँतले टोकेर, हातले छिनालेर अथवा खुट्टाले तानेर कुनै रूपमा पनि बन्धन फुकाई भाग्न नसकोस् भन्ने अभिप्रायले पुत्रस्नेह बिर्सेर यमदूतसमान बनी डोरीले राम्ररी कसेर बल्लाललाई बाँधे। त्यसपछि तिनले छोरालाई भने- अब तेरा श्रीगणेशले कसरी तँलाई बन्धनबाट छुटाउँदा रहेछन् ? म पनि हेर्छु । तेरा श्रीगणेश दाता छन्, अब तिनले तँलाई कसरी भोजन खुवाउँछन् र कसरी पानी पियाउँछन्, त्यो पनि म हेर्छु । अब फर्केर घरमा आइस् भने तँ मर्नेछस् ।।२८-३२।।

मुनिले भने- अत्यन्त रिसाएका कल्याण वैश्य श्रीगणेशको मन्दिर भत्काएर घर फर्के । आफ्नो छोरा बल्लाललाई वनमा बाँधेर घर फर्किने ती वैश्य दैवयोगले अत्यन्त दुष्ट मानिसका रूपमा परिणत भए ।।३३।। कल्याण वैश्य वनबाट फर्केपछि बल्लालले मनले भगवान् श्रीगणेशको चिन्तन गर्दै विचार गरे - हे भगवन् श्रीगणेश ! तपाइँको नाम विघ्नारि भनेर जगत्मा किन जपिन्छ ? यदि तपाइँले दुष्ट र विघ्नहरूको नाश गर्नुहुन्न भने तपाईंलाई दुष्टान्तक भनेर किन पुकारिन्छ ? शेषनागले पृथिवी त्याग गर्न सक्छन्, सूर्यले प्रकाश त्याग गर्न सक्छन्, चन्द्रमाले अमृत त्याग गर्न सक्छन् र अग्निले तातोपन त्याग गर्न सक्छन् तर श्रीगणेशले आफ्ना भक्तहरूको त्याग गर्नुहुन्न भनेर वेद र शास्त्रहरूमा किन भनिएको छ ? यसरी विलाप गरेर बल्लालले आफ्ना दुष्ट पिता कल्याणलाई सराप दिए ।।३४-३६।। जुन पिताले मैले बनाएको श्रीगणेशको मन्दिर भत्काए र श्रीगणेशको मूर्ति फ्याँकि ती कार्यका साथै मलाई पनि नराम्ररी पिटे ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकदा ते वनं याता बल्लालप्रमुखाः सुताः ।
नानाक्रीडारताः स्नाता उपलं स्थाप्य सुन्दरम् ।।१४।।

गणेशबुद्ध्या सम्पूज्य दूर्वाङ्कुरसुपल्लवैः ।
केचिद् ध्यानरतास्तस्य नामजाप्यं प्रचक्रिरे ।।१५।।

केचिच्च ननृतुस्तत्र यथेष्टं देवभक्तितः ।
केचिच्च गानकुशला जगुर्देवस्य तुष्टये ।।१६।।

केचित् काष्ठैः पल्लवैश्च मण्डपं चक्रुरोजसा ।
केचिद् भित्तिपरीवेषं केचित् प्रासादमुत्तमम् ।।१७।।

केचिन्मानसपूजाभिः केचित् पुष्पलतादिभिः ।
धूपं दीपञ्च नैवेद्यं फलताम्बूलदक्षिणाः ।।१८।।

निवेद्य पुपूजुस्तस्मै मुदा परमयायुताः ।
केचिच्च पण्डिता भूत्वा पुराणान्यब्रुवँस्तथा ।।१९।।

व्याचक्रुर्धर्मशास्त्राणि ग्रन्थानन्याँश्च केचन ।
एवं देवरताः सर्वे निन्युर्वै दिवसान् बहून् ।।२०।।

न क्षुधां न तृषां कोऽप्य जानाद् देवस्य भक्तितः ।
एकदा जनकास्तेषां कल्याणवैश्यमन्वयुः ।।२१।।

अब्रुवन् रोषिताः सर्वे स्वबल्लालं निवारय ।
शिशून् सर्वान् समाहूय वनं याति दिने दिने ।।२२।।

नायान्ति प्रातराशाय न मध्याह्ने निशामुखे ।
कृशा नो बालका जाताः स्वसुतं शिक्षयाधुना ।।२३।।

नो चेद् वयं निबद्ध्वैनं ताडयाम इतः परम् ।
पुराधिपमथाभ्येत्य त्वां बहिः करवामहे ।।२४।।

इति तेषां वचः श्रुत्वाऽश्रुतपूर्वं कदाचन ।
रोषावेशात् स कल्याणो जपाकुसुमलोचनः ।।२५।।

महान्तं दण्डमादाय ताडनार्थं सुतं ययौ ।
दण्डाघातेन गत्वैव मण्डपं प्रबभञ्ज ह ।।२६।।

किशोरहरू वनमा गए । त्यहाँ नानाथरि क्रीडा गरेपछि नुहाएर तिनीहरूले सुन्दर शिला स्थापित गरी श्रीगणेशको भावना राखी दूर्वाङ्कुर र पल्लवहरूद्वारा पूजा गरे । कसैले श्रीगणेशको ध्यान गरे, कोही श्रीगणेशको नामजपमा प्रवृत्त भए, कुनै श्रीगणेशमा भक्ति गर्दै नृत्य गर्न लागे र कुनै गायनकलामा कुशल किशोरहरू श्रीगणेशको प्रसन्नताका लागि भक्तिगीत गाउन थाले ।।१४-१६।। ती बालकहरूमध्ये कसैले काठ, पालुवा आदि सामग्रीद्वारा उत्साहका साथ मण्डप तयार गरे, कसैले भित्तामा श्रीगणेशको चित्र बनाए, कसैले सुन्दर मन्दिर तयार गरे, कसैले मानसविधिले श्रीगणेशको पूजा गरे, कुनैले पुष्प र लता टक्र्याएर पूजा गरे र कोही धूप, दीप, नैवेद्य, फल, ताम्बुल र दक्षिणा निवेदन गरी प्रसन्नमुद्रामा श्रीगणेशको पूजा गर्दै थिए । तीमध्ये कुनैले आफूलाई पण्डित बनाएर पुराण भन्न थाले, कसैले धर्मशास्त्रको व्याख्या गर्न थाले र कसैले अरू पुण्यग्रन्थहरूको पारायण गरे। यसरी श्रीगणेशदेवको पूजामा लागेका ती किशोरहरूले धेरै दिन बिताए ।।१७-२०।। भगवान् श्रीगणेशप्रति तीव्र भक्तिभावका कारण ती किशोरहरूले भोक र प्यासको वेदना अनुभव गर्नु परेन । एक दिन बल्लालका गाउँले साथीका पिताहरू बल्लालका पिता कल्याण वैश्यका घरमा आए ।।२१।। ती सबैले रिसाएर कल्याण वैश्यलाई भने - तिम्रो छोरा बल्लाललाई वन जानबाट रोक, हाम्रा सबै बालकहरू जुटाएर त्यो दिनदिनै वन जान्छ ।।२२।। बिहानको भोजन, दिउँसोको खाजा र साँझको भोजनको बेला पनि ती कुनै बालक घरमा हुँदैनन् । तिम्रा छोरा बल्लालको सङ्गमा लागेर हाम्रा छोराहरूको लत बिग्रयो र दुब्ला पनि भए । तिमीले आफ्ना छोरालाई तुरुन्त राम्रो पाठ पढाऊ । यदि त्यसो गर्दैनौ भने अब हामी आफैले तिम्रा छोरालाई बाँधेर पिट्छौं र नगरका स्वामीलाई भनेर तिमीलाई सपरिवार नगरबाट बाहिर निकाला गराउँछौं ।।२३-२४।। गाउँलेहरूका कहिल्यै पनि नसुनिएका ती गुनासा सुनेर ती कल्याण वैश्य बाहमासे फूलझैं राता आँखा गराई हातमा लौरो लिएर आफ्नो छोरा बल्लाललाई पिट्ने उद्देश्यले वनमा गए । त्यहाँ पुग्नासाथ तिनले सर्वप्रथम छोरालाई लौराले हिर्काएर श्रीगणेशपूजाको मण्डप भताभुङ्ग पारे ।।२५-२६।। पूजामण्डप भताभुङ्ग भएको देखेर त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकाश्च ततः सर्वे जग्मुर्दशदिशो नृप ।
एक एव स बल्लालो दृढभक्त्या स्थिरोऽभवत्।।२७।।
दृढमुष्ट्या स तं धृत्वा दण्डेनाऽताडयत् भृशम् ।
यथा सर्वशरीरात् तु धाराः शोणितसम्भवाः ।।२८।।
प्रादुरासन् वारिधारा वर्षाकाले यथा गिरेः ।
चिक्षेप दूरतः पश्चाद् देवं सिन्दूरसुन्दरम् ।।२९।।
बबन्ध तं सुतं वृक्षे वल्लीपाशशतैर्दृढम् ।
पुत्रस्नेहं परित्यज्य यमदूत इवापरः ।।३०।।
मुक्तो दन्तैर्न हस्ताभ्यां पादाभ्यां स यथा भवेत् ।
उवाच पश्चात् तं पुत्रं देवस्त्वां मोचयिष्यते ।।३१।।
स दाता भोजनं पानं गोपनञ्च करिष्यति ।
यदि चेद् गृहमायासि तदा सत्यं मरिष्यसि ।।३२।।

मुनिरुवाच

विभज्य देवालयमाशु यातः
कल्याणवैश्योऽतिरुषा निविष्टः ।
स्वमन्दिरं बध्य वने स्वपुत्रं
दैवस्य योगादभवत्सुदुष्टः ।।३३।।
तस्मिन् प्रयाते स च वैश्यपुत्रः
शुशोच देवं मनसा विचिन्त्य ।
विघ्नारिरित्येव कथं नु देव-
नामाऽभवत् सर्वजनेषु गीतम् ।।३४।।
दुष्टाँश्च विघ्नानि न नाशयेस्त्वं
दुष्टान्तकत्वेन कथं प्रसिद्धः ।
शेषोऽवनिं वा सविताऽथ दीप्तिं
चन्द्रोऽमृतं वह्निरथोष्णताञ्च ।।३५।।
त्यजेत् स्वभक्तान्न च सन्त्यजेथा
वेदेषु शास्त्रेषु कथं प्रसिद्धिः ।
एवं विलप्याऽथ निजं शशाप
कल्याणसंज्ञं पितरं सुदुष्टम् ।।३६।।
येनेदं मम विध्वस्तं देवालयमनुत्तमम् ।
गणेशमूर्तिविक्षेपं ताडनं च ममाऽकरोत् ।।३७।।

श्रीगणेशको आराधना गरिरहेका ती गाउँले बालकहरू डरले दश दिशामा तितर-बितर भए । तर बल्लाल भने श्रीगणेशमा दृढ भक्तिका कारण नडराई स्थिर भएर बसिरहे ।।२७।। कल्याणले आफ्ना हातले समातेर तिनलाई लौराले सयौं पटक प्रहार गरे। लौराको निरन्तर प्रहारका कारण वर्षाको समयमा पर्वतबाट जलधारा प्रवाहित भएझैं बल्लालका शरीरबाट रगतका धारा बग्न थाले । कल्याण वैश्यले लहराको डोरीले बल्लाललाई रूखमा बाँधे र डोरीलाई दाँतले टोकेर, हातले छिनालेर अथवा खुट्टाले तानेर कुनै रूपमा पनि बन्धन फुकाई भाग्न नसकोस् भन्ने अभिप्रायले पुत्रस्नेह बिर्सेर यमदूतसमान बनी डोरीले राम्ररी कसेर बल्लाललाई बाँधे। त्यसपछि तिनले छोरालाई भने- अब तेरा श्रीगणेशले कसरी तँलाई बन्धनबाट छुटाउँदा रहेछन् ? म पनि हेर्छु । तेरा श्रीगणेश दाता छन्, अब तिनले तँलाई कसरी भोजन खुवाउँछन् र कसरी पानी पियाउँछन्, त्यो पनि म हेर्छु । अब फर्केर घरमा आइस् भने तँ मर्नेछस् ।।२८-३२।।

मुनिले भने- अत्यन्त रिसाएका कल्याण वैश्य श्रीगणेशको मन्दिर भत्काएर घर फर्के । आफ्नो छोरा बल्लाललाई वनमा बाँधेर घर फर्किने ती वैश्य दैवयोगले अत्यन्त दुष्ट मानिसका रूपमा परिणत भए ।।३३।। कल्याण वैश्य वनबाट फर्केपछि बल्लालले मनले भगवान् श्रीगणेशको चिन्तन गर्दै विचार गरे - हे भगवन् श्रीगणेश ! तपाईँको नाम विघ्नारि भनेर जगत्मा किन जपिन्छ ? यदि तपाईँले दुष्ट र विघ्नहरूको नाश गर्नुहुन्न भने तपाईँलाई दुष्टान्तक भनेर किन पुकारिन्छ ? शेषनागले पृथिवी त्याग गर्न सक्छन्, सूर्यले प्रकाश त्याग गर्न सक्छन्, चन्द्रमाले अमृत त्याग गर्न सक्छन् र अग्निले तातोपन त्याग गर्न सक्छन् तर श्रीगणेशले आफ्ना भक्तहरूको त्याग गर्नुहुन्न भनेर वेद र शास्त्रहरूमा किन भनिएको छ ? यसरी विलाप गरेर बल्लालले आफ्ना दुष्ट पिता कल्याणलाई सराप दिए ।।३४-३६।। जुन पिताले मैले बनाएको श्रीगणेशको मन्दिर भत्काए र श्रीगणेशको मूर्ति फ्याँकि ती कार्यका साथै मलाई पनि नराम्ररी पिटे ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स चान्धो बधिरः कुब्जो मूको भवति निश्चितम् ।
यदि मे सुदृढा भक्तिर्द्विरदानन उत्तमा ।।३८।।

तदोक्तं मम सत्यं स्यात्तस्य सर्वं मयोदितम् ।
न बद्धे भक्तिमनसी शक्तोऽसौ देहबन्धने ।।३९।।

अनन्यबुद्ध्या परिचिन्त्य देवं
त्यजामि देहं विजने वनेऽस्मिन् ।
पलायनं नैव कृतं यदैव
तदैव देहोऽर्पित एष देवे ।।४०।।

तस्यैवं निश्चयं बुद्ध्वा प्रादुरासीद् गजाननः ।
ब्राह्मणस्य स्वरूपेण बल्लालस्य प्रभावतः ।।४१।।

यथा निशातमोऽपाये श्रीसूर्य उदयाचले ।
तथैव बन्धनान्यस्य तेजसा शिथिलानि च ।।४२।।

जातानि तत एनं स नमश्चक्रेऽथ दण्डवत् ।
देहस्य चारुता जाता न क्षतं न च शोणितम् ।।४३।।

ज्ञानञ्च निर्मलं जातं देवदेवस्य दर्शनात् ।
तुष्टाव विविधैर्वाक्यैर्यथामति गजाननम् ।।४४।।

बल्लाल उवाच

त्वमेव माताऽसि पिताऽसि बन्धुः
त्वमेव कर्ताऽसि चराचरस्य ।
निर्मासि दुष्टाँश्च खलाँश्च साधून्
योनौ वियोनौ विनियुङ्क्ष्यथापि ।।४५।।

त्वमेव दिक्चक्रनभोधराब्धि-
गिरीन्द्रकालानलवायुरूपः ।
रवीन्दुताराग्रहलोकपाल-
वर्णेन्द्रियार्थौषधिधातुरूपः ।।४६।।

मुनिरुवाच

इति स्तुतिं समाकर्ण्य सुप्रसन्नो गजाननः ।
आलिङ्ग्य निजभक्तं तमुवाच घननिस्वनः ।।४७।।

गजानन उवाच

प्रासादो येन भग्नो मे नरके स पतिष्यति ।
तव शापोऽपि तस्यैवं भविष्यति ममाज्ञया ।।४८।।

अन्धा, बहिरा, कुजा र लाटा हुनेछन् । यदि मेरो श्रीगणेशमा उत्तम भक्ति छ भने मैले भनेको कुरा सत्य होस् । यद्यपि मेरा पिता मेरो शरीरलाई बन्धनमा पार्न सफल भएका छन् । तर तिनले मेरो श्रीगणेशमा रहेको भक्ति र श्रीगणेशमा अर्पित मनलाई बाँध्न सक्दैनन्।।३७-३९।। अनन्यबुद्धिबाट श्रीगणेशको चिन्तन गर्दै यही वनमा मैले मेरो शरीरत्याग गरिदिन्छु । जुन बेला कल्याण वैश्यले लौराले प्रहार गर्दै थिए, त्यस बेला पनि म भागिन किनकि मैले त्यस बेला नै यो शरीरत्याग गरी आत्मालाई श्रीगणेशमा अर्पिसकेको थिएँ । बल्लालको यो निश्चय बुझेर भगवान् गजानन बल्लालको भक्तिका प्रभावले ब्राह्मणको स्वरूप लिएर प्रकट हुनुभयो ।।४०-४१।। श्रीसूर्य उदयाचलमा आउनुभएपछि अन्धकारको नाश हुँदा जसरी रातको पनि नाश हुन्छ, त्यसरी श्रीगणेशका तेजको उदय हुँदा बल्लालका बन्धन पनि शिथिल भए । त्यसपछि तिनले श्रीगणेशलाई दण्डवत् प्रणाम गरे । क्रमशः बल्लालको शरीरमा सौन्दर्य भरियो । घाउबाट रगत बग्न छाड्यो, घाउका टाटा रहेनन् र देवदेव गजानन प्रभुको दर्शनबाट मनमा निर्मल ज्ञानको उदय भयो । यो परिवर्तनपछि बल्लालले आफ्नो बुद्धिअनुसार गजानन भगवान्को अनेक वाक्यहरूद्वारा स्तुति गरे ।।४२-४४।।

बल्लालले भने - हे श्रीगणेश ! हजुर नै मेरा माता-पिता र बन्धु हुनुहुन्छ । हजुर नै यो समस्त चराचरमय सृष्टिका कर्ता हुनुहुन्छ, हजुरले नै दुष्ट, खल र साधुहरूको रचना गर्नुहुन्छ र तिनलाई कर्मअनुसार उत्तम योनि र अधम योनिमा पुऱ्याउनुहुन्छ।।४५।। हे भगवन्! हजुर नै दिङ्मण्डल, आकाश, पृथिवी, सागर, पर्वत, इन्द्र, अग्नि र वायुका रूपमा रहनुहुन्छ। हजुर नै सूर्य, चन्द्र, तारा, ग्रह, नक्षत्र, लोकपाल, इन्द्रिय, इन्द्रियग्राह्य विषय र औषधिका रूपमा रहनुहुन्छ ।।४६।।

मुनिले भने- बल्लालले गरेको यो स्तुति सुनेर श्रीगणेश प्रसन्न हुनुभयो । आफ्ना भक्त बल्लाललाई गाढ आलिङ्गन गरेर मेघगर्जनसमान गम्भीर स्वरले भन्नुभयो ।।४७।।

श्रीगणेशले भन्नुभयो - जसले मेरो मन्दिर भत्काएको छ, त्यो नरकमा जानेछ । मेरो आज्ञाअनुसार तिमीले त्यसलाई दिएको सराप पनि त्यसैगरी लाग्नेछ । मन्दिर भत्काउने र अरू धेरै अपराध गर्ने मानिस तिमीले भनेजस्तै अन्धो, बहिरो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्धोऽथ बधिरः कुब्जो मूकोऽसृक्स्रावसंयुतः ।
मम शापं समासाद्य भविष्यति न संशयः ।।४९।।

पिता समातृकं चैनं करिष्यति गृहात् बहिः ।
अन्यत् ते वाञ्छितं ब्रूहि दुष्प्रापमपि ते ददे ।।५०।।

मुनिरुवाच

बल्लालोऽथाऽब्रवीद् देवं त्वयि भक्तिर्दृढास्तु मे ।
अस्मिन् क्षेत्रे स्थिरो भूत्वा लोकान् रक्षस्व विघ्नतः ।।५१।।

गणेश उवाच

त्वन्नामपूर्वं मन्नाम भविष्यति जने शुभम् ।
बल्लालविनायकेति नगरे सुप्रतिष्ठितम् ।।५२।।

मयि चित्तं स्थिरं ते स्याद् भक्तिरव्यभिचारिणी ।
यात्रां मम करिष्यन्ति नगरे पल्लिसंज्ञके ।।५३।।

भाद्रशुक्लचतुर्थ्यां ये तेषां कामान् ददाम्यहम् ।।५४।।

भृगुरुवाच

इति दत्वा वरं देवस्तत्रैवाऽन्तरधीयत ।
ततो विनायकं स्थाप्य बल्लालो ब्राह्मणैः सह ।।५५।।

प्रासादं कारयामास नानाशोभासमन्वितम् ।

विश्वामित्र उवाच

बल्लालवैनायकेति कथितं ते कथानकम् ।।५६।।
यच्छ्रुत्वा सर्वपापेभ्यो मुक्तः कामानवाप्नुयात् ।।५७।।

कुजो, लाटो र शरीरबाट रगतका धारा बगाउने दुर्गन्धले युक्त हुनेछ । यो मेरो पनि सराप हो र अवश्य लाग्नेछ । त्यो अपराधीलाई त्यस घृणित रूपमा देखेपछि त्यसका पिताले आमाका साथ घरबाट निकालिदिनेछ । हे बल्लाल ! अरू तिमीले के चाहन्छौ ? त्यो भन । म दुर्लभ वरदान दिन पनि तयार छु ।।४८-५०।।

मुनिले भने - भगवान् श्रीगणेशका कुरा सुनेपछि बल्लालले भने - हे प्रभु! हजुरमा मेरो भक्ति स्थिर रहोस् । हजुरले यस क्षेत्रमा स्थिर भएर अनेक विघ्नहरूबाट संसारको रक्षा गर्नुहोस् ।।५१।।

श्रीगणेशले भन्नुभयो - यस क्षेत्रमा तिम्रो नामसित जोडिएर मेरो नाम प्रचलित हुनेछ । यस नगरमा बल्लालविनायकका नामबाट मेरो दिव्य मन्दिर रहनेछ । ममा तिम्रो चित्त सदा लागोस् र अनपायिनी भक्ति पनि रहोस् । पल्लीनगरमा जुन मानिसले भाद्रशुक्ल चतुर्थीका दिन बल्लालविनायकको नामबाट मेरो यात्रा चलाउने छन् तिनका कामनाहरू मैले परिपूर्ण तुल्याउने छु ।।५२-५४।।

भृगुले भन्नुभयो - यसरी वरदान दिएर भगवान् श्रीगणेश अन्तर्धान हुनुभयो । त्यसपछि बल्लालले ब्राह्मणहरूको परामर्शअनुसार अत्यन्त सुन्दर एवं भव्य बल्लालविनायकको मन्दिर निर्माण गरे ।

विश्वामित्रले भन्नुभयो - मैले तपाईँलाई बल्लालविनायकको कथा सुनाएँ । जुन कथा सुनेर मानिसहरू सबै पापबाट मुक्त भई आफ्ना कामना पूरा गराउन सफल हुनेछन् ।।५५-५७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे बल्लालविनायककथनं नाम द्वाविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कल्याण वैश्यको कथाप्रसङ्गमा कल्याणपुत्र बल्लालको श्रीगणेशाराधना र बल्लालविनायक मन्दिरको स्थापना' शीर्षकान्वित बाइसौं अध्याय पूर्ण भयो ।।२२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयोविंशोऽध्यायः { २३ अध्याय }

भृगुरुवाच

विश्वामित्रवचः श्रुत्वा भीमः पप्रच्छ तं पुनः ।
वैश्याचरितवार्तायाः श्रवणे परमोत्सुकः ।।१।।
सोमकान्त ! नृपश्रेष्ठ ! कथयामि शृणुष्व तत् ।

भीम उवाच

श्रुतं दक्षस्य चरितं विश्रान्तं मम मानसम् ।।२।।
कथं कल्याणवैश्यस्य गतिरासीद् वदस्व ताम् ।

विश्वामित्र उवाच

शृणुष्वैकमना भीम ! कथामेतां वदामि ते ।।३।।
बल्लालशापात् कल्याणदेहात् सुस्राव शोणितम् ।
असङ्ख्यक्षतसंयुक्तः स्रावो बाधिर्यमन्धता ।।४।।
मूकता पूतिगन्धित्वं जातं तस्य दुरात्मनः ।
ददर्शेन्दुमती तस्य दशामाकस्मिकीं ततः ।।५।।
किमिदं किमिदं कस्माज्जातमेवं शुशोच तम् ।
ज्ञानिनोऽस्य वदान्यस्य देवद्विजरतस्य च ।।६।।
धर्मशास्त्रार्थनिष्ठस्य स्वदारपरितोषिणः ।
अवस्थेयं कथं जाता मम भर्त्तुर्निरेनसः ।।७।।

मुनिरुवाच

एवं विलप्य बहुधा निश्वसन्ती पुनः पुनः ।।८।।
तेन बद्धं वने पुत्रं निशम्य रुदती मुहुः ।
पौरैः सह ययौ तत्र यत्र बद्धो वने सुतः ।।९।।
तत्र देवालयं देवं ददर्श गणनायकम् ।।१०।।
चतुर्भुजं त्रिनयनं सिन्दूरारुणविग्रहम् ।
बल्लालञ्च सुतं तत्र पूजयन्तङ्गजाननम् ।।११।।
मुक्तं निर्व्रणमव्यङ्गं निरीक्ष्य पुरवासिनः ।
उवाचेन्दुमती क्रुद्धा भर्त्सयन्ती पुनः पुनः ।।१२।।

भृगुले भन्नुभयो - विश्वामित्र ऋषिको वचन सुनेपछि राजा भीमले कल्याण वैश्यसम्बन्धी घटनाका विषयमा उहासँग सोधे। हे सोमकान्त ! म तपाईंका सामु उक्त प्रश्नसँग सम्बद्ध कल्याण वैश्यसम्बन्धी कथा सुनाउँछु, तपाईँ सुन्नुहोस् ।।१।।

राजा भीमले भने - दक्षको त्यो चरित्र सुनेर मेरो मन शान्त भएको छ । कल्याण वैश्यको कस्तो गति भयो ? त्यस विषयमा पनि आज्ञा गर्नुहोस् ।

विश्वामित्रले भन्नुभयो- हे भीम राजा ! एकचित्त भएर सुन्नुहोस्, म कल्याण वैश्यको कथा सुनाउँछु ।।२-३।। बल्लालको सरापले कल्याण वैश्यका शरीरबाट रगत बग्न थाल्यो । असङ्ख्य घाउ, खटिरा निस्के । ती घाउ-खटिराबाट पनि पीप र रगत बग्न थाल्यो । कल्याण बहिरा, अन्धा र लाटा पनि भए, ती दुरात्माको शरीरबाट दुर्गन्ध फैलन थाल्यो। कल्याणकी पत्नी इन्दुमती अकस्मात् आफ्ना पतिको त्यो अवस्था देखेर के हो ? के भयो ? कसरी भयो ? कसबाट भयो ? भन्दै चिन्ता गर्न लागिन् । उनले मनमनै भन्न थालिन्- मेरा पति ज्ञानी, दाता, उदारमना, देवता र ब्राह्मणको सेवामा तत्पर, धर्मशास्त्रमा निष्ठा राख्ने, आफ्नी पत्नीमा सन्तुष्ट र निष्पाप हुनुहुन्छ । उहाँको यो अवस्था कसरी भयो ? ।।४-७।।

मुनिले भने - इन्दुमतीले यसरी धेरै बेरसम्म आलाप-विलाप गरेपछि पटक-पटक लामो सास फेरिन् । आफ्नै छोरा बल्लाललाई वनमा बाँधेको कुरा सुनेर बारबार रोइकराई गर्दै नगरवासीहरूका साथ छोरालाई जहाँ बाँधिएको थियो, त्यस वनमा पुगिन् ।।८-९।। त्यहाँ उनले श्रीगणेशको मन्दिरका साथै चतुर्बाहु, त्रिनयन, सिन्दूरद्वारा शोभायमान श्रीगणेशको स्वरूप र उहाँको पूजा गरिरहेका आफ्ना छोरा बल्लाललाई पनि देखिन् ।।१०-११।। त्यस बेला इन्दुमतीले आफ्नो छोरालाई बन्धनमुक्त, घाउ-खत नभएको र सुन्दर अङ्ग-प्रत्यङ्गसम्पन्न देखेर पुरवासीहरूप्रति क्रुद्ध हुँदै गाली गर्न लागिन्- मलाई मेरा श्रीमान्का सामु छोराका विषयमा गलत जानकारी दिएर यी मानिसले ठगे, तिनको झूटो समाचारबाट म आफ्ना श्रीमान्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथं प्रतारिताऽतथ्यवादिभिर्भर्तृसन्निधौ ।
तादृशं तं परित्यज्य पुत्रस्नेहादिहागता ।।१३।।

पश्यन्तु देवभक्तिं मे पुत्रं कुर्वन्तमीदृशीम् ।

मुनिरुवाच

विस्मिताः सर्व एवैते न किञ्चित् प्रोचुरण्वपि ।।१४।।

केचिदूचुर्महाभक्तेर्महिमा केन गम्यते ।
वीक्ष्य सिन्दूररक्ताङ्गं रक्तचन्दनचर्चितम् ।।१५।।

रक्ताम्बरं रक्तपुष्पमालाभिरुपशोभितम् ।
निर्ममं निरहङ्कारमशुण्डमिव विघ्नपम् ।।१६।।

निरीक्ष्य तादृशं पुत्रं त्यक्त्वा शोकं ननन्द सा ।
आलिलिङ्ग तदा तं तु स्नेहस्नुतपयोधरा ।।१७।।

आह तं स्वगृहं यावः पितुस्ते व्यसनं महत् ।
उत्थितं तत्र किञ्चित् त्वं कुरूपायं महामते ।।१८।।

आवां धन्यतमौ लोके ययोः पुत्रस्त्वमीदृशः ।
सर्वाङ्गक्षतवान् रक्तस्रावववान् पूतिगन्धवान् ।।१९।।

श्यामास्यः कृशतायुक्तो बधिरोऽथान्ध एव च ।
एवंविधः पिता तेऽस्ति तं निवेदितुमागता ।।२०।।

पितृधर्मेण तेन त्वं ताडितोऽनर्थकृद् यदि ।
तत्रापराधो नैवास्ति श्रुतिस्मृतिपुराणतः ।।२१।।

पुत्रधर्मान्निरीक्षस्व कुर्वारोग्यविचारणम् ।
त्वया श्लाघ्यतमो लोके पिता ते पितृवत्सल ।।२२।।

मातापितृवचः कार्यं सत्पुत्रेण यशस्विना ।
पूजनञ्च तयोः कार्यं पोषणं पालनं तथा ।।२३।।

औषधान्मन्त्रतश्चापि देवताप्रार्थनादपि ।
उपायं कुरु पुत्र ! त्वं मयि दृष्टिं निवेशय ।।२४।।

यशस्ते भविता लोके सौभाग्यं मम बालक !
इति तस्या वचः श्रुत्वा बल्लालो वाक्यमब्रवीत् ।।२५।।

त्यो दयनीय अवस्था देखेर पनि उहाँलाई त्यसै हालतमा छोडेर छोराको हालत बुझ्न यहाँ आउन विवश भएँ ।।१२-१३।। तपाइँहरूले भगवान्को भक्तिमा निरत मेरा छोरालाई हेर्नुहोस्।

मुनिले भने - बल्लालको त्यो अवस्था देखेर चकित भएका नगरवासीहरूले केही पनि भन्न सकेनन् ।।१४।। कसैले भने - महाभक्तिको महिमा हामीले के बुझ्न सकौं ? इन्दुमती सिन्दूरले रातो अङ्ग भएका, रक्तचन्दनको लेपन गरेका, राता कपडा र राता फूलहरूबाट सुहाएका, निर्मम, निरहङ्कार, विना सूँढका श्रीगणेशजस्ता आफ्नो छोरालाई देखेर निश्चिन्त र आनन्दित भइन् । स्नेहले स्तनबाट दूधका धारा बगाउँदै उनले छोरालाई आलिङ्गन गरिन् ।।१५-१७।। इन्दुमतीले छोरासामु गएर भनिन् - हे बुद्धिमान् छोरा! हिंड, अब हामी घर जाऔं। तिम्रा पितालाई ठूलो विपत्ति आइलागेको छ । त्यसको निराकरणका लागि तिमी पनि केही उपाय गर ।।१८।। हामी माता-पिता धन्य छौं, जसले तिमीजस्ता छोरा जन्मायौं। हेर, अहिले तिम्रा पिताको सर्वाङ्गमा घाउ नै घाउ छ, शरीरबाट रक्तस्राव भइरहेको छ र ज्यादै नराम्रो दुर्गन्ध फैलिरहेको छ । उहाँको मुखलाई कालो पोतोले ढाकेको छ । उहाँ दुर्बल, बहिरो, अन्धो, कुजो र लाटो पनि हुनुभएको छ । पिताको यस अवस्थाबारे जानकारी गराउन म यहाँ आएकी छु ।।१९-२०।। यदि तिम्रा पिताले तिमीलाई कुनै दिन बाबुको रूपमा पिट्नुभयो, गाली गर्नुभयो भने पनि त्यो श्रुति-स्मृति र पुराणअनुसार अपराध मानिंदैन ।।२१।। छोरा ! तिमीले पुत्रधर्मको महिमा बुझ र पितालाई जसरी स्वस्थ तुल्याउन सकिन्छ त्यसबारे विचार गर । हे पितृवत्सल छोरा ! तिमीजस्तो ज्ञानी छोरा जन्माएका कारण तिम्रा पिता संसारमा प्रशंसनीय हुनुभएको छ। यशस्वी सत्पुत्रले माता-पिताको वचन पालन गर्नुपर्दछ र सेवा-सत्कार एवं लालन-पालन पनि गर्नुपर्दछ ।।२२-२३।। हे छोरा ! तिमीले औषधोपचार, मन्त्रप्रयोग र देवप्रार्थनामध्ये कुनै एक अथवा सबै उपाय गर । म आमा हुँ, मप्रति दयादृष्टि लगाऊ, हे बाबु ! यसबाट लोकमा तिम्रो यश फैलिने छ र तिमी भाग्यशाली हुनेछौ । यसरी आफ्नी आमा इन्दुमतीले भनेको कुरा सुनेर बल्लालले आमालाई भने ।।२४-२५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बल्लाल उवाच

कस्य माता पिता कस्य कस्य पुत्रोऽथवा सुहृत् ।
विघ्नराजकृतं सर्वमानुषङ्ग्यखिलं स्मृतम् ।।२६।।

तस्मान्मम पिता भद्रे ! माता देवो विनायकः ।
यो यथा कुरुते कर्म स तथा फलमश्नुते ।

मया समर्पितो जीवो देवदेवे गजानने ।।२७।।
तेन जीवस्तथा ज्ञानं मम दत्तं सुभक्तितः ।

प्रासादभञ्जनाद् देवक्षेपणात् ताडनान्मम ।
विनायकातिभक्तस्य तथा प्राप्तं फलं शुभे ।।२८।।

विचार्यमाणे न त्वं मे माता वा स पितापि च ।
सर्वस्य हि पिता देवो माता देवो गजाननः ।।२९।।

स एव ज्ञानदस्त्राता संहर्ता कालरूपवान् ।
सर्वस्वरूपो देवेन्द्रो ब्रह्मविष्णुशिवात्मकः ।।३०।।

वृथा मे येन दुष्टेन ताडनं निर्घृणेन च ।
कृतं देवस्य विक्षेपः प्रासादस्यापि भञ्जनम् ।।३१।।

तस्यास्यदर्शने दोषः पतितस्य महान् भवेत् ।
स्नेहं त्यक्त्वा मदीयं त्वं पतिं स्वं परिषेवय ।।३२।।

विश्वामित्र उवाच

इतिपुत्रवचः श्रुत्वा सा तं पुनरथाब्रवीत् ।

मातोवाच

कृपयानुग्रहात्स्नेहादुच्छापं वक्तुमर्हसि ।।३३।।

पुत्र उवाच

भवान्तरेऽस्य जननी भवितासि वरार्थिनी ।
अयमेतादृशः पुत्रो भविता तव सुव्रते ।।३४।।

कल्याणनामा भविता वल्लभः क्षत्रियर्षभः ।
कमलेति च विख्याता नाम्ना त्वं च भविष्यसि।।३५।।

दक्ष इत्येव पुत्रस्य नाम ख्यातं भविष्यति ।
ततो द्वादशवर्षाणि वल्लभस्तप्स्यते तपः ।।३६।।

बल्लालले भने – संसारमा को कसको माता ? को कसको पिता ? को कसको छोरा ? र को कसको मित्र हुन्छ? अर्थात् कोही कसैको माता–पिता, छोरा अथवा मित्र हुँदैन, यो त भगवान् विघ्नराजले केही समयका लागि जोडिदिनुभएको आनुषङ्गिक सम्बन्ध हो ।।२६।। त्यस कारण हे कल्याणी ! मेरा माता र पिता भगवान् श्रीगणेशमात्र हुनुहुन्छ, अरू कोही पनि छैन । जसले जस्तो कर्म गर्छ, त्यसले त्यस्तै फल पाउँछ। मैले आफ्नो जीव भगवान् श्रीगणेशमा सुम्पिसकेको छु ।।२७।। उहाँले मेरो भक्ति देखेर आफूबाट झिकेर जीवतत्त्व र ज्ञान दिनुभएको छ । हे कल्याणी ! कल्याणनामक वैश्यले श्रीगणेशको मन्दिर ध्वंस गर्ने, देवमूर्तिलाई फ्याँकिदिने र श्रीगणेशभक्त ममाथि दण्डप्रहार गर्ने जस्ता कार्यबाट आज त्यो दुर्गति भोगिरहेका छन् ।।२८।। राम्ररी विचार गर्दा तपाइँ मेरी आमा होइन र ती कल्याण वैश्य पनि मेरा पिता होइनन्। वास्तवमा सबैका माता एवं पिता भगवान् श्रीगणेशमात्र हुनुहुन्छ ।।२९।। श्रीगणेश नै ज्ञानदाता, त्राता र संहारकर्ता पनि हुनुहुन्छ । उहाँ सर्वात्मा इन्द्र, ब्रह्मा, विष्णु र शिवस्वरूप हुनुहुन्छ ।।३०।। हे कल्याणी ! जुन दुष्ट र निर्दय पुरुषले व्यर्थमा मलाई ताडना गरे, भगवान् श्रीगणेशको प्रतिमा फ्याँक्ने काम गरे र श्रीगणेश मन्दिर भत्काउने कामसमेत गरे त्यस्ता पतितको मुख हेर्दा पनि दोष लाग्छ । तपाइँले मप्रति यो छोरा हो भन्ने ममता छाडी घर जानुहोस् र आफ्ना पतिको सेवा गर्नुहोस् ।।३१–३२।।

विश्वामित्रले भन्नुभयो – पुत्रका यस्ता कुरा सुनेर तिनले फेरि भनिन् ।

माताले भनिन् – बाबु ! कृपा, अनुग्रह अथवा स्नेह जे गरेर भए पनि तिमीले तिम्रा पिताको सरापमोचनको उपाय बताऊ ।।३३।।

बल्लालले भने – हे कल्याणी ! उत्तम वरको आकाङ्क्षा गर्ने तपाइँ कालान्तरमा ती कल्याण वैश्यकी आमा भएर जन्मनुहुनेछ र ती तपाइँका छोरा भएर जन्मनेछन् । अहिले कल्याण जुन रूप र आकारमा छन्, त्यतिबेला पनि यी त्यस्तै आकार – प्रकारका भएर जन्मिनेछन् । क्षत्रियश्रेष्ठ वल्लभ तपाइँका श्रीमान् हुनेछन् । तपाइँ कमलाका नामबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्धतां बधिरत्वं च क्षतानि मूकतां तथा ।
व्यपनेतुन्तु दक्षस्य परं नियममास्थितः ।।३७।।

अलब्ध्वा स फलं तस्मात् सपुत्रां त्वां शुभानने ।
निराकरिष्यते गेहाद् विदेशस्था भविष्यसि ।।३८।।

कस्यचिद् द्विजवर्यस्य द्विरदाननचेतसः ।
दैवात् स्पर्शेन भद्रे ! ते सम्यक् पुत्रो भविष्यति ।।३९।।

तत्रैव गणनाथस्य दर्शनञ्च भविष्यति ।
तदा स दिव्यदेहत्वं प्राप्स्यते द्विरदाननात् ।।४०।।

इति सर्वं समाख्यातमुच्छापकारणं शुभे ।
भविष्यं कथितं तेऽद्य यथेष्टं गम्यतां त्वया ।।४१।।

विश्वामित्र उवाच

एवं निराकृता तेन जननी निरगात्ततः ।
दुःखशोकसमायुक्ता किञ्चिद्धर्षयुतापि च ।।४२।।

स चारुरोह तद्दिव्यं विमानं भक्तिभावितम् ।
गजाननेन विहितं बल्लालोऽथाऽगमद्दिवम् ।।४३।।

इति ते सर्वमाख्यातं यत् पृष्टोऽहमिह त्वया ।
या गतिस्तेन वैश्येन सम्प्राप्ता जन्मनोर्द्वयोः ।।४४।।

यथा जगाद बल्लालः सर्वं तदभवत्तदा ।
सा जज्ञे कमला भूत्वा सोऽभवत् क्षत्रियर्षभः ।।४५।।

प्रसिद्ध हुनुहुनेछ। तपाइँको छोराको नाम दक्ष रहनेछ । दक्षको जन्मजात अन्धोपन, बहिरोपन, लाटोपन, घाउ, रक्तस्राव र दुर्गन्ध हटाउन नियमपूर्वक वल्लभले बाह्रवर्षसम्म तपस्या गर्नेछन् ।।३४-३७।। तपस्यापछि छोराको परिस्थितिमा सुधार ल्याउन नसकेर वल्लभले छोरासहित तपाइँलाई घरबाट निकालिदिनेछन् र तपाइँ देश छोडेर विदेशमा बस्नुहुनेछ ।।३८।। संयोगवश भगवान् श्रीगणेशमा मन लगाउने कुनै ब्राह्मणको स्पर्श पाएर तपाइँका छोरा दक्ष स्वस्थ हुनेछन्।।३९।। त्यस बेला तपाइँले गणनाथ भगवान्को दर्शन पनि पाउनुहुनेछ । श्रीगणेशको कृपाबाट तपाइँका पुत्र दक्षले दिव्यदेह प्राप्त गर्नेछन् ।।४०।। हे कल्याणी! मैले तपाइँलाई भावी घटना र सरापनिवृत्तिको प्रक्रिया बताएँ । अब तपाइँ इच्छानुसार जानसक्नु हुन्छ ।।४१।।

विश्वामित्रले भन्नुभयो - यसरी छोराद्वारा रित्तै हात फर्काइएकी आमा इन्दुमती दुःख र शोकले आकुल थिइन् । तापनि भविष्यका कुरा सुनेर केही आश्वस्त र केही हर्षित भई घर फर्किन् ।।४२।। बल्लाल पनि भगवान् श्रीगणेशमा भक्तिका कारण श्रीगणेशद्वारा पठाइएको दिव्य विमानमा आरोहण गरी दिव्य लोकमा गए।।४३।। जसरी तपाइँले सोध्नुभएको थियो- तदनुसार मैले कल्याण वैश्यका दुई जन्म र ती-ती जन्ममा जस्तो गति भयो ती सबै कुरा बताएँ ।।४४।। बल्लालले जस्तो भविष्यवाणी गर्दै भनेका थिए, सबै कुरा त्यस्तै भयो । अर्को जन्ममा ती इन्दुमती कमला भएर जन्मिन् र ती वैश्य क्षत्रियको रूपमा पैदा भए ।।४५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे भविष्यकथनं नाम त्रयोविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'बल्लालद्वारा वैश्यदम्पतीको भविष्यकथन' शीर्षकान्वित तेइसौं अध्याय पूर्ण भयो ।।२३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्विंशोऽध्यायः { २४ अध्याय }

भीम उवाच

दक्षेण मुनिशार्दूल राजपुत्रेण धीमता ।
अनुष्ठानं कृतं कुत्र कथं वा कस्य वा मुने ।।१।।
एतद् विस्तार्य ब्रूहि त्वं शृण्वँस्तृप्याम्यहं न च ।

विश्वामित्र उवाच

अविदूरे पुरस्तस्याः कौण्डिन्यस्य महावनम् ।।२।।
रम्यं नानावृक्षयुतं नानाश्वापदसङ्कुलम् ।
नानापक्षिगणैर्युक्तं लताजालविराजितम् ।।३।।
सन्मनोनिर्मलपयःसरोवापीविराजितम् ।
जीर्णप्रासादमध्यस्थगजाननविराजितम् ।।४।।
तत्र स्थित्वा तपश्चक्रे गजाननसुतोषकम् ।
मुद्गलेनोपदिष्टेन मन्त्रेणैकाक्षरेण सः ।।५।।
तोषयामास तं देवं वर्षैर्द्वादशसम्मितैः ।
स्नानैर्वस्त्रैः सुगन्धैश्च माल्यैर्धूपैश्च दीपकैः ।।६।।
नैवेद्यं कन्दमूलैश्च भक्षणीयैरकल्पयत् ।
मनसा कल्पयामास दक्षिणां क्षत्रियर्षभः ।।७।।
एवं तस्यागमन् भूप ! दिनानि त्वेकविंशतिः ।
ततः प्रभातसमये स्वयमेवं ददर्श सः ।।८।।
एकं महामतङ्गञ्च सिन्दूरात्तं सुशोभितम् ।
मदस्राविसुगण्डाभ्यां सुन्दरं गिरिसन्निभम् ।।९।।
चारुप्रसन्नवदनं दन्तशोभिमहत्करम् ।
भ्रमरालिसमाकीर्णं गजाननमिवापरम् ।
तेन तत्कण्ठदेशे तु रत्नमाला समर्पिता ।१०।।
तत उत्थाप्य तं स्कन्धे स्थापयामास दन्तिराट् ।
स दन्ती नगरं यातः पताकाध्वजशोभितम् ।।११।।
ततः स प्रतिबुद्धः सन् पप्रच्छ जननीं निजाम् ।
कमले वद मातस्त्वमस्याभिप्रायमद्य मे ।।१२।।
आरोहणं गजस्कन्धे शुभं वा यदि वाऽशुभम् ।

भीमले भने - हे मुनिश्रेष्ठ ! राजपुत्र बुद्धिमान् दक्षले कसको अनुष्ठान गरे र त्यो अनुष्ठान कुन ठाउँमा गरे । यो कुरा विस्तारपूर्वक मलाई बताउनुहोस् । तपाईँबाट श्रीगणेशसम्बन्धी कथा सुन्न पाउँदा मैले कहिले पनि तृप्तिको अनुभव गर्दिनँ ।

विश्वामित्रले भन्नुभयो - कौण्डिन्यपुरको समीपमा नै अत्यन्त रमणीय, नानाथरि वृक्षले सुहाएको, अनेक थरि वन्यप्राणीहरूले परिपूर्ण, धेरै प्रकारका चराचुरुङ्गीहरूको कलरवले गुञ्जायमान, लतापुष्पले परिपूर्ण, मनझैं निर्मल जलराशि भएका सरोवर र तलाउले सम्पन्न र गजाननको प्रतिमाद्वारा जीर्ण मन्दिरले सुहाएको महावन थियो ।।१-४।। दक्षले त्यहाँ रहेर श्रीगणेशलाई प्रसन्न तुल्याउने हेतुले मुद्गल ऋषिले बताएको एकाक्षरी मन्त्रको जप गर्दै तपस्या गरे ।।५।। बाह्र वर्षसम्म तपस्या गरी दक्षले श्रीगणेशलाई प्रसन्न तुल्याए । स्नान, गन्ध, माल्य, धूप, दीप, कन्दमूल र अन्य स्वादु-पदार्थको नैवेद्य टक्र्याएर उनले श्रीगणेशको पूजा गर्ने क्रममा मानसिकरूपमा दक्षिणा टक्र्याएका थिए ।।६-७।। यसरी तिनले २१ दिनसम्म पूजा गरे । कुनै दिन बिहानको सपनामा दक्षले एउटा सिन्दूरले रङ्गिएको, सुन्दर, गालाबाट मद चुहाइरहेको, विशाल आकारको र प्रसन्न मुख भएको एकदन्त र सूँढले शोभायमान र भँवराले घेरिएको श्रीगणेशझैं लाग्ने एउटा हात्ती देखे । त्यसपछि उनले त्यसको घाँटीमा माला लगाइदिए ।।८-१०।। त्यसपछि त्यो हात्तीले दक्षलाई उठाएर आफ्नो काँधमा राख्यो र त्यो हात्ती सुन्दर पताका र तोरणले शोभायमान नगरमा पुग्यो । यस्तो सपना देखेर दक्ष जागे र आफ्नी आमासँग भने । हे आमा कमला ! यो सपनाको के अभिप्राय हो ? बताउनुहोस् ।।११-१२।। सपनामा हात्तीको काँधमा आरोहण गर्नु राम्रो हो अथवा नराम्रो? मलाई बताउनुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमलोवाच

धन्यस्त्वमसि दृष्टोऽयं गजरूपी विनायकः ।।१३।।

आरोहणफलं राज्यप्राप्तिरेव न संशयः ।

दक्ष उवाच

यदि राज्यस्य प्राप्तिः स्यात् तदा तुभ्यं ददान्यहम्।।१४।।

नरयानं तथा ग्रामान् दीपिकां मौक्तिकस्त्रजम् ।

धर्मं च कारयिष्यामि गवाष्टापददानतः ।।१५।।

व्रतानि नियमाँश्चैव दानान्यन्यान्यनेकशः ।

मुनिरुवाच

श्रुत्वेत्थं कमला हृष्टा जगाद तनयं प्रति ।।१६।।

त्वयि राज्यस्थिते पुत्र ! परमानन्दता मम ।

सद्धर्मे रमतां चेतः सतः सारभृतस्तव ।

आयुष्यं विपुलं तेऽस्तु द्विजदेवार्चने रतिः ।।१७।।

कमलाले भनिन् – बाबु ! तिमी धन्य छौ, तिमीले सपनामा हात्तीको रूपमा भगवान् श्रीगणेशको दर्शन पाएका छौ ।।१३।। सपनामा गजारोहण गर्नुको अर्थ राज्यप्राप्ति नै हो । यसमा कुनै सन्देह छैन ।

दक्षले भने – आमा ! यसको फल राज्यप्राप्ति हो भने मैले पाएको राज्य हजुरलाई टक्र्याउनेछु ।।१४।। नरयान, गाउँको समूह, दीपमाला र मोतीको हार पनि म तपाईँलाई टक्र्याउँनेछु। गाई र सुवर्ण आदि अनेक उत्तम पदार्थहरूको दान गरेर धर्मको संवर्धन गर्नेछु ।।१५।। यसैगरी अनेक व्रत, नियम र दान पनि गर्नेछु।

मुनिले भने – छोराका यस्ता कुरा सुनेर प्रसन्न भएकी माता कमलाले भनिन् – हे बाबु ! तिमी राजसिंहासनमा आरूढ भएको देख्न पाउँदा मलाई ठूलो आनन्दको अनुभूति हुनेछ । तिम्रो चित्त असल धर्ममा रमाओस् । सज्जन स्वभाव भएका, सारतत्त्वमा ध्यान दिने र श्रीगणेशको आराधनामा रमाउने तिम्रो पूर्ण आयु होस् । फेरि तिम्रो मन द्विज-देवताको स्वागत-सत्कार एवं पूजा-आराधनामा लागोस् ।।१६-१७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे स्वप्नकथनं नाम चतुर्विंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'दक्षद्वारा श्रीगणेशाराधना र शुभ स्वप्नदर्शन' शीर्षकान्वित चौबीसौं अध्याय पूर्ण भयो ।।२४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चविंशोऽध्यायः { २५ अध्याय }

विश्वामित्र उवाच

श्रृणु राजन् ! महाश्चर्यं दैवकालकृतं शुभम् ।
कौण्डिन्ये नगरे राजा चन्द्रसेनो महामतिः ।।१।।

स्वकर्मपरिपाकेन निधनं कालयोगतः ।
अगमद् दिव्ययानेन धर्मबाहुल्यतो दिवम् ।।२।।

तच्च नागरिकाः श्रुत्वा हाहाकारं प्रचक्रिरे ।
धावमाना ययुस्तत्र त्यक्त्वा कार्याण्यनेकशः ।।३।।

शिरांसि च विनिघ्नन्तः पाणिभिः शोककर्षिताः ।
चस्खलुश्च पतन्तश्च ददृशुः प्रेतभूपतिम् ।।४।।

नेमुः पादौ प्रगृह्यैव दुःखमोहवशं गताः ।
केचिद्धस्तं गृहीत्वैव स्वस्वमूर्ध्नि न्यवेशयन् ।।५।।

रुरुदुःसुस्वरं केचित् पाणिपृष्ठमुखस्वनाः ।
मृता इव निपेतुश्च स्नेहातिशयतोऽपरे ।।६।।

तस्य पत्नी तु सुलभा रुरोद करुणस्वरा ।
पाणिभ्यां निघ्नती स्वीयं हृदयं भृशदुःखिता ।।७।।

विकीर्णभूषणा मूर्च्छामागता पतिता भुवि ।
समानव्यसनाभिः सा पुरस्त्रीभिर्धृता तदा ।।८।।

विललाप तदा कान्ता चन्द्रसेनस्य सुन्दरी ।
निर्लज्जा निरनुक्रोशा नाथनाथेति जल्पती ।।९।।

रे धातर्न दया तेऽस्ति बालवच्चरितं तव ।
युनङ्क्षि स्नेहभावेन विनियुङ्क्ष्यकृतार्थकम् ।।१०।।

राजन् ! न पृष्ट्वा क्व गतो वद मां करुणानिधे ।
दिने दिने वदस्येवं यामि भद्रासनं प्रिये ।।११।।

अद्य निष्ठुरतां केन गमितोऽस्यागसा मम ।
तत् क्षमस्व नमाम्येषा जनमध्ये गतत्रपा ।।१२।।

विश्वामित्रले भन्नुभयो - हे राजन् ! दैव र कालद्वारा निष्पन्न शुभ फलदायक आश्चर्यबारे सुन्नुहोस् । कौण्डिन्य नगरमा चन्द्रसेन नामक बुद्धिमान् राजा थिए ।।१।। आफ्ना कर्मका परिपाकले र कालयोगले तिनको एक दिन निधन भयो । ती धेरै धर्म गरेका कारण दिव्य विमानमा सवार भई स्वर्ग गए।।२।। राजाको निधन थाहा पाएर नागरिकहरूले हाहाकार गरे। ती प्रजाहरू आ-आफ्ना काम-कर्तव्य छोडी यताउति भौंतारिन थाले ।।३।। शोक-सन्तप्त ती प्रजाहरू आफ्नो हातले शिरमा प्रहार गर्दै भुइँमा लड्न थाले। लर्खराउँदै अगाडि बढ्दा तिनले मृत राजाको लाश देखे ।।४।। दुःख र मोहमा परेका केही जनताले मृत राजाको पाउ समाती प्रणाम गरिरहेका थिए ।।५।। कसैले मृत शरीरको हात समातेर आफ्नो शिर छुवाइरहेका थिए, केही मानिस आफ्नो हातले मुख छोपेर रोइरहेका थिए, कुनै मानिस राजामा आफ्नो प्रेमातिशय भएका कारण मरेझैं निष्पन्द भएर भुइँमा सुतिरहेका थिए ।।६।। राजा चन्द्रसेनकी पत्नी सुलभा आफ्ना हातद्वारा छातीमा प्रहार गर्दै अत्यन्त दुःखी भएर करुणस्वरले रोइरहेकी थिइन् ।।७।। शोकावस्थामा रानी सुलभाका गहनाहरू भुइँमा छरिएका थिए। उनी विलाप गर्दागर्दै एक्कासि भुइँमा लडिन् र मूर्च्छा परिन् । त्यस बेला उनीसमान वेदनाको अनुभूति गर्ने दुःखित नगरवासी नारीहरूले उनलाई समालेर राखे ।।८।। राजा चन्द्रसेनकी सुन्दरी रानी सुलभा होशमा आएपछि हे नाथ ! हे नाथ ! भन्दै विलाप गर्न थालिन् । शोकका कारण उनी निर्लज्ज र निष्करुण बनेकी थिइन् ।।९।। तिनी भन्दै थिइन् - हे विधाता! तिमी निर्दयी छौ, तिमीले केटाकेटीको जस्तो काम गऱ्यौ, तिमीले दम्पतीहरूलाई स्नेहका माध्यमबाट जुटाउँछौ र त्यसको परिपाक हुन नपाउँदै तिनलाई वियुक्त गराउँछौ ।।१०।। हे करुणामय राजा ! तपाइँ मलाई नसोधीकन कहाँ जानुभयो ? बताउनुहोस्। तपाइँ दिनदिनै म सिंहासनतर्फ जान्छु भनेर बिदा माग्नुहुन्थ्यो, आज मैले कुन अपराध गरें ? जसबाट तपाइँ मलाई केही नसोधीकन जानुभयो? हे नाथ ! मलाई क्षमा दिनुहोस् । म सम्पूर्ण मानिसहरूका बीचमा निर्लज्ज भएर तपाइँलाई प्रणाम गर्छु ।।११-१२।। हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नय मां यत्र यातोऽसि प्रियान्ते प्रियकारिणीम् ।
त्रिलोकीं पश्यतीं शून्यामपुत्रां पतिना विना ।।१३।।

मुनिरुवाच

सुमन्तुः प्रकृतिस्तस्य मनोरञ्जन एव च ।
द्वावप्यवोदितां तत्र किं राज्यस्य भविष्यति ।।१४।।

आवाभ्यामविचार्यैव क्व गतो नृपसत्तमः ।
कस्मान्न वदसे राजन् ! किमर्थं मौनमास्थितः ।।१५।।

न पश्यसि प्रियां भार्यामनाथामिव विह्वलाम् ।
सहैव यावो नृपते ! त्यक्त्वा सर्वं गृहाश्रमम् ।।१६।।

अनाथं नगरं तेऽद्य राष्ट्रं वा कोऽथ पास्यति ।।१७।।

मुनिरुवाच

एतस्मिन्नन्तरे तत्र बभाण ब्राह्मणः सुधीः ।।१८।।

वेदशास्त्रार्थतत्त्वज्ञः प्रस्तुतं निष्ठुरं वचः ।
सर्वे स्वार्थपरा यूयं नाप्तः कश्चन विद्यते ।।१९।।

सुहृदां रोदनाश्रूणि मुखे प्रेतस्य यान्ति हि ।
पृथिव्यां भारतां याति प्राणहीनं कलेवरम् ।।२०।।

ब्रह्माण्डगोलके को नु मृतमन्यो नु गच्छति ।
इयञ्च सुलभा राज्ञी रोदिति जीविताशया ।।२१।।

मृतकस्यानुगत्यर्थं न सा रोदिति कर्हिचित् ।
यूयं सर्वे नागरिकाः स्वकार्यगमनाकुलाः ।।२२।।

सूर्यवंश्याः सोमवंश्या ये राजानो मृता न किम् ।
तस्मादुत्थाय सर्वेऽपि राज्ञः कुर्वन्तु संस्कृतिम् ।।२३।।

मृतसंस्कारकारी यः स एवाप्तो न चापरः ।
एतदर्थं हि लोकस्य ज्यायसी पुत्रगृध्नुता ।।२४।।

तस्मादानीयतां धर्मपुत्रो वाप्यन्य एव च ।
स हि क्रियामारभतु सर्वैर्देयस्तिलाञ्जलिः ।।२५।।

नाथ ! तपाइँ विना त्रिलोकीलाई नै शून्य देखिरहेकी, पुत्रहीन, तपाइँमा असाध्य स्नेहभाव राख्ने म प्रेयसीलाई तपाइँ जहाँ जानुभएको छ, त्यहीं पुऱ्याउनुहोस् ।।१३।।

मुनिले भने - चन्द्रसेन राजाका अमात्य सुमन्तु र मनोरञ्जन दुबै विलाप गर्दै भन्न लागे - अब राज्यको के गति होला ? ।।१४।। हामीहरूसँग विचारै नगरी हाम्रा राजा कहाँ जानुभयो ? हे राजा ! तपाइँ किन कुरा गर्नुहुन्न ? किन मौन हुनुहुन्छ ? ।।१५।। तपाइँले अनाथझैं भएकी, शोकले व्याकुल आफ्नी प्यारी रानीलाई किन हेर्नुहुँदैन ? हे महाराज ! अब हामी पनि गृहस्थाश्रम छाडेर तपाइँका साथ जान्छौ ।।१६।। आज तपाइँ नहुनाले यो राजधानी अनाथ भएको छ । अब यो राष्ट्रको रक्षा कसले गर्ला ? ।।१७।।

मुनिले भने - यसै बीचमा एक जना वेद एवं शास्त्रका तत्त्वदर्शी बुद्धिमान् ब्राह्मणले निष्ठुर वचन प्रयोग गर्दै भने- तिमीहरू स्वार्थी छौ, तिमीहरूमध्ये सज्जन कुनै पनि छैन ।।१८-१९।। मानिस मर्दा शोकले रोइरहने आफन्तका आँसुहरू मृतात्माका मुखमा पर्छन् । मृतकको नजलाएको लाश पृथिवीको निमित्त भाररूप हुन्छ ।।२०।। यो विशाल ब्रह्माण्डमा जति मानिस मरेर जान्छन् तिनका पछि को लाग्छ ? यी रानी सुलभा पनि जीवनकै आशाले रोइरहेकी छन् ।।२१।। यी मृतक श्रीमान्को अनुगमन गर्नका लागि रोइरहेकी छैनन् । तिमी सबै नागरिकहरू पनि आ-आफ्नै कार्यतर्फ जानका लागि आतुर छौ ।।२२।। यस धर्तीमा जन्म लिने सूर्यवंशी र चन्द्रवंशी राजाहरू के मरेर गएनन् ? अर्थात् जो जन्मिन्छ त्यो मर्दछ । त्यस कारण तिमीहरू सबै उठ र राजाको अन्तिम संस्कार सम्पन्न गर ।।२३।। जसले मरेका मानिसको अन्तिम संस्कार गर्दछ, त्यसलाई नै आफन्त भन्नुपर्दछ, अरूलाई होइन । अन्तिम संस्कारका लागि नै मानिसहरूले पुत्रको अत्यधिक चाहना गरिरहेका हुन्छन् ।।२४।। यी राजाको अन्तिम संस्कारका लागि कुनै धर्मपुत्र छ भने त्यसलाई र छैन भने अरू कसैलाई तयार गर । त्यसले अन्तिम क्रिया शुरू गरोस् । हामी सबैले राजालाई तिलाञ्जलि प्रदान गरौं ।।२५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिरुवाच

ततस्ते नागराः सर्वे द्वावमात्यौ स्त्रियश्च ताः ।
प्रबोधिता ब्राह्मणेन चक्रुस्तस्यौर्ध्वदेहिकम् ।।२६।।

सुमन्तुना कृतं सर्वं सर्वैर्दत्तस्तिलाञ्जलिः ।
पुनः स्नात्वा तु ते सर्वे नगरं विविशुश्चिरात् ।।२७।।

अश्नन्ति पिचुमन्दस्य पत्रं नत्वेश्वरञ्जनाः ।
सान्त्वयित्वा तु सुलभां ययुः स्वं स्वं निकेतनम् ।।२८।।

त्रयोदशाहे निर्वृत्ते राज्यै दत्त्वाम्बराणि ते ।
चक्रुस्ते भोजनं प्रीत्या प्रत्यहं बहुवासरम् ।।२९।।

एकदा नागराः सर्वे द्वावमात्यौ नृपप्रिया ।
सर्वे संशयिता आसन् प्रजापालनकर्मणि ।।३०।।

एतस्मिन्नन्तरे तत्र मुद्गलो मुनिरराययौ ।
उवाच सर्वाशयविदस्य राज्ञो महागजः ।।३१।।

गहनो नाम गृह्णातु मालां पुष्करनिर्मिताम् ।
समाजे यस्य कण्ठे तां निक्षिपेत् स नृपो भवेत् ।।३२।।

तथेति च तदा सर्वे साधु साध्वित्यपूजयन् ।
अतीन्द्रियज्ञानवतो वचो मुद्गलशर्मणः ।।३३।।

मुनिले भने – ब्राह्मणद्वारा प्रबोधित सबै नगरवासी जनता, दुबै मन्त्री, सुलभा रानी र अरू नारीहरूले दिवङ्गत राजा चन्द्रसेनको और्ध्वदैहिक संस्कार गरे ।।२६।। सम्पूर्ण क्रिया अमात्य सुमन्तुले गरे भने अरू सबैले तिलाञ्जलि दिए। त्यसपछि स्नान गरेर ती सबैले नगरमा प्रवेश गरे ।।२७।। ईश्वरलाई नमस्कार गरी नीमको पात चपाएर महारानी सुलभालाई सान्त्वना दिंदै मानिसहरू आ-आफ्ना घरतर्फ गए ।।२८।। तेह्र दिन बितेपछि रानीलाई वस्त्र टक्र्याएर सबै नगरवासीले प्रीतिपूर्वक भोजन गरे । धेरै दिनसम्म सबै मानिसले राजभवनमा आएर दिनदिनै प्रीतिपूर्वक भोजन गरे ।।२९।। एक दिन सबै नगरवासी, दुबै अमात्य र रानी सुलभालाई राज्यको सञ्चालन र प्रजापालन कसरी गर्ने भन्ने विषयमा संशय पैदा भयो ।।३०।। यसै बीचमा त्यहाँ मुद्गल नामक ऋषि आइपुगे । सबै मानिसको आशय बुझेका ती मुनिले भने – दिवङ्गत राजाको गहन नाम गरेको यौटा हात्ती छ, त्यसले आफ्नो सूँढमा कमलको माला धारण गरोस्, ठूलो जनसमूहमा गएर जुन मानिसको घाँटीमा त्यसले त्यो माला लगाइदिन्छ, त्यो मानिस नै यो देशको राजा हुनेछ ।।३१-३२।। मुद्गलले गरेका कुरा सुनेर, हुन्छ त्यसै गरौं भन्दै सबैले साधुवादका साथ अतीन्द्रिय ज्ञानसम्पन्न मुद्गल ऋषिको वाचनिक प्रस्तावलाई अनुमोदन गरे ।।३३।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चन्द्रसेनोपाख्यानं नाम पञ्चविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'राजा चन्द्रसेनको उपाख्यान' शीर्षकान्वित पच्चीसौं अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षड्विंशोऽध्यायः { २६ अध्याय }

विश्वामित्र उवाच

एकस्मिन् दिवसे शुभग्रहयुते लग्ने शुभे वासरे
योगे चारुफले जने च नगरे नानाविधे मेलिते।
मालां रत्नमयीं ददौ नरपते राज्ञी करेणोः करे
सम्प्रार्थ्य द्विरदं कुरुष्व नृपतिं लोकेषु यस्ते मतः।।१।।

तामाज्ञां प्रतिगृह्य वारणपतिः संरञ्जितो धातुभि-
र्बभ्राम द्विजबन्दिचारणगणैराशासितः सर्वतः ।
नानावाद्यकरैर्वृतो नृपभटै राज्यार्थिभिः पूरुषै-
र्जिघ्रन् सर्वजनं सभापरिगतं यातो बहिः पत्तनात्।।२।।

नार्यस्तन्नगरे शिशूनथ पतीन् कृत्वा पुरोऽवस्थितान्
राज्यार्थं विविधा नराश्च बहुधा श्रेणीमुखाश्च स्थिताः।
ते सर्वे विमनस्कतां परिगताः स्वं स्वं गृहं चागता
यातेऽस्मिन् गहने करिण्यथ पुरो याता बहिश्चापरे।।३।।

गजस्तु यातः कमलासुतं तं
सम्पूजयन्तं द्विरदाननन्तम् ।
दृष्ट्वैव तस्मिन् निदधे स मालां
पश्यत्सु लोकेषु सुरेषु नाके ।।४।।

वस्त्राणि माल्यानि च भूषणानि
दक्षाय दत्तानि तदैव लोकैः ।
ज्ञात्वा मतं पौरजनस्य राजा
राज्ञः प्रकृत्योरुभयोस्तदैव ।।५।।

ववदुर्वाद्यसङ्घाश्च दिव्या भौमा अनेकशः ।
मुमुचुः पुष्पवर्षां ते देवा हर्षयुताः शुभम् ।।६।।

उपविष्टास्तदा लोका यथास्थानं यथाक्रमम् ।
नेमुश्च तं दक्षनृपममात्यद्वयसंयुतम् ।।७।।

ताम्बूलानि च वस्त्राणि जनेभ्यः प्रददौ नृपः ।
ब्राह्मणान् पूजयित्वैव दत्त्वा दानान्यनेकशः ।।८।।

सम्पूज्य मातरं तान्तु वस्त्रालङ्करणादिभिः ।
दापयामास दानानि ब्राह्मणेभ्यो यथाविधि ।।९।।

विश्वामित्रले भन्नुभयो- हे राजन् ! एक दिन शुभग्रहले परिपूर्ण, शुभ लग्नमा उत्तम बारका दिन उत्तम फल प्रदान गर्ने योगसमेत रहँदा नगरमा अनेक थरि मानिसहरूको भेला भएको बखतमा रानी सुलभाले हात्तीलाई - हे गजराज ! तिमीलाई जुन मानिस मन पर्छ, त्यसको कण्ठमा यो माला लगाई राजा तुल्याऊ भनी प्रार्थना गर्दै त्यसको सूँढमा कमलको माला लगाइदिइन् ।।१।। रानीको आज्ञा स्वीकार गरी अनेक अलङ्कारद्वारा अलङ्कृत, ब्राह्मण, स्तुतिपाठक र चारणहरूद्वारा राम्रो राजाको चयन गरोस् भन्ने आशाका नजरले हेरिएको, अनेक थरि वाद्य बजाइरहेका राज्यार्थी, राजगण र सैनिक गणद्वारा घेरिएको त्यो गहननामक हात्ती सभामा आएका सबै मानिसहरूलाई सुँघ्दै नगरदेखि बाहिर गयो ।।२।। त्यो नगरका नारीहरू आफ्ना पति र पुत्रहरूलाई अगाडि सारेर दर्शकदीर्घामा उभिएका थिए । राज्यप्राप्तिको इच्छाले अनेक मानिसहरू पङ्क्तिबद्ध भएर रहेका थिए । ती सबै मानिस हात्ती नगरबाट बाहिर गएपछि खिन्न भएर आ-आफ्ना घरतर्फ लागे । केही मानिस भने हात्तीले कसलाई चयन गर्छ भन्ने जिज्ञासा लिएर त्यो हात्ती गएको बाटो लागे ।।३।। त्यो हात्ती भगवान् श्रीगणेशको पूजा गरिरहेका, कमलाका छोरा दक्षको नजिकमा गयो । तिनलाई देख्नासाथ त्यसले पृथिवीका मानिस र स्वर्गका देवताहरूका सामु तिनको घाँटीमा माला लगाइदियो ।।४।। पुरवासी जन, मन्त्री र रानीको समेत मत बुझेका देवताहरूले त्यस बेला दक्षलाई वस्त्र, माला र अलङ्कार प्रदान गरे ।।५।। त्यस समयमा पृथिवी र दिव्यलोकका अनेक थरि बाजा बजे । देवताहरूले खुसी भएर दक्षमाथि फूल वर्षाए ।।६।। क्रमअनुसार आ-आफ्नो ठाउँमा बसेका पुरवासी नर-नारीले दुई जना अमात्यका बीचमा रहेका ती नवनियुक्त राजा दक्षलाई प्रणाम गरे ।।७।। राजा दक्षले सबै मानिसहरूलाई वस्त्र र ताम्बूल प्रदान गरेपछि ब्राह्मणहरूको पूजा गरेर अनेक थरि दान दिए ।।८।। दक्षले वस्त्र, गहना आदिद्वारा आफ्नी आमा कमलाको सत्कार गरेर तिनका हातबाट पनि विधिपूर्वक ब्राह्मणहरूलाई अनेक थरि दान दिलाउने काम सम्पन्न गराए।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0: In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरयाने समारोप्य स्वयमारुरुहे गजम् ।
अलङ्कृतं सिक्तमार्गं पताकाध्वजसंयुतम् ।।१०।।
अश्वारूढावमात्यौ तौ पुरस्कृत्य ययौ पुरम् ।
स्तुवन्ति बन्दिनः पौरा नृत्यन्त्यप्सरसःपुरः ।
गन्धर्वा गाननिष्णाता धावित्वा यान्त्यमुं पुरः ।।११।।
जयशब्दैर्नमःशब्दो वाद्यशब्दोऽगमद् दिवम् ।
नृपद्वारं समासाद्य नत्वा केचिद् गृहं ययुः ।।१२।।
सभायां विविशुः सर्वे सङ्ख्यातीता नृपास्तदा ।
नृयानं प्रेषयामास मुद्गलाय महामतिः ।।१३।।
छत्रं ध्वजं चामरञ्च सुमन्तुं प्रकृतिं तथा ।
आयान्तं मुद्गलं दृष्ट्वा स्वासनात् पुरतो ययौ ।।१४।।
स किरीटेन शिरसा पादयोः प्रणनाम तम् ।
न्यवेशयत् स्वासने तं तेनाज्ञप्तोऽन्य आसने ।।१५।।
उपविष्टो राजसङ्घैः पूजयामास तं मुनिम् ।
गाञ्चापि प्रददौ तत्र ब्राह्मणाय महामतिः ।।१६।।
उवाच तं नृपो दक्षो भो मुद्गल ! महामुने ।
अद्य ते महिमा ज्ञातो लोकैरेतैर्महानयम् ।।१७।।
शरीरे चारुता राज्यप्राप्तिश्च त्वत्प्रसादतः ।
क्व सावस्था पूर्वतनोः क्वेदृक् राज्यं महामुने ।।१८।।
विनायकमहं जाने त्वामेव मुनिसत्तम ।
पुनर्मे मस्तके ब्रह्मन् ! निधेहि करपङ्कजम् ।।१९।।
येनाऽहं सर्वकामानां भाजनं स्याञ्चिरं मुने ।

विश्वामित्र उवाच

आकर्ण्य वचनं तस्य मुद्गलोऽथाऽब्रवीच्च तम्।।२०।।
न ते भयं रिपुकृतं भविष्यति कदाचन ।
यं यं कामयसे कामं सर्वतस्ते भविष्यति ।।२१।।

राजा दक्षले आफ्नी माता कमलालाई नरयानमा सवार गराएपछि वस्त्र र गहनाले सिंगारिएको मदका धाराले बाटोलाई सुगन्धित र शीतल तुल्याउने, ध्वजा-पताकाले सुहाएको हात्तीमा आरोहण गरे ।।१०।। त्यसपछि ती राजाले घोडामा सवार ती दुबै अमात्यलाई अगाडि लगाएर नगरमा प्रवेश गरे। तिनले नगरप्रवेश गर्दा बन्दीहरू स्तुति पाठ गरिरहेका थिए, अप्सराहरू अगाडि आएर नाचिरहेका थिए र गायनकला कुशल गन्धर्वहरू तिनका सामु आएर मीठो गाना सुनाइरहेका थिए ।।११।। महाराजा दक्षको जय जयकार हुँदा वाद्यवादनको ध्वनि र नमो नमको ध्वनि पुञ्जीभूत भएर स्वर्गसम्म घन्किरहेको थियो। राजाको जुलुस राजद्वारमा पुगेपछि केही मानिस तिनलाई नमस्कार गरी घरतर्फ लागे ।।१२।। त्यसपछि राजासहित विशिष्ट मानिसहरूले राजसभामा प्रवेश गरे। त्यहाँ असङ्ख्य राजाहरू उपस्थित थिए। मुद्गललाई त्यहाँ झिकाउन राजाले नरयान पठाए । नरयानका साथै छाता, ध्वजा, चामर र सुमन्तु नामक मन्त्रीसमेत पठाएका थिए । केहीबेर पछि मुद्गल ऋषिलाई राजसभामा आइरहेका देखेर राजा दक्ष स्वागतका लागि उठी अगाडि बढे ।।१३-१४।। दक्षले शिर झुकाएर मुद्गललाई प्रणाम गरी आफ्नै आसनमा बसाए । मुद्गलको आज्ञाबाट अर्को आसनमा बसेका दक्षले उपस्थित राजमण्डलद्वारा पनि मुद्गल ऋषिको स्वागत-सत्कार र पूजा गराए । त्यस बेला बुद्धिमान् दक्षले ब्राह्मणहरूलाई गाई दिएर सम्मान गरे ।।१५-१६।। राजा दक्षले मुद्गल ऋषिलाई आदरपूर्वक भने – हे महामुनि मुद्गल! आज बल्ल यो नगरका मानिसहरूले हजुरको महत्ता र महिमा जान्ने अवसर पाएका छन् । हजुरको कृपाबाट मेरो शरीरमा सौन्दर्य छायो र राज्यको प्राप्ति पनि भयो । मेरो पूर्व शरीर कस्तो घिन लाग्दो थियो । हे महामुनि ! त्यो अवस्था कहाँ ? यो राज्यप्राप्तिको अवस्था कहाँ ? यो सबै हजुरको कृपाबाट भएको हो ।।१७-१८।। हे मुनिवर ! मैले हजुरलाई भगवान् श्रीगणेशको स्वरूप नै मानेको छु। हजुरले मेरो मस्तकमा आफ्नो वरद करकमल राखिदिनुहोस्। जसबाट म सम्पूर्ण कामना साकार गर्नका लागि सत्पात्र बन्न सकूँ ।

विश्वामित्रले भन्नुभयो - दक्षका यी कुरा सुनेर मुद्गल ऋषिले भने ।।१९-२०।। हे दक्ष ! तिमीलाई शत्रुको कुनै भय हुने छैन। तिमीले जुन-जुन कामना गर्नेछौ, ती कामना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्तस्मै ददौ ग्रामान् वासोरत्नधनादिकम् ।
अन्येषां ब्राह्मणानाञ्च गोधनान्यंशुकानि च ।।२२।।

आशीर्भिरभिनन्द्याऽथ ययुस्ते ब्राह्मणा गृहम् ।
अमात्याभ्यां गृहिभ्यश्च ददौ ग्रामाननेकशः ।।२३।।

प्रासादं कारयामास गणेशस्य बृहत्तरम् ।
कुण्डिने नगरे तस्मिन् प्राक्तनं संस्थितं लघुम् ।
विसर्जयामास सभां प्रविवेश गृहं नृपः ।।२४।।

आययौ वल्लभस्तत्र श्रुत्वा वार्तां जनेरिताम् ।
वीरसेनो नरपतिः स्वां सुतां पतिमिच्छतीम् ।।२५।।

ददौ तस्मै स्वप्नगतगणेशस्याज्ञया शुभम् ।
दक्षाय राज्ञे महते त्रिलोकश्रुतकीर्तये ।।२६।।

तस्यां तस्याऽभवत् पुत्रो बृहद्भानुरिति श्रुतः ।
ततोऽभवत् खड्गधरः सुलभस्तत्सुतोऽभवत् ।।२७।।

पद्माकरस्तत्तनयो वपुर्दीप्तस्तु तत्सुतः ।
चित्रसेनस्तत्सुतोऽभूच्चित्रसेनात् त्वमेव हि ।।२८।।

ब्रह्मोवाच

विश्वामित्रसुखात् सर्वां श्रुत्वा वंशपरम्पराम् ।
ततः स नरशार्दूलो भीमो नाम महीपतिः ।।२९।।

सन्तोष्य तं मुनिं प्रार्थ्य पप्रच्छ द्विजपुङ्गवम् ।

भीम उवाच

विनायकः कदा मे स्यात् सुप्रसन्नो महामुने ।।३०।।

तमुपायं वद विभो ! येन मे तदनुग्रहः ।
कदाऽहं कृतकृत्यः स्यां दृष्ट्वा देवं गजाननम् ।।३१।।

परिपूर्ण हुनेछन् ।।२१।। त्यसपछि राजा दक्षले मुद्गल ऋषिलाई केही गाउँ, वस्त्र, रत्न र धन-सम्पदा प्रदान गरे । अरू ब्राह्मणहरूका निमित्त पनि गाई, धन र वस्त्र प्रदान गरे । आशीर्वादद्वारा अभिनन्दन गरी ती सबै ब्राह्मण आ-आफ्ना घरतर्फ लागे । राजा दक्षले आफ्ना दुई जना अमात्य र राजकाजमा सघाउने अन्य भारदारहरूलाई पनि अनेक गाउँ दिएर सत्कार गरे।।२२-२३।। दक्षले कौण्डिन्य नगरमा रहेको सानो तर पुरानो श्रीगणेशमन्दिरलाई विशाल श्रीगणेशमन्दिरका रूपमा परिणत गराए। त्यसपछि सभाविसर्जन गरी आफ्नो निवासभवनमा प्रवेश गरे।।२४।। मानिसहरूका मुखबाट दक्ष राजा भएको सुनेर वल्लभ नामक दक्षका पिता पनि त्यहाँ आए । श्रीगणेशको आज्ञाबाट वीरसेन राजाले पतिको कामना गर्ने, उत्तम शीलस्वभाव भएकी आफ्नी छोरीको विवाह स्वर्ग, मर्त्य र पातालमा प्रसिद्ध महान् राजा दक्षका साथ सम्पन्न गराए ।।२५-२६।। दक्षबाट ती रानीमा जन्मेका छोरा बृहद्भानुका नामबाट प्रसिद्ध भए। तिनका छोरा खड्गधर भए । खड्गधरका छोराको नाम सुलभ थियो ।।२७।। सुलभका छोरा पद्माकर भए । पद्माकरबाट वपुर्दीप्ति जन्मे । वपुर्दीप्तिका छोराको नाम चित्रसेन थियो। हे राजा भीम ! ती चित्रसेनबाट तपाईँ जन्मनुभयो ।।२८।।

ब्रह्माजीले भन्नुभयो - महर्षि विश्वामित्रका मुखबाट आफ्नो वंशपरम्पराको वर्णन सुनेपछि पुरुषसिंह राजा भीमले विश्वामित्र मुनिलाई सन्तुष्ट गराई नम्रतापूर्वक सहर्ष फेरि प्रार्थनाको मुद्रामा सोधे ।

भीमले भने - हे महामुनि! भगवान् विनायक कहिले र कसरी मसँग प्रसन्न हुनुहुनेछ ? उहाँलाई प्रसन्न गराउने उपाय के छ ? हे सर्वज्ञ मुनि ! त्यो मलाई उपदेश गर्नुहोस् । जसबाट गजानन प्रभुको ममाथि अनुकम्पा हुन सकोस् । उहाँको दर्शन पाएर म कहिले कृतकृत्य हुन पाउँला ? यस निमित्त पनि हे ऋषिवर ! मलाई उपाय बताउनुहोस् ।।२९-३१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे वंशपरम्परावर्णनं नाम षड्विंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'दक्षको वंशपरम्परावर्णन' शीर्षकान्वित छब्बीसौं अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तविंशोऽध्यायः { २७ अध्याय }

व्यास उवाच

क उपायस्तु मुनिना विश्वामित्रेण धीमता ।
कृपावता तु भीमाय कथितस्तं वदस्व मे ।।१।।

मन्मनोमोहपटलं मृत्योरिव विनिःसृतम् ।
तत्कथामृतपानेन पितामह ! मृता यथा ।।२।।

ब्रह्मोवाच

भीमाय कथितस्तेन य उपायः शृणुष्व तम् ।
उवाच तं प्रसन्नात्मा विश्वामित्रः सुधर्मवित् ।।३।।

विश्वामित्र उवाच

अनेनाराधय विभुं दैवतं गणनायकम् ।
अनुष्ठानं कुरुष्व त्वं प्रासादे दक्षनिर्मिते ।
विनायकः प्रसन्नस्ते सर्वान् कामान् प्रदास्यति ।।४।।

धर्ममर्थं तथा कामं मोक्षमन्यदपेक्षितम् ।
गच्छ वा स्वपुरं भीम ! चिन्तां कामपि मा कुरु ।।५।।

ब्रह्मोवाच

इत्युक्तः स तदा तेन तं प्रणम्य ययौ नृपः ।
सपत्नीको ददर्शाऽथ पत्तनं स्वं जहर्ष च ।।६।।

अमात्यौ सेनया सार्द्धं नागरैरीयतुर्नृपम् ।
आलिलिङ्गुर्नृपं केचिन्नेमुर्दूरात्तथान्तिके ।।७।।

प्रविवेश पुरं राजा सर्वैः साकं ध्वजालिमत् ।
सिक्तमार्गं चारुगन्धं नानावादित्रशब्दितम् ।।८।।

व्यासले भन्नुभयो – हे पितामह ! कृपालु र बुद्धिमान् विश्वामित्र मुनिले राजा भीमलाई कस्तो उपाय बताउनुभयो? त्यसबारे मलाई बताउनुहोस् ।।१।। हे पितामह ! जसरी मृतकहरू अमृतपानपछि अमर हुन्छन् त्यसै गरी यो कथामृत पान गर्नाले विषयको कालो अन्धकारमा रुमलिएको मेरो मोह मृत्युको साम्राज्यबाट माथि उठेको छ र त्यसले अमृततत्त्वलाई आत्मसात् गर्न खोजेको छ ।।२।।

ब्रह्माजीले भन्नुभयो – विश्वामित्र मुनिले राजा भीमलाई जुन उपाय बताएका थिए, त्यो म बताउँछु । विश्वामित्रले राजा भीमलाई श्रीगणेशको एकाक्षरी महामन्त्रको उपदेश गर्नुभएको हो । हे मुनिश्रेष्ठ वेदव्यास ! म त्यसबारे खुलस्त पार्दछु । उपदेशको क्रममा महात्मा विश्वामित्रले प्रसन्न भएर भीमलाई भन्नुभयो ।।३।।

विश्वामित्रले भन्नुभयो– हे राजा ! एकाक्षरी महामन्त्रद्वारा तपाइँले सर्वव्यापक भगवान् श्रीगणेशको आराधना गर्नुहोस्। तपाईंले यो आराधना अथवा मन्त्रानुष्ठान दक्षद्वारा निर्मित भगवान् श्रीगणेशको मन्दिरमा रहेर गर्नुहोस् । तपाइँको अनुष्ठानबाट प्रसन्न हुनुभएपछि श्रीगणेशले तपाइँका सबै कामना परिपूर्ण तुल्याउनु हुनेछ ।।४।। तपाइँले धर्म, अर्थ, काम र मोक्ष अथवा अन्य कुनै विषयमा जे जस्तो अपेक्षा गर्नुभएको छ, त्यो पनि पाउनुहुनेछ । अब तपाइँ आफ्नो नगरमा जानुहोस् अरू कुनै चिन्ता गर्नुपर्दैन।।५।।

ब्रह्माजीले भन्नुभयो– यसरी विश्वामित्रद्वारा आज्ञा प्राप्त गरेर ती राजा उहाँलाई प्रणाम गरी आफ्नी पत्नीका साथ प्रस्थान गरे । उपयुक्त समयमा आफ्नो नगरको दर्शन गरेपछि ती हर्षित भए ।।६।। अमात्यहरूले सेना र नगरवासीहरूका साथ राजाको सवारी चलाए । कुनै मानिसले राजाको दर्शन पाउँदा खुसी भएर आलिङ्गन गरे । कसैले नजिकमा रहेर प्रणाम गरे भने कसैले टाढैबाट प्रणाम गरे ।।७।। राजा ती सबैका साथ ध्वजापताकाले सिङ्गारिएको, जल सिञ्चन गरी सफाई गर्नाले धूलो–मैलो केही नभएको, अनेक थरिका सुगन्ध छर्केर सुगन्धित तुल्याइएको र अनेक बाजा–गाजा बज्नाले सङ्गीतमय बन्न पुगेको नगरमा प्रवेश गरे ।।८।। त्यहाँ मानिसहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊचुः परस्परं लोकाः पुरीयं शोभतेऽधुना ।
यथा नारी पतिं प्राप्य यथान्धो वाऽपि सद्दृशम् ।।९।।

इति शृण्वन्नृयानस्थस्तथा सा चारुहासिनी ।
वस्त्रालङ्कारशोभाढ्यौ स्तूयमानौ मुदान्वितौ ।।१०।।

उभौ विविशतू रम्यं पुरं नानर्द्धिसङ्कुलम् ।
विसृज्य सर्वलोकं तौ वस्त्रालङ्कारमौक्तिकैः ।।११।।

ताम्बूलैस्तेषु यातेषु भवनं स्वमगच्छताम् ।
ततः शुभे दिने राजा दक्षप्रासादमागमत् ।।१२।।

यत्कौण्डिन्यपुरेऽकारि पुरा दक्षेण धीमता ।
तत्रार्चयामास विभुं सर्वदा तं विनायकम् ।
उपवासपरो नित्यं तन्मन्त्रमवलोडयन् ।।१३।।

भोजने शयने याने वचने श्वसनेऽपि च ।
तमेव चिन्तयन् नित्यमनन्यमनसा नृपः ।।१४।।

जले स्थले नभोमार्गे स्वर्गे देवे नरे द्रुमे ।
भक्ष्ये पेये नृपोऽपश्यद् विनायकमनुत्तमम् ।।१५।।

यं यं पश्यति तं नौति दृढालिङ्गनतत्परः ।
नगरे तं जनाः सर्वे पिशाच इति मेनिरे ।।१६।।

ततो विनायकोऽभ्येत्य धृत्वा पाणितले नृपम् ।
आह तं नृप ! मुक्तोऽसि किं वाञ्छसि वदस्व तत् ।।१७।।

तमुवाच नृपो नान्यं जाने त्वच्चरणाम्बुजात् ।
ततो विनायकः प्राह पुत्रस्ते चारुदर्शनः ।।१८।।

भविता मत्प्रसादेन गुणी स्वर्णतनुर्नृप ।
व्रज स्वं भवनं देवद्विजपूजापरो भव ।।१९।।

स गत्वा भवनं राजा तच्चकार तथैव च ।
देवानां ब्राह्मणानाञ्च पूजनं तर्पणं तथा ।।२०।।

आपसमा भनिरहेका थिए- अहा ! आज यो नगरी राजाको आगमनका कारण पति आउँदा कुनै युवती सुहाएझैं अथवा आँखाको दृष्टि प्राप्त गर्दा अन्धो मानिस रमाएझैं सुहाएको छ र रमाएको छ ।।९।। यस्ता कुराकानी सुन्दै वस्त्रालङ्कारको शोभाले दीप्त, जनताबाट प्रशंसित र अत्यन्त हर्षित नरयानमा आरूढ राजा र चारुहासिनी रानी ज्यादै प्रसन्न भए ।।१०।। त्यसपछि राजदम्पतीले अनेक समृद्धिले सम्पन्न र रमणीय नगरमा प्रवेश गरे । आफ्नो साथमा आएका नर-नारीहरूलाई वस्त्र, गहना, मोती र ताम्बूल प्रदान गरी बिदाई गरेपछि राजभवनमा प्राप्त भए ।।११-१२।। केही समयपछि राम्रो दिन जुराएर ती राजा दक्षले बनाएको श्रीगणेश मन्दिरमा गए । बुद्धिमान् दक्षद्वारा निर्मित त्यो श्रीगणेश मन्दिर कौण्डिन्यपुरमा रहेको थियो । त्यहाँ गएर उनले निरन्तर सर्वव्यापी श्रीगणेशप्रभुको आराधना गरे । उपवास गरी एकाक्षरी मन्त्रको पनि जप गरिरहे ।।१३।। भोजन, शयन, गमन, वचन र श्वास-प्रश्वास क्रियामा समेत उनले एकमना भएर नित्य विनायक प्रभुको चिन्तन गरिरहे ।।१४।। तिनले जल, थल, आकाशमार्ग, स्वर्ग, देवता, मानिस, वृक्ष, भोज्यपदार्थ र पेयपदार्थमा समेत सर्वश्रेष्ठ आफ्ना आराध्य भगवान् श्रीगणेशको दर्शन गरिरहेका थिए ।।१५।। सर्वत्र भगवान् श्रीगणेशको दर्शन गर्ने ती राजाले जसलाई देख्दा पनि श्रीगणेशकै रूप मानेर आलिङ्गन गर्दै नमस्कार गर्दथे । आराधनाको महत्त्व नबुझेका केही मानिसले राजा भीमको त्यो व्यवहार देखेर तिनलाई पिशाचसमान पनि मान्न थाले।।१६।। तिनले यसरी आराधना गरेपछि प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले दर्शन दिएर हातले उठाउँदै भन्नुभयो – 'हे राजा! तिमी मुक्त भएका छौ । के चाहन्छौ? मलाई भन'।।१७।। भीमले उत्तर दिए – 'हे प्रभो ! मैले हजुरको चरणकमलबाहेक केही जानेको छैन।' त्यसपछि भगवान् श्रीगणेशले भन्नुभयो– 'मेरो कृपाले तिमीलाई स्वर्णमय कान्ति भएको गुणवान् र सुन्दर पुत्र पैदा हुनेछ । अब तिमी आफ्नो घर जाऊ र देवता एवं ब्राह्मणको नित्य आराधना गर' ।।१८-१९।। भगवान् श्रीगणेशको आज्ञाबाट राजा भीम राजभवनतर्फ लागे । त्यहाँ गएर तिनले श्रीगणेशले बताएबमोजिम एकमन गराएर देवता र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकरोत् सर्वभावेन गणेशः प्रीयतामिति ।
अल्पेनैव तु कालेन पुत्रस्तस्याऽभवच्छुभः ।।२१।।

दद‍ौ दानान्यनेकानि पुत्रजन्मनिमित्ततः ।
रुक्माङ्गदेति नामाऽस्य चक्रे द्विजवरोदितम् ।।२२।।

ववृधे बालको नित्यं शुक्लपक्षे यथा शशी ।
चकार गुरुसात् तं स शिक्षार्थं नृपतिः सुतम् ।।२३।।

स च श्रवणमात्रेण जग्राह गुरुणोदितम् ।
सर्वविद्यानिधानेन दत्तं यत् कपिलेन च ।।२४।।

सोऽपि विद्यानिधिरभूद् गजकर्ण इवापरः ।
रुक्माङ्गदोऽतिबलवान् सर्वशास्त्रविशारदः ।।२५।।

तस्मै पट्टाभिषेकं स चकार गुणराशये ।
ददौ च द्विजमुख्येभ्यो वासोरत्नधनानि च ।।२६।।

ततोऽधिकां महाभक्तिं सोऽपि चक्रे विनायके ।
जजापैकाक्षरं मन्त्रं पितुः प्राप्तं दिने दिने ।।२७।।

एकस्मिन् दिवसेऽरण्यं युवराजो विवेश ह ।
मृगयां व्यचरद् भूरि जघान गवयान् मृगान् ।।२८।।

अतिश्रान्तो ददर्शाऽथ मुनेः कस्यचिदाश्रमम् ।
नानावृक्षलताजालं त्यक्तवैरमृगान्वितम् ।।२९।।

ब्राह्मणहरूको पूजा र तर्पण गर्न लागे । तिनले सम्पूर्ण कर्म श्रीगणेशको प्रसन्नताका लागि गरिरहेका थिए । थोरै समयपछि तिनलाई अत्यन्त मङ्गलमय र सुन्दर पुत्र पैदा भयो।।२०-२१।। पुत्रजन्मको उपलक्ष्यमा तिनले नानाथरि पदार्थहरूको दान गरे। ब्राह्मणले बताएबमोजिम छोराको नाम रुक्माङ्गद भनी राखे ।।२२।। त्यो बालक शुक्लपक्षको चन्द्रमा झैं दिनदिनै बढ्न थाल्यो । त्यसपछि राजा भीमले त्यस छोरालाई उत्तम शिक्षा प्रदान गर्ने हेतुले सद्गुरुको जिम्मा लगाइ दिए।।२३। राजकुमारले पनि सबै विद्याका निधि आफ्ना गुरु कपिलद्वारा उपदेश गरिएको विद्यालाई श्रवण गर्नासाथ ग्रहण गरे। ती रुक्माङ्गद पनि द्वितीय श्रीगणेशसमान विद्याका सागर, अतिपराक्रमी, बलवान् र सबै शास्त्रमा निपुण भए ।।२४-२५।। त्यसपछि राजा भीमले आफ्नो गुणी छोरा रुक्माङ्गदको राज्याभिषेक गरे। त्यस बेला उनले ब्राह्मण आदिलाई वस्त्र, रत्न र धन दिएका थिए।।२६।। रुक्माङ्गद आफ्ना पिता भीमभन्दा पनि अधिक भगवान् श्रीगणेशका भक्त थिए । तिनले आफ्ना पिता भीमबाट प्राप्त श्रीगणेशको एकाक्षरी मन्त्रको दिनदिनै जप गर्दथे ।।२७।। एक दिन रुक्माङ्गद वनभ्रमणमा गए । उनले त्यहाँ शिकार खेल्दा धेरै गवय र मृग मारे ।।२८।। वनभ्रमणपछि अत्यन्त थाकेका रुक्माङ्गदले कुनै मुनिको वृक्ष, लहरा र फूलले शोभायमान, जन्मजात वैरी हुँदाहुँदै पनि वैरभावबाट मुक्त भई खेलिरहेका मृग आदि जनावरको क्रीडाले रमणीय आश्रमको दर्शन गरे ।।२९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे रुक्माङ्गदाभिषेकवर्णनं नाम सप्तविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'भीमका पुत्रका रूपमा रुक्माङ्गदको जन्म र राज्याभिषेक' शीर्षकान्वित सत्ताइसौं अध्याय पूर्ण भयो ।।२७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टाविंशोऽध्यायः { २८ अध्याय }

ब्रह्मोवाच

ततो रुक्माङ्गदोऽपश्यदृषिं वाचक्नविं शुभम्
मुकुन्दां तस्य पत्नीञ्च स्निग्धमञ्जुलभाषिणीम् ।।१।।

अतिश्रान्तो नरपतिर्नमश्चक्र उभावपि ।
तस्मिन् मुनौ गते स्नातुं ययाचे नृपसत्तमः ।।२।।

मातर्मुकुन्दे ! मे देहि शीतलं जलमुत्तमम् ।
विना जलं मम प्राणा गमिष्यन्ति यमक्षयम् ।।३।।

आकर्ण्य तस्य वाचं सा जगाद मदनातुरा ।
त्वादृशं पुरुषं क्वापि मारादप्यतिसुन्दरम् ।।४।।

न देवेषु न नागेषु यक्षगन्धर्वपुञ्जयोः ।
पश्यामि चारुसर्वाङ्गमतो मे हृदयं त्वयि ।।५।।

अत्यासक्तं त्वदधरामृतपाने च देहि तत् ।

नारद उवाच

व्यलीकं स तु श्रुत्वैव श्रान्तत्वाद् भृशदुःखितः ।।६।।

तिलोत्तमोत्तमां तां स जितेन्द्रियतया जगौ ।
त्यज प्रौढिं न मे चित्तं पारदार्ये विगर्हिते ।।७।।

विनायकप्रभावेण सक्तं नैवात्र कर्हिचित् ।
न जलं पातुमिच्छामि त्वया दत्तं सुदुष्टया ।।८।।

ऋषेराश्रम इत्येवं यातो यास्य इतो शुभे ।
तं गन्तुमुद्यतं पाणिं धृत्वाऽवीवददातुरा ।।९।।

मुकुन्दोवाच

बलात्कारेण योऽन्यस्य स्त्रियं धर्षितुमिच्छति ।
स एव नरकं याति न स्वयं याति तामपि ।।१०।।

कृते त्रेतायुते ब्रह्मा स्त्रीणां स्वातन्त्र्यमभ्यधात् ।
न करोषि यदा वाक्यं तदा भस्म भविष्यसि ।।११।।

अथवा राज्यविभ्रष्टं करिष्ये वनचारिणम् ।

ब्रह्माजीले भन्नुभयो- आश्रमको दर्शन गरेपछि रुक्माङ्गदले आश्रममा विराजमान मङ्गलमूर्ति ऋषि वाचक्नवि र प्रेमपूर्वक मीठो बोल्ने ऋषि पत्नी मुकुन्दाको पनि दर्शन गरे ।।१।। वनभ्रमणका कारण अत्यन्त थाकेका रुक्माङ्गदले ती दुबैलाई प्रणाम गरे । मुनि वाचक्नवि तुरुन्तै नुहाउन बाहिर गएपछि रुक्माङ्गदले मुनिपत्नी मुकुन्दासँग याचना गर्दै भने- 'हे आमा ! मलाई उत्तम चीसो जल दिनुहोस् । पानीविना मेरा प्राण छुट्नै लागेका छन्' ।।२-३।। रुक्माङ्गदका ती कुरा सुनेर कामातुर मुनिपत्नी मुकुन्दाले भनिन् - 'हे रुक्माङ्गद ! तपाइँजस्तो सम्पूर्ण अङ्गमा सौन्दर्यले वास गरेको, कामदेवभन्दा पनि राम्रो पुरुष, देवता, यक्ष, गन्धर्व, नाग, किन्नर आदि कुनै जातिमा पनि मैले देखेकी छैन । मेरो मन तपाइँमा आसक्त भएको छ। म तपाइँको अधरामृत पिउन चाहन्छु । मलाई तपाइँको अधरामृत पान गर्न दिनुहोस् ।' यस्तो असत्य र निन्दनीय प्रार्थना सुनेर अत्यन्त दुःखित भएका रुक्माङ्गदले आफ्नो इन्द्रियजयी स्वभावअनुसार तिलोत्तमा अप्सराभन्दा पनि राम्री ती मुनिपत्नीलाई भने - 'हे ऋषिपत्नी ! तपाइँले हठ-परित्याग गर्नुहोस् । मेरो मन परस्त्रीसेवनजस्तो निन्दनीय कर्ममा लाग्दैन । श्रीगणेश भगवान्का प्रभावले मेरो मन यस्ता कुनै पनि लौकिक तुच्छ कार्यमा आसक्त हुँदैन । तपाइँजस्ती दुष्ट नारीले दिएको पानी म पिउन चाहन्नँ । वास्तवमा म त ऋषिको पवित्र आश्रम हो भनेर यहाँ आएको थिएँ । अब म यहाँबाट छिटै बाहिर जान्छु।' यसरी जवाफ दिएर प्रस्थान गर्न लागेका रुक्माङ्गदको हात समातेर कामातुर मुकुन्दाले भनिन् ।।४-९।। 'जुन मानिसले बलात्कार गरेर परस्त्रीसेवन गर्दछ त्यो मानिस नरकमा जान्छ । तर जुन मानिस परस्त्रीले स्वयं याचना गरेपछि परस्त्रीगमन गर्दछ त्यसलाई पाप लाग्दैन र नरक जान पर्दैन ।।१०।। त्रेतायुग लाग्ने र सत्ययुगको अन्त्य हुने बेलामा ब्रह्माजीले स्त्रीजातिको स्वतन्त्र अधिकारको विषयमा यस्तै कुरा बताउनुभएको थियो। यदि तपाइँले मैले भनेको मान्नुहुन्न भने तपाइँ मेरो सरापबाट खरानी हुनुहुनेछ अथवा मैले तपाइँलाई राज्यहीन, वनवासी र कङ्गाल पनि बनाउन सक्नेछु।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारद उवाच

इत्युक्त्वा धावमाना सा काममार्गणपीडिता ।।१२।।

रभसाऽऽलिङ्ग्यामास चुचुम्ब वदनं हठात् ।
ततो रुक्माङ्गदस्तां तु बलाच्चिक्षेप दूरतः ।।१३।।

मूर्च्छिता पतिता भूमौ रम्भेव मरुता हता ।
उत्थितां तां तदा प्राह परदारविरक्तधीः ।।१४।।

रुक्माङ्गदो महाभागे ! मुनिपत्न्यविवेकिनि !
परपुंसि मनो यस्याः सा वै निरयभाग्भवेत् ।।१५।।

न मे मनश्चलेत् क्वापि यदि शुष्येन्महोदधिः ।
एवं निराकृता तेन तं शशाप रुषान्विता ।।१६।।

यथाऽहं कष्टमगमं तथा त्वं कुष्ठभाग् भव ।
यतस्ते हृदयं वज्रात् सारभूतं न च द्रुतम् ।।१७।।

इत्थं वदन्तीं तां राजा निर्भर्त्स्य बहुधा ततः ।
त्वरया निर्गतस्तस्मादाश्रमाद् भृशदुःखितः ।।१८।।

स्वं ददर्श शरीरं स श्वेतं बकशरीरवत् ।
कुष्ठरोगयुतं कान्त्या हीनञ्च भृशकुत्सितम् ।।१९।।

चिन्तार्णवे तदा मग्न इदमाह गजाननम् ।
अपराद्धं मया किन्ते कथमत्रागतोऽप्यहम् ।।२०।।

प्राप्तः कथं नु दुष्टाया मुनिपत्न्याः समागमम् ।
त्वया नूनं सिद्धिपते ! दुष्टाः संवर्द्धिता भृशम् ।।२१।।

अवताराँश्च साधूनां रक्षणाय विभर्षि हि ।
इयं न नाशिता दुष्टा स्वैरिणी रूपगर्विता ।।२२।।

कथं मम शरीरं तत् काञ्चनस्पर्द्धि सुन्दरम् ।
इमामवस्थां सम्प्राप्तः केन वा दुष्टकर्मणा ।।२३।।

तव भक्तिं यथापूर्वं सदा कुर्वे यथाविधि ।
त्वदन्यं नैव शरणं यामि नाथ ! गजानन ।।२४।।

नारदजीले भन्नुभयो – यस्तो भनेर कामबाणद्वारा पीडित भएकी ती मुकुन्दाले वेगपूर्वक दौडेर आई रुक्माङ्गदलाई समाती आलिङ्गनपाशमा बाँधिन् र हठपूर्वक उनको मुखमा धेरै बेर चुम्बन गरिन् । त्यसपछि राजा रुक्माङ्गदले आफ्नो शक्ति लगाएर उनलाई भुइँमा टाढै फालिदिए ।।११-१३।। हावाले ढलेको केराको स्तम्भ झैं भुइँमा लडेकी ती मुकुन्दा मूर्च्छित भइन् । तिनी ब्यूँझिएपछि परस्त्रीगमनजस्ता कुकर्मबाट बुद्धिलाई निवृत्त गराएका राजा रुक्माङ्गदले भने – 'हे विवेक नभएकी मुनिपत्नी ! जुन नारी परपुरुषमा आसक्त हुन्छिन् ती नरकमा जान्छिन् । सागर सुकेर जानसक्छ, तर मेरो मन परस्त्रीको सौन्दर्य हेरेर कहिले चञ्चल हुँदैन । तसर्थ तपाईंले मप्रति आसक्ति नदेखाउनुहोस्।' यसरी रुक्माङ्गदद्वारा निषेध गरिएकी ती मुकुन्दाले क्रुद्ध भएर सराप दिंदै भनिन् ।।१४-१६।। 'हे राजा रुक्माङ्गद ! मलाई तपाईंले ठूलो कष्ट दिनुभयो, त्यसकारण तपाईं कुष्ठरोगी बन्नुहोस्। तपाईंको मन वज्रभन्दा पनि कठोर रहेछ, किनभने त्यो मन मजस्ती भर्खरकी युवती नारीले कामक्रीडाका लागि प्रार्थना गर्दा पनि पग्लिएन'।।१७।। यसरी सराप दिने ती ऋषिपत्नीलाई बेस्सरी हप्काएर ती राजा दुःखी मनले तीव्रगतिका साथ आश्रमबाट बाहिर आए ।।१८।। तुरुन्तै तिनले आफ्नो शरीरको रङ्ग बकुल्लाको शरीरझैं सेतो स्वरूपमा परिणत भएको देखे । कुष्ठरोगले पीडित तिनको शरीर कान्तिहीन र घृणित भइसकेको थियो ।।१९।। चिन्ताको सागरमा डुबेका राजाले भगवान् गजाननसँग प्रार्थना गर्दै भने – हे प्रभु ! मैले आज कुन अपराध गरें ? म किन मुनिको आश्रममा आएँछु ? प्यास मेटाउन आउँदा मैले किन दुष्ट मुनिपत्नीको सङ्गतिमा पर्नुपर्‍यो ? हे सिद्धिपति श्रीगणेश प्रभु ! हजुरले यस संसारमा किन दुष्ट मानिसहरूको संरक्षण र संवर्धन गर्नुभएको छ? हजुरले त सज्जनहरूको रक्षाका लागि अवतार लिनुहुन्छ । मुकुन्दाजस्ती रूपगर्वित वेश्या नारीको नाश किन गर्नुहुन्न ? ।।२०-२२।। कुन पापले सुन झैं चम्किलो र सुन्दर मेरो शरीर आज यो दुर्गतिमा प्राप्त भएको छ ? यस अवस्थामा पनि मैले पहिले झैं हजुरको विधिपूर्वक भक्ति गर्नेछु । हे गजानन ! हजुरबाहेक अरू कुनै देवताको पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेदं शरीरं वक्त्रं वा दर्शयिष्ये जनं प्रति ।
प्रायोपवेशनेनेदं शोषयिष्ये कलेवरम् ।।२५।।

निश्चित्यैवं नरपतिरास न्यग्रोधसन्निधौ ।
भृत्या इतस्ततोऽधावन् नेक्षन्ते स्म च तं नृपम् ।।२६।।

प्रवृत्तायां निशायां च जग्मुः स्वं स्वं निकेतनम् ।
स्वामिसेवकयोर्जाता गतिश्चक्राह्वयोरिव ।।२७।।

शरणमा म जान चाहन्नँ ।।२३-२४।। अब म आफ्नो यो शरीर र मुख कसैलाई पनि देखाउन चाहन्नँ। अनशन गरेर यो शरीरलाई ठाडै सुकाउँछु।।२५।। राजा रुक्माङ्गद यसरी निश्चय गरी वट-वृक्षको फेंदमा बसे। राजाका अनुचरहरूले तिनलाई यता-उति खोजिरहेका थिए तर देख्न सकेनन्। रात परेपछि ती अनुचरहरू आ-आफ्ना घरतर्फ लागे । यसरी स्वामी र सेवकहरूको गति चखेवा र चखेवीको जस्तो भयो ।।२६-२७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे प्रायोपवेशनं नामाष्टाविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'ऋषिपत्नीद्वारा अभिशप्त रुक्माङ्गदको चिन्तित अवस्था र अनशन' शीर्षकान्वित अट्ठाइसौं अध्याय पूर्ण भयो ।।२८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनत्रिंशोऽध्यायः { २९ अध्याय }

मुनिरुवाच

तस्मिन् वटे समासीनः कस्मिँश्चिद् दिवसे नृपः ।
दूराद् ददर्श देवर्षिं नारदं मुनिपुङ्गवम् ।।१।।

ननाम प्रार्थयामास क्षणं विश्राम्यतामिति ।
उत्ततार नभोमार्गान्नारदः करुणानिधिः ।।२।।

पूजयित्वा यथाशक्ति पप्रच्छ मुनिमादरात् ।
अहं रुक्माङ्गदो नाम भीमपुत्रो महाबलः ।।३।।

मृगयां व्याचरन् वाचक्नवेराश्रममागतः ।
जलयाञ्चा कृता तत्र तृषितेन मयाऽनघ ।।४।।

तस्य पत्नी भृशं नष्टा कामार्ता मामचुम्बत ।
तस्मिन् मुनौ गते स्नातुं दुष्टभावेन चेतसा ।।५।।

उवाच मां भजस्वेति कामबाणप्रपीडिता ।
जितेन्द्रियतया देवप्रसादात् सा निराकृता ।।६।।

अशपद् दुःखिताऽत्यन्तं सा मां निष्ठुरचेतसा ।
कुष्ठी भव महादुष्ट ! सकामां त्यजसे यतः ।।७।।

रुक्माङ्गद उवाच

श्रुत्वैवं दुष्टवचनं निर्गतोऽहं तदाश्रमात् ।
श्वेतकुष्ठी तदा जातो वद मे निष्कृतिं मुने ।।८।।

वियोगान्मम भीमोऽपि मग्नः स्याद् दुःखसागरे ।
श्रुत्वेत्थं वचनं तस्य नारदः प्राह विश्ववित् ।।९।।

उपायं तस्य कुष्ठस्य नाशाय करुणायुतः ।

नारद उवाच

आगच्छता मया मार्गे दृष्टमाश्चर्यमुत्तमम् ।।१०।।

भृगुले भन्नुभयो - वटवृक्षको समीपमा बसेका राजा रुक्माङ्गदले एक दिन आकाशमार्गमा आइरहेका मुनिश्रेष्ठ नारदजीलाई टाढैबाट देखे । रुक्माङ्गदले नारदजीलाई प्रणाम गरेपछि भने - हे ऋषिवर ! हजुर यहाँ आउनुहोस् र केहीबेर विश्राम गर्नुहोस् । परम दयालु नारदजी पनि तिनको प्रार्थना सुनेर आकाशमार्गबाट भुइँमा अवतरण गर्नुभयो ।।१-२।। रुक्माङ्गदले आफ्नो शक्तिअनुसार स्वागत-सत्कार गरेपछि नारद मुनिसँग भलाकुसारी गरी आफ्नो परिचय दिंदै भने - हे निष्पाप मुनिवर ! म राजा भीमको छोरा महाबली रुक्माङ्गद हुँ । एक दिन शिकार खेल्दै म वाचक्नवि ऋषिको आश्रममा आइपुगें । त्यस बेला म प्यासले व्याकुल थिएँ र जलको याचना गरें । ऋषि वाचक्नवि नुहाउन जलाशयतर्फ जानुभएपछि उहाँकी अत्यन्त चरित्रहीन पत्नी मुकुन्दाले कामातुर भई मलाई चुम्बन गरिन् । दुष्ट भावनाले भरिएको चित्तबाट तिनले मसँग रतिक्रीडा गर भनिन् । श्रीगणेशको कृपा र म आफै जितेन्द्रिय भएको कारणबाट पनि मैले उनको प्रार्थना लत्याएँ ।।३-६।। त्यसो गर्दा अत्यन्त दुःखित भएकी ती मुनिपत्नीले निष्ठुर वचनद्वारा मलाई सराप दिंदै भनिन्- तिमीले म कामक्रीडा गर्न चाहने कामातुर युवतीको तिरस्कार गरेका छौ, तसर्थ तिमी कुष्ठरोगी बन ।।७।।

रुक्माङ्गदले भने - यस्तो कठोर सराप सुनेर म त्यस आश्रमबाट बाहिर आएँ । आउनासाथ मैले आफ्नो शरीरलाई सेतो कुष्ठरोगले ग्रस्त भएको पाएँ । हे मुनिवर ! मेरो रोगको उपचार गर्ने उपाय के छ ? त्यो बताइदिनुहोस् ।।८।। उता घरमा मेरा पिता राजा भीम पनि मेरो वियोगका कारण दुःखको सागरमा डुब्नुभएको हुनसक्छ । रुक्माङ्गदका यी कुरा सुनेर विश्वघटनाका प्रत्यक्षदर्शी दयालु नारद ऋषिले कुष्ठरोग नाश गर्ने उपाय बताउँदै भन्नुभयो ।

नारदजीले भन्नुभयो - हे रुक्माङ्गद ! अहिले बाटोमा आउँदा मैले एउटा उत्तम आश्चर्य देखें ।।९-१०।। विदर्भ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विदर्भे नगरं ख्यातं कदम्बमिति संज्ञया ।
तत्प्रासादे मया दृष्टा मूर्तिर्वैनायकी शुभा ।।११।।

चिन्तामणिरिति ख्याता सर्वेषां सर्वकामदा ।
तस्याऽग्रतो महाकुण्डं गणेशपदपूर्वकम् ।।१२।।

कश्चिच्छूद्रो महाकुष्ठी जराजर्जरितो नृप !
तीर्थयात्राप्रसङ्गेन कदम्बपुरमागतः ।।१३।।

गणेशकुण्डे स्नात्वैव दिव्यदेहमवाप सः ।
विनायकस्वरूपैस्तु गणैरानीतमम्बरात् ।।१४।।

विमानवरमारुह्य स गतः स्थानमुत्तमम् ।
यत्र गत्वा न शोचन्ति न पतन्ति पुनः क्वचित् ।।१५।।

दृष्टो मयैव राजेन्द्र ! तत्र स्नानाय साम्प्रतम् ।
स्नात्वा देवं समभ्यर्च्य चिन्तितार्थप्रदं विभुम् ।।१६।।

देहि दानानि विप्रेभ्यः सद्यः पूतो भविष्यसि ।
जीर्णां त्वचं परित्यज्य सुरूपी भुजगो यथा ।।१७।।

ब्रह्मोवाच

इति वाणीं नारदोक्तां निशम्य नृपसत्तमः ।
न किञ्चिदुक्तवान् वाक्यं मग्न आनन्दसागरे ।।१८।।

गन्तुं समुद्यते तस्मिन्नारदे मुनिपुङ्गवे ।
प्रणिपत्य ततोऽपृच्छत् प्रपूज्य च मुनिं पुनः ।।१९।।

रुक्माङ्गद उवाच

तस्मिन् क्षेत्रे पुरा केन सिद्धिः प्राप्ता शुभाऽनघ।।२०।।

मूर्तिश्च स्थापिता केन मणिरत्नमयी शुभा ।
वैनायकीति मे शंस परं कौतूहलं मुने ।।२१।।

भवादृशानां साधूनां परोपकरणे मतिः ।
अन्यथा भ्रमणे कृत्यं न लोकेषु प्रदृश्यते ।।२२।।

देशमा कदम्बपुर-नामक एउटा विख्यात नगर छ। त्यस नगरमा रहेको एउटा मन्दिरमा मैले सबैको इच्छा परिपूर्ण गराउने चिन्तामणिका नामबाट प्रसिद्ध भगवान् श्रीगणेशको पवित्र मूर्तिको दर्शन गर्ने अवसर पाएँ। मन्दिरको अगाडि श्रीगणेशमहाकुण्ड रहेछ।।११-१२।। वृद्ध र कुष्ठरोगले ग्रस्त कुनै शूद्र जातिको मानिस एक दिन तीर्थयात्राको प्रसङ्गले कदम्बपुरमा आएको रहेछ । त्यसले श्रीगणेशकुण्डमा स्नान गर्नासाथ दिव्य शरीर प्राप्त गर्‍यो । विनायकजस्तै आकृति भएका विनायकका गणहरूले त्यो शूद्रलाई भुइँमा ओरालेको विमानमा सवार गराई जहाँ गएर कुनै चिन्ता लिनुपर्दैन र जन्मनका लागि धर्तीमा आउन पनि पर्दैन त्यस्तो उत्तमधाममा प्राप्त गराए ।।१३-१५।। हे राजन् ! आज मैले स्नानका लागि सर्वथा उत्तम त्यो महिमामय श्रीगणेशकुण्डको दर्शन गरें । श्रीगणेशकुण्डमा गई स्नान गरेमा तपाइँको कुष्ठरोग नाश हुनसक्छ। तपाइँ अहिले छिटै त्यहाँ गई श्रीगणेशकुण्ठमा स्नान गरेर मनकामना पूरा गराउने भगवान् गजाननको पूजा गरी ब्राह्मणहरूलाई दान दिनुहोस् । त्यसपछि तपाइँ पवित्र र सुन्दर हुनुहुनेछ । जस्तै सर्प काँचुली फेरेपछि सुन्दर देखिन्छ त्यस्तै तपाइँ पनि रोगनिवृत्त भएपछि आकर्षक देखिनुहुनेछ ।।१६-१७।।

ब्रह्माजीले भन्नुभयो - नारदजीले भनेका यी कुरा सुनेर राजा रुक्माङ्गद आनन्दमा मग्न भए । तीव्र आनन्दानुभूतिका बेला ती केही पनि बोल्न सकेनन् । मुनिश्रेष्ठ नारद बिदा हुन लागेपछि उनको पाउमा परेर प्रशंसा र पूजा गर्दै रुक्माङ्गदले निवेदन गरे ।।१८-१९।।

रुक्माङ्गदले भने - हे निष्पाप मुनि ! विदर्भको त्यस पुण्यक्षेत्रमा पहिले कसले सिद्धि प्राप्त गर्‍यो ? मणिमय र मङ्गलमय त्यो गजानन मूर्तिको कसले प्रतिष्ठा गर्‍यो ? मलाई बताउनुहोस् । यो कुरा जात्र मेरो ठूलो कौतूहल रहेको छ ।।२०-२१।। हजुरजस्ता महात्माहरूको बुद्धि परोपकारमा लागेको हुन्छ । त्यस कारण हजुरहरू जगत्मा परोपकारकै लागि घुम्ने गर्नुहुन्छ । नत्र भने स्वयंमा परिपूर्ण हजुरहरूका लागि भ्रमणको कुनै आवश्यकता रहँदैन।।२२।। परोपकारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकेषु वर्षते मेघः शेषेण ध्रियते धरा ।
उपकाराय सूर्योऽपि भ्रमतेऽहर्निशं द्विज ।।२३।।

समस्य सर्वभूतेषु सर्वज्ञस्य तवाग्रतः ।
अनभिज्ञेन मूढेन किं वक्तव्यं दयानिधे ।।२४।।

पृच्छे तथापि देवर्षे ! संशयच्छेदनाय वै ।

नारद उवाच

साधु पृष्टं त्वया भूप ! लोकानुग्रहकारक !।२५।।

तृप्तोऽहं तव वाक्येन सर्वञ्च कथयामि ते ।।२६।।

लागि बादलले वर्षा गराउँछ, शेषनागले धराधारण गर्दछन् र सूर्य अहर्निश आकाशमण्डलमा भ्रमण गर्दछन्, हे दयासागर महर्षि ! सबै प्राणीमा समदृष्टि राख्ने सर्वज्ञ तपाइँका सामु केही नजानेको म मूढ मानिसले धेरै के बिन्ती गरूँ ।।२३-२४।। त्यसो हो ता पनि हे देवर्षि ! संशयनिराकरणका लागि मैले हजुरसँग केही सोध्ने जमर्को गरेको छु ।

नारदजीले भन्नुभयो - प्राणीमात्रमा दयादृष्टि राख्ने हे राजन् ! तपाईंले राम्रो कुरा सोध्नुभएको छ । तपाईंको वचनबाट म तृप्त भएको छु र तपाइँका प्रश्नहरूको उत्तर म दिनेछु ।।२५-२६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे नारदागमनं नामैकोनत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'रुक्माङ्गदका समीपमा नारद ऋषिको आगमन' शीर्षकान्वित उनन्तीसौं अध्याय पूर्ण भयो ।।२९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिंशोऽध्यायः { ३० अध्याय }

नारद उवाच

कदाचिदमरावत्यां शक्रं द्रष्टुं गतोऽस्म्यहम् ।
स मां सम्पूज्य विधिवदुवाचावनतो भृशम् ।।१।।

नारदजीले भन्नुभयो - कुनै दिन म देवलोकको राजधानी अमरावतीमा देवराज इन्द्रको दर्शन गर्न गएको थिएँ । इन्द्रले मेरो विधिवत् सत्कार गरेपछि नम्र भएर मसँग कुरा गर्नुभएको थियो ।।१।।

इन्द्र उवाच

किञ्चिदाश्चर्यभूतं मे सन्तोषाय मुने वद ।
भ्रमसे सर्वलोकाँस्त्वं विदितं सर्वमस्ति ते ।।२।।

इन्द्रले भन्नुभयो - हे नारदमुनि ! तपाईंले नबुझेको कुरा केही पनि छैन तापनि केही जान्न खोजेझैं तपाईं लोकलोकान्तरमा भ्रमण गरिरहनुहुन्छ । यो देखेर मलाई आश्चर्य लागेको छ । मेरो सन्तोषका निमित्त कृपापूर्वक मलाई उत्तर दिनुहोस् ।।२।।

नारद उवाच

मृत्युलोके मया दृष्टो गौतमस्याश्रमो महान् ।
नानावृक्षलताजालैर्नानापक्षिगणैर्युतः ।।३।।

अहल्यासहितं तत्र गौतमं दृष्टवानहम् ।
रूपं विलोक्य तस्यास्तु जातोऽहं कामविह्वलः ।।४।।

यस्या रूपेण सावित्री शची लक्ष्मीर्गिरीन्द्रजा ।
उर्वशी मेनका रम्भा लोके ख्याता तिलोत्तमा ।।५।।

केशा बाला ययाऽकारि साऽनसूयाप्यरुन्धती ।
छाया संज्ञा रवेर्भार्या कश्यपस्य च याऽदितिः ।।६।।

सदृशी नैव कापि स्यान्नागपत्नीषु वा क्वचित् ।
न च मे रोचते गानं न पूजा न च भोजनम् ।।७।।

ब्रह्मचर्यञ्च मे स्वीयं निद्राञ्च न लभे क्वचित् ।
त्वरावानहमायातो द्रष्टुं साध्वमरावतीम् ।।८।।

तुच्छां पश्य इमां देवीं विनाताममरावतीम् ।

नारदजीले भन्नुभयो - मैले कुनै दिन मृत्युलोकमा नानावृक्ष, लता र पुष्पले घेरिएको अनेक थरि पक्षीहरूको कलरवबाट गुञ्जायमान गौतमाश्रमको दर्शन गरेको थिएँ ।।३।। त्यस बेला त्यस आश्रममा मैले अहल्यासहित विराजमान गौतम ऋषिको दर्शन गरें । ऋषिपत्नी अहल्याको रूप-सौन्दर्य देखेर म साह्रै कामान्ध भएँ ।।४।। सावित्री, इन्द्राणी, लक्ष्मी, पार्वती, उर्वशी, मेनका, रम्भा, विश्वविख्यात तिलोत्तमा, ब्रह्मा, विष्णु र शिवजीलाई पनि बच्चाका रूपमा परिणत गराउन समर्थ पतिव्रताशिरोमणि अनसूया, अरुन्धती, सूर्यपत्नी- छाया एवं सन्ध्या, कश्यपकी पत्नी अदितिजस्ता विश्वविख्यात महानारीहरूको स्वरूपसौन्दर्य अहल्याको रूपमाधुरीका सामु फिका भएको देखें । त्यसै गरी अहल्याको सौन्दर्यसामु नागसुन्दरीहरूको रूपसौन्दर्य पनि मूल्यहीन बनेको थियो । अहल्याको सौन्दर्यचिन्तनका कारण हे देवराज! मलाई अहिले वीणागान गर्न मन लागेको छैन, न त म ईश्वरपूजा गर्न मन पराउँछु ।।५-७।। न त मलाई खान-पिउन नै मन लाग्छ, मेरो ब्रह्मचर्य पनि मलाई मन परेको छैन र निद्रा लाग्दैन । रूपसौन्दर्यको दर्शनका कारण मन चञ्चल हुँदा कहाँ जाऊँ ? के गरूँ ? जस्तो भयो र हतारिएर तपाईंको अमरावती पुरी हेर्न आएको छु ।।८।। अहल्याजस्ती सुन्दरीको वास नभएको यो अमरावतीलाई पनि मैले तुच्छ ठानेको छु।

नारद उवाच

इति शक्रं ब्रुवन्नन्तर्हितोऽहं नृपते वर ।।९।।

अन्तर्हिते मयि तदा मद्वाक्यं मनसा स्मरन् ।
जम्भभेदी मत्स्यकेतुविद्धो मूर्च्छामवाप सः ।।१०।।

नारदजीले भन्नुभयो - हे राजन् ! यसरी इन्द्रसँग कुरा गर्दागर्दै म अन्तर्धान भएँ ।।९।। मेरो अन्तर्धानपछि मेरा कुरालाई मनमा खेलाउने इन्द्र अहल्याको रूप-सौन्दर्य सम्झेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्ये कदा मुनेर्भार्यां गौतमस्येत्यचिन्तयत् ।
कदाधराऽमृतं प्राप्य मुच्येयं मदनानलात् ।।११।।

जीवितुं नैव पश्येऽन्यन्तदाश्लेषं विना शुभम् ।
एवं निश्चित्य सङ्कल्पं गौतमोऽभूत् स जम्भहा ।।१२।।

चिन्तयन्नेव तां मार्गे मुनेराश्रममाययौ ।
ददर्श तामहल्यान्तु स्नातुं याते स गौतमे ।।१३।।

अभ्यन्तरगतः प्रोचे प्रिये ! शय्यां शुभां कुरु ।
सा चोवाच जपं त्यक्त्वा कथमद्यागतो गृहम् ।।१४।।

दिवैव सुरतेच्छां किं कुरुषेऽतिविगर्हिताम् ।

गौतम उवाच

अहं स्नातुं गतो यावत् तावदेव वराप्सराः ।।१५।।

तत्रैव स्नातुमायाता जाता नग्नाक्षिगोचरा ।
बिम्बाधरा सुचार्वङ्गी चारुपीनपयोधरा ।।१६।।

न लग्नं मे मनो देवि ! जपे कामास्त्रपीडितम् ।
ततोऽहमाश्रमं यातो रतिं देहि प्रियेऽधुना ।।१७।।

नो चेत् कामाग्निना दग्धं मृतं मां क्व नु पश्यसि ।
शपे त्वां प्रव्रजिष्ये वा निग्रहीष्ये मनो भृशम् ।।१८।।

अहल्योवाच

स्वाध्यायं देवपूजाञ्च त्यक्त्वा किं प्रार्थ्यते रतिः ।
नोचितं तव ब्रह्मर्षे ! तथाप्याज्ञां करोम्यहम् ।।१९।।

भर्त्तुः शुश्रूषणादन्यो धर्मो नास्ति स्त्रियाः क्वचित् ।

नारद उवाच

स्वराकृतिस्वभावैः सा ज्ञात्वा तं स्वामिनं निजम् ।।२०।।

विवेश शयने रन्तुमहल्या सह वज्रिणा ।
निःशङ्कं चुम्बनाश्लेषनीवीविस्त्रंसनादिभिः ।।२१।।

कामातुर भई मूर्च्छामा परे ।।१०।। इन्द्रले मनमनै भने - मैले कुन बेला गौतमपत्नी अहल्याको दर्शन गर्ने सौभाग्य पाउँछु ? कहिले अहल्याको अधरामृतको पान गर्ने अवसर पाएर कामज्वालाबाट मुक्ति पाउँछु ? ।।११।। अहल्याको आलिङ्गनविना मेरो बाँच्ने उपाय छैन । यसरी मनमा सङ्कल्प गरेर इन्द्रले आफ्नो स्वरूप गौतम ऋषिसमान बनाई गौतम ऋषिको आश्रममा जान स्वर्गबाट प्रस्थान गरे । बाटोमा अहल्याको स्वरूपसौन्दर्यको चिन्तन गर्दै ती गौतम ऋषिको आश्रममा आइंपुगे । गौतम ऋषि नुहाउन जलाशयतर्फ जानुभएपछि तिनले लुकेर आश्रममा प्रवेश गरी अहल्याको दर्शन गरे । आश्रमको अन्तरङ्ग कक्षमा गएर तिनले अहल्यालाई भने - हे प्रिये ! तिमीले राम्रो शय्या सजाऊ । अहल्याले भनिन् - हे प्रिय ! जप, ध्यान छोडेर तपाइँ किन घर फर्किनुभयो? ।।१२-१४।। किन दिउँसै कामक्रीडाको इच्छा गर्नुहुन्छ? दिउँसोमा कामक्रीडा गर्नु त साह्रै निन्दित विषय हो ।

गौतम ऋषिरूप इन्द्रले भने - म नुहाउन जाँदा त्यहाँ एउटी सुन्दरी अप्सरा पनि स्नान गर्न आइपुगिन् । बिम्बोष्ठी, सुकुमारी र पुष्ट छाती भएकी ती अप्सरालाई मैले नग्नावस्थामा देखें । तिनलाई देखेपछि कामबाणले घाइते भएको मेरो मन जप र ध्यानमा लाग्नै सकेन। त्यस कारण म तिमीसँग कामक्रीडा गर्ने रहरले आश्रममा फर्केको छु । मलाई रतिक्रीडा गर्ने अवसर देऊ ।।१५-१७।। मेरो अनुरोध स्वीकार गर्दिनौ भने म कामाग्निको ज्वालाले भस्म हुनेछु र तिमीले फेरि मलाई देख्न पाउने छैनौ। अथवा मैले तिमीलाई सराप दिन सक्नेछु । म जोगी भएर घर छाड्न सक्नेछु अथवा सबै समयका लागि मन बाँधेर बस्नेछु ।।१८।।

अहल्याले भनिन् - हे ब्रह्मर्षि ! स्वाध्याय र देवपूजन छाडेर तपाइँ कामक्रीडाको इच्छा गर्नुहुन्छ । यो राम्रो होइन । तापनि मैले मेरा पतिको आज्ञापालन गर्नै पर्छ ।।१९।। पतिव्रता नारीका लागि पतिसेवाबाहेक अरू धर्म हुँदैन ।

नारदजीले भन्नुभयो - अहल्याले स्वर, आकार र स्वभावबाट इन्द्रलाई आफ्नै पति गौतम ऋषि हुन् भन्ने ठह्याइन् र तिनका साथ रमण गर्न शय्यामा गइन् । इन्द्रले पनि गौतमको आकार-प्रकार लिएर अहल्याका साथ आनन्दपूर्वक चुम्बन, आलिङ्गन र निर्वस्त्रीकरण जस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकृत्या गौतमस्यैवं चिक्रीडे जम्भहा तया ।
दिव्यान् गन्धानुपाघ्राय चकिता शङ्किता भृशम् ।।२२।।

तर्कयामास मनसि किमयं कूटरूपवान् ।
कलङ्कोऽयं मम भृशं चन्द्रस्येव भवेन्नु किम् ।।२३।।

उभे कुले मे नष्टे किं दुष्टस्यास्य तु सङ्गमात् ।
दर्शयिष्ये कथं लोकेऽयशःश्यामं मुखं त्विदम् ।।२४।।

नयिष्यति गतिं कां मे प्रियो भर्ता तु मां मुनिः ।
पप्रच्छ तं शठं कोपात् कोऽसि त्वं कूटरूपधृक् ।।२५।।

विश्वस्ता स्वामिरूपेण वद नो चेच्छपामि ते ।
इत्युक्तः शापभीतोऽसावाविश्चक्रे निजं वपुः ।।२६।।

दिव्याभरणसंयुक्तं किरीटकटकान्वितम् ।
कुण्डलाद्भुतदीप्तिभिर्विलसन् मुखपङ्कजम् ।।२७।।

उवाच स ततस्तान्तु विद्धि मां त्वं शचीपतिम् ।
लावण्यदर्शनात् तेऽहं विह्वलो मदनाग्निना ।।२८।।

न लेभे कुत्रचिच्छर्म तत इत्थं कृतं मया ।
इतोऽपि मां भजस्व त्वं त्रैलोक्येश्वरमादरात् ।।२९।।

श्रुत्वेत्थं वचनं तस्य मुनिपत्नी रुषान्विता ।
वमन्तीव मुखाज्ज्वालां जगाद त्रिदशाधिपम् ।।३०।।

अस्य ते वपुषो मूढ ! मद्भर्तरि समागते ।
अवस्था का भवेन् मन्द ! न जानेऽहं शतक्रतो ।।३१।।

पातिव्रत्यं त्वया भग्नं दुष्ट ! पापीयसा मम ।
कामवस्थां गमिष्यामि शापाद् गौतमवाग्भवात् ।।३२।।

क्रियाकलापका साथ कुनै शङ्का नमानी धेरै बेरसम्म रतिक्रीडा गरे । रमण गर्दा अहल्या अचम्मको दिव्य गन्ध महसुस गरी अत्यन्त चकित र शङ्कित पनि भइन् ।।२०-२२।। तिनले मनमा तर्कना गरिन् - 'के यो कुनै छली पुरुष हो ? के अब मैले चन्द्रमाले झैं कलङ्क बेहोर्नु पर्नेछ ? ।।२३।। यस दुष्ट पुरुषसँग गरिएको कामक्रीडाबाट मेरा दुबै कुल कलङ्कित त हुने होइनन् ? त्यस बेला मैले आफ्नो दुष्कर्मका कारण कालो बन्न पुगेको आफ्नो अनुहारलाई संसारका सामु कसरी देखाउँली? मेरा प्यारा पति गौतमले मलाई कुन अवस्थामा पुऱ्याउनु होला?' यस्तो तर्कनापछि स्पष्टरूपमा अहल्याले त्यस छली पुरुषलाई सोधिन् - 'हे पुरुष! नक्कली रूप बनाएर मेरो धर्म लुट्ने तिमी को हौ ? मैले त तिमीलाई मेरै स्वामीको रूपमा देखेर विश्वास गरें ? तर तिमीले मलाई ठग्यौ, भन तिमी को हौ ? अन्यथा मैले तिमीलाई सराप दिनेछु ।' यसरी अहल्याले भनेपछि सरापले भयभीत इन्द्रले आफ्नो सक्कली स्वरूप देखाए ।।२४-२६।। दिव्य अलङ्कार, किरीट र कटकले शोभायमान, कुण्डलको दीप्तिबाट चम्किलो मुखमण्डल भएका इन्द्रले कम्पायमान हुँदै भने - हे अहल्या ! मलाई तिमीले शचीपति इन्द्रका रूपमा जान । तिम्रो सौन्दर्य देखेर कामातुर हुँदा मैले कहीं पनि शान्ति पाउन सकिनँ । त्यस कारण तिमीसँग मैले यो व्यवहार गरें । जे भयो सो भयो, अब तिमीले त्रिलोकीको स्वामी म इन्द्रलाई पतिभावले स्वीकार गर ।।२७-२९।। इन्द्रका ती कुरा सुनेर अत्यन्त क्रुद्ध भएकी अहल्याले मुखबाट आगाको ज्वाला छुटाउँदै इन्द्रलाई भनिन्- हे इन्द्र! मेरा पति फर्केर आएपछि तिम्रो शरीरको कुन अवस्था हुनेछ भन्ने कुरा म अहिले भन्न सक्दिनँ । तिमी दुष्ट र पापी रहेछौ । तिमीले मेरो पतिव्रताधर्म नष्ट गऱ्यौ । अब गौतम ऋषिको सरापले गर्दा मेरो कुन दशा हुने हो ? ।।३०-३२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डेऽहल्याधर्षणं नाम त्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'इन्द्रद्वारा अहल्याको पातिव्रत्य भङ्ग' शीर्षकान्वित तीसौं अध्याय पूर्ण भयो ।।३०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकत्रिंशोऽध्यायः { ३१ अध्याय }

रुक्माङ्गद उवाच

आगते गौतमे को वा वृत्तान्तोऽभून्महामुने ! ।
वद मे सकलं तन्तु जिज्ञासा महती मम ।।१।।

नारद उवाच

नित्यकर्म समाप्यैव स्वाश्रमं गौतमो ययौ ।
आकार्य निजपत्नीं तां देहि पादोदकं मम ।।२।।

किमर्थं नागताऽद्य त्वं सम्मुखं मम पूर्ववत् ।
नानीतमासनं कस्मात् कथं चारु न भाषसे ।।३।।

श्रुत्वेत्थं वचनं तस्य वेपमाना लतेव सा ।
अधोमुखी विनिर्गम्य मुहूर्त्तान्मुनिमाययौ ।।४।।

साष्टाङ्गं पतिता भूमौ तत्पादोपरिमस्तका ।
विह्वला शापभीता सा शनैरथ जगौ मुनिम् ।।५।।

उषसि त्वं प्रयातोऽसि स्नानं कर्तुं निजं विधिम् ।
तव रूपधरो दुष्टो देवेन्द्रो मामुवाच ह ।।६।।

दृष्टा वराऽप्सराभ्योऽपि सुन्दरी कामिनी मया ।
न मे मनो जपे दैवे विधौ नित्ये स्थिरं भवेत् ।

परावृत्यागतस्तस्माद्रतिं मे देहि शोभने ।।७।।
त्वमेवेति मया भ्रान्त्या कृतं वाक्यं तथैव तत् ।

दिव्यगन्धानुपाघ्राय विकल्पो मेऽभवत् पुनः ।।८।।
दुरात्मन् ! कोऽसि नो ब्रूहि नो चेद् भस्म भविष्यसि।
इति शापभयाज्जातः प्रकटो बलसूदनः ।।९।।

तावदेव भवद्वाक्यं श्रुतन्तु मुनिसत्तम !
लज्जया नागता शीघ्रमपराधं क्षमस्व मे ।।१०।।

रुक्माङ्गदले भने - गौतम ऋषि स्नान गरेर फर्किनु भएपछि त्यहाँ के के भयो मलाई राम्ररी जानकारी गराउनुहोस्। त्यो सुन्न मलाई ठूलो कौतूहल लागेको छ ।।१।।

नारदजीले भन्नुभयो- नित्यकर्म समाप्त गरेपछि महर्षि गौतम आफ्नो आश्रममा आउनुभयो । आफ्नी पत्नीलाई सम्बोधन गरेर मलाई पाउ पखाल्न जल देऊ भन्नुभयो । उनी तत्काल भित्रबाट बाहिर नआएपछि उहाँले फेरि भन्नुभयो - आज तिमी पहिलेझैं मेरा सामु किन आउँदिनौ ? किन आसन ल्याउँदिनौ? र किन नजिकै आएर मीठा कुरा गर्दिनौ ? ।।२-३।। गौतमका ती कुरा सुनेर लताझैं काँप्दै लाजले भुइँमा हेरिरहेकी ती अहल्या एक मुहूर्तपछि मात्र पतिका सामु आइन् ।।४।। भुइँमा श्रद्धापूर्वक साष्टाङ्ग प्रणाम गरी मुनिका पाउमा शिर राखेर नुहेकी व्याकुल र सरापबाट भयभीत ती अहल्याले सुस्तरी भनिन् ।।५।। हे प्राणनाथ ! बिहान हजुर नुहाउन र सन्ध्याविधि सम्पन्न गर्न आश्रमबाट बाहिर जानुभएपछि हजुरकै रूपधारण गरी मेरा सामु आएर दुष्ट इन्द्रले मलाई भन्यो - 'अप्सराहरूमध्ये अत्यन्त राम्री अप्सरा मैले देखें, मेरो मन जप, तप र नित्यकर्ममा लागेन, त्यस कारण म फर्केर आश्रममा आएको छु । तसर्थ हे सुन्दरी ! मलाई रतिक्रीडा गर्ने अवसर देऊ' ।।६-७।। यसरी रतिको याचना गर्ने पुरुष हजुर नै हो भन्ने विश्वास गरेर मैले अह्राए अनुसार गरें । रतिक्रीडाको अवसरमा दिव्य गन्ध सुँघेरमात्र मेरो मनमा तर्क चल्यो र मैले भनें - हे दुरात्मा ! तिमी को हौ? भन, अन्यथा म भर्खरै तिमीलाई खरानी बनाइदिन्छु । मैले यसरी भनेपछि सरापको डरले गर्दा त्यो पुरुष इन्द्रका रूपमा प्रकट भयो ।।८-९।। त्यस घटनाको लगत्तैपछि मैले हजुरको वाक्य सुनें । लाजले गर्दा म तत्काल हजुरका सामु आउन सकिनँ । हे प्राणेश्वर ! मेरो अपराध भयो, त्यसलाई हजुरले क्षमा गर्नुहोस् । आफ्नो अपराध आफै बताउँदा दोष लाग्दैन तर अरूले बताउँदा भने दोष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं निवेदनेऽदोषोदोषो परनिवेदने ।
मन्त्रायुर्गृहरन्ध्रश्रीरतयश्चौषधानि च ।।११।।

मानापमानदानानि प्रकटानि न कारयेत् ।
इत्थं निशम्य स मुनिः कोपव्याकुलितेन्द्रियः ।।१२।।

शशाप वनितां स्वीयां दुःशीले त्वं शिला भव ।
नाज्ञासीर्मे स्वरूपं तं स्वभावं चेष्टितानि च ।।१३।।

परे पुंसि निमग्नं ते यतश्चेतोऽतिकामुके ।
यदा दाशरथी रामो भ्रमेद्राजा वने वने ।।१४।।

तस्याङ्घ्रिस्पर्शनादेव स्वरूपं प्रतिपत्स्यसे ।

नारद उवाच

तदैव सा शिला जाता तपोनिधिवचोबलात् ।।१५।।

तस्याः शापं समाकर्ण्य चकम्पे पाकशासनः ।
प्रकम्पनस्य संयोगाद् हिमवान् पर्वतो यथा ।।१६।।

तर्कयामास मनसि कथं कार्यं मयाऽधुना ।
समुद्रमध्ये कूपे वा तडागे कमलेऽथवा ।।१७।।

लीनो भूत्वा यदा स्थास्ये तदा ज्ञास्यति मां मुनिः ।
अतो बिडालरूपेण विचचार स वज्रभृत् ।।१८।।

गौतमस्तमचक्षाणो गृहे द्वारि तथाश्रमे ।
क्व गतो दानवरिपुर्यो मे भार्याविदूषकः ।।१९।।

ध्यानेन बुबुधे तन्तु क्षणेन मुनिसत्तमः ।
न ते भस्म करिष्यामि देवेन्द्रोऽसि यतः खलः ।।२०।।

शपामि त्वां शचीभर्तः ! सहस्त्रभगवान् भव ।
श्रुतवान् वचनं यावद् रोषेण मुनिनेरितम् ।।२१।।

तावद् ददर्श स्वं देहं सहस्त्रभगचिह्नितम् ।
ततो दुःखार्णवे मग्नः शुशोच बलवृत्रहा ।।२२।।

इन्द्र उवाच

अहं शिक्षापितो वृद्धैर्नानाधर्माननेकशः ।
वृद्धानां वचनं यन्मे न विचारितमादरात् ।।२३।।

लाग्छ । मन्त्र, आयु, घरको झगडा, सम्पत्ति, रतिक्रीडा, औषधि, मान-अपमान र दानमा आधारित रहस्य आफैले प्रकट गर्न हुँदैन भनिएको छ। यसरी अहल्याको कुरा सुनेपछि गौतम ऋषि साह्रै रिसाउनु भयो ।।१०-१२।। त्यसपछि उहाँले आफ्नी पत्नी अहल्यालाई सराप दिंदै भन्नुभयो - तिमी शिला बन । तिमीले परपुरुष एकान्तमा आउँदा मेरो रूप, स्वर र चेष्टाको ख्याल गरिनौ । हे कामुकी ! तिम्रो मन परपुरुषमा आसक्त भयो । जब दशरथका छोरा श्रीराम वनमा घुम्दैघुम्दै यहाँ आउनुहुनेछ, तब उहाँका पाउको स्पर्श पाएर तिमीले आफ्नो स्वरूप प्राप्त गर्नेछ्यौ ।

नारदजीले भन्नुभयो- त्यसपछि ती अहल्या तपोनिधि गौतमको सरापबाट शिलाको रूपमा परिणत भइन्।।१३-१५।। अहल्यामाथि सराप परेको थाहा पाएपछि इन्द्र पनि आँधी आउँदा हिमालय पर्वत काँपेझैं थर्थर काँप्न लागे।।१६।। इन्द्रले मनमनै विचार गरे - 'मैले अब के गरूँ ? समुद्रको बीचमा, कुवामा, तलाउमा अथवा कमलमा लुकेर रहुँ भने पनि ती मुनिले तपोबलबाट चाल पाउँछन् ।' यसरी तर्क गरेपछि ती इन्द्र बिरालाको रूप लिएर विचरण गर्न थाले ।।१७-१८।। गौतम ऋषिले घर, द्वार, आश्रम र अन्त कतै पनि इन्द्रलाई नदेखेर पत्नीको धर्म नष्ट गर्ने दानवरिपु इन्द्र कहाँ गयो ? भन्दै चारैतिर हेर्नुभयो । उहाँले तुरुन्तै ध्यानदृष्टिबाट इन्द्रलाई बिरालाको रूपमा डुलेको थाहा पाउनुभयो । त्यस बेला उहाँले भन्नुभयो- 'हे शचीपति ! म तिमीलाई भस्म त गर्दिनँ, किनकि तिमी देवताका राजा हौ । परन्तु तिमी नीच र दुष्कर्मी पनि छौ । त्यस कारण तिम्रो शरीरमा हजार योनिका चिह्न पैदा हुनेछन् । मेरो सराप यही हो ।' जब इन्द्रले मुनिद्वारा दिइएको सरापवचन सुने, त्यस बेला तुरुन्तै आफ्नो शरीरलाई एक हजार योनिको चिह्नबाट चिह्नित भएको पाए । त्यसपछि दुःखको सागरमा डुबेका इन्द्र शोक गर्न लागे ।।१९-२२।।

इन्द्रले भने - वृद्ध पुरुषहरूले मलाई अनेक थरि धर्मको उपदेश दिनुभएको थियो । मैले आज वृद्धवचनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वबुद्धिर्हितकृत् सर्वा विनाशाय परेरिता ।
गुरोर्गरीयसी बुद्धिः क्षयदा कामिनीमतिः ।।२४।।

कुतो नारदवाक्येन यातोऽहं तामनिन्दिताम् ।
देवराजोऽभवन्नास्यं लोकानां दर्शये कथम् ।।२५।।

दिव्यदेहो गतः क्वाद्य निजभार्यां वदे नु किम् ।
धिङ् माञ्च धिक् स्मरं येन प्रापितो गर्हितां दशाम्।।२६।।

प्राणिभिर्भुज्यते कर्म शुभं वा यदि वाऽशुभम् ।
तिर्यग्योनिं समासाद्य क्षपयिष्येऽघमात्मनः ।।२७।।

नलिनीकुड्मले तिष्ठे हीन्द्रगोपकरूपधृक् ।।२८।।

अनादर गरें। आफ्नो बुद्धिले काम गर्दा जहिले पनि कल्याण हुन्छ, अरूका बुद्धिमा लागेर काम गरियो भने त्यसले मानिसलाई विनाशको गोरेटोमा पुऱ्याउँछ । गुरुजनको बुद्धि गम्भीर र महान् हुन्छ, कामिनीमा लाग्ने बुद्धिले जहिले पनि आत्मनाश गराउँछ । किन म नारदजीका कुरा सुनेर अनिन्दनीय चरित्र भएकी अहल्याको छेउमा गएँ ? आज आफूलाई देवराज हुँ भन्दै संसारका सामु शरीर र मुख कसरी देखाऊँ ?।।२३-२५।। मेरो त्यस्तो दिव्य शरीर आज कहाँ गयो ? मेरी पत्नी इन्द्राणीलाई मैले के भनेर चित्त बुझाऊँ ? मलाई धिक्कार छ र त्यो कामदेवलाई पनि धिक्कार छ जसले मलाई आज यो घृणित अवस्थामा पुऱ्याएको छ । प्राणीहरूले आफूले गरेका शुभ अथवा अशुभ कर्महरूको फल भोग्नुपर्छ । अब मैले तिर्यक्योनि लिएर आफ्नो पाप कटाउने छु । मैले इन्द्रगोप (वीरबहूटी अथवा ओरिगाँठे) कीराको रूप धारण गरी कमललताको कोपिलालाई आफ्नो आश्रय बनाउनेछु ।।२६-२८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे शक्रशापवर्णनं नामैकत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'महर्षि गौतमद्वारा इन्द्र र अहल्यालाई सराप' शीर्षकान्वित एकतिसौं अध्याय पूर्ण भयो ।।३१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वात्रिंशोऽध्यायः { ३२ अध्याय }

नारद उवाच

शक्रे तु नलिनीं याते तत्पुरं त्वहमागतः ।
बृहस्पतिपुरोगाँस्ताँस्तत्रापश्यं स्थितान् सुरान् ।।१।।

तेभ्यो ह्यकथयं सर्वमुभयोः शापकारणम् ।
अहल्याया महेन्द्रस्य संयोगञ्च विरूपताम् ।।२।।

सहस्रभगतां यातः शक्रो गौतमशापतः ।
अहल्याधर्षणाद् देवास्तत्सङ्गात् सा शिलाऽभवत् ।।३।।

ब्रह्मोवाच

श्रुत्वा ते नारदोक्तं तत् सर्वे देवाः शुचान्विताः ।
अतिदुःखाद् रुदन्तस्ते निश्वासोच्छ्वासविभ्रमैः ।।४।।

देवा ऊचुः

येनाकारि शतं यज्ञा दानवा येन निर्जिताः ।
त्रैलोक्यं पालितं येन भुक्तमैन्द्रपदं शुभम् ।।५।।

पूजिता बहवो देवा ब्राह्मणा ब्रह्मवित्तमाः ।
भुक्ता नानाविधा भोगा अन्येषामतिदुर्लभाः ।।६।।

कुत्र स्थास्यत्यसौ देवो भोक्ष्यते स्वप्स्यते कथम् ।
कमद्य शरणं यामः स्वकृते तत्कृतेऽपि वा ।।७।।

पालयिष्यति कोऽस्मान् वै पदमैन्द्रं शचीन्तथा ।
कथं प्रसन्नतां यायाद् गौतमो मुनिसत्तमः ।।८।।

स्वीयभार्यावियुक्तः सँस्तत्कृतागः स्मरन् रुषा ।
अन्योपायं न पश्यामो गौतमस्य प्रसादतः ।।९।।

तस्मान्नारद ! यास्यामो गौतमं सान्त्वितुं मुनिम् ।
एवं ते निर्ययुर्देवा नारदेन समन्विताः ।।१०।।

गौतमं ते समासाद्य बद्धाञ्जलिपुटा मुनिम् ।
तुष्टुवुर्विविधैर्वाक्यैस्तमेव शरणं गताः ।।११।।

नारदजीले भन्नुभयो – देवराज इन्द इन्द्रगोप (वीरबहूटी कीरा) को रूप लिएर कमलमा बस्न गएपछि म अमरावती पुगें! मैले त्यहाँ बृहस्पति आदि देवताहरूलाई देखें ।।१।। मैले ती सबै देवतासँग इन्द्र र अहल्यालाई गौतम ऋषिबाट सराप परेको घटना सुनाएँ । अहल्या इन्द्रको सम्भोग र सरापका कारण विरूप अवस्थाको पनि राम्रोसँग बयान गरें ।।२।। त्यस बेला मैले भनें – हे देवगण ! गौतमका सरापबाट अहल्या शिलाको रूपमा परिणत भइन् र इन्द्रको शरीरमा सहस्र योनिका चिह्न उत्पन्न भएका छन् ।।३।।

ब्रह्माजीले भन्नुभयो – नारदजीबाट यो खबर पाएर सबै देवताहरू शोकसन्तप्त भए । अत्यन्त दुःखका कारण तीव्र श्वास-प्रश्वासका साथ आतुरता प्रकट गर्दै रुन र विलाप गर्न लागे ।।४।।

देवताहरूले भने – 'जुन इन्द्रले सयौं यज्ञ सम्पन्न गर्नुभयो, दानवहरूलाई परास्त गर्नुभयो, त्रिलोकीको पालन गर्नुभयो,मङ्गलमय इन्द्र पदको ऐश्वर्य भोग गर्नुभयो, अनेक देवता, ब्रह्मज्ञानी र ब्राह्मणको पूजा गर्नुभयो र अरूका लागि दुर्लभ मानिएका अनेक भोगहरूको उपभोग गर्नुभयो, उहाँ अब कहाँ रहनुहुनेछ ? कस्तो खान-पान गर्नुहुनेछ ? कहाँ शयन गर्नुहुनेछ ? यी प्रश्नहरूले साह्रै चिन्ता बढाएका छन् । आज हामी आफ्नो र इन्द्रको उद्धारका लागि कसका शरणमा जाऔं ?।।५-७।। अब इन्द्राणी, इन्द्र र हाम्रोसमेत कसले रक्षा गर्ला ? आफ्नी पत्नीबाट वियुक्त हुनुभएका इन्द्रले गरेका अपराध संझनु हुने उत्तम ऋषि गौतमलाई प्रसन्न तुल्याउनु बाहेक अर्को उपाय छैन । उहाँलाई प्रसन्न तुल्याउनु नै इन्द्रको उद्धारका लागि एकमात्र उपाय हुनसक्छ । त्यस कारण हे नारद ऋषि ! अब हामी गौतम ऋषिलाई सान्त्वना प्रदान गर्न र प्रार्थनाद्वारा प्रसन्न तुल्याउन उहाँको आश्रममा जानेछौं ।' यी कुरा बताएर ती देवताहरू नारदजीका साथमा गौतम ऋषिको आश्रमतर्फ लागे ।।८-१०।। गौतम ऋषिका सामु पुगेर हात जोडिरहेका ती देवताहरू अनेक स्तुतिवाक्यद्वारा गौतम ऋषिको प्रार्थना गरी उहाँको शरणमा परे।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

तव प्रभावं वक्तुं नो मुने शक्तिर्न विद्यते ।
गरिमाणं वदेत् को नु मेरोर्हिमवतोऽपि च ।
वृष्टिधारा रजो भूमेर्गङ्गायाः सिकता अपि ।।१२।।

कमम्बुधेर्गुणान् विष्णोर्गणयेत् को नु मूढधीः ।
प्रातरेवोप्तबीजानां मध्याह्ने सस्यसम्पदः ।।१३।।

सम्पादितास्त्वयापूर्वमविता ऋषिसत्तमाः ।
वालखिल्यैर्यजिं कृत्वाऽपर इन्द्रो विनिर्मितः ।।१४।।

ब्रह्मादिभिः प्रार्थितास्ते पक्षिणान्तमकल्पयन् ।
पयसां निधिरेकेन प्राशितश्चुलकेन यत् ।।१५।।

अपरा सृष्टिरारब्धा गाधिपुत्रेण धीमता ।
स्तम्भितो भुज इन्द्रस्य च्यवनेन महात्मना ।।१६।।

तस्मात् सर्वात्मना पुंसां भवतां सेवनं नतिः ।
दर्शनं भाषणं पूजा स्पर्शनं पापनाशनम् ।।१७।।

उपकारे रतानाञ्च दीनानुग्रहकारिणाम् ।
इन्द्रार्थे शरणं यातान् कृपां कर्तुं त्वमर्हसि ।।१८।।

गौतम उवाच

भवतां दर्शनं चर्मचक्षुषां नैव जायते ।
मम पुण्येन जातं तत् कामसम्पादनं नृणाम् ।।१९।।

जन्माश्रमतपोदानं देह आत्मा व्रतानि च ।
सार्थकानीक्षणेनैव जातानि भवतां खलु ।।२०।।

देवताहरूले भने - हे महर्षि ! हजुरको प्रभाव र प्रतापको वर्णन गर्न हाम्रो सामर्थ्य छैन। मेरुपर्वतको गम्भीरताको बयान कल्ले गर्न सक्छ ? हिमालयबाट अजस्ररूपमा बगिरहने जलधाराको गणना कसले गर्न सक्छ? पृथिवीको धूलाको गणना कल्ले गर्न सक्छ ? त्यस्तै गङ्गाका बालुवाको पनि बयान कसैले गर्न सक्दैन।।१२।। त्यसै गरी महासागरमा कति जल छ भनेर कल्ले बताउन सक्छ ? कुन मूर्ख मानिसले भगवान् नारायणका गुणको महिमा भन्न सक्छ? बिहानीमा छरेका बिउबिजनलाई मध्याह्न समयमा सस्यसम्पत्तिका रूपमा परिणत गराउने तपाइँको हामी महिमा बताउन सक्दैनौं । त्यसैगरी तपाइँले आफ्नो तपस्याबाट ठूला-ठूला ऋषिहरूमा परेको सङ्कट टार्नुभएको छ । यस्तै गरी ऋषिहरूका विलक्षण सामर्थ्यका द्योतक अनेक दृष्टान्त छन् । एक पटकको कुरा हो बालखिल्यहरूले यज्ञ गरी कारणवश दोस्रो इन्द्र तयार गरेका थिए ।।१३-१४।। एउटा इन्द्र छँदाछँदै दोस्रा इन्द्र तयार भएपछि आपत्तिमा परेका ब्रह्मा आदि देवताहरूले बालखिल्यहरूको प्रार्थना गरे। त्यसपछि तिनले दोस्रा इन्द्रलाई पक्षीहरूका इन्द्र बनाए । आर्को उदाहरणको चर्चा गरौं - अगस्त्य ऋषिले समुद्रलाई एकै अञ्जुलिमा पान गरे ।।१५।। गाधिपुत्र विश्वामित्रले नौलो सृष्टिको थालनी गरे । यसै गरी च्यवन ऋषिले इन्द्रको बाहुस्तम्भन गरे ।।१६।। त्यस कारण ऋषिहरूको महिमा बताएर सकिंदैन । मानिसहरूले सर्वात्मना सेवा, प्रणाम, दर्शन, सम्भाषण, पूजा र स्पर्शनद्वारा परोपकारी र दीनदुःखीहरूमाथि अनुग्रह गर्ने ऋषिहरूलाई प्रसन्न तुल्याउनु नै पापनाशको सर्वोत्तम उपाय हो ।।१७।। तसर्थ हामी देवताहरू इन्द्रको उद्धारका निमित्त हजुरको शरणमा आएका छौं । हजुरले हामीमाथि कृपा गर्नुहोस् ।।१८।।

गौतमले भन्नुभयो - हे देवता हो ! चर्मचक्षु भएका मानिसहरूले तपाइँहरूको दर्शन पाउँदैनन् । मेरा पुण्यले मैले आज मानिसहरूका कल्याणकारी र सबै प्रकारका कामनाहरू पूरा गर्ने हजुरहरूको दर्शन पाएको छु ।।१९।। हजुरहरूको दर्शन पाएर मेरा जन्म, आश्रम, तपस्या, दान, देह, आत्मा र व्रतहरू सार्थक भएका छन् ।।२०।। यति बेला हजुरहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इदानीं प्रार्थितं किं वस्तान्निरूप्यं ममाग्रतः ।
शक्यं चेत् तत्करिष्येऽहं भवत्स्मृतिबलेन तत् ।।२१।।

मुनिरुवाच

इति तद्वचनं श्रुत्वा जहृषुस्ते दिवौकसः ।
चन्द्रोदये यथा हर्षं प्राप्नोति जलधिः स्फुटम् ।।२२।।

यथा वा बालभाषाभिः पितरौ मुदमीयतुः ।
प्रार्थनां चक्रिरे सर्वे गौतमन्तं महामुनिम् ।।२३।।

देवा ऊचुः

ईश्वरस्यापराधेन कामो भस्मत्वमागतः ।
आगस्कारी त्वया शक्रो न च प्राणैर्वियोजितः ।।२४।।

इदानीं स यथास्थानं स्वकीयं प्राप्नुयान्मुने ।
क्षमित्वा तस्य चागांसि सर्वेषां वचनाद्धि नः ।।२५।।

कृते तस्मिन् प्रसादे तु सर्वेषां वाञ्छितं भवेत् ।

नारद उवाच

श्रुत्वा देवसमूहस्य वचनानि स गौतमः ।।२६।।
प्रहस्य प्रत्युवाचेदं सर्वान् देवगणान् प्रति ।

गौतम उवाच

नामापि तस्य न ग्राह्यं पतितस्य कृतागसः ।।२७।।

कपटस्य शठस्यापि दुष्टस्याप्यविवेकिनः ।
अनुतापविहीनस्य निष्कृतिर्नैव विद्यते ।।२८।।

तथापि भवतां वाक्यात् करिष्ये तत्प्रियं सुराः ।
भवन्तोऽपि यदा रुष्टास्तदा शापः पतेन्मयि ।।२९।।

पूतो भवति जन्तुर्हि बहुभिर्योऽनुगृह्यते ।
अत एकं वदे मन्त्रं तस्मै तं प्रदिशन्तु च ।।३०।।

सर्वकर्ता सर्वहर्ता सर्वपाता कृपानिधिः ।
विनायको देवदेवो ब्रह्मविष्णुशिवात्मकः ।।३१।।

के चाहिएको छ र म के दिन सक्छु ? यसबारेमा यहाँहरूले खुलस्तरूपमा बताउनुहोस्। यदि मेरो सामर्थ्य रहेछ भने म ती कुरा पूरा गर्नेछु। हजुरहरूले संझनुभयो, यस कारण पनि मैले उपकार गर्नुपर्छ ।।२१।।

नारदजीले भन्नुभयो - गौतम ऋषिका कुरा सुनेपछि चन्द्रमाको उदय हुँदा महासागर तरङ्गित भएझैं सम्पूर्ण देवताहरू खुसीले रमाए । जसरी बालकका मीठा कुरा सुनेर आमा-बाबुहरू प्रसन्न हुन्छन् त्यसैगरी ती देवता पनि प्रसन्न भए र तिनले गौतम महामुनिको प्रार्थना गरे ।।२२-२३।।

देवताहरूले भने - भगवान् शङ्करका प्रति अपराध गर्दा कामदेव भस्म भएका हुन् । हजुरले भने डरलाग्दो अपराध गर्दा पनि देवराज इन्द्रको प्राणहरण गर्नुभएन अपितु दया गर्नुभयो। यो हजुरको विशेषता हो । अहिले हजुरसँग डराएर देवराज इन्द्रले पलायन गर्नुभएको छ । हजुर ती इन्द्रमाथि कृपालु हुनुहोस् । अब इन्द्रलाई इन्द्र पदमा आसीन गराउन पाऔं । उहाँले गरेका सम्पूर्ण अपराधलाई क्षमा गरिदिनुहोस् । यसका लागि हामी सबै देवता हजुरको प्रार्थना गर्दछौं ।।२४-२५।। हजुरले इन्द्रमाथि कृपा गर्नुभयो भने हामी सबै देवताहरूको कल्याण हुनेछ ।

नारदजीले भन्नुभयो - देवताहरूको प्रार्थनावचन सुनेर गौतम ऋषिले हाँस्दै देवताहरूप्रति भन्नुभयो ।

गौतमले भन्नुभयो - अपराधी, पतित, कपटी, धूर्त, दुष्ट र अविवेकी इन्द्रको नाम पनि मेरा सामु नलिनुहोस् । अपराध गरेर पनि अपराधको बोध नगर्ने त्यस्ता दुष्टको प्रायश्चित्तका लागि कुनै उपाय हुँदैन ।।२६-२८।। यसो हो ता पनि तपाइँहरूको प्रार्थनालाई ध्यानमा राखी म तपाइँहरूको प्रिय र रुचिकर कार्य गर्नेछु । तपाइँहरू पनि रिसाउनुभयो भने ममाथि सराप पर्न सक्छ । धेरै मानिसहरूले जसको उद्धार गर्न खोज्छन् त्यो अपराधी भए पनि पवित्र हुन्छ । यस बेलामा म एउटै मन्त्रमय उपाय बताउँछु, त्यो उपाय तपाइँहरूले इन्द्रलाई बताउनुहोस् ।।२९-३०।। त्यो के हो भने भगवान् श्रीगणेश सर्वकर्ता, सर्वहर्ता, सर्वरक्षक, दयासागर, ब्रह्मा, विष्णु र शिवजीका स्वरूप, देवताका पनि देवता हुनुहुन्छ । उहाँको ६ अक्षर भएको मन्त्रले ठूलो सिद्धि प्रदान गर्न सक्दछ । यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षडक्षरस्तस्य मन्त्रो महासिद्धिप्रदायकः ।
उपदेशे कृते तस्य दिव्यदेहो भवेत् तु सः ।।३२।।

भगानि तस्य यावन्ति तावन्नेत्रो भविष्यति ।
स्वराज्यं प्राप्स्यते शक्र इति सत्यं वदामि वः ।।३३।।

अभिधाय सुरानित्थं तूष्णीमासीत् स गौतमः ।
तञ्च ते पूजयित्वा तु नमश्चक्रुर्मुदान्विताः ।।३४।।

प्रदक्षिणीकृत्य पुनः प्राप्याऽनुज्ञां ययुः सुराः ।
प्रशंसन्तो मुनिं तत्र यत्रास्ते बलवृत्रहा ।।३५।।

गौतमाज्ज्ञानसम्पन्नात् सात्त्विकोऽन्यो न वर्तते ।।३६।।

कसैले इन्द्रका कानमा त्यस मन्त्रको उपदेश गऱ्यो भने इन्द्रको शरीर दिव्य हुनेछ ।।३१-३२।। तिनका शरीरमा जति योनिका चिह्न छन्, ती सबै आँखाका रूपमा परिणत हुनेछन् र इन्द्रले आफ्नो राज्य प्राप्त गर्नेछन् । म यो सत्य-तथ्य बताइरहेको छु ।।३३।। यसरी देवताहरूलाई उपाय बताएर गौतम ऋषि मौन हुनुभयो। देवताहरूले गौतम ऋषिको पूजा र नमस्कार गरी प्रसन्नतापूर्वक उनको प्रदक्षिणा गरेपछि आज्ञा लिएर जहाँ इन्द्र लुकेर बसेका थिए, त्यस ठाउँमा गए । घोर अपराधीमाथि पनि दया गर्ने गौतम ऋषिको तुलना कसैसँग हुन सक्दैन । हुन पनि संसारमा गौतम ऋषिसमान सात्त्विक महापुरुष अरू कुनै पनि छैनन्।।३४-३६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे मन्त्रकथनं नाम द्वात्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'देवताहरूको प्रार्थनाबाट प्रसन्न महर्षि गौतमद्वारा इन्द्रको उद्धारका लागि श्रीगणेशमन्त्रको उपदेश' शीर्षकान्वित बत्तीसौं अध्याय पूर्ण भयो ।।३२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयस्त्रिंशोऽध्यायः { ३३ अध्याय }

नारद उवाच

ऊचुर्देवा वृत्रहणं बहिर्याहि शतक्रतो !
वयं हि सहितास्तत्र नारदेन सुरर्षिणा ।।१।।
तं गत्वा गौतममुनिं प्रसाद्य त्वामिहागताः ।
उपायस्तेन कथितो वरो दत्तस्तवापि च ।।२।।
दोषे जाते स्वयं सन्तः ख्यापयन्ति जनेषु तम् ।
तत्र प्रतिविधिं सम्यक् कुर्वन्ति तन्निरर्थकम् ।।३।।
आच्छादने दोषवृद्धिः ख्यापने.तु लयो भवेत् ।
तस्मात् त्वमपि देवेन्द्र ! बहिरागत्य तं वद ।।४।।
देवर्षिं प्रति तं ब्रूहि कुरूपायं मुनीरितम् ।
वैनायकं महामन्त्रं गृहाण त्वं षडक्षरम् ।।५।।
ब्रह्मा ददर्श चाङ्गुष्ठं विवाहे गिरिजेशयोः ।
चस्कन्द स तदा रेतो लज्जितोऽवाङ्मुखो गतः ।।६।।
ज्ञात्वा महेशः कृतवान्निर्दोषं तमुपायतः ।
इति वाणीं स श्रुत्वैव देवर्षिगणनिर्मिताम् ।।७।।
आजगाम बहिः शक्रो नलिनीकोशतो नृप ।
सर्वेषां तत्र देवानां श्रुत्वा वाक्यानि सादरम् ।।८।।
पूयशोणितदिग्धाङ्गो मलिनः पूतिगन्धवान् ।
दृष्ट्वा तथाविधं देवा नेमुः सर्वे सुरेश्वरम् ।।९।।
आच्छाद्य घ्राणरन्ध्राणि वस्त्राग्रैर्नृपसत्तम ।
सुस्नातं पुनराचान्तं तमिन्द्रं वाक्पतिस्तदा ।।१०।।
षडक्षरं महामन्त्रं गणेशस्योपदिष्टवान् ।
उपदेशे कृते तेन दिव्यदेहोऽभवच्च सः ।।११।।
सहस्रनयनः श्रीमान् बभौ सूर्य इवापरः ।
ततो वाद्यनिनादैश्च जयशब्दैर्दिवौकसाम् ।।१२।।

नारदजीले भन्नुभयो - देवताहरूले इन्द्रलाई भने - हे वृत्रासुरका नाशक इन्द्र ! हजुर अब बाहिर आउनुहोस् । हामी नारद ऋषि साथमा गौतम मुनिको समीपमा गई उहाँलाई प्रसन्न तुल्याएर अहिले हजुरका समीपमा आएका छौं । गौतम ऋषिले हजुरको कल्याणको उपाय बताउनुभएको छ र हजुरका निमित्त वर पनि'दिनुभएको छ ।।१-२।। आफूबाट अपराध भएपछि सज्जनहरूले त्यसलाई अरूका सामु खुलस्त पार्दछन्। यसरी तिनले दोषको प्रतिकार गर्दछन् । यसो गर्ने मानिसहरूका अपराध अर्थहीन हुन जान्छन्।।३।। अपराध लुकाएमा अपराधको मात्रा वृद्धि हुन्छ भने त्यसलाई सबैका सामु खुलस्त गर्दा त्यो समाप्त भएर जान्छ । तसर्थ हे इन्द्र ! तपाइँ बाहिर आउनुहोस् र अरूका सामु आफ्नो अपराध प्रकाशित गर्नुहोस् ।।४।। तपाईंले महर्षि नारदजीका सामु नढाँटीकन सबै कुरा भन्नुहोस् र गौतम मुनिले बताएको श्रीगणेशको षडक्षरी महामन्त्र सुन्नुहोस् ।।५।। अघि शिव-पार्वतीको विवाहमा ब्रह्माजीले पार्वतीको चरणका बूढी औंलामात्र देख्नुभएको थियो । त्यस बेला कामवासना जागी उहाँको वीर्यपतन भयो। त्यसले ब्रह्माजी साह्रै लज्जित हुनुभयो र मुख निहुऱ्याएर फर्किनुभयो ।।६।। यो कुरा थाहा पाउनुभएपछि भगवान् शिवजीले अमोघ उपाय बताई ब्रह्माजीलाई निर्दोष तुल्याउनुभयो । देवता र ऋषिले भनेका यी कुरा सुनेर इन्द्र कमललताको कोशबाट बाहिर आए । त्यस बेला इन्द्रको शरीर पीप र रगतले परिपूर्ण, मलिन र दुर्गन्धिमय थियो । इन्द्रलाई त्यस रूपमा देखेर देवताहरूले नमस्कार गरे ।।७-९।। हे राजन्! त्यस बेला देवगुरु बृहस्पतिले राम्ररी स्नान गरी आचमनसमेत गरेका इन्द्रलाई रुमालले आफ्ना नाकका प्वाल थुनेर श्रीगणेश भगवान्‌को षडक्षरी मन्त्र सुनाउनुभयो । बृहस्पतिले मन्त्रोपदेश गरेपछि देवराज इन्द्र दिव्य देहले सम्पन्न भए ।।१०-११।। त्यसपछि सहस्रयोनि भएको इन्द्रको शरीर सहस्रनयनले सम्पन्न भयो र ती दोस्रा सूर्यझैं चम्किए । त्यस बेला देवताहरूले बजाएका वाद्यहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गन्धर्वाणां गानरवैर्नादिता विदिशो दिशः ।
मुमुचुः पुष्पवर्षाणि सर्वे देवा मुदान्विताः ।।१३।।

आशिषोऽथ ददुःसर्वे मुनयो नारदादयः ।
आलिलिङ्गुर्मुदादेवास्तुष्टुवुश्चापरे च तम् ।।१४।।

केप्यूचुस्तं सुमनसः सनाथा हि वयं त्वया ।
विना त्वां नैव शोभामो विना चन्द्रं नभो यथा ।।१५।।

विना स्वपितरौ बाला न सुखं यान्ति सर्वथा ।
तथा विना वयं त्वां हि लभामः शर्म न क्वचित् ।।१६।।

मुनिरुवाच

श्रुत्वेत्थं देववचनं जहर्ष च शतक्रतुः ।
उवाच च प्रसन्नात्मा तथ्यं वाक्यं सुरान् प्रति ।।१७।।

इन्द्र उवाच

मया कृतं कर्म सुदुष्करं यद्
देवर्षिवाक्येन विमोहितेन।
लब्धं फलं दुःसहमद्य सर्वै-
रुद्धारितोऽहं दुरितप्रकोपात्।।१८।।

नमामि सर्वानमरप्रबर्हान्
ऋषींश्च सर्वान् सुगुरुप्रभावान्।
उद्धर्त्तुमात्मानमतोऽखिला मां
संत्रातुमर्हाः शरणं प्रपन्नम्।।१९।।

कथं प्रयत्नो रचितो भवद्भिः
प्रसादनायास्य हि गौतमस्य।
कथं नु मन्त्रं परमं मदर्थे
स उक्तवाँस्तत् कथयन्तु सर्वे।।२०।।

देवा ऊचुः

मुनिं पुरस्कृत्य गुरुं वयञ्च
गता मुनिं तं प्रणिपत्य सम्यक्।
प्रसादितो वागमृतैर्विचित्रैः
संयाच्यमानोऽप्यवदत् स्वमन्त्रम्।।२१।।

ध्वनि जयजयकारको नाद र गन्धर्वहरूका गायनको स्वरले दसै दिशा र विदिशा सङ्गीतमय बनेका थिए। हर्षित भएका देवताले पुष्पवृष्टि गरे र नारद आदि मुनिहरूले आशीर्वाद प्रदान गरे । प्रसन्न भएका देवताहरूले इन्द्रलाई आलिङ्गन गरे । अरू उपस्थित जनसमूहले पनि इन्द्रको स्तुति गरे ।।१२-१४।। त्यस बेला केही देवताहरू इन्द्र महाराजसँग भन्न लागे - हे इन्द्र ! हजुर फर्केर आउनुभएकाले हामी सनाथ भएका छौं । जसरी चन्द्रमाविना आकाश सुहाउँदैन त्यसरी हजुरविना हाम्रो शोभा हुँदैन । जसरी आफ्ना बाबु-आमा नहुँदा बालकहरूले सुख पाउँदैनन् त्यसैगरी हजुर नहुँदा हामीले कहीं गए पनि सुख पाउँदैनौं ।।१५-१६।।

मुनिले भने - देवताहरूका यी कुरा सुनेर इन्द्र हर्षित भए र तिनले देवताहरूलाई लक्षित गरी सत्यवचन प्रकाशित गरे ।।१७।।

इन्द्रले भने - नारदजीका वचनद्वारा मोहित भएर मैले दुष्कर पाप गरें । परिणामस्वरूप असह्य कष्ट पनि प्राप्त गरें । आज तपाइँहरू सबैले मिलेर पापको प्रकोपबाट मेरो उद्धार गर्नुभयो ।।१८।। म देवताहरूलाई नमस्कार गर्छु । गुरुतापूर्ण प्रभाव भएका सबै ऋषिहरूलाई प्रणाम गर्दछु । तपाइँहरू सबैले मेरो रक्षा गर्नुहोस् । म तपाइँहरूकै शरणमा आएको छु। तपाइँहरूले महामुनि गौतमलाई प्रसन्न तुल्याउन कसरी प्रयत्न गर्नुभयो ? त्यसरी रिसाएका ऋषिले पनि मेरा लागि कसरी परम मन्त्रको उपदेश गर्नुभयो ? ती कुरा सुन्न चाहन्छु मलाई बताउनुहोस् ।।१९-२०।।

देवताहरूले भने - देवर्षि नारद र देवगुरु बृहस्पतिलाई अघि लगाएर हामी गौतम ऋषिको आश्रममा गयौं। उहाँलाई श्रद्धापूर्वक प्रणाम गरेर अमृतमय वचनद्वारा प्रसन्न तुल्यायौं । इन्द्र महाराजको रक्षा र उद्धारका लागि याचना गऱ्यौं र उहाँले हाम्रो याचना स्वीकार गरी मन्त्र प्रदान गर्नुभयो ।।२१।। जुन मन्त्रको श्रवणबाट हजुर आज हामी सबैको सुख-समृद्धिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्योपदेशेन सहस्त्रनेत्रो
जातो भवान् सर्वसुखाय देव।
प्रयाहि देव त्वमरावतीं स्वां
प्रशाधि सर्वान् विबुधाँश्च लोकान्।।२२।।

इन्द्र उवाच

नाहं प्रयास्ये स्वपुरीं प्रसादं
विना गणेशस्य सुरर्षिवर्याः।
व्रजन्तु यूयं कृतसाधुकृत्या
धामानि दिव्यानि मुदा रमन्तः।।२३।।
एतावताऽलं प्रकटीकृतोऽहं
लज्जाविलीनो बहुदुर्गतिश्च।
प्रसादितो यन्मुनिरुग्रतेजा
भवत्प्रसादाद् बहुनेत्रता मे।।२४।।

लागि सहस्त्रनयन बन्नुभएको छ । हे देवराज इन्द्र ! अब हजुर अमरावती जानुहोस् र सुशासनद्वारा सम्पूर्ण देवता र लोकहरूको रक्षा गर्नुहोस् ।।२२।।

इन्द्रले भने - हे देवगण! म भगवान् श्रीगणेशलाई प्रसन्न नबनाईकन अमरावती फर्किन्नँ । उत्तम कर्म गर्ने तपाइँहरू हर्षपूर्वक आ-आफ्ना दिव्य धाममा जानुहोस् ।।२३।। दुर्गतिमा प्राप्त हुँदा अपराधबोधका कारण साह्रै लज्जित भई लुकेर बस्ने मलाई तपाइँहरूले दुनियाँका सामु मुख देखाउन सक्ने बनाइदिनुभएको छ । मेरो कल्याणका लागि प्रचण्ड तेज भएका गौतम ऋषिलाई प्रसन्न तुल्याउनु सामान्य कुरा होइन । आज म तपाइँहरूको कृपाबाट सहस्त्रनयन बन्न पाएको छु ।।२४।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे दिव्यदेहप्राप्तिवर्णनं नाम त्रयस्त्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'अभिशप्त इन्द्रको स्वरूपपरिवर्तन र दिव्य देहप्राप्ति' शीर्षकान्वित तेत्तीसौं अध्याय पूर्ण भयो ।।३३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुस्त्रिंशोऽध्यायः { ३४ अध्याय }

नारद उवाच

कदम्बवृक्षस्य तले निधाय
नासाग्रदृष्टिं परमासने सः।
मनो निरुध्याऽथ जजाप मन्त्रं
षडक्षरं जम्भरिपुर्नरेन्द्र ।।१।।

सहस्रवर्षाणि गतानि तस्य
मरुत्पतेर्मारुतभक्षणस्य।
वल्मीकगुल्मानि शरीरदेशे
जातानि वै भूधरवत् स्थिरस्य ।।२।।

ततः प्रसन्नो भगवान् गणेशो
यः सर्वगः सर्वविदुग्रतेजाः।
स्वतेजसा वह्निशशीनतेजां-
स्याच्छादयन् सर्वविलोचनानि ।।३।।

चतुर्भुजो रत्नकिरीटमाली
चार्वङ्गदः कुण्डलमण्डिगण्डः।
मुक्तामयं दाम च नूपुरे च
बिभ्रन्महार्घे कटिसूत्रमुच्चैः।।४।।

यः पुष्कराक्षः पृथुपुष्करोऽपि
बृहत्करः पुष्करशालिमालः।
आविर्बभूवाखिलदेवमूर्तिः
सिन्दूरशाली पुरतो मघोनः।।५।।

तं दृष्ट्वा भयभीतोऽभूत् किमिदं किमिवागतम् ।
कथञ्च जीवितं मे स्यादस्थिप्राणमयस्य च ।।६।।
विघ्नोऽयं किं महानद्य न जाने केन निर्मितः ।
स्वेदस्रावि शरीरं मे कम्पते बोधिपत्रवत् ।।७।।
इत्थं विक्लवितं तस्य बुबुधेऽखिलदृग्विभुः ।
विनायको महेन्द्रं तमुवाच मञ्जुलं वचः ।।८।।

विनायक उवाच

मा भयं कुरु देवेश ! मां न वेत्सि कथं सुर !
यन्निर्गुणं निर्विकारं चिदानन्दं सनातनम् ।।९।।

नारदजीले भन्नुभयो – हे रुक्माङ्गद ! देवराज इन्द्रले कदम्बवृक्षको फेंदमा परमासनमा बसी नाकको टुप्पोमा दृष्टि बाँधेर मनलाई संयमित गरी श्रीगणेश भगवान्को षडक्षरी मन्त्रको जप गरे ।।१।। यसरी मन्त्र जप गर्दा वायुपान गरेर पर्वतझैं अचल इन्द्रका एक हजार वर्ष बिते । शरीरमा धमिराले माटाको गोलो उठायो ।।२।। सर्वत्र व्याप्त, सर्ववेत्ता, उग्र तेजबाट जाज्वल्यमान, संसारकै आँखा समान मानिएका चन्द्रमा, अग्नि र सूर्यको तेजलाई पनि आफ्नो तेजबाट मन्द तुल्याउने, चतुर्भुज, रत्नमय किरीट धारण गर्नुहुने, सुन्दर केयूरले सुहाउनुभएका, कुण्डलहरूले गालामा स्पर्श गर्दा अत्यन्त आकर्षक देखिनुहुने, बहुमूल्य मोतीको हार र नूपुर धारण गर्नुहुने, गरिमामय कन्धनीले सुहाउनुभएका, कमलजस्ता आँखाले हेर्नुहुने, ठूलो सूँढ धारण गर्नुहुने, कमलको मालाबाट सुहाउनुभएका, सबै देवताका पुञ्जीभूत स्वरूप र सिन्दूररञ्जित भगवान् श्रीगणेश प्रसन्न भएर इन्द्रका सामु प्रकट हुनुभयो ।।३-५।। श्रीगणेशको दिव्य र भव्य स्वरूप देखेर इन्द्र भयभीत भए। यो के हो ? किन मेरा सामु आएको छ ? हाड र प्राणका भरमा म बाँचिरहेको छु । अब मेरो के गति हुने हो ? ।।६।। मेरा सामु कसले यो विघ्न उत्पन्न गर्‍यो? मैले केही जानेको छैन। पसिनै पसिनाले नुहाएको यो मेरो शरीर पीपलको पातझैं काँपिरहेको छ ।।७।। सर्वद्रष्टा अन्तर्यामी श्रीगणेशले विह्वल इन्द्रको विलाप थाहा पाउनुभयो र मीठो स्वरमा इन्द्रलाई सम्बोधन गर्नुभयो ।।८।।

श्रीगणेशले भन्नुभयो – हे देवराज इन्द्र ! तिमीले डर नमान। के तिमीले मलाई चिनेका छैनौ ? निर्गुण, निराकार, चिदानन्द, सनातन, कारणातीत, अव्यक्त र जगत्का विधाताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणातीतमव्यक्तं जगत्कारणकारणम् ।
यं ध्यायसि सदा देवं मन्त्रेणाऽनेन निश्चलः ।।१०।।

श्रान्तोऽसि बहुकालं त्वमिति प्रत्यक्षतां गतः ।
तपसाऽनेन तुष्टोऽहं वरं दातुमिहागतः ।।११।।

ब्रह्माण्डानामनन्तानामुत्पत्तिप्रलयावनम् ।
मत्त एवेति विद्धि त्वं वृणु यद् वाञ्छसेऽनघ ।।१२।।

नारद उवाच

श्रुत्वा तस्य वचो रम्यं वुबुधे बलभेदनः ।
भगवन्तं महाकायं देवदेवं विनायकम् ।।१३।।

ननाम परया भक्त्या तत उत्थाय सत्वरः ।
अवीवदच्छचीकान्तः प्रत्यक्षं ब्रह्मरूपिणम् ।।१४।।

इन्द्र उवाच

ब्रह्मादयोऽपि नो देवा विदुस्त्वां सदिगीश्वराः ।
गुणाँस्तव महाबाहो सृष्टिस्थित्यन्तकारिणः ।।१५।।

पदं तु कृत्रिमं मह्यं शतयज्ञसमुद्भवम् ।
दत्तं तत्राप्यन्तराया भवन्ति बहुधा मम ।।१६।।

मया कथं तु विज्ञेयो महिमा ते गजानन ।
यस्य तेऽनुग्रहः पूर्णो भविष्यति महेश्वर ।।१७।।

स एव महिमानं ते जानीयाद् विघ्नकारण ।
तस्य ते गुणरूपाणि वक्तुं शक्तिर्भविष्यति ।।१८।।

निराधारोऽखिलाधारो नित्यज्ञानोऽजरोऽमरः ।
नित्यानन्देन सम्पूर्णो मायावी क्षर एव च ।।१९।।

अक्षरः परमात्मा च विश्वरूपोऽखिलेश्वरः ।
उग्रैस्तपोभिस्त्वां ज्ञात्वा निवृत्ताः सनकादयः ।।२०।।

षडक्षरप्रभावेन दृष्टोऽसि परमेश्वर ।
पुराऽयं ब्रह्मणाऽऽदिष्टो मन्त्रो मेऽनुग्रहेण वै ।।२१।।

उक्तवाँश्चैव मां ब्रह्मा यदाऽमुं विस्मरिष्यसि ।
तदैव भ्रश्यसे स्थानाद् दुर्दशां चैव यास्यसि ।।२२।।

पनि सृष्टि गर्ने जुन देवताको ध्यान गर्दै षडक्षरी मन्त्रको जप गरिरहेका छौ त्यो देवता म नै हुँ ।।९-१०।। तिमीलाई दीर्घकालिक तपस्याबाट थाकेको जानेर म तिम्रा सामु प्रकट भएको छु । हे निष्पाप ! तिम्रो तपस्याबाट म प्रसन्न छु र म तिमीलाई वर दिन यहाँ आएको छु ।।११।। अनन्त ब्रह्माण्डको उत्पत्ति, रक्षा र संहार मबाट नै हुन्छ भन्ने कुरा तिमीले बुझ्नुपर्दछ र विश्वास गर्नुपर्दछ । तिमीले जे चाहन्छौ त्यो माग, म दिन तयार छु ।।१२।।

नारदजीले भन्नुभयो - अज्ञात दिव्य तत्त्वका यस्ता मीठा कुरा सुनेर इन्द्रले देवताका देवता र विशाल कायद्वारा शोभायमान भगवान् श्रीगणेशलाई चिने । त्यसपछि हस्याङ-फस्याङ गर्दै उभिएर परमभक्तिपूर्वक प्रणाम गरी उहाँसँग बिन्ती गरे ।।१३-१४।।

इन्द्रले भने - हे महाबाहु श्रीगणेश ! दिक्पालसहित ब्रह्मा आदि देवताले पनि सृष्टि, स्थिति र संहारका कारण हजुरको महिमा र गुणलाई राम्ररी बताउन सक्दैनन् । मैले त सय यज्ञ गरेका कारण कृत्रिम इन्द्रपद पाएको छु, त्यसमा पनि धेरैजसो विघ्नहरू आइलाग्ने गर्दछन् । हे परमेश्वर गजानन ! म हजुरको महिमा कसरी जान्न सकूँ ? हे प्रभु ! जुन प्राणीमाथि हजुरको पूर्ण अनुग्रह हुन्छ, त्यसले मात्र हजुरको महिमा जानेको हुन्छ र बताउन सक्छ । हे विघ्नेश्वर ! त्यसले नै हजुरका गुण, रूप, यावत्ता, इयत्ता र महिमा बताउन सक्छ ।।१५-१८।। हजुर निराधार र सर्वाधार हुनुहुन्छ । हजुर नित्यज्ञानस्वरूप, अजर र अमर पनि हुनुहुन्छ । हजुर नित्यानन्द-सम्पूर्ण, क्षर, मायावी, अक्षर, परमात्मा, विश्वरूप र सर्वेश्वर पनि हुनुहुन्छ । सनक आदि मुनिहरू उग्र तपस्या गरेपछि हजुरको दर्शन पाएर संसारबाट निवृत्त भएका थिए ।।१९-२०।। षडक्षरी मन्त्रको प्रभावबाट हजुर मेरासामु प्रत्यक्ष हुनुभएको छ । पहिले ममाथि कृपा गरेर ब्रह्माजीले मलाई यस मन्त्रको उपदेश गर्नुभएको थियो । त्यस बेला ब्रह्माजीले मलाई भन्नुभएको थियो - 'जुन बेला तिमीले कुनै कारणवश यो मन्त्र बिर्सिनेछौ त्यस बेला तिमी आफ्नो पदबाट च्युत भएर दुर्दशामा पर्नेछौ ।' त्यसपछि मैले त्यो मन्त्र बिर्से । म अति लुब्ध भएँ र दुर्भाग्यको वशमा परी मुनिपत्नी अहल्याको धर्मनाश गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो मयाऽतिलुब्धेन दुर्भाग्यवशगेन तु ।
धर्षिता मुनिपत्नी सा ततो दुर्गतिमाप्तवान् ।।२३।।
पुनश्च धिषणोक्तेन तेन मन्त्रेण दृष्टवान् ।
स्वरूपं तव देवेश ! सहस्रनयनोऽधुना ।।२४।।
अन्यमेकं वरं याचे यतस्त्वं चिन्तितार्थदः ।
इदं कदम्बनगरं चिन्तामणिपुरं त्विति ।।२५।।
अनुष्ठानफलं प्राप्तं यत् ते दृढपदाम्बुजम् ।
इदानीं तु वरं याचे यं तं मे देहि विघ्नप ।।२६।।
तव विस्मरणं देव न भवेन्मे तथा कुरु ।
मनो मे रमतां नित्यं तव पादाम्बुजे विभो ।।२७।।
अद्य प्रभृति लोकेऽस्मिन् ख्यातिं यातु गजानन ।
चिन्तामणीति तीर्थं तु सरश्च प्रथतामिदम् ।।२८।।
अस्मिन् स्नानेन दानेन धर्मकामार्थमुक्तयः ।
जनानां सिद्धयः सन्तु प्रसादात् ते जगद्गुरो ।।२९।।

मुनिरुवाच

आकर्ण्य वचनं शाक्रं मेघगम्भीरनिस्वनः ।
उवाच श्लक्ष्णया वाचा विघ्नेशो जगतां पतिः ।।३०।।

विनायक उवाच

इदं सम्पत्स्यते सर्वं यत् त्वया प्रार्थितं विभो ।
अन्य एको वरस्तेऽस्तु स्वपदे त्वं स्थिरो भव ।।३१।।
अविस्मृतिश्च सततं मम तेऽस्तु सुरेश्वर ।
यदा च सङ्कटं ते स्यात् तदा मां स्मर वासव ।।३२।।
आविर्भावेन ते कार्यं सर्वं सम्पादयेऽनिशम् ।
इदं चिन्तामणिपुरं ख्यातं भुवि भविष्यति ।।३३।।
कदम्बपुरमित्येतत् तीर्थं चिन्तामणीति च ।
अत्र स्नानेन सर्वेषां सिद्धयोऽपि करे स्थिताः ।।३४।।
चिन्तितञ्च प्रदास्यामि चिन्तामणिविनायकः ।

नारद उवाच

एवं वरं ततो लब्ध्वा स्वःसिन्धुमानयद् हरिः ।।३५।।

तत्पर भएँ । त्यस कारण मैले आज यो दुर्गति भोग्नुपऱ्यो । हे देवेश ! आज मैले बृहस्पतिबाट त्यसै षडक्षरी मन्त्रको उपदेश पाएँ । त्यसको जपका प्रभावबाट हजार आँखाद्वारा हजुरको दर्शन गर्ने सौभाग्य पाएको छु ।।२१-२४।। हे प्रभु ! हजुरले चिताएको कुरा पुऱ्याउनु हुन्छ, तसर्थ मैले हजुरसँग एउटा अर्को वर माग्दछु - यो कदम्बनगर अब उप्रान्त चिन्तामणिपुरका नामबाट संसारमा प्रख्यात होस् । यहाँ अनुष्ठान गरेर मैले हजुरका चरणकमलको दर्शन गर्ने सौभाग्य प्राप्त गरेको छु । हे विघ्नेश्वर ! अहिले म फेरि अर्को वर माग्दैछु, त्यो हजुरले पूरा गराउनुहोस् - मेरो मनमा हजुरको विस्मृति कहिल्यै नहोस्, यस्तो कृपा गर्नुहोस्। हे विभो! मेरो मन सधैं हजुरको चरणकमलमा रमाओस् ।।२५-२७।। हे गजानन! अब उप्रान्त यो संसारमा श्रीगणेशकुण्ड पनि चिन्तामणि तीर्थका नामबाट प्रसिद्ध होस्। हे जगद्गुरु! हजुरको कृपाबाट यस कुण्डमा स्नान र दान गर्नाले धर्म, अर्थ, काम र मोक्षका साथै मानिसहरूले सबै प्रकारका सिद्धि पनि प्राप्त गरून् ।।२८-२९।।

मुनिले भने - इन्द्र महाराजको प्रार्थनावचन सुनिसकेपछि मेघजस्तो गम्भीर स्वर उच्चारण गर्नुहुने जगदीश्वर भगवान् श्रीगणेशले कोमल वाणीद्वारा भन्नुभयो ।।३०।।

श्रीगणेशले भन्नुभयो - हे इन्द्र ! तिमीले जे-जस्ता प्रार्थना गऱ्यौ, ती सबै पूर्ण हुनेछन् । म तिमीलाई अर्को यो वर पनि दिन्छु - तिमी अब आफ्नो इन्द्रपदमा स्थिर भएर रहनेछौ। तिमीलाई मेरो विस्मृति कहिले पनि हुने छैन । जुन बेला तिमीमाथि सङ्कट आइलाग्छ त्यस बेला मेरो संझना गर्नेछौ ।।३१-३२।। मैले अहिले तिम्रा सामु प्रकट भएर सबै कामना पूरा गराएको छु । यो कदम्बपुर अबदेखि संसारमा चिन्तामणिपुरका नामबाट विख्यात हुनेछ ।।३३।। यहाँ रहेको कुण्डलाई चिन्तामणितीर्थका रूपमा सबैले चिन्नेछन् । यहाँ स्नान गर्नाले भक्तहरू सबै प्रकारका सिद्धिका स्वामी बन्न पाउनेछन् ।।३४।। मैले चिन्तामणि विनायकका नामबाट यहाँ रही भक्तहरूले चिताएका कामना परिपूर्ण तुल्याउने छु ।

नारदजीले भन्नुभयो - श्रीगणेशबाट यस्ता वर प्राप्त गरेपछि इन्द्रले आकाशगङ्गालाई झिकाएर त्यसबाट श्रीगणेशको अभिषेक गरे । त्यसपछि श्रद्धापूर्वक परिवारसहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्वाऽभिषेकं तद्द्वारा पूजयामास तं विभुम् ।
गजाननं महाभागं परिवारसमन्वितम् ।।३६।।
पूजितः सुरनाथेन तत्रैवाऽन्तर्दधे विभुः ।
स्थापयामास शक्रोऽपि स्फाटिकां मूर्तिमादरात् ।।३७।।
वैनायकीं शुभां दिव्यां सर्वावयवसुन्दराम् ।
कारयामास विपुलं प्रासादं रत्नकाञ्चनैः ।।३८।।
नत्वा प्रदक्षिणीकृत्य शक्रः स्वं पदमभ्यगात् ।
तदेतद् भुवि विख्यातं चिन्तामणिसरो महत् ।।३९।।
अद्यापि सा शुभजला गङ्गा शक्रस्य शासनात् ।
कृत्वाऽभिषेकं तन्मूर्तौ याति स्वं धाम सर्वदा ।।४०।।
एवं ते क्षेत्रमहिमा कथितोऽद्भुतदर्शनः ।
सर्वदोषहरः श्रीमान् सर्वकामप्रदः शुभः ।।४१।।
तत्र गत्वा महीपाल ! स्नानं कुरु यथाविधि ।
सर्वदोषविनिर्मुक्तो भविष्यसि न संशयः ।।४२।।

ब्रह्मोवाच

ततो ययौ मुनिः शीघ्रमनुपृच्छ्य च तं नृपम् ।
आशीर्भिरभिनन्द्यैव स रुक्माङ्गदमादरात् ।।४३।।

भाग्यका मूल केन्द्र र सर्वव्यापक गजानन प्रभुको आराधना गरे ।।३५-३६।। यसरी इन्द्रले आराधना गरेपछि भगवान् श्रीगणेश त्यहीं अन्तर्धान हुनुभयो । त्यस ठाउँमा इन्द्रले रत्न र स्वर्णजडित मन्दिर तयार गरी त्यहाँ स्फटिकबाट तयार गरिएको सर्वाङ्गसुन्दर भगवान् श्रीगणेशको दिव्य प्रतिमाको प्रतिष्ठा गरे ।।३७-३८।। श्रीगणेशप्रतिमाको प्रतिष्ठापछि देवराज इन्द्र श्रीगणेशमन्दिरको परिक्रमा गरेर आफ्नो धाममा गए । त्यसपछि यो चिन्तामणि-सरोवर संसारमा विख्यात भएको छ ।।३९।। आज पनि पवित्र जल भएकी गङ्गा नदी इन्द्रको आज्ञाअनुसार श्रीगणेशमूर्तिमा पवित्र जलले अभिषेक गर्दै आफ्नो गन्तव्यतर्फ जाने गर्दछिन् ।।४०।। यसरी मैले तपाईँलाई त्यस क्षेत्रको अद्भुत, सर्वपापनाशक, सर्वकामनादायक र मङ्गलमय महिमा बताएँ ।।४१।। हे राजन् ! त्यहाँ गएर तपाईँले पनि विधिपूर्वक स्नान गर्नुहोस्, त्यसबाट तपाइँ सबै दोषबाट मुक्त हुनुहुनेछ।।४२।।

ब्रह्माजीले भन्नुभयो - यसरी उपदेश गरी नारदमुनि रुक्माङ्गदलाई आशीर्वाद दिएर त्यहाँबाट प्रस्थान गर्नुभयो ।।४३।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चिन्तामणितीर्थवर्णनं नाम चतुस्त्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'इन्द्रद्वारा श्रीगणेशको आराधना, श्रीगणेशदर्शन, वरप्राप्ति र चिन्तामणि तीर्थको वर्णन' शीर्षकान्वित चौतीसौं अध्याय पूर्ण भयो ।।३४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चत्रिंशोऽध्यायः { ३५ अध्याय }

व्यास उवाच

देवर्षौ तु गते तस्मिन् नृपः किमकरोत् तदा ।
रुक्माङ्गदो मे कथय कथामेतां मनोरमाम् ।।१।।

ब्रह्मोवाच

कृत्वोपदेशं सुमहान्तमेवं गते मुनौ नारदनाम्नि पुत्र !
रुक्माङ्गदो हर्षयुतो ददर्श सेनां स्वकीयां चतुरङ्गिणीं ताम्।।२।।

तयापि दृष्टो नृपतिर्विरूपो यः स्वर्णकान्ती रतिभर्तृरूपः।
आसीत् पुरेत्थं कथमेष जातः संशय्य पप्रच्छ नृपं निमित्तम्।।३।।

सेनान्य ऊचुः

गिरीन् वनानि सरितो भ्रान्त्वा च वयमागताः ।
क्षुत्तृट्परीता राजेन्द्र! त्वद्दर्शनसमुत्सुकाः ।।४।।

पदे पदे प्रपश्यन्तः सम्प्राप्तास्ते पदाम्बुजम् ।
इमामवस्थां दृष्ट्वा ते दुःखाद् दुःखतरं गताः ।।५।।

किं निमित्तमभूत् तन्नः कथयस्व नृपोत्तम ।

नृप उवाच

अहमग्रे समायातस्तृषितः क्षुधितश्च ह ।।६।।

अपश्यं पुरतः शीघ्रं वाचक्नविगृहाश्रमम् ।
तत्र गत्वा मया दृष्टा तस्य पत्नी शुभानना ।।७।।

नाम्ना मुकुन्देति शुभा याचिता सा जलं मया ।
सा तु दुष्टा स्वैरिणी च मामुवाचाऽशुभं वचः ।।८।।

रतिं कुरु मया सार्द्धं नो चेच्छापं ददामि ते ।
निराकृता मया सा तु बलाच्छुद्धेन चेतसा ।।९।।

तद्भर्तरि गते स्नातुं सा मां दुष्टाऽशपद् रुषा ।
ततस्तु वृक्षमूलेऽहमुपविष्टो हि दुःखितः ।।१०।।

प्रभावात् पूर्वपुण्यस्य दृष्टवान् नारदं मुनिम् ।
तेन मे कथितोऽरिष्टनाशको विधिरुत्तमः ।।११।।

व्यासले भन्नुभयो - देवर्षि नारदजी जानुभएपछि रुक्माङ्गदले के गरे? त्यो रुचिकर कथा मलाई सुनाउनुहोस्।।१।।

ब्रह्माजीले भन्नुभयो- हे वेदव्यास ! यसरी महामन्त्रको उपदेश प्रदान गरी नारदजी जानुभएपछि हर्षित भएका राजा रुक्माङ्गदले हराइरहेको चतुरङ्गिणी सेनालाई तुरुन्तै देखे । ती सैनिकहरूले पनि सुनौलो कान्ति भएका सुन्दर आफ्ना राजालाई विरूप अवस्थामा देखे । पहिलेको त्यो सुन्दर देह कसरी विरूप भयो भन्ने संशय गर्दै ती सैनिकहरूले राजासँग कुरूपताको कारणबारे सोधनी गरे ।।२-३।।

सैनिकहरूले भने - हे राजेन्द्र ! हामी हजुरको दर्शनका लागि उत्सुक भएर पर्वत, वन र नदीहरूमा घुम्दाघुम्दै भोक र प्यासले व्याकुल अवस्थामा यहाँ आइपुगेका छौं । पाइला-पाइलामा हजुरको खोजी गर्दै अहिले हजुरका चरणकमल सामु उपस्थित छौं । हजुरको यो विरूप अवस्था देखेर दुःखभन्दा पनि महादुःखमा परेका छौं ।।४-५।। के कारणले हजुरलाई यो कष्ट बेहोर्नुपऱ्यो ? त्यो हामीलाई सुनाउनुहोस् ।

राजाले भने- हे सैनिकहरू ! म त्यो दिन तिमीहरूभन्दा पहिले अगाडि बढें । मलाई भोक र प्यासले सताएको थियो। बाटामा मेरा सामु वाचक्नवि ऋषिको आश्रम देखापऱ्यो । त्यहाँ मैले सुन्दर अनुहार भएकी ऋषिपत्नी मुकुन्दालाई देखें। तिनीसँग मैले पानी मागें। ती नारी चञ्चल प्रकृतिकी, दुष्ट स्वभावकी र स्वैराचारिणी रहिछन् । तिनले 'मसँग रतिक्रीडा गर अन्यथा सराप दिनेछु' भनी मलाई अमङ्गल वचन सुनाइन् ।।६-८।। मेरो मन उद्विग्न भयो र मैले आफ्नो शक्ति लगाएर तिनको त्यस्तो याचनाको निषेध गरें, विरोध गरें। त्यस बेला तिनका पति वाचक्नवि आश्रममा थिएनन् । ती नभएको बेला यो घटना घट्यो र मुकुन्दाले मलाई रोषपूर्वक सराप दिइन्। त्यसपछि म बाहिर निस्किएँ र दुःखी भएर रूखको फेंदमा बसें ।।९-१०।। पूर्वपुण्यका प्रभावबाट मैले नारदमुनिको दर्शन पाएँ । उहाँले मलाई अरिष्टनाश गर्ने उत्तम अनुष्ठानविधिको उपदेश गर्नुभएको छ ।।११।। उहाँले चिन्तामणि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तामणिक्षेत्रगतो गणेशतीर्थसंश्रितः ।
महिमा कथितस्तेन तस्य तीर्थस्य विस्तरात् ।।१२।।

तत्र स्नानं समाख्यातं मुनिना दिव्यचक्षुषा ।
अतः स्नातुं गमिष्यामि स्वदोषस्याऽपनुत्तये ।।१३।।

यान्तु सर्वे मया सार्द्धं तत्र स्नातुं यदीच्छत ।
स्नात्वा दत्त्वा यथाशक्ति सम्पूज्य च विनायकम् ।।१४।।

पूतास्तयोः प्रभावेण यास्यामः स्वपुरं ततः ।

क उवाच

इति ते निश्चयं बुद्ध्वा जग्मू राजपुरःसराः ।
दृष्ट्वा तीर्थं गणेशाख्यं दिव्यदेहो बभौ नृपः ।।१५।।

तप्तकाञ्चनवर्णाभो यथापूर्वं मुनीश्वर !
ततो रुक्माङ्गदो मेने नारदोक्तमृतं वचः ।।१६।।

तत्र स्नात्वा ददौ दानान्यनेकानि नृपस्तदा ।
रुक्माङ्गदो ब्राह्मणेभ्यो मुदा परमया युतः ।।१७।।

विनायकं पूजयित्वा तेजोराशिं ददर्श सः ।
विमानमर्कप्रतिमं ब्राह्मणाः सेवकाश्च ते ।।१८।।

विनायकगणैर्जुष्टमप्सरःकिन्नरैर्युतम् ।
नत्वा नृपस्तान् पप्रच्छ के यूयं कुत आगताः ।।१९।।

दूताः कस्य किमत्रास्ति कार्यं तद् ब्रूत सादरम् ।

ब्रह्मोवाच

श्रुत्वा नृपतिवाक्यानि मञ्जुलानि विमानगाः ।।२०।।

दूता विनायकस्योचुर्धन्योऽसि नृपसत्तम ।
येन ते सर्वभावेन ध्यातश्चिन्तामणिः प्रभुः ।।२१।।

तीर्थयात्रा कृता सम्यग् दानं दत्त्वा यथाविधि ।
चिन्तामणिः पूजितश्च कृतकृत्योऽसि साम्प्रतम् ।।२२।।

चिन्तितस्य प्रदानाद् हि चिन्तामणिरयं स्मृतः ।
वयञ्च कृतकृत्याः स्मो दर्शनात् तव सुव्रत ।।२३।।

क्षेत्र र श्रीगणेशतीर्थको महिमा मलाई बताउनुभयो । दिव्यदृष्टि भएका नारदजीले विस्तारपूर्वक त्यहाँ स्नान गर्नुपर्ने विषयमा पनि प्रकाश पार्नुभयो। त्यो सुनेर म छिट्टै आफ्नो दोषको निवृत्तिका लागि त्यहाँ नुहाउन जाने विचार गरेको छु । इच्छा छ भने तिमीहरू पनि मेरा साथमा त्यस तीर्थमा नुहाउन हिंड। त्यहाँ गई स्नान र दानका साथै शक्तिअनुसार भगवान् श्रीगणेशको पूजा गरेर चिन्तामणिपुर र श्रीगणेश कुण्डका प्रभावबाट पवित्र भई हामी सबै राजधानी फर्किने छौं ।

ब्रह्माजीले भन्नुभयो - यसरी ती सबैले राजाको निश्चय सुनेर उनलाई अगाडि लगाई चिन्तामणिपुर जान प्रस्थान गरे । श्रीगणेशतीर्थको दर्शन गरेपछि राजाको शरीर दिव्य भयो र राजा शोभायमान भए ।।१२-१५।। हे मुनीश्वर ! ती राजा पहिलेजस्तै, तपाएको सुनको जस्तो भास्वर आभाले चम्किरहेका थिए । त्यसपछि नारदजीले बताएका कुरा सत्य रहेछन् भनेर रुक्माङ्गदले विश्वास गरे।।१६।। त्यहाँ स्नान गरेर राजा रुक्माङ्गदले प्रसन्नतापूर्वक ब्राह्मणहरूलाई अनेक किसिमका दान दिए । विनायकको पूजा गरेपछि राजा रुक्माङ्गद र उनीसँग रहेका उनका सेवक र ब्राह्मणहरूले तेजोमय र सूर्यसमान प्रकाशमान विमानको दर्शन गरे ।।१७-१८।। त्यो विमान विनायकका गणहरूद्वारा सेवित र अप्सराहरूद्वारा शोभायमान थियो । राजा रुक्माङ्गदले विनायकगणलाई प्रणाम गर्दै आदरपूर्वक भने - तपाइँहरू को हुनुहुन्छ ? कहाँबाट आउनुभएको हो ? कसका दूत हुनुहुन्छ ? के कामले आउनुभएको छ ? यी सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।

ब्रह्माजीले भन्नुभयो - राजाका ती मधुर वचनले परिपूर्ण प्रश्न सुनेर विमानमा रहेका दूतहरूले भने - हे राजन्! तपाइँ धन्य हुनुहुन्छ किनकि तपाइँले सर्वात्मना चिन्तामणिरूप श्रीगणेश प्रभुको ध्यान गर्नुभएको छ ।।१९-२१।। तपाइँले श्रद्धापूर्वक तीर्थयात्रा गर्नुभयो, विधिपूर्वक राम्ररी स्नान-दान गर्नुभयो र चिन्तामणि भगवान्को पूजा पनि गर्नुभयो । यस कारण तपाइँ अहिले कृतकृत्य हुनुभएको छ ।।२२।। चिन्तित पदार्थहरूलाई प्रदान गर्नाले प्रभु श्रीगणेशको नाम चिन्तामणि पनि हो । हे सुव्रत! तपाइँको दर्शन पाएर हामी पनि कृतकृत्य भएका छौं।।२३।। हे उत्तम राजा ! तपाइँले श्रीगणेशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिमानं न जानीमस्तव भक्तेर्नृपोत्तम ।
कायेन वचसा बुद्ध्या जीवस्याप्यर्पणेन च ।।२४।।

आराधितस्त्वया देवः सर्वब्रह्माण्डनायकः ।
विनायकस्तस्य दूतास्तेन च प्रेषिता नृप ।।२५।।

उत्सुकः स उवाचाऽस्मान् मद्भक्तं शीघ्रयायिनः ।
रुक्माङ्गदं विमानेन ह्यानयन्तु ममान्तिकम् ।।२६।।

इति श्रुत्वा वयं याता आरोहस्व नभोगमम् ।
याहि शीघ्रतरं देवं सहाऽस्माभिर्विनायकम् ।।२७।।

गर्नुभएको भक्तिको महिमा हामी बताउन सक्दैनौं । तपाईंले शरीर, मन, बुद्धि र जीवतत्त्वको अर्पण गरेर सबै ब्रह्माण्डका नायक श्रीगणेश प्रभुको आराधना गर्नुभएको छ ।।२४-२५।। हामी श्रीगणेश प्रभुले पठाएका उहाँका दूत हौं । हामी त्यहाँबाट प्रस्थान गर्दा भगवान् श्रीगणेशले उत्सुकतापूर्वक हामीहरूलाई अह्राउनुभएको थियो - 'तिमीहरू छिटो गएर मेरा भक्त रुक्माङ्गदलाई विमानद्वारा मेरा सामु लिएर आओ' ।।२६।। उहाँको आज्ञा सुनेर हामी आएका छौं । तपाइँ विमानमा आरोहण गर्नुहोस् र हामीहरूका साथ भगवान् विनायकको समीपमा जानका लागि छिटो प्रस्थान गर्नुहोस्।।२७।।

ब्रह्मोवाच

इति श्रुत्वा वचस्तेषामाह रुक्माङ्गदो नृपः ।
क्वाऽहं मन्दमतिर्दूताः! क्व चाखण्डितविग्रहः ।।२८।।

अप्रमेयोऽप्रतर्क्यश्च चिन्मात्रो विभुरव्ययः ।
सर्गस्थित्यप्ययानां यः कारणं कारणातिगः ।।२९।।

तस्यादरो मयि कथं न जाने तीर्थजं फलम् ।
जन्मान्तरगतं किं मे फलितं पुण्यमुत्तमम् ।।३०।।

तेन वो दर्शनं जातमग्रेऽतिफलदं शुभम् ।
यूयं धन्यतरा येषां प्रत्यक्षोऽहर्निशं विभुः ।।३१।।

इत्युक्त्वा पूजयामास नत्वा चरणपङ्कजम् ।
प्रार्थयामास सर्वास्तान् पिता मम नृपोत्तमः ।
ब्रह्मण्यः सत्यवादी च भीमो भीमपराक्रमः ।।३२।।

विना तं कथमायामि मातरं चारुहासिनीम् ।
तयाऽऽप्याराधितो देवो देवदेवो विनायकः ।।३३।।

जन्मावधि न चान्यं सा मनुते देवतान्तरम् ।।३४।।

ब्रह्माजीले भन्नुभयो- ती दूतहरूका कुरा सुनेर रुक्माङ्गदले भने - हे विनायकका दूतहरू ! म मूढ बुद्धि भएको मानिस कहाँ ? अखण्ड विग्रह, अप्रमेय, अतर्क्य, चिन्मात्र, सर्वव्यापक, अव्यय, सृष्टि; स्थिति र संहारका कारण, कारणद्वारा पनि अगम्य विनायक प्रभु कहाँ ? उहाँले कसरी मलाई यत्रो आदर दिनुभयो ? मलाई थाहा छैन । यसको एउटा कारण श्रीगणेशतीर्थमा स्नान गरेको फल हुनसक्छ अथवा अर्को कारण जन्मान्तरमा मैले गरेको पुण्यको फल नै मलाई प्राप्त भएको हुनसक्छ । तीमध्ये जुनसुकै कारणबाट भए पनि आज मैले आफ्नै सामु तपाइँहरूको दर्शन पाएँ । तपाइँहरू धन्यतम हुनुहुन्छ जसले दिनदिनै अन्तर्यामी भगवान् श्रीगणेशको दर्शन पाउनुहुन्छ ।।२८-३१।। यसरी आफ्ना मनका कुरा खोलेर राजा रुक्माङ्गदले ती दूतहरूका चरण-कमलको पूजा गरे । त्यसपछि फेरि निवेदन गरे - हे दूतहरू! मेरा पिता भीम ब्राह्मणहरूका सेवक, सत्यवादी र अतुलनीय पराक्रमी उत्तम राजा हुनुहुन्छ । उहाँ र मेरी माता चारु-हासिनीविना म एक्लै कसरी तपाइँहरूसँग जान सक्छु ? मेरी आमाले पनि देवताका पनि देवता विनायक भगवान्को आराधना गर्नुभएको छ । उहाँले आफ्नो पूरा जीवन श्रीगणेशबाहेक अरू कुनै देवताको आराधना गर्नुभएको छैन ।।३२-३४।।

दूत उवाच

एवं चेत् तर्हि तीर्थेऽस्मिन् कुरु स्नानं तयोरपि ।
श्रेयस्तस्मै च तस्यै च पित्रे मात्रे प्रदीयताम् ।।३५।।

ततस्तावपि नेष्यामो विमानवरमास्थितौ ।।३६।।

एउटा दूतले भने- यदि त्यसो हो भने यस श्रीगणेशतीर्थमा तपाइँका माता-पिताका लागि पनि स्नान गरी तपाइँले त्यसको पुण्य उहाँहरूका निमित्त सुम्पनुहोस् । त्यसो भयो भने हामीले तपाइँका माता-पितालाई पनि तपाइँका साथै विमानमा रखेर श्रीगणेश प्रभुका समीपमा पुऱ्याउनेछौं ।।३५-३६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इति तद्वचनं श्रुत्वा कृत्वा प्रतिकृतिं कुशैः ।
कुशोऽसि कुशपुत्रोऽसि ब्रह्मणा निर्मितः पुरा ।।३७।।

त्वयि स्नाते तु स स्नातो यस्येदं ग्रन्थिबन्धनम् ।''
एवं मन्त्रं समुच्चार्य सर्वेषामानुपूर्वशः ।।३८।।

ग्राम्याणां सर्वलोकानां चक्रे स्नानविधिं नृपः ।
चिन्तामणिक्षेत्रगते तीर्थे गणेशसंज्ञके ।।३९।।

ततो रुक्माङ्गदो राजा सबलो दूतवाक्यतः ।
विमानवरमारुह्य कौण्डिन्यं पुरमाययौ ।।४०।।

वाद्यघोषैर्ब्रह्मघोषैर्गन्धर्वाप्सरसां रवैः ।
नादितं गगनं तेन विमानेन दिशो दश ।।४१।।

मातापितृभ्यां प्रददौ श्रेयो रुक्माङ्गदो नृपः ।
सर्वेषामेव लोकानां स्नानश्रेयो विनायके ।।४२।।

दत्तमात्रे तु कौशेयस्नानजे श्रेयसि ध्रुवम् ।
विनायकाज्ञयाऽन्यानि विमानानि समाययुः ।।४३।।

प्रत्येकं ते समारूढा एकैकं गगनेचरम् ।
एवं रुक्माङ्गदो भीमस्तन्माता चारुहासिनी ।।४४।।

सर्वे लोका ययुस्तत्र यत्र देवो विनायकः ।
एवं तन्नगरं सर्वमाबालश्वपचावधि ।।४५।।

पुण्याद् गणेशतीर्थस्य स्नानजात् स्वर्गतिं गतम् ।

क उवाच

इति ते कथितं सर्वं यद् यत् पृष्टं त्वया मुने ।।४६।।

चिन्तामणिक्षेत्रगतं माहात्म्यं तीर्थसम्भवम् ।
यः श्रृणोति नरो भक्त्या सोऽपि तद्गतिमाप्नुयात् ।।४७।।

ब्रह्माजीले भन्नुभयो - दूतका वचन सुनेर रुक्माङ्गदले कुशको प्रतिमा बनाएर 'तिमी कुश हौ र कुशपुत्र पनि हौ। तिमीलाई पूर्वकालमा ब्रह्माजीले बनाएका हुन् । तिमीले नुहाउँदा जसको स्नानका लागि तिम्रो प्रतिमा निर्माण गरिएको छ त्यसले नुहाउँछ' यो अर्थ लाग्ने मन्त्रको उच्चारण गरेर क्रमैले पिता, माता र पुरवासी सबैका कुशको पुत्तला बनाएर चिन्तामणिक्षेत्रअन्तर्गत श्रीगणेशतीर्थमा स्नान गराउने कार्य सम्पन्न गरियो।।३७-३९।। त्यसपछि राजा रुक्माङ्गद सैनिकसहित दूतहरूको वाक्यअनुसार उत्तम विमानमा आरोहण गरेर कौण्डिन्यपुरमा पुगे । राजा आउँदा वेदघोष, वाद्यध्वनि, गन्धर्व र अप्सराको सङ्गीतमय कलरवबाट त्यहाँका आकाश र दिशाहरू निनादित भए । राजा रुक्माङ्गदले आफूले स्नान गरेको पुण्य माता-पितालाई प्रदान गरी बाँकी रहेको पुण्य त्यहाँका मानिसहरूका निमित्त समर्पण गरे। यसरी राजा रुक्माङ्गदले कुशका प्रतिकृति बनाई स्नान गराएर आफ्नो पुण्य बाबु-आमा र जनताका लागि समर्पण गर्नासाथ भगवान् श्रीगणेशको आज्ञाबाट अरू धेरै विमानहरू त्यहाँ आइपुगे ।।४०-४३।। राजा रुक्माङ्गदले ती विमानहरूमा आफ्ना माता-पिता, परिवार र सबै जनतालाई बसेको देखे । राजा रुक्माङ्गदको पुण्यप्रदानका कारण सबै मानिसहरू भगवान् विनायक विराजमान हुनुभएको धाममा प्राप्त भए । श्रीगणेशतीर्थमा गरिएको पुण्यप्रद स्नानका कारण बालकदेखि चाण्डाल जातिसम्मका नर-नारीले भरिभराउ त्यो नगर नै स्वर्गमा प्राप्त भयो ।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! तपाईंले जुन कुरा सोध्नुभएको थियो, तिनको उत्तर मैले दिएँ । जसले भक्तिपूर्वक चिन्तामणि तीर्थको महिमा श्रवण गर्दछ त्यो मानिस पनि चिन्तामणि तीर्थको प्रतापबाट श्रीगणेशलोकमा प्राप्त हुनेछ ।।४४-४७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चिन्तामणितीर्थवर्णनं नाम पञ्चत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'रुक्माङ्गदको राजधानी प्रवेश र चिन्तामणि तीर्थको महिमा' शीर्षकान्वित पैतीसौं अध्याय पूर्ण भयो ।।३५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्त्रिंशोऽध्यायः　{ ३६ अध्याय }

व्यास उवाच

श्रुतं गणेशतीर्थस्य माहात्म्यं कमलासन ! ।
रुक्माङ्गदस्य चरितं कौण्डिन्यपुरवासिनाम् ।।१।।

तथापि ब्रूहि मे ब्रह्मन् ! मुकुन्दाचरितं शुभम् ।

ब्रह्मोवाच

गते रुक्माङ्गदे सा तु जज्ज्वाल मदनाग्निना ।।२।।

दावाग्निना यथा ग्रीष्मे महावनस्थली सुत ! ।
मुकुन्दा नालभच्छर्म वने शीतलमारुते ।।३।।

लतापुष्पमये स्थाने चन्द्रचन्दनतोऽपि च ।
तस्या न रोचते हास्यं गीतं नृत्यं कथान्तरम् ।।४।।

अन्नं जलं विह्वलायास्तच्चित्ताया मुनीश्वर ! ।
क्षुत्तृट्श्रमेण तस्यास्तु क्षणं निद्रा समाययौ ।।५।।

तामिन्द्रो बुबुधे कान्तां प्रसुप्तां विजने वने ।
कामातुरां विह्वलाञ्च रुक्माङ्गदकृते सुत ।।६।।

धृत्वा रौक्माङ्गदं रूपं बुभुजे कामुकान्तु ताम् ।
आलिलिङ्ग मुदा शक्रो मुकुन्दा जहृषे भृशम् ।।७।।

साऽपि रुक्माङ्गदं तं तु चुचुम्बे सुभृशं सुत ! ।
सोऽपि तस्याः कुचौ पीनौ ममर्द दृढमुष्टिना ।।८।।

व्यंशुकां व्यंशुको रेमे निःशङ्कं स तया सह ।
ततः सा लज्जमानेव स्वगृहं प्रत्यपद्यत ।।९।।

इन्द्रो रुक्माङ्गदो भूतस्तत्रैवाऽन्तर्दधे सुत ।
मेने रुक्माङ्गदो भुक्तस्ततो गर्भं दधौ तु सा ।।१०।।

सुषुवे नवमे मासि सुवेलायां सुतं शुभम् ।
चारुसर्वानवद्याङ्गं रूपेण मदनातिगम् ।।११।।

व्यासले भन्नुभयो – हे कमलासन ! श्रीगणेशतीर्थको महिमा, रुक्माङ्गदको चरित्र र कौण्डिन्यपुरका निवासीहरूको श्रीगणेश लोकप्राप्तिसम्बन्धी कथा मैले सुनें ।।१।। अब मलाई वाचक्नवि ऋषिकी पत्नी मुकुन्दाको चरित्रको विषयमा सुनाउनुहोस् ।

ब्रह्माजीले भन्नुभयो – रुक्माङ्गद रिसाएर आश्रमबाट बाहिर गएपछि ती मुकुन्दा ग्रीष्म ऋतुमा डढेलोले महावन डढेझैं कामदेवको आगोमा डढ्न थालिन् ।।२।। वनको शीतल हावाको सेवन गर्दा, कोमल लता एवं सुन्दर पुष्पद्वारा शोभायमान सुन्दर स्थानहरूमा भ्रमण र चन्द्रमाको जुनेली र चन्दनको सेवन गर्दा पनि तिनले शान्ति पाइनन् । कामविह्वल भई रुक्माङ्गदको चिन्तामा लीन मुकुन्दालाई हास्य, गीत, नृत्य, कथा, अन्न र जल केही पनि रुचेन । भोक, प्यास र ग्लानिका कारण ती एकछिन निदाइन् ।।३-५।। निर्जन वनमा रुक्माङ्गदप्रति कामासक्त भएर व्याकुल भएकी र विचेत अवस्थामा रहेकी ती सुन्दरी मुकुन्दालाई देखेर देवराज इन्द्र रुक्माङ्गदको रूप धारण गरी त्यहाँ आए र तिनले कामपीडाले व्याकुल मुकुन्दासँग रतिक्रीडा गरे । इन्द्रले रुक्माङ्गदको रूप लिएर गाढ आलिङ्गन गर्दा ती मुकुन्दा आनन्दप्राप्तिका कारण अत्यन्त हर्षित भइन् ।।६-७।। मुकुन्दाले पनि स्नेहातिरेकले रुक्माङ्गदका अङ्ग - अङ्गमा चुम्बन गरिन् । रुक्माङ्गदरूप इन्द्रले पनि आफ्ना हातले मुकुन्दाका कठोर र ठूला स्तनहरूको मर्दन गरे । निर्वस्त्र भएका रुक्माङ्गदले कामपीडाका कारण निर्लज्ज र निर्वस्त्र हुनपुगेकी मुकुन्दासँग पटक-पटक यौन क्रीडा गरे । भरपूर यौनसुख प्राप्त गरेपछि ती मुकुन्दा लजाउँदै आफ्नो आश्रमतर्फ लागिन् ।।८-९।। रुक्माङ्गदको रूप लिएर वनमा आई मुकुन्दासँग कामक्रीडा गर्ने इन्द्र पनि त्यहीं अन्तर्धान भए । इन्द्रको छल नबुझेकी मुकुन्दाले मनमा मैले रुक्माङ्गदसँग भोग गरें भन्ने विश्वास गरिन् । त्यसपछि मुकुन्दाले गर्भधारण गरिन् । नौ महिना पूरा भएपछि उत्तम समयमा तिनले सर्वाङ्गसुन्दर र सौन्दर्यबाट कामदेवलाई पनि निस्तेज तुल्याउने मङ्गलमय बालकलाई जन्म दिएकी थिइन् ।।१०-११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्य शब्देन महता धरण्यां पतितस्य तु ।
सनादं दशदिग्वृन्दमभूत् खं भूरसातलम् ।।१२।।

पक्षिणो बभ्रमुः सर्वे उड्डीयोड्डीय सर्वतः ।
वाचक्नविः समायातस्त्यक्त्वा स्वं नित्यकर्म च ।।१३।।

मुकुन्दाचरितं तेन नैव बुद्धं कदाचन ।
जातकर्मादिकं सर्वं चकार भृशहर्षितः ।।१४।।

ददौ दानं यथाशक्ति ब्राह्मणेभ्यो यथार्हतः ।
दशाहे तु व्यतीते स नामकर्माऽकरोन्मुनिः ।।१५।।

गृत्समदेत्यनुज्ञातो ज्योतिःशास्त्रपरैर्द्विजैः ।
ततस्तु पञ्चमेऽब्देऽस्य व्रतबन्धं चकार ह ।।१६।।

वेदव्रतानि चत्वारि चकार बटुकस्य सः ।
सकृन्निगदमात्रेण गृह्णाति ब्रह्मतेजसा ।।१७।।

वेदशास्त्रनिधिर्जातः स्वकर्मकुशलोऽपि च ।
कदाचित् सुमुहूर्ते तु पिता वाचक्नविः सुतम् ।।१८।।

गणानान्त्वेति ऋङ्मन्त्रं महान्तमुपदिष्टवान् ।
उवाच च महामन्त्रो वैदिकोऽखिलसिद्धिदः ।।१९।।

आगमोक्तेषु मन्त्रेषु सर्वेषु श्रेष्ठ एव च ।
ध्यात्वा गजाननं देवं जपैनं स्थिरमानसः ।।२०।।

परां सिद्धिं समाप्यैव ख्यातिं लोके गमिष्यसि ।
ततो गृत्समदो विप्रो मन्त्रं प्राप्य पितुर्मुखात् ।।२१।।

अनुष्ठानरतो भूत्वा जपध्यानपरोऽभवत् ।
गते बहुतिथे काले महतस्तपसो मुनेः ।
तस्मिन् मगधदेशे यो राजा मगधसंज्ञितः ।।२२।।

चारुरूपो महामानी दानशूरोऽरिमर्दनः ।
नानालङ्कारशोभाढ्यो महार्हासनसंश्रितः ।।२३।।

सुधर्मासनगो धीरः पुरुहूत इवापरः ।
चतुरङ्गबलोपेतो ज्ञानी पण्डितमानदः ।।२४।।

बालकले धर्ती टेक्ने बेला चिच्याएको ठूलो स्वरबाट दसै दिशा, आकाश, पृथिवी र पाताल शब्दायमान भए । ।।१२।। त्यो स्वर सुनेर चराहरू पनि उड्दै आकाशमा यत्र-तत्र घुम्न थाले। त्यस बेला आफ्नो नित्य कर्म त्यत्तिकै छाडेर वाचक्नवि ऋषि पनि आश्रममा आइपुगे।।१३।। ती ऋषिलाई आफ्नी धर्मपत्नी मुकुन्दाको त्यो स्वच्छन्द आचरणबारे केही पनि थाहा थिएन । छोरा जन्मेको थाहा पाउँदा अत्यन्त खुसी भएका तिनले जातकर्म आदि संस्कार सम्पन्न गरी ब्राह्मणहरूलाई यथाशक्ति र योग्यताअनुसार दान दिए । बालक जन्मेको १० दिन पूरा भएपछि तिनले बालकको नामकरण संस्कार सम्पन्न गरे ।।१४-१५।। ज्योतिषशास्त्रका विद्वान्हरूको भनाइअनुसार बालकको नाम गृत्समद राखियो । बालकले पाँचौं वर्षमा प्रवेश गरेपछि तिनको व्रतबन्ध संस्कार गरियो । व्रतबन्धपछि चार वेदको अध्ययन आरम्भ गराइयो । एक पटक सुनाउँदामात्र तिनले सबै वेद र शास्त्र कण्ठस्थ गरे ।।१६-१७।। यसरी ती बालक गृत्समद वेद र शास्त्रका ठूला विद्वान् र कर्मकाण्डका कुशल ज्ञाता पनि बने । कुनै दिन उत्तम मुहूर्तमा ऋषि वाचक्नविले आफ्ना छोरालाई **गणानात्वा गणपतिं हवामहे०** इत्यादि ऋग्वेदमन्त्रको उपदेश गर्दै भने- यो श्रीगणेशको वैदिकमन्त्र सबै प्रकारका सिद्धि प्रदान गर्न समर्थ छ । यो मन्त्र वेदमा बताइएका धेरै मन्त्रहरूमा सर्वश्रेष्ठ पनि छ । हे पुत्र ! तिमीले आफ्नो चित्त स्थिर गराएर यो मन्त्र जप।।१८-२०।। यस मन्त्रको जपबाट परम सिद्धि प्राप्त गरेपछि तिमी लोकमा विख्यात हुनेछौ । यो कुरा सुनेर ब्रह्मकुमार गृत्समदले आफ्ना पिताबाट मन्त्रोपदेश ग्रहण गरे। त्यसपछि ती बालक अनुष्ठान, मन्त्रजप र ध्यानमा तत्पर भए । यसरी गृत्समदको साधनाका धेरै दिन बितेपछि मगध देशका मगध नामक राजासँग सम्बद्ध एउटा घटना भयो ।।२१-२२।। राजा मगध सुन्दर, स्वाभिमानी, दानशूर, शत्रुसंहारक र अलङ्कारको शोभाद्वारा शोभायमान पनि थिए । ती राजा सिंहासनमा आसीन हुँदा राजकीय ऐश्वर्यका कारण सुधर्मा नामक देवसभामा विराजमान इन्द्रसमान देखिन्थे। चतुरङ्गिणी सेनाद्वारा सुरक्षित तिनले ज्ञानी र विद्वानहरूको सम्मान गर्न कत्ति पनि छुच्याईं गरेनन् । मगध राजाका गुणनिधि र वाचस्पति नामक दुई अमात्यहरू आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमात्यौ द्वौ ज्ञाननिधी वाचस्पत्यधिकौ गुणैः ।
अम्बिका नाम भार्याऽस्य चारुरूपा गुणाधिका ।।२५।।

पतिव्रता महाभागा शापानुग्रहणे क्षमा ।
तस्य राज्ञः पितुः श्राद्धे समाजग्मुर्महर्षयः ।।२६।।

राज्ञाहूता वसिष्ठात्रिप्रमुखाः श्रुतिपारगाः ।
आकारितो गृत्समदस्तपस्वी शुचिमानसः ।।२७।।

ततः शास्त्रप्रसङ्गेन प्रौढिं गृत्समदोऽवदत् ।
तमत्रिर्धिग्धिगित्येवमब्रवीन्मुनिसन्निधौ ।।२८।।

तपस्वीति भवान्मान्यो न मुनिस्त्वं यतस्तव ।
जन्म रुक्माङ्गदाज्जातं राजपुत्राद् विचारय ।।२९।।

नास्मत्समक्षं पूजार्ह इतो गच्छ स्वमाश्रमम् ।
इत्यत्रिवचनं श्रुत्वा क्रोधदीप्त इव ज्वलन् ।।३०।।

दहन्निव त्रिलोकीं स भक्षयन्निव तान् मुनीन् ।
अपरे त्वपलायन्त सिंहं दृष्ट्वा यथा मृगाः ।।३१।।

उवाच तत्र सदसि वसिष्ठादीन् मुनीन् प्रति ।

गृत्समद उवाच

यर्हि रुक्माङ्गदस्याहं न भवेयं मुनीश्वराः ।
तदा शापाग्निना युष्मान् कुर्यां भस्मावशेषितान् ।।३२।।

ब्रह्मोवाच

इत्युक्त्वा तान् मुनीन् सर्वान् प्रययौ मातरं प्रति ।
पप्रच्छ तां गृत्समदो वद दुष्टेति कामुके ।।३३।।

मुकुन्दे ! वद मे तातं नो चेद् भस्म भविष्यसि ।
आकर्ण्यैवं वचस्तस्य चकम्पे भृशविह्वला ।।३४।।

मुकुन्दा मारुतेनेव कदली कुड्मलान्विता ।
उवाच दीनया वाचा बद्धाञ्जलिपुटा सती ।।३५।।

मुकुन्दोवाच

मृगयासक्तचित्तोऽभूद् भ्रष्टसार्थो नृपोत्तमः ।
त्रैलोक्यसुभगो दृष्टो मया रुक्माङ्गदः शुभः ।।३६।।

गुणविशेषले गर्दा बृहस्पतिभन्दा पनि उत्तम र ज्ञानसागर थिए। राजा मगधकी रानी अम्बिका पनि अत्यन्त रूपमती, गुणवती र पतिव्रताहरूमा श्रेष्ठ नारीरत्न थिइन्। ती भाग्यशाली नारी सराप एवं अनुग्रहमा कुशल विदुषी पनि थिइन् । ती मगध राजाद्वारा आफ्ना दिवङ्गत पिताको निमित्त गरिने एकोद्दिष्टश्राद्धका लागि आमन्त्रित वसिष्ठ, अत्रि आदि वेदमा पारङ्गत महर्षिहरू भेला भएका थिए । त्यसैगरी पवित्र ज्ञान भएका गृत्समद पनि त्यहाँ निमन्त्रित थिए । शास्त्रचर्चाको प्रसङ्गमा गृत्समदले अत्रि र वसिष्ठ आदि ऋषिहरूका सामु आफ्नो पाण्डित्य देखाए। तिनलाई शास्त्रीय पाण्डित्य देखाउन लागेको देखेर मुनिहरूकै माझमा अत्रि ऋषिले रोषपूर्वक धिक्कार गर्दै भने - हे गृत्समद! तिमी तपस्वीका रूपमा मान्य छौ तापनि हामी तिमीलाई मुनिका रूपमा मान्दैनौं, किनकि तिमी राजा रुक्माङ्गदबाट जन्मेका राजकुमार हौ । यो कुरा विचार गर ।।२३-२९।। तिमी हामीजस्ता ऋषिहरूको पंक्तिमा पूजनीय छैनौ । तसर्थ अविलम्ब यहाँबाट आफ्नो आश्रमतर्फ फर्क । अत्रि ऋषिका यी कुरा सुनेर आफ्नो उग्र क्रोधद्वारा चम्कँदै - स्वर्ग, मर्त्य एवं पाताललाई पनि डढाउन खोज्दै र ती मुनिहरूलाई पनि खान खोज्दै उभिएका गृत्समदको क्रोध देखेर त्यस सभामा भेला भएका केही मानिसहरू सिंहलाई देख्दा मृगहरू भागे झैं भाग्न थाले । त्यसबेला गृत्समदले ती ऋषिहरूलाई लक्षित गर्दै भन्नथाल्यो ।

गृत्समदले भन्यो - यदि म रुक्माङ्गदबाट जन्मेको रहेन छु भने त्यस बेला मैले तपाइँहरूलाई सरापको आगोले खरानी तुल्याउने छु।।३०-३२।।

ब्रह्माजीले भन्नुभयो - गृत्समद अत्रि आदि ऋषिहरूलाई यसरी आफ्ना खरा कुरा सुनाएर आफ्नी आमा मुकुन्दा सामु पुगे र आमालाई भने - अत्यन्त दुष्ट स्वभाव भएकी कामुकी, हे मुकुन्दा ! तिमीले नढाँटिर भन - मेरा बाबु को हुन् ? ढाँट्यौ भने मैले तिमीलाई भर्खरै खरानी बनाउने छु। आफ्ना छोरा गृत्समदको कुरा सुनेर अत्यन्त डराएकी मुकुन्दा हावाद्वारा ढल्न लागेको बोंगासमेतको केरा झैं काँप्दै दीन वचनले हात जोडेर भन्न लागिन् ।।३३-३५।।

मुकुन्दाले भनिन् - हे पुत्र ! शिकार खेलिरहेका राजा रुक्माङ्गद सेनासँग बिछोड भएपछि वाचक्नवि ऋषिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुष्ठानरते वाचक्नवौ मे भर्तरि प्रिये ।
अनिवार्याः स्त्रिय इति स्मृत्वा वाक्यं विधीरितम् ।।३७।।

तस्मिन् नृपे सक्तमना जाताऽस्मि स पिता तव ।
श्रुत्वेत्थं वचनं तस्या मौनवान् स ययौ मुनिः ।।३८।।

लज्जयाऽधोमुखः शापमभ्यधाज्जननीं प्रति ।

पुत्र उवाच

दुष्टे मूढे पापरते कानने कण्टकी भव ।।३९।।

असङ्ख्येयफला सर्वैः प्राणिभिः परिवर्जिता ।
साऽपि शापं ददौ तस्मै क्रोधाविष्टा सुताय हि ।।४०।।

जननीत्वमनादृत्य यतः शप्ता खलु त्वया ।
अतः शपामि त्वां पुत्र! त्वत्तः पुत्रोऽतिदारुणः ।।४१।।

त्रैलोक्यभयदो दैत्यो भविष्यति महाबलः ।
एवं शशपतुस्तौ तु मातापुत्रौ परस्परम् ।।४२।।

क उवाच

सा तदैव शरीरं तत् त्यक्त्वाऽभूद् बदरी वने ।
वर्जिता पक्षिसङ्घातैर्जारजैरण्डजैरपि ।।४३।।

ततोऽन्तरिक्षे वागासीदिन्द्राद् गृत्समदो ह्यभूत् ।
स तु गृत्समदो ब्रह्मन्ननुष्ठानाय जग्मिवान् ।।४४।।

इदं गृत्समदाख्यानं यः शृणोति नरोत्तमः ।
न स सङ्कटमाप्नोति वाञ्छितं लभतेऽखिलम् ।।४५।।

आश्रममा आए । त्यस बेला मैले रुक्माङ्गदलाई स्वर्ग, मर्त्य र पातालमा भएका युवकहरूभन्दा राम्रा, लक्का जवान देखें। मेरा पति वाचक्नवि अनुष्ठानमा संलग्न हुनुहुन्थ्यो । त्यस बेला 'स्त्री स्वतन्त्र हुन्छन्' भन्ने ब्रह्माजीको वचन मैले सम्झें। यो स्मरणले मेरो उत्साह बढ्यो र म ती राजामा कामासक्त भएँ । बाबु ! तिम्रा पिता ती रुक्माङ्गद राजा नै हुन् । आमाका यी कुरा सुनेर गृत्समद मौन भए र लाजले मुख निहुराए । त्यसपछि तिनले आफ्नी आमा मुकुन्दालाई सराप दिए ।

गृत्समदले भने- दुष्ट, मूढ र पापिनी हे मुकुन्दा! तिमी जङ्गलमा काँडादार रूखको रूपमा परिणत होऊ।।३६-४०।। हे आमा ! तिमी असङ्ख्य फलले युक्त र प्राणीहरूको पहुँचबाट टाढा हुनेछौ । त्यसपछि मुकुन्दाले पनि आफूलाई सराप दिने छोरासँग रिसाएर सराप दिँदै भनिन्- हे गृत्समद! जन्म दिने आमा हुन् भन्ने ख्याल नगरी तिमीले मलाई सराप दियौ तसर्थ म पनि तिमीलाई सराप दिन्छु- तिमीबाट तीन लोकलाई सन्त्रास दिने, महाबली र भयङ्कर दैत्य पैदा हुनेछ । यसरी ती आमा-छोराले एकले अर्कालाई सराप दिए ।।४१-४२।।

ब्रह्माजीले भन्नुभयो - ती मुकुन्दा तत्काले शरीर त्याग गरी चरा-चुरूङ्गी, जरायुज र अण्डज कुनै प्राणी पनि नजिकमा जान डराउने वनमा काँडादार बयरको रूख भएर रहिन् ।।४३।। त्यस बेला आकाशवाणी भयो -'इन्द्रबाट गृत्समद पैदा भएका हुन् ।' यो आकाशवाणी सुनेपछि गृत्समद अनुष्ठान गर्न प्रस्थान गरे । जसले यो गृत्समदको उपाख्यान सुन्दछ त्यो मानिस सङ्कटमा पर्दैन र चिताएका कुरा पनि प्राप्त गर्दछ ।।४४-४५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे गृत्समदोपाख्यानं नाम षट्त्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'वाचक्नवि ऋषिकी पत्नी मुकुन्दालाई इन्द्रसहवासबाट गृत्समदनामक पुत्रजन्म र गृत्समदको उपाख्यान' शीर्षकान्वित छत्तीसौं अध्याय पूर्ण भयो ।।३६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तत्रिंशोऽध्यायः { ३७ अध्याय }

ब्रह्मोवाच

भ्रमन् मुनिर्ददर्शाग्रे वनं पुष्पकसंज्ञितम् ।
नानाद्रुमलताकीर्णं पुष्पप्रकरशोभितम् ।।१।।

शोभितं निर्झरजलैर्निर्जरैर्मुनिसत्तमैः ।
ननाम तान् गृत्समदो न्यवसच्च तदाज्ञया ।।२।।

तत्र स्नात्वा जपं चक्रे पादाङ्गुष्ठाग्रनिर्भरः ।
स्थिरेण मनसा ध्यायन् देवं विघ्नेश्वरं विभुम् ।।३।।

नासाग्रन्यस्तदृष्टिः सन् निरीक्षन् स दिशो दश ।
जितेन्द्रियो जितश्वासो जितात्मा मारुताशनः ।।४।।

दिव्यवर्षसहस्त्रं स तपस्तेपे सुदारुणम् ।
उन्मील्य नयनेऽपश्यद् यदा गृत्समदो मुनिः ।।५।।

तदा नेत्रोद्भवो वह्निस्त्रिदशान् पर्यतापयत् ।
शशङ्किरे तदा देवाः कस्याऽयं पदभाग् भवेत् ।।६।।

अपरं गलितं पत्रं भक्षयन्नेकमेव च ।
यत्नमास्थाय परमं स्थाणुभूतोऽतिनिश्चलः ।।७।।

दशपञ्चसहस्त्राणि तेपे निश्चलमानसः ।
ततो विनायको दृष्ट्वा तपनं तस्य दुर्घटम् ।।८।।

अनुग्रहाय तस्याऽथ प्रादुरासीत् सुदीप्तिमान् ।
यथा धेनुर्वत्सरवं श्रुत्वा धावति सत्वरम् ।।९।।

तथा विनायको देवः शीघ्रं गृत्समदं ययौ ।
भासयँस्तेजसा विश्वं सहस्त्रविसन्निभः ।।१०।।

चलत्कर्णतालो बृहद्दन्तिलीलो
मुदा चारुखेलो लसच्चन्द्रभालः ।
बृहत्पद्ममालो जगत्कार्यमूलः
करे कञ्जनालो नमत्सेविमेलः ।।११।।

ब्रह्माजीले भन्नुभयो- मुनि गृत्समदले घरबाट अनुष्ठानका लागि प्रस्थान गरेपछि घुम्दै जाँदा पुष्पकनामक वन देखे । त्यो वन अनेक थरि वृक्ष र लहराले गहन थियो । अनेक प्रकारका फूलहरूका कारण रमणीय पनि थियो । त्यो वन झरनाको जलप्रवाह, देवताहरूको चहल-पहल र मुनिहरूका आश्रमले सुहाएको थियो । गृत्समदले मुनिहरूलाई प्रणाम गरे र तिनको आज्ञा पाएर त्यहीं बसे ।।१-२।। गृत्समद झरनाको जलमा नुहाई पाउको बूढी औंलाले भुइँमा टेकेर स्थिर मनले विश्वका स्वामी विघ्नेश्वर प्रभुको ध्यान गर्दै जपानुष्ठान गर्न लागे ।।३।। त्यस बेला तिनले आफ्नो दृष्टि दसै दिशाबाट हटाएर नाकको टुप्पोमा बाँधेका थिए । जितेन्द्रिय, जितप्राण र वायुभक्षी भएर तिनले दिव्य एकहजार वर्षसम्म कठोर तपस्या गरे । जुन बेला गृत्समद ऋषिले आँखा खोलेर बाहिरको दृश्य हेरे - त्यस बेला तिनको आँखाबाट प्रकट भएको आगोले देवताहरूलाई सन्तप्त तुल्यायो । ती गृत्समद ऋषि हामी देवताहरूमध्ये कुनै देवताको खास पद हस्तगत गर्न तप गरिरहेका छन् भन्ने बारे देवताहरूलाई शङ्का भयो।।४-६।। त्यसपछि गृत्समदले भुइँमा खसेको एउटा पात खाँदै बढो यत्नपूर्वक ठूटो झैं स्थिर भएर पन्ध्रहजार वर्षसम्म निश्चल मनबाट तपस्या गरे । त्यसपछि भगवान् श्रीगणेश तिनको कठोर तपस्या देखेर बाच्छो कराएको शब्द सुनेपछि तीव्र वेगले त्यसका सामु दौडिएर जाने गाईझैं गृत्समदमाथि कृपा गर्न तेजोमयरूपमा प्रकट हुनुभयो । त्यस बेला श्रीगणेशले आफ्नो तेजबाट संसारलाई आलोकित गर्नुभएको थियो र उहाँ हजार सूर्यसमान तेजस्वी देखिनुहुन्थ्यो ।।७-१०।। श्रीगणेशका कानहरू ताडी वृक्षका पातझैं कम्पायमान थिए। उहाँ विशाल आकारको हात्तीसमान लीला गर्दै हुनुहुन्थ्यो । उहाँ प्रसन्नतापूर्वक सूँढ नचाएर क्रीडा गर्दै हुनुहुन्थ्यो । उहाँको निधारमा चन्द्रमा टल्किरहेका थिए र घाँटीमा कमलको विशाल माला सुहाएको थियो । संसारका सम्पूर्ण क्रियाकलापका मूलस्रोत श्रीगणेश सूँढमा कमलको डाँठ लिएर खेलाउँदै हुनुहुन्थ्यो र वन्दना गरिरहेका आफ्ना भक्तसँग मिलनको इच्छा गर्दै हुनुहुन्थ्यो ।।११।। सिंहमा सवार हुनुभएका, सर्पलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंहारूढो दशभुजो व्यालयज्ञोपवीतवान् ।
कुङ्कुमागरुकस्तूरीचारुचन्दनचर्चितः ।।१२।।
सिद्धिबुद्धियुतः श्रीमान् कोटिसूर्याधिकद्युतिः ।
अनिर्वाच्यस्वरूपोऽपि लीलयाऽऽसीत् पुरो मुनेः ।।१३।।
तत्तेजसा हृतं तेजो मुनेस्तस्य महात्मनः ।
ब्रध्नस्य तेजसा यद्वन् नाक्षत्रं चान्द्रजं महः ।।१४।।
निमील्य नयने सोऽथ चकम्पे भृशविह्वलः ।
पपात मूर्च्छितो भूमौ विस्मृतध्यानमङ्गलः ।।१५।।
पुनश्च मनसा ध्यायन् गजाननमनामयम् ।
मनसा तर्कयन् विघ्ननिमित्तं व्याकुलो मुनिः ।।१६।।
किमेतत् क्षोभजननं सहसा समुपस्थितम् ।
अद्य प्रभृति यत् तप्तं तत् कथं मे वृथा गतम् ।।१७।।
पाहि देवेश ! सर्वात्मन् विघ्नादस्माद् भयानकात् ।
त्वामृते शरणं यामि कमन्यं जगदीश्वरम् ।।१८।।
महद् दुःखं मया देव ! प्राप्तं केन च हेतुना ।
नास्मत्पङ्क्तौ पूजनीय इति यद् दहते मनः ।।१९।।

ब्रह्मोवाच

इति तद्वदितं श्रुत्वा जगाद स विनायकः ।

गणेश उवाच

अनुग्रहाय सम्प्राप्तं विद्धि मां गणनायकम् ।।२०।।
सनकादिभिरप्राप्यं चिरं नियममास्थितैः ।
त्यक्त्वा भयं ब्रूहि यत् ते वाञ्छितं मुनिसत्तम ।।२१।।
एकाङ्गुष्ठेन तपसा तोषितोऽहं त्वयाऽनिशम् ।

ब्रह्मोवाच

निशम्येत्थं वचस्तस्य देवदेवस्य शोभनम् ।।२२।।
दण्डवत् प्रणनामैनं निजानन्दपरिप्लुतः ।
उवाच परमप्रीतो वरदं तं विनायकम् ।।२३।।

गृत्समद उवाच

अद्य मे सफलं जन्म तपसो नियमस्य च ।
अखण्डानन्दरूपो यो ब्रह्मभूयो निराकृतिः ।।२४।।

यज्ञोपवीतका रूपमा छातीमा बेर्नु हुने, कुंकुम, अगर एवं कस्तूरी मिश्रित सुन्दर चन्दन शरीरमा लेपन गर्नुहुने, सिद्धि र बुद्धिसाथ लिएर सुहाउनुभएका अनिर्वचनीय शोभासम्पन्न र कोटि-कोटि सूर्यभन्दा पनि तेजस्वी भगवान् श्रीगणेश अनिर्वाच्य हुनुभएता पनि लीलापूर्वक गृत्समद मुनिका सामु उभिनुभयो ।।१२-१३।। परम तेजस्वी भगवान् श्रीगणेश नजिकै आउनुहुँदा सूर्यको तेजका सामु चन्द्रमा र नक्षत्रको तेज मन्द भएझैं गृत्समदको तपस्याको तेज पनि मन्द भयो।।१४।। गृत्समद अत्यन्त व्याकुल भई आँखा चिम्लेर काँप्न थाले अनि मङ्गलमय ध्यान बिर्सेर भुइँमा लर्खराउन थाले ।।१५।। फेरि तिनले आफ्नो मनमा निरामय भगवान् श्रीगणेशलाई चिताए । तेजको पुञ्ज देखेर व्याकुल ती मुनि मनद्वारा विघ्नको कारणको विषयमा तर्क गर्दै भन्न लागे- मनमा विक्षोभ जगाउने यो तत्त्व कहाँबाट ममाथि आइलाग्यो? आजसम्म मैले जुन तपस्या गरें त्यो कसरी खेर गयो ? हे सर्वात्मन् गणनाथ ! यस भयानक विघ्नबाट मेरो रक्षा गर्नुहोस्। म तपाईँलाई छाडेर कुन जगदीश्वरको शरणमा जाऊँ ? ।।१६-१८।। मैले यतिका धेरै दुःख किन पाइरहेको छु ? वसिष्ठ, अत्रि आदि ऋषिहरूले - 'हे गृत्समद ! तिमी हामीजस्ता मुनिहरूको पङ्क्तिमा बसी पूजा ग्रहण गर्न योग्य छैनौ' भनेको कुराले मेरो मन डढिरहेको छ।।१९।।

ब्रह्माजीले भन्नुभयो - यसरी गृत्समद ऋषिले भनेको सुनेर भगवान् श्रीगणेशले उनलाई भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो - हे गृत्समद ! मलाई तिमीले आफूमाथि दया गर्न आएका आराध्य श्रीगणेशका रूपमा जान। नियमपूर्वक तपमा लागिरहने सनक आदि ऋषिले पनि सजिलै मेरो दर्शन पाउँदैनन् । हे उत्तम मुनि ! अहिले तिमी के चाहन्छौ त्यो कुरा नडराईकन भन।।२०-२१।। तिमीले खुट्टाको बूढी औंलामा टेकेर रात-दिन तपस्या गरी मलाई सन्तुष्ट गराएका छौ ।

ब्रह्माजीले भन्नुभयो- देवाधिदेव श्रीगणेशका मङ्गलमय वचन सुनेर आत्माको आनन्दमा मग्न भई गृत्समदले उहाँलाई दण्डवत् प्रणाम गरे । त्यसपछि परमहर्षका साथ वरद विनायक भगवान्सँग विनम्र भावले बिन्ती गरे ।।२२-२३।।

गृत्समदले भने - हे भगवन् ! आज मेरो जन्म सफल भएको छ । तपस्या र नियमको अनुष्ठान पनि सफल भएको छ। अहिले अखण्ड आनन्दमय निराकारब्रह्मरूप हजुर मेरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुञ्चन्नश्रूणि नेत्राभ्यामानन्देन ननर्त च ।
चिदानन्दघनो वेदशास्त्राणामप्यगोचरः ।।२५।।
सद्यो दृष्टो मया साक्षादतः किं प्रार्थये विभो ।
तवाज्ञया तथाप्येकं प्रार्थये द्विरदानन ।।२६।।
चतुरशीतिलक्षासु योनिषु श्रेष्ठतासु च ।
मनुष्याणां महाभाग वर्णास्तत्र महत्तराः ।।२७।।
तत्रापि ब्राह्मणाः श्रेष्ठास्तत्रापि ज्ञानिनः पराः ।
ज्ञानिष्वनुष्ठानपरास्तेषु च ब्रह्मवेदिनः ।।२८।।
ब्रह्मज्ञानं तथा ज्ञानं देहि मे जगदीश्वर ।
त्वयि भक्तिश्च सुदृढामविस्मरणमेव च ।।२९।।
तव भक्तेषु सर्वेषु श्रेष्ठतां च गजानन ।
अन्यं चैकं वरं याचे तच्च मे देहि शङ्कर ।।३०।।
तव भक्त्यैकनिलयं त्रैलोक्याकर्षणक्षमम् ।
विख्यातं त्रिषु लोकेषु नमस्यं सुरमानुषैः ।।३१।।
एवं मां कुरु विघ्नेश ! यदि तुष्टोऽखिलार्थकृत् ।
वनञ्च पुष्पकं नाम्ना ख्यातिं यातु सुरेश्वर ।।३२।।
अस्मिन् स्थित्वा च भक्तानां कामान् पूरय नित्यदा ।
इदञ्च पुष्पकपुरं चतुर्दिक्षु विशेषतः ।।३३।।
गणेशपुरमित्येवं प्रथां यातु गजानन ।

ब्रह्मोवाच

इति तद्वचनं श्रुत्वा जगाद द्विरदाननः ।।३४।।

गणेश उवाच

साधु साधु महाबाहो ! प्रसन्ने मयि दुर्लभम् ।
भक्तानां त्रिषु लोकेषु न किञ्चिन् मुनिपुङ्गव ।।३५।।
त्वया यत् प्रार्थितं विप्र ! तत्ते सर्वं भविष्यति ।
विप्रत्वं दुर्लभतरं प्रसन्नेन मयाऽर्पितम् ।।३६।।
गणानान्त्वेति मन्त्रस्य वैदिकस्य यतस्त्वया ।
जपः कृतो मुनेऽतस्त्वमृषिरस्य भविष्यसि ।।३७।।

सामु हुनुहुन्छ। यो रूप देखेर म आँखाबाट हर्षका आँसु बगाउँदै आनन्दले नाचिरहेको छु। वास्तवमा हजुर सच्चिदानन्दघन स्वरूप हुनुहुन्छ र वेद एवं शास्त्रद्वारा पनि अलभ्य हुनुहुन्छ।।२४-२५।। हे प्रभु! भर्खरै मैले हजुरलाई यस रूपमा दर्शन गर्न पाएँ । यो भन्दा ठूलो उपलब्धि मेरा लागि केही हुनसक्दैन। हे प्रभो! मैले हजुरसँग के याचना गरूँ? तापनि हजुरको आज्ञा पाएका कारण एउटा कुरा माग्दछु ।।२६।। हे महाभाग! चौरासी लाख योनिहरूमा उत्तम मानिएको मानवयोनिमा जन्म लिने प्राणीहरू अरूभन्दा उत्तम मानिएका छन् । मानिसहरूमा पनि ब्राह्मण वर्णका मानिस उत्तम मानिन्छन् र ब्राह्मणहरूमा पनि ज्ञानी ब्राह्मण उत्तम मानिन्छन्। ज्ञानीहरूमा पनि भगवान्को आराधना र अनुष्ठानमा संलग्न हुने ज्ञानी ब्राह्मण उत्तम मानिएका छन् । अनुष्ठानमा नित्य लागिरहने ज्ञानी ब्राह्मणहरूमध्ये पनि ब्रह्मज्ञानी ब्राह्मण उत्तमोत्तम मानिएका छन् ।।२७-२८।। हे जगदीश्वर ! मलाई हजुरले ब्रह्मज्ञान र विद्याज्ञान दुबै कुरा दिनुहोस्। हजुरमा स्थिर भक्ति, हजुरको अविस्मृति र हजुरका भक्तहरूमध्ये उत्तम भक्तका रूपमा स्थानप्राप्ति यी तीन कुरा पनि मलाई प्रदान गर्नुहोस् । यी अतिरिक्त अर्को एउटा वर पनि म माग्न चाहन्छु। त्यो के भने- हजुरले मलाई हजुरकै भक्तिको आधार स्वर्ग, मर्त्य, पाताललाई आकर्षण गर्न समर्थ, त्रिलोकीमा विख्यात, देवता र मानिसहरूद्वारा वन्दनीय बनाउनुहोस् ।।२९-३१।। हे कल्याणमय देव ! यदि हजुर प्रसन्न हुनुहुन्छ भने यी मेरा कामना परिपूर्ण होऊन् । यो पुष्पक वन पनि हजुरकै नामबाट संसारमा प्रख्यात होस् ।।३२।। हजुरले यहाँ रहेर सबै भक्तहरूका कामना परिपूर्ण तुल्याउनुहोस् । यो पुष्पकपुर चारै दिशामा श्रीगणेशपुरका नामबाट प्रख्यात होस् ।।३३।।

ब्रह्माजीले भन्नुभयो - गृत्समदको प्रार्थना सुनेर श्रीगणेशले भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो - हे महाबाहु ! तिमीले राम्रो भन्यौ, अति राम्रो भन्यौ । म प्रसन्न भएमा त्रिलोकीमा मेरा भक्तका लागि कुनै कुरा पनि दुर्लभ हुँदैन । हे विप्र ! तिमीले प्रार्थना गरेका सबै कामना पूर्ण हुनेछन् । म प्रसन्न छु । त्यस कारण तिमीलाई दुर्लभ मानिएको ब्राह्मणत्व प्रदान गर्दछु । **गणानान्त्वा गणपतिं हवामहे०** इत्यादि वैदिक मन्त्रको तिमीले जप गरेका कारण तिमी उक्त मन्त्रका ऋषि हुनेछौ ।।३४-३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मादिषु च देवेषु वसिष्ठादिमुनिष्वपि ।
ख्यातिं यास्यसि सर्वत्र परं श्रैष्ठ्यमुपागतः ।।३८।।
सर्वेष्वारब्धकार्येषु पूर्वन्ते मम चापरम् ।
स्मरणं ये करिष्यन्ति तेषां सिद्धिर्भविष्यति ।।३९।।
ऋते ज्ञानाद् दैवतर्षिछन्दसां कर्म निष्फलम् ।
पुत्रश्च बलवान् सर्वदेवानां सुभयङ्करः ।।४०।।
भविष्यति महाख्यातिं त्रिषु लोकेषु यास्यति ।
अजेयः सर्वदेवानां विना रुद्रं भविष्यति ।।४१।।
मद्भक्तो मद्गतप्राणो मन्निष्ठो मत्परायणः ।
इदञ्च नगरं देवयुगे पुष्पकसंज्ञितम् ।।४२।।
त्रेतायां मणिपूरञ्च भानकं द्वापरेऽपि च ।
कलौ तु भद्रकं नाम ख्यातं लोके भविष्यति ।।४३।।
अत्र स्नानेन दानेन सर्वान् कामानवाप्नुयात् ।

ब्रह्मोवाच

एवं दत्त्वा वराँस्तस्मै तत्रैवाऽन्तर्दधे विभुः ।।४४।।
तस्मिन्नन्तर्हिते तत्र स्थापयामास वै मुनिः ।
गणेशमूर्तिं प्रासादं कारयामास सुन्दरम् ।।४५।।
वरदेति च तन्नाम स्थापयामास शाश्वतम् ।
सिद्धिस्थानञ्च तत्रासीद् गणेशस्य प्रसादतः ।।४६।।
कामान् पुष्णाति सर्वेषां पुष्पकं क्षेत्रमित्यपि ।
पूजयामास तां मूर्तिं भक्तिभावसमन्वितः ।।४७।।
इमां कथां यः शृणुयान्मुनीन्द्र
श्रीविघ्नराजस्य वरप्रकाशम् ।
लभेत कामानखिलान् गणेश-
भक्तिं दृढां संसृतिमोचनीञ्च ।।४८।।

ब्रह्मा आदि देवता र वसिष्ठ आदि ऋषिहरूका माझमा तिमी विख्यात हुनेछौ र सर्वत्र सर्वोत्तम ऋषिका रूपमा वन्दनीय हुनेछौ।।३८।। सबै कार्यहरूको आरम्भमा सर्वप्रथम तिम्रो नाम र त्यसपछि मेरो नाम लिने भक्तहरूले सिद्धि प्राप्त गर्नेछन्। वेदका मन्त्रहरूको देवता, छन्द र ऋषिको ज्ञान हुँदैन भने ती मन्त्रबाट गरिने कार्य विफल हुन्छन् । हे गृत्समद ! तिमीले सबै देवताहरूलाई भयभीत तुल्याउने एउटा पुत्र पैदा गर्नेछौ। त्यो पुत्र त्रिलोकीमा विख्यात हुनेछ । भगवान् शङ्करबाहेक अरू कुनै देवताले तिम्रो छोरालाई जित्न सक्ने छैनन् ।।३९-४१।। त्यो तिम्रो छोरा म(श्रीगणेश)मा निष्ठा राख्ने, मलाई नै प्राण सुम्पने र ममा नै आत्मसमर्पण गर्ने मेरो महान् भक्त हुनेछ । यो पुष्पकवन त्रेतायुगमा मणिपूर, द्वापरमा भानक र कलिमा भद्रकनामबाट संसारमा प्रख्यात हुनेछ । यहाँ आएर स्नान, दान गर्ने भक्तका सबै कामना पूर्ण हुनेछन्।

ब्रह्माजीले भन्नुभयो- श्रीगणेश गृत्समद ऋषिलाई यसरी वर प्रदान गरी त्यहीं नै अन्तर्धान हुनुभयो ।।४२-४४।। भगवान् श्रीगणेश अन्तर्धान हुनुभएपछि मुनि गृत्समदले त्यहाँ विशाल श्रीगणेशमन्दिर तयार गरी श्रीगणेशमूर्तिको प्रतिष्ठा गरे । प्रतिष्ठापित श्रीगणेशमूर्तिलाई वरदगणेश भनी भगवान् श्रीगणेशको शाश्वत नामबाट नामकरण गरे। त्यसपछि त्यो स्थान श्रीगणेशको कृपाबाट लोकमा सिद्धस्थानका रूपमा प्रसिद्ध भयो ।।४५-४६।। भक्तहरूको इच्छा पूर्ति गर्ने हुँदा त्यो स्थान पुष्पकक्षेत्रका नामबाट पनि प्रसिद्ध भयो । गृत्समदले त्यहाँ रहेर श्रीगणेशमूर्तिको दीर्घकालसम्म आराधना गरे । हे मुनीन्द्र ! विघ्नराज श्रीगणेशले गृत्समदलाई दुर्लभ वर प्रदान गर्नुभएको विषयमा आधारित यो कथा जसले सुन्दछ त्यसका सबै कामना परिपूर्ण हुन्छन् र त्यसको मनमा संसारबाट पार लगाउने स्थिर श्रीगणेशभक्तिको उदय हुन्छ ।।४७-४८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे वरदाख्यानं नाम सप्तत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'गृत्समदद्वारा वरदगणेशको प्रतिष्ठा' शीर्षकान्वित सैतीसौं अध्याय पूर्ण भयो ।।३७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टात्रिंशोऽध्यायः　　{ ३८ अध्याय }

व्यास उवाच

ततो गृत्समदस्यासीत् कथं वृत्तिः सुरेश्वर ।
तन्ममाचक्ष्व यत्नेन श्रद्दधानस्य पद्मज ।।१।।

ब्रह्मोवाच

ततः सर्वे मुनिगणा मानयामासुरादरात् ।
ब्रह्मन् ! मुनिवरश्रेष्ठं नेमुर्गृत्समदञ्च तम् ।।२।।
वरदानाद् गणेशस्य वव्रुस्तं यज्ञकर्मणि ।
सर्वारम्भे गणेशस्य पूजनादौ च सस्मरुः ।।३।।
एवं विख्यातिमगमत् स मुनिर्गणनायके ।
भक्तिं परमिकां चक्रे जपन् मन्त्रं सुनिश्चलः ।।४।।
कदाचित् स मुनिर्व्यास ! चुक्षुवे बलवत्तरम् ।
दिशो नभश्च पृथिवीं नादयन् गिरिगह्वरान् ।।५।।
अपश्यत् पुरतो यावत् तावद् बालं भयङ्करम् ।
रक्तवर्णं महानादं जपाकुसुमसन्निभम् ।।६।।
तेजोराशिं च मुष्णन्तं नेत्रालोकपथं मुहुः ।
दृष्ट्वा स तादृशं बालं चकम्पे भयविह्वलः ।।७।।
तर्कयामास मनसा विघ्नः कोऽयमिहागतः ।
न जाने गणनाथेन दत्तः पुत्रो ममाद्भुतः ।।८।।
पश्यति स्म पुनः सोऽमुं चारुवक्त्रं सुलोचनम् ।
चारुरुक्माङ्गदं चारुमुकुटं चारुनूपुरम् ।।९।।
चारुणा कटिसूत्रेण राजत्कटितटं सुतम् ।
प्रपच्छ तं मुनिः कोऽसि कस्यासि किञ्चिकीर्षसि ।।१०।।
क्व च ते पितरौ स्थानं वद तेजोनिधेऽर्भक !।

क उवाच

श्रुत्वेत्थं वचनं तस्य जगाद बालको मुनिम् ।।११।।

बालक उवाच

भूतभाविभवज्ज्ञानी किं मां त्वं परिपृच्छसि ।
तथाप्याज्ञावशो वच्मि क्षुतात् तव जनिर्मम ।।१२।।

व्यासले भन्नुभयो - हे उत्तम देवता ! त्यसपछि गृत्समदको जीवनवृत्ति कस्तो रह्यो ? म श्रद्धापूर्वक त्यो सुन्न चाहन्छु, हजुरले प्रयत्नपूर्वक मलाई बताउनुहोस् ।।१।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशबाट वरदान पाएपछि सबै मुनिहरूले गृत्समदको सम्मान गरे र मुनिश्रेष्ठका रूपमा वन्दना गरे ।।२।। भगवान् श्रीगणेशबाट ब्राह्मणत्व प्राप्त गरेका कारण सबैले तिनलाई यज्ञकर्ममा वरण गरे । सबै माङ्गलिक कार्यका आरम्भमा श्रीगणेशको पूजाभन्दा पहिले गृत्समदको संस्मरण गर्न थाले ।।३।। यसरी लोकमा अत्यन्त विख्यात भएका गृत्समद ऋषिले नित्य अचल रही भगवान् श्रीगणेशको मन्त्रानुष्ठान गर्दै उहाँको परम भक्ति गरे ।।४।। हे व्यास ! कुनै दिन गृत्समद ऋषिले अत्यन्त जोडले हाच्छ्यूँ गरे । त्यसको आवाजबाट सबै दिशा, पृथिवी र पर्वतका गुफाहरूसमेत प्रतिध्वनित भए । त्यस बेला उनले आफ्ना सामु हेर्दा एउटा डरलाग्दो बच्चा देखे। बाह्रमासे फूलझैं रातो वर्णले सुहाएको, ठूलो स्वरले चिच्याइरहेको र दृष्टिपथलाई चकमन्न तुल्याउने तेजोमय रूपले सम्पन्न विचित्र बालकलाई देखेर ती गृत्समद ऋषि डरले काँपे।।५-७।। तिनले मनमा कुन विघ्न आइलाग्यो भनी तर्क गर्न लागे - म केही जान्दिनँ, हुनसक्छ मलाई भगवान् श्रीगणेशले अद्भुत छोरा दिनुभएको हो कि ? यसरी तर्क गर्दै तिनले पाउमा नूपुर धारण गर्ने अत्यन्त आकर्षक कन्दनीले सुहाएको बालक देखे । तत्काल गृत्समदले - हे तेजोमय बालक ! तिमी को हौ ? कसका छोरा हौ ? के गर्न चाहन्छौ ? तिम्रा माता-पिता को हुन् ? र तिम्रो घर कहाँ हो ? मलाई जवाफ देऊ भनी सोधे ।

ब्रह्माजीले भन्नुभयो - यस्ता वचन सुनेपछि त्यस बालकले गृत्समदलाई उत्तर दियो ।।८-११।।

बालकले भन्यो - भूत, भविष्य र वर्तमानका ज्ञाता भएर पनि हजुरले मलाई किन सोध्नुहुन्छ ? तापनि म हजुरको आज्ञापालन गर्ने हिसाबले भन्दैछु ।।१२।। हजुरकै हाच्छ्यूँबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वमेव जनको माता कृपां कुरु ममोपरि ।
पालयस्व पितर्मां त्वं दिनानि कतिचिन् मुने ।।१३।।

त्रैलोक्याक्रमणे शक्तो देवेन्द्रं वशवर्तिनम् ।
करिष्यामि न सन्देहो वीक्ष्यसे पौरुषं मम ।।१४।।

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य भयहर्षसमन्वितः।
उवाच श्लक्ष्णया वाचा मुनिर्गृत्समदो वचः ।।१५।।

यद्ययं जातमात्रोऽपि शक्तस्त्रैलोक्यकर्षणे ।
तस्मादस्य प्रदास्यामि स्वं मन्त्रं स्वात्मजस्य हि ।।१६।।

येनास्य वाञ्छितं देवः परितुष्टो विनायकः ।
प्रदास्यति जगन्नाथो मम कीर्तिर्भविष्यति ।।१७।।

एवं सञ्चित्य मनसा तस्मै स्वं मन्त्रमादिशत् ।
गणानान्त्वेति तं चाह कुर्वनुष्ठानमादरात् ।।१८।।

जपस्व वैदिकं मन्त्रं चित्तं स्थाप्य गजानने ।
सन्तुष्टस्ते यदा पुत्र! सर्वान् कामान् प्रदास्यति ।।१९।।

एवं प्राप्तमहामन्त्रो जगाम तपसे वनम् ।
एकाङ्गुष्ठेनाऽवतस्थे निराहारो जितेन्द्रियः ।।२०।।

ध्यायन् गजाननं देवं मनसा निश्चलेन सः ।
जपतस्तस्य वर्षाणि सार्द्धायुतमितानि च ।।२१।।

गतानि तस्य मुखतो बभूवाग्निर्दिशो ज्वलन् ।
भयं बभूव देवानां दैत्यानां तलवासिनाम् ।।२२।।

ततस्तत्तपसा तुष्ट आविरासीद् गजाननः ।
दिशो वितिमिराः कुर्वंश्छादयन् भानुमण्डलम् ।।२३।।

भ्रामयन् पुष्करं चारु सुविषाणं मुदायुतः ।
तद्बृंहितरवं श्रुत्वा बालको विह्वलन्निव ।।२४।।

उन्मील्य नेत्रे सोऽपश्यद् देवन्तं पुरतः स्थितम् ।
चतुर्भुजं महाकायं नानाभूषाविभूषितम् ।।२५।।

मेरो उत्पत्ति भएको छ । मेरा बाबु-आमा हजुरमात्र हुनुहुन्छ। हे ऋषिवर ! हजुरले ममाथि कृपा गरी केही दिन मेरो लालन पालन गर्नुहोस् ।।१३।। त्यसपछि म त्रिलोकीमाथि नै आक्रमण गर्न समर्थ हुनेछु र देवराज इन्द्रलाई पनि वशवर्ती तुल्याउनेछु। यसमा कुनै सन्देह छैन । त्यस बेला हजुरले मेरो वास्तविक पुरुषार्थ देख्नुहुनेछ ।।१४।।

ब्रह्माजीले भन्नुभयो - बालकका ती कुरा सुनेर भय र हर्षले सम्पन्न मुनि गृत्समदले मीठो स्वरले बालकसँग कुरा गरे । त्यसपछि तिनले मनमनै भने- 'यो बालक जन्मनासाथ त्रिलोकीलाई आकर्षण गर्न समर्थ छ भने यसलाई प्रेमपूर्वक मन्त्रप्रदान गर्दछु । त्यस मन्त्रको जपबाट यस बालकमाथि जगदीश भगवान् श्रीगणेश सन्तुष्ट हुनुहुँदा यसले चिताएको पाउने छ र मेरो पनि ठूलो कीर्ति हुनेछ' ।।१५-१७।। यसरी मनले विचार गरेर तिनले बालकलाई भगवान् श्रीगणेशको गणानान्त्वा० मन्त्रको उपदेश गर्दै भने - 'बाबु ! तिमीले यस मन्त्रको श्रद्धापूर्वक जपानुष्ठान गर । यो वैदिक मन्त्र हो । भगवान् गजाननमा चित्त लगाएर यस मन्त्रको राम्ररी जप गर। हे छोरा ! भगवान् श्रीगणेश प्रसन्न हुनुहुँदा उहाँको कृपाबाट तिम्रा सबै कामना परिपूर्ण हुनेछन्' ।।१८-१९।। यसरी मन्त्र प्राप्त गरेपछि त्यो बालक तप गर्न वनमा गयो । निराहार र जितेन्द्रिय भई खुट्टाको बूढी औंलाले भुइँमा टेकेर उभियो । त्यसले निश्चल मनबाट गजानन भगवान्‌को ध्यान गर्दै मन्त्रजप गर्दा डेढ करोड वर्ष बिते । त्यस बेला त्यसका मुखबाट दिशा र विदिशालाई नै तेजोमय बनाउने आगो बल्न थाल्यो । देवता र पातालवासी दैत्यहरू साह्रै भयभीत भए ।।२०-२२।। त्यस बेला त्यस बालकको तपस्याबाट प्रसन्न हुनुभएका भगवान् श्रीगणेश प्रकट हुनुभयो । उहाँ प्रकट हुनुहुँदा दिशाहरूमा व्याप्त अन्धकार समाप्त भएको थियो र सूर्यमण्डल उहाँका तेजले ढाकिएको थियो ।।२३।। भगवान् श्रीगणेश सूढँ घुमाएर नाच्दै हुनुहुन्थ्यो । उहाँको सिङको आकारको एउटा दाँत पनि फनफनी घुमिरहेको थियो । श्रीगणेशको अवतरणसमयमा एउटा डरलाग्दो महानाद चारैतिर व्याप्त भयो । महानाद सुनेर व्याकुल भएको तपस्वी बालकले आफ्ना दुबै आँखा खोल्दा आफ्ना सामु चतुर्भुज, महाबाहु, विशालकाय, अलङ्कार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परशुं कमलं मालां मोदकान् बिभ्रतङ्करैः ।
तेजसा धर्षितस्तस्य धैर्यं कृत्वा ननाम सः ।।२६।।

बद्धाञ्जलिपुटो भूत्वा प्रार्थयामास तं विभुम् ।

बालक उवाच

किं मान्धर्षयसे देव! भक्तं त्वां शरणागतम् ।।२७।।
भव सौम्यतरो देव ! देहि मेऽखिलवाञ्छितम् ।

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य संजहार स्वकं महः ।।२८।।

उवाच परमप्रीतो सावधानो भवार्भक ! ।
यं ध्यायसि दिवारात्रौ सोऽहं ते वरदोऽधुना ।।२९।।

ममेदं परमं रूपं स्वप्रकाशं जगन्मयम् ।
नविदुर्ब्रह्मरुद्राद्याः कुतो वेत्स्यन्ति मानवाः ।।३०।।

देवाश्च मुनयः सर्वे न च राजर्षयोऽपरे ।
नासुराः सिद्धगन्धर्वा न नागा न च दानवाः ।।३१।।

सोऽहं तव तपोबद्धो वरं दातुमिहागतः ।
वरयस्व वरान् मत्तो यान्याँस्त्वं मनसेच्छसि ।।३२।।

स उवाच ततो बालो धन्योऽहं तव दर्शनात् ।
पिता धन्यतरो मेऽद्य सार्थकं जन्म मे तपः ।।३३।।

स्तुतिं कर्त्तुं न जानामि बालभावात्सुरेश्वर ।
यतस्त्वं सर्वजगतां कर्ता पाताऽपहारकः ।।३४।।

त्वद्भासा भासयत्येष रविरग्निश्च चन्द्रमाः ।
चराचरं चेतयसे स्वमाहात्म्यान् महामते ।।३५।।

महिमानं महान्तं ते केशा अपि न वै विदुः ।
यदि मे वरदोऽसि त्वं तन्मे देहि गजानन ।।३६।।

त्रैलोक्याकर्षणे शक्तिं विशिष्टां देहि मे विभो ।
देवदानवगन्धर्वमनुष्योरगराक्षसाः ।।३७।।

विभूषित, हातहरूमा परशु, कमल, माला र लड्डू धारण गर्नुहुने भगवान् श्रीगणेशको दर्शन पायो । श्रीगणेशको तेजबाट हतप्रभ भएको त्यस बालकले धैर्यपूर्वक भगवान्लाई प्रणाम गऱ्यो अनि हात जोडेर अन्तर्यामी प्रभुसँग बिन्ती गऱ्यो ।

तपस्वी बालकले भने – हे देव ! म हजुरको शरणागत भक्त हुँ । मलाई किन आफ्नो प्रचण्ड तेजबाट हतप्रभ बनाउँदै हुनुहुन्छ ।।२४-२७।। हजुर सौम्य रूपका हुनुहोस् र मेरा सबै कामना पूर्ण तुल्याउनुहोस् ।

ब्रह्माजीले भन्नुभयो – हे वेदव्यास ! बालकको प्रार्थना सुनेर श्रीगणेशले आफ्नो प्रचण्ड तेजलाई शान्त गराउनुभयो ।।२८।। त्यसपछि प्रसन्न हुनुभएका श्रीगणेशले भन्नुभयो – हे बालक ! तिमी सावधान होऊ । तिमी जुन देवताको अहोरात्र ध्यान गरिरहेका छौ त्यो देवता म नै हुँ । म वरद भएर अहिले तिम्रा सामु आएको छु । मेरो स्वयंप्रकाश र जगन्मय परम स्वरूपलाई ब्रह्मा, शिव आदि देवताले पनि जान्दैनन् भने बिचरा मानिसहरूले कसरी जान्न सक्छन् ? देवता, मुनि, राजर्षि, असुर, सिद्ध, गन्धर्व, नाग, दानव कसैले पनि मेरो त्यस रूपको वास्तविकता जान्न सक्दैनन् । आज म तिम्रो तपस्याबाट बाँधिएर वरदान दिन तिम्रा सामु आएको छु । तिमीले जुन जुन कामना मनमा राखेका छौ, ती बताऊ । वर दिएर म ती कामनालाई पूर्ण तुल्याउँछु ।।२९-३२।। त्यसपछि त्यस बालकले भन्यो – हे देव ! म हजुरको दर्शन पाएर धन्य भएको छु । आज मेरा पिता धन्य हुनुभएको छ, मेरो जन्म धन्य भएको छ र मेरो तपस्या सार्थक भएको छ ।।३३।। हे देवेश ! म बालक हुनाले स्तुति गर्ने तरिका जानेको छैन । हजुर सबै संसारका कर्ता, पाता र हर्ता पनि हुनुहुन्छ ।।३४।। हजुरकै प्रकाशबाट अग्नि, सूर्य र चन्द्रमा प्रकाशमय बनेका छन् । हे महामति ! हजुरले आफ्नो महिमाबाट चराचरलाई नै चैतन्यपूर्ण तुल्याउनुहुन्छ ।।३५।। हजुरको यस महिमालाई ब्रह्मा, विष्णु र महेश पनि राम्ररी जान्न सक्नु हुन्न । हे गजानन ! यदि हजुर मलाई वर दिन आउनुभएको छ भने त्यो दिनुहोस् ।।३६।। हे सर्वव्यापक भगवान् ! स्वर्ग, मर्त्य र पाताललाई वशमा तुल्याउने विशिष्ट शक्ति मलाई प्रदान गर्नुहोस् । देव, दानव,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वश्या मम सदा सन्तु मुनिकिन्नरचारणाः ।
मनसा चिन्तितं यन्मे तत्तत् सिध्यतु सर्वदा ।।३८।।

इन्द्रादयो लोकपालाः सेवां कुर्वन्तु मे सदा ।
इह भोगाननेकान्मे मुक्तिं चान्ते प्रयच्छ च ।।३९।।

अन्यच्च ते वरं याचे पुरमेतत् तवाज्ञया ।
प्रथां यातु यतश्चात्र तप्तमुग्रं तपो मया ।।४०।।

गणेशपुरमिति च ख्यातिं यातु जनेष्टदम् ।

गणेश उवाच

त्रयाणामपि लोकानामाक्रमं त्वं करिष्यसि ।।४१।।

सर्वेभ्यो न भयं तेऽस्ति सर्वे वश्याश्च ते सदा ।
आयसं काञ्चनं रौप्यं मया दत्तं पुरत्रयम् ।।४२।।

अभेद्यं सर्वदेवानां कामगं शङ्करं विना ।
त्रिपुरेति च ते नाम ख्यातिं लोके गमिष्यति ।।४३।।

यदैकेन च बाणेन शिवो भेत्स्यति ते पुरम् ।
तदैव यास्यसे मुक्तिं नात्र कार्या विचारणा ।।४४।।

अन्यत् ते वाञ्छितं सर्वं मत्प्रसादाद् भविष्यति ।

ब्रह्मोवाच

दत्त्वेत्थं स वरान् देवस्तत्रैवाऽन्तर्दधे विभुः ।
विषादमगमद् देववियोगात् त्रिपुरासुरः ।।४५।।

हर्षञ्च विपुलं लेभे वरान् प्राप्य यथेप्सितान् ।
त्रैलोक्यविजयं कर्तुं यतते स्म ततो बलात् ।।४६।।

गन्धर्व, मनुष्य, सर्प, राक्षस, मुनि, किन्नर र चारण यी सबै सधैं मेरो वशमा रहून्। मैले मनले जे जे चिताउँछु त्यो त्यो पूरा होस् ।।३७-३८।। इन्द्र आदि लोकपालहरूले सधैं मेरो सेवा गरून् । मलाई यस लोकका सम्पूर्ण भोग प्रदान गर्दै अन्तमा मुक्ति पनि प्रदान गर्नुहोस् ।।३९।। अर्को वर मैले माग्दछु त्यो के भने - यो पुष्पकपुर जहाँ मैले हजुरको उग्र तपस्या गरें, हजुरको आज्ञाबाट संसारमा प्रसिद्ध होस् । यो पुर मानिसहरूले चिताएको पुऱ्याउने तीर्थ बनेर श्रीगणेशपुरका नामबाट लोकमा प्रख्यात होस् ।

श्रीगणेशले भन्नुभयो - हे बालक ! तिमीले तीनै लोकमा आक्रमण गर्नेछौ । कसैसँग तिमीले डर मान्नुपर्ने छैन र सबै तिम्रा वशमा हुनेछन् । फलामले बनेको आयसपुर, सुनले बनेको स्वर्णपुर र चाँदीले बनेको रौप्यपुर गरी तीन पुर मैले तिमीलाई दिएँ ।।४०-४२।। यी तीनै पुर सर्वतन्त्रस्वतन्त्र भगवान् शिवजीबाहेक अरू सबै देवताद्वारा अभेद्य छन् । यी पुरहरू त्रिपुरका नामबाट संसारमा विख्यात हुनेछन् । जुन बेला एउटै बाणको प्रहारबाट शिवजीले यी तीनवटै पुरलाई एकैचोटि भेदन गर्नुहुनेछ, त्यस बेला तिमीले मुक्ति प्राप्त गर्नेछौ । यसमा कुनै शङ्का छैन ।।४३-४४।। अरू तिमीले जे जे कुरा चिताएका छौ ती सबै मेरो कृपाबाट परिपूर्ण हुनेछन्।

ब्रह्माजीले भन्नुभयो - यसरी बालकलाई वर प्रदान गरेर सर्वव्यापक परमात्मा श्रीगणेश त्यहीं अन्तर्धान हुनुभयो। भगवान् अन्तर्धान हुनुहुँदा त्यो त्रिपुरासुर नामक बालक खिन्न भयो ।।४५।। तर श्रीगणेशबाट आफूले चाहेका वर प्राप्त गरेर त्यो मनमनै खुसी पनि थियो । त्यसपछि त्रिपुरासुरले भगवान् श्रीगणेशबाट शक्ति पाएका कारण स्वर्ग, मर्त्य र पातालमाथि विजयका लागि प्रयत्न आरम्भ गऱ्यो ।।४६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे वरप्रदानं नामाष्टत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'गृत्समदको पुत्र त्रिपुरद्वारा श्रीगणेशको आराधना र वरप्राप्ति' शीर्षकान्वित अठतीसौं अध्याय पूर्ण भयो ।।३८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनचत्वारिंशोऽध्यायः { ३९ अध्याय }

व्यास उवाच

ततः किमकरोद् ब्रह्मन् ! त्रिपुरो वरदर्पितः ।
तत्सर्वं कौतुकं मह्यं वक्तुमर्हस्यशेषतः ।।१।।

ब्रह्मोवाच

ततः काश्मीरपाषाणभवां मूर्तिं गजाननीम् ।
स्थापयामास विधिवद् ब्राह्मणैर्मन्त्रकोविदैः ।।२।।

महान्तं काञ्चनं दिव्यं मणिमुक्ताविभूषितम् ।
गणेशपुरमध्ये स प्रासादं कृतवान् शुभम् ।।३।।

उपचारैः षोडशभिः पूजयामास तं विभुम् ।
नमस्कारैरसङ्ख्यातैः स्तुतिभिः प्रार्थनैरपि ।।४।।

क्षमाप्य देवदेवेशमनुज्ञाप्य ययौ बहिः ।
ददौ दानान्यनेकानि ब्राह्मणेभ्यो यथार्हतः ।।५।।

ततस्तदभवत् स्थानं बङ्गाले त्रिपुरस्य ह ।
गणेशपुरमित्येवं सर्वेषां सर्वसिद्धिदम् ।।६।।

ततः स त्रिपुरो दैत्यो गजाननवरोद्धतः ।
नृलोकान् पालयामास देवानामाक्रमे रतः ।।७।।

पदातयस्तुरङ्गाश्च गजाश्च रथिनस्तथा ।
दशदिग्भ्यो ययुस्तन्तु सेवार्थं बलवत्तराः ।।८।।

राजानः सेवका जाता आनुकूल्येन तस्य ह ।
प्रतिकूला गता मृत्युं युद्धं कर्तुमनीश्वराः ।।९।।

एवमाक्रम्य भूखण्डं ततोऽगादमरावतीम् ।
तत इन्द्रो देवगणैर्नानायुद्धकरैर्वृतः ।।१०।।

ऐरावतसमारूढो ययौ युद्धाय दंशितः ।
सोऽपि सेनां त्रिधा चक्रे चतुरङ्गां महाबलः ।।११।।

भीमकायं महादैत्यं वज्रदँष्ट्रञ्च दानवम् ।
धनुर्युद्धे गदायुद्धे शस्त्रयुद्धे च कोविदम् ।।१२।।

व्यासले भन्नुभयो - हे भगवन् ! त्यसपछि वरदान प्राप्त गरेका कारण गर्वित त्रिपुरासुरले के गऱ्यो ? त्यो सुन्न मलाई उत्कण्ठा छ । सबै कुरा राम्ररी सुनाउनुहोस् ।।१।।

ब्रह्माजीले भन्नुभयो- त्यसपछि त्रिपुरासुरले काश्मीरका पहाडमा पाइने पत्थरबाट गजाननको प्रतिमा बनाएर मन्त्रका ज्ञाता पण्डित ब्राह्मणहरूबाट त्यसको विधिवत् प्रतिष्ठा गरायो । श्रीगणेशपुरको मध्यभागमा विशाल स्वर्णमय र दिव्य मणि एवं मोतीद्वारा अलङ्कृत श्रीगणेशमन्दिर तयार गरिएको थियो। श्रीगणेशमूर्तिको प्रतिष्ठापछि त्रिपुरासुरले षोडशोपचारद्वारा श्रीगणेशप्रतिमामा श्रीगणेश प्रभुको विधिवत् पूजन गऱ्यो । त्यसले असङ्ख्य नमस्कार, स्तुति र प्रार्थना गरी देव-देव श्रीगणेशसँग क्षमायाचना गऱ्यो। त्यसपछि भगवान् श्रीगणेशसँग आज्ञा लिएर त्यो मन्दिरबाट बाहिर आयो । तदनन्तर त्यसले ब्राह्मणहरूलाई योग्यताअनुसार अनेक थरि दान दियो।।२-५।। बंगाल देशअन्तर्गत रहेको त्यो स्थान श्रीगणेशपुरका नामबाट प्रसिद्ध सर्वसिद्धिदायक क्षेत्र मानियो । श्रीगणेशबाट वरदान पाएका कारण अत्यन्त गर्वित त्रिपुरासुरले देवताहरूमाथि पटक-पटक आक्रमण गर्दै पृथिवीनिवासी प्रजाहरूको पालन गऱ्यो ।।६-७।। त्रिपुरासुर दैत्यको सेवाका लागि दश दिशाबाट शक्तिशाली पदसेना, रथसेना, अश्वसेना र गजसेना आउन थाले ।।८।। राजाहरू दैत्यराज त्रिपुरासुरका अनुकूल र सेवक बने। जुन राजाहरू त्रिपुरासुरका प्रतिकूल र युद्ध गर्न असमर्थ थिए तिनले मृत्युवरण गर्नुपऱ्यो ।।९।। यसरी पृथिवीमण्डलमा आक्रमण गरी आफ्नो सत्ता कायम गरेर त्रिपुरासुर अमरावती पुग्यो । दैत्यराजलाई अमरावतीमा आएको थाहा पाएर इन्द्र पनि सिपालु देवताहरूलाई साथ लिएर ऐरावत हात्तीमा सवार भई अत्यन्त रोषका साथ युद्ध गर्न अगाडि बढे । उता त्रिपुरासुरले पनि आफ्नो चतुरङ्गिणी सेनालाई तीन वर्गमा विभाजित गऱ्यो।।१०-११।। धनुयुद्ध, गदायुद्ध र शस्त्रयुद्धमा सिपालु भीमकाय एवं वज्रदंष्ट्र नामक दुई दानव थिए । अस्त्रयुद्ध र मल्लयुद्धमा निष्णात दैत्यवीर भीमकायलाई त्रिपुरासुरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्त्रयुद्धे मल्लयुद्धे निष्णातं दैत्यपुङ्गवम् ।
भीमकायमवोचत् स नृलोकस्याधिपो भव ।।१३।।

कालकूटं वज्रदँष्ट्रं जगाद त्रिपुरो बली ।
त्रिभागयाऽनया याहि सेनया त्वं रसातलम् ।।१४।।

शेषमुख्यान् सर्वनागान् वशान् कुरु ममाज्ञया ।
अहं त्रिभागया शक्रमाक्रमिष्येऽखिलान् सुरान्।।१५।।

भीमकायो वज्रदँष्ट्रो यथाऽऽज्ञप्तौ प्रतस्थतुः ।
चतुरङ्गबलैर्युक्तः स्वयं नन्दनमाययौ ।।१६।।

दिव्यान् वृक्षान् बभञ्जुस्ते वार्यमाणास्तु सैनिकाः ।
तत्र स्थित्वा दैत्यराजो दूतान् शक्राय प्राहिणोत्।।१७।।

अत्रानयन्तु तं शक्रं दर्शनाय त्वरान्विताः ।
वदन्तु मम वाक्यं वा मृत्युलोकं व्रजाऽधुना ।।१८।।

तत्र त्वां पालयिष्यामि साम्ना देह्यमरावतीम् ।
यदि युद्धे च ते बुद्धिस्तदा शीघ्रं प्रयाहि माम् ।।१९।।

ते गत्वा शक्रमाचख्युस्त्रिपुरासुरचेष्टितम् ।
श्रुत्वेत्थं वचनं तेषां वज्राहत इवाचलः ।।२०।।

चकम्पे चाचलरिपुर्वायुनेव यथा तरुः ।
चिन्तया व्याकुलीभूतः किमेतदिति चिन्तयन् ।।२१।।

क्रोधानलेन जज्ज्वाल संरक्ताखिललोचनः ।
कुर्वन् भस्मेव लोकानां शोषयन्निव वारिधीन् ।।२२।।

उवाच दूतान् गच्छन्तु यान्तु युद्धाय सत्वराः ।
स्वयमैरावतारूढो जगर्ज सुरशत्रुहा ।।२३।।

तेन नादेन महता क्षोभयन् भुवनत्रयम् ।
श्रुत्वा तद्वचनं ते तु गता दूता यथागतम् ।।२४।।

विबुधाश्चापि सन्नद्धा नानाशस्त्राऽसिपाणयः ।
भिण्डिपालकराः केचित् केचिच्छक्त्यृष्टिपाणयः ।।२५।।

भन्यो– तिमी मर्त्यलोकमा गएर त्यहाँका अधिपति भई शासन सञ्चालन गर।।१२-१३।। त्यसले फेरि कालकूट र वज्रद्रंष्टलाई आज्ञा दियो – 'तीन वर्गमा विभाजित सेनाको एउटा टुकडी लिएर तिमीहरू पातालतर्फ लाग । मेरो आज्ञाअनुसार शेषनाग र दानवहरूलाई वश गरी शासन गर । म आफै तीन भागमध्ये एक भाग सेनाका साथ इन्द्र र देवताहरूमाथि आक्रमण गर्नेछु।' कालकूट र वज्रद्रंष्ट त्यसपछि पातालतर्फ प्रस्थान गरे। त्रिपुरासुर पनि चतुरङ्गिणी सेनाका साथ रथमा आरोहण गरी देवतासँग युद्ध गर्न नन्दनवनमा पुग्यो ।।१४-१६।। त्रिपुरासुरका सैनिकहरूले युद्धोन्मादमा आएर-देवलोकका वृक्षहरू भाँच्न थाले । त्यहाँ रहेर त्रिपुरासुरले आफ्ना दूतहरूलाई इन्द्रको समीपमा पठायो। त्यसले भन्यो – तिमीहरू इन्द्रका समीपमा छिटो गएर उनलाई यहाँ लिएर आओ अथवा इन्द्रलाई मेरो यो आदेश सुनाओ– 'हे इन्द्र ! तिमी मृत्युलोक जाऊ, त्यहाँ म तिम्रो सुरक्षा गर्नेछु । तिमीले खुसीराजी मलाई अमरावती सुम्प। यदि तिम्रो बुद्धिमा युद्ध गर्ने विचार-आउँछ भने तिमीले अविलम्ब मसँग युद्ध गर' ।।१७-१९।। दूतहरूले इन्द्रसामु गएर त्रिपुरासुरको यो भनाइका साथै सम्पूर्ण क्रियाकलापका विषयमा बताए । दूतहरूका कुरा सुनेर वज्रप्रहार गर्दा पर्वत र हावा लाग्दा रूखहरू हल्लिएझैं पर्वतभेदी इन्द्र पनि कम्पायमान भए। अनि यो के आइलाग्यो ? भन्दै चिन्ताले व्याकुल भए ।।२०-२१।। त्रिपुरासुरको सन्देश सुनेपछि इन्द्रले रीसको आगोले आँखा राता गराएर संसारलाई भस्म गराउन खोजेझैं र समुद्रहरूलाई सुकाउन चाहेझैं बम्कदै दूतहरूलाई भने – 'हे दूतहरू ! तिमीहरू त्रिपुरासुरसँग इन्द्रले युद्ध गर्ने सन्देश लिएर जाओ ।' इन्द्रको सन्देश पाएर दूतहरू गएपछि असुरहन्ता इन्द्र पनि ऐरावतमा सवार भएर गर्जन गर्न लागे । इन्द्रको गर्जनबाट तीनै लोक क्षुब्ध भएका थिए । उता ती दूत पनि इन्द्रका कुरा सुनेर जहाँबाट आएका थिए त्यतै गए ।।२२-२४।। अनेक शस्त्र, अस्त्र र तलबार हातमा धारण गर्ने देवताहरू पनि युद्धका लागि तयार भए । ती देवताहरूमध्ये कसैले घुँयत्रा, केहीले शक्ति र केहीले ऋष्टि धारण गरेका थिए । कसैका हातमा मुग्रा थिए भने कसैले धनु र बाण धारण गरेका थिए । कसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्गरासिधराः केचिद् धनुर्बाणकराः परे ।
गदाखेटकराः केचित् केचित्तु दण्डपाणयः ।।२६।।

एवं देवगणैर्युक्तो वज्रभृन्निर्ययौ बहिः ।
कृतस्वस्त्ययनो विप्रैर्नानावादित्रनिस्वनैः ।।२७।।

त्रिपुरो दूतवाक्येन ज्ञात्वा युद्धोद्यमन्तु तम् ।
सन्नद्धामकरोत् सेनां प्रहृष्टां चतुरङ्गिणीम् ।।२८।।

असङ्ख्यातां समादाय हयारूढोऽभिनिर्ययौ ।
परस्परं ददृशतुस्ते सेने वीरभूषणे ।।२९।।

कोलाहलो महानासीत् बृंहितैर्हेषितैरपि ।
क्ष्वेडितै रथघोषैश्च वाद्यघोषैरनेकधा ।।३०।।

ततो हुङ्कारमात्रेण नोदितास्त्रिपुरेण ते ।
वीरा युयुधिरे देवैः स सम्मर्दो महानभूत् ।।३१।।

नाभूत् स्वपरबोधोऽपि जघ्नुरेव परस्परम् ।
एवं सुतुमुले जन्ये मृतास्ते दानवा बहु ।।३२।।

सुमनसोऽपि पतिता दैत्यशस्त्रप्रपीडिताः ।
बभुस्ते सैनिकास्तत्र पुष्पिता इव किंशुकाः ।।३३।।

अशय्याः शयिताः केचिदङ्घ्रिहीनास्तथापरे ।
क्रमेलका गजाध्यक्षा रथाश्वाश्च पदातिनः ।।३४।।

ततः पलायनपरा दैत्या याता दिशो दश ।
सिंहं दृष्ट्वेव सहसा मृगा जीवनकाङ्क्षिणः ।।३५।।

ततो निवार्य तत्सैन्यं वृन्दारकरिपुः स्वयम् ।
क्रोधानलमहाज्वालो गर्जन्मेघ इवापरः ।।३६।।

शक्रसान्निध्यमगमद् भक्षयन्निव रोदसी ।
स्वखड्गेनाहनत् तीव्रं हस्तं वज्रधरं हरेः ।।३७।।

वज्रं पपात तद्धस्तात् तदद्भुतमिवाभवत् ।
तदादायाऽहनद् दैत्यस्तेनैवैरावतं गजम् ।।३८।।

ऐरावतः प्रहारेण पलायनपरो ययौ ।
ततो जघान स हरिर्मुष्टिना दैत्यपुङ्गवम् ।।३९।।

हातमा गदा र ढाल लिएका थिए । कुनै देवताको हातमा दण्ड थियो । यस्ता विभिन्न शस्त्र-अस्त्र धारण गर्ने युद्धवीर देवगणलाई अगाडि लगाई ब्राह्मणहरूद्वारा स्वस्तिवाचन र वाद्यवादकहरूद्वारा माङ्गलिक वाद्यवादन गराएर देवराज इन्द्र युद्धका लागि बाहिर आए ।।२५-२७।। त्रिपुरासुरले दूतहरूद्वारा इन्द्रको युद्ध गर्ने अठोट थाहा पाएर युद्धका लागि उन्मत्त असङ्ख्य चतुरङ्गिणी सेनाका जवानलाई युद्ध मैदानमा उतार्‍यो। दुबैतर्फका वीरहरूद्वारा शोभायमान युद्धभूमिमा दुबै पक्षका सेनाले एकले आर्कालाई हेर्ने मौका पाए । त्यस युद्ध मैदानमा दुबै सेनाका हात्ती, घोडा, रथ र वीरहरूको वीरघोष, घोडाहरूको हिनहिनाहट, हात्तीहरूको चिंघाड र वाद्यघोषका कारण ठूलो कोलाहल भयो ।।२८-३०।। त्रिपुरासुर दैत्यद्वारा हुँकार गर्दै लड्नका लागि शून्याइएका दैत्यवीरहरूले देवताहरूसँग संग्राम गरे । ठूलो संघर्ष भयो । त्यस युद्धमा कुन आफ्नो पक्षको वीर हो र कुन शत्रुपक्षको वीर हो भन्ने समेत युद्ध गर्नेलाई थाहा भएन । वीरहरू आपसमा जुधिरहेका थिए । यस्तो भयानक युद्धमा दानवहरू धेरै मरे र दैत्यहरूको शस्त्रप्रहारबाट देवताहरू पनि भुइँमा लडे । फुलेका पलाशका रूखझैं रगताम्ये भएका सैनिकहरू सुहाए । केही सैनिक भुइँमा लडे, कुनै सैनिकका खुट्टा भाँचिए, ऊँट, हात्ती, रथ र घोडामा सवार वीर र पैदल सेनामा रहेका वीरहरू पनि घाइते भएर चारैतिर भागिरहेका थिए। जसरी मृगहरू बाघलाई देखेर जीवनको आशामा आश्रयका लागि दौडिरहेका हुन्छन्, त्यस्तै ती सैनिकहरूको अवस्था भयो। त्यसपछि त्रिपुरासुर आफ्नो सेनालाई भाग्नबाट रोकेर क्रोधको ज्वाला दन्काउँदै, मेघझैं गर्जन गर्दै र पृथिवी एवं अन्तरिक्षलाई नै निल्न खोज्दै इन्द्रका सामु गयो। त्यस बेला त्यसले तरबारद्वारा वज्रधारी इन्द्रको हातमा कठोर प्रहार गर्‍यो ।।३१-३७।। त्यस प्रहारबाट इन्द्रको हातबाट वज्र भुइँमा खस्यो । यो अद्भुत घटना थियो । त्रिपुरासुरले त्यही वज्र उठाएर ऐरावतमाथि प्रहार गर्‍यो । ऐरावत हात्ती वज्रप्रहारका कारण टाढा भाग्यो । त्यसपछि इन्द्रले मुड्कीले त्रिपुरासुरमाथि प्रहार गरे ।।३८-३९।। इन्द्रको मुड्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स क्षणं पतितो भूमौ तत उत्थाय वेगवान् ।
जघान मुष्टिना शक्रन्धरण्यां तमपातयत् ।।४०।।
तत उत्थाय मघवा दैत्यं प्राह रुषान्वितः ।
इदानीं मल्लयुद्धाय सज्जीभवाऽसुरेश्वर ।।४१।।
ततः स विस्मयाविष्ट उवाच बलगर्वितः ।
किमर्थं त्वं निजप्राणे निर्दयोऽसि सुरेश्वर ।।४२।।
कृमिकीटपतङ्गानां प्राणोऽतीव प्रियो मतः ।
गच्छ देव ! धरण्यां ते स्थानं दत्तं मया शुभम् ।।४३।।

ब्रह्मोवाच

इति तद्वचनं श्रुत्वा जगाद बलवृत्रहा ।
यद्यहं जीवितात् त्वां हि मोचयामि न चेद्रिपो ।।४४।।
तदाहं धरणीं यामि त्वदाज्ञावशगोऽधम ! ।
त्वमेव हतमूर्धाऽद्य धरणीं यास्यसे खल ।।४५।।
वदत्येवन्तु देवेन्द्रे दैत्येन्द्रो निजघान तम् ।
मुष्टिना हृदये दुष्टस्ततो युद्धमभूत् तयोः ।।४६।।
चाणूरकृष्णयोर्यद्वत् परस्परजयैषिणोः ।
हृदयं हृदयेनैव हस्तं हस्तेन जघ्नतुः ।।४७।।
जानुभ्यां जानुनी चोरू ताभ्यां तौ च निजघ्नतुः ।
मस्तकं मस्तकेनैव कूर्परं कूर्परेण तु ।।४८।।
पृष्ठं पृष्ठेन पादाभ्यां पादौ तावभिजघ्नतुः ।
पादौ गृहीत्वा दैत्योऽस्य भ्रामयित्वा मुहुर्मुहुः ।।४९।।
तत्याज दूरतः शक्रं यथा न ज्ञायते क्वचित् ।
आरुरोह स्वयं तन्तु चतुर्दन्तं गजेश्वरम् ।।५०।।
ततो देवगणाः सर्वे हिमवद्गिरिगह्वरम् ।
ययुः शक्रं विचिन्वन्तो दैत्यसन्त्रासतापिताः ।।५१।।
कुत्र वा पतितो देवो द्रक्ष्यामो वा कथं विभुम् ।
एवं सञ्चिन्तयन्तस्ते भ्रमन्तो ददृशुश्च तम् ।।५२।।
अधोमुखं समायान्तं देवेन्द्रं तं तदैव ह ।
प्रणेमुर्देवसङ्घास्तमालिलिङ्गुस्तथा परे ।।५३।।
पूजयामासुरपरे वीजयामास कश्चन ।
पादसंवाहनं चास्य चक्रुः केचन भक्तितः ।।५४।।

खाएर त्रिपुरासुर केही बेर भुइँमा लडेपछि वेगपूर्वक उठेर आफ्नो मुड्कीले इन्द्रमाथि प्रहार गरी तिनलाई भुइँमा लडायो ।।४०।। त्यसपछि केही बेरमा नै उठेर इन्द्रले रोषपूर्वक त्रिपुरलाई भने– हे असुरशिरोमणि ! तँ मसँग मल्लयुद्ध गर्न तयार हो । इन्द्रको त्यो आह्वान सुनेर आश्चर्यचकित भई बलको घमण्डले चूर हुँदै त्रिपुरासुरले भन्यो – किन तिमी आफ्नो ज्यानमाथि र आफ्नो प्राणमाथि निर्दयी बनेका छौ? तिमीजस्ता कृमि, कीट र पतङ्गहरूलाई प्राण निकै प्यारो हुने गर्छ । तिमीले आफ्नो प्राणको सुरक्षा गर । धर्तीतर्फ जाऊ । त्यहाँ मैले तिमीलाई बस्ने ठाउँ दिन्छु भनेकै छु ।।४१–४३।।

ब्रह्माजीले भन्नुभयो – त्रिपुरासुरका कुरा सुनेपछि इन्द्रले भने – 'हे त्रिपुर ! यदि मैले युद्धमा तेरो जीवन समाप्त पार्न सकिनँ भने म तेरो आज्ञाकारी भएर धर्तीतर्फ लाग्नेछु । मेरो विचारमा तँ दुष्ट नै आज मेरो प्रहारबाट टाउको टुक्रिएपछि खसेर धर्तीमा पुग्नेछस् ।' इन्द्रले त्यसो भनेपछि तुरुन्तै त्रिपुरले मुड्कीले इन्द्रको छातीमा प्रहार गऱ्यो । त्यसपछि परस्पर विजयको इच्छा राख्ने चाणुर र कृष्णको बीचमा भएको युद्ध झैं ती दुईको बीचमा पनि घमासान युद्ध भयो । त्यस युद्धमा दुबैले छातीमा छातीले, हातमा हातले, घुँडामा घुँडाले, तिघ्रामा तिघ्राले, टाउकामा टाउकाले, कुहिनामा कुहिनाले, पिठ्यूँमा पिठ्यूँले र खुट्टामा खुट्टाले प्रहार गर्दै भयङ्कर युद्ध गरे । त्यस बेला त्रिपुरासुरले इन्द्रका दुबै खुट्टा समातेर पूरा ज्यानलाई घुँयत्रो झैं घुमाउँदै तिनलाई धेरै टाढा हुत्त्यायो । टाढै पुऱ्याएका कारण इन्द्र कहाँ गए भन्ने कुरा कसैले पनि थाहा पाउन सकेन। त्यसपछि त्रिपुरासुर दानव चार वटा दाँत भएको विशाल ऐरावत हात्तीमा सवार भयो ।।४४–५०।। यो घटनापछि दैत्यको त्रासबाट त्रस्त देवताहरू हिमालय पर्वतका गुफाहरूमा इन्द्रको खोजी गर्दै पुगे । हाम्रा इन्द्र कहाँ गएर बस्नुभयो ? कसरी उहाँलाई भेट्न सक्छौं ? इत्यादि चिन्ता लिएर भौंतारिएका देवताहरूले आफूतर्फ आइरहेका इन्द्रलाई देखे ।।५१–५२।। शिर झुकाएर ती सबैले इन्द्रलाई हर्षपूर्वक प्रणाम गरे । कसैले आलिङ्गन गरे, कसैले पूजा गरे र कसैले पङ्खा डुलाएर सेवा गरे । कुनैले भक्तिपूर्वक तिनका पाउ दबाए ।।५३–५४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्रैव न्यवसन् सर्वे गुप्तरूपाः सुरास्तदा ।
दैत्यस्त्वैरावतारूढो ययौताममरावतीम् ।।५५।।

इन्द्रको खोजीमा आएका ती देवताहरू पनि त्यहीं लुकेर रहे । ऐरावतमा सवार भएको त्रिपुरासुर अमरावतीमा पुग्यो ।।५५।।

देवस्थानानि दैत्यानामिन्द्रासनगतः स्वयम् ।
ददौ विभज्य प्रत्येकं मानपूर्वं सुरद्विषाम् ।।५६।।

दिव्यवादित्रनिर्घोषैः श्रृण्वन् गान्धर्वनिस्वनान् ।
किन्नरैः सेव्यमानस्तु रेमे चाप्सरसां गणैः ।।५७।।

त्यहाँ गई इन्द्रासनमा आसीन त्यस दैत्यले देवताका विभिन्न स्थानहरूमा वीर दैत्यहरूलाई ससम्मान नियुक्त गर्‍यो । गन्धर्वहरूद्वारा दिव्य वाद्यवादनका साथ गाइएका मधुर गीत सुन्दै र किन्नरहरूको सेवा प्राप्त गर्दै इन्द्रको आसनमा आसीन त्रिपुरासुर अप्सराहरूका साथ भोग-विलास गरी रमाइरहेको थियो ।।५६-५७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे इन्द्रपराजयो नामैकोनचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'त्रिपुरद्वारा इन्द्र आदि देवतामाथि विजय' शीर्षकान्वित उनान्चालीसौं अध्याय पूर्ण भयो ।।३९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चत्वारिंशोऽध्यायः { ४० अध्याय }

ब्रह्मोवाच

आक्रम्य देवधिष्ण्यानि दैत्योऽगात् ब्रह्मणः पदम् ।
पराक्रमं दैत्यकृतं श्रुत्वा देवमुखात् पुरा ।।१।।

ब्रह्मा ययौ नाभिपद्मं विष्णुः क्षीरनिधिं ययौ ।
दैत्यस्य मानसौ पुत्रौ प्रचण्डश्चण्ड एव च ।।२।।

प्रचण्डं स्थापयामास ब्रह्मलोकेऽधिनायकम् ।
ततश्चण्डञ्च वैकुण्ठे चकार स्वामिनं स्वयम् ।।३।।

ततः कैलासमगमत् तञ्च दोर्भ्यामचालयत् ।
भयभीता च गिरिजाऽऽलिलिङ्ग शङ्करं भृशम् ।।४।।

ततः कैलासमगमद् युद्धाकाङ्क्षी महासुरः ।
तेन तुष्टो महादेवो दैत्यस्य पौरुषेण च ।।५।।

बहिर्ययौ वरं दातुं निजभक्तसुखप्रदः ।
ददर्श त्रिपुरं दैत्यं वरं वृणिवत्यथाऽब्रवीत् ।।६।।

स वव्रे यदि तुष्टोऽसि देहि कैलासमद्य मे ।
गच्छ मन्दारशिखरं यावन्मम मनोरथः ।।७।।

शङ्करोऽपि ददौ तस्मै कैलासं स्वल्पकालिने ।
स्वयं जगाम गिरिशो मन्दराद्रिं गणैर्वृतः ।।८।।

कैलासशिखरारूढो जहर्ष त्रिपुरासुरः ।
एवं देवान् वशे कृत्वा पुनरायाद् रसातलम् ।।९।।

भीमकायोऽपि बलवान् भूमण्डलगतो बलात् ।
वशे चकार नृपतीनृषीन् सर्वान् बबन्ध च ।।१०।।

अग्निकुण्डानि सर्वाणि देवतृप्तिकराणि च ।
आश्रमाँश्च बभञ्जाऽऽशु तीर्थानि च विशेषतः ।।११।।

तापसाँस्त्रासयामास कारागारसमाश्रयात् ।
स्वाहास्वधावषट्कारान् वेदस्याभ्यसनानि च ।।१२।।

ब्रह्माजीले भन्नुभयो - त्रिपुरासुर देवताहरूका स्थान कब्जा गरेपछि ब्रह्माजीको सत्यलोकमा गयो । देवताहरूका मुखबाट त्रिपुर दैत्यको पराक्रम सुनेर डराएका ब्रह्माजी विष्णुको नाभिकमलमा आश्रय लिन जानुभयो। नारायण भगवान् सुरक्षाका लागि क्षीरसागरतर्फ लाग्नुभयो। त्रिपुर दैत्यका प्रचण्ड र चण्ड नामक दुई मानस पुत्र थिए ।।१-२।। प्रचण्डले ब्रह्मलोकमा कब्जा गरी आफूलाई त्यहाँको अधिनायक बनायो। चण्डले वैकुण्ठमा पुगेर आफूलाई त्यहाँको अधिपति तुल्यायो।।३।। त्यसपछि त्रिपुर दैत्य कैलास पर्वतमा गयो र त्यसले आफ्ना बाहुदण्डबाट कैलास पर्वतको चुचुरो समातेर कँपाउन थाल्यो। त्यस बेला साह्रै भयभीत भएकी पार्वती भगवान् शङ्करको आलिङ्गनपाशमा बाँधिनुभयो ।।४।। त्यसपछि युद्धको चाहना गर्ने त्रिपुरासुर कैलासमा विराजमान शिवजीका सामु पुग्यो । त्रिपुरासुरको पराक्रम देखेर सन्तुष्ट हुनुभएका र भक्तलाई सुख दिने भगवान् शङ्कर वर प्रदान गर्न बाहिर आई त्रिपुर दैत्यलाई भन्नुभयो - म तिम्रो पराक्रमबाट अत्यन्त खुसी छु, वर दिन्छु स्वीकार गर ।।५-६।। त्रिपुरले भन्यो - तपाईं खुसी हुनुहुन्छ भने मलाई कैलास पर्वत दिनुहोस् । जबसम्म म चाहन्छु तबसम्म तपाईं मन्दार पर्वतमा गएर बस्नुहोस् ।।७।। त्यसले भनेअनुसार भगवान् शिवजी पनि कैलासधाम केही समयका लागि त्यसको जिम्मा लगाएर आफ्ना गणका साथ मन्दराचलको शिखरमा जानुभयो ।।८।। कैलास शिखरमा अधिकार जमाएपछि त्रिपुरासुर ज्यादै प्रसन्न भयो । सबै देवताहरूलाई वशमा तुल्याएर त्यो पृथिवीतर्फ लाग्यो ।।९।। पृथिवीमण्डलमा खटिएको भीमकाय दानवले पृथिवीका बासिन्दालाई आफ्नो अधीनस्थ बनाएर विरोधीहरूलाई बाँध्ने र थुन्ने काम गरेको थियो । त्यसले देवताहरूलाई तृप्ति प्रदान गर्ने अग्निकुण्ड, आश्रम र विशेष गरेर तीर्थहरूमा विध्वंस मच्चायो।।१०-११।। तपस्वीहरूलाई कारागारमा थुनेर भयभीत बनायो । अत्यन्त घमण्डी त्यस भीमकाय दानवले स्वाहाकार, स्वधाकार, वषट्कार, वेदाध्ययन र सदाचारसँग द्वेषपूर्ण व्यवहार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदाचारान् सदा द्वेष्टि सर्वगर्वसमन्वितः ।
वज्रदंष्ट्रोऽथ सप्तापि पातालानि वशेऽनयत् ।।१३।।

शेषञ्च वासुकिञ्चैव तक्षकं सर्वभोगिनः ।
निर्विषान् सविषाँश्चैव चकार वशवर्तिनः ।

वज्रदंष्ट्रो रत्नजातं बुभुजेऽप्रेषयच्च तम् ।।१४।।

नागाङ्गनाभिश्च कुतूहलेन
रेमे सदाऽसौ समदोऽतिहर्षात् ।
भोगान् विभुञ्जन् विविधानि रत्ना-
न्यादाय यातस्त्रिपुरान्तिके सः ।।१५।।

पातालवश्यतां शंसन् लेभे मानं ततोऽधिकम् ।।१६।।

वस्त्राणि च महार्हाणि ग्रामान् दासाननेकशः ।
एवं त्रिलोकान् वशगान् कृत्वा दैत्यो ननन्द ह ।।१७।।

देवाः सर्वे गुहावासाश्चिन्तयामासुरन्वहम् ।
कथमस्य वधः कस्मिन् काले वाऽपि भविष्यति ।।१८।।

कस्माद् वेत्ति न जानीमो लब्धोऽनेन वरः कुतः ।
एवं व्याकुलचित्तेषु सुरेषु मुनिसत्तम ।।१९।।

आययौ नारदस्तत्र त्रैलोक्यचर इच्छया ।
ददर्श दीनान् देवाँस्तानुत्ततार नभःपथात् ।।२०।।

दृष्ट्वा सर्वे नारदं तमुत्तस्थुः सहसाऽऽदरात् ।
आलिलिङ्गुश्च नेमुश्च पुपूजुश्च यथाक्रमम् ।।२१।।

विश्रान्तं परिपप्रच्छुस्त्रिपुरस्य वरादिकम् ।

देवा ऊचुः

त्रिपुरेण समाक्रान्तं त्रैलोक्यं सचराचरम् ।।२२।।

स्थानानि नो गृहीतानि केशास्तेनापि निर्जिताः ।
शरणं कं व्रजामोऽद्य कथं तस्य वधो भवेत् ।।२३।।

वराश्च केन दत्ता नो वदाऽस्य त्रिपुरस्य भोः ।

गऱ्यो। पातालमा खटिएको वज्रदंष्ट्रले तलका सातै लोकलाई आफ्नो वशवर्ती बनायो ।।१२-१३।। त्यसले शेष, वासुकि, तक्षक र अरू सबै प्रकारका नागहरूका साथै अन्य सविष र निर्विष सर्पहरूमाथि पनि अधिकार जमायो ।।१४।। वज्रदंष्ट्रले पातालमा पाइने रत्नहरूको उपयोग गऱ्यो र केही रत्नहरू आफ्ना स्वामी त्रिपुरासुरको दरबारमा पठाउने काम पनि गऱ्यो। त्यस दानवले मदमत्त भएर हर्ष र उत्कण्ठाका साथ नाग कन्याहरूसँग विहार गऱ्यो। पातालका सबै प्रकारका भोगहरूको उपभोग गरेपछि अनेक थरि रत्न लिएर त्रिपुरासुरका समीपमा गयो । मैले पाताललाई वशमा पारें भन्ने खबर सुनाएपछि प्रसन्न भएको त्रिपुरासुरबाट त्यसले ठूलो सम्मान पनि पायो।।१५-१६।। बहुमूल्य वस्त्र, गाउँ, दास-दासीहरूका साथ त्रिलोकीका सबै प्राणीहरूलाई विभिन्न माध्यमबाट अनुकूल र अधीन तुल्याएर त्रिपुरासुर आनन्दित भयो ।।१७।। हे मुनि! हिमालयको गुफामा शरण लिएर बसेका देवताहरू दिनदिनै चिन्ता गर्न लागे । यो त्रिपुरासुरको वध कहिले गर्ने ? कुन विधिबाट गर्ने? र कसबाट गराउने ? यस विषयमा हामी अनभिज्ञ छौं । यसले कोबाट वर पाएको छ ? यस्तै तर्क, सन्देह र शङ्काका कारण पनि ती देवता व्याकुल थिए । देवताहरू व्याकुल र चिन्तित भएको समयमा त्रिलोकीको भ्रमण गर्दै देवर्षि नारदजी आकाशमार्गबाट स्वेच्छया त्यतै आइपुगे ।।१८-२०।। नारदजी त्यहाँ बसिरहेका देवताहरूलाई दीन अवस्थामा देखेर आकाशबाट भुइँमा ओर्लिए । नारदजीलाई नजिकै आएको देखेर सबै देवताहरूले आदरपूर्वक स्वागत गरे । कसैले उनलाई प्रणाम गरे भने कसैले आलिङ्गन गरे र कसैले पूजा पनि गरे ।।२१।। विश्राम गरिरहेका नारदजीसँग देवताहरूले त्रिपुरासुरले पाएको वरदानको विषयमा जिज्ञासा प्रकट गरे ।

देवताहरूले भने - चराचरसहित त्रिलोकीमा त्रिपुर दैत्यले आक्रमण गरेको छ ।।२२।। त्यसले हामी देवताहरूका स्थानहरू कब्जा गरेको छ । ब्रह्मा, विष्णु र शङ्करलाई पनि परास्त गरेको छ । आज हामी कसका शरणमा जाऔं ? र त्यसको वध कसरी गरौं ? ।।२३।। हे देवर्षि नारदजी ! त्रिपुरासुरलाई ब्रह्माण्डमा विजयी बनाउने वर कसले दियो ? यो कुरा बताउनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारद उवाच

कथयामि समासेन दैत्यस्य चेष्टितं महत् ।।२४।।

दिव्यवर्षसहस्रं स ततापं परमं तपः ।
प्रसादयामास विभुं गणेशं देवनायकम् ।।२५।।

तेनाऽस्मै दुर्धरा दत्ता वराः सर्वभयङ्कराः ।
देवर्षिपितृभूतेभ्यो यक्षरक्षःपिशाचतः ।।२६।।

न नागेभ्यो भयं दत्तं विनैकं शङ्करं विभुम् ।
प्रसादयन्तु देवेशं द्विरदाननमादरात् ।।२७।।

आराधयन्तु सर्वेऽपि विघ्नेशं सर्वसिद्धिदम् ।

देवा ऊचुः

कथमाराधनं तस्य देवदेवस्य धीमतः ।।२८।।

कर्तव्यं मुनिशार्दूल ! कृपया तद् वदस्व नः ।

नारद उवाच

अहमेकाक्षरं मन्त्रं कथयाम्यखिलान् प्रति ।।२९।।

तेन मन्त्रेण ते सर्वे मया दत्तेन भक्तितः ।
अनुष्ठानं प्रकुर्वन्तु सर्वेऽपि स्थिरमानसाः ।।३०।।

यावत् प्रत्यक्षतामेति देवोऽसौ गणनायकः ।
स एव तद्वधोपायं वदिष्यत्यखिलान् प्रति ।।३१।।

नान्योपायं प्रपश्यामि तस्मात् कुर्वन्तु मे वचः ।

ब्रह्मोवाच

इत्युक्त्वा नारदः सर्वानुपदिश्य मनुञ्च तम् ।।३२।।

जगाम तत्क्षणादेव वीणागानरतो मुनिः ।
ततः सर्वे सुरवरा गणेशध्यानतत्पराः ।।३३।।

एकपादस्थिताः केचित् केचित् पद्मासनस्थिताः ।
केचिद् वीरासनयुताः केचिन्मीलितलोचनाः ।
निराहारा जितश्वासा जेपुर्मन्त्रं मुनीरितम् ।।३४।।

ततो बहुगते काले करुणाब्धिर्गजाननः ।
अनुष्ठानं निरीक्ष्यैषां देवानां चिरकालजम् ।।३५।।

नारदजीले भन्नुभयो - हे देवगण ! म सङ्क्षेपमा तपाइँहरूका सामु त्रिपुरासुरको इतिहास सुनाउँछु ।।२४।। त्यसले दिव्य एक हजार वर्षसम्म परम तपस्या गरी सर्वव्यापक, देवाधिदेव भगवान् श्रीगणेशलाई प्रसन्न तुल्याएको छ ।।२५।। भगवान् श्रीगणेशले यसलाई डरलाग्दा र असह्य वर प्रदान गर्नुभएको छ। तदनुसार देवता, ऋषि, पितृ, भूत, यक्ष, राक्षस, पिशाच र नाग कसैबाट पनि त्रिपुर दानवलाई डर छैन । त्यसलाई एउटा भगवान् शङ्करसँगमात्र डर छ । अब तपाइँहरू सबैले भगवान् गजाननलाई प्रसन्न तुल्याउनुहोस् ।।२६-२७।। सबै प्रकारका सिद्धि प्रदान गर्ने भगवान् श्रीगणेशको सबैले आराधना गर्नुहोस् ।

देवताहरूले भने - हे मुनिश्रेष्ठ ! बुद्धिमान्, देवताका पनि देवता भगवान् श्रीगणेशको आराधना कसरी गर्नुपर्छ ? कृपया यस विषयमा हामीलाई उपदेश गर्नुहोस् ।

नारदजीले भन्नुभयो - म तपाइँहरूलाई भगवान् श्रीगणेशको एकाक्षरी मन्त्र बताउँछु ।।२८-२९।। तपाइँहरूले त्यस मन्त्रबाट स्थिर चित्त भएर भक्तिपूर्वक श्रीगणेशको अनुष्ठान गर्नुहोस् । तपाइँहरूको आराधनाबाट प्रसन्न भई जब भगवान् श्रीगणेश तपाइँहरूका सामु प्रकट हुनुहुनेछ त्यस बेला उहाँले नै तपाइँहरूलाई त्रिपुरासुरको वध गर्ने उपाय बताउनुहुनेछ ।।३०-३१।। अरू उपाय मैले केही पनि देख्दिन। तसर्थ तपाइँहरूले मेरो सल्लाह मान्नुहोस् ।

ब्रह्माजीले भन्नुभयो - यसरी मार्गदर्शन गराई मन्त्रको उपदेशसमेत गरेर तत्काल देवर्षि नारदजीले वीणा बजाउँदै प्रस्थान गरे । त्यसपछि सबै देवताहरू भगवान् श्रीगणेशको ध्यानमा तत्पर भए ।।३२-३३।। त्यस बेला कुनै देवता एक पाउले भुइँमा टेकेर तपस्या गर्दै थिए, कुनै पद्मासनमा बसेका थिए, कसैले वीरासन बाँधेका थिए र कसैले आँखा चिम्लेर भगवान् श्रीगणेशको ध्यान गर्दै थिए । यसरी ती सबै देवताहरू निराहार रही प्राणमाथि विजय गरेर नारदजीले बताएका मन्त्रको जप गरिरहेका थिए ।।३४।। धेरै समय बितेपछि करुणासागर, वरदायक भगवान् श्रीगणेश देवताहरूको दीर्घकालिक तपस्या देखेर प्रसन्न भई तिनका सामु प्रकट हुनुभयो । उहाँ त्यतिखेर

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आविर्बभूव गणपस्तेषामग्रे वरप्रदः ।
उल्लसत्स्वर्णमुकुटश्चारुकुण्डलमण्डितः ।।३६।।

दन्तन्यस्तकरो राजत्कटिसूत्रवराङ्गदः ।
पाशं सृणिञ्च परशुं कमलञ्च भुजैर्दधत् ।।३७।।

रक्तचन्दनकस्तूरीसिन्दूरशशिभूषणः ।
विद्युत्तेजोलसत्कान्तिः कोटिसूर्यसमप्रभः ।।३८।।

दृष्ट्वैवं सहसा देवं विनायकमनामयम् ।
तेजसा धर्षिताः सर्वे भयमापुश्च केचन ।।३९।।

प्रणेमुः सहसा केचिद् देवास्तं द्विरदाननम् ।
पूजयामासुरपरे हर्षगद्गदभाषिणः ।।४०।।

स्वसङ्कष्टविनाशाय तुष्टुवुः केऽपि तं विभुम् ।
प्रसादसुमुखं देवं सुमुखं सङ्कटापहम् ।।४१।।

देवा ऊचुः

नमो नमस्ते परमार्थरूप !
नमो नमस्तेऽखिलकारणाय ।
नमो नमस्तेऽखिलकारकाय
सर्वेन्द्रियाणामधिवासिनेऽपि ।।४२।।

नमो नमो भूतमयाय तेऽस्तु
नमो नमो भूतकृते सुरेश !।
नमो नमः सर्वधियां प्रबोध !
नमो नमो विश्वलयोद्भवाय ।।४३।।

नमो नमो विश्वभृतेऽखिलेश !
नमो नमः कारणकारणाय ।
नमो नमो वेदविदामदृश्य !
नमो नमः सर्ववरप्रदाय ।।४४।।

चम्किलो र सुन्दर स्वर्णमुकुटबाट सुहाउनुभएको थियो । उहाँका कानहरूमा सुन्दर कुण्डल झुलिरहेका थिए ।।३५-३६।। उहाँले स्वच्छ र सुन्दर एकदन्तमाथि आफ्नो सूँढ तेर्स्याउनुभएको थियो । कटिसूत्र र उत्तम केयूरद्वारा शोभा पाइरहनुभएका भगवान्‌ले आफ्ना चार हातहरूमा क्रमशः पाश, अङ्कुश, परशु र कमल धारण गर्नुभएको थियो ।।३७।। उहाँ रातो चन्दन, कस्तूरी, सिन्दूर र चन्द्रमाद्वारा विभूषित हुनुहुन्थ्यो। बिजुलीको झैं तेज भएको चमत्कारजनक कान्तिद्वारा देदीप्यमान र कोटिसूर्यसमान आभाद्वारा आभासित निर्मल स्वरूपका विनायक भगवान्‌को दर्शन पाउने ती सबै देवता उहाँको तेजबाट कान्तिहीन र भयभीत भएका थिए ।।३८-३९।। त्यस बेला कसैले उहाँलाई सहसा प्रणाम गरे, कसैले उहाँको पूजा गरे र अरू देवताहरूले भावविह्वल भई गद्‌गद स्वरले प्रार्थना गरे । सबै देवताहरूले समवेतरूपमा आफ्नो कष्टनाशका लागि प्रसादोन्मुख, सुमुख र सङ्कटनाशक भगवान् श्रीगणेशको यसरी स्तुति गरे ।।४०-४१।।

देवताहरूले भने - हे परमार्थरूप ! हजुरलाई बारबार नमस्कार गर्दछौं । हे अखिलकारणरूप ! हजुरलाई बारबार नमस्कार गर्दछौं । सम्पूर्ण क्रियाकलापका कारणतत्त्व ! हजुरलाई बारबार नमस्कार गर्दछौं । सबै इन्द्रियहरूमा शक्ति बनेर रहनुहुने हजुरलाई बारबार नमस्कार गर्दछौं ।।४२।। पञ्चमहाभूत र प्राणीहरूका रूपमा विश्वमा विराजमान हजुरलाई बारबार नमस्कार गर्दछौं । हे देवेश ! सम्पूर्ण प्राणीहरूको निर्माण गर्नुहुने हजुरलाई बारबार नमस्कार गर्दछौं । सबैका बुद्धिमा बोधका रूपमा विराजमान हे श्रीगणेश! विश्वको संहार र उत्पत्ति गराउनुहुने हजुरलाई बारबार नमस्कार गर्दछौं ।।४३।। विश्वको भरण-पोषण र संहार गर्नुहुने हे भगवन् ! हजुरलाई बारबार नमस्कार गर्दछौं। कारणका पनि कारण बनेर सुहाउनुहुने हजुरलाई बारबार नमस्कार गर्दछौं । वेदवेत्ताहरूद्वारा पनि ज्ञानपथमा ल्याउन नसकिने अगम्य स्वरूपका धनी हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं । सबैलाई वर दिएर कृतार्थ गर्नुहुने हजुरलाई बारबार नमस्कार गर्दछौं ।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो नमो वागविचारभूत !
नमो नमो विघ्ननिवारणाय ।
नमो नमोऽभक्तमनोरथघ्न !
नमो नमो भक्तमनोरथज्ञ ।।४५।।

नमो नमो भक्तमनोरथेश !
नमो नमो विश्वविधानदक्ष ! ।
नमो नमो दैत्यविनाशहेतो !
नमो नमः सङ्कटनाशकाय ।।४६।।

नमो नमः कारुणिकोत्तमाय
नमो नमो ज्ञानमयाय तेऽस्तु ।
नमो नमोऽज्ञानविनाशनाय
नमो नमो भक्तविभूतिदाय ।।४७।।

नमो नमोऽभक्तविभूतिहन्त्रे
नमो नमो भक्तविमोचनाय ।
नमो नमो भक्तविबन्धनाय
नमो नमस्ते प्रविभक्तमूर्ते ।।४८।।

नमो नमस्तत्त्वविबोधकाय
नमो नमस्तत्त्वविदुत्तमाय ।
नमो नमस्तेऽखिलकर्मसाक्षिणे
नमो नमस्ते गुणनायकाय ।।४९।।

ब्रह्मोवाच

एवं स्तुतः सुरैर्देवो द्विरदानन ईश्वरः ।
उवाच परमप्रीतो हर्षयन् सुरसत्तमान् ।।५०।।

वाणीद्वारा अगम्य स्वरूप धारण गर्नुहुने हे श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं। विघ्नविनाश गर्नुहुने हजुरलाई बारबार नमस्कार गर्दछौं । भक्तिहीन मानिसहरूका मनोरथलाई धुजा-धुजा बनाउनुहुने हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं । भक्तहरूका मनोरथलाई बुझेर पूरा गराउनुहुने र दुःख-पीडा मेटाउनु हुने हे भगवन् ! हजुरलाई बारबार नमस्कार गर्दछौं ।।४५।। भक्तहरूका मनोरथका स्वामी हे गजानन ! हजुरलाई बारबार नमस्कार गर्दछौं । विश्वको निर्माणकलामा दक्ष हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं । दैत्यहरूको विनाशका प्रमुख कारणका रूपमा रहनुभएका हे गजानन ! हजुरलाई बारबार नमस्कार गर्दछौं । सङ्कट नाश गर्नुहुने हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं ।।४६।। दयालुहरूमा पनि उत्तम दयालु श्रीगणेश प्रभुलाई बारबार नमस्कार गर्दछौं। ज्ञानरूप श्रीगणेश प्रभुलाई बारबार नमस्कार गर्दछौं । अज्ञानको नाश गर्नुहुने श्रीगणेश प्रभुलाई बारबार नमस्कार गर्दछौं। भक्तहरूलाई ऐश्वर्य प्रदान गर्नुहुने श्रीगणेश प्रभुलाई बारबार नमस्कार गर्दछौं ।।४७।। भक्तिभाव नभएका दुर्जनहरूको ऐश्वर्यध्वंस गर्नुहुने हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं। भक्तहरूको सङ्कटमोचन गर्नुहुने र तिनलाई संसारसागरबाट तार्नुहुने हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं । आफ्ना भक्तहरूलाई बन्धनबाट मुक्त बनाउनुहुने हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं अथवा प्रेमको डोरीले आफ्ना भक्तहरूलाई बाँध्नु हुने हे भगवन् ! हजुरलाई बारबार नमस्कार गर्दछौं । आफूलाई अनेक रूपमा विभक्त गरी प्रकाशमान हुनुहुने हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं ।।४८।। हामी देवताहरूलाई तत्त्वबोध गराएर भक्तहरूको मङ्गल गर्नुहुने हे श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं। तत्त्ववेत्ताहरूमा उत्तम तत्त्ववेत्ता हे श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं । सम्पूर्ण कर्मफलका साक्षी भगवान् श्रीगणेशलाई बारबार नमस्कार गर्दछौं । गुणहरूका नायक श्रीगणेश प्रभुलाई हामी बारबार नमस्कार गर्दछौं ।।४९।।

ब्रह्माजीले भन्नुभयो - यसरी देवताहरूबाट प्रार्थना गरिएका गजानन परमेश्वरले परम प्रसन्न भएर देवताहरूलाई हर्षित गराउँदै भन्नुभयो ।।५०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेश उवाच

स्तोत्रेण तपसा चैव सुराः सन्तुष्टिमागतः ।
ददामि सकलाभीष्टं तद् वृणुध्वं सुरेश्वराः ।।५१।।

श्रीगणेशले भन्नुभयो – हे देवगण ! तपाइँहरूको तप र स्तुतिबाट म सन्तुष्ट छु । म तपाइँहरूले कामना गरेका वर प्रदान गर्दछु । तपाइँहरू आफ्ना कामनाहरू निर्धक्कसँग बताउनुहोस् र मबाट वरदान लिनुहोस् ।।५१।।

देवा ऊचुः

यदि तुष्टोऽसि देवेश ! त्रिपुरञ्जहि दानवम् ।
सर्वेषामधिकारान् नो गृहीत्वा यस्तु तिष्ठति ।।५२।।

त्वयैवास्याऽभयं दत्तं सर्वामरसमूहतः ।
अतः स्मः सङ्कटं प्राप्ताः सङ्कटान् मोचयाऽऽशु नः ।।५३।।

त्वामेव शरणं प्राप्ता एष एव वरो हि नः ।

देवताहरूले भने– हे देवेश! हजुर यदि प्रसन्न र सन्तुष्ट हुनुहुन्छ भने त्रिपुरासुर दैत्यको वध गर्नुहोस् । त्यो त्रिपुरासुर हाम्रा सबै अधिकारमा कब्जा जमाएर रहेको छ ।।५२।। हजुरले नै त्यस दानवलाई देवताहरूबाट डर नहुने वरदान दिनुभएको छ । त्यस कारण हामी सङ्कटग्रस्त भएका छौं । हजुरले हामीलाई सङ्कटमुक्त तुल्याउनुहोस् ।।५३।। हामी हजुरको शरणमा आएका छौं । यो नै हामीले चाहेको वर हो।

गणेश उवाच

वारयिष्ये भयं सर्वं तस्माद् घोरतराद् हि वः ।।५४।।

भवत्कृतमिदं स्तोत्रमतिप्रीतिकरं मम ।
सङ्कष्टनाशनमिति विख्यातञ्च भविष्यति ।।५५।।

पठतां शृण्वताञ्चैव सर्वकामप्रदं नृणाम् ।
त्रिसन्ध्यं यः पठेदेतत् सङ्कष्टं नाप्नुयात् क्वचित् ।।५६।।

श्रीगणेशले भन्नुभयो – त्यस घोर दानवका कारण स्वर्गलोकमा उत्पन्न भएको भय र सङ्कटबाट म तपाइँहरूलाई छुट्कारा दिलाउने छु । तपाइँहरूले गर्नुभएको यो स्तुति मलाई अत्यन्त राम्रो लागेको छ। यो स्तोत्र सङ्कष्टनाशन स्तोत्रका रूपमा संसारमा विख्यात हुनेछ । यसलाई पाठ गर्ने र श्रवण गर्ने मानिसहरूका सबै कामना परिपूर्ण हुनेछन् । जसले प्रातः सन्ध्या, मध्याह्न सन्ध्या र सायँ सन्ध्यामा यस स्तोत्रको पाठ गर्नेछ, त्यसले कहिले पनि सङ्कटको सामना गर्नुपर्ने छैन ।।५४–५६।।

ब्रह्मोवाच

इति दत्त्वा वरं तेषां सुराणां जगदीश्वरः ।
पश्यतां मुनिदेवानां तत्रैवाऽन्तर्दधे विभुः ।।५७।।

ब्रह्माजीले भन्नुभयो – जगदीश्वर, सर्वव्यापक भगवान् श्रीगणेश ती देवताहरूलाई यसरी वर दिएर त्यहीं नै अन्तर्धान हुनुभयो ।।५७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे स्तोत्रनिरूपणं नाम चत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'त्रिपुरासुरबाट पीडित देवताहरूद्वारा श्रीगणेशको आराधना र स्तुति' शीर्षकान्वित चालीसौं अध्याय पूर्ण भयो ।।४०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकचत्वारिंशोऽध्यायः { ४१ अध्याय }

व्यास उवाच

वरदेन गणेशेन प्रभुणा सर्वकारिणा ।
किं कृतं तन्ममाचक्ष्व पृच्छते चतुरानन ।।१।।

व्यासले भन्नुभयो -हे भगवन् ! सबै कार्यका कारण, वरदायक श्रीगणेशप्रभुले त्यसपछि के गर्नुभयो ? म त्यो सुन्न चाहन्छु आज्ञा गर्नुहोस् ।।१।।

ब्रह्मोवाच

ततो गजाननो विप्ररूपेण त्रिपुरं ययौ ।
महार्हासनसंविष्टं ददर्श द्विजसत्तमः ।।२।।

स उत्थाय नमस्कृत्य स्वासने चोपवेशयत् ।
सम्पूज्य परिपप्रच्छ कुत आगम्यते द्विज ।।३।।

का विद्या किञ्च ते नाम पृच्छते ब्रूहि मे द्विज ! ।
प्रयोजनञ्च किं तेऽस्ति शक्तिश्चेत् करवामहे ।।४।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि भगवान् श्रीगणेश ब्राह्मणको रूप लिएर त्रिपुरासुरको समीपमा जानुभयो र बहुमूल्य सिंहासनमा आसीन त्रिपुरासुरलाई देख्नुभयो ।।२।। घरमा आएका ब्राह्मणलाई देखेर त्रिपुरासुरले उठी नमस्कार गऱ्यो र आफ्नो आसनमा विराजमान गरायो । उहाँको पूजा गरेपछि त्यसले सोध्यो - हे ब्राह्मण ! तपाइँ कहाँबाट आउनुभयो ? तपाइँले कुन विद्याको अध्ययन गर्नुभएको छ ? तपाइँको के नाम हो? तपाइँ आउनुको प्रयोजन के हो ? मलाई बताउनुहोस्। मेरो शक्तिले भेटेसम्म म तपाइँको काम पूरा गर्नेछु ।।३-४।।

द्विज उवाच

सायङ्गृहा वयं दैत्य सर्वज्ञाः सर्ववेदिनः ।
इच्छाविहारा लोकानां भ्रमामो हितकाम्यया ।।५।।

कलाधरेत्येव नाम्ना विख्याता भुवनत्रये ।
द्रष्टुकामा वैभवं ते सम्प्राप्ता भवनं तव ।।६।।

अखिलाः सम्पदस्ते तु दृष्ट्वा तृप्ताः स्म साम्प्रतम् ।
न कैलासे न वैकुण्ठे ब्रह्मलोकेऽपि नेदृशी ।।७।।

पदे शाक्रे न वै सम्पद् यादृशी दृश्यते तव ।

कलाधररूप श्रीगणेशले भन्नुभयो - हे दैत्यराज ! कहाँबाट आएँ भनेर कसरी बताऊँ ? हामीजस्ता ब्राह्मणहरूका घरको ठेगान नै हुँदैन । हिंड्दाहिंड्दै जहाँ साँझ पर्दछ त्यो ठाउँ नै हाम्रो घर हो। विद्याको कुरा गर्नुहुन्छ भने हामीले सबै शास्त्र र लोक-व्यवहार जानेका छौं । आफ्नो इच्छाले जहाँसुकै भ्रमण गर्दछौं र प्राणीहरूको हित गर्ने उद्देश्यले हामी इच्छाविहार गर्दछौं ।।५।। लोकमा हामी कलाधर नामबाट प्रसिद्ध छौं, तपाइँका पुरहरूको वैभवदर्शन गर्ने इच्छाले हामी यहाँ आएका छौं ।।६।। तपाइँको समुन्नत वैभव देखेर अहिले हामी तृप्त भएका छौं । तपाइँको जस्तो सम्पत्ति देखिरहेका छौं, त्यो सम्पत्ति कैलास, ब्रह्मलोक, वैकुण्ठ र इन्द्रलोकमा पनि देख्न पाइँदैन।

दैत्य उवाच

नाममात्रं कलाधारः किं वा जानासि तां द्विज ।।८।।

सम्पदः सर्वलोकेषु याभ्य एतां प्रशंससि ।
जानासि चेद् दर्शय मे तासां मध्ये महोत्कटाम् ।।९।।

दृष्ट्वा दास्ये वाञ्छितं ते प्रियान् प्राणानपि द्विज ।
न स्मरे परिहासेऽपि वितथं भाषितं मुने ।।१०।।

त्रिपुरासुरले भन्यो - तपाइँको नाममात्र कलाधर हो कि ? तपाइँ कलाहरू पनि केही जान्नुहुन्छ ? ।।७-८।। सारा संसारका विशिष्ट सम्पत्तिभन्दा त्रिपुरमा रहेको सम्पत्ति विशेष छ भनी तपाइँले प्रशंसा गर्नुभएको छ । तपाइँलाई थाहा भएर भन्नुभएको छ भने मेरो कुन चाहिँ सम्पत्ति विशेष छ ? र अन्यत्र दुर्लभ छ ? त्यो बताउनुहोस् ।।९।। मलाई मेरो विशिष्ट सम्पत्तिको दर्शन गराउनुभएपछि मैले पनि तपाइँले चाहेको विषय प्रदान गर्नेछु । हे ब्राह्मण ! म तपाइँजस्ता सुपात्रलाई प्यारो प्राण पनि दिनसक्छु । परिहास गर्दा पनि आफूले असत्य बोलेको कुरा मलाई संझना छैन ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलाधर उवाच

परेषां सम्पदं दृष्ट्वा किं स्यात् तव सुरद्विषः ।
विनयात् ते प्रसन्नोऽहं कलया ते ददामि वै ।।११।।

काञ्चनं राजतं लौहं त्रिपुरं शरसंस्थितम् ।
रम तत्र स्थिरो दैत्य ! चिरकालं यथासुखम् ।।१२।।

अभेद्यं देवगन्धर्वैर्मानुषैरुरगैरपि ।
कल्पितार्थप्रदं तत् ते कामगं कामदं शुभम् ।।१३।।

यदैवैकेन बाणेन कस्मिँश्चित् कालपर्यये ।
भेत्स्यते तद् हरो दैत्य ! तदा नाशमुपैष्यति ।।१४।।

ब्रह्मोवाच

इत्युक्त्वा धनुरादाय संस्तभ्य शरमन्तरा ।
पुरत्रयं निर्ममेऽसौ भुवनत्रयसन्निभम् ।।१५।।

विचित्रैर्भवनै रम्यैर्दीर्घिकारामसंयुतैः ।
नानापक्षिगणैर्जुष्टं सर्वकामप्रदं खगम् ।।१६।।

मायया मोहितो दैत्यस्तत्रस्थो जहृषे भृशम् ।
जगर्ज घनवद् दैत्यो लोकत्रयविकम्पनः ।।१७।।

न मत्तः श्रेष्ठ इत्येवं गर्वदर्पसमन्वितः ।
त्रैलोक्यं क्षोभयामास ब्राह्मणं तमथाब्रवीत् ।।१८।।

याचस्व दुर्लभतरं तत् ते दास्ये द्विजोत्तम ।
इत्युक्त्वा स द्विजः प्राह तं दैत्यं निस्पृहोऽपि सन् ।।१९।।

द्विज उवाच

अहं कैलासमगमं दृष्टवान् मूर्तिमुत्तमाम् ।
शिवेन पूजितां सम्यग् गाणेशीं चिन्तितार्थदाम्।।२०।।

तामानय त्वं मे देहि शक्तिर्यद्यसुरेश्वर ।
नैतादृशी मया मूर्तिस्त्रैलोक्यञ्चरतेक्षिता ।।२१।।

कलाधररूप श्रीगणेशले भन्नुभयो - हे दैत्यराज ! अरूको सम्पत्ति देखेर के लाभ छ ? तपाइँको नम्रताबाट म प्रसन्न भएको छु । म तपाइँको त्यो त्रिपुर जुन फलाम, चाँदी र सुनबाट बनेका तीनपुरहरूको संयुक्त रूप हो, त्यसलाई मेरो कलाबाट एउटै बाणमा अड्याएर खडा गरिदिन्छु । तपाइँ त्यसमा स्थिर भएर चिरकालसम्म सुखपूर्वक रमाउनुहोस् । तपाइँको यस त्रिपुरलाई देवता, गन्धर्व, मानिस, सर्प कसैले पनि भेदन गर्न सक्ने छैनन्। तपाइँले चिताएको जुनसुकै सुख पनि यसले प्रदान गर्नेछ । स्वेच्छानुसार यसलाई तपाइँले जहाँ लिएर जान पनि सक्नु हुनेछ । यसले तपाइँका जस्तासुकै कामना पनि पूर्ण तुल्याउने छ ।।११-१३।। जुनबेला भगवान् शङ्करले यस त्रिपुरलाई एउटै बाणले भेदन गर्नुहुनेछ त्यस बेलामात्र यसको विनाश हुनेछ ।।१४।।

ब्रह्माजीले भन्नुभयो- कलाधर द्विजले यति कुरा गरेपछि हातमा धनु लिएर त्यसमा बाणको सन्धान गरी प्रहार गर्दा जोडिएका तीनपुरहरूको एउटा रूप त्रिपुर बन्यो । त्यो त्रिपुर स्वर्ग, मर्त्य र पाताललसमान विशाल र आकर्षक देखियो ।।१५।। त्यो त्रिपुर विचित्र भवनहरूको उपस्थितिका कारण रमणीय थियो । तलाउ र बगैंचाले घेरिएका भवनले शोभायमान थियो। अनेक थरि सुन्दर पक्षी त्यहाँ आनन्दले कलरव गरिरहेका थिए। सबै प्रकारका कामना परिपूर्ण तुल्याउने त्यो त्रिपुर आकाशगामी विमानसमान आकाशमा नै अडिएको थियो ।।१६।। कलाधरको मायाद्वारा सम्मोहित त्रिपुरासुर त्यसमा विराजमान भएर अत्यन्त हर्षित भयो । खुसियालीमा त्यसले बादलले झैं तीनै लोक कँपाउँदै गर्जन गऱ्यो । यो ब्रह्माण्डमा मभन्दा ठूलो अरू कुनै छैन भन्ने गर्व र दर्पले परिपूर्ण त्रिपुरासुरले आफ्नो गर्जनबाट त्रिलोकीलाई क्षुब्ध तुल्यायो । त्यसपछि ती ब्राह्मणलाई भन्यो - हे ब्राह्मण देव ! तपाइँले दुर्लभ कुरा माग्नुहोस्, म दिन तयार छु। ब्राह्मण स्वभावतः निस्पृह थिए तापनि तिनले भने ।।१७-१९।।

ब्राह्मणले भने - म घुम्दै कैलासमा पुगेको थिएँ, त्यहाँ शिवजीद्वारा पूजित र मनले चिताएको पुऱ्याउने भगवान् श्रीगणेशको चिन्तामणि नामक प्रतिमा देखें ।।२०।। हे असुरराज! यदि तपाइँसँग शक्ति छ भने त्यो प्रतिमा ल्याएर मलाई दिनुहोस्। त्यस्तो सुन्दर मूर्ति मैले त्रिलोकीमा भ्रमण गर्दा कहीं पनि देखेको छैन ।।२१।। हे दैत्यराज ! त्यस कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतो मम मनस्तस्यामासक्तं दैत्यसत्तम ! ।
तां प्राप्य कृतकृत्योऽहं भविष्याम्यसुरेश्वर ।।२२।।

कीर्तिं ते प्रथयिष्यामि त्रैलोक्ये सचराचरे ।
न दाता त्रिपुराच्छ्रेष्ठो वाञ्छितं यः प्रयच्छति ।।२३।।

दैत्य उवाच

शङ्करं किङ्करं मन्ये गणये न च देवताः ।
आनयित्वा प्रदास्यामि तां मूर्तिं द्विजपुङ्गव ।।२४।।

ब्रह्मोवाच

इत्युक्त्वा पूजयामास तं कलाधरमादरात् ।
ददौ तस्मै दशग्रामान् गोवस्त्रभूषणानि च ।।२५।।

मुक्ताफलानि भूरीणि महार्हाणीतराणि च ।
रत्नानि च प्रबालानि राङ्कवास्तरणानि च ।।२६।।

दासीदासशतं नानाभूषायुक्तं ददेऽसुरः ।
सदश्वान् सवरूथाँश्च स्वर्णाक्षान् राजतान् रथान् ।।२७।।

प्रगृह्यैतद् बलाद् दत्तं प्रययौ स कलाधरः ।
स्वाश्रमं हर्षयन् पत्नीं सर्वानाश्रमवासिनः ।।२८।।

ब्रह्मोवाच

एवञ्च सर्ववृत्तान्तं नारदोऽकथयत् सुरान् ।
तेऽपि कालं प्रतीक्षन्तो दिवसानतिचक्रमुः ।।२९।।

मेरो मन त्यो मूर्तिमा अत्यन्त आसक्त भएको छ। त्यो मूर्ति पाउन सकें भने म कृतकृत्य हुनेछु ।।२२।। मैले तपाइँको कीर्ति त्रिलोकीमा फैलाउने छु र मैले दुनियाँका सामु भन्नेछु– यस संसारमा त्रिपुरासुरभन्दा ठूलो दाता अरू कुनै पनि छैन किनकि उनले चिताएका सबै कुरा प्रदान गर्दछन्।।२३।।

त्रिपुरासुरले भन्यो – हे ब्राह्मणश्रेष्ठ ! मैले शङ्करलाई किङ्कर (सेवक) समान मानेको छु । अरू देवतालाई त भुसुना बराबर पनि गन्दिनँ । तपाइँले भनेको मूर्ति अवश्य ल्याउने छु र तपाइँलाई प्रदान गर्नेछु ।।२४।।

ब्रह्माजीले भन्नुभयो – यस्त कुरा गरेपछि त्यस दैत्यले कलाधर ब्राह्मणका रूपमा रहनुभएका श्रीगणेशको आदरपूर्वक पूजा गऱ्यो । त्यसले उहाँलाई दश गाउँ, गाई, वस्त्र, गहना, मोती, रत्न, मूँगा, कम्बल, सुन्दर वस्त्र र अलङ्कारहरूका साथै दास-दासी, काठीले सजिएका राम्रा घोडा, स्वर्णमुद्रा, रौप्यमुद्रा र अरू धेरै कुरासमेत प्रदान गऱ्यो । कलाधर पनि दैत्यले दिएका वस्तुहरू ग्रहण गरी प्रस्थान गरे । ती आफ्नो आश्रममा पुगेपछि तिनको आगमनबाट उनकी पत्नी र सबै आश्रमवासी जनसमेत प्रसन्न भए ।।२५-२८।।

ब्रह्माजीले भन्नुभयो – देवर्षि नारदजीले माथि भएका सबै कुरा देवताहरूलाई बताए । देवताहरू पनि उचित समयको प्रतीक्षा गर्दै आफ्ना दिन बिताइरहेका थिए ।।२९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चिन्तामणिप्रतिमामहिमवर्णनं नामैकचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'ब्राह्मणरूप श्रीगणेशद्वारा त्रिपुरासुरलाई तीन पुर प्रदान र चिन्तामणि प्रतिमाको प्रशंसा' शीर्षकान्वित एकचालीसौं अध्याय पूर्ण भयो ।।४१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विचत्वारिंशोऽध्यायः　　{ ४२ अध्याय }

व्यास उवाच

कृतवान् किमु दैत्यः स गते तस्मिन् कलाधरे ।
कथमानीय दत्ताऽस्मै मूर्तिश्चिन्तामणेः शुभा ।।१।।

एतत् कथय मे सर्वं विस्तार्य चतुरानन ! ।
लीला गजाननीः श्रृण्वन् न तृप्यामि समासतः ।।२।।

ब्रह्मोवाच

तस्मिन् गते यदकरोत् स दैत्यो मुनिसत्तम !
तत् सर्वं कथयिष्यामि श्रृणुष्वावहितो मुने ।।३।।

दूतौ सम्प्रेषयामास मन्दराद्रिस्थितं शिवम् ।
अशिक्षयच्छिवं गत्वा ब्रूतं मद्वाक्यमादरात् ।।४।।

मूर्तिश्चिन्तामणेस्तेऽस्ति गृहे सर्वार्थदा शुभा ।
देहि तां दैत्यराजाय साम्नैव गिरिजापते ।।५।।

पाताले स्वर्गलोके वा मर्त्ये वा पुनरद्भुतम् ।
तत् सर्वं तेन दैत्येन ह्यानीतं स्वगृहे बलात् ।।६।।

शीघ्रमानीयतां देव ! यावो दैत्यं महाबलम् ।
न दास्यसे यदा साम्ना तदा दैत्यः पराक्रमी ।।७।।

ग्रहीष्यति बलात् तान्तु ततो दुःखमवाप्स्यसि ।
इति दैत्यवचः श्रुत्वा जग्मतुस्तौ शिवं प्रति ।।८।।

आहतुस्तौ महादेवं दैत्यराजेन शिक्षितम् ।
इत्थं दूतवचः श्रुत्वा त्रिनेत्रः क्रोधमूर्च्छितः ।।९।।

उवाच दूतौ दूतौ वामिति कृत्वा क्षमे वचः ।
कामस्येव भवेद् भस्म नो चेद् वां नात्र संशयः ।।१०।।

किं कार्यं तेन दैत्येन तृणीभूतेन मे विभोः ।
आयातु युद्धमेवास्तु मर्तुकामो ममान्तिकम् ।।११।।

नेयं मूर्तिस्तेन शक्या प्राप्तुं जन्मशतैरपि ।
प्रलयाग्निः पतङ्गेन किं शान्तिमधिगच्छति ।।१२।।

व्यासले भन्नुभयो - कलाधर बिदा भई फर्केपछि त्रिपुरासुरले के गर्‍यो? फेरि कसरी र कहिले त्यसले कैलासबाट श्रीगणेशमूर्ति ल्याएर कलाधरलाई प्रदान गर्‍यो ? ।।१।। हे भगवन्! यी सबै कुराको बारेमा विस्तारपूर्वक प्रकाश पार्नुहोस्। गजानन भगवान्का लीला सुनेर मेरो मन कहिले पनि तृप्त हुँदैन ।।२।।

ब्रह्माजीले भन्नुभयो - हे मुनिवर ! कलाधर प्रस्थान गरेपछि त्रिपुरासुरले जे गर्‍यो, ती सबै कुरा म बताउनेछु, ध्यान दिएर सुन्नुहोस् ।।३।। त्रिपुरासुरले दुई दूतहरू बोलाई तिमीहरू दुबै सदाशिवजी बस्नुभएको धाम मन्दराचलमा गएर उहाँलाई आफ्नो सन्देश सुनाउन भनी मन्दराचलतर्फ पठायो। तिनीहरूलाई जाने बेलामा आज्ञा दियो, तिमीहरूले शिवजीका सामु मेरा वचन आदरपूर्वक सुनाओ – 'हे शिवजी ! तपाइँको कैलासमा भगवान् श्रीगणेशको चिन्तामणि नामक सबै कामना पूरा गर्ने प्रतिमा रहेको छ त्यो दैत्यराज त्रिपुरासुरलाई दिनुहोस्। म अहिले तपाइँसँग मीठा वचनले माग्दैछु ।।४-५।। मैले पाताल, स्वर्ग र मर्त्यमा रहेका राम्रा र अद्‌भुत पदार्थलाई सङ्कलन गरेको छु । अहिले यी दूतहरूको हातमा त्यो मूर्ति पठाइदिनुहोस्। यदि तपाइँले दिनुहुन्न भने म जवर्जस्ती थुतेर पनि ल्याउनेछु । त्यसो गर्दा तपाइँलाई दुःख लाग्न सक्छ । त्यो स्थिति नआओस्।' ती दूतहरूले दैत्यराज त्रिपुरले दिएको सन्देश मन्दराचलमा गएर शिवजीलाई सुनाए । दैत्यराजको यो सन्देश सुनेर भगवान् त्रिनयन शङ्कर अत्यन्त रिसाउनुभयो ।।६-९।। उहाँले ती दूतहरूलाई भन्नुभयो – तिमीहरू दूत भएका कारण मैले क्षमा गरेको छु । अन्यथा तिमीहरूका शरीरको स्वरूप कामदेवको जस्तै खरानी हुने थियो । यसमा सन्देह छैन ।।१०।। मेरा लागि त्यो तिम्रो त्रिपुरासुर तृणसमान तुच्छ प्राणी हो। त्यससँग मैले केही लिनु-दिनु छैन। त्यो मर्न चाहने दैत्यले युद्ध गर्न चाहन्छ भने मेरा सामु आउनुपर्छ।।११।। त्यसले श्रीगणेशको चिन्तामणि मूर्ति सय जन्ममा पनि पाउन सक्दैन। सानो पतङ्गको प्रयासबाट के प्रलयको आगो निभ्न सक्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरोः पातो मूषकेन शक्यः कर्तुं किमोजसा ।
असङ्ख्यजलनिष्कासाच्छुष्कः स्यात् किं महोदधिः ।।१३।।

ब्रह्मोवाच

श्रुत्वा तु शाङ्करीं वाणीं दैत्यौ यातौ यथागतम् ।
अब्रूतां स्वामिनं वाक्यं शम्भुना यदुदीरितम् ।।१४।।

तदाकर्ण्य प्रजज्वाल दैत्यो वाक्यार्थकोविदः ।
क्रोधानलेन दीप्तोऽसौ त्रैलोक्यं प्रदहन्निव ।।१५।।

आज्ञापयच्च युद्धाय स्वसेनां चतुरङ्गिणीम् ।
निर्गता सहसा सेना मन्दराचलसम्मुखा ।।१६।।

भूतलं छादयामास निर्मर्यादो यथाम्बुधिः ।
अनेकसूर्यसङ्काशा विकोशैः शस्त्रसञ्चयैः ।।१७।।

गर्जन्ती घनवद् घोरं मृत्योर्मानसकम्पिनी ।
दैत्यस्त्रिपुरमारुह्य विमानसदृशं महत् ।।१८।।

मनोवेगं ततः पश्चाज्जिघांसुः शम्भुमाययौ ।
बृहन्मणिमयं चारुकवचं कुण्डलेऽङ्गदे ।।१९।।

मुक्तामालां मुद्रिकाश्च कटिसूत्रञ्च काञ्चनम् ।
मुकुटं रत्नखचितं महार्घं बिभ्रदुल्लसत् ।।२०।।

यस्य शब्देन महता चकम्पे हरमानसम् ।
तद्धनुः सनिषङ्गञ्च कौर्मं खेटमसिं दृढम् ।।२१।।

शुशुभे शक्तिका दिव्याऽवहद् यां दैत्यपुङ्गवः ।
गायमाना नर्तमाना गन्धर्वाप्सरसां गणाः ।।२२।।

वन्दिनश्चारणाश्चापि ययुरस्याग्रतो मुदा ।
शङ्करो दूतवाक्येन श्रुत्वा दैत्यं समागतम् ।।२३।।

असङ्ख्यबलसंयुक्तं युयुत्सुं कालकर्षितम् ।
शूलपाणिरपि तदा सम्पूज्य द्विरदाननम् ।।२४।।

प्रणम्य तं परिक्रम्य पुरस्कृत्य बलं बलात् ।
आययौ क्रोधदीप्ताक्षः स्वस्थलाद् रणमण्डलम् ।।२५।।

ते वीरा वीरशब्देन नादयन्तो दिशो दश ।
अभिजग्मुः प्रहरणैः परस्परवधेप्सवः ।।२६।।

के मूसाले बल देखाएर सुमेरु पर्वतलाई भत्काउन अथवा खसाउन सक्छ ? र के असङ्ख्य पानी निकाल्नाले महासागर सुक्न सक्छ ? ।।१२-१३।।

ब्रह्माजीले भन्नुभयो - शङ्कर भगवान्‌को वाणी सुनेपछि ती दुबै दैत्य जहाँबाट आएका थिए त्यतै फर्के । त्यहाँ गएर आफ्ना स्वामी त्रिपुरासुरसमक्ष शिवजीले भन्नुभएका कुरा जस्ताको तस्तै सुनाए ।।१४।। दूतहरूबाट शङ्करको सन्देश सुनेर शब्दार्थविद्यामा कुशल दैत्यराज त्रिपुरासुर रीसले दन्किएर जाज्वल्यमान हुँदा क्रोधाग्निको ज्वालाबाट तीन लोकलाई नै डढाउन खोजिरहेझैं देखियो ।।१५।। त्यसपछि त्यसले आफ्नो चतुरङ्गिणी सेनालाई शिवजीसँग युद्ध गर्न आदेश दियो । आज्ञा पाएको लगत्तै त्रिपुरासुरको सेना मन्दराचलतर्फ प्रस्थान गऱ्यो ।।१६।। प्रलयकालमा मर्यादा उल्लङ्घन गर्ने महासागरझैं त्यो दैत्य सेनाले पनि पृथिवीतललाई ढाक्यो । म्यानबाट झिकेका चम्किला तलवार धारण गर्ने दैत्य सैनिकहरू सूर्यसमान चम्किला देखिए ।।१७।। मेघझैं घोर गर्जन गर्ने दैत्य सेनाले मृत्युलाई कम्पायमान गराएझैं भान हुन्थ्यो । सेनाका पछि-पछि त्रिपुर दैत्य पनि मनजस्तै तीव्र वेग भएको त्रिपुरमा सवार भई शिवजीलाई मार्ने उद्देश्यले अगाडि बढ्यो । महिमामय मणिद्वारा अलङ्कृत सुन्दरकवच, कुण्डल, गदा, मोतीको हार, मुद्रिका, सुनको कन्धनी एवं रत्नजडित मुकुट धारण गर्ने र अत्यन्त भयङ्कर नादबाट शिवजीको मनसमेत तर्साउने दैत्यराज त्रिपुरले ठोक्रोसहित धनु एवं तलबार, कछुवाको पिठ्यूँबाट बनेको ढाल र शक्तिनामक अस्त्रलाई समेत धारण गरेको थियो। गाइरहेका गन्धर्व, नाचिरहेका अप्सराका गण र स्तुति गरिरहेका बन्दीजन दैत्यराजका अगाडि पङ्क्तिबद्ध भएर हिंडिरहेका थिए। असङ्ख्य सेनासम्पन्न, युद्धपिपासु र कालद्वारा तानेर युद्धको मैदानमा ल्याइएको त्रिपुरासुरलाई मैदानमा आएको देखेर भगवान् शूलपाणि स्वयं संहारका देवता हुनुभएता पनि उहाँले सर्वप्रथम भगवान् श्रीगणेशको पूजा, प्रणाम र परिक्रमा गरेर आफ्नो सेनालाई अगाडि लगाई क्रोधले आँखालाई ज्वालामय तुल्याउँदै आफ्नो आसनबाट उठेर रणस्थलमा आइपुग्नुभयो ।।१८-२५।। दुबै पक्षका वीरहरू वीरघोषले दसै दिशालाई शब्दायमान तुल्याउँदै हातमा शस्त्र-अस्त्र लिएर एकले अर्कालाई मार्ने हिसाबले युद्धको मैदानमा अगाडि बढे ।।२६।। दुबै पक्षका सेना एक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभूतां मीलिते सेने रजस्तिमिरसङ्कुले ।
स्वपरज्ञानरहिते जघ्नतू रणमूर्द्धनि ।।२७।।

अभवत् तुमुलं युद्धं न प्राज्ञायत किञ्चन ।
गजाश्वरथवीराणां हतानां शोणितोक्षिते ।।२८।।

शान्ते रजस्ययुद्धयन्त वीरा वीरैः पृथक् पृथक् ।
केचित् प्रासैः केऽपि खड्गैः केचिद् बाणैः शिलाशितैः ।।२९।।

ऋष्टिभिर्मुष्टिभिः केचित् केचित् परशुतोमरैः ।
हतानां तत्र वीराणां हयानाञ्च पदातिनाम् ।।३०।।

असृङ्नदी समभवत् केशशैवलवाहिनी ।
खेटकूर्मा खड्गमत्स्या शिरःकमलभूषणा ।।३१।।

छत्रावर्त्ता घोरतरा कबन्धवृक्षवाहिनी ।
वीरसन्तोषजननी गृध्रगोमायुहर्षकृत् ।।३२।।

दृष्ट्वा नदीं तु गिरिशो ययौ दैत्यान्तिकं बली ।
दैत्योऽपि त्रिपुरारूढो ययौ तस्य पुरः पुरः ।।३३।।

नायकौ सङ्गतौ दृष्ट्वा द्वन्द्वशोऽन्ये परस्परम् ।
अव्याकुलं युयुधिरे दैतेयाः शाम्भवास्तदा ।।३४।।

नानाप्रहरणैर्दिव्यैः शस्त्रैरस्त्रैर्द्रुमैरपि ।
तेषां युद्धानि नामानि कथयिष्ये समासतः ।।३५।।

अर्काका सामुन्ने भएर युद्धको जोशमा मैदानमा एकाकार भएका देखिए । त्यस बेला मैदानबाट उडेको धूलोले आकाश ढाकिंदा सैनिकहरूका आँखाका सामु अन्धकार छायो। कुन आफ्नो पक्षको वीर हो र कुन शत्रु पक्षको वीर हो भन्ने समेत चिन्न नसकिने परिस्थिति भएता पनि ती सेनाहरू युद्धभूमिमा जोशका साथ युद्ध गरिरहेका थिए । यस्तो डरलाग्दो युद्ध भयो कि संसारै ढाकियो । कतै केही देख्न सकिएन । हात्ती, घोडा र रथमा रहेका, रणमा घाइते हुने र दिवङ्गत हुने वीरहरूको रगतमा मुछिएको रणभूमिको धूलो र माटोमा वीरहरू एक-आपसमा घमासान युद्ध गरिरहेका थिए ।।२७-२८।। केही प्रास(भाला)द्वारा, केही बाणद्वारा, केही धारिला चुच्चा भएका ढुङ्गाको प्रहारद्वारा, केही कृपाणद्वारा, केही मुड्कीद्वारा, केही बञ्चरोद्वारा, केही मुग्रोद्वारा प्रहार गर्दै त्यहाँ युद्ध गरिरहेका थिए । युद्धको मैदानमा मरेका र घाइते भएका योद्धा वीरहरूका साथै घोडा, हात्ती र पैदल सेनामा रहेका सबै वाहन र वीरहरूको रगतको नदी बग्यो । त्यस रगतको नदीमा कपालका रौंहरू सेवारझैं, ढालहरू कछुवाझैं, तलवारहरू माछाझैं, टाउकाहरू कमलझैं, छाताहरू भुँमरीझैं र मानिसका शरीरहरू रूख-बिरुवाझैं बगिरहेका थिए। वीरहरूलाई सन्तोष प्रदान गर्ने, गिद्ध र स्याललाई खुसी तुल्याउने रगतको नदी बगेको देखेर भगवान् शङ्कर त्रिपुरासुरको नजिकमा जानुभयो । त्रिपुरमा आरूढ भएको त्यो त्रिपुरासुर पनि भगवान् शङ्करका सामुमा आयो ।।२९-३३।। दुबै युद्धका नेता त्रिपुर र शिवजीलाई एक ठाउँमा उभिएको देखेर दुबै पक्षका वीरहरू परस्पर निर्भय भई मल्लयुद्धका साथै शस्त्रप्रहार, दिव्यास्त्रप्रहार र वृक्षप्रहार समेत गरी युद्ध गरिरहेका थिए । त्यहाँ युद्ध गर्ने प्रमुख वीरहरूका नाम र युद्धका नामसमेत सङ्क्षेपमा पछि बताउनेछु ।।३४-३५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे युद्धवर्णनं नाम द्विचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'शङ्कर र त्रिपुरासुरको युद्धवर्णन' शीर्षकान्वित बयालीसौं अध्याय पूर्ण भयो ।।४२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिचत्वारिंशोऽध्यायः { ४३ अध्याय }

ब्रह्मोवाच

अयुध्येतां द्वन्दशोऽथ गिरिशासुरनायकौ ।
षण्मुखेन प्रचण्डश्च नन्दिना चण्ड एव च ।।१।।
युयुधे पुष्पदन्तोऽपि भीमकायेन वीर्यवान् ।
भ्रुशुण्डी कालकूटेन विषवत् प्राणहारिणा ।।२।।
अयुध्येतां वीरभद्रवज्रदंष्ट्रौ महाबलौ ।
इन्द्रोऽपि युयुधे तत्र दैत्यामात्येन वीर्यवान् ।।३।।
दैत्यपुत्रेण बलिना जयन्तो युद्धदुर्मदः ।
काव्येन युयुधे तत्र सुराचार्योऽस्त्रवित्तमः ।।४।।
देवानाञ्चैव दैत्यानामेवं द्वन्द्वान्यनेकशः ।
वर्णितुं नैव शक्यानि मया वर्षशतैरपि ।।५।।
रथिनो रथिभिः सार्धं गजिनो गजिभिः सह ।
अश्वारोहाः स्वसदृशैः पदाताश्च पदातिभिः ।।६।।
युयुधुः संयुगे घोरे नानावाद्यनिनादिते ।
हेषितैर्बृंहितैः क्ष्वेडैर्नेमिनादैश्च शब्दिते ।।७।।
केचिच्च मल्लयुद्धेन युयुधुर्विविधेन तु ।
जघ्नुरङ्गानि चाङ्गेषु त्यक्त्वा शस्त्राणि संयुगे ।।८।।
ततः प्रचण्डो नवभिस्ताडयामास षण्मुखम् ।
आकर्णाकर्षनिसृतैर्दृढैर्बाणैः शिलाशितैः ।।९।।
अप्राप्तानेव ताँश्छित्त्वा शरैः सन्नतपर्वभिः ।।
कार्त्तिकेयः पञ्चभिस्तु ताडयामास सायकैः ।।१०।।
सम्मूर्च्छितोऽपतद् भूमौ प्रचण्डो भ्रान्तमानसः ।
नन्दिनाऽपि हतश्चण्डः पञ्चभिर्निशितैः शरैः ।।११।।
मूर्च्छामवाप सहसा पतितो धरणीतले ।
भीमकायः पुष्पदन्तमविध्यद् दशभिः शरैः ।।१२।।
छेदयामास समरे स्वशरैर्निशितैः स तान् ।
त्रिभिरेवाहनत् तञ्च सोऽपि भूतलमाश्रितः ।।१३।।
कालकूटं भ्रुशुण्डिस्तु पातयामास पञ्चभिः ।
शरैर्महाबलस्तत्र वीरभद्रो रुषा युतः ।।१४।।

ब्रह्माजीले भन्नुभयो - युद्धको मैदानमा त्रिपुरासुर र भगवान् शङ्कर, कार्तिकेय र प्रचण्ड, नन्दीश्वर र चण्ड परस्पर युद्ध गरिरहेका थिए ।।१।। वीर पुष्पदन्त भीमकायका साथ, भ्रुशुण्डी विष झैं प्राण हरण गर्ने कालकूटका साथ, वीरभद्र वज्रदंष्ट्रका साथ, पराक्रमी इन्द्र त्रिपुरासुरको मन्त्रीका साथ, युद्धकुशल जयन्त बलिका साथ र अस्त्रवेत्ता बृहस्पति शुक्राचार्यका साथ लडिरहेका थिए ।।२-४।। देवता र दैत्यहरूका यस्ता असङ्ख्य जोडाहरू लडिरहेका थिए जुन युद्धको समग्र परिचय सय वर्षमा पनि दिन सकिंदैन ।।५।। रथीहरू रथीहरूका साथ, हस्ती सेनाहरू हस्ती सेनाका साथ, अश्वसेना अश्वसेनाका साथ र पदसेना पदसेनाका साथ युद्धको बाजाद्वारा उत्तेजित वातावरणमा युद्ध गरिरहेका थिए। घोडाका शब्द, हात्तीका चिङ्घाड, सिंहका गर्जन र रथका पाङ्ग्राको ध्वनिले शब्दायमान त्यस युद्धमा केही मल्लयुद्ध गरिरहेका थिए भने कसैले शस्त्र बिसाएर अङ्गहरूद्वारा अङ्गमा प्रहार गर्दै युद्ध गरिरहेका थिए ।।६-८।। त्यसपछि प्रचण्डले कानसम्म तानेर प्रहार गरिएका ढुङ्गासमान कठोर तीखा नौवटा बाण कार्तिकेयमाथि प्रहार गऱ्यो । ती बाणहरूले लक्ष्यभेदन गर्न नपाउँदै स्वामी कार्तिकेयले आफ्ना पाँचवटा तीखा चुच्चा भएका बाणहरूले शत्रुका बाण काटेर प्रचण्डमाथि प्रहार गरे । बाणप्रहारबाट चक्कर खाएको प्रचण्ड बिहोश भएर भुइँमा लड्यो । त्यसपछि नन्दीले पनि पाँचवटा तीखा बाण प्रहार गरेर चण्डलाई मूर्च्छित बनाए ।।९-११।। मूर्च्छित त्यो चण्ड भुइँमा अकस्मात् लड्यो। भीमकायले दशवटा बाण प्रहार गरेर पुष्पदन्तलाई घाइते बनायो ।।१२।। भीमकायले आफ्ना तीखा बाणको प्रहारबाट शिवजीका अरू सेनालाई पनि घाइते तुल्यायो । भुइँमा आश्रय लिएका पुष्पदन्तले तीनवटा बाण प्रहार गर्दा भीमकाय घाइते भएर भुइँमा लड्यो ।।१३।। भ्रुशुण्डीले पाँचवटा बाण प्रहार गरेर कालकूटलाई घाइते बनाए । बलवान् वीरभद्रले रिसाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वज्रदँष्ट्रं ततो जघ्ने चतुर्भिर्निशितैः शरैः ।
तान् निवार्य स्वयं जघ्ने वीरभद्रं त्रिभिः शरैः ।।१५।।

तानापतत एवाशु वीरभद्रोऽच्छिनत् त्रिभिः ।
पातयामास वेगेन वज्रदँष्ट्रं त्रिभिः शरैः ।।१६।।

इन्द्रोऽपि वज्रपातेन दैत्यामात्यं न्यपातयत् ।
उद्यम्य निशितं खड्गं दैत्यपुत्रः समाययौ ।।१७।।

हन्तुकामो जयन्तं तं वीरेषु पतितेषु च ।
तं निरीक्ष्य तथा यान्तं खड्गं चिच्छेद पत्रिणा ।।१८।।

जयन्तोऽभ्यहनच्छीघ्रं दैत्यसूनुं त्रिभिः शरैः ।
तैराहतो वमन् रक्तं न्यपतन् मोहसंयुतः ।।१९।।

एवं सर्वेषु सैन्येषु प्रभग्नेषु समन्ततः ।
दृष्ट्वा पलायनपरान् दैत्यान् देवगणार्दितान् ।।२०।।

अधावन् पृष्ठतः केचित् प्रमथा जयशालिनः ।
एवं जयत्सु देवेषु स्वसैन्ये विद्रुतेऽपि च ।।२१।।

आययौ स्वयमेवेशं त्रिपुराधिष्ठितोऽसुरः ।
शस्त्रयुद्धं पुरा कृत्वा युध्येतामस्त्रतो ह्युभौ ।।२२।।

वारुणास्त्रं जहौ दैत्यो वृष्टिर्घोरतराऽभवत् ।
नीहारबहुले युद्धे न प्राज्ञायत किञ्चन ।।२३।।

क्वचिद् विद्युत्प्रकाशेन स्वपरज्ञानकारिणा ।
युद्धमासीत् तु तुमुलङ्घोररूपं दुरासदम् ।।२४।।

विलोक्य सैन्यं तत्सर्वं वृष्टिवातप्रपीडितम् ।
शिलापातभयाद् याते स्वसैन्ये तु दिशो दश ।।२५।।

वायव्यमस्त्रं गिरिशो मोचयामास सत्वरम् ।
महावातान् महामेघा विशीर्णाः खण्डशोऽम्बरे ।।२६।।

वातेन घूर्णिता सेना दैत्यानां सर्वतो दिशम् ।
जगलुः पक्षिपिच्छानि वीरोष्णीषाणि दूरतः ।।२७।।

वज्रदंष्ट्रमाथि चारवटा बाण प्रहार गरे । ती बाणहरूलाई तर्काएर वज्रदंष्ट्रले वीरभद्रलाई तीनवटा बाणले प्रहार गऱ्यो ।।१४-१५।। ती बाणहरू शरीरमा नलाग्दै तीव्रगतिमा वीरभद्रले तिनलाई आफ्ना तीनवटा बाणले काटिदिए। फेरि वीरभद्रले आफ्नो धनुबाट तीनवटा बाण प्रहार गरेर वज्रदंष्ट्रलाई भुइँमा लडाए ।।१६।। इन्द्रले जोशका साथ वज्र प्रहार गरेर त्रिपुरासुर दैत्यको मन्त्रीलाई घाइते बनाए । त्यसपछि त्रिपुरासुरको छोरा हातमा तीखो धार भएको खड्ग उठाएर इन्द्रका छोरा जयन्तलाई मार्ने उद्देश्यले आयो । शरीरमा घाउ लागेर छट्पटाइरहेका योद्धा वीरहरूको माझमा दैत्यपुत्रलाई आएको देखेर जयन्तले बाणद्वारा त्यसको तरबारलाई टुक्राटुक्रा पारिदिए ।।१७-१८।। त्यसपछि जयन्तले छिटै तीन वटा बाण प्रहार गरेर त्रिपुरासुरको छोरालाई भुइँमा लडाए । यसरी घाइते भई भुइँमा लडेको त्यो दैत्यपुत्र मुखबाट रगतका धारा बान्ता गर्दै बिहोश भयो ।।१९।। चारैतिरबाट प्रहार हुँदा दैत्य सैनिकहरू छिन्नभिन्न भएपछि घायल भएका दैत्यहरूलाई पलायन गरिरहेको देखेर विजयी देवताहरू दैत्यहरूका पछि-पछि गई तिनीहरूलाई अझ धपाउन थाले । देवताहरू विजयी हुनाले र आफ्ना सैन्यहरू पराजित हुनाले चिन्तित त्रिपुरासुर म आफै लड्छु भनेर शिवजीका सामु आयो। भगवान् शिवजी र त्रिपुरासुरले सर्वप्रथम शस्त्रयुद्ध गरे।।२०-२२।। अस्त्रयुद्धको प्रारम्भमा त्रिपुरासुरले शिवजीमाथि वारुणास्त्र प्रहार गर्दा त्यहाँ भयङ्कर वर्षा भयो । चारैतिरबाट बादलले ढाकिएको हुँदा युद्धमा के भइरहेको छ भन्ने कुरा कसैले पनि राम्ररी जान्न पाएन।।२३।। कुनै बेला आकाशमा बिजुली चम्किंदा त्यसको प्रकाशमा यो हाम्रो पक्षको वीर हो र यो शत्रुपक्षको वीर हो भन्ने थाहा पाएका दुबै पक्षका वीरहरूको घनघोर, विस्तृत र दुर्लभ युद्ध भयो।।२४।। त्यस युद्धमा आफ्ना सैनिकहरू वर्षा र आँधीले व्याकुल अवस्थामा रहनु र केही वीरहरू चट्याङ्का डरले दिशा-विदिशातिर भाग्नु जस्ता दृश्य देखेर भगवान् शिवजीले तुरुन्तै वायव्यास्त्र प्रहार गर्नुभयो। त्यसबाट ठूलो हावा-हुरी चल्यो । वारुणास्त्रले जन्माएका बादलहरू आकाशमा टुक्रा-टुक्रा भए।।२५-२६।। वायव्यास्त्रको प्रहारले पैदा भएको हावाले कम्पायमान दैत्यसेना चारैतिर भाग्न थाल्यो । दैत्ययोद्धाहरूले टाउकामा बाँधेका पगरीहरू र शिरमा शोभाका लागि धारण गरिएका मुजुरका प्वाँखहरू भुइँमा खस्न र उड्न थाले ।।२७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिताश्चूर्णिताः केचिद् रथाश्वगजपत्तयः ।
उन्मूलिता लतावृक्षाश्छादयन्ति स्म सैनिकान् ।।२८।।

पन्नगास्त्रेण तं वायुं तथा दैत्यो न्यवारयत् ।
आकर्ण धनुराकृष्य तूणाद् बाणं प्रगृह्य च ।।२९।।

मन्त्रयन्ननलास्त्रेण शिवसैन्ये न्यपातयत् ।
अङ्गारवृष्टिः सहसा पतिता सर्वदाहिनी ।।३०।।

प्रलयं मेनिरे सर्वे ज्वालामालाभिरर्दिताः ।
ज्वालाभ्यो दीप्यमानाभ्यो महाभीतिकरः पुमान् ।।३१।।

आविरासीन् महाकायो लिखन् मूर्ध्ना नभस्तलम् ।
दंष्ट्राकरालवदनो महारावः क्षुधातुरः ।।३२।।

लालयन् रसनां घोरां शतयोजनविस्तृताम् ।
नासापवनवेगेन भ्रामयन् कुञ्जरान् रणे ।।३३।।

भक्षयामास तां सेनामुरगानिव पक्षिराट् ।
अपीपलद् भर्गसेना तेन पुंसा प्रपीडिता ।।३४।।

शिवपृष्ठं समासाद्य रक्ष रक्षेति चाब्रवीत् ।
माभैष्टेत्यभयं तस्यै दत्त्वा वह्निं न्यवारयत् ।।३५।।

पर्जन्यास्त्रप्रपातेन तत्क्षणाद् गिरिजापतिः ।
बाणेनैकेन तं घोरं पुरुषं स न्यपातयत् ।।३६।।

तत उत्थाय पुरुषो बभक्ष शिवसैनिकान् ।
ययुः पलायनपराः प्रमथा भयविह्वलाः ।।३७।।

स्खलन्तो निपतन्तश्च निश्वसन्तश्चकम्पिरे ।
शिवोऽपि निःसहायत्वाद् दरीमेवान्वपद्यत ।।३८।।

केही रथ, घोडा, हात्ती र पैदल सेना ठूलो आँधीबेहरीमा परेर घाइते भए र भुइँमा लडे । आँधीबेहरीले ढलेका रूख र लहराहरूले केही सैनिकहरू थिचिएका थिए ।।२८।। यस्तो दृश्य देखेपछि त्रिपुरासुरले आफ्नो धनुलाई कानसम्म तानेर तूणीरबाट बाण झिकी पन्नगास्त्र प्रहार गऱ्यो । त्यसले वायव्यास्त्रले जन्माएको थामिनसक्नु प्रचण्ड हावालाई हटायो। त्यसपछि त्रिपुरासुरले तूणीरबाट बाण झिकी अभिमन्त्रित गरेर कानसम्म ताँदो खिँची धनुद्वारा शिवजीको सेनामा आग्नेयास्त्र प्रहार गऱ्यो । आग्नेयास्त्रको प्रहारबाट सर्वदाहक अँगार बर्सियो। चारैतिर आगलागी भयो र पर्वताकार अग्निज्वाला देखियो । अग्निज्वालाबाट डढेका प्राणीहरूले प्रलयकाल आएको महसुस गरे । दन्किरहेको आगाको ज्वालाबाट एउटा विशालकाय र भयङ्कर पुरुष प्रकट भयो । त्यस पुरुषले आफ्ना टाउकाले आकाश छोइरहेको थियो । लामा-लामा दाह्रा निस्केका कारण त्यो डरलाग्दो थियो। आफ्नो मुखबाट चर्को स्वरमा गर्जन गरिरहेको थियो र त्यो भोकले निकै व्याकुल थियो ।।२९-३२।। त्यसले चार सय कोश लामो डरलाग्दो जिब्रो मुखबाहिर निकालिरहेको थियो । त्यसका नाकका प्वालबाट निस्कने हावाको वेगले युद्धमा रहेका हात्तीहरू आकाशमा चक्कर काटिरहेका थिए ।।३३।। त्यसले शिवजीको सेनालाई गरुडले सर्प खाएझैं खान थाल्यो । त्यस पुरुषबाट आत्तिएका शिवसेनाका जवानहरू पलायन गर्न थाले।।३४।। ती सैनिकहरूले शिवजीको पछाडि गएर - हे शिवजी ! हाम्रो रक्षा गर्नुहोस्, हाम्रो रक्षा गर्नुहोस् भनी प्रार्थना गर्न लागे । आफ्नो सेनालाई व्याकुल भई प्रार्थना गरिरहेको देखेर शङ्कर भगवान्ले तिमीहरू नडराओ भनी अभयदान दिंदै पर्जन्यास्त्र प्रहार गर्नुभयो। आग्नेयास्त्रबाट जन्मेको आगाको ज्वाला पर्जन्यास्त्रप्रहारबाट निभ्यो । त्यसपछि शिवजीले एउटा बाण प्रहार गरी त्यो डरलाग्दो पुरुषलाई भुइँमा लडाउनुभयो। केही बेरपछि त्यस पुरुषले भुइँबाट उठेर शिवजीका सैनिकलाई खान थाल्यो । डरले आत्तिएका शिवजीका सैनिकहरू यता-उति दौडन थाले । ती सैनिकहरू भुइँमा लडिबुडी गर्दै लामो सास तान्दै भागिरहेका थिए र थर्थर काँपिरहेका थिए। संयोगवश शिवजी पनि असहाय हुनुभयो र त्यस भीमकाय पुरुषसँग डराएर पहाडको गुफाभित्र पस्नुभयो ।।३५-३८।। कार्तिकेय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षडाननादयो वीरा अनुसस्त्रुस्तमेव हि ।
जिघृक्षुर्गिरिजां दैत्यो विचिन्त्यैकाकिनीं गिरौ ।।३९।।

विहाय रणभूमिन्तु ययौ कैलासमेव सः ।
दूराद् दृष्ट्वा तमायान्तं चकम्पे गिरिजा तदा ।।४०।।

उवाच पितरं गत्वा दैत्यो मां किन्नु नेष्यति ।
तस्यास्तद्वचनं श्रुत्वा नीत्वा तां दुर्गमां गुहाम् ।।४१।।

अविज्ञातां स्वेतरेण स्थापयामास निर्भयाम् ।
सोऽपि दैत्यस्ततो हैमं गिरिं तद्ग्रहणेच्छया ।।४२।।

आगतो न ददर्शाऽथ गिरिजां क्वापि सत्तम ।
भ्रमन् ददर्श तत्रैकां मूर्तिं चिन्तामणेः शुभाम् ।।४३।।

सहस्त्रसूर्यसङ्काशां नानालङ्कारशोभिनीम् ।
त्रैलोक्यसुन्दरां सद्यो गृहीत्वा स्वस्थलं ययौ ।।४४।।

नानावादित्रनिर्घोषैः स्तुवद्भिर्वन्दिभिर्वृतः ।
ततः पातालमगमत् सर्वत्र विजयी बली ।।४५।।

गच्छतस्तस्य दैत्यस्य हस्तेप्यन्तर्हिता तदा ।
मूर्तिश्चिन्तामणेः सा तु तदद्भुतमिवाभवत् ।।४६।।

तमेवाशकुनं मत्वा तत्पुरं पुनराविशत् ।
अत्यन्तं विमनाश्चिन्तां दुरन्तां समुपागतः ।।४७।।

लगायतका अरू वीरहरू पनि शिवजीको पछिपछि लागे। रीसले कामिरहेको त्यो दैत्य कैलास पर्वतमा एक्लै बसिरहेकी पार्वतीलाई अपहरण गर्छु भन्ने विचार गरेर रणभूमि छाडी कैलास पर्वततर्फ लाग्यो । पार्वती पनि टाढैबाट भयानक पुरुषलाई आफूतर्फ आएको देखेर थर्थर काँप्न थाल्नुभयो ।।३९-४०।। त्यस बेला उहाँले आफ्ना पिता हिमालय पर्वतका सामु गई - 'हे पिता ! यो दैत्यले मलाई लैजान्छ कि? मेरो रक्षा गर्नुहोस्' भनेर प्रार्थना गर्नुभयो । आफ्नी छोरीको प्रार्थना सुनेर हिमालय पर्वतले तिनलाई आफूबाहेक अरू कसैले नजानेको दुर्गम गुफामा लगेर निर्भय तुल्याई लुकाएर राखे । त्यो दैत्य पनि पार्वतीका पछि-पछि उहाँलाई समात्ने उद्देश्यले हिमालय पर्वतमा आयो।।४१-४२।। त्यहाँ आई चारैतिर हेर्दा त्यसले कहीं पनि पार्वतीलाई देखेन। घुम्दाघुम्दै त्यहाँ त्यसले भगवान् श्रीगणेशको चिन्तामणि नामक मङ्गलमय मूर्ति देख्यो ।।४३।। एक हजार सूर्यसमान तेजस्वी, अनेक थरि रत्नमय अलङ्कारले सुसज्जित, स्वर्ग-मर्त्य र पातालमा भेटिने सबै मूर्तिहरूभन्दा पनि सुन्दर भगवान् श्रीगणेशको चिन्तामणि मूर्ति लिएर त्यो आफ्नो निवासतर्फ गयो ।।४४।। अनेक प्रकारका वाद्यघोषका साथ स्तुतिपाठ गरिरहेका बन्दीहरूले घेरिएको सर्वत्र विजयी त्यो बलवान् दैत्य पातालतर्फ लाग्यो। पातालमा जाँदा त्यस दैत्यको हातबाट अकस्मात् त्यो चिन्तामणि नामक दुर्लभ मूर्ति गायब भयो । यो घटना साह्रै आश्चर्यजनक थियो ।।४५-४६।। यो घटनालाई अपशकुन मानेर त्यो दैत्य त्रिपुरमा आई असीमित चिन्ताले व्यग्र र अन्यमनस्क भई दिनयापन गर्न थाल्यो ।।४७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे त्रिपुरासुरोत्कर्षवर्णनं नाम त्रिचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'त्रिपुरासुरको शङ्करमाथि विजय' शीर्षकान्वित त्रिचालीसौं अध्याय पूर्ण भयो ।।४३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुश्चत्वारिंशोऽध्यायः { ४४ अध्याय }

व्यास उवाच

ततः किमकरोच्छम्भुस्त्रिपुरेण पराजितः ।
कथं तमजयद्दैत्यं त्रिपुरं जयशालिनम् ।।१।।

ब्रह्मोवाच

ततः शम्भुः परां चिन्तामापेदे मनसाऽसकृत् ।
स्वाहास्वधाविहीनं तु भूतलं परिचिन्तयन् ।।२।।

कदा स्वस्थानगा देवा भविष्यन्ति गतज्वराः ।
केनोपायेन वा स स्याद् दुर्जयस्य पराजयः ।।३।।

एवं चिन्तातुरे तस्मिन् नारदो मुनिसत्तमः ।
आययौ शङ्करं द्रष्टुं देवान् सर्वान् यदृच्छया ।।४।।

तं दृष्ट्वा जहृषे देवो मर्त्यः प्राप्य यथाऽमृतम् ।
पूजयामास विधिवत् कृतासनपरिग्रहम् ।।५।।

आलिङ्ग्य तमुवाचेत्थं शिवश्चिन्तातुरो भृशम् ।
देवानां हितमन्विच्छन् दैत्यस्य वधमेव च ।।६।।

शिव उवाच

दैत्येन सर्वदेवानां कदनं कृतमोजसा ।
तद्रणे भग्नसङ्कल्पाः सर्वे देवाः पलायिताः ।।७।।

याता दश दिशो ब्रह्मन् कः कुत्रास्ते न वेद्म्यहम् ।
ममाप्यस्त्राणि तेनास्त्रैः प्रभग्नानि सहस्रशः ।।८।।

ब्रह्मोवाच

श्रुत्वा शिववचः सोऽमुमवादीन् मुनिसत्तम ।
मन्वानः परमाश्चर्यं त्रैलोक्येशपराभवम् ।।९।।

नारद उवाच

सर्वज्ञे सर्वविद्येशे सर्वेशे सर्वकर्तरि ।
सर्वावने सर्वहरे सर्वस्यापि नियन्तरि ।।१०।।

व्यासले भन्नुभयो - हे कमलासन ! त्रिपुरासुरद्वारा पराजित हुनुभएका भगवान् शिवजीले के गर्नुभयो ? फेरि उहाँले सर्वविजयी त्रिपुरासुरलाई कसरी पराजित गर्नुभयो ? ।।१।।

ब्रह्माजीले भन्नुभयो - हिमालय पर्वतको गुफामा रहनुभएका भगवान् शिवजी मनबाट निरन्तर चिन्ता गर्न लाग्नुभयो- पृथिवीतल अहिले स्वाहाकार एवं स्वधाकारबाट रहित छ र अधर्मको साम्राज्य छ, कहिले देवताहरू आफ्नो ठाउँमा जान पाउलान् ? कहिले देवताहरूको सङ्कट समाधान होला ? कुन उपायले देवताहरूलाई आ-आफ्नो धाममा पुऱ्याउन सकिन्छ? कुन उपायले अजेय दानवलाई पराजित गर्न सकिन्छ ? भन्ने चिन्ताले आकुल हुनुभएका शिवजीका समक्ष उत्तम मुनि नारदजी स्वेच्छाले उहाँ र अरू देवताहरूको दर्शन गर्न आए ।।२-४।। नारदजीलाई एकाएक आएको देखेर भगवान् शिवजी कुनै मानिस अमृत पाउँदा हर्षित भएझैं हर्षित हुनुभयो । शिवजीले विधिवत् सत्कार गरी आसनमा बसाइनुभएका नारदजीको सम्मानपूर्वक पूजा गर्नुभयो । त्यसबेला चिन्ताले आतुर भगवान् शिवले नारदजीलाई आलिङ्गन गर्दै देवतापक्षको विजय र दैत्यहरूको वधको कामना गर्दै भन्नुभयो ।।५-६।।

शिवजीले भन्नुभयो - त्रिपुरासुरले आफ्नो पराक्रमबाट सबै देवताहरूलाई कष्ट दिएको छ । युद्धमा त्यसबाट पराजित र निराश भएका देवताहरू पलायन गरेका छन् । ती सबै देवता दसै दिशामा पुगे । हे नारदजी ! कुन देवता कहाँ छन् भन्नेसमेत पनि मलाई थाहा छैन। त्यस त्रिपुरासुरले आफ्ना अस्त्रहरूद्वारा मेरा हजारौं अस्त्रलाई छिन्न-भिन्न बनायो ।।७-८।।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! शिवजीका कुरा सुनेर नारदजीले त्रिलोकीका स्वामी शिवजीको पराजय हुनुलाई आश्चर्य मान्दै उहाँप्रति भने ।।९।।

नारदले भने - सर्वज्ञ, सबै विद्याका स्वामी, सर्वेश, सर्वकर्ता, सर्वरक्षक, सर्वसंहारक, सर्वनियामक, कुनै पनि कार्य गर्न सक्ने, नगर्न सक्ने र अन्यथा पनि गर्न सक्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ते कर्तुमकर्तुं वाऽन्यथाकर्तुमपि प्रभो ।
अणिमादिगुणोपेते षडैश्वर्यविलासिनि ।।११।।

किं वक्तव्यं मया देव सर्ववक्तृवरे त्वयि ।
मुनिना गानसक्तेन त्रिलोकीं भ्रमताऽनिशम् ।।१२।।

तव वाक्यानुरोधेन विचार्य प्रब्रवीम्यहम् ।
एवमुक्त्वा क्षणं ध्वात्वा पुनः प्राह शिवं मुनिः ।।१३।।

मुनिरुवाच

युद्धाय गन्तुकामेन नार्चितो गणपस्त्वया ।
अतः पराभवं प्राप्तो वह्निनेत्रः पिनाकधृक् ।।१४।।

इदानीमर्चय पुरा विघ्नेशं विघ्नवारणम् ।
प्रसाद्य तद्वरं लब्ध्वा याहि युद्धाय सादरम् ।।१५।।

पराजेष्यसि तं दैत्यं नात्र कार्या विचारणा ।

ब्रह्मोवाच

तेनापि तपसा देवो महताराधितः पुरा ।।१६।।

तेन तस्मै वरो दत्तोऽखिलविघ्नौघहारिणा ।
महेश्वरं विना मृत्युर्न केनापि भवेत् तव ।।१७।।

मुनिरुवाच

तस्माद् गिरिश ! तस्येदं कामगं तु पुरत्रयम् ।
एकेषुणा दारयस्व जयोपायोऽयमीरितः ।।१८।।

प्रहर्षमतुलं लेभे श्रुत्वोपायं मुनेः शिवः ।
श्रुत्वा गजाननगिरं पूर्वोक्तां प्राह तं मुनिम् ।।१९।।

शिव उवाच

सत्यमुक्तं त्वया ब्रह्मन् ! त्वद्वाक्येन स्मृतं मया ।
उपदिष्टौ पूर्वमेव मन्त्रौ तेन मुने ! मम ।।२०।।

अणिमा-महिमा आदि सिद्धिले सम्पन्न, ६ प्रकारका ऐश्वर्यद्वारा शोभायमान र वेदादि सम्पूर्ण शास्त्रका वक्ता तपाइँका विषयमा मजस्तो वीणा बजाउँदै घर-घर डुल्ने, निरन्तर स्वर्ग-मर्त्य-पातालमा चाहारिरहने साधारण मुनिले के भन्न सक्छु ? तापनि तपाइँको भनाइ र अनुरोधलाई स्वीकार गरी म केही भन्न चाहन्छु । यसरी उत्तर दिएर नारदजीले केहीबेर ध्यान गरी शिवजीका प्रति भने ।।१०-१३।।

नारदले भने - हे शिवजी ! हजुरले त्रिपुरासुरसँग युद्ध गर्न प्रस्थान गर्दा भगवान् गणपतिको पूजा गर्नुभएन । त्यस कारण पिनाक धनुर्धारण गर्ने, तीन आँखाले सुहाउनुभएका र ज्ञाननेत्र एवं अग्निनेत्र हुनुभएतापनि हजुरले पराजय बेहोर्नु पर्‍यो। अब हजुरले युद्धमा जानुभन्दा पहिले विघ्नका स्वामी श्रीगणेशको पूजा गर्नुपर्दछ । उहाँलाई खुसी तुल्याएर वरदान प्राप्त गरी युद्धका निमित्त प्रस्थान गर्नु उचित हुनेछ ।।१४-१५।। यसो गरेपछि मात्र हजुरले त्रिपुरासुरलाई युद्धमा पराजित गर्नुहुनेछ । यसमा कुनै सन्देह छैन ।

ब्रह्माजीले भन्नुभयो- त्रिपुरासुरले ठूलो तपस्या गरी भगवान् श्रीगणेशको आराधना गरेको थियो ।।१६।। त्यसबाट प्रसन्न हुनुभएका विघ्नको समुद्रलाई सुकाउनु हुने र विघ्नविनाशक श्रीगणेशले त्रिपुरलाई वरदान दिनुभयो - हे त्रिपुर ! तिम्रो मृत्यु भगवान् शङ्करबाहेक अरू कसैबाट पनि हुँदैन ।।१७।।

नारदले भने - हे शिवजी ! हजुरले इच्छानुसार जहाँ पनि पुर्‍याउन सकिने विमानको आकारका त्रिपुरासुरका तीनवटा पुरलाई एउटै बाणले एकै पटकमा भेदन गर्नुपर्छ । यही नै त्रिपुरासुरमाथि विजय प्राप्त गर्ने उपाय हो ।।१८।। नारदजीबाट त्रिपुरासुरमाथि विजय गर्ने उपाय थाहा पाएर शिवजीले अतुलनीय हर्ष प्राप्त गर्नुभयो । भगवान् श्रीगणेशले त्रिपुरलाई वर दिंदा भन्नुभएको वाणी सुनेर प्रसन्न हुनुभएका शिवजीले नारदलाई भन्नुभयो ।।१९।।

शिवजीले भन्नुभयो - हे देवर्षि! तपाइँले सत्य कुरा बताउनुभएको छ । तपाइँको कुरा सुनेपछि मैले पुराना कुरा संझें। मलाई पहिले नै श्रीगणेशले एकाक्षरी एउटा मन्त्र र षडक्षरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षडक्षरैकाक्षरौ तौ सर्वसङ्कटहारकौ ।
युद्धे व्यासक्तचित्तेन न जप्तौ न च संस्मृतौ ।।२१।।

सर्वविघ्नहरो देवो न स्मृतो हि गजाननः ।
सर्वेषां कारणं कर्ता पाता हर्ता विनायकः ।।२२।।

मुनिरुवाच

तं तोषय महादेव ! महादेवं गजाननम् ।

ब्रह्मोवाच

विसृज्य नारदं देवो जगाम तपसे शिवः ।।२३।।

दण्डकारण्यदेशे तु पद्मासनस्थितोऽजपत् ।
प्रणिधाय बलात् खानि नियम्य ध्यानतत्परः ।।२४।।

सोऽतपत्तप उग्रं तु शतवर्षाणि शङ्करः ।
ततस्तस्य मुखाम्भोजान् निर्गतस्तु पुमान् परः ।।२५।।

पञ्चवक्त्रो दशभुजो ललाटेन्दुः शशिप्रभः ।
मुण्डमालः सर्पभूषो मुकुटाङ्गदभूषणः ।।२६।।

अग्न्यर्कशशिनो भाभिस्तिरस्कुर्वन् दशायुधः ।
तद्भासा धर्षितो देवोऽपश्यदुग्रं पुरःस्थितम् ।।२७।।

विनायकं पञ्चमुखं पञ्चास्यमपरं शिवम् ।
तं दृष्ट्वाऽतर्कयद् देवः किमहं द्विविधोऽभवम् ।।२८।।

किं वा ममैव रूपेण त्रिपुरोऽयमिहागतः ।
त्रयस्त्रिंशत्कोटिदेवेष्वपरः पञ्चवक्त्रवान् ।।२९।।

अथवा स्वप्न एवायं दृष्टो दीर्घतरो मया ।
अथवा मे वरं दातुमागतोऽयं गजाननः ।।३०।।

सर्वविघ्नहरं देवं यं ध्यायामि दिवानिशम् ।

ब्रह्मोवाच

एवमाकर्ण्य तद्वाक्यमुवाच द्विरदाननः ।।३१।।

अर्को मन्त्र गरी दुई प्रकारका सङ्कटनाशक मन्त्रको उपदेश गर्नुभएको थियो । त्रिपुरासुरसँग कसरी युद्ध गर्ने भनी चिन्ताका कारण मैले ती दुबै प्रकारका मन्त्रहरूको संस्मरण र जप गरिन। सबैका कारण, कर्ता, पालक, संहारक, विनायक एवं गजाननका नामबाट विख्यात र सबै प्रकारका विघ्नहरूको विनाश गर्ने श्रीगणेश भगवान्को मैले संझना पनि गरिनँ ।।२०-२२।।

नारदले भने - हे महादेव ! तपाईंले ठूला देवता श्रीगणेशको आराधना गरेर उहाँलाई सन्तुष्ट र प्रसन्न तुल्याउनुहोस्।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! नारदजीलाई बिदा गरेपछि सदाशिवजी दण्डकारण्य वनमा गई पद्मासन कसी मन्त्रजपमा लीन हुनुभयो । इन्द्रियलाई आफ्नो नियन्त्रणमा लिएर भगवान् श्रीगणेशको ध्यान गर्दै शिवजीले सय वर्षसम्म उग्र तपस्या गर्नुभयो । त्यसपछि उहाँका मुखकमलबाट पाँच मुख र दश हात भएका, निधारमा चन्द्रमा धारण गर्ने, चन्द्रमासमान कान्तिले सुहाएका, मानिसका टाउकाको माला लगाएका, गहनाको रूपमा सर्पलाई धारण गर्ने, मुकुट र केयूरद्वारा शोभायमान, आफ्नो कान्तिले सूर्य-चन्द्रमा र अग्निलाई पनि हतप्रभ तुल्याउने र दश हातमा दश प्रकारका आयुध धारण गर्ने अद्वितीय पुरुष पैदा भए। ती पुरुषका तेजबाट कान्तिहीन बन्नुभएका शिवजीले आफ्नै अगाडि उग्र तेजले बलिरहेका पञ्चमुख भगवान् श्रीगणेशको दर्शन गर्नुभयो। साथै उहाँले पञ्चमुख महादेवको पनि दर्शन गर्नुभयो । यो दृश्य देखेर शिवजीका मनमा तर्क उठ्यो - के संसारमा शिवजी दुइटा छन्? एउटा शिवजी म यहाँ हुँदाहुँदै अर्का शिवजी कताबाट आइपुगे? अथवा त्रिपुरासुरले नै मेरो रूप लिएर मलाई भ्रान्तिमा पार्न लागेको हो कि ? तेँत्तीस कोटि देवताहरूमा मबाहेक अर्को पाँच मुख भएको देवता छैन भने आज मैले के देख्नुपऱ्यो ? ।।२३-२९।। अथवा म सपना देखिरहेको छु कि ? अथवा जुन सम्पूर्ण विघ्नका नाशक देवताको म अहोरात्र ध्यान गरिरहेको छु उहाँ गजानन श्रीगणेश प्रभु नै मलाई वर प्रदान गर्न आउनुभएको हो कि ?

ब्रह्माजीले भन्नुभयो - शिवजीका यी तर्क-वितर्कमय वचन सुनेर श्रीगणेशले उहाँलाई भन्नुभयो - 'हे शिवजी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ते कर्तुमकर्तुं वाऽन्यथाकर्तुमपि प्रभो ।
अणिमादिगुणोपेते षडैश्वर्यविलासिनि ।।११।।

किं वक्तव्यं मया देव सर्ववक्तृवरे त्वयि ।
मुनिना गानसक्तेन त्रिलोकीं भ्रमताऽनिशम् ।।१२।।

तव वाक्यानुरोधेन विचार्य प्रब्रवीम्यहम् ।
एवमुक्त्वा क्षणं ध्वात्वा पुनः प्राह शिवं मुनिः ।।१३।।

अणिमा–महिमा आदि सिद्धिले सम्पन्न, ६ प्रकारका ऐश्वर्यद्वारा शोभायमान र वेदादि सम्पूर्ण शास्त्रका वक्ता तपाइँका विषयमा मजस्तो वीणा बजाउँदै घर–घर डुल्ने, निरन्तर स्वर्ग–मर्त्य–पातालमा चाहारिरहने साधारण मुनिले के भन्न सक्छु ? तापनि तपाइँको भनाइ र अनुरोधलाई स्वीकार गरी म केही भन्न चाहन्छु । यसरी उत्तर दिएर नारदजीले केहीबेर ध्यान गरी शिवजीका प्रति भने ।।१०–१३।।

मुनिरुवाच

युद्धाय गन्तुकामेन नार्चितो गणपस्त्वया ।
अतः पराभवं प्राप्तो वह्निनेत्रः पिनाकधृक् ।।१४।।

इदानीमर्चय पुरा विघ्नेशं विघ्नवारणम् ।
प्रसाद्य तद्वरं लब्ध्वा याहि युद्धाय सादरम् ।।१५।।

पराजेष्यसि तं दैत्यं नात्र कार्या विचारणा ।

नारदले भने – हे शिवजी ! हजुरले त्रिपुरासुरसँग युद्ध गर्न प्रस्थान गर्दा भगवान् गणपतिको पूजा गर्नुभएन । त्यस कारण पिनाक धनुर्धारण गर्ने, तीन आँखाले सुहाउनुभएका र ज्ञाननेत्र एवं अग्निनेत्र हुनुभएतापनि हजुरले पराजय बेहोर्नु पर्‍यो। अब हजुरले युद्धमा जानुभन्दा पहिले विघ्नका स्वामी श्रीगणेशको पूजा गर्नुपर्दछ । उहाँलाई खुसी तुल्याएर वरदान प्राप्त गरी युद्धका निमित्त प्रस्थान गर्नु उचित हुनेछ ।।१४–१५।। यसो गरेपछि मात्र हजुरले त्रिपुरासुरलाई युद्धमा पराजित गर्नुहुनेछ । यसमा कुनै सन्देह छैन ।

ब्रह्मोवाच

तेनापि तपसा देवो महताराधितः पुरा ।।१६।।
तेन तस्मै वरो दत्तोऽखिलविघ्नौघहारिणा ।
महेश्वरं विना मृत्युर्न केनापि भवेत् तव ।।१७।।

ब्रह्माजीले भन्नुभयो– त्रिपुरासुरले ठूलो तपस्या गरी भगवान् श्रीगणेशको आराधना गरेको थियो ।।१६।। त्यसबाट प्रसन्न हुनुभएका विघ्नको समुद्रलाई सुकाउनु हुने र विघ्नविनाशक श्रीगणेशले त्रिपुरलाई वरदान दिनुभयो – हे त्रिपुर ! तिम्रो मृत्यु भगवान् शङ्करबाहेक अरू कसैबाट पनि हुँदैन ।।१७।।

मुनिरुवाच

तस्माद् गिरिश ! तस्येदं कामगं तु पुरत्रयम् ।
एकेषुणा दारयस्व जयोपायोऽयमीरितः ।।१८।।

प्रहर्षमतुलं लेभे श्रुत्वोपायं मुनेः शिवः ।
श्रुत्वा गजाननगिरं पूर्वोक्तां प्राह तं मुनिम् ।।१९।।

नारदले भने – हे शिवजी ! हजुरले इच्छानुसार जहाँ पनि पुर्‍याउन सकिने विमानको आकारका त्रिपुरासुरका तीनवटा पुरलाई एउटै बाणले एकै पटकमा भेदन गर्नुपर्छ । यही नै त्रिपुरासुरमाथि विजय प्राप्त गर्ने उपाय हो ।।१८।। नारदजीबाट त्रिपुरासुरमाथि विजय गर्ने उपाय थाहा पाएर शिवजीले अतुलनीय हर्ष प्राप्त गर्नुभयो । भगवान् श्रीगणेशले त्रिपुरलाई वर दिंदा भन्नुभएको वाणी सुनेर प्रसन्न हुनुभएका शिवजीले नारदलाई भन्नुभयो ।।१९।।

शिव उवाच

सत्यमुक्तं त्वया ब्रह्मन् ! त्वद्वाक्येन स्मृतं मया ।
उपदिष्टौ पूर्वमेव मन्त्रौ तेन मुने ! मम ।।२०।।

शिवजीले भन्नुभयो – हे देवर्षि! तपाइँले सत्य कुरा बताउनुभएको छ । तपाइँको कुरा सुनेपछि मैले पुराना कुरा संझें। मलाई पहिले नै श्रीगणेशले एकाक्षरी एउटा मन्त्र र षडक्षरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षडक्षरैकाक्षरौ तौ सर्वसङ्कटहारकौ ।
युद्धे व्यासक्तचित्तेन न जप्तौ न च संस्मृतौ ।।२१।।
सर्वविघ्नहरो देवो न स्मृतो हि गजाननः ।
सर्वेषां कारणं कर्ता पाता हर्ता विनायकः ।।२२।।

मुनिरुवाच

तं तोषय महादेव ! महादेवं गजाननम् ।

ब्रह्मोवाच

विसृज्य नारदं देवो जगाम तपसे शिवः ।।२३।।
दण्डकारण्यदेशे तु पद्मासनस्थितोऽजपत् ।
प्रणिधाय बलात् खानि नियम्य ध्यानतत्परः ।।२४।।
सोऽतपत्तप उग्रं तु शतवर्षाणि शङ्करः ।
ततस्तस्य मुखाम्भोजान् निर्गतस्तु पुमान् परः ।।२५।।
पञ्चवक्त्रो दशभुजो ललाटेन्दुः शशिप्रभः ।
मुण्डमालः सर्पभूषो मुकुटाङ्गदभूषणः ।।२६।।
अग्न्यर्कशशिनो भाभिस्तिरस्कुर्वन् दशायुधः ।
तद्भासा धर्षितो देवोऽपश्यदुग्रं पुरःस्थितम् ।।२७।।
विनायकं पञ्चमुखं पञ्चास्यमपरं शिवम् ।
तं दृष्ट्वाऽतर्कयद् देवः किमहं द्विविधोऽभवम् ।।२८।।
किं वा ममैव रूपेण त्रिपुरोऽयमिहागतः ।
त्रयस्त्रिंशत्कोटिदेवेष्वपरः पञ्चवक्त्रवान् ।।२९।।
अथवा स्वप्न एवायं दृष्टो दीर्घतरो मया ।
अथवा मे वरं दातुमागतोऽयं गजाननः ।।३०।।
सर्वविघ्नहरं देवं यं ध्यायामि दिवानिशम् ।

ब्रह्मोवाच

एवमाकर्ण्य तद्वाक्यमुवाच द्विरदाननः ।।३१।।

अर्को मन्त्र गरी दुई प्रकारका सङ्कटनाशक मन्त्रको उपदेश गर्नुभएको थियो । त्रिपुरासुरसँग कसरी युद्ध गर्ने भनी चिन्ताका कारण मैले ती दुबै प्रकारका मन्त्रहरूको संस्मरण र जप गरिन। सबैका कारण, कर्ता, पालक, संहारक, विनायक एवं गजाननका नामबाट विख्यात र सबै प्रकारका विघ्नहरूको विनाश गर्ने श्रीगणेश भगवान्‌को मैले संझना पनि गरिनँ ।।२०-२२।।

नारदले भने - हे महादेव ! तपाईंले ठूला देवता श्रीगणेशको आराधना गरेर उहाँलाई सन्तुष्ट र प्रसन्न तुल्याउनुहोस्।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! नारदजीलाई बिदा गरेपछि सदाशिवजी दण्डकारण्य वनमा गई पद्मासन कसी मन्त्रजपमा लीन हुनुभयो । इन्द्रियलाई आफ्नो नियन्त्रणमा लिएर भगवान् श्रीगणेशको ध्यान गर्दै शिवजीले सय वर्षसम्म उग्र तपस्या गर्नुभयो । त्यसपछि उहाँका मुखकमलबाट पाँच मुख र दश हात भएका, निधारमा चन्द्रमा धारण गर्ने, चन्द्रमासमान कान्तिले सुहाएका, मानिसका टाउकाको माला लगाएका, गहनाको रूपमा सर्पलाई धारण गर्ने, मुकुट र केयूरद्वारा शोभायमान, आफ्नो कान्तिले सूर्य-चन्द्रमा र अग्निलाई पनि हतप्रभ तुल्याउने र दश हातमा दश प्रकारका आयुध धारण गर्ने अद्वितीय पुरुष पैदा भए। ती पुरुषका तेजबाट कान्तिहीन बन्नुभएका शिवजीले आफ्नै अगाडि उग्र तेजले बलिरहेका पञ्चमुख भगवान् श्रीगणेशको दर्शन गर्नुभयो। साथै उहाँले पञ्चमुख महादेवको पनि दर्शन गर्नुभयो । यो दृश्य देखेर शिवजीका मनमा तर्क उठ्यो - के संसारमा शिवजी दुइटा छन्? एउटा शिवजी म यहाँ हुँदाहुँदै अर्का शिवजी कताबाट आइपुगे? अथवा त्रिपुरासुरले नै मेरो रूप लिएर मलाई भ्रान्तिमा पार्न लागेको हो कि ? तैँत्तीस कोटि देवताहरूमा मबाहेक अर्को पाँच मुख भएको देवता छैन भने आज मैले के देख्नुपऱ्यो ? ।।२३-२९।। अथवा म सपना देखिरहेको छु कि ? अथवा जुन सम्पूर्ण विघ्नका नाशक देवताको म अहोरात्र ध्यान गरिरहेको छु उहाँ गजानन श्रीगणेश प्रभु नै मलाई वर प्रदान गर्न आउनुभएको हो कि ?

ब्रह्माजीले भन्नुभयो - शिवजीका यी तर्क-वितर्कमय वचन सुनेर श्रीगणेशले उहाँलाई भन्नुभयो - 'हे शिवजी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्यस्तर्कितो देवः सोऽयं विघ्नहरो विभुः ।
न मे स्वरूपं जानन्ति देवर्षिचतुराननः ।।३२।।

न वेदाः सोपनिषदः कुतः षट्शास्त्रवेदिनः ।
अशेषभुवनस्याहं कर्ता पाताऽपहारकः ।।३३।।

ब्रह्मादिस्थावरचरत्रिगुणानामहं प्रभुः ।
तपसाऽनेन तुष्टोऽहं वरं दातुमिहागतः ।।३४।।

वरान् वृणु महादेव ! यावतो मत्त इच्छसि ।।३५।।

तपाइँले मनमनै धेरै तर्क-वितर्क गर्नुभयो । अरू केही पनि होइन । जुन स्वरूप देख्नुभयो त्यो म सर्वव्यापक श्रीगणेश नै हुँ । मेरो स्वरूपलाई देवता, ऋषि र ब्रह्माजीले पनि राम्ररी जान्दैनन् ।।३०-३२।। उपनिषत्सहित वेदले पनि मलाई जान्दैनन्, षड्दर्शनका ज्ञाताहरूले मलाई कसरी जानून् ? म सम्पूर्ण संसारको कर्ता, पालक, संहारक देवता हुँ । ब्रह्माजीदेखि लिएर चराचरलगायत सत्त्व, रज र तमोगुणको पनि म अधिपति हुँ । हे शिवजी ! तपाइँको यस तपस्याबाट म सन्तुष्ट भएको छु । तपाइँले चिताएको वर दिन यहाँ उपस्थित भएको छु । हे महादेव ! तपाइँ जे चाहनुहुन्छ, त्यो माग्नुहोस् । म दिन तयार छु ।।३३-३५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे तपोवर्णनं नाम चतुश्चत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'श्रीशङ्करद्वारा श्रीगणेशको आराधना, श्रीगणेशदर्शन र वरप्राप्ति' शीर्षकान्वित चौवालीसौं अध्याय पूर्ण भयो ।।४४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चचत्वारिंशोऽध्यायः { ४५ अध्याय }

मुनिरुवाच

ततः प्रसन्ने विघ्नेशे देवेशे विघ्नहारिणि ।
वरान् दित्सति शर्वाय किं किं वव्रे सदाशिवः ।।१।।

ब्रह्मोवाच

गणेशवचनं श्रुत्वा शिवो वाक्यमथाऽब्रवीत् ।
स्मृत्वा गजाननं तं तु स्वस्वरूपं वरप्रदम् ।।२।।

शिव उवाच

दशापि नेत्राणि ममाद्य धन्या-
न्यथो भुजाः पूजनतस्तवाद्य।
तवानतेः पञ्च शिरांसि धन्या-
न्यथ स्तुतेः पञ्चमुखानि देव !।।३।।
पृथ्वी जलं वायुरथो दिशश्च
तेजश्च कालः कलनात्मकोऽपि ।
नभो रसो रूपमथापि गन्धः
स्पर्शश्च शब्दो मन इन्द्रियाणि।।४।।
गन्धर्वयक्षाः पितरो मनुष्याः
देवर्षयो देवगणाश्च सर्वे।
ब्रह्मेन्द्ररुद्रा वसवोऽथ साध्याः
त्वत्तः प्रसूताः सचराचराश्च।।५।।
सृजस्यदो विश्वमनन्यबुद्धे !
रजोगुणात् पासि समस्तमेतत्।
तमोगुणात् संहरसे गुणेश !
नित्यो निरीहोऽखिलकर्मसाक्षी।।६।।

ब्रह्मोवाच

ततोऽहमब्रुवं देवं गणेशं तं शिवाज्ञया ।
नाम चाकरवं तस्य यत् तच्छृणु महामते ।।७।।
त्वन्नाम बीजं प्रथमं मातृकाणा-
मोङ्काररूपं श्रुतिमूलभूतम्।
यतो गणानां त्वमसीह ईशो
गणेश इत्येव तवास्तु नाम ।।८।।
ओमित्यथोक्ते गणनायकेन
तुतोष शर्वः प्रददौ वराँश्च।
यः सर्वकार्येषु तवेश ! कुर्यात्
स्मृतिं तदन्ते स लभेदविघ्नम् ।।९।।

नारदले भने - हे कमलासन ! देवताहरूका स्वामी विघ्नहर्ता श्रीगणेश प्रसन्न भएर शिवजीलाई वरदान दिन लाग्नुहुँदा उहाँले के के वर माग्नुभयो ? ।।१।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशका वचन सुनेर शिवजीले आफ्नै स्वरूपमा रहनुभएका पञ्चमुख, वरदायक गजाननलाई संझेर भन्नुभयो - हे श्रीगणेश ! आज तपाइँको पूजा गरेर मेरा दश आँखा र दश हात धन्य भएका छन् । तपाइँलाई प्रणाम गर्दा मेरा पाँचै शिर धन्य भएका छन् र पाँचै मुख पनि । हे श्रीगणेश ! पृथिवी, जल, वायु, दिशा, विदिशा, तेज, काल, आकाश, रस, रूप,गन्ध, स्पर्श, शब्द, मन, इन्द्रियहरू, गन्धर्व, यक्ष, किन्नर, मानिस, देवर्षि, देवता, ब्रह्मा, इन्द्र, रुद्र, वसु, साध्य र चराचरसहित दृष्टिमा आएका सबै पदार्थ हजुरबाट उत्पन्न भएका हुन् । हे श्रीगणेश ! हजुरले यस विश्वको रजोगुणबाट रचना गर्नुहुन्छ, सत्त्वगुणबाट पालन गर्नुहुन्छ र तमोगुणबाट संहार गर्नुहुन्छ । हे गुणका स्वामी श्रीगणेश ! हजुर नित्य हुनुहुन्छ, निरीह हुनुहुन्छ र सम्पूर्ण कर्मका साक्षी पनि हुनुहुन्छ ।।२-६।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि मैले शिवजीको आज्ञा पाएर श्रीगणेशलाई थाहा दिई उहाँको नाम राखें । हे बुद्धिमान् व्यास ! ती नामहरूले तिमीले सुन । मैले भनेको थिएँ - 'हे श्रीगणेश ! हजुरको नाम मातृकाहरूको प्रथमबीज हो र यो वेदको आदिकारण ॐकारको रूपमा रहेको छ । हे श्रीगणेश ! हजुर गणका स्वामी हुनुहुन्छ, त्यस कारण हजुरको नाम श्रीगणेश रहनेछ ।' श्रीगणेशले स्वीकृति दिनुभएपछि शिवजीले उहाँको स्तुति गर्नुभयो र उहाँलाई वरदान दिनुभयो- हे श्रीगणेश ! सबै कार्यको आरम्भमा जसले हजुरको संझना गर्दछ, त्यसले कार्यको अन्तसम्म कुनै विघ्न व्यहोर्नुपर्ने छैन। कुनै साधकले श्रीगणेशको स्मरण नगरीकन कुनै पनि कार्य आरम्भ गर्दछ भने त्यसका कामनाहरूको सिद्धि हुँदैन, त्यो चाहे कृमि र कीट नै किन नहोस् अर्थात् सबैले कार्यारम्भमा श्रीगणेशको संझना गर्नुपर्दछ। शैव, वैष्णव, शाक्त, सौर, गाणपत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विना स्मृतिं ते न लभेच्च कोऽपि
वाञ्छार्थसिद्धिं कृमिकीटकोऽपि ।
शैवैस्त्वदीयैरथ वैष्णवैश्च
शाक्तैश्च सौरैरथ सर्वकार्ये ।।१०।।
शुभाशुभे वैदिकलौकिके वा
त्वमर्चनीयः प्रथमं प्रयत्नात् ।
यन्मङ्गलं सर्वजनेषु देव !
सयक्षविद्याधरपन्नगेषु ।।११।।
तस्येश्वरो मङ्गलमूर्तितां त्वं
ततो यतो मङ्गलकृत् स्वभक्ते ।
अहं पुराऽनर्चयतस्तवेश !
त्वय्यस्मृतेर्दैत्यवरस्य युद्धे ।।१२।।
अवन्दनाच्चाप पराभवं तं
ततस्तवाङ्घ्रिं शरणं प्रपन्नः ।
क्षमापराधं मम सर्वशक्ते !
जयं प्रयच्छाखिलजन्यकाले ।।१३।।
ये सर्वथा त्वां न भजन्ति देव !
जडा दरिद्राः प्रभवन्तु तेऽपि ।
भजन्ति ते भक्तियुता मनुष्याः
प्राप्स्यन्ति सिद्धिं निखिलार्थदात्रीम् ।।१४।।

क उवाच

इत्थं निशम्याखिलवाक्यसार-
वेत्ताऽवदद् वाक्यमिदं गिरीशम् ।
यदा यदा मे स्मरणं विदध्या-
स्तदाऽन्तिकं तेऽहमियामुमेश ।।१५।।
मन्नामबीजेन निमन्त्रयैकं
बाणं तु तेनैव पुरत्रयं तत् ।
निपातयास्मन्महसा महेश !
कृत्वा स दैत्यं खलु भस्मसात् त्वम् ।।१६।।
ततः स्वनाम्नामवदत् सहस्रं
गणाधिपोऽस्मै प्रणताय सम्यक् ।
शिवाय भक्त्या परितुष्टचित्तो
जयप्रदं कामकरं जनानाम् ।।१७।।
उवाच चैनं रणकाल एतत्
पठस्व दैत्यान् विनिहंसि शीघ्रम् ।
त्रिसन्ध्यमेतस्य जपान्नराणां
सिध्यन्ति कामाः सकला अभीष्टाः ।।१८।।

यी सबै सम्प्रदायका आराधकहरूले सबै प्रकारका शुभ अथवा अशुभ, वैदिक अथवा लौकिक कार्यहरू आरम्भ गर्दा सर्वप्रथम हजुरको आराधना-अर्चना गर्नुपर्दछ । हे श्रीगणेश ! सबै मानिसहरूमा जुन मङ्गल छ, यक्ष, विद्याधर र नागहरूमा जुन मङ्गल छ, ती सबै मङ्गलका ईश्वर हजुर मङ्गलमूर्ति हुनुहुन्छ । किनकि हजुरले जहाँ रहे पनि, जस्तोसुकै अवस्थामा पनि जुन कुनै विधिबाट पनि आफ्ना भक्तहरूको मङ्गल गर्नुहुन्छ। हे श्रीगणेश ! मैले अघि हजुरको पूजा, संज्ञना र वन्दना नगरीकन दैत्यका साथ युद्ध गर्न जाँदा पराजित हुनुपर्‍यो। तसर्थ अहिले म हजुरका चरणको शरणमा आएको छु । हे सर्वशक्तिमान् श्रीगणेश! मेरा अपराधलाई क्षमा गर्नुहोस् । मबाट गरिने सबै प्रकारका युद्धहरूमा मलाई विजयी तुल्याउनुहोस् । जुन मानिसले कहिल्यै पनि हजुरको भजन गर्दैनन् ती मानिसहरू बुद्धिहीन र कंगाल हुनेछन् । जुन मानिसले भक्तिभावले हजुरको भजन गर्नेछन्, तिनले आफ्ना सम्पूर्ण कामना परिपूर्ण तुल्याउने सिद्धि प्राप्त गर्नेछन् ।।७-१४।।

ब्रह्माजीले भन्नुभयो - सदाशिवजीका यी कुरा सुनेर सम्पूर्ण शास्त्रका मर्मज्ञ श्रीगणेशले शिवजीप्रति भन्नुभयो – हे पार्वतीपति परमेश्वर ! तपाईँले जब जब मेरो संज्ञना गर्नुहुन्छ, तब तब म हजुरको समीपमा हुनेछु ।।१५।। मेरो नामको बीजले एउटा बाणलाई अभिमन्त्रित गरेर हजुरले त्रिपुरमा प्रहार गर्नुहोस् र त्यसैबाट फलाम, चाँदी र सुनले बनेको त्यो त्रिपुरलाई भुइँमा खसाउनुहोस् । हे महेश ! मेरो तेजबाट हजुरले त्रिपुरलाई खसाउनुभएपछि त्यस दैत्यलाई हजुरले खरानी तुल्याउनु हुनेछ।।१६।। त्यसपछि श्रीगणेशले शिवजीलाई श्रीगणेशसहस्रनाम सुनाउनुभयो । भक्तिद्वारा प्रसन्न हुनुभएका श्रीगणेशले सुनाउनुभएको श्रीगणेशसहस्रनाम विजयदायक र कामनापूरक पनि छ ।।१७।। श्रीगणेशले शिवजीलाई भन्नुभयो- हे शिवजी ! हजुरले युद्धको आरम्भमा यो श्रीगणेशसहस्रनामको जप गर्नुहोस् र त्यसबाट हजुरले तुरुन्त दैत्यहरूलाई मार्नुहुनेछ । बिहान, दिउँसो र साँझ श्रीगणेशसहस्रनामको जप गर्नाले मानिसले चिताएका सम्पूर्ण कामनाहरू पूर्ण हुन्छन् ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वा तु वाक्यं द्विरदाननस्य,
तं पूज्य सम्यक् शिव उज्जहर्ष ।
संस्थापयामास महागणेशं
प्रासादमुच्चैर्दृढमाशु चक्रे ।।१९।।
सन्तर्प्य देवान् मुनिसिद्धसङ्घान्
दानादि दत्वा द्विजपुङ्गवेभ्यः ।
पुनश्च सम्पूज्य नमश्चकार
देवं गिरीशो वरदं गणेशम् ।।२०।।
उवाच सर्वान् मणिपूरियं तु
विख्यातिमागच्छतु सर्वलोके ।
देवेन सर्वैश्च तथोदितैस्तै-
रन्तर्दधुस्ते गणनाथमुख्या ।।२१।।
अन्तर्हिते मुनिगणे ससुरे गणेशे
शर्वोऽप्यगात् स्वनिलयं स्वगणैरुपेतः ।
गन्धर्वयक्षनिवहैरमराङ्गनाभि-
र्वृत्तं निजं परमुदा गिरिजामुवाच ।।२२।।
श्रुत्वा तदाऽमृतवचः सकलं गिरीशाद्
देवेश्वरा मुमुदिरे मुनयः सदाराः ।
योगीश्वराश्च निहतं त्रिपुरं सधिष्ण्य-
ममंसताप्यधिगतं गिरिशप्रसादात्।।२३।।

श्रीगणेशका यी वचन सुनेर शिवजीले उहाँको पूजा गर्नुभयो र प्रसन्न हुनुभयो। त्यसपछि सदाशिवजीले श्रद्धापूर्वक त्यहाँ अत्यन्त अग्लो, फराकिलो र साह्रै बलियो महागणेशको मन्दिर निर्माण गर्नुभयो।।१९।। त्यसै प्रसङ्गमा शिवजीले देवता, मुनि र सिद्धहरूलाई तृप्त गराउनुभयो। उत्तम ब्राह्मणहरूलाई दान दिएपछि वरद श्रीगणेशको पूजा गरी नमस्कार गर्नुभयो ।।२०।। फेरि शिवजीले सबैलाई भन्नुभयो - यो मणिपूर हो र यसै नामबाट यो मन्दिर संसारमा प्रख्यात हुनेछ । त्यसपछि सम्पूर्ण देवताहरूका साथमा श्रीगणेश र उहाँका गणहरू पनि अन्तर्धान हुनुभयो ।।२१।। मुनि, देवता र श्रीगणेशसमेत अन्तर्धान हुनुभएपछि शिवजी पनि आफ्ना गणका साथ कैलासतर्फ जानुभयो। गन्धर्व, यक्ष र अप्सराहरूका साथ कैलासमा पुगेपछि शिवजीले हर्षपूर्वक पार्वतीलाई सबै कुरा सुनाउनुभयो ।।२२।। शिवजीका कुरा सुनेर त्यहाँ रहेका देवता र सपत्नीक ऋषिहरूसमेत प्रसन्न भए । योगीश्वरहरूले पनि अब त्रिपुरासुर मर्नेछ र हाम्रा धाम पनि शिवजीको कृपाबाट हातमा आउनेछन् भन्ने पूर्वानुमान गरे।।२३।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे श्रीगणेशसहस्त्रनाममहिमनिरूपणं नाम पञ्चचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'श्रीगणेशद्वारा शङ्करसमक्ष श्रीगणेशसहस्त्रनाममहिमा प्रकाशन' शीर्षकान्वित पैतालीसौं अध्याय पूर्ण भयो ।।४५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्चत्वारिंशोऽध्यायः　　{ ४६ अध्याय }

व्यास उवाच

कथं नाम्नां सहस्त्रं स्वं गणेश उपदिष्टवान् ।
शिवायैतन्ममाचक्ष्व लोकानुग्रहतत्पर ।।१।।

ब्रह्मोवाच

देव एवं पुरारातिः पुरत्रयजयोद्यमे ।
अनर्चनाद् गणेशस्य जातो विघ्नाकुलः किल ।२।।
मनसा स विनिर्धार्य यतस्तद्विघ्नकारणम् ।
महागणपतिं भक्त्या समभ्यर्च्य यथाविधि ।।३।।
विघ्नप्रशमनोपायमपृच्छदपराजितः ।
सन्तुष्टः पूजया शम्भोर्महागणपतिः स्वयम् ।।४।।
सर्वविघ्नैकहरणं सर्वकामफलप्रदम् ।
ततस्तस्मै स्वकं नाम्नां सहस्त्रमिदमब्रवीत् ।।५।।

अस्य श्रीमहागणपतिसहस्त्रनामस्तोत्रमालामन्त्रस्य । गणेश ऋषिः। महागणपतिर्देवता। नानाविधानिच्छन्दांसि। गमिति बीजम् । तुण्डमिति शक्तिः। स्वाहा कीलकम्। सकलविघ्ननाशनद्वारा महागणपतिप्रीत्यर्थं जपे विनियोगः। अथ न्यासाः - गणेश्वरो गणक्रीड इत्यङ्गुष्ठाभ्यां नमः, कुमारगुरुरीशान इति तर्जनीभ्यां नमः, ब्रह्माण्डकुम्भश्चिद्व्योमेति मध्यमाभ्यां नमः, रक्तो रक्ताम्बरधर इत्यनामिकाभ्यां नमः, सर्वसद्गुरुसंसेव्य इति कनिष्ठिकाभ्यां नमः, लुप्तविघ्नः स्वभक्तानामिति करतलपृष्ठाभ्यां नमः। अथ हृदयादिन्यासाः - छन्दश्छन्दोवपुरिति हृदयाय नमः, निष्कलो निर्मल इति शिरसे स्वाहा, सृष्टिस्थितिलयक्रीड इति शिखायै वषट्, ज्ञानं विज्ञानमानन्द इति कवचाय हुम्, अष्टाङ्गयोगफलभृदिति नेत्रत्रयाय वौषट्, अनन्तशक्तिसहित इत्यस्त्राय फट्। अथ ध्यानम् -

रक्ताम्भोधिस्थपोतोल्लसदरुणसरोजाधिरूढं त्रिनेत्रम्,
पाशं चैवाङ्कुशाख्यं परशुमभयदं बाहुभिर्धारयन्तम्।
शक्त्या युक्तं गजास्यं पृथुतरजठरं सिद्धिबुद्धीसमेतम्,
रक्तं चन्द्रार्धमौलिं सकलभयहरं विघ्नराजं नमामि ।।

'श्रीसिद्धिबुद्धिसहिताय सलक्षलाभाय श्रीस्वानन्ददेशाय ब्रह्मणस्पतये साङ्गाय सपरिवाराय सशक्तिकाय सायुधाय सवाहनाय सवारणाय नमः' इति नाममन्त्रेण मानसैः पञ्चोपचारैः सम्पूज्य पठेत् ।

व्यासले भन्नुभयो- लोककल्याणमा तत्पर हे कमलासन! श्रीगणेशले शिवजीलाई कस्तो किसिमको श्रीगणेशसहस्रनामको उपदेश गर्नुभयो ? त्यो मलाई सुनाउनुहोस् ।।१।। **ब्रह्माजीले भन्नुभयो -** भगवान् शङ्कर त्रिपुरमाथि विजय गर्ने युद्धाभियानमा श्रीगणेशको पूजा नगरेका कारण पराजय भोग्नुपर्दा विघ्नले व्याकुल हुनुभयो। मनबाट मैले श्रीगणेशपूजा नगरेका कारण विघ्न आइलाग्यो भन्ने कुरा ठम्याएर विधिपूर्वक र भक्तिपूर्वक महागणपतिको अर्चना गरी विघ्ननाश गर्ने उपायबारे सोधनी गर्नुभयो। त्यसपछि शिवजीले गर्नुभएको पूजाबाट सन्तुष्ट हुनुभएका अपराजित भगवान् श्रीगणेशले सर्वविघ्नविनाशक, सर्वकामनापूरक श्रीगणेशसहस्रनाम उहाँलाई बताउँदै यसरी भन्नुभयो।।२-५।। **विनियोग- ऋषि-** यस श्रीमहागणपतिसहस्रनाम मालामन्त्रका ऋषि **श्रीगणेश** हुनुहुन्छ। **देवता-** यस सहस्रनामका देवता **महागणपति** हुनुहुन्छ। **छन्द-** यो सहस्रनाम **अनेक** छन्दमा रचिएको छ। **बीजमन्त्र-** श्रीगणेश-सहस्रनामको बीजमन्त्र - **गम्** हो । **शक्ति-** श्रीगणेश-सहस्रनामको शक्ति **तुण्डम्** हो। **कीलक-** श्रीगणेश-सहस्रनामको कीलक **स्वाहा** हो । **प्रयोजन-** सम्पूर्ण विघ्ननाशद्वारा **महागणपतिको प्रीति** प्रयोजन हो। उक्त प्रयोजनका लागि श्रीगणेश-सहस्रनाम महामन्त्रको विनियोग गरिन्छ । **न्यास -** गणेश्वर, गणक्रीड नामको उच्चारण गर्दै बूढी औंलाहरूमा, कुमारगुरु, ईशान यी दुई नाम मन्त्रबाट तर्जनीहरूमा, ब्रह्माण्डकुम्भ, चिद्व्योमभाल यी नामबाट मध्यमा-हरूमा, रक्त, रक्ताम्बरधर यी नामबाट अनामिकाहरूमा, सर्वसद्गुरु-संसेव्य यस नामबाट कनिष्ठाहरूमा र लुप्तविघ्नस्वभक्तानां यस नाम मन्त्रबाट करतलपृष्ठमा न्यास गर्नुपर्दछ। **हृदयन्यास-** छन्द, छन्दोमयवपु यी नामबाट हृदयमा, निष्कल, निर्मलदेव यी नामबाट शिरमा, सृष्टिस्थितिलयक्रीड यस नामबाट शिखामा, ज्ञान, विज्ञान, आनन्द यी नामबाट कवचमुद्रा गरी छातीमा, अष्टाङ्गयोगफलभृत् यस नामबाट आँखामा स्पर्श गर्नुपर्दछ । **ध्यान -** 'रातो वर्णको महासागरमा शोभायमान, नौकाकार मण्डपमा फुलिरहेको रातो कमलमाथि विराजमान, त्रिनयन, आफ्ना हातहरूमा पाश, अङ्कुश, परशु र अभयमुद्रा धारण गर्नुहुने, गजानन, शक्तिसहित विराजमान, विशाल पेटले सुहाउनुभएका, सिद्धि एवं बुद्धिद्वारा आराधित, आफ्नो दिव्यदेहमा रातो कान्ति फैलिनाले देदीप्यमान, शिरमा अर्धचन्द्र धारण गर्नुहुने, सबै भक्तका भय निवारण गर्नुहुने भगवान् श्रीगणेशलाई म भक्तिपूर्वक प्रणाम गर्दछु ।' सिद्धिबुद्धिसम्पन्न, क्षेम र लाभले सहित, स्वानन्दभुवनमा विराजमान, साङ्ग, सपरिवार, सायुध, सवाहन, सगजराज, ब्रह्मणस्पति यी नाममन्त्रले अथवा मानस रूपबाट पञ्चोपचारले पूजा गरेपछि श्रीगणेशसहस्रनाम पाठ गर्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महागणपतिरुवाच

ॐ गणेश्वरो गणक्रीडो
गणनाथो गणाधिपः ।
एकदंष्ट्रो वक्रतुण्डो
गजवक्त्रो महोदरः ।।
।।६।।

महागणपतिले भन्नुभयो - **गणेश्वरः** - आकाशादि प्रपञ्चरूप गणका स्वामी अथवा आकाशादि प्रपञ्चरूप श्रीगणेश परमात्मा, **गणक्रीडः**- आकाशादि पञ्चमहाभूतरूप गणभित्र रहेर क्रीडा गर्ने, **गणनाथः** - जसका गुणहरूको गणना मङ्गलदायक हुन्छ, **गणाधिपः** - आदित्य विश्वावसुदेखि रुद्रसम्मका गणदेवताहरूका अधिपति, **एकदंष्ट्रः**- एउटा धारा धारण गरी पृथिवीका उद्धारक, **वक्रतुण्डः** - बाङ्गो आकारको सूँढ धारण गर्ने, **गजवक्त्रः**- हात्तीको जस्तो मुख भएका, **महोदरः** - उदरभित्र अनन्तकोटि ब्रह्माण्ड धारण गर्ने ।।६।।

लम्बोदरो धूम्रवर्णो
विकटो विघ्ननायकः ।
सुमुखो दुर्मुखो बुद्धो
विघ्नराजो गजाननः ।।
।।७।।

लम्बोदरः - जसको कुक्षि (कोख) अनेक ब्रह्माण्डहरूको आधार बनेर रहेको छ, **धूम्रवर्णः** – वायुको बीज धूम्रवर्णलाई आत्मसात् गर्ने, **विकटः**- मायाद्वारा अनावृत, **विघ्ननायकः** – विघ्नहरूका स्वामी अथवा भक्तिरहित र उपद्रव गर्ने प्राणीहरूलाई दण्ड दिने अथवा भक्त मानिसहरूका विघ्नहरू हटाउने, **सुमुखः** - जसको नाम लिएर गरिने कार्यारम्भ मङ्गलजनक हुन्छ अथवा जसको अनुहार आकर्षक र आह्लादक छ, **दुर्मुखः** – अग्निरूप र सूर्यरूप जसको मुख आफ्नो अतिशय तेजका कारण दुःस्पर्श र दुर्दर्श छ अथवा अभक्तहरूद्वारा स्पर्श र दर्शन गर्न नसकिने स्वरूपले सम्पन्न, **बुद्धः**- नित्य बुद्धस्वरूप भएका कारण अविद्यावृत्तिका नाशक अथवा बुद्धको रूप लिएर अवतीर्ण हुने, **विघ्नराजः** – विघ्नहरूका राजा अथवा भक्तहरूका अधीन रही विघ्ननिवारण गर्ने, **गजाननः**- जीवहरूलाई प्राणतत्त्व प्रदान गरी जीवित बनाएर कर्मक्षेत्रमा लगाउने।।७।।

भीमः प्रमोद आमोदः
सुरानन्दो मदोत्कटः ।
हेरम्बः शंवरः शम्भु-
र्लम्बकर्णो महाबलः ।।
।।८।।

भीमः - दुष्टलाई भय प्रदान गर्ने, **प्रमोदः** - आफ्नो अभीष्ट पदार्थ प्राप्तिमा उत्पन्न हुने सुखरूप प्रमोदतत्त्वका स्वामी, **आमोदः**- आफूले गरेका लौकिक, धार्मिक र पारमार्थिक प्रयासबाट प्राप्त हुने भोगसुखका स्वामी, **सुरानन्दः**- भोगसम्बन्धी सुखप्रति हुने आसक्ति हटाएर आत्माको प्राप्तिमा तत्पर रहेका साधकले प्राप्त गर्ने आत्मानन्दस्वरूप, **मदोत्कटः**- मायाको आवरणलाई हटाउने, **हेरम्बः** – अपरिमित शौर्यका स्वामी अथवा दीनदुःखीहरूका पालक, **शंवरः** – आत्माको सुखलाई नै उत्तम सुख मानी त्यसैमा रमाउने, **शम्भुः** - अनन्त सुखका स्रोतहरू प्रवाहित गर्ने, **लम्बकर्णः**- आफ्ना भक्तहरूले नजिक अथवा टाढाबाट गरेको प्रार्थना, पुकार र स्तुतिलाई जहाँ रहेर पनि श्रवण गर्ने, **महाबलः** - अत्यन्त पराक्रमी दैत्यहरूलाई आफ्नो शक्तिबाट परास्त गर्ने अथवा जसको शक्ति र बलको तुलना कसैसँग हुन सक्दैन ।।८।।

नन्दनोऽलम्पटोऽभीरु-
र्मेघनादो गणञ्जयः ।
विनायको विरूपाक्षो
धीरशूरो वरप्रदः ।।
।।९।।

नन्दनः - आफ्ना भक्तहरूलाई ऐश्वर्यसुख प्रदान गरी आनन्दित तुल्याउने, **अलम्पटः** - सबैका अलङ्कारस्वरूप भइरहनुहुने अथवा विषयमा अनासक्त, **अभीरुः**- निर्भयरूपमा रहनुहुने अथवा मायारूप नारीको संसर्गबाट रहित भई प्रकाशमान, **मेघनादः** - बादलझैं गर्जन गर्ने अथवा अज्ञानका बादलहरूलाई चिरेर चारैतिर ज्ञानको प्रकाश छर्ने, **गणञ्जयः**- शत्रु समूहलाई एउटै प्रहारबाट समाप्त गर्ने, **विनायकः**- सम्पूर्ण जीवहरूका नायकका रूपमा विराजमान, **विरूपाक्षः**- अग्नि, सूर्य र चन्द्रमा जस्ता एक-अर्कासँग आकार-प्रकारमा अन्तर भएका तैजसतत्त्वहरूलाई आँखा बनाई उपयोग गर्नुहुने, **धीरशूरः**- धैर्य र शौर्यका स्वामी, **वरप्रदः**- आफ्ना चरणकमलको सेवा गर्ने भक्तहरूलाई उनले चिताएअनुसारका वर प्रदान गर्नुहुने ।।९।।

महागणपतिर्बुद्धि-
प्रियः क्षिप्रप्रसादनः ।
रुद्रप्रियो गणाध्यक्ष
उमापुत्रोऽघनाशनः ।।
।।१०।।

महागणपतिः- सबै गणहरूका स्वामी, **बुद्धिप्रियः**- भक्तहरूका संशयहरूलाई छेदन गर्ने ज्ञानी परमात्मा, **क्षिप्रप्रसादनः**- भक्तहरूले ध्यान गर्दा अतिशीघ्र प्रसन्न भई फल प्रदान गर्ने, **रुद्रप्रियः**- एघार रुद्रहरूका प्यारा, **गणाध्यक्षः**-सृष्टिमा रहेका छत्तीस तत्त्वहरूको समुदायका रक्षक, **उमापुत्रः**- पार्वतीका पुत्र अथवा आफ्नो दर्शन र ज्ञान प्रदान गरी पार्वतीको उद्धार गर्ने, **अघनाशनः** - पाप-नाशक।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमारगुरुरीशान-
पुत्रो मूषकवाहनः ।
सिद्धिप्रियः सिद्धिपतिः
सिद्धः सिद्धिविनायकः ।।
।।११।।

अविघ्नस्तुम्बुरुः सिंह-
वाहनो मोहिनीप्रियः ।
कटङ्कटो राजपुत्रः
शालकः सम्मितोऽमितः ।।
।।१२।।

कूष्माण्डसामसम्भूति-
र्दुर्जयो धूर्जयो जयः ।
भूपतिर्भुवनपति-
र्भूतानां पतिरव्ययः ।।
।।१३।।

विश्वकर्ता विश्वमुखो
विश्वरूपो निधिर्घृणिः ।
कविः कवीनामृषभो
ब्रह्मण्यो ब्रह्मणस्पतिः ।।
।।१४।।

ज्येष्ठराजो निधिपति-
र्निधिप्रियपतिप्रियः ।
हिरण्मयपुरान्तस्थः
सूर्यमण्डलमध्यगः ।।
।।१५।।

कुमारगुरुः- सनत्कुमारका रूपमा रहेर ब्रह्मविद्याको उपदेश गर्ने अथवा सबभन्दा पहिले अवतीर्ण भएका कारण स्कन्दका पनि दाजु, **ईशानपुत्रः** - शिवजीका छोरा, **मूषकवाहनः** - छुचुन्द्रोलाई वाहन बनाउने, **सिद्धिप्रियः** - अणिमा, महिमा, लघिमा आदि अष्टसिद्धिलाई प्यारो गर्ने अथवा सिद्धिनामक पत्नीका प्यारा, **सिद्धिपतिः**- अणिमा आदि सिद्धिहरूका स्वामी, **सिद्धः**- संसारमा मत्स्येन्द्रनाथ, गोरखनाथ आदि सिद्धहरूका रूपमा अवतार लिएर लोकका उपकारक, **सिद्धिविनायकः** - भक्तहरूको भक्ति सिद्ध हुँदा तिनीहरूको उद्धार गर्ने ।।११।। **अविघ्नः** - पशुरूप जीवहरूको पशुतारूप अविद्याका नाशक अथवा विघ्नहरूलाई परास्त गरी निर्विघ्न आत्मरूपमा विराजमान, **तुम्बुरुः** - वीणावादकहरूद्वारा वीणावादन गरी स्तुति गरिने, **सिंहवाहनः** - युगभेदले मयूर, मूसो र घोडालाई वाहन बनाएझैं सिंहलाई पनि वाहनका रूपमा स्वीकार गर्ने अथवा सिंहवाहिनी गौरीका आत्मरूप सुपुत्र हुनाले सिंहवाहनका नामबाट प्रसिद्ध, **मोहिनीप्रियः** - मोहिनीश शिवजीका अभिन्न रूप, **कटङ्कटः**- उच्चतम ब्रह्मविद्याको ज्ञान दिएर आफ्ना भक्त शिष्यहरूको अज्ञान निवारण गर्ने, **राजपुत्रः** - वरेण्यनामक राजाका निमित्त पुत्रसमान आचरण गर्ने अथवा चन्द्रमालाई पुत्रसमान मानी पालन गर्ने, **शालकः**- जसको एक अंश पनि दृष्टिपथमा आउँदैन अथवा अतीन्द्रिय बनी शोभायमान हुने अन्तर्यामी, **सम्मितः** - श्रुतिप्रमाणअनुसार विश्वव्यापी भएतापनि बुढीऔंलाको परिमाणमा रही सबैको हृदयमा वास गर्ने, **अमितः**- अणु, स्थूल, ह्रस्व र दीर्घ यी चार प्रकारका परिमाणदेखि रहित ।१२।। **कूष्माण्डसाम-सम्भूतिः**- 'कुभिण्डोद्वारा हवन गर्नुपर्दछ' भन्ने विधिवाक्यका साधक प्रसिद्ध मन्त्रहरूलाई विभूतिका रूपमा स्वीकार गर्ने, **दुर्जयः** - बलवान् दैत्यहरूद्वारा मनबाट पनि जित्न नसकिने अपरिमित शक्तिसम्पन्न, **धूर्जयः** - स्वर्ग, मर्त्य र पाताल आदि लोकहरूको सृष्टि, पालन र संहारको भारलाई सजिलै वहन गर्ने, **जयः** - विजयका रूपमा देदीप्यमान अथवा महाभारत आदि वाङ्मयको आत्मतत्त्वका रूपमा विराजमान, **भूपतिः**- पृथिवीका स्वामी, **भुवनपतिः**- चौधै भुवनका स्वामी, **भूतानां पतिः**- सम्पूर्ण प्राणीहरूका स्वामी, **अव्ययः** - अविनाशी ।।१३।। **विश्वकर्ता**- संसारका रचयिता, **विश्वमुखः** - जसबाट विश्वको आरम्भ हुन्छ अथवा जसका मुखभित्र विश्वब्रह्माण्ड अटाउँछ, **विश्वरूपः**- विश्वप्रपञ्चका रूपमा प्रकाशमान, **निधिः**- पद्म, महापद्म, शङ्ख आदि निधिका रूपमा विराजमान, **घृणिः** - सूर्यका रूपमा प्रकाशमान, **कविः** - क्रान्तदर्शी अथवा काव्यका रचयिता, **कवीनाम् ऋषभः** - श्रुतिप्रमाणअनुसार वेदरूप महाकाव्यको प्रादुर्भाव गराउने महाकवि, **ब्रह्मण्यः**- ब्रह्मज्ञ ब्राह्मण, वेद, तपस्या र ब्रह्माजीका हितसाधक, **ब्रह्मणस्पतिः**- परा, पश्यन्ती, मध्यमा र वैखरीनामक ब्रह्मरूप वाणीका स्वामी ।।१४।। **ज्येष्ठराजः** - वैदिक ज्येष्ठसाममा देदीप्यमान अथवा संसारका आदिराज, **निधिपतिः**- निधिहरूका संरक्षक, **निधिप्रियपतिप्रियः**- कुबेर एवं कुबेरसमकक्ष निधिपतिहरूद्वारा उपासनीय, **हिरण्मय-पुरान्तःस्थः** - चिन्मय ब्रह्मको आधार मानिएका शरीरको मध्यवर्ती हृदयाकाशमा विराजमान, **सूर्यमण्डलमध्यगः** - सूर्यबिम्बको बीचमा ध्यान गरिने ।।१५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कराहतिध्वस्तसिन्धु-
सलिलः पूषदन्तभित् ।
उमाङ्ककेलिकुतुकी
मुक्तिदः कुलपालनः ।।
।।१६।।

करहतिध्वस्तसिन्धुसलिलः - आफ्ना सूँढको प्रहारबाट महासागरलाई रित्याउने, **पूषदन्तभिद्**- पूषाका दाँत भाँचिदिने वीरभद्ररूप, **उमाङ्ककेलिकुतुकी** - बालक-भाव र कौतुकका कारण जगदम्बा पार्वतीका काखमा क्रीडा गर्न चाहने, **मुक्तिदः** - भक्तहरूलाई बन्धनबाट मुक्त गर्ने अथवा भक्तहरूका मायापाश चुँडालेर तिनलाई मुक्तिसुख प्रदान गर्ने, **कुलपालनः** - आफ्नो वंश र कौलतन्त्रका संरक्षक।।१६।।

किरीटी कुण्डली हारी
वनमाली मनोमयः ।
वैमुख्यहतदैत्यश्रीः
पादाहतिजितक्षितिः ।।
।।१७।।

किरीटी- मुकुटधारी अथवा अर्जुनका रूपमा अवतीर्ण, **कुण्डली**- कुण्डलधारी अथवा शेषनागका रूपमा अवतीर्ण, **हारी** - मोतीको माला धारण गर्ने अथवा अत्यन्त सुन्दर, **वनमाली**- घाँटीदेखि पाउसम्म वनमाला धारण गर्ने, **मनोमयः**- आफ्नो सङ्कल्पद्वारा कल्पित स्वरूपमा सुहाउने, **वैमुख्यहतदैत्यश्रीः** - आफ्ना प्रतिकूल दैत्यहरूको ऐश्वर्यनाश गर्ने, **पादाहतिजितक्षितिः** - आफ्नो चरणस्पर्शद्वारा पृथिवीलाई नम्र तुल्याउने ।।१७।।

सद्योजातस्वर्णमुञ्ज-
मेखली दुर्निमित्तहृत् ।
दुःस्वप्नहृत् प्रसहनो
गुणी नादप्रतिष्ठितः ।।
।।१८।।

सद्योजातस्वर्णमुञ्जमेखली - भर्खरै तयार गरिएको स्वर्णिम कान्तिले सम्पन्न र मूँजले बनेको मेखला धारण गर्ने, **दुर्निमित्तहृत्**- मूर्तिभङ्ग, भूकम्प, उल्कापात आदि कारणहरूद्वारा सूचित अरिष्टहरूका नाशक, **दुःस्वप्नहृत्** - आफ्नो प्रभावबाट नराम्रा स्वप्नलाई पनि राम्रा तुल्याउने, **प्रसहनः** - भक्तहरूबाट जानी-नजानी गरिएका अपराधलाई क्षमा दिने, **गुणी**- निश्चिन्तता र आत्मशक्ति आदि गुणका आधार, **नादप्रतिष्ठितः** - ओङ्कारबिन्दुमा स्थित अर्धचन्द्रअन्तर्गत रहेको नादद्वारा वाच्य ।।१८।।

सुरूपःसर्वनेत्राधि-
वासो वीरासनाश्रयः ।
पीताम्बरः खण्डरदः
खण्डेन्दुकृतशेखरः ।।
।।१९।।

सुरूपः - सर्वातिशायी सौन्दर्यका स्वामी अथवा सबैलाई वशीभूत गर्ने आनन्दमय ज्ञानका स्रोत, **सर्वनेत्राधिवासः** - 'आत्मतत्त्व सबैका आँखामा रहेको हुन्छ' भन्ने श्रुतिवाक्यअनुसार सबैका आँखामा आत्मरूपले प्रकाशमान, **वीरासनाश्रयः**- बायाँ घुँडामाथि दायाँ पाउ राख्दा निष्पन्न हुने वीरासनमा विराजमान, **पीताम्बरः** - संहारकालमा आकाशलाई पनि पिउने अथवा पहेंला वस्त्र धारण गर्ने, **खण्डरदः**- भाँचिएको दाँत धारण गर्ने, **खण्डेन्दुकृतशेखरः** - आफ्नो शिरमा अर्धचन्द्रमा धारण गर्ने ।।१९।।

चित्राङ्कश्यामदशनो
भालचन्द्रश्चतुर्भुजः ।
योगाधिपस्तारकस्थः
पुरुषो गजकर्णकः ।।
।।२०।।

चित्राङ्कश्यामदशनः - नीलो आदि रङ्गका कारण रङ्गीन चित्रहरूद्वारा दाँत रंगाउने, **भालचन्द्रः** - आफ्नो निधारमा चन्द्रमा धारण गर्ने, **चतुर्भुजः**- अष्टमीको चन्द्रमाको आकारको निधार भएका र शरीरमा चार हात धारण गर्ने, **योगाधिपः** - लकुलीश आदि नामबाट प्रसिद्ध योगाचार्यहरूका रूपमा शोभायमान, **तारकस्थः** - प्रणवद्वारा वाच्य पुरुष, **पूरुषः** - सम्पूर्ण जीवहरूका दहराकाशमा साक्षीरूपले विराजमान, **गजकर्णकः** - हात्तीका जस्ता कानले शोभायमान।।२०।।

गणाधिराजो विजय-
स्थिरो गजपतिर्ध्वजी ।
देवदेवः स्मरप्राण-
दीपको वायुकीलकः ।।
।।२१।।

गणाधिराजः- छन्दोमय काव्यमा रहेका म-आदि गणहरूका प्रवर्त्तक, **विजयस्थिरः** - भक्तहरूलाई विजय दिलाउने र धैर्यधारण गर्न उत्प्रेरित गर्ने, **गजपतिध्वजी** - आफ्नो ध्वजामा गजराजको चिह्न धारण गर्ने, **देवदेवः** - इन्द्र आदि देवताहरूका उपास्य, **स्मरप्राणदीपकः**- शिवजीको सरापबाट शरीर डढेका कामदेवका प्राणलाई पुनर्जीवन प्रदान गर्ने, **वायुकीलकः**- नौ वटा ढोकाले बनेको शरीरमा प्राणवायुलाई रोकेर राख्ने ।।२१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विपश्चिद्वरदो नादो-
न्नादभिन्नबलाहकः ।
वराहरदनो मृत्यु-
ञ्जयो व्याघ्राजिनाम्बरः ।।
।।२२।।

इच्छाशक्तिधरो देव-
त्राता दैत्यविमर्दनः ।
शम्भुवक्त्रोद्भवः शम्भु-
कोपहा शम्भुहास्यभूः ।।
।।२३।।

शम्भुतेजाः शिवाशोक-
हारी गौरीसुखावहः ।
उमाङ्गमलजो गौरी-
तेजोभूः स्वर्धुनीभवः ।।
।।२४।।

यज्ञकायो महानादो
गिरिवर्ष्मा शुभाननः ।
सर्वात्मा सर्वदेवात्मा
ब्रह्ममूर्द्धा ककुप्श्रुतिः ।।
।।२५।।

ब्रह्माण्डकुम्भश्चिद्व्योम-
भालः सत्यशिरोरुहः ।
जगज्जन्मलयोन्मेष-
निमेषोऽग्न्यर्कसोमदृक् ।।
।।२६।।

गिरीन्द्रैकरदो धर्मा-
धर्मोष्ठः सामबृंहितः ।
ग्रहर्क्षदशनो वाणी-
जिह्वो वासवनासिकः ।।
।।२७।।

विपश्चिद्वरदः- अग्निका रूपमा प्रकट भएर विपश्चिद् नामक राजालाई तीन अथवा चार वर प्रदान गर्ने, **नादोन्नादभिन्नबलाहकः** - आफ्ना धीर र गम्भीर गर्जनद्वारा बादलहरूलाई चिर्ने, **वराहरदनः** - एकदन्तद्वारा बँदेलका दाह्राको कान्तिलाई मन्द तुल्याउने, **मृत्युञ्जयः** - मृत्यु र प्रमादलाई परास्त गरी आफ्ना भक्तहरूलाई अमरता प्रदान गर्ने, **व्याघ्राजिनाम्बरः**- आफ्नो शरीरमा वस्त्रका रूपमा बाघको छाला धारण गर्ने ।।२२।। **इच्छाशक्तिधरः** - 'एकोऽहं बहु स्याम्' इत्यादि श्रुतिवचनअनुसार जगत्को सृष्टि गर्ने इच्छाशक्तिले सम्पन्न, **देवत्राता** - देवताहरूलाई दैत्यहरूको भयबाट रक्षा गर्ने, **दैत्यविमर्दनः**- दैत्यहरूलाई आफ्नो पुरुषार्थबाट परास्त गर्ने, **शम्भुवक्त्रोद्भवः**- भगवान् शिवजीका मुख-मण्डलबाट प्रादुर्भूत, **शम्भुकोपहा**- आफ्नो सुमधुर बाललीलाद्वारा पिता शिवजीको क्रोधलाई शान्त गराउने, **शम्भुहास्यभूः**- केही नजानेका केटाकेटीले झैं बाललीला देखाएर शङ्करलाई हँसाउने।।२३।। **शम्भुतेजाः**- शिवजीको तेजबाट उत्पन्न, **शिवाशोकहारी**- महिषासुर आदि दानवहरूसँग युद्ध गर्ने अवसरमा भगवतीलाई सहयोग प्रदान गरी उहाँका शोक-सन्ताप नाश गर्ने, **गौरीसुखावहः**- आफ्नो दर्शनका लागि तपस्या गरिरहेकी माता पार्वतीलाई दर्शन दिएर उहाँको सुखवृद्धि गराउने, **उमाङ्गमलजः**- भगवती पार्वतीको शरीरको मयलबाट उत्पन्न, **गौरीतेजोभूः**- विष्णु र ब्रह्मा आदि देवताहरूको तेजबाट प्रकट भएकी भगवती पार्वतीका सुपुत्र, **स्वर्धुनीभवः**- श्रीगणेश र कार्तिकेयको एकरूपता भएकाले गङ्गापुत्रका रूपमा अवतीर्ण।।२४।। **यज्ञकायः**- अश्वमेध आदि यज्ञलाई शरीरका रूपमा धारण गर्ने, **महानादः** - उच्च स्वरले पढिने वषट्कार आदि मन्त्रहरूको नादका रूपमा विराजमान, **गिरिवर्ष्मा**- पर्वतहरूलाई शरीरका रूपमा धारण गर्ने, **शुभाननः** - मङ्गलमूर्ति, **सर्वात्मा** - **'सर्वं खलु इदं ब्रह्म'** इत्यादि श्रुतिको भनाइअनुसार सम्पूर्ण संसारका आत्मा, **सर्वदेवात्मा** - सम्पूर्ण देवताहरूका आत्मा, **ब्रह्ममूर्धा**- सर्वोत्तम ब्रह्मतत्त्वका रूपमा प्रकाशमान, **ककुप्श्रुतिः**- पूर्व आदि दिशाहरूलाई कर्णेन्द्रियका रूपमा धारण गर्ने ।।२५।। **ब्रह्माण्डकुम्भः** - ब्रह्माण्डरूपी कलश धारण गर्ने, **चिद्व्योमभालः** - ब्रह्माण्डकुम्भको बीचमा रहने आकाशलाई ब्रह्मरन्ध्रका रूपमा धारण गर्ने, **सत्यशिरोरुहः**- सत्यलोकलाई केशराशिका रूपमा धारण गर्ने, **जगज्जन्मलयोन्मेषनिमेषः**- जागरणकालमा जगत्लाई पैदा गर्ने र आँखा चिम्लिँदा त्यसलाई आफूमा लीन गराउने, **अग्न्यर्कसोमदृक्** - अग्नि, सूर्य र चन्द्रमालाई आँखाका रूपमा धारण गर्ने ।।२६।। **गिरिन्द्रैकरदः** - सुमेरु पर्वतलाई एकदन्तका रूपमा धारण गर्ने, **धर्माधर्मोष्ठः** - माथिल्लो ओठलाई धर्म र तल्लो ओठलाई अधर्मका रूपमा धारण गर्ने, **सामबृंहितः** - मधुर स्वरले सामगायन गर्ने, **ग्रहर्क्षदशनः** - सूर्य आदि ग्रह र कृत्तिका आदि नक्षत्रहरूलाई दाँतका रूपमा वहन गर्ने, **वाणीजिह्वः** - वेद, धर्मशास्त्र, पुराण, न्याय, मीमांसा आदि वाङ्मयलाई जिब्राको रूपमा धारण गर्ने, **वासवनासिकः**- देवराज इन्द्रलाई नासिकाको रूपमा धारण गर्ने।।२७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रूमध्यसंस्थितकरो
ब्रह्मविद्यामदोत्कटः ।
कुलाचलांसः सोमार्क-
घण्टो रुद्रशिरोधरः ।।
।।२८।।

भ्रूमध्यसंस्थितकरः – आँखीभौं र नाकको सन्धिस्थलमा सूँढ धारण गर्ने, **ब्रह्मविद्यामदोत्कटः** – सच्चिदानन्दघन आत्मतत्त्वको बोध गर्न भक्तहरूलाई अभिप्रेरित गर्दै ब्रह्मविद्याको उपदेश दिएर माया एवं प्रपञ्चबाट मुक्त तुल्याउने, **कुलाचलांसः** – विन्ध्य आदि कुलपर्वतलाई काँधका रूपमा धारण गर्ने, **सोमार्कघण्टः**– आफ्नो विराट् शरीरमा सूर्य र चन्द्रलाई घण्टाका रूपमा धारण गर्ने, **रुद्रशिरोधरः** – रुद्रघण्टीमाथि निवास गर्ने ।।२८।।

नदीनदभुजः सर्पाङ्-
गुलीकस्तारकानखः ।
व्योमनाभिः श्रीहृदयो
मेरुपृष्ठोऽर्णवोदरः ।।
।।२९।।

नदीनदभुजः – गङ्गा आदि नदी र ब्रह्मपुत्र आदि नदहरूलाई हातका रूपमा धारण गर्ने, **सर्पाङ्गुलीकः** – आफ्नो विराट् शरीरमा शेष आदि नागहरूलाई औंलाका रूपमा धारण गर्ने, **तारकानखः**– ध्रुव आदि ताराहरूलाई नङका रूपमा धारण गर्ने, **व्योमनाभिः**– आकाशरूप गुफालाई नाभिका रूपमा वहन गर्ने, **श्रीहृदयः**– अमृतलक्ष्मीका रूपमा स्वीकार गरिएका ऋग्वेद, यजुर्वेद र सामवेदलाई हृदयमा धारण गर्ने, **मेरुपृष्ठः** – सुमेरुपर्वतलाई पिठ्यूँ बनाउने, **अर्णवोदरः**– आफ्नो विशाल उदरमा सम्पूर्ण महासागरहरूलाई समाहित गर्ने ।।२९।।

कुक्षिस्थयक्षगन्धर्व-
रक्षःकिन्नरमानुषः ।
पृथ्वीकटिः सृष्टिलिङ्गः
शैलोरुर्दस्रजानुकः ।।
।।३०।।

कुक्षिस्थयक्षगन्धर्वरक्षःकिन्नरमानुषः – आफ्नो पेटभित्रका अङ्ग–प्रत्यङ्गका रूपमा यक्ष, गन्धर्व, राक्षस, किन्नर र मानिसहरूलाई धारण गर्ने, **पृथिवीकटिः** – पृथिवीलाई कटिस्थानका रूपमा धारण गर्ने, **सृष्टिलिङ्गः** – सम्पूर्ण मैथुनजात प्राणीहरूको सृष्टिका कारण यौन इन्द्रियका रूपमा विराजमान, **शैलोरुः**– पर्वतलाई जङ्घाका रूपमा धारण गर्ने, **दस्रजानुकः**– देवताका वैद्य अश्विनीकुमारहरूलाई घुँडाका रूपमा धारण गर्ने।।३०।।

पातालजङ्घो मुनिपात्
कालाङ्गुष्ठस्त्रयीतनुः ।
ज्योतिर्मण्डललाङ्गूलो
हृदयालाननिश्चलः ।।
।।३१।।

पातालजङ्घः – तल, अतल आदि सप्त पाताललाई तिघ्राको रूपमा धारण गर्ने, **मुनिपदः**– आफ्नो चरणको सेवामा तल्लीन मुनिहरूलाई चरणका रूपमा स्वीकार गर्ने, **कालाङ्गुष्ठः** – महामृत्युलाई पाउको बूढी औंलाको रूपमा धारण गर्ने, **त्रयीतनुः**– चार वेदलाई आफ्नो शरीरका रूपमा धारण गर्ने, **ज्योतिर्मण्डललाङ्गूलः**, शिशुमारचक्रलाई पुच्छरका रूपमा धारण गर्ने, **हृदयालाननिश्चलः** – गजाकार बनेर भक्तका हृदयरूप खाँबोमा स्थिर भएर रहने ।।३१।।

हृत्पद्मकर्णिकाशालि-
वियत्केलिसरोवरः ।
सद्भक्तध्याननिगडः
पूजावारिनिवारितः ।।
।।३२।।

हृत्पद्मकर्णिकाशालिवियत्केलिसरोवरः – हृदयरूप कमलका केस्राले सुहाएको हृदयाकाशरूप सरोवरमा नित्य क्रीडा गर्ने, **सद्भक्तध्याननिगडः** – सज्जन भक्तहरूद्वारा गरिने ध्यानबाट वशीभूत भई तिनका हृदयमा थुनिएर रहने, **पूजावारिनिवारितः**– भक्तहरूद्वारा गरिने अर्चनारूप जञ्जीरद्वारा भक्तका हृदयमा बाँधिएर बस्ने।।३२।।

प्रतापी कश्यपसुतो
गणपो विष्टपी बली ।
यशस्वी धार्मिकः स्वोजाः
प्रथमः प्रथमेश्वरः ।।
।।३३।।

प्रतापी– पराक्रमी अथवा शत्रुहरूलाई सन्तप्त तुल्याउने, **कश्यपसुतः** – अदिति र कश्यपका पुत्र बनेर महोत्कटका रूपमा अवतीर्ण, **गणपः** – यज्ञसाधक, अध्वर्यु, होता, आचार्य आदि द्विजगणका रक्षक, **विष्टपी**– सम्पूर्ण भुवनहरूका परमाधार, **बली**– शक्तिसम्पन्न, **यशस्वी**– पुण्य कर्मबाट उत्पन्न भएको कीर्तिद्वारा शोभायमान, **धार्मिकः** – धर्मका संवर्द्धक एवं संरक्षक, **स्वोजाः** – शरीरको ओजद्वारा शोभायमान, **प्रथमः** – अग्रपूज्य, **प्रथमेश्वरः** – ब्रह्मा, विष्णु र शिवजीजस्ता प्रथम देवताहरूका उपास्य ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तामणिद्वीपपतिः
कल्पद्रुमवनालयः ।
रत्नमण्डपमध्यस्थो
रत्नसिंहासनाश्रयः ।।
।।३४।।

चिन्तामणिद्वीपपतिः – चिन्तामणि द्वीपमा निवास गर्ने अथवा चिन्तामणि द्वीपका स्वामी, **कल्पद्रुमवनालयः** – चिन्तामणि द्वीपमा रहेको पारिजात वृक्षको वनमा निवास गर्ने, **रत्नमण्डपमध्यस्थः** – चिन्तामणि द्वीपको बीचमा रहेको मणिमण्डपमा विराजमान, **रत्नसिंहासनाश्रयः** – रत्नमण्डपको मध्यमा रहेको रत्नसिंहासनमा विराजमान ।।३४।।

तीव्राशिरोधृतपदो
ज्वालिनीमौलिलालितः ।
नन्दानन्दितपीठश्री-
र्भोगदाभूषितासनः ।।
।।३५।।

तीव्राशिरोधृतपदः – रत्नमण्डपमा रहेको आठ पाते कमलको केसरमा रहेका पीठशक्तिहरूमध्ये एउटी पीठशक्ति तीव्राले जसका चरणकमललाई आफ्नो शिरमा धारण गर्दछिन्, **ज्वालिनीमौलिलालितः** – ज्वालिनीनामक पीठशक्तिद्वारा शिर झुकाएर विनम्रतापूर्वक सेवा गरिएका, **नन्दानन्दितपीठश्रीः** – नन्दानामक पीठशक्तिको कान्तिद्वारा आनन्ददायक पीठमा विराजमान, **भोगदाभूषितासनः** – भोगदानामक पीठशक्ति रहनाले अलङ्कारमय बनेको आसनमा विराजमान ।।३५।।

सकामदायिनीपीठः
स्फुरदुग्रासनाश्रयः ।
तेजोवतीशिरोरत्नं
सत्यानित्यावतंसितः ।।
।।३६।।

सकामदायिनीपीठः – कामदायिनी शक्तिद्वारा शोभायमान मण्डपको बीच भागमा विराजमान, **स्फुरदुग्रासनाश्रयः** – उग्रानामक पीठशक्तिको उपस्थितिले चहकिलो भएको सिंहासनमा आसीन, **तेजोवतीशिरोरत्नम्**- तेजोवतीनामक पीठशक्तिका लागि जसका चरणकमल चूडामणि बनेर सुहाउँछन्, **सत्यानित्यावतंसितः** – सत्यानामक पीठशक्तिको उपस्थितिका कारण नित्य विभूषित।।३६।।

सविघ्ननाशिनीपीठः
सर्वशक्त्यम्बुजाश्रयः ।
लिपिपद्मासनाधारो
वह्निधामत्रयाश्रयः ।।
।।३७।।

सविघ्ननाशिनीपीठः – विघ्ननाशिनीनामक पीठशक्तिद्वारा अलङ्कृत पीठमा विराजमान, **सर्वशक्त्यम्बुजाश्रयः** – कमलकर्णिकामा रहेका ती सबै पीठशक्तिका आश्रयमा विराजमान, **लिपिपद्मासनाधारः** – मातृकापद्मरूप आसनमा विराजमान, **वह्निधामत्रयाश्रयः**– आसन कमलका कर्णिकाहरूमाथि रहेका सूर्य, चन्द्र र अग्निजस्ता तेजोमय तत्त्वको आसनमाथि विराजमान ।।३७।।

उन्नतप्रपदो गूढ-
गुल्फः संवृतपार्ष्णिकः ।
पीनजङ्घः श्लिष्टजानुः
स्थूलोरुः प्रोन्नमत्कटिः ।।
।।३८।।

उन्नतप्रपदः – जसका चरणकमलका अग्रभाग कछुवाको पीठझैं उठेका छन्, **गूढगुल्फः** – जसका चरणका गोलीगाँठा मासुले ढाकिएका छन्, **संवृतपार्ष्णिकः** – जसका पाउहरूका गोलीगाँठाभन्दा तलको भाग मासुले भरिएको छ, **पीनजङ्घः** – जसका तिघ्रा स्थूल छन्, **श्लिष्टजानुकः** – जसका तिघ्रा र घुँडाको सन्धि भागमा समान रूपको स्थूलता भएका कारण कहाँनेरबाट घुँडा सुरु हुन्छ भन्ने स्पष्ट हुँदैन, **स्थूलोरुः** – जसका ऊरुभाग स्थूल छन्, **प्रोन्नमत्कटिः**– जसको कम्मर छिनिएको छ ।।३८।।

निम्ननाभिः स्थूलकुक्षिः
पीनवक्षा बृहद्भुजः ।
पीनस्कन्धः कम्बुकण्ठो
लम्बोष्ठो लम्बनासिकः।।
।।३९।।

निम्ननाभिः – गहिरो नाभिले सुहाएका, **स्थूलकुक्षिः** – विशाल उदरले सम्पन्न, **पीनवक्षाः** – विशाल छाती धारण गर्ने, **बृहद्भुजः** – आफ्ना हातले घुँडालाई स्पर्श गर्ने, **पीनस्कन्धः** – ठूला काँधले युक्त, **कम्बुकण्ठः**– शङ्खको आकारको घाँटीले सुहाएका, **लम्बोष्ठः** – हात्तीको झैं फैलिएको ओठ भएकाले गजाननका नामबाट प्रसिद्ध, **लम्बनासिकः**– लामो सूँढले सुहाएका।।३९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

**भग्नवामरदस्तुङ्ग-
सव्यदन्तो महाहनुः ।
ह्रस्वनेत्रत्रयः शूर्प-
कर्णो निबिडमस्तकः ।। ।।४०।।
स्तबकाकारकुम्भाग्रो
रत्नमौलिर्निरङ्कुशः ।
सर्पहारकटीसूत्रः
सर्पयज्ञोपवीतवान् ।। ।।४१।।
सर्पकोटीरकटकः
सर्पग्रैवेयकाङ्गदः ।
सर्पकक्ष्योदराबन्धः
सर्पराजोत्तरीयकः ।। ।।४२।।
रक्तो रक्ताम्बरधरो
रक्तमाल्यविभूषणः ।
रक्तेक्षणो रक्तकरो
रक्तताल्वोष्ठपल्लवः ।। ।।४३।।
श्वेतः श्वेताम्बरधरः
श्वेतमाल्यविभूषणः ।
श्वेतातपत्ररुचिरः
श्वेतचामरवीजितः ।। ।।४४।।
सर्वावयवसम्पूर्णः
सर्वलक्षणलक्षितः ।
सर्वाभरणशोभाढ्यः
सर्वशोभासमन्वितः ।। ।।४५।।
सर्वमङ्गलमाङ्गल्यः
सर्वकारणकारणम् ।
सर्वदैककरः शार्ङ्गी
बीजपूरी गदाधरः ।। ।।४६।।**

भग्नवामरदः - जसको बायाँ दाँतको टुप्पो भाँचिएको छ, **तुङ्गसव्यदन्तः** - जसको दायाँ दाँतको टुप्पो अग्लो देखिन्छ, **महाहनुः** - हात्तीको झैं बाङ्गो च्यूँडोले सुहाएका, **ह्रस्वनेत्रत्रयः** - च्यूँडो हात्तीको आकारको भएतापनि हात्तीको शरीरमा सुहाउने साना-साना तीनवटा आँखाले सम्पन्न, **शूर्पकर्णः** - नाङ्लोसमान फैलिएका कानले सुहाएका, **निबिडमस्तकः** - कठोर मस्तक धारण गर्ने ।।४०।। **स्तबकाकार-कुम्भाग्रः** - फूलको गुच्छाझैं राम्रो शिरले सुहाएका, **रत्नमौलिः** - रत्नमय किरीट धारण गर्ने, **निरंकुशः** - हात्तीको आकारमा देखिने जसको शिरमा कुनै पनि माउतेले प्रहार गर्न सक्दैन त्यस्ता स्वतन्त्र ईश्वरीय सत्तामा विराजमान, **सर्पहारकटीसूत्रः** - कमरबन्धको रूपमा सर्पलाई बेर्ने, **सर्पयज्ञोपवीतवान्** - सर्पलाई जनैका रूपमा धारण गर्ने ।।४१।। **सर्पकोटीरकटकः** - मुकुटको माला र मणिबन्धको बालाको रूपमा सर्पलाई धारण गर्ने, **सर्पग्रैवेयकाङ्गदः** - सर्पलाई घाँटीको माला र बाजुबन्दको रूपमा प्रयोग गर्ने, **सर्पकक्ष्योदराबन्धः** - जसको कटि र उदरभागलाई दुईवटा सर्पले बाँधेका छन्, **सर्पराजोत्तरीयकः**- वासुकि नागलाई दोसल्लाका रूपमा धारण गर्ने ।।४२।। **रक्तः** - रातो वर्णले सुहाएका, **रक्ताम्बरधरः** - राता वस्त्र धारण गर्ने, **रक्तमाल्यविभूषणः** - राता फूलहरूको माला लगाउने, **रक्तेक्षणः** - राता आँखाले सुहाएका, **रक्तकरः** - रातो वर्णका हातहरूले शोभायमान, **रक्तताल्वोष्ठपल्लवः** - रक्तिम ओठ र तालु धारण गर्ने ।।४३।। **श्वेतः** - विद्या र ब्रह्मज्ञानका साधकहरूका लागि शुक्लस्वरूपमा प्रकाशित हुने, **श्वेताम्बरधरः** - सेता वस्त्र धारण गर्ने, **श्वेतमाल्यविभूषणः** - सेता फूलद्वारा तयार गरिएको माला धारण गर्ने, **श्वेतातपत्र-रुचिरः** - सेतो छत्र धारण गरी सुन्दर स्वरूपमा प्रकाशित हुने, **श्वेतचामरवीजितः**- भक्तहरूद्वारा सेतो चामर डुलाएर सेवा गरिने ।।४४।। **सर्वावयवसम्पूर्णसर्वलक्षण-लक्षितः** - सर्वाङ्गमा सामुद्रिक शास्त्रले बताएका शुभलक्षण पूर्णरूपमा देखिनाले सर्वलक्षणसम्पन्न व्यक्तित्वद्वारा अलङ्कृत, **सर्वाभरणशोभाढ्यः** - सबै प्रकारका अलङ्कारद्वारा उत्पन्न शोभाले सम्पन्न, **सर्वशोभासमन्वितः** - लावण्य र अङ्गकान्तिद्वारा देदीप्यमान ।।४५।। **सर्वमङ्गलमाङ्गल्यः** - सबै प्रकारका मङ्गलहरूद्वारा सम्पन्न मङ्गलविधायक अथवा सर्वमङ्गलानामक देवीलाई लोकमङ्गल गर्ने कार्यमा सहयोग प्रदान गर्ने, **सर्वकारणकारणम्** - सम्पूर्ण जगत्को संरचनाका प्रमुख कारण परमाणु आदिको पनि रचना गर्ने अर्थात् कारणका पनि कारणतत्त्व, **सर्वदैककरः** - भक्तहरूले चिताएका कामना पूरा गर्न सक्ने सूँढद्वारा शोभायमान, **शार्ङ्गी** - शार्ङ्गनामक धनु धारण गर्ने, **बीजपूरी** - हातमा बेल अथवा बिमिरो धारण गर्ने, **गदाधरः** - गदानामक आयुध धारण गर्ने ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(शुक्लाङ्गो लोक सुखदः
सुतन्तुस्तन्तुवर्धनः ।
किरीटी कुण्डली हारी
वनमाली शुभाङ्गदः ।।
।।४७।।)

(**शुक्लाङ्गः** – सेतो आभाले परिपूर्ण अङ्गहरूद्वारा शोभायमान, **लोकसुखदः**- आफ्ना अवतार, उपदेश र लीलाद्वारा सम्पूर्ण लोकलाई निरतिशय आनन्द प्रदान गर्ने, **सुतन्तुः** – उत्तम भक्तहरूको परम्पराद्वारा सेव्यमान, **तन्तुवर्धनः** – सृष्टिको तन्तुलाई समृद्ध तुल्याउने, **किरीटी** – सुन्दर किरीटद्वारा सुहाएका, **कुण्डली** – ॐकाररूप कुण्डल धारण गर्ने अथवा कानमा सुन्दर कुण्डल धारण गर्ने, **हारी** – मनोहर स्वरूपले सम्पन्न अथवा उत्तम हार धारण गर्ने, **वनमाली** – वनमालाले सुहाएका, **शुभाङ्गदः**- आफ्ना बाहुहरूमा सुन्दर बाजुबन्द धारण गर्ने ।।४७।।)

इक्षुचापधरः शूली
चक्रपाणिःसरोजभृत् ।
पाशी धृतोत्पलः शाली-
मञ्जरीभृत् स्वदन्तभृत् ।।
।।४८।।

इक्षुचापधरः – ऊँखुबाट बनाइएको धनु धारण गर्ने, **शूली** – त्रिशूल धारण गर्ने, **चक्रपाणिः** – हातमा सुदर्शन धारण गर्ने, **सरोजभृत्** – कमलधारी, **पाशी** – पाशधारी, **धृतोत्पलः** – नीलकमल धारण गर्ने, **शालिमञ्जरीभृत्** – धानका बाला हातमा लिने, **स्वदन्तभृत्** – आफ्नो टुक्रिएको दाँत धारण गर्ने ।।४८।।

कल्पवल्लीधरो विश्वा-
भयदैककरो वशी ।
अक्षमालाधरो ज्ञान-
मुद्रावान् मुद्गरायुधः ।।
।।४९।।

कल्पवल्लीधरः – करकमलमा कल्पलता धारण गर्ने, **विश्वाभयदैककरः** - जसको सूँढ संसारको कुनै तत्त्वबाट पनि भयभीत र परास्त हुँदैन अथवा जसको सूँढले संसारलाई अभय प्रदान गर्दै रक्षा गर्दछ, **वशी** – संसारलाई वशवर्ती बनाई राम्ररी संसारयात्रा चलाउने, **अक्षमालाधरः** – अदेखि लिएर क्षसम्मका अक्षरहरूद्वारा तयार हुने अक्षमाला अथवा मातृकामाला धारण गर्ने, **ज्ञानमुद्रावान्** – तर्जनी र बूढी औंलाको संयोगबाट निष्पन्न हुने ज्ञानमुद्राद्वारा शोभायमान, **मुद्गरायुधः** – आफ्ना भक्तहरूको मुसल आदि आयुधहरूद्वारा रक्षा गर्दै तिनलाई हर्ष र आनन्द प्रदान गर्ने ।।४९।।

पूर्णपात्री कम्बुधरो
विधृतालिसमूहकः।
मातुलिङ्गधरश्चूत-
कलिकाभृत् कुठारवान् ।।
।।५०।।

पूर्णपात्री – यज्ञको पूर्णपात्र अथवा अमृतले भरिएको अमृतपात्र धारण गर्ने, **कम्बुधरः** – शङ्ख धारण गर्ने, **विधृतालिसमुद्गकः** – भ्रमरहरूद्वारा आवेष्टित आफ्ना गण्डस्थलमा मदधारा धारण गर्ने, **मातुलिङ्गधरः** – हातमा बेल लिने, **चूतकलिकाभृत्**- हातमा आम्रमञ्जरी धारण गर्ने, **कुठारवान्** – योगीहरूका हृदयमा निहित र कुठारसंज्ञाबाट सम्बोधन गरिने ज्ञानका साक्षी ।।५०।।

पुष्करस्थस्वर्णघटी-
पूर्णरत्नाभिवर्षकः ।
भारतीसुन्दरीनाथो
विनायकरतिप्रियः ।।
।।५१।।

पुष्करस्थस्वर्णघटीपूर्णरत्नाभिवर्षकः – आफ्नो सूँढको टुप्पामा रहेको सुवर्ण-कुम्भमा भरिएका रत्नहरूको वर्षा गराई भक्तहरूलाई तृप्त गराउने, **भारतीसुन्दरीनाथः**- सरस्वतीका स्वामी ब्रह्मा, लक्ष्मीका स्वामी विष्णु र त्रिपुरसुन्दरी पार्वतीका स्वामी शिवजीका रूपमा प्रकट भई जगत्को सृष्टि, पालन र संहार गर्ने, **विनायकरतिप्रियः** – ग्रहहरूसँग अथवा पक्षिराज गरुडसँग क्रीडा गर्न रुचाउने ।।५१।।

महालक्ष्मीप्रियतमः
सिद्धलक्ष्मीमनोरमः ।
रमारमेशपूर्वाङ्गो
दक्षिणोमामहेश्वरः ।।
।।५२।।

महालक्ष्मीप्रियतमः – महालक्ष्मीका अत्यन्त प्यारा, **सिद्धलक्ष्मीमनोरमः** - सिद्धलक्ष्मीका मनमा आनन्द पैदा गराउने, **रमारमेशपूर्वाङ्गः** – जसको पूर्व दिशाका आवरणदेवताका रूपमा लक्ष्मी र नारायणं रहनुहुन्छ, **दक्षिणोमामहेश्वरः** – जसको दक्षिण दिशामा आवरणदेवताका रूपमा शिव र पार्वती रहनुहुन्छ ।।५२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महीवराहवामाङ्गो
रतिकन्दर्पपश्चिमः ।
आमोदमोदजननः
सप्रमोदप्रमोदनः ।।
।।५३।।

महीवराहवामाङ्गः - जसको पश्चिम दिशामा आवरणदेवताका रूपमा पृथिवी र वराह रहनुहुन्छ, **रतिकन्दर्पपश्चिमः** - जसको पश्चिम दिशामा आवरणदेवताका रूपमा रति र कामदेव रहन्छन् ती श्रीगणेश परमात्मा, **आमोदमोदजननः** - भक्तहरूको हर्षलाई आनन्दमा परिणत गराई परमानन्द दिलाउने, **सप्रमोदप्रमोदनः** - भगवान्‌को दर्शन पाउँदा हर्षविभोर भएका भक्तहरूलाई सधैं हर्षको सागरमा निमग्न गराउने ।।५३।।

समेधितसमृद्धिश्री-
ऋर्द्धिसिद्धिप्रवर्त्तकः ।
दत्तसौमुख्यसुमुखः
कान्तिकन्दलिताश्रयः ।।
।।५४।।

समेधितसमृद्धिश्रीः - समृद्धिसम्पन्न र श्रीवृद्धिकारक, **ऋद्धिसिद्धिप्रवर्त्तकः**- आराधना गर्ने भक्तहरूलाई ऋद्धिमा रहेको सिद्धितत्त्व प्रदान गर्ने, **दत्तसौमुख्यसुमुखः**- आफ्ना भक्तहरूका लागि साम्मुख्य प्रदान गर्ने, सुन्दर स्वरूपले सम्पन्न एवं भक्तका अनुकूल, **कान्तिकन्दलिताश्रयः** - कान्ति र सौन्दर्यको विकासका आधार ।।५४।।

मदनावत्याश्रिताङ्घ्रिः
कृतदौर्मुख्यदुर्मुखः ।
विघ्नसंपल्लवोपघ्नः
सेवोन्निद्रमदद्रवः ।।
।।५५।।

मदनावत्याश्रिताङ्घ्रिः - मदनावती नामक शक्तिद्वारा चरणकमलमा आराधित, **कृतदौर्मुख्यदुर्मुखः** - दुर्मुख अर्थात् प्रतिकूल मानिसहरूमा रहेको प्रतिकूल भावनालाई निर्मूल तुल्याउने, **विघ्नसंपल्लवोपघ्नः** - विघ्नहरूको विस्तारका मूल अधिष्ठान अर्थात् विघ्नराज, **सेवोन्निद्रमदद्रवः** - मदद्रवादेवी जसको सेवामा निरालस्य भई निरन्तर खटिरहन्छिन् ।।५५।।

विघ्नकृन्निघ्नचरणो
द्राविणीशक्तिसत्कृतः ।
तीव्राप्रसन्ननयनो
ज्वालिनीपालितैकदृक् ।।
।।५६।।

विघ्नकृन्निघ्नचरणः - विघ्नकृत्‌को भक्तिमा आश्रित छन् पाउ जसका, **द्राविणीशक्तिसत्कृतः**- द्राविणीनामक शक्तिद्वारा सेवा गरिनुभएका, **तीव्राप्रसन्ननयनः**- तीव्रानामक शक्तिको स्वरूपमा दृष्टिपात गर्दा जसका आँखा रमाउँछन्, **ज्वालिनी-पालितैकदृक्**- जसको मुख्य दृष्टिशक्तिलाई ज्वालिनीनामक शक्तिले रक्षा गर्दछिन् ।।५६।।

मोहिनीमोहनो भोग-
दायिनीकान्तिमण्डितः ।
कामिनीकान्तवक्त्रश्री-
रधिष्ठितवसुन्धरः ।।
।।५७।।

मोहिनीमोहनः - मोहिनीनामक शक्तिलाई जसले आफ्ना स्वरूपसौन्दर्यबाट मुग्ध तुल्याउनुहुन्छ, **भोगदायिनीकान्तिमण्डितः** - भोगदायिनी शक्तिको कान्तिद्वारा जसका दुबै पादुका कान्तिमय बन्दछन्, **कामिनीकान्तवक्त्रश्रीः** - कामिनी शक्तिको मुहारमा रहेको शोभाद्वारा आप्लावित, **अधिष्ठितवसुन्धरः** - जसको अवतारलीला र पावन चरित्रका कारण पृथिवीले प्रतिष्ठा प्राप्त गर्दछन् ।।५७।।

वसुन्धरामदोन्नद्ध-
महाशङ्खनिधिप्रभुः ।
नमद्वसुमतीमौलि-
महापद्मनिधिप्रभुः ।।
।।५८।।

वसुन्धरामदोन्नद्धमहाशङ्खनिधिप्रभुः- वसुन्धरानामक पत्नीको यौवनजनित सौन्दर्यपान गरी प्रमुदित जुन महाशङ्खनामक निधि छ, त्यस निधिका अधिष्ठात्री देवताद्वारा आराधित, **नमद्वसुमतीमौलिमहापद्मनिधिप्रभुः** - वसुमतीनामक पत्नीद्वारा विनम्रतापूर्वक शिर झुकाई पतिका रूपमा सेवा गरिएको जुन महापद्मनिधि रहेको छ त्यस निधिका अधिष्ठात्री देवताद्वारा आराधित।।५८।।

सर्वसद्गुरुसंसेव्यः
शोचिष्केशहृदाश्रयः ।
ईशानमूर्धा देवेन्द्र-
शिखः पवननन्दनः ।।
।।५९।।

सर्वसद्गुरुसंसेव्यः - महाशङ्ख र महापद्मजस्तै विशिष्ट गौरव भएका अन्य देवताहरूद्वारा आराधनीय, **शोचिष्केशहृदाश्रयः** - गार्हपत्य आदि अग्निहरूका हृदयमा वास गर्ने, **ईशानमूर्धा**- शङ्करका लागि शिरोभागझैं माननीय देवता, **देवेन्द्रशिखा**- देवराज इन्द्रका लागि शिखाझैं आदरणीय, **पवननन्दनः** - प्राणरूप पवनलाई आनन्दित तुल्याउने।।५९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्रप्रत्यग्रनयनो
दिव्यास्त्राणां प्रयोगवित् ।
ऐरावतादिसर्वाशा-
वारणावरणप्रियः ॥
॥६०॥

अग्रप्रत्यग्रनयनः – सूक्ष्म दृष्टि र नित्य नवीनताजस्ता गुणले सुहाएका नयनले सम्पन्न, **दिव्यास्त्रप्रयोगवित्** – अस्त्रविद्याको सिद्धान्त र प्रयोगका विशेषज्ञ, **ऐरावतादि-सर्वाशावारणावरणप्रियः** – ऐरावत आदि सबै दिशाका दिग्गजहरूलाई आफ्नो लीलाद्वारा मोहित गर्न मन पराउने ॥६०॥

वज्राद्यस्त्रपरिवारो
गणचण्डसमाश्रयः ।
जयाजयपरीवारो
विजयाविजयावहः ॥
॥६१॥

वज्राद्यस्त्रपरीवारः– आफ्ना अनेक भुजाहरूमा रहेका अनेक थरि शस्त्र-अस्त्रद्वारा ढाकिएका अथवा वज्र आदि अस्त्र र तिनका धारक इन्द्र आदि देवताहरूद्वारा चारैतिरबाट घेरिएका, **गणचण्डसमाश्रयः** – चण्ड आदि गणलाई शक्ति प्रदान गर्ने अथवा गणहरूमा प्रचण्ड मानिएका वीरहरूलाई शक्ति प्रदान गर्ने, **जयाजयपरीवारः** – जया र अजयानामक पीठशक्तिहरू जसको परिवारका सदस्यका रूपमा रहेका छन्, **विजयाविजयावहः** – विजयानामक पीठशक्तिलाई सर्वोत्तम ऐश्वर्य एवं विजय प्रदान गर्ने ॥६१॥

अजितार्चितपादाब्जो
नित्यानित्यावतंसितः ।
विलासिनीकृतोल्लासः
शौण्डीसौन्दर्यमण्डितः॥
॥६२॥

अजितार्चितपादाब्जः – अजिता अथवा अपराजितानामक पीठशक्तिद्वारा चरण-कमलमा आराधित, **नित्यानित्यावतंसितः** – नित्यानामक शक्तिद्वारा नित्य अलङ्कृत, **विलासिनीकृतोल्लासः** – जसको सान्निध्य पाएर विलासिनीनामक पीठशक्ति उल्लासमय बन्दछिन्, **शौण्डीसौन्दर्यमण्डितः**– शौण्डीनामक शक्तिको सौन्दर्यद्वारा अलङ्कृत॥६२॥

अनन्तानन्तसुखदः
सुमङ्गलसुमङ्गलः ।
इच्छाशक्तिज्ञानशक्ति-
क्रियाशक्तिनिषेवितः ॥
॥६३॥

अनन्तानन्तसुखदः – अनन्तानामक शक्तिलाई आफ्नो सान्निध्य प्रदान गरी अनन्त सुख दिने, **सुमङ्गलसुमङ्गलः** – सुमङ्गलादेवीको सुमङ्गलनामक अधिष्ठानपीठ सुमङ्गल अर्थात् मङ्गलमय हुन्छ, त्यस्तै सुमङ्गल जसबाट संसारमा फैलिन्छ ती मङ्गलमूर्ति श्रीगणेश, **इच्छाशक्तिज्ञानशक्तिक्रियाशक्तिनिषेवितः**– ज्ञानशक्ति, इच्छाशक्ति र क्रियाशक्तिनामक ब्रह्मवृत्तिले सम्पन्न ॥६३॥

सुभगासंश्रितपदो
ललितालालिताश्रयः ।
कामिनीकामनः काम-
मालिनीकेलिलालितः ॥
॥६४॥

सुभगासंश्रितपदः – ब्रह्मका वृत्तिहरू नै विभिन्न धर्मको योगबाट सुभगा आदि नामले लोकमा व्याप्त भएर रहेका छन्, तीमध्येकी सुभगादेवीद्वारा सेवित, **ललितालालिताश्रयः** – ललितानामक देवीका आश्रयदाताका रूपमा विराजमान, **कामिनीकामनः**– कामकलाकी प्रतिमूर्ति कामिनी शक्तिद्वारा नित्य आकाङ्क्षित, **काम-मालिनीकेलिलालितः**– कामेशी देवीको कामकलाद्वारा आराधित॥६४॥

सरस्वत्याश्रयो गौरी-
नन्दनः श्रीनिकेतनः ।
गुरुगुप्तपदो वाचा-
सिद्धो वागीश्वरीपतिः ॥
॥६५॥

सरस्वत्याश्रयः – वाणीकी अधिष्ठात्री सरस्वती देवीका आश्रय, **गौरीनन्दनः**– पुत्रका रूपमा उत्पन्न भएर पार्वतीलाई आनन्दित तुल्याउने, **श्रीनिकेतनः** – भगवती लक्ष्मीका अजस्र स्रोत, **गुरुगुप्तपदः** – जसका वाचक मन्त्र सिद्ध गुरुहरूद्वारा गोपित गरिएका हुन्छन्, **वाचासिद्धः** – जसको उपासना गर्ने साधकको वाणी सिद्ध हुन्छ, **वागीश्वरीपतिः**– नकुलीनामक वाङ्मयमूर्ति देवीका स्वामी ॥६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नलिनीकामुको वामा-
रामो ज्येष्ठामनोरमः ।
रौद्रीमुद्रितपादाब्जो
हुंबीजस्तुङ्गशक्तिकः ।।
।।६६।।

नलिनीकामुकः:- गङ्गानदीका पति, **वामारामः**:- शक्तिरूपधारी ब्रह्माजीका पति, **ज्येष्ठामनोरमः**:- शक्तिरूपधारी विष्णुका पति, **रौद्रीमुद्रितपादाब्जः** - शक्तिरूपधारी रुद्रले जसको पाउ आफ्नो शरीरमाथि राखेर सेवा गर्दछन्, **हुंबीजः**:- जसको **'वक्रतुण्डाय हुम्'** नामक ६ अक्षरको मन्त्रमा रहेको बीजरूप हुंकारले धर्म, अर्थ, काम र मोक्षनामक पुरुषार्थ प्रदान गर्दछ, **तुङ्गशक्तिकः**:- **'वक्रतुण्डाय हुम्'** मन्त्रमा रहेको तुं र अष्टादशाक्षरी मन्त्रमा रहेको गं अक्षरको योग गर्दा तुंग बन्दछ, तुंगजस्ता सकल शक्तिदायक पदहरूद्वारा वाच्य ।।६६।।

विश्वादिजननत्राणः
स्वाहाशक्तिः सकीलकः ।
अमृताब्धिकृतावासो
मदघूर्णितलोचनः ।।
।।६७।।

विश्वादिजननत्राणः - विश्वका आदिपुरुष हिरण्यगर्भका स्रष्टा र रक्षक, **स्वाहाशक्तिः**.- स्वाहा जसको मन्त्रशक्तिका रूपमा रहेको छ, **सकीलकः** - मृत्युञ्जय आदि मन्त्रमा निहित स अक्षर जसको वाचक बनेर रहेको छ अथवा जुन देवता मन्त्राङ्गको साहचर्यका कारण सकीलक भनिनुहुन्छ, **अमृताब्धिकृतावासः** - सुरासमुद्र, अमृतसमुद्र र इक्षुरससमुद्रमा विराजमान, **मदघूर्णितलोचनः** - ब्रह्मरसपान गरी उत्पन्न भएको मदका कारण जसका आँखा आलस्यपूर्ण देखिन्छन् ।।६७।।

उच्छिष्टगण उच्छिष्ट-
गणेशो गणनायकः ।
सार्वकालिकसंसिद्धि-
र्नित्यशैवो दिगम्बरः ।।
।।६८।।

उच्छिष्टगणः - उत्कृष्ट स्वभावका गण र शिष्यले समन्वित, **उच्छिष्टगणेशः** - **'उच्छिष्टं नामरूपं च'** इत्यादि अथर्व ऋचाद्वारा प्रशंसा गरिएका अथवा मोदकभोजनमा रमाउने र नौ अक्षरको मन्त्रद्वारा आराधना गरिंदा प्रसन्न हुने, **गणनायकः** - भक्तहरूले जसका गुणहरूको गणना गर्दछन्, **सार्वकालिकसंसिद्धिः** - जसका साधकले प्राप्त गरेका सिद्धि शाश्वत यद्वा नित्य हुन्छन्, **नित्यशैवः** - सँधै कल्याणकारी भावनाले अनुप्राणित, **दिगम्बरः** - आफ्नो उपस्थितिद्वारा सम्पूर्ण दिशाहरूलाई ढाकिदिने ।।६८।।

अनपायोऽनन्तदृष्टि-
रप्रमेयोऽजरामरः ।
अनाविलोऽप्रतिरथो
ह्यच्युतोऽमृतमक्षरम् ।।
।।६९।।

अनपायः - कल्याणकारी विधि र विचारदेखि कहिल्यै पनि वियुक्त नहुने, **अनन्तदृष्टिः** - अपरिमित ज्ञानसम्पन्न, **अप्रमेयः** - ज्ञानेन्द्रिय, मन र वाणीद्वारा अगम्य, **अजरामरः** - **'विजरो विमृत्युः'** जस्ता श्रुतिप्रमाणद्वारा अजर एवं अमर परमात्माका रूपमा निरूपित, **अनाविलः** - प्रपञ्चजनित दोषबाट मुक्त, **अप्रतिरथः** - कुनै पनि प्रतिद्वन्द्वी नभएका, **अच्युतः** - च्युति वा त्रुटिले रहित अथवा नारायणस्वरूप, **अमृतम्**- अमृत अथवा मोक्षरूप, **अक्षरम्** - सर्वव्यापक अथवा क्षयरहित ।।६९।।

अप्रतर्क्योऽक्षयोऽजय्योऽ-
नाधारोऽनामयोऽमलः ।
अमोघसिद्धिरद्वैत-
मघोरोऽप्रमिताननः ।।
।।७०।।

अप्रतर्क्यः - वेदप्रतिकूल तर्कद्वारा अगम्य, **अक्षयः** -क्षतिहीन अथवा निजी आवासरहित, **अजय्यः** - अरूद्वारा जित्न नसकिने, **अनाधारः** - स्वयं जगत्का आधार भए पनि जसको कुनै निजी आधार छैन, **अनामयः**:- रोग र मलिनता नभएका, **अमलः**:- आणव आदि मलशून्य, **अमोघसिद्धिः** - जसका भक्तहरूले प्राप्त गर्ने सिद्धि सार्थक र अमोघ हुन्छ, **अद्वैतम्** - द्वैतभावजनित प्रपञ्च शान्त भएका कारण मोक्षरूप अथवा अद्वैतरूप, **अघोरः** - भक्तिभावले आराधना गर्ने भक्तहरूका लागि कल्याणरूप, **अप्रमिताननः** - असंख्य सुखले सम्पन्न अथवा जीवहरूलाई जीवन प्रदान गर्ने ।।७०।।

अनाकारोऽब्धिभूम्यग्नि-
बलघ्नोऽव्यक्तलक्षणः ।
आधारपीठ आधार
आधाराधेयवर्जितः ।।
।।७१।।

अनाकारः - भक्तहरूको सन्तुष्टिका लागि साकार भएतापनि वास्तविक रूपमा आकारहीन अर्थात् निराकार ब्रह्मतत्त्व, **अब्धिभूम्यग्निबलघ्नः** - महासागर, पृथिवी र अग्निका स्तम्भन, क्लेदन र दाह आदि शक्तिद्वारा पनि अपराजेय ब्रह्मतत्त्व, **अव्यक्तलक्षणः**:- सच्चिदानन्दमयता र साकाररूपमा प्रपञ्चरचनाजस्ता दुर्बोध्य लक्षणले सम्पन्न, **आधारपीठः**:- शिवजीदेखि जीवसम्मका ३६ तत्त्वहरूका आधारपीठका रूपमा प्रसिद्ध, **आधारः**:- अ-ब्रह्मा र आ-नारायणलाई धारण गर्ने , **आधाराधेयवर्जितः** - सर्वाधार भएकाले आधारहीन र विनाशी एवं निस्सार प्रपञ्चबाट पर रहेका ।।७१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आखुकेतन आशापू-
रक आखुमहारथः ।
इक्षुसागरमध्यस्थ
इक्षुभक्षणलालसः ।।
।।७२।।
इक्षुचापातिरेकश्री-
रिक्षुचापनिषेवितः ।
।।७३।।
इन्द्रगोपसमानश्री-
रिन्द्रनीलसमद्युतिः ।
इन्दीवरदलश्याम
इन्दुमण्डलनिर्मलः ।।
।।७४।।
इध्मप्रिय इडाभाग
इडाधामेन्दिराप्रियः ।
इक्ष्वाकुविघ्नविध्वंसी
इतिकर्त्तव्यतेप्सितः ।।
।।७५।।
ईशानमौलिरीशान
ईशानसुत ईतिहा ।
ईषणात्रयकल्पान्त
ईहामात्रविवर्जितः ।।
।।७६।।
उपेन्द्र उडुभृन्मौलि-
रुण्डेरकबलिप्रियः ।
उन्नतानन उत्तुङ्ग
उदारत्रिदशाग्रणीः ।।
।।७७।।
ऊर्जस्वान् ऊष्मलमद
ऊहापोहदुरासदः ।
ऋग्यजुःसामसम्भूति
ऋद्धिसिद्धिप्रवर्त्तकः ।।
।।७८।।
ऋजुचित्तैकसुलभ
ऋणत्रयविमोचकः ।
लुप्तविघ्नः स्वभक्तानां
लुप्तशक्तिः सुरद्विषाम् ।।
।।७९।।

आखुकेतनः– ध्वजामा मूसो रहेकाले मूषकध्वजका रूपमा प्रसिद्ध, **आशापूरकः**– सबै दिशामा व्याप्त रहेकाले पूर्व आदि दिशाहरूको तृष्णा मेटाउने, **आखुमहारथः**– मूसोलाई वाहन यद्वा महारथका रूपमा प्रयोग गर्ने, **इक्षुसागरमध्यस्थः** – इक्षुसागरका मध्य भागमा विराजमान, **इक्षुभक्षणलालसः** – गजाकार भएकाले ऊखु खान मन पराउने।।७२।।

इक्षुचापातिरेकश्रीः – कामदेवभन्दा पनि राम्रा, **इक्षुचापनिषेवितः** – ऊँखुबाट तयार गरिएको धनुकी अधिष्ठात्री देवताद्वारा पूजित अथवा कामदेवद्वारा आराधित ।।७३।।

इन्द्रगोपसमानश्रीः – इन्द्रगोप अथवा वीरबहुटी (ओरिगाँठे) नामक वर्षाकालिक कीराको जस्तै कान्तिले सुहाएका, **इन्द्रनीलसमद्युतिः** – रातो कान्तिले सम्पन्न । **इन्दीवरदलश्यामः**– नीलकमलका पातझैं नीलो कान्तिले सुहाएका, **इन्दु-मण्डलनिर्मलः** – चन्द्रमण्डलझैं निर्मल स्वरूपले शोभायमान ।।७४।।

इध्मप्रियः – श्रौत-स्मार्त अग्निरूप भएका कारण समिधा मन पराउने, **इडाभागः**– पृथिवी, गाई, ऋत्विक् र यजमानका रूपमा विराजमान, **इडाधाम** – पृथिवीलाई पवित्र धाम मानेर त्यसमा विराजमान हुने, **इन्दिराप्रियः** – लक्ष्मीका पूज्य विष्णुका रूपमा शोभायमान, **इक्ष्वाकुविघ्नविध्वंसी** – इक्ष्वाकु राजाका विघ्न नाश गर्ने अथवा गोलकाँक्रीझैं तीता लाग्ने असह्य कष्ट, सङ्कट र विपत्तिका रूपमा आइलाग्ने विघ्नहरूको नाश गर्ने, **इतिकर्त्तव्यतेप्सितः** – यज्ञको अङ्ग स्तोमलाई आधार बनाएर यजमानहरूका कामना पूरा गर्ने ।।७५।। **ईशानमौलिः** – मानिस, जीवजगत्, इन्द्र आदि ईशानहरूमा श्रेष्ठ, **ईशानः**– जीवहरूलाई जीवन प्रदान गर्ने, **ईशानसुतः** – शिवजीका पुत्र, **ईतिहा** – अतिवृष्टि, अनावृष्टि, मूसो, सलह, सुगा, स्वचक्र र परचक्रनामक उपद्रवका नाशक, **ईषणात्रयकल्पान्तः** – लोकैषणा, पुत्रैषणा र धनैषणाका नाशक, **ईहामात्रविवर्जितः**– निश्चेष्ट चित्स्वरूप ।।७६।।

उपेन्द्रः – वामनरूप, **उडुभृन्मौलिः** – आकाशरूप शिर धारण गरी सुहाएका अथवा चन्द्रमालाई शिरमा धारण गर्ने, **उण्डेरकबलिप्रियः** – गोलाकार वटक आदिलाई नैवेद्यका रूपमा मन पराउने, **उन्नताननः** – उत्कृष्ट जीवहरूलाई जीवनी शक्ति प्रदान गर्ने, **उत्तुङ्गः** – वराह अवतार लिंदा आफ्नो दाह्राबाट उतुङ्गानामक नदी पैदा गर्ने, **उदारत्रिदशाग्रणीः** – देवताहरूका देवता महादेवभन्दा पनि उत्तम ।।७७।।

ऊर्जस्वान्– तेजस्वी, **ऊष्मलमदः** – आफ्ना गालाबाट तातो मदधारा बगाउने, **ऊहापोहदुरासदः**– ऊह-वितर्क र अपोह-तत्त्वबुद्धिद्वारा पनि अप्राप्य, **ऋग्यजु-सामसम्भूतिः** – ऋग्वेद, यजुर्वेद र सामवेदलाई आफ्नो श्वास-प्रश्वासबाट पैदा गर्ने, **ऋद्धिसिद्धिप्रवर्त्तकः**– राज्य आदि ऋद्धि र अणिमा आदि सिद्धि प्रवर्तन गर्ने ।।७८।।

ऋजुचित्तैकसुलभः– सरल स्वभाव भएका भक्तहरूलाई सजिलैसँग दर्शन प्रदान गर्ने, **ऋणत्रयविमोचकः**– पुत्रकामना, यज्ञकामना र वेदादिशास्त्रज्ञानको कामना गर्ने ब्राह्मणहरूका इच्छापूरक, **स्वभक्तानां लुप्तविघ्नः** – आफ्ना भक्तहरूका विघ्ननाशक, **सुरद्विषां लुप्तशक्तिः** – दानवहरूका शक्तिनाशक ।।७९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुप्तश्रीर्विमुखार्चानां
लूताविस्फोटनाशनः ।
एकारपीठमध्यस्थ
एकपादकृतासनः ।।
।।८०।।
एजिताखिलदैत्यश्री-
रेजिताखिलसंश्रयः ।
ऐश्वर्यनिधिरैश्वर्य-
मैहिकामुष्मिकप्रदः ।।
।।८१।।
ऐरम्मदसमोन्मेष
ऐरावतनिभाननः ।
ॐ कारवाच्य ओंकार
ओजस्वानोषधीपतिः ।।
।।८२।।
औदार्यनिधिरौद्धत्य-
धुर्य औन्नत्यनिःस्वनः ।
अंकुशः सुरनागाना-
मङ्कुशः सुरविद्विषाम् ।।
।।८३।।
अः समस्तविसर्गान्त-
पदेषु परिकीर्तितः ।
कमण्डलुधरः कल्पः
कपर्दी कलभाननः ।।
।।८४।।
कर्मसाक्षी कर्मकर्ता
कर्माकर्मफलप्रदः ।
कदम्बगोलकाकारः
कूष्माण्डगणनायकः ।।
।।८५।।
कारुण्यदेहः कपिलः
कथकः कटिसूत्रभृत् ।
खर्वः खड्गप्रियः खड्ग-
खातान्तस्थः खनिर्मलः ।।
।।८६।।

विमुखार्चानां लुप्तश्रीः - अर्चना-उपासनादेखि पराङ्मुख हुने दुष्टहरूको ऐश्वर्यनाश गर्ने, **लूताविस्फोटनाशनः**- लुतो आदि भित्री रोग र खटिरा आदि बाहिरी रोग नाश गर्ने, **एकारपीठमध्यस्थः** - यन्त्रअन्तर्गत त्रिकोणको बीचमा स्थित बिन्दुमा विराजमान, **एकपादकृतासनः**- काशीमा एउटा पाउले उभिएर रहनुहुने ।।८०।।

एजिताखिलदैत्यश्रीः- दैत्यहरूको ऐश्वर्यलाई ध्वस्त बनाउने, **एधिताखिलसंश्रयः** - आफ्नो शरणमा आएका भक्तहरूको ऐश्वर्यवृद्धि गराउने, **ऐश्वर्यनिधिः** - भक्तहरूलाई ऐश्वर्य प्रदान गर्ने, **ऐश्वर्यम्** - शक्तिशाली देवता आदिका सम्पत्तिस्वरूप, **ऐहिकामुष्मिकप्रदः**- धन, पुत्र आदि ऐहिक र स्वर्ग आदि आमुष्मिक फलका दाता ।।८१।। **ऐरम्मदसमोन्मेषः** - विद्युत्समान प्रकाशित भई एकै क्षणमा अन्तर्धान हुने, **ऐरावतनिभाननः**- गजराज ऐरावतको जस्तै मुखमण्डलले सुहाएका, **ओंकारवाच्यः** - **'तस्य वाचकः प्रणवः'** इत्यादि प्रमाणवाक्यअनुसार ओङ्कारसंज्ञाद्वारा सम्बोध्य, **ओङ्कारः**- ओङ्कारस्वरूप, **ओजस्वान्** - शौर्यको उत्कर्ष गराउने शरीरको आठौं धातुका रूपमा रहेका, **औषधीपतिः** - औषधीहरूका स्वामी ।।८२।।

औदार्यनिधिः- उदारताका खजाना, **औद्धत्यधुर्यः** - भक्तहरूको कल्याणका लागि आश्चर्यजनक लीला देखाउने कलामा अग्रगण्य, **औन्नत्यनिःस्वनः** - अति गम्भीर नाद उच्चारण गर्ने, **सुरनागानामङ्कुशः** - त्रैलोक्यका नियामक, **सुरविद्विषामङ्कुशः** - देवता, विद्वान् र सूर्यसँग द्वेष गर्ने तत्त्वहरूमाथि नियन्त्रण गर्ने ।।८३।।

'अः'समस्तविसर्गान्तपदेषु परिकीर्तितः- अकार आदि ५१ विसर्गसम्पन्न मन्त्रमय अक्षरहरूद्वारा बोधित, **कमण्डलुधरः**- अमृत-कुम्भ धारण गर्ने, **कल्पः** - प्रलयस्वरूप, **कपर्दी**- जटाजूटधारी, **कलभाननः**- नादकान्तिलाई उज्जीवन गर्ने।।८४।।

कर्मसाक्षी - अदृष्ट कर्मका पनि द्रष्टा, **कर्मकर्ता**- स्वयं सत्कर्म गरी अरूलाई पनि प्रेरणा प्रदान गर्ने, **कर्माकर्मफलप्रदः** - कर्म र अकर्मका स्वर्ग एवं मोक्षजस्ता फल प्रदान गर्ने, **कदम्बगोलकाकारः** - कदम्ब-पुष्पाकारमा आकारित नाडीहरूको उद्गमस्थलद्वारा घेरिएर हृदयमा विराजमान, **कूष्माण्डगणनायकः** - दुष्ट ग्रहहरूका नियन्त्रक ।।८५।।

कारुण्यदेहः - करुणामूर्ति, **कपिलः** - कपिल मुनिका रूपमा अवतीर्ण, **कथकः**- सम्प्रदायहरूका प्रवर्त्तक, **कटिसूत्रभृत्**- रत्नजडित सुवर्णमय कन्धनी धारण गर्ने, **खर्वः** - वामनाकार, **खड्ग-प्रियः** - मृगहरूका प्यारा अथवा गैंडाहरूका प्यारा, **खड्गखातान्तःस्थः** - खड्ग शब्दमा खदेखि पर ड अक्षर रहेको छ, त्यसपछि गकार आउँछ, त्यस गकारको बीचमा गं अक्षरको रूपमा विराजमान, **खनिर्मलः**- आकाशझैं सर्वव्यापक एवं निर्मल ।।८६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खल्वाटशृङ्गनिलयः
खट्वाङ्गी खदुरासदः ।
गुणाढ्यो गहनो गस्थो
गद्यपद्यसुधार्णवः ।।
।।८७।।

खल्वाटशृङ्गनिलयः - नाङ्गा पर्वतका टुप्पामा निवास गर्ने, **खट्वाङ्गी** - खाटको आकारको खट्वाङ्गनामक आयुध धारण गर्ने, **खदुरासदः** - अमूर्तरूप भएकाले आकाशझैं दुष्प्राप्य, **गुणाढ्यः** - अनन्त कल्याणगुणले सम्पन्न, **गहनः** - सामान्य व्यक्तिका लागि दुष्प्राप्य, **गस्थः** - आफ्नो बीजमन्त्र गंमा विराजमान, **गद्यपद्यसुधार्णवः** - गद्य एवं पद्यको आत्मा मानिएको रसका सागर ।।८७।।

गद्यगानप्रियो गर्जो
गीतगीर्वाणपूर्वजः ।
गुह्याचाररतो गुह्यो
गुह्यागमनिरूपितः ।।
।।८८।।

गद्यगानप्रियः - सामगान मन पराउने, **गर्जः** - मेघझैं गर्जन गर्ने, **गीतगीर्वाणपूर्वजः** - गीत आदि शब्द र अमर आदि अर्थका स्वरूप, **गुह्याचाररतः** - गुहाप्रविष्ट जीवात्मा र परमात्माको स्वरूपचिन्तनमा रमाउने, **गुह्यः**- प्राणीहरूका हृदयमा लुकेर रहेका, **गुह्यागमनिरूपितः**- रहस्यका प्रतिपादक तन्त्रशास्त्रद्वारा निरूपित ।।८८।।

गुहाशयो गुहाब्धिस्थो
गुरुगम्यो गुरोर्गुरुः ।
घण्टाघर्घरिकामाली
घटकुम्भो घटोदरः ।।
।।८९।।

गुहाशयः- हृदयाकाशमा विराजमान, **गुहाब्धिस्थः** - अव्याकृत आकाशगुफामा विराजमान, **गुरुगम्यः** - गुरुद्वारा उपदेश गरिने योगशास्त्रको अवलम्बन गरेपछि मात्र प्राप्त गर्न सकिने, **गुरुगुरुः** - आदि देवता ब्रह्माजीलाई वेदको अध्यापन गराएका कारण गुरुका पनि गुरु मानिएका, **घण्टाघर्घरिकामाली** - बालकरूपमा रही घण्टाको झैं मधुर नाद घन्काउने र किङ्किणी धारण गर्ने, **घटकुम्भः** - कलशाकार गण्डस्थलद्वारा सुहाएका, **घटोदरः** - ठूलो पेट भएका ।।८९।।

(ङकारवाच्यो ङाकारो
ङकाराकारशुण्डभृत् ।)
चण्डश्चण्डेश्वरसुहृत्
चण्डीशश्चण्डविक्रमः ।।
।।९०।।

(ङकारवाच्यः - ब्रह्मा, विष्णु र शिवरूप, **ङाकारः** - ओङ्काररूप, **ङकाराकारशुण्डभृत्** - वक्राकार, लामो सुन्दर सूँढ धारण गर्ने), **चण्डः** - ठूलो पराक्रमले सम्पन्न, **चण्डेश्वरसुहृत्** - शिवभक्त चण्डेश्वरका परममित्र, **चण्डीशः**- चण्डिका देवीका स्वामी, **चण्डविक्रमः** - क्रुद्ध शत्रुहरूमाथि आक्रमण गरी तिनलाई वशमा ल्याउने ।।९०।।

चराचरपतिश्चिन्ता-
मणिचर्वणलालसः ।
छन्दश्छन्दोवपुश्छन्दो-
दुर्लक्ष्यश्छन्दविग्रहः ।।
।।९१।।

चराचरपतिः - स्थावर र जङ्गमका स्वामी, **चिन्तामणिचर्वणलालसः** - चिन्तित पदार्थ प्रदान गर्ने सामर्थ्यबाट उत्पन्न चिन्तामणि, कामधेनु र कल्पवृक्षको अहङ्कारलाई चूर्ण चूर्ण बनाउने, **छन्दः** - गायत्री आदि छन्दका आत्मा, **छन्दोवपुः** - छन्दलाई शरीर बनाएर पद्य आदिका रूपमा प्रकाशित हुने, **छन्दोदुर्लक्ष्यः**- वेदद्वारा पनि अप्राप्य, **छन्दविग्रहः**- आफ्नो इच्छानुसार अनेक अवतार लिने ।।९१।।

जगद्योनिर्जगत्साक्षी
जगदीशो जगन्मयः ।
जपो जपपरो जप्यो
जिह्वासिंहासनप्रभुः ।।
।।९२।।

जगद्योनिः- विश्वका कारण, **जगत्साक्षी**- विश्वका द्रष्टा, **जगदीशः**- विश्वका ईश्वर, **जगन्मयः**- विश्वका आधार, **जपः**- जपकर्मका रूपमा प्रकाशमान, **जपपरः**- जपकर्ता, **जप्यः**- जप क्रियाका रूपमा वर्तमान, **जिह्वासिंहासनप्रभुः**- जिह्वारूप सिंहासनद्वारा कीर्तित जसको नामले धर्म, अर्थ, काम र मोक्षरूप फल प्रदान गर्दछ ।।९२।।

झलझ्झल्लोल्लसद्दान-
झङ्कारिभ्रमराकुलः ।
टङ्कारस्फारसंराव-
ष्टङ्कारिमणिनूपुरः ।।
।।९३।।

झलझ्झल्लोल्लसद्दानझङ्कारिभ्रमराकुलः- गण्डस्थलबाट चम्किलो मदधारा बगिरहेका कारण रमाएर मधुर गुञ्जन गर्ने भमराहरूद्वारा घेरिएका, **टङ्कारस्फारसंरावः**- काँसको भाँडो बजेझैं उच्च नाद गर्ने, **टङ्कारिमणिनूपुरः**- रत्नमय नूपुरको झङ्कारद्वारा झङ्कृत ।।९३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठद्वयीपल्लवान्तस्थ-
सर्वमन्त्रैकसिद्धिदः ।
डिण्डिमुण्डो डाकिनीशो
डामरो डिण्डिमप्रियः ।।
।।९४।।

ठद्वयीपल्लवान्तःस्थसर्वमन्त्रैकसिद्धिदः - स्वाहा अन्त्यमा हुने मन्त्रहरूबाट सिद्ध गरिने सम्पूर्ण सिद्धिहरूका मुख्य दाता, **डिण्डिमुण्डः** - दमाहाको आकारका दुई कुम्भ शिरमा धारण गरी सुहाएका, **डाकिनीशः** - योगिनीहरूका स्वामी, **डामरः**- डामरतन्त्रस्वरूप, **डिण्डिमप्रियः**- दमाहाको नादबाट आनन्दित ।।९४।।

ढक्कानिनादमुदितो
ढौको ढुण्ढिविनायकः ।।
।।९५।।

ढक्कानिनादमुदितः- डमरुको ध्वनिद्वारा प्रसन्न, **ढौकः**- सर्वव्यापक अथवा सर्वज्ञ, **ढुण्ढिविनायकः** - विशिष्ट नायकका रूपमा अन्वेषण गर्न योग्य ।।९५।।

तत्त्वानां परमं तत्त्वं
तत्त्वंपदनिरूपितः ।
तारकान्तरसंस्थान-
स्तारकस्तारकान्तकः ।।
।।९६।।

तत्त्वानां परमं तत्त्वम् - तत्त्वहरूको परमतत्त्वका रूपमा विराजमान, **तत्त्वंपदनिरूपितः** - '**तत्त्वमसि**' आदि श्रुतिवाक्यमा निहित तत् र त्वम् पदबाट निरूपित, **तारकान्तरसंस्थानः** - आँखाको नानीभित्र रहने, **तारकः** - संसारसागरबाट भक्तहरूलाई पार लगाउने, **तारकान्तकः** - तारकासुरका संहारक ।।९६।।

स्थाणुः स्थाणुप्रियः स्थाता
स्थावरं जङ्गमं जगत् ।
दक्षयज्ञप्रमथनो
दाता दानवमोहनः ।।
।।९७।।

स्थाणुः- प्रलयकालका वायु, अग्नि र जलको प्रकोपमा पनि निष्कम्प भएर रहने, **स्थाणुप्रियः**- शिवजीका प्यारा, **स्थाता** - युद्धमा र कल्पान्तमा पनि आकाशझैं निश्चल भएर रहने, **स्थावरजङ्गमजगद्रूपः** - चराचरमय जगत्का रूपमा विराजमान, **दक्षयज्ञप्रमथनः** - शिवजीका रूपमा प्रकट भई दक्षयज्ञ विध्वंस गर्ने, **दाता** - पतितपावन अर्थात् जस्तो पापीलाई पनि शुद्ध गराउने, **दानवमोहनः** - दानवहरूलाई तत्त्वबाट विमुख गराउने ।।९७।।

दयावान् दिव्यविभवो
दण्डभृद् दण्डनायकः ।
दन्तप्रभिन्नाभ्रमालो
दैत्यवारणदारणः ।।
।।९८।।

दयावान् - अरूका दुःखनिवारण गर्न तत्पर, **दिव्यविभवः** - दैवी सम्पत्तिका आधार, **दण्डभृद्** - दण्डनीतिका रक्षक, **दण्डनायकः** - इन्द्र आदि देवताका अधिकारमा रहेका दण्ड र दण्डनीतिका नायक, **दन्तप्रभिन्नाभ्रमालः** - शिरको कम्पनबाट दाँतद्वारा बादलको पङ्क्तिलाई टुक्रा टुक्रा बनाउने, **दैत्यवारणदारणः** - दैत्यहरूको निवारण र वध गर्ने कार्यमा कुशल ।।९८।।

दंष्ट्रालग्नद्विपघटो
देवार्थनृगजाकृतिः ।
धनधान्यपतिर्धन्यो
धनदो धरणीधरः ।।
।।९९।।

दंष्ट्रालग्नद्विपघटः - जसको एउटा दाह्रामा हात्तीहरूको पङ्क्ति समाहित हुन सक्छ, **देवार्थनृगजाकृतिः** - देवताहरूको कार्यसिद्धिका लागि मानिस र हात्तीको आकार भएको रूपले अवतीर्ण, **धनधान्यपतिः** - धन-धान्यका स्वामी, **धन्यः**- धन र पुण्यका स्रोत, **धनदः** - कुबेरका रूपमा अवतीर्ण अथवा साधकहरूलाई धन प्रदान गर्ने, **धरणीधरः** - पृथिवीलाई धारण गर्ने शेषनाग र पृथिवीको उद्धार गर्ने वराहका अनन्यरूप ।।९९।।

ध्यानैकप्रकटो ध्येयो
ध्यानं ध्यानपरायणः ।।
।।१००।।

ध्यानैकप्रकटः - भक्तहरूको ध्यानपथमा दृष्टिगोचर हुने, **ध्येयः** - भक्तहरूद्वारा ध्यान गर्न योग्य, **ध्यानम्**- ध्यानक्रियाका रूपमा वर्तमान, **ध्यानपरायणः**- ध्यानक्रियाका अन्तिम लक्ष्य।।१००।।

नन्द्यो नन्दिप्रियो नादो
नादमध्ये प्रतिष्ठितः ।
निष्कलो निर्मलो नित्यो
नित्यानित्यो निरामयः ।।
।।१०१।।

नन्दः- आनन्दरूप, **नन्दिप्रियः**- नन्दिकेश्वरनामक शिवभक्तलाई स्नेह गर्ने अथवा नन्दिकेश्वरका प्यारा, **नादः** - अन्तर्ध्वनिका रूपमा विराजमान, **नादमध्यप्रतिष्ठितः** - नादानुसन्धानबाट प्राप्तव्य, **निष्कलः** - अवयवरहित, **निर्मलः**- निर्दोष, **नित्यः** - अविनाशी, **नित्यानित्यः** - आकाश, पृथिवी आदि नित्यानित्य पदार्थका रूपमा विराजमान, **निरामयः** - अविद्यारूप व्याधिबाट मुक्त ।।१०१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परंव्योम परंधाम
　　परमात्मा परंपदम् ।
परात्परः पशुपतिः
　　पशुपाशविमोचकः ।।
　　।।१०२।।

परंव्योम – अव्याकृत आकाशस्वरूप, **परंधाम** – ज्योतिहरूका पनि परम ज्योति, **परमात्मा** – सबै जीवहरूभन्दा उत्तम पुरुष, **परंपदम्** – कैलास आदि पदहरूभन्दा पनि उत्तम पदरूप, **परात्परः**– ब्रह्मा, विष्णु र शिवजीभन्दा पनि उत्तम, **पशुपतिः**– कीटदेखि ब्रह्माजीसम्मका सबै जीवहरूका रक्षक, **पशुपाशविमोचकः**– सांख्य आदि शास्त्रहरूमा बताइएका ५२ प्रकारका पाशहरूबाट ब्रह्मा आदि देवतालाई मुक्त गराउने ।।१०२।।

पूर्णानन्दः परानन्दः
　　पुराणपुरुषोत्तमः ।
पद्मप्रसन्ननयनः
　　प्रणताज्ञानमोचनः ।।
　　।।१०३।।

पूर्णानन्दः – क्रिया, कर्म र कर्ताको भेदले रहित परमसुख, **परानन्दः** – पृथिवीदेखि ब्रह्मलोकसम्मका सबै सुखभन्दा उत्कृष्ट महानन्दस्वरूप, **पुराणपुरुषोत्तमः** – अनादि उत्तम पुरुष, **पद्मप्रसन्ननयनः** – विकसित कमलझैं आकर्षक नयनहरूद्वारा शोभायमान, **प्रणताज्ञानमोचनः** – शरणागत भक्तहरूको अज्ञानका नाशक ।।१०३।।

प्रमाणप्रत्ययातीतः
　　प्रणतार्तिनिवारणः ।
फलहस्तः फणिपतिः
　　फेत्कारः फाणितप्रियः ।।
　　।।१०४।।

प्रमाणप्रत्ययातीतः – प्रमाण र प्रमेयदेखि पर रहेको नित्यज्ञानले सम्पन्न, **प्रणतार्तिनिवारणः** – शरणागत भक्तहरूका तीन प्रकारका तापहरूका नाशक, **फलहस्तः** – भक्तहरूलाई अतिशीघ्र फल प्रदान गर्ने, **फणिपतिः** – वासुकि र शेषनागका स्वामी, **फेत्कारः** – फेत्कारतन्त्रद्वारा प्रतिपाद्य, **फाणितप्रियः** – सख्खर र खुदो रुचाउने ।।१०४।।

बाणार्चिताङ्घ्रियुगलो
　　बालकेलिकुतूहली ।
ब्रह्म ब्रह्मार्चितपदो
　　ब्रह्मचारी बृहस्पतिः ।।
　　।।१०५।।

बाणार्चिताङ्घ्रियुगलः – बाणासुरद्वारा चरणकमलमा आराधित, **बालकेलिकुतूहली**– बाललीला गर्न अत्यन्त उत्सुक, **ब्रह्म** – वेदान्तवेद्य परमात्मा, **ब्रह्मार्चितपदः**– वेदहरूद्वारा चरणकमलमा आराधित, **ब्रह्मचारी** – स्त्रीसङ्ग्रहरहित, **बृहस्पतिः** – वाचस्पतिका रूपमा देवताहरूद्वारा आराधित ।।१०५।।

बृहत्तमो ब्रह्मपरो
　　ब्रह्मण्यो ब्रह्मवित्प्रियः ।
बृहन्नादाग्र्यचीत्कारो
　　ब्रह्माण्डावलिमेखलः ।।
　　।।१०६।।

बृहत्तमः – ब्रह्मा आदि देवताहरूभन्दा पनि महान्, **ब्रह्मपरः** – वेदानुशीलनको कार्यमा ब्रह्माजीभन्दा पनि अग्रगण्य, **ब्रह्मण्यः** – ब्रह्मवेत्ता र ब्राह्मणहरूको सम्मान गर्ने, **ब्रह्मवित्प्रियः** – ब्रह्मज्ञहरूका प्यारा, **बृहन्नादाग्र्यचीत्कारः** – मेघगर्जन र वज्रध्वनिभन्दा पनि डरलाग्दो चीत्कार गर्ने, **ब्रह्माण्डावलिमेखलः** – कन्धनीमा किङ्किणीहरू रहेझैं देहमा अनन्त ब्रह्माण्डलाई मेखला बनाएर धारण गर्ने ।।१०६।।

भ्रूक्षेपदत्तलक्ष्मीको
　　भर्गो भद्रो भयापहः ।
भगवान् भक्तिसुलभो
　　भूतिदो भूतिभूषणः ।।
　　।।१०७।।

भ्रूक्षेपदत्तलक्ष्मीकः – कटाक्षको सङ्केतबाट मात्र भक्तहरूलाई अनन्त ऐश्वर्य उपलब्ध गराउने, **भर्गः** – गायत्रीद्वारा आराधित तेजोरूप, **भद्रः** – भद्र, मन्द्र, मृग आदि दुबैतर्फ दाँत हुने मृगहरूमा उत्तम भद्रजातिसमान मुखाकृति धारण गर्ने, **भयापहः** – भक्तहरूका अज्ञान र भयहरण गरी तिनलाई ब्रह्मबोध प्रदान गर्ने, **भगवान्**– प्राणीहरूका उत्पत्ति, विनाश, दुर्गति, गति, विद्या र अविद्यासम्बन्धी सम्पूर्ण ज्ञान धारण गर्ने, **भक्तिसुलभः**– भक्तहरूको भक्तिभावद्वारा प्राप्त गरिने, **भूतिदः** – भक्तहरूलाई सिद्धि प्रदान गर्ने, **भूतिभूषणः** – भस्मलाई अलङ्कारका रूपमा धारण गर्ने ।।१०७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भव्यो भूतालयो भोग-
दाता भ्रूमध्यगोचरः ।
मन्त्रो मन्त्रपतिर्मन्त्री
मदमत्तमनोरमः ।।
।।१०८।।

भव्यः – कल्याणरूप अथवा विश्वात्मा, **भूतालयः** – पृथिवी, जल आदि पञ्चभूत, पिशाच आदि शरीरधारी अथवा अतीतकालका आश्रय, **भोगदाता**– प्राणीहरूलाई कर्म-अनुसार सुख-दुःख प्रदान गर्ने, **भ्रूमध्यगोचरः** – आँखीभौंका बीचमा ध्यान गरिने, **मन्त्रः** – साम आदि वैदिक मन्त्र, षड्क्षरी आदि तान्त्रिक मन्त्र र राज्यसञ्चालनका लागि गरिने एकान्त मन्त्रणाका मूल आधार अथवा तिनका अधिष्ठात्री देवताका रूपमा वर्तमान, **मन्त्रपतिः**– उक्त सबै मन्त्रहरूका स्वामी, **मन्त्री**– उपर्युक्त अनेक थरि मन्त्रहरू धारण गर्ने, **मदमत्तमनोरमः** – समाधिजनित ध्येयाकार चित्तवृत्तिमा रमाउने ।।१०८।।

मेखलावान् मन्दगति-
र्मतिमत्कमलेक्षणः।
महाबलो महावीर्यो
महाप्राणो महामनाः ।।
।।१०९।।

मेखलावान् – कम्मरमा मौञ्जी अथवा मेखला धारण गर्ने, **मन्दगतिः** – ज्ञान र कर्ममा रुचि नभएका मन्दबुद्धि प्राणीहरूका अन्तिम आश्रय, **मतिमत्कमलेक्षणः** – आफ्नो दृष्टिबाट मात्र भक्तहरूलाई बुद्धि, ज्ञान र ऐश्वर्य प्रदान गर्ने, **महाबलः** – बलका आधार, **महावीर्यः** – पराक्रमका महान् स्रोत, **महाप्राणः** – उन्नत प्राणशक्ति अथवा जीवनशक्तिका स्वामी, **महामनाः** – उदार एवं सत्य सङ्कल्पले अनुपाणित चित्तका स्वामी।।१०९।।

यज्ञो यज्ञपतिर्यज्ञ-
गोप्ता यज्ञफलप्रदः ।
यशस्करो योगगम्यो
याज्ञिको याजकप्रियः ।।
।।११०।।

यज्ञः – यज्ञका रूपमा प्रसिद्ध, **यज्ञपतिः** – वाजपेय, राजसूय आदि यज्ञहरूका स्वामी, **यज्ञगोप्ता**– यज्ञका रक्षक, **यज्ञफलप्रदः**– यज्ञका फलदाता, **यशस्करः**– कीर्तिदायक, **योगगम्यः** – ध्यान, धारणा, समाधि आदि योगका अङ्गहरूद्वारा प्राप्त गर्न सकिने, **याज्ञिकः** – यज्ञ गर्ने यजमानका रूपमा वर्तमान, **याजकप्रियः** – यज्ञसम्पादन गराउने विद्वान्हरूका प्यारा ।।११०।।

रसो रसप्रियो रस्यो
रञ्जको रावणार्चितः ।
रक्षोरक्षाकरो रत्न-
गर्भो राज्यसुखप्रदः ।।
।।१११।।

रसः – परम आनन्दस्वरूप, **रसप्रियः** – शान्त आदि काव्यरस र मधुर आदि पदार्थरस मन पराउने, **रस्यः** – विद्वान् र रसिकहरूद्वारा परम आनन्दका रूपमा आस्वाद्य, **रञ्जकः** – विद्वान् र रसिकहरूको मनोवृत्तिलाई आनन्दित तुल्याउने, **रावणार्चितः** – सिद्धिप्राप्तिका लागि लङ्काधिपति रावणद्वारा आराधित, **रक्षोरक्षाकरः**– राक्षसहरूलाई भस्म गर्ने, **रत्नगर्भः**– रत्नगर्भा अर्थात् पृथिवीका रूपमा रहेका अथवा रत्नगर्भापृथिवीमा आश्रित, **राज्यसुखप्रदः**– भक्तहरूलाई राज्य र जीवनको सुख प्रदान गर्ने ।।१११।।

लक्ष्यं लक्ष्यप्रदो लक्ष्यो
लयस्थो लड्डूकप्रियः ।
लानप्रियो लास्यपरो
लाभकृल्लोकविश्रुतः ।।
।।११२।।

लक्ष्यम् – योगीहरूद्वारा ओङ्काररूप धनुमा चित्तरूप बाण जोडी वेधन गरिने लक्ष्यरूप परमात्मा, **लक्ष्यप्रदः** – चित्तको स्थिरताका लागि ऋषिहरूले बताएका अनेकौं उपायहरूको बोध गराउने, **लक्ष्यः** – **तत्त्वमसि** आदि पद र लक्षणाशक्तिद्वारा जानिने, **लयस्थः** – कल्पकाल र चित्तको लयावस्थामा समेत साक्षीका रूपमा वर्तमान, **लड्डूकप्रियः** – मोदक अथवा लड्डू मन पराउने, **लानप्रियः** – हात्तीशालामा बस्न रुचाउने, **लास्यपरः** – विलासभूमिका रूपमा रहेको आफ्नो स्वानन्दभुवनमा लास्यक्रीडा गरी रमाउने, **लाभकृल्लोकविश्रुतः** – भक्तहरूलाई उत्तम फल अर्थात् सुख प्रदान गर्ने स्वर्ग आदि लोकहरूमा उत्तम देवताका रूपमा वर्तमान ।।११२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरेण्यो वह्निवदनो
वन्द्यो वेदान्तगोचरः ।
विकर्ता विश्वतश्चक्षु-
र्विधाता विश्वतोमुखः ।।
।।११३।।

वरेण्यः – आफूलाई एकमात्र आराध्य मानी उपासना गर्ने राजा वरेण्यका रूपमा रहनुभएका अथवा सबैद्वारा स्वीकार गर्न योग्य उत्तम देवता, **वह्निवदनः** – यज्ञको अग्निमा अर्पण गरिएको हविद्वारा तृप्ति प्राप्त गर्ने, **वन्द्यः** – सबैद्वारा नमस्कार गर्न योग्य, **वेदान्तगोचरः** – उपनिषद्हरूद्वारा वन्दनीय, **विकर्ता**– उत्पत्ति, वृद्धि, बाल्य, प्रौढता, मरणजस्ता विकारका आधार, **विश्वतश्चक्षुः** – आफ्ना भक्तले जहाँ–जहाँ पत्र, पुष्प र जल अर्पण गर्दछन् त्यहाँ–त्यहाँ पुगेर ती अर्पित वस्तुलाई ग्रहण गर्ने परमात्मा, **विधाता**– भक्तहरूद्वारा भक्तिपूर्वक अर्पण गरिएका पत्र, पुष्प र फल स्वीकार गर्ने, **विश्वतोमुखः** – भक्तहरूद्वारा समर्पित नैवेद्य र फल भोजन गर्ने ।।११३।।

वामदेवो विश्वनेता
वज्रिवज्रनिवारणः ।
विश्वबन्धनविष्कम्भा-
धारो विश्वेश्वरप्रभुः ।।
।।११४।।

वामदेवः – सुन्दर स्वरूपद्वारा सुहाएका, **विश्वनेता** – संसार अथवा भगवान् विष्णुका नायक, **वज्रिवज्रनिवारणः** – इन्द्रद्वारा प्रहार गरिने वज्रलाई निष्क्रिय तुल्याउने, **विश्वबन्धनविष्कम्भाधारः** – विश्वनिर्माण गर्ने सामग्रीहरूको सङ्कलन केन्द्र विष्कम्भका आधार, **विश्वेश्वरप्रभुः** – ब्रह्माण्डनायकहरूका पनि नायक ।।११४।।

शब्दब्रह्म शमप्राप्यः
शम्भुशक्तिगणेश्वरः ।
शास्ता शिखाग्रनिलयः
शरण्यःशिखरीश्वरः ।।
।।११५।।

शब्दब्रह्म – परा वाणीभन्दा पर रहेको नादब्रह्मका रूपमा शोभायमान, **शमप्राप्यः**– शम–दमजस्ता अध्यात्मसाधनाका उपायद्वारा प्राप्त गर्न सकिने, **शम्भुशक्तिगणेश्वरः** – शिवगण र शक्तिगणका नियामक, **शास्ता** – शास्तानामक शक्तिका रूपमा अवतीर्ण, **शिखाग्रनिलयः** – शास्तानामक शक्तिको शिखामा विराजमान, **शरण्यः** – सबैका त्राणदाता, **शिखरीश्वरः** – हिमालयका रूपमा विराजमान ।।११५।।

षड्ऋतुकुसुमस्त्रग्वी
षडाधारः षडक्षरः ।
संसारवैद्यः सर्वज्ञः
सर्वभेषजभेषजम् ।।
।।११६।।

षड्ऋतुकुसुमस्त्रग्वी– विभिन्न ऋतुमा पैदा हुने जाती, चम्पक, कुन्द आदि पुष्पहरूको माला धारण गर्ने, **षडाधारः**– मूलाधार चक्रमा रहेर सबै चक्रहरूलाई धारण गर्ने, **षडक्षरः**– 'वक्रतुण्डाय हुम्' नामक ६ अक्षरको मन्त्रका रूपमा विराजमान, **संसारवैद्यः** – मायिक प्रपञ्चमा आइलाग्ने जन्म, जरा, मृत्यु, आधि, व्याधिजस्ता रोगहरूका निवारक, **सर्वज्ञः** – सकल विषयका ज्ञाता अथवा बुद्धका रूपमा अवतीर्ण, **सर्वभेषजभेषजम्**– सम्पूर्ण रोगहरूका विनाशक दिव्य अमृतमा आइलाग्ने विकार एवं दोषका निवारक ।।११६।।

सृष्टिस्थितिलयक्रीडः
सुरकुञ्जरभेदनः ।
सिन्दूरितमहाकुम्भः
सदसद्व्यक्तिदायकः ।।
।।११७।।

सृष्टिस्थितिलयक्रीडः– सम्पूर्ण लोकहरूको सृष्टि, पालन र संहाररूप क्रीडामा रमाउने, **सुरकुञ्जरभेदनः**– दानवहरूद्वारा अर्चित हुनाले कहिलेकाहीँ देवतारूप हात्तीहरूलाई तह लगाउने, **सिन्दूरितमहाकुम्भः**– सिन्दूरले रङ्गिएको मस्तक धारण गर्ने, **सदसद्व्यक्तिदायकः** – भक्तहरूलाई ब्रह्मको नित्यता र जगत्को अनित्यताजस्ता विषयको पारमार्थिकज्ञान प्रदान गर्ने ।।११७।।

साक्षी समुद्रमथनः
स्वसंवेद्यः स्वदक्षिणः ।
स्वतन्त्रः सत्यसङ्कल्पः
सामगानरतः सुखी ।।
।।११८।।

साक्षी – विना चित्त स्वयं साक्षीका रूपमा विश्वदर्शन गर्ने, **समुद्रमथनः** – समुद्रमथनको आरम्भमा देवताहरूद्वारा पूजित, **स्वसंवेद्यः** – स्वयंप्रकाश, **स्वदक्षिणः**– स्वयं समर्थ, **स्वतन्त्रः** – जगत्का लागि नाना तन्त्रहरूको प्रवर्त्तन गर्ने तर आफू भने आफ्नै तन्त्रअनुसार शोभायमान, **सत्यसङ्कल्पः**– सत्य र शिव सङ्कल्पका स्रोत, **सामगानरतः**– सामवेदमा प्रीति गरी त्यसको गायनमा संलग्न, **सुखी**– जुनसुकै अवस्थामा पनि आनन्दपूर्वक विराजमान ।।११८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हंसो हस्तिपिशाचीशो
हवनं हव्यकव्यभुक् ।
हव्यं हुतप्रियो हर्षो
हृल्लेखामन्त्रमध्यगः ।।
।।११९।।

हंसः - हंस उपाधि पाउने सन्यासीहरूमा प्रकाशमान अथवा सूर्यमूर्तिका रूपमा प्रकाशमान, **हस्तिपिशाचीशः** - **'हस्तिपिशाचीशाय स्वाहा'** यस नवार्णमन्त्रका देवता, **हवनम्** - हविअर्पणरूप यज्ञका रूपमा विराजमान, **हव्यकव्यभुक्** - देवता र पितृका रूपमा क्रमशः हव्य र कव्य ग्रहण गर्ने, **हव्यः** - हविरूप ब्रह्म, **हुतप्रियः** - हवि मन पराउने, **हर्षः**- हविग्रहण गर्दा प्राप्त हुने हर्षका रूपमा प्रतीयमान, **हृल्लेखामन्त्रमध्यगः**- तन्त्रमा प्रतिपादित हृल्लेखामन्त्रका मध्यमा रही ह्रीङ्कारद्वारा आराधित ।।११९।।

क्षेत्राधिपः क्षमाभर्ता
क्षमापरपरायणम् ।
विप्रक्षेमकरः क्षेमा-
नन्दः क्षोणीसुरद्रुमः ।।
।।१२०।।

क्षेत्राधिपः - प्रयाग आदि पुण्यक्षेत्रका स्वामी अथवा शरीर आदि क्षेत्रका स्वामी, **क्षमाभर्ता** - पृथिवीका अथवा सहनशीलताका आधार, **क्षमापरपरायणः** - क्षमागुणले सुहाएका तपस्वीहरूद्वारा प्राप्त गर्न योग्य, **क्षिप्रक्षेमकरः** - अतिशीघ्र सिद्धि र मङ्गल प्रदान गर्ने, **क्षेमानन्दः** - संसारको सुख र मोक्षसुखका रूपमा विराजमान, **क्षोणीसुरद्रुमः**- पृथिवीमा निवास गर्ने साधकहरूलाई कल्पवृक्षले झैं धर्म आदि इष्टपदार्थ प्रदान गर्ने।।१२०।।

धर्मप्रदोऽर्थदः काम-
दाता सौभाग्यवर्द्धनः ।
विद्याप्रदो विभवदो
भुक्तिमुक्तिप्रदायकः ।।
।।१२१।।

धर्मप्रदः - धर्म प्रदान गर्ने, **अर्थदः** - अर्थ प्रदान गर्ने, **कामदाता**- कामना परिपूर्ण गर्ने, **सौभाग्यवर्द्धनः** - नारीहरूलाई सौभाग्य प्रदान गर्ने, **विद्याप्रदः**- ज्ञान दिने, **विभवदः** - सम्पत्ति प्रदान गर्ने, **भुक्तिमुक्तिप्रदायकः** - सांसारिक सुखभोग र जीवन्मुक्तिजस्ता फल प्रदान गर्ने ।।१२१।।

आभिरूप्यकरो वीर-
श्रीप्रदो विजयप्रदः ।
सर्ववश्यकरो गर्भ-
दोषहा पुत्रपौत्रदः ।।
।।१२२।।

आभिरूप्यकरः - सभ्यहरूका सामु धनीसँग गरीब र पण्डितसँग मूर्खको समानता देखाउँदै सबैमा एउटै आत्मा रहेको शिक्षा प्रदान गर्ने, **वीरश्रीप्रदः** - हे प्रभु! युद्धमा कुन दिशातर्फ भागौं भनी दौडिरहेका कातर योद्धाहरूलाई वीरोचित वीर्य र शौर्यको तेज प्रदान गर्ने, **विजयप्रदः** - नामस्मरण गर्ने योद्धाहरूलाई विजयश्री प्रदान गर्ने, **सर्ववश्यकरः** - भक्तका वशीभूत भएर तिनलाई सर्वस्व दिने, **गर्भदोषघ्नः** - स्राव र पात आदि गर्भदोष निवारण गर्ने, **पुत्रपौत्रदः** - सांसारिक एषणा भएका आफ्ना भक्तहरूलाई छोरा-नाति आदिले परिपूर्ण तुल्याउने ।।१२२।।

मेधादः कीर्तिदः शोक-
हारी दौर्भाग्यनाशनः ।
(श्रीशोकहारी दौर्भाग्य-
नाशनः सर्वशक्तिभृत् ।।
।।१२३।।)

मेधादः - भक्तहरूलाई धारणासम्पन्न बुद्धि प्रदान गर्ने, **कीर्तिदः** - सद्गुणबाट उत्पन्न हुने कीर्ति दिएर भक्तहरूलाई भाग्यशाली तुल्याउने, **शोकहारी** - सुपात्र भक्तलाई उत्तम ज्ञान दिएर संसारको शोकबाट मुक्त गराउने, **दौर्भाग्यनाशनः**- नारीहरूको दुर्भाग्य नाश गर्ने, (**श्रीशोकहारी** - लक्ष्मीका शोकनाशक, **दौर्भाग्यनाशनः** - दुर्भाग्य समाप्त गर्ने, **सर्वशक्तिभृत्** - सम्पूर्ण शक्तिहरूलाई धारण गर्ने) ।।१२३।।

प्रतिवादिमुखस्तम्भो
रुष्टचित्तप्रसादनः ।
पराभिचारशमनो
दुःखभञ्जनकारकः ।।
।।१२४।।

प्रतिवादिमुखस्तम्भः- प्रतिकूल भाषा बोलिरहेका दुष्टहरूको वाणीस्तम्भन गरिदिने, **रुष्टचित्तप्रसादनः** - सेवकहरूसँग रिसाएका शासकहरूको चित्त शुद्ध गरी त्यसमा प्रसन्नता भरिदिने, **पराभिचारशमनः** - शत्रुहरूद्वारा प्रयोग गरिएका मारण आदि अभिचारलाई निष्फल तुल्याइदिने, **दुःखभञ्जनकारकः** - भक्तहरूका सबै प्रकारका दुःखहरू नाश गरिदिने ।।१२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लवस्त्रुटिः कला काष्ठा
निमेषस्तत्परः क्षणः ।
घटी मुहूर्तः प्रहरो
दिवा नक्तमहर्निशम् ।।
।।१२५।।

लवः– हजार कमलका पात एक ठाउँमा राखी मसिनो सुइराले माथिबाट सबै कमलका पात छेड्दा एउटा पात छेड्न जति समय लाग्छ त्यो काल लव हो, त्यसै लवको रूपमा वर्तमान, **त्रुटिः** – एक हजार लवको परिमाणकाल त्रुटिका रूपमा रहेका, **तत्परः** – सय त्रुटिपरिमाणको काल तत्परका रूपमा रहेका, **निमेषः** – तीस तत्परपरिमाणको काल निमेषका रूपमा रहेका, **काष्ठा**– अठार निमेषको कालपरिमाण काष्ठाका रूपमा रहेका, **कला** – तीस काष्ठापरिमाणको कालबाट निष्पन्न हुने कलाका रूपमा रहेका, **क्षणः** – तीस कलापरिमाणको काल क्षणका रूपमा रहेका, **घटी** – ६ क्षणपरिमाणको काल घटीका रूपमा रहेका, **मुहूर्तम्** – दुई घटीपरिमाणको काल मुहूर्तका रूपमा रहेका, **प्रहरः** – चार मुहुर्तपरिमाणको काल प्रहरका रूपमा रहेका, **दिवा** – चार प्रहरपरिमाणको काल दिनका रूपमा रहेका, **नक्तम्** – त्यसैगरी चार प्रहरपरिमाणको काल रात्रिका रूपमा रहेका, **अहर्निशम्**– आठ प्रहरपरिमाणको काल दिनरातका रूपमा रहेका ।।१२५।।

पक्षो मासोऽयनं वर्षं
युगं कल्पो महालयः ।
राशिस्तारा तिथिर्योगो
वारः करणमंशकम् ।।
।।१२६।।

पक्षः– पन्ध्र दिनरातपरिमाणको काल पक्षका रूपमा रहेका, **मासः**– दुई पक्षपरिमाणको काल महिनाका रूपमा रहेका, **अयनम्**– ६ महिना परिमाणको काल अयनका रूपमा रहेका, **वर्षम्** – दुई अयनपरिमाणको काल वर्षका रूपमा रहेका, **युगम्** – तीन सय साठी वर्षको एक दिव्यवर्ष हुन्छ र त्यस्ता बाह्र हजार दिव्यवर्षबाट एउटा चतुर्युग बन्दछ, त्यस्तो चतुर्युगको रूपमा रहेका, **कल्पः** – एक हजार चतुर्युगबाट निष्पन्न हुने कालपरिमाण कल्पका रूपमा रहेका, **महालयः** – बहत्तर हजार कल्पबाट हुने काललाई ब्रह्माजीको महालय भनिन्छ, त्यस महालयको रूपमा वर्तमान, **राशिः**– मेष आदि १२ राशिका रूपमा रहेका, **तारा**– कृत्तिका आदि २७ नक्षत्रका रूपमा रहेका, **तिथिः**– प्रतिपदा आदि तिथिका रूपमा रहेका, **योगः** – विष्कुम्भ एवं अमृतसिद्धि आदि योगका रूपमा रहेका, **वारः** – रविवार आदि ७ वारका रूपमा रहेका, **करणम्** – वव आदि करणका रूपमा रहेका, **अंशकम्** – प्रतिनक्षत्र ४ अंशका रूपमा रहेका ।।१२६।।

लग्नं होरा कालचक्रं
मेरुः सप्तर्षयो ध्रुवः ।
राहुर्मन्दः कविर्जीवो
बुधो भौमः शशी रविः ।।
।।१२७।।

लग्नम्– राशिको उदयरूप लग्नका रूपमा रहेका, **होरा**– लग्नको आधा भाग मानिने होराका रूपमा रहेका, **कालचक्रम्**– शिशुमारचक्रका रूपमा रहेका, **मेरुः**– सुमेरुपर्वतका रूपमा रहेका, **सप्तर्षयः**– कश्यप आदि सप्तर्षिका रूपमा रहेका, **ध्रुवः**– उत्तानपाद राजाका छोरा ध्रुवका रूपमा रहेका, **राहुः**– सिंहिकापुत्र राहुका रूपमा रहेका, **मन्दः**– शनैश्चरका रूपमा रहेका, **कविः**– शुक्रका रूपमा रहेका, **जीवः**– बृहस्पतिका रूपमा रहेका, **बुधः**– बुधका रूपमा रहेका, **भौमः**– मङ्गलका रूपमा रहेका, **शशी** – चन्द्रमा रूपमा रहेका, **रविः** – सूर्यका रूपमा रहेका ।।१२७।।

कालः सृष्टिः स्थितिर्विश्वं
स्थावरं जङ्गमं च यत् ।
भूरापोऽग्निर्मरुद्व्योमा-
हंकृतिः प्रकृतिः पुमान् ।।
।।१२८।।

कालः – संहारक्रियाका रूपमा रहेका, **सृष्टिः** – सृष्टिक्रियाका रूपमा रहेका, **स्थितिः** – पालनक्रियाका रूपमा रहेका, **स्थावरजङ्गमात्मकं विश्वम्** – स्थावर एवं जङ्गम तत्त्वले परिपूर्ण विश्वका रूपमा प्रकाशमान, **भूः** – पृथिवीरूप, **आपः** – जलरूप, **अग्निः** – अग्निरूप, **मरुद्**– वायुरूप, **व्योम**– आकाशरूप, **अहंकृतिः**– अहङ्काररूप, **प्रकृतिः**– मूलकारणरूप, **पुमान्** – प्रकृत्यादि भिन्न पच्चीसौं पुरुषतत्त्वरूप ।।१२८।।

ब्रह्मा विष्णुः शिवो रुद्र
ईशः शक्तिः सदाशिवः ।
त्रिदशाः पितरः सिद्धा
यक्षा रक्षांसि किन्नराः ।।
।।१२९।।

ब्रह्मा – सृष्टिकर्ताको रूपमा वर्तमान, **विष्णुः**– पालनकर्ताको रूपमा वर्तमान, **शिवः** – संहारकर्ताको रूपमा वर्तमान, **रुद्रः**– एकादश रुद्ररूप, **ईशः** – कामेशरूप, **शक्तिः** – कामेशीरूप, **सदाशिवः** – सदाशिवरूप, **त्रिदशाः** – देवतारूप, **पितरः** – अर्यमादि पितृरूप, **सिद्धाः** – सिद्धयोनिरूप, **यक्षाः**– यक्षजातिरूप, **रक्षांसि** – राक्षसगणरूप, **किन्नराः** – किन्नरजातिरूप ।।१२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साध्या विद्याधरा भूता
मनुष्याः पशवः खगाः ।
समुद्राः सरितः शैला
भूतं भव्यं भवोद्भवः ।।
।।१३०।।

साध्याः- साध्यगणरूप, **विद्याधराः**- विद्याधरका नामबाट प्रसिद्ध देवयोनिरूप, **भूताः**- समस्त प्राणिरूप, **मनुष्याः**- मनुष्यजातिरूप, **पशवः**- पशुजातिरूप, **खगाः**- पक्षिजातिरूप, **समुद्राः**- सात समुद्ररूप, **सरितः**- नदीसमूहरूप, **शैलाः** - पर्वतगणरूप, **भूतम्**- अतीत कालरूप, **भव्यम्**- भावी कालरूप, **भवोद्भवः** - शिवपुत्ररूप अथवा संसारका उत्पत्तिकारण ।।१३०।।

साङ्ख्यं पातञ्जलं योगः
पुराणानि श्रुतिः स्मृतिः ।
वेदाङ्गानि सदाचारो
मीमांसा न्यायविस्तरः ।।
।।१३१।।

साङ्ख्यम्- कपिलोक्त साङ्ख्यदर्शनरूप, **पातञ्जलम्**- पतञ्जलिद्वारा प्रतिपादित शास्त्रस्वरूप, **योगः** - पतञ्जलिद्वारा प्रतिपादित योगशास्त्रस्वरूप, **पुराणानि**- महापुराण र उपपुराणस्वरूप, **श्रुतिः**- वेदरूप, **स्मृतिः**- स्मृतिरूप, **वेदाङ्गानि**- शिक्षा, कल्प, ज्योतिष, निरुक्त, व्याकरण र छन्दका रूपमा वर्तमान, **सदाचारः** - सज्जनहरूको विशिष्ट आचारका रूपमा वर्तमान, **मीमांसा** - पूर्वमीमांसा र उत्तरमीमांसाका स्वरूपमा वर्तमान, **न्यायविस्तरः**- कणाद र गौतमद्वारा प्रणीत न्यायशास्त्रका रूपमा वर्तमान।।१३१।।

आयुर्वेदो धनुर्वेदो
गान्धर्वं काव्यनाटकम् ।
वैखानसं भागवतं
सात्वतं पाञ्चरात्रकम् ।।
।।१३२।।

आयुर्वेदः- ऋग्वेदको उपवेद मानिएको आयुर्वेदका स्वरूपमा वर्तमान, **धनुर्वेदः**- यजुर्वेदको उपवेद मानिएको धनुर्वेदका रूपमा वर्तमान, **गान्धर्वम्** - सामवेदको उपवेद मानिएको गान्धर्ववेदका रूपमा वर्तमान, **काव्यनाटकम्**- श्रव्य र दृश्यकाव्यका रूपमा वर्तमान, **वैखानसम्**- विष्णुसँग सम्बद्ध वैखानसनामक आगमका रूपमा वर्तमान, **भागवतम्** - विष्णुसँग सम्बद्ध भागवतनामक आगमका रूपमा वर्तमान, **सात्वतम्** - विष्णुसँग सम्बद्ध सात्वतनामक आगमका रूपमा वर्तमान, **पाञ्चरात्रकम्** - विष्णुसँग सम्बद्ध पाञ्चरात्रनामक आगमका रूपमा वर्तमान ।।१३२।।

शैवं पाशुपतं काल-
मुखं भैरवशासनम् ।
शाक्तं वैनायकं सौरं
जैनमार्हतसंहिता ।।
।।१३३।।

शैवम्- शैवतन्त्ररूप, **पाशुपतम्**- पशुपतिसँग सम्बद्ध शैवदर्शनरूप, **कालामुखम्**- कालामुखनामक शैवदर्शनका रूपमा स्थित, **भैरवशासनम्**- भैरवसँग सम्बद्ध भैरवतन्त्र-नामक आगमका रूपमा स्थित, **शाक्तम्**- शक्तितन्त्रस्वरूप, **वैनायकम्** - गणपतितन्त्ररूप, **सौरम्**- सूर्यतन्त्ररूप, **जैनम्**- जैनतन्त्ररूप, **आर्हतसंहिता** - बौद्धतन्त्ररूप ।।१३३।।

सदसद् व्यक्तमव्यक्तं
सचेतनमचेतनम् ।
बन्धो मोक्षः सुखं भोगोऽ-
योगः सत्यमणुर्महान् ।।
।।१३४।।

सत् - कार्यको रूपमा उपस्थित हुने कारणरूप सत्यतत्त्व, **असत्** - कार्यरूपमा उपस्थित नहुने कारणरूप असत्यतत्त्व, **व्यक्तम्** - कार्यरूपमा प्रकट हुने तत्त्व, **अव्यक्तम्**- कारणरूपमा अवस्थित तत्त्व, **सचेतनम्** - प्राणीमात्रको रूपमा वर्तमान तत्त्व, **अचेतनम्**- आकाशादि रूपमा वर्तमान तत्त्व, **बन्धः** - आत्मामा अनात्मा र अनात्मामा आत्माको भ्रमका रूपमा वर्तमान, **मोक्षः** - अविद्यानाश, **सुखम्** - अविद्यानाशपछि प्राप्त हुने सुखका रूपमा वर्तमान, **भोगः** - अनुभवात्मक भोगका रूपमा वर्तमान, **अयोगः** - निस्सङ्गावस्थारूप, **सत्यम्**- निर्बाधरूपमा प्रकाशित हुने सत्यतत्त्व, **अणुः**- पाँच ज्ञानेन्द्रिय र छैठौं मनद्वारा पनि प्राप्त गर्न नसकिने अणुरूप तत्त्व, **महान्**- अनिर्वचनीय र असीमित आनन्दका रूपमा वर्तमान ।।१३४।।

स्वस्ति हुं फट् स्वधा स्वाहा
श्रौषड्वौषड्वषणनमः ।
ज्ञानं विज्ञानमानन्दो
बोधः संविच्छमो यमः ।।
।।१३५।।

स्वस्ति - परम कल्याणरूप, **हुम्**- सत्य तत्त्वबाहेक अरू तत्त्वलाई हटाउने, **फट्** - भक्तहरूका निमित्त सत्य तत्त्वबाहेक अरू तत्त्व निराकरण गर्ने मात्र नभएर विनाश पनि गर्ने, **स्वधा**- स्वधा भनेर गरिने कर्मरूप, **स्वाहा** - स्वाहा भनेर गरिने कर्मरूप, **श्रौषट्** - श्रौषट् शब्द भनेर गरिने कर्मरूप, **वौषट्** - वौषट् शब्द भनेर गरिने कर्मरूप, **वषट्** - वषट् शब्द भनेर गरिने कर्मरूप, **नमः** - नमः भनेर गरिने कर्मरूप, **ज्ञानम्**- मोक्षबुद्धिरूप, **विज्ञानम्** - प्रपञ्चबुद्धिरूप, **आनन्दः** - प्रत्यगानन्दरूप, **बोधः**- प्रत्यग्बोधरूप, **संवित्**- बाह्यवृत्तिलाई निवारण गर्ने बुद्धि अथवा ज्ञान, **शमः** - अशान्तिजनक तत्त्व निवारण गर्ने शमका रूपमा वर्तमान, **यमः** - सम्पूर्ण प्रपञ्चबाट उपरत ।।१३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक एकाक्षराधार
एकाक्षरपरायणः ।
एकाग्रधीरेकवीर
एकानेकस्वरूपधृक् ।।
।।१३६।।

एकः - स्वगत, सजातीय र विजातीय गरी तीन प्रकारका भेदले रहित अद्वितीय तत्त्वका रूपमा वर्तमान, **एकाक्षराधारः** - **गं** बीजरूप एकाक्षरमा आश्रित, **एकाक्षरपरायणः**- ओङ्काररूप एकाक्षरमा विराजमान, **एकाग्रधीः** - आत्मासम्म पुऱ्याउने तत्त्वबुद्धिका रूपमा वर्तमान, **एकवीरः** - जगत्तत्त्वलाई आत्मतत्त्वमा लीन गराउने कार्यमा पराक्रमी, **एकानेकस्वरूपधृक्** - प्रत्येक प्राणीमा रहेकाले अनेकरूपमा र एकरूपमा वर्तमान ।।१३६।।

द्विरूपो द्विभुजो द्व्यक्षो
द्विरदो द्वीपरक्षकः ।
द्वैमातुरो द्विरदनो
द्वन्द्वातीतो द्व्यातिगः ।।
।।१३७।।

द्विरूपः - जीवात्मा र परमात्माका रूपमा वर्तमान, **द्विभुजः** - दुई हातले सुहाएका, **द्व्यक्षः** - दुई आँखाले सुहाएका, **द्विरदः** - दुई दाँतले सुहाएका, **द्वीपरक्षकः**- सातै द्वीपका पालक, **द्वैमातुरः**- पार्वती र गङ्गा नामक दुई आमाहरूका छोराका रूपमा प्रसिद्ध, **द्विवदनः**- अग्निमूर्ति र आत्ममूर्तिका रूपमा वर्तमान, **द्वन्द्वातीतः**- वर्षा, गर्मी, जाडो आदि द्वन्द्वबाट पर रहेका, **द्व्यातिगः**- तमोगुण र रजोगुणदेखि पर रहेको सत्त्वगुणमा विराजमान ।।१३७।।

त्रिधामास्त्रिकरस्त्रेता-
त्रिवर्गफलदायकः ।
त्रिगुणात्मा त्रिलोकादि-
स्त्रिशक्तीशस्त्रिलोचनः ।।
।।१३८।।

त्रिधामा- सूर्य, चन्द्र र अग्निरूप तेजका रूपमा विराजमान, **त्रिकरः**- स्वर्ग, मर्त्य र पाताल लोकका निर्माता, **त्रेतात्रिवर्गफलदायकः**- तीन प्रकारका अग्निलाई प्रसन्न तुल्याउने धर्म, अर्थ र कामपुरुषार्थमा आधारित कर्मका फलदाता, **त्रिगुणात्मा**- मूलप्रकृतिका रूपमा विराजमान, **त्रिलोकादिः** - स्वर्ग, मर्त्य र पातालका आदिकारण, **त्रिशक्तीशः** - **श्रीं ह्रीं क्लीं** मन्त्ररूप तीन शक्तिका स्वामी अथवा प्रभुशक्ति, उत्साहशक्ति र मन्त्रशक्तिका स्वामी, **त्रिलोचनः** - तीन आँखाले युक्त ।।१३८।।

चतुर्बाहुश्चतुर्दन्त-
श्चतुरात्मा चतुर्मुखः ।
चतुर्विधोपायमय-
श्चतुर्वर्णाश्रमाश्रयः ।।
।।१३९।।

चतुर्बाहुः - चार भुजाले युक्त, **चतुर्दन्तः** - चार प्रकारका दाँतले सम्पन्न, **चतुरात्मा**- आत्मा, अन्तरात्मा, ज्ञानात्मा र परमात्माका रूपमा विराजमान, **चतुर्मुखः** - चार वेदलाई मुखभित्र धारण गर्ने, **चतुर्विधोपायमयः**- साम, दान, दण्ड र भेद यी चार प्रकारका उपायद्वारा गरिने कर्मका साधक, **चतुर्वर्णाश्रमाश्रयः**- ब्राह्मण आदि वर्ण र ब्रह्मचर्य आदि आश्रमका आश्रय ।।१३९।।

चतुर्विधवचोवृत्ति-
परिवृत्तिप्रवर्त्तकः ।
चतुर्थीपूजनप्रीत-
श्चतुर्थीतिथिसम्भवः ।।
।।१४०।।

चतुर्विधवचोवृत्तिपरिवृत्तिप्रवर्त्तकः - परा, पश्यन्ती, मध्यमा, वैखरीनामक वाणीहरूका वृत्तिका प्रवर्त्तक, **चतुर्थीपूजनप्रीतः** - चतुर्थी तिथिमा आराधना गर्दा प्रसन्न हुने, **चतुर्थीतिथिसम्भवः**- भाद्रशुक्ल चतुर्थी तिथिमा उत्पन्न ।।१४०।।

पञ्चाक्षरात्मा पञ्चात्मा
पञ्चास्यः पञ्चकृत्यकृत् ।
पञ्चाधारः पञ्चवर्णः
पञ्चाक्षरपरायणः ।।
।।१४१।।

पञ्चाक्षरात्मा- नाद, बिन्दु, मकार, उकार र अकार यी पाँच अक्षरलाई शरीर बनाई त्यो शरीरभित्र ओङ्कारका रूपमा विराजमान, **पञ्चात्मा**- नाद आदि पूर्वोक्त तत्त्वलाई शरीरका रूपमा धारण गर्ने, **पञ्चास्यः**- ब्रह्माण्डलाई नै एक गासमा निल्नसक्ने विशाल मुख भएका, **पञ्चकृत्यकृत्**- सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रह यी पाँच प्रकारका कृत्यहरू सम्पादन गर्ने, **पञ्चाधारः** -पृथिवी, जल, वायु, तेज, आकाशनामक पाँच महाभूतहरूलाई धारण गर्ने, **पञ्चवर्णः** - सूर्यकान्ति, चन्द्रकान्ति, अर्जुनकान्ति, इन्द्रगोपकान्ति र धूम्रवर्णका रूपमा रहने हुनाले पञ्चवर्णका रूपमा प्रसिद्ध, **पञ्चाक्षरपरायणः** - **'नमः शिवाय'** मन्त्रको नित्य जप गर्ने ।।१४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चतालः पञ्चकरः
पञ्चप्रणवभावितः ।
पञ्चब्रह्ममयस्फूर्तिः
पञ्चावरणवारितः ।।
।।१४२।।

पञ्चतालः - मध्यमाको टुप्पोदेखि बूढीऔंठाको फेदसम्मको स्थानलाई एकताल परिमाणको भनिन्छ, त्यस्ता पाँच ताल परिमाणको मात्र उचाइ भएका हुनाले वामनका रूपमा प्रसिद्ध, **पञ्चकरः** - पाँच हात परिमाणको उचाइ भएका, **पञ्चप्रणवभावितः**- ॐ ऐँ ह्रीँ क्लीँ श्रीँ यी पाँच प्रणवद्वारा वाच्य, **पञ्चब्रह्ममयस्फूर्तिः** - सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशाननामक पञ्चब्रह्मको रूपमा वर्तमान, **पञ्चावरणवारितः**- पाँच प्रकारका आवरणरूप कोशहरूले ढाकिएका अथवा पञ्चावृत्तिस्तवमा प्रतिपादित अङ्ग आदि आवरणले सम्पन्न ।।१४२।।

पञ्चभक्ष्यप्रियः पञ्च-
बाणः पञ्चशिवात्मकः ।
षट्कोणपीठः षट्चक्र-
धामा षड्ग्रन्थिभेदकः ।।
।।१४३।।

पञ्चभक्ष्यप्रियः - लड्डू, माड, पुरी, खुदो र वटुक यी पाँच प्रकारका खाद्यपदार्थ रुचाउने, **पञ्चबाणः** - बाणेश्वरी अम्बाका पाँच बीज मन्त्र छन् ती बीजमन्त्रहरूको स्वरूपमा रहेका, **पञ्चशिवात्मकः**- कामेश्वर शिवजीका पाँच बीज मन्त्र छन् ती मन्त्रको स्वरूपमा रहेका, **षट्कोणपीठः** - षट्कोण यन्त्र अथवा षट्कोण भएको मण्डप जसको पूजास्थानका रूपमा रहने गर्दछ, **षट्चक्रधामा** - मूलाधार, स्वाधिष्ठान, मणिपूरक, अनाहत, विशुद्ध र आज्ञा चक्रमा विराजमान, **षड्ग्रन्थिभेदकः** - उक्त ६ चक्रका ६ प्रकारका सन्धिस्थललाई भेदन गर्ने कुण्डलिनीका रूपमा वर्तमान ।।१४३।।

षडध्वध्वान्तावध्वंसी
षडङ्गुलमहाह्रदः ।
षण्मुखः षण्मुखभ्राता
षट्शक्तिपरिवारितः ।।
।।१४४।।

षडध्वध्वान्तावध्वंसी - पद, भुवन, वर्ण, तत्त्व, कला र मन्त्रनामक ६ प्रकारका मार्गहरूको शोधन गर्दै तिनमा रहेका मलहरूको निराकरण गर्ने, **षडङ्गुलमहाह्रदः** - ६ औंला-परिमाणको विशाल एवं गहिरो नाभिले सुहाएका, **षण्मुखः** - शिक्षा, कल्प, निरुक्त, व्याकरण, ज्योतिष र छन्द यी ६ वेदाङ्ग शास्त्रहरूलाई मुखमा धारण गर्ने, **षण्मुखभ्राता**- ६ वटा मुखले सम्पन्न स्वामी कार्तिकेयका अग्रजका रूपमा सम्मानित, **षट्शक्तिपरिवारितः** - ६ प्रकारका शक्तिले घेरिएका ।।१४४।।

षड्वैरिवर्गविध्वंसी
षडूर्मिभयभञ्जनः ।
षट्तर्कदूरः षट्कर्म-
निरतः षड्रसाश्रयः ।।
।।१४५।।

षड्वैरिवर्गविध्वंसी - काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यनामक ६ प्रकारका शत्रुहरूलाई समाप्त गर्ने, **षडूर्मिभयभञ्जनः** - भोक, प्यास, शोक, मोह, वृद्धावस्था र मरणनामक ६ प्रकारका तरङ्गहरूको भयलाई समाप्त गर्ने, **षट्तर्कदूरः**- ६ प्रकारका साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त शास्त्रका युक्तिहरूद्वारा ग्रहण गर्न नसकिने वागगोचर, **षट्कर्मनिरतः**- अध्ययन, अध्यापन, यजन, याजन, दान र परिग्रह यी ६ कर्ममा नित्य संलग्न, **षड्रसाश्रयः** - गुलियो, अमिलो, नुनिलो, तीतो, पीरो र टर्रो यी ६ प्रकारका रसका आधार ।।१४५।।

सप्तपातालचरणः
सप्तद्वीपोरुमण्डलः ।
सप्तस्वर्लोकमुकुटः
सप्तसप्तिवरप्रदः ।।
।।१४६।।

सप्तपातालचरणः - अतल, वितल, सुतल, रसातल, तलातल, महातल र पाताल नामक सातवटा तलका लोकहरूमा पाउ राखेर उभिएका, **सप्तद्वीपोरुमण्डलः**- जम्बू, प्लक्ष, शाल्मलि, कुश, क्रौञ्च, शाक र पुष्कर नामक द्वीपहरूलाई जङ्घाको रूपमा धारण गर्ने, **सप्तस्वर्लोकमुकुटः** - भूर्लोक, भुवर्लोक, स्वर्लोक, महलोक, जनलोक, तपोलोक र सत्यलोक यी सात लोकलाई मुकुटका रूपमा धारण गर्ने, **सप्तसप्तिवरप्रदः** - सूर्यलाई वर प्रदान गर्ने ।।१४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्ताङ्गराज्यसुखदः
सप्तर्षिगणमण्डितः ।
सप्तछन्दोनिधिः सप्त-
होता सप्तस्वराश्रयः ।।
।।१४७।।

सप्ताङ्गराज्यसुखदः- स्वामी, अमात्य, मित्र, कोश, राष्ट्र, दुर्ग र सैनिक यी सात अङ्गले सम्पन्न राज्यलाई सुख प्रदान गर्ने, **सप्तर्षिगणमण्डितः** - कश्यप, अत्रि, भरद्वाज, वसिष्ठ, गौतम, विश्वामित्र र जमदग्नि यी सात ऋषि र गणेदेवताले पनि सेवा गरिएका, **सप्तछन्दोनिधिः**- गायत्रीदेखि जगतीसम्मका सात प्रकारका छन्दहरूका निधि, **सप्तहोता** - यज्ञमा वरण गरिएका होता आदि ब्राह्मणहरूका रूपमा विराजमान, **सप्तस्वराश्रयः** - मध्यम, धैवत, पञ्चम आदि सात स्वरका आधार ।।१४७।।

सप्ताब्धिकेलिकासारः
सप्तमातृनिषेवितः ।
सप्तच्छन्दोमोदमदः
सप्तछन्दोमखप्रभुः ।।
।।१४८।।

सप्ताब्धिकेलिकासारः - सात समुद्रलाई क्रीडासरोवर बनाई विहार गर्ने, **सप्तमातृनिषेवितः**- ब्राह्मी आदि सात मातृकाहरूद्वारा सेवा गरिएका, **सप्तच्छन्दोमोदमदः** - गायत्री आदि सात छन्दमा आधारित साहित्यको अध्ययन गर्दा प्राप्त हुने आनन्दले रमाएका, **सप्तच्छन्दोमखप्रभुः** - सात प्रकारका छन्दहरूद्वारा उच्चारण गरिने मन्त्रहरूले आराधना गरिने यज्ञका स्वामी ।।१४८।।

अष्टमूर्तिध्येयमूर्ति-
रष्टप्रकृतिकारणम् ।
अष्टाङ्गयोगफलभू-
रष्टपत्राम्बुजासनः ।।
।।१४९।।

अष्टमूर्तिध्येयमूर्तिः - पृथिवी, जल, तेज, वायु, आकाश, यजमान, सूर्य र चन्द्रमारूपी आठमूर्ति भएका शिवजीद्वारा ध्यान गरिने सुन्दरमूर्तिले शोभायमान, **अष्टप्रकृतिकारणम्** - प्रकृति, अहङ्कार, महत्तत्त्व र पञ्चतन्मात्रालाई पैदा गर्ने, **अष्टाङ्गयोगफलभूः**- यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, ध्यान, धारणा, समाधि यी अष्टाङ्गयोगको फल प्रदान गर्ने, **अष्टपत्राम्बुजासनः** - आठपाते कमलमा विराजमान ।।१४९।।

अष्टशक्तिसमृद्धश्री-
रष्टैश्वर्यप्रदायकः ।
अष्टपीठोपपीठश्री-
रष्टमातृसमावृतः ।।
।।१५०।।

अष्टशक्तिसमृद्धश्रीः- आठपाते कमलमा रहेका पीठशक्तिहरूद्वारा विस्तार गरिने सौन्दर्यका स्वामी, **अष्टैश्वर्यप्रदायकः** - भक्तहरूलाई अणिमा, महिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशत्व र वशित्व यी आठ प्रकारका सिद्धि प्रदान गर्ने, **अष्टपीठोपपीठश्रीः** - अष्टदल कमलका पातहरूमा रहेका शक्तिहरूको पीठ र उपपीठद्वारा शोभायमान, **अष्टमातृसमावृतः** - ब्राह्मी, माहेश्वरी, ऐन्द्री, वाराही, कौमारी, वैष्णवी, चामुण्डा र महालक्ष्मीनामक आठ मातृकाहरूद्वारा चारैतिरबाट घेरिएका ।।१५०।।

अष्टभैरवसेव्योऽष्ट-
वसुवन्द्योऽष्टमूर्तिभृत् ।
अष्टचक्रस्फुरन्मूर्त्ति-
रष्टद्रव्यहविःप्रियः ।।
।।१५१।।

अष्टभैरवसेव्यः - कालवटुक, शङ्करवटुक, मातृवटुक, देवीवटुक, स्थानवटुक, मेघवटुक, चन्द्राग्रवटुक र वैनायकवटुक नामक आठ भैरवहरूद्वारा सेवनीय, **अष्टवसुवन्द्यः** - धर, ध्रुव, सोम, अह, अनिल, अनल, प्रत्यूष र प्रभास नामक आठ वसुहरूद्वारा वन्दनीय, **अष्टमूर्तिभृत्**- पृथिवी, जल, आकाश, वायु, तेज नामक महाभूत, अग्नि, सूर्य र चन्द्रमाजस्ता ८ वटा मूर्ति धारण गर्ने, **अष्टचक्रस्फुरन्मूर्त्तिः** - आठ चक्रले सम्पन्न यन्त्रमा विराजमान, **अष्टद्रव्यहविःप्रियः** - सातु, चिउरा, केरा, लड्डु, तिल, ऊखु, नरिवल र घिउजस्ता आठ प्रकारका हवि रुचाउने ।।१५१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवनागासनाध्यासी
नवनिध्यनुशासिता ।
नवद्वारपुराधारो
नवाधारनिकेतनः ।।
।।१५२।।

नवनागासनाध्यासी - अनन्त, वासुकि, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट, शङ्ख र शेष नामक नौ प्रकारका नागहरूका आसनमा विराजमान, **नवनिध्यनुशासिता**- महापद्म, पद्म, शङ्ख, मकर, कच्छप, मुकुन्द, कुन्द, नील र खर्ब नामक नौ प्रकारका निधिहरूमाथि नियन्त्रण कायम गर्ने, **नवद्वारपुराधारः** - दुई आँखा, दुई कान, दुई नाकका प्वाल, मुख, गुदद्वार र उपस्थ यी नौ द्वार भएको शरीररूपी पुरमा जीवरूपले विराजमान, **नवाधारनिकेतनः** - मूलाधार, स्वाधिष्ठान, अनाहत, मणिपूर, विशुद्ध, आज्ञा, कुल, अकुल र सहस्रार नामक नौ आधारमा विराजमान ।।१५२।।

नवनारायणस्तुत्यो
नवदुर्गानिषेवितः ।
नवनाथमहानाथो
नवनागविभूषणः ।।
।।१५३।।

नवनारायणस्तुत्यः - आदिनारायण, धर्मनारायण, अनन्तनारायण, बदरीनारायण, रूपनारायण, शङ्करनारायण, सुन्दरनारायण, लक्ष्मीनारायण र साध्यनारायण यी नौ प्रकारका नारायणहरूद्वारा स्तुति गर्न योग्य, **नवदुर्गानिषेवितः** - भद्रकालीकल्पअनुसार - शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी, सिद्धिदात्री नामक नौ प्रकारका दुर्गाहरूद्वारा सेवा गरिएका अथवा उग्रचण्डाकल्पअनुसार - रुद्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डावती, चण्डरूपा, अतिचारिका र महोग्रचण्डा नामक नौ दुर्गाहरूद्वारा सेवा गरिएका, **नवनाथमहानाथः** - ज्ञान, प्रकाश, सत्य, आनन्द, विमर्श, स्वभाव, सुभग, प्रतिभ र पूर्ण यी नाथहरूका पनि नाथ हुनुभएकाले ज्ञाननाथ, प्रकाशनाथ, सत्यनाथ, आनन्दनाथ, विमर्शनाथ, स्वभावनाथ, सुभगनाथ, प्रतिभनाथ, पूर्णनाथ यी नौ नाथका पनि स्वामी त्यसकारण नवनाथमहानाथ शब्दद्वारा सम्बोध्य, **नवनागविभूषणः** - कर्कोटक आदि नागहरूलाई गहना बनाएर धारण गर्ने ।।१५३।।

नवरत्नविचित्राङ्गो
नवशक्तिशिरोधृतः ।
दशात्मको दशभुजो
दशदिक्पतिवन्दितः ।।
।।१५४।।

नवरत्नविचित्राङ्गः - मोती, पन्ना, माणिक, मुगा, हीरा, गोमेद, पुष्पराज, नीर र लहसुनी यी नौ थरिका रत्नहरू धारण गरी सुहाएका, **नवशक्तिशिरोधृतः** - तीव्रा, ज्वालिनी, नन्दा, भोगदा, कामदायिनी, उग्रा, तेजोवती, सत्या र विघ्ननाशिनी यी नौ शक्तिले शिरमा धारण गरिएका, **दशात्मकः** - दश दिशालाई नै आत्मा बनाएर प्रकाशमान, **दशभुजः** - महागणपतिको स्वरूपमा दशबाहु बनेर शोभायमान, **दशदिक्पतिवन्दितः**- दश दिशाका नायक क्रमशः - इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुबेर, ईशान, ब्रह्मा र अनन्त नामक दश प्रकारका दिक्पालहरूद्वारा वन्दित ।।१५४।।

दशाध्यायो दशप्राणो
दशेन्द्रियनियामकः ।
दशाक्षरमहामन्त्रो
दशाशाव्यापिविग्रहः ।।
।।१५५।।

दशाध्यायः - ऋग्वेद, यजुर्वेद, अथर्ववेद, सामवेद, शिक्षा, कल्प, निरुक्त, व्याकरण, ज्योतिष र छन्दको पूर्ण ज्ञानले सम्पन्न, **दशप्राणः** - नाग आदिका रूपमा रहेका दश प्रकारका प्राण शक्तिले सम्पन्न, **दशेन्द्रियनियामकः** - चक्षु, श्रोत्र, नासिका, त्वक् र जिह्वा यी पाँच ज्ञानेन्द्रिय एवं वाणी, हात, खुट्टा, गुदा र उपस्थ यी पाँच कर्मेन्द्रियका नियामक, **दशाक्षरमहामन्त्रः** - **ॐ हस्तिपिशाचीशाय स्वाहा** यस दश अक्षर भएको महामन्त्रका देवता र आत्माका रूपमा विराजमान, **दशाशाव्यापिविग्रहः** - दसै दिशामा आफ्नो विराट् स्वरूप फैलाएर विराजमान ।।१५५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादशमहारुद्रैः

स्तुत एकादशाक्षरः ।

द्वादशोद्दण्डदोर्दण्डो

द्वादशान्तनिकेतनः ।।

।।१५६।।

एकादशादिभिः रुद्रैः स्तुतः – मृगव्याध, सर्प, निर्ऋति, अजैकपाद, अहिर्बुध्न्य, पिनाकी, दहन, ईश्वर, कपाली, स्थाणु र भव नामक एघार रुद्रहरूद्वारा प्रशंसा गरिएका, **एकादशाक्षरः – ॐ ह्रीं गं ह्रीं वशमानय स्वाहा** जस्ता एघार अक्षरको मन्त्रका आत्माका रूपमा विराजमान, **द्वादशोद्दण्डदोर्दण्डः** – बाह्र हातले युक्त भएको मूर्तिद्वारा शोभायमान, **द्वादशान्तनिकेतनः** – निधारदेखि माथि ब्रह्मरन्ध्रसम्मको द्वादशान्त भागमा विराजमान ।।१५६।।

त्रयोदशभिदाभिन्न-

विश्वेदेवाधिदैवतम् ।

चतुर्दशेन्द्रवरद-

श्चतुर्दशमनुप्रभुः ।।

।।१५७।।

त्रयोदशभिदाभिन्नविश्वेदेवाधिदैवतम् – विभिन्न पुराण र धर्मशास्त्रका ग्रन्थहरूमा वर्णन गरिएअनुसार तेह्र प्रकारका विश्वेदेवाहरू रहेका छन्, तिनका अधिदेवता। तदनुसार पार्वणश्राद्धमा पूजा गरिने १. पुरुरवा २. आर्द्रव ३. नान्दीमुखीश्राद्धमा पूजा गरिने सत्य र ४. वसु ५. सपिण्डीकरणश्राद्धमा पूजा गरिने काल, ६. काम; ७. महालय-श्राद्धमा पूजा गरिने कुरु र ८. कुत्स ९. इष्टिश्राद्धमा पूजा गरिने क्रतु र १०. दक्ष; ११. काम्यश्राद्धमा पूजा गरिने धूरि र १२. लोचन, १३. योगीहरूको सपिण्डीकरण-श्राद्धमा पूजा गरिने साधुरुरु गरी १३ प्रकारका विश्वेदेवाहरू रहेका छन्। श्रीगणेश ती सबैका अधिदेवता हुनुहुन्छ; **चतुर्दशेन्द्रवरदः** – यज्ञ, विपश्चित्, सुशान्ति, शिखी, विभु, मनोजव, ऊर्जस्वी, बलि, अद्भुत, शान्ति, वृष, ऋतधामा, दिवस्पति र शुचिनामक चौध इन्द्रहरूलाई वर प्रदान गर्ने, **चतुर्दशमनुप्रभुः** – स्वायम्भुव, स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुष, वैवस्वत, सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, रुद्रसावर्णि, रौच्यसावर्णि र भौत्यसावर्णि नामक मनुहरूका स्वामी ।।१५७।।

चतुर्दशादिविद्याढ्य-

श्चतुर्दशजगत्प्रभुः ।

सामपञ्चदशःपञ्च-

दशीशीतांशुनिर्मलः ।।

।।१५८।।

चतुर्दशादिविद्याढ्यः – ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शिक्षा, कल्प, निरुक्त, व्याकरण, ज्योतिष, छन्द, धर्मशास्त्र, पुराणवाङ्मय, मीमांसाशास्त्र र तर्कशास्त्रजस्ता चौध विद्याका सागर, **चतुर्दशजगत्प्रभुः** – भूर्लोक, भुवर्लोक, स्वर्लोक, महलोक, जनलोक, तपोलोक, सत्यलोक, ब्रह्मलोक एवं तल, अतल, वितल, सुतल, महातल, रसातल र पाताल नामक चौध भुवनका स्वामी, **सामपञ्चदशः** – स्तोममन्त्रहरूका साथ चार प्रकारका राज्यस्तोत्र मिलाउँदा त्यो साम बन्दछ, त्यसलाई सामपञ्चदश भनिन्छ, त्यसको आत्माका रूपमा विराजमान, **पञ्चदशीशीतांशुनिर्मलः** – पूर्णिमाको चन्द्रमाझैं निर्मल र उज्ज्वल ।।१५८।।

षोडशाधारनिलयः

षोडशस्वरमातृकः ।

षोडशान्तपदावासः

षोडशेन्दुकलात्मकः ।।

।।१५९।।

षोडशाधारनिलयः – तन्त्रशास्त्रमा प्रतिपादित आगमका ज्ञाता गुरुका मुखबाट मात्र जान्न सकिने, षोडशाधारचक्रमा विराजमान, **षोडशस्वरमातृकः** – अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए, ऐ, ओ, औ, अं, अः यी सोह्र प्रकारका स्वरहरूका उद्गमस्रोत, **षोडशान्तपदावासः** – ब्रह्मरन्ध्रमा रहेको कमलको केसरदेखि माथि उन्मना शक्तिसम्म फैलिएका सोह्र चक्रभन्दा माथि माथि रहेको स्थानमा विराजमान, **षोडशेन्दुकलात्मकः** – चन्द्रमाका अमृता, मानदा, पूषा, तुष्टि, पुष्टि, रति, धृति, शशिनी, चन्द्रिका, कान्ति, ज्योत्स्ना, श्री, प्रीति, अङ्गदा, पूर्णा र पूर्णामृता नामक सोह्र कलाका रूपमा विराजमान ।।१५९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलासप्तदशी सप्त-
दशः सप्तदशाक्षरः ।
अष्टादशद्वीपपति-
रष्टादशपुराणकृत् ।।
।।१६०।।

कलासप्तदशी- त्रिपुरतन्त्रमा प्रतिपादित सत्रौं आत्मविद्यारूप कलाको रूपमा विराजमान, **सप्तदशः**- राज्यस्तोत्रसहित सामसम्पन्न सप्तदशस्तोमको आत्माका रूपमा रहेका, **सप्तदशाक्षरः- वौषट्, आश्रावय, यज, अस्तु, श्रौषट्, ये, यजामहे** यी सत्र अक्षरद्वारा यजन गर्दा प्राप्त हुने यज्ञफलका भोक्ता, **अष्टादशद्वीपपतिः**- जम्बू, प्लक्ष, शाल्मलि, कुश, क्रौञ्च, शाक, पुष्करनामक यी सात द्वीप र सिंहल, लङ्का आदि ११ उपद्वीपका अधिपति, **अष्टादशपुराणकृत्**- मत्स्य-महापुराण, मार्कण्डेयमहापुराण, भागवतमहापुराण, भविष्यमहापुराण, ब्रह्माण्डमहापुराण, ब्रह्मवैवर्तमहापुराण, ब्रह्ममहापुराण, विष्णुमहापुराण, वामनमहापुराण, वायुमहापुराण, वाराहमहापुराण, अग्निमहापुराण, नारदमहापुराण, कूर्ममहापुराण, पद्ममहापुराण, स्कन्द-महापुराण, लिङ्गमहापुराण र गरुडमहापुराण यी महापुराणका कर्ता व्यासका रूपमा विराजमान ।।१६०।।

अष्टादशौषधीसृष्टि-
रष्टादशविधिस्मृतः ।
अष्टादशलिपिव्यष्टि-
समष्टिज्ञानकोविदः ।।
।।१६१।।

अष्टादशौषधीसृष्टिः - अठारथरिका धान्य आदि औषधीहरूका स्रष्टा, **अष्टादशविधिस्मृतः** - अपूर्व, नियम, परिसंख्या आदि विधिको प्रयोग र विनियोगका आधारमा निष्पन्न हुने अठार विधिका भेदहरूद्वारा स्मरण गरिएका, **अष्टादशलिपिव्यष्टि-समष्टिज्ञानकोविदः** - देवनागरी, ब्राह्मी, द्राविड, आन्ध्र, कलिङ्ग, वङ्ग आदि प्रमुख अठार लिपिहरूमध्ये प्रत्येक लिपिको आन्तरिक वैशिष्ट्य र स्वरूपबाट अवगत ।।१६१।।

एकविंशः पुमानेक-
विंशत्यङ्गुलिपल्लवः ।
चतुर्विंशतितत्त्वात्मा
पञ्चविंशाख्यपूरुषः ।।
।।१६२।।

एकविंशः - ऐतरेय श्रुतिअनुसार एक्काइसौं पुरुषका रूपमा मानिएका, **एकविंशत्यङ्गुलिपल्लवः** - चार हातका बीस औंला र सूँढसमेत गरी एक्काइस औंला धारण गर्ने, **चतुर्विंशतितत्त्वात्मा** - पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच महाभूत, पाँच तन्मात्रा, मन, बुद्धि, अहङ्कार र प्रकृतिरूप चौबीस तत्त्वका रूपमा वर्तमान, **पञ्च-विंशाख्यपूरुषः** - चौबीस तत्त्वपछि पच्चीसौं पुरुषतत्त्वका रूपमा वर्तमान ।।१६२।।

सप्तविंशतितारेशः
सप्तविंशतियोगकृत् ।
द्वात्रिंशद्भैरवाधीश-
श्चतुस्त्रिंशन्महाह्रदः ।।
।।१६३।।

सप्त-विंशतितारेशः - अश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, तिष्य, अश्लेषा, मघा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, हस्ता, चित्रा, स्वाति, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, श्रवण, धनिष्ठा, शतभिषा, पूर्वभाद्र, उत्तरभाद्र र रेवती नामक सत्ताइस नक्षत्रका स्वामी, **सप्तविंशतियोगकृत्**- विष्कभ, प्रीति, आयुष्मान्, सौभाग्य, शोभन, अतिगण्ड, सुकर्मा, धृति, शूल, गण्ड, वृद्धि, ध्रुव, व्याघात, हर्षण, वज्र, सिद्धि, व्यतिपात, वरीयान्, परिघ, शिव, सिद्धि, साध्य, शुभ, शुक्ल, ब्रह्म, ऐन्द्र, र वैधृति नामक सत्ताइस योगहरूका रचयिता, **द्वात्रिंशद्भैरवाधीशः** - सतीदेवीको अङ्ग पतन भएका पीठहरूमा उत्पन्न बत्तीस भैरवहरूका स्वामी अथवा असिताङ्ग आदि चार अष्ट भैरव गणका स्वामी अथवा महाविद्याभैरव, वटुकभैरव, अष्टमातृकाभैरव आदि गरी बत्तीस भैरवहरूका स्वामी, **चतुस्त्रिंशन्महाह्रदः** - पुष्कर आदि चौतीस पुण्यसरोवरका रूपमा वर्तमान ।।१६३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्त्रिंशत्तत्त्वसम्भूति-
रष्टत्रिंशत्कलातनुः ।
नमदेकोनपञ्चाशन्-
मरुद्वर्गो निरर्गलः ।।
।।१६४।।

षट्त्रिंशत्तत्त्वसम्भूतिः- शैवतन्त्रअनुसार शिवजीदेखि पृथिवीसम्म व्याप्त भएका छत्तीस तत्त्वहरूलाई पैदा गर्ने, **अष्टात्रिंशत्कलातनुः** - धूम्रार्चि, ऊष्मा, ज्वालिनी, विस्फुलिङ्गिनी, सुश्री, सुरूपा, कपिला, स्वाहा, स्वधानामक यी अग्निका दश कला, तपिनी, तापिनी, धूम्रा, मरीचि, ज्वालिनी, रुचि, सुषुम्णा, भोगदा, विश्वा, बोधिनी, धारिणी, क्षमानामक सूर्यका यी बाह्र कला र अमृता, मानदा, पूषा, पुष्टि, तुष्टि, रति, धृति, शशिनी, चन्द्रिका, कान्ति, ज्योत्स्ना, प्रीति, अङ्गना, पूर्णा र पूर्णामृतानामक चन्द्रमाका यी सोह्र कला गरी अठतीस कलाद्वारा सुहाएको दिव्य स्वरूप धारण गर्ने, **नमदेकोनपञ्चाशन्मरुद्वर्ग-निरर्गलः** - उनन्पचास वायुद्वारा वन्दित भई निर्बाधरूपमा संसारमा विचरण गर्ने ।।१६४।।

पञ्चाशदक्षरश्रेणीः
पञ्चाशद्रुद्रविग्रहः ।
पञ्चाशद्विष्णुशक्तीशः
पञ्चाशन्मातृकालयः ।।
।।१६५।।

पञ्चाशदक्षरश्रेणीः - अदेखि क्षसम्मका पचास वर्ण को माला धारण गर्ने, **पञ्चाशद्रुद्रविग्रहः** - श्रीकण्ठ आदि नामबाट प्रसिद्ध पचास रुद्रका रूपमा विराजमान, **पञ्चाशद्विष्णुशक्तीशः**- केशव आदि पचास विष्णु र उनीहरूका कीर्ति आदि नामका पचास शक्ति रहेका छन् तिनका स्वामी, **पञ्चाशन्मातृकालयः** - एक्काउन्न अक्षरका आलय र लयस्थान भएकाले एक्काउन्नौं अक्षर श्रीगणेशकै स्वरूप भएकाले पनि उहाँ पचास मातृकाका लय र आलयका आधार मानिनुभएको छ ।।१६५।।

द्विपञ्चाशद्वपुःश्रेणी-
स्त्रिषष्ट्यक्षरसंश्रयः ।
चतुःषष्ट्यर्णनिर्णेता
चतुःषष्टिकलानिधिः ।।
।।१६६।।

द्विपञ्चाशद्वपुःश्रेणी - शास्त्रहरूमा वर्णित बाउन्नथरि शरीरधारीहरूका आत्माको रूपमा विराजमान, **त्रिषष्ट्यक्षरसंश्रयः** - शिवजीको मतानुसार त्रिसठ्ठी वर्णहरूका आधार, **चतुःषष्ट्यर्णनिर्णेता** - शिवजीको मतमा वर्णहरू त्रिसठ्ठी अथवा चौसठ्ठी वर्णहरू मानिएका छन्, ती चौसठ्ठीथरि वर्णहरूका उन्नायक, **चतुःषष्टि-कलानिधिः** - इतिहास, आगम, काव्य, अलङ्कार, नाटक, गायन, कविता, कामशास्त्र, द्यूत, देशभाषालिपिज्ञान, लिपिकर्म, वाचन, गणन, व्यवहार, स्वरशास्त्र, शाकुन, सामुद्रिक, रत्नशास्त्र, गजाश्वरथकौशल, मल्लशास्त्र, सूपकर्म (भान्छे काम), भूरुहदोहद (बागबानी), गन्धवाद, धातुवाद, रससम्बन्धी खनिवाद, बिलवाद, अग्निस्तम्भन, जलस्तम्भन, वाणीस्तम्भन, वयःस्तम्भन, वशीकरण, आकर्षण, मोहन, विद्वेषण, उच्चाटन, मारण, कालवञ्चन, परकायप्रवेश, पादुकासिद्धि, वाणीसिद्धि, गुटिकासिद्धि, ऐन्द्रजालिक, अञ्जन, परदृष्टिवञ्चन, स्वरवञ्चन, मणिमन्त्रौषधिसिद्धि, चौर्यकर्म, चित्रक्रिया, लोहक्रिया, अश्मक्रिया, मृत्तिकाक्रिया, दारुक्रिया, वेणुक्रिया, चर्मक्रिया, अम्बरक्रिया, अदृश्यकरण, दन्तीकरण, मृगयाविधि, वाणिज्य, पाशुपाल्य, कृषि, आसवकर्म, कुक्कुटमेषादि युद्ध सम्पादन, शुकसारिका प्रलापन नामक चौंसठ्ठी कलाका कोश ।।१६६।।

चतुःषष्टिमहासिद्ध-
योगिनीवृन्दवन्दितः ।
अष्टषष्टिमहातीर्थ-
क्षेत्रभैरवभावनः ।।
।।१६७।।

चतुःषष्टिमहासिद्धयोगिनीवृन्दवन्दितः - चौसठ्ठी महासिद्ध र योगिनीको समूहद्वारा आराधित, **अष्टषष्टिमहातीर्थक्षेत्रभैरवभावनः** - अठ्सठी भैरवतीर्थहरूमा रही भैरवहरूलाई प्रसन्न तुल्याउने ।।१६७।।

चतुर्नवतिमन्त्रात्मा
षण्णवत्यधिकः प्रभुः ।
शतानन्दः शतधृतिः
शतपत्रायतेक्षणः ।।
।।१६८।।

चतुर्नवतिमन्त्रात्मा- अठ्तीस कला, पचास मातृका, हंस, शुचि, प्रतद्विष्णु, विष्णुर्योनि र त्रियम्बक तद्विष्णोमूलविद्या यी छ मन्त्रसहित चौरानब्बे संख्यामा रहेका मन्त्रहरूका आत्मा, **षण्णवत्यधिकप्रभुः** - तन्त्रराजमा बताइएका छयानब्बे चक्रदेवताका स्वामी, **शतानन्दः**- मनुष्यहरूले भन्दा सय गुना आनन्दको आस्वादन गर्ने, **शतधृतिः**- अनन्त ब्रह्माण्ड धारण गर्ने, **शतपत्रायतेक्षणः**- कमलजस्ता सुन्दर आँखाले सुहाएका।।१६८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतानीकः शतमखः
शतधारावरायुधः ।
सहस्रपत्रनिलयः
सहस्रफणभूषणः ।।
।।१६९।।
सहस्रशीर्षा पुरुषः
सहस्राक्षः सहस्रपात् ।
सहस्रनामसंस्तुत्यः
सहस्राक्षबलापहः ।।
।।१७०।।
दशसाहस्रफणभृत्
फणिराजकृतासनः ।
अष्टाशीतिसहस्रौघ-
महर्षिस्तोत्रयन्त्रितः ।।
।।१७१।।
लक्षाधीशप्रियाधारो
लक्षाधारमनोमयः ।
चतुर्लक्षजपप्रीत-
श्चतुर्लक्षप्रकाशितः ।।
।।१७२।।
चतुरशीतिलक्षाणां
जीवानां देहसंस्थितः ।
कोटिसूर्यप्रतीकाशः
कोटिचन्द्रांशुनिर्मलः ।।
।।१७३।।
शिवाभवाध्युष्टकोटि-
विनायकधुरन्धरः ।
सप्तकोटिमहामन्त्र-
मन्त्रितावयवद्युतिः ।।
।।१७४।।
त्रयस्त्रिंशत्कोटिसुर-
श्रेणीप्रणतपादुकः ।
अनन्तदेवतासेव्यो
ह्यनन्तमुनिसंस्तुतः ।।
।।१७५।।

शतानीकः - अनेक सेनाले युक्त इन्द्रका रूपमा विराजमान, **शतमखः** - इन्द्रका रूपमा विराजमान, **शतधारावरायुधः** - वज्रभन्दा पनि उत्तम अस्त्रलाई आयुधका रूपमा धारण गर्ने, **सहस्रपत्रनिलयः** - ब्रह्मरन्ध्रमा रहेको सहस्रारचक्रमा विराजमान, **सहस्रफणभूषणः** - हजार फणा भएका शेषनागलाई गहनाको रूपमा धारण गर्ने ।।१६९।।

सहस्रशीर्षा पुरुषः- अनन्त शिर भएका उत्तम पुरुष, **सहस्राक्षः** - हजारौं आँखा भएका, **सहस्रपाद्** - हजार पाउ भएका, **सहस्रनामसंस्तुत्यः** - हजारौं नामहरूद्वारा स्तुति गर्न योग्य, **सहस्राक्षबलापहः**- इन्द्रको पराक्रमलाई परास्त गर्ने ।।१७०।।

दशसाहस्राफणिभृत्फणिराजकृतासन- दश हजार फणा धारण गर्ने शेषनागमाथि विराजमान, **अष्टाशीतिसहस्रौघमहर्षिस्तोत्रयन्त्रितः** - शौनक आदि अठासी हजार महर्षिहरूको स्तुतिद्वारा प्रसन्न ।।१७१।।

लक्षाधीशप्रियाधारः - हजारौं कुबेरहरूका प्रिय आधार, **लक्षाधारमनोमयः**- मनको शुद्धिका लागि अपनाइने हजारौं योगसाधनाका रूपमा वर्तमान, **चतुर्लक्ष-जपप्रीतः** - चार लाख जपसंख्याले जप्न गर्दा प्रसन्न हुने, **चतुर्लक्ष-प्रकाशितः** - चार लाख पुराणहरूका श्लोकहरूमा प्रकाशित ।।१७२।।

चतुरशीतिलक्षाणां जीवानां देहसंस्थितः - जलमा आश्रित जीव माछा, कछुवा आदि जलचर ९ लाख, पृथिवीमा आश्रित वृक्ष; पर्वत आदि स्थावर २७ लाख, कृमि; सर्प आदि तिर्यक् वर्गका प्राणीहरू ११ लाख, कोइली; कौवा; भँमरा आदि उड्ने प्राणीहरू १० लाख, चारखुट्टा हुने पशुयोनिका प्राणीहरू २३ लाख र मनुष्ययोनिका प्राणीहरू ४ लाख गरी ८४ लाख योनिहरूमा रहेका प्राणीहरूको शरीरमा आत्माको रूपमा विराजमान, **कोटिसूर्यप्रतीकाशः** - करोडौं सूर्यसमान तेजस्वी, **कोटिचन्द्रांशुनिर्मलः**- करोडौं चन्द्रमाको कान्तिझैं निर्मल ।।१७३।।

शिवाभवाध्युष्टकोटिविनायकधुरन्धरः - साढे तीन करोड विनायक आदि शिवगण र साढे तीन करोड विनायक आदि शक्तिगणका स्वामी, **सप्तकोटिमहामन्त्रमन्त्रितावयवद्युतिः** - सात करोड मन्त्रद्वारा आराधित निर्मल एवं कान्तिमय देहद्वारा शोभायमान ।।१७४।।

त्रयस्त्रिंशत्कोटिसुरश्रेणीप्रणतपादुकः - तेत्तीस करोड देवताको पङ्क्तिद्वारा पाउमा आराधना गरिएका, **अनन्तदेवतासेव्यः** - अनन्त देवताहरूद्वारा आराध्य, **अनन्तमुनिसंस्तुतः** - अनन्त मुनिहरूद्वारा स्तुति गरिएका ।।१७५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तनामानन्तश्रीरनन्तानन्तसौख्यदः ।
ॐ इति वैनायकं नाम्नां सहस्त्रमिदमीरितम् ।।१७६।।

इदं ब्राह्मे मुहूर्ते वै यः पठेत् प्रत्यहं नरः ।
करस्थं तस्य सकलमैहिकामुष्मिकं सुखम् ।।१७७।।

आयुरारोग्यमैश्वर्यं धर्मः शौर्यं बलं यशः ।
मेधा प्रज्ञा धृतिः कान्तिः सौभाग्यमतिरूपता ।।१७८।।

सत्यं दया क्षमा शान्तिर्दाक्षिण्यं धर्मशीलता ।
जगत्संयमनं विश्वसंवादो वादपाटवम् ।।१७९।।

सभापाण्डित्यमौदार्यं गाम्भीर्यं ब्रह्मवर्चसम् ।
औन्नत्यं च कुलं शीलं प्रतापो वीर्यमार्यता ।।१८०।।

ज्ञानं विज्ञानमास्तिक्यं धैर्यं विश्वातिशायिता ।
धनधान्याभिवृद्धिश्च सकृदस्य जपाद्भवेत् ।।१८१।।

वश्यं चतुर्विधं नृणां जपादस्य प्रजायते ।
राज्ञो राजकलत्रस्य राजपुत्रस्य मन्त्रिणः ।।१८२।।

जप्यते यस्य वश्यार्थे स दासस्तस्य जायते ।
धर्मार्थकाममोक्षाणामनायासेन साधनम् ।।१८३।।

शाकिनीडाकिनीरक्षोयक्षोरगभयापहम् ।
साम्राज्यसुखदं चैव समस्तरिपुमर्दनम् ।।१८४।।

समस्तकलहध्वंसि दग्धबीजप्ररोहणम् ।
दुःस्वप्नशमनं क्रुद्धस्वामिचित्तप्रसादनम् ।।१८५।।

षट्कर्माष्टमहासिद्धित्रिकालज्ञानसाधनम् ।
परकृत्योपशमनं परचक्रविमर्दनम् ।।१८६।।

संग्रामरङ्गे सर्वेषामिदमेकं जयावहम् ।
सर्ववन्ध्यात्वदोषघ्नं गर्भरक्षैककारणम् ।।१८७।।

पठ्यते प्रत्यहं यत्र स्तोत्रं गणपतेरिदम् ।
देशे तत्र न दुर्भिक्षमीतयो दुरितानि च ।।१८८।।

न तद्गेहं जहाति श्रीर्यत्रायं जप्यते स्तवः ।
क्षयकुष्ठप्रमेहार्शोभगन्दरविषूचिकाः ।।१८९।।

अनन्तनामा– अनन्त नामले सम्पन्न, **अनन्तश्रीः**– अनन्त ऐश्वर्यले विभूषित र **अनन्तानन्तसौख्यदः** – अनन्त आनन्द र सुखका दाता। यसरी श्रीगणेशसहस्रनामको उपदेश गरियो।।१७६।।

जुन मानिसले यो श्रीगणेशसहस्रनाम स्तोत्रको दिनदिनै ब्राह्ममुहूर्तमा पाठ गर्दछ त्यसले सम्पूर्ण संसारको सुख र परलोकको सुख पनि प्राप्त गर्दछ।।१७७।। श्रीगणेशसहस्रनामको पाठबाट आयु, आरोग्य, ऐश्वर्य, धर्म, शूरता, बल, यश, मेधा, प्रज्ञा, धृति, कान्ति, सौभाग्य, सुन्दर स्वरूप, सत्य, दया, क्षान्ति, शान्ति, दाक्षिण्य, धर्मशीलता, जागतिक पदार्थहरूमा संयम, विश्वसंवाद, वादचातुर्य, सभापाण्डित्य, उदारता, गम्भीरता, ब्रह्मतेज, उन्नति, उत्तम कुल, उत्तम शील, प्रताप, वीर्य, सज्जनता, ज्ञान, विज्ञान, आस्तिक बुद्धि, धैर्य, विश्वजनीन विशेषता र धन एवं धान्यको वृद्धिजस्ता फल प्राप्त हुन्छन् ।।१७८–१८१।। यस सहस्रनामको पाठबाट मानिसले राजा, रानी, राजकुमार र राजाका मन्त्री यी चारै जनालाई आफ्नो वशमा तुल्याउन सक्दछन् ।।१८२।। जसलाई वशीकरण गर्न यो स्तोत्र जपिन्छ अथवा पढिन्छ त्यो मानिस आफ्नो सेवक बन्दछ । धर्म, अर्थ, काम र मोक्ष नामक यी चारै पुरुषार्थको अनायास सिद्धि हुन्छ।।१८३।। श्रीगणेश–सहस्रनामको पाठबाट डाकिनी, शाकिनी, राक्षस, यक्ष, सर्प आदिबाट हुने भय हराउँछ, साम्राज्य–सुख प्राप्त हुन्छ र सम्पूर्ण शत्रुहरूमाथि विजय प्राप्त हुन्छ ।।१८४।। कलहका बीजहरू समाप्त हुन्छन् । डढेका बीजहरू पुनः अङ्कुरित हुन्छन् । दुस्वप्नको दोष नाश हुन्छ । रिसाएका राजा अथवा स्वामीको चित्त प्रसन्न बन्दछ ।।१८५।। अध्ययन–अध्यापन, दान, ग्रहण, यजन र याजन यी ६ प्रकारका कर्म सिद्ध हुन्छन् । अणिमा, महिमा आदि अष्टमहासिद्धि प्राप्त हुन्छन् र कालज्ञान हुन्छ । साथै अरूले प्रयोग गरेका कृत्या र अभिचारहरू शान्त हुन्छन् र शत्रुको समूह समाप्त हुन्छ ।।१८६।। संग्रामभूमिमा विजय प्राप्त हुन्छ, बन्ध्यात्वदोष निर्मूल बन्दछ र गर्भको रक्षा पनि हुन्छ ।।१८७।। जुन देशमा दिनदिनै यो स्तोत्र पढिन्छ, त्यहाँ अनिकाल लाग्दैन, ईति–भीति र अरू दोष हुँदैनन् ।।१८८।। जुन घरमा यो स्तोत्र पढिन्छ, त्यहाँ निरन्तर लक्ष्मीले बास गर्दछिन् । यस स्तोत्रको पाठबाट क्षयरोग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुल्मं प्लीहानमश्मानमतिसारं महोदरम् ।
कासं श्वासमुदावर्त्तं शूलं शोफादिसम्भवम् ।।१९०।।

शिरोरोगं वमिं हिक्कां गण्डमालामरोचकम् ।
वातपित्तकफद्वन्द्वत्रिदोषजनितज्वरम् ।।१९१।।

आगन्तु विषमं शीतमुष्णं चैकाहिकादिकम् ।
इत्याद्युक्तमनुक्तं वा रोगं दोषादिसम्भवम् ।।१९२।।

सर्वं प्रशमयत्याशु स्तोत्रस्यास्य सकृज्जपः ।
सकृत्पाठेन संसिद्धः स्त्रीशूद्रपतितैरपि।।१९३।।

सहस्रनाममन्त्रोऽयं जप्तव्यस्तु शुभाप्तये ।
महागणपतेः स्तोत्रं सकामः प्रजपन्निदम् ।।१९४।।

इच्छया सकलान् भोगानुपभुज्येह पार्थिवान् ।
मनोरथफलैर्दिव्यैर्व्योमयानैर्मनोरमैः ।।१९५।।

चन्द्रेन्द्रभास्करोपेन्द्रब्रह्मरुद्रादिसद्मसु ।
कामरूपः कामगतिः कामतो विचरन्निह ।।१९६।।

भुक्त्वा यथेप्सितान् भोगानभीष्टैः सह बन्धुभिः ।
गणेशानुचरो भूत्वा महागणपतेः प्रियः ।।१९७।।

नन्दीश्वरादिसानन्दी नन्दितः सकलैर्गणैः ।
शिवाभ्यां कृपया पुत्रनिर्विशेषं च लालितः ।।१९८।।

शिवभक्तः पूर्णकामो गणेश्वरवरात् पुनः ।
जातिस्मरो धर्मपरः सार्वभौमोऽभिजायते ।।१९९।।

निष्कामस्तु जपन्नित्यं भक्त्या विघ्नेशतत्परः ।
योगसिद्धिं परां प्राप्य ज्ञानवैराग्यसंस्थितः ।।२००।।

निरन्तरोदितानन्दे परमानन्दसंविदि ।
विश्वोत्तीर्णे परे पारे पुनरावृत्तिवर्जिते ।।२०१।।

लीनो वैनायके धाम्नि रमते नित्यनिर्वृतः ।
यो नामभिः सहस्रैर्मामर्चयेद् जुहुयान्नरः ।।२०२।।

कुष्ठरोग, प्रमेह, अर्श, भगन्दर रोग, हैजा, गाना-गोला, चर्मरोग, पत्थरी, अतिसार, जलोदर, श्वासकास रोग, उदावर्त, शूल, बाथरोग, शिरोवेदना, बान्ता, बाडुली, कब्जियत, गण्डमाला, वात-पित्त र कफबाट उत्पन्न हुने अनेक रोगका साथै आगन्तुक, विषम र शीत एवं गर्मीबाट उत्पन्न हुने रोग समाप्त हुन्छन् । त्यसरी नै अनेक कारणबाट उत्पन्न हुने रोगहरू यस स्तोत्रको निरन्तर पाठबाट निर्मूल हुन्छन् र नारी, शूद्र एवं पतितहरूले पनि श्रीगणेशसहस्रनामको पाठबाट तत्काल सिद्धि प्राप्त गर्दछन् ।।१८९-१९३।। मानिसहरूले कल्याणप्राप्तिका लागि निरन्तर श्रीगणेशसहस्रनामको पाठ गर्नुपर्दछ। जुन मानिसले कुनै कामना लिएर यस स्तोत्रको जप-पाठ गर्दछ, त्यसका सम्पूर्ण मनोरथ पूर्ण हुन्छन् । साधकले पृथिवीमण्डलमा पाइने सम्पूर्ण भोगहरू प्राप्त गरी विमानद्वारा देवलोकहरूमा विचरण गर्दै आफूले चिताएका स्वर्गादि लोकहरूका दिव्य सुखको उपभोग गर्दछ । त्यो मानिस चन्द्रलोक, इन्द्रलोक, सूर्यलोक, उपेन्द्रलोक र कैलास आदि दिव्य धामहरूमा आफ्नो इच्छाअनुसारका रूप धारण गर्दै स्वतन्त्रतापूर्वक विचरण गर्दछ ।।१९४-१९६।। आफ्ना बन्धुहरूका साथ दिव्य लोकका भोगहरू प्राप्त गरेपछि महागणपतिको प्यारो सेवक बनेर जन्म लिन्छ ।।१९७।। नन्दीश्वर आदि शिवगणहरूका साथमा रमाउँदै पार्वती र परमेश्वरद्वारा पुत्रसमान लालित भक्त बन्दछ ।।१९८।। श्रीगणेशको कृपाबाट सम्पूर्ण कामना परिपूर्ण तुल्याउने र जन्मजन्मान्तरका घटनाहरूसमेत याद गर्ने धर्मनिष्ठ राजा भएर धर्तीमा जन्म लिन्छ ।।१९९।। जुन मानिसले निष्काम भावले दिव्य श्रीगणेशसहस्रनामको पाठ गर्दछ, भक्तिपूर्वक श्रीगणेश भगवान्को सेवा गर्दछ र ज्ञान एवं वैराग्यको पनि साधना गर्दछ भने त्यस व्यक्तिले परम योगसिद्धि प्राप्त गरेर जहाँ आनन्दबाहेक अन्य कुनै तत्त्व हुँदैन, त्यस परम आनन्दको भूमि सच्चिदानन्द परमात्मामा लीन हुन्छ । संसारदेखि माथि रहेको आनन्दको अन्तिम सीमामा पुगेर त्यसलाई फेरि फर्कनु पर्दैन ।।२००-२०१।। त्यो भक्त श्रीगणेशलोकमा लीन हुँदै नित्य आनन्दमा रमाउँछ । श्रीगणेश सहस्रनाममा प्रतिपादित एक हजार नामहरूबाट श्रीगणेशको प्रीतिका लागि हवन र पूजन गर्ने मानिसका अधीनमा पृथिवीमण्डलका शासकहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजानो वश्यतां यान्ति रिपवो यान्ति दासताम् ।
मन्त्राः सिध्यन्ति सर्वेऽपि सुलभास्तस्य सिद्धयः ।।२०३।।

मूलमन्त्रादपि स्तोत्रमिदं प्रियतरं मम ।
नभस्ये मासि शुक्लायां चतुर्थ्यां मम जन्मनि ।।२०४।।

दूर्वाभिर्नामभिः पूजां तर्पणं विधिवच्चरेत् ।
अष्टद्रव्यैर्विशेषेण जुहुयाद् भक्तिसंयुतः ।।२०५।।

तस्येप्सितानि सर्वाणि सिद्ध्यन्त्यत्र न संशयः ।
इदं प्रजप्तं पठितं पाठितं श्रावितं श्रुतम् ।।२०६।।

व्याकृतं चर्चितं ध्यातं विमृष्टमभिनन्दितम् ।
इहामुत्र च सर्वेषां सर्वैश्वर्यप्रदायकम् ।।२०७।।

स्वच्छन्दचारिणाऽप्येष येनायं धार्यते स्तवः ।
स रक्ष्यते शिवोद्भूतैर्गणैरप्यष्टकोटिभिः ।।२०८।।

पुस्तके लिखितं यत्र गृहे स्तोत्रं प्रपूजयेत् ।
तत्र सर्वोत्तमा लक्ष्मीः सन्निधत्ते निरन्तरम् ।।२०९।।

दानैरशेषैरखिलैर्व्रतैश्च
तीर्थैरशेषैः सकलैर्मखैश्च ।
न तत् फलं विन्दति यद् गणेश-
सहस्रनाम्नां स्मरणेन सद्यः ।।२१०।।

एतन्नाम्नां सहस्रं पठति दिनमणौ प्रत्यहं प्रोज्जिहाने
सायं मध्यन्दिने वा त्रिषवणमथवा सन्ततं वा जनो यः।
स स्यादैश्वर्यधुर्यः प्रभवति वचसां कीर्तिमुच्चैस्तनोति
प्रत्यूहं हन्ति विश्वं वशयति सुचिरं वर्धते पुत्रपौत्रैः ।।२११।।

रहन्छन् र शत्रुहरू पनि तिनका दास बन्दछन् । यस्ता साधकले जपेका मन्त्र सिद्ध हुन्छन् र तिनका लागि सबै प्रकारका सिद्धिहरू सुलभ बन्दछन् ।।२०२-२०३।। मलाई मेरो मूलमन्त्रभन्दा पनि यो सहस्रनाम अत्यन्त प्रिय छ । भाद्र महिनाको शुक्लचतुर्थी मेरो जन्म तिथि हो । त्यस दिन साधकले उक्त सहस्रनाम पढेर मलाई दूबो चढाउनुपर्दछ र विधिपूर्वक तर्पण पनि गर्नुपर्दछ । आठ प्रकारका द्रव्यहरू अर्पण गरी भक्तिपूर्वक विशेष हवन गर्नुपर्दछ ।।२०४-२०५।। जसले यसरी हवन गर्दछ त्यसका सबै कामनाहरू परिपूर्ण हुन्छन् । यसमा कुनै सन्देह छैन । जसले यो स्तोत्र जप्दछ, पढ्दछ, पढाउँछ, सुन्दछ, सुनाउँछ, व्याख्या गर्दछ, चर्चा गर्दछ, ध्यान गर्दछ, विश्लेषण गर्दछ र श्रद्धापूर्वक अभिनन्दन गर्दछ ती सबै भक्तहरूलाई यस लोक र परलोकमा पनि विश्वब्रह्माण्डका सबै ऐश्वर्यहरू प्राप्त हुन्छन् ।।२०६-२०७।। गृहस्थजीवन नबिताएर स्वच्छन्दरूपमा विचरण गर्ने महात्माले पनि यस श्रीगणेश-स्तोत्रलाई कण्ठस्थ गर्दछन् भने तिनलाई शिवजीका कोटिकोटि गणहरूले सुरक्षा प्रदान गर्दछन् ।।२०८।। पुस्तकमा लेखिएको यस स्तोत्रलाई मन्त्र मानेर भक्तहरूले नित्य पूजा गर्नुपर्दछ। यस श्रीगणेशसहस्रनामका प्रत्येक नाममन्त्रहरूमा सर्वोत्तम महालक्ष्मीले वास गर्नुहुन्छ ।।२०९।। साधकहरूले अनेक थरि दानहरूबाट, अनेक किसिमका व्रतहरूबाट, ठाउँ ठाउँमा रहेका पुण्यतीर्थहरूको भ्रमणबाट र उत्तम यज्ञ-महायज्ञको आयोजनाबाट जुन फल पाउँदैनन् त्यो फल श्रीगणेशभगवान्को सहस्रनामको पाठ र स्मरण गर्नाले तत्काल पाउन सक्दछन् ।।२१०।। जसले यो श्रीगणेश सहस्रनाम प्रतिदिन सूर्यनारायणको उदय हुनुभन्दा पहिले प्रातःसन्ध्यामा अथवा सायँसन्ध्यामा अथवा मध्याह्नसन्ध्यामा अथवा तीनवटै सन्ध्याहरूमा निरन्तर जप पाठ गर्दछ, त्यो मानिस सर्वोत्तम ऐश्वर्यले सम्पन्न हुन्छ । त्यसले प्राप्त गरेको विद्याको कीर्ति संसारमा फैलिन्छ, विघ्ननाश हुन्छ, विश्व वशीभूत बन्दछ र त्यो साधक पुत्र एवं पौत्रहरूका साथ रमाउँदै वंशवृद्धिको उत्तम कारण बन्दछ ।।२११।। जसले आफू अकिञ्चन भएर पनि एकचित्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकिञ्चनोऽप्येकचित्तो नियतो नियताशनः ।
जपेत्तु चतुरो मासान् गणेशार्चनतत्परः ।।२१२।।

दरिद्रतां समुन्मूल्य सप्तजन्मानुगामपि ।
लभते महतीं लक्ष्मीमित्याज्ञा पारमेश्वरी ।।२१३।।

आयुष्यं वीतरोगं कुलमतिविमलं सम्पदश्चार्त्तदानाः
कीर्तिर्नित्यावदाता भणतिरभिनवा कान्तिरव्याजभव्या।
पुत्राः सन्तः कलत्रं गुणवदभिमतं यद्यदेतच्च सत्यं
नित्यं यः स्तोत्रमेतत् पठति गणपतेस्तस्य हस्ते समस्तम्।।२१४।।

ॐ गणञ्जयो गणपतिर्हेरम्बो धरणीधरः ।
महागणपतिर्लक्षप्रदः क्षिप्रप्रसादनः ।।२१५।।

अमोघसिद्धिरमितो मन्त्रश्चिन्तामणिर्निधिः ।
सुमङ्गलो बीजमाशापूरको वरदः शिवः ।।२१६।।

काश्यपो नन्दनो वाचा सिद्धो ढुण्ढिर्विनायकः ।
मोदकैरेभिरत्रैकविंशत्या नामभिः पुमान् ।।२१७।।

उपायनं ददेद् भक्त्या मत्प्रसादं चिकीर्षति ।
वत्सरं विघ्नराजस्य तथ्यमिष्टार्थसिद्धये ।।२१८।।

यः स्तौति मद्गतमना ममाराधनतत्परः ।
स्तुतो नाम्नां सहस्त्रेण तेनाहं नात्र संशयः ।।२१९।।

नमो नमः सुरवरपूजिताङ्घ्रये
नमो नमो निरुपममङ्गलात्मने ।
नमो नमो विपुलपदैकसिद्धये
नमो नमः करिकलभाननाय ते ।।२२०।।

सावधान, संयत र परिमिताशी भई भगवान् श्रीगणेशको आराधना गर्दै चार महिनासम्म श्रीगणेशसहस्रनाम पाठ गर्दछ त्यसले सात जन्मसम्मको दरिद्रताको निर्मूलन गरी अपरिमित लक्ष्मी प्राप्त गर्दछ । यो भगवान् श्रीगणेशको आज्ञा हो ।।२१२-२१३।। जसले दिनदिनै यो श्रीगणेशस्तोत्र पाठ गर्दछ त्यसले रोगहीन . दीर्घायुष्य प्राप्त गर्दछ । त्यसका सम्पत्तिको प्रयोग आर्तहरूका उद्धारका लागि हुन्छ । त्यसले निष्कलङ्क र उज्ज्वल कीर्ति फैलाउँछ। त्यसको वाणी नित्य नयाँ र सारपूर्ण बन्दछ। अकृत्रिम र भव्य व्यक्तित्वको कान्ति फैलिन्छ । पुत्रहरू सज्जन हुन्छन्, पत्नी अनुकूल र गुणवती हुन्छिन् । यो कुरा साँचो हो। वास्तवमा श्रीगणेशसहस्रनामको नित्य पाठ गर्ने साधकले सम्पूर्ण उपलब्धि प्राप्त गर्दछ ।।२१४।। भगवान् श्रीगणेशका एक हजार नाममध्ये एक्काइस विशिष्ट नाम यस प्रकार छन्- गणञ्जय-१, गणपति-२, हेरम्ब-३, धरणीधर-४, महागणपति-५, लक्ष्यप्रद-६, क्षिप्रप्रसादन-७, अमोघसिद्धि- ८, अमित-९, मन्त्र- १०, चिन्तामणि- ११, निधि-१२, सुमङ्गल-१३, बीजम्-१४, आशापूरक-१५, वरद-१६, शिव-१७, काश्यपनन्दन-१८, वाचासिद्ध-१९, ढुण्ढिराज-२०, विनायक-२१ यी नामहरूको उच्चारण गर्दै श्रीगणेशलाई एक वर्षसम्म नित्य लड्डू चढाउनु पर्दछ ।।२१५-२१७।। जुन भक्तले मलाई प्रसन्न तुल्याउन चाहन्छ, त्यसले वर्ष दिनसम्म श्रीगणेश-सहस्रनाम पाठ गर्दै भक्तिपूर्वक मलाई भेटी चढाउनुपर्दछ । यो अर्पण निश्चय नै भक्तको कार्यसिद्धिकारक हुन्छ यसमा कुनै सन्देह छैन । यस साधनाबाट आफ्ना अभीष्टहरू सम्पूर्ण परिपूर्ण बन्दछन्।।२१८।। जसले ममा मन लगाएर मेरो आराधनामा तत्पर हुँदै मेरो स्तुति गर्दछ, त्यसले सहस्रनामको जप गरेसमान फल प्राप्त गर्दछ। यसमा सन्देह छैन ।।२१९।। देवताहरूद्वारा चरणकमलमा आराधना गरिनुभएका श्रीगणेशलाई नमस्कार गर्दछु । मङ्गल-मूर्ति श्रीगणेशलाई बारबार नमस्कार गर्दछु। स्वानन्दभुवन नामक उत्तम धाममा प्राप्त हुने सम्पूर्ण सिद्धि प्रदान गर्नुहुने सिद्धिपति श्रीगणेशलाई नमस्कार गर्दछु। हात्तीको बच्चाको जस्तो सुन्दर मुखमण्डलले सुहाउनुभएका श्रीगणेशलाई म बारबार नमस्कार गर्दछु ।।२२०।। हे गणप!,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणपाजेश हेरम्ब द्वैमातुर गजानन ।
भालेन्दो धूमकृद् भानो लम्बोदर विनायक ।।२२१।।
ब्रह्मैकदन्त विघ्नेश विष्णो कपिल निर्गुण ।
कालाद्य सिद्धिदानन्त त्राहि मां भवसागरात् ।।२२२।।

हे अजय !, हे ईश !, हे हेरम्ब !, हे द्वैमातुर !, हे गजानन !, हे भालेन्दु !, हे धूम्रकेतु !, हे भानु !, हे लम्बोदर !, हे विनायक!, हे कालाद्य !, हे सिद्धिद !, हे अनन्त !, हे यति !, हे ब्रह्म !, हे एकदन्त !, हे विघ्नेश !, हे विष्णु!, हे कपिल !, हे निर्गुण! यी नामहरूबाट प्रसिद्ध हे श्रीगणेश भगवान्! हजुरले मलाई संसारसागरबाट मुक्त गर्नुहोस्।।२२१-२२२।।

किङ्किणीगणरचितस्तवचरणः
प्रकटितगुरुमितिचारित्रगणः ।
मदजललहरीकलितकपोलः
शमयतु दुरितं गणपतिर्नृपनाम्ना ।।२२३।।

मानो पाउजेवका क्षुद्रघण्टिका शब्दले चरणको स्तुति-रचना गरे जस्ता, अति गौरवमय चरित्र प्रकट गर्ने, मदजलको धारा प्रवाहित गर्ने, गण्डस्थलद्वारा शोभायमान भगवान् गणपतिले मेरा सम्पूर्ण पापहरूको नाश गरून् ।।२२३।।

ॐ

इति श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे उपासनाखण्डे ईश्वरमहागणपतिसंवादे श्रीमद्गणेशदिव्यसहस्त्रनामामृतस्तोत्रकथनं नाम षट्चत्वारिंशोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सदाशिव गणपतिसंवाद प्रसङ्गमा श्रीगणेशद्वारा सदाशिवजीलाई श्रीगणेशसहस्त्रनामामृतको निरूपण' शीर्षकान्वित छयालीसौं अध्याय पूर्ण भयो ।।४६॥

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तचत्वारिंशोऽध्यायः { ४७ अध्याय }

व्यास उवाच

नाम्नां सहस्रे सम्प्राप्ते प्रसन्ने च गजानने ।
ततः किमकरोद् ब्रह्मन् ! हरस्तत् कथयस्व मे ।।१।।

ब्रह्मोवाच

गणेशवरदानेन नाम्नां चैवोपदेशतः ।
प्रहृष्टः शङ्करोऽनृत्यद् जगर्ज च महास्वनः ।।२।।

आहूय स्वगणान् देवान् युद्धावसरमादिशत् ।
ते च हर्षेण महता ययुर्देवाः शिवान्तिकम् ।।३।।

ब्रह्मा कुबेरोऽथ पुरन्दरोऽग्निर्वायुश्च सोमो वरुणोऽर्यमा च।
गन्धर्वयक्षा ग्रहकिन्नराश्च सर्वे नमस्कृत्य शिवं स्तुवन्तः।।४।।

देवा ऊचुः

महादेव जगन्नाथ जगदानन्ददायक !
त्वया हतं महादैत्यं कदा द्रक्ष्यामहे वयम् ।।५।।

स्थानभ्रष्टा वयं तेन कृता विश्वविघातिना ।

ब्रह्मोवाच

एवं देववचः श्रुत्वा पिनाकी निर्ययौ मुदा ।।६।।

गणेशं मनसा ध्यायन् युद्धाय कृतनिश्चयः ।
वेगेन भवनं प्राप्य देवगन्धर्वसंयुतः ।।७।।

तावच्च दैत्यं चारैस्तु वृत्तान्तः सन्निरूपितः ।
आगतः सुरसैन्येन युद्धाय गिरिजापतिः ।।८।।

तस्य सैन्यान्यनह्यन्त शस्त्रैरस्त्रैश्च कञ्चुकैः ।
स च दैत्यो महानादो युद्धभूषणभूषितः ।।९।।

वीरानानन्दयामास वासःस्रग्भूषणैर्धनैः ।
अनेकयानसंस्थेषु योद्धषु त्रिपुरं स्वयम् ।।१०।।

व्यासले भन्नुभयो - गजानन भगवान्ले प्रसन्न हुनुभएर श्रीगणेश सहस्रनामको उपदेश गर्नुभएपछि भगवान् शङ्करले के गर्नुभयो ? त्यो मलाई बताउनुहोस् ।।१।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशको वरदान र श्रीगणेश सहस्रनामको प्राप्तिपछि भगवान् शङ्कर अत्यन्त प्रसन्न हुनुभयो र नाच्दै ठूलो स्वरले गर्जन गर्नुभयो ।।२।। त्यसपछि आफ्ना गण र देवताहरूलाई बोलाई भावी युद्धको अवसरलाई उपयोग गर्ने विषयमा आदेश गर्नुभयो । शिवजीको आदेश पाएर अत्यन्त हर्षित हुँदै ब्रह्मा, कुबेर, इन्द्र, अग्नि, वायु, चन्द्रमा, वरुण, अर्यमा, गन्धर्व, यक्ष र किन्नर शिवजीका सामु आएर नमस्कार गरी स्तुति गर्दै भन्न लागे ।।३-४।।

देवताहरूले भने - हे महादेव ! हे जगन्नाथ ! जगत्‌लाई आनन्द प्रदान गर्नुहुने हे कल्याणमय स्वरूपका सदाशिव ! महादैत्य त्रिपुर हजुरद्वारा मारिएको हामीले कहिले देख्न पाउँछौं? ।।५।। हे प्रभो! विश्वलाई नै तहस-नहस बनाउने त्यस दैत्यले आज हामीहरूलाई स्थानभ्रष्ट बनाएको छ ।

ब्रह्माजीले भन्नुभयो - यसरी देवताहरूको प्रार्थना सुनेर मनबाट श्रीगणेश भगवान्को ध्यान गर्दै युद्ध गर्ने अठोटका साथ पिनाकधारी भगवान् शङ्कर प्रसन्नतापूर्वक आफ्नो आसनबाट उठी बाहिर आउनुभयो । त्यसपछि वेगपूर्वक देवता र गन्धर्वहरूका साथ मन्त्रणाभवनमा जानुभयो ।।६-७।। त्यस बेला दूतहरूले आएर त्रिपुरासुर दैत्यको गतिविधि भगवान्लाई निवेदन गरे । त्यसपछि भगवान् सदाशिव सेनाका साथ युद्धका लागि मैदानतर्फ लाग्नुभयो।।८।। शिवसेनामा रहेका वीरहरू शस्त्र-अस्त्र र कवचद्वारा सजिएर युद्धका लागि तम्तयार भएका थिए। उता त्रिपुरासुर दैत्य पनि युद्धका लागि आवश्यक शस्त्र-अस्त्र एवं कवच भिरेर ठूलो गर्जन गरी आफ्ना वीरहरूलाई आनन्दित र उत्साहित तुल्याइरहेको थियो । त्यसका सैन्यवीरहरू माला-अलङ्कार र धन प्राप्त गरी आनन्दपूर्वक युद्धका लागि तम्सिएका थिए । आफ्ना योद्धाहरू युद्धमा जान अनेक यानहरूमा सवार भएपछि त्यो त्रिपुरासुर आफ्नो गर्जनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आरुरोह महादैत्यो नादयन् विदिशो दिशः ।
ततो युद्धं समभवत् सेनयोरुभयोर्महत् ।।११।।

शस्त्रैर्नानाविधैर्बाणैर्मर्मभेदिभिरायसैः ।
असृङ्नदीप्रवाहोऽभून् मार्गरोधनकारकः ।।१२।।

शस्त्राहता बभुर्योधाः पुष्पिताः किंशुका इव ।
केचिच्च दृढवैरेण जीवग्राहममारयन् ।।१३।।

केचित् कचेषु धृत्वैव शिरांसि चिच्छिदुर्बलात् ।
धावतां रथिवीराणामश्वानां करिणामपि ।।१४।।

अङ्घ्रिपातभवो रेणुर्व्यानशे रोदसी क्षणात् ।
अन्धकारे घोरतरे न प्राज्ञायत किञ्चन ।।१५।।

चक्रुरेवं तदा युद्धं वीरा नानाविधा भृशम् ।
जीविताशां परित्यज्य मर्तव्ये कृतनिश्चयाः ।।१६।।

अदृश्यन्त मृता देवा गते रजसि वायुना ।
विद्रुते सुरसैन्ये च दैत्यसैन्ये च हर्षिते ।।१७।।

आययौ समरश्लाघी वज्रहस्तः पुरन्दरः ।
शतकोटिं निरीक्ष्यैव दुद्रुवुर्दैत्यदानवाः ।।१८।।

स वज्रपातैरसुराँश्चूर्णयामास वज्रभृत् ।
तत्यजुर्जीवितं ते तु चण्डवज्रप्रहारतः ।।१९।।

केचिच्च भग्नचरणाः केचिद् भग्नशिरोधराः ।
केचिद् विदीर्णजठराश्छिन्नस्कन्धभुजाः परे ।।२०।।

छिन्नाश्वानाञ्च वीराणां वाजिनां रथिनां तथा ।
केषाञ्चिदुरवो भिन्ना जङ्घासु च हताः परे ।।२१।।

छिन्नगुल्फाः परे पेतुर्मिषात् पेतुरथापरे ।
निहतानामसृक्पातैर्जज्ञिरे निम्नगा बहु ।।२२।।

उत्साहवर्धनास्तेषां वीराणां जयकाङ्क्षिणाम् ।
ततः शनैर्गर्जमानो ददर्श त्रिपुरासुरः ।।२३।।

चारैदिशा थर्काउँदै त्रिपुरमा सवार भयो । त्यसपछि शिवसेना र दैत्यसेनाका बीचमा भयङ्कर युद्ध आरम्भ भयो ।।९-११।। अनेक थरि शस्त्र र फलामबाट तयार गरिएका मर्मभेदी बाणद्वारा प्रहार गरिंदा सम्पूर्ण बाटाघाटामा अवरोध ल्याउने गरी रगतको भल बग्न थाल्यो ।।१२।। शस्त्रहरूद्वारा घाइते बनाइएका योद्धाहरू रगताम्य हुनाले फुलेका पलाँश झैं देखिएका थिए । कसैले आफ्नो पुरानो दृढ वैरका कारण शत्रुसैनिकहरूमाथि प्राण लिने किसिमले प्रहार गरिरहेका थिए ।।१३।। कसैले कपालको रौंमा समातेर टाउको काटिरहेका थिए । युद्धको मैदानमा जोशले यता र उति दौडिरहेका रथमा सवार वीरहरू, घुडसवार वीरहरू, हात्तीमा सवार वीरहरू र पैदल सेनामा रहेका वीरहरूको खुट्टाबाट उठेको धूलोले पृथिवी र अन्तरिक्ष ढाकिएको थियो । त्यस कारण त्यहाँ घोर अन्धकार छायो र कसैले केही पनि देख्ने परिस्थिति रहेन ।।१४-१५।। त्यस बेला वीरहरूले जिउने आशा छाडेर एक दिन मर्नै पर्नेछ भन्ने निश्चय गरी निरन्तर अनेक थरि युद्ध गरिरहेका थिए । हावाले चारैतिरको धूलो आकाशमा उडाएपछि अनेक देववीरहरूका लाश देखिए । देवताका बाँकी सेनाहरू पलायन गरिसकेकाले दैत्यको सेना हर्षमा चुर्लुम्म डुबेको थियो ।।१६-१७।। त्यस बेला युद्धको प्रशंसा गर्दै वज्रधारी देवराज इन्द्र त्यहाँ आइपुगे। तिनलाई देख्नासाथ अनेक दैत्य र दानव भाग्न थाले।।१८।। इन्द्रले वज्रप्रहार गरेर अनेक दैत्यहरूलाई चूर्ण-चूर्ण बनाए । अनेक दैत्यहरूले इन्द्रको प्रहारबाट जीवन परित्याग गरे । केही दानवहरूका खुट्टा भाँचिएका थिए । कसैका घाँटी टुक्रिएका थिए । कसैका पेट चिरिएका थिए र केही दानवहरूका काँध र भुजा छिन्न-भिन्न भएका थिए ।।१९-२०।। रथमा जोतिएका घोडाहरू मरेका थिए र घुडसवार एवं रथी वीरहरूका जाँघहरू चोइटिएका थिए । केही वीरहरूका गोलीगाँठा टुक्रिएका थिए। लडाइँबाट डराएका केही दैत्यवीरहरू घाउ नलागे तापनि लागेझैं गरी भुइँमा लडेका थिए। त्यस युद्धमा मारिएका वीरहरूका शरीरबाट रगतको धारा बगेर अनेक रगतका नदीहरू तयार भए।।२१-२२।। विजयको आकाङ्क्षा गर्ने ती वीरहरूका लागि रगतका नदी उत्साहवर्द्धक बनेका थिए। त्यस बेला आफ्ना धेरै सैनिकहरूलाई मृत अवस्थामा र घायल अवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निहतं बहुधा सैन्यं शक्रं योद्धुमथाययौ ।
बभाण शक्रं दृष्ट्वैव किमर्थं मर्तुमिच्छसि ।।२४।।

अपैहि युद्धाज्जीवंस्त्वं न पृष्ठं हन्मि वासव ।
का ते शक्तिर्मया युद्धं कर्तुं तव शचीपते ।।२५।।

अजः सिंहेन किं युद्धं करिष्यति वदस्व मे ।
एहि युद्धस्व शक्तिश्चेन्नो चेद् गच्छ यथासुखम् ।।२६।।

एवमुक्ते स्थिते शक्रे ववर्ष सायकान् बहून् ।
सज्यं कृत्वा धनुर्दैत्यो देवसेनामताडयत् ।।२७।।

एकस्मान्मत्रिताद् बाणादसङ्ख्याता ययुः शराः ।
मृद्नन्तो देवगन्धर्वान् रोदसी समपूरयन् ।।२८।।

अन्धकारं पुनरभूद् बाणजालैर्निरन्तरम् ।
तद्बाणैरपि ते देवा व्यङ्गाः पेतुर्धरातले ।।२९।।

बलहा न्यपतद् भूमौ प्रहारवरपीडितः ।
सर्वेषु देववर्येषु मूर्च्छितेषु महेश्वरः ।।३०।।

श्लाघन्तं बहुगर्जन्तं युद्ध्यन्तं नाऽभ्यरोचयत् ।
मनसाऽपूजयच्छम्भुस्तस्य दैत्यस्य पौरुषम् ।।३१।।

एतस्मिन्नन्तरे तत्र नारदो द्रष्टुमाययौ ।
पूजितः प्रावदच्छम्भुं शृणुष्व नीललोहित ।।३२।।

नारद उवाच

त्वया चिन्ता न कर्तव्या त्रिपुरस्य वधं प्रति ।
वक्ष्ये तस्य वधोपायं तं कुरुष्व महेश्वर ।।३३।।

तेन पूर्वं तपोऽकारि दुष्करं ब्रह्मणोऽपि हि ।
आराधितो गणपतिः स तस्मै सर्ववाञ्छितम् ।।३४।।

यद्यत्तेन वृतं देवो दत्तवानविचारितम् ।
पुरत्रयं भेत्स्यते ते तस्मान् मृत्युमवाप्स्यसि ।।३५।।

मरुद्गतिविहीनं तदभेद्यं सर्वनिर्जरैः ।
स एवमुक्तवान् गुह्यं शरेणैकेन यस्तव ।।३६।।

देखेर गर्जन गर्दै त्रिपुरासुर इन्द्रसँग युद्ध गर्न आइपुग्यो। त्यसले इन्द्रलाई देख्नासाथ गर्जेर भन्यो - ए इन्द्र ! किन तिमी मर्न चाहन्छौ ? जिउँदै युद्धबाट भाग । युद्ध गर्न चाहन्छौ भने आऊ तिमी र म सामुन्नेमा लडौं । म पछाडिबाट युद्ध गर्न चाहने योद्धासँग युद्ध गर्न चाहन्नँ । तिम्रो मसँग युद्ध गर्ने कति शक्ति छ ? लौ भन त बोकेले बाघसँग के युद्ध गर्न सक्छ ? खुबी छ भने आऊ मसँग लड, अन्यथा यहाँबाट भाग ।।२३-२६।। यसरी ललकारेपछि त्रिपुरासुरले आफ्नै सामु उभिएका इन्द्रका शरीरमा धनुष टङ्कार गर्दै बाणप्रहार गर्‍यो र देवसेनालाई जथाभावी घाइते बनाउन थाल्यो । त्रिपुरासुरले एउटा बाण अभिमन्त्रित गरेर प्रहार गर्दा त्यस बाणबाट लाखौं अरू बाण निस्कन्थे र ती बाणहरूले देवता एवं गन्धर्वलाई धूलो चटाउँदै आकाश र धर्ती ढाकिदिन्थे ।।२७-२८।। त्रिपुरासुरले प्रहार गरेका बाणहरूको बाक्लो जालो फैलिएका कारण युद्धमैदान अन्धकारले ढाकियो । ती बाणहरूबाट देवताहरूका अङ्ग-प्रत्यङ्ग टुक्रिन थाले । अपाङ्ग देवताहरू धर्तीमा पछारिन थाले ।।२९।। त्रिपुरासुरको कठिन बाणप्रहारबाट अपार वेदना प्राप्त गर्ने इन्द्र महाराज पनि धर्तीमा लडे । यसरी ठूला-ठूला देवताहरू युद्धको मैदानमा मूर्च्छित भएपछि भगवान् शङ्करले आत्मप्रशंसा गर्दै ठूलो गर्जन गर्ने र निर्भयतापूर्वक देवताहरूसँग युद्ध गर्ने त्रिपुरासुरलाई मन पराउनुभएन, तर त्यसको पुरुषार्थको भने प्रशंसा गर्नुभयो ।।३०-३१।। यसैबीचमा देवता र दानवहरूको युद्ध हेर्न देवर्षि नारदजी आइपुग्नुभयो । देवताहरूद्वारा सम्मानित नारदजीले भगवान् शङ्करलाई सम्बोधन गर्दै भन्नुभयो- हे नीललोहित! सुन्नुहोस् ।।३२।।

नारदजीले भन्नुभयो - हे शङ्कर ! तपाईंले त्रिपुरासुरको कसरी वध गर्ने भन्ने विषयमा कत्ति पनि चिन्ता नलिनुहोस् । म तपाईँलाई त्यसको उपाय बताउने छु । त्यो उपाय तपाईँले गर्नुपर्नेछ ।।३३।। पहिले त्रिपुरासुर दैत्यले ब्रह्माजीले भन्दा पनि कष्टकर तपस्या गर्ने क्रममा भगवान् श्रीगणेशको आराधना गर्‍यो । श्रीगणेशले पनि प्रसन्न भएर त्यसलाई विचार नै नगरीकन चाहेअनुसारका वरदान दिंदै भन्नुभएको थियो- हे त्रिपुरासुर ! जसले त्रिपुरलाई एकैचोटि एउटै बाणले भेदन गर्न सक्नेछ, त्यस व्यक्तिबाट नै तिम्रो मृत्यु हुनेछ । यति कुरा सुनाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरत्रयं भेत्स्यते ते तस्मान् मृत्युमवाप्स्यसि ।
एवमुक्त्वा गते तस्मिन्नारदे मुनिसत्तमे ।।३७।।

मूर्च्छितान् विबुधान् शर्वः सावधानमथाकरोत् ।
संस्मारेभमुखं वाक्यं स्मारितो नारदेन तु ।।३८।।

महाप्रयत्नमारेभे दैत्यराजवधाय सः ।
तेजसा सर्वनाशाय शक्तो देवो निजेच्छया ।।३९।।

रथं कुरूपं शशिसूर्यचक्रं
यन्तारमिन्दीवरजं चकार ।
धनुर्गिरीन्द्रं शरमच्युतं स
धुर्याश्विनेयावयुजद् गिरीशः ।।४०।।

आचम्य देवं मनसा विचिन्त्य,
तेनोपदिष्टं च जजाप नाम्नाम् ।
सहस्त्रमेकाक्षरमन्त्रयुक्त-
ममन्त्रयत् तेन पिनाकमुग्रम् ।।४१।।

अमन्त्रयन् महाबाणं विष्णुरूपं यदा शिवः ।
चकम्पे धरणी शेषो वनानि गिरयोऽपि च ।।४२।।

बभ्रमुः खगणाः सर्वे चुकूजुश्च महारवान् ।
शब्देनाजगवस्यापि बिभ्रान्ताः सुरमानुषाः ।।४३।।

अमुञ्चत्तं यदा बाणं तदा दग्धं नभस्तलम् ।
भूमण्डलं सपातालं ज्वालामालाभिरञ्जसा ।।४४।।

दृष्ट्वा पपाल दैत्येन्द्रः ससैन्यः पुरसंश्रयः ।
जवेनागाच्छरः सोऽप्यदहद्दैत्यं पुरत्रयम् ।।४५।।

दैत्यदेहगतं तेजो भर्गदेहे लयं ययौ ।
पश्यतां सर्वसैन्यानां दैत्यदानवरक्षसाम् ।।४६।।

ततोऽन्तरिक्षे वागासीन् मुक्तो दैत्यः शिवाहतः ।
ततस्ते तुष्टुवुर्देवा मुनयोऽपि त्रिलोचनम् ।।४७।।

जगुर्गन्धर्वनिचयाश्चारणाः श्रुतितत्पराः ।
ननृतुश्चाप्सरःसङ्घाः किन्नरा वाद्यवादकाः ।।४८।।

नारद मुनिले प्रस्थान गर्नुभएपछि भगवान् शङ्करले युद्धको मैदानमा मूर्च्छित भएका देवताहरूलाई जगाएर सावधान बनाउनुभयो । ती देवताहरूलाई नारदजीले भनेका कुराहरू बताउँदै श्रीगणेशले त्रिपुरलाई दिएका वरदानको पनि संस्मरण गराउनुभयो ।।३४-३८।। सदाशिवजीले दैत्यराज त्रिपुरको वधका लागि अब महान् प्रयत्न आरम्भ गर्नुभयो । आफ्नै इच्छाले आफ्ना तेजबाट सर्वनाश गर्न सक्ने संहारका देवताको यो प्रयत्न सान्दर्भिक थियो ।।३९।। शिवजीले पृथिवीलाई रथका रूपमा, सूर्य र चन्द्रमालाई पाङ्ग्राका रूपमा, ब्रह्माजीलाई रथका सञ्चालक सारथिका रूपमा, हिमालय पर्वतलाई धनुका रूपमा, भगवान् नारायणलाई बाणका रूपमा र अश्विनी कुमारहरू घोडाका रूपमा नियुक्त गरी विचित्र रथ तयार गर्नुभयो। त्यसपछि भगवान् शङ्करले आचमन गरी मनबाट श्रीगणेशको संस्मरण गर्दै उहाँले उपदेश गर्नुभएको श्रीगणेशसहस्रनाम पाठ गर्नुभयो। त्यसका साथै श्रीगणेशको एकाक्षरी मन्त्र जपेर त्यसबाट आफ्नो पिनाक नामक अस्त्रलाई पनि अभिमन्त्रित गर्नुभयो ।।४०-४१।। जुन बेला शिवजीले विष्णुरूप आफ्ना महाबाणलाई अभिमन्त्रित गर्नुभयो त्यस बेला पृथिवी, शेषनाग, वन, पर्वत आदि चराचर सबै कम्पायमान भए। शिवजीका गणहरू ठूलो स्वर गरेर चिच्याउन थाले । अजगव नामक धनुषको शब्दले देवता र मानिसहरू पनि भ्रान्त भए।।४२-४३।। जुन बेला शिवजीले त्यो बाण प्रहार गर्नुभयो त्यस बेला आकाश डढ्न थाल्यो । भूमण्डल र पाताल पनि आगाका ज्वालाहरूबाट डढ्न थाले ।।४४।। भगवान्का बाणलाई देखेर त्रिपुरमा रहेको त्रिपुरासुर दैत्य भाग्न खोज्यो । त्यस बेला शिवजीले प्रहार गरेको बाण वेगपूर्वक त्रिपुरमा लाग्न पुग्यो र त्यसले त्रिपुरासुर दैत्य र त्रिपुरलाई पनि खरानी बनायो ।।४५।। त्रिपुरासुरको शरीरमा रहेको तेज सबै सेना, दैत्य, दानव र राक्षसहरूले हेदाहेर्दै शिवजीमा लीन भयो ।।४६।। त्यस बेला आकाशवाणी भयो- 'शिवजीद्वारा मारिएको त्रिपुरासुर दैत्य मुक्त भयो ।' त्यसपछि देवता र मुनिहरूले भगवान् शङ्करको स्तुति गरे ।।४७।। गन्धर्वहरू गाउन थाले, चारणहरू आनन्दले गीत सुन्न थाले, अप्सराहरू नाच्न लागे, किन्नरहरू बाजा बजाउन थाले र नारद आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुमुचुः पुष्पवर्षाणि नारदाद्याः सुरर्षयः ।
ययुः शिवाज्ञया देवाः स्वं स्वं स्थानं निराधयः ।।४९।।

नमस्कृत्य महेशानं त्रिपुरासुरघातिनम् ।
मुनयोऽपि निरुद्वेगाः स्वस्वानुष्ठानतत्पराः ।।५०।।

आसँस्तस्मिन् हते दैत्ये वेदवेदाङ्गशालिनः ।
अग्निहोत्राणि यज्ञाँश्च दानानि च व्रतानि च ।।५१।।

चक्रुः सर्वजना भूमौ पुनरुत्साहसंयुताः ।
शैलादिगणपस्कन्दैः सर्वैः पारिषदैरपि ।।५२।।

कृतावनामस्त्र्यक्ष्योऽपि विभज्य तं महारथम् ।
जयशब्दैस्तूर्यशब्दैर्देवदुन्दुभिनिस्वनैः ।।५३।।

अलङ्कृतं शैलराजं कैलासं मुदितो ययौ ।
त्रिपुराररिति स्पष्टं ततो नामास्य पप्रथे ।।५४।।

एवं महागणपतेर्मन्त्रसामर्थ्यमीरितम् ।
सहस्रनाम्नामपि च प्रभावोऽयं निरूपितः ।।५५।।

ब्रह्मोवाच

न विज्ञातो मदन्येन कस्यापि न निवेदितः ।
पठनाच्छ्रवणादस्य सर्वकामफलं लभेत् ।।५६।।

देवर्षिहरूले पुष्पवृष्टि गर्न लागे । त्यसपछि शिवजीको आज्ञा पाएर चिन्तामुक्त भएका देवताहरू त्रिपुरारि शिवजीलाई प्रणाम गरी आ-आफ्ना धामतर्फ लागे ।।४८-४९।। मुनिहरू पनि दैत्यराज त्रिपुरको वध भएपछि वेद र वेदाङ्गको अध्ययन-अनुशीलन गर्दै निश्चिन्ततापूर्वक आ-आफ्ना अनुष्ठानमा तत्पर भए ।।५०।। पृथिवीवासी सबै मानिसहरूले फेरि उत्साहपूर्वक अग्निहोत्र यज्ञ, दान र व्रतहरू गर्न थाले । सुमेरुपर्वत, श्रीगणेश, स्कन्द र आफ्ना गणहरूद्वारा प्रणाम गरिनुभएका भगवान् शङ्कर पनि आफूले बनाएको रथलाई भताभुङ्ग बनाई नमःशब्द, भेरीघोष र देवदुन्दुभिका मङ्गलध्वनि श्रवण गर्दै कैलासतर्फ जानुभयो । त्रिपुरासुरको वधपछि शिवजीको नाम संसारमा त्रिपुरारि भनेर प्रसिद्ध भयो ।।५१-५४।। यस प्रकार यस अध्यायमा महागणपतिको मन्त्रको शक्ति र श्रीगणेशसहस्रनामको प्रभाव पनि वर्णन गरियो ।

ब्रह्माजीले भन्नुभयो - यस श्रीगणेशसहस्रनामको महिमा मबाहेक अरूले जान्दैनन् । आजभन्दा पहिले मैले कसैलाई पनि यसको उपदेश गरेको छैन । हे व्यास ! आज तिमीले यो सौभाग्य प्राप्त गर्‍यौ। श्रीगणेशसहस्रनामको पाठ र श्रवण गर्ने भक्तहरूले आफूले चिताएका सम्पूर्ण कामनाहरूका फल प्राप्त गर्दछन् ।।५५-५६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे त्रिपुरासुरमोक्षणं नाम सप्तचत्वारिंशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'श्रीशङ्करको विजय, त्रिपुरासुरको वध र त्रिपुरदाह' शीर्षकान्वित सत्चालीसौं अध्याय पूर्ण भयो ।।४७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टचत्वारिंशोऽध्यायः { ४८ अध्याय }

व्यास उवाच

श्रुतं मया महाख्यानं त्रिपुरस्य वधाश्रयम् ।
तथापि श्रोतुमिच्छामि क्व स्थिता जगदम्बिका ।।१।।

कथमाविर्बभूवैषा तिथौ दग्धः क्व दैत्यराट् ।
एतत्सर्वं सविस्तारं कथयस्व पितामह ।।२।।

ब्रह्मोवाच

बाहुले पौर्णमास्यां स सायं दग्धो महासुरः ।
दिवायुद्धं महाघोरं प्रागेव वर्णितं हि तत् ।।३।।

यतोऽर्चितः सुरैः सर्वैर्जयशाली सुरारिहा ।
अतस्तस्यां दीपदानं कुर्वन्ति भुवि मानवाः ।।४।।

तस्यां स्नानञ्च दानञ्च जपहोमादिकञ्च यत् ।
बहुलं जायते यस्मात् तस्मात् सा बाहुली स्मृता ।।५।।

तस्यां ये तु न कुर्वन्ति त्रिपुरारिमहोत्सवम् ।
न लभन्ते जयं क्वापि दग्धपुण्या भवन्ति ते ।।६।।

अतस्तस्यां पौर्णमास्यां प्रातरर्चन्ति ये शिवम् ।
निशि यत् तैः कृतं पापं विलयं प्रतिपद्यते ।।७।।

आजन्मनः कृतं पापं मध्याह्नार्चनतस्तथा ।
सप्तजन्मार्जितं पापं प्रदोषार्चनतो मुने ।।८।।

आविर्भावं शिवायास्त्वं कथ्यमानं मया शृणु ।
तस्य मृत्युं शिवाज्ज्ञात्वा भयादन्तर्हिता शिवा ।।९।।

आविरासीज्जगन्माता हिमाचलगुहामुखात् ।
ददर्श पर्वतं घोरं सिंहव्याघ्रमृगाकुलम् ।।१०।।

व्यासले भन्नुभयो- हे भगवन् ! मैले हजुरका मुखबाट त्रिपुरासुरको वधसँग सम्बद्ध महत्त्वपूर्ण कथा सुनें । अब म जगदम्बिका भगवती कहाँ बस्नुहुन्छ ? कसरी उहाँले अवतार लिनुभएको थियो ? कुन तिथिमा दैत्यराज त्रिपुरासुर मऱ्यो ? यी सबै प्रश्नहरूको उत्तर मलाई बताउनुहोस् ।।१-२।।

ब्रह्माजीले भन्नुभयो - हे व्यासजी ! त्रिपुरासुर कार्तिक महिनाको पूर्णिमा तिथिका दिन सायँकालमा शिवजीको बाणबाट भस्म भएको थियो । पूर्णिमा तिथिमा दिउँसो घनघोर युद्ध भयो, जसको वर्णन अघिल्लो अध्यायमा गरिसकिएको छ ।।३।। त्रिपुरासुरको वध पछि कार्तिक पूर्णिमाको रातमा सबै देवताहरूले विजयी भगवान् शङ्करको अर्चना गरेका थिए । त्यस कारण अहिले पनि पृथिवीका मानिसहरूले कार्तिक पूर्णिमाको रातमा दीपदान गर्दछन् ।।४।। कार्तिक पूर्णिमा तिथिमा गरिने स्नान, दान, जप, होम आदि सत्कर्मको फल बहुल अर्थात् दुगुना हुन्छ । त्यस कारण कार्तिक पूर्णिमा तिथिलाई बाहुली पूर्णिमा पनि भन्ने गरिएको छ ।।५।। जुन मानिसले कार्तिक महिनाको पूर्णिमा तिथिमा त्रिपुरारि भगवान् शङ्करको उत्सव गर्दैनन्, तिनीहरूले कहीं पनि विजय पाउँदैनन् र तिनका पुण्य पनि डढेर जान्छन् ।।६।। त्यस कारण कार्तिक पूर्णिमा तिथिमा बिहान जसले शिवजीको पूजा गर्दछन्, तिनले त्यस अघिल्लो रातमा गरेको पाप समाप्त हुन्छ ।।७।। पूर्णिमाको दिन मध्याह्नमा शिवजीको अर्चना गर्ने साधकका जन्मैदेखि गरेका पापहरू नष्ट हुन्छन् । कार्तिक पूर्णिमा तिथिको रातमा शिवजीको पूजा गर्ने साधकका सात जन्ममा गरेका पापहरू नष्ट हुन्छन् ।।८।। हे व्यास ! तपाईंले जगदम्बा भगवतीको उत्पत्तिको विषयमा सोध्नुभएको थियो त्यसबारे म भन्दछु, सुन्नुहोस् । शिवजीका हातबाट त्रिपुरासुरको मृत्यु भएको थाहा पाएपछि त्रिपुरासुरका डरले हिमालयको गुफामा लुक्नु भएकी जगन्माता पार्वती त्यस गुफाबाट प्रकट हुनुभयो। बाहिर आएपछि उहाँले सिंह, बाघ र मृगहरूले भरिएको डरलाग्दो पर्वत देख्नुभयो ।।९-१०।। त्यहाँ कतै पनि आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपश्यन्ती शिवं सा तु विरहाकुलमानसा ।
विललाप भृशं भीता हा तात हा शिवेति च ।।११।।

कथं मां न विजानीषे सर्वज्ञः सन् सदाशिव ।
वन एकाकिनीं घोरे क्रन्दन्तीं कुररीमिव ।।१२।।

कदा मे दर्शनं ते स्यात् किं मां विस्मृतवानसि ।
शक्ता न जीवितं धर्तुं सोढुं वा विरहं हर ।।१३।।

तात ! त्वमपि कुत्रासि न मे शोकं शृणोषि किम् ।
त्वां विना शरणं कं वा यामि किं वा करोम्यहम् ।।१४।।

योजयस्व पुनर्मां त्वं शिवेन च शिवेन च ।
इदानीं पुनरुत्पन्नां जानीहि जठरात् तव ।।१५।।

वरं तमेव शीघ्रं मे गवेषय सदाशिवम् ।
नो चेद् देहपरित्यागं भृगोरस्मात् करोम्यहम् ।।१६।।

क उवाच

एवं रुदन्त्यास्तस्यास्तु श्रुत्वा तां गिरमुत्तमाम् ।
न्यवेदयद्धिमवते कश्चिदागत्य धीवरः ।।१७।।

धीवर उवाच

काचिन्नितम्बिनी बाला सर्वाभरणभूषिता ।
ताटके बिभ्रती श्रुत्योर्मण्डले इव भास्वतः ।।१८।।

नानारत्नलसद्दीप्ति मुकुटं मस्तके भृशम् ।
ललाटे तु चतुष्कोणं मुक्ताषोडशशोभितम् ।।१९।।

पुष्पं काञ्चनरत्नाढ्यं मुक्तादाम विलम्बितम् ।
सीमन्तान्तर्गतं चारु नासिके स्वर्णमौक्तिकम् ।।२०।।

अङ्गदे चारुणी बाह्वोर्हस्तयोर्वलयानि च ।
लसत्काञ्चनरत्नाढ्यं प्रत्येकमङ्गुलीयकम् ।।२१।।

प्राणनाथ शिवजीलाई नदेखेर विरहले व्याकुल पार्वती अत्यन्त भयभीत भई हे पिता हिमालय ! हे प्राणनाथ शिवजी ! भन्दै विलाप गर्न लाग्नुभयो।।११।। हे शिवजी ! हजुर त सर्वज्ञ हुनुहुन्छ, म डरलाग्दो पर्वतको माझमा छु । के हजुरले थाहा पाउनुभएको छैन ? म घोर वनमा एक्लै न्याउली चरी झैं रोइरहेकी छु । के हजुरलाई यो कुरा विदित छैन ?।।१२।। हे भगवन् ! मैले हजुरको दर्शन कहिले पाउने छु ? के हजुरले मलाई बिर्सनुभयो? हे शिवजी ! म हजुरविना बाँच्न सक्दिनँ र विरहको दुःख पनि झेल्न सक्दिनँ । हे पिता हिमालय! हजुरलाई छाडी म कसका शरणमा जाऊँ ? के हजुरले मेरो वचन सुन्नुभएको छैन ? हे पिता ! मलाई हजुरले शिवजीसँग भेट गराउनुहोस् र मङ्गलमय जीवनका लागि सहयोग गर्नुहोस् । अहिले मलाई मेरै पेटबाट पुनर्जन्म पाएकी छोरी हो भन्ने ठान्नुहोस् ।।१३-१५।। हजुरले जुन वरसँग मेरो विवाह गरिदिनुभएको थियो ती मेरा वर सदाशिवजीको खोजी गर्नुहोस् । तपाइँले त्यसो गर्नुहुन्न भने मैले पनि यसै भीरबाट हाम्फालेर देहत्याग गर्नेछु।।१६।।

ब्रह्माजीले भन्नुभयो - यसरी रोइरहेकी पार्वतीको उत्तम विलापवचन सुनेर कुनै निषादले आई हिमालय पर्वतलाई निवेदन गऱ्यो ।।१७।।

निषादले भन्यो - हे पर्वतराज हिमालय! अत्यन्त सुन्दर अङ्गप्रत्यङ्ग र आकर्षक नितम्ब भएकी कुनै युवती छन्, तिनले थरिथरिका उत्तम अलङ्कार धारण गरेकी छन्, तिनका कानमा सुन्दर सूर्यमण्डलझैं चम्किला स्वर्णकुण्डल शोभायमान छन्, तिनले आफ्नो मस्तकमा अनेक रत्नहरू जडित् चम्किलो मुकुट धारण गरेकी छन्, तिनले निधारमा सोह्रवटा मोतीका दानाले बनेको चौकुने अलङ्कार धारण गरेकी छन्, सुवर्ण- रत्न र सुन्दर फूलहरूले सजिएको मोतीको हार तिनको गलामा रहेको छ, तिनको सिउँदोमा रातो सिन्दूर छ, नाकमा सुन र मोतीका गहना छन्, तिनका दुबै हातमा सुन्दर केयूर रहेका छन्, तिनका मणिबन्धमा सुनका बाला चम्किएका छन्, तिनका हातका औंलाहरूमा सुन र रत्नले जडित औंठीहरू छन्, तिनको छातीमा चोलीबाहिर मोतीको माला गजबले सुहाएको छ, तिनको रेशमी वस्त्रले ढाकिएको कम्मरमा सुन र रत्नले बनेको कन्धनी शोभायमान छ, तिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्ताफलमयीं मालां लसत्कञ्चुकसंश्रिताम् ।
हेमरत्नमयीं काञ्चीं कटौ क्षौमावृते शुभाम् ।।२२।।

गुल्फयोः शृङ्खले हैमे शिञ्जच्चारुसुनूपुरे ।
पादाङ्गुलीष्वपि पृथक् तत्तद्भूषणमुत्तमम् ।।२३।।

एवं सर्वानवद्याङ्गी रुदती विह्वला भृशम् ।
दृष्टा पृष्टा न मां वक्ति गृह्णाति सा तवाभिधाम् ।।२४।।

ब्रह्मोवाच

इत्थं निशम्य हिमवाँस्त्वरितस्तां सुतां ययौ ।
सान्त्वयन् हेतुगर्भाभिर्वाग्भिस्तामवदत् सुधीः ।।२५।।

हिमवानुवाच

किमर्थं शोचसे सुभ्रु ! सृष्टिस्थित्यन्तहेतुके ।
सर्वलक्षणसम्पूर्णे सर्वशक्तियुतेऽनघे ।।२६।।

अकर्तुमन्यथाकर्तुं कर्तुमीशे ! महेश्वरि !
अवाप्तसर्वकामे च सर्वप्राण्यन्तरं गते ।।२७।।

न वियुक्ता शिवेन त्वं सर्वान्तर्यामिणि ! शुभे !
अथापि योजयिष्ये त्वां शिवेन शिवकारिणा ।।२८।।

उत्तिष्ठेति गृहीत्वा तामाययौ निजमन्दिरम् ।
ननन्द पार्वती तत्र दृष्ट्वा मेनां सुतान्विताम् ।।२९।।

निश्वासपरमाऽप्यासीच्छिवं द्रष्टुं समुत्सुका ।
उवाच पितरं नत्वा साधूपायं वदस्व मे ।।३०।।

व्रतं दानं तपो वापि दुष्करं शिवलब्धये ।
करिष्ये तमहं तात ! पूर्ववत्तप उत्तमम् ।।३१।।

गोलीगाँठामा पनि सुनले बनेका अलङ्कार कस्सिएका छन्, तिनका पाउमा सुनका नूपुर शब्दायमान छन्, तिनका पाउका औँलाहरूमा छुट्टा-छुट्टै अनेक प्रकारका रत्नहरूले बनेका औंठिहरू शोभायमान छन् । त्यस्ती सम्पूर्ण अङ्ग-प्रत्यङ्गमा सौन्दर्य भरिएकी ती अज्ञातसुन्दरी व्याकुल भएर रोइरहेकी छन्। तिनलाई देखेर मैले सबै कुरा सोधें, तर उनी मसँग केही पनि बोलिनन् । केवल हे पिता हिमालय ! भन्दै हजुरकै नाम लिइरहेकी थिइन् ।।१८-२४।।

ब्रह्माजीले भन्नुभयो - यसरी निषादका मुखबाट एउटी सुन्दरीको कुरा सुनेपछि हिमालय पर्वत तुरुन्तै आफ्नी छोरी पार्वतीका सामु गए। अत्यन्त युक्तियुक्त वचनहरूद्वारा सान्त्वना प्रदान गर्दै बुद्धिमान् हिमालयले पार्वतीलाई भने।।२५।।

हिमालयले भने- हे सुन्दरस्वरूप भएकी पुत्री! सृष्टि, स्थिति र संहारकी एकमात्र कारण हे सर्वशक्तिमती देवी! तिमी स्वयं सर्वलक्षणसम्पन्न छ्यौ, निष्पाप छ्यौ र सबै प्रकारका शक्तिले सम्पन्न पनि छ्यौ । तसर्थ किन चिन्ता गर्दछ्यौ ? हे महेश्वरी ! तिमी कुनै पनि कार्य गर्न, नगर्न र अन्यथा गर्न पनि समर्थ छ्यौ। हे सम्पूर्ण कामनाहरूकी स्वामिनी ! सबै प्राणीहरूका हृदयमा निवास गर्ने तिमी कहिले पनि शिवजीबाट अलग हुँदिनौ। हे कल्याणी ! तिमी सबैका हृदयमा वास गर्ने अन्तर्यामिनी हौ । यसो हो ता पनि म मङ्गलविधायक शिवजीसँग तिम्रो भेट अवश्य गराउने छु ।।२६-२८।। हिमालयले यसरी संझाएर उठ छोरी ! भनेर पार्वतीलाई साथ लिई आफ्नो घरमा आए। त्यहाँ आएपछि पार्वती पनि छोरासँग रमाएर बसेकी आफ्नी आमा मेनकालाई देखेर आनन्दित हुनुभयो ।।२९।। उहाँ आनन्दित हुनुभए पनि आफ्ना प्राणनाथ शिवजीको दर्शन गर्न परम उत्कण्ठित हुनुहुन्थ्यो। त्यस बेला उहाँले पिता हिमालयलाई प्रणाम गरेर भन्नुभयो - हे पिता! शिवदर्शनको उत्तम उपाय मलाई बताउनुहोस्।।३०।। म उहाँलाई पाउनका लागि व्रत, दान र दुष्कर तपस्या पनि गर्न सक्छु । मैले बाल्यावस्थामा हजुरको काखमा हुर्किरहेको बेला उहाँलाई आफ्नो स्वामी तुल्याउन जसरी तपस्या गरेकी थिएँ, त्यस्तो तपस्या फेरि पनि गर्न सक्छु ।।३१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

अवदज्जनकस्तां तु विचार्य मनसा सकृत् ।
कार्यसिद्धिकरं शीघ्रमुपायं शृणु तं मुने ।।३२।।

हिमवानुवाच

शृणु पार्वति ! वक्ष्यामि साधूपायं शिवाप्तये ।
उपास्तिं विघ्नराजस्य धर्मार्थकाममोक्षदाम् ।।३३।।

अनुष्ठितां महेन्द्राद्यैर्देवैश्च नारदादिभिः ।
प्राप्ताश्च सिद्धयस्तास्ताः शक्रादिपदलक्षणाः ।।३४।।

ब्रह्मणः सृष्टिसामर्थ्यं दत्तं तेन महात्मना ।
विष्णोश्चावनसामर्थ्यं दत्तं सर्वेश्वरेण ह ।।३५।।

शिवस्यापि च तेनैव सामर्थ्यं संहृतौ दृढम् ।
शेषस्यापि च तेनैव सर्वं विघ्नहरेण च ।।३६।।

धराधरणसामर्थ्यं दत्तं सर्वेश्वरेण ह ।
यस्य स्वरूपं न विदुर्ब्रह्माद्या मुनयोऽपि च ।।३७।।

वाचामगोचरो योऽसौ मनसोऽथाप्यगोचरः ।
गजाननस्वरूपेण परिदृश्योऽयमीश्वरः ।।३८।।

अतस्तेनैव रूपेण सर्वारम्भेषु पूज्यते ।
तमुपासस्व सर्वेशं मया प्रोक्तेन वर्त्मना ।।३९।।

ब्रह्माजीले भन्नुभयो - हे व्यासजी ! पार्वतीका कुरा सुनेर हिमालय पर्वतले एक पटक राम्ररी मनमा विचार गरी कार्यसिद्धि गर्ने उपाय बताए। त्यस उपायको विषयमा तिमीले सुन्नुहोस् ।।३२।।

हिमालयले भने - हे पार्वती ! शिवजीको प्राप्तिका लागि म तिमीलाई राम्रो उपाय बताउँछु । सावधान भएर सुन। विघ्नराज श्रीगणेशको उपासनाबाट धर्म, अर्थ, काम र मोक्ष प्राप्त हुन्छन् ।।३३।। त्यो उपासना इन्द्रादि देवता र नारद आदि देवर्षिले पनि गरिसकेका छन् । त्यस उपासनाबाट इन्द्रादि देवताहरूले इन्द्रपदलगायतका अनेक थरि सिद्धि पनि प्राप्त गरेका छन् ।।३४।। महात्मा श्रीगणेशले ब्रह्माजीलाई सृष्टि गर्ने शक्ति, विष्णुलाई विश्वको पालन गर्ने शक्ति र शिवजीलाई संहार गर्ने अत्यन्त ठूलो शक्ति प्रदान गर्नुभएको छ । विघ्नहर्ता श्रीगणेशले शेषनागलाई पृथिवी धारण गर्न सक्ने शक्ति प्रदान गर्नुभएको छ। श्रीगणेश वाणी र मनबाट पनि अगोचर हुनुहुन्छ, तापनि गजाननका रूपमा भक्तहरूका सामु आई दर्शन दिनुहुन्छ ।।३५-३८ ।। त्यस कारण श्रीगणेश गजाननका रूपमा सबै कार्यहरूको आरम्भमा पुजिनु हुन्छ । हे पार्वती ! तिमीले पनि मैले बताएको विधिबाट सर्वेश्वर श्रीगणेश भगवान्को आराधना गर ।।३९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे अम्बाविर्भावो नामाष्टचत्वारिंशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'पार्वतीको आविर्भाव र हिमालयद्वारा पार्वतीलाई पार्थिवपूजाविधिअनुसार श्रीगणेशको आराधना गर्न उपदेश' शीर्षकान्वित अठ्चालीसौं अध्याय पूर्ण भयो ।।४८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनपञ्चाशोऽध्यायः { ४९ अध्याय }

पार्वत्युवाच

दयानिधे गिरीन्द्र त्वं पितर्मे वद सत्वरम् ।
उपासनां गणेशस्य सर्वेशस्य जगद्गुरोः ।।१।।
यया शिवं समभ्येत्य शिवं प्राप्स्यामि शाश्वतम् ।
मर्त्यलोकेऽपि लोकानामुपकारो भविष्यति ।।२।।

हिमवानुवाच

तव स्नेहवशाद् देवि ! रहस्यं परमं शुभम् ।
लोकानां चोपकाराय वक्ष्ये शृण्वेकचेतसा ।।३।।
प्रत्यूषकाल उत्थाय नैर्ऋतीं दिशमाव्रजेत् ।
आच्छाद्य धरणीं पूर्वं तृणकाष्ठदलैरपि ।।४।।
उर्वरां वर्जयेत्तिष्ठन्नुत्सर्पन्न च बुद्धिमान् ।
त्यक्त्वा मूत्रपुरीषे तु यथोक्तं शौचमाचरेत् ।।५।।
दन्तजिह्वाविशुद्धिञ्च कृत्वा स्नातुं ततो व्रजेत् ।
नदीं तडागं वापीं वा सरः कूपमथापि वा ।।६।।
कृत्वा पूर्वं मलस्नानं मन्त्रस्नानं ततश्चरेत् ।
मृदा वा चन्दनेनापि तिलकं कुङ्कुमेन वा ।।७।।
कुर्याद्धौते वाससी वा परिधाय शुभासने ।
उपविश्यैकचित्तस्तु सर्वं नित्यं समाप्य च ।।८।।
मृत्तिकां सुन्दरां स्निग्धां क्षुद्रपाषाणवर्जिताम् ।
सुविशुद्धामवल्मीकां जलसिक्तां विमर्दयेत् ।।९।।
कृत्वा चारुतरां मूर्तिं गणेशस्य शुभां स्वयम् ।
सर्वावयवसम्पूर्णां चतुर्भुजविराजिताम् ।।१०।।
परश्वादिस्वायुधानि दधतीं सुन्दरां घनाम् ।
स्थाप्य पीठे ततः पाणी प्रक्षाल्य मेलयेत् सुधीः ।।११।।
पूजाद्रव्याणि सर्वाणि जलादीनि प्रयत्नतः ।
अष्टगन्धानक्षताँश्च रक्तपुष्पाणि गुग्गुलुम् ।।१२।।
त्रिपञ्चसप्तभिः पत्रैर्युतान् दूर्वाङ्कुरान् शुभान् ।
अष्टोत्तरशतं नीलान् श्वेतानानीय सुन्दरान् ।।१३।।
घृतदीपं तैलदीपं नैवेद्यं विविधं शुभम् ।
मोदकापूपलड्डूकान् पायसं शर्करायुतम् ।।१४।।

पार्वतीले भन्नुभयो – हे दयालु मेरा पिता पर्वतराज हिमालय ! छिटै मलाई सकल संसारका स्वामी र गुरु भगवान् श्रीगणेशको उपासनाका विषयमा बताउनुहोस् ।।१।। हे पिता! जुन उपासनाबाट मैले भगवान् शिवजीको दर्शन पाएर शाश्वत कल्याण प्राप्त गर्नेछु, त्यो उपासना मर्त्यलोकमा पनि सबैका लागि उपकारक हुनेछ ।।२।।

हिमालयले भने – हे देवी ! तिमीप्रति स्नेहका कारण र लोकको उपकार गर्न म परमकल्याणमय रहस्य बताउँछु । एकचित्त भएर सुन ।।३।। प्रत्येक बुद्धिमान् साधकले प्रातःकालमा जागेर नैर्ऋत्य दिशामा जानुपर्दछ । त्यहाँ गई सर्वप्रथम तृण र काठका टुक्राहरूले उर्वरा भूमिबाहेक अरू भूमिलाई ढाकेर मलमूत्र त्याग गरी यथोक्त शौच गर्नुपर्दछ ।।४-५।। दाँत र जिब्रो शुद्ध गरी नदी, तलाउ, पोखरी, सरोवर अथवा कुवामा गई सर्वप्रथम मलस्नान गर्नुपर्दछ । त्यसपछि मन्त्रस्नान गर्नुपर्दछ। माटाको, चन्दनको अथवा कुङ्कुमको तिलक लगाएर शुद्ध वस्त्र पहिरी उत्तम आसनमा बसेर सम्पूर्ण नित्यकर्म समाप्त गर्नुपर्दछ ।।६-८।। चिल्लो, राम्रो बालुवा, कङ्कण र ढुङ्गा नभएको, धमिराले उठाएको माटो नमिसिएको अर्थात् शुद्ध माटो मुछेर आफै भगवान् श्रीगणेशको सर्वाङ्गसम्पन्न, चतुर्भुजसहित विराजमान, परशु, माला आदि आयुध धारण गर्ने, सुन्दर एवं बलियो मूर्ति तयार गरी पीठमा स्थापना गर्नुपर्दछ ।।९-१०।। त्यसपछि हात धोएर बुद्धिमान् भक्तले सबै पूजाद्रव्य, शुद्ध जल, अष्टगन्ध, अक्षता, राता फूल, गोकुल धूप, तीनपाते अथवा पाँचपाते नीला र सेता दूर्वाङ्कुर जम्मा गरी घिउबत्ती, तेलबत्ती, अनेक थरि नैवेद्य, लड्डू, मालपुवा, चिनी राखेर तयार गरेको खीर, मसिनो चामलको भात, अनेक थरि व्यञ्जन, सुपारी, खयरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूक्ष्मञ्च तण्दुलान्नञ्च व्यञ्जनानि बहुनि च ।
सचन्द्रपूगचूर्णाढ्यं खाद्यखादिरसंयुतम् ।।१५।।

एलालवङ्गसम्मिश्रं ताम्बूलं केसरान्वितम् ।
जम्ब्वाम्रपनसादीनि द्राक्षारम्भाफलानि च ।।१६।।

तत्तदृतुभवानीशे नारिकेलानि चानयेत् ।
बहुप्रकारमार्तिक्यं काञ्चनीं दक्षिणां तथा ।।१७।।

एवं सम्भृतसम्भार एकान्तस्थलमास्थितः ।
चैलाजिने कुशमये आसने च कृतासनः ।।१८।।

भूतशुद्धिं प्रकुर्वीत प्राणानां स्थापनं तथा ।
दिग्बन्धपूर्वं देवाँश्च गणेशादीन् नमेत् पुरा ।।१९।।

अन्तर्बहिर्मातृकाश्च न्यसेदागममार्गतः ।
सन्निधानादिका मुद्रा दर्शयेद् गुरुमार्गतः ।
मन्त्रन्यासं ततः कृत्वा षडङ्गन्यासमेव च ।।२०।।

पूजाद्रव्याणि संशोध्य ततो ध्यायेद् गजाननम् ।
एकदन्तं शूर्पकर्णं गजवक्त्रं चतुर्भुजम् ।।२१।।

पाशाङ्कुशधरं देवं मोदकान् बिभ्रतं करैः ।
रक्तपुष्पमयीं मालां कण्ठे हस्ते परां शुभाम् ।।२२।।

भक्तानां वरदं सिद्धिबुद्धिभ्यां सेवितं सदा ।
सिद्धिबुद्धिप्रदं नृणां धर्मार्थकाममोक्षदम् ।
ब्रह्मरुद्रहरीन्द्राद्यैः संस्तुतं परमर्षभिः ।।२३।।

आगच्छ जगदाधार सुरासुरवरार्चित ।
अनाथनाथ सर्वज्ञ गीर्वाणपरिपूजित ।।२४।।

स्वर्णसिंहासनं दिव्यं नानारत्नसमन्वितम् ।
समर्पितं मया देव तत्र त्वं समुपाविश ।।२५।।

देवदेवेश सर्वेश सर्वतीर्थाहृतं जलम् ।
पाद्यं गृहाण गणप ! गन्धपुष्पाक्षतैर्युतम् ।।२६।।

धूलो, इलायची, ल्वाङ र केशरबाट तयार गरिएको पान, जामुनाको फल, आँप, कटहर, दाख, केरा आदि नाना ऋतुमा उपलब्ध हुने फलहरू एवं नरिवलसमेत जम्मा गर्नुपर्दछ। धेरै थरिका आरती र सुवर्णमय दक्षिणासमेतको व्यवस्था गर्नुपर्दछ ।।११-१७।। यसरी सम्पूर्ण सामग्री जम्मा गरेपछि एकान्तस्थलमा आश्रय लिएर मृगचर्म र कुशको आसनमा बसी भूतशुद्धि र प्राणायाम गर्नुपर्दछ । दिग्बन्धनपूर्वक श्रीगणेशादि देवताहरूलाई नमस्कार गरी आगममार्गबाट अन्तर्मातृकान्यास र बहिर्मातृकान्यास गर्नुपर्दछ। गुरुले बताएअनुसार सन्निधान आदि मुद्रा प्रदर्शन गर्दै मन्त्रन्यास र षडङ्गन्यास गर्नुपर्दछ ।।१८-२०।। पूजा-द्रव्यहरूको शुद्धि गरी भगवान् श्रीगणेशको ध्यान गर्नुपर्दछ।

ध्यान - "एउटा दाँत धारण गर्नुहुने भएकाले जसलाई एकदन्त भनिन्छ, नाङ्लो अथवा सुपोजस्ता कान भएकाले जसलाई शूर्पकर्ण भनिन्छ, हात्तीको जस्तो मुखमण्डल भएकाले जसलाई गजवक्त्र भनिन्छ, चार हातले सुहाउनुभएको हुँदा जसलाई चतुर्बाहु अथवा चतुर्भुज भनिन्छ त्यस्ता पाश र अंकुश धारण गर्नुहुने, हातमा लड्डू लिनुहुने, कण्ठमा परममङ्गलमय राता फूलहरूद्वारा बनेको माला धारण गर्नुहुने, भक्तहरूलाई वरदान दिनुहुने, सिद्धि र बुद्धिनामक पत्नीहरूद्वारा सेवित र सबैलाई सिद्धि एवं बुद्धि प्रदान गर्नुहुने, मानिसहरूलाई धर्म, अर्थ, काम र मोक्षनामक पुरुषार्थ प्रदान गर्नुहुने र ब्रह्मा, रुद्र, विष्णु, इन्द्र आदि देवता एवं महर्षिद्वारा स्तुति गरिनुभएका भगवान् श्रीगणेशको म ध्यान गर्दछु" भनी ध्यान गर्नुपर्दछ ।।२१-२३।।

आवाहन - हे जगत्का आधार ! देवता र दानवद्वारा पूजित ! हे अनाथका नाथ ! हे सर्वज्ञ ! हे देववन्दित ! भगवन्! श्रीगणेश ! हजुर यहाँ आउनुहोस् । म हजुरको आवाहन गर्दछु ।।२४।।

आसनार्पण - हे भगवन् ! मैले हजुरलाई अनेक थरि रत्नहरूद्वारा जडित स्वर्णसिंहासन समर्पण गरिहेको छु, हजुर यहाँ आउनुहोस् र विराजमान हुनुहोस् ।।२५।।

पाद्यार्पण - हे देवदेवेश! मैले सबै तीर्थहरूबाट ल्याएको जल पाद्यका रूपमा अर्पण गर्दैछु, यसमा गन्ध, पुष्प र अक्षता पनि मिसिएको छ । कृपया स्वीकार गर्नुहोस् ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवालमुक्ताफलपूगरत्न

ताम्बूलजाम्बूनदमष्टगन्धम् ।

पुष्पाक्षतायुक्तममोघशक्ते !

दत्तं मयाऽर्घ्यं सफलीकुरुष्व ।।२७।।

अर्घ्यसमर्पण – हे अनेकशक्तिसम्पन्न भगवन् ! मुँगा, मोती, सुपारी, रत्न, पान र सुवर्णका साथ आठ प्रकारका सुगन्धित पदार्थहरूद्वारा सुवासित फूल र अक्षतासहित यो अर्घ्य हजुरलाई टक्र्याउँदैछु । यसलाई स्वीकार गर्नुहोस् ।।२७।।

गङ्गादिसर्वतीर्थेभ्यः प्रार्थितं तोयमुत्तमम् ।

कर्पूरैलालवङ्गादिवासितं स्वीकुरु प्रभो ।।२८।।

आचमनीयार्पण– हे प्रभु ! गङ्गा आदि सबै तीर्थहरूबाट ल्याइएको यो उत्तम जल रहेको छ । यसमा कपूर, अलैंची, ल्वाङ आदि पदार्थ मिसिएको छ । यो उत्तम जल म हजुरलाई आचमनीयका रूपमा टक्र्याउँदैछु, स्वीकार गर्नुहोस् ।।२८।।

चम्पकाशोकबकुलमालतीमोगरादिभिः ।

वासितं स्निग्धताहेतु तैलं चारु प्रगृह्यताम् ।।२९।।

तैलार्पण – हे प्रभु ! चम्पक, अशोक, वकुल, मालती, मोगर आदिबाट तयार गरिएको, अङ्गहरूमा चिल्लोपन बढाउने यो सुगन्धित तेलद्वारा म हजुरको आराधना गर्दैछु । हजुरले यसलाई स्वीकार गर्नुहोस् ।।२९।।

कामधेनुसमुद्भूतं सर्वेषां जीवनं परम्

पावनं यज्ञहेतु ते पयः स्नानार्थमर्पितम् ।।३०।।

दुग्धार्पण – हे गजानन ! कामधेनुबाट दोहन गरिएको सबैका लागि परम जीवनतत्त्वका रूपमा रहेको पवित्र र यज्ञसम्पादनका लागि अत्यन्त आवश्यक यो कामधेनुको दूध हजुरको स्नान सम्पन्न गर्न भनी अर्पण गर्दैछु । यसलाई स्वीकार गर्नुहोस् ।।३०।।

धेनुदुग्धसमुद्भूतं शुद्धं सर्वजनप्रियम् ।

मयाऽऽनीतं दधिवरं स्नानार्थं प्रतिगृह्यताम् ।।३१।।

दधिसमर्पण – गाईका दूधबाट तयार गरिएको सबैलाई प्यारो लाग्ने उत्तम दही म हजुरलाई टक्र्याउँदैछु । हजुरले यसलाई स्वीकार गर्नुहोस् ।।३१।।

नवनीतसमुत्पन्नं सर्वसन्तोषकारणम् ।

यज्ञाङ्गं देवताहारो घृतं स्नातुं समर्पितम् ।।३२।।

घृतार्पण – हे प्रभु ! मख्खनबाट तयार गरिएको सबैलाई सन्तोष दिने यज्ञको आवश्यक अङ्गको रूपमा सम्मानित देवताहरूको मीठो आहार यो घिउ हजुरको स्नानका लागि अर्पण गर्दछु । यसलाई स्वीकार गर्नुहोस् ।।३२।।

पुष्पसारघसम्भूतं सर्वतेजोविवर्धनम् ।

सर्वपुष्टिकरं देव ! मधु स्नानार्थमर्पितम् ।।३३।।

मधुसमर्पण – हे प्रभु ! फूलको रस र माहुरीको सीपबाट तयार भएको, सबै इन्द्रियहरूको तेज बढाउने र सबै प्रकारको पुष्टि प्रदान गर्ने यो मधु म हजुरलाई स्नानार्थ टक्र्याउँदैछु । स्वीकार गर्नुहोस् ।।३३।।

इक्षुसारसमुद्भूतां शर्करां सुमनोहराम् ।

मलापहारिणीं स्नातुं गृहाण त्वं मयाऽर्पिताम् ।।३४।।

शर्करार्पण – हे प्रभु ! ऊँखुको रसबाट तयार गरिएको, हेर्दा अत्यन्त राम्रो, शरीरका मलहरूको नाश गर्ने यो चिनी म हजुरलाई स्नानार्थ टक्र्याउँदैछु । स्वीकार गर्नुहोस् ।।३४।।

सर्वमाधुर्यसद्हेतुः स्वादुः सर्वप्रियङ्करः ।

पुष्टिकृत् स्नातुमानीत इक्षुसारभवो गुडः ।।३५।।

गुडार्पण – हे ईश्वर ! सम्पूर्ण मिठासको हेतु, अत्यन्त स्वादु, सबैलाई प्रिय लाग्ने, ऊँखुका रसबाट तयार गरिएको पुष्टिदायक यो गुड हजुरलाई टक्र्याउँदैछु । स्वीकार गर्नुहोस्।।३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कांस्ये कांस्येन पिहितो दधिमध्वाज्यपूरितः ।
मधुपर्को मयाऽऽनीतः पूजार्थं प्रतिगृह्यताम् ।।३६।।

सर्वतीर्थाहृतं तोयं मया प्रार्थनया विभो !
सुवासितं गृहाणेदं सम्यक् स्नातुं सुरेश्वर ।।३७।।

रक्तवस्त्रयुगं देव ! लोकलज्जानिवारणम् ।
अनर्घ्यमतिसूक्ष्मञ्च गृहाणेदं मयार्पितम् ।।३८।।

राजतं ब्रह्मसूत्रञ्च काञ्चनं रत्नसंयुक्तम् ।
भक्त्योपपादितं देव ! गृहाण परमेश्वर ।।३९।।

अनेकरत्नयुक्तानि भूषणानि बहूनि च ।
तत्तदङ्गे काञ्चनानि योजयामि तवाज्ञया ।।४०।।

अष्टगन्धसमायुक्तं रक्तचन्दनमुत्तमम् ।
द्वादशाङ्गेषु ते देव ! लेपयामि कृपां कुरु ।।४१।।

रक्तचन्दनसम्मिश्रास्तण्डुलास्तिलकोपरि ।
शोभायै सम्प्रदास्यामि गृहाण जगदीश्वर ।।४२।।

पाटलं कर्णिकारञ्च बन्धूकं रक्तपङ्कजम् ।
मोगरं मालतीपुष्पं गृह्यतां परमेश्वर ।।४३।।

नानापङ्कजपुष्पैश्च ग्रथितां पल्लवैरपि ।
बिल्वपत्रयुतां मालां गृहाण सुमनोहराम् ।।४४।।

दशाङ्गं गुग्गुलं धूपं सर्वसौगन्ध्यकारकम् ।
सर्वपापक्षयकरं त्वं गृहाण मयाऽर्पितम् ।।४५।।

मधुपर्कार्पण - हे गजानन ! काँसको पात्रमा काँसकै पात्रले ढाकेर तयार गरिएको दही, मह र घिउले परिपूर्ण यो मधुपर्क म हजुरलाई टक्र्याउँदैछु। यसलाई स्वीकार गर्नुहोस्।।३६।।

स्नानीय जलार्पण - हे विभु ! मैले प्रार्थनापूर्वक सबै तीर्थहरूबाट ल्याएको सुवासित यो जल हजुरलाई स्नानार्थ समर्पण गर्दछु । यसलाई स्वीकार गर्नुहोस् ।।३७।।

वस्त्रयुगलार्पण - हे देव ! संसारको लाज राखिदिने, अत्यन्त मूल्यवान् र मिही धागोबाट तयार गरिएको यो वस्त्रको जोडा म हजुरलाई टक्र्याउँदैछु। हजुरले स्वीकार गर्नुहोस् ।।३८।।

ब्रह्मसूत्रार्पण - हे प्रभु ! चाँदी, सुन आदि धातुहरूबाट सम्पन्न यो सुन्दर यज्ञसूत्र म भक्तिपूर्वक हजुरका निमित्त समर्पण गर्दैछु । यसलाई स्वीकार गर्नुहोस् ।।३९।।

अलङ्कारार्पण - अनेक रत्नहरूबाट तयार गरिएका यी अलङ्कारहरू हजुरका ती ती अङ्गहरूमा म पहिराउँछु । हजुरले यिनलाई स्वीकार गर्नुहोस् ।।४०।।

रक्तचन्दनार्पण - हे देव ! अष्टगन्धले सम्पन्न उत्तम यो रातो चन्दन, म हजुरका बाह्र अङ्गहरूमा लेपन गर्दछु । यसलाई स्वीकार गर्नुहोस् ।।४१।।

तण्डुलार्पण - हे प्रभु ! हजुरले लगाउनु भएको तिलकमाथि रक्तचन्दन मिसिएको यो अक्षता हजुरका शरीरको शोभा बढाउनका लागि म अर्पण गर्दैछु । यसलाई स्वीकार गर्नुहोस् ।।४२।।

पुष्पार्पण- हे परमेश्वर! पाडरी, कडेर, बाह्रमासे, रक्तकमल, मालतीपुष्प म हजुरलाई टक्र्याउँदैछु । हजुरले स्वीकार गर्नुहोस् ।।४३।।

माल्यार्पण - अनेक थरि कमलका फूलहरूले उनिएको सुन्दर पालुवाहरू बीचमा गाँसिएको, ठाउँ-ठाउँमा बेलपत्तीसमेत उनिएको यो मनोहर माला म टक्र्याउँदैछु । यसलाई स्वीकार गर्नुहोस् ।।४४।।

धूपार्पण - हे प्रभु ! दश अङ्गले सम्पन्न यो गोकुल धूप तयार गरेको छु । यसले मीठो सुगन्ध प्रवाहित गरिरहेको छ । यो सर्वपापनाशक पनि छ । यसलाई म हजुरका सामु भक्तिपूर्वक टक्र्याउँछु, स्वीकार गर्नुहोस् ।।४५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वज्ञ ! सर्वलोकेषु तमोनाशनमुत्तमम् ।
गृहाण मङ्गलं दीपं देवदेव ! नमोऽस्तु ते ।।४६।।

नानापक्वान्नसंयुक्तं पायसं शर्करान्वितम् ।
नानाव्यञ्जनशोभाढ्यं शाल्योदनमनुत्तमम् ।।४७।।

दधिदुग्धघृतैर्युक्तं लवङ्गैलासमन्वितम् ।
मरीचचूर्णसहितं क्वथिकावटकान्वितम् ।।४८।।

राजिकाधान्यसंयुक्तं मेथीपिष्टं सतक्रकम् ।
हिङ्गुजीरककूष्माण्डमरीचिमाषपिष्टकैः ।।४९।।

सम्पादितैः सुपक्वैश्च भर्जितैर्वटकैर्युतम् ।
मोदकापूपलड्डूकशष्कुलीमण्डकादिभिः ।।५०।।

पर्पटैरपि संयुक्तं नैवेद्यममृतान्वितम् ।
हरिद्राहिङ्गुलवणसहितं सूपमुत्तमम् ।।५१।।

ससामुद्रं गृहाणेदं भोजनं कुरु सादरम् ।
सुतृप्तिकारकं तोयं सुगन्धञ्च पिबेच्छया ।।५२।।

त्वयि तृप्ते जगत्तृप्तं नित्यतृप्ते महात्मनि ।
उत्तरापोशनार्थं ते दद्मि तोयं सुवासितम् ।।५३।।

मुखपाणिविशुद्ध्यर्थं पुनस्तोयं ददामि ते ।
दाडिमं मधुरं निम्बुजम्ब्वाम्रपनसादिकम् ।।५४।।

द्राक्षा रम्भाफलं पक्वकर्कन्धूखार्जुरं फलम् ।
नारिकेलं च नारङ्गमाञ्जिरं जम्बिरं तथा ।।५५।।

उर्वारुकञ्च देवेश ! फलान्येतानि गृह्यताम् ।
मुखपाणिविशुद्ध्यर्थं पुनस्तोयं ददामि ते ।।५६।।

दीपार्पण – हे सर्वज्ञ ! हे सर्वलोकेश ! हे देवदेव ! अन्धकारनाशक यो मङ्गल दीप म टक्र्याउँदैछु, हजुरले यसलाई स्वीकार गर्नुहोस् ।।४६।।

नैवेद्यार्पण – हे प्रभु ! अनेक थरि पक्वान्नसहित चिनी राखेको यो खीर हजुरलाई नैवेद्यका रूपमा टक्र्याएको छु, यसलाई स्वीकार गर्नुहोस् ।।४७।। हजुरको परमतुष्टिका लागि मैले मीठो भोजन तयार गरेको छु, ल्वाङ र अलैची मिसिएको, मरिचको धूलो छर्किएको, महबाट बनेका रोटी र बटुकसहित उपस्थापित, खेतमा लगाइने धानबाट बनेको मसिना चामलको भात, मेथीको धूलो छरिएको मोही, हिङ, जीरा, कुभिण्डो, मरिच र मास पिनेर तयार गरिएको यो लड्डू, राम्ररी भुटेर पकाएको वटुक, मालपुवा, लड्डू, जेरी र पापडसमेत रहेको यो अमृतमय भोजन हजुरले स्वीकार गर्नुहोस्। यसका साथ बेसार, हिङ र नूनसमेत राखिएको दाल पनि टक्र्याएको छु । यसलाई पनि नैवेद्यका रूपमा स्वीकार गर्नुहोस् ।

जलार्पण – हे प्रभु ! नरीवलसहित अत्यन्त तृप्ति दिने यो सुगन्धित जल हजुरका सामु टक्र्याएको छु । यसलाई इच्छानुसार पिउनुहोस् ।।४८-५२।।

उत्तरापोशनार्पण – हे भगवन् ! हजुर नित्यतृप्त महात्मा हुनुहुन्छ । हजुर तृप्त हुनुभएमा संसार नै तृप्त हुन्छ । हजुर तृप्त हुनुभएको ठानेर म उत्तरापोशनको रूपमा जल चढाइरहेको छु । स्वीकार गर्नुहोस् ।।५३।।

जलार्पण – हजुरका मुख र हातहरूको शुद्धिका लागि फेरि म हजुरलाई जलार्पण गर्दछु । यसलाई स्वीकार गर्नुहोस्।

फलार्पण – हे भगवन् ! गुलियो दाडिम, निम्बु, जामुनको फल, आँप, कटहर, दाख, केरा, पाकेको बयर, खजुर, नरीवल, सुन्तला, अञ्जीर, ज्यामिर, काँक्रो, खर्बुजा, तर्बुजा आदि यी फल म समर्पण गर्दैछु । हजुरले स्वीकार गर्नुहोस् ।

जलार्पण – हे प्रभु ! हात, मुख धुनका लागि म फेरि हजुरलाई जल टक्र्याउँदैछु, स्वीकार गर्नुहोस् ।।५४-५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहाण चन्दनं चारु कराङ्गोद्वर्तनं शुभम् ।
नानापरिमलद्रव्यैर्निर्मितं चूर्णमुत्तमम् ।।५७।।

सुगन्धिनामकं पुण्यगन्धि चारु प्रगृह्यताम् ।
चारुशालूरसम्भूतं वंशसारसमुद्भवम् ।।५८।।

सीमन्तभूषणं चूर्णं लाक्षारञ्जितमस्तु ते ।
सचन्द्रपूगचूर्णाढ्यं खाद्यखादिरसंयुतम् ।।५९।।

एलालवङ्गसम्मिश्रं ताम्बूलं केसरान्वितम् ।
न्यूनातिरिक्तपूजायाः सम्पूर्णफलहेतवे ।।६०।।

दक्षिणां काञ्चनीं देव ! स्थापयामि तवाग्रतः ।
सितपीतैस्तथारक्तैर्जलजैः कुसुमैः शुभैः ।।६१।।

ग्रथितां सुन्दरां मालां गृहाण परमेश्वर ।
हरिताः श्वेतवर्णा वा पञ्चत्रिपत्रसंयुताः ।।६२।।

दूर्वाङ्कुरा मया दत्ता एकविंशतिसम्मिताः ।
एकविंशतिसङ्ख्याकाः कुर्वे देवप्रदक्षिणाः ।।६३।।

पदे पदे ते देवेश ! नश्यन्तु पातकानि मे ।
औदुम्बरे राजते वा कांस्ये काञ्चनसम्भवे ।।६४।।

पात्रे प्रकल्पितान् दीपान् गृहाण चक्षुरर्पकान् ।
पञ्चारार्तिं पञ्चदीपैर्दीपितां परमेश्वर ।।६५।।

चारुचन्द्रनिभं दीपं गृहाण वीचिवारणम् ।
यथाऽस्य नेक्ष्यते भस्म तथा पापं विनाशय ।।६६।।

स्तोत्रैर्नानाविधैः सूक्तैः सहस्त्रनामभिस्ततः ।
उपविश्य स्तुवीतैनं कृत्वा स्थिरतरं मनः ।।६७।।

उद्वर्तनार्पण - हे भगवन् ! हजुरलाई हात र अरू अङ्गहरूमा लेपन गर्न म यो उवटनको धूलो टक्र्याउँदैछु । यो धूलो अनेक सुगन्धी द्रव्यहरूबाट तयार गरिएको छ । यसलाई स्वीकार गर्नुहोस् ।

सीमन्तभूषण - हे प्रभु! धातुविशेष, वंशलोचन र लाहासमेत राखेर तयार गरिएको चूर्ण हजुरको सिउँदाको भूषण बनाउनका लागि अर्पण गर्दैछु । स्वीकार गर्नुहोस्।।५७-५९।।

ताम्बूलार्पण - हे प्रभु ! कपूर, सुपारीका टुक्रा, खयरको लेप, अलैंची, ल्वाङ, केशरसहित यो पान म हजुरलाई टक्र्याउँदैछु ।।६०।।

दक्षिणा - हे देव ! न्यूनातिरिक्त पूजाको सम्पूर्ण फलप्राप्तिका लागि म हजुरलाई दक्षिणाको रूपमा स्वर्णमुद्रा टक्र्याउँदैछु ।

माल्यार्पण - हे भगवन् ! सेता, पहेंला, राता कमल र मङ्गलमय अन्य पुष्पहरूबाट तयार गरिएको यो राम्रो माला म हजुरलाई टक्र्याउँछु । स्वीकार गर्नुहोस् ।

दूर्वाङ्कुरार्पण- हरिया, सेता, पाँचपाते र सातपाते एक्काइस वटा यी दूर्वाङ्कुर म हजुरलाई समर्पण गर्दैछु, स्वीकार गर्नुहोस्।

प्रदक्षिणार्पण - हे देव ! म एक्काइसपटक हजुरका वरिपरि घुमेर हजुरलाई एक्काइस प्रदक्षिणा टक्र्याउँदैछु, प्रदक्षिणाका प्रत्येक पाइलाबाट मेरा सबै पाप नष्ट हुनेछन् ।

दीपार्पण - हे प्रभु ! तामो, चाँदी, सुन अथवा काँसको दीपदानीमा मैले दीपहरू बालेर हजुरलाई दीप अर्पण गर्दैछु । यो दीप मेरा लागि प्रकाशको कारक बनोस् ।

पञ्चारार्तिकार्पण - हे परमेश्वर ! यी पाँचवटा बत्तीबाट तयार गरिएको यो पञ्चारार्तिक हजुरलाई टक्र्याउँदैछु।।६१-६५।।

पुनः दीपार्पण- हे प्रभु ! मनको चञ्चलतालाई निवारण गर्ने यो दीप म हजुरलाई अर्पण गर्दैछु । जसरी यस दीपको भस्म हेरिँदैन, त्यसरी नै मैले पनि पाप हेर्न नपरोस् ।।६६।।

स्तुतिसमर्पण - हिमालय भन्दछन् - हे स्कन्द ! यसरी पूजा गरेपछि साधकले अनेक थरि स्तोत्र पाठ, सूक्तपाठ, सहस्रनाम जप गरेर आसनमा बसी भगवान् श्रीगणेशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीनाधीश ! दयानिधे ! सुरगणैः संसेव्यमान ! द्विज !
ब्रह्मेशानमहेन्द्रशेषगिरिजागन्धर्वसिद्धैः स्तुत !
सर्वारिष्टनिवारणैकनिपुण ! त्रैलोक्यनाथ प्रभो ।
भक्तिं मे सफलां कुरुष्व सकलां क्षान्त्वाऽपराधान् मम ।।६८।।

इति मूर्तिं समभ्यर्च्य दण्डवत् प्रणिपत्य च ।
जपेन्मन्त्रं ततो देवि ! सर्वसिद्धिप्रदायकम् ।।६९।।

निम्नानुसार स्तुति गर्नुपर्दछ – हे दीन-दुःखीका स्वामी! हे करुणावतार ! देवताहरूद्वारा वन्दित हे श्रीगणेश ! हे उत्तम ब्राह्मण ! ब्रह्मा, शिव, स्कन्द, शेषनाग, पार्वती, गन्धर्व, सिद्धहरूद्वारा वन्दित हे ईश्वर ! सबै अनिष्टहरूको निवारण गर्न एकमात्र कुशल हे प्रभु ! हे त्रिलोकीका स्वामी ! मेरा अपराधलाई क्षमा गरी मेरो भक्ति सफल तुल्याउनुहोस् । यसरी स्तुति गरेपछि श्रीगणेश मूर्तिमा पूजा गरी दण्डवत् प्रणाम गरेर साधकले सर्वसिद्धिप्रद श्रीगणेशमन्त्रको जप गर्नुपर्दछ ।।६७–६९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे श्रीगणेशपार्थिवपूजानिरूपणं नामैकोनपञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'गणेशपार्थिवपूजाविधिको प्रकाशन' शीर्षकान्वित उनान्पचासौं अध्याय पूर्ण भयो ।।४९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चाशोऽध्यायः { ५० अध्याय }

पार्वत्युवाच

अहं मन्त्रं न जानामि गिरीन्द्र ! मे वद स्वयम् ।
अनुग्रहं गणेशस्य यामि यामि शिवं शिवम् ।।१।।

हिमवानुवाच

मन्त्रा नानाविधा देवि नानासिद्धिप्रदायकाः ।
असङ्ख्याता गणेशस्य काँश्चित् तेषु वदामि ते ।।२।।

कृत्वा पद्मासनं सम्यङ् नियम्य खानि सर्वशः ।
कृतन्यासविधिः पश्चाज्जपं कुर्यान् निजेच्छया ।।३।।

एकाक्षरस्य मन्त्रस्य लक्ष्यं लक्ष्यार्धमेव च ।
षडक्षरस्य मन्त्रस्य नियुतं चायुतं तथा ।।४।।

तथा पञ्चाक्षरस्यापि दशाष्टाक्षरयोरपि ।
अष्टात्रिंशद्वर्णमन्त्रो जप्तव्योऽयुतसङ्ख्यया ।।५।।

एवं नानाविधान् मन्त्रान् जपन्ति स्वेष्टसिद्धये ।
त्वं तु पार्वति ! मे वाक्यं शृणुष्वैकाग्रमानसा ।।६।।

एकाक्षरं षडर्णञ्च गृहाण मन्त्रमुत्तमम् ।
नभःशुक्लचतुर्थ्यां त्वमारम्भं कुरु सुव्रते ।।७।।

अनुष्ठानं मासमात्रं कुरु कार्यं भविष्यति ।
शिवं प्राप्स्यसि सुव्यक्तमन्यद् यच्चापि वाञ्छितम् ।।८।।

पार्थिवी पूजिता मूर्तिः स्त्रिया वा पुरुषेण वा ।
एका ददाति सा काम्यं धनपुत्रपशूनपि ।।९।।

असाध्यं साधयेन्मर्त्यो मूर्तिद्वयप्रपूजनात् ।
त्रिमूर्तिपूजनाद् राज्यं रत्नानि सर्वसम्पदः ।।१०।।

चतुर्मूर्तीः पूजयेद् यो धर्मार्थकाममोक्षभाक् ।
सार्वभौमो भवेद् राजा पञ्चमूर्तिप्रपूजनात् ।।११।।

पार्वतीले भन्नुभयो - हे पर्वतराज हिमालय ! मैले श्रीगणेशको मन्त्र जानेकी छैन । हजुरले मलाई श्रीगणेशको मन्त्र उपदेश गर्नुहोस् । जसबाट म उहाँको मङ्गलमय कृपा र कल्याण पनि प्राप्त गर्न सकूँ ।।१।।

हिमालयले भने - हे पार्वती ! श्रीगणेशका अनेक थरि सिद्धि प्रदान गर्ने असङ्ख्य मन्त्र छन्, तीमध्ये केही मन्त्रहरूको विषयमा म तिमीलाई उपदेश गर्दछु ।।२।।

साधकले पद्मासन बाँधेर आफ्ना इन्द्रियहरूमाथि नियन्त्रण गरी न्यासको विधि पूरा गरेर इच्छानुसार श्रीगणेशमन्त्रको जप गर्नुपर्दछ ।।३।। एकाक्षरी मन्त्रको एक लाख अथवा पचास हजार सङ्ख्यामा जप गर्नुपर्दछ । षडक्षरी मन्त्रको एक लाख अथवा दश हजारको सङ्ख्यामा जप गर्नुपर्दछ ।।४।। त्यसैगरी पञ्चाक्षरी श्रीगणेश मन्त्र, दशाक्षरी श्रीगणेश मन्त्र, अष्टाक्षरी श्रीगणेश मन्त्र, अट्ठाइस अक्षरको श्रीगणेश मन्त्रलाई पनि दश-दश हजारको सङ्ख्यामा जप्नु पर्दछ ।।५।। साधकले आफ्नो इष्टसिद्धिका लागि अनेक थरि मन्त्रहरूको जप गर्नुपर्ने विधान रहेको छ । हे पार्वती ! तिमीले एकाग्रचित्त भएर मेरा उपदेशवाक्यहरू श्रवण गर । तिमीले एकाक्षरी मन्त्र र षडक्षरी मन्त्र गुरुबाट ग्रहण गर। हे सुव्रता छोरी ! तिमीले भाद्रशुक्ल चतुर्थी तिथिमा अनुष्ठान आरम्भ गर । एक महिनासम्म यो अनुष्ठान गरेपछि तिम्रो कार्य सिद्ध हुनेछ। प्रत्यक्षरूपमा तिमीले शिवजीको दर्शन पाउनेछ्यौ र तिमीले चिताएका अरू कामना पनि पूर्ण हुनेछन् ।।६-८।। नारी अथवा पुरुषले एउटा पार्थिव प्रतिमाको पूजन गर्दछन् भने चिताएको कामनाको पूर्ति हुन्छ र तिनले धन, पुत्र र पशुहरूसमेत प्राप्त गर्दछन् । श्रीगणेशका दुई पार्थिव मूर्तिहरूको पूजन गर्नाले असाध्य इच्छा पनि परिपूर्ण हुन्छ । श्रीगणेशका तीनवटा पार्थिव प्रतिमाको पूजनबाट राज्य, रत्न र सबै किसिमका सम्पत्ति प्राप्त हुन्छन् ।।९-१०।। जसले श्रीगणेशका चारवटा पार्थिव प्रतिमाको पूजन गर्दछ, त्यसले धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्दछ । श्रीगणेशका पाँचवटा पार्थिव प्रतिमाहरूको पूजनबाट साधक सार्वभौम राजा बन्दछ ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षण्मूर्तिपूजया सृष्टिस्थितिप्रलयकृद् भवेत् ।
सप्ताष्टनवमूर्तीनां पूजया सर्वविद् भवेत् ।।१२।।

भूतं भव्यं भविष्यच्च वेत्ति देवप्रसादतः ।
त्रयस्त्रिंशत्कोटिदेवा वह्नीन्द्रशिवविष्णवः ।।१३।।

सनकाद्या मुनिगणाः सेवन्ते दशपूजनात् ।
एकादशार्चनादेव दशरुद्राधिपो भवेत् ।।१४।।

द्वादशादित्यराज्यञ्च लभेच्च द्वादशार्चनात् ।
अतिसङ्कटवेलासु कुर्याद् वृद्ध्या प्रपूजनम् ।।१५।।

अष्टोत्तरशतं यावत् तावत् तत्तदवाप्नुयात् ।
महामुक्तिमवाप्नोति लक्षपूजनतोऽन्वहम् ।।१६।।

कारागृहान्मुक्तिकामः कारयेन्मूर्तिपञ्चकम् ।
त्रिःसप्तरात्रान्मुच्येत गणेशानुग्रहान्मुने ।।१७।।

सप्त मूर्तीः प्रकुर्वीत प्रत्यहं पञ्चवत्सरम् ।
महापापात् प्रमुच्येत गणेशे भक्तिमान्नरः ।।१८।।

आजन्ममरणादेकां पूजयेत् पार्थिवीं नरः ।
गणेशः स तु विज्ञेयो दर्शनाद् विघ्ननाशनः ।।१९।।

तमेव सर्वकामेषु पूजयेन्न गणाधिपम् ।
तस्यैव पूजया प्रीतो न देवःस्यात् तथा स्वयम् ।।२०।।

सर्वरोगप्रपीडासु मूर्तीनां त्रयमुत्तमम् ।
नवाहं पूजयेद् यस्तु सर्वपीडां व्यपोहति ।।२१।।

सौवर्णी राजती ताम्री रीतिकांस्यसमुद्भवा ।
मौक्तिकी च प्रवाली च सर्वमेतत् प्रयच्छति ।।२२।।

जसले श्रीगणेशका छवटा पार्थिव मूर्तिहरूको पूजन गर्दछ, त्यो सृष्टिपालन र संहार गर्न समर्थ हुन्छ । सातवटा, आठवटा र नौवटा मूर्तिहरूको पूजन गर्नाले साधक सर्वज्ञ बन्दछ । त्यसले श्रीगणेशको कृपाबाट भूत, भविष्य र वर्तमानका सम्पूर्ण घटना जान्न सक्दछ । दशवटा मूर्तिहरूको पूजन गर्नाले तेंत्तीस कोटि देवता, अग्नि, इन्द्र, शिव, विष्णु, सनकादि मुनिगणले सेवा गर्दछन् । एघारवटा पार्थिव मूर्तिहरूको पूजन गर्ने साधक दश रुद्रको अधिपति बन्दछ ।।१२-१४।। बाह्रवटा पार्थिव मूर्तिहरूको पूजा गर्नाले साधकले द्वादश आदित्यको साम्राज्य प्राप्त गर्दछ । अत्यन्त सङ्कटका समयमा मूर्तिहरूको सङ्ख्यावृद्धि गरी पूजन गर्नुपर्दछ ।।१५।। एक सय आठ पार्थिव मूर्तिको पूजन गर्दासम्म सङ्ख्यावृद्धि गरी पूजन गर्न सकिन्छ र तत्तत् फल प्राप्त गर्न पनि सकिन्छ । एक लाख मूर्तिहरूको पूजन गर्ने साधकले महामुक्ति प्राप्त गर्दछ ।।१६।। कारागृहबाट मुक्त हुन चाहने साधकले पाँचवटा मूर्ति तयार गरी तिनको पूजा गर्दछ भने त्यो भगवान् श्रीगणेशको अनुग्रहबाट एक्काइस दिनमा कारागृहबाट मुक्त हुन्छ ।।१७।। श्रीगणेशमा भक्ति गर्ने साधकले दिनदिनै सातवटा मूर्तिहरूको पूजा गर्दै यो पूजनक्रमलाई पाँच वर्षसम्म लगातार जारी राख्दछ भने त्यो महापापबाट मुक्त हुन्छ ।।१८।। जन्मदेखि मृत्युकालसम्म जुन साधकले एउटा पार्थिव मूर्तिको निरन्तर पूजा गर्दछ,त्यो साधक साक्षात् श्रीगणेशकै स्वरूप मानिन्छ । त्यसको दर्शन गर्नाले मात्र विघ्नहरू नष्ट भएर जान्छन् ।।१९।। सम्पूर्ण कामनासिद्धिका लागि त्यस्ता श्रीगणेशरूप भक्तको पूजा गर्नुपर्दछ । त्यस्ता भक्तको दर्शन पाएसम्म त्यसकै पूजा गरे हुन्छ । श्रीगणेशको पूजा गर्नुपर्दैन । भगवान् श्रीगणेश त्यस्ता भक्तको पूजाबाट जति प्रसन्न हुनुहुन्छ त्यति आफ्नो पूजाबाट प्रसन्न हुनुहुन्न ।।२०।। जुन साधकले सबै प्रकारका रोगहरूको पीडा हुँदा नौदिनसम्म लगातार श्रीगणेशका तीनवटा पार्थिव मूर्तिहरूको पूजन गर्दछ, त्यसले आफ्ना सबै पीडानिवारण गर्दछ ।।२१।। सुवर्णबाट बनेको सौवर्णी प्रतिमा, रजत अर्थात् चाँदीबाट बनेको राजती प्रतिमा, तामोबाट बनेको ताम्री प्रतिमा, रीति अर्थात् पित्तलबाट बनेको रीतिप्रतिमा, काँसबाट बनेको काँस्यप्रतिमा, मोतीबाट बनेको मौक्तिकी प्रतिमा, प्रबाल अर्थात् मुँगाबाट बनेको प्रबाली प्रतिमा गरी यी सबै प्रकारका प्रतिमाहरूको पूजा गर्नाले माथि बताएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं कृते व्रते देवि ! सर्वान् कामानवाप्स्यसि ।
यावद् भाद्रपदे मासि चतुर्थी परिलभ्यते ।।२३।।

तस्यां महोत्सवः कार्यो यथाविभवमादरात् ।
रात्रौ जागरणं कार्यं तत्कथावाद्यगायनैः ।।२४।।

प्रभाते विमले स्नात्वा पूर्ववत् पूजयेद् विभुम् ।
गणेशं वरदं देवं ततो होमं समारभेत् ।।२५।।

कुण्डे साङ्गे स्थण्डिले वा हूयाज्जपदशांशतः ।
पूर्णाहुतिं ततः कुर्याद् बलिदानपुरःसरम् ।।२६।।

आचार्यं पूजयेत् पश्चात् गोभूवासोधनादिभिः ।
ब्राह्मणाँस्तोषयेत् पश्चाद्धोमशेषं समापयेत् ।।२७।।

तर्पयेत् तद्दशांशेन तद्दशांशेन भोजयेत् ।
ब्राह्मणान् वेदविदुषः सपत्नीकाँश्च काँश्चन ।।२८।।

तेभ्यो भूषणवासांसि दद्याच्छक्त्या च दक्षिणाम् ।
दद्यात् स्त्रीणामलङ्कारान् योषिद्भ्यश्च सकञ्चुकान् ।।२९।।

तुष्टये गणनाथस्य सिद्धिबुद्धियुतस्य ह ।
वित्तशाठ्यं न कुर्वीत यथाविभवमाचरेत् ।।३०।।

ततः सुहृज्जनयुतः स्वयं भुञ्जीत सादरम् ।
अपरस्मिन् दिने मूर्तिं नृयाने स्थापयेन्मुदा ।।३१।।

छत्रध्वजपताकाभिश्चामरैरुपशोभिताम् ।
किशौरैर्दण्डयुद्धेन युध्यद्भिश्च पुरःसरम् ।।३२।।

महाजलाशयं गत्वा विसृज्य निनयेज्जले ।
वाद्यगीतध्वनियुतो निजमन्दिरमाव्रजेत् ।।३३।।

फल प्राप्त हुन्छन्।।२२।। हे पार्वती ! उक्त विधिअनुसार तिमीले पूजा गर्दछ्यौ भने तिम्रा सबै कामना परिपूर्ण हुनेछन् । भदौ महिनाको शुक्लपक्षको चतुर्थी तिथिमा आफ्नो सम्पत्तिअनुसार श्रद्धापूर्वक भक्तहरूले श्रीगणेशोत्सव मनाउनुपर्दछ । कथाश्रवण, कीर्तन,भजन, वाद्यवादन आदि क्रियाकलापका साथ त्यो रातभर जाग्राम बस्नुपर्दछ ।।२३-२४।। अर्को दिन निर्मल प्रभातको उदय भएपछि स्नान गरी श्रीगणेशको पूजा गर्नुपर्दछ। त्यसपछि हवन आरम्भ गर्नुपर्दछ ।।२५।। अङ्गसहित होमकुण्ड अथवा स्थण्डिल अर्थात् यज्ञवेदीमा जपको दशांश हवन गर्नुपर्दछ। त्यसपछि बलिदानपूर्वक पूर्णाहुति गर्नुपर्दछ ।।२६।। पूर्णाहुति गरेपछि गाई, भूमि, वस्त्र, धन आदि दान गरी आचार्यको पूजा गर्नुपर्दछ । यसैगरी अन्य ब्राह्मणहरूलाई पनि यथाशक्ति दान दिएर सन्तुष्ट तुल्याउनु पर्दछ। त्यसपछि होमशेष गर्नुपर्दछ।।२७।। हवनको दशांश तर्पण र तर्पणको दशांश ब्राह्मणभोजन गराउनु पर्दछ । केही वेदवक्ता सपत्नीक ब्राह्मणहरूलाई अलङ्कार र वस्त्रहरूका साथै दक्षिणा प्रदान गरेपछि सँगै रहेका ब्राह्मणीहरूलाई पनि धोती-चोलोसहित नारीहरूले धारण गर्ने अलङ्कार दान गर्नुपर्दछ ।।२८-२९।।

सिद्धिबुद्धिसहित भगवान् श्रीगणेशको तुष्टि र प्रसन्नताका लागि साधकले धन खर्च गर्ने कुरामा छुच्याइँ गर्न हुँदैन । आफ्नो सम्पत्तिअनुसार खर्च गर्नुपर्दछ ।।३०।। त्यसपछि मित्रहरूसहित बसी कर्ताले श्रद्धापूर्वक भोजन गर्नुपर्दछ । त्यसको अर्को दिन छाता, ध्वजा, चामर र पताकाद्वारा शोभायमान श्रीगणेशको पार्थिव मूर्तिलाई नरयानमा सजाएर राखिएको श्रीगणेशमूर्तिका अगाडि दण्डयुद्ध गरिरहेका किशोरहरूलाई लगाई ठूलो जलाशयमा गएर मूर्तिलाई जलमा विसर्जित गरी प्रवाहित गर्नुपर्दछ । त्यसपछि बाजा-गाजाका साथ श्रीगणेशसम्बन्धी भक्तिगीत गाउँदै आफ्नो घर फर्कनु पर्दछ ।।३१-३३।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे हिमवद्गिरिजासंवादे चतुर्थीव्रतकथनं नाम पञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'श्रावणशुक्ल चतुर्थीदेखि भाद्रशुक्ल चतुर्थीसम्म गरिने चतुर्थीव्रतको महत्त्व प्रकाशन' शीर्षकान्वित पचासौं अध्याय पूर्ण भयो ।।५०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकपञ्चाशोऽध्यायः { ५१ अध्याय }

पार्वत्युवाच

तव वाक्यामृतेनाहं पितः प्रीताऽस्मि साम्प्रतम् ।
परन्तु संशयो मेऽस्ति तं नुदस्व हिमालय ।।१।।

केन केन कृतं पूर्वं व्रतमेतन्महीधर ।
आख्यातं केन वा कस्मै कः कां सिद्धिमितोऽगमत् ।।२।।

एतत् सविस्तरं ब्रूहि संशयच्छेदनाय मे ।
यश्च पृच्छति यो वक्ति गजाननकथाः शुभाः ।।३।।

शृणोत्यन्योऽपि यो मर्त्यस्त्रयस्ते पुण्यभागिनः ।
जीवितं सफलं तेषां जन्म ज्ञानञ्च कर्म च ।।४।।

ब्रह्मोवाच

एवं तया कृतप्रश्नो हिमवानभ्यभाषत ।
वरदस्य गणेशस्य नानाजनकृतं व्रतम् ।।५।।

हिमवानुवाच

शृणु पार्वति ! वक्ष्यामि संवादं ते पुरातनम् ।
सेतिहासं व्रतस्यास्य सर्वसिद्धिकरस्य ह ।।६।।

कैलासे गिरिवर्ये तु सुखासीनं जगद्गुरुम् ।
क्रीडमानं मुदा देवैर्गन्धर्वैः परमर्षिभिः ।।७।।

नत्वा स्तुत्वा महातेजाः परिपप्रच्छ षण्मुखः ।।८।।

स्कन्द उवाच

देवदेव ! जगन्नाथ ! भक्तानामभयङ्कर !
नानाख्यानानि दिव्यानि श्रुतानि त्वत्प्रसादतः ।।९।।

तृप्तिं तात ! न गच्छामि पायं पायं सुधामिव ।
अधुना ब्रूहि मे देव ! व्रतं सर्वार्थसिद्धिदम् ।।१०।।

अनुष्ठानेन यस्याथ करस्थाः सिद्धयो नृणाम् ।
जायन्ते साधकानां तु वरदस्य प्रसादतः ।।११।।

शिव उवाच

साधु पृष्टं त्वया स्कन्द ! सर्वेषां हितकारकम् ।
कथयामि तव प्रीत्या महासिद्धिप्रदं भुवि ।।१२।।

पार्वतीले भन्नुभयो – हे पिता हिमालय ! हजुरको वाक्यामृत पान गरी म अहिले अत्यन्त प्रसन्न छु । परन्तु मेरो मनमा अहिले एउटा सन्देह पैदा भएको छ । कृपया हजुरले त्यसको निवारण गरिदिनुहोस् ।।१।। कसले कसलाई यो श्रीगणेशपूजाविधि सर्वप्रथम उपदेश गरे र कुन साधकले कस्तो सिद्धि प्राप्त गरे? मेरा यी संशयलाई हटाउन हजुरले विस्तारपूर्वक मलाई उत्तर दिनुहोस् । जसले भगवान् श्रीगणेशका उत्तम कथाहरूको विषयमा प्रश्न गर्दछ, जसले ती विषयमा उत्तर दिन्छ, जसले भगवान् गजाननका कथा सुन्दछ, यी तीन प्रकारका मानिसहरू पुण्यवान् बन्दछन्, तिनको जीवन सफल हुन्छ र उत्तम कर्म गरी तिनले उत्तम ज्ञान पनि प्राप्त गर्दछन् ।।२-४।।

ब्रह्माजीले भन्नुभयो – यसरी पार्वतीले प्रश्न गर्नुभएपछि हिमालयले धेरै साधकहरूद्वारा सम्पन्न गरिएको वरदायक श्रीगणेशको व्रतको विषयमा उपदेश गरे ।।५।।

हिमालयले भने – हे पार्वती ! सर्वसिद्धिदायक श्रीगणेश चतुर्थीको व्रतको सम्बन्धमा इतिहाससमेत खुलाउँदै पुरानो संवाद पनि म तिमीलाई बताउँछु ।।६।। कैलासपर्वतमा सुखपूर्वक विराजमान भई परमर्षि, देवता र गन्धर्वका साथ आनन्दपूर्वक क्रीडा गरिरहनुभएका जगद्गुरु सदाशिवजीको वन्दना र स्तुति गरी तेजस्वी स्कन्दले प्रश्न गर्नुभयो ।।७-८।।

स्कन्दले भन्नुभयो – भक्तहरूका लागि अत्यन्त आह्लादक जगत्का स्वामी हे महादेव ! मैले हजुरको कृपाबाट अनेक थरि दिव्य कथा सुनेको छु, तर ती कथा सुनेर अमृतपान गर्दा नअघाएझैं म अघाएको छैन । आज मलाई सर्वार्थसिद्धि प्रदान गर्ने व्रतको विषयमा उपदेश गर्नुहोस् । जुन व्रतको अनुष्ठानबाट भगवान् श्रीगणेश प्रसन्न हुनुहुन्छ र साधकहरूले अनेक सिद्धि प्राप्त गर्दछन् ।।९-११।।

शिवजीले भन्नुभयो – हे छोरा स्कन्द ! तिमीले सर्वहितकारी प्रश्न गरेका छौ, तिमीमाथि स्नेह राखेर म सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनायकप्रियं तात ! व्रतानामुत्तमं व्रतम् ।
सर्वेषां पुरुषार्थानां साधकं कृत्तिकात्मज ।।१३।।
विना यज्ञैस्तथा दानैर्जपहोमादिभिर्विना ।
सर्वसिद्धिकरं स्कन्द ! पुत्रपौत्रप्रवर्धनम् ।।१४।।
राजानं राजपुत्रं वा तन्मन्त्रिणमथापि वा ।
वशमानयति क्षिप्रं व्रतमेतन्महत्तमम् ।।१५।।
महापापोपपापैश्च बहुजन्मसु सञ्चितैः ।
व्रतस्यास्य प्रभावेण तैः पुमान् मुच्यते क्षणात् ।।१६।।
भाजनं सर्वसिद्धीनां जायते मानवो भुवि ।
प्रीतिदं तु गणेशस्य नानेन सदृशं क्षितौ ।।१७।।

स्कन्द उवाच

तात ! कस्मिन् भवेन्मासि व्रतमेतन्महोत्तमम् ।
विधानं कीदृशं चास्य केन वाऽऽचरितं पुरा ।।१८।।
सर्वमेतन्ममाचक्ष्व यद्यस्ति करुणा मयि ।

शिव उवाच

नभःशुक्लचतुर्थ्यान्तु स्नात्वा गुरुगृहं व्रजेत् ।
प्रणम्य तं गुरुं पश्चात् पूजयित्वा यथाविधि ।।१९।।
पाद्याचमनवस्त्राद्यैर्भूषणैश्च महत्तरैः ।
तोषयित्वा तु तं सम्यगाज्ञया प्रारभेद् व्रतम् ।।२०।।
सर्वसिद्धिकरं तात ! तातं गाणेश्वरं गुरो !
त्वमेव श्रीगणेशोऽसि दिश कामप्रदं प्रभो ।।२१।।
उपदिष्टे व्रते तेन सार्धं गङ्गातटं व्रजेत् ।
तडागं वा देवखातं तत्र स्नायाद् यथाविधि ।।२२।।
श्वेतसर्षपयुक्तेन तिलकल्केन षण्मुख !
स्नात्वा धात्रीयुतेनेह कृत्वा नित्यं गृहं व्रजेत् ।।२३।।
उपविश्यासने शुद्धे पूजयित्वा गणाधिपम् ।
गुरूपदिष्टमार्गेण व्रतं पश्चात् समारभेत् ।।२४।।

पुरुषार्थका साधक, ठूला-ठूला सिद्धि दिने, श्रीगणेशलाई अत्यन्त प्रिय लाग्ने, पृथिवीमा सर्वोत्तम मानिएको व्रतको विषयमा बताउँछु ।।१२-१३।। यज्ञ, दान, जप, होम र सत्कर्मविना पनि यो व्रत गर्ने मानिसले सिद्धि प्राप्त गर्दछ र पुत्र-पौत्रको वृद्धि गर्दछ । यो व्रत गर्ने साधकले राजा, राजपुत्र, राजमन्त्री र रानीलाई पनि वशमा ल्याउँछ । त्यस कारण यो व्रत महान् छ ।।१४-१५।। यस व्रतका प्रभावले मानिसले अनेकौं जन्मदेखि सञ्चित महापाप, पाप र उपपापबाट तत्काल मुक्ति प्राप्त गर्दछ। यसव्रतको प्रतापले साधक पृथिवीमा सबै सिद्धिको पात्र बन्दछ। पृथिवीमा श्रीगणेशलाई प्रसन्न तुल्याउने यो समान कुनै पनि व्रत र उपाय छैन ।।१६-१७।।

स्कन्दले भन्नुभयो- हे पिता परमशिव ! हजुरको ममाथि करुणा छ भने यो उत्तम श्रीगणेशव्रत कुन महिनामा गर्नुपर्दछ? यसको विधान कस्तो छ ? र यसको प्रथम अनुष्ठान कसले गरेका थिए? कृपापूर्वक यी प्रश्नहरूको उत्तर मलाई बताउनुहोस्।

शिवजीले भन्नुभयो - साधक मानिसले श्रावण-मासको शुक्लचतुर्थी तिथिमा स्नान गरी आफ्ना श्रद्धेय गुरुका घरमा जानुपर्दछ। गुरुलाई प्रणाम गरी विधिपूर्वक पाद्य, अर्घ्य, आचमनीय, वस्त्र, अलङ्कार आदि मूल्यवान् पदार्थहरूद्वारा पूजा गरेर उहाँलाई प्रसन्न तुल्याएपछि मात्र उहाँको आज्ञाबाट श्रीगणेशव्रतको आरम्भ गर्नुपर्दछ ।।१८-२०।। साधकले गुरुसँग भन्नुपर्दछ - हे गुरुदेव ! हजुर नै श्रीगणेशमूर्ति हुनुहुन्छ । हजुरले मलाई कामनापूरक, सर्वसिद्धिदायक श्रीगणेशभगवान्‌को उत्तम व्रतको उपदेश गर्नुहोस्।।२१।। यसरी साधकले गुरुको प्रार्थना गरेपछि गुरुले प्रसन्न भएर व्रतको विषयमा उपदेश गर्ने छन्। त्यसपछि गुरुका साथ गङ्गातट, तलाउ अथवा कुनै देवताको मन्दिरअगाडि रहेको पोखरीमा गई विधिपूर्वक स्नान गर्नुपर्दछ ।।२२।। हे स्कन्द ! सेतो सर्स्यूँ मिसिएको अमलासहित तिलको पिनाले नुहाएर नित्य घर फर्किनु पर्दछ ।।२३।। शुद्धासनमा बसेर श्रीगणेशको पूजा गरी गुरुले बताएअनुसार व्रतारम्भ गर्नुपर्दछ ।।२४।। श्रावण महिनाको शुक्लपक्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृदा मूर्तिं गणेशस्य चतुर्थ्यां श्रावणस्य तु ।
प्रत्यहं पूजयेत् कृत्वा यावद् भाद्रचतुर्थिका ।।२५।।

ब्रह्मचर्यव्रते स्थित्वा कर्तव्यं व्रतमुत्तमम् ।
उपवासैकभक्ताभ्यां नक्तेनायाचितेन वा ।।२६।।

चतुर्थकाले भुञ्जीत हविष्यान्नं समाहितः ।
अक्षारं मधुरं भुञ्जन् भक्तिमानाचरेद् व्रतम् ।।२७।।

जपन् गाणेश्वरीं विद्यां षडानन ! षडक्षरीम् ।
द्विचतुरक्षरां वापि तथैवैकाक्षरामपि ।।२८।।

दशाक्षरामथ स्कन्द ! द्वादशार्णामथापि वा ।
नियुतं वाऽयुतं वापि प्रत्यहं जप इष्यते ।।२९।।

तदर्धं वा तदर्धं वा दशांशं होममाचरेत् ।
ध्यायन् गजाननं देवमहोरात्रमतन्द्रितः ।।३०।।

प्राप्ते प्रौष्ठपदे मासि चतुर्थ्यां तु गजाननम् ।
सौवर्णपलमानेन तदर्धार्धेन वा पुनः ।।३१।।

मयूरवाहनं कुर्यादथवाऽऽखुगतं शुभम् ।
कृत्वा मण्डपिकां तत्र धान्यराशिं प्रकल्पयेत् ।।३२।।

सौवर्णं राजतं ताम्रं कलशं स्थापयेत् ततः ।
तस्योपरि न्यसेत् पात्रं रुक्मराजतताम्रकम् ।।३३।।

वस्त्रयुग्मेन संवेष्ट्य सपात्रं कलशं ततः ।
पञ्चपल्लवसंयुक्तं पञ्चरत्नसमन्वितम् ।।३४।।

पीठपूजां पुरा कृत्वा स्थापयेत् तत्र तं विभुम् ।
मूलमन्त्रैश्च वेदोक्तैः पूर्वोक्तैरपि षण्मुख ।।३५।।

ध्यात्वा गजाननं देवमावाह्य परया मुदा ।
आसनञ्च तथा पाद्यं दद्यादाचमनीयकम् ।।३६।।

अर्घ्यं रत्नयुतं स्कन्द ! स्नानं पञ्चामृतैः शुभम् ।
सुवासिताभिरद्भिश्च स्नापयेत् परमेश्वरम् ।
रक्तवस्त्रयुगं दद्यादुपवीतं तथोत्तमम् ।।३७।।

चतुर्थी तिथिमा शुद्ध माटोले श्रीगणेशको मूर्ति तयार गरी त्यो दिनदेखि लगातार भाद्र शुक्ल चतुर्थीसम्म दिनदिनै पूजा गर्नुपर्दछ।।२५।। त्यो व्रत गर्दा ब्रह्मचर्य धारण गर्नुपर्दछ । त्यो व्रत उपवासको रूपमा हुनसक्छ । एक छाक खाएर हुनसक्छ। रातिमा मात्र खाएर अथवा अयाचित वस्तु स्वतः प्राप्त हुँदा त्यसबाट गुजारा गरेर पनि सम्पन्न गर्न सकिन्छ ।।२६।। भक्तिमान् साधकले लवणरहित मधुर हविष्यान्नको भोजन गरी व्रत गर्नुपर्दछ ।।२७।। हे स्कन्द ! यसरी श्रावण शुक्ल चतुर्थीदेखि भाद्र शुक्ल चतुर्थीसम्म व्रत गर्दा ६ अक्षरको गणपति मन्त्र, २ अक्षरको गणपति मन्त्र, ४ अक्षरको गणपति मन्त्र अथवा १ अक्षरको गणपति मन्त्र अथवा १० अक्षरको गणपति मन्त्र, अथवा १२ अक्षरको गणपति मन्त्रको १ लाख सङ्ख्यामा, नसके १० हजार सङ्ख्यामा भए पनि दिनदिनै जप गर्नुपर्दछ ।।२८-२९।। यसरी व्रत गर्नेले दिनरात निरालस्य भई भगवान् गजाननको ध्यान गर्दै जपको आधा अथवा आधाको पनि आधा होम गर्नुपर्दछ । जब भाद्रशुक्ल चतुर्थी आइपुग्छ त्यस बेला एक तोला सुनको श्रीगणेशको मूर्ति बनाउनुपर्दछ, अथवा आधा तोला सुनको मूर्ति बनाउँदा पनि हुन्छ । त्यो मूर्तिको निर्माणको क्रममा मयूरको वाहनमा सवार श्रीगणेशको मूर्ति बनाउनुपर्दछ। अथवा मूसाको वाहनमा सवार श्रीगणेशको मूर्ति बनाए पनि हुन्छ । मूर्ति प्रतिष्ठाको क्रममा एउटा मण्डप तयार गरी त्यसको माझमा धानको थुप्रो लगाउनु पर्दछ ।।३०-३२।। त्यसमाथि सुन, चाँदी अथवा तामाको कलश स्थापना गरी कलशमाथि सुन अथवा चाँदी अथवा तामाको थाली राख्नुपर्दछ ।।३३।। माथिको थालीसमेत त्यस कलशलाई दुइटा वस्त्रखण्डले राम्ररी ढाकी त्यसमा पञ्चरत्न र पञ्चपल्लवसमेत राख्नुपर्दछ ।।३४।। पीठपूजा गरेपछि त्यस पात्रमाथि पूर्वोक्त मन्त्र र वेदमन्त्रहरूको उच्चारण गर्दै भगवान् श्रीगणेशको मूर्तिस्थापना गर्नुपर्दछ । श्रीगणेशको ध्यान गरी प्रसन्नतापूर्वक आवाहन गरेर आसन, पाद्य, अर्घ्य र आचमनीय समर्पण गर्नुपर्दछ ।।३५-३६।। हे स्कन्द ! त्यसपछि रत्नसमेतको अर्घ समर्पण गरी पञ्चामृत र सुगन्धित जलले परमेश्वर श्रीगणेशलाई स्नान गराउनुपर्दछ । स्नान गराएपछि दुइटा राता कपडा चढाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानाविधैराभरणैर्भूषयेत् परमेश्वरम् ।
गन्धाक्षतैर्धूपदीपैर्नैवेद्यैर्विविधैरपि ।।३८।।

वटकापूपलड्डूकशाल्यन्नपायसादिभिः ।
पञ्चामृतैर्व्यञ्जनैश्च भोजयेत् परमेश्वरम् ।।३९।।

उद्वर्तनं करे दद्यात् फलं ताम्बूलमेव च ।
काञ्चनीं दक्षिणां दद्याच्छत्रं व्यञ्जनचामरे ।।४०।।

नीराजनं मन्त्रपुष्पं दत्वा स्तोत्राण्युदीरयेत् ।
सहस्रनामभिः स्तुत्वा ब्राह्मणान् पूजयेत् ततः ।।४१।।

रात्रौ जागरणं कृत्वा गीतनृत्यादिमङ्गलैः ।
प्रभाते विमले स्नात्वा नित्यं कृत्वा यथाविधि ।।४२।।

पूजयेत् पूर्ववद् देवं ततो होमं समाचरेत् ।
द्रव्यैर्नानाविधैर्हुत्वा कुर्यादाचार्यपूजनम् ।।४३।।

गोभूतिलहिरण्याद्यं गुरवे तन्निवेदयेत् ।
अन्येभ्यो ब्राह्मणेभ्यश्च प्रदद्याद् भूरि दक्षिणाम् ।।४४।।

ब्राह्मणान् भोजयेत् पश्चाच्छतमष्टोत्तरं तथा ।
अधिकान् यदि शक्तिश्चेदथवाऽप्येकविंशतिम् ।।४५।।

दीनान्धकृपणेभ्यश्च दद्यादन्नं सपायसम् ।
पुनश्च दक्षिणां दद्यात् प्रगृह्याशिषमुत्तमाम् ।।४६।।

सुहृद्बन्धुयुतो मौनी स्वयं भुञ्जीत सादरम् ।।४७।।

शिव उवाच

एवं ते कथितं स्कन्द ! वरदस्य व्रतं शुभम् ।
भुक्तिमुक्तिप्रदं नृणां सर्वकामफलप्रदम् ।।४८।।

पुरातनमितिहासमस्मिन्नर्थे वदामि ते ।
महाधर्मपरो राजा पुराऽभूत् कर्दमाभिधः ।।४९।।

पालयामास वसुधां सागरान्तां स्वतेजसा ।
गुणैर्यस्य हृता देवा नित्यं यत्सदसि स्थिताः ।।५०।।

यज्ञोपवीतसमेत प्रदान गरी अनेक वस्त्र-अलङ्कारद्वारा भगवान्को मूर्ति सजाई चन्दन, अक्षता, धूप, दीप र उत्तम नैवेद्यसमेत समर्पण गरेर पूजा गर्नुपर्दछ ।।३७-३८।। वटुक, मालपुवा, लड्डू, मीठो भात, खीर, पञ्चामृत र व्यञ्जन टक्र्याई परमेश्वरलाई भोजन गराउनुपर्दछ । त्यसपछि भगवान्को हातमा उवटनको धूलो, फल, ताम्बूल, छाता, पङ्खा, चामर, दक्षिणाको निमित्त स्वर्णमुद्रा समेत टक्र्याउनु पर्दछ ।।३९-४०।। उक्त पदार्थहरू टक्र्याएपछि आरती, मन्त्रपुष्पाञ्जलिसमेत सम्पन्न गरी स्तोत्रपाठ गर्नुपर्दछ । श्रीगणेशसहस्रनामद्वारा स्तुति गरी ब्राह्मणहरूको सत्कार गर्नुपर्दछ।।४१।। गीत, नृत्य आदि मङ्गलकार्यद्वारा रातभर जागा रही अर्को दिन निर्मल बिहानीको उदयपछि नुहाएर विधिपूर्वक नित्यकर्म गरी फेरि श्रीगणेशको पूजा गरी होमकार्य गर्नुपर्दछ। अनेक थरि पदार्थहरूबाट हवन सम्पन्न गरेपछि आचार्यको पूजन गर्नुपर्दछ ।।४२-४३।। गुरुलाई गाई, सम्पत्ति, सुन आदि धातु निवेदन गर्नुपर्दछ र अरू ब्राह्मणहरूलाई पनि श्रद्धापूर्वक दक्षिणा दिनुपर्दछ ।।४४।। त्यसपछि शक्ति भएमा अधिकतम १०८ ब्राह्मणहरूलाई भोजन गराउनु पर्दछ । शक्ति नभएमा २१ ब्राह्मणहरूलाई भोजन गराउनु पर्दछ।।४५।। दीन, अन्धा, गरीबहरूलाई खीरसहित भोजन गराउनुपर्दछ । सबैलाई भोजन गराएपछि ब्राह्मणहरूसँग आशीर्वाद ग्रहण गरेर उनीहरूलाई दक्षिणा दिनुपर्दछ ।।४६।। दक्षिणा अर्पण गरेपछि आफ्ना बन्धु र मित्रहरूसँग बसी श्रद्धापूर्वक प्रसादको रूपमा भोजन ग्रहण गर्नुपर्दछ ।।४७।।

शिवजीले भन्नुभयो - हे स्कन्द ! यसरी मैले तिमीलाई वरदायक श्रीगणेशको मानिसलाई भुक्ति एवं मुक्ति प्रदान गर्ने र मानिसका सबै कामना परिपूर्ण गराउने उत्तम व्रतको वर्णन गरें।।४८।। यसै सन्दर्भमा म तिमीलाई एउटा पुरानो इतिहास बताउँछु । प्राचीन समयमा अत्यन्त धार्मिक स्वभावका कर्दम नामक राजा भए ।।४९।। तिनले आफ्नो प्रतापबाट सागरसम्म सीमा भएको विशाल भूखण्डको पालन गरेका थिए । कर्दमका गुणबाट प्रसन्न भएका देवताहरू नित्य उनको सभामा आई शोभा बढाउँथे ।।५०।। कुनै समयमा दैवयोगले भृगु मुनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कदाचिद् दैवयोगेन भृगुस्तस्य गृहं ययौ ।
तत उत्थाय राजा स बहुमानपुरःसरम् ।।५१।।

उपविश्यासने श्रेष्ठे पूजितो गुरुवत् ततः ।
भुक्त्वा स्थितं मुनिवरं राजा वचनमब्रवीत् ।।५२।।

राजोवाच

भगवन् ! सर्वतत्त्वज्ञ ! किञ्चित् पृच्छामि तद् वद ।
पूर्वजन्मनि कश्चाहं किं मया सुकृतं कृतम् ।।५३।।

येनेदृशं मया राज्यं प्राप्तं निहतकण्टकम् ।
प्राप्तं नैव नृपैरन्यैर्न च प्राप्स्यन्ति चापरे ।।५४।।

देवानामपि पूज्योऽहं गन्धर्वोरगरक्षसाम् ।
कुबेरसम्पदा तुल्यां सम्पदं पश्य मे मुने ।।५५।।

त्रिलोक्यां रत्नभूतं यत् तदानीतं स्वतेजसा ।
यं यं पदार्थमिच्छामि तं तं पश्यामि वेश्मनि ।।५६।।

केनेत्थं कर्मणा प्राप्तं तद् वदस्व मम प्रभो ।
कामये तत्पुनः कर्तुं पुण्यं पुण्यवतां वर ।।५७।।

भृगुरुवाच

कथयामि नृपश्रेष्ठ ! प्रणिधानबलादहम् ।
त्वमासीः पूर्वजनुषि क्षत्रियो दुर्बलः शुचिः ।।५८।।

कुटुम्बभरणार्थं त्वं नाना कर्माण्यथाकरोः ।
क्रियमाणं च तत्कर्म न चासीत् फलदं तव ।।५९।।

अत्यन्तनिष्ठुरैर्वाक्यैर्दारापत्यैश्च पीडितः ।
अपृष्ट्वा पुत्रदारांस्त्वं गतवान् गहनं वनम् ।।६०।।

विभ्रमन् दिक्षु सर्वासु दृष्टवानसि सौभरिम् ।
सिद्धासने समासीनं सेवितं मुनिपुङ्गवैः ।।६१।।

कथयन्तं महाविद्यां शिष्येभ्यो दुःखनाशिनीम् ।
दृष्ट्वा तं सौभरिं दिव्यमन्यॉंश्चर्षिगणान्नृप ।।६२।।

कर्दमका दरबारमा आइपुगे । उनलाई आएको देखेर कर्दम राजाले उत्तम सम्मानका साथ आसनमा बसाएर गुरुको झैं पूजा गरे । भोजन गरेपछि आनन्दपूर्वक विराजमान मुनिश्रेष्ठ भृगुसमक्ष गएर राजा कर्दमले निवेदन गरे ।।५१-५२।।

राजाले भने- हे सबै तत्त्वका ज्ञाता भगवान् भृगुमहर्षि ! म हजुरसँग केही कुरा सोध्न चाहन्छु, हजुरले आज्ञा गर्नुहोस्। म पूर्वजन्ममा को थिएँ र मैले कुन पुण्य गरेको थिएँ ?।।५३।। जसबाट आज म यो निष्कण्टक राज्य प्राप्त गरी शासन गरिरहेको छु । मेरोजस्तो कण्टकहीन राज्य न कसैले पाएको थियो न त भविष्यमा कसैले प्राप्त गर्ने छ ।।५४।। म देवताहरूबाट समादृत छु । गन्धर्व, नाग र राक्षसहरूले पनि मेरो सम्मान गर्दछन् । फेरि कुबेरको श्रीसम्पत्तिसमान मेरो पनि सम्पत्ति छ । हजुर त्यो हेर्न सक्नुहुन्छ । स्वर्ग, मर्त्य, पातालका जुन मूल्यवान् र महनीय पदार्थ थिए, ती सबैलाई मैले आफ्ना प्रतापले यहाँ ल्याई सजाएर राखेको छु । मैले मनले जुन जुन पदार्थको प्राप्तिको परिकल्पना गर्दछु, ती ती पदार्थलाई तुरुन्तै आफ्नो निवासमा देख्न पाउँछु ।।५५-५६।। हे पुण्यवान् मुनिवर ! कुन कर्मबाट मैले यो सौभाग्य पाउन सकें ? यस विषयमा मलाई बताउनुहोस्। किनकि त्यो पुण्यदायक कर्म फेरि पनि म गर्न चाहन्छु ।।५७।।

भृगुले भन्नुभयो - हे उत्तम राजा ! म ध्यानदृष्टिद्वारा विचार गरेर तपाईंको पूर्वजन्म र तपाईंले गरेका उत्तम पुण्यको विषयमा बताउँछु । तपाईं पूर्वजन्ममा शुद्ध आचार-विचार भएका तर दुर्बल शरीरका क्षत्रिय हुनुहुन्थ्यो ।।५८।। कुटुम्ब पालनका लागि तपाईंले अनेक कष्ट सहनुभयो । तर तपाईंले गरिरहेको कर्म तपाईंका लागि फलप्रद र सन्तोषजनक थिएन ।।५९।। सम्मान र धन नभएपछि पत्नी र छोराहरूद्वारा दिक्क भई तपाईं उनीहरूसँग कुनै सोधपुछ नगरी गहन वनतर्फ लाग्नुभयो।।६०।। चारैदिशामा भ्रमण गर्दै जाँदा तपाईंले एक दिन एउटा ठाउँमा सिद्धासनमा बसेका, मुनिहरूद्वारा सेवित र शिष्यहरूलाई दुःखनाशक महाविद्याको उपदेश गरिरहेका सौभरि ऋषिको दर्शन गर्नुभयो ।।६१।। दिव्यमुनि सौभरिको र उहाँका चारैतिर बसेका अरू ऋषिहरूको समेत दर्शन गरेपछि तपाईंले भुइँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दण्डवत् पतितोऽसि त्वं भुवि तैश्चाभिनन्दितः ।
उपविष्टः स्वासने च मुनिना तेन दर्शिते ।।६३।।

पृष्टवानसि तं दिव्यं लब्ध्वाऽवसरमादृतः ।

क्षत्रिय उवाच

स्वामिन् ! संसारदुःखेन बहुधा क्लेशितो मुने ।।६४।।

दारापत्यसुहृद्भिश्च वाग्बाणैर्भृशताडितः ।
न वैराग्यं मनो याति निष्ठुरेषु सुहृत्सु च ।।६५।।

शीतोष्णक्षुत्पिपासाभिः पीडितोऽपि भृशं मुने ।
उपायं वद मे किञ्चिद् दुःखसागरतारकम् ।।६६।।

शिव उवाच

इति श्रुत्वा वचस्तस्य सौभरिः कृपया युतः ।
उपायं चिन्तयामास नृपदुःखविनाशनम् ।।६७।।
ततस्तं क्षत्रियं प्राह सर्वपापविमोचनम् ।

ऋषिरुवाच

व्रतं यत् कथयिष्यामि कुरु निश्चितमानसः ।।६८।।

यस्यानुष्ठानमात्रेण सर्वदुःखलयो भवेत् ।
ब्राह्मणैः क्षत्रियैर्वैश्यैस्तथा ब्रह्मर्षिभिः कृतम् ।।६९।।
मुक्तास्ते सर्वदुःखेभ्यः प्राप्ताः सिद्धिमनुत्तमाम् ।
वरदस्य गणेशस्य धर्मार्थकाममोक्षदाम् ।।७०।।

क्षत्रिय उवाच

कोऽसौ गणेशः किंशीलः किंरूपः किंस्वभाववान् ।
किंकर्मा कथमुत्पन्नस्तत्सर्वं कथयस्व मे ।
यदि मे श्रवणायालं यद्यनुग्राह्यता मयि ।।७१।।

ऋषिरुवाच

यद् ब्रह्म नित्यं विरजं विशोकं
ज्ञानस्वरूपं परमार्थभूतम् ।
अनादिमध्यान्तमनन्तपारं
गणाधिपं तं प्रवदन्ति सन्तः ।।७२।।

पस्रिएर उनीहरूलाई साष्टाङ्गदण्डवत् प्रणाम गर्नुभयो । तपाइँले प्रणाम गरेपछि उनीहरूले पनि तपाइँको सत्कार गरे । त्यसपछि सौभरि ऋषिले इङ्गित गर्नुभएको आसनमा बसेर तपाइँले अवसर पाएको बेला दिव्यमुनि सौभरिसँग आफ्ना प्रश्न निवेदन गर्नुभयो।

कर्दमले भने- हे स्वामिन् ! हे मुनिराज ! मैले अनेक पटक संसारका दुःख र क्लेश भोगेको छु र पत्नी-पुत्र एवं मित्रहरूद्वारा गरिएका कठोर वचनको प्रहारबाट मर्माहत भएको छु। जाडो, गर्मी,.भोक र प्यासहरूले अत्यन्त दुःखी हुँदा पनि आफ्ना परिवारजन र मित्रजनप्रति मेरो मनमा उत्तिकै माया छ, वैराग्य आएको छैन । हजुरले मलाई दुःखको सागरबाट पार लगाउन केही उपाय बताउनुहोस् ।।६२-६६।।

शिवजीले भन्नुभयो - हे स्कन्द ! कर्दम क्षत्रियका यी कुरा सुनेर सौभरि ऋषिले दयालु हुँदै राजाको दुःखनाश गर्ने उपायबारे चिन्तन गरे । केहीबेर चिन्तन गरेपछि ती कर्दमलाई सबै पापनाश गर्ने उपाय बताउँदै भने ।

सौभरिले भने - म तपाइँलाई पापनाशक व्रतको विषयमा बताउँदैछु, मनमा दृढ निश्चय गरी त्यसको पालन गर्नुहोस्।।६७-६८।। त्यस व्रतको पालनबाट मात्र तपाइँका सबै दुःखहरूको विलय हुनेछ । यसको अनुष्ठान धेरै ब्राह्मण, क्षत्रिय,वैश्य र ब्रह्मर्षिहरूले पनि गरेका थिए । परिणामस्वरूप ती सबैले सबै प्रकारका दुःखबाट मुक्त भई वरद श्रीगणेशको कृपाबाट धर्म, अर्थ, काम र मोक्षसम्बन्धी अनेक सिद्धि प्राप्त गरे ।।६९-७०।।

कर्दमले भने - हे मुनिवर ! ती श्रीगणेश को हुन् ? तिनको आभ्यन्तर संस्कार र आचार कस्तो छ ? ती कस्तो रूपले सुहाएका छन्? तिनको स्वभाव कस्तो छ ? ती कस्तो कर्म गर्दछन् ? ती श्रीगणेश कसरी उत्पन्न भएका हुन् ? यी सबै कुराको उत्तर दिनुहोस्। यदि म उत्तर सुन्न योग्य र कृपायोग्य छु भने हजुरबाट मेरा प्रश्नहरूको उत्तर मैले पाउनेछु ।।७१।।

सौभरिले भने - सज्जनहरूले वासनामुक्त, शोकहीन, ज्ञानस्वरूप, परमार्थरूप, आदि, मध्य र अन्त्य हीन र अनन्तपार नित्य ब्रह्मतत्त्वलाई नै श्रीगणेश भन्दछन् ।।७२।। जसबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्मादोङ्कारसम्भूतिर्यतो वेदा यतो जगत् ।
येन सर्वमिदं व्याप्तं तं विद्धि गणनायकम् ।।७३।।

जगत्सर्जनकामेन ब्रह्मणा यस्य तुष्टये ।
अब्दानां तु शतं पूर्णं तपस्तप्तं सुदुष्करम् ।।७४।।

ततो हृष्टमना वेधाः प्रसन्नं तमपूजयत् ।
नानाविधोपचारैश्च दिव्यरत्नैः फलैस्तथा ।।७५।।

सिद्धिबुद्धी उभे कन्ये मनसा कल्पिते ददौ ।
तुष्टो देवो ददौ तस्मै विद्यामेकाक्षरीं विभुः ।।७६।।

ततो लब्धवरो ब्रह्मा चकार सकलं जगत् ।
षडक्षरेण मन्त्रेण विष्णुना तोषितः पुरा ।।७७।।

कृत्वा मूर्तिं गणेशस्य पूर्वोक्तविधिना व्रतम् ।
अव्यङ्गं वर्षमेकं तु नियमान् कृतवान् हरिः ।।७८।।

वरं लब्ध्वा गणेशात् तु पालयामास वै जगत् ।
एवंविधं विजानीहि गणेशं भुवि संस्तुतम् ।।७९।।

विश्वरूपमनादिञ्च सर्वकारणकारणम् ।
तमाराधय यत्नेन सर्वदुःखाद् वियुङ्क्ष्यसे ।।८०।।

क्षत्रिय उवाच

कस्मिन्काले प्रकर्तव्यमेतद् व्रतमनुत्तमम् ।
विधिना केन मे ब्रूहि साम्प्रतं मुनिसत्तम ।
करिष्ये वचनात् तेऽहं सर्वदुःखप्रशान्तये ।।८१।।

मुनिरुवाच

श्रावणे बहुले पक्षे चतुर्थ्यामारभेद् व्रतम् ।
कुर्वीत परया भक्त्या यावद् भाद्रचतुर्थिका ।
उपचारैः षोडशभिः पार्थिवं गणनायकम् ।
प्रत्यहं पूजयेद् भक्त्या ब्राह्मणान् भोजयेत् ततः ।।८२।।

ॐकारको उत्पत्ति हुन्छ, जसबाट वेद उत्पन्न हुन्छन् जसबाट जगत्को उत्पत्ति हुन्छ र जसमा यो दृश्यमान संसार व्याप्त भएर रहेको छ त्यो महान् तत्त्वलाई गणनायक भनिन्छ ।।७३।। जगत्को सृष्टि गर्न चाहने ब्रह्माजीले तिनको सन्तुष्टिका लागि पूरा सय वर्षसम्म कठोर तपस्या गर्नुभएको थियो ।।७४।। त्यस तपस्याबाट प्रसन्न हुनुभएका भगवान् श्रीगणेशको दर्शन पाएर खुसी भएका ब्रह्माजीले षोडशोपचार, दिव्यरत्न र फलहरू अर्पण गरी पूजा गर्नुभयो ।।७५।। त्यसै अवसरमा आफ्नै मनबाट कल्पना गरी प्रकट गरिएका दुई कन्या सिद्धि र बुद्धिलाई पनि ब्रह्माजीले श्रीगणेशलाई अर्पण गर्नुभयो । ब्रह्माजीको पूजा र उपहारबाट प्रसन्न हुनुभएका सर्वव्यापक श्रीगणेशले उहाँलाई आफ्नो एकाक्षरी मन्त्र दिनुभयो ।।७६।। त्यही एकाक्षरी विद्याको साधनाबाट सृष्टिसामर्थ्यको वरदान पाएर ब्रह्माजीले सम्पूर्ण संसारको सृष्टि गर्नुभयो । भगवान् श्रीगणेशको मूर्ति तयार गरी पूर्वोक्त विधिले व्रत पूर्ण गरेर विष्णु भगवान्ले षडक्षरी मन्त्रको जपबाट श्रीगणेश भगवान्लाई प्रसन्न तुल्याउनुभएको थियो ।।७७-७८।। वास्तवमा विष्णुले श्रीगणेशलाई प्रसन्न तुल्याउन एक वर्षसम्म निरन्तर कठोर नियमको पालन गर्नुभएको थियो । प्रसन्न हुनुभएका श्रीगणेशबाट वरदान प्राप्त गरी विष्णुले आफ्नो पालनी शक्तिद्वारा सम्पूर्ण संसारको पालन गर्नुभयो । हे कर्दम ! पृथिवीमा सबैद्वारा आराधना गरिनुभएका भगवान् श्रीगणेश अत्यन्त शक्तिशाली हुनुहुन्छ ।।७९।। तपाइँले उहाँलाई त्यसै रूपमा जान्नुपर्दछ । उहाँ विश्वरूप हुनुहुन्छ, सबै कारणहरूका पनि मूल कारण हुनुहुन्छ र अनादिरूप हुनुहुछ । तसर्थ तपाइँ पनि प्रयत्नपूर्वक श्रीगणेशको आराधना गरी दुःखबाट मुक्त हुनुहोस् ।।८०।।

कर्दमले भने - हे मुनिश्रेष्ठ ! श्रीगणेशको यो उत्तम व्रत कुन विधिबाट, कुन समयमा गर्नुपर्दछ ? यसबारे मलाई उपदेश गर्नुहोस् । म हजुरको वचनअनुसार आफ्ना सबै दुःखहरूको नाशका लागि यो व्रतको अनुष्ठान गर्नेछु ।।८१।।

सौभरिले भने - श्रावण शुक्लपक्षको चतुर्थी तिथिमा यो श्रीगणेशव्रतको आरम्भ गर्नुपर्दछ । भाद्र शुक्ल चतुर्थी तिथिपर्यन्त श्रद्धापूर्वक यस व्रतको अनुष्ठान गर्नुपर्दछ । दिनदिनै भक्तिपूर्वक षोडशोपचारले श्रीगणेश भगवान्को पार्थिव मूर्तिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वमेतत् कुरु भूपाल ! सर्वान् कामानवाप्स्यसि ।
इति श्रुत्वा व्रतं तस्मात् कृतवानसि सुव्रत ।।८३।।

समाप्ते तु व्रते तत्र सौभर्याश्रममण्डले ।
तावत् तस्य गृहं दिव्यं गणेशस्य प्रसादतः ।।८४।।

दिव्यनारीनरयुतं दासीदाससमन्वितम् ।
वेदघोषसमायुक्तं जातं गोधनसङ्कुलम् ।।८५।।

दिव्यवस्त्रसमायुक्ता नानालङ्कारसंयुता ।
अपत्यैस्तादृशैर्युक्ता विस्मिताऽऽसीत् प्रतीक्षती ।।८६।।

आयास्यति कदा भर्तेत्येवं चिन्तापराऽभवत् ।
तावत् त्वं मुनिमामन्त्र्य गतोऽसि निजमालयम् ।।८७।।

दिव्यं तच्छरणं हित्वा स्वगृहं परिमार्गयन् ।
तावद् भार्याप्रेषितास्त्वां निन्युस्तद्भवनं नराः ।।८८।।

ततस्त्वयाऽपि विज्ञातः प्रभावो वरदस्य सः ।
तद्व्रतस्य प्रभावेण राज्यभागिह जन्मनि ।।८९।।

शिव उवाच

इति श्रुत्वा भृगोर्वाक्यं कर्दमो हर्षनिर्भरः ।
चकार सकलं राजा भृगुणा यत्समीरितम् ।।९०।।

व्रतस्यास्य प्रभावेण ज्ञानवैराग्यवान् नृपः ।
भुक्त्वा भोगान् यथाकामं स्थाप्य पुत्रान् निजे पदे ।।९१।।

गतो गाणेश्वरं धाम यतो नावर्तते पुनः ।
सर्वार्थसाधकं स्कन्द ! व्रतानां व्रतमुत्तमम् ।।९२।।

नैतादृशं व्रतं दानं श्रुतमन्यत् कदाचन ।
सर्वार्थसाधकं स्कन्द ! व्रतं कुरु यदीच्छसि ।।९३।।

देवदानवगन्धर्वैर्ऋषिभिर्मनुजैः कृतम् ।
दमयन्त्या नलेनापि राज्ञा चन्द्राङ्गदेन च ।।९४।।

पूजा गर्नुपर्दछ। त्यसपछि ब्राह्मणभोजन गराउनुपर्दछ ।।८२।। हे राजन् ! तपाईँले यो व्रत गर्नुहोस् । सम्पूर्ण कामना सिद्ध गर्नुहुनेछ । यसरी सौभरिको उपदेशबाट तपाईँले पूर्वजन्ममा श्रीगणेश भगवान्‌को व्रत गर्नुभएको थियो ।।८३।। त्यस बेला सौभरिको आश्रममा तपाईँको व्रत पूरा भएपछि श्रीगणेशको कृपाबाट तपाईँको दिव्य घर तयार भयो ।।८४।। तपाईँको घर नर-नारी र दास-दासीले परिपूर्ण, अत्यन्त सुन्दर, वेदमन्त्रले मुखरित र गोधन्‌ले परिपूर्ण थियो ।।८५।। तपाईँकी पत्नी दिव्य वस्त्र र अलङ्कारद्वारा सजिएकी थिइन् । आफ्ना छोराहरू वरिपरि राखेर सुहाएकी तपाईँकी पत्नी आफ्ना घरमा आएको आकस्मिक परिवर्तनबाट चकित भई मेरा श्रीमान् कहिले घर फर्किनुहुन्छ भनेर चिन्ता गर्दै तपाईँको प्रतीक्षा गरिरहेकी थिइन् । त्यसैबेला तपाईँ सौभरि मुनिसँग मन्त्रणा गरी बिदा लिएर घरमा पुग्नुभयो ।।८६-८७।। त्यहाँ दिव्य धाम तयार थियो। तपाईँलाई भ्रान्ति भयो, यो मेरो घर होइन भनी तपाईँ आफ्नो पुरानो घरको खोजतलासमा लाग्नुभयो । त्यसैबेला तपाईँकी श्रीमतीले तपाईँ भ्रान्तिमा परेको थाहा पाई सहयोगार्थ मानिस पठाइन्। ती मानिसहरूले तपाईँलाई आफ्नो घरमा पुऱ्याए। त्यसपछि तपाईँले पनि भगवान् वरद श्रीगणेशको प्रभाव आत्मसात् गर्नुभयो। त्यसै व्रतका कारणबाट हे राजन् ! तपाईँले अहिले निष्कण्टक राज्यको उपभोग गरिरहनुभएको छ ।।८८-८९।।

शिवजीले भन्नुभयो - हे स्कन्द ! भृगु मुनिको वाक्य सुनेर हर्षित भएका राजाले भृगुको उपदेशअनुसार श्रीगणेशको व्रत पूर्ण गरे ।।९०।। त्यस व्रतका प्रभावले ज्ञान र वैराग्यले सम्पन्न ती राजा यस लोकका भोगहरू यथेष्ट भोग्दै राजसिंहासनमा छोरालाई राखी भगवान् श्रीगणेशको त्यो दिव्यधाममा प्राप्त भए, जहाँ गएर फेरि फर्कन पर्दैन। हे स्कन्द! यो श्रीगणेशको व्रत सर्वार्थसाधक र सर्वोत्तम व्रत हो ।।९१-९२।। यस किसिमको व्रत र दान अरू हुँदैन । हे स्कन्द ! यदि तिमी आत्मकल्याण चाहन्छौ भने श्रीगणेशको यो व्रत आरम्भ गर।।९३।। यो व्रत देवता, दानव, गन्धर्व, ऋषि र मानिसहरूले गरेका थिए । राजा नलकी रानी दमयन्तीले र राजा चन्द्राङ्गदले पनि यो व्रत गरेका थिए ।।९४।। यस व्रतको प्रभावले सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्प्राप्ताः सर्वकामाँस्ते गता गाणेश्वरं पदम् ।

कामना पूरा गरी अन्तमा ती सबै श्रीगणेशधाममा प्राप्त भएका थिए ।

गिरिरुवाच

इति ते कथितं सर्वं सेतिहासं व्रतं महत् ।

कुरु त्वं मनसा ध्यात्वा वरदं गणनायकम् ।।९५।।

व्रतमेतन्महाभागे ! शङ्करं प्राप्स्यसे ततः ।

स्नेहेन कथितं तेऽद्य प्रकाशं कुरु मा व्रतम् ।।९६।।

हिमालयले भने - हे पार्वती ! यसरी मैले तिमीलाई महान् श्रीगणेशव्रतको महिमा इतिहाससहित बताएँ । तिमीले पनि मनद्वारा वरद श्रीगणेशको ध्यान गरी श्रीगणेशव्रत पूरा गर ।।९५।। हे भाग्यवती छोरी ! श्रीगणेशका व्रतको प्रभावले तिमीले तुरुन्तै भगवान् शङ्करको दर्शन पाउनेछ्यौ । मैले तिमीलाई मेरी छोरी हो भनी स्नेहले यो गोप्य रहस्य बताएको छु। यस व्रतको रहस्य तिमीले पनि गोप्य नै राख्नुपर्दछ ।।९६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे हिमवत्पार्वतीसंवादो नामैकपञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'हिमालयद्वारा पार्वती र शिवजीद्वारा स्कन्दलाई पार्थिवपूजनको उपदेश' शीर्षकान्वित एकाउन्नौं अध्याय पूर्ण भयो ।।५१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विपञ्चाशोऽध्यायः { ५२ अध्याय }

पार्वत्युवाच

नलेनेदं कृतं कस्मात् को नलो वद मे पितः ।
मनो विश्रान्तिमायाति शृण्वन्त्या मे कथानकम् ।।१।।

हिमवानुवाच

निषधेषु महाराजो नलो नामाऽभवत् पुरा ।
ब्रह्मण्यो वेदविच्छूरो दानी मानी धनी मुनिः ।।२।।

रथी खड्गी शरी चापी निषङ्गी कवची बली ।
कृतास्त्रो देवपूज्यश्च त्रिलोकीगमनः शुचिः ।।३।।

शेषोऽपि मूकतां याति वर्णितुं यद्गुणानपि ।
न संख्या विद्यतेऽश्वानां गजानां रथिनां तथा ।।४।।

धानुष्काणां शस्त्रभृतामग्निशस्त्रभृतामपि ।
चकम्पुर्यद्भयाद् देवा इन्द्राद्याः सदिगीश्वराः ।।५।।

दमयन्तीति भार्याऽऽसीद् यस्य सौन्दर्यमन्दिरम् ।
दमयित्वाऽखिलान् ब्रह्मा सारं सारं प्रगृह्य च ।।६।।

दमयन्तीति विख्याता यतस्तेनेति निर्मिता ।
दमयन्त्यै त्रिलोकस्थनारीणां चारुतामदात् ।।७।।

नानालङ्कारसंयुक्ता नानामणिविभूषिता ।
मुक्ताहारलसत्कण्ठा सद्गुणाढ्या सुशोभना ।।८।।

यस्यामात्यो महानासीत् पद्महस्तः पराक्रमी ।
बुद्ध्या बृहस्पतिसमो नयेनाङ्गिरसा समः ।।९।।

पार्वतीले भन्नुभयो- हे पिताजी! ती नल राजा को हुन् र तिनले कसको सहयोग लिएर श्रीगणेशको व्रत सम्पन्न गरे ? यी प्रश्नको उत्तर मलाई बताउनुहोस् । तपाइँका मुखबाट श्रीगणेशको कथा सुन्दा मेरो मनले परम शान्ति प्राप्त गर्दछ।।१।।

हिमालयले भने- निषध देशमा पहिले नल नामक महाराजा भए । ती ब्रह्मनिष्ठ, वेदका ज्ञाता, शूर, दानी, मानी, धनी र ईश्वरका चिन्तक थिए ।।२।। नल राजा रथमा आरोहण गरी भ्रमण गर्ने, तरबार, धनु, बाण र ठोक्रो धारण गर्ने र कवच लगाएर सुरक्षित बलवान् राजा थिए । शस्त्र-अस्त्रले सुहाएका, देवताहरूद्वारा पनि प्रशंसित र स्वर्ग, मर्त्य एवं पातालमा निर्बाध रूपमा विचरण गर्ने राजा नल आचार-विचारबाट ज्यादै पवित्र थिए ।।३।। राजा नलका गुणहरूको वर्णन गर्न हजार जिब्रा भएका शेषनाग पनि असमर्थ हुन्छन् । उनीसँग घोडा, हात्ती र रथहरू कति थिए भन्ने कुराको कुनै सीमा थिएन ।।४।। त्यसैगरी उनीसँग कति धनुर्धारी वीर, कति शस्त्रअस्त्र सञ्चालन गर्ने सिपालु सिपाही र कति आग्नेय अस्त्र धारण गर्ने वीर थिए भन्ने कुरा पनि बताउन सकिन्नथ्यो। राजा नलको वीरताबाट इन्द्र आदि दिक्पालहरू पनि थर्कमान हुन्थे।।५।। राजा नलकी महारानी दमयन्ती सौन्दर्यकी खानी थिइन् । ब्रह्माजीले सम्पूर्ण सृष्टि गरिएका पदार्थहरूका सारतत्त्वलाई ग्रहण गरेर संसारमा देखिने सुन्दर एवं सुन्दरीहरूको सौन्दर्यगर्वलाई दमन गर्ने हेतुले निर्माण गरिएकी हुनाले ती महारानी संसारमा दमयन्ती नामबाट विख्यात भइन्।।६।। यिनले त्रिलोकमा रहने सुन्दरीहरूको सौन्दर्यलाई दमन गरेकी हुनाले ब्रह्माजीले पनि दमयन्तीलाई नाना प्रकारका अलङ्कारले सम्पन्न रत्नहरूको समृद्धि प्रदान गरेका थिए । मोतीको हारले सुहाएकी दमयन्ती सदाचार र सद्गुणले देदीप्यमान विश्वकी विलक्षण सुन्दरीका रूपमा प्रख्यात भइन् ।।७-८।। राजा नलका अमात्यको नाम पद्महस्त थियो । ती महान् पराक्रमी थिए । ती बुद्धिमा बृहस्पतिसमान, न्यायविद्यामा आङ्गिरससमान, उँचाइमा मेरूपर्वतसमान र गहिराइमा महासागरतुल्य थिए । कुनै दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुङ्गत्वे मेरुसदृशो गाम्भीर्ये चोदधेः समः ।
कदाचिदुपविष्टोऽसौ नलो राजा महामनाः ।।१०।।

निषसाद सभागेहे नृपमण्डलमध्यगः ।
नृत्यन्त्यप्सरसस्तस्य पुरतश्चारुदर्शनाः ।।११।।

स्तुवन्ति वन्दिनस्तञ्च ब्रह्मर्षिगणसंयुतम् ।
एतस्मिन्नेव काले तु गौतमो नृपतिं ययौ ।।१२।।

उत्थाय सादरं राज्ञा स्वासने विनिवेशितः ।
पूजितः परया भक्त्या ततः पप्रच्छ तं नलः ।।१३।।

नल उवाच

स्वामिन्ननुगृहीतस्ते दर्शनेन महामुने ।
जन्म राज्यं पिता माता कुलं जीवितमद्य मे ।।१४।।

सफलं स्वागमे हेतुं वद तूर्णं महामुने ।

गौतम उवाच

ममासीन्महती वाञ्छा द्रष्टुं ते वैभवं नृप ।।१५।।

स्तुवन्ति देवाः स्वर्गस्था ब्रह्मेन्द्रहरिशूलिनः ।
धन्योऽसि मर्त्यलोकस्थो मर्त्यैर्देवैश्च शस्यसे ।।१६।।

नित्यतृप्तोऽप्यहं तृप्तः पूजां दृष्ट्वा च वैभवम् ।
इदानीमनुजानीहि गमिष्ये स्वाश्रमं प्रति ।।१७।।

नल उवाच

वेदवेदाङ्गविद् ब्रह्मन् ! सर्वशास्त्रप्रवर्तक !
दयानिधे ! क्षणं स्थित्वा छिन्धि मे संशयं मुने ।।१८।।

मुनिरुवाच

साधु पृष्टं महाराज स्थितोऽहं स्नेहभावतः ।
नागा नृपाश्च देवाश्च यत्ते नाज्ञाविलङ्घिनः ।।१९।।

उदार मन भएका राजा नल आफ्नो दर्शनका निमित्त आएका राजाहरूको बीचमा सभामण्डपमा विराजमान भए ।।९-१०।। ती राजा सभामण्डपमा विराजमान भएपछि तिनका सामु आएर अत्यन्त सुन्दर अनुहार भएका अप्सराहरू नाच्न थाले। स्तुतिपाठकहरूं स्तुति गर्न थाले। त्यसै बेला ब्रह्मर्षि राजर्षिहरूका बीचमा सुहाएका राजा नललाई भेट्न गौतम ऋषि पनि आए ।।११-१२।। राजा नलले उठेर आदरपूर्वक गौतम ऋषिलाई आफ्नै अर्द्धासनमा बसाए र परम भक्तिपूर्वक पूजा गरेपछि कुशल कुशल प्रश्न गरे ।।१३।।

नलले भने - हे स्वामिन् गौतम महर्षि ! तपाइँ महान् मुनि हुनुहुन्छ । तपाइँको दर्शन पाएर म आज अनुगृहीत भएको छु । आज मेरो जन्म सफल भएको छ । राज्य सफल भएको छ। मलाई जन्माउने माता सफल भएकी छन् । मेरो कुल धन्य भएको छ र मेरो जीवन पनि धन्य भएको छ ।।१४।। हे महामुनि! तपाइँ के कारणले यहाँ पाल्नुभयो ? त्यो मलाई बताउनुहोस् ।

गौतमले भन्नुभयो- हे राजन् ! मेरो मनमा तपाइँको वैभव दर्शन गर्ने ठूलो इच्छा थियो, त्यसैले म यहाँ आएको छु।।१५।। ब्रह्मा, इन्द्र, नारायण र शङ्करसमेतका साथमा रहेका स्वर्गवासी देवताहरूले तपाइँको स्तुति गर्छन् । हे राजा नल ! तपाइँ धर्तीमा रहेर पनि धन्य हुनुहुन्छ किनकि मानिसले मात्र होइन देवताहरूले पनि तपाइँको प्रशंसा गर्छन् ।।१६।। म परमात्माको गुणगानमा नित्यतृप्त छु, मलाई कुनै कुराको आवश्यकता छैन तापनि तपाइँले गरेको पूजा र तपाइँको वैभव देखेर म अझै तृप्त भएको छु । यतिबेला म तपाइँसँग बिदा लिएर आश्रमतर्फ जान चाहन्छु । मलाई आज्ञा दिनुहोस् ।।१७।।

नलले भने - हे वेद र वेदाङ्गका ज्ञाता ब्रह्मर्षि ! हे सबै शास्त्रका प्रवर्त्तक महामुनि ! हे दयानिधि गौतम ऋषि ! केहीबेर यहाँ रहेर मेरा मनमा लागेका सन्देहहरूलाई निवारण गरिदिनुहोस् ।।१८।।

गौतमले भन्नुभयो - हे महाराजा नल ! तपाइँले राम्रो कुरा सोध्नुभयो । तपाइँप्रति प्रेम राखेर म केही बेर बस्छु । अहिलेको संसारमा तपाइँ ठूला र प्रभावशाली राजा हुनुहुन्छ। ठूला-ठूला नागराजहरू, राजाहरू र देवताहरूले पनि तपाइँको आज्ञाको उल्लङ्घन गर्दैनन् ।।१९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृप उवाच

ममैव विस्मयो ब्रह्मन् ! निरीक्ष्य वैभवं स्वकम् ।
इत्थं ममाभवत् केन पुण्येन तपसाऽपि वा ।।२०।।

वद तत्त्वेन कश्चाहमभवं पूर्वजन्मनि ।

मुनिरुवाच

गौडदेशात् परे देशे पुरे पिप्पलसंज्ञके ।।२१।।

त्वमासीः क्षत्रियः पूर्वं दरिद्रो ज्ञानवान् शुचिः ।
जायाऽपत्यैः सुहृद्भिश्च वाक्शरैस्ताडितो भृशम् ।।२२।।

रात्रावपृष्ट्वा सर्वांस्त्वं निर्वेदाद् गहनं वनम् ।
गतवान् वृक्षवल्लीभिः सिंहव्याघ्रगजैर्मृगैः ।।२३।।

सेवितं शीतलजलैः सरोभिर्जलजादिभिः ।
आश्रमोऽथ त्वयाऽदर्शि भ्रमता भ्रमता वने ।।२४।।

तपोनिधेः कौशिकस्य वेदघोषनिनादितः ।
तत्र गत्वा मुनिं तं त्वं प्रणतो भक्तिभावतः ।।२५।।

उत्थापितः कौशिकेन दीनानाथदयावता ।
दुःखितं त्वां विदित्वा स आशीर्वादमवीवदत् ।।२६।।

गजाननो मे देवेशो भविता ते शुभङ्करः ।
श्रुत्वा तदाशिषं सौम्यां प्राप्तोऽसि परमां मुदम् ।।२७।।

पृष्टवानसि तं विप्रमुपायं सर्वकामदम् ।
दारिद्र्यनाशकं राजन् ! भुक्तिमुक्तिप्रदं शिवम् ।।२८।।

गणेशाराधनं तुभ्यं कथयामास कौशिकः ।

राजाले भने - हे महामुनि ! आज मेरो वैभवलाई देखेर म आफैं छक्क परेको छु । यो वैभव मैले कसरी प्राप्त गरें ? कुन पुण्य अथवा कुन तपस्याले प्राप्त गरें ? मलाई जानकारी गराउनुहोस् । वस्तुतः मलाई पूर्वजन्ममा म को थिएँ भन्ने कुराको जिज्ञासाले पनि सताएको छ ।

मुनिले भने - हे राजन् ! गौड देशदेखि पल्लापट्टि पिप्पलपुरमा तपाइँ क्षत्रिय कुलमा जन्मिएका मानिस हुनुहुन्थ्यो। तपाइँसँग धनसम्पत्ति थिएन तर तपाइँ ज्ञानी र पवित्र आचार-विचारका मानिस हुनुहुन्थ्यो । तपाइँसँग धन नभएका कारण तपाइँका पत्नी, छोरा र मित्रहरूले कटु वाणी बोलेर तपाइँको मन दुखाएका थिए ।।२०-२२।। एक दिनको कुरा हो, तपाइँलाई ठूलो वैराग्य भएछ । यी आफ्ना भनाउँदाहरू पनि स्वार्थी नै हुने रहेछन् । यहाँ बसेर मेरो के काम छ र ? भन्ने भावना लिएर कसैसँग नसोधीकन रातको समयमा तपाइँ वनतर्फ लाग्नुभयो । रूख, लहरा, सिंह, बाघ, हात्ती, मृगहरूले घेरिएको, शीतल जल भएका सरोवरहरूले सुहाएको र सरोवरहरूमा कमल आदि फूलहरूको उपस्थितिका कारण अत्यन्त आनन्द-दायक लाग्ने वनमा घुम्दाघुम्दै तपाइँले एउटा सुन्दर आश्रम देख्नुभयो ।।२३-२४।। तपस्याका खानी कौशिक ऋषिको त्यो आश्रम वेदका मन्त्रहरूले गुञ्जायमान थियो । त्यहाँ पुगेर तपाइँले भक्तिपूर्वक कौशिक मुनिलाई प्रणाम गर्नुभयो ।।२५।। हे राजन् ! तपाइँलाई आफ्नो चरणमा झुकेको देखेर कौशिक ऋषिले दयापूर्वक उठाई तपाइँलाई दुःखी देखेर आशीर्वाद दिए। मैले गजानन श्रीगणेशको आराधना गर्ने गरेको छु, तपाइँ पनि श्रीगणेशको आराधना गर्नुहोस् । उहाँले तपाइँको कल्याण गर्नुहुनेछ भन्दै कौशिक ऋषिले तपाइँलाई आशीर्वाद दिए । त्यसपछि तपाइँ अत्यन्त हर्षमा प्राप्त हुनुभयो ।।२६-२७।। तपाइँले त्यस बेला कौशिक ऋषिसँग दरिद्रताको नाश गर्ने, सबै प्रकारका कामनाहरू पूरा गराउने र भुक्ति एवं मुक्ति प्रदान गर्ने मङ्गलमय श्रीगणेश-आराधनाको उपायको बारेमा सोध्नुभयो ।।२८।। यसरी तपाइँले सोध्नुभएपछि कौशिक ऋषिले पनि तपाइँलाई श्रीगणेशको आराधनाको विषयमा सबै कुरा बताएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौशिक उवाच

व्रतं कुरु गणेशस्य मासमात्रं नराधिप ।।२९।।

कुरु मूर्तिं गणेशस्य मृन्मयीं चारुदर्शनाम् ।
पूर्वोक्तविधिना पूजां कुरु शृणु कथानकम् ।।३०।।

दिने दिने मासमात्रं ततः सिद्धिमवाप्स्यसि ।

मुनिरुवाच

इति श्रुत्वा कौशिकं तं पप्रच्छ भूमिपः पुनः ।।३१।।

नल उवाच

गजाननं न जानामि तत्स्वरूपं वदस्व मे ।
ज्ञात्वा तं देवदेवेशं करिष्ये व्रतमुत्तमम् ।।३२।।

इति तेन कृते प्रश्ने जगाद मुनिसत्तमः ।
अनिर्वाच्यस्वरूपस्य परब्रह्मस्वरूपिणः ।।३३।।
वैकारिकस्वरूपाणि गजाननकृतानि तम् ।।३४।।

कौशिक उवाच

यः कर्ता सर्वलोकानां पिता माता जगद्गुरुः ।
ब्रह्मेन्द्रशिवविष्णूनां ध्येयो यः स गजाननः ।।३५।।

मुनिरुवाच

इति श्रुत्वा तु तद्वाक्यं प्रणिपत्य मुनीश्वरम् ।
अनुज्ञातस्ततस्तेन गतोऽसि निजमन्दिरम् ।।३६।।

आरभ्य श्रावणे शुद्धे चतुर्थ्यां व्रतमुत्तमम् ।
कृतवान् मृन्मयीं मूर्तिं गणेशस्य यथोदिताम् ।।३७।।

स्थाने च वचने मौने गमने शयने भुजि ।
ध्यायन् गजाननं देवं प्रायाः सिद्धिमनुत्तमाम् ।।३८।।

कौशिकले भने - हे राजन् ! तपाइँले एक महिनासम्म श्रीगणेशको व्रत गर्नुहोस् ।।२९।। तपाइँले श्रीगणेशको माटाको अत्यन्त राम्रो मूर्ति बनाउनुहोस् । एक महिनासम्म शास्त्रोक्त विधिबाट दिनदिनै श्रीगणेशको आराधना गर्नुहोस् र श्रीगणेशसम्बन्धी कथाहरू सुन्नुहोस् । त्यसपछि तपाइँले सिद्धि प्राप्त गर्नुहुनेछ ।

मुनिले भने - कौशिक ऋषिको मुखबाट यी कुराहरू सुनेर राजा नलले फेरि सोधे ।।३०-३१।।

राजाले भने - गजानन श्रीगणेशलाई म राम्ररी जान्दिनँ। कृपा गरेर तपाइँले मलाई श्रीगणेशको स्वरूपको विषयमा आज्ञा गर्नुहोस् । उहाँको स्वरूपलाई राम्ररी जानेर उहाँ देवताका पनि परमदेवता हुनुहुन्छ भन्ने कुरा चित्तले पत्याएपछि म त्यो उत्तम व्रत सम्पन्न गर्नेछु ।

मुनिले भने - यसरी राजा नलले कौशिक ऋषिसँग प्रश्न गरेपछि कौशिक ऋषिले अनिर्वाच्यस्वरूप र परब्रह्मस्वरूप श्रीगणेशका वैकारिक स्वरूपहरूको विषयमा अर्थात् उहाँले लिएका अनेक अवतारहरूको विषयमा बताउनुभएको थियो ।।३२-३४।।

कौशिकले भने - जुन देवताले सम्पूर्ण लोक-लोकान्तरको सृष्टि गर्दछन्, जुन देवता सबैका पिता-माता र जगद्गुरु हुन्, जुन देवता ब्रह्मा-इन्द्र-शिव र विष्णुद्वारा पनि ध्यान गरिन्छन् ती देवतालाई नै गजानन श्रीगणेश भनिन्छ।।३५।।

मुनिले भने - हे राजन् ! यसरी कौशिक ऋषिको कुरा सुनेपछि मुनिहरूका पनि ईश्वर ती कौशिक ऋषिलाई प्रणाम गरेर उहाँसँग बिदाबारी भई तपाइँ आफ्नो घरमा फर्किनुभएको थियो ।।३६।। श्रावण मासको शुक्लपक्षको चतुर्थीका दिनदेखि श्रीगणेशको उत्तम व्रत आरम्भ गरेर तपाइँले श्रीगणेशको अत्यन्त राम्रो माटाको प्रतिमा बनाउनुभएको थियो। बस्दा, कुराकानी गर्दा, मौन रहँदा, हिंड्डुल गर्दा, बिस्तरामा आराम गर्दा र भोजन गर्दा पनि तपाइँले भगवान् श्रीगणेशकै ध्यान गर्नुभयो । त्यसै व्रतको प्रभावले तपाइँले यो सिद्धि प्राप्त गर्नुभएको हो । आज त्यस श्रीगणेशको आराधनाको प्रतापले तपाइँ अनेक थरिका हात्ती, घोडा, रथ, गाई, चल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानागजरथाश्वाद्यैर्गोधनैर्धनसञ्चितैः ।
दासीदासयुतः श्रीमाञ्जातो व्रतप्रभावतः ।।३९।।

दत्तवानसि दानानि सर्वाणि देवतुष्टये ।
गणेशस्य महामौल्यं प्रासादं कृतवान्मुदा ।।४०।।

भुक्त्वा भोगान् यथाकामं कालेन निधनं गतः ।
जातोऽसि निषधे देशे नृपस्त्वं नलनामकः ।।४१।।

अतस्त्वय्यचला लक्ष्मीस्त्रिलोकीजनवन्दिते ।
इदानीमनुजानीहि यत्पृष्टं तन्निरूपितम् ।।४२।।

हिमवानुवाच

एवं गते गौतमे तु व्रतं चक्रे नलो नृपः ।
तद्वाक्याज्जातविश्वासो मूर्तिं कृत्वा सुशोभनाम् ।।४३।।

श्रुत्वा कथां गणेशस्य प्रत्यहं पूज्य भक्तितः ।
अलभत् सर्वकामान् स व्रतस्यास्य प्रभावतः ।।४४।।

इति ते कथितं कन्ये ! नलेनेत्थं कृतं व्रतम् ।
उपदिष्टं गौतमेन पूर्वजन्मकृतं व्रतम् ।।४५।।

यस्य प्रभावः सम्पूर्णो वक्तुं केनापि नेष्यते ।।४६।।

अचल सम्पत्ति र दासदासीले सम्पन्न हुनुहुन्छ । तपाइँ लक्ष्मीका स्रोत हुनुहुन्छ र निरन्तर देवताहरूको सन्तोषका लागि अनेक थरिका दानकर्म गर्दै हुनुहुन्छ। तपाइँले अघिल्लो जन्ममा श्रीगणेशलाई सर्वोपरि देवता मानेर अत्यन्त मूल्यवान् दरबार बनाउनु भएको थियो र त्यस जन्मको अन्तमा अनेकौं भोग भोगेर तपाइँको मृत्यु भएको थियो । आज श्रीगणेशको व्रतको प्रभावबाट तपाइँ निषध देशमा राजा नलका नामबाट पैदा हुनुभएको छ । श्रीगणेशको आराधनाका कारण नै तपाइँसँग अचल राजलक्ष्मी छन् र तपाइँ स्वर्ग, मर्त्य एवं पातालमा पूजनीय व्यक्तिका रूपमा प्रशंसनीय हुनुहुन्छ । अब म जान्छु, तपाइँले सोधेका कुरा मैले बताएँ ।।३७-४२।।

हिमालयले भने - यसरी गौतम ऋषि गएपछि राजा नलले श्रीगणेशको व्रत गरेका थिए । गौतम ऋषिको वाक्यमा विश्वास गरेर उनले श्रीगणेशको अत्यन्त राम्रो मूर्ति बनाएर स्थापना गरे । दिनदिनै श्रीगणेशसम्बन्धी कथाहरू सुने र श्रीगणेशका व्रतका प्रभावले संसारमा एउटा मानिसले प्रयास गरेमा प्राप्त गर्न सकिने सम्पूर्ण कामनाहरूको सिद्धि प्राप्त गरे ।।४३-४४।। हे छोरी पार्वती ! मैले तिमीलाई नलले कसरी व्रत गरे भन्ने कुरा बताएँ । गौतमले कसरी पूर्वजन्मका कुरा उपदेश गरे भन्ने समेत पनि मैले बताएँ । श्रीगणेशको व्रतको महिमा पूर्णतया बताउन कसैले पनि सक्दैन ।।४५-४६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे नलव्रतनिरूपणं नाम द्विपञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'महर्षि गौतमद्वारा राजा नलका प्रति पार्थिवपूजनको उपदेश' शीर्षकान्वित बाउन्नौं अध्याय पूर्ण भयो ।।५२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिपञ्चाशत्तमोऽध्यायः　{ ५३ अध्याय }

हिमवानुवाच

इदानीं कथयिष्यामि राज्ञा चन्द्राङ्गदेन च ।
तत्पत्न्या च कृतं ह्येतदिन्दुमत्या शुभानने ।।१।।

मालवे विषये ख्यातं नगरं कर्णनामकम् ।
तत्र चन्द्राङ्गदो राजा बभूवातिपराक्रमी ।।२।।

अणिमादिगुणोपेतः सर्वशास्त्रार्थतत्त्ववित् ।
यज्वा दानी महाज्ञानी वेदवेदाङ्गपारगः ।।३।।

अतिक्रान्ता सभा यस्य सुधर्मामतिमानुषीम् ।
मुष्णाति चक्षुषस्तेजो रविकान्तमरीचिभिः ।।४।।

अतिस्वच्छानि वासांसि रत्नस्तम्भाश्रयात् सुते ।
नीललोहितपीतत्वाच्चित्रतां यान्ति कानिचित् ।।५।।

अतिसाध्वी महाभागा पतिशुश्रूषणे रता ।
धर्मशीला व्रतपरा श्वश्रूश्वशुरसेविनी ।।६।।

गृहकृत्येषु चाव्यग्रा देवतातिथिपूजिका ।
नाम्ना चेन्दुमती ख्याता सर्वावयवसुन्दरा ।।
धर्मशीलोऽपि नृपतिरमात्यैः प्रार्थितो भृशम् ।
जीवहिंसां महाघोरां पापर्द्धिं परिवर्जय ।।७।।

कदाचिद् दैवयोगेन मृगयां क्रीडितुं ययौ ।
तरक्षुरुरुवाराहमृगपक्षियुतं वनम् ।।८।।

नीलकञ्चुकसंवीतो नीलोष्णीषोत्तरच्छदः ।
बद्धगोधाङ्गुलित्राणः शस्त्रिकाखड्गखेटवान् ।।९।।

जवेनाश्वसमारूढो शरचापकरो बली ।
तादृशैर्वीरनिकरैरमात्यैः सेवकैर्वृतः ।।१०।।

निघ्नन् मृगान् वराहाँश्च प्रेषयन्नगरं प्रति ।
भ्रममाणो वने राजा दृष्टो राक्षसपुङ्गवैः ।।११।।

चकम्पे राक्षसान् दृष्ट्वा शीतज्वरयुतो यथा ।
दरीमुखान् गर्तनेत्रान् व्यादितास्यान् नभस्पृशः ।।१२।।

हिमालयले भने – हे सुमुखी पार्वती ! अब म तिमीलाई राजा चन्द्राङ्गद र उनकी धर्मपत्नी रानी इन्दुमतीले श्रीगणेशको व्रत कसरी गरे भन्ने विषयमा बताउँछु ।।१।। मालवदेशमा कर्णनगर छ । त्यहाँ अत्यन्त पराक्रमी चन्द्राङ्गद नामक राजा भए ।।२।। उनी अणिमा, महिमा आदि सिद्धिसम्पन्न, सर्वज्ञ, सबै शास्त्रका ज्ञाता, यज्ञशील, दानी, वेदवेदाङ्गमा पारङ्गत र ठूला ज्ञानी पुरुष थिए ।।३।। उनको राजसभाले सुधर्मा नामक देवताहरूको सभालाई सौन्दर्य र व्यवस्थापनका दृष्टिबाट उछिनेको थियो। उनको राजसभाभवनमा जडिएका सूर्यकान्त मणिका किरणले दर्शक मानिसका आँखालाई हतप्रभ तुल्याउँथे।।४।। उनको राजभवनमा रहेका रत्नमय स्तम्भहरूको सम्पर्कबाट सेता र निर्मल मूल्यवान् वस्त्रहरू नीला, राता, पहेंला र चित्र-विचित्र रङ्गका देखिन्थे ।।५।। उनकी धर्मपत्नी इन्दुमती अत्यन्त पतिव्रता, भाग्यवती, पतिसेवामा तत्पर, धर्मपरायण, व्रतानुष्ठानमा अनवरत संलग्न, सासू-ससुराको नित्य सेवा गर्ने, घरका कार्यहरू गर्दा कहिले पनि नथाक्ने, देवता र पाहुनाहरूको सेवा गर्ने, अत्यन्त सुन्दर नारी थिइन्। राजा चन्द्राङ्गद धर्मात्मा प्रकृतिका थिए, तापनि उनी शिकार खेल्ने काम गर्दथे। एक दिन अमात्यहरूले बिन्ती गरे – हजुरले डरलाग्दो र पाप बढाउने प्राणीहरूको हिंसा गर्नु हुँदैन ।।६-७।। कुनै दिन दैवसंयोगले राजा चन्द्राङ्गद शिकार खेल्नका लागि चितुवा, रुरुमृग, बँदेल, मृग र चराचुरुङ्गीले भरिभराउ वनमा गए ।।८।। नीलो रङ्गको भोटो र नीलै रङ्गको पगरी धारण गरी गोहोरोको छालाबाट तयार गरिएको हातको पञ्जा धारण गरेका, ढाल र तरबार हातमा लिने राजा चन्द्राङ्गद धनुर्बाण धारण गरी वेगपूर्वक घोडामा सवार भए । आफूजस्तै अनेक वीरहरूले घेरिएका ती राजा मृग र बंदेल मारी घरतर्फ पठाउँदै वनमा घुमिरहेका थिए। ती राजालाई एक दिन वनवासी भयङ्कर राक्षसको जमातले देख्यो ।।९-११।। राक्षसहरूलाई देखेर राजा चन्द्राङ्गद शीतज्वर आएझैं काँप्न थाले । गुफासमान मुख भएका, खाडलसमान ठूला आँखा भएका, मुख बाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्ट्वा तान् विद्रुताः सर्वे वीराः सेविजना अपि ।
केचिद् यमक्षयं याता मूर्च्छिताः केऽपि भूगताः ।।१३।।

तत्रैका राक्षसी क्रूरा दृष्ट्वा कामातिसुन्दरम् ।
तं नृपं परिरभ्यैव चुचुम्बे काममोहिता ।।१४।।

तस्यामात्यान् भगे कृत्वा भक्षयामास सेवकान् ।
एतस्मिन्नन्तरे राजा पलायनपरो ययौ ।।१५।।

कासारमध्ये मग्नोऽभून्नाद्राक्षीद् राक्षसी च तम् ।
स धृतो नागकन्याभिर्नीतः पातालमन्दिरम् ।।१६।।

भूषितो नागकन्याभिर्वस्त्रालङ्कारभूषणैः ।
पप्रच्छुर्नागकन्यास्तं कुत आगमनं तव ।।१७।।

कोसि कस्यासि किं नाम वद सत्यं नरोत्तम ।
इति तद्वचनं श्रुत्वा ता जगाद नराधिपः ।।१८।।

अहं चन्द्राङ्गदो नाम हेमाङ्गदसुतो बली ।
मालवे विषये कर्णनगरे वसतिर्मम ।।१९।।

राक्षसीभयवित्रस्तः प्रविष्टः सलिलं महत् ।
भवतीभिरिहानीतो यत्पृष्टं तन्निवेदितम् ।।२०।।

भक्षिताः सर्वलोका मे मृगयाभिरतस्य ह ।
सरोजलप्रसादेन जीवँस्तिष्ठामि साम्प्रतम् ।।२१।।

इति ता वचनं श्रुत्वा पुनरूचुर्नृपं तदा ।।२२।।

ता ऊचुः

भवास्माकं पतिरिह सर्वं सेत्स्यति ते प्रियम् ।
अस्माकं नागकन्यानां भोगश्चातीव दुर्लभः ।।२३।।

तासामिति वचः श्रुत्वा प्रोवाच नृपसत्तमः ।
एकपत्नीव्रतं मेऽस्ति मातरस्तत्कथं त्यजे ।।२४।।

सोमवंशप्रसूतानां राज्ञां धर्मान् ब्रवीमि वः ।
परद्रव्यं परद्रोहं परदाराँस्तथैव च ।।२५।।

रहेका, उँचाइमा आकाशलाई पनि छुने ती राक्षसहरूलाई देखेर चन्द्राङ्गदका साथमा आएका योद्धा र सेवकहरू डराएर भाग्न थाले । केही त डरले गर्दा मरि नै हाले भने केही मूर्च्छित भएर भुईंमा पछारिए ।।१२-१३।। ती राक्षसहरूमध्ये एउटी क्रूर राक्षसी थिई । त्यो कामदेवभन्दा पनि सुन्दर राजा चन्द्राङ्गदको स्वरूप देखेर काममोहित भई। आवेशमा त्यसले चन्द्राङ्गदलाई अँगालो मारेर लगातार चुम्बन गर्न थाली ।।१४।। राजाका अमात्यहरूलाई आफ्ना यौनाङ्गमा च्याँपिर राखिरहेकी त्यस राक्षसीले राजसेवकहरूलाई निर्दयतापूर्वक मार्दै खान थाली। यसैबीचमा राजा भागे र एउटा पोखरीमा गएर डुबे, राक्षसीले कति खोज्दा पनि उनलाई देख्न सकिन। त्यस बेला राजालाई नागकन्याहरूले लुकाएर पाताल पुऱ्याए ।।१५-१६।। पातालमा पुगेका चन्द्राङ्गदलाई नागकन्याहरूले वस्त्र र अलङ्कार पहिऱ्याई अत्यन्त सुन्दर र कान्तिमय तुल्याए । नागकन्याले उनलाई सोधे - हे उत्तम पुरुष! तपाईं को हो ? कसका छोरा हुनुहुन्छ? कहाँबाट आउनुभएको छ ? तपाईंको शुभ नाम के हो? हाम्रा यी प्रश्नहरूको साँचो उत्तर बताउनुहोस्। नागकन्याका ती प्रश्न सुनेर राजाले भने - मेरो नाम चन्द्राङ्गद हो । म हेमाङ्गदको पुत्र हुँ । मालवदेशको कर्णनगरमा मेरो बसाइ छ।।१७-१९।। एउटी राक्षसीले ममाथि आक्रमण गर्दा त्योसँग डराएर म पोखरीको पानीमा डुबेर रहेको थिएँ । त्यसैबेला तपाइँहरूले मलाई यहाँ ल्याउनुभयो। तपाइँहरूले जे सोध्नुभएको थियो त्यो मैले बताएँ ।।२०।। शिकार खेल्न मसँग आएका सेवक र सैनिकहरूलाई राक्षसहरूले खाए। पोखरीको पानीमा डुब्न पाएकाले म बाँच्न पाएँ र अहिले तपाइँहरूका सामु छु । राजाले भनेका यी कुरा सुनेर ती नागकन्याहरूले राजाप्रति जिज्ञासा गरे ।।२१-२२।।

नागकन्याहरूले भने - तपाइँ हाम्रा पति भएर यहाँ रहनुहोस् । तपाइँका लागि सबै कुरा राम्रो र अनुकूल हुनेछ । हामी नागकन्याका साथ हुने भोग अत्यन्त दुर्लभ, आनन्ददायक र आह्लादक हुने गर्दछ ।।२३।। नागकन्याका यी कुरा सुनेर राजाले भने - हे माता हो ! मैले त एकपत्नीव्रत लिएको छु । त्यो व्रत छोड्न हुँदैन ।।२४।। चन्द्रवंशमा जन्मेका राजपुरुषहरूका आफ्नै धर्म र कर्तव्य छन् । तीबारे म तपाइँहरूलाई बताउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परनिन्दाञ्च नेच्छन्ति नृपाः सौम्याश्च साधवः ।
अधीतिर्यजनं दानं शरणागतपालनम् ।।२६।।

निषिद्धाचरणं नैव विध्यर्थप्रतिपालनम् ।
एते धर्मास्त्रिवर्णानां याजनादि त्रयं द्विजे ।।२७।।

अधिकं सर्ववर्णानामातिथ्यं परमं मतम् ।
इति श्रुत्वा नृपवचोऽखिला नागकुमारिकाः ।।२८।।

प्रशेपुस्तं वियुक्तस्त्वं बहुधा स्वस्त्रिया भव ।
बबन्धुर्निगडैस्तं ता दुःखिताः कामविह्वलाः ।।२९।।

राक्षसी तु जलं प्राश्य तदर्थे तत्सरोगतम् ।
भक्षयित्वा जलचरान् नातृप्यत् परमं तदा ।।३०।।

इमं वृत्तान्तमशृणोद् राज्ञी राजीवलोचना ।
पर्यङ्कस्था स्वदूतात् सा राक्षसीतोऽवशेषितात् ।।३१।।

मग्नं निशम्य नृपतिं दुःखिता पतिता भुवि ।
मूर्च्छामवाप महतीं सखीभिः परिवीजिता ।।३२।।

सिक्ता शीतलतोयेन रुदन्तीभिर्मुहुर्मुहुः ।
उपविष्टा प्ररुदती घ्नन्ती वक्षः शिरो मुखम् ।।३३।।

शुशोच परमालापैर्भर्तः कान्तेति जल्पती ।
क्व गतः प्राणनाथो मे हित्वा मां प्रियवादिनीम् ।।३४।।

सर्वावयवसम्पूर्णां प्रणतां प्रियकारिणीम् ।
भर्तृकार्यरतां नित्यं नित्यं चातिथिपूजिकाम् ।।३५।।

कुत्र भोक्ष्यति मे नाथो निद्रां वा कुत्र यास्यति ।
काञ्चनं शयनं हित्वा पराघ्यास्तरणैर्वृतम् ।।३६।।

कथं स्नास्यति कान्तो मे हित्वा तैलं सुगन्धिकम् ।
लोकानां पालनं कोऽद्य विना तेन करिष्यति ।।३७।।

प्रजानां सर्वलोकानां बालानां रञ्जनं च कः ।
अस्तं यातो गुणनिधिः प्रतापनिधिरद्य किम् ।।३८।।

छु। चन्द्रवंशका उत्तम राजाहरूले परद्रव्यहरण, परद्रोह, परस्त्रीसेवन र परनिन्दा गर्न रुचाउँदैनन्। अध्ययन, यज्ञ, दान, शरणागतरक्षा, निषिद्ध कर्मको वर्जना, शास्त्रानुमोदित विधिको प्रतिपालन, यी सबै वर्णका सामान्य धर्म हुन् । अध्ययन, यज्ञ र दान ब्राह्मणका अधिक धर्म हुन्, सबै वर्णहरूका लागि आतिथ्य गर्नु परमधर्म हो। राजाका यी वचन सुनेर नागकन्याहरूले राजालाई तिमी दीर्घकालसम्म आफ्नी पत्नीबाट वियुक्त हुनेछौ भनी सराप दिए । त्यसपछि कामपीडाले व्याकुल भएका ती नागकन्याहरूले राजालाई बन्धनले बाँधे ।।२५-२९।। उता राजाको खोजीमा ज्यान सुम्पेर लागेकी राक्षसी भने भाग्ने क्रममा राजा जुन पोखरीमा लुकेका थिए, त्यो पोखरीको पानी सर्लक्कै पिएर त्यहाँ रहेका जलचरहरूलाई खाँदा पनि अघाउन सकिन ।।३०।। अर्कोतर्फ राजदरबारमा आफ्नो पलङ्गमा बसिरहेकी महारानीले राक्षसीको आक्रमणबाट बची भागेर आएका दूतहरूको मुखबाट राजा पानीमा डुबेको समाचार सुनिन् ।।३१।। त्यो समाचार सुनेर भुईंमा लडेकी ती रानी केहीबेर मूर्च्छामा परिन् । उनका सखीहरूले पङ्खा डुलाएर सेवा गरे । साह्रै गहिरो मूर्च्छामा परेकी रानीलाई देखेर चिन्तित अवस्थामा रोइरहेका सङ्गिनीहरूले रानीलाई चिसो जल छर्केर ब्युँताए । त्यसपछि ती रानी उठेर बसिन् । छाती, मुख र टाउकामा हातले प्रहार गर्दै – हे कान्त! हे स्वामी ! भन्दै मर्मस्पर्शी विलाप गर्न थालिन् – मजस्ती मिष्टभाषिणी, सर्वाङ्गमा कान्ति र सौन्दर्य खुलेका कारण प्राणनाथकी पियारी, विनम्र, पतिको आज्ञापालन गर्ने, दिनदिनै पतिलाई प्यारो लाग्ने कामहरूमात्र गर्न रुचाउने र अभ्यागतहरूको सेवा गर्ने पत्नीलाई छाडेर हे मेरा प्यारा पतिदेव ! हजुर कहाँ जानुभयो ? मेरा प्राणनाथले अब कहाँ गएर खानु हुनेछ ? बहुमूल्य बिछ्यौनाले सजिएको स्वर्णमय शय्या छोडेर आज कस्तो बिस्तरामा शयन गर्नुहुनेछ ? सुगन्ध-तेल भएको स्नान गर्ने जल छाडेर आज कुन पानीले नुहाउनु हुनेछ? आज मेरा स्वामी नहुँदा राज्यका जनताको भलो कसले गर्ला ? ।।३२-३७।। प्रजा, मित्रवर्ग र बाण आदि शस्त्रहरूको मनोरञ्जन अब कसले गर्नेछ ? गुणका खजाना र प्रतापका खानी मेरा स्वामी के अस्ताचलमा जानुभएकै हो त ? ।।३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिशः शून्याः प्रपश्यामि विना तेन महात्मना ।
क्वाहं सुखं प्रपश्यामि क्व सुखं सोऽपि यास्यति।।३९।।

इह लोके परे वापि न सुखं कुलयोषिताम् ।
हीनानां स्वामिना देव ! यदेतत् स्वामिना सह ।।४०।।

शरणागतगुप्तिञ्च दीनानां कः करिष्यति ।
एवं बहुविधं दीना रुदती भृशविह्वला ।।४१।।

तत्याज त्रोटयित्वा सा भूषणानि च दूरतः ।
कङ्कणानि च सर्वाणि बभञ्ज च मुमूर्च्छ च ।।४२।।

महात्मा र परोपकारी मेरा स्वामी नहुँदा आज मैले चारै दिशा शून्यमय देखिरहेकी छु । मैले अब कहाँ गएर सुख पाउनेछु र उहाँले कहाँ गएर सुख पाउनुहुनेछ ? ।।३९।। पतिविहीन कुलाङ्गना नारीहरूका लागि यो लोक र परलोकमा पनि सुख प्राप्त हुँदैन । आफ्ना प्यारा राजाबाट वियुक्त भएका दीन-दुःखीहरूको रक्षा अब कसले गर्ला ? यसरी अनेक थरि विलाप गरिरहेकी, रोइरहेकी र तड्पिरहेकी रानी इन्दुमतीले आफ्ना शरीरका गहना चुँडालेर फ्याँकिन्, हातका बाला र चुरालाई पनि टुक्र्याएर फ्याँकिन् अनि फेरि मूर्च्छित भइन् ।।४०-४२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चन्द्राङ्गदोपाख्यानं नाम त्रिपञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'राजा चन्द्राङ्गदको उपाख्यान' शीर्षकान्वित त्रिपन्नौं अध्याय पूर्ण भयो ।।५३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुःपञ्चाशत्तमोऽध्यायः { ५४ अध्याय }

पार्वत्युवाच

तस्यां तु मूर्च्छितायां तु किमकुर्वन् जनास्तदा ।
तन्मे विस्तरतो ब्रूहि हृदयानन्दनं पितः ।।१।।

हिमवानुवाच

तदा सर्वे नागरिका नानावाक्यविशारदाः ।
प्रमृज्य स्वानि चाश्रूणि समादध्युर्नृपस्त्रियम् ।।२।।

जना ऊचुः

मातरुत्तिष्ठ मा शोकं कुरु पुत्रे मनः कृथाः ।
प्रेतं दहति शोकाश्रु तस्माद् भर्तृहितं कुरु ।।३।।

मर्त्येषु न हि दृष्टोऽस्ति चिरञ्जीवी शुभानने ।
यथा जीर्णं परित्यज्य वासोऽन्यद् गृह्यते जनैः ।।४।।

वर्ष्मापि देहिना तद्वत् त्यक्त्वाऽन्यद् गृह्यते शुभम् ।
अत्याश्चर्यमिदं भद्रे स्वयं मृत्युमुखे स्थितः ।।५।।

शोचते मृतमपरं स्वयं मरणधर्मवान् ।
स्वदेहेन वियोगं च न वेत्ति भाविनं जनः ।।६।।

मदीयं मन्यते सर्वं दैवकालवशं स्थितम् ।
ब्रह्मादिस्थावरान्तं यद् विश्वं साब्धिचराचरम् ।।७।।

ज्ञात्वा तं नश्वरं शोकं त्यक्त्वोत्तिष्ठ सुपुत्रिणि ! ।
धर्मवान् पुण्यशीलस्ते भर्ता मुक्तिं गतो भवेत् ।।८।।

जीवन् यदि भवेत् स्वर्गे तदा यास्यति कर्हिचित् ।
अतिपुण्यान्मानवोऽपि याति स्वर्गं गतः पुनः ।
अथवा परिपृच्छामो मुनिं कञ्चिदिहागतम् ।।९।।

पार्वतीले भन्नुभयो - इन्दुमती मूर्च्छामा परेपछि अरू मानिसहरूले के गरे ? हे पिता ! त्यो कुरा मेरो हृदयलाई प्रसन्न तुल्याउँदै हजुरले बताउनुहोस् ।।१।।

हिमालयले भने - रानी इन्दुमती मूर्च्छामा परेपछि त्यहाँ जम्मा भएका र सान्त्वना दिन सिपालु सबै नरनारीहरूले आफ्ना आँसु पुछेर रानी इन्दुमतीलाई संझाए ।।२।।

नागरिकहरूले भने - हे राजमाता ! तपाइँ उठ्नुहोस्। शोक नगर्नुहोस्, आफ्ना पतिसमानका उहाँकै उत्तराधिकारी छोरालाई हेरेर चित्त बुझाउनुहोस् । शोकको आँसुले मरेका मानिसलाई पोल्दछ । त्यस कारण नरुनुहोस् । अहिले तपाइँले आफ्ना पतिको हित हुने काम गर्नुपर्दछ ।।३।। हे सुन्दर अनुहार भएकी महारानी! मानिसहरूमा चिरञ्जीवी कोही पनि देखिएको छैन । जसरी मानिसहरूले पुरानो फाटेको कपडा छाडेर नयाँ कपडा धारण गर्दछन् त्यसैगरी प्राणीहरूले पुराना शरीर छाडेर नयाँ शरीर धारण गर्दछन्। हे महारानी ! संसारमा ठूलो आश्चर्य देखिन्छ, आफै कालको मुखमा परेको मानिसले मेरो निश्चय नै मृत्यु हुन्छ भन्ने कुरा जान्दाजान्दै पनि अरूको मृत्युमा शोक गर्दछ । भोलि म मेरो शरीरसँग अलग भएर अन्तै जानेछु भन्ने कुरा पटक्कै विचार गर्दैन ।।४-६।। दैव र मृत्युका वशमा रहेका कुरालाई मानिसले अहङ्कारको वशमा परी आफ्नै वशमा रहेको ठान्दछ । हे पुत्रवती रानी ! ब्रह्माजीदेखि लिएर स्थावरसम्म जुन समुद्रसहित चर र अचर भएको विशाल संसार छ, त्यसलाई विनाशशील छ भन्ने जानेर चिन्ता त्यागी तपाइँ उठ्नुहोस् । तपाइँले आफ्ना मृत पतिको चिन्ता नगर्नुहोस्। किनकि सधैं धर्म गर्ने र सधैं पुण्य हुने काम गर्ने तपाइँका पति निश्चय नै मुक्तिमा प्राप्त हुनुभएको छ ।।७-८।। यदि कतै ज्यूँदै हुनुहुन्छ भने तपाइँका सामु अवश्य आउनुहुनेछ अथवा स्वर्गमा जानुभएको रहेछ भने पनि आफ्ना पुण्यका कारण उत्तम भोग भोगी, भोग सकिएपछि धर्तीमा उत्तम परिवारमा जन्म लिनु हुनेछ । धेरै पुण्य गरेपछि मानिस स्वर्गभोग गरेर फेरि जन्म लिन्छ । तपाइँलाई राजाको विषयमा चिन्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतीतानागतविदं कथयिष्यति सोऽखिलम् ।
अनन्तरं हि यत् कार्यं तत् सर्वं विदधामहे ।।१०।।

हिमवानुवाच

एवं प्रबोधिता लोकैः क्षणमिन्दुमती तदा ।
आश्वस्ता सर्ववाक्येन प्रमृज्याश्रूणि वाससा ।।११।।

विसर्जयामास तदा लोकान् सर्वान् समागतान् ।
त्यक्त्वा सौभाग्यचिह्नानि प्रपेदे कृशतां भृशम् ।।१२।।

रुदती शोचती तस्थौ श्वसती मूर्च्छिता मुहुः ।
ततो द्वादशवर्षान्ते नारदो दिव्यदर्शनः ।।१३।।

आजगाम गृहं तस्या यदृच्छाविचरन् मुनिः ।
दृष्ट्वा तं विललापाशु वदन्ती भर्तृचेष्टितम् ।।१४।।

दुःखं चाकथयत् तस्मै जातं द्वादशवार्षिकम् ।
निशम्य रुदितं तस्या हर्षयन् मुनिरब्रवीत् ।।१५।।

नारद उवाच

क्वापि तिष्ठति ते भर्ता न तं शोचितुमर्हसि ।
शिरश्छादय नीलेन वाससा कर्णभूषणे ।।१६।।

कर्णयोः कुरु भाले त्वं बिभ्रती कुङ्कुमं शुभम् ।
वलयानि च करयोः कण्ठे मङ्गलसूत्रकम् ।।१७।।

हिमवानुवाच

सर्वज्ञस्य मुनेर्वाक्याद् विश्वस्ता सत्यवादिनः ।
तत्कालं सर्वमानाय्य हर्षिता सा तथाऽकरोत् ।।१८।।

आकार्य ब्राह्मणान् सर्वान् सम्पूज्य नारदं पुरा ।
सम्पूज्य सकलाँस्ताँस्तु ददौ दानान्यनेकशः ।।१९।।

वादयामास वाद्यानि शर्कराश्च गृहे गृहे ।
प्रेषयामास च तदा हर्षादिन्दुमती शुभा ।।२०।।

छ भने यहाँ आउनुहुने कुनै ऋषिसँग उहाँको कुन अवस्था छ भन्ने विषयमा सोधौंला । जुन ज्योतिषी ऋषिले भूत र भविष्यको कुरा जानेका छन्, तिनले राजाको विषयमा पनि सत्य कुरा बताउनेछन् । त्यसपछि हामीले जे गर्नुपर्छ, त्यो सबै गर्नेछौं ।।९-१०।।

हिमालयले भने - यसरी मानिसहरूले अनेक तरिकाबाट संझाइएकी इन्दुमती सबैका कुरा सुनेर आश्वस्त भइन् । रुमालले आँसु पुछेर त्यहाँ आएका सबै मानिसहरूसित राम्ररी बोलचाल गरी केही बेरपछि तिनलाई बिदा गरिन् । त्यस बेला ती रानी सौभाग्यका सबै चिह्नहरूलाई त्यागेर दुर्बल अवस्थामा रहेकी थिइन् ।।११-१२।। तिनले रुँदै, चिन्ता गर्दै र लामो सास लिंदै येन केन प्रकारेण शरीर धानेकी थिइन् र पटक पटक मूर्च्छा पर्ने गर्थिन् । यसरी बाह्र वर्ष बितेपछि एक दिन दिव्य स्वरूप भएका र आफ्नो इच्छाले संसारमा भ्रमण गर्ने भगवान् नारायणका भक्त नारद मुनि ती रानीका घरमा आए । तिनले नारद ऋषिलाई देखेर आफ्ना पतिको विषयमा सबै कुरा बताएर विलाप गरिन् । बाह्र वर्षसम्म आफूले भोगेका कष्टको विषयमा पनि नारदजीलाई निवेदन गरिन् । रानीको यस्तो विलाप र रोदन सुनेर तिनलाई हर्षित तुल्याउँदै नारदजीले भन्नुभयो ।।१३-१५।।

नारदजीले भन्नुभयो - हे रानी! तिम्रा पति कतै जीवित छन्। तिमीले तिनको विषयमा चिन्ता नगर । नीलो कपडाले शिर ढाक, कानमा माडवारी लगाऊ, निधारमा मङ्गलमय कुङ्कुमको टीका लगाऊ, हातमा चुरा र बाला धारण गर र घाँटीमा मङ्गलसूत्र पनि लगाऊ ।।१६-१७।।

हिमालयले भने - सर्वज्ञ र सत्यवादी नारदमुनिका कुरा सुनेर विश्वासमा परेकी रानीले खुसी भएर तत्कालै गहना र कपडा झिकाई आफ्ना अङ्गहरूमा धारण गरिन् ।।१८।। सबै ब्राह्मणहरूलाई बोलाएर नारदजीको पूजा गरेपछि ती ब्राह्मणहरूको पनि पूजा गरी तिनलाई अनेक थरि दान प्रदान गरिन् ।।१९।। वाद्यवादकहरूलाई बोलाएर बाजागाजा बजाउन लगाइन् र आफ्ना छरछिमेकका प्रत्येक घरमा खुसियालीको उपलक्ष्यमा चिनी र सक्खर पठाइन् । हर्षले सम्पन्न मङ्गलमय स्वभाव भएकी इन्दुमतीले सबै आफ्ना सेवकहरूलाई कपडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्त्रताम्बूलदानेन ददावाज्ञां जनस्य सा ।
प्रणिपत्य पुनर्देवं मुनिं नारदमादरात् ।।२१।।

स्वभर्तृप्राप्तयेऽपृच्छदुपायं राजकन्यका ।

इन्दुमत्युवाच

कुत्र तिष्ठति मे भर्ता कथं तिष्ठति वा मुने ।।२२।।

केनोपायेन वेदज्ञ ! दर्शनं तस्य मे भवेत् ।
अनुग्रहं कुरु मुने तमुपायं वदस्व मे ।
व्रतं दानं तपो वापि दुःसाध्यमपि यद् भवेत् ।।२३।।

नारद उवाच

व्रतं तु परमं तेऽहं कथयामि समासतः ।
नभःशुक्लचतुर्थ्यां तदारभेत् परया मुदा ।।२४।।

नद्यां तडागे वाप्यां वा दन्तधावनपूर्वकम् ।
स्नानं प्रभातसमये कुरु सङ्कल्पपूर्वकम् ।।२५।।

शुक्लवासा गृहं गत्वा मृन्मयीं मूर्तिमुत्तमाम् ।
कुर्याच्चतुर्भुजां सम्यग् गणेशस्य मनोरमाम् ।।२६।।

उपचारैः षोडशभिः पूजयेत् स्थिरचेतसा ।
एकान्नमेकभुक्तं वा स्वयं कुर्यात् प्रयत्नतः ।
उपोषणं वा कुर्वीत यावद् भाद्रचतुर्थिका ।।२७।।

गीतवादित्रनृत्याद्यैर्ब्राह्मणानाञ्च भोजनैः ।
महोत्सवं प्रकुर्वीत विभवे सति शोभने ।।२८।।

एवं व्रतं कुरु शुभे ! भर्त्रा सह समेष्यसि ।
पाताले नागकन्याभी रुद्धेन जीविता शुभे ।।२९।।

सत्यं ब्रवीमि ते सत्ये ! नान्यथा मम भाषितम् ।

हिमवानुवाच

इत्युक्ता तेन मुनिना व्रतं प्रारभदादरात् ।।३०।।

गते मुनौ नभोमासि दिनैः कतिभिरागते ।
द्विरदाननमूर्तिं सा चकार पार्थिवीं शुभाम् ।।३१।।

र उपहार दिएर त्यहाँ आएका आफन्तहरूको पनि सम्मान गरी तिनलाई आ-आफ्ना घर जान आज्ञा दिइन् । त्यसपछि देवतासमान पूजनीय नारद मुनिलाई आदरपूर्वक प्रणाम गरेर आफ्ना पतिको प्राप्तिका लागि के उपाय हुनसक्छ ? त्यस विषयमा बताउनुहोस् भन्दै प्रार्थना गरिन् ।

इन्दुमतीले भनिन् – हे वेदका ज्ञाता नारदमुनि ! मेरा पति कहाँ बस्नुहुन्छ ? कसरी बस्नुभएको छ ? कुन उपायले मैले उहाँको दर्शन पाउन सक्छु ? ममाथि दया गर्नुहोस् र त्यो उपाय बताउनुहोस् । त्यो उपाय व्रत, दान र कष्टदायक तपस्यामध्ये जुनसुकै होस् त्यसलाई म अङ्गीकार गर्दछु । मलाई जानकारी गराउनुहोस् ।।२०-२३।।

नारदजीले भन्नुभयो- हे इन्दुमती ! तिमीलाई म सङ्क्षेपमा उत्तम व्रत बताउँछु । श्रावण महिनाको शुक्लपक्षको चतुर्थी तिथिका दिन आनन्दका साथ त्यो व्रत आरम्भ गर्नुपर्दछ ।।२४।। नदी, तलाउ अथवा पोखरीमा गएर दन्तधावन गर्दै सङ्कल्पपूर्वक प्रातःकालमा तिमीले नुहाउने काम गर ।।२५।। सेता वस्त्र धारण गरी घरमा गई श्रीगणेशको अत्यन्त सुन्दर चार हात भएको र राम्रो माटाको मूर्ति बनाऊ ।।२६।। सोह्र प्रकारका सामग्रीहरूबाट त्यस मूर्तिमा भगवान् श्रीगणेशको पूजा गर । पूजा गर्दा चित्त स्थिर बनाऊ । कुनै पवित्र अन्न एक छाक खाएर अथवा उपवास बसेर भाद्र महिनाको शुक्लपक्षको चतुर्थी तिथिसम्म यो व्रत गर ।।२७।। आफ्नो सम्पत्तिले पुगेमा नृत्य, गीत र वाद्यवादनजस्ता मङ्गलमय कार्यले भगवान् श्रीगणेशको आराधना गर्दै ब्राह्मणहरूलाई भोजन गराउँदै श्रीगणेशको उत्सव मनाउनुपर्दछ ।।२८।। हे रानी ! यसरी तिमीले श्रीगणेशको व्रत गर्‍यौ भने आफ्ना पतिसँग अवश्य भेट हुनेछ । अहिले नागकन्याहरूले तिम्रो पतिलाई पातालमा थुनेर राखेका छन् । ती ज्यूँदै छन् । म तिमीसँग सत्य कुरा गरिरहेको छु। मैले भनेको कुरा खेर जाँदैन ।

हिमालयले भने - नारदमुनिले दिएको उपदेश ग्रहण गर्ने ती रानीले श्रद्धापूर्वक श्रीगणेशको व्रत आरम्भ गरिन् ।।२९-३०।। नारदमुनि फर्कनुभयो । श्रावण महिनाका केही दिन बितेपछि श्रावण शुक्ल चतुर्थी तिथि आयो र ती रानीले अत्यन्त मङ्गलमय माटाको श्रीगणेशको मूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वोक्तविधिना पूजां चकार सुमनोहराम् ।
दिव्यगन्धैर्दिव्यवस्त्रैर्दिव्यैश्च कुसुमैरपि ।।३२।।

दिव्यैर्नानाविधैश्चैव नैवेद्यैः फलकाञ्चनैः ।
दीपैः पुष्पाञ्जलीभिश्च प्रक्रमैर्नतिभिः स्तवैः ।।३३।।

तन्नामस्मरणैर्ध्यानैस्तोषयामास तं विभुम् ।
गीतवादित्रनृत्याद्यैर्ब्राह्मणानाञ्च भोजनैः ।।३४।।

पलमात्रं पयो भुक्त्वा चकार व्रतमुत्तमम् ।
नभःशुक्लचतुर्थ्यादि चिरनष्टप्रियाप्तये ।।३५।।

नारदस्य मुनेर्वाक्याद् यावद् भाद्रचतुर्थिका ।।३६।।

बनाइन् ।।३१।। त्यसपछि पहिले बताएको विधिबाट उत्तम चन्दन, उत्तम कपडा र उत्तम फलफूल जम्मा गरी श्रद्धापूर्वक विधिले भगवान् श्रीगणेशको पूजा गरिन् । उत्तम किसिमका अनेक थरि नैवेद्य, फल, सुवर्ण, दीपक, पुष्पाञ्जली, प्रदक्षिणा, नमस्कार, सहस्रनामपाठ, स्तोत्रपाठ र ध्यानद्वारा सर्वव्यापक भगवान् श्रीगणेशलाई प्रसन्न गराइन् । तिनले सङ्गीत, बाजा-गाजा, नाच, ब्राह्मण भोजन आदि क्रियाहरूका साथ नारदजीको आज्ञाअनुसार प्रतिदिन एक तोला दूध खाएर श्रावण शुक्ल चतुर्थीबाट आरम्भ गरी भाद्रशुक्ल चतुर्थीसम्म आफ्ना हराएका पतिको प्राप्तिका लागि श्रीगणेशको व्रत गरिन् ।।३२-३६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे इन्दुमतीनारदसंवादो नाम चतुःपञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'इन्दुमती र नारदजीको संवाद' शीर्षकान्वित चौवन्नौं अध्याय पूर्ण भयो ।।५४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चपञ्चाशत्तमोऽध्यायः   { ५५ अध्याय }

हिमवानुवाच

समाप्ते तु व्रते तस्या गणेशस्य प्रसादतः ।
पाताले नागकन्यानामन्यथाऽभून्मतिस्तदा ।।१।।

मोचयामासू राजानं पुपूजुश्च यथाविधि ।
वस्त्रैराभरणैश्चैव नानारत्नमहाधनैः ।।२।।

अश्वं मनोजवं दत्त्वा विससर्जुर्नृपं तदा ।
कासाराद् बहिरागत्य बद्ध्वा चाश्वं महाद्रुमे ।।३।।

स्नाति यावन्नागरिकैर्दृष्टः कतिपयैर्नृपः ।
अपरे प्रणिपत्यैनं पप्रच्छुः को भवानिति ।।४।।

कुत्रत्यः कुत आयातः किंनामा वद नः प्रभो ।
इति तेषां वचः श्रुत्वा पप्रच्छ नृपसत्तमः ।।५।।

इन्दुमत्याः कुमारस्य कुशलं खेदसंयुतः ।
ततो बुबुधिरे ते तमालिलिङ्गुर्मुदा जनाः ।।६।।

ऊचुश्च नृप! ते भार्या स्नात्वेदानीं गता गृहम् ।
उपवासव्रतवती कृशा धमनिसंयुता ।।७।।

कुमारे जीवमास्थाय जीवमात्रावशेषिता ।
केचिच्च नगरं गत्वा शुभां वार्तामघोषयन् ।।८।।

अत्याप्तजनवाक्येन श्रुत्वा सा नृपमागतम् ।
आनन्दाब्धौ निमग्नाऽभूद् ब्रह्मज्ञानीव योगवित् ।।९।।

ततोऽमात्यान् पुरस्कृत्य सैन्यान्यप्रेषयच्च तम् ।
चित्रध्वजपताकाभिरशोभयत सा पुरम् ।।१०।।

वीथीरासिञ्चयामास सभाः सम्पाद्य यत्नतः ।
स्वात्मानं भूषयामास वासोऽलङ्कारभूषणैः ।।११।।

गोभूहिरण्यदानाद्यैस्तोषयित्वा द्विजान् बहून् ।
आरार्तिक्यं करे दत्त्वा पतिवत्स्त्रीजनस्य सा ।।१२।।

हिमालयले भने – श्रीगणेशको कृपाबाट इन्दुमतीको व्रत समाप्त भएपछि पातालका रिसाएका नागकन्याहरूको बुद्धिमा परिवर्तन आयो ।।१।। ती नागकन्याहरूले राजालाई बन्धनमुक्त गरे र विधिपूर्वक वस्त्र, गहना र नानाथरिका रत्न प्रदान गरी उनको पूजा पनि गरे ।।२।। मनझैं तीव्र वेग भएको घोडा दिएर पातालबाट राजालाई विदाइ गरे । सरोवरबाट बाहिर आई ठूलो रूखमा घोडा बाँधेर राजाले नुहाउन लागेका बेला केही नागरिकहरूले तिनलाई देखे । केही मानिसले शिर झुकाएर हजुर को हुनुहुन्छ ? हजुरको घर कहाँ हो ? कहाँबाट आउनुभएको हो ? के नाम हो ? हे प्रभु ! हामीलाई बताउनुहोस् भनी सोधे। ती मानिसहरूका कुरा सुनेपछि राजा चन्द्राङ्गदले चिन्तापूर्वक इन्दुमती रानी र राजपुत्रको कुशल मङ्गल सोधनी गरे । राजाको प्रश्नबाट ती मानिसले यी त हाम्रै राजा रहेछन् भनी तिनलाई चिनेर हर्षित भई आलिङ्गन गरे ।।३-६।। ती मानिसहरूले महारानी सरोवरमा स्नान गरी भर्खर घर फर्किनुभएको कुरा पनि बताएपछि रानी इन्दुमती उपवास र व्रतका कारण दुर्बल एवं पातली हुनुहुन्छ । उहाँका शरीरका नसाहरू बाहिरबाटै देखिन्छन् । उहाँ आफ्ना राजपुत्रका कारण प्राण धानेर बाँच्नुभएको छ भन्ने कुरासमेत बताए । त्यतिबेला नै तीमध्ये केही मानिसहरूले नगरमा गएर राजा भेटिनुभएको शुभ समाचारको प्रचार गरे ।।७-८।। रानी इन्दुमती अत्यन्त विश्वस्त मानिसहरूबाट राजा आउनुभएको थाहा पाएपछि योगशास्त्रका ज्ञाता ब्रह्मज्ञानपछि आनन्दको सागरमा आकण्ठ निमग्न भएझैं आनन्दसागरमा निमग्न भइन् ।।९।। त्यसपछि रानीले मन्त्रीहरूलाई अगाडि लगाएर राजाका समीपमा सैनिकहरू पठाइन् । चित्र-विचित्र ध्वजा-पताकाहरूद्वारा नगरको श्रृङ्गार गर्न लगाइन् ।।१०।। राजमार्ग र गल्लीहरूलाई शीतल जलद्वारा सिञ्चन गरेर शीतल र शान्त बनाउने व्यवस्था मिलाइन्। राजसभालाई पनि सुन्दर र स्वच्छ बनाउन लगाइन्। त्यसपछि ती रानीले वस्त्र र अलङ्कारद्वारा सजिएर आफूलाई पनि दर्शनीय तुल्याइन् ।।११।। तिनले गाई, पृथिवी, सुवर्ण आदिको दान गरेर धेरै ब्राह्मणहरूलाई सन्तुष्ट बनाई सौभाग्यवती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतवादित्रघोषेण पुरात् सर उपागमत् ।
अमात्यास्तु पुरो गत्वा प्रणम्य नृपपुङ्गवम् ।।१३।।

आलिलिङ्गुर्मुदा सर्वे प्रणेमुश्च यथाक्रमम् ।
उपविष्टे तु नृपतावुपविष्टास्तदाज्ञया ।।१४।।

सर्वान् कुशलप्रश्नाद्यैस्तोषयित्वा यथाक्रमम् ।
मानयित्वा तथा लोकान् दत्त्वा ताम्बूलवाससी ।।१५।।

स्वयं जगाम शिबिरमिन्दुमत्या नृपोत्तमः ।
कारयामास स विधिं द्वादशाब्ददृशैर्द्विजैः ।।१६।।

पुण्याहवाचनं कृत्वा गणेशार्चनपूर्वकम् ।
सम्पूज्य शङ्करं सम्यग् द्विजाँश्च दक्षिणादिभिः ।।१७।।

बभञ्ज श्रीफलं त्यक्त्वा ततस्तत्पुरतो ययौ ।
ददर्श तत्रेन्दुमतीमिन्दोः शेषां कलामिव ।।१८।।

नीराजयित्वा राजानं युवतीभिः सभर्तृभिः ।
लाजपुष्पमयीं वृष्टिं ताभिः साऽकारयत् तदा ।।१९।।

प्रमृज्य नयने सम्यगानन्दाश्रुपरिप्लुते ।
हर्षशोकान्वितौ तौ तु परस्परमथोचतुः ।।२०।।

परस्परं वियोगाधिं कथयामासतुः शुचा ।
अनिवार्यप्रकृतिभिः सान्त्वितौ बहुलोक्तिभिः ।।२१।।

आनयित्वा तु राजानं समारोह्य महागजे ।
नानालङ्कारसंयुक्ते पताकाच्छत्रसंयुते ।।२२।।

पादचारैः परिवृते चतुर्घण्टाविराजिते ।
शतं यष्टिधरास्तस्य वारयन्तो ययुः पुरः ।।२३।।

अग्निशस्त्रधराश्चाश्वरथारोहा अनेकशः ।
सव्यदक्षिणतो राज्ञो गजलक्षं ययुर्लघु ।।२४।।

नारीहरूको हातमा आरतीको पात्र थमाइन् ।।१२ सौभाग्यवती नारीहरूलाई अगाडि लगाएर गीत र मङ्गलघोषका साथ राजाको उपस्थिति भएको सरोवरमा पुगिन् । तिनका मन्त्रीहरूले रानी जानुभन्दा पहिले नै राजाको समीपमा पुगेर प्रणाम गरी हर्षपूर्वक आलिङ्गन गरे । राजा आसनमा विराजमान भएपछि ती पनि राजाको आज्ञा पाएर आ-आफ्ना आसनमा बसे ।।१३-१४।। सबै मन्त्रीहरूलाई ज्येष्ठताक्रमले कुशल प्रश्न गरी सन्तुष्ट बनाएपछि तिनका पछि लागेर आएका नागरिकहरूलाई पनि ताम्बूल वस्त्रको उपहार दिएर ती राजा चन्द्राङ्गद रानी इन्दुमती आई बसेको शिविरतर्फ लागे ।।१५।। त्यहाँ गई रानीसँग भेट गर्नुभन्दा पहिले बाह्र वर्षमा भेट हुँदा लाग्ने दोष मेटाउन राजाले ब्राह्मणहरूबाट स्वस्ति-शान्तिको विधि सम्पन्न गराए ।।१६।। त्यसक्रममा श्रीगणेशार्चनपूर्वक पुण्याहवाचन गरी भगवान् शङ्करको पूजा गरे । पूजापछि ब्राह्मणहरूलाई दक्षिणा आदि प्रदान गरी सन्तुष्ट तुल्याएर बेल फोर्ने काम गरे । त्यसपछि ती राजा इन्दुमती बसेको ठाउँमा जान अगाडि बढे । त्यहाँ गएर उनले क्षीण चन्द्रमाझैं दुर्बल, तर सुन्दर अनुहार भएकी इन्दुमतीको दर्शन गरे ।।१७-१८।। त्यसपछि रानी इन्दुमतीले सौभाग्यवती नारीहरूद्वारा राजाको आरती गराई ती नारीहरूकै हातबाट लावा र पुष्पको वृष्टि गर्न लगाइन् । यति गरेपछि हर्षको आँसुले भरिएका आफ्ना आँखा पुछिन् । तदनन्तर चिरकालपछि भेट हुनाले आनन्दित राजा-रानी दुबै आपसमा कुरा गर्न लागे ।।१९-२०।। ती दुबैले क्रमशः चिन्तित मुद्रामा आ-आफ्ना वियोगजनित वेदना एकले अर्कालाई सुनाए । यसरी विलाप गरिरहँदा राजा र रानीलाई अभिन्न मित्र र बन्धुहरूले अनेक युक्ति र दृष्टान्तहरूद्वारा सान्त्वना प्रदान गरे ।।२१।। त्यसपछि सेवकहरूले राजालाई अगाडि लगाएर अनेक थरि अलङ्कार-सामग्रीद्वारा अलङ्कृत पताका र छाताले शोभायमान, पैदल सेनाद्वारा सुरक्षित, चारवटा घण्टाहरूद्वारा सुहाएको विशाल आकारको हात्तीमाथि राजालाई आरोहण गराई सवारी चलाए । सय जना दण्डधारी राजपुरुष र अनेक आग्नेयास्त्रधारी घोडसवार सैनिक राजाका अगाडि अगाडि सुरक्षार्थ खटिएका थिए । उनको दायाँ-बायाँ भागमा एक लाख हात्ती मन्द-मन्द हिँडिरहेका थिए। राजाका अगाडि नट-नर्तकी, वाद्यवादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नटा नृत्याङ्गना वाद्यवादका वन्दिनः पुरः ।
ततः पश्चात् गजानीकाः पुरं विविशुरादरात् ।।२५।।

सैन्येन रजसा व्याप्ते दिननाथे हतप्रभे ।
अलङ्कृते पुरे तस्मिन्न प्राज्ञायत किञ्चन ।।२६।।

ततः परस्परं नत्वा जग्मुः स्वं स्वं निवेशनम् ।
मुख्या राजगृहं नीताः पुना राज्ञा प्रपूजिताः ।।२७।।

वस्त्रताम्बूलदानेन तेनाज्ञाता गृहं ययुः ।
राजाऽथ ब्राह्मणान् भोज्य बुभुजे ज्ञातिभिः सह ।।२८।।

ततो रात्रौ सुषुपतुः पर्यङ्के चारुनिर्मिते ।
पराध्यास्तिरणोपेते परिच्छदुपधान्विते ।।२९।।

ऊचतुः स्वस्वदुःखं तौ शोचन्तौ च पुनः पुनः ।
पुरोधसा सान्त्वितौ तौ शयाते स्म सुखं ततः ।।३०।।

श्रुत्वा विनायकव्रतमहिमानं नृपोत्तमः ।
पत्न्याऽनुभूतं सकलं स्वयं कर्तुं मनो दधे ।।३१।।

आगते श्रावणे मासि राजा चन्द्राङ्गदस्तदा ।
महोत्सवेन कृतवान् व्रतमेतच्छुभानने ।।३२।।

ऋषिरुवाच

एवं पितृवचः श्रुत्वा पार्वती भृशहर्षिता ।
नभोमासं समासाद्य चकार व्रतमादरात् ।।३३।।

यथोक्तविधिना मूर्तिं कृत्वा पूजाञ्च यत्नतः ।
भक्षयन्ती पयोमात्रं ध्यायन्ती द्विरदाननम् ।।३४।।

ततश्चञ्चलतां यातं शङ्करस्यापि मानसम् ।
आससादाश्रमं तस्याः पार्वत्याः शूलभृत् स्वयम् ।।३५।।

गणेशस्य चतुर्थ्यां तु सम्पूर्णे तद्व्रते शुभे ।
पश्यति स्म हरं देवी वृषारूढं निजाश्रमे ।।३६।।

र स्तुतिपाठकहरू पनि आफ्नो सीप देखाउँदै र रमाउँदै अगाडि बढेका थिए । राजाको पछाडि हात्तीमा सवार वीरहरू नगरतर्फ जान अगाडि बढ्दै थिए । सेनाले उडाएको धूलोले ढाकिएका सूर्य कान्तिहीन भएपछि ध्वजा-पताकाद्वारा अलङ्कृत त्यस नगरमा केही पनि देख्न सकिने परिस्थिति थिएन ।।२२-२६।। नगरमा पुगेपछि धेरै जसो नागरिक र बन्धुजन परस्पर अभिवादन गरी आ-आफ्ना घरतर्फ गए। मुख्य-मुख्य मानिसहरूलाई राजाले राजभवन पुर्‍याएर सम्मानित गरे ।।२७।। राजभवन पुगेपछि राजाले स्वागतमा आएका स्वजनहरूको सत्कार गरी वस्त्र एवं ताम्बूल प्रदान गरी बिदाइ गरे । ती सबै बन्धुहरू पनि आ-आफ्ना घरतर्फ गए । चन्द्राङ्गद राजाले यसरी बन्धुहरूको बिदाइपछि ब्राह्मणभोजन गराए । ब्राह्मणहरू सन्तुष्ट भएपछि पारिवारिक जनहरूका साथ भोजन सम्पन्न गरे।।२८।। रातमा ती दुबै राजा रानीले बहुमूल्य बिछ्यौना, तन्ना र तकियाले सुहाएको सुन्दर पलङ्गमा बसी आ-आफ्ना दुःख सुनाई चिन्ता र शोक प्रकट गरे । त्यस बेला कुलपुरोहितले आएर राजा-रानीलाई मीठा वचनले सान्त्वना प्रदान गरेका थिए । सान्त्वना प्राप्त गरेपछिमात्र राजा र रानीलाई निद्रा लाग्यो र सुखपूर्वक शयन गरे ।।२९-३०।। राजा चन्द्राङ्गदले रानीद्वारा प्रत्यक्ष अनुभव गरिएको श्रीगणेशव्रतको महिमा सुनेर आफूले पनि श्रीगणेशको व्रत गर्ने अठोट गरे।।३१।। हिमालयले भने- हे पार्वती ! श्रावणमास आएपछि राजा चन्द्राङ्गदले ठूलो उत्सवका साथ श्रीगणेशको व्रत आरम्भ गरे ।।३२।।

ऋषिले भने - यसरी आफ्ना पिता हिमालयका वचन सुनेर पार्वती अत्यन्त हर्षित हुनुभयो । श्रावणमास लागेपछि पहिले बताएको विधिअनुसार उहाँले प्रयत्नपूर्वक श्रीगणेश भगवान्को पार्थिव प्रतिमा तयार गरी दूधमात्र पिएर भगवान् श्रीगणेशको ध्यान गर्दै श्रद्धापूर्वक श्रीगणेशव्रतको शुभारम्भ गर्नुभयो।।३३-३४।। पार्वतीले व्रत आरम्भ गर्नासाथ भगवान् शङ्करको मन पनि चञ्चल हुन थाल्यो र उहाँ पार्वती विराजमान हुनुभएको आश्रममा आफै आउनुभयो। भाद्रशुक्ल चतुर्थी तिथिमा व्रत पूरा भएपछि पार्वतीले साँढेमा सवार हुनुभएका भगवान् शङ्करको आफ्नै आश्रममा दर्शन पाउनुभयो ।।३५-३६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्थाय प्रणनामास्य पादाम्बुजयुगं मुदा ।
पूजयामास विधिवच्छङ्करं लोकशङ्करम् ।।३७।।
उवाच च महादेवं पार्वती प्रेमविह्वला ।

देव्युवाच

कथं मां त्यज्य गतवान् किं मां विस्मृतवानसि ।।३८।।
त्वद्वियोगान्निमेषोऽपि कल्पकल्पोऽभवद् विभो !।
गणेशस्य व्रतमिदं पित्राऽऽदिष्टं कृतं मया ।।३९।।
वरदस्य प्रसादेन सम्प्राप्तं दर्शनं तव ।।४०।।

ब्रह्मोवाच

एतस्मिन्नेव काले तु हिमवानुपजग्मिवान् ।
सत्याः करं करे तस्य न्यवेदयत सादरम् ।।४१।।
ततो देवाः सगन्धर्वा द्विरदाननमादरात् ।
पूजयामासुरथ तौ शिवौ शिवकरौ सताम् ।।४२।।
देवदुन्दुभयो नेदुः पुष्पवृष्टिः पपात ह ।
सर्वे गजाननं नत्वा स्तुत्वा च विविधैः स्तवैः ।।४३।।
जयशब्दैः शङ्करोऽपि तुष्टाव द्विरदाननम् ।
अर्धाङ्गे पार्वतीं कृत्वा वृषमारुह्य सत्वरः ।।४४।।
ययौ कैलासशिखरं सर्वे स्वं स्वं पदं ययुः ।।४५।।

ब्रह्मोवाच

इति ते कथितं सर्वं व्यास! पृष्टं त्वया तु यत् ।
माहात्म्यं गणनाथस्य व्रतस्य च महामुने ।।४६।।
इदानीं पुनरन्यच्च कथयामि कथानकम् ।
यच्छ्रुत्वा सर्वपापेभ्यो मुक्तः कामाँल्लभेन्नरः ।।४७।।

त्यसपछि उभिएर उहाँले शिवजीका चरणकमलमा आनन्दपूर्वक प्रणाम गर्नुभयो र कल्याणकारी भगवान् शङ्करको विधिवत् पूजा पनि गर्नुभयो ।।३७।। प्रेमविह्वल भएर आफ्ना प्राणनाथसँग मनका कुरा पनि निवेदन गर्नुभयो ।

पार्वतीले भन्नुभयो - हे प्रभु ! मलाई एक्ली छाडेर हजुर कहाँ जानुभएको थियो ? के हजुरले मलाई बिर्सिसक्नु-भएको थियो ? मेरा निमित्त हजुरको वियोगमा एक पल पनि कल्पसमान भयो ।।३८-३९।। मेरा पिता हिमालयबाट उपदेश पाएपछि मैले भगवान् श्रीगणेशको व्रत सम्पन्न गरें । वरद श्रीगणेशप्रभुको कृपाबाट आज यसरी हजुरको दर्शन गर्ने सौभाग्य पाएकी छु।।४०।।

ब्रह्माजीले भन्नुभयो- यसै बेला हिमालय पर्वत पनि त्यहाँ आइपुगेर उनले श्रद्धापूर्वक पार्वतीको हात शङ्करको हातमाथि राखिदिए ।।४१।। त्यसपछि गन्धर्वसहित सबै देवता र संसारका कल्याणकारी देवता देवाधिदेव शङ्कर एवं पार्वतीले पनि आदरपूर्वक श्रीगणेश भगवान्को पूजा गर्नुभयो।।४२।। त्यस बेला स्वर्गमा देवताका दमाहा बज्न थाले, पुष्प वर्षा भयो र सबैले भगवान् श्रीगणेशलाई प्रणाम गरी स्तुतिद्वारा जय जयकार गरे। भगवान् शङ्करले, पनि जयकारपूर्वक श्रीगणेशको स्तुति गर्नुभयो। स्तुतिपछि भगवान् शङ्कर आफ्नो बायाँ अङ्गमा पार्वतीलाई राखी साँढेमा सवार भएर तीव्रगतिमा कैलासतर्फ जानुभयो । अरू देवताहरू पनि आ-आफ्नो धामतर्फ गए।।४३-४५।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! तिमीले प्रश्न गरेअनुसार मैले सबै विषयको उत्तर दिएँ । श्रीगणेशको महिमा र श्रीगणेशव्रतको महिमा पनि बताएँ । अब म आगामी अध्यायमा अर्को कथा बताउनेछु । जुन कथाको श्रवण गर्नाले मानिसले सबै पापबाट मुक्त भई अभीष्टसिद्धि प्राप्त गर्दछ ।।४६-४७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे शिवपार्वतीसंयोगो नाम पञ्चपञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'पार्थिवपूजाको प्रभावबाट पार्वती र शिवको मिलन' शीर्षकान्वित पचपन्नौं अध्याय पूर्ण भयो ।।५५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्पञ्चाशत्तमोऽध्यायः { ५६ अध्याय }

भृगुरुवाच

एवं ते कथितं राजन् ! माहात्म्यं सकलं मया ।
पुनश्च शृणु व्यासेन यच्छ्रुतं ब्रह्मणो मुखात् ।।१।।

सोमकान्त उवाच

कथं श्रुतं ब्रह्ममुखाद् व्यासेनामितबुद्धिना ।
न तृप्तिमधिगच्छामि तन्मे वद महामुने ।।२।।

भृगुरुवाच

एवं श्रुत्वा कथां व्यासोऽपृच्छद् ब्रह्माणमादरात् ।
स चापि कथयामास सादरं पृच्छतेऽनघ ।।३।।

व्यास उवाच

पुनः कथय मे ब्रह्मन् ! गणनाथकथां पराम् ।
तृष्णा मे वर्धते भूयः श्रोतुं विघ्नेशसत्कथाम् ।।४।।

ब्रह्मोवाच

अपरां शृणु मे व्यास! कथां कौतुकसंयुताम् ।
शूरसेनप्रभृतिभिरनुभूतां गजाननीम् ।।५।।

मध्यदेशेऽभवद्राजा शूरसेनो महाबली ।
सहस्राख्यपुरे रम्ये वेदवेदाङ्गपारगः ।।६।।

धनवान् रूपवान् दाता होता पाता जनस्य ह।
शक्तित्रययुतो मानी षाड्गुण्यपरिनिष्ठितः ।।७।।

उपायानां चतुर्णाञ्च चालने चतुरोऽरिहा ।
चतुर्विधबलोपेतो द्विजदेवेषु भक्तिमान् ।।८।।

पृथिवीमण्डलं यस्य वशवर्त्यभवत् सदा ।
नगरं शक्रनगराद् विशिष्टं भाति भूतले ।।९।।

यस्य पत्नी पुण्यशीला नाम्नाऽभूत् पुण्यशालिनी ।
यस्या रूपेण सदृशी नासीत् त्रैलोक्यमण्डले ।।१०।।

पातिव्रत्यगुणैर्यस्या लज्जां प्राप्ताऽप्यरुन्धती ।
असूयात्यागयोगेनाप्यनसूयाऽभवल्लघुः ।।११।।

भृगुले भन्नुभयो - हे नरेश! मैले तपाईँलाई श्रीगणेशव्रतको सम्पूर्ण महिमा बताएँ । फेरि व्यासले ब्रह्माजीको मुखबाट जुन कथा सुन्नुभएको थियो त्यो कथा म तपाईँलाई सुनाउँछु ।।१।।

सोमकान्तले भने - हे महामुनि ! अपरिमित मेधा भएका वेदव्यासले ब्रह्माजीबाट कुन कुरा कसरी सुन्नुभयो ? मलाई बताउनुहोस् । किनभने भगवान् श्रीगणेशसँग सम्बद्ध कथा सुनेर म कहिले पनि तृप्त हुँदिनँ ।।२।।

भृगुले भन्नुभयो - हे निष्पाप राजा ! यसरी ब्रह्माजीबाट कथा सुनेपछि व्यासले पनि अरू कथा सुन्ने रहर गरी त्यसबारे प्रश्न गर्नुभयो । ब्रह्माजीले पनि आदरपूर्वक जिज्ञासा गर्ने व्यासलाई अरू कथा सुनाउनुभयो ।।३।।

व्यासले भन्नुभयो - हे पितामह! फेरि पनि मलाई श्रीगणेशका उत्तम कथा सुनाउनुहोस् । मेरो मनमा विघ्ननाथ श्रीगणेशका कथा सुन्ने तृष्णा बढिरहेको छ ।।४।।

ब्रह्माजीले भन्नुभयो- हे व्यासजी ! मबाट श्रीगणेशको कौतूहलपूर्ण दोस्रो कथा सुन्नुहोस् । जुन लीलाकथालाई राजा शूरसेन आदिले अनुभव गरेका थिए ।।५।। मध्यदेशको रमणीय सहस्रपुरमा महाबलवान् र वेद-वदाङ्गमा पारङ्गत राजा शूरसेन भए ।।६।। ती राजा धनी, सुन्दर, दाता, यज्ञकर्ता, लोकपालक, प्रभुशक्ति; मन्त्रशक्ति र उत्साहशक्ति गरी तीन प्रकारका शक्तिले सम्पन्न, स्वाभिमानी, सन्धि; विग्रह; यान; आसन; द्वैधीभाव र संश्रयजस्ता षट्गुणको प्रयोगमा निपुण, धर्म; अर्थ; काम; र मोक्षजस्ता चार प्रकारका उपायहरूको सञ्चालनमा कुशल, पद; अश्व; गज र रथजस्ता चार प्रकारका सैन्यबलले सम्पन्न र ब्राह्मण एवं देवताका भक्त पनि थिए ।।७-८।। तिनले शासनकालमा सम्पूर्ण भूमण्डललाई वशवर्ती बनाएका थिए। शूरसेनको राजधानी सहस्रनगर सौन्दर्य, वैभव र सुशासनका दृष्टिबाट अमरावतीभन्दा पनि प्रख्यात थियो ।।९।। तिनकी पत्नीको नाम पुण्यशालिनी थियो र ती नामअनुसार पुण्यशील थिइन्। त्यस बेला तिनका सुन्दर रूपको समानता गर्ने कुनै पनि नारी स्वर्ग, मर्त्य र पातालमा पनि थिएनन् ।।१०।। पुण्यशालिनीको पतिव्रताधर्मका सामु विशिष्ट पतिव्रता भनेर कहलिएकी अरुन्धतीले पनि लाज मान्दथिन् । पुण्यशालिनीको ईर्ष्या, द्वेष, अमर्षरहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स कदाचिन्नृपोऽमात्यैः संवृतो वीरसत्तमैः ।
उपविष्टो नृपसभां ददृशे गगनेचरम् ।।१२।।

विमानं वह्निसदृशं नेत्रतेजोहरं परम् ।
गानश्रवणसक्तास्ते राज्ञा सह सभासदः ।।१३।।

विह्वलास्ते किं किमिति ज्ञातुं दूतानचोदयन् ।
ते दूताः प्रागमन् द्रष्टुं विमानं सूर्यसन्निभम् ।।१४।।

कस्यचिद् वैश्यपुत्रस्य राजदूतस्य कुष्ठिनः ।
पतितं दृष्टिपातेन तद् विमानं महीतले ।।१५।।

ततो दूताः समागम्य शशंसुर्नृपतिं तदा ।
तद् विमानं महाराज! पुण्यकृद्देवसंयुतम् ।।१६।।

देदीप्यमानं पतितं दुष्टदृष्ट्या महीतले ।
ततोऽतिहर्षितो राजा प्रकृतिद्वयसंयुतः ।।१७।।

अश्वारूढो ययौ तत्र विमानं द्रष्टुमुत्सुकः ।
मन्यमानो महाभाग्यं स्वजनैः परिवारितः ।।१८।।

अनेकवाद्यनिर्घोषैर्विमानस्यान्तिकं ययुः ।
ददृशुस्तत्र शक्रं ते नेमुरुत्तीर्य यानतः ।।१९।।

नानालङ्कारसंयुक्तं सर्वदेवगणैर्युतम् ।
बद्धाञ्जलिपुटो राजा प्रोवाच बलसूदनम् ।।२०।।

धन्येयमद्य धरणी धन्यं जन्म च सम्पदः ।
पूर्वजाः सर्वचक्षूंषि धन्यान्यद्य शचीपते ।।२१।।

यद्दर्शनं मृत्युलोके भवतां सानुगस्य मे ।
यस्य ते वशगा लोका ब्रह्मेशानादयः सुराः ।।२२।।

शताश्वमेधतो दृश्यो नान्यथा जायते क्वचित् ।
न जाने केन पुण्येन सोऽद्य दृष्टोऽखिलैर्जनैः ।।२३।।

इदञ्च ते विमानं यत् कथं निपतितं भुवि ।
एतन्मे संशयं देव! छेत्तुमर्हसि साम्प्रतम् ।।२४।।

स्वभावका सामु अनसूया पनि हलुका देखिन्थिन् ।।११।। कुनै दिन राजा शूरसेनले आफ्ना वीर सैनिक एवं अमात्यहरूका साथ राजसभामा बसेका बेला आकाशचारी, अग्निझैं तेजस्वी र आँखाको तेजलाई चकमन्न बनाउने विमान देखे ।।१२।। त्यो विमान देखेपछि गीत सुन्न व्यस्त भएका राजा र राजसभाका सदस्यहरू व्याकुल भए । के आयो? कताबाट आयो? भनेर विस्मित र व्याकुल भएता पनि तिनले ठम्याउन सकेनन् र दूतहरूलाई बुझ्न पठाए। ती दूतहरू सूर्यसमान तेजस्वी विमानको रहस्य बुझ्न गए।।१३-१४।। दूतहरू त्यहाँ पुगेकै समयमा वैश्यपुत्र राजदूत तर कुष्ठरोगी कुनै मानिसको दृष्टि पर्दा त्यो विमान भुईंमा खस्यो ।।१५।। त्यसपछि दूतहरूले फर्केर आई राजालाई निवेदन गरे - हे महाराज ! त्यो विमान पुण्यवान् देवताहरूलाई वहन गर्ने कुनै यान हो । तर पतित एवं पापी मानिसको दृष्टि पर्नाले भुईंमा खस्न विवश भयो । यो कुरा सुनेर अत्यन्त हर्षित भएका राजाले दुई जना अमात्य साथमा लिएर घोडामा सवार भई भुइँमा खसेको विमान हेर्ने उत्कण्ठाले प्रस्थान गरे ।।१६-१८।। तिनले विमानदर्शनलाई भाग्यदत्त ठूलो अवसर मानेका थिए । आफ्ना बन्धुहरूका साथ मङ्गलघोष गर्दै ती राजा विमानको अत्यन्त समीपमा पुगे । राजाले आफ्नो सवारीबाट ओर्लेपछि अनेक अलङ्कारद्वारा अलङ्कृत र सबै देवताका बीचमा शोभायमान स्वर्गका राजा इन्द्रलाई देखेर प्रणाम गरे ।।१९।। राजा शूरसेनले दुबै हात जोडेर इन्द्रलाई भने - हे शचीपति ! आज यो पृथिवी धन्य भएको छ । मेरो जन्म सफल भएको छ। मेरो सम्पत्ति सार्थक भएको छ । हाम्रा पूर्वजहरू कृतकृत्य भएका छन् र पृथिवी निवासी सबै नरनारीहरूका आँखाहरू पनि सफल भएका छन् । किनकि म र मेरा अनुयायी सबैले देवतासहित हजुरको मृत्युलोकमा दर्शन पाएका छौं । हे इन्द्र महाराज ! सम्पूर्ण लोकहरू हजुरका अधीनमा छन् र ब्रह्मा-शिव आदि देवता पनि हजुरकै अधीनमा हुनुहुन्छ ।।२०-२२।। संसारमा सय अश्वमेध सम्पन्न गरी स्वर्गराजको पदमा बहाली गर्ने पुण्यवान् पुरुष इन्द्रमहाराजभन्दा दर्शनयोग्य अरू कुन व्यक्ति हुनसक्छ? आज हाम्रा कुन पुण्यले श्रीइन्द्र देवता र सबै जनताका दृष्टिपथमा पर्नुभयो ? यो विमान भुईंमा किन खस्यो ? यस विषयमा मलाई ठुलो संशय भइरहेको छ । हे इन्द्रमहाराज ! हाम्रो शङ्कानिवारण गर्नुहोस् ।।२३-२४।। फेरि हजुर कहाँ जानुभएको थियो र कहाँबाट फर्कंदै हुनुहुन्थ्यो ? कहाँ जान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यातवान् कुत्र च भवान् गन्ता वा शंस मे प्रभो ।

शक्र उवाच

राजन् शृणु महाश्चर्यं कथितं नारदेन मे ।।२५।।
तदहं कथयिष्ये त्वां शृणुष्वैकमना नृप ।

नारद उवाच

मृत्युलोकं गतः शक्र ! भ्रुशुण्डेराश्रमं प्रति ।
गणेशस्य स्वरूपेण तिष्ठतो जपतोऽनिशम् ।।२६।।
तद्ध्यानात्तत्स्वरूपस्य दृष्टं कौतुकमद्भुतम् ।
पूजितस्तेन मुनिना गजाननस्वरूपिणा ।।२७।।
नत्वा तं मुनिमापृच्छ्य दर्शनार्थं तवागतः ।
भूमौ सरूपता नैव दृष्टाऽन्यत्र शतक्रतो ।।२८।।

शक्र उवाच

अहञ्च नारदं पूज्य विसृज्य च क्षणेन तम् ।
अत्युत्सुकतया यातो मुनिं द्रष्टुं तथाविधम् ।।२९।।
विमानवरमास्थाय मनोमारुतवेगवत् ।
मुनिं दृष्ट्वा च सम्पूज्य द्विरदाननरूपिणम् ।।३०।।
भ्रुशुण्डिं प्रणिपत्याऽथ तस्य पूजां प्रगृह्य च ।
चलितः सपरीवारो गन्तुकामोऽमरावतीम् ।।३१।।
यावत् ते नगराभ्याशे विमानमिदमागतम् ।
तावद् दूतस्य ते दृष्ट्या कुष्ठिनः पापकारिणः ।।३२।।
पतितं भूमिभागेऽस्मिन् सर्वं ते कथितं नृप ।

शूरसेन उवाच

तपसा केन वा शक्र ! गजाननस्वरूपता ।।३३।।
प्राप्ता भ्रुशुण्डिना तेन तद् वदस्व मम प्रभो ।
न हि मे तृप्तिरस्तीह शृण्वतस्तत्कथामृतम् ।।३४।।

चाहनुहुन्थ्यो ? यस विषयमा पनि हामीलाई जानकारी गराउनुहोस्।

इन्द्रले भने - हे राजा शूरसेन ! मलाई नारद ऋषिले एउटा महान् आश्चर्यदायक विषयमा बताउनुभएको थियो। त्यो आश्चर्य तपाईंले पनि सुन्नुहोस् । म बताउँछु ।

नारदजीले भन्नुभयो- हे इन्द्र ! म मृत्युलोकमा आउँदा एक दिन भ्रुशुण्डीको आश्रममा पुगेको थिएँ । ती भ्रुशुण्डी श्रीगणेशकै स्वरूप लिएर बसेका थिए । श्रीगणेशको स्वरूपमै रहेर तिनले श्रीगणेशको मन्त्र जपिरहेका थिए ।।२५-२६।। श्रीगणेशको निरन्तर ध्यानका कारण तिनको शरीर पनि श्रीगणेशजस्तै बनेको देखेर मलाई कौतूहल भयो । श्रीगणेशको स्वरूप धारण गर्ने ती भ्रुशुण्डी ऋषिले मेरो स्वागत-सत्कार र पूजा गरे । म तिनलाई नमस्कार गरी बिदा भई तपाईंका सामु आएको छु । हे इन्द्र ! पृथिवीमा मैले कहीं पनि भक्त र भगवान्को एउटै रूप अथवा सारूप्य देख्न पाएको छैन ।।२७-२८।।

इन्द्रले भने - हे राजा शूरसेन ! नारदजीबाट यी कुरा सुनी तत्कालै उहाँलाई बिदाई गरेर अत्यन्त उत्सुकतापूर्वक श्रीगणेशका रूपमा रहेका भ्रुशुण्डी मुनिको दर्शन गर्न हावा र मनभन्दा पनि तीव्र गति भएको उत्तम विमानमा सवार भई भ्रुशुण्डीको आश्रममा गएँ । श्रीगणेशको रूपमा रहनुभएका भ्रुशुण्डीको दर्शन पाएँ । प्रणाम गरें । उहाँबाट सत्कार प्राप्त गरी आफ्ना पारिवारिक जनहरूका साथ अमरावती फर्कन उडिरहेको थिएँ ।।२९-३१।। जब मेरो विमान तपाईंका शहरको समीपमा आइपुग्यो, त्यस बेला तपाईंको सेवामा तत्पर, पापी र कुष्ठी कुनै दूतको दृष्टि मेरो विमानमा पर्‍यो । तत्कालै यो विमान यहाँ खस्यो । भएको घटना तपाईंलाई बताएँ ।

शूरसेनले भने - हे देवराज! कुन तपस्या गर्नाले ती भ्रुशुण्डी ऋषिले श्रीगणेशको स्वरूप प्राप्त गरे ? यो रहस्य मलाई बताउनुहोस् । यो कथामृत सुनेर मलाई तृप्ति भएको छैन । अरू सुन्न चाहन्छु ।।३२-३४।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे इन्द्रविमानपतनं नाम षट्पञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'इन्द्रविमान पतन एवं भ्रुशुण्डीको कथाप्रसङ्ग' शीर्षकान्वित छपन्नौं अध्याय पूर्ण भयो ।।५६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तपञ्चाशत्तमोऽध्यायः { ५७ अध्याय }

शक्र उवाच

हन्त ते कथयिष्यामि कथामेकां पुरातनीम् ।
यथा तेनाऽऽपि सादृश्यं गणनाथस्य भक्तितः ।।१।।

दण्डकारण्यदेशेषु नगरे नन्दुराभिधे ।
एकः कैवर्तको दुष्टो नाम्ना नामैव विश्रुतः ।।२।।

आबाल्याच्चौर्यनिरतो यौवने जारकर्मकृत् ।
प्रत्यक्षं दृष्टिविगमाद्धरते च शपत्यपि ।।३।।

शपथान् कुरुते मिथ्या परहृद्भेदकारकान् ।
ततो निःसारितो ग्रामाद् द्यूतमद्यरतो यतः ।।४।।

लोकैर्बहिर्दूरतरं गिरिकन्दरकानने ।
स्थितः कान्तायुतो मार्गे जघान पथिकान् बहून् ।।५।।

एवं बहुधनो जातो नानालङ्करणैः स्त्रियम् ।
भूषयामास ससुतां तोषयामास मायया ।।६।।

शस्त्रं खड्गञ्च खेटञ्च पाशान्धनुरनुत्तमम् ।
दण्डं चोभयतो लोहं वहन् पूर्णे महेषुधी ।
वृक्षाग्रे कोटरे वापि स्थितो मारयते बहून् ।।७।।

नानाविधानि वस्तूनि वासांस्याभरणानि च ।
गृहे सञ्चयते नीत्वा विक्रीणाति पुरान्तरे ।।८।।

यथेष्टं भजते नित्यं विषयान् मन्दिरे निजे ।
एवं पापसमाचारो हन्त्यरण्ये पशूनपि ।।९।।

इन्द्रले भने - हे शूरसेन ! म तपाइँलाई एउटा पुरानो कथा सुनाउँछु । यस कथाको श्रवणबाट भ्रुशुण्डीले कसरी श्रीगणेशको भक्ति गरे र श्रीगणेशसमान स्वरूप प्राप्त गरे भन्ने कुरा खुलस्त हुनेछ ।।१।। दण्डकारण्य देशको नन्दुर नगरमा एउटा दुष्टनामक नामअनुसार दुष्ट स्वभाव भएको बोटे (माझी) थियो ।।२।। बालककालदेखि नै चोरी कर्ममा अभ्यस्त र जवान भएपछि जारको काम गर्ने त्यो माझीले मानिसकै आँखासामु चोर्न सक्थ्यो । केही शङ्का गरी सोधपूछ गर्दा सोध्ने मानिसलाई उल्टै नानाथरिका आरोप लगाएर सराप पनि दिन्थ्यो ।।३।। फेरि कतिबेला चोरीको अभियोगमा समातिँदा अरू मानिसहरूको मुटु नै छेड्ने गरी अनेक थरि झुटा किरिया खान्थ्यो । जूवा र रक्सीमा ज्यादै आसक्त भएका कारण गाउँलेहरूले त्यसलाई एक दिन गाउँबाट निकाला गरे। त्यसपछि त्यो टाढा पर्वत - कन्दराको समीपमा रहेको जङ्गलमा सपत्नीक बस्न थाल्यो । त्यसले त्यहाँ गएर पनि बाटामा हिंड्ने अनेक बटुवाहरूको हत्या गर्‍यो ।।४-५।। यस्ता कुकर्मबाट धेरै धनार्जन गरेपछि त्यसले छोरीसमेत आफ्नी पत्नीलाई अनेक थरि अलङ्कारद्वारा अलङ्कृत गरायो र आफ्नो चोरीकर्मजस्तो इन्द्रजालबाट सन्तुष्ट पनि तुल्यायो।।६।। शस्त्र, तलवार, ढाल, पाश, धनु, दुबैतिर फलाम गाँसिएको लौरो र बाणले भरिएको ठोक्रो धारण गर्ने, रूखका अगाडि अथवा रूखका ठूला ठूला टोड्का (प्वाल)हरूमा लुकेर बस्ने त्यस माझीले अनेक मानिस र प्राणीहरूको हत्या गर्‍यो ।।७।। यसरी चोरीकर्मबाट त्यसले अनेक पदार्थ, वस्त्र र आभूषण जम्मा गरी सञ्चय गरिरहेको थियो। चोरेर ल्याएका पदार्थहरूमध्ये केही पदार्थलाई बजारमा पुर्‍याएर बेच्ने काम पनि गर्दथ्यो ।।८।। त्यसले दिनदिनै आफ्नो आवासमा रहेर यथेष्ट विषयभोग गरिरहेको थियो । पापमय चरित्रले दूषित त्यस दुष्टले जङ्गली जनावरहरूको निरवच्छिन्न हत्या गरिरहेको थियो ।।९।। एक दिनको कुरा हो, त्यो माझी कुनै मानिसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकदा कस्यचित् पृष्ठे धावितो योजनावधि ।
स तु तस्माद् गतो दूरं स्खलित्वा पतितो भुवि ।।१०।।
तत उत्थाय कष्टेन शनैः शनैर्ययौ खलः ।
अपश्यत् पथि गच्छन् स तीर्थं गाणेश्वरं शुभम् ।।११।।
अकरोन्मज्जनं तत्र श्रममेव व्यपोहितुम् ।
ततो गच्छन् स्वविषयं ददर्श पथि मुद्गलम् ।।१२।।
जपन्तं गणनाथस्य मन्त्रं नामसमन्वितम् ।
खड्गमुद्यम्य निष्कोशं मुद्गलस्यान्तिकं ययौ ।।१३।।
कैवर्तको नाम नामा हन्तुं कृतमतिस्तदा ।
जगलुस्तस्य शस्त्राणि खड्गोऽपि दृढमुष्टितः ।।१४।।
अन्यथा चाभवद् बुद्धिस्तस्य दुष्टस्य तत्क्षणात् ।
द्विरदाननभक्तस्य मुद्गलस्य प्रभावतः ।।१५।।
जहास मुनिमुख्योऽसौ दृष्ट्वा तं तु तथाविधम् ।
पप्रच्छ संयतः कस्माच्छस्त्राणि गलितानि ते ।।१६।।
बद्धान्यपि च सर्वाणि पतितानि कुतो वद ।

इन्द्र उवाच

गणेशतीर्थस्नानेन मुनेरालोकनेन च ।
ज्ञानवैराग्ययुक्तोऽसावब्रवीन् मुद्गलं वचः ।।१७।।

कैवर्तक उवाच

आश्चर्यं परमं मन्ये कुण्डस्नानेन मे मतिः ।
विपरीताऽभवद् ब्रह्मन् ! विशेषाद् दर्शनेन ते ।।१८।।
बाल्यात् प्रभृति मे दुष्टा बुद्धिः पापरताऽभवत् ।
असङ्ख्यातानि पापानि कृतान्यद्यावधि प्रभो ।।१९।।
इदानीमेव निर्विण्णा मतिर्मे त्वत्प्रसादतः ।
नादास्ये पुनरेतानि शस्त्राणि पतितानि मे ।।२०।।
कुरु मेऽनुग्रहं पूर्णमुद्धरस्व भवार्णवात् ।
साधवो ह्यनुगृह्णन्ति दीनान् दुष्कृतिनोऽपि च ।।२१।।
न साधुसङ्गमः क्वापि वृथा दृष्टो महामुने ! ।
यथा शेवधिसम्पर्को न धातुषु वृथा भवेत् ।।२२।।

बाटामा हिंडेको देखेर लुट्ने र मार्ने नियतले तिनका पछि लाग्यो । चार कोश बाटोसम्म पछि लागे पनि त्यस दुष्टले ती मानिसलाई भेट्न सकेन। तर आफू भने खुट्टा चिप्लिएर भुईंमा पछारियो ।।१०।। त्यसपछि त्यो त्यहाँबाट सुस्तरी उठेर दुःखले हिंड्यो । बाटोमा अगाडि बढ्दा त्यसले श्रीगणेशको मङ्गलमय तीर्थको दर्शन पायो ।।११।। आफ्नो थकाइ मेटाउन त्यसले श्रीगणेशतीर्थमा स्नान गर्‍यो । स्नानपछि घर फर्किंदा त्यसले बाटोमा महर्षि मुद्गलको दर्शन पायो।।१२।। मुद्गल मुनि भगवान् श्रीगणेशको नाम मन्त्र जपिरहेका थिए । तिनलाई देखेर त्यो माझी म्यानबाट तलवार झिकी तिनका सामु पुग्यो।।१३।। त्यस माझीले भन्यो- मेरो नाम कैवर्तक हो। म तपाईँलाई मार्ने नियतले आएको छु । त्यसले त्यति भन्नासाथ त्यसका साथमा रहेका शस्त्र-अस्त्रहरू एकाएक भुईंमा खस्न थाले । मुठ्ठीमा कसेर राखिएको तलवार पनि भुईंमा खस्यो।।१४।। श्रीगणेशभक्त मुद्गल ऋषिको दर्शनका प्रभावले तत्काल त्यस दुष्टको बुद्धि बदलियो ।।१५।। त्यस दुष्ट कैवर्तकलाई त्यस रूपमा देखेर मुनि मुद्गल हाँस्नुभयो । केही बेरपछि संयत र सावधान भएर उहाँले भन्नुभयो- हे कैवर्तक ! तिमीले शरीरमा कसेर भिरेका शस्त्र किन खसे ? कारण बताऊ ।

इन्द्रले भने - श्रीगणेशतीर्थमा गरिएको स्नान र मुनि मुद्गलको दर्शनबाट ज्ञान र वैराग्यले सम्पन्न कैवर्तकले मुनिलाई भन्यो - म परम आश्चर्यमा परेको छु । वास्तवमा श्रीगणेशतीर्थमा स्नान गर्नाले र तपाइँको दर्शन गर्नाले मेरो बुद्धिमा परिवर्तन आएको छ ।।१६-१८।। बालककालदेखि नै मेरो दुष्ट बुद्धि थियो र पापकर्ममा निरत पनि । हे प्रभु! मैले अहिलेसम्म असङ्ख्य पाप गरेको छु।।१९।। अहिले तपाइँको कृपाबाट मेरो बुद्धिमा निर्वेद पैदा भएको छ। यी भुईंमा खसेका शस्त्रलाई अब म धारण गर्ने छैन ।।२०।। हे ऋषि ! ममाथि पूर्ण दया गर्नुहोस् । म संसारसागरमा फँसेको छु । मेरो उद्धार गर्नुहोस् । सज्जन मानिसले दीन, दुःखी, पापी र पतितमा पनि दया गर्दछन् ।।२१।। मैले संसारमा कहीँ पनि सज्जनको सङ्गति खेर गएको कुरा देखेको छैन । रत्नसँग धातुको सम्पर्क व्यर्थ हुँदैन ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्र उवाच

एवमुक्तो मुद्गलोऽसौ तं जगाद कृपान्वितः ।
शरणागतसंत्यागे स्मरन् दोषं विशेषतः ।।२३।।

मुद्गल उवाच

विधिप्रयुक्ते दानादौ नाधिकारोऽस्ति कुत्रचित् ।
तथापि ते नामजपं कथयामि प्रसादतः ।।२४।।
गजाननस्य परमं सर्वसिद्धिकरं नृणाम् ।
ततः प्रमाणमकरोत् कैवर्तो मुद्गलं मुनिम् ।।२५।।
गणेशाय नम इति नाममन्त्रमुपादिशत् ।।२६।।
स्वयष्टिं रोपयामास पुरस्तस्य धरातले ।
उवाच चैनं सम्प्रीत्या यावदागमनं मम ।।२७।।
तावज्जपस्व नामेदं यावद् यष्टिश्च साङ्कुरा ।
एकासनगतो वायुभक्ष एकाग्रमानसः ।।२८।।
सायं प्रातर्जलं देहि यष्टिमूले निरन्तरम् ।।२९।।

शक्र उवाच

उपदिष्टो मुद्गलेन नाम्ना कैवर्तकस्तदा ।
निराशो जीविते तस्थौ तस्मिन्नन्तर्हिते मुनौ ।।३०।।
एकासनगतोऽरण्ये जजाप नाममन्त्रकम् ।
पुरोधाय मुनेर्यष्टिं वृक्षच्छायासमाश्रितः ।।३१।।
निराहारो निरीहश्च जितेन्द्रियगणो वशी ।
एवं सहस्त्रवर्षान्ते सा यष्टिः साङ्कुराऽभवत् ।।३२।।
ततः प्रतीक्षामकरोन्मुनेरागमनस्य सः ।
वल्मीकवेष्टिततनुर्लताजालसमन्वितः ।।३३।।
ततो मुनिर्मुद्गलोऽपि दैवात् तं देशमाययौ ।
संस्मार च तदा यष्टिं तञ्च कैवर्तकं यदा ।।३४।।
ददर्श भ्रममाणः स साङ्कुरां यष्टिमुत्तमाम् ।
वल्मीकाक्रान्तदेहञ्च तञ्च कैवर्तकं मुनिः ।।३५।।
दुश्चरं मुनिभिः सर्वैरास्थितं तप उत्तमम् ।
लक्षितं नेत्रमात्रेण यतता मुनिना तदा ।।३६।।
उत्साद्य तस्य देहस्थं वल्मीकं मुनिसत्तमः ।
मन्त्रितेन जलेनास्य सिषेचाङ्गञ्च सर्वशः ।।३७।।

इन्द्रले भने - यसरी कैवर्तकले आत्मोद्धारका लागि प्रार्थना गरेपछि शरणागतको उपेक्षा गर्दा दोष लाग्ने कुरा जानेर महर्षि मुद्‌गलले कृपालु हुँदै भने।।२३।।

मुद्‌गलले भने- हे कैवर्तक! विधिसम्मत दानादि कर्ममा तिम्रो अधिकार छैन, तापनि कृपा गरेर भगवान् श्रीगणेशको सर्वसिद्धिदायक नामजपबारे म तिमीलाई उपदेश गर्दछु । यो कुरा सुनेर कैवर्तकले मुद्गल ऋषिलाई प्रणाम गर्‍यो।।२४-२५।। मुद्गलले पनि त्यसको शिरमा आफ्नो वरद हात राखिदिए र **'गणेशाय नमः'** यो नाममन्त्रको उपदेश गरे। उपदेशपछि तिनले कैवर्तक बसेको जमीन अगाडि आफ्नो लौरो गाडिदिए र त्यसलाई भने - हे कैवर्तक ! म जबसम्म फर्केर आउँदिनँ र जबसम्म यस लौरामा आँकुरा लाग्दैनन् तबसम्म तिमीले उक्त नाममन्त्र जपिराख, हावा पान गर, चित्त एकाग्र बनाऊ र साँझ-बिहान यस लौराको फेदमा पानीले सिञ्चन गर।।२७-२९।।

इन्द्रले भने - मुद्‌गलद्वारा उपदेश प्राप्त गर्ने त्यो दुष्ट कैवर्तकले जीवनबाट निराश भएर वनमा एउटै आसनमा रही नाममन्त्र जप गर्न थाल्यो । मुनिले गाडेको लौरालाई सामुन्ने पारेर रूखको छायाँमा बसी सम्पूर्ण इच्छा सुकाएर निराहार भई त्यस कैवर्तकले इन्द्रियमाथि विजय गर्‍यो र कठिन तपस्यालाई निरन्तरता दियो। तपस्याका एक हजार वर्ष बितेपछि गाडिएको लौरामा आँकुरा उत्पन्न हुन थाले ।।३०-३२।। त्यसपछि पनि मुद्‌गल मुनि कहिले आउनुहुन्छ भनी उहाँको प्रतीक्षा गर्दै त्यो दुष्ट कठोर तपमा लागिरह्यो । त्यस बेला त्यो धमिराको माटोले पुरिएको थियो र त्यसका शरीरमा लहराहरू जेलिएका थिए ।।३३।। एक दिन दैवसंयोग मुद्‌गल ऋषि पनि त्यसै क्षेत्रमा आइपुगे र तिनले त्यो लौरो र कैवर्तकलाई याद गरे।।३४।। घुम्दै आउँदा तिनले अङ्कुरित भएको लौरो र धमिराको माटोले पुरिएको कैवर्तकलाई देखे।।३५।। तत्कालै मुनिहरूद्वारा पनि गर्न नसकिने ठूलो तपस्या गरिरहेको तथ्य दृष्टिपात हुनासाथ थाहा पाए।।३६।। मुद्गलले त्यसको शरीर ढाक्ने धमिराको माटो हटाएर अभिमन्त्रित जलले सर्वाङ्गमा अभिषेक गरे । अभिषेक मात्र गरिँदा दिव्यशरीरले सम्पन्न दुई हातले युक्त भएता पनि नाकको फेदमा सूँढ निस्किनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदैव दिव्यदेहं तं जगाद मुनिसत्तमः ।
प्राप्तवन्तं गणेशस्य सारूप्यं करयोगतः ।।३८।।

द्विकरं प्रजपन्तञ्च नाम वैनायकं शुभम् ।
उन्मीलिते तदा नेत्रे मुनिना बोधितस्तु सः ।।३९।।

तस्य नेत्रोद्भवो वह्निर्विद्युद्वद् गगनं गतः ।
त्रिलोकीमुद्यतो दग्धुं मुनिना वारितो ततः ।।४०।।

सोऽपि तं मुनिमानम्य स्वगुरुं करुणायुतम् ।
आलिलिङ्ग मुदा युक्तस्तनयः पितरं यथा ।।४१।।

उपदिष्टो मुद्गलेन नाम कैवर्तकस्तदा ।
वल्मीकात् पुनरुत्पन्नं मानयामास तं सुतम् ।।४२।।

चकार नाम कर्मास्य मुद्गलो मुनिरादरात् ।
भ्रूमध्यान्निर्गता शुण्डा भ्रुशुण्डीति ततो नृप ।।४३।।

एकाक्षरञ्च मन्त्रञ्च तस्मै प्राहाथ मुद्गलः ।।४४।।

वरानस्मै ददौ पश्चाद् भव त्वं मुनिसत्तमः ।
इन्द्रादिदेवगन्धर्वैः सिद्धैररर्च्यतमो भव ।।४५।।

यथा गजाननो देवो ध्यातो दृष्टोऽघनाशनः ।
तथाहि त्वमपि मुने भ्रुशुण्डी प्रथितो भव ।।४६।।

यस्य ते दर्शनं स्यात् स कृतकृत्यो भवेन्नरः ।
आयुश्च कल्पलक्षं ते भविता मम वाक्यतः ।।४७।।

एवं बहुविधान् तस्मै वरान् यच्छति मुद्गले ।
ययुरिन्द्रादयो द्रष्टुं मुनयो नारदादयः ।।४८।।

ऊचुस्तं प्रणिपत्यैव भ्रुशुण्डे ! तव दर्शनात् ।
सार्थकं जन्म नो विद्या पितरौ च तपो यशः ।।४९।।

त्वमेव गणनाथोऽसि पूजनीयोऽसि नो मुने ।
स तु सम्पूज्य तान् सर्वान् प्रणम्य च विसृज्य च ।।५०।।

पुनः पद्मासनगतो जजापैकाक्षरं मनुम् ।
पुरो मूर्तिं प्रतिष्ठाप्य गणेशस्य मनोहराम् ।।५१।।

श्रीगणेशको आकारमा आकारित र नामजपमा लीन त्यस कैवर्तकलाई मुनिले जगाए। अभिषेकपछि कैवर्तकले आफ्ना दुबै आँखा खोल्यो । त्यसपछि मुनिले त्यसलाई उद्बोधन गरे।।३७-३९।। त्यस बेला त्यसका आँखाबाट प्रकट भएको आगो बिजुलीझैं आकाशमा फैलियो । त्यसले त्रिलोकीलाई नै डढाउन खोज्यो। त्यो देखेर मुद्गल ऋषिले पानीका छिटाले छेपेर त्यो अग्निलाई शान्त गराए।।४०।। कैवर्तकले पनि आफ्ना गुरु दयालु मुनि मुद्गललाई प्रणाम गरी छोराले बाबुलाई आलिङ्गन गरेझैं आलिङ्गन गऱ्यो ।।४१।। त्यस बेला मुद्गलले धमिराको गोलो फोरेर फेरि उत्पन्न भएका कारण छोरा मानेर उपदेश गरे। तिनले आदरपूर्वक भने - 'हे कैवर्तक ! तिम्रो आँखाको बीचबाट सूँढ उत्पन्न भएकाले तिम्रो नाम भ्रुशुण्डी रहनेछ' । मुद्गलद्वारा उपदेश पाएपछि त्यसले उहाँलाई फेरि प्रणाम गऱ्यो । तिनले कैवर्तकलाई धमिराको माटोबाट पैदा भएका कारण तिमी मेरा पुत्र हौ भनी पुत्रका रूपमा स्वीकार गरे। यसरी नामकरण गरेपछि एकाक्षरी श्रीगणेश मन्त्रको पनि उपदेश गरे ।।४२-४४।। अन्तमा वरदान दिंदै मुनिले भने - 'अब तिमी संसारमा उत्तम मुनिका रूपमा प्रख्यात हुनेछौ र इन्द्र आदि देवता, सिद्धपुरुष र गन्धर्वहरूद्वारा पनि वन्दनीय पुरुष हुनेछौ । जसरी ध्यान गरिएका भगवान् श्रीगणेश पापनाशक बन्नुहुन्छ, त्यसरी नै तिमी पनि पापनाशक भ्रुशुण्डी मुनिका रूपमा संसारमा प्रसिद्ध हुनेछौ ।।४५-४६।। जसले तिम्रो दर्शन पाउनेछ, त्यो दर्शक कृतकृत्य हुनेछ । तिम्रो आयु एक लाख कल्पको हुनेछ । यो मेरो आशीर्वाद हो ।' यसरी मुद्गलले भ्रुशुण्डीलाई अनेक वरदान दिन लागेका बेला त्यहाँ इन्द्रआदि देवता र नारदआदि मुनिहरूले पनि आई भ्रुशुण्डीलाई प्रणाम गर्दै भने- 'हे भ्रुशुण्डी ! तपाइँको दर्शनबाट हाम्रो जन्म सार्थक भयो । विद्या, माता-पिता, तपस्या र यश पनि सार्थक भए । तपाइँ नै हाम्रा लागि श्रीगणेश हुनुहुन्छ र पूजनीय पनि हुनुहुन्छ।' भ्रुशुण्डीले पनि सबैलाई आदरपूर्वक नमस्कार गरी बिदा गरे। त्यसपछि फेरि पद्मासन बाँधी आफ्नो समीपमा श्रीगणेशको सुन्दर मूर्तिको प्रतिष्ठा गरी एकाक्षरी मन्त्र जप गर्न आरम्भ गरे ।।४७-५१।। भ्रुशुण्डी दिनदिनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपचारैः षोडशभिरपुपूजद् दिने दिने ।
आश्रमश्च बभौ वापीसरोवृक्षलतादिभिः ।।५२।।

त्यक्तवैरैः सिंहमृगैर्नकुलैर्भुजगोत्तमैः ।
ततो वर्षशतस्यान्ते प्रसन्नोऽभूद् गजाननः ।।५३।।

उवाच मत्स्वरूपस्त्वं किमर्थं तपसे तपः ।
कृतकृत्योऽसि सायुज्यमायुषोऽन्ते च लप्स्यसे ।।५४।।

इदं क्षेत्रं सुविख्यातं नामलेति भविष्यति ।
अनुष्ठानकृतामत्र नानासिद्धिप्रदं नृणाम् ।।५५।।

मन्मूर्तिदर्शनादत्र न पुनर्जन्मभाग् भवेत् ।
अपुत्रश्च लभेत् पुत्रान् विद्यार्थी ज्ञानमाप्नुयात् ।।५६।।

शक्र उवाच

इति ते कथितं सर्वं शूरसेन ! नृपोत्तम ! ।
यत्त्वया परिपृष्टं मे किमन्यच्छ्रोतुमिच्छसि ।।५७।।

षोडशोपचारले श्रीगणेशको पूजा गर्दथे । त्यो आश्रम कुवा, तलाउ, पोखरी, वृक्ष, लताहरूद्वारा शोभायमान थियो । त्यहाँ आपसी द्वेष नभएका सिंह, मृग, नकुल र सर्पहरू खेलिरहेका थिए । तदनन्तर सय वर्षपछि भगवान् श्रीगणेशले प्रसन्न भई दर्शन दिनुभयो र भन्नुभयो – 'हे भ्रुशुण्डी ! तिमी मेरै रूप हौ, मजस्तै छौ, केका लागि तप गरिरहेका छौ? अब तिमी कृतकृत्य भएका छौ र आयुको अन्तमा ममा नै विलीन हुनेछौ अर्थात् मेरो सायुज्य प्राप्त गर्नेछौ ।।५२-५४।। तिमीले तपस्या गरेको यो क्षेत्र पृथिवीमा विख्यात हुनेछ, यहाँ आएर अनुष्ठान गर्नेहरूले अनेक थरि मन्त्रहरूका सिद्धि प्राप्त गर्नेछन् ।।५५।। यहाँ आएर मेरो मूर्तिको दर्शन गर्ने मानिसले फेरि जन्म लिनुपर्ने छैन । अपुत्रले पुत्र र विद्यार्थीले ज्ञान प्राप्त गर्नेछन्।।५६।।'

इन्द्रले भने – हे उत्तम राजा शूरसेन ! तपाइँले सोध्नुभएको विषयमा मैले उत्तर दिएँ । अब के सोध्न चाहनुहुन्छ भन्नुहोस् ।।५७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे भ्रुशुण्ड्युपाख्यानं नाम सप्तपञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'श्रीगणेशको नामस्मरणबाट कैवर्तकले भ्रुशुण्डीरूप प्राप्त गरेको उपाख्यान' शीर्षकान्वित सन्ताउन्नौं अध्याय पूर्ण भयो ।।५७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टपञ्चाशोऽध्यायः　{ ५८ अध्याय }

ब्रह्मोवाच

एवं श्रुत्वा शूरसेनो मरुत्वद्वाक्यमुत्तमम् ।
पुनः पप्रच्छ तं व्यास! प्रीतः श्रुत्वा कथामृतम् ।।१।।

शूरसेन उवाच

केनोपायेन देवेश! यानं ते गगनं व्रजेत् ।
तमुपायं कुरु विभो ! वद वा किं करोमि ते ।।२।।

ब्रह्मोवाच

एवं पुनः कृतप्रश्नं नृपं प्राह सुरारिहा ।
शृण्वतां सर्वलोकानां स्मयमान इदं वचः ।।३।।

इन्द्र उवाच

कश्चित् स्यादिह सङ्कष्टचतुर्थीव्रतकारकः ।
विप्रो वा क्षत्रियो वापि नगरे ते नृपोत्तम ।।४।।

तस्याब्दकृतपुण्येन सम्यग् दत्तेन भूभुज ! ।
इदानीं प्रचलेदेतन्नान्यथाऽयुतपूरुषैः ।।५।।

नृप उवाच

कथं व्रतं तु सङ्कष्टचतुर्थ्या वद मे मुने ।
किं पुण्यं किं फलं तस्य को विधिः कस्य पूजनम् ।।६।।

पुरा केन कृतं चात्र सिद्धिर्यस्मिन् कृतेऽभवत् ।
एतत्सर्वं सुनासीर ! कृपया वद विस्तरात् ।।७।।

शक्र उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
कृतवीर्यस्य संवादं नारदेन महात्मना ।।८।।

बभूव बलवान् राजा कृतवीर्यो महीतले ।
सत्यशीलो वदान्यश्च यज्वा मानी महारथः ।।९।।

जितेन्द्रियो मिताहारो देवद्विजनिषेवकः ।
यस्याश्वगजयोधानां रथिनां सर्वधन्विनाम् ।।१०।।

न सङ्ख्या विद्यते राजन् ! सह्याद्रिविषयासिनाम् ।
मन्दिरे यस्य सौवर्णाः पर्यङ्का भाजनानि च ।।११।।

नासीदौदुम्बरं पात्रं पाकार्थमपि सर्वदा ।
यस्य द्वादशसाहस्रा ब्राह्मणाः पङ्क्तिभोजिनः ।।१२।।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! यसरी इन्द्रबाट श्रीगणेशसम्बन्धी कथामृतको पान गरेपछि प्रसन्न भएर शूरसेन राजाले फेरि उनीसँग प्रश्न गरे ।।१।।

शूरसेनले भने - हे देवराज इन्द्र ! हजुरको विमान कुन उपायबाट फेरि आकाशमा उड्न सक्छ? त्यो उपाय बताउनुहोस् अथवा मैले हजुरका लागि के गर्नुपर्छ? त्यो आज्ञा गर्नुहोस्।।२।।

ब्रह्माजीले भन्नुभयो - आफूसँग बारबार प्रश्न गरिरहने शूरसेन राजालाई इन्द्रले आश्चर्य मान्दै भने ।।३।।

इन्द्रले भने - हे राजा शूरसेन ! के तपाइँको नगरमा सङ्कष्टचौथीव्रत गर्ने कुनै ब्राह्मण अथवा क्षत्रिय छ ? त्यसले वर्षभर गरेको पुण्य मलाई प्रदान गऱ्यो भने यो विमान आकाशमा फेरि उड्न सक्छ, अन्यथा दशहजार वीरहरू आएर बल लगाए पनि यो उड्न सक्दैन ।।४-५।।

शूरसेनले भने - हे देवराज इन्द्र ! सङ्कष्टचतुर्थीव्रत कसरी गरिन्छ ? त्यसबाट कस्तो पुण्य प्राप्त हुन्छ ? त्यो व्रत गर्ने विधि कस्तो रहेको छ ? र त्यसमा कसको पूजा गरिन्छ? मलाई यी सबै प्रश्नहरूको उत्तर बताउनुहोस् । यो व्रत पहिले कसले गरे ? कस्तो सिद्धि प्राप्त गरे ? यी सबै विषयमा पनि मलाई तपाइँले विस्तारपूर्वक बताउनुहोस् ।।६-७।।

इन्द्रले भने- यस विषयमा म तपाइँलाई पुरानो इतिहास बताउँछु। त्यो इतिहास महात्मा नारदजीसँग कृतवीर्यको संवादका रूपमा रहेको छ ।।८।। पृथिवीमा पहिले कृतवीर्यनामक राजा प्रसिद्ध भए । ती राजा सत्यशील, उदार दाता, यज्ञशील, स्वाभिमानी, महारथी, जितेन्द्रिय, परिमित आहार गर्ने र वेद एवं ब्राह्मणका सेवक थिए। तिनका घोडा, हात्ती र योद्धाका साथै सह्याचल निवासी रथी र धनुर्धारी वीरहरूको संख्या कति थियो भन्न कुनै पनि मानिस समर्थ थिएन । तिनका घरमा सुनै सुनका भाँडा र पलङ्ग थिए । पकाउनका लागि पनि तामाको भाँडाको प्रयोग गरिँदैनथ्यो। तिनको भान्छामा दिनदिनै बाह्र हजार ब्राह्मणले पङ्क्तिबद्ध भई भोजन गर्दथे ।।९-१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुगन्धा नाम यस्यासीत् पत्नी धर्मपरायणा ।
पतिव्रता पतिप्राणा त्रैलोक्येऽतिमनोरमा ।।१३।।

नानालङ्कारसुभगा द्विजदेवातिथिप्रिया ।
एवं तौ दम्पती राजन्नपुत्रौ सम्बभूवतुः ।।१४।।

पुत्रार्थं सर्वदानानि व्रतानि च तपांसि च ।
चक्रतुर्नियमानन्यान् यज्ञाँश्च बहुदक्षिणान् ।।१५।।

नानातीर्थानि क्षेत्राणि जग्मतुः पुत्रलिप्सया ।
तथापि नाभवत् पुत्रो जन्मान्तरकृतैनसोः ।।१६।।

एकदा दुःखितो राजा समाहूय स मन्त्रिणः ।
राज्यं मुद्राञ्च कोशञ्च जनाञ्जनपदाँस्तथा ।।१७।।

तेभ्यो निवेद्य सर्वं तौ जग्मतुर्वनमुत्तमम् ।
वल्कलाजिनसंवीतौ दम्पती तप आस्थितौ ।।१८।।

जितेन्द्रियौ जिताहारौ जीर्णपर्णानिलाशिनौ ।
चक्षुर्मात्रेण लक्ष्यौ तौ दृष्ट्वाऽथ नारदो मुनिः ।।१९।।

जनकं कृतवीर्यस्य पितृलोकस्थमब्रवीत् ।
अपुत्रत्वात् प्रायगतो विद्यते तनयस्तव ।।२०।।

कृतवीर्यो मृत्युलोके श्वः परश्वो मरिष्यति ।
यदि तस्य भवेत् पुत्रो नाकलोकप्रदर्शकः ।।२१।।

कृतवीर्यस्तदा जीवेन्मृतो वा स्वर्गमाप्नुयात् ।
इत्युक्त्वा नारदो यातः पश्यति स्माद्भुतं भुवि ।।२२।।

भ्रुशुण्डेः पितरौ पुत्रौ तस्य पत्नीं सकन्यकाम् ।
अग्निज्वालाकुले घोरे कुम्भीपाके ह्यधोमुखान् ।।२३।।

तिनकी सुगन्धानामक धर्मपरायणा पत्नी थिइन् । ती रानी पतिका निमित्त प्राणसमान पियारी र पतिव्रता पनि थिइन्। स्वर्ग, मर्त्य र पातालमा ती रानी अत्यन्त सुन्दर नारीका रूपमा चर्चित थिइन्। अनेक थरि अलङ्कार धारण गर्दा अत्यन्त कान्तिमय देखिने ती रानी ब्राह्मण, देवता र पाहुनाको सत्कार गर्न कुशल थिइन् । तर यस्तो समृद्धि, सौन्दर्य, सदाचार र शान-मान हुँदा पनि ती राजा रानी पुत्रहीन थिए ।।१३-१४।। पुत्रजन्मका लागि ती दुबैले सबै प्रकारका दान गरे, अनेक व्रतहरूको अनुष्ठान गरे र कठिन तपस्या पनि सम्पन्न गरे ।।१५।। अन्य आवश्यक नियमपालनका साथै ती दुबैले धेरै - धेरै दक्षिणा दिनुपर्ने वैदिक याग पनि सम्पन्न गरे । पुत्रप्राप्तिको तीव्र आशाले ती दुबैले अनेक तीर्थहरूमा भ्रमण गरी दर्शन-स्पर्शन गरे । यति विधि उपाय गर्दा पनि जन्मान्तरका प्रबल पापका कारण तिनीहरूले पुत्रको मुख देख्न पाएनन् ।।१६।। एक दिन साह्रै खिन्न भएर राजा कृतवीर्य आफ्ना मन्त्रीहरू डाकी राज्य, कोष, मुद्रा, नागरिक र जनपदलाई तिनको जिम्मा लगाई सपत्नीक वनतर्फ लागे ।।१७-१८।। रूखका बोक्रा र मृगको छाला धारण गरी ती दुबै कठोर तपस्या गर्न लागे । एक दिन देवर्षि नारदजीले इन्द्रियका वृत्ति र भोजनका प्रवृत्तिलाई नियन्त्रित गरी सुकेका पात र हावामात्र भोजन गरेर जीर्ण-शीर्ण शरीर धारण गर्ने, अत्यन्त दुर्बल र आँखाबाट मात्र चिन्न सकिने अवस्थामा पुगेका ती राजा-रानीलाई देखेर पितृलोकमा वर्तमान कृतवीर्यका पितालाई भने - तपाइँका छोरा कृतवीर्य पुत्रहीन भएका कारण मृत्युलोकमा तपस्याले क्षीण भएर मर्नै लागेका छन् । आज अथवा भोलिसम्म तिनले प्राणत्याग गर्न सक्दछन् । यदि तिनलाई स्वर्गमा पुऱ्याउने उत्तम स्वभावको छोरा जन्मिन्छ भने मात्र ती बाँच्न सक्छन् अथवा मरे पनि स्वर्गमा प्राप्त हुन सक्छन् । यति कुरा सुनाएर त्यहाँ पृथिवी-लोकका लागि प्रस्थान गरेका नारदजीले पृथिवीमा पुगेर अद्भुत दृश्य देखे ।।१९-२२।। त्यहाँ तिनले भगवान् श्रीगणेशको समान अनुहार भएका र गजाननकै रूपमा सम्मानित भ्रुशुण्डीका माता-पिता, दुई भाइ छोरा, छोरी र पत्नीलाई अग्निको ज्वालाले आकुल भई कुम्भीपाक नरकमा मुन्टो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याम्यदूतैस्ताड्यमानान् क्रन्दतो विविधान् रवान् ।
तेषामाक्रन्दितं श्रुत्वा नारदः करुणानिधिः ।।२४।।
आगत्य कथयामास तेषां दुःखं भ्रुशुण्डये ।

नारद उवाच

शक्रादयो देवगणा मुनयः कपिलादयः ।।२५।।
यस्य ते दर्शनं कर्तुं यान्ति हेरम्बरूपिणः ।
तत्कथं पितरौ पत्नी पुत्राः पुत्र्यश्च किंकराः ।।२६।।
यमलोके कुम्भीपाके पच्यन्ते तव दोषतः ।
त्वं चापि ज्ञानसम्पन्नः कथं तन्नावबुध्यसे ।।२७।।
पूर्वजानां त्वमुद्धारे यत्नं कुरु महामुने ! ।

शक्र उवाच

भ्रुशुण्डिरतिसन्तप्तो वाक्यं श्रुत्वा मुनीरितम् ।
दुःखितः पितृदुःखेन भृशं जज्वाल वह्निवत् ।।२८।।
उपायं चिन्तयामास तेषामुद्धारकारकम् ।
ददौ श्रेयः स सङ्कष्टचतुर्थीव्रतजं तदा ।।२९।।
विलोक्य प्रणिधानेन भ्रुशुण्डिः स परोक्षवित् ।
ध्यात्वा गजाननं देवं करे धृत्वा शुभं पयः ।।३०।।
उवाच पितृनुद्दिश्य याचन् देवं गजाननम् ।

भ्रुशुण्डिरुवाच

यदि भक्त्या कृतं मेऽस्ति गणनाथ! व्रतं तव ।।३१।।
तदा तस्य प्रभावेण शीघ्रमुद्धर पूर्वजान् ।
एवमुक्त्वा तु तत्तोयं गजाननकरेऽक्षिपत् ।।३२।।
क्षिप्तमात्रे तदा तोये गजाननप्रसादतः ।
विमानानि समारुह्य सर्वे ते देवरूपिणः ।।३३।।
सेव्यमाना अप्सरोभिः स्तूयमानाश्च चारणैः ।
गन्धर्वैर्गीयमानास्ते गणेशस्थानमाप्नुवन् ।।३४।।

झुकाएर बसेको र यमदूतहरूले ताडना गरिरहेको अवस्थामा देखे । ती सबै ठूलो स्वरले चिच्याइरहेका थिए । तिनको दुःख देखेर दयाका खानी नारद ऋषिले भ्रुशुण्डीको आश्रममा आई तिनले भोगिरहेको नारकीय कष्टको विषयमा भ्रुशुण्डी ऋषिलाई जानकारी गराए।

नारदजीले भन्नुभयो - हे भ्रुशुण्डी ऋषि ! इन्द्र आदि देवता र कपिल आदि महर्षिद्वारा श्रीगणेशकै रूपमा सम्मानित हुनुभएका तपाइँको दर्शन गर्न आउने दर्शकहरू अत्यन्त कृतार्थ हुन्छन् तर तपाइँका छोरा-छोरी, बाबु-आमा, पत्नी र सेवकहरू तपाइँकै दोषले यमलोकको कुम्भीपाक नरकमा नारकीय कष्ट भोगिरहेका छन् । तपाइँ स्वयं ज्ञानी भएर पनि के यो कुरा थाहा पाउनुभएको छैन ? हे महामुनि ! पूर्वजहरूको उद्धारका लागि प्रयत्न गर्नुहोस्।

इन्द्रले भने - नारदजीका यी कुरा सुने भ्रुशुण्डी अत्यन्त सन्तापमा परे । माता-पिताले दुःख पाएको सुनेर आफै आगोझैं बल्न थाले र ती सबैको उद्धार गर्ने उपायको विषयमा चिन्तन गरी तिनले आफूले गरेको सङ्कष्टचतुर्थी व्रतको पुण्य पिता-माता आदि सबै पारिवारिक जनको उद्धारका लागि दान गरे।।२३-२९।। पुण्यदान गर्ने क्रममा परोक्षवेत्ता भ्रुशुण्डीले सर्वप्रथम ध्यानदृष्टिबाट ती सबैको दुर्दशा देखेर श्रीगणेशको ध्यान गरे। त्यसपछि हातमा जल लिएर पितृहरूको उद्धारका लागि भगवान् श्रीगणेशसँग प्रार्थना गरे ।

भ्रुशुण्डीले भने - 'हे श्रीगणेश ! यदि मैले हजुरको सङ्कष्टचतुर्थीको व्रत भक्तिपूर्वक गरेको छु भने त्यसका प्रभावले मेरा पिता र पारिवारिक जनहरूको छिटै उद्धार गर्नुहोस् ।' यसरी प्रार्थना गरेर तिनले आफ्नो हातमा लिएको जल श्रीगणेशको हातमा अर्पण गरे ।।३०-३२।। तिनले श्रीगणेशको हातमा जलार्पण गर्नासाथ भगवान् श्रीगणेशको कृपाबाट भ्रुशुण्डीका पिता-माता र पारिवारिक जनहरू देवताको रूप लिएर विमानमा सवार भई अप्सराहरूको सेवा, स्तुतिपाठकहरूको प्रशंसा र गन्धर्वहरूको गुणगान पाएर प्रसन्न हुँदै श्रीगणेशको धाममा प्राप्त भए ।।३३-३४।। त्यस बेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्येऽपि कुम्भीपाके च नरा दुष्कृतिनोऽभवन् ।
तेऽपि सर्वे विमानस्थाः पदं गाणेश्वरं ययुः ।।३५।।
एवं व्रतस्य महिमा मया ते परिकीर्तितः ।
यदेकदिनपुण्येन सर्वे ते सद्गतिं गताः ।।३६।।
जन्मावधि कृतं येन सङ्कष्टव्रतमादरात् ।
शेषोऽपि तस्य पुण्यस्य सङ्ख्यां कर्तुं न वै क्षमः ।।३७।।
अतस्तस्य प्रभावेण विमानं प्रचलेन्मम ।।३८।।

कुम्भीपाक नरकमा अरू पनि पापी मानिसहरूले कष्टभोग गरिरहेका थिए । ती पनि तिनका सम्पर्कका कारण विमानमा सवार भई श्रीगणेशधाममा प्राप्त भए ।।३५।। यसरी मैले तपाईँलाई सङ्कष्टचतुर्थी व्रत गरेको पुण्यबाट धेरै मानिसले सद्गति प्राप्त गरेको कुरा बताएँ ।।३६।। जसले श्रद्धापूर्वक आजीवन सङ्कष्टचतुर्थीको व्रत सम्पन्न गर्दछ त्यसले प्राप्त गर्ने पुण्यको गणना गर्न शेषनाग पनि सक्दैनन्।।३७।। त्यस कारण सङ्कष्टचतुर्थीको पुण्य कसैले दान गर्दछ भने मेरो विमान भखरै आकाशमा उड्न सक्दछ ।।३८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे सङ्कष्टचतुर्थीव्रतकथनं नामाष्टपञ्चाशत्तमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सङ्कष्टचतुर्थीव्रत महिमाको निरूपण' शीर्षकान्वित अन्ठाउन्नौं अध्याय पूर्ण भयो ।।५८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनषष्टितमोऽध्यायः { ५९ अध्याय }

राजोवाच

कुम्भीपाकाद् विनिःसृत्य तेषु यातेषु वै दिवम् ।
कमुपायं स कृतवान् कृतवीर्यपिता तदा ।।१।।

शक्र उवाच

ब्रह्मलोकं जगामाशु ददर्श कमलासनम् ।
दुःखितो नारदाच्छ्रुत्वा वंशविच्छेदमात्मनः ।।२।।

प्रणम्य तमपृच्छत् स वंशविच्छेदकारणम् ।
मम पुत्रोऽतिधर्मात्मा वदान्यो यज्ञकारकः ।।३।।

देवतातिथिभक्तश्च मान्यमानयिता भृशम् ।
नानाविधप्रयत्नं स पुत्रार्थं कृतवान् विधे ।।४।।

तथापि नाभवत् कस्मात् तस्य पुत्रः सुरेश्वर ! ।
राज्यं प्रकृतिसात् कृत्वा वायुभक्षः स्थितो वने ।।५।।

अस्थिमात्रावशेषोऽसावद्य श्वो वा मरिष्यति ।
जन्मान्तरीयं तस्यैनो येन गच्छेल्लयं प्रभो ।।६।।

तमुपायं दयां कृत्वा वद मे कमलासन ! ।
तं प्रापयिष्ये तत्राहं स्ववंशस्य विवृद्धये ।।७।।

एवं सुललितां वाणीं श्रुत्वोवाच तथा विधिः ।
श्रूयतां तव पुत्रस्य पूर्वजन्म मयेरितम् ।।८।।

सामनाम्नाऽभवत् पूर्वं तत्रैव नगरेऽन्त्यजः ।
दुष्कर्माऽतितरां यस्य दर्शनं पुण्यनाशकृत् ।।९।।

एकदा तेन वित्तस्य लोभेन पथि घातिताः ।
द्वादश ब्राह्मणाः शान्तास्त्यक्तास्तेन गुहान्तरे ।।१०।।

सर्वं तदीयमादाय निशि स्वगृहमागतः ।
माघकृष्णचतुर्थ्यां स उदये शशिनो नृप ।।११।।

शूरसेनले भने – कुम्भीपाक नरकबाट मुक्त भएर भ्रुशुण्डीका पूर्वजहरू स्वर्ग गएपछि कृतवीर्यका पिताले के उपाय गरे ? ।।१।।

इन्द्रले भने – कृतवीर्यका पिताले नारदमुनिबाट आफ्नो वंश विच्छिन्न भइरहेको परिस्थिति थाहा पाएर दुःखी भई छिटै ब्रह्मलोक पुगेर भगवान् ब्रह्माजीको दर्शन गरे ।।२।। कृतवीर्यका पिताले ब्रह्माजीलाई प्रणाम गरेपछि हात जोडेर आफ्नो वंश विच्छेद हुनुको कारण के हो भन्ने जिज्ञासा राख्दै भने- 'हे भगवन्! मेरो छोरा कृतवीर्य धर्मात्मा, दाता, यज्ञकर्ता, देवता एवं अतिथिका भक्त र सम्मान दिन पनि कुशल छ । त्यसले पुत्रप्राप्तिका लागि अनेक थरि प्रयत्न गरेता पनि त्यसलाई अहिलेसम्म पुत्र प्राप्त भएन, त्यसमा के कारण छ ? आज त्यो छोरा आफ्नो राज्य मन्त्रीहरूको जिम्मामा लगाएर हावामात्र पिएर वनमा तपस्या गरिरहेको छ ।।३-५।। त्यसको शरीरमा अब हाड-छालामात्र बाँकी छन्, आज अथवा भोलि त्यो मर्न सक्छ । हे भगवन् ! त्यसले जन्मान्तरमा गरेको पापलाई जुन उपायबाट समाप्त गर्न सकिन्छ त्यो उपाय हजुरले मलाई कृपापूर्वक बताउनुहोस्। म वंशवृद्धिका लागि त्यो छोरालाई जहाँ लैजानुपर्छ, त्यहाँ पुऱ्याउँछु' ।।६-७।। कृतवीर्यका पिताको यो प्रार्थनापूर्ण वाणी सुनेर ब्रह्माजीले भन्नुभयो – हे उत्तम पुरुष! तिम्रा छोराको पूर्वजन्मको विषयमा म बताउँछु, तिमीले सुन ।।८।। तिम्रो नगरमा पहिले सामनामक एउटा अन्त्यज थियो । त्यो साह्रै पापी भएकाले त्यसको दर्शन गर्दा मानिसहरूका पुण्य नष्ट भएर जान्थे ।।९।। एक दिन त्यस अन्त्यजले लोभको वशमा परेर बाटोमा हिंडिरहेका बाह्र जना ब्राह्मणहरूको हत्या गरी तिनका लाश कुनै गुफामा लगेर लुकायो ।।१०।। त्यो ती ब्राह्मणसँग भएका सबै धनमाल लिएर रातको समयमा आफ्नो घरमा आयो । संयोगवश त्यो दिन माघ महिनाको कृष्णपक्षको चतुर्थी तिथि थियो र त्यसका छोराको नाम श्रीगणेश थियो । त्यस दिन चन्द्रमाको उदयकालमा त्यसले आफ्नो छोरालाई पटक पटक हे श्रीगणेश! हे श्रीगणेश!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेशेति गणेशेति पुत्रमाहूय सत्वरम् ।
अलब्धान्नजलस्तेन सहैव बुभुजे मुदा ।।१२।।

कालेन तव पुत्रोऽसौ पञ्चत्वमगमन्निशि ।
चन्द्रोदये चतुर्थ्यां तु कृष्णायामेव भूभुज ।।१३।।

अज्ञानकृतसङ्कष्टचतुर्थीव्रतसम्भवात् ।
पुण्याद् वैनायकं धाम जगाम सुखदं तु सः ।।१४।।

विमानवरमारूढो वीक्ष्यमाणोऽप्सरोगणैः ।
वैमानिकैः स्तूयमानो दिव्यपुष्पैरथार्चितः ।।१५।।

तेनैव पुण्यशेषेण कृतवीर्याभिधो नृपः ।
तव पुत्रः समापेदे पुत्रत्वमधुना भुवि ।।१६।।

तदघौघक्षयात् तस्य पुत्र उत्पत्स्यतेऽनघ ।
इति ब्रह्मवचः श्रुत्वा चकम्पे स नृपोत्तमः ।।१७।।

पप्रच्छ पुनरेवासावुपायं पापनाशनम् ।

कृतवीर्यपितोवाच

ब्रह्महत्याकृतस्तस्य पापं नश्येत् कथं विधे ।।१८।।
तद् वदस्व दयासिन्धो ! यद्यपि स्यात् सुदुष्करम् ।

ब्रह्मोवाच

स चेद् व्रतं तु सङ्कष्टचतुर्थीसंज्ञकं तव ।।१९।।
सुतः करिष्यते सम्यक्तेन पापात् प्रमोक्ष्यते ।

राजोवाच

कथं तत्क्रियते ब्रह्मन् ! कस्मिन् मासे व्रतं शुभे ।।२०।।
तत् सर्वं वद मे स्वामिन् ! येन पापं लयं व्रजेत् ।

ब्रह्मोवाच

चतुर्थी भौमवारे तु माघे कृष्णे भवेद् यदि ।।२१।।

शुभे मुहूर्ते चन्द्रे च कुर्यात् प्रारम्भमस्य ह ।
दन्तधावनपूर्वाणि स्नानानि चैकविंशतिम् ।।२२।।

भनी सम्बोधन गऱ्यो। त्यसलाई भोक लागेको थियो तर अन्न जल खान पाएन । त्यो रात भोकै रहनुपऱ्यो। अर्को दिन आफ्नो छोराले भोजन गरेपछिमात्र त्यसले भोजन गऱ्यो ।।११-१२।। धेरै समय बितेपछि त्यस अन्त्यजको छोरा कृष्णपक्षको चतुर्थीको रातमा मऱ्यो र अज्ञानमा गरेको सङ्कष्टचतुर्थीको व्रतका प्रभावले त्यो सुखदायक श्रीगणेशधाममा प्राप्त भयो ।।१३-१४।। श्रीगणेशधाममा जाने क्रममा त्यो विमानमा सवार भई अप्सराहरूको आनन्ददायक सेवा प्राप्त गर्दै विमान-चालकहरूको स्तुतिगानबाट मुग्ध हुँदै र दिव्य पुष्पवृष्टिबाट अभिनन्दित हुँदै श्रीगणेशधाममा प्राप्त भएको थियो ।।१५।। अन्त्यजको छोरा त आफ्नै पुण्यले धाममा पुग्यो तर त्यो अन्त्यज पनि सङ्कष्टचतुर्थीको दिन श्रीगणेशको नाम उच्चारण गर्नाले र अज्ञानमै भए पनि उपवास बस्नाले मरेपछि पुण्यशेष भएका कारण आज तपाइँको छोरा कृतवीर्यका रूपमा जन्मेको छ। त्यसले पूर्वजन्ममा गरेको ब्रह्महत्याजनित पापको राशि समाप्त भएपछिमात्र त्यसलाई छोरा पैदा हुनेछ । ब्रह्माजीका यी कुरा सुनेर कृतवीर्यका पिता थर्थर काँपे।।१६-१७।। केही बेरपछि तिनले त्यस पापलाई नाश गर्ने उपायका विषयमा जिज्ञासा गरे।

कृतवीर्यका पिताले भने- हे भगवन् ! त्यसले जन्मान्तरमा गरेको ब्रह्महत्याको पाप कुन उपायबाट नाश हुनसक्छ ? हे दयालु! त्यो उपाय जतिसुकै कठिन भए तापनि मलाई बताउनुहोस् ।

ब्रह्माजीले भन्नुभयो - यदि तिम्रो पुत्र कृतवीर्यले सङ्कष्टचतुर्थीको व्रत गर्दछ भने त्यसका पाप नाश हुनेछन् र त्यसलाई पुत्रलाभ पनि हुनेछ ।

कृतवीर्यका पिताले भने - हे भगवन् ! त्यो व्रत कसरी गरिन्छ ? कुन महिनामा गरिन्छ ? यी कुरा मलाई बताउनुहोस्, जसबाट कृतवीर्यका सबै पाप नष्ट हुन सकून् ।

ब्रह्माजीले भन्नुभयो - यदि माघकृष्ण चतुर्थी मङ्गलवारका दिन पर्दछ भने शुभमुहूर्तमा त्यो व्रत प्रारम्भ गर्नुपर्दछ । यदि त्यो चतुर्थी सोमवारका दिन पर्दछ भने पनि राम्रो मुहूर्त हेरी व्रतारम्भ गर्नुपर्दछ । दन्तधावन गरेपछि एक्काइसपटक स्नान गरी नित्यकर्म गर्नुपर्दछ । त्यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुर्वीत नित्यकर्माणि जपेन्मन्त्रं ततः परम् ।
निराहारो भवेन्मौनी परनिन्दाविवर्जितः ।।२३।।

दुष्टकर्म च ताम्बूलं वर्जयेन्नियमेन च ।
वर्जयेज्जलपानञ्च परद्रोहञ्च पैशुनम् ।।२४।।

तिलामलककल्केन दिनान्ते स्नानमाचरेत् ।
एकाक्षरं षडर्णं वा जपेद् वा वैदिकं मनुम् ।।२५।।

गणेशप्रीतये तस्य नाममन्त्रं यथाविधि ।
ध्यायेत् स्थिरेण मनसा देवदेवं गजाननम् ।।२६।।

मुहूर्तमात्रेण ततः पूजयेद् गणनायकम् ।
उपचारैः षोडशभिर्नैवेद्यैर्विविधैरपि ।।२७।।

मोदकापूपशुष्कुलीलड्डूकैर्वटकैरपि ।
पायसैर्विविधैरन्नैर्व्यञ्जनैर्लेह्यचोष्यकैः ।।२८।।

फलैर्नानाविधैः पूगताम्बूलैर्दक्षिणादिभिः ।
एकविंशतिदूर्वाभिर्दीपैश्च कुसुमैरपि ।।२९।।

चन्द्रोदयेऽर्घ्यदानेन तिथये मन्त्रपूर्वकम् ।
गजाननाय पश्चात्तु चन्द्राय च ततः परम् ।।३०।।

निवेद्य पूजनं नत्वा क्षमाप्य च ततः पुनः ।
ब्राह्मणान् भोजयेद् भक्त्या शक्त्या वा चैकविंशतिम्।।३१।।

दश द्वादश वाऽशक्तो दक्षिणाभिः सुतोषयेत् ।
कथां श्रुत्वा ततः सम्यक् स्वयं भुञ्जीत वाग्यतः ।।३२।।

गीतवादित्रघोषेण शेषां रात्रिं ततो नयेत् ।
एवं व्रतं चैकवर्षं कृतं चेद् यत्नतो नृप ।।३३।।

सर्वपापक्षयात् तस्य भविता पुत्र उत्तमः ।
अन्यं वा चिन्तयेत् कामं यं यं तं प्राप्नुयान्नरः ।।३४।।

सर्वसङ्कटनाशः स्यात् परचक्राद् भयं न हि ।
शमीमूले जपँस्तिष्ठन्नुपवासपरायणः ।।३५।।

कर्ताले 'गणेशाय नमः' मन्त्र जप गर्नुपर्दछ । त्यो व्रत गर्दा कर्ता निराहार, मौनी र परनिन्दारहित हुनुपर्दछ ।।१८-२३।। त्यसले नियमपूर्वक रही पापकर्म र पापसेवन परित्याग गर्नुपर्दछ। त्यस समयमा जलपान, परद्रोह र छुल्याइँजस्ता काम गर्न हुँदैन ।।२४।। दिन समाप्त भएपछि तिलको पिनाले नुहाउनु पर्दछ । श्रीगणेशलाई प्रसन्न तुल्याउन एकाक्षरी श्रीगणेश मन्त्र अथवा 'गणानान्त्वा०' इत्यादि वैदिक मन्त्रको जप गर्नुपर्दछ अथवा नाममन्त्र जपे पनि हुन्छ।।२५।। मन्त्र जपपछि साधकले मन स्थिर गराई देवताका पनि देवता भगवान् श्रीगणेशको एक मुहूर्तसम्म ध्यान गर्नु पर्दछ ।।२६।। त्यसपछि षोडशोपचारका सामग्री, अनेक थरि नैवेद्य, लड्डू, मालपुवा, जुलेवी, मनभोग, खीर, बटुक आदि अनेक थरि पक्वान्न, व्यञ्जन, अचार, अनेक थरिका फल, सुपारी, पान, एक्काइस दूर्वाङ्कुर, पुष्प, दीप र दक्षिणा टक्र्याएर भगवान् श्रीगणेशको पूजा गर्नुपर्दछ ।।२७-२९।। चन्द्रोदय हुँदा मन्त्रोच्चारण गर्दै चतुर्थी तिथिका निमित्त अर्घ्य दिनुपर्दछ । त्यसपछि श्रीगणेश र चन्द्रमालाई पनि अर्घ्य दिई पूजा गरेर क्षमायाचना गर्नुपर्दछ। त्यसपछि एक्काईस जना ब्राह्मणहरूलाई भक्तिपूर्वक यथाशक्ति भोजन गराउनु पर्दछ । नसक्नेले दश जना ब्राह्मण अथवा त्यो पनि नसके एक जना ब्राह्मणलाई मात्र भए पनि भोजन र दक्षिणाद्वारा सन्तुष्ट तुल्याउनुपर्दछ । ब्राह्मण भोजन गराएपछि सङ्कष्टचतुर्थीको महिमामा आधारित कथा सुनेर मौनपूर्वक भोजन गर्नुपर्दछ ।।३०-३२।। रातको शेष समयमा भगवान् श्रीगणेशसम्बन्धी गीत, वाद्य र नृत्य गरी जाग्राम बस्नु पर्दछ। यदि कृतवीर्यले एक वर्षसम्म यो व्रत गर्दछन् भने तिनका सबै पाप समाप्त हुनेछन् र पुत्रलाभ पनि हुनेछ । तिनले चिताएका अरू कामना पनि परिपूर्ण हुनेछन् । तिनमाथि आइलाग्ने सबै प्रकारका सङ्कष्टहरूको नाश हुनेछ र परचक्रबाट भय हुने छैन । यो व्रत गर्दा शमी वृक्षको फेंदमा बसी उपवासपूर्वक चन्द्रोदयपर्यन्त श्रीगणेशको मन्त्रजप गर्नुपर्दछ ।।३३-३५।। यसरी श्रीगणेशको आराधना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रस्योदयपर्यन्तं व्रतमेतत् समाचरेत् ।
अन्धो मूढो जडः पङ्गुस्तदीप्सितमवाप्नुयात् ।।३६।।

दारान् पुत्रान् धनं राज्यं लभते नात्र संशयः ।
श्रावणादिषु मासेषु घृतलड्ड्वादिकं पृथक् ।।३७।।

भक्षयेद् वर्षपर्यन्तं तस्य सिद्धिरनुत्तमा ।
श्रावणे सप्तलड्डूकान्नभस्ये दधिभक्षणम् ।।३८।।

आश्विने चोपवासञ्च कार्तिके दुग्धपानकम् ।
मार्गशीर्षे निराहारं पौषे गोमूत्रपानकम् ।।३९।।

तिलाञ्च भक्षयेन्माघे फाल्गुने घृतशर्कराम् ।
चैत्रमासे पञ्चगव्यं वैशाखे शतपत्रिकाम् ।।४०।।

घृतस्य भोजनं ज्येष्ठ आषाढे मधुभक्षणम् ।

कृतवीर्यपितोवाच

अङ्गारकचतुर्थ्यां तु विशेषोऽभिहितः कुतः ।।४१।।

वद त्वं कृपया ब्रह्मन् ! प्रश्रयावनताय मे ।
शृण्वतो न च मे तृप्तिर्गजाननकथां शुभाम् ।।४२।।

गर्ने मानिस अन्धो, लाटो, मूर्ख, बहिरो, लङ्गडो जस्तोसुकै भए पनि त्यसका कामना परिपूर्ण हुनेछन्। यस्ता साधकले पत्नी, पुत्र, धन, राज्य आदि सबै चिताएका विषय प्राप्त गर्न सक्नेछन् । श्रावण आदि मासमा घ्यू, लड्डू आदि अलग-अलग पदार्थ भोजन गर्दै वर्षपर्यन्त व्रत गर्नाले उत्तम सिद्धि प्राप्त हुन्छ । महिनाअनुसार पृथक् पृथक् पदार्थ भोजन गर्ने क्रममा श्रावणमा सात लड्डू, भदौमा दही, आश्विनमा उपवास, कार्तिकमा दूध, मार्गशीर्षमा निराहार, पौषमा गोमूत्र, माघमा तिल, फाल्गुनमा घ्यू-चिनी, चैत्रमा पञ्चगव्य, वैशाखमा शतपत्रिका, ज्येष्ठमा घिउ र आषाढमा मह खाएर व्रत गर्नुपर्दछ।

कृतवीर्यका पिताले भने - अङ्गारक चतुर्थीव्रत गर्दा सङ्कष्टचतुर्थीको व्रतविधिभन्दा विशेष कुरा किन बताइएको छ? यसबारे मलाई आज्ञा गर्नुहोस् । श्रीगणेश भगवान्का विषयमा चर्चा - परिचर्चा र कथा श्रवण गर्दा मेरो मन कहिले पनि अघाउँदैन ।।३६-४२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चतुर्थीव्रतकथनं नामैकोनषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सङ्कष्टचतुर्थीव्रतको विधिनिरूपण' शीर्षकान्वित उनान्साठीऔं अध्याय पूर्ण भयो ।।५९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्टितमोऽध्यायः   { ६० अध्याय }

ब्रह्मोवाच

अङ्गारकचतुर्थ्यास्तु महिमानं महीपते ! ।
शृणुष्वावहितो भूत्वा कथयामि समासतः ।।१।।

अवन्तीनगरे राजन् ! भारद्वाजो महामुनिः ।
वेदवेदाङ्गवित् प्राज्ञः सर्वशास्त्रविशारदः ।।२।।

अग्निहोत्ररतो नित्यं शिष्याध्ययनतत्परः ।
नदीतीरगतस्तिष्ठन्ननुष्ठानरतो मुनिः ।।३।।

एकस्मिन्नेव समये दृष्टा तेनाप्सरोवरा ।
तां दृष्ट्वा चकमे भोक्तुं भारद्वाजो महामुनिः ।।४।।

अकस्मात् कामिनीं दृष्ट्वा कामासक्तोऽभवन्मुनिः ।
कामबाणाभिभूतः सन्निपपात महीतले ।।५।।

अतिविह्वलगात्रस्य तस्य रेतः प्रचस्खले ।
प्रविष्टं तस्य तद् रेतः पृथिवीविलमध्यतः ।।६।।

तत एकः कुमारोऽभूज्जपाकुसुमसन्निभः ।
तं धरित्री स्नेहवशात् पालयामास सादरम् ।।७।।

जनुः स्वं तेन धन्यं सा मनुते पितरौ कुलम् ।
ततः स सप्तवर्षस्तां पप्रच्छ जननीं निजाम् ।।८।।

मयि लोहितिमा कस्मान्मानुषं देहमास्थिते ।
कश्च मे जनको मातस्तन्ममाचक्ष्व साम्प्रतम् ।।९।।

धरण्युवाच

भारद्वाजमुने रेतः स्खलितं मयि सङ्गतम् ।
ततो जातोऽसि रे पुत्र! वर्धितोऽसि मया शुभम् ।।१०।।

स उवाच

तर्हि तं मे मुनिं मातर्दर्शयस्व तपोनिधिम् ।

ब्रह्मोवाच

तमादाय तदा देवी भारद्वाजं जगाम कुः ।।११।।

ब्रह्माजीले भन्नुभयो - हे राजा ! अङ्गारक चतुर्थी अथवा मङ्गलचतुर्थीको महिमा तपाइँ सावधान भएर सुन्नुहोस्, म सङ्क्षेपमा बताउँछु ।।१।। कुनै समयमा अवन्तीनगरमा भारद्वाजनामक ठूला ऋषि थिए । वेद-वेदाङ्गका ज्ञाता, तीक्ष्णबुद्धि, शास्त्रकुशल र अग्निहोत्री ती ऋषि शिष्यहरूलाई वेद-वेदाङ्गको अध्यापन गराउन तत्पर थिए । एक दिन नदीको तीरमा बसी ती मुनि कुनै व्रत गर्दै थिए ।।२-३।। व्रतको अवसरमा तिनले एउटी राम्री अप्सरा देखे । अप्सराको रूपलावण्यबाट विमुग्ध भएका भरद्वाजका मनमा कामक्रीडा गर्ने तीव्र इच्छा पैदा भयो ।।४।। कामबाणको प्रहारबाट विह्वल भारद्वाज ऋषि एकाएक भुईंमा लडे । कामवेदनाका कारण व्याकुल भएका ती ऋषिको सहसा वीर्य पतन भयो । ऋषिको वीर्य पृथिवीको छिद्रमा पस्यो ।।५-६।। त्यसपछि पृथिवीबाट बाह्रमासे फूल झैं रातो कान्ति भएका एउटा कुमार उत्पन्न भए । पृथिवीले ती कुमारको प्रेमपूर्वक पालन-पोषण गरिन् ।।७।। अङ्ग-अङ्गमा रातो कान्ति भएका पुत्र प्राप्त गरेर पृथिवीले आफ्नो जन्म धन्य भएको ठानिन्, आफ्ना बाबु-आमालाई धन्य मानिन् र आफ्नो कुललाई पनि धन्य भएको ठानिन् । समयको क्रममा कुमार बढ्दै जाँदा सात वर्षका भए । त्यस उमेरमा तिनले एक दिन आफ्नी आमा पृथिवीसँग अनेक प्रश्न गरे ।।८।। हे आमा पृथिवी ! म मनुष्यको शरीर लिएर हजुरको काखमा बढिरहेको छु, मेरो शरीरमा रातोपन कसरी आयो ? मेरा पिता को हुनुहुन्छ? यसबारे मलाई अविलम्ब जानकारी दिनुहोस् ।।९।। पृथिवीले भनिन् - भारद्वाज मुनिको वीर्यपतन भएपछि त्यो वीर्य मेरो गर्भमा प्रविष्ट भयो । त्यसै वीर्यद्वारा तिमी मेरो कोखबाट उत्पन्न भएका हौ र मैले पुत्रवत् तिम्रो पालन-पोषण गरिरहेकी छु ।।१०।। बालकले भने - त्यसो भए आमा ! मलाई तपोनिधि मुनि भारद्वाजसँग भेट गराउनुहोस् ।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि पृथिवी ती बालकलाई लिएर भारद्वाज मुनिका आश्रममा गइन् ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच प्रणिपत्यैनं त्वद्वीर्यप्रसवं सुतम् ।
वर्धितं तं पुरोधार्य स्वीकुरुष्व मुनेऽधुना ।।१२।।

तदाज्ञया ययौ धात्री स्वधाम रुचिरं तदा ।
भारद्वाजः सुतं लब्ध्वा मुमुदे चालिलिङ्ग तम् ।।१३।।

आघ्राय शिर उत्सङ्गे स्थापयामास तं मुदा ।
सुमुहूर्ते शुभे लग्ने चकारोपनयं मुनिः ।।१४।।

वेदशास्त्राण्युपादिश्य गणेशस्य मनुं शुभम् ।
उवाच कुर्वनुष्ठानं गणेशप्रीतये चिरम् ।।१५।।

सन्तुष्टो दास्यते कामान् सर्वांस्तव मनोगतान् ।
ततः स नर्मदातीरे पद्मासनगतो मुनिः ।।१६।।

सन्नियम्येन्द्रियाण्याशु ध्यायन् हेरम्बमन्तरा ।
जजाप परमं मन्त्रं वायुभक्षो भृशं कृशः ।।१७।।

एवं वर्षसहस्रं स तपस्तेपे सुदारुणम् ।
माघकृष्णाचतुर्थ्यां तमुदये शशिनोऽमले ।।१८।।

दर्शयामास रूपं स्वं गणनाथोऽथ दिग्भुजम् ।
दिव्याम्बरं भालचन्द्रं नानायुधलसत्करम् ।।१९।।

चारुशुण्डं लसद्दन्तं शूपकर्णं सकुण्डलम् ।
सूर्यकोटिप्रतीकाशं नानालङ्कारमण्डितम् ।।२०।।

ददर्श रूपं देवस्य स बालः पुरतः स्थितम् ।
उत्थाय प्रणिपत्यैनं तुष्टाव जगदीश्वरम् ।।२१।।

त्यहाँ गएर तिनले भारद्वाजलाई प्रणाम गर्दै निवेदन गरिन् – हे महर्षि ! तपाइँको वीर्यबाट उत्पन्न यी पुत्रको मैले पालन–पोषण गरें। अहिले तपाइँका समीपमा लिएर आएकी छु । यी तपाइँका छोरा हुन्, यिनलाई स्वीकार गर्नुहोस् ।।१२।। पृथिवीको निवेदन सुनेर भारद्वाज ऋषिले पृथिवीलाई तिम्रो काम पूरा भयो, तिमी जाऊ भनेर आज्ञा दिए । पृथिवी पनि आफ्नो धामतर्फ फर्किन् । भारद्वाज ऋषिले अकस्मात् पुत्रप्राप्ति हुँदा हर्षको अनुभव गरी बालकलाई आलिङ्गन गरे ।।१३।। तिनले बालकको शिरमा सुँघेर आनन्दपूर्वक आफ्नो काखमा राखे। ती बालक बाबुको काखमा आनन्दपूर्वक बढ्दै गए । एक दिन भारद्वाज ऋषिले राम्रो मुहूर्त र लग्न भएको समयमा ती बालकको उपनयन संस्कार गरे ।।१४।। संस्कारपछि भारद्वाजले ती बालकलाई वेद र शास्त्रको उपदेश दिए । त्यसका साथै भगवान् श्रीगणेशको उत्तम मन्त्रको पनि उपदेश गरे । उपदेशपछि प्रेमपूर्वक भने – बाबु ! तिमीले भगवान्को प्रसन्नताका लागि धेरै कालसम्म श्रीगणेशमन्त्रको अनुष्ठान गर ।।१५।। श्रीगणेश भगवान् सन्तुष्ट हुनुभएपछि उहाँले तिम्रा मनमा रहेका सम्पूर्ण कामनाहरू पूर्ण गराउनुहुनेछ। त्यसपछि ती बालक नर्मदा नदीको तटमा गए, त्यहाँ पद्मासन बाँधी इन्द्रियहरूलाई आफ्नो काबुमा राखेर भगवान् श्रीगणेशको ध्यान गर्दै परममन्त्रको जप आरम्भ गरे । तपस्या गर्दा अत्यन्त दुर्बल रूपमा रहेका बालकले आहारका नाममा हावामात्र पान गरिरहेका थिए ।।१६–१७।। यसरी तिनले एक हजार वर्षसम्म कठोर तपस्या गरे । तिनको कठोर तपस्या देखेर भगवान् श्रीगणेशले माघ कृष्णचतुर्थी तिथिका दिन निर्मल चन्द्रमाको उदय भएपछि तिनलाई आफ्नो दिव्य रूप देखाउनुभयो । दश हातले सुहाउनुभएका, सुन्दर वस्त्र धारण गर्नुभएका, मस्तकमा चन्द्रमा धारण गरी देदीप्यमान हुनुभएका, हातमा शस्त्र–अस्त्र धारण गर्नुहुने, अत्यन्त आकर्षक सूँढले शोभायमान, सेता दाँतका पङ्क्तिहरूबाट सेता किरण छर्नुहुने, नाङ्ला जस्ता कान धारण गर्नुहुने, कुण्डलधारी, कोटिसूर्यसमान प्रकाशद्वारा प्रकाशित र अनेक विभूषणद्वारा विभूषित भगवान् श्रीगणेशको ती बालकले दर्शन गरे । उहाँलाई प्रणाम गरी उनै जगदीश्वरको स्तुति पनि गरे ।।१८–२१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भौम उवाच

नमस्ते विघ्ननाशाय नमस्ते विघ्नकारिणे ।
सुरासुराणामीशाय सर्वशक्त्युपबृंहिणे ।।२२।।

निरामयाय नित्याय निर्गुणाय गुणच्छिदे ।
नमो ब्रह्मविदां श्रेष्ठ! स्थितिसंहारकारिणे ।।२३।।

नमस्ते जगदाधार ! नमस्त्रैलोक्यपालक ! ।
ब्रह्मादये ब्रह्मविदे ब्रह्मणे ब्रह्मरूपिणे ।।२४।।

लक्ष्यालक्ष्यस्वरूपाय दुर्लक्षणभिदे नमः ।
नमः श्रीगणनाथाय परेशाय नमो नमः ।
इति स्तुतः प्रसन्नात्मा परमात्मा गजाननः ।।२५।।

उवाच श्लक्ष्णया वाचा बालकं सम्प्रहर्षयन् ।

गजानन उवाच

तवोग्रतपसा तुष्टो भक्त्या स्तुत्याऽनयाऽपि च ।।२६।।

बालभावेऽपि धैर्यात्ते ददामि वाञ्छितान् वरान् ।
एवमुक्तो भूमिपूत्रो वच ऊचे गजाननम् ।।२७।।

भौम उवाच

धन्या दृष्टिर्जननमपि मे दर्शनात्ते सुरेश
धन्यं ज्ञानं कुलमपि विभो भूः सशैलाऽद्य धन्या ।
धन्यं चैतत् सकलमपि तपो येन दृष्टोऽखिलेशो
धन्या वाणी वसतिरपि यया संस्तुतो मूढभावात् ।।२८।।

यदि तुष्टोऽसि देवेश! स्वर्गे भवतु मे स्थितिः ।
अमृतं पातुमिच्छामि देवैः सह गजानन ।।२९।।

पृथिवीपुत्र भौमले भने - 'हे विघ्ननाशक भगवान्! हजुरलाई नमस्कार गर्दछु । हजुर विघ्नकर्ता श्रीगणेश हुनुहुन्छ। हजुरका चरणारविन्दमा नमस्कार छ । देवता र दानवका स्वामी, सम्पूर्ण शक्तिहरूका स्रोत, निरामय, दिव्य, निर्गुण, सत्त्व-रज एवं तम गुणहरूका नाशक, हे श्रीगणेश ! हजुरलाई नमस्कार गर्दछु। ब्रह्मज्ञानीहरूमा श्रेष्ठ हे भगवन् श्रीगणेश ! हजुर सृष्टि, स्थिति र संहारका कारण हुनुहुन्छ । म हजुरलाई नमस्कार गर्दछु । हे जगत्का आधार ! स्वर्ग, मर्त्य र पातालका रक्षक, विघ्ननायक, ब्रह्माजीभन्दा पनि जेठा, ब्रह्मवेत्ता, ब्रह्माजीको रूपमा आविर्भाव भएर सृष्टिकार्यको सञ्चालन गर्नुहुने ब्रह्मरूप, साकार एवं निराकार स्वरूप र दुर्लक्षणको भेदन गर्नुहुने हे विघ्ननाथ ! हजुरलाई नमस्कार गर्दछु । हजुर गणनाथ हुनुहुन्छ, महान् देवता पनि । हजुर गजानन हुनुहुन्छ र कृपाका सागर पनि । म हजुरलाई नमस्कार गर्दछु ।' यसरी स्तुति गरिंदा आत्मादेखि नै प्रसन्न हुनुभएका परमात्मा श्रीगणेशले मधुर वचनद्वारा बालकलाई हर्षित तुल्याउँदै भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो - हे बालक ! म तिम्रो कठोर तपस्या, भावपूर्ण भक्ति र स्तुतिवचनबाट ज्यादै प्रसन्न भएको छु ।।२२-२६।। हे भौम ! बालक अवस्थामा पनि धैर्य धारण गरी तपस्या गर्ने तिमीलाई तिम्रो इच्छाअनुसारका वरदान दिन तयार छु । यसरी श्रीगणेशद्वारा सम्बोधन गरिएपछि भूमिपुत्र बालकले भगवान्सँग बिन्ती गरे ।

भौमले भने - हे उत्तम देवता ! आज मेरा आँखा धन्य भएका छन् । हजुरको दर्शन पाएर जन्म पनि सफल भएको छ । हे सर्वव्यापक! मेरा ज्ञान र कुल धन्य भएका छन्। आज वन एवं पर्वतले सुहाएकी यी पृथिवी पनि धन्य भएकी छन् र मेरो सम्पूर्ण तपस्या धन्य भएको छ । आज सम्पूर्ण ब्रह्माण्डका स्वामी हजुरको दर्शन पाउँदा मेरा सबै कुरा धन्य भएका छन् । म जहाँ बसिरहेको छु, यो आसन धन्य भएको छ र हजुरसँग प्रार्थना गर्ने यो वाणी पनि धन्य भएको छ । जसले आफूमा अज्ञान हुँदा पनि हजुरको स्तुतिमा सहयोग गरेको छ, त्यस वाणीको महिमा अपरम्पार छ । हे देवताहरूका स्वामी ! हजुर सन्तुष्ट हुनुहुन्छ भने मेरो स्वर्गमा वास होस् । मैले देवताहरूका साथमा रही अमृतपान गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्याणकारि मे नाम ख्यातिमेतु जगत्त्रये ।
दर्शनं मे चतुर्थ्यां ते जातं पुण्यप्रदं विभो ।।३०।।

अतः सा पुण्यदा नित्यं सर्वसङ्कष्टहारिणी ।
कामदा व्रतकर्तॄणां त्वत्प्रसादात् सदाऽस्तु च ।।३१।।

गणेश उवाच

अमृतं पास्यते सम्यग् देवैः सह धरासुत ! ।
मङ्गलेति च नाम्ना त्वं लोके ख्यातिं गमिष्यसि।।३२।।

अङ्गारकेति रक्तत्वाद् वसुमत्या यतः सुतः ।
अङ्गारकचतुर्थीं ये करिष्यन्ति नरा भुवि ।।३३।।

तेषामब्दसमं पुण्यं सङ्कष्टीव्रतसम्भवम् ।
निर्विघ्नता सर्वकार्ये भविष्यति न संशयः ।।३४।।

अवन्तीनगरे राजा भविष्यसि परन्तप ! ।
व्रतानामुत्तमं यस्मात् कृतं ते व्रतमुत्तमम् ।।३५।।

यस्य सङ्कीर्तनान्मर्त्यः सर्वान् कामानवाप्नुयात् ।

ब्रह्मोवाच

इति दत्वा वरो देवः पिदधे द्विरदाननः ।।३६।।

ततस्तु मङ्गलो देवं स्थापयामास भक्तितः ।
शुण्डामुखं दशभुजं सर्वावयवसुन्दरम् ।।३७।।

प्रासादं कारयामास गजाननमुदावहम् ।
संज्ञां मङ्गलमूर्तीति देवदेवस्य सोऽकरोत् ।।३८।।

ततोऽभवत् कामदातृक्षेत्रं सर्वजनस्य तत् ।
अनुष्ठानात् पूजनाच्च दर्शनात् सर्वमोक्षदम् ।।३९।।

पाऊँ।।२७-२९।। हे सर्वव्यापक परमेश्वर ! मेरो कल्याणकारी भौम भन्ने नाम तीनै लोकमा प्रसिद्ध होस् । चतुर्थी तिथिका दिन मैले हजुरको पुण्यदर्शन पाएँ । त्यस कारण यो चतुर्थी तिथि पनि संसारमा पुण्यदायक तिथिका रूपमा र सबै प्रकारका कष्टहरूलाई हरण गर्ने सङ्कष्टचतुर्थी तिथिका रूपमा पनि प्रसिद्ध होस् । हजुरको कृपाबाट यो चतुर्थी तिथि श्रीगणेशका भक्तहरूका सबै कामनाहरू पूरा गराउने तिथिका रूपमा पनि संसारमा प्रख्यात होस्।।३०-३१।।

श्रीगणेशले भन्नुभयो- हे पृथिवीपुत्र ! तिमीले अब उप्रान्त देवताहरूका साथमा रही अमृतपान गर्नेछौ । तिमी संसारमा भौम अथवा मङ्गल नामबाट प्रसिद्ध हुनेछौ । तिमी पृथिवीका पुत्र हौ र रातो वर्णका छौ, अर्थात् बलिरहेको आगाको कोइलाजस्ता राता छौ, त्यस कारण तिमी अङ्गारक नामबाट पनि प्रसिद्ध हुनेछौ । भाद्र महिनाको कृष्णपक्षको चतुर्थी तिथिलाई अङ्गारक चतुर्थी भनिन्छ । त्यसमा जसले श्रीगणेशको व्रत गर्ने छन्, तिनीहरूले पृथिवीमा एक वर्षसम्म निरन्तर चतुर्थीव्रत गरेको पुण्य प्राप्त गर्नेछन् । तिनका सबै कार्य निर्विघ्नतापूर्वक सम्पन्न हुनेछन्। यसमा कुनै पनि शङ्का छैन । हे भौम ! तिमी अब अवन्तीनगरका राजा हुनेछौ । यो राजा हुन पाउनु पनि तिमीले गरेका उत्तम व्रतकै कारण हो ।।३२-३५।। तिम्रो कीर्तन गर्ने मानिसका सबै प्रकारका इच्छाहरू परिपूर्ण हुनेछन्।

ब्रह्माजीले भन्नुभयो - यसरी भगवान् श्रीगणेश पृथिवीपुत्र भौमलाई वरदान दिएर अन्तर्धान हुनुभयो ।।३६।। त्यसपछि भौमले मुखमा सूँढ लिएर सुहाउनुभएका र दश हात धारण गर्ने सर्वाङ्गसुन्दर भगवान् श्रीगणेशको प्रतिमा भक्तिपूर्वक स्थापना गरे । श्रीगणेशको प्रतिमाको प्रतिष्ठाका लागि श्रीगणेशलाई अत्यन्त प्यारो लाग्ने सुन्दर मन्दिरको निर्माण गरे । मङ्गलद्वारा स्थापित देवताहरूका पनि देवता श्रीगणेशको नाम मङ्गलमूर्ति रहन गयो ।।३७-३८।। मन्दिरको स्थापनापछि त्यहाँ रहेका मङ्गलमूर्ति श्रीगणेशको प्रतिमा मानिसले चिताएका कुरा पुऱ्याउने मूर्तिका रूपमा प्रसिद्ध भयो र त्यो क्षेत्र श्रीगणेशक्षेत्रका नामबाट संसारमा विख्यात भयो । त्यस क्षेत्रमा श्रीगणेशमन्त्रको अनुष्ठान, श्रीगणेशको आराधना र श्रीगणेशप्रतिमाको दर्शन गर्नाले सबैले मोक्ष प्राप्त गर्दछन् । त्यस कारण यो क्षेत्र उत्तम क्षेत्र हो भन्ने कुरा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो विनायको देवो विमानवरमुत्तमम् ।
प्रेषयामास स्वगणैर्भौममानेतुमन्तिकम् ।।४०।।

ते गत्वा तेन देहेन तं भौममानयन् बलात् ।
गणेशस्यान्तिकं राजँस्तदद्भुतमिवाभवत् ।।४१।।

ततो भौमोऽभवत् ख्यातस्त्रैलोक्ये सचराचरे ।
यतो भौमेन सङ्कष्टचतुर्थी भौमसंयुता ।।४२।।

कृता प्राप्तञ्च स्वर्गे चामृतपानं सुरैः सह ।
अतश्चाङ्गारकयुता चतुर्थी प्रथिता भुवि ।।४३।।

चिन्तितार्थप्रदानेन चिन्तामणिरिति प्रथाम् ।
प्रयातो मङ्गलमूर्तिः सर्वानुग्रहकारकः ।।४४।।

पारिनेरात्तु नगरात् पश्चिमे प्रथितोऽभवत् ।
चिन्तामणिरिति ख्यातः सर्वविघ्ननिवारणः ।।४५।।

अधुना सिद्धगन्धर्वैः पूज्यते स विधूदये ।
ददाति वाञ्छितानर्थान् पुत्रपौत्रादिसम्पदः ।।४६।।

संसारमा फैलियो ।।३९।। मङ्गलले मङ्गलमूर्ति श्रीगणेशको मूर्तिको प्रतिष्ठा गरेपछि प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले मङ्गललाई आफ्नो धाममा ल्याउन गणहरूद्वारा उत्तम विमान पठाउनुभयो ।।४०।। श्रीगणेशका गणले मङ्गलको समीपमा गएर तिनलाई त्यो विमानमा राखी श्रीगणेशधाममा पुऱ्याए । यो घटना संसारमा एउटा अचम्मको घटनाका रूपमा चर्चित भयो ।।४१।। त्यसपछि मङ्गल सम्पूर्ण त्रिलोकीमा प्रख्यात भए । मङ्गलचतुर्थीको व्रत गरेका कारण मङ्गल मङ्गलका रूपमा विख्यात भए । त्यस कारण तिनले स्वर्गमा गई देवताहरूका साथमा बसेर अमृतपान गर्ने अवसर प्राप्त गरे। चतुर्थी तिथिमा मङ्गलवारको संयोग हुँदा त्यस तिथिलाई मङ्गलचतुर्थी अथवा सङ्कष्टचतुर्थी पनि भन्ने गरिन्छ । त्यस चतुर्थीलाई मङ्गलले युक्त चतुर्थी भएका कारण अङ्गारकचतुर्थी पनि भन्दछन्। चिताएको कामना पूरा गर्ने हुँदा मङ्गलले स्थापना गरेका मङ्गलमूर्ति श्रीगणेश संसारमा चिन्तामणि श्रीगणेशका नामबाट पनि प्रसिद्ध हुनुभयो।।४२-४४।। मङ्गलमूर्ति श्रीगणेश पारीनेरनामक नगरबाट पश्चिम दिशामा सर्वविघ्नविनाशक चिन्तामणि श्रीगणेशका रूपमा पनि प्रसिद्ध हुनुभयो ।।४५।। आज पनि ती श्रीगणेश चन्द्रमाको उदयकालमा सिद्ध र गन्धर्वहरूद्वारा पूजित हुनुहुन्छ । उहाँले साधकहरूलाई पुत्र, पौत्र, सम्पत्ति, ज्ञान र अरू अभीष्टहरूको पनि सिद्धि प्रदान गर्नुहुन्छ ।।४६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डेऽङ्गारकचतुर्थीव्रतोपाख्याने षष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'अङ्गारचतुर्थीव्रतको महिमा र मङ्गलमूर्ति श्रीगणेशको प्रतिष्ठाप्रसङ्ग' शीर्षकान्वित साठीऔँ अध्याय पूर्ण भयो ।।६०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकषष्टितमोऽध्यायः { ६१ अध्याय }

ब्रह्मोवाच

एकदाऽहं गतो राजन् ! कैलासं गिरिशालयम् ।
उपविष्टः सभामध्येऽपश्यन्नारदमागतम् ।।१।।

तेनाऽपूर्वं फलञ्चैकं शङ्कराय निवेदितम् ।
ययाचे गणपस्तत्तु कुमारोऽपि च शम्भवे ।।२।।

कस्मै देयं फलमिदमपृच्छच्छङ्करोऽपि माम् ।
अहं प्रोवाच बालाय कुमारायेति तं तदा ।।३।।

दत्तं शिवेन तस्मै तच्चुक्रोध च गजाननः ।
ततो ब्रह्मा स्वभवनं गत्वा स्रष्टुमियेष सः ।।४।।

तत्र विघ्नकरो विघ्नं चकार परमाद्भुतम् ।
उग्ररूपं समास्थाय भीषयामास मां तदा ।।५।।

मयि भ्रान्तेऽथ स विधुर्दृष्ट्वा क्रूरतरं तु तम् ।
अहसत् परमं चन्द्रः स्वगणैर्द्विरदाननम् ।।६।।

ततः परमक्रुद्धोऽसावशपत् तं विभुं तदा ।
अदर्शनीयस्त्रैलोक्ये मद्वाक्यात् त्वं भविष्यसि ।।७।।

कदाचित् केन दृष्टः स महापातकवान् भवेत् ।
एवं शप्त्वा गतो देवो निजधाम गणैर्वृतः ।।८।।

चन्द्रस्तु मलिनो दीनो लीनश्चिन्तामये ह्रदे ।
अणिमादिगुणोपेते जगत्कारणकारणे ।।९।।

कथमाचरितं दौष्ट्यमज्ञानाद् बालवन्मया ।
अदर्शनीयः सर्वेषां विवर्णो मलिनोऽभवम् ।।१०।।

कथं सुरूपो वन्द्यश्च कलाभिः सुरतोषकः ।
एतस्मिन्नन्तरे देवैः श्रुतः शापो महान् विधोः ।।११।।

तत्रेयुर्वह्निशक्राद्या यत्रास्तेऽसौ गजाननः ।
विजिज्ञपुः सुरौघास्ते विघ्नकारणकारिणे ।।१२।।

ब्रह्माजीले भन्नुभयो – एक दिन म भगवान् शङ्करको धाम कैलासमा पुगेको थिएँ । सभामा बसेको समयमा मैले नारद ऋषिलाई त्यहाँ आएको देखें ।।१।। नारदजीले एउटा अपूर्व फल ल्याएर भगवान् शङ्करलाई टक्र्याए । त्यो देखेर श्रीगणेशले मलाई दिनुहोस् भन्नुभयो भने स्वामी कार्तिकेयले पनि मलाई मलाई भन्दै हात फैलाउनुभयो ।।२।। शङ्करले मेरो मुखमा हेरी हे ब्रह्माजी ! मैले यो फल कसलाई दिऊँ ? भनेर सोध्नुभयो। मैले कार्तिकेयलाई दिनुहोस् भनें ।।३।। मैले भनेअनुसार उहाँले त्यो फल कार्तिकेयलाई दिनुभयो । तर श्रीगणेश भने मसँग रिसाउनुभयो । त्यसपछि म सत्यलोक गएँ । त्यहाँ गएर सृष्टि गर्ने चाहना गरें ।।४।। श्रीगणेशले अद्भुत विघ्न गर्नुभयो र डरलाग्दो रूप देखाएर मलाई तर्साउनुभयो ।।५।। म भ्रान्तिमा परें । उग्ररूप लिनुभएका श्रीगणेशलाई देखेर चन्द्रमाले आफ्ना गणका साथ बसी श्रीगणेशको उपहास गरे ।।६।। चन्द्रमाप्रति क्रुद्ध हुनुभएका श्रीगणेशले चन्द्रमालाई सराप दिंदै भन्नुभयो – 'हे चन्द्रमा ! तिमी मेरो वचनअनुसार देख्नै नहुने पतित हुनेछौ, कुनै खास समयमा तिमीलाई कसैले देख्यो भने त्यो दर्शक महापातकी हुनेछ ।' यसरी चन्द्रमालाई सराप दिएर श्रीगणेश आफ्ना गणहरूका साथ धामतर्फ जानुभयो ।।७-८।। श्रीगणेशको सराप परेपछि चन्द्रमा मलिन र दीन भएर चिन्ताको सागरमा डुबे । मनमनै भन्न लागे – अहो! अणिमा, महिमा आदि सिद्धिहरूले सम्पन्न र जगत्का कारणका पनि कारण श्रीगणेशसँग मैले अज्ञानका कारण केटाकेटीको जस्तो दुष्ट आचरण गरें । अतिसुन्दर, सबैद्वारा वन्दित र आफ्ना कलाद्वारा देवताहरूलाई पनि खुसी प्रदान गर्ने म आज धिक्कार योग्य पात्र छु र कुरूप भएको छु । यसैबीचमा देवताहरूले पनि चन्द्रमालाई श्रीगणेशले दिनुभएको सरापको विषयमा जानकारी पाए ।।९-११।। अग्नि, इन्द्र आदि देवताहरू भगवान् श्रीगणेश विराजमान हुनुभएको ठाउँमा पुगे । तिनीहरूले विघ्ननायक श्रीगणेशलाई आफ्नो भक्तिभाव समर्पण गर्दै भने।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

त्वं देवदेव ! जगतामसि वन्दनीय-
स्त्वं पासि हंसि विदधासि यथेष्टमीश! ।
त्वं निर्गुणोऽपि गुणकृद् गुणिनां त्र्यधीश!
त्वामेव देव ! शरणं वयमद्य याताः ।।१३।।

पाहीश ! नोऽखिलजगत् तव शापभीतं
चन्द्रेऽपराधिनि कथं पतितं सुकष्टम् ।
तस्माद् वयं च जगदीश ! जगच्च चन्द्रः
शर्माप्नुयाम भुवनेश ! तथा विधेहि ।।१४।।

कष्टे निपतितं विश्वमदृश्ये शशिनि प्रभो ! ।
अनुग्रहञ्च चन्द्रेऽस्मिँस्त्रैलोक्ये कर्तुमर्हसि ।।१५।।

नाज्ञासीद् यस्य ते रूपं महिमानं श्रुतित्रयम् ।
स कस्य स्तवनीयः स्यात् तथापि स्तूयसेऽखिलैः।।१६।।

कृतकृत्या वयं तेऽद्य दर्शनाद् भाषणादपि ।
शरणं ते प्रपन्नाः स्मः प्रपन्नार्तिहराव्यय ! ।।१७।।

इति तद्वचनं श्रुत्वा जगाद द्विरदाननः ।
सुप्रसन्नः स्तवैस्तेषां धर्मकामार्थमोक्षदः ।।१८।।

विकट उवाच

प्रसन्नोऽहं सुराःस्तुत्या वृणुध्वं वाञ्छितं महत् ।
असाध्यमपि वो दद्यां त्रिषु लोकेषु यद् भवेत् ।।१९।।

देवा ऊचुः

सुधाकरेऽनुग्रहं ते सर्व ईहामहे वयम् ।
अनुगृहीते तस्मिँस्तु निखिलानुग्रहो भवेत् ।।२०।।

गणेश उवाच

एकाब्दं वा तदर्धं वा तदर्धार्धमथापि वा ।
अदर्शनीयोऽस्तु शशी ब्रूतान्यं वा वरं सुराः ।।२१।।

देवताहरूले भने - 'हे देव ! हजुर संसारका वन्दनीय पुरुष हुनुहुन्छ र आफ्नो इच्छाअनुसार जगत्को रचना, पालन र विनाश गर्नुहुन्छ । हे त्रिलोकीका स्वामी ! हजुर गुणरहित हुनुहुन्छ तापनि गुणवान्हरूलाई सत्त्व, रज र तम नामक गुणहरूको सृष्टि गरी मोहित तुल्याउनुहुन्छ । हे देव ! हामी हजुरको शरणमा आएका छौं ।।१३।। हजुरको सरापबाट भयभीत सम्पूर्ण संसारको रक्षा हजुरबाहेक अरूबाट हुन सक्दैन। हजुरले रक्षा गर्नुहोस् । अपराधी चन्द्रमालाई आज ठूलो कष्ट आइलागेको छ । यो सरापबाट संसार र चन्द्रमासमेत हामी देवता दुःखी छौं । हे भुवनपति ! हामी सबैले जसरी कल्याण एवं शान्ति प्राप्त गर्न सक्छौं त्यस्तो उपाय गर्नुहोस्।।१४।। आज चन्द्रमा अदृश्य भएकाले संसार नै कष्टमा परेको छ । त्रिलोकी र चन्द्रमा दुबैमा हजुरले दया गर्नुहोस् ।।१५।। हजुरको महिमालाई ऋग्वेद, यजुर्वेद एवं सामवेदले पनि जान्न सकेका छैनन्। अपरम्पार महिमशाली हजुरको स्तुति कसले गर्न सक्छ? तापनि सबैले आफ्नो ज्ञानअनुसार स्तुति गरेकै हुन्छन् ।।१६।। आज हजुरको दर्शन र हजुरसँग संवादसमेत गर्न पाएर हामी कृतकृत्य भएका छौं । शरणागतहरूका दुःखनाशक हे अव्यय भगवन् ! हामी हजुरको शरणमा परेका छौं' ।।१७।। देवताहरूको प्रार्थनामय वचन सुनेर प्रसन्न हुनुभएका पुरुषार्थका दाता श्रीगणेश भगवान्ले भन्नुभयो ।।१८।।

विकटरूप श्रीगणेशले भन्नुभयो - हे देवगण ! तपाइँहरूको स्तुति वचनबाट म प्रसन्न भएको छु । आफूहरूले चाहेको वरदान स्वीकार गर्नुहोस् । तीनै लोकमा रहेका कुनै पनि विषयको प्राप्तिका लागि व्यक्त गरिने दुर्लभ र असाध्य कामना पनि म पूरा गर्नेछु ।।१९।।

देवताहरूले भने - हे भगवन् ! हामी सबै चन्द्रमामाथि हजुरको करुणा होस् भन्ने कामना गर्दछौं । हजुरको करुणा भएमा हामी सबैको कल्याण हुनेछ र अनुगृहीत पनि हुनेछौं।।२०।।

श्रीगणेशले भन्नुभयो- हे देवतागण! एक वर्ष अथवा त्यसको आधा अथवा त्यसको पनि आधा अथवा त्यसको पनि आधा समय चन्द्रमा अदर्शनीय नै हुनेछन् । अरू वर माग्नुहोस् ।।२१।। त्यसपछि देवताहरूले भगवान् गजाननलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्ते दण्डवत् सर्वे प्रणेमुर्द्विरदाननम् ।
उवाच प्रणतांस्तांस्तु विकटो भावपूर्वकम् ।।२२।।

अप्रमाणं कथमहो वचनं कर्तुमुद्यताः ।
शरणञ्च प्रपन्नानां न त्यागं कर्तुमुत्सहे ।।२३।।

मेरुश्चलेत् पतेत् सूर्यो वह्निः शीतो भवेद् यदि ।
मर्यादामुत्सृजेत् सिन्धुर्वचो मे नानृतं भवेत् ।।२४।।

अथापि गदतो वाक्यं शृणुध्वं सुरसत्तमाः ।
भाद्रशुक्लचतुर्थ्यां यो ज्ञानतोऽज्ञानतोऽपि वा ।।२५।।

अभिशापी भवेच्चन्द्रदर्शनाद् भृशदुःखभाक् ।।
इति तद्वचनं श्रुत्वा देवा मुमुदिरेऽखिलाः ।।२६।।

ओमिति प्रणिपत्योचुः पुष्पवृष्टिञ्च चिक्षिपुः ।
तदनुज्ञां गृहीत्वेयुर्देवाश्चन्द्रमसं प्रति ।।२७।।

तमूचुस्त्वं मूढतरो योऽहसद् द्विरदाननम् ।
त्रैलोक्यं सङ्कटे क्षिप्तं त्वया श्रेष्ठापराधिना ।।२८।।

त्रैलोक्यनायके देवे जगत्त्रयविधायिनि ।
अव्यये निर्गुणे नित्ये परब्रह्मस्वरूपिणि ।।२९।।

गजाननेऽखिलगुरावपराधं यतोऽचरः ।
एवं नियमितं तेन सर्वलोकहितेप्सुना ।।३०।।

अस्माभिः परमक्लेशात् प्रसन्नोऽसौ कृतो विभुः ।
भाद्रपदचतुर्थ्यां त्वं न द्रष्टव्यः कदाचन ।।३१।।

त्वं चापि शरणं याहि देवदेवं गजाननम् ।
तत्प्रसादाच्छुद्धतनुः परां ख्यातिमवाप्स्यसि ।।३२।।

इति चन्द्रो वचः श्रुत्वा देवानां हितमात्मनः ।
जगाम शरणं देवं शरणागतवत्सलम् ।।३३।।

गजाननं सुरेशानं महेशानादिवन्दितम् ।
जजाप परमं मन्त्रमेकाक्षरमघापहम् ।।३४।।

विधुरिन्द्रोपदिष्टं स परमेण समाधिना ।
दश द्वादश वर्षाणि तपस्तेपे सुदारुणम् ।।३५।।

प्रणाममात्र गरे केही बोल्न सकेनन्। विकटरूप भगवान्ले तिनलाई भावपूर्वक भन्नुभयो – हे देवतागण ! तपाइँहरू मेरो वचनलाई प्रमाणहीन र असत्य तुल्याउन किन तयार हुनुभएको छ ? तपाइँहरूको यो अवस्था देखेर शरणागत हुनुभएका तपाइँहरूलाई त्याग्न असमर्थ छु । मेरु चलायमान हुनसक्छ, सूर्य खस्न सक्छ, आगाको स्वभाव शीतल हुनसक्छ र सागरले मर्यादा नाघ्न सक्छ तर मेरो वचन असत्य हुँदैन । यी सबै कुरा साँचा हुन् तापनि म तपाइँहरूसँग कुरा गर्न तयार छु । मेरो कुरा सुन्नुहोस्- भाद्र शुक्ल चतुर्थीका दिन जसले जानी-नजानी चन्द्रमाको दर्शन गर्नेछ, त्यो मानिस अभिशप्त हुनेछ र दुःखी पनि । श्रीगणेशको यो कुरा सुनेर सबै देवता आनन्दित भए ।।२२-२६।। प्रणाम गर्दै तिनले श्रीगणेशमा पुष्पवृष्टि गरे र उहाँको आज्ञा लिएर चन्द्रमाको नजिकमा गए ।।२७।। तिनले चन्द्रमालाई भने – तिमी अत्यन्त मूर्ख छौ, तिमीले भगवान् श्रीगणेशको उपहास गर्‍यौ, ठूलामाथि अपराध गर्ने तिमीले आफूलाई र त्रिलोकीलाई पनि सङ्कटमा पुर्‍यायौ ।।२८।। त्रिलोकीका नायक र रचयिता, अव्यय, निर्गुण, नित्य, परब्रह्मरूप, सबैका गुरु गजानन भगवान्मा तिमीले अपराध गरेका कारण सबै लोकको हित चाहने प्रभुले तिमीलाई सराप दिएर तिमीमाथि आफ्नो नियन्त्रण कायम गर्नुभएको छ ।।२९-३०।। हामीले ठूलो कष्ट गरेर प्रभुलाई प्रसन्न तुल्यायौं। अब तिमी सर्वदा भाद्रशुक्ल चतुर्थी तिथिमा दर्शन गर्नै नहुने दोषीका रूपमा अभिशप्त भएका छौ ।।३१।। तिमी आफै पनि भगवान् श्रीगणेशको शरणमा जाऊ, उहाँको कृपाबाट शुद्ध भई संसारमा ठूलो ख्याति पाउनेछौ ।।३२।। आफ्नो हितका लागि भनिएका देवताहरूका कुरा सुनेर चन्द्रमा शरणागतवत्सल, सबैका स्वामी, शिव आदि देवताहरूबाट वन्दित गजानन प्रभुका शरणमा गए । त्यहाँ तिनले इन्द्रद्वारा उपदेश गरिएको भगवान् श्रीगणेशको पापनाशक एकाक्षरी मन्त्रको जप गरे ।।३३-३४।। ठूलो योगको आश्रय लिएर चन्द्रमाले सबै प्रकारका सिद्धि प्रदान गर्न समर्थ गङ्गाको तीरमा बसी एक सय बीस वर्षसम्म दीर्घकालीन तपस्या गरे ।।३५।। चन्द्रमाका तपबाट प्रसन्न, रातो माला र रातै वस्त्र धारण गर्नुहुने, रक्तचन्दनको लेपन गर्नुभएका, चतुर्भुज,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गङ्गाया दक्षिणे तीरे सर्वसिद्धिप्रदायिनि ।
ततः प्रसन्नो भगवान् पुरो यातो गजाननः ।।३६।।

रक्तमाल्याम्बरधरो रक्तचन्दनचर्चितः ।
चतुर्भुजो महाकायः सिन्दूरारुणविग्रहः ।।३७।।

प्रभया भासयँल्लोकान् कोटिसूर्याधिकप्रभः ।
तेजःसमूहं दृष्ट्वा तं प्रचकम्पे भृशं शशी ।।३८।।

परमं धैर्यमास्थाय कृताञ्जलिपुटः पुरः ।
तर्कयामास मनसा प्रायोऽयं द्विरदाननः ।।३९।।

वरं दातुमिहायात इति मत्वा ननाम तम् ।
तुष्टाव परया भक्त्या देवदेवं गजाननम् ।।४०।।

चन्द्र उवाच

नमामि देवं द्विरदाननं तं
यः सर्वविघ्नं हरते जनानाम् ।
धर्मार्थकामाँस्तनुतेऽखिलानां
तस्मै नमो विघ्नविनाशनाय ।।४१।।

कृपानिधे ब्रह्ममयाय देव!
विश्वात्मने विश्वविधानदक्ष! ।
विश्वस्य बीजाय जगन्मयाय
त्रैलोक्यसंहारकृते नमस्ते ।।४२।।

त्रयीमयायाऽखिलबुद्धिदात्रे
बुद्धिप्रदीपाय सुराधिपाय ।
नित्याय सत्याय च नित्यबुद्धे!
नित्यं निरीहाय नमोऽस्तु नित्यम् ।।४३।।

अज्ञानदोषेण कृतोऽपराध-
स्तं क्षन्तुमर्होऽसि दयाकर ! त्वम् ।
तवापि दोषः शरणागतस्य
त्यागे महात्मन्! कुरु मेऽनुकम्पाम्।।४४।।

ब्रह्मोवाच

इति तद्वचनं श्रुत्वा सुप्रसन्नो गजाननः ।
तस्मै वरान् ददौ देवः स्तुत्या नत्या सुतोषितः ।।४५।।

विशाल, सिन्दूर लेपनका कारण सम्पूर्ण शरीरमा रातो कान्ति धारण गर्नुहुने, आफ्नो शोभाले लोकलाई चहकिलो तुल्याउनुभएका र करोडौं सूर्यको कान्तिभन्दा पनि उत्तम कान्तिले जगत्लाई प्रकाशमय तुल्याउनुहुने भगवान् गजानन चन्द्रमाका सामु आउनुभयो । उहाँको तेजःपुञ्जको दर्शन गरेर चन्द्रमा काँप्न थाले ।।३६-३८।। ठूलो धैर्यका साथ दुबै हात जोडी उभिएका चन्द्रमाले मनमनै मेरा सामु भगवान् श्रीगणेश नै आउनुभएको छ भन्ने अनुमान गर्दै भगवान् श्रीगणेश मलाई वर दिन दुःख पाउनुभएको हो भन्ने विचार गरी बार-बार प्रणाम गरे । अनि भक्तिपूर्वक भगवान्को स्तुति गरे ।।३९-४०।।

चन्द्रमाले भने - सबै विघ्नहरूको विनाश गर्नुहुने गजानन श्रीगणेश प्रभुलाई म प्रणाम गर्दछु। जसले सबै मानिसका लागि धर्म, अर्थ, काम र मोक्षनामक पुरुषार्थको विस्तार गर्नुहुन्छ ती विघ्नविनाशक प्रभुलाई प्रणाम गर्दछु ।।४१।। हे करुणासागर! ब्रह्मरूप हजुरलाई प्रणाम गर्दछु । विश्व निर्माण कलाका उत्तम कलाकार हे श्रीगणेश प्रभु ! विश्वात्मा हजुरलाई प्रणाम गर्दछु। विश्वका आदिकारण, जगत्का कण-कणमा व्याप्त भएर रहनुहुने र त्रिलोकीको संहार गर्नुहुने हजुरलाई प्रणाम गर्दछु ।।४२।। नित्य बुद्धिद्वारा अनुप्राणित हे श्रीगणेश भगवान् ! वेदरूप, बुद्धिदाता, बुद्धिका प्रकाशक र देवताका अधिपति हजुरलाई म प्रणाम गर्दछु । नित्य र सत्यरूप हजुरलाई प्रणाम गर्दछु । हे नित्यबुद्धि परमेश्वर ! नित्य निरीह भइरहनुहुने हजुरलाई म दिनदिनै प्रणाम गर्दछु ।।४३।। हे दयालु भगवान्! अज्ञानका दोषबाट मैले हजुरप्रति ठूलो अपराध गरें त्यो अपराधलाई क्षमा दिनुहोस् । हजुरले शरणको मरण गर्नुभयो भने मेरो कुनै आश्रय हुने छैन । हजुरलाई पनि ठूलो दोष आइलाग्नेछ । त्यस कारण ममाथि करुणा गर्नुहोस् ।।४४।।

ब्रह्माजीले भन्नुभयो - भक्तिभावनाले युक्त चन्द्रमाको प्रार्थना सुनेर भगवान् गजानन प्रसन्न हुनुभयो । स्तुति र प्रणतिबाट सन्तुष्ट हुनुभएका भगवान् श्रीगणेशले चन्द्रमालाई वरदान दिंदै भन्नुभयो।।४५।। 'हे चन्द्रमा ! तिम्रो रूप पहिलेकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथापूर्वं स्थितं रूपं तथा तत् ते भविष्यति ।
भाद्रशुक्लचतुर्थ्यां त्वां यो नरः सम्प्रपश्यति ।।४६।।

तस्याभिशापो नूनं स्यात् पापं हानिश्च मूर्खता ।
तस्यामदर्शनीयोऽसि यदुक्तं मे सुरैः सह ।।४७।।

कृष्णपक्षे चतुर्थ्यां तु व्रतं यत् क्रियते नरैः ।
तवोदयेऽहं पूज्यस्त्वं पूजनीयः प्रयत्नतः ।।४८।।

दर्शनीयः प्रयत्नेन विपरीते व्रतं वृथा ।
ललाटे कलया तिष्ठ मम प्रीतिकरः शशिन् ।।४९।।

प्रतिमासं द्वितीयायां नमस्यश्च भविष्यसि ।
एवं लब्धवरश्चन्द्रो यथापूर्वोऽभवत् तदा ।।५०।।

स्थापयामास वरदमूर्तिं देवर्षिभिः सह ।
भालचन्द्रेति नामाऽस्य चक्रुस्ते मुनयः सुराः ।।५१।।

प्रासादं कारयामास काञ्चनं रत्नसंयुतम् ।
उपचारैः षोडशभिः पूजयामास सादरम् ।।५२।।

पूजयित्वा सुराः सर्वे मुनयश्च वरान् ददुः ।
सिद्धिक्षेत्रमिदं लोके विख्यातं तु भविष्यति ।।५३।।

अनुष्ठानवतामत्र सर्वसिद्धिकरं भवेत् ।
ततस्ते देवमुनयो नत्वा तं द्विरदाननम् ।।५४।।

ययुः प्रसन्नमनसः स्वं स्वं स्थानं मुदा युताः ।
यातेषु देवमुनिषु देवोऽपि पिदधे वपुः ।।५५।।

अन्तर्हिते भालचन्द्रे चन्द्रो हृष्टमना इव ।
स्वं धाम प्रतिपद्यैव स्वं धाम प्रययौ तदा ।।५६।।

जस्तै ज्योतिर्मय हुनेछ, भाद्र शुक्ल चतुर्थी तिथिमा जुन मानिसले तिम्रो दर्शन गर्नेछ, त्यसमाथि मात्र मेरो सराप प्रभावकारी हुनेछ । त्यसको परिणामस्वरूप त्यस मानिसले पाप, हानि र मूर्खताजस्ता दुर्गुणहरू सहनु पर्नेछ, तिमी त्यस चतुर्थी तिथिमा दर्शनका लागि अयोग्य हुनेछौ, यो कुरा मैले देवताहरूलाई पनि भनिसकेको छु ।।४६-४७।। कृष्णपक्षको चतुर्थी तिथिमा मेरो व्रत गर्ने साधकले चन्द्रमाको उदय हुँदा पूजा गर्नुपर्दछ । त्यसबाट म प्रसन्न हुनेछु र दर्शनीय पनि । त्यसपछि तिमी पनि पूजनीय र दर्शनीय हुनेछौ । त्यो दिन साधकले तिम्रो दर्शन गर्नु पर्नेछ, दर्शन नगर्दा विपरीत फल प्राप्त हुनेछ । हे चन्द्रमा ! तिमी मेरा प्यारा छौ, मेरो निधारमा बस । हरेक महिनाको कृष्णपक्षको द्वितीया तिथिमा तिम्रो आराधना कल्याणकारी हुनेछ । यसरी वरदान प्राप्त गरेका चन्द्रमा पहिलेजस्तै कान्तिसम्पन्न भए ।।४८-५०।। चन्द्रमाले देवता र ऋषिहरूका साथ भगवान् श्रीगणेशको वरदमूर्तिको स्थापना गरे । ती मुनि र देवताले ती वरदमूर्ति श्रीगणेशलाई भालचन्द्रको नामबाट सम्बोधन गरे ।।५१।। भालचन्द्र भगवान् श्रीगणेशको मूर्तिप्रतिष्ठापछि चन्द्रमाले सुवर्ण र रत्नले झकिझकाउ सुन्दर मन्दिर पनि बनाए । त्यहाँ रहेर षोडशोपचारले श्रद्धापूर्वक भगवान् भालचन्द्रको पूजा गरे । त्यसपछि सबै देवता र मुनिले भने – 'यो क्षेत्र संसारमा सिद्धिक्षेत्रका नामबाट विख्यात हुनेछ र यहाँ आई व्रत गर्ने मानिसहरूले सबै प्रकारका सिद्धि प्राप्त गर्नेछन् ।' त्यसपछि देवता र मुनिहरू श्रीगणेशलाई प्रणाम गरी सहर्ष आ-आफ्ना धामतर्फ गए । तिनीहरूको प्रस्थानपछि भगवान् श्रीगणेश पनि अन्तर्धान हुनुभयो । भगवान् भालचन्द्रको अन्तर्धानपछि प्रसन्न भएका चन्द्रमा आफ्नो कलामय स्वरूप धारण गरेर मात्र चन्द्रलोकतर्फ फर्किए ।।५२-५६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चन्द्रशापानुग्रहदर्शनं नामैकषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'चन्द्रमालाई सराप र अनुग्रह' शीर्षकान्वित एकसठीऔं अध्याय पूर्ण भयो ।।६१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विषष्टितमोऽध्यायः { ६२ अध्याय }

कृतवीर्यपितोवाच

चतुर्थ्यां कृष्णपक्षे तु भक्तिश्चन्द्रोदये यतः ।
क्रियते तन्निमितं यत्पृष्टं तन्मे निरूपितम् ।।१।।

दूर्वाङ्कुरार्पणस्यापि श्रोतुमिच्छामि कारणम् ।
किमर्थं गणनाथस्य प्रिया दूर्वाङ्कुरा वद ।।२।।

ब्रह्मोवाच

हन्त ते कथयिष्यामि दूर्वाङ्कुरसमर्पणे ।
यत् फलं गणनाथस्य श्रूयतां तन्नृपोत्तम ।।३।।

जाम्बेति नगरी ख्याता देशे दक्षिणतोऽभवत् ।
क्षत्रियः सुलभोऽस्यां तु गुणी दानी धनी बली ।।४।।

विवेक्यासीन् मान्यमानी शमी दमपरायणः ।
सर्वशास्त्रार्थतत्त्वज्ञः सर्ववेदार्थतत्त्ववित् ।।५।।

विकटे भक्तिमान् नित्यं स्तुतिस्तोत्रपरायणः ।
तस्य भार्या सुमुद्राऽऽसीन्नाम्ना परमविश्रुता ।।६।।

अत्यन्तसुन्दरी साध्वी स्वरूपाद्धिक्कृताप्सराः ।
देवविप्राऽतिथिपरा पत्युश्चित्तानुवर्तिनी ।।७।।

पतिव्रतानां सर्वासां मान्या श्रेष्ठतमा नृप ! ।
एकस्मिन् दिवसे तौ तु दम्पती स्नाननिर्मलौ ।।८।।

उपविष्टौ पुराणार्थं परस्परमनोनुगौ ।
यावत्तावत् समायातो ब्राह्मणो मधुसूदनः ।
भिक्षाभिलाषी सततं परमेश्वरचिन्तकः ।।९।।

कुचैलश्च दरिद्रत्वात् साम्बरोऽपि दिगम्बरः ।
सुलभस्तं तु दृष्ट्वैव प्रणनाम मुदा युतः ।।१०।।

जहास चैनं सहसा मोहाविष्टो द्विजोत्तमम् ।
स उवाच ततः शापं प्रतिक्षुब्धो महामुनिः ।।११।।

क्रोधसंरक्तनयनस्त्रैलोक्यं प्रदहन्निव ।
हलकर्षणको नित्यं नित्यं दुःखसमन्वितः ।।१२।।

कृतवीर्यका पिताले भने – कृष्ण पक्षको चतुर्थी तिथिमा चन्द्रोदय हुँदा कुन कारणले भक्ति गरिन्छ त्यसबारे प्रश्नको उत्तर सुन्ने मौका पायौं । श्रीगणेशलाई दूबो किन अर्पण गरिन्छ? त्यसको कारण बताउनुहोस्। फेरि श्रीगणेशलाई किन दूबो अत्यन्त प्यारो लाग्छ ? यस प्रश्नको पनि उत्तर दिनुहोस् ।।१-२।।

ब्रह्माजीले भन्नुभयो – हे नृपोत्तम ! भगवान् श्रीगणेशलाई दूर्वाङ्कुर समर्पण गर्दा जुन फल प्राप्त हुन्छ, त्यसबारे म बताउँछु ।।३।। भारतको दक्षिण भागमा जाम्बा नगरी थियो । त्यहाँ सुलभ नामक क्षत्रिय बस्ने गर्दथे । ती गुणी, दानी, धनी, बलवान्, विवेकी, मान्यहरूको सम्मान गर्ने, शम-दम सम्पन्न, शास्त्रका रहस्य र वेदका ज्ञाता, विकटरूप भगवान् श्रीगणेशका नित्य भक्त र स्तोत्रहरूको पाठमा समर्पित थिए। तिनकी भार्याको नाम सुमुद्रा थियो । ती सौन्दर्य र गुणका कारण अत्यन्त प्रसिद्ध थिइन् ।।४-६।। सुमुद्रा विशिष्ट सुन्दरी, पतिव्रता र सरलहृदया भनेर सर्वत्र परिचित थिइन्। आफ्नो रूप र कान्तिबाट अप्सराहरूलाई पनि लज्जित तुल्याउने, देवता-ब्राह्मण र पाहुनाहरूको सेवामा तल्लीन र पतिको चित्त बुझेर काम गर्ने उत्तम नारी थिइन् ।।७।। ती सबै पतिव्रताहरूकी मान्या र उत्तम व्यक्तित्वकी स्वामिनी पनि थिइन् । एक दिन दुबै दम्पती स्नान गरी निर्मल भएर पुराण सुन्ने मनोयोगका साथ बसिरहेका थिए । त्यस बेला त्यहाँ भिक्षाको अभिलाषा गर्ने मधुसूदननामक ब्राह्मण आइपुगे । ती ब्राह्मण परमेश्वरको चिन्तनमा तत्पर र दरिद्र थिए । दरिद्र भएका कारण मैला र फाटेका वस्त्र धारण गर्दा पनि नाङ्गझैं देखिन्थे । सुलभ क्षत्रियले तिनलाई देखेपछि हर्षपूर्वक प्रणाम गरे । तर अचानक मोहको आवेशमा आएर उत्तम ब्राह्मणलाई खिसी गर्दै हाँसे । सुलभले उपहास गर्दा ती ब्राह्मण क्षुब्ध भए र तिनले सुलभलाई सराप दिए ।।८-११।। तिनले रीसले राता आँखा गराउँदै भने – तिमी दुर्बुद्धि भएका क्षत्रिय रहेछौ, मलाई दरिद्र, दुःखी देखेर दाँत देखाएर हाँसेका छौ, त्यस कारण तिमी सधैं हलो तान्ने जस्ता दुःखको काम गर्नुपर्ने स्वभाव भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृषो भव कुबुद्धे त्वं योऽहसद् विवृतैर्द्विजैः ।
भर्तुः शापं परिश्रुत्य सुमुद्रा क्रोधमूर्च्छिता ।।१३।।
अशपत् तं द्विजं रुष्टा सर्पिणीव पदाहता ।
यतस्त्वयाऽविवेकेन शापो दत्तः पतेर्मम ।।१४।।
अतस्त्वं चक्रिवान् भूत्वा विष्ठाशी भव कुद्विज ।
सोऽपि तामशपत् क्रूरं श्रुत्वा शापं तदीरितम् ।।१५।।
स्त्रीत्वात् त्वमशपो यस्मात्त्वं चाण्डाली भविष्यसि ।
दरिद्रा दोषबहुला विण्मूत्रादाऽशुभङ्करी ।।१६।।
एवं परस्परं शप्त्वा त्यक्त्वा देहान् सुदुर्लभान् ।
सुलभो वृषभो जातो हलकर्षणवान् भवन् ।।१७।।
न विश्रान्तिः क्षणं तस्य विप्रशापात् तदाऽभवत् ।
द्विजोऽपि रासभे योनौ जातोऽसौ मधुसूदनः ।।१८।।
जाता सुमुद्रा चाण्डाली दुष्टा प्राणिविहिंसिका ।
दरिद्रा पैशाचवती विण्मूत्राशनतत्परा ।।१९।।
अतिशुष्कशरीरा सा दन्तुरा विकटानना ।
कदाचिदटमाना सा दक्षिणे नगरस्य तु ।।२०।।
प्रासादं गणनाथस्य ददर्श परमाद्भुतम् ।
नानावृक्षलताजालैर्नानापक्षिगणैर्युतम् ।।२१।।
यत्र योगीश्वराः केचिदनुष्ठानरताः सदा ।
उपासका गणेशस्य नियमस्था वसन्ति हि ।।२२।।
केचित् कामार्थिनः केचित् पुत्रमोक्षधनार्थिनः ।
कदाचिद् भाद्रमासस्य चतुर्थ्यां तु गृहे गृहे ।।२३।।
तस्मिन् पुरे सम्प्रवृत्तो गणनाथमहोत्सवः ।
अतिवृष्टिः प्रवृत्ता च महाप्रलयसूचिका ।।२४।।
चाण्डाली वृष्टिभीता सा याति यद् यन्निवेशनम् ।
ततस्ततोऽखिलजनैर्निरस्ता ताडनादिभिः ।।२५।।
ततो देवालयं याता पाणावग्निं प्रगृह्य सा ।
तत्राप्यताडयन् केचिद् योगिभिस्ते निराकृताः ।।२६।।
प्रज्वाल्य सा तृणैरग्निमुष्णान्यङ्गानि कुर्वती ।
अकस्माद् वायुना प्रागादेको दूर्वाङ्कुरस्तदा ।।२७।।

गोरुको योनिमा प्राप्त हुनेछौ । आफ्ना श्रीमान्माथि परेको सराप सुनेर क्षत्रियपत्नी सुमुद्रा पनि रीसले चूर भइन् ।।१२-१३।। खुट्टाले कुल्चिएकी नागिनी झैं क्रुद्ध भएर तिनले ती ब्राह्मणलाई सराप दिंदै भनिन्- हे दुष्ट ब्राह्मण! तिमीले विवेक गुमाएर मेरा पतिलाई सराप दिएका छौ, त्यस कारण तिमी पनि गधाको रूप लिई सधैं विष्ठा खाएर बस। सुमुद्राको सराप सुनेर ब्राह्मणले पनि तिनलाई सराप दिए ।।१४-१५।। हे सुमुद्रा ! नारी जाति भएर पनि बाठी हुँदै तिमीले मलाई सराप दिएका कारण तिमी दरिद्र र मलमूत्रको आहार गर्ने अमङ्गलमय स्वभाव भएकी दोषी चाण्डाली हुनेछौ ।।१६।। यसरी एकले-अर्कालाई सराप दिएपछि ती सबै दुर्लभ मानवयोनि त्याग गरी सरापअनुसारका योनिहरूमा जन्म लिन विवश भए । तदनुसार सुलभ क्षत्रिय हलो तान्ने गोरु भएर जन्मे, ब्राह्मणको सरापका कारण तिनलाई गोरुको रूपमा रहँदा कहिले विश्राम प्राप्त भएन । मधुसूदन ब्राह्मण पनि गधाको योनिमा जन्मे । क्षत्रियपत्नी सुमुद्रा पनि प्राणीको हत्या गर्ने, दरिद्र, वरिपरि पिशाच लिएर हिंड्ने, विष्ठा एवं मूत्र खाने, अत्यन्त रूखो शरीर भएकी, लामा-लामा दाँत हुनाले विकृत र भयङ्कर अनुहारकी दुष्टा चाण्डाली भइन्। कुनै दिन यताउति भौंतारिएकी ती चाण्डालीले नगरको दक्षिण भागमा अत्यन्त अनौठा, साना-साना नानाथरिका रूख र लहराहरू एवं अनेक किसिमका चराचुरुङ्गीले घेरिएको भगवान् श्रीगणेशको मन्दिर देखिन् । त्यहाँ श्रीगणेशका उपासक योगीश्वरहरू नियममा रहेर मन्त्रको अनुष्ठान गर्दै थिए । केही विभिन्न कामनाले उपासना गर्ने श्रीगणेशका भक्त पनि त्यहाँ देखिन्थे । कुनै भक्त पुत्र र धनको इच्छाले भगवान्को आराधना गरिरहेका थिए। केही मोक्षको इच्छाले साधना गर्दै थिए । तिनले ती सबैको दर्शन गरिन् । कुनै समयमा भाद्र महिनाको चतुर्थी तिथिमा त्यस नगरका घर-घरमा श्रीगणेश महोत्सव मनाइयो । त्यस बेला महाप्रलय संझाउने ठूलो झरी पर्‍यो ।।१७-२४।। झरीबाट डराएर ती चाण्डाली जुन - जुन घरमा शरण लिन जान्थिन्, ती-ती घरका मानिसहरूले तिनलाई त्यहाँबाट धपाउँथे ।।२५।। यसरी आश्रयहीन भएकी चाण्डाली हातमा आगो लिएर मन्दिरमा गइन् । तिनलाई त्यहाँ देखेर केही मानिसहरूले पिटे तर साधनामा लागेका योगीहरूले भने ती मानिसहरूलाई त्यहाँबाट धपाए । निरुपाय ती चाण्डालीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतितो गणनाथस्य मस्तके दैवयोगतः ।
स रासभः शीतभीतो यातो देवालयं तदा ।।२८।।

तदा वृषो लाङ्गलात् तु मुक्तो दैवात् समाययौ ।
प्रासादं गणनाथस्य भाविनोऽर्थस्य गौरवात् ।।२९।।

उभावपि तृणं तस्याश्चाण्डाल्यास्तौ बभक्षतुः ।
परिसुप्ते जने तत्र तयोर्युद्धमवर्तत ।।३०।।

लत्ताभ्यां चैव शृङ्गाभ्यां गजाननसमीपतः ।
तयोरास्यान्निपतितौ शुण्डायां च पदे तदा ।।३१।।

दूर्वाङ्कुरौ गणेशस्य तुतोष च गजाननः ।
ततः सा यष्टिमादाय देवान्तिकमुपागमत् ।।३२।।

अहनत् तौ खरवृषौ स्वयं पूजां बभक्ष च ।
खुरशब्दं तयोः श्रुत्वा बुबुधे निद्रितो जनः ।।३३।।

बहिश्चकार दण्डेन मुष्टिकूर्परघाततः ।
पलायनपरा साऽपि ताडिता शर्करादिभिः ।।३४।।

चाण्डाल्या रासभस्यापि स्पर्शशङ्काकुलैर्जनैः ।
स्नापितस्तीर्थतोयेन मन्त्रितेन गजाननः ।
पूजितः परया भक्त्या नानाद्रव्यैरनेकशः ।।३५।।

वृषरासभचाण्डालीरतिदुष्टा जनाः पुनः
ताडयामासुरव्यग्रा लगुडैर्जानुभिस्तलैः ।
देवद्वारे च पिहिते गतिस्तेषां न विद्यते ।।३६।।

भ्रमतां क्रन्दतां तेषां त्रयाणां दारुणैः स्वरैः ।
मनस्तु देवदेवस्य विकटस्य तदा हृतम् ।।३७।।

एतेषां तु प्रसङ्गेन पुनः पूजा ममाऽभवत् ।
एतैश्च पूजितश्चाहमेकदूर्वाङ्कुरादिभिः ।।३८।।

प्रदक्षिणा बहुतरा कृता दुष्टेषु सत्स्वपि ।
भाद्रशुक्लचतुर्थ्यां मे दूर्वामेकां समर्पयेत् ।।३९।।

झिंजा-झिंजी र सुकेका घाँसपात बटुलेपछि आगो सल्काएर तापेर बसिन् । तिनले जम्मा गरेका तृणहरूमध्ये एउटा सुकेको दूर्वाङ्कुर हावाले उडेर दैवयोगले भगवान् श्रीगणेशका मूर्तिको निधारमा पऱ्यो । त्यस बेला त्यो गधा पनि जाडोले काँप्दै त्यसै मन्दिरमा आइपुग्यो । त्यत्तिखेर नै संयोगवश भावी गौरवपूर्ण घटनाको कारण बनेर हलाबाट फुकेको त्यो गोरु पनि त्यसै मन्दिरमा आइपुग्यो ।।२६-२९।। ती गधा र गोरुले चाण्डालीद्वारा जम्मा गरिएका काँचा र सुकेका घाँसपात खाए। त्यहाँका मानिसहरू सुतेपछि ती गधा र गोरु आपसमा युद्ध गर्न थाले ।।३०।। खुट्टा र सिङले ती दुबैले भगवान् श्रीगणेशका मूर्तिसामु एक-आपसमा प्रहार गरिरहेका थिए । त्यस बेला गधा र गोरुको मुखबाट खसेका दुई दूर्वाङ्कुर श्रीगणेशको सूँढ र चरणमा पर्न गए। यसरी थाहै नपाईकन पूजा हुन जाँदा भगवान् श्रीगणेश प्रसन्न हुनुभयो । त्यसपछि ती चाण्डाली हातमा लौरो लिएर श्रीगणेशको नजिकमा आइपुगिन् ।।३१-३२।। त्यहाँ आएर तिनले गधा र गोरुलाई पिट्दै श्रीगणेशका सामु रहेको पूजाको सामग्री खान थालिन् । गोरु र गधाको खुरको स्वर सुनेर निदाएका मानिस पनि जागे ।।३३।। तिनले लौराले हिर्काएर ती दुबैलाई बाहिर भगाए । मुड्की र कुहिनाले चाण्डालीमाथि पनि प्रहार गरी तिनलाई पनि बाहिर भगाए । भागिरहेकी चाण्डालीलाई वरपरका मानिसहरूले ढेला र ढुङ्गाले हानेर लखेटिरहेका थिए। मन्दिरको मूर्तिमा चाण्डाली र गधाको स्पर्श भएको शङ्का गरेर ती मानिसहरूले तीर्थका जलले श्रीगणेशको मूर्तिलाई नुहाइदिए। भक्तिपूर्वक अनेक पदार्थहरू टक्र्याएर भगवान्‌को आराधना गरे ।।३४-३५।। मन्दिर बाहिर बस्ने निर्दयी मानिसहरूले गधा, गोरु र चाण्डालीलाई लौरो, घुँडा र चपेटाले प्रहार गरेका थिए । मन्दिरको ढोका बन्द भएका कारण तिनीहरूले भागेर जिउ जोगाउन पनि पाएनन् । पिटाइ खाएर चिच्याइरहेका तिनीहरूको आर्तनाद सुनेर विकटरूप भगवान् श्रीगणेशको मन पग्लियो ।।३६-३७।। भगवान्‌ले मनमनै भन्नुभयो – यी गोरु, गधा र चाण्डालीको प्रसङ्गबाट मेरो पटक पटक पूजा भयो । यी सबैले जानी-नजानी एउटा- एउटा दूर्वाङ्कुर चढाएर मेरो पूजा पनि गरेका छन् । यी सबै दुष्ट हुन् तापनि अज्ञानमै भए पनि यिनले मेरो धेरै पटक परिक्रमा गरेका छन् । जसले भाद्र शुक्ल चतुर्थी तिथिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स मे मान्यश्च पूज्यश्च यश्च कुर्यात् प्रदक्षिणाम् ।
तस्मादेतान् विमानेन स्वधाम प्रापयाम्यहम् ।।४०।।

एवं विमानमप्रैषीत् स्वगणैरुपलक्षितम् ।
स्वरूपधारिभिर्देवो गन्धर्वाप्सरसां गणैः ।।४१।।

युतं वादित्रनिचयैः पुष्पैः परिमलैरपि ।
दिव्यभोगसमायुक्तं पताकाध्वजमण्डितम् ।।४२।।

तानादाय गणास्ते तु गजाननस्वरूपिणः ।
तस्मिन् विमाने निक्षिप्य दिव्यदेहान् मुदायुतान् ।।४३।।

गजाननाज्ञया तस्य धाम सम्प्रापयन् जवात् ।
पश्यतां सर्वलोकानामाश्चर्यमभवद् हृदि ।।४४।।

एतेषां पूर्वपुण्येन गतिरेषेति चाब्रुवन् ।
ततो योगीश्वराः केचित् त्यक्त्वा ध्यानं गता गणान्।।४५।।

पप्रच्छुः कथमेतेषां ब्रूत पुण्या गतिर्ध्रुवा ।
अतिपातकिनामेषां पुण्यलेशो न विद्यते ।।४६।।

गतिः सुदुर्लभा कस्मात् प्राप्ता नो वदताऽनघाः ।
तदेवाशु चरिष्यामस्त्यक्त्वानुष्ठानमात्मनः ।।४७।।

असङ्ख्यातो गतः कालो न देवो दृक्पथं गतः ।
विरक्तानां वायुभुजामनुष्ठानवतां सदा ।।४८।।

धामप्राप्तिः कदा नः स्याद् गणेशस्य वदन्तु नः ।।४९।।

मलाई एउटा दूबो चढाउँछ त्यो मेरा निमित्त अत्यन्त प्रिय हुन्छ । जसले प्रदक्षिणा गर्दछ त्यो पनि मेरा लागि प्रिय र मान्य हुन्छ । तसर्थ यी सबैलाई म विमानद्वारा मेरो धाममा पठाउँछु। यसरी विचार गरी भगवान् श्रीगणेशले आफ्ना गण, गन्धर्व एवं अप्सराहरूसमेत रहेको; वाद्यवादनका सामग्री र थरि–थरिका सुगन्धित पदार्थहरूले सम्पन्न, दिव्य भोगहरूले परिपूर्ण र ध्वजा–पताकाद्वारा सजिएको विमान तिनीहरूलाई लिन भनी पठाउनुभयो। श्रीगणेशकै आकार–प्रकारका गणहरू भगवान्का कृपाले सहसा दिव्य देह प्राप्त गर्ने ती गधा, गोरु र चाण्डालीलाई लिन भनेर त्यहाँ गए । तिनीहरूले गधा, गोरु र चाण्डालीलाई विमानमा राखी भगवान् श्रीगणेशको आज्ञाअनुसार अनेक थरि मानिसहरूले हेर्दा–हेर्दै श्रीगणेशको धाममा पुऱ्याए। गोरु, गधा र चाण्डालीले अचानक विमानमा आरोहण गरेको देखेर धर्तीका ती दर्शकहरू आश्चर्य मानिरहेका थिए ।।३८–४४।। केही मानिसहरूले 'यी तीनवटै प्राणीहरू आफ्नो पूर्वजन्मको पुण्यका कारण सद्गतिमा प्राप्त भए' भनिरहेका थिए । त्यसपछि त्यस मन्दिरमा साधना गर्ने केही योगीश्वरहरूले ध्यान छोडेर श्रीगणेशका गणका सामु गई त्यस्ता साधारण प्राणीहरूले विमानमा आरोहण गरी श्रीगणेशधाम कसरी प्राप्त गरे ? भन्ने विषयमा प्रश्न गरे। तिनीहरूले भने – यी प्राणीहरूको स्थिरधाममा प्राप्ति कसरी भयो ? यी त अत्यन्त पातकी छन् र यिनीसँग त लेशमात्र पनि पुण्यको गन्ध छैन । हे निष्पाप गणहरू यिनले दुर्लभ धाम कसरी पाए ? हामीलाई बताउनुहोस् । तपाइँहरूले बताउनुभयो भने हामी पनि आफ्नो ध्यान र अनुष्ठान छोडी तिनले जस्तै साधना गरी श्रीगणेशधाम प्राप्त गर्ने प्रयास गर्नेछौं ।।४५–४७।। हामीले साधना गर्न आरम्भ गरेको असङ्ख्य समय बितिसकेको छ, तर आजसम्म भगवान्को दर्शनमात्र पनि पाउन सकेका छैनौं । हामीजस्ता विरक्त र तृण एवं हावा खाएर तपस्या गर्ने साधकले श्रीगणेशको धाम कहिले पाउने? यस विषयमा हजुरले बताउनुहोस्।।४८–४९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे दूर्वोपाख्यानं नाम द्विषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'दूर्वाङ्कुरको महिमप्रकाशनको प्रसङ्गमा सुमुद्रा, सुलभ र मधुसूदनको उपाख्यान' शीर्षकान्वित बैसाठीऔं अध्याय पूर्ण भयो ।।६२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिषष्टितमोऽध्यायः { ६३ अध्याय }

गणा ऊचुः

शृणुध्वं योगिनः सर्वे स्थिरीकृत्य मनश्चलम् ।
यन्न शेषो भवेद् वक्तुं समर्थश्चतुराननः ।।१।।

तद् वक्तुं कः समर्थः स्याद् यथाशक्ति वदाम च ।
कुर्वन्ति स्तवनं यस्य सर्वदाऽजशिवादयः ।।२।।

तस्य को गणनाथस्य महिमानं वदेत् स्फुटम् ।
इत्थं तदीयां लीलां वा तथापि शृणुतानघाः ।।३।।

दूर्वाङ्कुराणां महिमा न ज्ञातो मुनिभिः सुरैः ।
यज्ञैर्दानैस्तपोभिश्च व्रतैर्होमैर्न वाप्यते ।।४।।

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
वासवस्य च संवादं नारदस्य महात्मनः ।।५।।

एकदा नारदोऽगच्छद् वासवं द्रष्टुमुत्सुकः ।
पूजितं परया भक्त्या कृतासनपरिग्रहम् ।।६।।

मुनिं पप्रच्छ बलहा दूर्वामाहात्म्यमादरात् ।

इन्द्र उवाच

किमर्थं देवदेवस्य गणेशस्य महात्मनः ।
विशेषतः प्रिया ब्रह्मन् ! महादूर्वाङ्कुरा मुने ।।७।।

मुनिरुवाच

कथयामि यथाज्ञातं दूर्वामाहात्म्यमुत्तमम् ।
स्थावरे नगरे पूर्वं कौण्डिन्योऽभून्महामुनिः ।।८।।

उपासको गणेशस्य तपोबलसमन्वितः ।
रमणीयतरस्तस्य ग्रामदक्षिणभागतः ।।९।।

आश्रमः सुमहानासील्लतावृक्षसमन्वितः ।
सरांसि फुल्लपद्मानि यत्रासन् सुमहान्ति च ।।१०।।

भ्रमरैरुपजुष्टानि हंसकारण्डवैरपि ।
चक्रवाकैर्बकैश्चैव कच्छपैर्जलकुक्कुटैः ।।११।।

स तु ध्यानरतस्तत्र प्रारभत् तप उत्कटम् ।
पुरः स्थाप्य महामूर्तिं गणेशस्य चतुर्भुजाम् ।।१२।।

गणहरूले भने – हे योगीश्वरहरू ! तपाइँहरूले चञ्चल मनलाई स्थिर बनाएर सुन्नुहोस् । जुन कुरालाई शेषनाग र ब्रह्माजी पनि बताउन समर्थ छैनन् त्यो बताउन को सक्छ ? यसो हो तापनि आफ्नो ज्ञानको सीमाअनुसार हामी बताउन प्रयास गर्ने छौं। ब्रह्मा, शिव आदि देवताहरूले दिनदिनै जसको स्तुति गर्दछन्, त्यस्ता श्रीगणेश भगवान्को महिमा अवर्णनीय छ । यसैले उहाँका लीलाहरूका विषयमा कसैले पनि पूरापूर बताउन सक्दैन। हामी केही मात्र लीलाहरूको विषयमा तपाइँहरू सामु बताउँछौं। दूर्वाङ्कुरको महिमा देवता र मुनि पनि सम्पूर्ण रूपमा बताउन असमर्थ छन् । दूबो अर्पण गरेर श्रीगणेशको आराधना गर्दा जुन फल प्राप्त हुन्छ त्यो यज्ञ, दान, तपस्या र हवनबाट पनि सुलभ हुँदैन ।।१-४।। दूबोको महिमासम्बन्धमा प्राचीन ग्रन्थहरूमा एउटा इतिहास रहेको छ- त्यो हो नारद र देवराज इन्द्रको संवाद । कुनै समयमा नारदजी उत्सुक भएर देवराज इन्द्रलाई भेट्न स्वर्गमा जानुभयो। भक्तिपूर्वक पूजा गरी आसनमा विराजमान गराइएका नारदजीसँग इन्द्रले दूबाको महिमाका विषयमा जिज्ञासा गरेका थिए ।

इन्द्रले भने – हे देवर्षि नारदजी ! देवदेव महात्मा श्रीगणेशलाई दूर्वाङ्कुर किन प्यारो लाग्छ ? ।।५-७।।

नारदजीले भन्नुभयो – म तपाइँलाई आफ्नो ज्ञानअनुसार दूबाको उक्त महिमा बताउँछु । पहिले स्थावरनगरमा कौण्डिन्यनामक महामुनि थिए ।।८।। ती तपस्वी र भगवान् श्रीगणेशका उपासक पनि थिए । स्थावरनगरको बायाँ भागमा रमणीय, विशाल र लता एवं वृक्षले सम्पन्न एउटा आश्रम थियो । त्यहाँ कमलद्वारा शोभायमान ठूला-ठूला सरोवरहरू थिए ।।९-१०।। सरोवरका कमलहरूमा भ्रमरहरू गुञ्जन गर्दथे। ती सरोवरहरूमा हाँस, चखेवा, बकुला, कछुवा र पानीकुखुरा खेलिरहेका थिए।।११।। एक दिन कौण्डिन्य ऋषिले ध्याननिष्ठ भएर उत्कट तपस्या आरम्भ गर्नुभयो । उहाँले आफ्ना सामु दूबाको अङ्कुरद्वारा पूजा गरिएका चतुर्बाहु, सुवरद र प्रसन्नमुद्रामा वर्तमान वरदमूर्तिको स्थापना गर्नुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुप्रसन्नां सुवरदां दूर्वायुक्तां सुपूजिताम् ।
जजाप परमं मन्त्रं षडर्णं देवतोषकम् ।।१३।।

पप्रच्छ संशयाविष्टा पत्नी नाम्नाऽऽश्रयाऽस्य तम् ।

आश्रयोवाच

स्वामिन् ! गजानने देवे दूर्वाभारं दिने दिने ।।१४।।
समर्पयसि कस्मात् त्वं तृणैः कोऽपि न तुष्यति ।
अस्ति चेत् पुण्यमेतेन तन्मे त्वं कृपया वद ।।१५।।

कौण्डिन्य उवाच

शृणु प्रिये ! प्रवक्ष्यामि दूर्वामाहात्म्यमुत्तमम् ।
धर्मस्य नगरे पूर्वमासीदुत्सव उत्तमः ।।१६।।

सर्वे देवाः सगन्धर्वा आहूताश्चाप्सरोगणाः ।
सिद्धचारणनागाश्च मुनयो यक्षराक्षसाः ।।१७।।

तिलोत्तमाया नृत्यन्त्याः प्रावारो न्यपतत् भुवि ।
ददर्श तस्याः स यमः कुचौ चारुबृहत्तमौ ।।१८।।

अभवत् कामसन्तप्तोऽविश्रान्तो निरपत्रपः ।
इयेषाऽऽलिङ्गितुं तस्याश्चुम्बितुञ्च तदाननम् ।।१९।।

सदसो निर्गतस्तस्माल्लज्जयाऽधोमुखो यमः ।
गच्छतस्तस्य रेतश्च स्खलितं पतितं भुवि ।।२०।।

ज्वालामाल्यभवत् तस्मात् पुरुषो विकृताननः ।
कुर्वन् दंष्ट्रारवं क्रूरं त्रासयन् भुवनत्रयम् ।।२१।।

ददाह पृथिवीं सर्वां जटाभिर्गगनं स्पृशन् ।
चकम्पे तस्य शब्देन त्रिलोकीमानसं भृशम् ।।२२।।

तदैव विष्णुमगमँस्ते तु सर्वे सभासदः ।
स्तुतिं नानाविधां कृत्वा नानास्तोत्रैर्यथामति ।।२३।।

प्रार्थयामासुरव्यग्राः सर्वलोकहिताय तम् ।
स तैः सर्वैः समगमद् गजाननमनामयम् ।।२४।।

श्रीगणेश-मूर्तिलाई अगाडि राखेर उहाँले श्रीगणेशलाई सन्तुष्ट तुल्याउन समर्थ षडक्षरी महामन्त्र जप्नुभयो ।।१२-१३।। संशयमा परेकी उनकी धर्मपत्नी आश्रयाले कौण्डिन्यमुनिसँग प्रश्न गरिन् ।

आश्रयाले भनिन् - हे स्वामी ! हजुरले किन भगवान् गजाननको मूर्तिमा दिनहुँ दूबाले पूजा गर्नुहुन्छ?।।१४।। के कुनै पनि देवता घाँस-पात चढाएर खुसी हुन्छन् ? यदि दूबो चढाएर पुण्यप्राप्ति हुन्छ भने त्यो कसरी हुन्छ मलाई बताउनुहोस् ।।१५।।

कौण्डिन्यले भने - हे प्रिया ! म तिमीलाई दूबाको महिमा बताउँछु सुन । धर्मराजको नगरमा कुनै दिन ठूलो उत्सव चलिरहेको थियो।।१६।। त्यसमा देवता, गन्धर्व, अप्सरा, सिद्ध, चारण, नाग, यक्ष, राक्षस र मुनिहरू निमन्त्रित थिए ।।१७।। त्यहाँ तिलोत्तमा अप्सरा आनन्दपूर्वक नाचिरहेकी थिइन् । नाच्दानाच्दै तिनको पछ्यौरी शरीरबाट भुईंमा खस्यो। पछ्यौरी खसेपछि धर्मराज यमले तिलोत्तमाको सुन्दर शरीर र ठूला कुचहरूको दर्शन गरे ।।१८।। सौन्दर्यपूर्ण कुचको दर्शनपछि धर्मराज कामपीडाले सन्तप्त, निर्लज्ज र आतुर पनि भए । उनले तिलोत्तमालाई आलिङ्गन गर्ने र गालामा चुम्बन गर्ने इच्छा गरे ।।१९।। कामवेदनाका कारण निर्लज्ज बनेका धर्मराज लाज मानेर शिर निहुऱ्याई सभाबाट बाहिर निस्किए । बाहिर निस्कँदा बाटैमा तिनको वीर्य स्खलित भयो र भुईंमा खस्यो।।२०।। त्यस वीर्यबाट भयङ्कर अनुहार भएको, अग्निको ज्वालाको माला लगाउने पुरुष प्रकट भयो। त्यसले आफ्ना दाह्रा बजाउँदा निस्किएको डरलाग्दो आवाजबाट स्वर्ग, मर्त्य र पाताल नै भयभीत भए।।२१।। आफ्ना जटाहरूले आकाश छुनसक्ने त्यस पुरुषले आफ्नो जटाबाट निस्किएको आगोद्वारा पृथिवी डढाउन थाल्यो । त्यसको क्रूर आवाजबाट सबै लोकका मानिसहरू थर्थर काँपिरहेका थिए ।।२२।। त्यस बेला यमलोकमा जम्मा भएका सबै सभासद्हरू डराए र संसारको रक्षाका निमित्त प्रार्थना गर्न भगवान् विष्णुका नजिकमा गए। तिनले आफ्नो बुद्धिअनुसार अनेक स्तुतिहरूबाट विष्णुको प्रार्थना गरे । भगवान् विष्णु पनि देवताहरूको प्रार्थना सुनेर तिनलाई साथमा लिई सबै लोकका स्वामी निर्मल ब्रह्मरूप भगवान् श्रीगणेशका सामुमा जानुभयो ।।२३-२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्य नाशं ततो ज्ञात्वा तुष्टुवुः सर्व एव तम् ।

देवा मुनयश्चोचुः

नमो विघ्नस्वरूपाय नमस्ते विघ्नहारिणे ।।२५।।

नमस्ते सर्वरूपाय सर्वसाक्षिन् ! नमोस्तु ते ।
नमो देवाय महते नमस्ते जगदादये ।।२६।।

नमः कृपानिधे ! तुभ्यं जगत्पालनहेतवे ।
नमस्ते पूर्णतमसे सर्वसंहारकारिणे ।।२७।।

नमस्ते भक्तवरद! सर्वदात्रे नमो नमः ।
नमस्तेऽनन्यशरण! सर्वकामप्रपूरक !।।२८।।

नमस्ते वेदविदुषे नमस्ते वेदकारिणे ।
कमन्यं शरणं यामः को नु नः स्याद् भयापहः ।।२९।।

अकाल एव प्रलयः कथं लब्धो जनैरयम् ।
हा गजानन ! देवेश ! हा हा विघ्नहराव्यय ! ।।३०।।

सर्वेषां मरणे प्राप्ते कथमस्मानुपेक्षसे ।
इति तद्वचनं श्रुत्वा करुणाब्धिर्गजाननः ।।३१।।

आविरासीत् पुरस्तेषां शिशुरूपोऽरिभीतिहा ।
बिभ्रत् कमलनयने शतचन्द्रनिभाननम् ।।३२।।

कोटिसूर्यप्रभाजालः कोटिकन्दर्पजिद्वपुः ।
कुन्दकुड्मलशोभाजिद्दशनोऽधरबिम्बजित् ।।३३।।

उन्नसो भ्रुकुटीचारुनयनः कम्बुकण्ठयुक् ।
विशालवक्षा जानुस्पृग्भुजद्वययुतो बली ।।३४।।

भगवान् श्रीगणेशलेमात्र त्यस डरलाग्दो पुरुषको वध गर्न सक्नुहुन्छ भन्ने जानेर सबै देवताले श्रीगणेशको स्तुति गरे ।

देवता र मुनिहरूले भने - 'विघ्नस्वरूप र विघ्नहर्ता श्रीगणेशलाई प्रणाम गर्दछौं ।।२५।। सबैका साक्षी हे प्रभो ! सर्वव्यापक र सबैमा रहनुहुने हजुरको वन्दना गर्दछौं । हजुर महान् देवता हुनुहुन्छ र जगत्का आदिकारण पनि । त्यस कारण नम्रतापूर्वक वन्दना गर्दछौं ।।२६।। हे कृपालु भगवान्! जगत्को पालनका मूलकारण हजुरलाई प्रणाम गर्दछौं। तमोगुणबाट सम्पन्न र संहारशक्तिका अधिपति हजुरको वन्दना गर्दछौं ।।२७।। भक्तलाई वरदान दिएर कृतार्थ गराउनु हुने हे श्रीगणेश ! सबैलाई सबै कुरा प्रदान गर्नुहुने हजुरको बारबार वन्दना गर्दछौं । सबैको कामना पूरा गर्नुहुने अनन्यशरण हे देव ! हजुरको वन्दना गर्दछौं ।।२८।। हामी नम्रतापूर्वक वेद आदि शास्त्रका ज्ञाता हजुरको बारबार वन्दना गर्दछौं । वेदका रचयिता हे देवताका देवता श्रीगणेश ! हामी हजुरको वन्दना गर्दछौं । हे भगवन्! हामी हजुरलाई छाडेर अरू कसको शरणमा जाऔं? हजुर बाहेक कुन देवताले हाम्रो भयलाई हटाउन सक्छन्?।।२९।। हे प्रभो ! आज प्राणीहरूले अकालमा प्रलयको पीडा भोग्नुपर्‍यो। हे गजानन ! हे देवेश ! हे विघ्नहर्ता! हे अविनाशी श्रीगणेश प्रभो ! आज हामी सबै मृत्युको मुखमा पर्ने परिस्थितिमा पुगेका छौं । हजुरले हाम्रो उपेक्षा नगर्नुहोस् ।' विष्णुका साथमा आएका देवताहरूको यो प्रार्थना सुनेर करुणासागर एवं शत्रुसंहारक भगवान् श्रीगणेश ती सबैका सामु बालकरूप लिएर प्रकट हुनुभयो । उहाँ त्यस बेला कमलझैं राम्रा नयनहरूले सुहाउनुभएको थियो । एक सय चन्द्रमाभन्दा पनि सुन्दर मुखमण्डलले धप्प बल्नुभएको थियो र करोडौं सूर्यको तेजले सम्पन्न हुनुहुन्थ्यो । उहाँ करोडौं कामदेवको सौन्दर्यलाई पराजित गर्ने रूप सौन्दर्यबाट सुहाउनुभएको थियो । कुन्दपुष्पको कोपिलाको कान्तिलाई परास्त गर्ने सेता दन्तपङ्क्ति धारण गर्नुहुने, काँक्रीवियाँको कान्तिलाई परास्त गर्ने ओंठले सुहाउनुभएका, उँचो नाक र सुन्दर आँखीभौंद्वारा आकर्षक दुबै आँखा धारण गर्नुहुने, शङ्खजस्तो कण्ठले रमणीय, छातीदेखि घुँडासम्म फैलिएका, बाहुद्वारा अत्यन्त आकर्षक देखिनुहुने, पराक्रमी, गहिरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गम्भीरनाभिविलसदुदरोऽतिलसत्कटिः ।
रम्भाशोभापरिस्पर्धिगुरूरुश्चारुजानुयुक् ।।३५।।

सुचारुजङ्घागुल्फश्रीविलसत्पादपद्मकः ।
नानालङ्कारशोभाढ्यो महार्घवसनावृतः ।।३६।।

एवं देवं निरीक्ष्यैव नगरस्य पुरो भुवि ।
उत्तस्थुर्देवमुनयो जयशब्दपुरःसरम् ।।३७।।

प्रणेमुर्दण्डवद् भूमौ शक्रं देवगणा यथा ।

देवा ऋषयश्चोचुः

को भवान् कुत आयातः किं कार्यं वद नो विभो ।।३८।।

वयमेवं विजानीमो ब्रह्मैव बालरूपधृक् ।
अनलासुरसन्त्रासात् त्यक्त्वा कर्माणि संस्थितान् ।।३९।।

आविर्भूतं तु नस्त्रातुं दुष्टसंहारकारकम् ।
इति तद्वचनं श्रुत्वा शिशुरूपी गजाननः ।।४०।।

बभाषे हास्यवदनः सर्वान् देवमुनीन् प्रति ।

बाल उवाच

भवन्तो ज्ञानसम्पन्ना यदुक्तं सत्यमेव तत् ।।४१।।

अहं तस्य वधायैव दुष्टस्य परपीडिनः ।
निजेच्छया बालरूपी वेगेनागां सुरर्षयः ।।४२।।

उपायं वच्मि वस्तस्य वधे तं कुरुतानघाः ।
सर्वैर्भवद्भिस्तं दृष्ट्वा नोदनीयो बलादहम् ।।४३।।

द्रष्टव्यं कौतुकं तस्य मम चैव महत्तरम् ।
एवं श्रुत्वा कृपावाक्यं सर्वे ते हर्षनिर्भराः ।।४४।।

ऊचुः परस्परं सर्वे न जानीमोऽस्य पौरुषम् ।
ईश्वरो बालरूपेण कर्तुमस्य वधं नु किम् ।।४५।।

नाभिद्वारा सुशोभित उदर धारण गर्नुहुने, अत्यन्त आकर्षक कम्मरले सुहाउनुभएका, केराका स्तम्भसँग प्रतिस्पर्धा गर्ने जङ्घाद्वारा शोभायमान, अत्यन्त सुन्दर चरणकमल धारण गर्नुहुने, अनेक थरि गहनाका शोभाले सम्पन्न र मूल्यवान् वस्त्र धारण गर्नुहुने भगवान् श्रीगणेशले देवताहरूलाई पुण्यदर्शन प्रदान गरिरहनुभएको थियो । नगरको सामु रहेको मैदानमा भगवान् श्रीगणेशको दिव्य दर्शन पाएर देवता र ऋषिहरू जय जयकार गरिरहेका थिए ।।३०-३७।। स्वर्गका देवताले जसरी निहुरेर इन्द्रलाई प्रणाम गर्दछन् त्यसरी नै ती सबैले भगवान् श्रीगणेशलाई दण्डवत् प्रणाम गरिरहेका थिए ।

देवता र ऋषिहरूले भने- हे दिव्यदर्शन! हजुर को हुनुहुन्छ? कहाँबाट पाल्नुभयो ? हामीलाई बताउनुहोस् ।।३८।। हामी त हजुरको दिव्य रूप देखेर बालकरूपधारी परब्रह्म नै हुनुहुन्छ भन्ने विचार गरिरहेका छौं । डराएर आ-आफ्ना कर्म परित्याग गरी बसेका हामीहरूले ज्वालामाली दैत्यको भयबाट हाम्रो रक्षा गर्न प्रकट हुनुभएका, दुष्टहरूको संहार गर्नुहुने ब्रह्मका रूपमा हजुरलाई जानेका छौं । देवता र मुनिहरूका कुरा सुनेर बालरूप श्रीगणेशले मुसुक्क मुस्काउँदै तिनलाई भन्नुभयो ।

बालरूप श्रीगणेशले भन्नुभयो - हे देवता र ऋषिहरू! तपाईँहरू ज्ञानी हुनुहुन्छ। जे भन्नुभयो त्यो साँचो हो।।३९-४१।। अरूलाई सताउने दुष्ट ज्वालासुरको वधका लागि म स्वेच्छापूर्वक बालकको रूप धारण गरेर प्रकट भएको छु । म त्यसको कसरी वध गर्ने भन्ने विषयमा तपाईँहरूलाई उपाय बताउँछु । तपाईँहरूले त्यसको प्रयोग गर्नुहोस् । तपाईँहरूले जुनबेला त्यस दानवलाई देख्नुहुन्छ त्यस बेला मलाई भाग्नुहोस् - भाग्नुहोस् भनेर सङ्केत गर्नुपर्नेछ। त्यसपछि तपाईँहरूले त्यो ज्वालासुर र मेराबीचमा जुन अनौठो घटना हुनेछ त्यसको दर्शन पाउनुहुनेछ। बालक श्रीगणेशका यी कुरा सुनेर सबै हर्षमग्न भए ।।४२-४४।। तिनले आपसमा विचार-विमर्श गर्न लागे- 'कस्तो अचम्मको कुरा, यी बालकले भन्न त भने हामीले यिनको पराक्रम देखेका छैनौं । ईश्वर बालकरूप लिएर ज्वालासुरको वध गर्न अवतीर्ण हुनुभएको हो अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवतीर्णो भवेत् त्रातुं पीडितं भुवनत्रयम् ।
इत्थमुक्त्वा तु ते सर्वे प्रणेमुः सादरञ्च तम् ।।४६।।

एतस्मिन्नेव काले तु कालानलस्वरूपधृक् ।
दहन् दश दिशो भक्षन्नरलोकं स आययौ ।।४७।।

कोलाहलो महानासील्लोकानां क्रन्दतां तदा ।
दृष्ट्वैव सर्वे मुनयः पलायनपरा ययुः ।।४८।।

तञ्च ते मुनयः प्रोचुः शीघ्रं कुरु पलायनम् ।
नो चेद्धिंसिष्यते त्वाद्य सुमहाननलो ध्रुवम् ।।४९।।

तिमिङ्गिलो यथा मीनानुरगान् गरुडो यथा ।
इति तद्वचनं श्रुत्वा परमात्मा गजाननः ।।५०।।

बालरूपधरोऽतिष्ठत् पर्वतो हिमवानिव ।
सुरर्षयो ययुर्दूरात् त्यक्त्वा तत्रैव बालकम् ।।५१।।

त्रिलोकीको रक्षा गर्न अवतीर्ण हुनुभएको हो? हामी ठम्याउन सक्दैनौं ।' यसरी विमर्श गरेपछि ती सबैले मनका तर्क हटाएर बालगणेशलाई सादर प्रणाम गरे ।।४५-४६।। त्यसै बेला प्रलयकालको आगाको जस्तो ज्वालाधारण गर्ने त्यो ज्वालासुर दसै दिशामा आगो लगाउँदै मानिस र अरू प्राणीहरूलाई खाँदै त्यहाँ आइपुग्यो ।।४७।। त्यो आउँदा आत्तिएका मानिसहरूले ठूलो कोलाहल गरे । त्यसलाई देख्नासाथ अघि भगवान्ले बताएअनुसार देवता र ऋषिहरू बालगणेशका सामु गई भन्न लागे - हे बालक ! तपाइँ भाग्नुहोस्, तपाइँ भाग्नुहोस्, अन्यथा तपाइँलाई ज्वालासुरको ज्वालाले खरानी बनाउनेछ ।।४८-४९।। जसरी तिमिङ्गिल नामक ठूलो माछाले सानो माछालाई खान्छ र गरुडले सर्पलाई खान्छ, त्यसैगरी यो दानवले तपाइँलाई खानेछ। देवता र ऋषिको कुरा सुनेर बालरूप भगवान् श्रीगणेश हिमालयपर्वतझैं अडिग भएर रहनुभयो । देवता र ऋषिहरू बालगणेशलाई एक्लै छाडेर टाढा गई बसे ।।५०-५१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे दूर्वामाहात्म्यनिरूपणं नाम त्रिषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'दूर्वामहत्त्व निरूपण र कालानलासुरको उपाख्यान' शीर्षकान्वित त्रिसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुःषष्टितमोऽध्यायः { ६४ अध्याय }

आश्रयोवाच

देवर्षिषु प्रयातेषु बाले चाचलवत् स्थिते ।
किमासीत् कौतुकं तत्र बालकालानलोद्भवम् ।।१।।

तत्सर्वं विस्तरान्मह्यं कथयाशु महामुने ! ।

नारद उवाच

एवं तया कृतप्रश्नः कौण्डिन्यो मुनिसत्तमः ।।२।।
यदब्रवीच्छचीभर्तस्तत्त्वं शृणु मयोदितम् ।

कौण्डिन्य उवाच

अचलेऽचलवद् बाले स्थिते तस्मिन् गजानने ।।३।।

कालानल इवाक्षोभ्य आययौ सोऽनलासुरः ।
तस्मिन् क्षणेऽचला वाऽपि चचालाचलसंयुता ।।४।।

नभोध्वानेन सदृशैर्घनगर्जितनिःस्वनैः ।
निपेतुर्वृक्षशाखाभ्यः पक्षिवृन्दानि भूतले ।।५।।

निर्वारिर्वारिधिर्जातो वृक्षा उन्मूलितास्तदा ।
प्रकम्पनेन महता न प्राज्ञायत किञ्चन ।।६।।

तस्मिन्नेव क्षणे देवो बालरूपी गजाननः।
दधारानलरूपं तं दैत्यं मायाबलेन हि ।।७।।

प्राशत् सर्वेषु पश्यत्सु जलधिं कुम्भजो यथा ।
ततः सोऽचिन्तयद् देवो यद्ययं जठरे गतः ।।८।।

दहेत् त्रिभुवनं कुक्षौ दृश्यमाश्चर्यमुत्कटम् ।
ततः शक्रो ददौ चन्द्रं तस्य वह्नेः प्रशान्तये ।।९।।

भालचन्द्रेति तं देवास्तुष्टुवुर्मुनयोऽपि च ।
तथापि न च शान्तोऽभूदनलः कण्ठमध्यगः ।।१०।।

आश्रयाले भनिन् - हे महामुनि ! देवता र ऋषिहरू टाढा गएपछि र बालक श्रीगणेश हिमालझैं अटल भएर रहनुभएपछि कस्तो अनौठो घटना घट्यो ? ।।१।। त्यस विषयमा मलाई विस्तारपूर्वक बताउनुहोस् ।

नारदजीले भन्नुभयो - हे देवराज इन्द्र ! आश्रयद्वारा यसरी सोधिएपछि कौण्डिन्य ऋषिले बताउनुभएको कुरा म तपाईँलाई बताउँछु ।

कौण्डिन्यले भने - बालगणेश पर्वतझैं अचल भएर रहनुभएको बेला प्रलयकालको आगो झैं डरलाग्दो, अविजेय र अत्यन्त पराक्रमी ज्वालासुर उहाँका सामु आयो । त्यो सामु आउँदा अचला भनेर सम्बोधन गरिएकी पृथिवी पनि पर्वतहरूका साथ कम्पायमान भइन् ।।२-४।। मेघ गर्जेजस्तै आकाश पनि गर्जन थाल्यो । रूखका हाँगाहरूबाट चराचुरुङ्गी फुतुफुतु भुइँमा खस्न थाले । समुद्रको पानी सुक्यो, रूखहरू आफै लड्न थाले र पृथिवीमा ठूलो भूकम्प आउनाले कहाँ कति क्षति भयो ? कसैले केही चाल पाउन सकेन ।।५-६।। त्यस बेला बालरूप श्रीगणेशले ज्वालासुर दैत्यलाई आफ्नो मायाको सामर्थ्यबाट समात्नुभयो ।।७।। त्यसपछि अगस्त्य मुनिले समुद्र पिएझैं सबैका सामु ज्वालासुरलाई निल्नुभयो । त्यतिबेला उहाँले सोच्नुभयो कि - यदि यो मेरो पेटमा गएर रह्यो भने यसले त्रिलोकलाई नै खरानी तुल्याउन सक्नेछ । त्यस बेला उहाँको पेटमा ज्वालासुर दैत्यको बास हुँदा अनौठो कुरा भयो । भगवान्को पेटमा रहेको दैत्यको आगो निभाउन इन्द्र महाराजले चन्द्रमा समर्पण गरे ।।८-९।। चन्द्रमाले आएर वरद श्रीगणेशको शिरमा बास गरे । त्यसपछि श्रीगणेशको नाम भालचन्द्र रह्यो । देवता र मुनिले भालचन्द्रको स्तुति गरे। त्यसपछि पनि भगवान्को घाँटीको माझमा रहेको अग्निज्वाला शान्त भएन ।।१०।। त्यो देखेर ब्रह्माजीले सिद्धि र बुद्धिनामक मानस कन्याहरू ल्याई श्रीगणेशमा अर्पण गर्नुभयो । ती युवतिहरू अत्यन्त सुन्दर थिए। केराको स्तम्भजस्तै जाँघ भएका, कमलजस्तै आँखा भएका, सेवारजस्तै चिल्ला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो ब्रह्मा ददौ सिद्धिबुद्धी मानसकन्यके ।
रम्भोरूपद्मनयने केशशैवालसंयुते ।।११।।

चन्द्रवक्त्रेऽमृतगिरौ कूपनाभी सरिद्गती ।
मृणालमध्ये प्रवालहस्ते शैत्यस्य कारणे ।।१२।।

उवाचेमे समालिङ्ग्य तव शान्तोऽनलो भवेत् ।
तयोरालिङ्गने शान्तः किञ्चिदेव हुताशनः ।।१३।।

ददौ सुकोमलं तस्मै कमलं कमलापतिः ।
पद्मपाणिरिति प्रोचुस्तं सर्वे सुरमानुषाः ।।१४।।

अशान्तेऽग्नौ तु वरुणः सिषेच शीतलैर्जलैः ।
सहस्रफणिनं नागं गिरिशोऽस्मै ददावथ ।।१५।।

तेन बद्धोदरो यस्माद् व्यालबद्धोदरोऽभवत् ।
तथापि शैत्यं नापेदे कण्ठोऽस्यानलसंयुतः ।।१६।।

अष्टाशीतिसहस्राणि मुनयस्तं प्रपेदिरे ।
अमृता इव दूर्वास्ते प्रत्येकं सैकविंशतिम् ।।१७।।

आरोपयन् मस्तकेऽस्य ततः शान्तोऽनलोऽभवत् ।
तुतोष परमात्माऽसौ दूर्वाङ्कुरभरार्चितः ।।१८।।

एवं ज्ञात्वा तु ते सर्वे पुपूजुस्तं गजाननम् ।
दूर्वाङ्कुरैरनेकैस्तैर्जहर्षासौ गजाननः ।।१९।।

उवाच च मुनीन् देवान् मत्पूजा भक्तिनिर्मिता ।
महती स्वल्पिका वापि वृथा दूर्वाङ्कुरैर्विना ।।२०।।

विना दूर्वाङ्कुरैः पूजाफलं केनापि नाप्यते ।
तस्मादुषसि मद्भक्तैरेका वाऽप्येकविंशतिः ।।२१।।

भक्त्या समर्पिता दूर्वा ददाति यत् फलं महत् ।
न तत्क्रतुशतैर्दानैर्व्रतानुष्ठानसञ्चयैः ।।२२।।

तपोभिरुग्रैर्नियमैः कोटिजन्मार्जितैरपि ।
प्राप्यते मुनयो देवा यद् दूर्वाभिरवाप्यते ।।२३।।

केश भएका, चन्द्रमाजस्तो अनुहार भएका, अमृतझैं गुलिया कुरा गर्ने, कुवाझैं गहिरो नाभि भएका, नदीझैं तीव्र गति भएका, कमलको डाँठझैं कम्मर भएका, मुँगाझैं राता ओठ एवं हातले सुहाएका र सौन्दर्यले जगमगाएका ती सुन्दरी शीतलताका कारक बनेर रहेका थिए ।।११-१२।। ब्रह्माजीले भन्नुभयो- हे बालगणेश! यी सिद्धि-र बुद्धि शीतल गुणले सम्पन्न छन् । यिनलाई आलिङ्गन गर्नुहोस्। तपाइँमा रहेको अग्निज्वाला शान्त हुनेछ। यो कुरा सुनेर श्रीगणेशले ती दुबै युवतिलाई आलिङ्गनको पाशमा बाँध्नुभयो। अग्निज्वाला केही मात्र शान्त भयो ।।१३।। त्यसपछि नारायणले आएर बालगणेशलाई कमल अर्पण गर्नुभयो । त्यसपछि देवता र ऋषिले श्रीगणेशलाई पद्मपाणि भनेर सम्बोधन गरे।।१४।। त्यति हुँदा पनि अग्नि शान्त भएन । त्यसपछि वरुणले आएर चीसो जल चढाई श्रीगणेशको सेचन गरे । भगवान् शङ्करले हजार फणा भएको नाग अर्पण गर्नुभयो ।।१५।। त्यस नागलाई कम्मरपेटी बनाएर श्रीगणेशले बाँध्नुभयो । त्यसपछि उहाँको नाम व्यालबद्धोदर रह्यो । त्यति हुँदा पनि श्रीगणेशका घाँटीको आगो शान्त भएन ।।१६।। त्यसपछि ८८ हजार ऋषिहरूले एक्काइस-एक्काइस दूर्वाङ्कुर श्रीगणेशको शिरमा अर्पण गरी बालगणेशको अर्चना गरे । त्यसपछिमात्र श्रीगणेशको घाँटीमा रहेको अग्निज्वाला शान्त भयो । यसरी दूर्वाङ्कुरद्वारा पूजा गरिनुभएका परमात्मा श्रीगणेश साह्रै प्रसन्न हुनुभयो।।१७-१९।। उहाँलाई प्रसन्न हुनुभएको जानेर अरू सबै देवताहरूले पनि दूबो चढाई उहाँको पूजा गरे । भगवान् श्रीगणेश सबैप्रति प्रसन्न हुनुभयो । त्यसपछि उहाँले भन्नुभयो - हे ऋषिगण र देवगण ! मेरो पूजा अथवा भक्ति सानो - ठूलो जस्तै भए पनि दूबो नचढाउँदा असफल हुनेछ । त्यस कारण मेरो पूजा गर्दा भक्तहरूले दूर्वाङ्कुर चढाउनै पर्छ अन्यथा त्यो पूजा निष्फल हुनेछ ।।२०।। मलाई आराधना गर्ने भक्तहरूले प्रातःकालमा एउटा अथवा एक्काइसवटा दूर्वाङ्कुर मेरो प्रतिमामा अर्पण गर्दछन् भने त्यसबाट ठूलो फल प्राप्त हुनेछ। सयौं यज्ञ, दान, व्रत, अनुष्ठान, तपस्या, कोटि-कोटि जन्ममा पालन गरेका नियम र यमबाट जुन कुरा प्राप्त गर्न सकिंदैन, त्यो कुरा दूबो चढाएपछि प्राप्त गर्न सकिन्छ।।२१-२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौण्डिन्य उवाच

इति तद्वचनं श्रुत्वा देवा दूर्वाङ्कुरैः पुनः ।
आनर्चुः परमात्मानं देवदेवं गजाननम् ।।२४।।

जगर्जानन्दयुक्तोऽसौ नादयन् रोदसी भृशम् ।
हृष्टानां सर्वदेवानां मुनीनाञ्च नृणामपि ।।२५।।

अनेकशो वरान् दत्त्वा पिदधे बालरूपधृक् ।
कालानलप्रशमन इति तं ते समूचिरे ।।२६।।

प्रासादे निर्मिते सर्वे स्थाप्य मूर्तिं गजाननीम् ।
विघ्नहरोऽयमित्यस्याभिधां चक्रुर्मुदा सुराः ।।२७।।

अत्र स्नानं तथा दानं तपोऽनुष्ठानमेव च ।
अनन्तं जायते विघ्नहरस्यास्य प्रसादतः ।।२८।।

जयः प्राप्तो यतस्तेन पुरञ्च विजयाभिधम् ।
सर्वेषां च हता विघ्ना विघ्नहर्तेति सोऽभवत् ।।२९।।

कौण्डिन्य उवाच

इति ते कथितं सर्वं दूर्वामाहात्म्यमुत्तमम् ।
श्रवणात् पठनाच्चास्य सर्वपापक्षयो भवेत् ।।३०।।

पुरातनमितिहासं शृणु मे गदतः प्रिये ।।३१।।

कौण्डिन्यले भने - बालरूप श्रीगणेशका यी कुरा सुनेर देवता र ऋषिहरूले फेरि पनि दूबो चढाएर परमात्मा गजाननको पूजा गरे ।।२४।। त्यसपछि भगवान् श्रीगणेश आनन्दित हुनुभयो । उहाँले आफ्नो ॐकारमय नादबाट पृथिवी र अन्तरिक्षलाई निनादित गर्दै गर्जन गर्नुभयो । देवता र मुनि प्रसन्न भए । तिनलाई अनेक थरि वरदान दिएर भगवान् अन्तर्धान हुनुभयो । त्यसपछि श्रीगणेशलाई कालाग्निशमन नामबाट सबैले सम्बोधन गरे ।।२५-२६।। देवता र ऋषिहरूले श्रीगणेशको मन्दिर बनाए, मूर्तिको प्रतिष्ठा गरे । त्यस मूर्तिलाई देवताहरूले विघ्नहर श्रीगणेशको नामबाट सम्बोधन गरे ।।२७।। विघ्नहर्ता श्रीगणेशको कृपाबाट त्यस क्षेत्रमा गई गरेका स्नान, दान, अनुष्ठानजस्ता सबै कर्मको अनन्त फल प्राप्त हुन्छ ।।२८।। त्यहाँ श्रीगणेशले ज्वालासुरमाथि विजयप्राप्त गर्नुभएकाले त्यस क्षेत्रलाई विजयपुर भनिन्छ । उहाँले सबैका विघ्नको हरण गर्नुभएकाले उहाँलाई भक्तहरूले विघ्नहर्ता पनि भन्दछन् ।।२९।।

कौण्डिन्यले भने - यसरी मैले तिमीलाई दूर्वाङ्कुर समर्पणको उत्तम महिमा बताएँ ।।३०।। यस कथाको श्रवण, पाठ र मनन गर्नाले पापनाश हुन्छ । अब म अर्को अध्यायमा तिमीलाई प्राचीन इतिहास सुनाउने छु ।।३१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे दूर्वामाहात्म्यवर्णनं नाम चतुःषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'दूर्वाको महिमानिरूपण' शीर्षकान्वित चौंसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चषष्टितमोऽध्यायः { ६५ अध्याय }

कौडिन्य उवाच

कस्मिँश्चित् समये देवि ! सुखासीनं गजाननम् ।
नारदो मुनिरभ्यागाद् द्रष्टुं तं बहुवासरैः ।।१।।

साष्टाङ्गं प्रणिपत्यैनं प्राह नः सार्थकं जनुः ।
यत् पुण्यनिचयैर्जातं दर्शनं ते गजानन ! ।।२।।

इत्युक्त्वा स्वाञ्जलिं बद्ध्वा तस्थौ तत् पुरतो मुनिः ।
धृत्वा करेण तत्पाणिमुपावेशयदासने ।।३।।

गजाननो महाभागो महाभागं महामुनिम् ।
नारदो भगवाँस्तेन सन्तुष्टो मुनिपुङ्गवः ।।४।।

उवाच तं गणाधीशमाश्चर्यं हृदि मेऽस्ति यत् ।
तन्निवेदितुमायातो नत्वा त्वां पुनराव्रजे ।।५।।

गजानन उवाच

किमाश्चर्यं त्वया दृष्टं हृदि किं तेऽभिवर्तते ।
वद सर्वं विशेषेण ततो व्रज निजाश्रमम् ।।६।।

नारद उवाच

मैथिले विषये देव जनको राजसत्तमः ।
अतिमानी वदान्यश्च वेदवेदाङ्गपारगः ।।७।।

अन्नदानरतो नित्यं ब्राह्मणान् पूजयत्यसौ ।
नानालङ्कारवासोभिर्दक्षिणाभिरनेकशः ।।८।।

दीनान्धकृपणेभ्यश्च बहु द्रव्यं ददात्यसौ ।
याचकैर्याच्यते यद् यत् तत् तत् तेन प्रदीयते ।।९।।

तथापि न व्ययं याति द्रव्यं तस्य महात्मनः ।
गजाननस्य सन्तुष्ट्या द्रव्यं तद् वर्धते नु किम् ।।१०।।

इत्याश्चर्यं महद् द्रष्टुं प्रयातस्तद्गृहानहम् ।
ब्रह्मज्ञानाभिमानेन चोपहासं ममाऽकरोत् ।।११।।

अहञ्च तमुवाचेत्थं धन्योऽसि नृपसत्तम ! ।
चिन्तितं तेऽपि भक्त्याऽयं प्रयच्छति गजाननः ।।१२।।

कौण्डिन्यले भने - हे आश्रया ! कुनै समयमा भगवान् श्रीगणेश आनन्दपूर्वक आफ्नो धाममा विराजमान हुनुहुन्थ्यो। धेरै दिनपछि उहाँको दर्शन गर्न देवर्षि नारदजी आउनुभयो।।१।। उहाँले आएर श्रीगणेशलाई प्रणाम गरी निवेदन गर्नुभयो । हे गजानन! हजुरको दर्शन पाएर आज मेरो जन्म सफल भएको छ ।।२।। यसरी हृदयको भावना निवेदन गरी हात जोडेर नारदजी श्रीगणेशका सामु उभिनुभयो । भगवान् श्रीगणेशले भाग्यशाली नारदजीलाई हातमा समातेर आफ्नो अर्धासनमा बसाउनुभयो।।३।। सन्तुष्ट हुनुभएका नारदजीले फेरि श्रीगणेशलाई भन्नुभयो- मेरो मनमा एउटा आश्चर्यजनक विषयले तर्क उत्पन्न गराइरहेको छ। म त्यो निवेदन गर्न आएको छु। त्यसको उत्तर पाएपछि हजुरका पाउमा प्रणाम गरी आजै फर्कने छु र फेरि सेवामा हाजिर हुनेछु।।४-५।।

श्रीगणेशले भन्नुभयो - हे नारदमुनि ! तपाइँले कस्तो आश्चर्य देख्नुभयो ? तपाइँको मनमा कस्ता तर्क उठिरहेका छन्? मलाई बताउनुहोस् । त्यसपछि तपाइँ आफ्नो आश्रमतर्फ फर्कनु हुनेछ ।।६।।

नारदजीले भन्नुभयो - हे भगवन् ! मिथिला देशमा उत्तम राजा जनकले राज्य गर्दछन्। ती राजा स्वाभिमानी, दाता र वेद-वेदाङ्गमा पारङ्गत छन् ।।७।। ती राजा अन्नदानमा तत्पर छन् र तिनले अनेक अलङ्कार, वस्त्र एवं दक्षिणा प्रदान गरेर दिनदिनै ब्राह्मणहरूलाई तृप्त र सन्तुष्ट गराउँछन् ।।८।। यसैगरी तिनले दीन-दुःखी, अन्धा र गरीबहरूलाई पनि धन र सम्पत्ति प्रदान गर्दछन् । तिनका सामु आएर याचकहरूले जे-कुरा माग्दछन्, ती कुरा दिएर याचकलाई प्रसन्न तुल्याउँछन् ।।९।। यसरी निरन्तर खर्च हुँदा पनि तिनको राजकोष कहिले पनि रित्तिंदैन। भगवान् श्रीगणेश प्रसन्न हुनुभएका कारण राजा जनकको कोष रित्तो हुँदैन र धन बढ्दै जान्छ कि भन्ने कुरा मनमा चिन्तन गर्दै आश्चर्य हेर्न म जनक राजाको दरबारमा एक दिन गएँ । तर तिनले म ब्रह्मज्ञानी छु भन्ने अभिमानले मेरो उपहास गरे।।१०-११।। मैले उपहासको पीडा सहँदै भने- हे महाराजा जनक ! तपाइँ धन्य हुनुहुन्छ, किनकि भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स तु गर्वादुवाचेत्थमहमीशो जगत्त्रये ।
अहं दाता च भोक्ता च पाता दापयिता तथा ।।१३।।

मत्स्वरूपं विना नान्यद् विद्यते भुवनत्रये ।
कर्ता च कारणं चाहं करणं मुनिसत्तम ।।१४।।

श्रीगणेशले तपाइँले चिताएका कुरा पुऱ्याउनु हुन्छ । मैले गरेको कुरा सुनेर जनकले अभिमानपूर्वक मलाई जवाफ दिए - म स्वर्ग, मर्त्य र पातालको स्वामी हुँ, म नै दाता, भोक्ता, पालक र दान गर्न अभिप्रेरक पनि हुँ । यस त्रिलोकीमा मेरो स्वरूपबाहेक अरू कसैको पनि सत्ता छैन । हे नारदमुनि! म नै कर्ता, कारण र सहयोगी कारण पनि हुँ ।।१२-१४।।

नारद उवाच

इति तद्वचनं श्रुत्वा क्रोधेनाहं जगाद तम् ।
ईश्वराज्जगतः कर्ता नान्यः कश्चन विद्यते ।।१५।।

त्वं तु धर्ममिमं राजन् ! दम्भेनैव करोषि किम् ।
दर्शयिष्ये साक्ष्यमस्य स्वल्पकालेन तेऽनघ ।।१६।।

इत्युक्त्वा तमहं यातस्त्वदन्तिकमिभानन ! ।

नारदजीले भन्नुभयो - जनक राजाको गर्वपूर्ण उक्ति सुनेर मलाई रीस उठ्यो र मैले भनें - हे राजा ! संसारमा परमेश्वरभन्दा ठूलो कुनै पनि प्राणी छैन र कुनै पनि मानिस जगत्को कर्ता हुन सक्दैन । तपाइँले धर्म त गर्नुहुन्छ, तर तपाइँको धर्ममा दम्भ घुसेजस्तो लाग्छ । थोरै समयभित्र नै तपाइँ जगत्को कर्ता होइन, परमेश्वरमात्र जगत्का कर्ता हुनुहुन्छ भन्ने प्रमाण तपाइँका सामु देखाउनेछु ।।१५-१६।। हे गजानन! यसरी मैले आफ्ना कुरा राखें । त्यसपछि तुरुन्तै हजुरका समक्ष आएको छु ।

कौण्डिन्य उवाच

आकर्ण्येत्थं मुनेर्वाक्यं पूजयामास तं विभुः ।।१७।।

अर्घ्यादिभिरलङ्कारैर्दिव्यैः पुष्पैः सचन्दनैः ।
मुनिराज्ञां प्रगृह्यैव वैकुण्ठं विष्णुमभ्यगात् ।।१८।।

गजाननोऽपि मिथिलां राजभक्तिं परीक्षितुम् ।
कुत्सितं वेषमादाय सर्वज्ञोऽपि समाययौ ।।१९।।

अनेकक्षतसंयुक्तं स्त्रवद्रक्तममङ्गलम् ।
मक्षिकानिचयाक्रान्तं रदहीनमिवातुरम् ।।२०।।

गच्छन्तं तादृशं दृष्ट्वा नरा नासानिरोधनम् ।
कुर्वन्ति वाससा केचित् ष्ठीवनञ्च यथा तथा ।।२१।।

स्खलन् मूर्च्छन् पतन् गच्छन्नर्भकावलिसंयुतः ।
नृपद्वारं समागम्य द्वारपालानुवाच सः ।।२२।।

राज्ञे निवेद्यतां दूता अतिथिं मां समागतम् ।
ब्राह्मणं क्षुधितं वृद्धमिच्छाभोजनकाङ्क्षिणम् ।।२३।।

कौण्डिन्यले भने - नारदजीका कुरा सुनेर भगवान् श्रीगणेशले अर्घ, पाद्य, आचमनीय, अलङ्कार, चन्दन, पुष्प आदिद्वारा नारद ऋषिको आराधना गर्नुभयो ।।१७।। त्यसपछि नारद मुनि भगवान् श्रीगणेशसँग आज्ञा लिएर भगवान् विष्णुको दर्शन गर्न वैकुण्ठतर्फ जानुभयो ।।१८।। भगवान् श्रीगणेश आफू सर्वज्ञ हुनुभएता पनि राजा जनकको भक्ति कस्तो किसिमको रहेछ भन्ने परीक्षा गर्न अत्यन्त घृणित स्वरूप लिएर मिथिलातर्फ प्रस्थान गर्नुभयो ।।१९।। त्यस बेला उहाँको शरीर घाउले भरिएको थियो । शरीरबाट रगतका धारा बगिरहेका थिए। स्वरूप अमङ्गलमय थियो, अङ्ग-अङ्गमा झिंगा भन्किरहेका थिए, मुखमा दाँत थिएनन्, उहाँ अशक्त र रुग्ण अवस्थामा देखिनुभएको थियो ।।२०।। त्यस्तो घृणित रूप भएको मानिसलाई देखेर केही दर्शकहरूले कपडाले आफ्नो नाक थुन्दथे, कोही थुकिरहेका थिए ।।२१।। त्यो सबै सहेर भगवान् भुईंमा लड्दै, पछारिंदै, मूर्च्छित हुँदै, जाग्दै र हिंड्दै तमासे केटाकेटीहरूले घेरिएर जनक राजाको दरबारमा पुगी पालेहरूलाई भन्नुभयो - हे सेवकजन ! तपाइँहरूले एउटा भोको वृद्ध मानिस इच्छानुसार भोजन गर्ने कामनाले ढोकामा आएको छ, त्यो ब्राह्मण हो र पाहुना पनि भन्ने कुरा राजालाई निवेदन गर्नुहोस् ।।२२-२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ते तद्वाक्यं तथाचख्युर्गत्वा तं जनकं नृपम् ।
आनीयतामिति प्राह दूता द्रष्टुं तु कौतुकम् ।।२४।।

ते दूताः प्रापयामासुः कुचैलं मलिनं नृपम् ।
ददर्श दूराज्जनको कम्पन्तं मक्षिकावृतम् ।।२५।।

असृक्स्रवन्तं वृद्धं तं ब्राह्मणं श्रमवारिणम् ।
तर्कयामास जनक ईश्वरो रूपधृङ् नु किम् ।।२६।।

छलितुं मां समायातो यदि पुण्यं भवेन्मम ।
समाधास्ये मनो ह्यस्य भविष्यं नान्यथा भवेत् ।।२७।।

इत्येवं चिन्तयत्येव जनके नृपसत्तमे ।
प्रवेशितो द्वारपालैर्ब्राह्मणः पर्यदृश्यत ।।२८।।

ब्राह्मण उवाच

चन्द्रांशुधवलां कीर्तिं श्रुत्वा तेऽहं समागतः ।
देहि मे भोजनं राजन्! क्षुधितस्य चिराद् भृशम् ।।२९।।

मम तृप्तिर्भवेद् यावत् तावदन्नं प्रदीयताम् ।
तव क्रतुशतं पुण्यं भविष्यति नरेश्वर ।।३०।।

कौण्डिन्य उवाच

इति वाचं निशम्यासौ गृहमध्ये निनाय तम् ।
सम्पूज्य विधिवच्चैनं स्वादन्नमुपवेषयत् ।।३१।।

एकग्रासेन सर्वं स जग्रास द्विजसत्तमः ।
अयाचदन्नमन्यत् स नृपोऽदात् पर्वतोपमम् ।।३२।।

तदप्येकेन जग्रास कवलेन द्विजोत्तमः ।
यावदन्नं स्थितं सिद्धं पर्याप्तमयुतस्य यत् ।।३३।।

तद्दत्तं पुरतस्तस्य बभक्ष तत्क्षणेन सः ।
असङ्ख्यातेषु पात्रेषु पक्तुं क्षिप्ताः सुतण्डुलाः ।।३४।।

दीयते पुरतस्तस्य यः सिद्धश्चोदनोऽभवत् ।
स भक्षयति सर्वं तं तत ऊचे जनो नृपम् ।।३५।।

राक्षसोऽयं भवेत् प्रायः किमर्थं दीयते बहु ।
राक्षसेभ्यः प्रदानेन न किञ्चित् पुण्यमाप्यते ।।३६।।

केचिदूचुस्त्रिभुवने भक्षितेऽप्यस्य नो भवेत् ।
तृप्तिः परमिका राजन् ! धान्यमस्मै प्रदीयताम् ।।३७।।

ती पालेहरूले राजाका सामु गएर घृणित मगन्तेको भनाइलाई जस्ताको तस्तै प्रस्तुत गरे । राजाले पनि घृणित ब्राह्मणको दर्शन गर्ने उत्कण्ठाले दूतहरूलाई ल्याउन आज्ञा दिए । राजाको आज्ञा पाएर ती दूतले ती मलिन ब्राह्मणलाई राजा सामु पुऱ्याए। जनक राजाले टाढैबाट काँपिरहेका, झिंगाले घेरिएका, शरीरबाट रगत चुहाइरहेका र पसिनाले ढाकिएका वृद्ध ब्राह्मणलाई देखे। त्यस बेला उनको मनमा तर्क चल्यो– के ईश्वर यो रूप लिएर मलाई छल्न आउनुभएको त होइन ? ।।२४-२६।। मेरो पुण्य रहेछ भने यी ब्राह्मणका समस्याको समाधान गर्नेछु र मेरो भविष्य प्रतिकूल हुने छैन । जनकले यसरी चिन्तन गरिरहेको समयमा द्वारपालद्वारा ल्याइएका ब्राह्मण राजासामु देखिए ।।२७-२८।।

ब्राह्मणले भने - हे राजा जनक ! म तपाइँको चन्द्रमाको किरणझैं सेतो कीर्ति फैलिएको कुरा सुनेर आएको छु । म धेरै दिनको भोको छु । सर्वप्रथम मलाई भोजन गराउनुहोस् ।।२९।। हे राजन् ! जति परिमाणको भोजनबाट मेरो तृप्ति हुन्छ त्यत्ति परिमाणको भोजन मलाई गराउनुहोस्। तपाइँले एक सय यज्ञ गरेको पुण्य पाउनुहुनेछ ।।३०।।

कौण्डिन्यले भने - वृद्ध ब्राह्मणका यी कुरा सुनेर जनक राजाले तिनलाई घरभित्र लगी विधिवत् सम्मान गरेर आफ्ना भान्छेहरूलाई स्वादु भोजन पस्किन लगाए ।।३१।। ती ब्राह्मणले टक्र्याएको भोजन एकै गासमा खाइदिए । त्यसपछि राजाले अनेक भाँडाहरूमा भोजन तयार गर्न लगाए । भोजन तयार भएपछि टक्र्याउँदा अरू भोजनको याचना गरे। राजाले पनि यिनले यसै गरी मागिरहन्छन् भन्ने बुझेर पर्वतको थुप्रो झैं भोजनको थुप्रो लगाइदिए । त्यो भोजनको थुप्रोलाई पनि ती ब्राह्मणले एकै गासमा निलिदिए । त्यसपछि दश हजार मानिसलाई पुग्ने पाकेको भोजन पस्कियो । त्यो पनि तिनले एकै क्षणमा खाइदिए । त्यसपछि कुनै मानिसले भन्यो– यो वृद्ध मानिस राक्षसकै स्वभावको रहेछ । यसलाई अब अरू भोजन किन पस्किने? यस्तालाई खुवाएर कुनै पुण्य प्राप्ति हुँदैन।।३२-३६।। केही मानिसहरूले भने - स्वर्ग, मर्त्य र पातालमा रहेको सम्पूर्ण भोजन निले पनि यस मानिसले पूरा तृप्ति पाउने छैन। यसलाई भात होइन बरु सिङ्गै धानको थुप्रो लगाइदिनुपर्छ ।।३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो धान्यानि सर्वाणि गृहे भूमौ स्थितानि च ।
आनीय चिक्षिपुस्तस्य पुरग्रामगतानि च ।।३८।।

पुंसोऽस्य द्विजरूपस्य सर्वभक्षस्य चातिथेः ।
न तृप्तिमगमत्सोऽथ भक्षितेषु च तेषु च ।।३९।।

ततो दूता नृपं प्रोचुर्धान्यं क्वापि न लभ्यते ।
इति दूतवचः श्रुत्वा जनकेऽधोमुखे स्थिते ।।४०।।

स्वस्तीत्युक्त्वाऽगमद् विप्रो न तृप्तोऽसौ गृहं गृहम् ।
दीयतामन्नमित्याह ते जनास्तं जगुस्तदा ।।४१।।

सर्वेषां गृहगं धान्यं सर्वं राज्ञा समाहृतम् ।
जग्धं त्वयाऽखिलं ब्रह्मन्! गम्यतां यत्र ते रुचिः।।४२।।

द्विज उवाच

कीर्तिरस्य श्रुता लोकान् न दाता जनकात् परः ।
तृप्तिकामः समायातो ह्यतृप्तोऽहं कथं व्रजे ।।४३।।

तूष्णीम्भूतेषु लोकेषु बभ्रमन् स ददर्श ह ।
विरोचनात्रिशिरसोर्मन्दिरं द्विजयोर्वरम् ।।४४।।

तन्मध्यं प्राविशत् सोऽपि गृहस्वामीव सत्तया ।
सर्वोपस्कार रहितं धातुपात्रविवर्जितम् ।।४५।।

त्यसपछि राजाका कामदारहरूले घरमा र जमीनमा समेत रहेका धान र गाउँ र नगरमा थुपारिएका धानहरू समेत ल्याउन लगाई पाहुनाका रूपमा आएका सर्वभक्षी वृद्ध ब्राह्मणका अगाडि राखिदिए ।।३८।। ती सबै धान खाँदा पनि ब्राह्मण अघाएनन् । त्यसपछि दूतहरूले राजालाई निवेदन गरे - अब धान कहीं पनि पाइँदैन। दूतको यो खबर सुनेर राजा जनकले लाजले मुख निहुऱ्याए । त्यसपछि तपाइँको कल्याण होस् भन्दै ती ब्राह्मण त्यहाँबाट उठी गाउँ र नगरका प्रत्येक घरमा गएर म भोको छु, मलाई भोजन अथवा अन्न दिनुहोस् भन्न थाले । ती मानिसहरूले पनि भने - हामी सबैका घरमा भएको धान र अन्नसमेत राजाले लगिसक्नुभएको छ र तपाईंले खाइसक्नुभएको छ । हामीकहाँ केही पनि छैन, तपाईं जहाँ मन लाग्छ जानुहोस्।।३९-४२।।

वृद्ध ब्राह्मणले भने - संसारमा जनक राजाभन्दा ठूलो दाता कुनै पनि मानिस छैन भन्ने कीर्ति सुनेर म अघाउँछु भन्ने विश्वास गरी आएको थिएँ तर दुर्भाग्यले म अघाउन पाइनँ। अतृप्त भएर कसरी फर्कूं ।।४३।। यो कुरा सुनेर सबै मानिस चुप लागे । ती ब्राह्मण घुम्दै अलि पर पुगे । तिनले त्यहाँ विरोचना र त्रिशिराको घर देखे र आफू घरको मालिक भएजस्तै गरी कुनै पनि सामग्री र धातुका भाँडासम्म पनि नभएको त्यो घरभित्र पसे ।।४४-४५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे विदेहजनकतेजोहरणं नाम पञ्चषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'महादानी राजा जनकको तेजोवध' शीर्षकान्वित पैंसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्षष्टितमोऽध्यायः { ६६ अध्याय }

कौण्डिन्य उवाच

धरामात्रासनौ तौ तु नभःप्रावारसंयुतौ ।
दिगम्बरौ सर्वधातुसंस्पर्शवर्जितावुभौ ।।१।।

अयाचितभुजौ नित्यं जलेनैवाखिलाः क्रियाः ।
द्विजरूपधरोऽपश्यत् कुर्वाणौ सत्वशुद्धये ।।२।।

गृहञ्च मक्षिकापुञ्जैर्मशकैरभितो वृतम् ।
मूर्तिं च गणनाथस्य पूजितां पुष्पपल्लवैः ।।३।।

अनन्यभक्त्या ताभ्याञ्च तत्पराभ्यां ददर्श सः ।
तावूचे श्रूयतां वाक्यं यन्मया प्रोच्यतेऽनघौ ।।४।।

मिथिलाधिपतेः कीर्तिं श्रुत्वाहं क्षुधितो भृशम् ।
तृप्तिकामः समायातो न स तृप्तिं ममाकरोत् ।।५।।

कर्मणा दाम्भिकेनैव सत्त्वं न परिरक्ष्यते ।
मम तृप्तिकरं किञ्चिद् गृहे चेदस्ति दीयताम् ।।६।।

दम्पती ऊचतुः

चक्रवर्ती नृपो योऽसौ तेन तृप्तिर्न ते कृता ।
आवाभ्यां तु दरिद्राभ्यां किं देयं तृप्तिकारकम् ।।७।।

नदीनदजलैरब्धिरसङ्ख्यैर्यो न पूर्यते ।
बिन्दुमात्रेण पयसा स कथं पूर्यते वद ।।८।।

द्विज उवाच

भक्त्या दत्तं स्वल्पमपि बहुतृप्तिकरं मम ।
अभक्त्या वाऽथ दम्भेन बहु दत्तं वृथा भवेत् ।।९।।

तावुचतुः

आवयोर्न गृहे किञ्चिच्छपथस्ते द्विजोत्तम ! ।
पूजायै गणनाथस्य प्रातर्दूर्वाङ्कुरा हृताः ।।१०।।

पूजितो गणनाथस्तैस्तत एकोऽवशिष्यते ।

द्विज उवाच

भक्त्या दत्तः स एकोऽपि तृप्तये स्यात् प्रदीयताम्।।११।।

कौण्डिन्यले भने - ती वृद्ध ब्राह्मणले विरोचना र त्रिशिराको घरभित्र पसेर नाङ्गो भुईंमा बसेका, आकाशको च्यादर ओढ्ने दिगम्बर, सबै प्रकारका धातुहरूको स्पर्श र सम्पर्कबाट रहित, नमागीकन जे प्राप्त हुन्छ, त्यो मात्र भोजन गर्ने, आत्मशुद्धिका लागि कर्म गरिरहेका विरोचना र त्रिशिरालाई देखे ।।१-२।। त्यो घरमा लामखुट्टे कीरा र झिंगाहरू व्यापक-रूपमा घुमिरहेका थिए । घरभित्र श्रीगणेशभक्तिमा निरन्तर लागिरहेका ती दुबै दम्पतीद्वारा भक्तिपूर्वक पुष्पपत्रद्वारा पूजित श्रीगणेशको मूर्ति देखे । त्यसपछि ती ब्राह्मणले ती दुबै दम्पतीलाई भने - हे निष्पाप दम्पती ! मेरा कुरा सुन्नुहोस् । म अत्यन्त भोको छु। जनक राजा दानी छन् भन्ने कुरा धेरै पटक सुनेका कारण तृप्ति हुन्जेल भोजन गर्न जनकको दरबारमा आएको थिएँ तर उनले मलाई तृप्ति दिलाउन सकेनन् ।।३-५।। दम्भमय कर्मबाट-आत्मतत्त्वको सुरक्षा गर्न सकिंदैन । मलाई तृप्ति दिने जस्तोसुकै वस्तु भए पनि तपाइँ दिनुहोस् ।।६।।

दम्पतीले भने - चक्रवर्ती राजा जनकले त तपाईंलाई तृप्ति दिन सकेनन् भने हामी दरिद्र दम्पतीले के दिएर तपाइँलाई तृप्त गराउन सक्छौं ।।७।। जुन भाँडो असङ्ख्य नदी र नदका जलबाट भर्न सकिंदैन के त्यो एक थोपा पानीले भरिन सक्छ? ।।८।।

वृद्ध ब्राह्मणले भने - मलाई कसैले भक्तिपूर्वक थोरै वस्तु दिन्छ भने पनि म खुसी हुन्छु र अघाउँछु । अभक्ति र दम्भपूर्वक दिइने कुरा जति धेरै भए पनि त्यसले मलाई तृप्त गराउँदैन र त्यो व्यर्थ हुन्छ ।।९।।

दम्पतीले भने - हे ब्राह्मण ! हामी कसम खाएर भन्न सक्छौं, हाम्रो घरमा केही पनि छैन । आज बिहान भगवान् श्रीगणेशलाई चढाउन धेरै दूबो टिपेर ल्याएका थियौं, तिनबाट हामीले उहाँको पूजा गऱ्यौं । तीमध्ये एउटा दूबोमात्र बाँकी छ।

ब्राह्मणले भने - भक्तिपूर्वक दिइन्छ भने त्यो एउटा दूबो पनि मेरो तृप्तिका लागि पर्याप्त हुनेछ । दिनुहुन्छ भने त्यो मलाई दिनुहोस् ।।१०-११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौण्डिन्य उवाच

विरोचना ददौ तस्मै श्रुत्वा वाक्यं तदीरितम् ।
एकं दूर्वाङ्कुरं भक्त्या तेन तृप्तोऽभवद् द्विजः ।।१२।।

शाल्यन्नं पायसान्नञ्च नानापक्वान्नमेव च ।
व्यञ्जनानि च सर्वाणि लेह्यचोष्यान्यनेकधा ।।१३।।

विरोचना ददौ कल्प्य तस्मिन् दूर्वाङ्कुरे च तम् ।
गृहीत्वा ब्रह्मणस्तं तु बभक्ष परया मुदा ।।१४।।

तस्मिन् दूर्वाङ्कुरे भक्त्या दत्ते तेनाथ भक्तितः ।
प्रशशाम द्विजस्यास्य तत्क्षणाज्जठरानलः ।।१५।।

तृप्तिश्च परमा तेन प्राप्ता तत्क्षणमात्रतः ।
आलिलिङ्ग त्रिशिरसं तृप्तो हर्षाद् द्विजस्तदा ।।१६।।

तत्याज कुत्सितं रूपं प्रकटोऽभूद् गजाननः ।
चतुर्भुजोऽरविन्दाक्षः शुण्डादण्डविराजितः ।।१७।।

कमलं परशुं मालां दन्तं करतलैर्दधत् ।
महार्हमुकुटो राजत्कर्णकुण्डलमण्डितः ।।१८।।

दिव्यवस्त्रपरीधानो दिव्यगन्धानुलेपनः ।
उवाच तौ प्रसन्नात्मा दम्पती स गजाननः ।।१९।।

वृणीतं तं वरं शीघ्रं मनसा यं यमिच्छथः ।

तावूचतुः

जन्मनी यत्र नौ स्यातां तत्र ते दृढभक्तिता ।।२०।।

मुक्तिर्वा दीयतां देव ! दुस्तराद् भवसागरात् ।
नावयोश्चित्तयोरन्यदपेक्षितमिभानन ।।२१।।

कौण्डिन्य उवाच

इति तद्वाक्यमाकर्ण्य तथेत्युक्त्वा गजाननः ।
पुनरालिङ्ग्य पिदधे भक्तं त्रिशिरसं मुदा ।।२२।।

कौण्डिन्यले भने- ती ब्राह्मणका कुरा सुनेर विरोचनाले दूबो ल्याएर वृद्ध ब्राह्मणलाई प्रदान गरिन् । त्यसबाट ती ब्राह्मण अत्यन्त तृप्त भए । विरोचनाले दूबो टक्र्याउँदा त्यसमा चामलको भात, खीर, अरू अनेक प्रकारका मीठा-मीठा पकवान, व्यञ्जन, चुसेर खाइने र चाटेर खाइने पदार्थ पनि टक्र्याएको कल्पना गरेकी थिइन् । तिनको श्रद्धा, भक्ति, पतिव्रता धर्म र दानधर्मका प्रतापले ती पदार्थ त्यहाँ साकार भए र ब्राह्मणले पनि ती सबै पदार्थ स्वीकार गरी परम आनन्दले भोजन गरे । भक्तिपूर्वक दूर्वाङ्कुर प्रदान गरिएपछि त्यसबाट ब्राह्मण प्रसन्न भए । तत्काल नै उनको पेटको आगो शान्त भयो । एक छिनमा नै तिनले परम तृप्ति प्राप्त गरे । वृद्ध ब्राह्मणले हर्षित भएर त्रिशिरालाई आलिङ्गन गरे । त्यसैबेला अत्यन्त घृणित स्वरूप भएका ती वृद्ध ब्राह्मणले त्यो रूप परित्याग गरी आफूलाई गजानन श्रीगणेशका रूपमा प्रकट गराए । भगवान् गजानन त्यस बेला चतुर्बाहु, कमलनयन, सुन्दर सूँढद्वारा सुहाउनुभएका, कमलको माला धारण गर्नुहुने, हातमा बञ्चरो लिनुभएका र एक दन्तबाट सुशोभित अति राम्रा देखिनुभयो । उहाँको शिरमा मूल्यवान मुकुट टल्किरहेको थियो । उहाँका कानहरू चञ्चल-चञ्चल कुण्डलद्वारा अलङ्कृत थिए । उहाँले दिव्य वस्त्र धारण गर्नुभएको थियो र उहाँको शरीरमा दिव्य चन्दनको लेपन टल्किरहेको थियो । त्यसपछि प्रसन्नात्मा श्रीगणेशले ती दम्पतीलाई भन्नुभयो- तपाईंहरूले के चाहनुहुन्छ ? त्यो बताउनुहोस् ।

दम्पतीले भने - हे गजानन! हामीहरू जहाँ जहाँ जन्मन्छौं, त्यहाँ त्यहाँ रहँदा हाम्रा मनमा हजुरका प्रति दृढ भक्ति रहोस् । हामीलाई हजुरले दुस्तर संसार सागरबाट मुक्त गराउनुहोस् । हे गजानन ! हामीहरूका चित्तमा अरू कुनै पनि चाहना छैन ।।१२-२१।।

कौण्डिन्यले भने - दम्पतीका यी कुरा सुनेपछि भगवान् श्रीगणेश तथास्तु भन्दै त्रिशिरालाई आलिङ्गन गरी अन्तर्धान हुनुभयो। दूर्वाङ्कुर चढाएका कारण विरोचना र त्रिशिराको कल्याण भएको कुरा मनन गरी मैले दिनदिनै श्रीगणेशलाई दूबो चढाउने गरेको छु। असङ्ख्य भोजन र धान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतस्मात्कारणाद् दूर्वाङ्कुरोऽस्मै दीयते मया ।
असङ्ख्यभक्षणाद् यो न तृप्तिं देवः समाययौ ।।२३।।

दूर्वाङ्कुरेण चैकेन स तृप्तिं परमां ययौ ।
इति ते कथितः सम्यगाश्रये ! महिमा शुभः ।
दूर्वासमर्पणभवः श्रवणात् सर्वकामदः ।।२४।।

इतिहासमिमं भक्त्या शृणुते श्रावयेच्च यः ।
स पुत्रधनकामाढ्यः परत्रेह च मोदते ।।२५।।

गजानने लभेद् भक्तिं निष्कामो मुक्तिमाप्नुयात् ।

गणा ऊचुः

श्रुत्वापीत्थमितिहासमाश्रया संशयं पुनः ।।२६।।

प्रपेदे हृदि तं ज्ञात्वा कौण्डिन्यः पुनरब्रवीत् ।
आश्रये ! शृणु मे वाक्यं संशयस्यापनुत्तये ।।२७।।

यद् ब्रवीमि हृदिस्थस्य मया ज्ञातस्य तेऽनघे ।
एकं दूर्वाङ्कुरं गृह्य गच्छ शीघ्रं बिडौजसम् ।।२८।।

वदाशीर्वचनं पूर्वं पश्चाद् याचस्व काञ्चनम् ।
दूर्वाङ्कुरेण तुलितं गृहीत्वा सदिहानय ।।२९।।

न न्यूनं नाधिकं ग्राह्यं तस्य भाराच्छुभानने ।।३०।।

गणा ऊचुः

इति वाणीं तस्य श्रुत्वा गृहीत्वैकं तदाश्रया ।
दूर्वाङ्कुरं ययौ शक्रं भर्तृवाक्यपरायणा ।।३१।।

खाँदा पनि जुन भगवान् तृप्त हुनुभएन, उहाँ ब्राह्मण दम्पतीको एउटा दूर्वाङ्कुर खाएर अत्यन्त तृप्त हुनुभयो । हे आश्रया ! मैले तिमीलाई दूबो चढाउँदा भगवान्लाई परम तृप्ति हुने विषयमा उदाहरण दिएर दूबोको महिमा सुनाएँ । यो कथाले श्रवणगर्दा मात्र पनि मानिसहरूको कल्याण गर्छ र कामना परिपूर्ण तुल्याउँछ ।।२२-२४।। जुन मानिसले श्रीगणेशको यो इतिहास भक्तिपूर्वक श्रवण गर्छ र गराउँछ, त्यो मानिस धन, पुत्र र अन्य चिताएका पदार्थहरूले सम्पन्न भई यो लोक र परलोकमा पनि रमाउँछ ।।२५।। त्यसको निरन्तर भगवान् श्रीगणेशमा भक्ति जागृत रहन्छ र पछि सबै प्रकारका कामनाहरू त्यागेर मुक्तिधाम प्राप्त गर्दछ।

गणहरूले भने - दूबोको महिमामा आधारित यो कथा सुनेपछि पनि आश्रयाको मनमा सन्देह रहिरह्यो । कौण्डिन्य ऋषिले सन्देह रहेको कुरा बुझेर तिनलाई फेरि भने - हे आश्रया ! तिमीले आफ्नो सन्देह निवारण गर्न मेरो यो उपदेश सुन ।।२६-२७।। तिम्रो हृदयमा रहेको र मैले बुझेको सन्देह हटाउन उपदेश गर्दैछु - एउटा दूबो टिपेर तिमी इन्द्र महाराजका नजिकमा जाऊ । पहिले आशीर्वाद दिएर पछिबाट अलिकति सुन माग । दूबोसँग तौलेर जति मात्राको सुन प्राप्त हुन्छ त्यतिमात्र लिएर आऊ अर्थात् धेरै पनि नल्याऊ, थोरै पनि नल्याऊ। त्यसपछि मुनिको आज्ञाअनुसार ती आश्रया एउटा दूबो टिपेर इन्द्रका समीपमा गइन् ।।२८-३१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे दूर्वामहिमकथनं नाम षट्षष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'विरोचना र त्रिशिराको उपाख्यानको प्रसङ्गमा दर्वामहिमाको निरूपण' शीर्षकान्वित छैंसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तषष्टितमोऽध्यायः { ६७ अध्याय }

गणा ऊ चुः

आज्ञप्ता तेन मुनिना स्वाभिप्रेतार्थसिद्धये ।
एकं दूर्वाङ्कुरं गृह्य शक्रसन्निधिमाययौ ।।१।।

तमुवाचाऽऽश्रया शक्र ! देहि मे काञ्चनं शुभम् ।
याचितुं त्वां समायाता भर्तृवाक्यात् सुरेश्वर ।।२।।

इन्द्र उवाच

किमर्थं त्वमिहायाता यद्याज्ञा प्रेषिता भवेत् ।
मया सम्प्रेषितं स्यात् ते जातरूपं स्वशक्तितः ।।३।।

आश्रयोवाच

दूर्वाङ्कुरस्य तुलया यद् भवेत् काञ्चनं सुर ! ।
तद् ग्रहीष्ये शचीभर्तर्न न्यूनं न च वाधिकम् ।।४।।

शक्र उवाच

दूतैनां नय शीघ्रं त्वं कुबेरभवनं प्रति ।
स दास्यति सुवर्णञ्च दूर्वाङ्कुरमितं शुभम् ।।५।।

गणा ऊचुः

आज्ञया देवराजस्य देवदूतस्तया सह ।
प्रायात् कुबेरभवनं शक्रस्य वचनात् तदा ।।६।।

अस्यै दूर्वाङ्कुरमितं जातरूपं प्रदीयताम् ।
इन्द्रेण प्रेषिता साध्वी मुनिपत्नी मया सह ।
प्रापिता भवनं तेऽद्य यामि देव ! नमोऽस्तु ते ।।७।।

कुबेर उवाच

अत्याश्चर्यमहं मन्ये मुनिः शक्रस्तथाऽऽश्रया ।
मोहाविष्टा न जानन्ति दूर्वाङ्कुरमितं कियत् ।।८।।

काञ्चनं तेन किं वा स्याद् बहुलं किं न याचितम् ।

गणा ऊचुः

एवमेव ददौ तस्यै बहुलं काञ्चनं स ह ।।९।।

न जग्राह भयाद् भर्तुर्न्यूनाधिकविशङ्कया ।
स्वर्णकारतुलायान्तं दूर्वाङ्कुरमधारयत् ।।१०।।

गणहरूले भने - महर्षि कौण्डिन्यको आज्ञा पाएर तिनकी पत्नी आश्रया आफ्नो कामना पूर्ण गर्न एउटा दूबो लिएर इन्द्रका नजिकमा गइन् ।।१।। उनले इन्द्रसँग भनिन् - हे देवराज ! म मेरा पतिको आज्ञाअनुसार तपाइँको समक्षमा आएकी छु । मलाई उत्तम सुवर्ण दिनुहोस् ।।२।।

इन्द्रले भने - हे मुनिपत्नी ! त्यति सुनका लागि तपाइँले आफै किन दुःख पाउनुभयो । आज्ञा दिनुभएको भए म आफै आफ्नो शक्तिअनुसारको सुवर्ण तपाइँको आश्रममा पठाइदिने थिएँ ।।३।।

आश्रयाले भनिन् - हे इन्द्रमहाराज ! तुलामा तौलिंदा यो दूबो बराबर जति सुन चढ्छ, त्यतिमात्र लिने मेरो अधिकार छ, त्योभन्दा धेरै अथवा थोरै सुवर्ण मैले लिने छैन ।।४।।

इन्द्रले भने - हे दूत ! तिमीले मुनिपत्नी आश्रयालाई कुबेरको निवासमा पुऱ्याउने काम गर । उनले नै दूबो बराबर सुवर्ण प्रदान गर्नेछन् ।।५।।

गणहरूले भने - इन्द्रको आज्ञा पाएपछि एउटा देवदूत मुनिपत्नीका साथ कुबेरनिवासमा गए । तिनले कुबेरसँग भने - इन्द्र महाराजबाट आज्ञा पाएअनुसार यी मुनिपत्नीलाई लिएर आएको छु । तपाइँले मुनिपत्नी आश्रयाले ल्याउनुभएको दूबोको तौल बराबर सुन दिनुहोस्। हे देव ! पतिव्रता मुनिपत्नीलाई मेरा साथ लगाएर मलाई देवराज इन्द्रले यहाँ पठाउनुभएको छ। मैले मेरो कर्तव्य पालन गरें । हजुरलाई नमस्कार छ । म अब जान्छु ।।६-७।।

कुबेरले भने - मलाई अचम्म लागेको छ, कौण्डिन्य ऋषि, देवराज इन्द्र र मुनिपत्नी आश्रया यी सबै आज किन अज्ञानमा पर्नुभयो ? यति सानो दूबोसँग तौलिंदा कति सुन चढ्ला ? त्यसले के हुन्छ ? उहाँहरूले धेरै किन माग्नुभएन?

गणहरूले भने - त्यसपछि कुबेरले विना तौल सुन झिकेर आश्रयालाई टक्र्याए, तर तिनले यो सुन दूर्वाङ्कुरभन्दा धेरै अथवा थोरै हुनसक्छ भन्ने विचार गरी आफ्ना पति कौण्डिन्यसँग डराएर लिन स्वीकार गरिनन् । त्यसपछि सुनारको तराजु ल्याएर दूबो र सुन जोख्ने काम गरियो ।।८-१०।। त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाभवत् तुलया तस्य पर्याप्तं तत् तु हाटकम् ।
वणिक्तुला समानीता तत्रापि नाभवत् समम् ।।११।।
तैलकारतुलायान्तु दूर्वाङ्कुरसमं न च ।
धटो बद्धस्ततस्तत्र हाटकं दत्तमेकतः ।।१२।।
दूर्वाङ्कुरोऽपरत्रापि याति पत्रमधस्तदा ।
अन्यदन्यद् दधौ तत्र कुबेरः काञ्चनं बहु ।।१३।।
तच्चापि नाभवत् तेन समं दूर्वाङ्कुरेण च ।
सर्वं कोशगतं द्रव्यं दत्तं तेन गिरीन्द्रवत् ।।१४।।
तथापि नाभवत् साम्यं तेन दूर्वाङ्कुरेण तत् ।
पत्नीमाहूय तां प्राह कुबेरः कौतुकान्वितः ।।१५।।
कुरु मद्वाक्यतः सुभ्रु ! धटारोहणमग्रतः ।
न समं चेत् समारोक्ष्ये निजसत्त्वरिरक्षया ।।१६।।
पतिव्रताऽऽज्ञया तस्य धटमारुरुहे तदा ।
न समा साऽपि तेनासीत् ततः सर्वां पुरीं ददौ ।।१७।।
धटमध्ये कुबेरोऽसौ न चोर्ध्वं जायतेऽङ्कुरः ।
श्रुत्वा दूतमुखादिन्द्रो गजारूढः समाययौ ।।१८।।
स्वकीयद्रव्यसहितो धटमारुरुहे स्वयम् ।
दूर्वाङ्कुरो न चोर्ध्वं स तथापि समजायत ।।१९।।
अधोमुखो गतश्चिन्तां किमेतदिति चिन्तयन् ।
विष्णुं हरञ्च सस्मार तत्रारोहणकाम्यया ।।२०।।
तत्रागतौ सनगरौ धटमारुहतां तदा ।
तथापि नोर्ध्वमगमत् तदा दूर्वाङ्कुरं स्फुटम् ।।२१।।
ततस्ते तत उत्तेरुः शिवविष्णुधनेश्वराः ।
वरुणेन्द्राग्निमरुतः कौण्डिन्यमभितो ययुः ।।२२।।
देवा देवर्षयश्चैव सिद्धविद्याधरोरगाः ।
दिनान्ते समनुप्राप्ते स्वं नीडमिव पक्षिणः ।।२३।।
नमस्कृत्य मुनिं सर्वे प्रोचुरुद्विग्नचेतसः ।

सर्व ऊचुः

वृजिनं विलयं यातं दर्शनात् तव भो मुने ।।२४।।

सुन जोख्दा दूबोका लागि पर्याप्त भएन । बनियाँको तराजु ल्याएर जोख्दा पनि त्यो सुन दूबोबराबर हुन सकेन । त्यसपछि तेलको व्यवसाय गर्ने व्यापारीको तुलामा जोख्दा पनि सुन र दूबोको तौल बराबरी हुन सकेन । तराजुलाई फेरि राम्ररी कसियो। एकातर्फ सुन र अर्कोतर्फ दूबो गराई जति पटक जोखे ता पनि दूर्वाङ्कुरको पलडा गह्रुँगो भयो अर्थात् दूबो तल जाने र सुन माथि जाने प्रक्रिया जारी रह्यो । त्यसपछिको जोखाईमा कुबेरले सुन थप्न थाले । जति थप्दा पनि दूबो भारी नै भएर रह्यो, बराबर भएन । सुन थप्दा थप्दा त्यहाँ सुनको पहाडै खडा भयो तर दूर्वाङ्कुर बराबर भएन। आश्चर्यमा परेका कुबेरले त्यस बेला आफ्नी पत्नीलाई बोलाएर भने - हे सुन्दरी ! मेरा आज्ञाले तिमी तराजुमा चढ, तिमी चढ्दा पनि बराबर भएन भने म आफै मेरो सम्मान राख्न तुलामा जोखिने छु।।११-१६।। पतिव्रता कुबेरकी पत्नी तराजुमा चढिन्, त्यसो गर्दा पनि दूबो रहेको पलडा गह्रुँगो नै भयो । त्यसपछि कुबेरले आफ्नो नगरीलाई नै तराजुमा जोख्न सुम्पिदिए। त्यसो गर्दा पनि दूबोको पलडा माथि आएन । त्यसपछि कुबेर आफै तराजुमा चढे। तर त्यो दूर्वाङ्कुर गह्रुँगो नै भयो । दूतका मुखबाट यस घटनाको जानकारी पाएर देवराज इन्द्र ऐरावत हात्तीमा सवार भई त्यो घटना हेर्न आए ।।१७-१८।। सम्पूर्ण आफ्नो सुनसहित इन्द्र महाराज तराजुमा चढे, तर दूबो रहेको पलडा नै भारी भयो। इन्द्रले शिर निहुऱ्याई चिन्ता गर्दै तराजुमा चढ्नका लागि भगवान् विष्णु र शङ्करको ध्यान गरे ।।१९-२०।। विष्णु र शङ्कर पनि आ-आफ्ना धाम कैलास र वैकुण्ठ साथमा लिएर त्यहाँ आई क्रमैले तराजुमा चढ्नुभयो । त्यस बेला पनि तराजुमा राखिएको दूबो गह्रुँगो भएका कारण माथि उठेन ।।२१।। त्यसपछि तुलाबाट झरेर विष्णु, शङ्कर, इन्द्र, कुबेर, वरुण, मरुत्, देवता, देवर्षि, सिद्ध, विद्याधर र महासर्प यी सबै सायँकालमा चराहरू आफ्नो गुँडतर्फ लागेझैं कौण्डिन्यको आश्रमतर्फ लागे ।।२२-२३।। कौण्डिन्यको आश्रममा गई उहाँलाई प्रणाम गरेर उद्विग्न भएका ती सबै देवताहरूले प्रार्थना गरे ।

देवताहरूले भने - 'हे मुनिवर ! हजुरको दर्शनबाट हाम्रा पाप नष्ट भएका छन् ।।२४।। पूर्व पुण्यका कारण यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वपुण्यभवादग्रे कल्याणं नो भविष्यति ।
तव पत्न्या हृतं सत्त्वं सर्वेषामद्य नः स्फुटम् ।।२५।।

महिमानं न जानीमो दूर्वाङ्कुरसमुद्भवम् ।
एकदूर्वाङ्कुरतुलां त्रैलोक्यमपि नालभत् ।।२६।।

गजाननशिरस्थस्य त्वया भक्त्याऽर्पितस्य च ।
जानीयान्महिमानं कः सम्यग् दूर्वाङ्कुरस्य ह ।
यज्ञदानव्रततपःस्वाध्यायोऽपि न तत्समः ।।२७।।

गजाननैकभक्तस्य जपतस्तपतोऽनिशम् ।
तवापि महिमानं को जानीयात् सर्वदेहिनः ।।२८।।

एवमुक्त्वा मुनिं सर्वे पूर्वं पूज्य गजाननम् ।
सर्वे सभार्यं पुपूजुस्तुष्टुवुर्ननृतुर्जगुः ।।२९।।

न ब्रह्मा न हरिः शिवेन्द्रमरुतो नाग्निर्विवस्वान् यमः
शेषोऽशेषकलानिधिश्च वरुणो नो चन्द्रमा नाश्विनौ।
नो वाचामधिपो न चैव गरुडो नो यक्षराट् नाङ्गिरा
माहात्म्यं परिवेद देव ! नियमैरज्ञातरूपस्य ते ।।३०।।

एवं सन्तोष्य सर्वे ते देवदेवं गजाननम् ।
मुनिश्च समनुज्ञाप्य ययुः स्वं स्वं निकेतनम् ।।३१।।

आश्रयाऽपि ततो ज्ञात्वा दूर्वामाहात्म्यमुत्तमम् ।
विश्वस्ता भर्तृवाक्ये सा दूर्वाभिः प्रत्यपूजयत् ।।३२।।

विघ्नेश्वरं सर्वदेवं सर्वैर्दूर्वाभिरर्चितम् ।
प्रणनाम च कौण्डिन्यं भर्तारं सत्यवादिनम् ।।३३।।

उवाच सुप्रसन्ना सा स्वात्मानं निन्दती भृशम् ।

आश्रयोवाच

मादृशी नैव दुष्टाऽस्ति या ते वाक्ये ससंशया ।।३४।।

विशेषविदुषां स्वामिन् ! विशेषविदुषा त्वया ।
सम्यक् कृतं मम विभो ! सर्वभूतदयावता ।।३५।।

तत् क्षमस्वापराधं मे त्वामहं शरणागता ।
ततः प्रातः समुत्थाय दूर्वामादाय सत्वरौ ।।३६।।

पनि हाम्रो कल्याण नै हुनेछ । तपाइँकी धर्मपत्नीले धारण गर्नुभएको दूबोको आन्तरिक शक्ति आज हाम्रा सामु स्पष्ट भएको छ । हामीले दूबोको महिमा जान्न सकेनौं । एउटा दूबोको समानता तीनै लोकले प्राप्त गर्न सकेनन् । हजुरले भक्तिपूर्वक श्रीगणेशका शिरमा अर्पण गरेको दूबोको महिमा कसैले जान्न सक्दैन । श्रीगणेशमा चढाएका दूबाको समानता यज्ञ, दान, व्रत, तपस्या र स्वाध्यायले पनि गर्न सक्दैनन् ।।२५-२७।। अहोरात्र जप एवं तपमा समर्पित श्रीगणेशका महान् भक्त र सबै प्राणीहरूमा आत्मभाव राख्ने हजुरको महिमा कसले जान्न सक्दछ ?' यसरी देवताहरूले प्रार्थना गरेपछि ती सबैले श्रीगणेशको पूजा गरी आश्रयासहित कौण्डिन्यको पूजा एवं स्तुति गरी नृत्य गर्दै गुणगान गरे ।।२८-२९।। हे मुनिवर ! ब्रह्मा, विष्णु, शिव, इन्द्र, मरुत्, अग्नि, सूर्य, यम, सम्पूर्ण कलाका खजाना चन्द्रमा, शेषनाग, वरुण, अश्विनी-कुमार, बृहस्पति, गरुड, कुबेर र अङ्गिरा यीमध्ये कसैले पनि श्रीगणेशका परमभक्त अज्ञात स्वरूपका स्वामी तपाइँको महिमा जान्न सक्दैनन् ।।३०।। यसरी देवताहरूले प्रार्थना गरी कौण्डिन्य ऋषि र भगवान् श्रीगणेशलाई प्रसन्न तुल्याए । त्यसपछि मुनिसँग आज्ञा लिई ती सबै देवताहरू आ-आफ्नो धामतर्फ लागे ।।३१।। कौण्डिन्य ऋषिकी पत्नी आश्रयाले पनि यो घटनाबाट दूबाको उत्तम महिमा जानेर आफ्ना पतिको वचनमा विश्वास गर्दै श्रद्धापूर्वक दूर्वार्पण गरी देवताका पनि देवता विघ्नेश्वर भगवान् श्रीगणेशको पूजा गरिन् । अनि सबै देवताले पनि दूबोले पूजा गरे । त्यसपछि तिनले आफ्ना पति कौण्डिन्य ऋषिलाई प्रणाम गरिन् ।।३२-३३।। प्रसन्न स्वभावकी आश्रयाले पटक- पटक आफ्नो निन्दा गर्दै भनिन् ।

आश्रयाले भनिन् - हे प्राणनाथ! हजुरको वचनमा सन्देह गर्ने मसमान दुष्ट नारी अरू हुँदैनन् । श्रीगणेशको सम्पूर्ण महिमा जान्ने, विशेष विद्वान् र सम्पूर्ण प्राणीमा दया राख्ने हजुरले मेरा लागि अत्यन्त कल्याणकारी कार्य गर्नुभएको छ।।३४-३५।। मैले गरेको अपराध क्षमा गर्नुहोस् । म हजुरको शरणमा परेकी छु । आश्रयाले प्रार्थना गरेपछि ती दुबै दम्पतीले प्रातःकालमा छिटै जागेर दूबो जम्मा गरी स्नान गरेपछि अत्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नात्वा देवं समभ्यर्च्य दूर्वार्पणमकुर्वताम् ।
अनन्यभक्त्या ज्ञात्वा तौ दूर्वामाहात्म्यमुत्तमम् ।।३७।।

सायं प्रातर्देवदेवं पूजयन्तौ निरन्तरम् ।
त्यक्त्वा यज्ञं व्रतं दानं ज्ञात्वा देवो गजाननः ।।३८।।

कृपया परयाऽऽविष्टः स्वधाम प्रत्यपादयत् ।

गणा ऊचुः

अगाधं वर्णितं दूर्वामाहात्म्यमिदमुत्तमम् ।।३९।।

अशेषवर्णने शेषो नेशो नेशौ हरीश्वरौ ।
त्रैलोक्यं तुलया यस्याः पत्रेणैवाऽभवत् समम् ।।४०।।

दूर्वेतिस्मरणात् पापं त्रिविधं विलयं व्रजेत् ।
तत्स्मृतौ स्मर्यते देवो यतः सोऽपि गजाननः ।।४१।।

इति चिन्तामणिक्षेत्रमहिमा वर्णितः स्फुटम् ।
श्रवणात् कीर्तनात् ध्यानाद् भुक्तिमुक्तिफलप्रदः ।।४२।।

एतस्मात् कारणाद् यानं त्रयाणां प्रेषितं शुभम् ।
रासभस्य मुखाद् दूर्वा गता देवे वृषस्य च ।।४३।।

चाण्डाल्याः शीतनाशाय त्वानीता तृणभारतः ।
वायुना प्रबलेनापि गता दूर्वा गजानने ।।४४।।

यतस्तस्य प्रिया दूर्वा सन्तुष्टोऽसौ विनायकः ।
निष्पापत्वात् त्रयाणां स सान्निध्यं दत्तवान् निजम् ।।४५।।

गन्धमात्रेण दूर्वायाः सन्तुष्टो जायते विभुः ।
प्रसङ्गेन तु भक्त्या वा किं पुनर्मस्तकार्पणात् ।।४६।।

ब्रह्मोवाच

इति दूतमुखाद् राज्ञा स श्रुतो महिमा तदा ।
दूर्वाया मुनिभिः सर्वैर्न दृष्टो न च संश्रुतः ।।४७।।

स्नात्वा दूर्वाङ्कुरान् गृह्य पुपूजुस्ते विनायकम् ।
सेवकाश्चापि दूर्वाभिरानर्चुः श्रीगजाननम् ।।४८।।

तीव्र भक्तिका साथ श्रीगणेशको पूजा गर्दा दूबाको महत्त्वबोध गरी दिनदिनै भगवान्लाई चढाउने गर्दथे । यसरी निरन्तर यज्ञ, व्रत र दान आदि कार्य छाडेर देवताका पनि देवता श्रीगणेश भगवान्को पूजा गरिरहने ती दम्पतीलाई कृपालु भगवान् श्रीगणेशले आफ्नो धाममा पुऱ्याउनुभयो ।

गणहरूले भने – 'तपाईंले अत्यन्त उत्तम दृष्टान्तको माध्यमबाट दूबाको महिमा बताउनुभयो ।।३६-३९।। दूर्वाङ्कुरको सम्पूर्ण महिमा बताउन शेषनाग, विष्णु, शङ्कर पनि समर्थ हुनुहुन्न । तुलना गर्दा स्वर्ग, मर्त्य र पाताल पनि एउटा दूर्वाङ्कुरसमान देखिए । कसैले दूर्वा भनेर उच्चारण गर्दा र संझदा मात्र पनि मन, वचनबाट गरेका पापहरू समाप्त हुन्छन् । दूबाको संझना गर्दा सर्वशक्तिमान् भगवान् श्रीगणेशको पनि संझना हुन्छ' ।।४०-४१।। यसरी मैले तपाईंलाई श्रवण, कीर्तन र ध्यान गर्नाले भुक्ति र मुक्ति दुवै फल प्रदान गर्ने चिन्तामणि क्षेत्रको महिमा बताएँ । चिन्तामणि क्षेत्रमा श्रीगणेशमा दूर्वाङ्कुर समर्पण गरेका कारण नै गोरु, गधा र चाण्डालीले श्रीगणेशधाममा जान विमान यात्रा गर्ने सौभाग्य पाएका हुन्। गधा र गोरुको मुखबाट खसेका दूर्वाङ्कुर संयोगवश भगवान् श्रीगणेशका शरीरमा पर्न गए र चाण्डालीले पनि जाडोबाट बच्नका लागि जम्मा गरेको घाँस-तृणबाट उडेर गएको एउटा दूबो श्रीगणेशको मूर्तिमा पर्न जाँदा भगवान् श्रीगणेश ती सबैमाथि प्रसन्न हुनुभयो, किनकि उहाँलाई दूबो साह्रै प्यारो लाग्छ । महत्त्व नजानेर पनि दूबो चढाउनाले गधा, गोरु र चाण्डालीका पाप नाश भए । त्यस कारण भगवान् श्रीगणेशले तिनीहरूलाई आफ्नो धाममा स्थान दिनुभयो । दूबाको गन्धमात्रले भगवान् श्रीगणेश सन्तुष्ट हुनुहुन्छ । विशेष प्रसङ्गमा र भक्तिपूर्वक दिनदिनै भगवान्को मूर्तिमा दूबो चढाउँदा उहाँ खुसी नहुने कुरा छैन ।।४२-४६।।

ब्रह्माजीले भन्नुभयो – राजाले यसरी दूतको मुखबाट दूबोको महिमा सुने । सबै मुनिहरूले पनि कहिले नदेखेको र नसुनेको दूर्वाङ्कुरको महिमा सुन्न पाए । ती सबैले स्नान गरेपछि दूबो टिपेर भगवान् श्रीगणेशको पूजा गरे । सेवकहरूले पनि दूर्वाङ्कुर अर्पण गरी भगवान् गजाननको पूजा गरे।।४७-४८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसन् सर्वे दिव्यदेहास्तेजसा सूर्यवर्चसः ।
शृण्वन्तो देववाद्यानां नानारावान् समन्ततः ।।४९।।

विमानवरमारूढा दिव्यवस्त्रानुलेपिनः ।
याता वैनायकं धाम केचित् तद्रूपधारिणः ।।५०।।

नरा नागरिकाः केचिदागतास्तं महोत्सवम् ।
द्रष्टुं दूर्वाभिरानर्चुरेकविंशतिभिः पृथक् ।।५१।।

भुक्त्वा भोगाँश्च ते सर्वे गाणेशस्थानमागमन् ।
विमानं चापि चलितमूर्ध्वं तत् पुण्यपुञ्जतः ।।५२।।

तस्माद् गणेशभक्तेन कार्यं दूर्वाभिरर्चनम् ।
न करोति नरो यस्तु प्रमादात् ताभिरर्चनम् ।।५३।।

स चाण्डालस्तु विज्ञेयो नरकान् प्राप्नुयाद् बहुन् ।
न तन्मुखं निरीक्षेत कदाचिदपि मानवः ।।५४।।

यस्तु दूर्वाभिरर्चेत् तं देवदेवं गजाननम् ।
तस्य दर्शनतोऽन्योऽपि पापः शुद्धिमवाप्नुयात् ।।५५।।

अलाभे बहुदूर्वाणामेकयैवाऽभिपूजयेत् ।
तेनापि कोटिगुणिता कृता पूजा न संशयः ।।५६।।

इति नानाविधो राजन् ! महिमा कथितस्तव ।
सेतिहासस्तु दूर्वाणां श्रवणात् पापनाशनः ।।५७।।

नाख्येयो दुष्टबुद्धेस्तु प्रिये पुत्रे निवेदयेत् ।

इन्द्र उवाच

इति ब्रह्ममुखाच्छ्रुत्वा परमाख्यानमुत्तमम् ।।५८।।

ननन्द परमप्रीतो ननाम कमलासनम् ।
तदाज्ञया ययौ स्थानं स्वकीयं विस्मयान्वितः ।।५९।।

ती सबै उत्तम वस्त्र एवं अलङ्कारले दिव्य र सूर्यजस्तै तेजस्वी देखिएका थिए । त्यसपछि देववाद्यको मधुर ध्वनि श्रवण गर्दै उत्तम विमानमा सवार भएर श्रीगणेशको धाममा प्राप्त भए। तीमध्ये केही त श्रीगणेशमा तन्मय भएका कारण श्रीगणेशकै रूपमा परिणत भएका थिए ।।४९-५०।। केही नगरवासीहरू पनि त्यो उत्सव हेर्न आएका थिए । तिनले पनि २१-२१ दूर्वाङ्कुर टिपेर पृथक्-पृथक् भगवान् श्रीगणेशको पूजा गरे । ती सबैले संसारका अनेक भोग भोगी अन्तमा श्रीगणेशको धाम प्राप्त गरे। सबै मानिसहरूका पुण्यका कारण भुईंमा खसेको विमान पनि आकाशतर्फ उड्न लाग्यो ।।५१-५२।। श्रीगणेशका भक्तहरूले श्रीगणेशलाई सकेसम्म धेरै दूबो चढाएर पूजा गर्दा परमकल्याण प्राप्त हुन्छ । जसले श्रीगणेशको पूजा गर्दा प्रमादवश दूबो चढाउँदैन, त्यसलाई अधम भक्त मान्नुपर्दछ । वास्तवमा दूर्वाको तिरस्कार गर्नाले त्यस्ता भक्तले नारकीय कष्ट भोग्नुपर्दछ। कल्याण चाहने मानिसले दूबाको तिरस्कार गर्ने प्रमादी मानिसको मुख पनि हेर्न हुँदैन ।।५३-५४।। जसले दूबो चढाएर श्रीगणेशको पूजा गर्दछन्, तिनको दर्शनबाट पापी मानिस पनि निष्पाप बन्दछन्। दूबो चढाएर श्रीगणेशको पूजा गर्न चाहने मानिसले देश, काल र परिस्थितिवश दूबो धेरै नपाएमा एउटै दूबाले भए पनि पूजा गर्नुपर्दछ । जसले यसरी दूबोले पूजा गर्दछन्, तिनले करोडौं पटक पूजा गरेको फल प्राप्त गर्दछन् ।।५५-५६।। यसरी मैले तिमीलाई इतिहाससहित दूर्वाङ्कुरको पापनाशक महिमा सुनाएँ। दुष्ट बुद्धि भएका मानिसलाई यो महिमा सुनाउनु हुँदैन। आफ्ना प्रियजन र पुत्रलाई मात्र बताउनुपर्दछ ।

इन्द्रले भने - ब्रह्माजीको मुखबाट यो उत्तम आख्यान सुनेर ती प्रसन्न भए र उहाँलाई प्रणाम गरी श्रीगणेश र दूर्वाङ्कुरको महिमाबाट चकित हुँदै आफ्नो निवासतर्फ गए ।।५७-५९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे दूर्वामाहात्म्यं नाम सप्तषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'मुनिपत्नी आश्रयाको कथाप्रसङ्गमा दूर्वामहिमाको प्रकाशन' शीर्षकान्वित सतसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टषष्टितमोऽध्यायः { ६८ अध्याय }

शूरसेन उवाच

अन्यां कथय शक्र ! त्वं गणनाथकथां पुनः ।
कृतवीर्यस्य जनकः किञ्चकार ततः परम् ।।१।।

इन्द्र उवाच

श्रुत्वाऽऽख्यानं तु सङ्कष्टचतुर्थ्या राजसत्तमः ।
दूर्वाख्यानं तु संश्रुत्य चिन्ताविष्टो नृपोऽभवत् ।।२।।
अपुत्रस्य गतिर्नास्ति पुत्रो मे भविता कथम् ।
स्वप्ने ददर्श पितरं कृतवीर्यस्तथाविधः ।।३।।
सगद्गदाभ्यां कण्ठाभ्यां नोचतुस्तौ परस्परम् ।
आलिलिङ्गतुरन्योन्यं प्रेमविह्वलचेतसा ।।४।।
ततः पुत्रं करे धृत्वा पर्यङ्केऽस्थापयत् पिता ।
उवाच च त्वया पुत्र ! पुत्रार्थं बहुधा श्रमः ।।५।।
क्रियते चाहमप्येकमुपायं वच्मि तेऽनघ ।
मृत्युलोकादागतेन कथितं नारदेन मे ।।६।।
तदैवाहं गतः पुत्र ब्रह्मणः सदनं प्रति ।।७।।
पप्रच्छाऽहं नमस्कृत्य ब्रह्माणं सर्ववेदिनम् ।
कथं मे भविता पुत्रसन्ततिः कमलासन ।।८।।
कथितं तेन सङ्कष्टचतुर्थीव्रतमुत्तमम् ।

क उवाच

अस्मिन् व्रते कृते पापक्षये जाते नृपोत्तम ।।९।।
सन्ततिस्तव पुत्रस्य भविष्यति न संशयः ।

पिता उवाच

तदा तथैव लिखितं ब्रह्मणा कथितं यथा ।।१०।।
गृहाण पुस्तकं चैतद् यथावत् कुरु तद् व्रतम् ।
यावदब्दं समाप्येत तावत् सिद्धिविनायकः ।।११।।
प्रसन्नो भविता देवः सर्वसङ्कष्टहारकः ।
तस्मिन् प्रसन्ने पुत्रस्ते भविता नात्र संशयः ।।१२।।
इत्युक्त्वाऽन्तर्हितस्तस्य पुत्रस्य जनको नृपः ।
जजागार ततो राजा कृतवीर्यस्तु वै बली ।।१३।।

शूरसेनले भने - हे देवराज ! तपाइँले फेरि श्रीगणेशका अरू कथा पनि मलाई सुनाउनुहोस् । कृतवीर्यका पिताले त्यसपछि के गरे ? त्यसको पनि जानकारी गराउनुहोस् ।।१।।

इन्द्रले भने - हे शूरसेन ! सङ्कष्टचतुर्थीसम्बन्धी कथा सुनेर दूर्वाङ्कुरको महिमा बुझेर राजा कृतवीर्य चिन्तामा परे। जसको छोरा हुँदैन त्यस्ता मानिसको गति पनि हुँदैन । मलाई कसरी पुत्रप्राप्ति हुनसक्छ ? यस्तो चिन्तन गरिरहेका ती कृतवीर्यले सपनामा आफ्ना पितालाई देखे ।।२-३।। पिताले आफ्ना छोरालाई आनन्दित भएर आलिङ्गन गरे । दुबैका कण्ठ प्रेमले गद्गद थिए र चित्त पनि विह्वल भएका थिए । त्यस कारण केही बेर बोल्न पनि सकेनन् । त्यसपछि पिताले छोरा कृतवीर्यलाई हातमा समाती उठाएर पलङ्गमा लगी बसाएर भने - हे छोरा कृतवीर्य ! तिमीले पुत्रप्राप्तिका लागि अनेक परिश्रम गरिसकेका छौ ।।४-५।। हे निष्पाप पुत्र ! म आज तिमीलाई एउटा उपाय बताउँछु । मलाई त्यो उपाय मृत्युलोकबाट फर्केर आएका नारद ऋषिले उपदेश गरेका हुन् । नारदजीबाट उपदेश पाएपछि म ब्रह्माजीको धाम सत्यलोक पुगेको थिएँ । त्यहाँ मैले सबै रहस्यका ज्ञाता ब्रह्माजीलाई प्रणाम गरी जिज्ञासा प्रकट गरें - हे विधाता ! मेरा पुत्रलाई सन्तानप्राप्ति कसरी हुनसक्छ ? त्यो सुनेर उहाँले संसारमा उत्तम मानिएको सङ्कष्टचतुर्थीव्रतको महिमा बताउनुभएको थियो ।

ब्रह्माजीले भन्नुभयो - हे राजन् ! सङ्कष्टचतुर्थीव्रत पूरा गरेपछि पापनाश हुँदा तपाइँका छोरा कृतवीर्यलाई सन्तान पैदा हुनेछ । यसमा कुनै पनि सन्देह छैन ।

कृतवीर्यका पिताले भने- त्यस बेला जसरी मलाई ब्रह्माजीले उपदेश गर्नुभएको थियो, तदनुसार मैले सङ्कष्टचतुर्थीको महिमाका साथै पूजाविधि बताउने पुस्तकको पनि रचना गरें ।।६-१०।। यो पुस्तक तिमी आफै राख र यसमा लेखिएबमोजिम व्रत आरम्भ गर । व्रतको एक वर्ष पूरा हुँदा सिद्धिविनायक श्रीगणेश प्रसन्न हुनुहुनेछ र तिमीलाई पुत्रप्राप्ति हुनेछ । यसमा सन्देह छैन ।।११-१२।। इन्द्रले भने- हे राजा शूरसेन! यति कुरा गरेर कृतवीर्यका पिता अन्तर्धान भए । त्यसपछि बलवान् राजा कृतवीर्यले पनि सपनाबाट ब्यूँझेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्दश पुस्तकं हस्ते स्वप्नार्थान् परिसस्मरे ।।१४।।

मुमोचाश्रूणि नेत्राभ्यां शोकानन्दपरिप्लुतः ।
पितुर्वियोगाच्छोकार्तः पुस्तकाप्तेश्च हर्षितः ।।१५।।

अमात्यास्तावदायाताः परिवार्याऽब्रुवन् नृपम् ।

अमात्या ऊचुः

जहि प्रमादं राजन् ! त्वं सावधानमना भव ।।१६।।

त्यज शोकं वदास्मान् किं कारणं शोककारकम् ।
अस्मानपि समाविष्टस्त्वच्छोकाच्छोक उत्कटः ।।१७।।

इन्द्र उवाच

श्रुत्वा वाक्यममात्यानां कृतवीर्यो जगाद तान् ।
मया स्वप्ने पिता दृष्टस्तेन मे विह्वलं मनः ।।१८।।

पुस्तकञ्चैव सङ्कष्टचतुर्थीव्रतबोधकम् ।
दत्तं मम करे तेन पिदधे तत्क्षणाच्च सः ।।१९।।

तद्वियोगेन शोचामि गतार्थं निधनो यथा ।
उक्तञ्च तेन मे वाक्यं पुत्रार्थं कुर्विदं व्रतम् ।।२०।।

प्रबुद्धोऽहं यदामात्या हस्ते दृष्टञ्च पुस्तकम् ।
आश्चर्यहर्षशोकैश्चाप्यश्रु मुञ्चामि नान्यथा ।।२१।।

अमात्या ऊचुः

यः पिता सर्वलोकानां मनुष्योरगरक्षसाम् ।
स एव पितृरूपेण परितुष्टो गजाननः ।।२२।।

उपायमवदत् ते स सन्तत्यै राजसत्तम ! ।
अन्यथा पुस्तकं क्वत्यं स्वप्नार्थः क्व प्रमा भवेत् ।।२३।।

विना प्रसादं स्वप्नोऽपि विपर्ययमुदाहृतः ।

इन्द्र उवाच

इत्यमात्यवचः श्रुत्वा सावधानमना नृपः ।।२४।।

आहूय परिपप्रच्छ पण्डितान् सुहृदोऽपि च ।
वदन्तु पुस्तकस्यार्थं प्रसादात् तस्य भो द्विजाः ।।२५।।

त ऊचुः पुस्तकं दृष्ट्वा तस्यार्थं सर्वसंसदि ।

आफ्नो हातमा पुस्तक देखेर सपनामा पितासँग भेट भएको घटना याद गरे ।।१३-१४।। शोक र हर्षले परिपूर्ण राजा कृतवीर्यका आँखाबाट आँसु बगिरहेका थिए । पिताको वियोगका कारण ती दुःखी थिए भने पुस्तक प्राप्तिका कारण प्रसन्न पनि थिए ।।१५।। त्यसपछि कृतवीर्यका मन्त्रीहरूले आई उनलाई चारैतिरबाट घेरेर निवेदन गरे ।

मन्त्रीहरूले भने - हे राजन् ! अब हजुर सावधान र निश्चिन्त हुनुहोस् । हजुरलाई कुनै विषयको शोक छ भने त्यो हामीलाई बताउनुहोस् । हामी शोक बाँड्न तयार छौं । हजुरलाई सधैं शोकापन्न अवस्थामा देखेर हामी पनि उत्कट शोकले युक्त भएका छौं ।।१६-१७।।

इन्द्रले भने- मन्त्रीहरूका कुरा सुनेर कृतवीर्यले भने- आज सपनामा मैले मेरा पिताश्रीलाई देखें । त्यस कारण मेरो मन बेग्लै भएको छ। उहाँले मेरो हातमा सङ्कष्टचतुर्थीको व्रत गर्ने विधि लेखिएको पुस्तक पनि दिनुभयो र अन्तर्धान हुनुभयो। पितासँग वियोगका कारण म धन हराएको गरीबजस्तो चिन्तित भएको छु । उहाँले मलाई पुत्रप्राप्तिका लागि सङ्कष्टचतुर्थीको व्रत गर्न उपदेश दिनुभएको छ ।।१८-२०।। हे मन्त्रीहरू ! जब म सपनाबाट ब्यूँझें, त्यस बेला आफ्नो हातमा पुस्तक देखेर आश्चर्य, हर्ष र शोकले युक्त भएँ । त्यस कारण आँखाबाट आँसु बगिरहेका छन् । अरू कुनै कुरा भएको होइन ।।२१।।

मन्त्रीहरूले भने- हे महाराज ! सम्पूर्ण संसारमा रहने प्राणी र मानिसहरूका पिता भगवान् श्रीगणेशले नै तपाईंलाई पिताको रूपमा आएर दर्शन दिनुभएको छ । उहाँले नै तपाईंलाई पुत्र प्राप्तिको उपाय पनि बताउनुभएको छ । अन्यथा कहाँ त्यो दिव्य पुस्तक ? कहाँ त्यो स्वप्नदर्शन ? यी दुबैको तुलना हुन सक्दैन । कसैको कृपा र आशीर्वाद हुँदैन भने सपनालाई पनि भ्रम नै मानिएको छ ।

इन्द्रले भने - मन्त्रीहरूका यस्ता कुरा सुनेर राजा कृतवीर्य सावधान भए ।।२२-२४।। त्यसपछि तिनले विद्वान् एवं मित्रहरूलाई बोलाएर उक्त व्रतको विषयमा जानकारी लिंदै भने - हे विद्वान् ब्राह्मणहरू ! पिताश्रीको कृपाबाट प्राप्त यस उत्तम पुस्तकको अर्थ र रहस्यबारे मलाई उपदेश गर्नुहोस्। यो सुनेर ती विद्वान्हरूले पनि पुस्तकको दर्शन गरेपछि सबैका सामु त्यसको तात्पर्य खुलस्त गरिदिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विजा ऊचुः

ब्रह्मणः कृतवीर्यस्य संवादोऽत्र महान् नृप ।।२६।।

चतुर्थी सर्वसङ्कष्टनाशिन्यत्र निरूपिता ।
चन्द्रोदये गणेशस्य पूजा प्रोक्ता सविस्तरा ।।२७।।

अङ्गारकचतुर्थ्यास्तु महिमा बहुशोऽपि च ।
तिथिदेवविधूनाञ्च ह्यर्घ्यदानं समन्त्रकम् ।।२८।।

एकविंशतिविप्राणां भोजनञ्चैव पूजनम् ।
नानादानानि तेभ्यश्च देयानीति निरूपितम् ।।२९।।

दूर्वासमर्पणफलं श्वेतदूर्वाफलं पृथक् ।
एतद् व्रतं महाभाग! भाग्यात् प्राप्तं त्वयाऽनघ ।।३०।।

न दृष्टं न श्रुतं लोके भविष्यत्युपकारकम् ।
श्रवणात् स्मरणाच्चापि सङ्कष्टहरणं नृणाम् ।।३१।।

इन्द्र उवाच

श्रुत्वा तत्पण्डितमुखाद् राजा सर्वजनश्च ह ।
आश्चर्यानन्दसंयुक्तः पुपूजे तान् द्विजोत्तमान् ।।३२।।

वस्त्रालङ्काररत्नानि धनं धान्यं ददौ बहु ।
अत्रिमाहूय राजाऽपि गुरुं निजकुलस्य च ।।३३।।

सुमुहूर्ते ततोऽगृह्णात् परिपूज्य यथाविधि ।
देवं विनायकं तञ्च विद्यामेकाक्षरां शुभाम् ।।३४।।

जजाप मन्त्रं तमनन्यभक्त्या
ध्यायन् गणेशं विजितेन्द्रियः सः ।
व्रतञ्च चक्रे गणनाथतुष्ट्यै
सुताप्तये सङ्कटनाशकं तत् ।।३५।।

ब्राह्मणहरूले भने - हे राजन् ! यस पुस्तकमा ब्रह्माजी र कृतवीर्य राजाको बीचमा भएको महत्त्वपूर्ण संवाद रहेको छ।।२५-२६।। सबै प्रकारका सङ्कट नाश गर्ने सङ्कष्टचतुर्थीको वर्णन गरिएको छ । चन्द्रोदयमा गरिने श्रीगणेशपूजाको विस्तारपूर्वक बयान गरिएको छ । अनेक किसिमबाट अङ्गारक चतुर्थीको महिमा बताइएको छ । तिथि, देवता र चन्द्रमालाई मन्त्रपूर्वक अर्घ्य दिने विधि उपदेश गरिएको छ । एक्काइस ब्राह्मणको पूजा गरी तिनलाई भोजन गराउने र अनेक थरि दान दिनुपर्ने कुरा यसमा निरूपण गरिएको छ ।।२७-२९।। भगवान् श्रीगणेशलाई दूबो चढाउनुको फल बताउनुको साथै सेतो दूबो अर्पण गरेको विशेष फल पनि महत्त्वपूर्वक बताइएको छ । हे भाग्यशाली राजा! भाग्यका कारण हजुरले यो श्रीगणेशव्रतको उपदेश पाउनुभयो । अहिलेसम्म नदेखिएको र नसुनिएको यो व्रत लोकका निमित्त उपकारक हुनेछ। श्रवण र स्मरण गर्नाले मात्र पनि यो व्रत मानिसहरूको सङ्कटनाश गर्न समर्थ हुनेछ ।।३०-३१।।

इन्द्रले भने - ब्राह्मणहरूका मुखबाट यी कुरा सुनेर राजा कृतवीर्य र उनका मानिसहरू आश्चर्य एवं आनन्दले युक्त भए । ती सबैले विद्वान्हरूको पूजा गरे ।।३२।। ब्राह्मणहरूलाई दानका रूपमा वस्त्र, अलङ्कार, रत्न, धन-धान्य आदि प्रदान गरे । त्यसपछि राजा कृतवीर्यले आफ्ना कुलगुरु अत्रिलाई बोलाई उत्तम मुहूर्तमा भगवान् श्रीगणेश र गुरुको समेत विधिवत् पूजा गरेर उहाँबाट भगवान् श्रीगणेशको एकाक्षरी मन्त्र श्रवण गरे । मन्त्रश्रवणपछि कृतवीर्यले जितेन्द्रिय भई उत्तम भक्तिका साथ श्रीगणेशमन्त्रको अनुष्ठान आरम्भ गरे। श्रीगणेशमन्त्रको अनुष्ठान सकिएपछि तिनले पुत्रप्राप्तिका लागि श्रीगणेशलाई अत्यन्त प्यारो लाग्ने सङ्कष्टचतुर्थीको व्रत पनि सम्पन्न गरे ।।३३-३५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे व्रतनिरूपणं नामाष्टषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कृतवीर्यका पिताद्वारा कृतवीर्यलाई सङ्कष्टीव्रतको उपदेश' शीर्षकान्वित अठ्सठ्ठीऔं अध्याय पूर्ण भयो ।।६८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनसप्ततितमोऽध्यायः { ६९ अध्याय }

शूरसेन उवाच

ब्रह्मणा कथमादिष्टं कृतवीर्याय सिद्धिदम् ।
तन्ममाचक्ष्व सङ्कष्टचतुर्थीव्रतमुत्तमम् ।।१।।

इन्द्र उवाच

सत्यलोके सुखासीनं सर्वज्ञं चतुराननम् ।
कृतवीर्यपिता गत्वा पप्रच्छ प्रणतो नृप ! ।।२।।

कृतवीर्यपिता उवाच

देवदेव ! जगद्धातः ! प्रणतार्तिनिवारण ! ।
वर्तते हृदये यन्मे पृच्छामि त्वां वदस्व तत् ।।३।।

आपत्सु वर्तमानानां नृणां व्याकुलचेतसाम् ।
चिन्तया व्यग्रमनसां वियोगे सुहृदां तथा ।।४।।

दुर्लभप्राप्तये नृणां कार्यसिद्धिः कथं भवेत् ।
अर्थसिद्धिः कथं नित्यं पुत्रसौभाग्यसम्पदाम् ।।५।।

सर्वसङ्कष्टनाशार्थं कार्यं किं मानवैः प्रभो ! ।

ब्रह्मा उवाच

शृणु राजन् ! प्रवक्ष्यामि सर्वसिद्धिप्रदं व्रतम् ।।६।।

यस्यानुष्ठानमात्रेण चिन्तितं प्राप्नुयान्नरः ।
ओषधीभिः शुक्लतिलैर्दिवा स्नायात् प्रसन्नधीः ।।७।।

सङ्कल्पं कारयेत् सम्यग् ध्यात्वा देवं गजाननम् ।
गणेशं पूजयेद् भक्त्या मन्त्रैरागमसम्भवैः ।।८।।

कृष्णपक्षे चतुर्थ्याञ्च निशि चन्द्रोदयेऽपि च ।

नृप उवाच

कथं सम्पूजयेद् ब्रह्मन् ! देवदेवं गजाननम् ।।९।।

विस्तरेण मम ब्रूहि प्रणयात् परिपृच्छते ।

शूरसेनले भने - ब्रह्माजीले राजा कृतवीर्यलाई सिद्धिदायक एवं उत्तम सङ्कष्टचतुर्थीव्रतको उपदेश कसरी गर्नुभयो ? त्यो मलाई पनि बताउनुहोस् ।।१।।

इन्द्रले भने - एक दिन कृतवीर्यका पिताले सत्यलोकमा सुखपूर्वक विराजमान ब्रह्माजीका समक्ष गएर प्रणाम गरी जिज्ञासा प्रकट गरे ।।२।।

कृतवीर्यका पिताले भने- जगत्का रचयिता, देवताहरूका पनि देवता, शरणमा आएका मानिसहरूको दुःख निवारण गर्ने दयालु स्वभावका स्वामी हे विधाता ! मेरो हृदयमा जुन प्रश्न छ, त्यस विषयमा म हजुरसँग सोध्न चाहन्छु, मलाई बताउनुहोस्। आपत्तिमा परेका, व्याकुल चित्त भएका, चिन्ताले आत्तिएका, आफ्ना इष्ट-मित्र र बन्धुहरूको वियोगबाट दुःखित मानिसहरूले चिताएका दुर्लभ वस्तुहरूको प्राप्ति कसरी हुनसक्छ ? कार्यसिद्धि कसरी हुनसक्छ ? अर्थसिद्धि कसरी हुनसक्छ ? र पुत्र, सौभाग्य एवं सम्पत्तिको सिद्धि कसरी हुनसक्छ ? हे प्रभु ! सबै प्रकारका सङ्कटनाश गर्न मानिसहरूले कुन कार्य गर्नुपर्छ ?

ब्रह्माजीले भन्नुभयो - हे राजा ! तिमी सुन, म सर्वसिद्धि प्रदान गर्ने व्रतको विषयमा उपदेश गर्दछु ।।३-६।। जुन व्रतको पालन गर्नाले मानिसले आफूले चिताएको कुरा पाउन सक्छ। कृष्ण पक्षको चतुर्थी तिथि र रातमा चन्द्र उदाएको बेला भगवान् श्रीगणेशको पूजाको अधिकार पाउनका लागि मानिसहरूले बुद्धि निर्मल बनाई दिनमा सेता तिल र औषधिहरू मिसाएर नुहाउनुपर्दछ । नुहाएपछि श्रीगणेशको ध्यान गरी "आज राति मैले तपाइँको पूजा गर्नेछु" भनी सङ्कल्प गर्नुपर्दछ। त्यसपछि भक्तिपूर्वक शास्त्रमा बताएका मन्त्रहरू पढेर श्रीगणेशको पूजा गर्नुपर्दछ । यस्तो पूजा कृष्णपक्षको चतुर्थी तिथि र रातमा चन्द्रोदय हुँदा गर्नुपर्दछ ।।७-८।।

राजाले भने- हे विधाता ! म श्रद्धा एवं प्रेमका साथ हजुरसँग प्रश्न गरिरहेको छु । मलाई देवदेव श्रीगणेशको पूजा कसरी गर्नुपर्छ भन्ने विषयमा पनि विस्तारपूर्वक बताउनुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

नित्यकर्म समाप्याऽथ निशायामुदये विधोः ।।१०।।
शुचौ देशे गोमयेन लिप्ते मण्डपिकान्विते ।
तत्र पीठं गणेशस्य पूजयेत् कुङ्कुमाक्षतैः ।।११।।

स्थापयेत् कलशं तत्र पञ्चरत्नसमन्वितम् ।
तस्योपरि न्यसेत् पात्रं सौवर्णं कलशान्वितम् ।।१२।।

तदभावे तु रौप्यं वा ताम्रं वैणवमेव च ।
तस्योपरि न्यसेद् वस्त्रं क्षौमं वा शक्तिसंयुतः ।।१३।।

तस्योपरि लिखेद् यन्त्रमागमोक्तविधानतः ।
तत्र मूर्तिं गणेशस्य सौवर्णीं लक्षणान्विताम् ।।१४।।

ध्यानम्

एकदन्तं महाकायं तप्तकाञ्चनसन्निभम् ।
लम्बोदरं विशालाक्षं ज्वलत्पावकलोचनम् ।।१५।।

आखुपृष्ठसमारूढं चामरैर्वीजितं गणैः ।
शेषयज्ञोपवीतञ्च चिन्तयेत् तं गजाननम् ।।१६।।

आवाहनम्

आगच्छ देवदेवेश ! सङ्कटान्मां निवारय ।
यावद् व्रतं समाप्येत तावत् त्वं सन्निधौ भव ।।१७।।
अथवा सहस्त्रशीर्षा० ।

आसनम्

गणाधीश ! नमस्तेऽस्तु सर्वसिद्धिप्रदायक ! ।
आसनं गृह्यतां देव ! सङ्कटान्मां निवारय ।।१८।।
अथवा पुरुष एव० ।

ब्रह्माजीले भन्नुभयो - रातमा चन्द्रमाको उदय हुँदा आफ्नो नित्य कर्म समाप्त गरी गाईका गोबरले लिपिएको वेदीद्वारा शोभायमान पवित्र पूजास्थलमा श्रीगणेशपीठको स्थापना गरी कुङ्कुम र अक्षताले पूजा गर्नुपर्दछ ।।९-११।। त्यस पीठमाथि पञ्चरत्नले युक्त कलशको स्थापना गर्नुपर्दछ। कलशमाथि सुनले बनेको कलशसहित एउटा थाली राख्नुपर्दछ ।।१२।। सुनको थाली नभएमा चाँदी, तामा अथवा बाँसले बनाएको थाली राख्नुपर्दछ । त्यस कलशलाई वस्त्रले बेर्नुपर्दछ । शक्ति भएका मानिसले रेशमको वस्त्रले बेरे पनि हुन्छ ।।१३।। त्यस थालीमाथि शास्त्रको विधानअनुसार यन्त्र लेख्नुपर्दछ र त्यसमाथि सुनद्वारा तयार गरिएको श्रीगणेशको सुन्दर र सुलक्षण प्रतिमा राख्नुपर्दछ। त्यसपछि ध्यान, आवाहन, आसन आदि समर्पण गर्नुपर्दछ ।।१४।।

ध्यान - 'एउटा दाँतले सुहाउनुभएका- **एकदन्त**, ठूलो शरीर धारण गर्नुहुने-**महाकाय**, गालेको सुनझैं पहेंलो वर्णले चम्किलो देखिनुहुने- **तप्तकाञ्चनसन्निभ**, विशाल उदरले शोभायमान-**लम्बोदर**, ठूला आँखा धारण गर्नुहुने-**विशालाक्ष**, बलिरहेको अग्निझैं ज्योतिर्मय आँखाले हेर्नुहुने-**ज्वलत्पावकलोचन**, मूसाको पीठ्यूँमा सवार हुनुभएका-**आखुपृष्ठसमारूढ**, गणहरूद्वारा चामर डुलाएर सेवा गरिनुभएका - **चामरवीजित**, शेषनागलाई यज्ञोपवीत बनाएर धारण गर्नुहुने - **शेषयज्ञोपवीती**, हात्तीको जस्तो मुख-मण्डलद्वारा शोभायमान - **गजानन** भगवान् श्रीगणेशको स्मरण गरी ध्यान गर्दछु', भनी ध्यान गर्नुपर्दछ।।१५-१६।।

आवाहन - हे देवताका पनि देवता भगवान् श्रीगणेश! हजुर यहाँ आउनुहोस् र सङ्कटबाट मलाई मुक्त गर्नुहोस् । जबसम्म व्रत चल्दछ, तबसम्म हजुर मेरा नजिकमा विराजमान हुनुहोस् । (आवाहन गर्दा **सहस्त्रशीर्षा०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ ।) ।।१७।।

आसन - हे गणहरूका स्वामी, सबै प्रकारका सिद्धि प्रदान गर्नुहुने भगवान् श्रीगणेश ! म हजुरलाई नमस्कार गर्दछु। हजुरले यो आसन ग्रहण गर्नुहोस् र मलाई सङ्कटबाट मुक्त गर्नुहोस् । (आसन समर्पण गर्दा **पुरुष एवेद०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाद्यम्

उमापुत्र! नमस्तेऽस्तु नमस्ते मोदकप्रिय ! ।
पाद्यं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।१९।।
अथवा एतावानस्य० ।

अर्घ्यम्

लम्बोदर ! नमस्तेऽस्तु रत्नयुक्तं फलान्वितम् ।
अर्घ्यं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।२०।।
अथवा त्रिपादूर्ध्व० ।

आचमनीयम्

गङ्गादिसर्वतीर्थेभ्य आहृतं तोयमुत्तमम् ।
गृहाणाऽऽचमनीयार्थं सङ्कटं मे निवारय ।।२१।।
अथवा तस्माद् विराडजायत० ।

पञ्चामृतम्

पयो दधि घृतञ्चैव शर्करामधुसंयुतम् ।
पञ्चामृतं गृहाणेदं सङ्कटं मे निवारय ।।२२।।
अथवा पय: पृथिव्याम्० ।

स्नानम्

चन्द्रभागानर्मदयोर्गङ्गासङ्गमजैर्जलै: ।
स्नापितोऽसि मया भक्त्या सङ्कटं मे निवारय ।।२३।।
अथवा यत्पुरुषेण० ।

वस्त्रयुग्मम्

इभवक्त्र ! नमस्तुभ्यं गृहाण परमेश्वर ! ।
वस्त्रयुग्मं गणाध्यक्ष ! सङ्कटं मे निवारय ।।२४।।
अथवा तं यज्ञम्० ।

यज्ञोपवीतम्

विनायक ! नमस्तुभ्यं नम: परशुधारिणे ! ।
उपवीतं गृहाणेदं सङ्कटं मे निवारय ।।२५।।
अथवा तस्मा० ।

चन्दनम्

ईशपुत्र ! नमस्तुभ्यं नमो मूषकवाहन ! ।
चन्दनं गृह्यतां देव ! सङ्कटं मे निवारय ।।२६।।
अथवा तस्माद्यज्ञात्० ।

पाद्य – हे पार्वतीपुत्र ! हजुरलाई नमस्कार गर्दछु । हे मोदकप्रिय ! म हजुरलाई फेरि पनि नमस्कार गर्दछु । हे देवताका पनि देवता श्रीगणेश ! मैले अर्पण गरेको यो पाद्यजल ग्रहण गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस् । (पाद्य समर्पण गर्दा **एतावानस्य०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ ।)।।१९।।

अर्घ्य – हे लम्बोदर ! हजुरलाई नमस्कार गर्दछु । यो रत्न र पुष्पले सम्पन्न अर्घ्य स्वीकार गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस् । (अर्घ्यसमर्पण गर्दा **त्रिपादूर्ध्व०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२०।।

आचमनीय – हे श्रीगणेश ! गङ्गा आदि सबै तीर्थहरूबाट ल्याइएको यो उत्तम तीर्थजल आचमनका लागि ग्रहण गर्नुहोस् र मलाई सङ्कटबाट मुक्त तुल्याउनुहोस् । (आचमनीय अर्पण गर्दा – **तस्माद्०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२१।।

पञ्चामृत – हे श्रीगणेश ! दूध, दही, घ्यू, मह र चिनी राखेर तयार गरिएको यो पञ्चामृत ग्रहण गरी मलाई सङ्कटमुक्त बनाउनुहोस् । (पञ्चामृत अर्पण गर्दा **पय:पृथिव्याम्०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२२।।

स्नान – हे श्रीगणेश ! नर्मदा, चन्द्रभागा र गङ्गाको सङ्गमबाट ल्याइएका जलहरूद्वारा मैले हजुरको स्नान सम्पन्न गराएको छु, मलाई सङ्कटमुक्त तुल्याउनुहोस् । (स्नान गराउँदा– **यत्पुरुषेण०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ ।) ।।२३।।

वस्त्र – हे गजानन ! हजुरलाई नमस्कार छ । म हजुरका निमित्त वस्त्रको जोडा अर्पण गर्दैछु, हजुरले स्वीकार गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस् । (वस्त्र अर्पण गर्दा – **तं यज्ञम्०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२४।।

यज्ञोपवीत – हे विनायक ! हातमा परशु धारण गर्नुहुने हजुरलाई मेरो बारबार प्रणाम छ । यो यज्ञोपवीत स्वीकार गर्नुहोस् र मलाई सङ्कटमुक्त बनाउनुहोस् । (यज्ञोपवीत समर्पण गर्दा – **तस्मादश्वा०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२५।।

चन्दन – हे शिवजीका पुत्र श्रीगणेश ! हजुरलाई मेरो प्रणाम छ । हे मूषकवाहन ! म हजुरका पाउमा पर्दछु । हे भगवन् श्रीगणेश ! हजुरले यो चन्दन ग्रहण गर्नुहोस् र मलाई सङ्कटबाट मुक्त गर्नुहोस् । (चन्दन अर्पण गर्दा **तस्माद् यज्ञात्०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

नित्यकर्म समाप्याऽथ निशायामुदये विधोः ।।१०।।

शुचौ देशे गोमयेन लिप्ते मण्डपिकान्विते ।

तत्र पीठं गणेशस्य पूजयेत् कुङ्कुमाक्षतैः ।।११।।

स्थापयेत् कलशं तत्र पञ्चरत्नसमन्वितम् ।

तस्योपरि न्यसेत् पात्रं सौवर्णं कलशान्वितम् ।।१२।।

तदभावे तु रौप्यं वा ताम्रं वैणवमेव च ।

तस्योपरि न्यसेद् वस्त्रं क्षौमं वा शक्तिसंयुतः ।।१३।।

तस्योपरि लिखेद् यन्त्रमागमोक्तविधानतः ।

तत्र मूर्तिं गणेशस्य सौवर्णीं लक्षणान्विताम् ।।१४।।

ध्यानम्

एकदन्तं महाकायं तप्तकाञ्चनसन्निभम् ।

लम्बोदरं विशालाक्षं ज्वलत्पावकलोचनम् ।।१५।।

आखुपृष्ठसमारूढं चामरैर्वीजितं गणैः ।

शेषयज्ञोपवीतञ्च चिन्तयेत् तं गजाननम् ।।१६।।

आवाहनम्

आगच्छ देवदेवेश ! सङ्कटान्मां निवारय ।

यावद् व्रतं समाप्येत तावत् त्वं सन्निधौ भव ।।१७।।

अथवा सहस्त्रशीर्षा० ।

आसनम्

गणाधीश ! नमस्तेऽस्तु सर्वसिद्धिप्रदायक ! ।

आसनं गृह्यतां देव ! सङ्कटान्मां निवारय ।।१८।।

अथवा पुरुष एव० ।

ब्रह्माजीले भन्नुभयो - रातमा चन्द्रमाको उदय हुँदा आफ्नो नित्य कर्म समाप्त गरी गाईका गोबरले लिपिएको वेदीद्वारा शोभायमान पवित्र पूजास्थलमा श्रीगणेशपीठको स्थापना गरी कुङ्कुम र अक्षताले पूजा गर्नुपर्दछ ।।९-११।। त्यस पीठमाथि पञ्चरत्नले युक्त कलशको स्थापना गर्नुपर्दछ। कलशमाथि सुनले बनेको कलशसहित एउटा थाली राख्नुपर्दछ ।।१२।। सुनको थाली नभएमा चाँदी, तामा अथवा बाँसले बनाएको थाली राख्नुपर्दछ । त्यस कलशलाई वस्त्रले बेर्नुपर्दछ । शक्ति भएका मानिसले रेशमको वस्त्रले बेरे पनि हुन्छ ।।१३।। त्यस थालीमाथि शास्त्रको विधानअनुसार यन्त्र लेख्नुपर्दछ र त्यसमाथि सुनद्वारा तयार गरिएको श्रीगणेशको सुन्दर र सुलक्षण प्रतिमा राख्नुपर्दछ। त्यसपछि ध्यान, आवाहन, आसन आदि समर्पण गर्नुपर्दछ ।।१४।।

ध्यान - 'एउटा दाँतले सुहाउनुभएका- **एकदन्त**, ठूलो शरीर धारण गर्नुहुने-**महाकाय**, गालेको सुनझैं पहेंलो वर्णले चम्किलो देखिनुहुने- **तप्तकाञ्चनसन्निभ**, विशाल उदरले शोभायमान-**लम्बोदर**, ठूला आँखा धारण गर्नुहुने- **विशालाक्ष**, बलिरहेको अग्निझैं ज्योतिर्मय आँखाले हेर्नुहुने- **ज्वलत्पावकलोचन**, मूसाको पीठ्यूँमा सवार हुनुभएका- **आखुपृष्ठसमारूढ**, गणहरूद्वारा चामर डुलाएर सेवा गरिनुभएका - **चामरवीजित**, शेषनागलाई यज्ञोपवीत बनाएर धारण गर्नुहुने - **शेषयज्ञोपवीती**, हात्तीको जस्तो मुख-मण्डलद्वारा शोभायमान - **गजानन** भगवान् श्रीगणेशको स्मरण गरी ध्यान गर्दछु', भनी ध्यान गर्नुपर्दछ।।१५-१६।।

आवाहन - हे देवताका पनि देवता भगवान् श्रीगणेश! हजुर यहाँ आउनुहोस् र सङ्कटबाट मलाई मुक्त गर्नुहोस् । जबसम्म व्रत चल्दछ, तबसम्म हजुर मेरा नजिकमा विराजमान हुनुहोस् । (आवाहन गर्दा **सहस्त्रशीर्षा०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ ।) ।।१७।।

आसन - हे गणहरूका स्वामी, सबै प्रकारका सिद्धि प्रदान गर्नुहुने भगवान् श्रीगणेश ! म हजुरलाई नमस्कार गर्दछु। हजुरले यो आसन ग्रहण गर्नुहोस् र मलाई सङ्कटबाट मुक्त गर्नुहोस् । (आसन समर्पण गर्दा **पुरुष एवेद०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाद्यम्

उमापुत्र! नमस्तेऽस्तु नमस्ते मोदकप्रिय ! ।
पाद्यं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।१९।।
अथवा एतावानस्य० ।

अर्घ्यम्

लम्बोदर ! नमस्तेऽस्तु रत्नयुक्तं फलान्वितम् ।
अर्घ्यं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।२०।।
अथवा त्रिपादूर्ध्व० ।

आचमनीयम्

गङ्गादिसर्वतीर्थेभ्य आहृतं तोयमुत्तमम् ।
गृहाणाऽऽचमनीयार्थं सङ्कटं मे निवारय ।।२१।।
अथवा तस्माद् विराडजायत० ।

पञ्चामृतम्

पयो दधि घृतञ्चैव शर्करामधुसंयुतम् ।
पञ्चामृतं गृहाणेदं सङ्कटं मे निवारय ।।२२।।
अथवा पयः पृथिव्याम्० ।

स्नानम्

चन्द्रभागानर्मदयोर्गङ्गासङ्गमजैर्जलैः ।
स्नापितोऽसि मया भक्त्या सङ्कटं मे निवारय ।।२३।।
अथवा यत्पुरुषेण० ।

वस्त्रयुग्मम्

इभवक्त्र ! नमस्तुभ्यं गृहाण परमेश्वर ! ।
वस्त्रयुग्मं गणाध्यक्ष ! सङ्कटं मे निवारय ।।२४।।
अथवा तं यज्ञम्० ।

यज्ञोपवीतम्

विनायक ! नमस्तुभ्यं नमः परशुधारिणे ! ।
उपवीतं गृहाणेदं सङ्कटं मे निवारय ।।२५।।
अथवा तस्मा० ।

चन्दनम्

ईशपुत्र ! नमस्तुभ्यं नमो मूषकवाहन ! ।
चन्दनं गृह्यतां देव ! सङ्कटं मे निवारय ।।२६।।
अथवा तस्माद्यज्ञात्० ।

पाद्य - हे पार्वतीपुत्र ! हजुरलाई नमस्कार गर्दछु । हे मोदकप्रिय ! म हजुरलाई फेरि पनि नमस्कार गर्दछु । हे देवताका पनि देवता श्रीगणेश ! मैले अर्पण गरेको यो पाद्यजल ग्रहण गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस् । (पाद्य समर्पण गर्दा **एतावानस्य०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ ।)।।१९।।

अर्घ्य - हे लम्बोदर ! हजुरलाई नमस्कार गर्दछु । यो रत्न र पुष्पले सम्पन्न अर्घ्य स्वीकार गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस् । (अर्घ्यसमर्पण गर्दा **त्रिपादूर्ध्व०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२०।।

आचमनीय - हे श्रीगणेश ! गङ्गा आदि सबै तीर्थहरूबाट ल्याइएको यो उत्तम तीर्थजल आचमनका लागि ग्रहण गर्नुहोस् र मलाई सङ्कटबाट मुक्त तुल्याउनुहोस् । (आचमनीय अर्पण गर्दा - **तस्माद्०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२१।।

पञ्चामृत - हे श्रीगणेश ! दूध, दही, घ्यू, मह र चिनी राखेर तयार गरिएको यो पञ्चामृत ग्रहण गरी मलाई सङ्कटमुक्त बनाउनुहोस् । (पञ्चामृत अर्पण गर्दा **पयःपृथिव्याम्०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२२।।

स्नान - हे श्रीगणेश ! नर्मदा, चन्द्रभागा र गङ्गाको सङ्गमबाट ल्याइएका जलहरूद्वारा मैले हजुरको स्नान सम्पन्न गराएको छु, मलाई सङ्कटमुक्त तुल्याउनुहोस् । (स्नान गराउँदा- **यत्पुरुषेण०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ ।) ।।२३।।

वस्त्र - हे गजानन ! हजुरलाई नमस्कार छ । म हजुरका निमित्त वस्त्रको जोडा अर्पण गर्दैछु, हजुरले स्वीकार गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस् । (वस्त्र अर्पण गर्दा - **तं यज्ञम्०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२४।।

यज्ञोपवीत - हे विनायक ! हातमा परशु धारण गर्नुहुने हजुरलाई मेरो बारबार प्रणाम छ । यो यज्ञोपवीत स्वीकार गर्नुहोस् र मलाई सङ्कटमुक्त बनाउनुहोस् । (यज्ञोपवीत समर्पण गर्दा - **तस्मादश्वा०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२५।।

चन्दन - हे शिवजीका पुत्र श्रीगणेश ! हजुरलाई मेरो प्रणाम छ । हे मूषकवाहन ! म हजुरका पाउमा पर्दछु । हे भगवन् श्रीगणेश ! हजुरले यो चन्दन ग्रहण गर्नुहोस् र मलाई सङ्कटबाट मुक्त गर्नुहोस् । (चन्दन अर्पण गर्दा **तस्माद् यज्ञात्०** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षताः

घृतकुङ्कुमसंयुक्तास्तन्दुलाः सुमनोहराः ।
अक्षतास्ते नमस्तुभ्यं सङ्कटं मे निवारय ।।२७।।
अथवा **अक्षन्नमीमदन्त॰** ।

अक्षता – हे भगवन् ! घ्यू र कुङ्कुममा मुछिएका चामलका दानालाई अत्यन्त राम्रा अक्षताका रूपमा तयार गरेको छु । हजुरले स्वीकार गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस्। (अक्षता अर्पण गर्दा **अक्षन्नमीमदन्त॰** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।२७।।

पुष्पम्

चम्पकं मल्लिका दूर्वाः पुष्पजातीरनेकशः ।
गृहाण त्वं गणाध्यक्ष ! सङ्कटं मे निवारय ।।२८।।
अथवा **तस्मादश्वा॰** ।

पुष्प – हे गणनायक ! चम्पक, मल्लिका, दूबो र अनेक जात-जातका फूलहरू ल्याई हजुरमा समर्पण गर्दैछु। हजुरले यी फूल ग्रहण गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस्। (पुष्प अर्पण गर्दा **तस्मादश्वा॰** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।२८।।

धूपम्

लम्बोदर ! महाकाय ! धूम्रकेतो ! सुवासितम् ।
धूपं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।२९।।
अथवा **यत्पुरुषम्॰** ।

धूप – हे लम्बोदर ! हे महाकाय ! हे धूम्रकेतु ! हजुरले अत्यन्त मीठो सुगन्ध भएको यो धूप स्वीकार गर्नुहोस् र मेरा सङ्कट हटाउनुहोस् । (धूप प्रयोग गर्दा – **यत्पुरुषम्॰** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।२९।।

दीपम्

विघ्नान्धकारसंहारकारक! त्रिदशाधिप ! ।
दीपं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।३०।।
अथवा **ब्राह्मणोऽस्य॰** ।

दीप – विघ्नका अन्धकारलाई समाप्त गर्नुहुने, देवताहरूका स्वामी हे भगवन् श्रीगणेश ! यो दीप ग्रहण गर्नुहोस् र मेरो सङ्कट निवारण गर्नुहोस् । (दीप समर्पण गर्दा– **ब्राह्मणोऽस्य॰** इत्यादि मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।३०।।

नैवेद्यम्

मोदकापूपलड्डूकपायसं शर्करान्वितम् ।
पक्वान्नं सघृतं देव ! नैवेद्यं प्रतिगृह्यताम् ।।३१।।
अथवा **चन्द्रमा मनसो जात॰** ।

नैवेद्य – हे श्रीगणेश ! मोहनभोग, मालपुवा, लड्डू र खीरसहित चिनी राखेका मीठा पक्वान्नलाई नैवेद्यको रूपमा अर्पण गरेको छु, स्वीकार गर्नुहोस् । (नैवेद्य अर्पण गर्दा **चन्द्रमा मनसो जात॰** मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।३१।।

फलम्

नारिकेलफलं द्राक्षां रसालं दाडिमं शुभम् ।
फलं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।३२।।
अथवा **नाभ्या॰** ।

पुष्प – नरीवल, दाख, आँप र दाडिम आदि विभिन्न जातका यी फल हजुरलाई टक्र्याउँदैछु, हजुरले स्वीकार गर्नुहोस्। (पुष्प अर्पण गर्दा **नाभ्या॰** इत्यादि मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।३२।।

ताम्बूलम्

क्रमुकैलालवङ्गादिनागवल्लीदलानि च ।
ताम्बूलं गृह्यतां देव ! सङ्कटं मे विनाशय ।।३३।।

ताम्बूल – सुपारी, अलैंची, ल्वाङ र पानको पातसमेत मिलाई तयार गरिएको यो ताम्बूल हजुरलाई टक्र्याउँदैछु, ग्रहण गरी मेरा सङ्कट निवारण गर्नुहोस् ।।३३।।

दक्षिणा

सर्वप्रीतिकरं देव ! हिरण्यं सर्वसिद्धिदम् ।
दक्षिणार्थं गृहाणेदं सङ्कटं मे विनाशय ।।३४।।
अथवा **हिरण्यगर्भ॰** ।

दक्षिणा – हे श्रीगणेश भगवान् ! सबैलाई राम्रो लाग्ने, सबै प्रकारका सिद्धि प्रदान गर्ने यो सुवर्ण द्रव्य दक्षिणाका रूपमा हजुरलाई अर्पण गर्दैछु, स्वीकार गर्नुहोस् र मेरा सङ्कट नाश गर्नुहोस् । (दक्षिणा अर्पण गर्दा **हिरण्यगर्भ॰** इत्यादि मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।) ।।३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकविंशतिदूर्वाङ्कुरसमर्पणम्

ततो दूर्वाङ्कुरान् गृह्य विंशत्येकञ्च भक्तितः ।
एभिर्नामपदैर्देवमर्चयेत् सुसमाहितः ।।३५।।

दूर्वार्पणमन्त्राः -

गणाधिपतये नमः ।।१।।

उमापुत्राय नमः ।।२।।

अघनाशनाय नमः ।।३।।

एकदन्ताय नमः ।।४।।

इभवक्त्राय नमः ।।५।।

मूषकवाहनाय नमः ।।६।।

विनायकाय नमः ।।७।।

ईशपुत्राय नमः।।८।।

सर्वसिद्धिप्रदाय नमः ।।९।।

लम्बोदराय नमः ।।१०।।

वक्रतुण्डाय नमः ।।११।।

मोदकप्रियाय नमः।।१२।।

विघ्नविध्वंसकर्त्रे नमः।।१३।।

विश्ववन्द्याय नमः ।।१४।।

अमरेशाय नमः ।।१५।।

गजकर्णाय नमः ।।१६।।

नागयज्ञोपवीतिने नमः ।।१७।।

भालचन्द्राय नमः ।।१८।।

दूर्वार्पण – दक्षिणा टक्र्याएपछि एक्काइसवटा दूर्वाङ्कुर हातमा लिएर तल लेखिएका नामहरूबाट एकाग्र भई भक्तिपूर्वक भगवान् श्रीगणेशलाई अर्पण गर्नुपर्दछ। **१. गणाधिपतये नमः** (गणका अधिपतिलाई नमस्कार गर्दछु), **२. उमापुत्राय नमः** (पार्वतीका पुत्र श्रीगणेशलाई नमस्कार गर्दछु), **३. अघनाशनाय नमः** (पापनाश गर्ने श्रीगणेशलाई नमस्कार गर्दछु), **४. एकदन्ताय नमः** (एउटा दाँतले सुहाउनुभएका श्रीगणेशलाई नमस्कार गर्दछु), **५. इभवक्त्राय नमः** (हात्तीको अनुहारले सुहाउनुभएका भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **६. मूषकवाहनाय नमः** (मूसाको वाहनमा सवार हुनुहुने भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **७. विनायकाय नमः** (जसको अरू कुनै नायक छैन अर्थात् आफू नै सबैका नायक हुनुहुन्छ, त्यस्ता सर्वशक्तिमान् भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **८. ईशपुत्राय नमः** (संसारका स्वामी कैलासपति शिवजीका पुत्र भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **९. सर्वसिद्धिप्रदाय नमः** (सबै प्रकारका सिद्धि प्रदान गर्ने श्रीगणेशलाई नमस्कार गर्दछु), **१०. लम्बोदराय नमः** (ठूलो पेट धारण गर्नुहुने श्रीगणेशलाई नमस्कार गर्दछु), **११. वक्रतुण्डाय नमः** (बाङ्गो आकार गराएर मुखको शोभा प्रकट गर्नुहुने श्रीगणेशलाई नमस्कार गर्दछु), **१२. मोदकप्रियाय नमः** (नैवेद्यको रूपमा लड्डूलाई अत्यन्त मन पराउनुहुने श्रीगणेशलाई नमस्कार गर्दछु), **१३. विघ्नविध्वंसकाय नमः** (विघ्नको ध्वंस गर्ने भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **१४. विश्ववन्द्याय नमः** (सम्पूर्ण संसारका प्राणीहरूद्वारा प्रणाम गरिनुहुने भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **१५. अमरेशाय नमः** (देवताहरूका अधिपति र परमेश्वर भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु) **१६. गजकर्णाय नमः** (हात्तीका जस्ता ठूला-ठूला कान धारण गर्नुहुने भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **१७. नागयज्ञोपवीतिने नमः** (शेषनागलाई यज्ञोपवीतका रूपमा धारण गर्नुहुने भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **१८. भालचन्द्राय नमः** (निधारमा चन्द्रमा धारण गर्नुहुने भगवान् श्रीगणेशलाई नमस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परशुधारिणे नमः ।।१९।।

विघ्नाधिपाय नमः ।।२०।।

विद्याप्रदाय नमः ।।२१।।

नीराजनम्

कर्पूरानलसंयुक्तं शेषाघौघविनाशनम् ।
नीराजनं गृहाणेश ! सङ्कटान्मां विमोचय ।।३६।।
अथवा आरात्रिपार्थिवम्० ।

पुष्पाञ्जलिः

चम्पकाशोकबकुलपारिजातभवैः शुभैः ।
पुष्पाञ्जलिं गृहाणेमां सङ्कटान्मां विमोचय ।।३७।।
अथवा यज्ञेन यज्ञ० ।

स्तुतिः

त्वमेव विश्वं सृजसीभवक्त्र !
त्वमेव विश्वं परिपासि देव !।
त्वमेव विश्वं हरसेऽखिलेश !
त्वमेव विश्वात्मक ! आविभासि ।।३८।।

नमस्काराः

नमामि देवं गणनाथमीशं
विघ्नेश्वरं विघ्नविनाशदक्षम् ।
भक्तार्तिहं भक्तविमोक्षदक्षं
विद्याप्रदं वेदनिधानमाद्यम् ।।३९।।

प्रदक्षिणा

एवं स्तुवीत विधिवत् प्रणमेत पुनः पुनः ।
प्रदक्षिणां प्रकुर्वीत यथाशक्त्यैकविंशतिम् ।।४०।।

प्रार्थना

ये त्वामसम्पूज्य गणेश ! नूनं
वाञ्छन्ति मूढा विहितार्थसिद्धिम् ।
त एव नष्टा नियतं हि लोके
ज्ञातो मया ते सकलः प्रभावः ।।४१।।

गर्दछु), **१९. परशुधारिणे नमः** (हातमा बञ्चरो धारण गर्नुहुने भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **२०. विघ्नाधिपाय नमः** (विघ्नहरूका स्वामी भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु), **२१. विद्याप्रदाय नमः** (सम्पूर्ण विद्या प्रदान गर्नुहुने भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु) ।।३५।।

आरती – कपूर र अग्निको ज्योतिले सम्पन्न सबै प्रकारका पापहरू नाश गर्ने यो आरतीको ज्योति हजुरले ग्रहण गर्नुहोस् र मलाई सङ्कटबाट मुक्त गर्नुहोस्।(आरती अर्पण गर्दा **आरात्रिपार्थिवम्०** इत्यादि मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।३६।।

पुष्पाञ्जलि – चम्पक, अशोक, वकुल, पारिजात आदि वृक्षहरूका फूलहरूबाट गरिएको यो पुष्पाञ्जली–अर्पण हजुरले ग्रहण गर्नुहोस् र मलाई सङ्कटबाट मुक्त गर्नुहोस् । (पुष्पाञ्जली अर्पण गर्दा यज्ञेनयज्ञ० इत्यादि मन्त्रको पनि प्रयोग गर्न सकिन्छ।)।।३७।।

स्तुति – हे श्रीगणेश देव ! हजुरले नै संसारको रचना गर्नुहुन्छ । हे गजानन ! हजुरले नै संसारको पालन गर्नुहुन्छ । हे संसारका अधिपति ! हजुरले नै संसारको संहार पनि गर्नुहुन्छ। हे देवदेव ! हजुर नै विश्वरूप भएर विराजमान हुनुहुन्छ ।।३८।।

नमस्कार – सम्पूर्ण संसारका स्वामी, गणहरूका नाथ, विघ्नहरूका स्वामी, विघ्नविनाश गर्ने कार्यमा कुशल, भक्तका पीर–मर्का नाश गर्नुहुने, भक्ति गर्ने मानिसहरूलाई मोक्ष प्रदान गर्न निपुण, विद्यादाता र वेदका ज्ञाता श्रीगणेशलाई नमस्कार गर्दछु ।।३९।।

प्रदक्षिणा– स्तुति र नमस्कार आदि गरेपछि भक्तले श्रीगणेशलाई बारबार प्रणाम गर्नुपर्दछ । त्यसपछि एक्काइस पटक भगवान् श्रीगणेशको प्रदक्षिणा गर्नुपर्दछ अथवा एक्काइस पटक प्रदक्षिणा गर्न नसक्नेले यथाशक्ति प्रदक्षिणा गरे हुन्छ।।४०।।

प्रार्थना – हे भगवन् श्रीगणेश ! जुन मूर्ख मानिसले हजुरको आराधना नगरीकन आफूले गरेका कार्यको सिद्धि चाहन्छन् ती वास्तवमा आफै नष्ट भएर जान्छन्, यो निश्चित तथ्य हो । म हजुरको सम्पूर्ण प्रभाव जान्दछु ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायनम्

आचार्यस्त्वं द्विजाध्यक्ष ! सर्वसिद्धिप्रदायक ! ।
वायनं गृह्यतां ब्रह्मन् ! सङ्कटान्मां निवारय ।।४२।।

विशेषार्घ्यम्

फलपुष्पाक्षतैर्युक्तं जलं ते दक्षिणान्वितम् ।
विशेषार्घ्यं मया दत्तं सङ्कटान्मां निवारय ।।४३।।

। इति षोडशोपचारार्चनम् ।

गणेशमन्त्रार्चनम्

ॐ नमो हेरम्ब मदमोदित मम सङ्कटं निवारय स्वाहा।
इन्द्रादि लोकपालाँश्च समन्तात् पूजयेत् सुधीः ।।४४।।

पक्वमुद्गतिलैर्युक्तान् मोदकान् घृतपाचितान् ।
भक्ष्यान्यन्यानि ताम्बूलं यथाशक्ति प्रकल्पयेत् ।।४५।।

ततो दूर्वाङ्कुरान् गृह्य विंशत्येकञ्च भक्तितः ।
एभिर्नामपदैर्देवमर्चयेत् सुसमाहितः ।।४६।।

गणाधिप! नमस्तुभ्यमुमापुत्राभयप्रद ! ।
एकदन्तेभवक्त्रेति तथा मूषकवाहन ! ।।४७।।

विनायकेशपुत्रेति सर्वसिद्धिप्रदायक ! ।
लम्बोदर ! नमस्तुभ्यं वक्रतुण्डाघनाशन ! ।।४८।।

विघ्नविध्वंसकर्तेति विश्ववन्द्यामरेश्वर ! ।
गजवक्र ! नमस्तुभ्यं नागयज्ञोपवीतिने ।।४९।।

वायन – हे आचार्यवर श्रीगणेश ! हजुर ब्राह्मणहरूका स्वामी हुनुहुन्छ र सिद्धिदाता पनि । म हजुरलाई मीठा पक्वान्न र शृङ्गारको सामग्री चढाउँछु। मलाई सङ्कटबाट मुक्त गर्नुहोस्।।४२।।

विशेष अर्घ्य – हे भगवन् श्रीगणेश ! मैले हजुरलाई फल, फूल, अक्षताले युक्त दक्षिणासमेत रहेको यो जल विशेष अर्घ्यको रूपमा टक्र्याउँछु। मलाई सङ्कटबाट मुक्त गर्नुहोस्।।४३।। यसरी षोडशोपचारले पूजा गरेपछि तलको मन्त्रले श्रीगणेशको फेरि मन्त्रपूजा गर्नुपर्दछ ।

मन्त्रद्वारा श्रीगणेशको पूजा – मन्त्र – ॐ नमो हेरम्ब मदमोहित मम सङ्कटं नाशय स्वाहा यो भगवान् श्रीगणेशको पवित्र मन्त्र हो। यसको यथशक्ति जप गर्नुपर्दछ। यसपछि बुद्धिमान् साधकले श्रीगणेशमूर्तिका चारैतिर इन्द्र आदि दश लोकपालहरूको पूजा गर्नुपर्दछ ।।४४।। पूजापछि भगवान् श्रीगणेशलाई पाकेको मुगी, मास र तिलले युक्त घ्यूमा पकाएको लड्डू र अन्य नैवेद्यहरू शक्तिअनुसार अर्पण गर्नुपर्दछ । त्यसपछि ताम्बूल टक्र्याउनुपर्दछ। ताम्बूल टक्र्याएपछि भक्तिपूर्वक एक्काइस वटा दूर्वाङ्कुर हातमा लिएर तल लेखिएका नामहरू उच्चारण गर्दै क्रमशः एकाग्र भएर पूजा गर्नुपर्दछ ।।४५-४६।।

१- हे गणाधिप! हजुरलाई नमस्कार छ (गणाधिपाय नमः)
२- हे अभयदाता! हजुरलाई नमस्कार छ (अभयप्रदाय नमः)
३- हे उमापुत्र ! हजुरलाई नमस्कार छ (उमापुत्राय नमः)
४- हे एकदन्त ! हजुरलाई नमस्कार छ (एकदन्ताय नमः)
५- हे इभानन ! हजुरलाई नमस्कार छ (इभाननाय नमः)
६- हे मूषकवाह! हजुरलाई नमस्कार छ (मूषकवाहनाय नमः)
७- हे विनायक ! हजुरलाई नमस्कार छ (विनायकाय नमः)
८- हे ईशपुत्र ! हजुरलाई नमस्कार छ (ईशपुत्राय नमः)
९- हे सर्वसिद्धिदाता ! हजुरलाई नमस्कार छ (सर्वसिद्धिप्रदाय नमः)
१०- हे लम्बोदर ! हजुरलाई नमस्कार छ (लम्बोदराय नमः)
११- हे वक्रतुण्ड! हजुरलाई नमस्कार छ (वक्रतुण्डाय नमः)
१२- हे पापनाशक! हजुरलाई नमस्कार छ (अघनाशनाय नमः)
१३- हे विघ्नविध्वंसक ! हजुरलाई नमस्कार छ (विघ्नविध्वंसकाय नमः)
१४- हे विश्ववन्द्य! हजुरलाई नमस्कार छ (विश्ववन्द्याय नमः)
१५- हे अमराधिप! हजुरलाई नमस्कार छ (अमराधिपाय नमः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भालचन्द्र ! नमस्तुभ्यं नमः परशुधारिणे ।
विघ्नाधिप ! नमस्तुभ्यं सर्वविद्याप्रदायक ।।५०।।

एवं सम्पूजयेद् देवं दूर्वाभिश्च पृथक् पृथक् ।
यदुद्दिश्य कृतं सम्यग् यथाशक्ति प्रपूजनम् ।।५१।।

तेन तुष्टो भवाशु त्वं हृत्स्थान् कामान् प्रपूरय ।
विघ्नान् नाशय मे सर्वान् दुष्टाँश्च समुपस्थितान् ।।५२।।

त्वत्प्रसादेन सर्वाणि कार्याणीह करोम्यहम् ।
शत्रूणां बुद्धिनाशञ्च मित्राणामुदयं कुरु ।।५३।।

इति विज्ञाप्य देवेशं प्रणिपत्य पुनः पुनः ।
ततो होमं प्रकुर्वीत शतमष्टोत्तरं व्रती ।।५४।।

मोदकैर्वायनं कार्यं व्रतसम्पूर्तिहेतवे ।
लड्डूकैर्वटकाद्यैर्वा त्रिसप्तफलसंयुतम् ।।५५।।

रक्तवस्त्रेण सञ्छाद्य स्वाचार्याय निवेदयेत् ।
गणाधिप ! नमस्तुभ्यं सर्वसङ्कल्पसिद्धिद ! ।।५६।।

वायनस्य प्रदानेन सङ्कटान्मां निवारय ।

तिथ्यर्घ्यम्

कथां श्रुत्वा ततः पुण्यां दद्यादर्घ्यं समाहितः ।।५७।।

तिथीनामुत्तमे ! देवि ! गणेशप्रियवल्लभे ! ।
सङ्कटं हर मे देवि ! गृहाणार्घ्यं नमोऽस्तु ते ।।५८।।

देवार्घ्यम्

लम्बोदर ! नमस्तुभ्यं सततं मोदकप्रिय ! ।
सङ्कटं हर मे देव ! गृहाणार्घ्यं नमोऽस्तु ते ।।५९।।

चन्द्रार्घ्यम्

चन्द्राय सप्तवारन्तु मन्त्रेणानेन पार्थिव !।
क्षारोदार्णवसम्भूत ! अत्रिगोत्रसमुद्भव ! ।
गृहाणार्घ्यं मया दत्तं रोहिण्या सहितः शशिन् ।।६०।।

१६- हे गजवक्त्र! हजुरलाई नमस्कार छ (**गजवक्त्राय नमः**)
१७- हे सर्पलाई यज्ञोपवीतका रूपमा धारण गर्ने हे गजानन! हजुरलाई नमस्कार छ (**नागयज्ञोपवीतिने नमः**)
१८- हे भालचन्द्र! हजुरलाई नमस्कार छ (**भालचन्द्राय नमः**)
१९- हे परशुधारी श्रीगणेश! हजुरलाई नमस्कार छ (**परशुधारिणे नमः**)
२०- हे विघ्नाधिप! हजुरलाई नमस्कार छ (**विघ्नाधिपाय नमः**)
२१- हे सर्वविद्यादाता! हजुरलाई नमस्कार छ (**सर्वविद्याप्रदायकायं नमः**) ।।४७-५०।।

यसरी छुट्टाछुट्टै दूर्वाङ्कुरद्वारा भगवान् श्रीगणेशको पूजा गर्नुपर्दछ। मैले जुन उद्देश्य लिएर यथाशक्ति हजुरको पूजा गरें, यसबाट हजुर छिटै प्रसन्न हुनुहोस् र मेरा हृदयमा रहेका सबै इच्छालाई परिपूर्ण तुल्याउनुहोस् । सबै विघ्नहरूका साथै मेरा दुष्टहरूको पनि नाश गरिदिनुहोस् ।।५१-५२।। हजुरको कृपाबाट म यो संसारमा सम्पूर्ण कर्तव्यपालन गर्न समर्थ हुनसकूँ। हजुरले मेरा शत्रुहरूको बुद्धिनाश गर्नुहोस् र मित्रहरूको उदय गराउनुहोस् ।।५३।। यसरी भगवान्लाई आफ्ना मनका भावनाहरू समर्पण गरेर बारबार प्रणाम गरेपछि साधकले १०८ सङ्ख्यामा होम गर्नुपर्दछ ।।५४।। व्रतको पूर्णताका लागि एक्काइस लड्डू अथवा वटुक तयार गरी रातो कपडाले ढाकेर वायन(उपहार)का रूपमा आचार्यलाई निवेदन गर्नुपर्दछ ।।५५।। सबै प्रकारका सङ्कल्पहरूलाई सिद्धि प्रदान गर्नुहुने हे भगवन् श्रीगणेश ! हजुरलाई नमस्कार छ ।।५६।। म उपहार टक्र्याउँदैछु। मलाई सङ्कटबाट मुक्त गर्नुहोस् भनी प्रार्थना गर्नुपर्दछ । यसरी प्रार्थना गर्दै वायन चढाएपछि श्रीगणेशको महिमा बताउने कथा सुनेर तिथिलाई अर्घ्य चढाउनु पर्दछ ।।५७।।

तिथिलाई अर्घ्य - श्रीगणेशका लागि अत्यन्त प्यारो लाग्ने हे चतुर्थी तिथि ! तिमीले मेरो सङ्कट निवारण गर। म अर्घ्य टक्र्याउँछु, स्वीकार गर। तिमीलाई मेरो नमस्कार छ।।५८।।

श्रीगणेशलाई अर्घ्य - हे मोदकप्रिय भगवान् श्रीगणेश! हजुरलाई मेरो नमस्कार छ । मेरो सङ्कट हरण गर्नुहोस्। म प्रणाम गर्दै हजुरलाई अर्घ्य अर्पण गर्दछु ।।५९।।

चन्द्रलाई अर्घ्य - अत्रिगोत्रमा उत्पन्न हुनुभएका, क्षीरसागरबाट उदाउनुभएका, रोहिणीका साथमा सुहाउनु हुने हे चन्द्रमा ! मैले अर्पण गरेको अर्घ्य ग्रहण गर्नुहोस् ।।६०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः क्षमापयेद् देवं ततो विप्राँश्च भोजयेत् ।

स्वयं भुञ्जीत तच्छेषं ब्राह्मणेभ्यो यदर्पितम् ।।६१।।

सप्तग्रासान् मौनयुक्तो यथाशक्त्या यथासुखम् ।

इत्थं कुर्यात् तु मासेषु चतुर्ष्वपि विधानतः ।।६२।।

त्यसपछि साधकले भगवान् श्रीगणेशसँग क्षमायाचना गर्नुपर्दछ। क्षमायाचनपछि ब्राह्मणलाई भोजन गराई आफूले भोजन गर्नुपर्दछ। आफूले भोजन गर्दा ब्राह्मणभोजनमा बाँकी रहेको शेष भोजनलाई भगवान्को प्रसाद मानेर ग्रहण गर्नुपर्दछ । यजमानले भोजन गर्दा सात गाससम्म केही नबोली खानुपर्दछ। त्यसपछि अरू भोजन आनन्दपूर्वक आफ्नो शक्तिअनुसार ग्रहण गर्नुपर्दछ । यस किसिमबाट लगातार चार महिनासम्म विधिपूर्वक व्रत गर्नुपर्दछ ।।६१-६२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे सङ्कष्टचतुर्थीव्रतान्तर्गतपूजाविधिर्नामैकोनसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सङ्कष्टचतुर्थी व्रतमा गरिने पूजाविधिको निरूपण' शीर्षकान्वित उनान्सत्तरीऔं अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्ततितमोऽध्यायः { ७० अध्याय }

राजोवाच

व्रतं पुरा कृतं केन भुवि केन प्रकाशितम् ।
किं पुण्यं किं फलञ्चास्य कारुण्याद् वद मे प्रभो ।।१।।

ब्रह्मोवाच

पुरा स्कन्दे गते चैव पार्वत्यैव कृतं द्रुतम् ।
चतुर्ष्वपि च मासेषु शिववाक्येन पार्थिव ।।२।।

पञ्चमे मासि दृष्टस्तु कार्तिकेयो ह्यपर्णया ।
अगस्त्येन कृतं पूर्वं समुद्रं पातुमिच्छता ।।३।।

त्रिषु मासेषु विघ्नेशप्रसादात् पीतवानमुम् ।
षण्मासावधि राजेन्द्र दमयन्त्या पुरा कृतम् ।।४।।

नलमन्वेषयन्त्या तु ततो दृष्टो नलस्तया ।
प्रद्युम्नस्य सुतं राजँश्चित्रलेखाऽनयत् पुरा ।।५।।

क्व गतः केन नीतो वा इति शोचन्तमाकुलम् ।
प्रद्युम्नं पुत्रशोकार्ता रुक्मिणी प्रत्यभाषत ।।६।।

शृणु पुत्र ! प्रवक्ष्यामि यद् व्रतं स्वस्य मन्दिरे ।
शम्बरेण पुराऽऽनीते बालके त्वयि षड्दिने ।।७।।

त्वद्वियोगजदुःखेन हृदयं मे व्यदूयत ।
कदा द्रक्ष्याम्यहं पुत्रमपूर्वमतिसुन्दरम् ।।८।।

अन्यस्त्रीणां सुतं दृष्ट्वा मम चेतसि जायते ।
ममापि भविता पुत्रः समोऽनेन प्रमाणतः ।।९।।

इति चिन्ताकुलाया मे गतान्यब्दानि भूरिशः ।
ततो मे दैवयोगात् तु लोमशो मुनिरागतः ।।१०।।

तेनोपदिष्टं सङ्कष्टचतुर्थीव्रतमुत्तमम् ।
सर्वचिन्ताहरं पुत्र ! चतुर्वारं कृतं मया ।।११।।

तत्प्रसादात् त्वमायातो हत्वा शम्बरमाहवे ।
त्वमप्येतत् कुरु व्रतं ततो ज्ञास्यसि तं सुतम् ।।१२।।

राजाले भने - यो सङ्कष्टचतुर्थीको व्रत पहिले कसले गऱ्यो र संसारमा यसलाई कसले फैलायो ? यो व्रत सम्पन्न गर्दा कस्तो पुण्य र कस्तो फल प्राप्त हुन्छ ? यसबारे मलाई वताउनुहोस् ।।१।।

ब्रह्माजीले भन्नुभयो - हे राजन्! प्राचीन समयमा स्वामी कार्तिकेय घर छाडेर अज्ञात स्थानमा जानु हुँदा छोराको दर्शन नपाएर छट्पटिएकी पार्वतीले शिवजीको उपदेशबाट चार महिनासम्म यो व्रत गर्नुभयो ।।२।। पाँचौं महिना लाग्दा उहाँले आफ्ना प्यारा पुत्र कार्तिकेयको दर्शन पाउनुभयो । समुद्रको पान गर्न चाहने ऋषि अगस्त्यले तीन महिनासम्म यो व्रत गरेपछि श्रीगणेशको कृपाबाट समुद्रपान गरेका थिए । हे राजन्! राजा नलको खोजीमा लागेकी दमयन्तीले छ महिनासम्म यो व्रत गरिन् । त्यसपछि उनले पनि आफ्ना प्यारा पति नलको दर्शन पाएकी थिइन् । प्रद्युम्नका छोरा अनिरुद्धलाई चित्रलेखाले बाणासुरको नगरमा पुऱ्याएकी थिइन् ।।३-५।। मेरो छोरा कहाँ गयो ? कसले लग्यो ? भनी व्याकुल भएका प्रद्युम्नलाई रुक्मिणीले भनिन् - हे छोरा ! मैले आफै घरमा बसी जुन व्रत गरें, त्यस विषयमा सुन । तिमी छ दिनको हुँदा शम्बरासुरले तिम्रो अपहरण गऱ्यो ।।६-७।। तिम्रो वियोगबाट म साह्रै व्याकुल भएँ । त्यस बेला अरू नारीहरूका छोरा-छोरी देखेर मेरो मनमा कहिले मैले अत्यन्त प्यारो छोराको मुख हेर्न पाउली भन्ने भावना आउँथ्यो । मेरो छोरा पनि यत्तिकै ठूलो भयो होला भन्ने चिन्ता गर्दागर्दै मेरा कैयन वर्ष बिते । त्यसपछि भाग्यको संयोगबाट कुनै दिन मेरो घरमा लोमश ऋषि आउनुभयो ।।८-१०।। उहाँले मलाई चिन्तानाश गर्ने सङ्कष्टचतुर्थीको महान् व्रतको विषयमा उपदेश गर्नुभयो । उहाँको उपदेशबाट मैले चार पटकसम्म दोहोऱ्याएर यो व्रत सम्पन्न गरें । यस व्रतको प्रभावबाट तिमी शम्बरासुरलाई युद्धमा मारेर द्वारका फर्केका थियौ । तिमीले पनि यो व्रत गर। त्यसपछि आफ्ना छोरा अनिरुद्धको विषयमा सबै कुरा थाहा पाउने छौ ।।११-१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

प्रद्युम्नेन कृतं पूर्वं गणनाथसुतोषकम् ।
श्रुतो बाणासुरपुरे निरुद्धो नारदात् पुरा ।।१३।।

उद्धवस्याज्ञया कृष्णः कृतवान् व्रतमुत्तमम् ।
भीत ईश्वरसङ्ग्रामादेकवारं यथाविधि ।।१४।।

गत्वा स शोणितपुरं जित्वा बाणासुरं मृधे ।
आनीत उषया सार्द्धमनिरुद्धः क्षणान्नृपः ।।१५।।

मयाऽपि सृष्टिकामेन कृतमेतन्नृपोत्तम ! ।
कृता नानाविधा सृष्टिर्व्रतस्यास्य प्रभावतः ।।१६।।

अन्यैर्देवासुरनरैः कृतं विघ्नोपशान्तये ।
ऋषिभिर्दानवैर्यक्षैः किन्नरोरगराक्षसैः ।।१७।।

आपद्यपि च कष्टायां कुर्यात् तच्छान्तये व्रतम् ।
नानेन सदृशं लोके सर्वसिद्धिकरं व्रतम् ।।१८।।

तपो दानं जपस्तीर्थं मन्त्रो विद्या न च क्वचित् ।
इमां श्रुत्वा कथां राजन् ! स्वयं भुञ्जीत वाग्यतः ।।१९।।

जानुमध्ये करं कृत्वा गणेशं हृदि चिन्तयेत् ।
द्विजातीनाञ्च यच्छेषं भोक्तव्यं सह बान्धवैः ।।२०।।

कार्यं बह्वल्पमासैस्तु सिद्ध्यते नात्र संशयः ।
बहुनात्र किमुक्तेन नान्यत् स्याच्छीघ्रसिद्धिदम् ।।२१।।

नोपदेश्यमभक्ताय नास्तिकाय शठाय च ।
देयं पुत्राय शिष्याय भक्तियुक्ताय साधवे ।।२२।।

मम प्रियोऽसि राजेन्द्र ! धर्मिष्ठः क्षत्रियर्षभः ।
कार्यकर्ताऽसि लोकानामुपदिष्टमथो व्रतम् ।।२३।।

तस्मात् सर्वव्रतेष्वेतत् कर्तव्यं प्रथमं त्वया ।
सिद्धिं यास्यन्ति कार्याणि नान्यथा भाषितं मया ।।२४।।

ब्रह्माजीले भन्नुभयो - यसरी रुक्मिणीको आज्ञा पाएर प्रद्युम्नले भगवान् श्रीगणेशलाई प्रसन्न तुल्याउने यो व्रत सम्पन्न गरे । व्रतका प्रभावले तिनले नारद मुनिका मुखबाट अनिरुद्ध बाणासुरको नगरमा रहेको कुरा थाहा पाए ।।१३।। उद्धवको आज्ञा लिएर भगवान् कृष्णले पनि शिवजीसँग सङ्ग्राम गर्न नपरोस् भनी विधिपूर्वक यो उत्तम व्रत गर्नुभएको थियो । त्यसपछि उहाँ शोणितपुर गएर युद्धमा बाणासुरलाई जिती एक छिन्मा नै उषा र अनिरुद्धलाई लिएर द्वारका फर्कनुभएको थियो ।।१४-१५।। हे राजन् ! सृष्टि गर्न चाहने मैले पनि यो व्रत सम्पन्न गरेको छु । यसै व्रतका प्रभावले मैले अनेक थरि सृष्टि गरें । देवता, ऋषि, मानिस, दानव, यक्ष, किन्नर, नाग र राक्षसहरूले पनि विघ्नशान्तिका लागि यो व्रत गरेका थिए ।।१६-१७।। मानिसहरूले अत्यन्त ठूलो आपत्ति आइलाग्दा त्यसको निवारणका लागि यो व्रत गर्नुपर्दछ। यो समान सर्वसिद्धिदायक व्रत संसारमा अरू कुनै पनि छैन।।१८।। यस व्रतका सामु तपस्या, दान, जप, तीर्थ, मन्त्रानुष्ठान र विद्यासाधना कुनैको पनि महत्त्व छैन । साधकले श्रीगणेशको यो व्रत सम्पन्न गरेपछि कथा सुनेर मौन भई भोजन गर्नुपर्दछ।।१९।। दुइवटा घुँडाको बीचमा हात राखेर श्रीगणेशलाई हृदयमा चिताउनुपर्दछ । ब्राह्मणभोजन गराउँदा शेष रहेको भोजन आफ्ना बन्धुहरूका साथमा बसेर खानु पर्दछ ।।२०।। आफूले जुन कार्यको सिद्धिका लागि यो व्रत गरिएको छ, त्यो कार्य थोरै धेरै महिनामा अवश्य सिद्ध हुन्छ । यसमा कुनै पनि सन्देह छैन । यस व्रतको महिमाको विषयमा धेरै के भनूँ - यो समान छिटो सिद्धि दिने अरू कुनै व्रत छैन ।।२१।। यस व्रतको उपदेश नास्तिक र दुर्जनलाई गर्न हुँदैन । यसको उपदेश भक्तिभावनाले प्रेरित भएका, सज्जन छोरा, शिष्य र बन्धु-बान्धवहरूलाई गर्नुपर्दछ ।।२२।। हे राजा! तपाइँ मेरा प्यारा हुनुहुन्छ, धर्मात्मा क्षत्रिय हुनुहुन्छ र संसारको कल्याण गर्ने काममा जुट्नु हुन्छ । तसर्थ मैले तपाइँलाई उत्तम अधिकारी ठानेर यो व्रतको उपदेश गरेको हुँ ।।२३।। तपाइँले सबै व्रतहरूभन्दा पहिले यस व्रतको अनुष्ठान गर्नुहोस्। यसबाट तपाइँका कार्यहरू सिद्ध हुनेछन्। मैले अन्यथा बोलेको छैन।।२४।। नारी अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदा यदा पश्यति कार्यमुद्यतं
नारी नरो वा विदधातु सद्व्रतम् ।
सिद्ध्यन्ति कार्याणि मनीषितानि
किन्दुर्लभं विघ्नहरे प्रसन्ने ।।२५।।

पुरुषले जब जब कुनै कार्य सिद्ध गर्नुपर्ने हुन्छ, तब तब यो व्रत गर्नुपर्दछ । यसबाट आफूले चाहेका कार्यहरू सिद्ध हुन्छन् र भगवान् विघ्ननाशक प्रसन्न हुनुहुन्छ । उहाँ प्रसन्न भएपछि संसारमा कुनै पनि कुरा दुर्लभ हुँदैन ।।२५।।

सूत उवाच

इत्थं स श्रुत्वा विधिवन्नृपोत्तमो
व्रतं चकाराऽखिलदुःखशान्तये ।
व्रतप्रभावाज्जितवान् स वैरिणो
बुभोज राज्यं स सुतैरकण्टकम् ।।२६।।

सूतजीले भन्नुभयो – कृतवीर्य राजाले ब्रह्माजीबाट विधिवत् उक्त व्रतको उपदेश पाएर सबै प्रकारका दुःखहरूको शान्तिका लागि यो व्रत सम्पन्न गरेका थिए । व्रतको प्रभावबाट तिनले आफ्ना वैरीहरूमाथि विजय प्राप्त गरे । पछि आफ्ना छोराहरूका साथ निष्कण्टक राज्यभोग गरे ।।२६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चतुर्थीव्रतोपाख्याने कृतवीर्यविजयो नाम सप्ततिमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सङ्कष्टचतुर्थी व्रतको प्रभावबाट कृतवीर्यको शत्रुमाथि विजय' शीर्षकान्वित सत्तरीऔँ अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकसप्ततितमोऽध्यायः { ७१ अध्याय }

राजोवाच

उद्यापनं कथं कार्यं व्रतस्याऽस्य महामते !
तन्मे विस्तरतो ब्रूहि लोकानां हितकाम्यया ।।१।।

ब्रह्मोवाच

प्रथमे मासि कर्तव्यं पञ्चमे सप्तमेऽथवा ।
उद्यापनं मनुष्येन्द्र ! व्रतसम्पूर्तिहेतवे ।।२।।

पूर्वोक्तेन विधानेन पूजयेद् भक्तिमान् नरः ।
पुष्पमण्डपिकां कृत्वा नानावस्त्रविचित्रिताम् ।।३।।

कृत्वा तु सर्वतोभद्रं नानारङ्गविचित्रितम् ।
पूजयेत् तत्र देवेशं कलशोपरि पूर्ववत् ।।४।।

चन्दनेन सुगन्धेन पुष्पैर्नानाविधैरपि ।
नारीकेलफलेनैव दद्यादर्घ्यं समाहितः ।।५।।

तिथीनामुत्तमे ! देवि ! गणेशप्रियवल्लभे !
सङ्कटं हर मे देवि ! गृहाणार्घ्यं नमोऽस्तु ते ।।६।।

लम्बोदर ! नमस्तुभ्यं सततं मोदकप्रिय !
सङ्कष्टं हर मे देव ! गृहाणार्घ्यं नमोऽस्तु ते ।।७।।

क्षीरोदार्णवसम्भूत ! अत्रिगोत्रसमुद्भव !
गृहाणार्घ्यं मया दत्तं रोहिण्या सहितः शशिन् ।।८।।

भोज्यं भक्ष्यञ्च लेह्यञ्च पेयञ्चोष्यं निवेदयेत् ।
फलैरन्यैश्च बहुभिस्तोषयेद् गणनायकम् ।।९।।

आचार्यं वरयेत् तत्र ऋत्विजश्चैकविंशतिम् ।
गणानान्त्वेति मन्त्रेण ह्ययुतं होममाचरेत् ।।१०।।

राजाले भने – बुद्धिमान्हरूका शिरोमणि हे विधाता! यस व्रतको उद्यापन कसरी गर्नुपर्छ ? यो कुरा लोकहितका लागि उपदेश गर्नुहोस् ।।१।।

ब्रह्माजीले भन्नुभयो – व्रतहरूको पूर्णताका लागि तिनको उद्यापन पहिलो अथवा पाँचौ अथवा सातौं महिनामा गर्नुपर्दछ।।२।। अघिल्लो अध्यायमा बताएको विधानअनुसार भक्तिमान् मानिसले श्रीगणेश भगवान्को पूजा गर्नुपर्दछ । पूजाका लागि अनेक वस्त्र र ध्वजा-पताकाहरूद्वारा राम्रो बनाइएको मन्दिर तयार भएपछि अनेक रङ्गहरूले सर्वतोभद्र तयार गर्नुपर्दछ। त्यसमाथि कलश राखेर कलशमाथि थालीमा भगवान्को प्रतिमा राखी शास्त्रोक्त विधिले श्रीगणेशको पूजा गर्नुपर्दछ । चन्दन, सुगन्ध र अनेक थरि पुष्प एवं नरीवल चढाएर पूजा गर्नुपर्दछ। एकाग्र भएर तिथि, चन्द्रमा र श्रीगणेशलाई अर्घ्य दिनुपर्दछ ।।३-५।। तिथिलाई अर्घ्य दिंदा तल लेखिएको प्रार्थना गर्नुपर्दछ - **तिथिको प्रार्थना**- हे श्रीगणेशकी पियारी, तिथिहरूमा उत्तम तिथि ! तिमीलाई नमस्कार छ । म तिमीलाई अर्घ्य टक्र्याउँदैछु। मेरो सङ्कट हरण गर ।।६।। **श्रीगणेशको प्रार्थना**- हे लम्बोदर! हजुरलाई नमस्कार छ । हे मोदकप्रिय श्रीगणेश ! म हजुरलाई अर्घ्य टक्र्याउँदैछु, यसलाई स्वीकार गरी मेरो सङ्कटनाश गर्नुहोस् ।।७।। **चन्द्रमाको प्रार्थना** - अत्रि गोत्रमा क्षीरसागरबाट उत्पन्न हुनुहुने रोहिणीसमेत सुहाउनुभएका हे चन्द्रमा ! म तपाईंलाई अर्घ्य टक्र्याउँदैछु, स्वीकार गर्नुहोस्।।८।। यसरी अर्घ्य दिएपछि भक्तले श्रीगणेशलाई चपाएर खाइने भक्ष्य पदार्थ, मीठा पक्वान्नका रूपमा खाइने भोज्य पदार्थ, पिएर ग्रहण गरिने पेय पदार्थ, चुसेर ग्रहण गरिने चोस्य पदार्थ र चाटेर ग्रहण गरिने लेह्य पदार्थ यी सबै प्रकारका पदार्थहरू निवेदन गर्नुपर्दछ। त्यसपछि अनेक थरि फल चढाएर श्रीगणेशलाई तृप्त र सन्तुष्ट तुल्याउनुपर्दछ ।।९।। यजमानले श्रीगणेशव्रतको उद्यापनका लागि एक जना आचार्य र एक्काइस जना ब्राह्मणको वरणी गर्नुपर्दछ। गणानान्त्वा० इत्यादि मन्त्रद्वारा दश हजार होम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा मूलमन्त्रेण सहस्त्रं वा तदर्धकम् ।
अष्टोत्तरशतञ्चापि बलिदानं ततश्चरेत् ।।११।।

पूर्णाहुतिं ततः कुर्याद् वसोर्धाराञ्च पातयेत् ।
होमशेषं समाप्यैवं ब्राह्मणान् भोजयेत् ततः ।।१२।।

वस्त्रयुग्मञ्च कलशान् दक्षिणासनसंयुतान् ।
तेभ्यो दद्याद् यथाशक्ति वित्तशाठ्यं न कारयेत्।।१३।।

आचार्यं पूजयेत् पश्चाद् वस्त्रालङ्करणादिभिः ।
तस्मै भुक्तवते दद्याद् वायनं फलसंयुतम् ।।१४।।

शूर्पं पायससम्पूर्णं रक्तवस्त्रेण वेष्टितम् ।
सौवर्णं तं गणाधीशं तस्मै दद्यात् सदक्षिणम् ।।१५।।

तिलानामाढकं दद्याद् व्रतसम्पूर्तिहेतवे ।
ततो गां कपिलां दद्यात् सवत्सां सविभूषणाम् ।।१६।।

ततः क्षमापयेद् विप्रान् विघ्नेशः प्रीयतामिति ।
व्रतस्योद्यापनं कृत्वा हयमेधफलं लभेत् ।।१७।।

कृतवीर्यपिता उवाच

एवं मे ब्रह्मणादिष्टं व्रतं लोकोपकारतः ।
तदेतत् कथितं तेऽद्य कुरु पुत्रार्थमादरात् ।।१८।।

इन्द्र उवाच

यथा यथा समादिष्टं पित्रा तेन महाव्रतम् ।
तथा तथा कृतं तेन कृतवीर्येण धीमता ।।१९।।

व्याख्याय कथितं सम्यक् पण्डितैर्व्रतमुत्तमम् ।
सिद्धिबुद्धियुतां मूर्तिं स्थाप्य काञ्चननिर्मिताम् ।।२०।।

महामण्डपिकामध्ये ब्राह्मणैः पठ्यते क्वचित् ।
क्वचित् पुराणं पाण्डित्यं क्वचिद् गायननर्तने ।।२१।।

गर्नुपर्दछ । अथवा मूल मन्त्रले एक हजार अथवा पाँच सय सङ्ख्यामा हवन गर्नुपर्दछ। यो पनि सम्भव नभएमा एक सय आठ सङ्ख्यामा हवन गर्नुपर्दछ । हवनपछि बलि दिएर पूर्णाहुति हवन गर्दै वसुधाराको काम सम्पन्न गर्नुपर्दछ । शेषहोम सम्पन्न गरेपछि ब्राह्मणभोजन गराउनुपर्दछ ।।१०-१२।। ती ब्राह्मणहरूलाई एक-एक जोडा वस्त्र, कलश, आसन र दक्षिणा दिनुपर्दछ । दक्षिणा आदि पदार्थ यथाशक्ति दिनुपर्दछ। दाताले दान दिंदा छुच्याइँ गर्न हुँदैन । ब्राह्मणहरूको सम्मानपछि बहुमूल्य वस्त्र अलङ्कारद्वारा आचार्यको सम्मान गर्नुपर्दछ । आचार्यले भोजन गरेपछि तिनलाई फलसहित वायन (उपहार) टक्र्याउनु-पर्दछ।।१३-१४।। रातो वस्त्रले ढाकिएको खीरसमेत रहेको सुनको सुपो (नाङ्लो) दक्षिणासहित आचार्यलाई दिनुपर्दछ। व्रत पूर्ण होस् भन्ने कामना राखी एक पाथी तिल दान गर्नुपर्दछ। त्यसपछि अलङ्कारद्वारा सजिएकी र बाच्छो रहनाले सुहाएकी कपिला गाई ब्राह्मणलाई दिनुपर्दछ ।।१५-१६।। गोदानपछि ब्राह्मणहरूसँग क्षमायाचना गरी 'हजुरहरूको कृपाबाट ममाथि भगवान् श्रीगणेश प्रसन्न हुनुहोस्' भनी प्रार्थना गर्नुपर्दछ । साधकले व्रतको उद्यापन सकेर अश्वमेध यज्ञको फल प्राप्त गर्दछ।।१७।।

कृतवीर्यका पिताले भने - यसरी मलाई ब्रह्माजीले लोकको उपकारको भावना राखेर व्रतको उपदेश गर्नुभएको थियो । आज मैले तिमीलाई पुत्र प्राप्त होस् भन्ने आशयले यस व्रतको उपदेश गरें । अब तिमीले पुत्रप्राप्तिका लागि आदरपूर्वक यस व्रतको अनुष्ठान गर ।।१८।।

इन्द्रले भने - हे शूरसेन! आफ्ना पिताले जसरी महाव्रतको उपदेश गरेका थिए, त्यसैगरी कृतवीर्यले पनि सङ्कष्टचतुर्थीको व्रत सम्पन्न गरे ।।१९।। विद्वान्हरूले व्याख्या गरेर उक्त व्रतको रहस्य खुलाए । ठूलो वेदी बनाएर सिद्धि र बुद्धिले सहित सुवर्णको श्रीगणेशप्रतिमा स्थापित गरी पूजा गरेपछि ब्राह्मणहरूले स्वयं पनि पुराणपाठ गरे, कसैले प्रवचन गरे र कसैले नाचगान गरी गणेशप्रभुको आराधना गरे ।।२०-२१।। अनेक थरि बाजाहरूको वाद्यघोष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानाविधानां वाद्यानां ध्वनयो निर्गता दिवम् ।
विवदन्ते जना: क्वापि मध्यस्था: केचनाऽभवन् ।।२२।।

स तु राजा महाधीमान् जजाप परमं मनुम् ।
जप्त्वा हुत्वा पूजयित्वा भोजयित्वा द्विजान् बहून् ।।२३।।

गा ददावयुतं तेभ्योऽलङ्कृतेभ्यो ह्यलङ्कृत: ।
दीनान्धकृपणेभ्योऽन्नं ददौ दानान्यनेकश: ।।२४।।

सन्तुष्टानामाशिषं स पुत्रस्य जगृहे पुन:
तेषां द्विजानां तपतां सर्वदा सत्यवादिनाम् ।।२५।।

आशीर्भि: स्वल्पकालेन ससत्त्वाऽभून्नृपाङ्गना ।
सुषुवे शुभवेलायां पुत्रं लक्षणसंयुतम् ।।२६।।

ददौ दानान्यनेकानि पुत्रजन्मप्रहर्षित: ।
व्रतबन्धं विवाहञ्च काले तस्याऽकरोन्नृप: ।।२७।।

ज्ञानविज्ञानसम्पन्नं पुत्रं राज्येऽभिषिच्य च ।
सत्पुत्रो भोगसम्पन्नो जगामान्ते पदं विभो: ।।२८।।

ऋत्विग्भि: पण्डितै: सार्धं प्रेक्षकै: सकलैरपि ।
तस्य पुण्येन ते सर्वे गाणेशं धाम चागमन् ।।२९।।

गगनमण्डलमा व्याप्त भयो। त्यस बेला कतिपय मानिसहरू शास्त्रीय विधि-विधानका विषयमा तर्क-वितर्क गरिरहेका थिए । कुनै मानिसहरू तटस्थ मनोवृत्ति लिएर हेरिरहेका थिए ।।२२।। ती बुद्धिमान् राजा भने श्रीगणेश भगवान्‌को उत्तम मन्त्रको जप गर्दै थिए । यसरी जप, ध्यान, पूजा, ब्राह्मण भोजनसमेत सम्पन्न गरी राजाले अनेक अलङ्कारबाट अलङ्कृत ब्राह्मणहरूलाई वस्त्र र अलङ्कारले सजाइएका गाई दिएर सम्मान गरे । दीन, दु:खी, अन्धा र गरीबहरूलाई अन्न र वस्त्र पनि दिए ।।२३-२४।। सन्तुष्ट भएका ती सबै ब्राह्मणहरूसँग राजाले पुत्रप्राप्तिका लागि आशीर्वाद ग्रहण गरे । तपस्वी र सधै सत्यभाषण गर्ने ब्राह्मणहरूका आशीर्वादले थोरै समयमा नै महारानीले पनि गर्भधारण गरिन्। दसौं महिना लागेपछि उत्तम मुहूर्तमा ती रानीले सर्वलक्षणसम्पन्न पुत्र जन्माइन् ।।२५-२६।। पुत्रजन्मका कारण हर्षित भएका राजाले अनेक थरि दान दिए । त्यसपछि समयअनुसार तिनले छोराको व्रतबन्ध र विवाह संस्कार सम्पन्न गरे ।।२७।। अन्तमा ज्ञान-विज्ञानसम्पन्न छोरालाई राज्यसिंहासनमा अभिषेक गरी ती राजा गणपतिको धाममा प्राप्त भए ।।२८।। ती परमधाममा जाँदा यज्ञका ब्राह्मण, आचार्य, यज्ञका दर्शक सबै मानिसहरू पनि सँगै गएका थिए । वास्तवमा राजाले गरेको पुण्यबाट नै राजाको सम्पर्कमा रहेका ती सबै मानिसहरू श्रीगणेशको धाममा प्राप्त भएका थिए ।।२९।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे व्रतोद्यापनविधिनिरूपणं नामैकसप्ततितमोऽध्याय:

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सङ्कष्टचतुर्थी व्रतको उद्यापनविधि-निरूपण' शीर्षकान्वित एकहत्तरौं अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विसप्ततितमोऽध्यायः { ७२ अध्याय }

शूरसेन उवाच

व्रते जाते कथमभूत् तयोः पुत्रः शतक्रतो ! ।
तत् सर्वं मे वद विभो ! विस्तरात् परिपृच्छतः ।।१।।

इन्द्र उवाच

किं किं न जायते राजन् ! परितुष्टे गजानने ।
प्रसादात् तस्य सा राज्ञी गर्भं दध्रे नृपस्य यत् ।।२।।

प्रसूता नवमे मासि मङ्गलं पुत्रमैक्षत ।
द्विस्कन्धं चारुवदनं बाहुहस्तविवर्जितम् ।।३।।

सुनासं पद्मनयनमूरुजानुविवर्जितम् ।
जङ्घापादविहीनन्तं दृष्ट्वा माता रुरोद ह ।।४।।

सा उवाच

दुर्भगायाः कथमभूदीदृशो बालको मम ।
करपादविहीनोऽयं कथं दत्तो गजानन ।।५।।

आसं शुभाऽहं बन्ध्यैव किमीदृक्पुत्रवत्यहम् ।
कथं न जातो नाशो मे पूर्वजन्मकृतैनसः ।।६।।

कथं प्रसादः फलितस्तवापि द्विरदानन ! ।
कथं ब्राह्मणवाक्यानि निष्फलानीदृशानि मे ।।७।।

पाणिभ्यां निघ्नती वक्षो ललाटञ्च मुहुर्मुहुः ।
तस्यां रुदत्यां सर्वास्ता रुरुदुस्तत्र याः स्थिताः ।।८।।

तासां कोलाहलं श्रुत्वा नृपोऽपि तत्र चागमत् ।
तस्यापि रुदितं श्रुत्वा प्रधाना अपि चागमन् ।।९।।

तेषाञ्च रुदितं श्रुत्वा नागरा रुरुदुस्तदा ।।१०।।

राजोवाच

कथं दीनानुकम्पी त्वं तव देव गजानन ! ।
कथं दया कृता तेऽद्य मह्यमेवं प्रदर्शिता ।।११।।

कथं स्मरणमात्रेण पापानि हरसेऽनघ ! ।
जपस्तपः स्मृतिर्दानं पूजनं द्विजतर्पणम् ।।१२।।

शूरसेनले भने - हे इन्द्रमहाराज ! व्रत गरेपछि तिनलाई कसरी पुत्रप्राप्ति भयो ? त्यस बारे म सबै कुरा जान्न चाहन्छु, मलाई विस्तारपूर्वक बताउनुहोस् ।।१।।

इन्द्रले भने - हे राजन् ! भगवान् श्रीगणेश प्रसन्न हुनुभएपछि के कुरा पाइँदैन र के हुँदैन ? भगवान् श्रीगणेशको कृपाबाट कृतवीर्य राजाकी रानीले गर्भधारण गरिन् । नवौं महिनामा प्रसव भयो र तिनले मङ्गलमय छोराको अनुहार हेरिन् । दुइटा काँध, सुन्दर अनुहार, सुन्दर नाक र कमलझैं राम्रा आँखा भएको त्यो छोरा, हात-घुँडा, पिंडौला, जाँघ र खुट्टाजस्ता अङ्गहरूबाट हीन विकलाङ्ग थियो । बालकको यस्तो स्वरूप देखेर ती रानी पीरले रोइरहिन् ।।२-४।।

रानीले भनिन् - म अभागिनी रहेछु, मलाई यस्तो छोरा किन उत्पन्न भयो ? हे भगवन् श्रीगणेश ! हात-खुट्टा नभएको यो बालक मलाई किन दिनुभयो ? बरु म बाँझी नै रहेकी भए ठिकै हुनेथियो । किन मैले यस्तो अपाङ्ग पुत्रकी आमा बन्नुपर्‍यो ? के मेरा पूर्वजन्ममा अर्जित पापहरूको नाश भएन र ? हे भगवन् ! तपाइँको प्रसन्नता किन यस रूपमा फलित भयो ? किन मेरा लागि ब्राह्मणहरूले दिएका आशीर्वादवचन निष्फल भए ?।।५-७।। यसरी विलाप गर्दै तिनले आफ्ना दुबै हातले छाती र निधारमा वारंवार प्रहार गरिन् । रानीलाई रोइरहेकी देखेर त्यहाँ रहेका अरू रानी र नारीहरू पनि रुन लागे । नारीहरूको क्रन्दनमय कोलाहल सुनेर राजा कृतवीर्य पनि त्यहीं आइपुगे । यस्तो कारुणिक दृश्य देखेपछि ती पनि रुन लागे । तिनको क्रन्दन थाहा पाएर मन्त्रीहरू त्यहाँ आई रुन लागे । मन्त्रीहरूको रोदन सुनेर नगरवासी नर-नारीहरू त्यहाँ आए र ती पनि रुन लागे ।।८-१०।।

राजाले भने - हे भगवन् गजानन ! हजुरलाई दीनदयालु किन भनिन्छ ? आज हजुरले ममाथि कस्तो दया देखाउनुभएको हो ? हे निष्पाप देवता ! संझनासाथ पापनिवारण गर्ने के हजुर होइन ? आज मेरा लागि अनर्थ भयो । जप, तप, स्मरण, दान, पूजन, ब्राह्मणतर्पण, अनुष्ठान र होम यी सबै कार्यहरू व्यर्थ भए । मैले निधो गरें - दैव नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुष्ठानं तथा होमः सर्वं व्यर्थङ्गतं मम ।
तस्माद् दैवं हि बलवत् प्रयत्नस्तु निरर्थकः ।।१३।।
न ज्ञायते कर्मगतिः कदा किं वा भविष्यति ।
मूषकः प्राप्यते यद्वत् पर्वतस्य विदारणात् ।।१४।।
तथा मेऽजनि पुत्रोऽयमाजन्मकृतयत्नतः ।
तत ऊचुः प्रकृतयो नृपं शोकाकुलं तदा ।।१५।।

प्रधाना ऊचुः

अलं शोकेन भूपाल ! कथं भाव्यन्यथा भवेत् ।
रामः किं न मृगं वेद तत्पृष्ठं गत एव सः ।।१६।।
धर्मराजो न किं वेद निषिद्धं द्यूतकर्म तत् ।
तथापि स गतो रन्तुं सर्वं हित्वा वनं गतः ।।१७।।
चारुता न भवेदस्य भृशमाक्रन्दिते सति ।
अदृष्टं चेद् भवेत् सम्यगग्रे चारुरयं भवेत् ।।१८।।
पुष्पं फलं वा कालेन यथा याति महीरुहाम् ।
तथा कालेन भविता सम्यक् च पृथिवीपतिः ।।१९।।

इन्द्र उवाच

इत्यमात्यवचः श्रुत्वा सावधानोऽभवन्नृपः ।
उवाच नृपपत्नीं तामुत्तिष्ठोत्तिष्ठ मा शुचः ।।२०।।
स्वयञ्च सुमना राजा समाहूय द्विजोत्तमान् ।
गणेशपूजनं चक्रे स्वस्तिवाचनमेव च ।।२१।।
कृत्वाऽऽभ्युदयिकं श्राद्धं ददौ दानान्यनेकशः ।
माल्यालङ्कारवासांसि गावो रत्नान्यनेकशः ।।२२।।
सुहृत्सम्बन्धिभृत्येभ्यो वस्त्राणि विविधानि सः ।
नानावादित्रजीवेभ्यो ददौ राजा यथार्हतः ।।२३।।
बन्दिचारणदीनान्धकृपणेभ्यश्च सर्वशः ।
गृहे गृहे च ताम्बूलं शर्करां दापयच्च सः ।।२४।।
कार्तवीर्येति नामास्य चकारैकादशेऽहनि ।
भोजयामास नगरं महोत्साहपुरःसरम् ।।२५।।
ततो द्वादश वर्षाणि व्यतीतानि सुतस्य ह ।
आययौ स्वेच्छया तस्य दत्तात्रेयस्तदा गृहम् ।।२६।।

बलवान् रहेछ । अरू कुनै पनि सांसारिक प्रयासहरू औचित्यहीन रहेछन् ।।११-१३।। कर्मको गति जानिंदैन र कहिले के हुने हो भन्ने कुरा पनि थाहा छैन । मलाई पूरा पर्वत खनेर मूसो फेला पारेझैं भयो ।।१४।। मैले जन्मकालदेखि आजसम्म त्यत्ति धेरै प्रयास गरें, परिणाममा यस्तो हात-खुट्टा नभएको छोरा जन्मियो । राजाले यसरी निराश भएर विलाप गरेपछि मन्त्रीहरूले राजालाई संझाए ।।१५।।

मन्त्रीहरूले भने -हे राजन् ! शोक गर्नु व्यर्थ छ । हुनुपर्ने कुरा भएरै छाड्छ, अन्यथा हुँदैन । भगवान् रामले के मृगलाई चिन्नुभएको थिएन ? के युधिष्ठिरलाई जूवा खेल्नु निन्दनीय कर्म हो भन्ने थाहा थिएन ? तापनि ती जूवा खेल्न गए, सर्वस्व हारे र सबै छाडेर वनतर्फ लागे ।।१६-१७।। हामीहरू क्रन्दन गर्न थाल्यौं भने बालकको मनमा नराम्रो असर पर्दा तिनले मनको मिठास पनि लिन पाउने छैनन् । यदि भाग्य राम्रो रहेछ भने भोलि गएर यी बालक राम्रा पनि हुनसक्छन् । उचित समय आएपछि रूखहरूमा फूल र फल लाग्दछन् । त्यसैगरी समय आएपछि यी बालक पनि पृथिवीपति हुन सक्छन्।।१८-१९।।

इन्द्रले भने - मन्त्रीहरूका यी कुरा सुनेर राजा सावधान भए । तिनले आफ्नी रानीलाई तिमी उठ, पीर नगर भनेर संझाए ।।२०।। आफू प्रसन्नचित्त भई तिनले उत्तम ब्राह्मणहरूलाई बोलाएर स्वस्तिवाचन र श्रीगणेशपूजन गरे ।।२१।। त्यसपछि आभ्युदयिक श्राद्ध गरी धेरै प्रकारका माल्य, अलङ्कार, वस्त्र र गाई दान गरे ।।२२।। तिनले आफ्ना मित्र, नातेदार, सेवक, बन्दी, चारण, दीन, अन्धा, गरीब र वाद्यवादकहरूलाई योग्यताअनुसार अनेक किसिमका वस्त्र प्रदान गरे ।।२३।। तिनले घर-घरमा पान र चिनी वितरण गर्न लगाए र एघारौं दिनका दिन बालकको नाम कार्तवीर्य राखे । नामकरण संस्कारका दिन सारा नगरवासीहरूलाई बोलाएर उत्साहका साथ भोजन गराए ।।२४-२५।। त्यसपछि बालकको १२ वर्षको आयु पूरा हुँदा कृतवीर्यको राजभवनमा दत्तात्रेय ऋषि आफ्नो इच्छाले घुम्दै-फिर्दै आइपुगे ।।२६।। दत्तात्रेय ऋषिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादयोः स्वशिरः स्थाप्य कृतवीर्यो ननाम तम् ।
आलिलिङ्ग मुनिस्तं स उत्थाय नृपसत्तमम् ।।२७।।

उपवेश्यासने रम्ये पूजयामास सादरम् ।
विष्टरं पाद्यमर्घ्यञ्च गाञ्च वस्त्रोपवीतकम् ।।२८।।

ददौ धूपञ्च दीपञ्च नैवेद्यं विविधं फलम् ।
उद्वर्तनञ्च ताम्बूलं रत्नकाञ्चनदक्षिणाम् ।।२९।।

सुप्रसन्नं सुखासीनं पादसंवाहनादिभिः ।
उवाच राजा सम्यक् तं दत्तात्रेयं महामुनिम् ।।३०।।

जन्मजन्मातरीयं मे पुण्यं फलितमद्य वै ।
यच्चर्मचक्षुषां जातं साक्षात् ते दर्शनं मुने ।।३१।।

अग्रे शुभतरं भावि प्रसादात् तव सुव्रत ! ।
यतो भवादृशां नैव दर्शनं पापकर्मणाम् ।।३२।।

कृतवीर्यवचः श्रुत्वा दत्तात्रेयस्तमब्रवीत् ।
अपूर्वं तनयं तेऽद्य द्रष्टुकामोऽहमागतः ।।३३।।

तत आनन्दयुक्तोऽसौ नृपः प्राह मुनिं पुनः ।

नृप उवाच

अनुष्ठानं तपो दानं वृथा मम गतं व्रतम् ।।३४।।

जगदीशेन दत्तोऽयं पुत्रो हृच्छल्य एव सः ।
अनेनाऽदर्शनीयेन गतश्चादर्शनीयताम् ।।३५।।

इन्द्र उवाच

आनीय बालकं तस्मै मुनयेऽदर्शयन्नृपः ।
आच्छादयन्नेत्रकञ्जे तत्सुतं वीक्ष्य सन्मुनिः ।।३६।।

ज्ञात्वा ध्यानेन तत्कर्म मुनिस्तं पुनरब्रवीत् ।
अयमेव सुतो राजन् ! कर्ता सर्वान् विजित्य ह ।।३७।।

नाचान्तोऽसि विजृम्भ्य त्वं सङ्कष्टीव्रतजागरे ।
निन्दितो व्रतराजस्तु सर्वसङ्कष्टनाशनः ।।३८।।

अङ्गहीनः सुतो जात उपायात् साङ्गतामियात् ।

चरणमा आफ्नो शिर राखेर राजाले श्रद्धापूर्वक प्रणाम गरे । ती मुनिले पनि उत्तम राजा कृतवीर्यलाई भुईंबाट उठाएर आलिङ्गन गरे।।२७।। सुन्दर आसनमा बसाएर श्रद्धापूर्वक पूजा गरे । पूजाको क्रममा राजाले दत्तात्रेय ऋषिलाई आसन, पाद्य, अर्घ्य, गाई, वस्त्र, जनै, धूप, दीप, नैवेद्य, फल, उवटन, पान, रत्न र सुवर्णमुद्राको दक्षिणासमेत प्रदान गरे ।।२८-२९।। सुखले विराजमान भई अत्यन्त प्रसन्न हुनुभएका दत्तात्रेय महर्षिका पाउ दबाउँदै राजा कृतवीर्यले भने - हे मुनिवर! आज निश्चय नै मेरा जन्म-जन्मान्तरका अर्जित पुण्यहरू फलीभूत भएका छन् । किनकि मैले चर्मचक्षुबाट हजुरको प्रत्यक्ष दर्शन पाएको छु । हे सुव्रत ! हजुरको कृपाबाट आउने दिनहरूमा पनि मेरो निश्चय नै कल्याण हुनेछ। किनकि हजुरजस्ता पुण्यात्मा ऋषिहरूको दर्शन पापीहरूलाई सुलभ हुँदैन ।।३०-३२।। कृतवीर्यका वचन सुनेर दत्तात्रेयले भने - हे राजन् ! म तपाईंको अपूर्व रूप भएको छोरालाई हेर्ने उद्देश्यले यहाँ आएको छु ।।३३।। ऋषिको वचन सुनेर हर्षित भएका राजाले भने ।

राजाले भने - हे गुरुवर ! मेरा अनुष्ठान, तपस्या, दान र व्रत व्यर्थ भएका छन् । जगदीश्वरले मलाई दिनुभएको छोरा मेरो मुटुको काँडो भएको छ। यस अदर्शनीय र कुरूप बालकको उपस्थितिका कारण म पनि मनबाट कुरूप भएको छु।।३४-३५।।

इन्द्रले भने - राजाले त्यसपछि बालक ल्याएर मुनिलाई देखाए। कृतवीर्यका छोरालाई देखेर तिनका नेत्रकमल चिम्लिए। ध्यानद्वारा त्यसको कर्म थाहा पाएर उनले भने - हे राजन् ! यस बालकले भविष्यमा सबैलाई जितेर पृथिवीमा दीर्घकालसम्म शासन गर्नेछ । अघि तपाईंले सङ्कष्टचतुर्थीको व्रत लिंदा राति जागरण गर्ने क्रममा हाई गरिराख्नुभयो र अन्तसम्म जागा रहेर बस्नु भएन । तपाईंले व्रतको अङ्ग पुऱ्याउनुभएन । फेरि तपाईंले सबै प्रकारका सङ्कटनाश गर्ने यस व्रतको निन्दा पनि गर्नुभयो ।।३६-३८।। त्यस कारण आज अङ्गहीन छोराको दर्शन गर्नुपरेको छ। तर उपाय गर्नुभयो भने यो विकलाङ्ग बालक पनि पूर्णाङ्ग हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजोवाच

ऋतमुक्तं त्वया स्वामिन् ! कृपां कृत्वा वदस्व मे ।।३९।।
येनोपायेन साङ्गो मे त्वत्प्रसादात् सुतो भवेत् ।

इन्द्र उवाच

मुनिः स कृपयाविष्टस्तत्सुताय तदाऽब्रवीत् ।।४०।।

मन्त्रमेकाक्षरं साङ्गं तत ऊचे पुनश्च तम् ।
आराधनं गणेशस्य मन्त्रेणानेन भक्तितः ।।४१।।

उपवासैकभक्तानां नियमान् कुरु सुव्रत ! ।
द्वादशाब्दं ततस्तुभ्यं दर्शनं स च दास्यति ।।४२।।

तद्दृष्टिपातमात्रेण दिव्यदेहो भविष्यसि ।
इत्युक्त्वा नृपमामन्त्र्य पिदधे मुनिपुङ्गवः ।।४३।।

गते मुनौ ततः पुत्रः पादहीनो महामनाः ।
जगाद कृतवीर्यं स गहनं प्रापयस्व माम् ।।४४।।

गजाननप्रसादार्थमनुष्ठानं करोम्यहम् ।
रुदित्वा पितरौ तस्य श्रुत्वा वाणीं तदीरिताम् ।।४५।।

अप्रेषयद् वनं चारु नरयानेन तं पिता ।
भृत्याः पर्णकुटीमध्ये संस्थाप्य नगरं ययुः ।।४६।।

तस्थौ तत्र स्वयं सम्यक् तपसे कृतनिश्चयः ।।४७।।

राजाले भने - हे महर्षि ! हजुरले सत्य भन्नुभएको छ, वास्तवमा मैले त्यसैगरी उपेक्षा गरेको थिएँ । हे ऋषिवर ! मलाई त्यो उपाय बताउनुहोस्, जुन उपायबाट हजुरको कृपाद्वारा मेरो अपाङ्ग पुत्र पूर्णाङ्ग हुनसक्नेछ ।

इन्द्रले भने - बालकको परिस्थिति र राजाको मानसिक स्थिति बुझेर कृपावेशमा आउनुभएका दत्तात्रेय ऋषिले त्यस बालकलाई अङ्गसहित श्रीगणेशको एकाक्षरी मन्त्र सुनाउनुभयो। त्यसपछि भननुभयो - हे वत्स ! यस मन्त्रको जपबाट श्रीगणेश भगवान्को आराधना गर । उपवासका नियम र एकभक्त रही साधना गर्ने प्रक्रियाका नियम बाह्र वर्षसम्म पालन गर । व्रत पूरा भएपछि भगवान् श्रीगणेशको दर्शन पाउनेछौ ।।३९-४२।। उहाँको दृष्टिपातबाट मात्र तिमी दिव्य शरीर सम्पन्न भई सुहाउने छौ । यति भनी राजासँग मन्त्रणा गरेर मुनि अन्तर्धान हुनुभयो। उहाँ अन्तर्धान हुनुभएपछि हात खुट्टा नभएका बालक कार्तवीर्यले आफ्ना पिता कृतवीर्यसँग भने - हे पिता ! मलाई हजुरले जङ्गलमा पुऱ्याउनुहोस् ।।४३-४५।। म त्यहाँ गएर भगवान् गजाननको प्रसन्नताका लागि मन्त्रानुष्ठान गर्नेछु। बालकले भनेको वाणी सुनेर बालकका बाबु-आमा रोए । पिता कृतवीर्यले नरयानमा सवार गराई ती बालकलाई सुन्दर वनमा पठाए । सेवकहरू बालकलाई वनको पर्णशालामा राखेर नगरतर्फ फर्किए । तपस्याको अठोट गरेर वन पसेका ती बालक त्यहाँ मुनिले बताएको विधानअनुसार तपस्यामा लीन भए ।।४६-४७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे कार्तवीर्यप्रादुर्भावो नाम द्विसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कृतवीर्यलाई अङ्गहीन पुत्रको प्राप्ति र कार्तवीर्य नामकरण' शीर्षकान्वित बहत्तरौं अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिसप्ततितमोऽध्यायः { ७३ अध्याय }

इन्द्र उवाच

गुरूपदिष्टं मन्त्रं तं जजाप नियमेन सः ।
ध्यायन् गजाननं देवं निष्ठामास्थाय नैष्ठिकीम् ।।१।।
वायुभक्षो निराहारो लोष्ठपाषाणसन्निभः ।
एवं द्वादशवर्षाणि व्यतीतानि तपस्यतः ।।२।।
हस्तपादविहीनस्य बालकस्य महात्मनः ।
निर्वाणं तस्य तद् दृष्ट्वा द्वादशाब्दं गजाननः ।।३।।
तडागमध्यादुत्तस्थौ प्रवालमयमूर्तिगः ।
उवाच सम्मुखो भूत्वा निष्ठाभक्तिसुतोषितः ।।४।।

गणेश उवाच

निर्जनेऽस्मिन् वने यस्मात् सिंहव्याघ्रनिषेविते ।
निकुञ्जबहुलेऽतिष्ठद् यतो द्वादशवार्षिकम् ।।५।।
अतस्तेऽहं वरं दास्ये शृणु यत् ते मनोगतम् ।
श्रुत्वा वाणीं तदुदितामास्थितो देहभावनाम् ।।६।।
कृतवीर्यसुतो नत्वा प्रोवाच द्विरदाननम् ।
शृण्वत्सु सर्वमुनिषु विमानस्थेषु भूरिशः ।।७।।

पुत्र उवाच

त्वत्पादयुगले देव ! भक्तिरव्यभिचारिणी ।
अस्तु मे सततं नान्यदुत्साहो मे प्रयाचितुम् ।।८।।
तथापि याचे देवेश ! पित्रोः सन्तोषहेतवे ।
शरीरे चारुतां देहि सर्वसन्तोषकारिणीम् ।।९।।

इन्द्र उवाच

श्रुत्वा वाक्यं तदीयन्तु मायावी स गजाननः ।
अणिमानं समास्थाय विवेशोदरमादरात् ।।१०।।
तस्मिन् प्रविष्टे पुत्रोऽसौ दिव्यदेहोऽभवन्नृप! ।
सहस्त्रभुजवान् जातः कृतवीर्यात्मजस्तदा ।।११।।
ऋजुपादद्वययुतः स्थितः पर्वतसन्निभः ।
ववर्षुः पुष्पवर्षाणि देवा देवर्षयोऽपि च ।।१२।।

इन्द्रले भने - कृतवीर्यका अपाङ्ग पुत्रले वनमा गई एउटा नैष्ठिक ब्रह्मचारीको रूपमा निष्ठाका साथ आफ्ना गुरुद्वारा प्राप्त श्रीगणेश मन्त्रको जप गरिरहे ।।१।। तपस्याका ती दिनहरूमा तिनले निराहार रही पवनपान गर्दै ढुङ्गाझैं निश्चल भएर आराधना गरे । यसरी तपस्या र आराधना गर्दा बाह्र वर्ष बिते ।।२।। भगवान् श्रीगणेशले हात-खुट्टा नभएका त्यागी बालकको बाह्र वर्षसम्मको त्याग देखेर तलाउको बीचबाट प्रवाल मूर्तिको रूपमा दर्शन दिनुभयो । अपाङ्ग बालकको निष्ठा र भक्तिबाट खुसी हुनुभएका श्रीगणेशले बालकलाई सम्बोधन गर्नुभयो।।३-४।।

श्रीगणेशले भन्नुभयो- बाघ र सिंहले भरिभराउ र अनेकौं गहन झाडीले व्याप्त यस निर्जन वनमा तिमीले बाह्र वर्षसम्म कठोर तपस्या गर्‍यौ ।।५।। अब म तिम्रा मनले चिताएको कुरा पूरा गर्न वरदान दिन्छु । श्रीगणेशको वाणी सुनेर विकलाङ्ग देहलाई सवलाङ्ग बनाउने भावना लिएका कृतवीर्य राजाका तपस्वी छोराले श्रीगणेशलाई प्रणाम गरी मनका कुरा प्रकट गर्न थाले । त्यस बेला देवताहरूले विमानमा रहेर श्रीगणेश र ती बालकको संवाद सुनिरहेका थिए ।।६-७।।

बालकले भने- हे भगवन् श्रीगणेश! हजुरका चरणकमलमा मेरो निरन्तर निश्चल भक्ति रहिरहोस् । म यही वर माग्दछु । अरू वर माग्ने मेरो उत्साह छैन ।।८।। यसो हो ता पनि माता-पिताको सन्तोषका लागि मागिरहेको छु । हे प्रभो ! मेरो शरीरमा सबैलाई आनन्द र सन्तोष प्रदान गर्ने सौन्दर्य भरिदिनुहोस् ।।९।।

इन्द्रले भने - बालकका वचन सुनेर मायाका स्वामी प्रभु श्रीगणेशले अणिमासिद्धिको सहयोग लिएर बालकको पेटभित्र प्रवेश गर्नुभयो।।१०।। भगवान्को पेटमा प्रवेश हुनासाथ बालकको शरीर दिव्य बन्यो । कृतवीर्यका अपाङ्ग पुत्र तत्काल एक हजार भुजाले शोभायमान सुन्दर बालकका रूपमा देखिए।।११।। सरल, सुन्दर र दुई खुट्टामा उभिएका ती बालक हेर्दाहेर्दै पर्वतको आकारमा परिणत भए । भगवान्का कृपाले अपाङ्ग बालकको शरीरमा आएको परिवर्तन देखेर देवता र देवर्षिहरूले पुष्पवर्षा गरे।।१२।। ती सबैले विभिन्न स्तुतिद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुष्टुवुस्ताञ्च देवञ्च गीतवादित्रनिस्वनैः ।
जगर्ज कार्तवीर्योऽसौ सहस्त्रभुजमण्डितः ।।१३।।

तस्य शब्दं समाकर्ण्य घनगर्जितसन्निभम् ।
समवर्ती भृशं त्रस्तः परेषां गणना कुतः ।।१४।।

पृथिव्यां सर्वराजानः समकम्पन्त तद्भयात् ।
अयं पञ्चशतं बाणान् सङ्ग्रामे मोचयेदिति ।।१५।।

ब्रह्मादयस्ततो यानादुत्तीर्याथ तमब्रुवन् ।
स्मरणात् तव देवानां प्राप्तिः स्याद् गतवस्तुनः ।।१६।।

हृदिस्थं सर्वलोकानामामयं त्वं विनेष्यसि ।
यतः साक्षाद् विष्णुरूपः सहस्त्रार्जुनसंज्ञया ।।१७।।

त्रिषु लोकेषु विख्यातो यावत्कल्पं भविष्यसि ।
साधुत्राणे च निरतः शरणागतपालकः ।।१८।।

विजेता सर्वशत्रूणां पृथिवीमण्डलाधिपः ।
इति नाना वरान् दत्वा पिदधुर्देवतागणाः ।।१९।।

हस्त्यश्वनरयानानि छत्रचामरदीपिकाः ।
रथानुपायनान्यन्यान्याजह्रुरखिला नृपाः ।।२०।।

ततः संस्थापयामास महाप्रासादमध्यगाम् ।
प्रावालीं गणनाथस्य मूर्तिं द्विजपुरःसरः ।।२१।।

प्रवालगणपश्चेति तस्य नाम दधुर्द्विजाः ।
ददौ ग्रामान् ब्राह्मणेभ्यः पूजायै स्थापिताश्च ये ।।२२।।

प्रवालक्षेत्रमिति तत् पप्रथे भुवि सिद्धिदम् ।
तत्र शेषो धरां धर्तुमनुष्ठानपरोऽभवत् ।।२३।।

प्राप तस्माद् गणेशात् तु वरान् बहुतरानपि ।
धराधरणसामर्थ्यं सर्वज्ञत्वं तथैव च ।।२४।।

मूर्ध्नां सहस्त्रं श्रैष्ठ्यञ्च नवनागकुलेष्वपि ।
अतिसन्तुष्टमनसा तेन यत् स्थापितं पुरा ।।२५।।

धरणीधर इत्येवं द्वितीयं नाम पप्रथे ।
स्मरतां शृण्वताञ्चापि सर्वकामफलप्रदम् ।।२६।।

गीत र वाद्यका साथ भगवान् श्रीगणेश र तपस्वी बालक कार्तवीर्यको स्तुति गरे । एक हजार भुजाले देदीप्यमान बालक कार्तवीर्यले त्यस बेला वीरभावमा आएर घोर गर्जन गरे ।।१३।। कार्तवीर्यको मेघसमान गर्जन सुनेर यमराज पनि डराए भने अरू शत्रुको त कुरा नै नगरौं।।१४।। कार्तवीर्यको वीरभाव र विचित्र शरीरका कारण पृथिवीका सबै राजाहरू डराएर थर्थर काँप्न थाले । अब यी बालकले सङ्ग्राममा एकैचोटि एक हजार बाहुबाट पाँच सय बाण प्रहार गर्न सक्नेछन् भन्ने भावले ती राजाहरू डराएका थिए।।१५।। त्यस बेला ब्रह्मा आदि देवताहरूले पनि विमानबाट ओर्लेर कार्तवीर्यको नजिकमा आई भने - हे कार्तवीर्य ! तिम्रो याद गर्दा देवता र देवप्रकृतिका मानिसहरूले हराएको वस्तु भेटाउने छन्।।१६।। तिमीले आफ्नो ध्यान र प्रार्थना गर्ने भक्तहरूको हृदयका कष्ट र पीडा निवारण गर्नेछौ किनकि तिमी साक्षात् विष्णुका स्वरूप हौ । संसारमा तिमी सहस्त्रार्जुन कार्तवीर्यका नामबाट कल्प-कल्पसम्म विख्यात हुनेछौ। तिमी सज्जनहरूका रक्षक, शरणागतका पालक, सबै शत्रुहरूका संहारक र पृथिवीमण्डलका अधिपति हुनेछौ। यस्ता अनेक थरि वर दिएर ब्रह्मा आदि देवताहरू पनि अन्तर्धान भए।।१७-१९।। त्यस बेला पृथिवीका राजाहरूले कार्तवीर्यको समीपमा आएर हात्ती, घोडा, नरयान, छाता, चामर, बहुमूल्य पानसका पङ्क्ति, रथ र अरू उपहार पनि टक्र्याए ।।२०।। त्यसपछि कार्तवीर्यले एउटा भव्य मन्दिर बनाए र त्यसमा प्रवालमूर्ति भगवान् श्रीगणेशको प्राणप्रतिष्ठा गराए । त्यसपछि ती श्रीगणेशको नाम प्रवालगणपति भनी राखे । गणपतिको प्रतिमाप्रतिष्ठा र मन्दिरको वास्तुपूजनमा नियुक्त भएका ब्राह्मणहरूलाई तिनले गाउँसमेत अनेक पदार्थ प्रदान गरे।।२१-२२।। त्यो क्षेत्र संसारमा सिद्धिदायक प्रवालक्षेत्रका नामबाट प्रख्यात भयो। त्यहीं नै आएर पृथिवी धारण गर्ने सामर्थ्य पाऊँ भनी शेषनागले पनि प्रवालगणपतिको आराधना गरेका थिए ।।२३।। आराधनाबाट प्रसन्न हुनुभएका प्रवालगणपतिबाट शेषनागले पृथिवीधारण गर्ने सामर्थ्य, एक हजार शिर, नौ नागकुलहरूमा श्रेष्ठता र सर्वज्ञता जस्ता अनेक वर प्राप्त गरेका थिए । त्यसपछि प्रसन्न भएका शेषनागले श्रीगणेशको पूजा गरी प्रबाल गणपतिको धरणीधर भनी नामकरण गरे । यो नाम पनि संसारमा प्रख्यात भयो । श्रवण र स्मरण गर्ने भक्त-साधकहरूका लागि धरणीधर नाम पनि सबै कामना पूरा गराउने प्रभावकारी नामका रूपमा प्रख्यात भयो ।।२४-२६।। कार्तवीर्यले भगवान्‌को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूज्य सर्वान् द्विजपुङ्गवाँस्तान्
राज्ञश्च सर्वाननुपृच्छ्य चैतान् ।
सहस्त्रबाहुर्नगरं स्वकीयं
द्रष्टुं स्वमातापितरावथागात् ।।२७।।

तौ तं जहृषतुर्दृष्ट्वा नगरञ्च तथाविधम् ।
ददतुर्द्विजमुख्येभ्यो नानादानानि सर्वशः ।।२८।।

इन्द्र उवाच

अभ्यधायि तु सङ्कष्टचतुर्थीमहिमाऽद्भुतः ।
कृतवीर्यसुताच्चायं मृत्युलोकङ्गतः शुभः ।।२९।।

अनुभूतः सुरगणैश्चन्द्रसेनादिभिर्नृपैः ।
अतिपुण्यतमश्चायं स्मरणादपि सिद्धिदः ।।३०।।

एतत्प्रसादात् सम्प्राप्ता रावणेनाखिलज्ञता ।
एतत्प्रसादात् सम्प्राप्तं पुरा राज्यञ्च पाण्डवैः ।।३१।।

एतद्व्रतस्य यत् पुण्यं हस्ते मे दीयते यदि ।
तदैव तद् विमानन्तु प्रचलेदमरावतीम् ।।३२।।

क उवाच

इति शक्रमुखात् तस्य व्रतस्य महिमा श्रुतः ।
शूरसेनेन भूपेन स्वानन्दाब्धौ निमज्जता ।।३३।।

वन्दिते पादकमले शक्रस्य प्रतिगर्जता ।
तमुवाच ततः प्रीतः शूरसेनो नृपोत्तमः ।।३४।।

श्रुत्वा कथां दिव्यरूपां चतुर्थीव्रतसम्भवाम् ।

स उवाच

फलितं पूर्वपुण्यं मे येनाश्रावीदृशं व्रतम् ।।३५।।

न ह्येतस्मात् पुण्यतरं त्रिषु लोकेषु किञ्चन ।
इत्युक्त्वा शक्रमारेभे व्रतं कर्तुं स्वयं ततः ।।३६।।

स्थापना र प्रतिष्ठा गरेपछि ब्राह्मणहरूको समेत पूजा गरे । त्यहाँ दर्शन गर्न आएका राजाहरूसँग बिदावारी भई आफ्ना माता-पिताको दर्शन गर्न नगरतर्फ प्रस्थान गरे ।।२७।। तपस्याद्वारा भगवान्लाई प्रसन्न तुल्याउने र सुन्दर स्वरूपमा परिणत भएका छोरा कार्तवीर्यलाई देखेर कृतवीर्य राजा र महारानी दुबै प्रसन्न भए । छोरा घरमा फर्केको खुसियालीमा ती दुबै दम्पतीले अनेक थरि दान र उपहार पनि दिए ।।२८।।

इन्द्रले भने - हे शूरसेन! मैले तपाईँलाई सङ्कष्टचतुर्थीको महिमा बताएँ। कृतवीर्यका पुत्रको अनुष्ठान र उपलब्धिका कारण यो व्रत मर्त्यलोकमा फैलिएको हो ।।२९।। देवतागण र चन्द्रसेन आदि राजाहरूले पनि कृतवीर्यका पुत्र कार्तवीर्यको शरीरपरिवर्तनको घटनाबाट अतिपुण्यदायक र संझदामात्र पनि सिद्धिदायक सङ्कष्टचतुर्थीको महिमा अवगत गरेका हुन् ।।३०।। सङ्कष्टचतुर्थीको व्रतको प्रभावबाट रावणले पनि सर्वज्ञता र शास्त्रज्ञान प्राप्त गरेका थिए। यसै व्रतका प्रभावबाट पाण्डवहरूले राज्यमा अधिकार प्राप्त गरेका थिए ।।३१।। यदि कसैले यो व्रत गरेको पुण्य मलाई अर्पण गर्दछ भने मेरो यो विमान तत्काल नै अमरावतीका लागि उड्न समर्थ हुनेछ। ।३२।।

ब्रह्माजीले भन्नुभयो - आनन्दको सागरमा गोता लगाइरहेका राजा शूरसेनले इन्द्रको मुखबाट सङ्कष्टचतुर्थीको महिमा श्रवण गरेपछि खुसीले गर्जन गर्दै इन्द्रमहाराजका पाउमा प्रणाम गरे । चतुर्थी तिथिसँग सम्बद्ध भगवान् श्रीगणेशको दिव्य कथा सुनेर प्रसन्न भएका शूरसेनले इन्द्रलाई भावनिवेदन गरे ।

शूरसेनले भने - हे इन्द्र महाराज ! मेरो पूर्वजन्मको पुण्यफलका कारण आज मैले हजुरका मुखबाट सङ्कष्टचतुर्थी व्रतको महिमा सुन्न पाएँ ।।३३-३५।। यो व्रतभन्दा पुण्यदायक व्रत तीन लोकमा कुनै पनि छैन । अब म आफै पनि यो व्रत आरम्भ गर्दछु । यसरी इन्द्रलाई भनेर राजा शूरसेनले आफै सङ्कष्टचतुर्थीको व्रत आरम्भ गरे ।।३६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चतुर्थीव्रतमाहात्म्यं नाम त्रिसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कार्तवीर्यद्वारा प्रबालक्षेत्रमा श्रीगणेशको आराधना, सहस्त्रार्जुन नामबाट ख्याति र चतुर्थीव्रतको महिमा' शीर्षकान्वित त्रिहत्तरौं अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुःसप्ततितमोऽध्यायः { ७४ अध्याय }

व्यास उवाच

ब्रह्मन् ! कथं कृतं तेन शूरसेनेन भूभुजा ।
सेतिहासं शक्रमुखाच्छ्रुत्वा सादरमुत्तमम् ।।१।।

ब्रह्मोवाच

ततः स्वदूतान् प्राहेदं गच्छन्तु नगरं प्रति ।
स आनेयस्तु सङ्कष्टचतुर्थीव्रतकारकः ।।२।।

ते दूतास्त्वरया याताः पप्रच्छुस्ते गृहं गृहम् ।
ददृशुर्भ्रममाणास्ते विमानं सुन्दरं शुभम् ।।३।।

याऽभवद् दुष्टचाण्डाली गलत्कुष्ठा स्त्रवन्मुखा ।
मक्षिकाकृमिभारेण दुर्गन्धेन समावृता ।।४।।

शुष्कोदरी दीर्घकेशा शुष्कदन्ताक्षिनासिका ।
अत्यन्तमलिना दीर्घश्रोत्ररन्ध्रा घनस्वना ।।५।।

नेतुं तामीदृशीं दूतैरानीतां गणपस्य हि ।
अत्याश्चर्यमिदमिति राजदूताः प्रणम्य ताम् ।।६।।

ऊचुस्ते देवदूताँस्तान् गणनाथस्य किङ्करान् ।
अत्यन्तं कुत्सिता जात्या हीनेयं स्वर्गगा कथम् ।।७।।

केयमासीत्पुरा दूताः कथमीदृग् बभूव च ।
केन पुण्येन युष्माभिः स्वर्गन्तु नीयते कथम् ।।८।।

एतद् वदन्तु सर्वं नो यदि वक्तुं क्षमं भवेत् ।

देवदूता ऊचुः

आसीद् बङ्गालविषये शारङ्गधरनामतः ।।९।।

क्षत्रियस्तस्य कन्येयं सुन्दरा नाम सुन्दरी ।
पिककण्ठा शशिमुखी रतिलावण्यजित्वरी ।।१०।।

व्यासले भन्नुभयो - हे भगवन् ! इन्द्रका मुखबाट इतिहाससहित आदरपूर्वक यो व्रतको महिमा सुनेपछि शूरसेन राजाले कसरी व्रत सम्पन्न गरे ?।।१।।

ब्रह्माजीले भन्नुभयो - शूरसेन राजाले दूतहरूलाई भने- हे दूत ! तिमीहरूले नगरमा गएर जसले सङ्कष्टचतुर्थीको व्रत पूरा गरेको छ, त्यसलाई लिएर आउने काम गर ।।२।। दूतहरू पनि राजाको आज्ञा पाएर द्रुतगतिले नगरमा गई प्रत्येक घरमा सङ्कष्टचतुर्थीको व्रत पूरा गर्ने व्यक्तिको खोजी गर्दै घुमिरहेका थिए । घुम्दै जाँदा तिनले मङ्गलमय र अत्यन्त राम्रो विमान भुईंमा ओर्लिएको देखे ।।३।। त्यस विमानभित्र शरीरका औंला आदि अङ्ग पाक्दै झर्ने प्रकृतिको गलत्कुष्ठ रोगले ग्रस्त, मुखबाट न्याल चुहाइरहेकी, जिउभरि बाक्लै झिंगा र कीरा सल्बलाएका कारण दुर्गन्धले भरिएकी, सुकेको पेट, लामा केश, सुकेका दाँत, आँखा र नाक धारण गर्ने अत्यन्त मलिन स्वरूप भएकी, ठूला-ठूला कानका प्वाल भएकी, मोटो आवाजमा कुरा गर्ने, दुष्ट स्वभावकी चाण्डालीलाई श्रीगणेशका दूतहरूले ल्याएको देखेर शूरसेन राजाका दूतहरूले ती नारीलाई प्रणाम गर्दै श्रीगणेशका सेवक देवदूतलाई भने - जातिबाट कुत्सित र रोगबाट घृणित यस्ती नारीलाई तपाइँहरू स्वर्गतर्फ लैजान लाग्नुभएको छ । यी नारी कसरी स्वर्गमा जान अधिकारी हुन्छिन् ? ।।४-७।। हे देवदूतहरू! पहिले यी नारी को थिइन्? किन यी विरूप बनिन्? यिनका कुन पुण्यले तपाइँहरू आज यिनलाई स्वर्ग लैजादै हुनुहुन्छ? तपाइँहरूले बताउन हुनेसम्म यी आइमाईका सम्बन्धमा जति कुराहरू छन्, ती सबै हामीलाई बताउनुहोस्।

देवदूतहरूले भने - बङ्गालदेशमा शारङ्गधर नामक एउटा क्षत्रिय थिए ।।८-९।। यी नारी तिनै क्षत्रियकी कन्याको रूपमा उत्पन्न सुन्दरा हुन् । कोइलीको जस्तो कण्ठ र चन्द्रमा जस्तो अनुहार भएकी, अत्यन्त आकर्षक सौन्दर्यले सम्पन्न यी युवति सबै सुन्दरीहरूलाई लज्जित तुल्याउने विश्वसुन्दरी नै थिइन् । इतिहास र पुराणमा प्रसिद्ध अष्टनायिकाहरू यिनका सुसारे हुन पनि सुहाउँदैनथे । इतिहास र पुराणअनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्दास्यकरणे नार्हाः प्रसिद्धा अष्टनायिकाः ।
योगिनामपि या चेतः कटाक्षेन विमोहयेत् ।।११।।

युवानो मुमुचुः शुक्रं केचित् तद्रूपवीक्षणात् ।
जारमार्गेषु निरता साऽभवद् विश्वमोहिनी ।।१२।।

महार्हवस्त्रालङ्कारा नानाविषयभोगिनी ।
वङ्गालनगरे ख्याता वेश्येवासीद् गतत्रपा ।।१३।।

भर्तारं चित्रनामानं वञ्चयत्येव सर्वदा ।
व्ययादसङ्ख्यद्रव्यस्य पित्रा सम्पादितं पुरा ।।१४।।

कदाचिच्छयने तं सा हित्वा सुन्दरवेषभृत् ।
निशीथे चलिता तेन हस्तेऽधारि रुषावशात् ।।१५।।

उवाच भर्त्सयँस्ताञ्च चित्रनामा पतिस्तदा ।
धिक् त्वां पापसमाचारे! या जारे निरताऽनिशम्।।१६।।

तद्वाक्यमित्थमाकर्ण्य शान्तकोपाऽभवत् तदा ।
अभक्ष्यभक्षणेनासौ मत्ता वलवती भृशम् ।।१७।।

अन्धे तमसि संगृह्य शस्त्रिकां दक्षहस्ततः ।
तया तदुदरं भित्वा चित्रनामपतेस्तदा ।।१८।।

गता तं पुरुषं रन्तुं यो जारो मनसि स्थितः ।
यावत् सा रमते तत्र तावत्पर्यन्तवासिना ।।१९।।

अष्टनायिकाहरूमा उग्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चामुण्डा, चण्डा, अतिचण्डा र चण्डवती पर्दछन् । यसैगरी श्रीकृष्णका आठ महारानीहरू- रुक्मिणी, सत्यभामा, जाम्बवती, कालिन्दी, मित्रवृन्दा, नाग्नजिती, भद्रा र लक्ष्मणा पनि अष्टनायिकामा पर्दछन्। यसैगरी इन्द्रका आठ नायिकाहरू- उर्वशी, मेनका, रम्भा, तिलोत्तमा, पूर्वचित्ति, स्वयंप्रभा, भीमकेशी र जनवल्लभा पनि अष्टनायिकाभित्र पर्दछन् । यी सुन्दरा नामक सुन्दरीले आफ्नो कटाक्ष प्रहार गरेर योगीका चित्तलाई पनि मोहित तुल्याउँथिन् ।।१०-११।। यिनको सुन्दर रूप देखेर युवकहरूको वीर्य स्खलित हुने गर्दथ्यो । विश्वलाई नै मुग्ध तुल्याउने यी विश्वसुन्दरी यति राम्रो रूप भएर पनि चरित्र शिथिल भएको हुँदा नाठाहरूसँग रङ्गरस गर्न मन पराउँथिन् ।।१२।। अत्यन्त मूल्यवान् वस्त्र र गहना धारण गर्न रुचाउने, थरि-थरिका पदार्थहरूको भोगमा आसक्त यी सुन्दरा नामक सुन्दरी बङ्गालदेशमा निर्लज्ज वेश्याका रूपमा प्रसिद्ध भइन् ।।१३।। चित्र नामक आफ्ना पतिलाई यिनले रातोंदिन अनेकरूपमा ठगिरहेकी थिइन्। आफ्ना पतिका पिताले जोडेको असङ्ख्य धन-सम्पत्ति खर्च गरेर यिनले आफ्ना पतिलाई गरीब बनाइरहेकी थिइन् ।।१४।। एक दिनको कुरा हो, रात परेपछि यी सुन्दराले राम्रा वस्त्र र अलङ्कार धारण गरिन् र शय्यामा निदाइरहेका आफ्ना पतिलाई एक्लै छाडेर घरबाट प्रस्थान गरिन् । यिनले प्रस्थान गरेपछि चित्र नामक यिनका पति पनि जागे र आफ्नी पत्नीको खोजीमा हिंडे । तिनले बाटामा हिंडिरहेकी आफ्नी पत्नीलाई देखेर रिसाउँदै हात समातेर गाली गर्दै भने - पापाचार गर्ने हे स्त्री ! तँलाई धिक्कार छ, तँलाई नाठाहरूसँग निरन्तर भोग गरेर रमाउने बानी परेको रहेछ, तँ पापिनी होस् । आफ्ना पतिका यस्ता कुरा सुनेर ती सुन्दरा शान्तमुद्रामा उभिइराखिन् । शक्तिमती ती सुन्दरी नखाने कुरा खाएकाले अर्थात् मदिरापान गरेकाले भित्रभित्र मात्तिइसकेकी थिइन्।।१५-१७।। त्यसपछि दुबै श्रीमान्-श्रीमती सँगै फर्किए। फर्किंदा बाटोमा अँध्यारो पऱ्यो । त्यस बेला यी सुन्दरीले दाहिने हातमा छुरा लिएर आफ्ना पति चित्रको पेटमा प्रहार गरिन् र तिनको हत्या गरिन् । त्यसपछि ती सुन्दरा जुन नाठोसँग पल्केकी थिइन्, त्यसका घरमा भोगविहार गर्ने उद्देश्यले गइन्। जब ती जारसँग रमण गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रता चरितं तस्या ज्ञात्वा राज्ञे निवेदितम् ।
तद्दूतास्तमसि स्थित्वा तावत् सा गृहमागता ।।२०।।

दधुस्तां राजदूतास्ते निन्यू राजसमीपतः ।
निजघ्नुस्तां बहिर्नीत्वा दूता राजाज्ञया तदा ।।२१।।

सा नीता नरके घोरे यमदूतैस्तदाज्ञया ।
अधोमुखी स्थिता तत्र संदष्टा कृमिभिर्भृशम् ।।२२।।

अत्यन्तं बुभुजे दुःखं स्मरन्ती पूर्वचेष्टितम् ।
कल्पान्ते मृत्युलोकेऽभूच्चाण्डाली दुर्भगा भृशम् ।।२३।।

एकदा मदिरां पीत्वा मत्ता सुप्ता दिवैव सा ।
निशायां प्रथमे यामे प्रबुद्धा क्षुधिता भृशम् ।।२४।।

तदैव भिक्षितुं याता गृहं सा व्रतकारिणः ।
तेनान्नमस्यै दत्तं यत् तया भुक्तं विधूदये ।।२५।।

गणेशेति च जल्पन्त्या स्वेच्छया दैवयोगतः ।
तदैव गणनाथेन विमानं प्रेषितं भृशम् ।।२६।।

ब्रह्मोवाच

देवदूतवचः श्रुत्वा पुनरूचुर्नमस्य ते ।

राजदूता ऊचुः

इदमत्यद्भुतं दृष्टमस्माभिः कार्यकारिभिः ।।२७।।

राज्ञा यदुपदिष्टं नो वाक्यमेतन्निबोधत ।
शक्रो गृत्समदं द्रष्टुं विमानवरमास्थितः ।।२८।।

भ्रुशुण्डिमाययौ देवैर्दृष्ट्वा नत्वा प्रपूज्य तम् ।
तदनुज्ञाञ्च पूजाञ्च गृहीत्वा स्वां पुरीं ययौ ।।२९।।

थालिन् तब जागा रहेको कुनै छिमेकीले तिनको चरित्र थाहा पाएर आफ्नो देशका राजालाई तिनले गरेका सम्पूर्ण कुकर्म जाहेर गऱ्यो । बिहानसम्म भोगमा लिप्त रहेकी ती सुन्दरा सूर्य उदाएपछि घरमा आइपुगिन् । यी घरमा आउनासाथ लुकेर रहेका राजाका सिपाहीहरूले तिनलाई समातेर राजाका समीपमा पुऱ्याए। राजाको आज्ञा पाएर सिपाहीहरूले ती वेश्यालाई नगरबाहिर एकान्तमा लगी मारे ।।१८-२१।। यमदूतहरूले तिनलाई मृत्युपछि घोर नरकमा पुऱ्याए । नरकमा अनेक थरि कीराहरूद्वारा टोकिएर मर्मान्तक वेदना खप्नुपर्दा ती घोप्टेमुन्टो लगाएर बसिरहेकी थिइन्। तिनले आफ्ना सम्पूर्ण पापमय क्रियाकलाप याद गर्दै नरकको कठोर यन्त्रणा भोगिन्। एक कल्पसम्म अर्थात् ४ अरब ३२ करोड वर्षसम्म नरकमा यन्त्रणा भोगेपछि ती वेश्या पृथिवीमा अत्यन्त कुरूप चाण्डालकन्याको रूपमा पैदा भइन्।।२२-२३।। एक दिनको कुरा हो, ती चाण्डाली कन्या मदिरापान गरेर उन्मत्त भई दिउँसै सुतिरहेकी थिइन् । रातको पहिलो प्रहर बितेपछिमात्र जागिन्। तिनलाई त्यस बेला अत्यन्त भोक लागेको हुँदा भिक्षा माग्न भगवान् श्रीगणेशको व्रत गरिरहेका एउटा गृहस्थको घरमा पुगिन् । गृहस्थले तिनलाई भिक्षाको रूपमा अन्न दिए । तिनले चन्द्रोदय भएपछि त्यो अन्न ग्रहण गरिन्। त्यस बेला संयोगवश तिनले आफ्नै इच्छाले श्रीगणेश श्रीगणेश नाम जप गरेकी थिइन्। तिनले श्रीगणेशको नाम उच्चारण गरेको सुनेर प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले तिनलाई लिन तुरुन्तै विमान पठाउनुभयो। त्यस कारण यी अहिले यस विमानमा बसिरहेकी छिन् ।

ब्रह्माजीले भन्नुभयो - देवदूतहरूका कुरा सुनेर राजाका दूतहरूले तिनलाई नमस्कार गर्दै भने ।

दूतहरूले भने - हामी राजाको कार्य गर्न खटिएका राजदूतहरूले अद्भुत दृश्य देख्न पायौं।२४-२७।। हामीलाई हाम्रा राजा शूरसेनले जस्तो आदेश दिनुभएको छ, त्यो तपाइँहरूलाई बताउँछौं । एक दिन देवराज इन्द्र गृत्समद ऋषिको दर्शन गर्न विमानमा सवार हुनुभयो । उहाँको दर्शन गरेपछि देवताहरूका साथ भ्रुशुण्डी ऋषिको दर्शन गर्न जानुभयो। उहाँको दर्शन, नमस्कार र पूजन गरेपछि उहाँबाट आज्ञा प्राप्त गरी इन्द्र अमरावती जान विमानमा सवार हुनुभयो ।।२८-२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गच्छतस्तस्य यानं तच्छूरसेनपुरेऽपतत् ।
कुष्ठिनो वैश्यपुत्रस्य दृष्टिपातेन तत्क्षणात् ।।३०।।

शूरसेनो गतस्तत्र नमस्कृत्य प्रपूज्य तम् ।
विमानपतनेऽपृच्छदुपायं गमनेऽपि च ।।३१।।

इन्द्रेणोक्तं तु सङ्कष्टचतुर्थीव्रतसम्भवात् ।
पुण्यात् प्रस्थास्यते यानं तदर्थे यत्नमाचर ।।३२।।

वयं तदाज्ञया दूतास्तं गवेषितुमागताः ।
अनया चेद् व्रतमिदं देवदूताः कृतं यदि ।।३३।।

तर्हीयं नीयतां शूरसेनं भूमिपतिं प्रति ।
श्रेयो दास्यति चाण्डाली सङ्कष्टीव्रतसम्भवम् ।।३४।।

पुनर्द्विगुणपुण्येयं विमानं प्रति यास्यति ।
विमानमपि शक्रस्य स्वपुरीमागमिष्यति ।।३५।।

युष्माकमस्या अस्माकं कार्यं राज्ञः शचीपतेः ।
एवं कृते तु भविता क्रियतां यदि रोचते ।।३६।।

इति तद्वचनं श्रुत्वाऽभिदधुर्देवसेवकाः ।
आज्ञा नो नो गणेशस्यास्तीमां दातुं परस्य हि ।।३७।।

इत्युक्त्वा तां समुत्थाय विमाने निदधुर्यदा ।
तदैव सा दिव्यकान्तिर्दिव्यवस्त्राङ्गभूषणा ।।३८।।

देवदूतैस्तु सा नीता दिव्यवादित्रनिःस्वनैः ।
गजाननसमीपे सा राजदूता यथागतम् ।।३९।।

ययुस्ते शूरसेनं तं वृत्तान्तं समनुब्रुवन् ।
ब्रुवत्सु तेषु तद्यानं चाण्डाल्या सह संव्रजत् ।।४०।।

ददृशुस्ते दीप्यमानं भासयत् प्रदिशो दिशः ।
तस्या दृष्टिर्निपतिता तस्मिन् याने शचीपतेः ।।४१।।

अमरावतीका लागि उडेको उहाँको विमान शूरसेन राजाको नगरमा आउँदा दुर्घटनाग्रस्त भई भुईंमा खस्यो । वास्तवमा कुष्ठरोगी, पापी र पतित बनियाँको छोराले विमानमा नजर लगाउँदा त्यो विमान भुईंमा खसेको थियो । देवराज इन्द्रको विमान भुईंमा खसेपछि राजा शूरसेनले त्यहाँ पुगेर इन्द्रको नमन र पूजन गरी विमान खस्नुको कारण सोध्नुभयो र विमान फेरि कसरी उड्न सक्छ ? त्यसबारेमा पनि जिज्ञासा गर्नुभयो ।।३०-३१।। इन्द्रले उत्तर दिंदै भने - राजा शूरसेन ! कसैले सङ्कष्टचतुर्थीको व्रत पूरा गरेको रहेछ भने त्यस्ता व्यक्तिले आफ्नो पुण्यदान गरेमा यो विमान फेरि उड्न सक्छ । त्यस कार्यका लागि तपाईंले प्रयास गर्नुहोस् ।।३२।। त्यसपछि राजा शूरसेनले हामीलाई सङ्कष्टचतुर्थी व्रत पूरा गरेको मानिस खोज्न पठाउनुभयो। हामी यहाँ आएका छौं । हे देवदूतहरू ! यदि यी चाण्डालीले सङ्कष्टचतुर्थीको व्रत गरेर पुण्य कमाएकी छन् भने यिनलाई शूरसेन राजाको समीपमा पुऱ्याइदिनुहोस् । यिनले सङ्कष्टचतुर्थी व्रतको पुण्य प्रदान गरिन् भने पुण्यदानका कारण दुई गुणा पुण्य कमाउने छन् र देवराज इन्द्रको विमान पनि अमरावती जान सक्नेछ ।।३३-३५।। यसो गर्नुभयो भने तपाइँहरूको काम सम्पन्न हुनेछ, यिनको काम पनि पूरा हुनेछ । हामी सफल हुनेछौं, राजा शूरसेनको दुनियाँमा नाम चल्नेछ र इन्द्रमहाराज पनि कर्मको सफलताले यशस्वी हुनुहुनेछ । तपाइँहरूलाई यदि मन लाग्छ भने चाण्डालीबाट पुण्यदान गराउने काम सम्पन्न गर्नुहोस् ।।३६।। राजदूतका यी कुरा सुनेर देवदूतहरूले भने - भगवान् श्रीगणेशले यिनलाई अन्यत्र पुण्यप्रदान गर्ने आज्ञा दिनुभएको छैन । यसो भनेर देवदूतहरूले चाण्डालीलाई उठाएर विमानमा राखे । चाण्डाली विमानमा सवार हुनासाथ दिव्य वस्त्र र गहनाले सम्पन्न अत्यन्त सुन्दर नारीको रूपमा परिणत भइन् ।।३७-३८।। देवलोकमा बजाइने बाजा-गाजाका साथ देवदूतहरूले यिनलाई श्रीगणेशको धाममा पुऱ्याए । राजाका दूतहरू भने निराश भएर फर्किए । तिनले शूरसेन राजाका समीपमा गएर सबै वृत्तान्त बताए । दूतहरूले कुरा गर्दागर्दै शूरसेन आदि त्यहाँ बसेका सबैले चाण्डाली सवार भएको विमान आफूहरूमाथि चारैतिर प्रकाश छर्दै आइरहेको देखे । त्यसमा बसेकी चाण्डालीको दृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विमानवायुसंस्पर्शाद् विमानमूर्ध्वमाययौ ।
पश्यत्सु सर्वलोकेषु विस्मितेषु सुरर्षिषु ।।४२।।

स्वं स्वं स्थानं ययुः सर्वे शक्रे यातेऽमरावतीम् ।
साऽपि वैनायकं धाम सम्प्राप्ता दिव्यदेहभाक् ।।४३।।

पापं हित्वा तु सङ्कष्टचतुर्थीव्रतपुण्यतः ।
इदं यः शृणुयात् सम्यक् श्रावयेद् वा प्रयत्नतः ।।४४।।

प्राप्नुयात् सकलान् कामान् सङ्कष्टनाशनं नरः ।।४५।।

इन्द्रमहाराजको दुर्घटनाग्रस्त विमानमा पऱ्यो ।।३९-४१।। चाण्डाली बसेको विमानको हावाले इन्द्रको विमानलाई स्पर्श गर्दा त्यहाँ रहेका सबै मानिस, देवता र ऋषिहरूले चकित भई हेर्दाहेर्दै त्यो विमान भुईं छोडी उड्दै माथि पुग्यो ।।४२।। यसरी देवराज इन्द्र अमरावतीतर्फ लागेपछि त्यहाँ सबै मानिसहरू आ-आफ्ना घरतर्फ गए ।।४३।। सङ्कष्टचतुर्थीको व्रत गरेका कारण पापशून्य बन्न पुगेकी चाण्डाली पनि दिव्य देह धारण गरी श्रीगणेशधाममा पुगिन् । श्रीगणेश भगवान्को सङ्कष्टचतुर्थी व्रतको महिमा बताउने यस कथालाई जसले राम्ररी सुन्दछ र सुनाउँदछ । त्यसले आफ्ना सबै कष्ट नाश गर्दै सम्पूर्ण कामनाहरूको फल प्राप्त गर्दछ ।।४४-४५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे चाण्डाल्युपाख्यानं नाम चतुःसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सङ्कष्टचतुर्थी व्रतको महत्त्वनिरूपणको क्रममा चाण्डालीको उपाख्यान' शीर्षकान्वित चौहत्तरौं अध्याय पूर्ण भयो ।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चसप्ततितमोऽध्यायः { ७५ अध्याय }

क उवाच

श्रुत्वा दृष्ट्वा शूरसेनो महिमानं व्रतोद्भवम् ।
स्वयं कर्तुमनाः प्राह वसिष्ठं मुनिपुङ्गवम् ।।१।।

राजोवाच

मुहूर्त्तं वद सङ्कष्टचतुर्थीव्रतहेतवे ।
व्रतं कर्तुमिहेच्छामि सद्यःप्रत्ययकारकम् ।।२।।

वसिष्ठ उवाच

माघे कृष्णे भौमवारे कुरुष्व व्रतमुत्तमम् ।
सर्वसिद्धिकरं सर्वकामदं राजसत्तम ।।३।।

ब्रह्मोवाच

राजा सम्भृतसम्भारः सपत्नीकोऽतिभक्तिमान् ।
अचिरेणैव सम्प्राप्ते वसिष्ठोक्तदिने शुभे ।।४।।
प्रारीप्समानः सङ्कष्टचतुर्थीव्रतमुत्तमम् ।
प्रातःस्नानं विधायाथ नित्यकर्म समाप्य च ।।५।।
गणेशं पूजयित्वैव स्वस्तिवाच्यद्विजर्षभान् ।
पूजयित्वा वसिष्ठं स ततोऽनुज्ञां समाप्य च ।।६।।
गणेशे मन आधाय तन्नामजपतत्परः ।
एकाङ्गुष्ठस्थितस्तावद् यावदस्तमियाद् रविः ।।७।।
पुनः स्नानं चकाराशु सायंसन्ध्यामुपास्य च ।
प्रारभत् पूजनं सम्यग्वसिष्ठेन समन्वितः ।।८।।
महामण्डपिकां कृत्वा कदलीस्तम्भमण्डिताम् ।
नानालङ्कारवस्त्राढ्यां छत्रचामरशोभिताम् ।।९।।
आदर्शपङ्क्तिरुचिरां पुष्पमालाविभूषिताम् ।
नानामणिप्रभायुक्तां दीपमालाविराजिताम् ।।१०।।
तन्मध्ये स्वर्णकलशे स्थापयित्वा गजाननीम् ।
सौवर्णी प्रतिमां चारुसर्वावयवसुन्दराम् ।।११।।
नानालङ्काररुचिरां नानारत्नविभूषिताम् ।
पठत्सु द्विजमुख्येषु गायत्सु गायकेषु च ।।१२।।
नदत्सु सर्वतूर्येषु नृत्यत्सु नर्तकेषु च ।
वैदिकैश्चैव पौराणैस्तां मूर्तिं समपूजयत् ।।१३।।

ब्रह्माजीले भन्नुभयो - सङ्कष्टचतुर्थीको महिमा बुझेर शूरसेन राजालाई आफै पनि यो व्रत गर्न मन लाग्यो र तिनले उत्तम ऋषि वसिष्ठसँग भने ।।१।।

राजाले भने - हे गुरुदेव ! हजुरले सङ्कष्टचतुर्थी व्रत गर्न उपयुक्त उत्तम मुहूर्त बताउनुहोस् । म छिटै फल प्रदान गर्ने यो व्रत गर्न चाहन्छु ।।२।।

वसिष्ठले भन्नुभयो - हे राजन् ! माघमासको कृष्णपक्षको मङ्गलवारका दिन सबै कामना पूरा गराउने र सबै प्रकारका सिद्धि प्रदान गर्ने यो उत्तम व्रत आरम्भ गर्नुहोस्।।३।।

ब्रह्माजीले भन्नुभयो - राजा शूरसेनले सबै सामग्री जुटाएर आफ्ना पत्नीका साथमा रही वसिष्ठले बताएको मुहूर्त आएपछि सङ्कष्टचतुर्थीको व्रत प्रारम्भ गर्ने उद्देश्यले प्रातःकालमा स्नान गरी नित्यकर्म समाप्त गरेर श्रीगणेशको पूजा गरे । स्वस्तिवाचन गरी आफ्ना गुरु वसिष्ठ र अन्य ब्राह्मणहरूको पनि पूजा सम्पन्न गरे । वसिष्ठले आज्ञा दिएपछि श्रीगणेशमा मन लगाई खुट्टाको बूढी औंलाले टेकेर उनले सूर्य नअस्ताउँदासम्म श्रीगणेशको नामजप गरिरहे ।।४-७।। सूर्य अस्ताएपछि स्नान गरे । त्यसपछि तिनले सायँकालको सन्ध्या सकेर वसिष्ठ मुनिलाई डाकी श्रीगणेशको पूजा आरम्भ गरे ।।८।। केराका थामहरूले सिंगारिएको, अनेक थरि अलङ्कार र वस्त्रहरूले ढाकिएको, छाता र चमरले सुहाएको, ठाउँठाउँमा गल्ली बनाइएको, फूलमालाले सिंगारिएको, रत्न र मणिका किरणले जाज्वल्यमान र पुष्पमालाहरूद्वारा रमणीय विशाल मण्डप तयार गरी त्यसको माझमा सुवर्णको कलशमा अत्यन्त सुन्दर र अनेक रत्नले विभूषित र स्वर्णनिर्मित श्रीगणेशको प्रतिमा स्थापित गरे । त्यस बेला ब्राह्मणहरू पाठ गरिरहेका थिए, गायकहरू श्रीगणेशको गीत गाइरहेका थिए, अनेक मङ्गलवाद्य बजिरहेका थिए र नर्तकहरू नाचिरहेका थिए । राजा शूरसेनले वैदिक मन्त्र र पौराणिक मन्त्रहरूबाट षोडशोपचारले श्रीगणेशको मूर्तिमा पूजा गरे ।।९-१३।। पूजा गर्दा पञ्चामृत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपचारैः षोडशभिः पञ्चामृतपुरःसरम् ।
मोदकापूपलड्डूकपायसान्नं सशर्करम् ।।१४।।

नानाव्यञ्जनशोभाढ्यं पञ्चामृतसमन्वितम् ।
नैवेद्यं पुरतः स्थाप्य जलञ्च चारुगन्धयुक् ।।१५।।

समर्पयामास नृपो गजाननसुतुष्टये ।
फलानि पूगताम्बूलं दक्षिणां रत्नकाञ्चनीम् ।।१६।।

दूर्वा नीराजनं मन्त्रपुष्पाञ्जलीननेकधा ।
तिथये गणनाथाय चन्द्रायार्घ्यं ददावथ ।।१७।।

ब्राह्मणान् पूजयामास सादरं चाप्यबूभुजत् ।
अयुतं गा ददौ तेभ्यो वस्त्रालङ्कारदक्षिणाः ।।१८।।

ततः सुहृद्बन्धुयुतः स्वयञ्च बुभुजे नृपः ।
रात्रौ जागरणं चक्रे गीतवाद्यकथादिभिः ।।१९।।

प्रभाते विमले स्नात्वा पुनः सम्पूज्य पूर्ववत् ।
मूर्तिं तां गणनाथस्य वसिष्ठाय सदक्षिणाम् ।।२०।।

सोपस्करां ददौ राजा ततस्तुष्टो गजाननः ।
विमानं प्रेषयामास सर्वसम्पद्विराजितम् ।।२१।।

तद्दूतैः स्थापितस्तत्र गजाननस्वरूपवान् ।
पश्यतां सर्वलोकानां मन आनन्दयन् मुहुः ।।२२।।

चलितो देवलोकाय राजा पुण्यप्रभावतः ।
तमूचुर्देवदूतास्ते गजाननस्वरूपिणः ।।२३।।

नानालङ्कारशोभाढ्या मुकुटाक्रान्तमस्तकाः ।
विनायकेन तुष्टेन विमानं प्रेषितं तव ।।२४।।

त्वद्दर्शनौत्सुक्यवता ततो वयमुपागताः ।
इति तद्वचनं श्रुत्वा मुमोचाश्रूणि भूमिपः ।।२५।।

जगाद गद्गदगिरा रोमाञ्चाञ्चितविग्रहः ।
तानुवाच ततो राजा शूरसेनः स्मयन्निव ।।२६।।

अव्यक्तस्याप्रमेयस्य नित्यस्य जगदीशितुः ।
वाङ्मनोऽगोचरस्यापि न हेतुर्मम दर्शने ।।२७।।

लड्डु, चिनी, मालपुवा, मोहनभोग, खीर र अनेक थरि व्यञ्जनसहित अनेक थरिका नैवेद्य भगवान् श्रीगणेशका अगाडि अर्पण गरी सुगन्धित जल पनि टक्र्याएका थिए।।१४-१५।। तिनले श्रीगणेशको सन्तुष्टिका लागि विविध फूल, पत्र, पान, सुपारी, रत्न र सुवर्णको दक्षिणा, दूबो, आरती र मन्त्रपुष्पाञ्जली पनि अनेक पटक समर्पण गरे । यसरी तिनले चतुर्थी तिथिमा चन्द्रमा, तिथि र श्रीगणेशलाई छुट्टाछुट्टै अर्घ्य समर्पण गरे ।।१६-१७।। त्यसपछि ब्राह्मणको पूजा गरी ब्राह्मणभोजन गराए। ब्राह्मण-भोजनपछि ती ब्राह्मणहरूलाई दश हजार गाई, वस्त्र, अलङ्कार र दक्षिणा पनि प्रदान गरे ।।१८।। यी सबै कर्म सकिएपछि तिनले आफ्ना बन्धु-बान्धवका साथ भोजन गरे। फेरि त्यो दिन नाच, गान, वाद्यवादन, कथाश्रवण आदि मङ्गलकार्य गर्दै रातभर जागा रहे ।।१९।। निर्मल प्रातःकाल भएपछि नुहाएर अघिल्लो दिन गरेजस्तै भगवान् श्रीगणेशको मूर्तिमा पूजा गरे। पूजा सकिएपछि वसिष्ठलाई शय्या, दक्षिणा र अन्य सामग्रीसहित श्रीगणेश प्रतिमा पनि प्रदान गरे । राजा शूरसेनले गरेको सङ्कष्टचतुर्थीको व्रतबाट प्रसन्न हुनुभएका श्रीगणेशले शूरसेनका निमित्त ऐश्वर्यसम्पन्न विमान पठाउनुभयो ।।२०-२१।। श्रीगणेशका दूतहरूद्वारा विमानमा प्रवेश गराइएका राजा शूरसेन श्रीगणेशकै रूपमा परिणत भए। तिनलाई श्रीगणेशका रूपमा परिणत भएको देखेर त्यहाँका सारा मानिसहरू आनन्दित भएका थिए। त्यसपछि राजा शूरसेन देवलोकका लागि प्रस्थान गर्न लागे । श्रीगणेशकै स्वरूप धारण गरेका, विविध मूल्यवान् अलङ्कारले शोभायमान, शिरमा सुन्दर मुकुट धारण गर्ने देवदूतहरूले राजा शूरसेनलाई भने - तपाईंको व्रतबाट खुसी हुनुभएका भगवान् श्रीगणेशले तपाईंका लागि यो विमान पठाउनुभएको हो।।२२-२४।। भगवान् श्रीगणेश तपाईँलाई हेर्न उत्सुक हुनुहुन्छ । उहाँले आज्ञा गरेअनुसार हामी तपाईँलाई लिन आएका हौं । देवदूतका कुरा सुनेर शूरसेन राजाका आँखाबाट बर्बर्ती आँसु खसे ।।२५।। त्यसपछि रोमाञ्चित भएका राजाले चकित हुँदै गद्गद वाणीद्वारा दूतहरूलाई भने- अव्यक्त, अप्रमेय, विद्या, वाणी र मनद्वारा अगोचर, जगत्का स्वामी गजाननका निमित्त म आवश्यक छैन, वेद र शास्त्रले जसको राम्ररी वर्णन गर्न सक्दैनन्, ब्रह्मा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न समर्थाश्च यं वेदाः शास्त्राणि च निरूपितुम् ।
यञ्च स्मरन्ति सततं केशाद्या देवतागणाः ।।२८।।

तेनाहं चेत् स्मृतो दूतास्तर्हि भाग्यं महन्मम ।
इत्याकर्ण्य तु तद्वाक्यं दूता ऊचुः पुनर्नृपम् ।।२९।।

महिमानं न जानीमो भक्तानां नृपते ! वयम् ।
निर्गुणं यन्निराकारं येन साकारतामियात् ।।३०।।

राजोवाच

एका मे महती वाञ्छा तुष्टे देवे भवत्सु च ।
तुष्टेषु नगरीं हित्वा कथं यायां गजाननम् ।।३१।।

न भक्षितं विनाऽप्येतैर्मया हालांहलं क्वचित् ।
स कथं परमानन्दं भोक्ष्य एतैर्विनाऽनघाः ।।३२।।

पुनरूचुश्च तं दूतास्त्वदिच्छा परिपूर्यताम् ।
न चेद् गजाननः क्रोधात् ताडयिष्यति नोऽखिलान्।।३३।।

ब्रह्मोवाच

ततः सर्वं जनं नेतुं विमाने निदधुः क्षणात् ।
चतुराकरजा ब्रह्मन् ! निक्षिप्ताः सर्वजन्तवः ।।३४।।

सर्वे दिव्याम्बरा दिव्यवस्त्रालङ्कारशोभिनः ।
ऊचुः परस्परं सर्वे किमेतदद्भुतं महत् ।।३५।।

अस्माभिर्न कृतं पुण्यं विमानं कथमीदृशम् ।
अपरे चाब्रुवँस्तत्र राजपुण्यबलादिदम् ।।३६।।

यथा निधिबलाद् धातुमात्रस्य हाटकं भवेत् ।
अतिपापो यथा साधुवचसा सिद्धिमाप्नुयात् ।।३७।।

तथैव राजपुण्येन वयं सर्वे समुद्धृताः ।
ततो वैनायका दूता गतिमूर्ध्वामकल्पयन् ।।३८।।

जडीभूतं विमानं तन्नोदतिष्ठन् महीतलात् ।
ततः संशयितं सर्वं कथमेतद् दिवं व्रजेत् ।।३९।।

विष्णु, शिव आदि देवताहरूले जसको निरन्तर ध्यान गर्दछन्, त्यस्ता जगदीश्वर भगवान् श्रीगणेशले मलाई संझनुभयो । हे दूतहरू हो ! त्यसो हो भने मेरो ठूलो भाग्य रहेछ । शूरसेनका यी कुरा सुनेर दूतहरूले फेरि राजालाई भने – हे राजा ! हामी भक्तहरूको महिमा जान्न सक्दैनौं। कसरी निर्गुण र निराकार स्वरूपका भगवान् पनि साकार भएर दर्शन दिनुहुन्छ, त्यो हाम्रो ज्ञानको विषय होइन ।।२६-३०।।

राजाले भने – हे देवदूत हो ! भगवान् श्रीगणेश प्रसन्न हुनुभएको छ, तपाइँहरू पनि प्रसन्न हुनुहुन्छ, त्यस कारण म मेरो इच्छाबारे एउटा निवेदन गर्दछु । यहाँका नर-नारीहरूलाई छोडेर म एक्लै कसरी भगवान्को दर्शन गर्न जाऊँ ? मैले यी नगरवासीहरूसँग छुट्टिएर एक्लै विष पनि खाएको छैन । हे निष्पाप देवदूतहरू ! यिनलाई यहाँ छाडेर मैले एक्लै परम आनन्दको भोग कसरी गरूँ ? दूतहरूले भने – हे राजा ! तपाइँको इच्छा पूरा गर्नुहोस् । तपाइँजस्ता प्यारा भक्तको इच्छा पूरा भएन भने भगवान् श्रीगणेशले हामीसँग क्रुद्ध भएर दण्ड दिनुहुनेछ ।।३१-३३।।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि देवदूतहरूले त्यस नगरका सबै प्राणीहरूलाई विमान राखिदिए । त्यस विमानमा त्यस नगरका अण्डज, जरायुज, उद्भिज र स्वेदज सबै वर्गका प्राणीहरू रहेका थिए ।।३४।। सबै दिव्य वस्त्र र दिव्य अलङ्कारले सुहाए । विमानमा विराजमान ती सबै प्राणीहरूले आपसमा भन्न थाले – यो गजबको कुरा भयो, हामीले केही पुण्य गरेका छैनौं, तर हाम्रा लागि विमान कसरी आइपुग्यो ? केही अरू मानिसले भने – राजाले गरेका पुण्य-प्रतापले हामीले पनि विमानमा आरोहण गर्न अवसर पायौं ।।३५-३६।। जस्तै पारसमणिको स्पर्श पाएर सामान्य धातु पनि स्वर्णमा बदलिन्छ अथवा जस्तै अत्यन्त पापी मानिस पनि ठूला सज्जनको सङ्गत पाएर सिद्धि प्राप्त गर्दछ, त्यस्तै राजाका पुण्यको प्रतापबाट हाम्रो उद्धार भएको छ। त्यसपछि श्रीगणेश भगवान्का दूतहरूले विमानलाई उडाउन थाले ।।३७-३८।। कैयन प्रयास गर्दा पनि त्यो विमान पृथिवीतलबाट अलिकति पनि माथि उठेन। यो देखेर विमानभित्र बसेका मानिसहरू – यस्तो विमान कसरी स्वर्ग पुग्न सक्छ ? भन्दै संशय गर्न लागे ।।३९।। फेरि केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

ऊचुः परस्परं लोका निर्दैवस्य निधिः कुतः ।
आरुरुक्षेत् कथं भिक्षापात्रं शिक्यं महत्तरम् ।।४०।।
ददृशुः सर्वतः केचित् कुष्ठी दृष्टिपथं गतः ।
उवाच कश्चिद्राजानं कुष्ठिनं त्वमिमं त्यज ।।४१।।
अस्मिन्नधो गते यानमूर्ध्वमेतद् भविष्यति ।
शूरसेन उवाचैतान् दूताँस्तं त्यक्तुमिच्छतः ।।४२।।
अहं पापसमाचारस्त्याज्यो नेय इमेऽखिलाः ।
अथवा कथ्यतामस्य पूर्वपापं च जन्म च ।।४३।।
मत्स्नेहात् सर्ववेतृत्वादुपायं कृपयाऽपि च ।

दूता ऊचुः

न कार्या नृपते ! चिन्ता वदिष्यामो वयं तव ।।४४।।
जन्म पापमुपायञ्च कुष्ठिनो दुष्टकर्म च ।।४५।।

मानिसहरूले अभागीले खजाना कहाँबाट पाउँछ ? के भिक्षा थाप्ने भाँडोले शिकामा बस्न पाउँछ ? यसरी तर्कपूर्ण कुरा गरिरहेका मानिसहरूले विमानको चारैतिर हेरे, तिनका सामु एउटा कुष्ठरोगी मानिस देखाप्ऱ्यो । ती दूतहरूमध्ये एउटा दूतले राजालाई भने – हे राजन् ! यो कुष्ठरोगी मानिस विमानभित्र रहेका कारण विमान चलेन । यसलाई बाहिर निकालिदिनुहोस्। यो मानिस बाहिर ओर्लियो भने विमान माथि उड्नेछ । त्यो कुष्ठरोगी मानिसलाई बाहिर पठाउन चाहने दूतलाई शूरसेनले भने – म नै पापी छु, मलाई बाहिर निकालिदिनुहोस् । यहाँ भएका सबै मानिसहरूलाई तपाईंले श्रीगणेशको धाममा लिएर जानुहोस् अथवा तपाईंहरूले यी कुष्ठरोगीको पूर्वजन्म र त्यहाँ यिनले गरेका पापको विषयमा मलाई बताउनुहोस् । त्यसपछि ममाथि कृपा गरेर तपाईंहरूले यो मानिसको उद्धार गर्ने उपाय बताउनुहोस् । किनकि तपाईंहरू सर्वज्ञ हुनुहुन्छ ।

देवदूतले भने- हे राजा! तपाईंले कुनै चिन्ता नगर्नुहोस्। हामी तपाईंलाई यी कुष्ठरोगीको पूर्वजन्म, दुष्टकर्म र पापसमेत बताएर यिनको उद्धार गर्ने उपाय पनि बताउनेछौं ।।४०-४५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे शूरसेनकृतचतुर्थीव्रतफलनिरूपणं नाम पञ्चसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'शूरसेनद्वारा चतुर्थीव्रतको अनुष्ठान र फलप्राप्ति' शीर्षकान्वित पचहत्तरौं अध्याय पूर्ण भयो ।।७५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्सप्ततितमोऽध्यायः   { ७६ अध्याय }

दूता ऊचुः

गौडे तु विषये गौडनगरेऽभूत् पुरा द्विजः ।
तपस्वी ज्ञानवान् प्राज्ञो देवब्राह्मणपूजकः ।
तस्य पुत्रोऽयमजनि जननी चास्य शाकिनी ।।१।।

तस्य पत्नी तु सावित्री सावित्रीव पतिव्रता ।
एकपुत्रस्नेहवशादलङ्कारैरलङ्कृतः ।।२।।

अत्यन्तसुन्दरतरो रतिभर्तेव शोभते ।
तन्मातापितरौ तस्य वियोगं नेच्छतः क्षणम् ।।३।।

स तु यौवनमापन्नो निजभार्यां विहाय ताम् ।
परदाररतो नित्यं परनिन्दापरायणः ।।४।।

अभवत् पापनिष्ठश्च पितृवाक्यावमर्दनः ।
एकदा नगरे तस्मिन् वेश्या नरविमोहिनी ।।५।।

आगता तद्गतमना यच्चक्रेऽसौ शृणुष्व तत् ।
स्वालङ्कारान् पेटिकायां निष्कास्याऽस्थापयद् बलात् ।।६।।

मातापित्रोः समक्षञ्च पश्चाच्चौर्यं पुनश्च तान् ।
वेश्यायै प्रतिपाद्यैतांश्चिक्रीड सुभृशं तया ।।७।।

हित्वेन्द्रियार्थान् सकलान् सुगन्धद्रव्यसंयुतः ।
तदेकनिष्ठः सञ्जातो योगी ब्रह्मपरो यथा ।।८।।

कामाग्निविह्वलश्चासीत् क्षीवो मद्यबलाद् यथा ।
पिता तु खेदसम्पन्नः क्षुत्तृड्भ्यां परिवर्जितः ।।९।।

विलोकयामास सुतं नगरे प्रतिमन्दिरम् ।
अलब्धदर्शनस्तस्य श्वासोच्छ्वासपरायणः ।।१०।।

देवदूतहरूले भने – कुनै समयमा गौड देशको गौड नगरमा तपस्वी, ज्ञानी, विद्वान्, देवता एवं ब्राह्मणका आराधक एउटा ब्राह्मण थिए ।।१।। यी कुष्ठरोगी मानिस तिनै ब्राह्मणका पुत्र हुन् । यिनकी आमाको नाम शाकिनी र श्रीमतीको नाम सावित्री थियो । सावित्री वास्तवमा सावित्रीसमान पतिव्रता थिइन् । सन्तानको नाममा एउटा छोरामात्र भएकाले यी छोरा सधैं वस्त्र र गहनाले ठाँटिएर रहन्थे ।।२।। हेर्दा यी कामदेवसमान अत्यन्त सुन्दर देखिन्थे । आमा-बाबु यी छोराको विरह अलिकति पनि खप्न सक्दैनथे । यी जवान भए । विवाह गरेर ल्याएकी पतिव्रता पत्नीलाई छाडी परस्त्रीहरूसँग रमण गर्ने, परनिन्दा गर्ने, पापकर्म गर्ने र बाबु एवं आमाको आज्ञा नमान्ने जस्ता कर्म गरिरहँदा यी अत्यन्त दुष्ट मानिसका रूपमा चिनिए । एक दिन त्यस नगरमा एउटी दर्शक युवाहरूलाई मुग्ध तुल्याउने अत्यन्त सुन्दरी वेश्या आइपुगी ।।३-५।। ब्राह्मणका पुत्र यी बुध वेश्याको विचित्र सौन्दर्य देखेर मुग्ध भए । यिनले आफ्ना आमा-बाबुका सामु वेश्यामा आसक्त भएर आफूले धारण गरेका गहना उतारी एउटा बाकसमा राखे। कोही नभएको मौका पारेर त्यो बाकस पनि चोरेर बाहिर लगे । ती सबै गहना त्यो सुन्दरी वेश्यालाई सुम्पेर त्यसका साथ पटक-पटक भोगविलास गरे ।।६-७।। सुगन्धित शृङ्गारसामग्रीका साथ नित्य वेश्यारमण गर्ने यिनले अरू पारिवारिक कर्तव्य र खान-पानसमेतको पनि बेवास्ता गरी त्यसै वेश्याको चिन्तन र सहवास आदि क्रियाकलापबाट वेश्यामय बनेर समय बिताए । जसरी ब्रह्मानन्दमा रमाउने योगीहरू जगत्का पदार्थहरूलाई छाडेर ब्रह्ममा नै रमाउँछन्, त्यस्तै यी ब्राह्मणपुत्र बुध पनि वेश्याको चिन्तनमा रमाउँदा उन्मत्त र कामव्याकुल बनेका थिए । छोरालाई घरमा नदेखेर तिनका बाबु-आमा भोक र प्यासको पनि वास्ता नगरी चिन्ता गरिरहन्थे ।।८-९।। हाम्रो छोरा यतिबेला कहाँ होला ? भनी तर्क गर्दै नगरका घर-घरमा छोराको खोजीमा डुल्दथे । छोराको दर्शन र खबरसमेत नपाउँदा निरन्तर लामो सास तानेर चिन्ता गरिरहन्थे ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निशीथे स्वप्रियां प्राह बुधः पुत्रो गतः क्व नु ।
विना तेन वृथा गेहं विना दीपं यथा निशा ।।११।।

विना जलं वृथा वापी विनापत्यं यथाऽबला ।
कदा नु दर्शनं तस्य भविता प्राणरक्षकम् ।।१२।।

शाकिन्युवाच

क्षुधा तृषा परिश्रान्ता चिन्ताशोकसमन्विता ।
तिष्ठामि नाथ ! नो जाने क्व गतः प्रियबालकः ।।१३।।

यदि मे दर्शनं तस्य स्याज्जीवामि न चान्यथा ।
पुनश्चचाल दूर्वः स यष्टिमादाय मुष्टिना ।।१४।।

यं यं पश्यति मार्गेऽस्मिँस्तं तं पृच्छति चात्मजम् ।
यदा श्रान्तः क्षुधाक्रान्तस्तदा भ्रान्तश्च सोऽभवत् ।।१५।।

अतिवृद्धो महाभीमो नाम्ना भीमोऽन्त्यवर्णजः ।
स तेन पृष्टस्तनयं तेनाप्युक्तं परं स्फुटम् ।।१६।।

भीम उवाच

वेश्यागृहे ते तनयो बुधोऽसौ
बुधः सुखं क्रीडति कामसक्तः ।
कस्यात्मजो वा जननी पिता वा
वृथैव खेदं कुरुषे द्विजेन्द्र ।।१७।।

दूर्व उवाच

कथं मम सुतो जातो वेश्यायां निरतो बुधः ।
तस्या गृहं जगामाशु दृष्ट्वाँस्तत्र तं सुतम् ।।१८।।

उन्मत्तं मदिरारक्तनयनं मदविह्वलम् ।
पिता दधार तं हस्ते रुषाऽशिक्षापयत् सुतम् ।।१९।।

त्वत्तः कण्टकवृक्षोऽयं पाषाणो वा मतोऽधिकः ।
कथं न त्यजसे प्राणान् किं स्यात्तैर्जीवितं खलु ।।२०।।

ब्रह्मोवाच

पितृवाक्यं समाकर्ण्य रोषाविष्टो बुधः सुतः ।
तलप्रहारं तुण्डेऽस्य दत्तवान् पितुरेव सः ।।२१।।

एक दिन ब्राह्मणले रातको समयमा आफ्नी ब्राह्मणीलाई भने- हे प्रिया! विना पानीको तलाउ व्यर्थ छ, विना सन्तानको नारीजीवन निरर्थक छ, विना पुत्रदर्शन हाम्रो जीवन व्यर्थ छ, हामी कहिले र कहाँ छोरालाई भेट्ने मौका पाउनेछौं । कहिले त्यसको दर्शन पाएर आफ्नो प्राणको प्यास शान्त गराउनेछौं ।।११-१२।।

शाकिनीले भनिन् - हे नाथ ! म भोक र प्यासले गलेकी छु, चिन्ता र शोकले डढेकी छु, हाम्रो प्यारो छोरा कहाँ गयो ? थाहा पाउन सकिएन ।।१३।। छोराको अनुहार हेर्न नपाए म अब धेरै बाँच्न सक्दिनँ । पत्नीको व्याकुलता देखेर ती दूर्व नाम गरेका ब्राह्मण हातमा दण्डधारण गरी घरबाट फेरि हिंडे ।।१४।। बाटामा जुन जुन मानिस भेटिन्थे, तीसँग तपाईंले मेरो छोरा देख्नुभयो कि ? भनी सोधिरहन्थे । जब ती वृद्ध धेरै थाके, भोक प्यासले गलित भए र दुर्बलताले रिंगटा लागेर थचक्क बसे, त्यस बेला तिनले अत्यन्त डरलाग्दो आकारका भीम नामक वृद्ध शूद्रलाई देखे। दूर्वले तीसँग पनि छोराकै विषयमा सोधेपछि शूद्रले स्पष्टसँग भने ।।१५-१६।।

भीमले भने - हे ब्राह्मण ! तपाइँको छोरा यतिबेला वेश्याको घरमा बसिरहेको छ । त्यो मूर्ख वेश्यासँग कामक्रीडामा लम्पट भइसकेको छ । संसारमा को कसकी आमा ? को कसको बाबु ? को कसको छोरा ? यी नाता सम्बन्ध क्षणिक हुन्, नाशवान् हुन्, व्यर्थमा किन खेद गर्दछौ?।।१७।।

दूर्वले भने - 'मेरो छोरा बुध कसरी वेश्यामा आसक्त भयो ?' त्यसपछि ती वेश्याका घरमा पुगे । त्यहाँ तिनले आफ्नो छोरालाई देखे । त्यस बेला मदिरापानका कारण बुध मदविह्वल थियो । त्यसको शरीर धङधङाइरहेको थियो र आँखा राता थिए । त्यसलाई हातमा समातेर पिताले उपदेशको मुद्रामा भने - हे दुष्ट पुत्र ! हे अधम! तँ मेरो कुलमा चन्द्रमामा कलङ्क झैं भएर किन पैदा भइस् ? तँभन्दा ढुङ्गा बेस छ र काँडादार रूख पनि धेरै बेस छ । तेरो जीवन व्यर्थ छ । तँ किन मर्दैनस् ? तँ बाँचेर के लाभ छ ? ।।१८-२०।।

ब्रह्माजीले भन्नुभयो - आफ्ना पिताको वचन सुनेर क्रोधावेशमा आएको त्यो छोरा बुधले पिताको गालामा थप्पड हान्यो ।।२१।। त्यसपछि भन्यो - 'हे नराधम पिता ! कीरा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्तवान् कृमिकीटादिसाधारणसुखे कथम् ।
कृतवानसि मे विघ्नं क्रीडाकाले नराधम ।।२२।।

अकस्मात् काकस्य शकृत् पतितं मयि वा कथम् ।
पुनर्लत्ताप्रहारेण प्राणाँस्तस्य गृहीतवान् ।।२३।।

पित्रा प्राणेषु त्यक्तेषु हरेश्वरेति सोऽवदत् ।
ननन्द स सुतः पादे बद्ध्वा तं दूरतोऽक्षिपत् ।।२४।।

मधु पीत्वा पुना रेमे वेश्यया स यथेच्छकम् ।
प्रातर्जगाम स्वगृहं ददर्श जननी च तम् ।।२५।।

आलिलिङ्ग सुतं हर्षात् स्नेहस्नुतंपयोधरा ।
बभाण क्व गतश्चाऽसि क्व स्थितः किं कृतं त्वया ।।२६।।

वद मे विस्तराद् वत्स ! पिता ते दुःखितो भृशम् ।
अहं चापि निराहारा निर्जला निशि जाग्रती ।।२७।।

प्रतीक्षमाणा वत्स ! त्वां पिताऽन्वेष्टुं गतश्चिरात् ।
गच्छ त्वं पितरं द्रष्टुमित्युवाच पुनः पुनः ।।२८।।

तयाज्ञप्तमिति क्रोधाच्छुष्ककाष्ठेन तां सुतः ।
ताडयामास शिरसि पतिता सा धरातले ।।२९।।

निश्चेतनां परिज्ञाय बद्ध्वा पादेऽक्षिपद् बहिः ।
स्वयं वेश्यागृहं गत्वा चिक्रीड भृशहर्षितः ।।३०।।

ददहुस्ते जनाः सन्तो दम्पती स्वस्वकाष्ठतः ।
न शास्ति राजा दण्ड्यं तं ब्राह्मणत्वाद् द्विजाधमम् ।।३१।।

पुनर्गृहागतं तं तु पत्नी वाक्यं शनैर्जगौ ।

सावित्र्युवाच

प्राणनाथ वदाम्येकं तद् शृणुष्व महामते ।।३२।।

कृमिले पनि विषयभोग गर्दछन् । त्यस्तो आनन्ददायक विषयभोग गरिरहेको समयमा आएर तिमीले ठूलो विघ्न गर्‍यौ ।।२२।। तिम्रो यस विघ्नका कारण मेरो ज्यानमा अचानक कौवाको विष्ठा परेझैं भएको छ ।' यति भनेर त्यसले लातै लातले प्रहार गरेर आफ्ना बाबुको प्राण लियो।।२३।। पिताले प्राणत्याग गरेपछि त्यसले हे हर! हे ईश्वर ! भन्यो । त्यसपछि प्रसन्न भई त्यसले लाशलाई खुट्टामा बाँधेर टाढा पुर्‍याई फ्याँकिदियो ।।२४।। फर्केर आएपछि फेरि मदिरापान गरी वेश्यासँग रमण गर्न लाग्यो । रातमा यथेष्ट रमण गरेपछि बिहान त्यो आफ्नो घर गयो । त्यहाँ त्यसकी आमाले त्यसलाई देखिन् ।।२५।। छोरामा स्नेहका कारण स्तनबाट दूधका धारा बगाइरहेकी आमाले त्यसलाई हर्षपूर्वक आलिङ्गन गर्दै भनिन् – 'बाबु ! तिमी कहाँ गएका थियौ ? कहाँ बसेका थियौ ? तिमीले के काम गर्‍यौ ? मलाई सबै विस्तारपूर्वक बताऊ । तिम्रा पिता पनि तिमीलाई नदेखेर साह्रै दुःखित भई तिमीलाई खोज्न जानुभएको छ । मैले पनि केही खाए-पिएकी छैन । तिम्रै पीरले रातभर जागा रहेकी छु ।।२६-२७।। तिम्रै प्रतीक्षामा बसिरहेकी छु । तिम्रा पिता जानुभएको पनि धेरै बेर भइसक्यो । बाबु ! जाउ र उहाँलाई खोजेर ल्याऊ ।' यसरी तिनले आफ्ना मनका वेदना पोखेर छोरालाई पटक पटक बाबुको खोजी गर्न अह्राइन् ।।२८।। आमाले मलाई पटक पटक काम गर्न लगाइन् भन्ने रीसले त्यो छोराले ती आमाको टाउकामा सुकेको काठले हिर्कायो। बिचरा ती आमा भुईंमा लडिन् ।।२९।। त्यसपछि त्यो छोराले ती आमालाई मरेकी जानेर खुट्टामा बाँधी तिनको लाशलाई टाढा लगेर फ्याँकिदियो। त्यसपछि आफू प्रसन्न भई वेश्याका घरमा गएर भोगविलास गर्न लाग्यो ।।३०।। त्यहाँका सम्पन्न मानिसहरूले काठ जम्मा गरेर ती दुबै मरेका वृद्ध-वृद्धाको दाहसंस्कार गरे । त्यतिका अपराध गर्दा दण्डनीय भएता पनि त्यो अधमलाई ब्राह्मण भएको नाताले त्यस बेलाका राजाले कुनै दण्ड दिएनन् ।।३१।। त्यो फेरि वेश्याको घरबाट आफ्नो घरमा आयो । त्यसलाई आएको देखेर त्यसकी पत्नी सावित्रीले सुस्तरी कुरा गरिन् ।

सावित्रीले भनिन् – हे मेरा बुद्धिमान् प्राणनाथ ! म हजुरसँग एउटा निवेदन गर्न चाहन्छु, हजुरले सुन्नुहोस् । हजुरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिख्यातेऽतिविमले वर्णे जन्म भवादृशाम् ।
आचारश्चान्यथा दुष्टस्त्यक्तव्यः स विवेकतः ।।३३।।

इह लोके तु तत् कार्यं येन सौख्यं परे भवेत् ।
पूर्वे वयसि तत्कार्यं येन शं वार्धके भवेत् ।।३४।।

अष्टमासेषु तत्कुर्याद् येन वर्षासु शं भवेत् ।
दिवसे कर्म तत्कार्यं येन रात्रौ सुखं भवेत् ।।३५।।

पितुः प्रियत्वाद् राजाऽपि ब्राह्मणत्वात् क्षमत्यसौ ।
सर्वावयवसम्पूर्णां सुन्दरीमनुसारिणीम् ।।३६।।

त्यक्त्वा मां धर्मपत्नीं त्वं वेश्यायां निरतः कथम् ।
लोको निन्दति सर्वत्र भयात् त्वां न वदत्यसौ ।।३७।।

स मां जनः प्रतिब्रूते पतिस्ते कीदृशः शुभे ! ।
लज्जयाऽधोमुखी प्राणाँस्त्यक्तुमीहे तदैव च ।।३८।।

यथेष्टं चेन्मया सार्धं रमसेऽहर्निशं पते !।
न कोऽपि किञ्चिद् ब्रूयात् त्वां दोषो वा न भवेन्महान्।।३९।।

हितं चेत् कुरु मद्वाक्यं त्यक्त्वा तां स्वविवेकतः ।
अज्ञानाद् वा प्रमादाद् वा कृतं कर्म त्यजेद् बुधः।।४०।।

इदं कृतं ममैव स्यादिष्टं नैव कृतं यदि ।
अनिष्टं सर्वथा मे स्यात् तन्न कार्यं विनिश्चयात् ।।४१।।

अन्यथा कुर्वतः पुंस इहलोको न वा परः ।
इति स्त्रिया वाक्यबाणैर्बुधो विद्धो हि मर्मसु ।।४२।।

रोषाविष्टो महाक्रूरो जगाद प्रज्वलन्निव ।

जन्म अत्यन्त प्रसिद्ध कुल र निर्मल ब्राह्मण जातिमा भयो । तर हजुरको चाल-चलन भने कुल र जाति अनुकूलको भएन। तपाईँले आफ्ना दुष्ट क्रियाकलापलाई विवेकपूर्वक छाड्नु पर्दछ।।३२-३३।। मानिसले यस लोकमा त्यो काम गर्नुपर्दछ, जुन गर्नाले परलोकमा सुख प्राप्त हुनसक्दछ । यौवन अवस्थामा त्यो काम गर्नुपर्दछ जुन काम गर्नाले वृद्धावस्थामा सुख प्राप्त हुनसक्दछ ।।३४।। एक वर्षका आठ महिनाहरूमा त्यो काम गर्नुपर्दछ, जुन काम गर्नाले वर्षाऋतुमा सुख प्राप्त हुन सक्दछ। मानिसले दिनमा त्यो काम गर्नुपर्दछ जुन काम गर्नाले रातको समयमा सुख प्राप्त हुनसक्छ ।।३५।। तपाइँ पिताका प्यारा भएकाले र तपाइँ ब्राह्मणकुलमा पैदा हुनुभएका कारणले पनि यो देशका राजाले दया गरेका छन् । सर्वाङ्ग सुन्दर स्वरूप भएकी, तपाइँको आज्ञापालन गर्ने र तपाइँलाई असाध्यै माया गर्ने मजस्ती विवाहित पत्नीलाई छाडेर तपाइँ किन वेश्यासँग भुल्नुभएको छ ? चारैतिरका मानिसले तपाइँको यो कर्म देखेर निन्दा गरिरहेका छन् । तपाइँका सामु आएर डरले केही पनि भन्न सक्दैनन् ।।३६-३७।। यी मानिसले मसँग आएर 'हे कल्याणी ! तिम्रा पति कति दुर्जन भए भन्दछन्।' त्यो सुन्दा मलाई नराम्रो लाग्दछ । लाजले टाउको निहुर्‍याउँछु र त्यसै बेला मलाई प्राण त्याग्न मन लाग्दछ ।।३८।। हे पतिदेव ! दिनदिनै तपाइँ मसँग रमाएर आहार-विहार गर्नुहुन्छ भने कसैले पनि तपाइँलाई केही भन्ने मौका पाउने थिएन र ठूलो दोष पनि लाग्ने थिएन।।३९।। तपाइँलाई यो कुरा हितकारी लाग्दछ भने आफ्नो विवेक प्रयोग गरी वेश्यालाई छाडेर मेरो भनाइलाई मान्नुहोस् । अज्ञानले अथवा उपेक्षाले आफूले शुरू गरेको नराम्रो कामलाई बुद्धिमान् मानिसले त्याग्नुपर्दछ।।४०।। यो काम गर्दा यसको फल मैले नै भोग्ने हो, राम्रो र नराम्रोको परिणाम भोक्ता पनि म नै हुँ भन्ने ठानेर नराम्रा काम गर्न हुँदैन।।४१।। यसको प्रतिकूल विवेकको प्रयोग नगरी मनपरी कर्म गर्ने मानिसको यो लोक पनि सप्रिँदैन र परलोक पनि। आफ्नी पत्नीका यस्ता वचनले मर्ममा घाउ लागेको त्यो बुध अत्यन्त कठोर भयो र अत्यन्त क्रुद्ध पनि। मुखबाट अग्निका ज्वाला निकाल्दै भन्न थाल्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुध उवाच

निर्लज्जे ! निष्ठुरे! प्रौढे ! दुष्टे ! रुष्टे मयि स्फुटम्।।४३।।
गमिष्यसि गतिं तां त्वं यथा तौ पितरौ गतौ ।

सावित्र्युवाच

येन पित्रोर्न मर्यादा शिक्षित्रोश्च स्वतन्त्रयोः ।।४४।।

रक्षिता तद्विपरीतां स मां त्राता कथं भवेत् ।
भर्तृहस्तान्मृतिः श्रेयः परत्रेह च सत्स्त्रियाः ।।४५।।

ब्रह्मोवाच

एवं ब्रुवन्त्यां पत्न्यां स धम्मिल्लं सहसाऽग्रहीत् ।
काष्ठैर्लोष्ठैर्मुष्टिभिश्च पाषाणैस्तामताडयत् ।।४६।।

सा रामं भर्तृरूपेण संस्मार पूर्वपुण्यतः ।
प्राणाँस्तत्याज सहसा भिन्ना मर्मसु तेन ह ।।४७।।

स्वर्गं गत्वा दित्यदेहा बुभुजे परमं सुखम् ।
आकृष्य चरणे तां स चिक्षेप दूरतो निशि ।।४८।।

निरङ्कुशो हर्षयुतो रेमे वेश्यासमन्वितः ।
त्वदर्थं नाशिता सर्वे बुधस्तामिति सोऽब्रवीत् ।।४९।।

ततो बहुगते काले बुधोऽगात् कालभेर्गृहम् ।
तस्मिन् स्नातुं गते दुष्टो भार्यां तस्याऽग्रहीत् कचे।।५०।।

अत्यन्तं सुन्दरतरामालिलिङ्ग चुचुम्ब च ।
निःशकं शयनं नीत्वा ममर्द कुचमण्डलीम् ।।५१।।

रेमे तया यथेष्टं स ततः सा तं शशाप ह ।

सुलभोवाच

कथं नाम कृतं दुष्टं पितृभ्यां सुलभेति मे ।।५२।।

अहं ते सुलभा जाता दुष्टबुद्धे नराधम ! ।
स्नातुं गते भर्तरि मे कालभौ मुनिपुङ्गवे ।।५३।।

बुधले भन्यो - ए निर्लज्ज नारी ! निष्ठुर हृदय भएकी दुष्ट पत्नी ! म रिसाएँ भने तँ पक्कै पनि त्यो हालतमा पुग्नेछस्, जुन हालतमा मेरा आमा-बाबु पुगिसके ।

सावित्रीले भनिन् - जसले स्वतन्त्र र उत्तम शिक्षा प्रदान गर्ने आफ्ना बाबु-आमाको मर्यादा गर्न जानेन, त्यसले आफ्नो विपरीत कुरा गर्ने मजस्ती पत्नीको रक्षा गर्न सक्दैन । उत्तम नारीका लागि आफ्ना पतिका हातबाट मर्नु यो लोक र परलोकमा कल्याणकारी हुन्छ ।।४२-४५।।

ब्रह्माजीले भन्नुभयो - आफ्नी पत्नी सावित्रीले यस्ता कुरा गरेपछि बुधले अचानक तिनको चुल्ठो समात्यो । त्यसपछि काठ, ढेला, ढुङ्गा र मुड्की प्रहार गरी तिनलाई पिट्यो ।।४६।। तिनले पनि पिटाइखाइरहेको बेला पूर्वजन्मका पुण्यसंस्कारले भगवान् रामलाई पतिका रूपमा याद गरिन् । आफ्ना पतिद्वारा शरीरका मर्ममा प्रहार गरिएकी ती सावित्रीले प्राण परित्याग गरिन् ।।४७।। प्राणत्यागपछि तिनको शरीर दिव्य भयो र स्वर्गमा गई परमसुखकी अधिकारिणी बनिन् । त्यो बुधले रातको समयमा आफ्नी पत्नी सावित्रीको लाशलाई समाएर खुट्टाले घिसार्दै टाढा लगी फ्याँकिदियो ।।४८।। त्यसपछि स्वतन्त्र भएको त्यो बुध वेश्यारमणमा लीन भयो। त्यस बेला बुधले वेश्यालाई भन्यो – 'हे सुन्दरी ! मैले तिम्रै निमित्त मेरा परिवारका सबै मानिसलाई मारिदिएँ ।' यो घटना भएको धेरै समय बितेपछि त्यो बुध कालभि नामक गृहस्थका घरमा गयो । ती कालभि नुहाउन बाहिर गएपछि त्यो दुष्टले तिनकी पत्नीको कपालमा समात्यो ।।४९-५०।। अति सुन्दरी ती गृहस्थरमणीलाई आलिङ्गन र चुम्बन गर्‍यो । निर्धक्कसँग बिस्तरामा पुर्‍याई तिनका कुचहरूको मर्दन गर्‍यो । त्यसपछि त्यसले इच्छाअनुसार भोगविहार गर्‍यो ।।५१।। त्यसको बलप्रयोगबाट उम्कन नसकेकी र सतीत्व गुमाउन विवश ती कालभिकी पत्नी सुलभाले त्यस दुष्टलाई सराप दिइन्।

सुलभाले भनिन् - मेरा माता-पिताले 'सुलभा' भनी किन मेरो नाम राख्नुभएछ ? ।।५२।। नराम्रो बुद्धि भएका हे अधम मानिस ! आज म मेरो नाम सुलभा भएजस्तै तेरा लागि पनि सुलभा हुन पुगें । मुनिहरूमा श्रेष्ठ मेरा पति कालभि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलात्कारो मयि कृतो दुष्ट ! कुष्ठी भविष्यसि ।
जन्मान्तरे ते नामापि न गृह्णीयाज्जनः क्वचित् ।।५४।।

ब्रह्मोवाच

ततो भीतो ययौ वेश्यागृहमेव बुधः पुनः ।
रेमे तया सुरां पीत्वा न किञ्चिदपि चिन्तयन् ।।५५।।

एवं दुष्टानि कर्माणि वक्तव्यानि कथं मया ।
पुण्यक्षयो भवेत्तस्य परदोषं य ईरयेत् ।।५६।।

स कालान्निधनं प्राप्तो दूतैर्नीतो यमालयम् ।
यमेनोक्तं किमानीतो नीयतां नरकेष्वयम् ।।५७।।

यमवाक्यं समाकर्ण्य दूता निन्युस्तदैव तम् ।
चिक्षिपुर्नरके तावद् यावदाभूतसंप्लवम् ।।५८।।

भुक्तभोगः स वैश्यस्य गृहे जन्म समाप्तवान् ।
ऋषिपत्न्याः स शापेन कुष्ठी जातो भृशं तदा ।।५९।।

पितृहा मातृहा स्त्रीहा मद्यपो गुरुतल्पगः ।
तस्य संस्पर्शनादेव सचैलं स्नानमाचरेत् ।।६०।।

नामाप्येतस्य न ग्राह्यं महादोषकरं यतः ।
एतादृशोऽयं दुष्टात्मा यदा त्यक्त इतस्तदा ।।६१।।

विमानं यास्यते चोर्ध्वं नूनं नास्त्यत्र संशयः ।।६२।।

ब्रह्मोवाच

श्रुत्वेत्थं वचनं तेषां दूतानां भृशकम्पितः ।।६३।।

शूरसेन उवाचैतान्न मयाऽज्ञायि दुष्कृतम् ।
पुनरुत्थाय राजाऽसौ प्रणनाम भृशातुरः ।।६४।।

प्राह तान् देवदूतान् स कृपां कृत्वा वदन्तु मे ।
उपायमस्य दुष्टस्य सर्वदोषापनुत्तये ।।६५।।

दूता ऊचुः

उत्तिष्ठोत्तिष्ठ नृपते ! ब्रूमो दोषापनुत्तये ।
उपायं राजशार्दूल! शृणुष्वैकमना भव ।।६६।।

नुहाउन जानुभएपछि तैंले ममाथि बलात्कार गरिस् । त्यस कारण हे दुष्ट! तँ कुष्ठरोगी हुनेछस् र अर्को जन्ममा पनि तेरो नाम कसैले लिने छैनन् ।।५३-५४।।

ब्रह्माजीले भन्नुभयो - सुलभाले सराप दिएपछि डराएको त्यो बुध फेरि वेश्याको घरमा गयो । त्यहाँ गएपछि मदिरापान गरी ती वेश्यासँग भोगविलास गऱ्यो । त्यसले आफूले गरेका अपराधको कत्ति पनि वास्ता गरेन ।।५५।। त्यसले गरेका यस्ता दुष्टकर्महरू मैले कसरी बताऊँ ? । जसले अरूका अपराधको चर्चा गर्दछ त्यसका पुण्यको पनि नाश हुन्छ ।।५६।। त्यो बुध समय आएपछि मऱ्यो । त्यसलाई यमका दूतहरूले यमको दरबारमा पुऱ्याए । यमले त्यसलाई देखेर भने - हे दूत हो ! यसलाई किन यहाँ लिएर आयौ ? यसलाई अबिलम्ब नरकमा लैजाने काम गर ।।५७।। यमराजको आज्ञा पाएर दूतहरूले बुधलाई त्यसै बेला नरकमा पुऱ्याए । सम्पूर्ण संसारको प्रलय नहुँदासम्म नरकयातना भोग गरी त्यो दुष्ट बुध-नरकमा नै रह्यो। सम्पूर्ण नारकीय वेदना भोग गरेपछि एउटा बनियाको घरमा त्यसले जन्म लियो । ऋषिपत्नीको सरापका कारण त्यो कुष्ठरोगी भयो।।५८-५९।। देवहरूले भने - बाबु मार्ने, आमा मार्ने, पत्नी मार्ने, ऋषिकी पत्नीमाथि बलात्कार गर्ने र मदिरा पान गर्ने यो महापापी दुष्ट हो । यसले स्पर्शमात्र गर्दा मानिसले नुहाउनु पर्दछ । यस्ता पापीको मानिसले नाम पनि लिन हुँदैन । किनकि त्यसबाट ठूलो दोष लाग्दछ । यस्तो दुष्टात्मा अहिले हाम्रो विमानभित्र पसेछ । यसलाई यहाँबाट बाहिर फ्याँकियो भनेमात्र यो विमान उडेर माथि जानेछ । यसमा कुनै सन्देह छैन ।।६०-६२।।

ब्रह्माजीले भन्नुभयो - ती दूतहरूका यस्ता कुरा सुनेर कम्पायमान भएका शूरसेन राजाले देवदूतहरूलाई भने - 'मैले यस मानिसको पाप थाहा पाएको थिइनँ ।' यति भनेर शूरसेनले आत्तिदै देवदूतलाई नमस्कार गरी प्रार्थना गरे - 'तपाइँहरूले कृपा गरेर यो पापी मानिसका सबै दोषहरूको नाश गर्ने उपाय बताउनुहोस्' ।।६३-६५।।

दूतहरूले भने - हे राजन् ! तपाइँ उठ्नुहोस्, हामी यो पापीको पापनाश गर्ने उपाय बताउँछौं, सावधान भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेशस्य भवेन्नाम यत् ख्यातं चतुरक्षरम् ।
जप तत् कर्णरन्ध्रेऽस्य सर्वदोषक्षयो भवेत् ।।६७।।

उदये दिननाथस्य यथा सर्वतमःक्षयः ।
नान्योपायेऽधिकारोऽस्य यतो नामैव जप्यताम् ।।६८।।

ब्रह्मोवाच

शूरसेनो दूतवाक्याज्जयपूर्वं जजाप ह ।
त्रिवारं वैश्यकर्णे तु नाम यच्चतुरक्षरम् ।।६९।।

गजाननेति श्रुत्वैव दिव्यदेहोऽभवच्च सः ।
भासयँस्तेजसा सर्वमरुणो भुवनं यथा ।।७०।।

सर्वपापक्षये जाते नामश्रवणमात्रतः ।
दीपयन् सर्वदिग्देशान् विमानं चाध्यरोहत ।।७१।।

तद्विमानं क्षणाद् दूतैः सर्वलोकसमन्वितम् ।
नीतं वैनायकं धाम विघ्नराजस्य शासनात् ।।७२।।

इति सर्वं समाख्यातं यद् यत् पृष्टं त्वयाऽनघ ।।७३।।

महापुण्यञ्च सङ्कष्टचतुर्थीव्रतमुत्तमम् ।
धर्म्यं यशस्यमायुष्यं श्रवणात् सर्वसिद्धिदम् ।।७४।।

सर्वपीडाप्रशमनं सर्वविघ्नविनाशनम् ।
दूर्वानामप्रभावश्च किमन्यच्छ्रोतुमिष्यसि ।।७५।।

सुन्नुहोस्।।६६।। भगवान् श्रीगणेशको चार अक्षरको नाम प्रसिद्ध छ । त्यो नाम यसको कानमा जप्नुहोस् । त्यसबाट यसका सबै दोष र पापहरूको नाश हुनेछ ।।६७।। सूर्य उदाउँदा जसरी अन्धकारको नाश हुन्छ त्यसैगरी श्रीगणेशको नाममन्त्र जप गर्दा पापीहरूको पाप नाश हुन्छ । यो नामजपबाहेक पापनाशक अरू उपाय छैन ।।६८।।

ब्रह्माजीले भन्नुभयो - राजा शूरसेनले दूतहरूको कुरा सुनेर कुष्ठरोगी बनियाँको कानमा तीन पटकसम्म श्रीगणेशको नाममा जय थपेर उच्चारण गरे । जय गजानन ! जय गजानन! जय गजानन ! । यस्तो मन्त्र सुन्नासाथ त्यो कुष्ठरोगी बनियाँको शरीर दिव्य भयो । जसरी सूर्यले पृथिवीमा प्रकाश फैलाउँछन् त्यसैगरी बनियाँले पनि आफ्नो तेजको प्रकाश फैलाइरहेको थियो ।।६९-७०।। गजाननको नाम सुनेर मात्र सबै पापहरूको नाश भएपछि दिशाहरू र देशहरूलाई आफ्नो प्रकाशबाट प्रकाशित बनाउँदै त्यस बनियाँले विमानमा आरोहण गऱ्यो ।।७१।। सबै मानिसहरूले भरिएको त्यो विमानलाई श्रीगणेश भगवान्का दूतहरूले श्रीगणेशको आज्ञाअनुसार श्रीगणेशधाममा पुऱ्याए ।।७२।। हे निष्पाप सज्जन ! तपाईँले जे-जे सोध्नुभएको थियो, ती सबैको उत्तर मैले दिएँ ।।७३।। सङ्कष्टचतुर्थीको व्रत उत्तम, फलदायक, सुखदायक, कीर्तिदायक र आयुष्यदायक पुण्यव्रत हो । यसबाट सबै प्रकारका सिद्धि प्राप्त हुन्छन् र पीडा शान्त हुन्छन्। यसको अनुष्ठानबाट सबै प्रकारका विघ्न नाश हुन्छन् । मैले सङ्कष्टचतुर्थीको महिमा बताएँ र दूबोको प्रभाव बताएँ । अब के सुन्न चाहनुहुन्छ ? ।।७४-७५।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे सङ्कष्टचतुर्थीमाहात्म्यकथनं नाम षट्सप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'सङ्कष्टचतुर्थी व्रतको महत्त्वनिरूपणका साथै दूर्वाङ्कुरको महिमाकथन' शीर्षकान्वित छैहत्तरौं अध्याय पूर्ण भयो ।।७६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्तसप्ततितमोऽध्यायः { ७७ अध्याय }

व्यास उवाच

अन्येनाकारि केनेदं वद तत् कौतुकं महत् ।

ब्रह्मोवाच

जामदग्न्येन रामेण व्रतमेतत् पुरा कृतम् ।।१।।
सोऽपि कीर्तिं जयं ज्ञानमायुर्दीर्घञ्च लब्धवान् ।

व्यास उवाच

रामः कथं समुत्पन्नः कस्मात् कस्यां पितामह ।।२।।
एतत् सर्वं सुविस्तार्य ब्रूहि त्वं मम पृच्छतः ।

ब्रह्मोवाच

श्वेतद्वीपेऽतिविख्यातो जमदग्निर्महामुनिः ।।३।।

मनसा सृष्टिसंहारान् निग्रहानुग्रहानपि ।
यः करोति त्रिकालज्ञस्ततो देवाश्चकम्पिरे ।।४।।

यस्यासीत् पत्न्यपि तथा रेणुका नाम नामतः ।
यस्या लावण्यगुञ्जापि पत्न्याः कामस्य नाभवत् ।।५।।

रतिरित्येव लोकेषु विख्याताऽभूत् ततस्तु सा ।
यया सम्मोह्यते सर्वं क्षमस्तद्वर्णने तु कः ।।६।।

यन्नेत्रशोभासम्प्राप्त्यै चकोरा जलवासिनः ।
हरिणाश्च तपश्चेरुर्वने छन्दतृणाशिनः ।।७।।

यदास्यशोभासम्प्राप्त्यै सेवते चन्द्र ईश्वरम् ।
अनादिनिधना देवी मूलप्रकृतिरीश्वरी ।।८।।

यस्यामजनि रामोऽसौ विष्णुर्योगेश्वरो यथा ।
जमदग्नेर्महाभागात् साक्षादीश्वररूपिणः ।।९।।

अतिसुन्दरगात्रोऽसौ साक्षान्मन्मथमन्मथः ।
मातापितृवचःकर्ता विख्यातबलपौरुषः ।।१०।।

देवद्विजगुरुप्राज्ञगोबोधिपूजने रतः ।
वेदवेदाङ्गशास्त्राणां स्मृतीनामपि पाठकः ।।११।।

व्यासले भन्नुभयो - हे ब्रह्माजी ! यो सङ्कष्टचतुर्थीको व्रत अरू क-कसले गरे ? त्यो जान्न मलाई ठूलो उत्कण्ठा छ, कृपया बताउनुहोस् ।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! जमदग्निका छोरा परशुरामले यो व्रत गर्नुभएको थियो । उहाँले यस व्रतबाट कीर्ति, विजय, ज्ञान र दीर्घायु प्राप्त गर्नुभएको थियो ।

व्यासले भन्नुभयो - हे पितामह ! परशुराम कसरी उत्पन्न हुनुभयो ? उहाँका बाबु-आमा को हुनुहुन्थ्यो ? यी प्रश्नहरूको उत्तर विस्तारपूर्वक बताउनुहोस् ।

ब्रह्माजीले भन्नुभयो - श्वेतद्वीपमा अत्यन्त प्रसिद्ध जमदग्नि महामुनि आफ्नो मनबाट नै सृष्टि, संहार, निग्रह र अनुग्रह गर्न पनि समर्थ थिए र त्रिकालदर्शी पनि । तिनको प्रताप देखेर देवताहरू कम्पायमान भए ।।१-४।। जमदग्निकी पत्नी रेणुका पनि उहाँजस्तै तेजस्विनी थिइन् । कामदेवकी पत्नी रतिमा रेणुकाको एक रत्तिबराबर पनि सौन्दर्यको दाना नभएकाले कामपत्नी रतिनामले प्रसिद्ध भइन्।।५।। तिनको दर्शन पाउँदा संसार नै मोहित हुन्थ्यो। तिनको सौन्दर्यवर्णन गर्न कुनै पनि कवि र कलाकार समर्थ थिएनन् ।।६।। रेणुकाको नयनको शोभा पाउन चखेवाहरूले पानीमा बसेर तपस्या गरेका थिए र मृगहरूले वनका घाँस-पात खाएर तपस्या गरेका थिए ।।७।। रेणुकाको अनुहारको सौन्दर्य प्राप्त गर्न चन्द्रमा पनि शिवजीको आराधनामा नित्य निरत भएका छन् । अनन्त सौन्दर्यकी धनी रेणुका अनादि-अनन्तस्वरूप मूल प्रकृति ईश्वरी नै हुन् ।।८।। उनकै कोखबाट विष्णुका अंशावतार योगेश्वर भगवान् परशुरामको जन्म भयो । परशुरामका पिता जमदग्नि साँच्चिकै ईश्वरलाई छोराको रूपमा पाएर संसारमा भाग्यशाली भए ।।९।। भगवान् परशुराम कामदेवलाई पनि पगाल्न सक्ने सर्वाङ्गसुन्दर स्वरूप र व्यक्तित्वका धनी हुनुहुन्थ्यो। उहाँ माता-पिताका आज्ञापालक, बल र पुरुषार्थबाट प्रसिद्ध देवता, ब्राह्मण, गुरु, विद्वान्, गाई र पीपलको अर्चना एवं आराधनामा संलग्न तथा वेद-वेदाङ्ग एवं धर्मशास्त्रका ज्ञाता र अध्येता पनि हुनुहुन्थ्यो ।।१०-११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्ये बृहस्पतिसमः क्षमया पृथिवीसमः ।
गाम्भीर्येऽब्धिसमो यस्तु पित्रोर्वाक्यपरायणः ।।१२।।

पित्रोराज्ञां गृहीत्वा स निमेषारण्यमाययौ ।
अनेकविद्याभ्यसने मतिं कृत्वा परां स्थिराम् ।।१३।।

तस्मिन् गते तदा राजा कार्तवीर्यो महाबलः ।
यस्य प्रतापादभवद् वश्यं भूमण्डलं सदा ।।१४।।

यस्मिँल्लक्ष्मीः स्थिरा विष्णोरंशभूतेऽखिलार्थदे ।
आजौ पञ्चशतं बाणान् सृजते रिपुघातकान् ।।१५।।

इन्द्रादिवृन्दसेव्योऽसौ विख्यातबलपौरुषः ।
असङ्ख्याता गजा यस्य रथवाजिपदातयः ।।१६।।

तस्य निर्गमने सैन्याश्छादयन्ति महीतलम् ।
वर्षाकाले यथा मेघा धाराभिर्व्योममण्डलम् ।।१७।।

यस्य कम्बुस्वनं श्रुत्वा द्विषो यान्ति दिशो दश ।
यथा सिंहरवं श्रुत्वा मत्तमातङ्गकोटयः ।।१८।।

यदा तालीपञ्चशतं स्वेच्छया कुरुते नृपः ।
तदा सनादं ब्रह्माण्डं कम्पते मुनिसत्तम ।।१९।।

असौ यदृच्छया यत्तश्चतुरङ्गबलान्वितः ।
नीलवस्त्रधरो नीलच्छत्रस्तादृशसैनिकः ।।२०।।

वनानि सरितो दुर्गान् पर्वतांश्च विलोडयन् ।
नानामृगगणान् वीक्ष्य विनिघ्नन्नपि काँश्चन ।।२१।।

ततः सह्याद्रिशिखरेऽपश्यदाश्रममुत्तमम् ।
यथा कैलासशिखरे गिरिशालयमुत्तमम् ।।२२।।

अपृच्छत् सेवकान् राजा कस्येदमुत्तमं स्थलम् ।।२३।।

उहाँ विद्यामा बृहस्पतिसमान, क्षमागुणमा पृथिवीसमान, गम्भीरतामा सागरसमान हुनुहुन्थ्यो। माता-पिताको आज्ञापालनमा सधैं दत्तचित्त रहने परशुराम एक दिन अनेक थरि विद्याको अभ्यास गर्ने सङ्कल्प गरेर माता-पिताको आज्ञा प्राप्त गरी नैमिषारण्य जानुभयो ।।१२-१३।। परशुराम त्यहाँ जानुभएपछि अत्यन्त बलशाली राजा कार्तवीर्य जमदग्निको आश्रममा आएका थिए। राजा कार्तवीर्यको प्रतापबाट सारा पृथिवीमण्डल वशवर्ती थियो।।१४।। विष्णुका अंशावतार, सबै प्रकारका कामना पूरा गर्न सक्ने शक्ति भएका राजा कार्तवीर्यका दरबारमा लक्ष्मी स्थिररूपमा रहेकी थिइन्। युद्धमा एउटा बाण प्रहार गर्दा त्यो बाण उनको शक्तिबाट पाँच सय बाणको रूपमा परिणत भई शत्रुसेनाको संहार गर्न सफल हुन्थ्यो ।।१५।। बल र पुरुषार्थका कारण संसारमा प्रख्यात ती कार्तवीर्य इन्द्र आदि देवताहरूद्वारा पनि सेवनीय महापुरुषका रूपमा संसारमा चर्चित थिए । कार्तवीर्यको सेनामा असङ्ख्य हात्ती, रथ, घोडा र पैदल सेनाका जवानहरू थिए ।।१६।। कार्तवीर्यको युद्धयात्रा हुँदा वर्षाकालमा जसरी बादलले जलधाराबाट आकाशमण्डल ढाकिदिन्छ, त्यसरी तिनका सैनिकहरूले पृथिवी नै ढाक्दथे ।।१७।। सिंहगर्जन सुनेर मत्त हात्तीको समूह भागेझैं कार्तवीर्यको शङ्खध्वनि सुनेर शत्रुहरू दसैदिशामा पलायन गर्दथे ।।१८।। जुन बेला कार्तवीर्यले आफ्नो इच्छाअनुसार एकैचोटिमा एक हजार हातबाट पाँच सय ताली बजाउँथे त्यस बेला घोर गर्जनसहित ब्रह्माण्ड काँप्दथ्यो ।।१९।। ती कार्तवीर्य आफू स्वच्छन्द इच्छाको अधीनमा थिए । गजसेना, रथसेना, अश्वसेना र पैदलसेनाका साथ नीला वस्त्र धारण गरी, नीलो छाता ओढेर ती आफ्ना सैनिकहरूलाई अगाडि लगाई वन, नदी, दुर्ग र पर्वतहरू थर्काउँदै, अनेक थरि मृगहरूको दर्शन गर्दै र केही मृगहरूलाई मार्दै युद्धमा अगाडि बढिरहेका थिए।।२०-२१।। एक दिन यसरी युद्धयात्रा गरिरहेको बेला कार्तवीर्यले कैलासपर्वतको शिखरमा शिवजीको आश्रम रहेझैं सह्याचलको शिखरमा पनि अर्को आश्रम देखे। राजा कार्तवीर्यले आफ्ना सेवकहरूसँग यो कसको आश्रम हो भनी सोधे।।२२-२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृत्य उवाच

जमदग्निरिति ख्यातः साक्षात् सूर्य इवापरः ।
मुनिरास्ते महाभागः शापानुग्रहकारकः ।।२४।।

यस्य दर्शनतः पापकोटयो यान्ति संक्षयम् ।
इच्छा चेत् तत्र गन्तव्यं दर्शनं ते भविष्यति ।।२५।।

तव प्रसादात् सर्वेषामुपकारो भविष्यति ।

ब्रह्मोवाच

इति तद्वचनं श्रुत्वा गमनायोद्यतो नृपः ।।२६।।
न्यषेधयत् सर्वबलं श्रेष्ठानादाय तत्क्षणात् ।
ययौ तं मुनिशार्दूलं जमदग्निं तपोनिधिम् ।।२७।।

ददर्श तं कुशासीनं ज्वलन्तमिव पावकम् ।
प्रणनाम स साष्टाङ्गं ते सर्वे सहयायिनः ।।२८।।

नानाविशालशालासु कुञ्जवृक्षावलीषु च ।
निषेदुः सैनिकास्ते तु राजा तस्थौ मुनेः पुरः ।।२९।।

आसने मुनिनादिष्टे चतुर्भिः परिवारितः ।
निषसाद तदा राजा कृतवीर्यसुतो बली ।।३०।।

अपूजयत् तान् सर्वान् पाद्यार्घ्यविष्टरादिभिः ।
सुमुनिः प्रददौ गाश्च शिष्यैः सर्वानपूजयत् ।।३१।।

नानासरोवरजले निर्मले चारुशीतले ।
अमज्जन्त तदा सर्वे सैनिका मृगयार्दिताः ।।३२।।

शृण्वन् वेदनिनादाँश्च शास्त्रशब्दाँश्च पुष्कलान् ।
अभितो वादशब्दाँश्च तच्छिष्यैः समुदीरितान् ।।३३।।

अब्रवीन्मुनिमुख्यं तं राजा राजीवलोचनः ।
अद्य मे पितरौ धन्यौ जन्म ज्ञानं तथा तपः ।।३४।।

पुण्यवृक्षोऽद्य फलितो यज्जातं तव दर्शनम् ।
अद्य मे सम्पदो धन्याः कुलं धन्यं यशोऽपि मे ।।३५।।

सेवकले भने - हे महाराज ! साक्षात् दोस्रा सूर्यझैं तेजस्वी, सराप र वरदान दिन समर्थ महर्षि जमदग्नि संसारमा विख्यात हुनुहुन्छ ।।२४।। उहाँको दर्शनमात्र पाउँदा दर्शकका करोडौं पाप समाप्त हुन्छन् । यदि हजुरलाई जमदग्निको दर्शन गर्ने इच्छा छ भने त्यहाँ पाल्नुहोस् । ऋषिदर्शनको सौभाग्य प्राप्त हुनेछ ।।२५।। त्यसपछि हजुरको कृपाबाट मुनिदर्शन पाउँदा हामी सबैको उपकार पनि हुनेछ ।

ब्रह्माजीले भन्नुभयो - सेवकका वचन सुनेर राजा कार्तवीर्य मुनिदर्शनका लागि तयार भए । सबै सेना लिएर त्यहाँ जान हुँदैन भनी निषेध गरी केही माथिल्लो स्तरका सैनिकहरूका साथ तत्काल ती मुनिसिंह तपोनिधि जमदग्निको आश्रममा गए ।।२६-२७।। त्यहाँ उनले बलिरहेको अग्निझैं तेजोमय, तपोनिधि जमदग्नि ऋषिको दर्शन गरी दण्डवत् प्रणाम गरे ।।२८।। राजाले प्रणाम गरेपछि साथमा आएका सैनिकहरूले पनि ऋषिलाई प्रणाम गरे । राजाका प्रमुख सैनिकहरू मुनिको आश्रममा रहेका ठूला-ठूला पर्णशाला र वृक्षका छायामा बसे र भने महाबली राजा कार्तवीर्य चार जना आफ्ना अङ्गरक्षक साथमा लिएर मुनिको समक्ष गई उहाँले दिनुभएको आसनमा विराजमान भए ।।२८-३०।। मुनि जमदग्निले शिष्यहरूलाई आफ्नो आश्रममा अतिथिका रूपमा आएका राजा र तिनका सैनिकहरूको पाद्य, अर्घ्य, आसन आदि टक्र्याएर सम्मान गर्न लगाए र राजालाई गाईहरू पनि टक्र्याए ।।३१।। शिकार खेल्दा थाकेका कार्तवीर्यका सैनिकहरू आश्रममा रहेका अनेक सरोवरहरूको निर्मल जलमा नुहाउन थाले । कमलजस्ता सुन्दर नयन भएका राजा कार्तवीर्यले जमदग्निका शिष्यहरूले उच्चारण गरेको वेदघोष, शास्त्रको शब्दपुञ्ज र शास्त्रार्थका पूर्वपक्ष र उत्तरपक्ष सुनेर करबद्ध बिन्ती गरे - हे महर्षि जमदग्नि ! आज मेरा माता-पिता धन्य हुनुभएको छ, मेरो जन्म धन्य छ, मेरो ज्ञान धन्य भएको छ, तपस्या सफल भएको छ, पुण्यको वृक्ष फलेको छ, किनकि मैले आज हजुरको पुण्यमय दर्शन पाएको छु । आज मेरो ऐश्वर्य धन्य भएको छ, कुल धन्य भएको छ र कीर्ति पनि धन्य भएको छ ।।३२-३५।। जुन तत्त्वलाई परब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परब्रह्मेति यत् प्रोक्तं तदेव त्वं न संशयः ।
आतिथ्यं तव दृष्ट्वैव परितुष्टं मनो मम ।।३६।।
इति श्रुत्वा तु तद्ब्राह्मीं स्मयन्निव प्रसन्नधीः ।
कोऽसि कस्यासि किं नाम किं कार्यं तव वर्तते ।।३७।।
इति तं परिपप्रच्छ जानन्नपि मुनिस्तदा ।

राजोवाच

राज्ञां स्वकार्यकर्तृणां भवादृशनिरीक्षणात् ।।३८।।
नान्यत् प्रयोजनमुरुश्रेयसाऽजनि तत् स्फुटम् ।
कृतवीर्यसुतोऽहञ्च कार्तवीर्य इति श्रुतः ।।३९।।
अनुज्ञातो गमिष्यामि ततोऽहं नगरं प्रति ।

मुनिरुवाच

मयाऽश्रावि महाकीर्तिस्तत राजन्यसत्तम ।।४०।।
आसीत् त्वद्दर्शनाकाङ्क्षा जाता पुण्येन सत्फला ।
देह आत्मा तपो ज्ञानमाश्रमो मम साम्प्रतम् ।।४१।।
अभूत् त्वदागमाद् राजन् ! सार्थकाः सर्वसम्पदः ।
अकृत्वा भोजनं किञ्चित् कथं त्वं गन्तुमर्हसि ।।४२।।
मम श्लाघा भवेल्लोके न्यूनं किं तव विद्यते ।
किञ्चिद् भुक्त्वा व्रज विभो! सनाथं कुरु मां प्रभो ।।४३।।

राजोवाच

सत्यं भोजनकालोऽस्ति भोक्तव्यञ्च तवाज्ञया ।
अन्नाभावे श्रोत्रियाणां जलं याच्य पिबेदपि ।।४४।।
तथाऽप्येतान् विहायाहं सैनिकान् गणनातिगान् ।
जलं पातुं न शक्नोमि कथं भोक्तुं समुत्सहे ।।४५।।
जानेऽहं मनसा ब्रह्मन् ! न शक्तिः सर्वभोजने ।
भवद्दर्शनमात्रेण कृतकृत्यो व्रजेऽधुना ।।४६।।

भनिन्छ, त्यो तत्त्व हजुर नै हो, यसमा कुनै सन्देह छैन । हजुरले गर्नुभएको पाहुनाहरूको सत्कार देखेर मेरो मन ज्यादै प्रसन्न र सन्तुष्ट भएको छ ।।३६।। कार्तवीर्यका वचन सुनेर प्रसन्न र चकित हुनुभएका मुनिले सर्वज्ञ हुनाको कारण सबै कुरा थाहा पाउनुभएता पनि शिष्टाचार अँगाली तपाइँ को हुनुहुन्छ ? कसका सुपुत्र हुनुहुन्छ? तपाइँको शुभ नाम के हो? कुन उद्देश्यले यहाँ पाल्नुभएको छ ? इत्यादि प्रश्न गरे ।

राजाले भने - हे मुनिवर ! आफ्नो शासनकार्यमा जुटिरहेका हामीजस्ता राजाहरूले हजुरजस्ता ठूला तपस्वीहरूको दर्शन पाउनुबाहेक ठूलो अरू कुन प्रयोजन हुनसक्छ ? पूर्वजन्मका पुण्यका प्रतापले आज मैले हजुरको दर्शन गर्ने अवसर पाएको छु । म राजा कृतवीर्यको छोरा हुँ र कार्तवीर्यको नामबाट प्रसिद्ध छु ।।३७-३९।। अब हजुरको आज्ञा पाएँ भने नगरतर्फ फर्किने छु ।

जमदग्निले भन्नुभयो - हे उत्तम राजा ! मैले तपाइँको कीर्ति सुनेको छु, तपाइँसँग भेटघाट गर्ने मेरो पनि ठूलो इच्छा थियो । पुण्यले गर्दा आज त्यो इच्छा पूरा भएको छ । आज तपाइँ यहाँ आउनुभएको हुनाले मेरा शरीर, आत्मा, तपस्या, ज्ञान, आश्रम र आश्रमका वैभव सार्थक भएका छन् । केही भोजन नगरी तपाइँ कसरी जान चाहनुहुन्छ ? तपाइँसँग कुनै कुराको कमी छैन, तर राजा कार्तवीर्य र उनका सैनिकलाई भोजन गराउन पाउँदा मेरो लोकमा नाम चल्नेछ । हे राजन् ! केही भोजन ग्रहण गरी मलाई कृतकृत्य तुल्याएर मात्र फर्कनुहुनेछ ।।४०-४३।।

राजाले भने - हे मुनिवर ! अहिले भोजनको बेला भएको छ । यो साँचो कुरा हो । हजुरको आज्ञा पाएपछि मैले भोजन गर्नुपर्दछ । वेदका ज्ञाता, विद्वान्हरूका घरमा जाँदा अन्न रहेनछ भने पानी मागेर भए पनि पिउनु पर्दछ भन्ने शास्त्रको आज्ञा छ । यसो भए तापनि म अहिले मेरा साथमा आएका अनगिन्ती सेनालाई छाडेर एक्लै पानी खान पनि असमर्थ छु भने भोजन गर्ने उत्साह कसरी गरूँ ? । हे ब्रह्मर्षि ! म मनबाट नै जान्दछु कि हजुरसँग मेरा सैनिकहरूलाई तृप्त गराउने भोजन सामग्री छैन । त्यस कारण दर्शनले म कृतकृत्य भएको छु, मलाई जाने आज्ञा दिनुहोस् ।।४४-४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिरुवाच

चिन्तां मा कुरु राजर्षे ! भोजयिष्ये ससैनिकम् ।
चतुर्विधेन चान्नेन किमसाध्यं तपस्विनाम् ।।४७।।

गृहे ते वाहिनी या स्यात् तामप्याकारय प्रभो ! ।
क्षणं विश्राम्यतां तीरे नद्याश्चारुतरे शुभे ।।४८।।

यावत् सिद्धं भवेदन्नं पश्चाद् द्रक्ष्यसि कौतुकम् ।

क उवाच

अन्तः स विस्मयाविष्टो जगाम कृतवीर्यजः ।।४९।।

वाक्यमाकर्ण्य तु मुनेर्नदीतीरं सुशोभनम् ।
मुनिः पत्नीं समाहूय वृत्तान्तं तं जगाद ताम् ।।५०।।

आहूय कामधेनुं तौ पुपूजतुः क्षणेन ताम् ।
प्रार्थयामासतुरुभौ लज्जां नौ रक्ष धेनुके ।।५१।।

असङ्ख्यातबलो राजा भोजनाय निमन्त्रितः ।
यथारुचि भवेत्तस्य ससैन्यस्य भुजिः शुभे ।।५२।।

तथा कुरु क्षणेन त्वं नो चेत् सत्यं लयं व्रजेत् ।
अकीर्तिश्च भवेल्लोके यथेच्छसि तथा कुरु ।।५३।।

एवं सम्प्रार्थिता ताभ्यां कामधेनुर्महापुरम् ।
निर्माय स्वप्रभावेण नानामन्दिरसुन्दरम् ।।५४।।

नानारत्नमयस्तम्भशोभि नानासभागृहम् ।
नानापुष्पलताचारु वाटिकाराममण्डितम् ।।५५।।

नानाध्वजपताकाढ्यं नानावादित्रनिस्वनम् ।
अष्टापदानां भाण्डानां नानापङ्क्तिविराजितम् ।।५६।।

चतुर्विधान्नसम्पन्नं नानाभोजनपङ्क्तिमत् ।
महातोरणशोभाढ्यं परिखावलयाङ्कितम् ।।५७।।

जमदग्निले भन्नुभयो – हे राजर्षि ! तपाइँले भोजनको विषयमा चिन्ता गर्नुपर्दैन । म तपाइँका पूरा सैनिकसहित तपाइँलाई भक्ष्य, भोज्य, लेह्य र चोष्य यी चार प्रकारका भोजन प्रदान गरेर तृप्त गराउनेछु । हामीजस्ता तपस्वीहरूले गर्न नसक्ने कुनै कुरा हुँदैन ।।४७।। हे राजन् ! मेरो आश्रममा आएका र वनमा रहेका सैनिकहरूबाहेक तपाइँको राजधानीमा र देशमा जति सैनिकहरू छन्, तिनलाई पनि बोलाउनुहोस् । म सबैलाई भोजन गराएर तृप्त गराउँछु । जबसम्म भोजन तयार हुँदैन, तबसम्म तपाइँहरू नदीको सुन्दर र पवित्र तीरमा विश्राम गर्नुहोस्।।४८।। त्यसपछि तपाइँले कौतूहलमय दृश्य देख्नुहुनेछ।

ब्रह्माजीले भन्नुभयो – मुनिको वचन सुनेर कार्तवीर्य राजा मनैदेखि विस्मित भई नदीको सुन्दर तटमा गए ।।४९।। त्यसपछि मुनि जमदग्निले आफ्नी पत्नी रेणुकालाई बोलाएर राजासँग भएको सम्पूर्ण वृत्तान्त सुनाए । तत्काल ती दुबै दम्पतीले कामधेनुलाई बोलाई पूजा गरी प्रार्थना गर्दै भने – हे कामधेनु! तपाइँले हाम्रो लाज र सम्मान राखिदिनुहोस् । असङ्ख्य सेनाले सम्पन्न राजा कार्तवीर्यलाई हामीले भोजन गर्न निम्त्याएका छौं। हे कल्याणी ! सैनिकसहित ती राजाको रुचिअनुसारको भोजनक्रिया सम्पन्न गराउन तपाइँले प्रबन्ध गर्नुहोस् अन्यथा मेरो सत्य समाप्त हुनेछ र संसारमा अपयश फैलिने छ । हे देवी कामधेनु ! तपाइँ मलाई कस्तो देख्न चाहनुहुन्छ त्यसै गर्नुहोस् ।।५०-५३।। यसरी ऋषि दम्पतीद्वारा प्रार्थना गरिएकी कामधेनुले आफ्नो प्रभावबाट विशाल नगरको निर्माण गरिन् ।।५४।। त्यो महानगर अनेक मन्दिरले शोभायमान थियो, अनेक थरि रत्नजडित खम्बाहरू रहनाले आकर्षक थियो र विशाल सभागारहरूले परिपूर्ण थियो । त्यहाँ अनेक थरि फूल र लताहरूका कारण नयनाभिराम लाग्ने फूलबारी र उपवनहरू सुहाएका थिए । धेरै किसिमका ध्वजा-पताकाले सम्पन्न र अनेक किसिमका बाजागाजाले नादमय थियो । त्यहाँ सुनले बनेका भाँडाहरू पङ्क्तिबद्ध थिए । भोज्य, भक्ष्य, लेह्य र चोष्य गरी चार प्रकारका भोजन र भोजनपात्रहरूको पङ्क्ति रहनाले त्यो नगर हृदयाभिराम थियो । अनेक थरि द्वारहरूको शोभाले सम्पन्न थियो, गोलाकार पर्खालले घेरिएको र प्रत्येक मण्डपमा अनेक सेवक र सेविकाको उपस्थितिका कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकदासदासीभिर्विलसच्चारुवेदिकम् ।
निवारयन्ति लोकाश्च यत्र तत्र स्थिता नराः ।।५८।।

पुरो गन्तुं न चाज्ञाऽस्ति जमदग्निमुनेरिति ।
परिविष्टेषु पात्रेषु सङ्ख्यातीतेषु सर्वतः ।।५९।।

दीपप्रभाभासुरेषु नानाव्यञ्जनशालिषु ।
सूपपायसपक्वान्नपञ्चामृतयुतेषु च ।।६०।।

सखाद्यलेह्यचोष्यादिपेयपङ्क्तिविराजिषु ।
सामुद्रपक्वनिम्बाम्रामृतबिल्वादिशालिषु ।।६१।।

सिद्धेषु पात्रेषु मुनिस्तदाऽसा-
वाकारयच्छिष्यगणं तदानीम् ।
श्रीकामधेनोः परिपूर्णतोषाद्
भोक्तुं ससैन्यं कृतवीर्यपुत्रम् ।।६२।।

त्यो नगर अत्यन्त रमणीय थियो । त्यस महानगरका विभिन्न द्वारहरूमा बसेका मानिसहरूले नगरभित्र पस्न महामुनि जमदग्निको आज्ञा नभएको कुरा बताउँदै सामान्य मानिसहरूलाई प्रवेशबाट निषेध गरिरहेका थिए ।।५५-५८।। बत्तीको प्रकाश पर्दा ज्योतिर्मय देखिने अनेक थरि व्यञ्जनले भरिभराउ दाल, भात, खीर, मीठा पक्वान्न र पञ्चामृतले सम्पन्न त्यस भोजनागारमा भक्ष्य, भोज्य, लेह्य र चोष्य यी चार प्रकारका भोजन राखिएका थिए । त्यहाँ नरीवल, नीमका पाकेका फल, आँप, घ्यू, दूध, दही, बेल आदि वस्तु राखिएका थिए । साथै त्यहाँ कपूर, अलैंची, मरिच, हिङ र महले भरिएका छुट्टाछुट्टै पात्रहरू थिए । त्यहाँ अनेक थरि भोजनका पात्रहरूमा भोजनहरू सजाइएका थिए र ती सजाएका भोजनका थालीहरूलाई लहर मिलाएर राखिएको थियो । भोजनागारमा भोजन तयार भएपछि जमदग्निले आफ्ना शिष्यहरूलाई कामधेनुको पूर्ण प्रसन्नताका कारण भोजन तयार भएको छ। अब राजालाई सैनिकसहित गङ्गातटबाट भोजनागारमा ल्याउने प्रबन्ध मिलाऊ भनी आदेश दिए ।।५९-६२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे जमदग्निमहिमवर्णनं नाम सप्तसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कृतवीर्यपुत्र सहस्त्रार्जुनको जमदग्निआश्रममा प्रवेश र जमदग्निमहिमाको निरूपण' शीर्षकान्वित सतहत्तरौं अध्याय पूर्ण भयो ।।७७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टसप्ततितमोऽध्यायः { ७८ अध्याय }

क उवाच

ततो मुनिः शिष्यगणमुवाच त्वरया व्रज ।
आकारयितुं नृपतिं नदीतीरनिवासिनम् ।।१।।

ते शिष्यास्तं नृपं गत्वा गृह्य तत्प्रणतिं पुरा ।
दत्वाऽऽशीर्वचनं तस्मै मुनेराज्ञां तथाऽब्रुवन् ।।२।।

चल राजन्नवहितो भोजनाय ससैनिकः ।
पात्राणि परिविष्टानि सङ्ख्यातीतानि षड्रसैः ।।३।।

क उवाच

तत उत्थाय राजाऽसौ समाहूय स्वसैनिकान् ।
सुस्नातः सर्वसैन्येन कार्तवीर्यो नृपो ययौ ।।४।।

मुनिवेश्म ततोऽपश्यन्न दृष्टं न च वै श्रुतम् ।
एतादृशं त्रिलोकेषु गृहतोरणमाप सः ।।५।।

स निषिद्धो वेत्रधरैर्मुनिसङ्केतकामुकैः ।
ते निषिद्धाः शिष्यगणैस्ततोऽगाद् भोजनालयम् ।।६।।

स्थित्वा मध्ये पश्यति स्म राजाऽसौ सम्पदं मुनेः ।
अमन्यत तदा स्वान्ते नेदृशी श्रीर्हरौ हरे ।।७।।

पालकेऽपालके स्रष्टर्यपि ब्रह्मणि नेदृशी ।
ततो मुनिः पुरो भूत्वा प्रतिपात्रे न्यवेशयत् ।।८।।

राजानुमतिमाज्ञाय पङ्क्तौ पङ्क्तौ ससैनिकान् ।
दापयामास पात्राणि ये बहिर्भोजिनश्च तान् ।।९।।

उपविष्टेषु सर्वेषु राजानमुपवेशयत् ।
बुभुजुस्ते तदा वाद्ये वादिते सर्व एव हि ।।१०।।

ब्रह्माजीले भन्नुभयो - मुनिको आज्ञाले गङ्गातटमा विश्राम गरिरहेका राजा कृतवीर्यलाई भोजनका निमित्त बोलाउन शिष्यहरू त्यहाँ गए । कार्तवीर्य राजाले मुनिशिष्यहरूलाई प्रणाम गरे । तिनले प्रणाम स्वीकार गरी आशीर्वाद दिएर राजालाई मुनिको आज्ञा सुनाए ।।१-२।। शिष्यहरूले भने - 'हे राजन् ! सैनिकहरूसहित तपाइँ महर्षि जमदग्निको भोजनागारमा भोजनका लागि प्रस्थान गर्नुहोस् । तपाइँहरूका निमित्त ६ प्रकारका रसहरूले सम्पन्न असङ्ख्य भोजनका थाली तयार गरिएका छन्' ।।३।।

ब्रह्माजीले भन्नुभयो - मुनिशिष्यहरूले भोजनका लागि निवेदन गरेपछि गङ्गामा नुहाएर विश्राम गरिरहेका राजा कार्तवीर्य उठे र तिनले सबै सैनिकहरूलाई पनि बोलाए । त्यसपछि भोजनागारमा जान भनी प्रस्थान गरे । त्यहाँ पुगेपछि त्यो दिव्य भवनको दर्शन गरे । त्यसपछि भने - यस्तो दिव्य भवन स्वर्ग, मर्त्य र पातालमा कतै देखिएको छैन र सुनिएको छैन । त्यसपछि भान्छाघरको ढोकामा पुगेका राजालाई हातमा बेतको छडी लिएका र जमदग्निको सङ्केतको प्रतीक्षा गरिरहेका सेवकहरूले एकछिन रोके । शिष्यहरूले आएर ती सेवकहरूलाई नरोक्न भनी आज्ञा दिएपछि राजाले भोजनागारमा प्रवेश गरे ।।४-६।। त्यहाँ राजाले जमदग्नि ऋषिको वैभवलाई चकित भएर हेर्न थाले । कार्तवीर्यले मनमनै विचार गरे - 'यस्तो श्रीसम्पत्ति त संसारका पालक भगवान् नारायणसँग, संसारका संहारक सदाशिवजीसँग र संसारका सृष्टिकर्ता ब्रह्माजीसँग पनि छैन ।' त्यसपछि ऋषि जमदग्निले अगाडि आएर राजासँग परामर्श गरेपछि सबैलाई भोजन टक्र्याउने व्यवस्था मिलाए । प्रत्येक पङ्क्तिमा बसेका सैनिकहरूलाई भोजनका थाली पुऱ्याउने प्रबन्ध मिलाए र जुन मानिसहरू भोजनागारभन्दा बाहिर थिए तिनका निमित्त पनि भोजनको व्यवस्था गरे ।।७-९।। सबै सैनिकहरू पङ्क्तिमा बसेपछि राजा कार्तवीर्य पनि सैनिकहरूको बीचमा विराजमान भए । त्यसपछि दिव्य बाजा बजे र ती सबैले कहिल्यै नदेखेका भोजन र स्वादिष्ट कन्दमूलसहितको दिव्य भोजन अत्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अदृष्टपूर्वाण्यन्नानि स्वादुमूलफलानि च ।
परस्परञ्च पप्रच्छुः किमिदं किमिदं त्विति ।।११।।

आश्चर्यं मेनिरे सर्वे यामेनेत्थं कथं कृतम्
यथेष्टं भुञ्जते सर्वे तृप्ताश्चान्नानि तत्यजुः ।।१२।।

ते प्रक्षालनपात्राणि प्रतिपात्रं न्यवेदयन् ।
मुनिशिष्याश्जलञ्चापि शलाका अपि चारवः ।।१३।।

गजाश्ववृषवृन्देभ्यः शिष्याः शेषान्नमर्पयन् ।
ततोऽन्यस्मिन् गृहे सर्वे विस्तीर्णे कृतसंस्तरे ।।१४।।

इक्षुद्राक्षाम्रपनसदाडिमानि बभक्षिरे ।
एलालवङ्गकर्पूरचूर्णखादिरपूगकान् ।।१५।।

जगृहुर्मुनिदत्ताँस्ते नागवल्लीदलैर्युतान् ।
ततो ददावलङ्कारान् वासांसि च मुदा मुनिः ।।१६।।

तेभ्यो यथार्हं सर्वेभ्यो राज्ञेऽनर्घ्येतराणि च ।

मुनिरुवाच

किं मया भोजनं देयं मुनिना वन्यवृत्तिना ।।१७।।

अवाप्तसर्वकामाय राज्ञे ते विष्णुरूपिणे ।
यशोऽकारि त्रिलोके मे त्वया मद्वाक्यकारिणा ।।१८।।

जमदग्नेर्गृहे राज्ञा ससैन्येन भुजिः कृता ।
अतिपुण्यवतो लोके साधुशब्दः प्रयुज्यते ।।१९।।

महान् क्षुद्रस्य वाक्यं चेत् कुरुते सोऽपि साधुताम् ।
प्राप्नोति सर्वलोकेषु कीर्तिं स्फीतां समुत्कटाम् ।।२०।।

मद्वाक्यकरणे तेऽपि दूरेऽरिष्टं गतं महत् ।

प्रेमका साथ ग्रहण गरे । ती सैनिकहरू आपसमा यो के हो ? यो के हो? भन्दै हरेक वस्तुको विषयमा आश्चर्यपूर्वक जानकारी मागिरहेका थिए ।।१०-११।। त्यसपछि कुरा गर्न थाले - एक प्रहरको बीचमा यति उत्तम भोजन कसरी तयार भयो ? यथेष्ट भोजन गरी तृप्त भएका ती सैनिकहरूले आफूलाई टक्र्याएको पूरा भोजन सिध्याउन सकेनन् ।।१२।। मुनिशिष्यहरूले प्रत्येक भोजनका थालीसामु हात धुने पात्र राखेका थिए । भोजन गर्ने पाहुनाहरूको दाँत सफा गर्न कलात्मक सिन्का टक्र्याएका थिए ।।१३।। मुनिशिष्यहरूले सैनिकहरूले नसिध्याएको भोजन जम्मा गरी हात्ती, घोडा र गोरुहरूलाई टक्र्याए । भोजनालय नजिकै रहेको भव्य महललाई बहुमूल्य कपडा बिछ्याएर सजाइएको थियो। त्यहाँ गएर कार्तवीर्य र तिनका सैनिकहरूले ऊँखुका टुक्रा, दाख, कटहर, दाडिमजस्ता फलहरू ग्रहण गरेपछि अलैंची, ल्वाङ, कपूरको धूलो र खयरको धूलो, सुपारीसमेत रहेका मीठा पान ग्रहण गरे । जमदग्नि मुनिले ती सबैलाई बिदा हुने बेला यथायोग्य अलङ्कार र वस्त्र पनि प्रदान गरे ।।१३-१६।। मुनिले सैनिकहरूलाई स्तरअनुरूप उपहार प्रदान गरे भने राजा कार्तवीर्यलाई अत्यन्त दुर्लभ रत्न र सुवर्णद्वारा तयार गरिएका गहना र सुन्दर वस्त्र टक्र्याए ।

मुनिले भने - हे राजा कार्तवीर्य ! वनमा बस्ने मजस्तो ऋषिले सम्पूर्ण कामनाका फल प्राप्त गर्न हुने विष्णुरूप राजालाई के भोजन गराउनुथियो र ? तर तपाईंले मेरो अनुरोध स्वीकार गरी भोजन ग्रहण गरिदिएर त्रिलोकीमा जमदग्निको आश्रममा आई सैनिकसहित राजा कार्तवीर्यले भोजन गरे भन्ने मेरो नाम चलाइदिनुभएको छ ।।१७-१८।। अत्यन्त धेरै पुण्य भएका मानिसहरूका लागि संसारमा साधुवाद टक्र्याउने चलन छ अथवा त्यस्ता मानिसलाई साधु एवं सज्जन भनिन्छ। ठूला मानिसले साना मानिसको वचनलाई पनि महत्त्व प्रदान गर्दछन्। ठूलाको सम्पर्कबाट सानो मानिस पनि संसारमा यशस्वी बन्दछ। मेरो प्रार्थना स्वीकार गरेर तपाइँले पनि मेरो अभीष्टलाई अनुकूल बनाइदिनुभएको छ र तपाइँको अरिष्ट पनि समाप्त भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

ब्रह्मोवाच

इति वाणीं समाकर्ण्य जमदग्निसमीरिताम् ।।२१।।
पप्रच्छ राजा तं तत्र विस्मयाविष्टमानसः ।

राजोवाच

नादर्शि प्रथमं किञ्चिदिदं किं मायया कृतम् ।।२२।।
तपःप्रभावाद् वाऽकारि सत्यं मे वद सुव्रत ! ।

मुनिरुवाच

अनृतं नोक्तपूर्वं मे परिहासेऽपि वा नृप ।।२३।।
अतः सत्यं ब्रवीमि त्वां कामधेन्वाऽखिलं कृतम् ।

ब्रह्मोवाच

कुमतिस्तस्य भवति यस्य दैवमदक्षिणम् ।।२४।।

अनिष्टं बलवद् भावि दुष्टग्रहकृतं मुने ।
भुक्त्वा तृप्तोऽपि राजाऽसौ सम्यक् स बलवाहनः ।।२५।।

आदाने कामधेनोः स मतिं चक्रेऽब्रवीदिदम् ।

राजोवाच

मुनीनां शान्तचित्तानां कन्दमूलफलाशिनाम् ।।२६।।

मनसा सृष्टिसंहारकर्तृणामस्पृहावताम् ।
जितेन्द्रियाणां विज्ञानां नेक्षे धेन्वा प्रयोजनम् ।।२७।।

वन्यमारुतभक्ष्याणां मोक्षसाधनकारिणाम् ।
वेदाभ्यसनशीलानां सम्पदा किं प्रयोजनम् ।।२८।।

शास्त्रपठनशीलानां धर्मशास्त्रार्थवेदिनाम् ।
योगाभ्यासरतानां न कामधेनोः प्रयोजनम् ।।२९।।

कार्याय महते स्यात्तु महद् वस्तु महद्गतम् ।
अरण्यवासिने तुभ्यं महद् रत्नञ्च नोचितम् ।।३०।।

तस्माद् देया कामधेनुर्मम ब्रह्मन् ! मुदा त्वया ।
मयि स्थिता तवैवास्ति चेतसि त्विति धार्यताम् ।।३१।।

ब्रह्माजीले भन्नुभयो - जमदग्नि ऋषिले भन्नुभएको वाणी सुनेर आश्चर्यचकित कार्तवीर्यले मुनिसँग जिज्ञासा प्रकट गरे ।

कार्तवीर्यले भने- हे मुनिवर! तपाइँको यस्तो बन्दोवस्त रहेछ, मैले यस्तो भव्य बन्दोवस्त कहीं कसैको देखेको छैन। के यो बन्दोवस्त मायिक शक्तिबाट भएको हो ?।।१९-२२।। हे मुनि ! यो बन्दोवस्त तपस्याबाट भएको हो अथवा आफ्नै शक्तिबाट तपाइँले मिलाउनुभयो यसबारे मलाई बताउनुहोस्।

मुनिले भने - हे राजन्! म ठट्टा गर्दा पनि झुट्टा बोल्ने गर्दिनँ । साँचो कुरा बताउँछु । तपाइँले यहाँ जस्तो बन्दोवस्त देख्नुभयो त्यो मेरो क्षमताबाट भएको होइन अपितु सबै बन्दोवस्त कामधेनुकै प्रतापबाट भएको हो ।

ब्रह्माजीले भन्नुभयो - जसको दैव विपरीत हुनलागेको छ त्यसको मनमा कुमतिको उदय हुन्छ, त्यस्तै भयो।।२३-२४।। राजा कार्तवीर्य पनि दुष्ट ग्रहद्वारा सङ्केत गरिने हुने-हुनामीका कारण कुमतिको उदयले ग्रस्त भए । जमदग्निको पाहुना बनेर भोजन गरी तृप्त भएतापनि ती राजाले कामधेनुलाई जसरी पनि प्राप्त गर्ने मनःस्थिति बनाएर भने ।

राजाले भने - शान्त चित्त, कन्दमूल भोजन गर्ने, मनबाट नै सृष्टि र संहार गर्न सक्ने, कुनै वस्तुको पनि इच्छा नगर्ने, इन्द्रियविजयी र ज्ञानी तपाइँ जस्ता मुनिहरूलाई कामधेनुको आवश्यकता र उपयोगिता म देख्दिनँ ।।२५-२८।। वनको मन्द पवन सेवन गर्दै तपस्यामा र मोक्षको साधनामा निरन्तर लागिरहने मुनिहरूलाई सम्पत्तिको कुनै प्रयोजन हुँदैन। शास्त्रको अध्ययनमा लागिरहेका, योगाभ्यासमा दत्तचित्त र धर्मशास्त्रको अर्थ राम्ररी जान्ने तपाइँजस्ता मुनिलाई कामधेनुको कुनै प्रयोजन हुँदैन । ठूला मानिसका हातमा रहेका महत्त्वपूर्ण वस्तुबाट संसारका महान् कार्य सिद्ध हुन्छन् । तपाइँजस्तो वनवासीका लागि कामधेनुजस्तो रत्न सुहाउँदैन ।।२९-३०।। हे मुनिवर! तपाइँले हर्षपूर्वक यी कामधेनु मलाई दिनुहोस् । राजाका घरमा रहेकी यी कामधेनु मेरै घरमा रहेकी हुन् भन्ने विचार बनाउनुहोस्। हे उत्तम बाह्मण ! मर्यादाको रक्षा गर्नुहोस्, मैले जे भन्नुपर्ने तपाइँका सामुमा नै भनें अन्यथा सम्पूर्ण लोकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्यादां रक्ष तां ब्रह्मन्नुक्तमेव पुरस्तव ।
नो चेद् राज्ञां किमग्राह्यं लोकेषु बलशालिनाम् ।।३२।।

स्वराष्ट्रे परराष्ट्रे वा चतुरङ्गबलैः सह ।

ब्रह्मोवाच

श्रुत्वैवं वचनं तस्य कार्तवीर्यस्य दुर्मतेः ।।३३।।

प्रतिजज्वाल रोषेण जमदग्निर्महामुनिः ।
सर्पिषा बहुलेनैव जातवेदा यथा द्विजः ।।३४।।

उवाचारक्तनयनः शिक्षयन्निव भूमिपम् ।

मुनिरुवाच

साधुः शुद्धो महान् राजा प्रार्थितो भोजनाय हि ।।३५।।

कौटिल्यं तव न ज्ञातं बकस्येव हृदि स्थितम् ।
यथा वा कोकिला काकबालं पुष्णाति मायया ।।३६।।

अन्ते तत्काकभावेन भक्ष्याभक्ष्यरतिं व्रजेत् ।
अहमेवाभवं भ्रान्तो य इमां राजमित्रताम् ।।३७।।

न दृष्टां न श्रुतां लोके नानुभूताञ्च केनचित् ।।३८।।

पराक्रमी राजाका रूपमा प्रसिद्ध मजस्ता शक्तिशाली राजाका लागि आफ्नो सामु होस् अथवा परराष्ट्रमा होस् अग्राह्य केही पनि हुँदैन ।

ब्रह्माजीले भन्नुभयो – हे वेदव्यास ! दुर्बुद्धिले ग्रस्त कार्तवीर्य राजाको कुरा सुनेर जमदग्नि ऋषि घ्यू पर्दा अग्निको ज्वाला दन्केझैं क्रोधले जाज्वल्यमान भए ।।३१-३४।। त्यसपछि राता राता आँखा गराएका जमदग्निले राजालाई उपदेशको मुद्रामा भने ।

मुनिले भने – मैले सज्जन र पवित्र हृदय भएका राजा भनी तपाईँलाई भोजनका निमित्त निम्ता गरें, त्यस बेला तपाइँको मनमा रहेको कुटिलता र पाप मैले थाहा पाइन। जस्तै तलाउको किनारमा रहेर माछाको प्रतीक्षा गर्ने बकुल्लाको कुटिलता थाहा हुँदैन । जसरी कोइलीले कौवाको बच्चा स्नेहले हुर्काउँछे, तर उड्न थालेपछि त्यो कौवाको बच्चा आफ्नो जातीय संस्कार अँगाली खाने र नखाने कुराको विचार गर्न समर्थ हुँदैन । म नै भ्रममा परेछु, मैले राजमित्रता होस् भन्ने कुरा ठानें तर तपाइँले जे गर्नुभयो त्यो कुरा नदेखिएको थियो न सुनिएको थियो र न त कसैबाट अनुभव गरिएको थियो ।।३५-३८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे कार्तवीर्योपाख्यानं नामाष्टसप्ततितमोऽध्यायः

प्रा. डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कार्तवीर्यद्वारा जमदग्निको गोठमा रहेकी कामधेनुको याचना र जमदग्निको अस्वीकृतिपछि कामधेनुहरणको प्रसङ्ग' शीर्षकान्वित अठहत्तरौं अध्याय पूर्ण भयो ।।७८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोनाशीतितमोऽध्यायः { ७९ अध्याय }

मुनिरुवाच

उपकारस्त्वयाऽऽरम्भि साधुवृत्तानुसारिणा ।
आत्मघातं पुरस्कृत्य कामधेनुं त्वमिच्छसि ।।१।।

भ्रान्तोऽसि नृप ! सत्यं त्वमप्राप्यं योऽभिवाञ्छसि ।
त्रैलोक्यनाशजं पापं तव मूर्ध्नि पतिष्यति ।।२।।

ब्रह्मोवाच

इति वाक्शरविद्धोऽसौ प्रलयानलसन्निभः ।
राजा बभूव रोषेण मुखादनलमुद्वमन् ।।३।।

उवाच परमक्रुद्धो जमदग्निं मुनिं तदा ।

राजोवाच

न मया दुष्टवचनं कस्यापि श्रूयते शठ ।।४।।
किं करोमि द्विजोऽसि त्वमिति क्षान्तं वचः कटु ।

क उवाच

तत उत्थाय राजाऽसौ दूतानाज्ञाप्य सत्वरम् ।।५।।

मुक्त्वा कीलात् कामधेनुं शीघ्रं यान्तु ममान्तिकम् ।
आवेष्टयँस्तदा दूताः कामधेनुं तदाज्ञया ।।६।।

फूत्कारेणैव तस्यास्ते त्यक्त्वा प्राणान् दिवं ययुः ।
अन्यान् क्रोधानलेनासौ राजदूतान् ददाह च ।।७।।

श्वासमारुतवेगेन व्योम्नि वीराः परेऽभ्रमन् ।
आच्छाद्य मण्डलं भानोर्न प्राज्ञायत किञ्चन ।।८।।

दिशः सतिमिरा जाता व्योमापि न च भासते ।
धराकम्पः समभवद् वृक्षाः पेतुः प्रकम्पिताः ।।९।।

सैनिकाश्च ततो भीता यान्ति सर्वे दिशो दश ।
केनचित्ताडिता सा गौः कशाघातेन दूरतः ।।१०।।

उड्डीयोड्डीय सा धेनुरधावत् सैन्यमेव तत् ।
गजवृन्दं यथा सिंहो गरुत्मानुरगानिव ।।११।।

मुनिले भने - सज्जनहरूको चरित्रको अनुसरण गर्दै तपाईंले ठूलो उपकारको काम शुरु गर्नुभयो । आत्मनाशलाई अगाडि राखेर कामधेनुको इच्छा गर्नुभयो । हे राजा ! तपाईँ साँच्चिकै भ्रममा पर्नुभएको छ । अप्राप्य अथवा दुर्लभ वस्तुको कामना गर्नु र आफ्नो हैसियत नहेर्नु यो तपाईँको ठूलो दोष हो । यसो गर्दा तपाईँको शिरमा त्रिलोकीलाई नाश गरेको ठूलो पाप आइलाग्नेछ ।।१-२।।

ब्रह्माजीले भन्नुभयो - जमदग्नि ऋषिको वचनबाणबाट घाइते भएका राजा कार्तवीर्य रीसले मुखबाट आगो उकेल्दै प्रलयकालको अग्निसमान देखिए । जमदग्निलाई राता आँखाले हेर्दै तिनले कुरा गरे ।

कार्तवीर्यले भने- हे दुर्जन ऋषि! मैले आजसम्म पनि कसैको कठोर वचन सुनेको छैन । आज तपाईँ ब्राह्मण भएकाले तपाईँका मुखबाट मैले कठोर वचन सुनेर पनि सहनु पर्‍यो ।

ब्रह्माजीले भन्नुभयो - यसरी चिन्ता व्यक्त गरेर राजा कार्तवीर्यले आफ्ना दूतहरूलाई आदेश दिँदै भने - हे दूतहरू! तिमीहरूले तुरुन्तै कामधेनु गाईलाई गोठको कीलाबाट फुकाएर मेरासामु ल्याउने काम गर । त्यसपछि राजाको आज्ञा प्राप्त गरेका दूतहरूले गोठमा गई कामधेनुलाई घेरेर फुकाउन खोजे।।३-६।। तर ती सारा दूतहरू कामधेनु गाईको हुँकारले प्राणत्याग गरी भुइँमा ढले । नजिकमा रहेका अरु दूतहरूलाई पनि कामधेनुले रीसको अग्निद्वारा डढाइन् ।।७।। केही वीरहरू कामधेनुको श्वासप्रश्वासको हावाबाट उडे र धेरै पर गएर भुईंमा खसे । कामधेनु गाईको श्वासबाट उडाइएका वीरहरू फैलिंदा सूर्यमण्डल ढाकियो, चारै दिशामा अन्धकार छायो, आकाश ढाकियो, पृथिवीमा भूकम्प भयो र हल्लिरहेका रूखहरू भुइँमा लडे ।।८-९।। कामधेनु गाईको रीसबाट भयभीत सैनिकहरू दसै दिशातिर भाग्न थाले । त्यस अवस्थामा कार्तवीर्यको कुनै सैनिकले टाढैबाट लौरो प्रहार गरी कामधेनु गाईलाई पिट्यो । त्यसबाट रिसाएकी कामधेनुले जसरी सिंहले हात्तीको बच्चालाई धपाउँछ र जसरी गरुडले सर्पलाई धपाउँछ, त्यसैगरी कार्तवीर्य राजाका सिपाहीहरूलाई धपाइरहेकी थिइन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाहाकारो महानासीद् वीराणां तत्र धावताम् ।
तानुवाच न भीः कार्या कार्तवीर्यो महाबली ।।१२।।

मया ध्माते मुदा शङ्खे भीता यास्यति मन्दिरम् ।
कामधेनुः कियच्चास्ति पश्यन्तु कौतुकं मम ।।१३।।

ततो दध्मौ महाशङ्खं त्रैलोक्यं पूरयन् रवैः ।
नाऽबिभ्यत् कामधेनुस्तां ताडयामासुरोजसा ।।१४।।

यष्टिभिर्लोहनिचयैः सर्वे ते राजसेवकाः ।
यत्र यत्र प्रहारोऽस्याः शरीरे जायते ततः ।।१५।।

सन्नद्धाः सर्वशस्त्राढ्या नानावीरा विनिःसृताः ।
शकाश्च बर्बरा आसँस्तस्याः केशसमुद्भवाः ।।१६।।

पाटच्चराः पाददेशादेवं सर्वे प्रजज्ञिरे ।
नानायवनजातीया नानावीरास्तथाऽपरे ।।१७।।

वाजिवारणसङ्घाश्च रथिनो बलवत्तराः ।
ते चैव युयुधुस्तत्र कार्तवीर्यस्य सैनिकैः ।।१८।।

न्यपतन् कार्तवीर्यस्य सैनिकैस्तैः प्रहारिताः ।
अपरे मिलितास्तत्र निशि वृक्षे पतङ्गवत् ।।१९।।

परस्पराघातहता निपेतुः शतशो नराः ।
भङ्त्वा शस्त्रैश्च शस्त्राणि मल्लयुद्धं प्रचक्रिरे ।।२०।।

एवं सुतुमुले जन्ये शस्त्रेषु निपतत्सु च ।
स्वीयो वा परकीयो वा न प्राज्ञायत किञ्चन ।।२१।।

रजसाच्छादिते सूर्ये जघ्नुरेव परस्परम् ।
कोलाहलो महानासीद् हन्यतां हन्यतामिति ।।२२।।

हेषितैर्बृंहितैः क्ष्वेडैर्निबिडो रथनेमिभिः ।
मृदङ्गतालवेणूनां भेरीणां निनदैरपि ।।२३।।

डरले भागिरहेका वीरहरूले ठूलो हाहाकार गरे । सैनिकहरूको त्यो अवस्था देखेर पराक्रमी कार्तवीर्यले तिनीहरू रोकी नडराउन आश्वासन दिंदै भने ।।१०-१२।। हे वीर हो ! तिमीहरू नभाग। मैले आनन्दपूर्वक शङ्ख बजाउँदा यी कामधेनु गाई डराएर आफै मेरो घर जानेछिन् । तिमीहरू कामधेनुलाई कति शक्तिसम्पन्न मान्दछौ, ती ता मेरा लागि केही पनि होइनन्। अब तिमीहरूले मेरो अनौठो पुरुषार्थ देख्नेछौ ।।१३।। यसो भनेर कार्तवीर्यले तीनै लोकलाई नै कम्पायमान तुल्याउँदै महाशङ्ख बजाए तर कामधेनु कत्ति पनि डराइनन् । महाशङ्खको घोष चारैतिर व्याप्त भएपछि ती सैनिकहरूले लौरैलौरा र फलामका डण्डीले कामधेनुलाई पिट्न थाले । सेनाहरूले कामधेनु गाईको जुन जुन अङ्गमा प्रहार गरे, त्यहाँबाट अनेक प्रकारका शस्त्र-अस्त्रले सम्पन्न वीरहरू पैदा भए । कामधेनुका रौंहरूबाट शक्र, बर्बर जातिका वीरहरू पैदा भए । त्यस्तै उनका खुट्टाबाट चोरी गर्न सिपालु यवन जातिका अनेक थरि वीर पैदा भए । त्यति मात्र होइन हात्ती, घोडा र रथमा सवार वीरहरू पनि पैदा भए । कामधेनुका अङ्गप्रत्यङ्गबाट पैदा भएका वीरहरू कार्तवीर्यका सैनिकहरूसँग युद्ध गर्न थाले ।।१४-१८।। कामधेनुबाट पैदा भएका ती वीरहरू कार्तवीर्यका सैनिकहरूको प्रहारबाट भुइँमा लड्न थाले । आत्तिएका केही सैनिकहरू शत्रुसेनामा शरणार्थी भएर गए । जसरी रातको समयमा एउटा रूखमा चराहरू मिलेर बस्छन्, त्यसैगरी ती शरणार्थी सैनिकहरू कार्तवीर्यका सैनिकहरूसँग मिलेर रहेका थिए। युद्धमा आपसी प्रहारले घाइते भएका सयौं वीर भुइँमा ढलेका थिए। वीरहरूले शस्त्रद्वारा शस्त्र काट्दै युद्ध गरेपछि मल्लयुद्ध पनि गरेका थिए।।१९-२०।। यस प्रकारको भयङ्कर युद्धमा शस्त्रको प्रहार भइरहँदा युद्धको मैदानबाट उडेको धूलाले आकाश ढाकिएपछि लडिरहेका वीरहरूले को आफ्नो हो र को पराइ हो भन्ने कुरा पनि थाहा पाउन धौ धौ भयो ।।२१।। आकाश र सूर्य धूलै-धूलाले ढाकिएका थिए । त्यस्तो अन्धकारमय अवस्थामा पनि दुवैतर्फका वीरहरू निर्भय भएर लडिरहेका देखिन्थे । त्यहाँ काट, मार, छेक, थुन जस्ता शब्दहरूको कोलाहलमात्र सुनिन्थ्यो ।।२२।। घोडाहरूको हिं-हिं आवाज, हात्तीहरूको चिङ्घाड, रथका पाङ्ग्राहरूको ध्वनि, वीरहरूको हुँकार र सिंहनाद, युद्धका अनेक थरि बाजा - मृदङ्ग, ताल, बाँसुरी र दमाहाका शब्दले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

एवं गव्यैः कार्तवीर्यैं रथ्यश्वगजपत्तिभिः ।
अभवत् सुमहद् युद्धं भूतराक्षसभीतिदम् ।।२४।।

पक्षिजम्बूकसुखदं वीरपत्नीभयप्रदम् ।
केषाञ्चिज्जानुनी भग्ने केषाञ्चिच्च शिरांसि च ।।२५।।

खड्गखेटकभल्लानां शराणां धनुषामपि ।
भग्नानां न च सङ्ख्याऽस्ति वीराणां रथिनामपि ।।२६।।

प्रपेतुः कार्तवीर्यस्य शेषा ये सैनिकास्तदा ।
पृष्ठलग्ना ययुर्गव्या हसन्तो न च जघ्निरे ।।२७।।

निनिन्दुर्मुनिना किं वोऽनिष्टं कृतमितीह ते ।
पूर्वदोषप्रसङ्गेन राज्ञो जाता सुदुर्मतिः ।।२८।।

एवं प्रभग्ने सैन्ये स उत्तस्थौ कृतवीर्यजः ।
हस्तयोर्जगृहे पञ्च शतं बाणान् धनूंषि च ।।२९।।

दत्त्वा भूमौ वामजानु धनूंष्याकृष्य वेगवान् ।
चिक्षेप शरजालं स गव्ये सैन्ये महाभुजः ।।३०।।

फलहीनमभूत्तस्य शरजालं नृपस्य तत् ।
अनीतेश्चरितं तद्वद् बन्ध्यायाः सुरतं यथा ।।३१।।

पुनः पुनर्जहौ बाणाँस्तावतो राजसत्तमः ।
कामधेनोर्न चैकोऽपि वीरो भग्नोऽभवत्तदा ।।३२।।

शरजाले वृथा याते सन्तप्तोऽभून्नृपस्तदा ।
क्व गतं मम सामर्थ्यमिति चिन्तातुरोऽभवत् ।।३३।।

व्याकुले न प्रहर्तव्यमिति सर्वे ययुर्दिवम् ।
कामधेनुर्मुदा युक्ता किं युद्धं लघुना सह ।।३४।।

त्यो कोलाहल अझ घनीभूत भएको थियो ।।२३।। ठूला-ठूला रथ, घोडा, हात्ती, गोरु, पैदल सेनाले भरिभराउ सङ्ग्राम भूमिमा कार्तवीर्य र कामधेनुका सेनाहरूको बीचमा सम्पूर्ण प्राणी, देवता र राक्षसहरूलाई पनि भयभीत गराउने विचित्रको युद्ध भयो ।।२४।। त्यस युद्धमा वीरहरू मरिरहेको कारण गिद्ध र स्याल ज्यादै रमाएका थिए । तर शरीरको माया मारेर पराक्रम गर्ने वीरहरूका पत्नीहरूका निमित्त भने त्यो सङ्ग्राम प्रलयकालजस्तै भयदायक बन्यो । ती लड्ने वीरहरूमध्ये कसैका घुँडा भाँच्चिएका थिए र कसैका शिर टुक्रिएका थिए। त्यहाँ वीरहरूको परस्पर युद्ध हुँदा टुक्रिएका तरवार, ढाल, भाला, बाण र धनुहरू कति थिए भन्ने कुरा गणना गरी साध्य छैन । त्यसैगरी घाइते भएका वीरहरूको पनि गणना गर्न सम्भव थिएन ।।२५-२६।। त्यस युद्धमा कार्तवीर्यका बाँकी रहेका सैनिक पनि घाइते भएर भुइँमा सोत्तर भएका थिए । कार्तवीर्यका सैनिकहरूलाई धपाइरहेका कामधेनुका सैनिकहरूले कार्तवीर्यका सैनिकहरूको उपहास गरे । तर तिनलाई मार्ने काम गरेनन् । जमदग्नि ऋषिले के अपराध गर्नुभएको थियो ? तिमीहरूले यस्तो जघन्य अपराध गऱ्यौ ? प्राक्तन पापका कारण कार्तवीर्य राजा दुर्गतिग्रस्त भए । आफ्ना सैनिकहरू भागेपछि कार्तवीर्यले उभिएर एक हजार हातहरूमा पाँचसय धनु र पाँचसय बाण धारण गरे ।।२७-२९।। बायाँ घुँडाले भुइँमा टेकेर वेगपूर्वक धनुको ताँदो आँखासम्म तानी महाबाहु कार्तवीर्यले कामधेनुको सेनामा निरन्तर प्रहार गर्न थाले । तर कामधेनुको प्रतापका कारण तिनले प्रहार गरेका बाणहरूको जाल निष्फल भयो । जसरी अन्यायपूर्वक गरिएको कार्य निष्फल हुन्छ र बाँझी आइमाईसँग गरेको सहवास निष्फल हुन्छ त्यसैगरी ती बाण पनि निष्फल भए । कार्तवीर्यले पटक-पटक गरी हजारौं बाण प्रहार गरे तर कामधेनुपक्षका कुनै पनि वीरलाई घाउ लागेन ।।३०-३२।। आफूले प्रहार गरेका सम्पूर्ण बाण निष्फल भएपछि कार्तवीर्य ठूलो सन्तापमा परे । तिनले मनमनै भने- मेरो त्यो शक्ति कहाँ गयो ? यसरी तर्क गर्दै कार्तवीर्य चिन्तित र व्याकुल भए । कामधेनुका सैनिकहरू चिन्तामग्न राजामाथि प्रहार गर्न हुँदैन भनेर युद्ध बन्द गरी स्वर्ग गए। आफ्ना वीरहरूले देखाएको पराक्रमबाट प्रसन्न भएकी कामधेनु पनि सानो पुरुषार्थ गर्ने योद्धासँग के युद्ध गर्नु भनेर फर्किइन् ।।३३-३४।। कामधेनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाहाकारो महानासीद् वीराणां तत्र धावताम् ।
तानुवाच न भीः कार्या कार्तवीर्यो महाबली ।।१२।।

मया ध्माते मुदा शङ्खे भीता यास्यति मन्दिरम् ।
कामधेनुः कियच्चास्ति पश्यन्तु कौतुकं मम ।।१३।।

ततो दध्मौ महाशङ्खं त्रैलोक्यं पूरयन् रवैः ।
नाऽबिभ्यत् कामधेनुस्तां ताडयामासुरोजसा ।।१४।।

यष्टिभिर्लोहनिचयैः सर्वे ते राजसेवकाः ।
यत्र यत्र प्रहारोऽस्याः शरीरे जायते ततः ।।१५।।

सन्नद्धाः सर्वशस्त्राढ्या नानावीरा विनिःसृताः ।
शकाश्च बर्बरा आसँस्तस्याः केशसमुद्भवाः ।।१६।।

पाटच्चराः पाददेशादेवं सर्वे प्रजज्ञिरे ।
नानायवनजातीया नानावीरास्तथाऽपरे ।।१७।।

वाजिवारणसङ्घाश्च रथिनो बलवत्तराः ।
ते चैव युयुधुस्तत्र कार्तवीर्यस्य सैनिकैः ।।१८।।

न्यपतन् कार्तवीर्यस्य सैनिकैस्तैः प्रहारिताः ।
अपरे मिलितास्तत्र निशि वृक्षे पतङ्गवत् ।।१९।।

परस्पराघातहता निपेतुः शतशो नराः ।
भङ्क्त्वा शस्त्रैश्च शस्त्राणि मल्लयुद्धं प्रचक्रिरे ।।२०।।

एवं सुतुमुले जन्ये शस्त्रेषु निपतत्सु च ।
स्वीयो वा परकीयो वा न प्राज्ञायत किञ्चन ।।२१।।

रजसाच्छादिते सूर्ये जघ्नुरेव परस्परम् ।
कोलाहलो महानासीद् हन्यतां हन्यतामिति ।।२२।।

हेषितैर्बृंहितैः क्ष्वेडैर्निबिडो रथनेमिभिः ।
मृदङ्गतालवेणूनां भेरीणां निनदैरपि ।।२३।।

डरले भागिरहेका वीरहरूले ठूलो हाहाकार गरे । सैनिकहरूको त्यो अवस्था देखेर पराक्रमी कार्तवीर्यले तिनीहरू रोकी नडराउन आश्वासन दिंदै भने ।।१०-१२।। हे वीर हो ! तिमीहरू नभाग। मैले आनन्दपूर्वक शङ्ख बजाउँदा यी कामधेनु गाई डराएर आफै मेरो घर जानेछिन् । तिमीहरू कामधेनुलाई कति शक्तिसम्पन्न मान्दछौ, ती ता मेरा लागि केही पनि होइनन्। अब तिमीहरूले मेरो अनौठो पुरुषार्थ देख्नेछौ ।।१३।। यसो भनेर कार्तवीर्यले तीनै लोकलाई नै कम्पायमान तुल्याउँदै महाशङ्ख बजाए तर कामधेनु कत्ति पनि डराइनन् । महाशङ्खको घोष चारैतिर व्याप्त भएपछि ती सैनिकहरूले लौरैलौरा र फलामका डण्डीले कामधेनुलाई पिट्न थाले । सेनाहरूले कामधेनु गाईको जुन जुन अङ्गमा प्रहार गरे, त्यहाँबाट अनेक प्रकारका शस्त्र-अस्त्रले सम्पन्न वीरहरू पैदा भए । कामधेनुका रौंहरूबाट शक्र, बर्बर जातिका वीरहरू पैदा भए । त्यस्तै उनका खुट्टाबाट चोरी गर्न सिपालु यवन जातिका अनेक थरि वीर पैदा भए । त्यति मात्र होइन हात्ती, घोडा र रथमा सवार वीरहरू पनि पैदा भए । कामधेनुका अङ्गप्रत्यङ्गबाट पैदा भएका वीरहरू कार्तवीर्यका सैनिकहरूसँग युद्ध गर्न थाले ।।१४-१८।। कामधेनुबाट पैदा भएका ती वीरहरू कार्तवीर्यका सैनिकहरूको प्रहारबाट भुइँमा लड्न थाले । आत्तिएका केही सैनिकहरू शत्रुसेनामा शरणार्थी भएर गए । जसरी रातको समयमा एउटा रूखमा चराहरू मिलेर बस्छन्, त्यसैगरी ती शरणार्थी सैनिकहरू कार्तवीर्यका सैनिकहरूसँग मिलेर रहेका थिए। युद्धमा आपसी प्रहारले घाइते भएका सयौं वीर भुइँमा ढलेका थिए। वीरहरूले शस्त्रद्वारा शस्त्र काट्दै युद्ध गरेपछि मल्लयुद्ध पनि गरेका थिए।।१९-२०।। यस प्रकारको भयङ्कर युद्धमा शस्त्रको प्रहार भइरहँदा युद्धको मैदानबाट उडेको धूलाले आकाश ढाकिएपछि लडिरहेका वीरहरूले को आफ्नो हो र को पराइ हो भन्ने कुरा पनि थाहा पाउन घौ धौ भयो ।।२१।। आकाश र सूर्य धूलै-धूलाले ढाकिएका थिए । त्यस्तो अन्धकारमय अवस्थामा पनि दुवैतर्फका वीरहरू निर्भय भएर लडिरहेका देखिन्थे । त्यहाँ काट, मार, छेक, थुन जस्ता शब्दहरूको कोलाहलमात्र सुनिन्थ्यो ।।२२।। घोडाहरूको हिं-हिं आवाज, हात्तीहरूको चिङ्घाड, रथका पाङ्ग्राहरूको ध्वनि, वीरहरूको हुँकार र सिंहनाद, युद्धका अनेक थरि बाजा – मृदङ्ग, ताल, बाँसुरी र दमाहाका शब्दले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं गव्यैः कार्तवीर्यै रथ्यश्वगजपत्तिभिः ।
अभवत् सुमहद् युद्धं भूतराक्षसभीतिदम् ।।२४।।

पक्षिजम्बूकसुखदं वीरपत्नीभयप्रदम् ।
केषाञ्चिज्जानुनी भग्ने केषाञ्चिच्च शिरांसि च ।।२५।।

खड्गखेटकभल्लानां शराणां धनुषामपि ।
भग्नानां न च सङ्ख्याऽस्ति वीराणां रथिनामपि ।।२६।।

प्रपेतुः कार्तवीर्यस्य शेषा ये सैनिकास्तदा ।
पृष्ठलग्ना ययुर्गव्या हसन्तो न च जघ्निरे ।।२७।।

निनिन्दुर्मुनिना किं वोऽनिष्टं कृतमितीह ते ।
पूर्वदोषप्रसङ्गेन राज्ञो जाता सुदुर्मतिः ।।२८।।

एवं प्रभग्ने सैन्ये स उत्तस्थौ कृतवीर्यजः ।
हस्तयोर्जगृहे पञ्च शतं बाणान् धनूंषि च ।।२९।।

दत्त्वा भूमौ वामजानु धनूंष्याकृष्य वेगवान् ।
चिक्षेप शरजालं स गव्ये सैन्ये महाभुजः ।।३०।।

फलहीनमभूत्तस्य शरजालं नृपस्य तत् ।
अनीतेश्चरितं तद्वद् बन्ध्यायाः सुरतं यथा ।।३१।।

पुनः पुनर्जहौ बाणाँस्तावतो राजसत्तमः ।
कामधेनोर्न चैकोऽपि वीरो भग्नोऽभवत्तदा ।।३२।।

शरजाले वृथा याते सन्तप्तोऽभून्नृपस्तदा ।
क्व गतं मम सामर्थ्यमिति चिन्तातुरोऽभवत् ।।३३।।

व्याकुले न प्रहर्तव्यमिति सर्वे ययुर्दिवम् ।
कामधेनुर्मुदा युक्ता किं युद्धं लघुना सह ।।३४।।

त्यो कोलाहल अझ घनीभूत भएको थियो ।।२३।। ठूला-ठूला रथ, घोडा, हात्ती, गोरु, पैदल सेनाले भरिभराउ सङ्ग्राम भूमिमा कार्तवीर्य र कामधेनुका सेनाहरूको बीचमा सम्पूर्ण प्राणी, देवता र राक्षसहरूलाई पनि भयभीत गराउने विचित्रको युद्ध भयो ।।२४।। त्यस युद्धमा वीरहरू मरिरहेको कारण गिद्ध र स्याल ज्यादै रमाएका थिए । तर शरीरको माया मारेर पराक्रम गर्ने वीरहरूका पत्नीहरूका निमित्त भने त्यो सङ्ग्राम प्रलयकालजस्तै भयदायक बन्यो । ती लड्ने वीरहरूमध्ये कसैका घुँडा भाँच्चिएका थिए र कसैका शिर टुक्रिएका थिए। त्यहाँ वीरहरूको परस्पर युद्ध हुँदा टुक्रिएका तरवार, ढाल, भाला, बाण र धनुहरू कति थिए भन्ने कुरा गणना गरी साध्य छैन । त्यसैगरी घाइते भएका वीरहरूको पनि गणना गर्न सम्भव थिएन ।।२५-२६।। त्यस युद्धमा कार्तवीर्यका बाँकी रहेका सैनिक पनि घाइते भएर भुइँमा सोत्तर भएका थिए । कार्तवीर्यका सैनिकहरूलाई धपाइरहेका कामधेनुका सैनिकहरूले कार्तवीर्यका सैनिकहरूको उपहास गरे । तर तिनलाई मार्ने काम गरेनन् । जमदग्नि ऋषिले के अपराध गर्नुभएको थियो ? तिमीहरूले यस्तो जघन्य अपराध गर्‍यौ ? प्राक्तन पापका कारण कार्तवीर्य राजा दुर्गतिग्रस्त भए । आफ्ना सैनिकहरू भागेपछि कार्तवीर्यले उभिएर एक हजार हातहरूमा पाँचसय धनु र पाँचसय बाण धारण गरे ।।२७-२९।। बायाँ घुँडाले भुइँमा टेकेर वेगपूर्वक धनुको ताँदो आँखासम्म तानी महाबाहु कार्तवीर्यले कामधेनुको सेनामा निरन्तर प्रहार गर्न थाले । तर कामधेनुको प्रतापका कारण तिनले प्रहार गरेका बाणहरूको जाल निष्फल भयो । जसरी अन्यायपूर्वक गरिएको कार्य निष्फल हुन्छ र बाँझी आइमाईसँग गरेको सहवास निष्फल हुन्छ त्यसैगरी ती बाण पनि निष्फल भए । कार्तवीर्यले पटक-पटक गरी हजारौं बाण प्रहार गरे तर कामधेनुपक्षका कुनै पनि वीरलाई घाउ लागेन ।।३०-३२।। आफूले प्रहार गरेका सम्पूर्ण बाण निष्फल भएपछि कार्तवीर्य ठूलो सन्तापमा परे । तिनले मनमनै भने- मेरो त्यो शक्ति कहाँ गयो ? यसरी तर्क गर्दै कार्तवीर्य चिन्तित र व्याकुल भए । कामधेनुका सैनिकहरू चिन्तामग्न राजामाथि प्रहार गर्न हुँदैन भनेर युद्ध बन्द गरी स्वर्ग गए। आफ्ना वीरहरूले देखाएको पराक्रमबाट प्रसन्न भएकी कामधेनु पनि सानो पुरुषार्थ गर्ने योद्धासँग के युद्ध गर्नु भनेर फर्किइन् ।।३३-३४।। कामधेनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गतायां कामधेनौ स कार्तवीर्यो मुनिं ययौ ।
रोषेणोवाच ते ब्रह्मन् ! कापट्यं विदितं मया ।।३५।।

न स विप्रोऽभिमन्तव्यो यस्य स्यात् कपटं हृदि ।
इत्येकं बाणमादाय विव्याध द्विजपुङ्गवम् ।।३६।।

लग्ने हृदि महाबाणे प्राणत्यागं चकार सः ।
रेणुका तं नृपं प्राह ब्रह्महत्या वृथा कृता ।।३७।।

स ऊचे रक्तनयनः क्रोधाविष्टो नृपस्तु ताम् ।
तूष्णीं तिष्ठ न चेद् हन्मि त्वामपीह मुनिप्रिये ।।३८।।

एकविंशतिबाणैस्तां दुष्टो राजाऽहनद् रुषा ।
सस्मार मनसा साऽपि जमदग्निमुनिं तदा ।।३९।।

पश्चादुवाच नृपतिं दुष्ट! चाण्डाल! किं कृतम् ।
अपराधं विना कस्मादावां निहतवानसि ।।४०।।

तवापि भविता नाशो भुजानां नात्र संशयः ।
श्रुत्वेत्थं वचनं तस्यास्ततो यातो नृपस्तदा ।।४१।।

अल्पावशिष्टसैन्येन चिन्ताक्रान्तो ययौ पुरीम् ।
विनिन्दन् हृदि चात्मानं शोचँश्च मृतसैनिकान् ।।४२।।

निरुत्साहो निरुद्योगो विवेश निजमन्दिरम् ।।४३।।

फर्केपछि राजा कार्तवीर्य जमदग्नि ऋषिका नजिकमा गए । क्रोधले उन्मत्त भएर तिनले भने– 'हे जमदग्नि ऋषि ! तपाइँको कपट मैले थाहा पाएँ ।।३५।। शास्त्रमा त्यस ब्राह्मणलाई ब्राह्मण भन्न हुँदैन, जसका हृदयमा कपट रहेको हुन्छ भनिएको छ । त्यस कारण तपाइँमाथि प्रहार गर्दा मलाई पाप लाग्दैन' भनेर एउटा बाण हातमा लिई तिनले जमदग्नि ऋषिमाथि प्रहार गरे ।।३६।। त्यो महाबाण ऋषिको मुटुमा लाग्यो र ती ऋषिले सहसा प्राणत्याग गरे । जमदग्निको शरीर निष्प्राण भएपछि तिनकी पत्नी रेणुकाले आएर कार्तवीर्यलाई भनिन्– 'हे दुष्ट! तिमीले व्यर्थमा ब्रह्महत्या गर्‍यौ' ।।३७।। रेणुकाका ती कुरा सुनेर अत्यन्त क्रुद्ध भएका राजा कार्तवीर्यले आँखा राता गराउँदै मुनिकी पत्नी रेणुकालाई भने – 'हे मुनिपत्नी ! तिमी चुप लागेर बस । अन्यथा म तिमीलाई पनि मारिदिनेछु।' उनी चुप लागिनन्। नलागेपछि राजा कार्तवीर्यले रीसले अन्धो भएर मुनिकी पत्नी रेणुकामाथि एक्काइसवटा बाणले एकैचोटि प्रहार गरे । बाण प्रहारपछि घाइते भई भुइँमा पछारिएकी र प्राणत्याग्न तत्पर रेणुकाले मनबाट आफ्ना पति जमदग्निको संझना गरिन् ।।३८-३९।। त्यसपछि तिनले कार्तवीर्यलाई भनिन्– 'हे दुष्ट ! तैंले के गरिस् ? । तैंले बिनाअपराध हामी दम्पतीलाई किन मारिस् ? तेरा एक हजार हातको पनि त्यसैगरी नाश हुनेछ, यसमा कुनै सन्देह छैन ।' प्राणत्याग गर्न लागेकी रेणुकाका यस्ता वचन सुनेर कार्तवीर्य फर्के ।।४०-४१।। त्यसपछि आफ्ना बाँकी रहेका केही सेनालाई लिएर चिन्तित मुद्रामा आफ्नो नगरतर्फ गए । उनी नगरतर्फ जाँदा मनबाट आफ्नै निन्दा गरिरहेका थिए र आफ्ना निमित्त युद्धको मैदानमा प्राणत्याग गरेका लाखौं सेनाको विषयमा विचार गरेका थिए। त्यसकारण उत्साहहीन र उद्योगहीन ती राजा कार्तवीर्य चिन्तित मुद्रा लिएर दरबारभित्र पसे ।।४२-४३।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे कार्तवीर्योपाख्याने जमदग्निप्राणत्यागो नाम एकोनाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कामधेनुबाट प्रादुर्भूत सेनासँग युद्धमा पराजित सहस्त्रार्जुनद्वारा जमदग्निको वध' शीर्षकान्वित उनासीऔं अध्याय पूर्ण भयो ।।७९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशीतितमोऽध्यायः { ८० अध्याय }

क उवाच

रेणुका तु गते तस्मिन् शुशोच भृशविह्वला ।
क्व गता मम पुत्रास्ते संहारेऽस्मिन्नुपस्थिते ।।१।।

मृते भर्तरि किं कुर्यां बाणजालसमावृता ।
क्व गतोऽसौ महाक्रोधी रामो मे प्रियबालकः ।।२।।

तस्मिन् दृष्टे मम प्राणा गमिष्यन्ति सुरालयम् ।
स्मृतमात्रस्तया रामो ययौ मातुस्तदाऽन्तिकम् ।।३।।

बाणजालचितां ताञ्च पितरं मृतमैक्षत ।
कार्तवीर्येण दुष्टेन दृढबाणहतं हृदि ।।४।।

पपात मूर्च्छया भूमौ वातभग्न इव द्रुमः ।
पितरं मातरञ्चैव रुरोद भृशदुःखितः ।।५।।

राम उवाच

अद्यान्धकारः सर्वत्र चाद्य शून्या दिशो दश ।
मेरुहीना यथा पृथ्वी शक्रहीनाऽमरावती ।।६।।

नाश्रमः शोभते तद्वत् पित्रा हीनोऽयमद्य मे ।
त्रिलोकी गङ्गया हीना तद्वदाश्रममण्डली ।।७।।

न शोभते रेणुकया हीनाऽप्याश्रममण्डली ।
गतं भयं तु देवानां मुनयोऽद्य निरीश्वराः ।
यदासीत् तपसा चास्य किमयं वा ग्रहीष्यति ।।८।।

एवं बहुविधाकारं चक्र आक्रन्दनं तु सः ।
अचेष्टत भृशं रामो मत्स्यो नीरं विना यथा ।।९।।

ततः पुनर्मातरं स रुदन्नेव समाययौ ।
निष्कासयामास शरानङ्के कृत्वा शिरोधराम् ।।१०।।

चक्रन्द च पुना रामो मातृदुःखेन दुःखितः ।
त्रैलोक्यं भस्मसात् कर्तुं या क्षमा जननी मम ।।११।।

ब्रह्माजीले भन्नुभयो - कार्तवीर्य आफ्नो नगरतर्फ लागेपछि मरणासन्न भएकी रेणुका ठूलो चिन्तामा परिन् । तिनले मनमनै भनिन्, अचानक यहाँ प्रलयकाल उपस्थित भयो । मेरा ती वीर छोराहरू कहाँ गए ? मेरा पतिको देहावसान भएपछि एक्काइसवटा बाण लागेर मरणासन्न भएकी म अब के गरूँ? मेरा प्यारा पुत्र महाक्रोधी परशुराम कहाँ गए ? तिनको दर्शन गरेपछि मात्र मेरा प्राण देवलोकमा जानेछन् । यसरी संझिँदा संझिँदै रेणुकाका सामु परशुराम आइपुगे ।।१-३।। बाणका जालले घाइते भएकी आमा र दिवङ्गत पिताका शरीरको दर्शन गरे । दुष्ट कार्तवीर्यले मुटुमा बाण हानेर दिवङ्गत हुनुभएका आफ्नो पिताको लाश देखेर हावाले हल्लाएको रूख ढलेझैं भुइँमा पछारिए । त्यसपछि अत्यन्त दुःखी भई परशुराम माता-पितालाई संझेर रुँदै विलाप गर्न लागे ।

परशुरामले भने - आज संसारमा मेरो कोही छैन । चारैतिर अन्धकारमात्र छ । आज दसै दिशा शून्य छन्। आज म सुमेरु पर्वत नभएको पृथिवीसमान र इन्द्र नभएको अमरावतीसमान भएको छु । आज मेरा पिताले रहित यो आश्रम शोभारहित भएको छ । जसरी गङ्गा नदी नहुँदा स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शोभा हुँदैन त्यसरी नै महर्षि जमदग्निकी पतिव्रता पत्नी रेणुका नहुँदा आश्रमको शोभा छैन । देवताहरूको डर लुप्त भएको छ । मुनिका ईश्वर लुप्त भएका छन् । किनकि देवताहरू यिनले हाम्रा पद खोजिदिने हुन् कि भनी जमदग्निको तपस्याबाट डराउँथे । अब उहाँ दिवङ्गत हुनुभयो । त्यस कारण देवता निर्भय भए। यसरी धेरै प्रकारबाट परशुरामले विलाप गरे । त्यसछि पानीविनाको माछा झैं तड्पिन थाले ।।४-९।। केही बेरपछि परशुरामले आफ्नी आमा रेणुकाको सामु आई तिनको शिरलाई आफ्नो काखमा राखेर कार्तवीर्यले प्रहार गरेका बाण क्रमैसँग झिक्न थाले ।।१०।। आमाका दुःखले साह्रै दुःखित परशुरामले विलाप गर्दै भने - 'तीन लोकलाई आफ्नो तेजबाट खरानी बनाउन सक्नुहुने मेरी आमा, कार्तवीर्यको बाण लागेर किन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सा कथं पतिता भूमौ दुष्टबाणप्रपीडिता ।
न विस्मरसि मां नित्यं क्षणं क्रीडागतं पुरा ।।१२।।

त्यक्त्वा मां कथमद्य त्वं कुत्र वा गन्तुमुद्यता ।
ददासि मे पयो भूरि वस्त्राण्यन्नानि शोभने ।।१३।।

फलमूलानि चारूणि याति त्यक्त्वा कथं नु सा ।
मातापितृभ्यां हीनस्य धिङ् मे जीवितमद्य मे ।।१४।।

ब्रह्मोवाच

इति पुत्रवचः श्रुत्वा रेणुका भृशदुःखिता ।
प्रमृज्याश्रूणि पुत्रस्य जगाद भृशविह्वला ।।१५।।

अहं ते निकटे स्थास्ये न शोकं कर्तुमर्हसि ।
शृणु वार्तां पुरा वृत्तां राजाऽसौ कृतवीर्यजः ।।१६।।

मध्याह्ने सह सैन्येन प्राप्त आश्रममण्डलम् ।
पित्रा ते मानितः सम्यग् भोजितो बलसंयुतः ।।१७।।

कामधेनोः प्रसादेन भुक्त्वाऽयाचत धेनुकाम् ।
तूष्णीम्भूते मुनौ कोपात् कामधेनुं मुमोच सः ।।१८।।

स्पृष्टमात्रा च सा धेनुः ससर्ज बलमुत्कटम् ।
चतुरङ्गं ततो युद्धमभवद् राजसैनिकैः ।।१९।।

भग्नास्तेऽप्यपलन् सर्वे राजा युद्धमथाकरोत् ।
स च पञ्चशतं बाणान् वारं वारमथासृजत् ।।२०।।

सोऽपि भग्नो गृहं यातः कामधेनुर्दिवङ्गता ।
पुनरागत्य दुष्टोऽसौ बाणेनैकेन वक्षसि ।।२१।।

जघान पितरं कोपादेकविंशतिसायकैः ।
अपराधं विना माञ्च ताडयित्वा खलो गतः ।।२२।।

भुइँमा ढल्नुभयो ? हे आमा ! म बालक अवस्थामा खेल्न जाँदा कहाँ गयो भनेर चिन्ता गर्नुहुन्थ्यो । आज मलाई छाडेर कहाँ जान लाग्नुभएको छ ? हे आमा ! मलाई भोक लाग्दा तपाईंले धेरै दुध पियाउनु हुन्थ्यो । लुगा फाट्दा नयाँ नयाँ लुगा दिनुहुन्थ्यो । खान मन लाग्दा अनेक प्रकारका भोजन तयार गर्नुहुन्थ्यो। यहाँ हजुरले रुचाउने राम्रा कन्दमूलहरू छन्, ती सबै छाडेर कहाँ जाँदै हुनुहुन्छ ? आमाबाबुको टुहुरो भएर म कसरी बाँचू ? मेरो जीवन धिक्कार गर्न योग्य छ ।।११-१४।।'

ब्रह्माजीले भन्नुभयो - मर्न लागेकी रेणुकाले आफ्ना छोरा परशुरामका वचन सुनेर दुःखी भई बल्लबल्ल हातले छोराका गाला मुसारेर आँसु पुछिन् । त्यसपछि सासैसासले भनिन् - बाबु ! म गए पनि सधैं तिम्रै नजिकमा हुनेछु । तिमीले शोक नगर । तिमी नभएको बेलामा आश्रममा भयङ्कर घट्ना घट्यो । त्यो म सुनाउन चाहन्छु । बाबु ! एक दिनको कुरा हो, राजा कार्तवीर्य मध्याह्नको समयमा अनेकौं सेनाका साथ आश्रममा आइपुगे । तिम्रा पिताले राजा हुन् भनेर सम्मान गर्नुभयो । लाखौं सेनासहित ती कार्तवीर्यलाई राम्रोसँग भोजन गराउनुभयो ।।१५-१७।। सम्पूर्ण भोजनको व्यवस्था कामधेनु गाईले गरेकी थिइन् । कामधेनुको कृपाबाट भोजन गरेपछि राजा कार्तवीर्यले तिम्रा पितासँग कामधेनु मागे । तर तिम्रा पिता केही बोल्नुभएन । केही पनि उत्तर नदिँदा रिसाएका कार्तवीर्यले हाम्रो गोठबाट कामधेनु गाई फुकाउन खोजे ।।१८।। कार्तवीर्यका सैनिकहरूले स्पर्श गर्नासाथ कामधेनु आफैले करोडौं सेना पैदा गरिन् । त्यसपछि कामधेनुका सेना र राजाका सेनाका बीचमा घनघोर सङ्ग्राम भयो ।।१९।। कामधेनुको सेनाबाट छिन्न-भिन्न भएका कार्तवीर्यका सैनिकहरू चारैतिर भागे । त्यसपछि राजा कार्तवीर्यले आफै युद्ध गरे । तिनले एकैचोटिमा पाँचसय बाण प्रहार गर्दै युद्ध गरे तर ती पनि परास्त र घाइते भएर घर फर्के । कामधेनु स्वर्गमा गइन् । त्यसको अर्को दिन आएर कार्तवीर्यले रीसले चूर भई एउटा बाणले तिम्रा पिता जमदग्निको मुटुमा प्रहार गरी प्राण लिए । त्यसपछि दुष्ट स्वभाव भएका तिनले कुनै अपराध नहुँदा पनि मेरो शरीरमा २१ वटा बाण प्रहार गरेर फर्के।।२०-२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् त्वयाऽद्य दुष्टस्य नाशः शीघ्रं विधीयताम् ।
एकविंशतिवारञ्च कुरु निःक्षत्रियां धराम् ।।२३।।

एकविंशतिबाणा मे देहे तेन यतोऽर्पिताः ।
अन्यदेकं वदे पुत्र ! तत्कुरुष्व वचो मम ।।२४।।

संस्कारं कुरु नौ तत्र यत्र कोऽपि न दाहितः ।
दत्तात्रेयं मुनिवरमाकार्य सर्ववेदिनम् ।।२५।।

कुरु कर्मान्तरं नौ त्वं त्रयोदशदिनावधि ।
तदैव गतिमाप्स्यावो नान्यो वक्ताऽस्ति तादृशः ।।२६।।

इत्युक्त्वा रेणुका देहं त्यक्त्वा धामाप दुर्गमम् ।
रामस्तत् सर्वमकरोत् तयादिष्टं महामनाः ।।२७।।

त्यस कारण हे छोरा ! तिमीले अब छिट्टै दुष्ट कार्तवीर्यसँग युद्ध गरी तिनको नाश गर । २१ पटकसम्म पृथिवीमा घुमेर शासनमा बस्ने क्षत्रियहरूको नाश गर्दै पृथिवीलाई क्षत्रियहीन बनाऊ। मेरो ज्यानमा २१ वटा बाण प्रहार गरेको फल त्यही हुनेछ ।।२३-२४।। अर्को एउटा कुरा भन्छु- हे छोरा ! त्यसलाई तिमीले पालन गर्नुपर्छ । त्यो कुरा के हो भने, तिमीले शास्त्रज्ञ महामुनि दत्तात्रेयलाई बोलाएर त्यो ठाउँमा हाम्रो अन्तिम संस्कार गर, जहाँ आजसम्म कसैको पनि दाहसंस्कार भएको छैन ।।२५।। यसरी हामी दुबैको अन्तिम संस्कार गरेपछि तिमीले तेह्र दिनसम्मका सबै कर्महरू सम्पन्न गर्नुपर्नेछ । त्यसपछि मात्र हामी दुबैले उत्तम गति प्राप्त गर्नेछौं । पृथिवीमा दत्तात्रेयसमान अर्को विद्वान् कुनै पनि छैन ।।२६।। आफ्ना छोरालाई यी सबै कुरा भनेर रेणुकाले देहत्याग गरिन्। पतिव्रताधर्मका कारण तिनले दुर्लभ धाम प्राप्त गरिन् । उदार मन भएका परशुरामले पनि आफ्नी आमाले आज्ञा गरेअनुसार सम्पूर्ण कर्म सम्पन्न गरे।।२७।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे रामोपाख्याने और्ध्वदैहिकसंस्कारोपदेशो नामाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'रेणुकाद्वारा परशुरामलाई और्ध्वदैहिक संस्कार सम्पन्न गर्न उपदेश' शीर्षकान्वित असीऔं अध्याय पूर्ण भयो ।।८०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकाशीतितमोऽध्यायः { ८१ अध्याय }

क उवाच

रामस्तु वपनं कृत्वा स्नात्वा सम्यग् विधानतः ।
उत्थानश्राद्धमकरोद् ब्राह्मणैः कथितं यथा ।।१।।

विश्रान्तिस्थानमारभ्य मन्त्राग्निमुभयोरदात् ।
तदैव प्रययौ तं तु दत्तात्रेयं मुनिं प्रति ।।२।।

कुवेषं शिष्यसहितं श्वहस्तं मलिनं कृशम् ।
ध्यानेनालोक्य तं रामो ननाम मुनिपुङ्गवम् ।।३।।

बद्धाञ्जलिपुटोऽतिष्ठद् यामार्धं तत्पुरो द्विजः ।
दत्तात्रेयोऽपि सर्वज्ञो ज्ञात्वा तस्याशयं मुनिः ।।४।।

उवाच राममामन्त्र्य ज्ञातं तव प्रयोजनम् ।
अथापि पृच्छे विज्ञातुं किमर्थं त्वमिहागतः ।।५।।

क उवाच

स उवाच ततो रामो वृत्तान्तमादितः स्फुटम् ।

राम उवाच

कृतवीर्यात्मजो राजा पितुराश्रममागतः ।।६।।

भोजितः परमान्नेन नानापक्वान्नशालिना ।
भुक्तः स सेनया सार्धं कामधेनुमयाचत ।।७।।

यदा न दत्ता पित्रा मे बलान्नेतुं मनो दधे ।
सा ताडिताऽथ सुषुवे सैनिकानां गणान् बहून् ।।८।।

तैर्भग्नो बलिभी राजा ससैन्योऽगान्निजालयम् ।
कामधेनुर्गता स्वर्गं ततो राजा रुषान्वितः ।।९।।

जमदग्नेर्हृदि शरमहनद् दृढमोजसा ।
एकविंशतिकान् बाणान् मातुरङ्गेऽहनद् रुषा ।।१०।।

ब्रह्माजीले भन्नुभयो – परशुरामले क्षौर कर्म गरी विधानपूर्वक स्नान गरेर ब्राह्मणहरूले बताएअनुसार उत्थानश्राद्ध गरे ।।१।। विश्रान्ति श्राद्धदेखि आरम्भ गरेर सबै कर्म गरी मातापिताको शरीरमा मन्त्र जप्दै दागबत्ती दिए । त्यस बेला परशुराम बाँकी संस्कार सम्पन्न गर्नका लागि निमन्त्रणा गर्न दत्तात्रेय मुनिका समीपमा गए ।।२।। नराम्रो भेष धारण गरेका, हातले कुकुर डोऱ्याएका, मलिन एवं दुर्बल अवस्थामा रहेका व्यक्तिलाई ध्यान दृष्टिले हेरी दत्तात्रेय नै हुनुहुन्छ भनी ठम्याएर परशुरामले नमस्कार गरे ।।३।। परशुराम हात जोडेर आधा प्रहरसम्म दत्तात्रेयका सामु उभिए । ऋषि दत्तात्रेयले पनि परशुरामको आशय बुझेर तिनलाई नजिकैमा डाकी भने – हे परशुराम ! मैले तपाइँको आउने प्रयोजन थाहा पाएँ । त्यसो हो तापनि शिष्टाचारवश म तपाईसँग प्रश्न गर्दैछु – तपाई के कति कामले यहाँ पाल्नुभयो ? ।।४-५।।

ब्रह्माजीले भन्नुभयो – दत्तात्रेयका प्रश्न सुनेपछि परशुरामले शुरुदेखिका सबै वृत्तान्त स्पष्टरूपमा सुनाउँदै कुराकानी गरे ।

परशुरामले भने – कुनै दिन राजा कार्तवीर्य मेरा पिता जमदग्निको आश्रममा आएका थिए। मेरा पिताले अनेक पकवानसहित अत्यन्त तृप्तिदायक भोजन टक्र्याएर राजाको सम्मान गर्नुभयो । सेनाका साथमा भोजन गरेपछि कार्तवीर्यले मेरा पितासँग कामधेनु मागे ।।६-७।। पिताश्री केही बोल्नुभएन। केही नबोल्दा रिसाएका कार्तवीर्यले बलपूर्वक कामधेनु फुकाएर लैजाने विचार गरे । जब कार्तवीर्यका सेनाले कामधेनु फुकाउन आँट गरी कामधेनुमाथि दण्डप्रहार गरे । त्यसपछि रिसाएकी कामधेनुले आफ्नो शक्तिबाट असङ्ख्य सैनिकगण पैदा गरिन् ।।८।। कामधेनुका सैनिकहरूद्वारा कार्तवीर्यका सैनिक परास्त भएपछि स्वयं कार्तवीर्य पनि परास्त भएर घर फर्के । कामधेनु स्वर्ग गइन् । त्यसपछि कार्तवीर्यले रिसाएर मेरा पिता जमदग्निको छातीमा बलपूर्वक बाणप्रहार गरे । बाणप्रहारबाट पिता दिवङ्गत हुनुभयो । त्यसपछि माता रेणुकाको शरीरमा २१ वटा बाणप्रहार गरे । तदन्तर मेरी माता रेणुका पनि घाइते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाहं तत्र स्थितो ब्रह्मन् ! पश्चादागत्य दृष्टवान् ।
मन्त्राग्निना तु दग्धौ तौ मातुर्वाक्यादिहागतः ।।११।।

दत्तात्रेयं विना नान्यो वक्ता कार्योऽत्र कर्मणि ।
कृते कर्मणि सर्वस्मिँस्त्रयोदशदिनावधि ।।१२।।

पश्चाद्राजा निहन्तव्यः कृतवीर्यात्मजो बली ।
एकविंशतिवारञ्च कार्या निःक्षत्रिया मही ।।१३।।

इत्थमाज्ञापयन्मह्यं जननी रेणुका मम ।
इत्यर्थमिह सम्प्राप्तस्तस्मात् कुरु कृपां मयि ।।१४।।

ब्रह्मोवाच

इति रामवचः श्रुत्वा रेणुकायाः सखा मुनिः ।
शोकसंविग्नहृदयो राममूच इदं वचः ।।१५।।

दत्तात्रेय उवाच

यद्गृहे भुक्तमत्यन्तं तेन नेष्टा विरोधिता ।
यदि दुष्टेन साऽकारि द्रष्टा तत्फलमन्तकात् ।।१६।।

इदानीं तु तयोः सम्यगौर्ध्वदैहिकमाचर ।

ब्रह्मोवाच

तत आश्रममागत्य दत्तात्रेययुतस्तु सः ।।१७।।

रामश्चकार भक्त्यैव पित्रोरुत्तरकर्म तत् ।
दत्तात्रेयोक्तमन्त्रैः स द्वितीयदिवसावधि ।।१८।।

समाप्ते कर्मणि मुनिर्गन्तुं कोह्लापुरं मनः ।
चक्रे तदाऽब्रवीद् रामः कदा याति भवान् पुनः ।।१९।।

मुनिः प्रोचे यदा त्वं मे स्मरणं वै करिष्यसि ।
एहि दत्तात्रेय इति तदा मां द्रक्ष्यसेऽनघ ।।२०।।

कृत्वा कर्म व्रजत्येव भिक्षितुं स दिने दिने ।
आशौचिनो न भोक्तव्यमन्नमित्यभिचिन्तयन् ।।२१।।

पञ्चमे दिवसे कर्म समाप्य मुनिपुङ्गवः ।
गृहीत्वाऽऽज्ञां गतो यावत् तावद् व्याघ्रः समाययौ।।२२।।

हुनुभयो । हे मुनिवर! त्यस बेला म त्यहाँ उपस्थित थिइनँ । पछिबाट आएर मैले मरणासन्न आमालाई भेटें । उहाँले प्राणत्याग गर्नुभयो । मैले अभिमन्त्रित अग्निद्वारा मातापिताको दाहसंस्कार सम्पन्न गरें । तेह्र दिनसम्मको काम सम्पन्न गर्न दत्तात्रेय मुनिलाई बोलाउनु भन्ने माता रेणुकाको आज्ञा भएकाले म अहिले हजुरको समीपमा आएको छु । तेह्र दिनसम्मका सम्पूर्ण कर्म सम्पन्न गरेपछि बलवान् राजा कार्तवीर्यलाई मैले मार्नुपर्नेछ र एक्काइस-पटकसम्म पृथिवीमा घुमेर यो धर्तीलाई क्षत्रियशून्य तुल्याउनु पर्नेछ । यो मेरी माताको आज्ञा हो । यसैका लागि म हजुरसमक्ष आएको छु। हजुरले ममाथि कृपा गरी त्यहाँ गएर मेरा मातापिताको उद्धारका लागि आवश्यक कर्म सम्पादन गरिदिनुहोस्।।९-१४।।

ब्रह्माजीले भन्नुभयो- मुनि दत्तात्रेय रेणुकाका बालसखा थिए । यो घटना सुनेर ती शोकसन्तप्त भए । त्यसपछि परशुरामसँग आफ्नो शोक यसरी व्यक्त गरे ।।१५।।

दत्तात्रेयले भन्नुभयो- जुन घरमा भोजन गरिन्छ, त्यस घरसँग विरोध गर्नु राम्रो हुँदैन । यदि कार्तवीर्यले त्यसो गरे भने त्यसको फल यमराजबाट चाख्नेछन्। अहिले भने तपाइँले आफ्ना माता-पिताको उद्धारका लागि काजक्रिया सम्पन्न गर्नुपर्दछ ।

ब्रह्माजीले भन्नुभयो- दत्तात्रेयले त्यसो भनेपछि परशुराम दत्तात्रेयलाई लिएर आफ्नो आश्रममा आइपुगे ।।१६-१७।। परशुरामले भक्तिपूर्वक दत्तात्रेयले उच्चारण गरेका मन्त्रहरूद्वारा दोस्रो दिनदेखि लिएर तेह्र दिनसम्मका अन्त्यकर्म सम्पन्न गरे।।१८।। पाँचौं दिनको किरिया सकिएपछि दत्तात्रेयले कोल्हापुर जाने मन बनाए । त्यस बेला परशुरामले भने - हजुर फेरि कहिले आउनुहुन्छ ? दत्तात्रेयले उत्तर दिए- हे निष्पाप परशुराम! जब तपाइँले आउनुहोस् भन्नुहुन्छ, त्यस बेला म निश्चय नै आउनेछु र तपाइँले मेरो दर्शन गर्नुहुनेछ ।।१९-२०।। अन्त्येष्टि कर्मको क्रममा दत्तात्रेय ऋषि कर्म गराउँथे तर त्यहाँ भोजन गर्दैनथे । आशौच परेका घरको अन्न खानुहुँदैन भन्ने विचार गरेर ती दिनदिनै गाउँ-गाउँमा भिक्षा माग्न जान्थे ।।२१।। पाँचौ दिनको कुरा हो- कर्म समाप्त गरेपछि दत्तात्रेय परशुरामसँग आज्ञा लिएर भिक्षा माग्न गए। त्यतिबेला क्रियापुत्री बसेको ठाउँमा बाघ आइपुग्यो।।२२।। परशुरामले त्यस बाघसँग डराएर आमा ! आमा ! म कहाँ जाऊँ भनी क्रन्दन गरे । तिनले आमा भनेर सम्बोधन गर्नासाथ पुत्रस्नेहमा परेकी माता रेणुका पाँचौं दिनको पिण्डबाट आधा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातर्मातः क्व याम्यद्येत्येवं चुक्रोश तद्भयात् ।
आविरभूत्तदा माता रेणुका रामवाक्यतः ।।२३।।

असम्पूर्णशिरोमात्रा पुत्रस्नेहवशेन हि ।
यदि द्वादशरात्रात् साऽऽहूता स्याद् भार्गवेण तु ।।२४।।

आगता स्यात् सा सम्पूर्णा सर्वावयवशोभिनी ।
उवाच तं किमाहूता वद बाल ! प्रयोजनम् ।।२५।।

आलिलिङ्ग तदा स्नेहाद् रामं स्नुतपयोधरा ।
दत्तात्रेयः पुनरगात् षष्ठेऽथ दिवसे मुनिः ।।२६।।

अपश्यद् रेणुकां तत्र तादृशीं राममब्रवीत् ।
मध्य एव किमाहूता न्यूनदेहा समागता ।।२७।।

सपिण्डीकरणादूर्ध्वं यद्याहूता तदाऽखिला ।
आगता स्याद् रेणुकेयं तव स्नेहाद् द्विजर्षभ।।२८।।

राम उवाच

बालभावाद् भयाद् ब्रह्मन् ! स्वभावान्मातरित्यहम् ।
उक्तवान् मुनिशार्दूल! दृष्टवानीदृशीमिमाम् ।।२९।।

वृषोत्सर्गञ्च कृतवानेकादशदिने द्विजः ।
सपिण्डीकरणं चैव द्वादशे कृतवान् द्वयोः ।।३०।।

ततः परेऽह्नि पाथेयं श्राद्धं पुण्याहवाचनम् ।
ददौ दानान्यनेकानि ब्राह्मणेभ्यो यथार्हतः ।।३१।।

जमदग्निर्दिव्यदेहो ब्रह्मलोकमथागमत् ।
तस्थौ सा रेणुका भूमौ स्थाने स्थाने च तादृशी ।।३२।।

पूरयत्यखिलान् कामान् जनानां भक्तिकारिणाम् ।
माहात्म्यं विस्तृतं तस्याः स्कान्दे प्रोक्तं विशेषतः ।।३३।।

अतिविस्तारभीत्याऽत्र न प्रोक्तं मुनिसत्तम ।।३४।।

मात्र तयार भएको शिरसमेतको शरीर लिएर प्रकट भइन् । बाह्रौं दिनपछि परशुरामले यसै गरी आमा भनेर बोलाएको भए बाह्रदिनसम्मका पिण्डहरूबाट पूर्ण भएको सुन्दर स्वरूपको दर्शन पाउने थिए, तर त्यसो भएन। पाँचै दिनका दिन परशुरामले आमालाई बोलाउँदा रेणुकाको शरीर सर्वाङ्गपूर्ण हुन पाएन । छोराको आह्वान सुनेर आएकी रेणुकाले भनिन् – बाबु ! तिमीले मलाई किन बोलायौ भन ? यसो भनेर तिनले स्नेहपूर्वक स्तनबाट दुधका धारा बगाउँदै परशुरामलाई आलिङ्गन गरिन्। दत्तात्रेय ऋषिले छैठौं दिनमा पनि भिक्षाटन गर्न गएर फर्कंदा क्रियापुत्री बसेको ठाउँमा आधा अङ्ग भएकी रेणुकालाई बसेको देखेर परशुरामसँग सोधे – हे परशुराम ! तपाइँले अन्त्येष्टि क्रिया सम्पन्न नहुँदै बीचैमा किन आमालाई बोलाउनुभयो। हेर्नुहोस् त तपाइँको मायाले गर्दा उहाँ आधा अङ्ग लिएर आउनुभएको छ । सपिण्डीकरण गरेपछि बोलाउनुभएको भए उहाँ सम्पूर्ण अङ्ग-अङ्गमा सौन्दर्य भरेर पूर्ण स्वरूप लिएर तपाईप्रति स्नेह प्रदर्शन गर्दै आउनुहुने थियो ।।२३-२८।।

परशुरामले भन्नुभयो – 'हे दत्तात्रेय मुनि ! बालकस्वभावका कारण मैले आमा भनें। मेरो आवाज सुनेर उहाँ तुरुन्तै यस रूपमा आउनुभयो र मैले उहाँको दर्शन पाएँ।' ब्रह्माजीले भन्नुभयो- परशुरामले एघारौं दिनमा बाबु-आमाको निमित्त वृषोत्सर्ग गरे र बाह्रौं दिनमा सपिण्डीकरण गरे । तेह्रौं दिनमा पाथेयश्राद्ध र पुण्याहवाचन गरेपछि ब्राह्मणहरूलाई योग्यता-अनुसार दान दिए ।।२९-३१।। त्यसपछि दिव्य देह धारण गरी ऋषि जमदग्नि ब्रह्मलोक गए। रेणुका भने त्यस रूपमा नै ठाउँ-ठाउँमा भ्रमण गर्दै पृथिवीमा घुमिरहिन्। तिनले आफ्नो शक्तिद्वारा भक्त र उपासकहरूका कामना पूरा गर्दथिन्। हे व्यास! रेणुकाको महिमा स्कन्दपुराणमा विस्तृतरूपमा बताइएको छ। धेरै विस्तारको भयले तिनको कथा यहीँ नै टुङ्ग्याइन्छ ।।३२-३४।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे रामोपाख्याने और्ध्वदैहिकसंस्कारसम्पादनं नामैकाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'परशुरामद्वारा माता-पिताको और्ध्वदैहिक संस्कार' शीर्षकान्वित एकासीऔं अध्याय पूर्ण भयो ।।८१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्व्यशीतितमोऽध्यायः { ८२ अध्याय }

व्यास उवाच

कथं रामो बाल एव कृतवीर्यसुतेन ह ।
एकाकी बहुसैन्येन सहस्त्रभुजशालिना ।।१।।

अजयत् तं महावीरं तन्मे कथय विस्तरात् ।

क उवाच

एकस्मिन् दिवसे रामो मातरं परिपृष्टवान् ।।२।।

राम उवाच

यस्मादिन्द्रादयो देवा बिभ्यति त्रासकम्पिताः ।
अनन्तं यस्य सैन्यं तच्चतुरङ्गसमन्वितम् ।।३।।

कथं विजेष्ये तं मातरुपायं मेऽखिलं वद ।
एकविंशतिवारञ्च कथं निःक्षत्रियां धराम् ।।४।।

करिष्ये वद तत्सर्वं त्वत्प्रसादाज्जयो भवेत् ।
अतुला मम कीर्तिश्च सर्वलोकेषु विश्रुता ।।५।।

मातोवाच

विजयस्ते भवेत्पुत्र ! शङ्कराराधनं कुरु ।
तुष्टे तस्मिन् महादेवे सर्वं सेत्स्यति वाञ्छितम् ।।६।।

इति तद्वचनं श्रुत्वा रामः कैलासमाययौ ।
प्रणम्य मातृचरणावाशिषं प्रतिगृह्य च ।।७।।

तत्रापश्यन् महादेवं रत्नसिंहासने स्थितम् ।
बद्धाञ्जलिपुटो रामो नत्वा तुष्टाव तं तदा ।।८।।

राम उवाच

नमो देवदेवेश ! गौरीश ! शम्भो !
नमो विश्वकर्त्रे नमो विश्वभर्त्रे ।
नमो विश्वहर्त्रे नमो विश्वमूर्ते !
नमो विश्वधाम्ने नमश्चन्द्रधाम्ने ।।९।।

व्यासले भन्नुभयो- बालक परशुरामले एक्लै सहस्रबाहु लाखौं सेनाले सम्पन्न कार्तवीर्यका विरुद्ध कसरी युद्ध गरे र तिनलाई जिते ? यो कुरा मलाई विस्तारपूर्वक भन्नुहोस् ।

ब्रह्माजीले भन्नुभयो - एकदिन परशुरामले आफ्नी माता रेणुकासँग सोधनी गरे ।।१-२।।

परशुरामले भने - हे आमा! जुन वीरबाट हुने त्रासले काँप्दै इन्द्र आदि देवताहरू काँप्तछन्, जोसँग असङ्ख्य हात्ती, रथ, घोडा र पैदल सेना छन्, ती कार्तवीर्यलाई मैले कसरी जितूँ, त्यसको उपाय मलाई बताउनुहोस्। मैले २१ पटकसम्म पृथिवीमा घुमेर पृथिवीलाई क्षत्रियरहित कसरी बनाऊँ? त्यो उपाय पनि मलाई बताउनुहोस्। यसका साथै हजुरको कृपाबाट मलाई विजय प्राप्त होस् । सबै लोकमा म प्रख्यात हुन पाऊँ । सम्पूर्ण लोकहरूमा मेरो अनुमप कीर्ति फैलियोस्। यी सबै कुरा सम्पन्न गर्न के उपाय हुन सक्छ ? ।।३-५।।

रेणुकाले भनिन्- बाबु ! तिम्रो विजय हुनेछ । यसमा कुनै सन्देह छैन । तर युद्धमा जानुभन्दा पहिले तिमीले भगवान् शङ्करको आराधना गर। उहाँ प्रसन्न हुनुभएमा तिम्रा सबै इच्छा पूरा हुनेछन् ।।६।। आमाका ती कुरा सुनेर उहाँको पाउमा प्रणाम गरी आशीर्वाद लिएर परशुराम कैलासतर्फ गए।।७।। त्यहाँ तिनले रत्नको सिंहासनमा विराजमान भगवान् शङ्करको दर्शन पाएपछि करबद्ध प्रार्थना गरे ।।८।।

परशुरामले भने - हे देवताका पनि देवता ! गौरीपति शङ्कर ! हजुरलाई प्रणाम गर्दछु । विश्वको रचना गर्नुहुने हे शिवजी! हजुरलाई प्रणाम गर्दछु । विश्वको पालन गर्नुहुने हे शिवजी ! हजुरलाई प्रणाम गर्दछु । विश्वको संहार गर्नुहुने हे शिवजी! म हजुरलाई प्रणाम गर्दछु । हे विश्वमूर्ति भगवान् शिवजी! हजुरलाई प्रणाम गर्दछु । हे विश्वधाम भगवान् शिवजी! हजुरलाई नमस्कार गर्दछु । चन्द्रमालाई शिरमा धारण गर्नुहुने हे सदाशिव! हजुरलाई प्रणाम गर्दछु ।।९।। निर्मल ज्ञानका आधार, निर्गुण स्वरूप हे शिवजी ! हजुरलाई प्रणाम गर्दछु । निराकार र साकार दुबै स्वरूपमा विराजमान हुनुहुने नित्यस्वरूप हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातर्मातः क्व याम्यद्येत्येवं चुक्रोश तद्भयात् ।
आविरभूत्तदा माता रेणुका रामवाक्यतः ।।२३।।

असम्पूर्णशिरोमात्रा पुत्रस्नेहवशेन हि ।
यदि द्वादशरात्रात् साऽऽहूता स्याद् भार्गवेण तु ।।२४।।

आगता स्यात् सा सम्पूर्णा सर्वावयवशोभिनी ।
उवाच तं किमाहूता वद बाल ! प्रयोजनम् ।।२५।।

आलिलिङ्ग तदा स्नेहाद् रामं स्नुतपयोधरा ।
दत्तात्रेयः पुनरगात् षष्ठेऽथ दिवसे मुनिः ।।२६।।

अपश्यद् रेणुकां तत्र तादृशीं राममब्रवीत् ।
मध्य एव किमाहूता न्यूनदेहा समागता ।।२७।।

सपिण्डीकरणादूर्ध्वं यद्याहूता तदाऽखिला ।
आगता स्याद् रेणुकेयं तव स्नेहाद् द्विजर्षभ।।२८।।

राम उवाच

बालभावाद् भयाद् ब्रह्मन् ! स्वभावान्मातरित्यहम् ।
उक्तवान् मुनिशार्दूल! दृष्टवानीदृशीमिमाम् ।।२९।।

वृषोत्सर्गञ्च कृतवानेकादशदिने द्विजः ।
सपिण्डीकरणं चैव द्वादशे कृतवान् द्वयोः ।।३०।।

ततः परेऽह्नि पाथेयं श्राद्धं पुण्याहवाचनम् ।
ददौ दानान्यनेकानि ब्राह्मणेभ्यो यथार्हतः ।।३१।।

जमदग्निर्दिव्यदेहो ब्रह्मलोकमथागमत् ।
तस्थौ सा रेणुका भूमौ स्थाने स्थाने च तादृशी ।।३२।।

पूरयत्यखिलान् कामान् जनानां भक्तिकारिणाम् ।
माहात्म्यं विस्तृतं तस्याः स्कान्दे प्रोक्तं विशेषतः ।।३३।।

अतिविस्तारभीत्याऽत्र न प्रोक्तं मुनिसत्तम ।।३४।।

मात्र तयार भएको शिरसमेतको शरीर लिएर प्रकट भइन् । बाह्रौं दिनपछि परशुरामले यसै गरी आमा भनेर बोलाएको भए बाह्रदिनसम्मका पिण्डहरूबाट पूर्ण भएको सुन्दर स्वरूपको दर्शन पाउने थिए, तर त्यसो भएन। पाँचै दिनका दिन परशुरामले आमालाई बोलाउँदा रेणुकाको शरीर सर्वाङ्गपूर्ण हुन पाएन । छोराको आह्वान सुनेर आएकी रेणुकाले भनिन् - बाबु ! तिमीले मलाई किन बोलायौ भन ? यसो भनेर तिनले स्नेहपूर्वक स्तनबाट दुधका धारा बगाउँदै परशुरामलाई आलिङ्गन गरिन्। दत्तात्रेय ऋषिले छैठौं दिनमा पनि भिक्षाटन गर्न गएर फर्कंदा क्रियापुत्री बसेको ठाउँमा आधा अङ्ग भएकी रेणुकालाई बसेको देखेर परशुरामसँग सोधे - हे परशुराम ! तपाईंले अन्त्येष्टि क्रिया सम्पन्न नहुँदै बीचैमा किन आमालाई बोलाउनुभयो। हेर्नुहोस् त तपाईंको मायाले गर्दा उहाँ आधा अङ्ग लिएर आउनुभएको छ । सपिण्डीकरण गरेपछि बोलाउनुभएको भए उहाँ सम्पूर्ण अङ्ग-अङ्गमा सौन्दर्य भरेर पूर्ण स्वरूप लिएर तपाईप्रति स्नेह प्रदर्शन गर्दै आउनुहुने थियो ।।२३-२८।।

परशुरामले भन्नुभयो - 'हे दत्तात्रेय मुनि ! बालकस्वभावका कारण मैले आमा भनें। मेरो आवाज सुनेर उहाँ तुरुन्तै यस रूपमा आउनुभयो र मैले उहाँको दर्शन पाएँ।' ब्रह्माजीले भन्नुभयो- परशुरामले एघारौं दिनमा बाबु-आमाको निमित्त वृषोत्सर्ग गरे र बाह्रौं दिनमा सपिण्डीकरण गरे । तेह्रौं दिनमा पाथेयश्राद्ध र पुण्याहवाचन गरेपछि ब्राह्मणहरूलाई योग्यता-अनुसार दान दिए ।।२९-३१।। त्यसपछि दिव्य देह धारण गरी ऋषि जमदग्नि ब्रह्मलोक गए। रेणुका भने त्यस रूपमा नै ठाउँ-ठाउँमा भ्रमण गर्दै पृथिवीमा घुमिरहिन्। तिनले आफ्नो शक्तिद्वारा भक्त र उपासकहरूका कामना पूरा गर्दथिन्। हे व्यास! रेणुकाको महिमा स्कन्दपुराणमा विस्तृतरूपमा बताइएको छ। धेरै विस्तारको भयले तिनको कथा यहीं नै टुङ्ग्याइन्छ ।।३२-३४।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे रामोपाख्याने और्ध्वदैहिकसंस्कारसम्पादनं नामैकाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'परशुरामद्वारा माता-पिताको और्ध्वदैहिक संस्कार' शीर्षकान्वित एकासीऔं अध्याय पूर्ण भयो ।।८१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्व्यशीतितमोऽध्यायः { ८२ अध्याय }

व्यास उवाच

कथं रामो बाल एव कृतवीर्यसुतेन ह ।
एकाकी बहुसैन्येन सहस्त्रभुजशालिना ।।१।।

अजयत् तं महावीरं तन्मे कथय विस्तरात् ।

क उवाच

एकस्मिन् दिवसे रामो मातरं परिपृष्टवान् ।।२।।

राम उवाच

यस्मादिन्द्रादयो देवा बिभ्यति त्रासकम्पिताः ।
अनन्तं यस्य सैन्यं तच्चतुरङ्गसमन्वितम् ।।३।।

कथं विजेष्ये तं मातरुपायं मेऽखिलं वद ।
एकविंशतिवारञ्च कथं निःक्षत्रियां धराम् ।।४।।

करिष्ये वद तत्सर्वं त्वत्प्रसादाज्जयो भवेत् ।
अतुला मम कीर्तिश्च सर्वलोकेषु विश्रुता ।।५।।

मातोवाच

विजयस्ते भवेत्पुत्र ! शङ्कराराधनं कुरु ।
तुष्टे तस्मिन् महादेवे सर्वं सेत्स्यति वाञ्छितम् ।।६।।

इति तद्वचनं श्रुत्वा रामः कैलासमाययौ ।
प्रणम्य मातृचरणावाशिषं प्रतिगृह्य च ।।७।।

तत्रापश्यन् महादेवं रत्नसिंहासने स्थितम् ।
बद्धाञ्जलिपुटो रामो नत्वा तुष्टाव तं तदा ।।८।।

राम उवाच

नमो देवदेवेश ! गौरीश ! शम्भो !
नमो विश्वकर्त्रे नमो विश्वभर्त्रे ।
नमो विश्वहर्त्रे नमो विश्वमूर्ते !
नमो विश्वधाम्ने नमश्चन्द्रधाम्ने ।।९।।

व्यासले भन्नुभयो- बालक परशुरामले एक्लै सहस्त्रबाहु लाखौं सेनाले सम्पन्न कार्तवीर्यका विरुद्ध कसरी युद्ध गरे र तिनलाई जिते ? यो कुरा मलाई विस्तारपूर्वक भन्नुहोस् ।

ब्रह्माजीले भन्नुभयो - एकदिन परशुरामले आफ्नी माता रेणुकासँग सोधनी गरे ।।१-२।।

परशुरामले भने - हे आमा! जुन वीरबाट हुने त्रासले काँप्दै इन्द्र आदि देवताहरू काँप्तछन्, जोसँग असङ्ख्य हात्ती, रथ, घोडा र पैदल सेना छन्, ती कार्तवीर्यलाई मैले कसरी जितूँ, त्यसको उपाय मलाई बताउनुहोस्। मैले २१ पटकसम्म पृथिवीमा घुमेर पृथिवीलाई क्षत्रियरहित कसरी बनाऊँ? त्यो उपाय पनि मलाई बताउनुहोस्। यसका साथै हजुरको कृपाबाट मलाई विजय प्राप्त होस् । सबै लोकमा म प्रख्यात हुन पाऊँ । सम्पूर्ण लोकहरूमा मेरो अनुमप कीर्ति फैलियोस्। यी सबै कुरा सम्पन्न गर्न के उपाय हुन सक्छ ? ।।३-५।।

रेणुकाले भनिन्- बाबु ! तिम्रो विजय हुनेछ । यसमा कुनै सन्देह छैन । तर युद्धमा जानुभन्दा पहिले तिमीले भगवान् शङ्करको आराधना गर। उहाँ प्रसन्न हुनुभएमा तिम्रा सबै इच्छा पूरा हुनेछन् ।।६।। आमाका ती कुरा सुनेर उहाँको पाउमा प्रणाम गरी आशीर्वाद लिएर परशुराम कैलासतर्फ गए।।७।। त्यहाँ तिनले रत्नको सिंहासनमा विराजमान भगवान् शङ्करको दर्शन पाएपछि करबद्ध प्रार्थना गरे ।।८।।

परशुरामले भने - हे देवताका पनि देवता ! गौरीपति शङ्कर ! हजुरलाई प्रणाम गर्दछु । विश्वको रचना गर्नुहुने हे शिवजी! हजुरलाई प्रणाम गर्दछु । विश्वको पालन गर्नुहुने हे शिवजी ! हजुरलाई प्रणाम गर्दछु । विश्वको संहार गर्नुहुने हे शिवजी! म हजुरलाई प्रणाम गर्दछु । हे विश्वमूर्ति भगवान् शिवजी! हजुरलाई प्रणाम गर्दछु । हे विश्वधाम भगवान् शिवजी! हजुरलाई नमस्कार गर्दछु । चन्द्रमालाई शिरमा धारण गर्नुहुने हे सदाशिव! हजुरलाई प्रणाम गर्दछु ।।९।। निर्मल ज्ञानका आधार, निर्गुण स्वरूप हे शिवजी ! हजुरलाई प्रणाम गर्दछु । निराकार र साकार दुबै स्वरूपमा विराजमान हुनुहुने नित्यस्वरूप हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो निर्गुणायामलज्ञानहेतो !
निराकार ! साकार ! नित्याय तेऽस्तु ।
नमो वेदवेदान्तशास्त्रातिगाय
नमोऽव्यक्तव्यक्तात्मने सत्स्वरूप ।।१०।।
गुणत्रयप्रबोधाय गुणातीताय ते नमः ।
नमः प्रपञ्चविदुषे प्रपञ्चरहिताय ते ।।११।।

क उवाच

इति स्तोत्रं समाकर्ण्य परितुष्टो महेश्वरः ।
उवाच राममामन्त्र्य तृप्तो वाक्यामृतेन ते ।।१२।।
वरं वृणीष्व मत्तस्त्वं यं यं कामयसे हृदि ।
जानामि जामदग्न्यं त्वां रेणुकातनयं द्विज ।।१३।।

राम उवाच

कार्तवीर्येण दुष्टेन कामधेनुमपेक्षता ।
जमदग्निर्हतो रोषादपराधं विना प्रभो ।।१४।।
रेणुका ताडिता बाणैः समन्ताज्जननी मम ।
एकविंशतिसङ्ख्याकैर्भुक्त्वाऽपि सेनया सह ।।१५।।
जहि तं दुष्टनृपतिमिति मात्रा नियोजितः ।
त्वामहं शरणं यात उपायं वद तद्वधे ।।१६।।
त्रिःसप्तवारं तेनैव कुर्यां निःक्षत्रियां महीम् ।

क उवाच

एवं विदिततत्त्वार्थो महादेवो जगाद तम् ।।१७।।
आलोक्य प्रणिधानेन जयोपायं सुखावहम् ।
षडक्षरं महामन्त्रं द्विरदाननतोषकम् ।।१८।।
कथयामास रामाय जपं कुरु प्रयत्नतः ।
लक्षमात्रञ्च होमञ्च दशांशेन समाचार ।।१९।।
तर्पणं तद्दशांशेन तद्दशांशेन भोजनम् ।
ब्राह्मणानां महाभक्त्या प्रसन्नो भविता भुवि ।।२०।।
गजाननो देवदेवः सर्वकार्यं करिष्यति ।
इति तद्वचनं श्रुत्वा प्रणम्य भवमादरात् ।।२१।।

शिवजी ! हजुरलाई प्रणाम गर्दछु। वेद र वेदान्त शास्त्रभन्दा पनि पर रहनुभएका हे शिवजी ! हजुरलाई प्रणाम गर्दछु । सत्स्वरूप, व्यक्तस्वरूप र अव्यक्तस्वरूपमा रहनुहुने हे शिवजी! हजुरलाई प्रणाम गर्दछु।।१०।। सत्त्व, रज र तमो गुणलाई जगाउने हुने तर आफू गुणदेखि पर रहनुभएका हे शिवजी ! हजुरलाई प्रणाम गर्दछु । सम्पूर्ण प्रपञ्चलाई जान्नुहुने तर स्वयं प्रपञ्चदेखि पर रहनुभएका हे शिवजी! हजुरलाई प्रणाम गर्दछु ।।११।।

ब्रह्माजीले भन्नुभयो- परशुरामद्वारा गरिएको यो स्तुति सुनेर प्रसन्न हुनुभएका भगवान् शिवजीले परशुरामलाई भन्नुभयो– हे बाबु ! म तिम्रो वचनामृत पिएर तृप्त भएको छु ।।१२।। तिमीले आफ्नो मनमा जे कुरा चिताएका छौ, तिनको पूर्णताका लागि म वरदान दिनेछु, तिमीले माग । हे उत्तम ब्राह्मण ! रेणुका र जमदग्निका छोरा भएकाले तिमीलाई म राम्ररी चिन्छु ।।१३।।

परशुरामले भने - हे शिवजी ! कामधेनुको चाहना गर्ने दुष्ट कार्तवीर्यले मेरा पिता जमदग्निको आश्रममा आई सेनासहित भोजन गरी आतिथ्य स्वीकार गरे पनि ती सबै कुरा बिर्सेर विना अपराध मेरा पिता जमदग्निको हत्या गरे । त्यसपछि तिनले मेरी निरपराध आमा रेणुकाका सर्वाङ्गमा एक्काइस बाण प्रहार गरे । मरणासन्न हुनुभएकी मेरी आमा रेणुकाले ती दुष्ट राजा कार्तवीर्यको वध गर भनी आज्ञा दिनुभएअनुसार म अहिले दुष्ट राजा कार्तवीर्यको वधको उपाय पत्तालगाउन हजुरको शरणमा आएको छु । हजुरले मलाई त्यो उपाय बताइदिनुहोस् ।।१४-१६।। हजुरबाट प्राप्त उपायकै आधारमा मैले एक्काइसपटक पृथिवीमा घुमीघुमी पृथिवीलाई क्षत्रियरहित तुल्याउने छु ।

ब्रह्माजीले भन्नुभयो - परशुरामको प्रार्थनाबाट समस्याको यथार्थ जानकारी पाउनुभएका भगवान् शिवजीले ध्यानदृष्टिबाट सुखदायक विजयको उपाय पत्ता लगाउनु भएपछि श्रीगणेशलाई सन्तुष्ट तुल्याउने ६ अक्षर भएको महामन्त्रको उपदेश गर्दै भन्नुभयो।।१७-१८।। हे परशुराम ! तिमीले ठूलो भक्तिका साथ यस मन्त्रको एक लाख जप गर। त्यसको दशांश हवन गर । हवनको दशांश ब्राह्मण भोजन गराऊ । तिम्रो उक्त कार्यबाट भगवान् गजानन प्रसन्न हुनुहुनेछ र तिम्रा सबै कार्यलाई सफल तुल्याउनु हुनेछ । सदाशिवजीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञां गृहीत्वा रामोऽसावचलायां भ्रमन् भ्रमन् ।
कृष्णाया उत्तरे देशेऽपश्यत् स्थानमनुत्तमम् ।।२२।।

नानावृक्षलताजालैरभिरामं सुसिद्धिदम् ।
तत्राऽकरोदनुष्ठानं यथोक्तं तेन शम्भुना ।।२३।।

इन्द्रियाणाञ्च मनसो वृत्तिं स्थाप्य गजानने ।
आवर्तयन् महामन्त्रमेकाङ्गुष्ठस्थितो द्विजः ।।२४।।

जुहाव तर्पयामास भोजयामास वै द्विजान् ।
दशांशेन दशांशेन दशांशेन यथाक्रमम् ।।२५।।

ततः प्रसन्नो भगवानाविरासीद् गजाननः ।
चतुर्भुजो महाकायो महामायोऽतिसुन्दरः ।।२६।।

नागयज्ञोपवीती च नानालङ्कारशोभितः ।
मुकुटी कुण्डली भ्राजच्चारुगण्डो लसन्मुखः ।।२७।।

मुक्ताप्रवालमालाभिर्भ्राजद्वक्षा महाभुजः ।
परशुं कमलं दन्तं मोदकाँश्च दधद् भुजैः ।।२८।।

पुष्करं पुष्करे धृत्वा भ्रामयन् स्वेच्छया विभुः ।
प्रभया भासयन् सर्वा दिशो विदिश एव च ।।२९।।

ददर्श रामोऽकस्मात् तं न्यमीलयत चाक्षिणी ।
तत्तेजसा प्रतिहते ततस्तुष्टाव तं द्विजः ।।३०।।

राम उवाच

सहस्रादित्यसङ्काश ! नमस्ते जगदीश्वर! ।
नमस्ते सर्वविद्येश ! सर्वसिद्धिप्रदायक ! ।।३१।।

विघ्नानां पतये तुभ्यं नमो विघ्ननिवारण ! ।
सर्वान्तर्यामिणे तुभ्यं नमः सर्वप्रियङ्कर! ।।३२।।

भक्तप्रियाय देवाय नमो ज्ञानस्वरूपिणे ।
नमो विश्वस्य कर्त्रे ते नमस्तत्पालकाय च ।।३३।।

निवारय महाविघ्नं तपोनाशकरं मम ।

वचन सुनेर उहाँलाई आदरपूर्वक प्रणाम गरी आज्ञासमेत लिएर पृथिवीमा घुम्दै जाँदा परशुरामले कृष्णा नदीको उत्तर भागमा एउटा उत्तम स्थान देखे ।।१९-२२।। त्यो ठाउँ अनेक थरि वृक्ष र लताको समूहले सुन्दर र सिद्धिदायक थियो । परशुरामले त्यहाँ रहेर भगवान् शिवजीले बताउनुभएको विधिअनुसार इन्द्रिय र मनका वृत्ति भगवान् श्रीगणेशमा लगाई खुट्टाको बूढी औंलाले टेकी उभिएर महामन्त्रको आवृत्ति गर्दै जपानुष्ठान गरिरहे । जपको दशांश हवन गरे, हवनको दशांश तर्पण गरे र तर्पणको दशांश ब्राह्मणभोजन गराए ।।२३-२५।। त्यसपछि परशुरामको अनुष्ठानबाट प्रसन्न हुनुभएका भगवान् गजानन प्रकट हुनुभयो। चतुर्बाहु, विशालकाय, महामायाका स्वामी, अति सुन्दर स्वरूपले सुहाउनुभएका, नागरूप यज्ञोपवीत धारण गर्नुहुने, नाना अलङ्कारद्वारा अलङ्कृत, सुन्दर मुकुटधारी, आकर्षक कुण्डलद्वारा सुशोभित, मनोहर एवं चम्किला गण्डस्थलले सुहाउनुहुने, आकर्षक मुखमण्डलले सुहाउनुभएका, मोती र मुगाको मालाद्वारा प्रकाशमान, दीर्घबाहु, भुजाहरूमा परशु, कमल, एकदन्त र लड्डू धारण गर्नुहुने, आफ्नो सुन्दर सूँढमा अत्यन्त राम्रो कमलको फूल धारण गरी त्यसलाई इच्छाअनुसार घुमाइरहनुभएका, सबैका घट-घटमा विराजमान हुनुहुने भगवान् श्रीगणेश आफ्नो दिव्यकान्तिबाट दिशा र विदिशालाई आभासित गर्दै उपस्थित हुनुहुन्थ्यो । परशुरामले ज्योतिर्मय भगवान्को दर्शन गरे तर तेज सहन नसकी अकस्मात् दुबै आँखा चिम्लिए। त्यसपछि तिनले भगवान् श्रीगणेशको स्तुति गरे ।।२६-३०।।

परशुरामले भने - सहस्र सूर्यको प्रभासमान प्रभाधारण गर्नुहुने हे जगदीश्वर ! हजुरलाई प्रणाम गर्दछु । सबै विद्याका स्वामी, सबै प्रकारका सिद्धिदाता हे श्रीगणेश! हजुरलाई प्रणाम गर्दछु।।३१।। हे विघ्ननाथ! सबै विघ्नहरूमाथि नियन्त्रण कायम गर्नुहुने हजुरलाई प्रणाम गर्दछु । सबैका घट-घटमा विराजमान हुनुहुने र सबैका लागि प्रिय कार्य सम्पादन गर्नुहुने हे भगवन् श्रीगणेश ! हजुरलाई प्रणाम गर्दछु ।।३२।। भक्तहरूका प्यारा र भक्तहरूलाई प्यारो गर्ने ज्ञानरूपधारी दिव्य गुणसम्पन्न श्रीगणेशलाई प्रणाम गर्दछु । संसारका रचयिता र पालक श्रीगणेशलाई प्रणाम गर्दछु ।।३३।। हे प्रभो ! मेरो तपस्या नाश गर्ने महाविघ्नलाई निवारण गरिदिनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इति स्तुतिं समाकर्ण्य सौम्यतेजा गजाननः ।।३४।।
उवाच रामं सम्भ्रान्तं स्वस्यैव तिग्मतेजसा ।

गणेश उवाच

यं ध्यायसि दिवारात्रौ मन्त्रं जप्त्वा षडक्षरम् ।।३५।।
वरं दातुं समायातः सोऽहं राम ! तवाधुना ।
वरं वृणीष्व मत्तस्त्वं यद् यद् वाञ्छसि चेतसा ।।३६।।
ब्रह्माण्डानामनेकानां स्रष्टा पाताऽपहारकः ।
नैव जानन्ति मे रूपं ब्रह्माद्या मुनयोऽपि च ।।३७।।
राजर्षयश्च सर्वेऽपि सोऽहं ते दर्शनङ्गतः ।

राम उवाच

योऽप्रमेयोऽखिलाधारः सृष्टिसंहारकारकः ।।३८।।
यो न वेदैर्न तपसा न यज्ञैर्व्रतसञ्चयैः ।
न दानैर्नैव योगैश्च जनानां दृष्टिगोचरः ।।३९।।
सोऽयं त्वं हि मया दृष्टोऽनुग्रहात् तव विघ्नप !।
किमन्यद् वरये देव ! भक्तिं देहि निजां दृढाम् ।।४०।।

गणेश उवाच

भविता मम भक्तिस्ते दृढा राम ! द्विजोत्तम ! ।
प्रलोभितस्यापि वरैर्न ते बुद्धिः सुविह्वला ।।४१।।
परशुं मे गृहाण त्वं सर्वशत्रुनिबर्हणम् ।
नाम ते पर्शुरामेति त्रैलोक्ये ख्यातिमेष्यति ।।४२।।

क उवाच

एवं तस्मै वरं दत्त्वा परशुञ्च गजाननः ।
पश्यतां सर्वलोकानामन्तर्धानं ययौ तदा ।।४३।।
रामोऽपि स्थापयामास महागणपतिं तदा ।
ब्राह्मणैर्वेदवेदाङ्गशास्त्रविद्भिः समं मुदा ।
ब्राह्मणान् भोजयामास दत्त्वा दानान्यनेकशः ।।४४।।
प्रासादं कारयामास रत्नस्तम्भयुतं दृढम् ।
सम्पूज्य तं परिक्रम्य प्रणिपत्य गजाननम् ।।४५।।
रामः प्रसन्नमनसा प्रययौ निजमन्दिरम् ।
ततो रामो जुहावोच्चैः कार्तवीर्यधरापतिम् ।।४६।।

ब्रह्माजीले भन्नुभयो – परशुरामका स्तुतिवचन सुनेर सौम्यकान्ति धारण गर्नुहुने भगवान् गजाननले आफ्नो प्रचण्ड तेजबाट आत्तिएका परशुरामलाई भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो – हे परशुराम ! तिमीले निरन्तर अहोरात्र ६ अक्षर भएको महामन्त्र जप्दै जुन पुरुषको ध्यान गरिरहेका छौ, त्यो पुरुष म तिमीलाई वर प्रदान गर्न अहिले तिम्रा सामु प्रकट भएको छु । तिमीले आफ्नो मनद्वारा जुन जुन कामना चिताएका छौ, ती सबै बताऊ र मैले दिएका वर स्वीकार गर ।।३४-३६।। अनेक ब्रह्माण्डहरूका स्रष्टा, पालक र संहारक ब्रह्मा, विष्णु, शिव तथा ऋषि एवं राजर्षिहरूले पनि जसको स्वरूप जान्न सक्दैनन्, त्यो म श्रीगणेश तिम्रा सामु उपस्थित भएको छु ।

परशुरामले भने – सबैका आधार, प्रमाद्वारा अप्रमेय, सृष्टि र संहारका कारक जुन भगवान् श्रीगणेश वेद, तपस्या, यज्ञ, व्रतसमूह, दान र योगबाट पनि मानिसहरूका दृष्टिपथमा आउनुहुन्न, त्यस्ता भगवान् आज मेरो आँखासामु आउनुभएको छ। हे प्रभो! मैले हजुरसँग के याचना गरूँ ? मलाई दृढभक्ति प्रदान गर्नुहोस्।।३७-४०।।

श्रीगणेशले भन्नुभयो– हे परशुराम ! तिम्रो ममा सुदृढ भक्ति हुनेछ । वरदानद्वारा लोभ्याउँदा पनि तिम्रो बुद्धि विचलित भएन । म तिमीलाई सबै शत्रुहरूको संहार गर्नसक्ने परशु (बञ्चरो) दिन्छु, तिमीले ग्रहण गर । यसलाई ग्रहण गरेपछि संसारमा तिमी परशुरामका नामबाट विख्यात हुनेछौ ।।४१-४२।।

ब्रह्माजीले भन्नुभयो – यसरी परशुरामलाई वरदान र परशुसमेत प्रदान गरी सबैले हेर्दाहेर्दै भगवान् गजानन अन्तर्धान हुनुभयो ।।४३।। परशुरामले पनि हर्षपूर्वक वेद-वेदाङ्गका ज्ञाता ब्राह्मणहरूलाई साथमा लिएर महागणपतिको मूर्तिप्रतिष्ठा गरे। त्यसपछि तिनले ब्राह्मण भोजन गराई अनेक थरि दान पनि दिए । तत्कालै रत्नहरूका स्तम्भले शोभायमान, बलियो र राम्रो श्रीगणेशको मन्दिर तयार गरी स्थापित मूर्तिको पूजा गरेर परिक्रमा पनि गरी प्रसन्न मनका साथ परशुराम आफ्नो घर फर्के । घर पुगेपछि परशुरामले राजा कार्तवीर्यलाई युद्ध गर्न आह्वान गरे ।।४४-४६।। युद्धमा तिनले आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युद्धे तु शातयामास राज्ञो बाहुसहस्त्रकम् ।
निःक्षत्रियाञ्च पृथिवीं चक्रे त्रिसप्तवारतः ।।४७।।

ब्राह्मणेभ्यो ददौ पृथ्वीं यज्ञं कृत्वा सदक्षिणम् ।
पुपूजुस्तं तदा लोका ज्ञात्वा विष्णुं तमीश्वरम् ।।४८।।

दृष्ट्वा पराक्रमं तस्य सर्वदेवातिगं दृढम् ।
एवं नानाविधो ब्रह्मन् ! महिमा ते निरूपितः ।।४९।।

गजाननस्य देवस्य संक्षेपेण मया सुत ! ।
निखिलेन न शेषोऽपि क्षमो वक्तुं मुनीश्वर ।।५०।।

उपासनाखण्डमिदं शृणुयान्मानवो भुवि ।
सर्वान् कामानवाप्नोति गाणेशं धाम चाप्नुयात् ।।५१।।
यथेष्टं रमते तत्र यावदाभूतसम्प्लवम् ।।५२।।

बञ्चरोद्वारा सहस्रबाहु कार्तवीर्यका एक हजार हात काटिदिए। एक्काइस पटकसम्म पृथिवी घुमेर पृथिवीलाई क्षत्रियविहीन बनाए । यज्ञयाग गरी ब्राह्मणहरूलाई दक्षिणासहित पृथिवी दान गरे । त्यसपछि संसारका मानिसहरूले देवताहरूको भन्दा पनि महत्त्वपूर्ण, दृढ एवं अलौकिक परशुरामको पराक्रम देखेर तिनलाई भगवान् विष्णुका अवतार जानी पूजा गर्न थाले । हे वेदव्यास! यसरी मैले तपाईँलाई अनेकरूपबाट दृष्टान्त दिएर श्रीगणेशको महिमा बताएँ । समग्र महिमा बताउन हजार मुख भएका शेषनाग पनि असमर्थ छन् ।।४७-५०।। जुन मानिसले श्रीगणेशपुराणको यो उपासना खण्ड सुन्दछ, त्यो सम्पूर्ण कामना पूरा गरी अन्तमा भगवान् श्रीगणेशको दिव्यधाममा प्राप्त हुनेछ। जबसम्म महाप्रलय हुँदैन, तबसम्म त्यो पुण्यवान् भक्त श्रीगणेशधाममा आनन्दपूर्वक विराजमान हुनेछ ।।५१-५२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे रामवरदानं नाम द्व्यशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'मयूरेशक्षेत्रमा श्रीगणेशको आराधना गरिरहेका परशुरामलाई श्रीगणेशको दर्शन र वरप्राप्ति' शीर्षकान्वित बयासीऔँ अध्याय पूर्ण भयो ।।८२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इति स्तुतिं समाकर्ण्य सौम्यतेजा गजाननः ।।३४।।
उवाच रामं सम्भ्रान्तं स्वस्यैव तिग्मतेजसा ।

गणेश उवाच

यं ध्यायसि दिवारात्रौ मन्त्रं जप्त्वा षडक्षरम् ।।३५।।
वरं दातुं समायातः सोऽहं राम ! तवाधुना ।
वरं वृणीष्व मत्तस्त्वं यद् यद् वाञ्छसि चेतसा ।।३६।।
ब्रह्माण्डानामनेकानां स्रष्टा पाताऽपहारकः ।
नैव जानन्ति मे रूपं ब्रह्माद्या मुनयोऽपि च ।।३७।।
राजर्षयश्च सर्वेऽपि सोऽहं ते दर्शनङ्गतः ।

राम उवाच

योऽप्रमेयोऽखिलाधारः सृष्टिसंहारकारकः ।।३८।।
यो न वेदैर्न तपसा न यज्ञैर्व्रतसञ्चयैः ।
न दानैर्नैव योगैश्च जनानां दृष्टिगोचरः ।।३९।।
सोऽयं त्वं हि मया दृष्टोऽनुग्रहात् तव विघ्नप !।
किमन्यद् वरये देव ! भक्तिं देहि निजां दृढाम् ।।४०।।

गणेश उवाच

भविता मम भक्तिस्ते दृढा राम ! द्विजोत्तम ! ।
प्रलोभितस्यापि वरैर्न ते बुद्धिः सुविह्वला ।।४१।।
परशुं मे गृहाण त्वं सर्वशत्रुनिबर्हणम् ।
नाम ते पर्शुरामेति त्रैलोक्ये ख्यातिमेष्यति ।।४२।।

क उवाच

एवं तस्मै वरं दत्त्वा परशुञ्च गजाननः ।
पश्यतां सर्वलोकानामन्तर्धानं ययौ तदा ।।४३।।
रामोऽपि स्थापयामास महागणपतिं तदा ।
ब्राह्मणैर्वेदवेदाङ्गशास्त्रविद्भिः समं मुदा ।
ब्राह्मणान् भोजयामास दत्त्वा दानान्यनेकशः ।।४४।।
प्रासादं कारयामास रत्नस्तम्भयुतं दृढम् ।
सम्पूज्य तं परिक्रम्य प्रणिपत्य गजाननम् ।।४५।।
रामः प्रसन्नमनसा प्रययौ निजमन्दिरम् ।
ततो रामो जुहावोच्चैः कार्तवीर्यधरापतिम् ।।४६।।

ब्रह्माजीले भन्नुभयो – परशुरामका स्तुतिवचन सुनेर सौम्यकान्ति धारण गर्नुहुने भगवान् गजाननले आफ्नो प्रचण्ड तेजबाट आत्तिएका परशुरामलाई भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो – हे परशुराम ! तिमीले निरन्तर अहोरात्र ६ अक्षर भएको महामन्त्र जप्दै जुन पुरुषको ध्यान गरिरहेका छौ, त्यो पुरुष म तिमीलाई वर प्रदान गर्न अहिले तिम्रा सामु प्रकट भएको छु । तिमीले आफ्नो मनद्वारा जुन जुन कामना चिताएका छौ, ती सबै बताऊ र मैले दिएका वर स्वीकार गर ।।३४–३६।। अनेक ब्रह्माण्डहरूका स्रष्टा, पालक र संहारक ब्रह्मा, विष्णु, शिव तथा ऋषि एवं राजर्षिहरूले पनि जसको स्वरूप जान्न सक्दैनन्, त्यो म श्रीगणेश तिम्रा सामु उपस्थित भएको छु ।

परशुरामले भने – सबैका आधार, प्रमाद्वारा अप्रमेय, सृष्टि र संहारका कारक जुन भगवान् श्रीगणेश वेद, तपस्या, यज्ञ, व्रतसमूह, दान र योगबाट पनि मानिसहरूका दृष्टिपथमा आउनुहुन्न, त्यस्ता भगवान् आज मेरो आँखासामु आउनुभएको छ। हे प्रभो! मैले हजुरसँग के याचना गरूँ ? मलाई दृढभक्ति प्रदान गर्नुहोस्।।३७–४०।।

श्रीगणेशले भन्नुभयो– हे परशुराम ! तिम्रो ममा सुदृढ भक्ति हुनेछ । वरदानद्वारा लोभ्याउँदा पनि तिम्रो बुद्धि विचलित भएन । म तिमीलाई सबै शत्रुहरूको संहार गर्नसक्ने परशु (बञ्चरो) दिन्छु, तिमीले ग्रहण गर । यसलाई ग्रहण गरेपछि संसारमा तिमी परशुरामका नामबाट विख्यात हुनेछौ ।।४१–४२।।

ब्रह्माजीले भन्नुभयो – यसरी परशुरामलाई वरदान र परशुसमेत प्रदान गरी सबैले हेर्दाहेर्दै भगवान् गजानन अन्तर्धान हुनुभयो ।।४३।। परशुरामले पनि हर्षपूर्वक वेद-वेदाङ्गका ज्ञाता ब्राह्मणहरूलाई साथमा लिएर महागणपतिको मूर्तिप्रतिष्ठा गरे। त्यसपछि तिनले ब्राह्मण भोजन गराई अनेक थरि दान पनि दिए । तत्कालै रत्नहरूका स्तम्भले शोभायमान, बलियो र राम्रो श्रीगणेशको मन्दिर तयार गरी स्थापित मूर्तिको पूजा गरेर परिक्रमा पनि गरी प्रसन्न मनका साथ परशुराम आफ्नो घर फर्के । घर पुगेपछि परशुरामले राजा कार्तवीर्यलाई युद्ध गर्न आह्वान गरे ।।४४–४६।। युद्धमा तिनले आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युद्धे तु शातयामास राज्ञो बाहुसहस्त्रकम् ।
निःक्षत्रियाञ्च पृथिवीं चक्रे त्रिसप्तवारतः ।।४७।।

ब्राह्मणेभ्यो ददौ पृथ्वीं यज्ञं कृत्वा सदक्षिणम् ।
पुपूजुस्तं तदा लोका ज्ञात्वा विष्णुं तमीश्वरम् ।।४८।।

दृष्ट्वा पराक्रमं तस्य सर्वदेवातिगं दृढम् ।
एवं नानाविधो ब्रह्मन् ! महिमा ते निरूपितः ।।४९।।

गजाननस्य देवस्य संक्षेपेण मया सुत ! ।
निखिलेन न शेषोऽपि क्षमो वक्तुं मुनीश्वर ।।५०।।

उपासनाखण्डमिदं शृणुयान्मानवो भुवि ।
सर्वान् कामानवाप्नोति गाणेशं धाम चाप्नुयात् ।।५१।।
यथेष्टं रमते तत्र यावदाभूतसम्प्लवम् ।।५२।।

बञ्चरोद्वारा सहस्रबाहु कार्तवीर्यका एक हजार हात काटिदिए। एक्काइस पटकसम्म पृथिवी घुमेर पृथिवीलाई क्षत्रियविहीन बनाए । यज्ञयाग गरी ब्राह्मणहरूलाई दक्षिणासहित पृथिवी दान गरे । त्यसपछि संसारका मानिसहरूले देवताहरूको भन्दा पनि महत्त्वपूर्ण, दृढ एवं अलौकिक परशुरामको पराक्रम देखेर तिनलाई भगवान् विष्णुका अवतार जानी पूजा गर्न थाले । हे वेदव्यास! यसरी मैले तपाईँलाई अनेकरूपबाट दृष्टान्त दिएर श्रीगणेशको महिमा बताएँ । समग्र महिमा बताउन हजार मुख भएका शेषनाग पनि असमर्थ छन् ।।४७-५०।। जुन मानिसले श्रीगणेशपुराणको यो उपासना खण्ड सुन्दछ, त्यो सम्पूर्ण कामना पूरा गरी अन्तमा भगवान् श्रीगणेशको दिव्यधाममा प्राप्त हुनेछ। जबसम्म महाप्रलय हुँदैन, तबसम्म त्यो पुण्यवान् भक्त श्रीगणेशधाममा आनन्दपूर्वक विराजमान हुनेछ ।।५१-५२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे रामवरदानं नाम द्व्यशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'मयूरेशक्षेत्रमा श्रीगणेशको आराधना गरिरहेका परशुरामलाई श्रीगणेशको दर्शन र वरप्राप्ति' शीर्षकान्वित बयासीऔं अध्याय पूर्ण भयो ।।८२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्र्यशीतितमोऽध्यायः { ८३ अध्याय }

मुनिरुवाच

कस्मिन् स्थाने तपोऽकारि रामेण परमाद्भुतम् ।
तन्मे कथय लोकेश ! तृप्तिर्मे नास्ति शृण्वतः ।।१।।

क उवाच

मयूरेश्वरनाम्ना यत् क्षेत्रं ख्यातं चतुर्युगे ।
यत्रावतीर्णो देवेशो मयूरारूढ एव सः ।।२।।

कमलासुरनामानमहनद् दैत्यपुङ्गवम् ।
यस्मान्मयूरमारूढो मयूरेश इति स्फुटम् ।।३।।

संस्तुतो देवमुनिभिर्लोके तां ख्यातिमागमत् ।
तत्रानुष्ठानमकरोदवाप परशुं ततः ।।४।।

स्वयं परशुरामोऽभून्नाम्ना ख्यातस्त्रिविष्टपे ।
इतिहासं प्रवक्ष्यामि शृणु तं मुनिसत्तम ।।५।।

तारको नाम दैत्योऽभून्महाबलपराक्रमः ।
दिव्यवर्षसहस्रं स तपस्तेपे सुदारुणम् ।।६।।

ततः प्रसन्नो ब्रह्माऽस्मै ददौ सर्वाभयं द्विज ! ।
देवर्षियक्षगन्धर्वोरगराक्षसहस्ततः ।।७।।

तच्छस्त्रास्त्रगणान् मृत्युर्न ते क्वापि भवेदिति ।
उत्पत्स्यते यदा स्कन्दस्ततस्ते मरणं भवेत् ।।८।।

इति तद्वाक्यमाकर्ण्य बलगर्वसमायुतः ।
तारकोऽपीडयल्लोकाँस्त्रैलोक्ये वसतो मुने ।।९।।

वेदाध्ययननिष्ठाँश्च तपोऽनुष्ठानकारिणः ।
अग्निहोत्ररतानन्यान् कारागारेऽक्षिपद् द्विजान् ।।१०।।

सर्वान् राज्ञोऽथ नागाँश्च वशे कृत्वा दिवं ययौ ।
इन्द्रादयस्तदा देवा हिमाचलगुहां गताः ।।११।।

व्यासले भन्नुभयो - लोकका स्वामी हे भगवन् ! परशुरामले कुन स्थानमा रहेर आश्चर्यजनक तपस्या गर्नुभयो? त्यो विषयमा मलाई आज्ञा गर्नुहोस् । श्रीगणेशसम्बन्धी यी उत्तम कथापान गरेर मेरो मन तृप्त हुँदैन ।।१।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! चारै युगमा जुन क्षेत्र मयूरेश्वर क्षेत्रको नामबाट प्रसिद्ध छ, जहाँ मयूरमा सवार हुनुभएका भगवान् श्रीगणेशले मयूरेशका रूपमा अवतार लिनुभएको थियो । जहाँ भगवान् श्रीगणेशले मयूरमा सवार भएर कमलासुरनामक दैत्यको वध गर्नुभएको थियो र जहाँ देवता र ऋषिहरूले भगवान् श्रीगणेशको मयूरेश्वरका नामबाट विशिष्ट स्तुति गरेका थिए । त्यस क्षेत्रमा गरिएका विलक्षण लीलाहरूले गर्दा भगवान् श्रीगणेश मयूरेशका रूपमा जगत्मा विख्यात हुनुभयो । त्यसै पवित्रक्षेत्रमा तपस्या गरी परशुरामले भगवान् श्रीगणेशबाट परशुलाभ पनि गर्नुभयो। त्यस परशुका कारण नै उहाँ संसारमा परशुरामका नामबाट प्रसिद्ध हुनुभयो। हे वेदव्यास ! म तपाइँलाई एउटा इतिहास सुनाउँछु, तपाइँ सुन्नुहोस् ।।२-५।। अपरिमित बल र पराक्रमले सम्पन्न तारकनामक दैत्य थियो। त्यसले दिव्य एक हजार वर्षसम्म कठोर तप गरेको थियो । त्यसको तपबाट प्रसन्न हुनुभएका ब्रह्माजीले 'तिमीलाई कसैबाट भय हुने छैन, देवता, ऋषि, गन्धर्व, सर्प र राक्षसको हातबाट पनि तिम्रो मृत्यु हुनेछैन, तिनका ती शस्त्र-अस्त्रबाट पनि तिम्रो मृत्यु हुने छैन, परन्तु जब धर्तीमा शिवपुत्रका रूपमा स्कन्दको उत्पत्ति हुनेछ ती शिवपुत्रबाट नै तिम्रो मृत्यु हुनेछ' भन्ने वरदान दिनुभयो।।६-८।। ब्रह्माजीबाट वरदान पाएर बल र अभिमानले मत्त तारकासुरले त्रिलोकीका सबै प्राणीलाई कष्ट दिंदै वेदाध्ययनशील, तपस्या एवं अनुष्ठान गर्ने र अग्निहोत्रमा लागिरहने ब्राह्मणहरूलाई कारागारमा लगेर थुन्ने काम गऱ्यो ।।९-१०।। पृथिवीका सबै राजा र पातालका नागहरूलाई आफ्नो अधीनमा तुल्याएर देवलोकमा पुग्यो । त्यस बेला तारकासुरसँग भयभीत इन्द्र आदि देवताहरू हिमालयका गुफामा लुक्न गए ।।११।। तारकासुरको डरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तद्भयान्नाभवत् क्वापि यजनं पूजनं तथा ।
अहमेवेश्वरो देवो ब्राह्मणः कुलदेवता ।।१२।।

अहं नमस्यः पूज्यश्च नान्यो जगति वर्तते ।
यश्चान्यान् प्रणमेत् क्वापि पूजयेद् वा कदाचन।।१३।।

स दण्ड्यस्ताडनीयः स्याद् गच्छेद् वा यमसादनम् ।
एवं सर्वेषु लोकेषु ख्यापयामास दूततः ।।१४।।

ततः सर्वे जना रिक्ता जाताः सज्जनवर्जिताः।
निःस्वाध्यायवषट्कारा यज्ञदानविवर्जिताः।।१५।।

उच्छिन्नकुलधर्माश्च स्वाचाररहिताः खलाः ।
मुनयः साधवः सर्वे गिरिगह्वरमाश्रिताः ।।१६।।

देवं ते प्रार्थयामासुः कथं दैत्यो विवर्द्धितः ।
विना त्वां शरणं शम्भो ! यामः कं जगदीश्वरम् ।।१७।।

निर्माता रक्षिता धाता संहर्ता जगतां विभो ! ।
दावानलो वनमिव दहतेऽस्मान् स दर्पतः ।।१८।।

यदि ते संजिहीर्षा स्यात् संहरस्व स्वयं जगत् ।
नो चेत् संहर दैत्यं त्वं तारकं सर्वपीडकम् ।।१९।।

एवं सम्प्रार्थ्य तेपुस्ते दुष्करं तप उत्तमम् ।
पत्रभक्ष्या वायुभक्ष्या निराहारा जलाशिनः ।।२०।।

एवं स्थितेषु मुनिषु तेनाज्ञातेषु दैत्यराट् ।
ऐन्द्रं पदं समास्थाय ब्रह्माणं समताडयत् ।।२१।।

विष्णुस्ततोऽगमत् क्षीरसागरं निद्रितुं मुने ! ।
त्यक्त्वा कैलासमगमच्छङ्करोऽपि गुहान्तरम् ।।२२।।

दिक्पाला दिग्गजाश्चापि नानागह्वरमाश्रिताः ।
तेषां स्थानेऽस्थापयत् स दैत्यानन्यांश्च दैत्यराट् ।।२३।।

अचलामचलस्तिष्ठन् पालयामास वै प्रजाः ।
गर्जते स्वस्वभावेन कम्पतेऽथ त्रिपिष्टपम् ।।२४।।

संसारमा कहीं पनि यज्ञ र पूजा भएनन् । 'म नै ईश्वर र देवता हुँ, म नै ब्राह्मण र कुलदेवता हुँ, नमस्कार र पूजाको योग्यपात्र पनि म नै हुँ, संसारमा मभन्दा बाहेक अरू कुनै पनि वन्दनीय र पूजनीय छैन, जसले अरूलाई प्रणाम गर्दछ र अरूको पूजा गर्दछ, त्यो प्राणी दण्डनीय हुनेछ, त्यो ताडनीय हुनेछ र त्यसले यमलोकको बाटो तताउनुपर्नेछ ।' यो सन्देश तारकासुरले सबैमा पुऱ्यायो ।।१२-१४।। त्यसपछि पूजा-आजा र अनुष्ठान गर्न नपाएका मानिसहरू दुःखित भए र केही नभएजस्ता रित्ता पनि भए । समाजमा कुनै सज्जन रहेनन् । स्वाध्याय, वषट्कार, यज्ञ र दानबाट वर्जित, कुलधर्मरहित, आचारहीन र सत्यहीन दुर्जनहरूको मात्र समाजमा बिगबिगी भयो । सबै सज्जन र मुनिहरू पर्वतका गुफामा आश्रय लिएर बस्न थाले।।१५-१६।। पर्वत र कन्दरामा आश्रित ऋषि, मुनि र साधुहरूले भगवान् शङ्करसँग प्रार्थना गरे- हे प्रभो ! यो तारकासुर कसरी बढ्यो र किन बढ्यो ? उसको अत्याचारले गर्दा कसैलाई पनि बसिसक्नु भएन । हे शङ्कर ! हजुरलाई छाडी हामी कसका शरणमा जाऔं? हजुर नै संसारका निर्माता, पालक र संहारक हुनुहुन्छ । तारकासुरले गर्वपूर्वक हामीहरूलाई वनको आगोले झैं चारैतिरबाट पोलिरहेको छ ।।१७-१८।। यदि हजुरको संहार गर्ने इच्छा छ भने छिट्टै जगत्को संहार गर्नुहोस्, होइन भने सबैलाई पीडा दिने तारकासुरको वध गर्नुहोस्। यसरी प्रार्थना गर्दै कसैले पात, पानी र हावा खाएर, कसैले केही पनि नखाएर दुष्कर एवं उत्तम तपस्या गरे ।।१९-२०।। तारकासुरदेखि डराई लुकेका ती मुनि र सज्जनहरूले यसरी कठोर तप गरिरहेको बेला तारकासुरले इन्द्रको पदमा कब्जा गरी ब्रह्माजीलाई पनि ताडना गऱ्यो ।।२१।। यो थाहा पाएर भगवान् विष्णु क्षीरसागरमा शयन गर्न जानुभयो र शिवजी पनि कैलास छाडेर कुनै गुफामा गई लुक्नु भयो ।।२२।। दिग्गज र दिक्पालहरू अनेक गुफाहरूमा गई लुकेर रहन लागे । ती दिक्पाल र दिग्गजहरूको ठाउँमा तारकासुरले आफ्ना दैत्यवीरहरूलाई नियुक्त गऱ्यो ।।२३।। पृथिवीमा अचल भएर रहेको त्यस दैत्यले प्रजाहरूमाथि कठोर शासन गऱ्यो । जुन बेला त्यो दैत्य आफ्नो स्वभावअनुसार गर्जन गर्दथ्यो त्यस बेला स्वर्ग पनि कम्पायमान हुन्थ्यो ।।२४।। त्यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत इन्द्रादयो देवास्तुष्टुवुर्गिरिगह्वरे ।
गिरिशं गिरिजानाथं गिरा गम्भीरया मुदा ।।२५।।

देवा ऊचुः

देवाधिभूमिगगनेनशशिस्वरूप !
वाय्वग्निरूपयजमानजलस्वरूप ! ।
त्वं स्थावरानथ चरान् सृजसेऽवसीश !
त्वं सर्वमेव हरसे निजयेच्छयेश ! ।।२६।।

तन्नोचितं त्वयि परे परदुःखहारिन्
स्वीयं यशः परगतं बहुधाऽद्य कर्तुम् ।
तन्नाशयैनमव तान् सकलान् मुनींश्च
देवान् द्वयोश्च भजने परिविष्टचित्तान् ।।२७।।

कं वा व्रजेम शरणं त्वदृते गिरीश !
कं वा भजेम भगवँस्त्वदृते महेश ! ।
कं वा वदेम वृजिनार्दन पार्वतीश !
को वाऽवितुं प्रभवति त्वदृतेऽखिलेश ! ।।२८।।

क उवाच

एवं ते तुष्टुवुर्यावच्छुश्रुवुस्तावदेव हि
नभोवाणीं सर्वदेवा हरपुत्रो यदा भवेत् ।।२९।।

तदाऽस्य नाशो भविता यत्नं कुरुत तत्र वै ।
नभोवाणीं समाकर्ण्य सर्वे हर्षसमन्विताः ।।३०।।

कैलासं देवनिलयमापुरिन्द्रादयः सुराः ।
नापश्यन् शङ्करं तत्र ददृशुः पुरतोऽमराः ।।३१।।

मूलप्रकृतिरूपां तामुमां सर्वे विजिज्ञपुः ।
तारके तारकज्ञानप्रदे तारय तारकात् ।।३२।।

हिमालयमा लुकेका इन्द्र आदि देवताहरूले पार्वतीपति शङ्करको गम्भीर वाणीद्वारा स्तुति गरे।।२५।।

देवताहरूले भने – अधिष्ठात्री देवता, पृथिवी, आकाश, सूर्य र चन्द्रमाका स्वरूप हे शिवजी ! वायु र अग्निका स्वरूप हे महादेव ! यजमान र जलस्वरूप हे शङ्कर ! हजुरले स्थावर र जङ्गम सबै दृश्यमान जगत्का व्यक्ति र अभिव्यक्तिहरूको, प्राणी र पदार्थहरूको सृष्टि गर्नुहुन्छ । हे ईश्वर ! हजुरले ती सबैको पालन पनि गर्नुहुन्छ । हे प्रभो ! आफ्नो इच्छा हुँदा ती सबैको संहार पनि गर्नुहुन्छ ।।२६।। हे दुःखसंहारक प्रभो! सर्वशक्तिमान् परब्रह्म, परमात्मा, ईश्वर हजुर हुनुहुँदा पनि तारकासुरको हत्याका कारण प्राप्त हुने उज्यालो कीर्ति हजुरको हातमा आउन सकेको छैन । यो उचित भएन । प्राप्तव्य कीर्तिलाई अरूका हातमा जान दिनु हुँदैन । हे प्रभो ! त्यस कारण तारकासुरलाई छिटो मार्नुहोस्। हजुरको र पार्वतीको भजनमा नित्य मन लगाउने ती सम्पूर्ण मुनि र देवताहरूको रक्षा गर्नुहोस् ।।२७।। हे पापनाशक महादेव ! हजुरबाहेक हाम्रो अरू कुनै शरण छैन । हजुरलाई छाडी हामीले कसको भजन गरौं ? हे पापनाशक पार्वतीपति जगदीश्वर! हामीले आफ्ना दुःख कसलाई भनौं ? यस संसारमा हजुरबाहेक हाम्रो रक्षक अरू हुनै सक्दैन ।।२८।।

ब्रह्माजीले भन्नुभयो – यसरी देवताहरूले स्तुति गरेपछि तिनले आकाशवाणी सुने । आकाशवाणीको भनाइ थियो – 'हे देवगण ! जुन बेला भगवान् शङ्करका पुत्र जन्मने छन्, त्यस बेला तारकासुरको नाश हुनेछ । भगवान् शङ्करलाई पुत्र पैदा गराउन तपाइँहरू सबैले प्रयास गर्नुहोस् ।' यस प्रकारको आकाशवाणी सुनेर सबै देवताहरू हर्षित भए ।।२९-३०।। त्यसपछि ती देवता भगवान् शङ्करको दर्शन गर्न कैलासमा पुगे। त्यहाँ शङ्करको दर्शन पाएनन् तर मूलप्रकृतिरूप भगवती पार्वतीको दर्शन पाए । तिनले पार्वतीलाई आफ्नो आगमनको रहस्य खुलाउँदै भने – 'हे जगन्माता ! हजुर संसारलाई दुःखबाट उतार्ने तारिका हुनुहुन्छ । आफ्ना भक्तलाई संसारबाट तार्न उत्तम ज्ञान प्रदान गर्नुहुन्छ । अहिले हामी तारकासुरबाट पीडित छौं । तारकासुरबाट हाम्रो उद्धार गर्नुहोस् ।।३१-३२।। स्वर्ग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रैलोक्यपीडकाद् दुष्टात् पदभ्रष्टान् मुनीन् सुरान् ।
तथा विचिन्त्यतां मातस्तस्य नाशो भवेद् यथा ।।३३।।

मातस्त्वां प्रणमाम देवजननीं त्रैलोक्यरक्षाकरे,
शर्वाणि! त्रिपुरे ! परात्परकले ! ब्रह्मादिभिः संस्तुते !
त्वं वेदैरनिरूपिते ! कुरु जगत्कल्याणमीशप्रिये
स्वेच्छोपात्तसुविग्रहेऽसुरहरे विश्वादिभूतेऽनघे ।।३४।।

क उवाच

एवं सम्प्रार्थिता देवी विश्वमाता जगाद तान् ।
नभोवाणी मया ज्ञाता शङ्करः शं करिष्यति ।।३५।।

सहैव यान्तु सर्वेऽपि मया यत्र स शङ्करः ।
परं नियममास्थाय कुरुते परमं तपः ।।३६।।

इत्युक्त्वा सर्वदेवान् सा भिल्लीवेशमधारयत् ।
यां दृष्ट्वा परमो योगी कामबाणार्दितो भवेत् ।।३७।।

देवा अपि तदा केचिज्जाता मदनविह्वलाः ।
उर्वशी मेनका रम्भा पूर्वचिती रतिस्तथा ।।३८।।

लज्जितास्तां निरीक्ष्यैव सर्वावयवसुन्दराम् ।
ते देवाः सा च गिरिजा प्राप्ता ब्रह्मन्! शिवान्तिकम्।।३९।।

स्थाणुं तं स्थाणुभूतञ्च ध्याननिश्चललोचनम् ।
ध्यायन्तं मनसा ब्रह्म जपन्तं निष्परिग्रहम् ।।४०।।

ददृशुः सर्वदेवास्ते भिल्ली चापि त्रिलोचनम् ।
तत ऊचेऽखिलान् देवानुमोपायं सुखावहम् ।।४१।।

मर्त्य र पातालसाई वेदनामा पुऱ्याउने तारकासुरबाट हामी पदच्युत भएका छौं । हामी देवता र ऋषिहरूको उद्धार गर्नुहोस्। हे जगदम्बा ! हजुरले त्यस्तो चिन्तन गर्नुहोस् जसको अनुसरण गर्नाले तारकासुरको वध हुन सक्छ । हे देवताहरूकी आमा! हामी हजुरलाई प्रणाम गर्दछौं। त्रिलोकीको रक्षा गर्ने हे जगदम्बा! हे त्रिपुरसुन्दरी ! हे परब्रह्मकी कला ! हे ब्रह्मादि संस्तुत परमेश्वरी ! हजुरलाई हामी बारबार प्रणाम गर्दछौं । हे भगवन् शङ्करकी प्रिया ! हे निष्पाप आत्मा भएकी देवी ! आफ्नो इच्छाले शरीर धारण गर्दै जगत्को रक्षा गर्ने हे जगदम्बा! हे असुरनाशिनी ! हजुरलाई वेदहरूले पनि यस्तो स्वरूपकी हुनुहुन्छ भनेर बताउन सक्दैनन्, हजुर संसारको आदितत्त्वका रूपमा विराजमान हुनुहुन्छ । त्यस कारण आज हामीलगायत सबै संसारका प्राणीहरूको कल्याण गर्नुहोस् ।।३३-३४।।

ब्रह्माजीले भन्नुभयो - देवताहरूद्वारा यसरी प्रार्थना गरिएकी जगन्माता पार्वतीले भन्नुभयो- 'हे देवगण ! तपाईंहरूले आकाशवाणी सुनेको कुरा थाहा पाएँ । भगवान् शङ्करले तपाईंहरूको अवश्य नै कल्याण गर्नुहुनेछ ।।३५।। अहिले तपाईंहरू मेरा साथ भगवान् शङ्कर विराजमान हुनुभएको ठाउँमा जाने उद्देश्यले प्रस्थान गर्नुहोस्। जहाँ यति बेला भगवान् शङ्कर नियम र यममा बसेर परमतपस्यामा लीन हुनुहुन्छ' ।।३६।। यसरी देवताहरूलाई भन्नुभएपछि भगवती पार्वतीले सुन्दरी किरातिनीको रूप धारण गर्नुभयो । जुन किरातिनी युवतीलाई देखेर महायोगी पनि कामबाणले पीडित हुनसक्थे ।।३७।। त्यस बेला केही देवताहरू किरातिनी भगवतीको रूप देखेर कामसन्तप्त भए। उर्वशी, मेनका, रम्भा, पूर्वचिति र रतिजस्ता विश्वसुन्दरीहरू पनि सर्वाङ्गसुन्दरी, जगन्मोहिनी, किरातिनीको रूप देखेर लज्जित भएका थिए । ती देवता र ती किरातिनी भगवती भगवान् शङ्कर तपस्यामा विराजमान हुनुभएको दिव्य स्थानमा पुगे ।।३८-३९।। त्यहाँ गएर ती देवता र किरातिनीले अत्यन्त पवित्र स्थानमा निश्चल भएर स्थाणुरूप धारण गरी मनबाट परब्रह्मको ध्यान गर्दै तपस्या गरिरहनुभएका, ॐकारको नाद लगाउनुभएका र कुनै प्रकारको साधन र सम्पत्तिरहित त्रिनयन भगवान् शङ्करको दर्शन गरे। त्यस बेला ती देवताहरूलाई किरातिनीरूप भगवतीले एउटा सुखदायक उपाय बताउँदै भनिन् - 'हे देवगण! भगवान् सदाशिवजी आफ्नो शरीरलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत इन्द्रादयो देवास्तुष्टुवुर्गिरिगह्वरे ।
गिरिशं गिरिजानाथं गिरा गम्भीरया मुदा ।।२५।।

देवा ऊचुः

देवाधिभूमिगगनेनशशिस्वरूप !
वाय्वग्निरूपयजमानजलस्वरूप ! ।
त्वं स्थावरानथ चरान् सृजसेऽवसीश !
त्वं सर्वमेव हरसे निजयेच्छयेश ! ।।२६।।

तन्नोचितं त्वयि परे परदुःखहारिन्
स्वीयं यशः परगतं बहुधाऽद्य कर्तुम् ।
तन्नाशयैनमव तान् सकलान् मुनींश्च
देवान् द्वयोश्च भजने परिविष्टचित्तान् ।।२७।।

कं वा व्रजेम शरणं त्वदृते गिरीश !
कं वा भजेम भगवँस्त्वदृते महेश ! ।
कं वा वदेम वृजिनार्दन पार्वतीश !
को वाऽवितुं प्रभवति त्वदृतेऽखिलेश ! ।।२८।।

क उवाच

एवं ते तुष्टुवुर्यावच्छुश्रुवुस्तावदेव हि
नभोवाणीं सर्वदेवा हरपुत्रो यदा भवेत् ।।२९।।

तदाऽस्य नाशो भविता यत्नं कुरुत तत्र वै ।
नभोवाणीं समाकर्ण्य सर्वे हर्षसमन्विताः ।।३०।।

कैलासं देवनिलयमापुरिन्द्रादयः सुराः ।
नापश्यन् शङ्करं तत्र ददृशुः पुरतोऽमराः ।।३१।।

मूलप्रकृतिरूपां तामुमां सर्वे विजिज्ञपुः ।
तारके तारकज्ञानप्रदे तारय तारकात् ।।३२।।

हिमालयमा लुकेका इन्द्र आदि देवताहरूले पार्वतीपति शङ्करको गम्भीर वाणीद्वारा स्तुति गरे।।२५।।

देवताहरूले भने – अधिष्ठात्री देवता, पृथिवी, आकाश, सूर्य र चन्द्रमाका स्वरूप हे शिवजी ! वायु र अग्निका स्वरूप हे महादेव ! यजमान र जलस्वरूप हे शङ्कर ! हजुरले स्थावर र जङ्गम सबै दृश्यमान जगत्का व्यक्ति र अभिव्यक्तिहरूको, प्राणी र पदार्थहरूको सृष्टि गर्नुहुन्छ । हे ईश्वर ! हजुरले ती सबैको पालन पनि गर्नुहुन्छ । हे प्रभो ! आफ्नो इच्छा हुँदा ती सबैको संहार पनि गर्नुहुन्छ ।।२६।। हे दुःखसंहारक प्रभो! सर्वशक्तिमान् परब्रह्म, परमात्मा, ईश्वर हजुर हुनुहुँदा पनि तारकासुरको हत्याका कारण प्राप्त हुने उज्यालो कीर्ति हजुरको हातमा आउन सकेको छैन । यो उचित भएन । प्राप्तव्य कीर्तिलाई अरूका हातमा जान दिनु हुँदैन । हे प्रभो ! त्यस कारण तारकासुरलाई छिटो मार्नुहोस्। हजुरको र पार्वतीको भजनमा नित्य मन लगाउने ती सम्पूर्ण मुनि र देवताहरूको रक्षा गर्नुहोस् ।।२७।। हे पापनाशक महादेव ! हजुरबाहेक हाम्रो अरू कुनै शरण छैन । हजुरलाई छाडी हामीले कसको भजन गरौं ? हे पापनाशक पार्वतीपति जगदीश्वर! हामीले आफ्ना दुःख कसलाई भनौं ? यस संसारमा हजुरबाहेक हाम्रो रक्षक अरू हुनै सक्दैन ।।२८।।

ब्रह्माजीले भन्नुभयो – यसरी देवताहरूले स्तुति गरेपछि तिनले आकाशवाणी सुने । आकाशवाणीको भनाइ थियो – ‘हे देवगण ! जुन बेला भगवान् शङ्करका पुत्र जन्मने छन्, त्यस बेला तारकासुरको नाश हुनेछ । भगवान् शङ्करलाई पुत्र पैदा गराउन तपाइँहरू सबैले प्रयास गर्नुहोस् ।’ यस प्रकारको आकाशवाणी सुनेर सबै देवताहरू हर्षित भए ।।२९-३०।। त्यसपछि ती देवता भगवान् शङ्करको दर्शन गर्न कैलासमा पुगे। त्यहाँ शङ्करको दर्शन पाएनन् तर मूलप्रकृतिरूप भगवती पार्वतीको दर्शन पाए । तिनले पार्वतीलाई आफ्नो आगमनको रहस्य खुलाउँदै भने – ‘हे जगन्माता ! हजुर संसारलाई दुःखबाट उतार्ने तारिका हुनुहुन्छ । आफ्ना भक्तलाई संसारबाट तार्न उत्तम ज्ञान प्रदान गर्नुहुन्छ । अहिले हामी तारकासुरबाट पीडित छौं । तारकासुरबाट हाम्रो उद्धार गर्नुहोस् ।।३१-३२।। स्वर्ग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रैलोक्यपीडकाद् दुष्टात् पदभ्रष्टान् मुनीन् सुरान् ।
तथा विचिन्त्यतां मातस्तस्य नाशो भवेद् यथा ।।३३।।

मातस्त्वां प्रणमाम देवजननीं त्रैलोक्यरक्षाकरे,
शर्वाणि! त्रिपुरे ! परात्परकले ! ब्रह्मादिभिः संस्तुते !
त्वं वेदैरनिरूपिते ! कुरु जगत्कल्याणमीशप्रिये
स्वेच्छोपात्तसुविग्रहेऽसुरहरे विश्वादिभूतेऽनघे ।।३४।।

क उवाच

एवं सम्प्रार्थिता देवी विश्वमाता जगाद तान् ।
नभोवाणी मया ज्ञाता शङ्करः शं करिष्यति ।।३५।।

सहैव यान्तु सर्वेऽपि मया यत्र स शङ्करः ।
परं नियममास्थाय कुरुते परमं तपः ।।३६।।

इत्युक्त्वा सर्वदेवान् सा भिल्लीवेशमधारयत् ।
यां दृष्ट्वा परमो योगी कामबाणार्दितो भवेत् ।।३७।।

देवा अपि तदा केचिज्जाता मदनविह्वलाः ।
उर्वशी मेनका रम्भा पूर्वचिती रतिस्तथा ।।३८।।

लज्जितास्तां निरीक्ष्यैव सर्वावयवसुन्दराम् ।
ते देवाः सा च गिरिजा प्राप्ता ब्रह्मन्! शिवान्तिकम्।।३९।।

स्थाणुं तं स्थाणुभूतञ्च ध्याननिश्चललोचनम् ।
ध्यायन्तं मनसा ब्रह्म जपन्तं निष्परिग्रहम् ।।४०।।

ददृशुः सर्वदेवास्ते भिल्ली चापि त्रिलोचनम् ।
तत ऊचेऽखिलान् देवानुमोपायं सुखावहम् ।।४१।।

मर्त्य र पाताललाई वेदनामा पुऱ्याउने तारकासुरबाट हामी पदच्युत भएका छौं । हामी देवता र ऋषिहरूको उद्धार गर्नुहोस्। हे जगदम्बा ! हजुरले त्यस्तो चिन्तन गर्नुहोस् जसको अनुसरण गर्नाले तारकासुरको वध हुन सक्छ । हे देवताहरूकी आमा! हामी हजुरलाई प्रणाम गर्दछौं। त्रिलोकीको रक्षा गर्ने हे जगदम्बा! हे त्रिपुरसुन्दरी ! हे परब्रह्मकी कला ! हे ब्रह्मादि संस्तुत परमेश्वरी ! हजुरलाई हामी बारबार प्रणाम गर्दछौं । हे भगवन् शङ्करकी प्रिया ! हे निष्पाप आत्मा भएकी देवी ! आफ्नो इच्छाले शरीर धारण गर्दै जगत्को रक्षा गर्ने हे जगदम्बा! हे असुरनाशिनी ! हजुरलाई वेदहरूले पनि यस्तो स्वरूपकी हुनुहुन्छ भनेर बताउन सक्दैनन्, हजुर संसारकी आदितत्त्वका रूपमा विराजमान हुनुहुन्छ । त्यस कारण आज हामीलगायत सबै संसारका प्राणीहरूको कल्याण गर्नुहोस् ।।३३-३४।।

ब्रह्माजीले भन्नुभयो - देवताहरूद्वारा यसरी प्रार्थना गरिएकी जगन्माता पार्वतीले भन्नुभयो- 'हे देवगण ! तपाईँहरूले आकाशवाणी सुनेको कुरा थाहा पाएँ । भगवान् शङ्करले तपाईँहरूको अवश्य नै कल्याण गर्नुहुनेछ ।।३५।। अहिले तपाईँहरू मेरा साथ भगवान् शङ्कर विराजमान हुनुभएको ठाउँमा जाने उद्देश्यले प्रस्थान गर्नुहोस्। जहाँ यति बेला भगवान् शङ्कर नियम र यममा बसेर परमतपस्यामा लीन हुनुहुन्छ' ।।३६।। यसरी देवताहरूलाई भन्नुभएपछि भगवती पार्वतीले सुन्दरी किरातिनीको रूप धारण गर्नुभयो । जुन किरातिनी युवतीलाई देखेर महायोगी पनि कामबाणले पीडित हुनसक्थे ।।३७।। त्यस बेला केही देवताहरू किरातिनी भगवतीको रूप देखेर कामसन्तप्त भए । उर्वशी, मेनका, रम्भा, पूर्वचिति र रतिजस्ता विश्वसुन्दरीहरू पनि सर्वाङ्गसुन्दरी, जगन्मोहिनी, किरातिनीको रूप देखेर लज्जित भएका थिए । ती देवता र ती किरातिनी भगवती भगवान् शङ्कर तपस्यामा विराजमान हुनुभएको दिव्य स्थानमा पुगे ।।३८-३९।। त्यहाँ गएर ती देवता र किरातिनीले अत्यन्त पवित्र स्थानमा निश्चल भएर स्थाणुरूप धारण गरी मनबाट परब्रह्मको ध्यान गर्दै तपस्या गरिरहनुभएका, ॐकारको नाद लगाउनुभएका र कुनै प्रकारको साधन र सम्पत्तिरहित त्रिनयन भगवान् शङ्करको दर्शन गरे। त्यस बेला ती देवताहरूलाई किरातिनीरूप भगवतीले एउटा सुखदायक उपाय बताउँदै भनिन् - 'हे देवगण! भगवान् सदाशिवजी आफ्नो शरीरलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहातीत इवास्तेऽसौ तपोनिष्ठः सदाशिवः ।
एतस्य देहभावार्थं कामं विज्ञापयन्तु च ।।४२।।

तेनेषुणा यदा विद्ध एकनिष्ठः सदाशिवः ।
यास्यते देहभावं स तदा कार्यं भविष्यति ।।४३।।

ततो देवाः सर्व एव कामं सस्मरुरुत्कटम् ।
समागतं तमूचुस्ते स्वकार्यं कृतनिश्चयाः ।।४४।।

प्रार्थयामासुरपरे स्वकार्याय मनोभवम् ।
विभुस्त्वमसि लोकानां चरेषु स्थावरेषु च ।।४५।।

त्वयैव जायते सृष्टिस्त्वया व्याप्तमिदं जगत् ।
अबलाः कामिनः सर्वे त्वयैव बलवत्तराः ।।४६।।

त्वया विना वृथा सर्वं जगत् स्थावरजङ्गमम् ।
अतस्त्वयैव कर्तव्यं सर्वेषां कार्यमुत्कटम् ।।४७।।

काम उवाच

यद्यप्यहं विसामग्रिस्तथा युष्मत्प्रसादतः ।
करिष्यामि वचः कार्यमादेहपतनावधि ।।४८।।

सुमं धनुर्मराला ज्येषुः कटाक्षोऽथ योषितः ।
विजेष्येऽथापि सकलानमरान् शङ्करावधि ।।४९।।

वसन्तं प्रतिलभ्यैव सहायं सकलं सुराः ।

क उवाच

एवमुक्त्वा गतः कामो यत्रास्तेऽसौ सदाशिवः ।।५०।।

मोहितुं शङ्करं देवं देवानां कार्यसिद्धये ।।५१।।

पनि बिर्सेर तपस्यामा लीन हुनुभएको छ । तपाइँहरूले शिवजीको मनमा देहभाव जगाउन कामदेवलाई आज्ञा दिनुहोस्।।४०-४२।। जब कामदेवले तपस्वी शिवजीमाथि एउटा बाण प्रहार गर्नेछन्, त्यो बाण शिवजीमा लाग्नेछ । त्यसपछि उहाँ ब्रह्मभाव छाडेर देहभावमा फर्किनुहुनेछ । त्यस बेलामात्र हाम्रो कार्य सफल हुनेछ' ।।४३।। त्यसपछि किरातिनीको आज्ञा पाएर देवताहरूले विशिष्टशक्तिसम्पन्न कामदेवको संझना गरे । कामदेव आएपछि आफ्नो कार्यसिद्धिका लागि निश्चय गरेका देवताहरूले उनको प्रार्थना गर्दै भने - हे कामदेव ! तपाइँ संसारका सम्पूर्ण चर-अचर पदार्थहरूमा व्यापक हुनुहुन्छ ।।४४-४५।। तपाइँकै आश्रयबाट संसारमा सृष्टि हुने गर्दछ । तपाइँले आफ्नो शक्तिबाट सम्पूर्ण जगत्लाई व्याप्त गर्नुभएको छ । सुन्दरी युवती र सुन्दर युवाहरू तपाइँकै कारणबाट संसारका आकर्षणका पात्र बन्दछन्। हे कामदेव ! तपाइँविना चर र अचर दुबै तत्त्वबाट बनेको यो संसार व्यर्थ छ । त्यस कारण तपाइँले नै हामी देवताहरूको उपकारका लागि ठूलो काम गर्नुपर्ने भएको छ ।।४६-४७।।

कामदेवले भने - हे देवगण ! यद्यपि मसँग अहिले कुनै साधन र सामग्री छैन, तापनि तपाइँहरूको कृपाबाट आदेश पालन गर्न अग्रसर हुनेछु । जबसम्म मेरो शरीर रहन्छ, तबसम्म तपाइँहरूको कार्य गर्नेछु ।।४८।। मेरो धनु फूलले बनेको छ, हंसहरू ताँदोका रूपमा रहेका छन् र नारीका कटाक्ष बाणका रूपमा छन् । यस्ता सस्ता साधनको आधारमा मैले भगवान् शङ्करलगायत सबै देवताहरूलाई जित्ने अठोट गरेको छु ।।४९।। हे देवगण ! मैले युद्ध गर्दा वसन्त ऋतु मेरा सहयोगी हुने गर्दछन् ।

ब्रह्माजीले भन्नुभयो - यस्ता कुरा गरेर कामदेव पनि भगवान् शङ्कर विराजमान हुनुभएको धाममा उहाँलाई मोहित गर्न र देवताहरूको कार्यसिद्धि गर्न अग्रसर भए ।।५०-५१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे तारकोपाख्यानं नाम त्र्यशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'परशुरामको उत्कर्ष, तारकासुरको आतङ्क र शङ्करको तपोभङ्ग गर्न कामदेवको नियुक्ति' शीर्षकान्वित त्रियासीऔँ अध्याय पूर्ण भयो ।।८३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुरशीतितमोऽध्यायः { ८४ अध्याय }

क उवाच

एवमुक्त्वा गतः कामः सुरकार्यार्थसिद्धये ।
अपश्यच्छाङ्करं स्थानं वृक्षवल्लीसमाकुलम् ।।१।।

सिंहशार्दूलजुष्टञ्च पक्षिश्वापदसंयुतम् ।
स्वयञ्च निर्ममे मायावाटिकां तत्क्षणेन सः ।।२।।

सरोवराणि भूरीणि सुधारूपजलानि च ।
अनेककुसुमान् वृक्षानागव्यूति सुगन्धिनः ।।३।।

जम्ब्वाम्रबदरीवृक्षान् सुपक्वफलशालिनः ।
तथैव रम्भापनसौ नारिकेलीः सखर्जुरीः ।।४।।

एलालवंगमारीचवृक्षानन्याननेकशः ।
अगृह्यमाणो गन्धोऽसौ हरनासापुटं ययौ ।।५।।

उषःकाले हरोऽपश्यज्ज्योत्स्नाजलमनोहरम् ।
अनेकफलपुष्पाढ्यं कामकाननमद्भुतम् ।।६।।

तदैव भेदयामास मानसं शूलिनस्तु सः ।
स्वीयामशोकवनिकां धिक्चक्रे मनसा शिवः ।।७।।

देहभावं गतो देवश्चिन्तयामास कारणम् ।
कृतं केन तपोविघ्नं कृतमेतद् वनं शुभम् ।।८।।

अकस्माद् रचितं केन दुष्टेनेदं गतायुषा ।
आबद्ध्य भ्रुकुटीं रोषादारक्तनयनोदरः ।।९।।

कामस्तु भयसन्त्रस्तो लीनः क्वापि न गृह्यते ।
इन्द्रादीनां स संस्मार स्मृतास्तेनात्र ते ययुः ।।१०।।

विमानानि समारूढाः कार्यसिद्धीच्छया सुराः ।
शिवेन ददृशे तावन् मदनोऽतिलघुः कृशः ।।११।।

दग्धुं मनोभवं नेत्रं तृतीयमुदघाटयत् ।
चकम्पे पृथिवी सर्वा स्वर्गः पातालमेव च ।।१२।।

ब्रह्माजीले भन्नुभयो- देवताहरूसँग वाचा गरेर कार्यसिद्धिका लागि कामदेव शङ्कर विराजमान हुनुभएको धाममा प्राप्त भए। वृक्ष र लताले परिवेष्टित, सिंह र बाघद्वारा सेवित र चराचुरुङ्गी र जङ्गली जनावरहरूद्वारा परिपूर्ण भगवान् शङ्करको तपस्यास्थलमा कामदेव पुगे । त्यहाँ गएर कामदेवले आफ्नो माया प्रयोग गरी सुन्दर उद्यानको निर्माण गरे । अमृतमय जलले सुहाएका अनेक सरोवर बनाए । चार कोशसम्म सुगन्ध फैलाउने फूलैफूलले भरिएका वृक्षपङ्क्तिको निर्माण गरे ।।१-३।। त्यसैगरी पाकेका फलले शोभायमान जामुना, आँप र बयरका वृक्षहरू तयार गरे । यसरी केरा, कटहर, नरीवल, खजूर, अलैंची, ल्वाङ र मरीचका वृक्षहरू बनाए । यी सबै वृक्षहरूमा रहेका फलफूलको सुगन्ध थाहै नपाईकन शिवजीको नाकको टुप्पालाई छुन पुग्यो।।४-५।। प्रातःकालमा भगवान् शङ्करले जुनेलीजस्तो सेतो जलले सुहाएको अनेक फलफूलले सम्पन्न कामदेवको अद्भुत बगैंचा हेर्नुभयो ।।६।। त्यसैबेला कामदेवले शिवजीको मनमा प्रवेश गरी कामाङ्कुर सञ्चार गराए। कामदेवको बगैंचा देखेर शिवजीले मनबाट आफ्नो अशोकवनलाई पनि धिक्कार गर्नुभयो ।।७।। यस्तै परिस्थितिमा शिव ब्रह्मभावबाट देहभावमा पनि फर्किनुभयो र देहका इच्छाहरू सलबलाउन लागे। शिवजीले म कसरी देहभावमा आएँ भनेर कारणको अन्वेषण गर्न थाल्नुभयो। कसले आएर मेरो तपस्यामा विघ्न गर्‍यो ? कसले यहाँ यति राम्रो बगैंचा बनायो ? कुन आयु सकिएको दुष्टले यी सारा दृश्यको रचना गर्‍यो ? यस्ता जिज्ञासा गरेपछि शिवजीले रीसले राता-राता आँखा बनाएर आँखीभौं कस्नुभयो। लुकेर रहेका कामदेव शिवजीको त्यो स्वरूप देखेर डराए र अझ पर-पर गएर लुक्न थाले । शिवजीले कहीं पनि केही देख्नुभएन। डराएका कामदेवले इन्द्र आदि देवताहरूको संझना गरे । कामदेवद्वारा संझिएका देवताहरू विमानमा सवार भएर कार्यसिद्धि गर्ने आशयले त्यो धाममा पुगे ।।८-१०।। त्यसैबेला शिवजीले पनि दुर्बलरूपमा रहेका कामदेवलाई देख्नुभयो। त्यसपछि उहाँले तेस्रो आँखा खोल्नुहुँदा त्यसबाट उत्पन्न भएको अग्निज्वालाबाट कामदेवलाई डढाउन थाल्नुभयो । कामदाह हुन थालेपछि पृथिवी काँपिन्, स्वर्ग र पाताल पनि कम्पायमान भए ।।११-१२।।

पु. सं. २३६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहातीत इवास्तेऽसौ तपोनिष्ठः सदाशिवः ।
एतस्य देहभावार्थं कामं विज्ञापयन्तु च ।।४२।।

तेनेषुणा यदा विद्ध एकनिष्ठः सदाशिवः ।
यास्यते देहभावं स तदा कार्यं भविष्यति ।।४३।।

ततो देवाः सर्व एव कामं सस्मरुरुत्कटम् ।
समागतं तमूचुस्ते स्वकार्यं कृतनिश्चयाः ।।४४।।

प्रार्थयामासुरपरे स्वकार्याय मनोभवम् ।
विभुस्त्वमसि लोकानां चरेषु स्थावरेषु च ।।४५।।

त्वयैव जायते सृष्टिस्त्वया व्याप्तमिदं जगत् ।
अबलाः कामिनः सर्वे त्वयैव बलवत्तराः ।।४६।।

त्वया विना वृथा सर्वं जगत् स्थावरजङ्गमम् ।
अतस्त्वयैव कर्तव्यं सर्वेषां कार्यमुत्कटम् ।।४७।।

काम उवाच

यद्यप्यहं विसामग्रिस्तथा युष्मत्प्रसादतः ।
करिष्यामि वचः कार्यमादेहपतनावधि ।।४८।।

सुमं धनुर्मराला ज्येषुः कटाक्षोऽथ योषितः ।
विजेष्येऽथापि सकलानमरान् शङ्करावधि ।।४९।।

वसन्तं प्रतिलभ्यैव सहायं सकलं सुराः ।

क उवाच

एवमुक्त्वा गतः कामो यत्रास्तेऽसौ सदाशिवः ।।५०।।
मोहितुं शङ्करं देवं देवानां कार्यसिद्धये ।।५१।।

पनि बिर्सेर तपस्यामा लीन हुनुभएको छ । तपाइँहरूले शिवजीको मनमा देहभाव जगाउन कामदेवलाई आज्ञा दिनुहोस्।।४०-४२।। जब कामदेवले तपस्वी शिवजीमाथि एउटा बाण प्रहार गर्नेछन्, त्यो बाण शिवजीमा लाग्नेछ । त्यसपछि उहाँ ब्रह्मभाव छाडेर देहभावमा फर्किनुहुनेछ । त्यस बेलामात्र हाम्रो कार्य सफल हुनेछ' ।।४३।। त्यसपछि किरातिनीको आज्ञा पाएर देवताहरूले विशिष्टशक्तिसम्पन्न कामदेवको संझना गरे । कामदेव आएपछि आफ्नो कार्यसिद्धिका लागि निश्चय गरेका देवताहरूले उनको प्रार्थना गर्दै भने - हे कामदेव ! तपाइँ संसारका सम्पूर्ण चर-अचर पदार्थहरूमा व्यापक हुनुहुन्छ ।।४४-४५।। तपाइँकै आश्रयबाट संसारमा सृष्टि हुने गर्दछ । तपाइँले आफ्नो शक्तिबाट सम्पूर्ण जगत्लाई व्याप्त गर्नुभएको छ । सुन्दरी युवती र सुन्दर युवाहरू तपाइँकै कारणबाट संसारका आकर्षणका पात्र बन्दछन्। हे कामदेव ! तपाइँविना चर र अचर दुबै तत्त्वबाट बनेको यो संसार व्यर्थ छ । त्यस कारण तपाइँले नै हामी देवताहरूको उपकारका लागि ठूलो काम गर्नुपर्ने भएको छ ।।४६-४७।।

कामदेवले भने - हे देवगण ! यद्यपि मसँग अहिले कुनै साधन र सामग्री छैन, तापनि तपाइँहरूको कृपाबाट आदेश पालन गर्न अग्रसर हुनेछु । जबसम्म मेरो शरीर रहन्छ, तबसम्म तपाइँहरूको कार्य गर्नेछु ।।४८।। मेरो धनु फूलले बनेको छ, हंसहरू ताँदोका रूपमा रहेका छन् र नारीका कटाक्ष बाणका रूपमा छन् । यस्ता सस्ता साधनको आधारमा मैले भगवान् शङ्करलगायत सबै देवताहरूलाई जित्ने अठोट गरेको छु ।।४९।। हे देवगण ! मैले युद्ध गर्दा वसन्त ऋतु मेरा सहयोगी हुने गर्दछन् ।

ब्रह्माजीले भन्नुभयो - यस्ता कुरा गरेर कामदेव पनि भगवान् शङ्कर विराजमान हुनुभएको धाममा उहाँलाई मोहित गर्न र देवताहरूको कार्यसिद्धि गर्न अग्रसर भए ।।५०-५१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे तारकोपाख्यानं नाम त्र्यशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'परशुरामको उत्कर्ष, तारकासुरको आतङ्क र शङ्करको तपोभङ्ग गर्न कामदेवको नियुक्ति' शीर्षकान्वित त्रियासीऔं अध्याय पूर्ण भयो ।।८३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुरशीतितमोऽध्यायः { ८४ अध्याय }

क उवाच

एवमुक्त्वा गतः कामः सुरकार्यार्थसिद्धये ।
अपश्यच्छाङ्करं स्थानं वृक्षवल्लीसमाकुलम् ।।१।।

सिंहशार्दूलजुष्टञ्च पक्षिश्वापदसंयुतम् ।
स्वयञ्च निर्ममे मायावाटिकां तत्क्षणेन सः ।।२।।

सरोवराणि भूरीणि सुधारूपजलानि च ।
अनेककुसुमान् वृक्षानागव्यूति सुगन्धिनः ।।३।।

जम्ब्वाम्रबदरीवृक्षान् सुपक्वफलशालिनः ।
तथैव रम्भापनसौ नारिकेलीः सखर्जुरीः ।।४।।

एलालवंगमारीचवृक्षानन्याननेकशः ।
अगृह्यमाणो गन्धोऽसौ हरनासापुटं ययौ ।।५।।

उषःकाले हरोऽपश्यज्ज्योत्स्नाजलमनोहरम् ।
अनेकफलपुष्पाढ्यं कामकाननमद्भुतम् ।।६।।

तदैव भेदयामास मानसं शूलिनस्तु सः ।
स्वीयामशोकवनिकां धिक्चक्रे मनसा शिवः ।।७।।

देहभावं गतो देवश्चिन्तयामास कारणम् ।
कृतं केन तपोविघ्नं कृतमेतद् वनं शुभम् ।।८।।

अकस्माद् रचितं केन दुष्टेनेदं गतायुषा ।
आबद्ध्य भ्रुकुटीं रोषादारक्तनयनोदरः ।।९।।

कामस्तु भयसन्त्रस्तो लीनः क्वापि न गृह्यते ।
इन्द्रादीनां स संस्मार स्मृतास्तेनात्र ते ययुः ।।१०।।

विमानानि समारूढाः कार्यसिद्धीच्छया सुराः ।
शिवेन ददृशे तावन् मदनोऽतिलघुः कृशः ।।११।।

दग्धुं मनोभवं नेत्रं तृतीयमुदघाटयत् ।
चकम्पे पृथिवी सर्वा स्वर्गः पातालमेव च ।।१२।।

ब्रह्माजीले भन्नुभयो- देवताहरूसँग वाचा गरेर कार्यसिद्धिका लागि कामदेव शङ्कर विराजमान हुनुभएको धाममा प्राप्त भए। वृक्ष र लताले परिवेष्टित, सिंह र बाघद्वारा सेवित र चराचुरुङ्गी र जङ्गली जनावरहरूद्वारा परिपूर्ण भगवान् शङ्करको तपस्यास्थलमा कामदेव पुगे । त्यहाँ गएर कामदेवले आफ्नो माया प्रयोग गरी सुन्दर उद्यानको निर्माण गरे । अमृतमय जलले सुहाएका अनेक सरोवर बनाए । चार कोशसम्म सुगन्ध फैलाउने फूलैफूलले भरिएका वृक्षपङ्क्तिको निर्माण गरे ।।१-३।। त्यसैगरी पाकेका फलले शोभायमान जामुना, आँप र बयरका वृक्षहरू तयार गरे । यसरी केरा, कटहर, नरीवल, खजूर, अलैंची, ल्वाङ र मरीचका वृक्षहरू बनाए । यी सबै वृक्षहरूमा रहेका फलफूलको सुगन्ध थाहै नपाईकन शिवजीको नाकको टुप्पालाई छुन पुग्यो।।४-५।। प्रातःकालमा भगवान् शङ्करले जुनेलीजस्तो सेतो जलले सुहाएको अनेक फलफूलले सम्पन्न कामदेवको अद्भुत बगैंचा हेर्नुभयो ।।६।। त्यसैबेला कामदेवले शिवजीको मनमा प्रवेश गरी कामाङ्कुर सञ्चार गराए। कामदेवको बगैंचा देखेर शिवजीले मनबाट आफ्नो अशोकवनलाई पनि धिक्कार गर्नुभयो ।।७।। यस्तै परिस्थितिमा शिव ब्रह्मभावबाट देहभावमा पनि फर्किनुभयो र देहका इच्छाहरू सलबलाउन लागे। शिवजीले म कसरी देहभावमा आएँ भनेर कारणको अन्वेषण गर्न थाल्नुभयो। कसले आएर मेरो तपस्यामा विघ्न गऱ्यो ? कसले यहाँ यति राम्रो बगैंचा बनायो ? कुन आयु सकिएको दुष्टले यी सारा दृश्यको रचना गऱ्यो ? यस्ता जिज्ञासा गरेपछि शिवजीले रीसले राता-राता आँखा बनाएर आँखीभौं कस्नुभयो। लुकेर रहेका कामदेव शिवजीको त्यो स्वरूप देखेर डराए र अझ पर-पर गएर लुक्न थाले । शिवजीले कहीं पनि केही देख्नुभएन। डराएका कामदेवले इन्द्र आदि देवताहरूको संझना गरे । कामदेवद्वारा संझिएका देवताहरू विमानमा सवार भएर कार्यसिद्धि गर्ने आशयले त्यो धाममा पुगे ।।८-१०।। त्यसैबेला शिवजीले पनि दुर्बलरूपमा रहेका कामदेवलाई देख्नुभयो। त्यसपछि उहाँले तेस्रो आँखा खोल्नुहुँदा त्यसबाट उत्पन्न भएको अग्निज्वालाबाट कामदेवलाई डढाउन थाल्नुभयो । कामदाह हुन थालेपछि पृथिवी काँपिन्, स्वर्ग र पाताल पनि कम्पायमान भए ।।११-१२।।

५- नं- २३६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा जहीत्यब्रुवन् देवा यावत् तावत् स नेत्रजः ।
चकार भस्मसात् कामं भस्ममात्रावशेषितम् ।।१३।।

ततो भिल्ली महेशानं प्रार्थयामास सादरम् ।
नमस्कृत्वाऽञ्जलिं बद्ध्वा त्रैलोक्यहितकाम्यया ।।१४।।

त्रैलोक्यदाहकं वह्निमुपसंहर शङ्कर ! ।
ब्रह्मलब्धवरो दैत्यस्तारकोऽतिमहाबली ।।१५।।

आक्रान्तं तेन त्रैलोक्यं निःस्वाध्यायं निराहुति ।
स्थानच्युताः सुराः सर्वे त्वां दृष्ट्वा तपसि स्थितम् ।।१६।

त्वरया काममामन्त्र्य देहभावाय तेऽनघ ।
अप्रेषयन् स वै भस्म जातः श्रेष्ठापराधतः ।।१७।।

इदानीं देव रक्षास्माँस्त्वामेव शरणं गतान् ।
विख्यातस्त्रिषु लोकेषु शरणागतपालकः ।।१८।।

क्षमस्व कृपणानां त्वं देवानां शरणैषिणाम् ।
अपराधं महादेव ! करुणाकर! शङ्कर! ।।१९।।

क उवाच

इति तस्या वचः श्रुत्वा स्वाङ्घ्रिस्थशिरसो मुने ! ।
जगाद हास्यवदनो वह्निं संहृत्य शङ्करः ।।२०।।

उत्तिष्ठोत्तिष्ठ देवानां रक्षणं कृतमद्य मे ।
पादयोः पतितायास्ते वचसा प्रणयेन च ।।२१।।

तत आलिङ्ग्य सहसा भिल्लीमङ्कमथानयत् ।
वृषमारुह्य च तया सार्द्धं कैलासमागमत् ।।२२।।

देवताहरूले भगवान्सँग प्रार्थना गर्दै भने – हे शङ्कर ! कामदेवको वध नगर्नुहोस् । तर शिवजीले ती कुराहरूको वास्ता गर्नुभएन । देवताहरूले हेर्दाहेर्दै शिवजीको आँखाको अग्निज्वालाबाट कामदेव खरानी भए ।।१३।। त्यस बेला किरातिनीको वेशमा रहेकी भगवती पार्वतीले हात जोडेर नमस्कार गर्दै त्रिलोकीको हितको इच्छाले आदरपूर्वक भगवान् शङ्करसँग प्रार्थना गर्नुभयो– हे भगवन् ! हजुरले त्रिलोकीलाई नै डढाउने यो अग्निज्वाला शान्त गर्नुहोस् । ब्रह्माजीबाट वरदान पाएको तारकासुरले आफ्नो अत्याचारबाट ब्रह्माण्डलाई नै पीडामा पुऱ्याएको छ । त्यसले स्वर्ग, मर्त्य र पातालमा आफ्नो अधिकार कायम गरेको छ । अहिले त्रिलोकीमा स्वाध्याय हुँदैन, आहुति प्रदान गरिंदैन, देवताहरू स्थानभ्रष्ट भएका छन् । ती देवताले हजुरलाई तपस्या गरिरहेको देखेर हजुरलाई देहभावमा ल्याउनका लागि कामदेवको आह्वान गरेका हुन् । हजुर देहभावमा आउनुभएमा संसारको कल्याण हुने चिताएर देवताहरूले कामदेवको उपयोग गरेका हुन् । तर उत्तम पुरुषमा गरिएको अपराधका कारण आज हजुरबाट कामदेव खरानी हुन पुगे ।।१४–१७।। हे देव! हामीहरूको रक्षा गर्नुहोस्, हामी हजुरकै शरणमा आएका छौं। हजुरमात्र त्रिलोकीमा शरणागत रक्षक देवताका रूपमा प्रसिद्ध हुनुहुन्छ । हे महादेव ! हे दयालु शङ्कर ! शरणमा आएका दुःखी देवताहरूको अपराध क्षमा गर्नुहोस् ।।१८–१९।।

ब्रह्माजीले भन्नुभयो– आफ्ना दुई पाउको बीचमा शिर राखेर प्रार्थना गरिरहेकी किरातिनी रूप पार्वतीका कुरा सुनेर भगवान् शङ्करले आँखाको ज्वाला निभाई मन्द मुस्काउँदै भन्नुभयो– हे किरातिनी ! तिमी उठ । आज तिमीले देवताहरूको रक्षा गऱ्यौ। मेरा पाउमा आफ्नो शिर राखेर लम्पसार भएकी तिम्रो वचन र प्रेमलाई ख्याल गरेर मैले यी देवताहरूको रक्षा गरें ।।२०–२१।। यति भन्नुभएपछि भगवान् शङ्करले किरातिनीको रूपमा रहेकी पार्वतीलाई स्नेहपूर्वक आलिङ्गन गरी आफ्नो काखमा राख्नुभयो। त्यसपछि साँढेमा सवार भई ती किरातिनीका साथ कैलास जान प्रस्थान गर्नुभयो ।।२२।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे कामदहनं नाम चतुरशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'तपोनिरत शिवजीद्वारा तपस्यामा विघ्न पैदा गर्ने कामदेवको दहन' शीर्षकान्वित चौरासीऔं अध्याय पूर्ण भयो ।।८४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चाशीतितमोऽध्यायः { ८५ अध्याय }

क उवाच

शिवस्यालिङ्गनाद् भिल्ली मदनानलदीपिता ।
नाप क्वापि सुखं देवी निर्जले शफरी यथा ।।१।।

पतिता जलमध्ये सा शीतलोशीरशालिनी ।
न शर्म लेभे तत्रापि स्थले निद्रां न चालभत् ।।२।।

कर्पूरचन्दनं तस्या अधिकं तापमादधे ।
न शीतलपदार्थोऽस्याः कोऽपि सन्तोषमादधे ।।३।।

एवं बहुतिथे काले साऽस्थिचर्मावशेषिता ।
ततो गिरिशमागम्य गिरिजा गिरमब्रवीत् ।।४।।

न त्वं मृशसि मां देव! कामवस्थां गताऽस्मि ह ।
दग्धोऽपि मदनो मह्यमत्यन्तं पीडयत्यहो ।।५।।

नानोपायाः कृतास्तस्य शान्तये न च साऽभवत् ।
येनोपायेन शान्तिः स्यात् स तं कुरु मम प्रभो ।।६।।

इति वाक्यं समाकर्ण्य प्रियायाः प्रियकृद्धरः ।
रहस्येतां करे कृत्वा पर्यङ्के पर्यवेशयत् ।।७।।

रेमे तया यथेष्टं स मदनेन वशीकृतः ।
मृतेनापि कृतं तेन महत्कार्य सुरेरितम् ।।८।।

अनङ्गेन समो नैव धन्वीति यश आप्तवान् ।
तयोस्तु क्रीडतोर्याताः षष्टिसाहस्त्रवत्सराः ।।९।।

भ्रष्टस्थाना मुनिसुराः श्रुत्वा मदनचेष्टितम् ।
कैलासं पुनरायातास्तत्र क्रीडारतं हरम् ।।१०।।

ज्ञात्वा तूष्णीं स्थितास्तत्र चिन्ताव्याकुलचेतसः ।
तारकासुरभीतास्ते पुनर्गह्वरमागताः ।।११।।

कदा वधो भवेदस्य कदा स्थानानि याम च ।
करिष्यति कदा शम्भुरस्माकं दुःखनाशनम् ।।१२।।

ब्रह्माजीले भन्नुभयो – सदाशिवले आलिङ्गन गर्नुभएका कारण पार्वतीरूप किरातिनी कामदेवको सन्तापबाट सन्तप्त भइन् । जल नभएको ठाउँमा माछा तड्पिएझैं तिनले कहीं गएर पनि सुख र शान्ति पाउन सकिनन् ।।१।। शरीरमा शीतल उशीरको लेपन गरेकी ती किरातिनी कामसन्ताप नाश गर्न पानीमा गएर डुब्रिन् । त्यहाँ पनि सुख पाउन सकिनन् । स्थलमा आउँदा पनि निद्रा पटक्कै लागेन, कपूर र चन्दनको लेपनले पनि सन्तापमात्र बढ्यो र कुनै पनि ठण्डा पदार्थले यिनलाई सन्तोष र तृप्ति दिन सकेन ।।२-३।। यसरी ती किरातिनी धेरै समयसम्म हाड र छालामात्र थामेर बाँचिन् । त्यसपछि तिनले पार्वतीका रूपमा प्रकट भएर शिवजीसँग निवेदन गरिन् – हे देव ! के तपाइँले मलाई क्षमा दिनुहुन्छ ? हेर्नुहोस् त म कुन हालतमा पुगेकी छु । अहो ! डढेको कामदेवले पनि मलाई कति सताइरहेको छ ? मैले कामदेवको पीडाबाट मुक्ति पाउन अनेक उपाय गरें तर ती उपायबाट कामवेदना शान्त हुन सकेन । हे प्रभो ! कुन उपायबाट मेरो कामवेदना शान्त हुन्छ र मलाई शान्ति प्राप्त हुन्छ ? त्यो उपाय गर्नुहोस् ।।४-६।। पार्वतीका वचन सुनेर आफ्नी प्रियाका लागि प्यारो कार्य गर्न चाहने शिवजीले एकान्तमा पार्वतीलाई हातले समातेर पलङ्गमा शयन गराउनुभयो ।।७।। कामदेवका वशमा परेर शिवजीले ती पार्वतीका साथ इच्छाअनुसार दीर्घकालसम्म रमण गर्नुभयो । मरेका कामदेवले पनि शिवजी र पार्वतीलाई उत्तेजित गराई देवताको कार्यमा सघाउ पुऱ्याए ।।८।। कामदेवसमान ठूला धनुर्धारी संसारमा कुनै छैनन् भन्ने नाम पनि कमाए । शिवजी र पार्वतीको कामक्रीडाका साठी हजार वर्ष बितेपछि मुनि र देवताहरू कामदेवको पराक्रममय चरित्र सुनेर कैलास आए। त्यहाँ तिनीहरूले शिवजीलाई कामक्रीडामा रत रहनुभएको थाहा पाएर चिन्ताले चित्तलाई व्याकुल बनाउँदै मौन भएर बसिरहे । त्यसैबेला तारकासुरको भयले सन्त्रस्त भएर ती सबै हिमालयको गुफामा फर्के।।९-११।। कहिले तारकासुरको वध हुन्छ ? कहिले हामी आ-आफ्ना ठाउँमा पुग्नेछौं ? र कहिले भगवान् शिवजीले हाम्रा दुःख नाश गर्नुहुन्छ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति चिन्तार्णवे मग्ना यावद् ब्रह्मादयः सुराः ।
तावदूचे सुराचार्यो वाक्यं मे शृणुतानघाः ।।१३।।

प्रेषयन्त्वखिला वह्निं रूपान्तरधरं हरम् ।
स हरं बोधयित्वाऽऽशु भवत्कार्यं भविष्यति ।।१४।।

ततस्ते वह्निमाकार्य तुष्टुवुर्विविधैः स्तवैः ।

देवा ऊचुः

त्वत्तो यज्ञक्रिया ब्रह्मन् ! संस्काराः सर्व एव हि ।।१५।।

अपां त्वमसि हेतुश्च देवानां मुखमेव च ।
अग्निहोत्रप्रणेता त्वं गार्हपत्यादिनामभिः ।।१६।।

त्वमेव पिबसीशाब्धिवारि नित्यं महत्तरम् ।
त्वमेव पचसे नृणां जठरे षड्रसानपि ।।१७।।

त्वमेव सर्वजन्तूनां सन्धौ सन्धौ विचेष्टसे ।
त्वया त्यक्तं प्रेतसंज्ञां लभते दह्यते त्वया ।।१८।।

हेतुस्त्वमसि देवेश ! जन्तूनां प्राणधारणे ।
त्वयाद्भिश्च विना नान्नं पक्तुं शक्यं न च क्वचित् ।
त्वमेव ब्रह्मा रुद्रश्च सूर्यश्चानेकरूपधृक् ।।१९।।

त्वमेव जायसे मूलं क्रोधस्य जगदीश्वर ! ।
यत्र तत्र भवेत् तेजस्तत् तद् रूपं तवैव च ।।२०।।

अतस्त्वां प्रार्थयामोऽद्य त्रिलोक्या उपकारक ! ।
त्रैलोक्याक्रमणं तेन तारकेण कृतं विभोः ।।२१।।

जानासि तन्नभोवाणीं कामस्यापि च तां गतिम् ।
पार्वतीहरयोर्बोधं चिरक्रीडानिमग्नयोः ।।२२।।

कुरु गत्वाऽन्यरूपेण भिक्षां याचस्व तत्र वै ।
एवं कृते जगत्कार्यमस्माकञ्च भविष्यति ।।२३।।

यस्ता चिन्तामा डुबेका ब्रह्मा आदि देवतालाई देवगुरु बृहस्पतिले भने – हे निष्पाप देवताहरू! सुन्नुहोस्, तपाइँहरू सबै मिलेर अग्निलाई आफ्नो रूप परिवर्तन गरी शिवजीका समक्ष जान अह्राउनुहोस् । तिनले शङ्करलाई जगाउने छन् । उहाँ जाग्नुभएपछि छिटै तपाइँहरूको कार्य सिद्ध हुनेछ।।१२–१४।। त्यसपछि देवताहरूले पनि अग्निको आह्वान गरी अनेक किसिमका स्तुतिवाक्यहरूबाट स्तवन गरे।

देवताहरूले भने – हे अग्निदेव ! तपाइँबाट नै यज्ञ र संस्कारहरू सम्पन्न हुन्छन् ।।१५।। तपाइँ जलतत्त्वका कारण हुनुहुन्छ र देवताहरूलाई सुखसिद्धि गराउने साधन पनि हुनुहुन्छ। गार्हस्पत्य, आहवनीय र दक्षिण अग्निका नामबाट अग्निहोत्रका प्रणेता पनि तपाइँ नै हुनुहुन्छ ।।१६।। तपाइँले महासागरमा वडवानल बनेर सागरको जलपान गर्नुहुन्छ । तपाइँ नै मानिस आदि प्राणीका पेटमा जठराग्निका नामबाट रहेर ती प्राणीले खाएका ६ प्रकारका रस पचाउने काम गर्नुहुन्छ ।।१७।। तपाइँ सबै प्राणीहरूका प्रत्येक अङ्ग सन्धिमा रहेर चेष्टाका कारण बन्नुहुन्छ । तपाइँले त्याग गर्नुभएपछि प्राणी प्रेत बन्दछ र त्यसका शरीरको दाहका कारण पनि तपाइँ नै हुनुहुन्छ ।।१८।। तपाइँले नै प्राणीहरूको प्राणधारणमा सघाउ पुऱ्याउनुहुन्छ । अग्निरूप तपाइँ र जल नहुने हो भने फल र अन्नको पाक पनि सम्भव हुँदैन । तपाइँले ब्रह्मा, रुद्र, सूर्य आदि अनेक रूप धारण गर्नुहुन्छ। हे जगदीश्वर अग्नि ! तपाइँ नै क्रोधतत्त्वका कारण हुनुहुन्छ । जहाँ जहाँ तेजतत्त्व छ त्यहाँ त्यहाँ तेजतत्त्वका अन्तर्वस्तु बनेर तपाइँ विराजमान हुनुहुन्छ ।।१९–२०।। त्रिलोकीका उपकारक हे अग्नि देवता ! आज हामी तपाइँको प्रार्थना गर्दछौं । तारकासुरले त्रिलोकीमाथि नै आक्रमण गरी सबैलाई आफ्नो वशमा राखेको छ । तपाइँले आकाशवाणीले भनेका कुरा पनि सुन्नुभएको छ र कामदेवको दुर्दशा पनि देखिसक्नुभएको छ । चिरकालदेखि कामक्रीडामा निरत हुनुभएका शिव–पार्वतीलाई जगाउने काम तपाइँबाट मात्र हुनसक्छ । त्यस कारण त्यो काम गर्नुहोस् । तपाइँ अर्कै रूप लिएर शिव–पार्वतीका समक्षमा गई भिक्षा याचन गर्नुहोस् । तपाइँले भिक्षायाचना गर्दा संसार र हामी सबैका कार्य परिपूर्ण हुनेछन् ।।२१–२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इति देववचः श्रुत्वा काषायवसनो द्विजः ।
भूत्वा शुष्मा ययौ तत्र यत्रास्तां पार्वतीश्वरौ ।।२४।।

क्रीडासक्तौ बहिः स्थित्वा भिक्षां देहीत्युवाच सः ।
त्रिवारं प्लुतशब्देन द्वाभ्यामपि श्रुतः स्वनः ।।२५।।

ऊचतुर्विस्मितौ तौ तु परस्परमुभौ वचः ।
परिधत्तांशुके स्वे स्वे कुतोऽत्रायं समागतः ।।२६।।

किमस्मै च प्रदातव्यमिति चिन्तां च चक्रतुः ।
उमाञ्जलावधाद् वीर्यमक्षमा तस्य धारणे ।।२७।।

जानती भाविनं चार्थं ददौ सा भिक्षुकाय तत् ।
भूमौ त्यक्तं दहेदेतत् त्रैलोक्यं सचराचरम् ।।२८।।

हरवीर्यमित्यपिबद् वह्निः शापभयात् तयोः ।
गर्भवानलो जातो लज्जावानपि तापवान् ।।२९।।

यत्र यत्र ययौ वह्निः शर्म लेभे न तत्र वै ।
उषस्युत्थाय गङ्गायां तुलासंस्थे दिवाकरे ।।३०।।

स्नातुं यावत् स शौचादि कुरुते तावदेव ह ।
आगताः षट् स्त्रियस्तत्र स्नातुमूर्जे समाहिताः ।।३१।।

अग्निना यत् समुत्सृष्टं गङ्गेयञ्च हरप्रिया ।
धारयिष्यति शक्ता चेज्जलरूपा सुशीतला ।।३२।।

शिववीर्यञ्च तत् ताभिः प्राशितं षड्विभागतः ।
तस्मिन्नेव क्षणे सोऽग्निरन्तर्द्धिं समपद्यत ।।३३।।

अङ्कुशानि च यातानि दूरदेशं गतेऽनले ।
परिधाय स्ववस्त्रं तास्ततो याता निजं गृहम् ।।३४।।

ब्रह्माजीले भन्नुभयो - देवताहरूका उक्त प्रार्थना वचन सुनेर अग्नि पहेंलो वस्त्र धारण गर्ने ब्राह्मणको रूप लिई शिव-पार्वतीले विहार गर्नुभएको ठाउँमा पुगे ।।२४।। तिनले बाहिर उभिएर भिक्षा दिनुहोस्! भन्ने अर्थमा **भिक्षां देहि! भिक्षां देहि!! भिक्षां देहि !!!** भनेर प्लुत स्वरमा उक्त वाक्यलाई तीन पटक दोहोऱ्याए । उच्चारण गर्नासाथ शिव र पार्वतीले ती वाक्य सुन्नुभयो । शिव र पार्वती त्यो स्वर सुनेर चकित भई आ-आफ्ना लुगा लगाएर परस्परमा कुरा गर्नुभयो। हामी यसरी विहार गरिरहेको बेला यो भिक्षुक कहाँबाट यहाँ आइपुग्यो ? यस्तो अवस्थामा हामीसँग भिक्षा दिने पदार्थ के छ ? के दिने हो? भन्ने चिन्ता पनि व्यक्त गर्नुभयो । त्यस बेला अरू उपाय नदेखेर शिवजीले आफ्नो वीर्य पार्वतीका हातमा राखिदिनुभयो र भिक्षा देऊ भन्नुभयो । त्यो वीर्यलाई धारण गर्न असमर्थ पार्वतीले आगामी प्रयोजनसमेत आत्मसात् गरी हातमा थापेको त्यो वीर्य भिक्षुकलाई प्रदान गर्नुभयो । भिक्षुकका रूपमा आएका अग्निले 'शिवजीको यो वीर्यले तीनै लोक खरानी बनाउन सक्छ र शिव-पार्वतीले सराप पनि दिनसक्नु हुन्छ, त्यस कारण मैले भुईंमा फ्याँक्न हुँदैन' भनी त्यो वीर्य आफै पान गरे । वीर्यपान पछि अग्निदेवलाई गर्भधारण गर्न विवश हुनुपऱ्यो । लाज पनि भयो र सन्ताप पनि ।।२५-२९।। अग्निदेव जहाँ जहाँ गए, त्यहाँ त्यहाँ उनले सुख-शान्ति पाएनन् । कार्तिक महिना थियो, सूर्य तुला राशिमा थिए, त्यो महिनाको कुनै दिन अग्नि बिहानै उठे र नुहाउनुभन्दा पहिले शौच आदि कार्य गर्न बाहिर गए । त्यस बेला ६ वटी ऋषि पत्नीहरू गङ्गामा कार्तिकस्नान गर्ने उद्देश्यले त्यतातर्फ आए। अग्निले पनि 'यी शिवजीकी प्यारी गङ्गाले यो वीर्य धारण गर्ने छिन् किनकि यी गङ्गा जलरूप र शीतल पनि छन्' भन्ने विचार गरे। उनले गङ्गामा आफूले धारण गरेको शिववीर्य प्रवाहित गरे । गङ्गा स्नान गर्न लागेका ६ वटी ऋषि-पत्नीहरूले गङ्गामा चम्किएको त्यो शिवजीको वीर्यलाई भाग लगाए खाए। त्यस बेला त्यो वीर्यको आगोले ऋषि पत्नीहरूको गर्भमा पोल्न थाल्यो। अत्यन्त तापका कारण ती ऋषिपत्नीहरूले शरीरका कपडाहरू फ्याँकि। स्नानपछि ती सबै ऋषिपत्नीहरू आ-आफ्ना वस्त्रधारण गरी घरतर्फ गए ।।३०-३४।। त्यहाँ तिनका पतिहरूले आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दद‍ृशुः पतयस्तासां मुखान्यत्युज्ज्वलानि च ।
गर्भिण्य इति ते ज्ञात्वा ज्ञानदृष्ट्या मुनीश्वराः ।।३५।।

बहिश्चक्रुर्गृहात् सर्वा न प्रदर्श्यं मुखं त्विदम् ।
ताः समेत्य पुनर्गङ्गां तीरे शरसुशोभिते ।।३६।।

मुमुचुः स्वस्वगर्भं ताः शुद्धाः स्नाता गृहान् ययुः ।
षट्सु तासु प्रयातासु स्वं स्वं गर्भं विमुच्य वै ।।३७।।

षण्मुखो द्वादशभुजो बालस्तत्र व्यजायत ।
तस्य हुङ्कारमात्रेण निपेतुर्भानि खाद् भुवि ।।३८।।

चकम्पे धरणी सर्वा शेषः पातालमेव च ।
द्रुमा उन्मूलिताः सूर्यो नीहाराच्छादितोऽभवत् ।।३९।।

एतस्मिन्नन्तरे तत्र नारदो दिव्यदर्शनः ।
कैलासं गिरिशं द्रष्टुं गच्छन् मार्गे ददर्श तम् ।।४०।।

अतिदीप्ततरं बालं दुर्दर्शं बलवत्तरम् ।
प्रणिधानेन तं ज्ञात्वा तूष्णीं कैलासमाययौ ।।४१।।

उवाच पार्वतीं शम्भुं वृत्तान्तं सर्वमेव च ।
जहर्ष पृथिवी सर्वा ज्ञात्वा तं गिरिशात्मजम् ।।४२।।

देवदुन्दुभयो नेदुर्गन्धर्वा जगुरद्भुतम् ।

नारद उवाच

आगच्छता मया दृष्टो गौरि! मार्गे तवात्मजः ।।४३।।

षण्मुखो द्वादशभुजो सूर्यकोटिसमप्रभः ।
गङ्गातीरे निपतितस्त्यक्तस्ते षण्मुखो नु किम् ।।४४।।

कोटिकन्दर्पशोभाढ्यो गर्जितक्षोभिताखिलः ।
कथं निष्ठुरताऽकारि गौरि ! सुन्दरबालके ।।४५।।

क उवाच

इत्युक्त्वाऽन्तर्हिते तस्मिन् गौरी बालकमभ्यगात् ।।४६।।

पत्नीहरूको तेजोमय अनुहार देखेर यी गर्भिणी भएकी छन् भन्ने ज्ञानदृष्टिबाट थाहा पाए। त्यसपछि ऋषिहरूले आ–आफ्ना पत्नीहरूलाई तिमीले मुख नदेखाऊ भनी घरबाट निकालिदिए। गङ्गातीरमा आएका ती ऋषिपत्नीहरूले शरनामक झार भएको ठाउँमा आ–आफ्ना गर्भ परित्याग गरे । त्यसपछि स्नान गरी घर–घरमा गए । ती ६ वटी ऋषिपत्नीहरू फर्किएपछि गर्भपात गरेको ठाउँमा ६ मुख र १२ हात भएका बालक उत्पन्न भए । बालकले हुँकार गर्दा नक्षत्रहरू आकाशबाट भुईंमा खसेका थिए । पृथिवी, शेषनाग र पाताल पनि कम्पायमान भए । रूखहरू जरैबाट ढल्न थाले। सूर्य तुवाँलोले ढाकिए । त्यस बेला त्यहाँ दिव्य शरीरधारी देवर्षि नारदजी आइपुगे । शिवजीको दर्शन गर्न कैलास जाने प्रसङ्गमा बाटामा अत्यन्त चहकिलो र पराक्रमी बालकलाई देखेर ध्यानदृष्टिबाट सबै कुरा थाहा पाएका ती नारदजी त्यसपछि कैलास गए ।।३५–४१।। त्यहाँ तिनले पार्वती र परमेश्वरलाई हात जोडेर आफूले देखेको घटना बताए। शिवजीलाई छोरा जन्मेको थाहा पाएर सारा पृथिवीमण्डल आनन्दमग्न भयो ।। देवताका बाजा बजे, र गन्धर्वले गाना गाए। त्यसपछि नारदजीले पार्वतीलाई भन्नुभयो– 'हे आमा पार्वती ! मैले बाटामा आउँदा ६ मुख र १२ हात भएको सूर्यसमान उज्ज्वल तपाईंको बालकलाई देखेको थिएँ। अग्निले गङ्गातीरमा फ्याँकिको वीर्यलाई ऋषिपत्नीहरूले पान गरेका थिए। फेरि तिनले पनि असह्य भएर त्यो गर्भ फ्याँकिदिए। फ्याँकिएको गर्भ नै तपाईंका छोरा षण्मुखका रूपमा देखापरेको हो कि?।।४२–४४।। ती बालक करोडौं कामदेवभन्दा पनि राम्रा छन् । गर्जनबाट तिनले सारा त्रिलोकीलाई कम्पायमान तुल्याएका थिए। हे भगवती गौरी! तपाइँ ती सुन्दर बालकलाई जन्मेको थाहा पाएर पनि यहीं बसिरहनुभएको छ । किन यति निष्ठुर हुनुभयो ?' ।।४५।।

ब्रह्माजीले भन्नुभयो – यसरी पार्वतीसँग कुरा गरेपछि नारदजी अन्तर्धान भए र पार्वती पनि बालकका समीपमा जानुभयो ।।४६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे स्कन्दावतरणं नाम पञ्चाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'स्कन्दको अवतरण' शीर्षकान्वित पचासीऔं अध्याय पूर्ण भयो ।।८५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षडशीतितमोऽध्याय: { ८६ अध्याय }

क उवाच

दृष्ट्वा सा तादृशं बालं स्नेहस्नुतपयोधरा ।
आलिलिङ्ग मुदा बालं तद्धस्तहृदया सती ।।१।।

तामूचे मम बालोऽयं गङ्गा गम्भीरनिस्वना ।
ममायमिति तां प्राह वह्निर्बालो गिरेः सुताम् ।।२।।

कृत्तिकाद्याश्च तां प्राहुरस्मज्जातोऽयमर्भकः ।
अस्माकमेव बालोऽयमिति चुक्रुशुरातुराः ।।३।।

एवं विवदमानास्ता याता वह्निपुरोगमाः ।
कैलासे देवनिलये गिरिशं चन्द्रशेखरम् ।।४।।

गौरी विवेश प्रथमं कटिन्यस्तस्वबालका ।
शिवो गृहीत्वा तं स्वाङ्के शिरस्याघ्राय मन्त्रतः ।।५।।

रमयामास परया मुदा देवस्त्रिलोचनः ।
गङ्गा वह्निः षट्स्त्रियस्ता गृहं जग्मुर्यथागतम् ।।६।।

तन्नामकरणार्थाय ब्रह्माणञ्च बृहस्पतिम् ।
आहूय शिव ऊचे तौ नामास्य क्रियतामिति ।।७।।

ब्रह्मबृहस्पती ऊचतुः

कार्तिके मासि जातोऽयं कार्तिकेय इति स्फुटम् ।
नामास्य प्रथमं देव ! पार्वतीनन्दनोऽपि च ।।८।।

शरद्वीपेऽयमुत्पन्नः शरजन्मा ततोऽपि च ।
कृत्तिकाभ्योऽपि जातत्वात् कार्तिकेय इति स्मृतः।।९।।

यतोऽस्य मातरः षट् ताः स षाण्मातुर इत्यपि ।
अयं पुत्रस्तारकजित् तारकञ्च विजेष्यति ।।१०।।

देवसेनापतिर्भावी सेनानीरिति शब्दितः ।
तत एव महासेनः षण्मुखत्वात् षडाननः ।।११।।

ब्रह्माजीले भन्नुभयो – ६ वटा मुख र १२ वटा हातले शोभायमान बालकलाई देखेर स्नेहले स्तनबाट दूधका धारा बगाइरहेकी भगवती गौरीले ती बालकमा आफ्नो हृदयको माया समर्पित गर्दै सहर्ष आलिङ्गन गर्नुभयो ।।१।। त्यसैबेला गम्भीर स्वरले निनाद गर्नुहुने भगवती गङ्गाले पनि पार्वतीलाई देखेर हे पार्वती ! यो तपाइँको होइन, मेरो छोरा हो भन्नुभयो । अग्निदेवले पार्वतीलाई यो तपाइँको होइन, मेरो छोरा हो भने ।।२।। कृत्तिका आदि ६ वटी ऋषिपत्नीहरूले पनि यो बालक हाम्रो गर्भबाट उत्पन्न भएको हुँदा यो हाम्रो हो भनी आतुरभावले आत्मीयता प्रकट गरे ।।३।। यसरी विवाद गरिरहेका ती सबै अग्निदेवलाई अगाडि लगाएर कैलासमा विराजमान चन्द्रशेखर शिवजीको समीपमा गए ।।४।। कम्मरमा बालकलाई बोकिरहेकी पार्वती सर्वप्रथम शिवजीका सामु पुग्नुभयो । शिवजीले पार्वतीको काखबाट बालकलाई तानी मन्त्र उच्चारण गर्दै शिरमा सुँघेर आफ्नो काखमा राख्नुभयो।।५।। परम हर्षका साथ उहाँले बालकलाई खेलाउनुभयो । निराश भएका गङ्गा, अग्नि र कृत्तिका आदि ऋषिपत्नीहरू आफू आएको बाटोबाट फर्के ।।६।। सदाशिवजीले नामकरणका लागि ब्रह्मा र बृहस्पतिलाई बोलाई 'बालकको नामकरण गर्नुहोस्' भन्नुभयो।।७।।

ब्रह्माजी र बृहस्पतिले भन्नुभयो – हे सदाशिव ! यी बालक कार्तिक महिनामा उत्पन्न भएका कारण यिनको पहिलो नाम **कार्तिकेय** हुनेछ । यी जन्मदा पार्वतीलाई परम आनन्दको अनुभूति भएकाले यी **पार्वतीनन्दन**का नामबाट पनि प्रसिद्ध हुनेछन् ।।८।। शरद्वीपमा उत्पन्न भएका कारण यिनको अर्को नाम **शरजन्मा** रहनेछ । कृत्तिका आदि ऋषि पत्नीहरूको गर्भबाट उत्पन्न भएकाले पनि यिनलाई **कार्तिकेय** भन्नुपर्दछ।।९।। यिनलाई ६ वटी माताहरूले गर्भमा धारण गरेका कारण यी बालक **षाण्मातुर**का नामबाट पनि चिनिने छन् । यी बालक पराक्रमी हुनेछन् र पछि गएर यिनले तारकासुरमाथि विजय प्राप्त गर्नेछन्। त्यस कारण यिनलाई **तारकजित्** पनि भनिनेछ।।१०।। तारकासुरमाथि विजय गर्दा सेनापतिको रूपमा ठूलो सेना लिएर जाने हुनाले यिनलाई **सेनानी** भनिनेछ। यी देवताहरूका सेनापति हुनेछन् । त्यस कारण यिनलाई **महासेन** नामबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्कन्नं त्रिवारं रेतो यत् तेन स्कन्दोऽयमुच्यते ।
तयोस्तु वदतोरेवं शक्राद्या आययुः सुराः ।।१२।।

आननन्दुश्च नेमुस्तं पुपूजुस्तुष्टुवुर्जगुः ।
व्यानशे रोदसी दिव्यवाद्यशब्दो रसातलम् ।।१३।।

ततस्ते प्रार्थयामासुः सेनान्यं प्रणिपत्य च ।
त्रैलोक्यकण्टकं देव ! जहि त्वं तारकासुरम् ।।१४।।

नानाभिषेकसम्भारैः सेनापत्येऽभिषिच्य तम् ।
वैदिकैस्तान्त्रिकैर्मन्त्रैर्नानामुनिसमीरितैः ।।१५।।

ततोऽनुज्ञां गृहीत्वा ते देवाः स्वस्थानमागमन् ।
ऋषयोऽपि निरुद्योगास्तपस्तेपुर्यथा पुरा ।।१६।।

सेनान्यां विद्यमाने नो न भयं विद्यते क्वचित् ।
स बालो ववृधेऽत्यन्तं शुक्लपक्षे यथा शशी ।।१७।।

एकदा बालभावात् स उड्डीय शशिनं ययौ ।
ग्रहीतुं ब्रह्मणाऽवारि नेदृशं साहसं कुरु ।।१८।।

बुद्ध्या बृहस्पतिं शक्त्या जिगायेन्द्रञ्च सोऽर्भकः ।
एकदा सुखमासीनं पार्वत्या सहितं शिवम् ।।१९।।

प्रणम्य परिपप्रच्छ सर्वकामार्थसिद्धये ।

स्कन्द उवाच

पितर्मयाऽश्रावि महाकथा नानाविधाः शुभाः ।।२०।।

सर्वसिद्धिकरं देव ! पुत्रसम्पत्प्रवर्धनम् ।
सर्वपापहरं चैव धर्मार्थकाममोक्षदम् ।।२१।।

त्रैलोक्यस्य गुरोस्त्वत्तस्तृप्तिर्नास्ति तथापि मे ।
वद मे सर्वशत्रूणां जयकारि व्रतं शुभम् ।।२२।।

पनि पुकारिने छ। ६ वटा मुख धारण गर्नाले यी षडानन अथवा षण्मुखका नामबाट प्रसिद्ध हुनेछन्।।११।। यिनको उत्पत्ति हुने प्रसङ्गमा तीन पटकसम्म वीर्यपात भएकाले यिनलाई स्कन्द भनिनेछ । ब्रह्माजी र बृहस्पतिले यसरी नामकरणसम्बन्धी चर्चा गरिरहनुभएको बेला त्यहाँ इन्द्र आदि देवताहरू आइपुगे ।।१२।। ती देवताहरूले भगवान् शिवजी एवं भगवती पार्वतीलाई पुत्रजन्म भएको थाहा पाएर आनन्द मनाए, बालकको पूजा गरे, स्तुति गरे र हर्षपूर्वक मङ्गलगीत पनि गाए। देवताहरूले बजाएका दिव्य बाजाहरूको ध्वनि स्वर्ग, मर्त्य र पातालमा व्याप्त भयो ।।१३।। ती देवताहरूले पार्वतीपुत्र स्कन्दलाई प्रणाम गरेर 'तपाइँले त्रिलोकीको कण्टक तारकासुरलाई मार्नुहोस्' भनी प्रार्थना गरे ।।१४।। तिनीहरूले अभिषेकका अनेक सामग्री जम्मा गरी मुनिहरूको समूहद्वारा उच्चारण गरिएका वैदिक एवं तान्त्रिक मन्त्रघोषका साथ कार्तिकेयलाई सेनापति पदमा अभिषिक्त गरे । त्यसपछि ती देवताहरू आफ्ना सेनापति स्कन्दसँग आज्ञा लिएर आ-आफ्ना स्थानमा फर्के । आ-आफ्ना स्थानमा गएपछि यज्ञ आदि कर्मबाट वञ्चित ऋषिहरू पनि 'अब शिवपुत्र पैदा हुनुभयो, हामीलाई डर छैन' भनी तपस्यामा लागे । कैलासमा गौरी-शङ्करका पुत्र स्कन्द शुक्लपक्षका चन्द्रमाझैं बढ्न लागे ।।१५-१७।। एक दिन बालक स्वभावका कारण स्कन्द म चन्द्रमालाई समाउँछु भनेर चन्द्रमाका समीपमा पुगेका थिए । त्यस बेला यस्तो साहस गर्न हुँदैन भनी ब्रह्माजीले तिनलाई त्यसो गर्नबाट रोक्नुभयो ।।१८।। बालक स्कन्दले बुद्धिद्वारा बृहस्पति र शक्तिद्वारा इन्द्रलाई पनि तल पारेका थिए । एक दिन स्कन्दले पार्वतीका साथ सुखपूर्वक आसनमा विराजमान हुनुभएका शिवजीलाई प्रणाम गरी आफ्ना सबै कामनाहरूको सिद्धिका लागि प्रार्थना गरे ।

स्कन्दले भन्नुभयो – हे पिता ! मैले हजुरबाट अनेक प्रकारका कथाहरू सुन्ने मौका पाएको छु । त्रिलोकीका स्वामी हजुरबाट जति ज्ञान-गुन सुने पनि मलाई तृप्ति हुँदैन । अहिले मलाई सबै प्रकारका सिद्धि प्रदान गर्ने, पुत्र र सम्पत्ति बढाउने, सबै पाप नाश गर्ने, धर्म-अर्थ-काम एवं मोक्ष प्रदान गर्ने तथा सबै शत्रुहरूमाथि विजय दिलाउने उत्तम व्रतको विषयमा उपदेश गर्नुहोस् ।।१९-२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वर उवाच

सम्यक् पृष्टं त्वया स्कन्द! सर्वलोकोपकारकम् ।
व्रतं तेऽहं प्रवक्ष्यामि सर्वसिद्धिकरं नृणाम् ।।२३।।

सर्वपापक्षयकरं धर्मार्थकाममोक्षदम् ।
सर्वशत्रुक्षयकरं पुत्रसम्पत्प्रवर्धनम् ।।२४।।

अलक्ष्मीसङ्कटहरं गणनाथस्य तोषकृत् ।
यः करोति नरो भक्त्या सम्पूज्यस्त्रिदशैरपि।।२५।।

इच्छाविहारी भवति सृष्टिस्थित्यन्तकृच्च सः ।
दर्शनात् तस्य चान्येषां महापापं लयं व्रजेत् ।।२६।।

नास्त्येषां स्कन्द ! वरदचतुर्थीव्रततुल्यता ।
एवमाकर्ण्य वचनं सेनानीः शङ्करेरितम् ।।२७।।

पुनः पप्रच्छ पितरं महिमानं व्रतस्य सः ।

स्कन्द उवाच

विस्तरेण मम ब्रूहि माहात्म्यं व्रतसम्भवम् ।।२८।।

कस्मिन् मासि दिने चास्य प्रारम्भः क्रियते हर ! ।
को विधिः किं फलं चास्य कस्याभूत् प्रत्ययोऽस्य च ।।२९।।

एतन्मे सकलं ब्रूहि यदि तुष्टोऽसि शङ्कर ! ।
सर्वलोकोपकाराय व्रतस्यास्य प्रसिद्धये ।।३०।।

शिवजीले भन्नुभयो – हे स्कन्द! तिमीले राम्रो विषयमा मलाई अनुरोध गर्‍यौ । म तिमीलाई सबै लोकको उपकार गर्ने, सबै प्रकारका सिद्धि प्रदान गर्ने, सबै पाप नाश गर्ने, पुत्र र सम्पत्ति बढाउने, धर्म-अर्थ-काम र मोक्ष दिने, अलक्ष्मी नाश गर्ने, सबै शत्रुहरूको संहार गर्ने र भगवान् श्रीगणेशलाई सन्तोष प्रदान गर्ने उत्तम व्रतको उपदेश गर्नेछु । जुन मानिसले भक्तिपूर्वक त्यो व्रतको अनुष्ठान गर्नेछ, त्यो देवताहरूको पनि वन्दनीय हुनेछ र इच्छाअनुसार जहाँसुकै विचरण गर्न सक्नेछ । सृष्टि, स्थिति र संहारकर्ममा पनि कुशल हुनेछ । त्यस व्रतको अनुष्ठान गर्ने भक्तको दर्शन गर्नाले महापाप पनि विलीन भएर जानेछन् ।।२३-२६।। हे स्कन्द ! अरू व्रतहरूले उक्त महिमा भएको वरदचतुर्थी व्रतको समानता गर्न सक्दैनन्। स्कन्दले भगवान् शङ्करका वचन सुनेर वरदचतुर्थी व्रतको महिमा राम्ररी जान्ने प्रयोजनबाट फेरि प्रश्न गरे।

स्कन्दले भन्नुभयो – हे भगवन् शिवजी ! मलाई विस्तारपूर्वक वरदचतुर्थीको व्रतबाट हुने फलको विषयमा र उक्त चतुर्थीको महिमाको विषयमा बताउनुहोस् ।।२७-२८।। हे शिवजी ! यो व्रत कुन महिनामा प्रारम्भ गरिन्छ ? यस व्रतको विधि कस्तो छ? यसबाट के-के फल प्राप्त हुन्छन् ? कसले यो व्रत गरे र चिताए अनुसारका फल प्राप्त गरे ? हे शङ्कर ! हजुर प्रसन्न हुनुहुन्छ भने सबैको उपकार गर्न र वरदचतुर्थी व्रतलाई संसारमा प्रसिद्ध गराउन पनि मलाई यस व्रतको विषयमा उपदेश गर्नुहोस्। फेरि यस व्रतलाई अहिलेसम्म क-कसले सम्पन्न गरे ? र कस्ता फल प्राप्त गरे ? यी विषयमा पनि मलाई उपदेश गर्नुहोस् ।।२९-३०।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे स्कन्दोपाख्याने शिवस्कन्दसंवादो नाम षडशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'शिवजीद्वारा स्कन्दका निमित्त वरदचतुर्थीव्रतको महत्त्व- प्रकाशन' शीर्षकान्वित छयासीऔं अध्याय पूर्ण भयो ।।८६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्ताशीतितमोऽध्यायः { ८७ अध्याय }

शङ्कर उवाच

अहं ते कथयिष्यामि व्रतस्यास्य विधिं परम् ।
श्रावणे तु सिते पक्षे चतुर्थ्यामारभेद् व्रतम् ।।१।।

तिलामलककल्केन प्रातःस्नानं विधाय च ।
नित्यनैमित्तिकं सर्वं समाप्य क्रोधवर्जितः ।।२।।

शुचौ मण्डपिकां कृत्वा कदलीस्तम्भमण्डिताम् ।
इक्षुचामरपुष्पाढ्यामादर्शावलिशोभिताम् ।।३।।

तन्मध्ये कलशं स्थाप्य वस्त्रयुग्मेन वेष्टितम् ।
तत्र चाष्टदलं पद्मं कारयेच्चन्दनेन तु ।।४।।

गुरोराज्ञां गृहीत्वा च पूजाद्रव्याणि प्रोक्षयेत् ।
उपचारैः षोडशभिः पूजयेद् गणनायकम् ।।५।।

काञ्चनं राजतं वापि स्वस्वशक्त्या विनिर्मितम् ।
एकविंशतिपक्वान्नैरेकविंशतिसङ्ख्यकैः ।।६।।

गजाननाय देवाय नैवेद्यं परिकल्पयेत् ।
एकविंशतिमुद्रास्तु दक्षिणार्थं निवेदयेत् ।।७।।

सौवर्णी राजतीर्वापि वित्तशाठ्यविवर्जितः ।
एकविंशतिदूर्वाश्च श्वेता वा हरिता अपि ।।८।।

अर्पयेद् देवदेवाय मन्त्रपुष्पाञ्जलिं तथा ।
ब्राह्मणान् वेदविदुषः पूजयेदेकविंशतिम् ।।९।।

भोजयेत् तादृशान्नेन तावद् दानानि दापयेत् ।
नमेत् क्षमापयेत् पश्चादच्छिद्रमिति वाचयेत् ।।१०।।

पार्थिवस्य गणेशस्य विधानं कथितं पुरा ।
पूजाप्रकारः सोऽप्यत्र सर्व एव उदाहृतः ।।११।।

कथां तामेव शृणुयात् पश्चाद् बन्धुयुतः स्वयम् ।
ध्यायन् गणेशं भुञ्जीत मौनेनोपवसेत वा ।।१२।।

शङ्करले भन्नुभयो- हे स्कन्द! म तिमीलाई वरदचतुर्थीव्रत सम्पादन गर्ने उत्तम विधि बताउँछु । श्रावण महिनाको शुक्लपक्षको चतुर्थी तिथिका दिन वरदचतुर्थी व्रतको आरम्भ गर्नुपर्दछ ।।१।। प्रातःकालमा तिलको पिना र अमलाको धूलोले स्नान गरेर नित्य-नैमित्तिक सबै कर्म समाप्त गरी क्रोधरहित एवं प्रसन्न भएर रहनुपर्दछ ।।२।। त्यसपछि पवित्र स्थानमा ऊँखु, चमर र फूलले युक्त ऐनाहरू टाँगिएको, केराका स्तम्भहरूले सुहाएको एउटा राम्रो मण्डप बनाउनुपर्दछ ।।३।। मण्डपको माझमा २ वटा कपडाले ढाकिएको एउटा कलशमाथि थाली राखेर त्यसमाथि चन्दनले अष्टदल कमलको चिह्न बनाउनुपर्दछ ।।४।। गुरुको आज्ञा लिएर पूजा आरम्भ गरी त्यहाँ प्रयोग गरिने पदार्थहरूलाई शुद्ध जलले सिञ्चन गरेर पवित्र तुल्याउनुपर्दछ त्यसपछि षोडशोपचारबाट सुन अथवा चाँदीबाट बनेको प्रतिमामा श्रीगणेशको पूजा गर्नुपर्दछ । पूजा गर्दा एक्काइस प्रकारका पक्वान्न तयार गरी तिनबाट एक्काइस-एक्काइसको सङ्ख्यामा भगवान् श्रीगणेशलाई नैवेद्य टक्र्याउनुपर्दछ । पूजापछि दक्षिणा गर्दा पनि एक्काइस-एक्काइस रूपैयाँ दिनुपर्दछ ।।५-७।। सुनको मुद्रा होस् अथवा चाँदीको मुद्रा छुच्याइँ नगरीकन दक्षिणा दिनुपर्दछ । सेता अथवा हरिया एक्काइस- एक्काइस दूर्वाङ्कुर श्रीगणेशलाई अर्पण गर्नुपर्दछ। यसैगरी एक्काइस पटक मन्त्रपुष्पाञ्जलि प्रदान गरी एक्काइस जना वेदका ज्ञाता ब्राह्मणहरूको पूजा गर्नुपर्दछ। ती ब्राह्मणहरूलाई पनि एक्काइस प्रकारका अन्नका भोजन टक्र्याएर तृप्त गराउनुपर्दछ । अन्तमा तिनलाई एक्काइस प्रकारका दानहरू दिनुपर्दछ । यसरी दान दिएपछि प्रणाम गरी क्षमायाचना गर्दै ती ब्राह्मणहरूबाट मैले गरेका व्रतको प्रभावले मेरा कामना सिद्ध होऊन् भनी अच्छिद्रवाचन गराउनुपर्दछ ।।८-१०।। श्रीगणेशको पार्थिव पूजनको विधि पहिले बताइसकिएको छ र वरदचतुर्थीमा पूजा गर्दा पनि उक्त विधिबाट नै पूजा सम्पन्न गर्नुपर्दछ ।।११।। पूजा सकेपछि बन्धु-बान्धवसहित कथा सुन्नुपर्दछ । श्रीगणेशको ध्यान गर्दै भोजन गर्नुपर्दछ अथवा मौन रही उपवास बस्नुपर्दछ ।।१२।। यसरी आरम्भ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं मासव्रतं कुर्याद् यावद् भाद्रचतुर्थिका ।
तस्यां महोत्सवः कार्यो यथाविभवमादरात् ।।१३।।

पूर्वोक्तेन विधानेन पूजयेद् गणनायकम् ।
रात्रौ जागरणं कार्यं गीतवादित्रनिःस्वनैः ।।१४।।

पुराणश्रवणैरन्यैर्नानाख्यानवरैरपि ।
सहस्रनाममन्त्रेण स्तुवीत द्विरदाननम् ।
प्रभाते विमलं स्नात्वा पूजयेद् द्विरदाननम् ।।१५।।

ब्राह्मणान् भोजयेद् भक्त्या शतं चैवैकविंशितम् ।
गोभूकाञ्चनवस्त्राणि भूषणानि धनानि च ।।१६।।

तेभ्यो दद्याद् यथाशक्ति दीनान्धकृपणेषु च ।
अशक्तौ भोजयेदेकविंशत्येकं तु वाडवान् ।।१७।।

ब्राह्मणाय प्रदातव्या मूर्तिश्चेद्धातुनिर्मिता ।
अन्यथा परमोत्साहैर्जलमध्ये विसर्जयेत् ।।१८।।

दिव्यवादित्रनिर्घोषैर्नरयानस्थितां च ताम् ।
छत्रध्वजपताकाभिर्वेदगीतादिनिःस्वनैः ।।१९।।

बालानां दण्डयुद्धैश्च तां विसृज्य गृहं व्रजेत् ।
व्रतमेवं तु यः कुर्यादेकवारं षडानन! ।।२०।।

सर्वान् कामानवाप्यैव गाणेशं पदमाप्नुयात् ।
ब्रह्मणाऽकारि सृष्ट्यर्थमेकार्णं जपता मनुम् ।
प्रत्यक्षो विकटस्तस्य सामर्थ्यं विविधं ददौ ।।२१।।

विष्णुनाऽप्रापि शक्तिश्च पालने कुर्वता व्रतम् ।
षडक्षरं महामन्त्रं जपता परमाद्भुतम् ।।२२।।

स्वेच्छावतारसामर्थ्यं ततः प्राप्तं षडानन ! ।
मयाऽप्यकारि पुत्रैतज्जपताऽष्टाक्षरं मनुम् ।।२३।।

वृत्रं च शम्बरं दैत्यं शक्रेण मदनेन च ।
जिघांसताऽकारि व्रतं तौ तौ जेतुञ्च शेकतुः ।।२४।।

गरेपछि भाद्र शुक्लपक्षको चतुर्थी तिथिसम्म मासव्रत सम्पन्न गर्नुपर्दछ। भाद्रशुक्लचतुर्थीका दिन आफ्नो शक्तिअनुसार श्रीगणेश महोत्सव मनाउनुपर्दछ ।।१३।। त्यस दिन पनि पहिले बताइएको विधानले श्रीगणेशपूजा गरी रातमा नृत्य, गीत र वाद्यवादन गरी जाग्राम बस्नुपर्दछ ।।१४।। पुराणश्रवणका साथै अनेक थरि कथाहरूको श्रवण गरेर श्रीगणेशसहस्रनामका नाममन्त्रहरूबाट भगवान् श्रीगणेशको स्तुति गर्नुपर्दछ । अर्को दिन निर्मल प्रातः भएपछि स्नान गरेर श्रीगणेशको पूजा गर्नुपर्दछ ।।१५।। एक सय एक्काइस जना ब्राह्मणहरूलाई भोजन गराएपछि तिनलाई गाई, भूमि, सुवर्ण, वस्त्र, गहना र धन टक्र्याउनुपर्दछ। यसैगरी यथाशक्ति दीन-दुःखी, अन्धाहरूलाई पनि वस्त्र आदि वितरण गर्नुपर्दछ। आफ्नो शक्ति नभएमा एक्काइस जना ब्राह्मणलाई मात्र भोजन गराए पनि हुन्छ। त्यति पनि नसक्ने मानिसले एक जना ब्राह्मणलाई भोजन गराए हुन्छ ।।१६-१७।। धातुबाट बनेको श्रीगणेशको प्रतिमा छ भने त्यो प्रतिमा ब्राह्मणलाई टक्र्याउनुपर्दछ । प्रतिमा पार्थिव वस्तुबाट तयार भएको छ भने त्यसलाई परम उत्साहका साथ जलको प्रवाहमा विसर्जन गर्नुपर्दछ ।।१८।। प्रतिमा विसर्जन गर्दा त्यसलाई नरयानमा राखेर बाजा-गाजासहित छाता-ध्वजा-पताकाले सजाएर, वेद र गीता आदि पवित्र ग्रन्थको पाठ गर्दै दण्डयुद्ध गर्ने बालकहरूलाई अगाडि लगाएर जल भएको ठाउँमा पुगी विसर्जन गरी घर फर्कनुपर्दछ । हे कार्तिकेय ! जसले यसरी एक पटकमात्र भए पनि यो व्रत गर्दछ, त्यसले आफ्ना सबै कामनाहरूका फल प्राप्त गरी श्रीगणेशको धाम पनि प्राप्त गर्दछ । ब्रह्माजीले सृष्टि गर्ने शक्ति प्राप्त गर्न श्रीगणेशको एकाक्षरी मन्त्र जप्दै यो व्रत सम्पन्न गर्नुभएको थियो । यस व्रतबाट भगवान् श्रीगणेश प्रसन्न हुनुभयो र उहाँले ब्रह्माजीलाई सृष्टि गर्न आवश्यक शक्ति प्रदान गर्नुभयो ।।१९-२१।। विष्णु भगवान्ले पनि संसारको पालन गर्न आवश्यक शक्ति प्राप्त गर्नका लागि ६ अक्षरको श्रीगणेशको महामन्त्र जप्दै यस अत्यन्त अद्भुत वरदचतुर्थी व्रतको अनुष्ठान गर्नुभएको थियो। तदनुसार उहाँले इच्छापूर्वक अवतार लिने शक्तिसमेत प्राप्त गर्नुभयो । मैले पनि इन्द्रद्वारा वृत्रासुरको हत्या गराउने र कामदेवद्वारा शम्बरासुरको हत्या गराउने इच्छा राखेर ८ अक्षरको श्रीगणेशको मन्त्र जप्दै व्रत गरेको थिएँ । उक्त व्रतको प्रभावबाट इन्द्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानासामर्थ्यवानस्मि संहरामि जगत्त्रयम् ।
यक्षगन्धर्वमुनिभिः किन्नरोरगराक्षसैः ।
अकारि स्वेष्टसिद्ध्यर्थं सिद्धचारणमानवैः ।।२५।।

एतत् त्वं स्कन्द ! वरदचतुर्थीव्रतमाचर ।
भविष्यसि रणेऽजेयो विख्यातो भुवनत्रये ।।२६।।

षडक्षरञ्च मन्त्रं ते ददामि वरदस्य ह ।

ब्रह्मोवाच

सुमुहूर्ते ददौ तस्मै शिवो दीक्षां षडक्षरीम् ।।२७।।

तदैव स ययौ स्कन्दस्तपस्तप्तुं द्विजोत्तम ! ।
सुनिर्मलतरे देशे वृक्षवल्लीसमाकुले ।।२८।।

बहुमूलफले रम्ये सरोवापीसुशोभिते ।
एकपादस्थितः स्कन्दस्तपस्तेपे सुदारुणम् ।।२९।।

व्रतं चकार विधिवद् यथोक्तं शम्भुना पुरा ।
अनुष्ठानाच्च मन्त्रस्य व्रतस्यास्य प्रभावतः ।।३०।।

प्रसन्नोऽभूत् तदैवास्य परमात्मा गजाननः ।
दर्शयामास सेनान्ये योगिध्येयमनुत्तमम् ।।३१।।

निजं रूपं महातेजाश्चतुर्भुजविराजितम् ।
महामुकुटसंशोभि कुण्डलाङ्गदशोभितम् ।।३२।।

एकदन्तं भालचन्द्रं शुण्डादण्डविराजितम् ।
पाशाङ्कुशकरं मालादन्तहस्तं सुशोभनम् ।।३३।।

मुक्तामणिगणोपेतं सर्पराजयुतोदरम् ।
दिव्यवस्त्रपरीधानं दिव्यगन्धानुलेपनम् ।।३४।।

अनेकसूर्यसङ्काशं तेजोज्वालासुदीपितम् ।
ददर्श षण्मुखस्तत्र विस्मयोत्फुल्ललोचनः ।।३५।।

वृत्रासुर र कामदेवले शम्बरासुरको वध गरेका हुन् ।।२२-२४।। यसै व्रतबाट म (शङ्कर) अनेक थरि शक्तिले सम्पन्न भई संहार गर्ने शक्ति प्राप्त गरेको हुँ । यक्ष, गन्धर्व, मुनि, किन्नर, सर्प, राक्षस, सिद्ध, चारण र मानिसहरूले पनि आफ्नो इष्ट सिद्धिका लागि वरदचतुर्थीको व्रत गरी सिद्धि प्राप्त गरेका हुन् ।।२५।। यस कारण हे स्कन्द ! तिमीले पनि वरदचतुर्थीको व्रत गर । यो व्रत सम्पन्न गर्दा तिमी युद्धमा अजेय हुनेछौ र तीनै भुवनमा विख्यात हुनेछौ । म तिमीलाई वरद श्रीगणेशको ६ अक्षरको मन्त्र उपदेश गर्दछु ।

ब्रह्माजीले भन्नुभयो- त्यसै बेला उत्तम मुहूर्तमा शिवजीले कार्तिकेयलाई ६ अक्षरको श्रीगणेश मन्त्रको दीक्षा दिनुभयो।।२६-२७।। भगवान् शङ्करबाट दीक्षाप्राप्त गरेपछि ती कार्तिकेय तपस्या गर्ने उद्देश्यले घरबाट निस्के । अनेक थरि वृक्षलता हुनाले रमणीय, कन्द, मूल, फलहरूद्वारा शोभायमान, तलाउ र पोखरीले भरिभराउ, उत्तम स्थानमा गएर एउटा खुट्टाले टेकेर तिनले घोर तपस्या गरे ।।२८-२९।। भगवान् शङ्करले बताएअनुसार वरदचतुर्थीको व्रत पनि सम्पन्न गरे । मन्त्रको जप र व्रतको प्रभावले देवताका पनि देवता परमात्मा गजानन छिटै प्रसन्न हुनुभयो । त्यसपछि स्कन्दलाई तेजोमय स्वरूपका र योगिध्येय श्रीगणेशले दर्शन दिनुभयो ।।३०-३१।। त्यस बेला भगवान् श्रीगणेश चार भुजाहरूले शोभायमान हुनुहुन्थ्यो । शिरमा महामुकुट सुहाएको थियो । कानमा कुण्डलहरू चम्किएका थिए । भुजाहरूमा केयूर सुहाएको थियो। एकदन्तका कारण अनुहार रमणीय देखिन्थ्यो । निधारमा चन्द्रमा सुहाएका थिए । लामो सूँढसहित हातमा पाश, अङ्कुश, माला र एकदन्त धारण गर्नुभएका उहाँ अत्यन्त आकर्षक मोती र मणिका मालाहरूले सुहाउनुभएको थियो। उहाँको नाभिमा शेषनाग बेरिएका थिए । दिव्य वस्त्र र अलङ्कार धारण गर्नुहुने उहाँको शरीरमा दिव्यगन्धको लेपन गरिएको थियो । उहाँ हजारौं सूर्यसमान तेजस्वी देखिनुहुन्थ्यो। तेजका ज्वालाहरूबाट प्रकाशमान चार-भुजाले सुहाएको उहाँको उत्तम स्वरूप अत्यन्त रमणीय थियो । स्कन्दले आश्चर्यले आँखा फैलाउँदै भगवान् श्रीगणेशको दिव्य स्वरूपको दर्शन गरे ।।३२-३५।। तेजोमय स्वरूपको दर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याकुलीभूतचित्तोऽसौ किमेतदित्यचिन्तयत् ।
मया यच्चिन्त्यतेऽन्यद् वा तद् वा विन्द्यां न चाप्यहम्।।३६।।
ततः पप्रच्छ तूष्णीं स को भवान् किञ्च नाम ते ।

गजानन उवाच

चिन्त्यते यो दिवारात्रौ त्वयैकाग्रेण चेतसा ।।३७।।
सोऽहं प्राप्तो वरं दातुं वद ते हृदि वाञ्छितम् ।
ददामि तुष्टस्तपसा षडानन ! गजाननः ।।३८।।

स्कन्द उवाच

विदुर्न देवा न च शास्त्रकारा
ब्रह्मादयः शेषमुखाश्च नागाः ।
तव स्वरूपं जगदीश ! सम्यग्,
अदर्शि तन्मे द्विरदाननाद्य ।।३९।।
तेनैव जातः परिपूर्णकामः
तथापि याचे तव देववाक्यात् ।
पराजयो मे न कदापि भूयात्
प्रत्यक्षतामेहि विचिन्त्यमानः ।।४०।।
अविस्मृतिः स्यात् तव पादपद्मे
सर्वेषु देवेषु वरिष्ठता च ।।४१।।
अलक्ष्यो लक्षतां यातः ततो लक्षविनायकः ।
नाम्ना ख्यातो भवात्र त्वं भक्तकामसुरद्रुमः ।

गणेश उवाच

सर्वं तद् भविता स्कन्द ! यद्यत् प्रार्थितमद्य मे ।।४२।।
अविस्मृतिश्च सान्निध्यं चिन्त्यमानस्य मे भवेत् ।
पराजयो रिपूणां ते देवश्रेष्ठ्यं भविष्यति ।।४३।।

ब्रह्मोवाच

एवं वरान् ददौ देवो मयूरं निजवाहनम् ।
ददौ स्कन्दाय सुप्रीतो विनयाच्च तपोबलात् ।।४४।।
मयूरध्वज इत्येवं नाम ख्यातं ततोऽभवत् ।

गर्दा सहन नसकी व्याकुल भएका स्कन्दले यस्तो के विचित्र दृश्य देखें ? भनी विचार गर्न लागे । मनमनै मैले जुन स्वरूपको चिन्तन गरिरहेको छु, त्यही स्वरूप हो अथवा होइन, म केही जान्न सकिनँ भने। त्यसपछि धैर्य लिएर स्कन्दले दिव्य-स्वरूपसँग सोधे- तपाइँ को हुनुहुन्छ? तपाइँको नाम के हो?

श्रीगणेशले भन्नुभयो - हे स्कन्द ! अहोरात्र एकाग्रचित्त भएर तिमीले जसको चिन्तन गरिरहेका छौ, त्यही म हुँ । तिमीलाई वरदान दिन म यहाँ आएको छु । आफूलाई मनमा लागेका कुराहरू बताऊ । म तिम्रो तपस्याबाट प्रसन्न छु । मेरो नाम गजानन हो ।।३६-३८।।

स्कन्दले भन्नुभयो - हे गजानन ! आज हजुरले ममाथि ठूलो कृपा गर्नुभएको छ । जुन रूपलाई देवता, शास्त्रकार, ब्रह्मा आदि ठूला देवता र शेष आदि नागहरूले पनि राम्ररी जान्न पाउँदैनन् । यस्तो हजुरको दिव्यस्वरूपको दर्शन गर्ने सौभाग्य मैले प्राप्त गरें ।।३९।। आज हजुरको दिव्य दर्शन पाएर मेरा सबै कामना पूर्ण भएका छन् । हे प्रभो ! यसो हो तापनि हजुरबाट मनमा लागेका कुरा भन भन्ने आज्ञा पाएकाले म केही याचना गर्दैछु । हे श्रीगणेश प्रभो ! कहिल्यै पनि युद्धहरूमा मेरो पराजय नहोस् । मैले हे श्रीगणेश प्रभु ! भनेर हजुरको संझना गर्दा दर्शन पाउन सकूँ ।।४०।। हजुरका चरणकमलको संझना गर्ने सामर्थ्य प्राप्त गर्न सकूँ । सबै देवताहरूमा उत्तम देवताका रूपमा रहन पाऊँ । मैले आज नचिताएको दर्शन पाएँ। मेरो लक्ष्य पूरा भयो। त्यस कारण हजुर भक्तका कामना पूरा गर्ने कल्पवृक्ष बनेर संसारमा लक्ष्यविनायकका नामबाट प्रसिद्ध हुनुहोस् ।

श्रीगणेशले भन्नुभयो- हे कार्तिकेय ! तिमीले कामना गरेका सम्पूर्ण फलहरू प्राप्त गर्नेछौ। तिमीले मलाई कहिले पनि बिर्सने छैनौ । श्रीगणेशको दर्शन पाऊँ भनेर प्रार्थना गर्नासाथ तिमीले मलाई आफ्नो नजिकमा पाउनेछौ । तिम्रा शत्रुहरू परास्त हुनेछन्। तिमी देवताहरूमा उत्तम देवता भनेर चिनिनेछौ ।।४१-४३।।

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशले स्कन्दलाई यसरी वरदान दिनुका साथै आफ्नो वाहन मयूर पनि दिनुभयो। स्कन्दको नम्रता र तपोबलबाट प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले स्कन्दलाई मयूरध्वज भन्ने नाम पनि दिनुभयो । त्यसपछि स्कन्द संसारमा मयूरध्वज नामबाट प्रख्यात भए । अन्तमा उहाँले स्कन्दलाई सम्बोधन गर्नुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गजानन उवाच

मृतिं यास्यन्ति हस्तात् ते तारकाद्या महासुराः ।।४५।।

लक्षविनायक इति नाम्नाऽहं भक्तवत्सलः ।
भविष्यामि चिरादत्र क्षेत्रे त्वद्वाक्यतोऽनघ ।।४६।।

ब्रह्मोवाच

एवमुक्त्वा तु विकटस्तत्रैवान्तर्हितोऽभवत् ।
ततः स्कन्दो महामूर्तिं कृत्वा स्थाप्य द्विजैः सह ।।४७।।

लक्षविनायक इति नाम चक्रे शुभं तदा ।
मोदकैर्लक्षसङ्ख्याकैः पुष्पैर्दूर्वाङ्कुरैरपि ।।४८।।

पूजयामास तां मूर्तिमन्यैर्द्रव्यैस्तथाविधैः ।
ब्राह्मणान् भोजयामास तावत्सङ्ख्यायुतान् शुभान् ।।४९।।

स्तुत्वा नत्वा ययौ स्कन्दः शङ्करं लोकशङ्करम् ।
मयूरमारुह्य ततः सर्वञ्चाकथयच्च तम् ।।५०।।

मयूरध्वज इति च नाम देवकृतं जगौ ।
तारकासुरनाशाय ययौ स्कन्दः शिवाज्ञया ।।५१।।

स्मृत्वा गजाननं देवं परिगृह्य शिवाशिषः ।
देवसेनापतित्वेऽसावभिषिक्तः सुरर्षिभिः ।।५२।।

सेनानीस्तारकं दृष्ट्वा युद्धं चक्रे महाबलः ।
लक्षवर्षान्तरे तं स मारयामास शक्तितः ।।५३।।

युद्धं तद् वर्णितुं शक्तिः शेषस्यापि न वै भवेत् ।
तारके निहते दैत्ये ननन्दुः सर्वदेवताः ।।५४।।

मुनयो लोकपालाश्च नागाश्च मानवास्तथा ।
मुमुचुः पुष्पवर्षाणि स्कन्दस्योपरि निर्वृताः ।।५५।।

सर्वदेवाश्च लोकाश्च स्वं स्वं स्थानं ययुस्तदा ।
स्वाहास्वधावषट्कारान् यथापूर्वञ्च चक्रिरे ।।५६।।

ब्रह्मोवाच

एवंप्रभावो देवोऽसौ कथितस्ते गजाननः ।
व्रतप्रभावोऽपि मया यथावत् ते निरूपितः ।।५७।।

श्रीगणेशले भन्नुभयो – हे स्कन्द ! तिम्रा हातबाट तारकासुर आदि ठूला दैत्य मर्नेछन् । म तिमीले तपस्या गरेको यस ठाउँमा तिम्रो प्रार्थना स्वीकार गरी लक्ष्यविनायकको नामबाट प्रसिद्ध भई भक्तवत्सल बनेर रहनेछु ।।४४-४६।।

ब्रह्माजीले भन्नुभयो – यसरी भगवान् श्रीगणेश स्कन्दलाई आशीर्वाद दिएर अन्तर्धान हुनुभयो । त्यसपछि स्कन्दले भगवान् श्रीगणेशको विशाल मूर्ति तयार गरी ब्राह्मणहरूद्वारा लक्ष्यविनायक भनी नामकरण गराए । एक लाखको सङ्ख्यामा लड्डू, फूल, दूर्वाङ्कुर र अन्य पदार्थहरू टक्र्याई भगवान् लक्ष्यविनायकको पूजा गरे। पूजापछि एक लाख ब्राह्मणहरूलाई निम्ता गरेर भोजन गराए । अन्तमा भगवान् श्रीगणेशको स्तुति र नमस्कार गरे । त्यसपछि स्कन्द संसारका कल्याणकारी देवता शङ्करलाई भेट्न श्रीगणेशले दिनुभएको मयूरमा चढेर कैलासतर्फ गए। त्यहाँ गएर तिनले भगवान् शङ्करलाई सबै कुरा निवेदन गरे ।।४७-५०।। स्कन्दले 'मलाई भगवान् श्रीगणेशले वाहनको रूपमा मयूर दिनुभएको छ र मयूरध्वज नाम पनि दिनुभएको छ' भन्ने कुरा पनि बताए। त्यसपछि स्कन्द भगवान् शिवजीबाट आज्ञा पाएर भगवान् श्रीगणेशको स्मरण गर्दै शिव-पार्वतीसँग आशीर्वाद मागी तारकासुरको वध गर्न प्रस्थान गरे । देवता र मुनिहरूद्वारा देवसेनापतिको पदमा अभिषिक्त भएका सेनापति स्कन्दले तारकासुरसँग ठूलो युद्ध गरे । त्यो युद्ध एक लाख वर्षसम्म चल्यो। त्यसपछि मात्र आफ्ना शक्तिबाट स्कन्दले तारकासुरको वध गरेका थिए ।।५१-५३।। तारकासुर र स्कन्दका बीच भएको युद्धको वर्णन गर्न शेषनाग पनि पूर्ण रूपमा समर्थ छैनन् । तारकासुर मरेपछि सबै देवता, मुनिगण, लोकपाल, नाग र मानवहरू पनि आनन्दित भएका थिए। आनन्दको सागरमा डुबुल्की मारिरहेका सबै देवता र मानिसहरू स्कन्दमाथि फूल वर्षाएर जय जयकार गर्दै आ-आफ्ना घरतर्फ गए। तारकासुरको वध भएकाले सबै मानिसहरू पहिलेजस्तै यज्ञ, याग, मन्त्रानुष्ठान, देवकार्य र पितृकार्य गर्न लागे ।।५४-५६।।

ब्रह्माजीले भन्नुभयो – हे वेदव्यास ! यस्ता विशिष्ट शक्ति भएका परमदेवता भगवान् गजाननको महिमा बताएँ । उहाँको व्रत गर्नाले प्राप्त हुने फलको विषयमा पनि बताएँ ।।५७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयस्त्रिंशत्कोटिसुरैरवध्योऽसौ महासुरः ।
स्कन्देन निहतः सङ्ख्ये देवव्रतप्रभावतः ।।५८।।

इन्द्रादिदेवतावृन्दैः पूजनीयोऽभवच्च सः ।

व्यास उवाच

अनुष्ठानं कृतं तेन कस्मिन् स्थाने समाधिना ।।५९।।
परमेण विशाखेन तन्मे ब्रूहि प्रजापते ।

ब्रह्मोवाच

अनुष्ठानं कृतं तेन यत्रास्ते घुसृणेश्वरः ।।६०।।

प्रसिद्धो वर्तते नाम्ना आसील्लक्षविनायकः ।
ऐलोऽभूत्तत्र नगरे पश्चाद् राजाऽभिविश्रुतः ।
तन्नाम्ना नगरं ख्यातं ततस्तदभवन्मुने ।।६१।।

तेंत्तीस कोटि देवताहरूद्वारा पनि अवध्य मानिएको महादानव तारकासुरलाई युद्धमा स्कन्दले वरदचतुर्थी व्रतको प्रभावबाट वध गर्न सकेका हुन् ।।५८।। यस कारण स्कन्द, इन्द्र आदि देवताहरूका पनि पूजनीय बनेर रहे ।

व्यासले भन्नुभयो - हे ब्रह्माजी ! स्कन्दले कुन ठाउँमा समाधि लगाएर वरदचतुर्थी व्रतको अनुष्ठान गरेका हुन् ? यस प्रश्नको उत्तर दिनुहोस् ।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! जहाँ भगवान् शिवजीको घुसृणेश्वर ज्योतिर्लिङ्ग छ, त्यहीं नै स्कन्दले उक्त मन्त्रानुष्ठान गरेका हुन् ।।५९-६०।। लक्ष्यविनायकको स्थापना पनि त्यहीं नै भएको हो। पछि त्यस नगरमा ऐल नाम गरेका राजा प्रसिद्ध भए । कालान्तरमा त्यो ठाउँ ऐलनगरका नामबाट प्रसिद्ध भयो ।।६१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे तारकवधो नाम सप्ताशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'वरदचतुर्थी व्रतको प्रभावबाट शिवपुत्र स्कन्दद्वारा तारकासुरको वध' शीर्षकान्वित सतासीऔं अध्याय पूर्ण भयो ।।८७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ अष्टाशीतितमोऽध्यायः { ८८ अध्याय }

मुनिरुवाच

श्रुतमाख्यानकं ब्रह्मन् ! गजाननव्रताश्रयम् ।
दग्धश्चेन्मदनस्तेन शङ्करेण रुषाग्निना ।।१।।

दृश्यते सर्वलोकेषु मदनोऽद्यापि तत् कथम् ।
एतत् कथय मे सर्वं विस्तराच्चतुरानन ।।२।।

व्यासले भन्नुभयो – हे भगवन् कमलासन ! भगवान् गजाननको व्रतसँग सम्बद्ध आख्यान मैले सुनें । भगवान् शङ्करले क्रोधको आगोद्वारा कामदेवलाई भस्म गराउनुभयो भन्ने कथा पनि सुनें। तर आज पनि सबै प्राणीहरूमा कामदेवको अस्तित्व देखिन्छ । यस्तो कसरी भयो ? यस विषयमा मलाई बताउनुहोस्।।१-२।।

ब्रह्मोवाच

तृतीयं तु तदा नेत्रं रुषोद्घाटितवान् हरः ।
अपराधं तु विज्ञाय मदनस्य रतिस्तदा ।।३।।

आक्रन्दती मृतं कामं हरान्तिकमुपागमत् ।
साष्टाङ्गं प्रणिपत्यैनं तुष्टाव च यथामति ।।४।।

ब्रह्माजीले भन्नुभयो – जुन बेला भगवान् शिवजीले क्रोधबाट तेस्रो आँखा खोल्नुभयो र कामदेव भस्म भए, त्यस बेला रति कामदेवको अपराध थाहा पाएर विलाप गर्दै भगवान् शङ्करका समीपमा गइन् । तिनले साष्टाङ्ग प्रणाम गरेर आफ्नो बुद्धिअनुसार भगवान् शङ्करको स्तुति गरिन् ।।३-४।।

रतिरुवाच

नमामि देवं गिरिजासहायं
वृषध्वजं भालविलोचनञ्च।
यः पाति लोकान् खलु सत्त्वयुक्तो
निर्माति लोकान् रजसा गुणेन ।।५।।

यः स्वेच्छया संहरतेऽखिलेशो
जगत् तमोविष्टतनुर्महेशः ।
यो नुः कपालं वहते जनानां
भिक्षाशनः पूरयतेऽखिलार्थान् ।।६।।

दीनानुकम्पी भगवान् महेशो
गतप्रियायाः शरणं ममास्ताम् ।
कर्तुं तथाऽकर्तुमदीनसत्त्वः
शक्तोऽन्यथा कर्तुमपीह देवः ।।७।।

स मे विधत्तां शरणं गतायाः
सौभाग्यमुच्चैर्मृतजीवनेन ।
नो चेदहं प्राणविसर्जनेन
यशः करिष्ये विपरीतमीश ।।८।।

रतिले भनिन्– हे वृषध्वज! हे त्रिनयन! हे गिरिजापति! भगवान् शङ्कर ! हजुरलाई प्रणाम गर्दछु । जुन भगवान्ले सत्त्व गुणको आश्रय लिएर जगत्को रक्षा गर्नुहुन्छ र रजोगुणको आश्रय लिएर जगत्को निर्माण गर्नुहुन्छ।।५।। जसले तमोगुणको आश्रय लिएर आफ्नो इच्छाले सम्पूर्ण जगत्को संहार गर्नुहुन्छ। जसले आफ्नो घाँटीमा नरमुण्डको माला धारण गर्नुहुन्छ, जसले भिक्षावृत्ति गरी भोजन गर्नुहुन्छ तापनि आराधकहरूका सम्पूर्ण कामना परिपूर्ण तुल्याउनुहुन्छ ।।६।। दीन–दुःखीहरूका लागि परम दयालु हे भगवन् महेश! आफ्ना प्रियको असामयिक मृत्युबाट व्याकुल र शोकाकुल मजस्ती नारीको शरण बन्नुहुनेछ। जुन ठूला देवता शिवजीले जे पनि गर्न सक्नु हुन्छ, केही नगर्न पनि सक्नु हुन्छ र हुने कुरालाई नहुने र नहुने कुरालाई हुने बनाउन पनि सक्नु हुन्छ ।।७।। यस्ता शिवजीले शरणमा आएकी मजस्ती नारीका मृत पतिलाई जीवन प्रदान गरेर ठूलो सौभाग्य प्रदान गर्नुहुनेछ भन्ने आशा गरेकी छु । त्यसो गर्नुभएन भने मैले प्राणत्याग गर्नेछु । मेरो प्राणत्यागबाट हजुरको कीर्तिमा दाग लाग्नेछ ।।८।।

ब्रह्मोवाच

एवं तया स्तुतः शम्भुः प्रसन्नस्तामथाब्रवीत् ।

ब्रह्माजीले भन्नुभयो – रतिद्वारा यसरी स्तुतिवचनद्वारा प्रार्थना गरिनुभएका भगवान् शङ्करले प्रसन्न मुद्रामा कुरा गर्नुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शम्भुरुवाच

वरं वृणु महाभागे कामपत्नि ! शुभानने ।।९।।

ददामि तुष्टः स्तोत्रेण सर्वान् कामान् हृदि स्थितान् ।
इत्थं शिववचः श्रुत्वा रतिर्हृष्टा प्रणम्य तम् ।।१०।।

सौभाग्यकामा तं देवं निजगाद भृशातुरा ।

रतिरुवाच

स्वामिन् ! यदि प्रसन्नश्चेच्छृणु मे परमं वचः ।।११।।

रसायां दिवि भूमौ वा कान्ताः स्युः कामिनीगुणाः ।
मम लावण्यलेशो न तेषु क्वाऽपि त्रिलोचन! ।।१२।।

मां दृष्ट्वा मुमुचुः शक्रमुख्या वीर्यमपत्रपाः ।
ततो मे महती लज्जा जाता मे तामपाकुरु ।।१३।।

लावण्यं च वृथा जातं विना कामेन शङ्कर ।
अयशो दहते मह्यं रतिः सा विधवेति च ।।१४।।

भर्तृदानेन देवेश! मां जीवय दयानिधे !।
एवं तया प्रार्थितोऽसौ शङ्करो लोकशङ्करः ।।१५।।

उवाच श्लक्ष्णया वाचा हर्षयन् कामयोषितम् ।

शिव उवाच

चिन्ता मां कुरु कल्याणि! न लज्जां कर्तुमर्हसि ।।१६।।

स्मृतमात्रस्त्वया बाले कामः स्याद् दृष्टिगोचरः ।
मनसा चिन्तितो वापि मनोभूरिति संज्ञितः ।।१७।।

पूरयिष्यति ते कामान् मान्या त्वञ्च भविष्यसि ।
विष्णोः सकाशादुत्पत्तिं रमायां प्राप्स्यते यदा ।।१८।।

भर्ता तव जने ख्यातो नाम्ना प्रद्युम्नसंज्ञितः ।
भविष्यति महाभागे ! गच्छेदानीं निजालयम् ।।१९।।

साऽऽगता शिववाक्येन मन्दिरं भृशसुन्दरम् ।
सस्मार तं पति सा तु पुरोऽनङ्गः समाययौ ।।२०।।

शिवजीले भन्नुभयो - हे भाग्यवती सुन्दरमुखी ! कामदेवकी पत्नी रति ! तिमीले वर माग । म तिम्रो स्तुतिबाट प्रसन्न छु र तिम्रा मनमा रहेका सबै कामनालाई पूरा गर्दछु । शिवजीका यी कुरा सुनेर आफ्नो सौभाग्यको कामना गरिरहेकी रतिले प्रसन्न भई भगवान्लाई प्रणाम गरिन् र अत्यन्त आर्त भएर बिन्ती गरिन् ।

रतिले भनिन् - हे जगत्का स्वामी शङ्कर ! हजुर प्रसन्न हुनुहन्छ भने मेरो सत्य वचन सुन्नुहोस् ।।९-११।। पाताल, मर्त्य र दिव्यलोकहरूमा जति पनि उत्तम गुणले सम्पन्न सुन्दरीहरू छन्, तिनमा मेरो सौन्दर्यको एउटा लेशमात्र पनि पाउन सकिंदैन। हे त्रिनयन ! इन्द्र आदि देवताहरूले मलाई देखेर निर्लज्ज भई वीर्यपात गरेका थिए, त्यसपछि मलाई धेरै लज्जाको अनुभूति भयो । मेरो त्यो लज्जाभावलाई हटाइदिनुहोस् ।।१२-१३।। हे शङ्कर ! मेरा पति कामदेवको देहत्यागपछि मेरो सौन्दर्य खेर गयो । विश्वकी सुन्दरी रति पनि विधवा भई- भन्ने ठूलो अपकीर्ति फैलियो । यो संझिदा मेरो मुटु पोल्छ ।।१४।। हे दयालु महादेव! मेरा पतिलाई जीवित गराएर मलाई जीवनदान दिनुहोस् । यसरी रतिद्वारा प्रार्थना गरिएपछि लोककल्याणकारी भगवान् शङ्करले मधुरवाणीबाट रतिलाई खुसी गराउँदै उपदेश दिनुभयो।

शिवजीले भन्नुभयो - हे कल्याणी रति ! तिमीले चिन्ता नगर, लज्जा छ भने त्यसको परित्याग गर । हे सुन्दरी तिमीले संझनामात्र गर्दा तिम्रा पति कामदेव तिम्रा आँखासामु आउनेछन्। मनबाट चिन्तन गर्दा मनोभवको नामबाट प्रकट भई तिम्रा इच्छा पूरा गर्नेछन् ।।१५-१७।। तिमी जगत्मा मान्य हुनेछौ । हे भाग्यवती रति ! तिम्रा पति कामदेव द्वापरयुगमा विष्णुका अवतार कृष्णका पुत्रका रूपमा लक्ष्मीरूप रुक्मिणीबाट उत्पन्न भएपछि प्रद्युम्नका नामबाट संसारमा प्रख्यात हुनेछन् । अहिले तिमी निश्चिन्त भएर आफ्नो घर जाऊ ।।१८-१९।। शिवजीबाट यस्तो वरदान प्राप्त गरी रति आफ्नो सुन्दर निवासमा गइन् । उनले त्यहाँ गएपछि प्यारा पति कामदेवको संझना गरिन् । संझनासाथ कामदेव पनि प्रकट भए र ईश्वरको इच्छाअनुसार रतिका सामु प्रत्यक्षरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरेच्छावशात् तस्याः प्रत्यक्षं समजायत ।
इतिश्चाश्चर्ययुक्ता सा जहृषे पतिना सह ।।२१।।

ततोऽनङ्गो ययौ शम्भुं प्रणम्याभिदधे वचः ।

अनङ्ग उवाच

विनाऽपराधं देवेश! गमितोऽनङ्गतां कथम् ।।२२।।

इन्द्रादिदेवतावृन्दैस्तारकासुरपीडितैः ।
मुनिभिश्च विशाखस्य त्वत्त उत्पत्तिवेदिभिः ।।२३।।

प्रार्थितस्तव निष्ठाया भङ्गं कर्तुमहं विभो ।
उपकाराय सर्वेषामकार्षं कर्म तादृशम् ।।२४।।

उपकारसमं पुण्यं न चास्ति भुवनत्रये ।
विपरीतं तु तज्जातं मम दैवात् सुरेश्वर ।।२५।।

त्रयस्त्रिंशत्कोटिदेवेष्वहं चारुतरः पुरा ।
उपमा चारुपुरुषे ममैव दीयतेऽखिलैः ।।२६।।

कथं तिष्ठामि देवेश ! स्वाङ्गहीनः परेतवत् ।
अतो मयि महादेव ! कृपयाऽनुग्रहं कुरु ।।२७।।

ब्रह्मोवाच

तत एकाक्षरं मन्त्रं गणेशस्य ददौ शिवः ।
अनङ्गाय प्रणमतेऽनुष्ठानं चादिशच्च तम् ।।२८।।

ततोऽनङ्गो ययौ रम्यं जनस्थानं सुसिद्धिदम् ।
तत्रानुष्ठानमकरोदनङ्गः शङ्कराज्ञया ।।२९।।

संवत्सरशतं पूर्णं तताप स तपो महत् ।
एकाक्षरं जपन् मन्त्रं गणेशध्यानतत्परः ।।३०।।

वायुमात्राशनो नित्यं सदा रतिसहायवान् ।
ततः प्रसन्नो भगवान् देवदेवो गजाननः ।।३१।।

आविरासीद् दशभुजो महामुकुटशोभितः ।
ज्वलद्रत्नप्रभाचारुकुण्डलाङ्गदमण्डितः ।।३२।।

देखिए । आश्चर्यचकित रति आफ्ना पतिका साथमा रहन पाउँदा अत्यन्त हर्षित भइन् ।।२०-२१।। त्यसपछि कामदेव भगवान् शङ्करका समीपमा गए र प्रणाम गर्दै निवेदन गरे ।

कामदेवले भने – हे महादेव ! अपराध नै नभईकन किन मलाई अङ्गहीन बनाउनुभयो ? तारकासुरद्वारा पीडित भएका इन्द्र आदि देवताहरूले र स्कन्दको उत्पत्तिको रहस्य जान्ने तत्त्ववेत्ता मुनिहरूले हजुरको तपोभङ्ग गर्न मलाई अनुरोध गरेका थिए । सबैको उपकारका लागि मैले त्यस्तो काम गरें। तीनै लोकमा उपकार समान अरू कुनै पुण्य छैन । हे भगवन्! मैले भने दैव प्रतिकूल भएर उपकारको सट्टा अपकाररूप फल पाएको छु ।।२२-२५।। म पहिले तेंत्तीस कोटि देवताहरूमा सबभन्दा राम्रो देवता मानिन्थें । मानिसहरूले राम्रो पुरुषको बयान गर्दा कामदेवजस्तो भनेर मेरो उपमा दिने गर्दथे । तर अहिले हजुरबाट म खरानीमा परिणत भएँ । मेरो ज्यान छैन । विना ज्यान कसरी व्यवहार गरूँ । म प्रेतजस्तो भएको छु । यस कारण हे महादेव ! ममाथि कृपा गर्नुहोस् ।।२६-२७।।

ब्रह्माजीले भन्नुभयो – कामदेवको प्रार्थना सुनेर भगवान् शिवजीले कामदेवलाई एक अक्षर भएको श्रीगणेशको मन्त्र उपदेश गर्नुभयो र जपको विधि पनि सिकाउनुभयो ।।२८।। त्यसपछि कामदेव अत्यन्त रमणीय र सिद्धिदायक जनस्थानमा गए । त्यहाँ भगवान् शङ्करको आज्ञाले एकाक्षरी मन्त्रको जप गर्न थाले ।।२९।। तिनले सय वर्षसम्म ठूलो तपस्या गरे । श्रीगणेशको मन्त्रजप गर्दै श्रीगणेशकै ध्यानमा लीन भए ।।३०।। तिनले वायुपान गरेर बसिरहेका थिए । तिनका नजिकमा तिनकी पत्नी रति बस्ने गर्दथिन् । तिनको तपस्याबाट देवताहरूका पनि देवता भगवान् श्रीगणेश प्रसन्न भई प्रकट हुनुभयो ।।३१।। त्यस बेला भगवान् श्रीगणेशले दश भुजा धारण गर्नुभएको थियो, ठूलो मुकुटले सुहाउनुभएको थियो र रत्नहरूको कान्तिले अत्यन्त सुन्दर देखिनुहुन्थ्यो । उहाँले कुण्डल एवं केयूर धारण गर्नुभएको थियो र करोडौं सूर्यको कान्तिले सुहाउनुभएको थियो । उहाँ कण्ठमा मोतीको हार धारण गरी अत्यन्त आकर्षक मुद्रामा देखिनुभएको थियो । उहाँले दिव्यमाला र वस्त्र धारण गर्नुभएको थियो । सुन्दर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोटिसूर्यप्रतीकाशो मुक्तामालाविभूषितः ।
दिव्यमाल्याम्बरधरो दिव्यगन्धानुलेपनः ।।३३।।

सिन्दूरारुणशुण्डास्यो दशायुधलसत्करः ।
शेषालङ्कृतनाभिश्च नानालङ्कारराजितः ।।३४।।

सिंहस्कन्धो महाश्रीमाँश्चीत्कारत्रासिताखिलः ।
इन्द्रादयोऽपि मुनय आविर्भूते गजानने ।।३५।।

आययुरप्सरोभिश्च यक्षगन्धर्वकिन्नरैः ।
दिंव्यवादित्रनिर्घोषैः पुपूजुस्ते गजाननम् ।।३६।।

उपचारैः षोडशभिर्भक्त्या देवं पृथक् पृथक् ।
कामोऽपि तत उत्थाय प्रणिपत्याखिलान् सुरान् ।।३७।।

ववन्दे देवचरणौ पूर्वं नत्वा मुनीनपि ।
प्रशंशस तदा देवं विकटं करुणाकरम् ।।३८।।

काम उवाच

धन्यस्त्वमसि देवेषु परब्रह्मस्वरूपवान् ।
निराकारोऽपि साकारो जातोऽसि भक्तवत्सल ।।३९।।

अद्य धन्यं मम जनुस्तपो धन्यतरञ्च मे ।
यत् तवाङ्घ्रियुगं दृष्टं सर्वदुःखविमोचनम् ।।४०।।

कारणं सर्वसिद्धीनां धर्मार्थकाममोक्षदम् ।
धन्ये नेत्रयुगे मेऽद्य याभ्यां दृष्टः परः पुमान् ।।४१।।

यं न जानन्ति वेदान्ताः साङ्ख्याः पातञ्जलादयः ।
नेति नेति वदन् तूष्णीं वेदोऽपि यत्र कुण्ठितः ।।४२।।

अनन्तकोटिब्रह्माण्डरोमकूपोऽखिलेश्वरः ।
येन मन्त्रेण सोऽदर्शि मन्त्रो धन्यतरोऽपि सः ।।४३।।

गणेश उवाच

सम्यगुक्तं रतिपते ! न मां ब्रह्मादयो विदुः ।
यदा साकारतां यामि तेऽपि जानन्ति मां तदा ।।४४।।

वासना आउने सुगन्धित पदार्थ लेपन गर्नुभएको थियो । सिन्दूरझैं रातो सूँढलाई मुखमा धारण गर्नुभएको थियो । दशवटा भुजाले सुहाउनुभएको थियो । शेषनागलाई यज्ञोपवीत बनाएर कम्मरमा बेर्नुभएको थियो । अनेक थरि गहनाले झकिझकाउ देखिनुभएका सिंहारूढ भगवान् श्रीगणेश अत्यन्त शोभासम्पन्न देखिनुहुन्थ्यो। त्यस बेला उहाँले ठूलो स्वरले गर्जन गर्नुभयो। त्यस गर्जनबाट सम्पूर्ण संसार व्याकुल भयो । इन्द्र आदि देवता र ऋषिहरू भगवान् श्रीगणेश प्रकट हुनुभएको थाहा पाएपछि दिव्य बाजा बजाउँदै अप्सरा, यक्ष, गन्धर्व र किन्नरका साथ श्रीगणेशको दर्शन गर्न आए । तिनीहरूले सोह्र प्रकारका उपचारहरूबाट भक्तिपूर्वक भगवान् श्रीगणेशको छुट्टाछुट्टै पूजा गरे । कामदेवले पनि उठेर शिर झुकाई सम्पूर्ण देवताहरूलाई र भगवान् श्रीगणेशलाई प्रणाम गरे र ऋषि-मुनिहरूलाई पनि नमस्कार गरे । त्यसपछि कामदेवले दयालु भगवान् श्रीगणेशको स्तुति गरे ।।३२-३८।।

कामदेवले भने - हे भक्तका प्यारा भगवान् श्रीगणेश! देवताहरूका पनि देवता हजुर धन्य हुनुहुन्छ । हजुर परब्रह्मस्वरूप हुनुहुन्छ र निराकार हुनुहुन्छ तापनि मजस्तो भक्तमाथि कृपा गरी साकाररूपमा आएर दर्शन दिई मलाई कृतार्थ बनाउनुभएको छ ।।३९।। आज मेरो जन्म धन्य भएको छ र तपस्या धन्य भएको छ । किनकि आज मैले सबै प्रकारका दुःखबाट मुक्त गराउने, सबै प्रकारका सिद्धि प्रदान गर्नुहुने, धर्म-अर्थ-काम र मोक्षजस्ता पुरुषार्थ प्रदान गर्नुहुने हजुरका चरणकमलको दर्शन पाएको छु । आज मेरा दुबै आँखा धन्य छन् । किनकि यिनै आँखाले आज मैले हजुरको स्वरूपलाई निर्धक्कसँग दर्शन गर्न पाएँ ।।४०-४१।। वेदान्त, साङ्ख्य र योगदर्शनले पनि जुन हजुरको स्वरूपबोध गर्न सक्दैनन्, वेदले नेति-नेति भनेर स्वरूप बताउनु सक्दैनन् र कुण्ठित बन्दछन्, जसका रौं-रौंका प्वालहरूमा अनन्तकोटि ब्रह्माण्ड घुमिरहन्छन् ती सबैका स्वामी परमात्मा श्रीगणेशलाई जुन मन्त्रले दर्शन गराउने काम गर्‍यो त्यो पनि धन्य भएको छ ।।४२-४३।।

श्रीगणेशले भन्नुभयो - हे कामदेव ! तिमीले अत्यन्त उत्तम प्रार्थना गरेका छौ । तिम्रो भनाइ सत्य हो । ब्रह्मा आदि देवताहरूले पनि मलाई राम्ररी जान्दैनन् । जुन बेला म अवतार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ममैवानुग्रहात् काम! दृष्टवानसि मां तदा ।
यतोऽहं परितुष्टस्ते तपसा मनुना तथा ।।४५।।

वृणु यत्तेऽखिलान् कामान् काम! कामं ददामि ते ।

ब्रह्मोवाच

इति देववचः श्रुत्वा पुनरूचे मनोभवः ।।४६।।

आनुपूर्व्येण सकलं वृत्तान्तं शिवकारितम् ।
तस्मै चाकथयत् कामः प्रसन्नार्थप्रदायिने ।।४७।।

अनङ्गतां स्वस्य रतेराक्रन्दं मनुमेव च ।
अनुष्ठानं चिरकृतं शिवदत्तं वरं तथा ।।४८।।

वृणोति स्म वरं तस्मात् सुप्रसन्नाद् गजाननात् ।

काम उवाच

यदि प्रसन्नो भगवाँस्तन्मे देहि सदेहताम् ।।४९।।

मान्यतां सर्वदेवेषु प्राग्वल्लावण्यमेव च ।
भक्तिं दृढां त्वच्चरणे त्रैलोक्यविजयं तथा ।।५०।।

लिएर दर्शन दिन्छु, त्यस बेलामात्र तिनीहरूले मलाई चिन्दछन्। हे कामदेव ! मेरै कृपाबाट मेरो स्वरूपबोध गर्न पाएका छौ । किनकि म तिम्रो तपस्या र मन्त्रजपबाट प्रसन्न भएको छु । तिमीले मसँग आफ्ना कामनाहरू बताऊ । म तिमीलाई वर दिनेछु । त्यो स्वीकार गर ।

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशका वचन सुनेर कामदेवले फेरि शुरुबाट अन्त्यसम्मको घटनाचक्र बताए। भगवान् शिवजीसँग भएका कुरा पनि सुनाए । प्रसन्न भएर आफूलाई वरदान दिने भगवान् श्रीगणेशसँग उनले केही लुकाएनन् ।।४४-४७।। आफू खरानी भएको कुरा, आफ्नी पत्नी रतिले विलाप गरेको कुरा र भगवान् शिवजीबाट मन्त्र प्राप्त गरेको कुरा सबै बताएपछि प्रसन्न हुनुभएका श्रीगणेशसँग कामदेवले वरदान मागे ।

कामदेवले भने - हे भगवन् श्रीगणेश ! हजुर प्रसन्न हुनुहुन्छ भने मलाई उत्तम शरीर दिनुहोस् । सबै देवताहरूको बीचमा मलाई प्रतिष्ठा दिनुहोस् । पहिलेको जस्तै सौन्दर्य दिनुहोस्। हजुरको चरणमा स्थिर भक्ति दिनुहोस् र सम्पूर्ण संसारमाथि नै विजय गर्न सघाउने शक्ति प्रदान गर्नुहोस् ।।४८-५०।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे कामवरयाचनं नामाऽष्टाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कामदेवद्वारा श्रीगणेशको आराधना एवं वरप्राप्ति' शीर्षकान्वित अठासीऔं अध्याय पूर्ण भयो ।।८९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ ऊननवतितमोऽध्यायः {८९ अध्याय}

गणेश उवाच

यद् यत् ते प्रार्थितं काम ! तत् तत् ते भविताऽखिलम्।
रमोदराज्जनिं प्राप्य साङ्गस्त्वं सर्वसुन्दरः ।।१।।

भविता सर्वमान्यश्च त्रैलोक्यविजयी तथा ।
पुष्पं फलं किसलयं कामिन्यवयवा मरुत् ।।२।।

उद्बोधकानि ते सन्तु ज्योत्स्ना चन्दननीरजे ।
मरालाण्डजशब्दश्च जेतास्येतैर्हरादिकान् ।।३।।

दर्शनात् स्मरणादेषां मनस्यपि भविष्यसि ।
मनोभूः स्मृतिभूरेवं नामापि स्याज्जनेषु ते ।।४।।

अविस्मृतिर्मच्चरणे दृढा भक्तिश्च ते भवेत् ।
स्मृतोऽहं पुरतः स्यां ते महत्कार्य उपस्थिते ।।५।।

ब्रह्मोवाच

एवं तस्मै वरान् दत्त्वा कामायाऽथ गजाननः ।
अन्तर्दधे महाभागः पश्यत्सु च सुरर्षिषु ।।६।।

तत्र कामो महामूर्तिं गणेशस्य तथाविधाम् ।
सम्पाद्य स्थापयामास पूजयामास तां तदा ।।७।।

रतिनिर्मितपक्वान्नैर्मोदकैर्लड्डुकादिभिः ।
महोत्कटेति नामास्य तेजस्वित्वात् तथाऽकरोत् ।।८।।

प्रासादं निर्ममे कान्तं रत्नस्तम्भविराजितम् ।
रुक्मिण्या उदराज्जातस्त्यक्तो दैत्येन वारिधौ ।।९।।

श्रीगणेशले भन्नुभयो - हे कामदेव ! तिमीले जुन जुन कामना गरेका छौ ती सबै कामना पूरा हुनेछन् । लक्ष्मीको गर्भबाट जन्म लिएर तिमी सर्वाङ्गसुन्दर पुरुषको रूपमा चिनिने छौ ।।१।। सबैका मान्य र स्वर्ग, मर्त्य एवं पातालमा विजयी हुनेछौ । फलफूल, पालुवा, युवतीका अङ्गहरू, मन्द पवन, चाँदनी, चन्दन, कमल, हंस र कोइलीको मधुर शब्द यी सबै तिम्रो उद्दीपनका लागि सहायक सामग्री हुनेछन् । उक्त सामग्रीहरूकै सहयोग लिएर तिमीले शिवजी आदि देवताहरूलाई वशमा पार्नेछौ । वसन्त ऋतु, फलफूल, कोपिला, पालुवा आदि उद्दीपक पदार्थको संझना गर्दा र दर्शन गर्दा संझने र दर्शन गर्ने मानिसको मनमा पैदा हुनेछौ । मानिसहरूले तिमीलाई मनोभू र स्मृतिभूका नामबाट पनि चिन्ने छन् । तिमीले मलाई कहिले पनि बिर्सने छैनौ । मेरा चरणमा तिम्रो सधैं भक्ति लागिरहने छ । ठूलो काम आइपर्दा तिमीले संझना गऱ्यौ भने म तिम्रो समीपमा उपस्थित हुनेछु ।।२-५।।

ब्रह्माजीले भन्नुभयो- भगवान् श्रीगणेश यसरी कामदेवलाई वरदान दिएर अन्तर्धान हुनुभयो । हे वेदव्यास! त्यस बेला देवता र ऋषिहरूले श्रीगणेश र कामदेवको संवादको दृश्य हेरिरहेका थिए । वरदान पाएका कामदेवले प्रसन्न भएर भगवान् श्रीगणेशको राम्रो र विशाल मूर्ति तयार गरी प्रतिष्ठापूर्वक त्यसमा पूजा पनि गरे ।।६-७।। मूर्तिको प्रतिष्ठासमेत गरेपछि आफ्नी पत्नी रतिले पकाएका मीठा पक्वान्न, मोहनभोग, लड्डू आदि चढाएर भगवान् श्रीगणेशको पूजा गरे । आफूले पूजा गरेका श्रीगणेश परम तेजस्वी भएकाले तिनले महोत्कट भनी नामकरण गरे।।८।। महोत्कट भगवान्का लागि तिनले रत्नका स्तम्भहरू भएको सुन्दर मन्दिर बनाए । त्यसपछि कामदेव द्वापरयुगमा भगवान् कृष्णकी पत्नी रुक्मिणीका गर्भबाट प्रद्युम्नको रूपमा पैदा भए । पैदा भएको ६ दिनमा नै शंवरनामक दैत्यले बालक प्रद्युम्नलाई सुत्केरी बस्ने कोठाबाट अपहरण गऱ्यो । अपहृत बालकलाई त्यसले समुद्रमा लगेर फ्याँकिदियो ।।९।। फ्याँकिएका बालकलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत्स्येन गिलितस्तत्र स मत्स्यो धीवरैस्ततः ।
शम्बरायापि तेनापि मायावत्यै निवेदितः ॥१०॥

विभिन्नेऽस्मिँस्तदुदरान्निर्गतो वर्द्धितस्तया ।
नारदोऽकथयत् तस्यै कामोऽयं वर्द्धितस्त्वया ॥११॥

उपदिष्टाऽनेकमायः शम्बरं स ततोऽवधीत् ।
गणेशस्य प्रसादेन बहूनेको व्यजिग्यत ॥१२॥

मायावत्या शिक्षिताभिर्मायाभिर्बहुभिश्च सः ।
प्रद्युम्न इति विख्यातः सरस्वत्याः पुरं ययौ ॥१३॥

सर्वदेवेषु मान्यश्च त्रैलोक्यजयंकारकः ।
गजाननप्रसादेन बभूवाऽऽनन्दनिर्वृतः ॥१४॥

रुक्मिणीप्रभृतिस्त्रीभिर्दृष्टः कृष्ण इवापरः ।
तत उत्थाय याताभिर्लज्जिताभिः समन्ततः ॥१५॥

बुद्ध्वा पुत्रं नारदस्य वाक्येन मुमुदुश्च ताः ।
आलिलिङ्गुस्तमभ्येत्य प्रणनाम रतिश्च ताः ॥१६॥

सर्वा पुरी हर्षयुता तस्मिन् ज्ञाते बभूव सा ।

क उवाच

एवं जनस्थानगतगणेशस्य महामुने ॥१७॥

महिमा कथितो यत्र रामेणाच्छेदि नासिका ।
शूर्पणख्यास्ततस्तत् तु नाम्ना ख्यातं तु नासिकम् ॥१८॥

तत्राद्यापि हि दृश्यन्त उपला मोदका इव ।
एवमाराधितस्तेन कामेनासौ गजाननः ॥१९॥

षडक्षरेण मन्त्रेण शेषेणाराधितो यथा ।
रतिश्च मदनश्चापि ननन्दतुरुभौ यथा ॥२०॥

कुनै माछाले निल्यो । माछा मार्ने माझीहरूले त्यो माछा समाते। तिनले घर लगेर माछा चिर्दा त्यसको पेटमा एउटा सुन्दर बालक देखे । त्यसपछि माझीहरूले त्यो बालकलाई लगेर शंवर नामक दैत्यलाई दिए । शंवरासुरले त्यो बच्चा मायावती नामक भान्छामा काम गर्ने महिलालाई दियो । मायावतीले प्रेमपूर्वक त्यस बालकको पालन-पोषण गरिन् ॥१०॥ एक दिन नारद ऋषिले आई एकान्तमा मायावतीसँग भने - हे मायावती ! तिमीद्वारा पालन-पोषण गरिएका बालक कामदेव हुन् । मायावतीले बालक कामदेव हुन् भन्ने थाहा पाएर बढ्दै गएका बालकलाई सुरक्षाका लागि अनेक थरि तन्त्र, मन्त्र र बुद्धि पनि सिकाइन् । मायावतीबाट सबै कुरा सिकेर ती बालकले आफ्नो अपहरण गर्ने शंवरासुरलाई एक दिन मारिदिए । शंवरासुरको हत्या गर्ने ती बालक संसारमा प्रद्युम्नका नामबाट प्रसिद्ध भए । त्यसपछि ती द्वारका पुगेका थिए ॥११-१३॥ द्वारकामा पुगेपछि प्रद्युम्न देवताहरूका पनि मान्य र त्रिलोकविजयी भए। भगवान् श्रीगणेशका कृपाले आनन्दप्राप्त गरे। तिनी शंवरासुरलाई मारी द्वारकामा पुग्दा द्वारकामा रहेका रुक्मिणी आदि माताहरूले उनलाई कृष्णकै रूपमा देखे र देख्नासाथ लाज पनि माने ॥१४-१५॥ त्यसपछि नारदजीले आएर तपाइँहरू किन लाज मान्नुहुन्छ ? यी त तपाइँकै छोरा हुन् भनेर चिनाएपछि रुक्मिणी आदि सबै माताहरू प्रसन्न भए। रुक्मिणी आदिले आलिङ्गन गरे। मायावतीका रूपमा रहेकी रतिले पनि ती सबै रुक्मिणी आदि माताहरूलाई प्रणाम गरिन् । यो घटनापछि प्रद्युम्नलाई चिनेर सम्पूर्ण द्वारका नगरी नै हर्षित भयो ।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! मैले तिमीलाई जनस्थानमा स्थापित भगवान् श्रीगणेशको महिमा सुनाउँछु ॥१६-१७॥ त्यसै जनस्थानमा भगवान् रामले शूर्पणखाको नाक काट्नुभएको थियो। राक्षसीको नाक काटिएको ठाउँ भएकोले आज पनि त्यसलाई नासिक भनेर सबैले चिन्दछन् ॥१८॥ आज पनि त्यहाँका ढुङ्गाहरू लड्डूका आकृतिका देखिन्छन् । नासिकमा कामदेवले भगवान् श्रीगणेशको आराधना गरेका थिए । त्यहीं शेषनागले ६ अक्षरको मन्त्र जपेर भगवान् श्रीगणेशको आराधना गरेका थिए। त्यसैगरी रति र कामदेवले पनि त्यही शेषनागकै विधिबाट श्रीगणेशको आराधना गरी प्रसन्न भएका थिए ॥१९-२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यास उवाच

कथमाराधितो ब्रह्मन् ! शेषेणासौ गजाननः ।
किमर्थं किञ्च तेनाप्तं सुप्रसन्नाद् गजाननात् ।।२१।।

एतत् सविस्तरं ब्रूहि पृच्छतश्चतुरानन ! ।
प्रष्टुः श्रोतुश्च वक्तुश्च यतः पुण्यं विवर्धते ।।२२।।

ब्रह्मोवाच

सम्यक् पृष्टं त्वया ब्रह्मन् ! कथयामि कथामृतम् ।
शृणुष्वावहितो भूत्वा सर्वं सत्यवतीसुत ।।२३।।

कस्मिँश्चित् समये शम्भुः पार्वत्या सहितो मुने ! ।
सुखासीनो गिरिवरे रम्यसानुशिलोच्चये ।।२४।।

नानाद्रुमलताकीर्णे निर्झरारावशब्दिते ।
गुञ्जन्ति भ्रमरास्तत्र रुक्मपङ्कजवासिनः ।।२५।।

चम्पकाशोकबकुलमातलीकुसुमानिलः ।
आनन्दयति चित्तानि वसतां यस्य शेखरे ।।२६।।

आययुस्तत्र गन्धर्वा अप्सरोयक्षकिन्नराः ।
देवाश्च मुनयो नागास्तं द्रष्टुं गिरिजापतिम् ।।२७।।

केचित् तं प्रणिपातेन साष्टाङ्गेनाऽभ्यवादयन् ।
उच्चैर्जगुश्च गन्धर्वा ननृतुश्चाप्सरोगणाः ।।२८।।

पुपूजुस्तं दशभुजं व्याघ्राजिनधरं हरम् ।
नन्दिभृङ्गिगणाकीर्णं भालचन्द्रं त्रिशूलिनम् ।।२९।।

भस्माङ्गं शेषशिरसं शङ्करं वृषभध्वजम् ।
अपरैरर्चितं देवमुपचारैर्मनोमयैः ।।३०।।

निमील्य नयने तस्थुः केचिद् ध्यानपरायणाः ।
वसिष्ठो वामदेवश्च जमदग्निस्त्रितो द्विजः ।।३१।।

अत्रिः कण्वो भरद्वाजो गौतमाद्या मुनीश्वराः ।
तुष्टुवुर्विविधैः स्तोत्रैस्तत्र तं पार्वतीपतिम् ।।३२।।

स्तुवत्सु मुनिवृन्देषु शेषो गर्वं परं ययौ ।
अहमेव श्रेष्ठतरो लोकेषु त्रिषु नापरः ।।३३।।

व्यासले भन्नुभयो – हे ब्रह्माजी ! शेषनागले कसरी भगवान् श्रीगणेशको आराधना गरेका थिए ? तिनको आराधनाको लक्ष्य के थियो ? तपस्याबाट प्रसन्न हुनुभएपछि भगवान् श्रीगणेशले शेषनागलाई कस्तो वरदान दिनुभयो ? यी सबै कुराको मलाई राम्ररी उत्तर दिनुहोस् । भगवान् श्रीगणेशका लीला एवं आराधनाका विषयमा प्रश्न गर्ने, श्रवण गर्ने र उपदेश गर्ने यी सबै मानिस पुण्यवान् मानिएका छन् ।।२१-२२।।

ब्रह्माजीले भन्नुभयो – हे वेदव्यास ! तपाईंले राम्रा कुरा सोध्नुभयो । अब मैले तपाईंलाई श्रीगणेशको कथारूपी अमृतपान गराउँछु । सावधान भएर सुन्नुहोस् ।।२३।। कुनै समयको कुरा हो भगवान् शिव पार्वतीका साथ सुन्दर पर्वतको शिलामाथि आनन्दपूर्वक बस्नुभएको थियो ।।२४।। त्यो पर्वत अनेक थरि रूख र लहराले जेलिएको थियो । झरनाको झङ्कारले निनादित थियो । सुनझैं सुन्दर कमलमा बस्ने भँमराहरू भुँ-भुँ गरी गुञ्जन गरिरहेका थिए ।।२५।। चम्पक, अशोक, बकुल र मालतीका पुष्पको गन्ध बोकेर मन्द-मन्द प्रवाहित हुने हावाले त्यस पर्वतको चुचुरोमा बस्ने सबै मानिसको चित्तलाई आनन्दित तुल्याइरहेको थियो ।।२६।। त्यहाँ गन्धर्व, अप्सरा, यक्ष, किन्नर, देवता, मुनि र सर्पहरू भगवान् शङ्करको दर्शन गर्न आएका थिए ।।२७।। तीमध्ये कसैले भगवान्का पाउमा साष्टाङ्ग प्रणाम गरे । गन्धर्वहरूले ठूलो स्वरले गीत गाए । अप्सराहरू अनेक भावभङ्गीका साथ नृत्य गर्न लागे ।।२८।। केही देवताहरूले दश भुजा धारण गर्नुहुने, बाघको छालामा विराजमान, नन्दी-भृङ्गी आदि गणहरूद्वारा सेवित, निधारमा चन्द्रमालाई धारण गर्नुहुने, त्रिशूलधारी, सारा शरीरभरि खरानीको लेपन गर्नुभएका, जटामा शेषनागको माला धारण गर्नुहुने र साँढेमाथि सवार हुनुभएका भगवान् शङ्करको पूजा गरे । केही देवताहरूले सदाशिव शङ्करको मानसिक उपचारबाट आराधना गरे ।।२९-३०।। केही देवताहरू आँखा चिम्लेर भगवान् शङ्करको ध्यान गर्न लागे । वसिष्ठ, वामदेव, जमदग्नि, त्रित, अत्रि, भरद्वाज, गौतम आदि मुनिहरूले अनेक किसिमका स्तोत्रहरूको पाठ गरेर पार्वतीपति भगवान् शिवजीको स्तुति गरे ।।३१-३२।। यसरी सबै देवताहरूले शिवाराधना गरिरहेको समयमा आएर शेषनागले आफ्नो अहङ्कार देखाए । तिनले भने – तीनै लोकमा मभन्दा ठूलो देवता अरू कुनै छैन, किनकि तीनलोकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतः श्रेष्ठतरः शम्भुस्तस्याहं शिरसि स्थितः ।
धराधारणसामर्थ्यं मयि नान्यत्र कुत्रचित् ।।३४।।

वासुके ! रज्जुभूतान् मत्कुलीनादमृतं सुरैः ।
प्राप्तं ततोऽमरत्वञ्च तस्मान्नान्योऽस्ति मत्परः ।।३५।।

तद् हृदिस्थं तदा गर्वं ज्ञात्वा शम्भुस्त्रिलोककृत् ।
विज्ञायाखिलदृक् तूष्णीमुत्तस्थौ सहसा शिवः।।३६।।

आस्फालयद् धरापृष्ठे शेषं तादृशगर्वितम् ।
एकैको मस्तकस्तस्य दशधा दशधाऽभवत् ।।३७।।

मूर्च्छितः प्रहरार्द्धं स गतप्राण इवाभवत् ।
ततः प्रभृत्यसौ जातः सहस्रफणमण्डितः ।।३८।।

जीवशेषः शुशोचाऽथ शेषोऽशेषाहिभूषणः ।
अलङ्करणभूतोऽहं त्रैलोक्येशहरस्य ह ।।३९।।

इमामवस्थां सम्प्राप्तो न जाने केन कर्मणा ।
चलितुं नैव शक्नोमि पक्षहीन इवाण्डजः ।।४०।।

किं करोमि क्व गच्छामि को मे त्राताऽधुना भवेत् ।
को मे निजपदप्राप्तावुपायं कथयेच्छुभम् ।।४१।।

को वा मेऽपनयेद् दुःखमिति चिन्तापरस्तु सः ।
ददर्श तेन मार्गेण गच्छन्तं नारदं मुनिम् ।।४२।।

जहर्ष किञ्चिन्नागेन्द्रः स्वप्नं प्राप्येव भिक्षुकः ।
अतिकष्टामवस्थां तां नारदोऽलोकयत् पुरः ।।४३।।

निश्चेष्टं निरनुश्वासं ध्याननिष्ठं यथा मुनिम् ।
अशेषविषयज्ञोऽपि शेषं पप्रच्छ नारदः ।।४४।।

सबैले ठूला मानेका देवता शिवजी नै हुन् ? म त उहाँको पनि शिरमा बसेको छु । विशाल पृथिवीलाई वहन गर्नसक्ने त्यो शक्ति अरू कुनै देवतामा छैन, जुन ममा मात्र छ।।३३-३४।। मेरो कुलमा जन्मेका वासुकिलाई नेती बनाएर देवताहरूले समुद्रको मन्थन गरी अमृत प्राप्त गरेका हुन् । वासुकिका कारण नै ती देवताहरू अमर भए । त्यस कारण मभन्दा ठूलो अरू कुनै छैन ।।३५।। सदाशिवजी पनि शेषनागको मनमा घमण्ड आएको देखेर उनका सबै कुरा ज्ञानदृष्टिबाट बुझी शेषनागका सामु आई मौन भएर उभिनुभयो ।।३६।। त्यसपछि उहाँले आफ्नो टाउकामा बेरिएका घमण्डी शेषनागलाई शिर फट्कारेर भुईंमा पछार्नुभयो । त्यसो गर्दा शेषनागका प्रत्येक टाउकाका दश-दश टुक्रा भए । मूर्च्छा परेका शेषनाग आधा प्रहरसम्म मरेजस्तै देखिए । त्यसपछि मात्र सय वटा शिर भएका शेषनाग एक हजार शिरले सम्पन्न भए ।।३७-३८।। शिवजीबाट पछारिंदा बल्ल बल्ल सास लिइरहेका शेषनागले चिन्ता गरे । मनमनै भने- म आजसम्म शिवजीको शिरको गहना भएर रहेको थिएँ, तर आज कुन कर्मले यो अवस्थामा आइपुगें। अहिले म प्वाँख नभएको चराजस्तै गतिहीन भएको छु ।।३९-४०।। के गरूँ ? कहाँ जाऊँ ? अहिले मेरो कसले रक्षा गर्ला ? कसले मलाई शिवजीका शिरमा फेरि गहना बनेर बस्ने उपाय बताउला? कसले मेरो दुःखलाई हरण गर्ला ? इत्यादि चिन्ता गरिरहेका शेषनागले आफ्ना सामु रहेको मार्गमा नारद मुनिलाई हिंडिरहेको देखे ।।४१-४२।। त्यसपछि मात्र शेषनाग मनमनै केही प्रसन्न भए । तिनलाई भिखारीले सपनामा भिक्षा पाएजस्तो भयो । नारदजीले पनि शेषनागलाई अति दयनीय अवस्थामा रहेको देख्नुभयो ।।४३।। चेष्टाहीन, श्वासप्रश्वास लिन पनि धौ धौ मानिरहेका शेषनागलाई ध्यानमा रहेका मुनिजस्तै निश्चल अवस्थामा देखेर नारदजीले आफू सर्वज्ञ भई सबै कुरा थाहा पाए पनि सोधनी गर्नुभयो ।।४४।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे शेषोपाख्यानं नामैकोननवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कामदेवको पुनर्जन्मकथाका साथ शेषनागको उपाख्यान' शीर्षकान्वित उनान्नब्बेऔं अध्याय पूर्ण भयो ।।८९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ नवतितमोऽध्यायः { ९० अध्याय }

नारद उवाच

किमर्थमेवं जातोऽसि निस्तेजा दुःखितो भृशम् ।
कथं भग्नशिराः कस्याचरोऽप्रियतरं मुने ।।१।।

किं वा क्षुब्धो गिरीशस्तेऽकारि गर्वस्त्वयाऽथ किम् ।
वद यत्कारणं शेष! प्रतीकारं पुरा वदे ।।२।।

त्वां विना धारयेत् को नु चराचरयुतां धराम् ।
अनुक्तवति तस्मिँस्तु स्वयमेवाब्रवीन्मुनिः।।३।।

उपायं नागराजस्य स्वस्थानप्रापकं शुभम् ।

नारद उवाच

अवधारय मे वाक्यं शेषाशेषकलानिधे ।।४।।

सुपर्वाणश्च केशाद्या येन स्युः किङ्करा इव ।
धरिष्यसे धरां मूर्ध्नि पुष्पमालामिवार्भकः ।।५।।

शेष उवाच

किञ्चित् पुरातनं पुण्यमासीच्चेद् दर्शनं तव ।
अजन्यकस्मादग्रेऽपि सम्यङ् मे स्यान्न संशयः ।।६।।

अन्यथाऽकृतपुण्यानां दर्शनं तु कथं भवेत् ।
अतिविह्वलगात्रत्वादशक्तो भूमिधारणे ।।७।।

तं प्रयत्नं वद मुने येनाहं स्यां यथा पुरा ।

नारद उवाच

भणे महामनुं तेऽद्य तस्य देवस्य नागराट् ।।८।।

यस्य प्रसादादिन्द्राद्यास्तत् तत् पदमवाप्नुवन् ।
केशा यदाज्ञयाऽशेषसृष्टिस्थित्यन्तकारिणः ।।९।।

यस्मिन् प्रसन्ने सर्वेशे पूर्वावस्थामवाप्स्यसि ।
कारुण्यं तव दृष्ट्वैव क्लिन्नं मे सर्वमानसम् ।।१०।।

अतः षडक्षरं मन्त्रं गणेशस्य ददामि ते ।
अस्यानुष्ठानमात्रेण प्रत्यक्षस्ते गजाननः ।।११।।

नारदजीले भन्नुभयो – हे शेषनाग ! तपाइँ आज किन मलिन, तेजोहीन र दुःखी देखिनुभएको छ ? तपाइँको शिरमा घाउ लागेको छ । कोसँग अप्रिय व्यवहार गर्नुभयो ? ।।१।। अथवा शिवजी क्रुद्ध हुनुभयो अथवा तपाइँमा नै घमण्डको उदय भयो? मलाई ती सबै कारण बताउनुहोस् । त्यसपछि मैले तपाइँको उद्धार गर्ने उपाय बताउनेछु ।।२।। तपाइँ विना चर-अचर सबैले भरिएको पृथिवीलाई कसले धारण गर्न सक्छ? नारदजीले यसरी प्रश्न गर्दा शेषनाग मौन रहे । यसपछि नारदजीले आफै शेषनागको उद्धारका लागि उपाय र आफ्नो पद फेरि पाउने उपायसमेत बताए ।

नारदजीले भन्नुभयो – सम्पूर्ण कलाका अधिपति हे शेषनाग! मेरो कुरा सुन्नुहोस् । जुन उपाय गर्नाले ब्रह्मा आदि देवताहरू पनि तपाइँका सेवक बराबर हुनेछन् र बालकले हातमा फूल खेलाएझैं तपाइँले पृथिवीलाई धारण गर्न सक्नु हुनेछ त्यो उपाय म बताउनेछु ।।३-५।।

शेषनागले भने – हे नारदजी ! मेरो पुरानो केही पुण्य बाँकी रहेछ त्यसैले आज मैले हजुरको दर्शन पाएँ । हजुरको अकस्मात् दर्शन पाउनु मेरो कल्याणको सूचक हो भन्ने कुरामा कुनै शङ्का रहँदैन ।।६।। पुण्यहीन मानिसले हजुरजस्ता तपस्वीको दर्शन पाउन सम्भव छैन । शरीर अत्यन्त गलेको छ, निर्बल छु र म पृथिवीधारण गर्न समेत असमर्थ भएको छु ।।७।। हे नारद मुनि ! मलाई त्यो उपाय बताउनुहोस्, जसबाट म पहिलेजस्तै बलवान हुन सकूँ ।

नारदजीले भन्नुभयो – शेषनाग! आज म ती देवताको महामन्त्र बताउँछु, जसको कृपाबाट इन्द्र आदि देवताहरूले आ-आफ्ना पद प्राप्त गरेका थिए। जसको आज्ञा पाएर ब्रह्मा, विष्णु र शिवजीले सम्पूर्ण संसारको सृष्टि, स्थिति र संहार गर्दछन् ।।८-९।। सबैका स्वामी जुन देवता प्रसन्न हुनुभएमा तपाइँले आफ्नो पुरानो स्वरूप प्राप्त गर्नुहुनेछ । हे शेषनाग ! तपाइँको दयनीय स्वरूप देख्नासाथ मेरो मन पग्लिएको छ।।१०।। त्यस कारण म तपाइँलाई भगवान् श्रीगणेशको ६ अक्षरको मन्त्र उपदेश गर्दछु । यस मन्त्रको जप गर्नाले भगवान् श्रीगणेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतः श्रेष्ठतरः शम्भुस्तस्याहं शिरसि स्थितः ।
धराधारणसामर्थ्यं मयि नान्यत्र कुत्रचित् ।।३४।।

वासुके ! रज्जुभूतान् मत्कुलीनादमृतं सुरैः ।
प्राप्तं ततोऽमरत्वञ्च तस्मान्नान्योऽस्ति मत्परः ।।३५।।

तद् हृदिस्थं तदा गर्वं ज्ञात्वा शम्भुस्त्रिलोककृत् ।
विज्ञायाखिलदृक् तूष्णीमुत्तस्थौ सहसा शिवः।।३६।।

आस्फालयद् धरापृष्ठे शेषं तादृशगर्वितम् ।
एकैको मस्तकस्तस्य दशधा दशधाऽभवत् ।।३७।।

मूर्च्छितः प्रहरार्द्धं स गतप्राण इवाभवत् ।
ततः प्रभृत्यसौ जातः सहस्रफणमण्डितः ।।३८।।

जीवशेषः शुशोचाऽथ शेषोऽशेषाहिभूषणः ।
अलङ्करणभूतोऽहं त्रैलोक्येशहरस्य ह ।।३९।।

इमामवस्थां सम्प्राप्तो न जाने केन कर्मणा ।
चलितुं नैव शक्नोमि पक्षहीन इवाण्डजः ।।४०।।

किं करोमि क्व गच्छामि को मे त्राताऽधुना भवेत् ।
को मे निजपदप्राप्तावुपायं कथयेच्छुभम् ।।४१।।

को वा मेऽपनयेद् दुःखमिति चिन्तापरस्तु सः ।
ददर्श तेन मार्गेण गच्छन्तं नारदं मुनिम् ।।४२।।

जहर्ष किञ्चिन्नागेन्द्रः स्वप्नं प्राप्येव भिक्षुकः ।
अतिकष्टामवस्थां तां नारदोऽलोकयत् पुरः ।।४३।।

निश्चेष्टं निरनुश्वासं ध्याननिष्ठं यथा मुनिम् ।
अशेषविषयज्ञोऽपि शेषं पप्रच्छ नारदः ।।४४।।

सबैले ठूला मानेका देवता शिवजी नै हुन् ? म त उहाँको पनि शिरमा बसेको छु । विशाल पृथिवीलाई वहन गर्नसक्ने त्यो शक्ति अरू कुनै देवतामा छैन, जुन ममा मात्र छ।।३३-३४।। मेरो कुलमा जन्मेका वासुकिलाई नेती बनाएर देवताहरूले समुद्रको मन्थन गरी अमृत प्राप्त गरेका हुन् । वासुकिका कारण नै ती देवताहरू अमर भए । त्यस कारण मभन्दा ठूलो अरू कुनै छैन ।।३५।। सदाशिवजी पनि शेषनागको मनमा घमण्ड आएको देखेर उनका सबै कुरा ज्ञानदृष्टिबाट बुझी शेषनागका सामु आई मौन भएर उभिनुभयो ।।३६।। त्यसपछि उहाँले आफ्नो टाउकामा बेरिएका घमण्डी शेषनागलाई शिर फट्कारेर भुईंमा पछार्नुभयो । त्यसो गर्दा शेषनागका प्रत्येक टाउकाका दश-दश टुक्रा भए । मूर्च्छा परेका शेषनाग आधा प्रहरसम्म मरेजस्तै देखिए । त्यसपछि मात्र सय वटा शिर भएका शेषनाग एक हजार शिरले सम्पन्न भए ।।३७-३८।। शिवजीबाट पछारिंदा बल्ल बल्ल सास लिइरहेका शेषनागले चिन्ता गरे । मनमनै भने- म आजसम्म शिवजीको शिरको गहना भएर रहेको थिएँ, तर आज कुन कर्मले यो अवस्थामा आइपुगें। अहिले म प्वाँख नभएको चराजस्तै गतिहीन भएको छु ।।३९-४०।। के गरूँ ? कहाँ जाऊँ ? अहिले मेरो कसले रक्षा गर्ला ? कसले मलाई शिवजीका शिरमा फेरि गहना बनेर बस्ने उपाय बताउला? कसले मेरो दुःखलाई हरण गर्ला ? इत्यादि चिन्ता गरिरहेका शेषनागले आफ्ना सामु रहेको मार्गमा नारद मुनिलाई हिंडिरहेको देखे ।।४१-४२।। त्यसपछि मात्र शेषनाग मनमनै केही प्रसन्न भए । तिनलाई भिखारीले सपनामा भिक्षा पाएजस्तो भयो । नारदजीले पनि शेषनागलाई अति दयनीय अवस्थामा रहेको देख्नुभयो ।।४३।। चेष्टाहीन, श्वासप्रश्वास लिन पनि धौ धौ मानिरहेका शेषनागलाई ध्यानमा रहेका मुनिजस्तै निश्चल अवस्थामा देखेर नारदजीले आफू सर्वज्ञ भई सबै कुरा थाहा पाए पनि सोधनी गर्नुभयो ।।४४।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे शेषोपाख्यानं नामैकोननवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कामदेवको पुनर्जन्मकथाका साथ शेषनागको उपाख्यान' शीर्षकान्वित उनान्नब्बेऔं अध्याय पूर्ण भयो ।।८९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ नवतितमोऽध्यायः { ९० अध्याय }

नारद उवाच

किमर्थमेवं जातोऽसि निस्तेजा दुःखितो भृशम् ।
कथं भग्नशिराः कस्याचरोऽप्रियतरं मुने ।।१।।

किं वा क्षुब्धो गिरीशस्तेऽकारि गर्वस्त्वयाऽथ किम् ।
वद यत्कारणं शेष! प्रतीकारं पुरा वदे ।।२।।

त्वां विना धारयेत् को नु चराचरयुतां धराम् ।
अनुक्तवति तस्मिँस्तु स्वयमेवाब्रवीन्मुनिः।।३।।

उपायं नागराजस्य स्वस्थानप्रापकं शुभम् ।

नारद उवाच

अवधारय मे वाक्यं शेषाशेषकलानिधे ।।४।।

सुपर्वाणश्च केशाद्या येन स्युः किङ्करा इव ।
धरिष्यसे धरां मूर्ध्नि पुष्पमालामिवार्भकः ।।५।।

शेष उवाच

किञ्चित् पुरातनं पुण्यमासीच्चेद् दर्शनं तव ।
अजन्यकस्मादग्रेऽपि सम्यङ् मे स्यान्न संशयः ।।६।।

अन्यथाऽकृतपुण्यानां दर्शनं तु कथं भवेत् ।
अतिविह्वलगात्रत्वादशक्तो भूमिधारणे ।।७।।

तं प्रयत्नं वद मुने येनाहं स्यां यथा पुरा ।

नारद उवाच

भणे महामनुं तेऽद्य तस्य देवस्य नागराट् ।।८।।

यस्य प्रसादादिन्द्राद्यास्तत् तत् पदमवाप्नुवन् ।
केशा यदाज्ञयाऽशेषसृष्टिस्थित्यन्तकारिणः ।।९।।

यस्मिन् प्रसन्ने सर्वेशे पूर्वावस्थामवाप्स्यसि ।
कारुण्यं तव दृष्ट्वैव क्लिन्नं मे सर्वमानसम् ।।१०।।

अतः षडक्षरं मन्त्रं गणेशस्य ददामि ते ।
अस्यानुष्ठानमात्रेण प्रत्यक्षस्ते गजाननः ।।११।।

नारदजीले भन्नुभयो – हे शेषनाग ! तपाइँ आज किन मलिन, तेजोहीन र दुःखी देखिनुभएको छ ? तपाइँको शिरमा घाउ लागेको छ । कोसँग अप्रिय व्यवहार गर्नुभयो ? ।।१।। अथवा शिवजी क्रुद्ध हुनुभयो अथवा तपाइँमा नै घमण्डको उदय भयो? मलाई ती सबै कारण बताउनुहोस् । त्यसपछि मैले तपाइँको उद्धार गर्ने उपाय बताउनेछु ।।२।। तपाइँ विना चर-अचर सबैले भरिएको पृथिवीलाई कसले धारण गर्न सक्छ? नारदजीले यसरी प्रश्न गर्दा शेषनाग मौन रहे । यसपछि नारदजीले आफै शेषनागको उद्धारका लागि उपाय र आफ्नो पद फेरि पाउने उपायसमेत बताए ।

नारदजीले भन्नुभयो – सम्पूर्ण कलाका अधिपति हे शेषनाग! मेरो कुरा सुन्नुहोस् । जुन उपाय गर्नाले ब्रह्मा आदि देवताहरू पनि तपाइँका सेवक बराबर हुनेछन् र बालकले हातमा फूल खेलाएझैं तपाइँले पृथिवीलाई धारण गर्न सक्नु हुनेछ त्यो उपाय म बताउनेछु ।।३-५।।

शेषनागले भने – हे नारदजी ! मेरो पुरानो केही पुण्य बाँकी रहेछ त्यसैले आज मैले हजुरको दर्शन पाएँ । हजुरको अकस्मात् दर्शन पाउनु मेरो कल्याणको सूचक हो भन्ने कुरामा कुनै शङ्का रहँदैन ।।६।। पुण्यहीन मानिसले हजुरजस्ता तपस्वीको दर्शन पाउन सम्भव छैन । शरीर अत्यन्त गलेको छ, निर्बल छु र म पृथिवीधारण गर्न समेत असमर्थ भएको छु ।।७।। हे नारद मुनि ! मलाई त्यो उपाय बताउनुहोस्, जसबाट म पहिलेजस्तै बलवान हुन सकूँ ।

नारदजीले भन्नुभयो – शेषनाग! आज म ती देवताको महामन्त्र बताउँछु, जसको कृपाबाट इन्द्र आदि देवताहरूले आ-आफ्ना पद प्राप्त गरेका थिए। जसको आज्ञा पाएर ब्रह्मा, विष्णु र शिवजीले सम्पूर्ण संसारको सृष्टि, स्थिति र संहार गर्दछन् ।।८-९।। सबैका स्वामी जुन देवता प्रसन्न हुनुभएमा तपाइँले आफ्नो पुरानो स्वरूप प्राप्त गर्नुहुनेछ । हे शेषनाग ! तपाइँको दयनीय स्वरूप देख्नासाथ मेरो मन पग्लिएको छ।।१०।। त्यस कारण म तपाइँलाई भगवान् श्रीगणेशको ६ अक्षरको मन्त्र उपदेश गर्दछु । यस मन्त्रको जप गर्नाले भगवान् श्रीगणेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वान् विधास्यसे कामान् यान् याँस्त्वं वृणुषे ततः ।।१२।।

क उवाच

कृत्वोपदेशं शेषाय नारदोऽन्तर्हितोऽभवत् ।
शेषोऽपि तपसे कृत्वा निश्चयं परमं शुभम् ।
निरुद्धाऽशेषकरणो ध्यात्वा देवं गजाननम् ।।१३।।

जजाप परमं मन्त्रं सहस्त्रपरिवत्सरम् ।
तदन्ते पुरतोऽपश्यद् देवदेवं गजाननम् ।।१४।।

सिंहारूढं त्रिनेत्रं दशभुजमुरगं कुण्डले चाङ्गदे च
मुक्तामालां वहन्तं सुललितमुकुटं रत्नमुद्राक्षसूत्रम् ।
नानादेवर्षिवृन्दैरनुगतमनिशं वक्रतुण्डं गजास्यं
भक्तेच्छोपात्तदेहं सुरनरपरदं चिन्तयेदेकदन्तम् ।।१५।।

एवं गजाननस्तस्य दर्शनार्थं समाययौ ।
सिद्धिबुद्धियुतस्तादृग् यादृग् ध्यातोऽहिना पुरा ।।१६।।

सहस्त्रसूर्यसदृशो दीप्त्याक्रान्तदिगन्तरः ।
तेजसा तस्य शेषोऽपि धर्षितोऽन्ध इवाभवत् ।।१७।।

चकम्पे भयसंविग्नो व्यग्रचित्तोऽतिविह्वलः ।
स्वस्थो मुहूर्तमात्रेण चिन्तयामास चेतसि ।।१८।।

किमिदं तेज आयातं प्रलयानलसन्निभम् ।
तच्चेद् दहेत् सर्वलोकानिदं मामेव धक्ष्यति ।।१९।।

कल्याणे कर्मणि कथं क्रियमाणे शुभं भवेत् ।
अथवा नारदेनोक्तं द्रक्ष्यामि गणनायकम् ।।२०।।

एवं चिन्तातुरे तस्मिन्नुवाच द्विरदानन ! ।
मा भैः कुतर्ककुशल ! वरदोऽहं समागतः ।।२१।।

यं ध्यायसि दिवारात्रौ वृणु यत् ते हृदि स्थितम् ।
अहमेव जगत्कर्ता पाता हर्ताऽखिलेश्वरः ।।२२।।

तपाइँका सामु दर्शन दिन आउनुहुनेछ र तपाइँका मनमा रहेका इच्छा पूर्ण तुल्याउनुहुनेछ ।।११-१२।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! शेषनागलाई यसरी उपदेश र मन्त्रोपदेश दिएपछि नारदजी अन्तर्धान भए । शेषनाग पनि तपस्या गर्ने अठोट गरेर सबै इन्द्रियका वृत्तिहरू रोकी भगवान् श्रीगणेशको ध्यान गर्दै एक हजार वर्षसम्म उक्त महामन्त्रको जपमा लागिरहे र त्यसपछि तिनले आफ्ना सामु देवदेव भगवान् गजाननको दर्शन गरे ।।१३-१४।। सिंहमा सवार हुनुभएका, त्रिनयन, दश भुजा धारण गर्नुहुने, सर्पराज शेषनागलाई यज्ञोपवीतका रूपमा धारण गर्नुहुने, कुण्डल, केयूर, मोतीको हार धारण गरी शोभायमान, सुन्दर मुकुट धारण गर्नुहुने, रत्नको औंठी र रुद्राक्षको माला धारण गर्नुभएका, अनेक थरि देवता र ऋषिहरूद्वारा सेवा गरिनुभएका, बाङ्गो मुखले सुहाउनुभएका, हात्तीको जस्तो अनुहारले देदीप्यमान, भक्तको भलो गर्न बेला-बेलामा अवतार धारण गर्नुहुने र देवता एवं मानिसको कल्याण गर्नुहुने भगवान् एकदन्तको ध्यान गर्नुगर्दछु ।।१५।। यस्तो रूप लिनुभएका भगवान् गजानन शेषनागसमक्ष आउनुभयो । उहाँ आउनुहुँदा उहाँका वरिपरि चिरसेविका सिद्धि र बुद्धि पनि हुनुहुन्थ्यो । जुन रूपको कल्पना गरेर शेषनागले भगवान् श्रीगणेशको ध्यान गरेका थिए त्यसै रूपमा दर्शन पनि पाए ।।१६।। एक हजार सूर्यझैं सुहाउनुभएका, आफ्नो तेजबाट सम्पूर्ण दिशा र विदिशाहरूलाई ढाक्नुहुने भगवान् श्रीगणेशको तेजबाट शेषनाग पनि हतप्रभ र अन्धाजस्ता भए ।।१७।। उनी भयले व्याकुल भएर काँपे, चित्तमा व्यग्रता छायो, अत्यन्त आत्तिए । केही बेरपछि स्वस्थ भएर मनले विचार गरे- प्रलयकालको अग्निजस्तो कुन तेज यहाँ आइपुग्यो ? यो तेजले सबै संसार डढाउन सक्छ र मलाई पनि खरानी बनाउन सक्छ ।।१८-१९।। कल्याणकारी कार्य गरिरहेको समयमा यो अशुभ किन भइरहेको छ ? अथवा नारदजीले उपदेश गर्नुभए अनुसार मन्त्र जपेको हुनाले मैले भगवान् श्रीगणेशको दर्शन गरिरहेको छु? यसरी तेजको पुञ्ज देखेर चिन्तित भएका शेषनागलाई वर प्रदान गर्न आई भगवान् श्रीगणेशले भन्नुभयो- हे शेषनाग!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत्तेजसा भाति चन्द्रो वह्निः सूर्यश्च भानि च ।
परब्रह्मस्वरूपोऽपि तपसा तव तोषितः ।।२३।।

आविर्भूतो वरं दातुं लोकोपकृतयेऽपि च ।
त्वं तु मत्तो वरान् ब्रूहि यान् यान् कामयसेऽखिलान् ।।२४।।

शेष उवाच

तेजसा धर्षितो देव ! द्रष्टुं वक्तुञ्च नोत्सहे ।
अनुग्रहश्च पूर्णस्ते मयि सौम्यो भवानघ ! ।।२५।।

क उवाच

एवं सम्प्रार्थितस्तेन करुणाब्धिर्गजाननः ।
अभवत् कोटिचन्द्राभः सौम्यतेजाः सुरेश्वरः ।।२६।।

ततो वव्रे वरान् शेषो नत्वा स्तुत्वाऽखिलेश्वरः ।
अनादिनिधनं देव ! वन्देऽहं गणनायकम् ।।२७।।

सर्वव्यापिनमीशानं जगत्कारणकारणम् ।
सर्वस्वरूपं विश्वेशं विश्ववन्द्यं नमाम्यहम् ।।२८।।

गजाननं गणाध्यक्षं गरुडेशस्तुतं विभुम् ।
गुणाधीशं गुणातीतं गणाधीशं नमाम्यहम् ।।२९।।

विद्यानामधिपं देव ! देवदेवं सुरप्रियम् ।
सिद्धिबुद्धिप्रियं सर्वसिद्धिदं भुक्तिमुक्तिदम् ।।३०।।

सर्वविघ्नहरं देवं नमामि गणनायकम् ।

क उवाच

एवं स्तुत्वा तु देवेशं वरदं द्विरदाननम् ।।३१।।

वरयामास यान् कामाँस्तां शृणुष्व महामुने ।

शेष उवाच

अद्य धन्यं तपो ज्ञानं पिता माता जनुर्मम ।।३२।।

देहो नेत्राणि भूरीणि मस्तकानि बहूनि च ।
त्वां स्तोतुं सम्प्रवृत्ता या धन्या सा रसना मम ।।३३।।

तिमी कुतर्क नगर र मसँग नडराऊ । म वरद श्रीगणेश हुँ र तिमीलाई वरदान दिन आएको छु। जुन देवताको तिमी अहोरात्र ध्यान गरिरहेका छौ, म त्यही देवता श्रीगणेश हुँ, तिमी के चाहन्छौ ? भन म त्यो दिन तयार छु। म नै संसारको रचयिता, पालक, संहार र स्वामी पनि हुँ । मेरै तेजबाट सूर्य, चन्द्रमा, अग्नि र ताराहरू तेजोमय बनेर शोभायमान छन्। म परब्रह्मस्वरूप भए तापनि तिम्रो तपस्याबाट प्रसन्न भएर तिमीलाई वरदान दिन र संसारको उपकार गर्न प्रकट भएको छु । तिमी आफूले चाहेका कुराहरू भन र मबाट वरदान लेऊ ।।२०-२४।।

शेषनागले भने - भगवन् श्रीगणेश ! हजुरको तेजबाट कान्तिहीन भएको म हजुरको स्वरूपलाई राम्ररी दर्शन गर्न र आफ्ना मनका कुरा खोल्नसमेत सकिरहेको छैन । हे निष्पाप देवता ! यदि ममाथि हजुरको पूर्ण कृपा छ भने हजुर सौम्यरूपमा प्रकट हुनुहोस् ।।२५।।

ब्रह्माजीले भन्नुभयो- यसरी शेषनागले प्रार्थना गरेपछि करुणासागर भगवान् श्रीगणेश पनि करोडौं चन्द्रसमान कान्ति-धारण गरेर शान्त-हुनुभयो । त्यसपछि मात्र शेषनागले संसारका स्वामी भगवान् श्रीगणेशको स्तुति गर्दै वरदान मागेका हुन्। शेषनागले भने- हे अनादि अनन्तस्वरूप भगवान् गणनायक! म हजुरलाई नमस्कार गर्दछु । सर्वव्यापी, सबैका स्वामी, जगत्का कारणका पनि कारण, सर्वस्वरूप, विश्वाधिपति र विश्वद्वारा वन्दनीय भगवान् श्रीगणेशलाई प्रणाम गर्दछु ।।२६-२८।। म गजानन गणाध्यक्ष नारायणद्वारा प्रार्थित, व्यापक, तीनै गुणका स्वामी र गुणातीत श्रीगणेश भगवान्लाई प्रणाम गर्दछु ।।२९।। विद्याका स्वामी, देवताका पनि देवता, देवताहरूका प्यारा र सिद्धि-बुद्धिका पनि प्यारा, सबैलाई सिद्धि प्रदान गर्ने, भुक्ति एवं मुक्ति दिने र सबै विघ्नहरूका नाशक गणनायक भगवान्लाई नमस्कार गर्दछु ।

ब्रह्माजीले भन्नुभयो - यसरी देवताका स्वामी वरदायक भगवान् गजाननको स्तुति गरेर शेषनागले जुन कामनाहरूको विषयमा याचना गरे ती कामनाहरू के थिए भन्ने कुरा म बताउँछु, तपाईं सुन्नुहोस् ।

शेषनागले भने- आज मेरो तपस्या, ज्ञान, माता-पिता, जन्म, शरीर, आँखा र मेरा हजारौं शिरहरू धन्य भएका छन् । हजुरको दर्शन पाएर मेरो स्तुति पनि धन्य भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलं शीलञ्च धन्यं मे त्वदङ्घ्रियुगदर्शनात् ।
अखण्डितं ते भजनं देहि मेऽखण्डविक्रम ।।३४।।

दुःखं किं किं नु वक्तव्यं सर्वज्ञे त्वयि विघ्नराट् ।
अखर्वगर्वकरणात् स्फुटिता मस्तका मम ।।३५।।

महारुषा महेशेनाऽऽस्फालितस्य महीतले ।
नारदस्य प्रसादेन दृष्टं ते चरणाम्बुजम् ।
इदानीं देव ! मे देहि श्रेष्ठतां भुवनत्रये ।।३६।।

पाटवं सर्वशिरसि सामर्थ्यं धारणे भुवः ।
अचलं देहि मे स्थानं दर्शनं ते निरन्तरम् ।।३७।।

सान्निध्यं शङ्करस्यापि कुलश्रैष्ठ्यं शिवे रतिम् ।

गणपतिरुवाच

यदि ते दशधा जातो मस्तको भुजगाधिप ।।३८।।

तदा सहस्त्रवदनः सहस्त्रफणिमण्डितः ।
भविष्यसि जने ख्यातो यावच्चन्द्रार्कतारकाः ।।३९।।

धराधरणसामर्थ्यं दृढं तव भविष्यति ।
पञ्चास्यपञ्चशिरसि मत्प्रसादात् स्थितिं स्थिराम् ।।४०।।

लप्स्यसे भुजगश्रेष्ठ! मत्सान्निध्यं निरन्तरम् ।
अन्यत् ते वाञ्छितं शेष! तदशेषं भविष्यति ।।४१।।

क उवाच

एवं वरान् ददौ तस्मै स्वोदरे तं बबन्ध ह ।
व्यालबद्धोदर इति नाम प्राप गजाननः।।४२।।

छ।।३०-३३।। हे प्रभु ! मेरो जिब्रो पनि धन्य भएको छ । हे भगवन् श्रीगणेश ! मेरा कुल र शील पनि धन्य भएका छन् । हजुरका चरणयुगलको दर्शनबाट मेरा सबै कुरा धन्य भएका छन् । हे अखण्ड पुरुषार्थका स्वामी ! मलाई अखण्डरूपमा हजुरको भजन गर्ने सौभाग्य प्रदान गर्नुहोस् । हे विघ्नहरूका स्वामी श्रीगणेश ! हजुर सर्वज्ञ हुनुहुन्छ, सबै कुरा जान्नुहुन्छ, मैले कति दुःख पाएँ ? कसरी भनूँ ? हजुर आफै जान्नुहुन्छ । मैले ठूलो घमण्ड गर्नाले मेरा मस्तक फुटे ।।३४-३५।। भगवान् शङ्करले रिसाएर मलाई भुईंमा पछार्नुभयो । नारदजीको कृपा हुन गयो र उहाँको उपदेशबाट आज हजुरका चरणकमलको दर्शन पाएँ । हे भगवन् श्रीगणेश! मलाई तीनै भुवनमा सर्वश्रेष्ठ हुने वरदान दिनुहोस् भनी आज म हजुरसँग प्रार्थना गरिरहेको छु ।।३६।। यसका साथै मेरा शिरहरूमा पहिलेको जस्तै पृथिवीधारण गर्ने शक्ति पनि प्रदान गर्नुहोस् र मलाई अचल स्थान दिनुहोस्। हे भगवन् श्रीगणेश! मलाई हजुरको निरन्तर दर्शन पाउने अवसर प्रदान गर्नुहोस् ।।३७।। भगवान् शङ्करको नजिकमा बस्न पाउने अधिकार पनि दिनुहोस् । म आफ्नो कुलमा श्रेष्ठ बनेर रहन पाऊँ । निरन्तर भगवान् शङ्करको भक्ति गर्न पाऊँ ।

श्रीगणेशले भन्नुभयो - हे सर्पराज शेषनाग ! पहिले तपाइँ दशवटा शिरले शोभायमान हुनुहुन्थ्यो, अब हजार मुख र हजार फणाले सम्पन्न हुनुहुनेछ र महान् विख्यात पनि। जबसम्म सूर्य, चन्द्रमा र तारा रहन्छन्, तबसम्म तपाइँ संसारमा नामी हुनुहुनेछ । तपाइँसँग पृथिवीधारण गर्ने अद्‌भुत शक्ति हुनेछ । भगवान् शङ्करका पाँचवटै शिरमा मेरो कृपाबाट बस्न पाउनुहुनेछ । सर्पहरूमा श्रेष्ठ सर्पराज भएर बस्नुहुनेछ । तपाइँ सर्वदा मेरो नजिकमा मेरा प्यारा भक्त भएर बस्नुहुनेछ। अरू पनि तपाइँका मनमा जेजति कामना छन्, ती सबै परिपूर्ण हुनेछन् ।।३८-४१।।

ब्रह्माजीले भन्नुभयो - यसरी भगवान् श्रीगणेशले शेषनागलाई मागेजति सबै वर दिनुभयो । त्यसपछि श्रीगणेशले शेषनागलाई आफ्नो पेटमा बेर्नुभयो । यो घटनापछि भगवान् श्रीगणेशलाई व्यालबद्धोदर पनि भनियो । सर्वव्यापक भगवान् श्रीगणेशले शेषनागको मस्तकमा हात राखेर अभयदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शेषस्य मस्तके हस्तमभयार्थं ददौ विभुः ।
स्वयं विराट्स्वरूपं स्वं शेषायादर्शयन् मुदा ।।४३।।

शब्देनापूरयद् व्योम भूतलं विदिशं दिशः ।
यस्य पादतले भूमिर्दिशः श्रोत्रेऽक्षिणी रविः ।।४४।।

ओषध्यो यस्य रोमाणि नखा यस्य धराधराः ।
मेघाः स्वेदोदकं यस्य प्रजनश्चतुराननः ।।४५।।

कुक्षौ यस्य जगत् सर्वं चत्वारश्चैव सागराः ।
अनन्तानन एको योऽप्यनन्तनयनः स्वराट् ।।४६।।

अनन्तरूपी चानन्तशक्तिरत्यन्तदीप्तिमान् ।
यद्रोमकूपे भान्ति स्म ब्रह्माण्डानि सहस्रशः ।।४७।।

दृष्ट्वा तं तादृशं शेषो भीत्या भ्रान्त इवाभवत् ।
प्रार्थयामास विघ्नेशं पुनः सौम्यो भवेति च ।।४८।।

ततो दशभुजो देवः सिंहारूढोऽभवच्च सः ।
उवाच वरदो देवो नेदृग् दुष्टः सुरैरपि ।।४९।।

मदनुग्रहतोऽदर्शि त्वया शेषाद्य भाग्यतः ।
अचलं मयि ते स्थानं पातालेऽपि शिवेऽपि च ।
मया दत्तं प्रसन्नेन धर पुष्पमिवाद्य गाम् ।।५०।।

शेष उवाच

धरे धरां स्वशिरसि धरणीधर इत्यपि ।
ममापि तेऽपि विख्यातं नाम लोकेऽतिविश्रुतम् ।।५१।।

अस्मिन् क्षेत्रे स्थिरो भूत्वा भक्तकामान् प्रपूरय ।

दिनुभयो। त्यसपछि शेषनागको भक्तिबाट प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले उनलाई सहर्ष आफ्नो विराट् रूप पनि देखाउनुभयो ।।४२-४३।। त्यस बेला श्रीगणेशले घोर गर्जन गर्नुभयो । त्यस गर्जनबाट आकाश, पृथिवी, दिशा र विदिशा सबै थर्कमान भए । पृथिवी पनि विराट् रूप धारण गर्ने भगवान् श्रीगणेशको चरणका रूपमा रहेकी थिइन्, दिशाहरू कानका रूपमा रहेका थिए, सूर्य आँखा बनेका थिए, वृक्ष-वनस्पति रौंका रूपमा रहेका थिए, पर्वतहरू नङ बनेका थिए, बादलहरू पसिना बनेका थिए, सृष्टिकर्ता ब्रह्माजी इन्द्रियका रूपमा रहेका थिए र विराट् श्रीगणेशको काखीभित्र सम्पूर्ण संसार अटाएको थियो । त्यहाँ महासागर पनि गम्भीर मुद्रामा प्रवाहित भइरहेका थिए । वास्तवमा एकरूप भएर पनि भगवान् श्रीगणेश त्यतिबेला हजारौं मुखले शोभायमान हुनुहुन्थ्यो। हजारौं आँखाले हेरिरहनुभएको थियो र आफ्नै प्रकाशद्वारा प्रकाशित स्वप्रकाश हुनुहुन्थ्यो ।।४४-४६।। उहाँका अनन्तरूप देखिएका थिए, अनन्त शक्ति क्रियाशील थिए र उहाँका अनन्तरूप सुहाएका थिए । ती-ती रूपहरूमा अनन्त शक्ति भरिएका थिए। उहाँ अनन्त कान्तिले सुहाउनुभएको थियो । विराट्रूप भगवान् श्रीगणेशका रौं-रौंमा हजारौं ब्रह्माण्ड देखिएका थिए । शेषनागले भगवान् श्रीगणेशको त्यो विराट् रूप देखेर भयले भ्रान्तिको अनुभव गरे । फेरि उनले सौम्य हुनुहोस् भन्दै भगवान् श्रीगणेशको प्रार्थना गरे ।।४७-४८।। त्यसपछि भगवान् वरदायक श्रीगणेश सिंहमा सवार भई दश भुजाहरूद्वारा शोभायमान हुनुभयो र शेषनागलाई भन्नुभयो - हे शेषनाग ! मेरो यस्तो विराट्रूप देवताहरूले पनि दर्शन गर्न पाएका छैनन् । आज आफ्नै भाग्य र मेरो आशीर्वादका कारण तिमीले विराट्रूपको दर्शन पायौ । मैले तिमीलाई मेरो शरीरमा पाताल र शिवजीको शिरमा पनि अचल स्थान प्रदान गरें । अब मानिसले फूल धारण गरेझैं तिमीले पनि पृथिवी धारण गर ।।४९-५०।।

शेषनागले भने - हे भगवन् श्रीगणेश ! म पृथिवीलाई मेरो शिरमा धारण गर्दछु । हजुर र म दुवै धरणीधरका नामबाट प्रख्यात होऔं । हजुर यस क्षेत्रमा धरणीधर नामबाट स्थिर हुनुहोस् र भक्तका कामनाहरूलाई सफल तुल्याउनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

ओमिति तमथोक्त्वाऽसौ विघ्नेशोऽन्तर्दधे स्वयम् ।।५२।।

शेषोऽपि तादृशीं मूर्तिं कृत्वाऽस्थापयदादरात् ।
अकरोद् बहु रत्नाढ्यं प्रासादं काञ्चनं शुभम् ।।५३।।

धरणीधर इत्येतन्नामास्य पर्यकल्पयत् ।
हरेः शयनतां प्रायादवहत् पुष्पवद् धराम् ।।५४।।

स्थिरोऽभून्नाभिपद्मेऽपि विघ्नराजस्य भूषणम् ।
एवं ते कथितो व्यास ! विघ्नेशमहिमाऽद्भुतः ।।५५।।

प्रबालनगरे ख्यातो गणेशो धरणीधरः ।
एतदर्थं हि शेषेण कृतमाराधनं विभोः ।।५६।।

ब्रह्माजीले भन्नुभयो - शेषनागको निवेदन सुनेर भगवान् श्रीगणेश पनि हुन्छ भन्ने वचन दिनु भई त्यहीं अन्तर्धान हुनुभयो।।५१-५२।। त्यसपछि शेषनागले भगवान् श्रीगणेशको धरणीधरका नामबाट मूर्ति बनाई श्रद्धापूर्वक त्यसको प्रतिष्ठा गराए । तिनले रत्नजडित सुवर्णमय मन्दिर बनाए । त्यस मन्दिरमा मूर्तिको प्रतिष्ठा गरेपछि त्यसको नाम पनि धरणीधर राखे । यो घटनापछि मात्र शेषनाग क्षीरसागरमा गई भगवान् नारायणको शय्या बनेर पृथिवीको धारण गर्न समर्थ भए । शेषनाग श्रीगणेशको नाभिमा रहने अलङ्कार पनि बने । हे व्यास ! यसरी मैले तपाइँलाई श्रीगणेशको अद्भुत महिमा बताएँ। प्रबालनगरमा रहेका श्रीगणेश धरणीधरका नामबाट आज पनि प्रख्यात हुनुहुन्छ । उहाँकै स्थापना गर्न शेषनागले भगवान् श्रीगणेशको आराधना गरेका थिए ।।५३-५६।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे शेषोपाख्यानं नवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'शेषोपाख्याननिरूपणका क्रममा शेषनागद्वारा श्रीगणेशको आराधना र वरप्राप्ति' शीर्षकान्वित नब्बेऔं अध्याय पूर्ण भयो ।।९०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ एकनवतितमोऽध्यायः { ९१ अध्याय }

व्यास उवाच

अन्यत् कथय मे देव गणेशस्य कथान्तरम् ।
शृण्वतो मे मनोऽत्यन्तमुत्सुकं भवति प्रभो ।।१।।

ब्रह्मोवाच

एकदा प्रलये वृत्तेऽज्ञापयन्मां गजाननः ।
सृष्टिं नानाविधां ब्रह्मन् ! कुरु त्वं हि ममाज्ञया ।।२।।

अहं प्रकल्पयामास पुत्रान् सप्त हृदा तदा ।
तेषां नामानि ते वच्मि कश्यपो गौतमोऽपि च ।।३।।

जमदग्निर्वसिष्ठश्च भरद्वाजोऽत्रिरेव च ।
विश्वामित्रश्च सप्तैते सर्वविद्याविशारदाः ।।४।।

सर्वे मामब्रुवन् ब्रह्मन्नाज्ञापय सुरेश्वर! ।
मया तु कश्यपोऽज्ञापि बुद्धिमाँस्तेषु चाधिकः ।।५।।

मत्कार्यं विविधां सृष्टिं कुर्वित्याज्ञापितस्तदा ।
असावोमिति मामुक्त्वा जगाम तपसे वनम् ।।६।।

जजापैकाक्षरं मन्त्रं दिव्यवर्षसहस्रकम् ।
ततः प्रसन्नो भगवान् द्विरदानन ईश्वरः ।।७।।

चतुर्भुजोऽरविन्दाक्षो महामुकुटमण्डितः ।
पाशाङ्कुशधरो मालादन्तहस्तः शुभाङ्गदः ।
सुवर्णमणिरत्नाढ्यो मुक्तामालालसद्गलः ।।८।।

सर्पोदरः कोटिसूर्यविलसद्दीप्तिमण्डलः ।
विकसन्नेत्रविभ्राजच्चारुशुण्डालसन्मुखः ।।९।।

आविरासीत् कश्यपस्य पुर एवं गजाननः ।
क्षुद्रघण्टानूपुराणां रवान् मुखरिताङ्घ्रियुक् ।।१०।।

दृष्ट्वा ननर्त तं देवं कश्यपो हर्षनिर्भरः ।
नत्वा सम्पूजयामास नानामङ्गलवस्तुभिः ।।११।।

बद्धाञ्जलिरुवाचेदं सुप्रसन्नो गजाननम् ।
धन्यो मे जनको माता तपो ज्ञानं वपुश्च दृक् ।।१२।।

व्यासले भन्नुभयो- हे कमलासन ! मलाई श्रीगणेशका अरू कथा पनि सुनाउनुहोस् । मेरो मन जहिले पनि भगवान् श्रीगणेशका कथा सुन्न उत्कण्ठित हुने गर्दछ ।।१।।

ब्रह्माजीले भन्नुभयो - एक पटक महाप्रलय भएपछि श्रीगणेशले मलाई भन्नुभयो- हे ब्रह्माजी ! तपाईँले मेरो आज्ञाअनुसार अनेक थरि सृष्टि गर्नुहोस् । त्यसपछि मैले मनबाट सात मानसपुत्र उत्पन्न गरें । तिनका नाम यस प्रकार छन् - कश्यप, गौतम, जमदग्नि, वसिष्ठ, भारद्वाज, अत्रि र विश्वामित्र । यी सबै छोराहरू सबै विद्याका विद्वान् थिए ।।२-४।। एक दिन सबै छोराहरूले मलाई भने - हे पिता ! हामीले के गरौं ? आज्ञा गर्नुहोस् । मैले ती छोरामध्ये सबैभन्दा बुद्धिमान् कश्यप छन् भन्ने कुरा बुझेर तिनलाई अनेक थरि सृष्टि गर भन्ने आज्ञा दिएँ । कश्यप पनि मेरो आज्ञा स्वीकार गरी तपस्या गर्न वनतर्फ लागे । दिव्य एक हजार वर्षसम्म तिनले श्रीगणेशको एक अक्षरको मन्त्र जप गरे । मन्त्र जपबाट प्रसन्न हुनुभएका भगवान् गजाननले तिनलाई दर्शन दिनुभयो ।।५-७।। त्यस बेला चतुर्बाहु, कमलनयन, उत्तम मुकुटले सुहाउनुभएका, पाशाङ्कुशधारी, माला र दाँत हातमा धारण गर्नुहुने, केयूरधारी, सुवर्ण, मणि र रत्नले बनेको मोतीको हार लगाएर आफ्नो कण्ठलाई सजाउनुभएका, पेटमा शेषनागलाई यज्ञोपवीतका रूपमा धारण गर्नुहुने, करोडौं सूर्यसमान कान्तिले सम्पन्न, कमलसमान विकसित नयनहरूले देदीप्यमान र मुखमा अत्यन्त राम्रो सूँढ धारण गर्नुहुने श्रीगणेश कश्यप ऋषिका सामु प्रकट हुनुभयो । भगवान् श्रीगणेशका पाउमा रहेको सानो घुँघुरुको माला र नुपूरको शब्दले वातावरण गुञ्जायमान भयो । कश्यप ऋषि श्रीगणेशलाई देखेर हर्षित भई नाचिरहेका थिए । त्यसपछि उनले भगवान्लाई प्रणाम गरी मङ्गलमय वस्तु अर्पण गरेर पूजा गरे ।।८-११।। हात जोडेर तिनले भगवान् श्रीगणेशसँग निवेदन गरे - हे भगवन् श्रीगणेश ! आज हजुरको दर्शन पाएर मेरा माता-पिता, तपस्या, शरीर, आँखा यी सबै कुराहरू धन्य भएका छन् । पृथिवी माता धन्य भएकी छन्, लता, वृक्ष र फलफूल पनि धन्य भएका छन् । जुन मन्त्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धन्येयं धरणी तात! वीरुद्वृक्षफलानि च ।
धन्य एकाक्षरो मन्त्रो येन दृष्टोऽखिलेश्वरः ।।१३।।

गजाननः प्रसन्नात्मा परमात्मा परात्परः ।
यत्र कुण्ठाश्चतुर्वेदा वेदान्ता मूकतां गताः ।।१४।।

अगोचरो मनस्तर्कैः सोऽयं देवो मयेक्षितः ।
यस्मादाविर्भवन्तीमे हरीशाग्निमुखाः सुराः ।।१५।।

पातालानि च सप्तैव भुवनानि चतुर्दश ।
यत्रैतानि लयं यान्ति सोऽयं देवो मयेक्षितः ।।१६।।

यो निर्गुणो निराधीशो गुरुगम्यो निराकृतिः ।
ब्रह्मेति यं विदुः केचित् सोऽयं देवो मयेक्षितः ।।१७।।

क उवाच

एवं वाक्यामृतरसैः परितुष्टो गजाननः ।
उवाच कश्यपं नम्रं स्तुवन्तं विविधैः स्तवैः ।।१८।।

गणेश उवाच

भक्तेः स्तवादनुष्ठानात् प्रीतस्तेऽहं मुनेऽधुना ।
वरं वरय मत्तस्त्वं यं यं स्वमनसेच्छसि ।।१९।।

कश्यप उवाच

सृष्टिं नानाविधां कर्तुं सामर्थ्यं देहि मे प्रभो ! ।
त्वदङ्घ्रिकमले भक्तिमविस्मरणमेव च ।।२०।।

यायाः प्रत्यक्षतां तत्र स्मरे त्वां यत्र चाऽप्यहम् ।
त्वादृशं देहि मे पुत्रं नाम्ना कश्यपनन्दनम् ।।२१।।

गणेश उवाच

सर्वं ते वाञ्छितं मत्तो भविताऽऽशु महामुने ! ।
भक्तिर्मेऽविस्मृतिः स्यात् ते सङ्कटे चान्तिकं व्रजे।।२२।।

करिष्यसि विचित्रां त्वं सृष्टिं मम प्रसादतः ।

क उवाच

एवमुक्त्वा मुनिं देवस्तत्रैवान्तरधीयत ।
कश्यपोऽपि मुदा युक्तो निजस्थानं तदा ययौ ।।२३।।

जप गरेर संसारका स्वामीको दर्शन प्राप्त गरें, त्यो एकाक्षरी मन्त्र पनि धन्य भएको छ । प्रसन्नात्मा, परमात्मा र परात्पर भगवान् श्रीगणेशका सामु संसारका सबै तेज र तेजस्वीहरू कुण्ठित हुन्छन् । चार वेद र वेदान्तका वाणीहरू पनि मूकसमान हुन्छन् । जसलाई मन, वचन र तर्कले देख्न सकिंदैन त्यस्ता संसारका प्रभुको मैले दर्शन पाएँ । जुन श्रीगणेशबाट नारायण, शङ्कर, अग्नि आदि देवता र पाताल आदि सात लोक एवं माथिका सात भुवन प्रकट हुन्छन् र जसमा यी सबै विलीन पनि हुन्छन् त्यस्ता श्रीगणेश प्रभुको आज दर्शन पाएँ। जुन श्रीगणेश भगवान् निर्गुण, निरामय, गुरुगम्य र निराकार हुनुहुन्छ, जसलाई कसैले ब्रह्म, कसैले श्रीगणेश र कसैले विष्णु भन्दछन् त्यस्ता प्रभुको मैले दर्शन पाएँ ।।१२-१७।।

ब्रह्माजीले भन्नुभयो- कश्यप ऋषिका यस्ता अमृतमय वाक्यले प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले विनम्र भई स्तुतिवचनद्वारा प्रार्थना गर्ने कश्यप ऋषिलाई भन्नुभयो ।।१८।।

श्रीगणेशले भन्नुभयो - हे कश्यप ऋषि ! आज म तिम्रो स्तुति, मन्त्रजप र भक्तिबाट प्रसन्न भएको छु, वर माग। म तिमीलाई जे जे चाहन्छौ, त्यो त्यो दिन चाहन्छु ।।१९।।

कश्यपले भन्नुभयो - हे प्रभो ! मलाई अनेक थरि सृष्टि गर्ने शक्ति प्रदान गर्नुहोस् । हजुरको चरणकमलको भक्ति प्रदान गर्नुहोस् । कहिले पनि नबिर्सने बुद्धि प्रदान गर्नुहोस् । जहाँ जहाँ गएर मैले हजुरको स्मरण गरूँ, त्यहाँ त्यहाँ हजुर प्रत्यक्ष हुने वरदान दिनुहोस् । मलाई हजुरजस्तै कश्यपनन्दन नाम गरेको एउटा छोरा प्रदान गर्नुहोस् ।।२०-२१।।

श्रीगणेशले भन्नुभयो - हे कश्यप मुनि ! तिम्रा सबै कामनाहरू मेरो कृपाबाट पूरा हुनेछन् । तिम्रो ममा दृढ भक्ति हुनेछ । तिमीले मलाई कुनै अवस्थामा पनि बिर्सने छैनौ । तिमीमाथि सङ्कट आइलाग्दा म तिम्रा सामु प्रत्यक्ष हुनेछु । तिमीले मेरो कृपाबाट विचित्र सृष्टि गर्नेछौ ।

ब्रह्माजीले भन्नुभयो- भगवान् श्रीगणेश यसरी कश्यप ऋषिलाई वरदान दिएर त्यहीं नै अन्तर्धान हुनुभयो। वरदान पाएर खुसी भएका कश्यप ऋषि पनि आफ्नो आश्रमतिर लागे।।२२-२३।। कुनै दिन कश्यप ऋषि अकस्मात् मानसिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कदाचित् कश्यपोऽकस्मादशरीरप्रपीडितः ।
न चालभत् क्वापि शर्म गृहमध्यं ततोऽगमत् ।।२४।।

नित्यं नैमित्तिकं काम्यं कर्म ध्यानञ्च नास्मरत् ।
तं तथा विह्वलं दृष्ट्वा योषितोऽस्य चतुर्दश ।।२५।।

दित्यदितिदनुकद्रुविनताद्याः पुरः स्थिताः ।
बुभुजे क्रमशस्तास्तु नानागारेषु कश्यपः ।।२६।।

काले यथोक्ते सुषुवे दितिर्दैत्याननेकशः ।
अदितिर्देवगन्धर्वान् दनुश्च दानवानथ ।।२७।।

क्रमेण किन्नरा यक्षाः सिद्धचारणगुह्यकाः ।
पशवश्च तथारण्या ग्राम्याश्चासन्ननेकशः ।।२८।।

पृथिवी पर्वता वृक्षाः समुद्राः सरितो लताः ।
धान्यानि धातवो रत्नमुक्ताकृमिपिपीलिकाः ।।२९।।

सर्पाः पक्षिगणास्ताभ्यः सर्वमासीच्चराचरम् ।
एवं दृष्ट्वा स सन्तानं जातं नानाविधं तदा ।।३०।।

जहर्ष कश्यपो धीमान् नानामन्त्रान् समादिशत् ।
शोधयित्वा ऋणधनं सिद्धारिचक्रमीक्ष्य च ।।३१।।

षोडशार्णञ्च कस्मैचित् तथाऽष्टादशवर्णकम् ।
एकाक्षरञ्च कस्मैचिदन्यस्मै च षडक्षरम् ।।३२।।

पञ्चार्णमष्टाक्षरञ्च द्वादशाक्षरमेव च ।
कस्मैचिच्च महामन्त्रं ददौ स मुनिपुङ्गवः ।।३३।।

कुर्वन्त्वनुष्ठितं तावद् यावद् देवो निरीक्ष्यते ।
गजाननोऽखिलाधारः सर्वसिद्धिप्रदायकः ।।३४।।

एवमाज्ञापयत् ताँश्च ते च जग्मुस्तदैव हि ।
तपसे बहुशो देशान् जेपुः स्वं स्वं मनुं तदा ।।३५।।

आसने भोजने देवं निद्रायां जागरेऽपि च ।
अनन्यभक्त्या देवेशं संस्मरुस्ते गजाननम् ।।३६।।

दिव्यवर्षसहस्रान्ते परितुष्टो गजाननः ।
आविरासीदनेकात्मा तत्पुरः करुणानिधिः।।३७।।

पीडाले त्रस्त भए। कहीं गएर पनि सुख प्राप्त गर्न सकेनन् । त्यसपछि आफ्नै घरभित्र प्रवेश गरे । त्यस बेला तिनलाई नित्यकर्म, नैमित्तिक कर्म, काम्यकर्म र ध्यान गर्ने संज्ञना पनि रहेन । ऋषिलाई व्याकुल देखेर ऋषिका चौधवटी पत्नीहरू - दिति, अदिति, दनु, कद्रु र विनता आदि त्यहाँ उपस्थित भए । कश्यप ऋषिले विभिन्न घरहरूमा रहेर ती पत्नीहरूसँग ऋतुधर्म निर्वाह गरे ।।२४-२६।। उचित समय आएपछि दितिले अनेक दैत्य पैदा गरिन् । अदितिले देवता र गन्धर्वलाई जन्माइन् । दनुले दानवहरू पैदा गरिन् । क्रमैले विभिन्न पत्नीहरूबाट किन्नर, यक्ष, सिद्ध, चारण, गुह्यक, पशु, जङ्गली पशु, ग्रामीण पशु आदि पैदा भए । त्यसैगरी पृथिवी, पर्वत, वृक्ष, लता, समुद्र, नदी, धान्य, धातु, रत्न, मोती, कीरा, फट्याङ्ग्रा, कमिला, सर्प र चराचुरुङ्गीहरू पनि कश्यप ऋषिका अनेक पत्नीहरूबाट पैदा भए ।।२७-२९।। यसरी कश्यप र कश्यपका पत्नीहरूबाट सम्पूर्ण चराचरको सृष्टि भयो । कश्यप ऋषिले अनेक थरि आफ्ना सन्तान देखेर हर्षित भई आफ्नां सन्तानलाई विभिन्न किसिमका मन्त्रहरूको उपदेश गरे । मन्त्रहरूको उपदेश गर्दा ऋण-धन शोधन गरी सिद्धारिचक्रसमेत जुराएर, कसैलाई सोह्र अक्षरको मन्त्र, कसैलाई अठार अक्षरको मन्त्र, कसैलाई एक अक्षरको मन्त्र, कसैलाई छ अक्षरको मन्त्र, कसैलाई पाँच अक्षरको मन्त्र, कसैलाई सात अक्षरको मन्त्र, कसैलाई आठ अक्षरको मन्त्र, कसैलाई बाह्र अक्षरको मन्त्र र अरू महामन्त्र पनि कश्यप ऋषिले उपदेश गरे ।।३०-३३।। त्यसपछि तिनले सबैलाई भने- तिमीहरूले आ-आफ्ना मन्त्रको श्रद्धापूर्वक तबसम्म अनुष्ठान गर जबसम्म सबैका आधार सर्वसिद्धिप्रदायक भगवान् श्रीगणेशको दर्शन पाउँदैनौ । यसरी कश्यपले आज्ञा दिएपछि तिनका छोराहरू तपस्या गर्न अनेक ठाउँमा गए । तिनले त्यहाँ गएर आफूले पाएका मन्त्रहरूको जपानुष्ठान गर्न लागे । खाँदा, बस्दा, निदाउँदा र जाग्दा सबै समयमा तिनले अनन्यभक्ति-पूर्वक भगवान् गजाननको ध्यान र स्मरण गरे ।।३४-३६।। तिनीहरूको अनुष्ठानको दिव्य एक हजार वर्षपछि एक र अनेकरूप धारण गर्नुहुने करुणासागर भगवान् श्रीगणेश प्रसन्न हुनुभई प्रकट हुनुभयो । जुन साधकले जुन रूपका भगवान्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो यथा ध्यातवान् देवं तादृशस्तत्परोऽभवत् ।
कस्यचित् पुरतश्चासीन् मेघाभोऽष्टमहाभुजः ।।३८।।

कस्यचित् पुरतस्त्वासीच्छशिवर्णश्चतुर्भुजः ।
अग्रे कस्यचिदारक्तः षड्भुजोऽसौ गणेश्वरः ।।३९।।

सहस्रनयनस्तावद्भुजोऽसावपि कस्यचित् ।
भाति बालस्वरूपोऽपि युवा वृद्धोऽपि भासते ।।४०।।

दशद्वादशदोर्दण्डो धूम्रवर्णो महन्महः ।
अष्टादशभुजोऽप्यासीत् कोटिसूर्यसमप्रभः ।।४१।।

तेजोरूपो महाकाय आखुवाहनपृष्ठगः ।
सिंहगो बर्हिगो वापि गजास्योऽनेकवक्त्रवान् ।।४२।।

दृष्ट्वा देवं तु ते सर्वेऽनेकधा तुष्टुवुर्मुदा ।
बद्धाञ्जलिपुटा नम्रा भक्त्या देवं गजाननम् ।।४३।।

सर्वे ऊचुः

यतोऽनन्तशक्तेरनन्ताश्च जीवा
यतो निर्गुणादप्रमेयाद् गुणास्ते ।
यतो भाति सर्वं त्रिधा भेदभिन्नं
सदा तं गणेशं नमामो भजामः ।।४४।।

यतश्चाविरासीज्जगत् सर्ववेत्तु-
स्तथाऽब्जासनो विश्वगो विश्वगोप्ता ।
तथेन्द्रादयो दैत्यसङ्घा मनुष्याः
सदा तं गणेशं नमामो भजामः ।।४५।।

यतो वह्निभानू भवो भूर्जलञ्च
यतः सागराश्चन्द्रमा व्योम वायुः ।
यतः स्थावरा जङ्गमा वृक्षसङ्घाः
सदा तं गणेशं नमामो भजामः ।।४६।।

ध्यान गरेका थिए, ती साधकका सामु भगवान् त्यसै रूपमा प्रकट हुनुभयो । कुनै साधकका सामु भगवान् श्रीगणेश बादलजस्तै रङ्गरूपले सम्पन्न अष्टबाहु बनेर प्रत्यक्ष हुनुभएको थियो । कुनै साधकलाई चतुर्भुज र चन्द्रमाजस्तो उज्ज्वल वर्ण लिएर दर्शन दिनुभएको थियो । कुनै साधकका अगाडि रातो वर्ण र षड्भुज बनेर शोभायमान भई देखिनुभएको थियो ।।३७-३९।। कसैका अगाडि हजार आँखा र हजार बाहुद्वारा देदीप्यमान भएर देखिनुभएको थियो। कहीं बालकरूपमा, कहीं युवाको रूपमा र कहीं वृद्धको रूपमा देखिनुभएको थियो । कहीं दश भुजाका साथ, कहीं बाह्र भुजाका साथ भगवान् श्रीगणेश अत्यन्त, दिव्य तेजपुञ्जको रूपमा प्रकट हुनुभयो । कहीं अठारभुजाका साथ सुहाएर करोडौं सूर्यको कान्तिद्वारा जाज्वल्यमान हुनुहुन्थ्यो ।।४०-४१।। कसैले तेजोमय, विशालस्वरूप धारण गरी को पिठ्यूँमा सवार हुनुभएका भगवान् श्रीगणेशलाई साक्षात्कार गरे । कसैले सिंहमा सवार हुनुभएका भगवान् श्रीगणेशको दर्शन पाए र कसैले मयूरमा सवार हुनुभएका मयूरेश प्रभुको दर्शन गरे । कसैले हात्तीको अनुहारका भगवान्‌को दर्शन पाए भने कसैले अनेक मुख भएका भगवान्‌को दर्शन गरे ।।४२।। भगवान्‌लाई आफ्ना-आफ्ना किसिमबाट आफ्ना सामु पाउँदा हात जोडिरहेका ती सबै विनम्र साधकहरूले भक्तिपूर्वक भगवान् गजाननको सहर्ष स्तुति गरे ।।४३।।

कश्यपसन्तानले भने - अनन्तशक्तिसम्पन्न जुन भगवान् श्रीगणेशबाट अनेक जीवहरूको उत्पत्ति हुन्छ, अप्रमेय र निर्गुण जुन परमात्मा श्रीगणेशबाट सम्पूर्ण गुणहरूको सृष्टि हुन्छ, जुन सौन्दर्य र शोभाका सागर श्रीगणेशबाट सत्त्व, रज र तमोगुणद्वारा निर्मित संसारले शोभा र सौन्दर्य प्राप्त गर्दछ, त्यस्ता श्रीगणेश भगवान्‌को हामी वन्दना र भजन गर्दछौं ।।४४।। जुन सर्वज्ञ श्रीगणेश प्रभुबाट सम्पूर्ण जगत् पैदा भयो त्यसैगरी जसबाट विश्वव्यापक भगवान् नारायण, कमलासन ब्रह्माजी र विश्वम्भर शिवजीको पनि सृष्टि भयो। त्यसैगरी जुन श्रीगणेशबाट इन्द्र आदि देवता, दैत्य र मानवहरू पैदा भए ती श्रीगणेश प्रभुको वन्दना र भजन गर्दछौं ।।४५।। जुन श्रीगणेश प्रभुबाट सूर्य, अग्नि, संसार, पृथिवी, जल, सागर, चन्द्रमा, आकाश र वायु उत्पन्न भए जसबाट स्थावर, जङ्गम, वृक्ष, वनस्पति पैदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतो दानवाः किन्नरा यक्षसङ्घा
यतश्चारणा वारणाः श्वापदाश्च ।
यतः पक्षिकीटा यतो वीरुधश्च
सदा तं गणेशं नमामो भजामः ।।४७।।

यतो बुद्धिरज्ञाननाशो मुमुक्षो-
र्यतः सम्पदो भक्तसन्तोषिकाः स्युः ।
यतो विघ्ननाशो यतः कार्यसिद्धिः
सदा तं गणेशं नमामो भजामः ।।४८।।

यतः पुत्रसम्पद् यतो वाञ्छितार्थो
यतो भक्तिविद्यास्तथाऽनेकरूपाः ।
यतः शोकमोहौ यतः काम एव
सदा तं गणेशं नमामो भजामः ।।४९।।

यतोऽनन्तशक्तिः स शेषो बभूव
धराधारणेऽनेकरूपे च शक्तः ।
यतोऽनेकधा स्वर्गलोका हि नाना
सदा तं गणेशं नमामो भजामः ।।५०।।

यतो वेदवाचो विकुण्ठा मनोभिः
सदा नेति नेतीति ता यं गृह्णन्ति ।
परब्रह्मरूपं चिदानन्दभूतं
सदा तं गणेशं नमामो भजामः ।।५१।।

भए, ती श्रीगणेश प्रभुको वन्दना र भजन गर्दछौं ।।४६।। जुन श्रीगणेश प्रभुबाट दानव, किन्नर, यक्ष, चारण, हात्ती आदि जङ्गली जनावर, चरा, कीरा, लता, वृक्ष-वनस्पति पैदा भए, ती श्रीगणेश प्रभुको वन्दना र भजन गर्दछौं ।।४७।। जुन श्रीगणेशबाट बुद्धिको उदय हुन्छ, मुक्ति चाहने मुमुक्षुको अज्ञान नाश हुन्छ, भक्तलाई सन्तुष्टि प्रदान गर्ने सम्पत्तिको उदय हुन्छ, विघ्नको नाश हुन्छ र सम्पूर्ण कार्यहरूको सिद्धि हुन्छ ती श्रीगणेशको वन्दना र भजन गर्दछौं ।।४८।। जसबाट पुत्र र सम्पत्तिको प्राप्ति हुन्छ, वाञ्छित कर्मको पूर्ति हुन्छ, भक्ति र अनेक थरि विद्याको प्राप्ति हुन्छ, शोक-मोहको नाश हुन्छ र काम-क्रोधको विनाश हुन्छ ती श्रीगणेश प्रभुको वन्दना र भजन गर्दछौं ।।४९।। जसको कृपाबाट शेषनाग अनन्तशक्ति सम्पन्न भई पृथिवीधारण गर्न समर्थ भए र अनेक रूपका विशिष्ट पद र ऐश्वर्यप्राप्त गर्न सफल भए, जसबाट अनेकप्रकारका स्वर्ग आदि लोकको प्राप्ति हुन्छ ती श्रीगणेश प्रभुको वन्दना र भजन गर्दछौं ।।५०।। जुन श्रीगणेश प्रभुबाट उत्पन्न भएका वेदका वाणीहरू मनैदेखि कुण्ठित भई सधैं नेति-नेति भन्ने भावलाई आत्मसात् गर्दछन्, त्यस्ता परब्रह्मरूप चिदानन्दघन भगवान् श्रीगणेशको नित्य वन्दना र भजन गर्दछौं ।।५१।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे कश्यपसृष्टिवर्णनं नाम एकनवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'कश्यपसृष्टिवर्णन र कश्यपसन्ततिद्वारा गरिएको श्रीगणेशाराधनाको निरूपण' शीर्षकान्वित एकानब्बेऔं अध्याय पूर्ण भयो ।।९१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्विनवतितमोऽध्यायः { ९२ अध्याय }

क उवाच

एवं नत्वा च स्तुत्वा च सर्वे ते तु गजाननम् ।
पुनरूचुर्गणाध्यक्षमद्य धन्यतमा वयम् ।।१।।

धन्यं तपो नो दानञ्च ज्ञानं यज्ञश्च पूर्वजाः ।
अद्य नो दृष्टयो धन्या याभिर्दृष्टो गजाननः ।।२।।

एवं वाक्यामृतैस्तेषां स्तुतिभिः परितोषितः ।
उवाच शृण्वतां तेषां गाम्भीर्याद् द्विरदाननः ।।३।।

नैतादृशं मयाऽदर्शि ब्रह्मविष्णुशिवादिषु ।
यत् साक्षाद् दृश्यते सर्वै रूपं मे निर्गुणस्य यत् ।।४।।

अतितुष्टोऽनया स्तुत्या वरान् दातुमिहागतः ।
यद् यद् वो वाञ्छितं तत् तद् वृणुध्वमखिलं तु यत्।।५।।

एवमुक्तास्तदा तेन विकटेन मुनीश्वर ।
यस्य यद् वाञ्छितं तत् तद् वव्रुस्तस्माद् गजाननात् ।।६।।

असङ्ख्यत्वात् तद्वराणां नास्ति शक्तिश्चतुर्मुखैः ।
गदितुं सर्वथा तस्मादुक्तं सङ्क्षेपतो मया ।।७।।

ताँस्तान् ददौ वरान् यान् यान् सर्वे वव्रुर्गजाननात् ।
पुनरप्यवदत् सर्वानिदं स्तोत्रं मम प्रियम् ।
त्रिसन्ध्यं यः पठेदेतद् विद्यावान् पुत्रवान् भवेत् ।
आयुरारोग्यमैश्वर्यं यशोवृद्धिर्जयोदयम् ।
प्राप्नुयाद् वाञ्छितानर्थानन्ते च परमं पदम् ।
पुनरूचे गणाधीशः स्तोत्रमेतज्जपेन्नरः ।
त्रिसन्ध्यं त्रिदिनं तस्य सर्वं कार्यं भविष्यति ।।८।।

यो जपेदष्टदिवसं श्लोकाष्टकमिदं शुभम् ।
अष्टवारं चतुर्थ्यां तु सोऽष्टसिद्धिमवाप्नुयात् ।।९।।

ब्रह्माजीले भन्नुभयो - यसरी कश्यप ऋषिका सबै सन्तानहरूले भगवान् गजाननको नमन र स्तवन गरेपछि फेरि श्रीगणेशसँग भने - 'हे प्रभो ! हामी आज धन्य भएका छौं, हाम्रा तप, ज्ञान, दान, यज्ञ र पूर्वज पनि धन्य भएका छन्, आज हाम्रो दर्शनशक्ति धन्य भएको छ, किनभने त्यस दर्शनशक्तिबाट नै भगवान् गजाननको साक्षात्कार गर्न पायौं'।।१-२।। कश्यपका सन्तानहरूको उक्त वचनामृतबाट सन्तुष्ट र स्तुतिहरूबाट प्रसन्न गजानन भगवान्ले तिनीहरूलाई सुनाउँदै गम्भीरमुद्रामा भन्नुभयो- 'हे कश्यपसन्ततिहरू ! तिमीहरूले जुन मेरो निर्गुण रूपको साक्षात्कार गरिरहेका छौ त्यसलाई ब्रह्मा, विष्णु र शिव आदि देवताहरूले पनि साक्षात्कार गर्न पाएका छैनन्। तिमीहरूको यो स्तुतिबाट ज्यादै सन्तुष्ट भएर म वरदान दिन आएको छु। तिमीहरूले जुन जुन कामना गरिरहेका छौ ती सबैको फल प्राप्त हुनेछ, वरदान माग ।।३-५।। यसरी विकटरूप परब्रह्म श्रीगणेशबाट आज्ञा प्राप्त गरेका ती कश्यपका सन्ततिहरूले भगवान्का समक्ष आ-आफ्ना कामनाहरू बताए। भगवान् श्रीगणेशले पनि ती सबैका कामनाअनुसारका वर प्रदान गर्नुभयो। ती वरदान असङ्ख्य थिए । तिनको विवरण बताउन चार मुखबाट पनि सकिंदैन। त्यस कारण मैले सङ्क्षेपमा बताएको छु ।।६-७।। संक्षेपमा भन्नुपर्दा भगवान् श्रीगणेशले ती-ती वर दिनुभयो जुन जुन तिनले मागेका थिए । फेरि पनि भगवान् श्रीगणेशले ऋषिहरूलाई लक्षित गर्दै भन्नुभयो- 'हे कश्यपपुत्रहरू! तिमीहरूले स्तुतिरूपमा प्रस्तुत गरेको यस स्तोत्रलाई जसले बिहान, दिउँसो र सायँ सन्ध्यामा श्रद्धाभक्तिपूर्वक पाठ गर्दछ त्यो साधक विद्वान् र पुत्रवान् पनि हुनेछ; त्यसले आयु, आरोग्य, ऐश्वर्य, कीर्तिको विस्तार, विजय र उदय पनि प्राप्त गर्नेछ । त्यसले चाहना गरेका सबै पदार्थहरू प्राप्त हुनेछन् र अन्तमा त्यो परमधाममा प्राप्त हुनेछ ।' त्यसपछि फेरि श्रीगणेश भगवान्ले भन्नुभयो- 'हे कश्यपपुत्रहरू! जुन मानिसले यो स्तोत्र तीन दिनसम्म निरन्तर तीनवटै सन्ध्याकालमा पाठ गर्दछ, त्यसका सबै कार्य सिद्ध हुनेछन् ।।८।। जसले आठ दिनसम्म लगातार मङ्गलमय यो श्लोकाष्टक पाठ गर्नेछ र चतुर्थी तिथिका दिन आठ पटकसम्म पाठ गर्नेछ, त्यसले अष्टसिद्धि प्राप्त गर्नेछ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यः पठेन्मासमात्रं तु दशवारं दिने दिने ।
स मोचयेद् बन्धनात् तं राजबद्धं न संशयः ।।१०।।
विद्याकामो लभेत् विद्यां पुत्रार्थी पुत्रमाप्नुयात् ।
वाञ्छितं लभते सर्वमेकविंशतिवारतः ।।११।।
यो जपेत् परया भक्त्या गजाननपरो नरः ।
एवमुक्त्वा ततो देवः सर्वेषामेव पश्यताम् ।।१२।।
अन्तर्दधेऽखिलाधारः सुमुखोऽसौ गजाननः ।
ते च चक्रुस्तदा मूर्तिं गणेशस्य शुभाननाम् ।।१३।।
प्रतिष्ठाप्य च तां स्थूले प्रासादे रत्ननिर्मिते ।
सुमुखेति च तस्यास्ते नाम चक्रुः सुविश्रुतम् ।।१४।।
सम्पूज्य च नमस्कृत्वा स्वं स्वं स्थानं ययुः सुराः ।
सर्वे ते मुनयो लोकाः सर्वकार्यरतास्तदा ।।१५।।
केचित्तस्या नाम चक्रुरेकदन्त इति स्फुटम् ।
गन्धर्वैः किन्नरैरन्या स्थापिता मूर्तिरुत्तमा ।।१६।।
प्रासादे काञ्चने श्रेष्ठेऽनेकधा परिपूज्य च ।
कपिलेति च नामास्याः स्थापयामासुरुत्तमम् ।।१७।।
गुह्यकाश्चारणाः सिद्धा मूर्तिमन्यां प्रचक्रिरे ।
महालये प्रतिष्ठाप्य नेमुश्च पुपूजुश्च ताम् ।।१८।।
गजकर्णेति नामास्याश्चक्रुस्ते तु स्फुटार्थकम् ।
तत्प्रभावाद्विमानस्थाः सर्वे ते दिवमाक्रमन् ।।१९।।
लम्बोदरेति नाम्ना च स्थापिता सर्वमानवैः ।
श्वापदैरखिलैरन्या स्थापिता मूर्तिरुत्तमा ।।२०।।
विकटेति च नाम्ना तां पुपूजुस्ते ययुर्वनम् ।
गिरयश्च द्रुमाश्चान्यां मूर्तिं स्थाप्य प्रपूज्य च ।।२१।।
विघ्ननाशन इत्येवं नाम कृत्वा स्थितास्तु कौ ।
तत्प्रसादाच्च ते ख्याताः पर्वताश्च द्रुमास्तथा ।।२२।।
सर्वैः पक्षिगणैर्मूर्तिः स्थापिता रत्नकाञ्चनी
गणाधिपेति नाम्ना तैः पूजिता च नमस्कृता ।।२३।।
सर्वैर्विषधरैरेका स्थापिता गाणनायकी ।
यस्या हूतिः कृता तैस्तु धूमकेतुरिति स्फुटा ।।२४।।

जसले एक महिनासम्म दिनदिनै दश पटकसम्म यो स्तोत्र पाठन गर्नेछ त्यसले राजाद्वारा कारागारमा बन्दी बनाइएका कैदीलाई बन्धनमुक्त बनाउन सक्नेछ ।।१०।। यस स्तोत्रको पाठबाट विद्यार्थीले विद्या र पुत्रार्थीले पुत्र प्राप्त गर्नेछन् । जसले श्रीगणेश भगवान्मा परमभक्ति लगाउँदै एक्काइस पटकसम्म यस स्तोत्रको पाठ गर्नेछ, त्यसले आफूले कामना गरेका सम्पूर्ण पदार्थहरू प्राप्त गर्नेछ ।' यसरी स्तोत्रको महत्त्व बताएर सबैका आधार, सुमुख, भगवान् गजानन सबैले हेर्दाहेर्दै अन्तर्धान हुनुभयो । ती कश्यपका सन्ततिहरूले पनि भक्तिभावले परिपूर्ण भई भगवान् श्रीगणेशको सुन्दर मूर्ति तयार गरे ।।११-१३।। तिनले रत्ननिर्मित मन्दिरमा त्यस मूर्तिको स्थापना र प्राणप्रतिष्ठा गरी **सुमुख** भनी नामकरण गरे । त्यहाँ आएका ऋषिमुनि र देवताहरू पनि सुमुख श्रीगणेशको पूजा, वन्दना गरेर आ-आफ्ना घरतर्फ गए । कश्यप मुनिका ती सबै छोराहरू आ-आफ्नो कर्तव्य गर्न उन्मुख भए ।।१४-१५।। कसैले त्यस मूर्तिको नाम **एकदन्त** राखे । त्यहीं गन्धर्व एवं किन्नरहरूले सुवर्ण मन्दिर बनाई श्रीगणेशको अर्को मूर्तिको प्रतिष्ठा गरे र त्यस मूर्तिको **कपिल** भनी नामकरण गरे । गुह्यक, चारण र सिद्धहरूले मिलेर अर्को मूर्ति बनाए, ठूलो मन्दिर बनाई त्यसमा त्यस मूर्तिको प्रतिष्ठा गरेर प्रणाम गरी पूजन गरे ।।१६-१८।। तिनीहरूले त्यो मूर्तिको स्पष्ट अर्थ प्रकाशित गर्ने **गजकर्ण** भनी नामकरण गरे । मूर्तिप्रतिष्ठाको प्रभावबाट विमान आरोहण गरी ती सबै दिव्य धामतर्फ गए ।।१९।। त्यहाँ रहेका मानिसहरूले **लम्बोदर** श्रीगणेशको नामबाट अर्को मूर्ति प्रतिष्ठा गरे । वन्यजन्तुहरूले पनि भगवान् श्रीगणेशको अर्को उत्तम मूर्ति तयार गरी त्यसको प्रतिष्ठा गराए । ती सबैले स्थापित श्रीगणेशको **विकट** भनी नामकरण गरी पूजा गरेर जङ्गलतर्फ लागे । पर्वत र वृक्षहरूले आई भगवान् श्रीगणेशको अर्को मूर्ति बनाई प्रतिष्ठा र पूजन गरे । तिनले **विघ्ननाश** नामकरण गरी आफू पृथिवीमा स्थिर भएर रहे । श्रीगणेशका कृपाबाट ती संसारमा पर्वत र द्रुमका नामले विख्यात भए।।२०-२२।। सबै पक्षीहरूले मिलेर आई रत्न-सुवर्ण निर्मित एउटा मङ्गलमय श्रीगणेशप्रतिमा तयार गरे । तिनले त्यसको **गणाधिप** नामकरण गरी वन्दना र अर्चना गरे।।२३।। सबै सर्पहरू मिलेर आई गणनायक भगवान्को सुन्दर मूर्ति तयार गरी प्राणप्रतिष्ठा गरे। तिनीहरूले **धूमकेतु** भन्ने स्पष्ट अर्थ दिने नाम राखे ।।२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वैर्जलाशयैरेका प्रतिमा स्थापिता शुभा ।
गणाध्यक्षेति नाम्ना सा पूजिता परमोत्सवैः ।।२५।।
कृमिकीटादिनिचयैर्वनस्पत्योषधीगणैः ।
स्थापिता परमा मूर्तिर्भालचन्द्रेति विश्रुता ।।२६।।
अन्यैः सचेतनैरन्या रत्नप्रासादमध्यगा ।
वैनायकी महामूर्तिः पूजिता भक्तिभावतः ।।२७।।
गजाननाख्यया ख्याता सर्वेषां सर्वकामदा ।
ते ते जगत्त्रये ख्यातास्तत्तज्जात्या बभूविरे ।।२८।।
सुखिनः स्वस्वकार्येषु दक्षा देवप्रसादतः ।
प्रत्येकनामकथने न शक्तिर्मम वर्तते ।।२९।।
सारं सारं प्रगृह्यैव कृतं नाम्नां सहस्त्रकम् ।
ततोऽपि सारभूतानि प्रोक्तानि द्वादशैव तु ।।३०।।
समुद्रमथनाद् यद्वद् रत्नानि च चतुर्दश ।
एवं सङ्क्षेपतो ब्रह्मन् ! महिमा तेऽभिवर्णितः ।।३१।।
विस्तराद् गदितुं शेषो नेशो नेशोऽप्यहं हरिः ।
इन्द्रादिमशकानाञ्च जीवानां यक्षरक्षसाम् ।।३२।।
तत्र का गणना कार्या मया सत्यवतीसुत ! ।
तस्मात् सर्वेषु कार्येषु पूजनीयो गजाननः ।।३३।।
यो न पूजयते देवदेवं विघ्नविनाशनम् ।
स दुरात्मा परित्याज्यश्चाण्डाल इव दूरतः ।।३४।।

सबै जलाशयहरूले मिलेर आई एउटा शुभप्रतिमा बनाई प्रतिष्ठा गरे। त्यसको **गणाध्यक्ष** नाम राखी ठूलो उत्सवका साथ पूजा सम्पन्न गरे ।।२५।। कृमि, कीरा, वनस्पति र औषधिहरूले **भालचन्द्र**को नामबाट उत्तम मूर्तिको प्रतिष्ठा गरे ।।२६।। त्यसपछि अरू चेतनशील प्राणीहरूले रत्नमय मन्दिरमा भगवान् विनायकको मूर्ति तयार गरी भक्तिपूर्वक पूजा गरे । त्यो मूर्ति सबैका निमित्त कामपूरक **गजानन**मूर्तिका रूपमा प्रसिद्ध भयो । ज-जसले मूर्ति बनाई प्रतिष्ठा गरे ती-ती प्रतिष्ठाताहरू तीनै लोकमा आफ्नो जाति र वर्गका श्रेष्ठ प्रतिनिधि मानिए ।।२७-२८।। ती सबै श्रीगणेश भगवान्का कृपाले सुखी र स्वकार्यमा दक्ष भए । प्रत्येक प्रतिष्ठाको नाम बताउन हाम्रो शक्ति-सामर्थ्य छैन । सार-सार लिएर नै श्रीगणेश सहस्रनाम तयार भएको छ । सहस्र नामहरूमा पनि सारभूत बाह्र वटा नाम मानिएका छन् । ती नामहरू समुद्र मन्थनबाट प्राप्त भएका चौध रत्नसमान छन् ।।२९-३०।। हे व्यास ! मैले यसरी तपाइँका समक्ष संक्षेपमा भगवान् श्रीगणेशको महिमा बताएँ । विस्तारपूर्वक महिमा बताउन शेषनाग, म, हरि र हर पनि समर्थ छैनौं भने इन्द्र आदि देवता, जीव, यक्ष र राक्षस आदि भुसुनाहरूको त गणना नै हुँदैन ।।३१-३२।। हे सत्यवतीनन्दन! सबैले भगवान् श्रीगणेशको यो महिमा जानेर सबै मङ्गलकार्यको आरम्भमा भगवान् श्रीगणेशको स्मरण, पूजा र वन्दना गर्नुपर्दछ। जुन मानिसले विघ्नविनाशक भगवान् श्रीगणेशको पूजा गर्दैन, त्यो दुरात्मा मानिस हो र त्यसलाई चाण्डालसमान त्याग्नु पर्दछ ।।३३-३४।।

मुनिरुवाच

अनुक्रमेण कथय नामानि द्वादशैव मे ।
श्रवणात् पठनादेषां सर्वं निर्विघ्नतामियात् ।।३५।।

वेदव्यासले भन्नुभयो - हे ब्रह्माजी ! ती रत्नमय बाह्र नाम कस्ता छन् ? क्रमैले मलाई बताउनुहोस् । जुन नामको श्रवण र पाठ गर्नाले सबै कार्य निर्विघ्न सम्पन्न हुन्छन्, ती नाम र तिनको महिमा सुन्न म उत्कण्ठित छु ।।३५।।

ब्रह्मोवाच

सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो गणाधिपः ।।३६।।
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ।।३७।।
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ।।३८।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! ती बाह्र नाम यस प्रकार रहेका छन्- **सुमुख, एकदन्त, कपिल, गजकर्णक, लम्बोदर, विकट, विघ्ननाश, गणाधिप, धूम्रकेतु, गणाध्यक्ष, भालचन्द्र र गजानन** । यी बाह्र रत्नमय नामहरू हुन् । जसले विद्याको आरम्भ, विवाह, गृहप्रवेश, गृहनिर्गमन, संग्राम र सङ्कटकालमा यी नामहरूको स्मरण गर्दछ, त्यसले कुनै किसिमका विघ्न बेहोर्नु पर्दैन ।।३६-३८।। सबै प्रकारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् ।
प्रसन्नवदनं ध्यायेत् सर्वविघ्नोपशान्तये ।।३९।।

कोटिकन्याप्रदानानि कोटियज्ञं व्रतानि च ।
तपांसि यानि सर्वाणि तीर्थान्यायतनानि च ।।४०।।

स्वर्णभारसहस्राणि कोटिदानानि यान्यपि ।
कृच्छ्राणि तप्तकृच्छ्राणि पराकेन्दुव्रतानि च ।।४१।।

शतांशमेषां पुण्यस्य तानि नाम्नां न यान्ति च ।
इमानि प्रातरुत्थाय शुचिर्भूत्वा समाहितः ।।४२।।

यः पठेन्मानवो भक्त्या विघ्ना नो यान्ति तं नरम् ।
सिद्ध्यन्ति सर्वकार्याणि मोक्षमन्ते व्रजत्यसौ ।।४३।।

तस्य दर्शनतो लोका देवाः पूता भवन्ति च ।
अत एव मुने ! सर्वाः शाक्ताः शैवाश्च वैष्णवाः ।।४४।।

उक्त्वा द्वादश नामानि सर्वकार्याणि कुर्वते ।
गाणेशा अपि कुर्वन्ति किमत्रापि च कौतुकम् ।।४५।।

न सिद्ध्यन्ति हिं कार्याणि द्वादशान्यतमस्य ह ।
उच्चारणं विना ब्रह्मँस्तस्मादेकं समुच्चरेत् ।।४६।।

दुष्टानां नास्तिकानाञ्च कार्यं यद् यद्धि सिद्ध्यति ।
तेऽपि बीजं समुच्चार्यमज्ञानादपि कुर्वते ।।४७।।

एवं ते महिमा सर्वः कथितो लेशतो मुने ।
उपासनाफलं नाना यथामति निरूपितम् ।।४८।।

विष्णुना कथितं यावत् तावत् तव निरूपितम् ।
सोऽपि नान्तं जगामास्य गणेशोपासनस्य ह ।।४९।।

गणेशनाममहिमा पूर्णो ज्ञातो न तेन च ।

विघ्नहरूको शान्तिका लागि शुक्लवस्त्र धारण गर्नुहुने, चन्द्रसमान कान्तिले सुहाउनुभएका, चतुर्भुज, प्रसन्नमुख भगवान् श्रीगणेशको ध्यान गर्नुपर्दछ ।।३९।। कोटि कन्यादान गर्दा हुने पुण्य, कोटि यज्ञ र व्रत गर्दा प्राप्त हुने पुण्य, अनेक प्रकारका तपस्या गर्दा प्राप्त हुने पुण्य, अनेक तीर्थहरूको भ्रमणबाट प्राप्त हुने पुण्य, अनेक धाममा जाँदा प्राप्त हुने पुण्य, एक हजार भारी स्वर्णदान गर्दा प्राप्त हुने पुण्य, कोटिदान गर्दा प्राप्त हुने पुण्य, कृच्छचान्द्रायण, तप्तकृच्छचान्द्रायण, पराकचान्द्रायण र चन्द्रमाका अन्य व्रत गर्दा प्राप्त हुने पुण्य, उक्त बाह्र नामहरूको पाठबाट प्राप्त हुने पुण्यको शतांशमा पनि गणना गरिंदैन । प्रातःकालमा पवित्र र सावधान भएर जुन भक्तले भक्तिपूर्वक यी नामहरूको पाठ गर्दछ त्यसलाई कुनै कार्यमा विघ्न हुँदैन । त्यसका सबै कार्य सिद्ध हुन्छन् र त्यो अन्तमा मोक्षमा प्राप्त हुन्छ ।।४०-४३।। त्यस्ता मानिसको दर्शनबाट मानिसहरू र देवताहरू पनि पवित्र हुन्छन् । त्यसैले सूर्यका उपासक सौरहरू, शक्तिका उपासक शाक्तहरू, शिवजीका उपासक शैवहरू र विष्णुका उपासक वैष्णवहरूले सर्वप्रथम यी बाह्र नामहरूको उच्चारण गरेर आफ्नो कार्य आरम्भ गर्दछन्। गणपतिका आराधक गाणपतहरूले पनि त्यसै गर्दछन् । यो कुनै आश्चर्यको विषय होइन ।।४४-४५।। यी १२ नाममध्ये कुनै एउटा नामको पनि उच्चारण गरिंदैन भने कुनै पनि कार्य सिद्ध हुँदैन । त्यस कारण बुद्धिमान् साधकले प्रत्येक कार्यका आरम्भमा ती नामहरूमध्ये एउटा नामको उच्चारण अवश्य गर्नुपर्दछ ।।४६।। दुष्ट, अज्ञानी र नास्तिकहरूका कार्य श्रीगणेशको नामस्मरण विना सम्पन्न भएको देखिन्छ त्यस कारण नामस्मरणको महत्त्व छैन भन्ने शङ्का र तर्क गर्न हुँदैन । त्यस्ता कार्य सिद्ध गर्ने नास्तिकहरूले पनि अज्ञानबाट भए पनि कुनै रूपले श्रीगणेशका बीज मन्त्रको उच्चारण गरिरहेका हुन्छन् ।।४७।। हे व्यास ! मैले तिमीलाई श्रीगणेशको लेशमात्र भए पनि महिमा बताएको छु । बुद्धिअनुसार उपासनाको फलको विषयमा पनि वर्णन गरेको छु ।।४८।। जति विष्णु भगवान्ले मलाई बताउनुभएको थियो त्यति तिमीलाई पनि बताएको छु । भगवान् विष्णु पनि श्रीगणेश उपासनाको चरमबिन्दुमा पुग्न सक्नुभएको थिएन ।।४९।। उहाँले पनि श्रीगणेशको नाममहिमा पूर्णरूपमा अवगत गर्नुभएको थिएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृगुरुवाच

एवं ते कथितो राजन्नद्भुतो महिमा मया ।।५०।।

ब्रह्मणा सुप्रसन्नेन यो व्यासाय निरूपितः ।
उपासनाखण्डमिदं वर्णितं नृपते मया ।।५१।।

यदि ते श्रवणे श्रद्धा तदान्यदपि वर्णये ।
चरितं गणनाथस्य सोमकान्ताघनाशनम् ।।५२।।

सूत उवाच

इति वः कथितं नानाकथान्तरसमन्वितम् ।
उपासनं गणेशस्य शौनकाद्या महर्षयः ।।५३।।

वेदव्यासाय मुनये ब्रह्मणा यत् समीरितम् ।
भृगुणा सोमकान्ताय वर्णितं पापनाशनम् ।।५४।।

शृणुयाद् यो गणेशस्य पुराणमिदमुत्तमम् ।
स सर्वामापदं हित्वा भुक्त्वा भोगाननेकशः ।।५५।।

पुत्रपौत्रसमायुक्तो ज्ञानविज्ञानसंयुतः ।
लभते परमां मुक्तिं गणेशस्य प्रसादतः ।।५६।।

न तस्य पुनरावृत्तिः कल्पकोटिशतैरपि ।
यः श्रावयेन्महाभक्त्या यथोक्तफलभाग् भवेत् ।।५७।।

यथाप्तं सोमकान्तेन शृण्वता परमादरात् ।।५८।।

भृगुले भन्नुभयो - हे राजा सोमकान्त ! तपाईँलाई मैले श्रीगणेश भगवान्को अद्भुत महिमा बताएँ ।।५०।। प्रसन्न हुनुभएका ब्रह्माजीले जुन श्रीगणेशको महिमा व्यासलाई बताउनुभएको थियो सौभाग्यले आज त्यस महिमाको विषयमा तपाईँसँग चर्चा गर्ने अवसर प्राप्त भयो । यो उपासनाखण्ड मैले सम्पूर्णरूपमा तपाईँलाई सुनाएको छु ।।५१।। तपाईँको अरू श्रद्धा छ भने बाँकी खण्ड पनि बताउनेछु । हे सोमकान्त! भगवान् श्रीगणेशको चरित्र पापनाशक छ ।।५२।।

सूतजीले भन्नुभयो- हे शौनक आदि मुनिगण! नाना कथाहरूद्वारा गुम्फित श्रीगणेशपुराणको उपासनाखण्ड मैले तपाईँहरूलाई सुनाएँ। जुन खण्डलाई कुनै समयमा ब्रह्माजीले वेदव्यासलाई बताउनुभएको थियो र भृगुले सोमकान्तलाई सुनाउनुभएको थियो।।५३-५४।। यो उपासनाखण्ड परमपवित्र छ र पापनाशक छ। जसले यो अत्यन्त उत्तम वाङ्मय श्रीगणेशपुराण सुन्दछ, त्यो मानिस सबै पाप र आपत्तिबाट मुक्त भएर अनेक भोगहरूको भोग गरी पुत्र-पौत्र सम्पन्न र ज्ञान-विज्ञान परिपूर्ण भई श्रीगणेशको कृपाबाट परम मुक्ति प्राप्त गर्दछ।।५५-५६।। कोटि-कोटि कल्पहरूका सयौं पुनरावृत्ति हुँदा पनि त्यसको पुनरागमन हुँदैन। जसले यो श्रीगणेशपुराण भक्तिपूर्वक सुनाउँछ त्यसले ती सम्पूर्ण फल प्राप्त गर्दछ, जुन फल श्रद्धापूर्वक श्रीगणेशपुराणको श्रवण गर्ने राजा सोमकान्तले प्राप्त गरेका थिए ।।५७-५८।।

ॐ

इति श्रीगणेशपुराणे उपासनाखण्डे ब्रह्मव्यासभृगुसोमकान्तसंवादे गजाननानामनिरूपणं नाम द्विनवतितमोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण उपासनाखण्डको 'गजानन-नामनिरूपण' शीर्षकान्वित बयानब्बेऔँ अध्याय पूर्ण भयो ।।९२।।

ॐ

卐 श्रीमद्गजाननार्पणमस्तु 卐

ॐ

परिपूर्णोऽयमुपासनाखण्डः

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराणम्
क्रीडाखण्डः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

क्रीडाखण्डसारः

क्रीडाकाण्डमथो वदे कृतयुगे श्वेतच्छविः काश्यपः
सिंहाङ्कः स विनायको दशभुजो भूत्वाथ काशीं ययौ ।
हत्वा तत्र नरान्तकं तदनुजं देवान्तकं दानवम्
त्रेतायां शिवनन्दनो रसभुजो जातो मयूरध्वजः ।।३।।

हत्वा तं कमलासुरं च सगणं सिन्धुं महादैत्यपम्
पश्चात् सिद्धिमती सुते कमलजस्तस्मै च ज्ञानं ददौ ।
द्वापारे तु गजाननो युगभुजो गौरीसुतः सिन्दुरम्
सम्मर्द्य स्वकरेण तं निजमुखे चाखुध्वजो लिप्तवान् ।।४।।

गीताया उपदेश एव हि कृतो राज्ञे वरेण्याय वै
तुष्टायाथ च धूम्रकेतुरभिधो विप्रः सधर्मर्धिकः ।
अश्वाङ्को द्विभुजो सितो गणपतिर्म्लेच्छान्तकः स्वर्णदः
क्रीडाकाण्डमिदं गणस्य हरिणा प्रोक्तं विधात्रे पुरा ।।५।।

अर्थ – अहिले श्रीगणेशपुराणको क्रीडाखण्डको सार बताइँदैछ । सत्ययुगमा सेतो झल्झलाकार कान्तिले सुहाउनुभएका कश्यपनन्दन सिंहवाहन श्रीमहोत्कट गणेश दश भुजाद्वारा शोभायमान भई काशी पुग्नुभयो । उहाँले त्यहाँ गएर नरान्तक र देवान्तक नामक अजेय दानवहरूको वध गर्नुभयो । त्रेतायुगमा श्रीगणेश मयूरवाहनका रूपमा ६ भुजाहरूले सुहाउनु हुँदै शिवपुत्रका रूपमा मयूरेश्वरका नामबाट प्रकट हुनुभयो । उहाँले त्यस अवतारमा गणसहित कमलासुरनामक दैत्य र महादैत्य सिन्धुको पनि वध गर्नुभयो । दुबै दैत्यको वधपछि ब्रह्माले उहाँलाई सिद्धि र बुद्धिनामक दुई कन्या प्रदान गरी ज्ञानोपदेश गर्नुभयो । द्वापरयुगमा गौरीपुत्रका रूपमा गजाननका नामबाट श्रीगणेश अवतीर्ण हुनुभयो । यस अवतारमा मूषकवाहन श्रीगजाननले आफ्ना हातबाट सिन्दूरासुरको वध गरी त्यसका शरीरको सुगन्धित पदार्थ आफ्नो शरीरमा लेपन गरी सिन्दूरवदनका रूपमा प्रसिद्ध हुनुभयो । यस अवतारमा उहाँले राजा वरेण्यलाई गणेशगीताको उपदेश गर्नुभयो । कलियुगमा श्रीगणेश धूम्रकेतुको नामबट ब्राह्मणका रूपमा अवतीर्ण भई प्रसिद्ध हुनुहुनेछ। यस अवतारमा उहाँ अश्ववाहन, द्विबाहु, श्वेतकान्ति, दुर्जनसंहारक र सुवर्णदाताका रूपमा विख्यात हुनुहुनेछ। यी सबै कुराहरू विष्णुले ब्रह्मालाई बताउनुभएको थियो ।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीगणेशपुराणम्

ॐ

क्रीडाखण्डः

ॐ

प्रथमोऽध्यायः { १ अध्याय }

श्रीगणेशाय नमः, श्रीमहासिद्धिमहाबुद्धिलक्षलाभनग्नभैरवराजचरणाभ्यां नमः ।
सकलगाणेशगुरुभ्यो नमः ।

मुनय ऊचुः

सम्यगाख्यानमाख्यातं त्वया सूत! महामते ! ।
सादरं श्रुतमस्माभिर्न च तृप्तिं गता वयम् ।।१।।

यथा न तृप्यते जन्तुरन्नमश्नन् दिने दिने ।
अन्यत् कथान्तरं ब्रूहि येन तृप्यामहे वयम् ।।२।।

सूत उवाच

उक्तं चोपासनाखण्डं क्रीडाखण्डं वदामि वः ।
यथा कृतं गणेशेन नानादैत्यविहिंसनम् ।।३।।

साधुद्विजगवाञ्चैव पालनं परमादरात् ।
तदहं सम्प्रवक्ष्यामि श्रूयतां स्थिरचेतसा ।।४।।

मुनय ऊचुः

यावद् यावत् कथ्यते तत् पुराणं
तावत् तावद् वर्धते श्रोतुमिच्छा ।
तस्मात् सम्यक् कथ्यतां सर्वलोकः
संसाराब्धेर्येन सद्यः प्रमुच्येत् ।।५।।

सूत उवाच

यदुक्तं ब्रह्मणा पूर्वं व्यासायामिततेजसे ।
भृगुणा सोमकान्ताय तदेतद् वो ब्रवीम्यहम् ।।६।।

मुनिहरूले भने- हे बुद्धिमान् सूतज्यू! तपाईंले हामीलाई राम्रो कथा सुनाउनुभयो। हामीले पनि श्रद्धापूर्वक सुन्यौं । यी कथाहरू सुन्दा हामी कत्ति पनि तृप्त भएका छैनौं।।१।। जसरी दिनदिनै भोजन गर्दा पनि प्राणी कहिल्यै तृप्त हुँदैन, त्यसैगरी हामी पनि श्रीगणेशसम्बन्धी अनेक कथाहरूको श्रवण गर्दा पनि तृप्त भएका छैनौं। अब हामीलाई अरू ती महत्त्वपूर्ण कथाहरू सुनाउनुहोस्, जसबाट हामी तृप्त हुन सकौं ।।२।।

सूतजीले भन्नुभयो- मैले तपाईंहरूलाई श्रीगणेश-पुराणको उपासना खण्ड सुनाएँ। अब तपाईंहरूलाई म क्रीडाखण्ड सुनाउँछु । भगवान् श्रीगणेशले बालक्रीडा गर्दा अनेक प्रकारका दैत्यहरूको नाश गरी सज्जन, ब्राह्मण र गाईको पनि पालन गर्नुभयो। श्रीगणेशका ती सबै लीलाहरू म बताउँछु, तपाईंहरूले स्थिरचित्त भएर सुन्नुहोस् ।।३-४।।

मुनिहरूले भने - जब-जब तपाईंका मुखबाट यो श्रीगणेशपुराण हामी सुन्न पाउँछौं, तब-तब हाम्रो सुन्ने इच्छा पनि अत्यन्त बढ्दै जान्छ। त्यस कारण हे सूतज्यू ! तपाईंले राम्ररी हामीलाई श्रीगणेश भगवान्का लीलाहरूको विषयमा सुनाउनुहोस् । जुन कथा सुन्नाले श्रोताजन छिटै संसार सागरबाट मुक्त भएर परमानन्दमा प्राप्त हुन सकोस् ।।५।।

सूतजीले भन्नुभयो- पहिले ब्रह्माजीले अत्यन्त तेजस्वी ऋषि वेदव्यासलाई र भृगु ऋषिले सोमकान्तलाई जुन कथा सुनाउनुभएको थियो, त्यो कथा म तपाईंहरूलाई सुनाउँछु।।६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यास उवाच

पद्मयोने ! वद विभो ! गणेशचरितं शुभम् ।
यद् यद् रूपं समास्थाय यद् यच्च कृतवान् विभुः ।।७।।

कृपावता त्वया ब्रह्मन् ! ममवाक्यादुदीर्यताम् ।
उपासनाखण्डमिदं श्रुत्वा तृप्तिं न यामि च ।।८।।

येन येनावतारेण यं यं दैत्यं महाबलम् ।
अहनद् विकटस्तत्तत् कर्मास्य वक्तुमर्हसि ।।९।।

तदीयं बालचरितं लीला नानाविधा अपि ।
श्रुत्वा त्वद्वदनाम्भोजान् मनो निर्वृतिमेष्यति ।।१०।।

सूत उवाच

श्रुत्वा नानाविधान् प्रश्नानुवाच कमलासनः ।
कथां नानाविधां दिव्यां व्यासाय परिपृच्छते ।।११।।

ब्रह्मोवाच

साधु पृष्टं त्वया व्यास ! हृदयानन्दकारिणा ।
वक्तुर्विवर्धते प्रीतिः सादरे श्रोतरि प्रभो ।।१२।।

अवाच्यमपि वक्तुं मे पुण्यश्लोके भवेत् त्वयि ।
शक्तिर्गरीयसी यद्वद् वक्तुः श्रोतरि कथ्यताम् ।।१३।।

इदानीं सर्वमाख्यास्ये गणेशचरितं तव ।
नानावतारान् कृत्वा स भूभारं हतवान् विभुः ।।१४।।

हत्वा नानाविधान् दैत्यान् स्वस्थानेऽस्थापयत् सुरान्।
साधूनां पालनरतो दुष्टनिर्मूलनक्षमः ।।१५।।

इतिहासं शृणु मुने ! गणेशाख्यानसंश्रयम् ।
विष्टरश्रवसा प्रोक्तं श्रवणात् सर्वकामदम् ।।१६।।

विष्णुरुवाच

युगे युगे भिन्ननामा गणेशो भिन्नवाहनः ।
भिन्नकर्मा भिन्नगुणो भिन्नदैत्यापहारकः ।।१७।।

व्यासले भन्नुभयो - हे पितामह ! मलाई श्रीगणेश भगवान्‌को पवित्र चरित्र सुनाउनुहोस्। सर्वव्यापक भगवान् श्रीगणेशले जुन-जुन रूप लिएर जस्ता-जस्ता लीला गर्नुभयो, ती विषयमा तपाइँले मेरो अनुरोधलाई स्वीकार गरेर मलाई जानकारी गराउनुहोस्। मैले उपासना खण्ड सुनें। म तृप्त भएको छैन ।।७-८।। विकट नामले सम्बोधित हुनुहुने भगवान् श्रीगणेशले जुन-जुन अवतार लिएर जस्ता-जस्ता बलवान् दैत्यहरूलाई मार्नुभयो, उहाँका ती-ती कर्महरूबारे पनि मलाई बताउनुहोस्।।९।। भगवान् श्रीगणेशका बालचरित्र, र अनेक थरि लीलाहरूको विषयमा तपाइँको मुखकमलबाट सुन्न पाउँदा मेरो मनले परम आनन्द प्राप्त गर्नेछ।।१०।।

सूतजीले भन्नुभयो - वेदव्यासका प्रश्न सुनेर ब्रह्माजीले जिज्ञासु व्यासलाई गणेशलीलामा आधारित अनेक थरि दिव्य कथा सुनाउनुभयो।।११।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! मेरो हृदयलाई आनन्द प्रदान गर्ने तिमीले राम्रो कुरा सोध्यौ । गुरुमा आदरपूर्वक श्रद्धा राखेर प्रश्न गर्ने शिष्यमा वक्ता गुरुको अत्यन्त स्नेह रहेको हुन्छ। मैले लुकाएर राख्ने कुरा पनि अर्थात् बताउनै नहुने शास्त्रका कुरा पनि पुण्यका कारण प्रसिद्ध, असल श्रोता तिम्रा निमित्त बताउनेछु । वक्ताको श्रोतामा ठूलो स्नेहको शक्ति रहेको हुन्छ। यस कारणले तिमीलाई केही बाँकी नराखेर सबै कुरा बताउनेछु।।१२-१३।। हे वेदव्यास ! अहिले म तिमीलाई श्रीगणेशको सम्पूर्ण चरित्र बयान गर्नेछु। सर्वव्यापक, साधुहरूका रक्षक र दुष्टहरूका नाशक श्रीगणेश प्रभुले अनेक थरि अवतार लिनु भएर पृथिवीको भार हरण गर्नुभएको थियो। अनेक दुष्ट दैत्यहरूलाई मारेर देवताहरूलाई आ-आफ्नो धाममा प्रतिष्ठित गराउनुभएको थियो।।१४-१५।। हे मुनि वेदव्यास ! श्रीगणेशको कथामा आधारित एउटा इतिहास रहेको छ त्यो सुन। यो इतिहास मलाई भगवान् नारायणले बताउनुभएको हो। यस इतिहासको श्रवणबाट सबै कामनाहरूको सिद्धि हुन्छ ।

नारायणले भन्नुभयो- हे ब्रह्माजी! युगयुगमा श्रीगणेशका भिन्दाभिन्दै नाम छन्। भिन्दाभिन्दै वाहन पनि छन्। त्यतिमात्र होइन, युगयुगका कर्म पनि भिन्दाभिन्दै छन् र गुण पनि। उहाँले युगयुगमा भिन्दाभिन्दै दैत्यहरूको संहार गर्नुहुन्छ।।१६-१७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंहारूढो दशभुजः कृते नाम्ना विनायकः ।
तेजोरूपी महाकायः सर्वेषां वरदो वशी ।।१८।।

त्रेतायुगे बर्हिरूढः षड्भूजोऽप्यर्जुनच्छविः ।
मयूरेश्वरनाम्ना च विख्यातो भुवनत्रये ।।१९।।

द्वापरे रक्तवर्णोऽसावाखुरूढश्चतुर्भुजः ।
गजानन इति ख्यातः पूजितः सुरमानवैः ।।२०।।

कलौ तु धूम्रवर्णोऽसावश्वारूढो द्विहस्तवान् ।
धूम्रकेतुरिति ख्यातो म्लेच्छानीकविनाशकृत् ।।२१।।

यं यं स दैत्यं हन्ति स्म तदेदानीं ब्रुवे मुने ।
अङ्गदेशीयनगरे रौद्रकेतुरभूद् द्विजः ।।२२।।

सर्वशास्त्रार्थतत्त्वज्ञो वेदवेदाङ्गपारगः ।
समो जीवेष्वग्निहोत्री सुरगोद्विजपूजकः ।।२३।।

ईश्वरोपासको नित्यं सर्वागमविशारदः ।
यस्य पत्नी शारदाख्या रूपलावण्यशोभिता ।।२४।।

ईदृशी नाप्सरोमध्ये नाष्टासु नायिकास्वपि ।
यद्वक्त्रनिर्जितश्चन्द्रश्चिन्तया क्षयमीयिवान् ।।२५।।

अनेकदिव्याभरणैर्भासयन्ती धरातलम् ।
यथा नक्षत्रमालाभिर्भासते व्योममण्डलम् ।।२६।।

सत्ययुगमा भगवान् श्रीगणेश सिंहमा सवार हुनुहुन्छ। उहाँका दश हात हुन्छन् र उहाँको नाम विनायकका रूपमा संसारमा प्रसिद्ध हुने गर्छ। उहाँको स्वरूप तेजोमय हुन्छ। शरीर पर्वताकार विशाल हुन्छ। उहाँले सत्ययुगमा इन्द्रियलाई जितेर मुनिको व्रत धारण गर्नुहुन्छ र सबैलाई वर प्रदान गर्नुहुन्छ।।१८।। हे ब्रह्माजी ! त्रेता युगमा श्रीगणेश मयूरेश्वर नामबाट विख्यात हुनुहुन्छ। उहाँको शरीरमा सेतो आभा छाएको हुन्छ । उहाँका शरीरमा छवटा हात हुन्छन्। त्रेतायुगमा उहाँ मयूरमा आरोहण गर्नुहुन्छ, त्यस कारण मयूरेश्वरको नामबाट प्रख्यात हुनुहुन्छ। द्वापरयुगमा उहाँ गजानन नामबाट प्रख्यात हुनुहुन्छ। त्यस बेला देवता र मानिसहरूले उहाँको आराधना गर्छन्। द्वापर युगका श्रीगणेशका शरीरमा चार हात हुन्छन् । उहाँ मूसामा सवार हुनुहुन्छ र उहाँको अङ्गको कान्ति रातो वर्णको रहेको हुन्छ।।१९-२०।। कलियुगमा भगवान् श्रीगणेश धुम्रकेतुका नामबाट प्रख्यात हुनुहुन्छ। कलियुगमा उहाँले म्लेच्छ जातिका सेनाहरूलाई नाश गर्नुहुन्छ। त्यस बेला श्रीगणेशका शरीरमा दुइटा हात हुन्छन् । उहाँ घोडामा सवार हुनुहुन्छ र उहाँ ध्वाँसे वर्णको कान्तिले शोभायमान हुनुहुन्छ ।।२१।। सत्य, त्रेता, द्वापर र कलियुगमा श्रीगणेशले अनेक अवतारहरू लिएर जस्ता-जस्ता दैत्यहरूको विनाश गर्नुहुन्छ ती लीलाहरूको विषयमा म यो क्रीडाखण्डमा तपाईँलाई राम्ररी बताउनेछु। अङ्गदेशको कुनै एउटा नगरमा रौद्रकेतु नामक एकजना ब्राह्मण थिए। ती सबै शास्त्रहरूको मर्म जान्दथे। वेद र वेदाङ्गमा पारङ्गत थिए। प्राणीमात्रमा समान दृष्टि राख्दथे। दिनदिनै अग्निहोत्र यज्ञ सम्पन्न गर्दथे र देवता, गाई एवं ब्राह्मणको आराधना पनि गर्दथे। सबै तन्त्रशास्त्रमा पारङ्गत ती ब्राह्मणले नित्य ईश्वरको उपासना गर्दथे। रूप र सौन्दर्यले जगमगाएकी उनकी पत्नीको नाम शारदा थियो।।२२-२४।। शारदासमान राम्रा नारी अप्सराहरूमध्ये पनि कुनै थिएनन् र आठवटा महानायिकाहरूले पनि शारदाको समानता प्राप्त गर्दैनथे । शारदाको मुखचन्द्रको सौन्दर्यद्वारा पराजित आकाशका चन्द्रमा चिन्ताका कारण दुर्बल बनेका थिए । वस्तुतः चन्द्रमालाई क्षयरोग नै लागेको थियो। नक्षत्रको पङ्क्तिले रातको समयमा आकाशमण्डल जगमगाएझैं शोभाले जगमगाएकी ती मुनिपत्नी शारदाले आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कदाचित् सा गर्भवती शारदोत्पललोचना ।
शारदा शारदे मासि शरच्चन्द्रसुशोभिते ।।२७।।

शरीरतेजसा यस्या न प्राज्ञायत किञ्चन ।
दोहदान् पूरयत्येष यं यं साऽकामयत् सती ।।२८।।

एवं सा नवमे मासि यमलौ सुषुवे सुतौ ।
अतिकान्ततरौ स्वान्तनन्दनावुभयोरुभौ ।।२९।।

आजानुबाहू दीर्घाक्षौ दृष्ट्वा प्रोवाच तत्पिता ।
अद्याहमनृणो जातो धन्यमद्य तपो मम ।।३०।।

वंशो धन्यो जनुर्धन्यं यत्पुत्रौ वीक्षितौ मया ।
अर्घ्याद्यैर्द्विजवर्यान् स सम्पूज्य च गणाधिपम् ।।३१।।

स्वस्तिवाच्यं चकाराशु मातृपूजनपूर्वकम् ।
भक्त्याऽऽभ्युदयिकं श्राद्धं जातकर्माऽकरोद् द्विजैः।।३२।।

सम्पूज्य ब्राह्मणान् भक्त्या ददौ दानान्यनेकशः ।
सुहृदो मानयामास वासोरत्नधनादिभिः ।।३३।।

नानावादित्रनिर्घोषैः शर्कराञ्च गृहे गृहे ।
दापयामास ताम्बूलं पुत्रजन्मसु निर्वृतः ।।३४।।

यथा ध्यानपरो योगी प्राप्य सद्वस्त्वनुत्तमम् ।
ततो दशाहेऽतीतेऽसावाकार्य द्विजपुङ्गवान् ।।३५।।

समर्च्य परया भक्त्या ज्योतिःशास्त्रविशारदान् ।
पप्रच्छ चैतयोर्नाम किं कार्यं द्विजसत्तमाः ।।३६।।

अत्यन्त उज्ज्वल अलङ्कारको कान्तिले पृथिवीतललाई नै ज्योतिर्मय तुल्याएकी थिइन्। कमलका जस्ता आँखा भएकी ती शारदाले शरदकालको चन्द्रमाद्वारा शोभायमान कार्तिक महिनामा गर्भधारण गरेकी थिइन् ।।२५-२७।। तिनका शरीरको तेजका कारण गर्भधारणबाट उत्पन्न हुने मलिनता आदि दोष लुकेका थिए। शारदाले गर्भावस्थामा जस्ता-जस्ता कामना व्यक्त गर्दथिन् ती ब्राह्मण रौद्रकेतुले सम्पूर्ण ती कामनाहरू पूर्ण तुल्याउँथे ।।२८।। यसरी गर्भवती शारदाले नौ महिना बितेपछि जुम्ल्याहा छोरा जन्माइन्। ती दुबै छोराहरू माता-पिताका निमित्त अत्यन्त प्यारा थिए र तिनलाई हेर्दा ती माता-पिता अत्यन्त प्रसन्न हुन्थे। ती दुबै बालक आजानुबाहु (जसका हात घुँडासम्म पुग्छन्) थिए र तिनका आँखा लाम्चिला थिए। ती बालकहरूलाई देखेर तिनका पिता रौद्रकेतुले भने - 'आज म पितृऋणबाट मुक्त भएँ, मेरो तपस्या धन्य भयो, वंश धन्य भयो, मेरो जन्म धन्य भयो किनकि मैले दुई सुन्दर पुत्रको अनुहार देख्न पाएँ ।' पुत्रजन्मको खुसियालीमा ती रौद्रकेतुले श्रीगणेशको पूजा गरे र ब्राह्मणहरूको पनि पूजा गरे।।२९-३१।। स्वस्तिवाचन र मातृकापूजा पनि सम्पन्न गरे । त्यसपछि भक्तिपूर्वक आभ्युदयिक श्राद्ध र जातकर्म संस्कार पनि ब्राह्मणहरूद्वारा सम्पन्न गराए ।।३२।। रौद्रकेतुले भक्तिपूर्वक ब्राह्मणहरूको पूजा गरी तिनीहरूलाई अनेक थरि दान प्रदान गरे। मित्रबन्धुहरूलाई पनि वस्त्र, रत्न र धन दिएर सम्मानित गरे। तिनले घरमा अनेक माङ्गलिक बाजा बजाउँदै गाउँछिमेकका घर-घरमा चिनी बाँडे। पुत्रजन्मको परम आनन्दमा डुबेका रौद्रकेतुले सम्मान गर्नुपर्ने मानिसहरूलाई पानको बीडा दिएर सम्मानित गरे।।३३-३४।। एउटा योगीले ध्यानकालमा भगवान्को दर्शन प्राप्त गरेर परम आनन्दको अनुभूति गरेझैं रौद्रकेतुले पनि छोराको दर्शन पाएर परम आनन्दको अनुभूति गरे। दश दिन बितेपछि तिनले ज्योतिषशास्त्र जान्ने उत्तम-उत्तम ब्राह्मण बोलाएर भक्तिपूर्वक सम्मान गर्दै भने - हे पूज्य ब्राह्मणवर्ग! हाम्रा यी दुई बालकहरूको कस्ता-कस्ता नाम जुराउनुपर्छ ? हजुरहरूले अतीत र भविष्यका सबै कुरा जान्नुहुन्छ, त्यस कारण मलाई उत्तम नाम विचार गरेर बताउनुहोस्। ती कुरा सुनेर ब्राह्मणहरूले केहीबेर ध्यान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतीतानागतज्ञानाद् विचार्य कथयन्तु मे ।
ते चोचुः प्रणिधानेन देवान्तकनरान्तकौ ।।३७।।

नामनी ह्यनयोर्ब्रह्मन्नन्वर्थे कुरु नो मते ।
इति तद्वचनं श्रुत्वा द्विजभक्तिरतो द्विजः ।।३८।।

स्वशाखोक्तेन विधिना नामनी विदधे तथा ।
ब्राह्मणान् भोजयामास सर्वांश्च नागराँस्तथा ।।३९।।

ववृधाते ततस्तौ तु मेरुमन्दरसन्निभौ ।
यथा कच्छाश्रितौ तालौ यथा वंशाङ्कुरौ बलात् ।।४०।।

यत्र यत्र पदन्यासं कुर्वाते तौ यदृच्छया ।
रसातलगतस्यात्र शेषस्य नमते शिरः ।।४१।।

दृश्यते मण्डलं भानोस्तिष्ठतोः शिरसि स्थितम् ।
पित्रोः प्रदर्शयन्तौ तौ कौतुकानि भृशं तयोः ।।४२।।

कदाचिन्नारदोऽकस्माद् रौद्रकेतुगृहं ययौ ।
श्रुत्वा कीर्तिं बालकयोः कौतुकादग्रहीत्तु तौ ।।४३।।

मूर्ध्न्याघ्रायाऽङ्कमारोप्य पितराववदत् तयोः ।

नारद उवाच

श्रुत्वा कीर्तिं समायातः पुत्रयोरद्भुतां शुभाम् ।।४४।।

अग्रेऽद्भुततरा चापि भविष्यत्यनयोर्मुने ।
महद् भाग्यं तव मुने ! यल्लब्धावीदृशौ सुतौ ।।४५।।

दृष्ट्वाऽन्यो हर्षमायाति का वार्ता स्वजनस्य ह ।
इत्याकर्ण्य शुभं वाक्यं नारदेन समीरितम् ।।४६।।

तावाहतुर्मुनिं नत्वा पितरौ नारदं तदा ।
तव प्रसादाद् बह्वायुः पुत्रयोरस्तु साम्प्रतम् ।।४७।।

गरेर भने- हे ब्राह्मण देवता! तपाईँका छोराहरूका नाम देवान्तक र नरान्तक रहनेछन् र तपाईँले आफ्ना छोराहरूलाई उनीहरूको नामअनुसारको चरित्र र व्यक्तित्व बनोस् भन्ने हिसाबले शिक्षा-दीक्षा र संस्कार दिनुपर्छ । ज्योतिषीहरूका यी कुरा सुनेर ब्राह्मणहरूमा भक्ति राख्ने रौद्रकेतु ब्राह्मणले आफ्नो शाखामा बताएको विधिअनुसार ती दुबै बालकको नामकरण संस्कार सम्पन्न गरे । त्यस बेला ब्राह्मणहरूलाई भोजन गराए, आफ्ना नगरवासी इष्टमित्र, बन्धुबान्धव र सामान्य नर-नारीहरूलाई भोजन गराए ।।३५-३९।। मेरु पर्वत र मन्दार पर्वतझैं कान्तिमान् ती दुबै बालक देवान्तक र नरान्तक बढ्न थाले । जसरी उत्तम जमिनमा रोपेको ताडीवृक्ष छिटो हुर्कन्छ जसरी नदीको मलिलो तटभूमिमा रोपेको बाँस चाँडै अङ्कुरित हुन्छ त्यसरी नै ती बालक पनि अत्यन्त तीव्र गतिमा वृद्धि प्राप्त गरिरहेका थिए ।।४०।। ती दुई बालकले आफ्नो इच्छाअनुसार जहाँ-जहाँ पैतालाले टेक्ने गर्दथे, त्यहाँ-त्यहाँ पृथिवीधारण गर्ने पातालवासी शेषनागका शिर निहुरिन्थे । ती बालकहरू उभिँदा तिनका शिरमाथि आएर भगवान् सूर्यको मण्डल स्थिर भएझैं लाग्थ्यो । ती दुबै बालकले आफ्ना माता-पिताका सामु कौतूहलजनक र अत्यन्त मोहक बाललीला गरिरहेका थिए ।।४१-४२।। कुनै दिन रौद्रकेतुका बालकहरूको विचित्र बाललीलाको ख्याति सुनेर त्यहाँ आएका नारद ऋषिले उत्कण्ठा-पूर्वक ती दुबै बालकलाई काखमा लिए ।।४३।। ती बालकहरूका टाउकामा सुँघेर तिनका बाबुआमालाई सम्बोधन गर्दै भने ।

नारदजीले भन्नुभयो- हे रौद्रकेतु ब्राह्मण! म तपाईँका पुत्रहरूको अद्भुत र मङ्गलमय कीर्ति सुनेर यिनको दर्शन गर्न आएको छु।।४३-४४।। भविष्यमा यी बालकहरू यशस्वी हुने छन् । हे ब्राह्मण ! तपाईँको ठूलो भाग्य रहेछ किनकि तपाईँले यस्ता दुर्लभ पुत्रहरूलाई जन्म दिनुभएको छ।।४५।। पराई मानिस पनि यी सुन्दर बालकहरूलाई देखेर अत्यन्त हर्षित हुन्छन् भने आफ्ना मानिसहरूको त कुरै नगरौं। नारदमुनिले भनेका यी मीठा कुरा सुनेर ती बालकहरूका बाबु-आमाले नारदमुनिलाई नमस्कार गर्दै भने - हे मुनिवर! तपाईँको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुग्रहं कुरु तथा यथैतौ वीर्यवत्तरौ ।
भवेतां लोकविख्यातौ सर्वज्ञौ रिपुदण्डिनौ ।।४८।।

कृपाबाट यी हाम्रा पुत्रहरू दीर्घायु बनून् । तपाइँले त्यस्तो कृपा गर्नुहोस्, जसबाट यी दुबै बालक पराक्रमी, संसारमा विख्यात, सर्वज्ञ र शत्रुसंहारक हुन सकून्।।४६-४८।।

क उवाच

रुद्रकेतोः शारदायाः पुत्रयोर्भक्तिमीक्ष्य सः ।
पञ्चाक्षरीं महाविद्यामुभयोरुपदिष्टवान् ।।४९।।

उवाच पुत्रौ ! कामारिरनया सम्प्रसाद्यताम् ।
मस्तकेऽभयहस्तञ्च स्थाप्यानुष्ठानमादिशत् ।।५०।।

एवमुक्त्वा तमामन्त्र्य रौद्रकेतुं महामुनिः ।
ततस्त्वन्तर्दधे ब्रह्मन् नारदो दिव्यदर्शनः ।।५१।।

अन्तर्हिते मुनौ तौ चावदतां पितरौ मुदा ।
अनुष्ठानाय नावाज्ञां भवद्भ्यां सम्प्रदीयताम् ।।५२।।

ब्रह्माजीले भन्नुभयो - रौद्रकेतु र शारदाका पुत्र देवान्तक र नरान्तकको आफूमा भक्ति देखेर नारदजीले तिनीहरूलाई पञ्चाक्षरी महामन्त्र उपदेश गरे। पछिबाट शिक्षा दिंदै भने - यस मन्त्रको अनुष्ठानबाट तिमीहरूले भगवान् शङ्करलाई प्रसन्न तुल्याऊ । त्यसपछि मस्तकमा वरद हात राख्दै ती दुबैलाई तिनले अनुष्ठानको विधि पनि सिकाए। यसरी शिक्षा दिएर रौद्रकेतुसँग बिदावारी भई दिव्यदर्शन नारदऋषि त्यहीं अन्तर्धान भए। नारदमुनि अन्तर्धान भएपछि ती दुबै बालकले आफ्ना माता-पितालाई हर्षपूर्वक भने - हे माता-पिता ! हामी पञ्चाक्षरी विद्याको अनुष्ठान गर्न चाहन्छौं, हजुरहरूले आज्ञा दिनुहोस्।।४९-५२।।

ॐ

इति श्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे नारदोपदेशो नाम प्रथमोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्या पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'नारदोपदेश' शीर्षकान्वित पहिलो अध्याय पूर्ण भयो ।।१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीयोऽध्यायः { २ अध्याय }

व्यास उवाच

अनुष्ठानं कथं ब्रह्मन् कुत्र वा तौ प्रचक्रतुः ।
तत्सर्वं विस्तराद् ब्रूहि सादरं मम पृच्छतः ।।१।।

ब्रह्मोवाच

साधु पृष्टं त्वया व्यास ! सर्वं ते कथयेऽधुना ।
चक्रतुस्तावनुष्ठानं देवान्तकनरान्तकौ ।।२।।

पित्रोराज्ञां गृहीत्वैव जग्मतुर्गहनं वनम् ।
न सञ्चारो यत्र वायोर्नानाद्रुमलताकुलम् ।।३।।

वापीकासारसहितं पुष्पपल्लवशोभितम् ।
विशालगह्वरगिरिनानाप्रस्तरशालि च ।।४।।

तत्र स्थितावुभावेतौ प्रारभतां महत्तपः ।
एकाङ्गुष्ठे स्थितौ चोभौ तत्र तौ स्थिरचेतसा ।।५।।

जपन्तौ नारदप्रोक्तां विद्यां पञ्चाक्षरीं शुभाम् ।
ध्यायन्तौ शङ्करं देवं सहस्रपरिवत्सरान् ।।६।।

निराहारौ वायुभक्षौ शरदां द्विसहस्रकम् ।
सहस्रवर्षं पत्राणि पक्वानि जक्षतुश्च तौ ।।७।।

एवं दशसहस्राणि वर्षाणि जपतोर्ययुः ।
विवृद्धे भूरितपसि ततश्च तेजसा तयोः ।।८।।

सूर्योऽभून्मन्दकिरणो भस्मोद्धूलितदेहयोः ।
व्याघ्राजिने चाक्षमाले बिभ्रतोर्गजचर्मणी ।।९।।

पुपूजतुरुषःकाले शम्भुं कुसुमपल्लवैः ।
तस्मिँस्तपोवने तात ! तयोरद्भुततेजसा ।।१०।।

जातिवैराः सुनिर्वैरा आसन् सिंहगजादयः ।
एवं तत्तपसा तुष्टः पञ्चवक्त्रस्त्रिलोचनः ।।११।।

व्यासले भन्नुभयो - हे कमलासन ! ती दुई बालक देवान्तक र नरान्तकले कहाँ गएर कसरी पञ्चाक्षरी विद्याको अनुष्ठान गरे ? यस विषयमा म आदरपूर्वक जिज्ञासा प्रकट गर्दैछु। हजुरले विस्तारपूर्वक बताउनुहोस्।।१।।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! तिमीले उत्तम विषयमा प्रश्न गरेका छौ । म तिमीलाई तिनीहरूको अनुष्ठानको विषयमा सबै कुरा बताउँछु। देवान्तक र नरान्तकले कसरी अनुष्ठान गरे र कहाँ गरे ? भन्ने विषयमा पनि म राम्ररी खुलस्त पार्दछु। ती दुई भाइ आफ्ना मातापिताको आज्ञा लिएर नै गहन वनमा गएका थिए। त्यो वनमा वायुको सञ्चार थिएन किनकि त्यहाँ अनेक लहरा र रूखहरू आपसमा झाङ्गिएर रहेका थिए ।।२-३।। त्यो वन कुवा र तलाउले युक्त थियो। नयाँ-नयाँ पालुवा र विभिन्न थरिका फूलहरूले सुहाएको थियो। त्यहाँ ठूला-ठूला गुफाहरू थिए, ठूला पर्वत थिए र ठूला-ठूला चट्टानहरू पनि थिए ।।४।। त्यस वनमा रहेर ती दुई भाइले ठूलो तपस्या आरम्भ गरे। खुट्टाको बूढी औंलाले टेकेर उभिएका ती दुई भाइले चित्त स्थिर गराएर नारदजीले बताएको पञ्चाक्षरी मन्त्र जप गरी भगवान् शङ्करको ध्यान गर्दै हजार वर्षसम्म तपस्या गरे ।।५-६।। तपस्याको क्रममा निराहार रही वायुपान गर्दै तिनीहरूले फेरि दुई हजार वर्ष तपस्या गरे । त्यसपछि तिनीहरूले एक हजार वर्षसम्म सुकेका अथवा पाकेका पहेंला पात खाएर तपस्या गरे । यसरी तपस्या गर्दै मन्त्रजप गर्दा ती दुई भाइका दश हजार वर्ष बितेछन् । तिनीहरूको तपस्याबाट उत्पन्न तेज बढेपछि तेजस्वी सूर्य पनि मन्द भए । ती दुई भाइले आफ्नो शरीरमा भस्मलेपन गरेका थिए, बाघको छालामा आसन कसेका थिए, रुद्राक्ष माला धारण गरेका थिए र हात्तीको छाला ओढेका थिए ।।७-९।। एक दिन बिहान त्यस तपोवनमा ती दुई भाइले फूल र पातहरू जम्मा गरेर भगवान् सदाशिवको श्रद्धापूर्वक पूजा गरे । तिनीहरूको अद्भुत तेजले त्यो वनमा रहेका जातिबैरी सिंह एवं हात्तीहरू पनि आफ्नो बैर बिर्सी रमाएर खेलिरहेका थिए। ती बालकहरूको तपस्याबाट प्रसन्न हुनुभएका पञ्चमुख, त्रिनयन, दशबाहु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशबाहुरपर्णाङ्गो व्याघ्रेभचर्मशूलवान् ।
बिभ्रच्छिरसि गङ्गाञ्च डमरुं दक्षिणे करे ।।१२।।

फणिहारसमायुक्तो रुण्डमालालसद्गलः ।
वृषारूढो नीलकण्ठः प्रभया भासिताम्बरः ।।१३।।

नानालङ्कारसंयुक्तः श्वेताङ्गश्चन्द्रशेखरः ।
दृष्ट्वा तौ तादृशं देवं हर्षमापतुरुत्तमम् ।।१४।।

ननर्ततुरुभौ पश्चात् साष्टाङ्गं प्रणिपेततुः ।
बद्धाञ्जलिपुटौ तौ तं देवदेवं समूचतुः ।।१५।।

धन्यौ नौ पितरौ देवजनुषी नयने तपः ।
धन्यं कुलञ्च देहौ च यतो दृष्टो महेश्वरः ।।१६।।

वेदान्ताऽगोचरोऽगम्यो वाचो यस्मादुपावृताः ।
आगमः कुण्ठितो यत्र षट्शास्त्राण्यथ मानसम् ।।१७।।

सहस्त्रवदनः स्तोतुं न क्षमः सनकादयः ।
न शक्ताः सर्वजगतः कर्ता पाताऽपहारकः ।।१८।।

रङ्कं करोति राजानं राजानं रङ्कमेव च ।
सर्पं करोति वलयं वलयं सर्पमेव च ।।१९।।

अधनं यो धनाढ्यञ्च धनाढ्यमधनं तथा ।
श्रुत्वैवं च तयोर्वाणीं प्रोवाच स उमापतिः ।।२०।।

साधु साधु श्रुतं वाक्यामृतं वां समुदा मया ।
तपसा परितुष्टो वां वृषारूढः सहोमया ।।२१।।

आगतो ध्याननिष्ठाभ्यां याचेतां वाञ्छितान् वरान् ।

पार्वतीसहित सुहाउनुभएका, बाघ र हात्तीको छाला धारण गर्नुहुने, त्रिशूलले सुहाउनु भएका, शिरमा गङ्गा धारण गर्नुहुने, दायाँ हातमा डमरु धारण गर्नुहुने, घाँटीमा सर्पको मालाका साथ मुण्डमाला लगाउनुभएका, साँढेमा सवार हुनुभएका, आफ्नो प्रभाले आकाशलाई ज्योतिर्मय तुल्याउनुहुने, अनेक थरि अलङ्कारले अलङ्कृत र गोरो वर्णले चम्किनुभएका नीलकण्ठ चन्द्रशेखर भगवान्ले दर्शन दिनुभयो । यस्तो स्वरूप लिनुभएका भगवान्लाई देखेर ती दुई बालकले अत्यन्त हर्ष प्राप्त गरे ।।१०-१४।। ती दुबै भगवान्लाई देखेर नाच्न थाले। केहीबेर नृत्य देखाएपछि तिनीहरूले भगवान्का पाउमा प्रणाम गरे। त्यसपछि दुबै हात जोडेर भगवान् शङ्करको प्रार्थना गर्दै भने - आज हाम्रा माता-पिता धन्य हुनुभएको छ, हाम्रो जन्म दिव्य जन्मको रूपमा परिणत भएको छ, हामीले गरेको तपस्या धन्य भएको छ, हाम्रा आँखा धन्य भएका छन्, हाम्रा कुल र इष्टमित्रहरू धन्य भएका छन् । हामी दुई भाइका यी बालशरीर पनि धन्य भएका छन् किनकि हामीले आज देवाधिदेव महादेवको दर्शन पाएका छौं ।।१५-१६।। वेदान्तशास्त्रले जसलाई राम्ररी बताउन सक्दैनन्, वाणी पनि जहाँसम्म पुग्न सक्दिनन्, आगमशास्त्र जसको दर्शन नपाएर कुण्ठित हुन्छ, छवटै शास्त्रहरू पनि जसको दर्शन न पाउँदा मलिन बन्दछन्, जसको स्तुति गर्न शेषनाग र सनक आदि ऋषिहरू समर्थ हुँदैनन् त्यस्ता सबै जगत्का कर्ता, सबै जगत्का पालक, सबै जगत्का संहारक भगवान् शङ्कर हुनुहुन्छ ।।१७-१८।। उहाँले राजालाई रङ्क बनाउनुहुन्छ र रङ्कलाई राजा पनि बनाउन सक्नुहुन्छ। सर्पलाई हातको बाला बनाउनु हुन्छ र हातको बालालाई सर्पको रूपमा पनि परिणत गर्न सक्नुहुन्छ ।।१९।। भगवान् चन्द्रशेखरले मरेकालाई जियाउनु हुन्छ, जिएकालाई मृत तुल्याउनुहुन्छ। निर्धनलाई धनी बनाउनुहुन्छ र धनीलाई निर्धन बनाउनुहुन्छ। भगवान् शङ्करले ती बालकहरूको यो मीठो वाणी सुनेर भन्नुभयो ।।२०।। हे बालकहरू! धन्य छौ! धन्य छौ ! तिमीहरूको वचनामृत मैले हर्षपूर्वक कानले पिएँ । अत्यन्त श्रद्धापूर्वक ध्यानमा लागेका तिमीहरूको तपस्याबाट प्रसन्न भएर म साँढेमा सवार भई पार्वतीका साथमा तिमीहरूलाई दर्शन दिन आएको छु। अब तिमीहरूले के चाहन्छौ ? ती चाहेका कुरा मलाई भन, म त्यो दिन तयार छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

अन्धकारेरिदं वाक्यं श्रुत्वा तौ प्रोचतुस्तदा ।।२२।।

हर्षगद्गदया वाचा देवान्तकनरान्तकौ ।
यदि तुष्टोऽसि देवेश ! सर्वेश ! जगदीश्वर ।।२३।।

यदि त्वया वरा देया यद्यनुग्राह्यता च नौ ।
तदा देवमनुष्येन्द्रयक्षरक्षःपिशाचतः ।।२४।।

मानवोरगगन्धर्वाप्सरःकिन्नरतोऽपि च ।
सर्वशस्त्रास्त्रयोर्वन्यग्राम्यपश्वादितोऽपि च ।।२५।।

ग्रहनक्षत्रभूतेभ्यो दानवासुरतोऽपि च ।
न दिवा न च रात्रौ वा कृमिकीटादितोऽपि वा ।२६।।

मृत्युः कदापि नौ स्यात्ते प्रसादाज्जगदीश्वर ! ।
त्रैलोक्यराज्यं नौ यच्छ भक्तिं ते चरणेऽपि च ।।२७।।

क उवाच

तौ जगाद ततः शूली प्रसन्नस्तपसा तयोः ।
समाकर्ण्य वरान् सर्वान् भक्तयोर्वृषभध्वजः ।।२८।।

शिव उवाच

यदिष्टं वाञ्छितं सर्वं तत्तथा न तदन्यथा ।
अभयं सर्वतोऽमृत्युस्त्रैलोक्ये राज्यमेव च ।।२९।।

लप्स्यथो लप्स्यते चापि भवद्भ्यामन्तको भयम् ।
तयोः शीर्ष्णोरधाच्छम्भुरभयं करपङ्कजम् ।।३०।।

एवं दत्त्वेप्सितान् कामानन्तर्धानं ययौ शिवः ।
तावनुज्ञां ततो गृह्य तस्मिन्नन्तर्हिते गृहम् ।।३१।।

ईयतुस्तं परिक्रम्य प्रणम्य च प्रपूज्य च ।
हर्षेण पितरौ दृष्ट्वा नेमतुर्भृशहर्षितौ ।।३२।।

आलिङ्ग्य पितरौ तौ तु निजवृत्तान्तमूचतुः ।
आघ्राय मस्तकं प्राह पिता तौ तनयौ मुदा ।।३३।।

ब्रह्माजीले भन्नुभयो - सदाशिव भगवान्का यी कुरा सुनेर ती देवान्तक र नरान्तकले हर्षले गद्‌गद वाणीबाट भने- हे देवाधिदेव महादेव ! हे सर्वेश्वर ! हे जगदीश्वर ! हजुर यदि प्रसन्न हुनुहुन्छ भने र हजुर यदि वरदान दिन चाहनुहुन्छ भने, यदि हजुरको हामीप्रति ठूलो अनुकम्पा छ भने देवता, मनुष्य, इन्द्र, यक्ष, राक्षस, पिशाच, मानव, सर्प, गन्धर्व, अप्सरा, किन्नर, सबै प्रकारका शस्त्र, सबै प्रकारका अस्त्र, वन्य पशु, ग्राम्य पशु, ग्रह, नक्षत्र, भूत, दानव र असुर कुनैबाट पनि हाम्रो मृत्यु नहोस्। हाम्रो दिनमा मृत्यु नहोस् र रातमा मृत्यु नहोस् । साना-साना कृमि र कीराहरूबाट पनि कहिल्यै मृत्यु नहोस्। हे जगदीश्वर ! हजुरको कृपाबाट हामी त्रैलोक्यका स्वामी हुन पाऔँ, अब हजुरले हामीलाई स्वर्ग, मर्त्य, पातालको साम्राज्य दिएर हामीलाई कृतार्थ गर्नुहोस् । हामीले जुनसुकै अवस्थामा पनि हजुरको चरणमा भक्ति गर्न पाऔँ।।२१-२७।।

ब्रह्माजीले भन्नुभयो- ती भक्त बालकहरूको तपस्याबाट प्रसन्न भएका, देवताहरूद्वारा पूजित, त्रिशूलधारी महादेवले तिनले मागेका वरदानहरूको विषयमा जानकारी पाएर भन्नुभयो।।२८।।

शिवजीले भन्नुभयो - 'हे बालकहरू ! तिमीहरूले जुन जुन कुरा चाहेका छौ ती सबै कुरा परिपूर्ण हुनेछन् अन्यथा हुनेछैन। ती सबै विषयबाट तिमीलाई मृत्युको डर हुनेछैन। स्वर्ग-मर्त्य-पातालको राज्य पनि पाउनेछौ र यमराजले पनि तिमीहरूबाट डर मान्नुपर्नेछ।' यसो भनेर भगवान् शिवजीले ती दुबै बालकहरूको शिरमा करकमल राखी अभयदान दिनुभयो।।२९-३०।। यसरी आफ्ना भक्तहरूले चाहेका वरदान प्रदान गरेर भगवान् शिवजी अन्तर्धान हुनुभयो। सदाशिवबाट आज्ञा प्राप्त गरी ती बालकहरू पनि उहाँको अन्तर्धानपछि घरतर्फ आए ।।३१।। भगवान् शङ्करको दर्शन पाएर अमोघ वरदानसमेत प्राप्त गरी अत्यन्त हर्षित भएका ती दुबै नरान्तक र देवान्तकले बाबुआमाको परिक्रमा गरेपछि शिर झुकाएर प्रणाम गरे ।।३२।। आफ्ना बुबाआमालाई आलिङ्गन गरेर ती दुबै भाइले आफ्नो तपस्याको सम्पूर्ण वृतान्त सुनाए। पिता रौद्रकेतुले छोराहरूको मस्तक सुँघेर हर्षपूर्वक भने - तिमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युवयोः सुवरप्राप्त्या दर्शनाच्छङ्करस्य च ।
पावितं जन्म च कुलमर्जितं सुमहद् यशः ।।३४।।

श्रुत्वोदन्तं शीतलानि जातान्यङ्गानि मे सुतौ ।
जाता चामृतपानस्य परा तृप्तिर्न संशयः ।।३५।।

मात्राभ्यक्तौ बुभुजतुस्ततोऽन्नं विविधं शुभम् ।
पित्रा समं ब्राह्मणैश्च वेदशास्त्रविशारदैः ।।३६।।

ततः सा पूजयामास नानालङ्कारभूषणैः ।
तौ पुत्रौ ब्राह्मणाँश्चैव तेभ्यो गृह्याशिषो बहु ।
विससर्ज प्रणम्यैतान् व्यतीयतुरुभौ निशाम् ।।३७।।

दुई भाइले भगवान् शङ्करको दर्शन गरी वरदान प्राप्त गरेका कारण तिमीहरूको जन्म धन्य भएको छ, कुल पवित्र भएको छ र ठूलो यश प्राप्त गरेका छौ ।।३३-३४।। हे छोरा हो ! तिमीहरूका मीठा कुरा सुनेर मेरा अङ्गप्रत्यङ्ग र आत्मा सबै शीतल भएका छन् । मैले आफै अमृतपान गरेसरह सम्पूर्ण तृप्तिको अनुभव गरेको छु ।।३५।। त्यसपछि ती दुई भाइले आफ्नी माताद्वारा अभिषेक प्राप्त गरेर आफ्ना पिता र वेदशास्त्रमा निपुण ब्राह्मणहरूका साथ बसी माताद्वारा प्रेमपूर्वक दिएका मीठा-मीठा भोज्य पदार्थहरूको भोजन गरे ।।३६।। भोजनपछि आमाले आफ्ना प्यारा छोराहरू र ब्राह्मणहरूलाई अनेक थरि अलङ्कार र वस्त्र प्रदान गरिन्। दुबै दम्पतीले पुत्रहरूको आगमनको खुसियालीमा ब्राह्मणहरूको सम्मान गरे र उनीहरूबाट धेरै आशीर्वाद पनि प्राप्त गरे। ब्राह्मणहरूलाई प्रणाम गर्दै बिदा गरी ती दम्पतीले आनन्दपूर्वक त्यो रात बिताए ।।३७।।

ॐ

इति श्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे देवान्तकनरान्तकवरप्राप्तिवर्णनं नाम द्वितीयोऽध्यायः

. प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवान्तक-नरान्तक वरप्राप्तिवर्णन' शीर्षकान्वित दोस्रो अध्याय पूर्ण भयो ।।२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीयोऽध्यायः

क उवाच

ततः प्रातः समुत्थाय गुरून् ध्यात्वा सभाज्य च ।
स्मृत्वा नत्वाऽखिलान् देवान् जग्मतुर्नैर्ऋतीं दिशम् ।।१।।

कृत्वा मूत्रपुरीषे तु दन्तजिह्वे विशोध्य च ।
स्नात्वा सन्ध्यामुपास्यैताविष्टान् देवान् पुपूजतुः ।।२।।

सम्पूज्य ब्राह्मणान् भक्त्या ददतुर्धनवाससी ।
आज्यमालोक्य कांस्यस्थं ददतुर्ब्राह्मणाय तत् ।।३।।

सदक्षिणं समालोक्य दर्पणं निर्मलं तथा ।
परिधाय च वासांसि विचारं चक्रतुस्तु तौ ।।४।।

ज्येष्ठ उवाच

अहं विजेष्ये स्वर्लोकान् वरदानान्महेशितुः ।
मृत्युलोकञ्च पातालं जय त्वं तत्प्रसादतः ।।५।।

क उवाच

एवं तौ निश्चयं कृत्वा विलोक्य शुभवासरम् ।
एको ययौ स्वर्गलोकं वायुवेगसमो जवे ।।६।।

यातोऽमरावतीं तत्र बभञ्जाराममण्डलम् ।
बद्ध्वा परिकरं तस्थौ शक्रस्य पुरतो बली ।।७।।

कोलाहलो महानासीद् देवानां धावतां भृशम् ।
कोऽयं कोऽयं कथं यातोऽकस्मादिन्द्रसमीपतः ।।८।।

घ्नन्तु बध्नन्तु सुदृढं दूरीकुर्वन्त्वमुं नरम् ।
इति ते धावमानास्ते सर्वे तेन निराकृताः ।।९।।

उड्डीयोड्डीय सहसा निपत्य च पुनः पुनः ।
तदुड्डानान् निपतिताः स्त्रीगर्भाश्च महाद्रुमाः ।।१०।।

कम्पिता पृथिवी सर्वा सपर्वतवनाकरा ।
तदङ्गदीप्त्या श्यामास्ते जाता विबुधसत्तमाः ।।११।।

{ ३ अध्याय }

ब्रह्माजीले भन्नुभयो - त्यसपछि अर्को दिन बिहान उठेर गुरुको ध्यान गरी पूजा समेत समाप्त गरेर सम्पूर्ण देवताहरूको संझना गर्दै ती दुई भाइ मलमूत्र त्यागका लागि नैऋत्य दिशातर्फ गए। मलमूत्र त्याग गरेपछि दाँत र जिब्रो सफा गरेर स्नान गरे। सन्ध्या उपासन गरेर ती दुई भाइले इष्टदेवको पूजा गरे। इष्टदेवको पूजापछि भक्तिपूर्वक ब्राह्मणहरूको पूजा गरेर तिनीहरूलाई धन र वस्त्र प्रदान गरे। काँसको कचौरामा घ्यू राखेर निर्मल दर्पणमा अनुहार हेरेझैं कचौराको घ्यूमा आफ्नो अनुहार हेरी त्यो भाँडो, घ्यू र दक्षिणासमेत ब्राह्मणलाई दान गरे। त्यसपछि वस्त्र धारण गरी देवान्तक र नरान्तकले परस्पर विचारविमर्श गरे।।१-४।।

देवान्तकले भन्यो - हे भाइ नरान्तक! म भगवान् शङ्करबाट प्राप्त वरदानअनुसार स्वर्गमाथि विजय गर्न प्रस्थान गर्दछु। तिमी पनि उहाँकै कृपाबाट प्राप्त वरदानअनुसार मृत्युलोक र पातालमा आफ्नो शासन कायम गर्न प्रस्थान गर।।५।।

ब्रह्माजीले भन्नुभयो - यसरी परस्पर विचारविमर्श गरेर राम्रो दिन हेरी देवान्तक वायुवेगले स्वर्गतर्फ गयो। त्यो बलवान् देवान्तक अमरावतीमा पुगेर त्यहाँका बाग-बगैंचाहरूलाई ध्वस्त बनाउँदै कम्मर कसेर इन्द्रसामु उभियो। देवान्तकको पराक्रम देखेर देवताहरू डराई यताउति भाग्न थाले। त्यहाँ ठूलो कोलाहल मच्चियो । यो को हो, कहाँबाट आइपुग्यो र कसरी इन्द्रका समीपमा गएर उभियो? यस्ता तर्क-वितर्कहरू भए। यसलाई मार्नुपर्छ, बाँध्नुपर्छ, नभए टाढै भगाउनुपर्छ भन्दै दौडिरहेका देवताहरूलाई देवान्तकले टाढासम्म धपायो ।।६-९।। देवान्तकको तेज र पराक्रमबाट डराएर थरथर काँपिरहेका देवताहरूमध्ये केही आकाशमा उड्ने र भुइँमा लड्ने गरिरहेका थिए। वीर र पराक्रमी देवान्तकको पराक्रम र डरलाग्दो हाउभाउ देखेर देवाङ्गनाहरूका गर्भका साथै ठूला-ठूला वृक्षहरू पनि भुइँमा लडेका थिए। स्वर्गमा भएको घटनाको प्रभावले वन, पर्वतसहित पृथिवी पनि कम्पायमान भइन्। देवान्तकका शरीरको श्यामल कान्ति स्वर्गमण्डलमा छाउँदा देवताहरू पनि कान्तिहीन र मलिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथाऽऽमयजितो मर्त्यो याति सद्यो विवर्णताम् ।
तद्वत् तद्दर्शनात् सर्वे विवर्णत्वं गताः सुराः ।।१२।।

इन्द्रोऽपि विह्वलो जातो विवर्णश्च तदा मुने ।
केचिद् दश दिशो याताः सन्नद्धाः केऽपि चाभवन्।।१३।।

केचित् तं शरणं याता अत्यधीराः सुराधमाः ।
तत इन्द्रश्चतुर्दन्तं वज्रहस्तः समारुहत् ।।१४।।

जगर्ज सुमहाभीमं चकम्पे भुवनत्रयम् ।
किं पश्यतेत्युवाचैनान् सन्नद्धान् सुरसत्तमान् ।।१५।।

पौरुषं क्व गतं तावद् यावदत्रागतोऽसुरः ।
ततस्ते पुरतो जग्मुः सङ्ग्रामाय कृतोद्यमाः ।।१६।।

सद्योत्सुकान् सुरान् प्रेक्ष्य प्रोचे देवान्तको हरिम् ।
किमर्थं श्रमसे शक्र ! विचारय वरान् मम ।।१७।।

अन्तको भयसन्त्रस्तः पलायनपरो गतः ।
तृणप्रायन्तु ते वज्रं मन्येऽहं शङ्कराज्ञया ।।१८।।

मच्छ्वासात् सर्वतो यान्ति देवास्त्वद्दृष्टिवर्तिनः ।
श्रूयतां मद्वचः शक्र ! साम्नैव दीयतां मम ।।१९।।

पदानि स्वानि सर्वाणि स्थीयतां यत्र कुत्रचित् ।
अन्यथा सकलं हित्वा वृथा मृत्युं प्रयास्यसि ।।२०।।

देवान्तकेति मन्नाम न जानासि कथं सुर ! ।

क उवाच

इति तद्वचनं श्रुत्वा बिभिदे हृदयं हरेः ।।२१।।

शक्रस्य च मुखादग्निः प्रबलो निर्गतो बहिः ।
अतितप्ते यथा तैले जलपाताद् यथा भवेत् ।।२२।।

तत ऊचे महेन्द्रस्तं क्रोधावेशसमन्वितः ।
त्वादृशाः कति कति न निहता दानवा मया ।।२३।।

देखिए ।।१०-११।। जसरी रोगले जितेको मानिस तत्काल मलिन अथवा विवर्ण बन्दछ, त्यसरी नै देवान्तकको दर्शन गरेपछि सम्पूर्ण देवताहरू विवर्ण भए ।।१२।। हे मुनि ! स्वर्गका राजा इन्द्र पनि व्याकुल र विवर्ण बनेका थिए। केही देवताहरू डराएर दसै दिशामा भागे भने केही देवताहरू लड्नका लागि तयार पनि देखिए ।।१३।। केही देवता अत्यन्त अधीर भएर आफूलाई अधम देवता साबित गर्दै देवान्तकको शरणमा पुगे। त्यसपछि देवराज इन्द्र हातमा वज्र लिएर चारवटा दाँत भएको ऐरावत हात्तीमा सवार भए ।।१४।। त्यस बेला इन्द्रले युद्धको मैदानमा आई गर्जन गरे। तिनको गर्जनबाट स्वर्ग, मर्त्य, पाताल यी तीनै लोक कम्पायमान भए । युद्धका लागि तयार रहेका केही देववीरहरूलाई इन्द्रले भने- तिमीहरू के हेरिरहेका छौ ? तिमीहरूको पुरुषार्थ कहाँ गयो ? यहाँ तिमीहरूजस्ता वीर हुँदाहुँदै यो दानव कसरी आइपुग्यो ? इन्द्रका यी वचन सुनेर ती देवताहरू युद्ध गर्न तयार भई देवान्तकका सामु गए ।।१५-१६।। युद्ध गर्न तम्सिएका देवताहरूलाई देखेर देवान्तकले इन्द्रलाई भन्यो - हे इन्द्र ! तिमी किन युद्धको व्यर्थ परिश्रम गरिरहेका छौ ? मैले पाएका वरदान कस्ता छन् ? विचार गर। मसँग डराई यमराज पनि भागेर कतै लुक्न गएका छन्। शङ्करबाट पाएको वरदानका कारण मैले त तिम्रो वज्रलाई घाँसको त्यान्द्राबराबर पनि मान्दिनँ।।१७-१८।। तिम्रा अगाडि रहेका यी देववीरहरू मैले श्वासप्रश्वास लिंदा चारैतिर चक्कर काटिरहेका छन्। हे इन्द्र ! मेरा कुरा सुन, युद्ध गर्ने जमर्को नगर। म अहिले मधुर वचनले भनिरहेको छु, तिमीले मलाई स्वर्गको राज्य सुम्प ।।१९।। तिमीहरू जहाँसुकै गएर बस्न सक्छौ तर मलाई भने तिमीहरूले आ-आफ्ना स्थान र धाम दिनुपर्दछ। त्यसो गर्दैनौ भने सम्पूर्ण संसार छोडेर व्यर्थमा कालका गास बन्नेछौ ।।२०।। हे इन्द्र ! तिमीले देवान्तक भन्ने मेरो नामको अर्थ बुझेका छौ ?

ब्रह्माजीले भन्नुभयो - देवान्तकका यी कुरा सुनेर इन्द्रको छाती विदीर्ण भयो। इन्द्रका मुखबाट आगो निस्कन थाल्यो। तताएको तेलमा पानी खन्याउँदा जस्तो स्वर आउँछ त्यस्तै स्वरबाट क्रोधी इन्द्रले देवान्तकलाई भने - हे देवान्तक! तँजस्ता करोडौं दानव मैले मारिसकेको छु ।।२१-२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वमिदानीं वराद् गर्वादागतोऽस्यसुराधम ! ।
वज्रपाताद्धतो नूनं धरण्यां निपतिष्यसि ।।२४।।

अन्यपदप्रधानो हि समासो नाम्नि ते बली ।
ततः शक्रोऽहनत् तं तु वज्रेण दृढमुष्टिना ।।२५।।

वज्रं तच्छतधा भिन्नमामभाण्डं च्युतं यथा ।
देवान्तकोऽच्छिन्नरोमाऽतिष्ठदाजौ निराकुलः ।।२६।।

ततोऽसौ मुष्टिना पृष्ठे जघान सुरसत्तमम् ।
तेनासौ पतितो भूमौ वाताहत इव द्रुमः ।।२७।।

पौरुषं तस्य बुद्ध्यैव पपाल बलसूदनः ।
अधावद् वेगतः पृष्ठे सिंहो मृगगणानिव ।।२८।।

व्यादाय भीषणं वक्त्रं पलयन्तमुवाच सः ।
पलायसे किमधुना वल्गना क्व गता तव ।।२९।।

सन्मुखो भव शक्र ! त्वं सर्वदेवगणैः सह ।
असम्मुखं पलायन्तं न हन्ति वीरसत्तमः ।।३०।।

स्वयं तत्पुरतो भूत्वा मारयामास तान् सुरान् ।
मुखे चपेटिकां दत्त्वा गतासूँस्तानपातयत् ।।३१।।

भ्रामयित्वा ततश्चैकं पोथयामास भूतले ।
लत्तया मुष्टिना काँश्चित् कूर्पराघाततोऽपरान् ।।३२।।

कण्ठेऽग्रहीत् प्राणघातं चकर्ष चापरान् सुरान् ।
केषाञ्चिज्जानुनी भित्वा केषाञ्चिच्च भुजावपि ।
ऊरुयुग्मञ्च केषाञ्चिच्चिक्षेप दूरतोऽपि तान् ।।३३।।

हे असुराधम ! तँ अहिले शङ्करबाट पाएको वरदानले गर्वित भएर फूर्ति देखाइरहेको छस्। मैले वज्रले प्रहार गर्दा आहत भएर तँ भुइँमा पछारिनेछस् ।।२४।। तेरो देवान्तक भन्ने नाममा बहुब्रीहि समास रहेको छ। बहुब्रीहि समास गर्दा देवता नै जसका यमराज हुन् अर्थात् देवताबाट जसको मृत्यु हुन्छ त्यो देवान्तक हो भन्ने अर्थ आउँछ। यसरी अर्थ खुलस्त गरेर इन्द्रले बलियो मुठीले समातेको वज्रद्वारा देवान्तकमाथि प्रहार गरे ।।२५।। त्यो वज्र सय टुक्रा भएर भुईंमा खस्यो र काँचको भाँडो टुक्रिएझैं टुक्रियो। त्यस प्रहारबाट देवान्तकको एउटा रौं पनि काँपिन । त्यो देवान्तक युद्धको मैदानमा आनन्दपूर्वक उभिइरह्यो।।२६।। इन्द्रको वज्रलाई निस्तेज गराएपछि त्यसले आफ्नो मुड्कीले इन्द्रको पिठ्यूमा प्रहार गर्‍यो। त्यस प्रहारबाट इन्द्र हावाले लडेको रूखझैं भुइँमा पछारिए।।२७।। यसरी देवान्तकको पराक्रमलाई राम्ररी बुझेर निराश भएका इन्द्र युद्धको मैदानबाट भागे। तिनलाई भागेको देखेर देवान्तक पछिपछि दौडिन थाल्यो। जसरी एउटा बाघले मृगहरूलाई धपाउने गर्दछ त्यसरी नै देवान्तकबाट देवताहरूलाई धपाउने काम भयो ।।२८।। आफ्नो मुख फैलाएर देवान्तकले भागिरहेका इन्द्रलाई भन्यो– हे इन्द्र ! आज तिमी किन भागिरहेका छौ ? तिम्रो गर्जन कता गयो ? तिमी आफ्ना सम्पूर्ण देववीरहरूलाई साथ लिएर युद्धका लागि मेरासामु आऊ । मजस्ता वीरपुरुषले पिठ्यूँ फर्काएर भागिरहेका नामर्दमाथि प्रहार गर्दैनन्।।२९-३०।। देवान्तकले यसरी इन्द्रलाई चुनौति दिएपछि डरले भागिरहेका देववीरहरूलाई उछिनेर आफ्नो सामुन्नेमा पारी युद्ध गरेर तिनीहरूलाई मार्‍यो । कसैलाई गालामा थप्पड हानेर तत्काल निष्प्राण तुल्यायो। कसैलाई समातेर रिंगाउँदै भुइँमा पछार्‍यो। कसैलाई लात्ती प्रहार गरेर घाइते तुल्यायो, कुनैलाई मुड्की हानेर भुइँमा ढाल्यो र अरूलाई कुहिनाले हानी घाइते तुल्यायो ।।३१-३२।। अरू बाँकी रहेका देवताहरूलाई पनि घाँटी निमठेर मार्‍यो । त्यस युद्धमा मृत्युबाट जोगिएका कुनै देवताहरूका घुँडा भाँचिएका थिए, कसैका हात टुक्रिएका थिए, कसैको जाँघमा घाउ लागेको थियो, कसैलाई देवान्तकले समातेर टाढै हुर्‍याएको थियो। कुनै देवता उल्टो सुतिरहेका थिए, कुनै उत्तानो परेर पल्टिरहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तानाः पतिताः केचित् केचिन् न्युब्जास्तथा सुराः।
केचिन्मुखप्रहारञ्च चक्रुर्गन्तुमनीश्वराः ।।३४।।

केचित्तु तर्कयामासुर्मनसा दुःखितेन च ।
अकस्मात् प्रलयं किं नु प्रारभज्जगदीश्वरः ।।३५।।

सुविशीर्णाः सुराः सर्वे गजाः सिंहार्दिता यथा ।
ततः स्वयं जगर्जाशु जयशाली सुरान्तकः ।।३६।।

यथा मेघेषु गर्जत्सु गर्जते बर्हिमण्डली ।
भास्करीं भास्करस्त्यक्त्वा यातो दूरतरं ततः ।।३७।।

सर्वेऽपि पपलुर्देवास्त्यक्त्वा स्वस्वपदानि च ।
ततः स्वयं शक्रपदे तस्थौ निर्भयचेतसा ।।३८।।

सर्वे सुरा गता हैमगिरिगह्वरमुत्तमम् ।
कन्दमूलफलान्यादन्निन्युर्दुःखेन वासरान् ।।३९।।

ततोऽगुर्भूतलाद् दिग्भ्योऽसङ्ख्येया दैत्यदानवाः ।
चक्रुर्नानाविधैर्द्रव्यैर्नानातीर्थाहृतैर्जलैः ।।४०।।

नानर्षिमन्त्रनिचयैरभिषेकं सुरान्तके ।
शङ्खभेरिमृदङ्गादिदुन्दुभीनाञ्च निस्वनैः ।।४१।।

ऊचुस्तं स्वामिनं दैत्यास्त्वादृग् दैत्यकुले न च ।
जातो वा भविता वापि भवानाज्ञां करोतु नः ।।४२।।

क उवाच

एवमेकाकिना तेन जिताः शक्रपुरोगमाः ।
राज्यञ्चकार देवानामरक्षच्चामरावतीम् ।।४३।।

ततोऽयात् सत्यलोकं स दैत्यकोटिसमन्वितः ।
ब्रह्माऽपि प्रययौ तत्र यत्र देवाः पुरा गताः ।।४४।।

तत्रैकं नायकं स्थाप्य वैकुण्ठमगमच्च सः ।
ब्रह्मणो यानमारुह्य कदाचिच्छाक्रमेव च ।।४५।।

थिए। त्यस अवस्थामा सम्पूर्ण अङ्ग छिन्नभिन्न भएका देवताहरूले केही उपाय नभएर देवान्तकलाई मुखले टोक्न थालेका थिए ।।३३-३४।। केही देवताहरूले त दुःखी मन भएर विचार गरे- भगवान् नारायणले अकस्मात् प्रलय गर्न थाल्नुभयो कि ?।।३५।। यसरी छिन्नभिन्न भएका देवताहरू सिंहको आक्रमणबाट छिन्नभिन्न भएका हात्तीजस्तै देखिन्थे।जसरी मेघ गर्जन हुँदा मयूरमण्डली खुसीले नृत्य गर्दछ, त्यसैगरी देवताहरूलाई पराजित गरेपछि आफूलाई विजयी ठान्ने देवान्तकले पनि सहर्ष नृत्य गर्न थाल्यो। त्यस बेला सूर्य पनि आफ्नो प्रभा त्याग गरी पर्वतको चुचुरोबाट अस्ताए ।।३६-३७।। देवताहरू आ-आफ्ना पद छाडेर कतै भागे। देवान्तक रित्तो इन्द्र पदमा गएर निर्भयतापूर्वक बस्यो। त्यस बेला पराजित भई भागेका देवताहरू हिमालय पर्वतको गुफामा शरण लिएर कन्दमूल खाएर दुःखपूर्वक दिनयापन गर्न लागे।।३८-३९।। देवान्तकले स्वर्गमा विजय गरेको थाहा पाएर पृथिवीतलका असंख्य भागहरूबाट धेरै दैत्य र दानव स्वर्गमा पुगे। तिनीहरूले अनेक तीर्थबाट ल्याएका जल र सामग्रीद्वारा अनेक मन्त्रहरूको उच्चारण गर्दै स्वर्गराज्यमा देवान्तकको राज्याभिषेक गरे। शङ्ख, भेरी, नगाडा आदि स्वरले स्वर्ग गुञ्जायमान भयो। त्यस बेला दैत्यहरूले देवान्तकलाई भने - दैत्यकुलमा तपाईंजस्तो वीर न भएको थियो र न हुनेछ। हामी तपाईंका लागि जे पनि गर्न तयार छौं, तपाईंले आज्ञा गर्नुहोस् ।।४०-४२।।

ब्रह्माजीले भन्नुभयो - यसरी एक्लै देवान्तकले इन्द्र आदि देवताहरूमाथि विजय, देवलोकमा शासन र अमरावतीको रक्षा गऱ्यो ।।४३।। अमरावतीलाई आफ्नो कब्जामा लिएपछि देवान्तक करोडौं दैत्यहरूका साथ ब्रह्माजीको धाम सत्यलोकमा पुग्यो। देवताहरूको दुर्गति बुझेका ब्रह्माजीले पनि सजिलै सत्यलोक छाडिदिनु भयो र उहाँ देवताहरू गएका थिए त्यतै हिमालयको गुफातर्फ जानुभयो ।।४४।। त्यसपछि देवान्तक ब्रह्माजीको आसनमा आफ्नो कुनै वीरलाई अभिषिक्त गरेर ब्रह्माजीको यानमा आरोहण गरी वैकुण्ठ गयो । देवान्तक आउने सम्भावना देखेर भगवान् नारायण त्यो आउनुभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्म्या सह ततः पूर्वं क्षीराब्धिमगमद्धरिः ।
अत्याप्तं परमं दैत्यं तत्र स्थाप्य व्यचारयत् ।।४६।।

किं मया न जितं दैत्या ब्रुवन्तु यामि तत्र वै ।
तेऽब्रुवन्नैव शेषोऽस्ति देवानां विषयः क्वचित् ।।४७।।

लोकपालपदे स्थाप्य नानादैत्यान् जनस्य च ।
निरातङ्को निरुद्योगः संरक्षस्वामरावतीम् ।।४८।।

इत्यमात्यवचः श्रुत्वा मुदा परमया युतः ।
देवान्तकश्चकाराऽसौ तद्वाक्यं सम्यगीरितम् ।।४९।।

पहिले नै लक्ष्मीका साथ क्षीरसागरतर्फ गइसक्नुभएको थियो। त्यसपछि रित्तो वैकुण्ठमा देवान्तकले विश्वस्त दैत्यलाई नियुक्त गरी विचरण गर्न थाल्यो ।।४५-४६।। अरू दैत्यहरूलाई जम्मा गरी त्यसले घोषणा गऱ्यो - हे दैत्य हो! मैले कहाँ जितेको छैन ? त्यो ठाउँ बताओ, म त्यहाँ-त्यहाँ जान्छु। त्यो सुनेर ती सबै दैत्यले भने - देवताहरूका विभिन्न लोकमध्ये कुनै लोक पनि चोखा रहेका छैनन् जहाँसुकै हजुरले विजय प्राप्त गर्नुभएको छ ।।४७।। अमात्य पदमा नियुक्त दैत्यले देवान्तकसँग बिन्ती गऱ्यो - हे राजन् ! हजुर लोकपालका पदमा विभिन्न दैत्यहरूको नियुक्ति गरी निरातङ्क भएर युद्धको अभ्यास छाडी अमरावतीमा पुगेर देवलोकको रक्षा गर्दै एकछत्र सम्राट्का रूपमा विराजमान हुनुहोस्। अमात्यका यी कुरा सुनेर अत्यन्त हर्षित देवान्तकले अमात्यको भनाइअनुसार व्यवस्था मिलाई देवलोकमा शासन सञ्चालन गऱ्यो ।।४८-४९।।

ॐ

इति श्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे देवलोकविजयो नाम तृतीयोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवलोकविजय' शीर्षकान्वित तेस्रो अध्याय पूर्ण भयो ।।३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थोऽध्यायः { ४ अध्याय }

व्यास उवाच

देवान्तकस्य चरितं श्रुतं भक्त्या तवाननात् ।
इदानीं वद मे ब्रह्मन् ! नरान्तकविचेष्टितम् ।।१।।

क उवाच

शृणुष्वावहितो ब्रह्मन् ! सम्यक् सत्यवतीसुत ।
कथयिष्येऽधुना तत् तु दृष्ट्वा ते परमादरम् ।।२।।

नरान्तको महीं गत्वा नानादैत्यगणान्वितः ।
चकार कदनं राज्ञां मारयामास काँश्चन ।।३।।

सर्वे तं शरणं याता दृष्ट्वा राज्ञो हतान् बहून् ।
यद् यत् सैन्यं पश्यति स्म तत् तद् याति दिशो दश।।४।।

यथा ज्ञानेन चाज्ञानं यथा सूर्योदये तमः ।
एवं भूमण्डलं सर्वं वशे चक्रे नरान्तकः ।।५।।

ये तु तं शरणं यातास्तदीयत्वात् पदे स्थिताः ।
ये हतास्तत्सुतास्तेन स्थापिताः करदाः कृताः ।।६।।

ये तु युद्धोद्यता भूपास्तेऽपि सेवाकृतोऽभवन् ।
तेषां पदेषु दैत्यान् सोऽस्थापयत् स्वस्य सम्मतान् ।।७।।

पालयामास पृथिवीं समुद्रवलयाङ्किताम् ।
आतङ्कभारसन्तप्ता देवदानवकिन्नराः ।।८।।

मुनयोऽयुर्गिरिगुहां यज्ञस्वाध्यायवर्जिताः ।
वेदत्यागस्य दोषेण मनसा चाभ्यसन् श्रुतीः ।।९।।

व्यासले भन्नुभयो - हे कमलासन ! मैले भक्तिपूर्वक तपाइँका मुखबाट देवान्तकको चरित्र सुनें। अहिले मलाई नरान्तकका क्रियाकलापको विषयमा बताउनुहोस् ।।१।।

ब्रह्माजीले भन्नुभयो - हे सत्यवतीनन्दन व्यास ! तपाइँ सावधान भएर सुन्नुहोस् । तपाइँको श्रीगणेशका कथाहरूमा परम श्रद्धा देखेर म अहिले तपाइँले जान्न खोजेको विषयमा बताउनेछु । देवान्तकको भाइ नरान्तकले अनेक थरि दैत्यहरूका साथ पृथिवीमा गएर त्यहाँका धेरै राजाहरूको हत्या गऱ्यो र अनेक राजाहरूलाई घाइते बनायो ।।२-३।। नरान्तकले अनेक राजाहरूको वध गरेको देखेर नरान्तकद्वारा आक्रान्त अनेक वीरहरू त्यसका शरणमा आए । नरान्तक जहाँ-जहाँ राजाहरूका सैन्य देखिन्थे, त्यहाँ -त्यहाँ आक्रमण गर्न पुग्थ्यो । यसरी त्यो आक्रमण गर्ने निहुँमा पृथिवीका दसै दिशामा घुम्यो।।४।। ज्ञान प्राप्त भएपछि अज्ञानको नाश भएझैं र सूर्योदयपछि अन्धकारको नाश भएझैं नरान्तकको उदयपछि त्यसका शत्रुहरूको नाश भयो । त्यसले आफ्नो पराक्रमबाट सम्पूर्ण भूमण्डललाई आफ्नो वशवर्ती बनायो ।।५।। जुन राजाहरू नरान्तकको शरणमा गएका थिए, तिनीहरूलाई नरान्तकले उनकै पदमा प्रतिष्ठित गराएर राख्यो । जुन राजाहरू मारिएका थिए, तिनका छोराहरूलाई करद राजा बनाएर त्यसले उनकै बाबुहरूको सिंहासनमा स्थापित गऱ्यो।।६।। पहिले जुन राजाहरू नरान्तकसँग युद्ध गर्न तम्सिएका थिए, ती राजा पनि पछि आएर नरान्तकका सेवक बने । तिनका रिक्त पदहरूमा आफ्ना विश्वस्त दैत्यहरूलाई स्थापित गऱ्यो ।।७।। यसरी त्यसले समुद्रवलयद्वारा घेरिएको पृथिवीमा शासन सञ्चालन गऱ्यो । नरान्तकको आतङ्कका कारण सन्तप्त बनेका देवता, दानव, किन्नर र मुनिहरू यज्ञ र स्वाध्यायबाट वर्जित भएर आत्तिदै गुफाहरूमा शरण लिन गए। नरान्तकको आक्रमणका कारण हामीले सधैं अध्ययन गर्दै आएको वेदलाई त्याग गर्न विवश हुनुपऱ्यो भनेर चिन्ताग्रस्त ती मुनिहरूले मनबाट वेदको अभ्यास गर्न थाले ।।८-९।। आतङ्कले भयभीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आतङ्काक्रान्तमनसो न तपस्याञ्च चक्रिरे ।
ततो नरान्तको दैत्यान् नागलोकजिगीषया ।।१०।।

प्रास्थापयत् सुबलिनो नानामायाविशारदान् ।
ते तार्क्ष्यरूपाः संयाता बभक्षुरुरगोत्तमान् ।।११।।

असङ्ख्याता भक्षितास्तैस्ततः शेषो ययौ पुरः ।
मुक्ताफलानि रत्नानि सहनागाङ्गनायुतः ।।१२।।

अनेकदिव्यवस्त्राणि प्रगृह्य रुचिराणि सः ।
तानि सर्वाणि दत्त्वैव साम चक्रेऽसुरैः सह ।।१३।।

शासनं परिजग्राह नरान्तकसमीरितम् ।
करभारं वार्षिकं स स्वीचक्रेऽनन्तशीर्षकः ।।१४।।

तथापि दैत्यस्तत्राप्यस्थापयद् दैत्यपुङ्गवम् ।
अनेकदैत्यसहितं सर्वाध्यक्षं रसातले ।।१५।।

आज्ञापयामास च तं तत्रस्थं स नरान्तकः ।
यदैव विकृतिं पश्येरुरगाणां तदैव नः ।।१६।।

दूतमुखात् सूचयस्व हनिष्यामोऽखिलानहीन् ।
इत्थं शिक्षाप्य तं ते तु दैत्याः सर्वे नरान्तकम् ।।१७।।

मृत्युलोके स्थितं याता वृत्तान्तं सर्वमब्रुवन् ।
नरान्तकः सदाऽप्रैषीन्मृत्युपाताललोकजम् ।।१८।।

देवान्तकाय वृत्तान्तं सर्वस्य यमनुष्ठितम् ।
उपायनानि सर्वाणि स्वर्लोके दुर्लभानि च ।।१९।।

देवान्तकोऽथाऽप्रैषीत् तं दुर्लभं यच्च भूतले ।
एवं त्रैलोक्यराज्यं तौ चक्राते परया मुदा ।।२०।।

सोमकान्त उवाच

कथमेतौ हतौ केन रूपेण तद् वदस्व मे ।
केनास्त्रेण च शस्त्रेण ह्यवतारेण केन च ।।२१।।

ती ऋषिहरूले तपस्या गर्न पाएनन् । यसरी भूमण्डललाई आफ्नो वशमा तुल्याएर नरान्तकले नागलोकमा पनि विजय हासिल गर्न राजनीति र कूटनीति जान्ने आफ्ना बलवान् दैत्यहरूलाई पठायो। ती दैत्यहरूले गरुडको रूप लिएर पातालमा आक्रमण गरे र अनेक सर्पहरूलाई खाए ।।१०-११।। दैत्यहरूले असंख्य सर्पहरूको भोजन गरेपछि भयभीत भएका शेषनाग ती दैत्यहरूका सामु आए । नागसुन्दरीहरूसँग आएका ती शेषनागले आफूसँग भएका रत्न, दिव्य वस्त्र र नागकन्यासमेत उपहारका रूपमा प्रदान गरेर मधुर सम्बन्ध बनाउने उपाय गरे ।।१२-१३।। नरान्तकलाई सजिलै राज्य टक्र्याएका शेषनागले नरान्तकद्वारा समर्पित पातालको शासन स्वीकार गरे र वार्षिक करभार नरान्तकलाई दिन मञ्जूर पनि गरे ।।१२-१४।। शेषनाग विनम्र भएर प्रस्तुत भएतापनि नरान्तकले तीमाथि पूरा विश्वास नगरी अनेक दैत्यवीरहरूका साथ रहेको कुनै मुख्य दैत्यलाई रसातलको सर्वाध्यक्ष पदमा नियुक्त गऱ्यो । त्यसलाई नरान्तकले आदेश दियो । 'तिमीले जब-जब पातालमा सर्पहरूले आतङ्क मच्चाउँछन्, त्यस बेला दूतको माध्यमबाट हामीलाई सूचना प्रदान गर । हामी तुरुन्त आएर पातालका सबै सर्पहरूलाई समाप्त पार्नेछौं ।' ती दैत्यहरूले शेषनागलाई नरान्तकको हुकुम सुनाए । त्यसपछि ती सबै मृत्युलोकमा वर्तमान नरान्तकका समीपमा पुगेर त्यहाँको घटना जानकारी गराए । नरान्तकले निरन्तर मृत्युलोक र पातालका घटनाहरू स्वर्गमा अधिकार जमाएर बसेका आफ्ना दाजु देवान्तकलाई जानकारी गराउने गर्दथ्यो र मर्त्यलोकमा एवं पाताल लोकमा प्राप्त हुने तर स्वर्गमा नपाइने वस्तुहरूलाई उपहारका रूपमा पठाउने गर्दथ्यो। देवान्तकले पनि पृथिवीतलमा दुर्लभ वस्तु त्यहाँ पठाउने गर्दथ्यो । यसरी दुई भाइ नरान्तक र देवान्तकले मिलेर सहर्ष स्वर्ग, मर्त्य र पातालको राज्य सञ्चालन गरिरहेका थिए ।।१५-२०।।

सोमकान्तले भने - हे भृगु महर्षि ! देवान्तक र नरान्तक पछि कसरी मारिए ? र कुन रूपमा मारिए ? कुन अस्त्रले र कुन शस्त्रले मारिए ? र भगवान्को कुन अवतारद्वारा मारिए ? ती सबै कुराको उत्तर मलाई दिनुहोस् ।।२१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृगुरुवाच

एवमेव कृतप्रश्नो व्यासमूचे चतुर्मुखः ।
यां कथां परया प्रीत्या तामेव त्वां ब्रवीम्यहम् ।।२२।।

भृगुले भन्नुभयो - यस किसिमबाट सोधिएका ब्रह्माजीले व्यासलाई जसरी बताउनुभएको थियो त्यसरी नै प्रीतिपूर्वक म तपाइँलाई बताउँछु ।।२२।।

क उवाच

दुर्जयौ वरगर्वौ तौ येन रूपेण घातितौ ।
येनावतारेण मुने ! येन शस्त्रेण चास्त्रतः ।।२३।।

सम्प्राप्ता ब्रह्मणा लोका देवाश्च स्वपदे स्थिताः ।
तत् सर्वं कथयिष्यामि सादरं श्रूयतां मुने ।।२४।।

ब्रह्माजीले भन्नुभयो - हे व्यासजी ! अत्यन्त अजेय, वरदानद्वारा गर्वित ती दुई भाइ नरान्तक र देवान्तक जुन रूपमा मारिए, जुन अवतारद्वारा मारिए, जुन शस्त्र एवं अस्त्रद्वारा मारिए, जसरी ब्रह्माजीले सम्पूर्ण लोक प्राप्त गर्नुभयो र जसरी देवताहरूले आ-आफ्नो धाममा बस्ने मौका पाए ती सबै कुरा म बताउनेछु । हे मुनिवर ! तपाइँले श्रद्धापूर्वक सुन्नुहोस् ।।२३-२४।।

ॐ

इति श्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे भूतलरसातलविजयो नाम चतुर्थोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'पृथिवीतल र रसातलमाथि विजय' शीर्षकान्वित चौथो अध्याय पूर्ण भयो ।।४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चमोऽध्यायः

ब्रह्मोवाच

ममैव मानसः पुत्रः कश्यपो बुद्धिमत्तरः।
पुण्यवान् धर्मशीलश्च तपस्वी विजितेन्द्रियः।।१।।

अतिकारुणिको लोके दुःखशोकावमर्दनः।
वर्तमानं भूतभावि जानाति मीलितेक्षणः।।२।।

मनसा सृष्टिसंहारकर्ता वेदान्तपारगः।
सर्वशास्त्रार्थतत्त्वज्ञः समलोष्ठाश्मकाञ्चनः।।३।।

अदितिर्यस्य ज्येष्ठासीत् पत्नी नाम्नाऽतिवल्लभा।
सर्वलक्षणसम्पूर्णाऽनुपमा सा त्रिविष्टपे।।४।।

त्रिलोकीं भस्मसात् कर्तुं पातिव्रत्येन तेजसा।
शेषो यस्य गुणान् वक्तुं नेशो वक्त्रसहस्त्रकैः।।५।।

सेवन्ते यां सदा चाष्टनायिका गुणलब्धये।
शक्रादिसुरवृन्दानि जनयामास याऽनघा।।६।।

मूलप्रकृतिरूपा सा तादृग् रूपं समाश्रिता।
सा कदाचित् स्वकं कान्तं मुदितं मुदिताऽब्रवीत्।।७।।

स्वामिन्! विज्ञातुमिच्छामि कृपां कृत्वा वदस्व तत्।।८।।

पतिं विना न चान्याऽस्ति गतिः सद्योषितां प्रभो।

कश्यप उवाच

सम्यगुक्तं त्वया भद्रे ! मम प्रीतिकरेऽनघे।।९।।
तद् ब्रवीमि समापृच्छ यत् ते मनसि वर्तते।

अदितिरुवाच

इन्द्रादयो देवगणाः स्वस्य पुत्रत्वमागताः।।१०।।

{ ५ अध्याय }

ब्रह्माजीले भन्नुभयो- मेरा मानसपुत्र बुद्धिमान् कश्यप ऋषि पुण्यवान्, धर्मात्मा, तपस्वी, इन्द्रियजयी, अत्यन्त दयालु, समाज र मानिसहरूका दुःख र शोकलाई नाश गर्ने महापुरुष थिए। तिनले आँखा चिम्लेर ध्यान गर्दा भूत, वर्तमान र भविष्यत्का घटनाहरूलाई यथार्थ रूपमा जान्दथे ।।१-२।। ती कश्यप ऋषि आफ्नो मनबाट जगत्को सृष्टि गर्न सक्थे र संहार पनि गर्न सक्थे। वेदान्तदर्शनमा पारङ्गत थिए। सबै शास्त्रको अर्थ र रहस्यलाई जान्दथे । उनका निमित्त माटाको ढेला र सुनमा कुनै अन्तर थिएन।।३।। तिनकी जेठी पत्नीको नाम अदिति थियो। ती अत्यन्त प्यारी पत्नी थिइन्। सम्पूर्ण लक्षणले परिपूर्ण ती अदितिको बराबरी गर्ने त्रिलोकीमा कुनै पनि नारीहरू थिएनन्। अदितिले आफ्नो पतिव्रता धर्मको तेजबाट स्वर्ग, मर्त्य र पाताललाई पनि भस्म गर्न सक्थिन्। शेषनागले आफ्ना हजार मुखद्वारा पनि तिनका गुणहरूको बयान गर्न सक्दैनथे ।।४-५।। तिनका वरिपरि रहेका अष्टनायिकाले तिनको कृपा प्राप्त गर्न सेवा गरिरहेका थिए । निष्पाप चरित्र भएकी अदिति इन्द्र, सूर्य आदि देवताहरूलाई जन्माएका कारण देवमाताका रूपमा विख्यात थिइन् । वास्तवमा अदिति मूल प्रकृतिकै रूप थिइन् र संसारमा लीला गर्न कश्यपकी पत्नी बनेर जन्मेकी थिइन् । एक दिन प्रसन्नमुद्रामा रहेकी अदितिले एकान्तमा प्रसन्न मुद्रामा रहनुभएका आफ्ना प्यारा पति कश्यप ऋषिसँग भनिन् - हे स्वामी ! हे मेरा प्राणनाथ ! म हजुरसँग केही कुरा जान्न चाहन्छु, कृपा गरेर हजुरले मलाई बताउनुहोस् ।।६-८।। उत्तम नारीहरूका लागि पतिबाहेक अरू कुनै गति हुँदैन ।

कश्यपले भन्नुभयो - हे कल्याणी ! हे निष्पाप चरित्र भएकी र अत्यन्त प्यारी हे सुन्दरी ! तिमीले राम्रो कुरा गर्‍यौ। तिम्रो मनमा जे कुरा छ, सङ्कोच नमानीकन मसँग भन। म त्यसको उत्तर दिनेछु ।

अदितिले भनिन् - हे प्राणनाथ ! इन्द्र आदि देवताहरू हजुरका र मेरा छोरा बनेर आएका छन् ।।९-१०।। जब परात्पर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्मा चिदानन्द ईश्वरो यः परात्परः।
यदा स्वपुत्रतामेष्येत् तदा मे स्यात् स्थिरं मनः।।११।।

तस्य सेवां कर्तुमीहे उपायं तत्र मे वद।
येन स पुत्रतामेष्येत् कृतकृत्यं मनो भवेत्।।१२।।

मुनिरुवाच

साधु प्रोक्तं महाभागे ! वचनं परितोषकम्।
यथा जलं तृषार्तस्य क्षुधितस्य च भोजनम्।।१३।।

तथा मे वचनं जातं तव देवि सुतोषकृत्।
विना पुण्यं कथं यायात् परमात्मा स्वपुत्रताम्।।१४।।

तत्रोपायं वदे तञ्च हृदि कुरु स्थिरं प्रिये।
योऽगोचरः श्रुतीनाञ्च ब्रह्मादीनामगोचरः।।१५।।

निर्गुणो निरहङ्कारो निरीहो निर्विकल्पकः।
योऽमायाविषयो मायानर्तको मायिमोहनः।।१६।।

मायातीतोऽपि मायाया आधारः कारणातिगः।
मायाविस्तारकारी च कार्यकारणकारणम्।।१७।।

कथं साकारतां गच्छेदनुष्ठानं विना प्रिये! ।

अदितिरुवाच

कस्य ध्यानं कथं कार्यमनुष्ठानं मयाऽधुना।।१८।।
केन मन्त्रेण वा कुर्वे तद् वदस्व महामुने।।

क उवाच

एवं पृष्टो मुनिस्तस्यै नाममन्त्रं समादिशत्।।१९।।

पञ्चाक्षरं चतुर्थ्यन्तमोङ्कारपल्लवान्वितम्।
नमोऽन्तं ध्यानसहितं न्यासदैवतसंयुतम्।।२०।।

पुरश्चरणमार्गञ्च सर्वं तस्यै न्यवेदयत्।
ततः सा मुदिता ब्रह्मन् ! प्रणिपातपुरःसरम्।।२१।।

सच्चिदानन्द परमेश्वर परमात्मा मेरा गर्भमा पुत्र बनेर प्रवेश गर्नुहुनेछ, त्यस बेला मेरो मन स्थिर हुनेछ । म अहिले परमात्माको सेवा गर्न चाहन्छु । हजुरले त्यो उपाय बताउनुहोस्, जुन उपायबाट परमात्मा मेरा पुत्र बनेर अवतरित हुनुहुनेछ र मेरो मन कृतकृत्य हुनेछ ।।११-१२।।

कश्यपले भन्नुभयो – हे भाग्यवती धर्मपत्नी ! मलाई सन्तोष लाग्ने राम्रो वचन भन्यौ । तिम्रो वचन मेरा निमित्त तिर्खाएका प्राणीका लागि पानीझैं र भोकाएका प्राणीका लागि भोजनझैं सन्तोषदायक छ । विना पुण्य कसरी परमात्मा हाम्रा पुत्रका रूपमा आउन सक्नुहुन्छ ।।१३-१४।। म त्यसका लागि तिमीलाई उपाय बताउँछु । हे प्रिय ! तिमीले त्यसलाई हृदयमा स्थिररूपमा धारण गर । भगवान् वेदद्वारा पनि अगोचर हुनुहुन्छ र ब्रह्म आदि देवताको दृष्टिमा पनि पर्नुहुन्न । उहाँ निर्गुण, निरहङ्कार, निरीह र निर्विकल्प पनि हुनुहुन्छ । उहाँ मायाको विषय हुनुहुन्न तापनि उहाँले मायालाई नचाउनुहुन्छ र मायालाई साधन बनाएर संसारमा अनेक घटना घटाउने मायिकहरूलाई पनि मोहित गर्नुहुन्छ ।।१५-१६।। मायादेखि साहै पर रहनुहुन्छ तापनि मायाका आधार हुनुहुन्छ । उहाँ कारणतत्त्वभन्दा पर रहनुहुन्छ र मायालाई विस्तार गर्ने कर्ता पनि हुनुहुन्छ। कार्य र कारणका पनि मूल कारण परमेश्वर नै हुनुहुन्छ ।।१७।। हे देवी ! विना अनुष्ठान त्यस्ता भगवान् कसरी छोराको रूपमा साकार हुनुसक्नु हुन्छ ?

अदितिले भनिन् – हे प्राणनाथ ! मैले अहिले कुन महापुरुषको अथवा कुन देवताको ध्यान र अनुष्ठान कुन विधिले गर्नुपर्दछ ? ।।१८।। कुन मन्त्रले गर्नुपर्दछ ? ती सबै विषयमा हे महामुनि ! मलाई बताउनुहोस् ?

ब्रह्माजीले भन्नुभयो – यसरी अदितिद्वारा सोधिएका ऋषि कश्यपले अदितिलाई भगवान्का नाममन्त्रको उपदेश गरे ।।१९।। कश्यपले पाँच अक्षर भएको चतुर्थी विभक्तिसहितको शुरुमा ॐकार लाग्ने मन्त्रलाई नमःसँग जोडेर उपदेश गरे । ध्यान, न्यास र देवता पनि बताए । पुरश्चरण कसरी गर्ने भन्ने बारेमा पनि उपदेश दिए । त्यसपछि अत्यन्त प्रसन्न भएकी ती अदितिले आफ्ना प्राणनाथ कश्यप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कश्यपं निजभर्तारं पूजयामास सादरम्।
तदनुज्ञां समादाय जगाम तपसे वनम्।।२२।।

स्नाता पवित्रवसना ध्यायन्ती स्थिरचेतसा।
विनायकं देवदेवं न्यासं कृत्वा यथाविधि।।२३।।

स्थाने द्रुमलताकीर्णे निर्वाते निरुपद्रवे।
अदिती रुद्धकरणा शुभासनपरिग्रहा।।२४।।

जजाप परमं मन्त्रं स्मरन्ती सा विनायकम्।
अनन्यवृत्तिमनसा साक्षात्कारमभीप्सती।।२५।।

निराहारा वायुभक्ष्या जपध्यानपरायणा।
तस्यास्तप:प्रभावेण निर्वैरा:प्राणिनोऽभवन्।।२६।।

धर्षिता देवता:सर्वा:किमियं साधयिष्यति।
एवं वर्षशतं तेपेऽदिति:सा परमं तप:।।२७।।

क्लेशान् बहुविधाँस्तस्या दृष्ट्वा देवो विनायक:।
स्त्रीभावे च तथा धैर्यमाविरासीद् विनायक:।।२८।।

तेजोराशि:पुरस्तस्या: सूर्यकोटिसमप्रभ:।
गजाननो दशभुजो कुण्डलाभ्यां विराजित:।।२९।।

कामातिसुन्दरतनु: सिद्धिबुद्धिसमायुत:।
मुक्तामालाञ्च परशुं बिभ्रद् यो मेघपुष्पजम्।।३०।।

काञ्चनं कटिसूत्रञ्च तिलकं मृगनाभिजम्।
उरगं नाभिदेशे तु दिव्याम्बरविराजितम्।।३१।।

महोराशिं पुरो दृष्ट्वा चकम्पे त्वदितिर्भृशम्।
निमील्य नयने मूर्च्छामियाय न्यपतद् भुवि।।३२।।

जपं ध्यानं विसस्मार चिन्तयामास चेतसा।
किमागतं मम पुरो भाव्यं किमिदमद्भुतम्।।३३।।

ऋषिलाई साष्टाङ्ग दण्डवत् प्रणाम गरिन् र आदरपूर्वक तिनको पूजा पनि गरिन्। त्यसपछि उनको आज्ञा लिएर तपस्या गर्न वनतर्फ गइन् ।।२०-२२।। वनमा गएर स्नान गरेपछि पवित्र वस्त्र धारण गरी विधिपूर्वक न्यास गरेर स्थिर चित्तले भगवान् श्रीगणेशको ध्यान गरिन् । रूख र लहराहरूले घेरिएको एकान्त र वायुको प्रवेश नहुने शान्त ठाउँमा अदितिले आफ्ना इन्द्रिय बाँधेर उत्तम आसनमा विराजमान भई भगवान् श्रीगणेशको परम मन्त्र जप्न थालिन् । त्यस बेला उनको मनको वृत्ति एकाग्र थियो। उनी भगवान् श्रीगणेशको साक्षात्कारको कामना गरिरहेकी थिइन् ।।२३-२५।। निराहार रहेर हावाको पान गर्दै भगवान् श्रीगणेशको जप र ध्यानमा अविचल भावले समर्पित थिइन्। अदितिको तपस्याको प्रभावले त्यस वनका प्राणीहरूमा रहेको वैरभाव समाप्त भयो। देवताहरू अदितिको तपस्या देखेर हतप्रभ भए र भन्न थाले - यिनले के कुरा सिद्ध गर्न यसरी तपस्या गरिरहेकी छन् ? यसरी अदितिले सय वर्षसम्म परम कठिन तपस्या गरिन्।।२६-२७।। अदितिले तपस्यामा प्राप्त गरेका क्लेश र वेदनाका साथै नारी शरीरमा पनि यतिविधि धैर्य हुँदो रहेछ भन्ने विचार गरी दयालु भगवान् श्रीगणेश प्रकट हुनुभयो ।।२८।। अदितिका सामु करोडौं सूर्यको समान कान्ति भएको एउटा तेजको पुञ्ज थियो। त्यस तेजपुञ्जको मुख हात्तीको जस्तो थियो, दशवटा हातहरू थिए, कानमा दुईवटा सुन्दर कुण्डल थिए, त्यसको शरीर कामदेवको भन्दा पनि आकर्षक थियो, त्यसका वरिपरि सिद्धि र बुद्धिनामक दुइटी नारीहरू थिए । त्यस तत्त्वले मोतीको माला र चट्याङ पर्दा आकाशबाट झर्ने ढुङ्गाबाट बनेको बञ्चरो धारण गरेको थियो। स्वर्णमय, कन्धनी र कस्तूरीको तिलक धारण गर्ने, नाभिमा सर्पलाई बेर्ने, दिव्य वस्त्रद्वारा सुहाएको तेजोराशि सामु देखेर ती बारबार काप्न थालिन्। आँखा चिम्लेर भुइँमा लडिन् र मूर्च्छा परिन्।।२९-३२।। उनी मूर्च्छाबाट होशमा आउँदा जप, ध्यान आदि सबै कुरा बिर्सेकी थिइन् । तिनले एउटा कुरा मात्र चिन्तन गर्न थालिन्। यो तेजोमय तत्त्व के हो? यो अद्भुत तत्त्व कसरी मेरा सामु आयो ? मैले जप र ध्यान पनि बिर्सिएँ। के यो परमेश्वरकै रूप हो त ? हुनसक्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्मृत्याऽहं जपं ध्यानं किं वाऽयं परमेश्वरः।
वरं दातुं समायातो महसा भासयन् दिशः।।३४।।

एवं सा विह्वला यावत् तावद् देवो जगाद ताम्।

विनायक उवाच

सोऽहं देवि ! दिवारात्रौ यं ध्यायसि च चेतसा।।३५।।

दृष्ट्वा निष्ठां तपो घोरं वरं दातुमुपस्थितः।
वरयस्व वरान् मत्तो यान् यान् कामयसे हृदा।।३६।।

ताँस्तान् दास्यामि सन्तुष्टस्तपसाऽनेन सुव्रते।

क उवाच

तदीयं वाक्यमाकर्ण्य स्वस्था जाताऽदितिस्तदा।।३७।।

बद्धाञ्जलिपुटा दीना प्रणनाम विनायकम्।
अवदच्च तदा देवमतर्क्यं मनसा सदा।।३८।।

अदितिरुवाच

त्वमेव सृजसे विश्वं पासि हंस्यखिलेश्वरः।
नित्यो निरञ्जनो देवो निर्गुणो निरहंकृतिः।।३९।।

नानारूपधरो नित्यो योगगम्योऽखिलार्थकृत्।
इदानीं सौम्यरूपेण वरं देहि विनायक।।४०।।

यदि तुष्टोऽसि देवेश ! यदि देयो वरो मम।
तदा मे पुत्रतां याहि ततो मे कृतकृत्यता।।४१।।

ततस्ते सेवनं यास्ये साधूनां पालनं भवेत्।
दुष्टानां निधनं देव ! लोकानां कृतकृत्यता।।४२।।

विनायक उवाच

अहन्ते पुत्रतां यास्ये पास्ये साधूँश्च कण्टकान्।
हनिष्ये सकलां वाञ्छां पूरयिष्ये तवाऽपि च।।४३।।

मलाई वरदान दिन आफ्नो तेजबाट चारै दिशालाई ज्योतिर्मय तुल्याउँदै भगवान् स्वयं आउनुभएको हो कि ? यसरी तर्कले विह्वल भएकी अदितिलाई देखेर भगवान् श्रीगणेशले भन्नुभयो।

श्रीगणेशले भन्नुभयो - हे देवी ! तिमीले अहोरात्र मनबाट जसको ध्यान गर्दछ्यौ, त्यो म हुँ। तिम्रो श्रद्धा र कठोर तपस्या देखेर तिमीलाई वर दिन उपस्थित भएको छु। हे अदिति! तिमीले हृदयबाट जुन-जुन वरदानको कामना गर्दछ्यौ, ती म दिन्छु, तिमीले स्वीकार गर। हे सुव्रते ! म तिम्रो तपस्याबाट ज्यादै प्रसन्न भएको छु।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेश भगवान्का कुरा सुनेर अदिति स्वस्थ र शान्त भइन्। हात जोडेर तिनले भगवान् श्रीगणेशलाई प्रणाम गरिन् । मनले कहिल्यै पनि देख्न पाउँछु भनेर नचिताएका भगवान् श्रीगणेशको अनुमानदेखि पर रहेको दिव्य मूर्ति देखेर निवेदन गरिन् ।।३३-३८।।

अदितिले भनिन् - हे भगवन् ! हजुरले नै संसारको सृष्टि, पालन र संहार पनि गर्नुहुन्छ । हजुर संसारका स्वामी हुनुहुन्छ। नित्य, निरञ्जन, निर्गुण, निरहङ्कार देवता पनि तपाइँ नै हुनुहुन्छ। हजुरले आफ्नो इच्छाअनुसार अनेक रूप धारण गर्नुहुन्छ। हजुरलाई योगमार्गबाट मात्र प्राप्त गर्न सकिन्छ। हजुरले सम्पूर्ण मानिसहरूका कामनालाई परिपूर्ण तुल्याउनुहुन्छ। हजुरको यो तेजोमय जाज्वल्यमान मूर्ति देखेर म डराएकी छु। सौम्य रूपमा आएर मलाई वरदान दिनुहोस्। हे देवताहरूका स्वामी ! हजुर यदि प्रसन्न हुनुहुन्छ र मलाई वरदान दिन पनि चाहनुहुन्छ भने हजुर मेरो गर्भमा पुत्र बनेर प्रवेश गर्नुहोस्। त्यस बेला मात्र म कृतकृत्य हुनेछु। त्यसपछि मैले हजुरको सेवा गर्ने मौका पाउनेछु, हजुरले पनि मेरो कोखीबाट जन्म लिएर लीला विहार गर्दै सज्जनहरूको रक्षा गर्ने अवसर पाउनुहुनेछ। हजुरले यसरी अवतार लिएपछि दुष्टहरूको संहार हुनेछ र विभिन्न लोकका निवासी प्राणीहरू पनि कृतकृत्य हुनेछन् ।।३९-४२।।

श्रीगणेशले भन्नुभयो - हे देवी ! म तपाइँको छोरा भएर जन्मनेछु, साधुहरूको रक्षा गर्नेछु, समाजका काँडाहरूलाई निर्मूल गर्नेछु र तपाइँका सम्पूर्ण इच्छा परिपूर्ण तुल्याउनेछु।।४३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवमुक्त्वाऽन्तर्दधेऽसौ देवदेवो विनायकः।
साऽदितिः कश्यपं गत्वा सर्ववृत्तान्तमब्रवीत्।।४४।।

अदितिरुवाच

तवाज्ञया गतारण्यं तपस्तप्तं महत्तरम्।
वरं दातुं महोरूप आगतोऽसौ गजाननः।।४५।।

दृष्ट्वा स्वरूपं भीताऽस्मि ततोऽप्रार्थि विनायकः।
तेन नानाविधा दत्ता वरा मे मुनिसत्तम।।४६।।

यास्ये पुत्रत्वमित्युक्त्वाऽन्तर्दधेऽसौ विनायकः।
सिद्धकार्या तव बलादागता स्वाश्रमं मुने।।४७।।

क उवाच

इति तस्या वचः श्रुत्वा वरदानं सुधोपमम्।
जहर्ष मुनिमुख्योऽसौ तया सह मुनीश्वर।।४८।।

रेमाते परमप्रीत्या ह्यमृतादिव निर्वृतौ।।४९।।

ब्रह्माजीले भन्नुभयो - अदिति मातालाई वरदान दिएर देवदेव श्रीगणेश अन्तर्धान हुनुभयो। ती अदितिले पनि कश्यप ऋषिका नजिकमा गएर सम्पूर्ण वृत्तान्त बयान गरिन्।।४४।।

अदितिले भनिन्- हे प्राणनाथ! हजुरको आज्ञा पाएर म वनमा गएँ। त्यहाँ गएर कठिन तपस्या गरेँ। त्यसपछि भगवान् गजानन तेजोरूप लिएर वरदान दिन आउनुभयो। उहाँको तेजोमय रूप देखेर म डराएँ। त्यसपछि मैले उहाँसँग प्रार्थना गरेँ। उहाँले मलाई अनेक थरि वरदान दिनुभएको छ। अन्तमा म तपाईँको छोरा भएर जन्मिनेछु भन्ने कुरा गरी उहाँ अन्तर्धान हुनुभयो। हजुरको कृपाबाट म आफ्नो कार्य सिद्ध गरेर हजुरको सेवाका लागि आश्रममा आइपुगेकी छु।।४५-४७।।

ब्रह्माजीले भन्नुभयो - आफ्नी पत्नी अदितिका वचन सुनेपछि तिनले अमृतमय वरदान पाएको कुरा थाहा पाएर मुनिश्रेष्ठ कश्यप अदितिप्रति अत्यन्त प्रसन्न भए। त्यसपछि दुबै दम्पती अमृतको प्राप्तिपछि परम आनन्दमा पुगेसमान अत्यन्त प्रीतिका साथ रमाएर रहे।।४८-४९।।

ॐ

इतिश्रीगणेशपुराणे क्रीडाखण्डे अदितिवरप्राप्तिवर्णनं नाम पञ्चमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'अदितिलाई वरप्राप्ति' शीर्षकान्वित पाँचौं अध्याय पूर्ण भयो।।५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्ठोऽध्यायः

भृगुरुवाच

अथ सा मेदिनी दुष्टदैत्यभारप्रपीडिता।
वेषान्तरं समास्थाय जगाम कमलासनम्।।१।।

दीना हस्ताञ्जलिं बद्ध्वा जगाद पद्मसम्भवम्।

भूमिरुवाच

जाताऽहं मलिना दीना हीना यज्ञव्रतादिभिः।।२।।

स्थानभ्रष्टास्तथा देवाः सेन्द्राःसर्षिगणा विधे।
अतिभाराऽतिसन्तप्ता कं त्वाऽहं शरणं गता।।३।।

येनोपायेन दुष्टानां नाशः स्यात् तद् विधीयताम्।
नो चेद् रसातलं यास्ये सपर्वतजनाकुला।।४।।

भृगुरुवाच

इति वाक्यं धरित्र्याः स श्रुत्वा कस्तामथाऽब्रवीत्।
अहं सर्वे लोकपाला इन्द्राद्या देवतागणाः।।५।।

ऋषयोऽपि स्वधास्वाहारहिता दुःखिता भृशम्।
भ्रष्टस्थाना भ्रष्टमन्त्रा भ्रष्टाचारा यथा लये।।६।।

सर्वे वयं प्रार्थयामो देवदेवं विनायकम्।
ब्रह्मरूपं निराकारं जगत्कारणकारणम्।।७।।

यदा साकारतां यायाल्लोकानां दैवयोगतः।
तदा शं सर्वलोकानां स्यात् तवाऽपि वसुन्धरे।।८।।

भृगुरुवाच

इत्युक्त्वा तुष्टुवुर्देवं ब्रह्माद्यर्षिगणा मुदा।
निराकारञ्च साकारं बद्धाञ्जलिपुटास्तदा।।९।।

नमो नमस्तेऽखिललोकनाथ !
नमो नमस्तेऽखिललोकधामन्।
नमो नमस्तेऽखिललोककारिन् !
नमो नमस्तेऽखिललोकहारिन्।।१०।।

{ ६ अध्याय }

भृगुले भन्नुभयो - दैत्यहरूको अत्याचारबाट अत्यन्त खिन्न भएकी पृथिवी एक दिन अर्कै रूप लिएर ब्रह्माजीका समीपमा गइन् ।।१।। दीनस्वरूपमा रहेकी पृथिवीले अञ्जलि बाँधेर ब्रह्माजीलाई भनिन् ।

पृथिवीले भनिन् - हे विधाता ! यज्ञ, व्रत आदि नहुनाले म मलिन भएकी छु र दीन अवस्थामा पुगेकी छु।।२।। स्थानभ्रष्ट इन्द्र आदि देवता र ऋषिगणसमेतको भार बढ्नाले म अत्यन्त सन्तप्त छु र हजुरको शरणमा आएकी छु ।।३।। हे भगवन् ! जुन उपायबाट दुष्टहरूको नाश हुन सक्छ, त्यो उपाय गर्नुहोस् । अन्यथा म पर्वत र मानिसहरूको भारले व्याकुल भएर आफूलाई थाम्न नसकी पातालमा पुग्नेछु ।।४।।

भृगुले भन्नुभयो - पृथिवीका यी कुरा सुनेर ब्रह्माजीले भन्नुभयो- हे पृथिवी ! वर्तमान समयमा तिमीमात्र दुःखी छैनौ, म दुःखी छु, इन्द्र आदि सबै लोकपाल र देवतागण पनि दुःखी छन्। ऋषिहरू पनि दुःखी छन्। किनकि सबैलाई स्वाहा, स्वधा केही नहुनाले दुःखी तुल्याएको छ । हामीहरू प्रलयकालमा झैं अहिले स्थानभ्रष्ट, मन्त्रभ्रष्ट र आचारभ्रष्ट पनि भएका छौं । त्यस कारण हामी सबैले मिलेर देवताका पनि देवता श्रीगणेशको प्रार्थना गर्नुपर्दछ । श्रीगणेश निराकार, ब्रह्मरूप र जगत्को कारणका पनि मूल कारण हुनुहुन्छ । जब श्रीगणेश दैवयोगले मानिसहरूको कल्याणका लागि साकार स्वरूपमा प्रकट हुनुहुन्छ । त्यस बेला सबै लोकहरूका साथै तिम्रो पनि कल्याण हुनेछ ।।५-८।।

भृगुले भन्नुभयो - यसो भनेपछि ब्रह्मा आदि सबै देवता र ऋषिहरूले निराकार र साकार स्वरूपमा रहनुहुने श्रीगणेशको हात जोडेर प्रार्थना गरे - "सम्पूर्ण लोक-लोकान्तरका स्वामी हे श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं । सम्पूर्ण प्राणीहरूका अन्तिम गन्तव्यधाम हे भगवन्! हजुरलाई बारबार प्रणाम गर्दछौं । सम्पूर्ण संसारको सृष्टि गर्ने हजुरलाई बारबार नमस्कार गर्दछौं । सम्पूर्ण संसारको संहार गर्नुहुने हजुरलाई बारबार नमस्कार गर्दछौं ।।९-१०।। देवताका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो नमस्ते सुरशत्रुनाश!
नमो नमस्ते हृतभक्तपाश !
नमो नमस्ते निजभक्तपोष !
नमो नमस्ते लघुभक्तितोष ! ।।११।।

निराकृते ! नित्यनिरस्तमाय!
परात्परब्रह्ममयस्वरूप !
क्षराक्षरातीतगुणैर्विहीन !
दीनानुकम्पिन् ! भगवन् ! नमस्ते।।१२।।

निरामयायाखिलकामपूर !
निरञ्जनायाखिलदैत्यदारिन् !
नित्याय सत्याय परोपकारिन् !
समाय सर्वत्र नमो नमस्ते।।१३।।

एवं स्तुत्वा पुनःप्रोचुर्देवदेवं विनायकम्।
ते सर्वे मुनयो देवा विह्वला भृशदुःखिताः।।१४।।

हाहाभूतं जगत् सर्वं स्वधास्वाहाविवर्जितम्।
वयं मेरुगुहां याता आरण्याः पशवो यथा।।१५।।

अतोऽमुं त्वं महादैत्यं जहि विश्वम्भराऽधुना।
एवं स्तुवत्सु सर्वेषु प्राह वाणी नभोगता।।१६।।

कश्यपस्य गृहे देवोऽवतरिष्यति साम्प्रतम्।
करिष्यत्यद्भुतं कर्म पदानि वः प्रदास्यति।।१७।।

दुष्टानां निधनं चैव साधूनां पालनं तथा।

भृगुरुवाच

एवमाकर्ण्य तां वाचं ब्रह्मा प्रोवाच मेदिनीम्।।

क उवाच

स्वस्था भव धरे! देवि! नभोवाणीविनिश्चयात् ।।१८।।

देवाः सर्वे मृत्युलोकेऽवतरिष्यन्ति त्वत्कृते।
हरिष्यति महाभारमवतीर्णो विनायकः ।।१९।।

शत्रुहरूलाई नाश गर्नुहुने हे भगवन् श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं । भक्तहरूका बन्धन काटिदिनुहुने हे दयालु श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं । आफ्ना भक्तहरूको पोषण गर्नुहुने हे श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं । थोरै भक्तिले पनि प्रसन्न हुनुहुने हे भगवन् श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं ।।११।। निराकारस्वरूपमा रहनुहुने, मायादेखि पर रहनुभएका, परात्पर, परम तत्त्व र परब्रह्मस्वरूप हे श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं। क्षर र अक्षरस्वरूप, सत्त्व, रज र तमनामक गुणहरूबाट रहित, दीन-दुःखीहरूमा दया गर्नुहुने हे ऐश्वर्यशाली भगवन् श्रीगणेश! हजुरलाई बारबार नमस्कार गर्दछौं ।।१२।। चिन्ता र व्याधिले रहित, निर्मलस्वरूपका स्वामी, भक्तहरूका कामनापूरक, निरञ्जनस्वरूप र दैत्यसंहारक हे श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं । नित्य, सत्य र समस्वरूप; सर्वत्र विराजमान र परोपकारशील हे श्रीगणेश ! हजुरलाई बारबार नमस्कार गर्दछौं ।।१३।।" देवताहरूले यसरी स्तुति गरेर देवाधिदेव श्रीगणेशलाई हात जोडी फेरि दुःखित स्वरले भन्न लागे- "हे भगवन् श्रीगणेश! जगत्मा हाहाकार फैलिएको छ, पितृका निमित्त स्वधाकार र देवताहरूका निमित्त स्वाहाकार कहीं पनि गरिंदैन। हामी देवताहरू पनि जंगली जनावरझैं आ-आफ्ना आश्रय छोडेर भागी मेरुपर्वतको गुफामा बस्न आएका छौं ।।१४-१५।। तसर्थ हे विश्वम्भर ! हजुरले अहिले त्यस महादैत्यको हत्या गर्नुहोस्।" यस प्रकार देवताहरूले स्तुति गरेपछि आकाशवाणी भयो - 'तुरुन्तै कश्यप महर्षिका घरमा भगवान् श्रीगणेशले अवतार लिनुहुनेछ । उहाँले कश्यपपुत्रका रूपमा अद्भुत लीला गर्नुहुनेछ र तपाइँहरूलाई आ-आफ्नो धाममा फिर्ता गराउनु हुनेछ ।।१६-१७।। भगवान् श्रीगणेशले दुष्टहरूको वध र साधुहरूको सुरक्षाका लागि कार्य गर्नुहुनेछ ।'

भृगुले भन्नुभयो - यस किसिमको आकाशवाणी सुनेपछि ब्रह्माजीले पृथिवीलाई भन्नुभयो ।

ब्रह्माजीले भन्नुभयो- हे वसुन्धरा देवी! आकाशवाणीको अर्थअनुसार भगवान्को अवतार लिने निश्चयलाई आत्मसात् गरी तिमी स्वस्थ र शान्त बन । तिम्रो सहायताका निमित्त देवताहरूले मर्त्यलोकमा अवतार लिनेछन्। कश्यपका घरमा अवतार लिनुहुने भगवान् श्रीगणेशले तिम्रो भार हर्नुहुनेछ ।।१८-१९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृगुरुवाच

इत्युक्त्वा सा तदा तेन ब्रह्मणा हृष्टमानसा ।
स्वस्थानमगमत् साऽथ स्वस्थचित्ता धरा तदा ।।२०।।

ततो बहुतिथे कालेऽदितिः सा गर्भमादधे।
तेजोऽतिववृधे तस्या दिने दिने यथा शशी।।२१।।

सम्पूर्णे नवमे मासे सुषुवे पुत्रमुत्तमम्।
ब्रह्मवाक्यादभूत् ख्यातो नाम्ना कश्यपनन्दनः।।२२।।

दशभुजो बहुबलःकर्णकुण्डलमण्डितः।
कस्तूरीविलसद्भालो मुकुटभ्राजिमस्तकः।।२३।।

सिद्धिबुद्धियुतःकण्ठे रत्नमालाविभूषितः।
चिन्तामणिलसद्वक्षा जपापुष्पारुणाधरः।।२४।।

उन्नसो भृकुटीचारुललाटो दन्तदीप्तिमान्।
देहकान्त्या हततमा दिव्याम्बरयुतः शुभः।।२५।।

एतादृशं निरीक्ष्यैनं बालं तत्पितरौ तदा।
तत्तेजसा हतदृशौ किञ्चिद् द्रष्टुं न शेकतुः।।२६।।

बलादुन्मील्य नयने दृष्ट्वा तद्रूपमुत्तमम्।
ननन्दतुरुभौ पश्चाद् बालस्ताविदमब्रवीत्।।२७।।

बाल उवाच

मातस्त्वया यतः पूर्वं सहस्रपरिवत्सरम् ।
येन रूपेण सन्ध्यातस्तनयत्वेन याचितः।।२८।।

तदा नानावरान् दत्त्वा पुत्रत्वं ते गतोऽधुना।
सोऽहं भूभारहरणं विधास्ये सेवनं द्वयोः।।२९।।

ब्रह्मादीनां पदप्राप्तिर्दुष्टदैत्यविनाशनम् ।

भृगुले भन्नुभयो - ब्रह्माजीद्वारा सम्बोधित गरिएकी पृथिवी ती कुरा सुनेर मनमनै हर्षित भइन् र चित्त स्थिर एवं स्वस्थ बनाएर आफ्नो स्थानमा फर्किइन् ।।२०।। केही कालपछि अदितिले उत्तम गर्भ धारण गरिन्। गर्भको तेज बढ्दै गयो। जसरी शुक्लपक्षको चन्द्रमाको वृद्धि हुन्छ त्यसरी नै गर्भस्थ बालकको पनि विकास भइरहेको थियो। नौ महिना पूरा भएपछि अदितिले उत्तम पुत्र पैदा गरिन्। ब्रह्माजीका वचनबाट ती बालक कश्यपनन्दनका रूपमा प्रसिद्ध भए ।।२१-२२।। सद्योजात बालकका दश हात थिए, कानमा कुण्डल शोभायमान थिए, निधारमा कस्तूरीको टीका चम्किरहेको थियो र शिरमा सुन्दर मुकुट शोभायमान थियो। बालकका वरिपरि सिद्धि र बुद्धि नामक दुइटी युवतिहरू थिए। तिनको घाँटीमा रत्नको माला सुहाएको थियो र छातीमा चिन्तामणि टल्किएको थियो । बालकका ओंठहरू बाह्रमासे फूलझैं राता थिए । नाक लामो थियो, ललाट सुन्दर आँखीभौंले सुहाएको थियो र दाँत असाध्यै चम्किला थिए । शरीरको दिव्य कान्तिले अत्यन्त शोभायमान र कान्तिद्वारा अन्धकारलाई नाश गर्ने ती बालकले दिव्य वस्त्र धारण गरेका थिए।।२३-२५।। यस्ता सुन्दर र अलङ्कार एवं वस्त्रले सुहाएका बालकलाई देखेर प्रसन्न भएका अदिति र कश्यपले बालकको चहकिलो तेजका सामु संसारका अरू पदार्थ देख्न सकेनन्।।२६।। बलपूर्वक आँखा खोल्दा त्यो बालकको रूपले तिनीहरूका आँखा तिर्मिराउँथे। अद्भुत बालकको विचित्र सौन्दर्य देखेर अदिति र कश्यप दुबै अत्यन्तै आनन्दित भए। केही बेरपछि बालकले अदिति र कश्यपलाई सम्बोधन गर्दै भने ।।२७।।

बालकले भने - आमा ! तपाइँले धेरै पहिले एक हजार वर्षसम्म जुन उद्देश्य लिएर ध्यान गर्नुभएको थियो र मेरा कोखमा तपाइँ पैदा हुनुहोस् भनेर प्रार्थना गर्नुभएको थियो, त्यस बेला मैले तपाइँलाई धेरै थरिका वरदान दिएको थिएँ। ती वरदानहरूकै पूर्णताको क्रममा आज म तपाइँको छोरा भएर जन्मेको छु। अब मैले पृथिवीको भार हरण गर्नेछु र दुबै बाबुआमाको श्रद्धापूर्वक सेवा गर्नेछु। ब्रह्मा आदि देवताहरूलाई तिनीहरूको धाम र पदमा स्थापित गराउन पहल गर्नेछु र दुष्ट दैत्यहरूको नाश पनि गर्नेछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृगुरुवाच

इत्थमाकर्ण्य तद्वाक्यं सानन्दाश्रू बभूवतुः।।३०।।

चक्रवाकौ यथा वीक्ष्य नभसीव दिवाकरम्।
ऊचतुस्तं तदा पुण्यमद्भुतं नौ समुद्यतम्।।३१।।

येन नौ पुत्रतां यातः परमात्मा विनायकः।
धन्यं कुलं नौ पितरौ जनुषी ज्ञानमेव च।।३२।।

यतश्चराचरगुरुः सर्वसाक्षी निराकृतिः।
नित्यानन्दमयः सत्यः पुत्रत्वमगमच्छुभम्।।३३।।

यस्मिँश्चराचरं प्रोतं सूत्रे मणिगणा इव।
यः सर्वगः सर्ववेत्ता स एव त्वं न संशयः।।३४।।

इदं रूपं परं दिव्यमुपसंहर साम्प्रतम्।
प्राकृतं रूपमास्थाय क्रीडस्व कुहको यथा।।३५।।

यदा यद्रूपकृत्यन्ते तदा तत्त्वं विधास्यसि।
इत्थमाकर्ण्य तद्वाक्यं पिदधे रूपमात्मनः।।३६।।

द्विभुजः प्राकृतो बालो रुरोद धरणीतले।
रसातलञ्च गगनं नादयन् विदिशो दिशः।।३७।।

तच्छब्दश्रवणाद् बन्ध्या जाता गर्भवती द्रुमाः।
नीरसाः सरसाः शक्रो जहृषे देवतागणैः।।३८।।

भयं बभूव दैत्यानां ववृधे धरणी तदा।
चकार जातकर्माऽस्य कश्यपो ब्राह्मणैःसह।।३९।।

भृगुले भन्नुभयो - बालकका यी कुरा सुनेर ती दुबै दम्पती अत्यन्त आनन्दित भए ।।२८-३०।। जसरी चखेवा-चखेवीले बिहानीपख आकाशमा सूर्यनारायणको दर्शन पाएर आनन्दको अनुभूति गर्दछन् त्यसै गरी ती दम्पतीले पुत्र जन्मका कारण आनन्दको अनुभूति गरिरहेका थिए । त्यसपछि ती दुबैले बालकलाई सम्बोधन गर्दै भने - वत्स ! आज हामी दुबैको अद्भुत पुण्यको उदय भएको छ ।।३१।। किनकि श्रीगणेश परमात्मा हाम्रा पुत्र भएर जन्मिनुभएको छ। हाम्रो कुल धन्य भएको छ, हामीलाई जन्म दिने माता-पिता धन्य हुनुभएको छ, हामी दम्पतीको जन्म सफल भएको छ र हामीले प्राप्त गरेको ज्ञान पनि सफल भएको छ।।३२।। आज सकल चराचरका स्वामी, सम्पूर्ण संसारका साक्षी, निराकार, नित्य, आनन्दमय र सत्यस्वरूप श्रीगणेश परमात्माले हाम्रो घरमा उत्तम पुत्रको रूप लिएर हामीलाई कृतार्थ बनाउनुभएको छ।।३३।। धागोमा मणि उनिएझैं तपाइँमा सम्पूर्ण स्थावर-जङ्गम स्वरूपमा रहेको संसार उनिएको छ । तपाइँ सर्वव्यापक र सर्ववेत्ता हुनुहुन्छ। अहिले तपाइँले आफ्नो तेजोमय स्वरूपलाई साधारण बनाउनुहोस्। तपाइँले लोकमा जन्मिने सामान्य बालकहरूसरह भई बालक्रीडा गर्नुहोस् । जब तपाइँले कुनै लीला गर्नुपर्ने हुन्छ, त्यस बेलामात्र यस्तो अद्भुत स्वरूप धारण गर्नुपर्दछ । बाबु-आमाका यी कुरा सुनेर परमात्मा श्रीगणेशले आफ्नो दिव्य रूपलाई साधारण रूपमा परिणत गराउनुभयो ।।३३-३६।। त्यसपछि भगवान् श्रीगणेश दुई हात भएका सामान्य बालक बनी भुइँमा लडेर रुन थाल्नुभयो । बालकरूप श्रीगणेशका मुखारविन्दबाट उच्चारण गरिएको रोदनध्वनि सुनेर दिशा, विदिशा, पाताल र आकाश पनि प्रसन्नताले निनादित भए ।।३७।। त्यस बालकको नादमय र गम्भीर ध्वनि श्रवणका कारण बन्ध्याहरू गर्भवती भए र नीरस वृक्षहरू सहसा सरस भए। बालरूप भगवान् श्रीगणेशको गम्भीर स्वर सुनेर देवतागणका साथमा रहेका इन्द्र पनि प्रसन्न भए ।।३८।। दैत्यहरू भयभीत भए र पृथिवी अत्यन्त हर्षित भइन् । त्यसपछि कश्यप ऋषिले ब्राह्मणहरूका साथ रहेर सद्योजात बालकको जातकर्म संस्कार सम्पन्न गरे ।।३९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राशयित्वा मधु घृतं पस्पर्श मन्त्रतश्च तम्।
अपाययत् स्तनौ बालं मन्त्रपाठपुरःसरम्।।४०।।

छित्त्वा नालं तु संक्षाल्य बालं प्रास्वापयच्च सा।
ददौ दानान्यनेकानि ब्राह्मणेभ्यो मुनिस्तदा।।४१।।

अदापयत् प्रतिगृहं सप्तमे दिवसेऽदितिः।
इक्षुसारं पञ्चमे तु वायनानि महामुदा।।४२।।

महोत्कटेति नामास्य चक्र एकादशे पिता।
बालोऽपि ववृधे शीघ्रं शुक्लपक्षे यथा शशी।।४३।।

सर्वेभ्य उत्कटो यस्मान् महोत्कट इति स्मृतः।।४४।।

कश्यपले बालकलाई मन्त्र उच्चारणपूर्वक मह र घिउ चटाएर शिरमा स्पर्श गरे । आमा अदितिले पनि ब्राह्मणहरूको वेदमन्त्रघोषका साथ ती बालकलाई दूध चुसाइन्। नाल काटेर बालकलाई पखालेपछि अदिति माताले ती बालकलाई बिस्तरामा सुताइन् । त्यस बेला कश्यप ऋषिले ब्राह्मणहरूलाई अनेक थरि दान दिएका थिए ।।४०-४१।। बालकले जन्म लिएको सातौं दिनका दिन अदितिले छरछिमेकमा चिनी र गुड वितरण गर्न पठाइन् । बालक जन्मेको पाँचौं दिनका दिन पनि यसै गरी हर्षपूर्वक आफ्ना इष्टमित्र र बन्धुबान्धवलाई उपहार पठाएकी थिइन् ।।४२।। एघारौं दिनका दिन पिता कश्यपले नामकरण गर्दा बालकको नाम महोत्कट राखे । त्यसपछि ती बालक पनि शुक्लपक्षका चन्द्रमासमान तीव्र गतिमा बढ्न थाले। वास्तवमा ती बालक सबैभन्दा श्रेष्ठ भएका कारण नै तिनलाई महोत्कट भनिएको हो ।।४३-४४।।

ॐ

इतिश्रीगणेशपुराणे क्रीडाखण्डे विनायकाविर्भावो नाम षष्ठोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको
'विनायकको आविर्भाव' शीर्षकान्वित छैठौं अध्याय पूर्ण भयो ।।६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तमोऽध्यायः { ७ अध्याय }

ब्रह्मोवाच

वसिष्ठवामदेवाद्या मुनयस्तनयं तदा।
जातं महोत्कटं श्रुत्वा दर्शनाय प्रतस्थिरे।।१।।

याता गृहं कश्यपस्य तेनाऽथ परिपूजिताः।
विष्टरं पाद्यमर्घ्यञ्च दत्त्वा गाञ्चापि दक्षिणाम्।।२।।

बद्धाञ्जलिपुटोऽवोचद् धन्योऽहं पितरौ तपः।
यदिन्द्रहरिपूज्यं वः पादपद्मं मयेक्षितम्।।३।।

कञ्चिदागमने हेतुं ज्ञातुमीहे तपोधनाः।
तेषां मध्ये श्रेष्ठतमो वसिष्ठः प्राह तं मुनिम्।।४।।

वसिष्ठ उवाच

श्रुतस्ते तनयो ब्रह्मन् ! नारदात् सुमहोत्कटः।
तं द्रष्टुं त्वाञ्च सम्प्राप्ता नान्यत् किञ्चित् प्रयोजनम्।।५।।

क उवाच

तत्कालं साऽदितिर्बालं द्रष्टुं तेषामथानयत्।
उत्कटान्येष कर्माणि करिष्यति महोत्कटः।।६।।

द्वात्रिंशल्लक्षणयुतो वसिष्ठः प्राह तं मुनिम्।
अवतीर्णो महातेजाः परमात्मा विनायकः।।७।।

अनेकान्यस्य विघ्नानि भविष्यन्ति महामुने !
तानि सर्वाणि नश्यन्ति रक्षणीयः क्षणे क्षणे।।८।।

यतोऽस्य रक्तौ चरणौ ध्वजाङ्कुशविराजितौ।
ततः सम्पूजामास मुनिः कश्यपनन्दनम्।।९।।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! कश्यप ऋषिको घरमा छोराको रूपमा भगवान् श्रीगणेशको महोत्कट नामबाट अवतार भएको कुरा सुनेर वशिष्ठ, वामदेव आदि मुनिहरूले उहाँको दर्शन गर्न आ-आफ्ना आश्रमबाट प्रस्थान गरे ।।१।। ती ऋषिहरू कश्यपको आश्रममा पुग्दा कश्यप ऋषिले सबैको सत्कार र अर्चना गरे । आसन, पाद्य र अर्घ्य समर्पण गरी गाई एवं दक्षिणासमेत प्रदान गरे ।।२।। त्यसपछि कश्यप ऋषिले अञ्जलि बाँधी भन्नुभयो - हे महर्षिगण ! तपाईँहरूको दर्शन पाएर आज म धन्य भएँ, मेरा पिता-माता धन्य हुनुभयो र मेरो दीर्घकालिक तपस्या पनि धन्य भयो । किनकि मैले इन्द्र, नारायण आदि विशिष्ट देवताहरूद्वारा पनि पूजनीय हजुरहरूका चरणकमलको दर्शन पाएँ ।।३ हे तपोधन ! हजुरहरूको यहाँ आगमनको कारण के होला ? म जान्न चाहन्छु । कश्यपको यो प्रार्थनामय वाणी सुनेपछि ऋषिहरूमा उत्तम ऋषि वशिष्ठले कश्यपलाई सम्बोधन गर्दै भन्नुभयो ।।४।।

वशिष्ठले भन्नुभयो - हे ऋषिवर ! नारद ऋषिबाट तपाईँका पुत्रका रूपमा महोत्कट भगवान्ले अवतार लिएको थाहा पाएर उहाँको र तपाईँको पनि दर्शन गर्न हामी आएका छौं, अरू हाम्रो कुनै प्रयोजन छैन ।।५।।

ब्रह्माजीले भन्नुभयो - ऋषिहरू बालकको दर्शन गर्न आएको थाहा पाएर आमा अदितिले तिनलाई बालकको दर्शन गर्न बोलाउनु भयो । दर्शन गरेपछि वशिष्ठले भन्नुभयो- यी बालकले ज्यादै ठूला काम गर्नेछन् । त्यस कारण यिनको नाम महोत्कट रहेको छ । यिनका शरीरमा बत्तीसै लक्षण छन्। त्यस कारण ठूलो तेज भएका परमात्मा श्रीगणेशले तपाईँको घरमा महोत्कटको रूपमा अवतार लिनुभएको छ ।।६-७।। हे महामुनि! यी बालकको जीवनमा धेरैथरि विघ्न आउनेछन् । ती सबै विघ्न नष्ट भएर पनि जानेछन् । छिनछिनमा तपाईँहरूले ध्यान दिएर यी बालकको रक्षा गर्नुपर्नेछ ।।८।। यी बालकका दुबै पाउ राता छन् र पाउमा ध्वजा र अङ्कुशका चिह्न देख्न सकिन्छ। यति भनेर वशिष्ठ ऋषिले कश्यपका पुत्र भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रार्थयामास सर्वैस्तं भूभारहरणं कुरु।
साधूनां पालनं देव ! दुष्टदानवघातनम्।।१०।।

ते सर्वे मुनयो जग्मुस्तं प्रणम्य यथागतम्।
ततः स ख्यातिमगमन्नाम्ना कश्यपनन्दनः।।११।।

एकस्मिन् दिवसे प्रातः स्नातुं याते मुनौ बहिः।
अस्वापयत् स्वतनयमदितिर्गृहमाययौ।।१२।।

चकार यज्ञसम्भाराँस्तावदेका निशाचरी।
विरजेत्यभिविख्याता विकरालेक्षणानना।।१३।।

हलदन्ती दरीनासा पादचूर्णितभूधरा।
दीर्घस्तनी ललज्जिह्वा गोपुरस्पर्द्धिसद्भगा।।१४।।

जग्राह बालकं सा तु सर्वभक्ष्या निशाचरी।
क्षुधिताऽभक्षयच्छीघ्रं पक्वं रम्भाफलं यथा।।१५।।

शनैर्जगाम गगनं जलं पातुं भुवं ययौ।
पपौ जलं बहुतरं पपात पृथुलोदरा।।१६।।

मूर्च्छामवाप महतीं सर्पदष्टो नरो यथा।
लुलोल धरणी पृष्ठे महाशूलवती यथा।।१७।।

मुञ्च मुञ्चेति जल्पन्ती पदं गन्तुमथाऽक्षमा।
हाहाकारं प्रकुर्वती घ्नती वक्षःशिरोमुखम्।।१८।।

तावद् देहान्तरे तस्या ववृधे मुनिनन्दनः।
विदार्य जठरं तस्या वक्षस्येव स्थितोऽभवत्।।१९।।

महोत्कटको पूजा गरे ।।९।। पूजा गरेपछि प्रार्थना गर्दै भन्नुभयो- हे भगवन् ! हजुरले पृथिवीको भार हरण गर्नुहोस्। साधुहरूको रक्षा र दुष्ट दानवहरूको संहार गर्नुहोस् ।।१०।। यसरी वशिष्ठले बालकरूप भगवान्को प्रार्थना गरे भने तिनका साथ आएका ऋषि-मुनिहरूले पनि महोत्कट भगवान्को दर्शन र प्रार्थना गरे ।। ती सबै मुनिहरू भगवान् महोत्कटलाई प्रणाम गरेपछि जहाँबाट आएका थिए त्यहीं गए। त्यसपछि ती बालक संसारमा कश्यपनन्दनका नामबाट प्रख्यात भए ।।११।। एक दिन बिहानको समय थियो, कश्यप मुनि नुहाउन बाहिर गएका थिए। त्यस बेला अदितिले आफ्ना छोरालाई ओछ्यानमा सुताइन् र यज्ञका सामग्री तयार गरिन् । त्यसै बेला विरजा भनेर संसारमा कुख्यात भयङ्कर आँखा र अनुहार भएकी एउटी राक्षसी कश्यपका घरमा आइपुगी ।।१२-१३।। त्यसका दाँत हलाको आकारका थिए र नाक गुफासमान थियो । त्यस राक्षसीले हिंड्नका निम्ति पाइला चाल्दा त्यसको वेगबाट पर्वतहरू टुक्रा-टुक्रा हुन्थे । त्यसका स्तनहरू विशाल आकारका थिए। त्यसको जिब्रो लप्लपाइरहेको थियो । त्यसको यौनाङ्ग ढोकाकै आकारको थियो । त्यो सर्वभक्षी राक्षसी विरजाले आएर बिछ्यौनामा सुतेका अदितिका बालक पुत्रलाई अकस्मात् समाती। क्षुधातुर भएकी हुनाले द्रुत गतिमा आएर त्यसले पाकेको केरा निलेझैं बालकलाई निल्ने काम गरी ।।१४-१५।। त्यसपछि त्यो तुरुन्तै आकाशतर्फ उडेर गई र केहीबेरपछि पानी खान भनी धर्तीमा आई। धेरै पानी खाएपछि पेट फुलेर त्यो भुइँमा लडी ।।१६।। सर्पले टोकेको मानिस मूर्च्छित भएझैं त्यो पनि मूर्च्छित भई । तीव्र शूलको वेदना भएझैं आत्तिएर भुइँमा पछारिंदै हात-पाउ चलाउन थाली।।१७।। मलाई छोड, मलाई छोड भनेर चिच्याइरहेकी त्यो राक्षसी एक पाइला हिंड्न पनि असमर्थ भई। त्यस अवस्थामा त्यो हाहाकार गर्न थाली र आफ्ना हातले छाती, शिर र मुखमा प्रहार गर्न थाली ।।१८।। त्यसै बेला त्यसको पेटभित्र रहनुभएका भगवान् महोत्कट क्रमशः बढ्न थाल्नुभयो । उहाँ त्यसको पेट च्यातेर बाहिर निस्कनुभयो र छातीमा टेकेर उभिनुभयो ।।१९।। जसरी ठूलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथा जालं विदार्यैव बहिर्याति महाझषः।
सा तु तदैवमारावं कृत्वा प्राणान् जहौ खला।।२०।।

चूर्णयामास देहेन पञ्चयोजनगान् द्रुमान्।
विरजा विरजास्तेन प्रापिता निजधाम सा।।२१।।

दृष्टे स्पृष्टे कृपासिन्धौ जगदीशे कथं भवेत्।
ज्ञानदे मोक्षदे नृणामावृत्तिर्भवसागरे।।२२।।

अदितिर्गृहकार्याणि सम्पाद्य बहिरागता।
न ददर्श तदा बालं रुरोद भृशदुःखिता।।२३।।

गृहे गृहे निरीक्ष्यैव नालभत् क्वापि बालकम्।
ततोऽपतद्धरापृष्ठे हाहाकारं प्रकुर्वती।।२४।।

अन्याश्च रुरुदुस्तस्याः श्रुत्वा रोदनमुच्चकैः।
आश्चर्यं परमं चक्रुः सर्वलोका भयातुराः।।२५।।

सा शुष्कवदना दीना विललाप मुहुर्मुहुः।
मुखञ्च साञ्जने नेत्रे मृजन्त्यश्रुजलाकुले।।२६।।

कल्पद्रुम इव प्राप्तः केन नीतो ममार्भकः।
वरदानं कथं तस्य वृथा स्याज्जगदीशितुः।।२७।।

दत्तं निधानं देवेन केन नीतं दुरात्मना।
कथं मूढतरा जाता लब्धविज्ञानसागरा।।२८।।

कथं दरिद्रा जाताऽहं लब्ध्वा काञ्चनपर्वतम्।
एवं विलपती वक्षो घ्नती साप्याननं शिरः।।२९।।

माछो जाललाई च्यातेर बाहिर आउँछ, त्यसैगरी भगवान् श्रीगणेश पनि राक्षसीको पेटबाट बाहिर आउनुभएको थियो। भगवान्ले छातीमा टेकिरहेको बेला भगवान्का पाउको दबाब सहन नसकी त्यस दुष्ट राक्षसीले ठूलो स्वर गर्दै प्राणत्याग गरी ।।२०।। त्यो छट्पटिएर उफ्रिँदै र तड्पिँदै भुइँमा पछारिँदा त्यसको शरीरको वेगबाट पाँच योजन टाढासम्मका रूखहरू ढलेका थिए ।, त्यो विरजा राक्षसी भगवान् श्रीगणेशको स्पर्श पाएर विरजा अर्थात् पापमुक्त भई र भगवान्को कृपाबाट भगवान्कै धाममा प्राप्त भई ।।२१।। भगवान् श्रीगणेश जगदीश र कृपाका सागर पनि हुनुहुन्छ । उहाँको दर्शन र स्पर्शन प्राप्त भएमा ठूला-ठूला पापीहरू पनि मुक्त हुन्छन्। उहाँ ज्ञान र मोक्षका पनि दाता हुनुहुन्छ। उहाँको आराधना गर्ने भक्तहरूको भवसागरमा पुनरागमन हुँदैन । त्यस कारण भगवान्को कृपा पाएर विरजाले पनि मोक्ष प्राप्त गरी ।।२२।। त्यसै बेला अदिति माता आफ्ना घरका काम सकेर बाहिर आइन् । तिनले सुताएको ठाउँमा आफ्नो छोरालाई देखिनन् र अत्यन्त दुःखित भई रुन थालिन्।।२३।। घर-घरमा हेर्दै डुल्न थालिन् तर कहीं पनि आफ्नो बालकलाई तिनले देख्न पाइनन् । त्यसपछि हाहाकार गर्दै भुइँमा लडिन् ।।२४।। अदिति माता रोएको स्वर सुनेर छरछिमेकका नारीहरू पनि रुन थाले । त्यो सानो बच्चा कहाँ पुग्यो होला ? कसले लगे होला ? भनी प्रश्न गर्दै डराएका ती सबै मानिसहरूले ठूलो आश्चर्य माने ।।२५।। अदिति माताको मुख सुक्यो । ती अत्यन्त मलिन भइन् र बारबार विलाप गर्न थालिन् । आँसुले भरिएका र गाजलले सिंगारिएका आँखा पुछ्दै र मुखमा छरिएका आँसुका दाना सफा गर्दै तिनले धेरै बेरसम्म विलाप गरिन् ।।२६।। ती भन्दै थिइन् - 'मेरो घरमा ती बालक कल्पवृक्ष बनेर जन्मिएका थिए। आज मेरा बालकलाई कसले कहाँ पुऱ्यायो ? भगवान्को वरदान के खेर जाला त ? ।।२७।। भगवान्ले हामीलाई खजाना दिनुभएको थियो, आज कसले त्यसलाई लुटेर लग्यो? मैले ऋषिपत्नीका रूपमा कति ज्ञान र कति विद्या हासिल गरेकी थिएँ, तर आज मेरा बालक हराउनाले म केही नजान्ने मूर्खजस्ती भएकी छु।।२८।। मसँग सुवर्णको ठूलो पर्वत थियो, त्यसलाई कसले लग्यो ? धिक्कार छ, आज म दरिद्र भएकी छु ।' यसरी विलाप गर्दै हातले छाती, मुख र शिरमा पिट्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रमाद् बहिरागत्य क्रोशमात्रं निशाचरीम्।
ददर्श पतितं तस्या वक्षस्येव च तं शिशुम्।।३०।।

क्रीडन्तं हास्यवदनं प्रबुद्धमिव कामिनम्।
धावमाना तमादायाऽऽलिलिङ्ग च चुचुम्ब च।।३१।।

उवाचाऽऽनन्दपूर्णा सा महद् भाग्यं ममाऽधुना।
यद् राक्षसीशयान्मुक्तो बालको दैवयोगतः।।३२।।

ययौ सबाला स्नात्वा सा निजमाश्रममण्डलम्।
वृत्तान्तं सर्वमाचष्टे श्रुत्वा सोऽप्याह कश्यपः।।३३।।

भूतभाविविशेषज्ञैरुक्तं यन्मुनिभिः प्रिये।
तदेतत् सत्यमभवत् तदाशीर्वचनादयम्।।३४।।

जीवितोऽखिलभक्ष्याया बालकः पुण्ययोगतः।
ततो रक्षां चकाराऽसौ ददौ दानान्यनेकशः।।३५।।

शान्तिकं कारयामास स्वस्तिवाचनपूर्वकम्।
क्षणमात्रं न हातव्योऽदितिमेवं समादिशत्।।३६।।

अदिति माता आश्रमबाट एक कोस बाहिर गइन्। त्यहाँ तिनले एक कोश भूभागमा फैलिएकी राक्षसीलाई देखिन् र त्यसको छातीमा नाचिरहेका, खेलिरहेका, अत्यन्त फूर्तिला र आनन्दले हाँसिरहेका आफ्ना बालकको दर्शन गरिन् । बालकको दर्शन पाएपछि अदितिलाई अपूर्व आनन्द भयो । दौंडिदै दौंडिदै गएर तिनले आफ्नो बच्चा समाती आलिङ्गन र धेरै पटक चुम्बन पनि गरिन् ।।२९-३१।। आनन्दमा निमग्न भएकी अदिति आमाले भनिन् - अहो ! मेरो कति ठूलो सौभाग्य हो। आज दैवको प्रतापबाट मेरो बालक भयङ्कर राक्षसीको हातबाट मुक्त भएको छ ।।३२।। त्यसपछि अदिति आफ्नो बालकलाई साथमा लिएर जलाशयमा गइन् र स्नान गरिन् । स्नानपछि ती आफ्नो आश्रमतर्फ फर्किन् । आश्रममा गएर तिनले आफ्ना पति कश्यपलाई सम्पूर्ण वृत्तान्त बताइन् । त्यो वृत्तान्त सुनेपछि कश्यपले भन्नुभयो - हे प्रिया अदिति ! भूत र भविष्य कालका विशेषज्ञहरूले यी बालकको विषयमा जस्तो भविष्यवाणी गरेका थिए, त्यो साँचो भयो । ती ऋषिहरूका आशीर्वादले आज यो बालक सर्वभक्षी राक्षसीका हातमा परेर पनि जीवितै फेला पर्‍यो । त्यसपछि कश्यप ऋषिले बालकको रक्षाका निमित्त गर्नुपर्ने आवश्यक विधि-विधान गरेर अनेक थरि दान पनि दिए ।।३३-३५।। स्वस्तिवाचनपूर्वक शान्तिकर्म सम्पन्न गरेपछि कश्यपले अदितिलाई भन्नुभयो - हे अदिति ! तिमीले एकछिन पनि यो बालकलाई एक्लै छाड्नु हुँदैन।।३६।।

ॐ

इतिश्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते विरजाराक्षसीमोक्षणं नाम सप्तमोध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'विरजा राक्षसीलाई मोक्षप्राप्ति' शीर्षकान्वित सातौं अध्याय पूर्ण भयो ।।७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टमोऽध्यायः

क उवाच

विरजां निहतां श्रुत्वा राक्षसीं बलवत्तराम्।
उद्धतो धुन्धुरश्चापि राक्षसौ बलवत्तरौ।।१।।

आगतावाश्रमपदं कश्यपस्य महात्मनः।
शुकरूपधरौ बालो दृष्ट्वा प्रोचेऽदितिं तदा।।२।।

त्यक्त्वा स्तनं दीयतां मे उभौ रन्तुं शुकाविमौ।
सोचे तं खगमौ शक्यौ भूगया न स्त्रिया क्वचित्।।३।।

अथापि धर्तुं याता चेदुड्डीयैतौ गमिष्यतः।
कटेरुत्तीर्य जग्राह बालस्तौ श्येनवत्तदा।।४।।

पक्षाघातेन चञ्च्वा च जघ्नतुस्तौ भृशं च तम्।
तावदास्फालयत् सोऽपि तौ बलेन धरातले।।५।।

जहतुस्तौ तदा प्राणान् निजरूपधरावुभौ।
तद्देहभारभीत्या भूर्भृशं विह्वलिताऽभवत्।।६।।

भग्नवृक्षौ सनिनदौ देहौ निपतितौ तयोः।
गव्यूतिमात्रं तौ दृष्ट्वाऽदितिस्तं पुनरग्रहीत्।।७।।

शरीरे ददृशे तेन मुनिना विस्तृते तयोः।
छित्त्वा ददाह तौ लोकः काष्ठसञ्चययोगतः।।८।।

चकाराद्भुतशान्तिं स बालकाभ्युदयेच्छया।
आश्चर्यं परमं चक्रे शिशोर्दृष्ट्वा पराक्रमम्।।९।।

उवाच परमप्रीतोऽदितिं पुत्रयुतां तदा।
यौ न देवेन शक्रेण न हतौ राक्षसेश्वरौ।।१०।।

{ ८ अध्याय }

ब्रह्माजीले भन्नुभयो - अत्यन्त शक्तिमती राक्षसी विरजा मरेको सुनेर उद्धत र धुन्धुर नामक बलवान् दुई राक्षस कश्यप ऋषिको आश्रममा आए । ती राक्षसहरूले सुगाको रूप धारण गरेका थिए । कश्यपका पुत्र महोत्कटले आफ्नो आँगनमा दुइटा राम्रा सुगा खेलेको देखेर दूध खुवाइरहेकी आमा अदितिलाई भन्नुभयो - आमा ! दूध खुवाउन छाडिदिनुहोस्, मलाई यी दुइटा सुगासँग खेल्न मन लागेको छ। त्यहाँ जान दिनुहोस्। आमाले भनिन् - बाबु ! यी चरा त खेल्दाखेल्दै आकाशमा उड्न सक्छन् र तिमीलाई पनि आकाशमा उडाउन सक्छन्, पृथिवीमा मात्र हिंडडुल गर्न सक्ने म तिम्री आमाले त्यहाँ गएर तिमीलाई समाउन सक्दिनँ।।१-३।। यदि भुइँमा यताउति लगे भने पनि म दौड्दै यिनको नजिकमा जाँदा यी उडेर जानेछन्। त्यस कारण तिमी यी सुगासँग नखेल । आमाले यति भन्दा पनि नमानेर महोत्कटले आमाको कम्मरबाट भुइँमा झरेर टाउको ठाडो गराई ती सुगालाई बाजले झैं समाते । ती समातिएका चराहरूले पखेटाले हिर्काउँदै ठोंडको चुच्चोले ठुंगेर बालकको शरीरमा घाउ बनाए । बालकले पनि ती सुगाहरूलाई बलपूर्वक समातेर भुइँमा फ्याँके ।।४-५।। बालकद्वारा भुइँमा पछारिएका ती सुगाहरूले प्राण त्याग गरे। त्यस अवस्थामा तिनीहरू आफ्नो स्वाभाविक राक्षसस्वरूपमा देखिएका थिए । तिनीहरूका शरीरको भारले गर्दा पृथिवी डगमगाएकी थिइन् ।।६।। ती दुबै राक्षस हावाले पछारिएको रूखझैं ठूलो शब्द गर्दै भुइँमा लडेका थिए। दुई कोससम्म तिनको शरीर फैलिएको थियो । अदितिले आफ्ना पुत्रको यो लीला देखिन् र बालकलाई फेरि समातिन् ।।७।। कश्यप ऋषिले ती दुबै राक्षसका विशाल शरीरको अन्तिम संस्कार गर्ने व्यवस्था मिलाए । एकत्रित मानिसहरूद्वारा तिनका शरीर टुक्रा-टुक्रा पारेर दाउरा जम्मा गरी दाहसंस्कार सम्पन्न गरियो। कश्यप ऋषिले बालकको कल्याणकामना गरी अद्भुत शान्ति गरे। ती बालकको विचित्र पराक्रम देखेर निकै आश्चर्य पनि माने ।।८-९।। त्यसपछि कश्यपले अत्यन्त प्रसन्न भई छोरालाई काखमा लिइरहेकी अदितिलाई भन्नुभयो - जुन राक्षसलाई इन्द्रले पनि मार्न सकेनन्, ती राक्षसले छलपूर्वक सुगाको रूप लिएका थिए, तिनलाई हाम्रा छोराले मारिदिए र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुकरूपधरावेतौ लीलया शिशुना हतौ।
अदितिश्च चुकोपाऽसौ किमर्थं मोचितस्त्वया।।११।।

रक्षितो जगदीशेन क्वायुष्यं नास्य विद्महे।
अविस्मरो रक्षणीयो बालोऽयं यत्नतः सति।।१२।।

कथञ्च निहतावेतौ गिरिसारौ निशाचरौ।
निशाचरस्थलमिदं कथं जीवेच्छिशुर्मम।।१३।।

क उवाच

उक्त्वा परस्परं तौ तु स्नाप्य बालं तथाविधम्।
स्नात्वा सुषुपतुस्तत्र दम्पती विस्मयान्वितौ।।१४।।

ततश्चतुर्थे वर्षे स स्वाश्रमात् परतो ययौ।
कासारं जलजैर्युक्तं नक्रमत्स्यगणैर्युतम्।।१५।।

तमालवृक्षसरलजम्ब्वाम्रपनसान्वितम्।
नानावृक्षलताकीर्णं फलपुष्पसुशोभितम्।।१६।।

नानापक्षिगणाकीर्णं नानामुनिगणान्वितम्।
अतिस्वच्छजलं रम्यं सुजनस्येव मानसम्।।१७।।

व्यतीपाते सोमवत्यां स्नातुं तत्रादितिर्ययौ।
उपवेश्य स्वकं बालमाकण्ठं जलगाऽभवत्।।१८।।

बाल उड्डीय तां गन्तुं जलमध्ये पपात ह।
चिक्रीड स जले यावत् तावन्नक्रो दधार तम्।।१९।।

धाव धावेति जननी चुक्रोश जलमध्यगा।
आगत्य जननी बालं ग्रहीतुं नैव चाशकत्।।२०।।

आकृष्यते जले तेन जनन्या बहिरेव सः।
स नक्रो बालसहितां दूरे दूरे चकर्ष ह।।२१।।

अदितिलाई कश्यप ऋषिले फेरि भन्नुभयो- तिमीले किन यसरी बालकलाई बाहिर छाडेकी ? एक्लै छाड्न हुँदैन ।।१०-११।। अहिले त भगवान्ले आफै रक्षा गर्नुभयो । यसरी हामीले छाडिदिने हो भने यिनको आयु कति होला ? केही भन्न सकिदैन। त्यस कारण हे पतिव्रता अदिति ! तिमीले नबिर्सीकन प्रयत्नपूर्वक यी बालकको रक्षा गर्नुपर्दछ ।।१२।। अहिले यो बाबुले पर्वतसमान आकारका दुष्ट राक्षसलाई कसरी मार्‍यो ? केही भन्न सकिंदैन, आश्चर्यको कुरा छ । तर सधैं यस्तो हुँदैन। यो ठाउँमा राक्षसहरूको ठूलो संख्या रहेको छ। यसरी स्वतन्त्ररूपमा चलखेल गर्न दियौं भने मेरो बालक कसरी बाँच्न सक्दछ ? ।।१३।।

ब्रह्माजीले भन्नुभयो - यसरी कश्यप र अदितिले परम्परमा कुराकानी गरे । साँझ परेपछि बालकलाई स्नान गराई आश्चर्यचकित हुँदै ती दुबै दम्पतीले शयन गरे ।।१४।। बालक तीन वर्ष पूरा भएर चार वर्ष लागेपछि एकदिन खेल्दै आफ्नो आश्रमबाट टाढा पुगे । त्यहाँ एउटा सरोवर थियो । त्यसमा साना साना जलजन्तुहरूका साथै ठूला–ठूला गोही र ठूला ठूला माछाहरू पनि थिए। त्यस सरोवरका वरिपरि तमाल, साल, सल्लो, जामुनो, आँप र कटहरका रूखहरू थिए। त्यो सरोवर अनेक थरि वृक्ष र लहराले ढाकिएको थियो। त्यसका चारैतिर फल र फूलका वृक्ष शोभायमान थिए ।।१४-१६।। अनेक चराचुरुङ्गीहरूले घेरिएको त्यस सरोवरका वरिपरि अनेक ऋषिमुनिहरू साधना गरिरहेका थिए । सरोवरको पानी सज्जनको मनझैं निर्मल, पवित्र र मीठो थियो । एक दिन सोमवती अमावास्याका दिन व्यतीपात योग परेका बेला अदिति त्यहाँ नुहाउन गइन् । बालकलाई छेउमा राखी तिनले घाँटीसम्म डुबेर स्नान गरिन् ।।१७-१८।। आमा भएको ठाउँमा जान हाम फाल्दा ती बालक पानीमा खसेर धेरैबेरसम्म त्यहाँ खेलिरहे। त्यसै बेला एउटा गोही आएर बालकलाई समात्यो।।१९।। पानीको माझमा रहेकी आमा अदिति दौड-दौड भनेर कराउन थालिन्। आफू पनि दौडेर गइन्, तर गोहीबाट बालकलाई खोसेर ल्याउन सकिनन् ।।२०।। बालकलाई एकातिर गोहीले तानिरहेको थियो भने अर्कोतिरबाट आमाले तानिरहेकी थिइन्। केहीबेरपछि त्यस गोहीले बालकलाई तानिरहेकी आमालाई समेत तानी पानीभित्रै टाढासम्म पुर्‍यायो ।।२१।। त्यस बेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालोऽवदत् ततस्तां स न मोच्योऽहं सुतस्त्वया।
सह त्वया सहैवाऽहं मरिष्ये न बलं मम।।२२।।

दृष्ट्वा सबालामाकण्ठमग्नां तां विह्वलां भृशम्।
निष्कासितुं बलाच्छिष्या उड्डीय पतिता वने।।२३।।

तस्माद् बलवतो नक्रात् तेऽपि शक्ता न चाभवन्।
ततोऽत्यन्तं बलं तस्य दर्शयामास बालकः।।२४।।

लीलयैव तदा नक्रं पृथिव्यां जलतोऽक्षिपत्।
वायुर्यथा फलं पक्वं ग्रावाणं बालको यथा।।२५।।

शरीरं दृश्यते तस्य विशीर्णं पतितं भुवि।
गतचेष्टं गतप्राणं योजनायतमद्भुतम्।।२६।।

सबाला सह शिष्यैः सा मुदं प्राप्ताऽदितिस्तदा।
ततो दिव्यवपुश्चित्रगन्धर्वस्तमुवाच ह।।२७।।

अहमासं पुरा राजा गन्धर्वाणां गजानन! ।
विवाहे सर्वगन्धर्वा मम गेहमुपागताः।।२८।।

पूजिताः परया भक्त्या न भृगुः पूजितो मया।
वैवाहिकानि कार्याणि कुर्वता कुपितो मुनिः।।२९।।

शशाप मां नक्रवरो भविष्यसि सरोगतः।
समाकर्ण्य मुनेः शापमुपशापं तमर्थयम्।।३०।।

ततो भृगुरुवाचेत्थं यदा कश्यपनन्दनः।
गजाननः स्पृशेत् त्वान्तु तदा स्वं वपुराप्स्यसि।।३१।।

इदानीमसि विज्ञातो बालरूपी गजाननः।
त्वमेव जगतां नाथः कर्ता पाताऽपहारकः।।३२।।

बालकले भने – आमा! तपाईँले तानेर मलाई छुटाउन सक्नुहुन्न। अब म तपाईँका साथ नै मर्ने भएँ, किनकि यस गोहीको बल अपरिमित छ र मैले यसलाई बलले जित्न सक्दिनँ ।।२२।। आफ्नो बालकसहित घाँटीसम्म पानीमा डुबेकी र साह्रै व्याकुल भएकी अदितिलाई गोहीबाट छुटाई पानी बाहिर ल्याउन कश्यपका शिष्यहरू आत्तिदै पानीभित्र पसे । तर तिनले पनि बलवान् गोहीको पञ्जाबाट अदिति र तिनका छोरालाई छुटाउन सकेनन् ।।२३।। बालक महोत्कटले अचानक त्यस गोहीमाथि आफ्नो अपूर्व पराक्रम देखाउँदै जसरी पाकेको फललाई हावाले रुखबाट झारिदिन्छ र जसरी खेलिरहेको कुनै बालकले ढुङ्गा समातेर टाढा-टाढा हुऱ्याइदिन्छ त्यसैगरी त्यस गोहीलाई पानीबाट बाहिर फ्याँकिदिए ।।२४-२५।। भुइँमा लडेको गोहीको शरीर छिन्नभिन्न भयो । त्यसमा कुनै चेष्टा बाँकी थिएन र त्यसको प्राणपखेरु उडिसकेको थियो। गोहीको शरीर अद्भुत विशाल र एक योजनसम्म फैलिएको थियो ।।२६।। बालकले यस्तो अद्भुत कर्म गरेको देखेर शिष्यहरूका साथमा रहेकी ती अदिति माता अत्यन्त प्रसन्न भइन्। त्यसै बेला मरेका गोहीको शरीरबाट निस्केको गन्धर्वले श्रीगणेश र अदितिका सामु आएर भन्यो - मेरो नाम चित्रगन्धर्व हो र म पहिले गन्धर्वहरूको राजा थिएँ। मेरो विवाहमा सबै गन्धर्वहरू मेरा घरमा आएका थिए ।।२७-२८।। त्यस बेला मैले वैवाहिक कर्म गर्दा ती आएका सबै पाहुनाहरूको सत्कार गरें तर भृगु ऋषिको गरिनँ । विवाहकार्य गर्दा मबाट भएको पक्षपातपूर्ण व्यवहारले रिसाएका भृगु ऋषिले मलाई सराप दिनुभयो- 'तिमी सरोवरमा ठूला गोही भएर रहनेछौ ।' मुनिको सराप सुनेर चिन्ता गर्दै त्यसबाट मुक्त हुन मैले प्रार्थना गरें।।२९-३०।। प्रार्थना सुनेपछि भृगु ऋषिले भन्नुभयो - 'जुन बेला कश्यप ऋषिका छोरा भगवान् श्रीगणेशले आएर तिमीलाई स्पर्श गर्नुहुनेछ त्यस बेला तिमीले आफ्नो गन्धर्वरूप प्राप्त गर्नेछौ' ।।३१।। अहिले त्यस्तै भयो भन्दै त्यसले प्रार्थना गऱ्यो- हे श्रीगणेश! आज मैले हजुरलाई बालकरूपमा देखें । हजुर संसारका स्वामी, रचयिता, पालक र संहारक पनि हुनुहुन्छ । निर्गुण, निरहंकार, सदसद्भन्दा पनि पर र कारणातीत पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्गुणो निरहङ्कारः सदसत्कारणं परम्।
नानावतारैर्भक्तानां पालको दुष्टनाशनः।।३३।।

सर्वव्यापी पूर्णकामोऽनेकब्रह्माण्डनायकः।
मुनीनामप्यगम्यस्त्वं मनोवागनिरूपितः।।३४।।

इति स्तुत्वा च नत्वा च सम्पूज्य बालरूपिणम्।
गजाननं प्रयातोऽसौ कृत्वा प्रदक्षिणां मुहुः।।३५।।

अदितिर्बालकं गृह्य लालयित्वा स्तनं ददौ।
आश्चर्यमानसा याता प्रसन्ना निजमन्दिरम्।।३६।।

प्रणम्य कश्यपं सर्वं वृत्तान्तं समभाषत।
स विस्मितोऽब्रवीच्चैनामयन्तु परमेश्वरः।।३७।।

लीलाविग्रहवान् मन्ये मानुषं देहमाश्रितः।
अत्यद्भुतानि चान्यानि कर्माण्येष करिष्यति।।३८।।

देवासुरैरशक्यानि द्रष्टव्यानि प्रसादतः।
अस्मिन् भक्तिर्दृढा कार्या जनैरात्महितेप्सुभिः।।३९।।

हुनुहुन्छ। हजुरले अनेक अवतार लिएर भक्तहरूको रक्षा गर्दै तिनका दुःखको पनि नाश गर्नुहुन्छ । हजुर सर्वव्यापक हुनुहुन्छ। हजुरमा कुनै कामना छैन, त्यस कारण पूर्णकाम हुनुहुन्छ । हजुर अनेक ब्रह्माण्डहरूका स्वामी हुनुहुन्छ । मुनिहरूले पनि हजुरलाई चिन्न सक्दैनन् । हजुर मन र वाणीभन्दा पनि पर हुनुहुन्छ ।।३२-३४।। त्यस गन्धर्वले यसरी प्रणाम र स्तुति गर्दै बालकरूप श्रीगणेशको पूजा र प्रदक्षिणा गरी श्रीगणेशधाम प्राप्त गर्‍यो ।।३५।। अदितिले आफ्ना बालकलाई समातेर माया गर्दै दूध चुसाइन् । बालकलाई आफ्नो काखमा पाउँदा खुसी भएकी अदिति आश्चर्य मान्दै आफ्नो घरतर्फ फर्किन्।।३६।। अदितिले घरमा आई आफ्ना स्वामी कश्यपलाई प्रणाम गरेर भर्खरै घटेका घटनाको विषयमा जानकारी गराइन् । कश्यप ऋषिले पनि आश्चर्य मान्दै भन्नुभयो- यी बालक हाम्रा छोरा कहाँ हुन् र ? यी त परमेश्वर हुन् ।।३७।। कश्यपले फेरि भन्नुभयो - यिनले आफ्नो लीला गर्न मानिसको स्वरूप लिएका छन् र अझै पनि अद्भुत कर्म गर्नेछन् । यिनका जस्ता लीला र कर्म देवता र असुरमध्ये कसैले पनि गर्न सक्दैनन् । यिनकै कृपाबाट यिनका लीलाहरूको दर्शन सुलभ हुन्छ । हे अदिति ! यी बालकमा दृढ भक्ति लगाऊ । आफ्नो कल्याण चाहने अरू सबैले पनि यी बालकमा दृढ भक्तिभावना राख्नुपर्दछ ।।३८-३९।।

ॐ

इतिश्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते नक्रमोक्षणं नामाष्टमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'गोहीरूप गन्धर्वलाई मोक्षप्राप्ति' शीर्षकान्वित आठौं अध्याय पूर्ण भयो ।।८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवमोऽध्यायः

{ ९ अध्याय }

क उवाच

अन्यत् ते कथयिष्यामि चरितं बालरूपिणः।
गजाननस्याघहरं शृणुष्वैकमना मुने।।१।।

एकस्मिन् समये हाहा हूहूस्तुम्बरुरेव च।
वीणागानरता वीणाहस्ता हरिपरायणाः।।२।।

शङ्खचक्रगदापद्मतुलसीदामभूषणाः।
गोपीचन्दनलिप्ताङ्गाः पीताम्बरधराःशुभाः।।३।।

कैलासं गन्तुकामास्ते कश्यपस्याश्रमं ययुः।
अतिसम्मानितास्तेन पूजिताश्च यथाविधि।।४।।

उवाच प्रणतस्तान् सोऽनायासेन सतां दृशिः।
केन पुण्येन सञ्जाता धर्मार्थकाममोक्षदा।।५।।

धन्यं तपो जनिर्मातापितरौ ज्ञानमाश्रमः।
प्रयोजनं न जानेऽहं चलने तद् वदन्तु मे।।६।।

इति तद्वचनं श्रुत्वा सम्पृष्टास्ते तमब्रुवन्।
कैलासं गन्तुकामानां जातं त्वद्दर्शनं हि नः।।७।।

दुरितं विलयं यातं जातञ्च सफलं जनुः।
अदूरे परमा सिद्धिर्विश्रान्तिः परमा च नः।।८।।

अनुजानीहि गच्छामो गिरिशं द्रष्टुमुत्सुकाः।
श्रुत्वा वाक्यानि तेषां तु पुनरूचे तपोनिधिः।।९।।

भुक्त्वा व्रजन्तु विश्रम्याप्यभुक्त्वेतो न को गतः।
मज्जनाय जलं तेभ्यो दत्त्वा पाकमकारयत्।।१०।।

देवार्चनरताः स्नात्वा बभूवुर्मुनिसत्तमाः।
तेऽपि सम्पूज्य शर्वाणीं शर्वं विष्णुं विनायकम्।।११।।

ब्रह्माजीले भन्नुभयो - हे नारद ! म शिशुरूपधारी श्रीगणेशको अर्को पापनाशक चरित्र बताउँछु । तिमीले एकमना भएर सुन ।।१।। कुनै समयमा वीणा हातमा लिई वीणागानमा तल्लीन, नारायणमा अत्यन्त भक्ति गर्ने, शङ्ख, चक्र, गदा पद्म र तुलसीलाई अलङ्काररूपमा धारण गर्ने, गोपी चन्दन लेपन गरेका र पीताम्बरधारी, हाहा, हूहू एवं तुम्बरु नामक गन्धर्वहरू कैलास जाने क्रममा कश्यपको आश्रममा पुगेका थिए । कश्यप ऋषिले तिनीहरूको राम्ररी सम्मान गरी विधिपूर्वक पूजा पनि गरे ।।२-४।। त्यस बेला कश्यपले भन्नुभयो - 'तपाइँहरू अनायास मलाई दर्शन दिन पाल्नुभएको छ । सज्जनहरूको दर्शन धर्म, अर्थ, काम र मोक्षलाई प्रदान गर्न सक्षम हुन्छ। आज मैले कुन पुण्यले तपाइँहरूजस्ता सज्जनको दर्शन पाएँ। मेरा तप, जप र जन्म धन्य भए साथै मलाई जन्माउने माता-पिता पनि धन्य हुनुभयो । तपाइँहरूको दर्शन पाएर मैले प्राप्त गरेको ज्ञान र यो आश्रम पनि धन्य भएको छ । तपाइँहरू के कारणले आउनुभएको हो ? मलाई थाहा छैन । कृपया मलाई आफ्नो आगमनको प्रयोजन बताउनुहोस्' ।।५-६।। कश्यप ऋषिको कुरा सुनेर तिनीहरूले भने - 'हामी कैलास जाँदै थियौं, बीच बाटामा संयोगले तपाइँको दर्शन पायौं ।।७।। तपाइँको दर्शनबाट हाम्रो पनि पापनाश भएको छ र जन्म सफल भएको छ । तपाइँलाई देखेर हामीले छिटै परम सिद्धि प्राप्त गर्नेछौं भन्ने विश्वास लागेको छ र तपाइँको दर्शनबाट हामीले ठूलो शान्ति र विश्रान्ति पाएका छौं ।।८।। हामी भगवान् शङ्करको दर्शन गर्न उत्सुक छौं तसर्थ अहिले बिदा लिन चाहन्छौं। आज्ञा दिनुहोस् ।' ती गन्धर्वहरूका कुरा सुनेर तपस्वी कश्यपले फेरि भन्नुभयो- यहाँ आएपछि कोही पनि भोकै फर्केको छैन । तसर्थ तपाइँहरू पनि भोजन गरेर केहीबेर विश्राम गरी जानुहोला । यसो भनेपछि कश्यप ऋषिले तिनीहरूलाई स्नानका लागि जल टक्र्याएर भोजनको व्यवस्था मिलाए ।।१०।। ती गन्धर्वहरूले पनि स्नान गरेर देवताको पूजा गरे। पूजा गर्ने क्रममा पार्वती, शिव, विष्णु, श्रीगणेश र सूर्यनारायणको पनि पूजा गरे । त्यसपछि केही बेर ध्यान गरे । गन्धर्वहरूले ध्यान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रविं विष्णुमयं ध्याननिष्ठा आसन् मुहूर्ततः।
तदा विनायको बालो रमित्वा बालकैर्बहिः।।१२।।

आगतोऽन्तर्गृहं तावत् पञ्चमूर्तिं ददर्श सः।
गृहीत्वा बहिरेवाशु चिक्षेपाग्निगृहं ययौ।।१३।।

भस्माङ्गरागं सर्वत्र कृत्वा लीनोऽभवच्च सः।
विसृज्य ध्यानं नापश्यन्मूर्तीस्ते पुरतः स्थिताः।।१४।।

ततस्ते विस्मिताः सर्वे परस्परमथाऽब्रुवन्।
केन दैत्येन नीता नो मूर्तयः कर्महेतवः।।१५।।

गन्धर्वा राक्षसा यक्षा नेतुं मूर्तीः किमागताः।
किं वा सत्त्वपरीक्षार्थमन्तर्धानं गता इमाः।।१६।।

ततः क्रोधेन महता कश्यपं प्रष्टुमागताः।
भवद्गृहे कथं ध्याननिष्ठानां मूर्तयो गताः।।१७।।

क्रीडन्ति जातिवैरास्त आश्रमे इतरेतरम्।
देवा बिभ्यति तत् कस्मादाश्रमे दस्यवः स्थिताः।।१८।।

इति श्रुत्वा वचस्तेषां कश्यपोऽतिरुषान्वितः।
अभोजिनो विनिश्चित्य मूर्तिप्राप्तिं विना च तान्।।१९।।

ततः शिष्यान् समाकार्य कश्यपो मुनिसत्तमः।
तानुवाच न मे जन्मावध्यत्र तस्करोऽभवत्।।२०।।

दैवादिदानीं को जातो दस्युस्तत्र वदन्तु मे।
क्रोधवाक्यं निशम्येत्थमूचुः शिष्या गुरुं प्रति।।२१।।

न वयं तस्कराः स्वामिन् ! पुत्रस्ते विदितस्तव।
दोषानुवर्णने दोषा अस्माकं तन्न चक्ष्महे।।२२।।

तेषां ब्राह्मीं समाकर्ण्य यष्टिहस्तो मुनिस्तदा।
पुत्रमन्वेषयन् यातो वह्न्यागारे ददर्श तम्।।२३।।

तेषां पुरः समानीतो दृष्टस्तैः शिवसन्निभः।
उवाच तत्समक्षं तं कश्यपः क्रोधसन्निभः।।२४।।

मूर्तीरानय शीघ्रं त्वं नो चेत् पुत्र ! मरिष्यसि।
मया न नीतास्तास्तात ! प्रत्युवाच स निर्भयः।।२५।।

गरिरहेको समयमा बाहिर साना - साना बालकहरूसँग खेलेर भित्र आउनुभएका श्रीगणेशले पार्वती, शङ्कर, विष्णु, श्रीगणेश र सूर्यका मूर्ति देख्नुभयो । ती पाँचवटै मूर्तिलाई समातेर घरबाहिर लगी कतै राखिदिनुभयो । त्यसपछि उहाँ अँगेनातर्फ लाग्नु-भयो ।।११-१३।। त्यहाँ गई खरानी झिकेर सारा शरीरमा भस्मलेपन गरी उहाँ एकान्तमा लुक्नुभयो । उता ध्यान गरिरहेका ती हाहा, हूहू र तुम्बरु नामक गन्धर्वहरूले आँखा खोल्दा ती पाँचवटा देवमूर्ति देखेनन् ।।१४।। तिनीहरूले चकित भएर आपसमा भने - 'यहाँका मूर्तिहरू कसले लग्यो ? यी मूर्ति त हाम्रा कर्मका कारण हुन् । गन्धर्व, राक्षस, यक्ष आदिले आएर चोरे कि? अथवा ती मूर्तिहरू आफै सत्त्वपरीक्षाका लागि अन्तर्धान भए कि ? यसरी तर्क गरिरहेका ती गन्धर्वहरूलाई धेरै रीस उठ्यो र कश्यप ऋषिलाई सोधे -हामी तपाइँको घरमा भगवान्को ध्यान गरिरहेका थियौं, त्यसै बेला यहाँ रहेका मूर्तिहरू कसरी हराए ? तपाइँको आश्रममा जातिगत रूपमा द्वेष गर्ने जन्तुहरू पनि परस्पर मिलेर खेलिरहेका छन्। परन्तु देवताका ती मूर्तिहरू कोसँग डराएर भागे ? के यहाँ घोर डाँका बस्छन् ?' गन्धर्वहरूका यी कुरा सुनेर कश्यप रिसाए । ती गन्धर्वहरूले मूर्ति नभेट्टाएसम्म भोजन नगर्ने कुरा बुझेर कश्यपले आफ्ना शिष्यहरूलाई बोलाएर भन्नुभयो - आश्रममा म जन्मेदेखि अहिलेसम्म कुनै चोर मानिस थिएन। आज कुन चोर निस्क्यो? त्यसको खोजी गरी तिमीहरूले मलाई बताउनु पर्दछ । शिष्यहरूले आफ्ना गुरुको रोषपूर्ण वाणी सुनेर भने - हामी चोर होइनौं । हजुरका छोराको बानी-व्यहोरा हजुरलाई थाह नै छ । अरूका दोषको चर्चा गर्दा त्यो दोष आफूमाथि पनि आइलाग्छ । तसर्थ हामी हजुरका छोराको विषयमा केही भन्न चाहँदैनौं ।।१८-२२।। शिष्यहरूका यी कुरा सुनेर रिसाएका मुनि कश्यपले हातमा लौरो लिएर त्यो कहाँ छ भन्दै खोज्न जाँदा अँगेनामा आफ्नो छोरालाई देखे ।।२३।। तिनले छोरालाई समातेर शिष्यहरू भएको ठाउँमा ल्याए । त्यस बेला शिष्यहरूले ती बालक छोरालाई शिवजीकै रूपमा देखे । कश्यपले रिसाएर छोरालाई भन्नुभयो - तैले छिटो ती मूर्ति लिएर आउनुपर्छ अन्यथा तँ मर्नेछस् । ती बालकले उत्तर दिंदै निर्भयतापूर्वक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रवीषि शपथं यं यं तं तमेव करोम्यहम्।
एवं वदन् पितुर्भीत्या रुरोद भृशमर्भकः।।२६।।

प्रसार्य वदनं भूमौ पतितो भृशविह्वलः।
जननी च तदा याता तामुवाच ततोऽर्भकः।।२७।।

यदि मे भक्षिता देवास्तर्ह्यास्ये दृश्यतां मम।
प्रसारिते तदास्ये सा ददर्श विश्वमन्तरा।।२८।।

विस्मिता मूर्च्छिता भूमौ पतिता भयविह्वला।
ततस्ते ददृशुस्तत्र गन्धर्वाः कश्यपोऽपि च।।२९।।

कैलासं शङ्करं साङ्गं वैकुण्ठं विष्णुमेव च।
ब्रह्माणं सत्यलोकं च शक्रं चैवामरावतीम्।।३०।।

सपर्वतवनाकीर्णां धरणीं लोकसंयुताम्।
सरितः सागरान् यक्षान् रक्षांसि पन्नगानपि।।३१।।

वृक्षान् पक्षिगणाँश्चैव भुवनानि चतुर्दश।
इन्द्रादिसर्वलोकाँश्च पातालानि दिशो दश।।३२।।

ततो माता प्रबुद्धा सा स्तनपानं ददौ मुदा।
ननाम कश्यपस्तन्तु दृष्ट्वेत्थं विश्वरूपिणम्।।३३।।

तर्कयामास मनसि साक्षादीश्वर एव यः।
अवतीर्णो मम गृहे तमहं ताडितुं गतः।।३४।।

ततः स कश्यपः प्राह भुज्यतामिति तान् प्रति।
नायं बालस्ताडयितुं मया शक्यो महाबलः।।३५।।

भीषयन्तूग्ररूपेण समष्टिव्यष्टिरूपवान्।
भवतां यदि शक्तिश्चेत् ताड्यतां मूर्तिहेतवे।।३६।।

त ऊचुर्न वयं किञ्चिद् भक्षयामस्तवालये।
अन्नं वा कन्दमूलादि पञ्चायतनमन्तरा।।३७।।

भने- पिता! मैले ती मूर्ति चोरेको छैन। यसका लागि जे किरिया पनि खान सक्छु । त्यसपछि ती बालक पिताको रिसाएको अनुहार देखेर डरले रोइराखे ।।२४-२६।। ती व्याकुल भएर भुइँमा लडे । त्यसै बेला तिनकी आमा अदिति पनि त्यहाँ आइपुगिन् । तिनले आमासँग भने - 'आमा ! मैले देवताको मूर्ति चोरेको छैन । यदि मैले मूर्ति खाएको छु भने मेरो मुखमा हेर्नुहोस् । म मुख खोलेर देखाउँछु ।' यसो भनेर ती बालकले मुख बाए । त्यस बेला आमा अदितिले बालकको मुखभित्र सम्पूर्ण ब्रह्माण्ड देखिन् ।।२७-२८।। ब्रह्माण्डदर्शनपछि डराएर अदिति मूर्च्छित भई भुइँमा पछारिइन्। होश आएपछि आश्चर्यचकित पनि भइन् । ती गन्धर्वहरूले र कश्यप ऋषिले पनि बालकको मुखभित्र ब्रह्माण्ड दर्शन गरे। तिनले त्यहाँ कैलास पर्वत, भगवान् शङ्कर, वैकुण्ठ, भगवान् विष्णु, सत्यलोक, भगवान् ब्रह्मा, अमरावती, देवराज इन्द्र, पर्वत र वनले परिपूर्ण पृथिवी, लोक-लोकान्तर, नदी, सागर, यक्ष, राक्षस, सर्प, वृक्ष, पशुपक्षी, चौध भुवन, लोकपाल, पाताल र दसै दिशाको दर्शन गरे ।।२९-३०।। मूर्च्छित भएकी आमा अदिति जागिन् र आफ्ना छोराको अपूर्व महत्त्व बुझेर तिनलाई नजिकै बोलाई हर्षपूर्वक दूध चुसाइन् । कश्यपले पनि विश्वरूप बालकलाई देखेर प्रणाम गरे।।३१-३३।। कश्यप ऋषिले मनमा विचार गरे- मेरो घरमा साक्षात् ईश्वरले अवतार लिनुभएको रहेछ । म पिट्न भनेर जाइलागें, मेरो भूल भयो । त्यसपछि उनले चिन्तित अवस्थामा रहेका गन्धर्वहरूलाई भन्नुभयो - तपाइँहरूले भोजन गर्नुहोस् । म यो बालकलाई पिट्न सक्दिनँ। यो बलशाली छ र विचित्र पनि। यसको विशेष र सामान्य दुवै रूप देखें । मसँग यो डराउँदैन। तपाइँहरू सक्नुहुन्छ भने डराउन दिनुहोस् । तपाइँहरूलाई मूर्तिको चिन्ता लागेको छ। तसर्थ तपाइँहरूमा शक्ति छ भने यसलाई पिट्नुहोस् ।।३४-३६।। कश्यपका कुरा सुनेर गन्धर्वहरूले भने- हामीहरू तपाइँको घरमा केही खाँदैनौं । अन्न अथवा कन्दमूल कुनै चीज खाने हाम्रो इच्छा छैन किनकि हाम्रा पञ्चायन देवता हराएका छन्। ती नभेटिएसम्म हामीले खानुको कुनै अर्थ छैन। यसो भनिरहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्तवन्तो ददृशुर्बालकं पञ्चधाऽपि ते।
शिवाशिवेनवीशेभाननरूपं तमेव हि।।३८।।

प्रणेमुः स्थिरचित्तास्ते पुपूजुस्तुष्टुवुर्जगुः।
क्षणं ते ददृशुर्बालं क्षणं पञ्चस्वरूपिणम्।।३९।।

क्षणं महाभीतिकरं क्षणं तं विश्वरूपिणम्।
ततस्तस्मै निवेद्यान्नं षड्रसं बुभुजुश्च ते।।४०।।

ततस्ते नुनुवुर्भक्त्या बालं तं विश्वरूपिणम्।।४१।।

त्रय उचुः

अज्ञानेन विमोहितं जगदिदं संसारचक्रभ्रम-
न्नानाभेदधिया स्वरूपविमुखं नानाविधिभ्रामितम्।
नानापाशनियन्त्रितं निजकृतैः कर्माङ्कुरैर्भ्रंशितं
नानारूपमरूपमेकमगुणं हित्वा भवन्तं विभो।।४२।।

अन्ये ते चरणारविन्दनिरता हित्वा फलं याजका
आत्मानं स्वपरेषु वर्ष्मसु सदा सञ्चिन्तयन्तोऽमलाः।
ते ज्ञानेन विधूय सर्वकलुषं दग्ध्वाङ्कुरान् कर्मजान्
त्वामेवाशु विशन्ति सर्वसरितो वार्द्धिं यथा मेघजाः।।४३।।

ये केचिद्भजनानुरक्तमनसः सिद्धिं गता भूयसीं
ते तत्रैव निमग्नमानसतया विस्मृत्य पादाम्बुजम्।
ते कृच्छ्रादुपरुह्य चोत्तमपदं तस्मात् पतन्तो निजा-
दज्ञानान्न विदुर्विषं हि पिबतो हित्वाऽमृतं दुर्लभम्।।४४।।

ती गन्धर्वहरूले अकस्मात् कश्यपका बालक छोरालाई **शिवा**- देवी, **शिव**-शङ्कर, इन- सूर्य, **वीश**- विष्णु, इभानन- श्रीगणेश रूपमा उभिएको देखे। एउटै बालक पाँचवटा स्वरूप लिएर उभिएका थिए। बालकमा पञ्चायतन देवताको स्वरूप दर्शन गरेपछि ती गन्धर्वहरूले स्थिरचित्त भएर बालकलाई प्रणाम गरे, पूजा गरे, स्तुति गरे र गुणगान गरे। केही बेर तिनीहरूले बालकरूपमा र केही बेर पञ्चायतन देवताका रूपमा रहेका कश्यपपुत्रको दर्शन गरे।।३७-३९।। कतिबेला ती बालक डरलाग्दा देखिन्थे भने कतिबेला सारा ब्रह्माण्डलाई आफूमा समेट्ने विराट् रूपमा देखिन्थे। ती बालकलाई नैवेद्य टक्र्याएर गन्धर्वहरूले कश्यप ऋषिका भान्छामा पाकेको भोजन आनन्दपूर्वक खाए। त्यसपछि विश्वरूप बालकलाई भक्तिपूर्वक प्रणाम गरे।।४०-४१।।

गन्धर्वहरूले भने - यो संसार अज्ञानले मोहित भएको छ। नाना किसिमका भेद दृष्टि राखेर संसारका प्राणी मायामुग्ध भई जन्म र मृत्युको चक्कर काटिरहेका छन् र यिनले आफ्नो स्वरूप बिर्सेका छन्। अनेक थरि उपलब्धिविहीन कर्महरूमा चक्कर काटिरहेका छन् र अनेक बन्धनबाट नियन्त्रित पनि छन्। आफूले गरेका कर्मका आँकुराहरूबाट आफै भ्रष्ट पनि भएका छन्। हे अन्तर्यामी प्रभु ! यसको वास्तविक कारण भने संसारका मानिसले अनेक रूपमा रहनुहुने र एक रूपमा रहनुहुने निराकार र साकार हजुरलाई बिर्सनु नै हो।।४२।। हजुरका अरू ती भक्तहरू छन्, जसले निरन्तर हजुरको चरणकमलको आश्रय लिएर जीवनयापन गरिरहेका छन्। कुनै पनि फलको कामना नगरेर हजुरको प्रसन्नताका लागि यज्ञ गरिरहेका छन्। आत्मालाई आफू र पराइमा समानरूपमा देख्ने गर्दछन्। सदा सर्वदा ईश्वरकै चिन्तनमा लागिरहेका छन्। ती निर्मल चरित्रका र निर्मल आचार-विचारका पनि छन्। त्यस्ता भगवान्का भक्तहरू आफ्नो ज्ञानद्वारा सम्पूर्ण पाप नष्ट गरेर कर्मका आँकुराहरूलाई पोली वर्षाकालिक नदीहरू समुद्रमा विलीन भएझैं हजुरकै स्वरूपमा विलीन हुन्छन्।।४३।। केही मानिसहरू भगवान्को भजन गर्न रुचाउँछन् र भजनका प्रतापबाट अनेक थरि सिद्धि प्राप्त गर्दछन्। सिद्धि प्राप्त गरेपछि भोगविलासमा भुलेर भगवान्का चरणकमलको बेवास्ता गर्दछन्। ती भक्तहरू कष्टपूर्वक उत्तम स्थितिमा प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मान्नो जननं भवेद् यदि शुभं यद् वाऽशुभं त्वत्स्मृति-
रास्तां तत्र निरन्तरं शुभकरी भक्तिश्च दुःखाशिनी।
एवं चेद् भ्रमतां कदापि हि भवेत् संसारपाथोनिधे-
र्निस्तारो भवतः कृपेक्षणवशात् सर्वात्मने ते नमः।।४५।।

तवावतारान् न हि कोऽपि शक्तो
वेत्तुं कथं वा कतिचित् कदेति।
योगीश ! मायेश ! गुणेश ! भूमन् !
नमो नमस्ते भगवन् ! नमस्ते।।४६।।

क उवाच

एवं स्तुत्वा गतास्ते तु कैलासं गिरिशालयम्।
पञ्चायतनमर्चन्तो विस्मिता बालचेष्टितम्।।४७।।

भएर पनि उत्तम स्थितिको लाभ लिन नसकी अज्ञानमोहित भएर फेरि भोगविलासमा आसक्त हुन्छन्, तसर्थ उत्तम स्थितिबाट तल्लो स्थितिमा झर्छन्। अज्ञानकै कारण तिनले आफूलाई बिर्सन्छन् । तिनले दुर्लभ अमृतलाई छाडेर विषपान गर्छन् र संसारका घोर कष्ट भोग्दछन् ।।४४।। त्यस कारण हे भगवन् ! हाम्रो फेरि जन्म नहोस्, हामीले दुःख अथवा सुख जे-जस्तो भोग्न परे तापनि हृदयमा हजुरको संझना गरिराखौं। हाम्रा हृदयमा निरन्तर कल्याण प्रदान गर्ने र दुःखनाश गरिदिने हजुरको भक्ति सदा-सर्वदा जागा रहोस् । यस्तो हुनसक्यो भने संसारमा चलखेल गर्दा संसारिक पदार्थहरूसँग जति सम्पर्क भएता पनि संसारसागरबाट निस्तार पाइन्छ । भक्ति र स्मृतिका कारण हजुरले कृपादृष्टि राख्नुहुन्छ र आफ्ना भक्तहरूको उद्धार गर्नुहुन्छ । यस्ता सर्वव्यापक, विश्वात्मा हजुरलाई बारबार नमस्कार गर्दछौं ।।४५।। हे भगवन् ! हजुरका अवतारहरूको विषयमा कति भए, कहाँ भए ? र कहिले भए? भन्ने कुरा कसैले पनि बताउन सक्दैन। हे योगीश्वर ! हे मायेश्वर ! हे गुणेश्वर ! हे सर्वव्यापक ऐश्वर्यशाली भगवन् ! हामी हजुरलाई बारबार नमस्कार गर्दछौं ।।४६।।

ब्रह्माजीले भन्नुभयो - कश्यपपुत्रका रूपमा रहनु हुने बालस्वरूप भगवान्‌को चेष्टा देखेर अत्यन्त चकित भएका पाञ्चायन देवताको आराधना गर्ने ती गन्धर्वहरू यसरी स्तुति गरेर शङ्करको निवासभूमि कैलासतर्फ गए ।।४७।।

ॐ

इतिश्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते हाहादिस्तुतिर्नाम नवमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'हाहा आदि गन्धर्वहरूद्वारा श्रीगणेशको स्तुति' शीर्षकान्वित नवौं अध्याय पूर्ण भयो ।।९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशमोऽध्यायः   { १० अध्याय }

क उवाच

ततस्तु पञ्चमे वर्षे सचौलं व्रतबन्धनम्।
चकार कश्यपो धीमान् सूत्रोक्तविधिना शुभम्।।१।।

शुभे मुहूर्ते लग्ने च ब्राह्मणैर्वेदपारगैः।
आकारिताः शिष्यगणैर्देवदानवराक्षसाः।।२।।

मुनयो यक्षनागाश्च तथा राजर्षयोऽपि च।
वैश्याः शूद्रास्तथा याता नानोपायनपाणयः।।३।।

ववदुर्बहुवाद्यानि नृदेवैराहतानि च।
गणेशपूजनं चक्रे स्वस्तिवाचनमेव च।।४।।

मण्डपस्थापनं चक्रे मातृकापूजनं तथा।
चकाराभ्युदयश्राद्धं ब्राह्मणानां तथाऽर्चनम्।।५।।

सुहृदां वस्त्रदानञ्च चकार स यथार्हतः।
अन्येषाञ्च तथा तेऽपि वस्त्राणि निदधुः पुरः।।६।।

होमान्ते पुनरानर्च ब्राह्मणान् कश्यपस्ततः।
अन्तःपटं वेदिकायां धारयित्वा स सत्वरम्।।७।।

कृत्वाऽग्निस्थापनं पूर्वमुपनिन्युश्च बालकम्।
सुवासिन्यो ब्राह्मणास्तमक्षताभिरवाकिरन्।।८।।

तन्मध्ये राक्षसाः पञ्च सुदुष्टा ब्रह्मलिङ्गिनः।
अस्त्रैस्तमाकिरन् दुष्टास्तत्प्राणहरणेच्छया।।९।।

विघातश्चैव पिङ्गाक्षो विशालः पिङ्गलस्तथा।
चपलश्च महापुण्ड्रा अक्षमालाविभूषिताः।।१०।।

जलपात्रभृतोऽनर्घ्यवस्त्राम्बरधराः शुभाः।
विशीर्णोऽजायत देहः कुमारस्य तदस्त्रतः।।११।।

ज्ञात्वा कुमारस्तान् दुष्टान् मन्त्रयामास तण्डुलान्।
महोत्कटः प्रचिक्षेप तण्डुलान् पञ्च पञ्चसु।।१२।।

ब्रह्माजीले भन्नुभयो - कश्यप ऋषिले बालक पाँच वर्षका हुँदा गृह्यसूत्रअनुसार उत्तम मुहूर्त र उत्तम लग्नमा वेदमा पारङ्गत ब्राह्मणहरूद्वारा बालकको चौलकर्मसहित व्रतबन्ध गरे। बालकको व्रतबन्ध कर्ममा ऋषि कश्यपले आफ्ना शिष्यहरूको माध्यमबाट देवता, दानव, राक्षस, मुनि, यक्ष, नाग, राजर्षि, वैश्य र शूद्रहरूलाई पनि बोलाएका थिए । सबै निमन्त्रित जनहरू आ-आफ्ना हातमा उपहार लिएर व्रतबन्धमा शामेल भएका थिए ।।१-३।। व्रतबन्धको दिन कश्यपको आश्रममा मानिस र देवताहरूले अनेक थरि बाजा बजाए । ऋषि कश्यपले छोराको व्रतबन्धको उपलक्ष्यमा श्रीगणेशको पूजा गरे । त्यसपछि तिनले स्वस्तिवाचन, मण्डपप्रतिष्ठा, मातृकापूजन, आभ्युदयिक श्राद्ध र ब्राह्मणपूजनजस्ता कर्महरू गरे । तिनले योग्यताअनुसार आफ्ना मित्र एवं बन्धुहरूलाई वस्त्र प्रदान गरे । अरू आगन्तुकहरूलाई पनि आफ्नो शक्तिअनुसार वस्त्र र अलङ्कार टक्र्याए । जस-जसलाई वस्त्र प्रदान गरिएको थियो, तिनले पनि कश्यपले दिएका वस्त्र श्रद्धापूर्वक त्यहीं नै धारण गरे ।।४-६।। हवन सकिएपछि कश्यपले ब्राह्मणहरूको फेरि पूजा गरे । ऋषिहरूले अग्निस्थापना गरेर मण्डपमा रहेका बालकले गर्नुपर्ने स्नान र वस्त्रधारण सबै गराई उपनयन गराए । सौभाग्यवती महिला र ब्राह्मणहरूले बालकका शरीरमा अक्षता चढाएर सम्मान गरे ।।७-८।। यसरी व्रतबन्धको उल्लासमय उत्सव चलिरहेकै बेला दर्शनार्थीहरूको बीचमा विघात, पिङ्गाक्ष, विशाल, पिङ्गल र चपल नाम गरेका पाँच जना दुष्ट राक्षसहरू ब्राह्मणको रूप धारण गरेर प्रवेश गरे। ती दुष्टहरूले त्यहाँ रहेका मानिसहरूको प्राण लिने दुराशयले अस्त्रप्रहार गर्न थाले ।।९।। मानिसहरूमा भ्रान्ति पैदा गर्न तिनले निधारमा ठूलो तिलक लगाएका थिए र घाँटीमा रुद्राक्षमाला धारण गरेका थिए ।।१०।। तिनले हातमा जलपात्र लिएका थिए र शरीरमा बहुमूल्य वस्त्र धारण गरेका थिए । ती राक्षसले अस्त्रप्रहार गरेपछि व्रतबन्ध गरिरहेका बालकको शरीरमा चोट लाग्यो ।।११।। अस्त्रप्रहारबाट आफ्नो शरीरमा घाउ लागेपछि ती बालकले हाम्रो यज्ञमा दुष्टहरू घुसेका छन् र ती दुष्ट राक्षस नै हुन् भन्ने जानेर अक्षता मन्त्रने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदैव निर्गतप्राणा निजरूपं समाश्रिताः।
करालाः पतिता भूमौ विशीर्णा दशयोजनम्।।१३।।
वज्राघाताद् यथा पेतुर्गिरयस्तु विडौजसः।
कोलाहलो महानासीद् रजसाऽऽच्छादिता दिशः।।१४।।
कथं व्यापादिताः पञ्च राक्षसाः कूटरूपिणः।
क्षणेनानेन बालेन न जानीमोऽखिला अमुम्।।१५।।
अवतीर्णो भुवो भारं हर्तुं किं परमेश्वरः।
एवं ततो गरिष्ठे ते ब्रह्माद्या देवता गणाः।।१६।।
ववृषुः पुष्पवर्षाणि विमानवरमाश्रिताः।
नीतेषु तेषु प्रेतेषु ब्राह्मणाः कश्यपोऽपि च।।१७।।
उपनीते तत्र शिशौ वासश्च मेखलामपि।
उपवीताजिने दण्डं ददुस्तस्मै स्वमन्त्रतः।।१८।।
ततोऽञ्जलिं पूरयित्वा प्रोद्वीक्ष्य मण्डलं रवेः।
होमं सर्वं समाप्यैनं सावित्रीं कश्यपोऽब्रवीत्।।१९।।
पादमर्धं ततः सर्वां भिक्षां माता पुरा ददौ।
असङ्ख्यातास्ततो भिक्षा ददुस्ते सर्व आगताः।।२०।।
उपदिश्य ततश्चैनं शौचाचाराननेकशः।
पुनश्च ब्राह्मणान् पूज्य वासांसि काञ्चनं च गाः।।२१।।
महत्यरिष्टेऽतीतेऽस्मिँस्तेभ्यो भक्त्या ददौ मुनिः।
वशिष्ठस्तं सभामध्ये निनाय ब्रह्मणोऽन्तिकम्।।२२।।
सोऽपि कमण्डलुजलैरस्य तीर्थं गृहीतवान्।
सर्वदा विकसत्पद्मं ददावस्मै करस्थितम्।।२३।।
ब्रह्मणस्पतिरित्येवं नाम चक्रे तदास्य सः।
सम्पूज्य नाम चक्रेऽस्य भारभूतिर्बृहस्पतिः।।२४।।
रत्नमालां ददौ चास्मै कुबेरोऽपि गलस्थिताम्।
सुरानन्देति नामास्य सम्पूज्य च चकार ह।।२५।।
सर्वप्रियेति नामाऽस्य दत्त्वा पाशमपाम्पतिः।
शृण्वत्सु सुरसङ्घेषु चकार शङ्करोऽपि च।।२६।।

काम गरी ती पाँच जनामाथि पाँचवटा अक्षता प्रहार गरे । अक्षताको प्रहारबाट ब्राह्मणका रूप लिएर आएका ती दानवहरू निष्प्राण भएर राक्षसरूपमा देखिए । जसरी अघि इन्द्रको वज्रप्रहारबाट पर्वतहरू ढलेका थिए, त्यसैगरी ती डरलाग्दा दानवहरूका शरीर भुइँमा दशयोजनसम्म फैलिए । राक्षसहरूको शरीर फैलिएका कारण चारैतिर धूलो उड्नाले दसै दिशामा अन्धकार छायो र ठूलो कोलाहल भयो ।।१२-१४।। यी साना बालकले एकछिनमा नै कूटरूपी पाँचवटा राक्षसलाई कसरी मारे ? के परमेश्वरले नै पृथिवीको भारहरण गर्न अवतार लिनुभएको हो ? घटना देखेपछि यसरी मानिसहरू तर्क-वितर्क गर्न थाले । त्यसपछि ब्रह्मा आदि देवताहरूले विमानमा रहेर गौरवशाली ती बालकमाथि फूल बर्षाए । प्रेतहरूको लाश उठाएपछि ब्राह्मणवर्ग र कश्यप ऋषिले भर्खर व्रतबन्ध गरिएका बालकलाई मन्त्र उच्चारण गर्दै जनै, मेखला, वस्त्र, मृगचर्म र पलाशको दण्ड प्रदान गरे ।।१५-१८।। त्यसपछि सूर्यमण्डलको दर्शन गराएर बालकको अञ्जुलीमा भिक्षा दिई होम समाप्त गरेपछि कश्यप ऋषिले बालकको कानमा गायत्री मन्त्र सुनाए।।१९।। एक चौथाई भिक्षा कश्यपले दिए भने सम्पूर्ण भिक्षा अदिति माताले प्रदान गरिन् । त्यसपछि यज्ञमा आमन्त्रित सबै नर-नारीहरूले बालकलाई भिक्षा प्रदान गरे ।।२०।। भिक्षादानपछि कश्यपले बालकलाई शौच र सदाचारको उपदेश दिएर ब्राह्मणपूजन गरी ती ब्राह्मणहरूलाई सुवर्णमुद्रा, गाई र वस्त्र प्रदान गरे ।।२१।। कश्यप ऋषिले ब्राह्मणहरूलाई भन्नुभयो- तपाइँहरूले ठूलो अरिष्टबाट हामीलाई जोगाउनुभयो। प्रार्थनापछि कश्यपले ती सबै ब्राह्मणहरूलाई भक्तिपूर्वक दान र दक्षिणा प्रदान गरे । वशिष्ठ ऋषिले बालकलाई सभाको बीचमा ब्रह्माजीको समीपमा ल्याए । ब्रह्माजीले बालकमाथि कलशको जलले अभिषेक गर्नुभयो र बालकले पनि ब्रह्माजीले गर्नुभएको अभिषेकलाई श्रद्धापूर्वक ग्रहण गरे। त्यसपछि ब्रह्माजीले आफ्नो हातमा रहेको नित्य विकसित भइरहने कमल बालकलाई प्रदान गरी ब्रह्मणस्पति नाम राखे। बृहस्पतिले बालकको पूजा गरी भारभूति भन्ने नाम राखे ।।२२-२४।। कुबेरले आफ्नो कण्ठमा रहेको रत्नमाला प्रदान गरी बालकको पूजा गरेर सुरानन्द नाम राखे ।।२५।। वरुणले आफ्नो हातको पाश टक्र्याएर ती बालकको नाम सर्वप्रिय राखे । सबै देवताहरूले सुनिरहेकै बेला भगवान् शङ्करले बालकलाई त्रिशूल र डमरु प्रदान गरी विरूपाक्ष नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिशूलं डमरुं दत्त्वा विरूपाक्षेति चाभ्यधात्।
दत्त्वा चन्द्रकलां नाम भालचन्द्रेति चाकरोत्।।२७।।
रामस्य जननी चास्मै सखीं बालाय चार्पयत्।
परशुं पर्शुहस्तेति नाम चक्रे स्फुटं मुदा।।२८।।
पुनः सम्पूज्य सिंहं सा ददौ वाहनमुत्तमम्।
सिंहवाहन इत्येवं चक्रे नामाऽतिसुन्दरम्।।२९।।
उपादिशद् दुष्टनाशं कुरु शीघ्रं विनायक !
सागरो द्विजरूपेण मुक्तामालां ददावथ।।३०।।
मालाधरेति नामाऽस्यं कृतवान् परिपूज्य च।
आसनार्थं ततस्तस्मै शेषः स्वात्मानमार्पयत्।।३१।।
फणिराजासनेत्येवं नाम चक्रे स्वयं मुदा।
दाहशक्तिं ददौ वह्निर्धनञ्जयेति नाम च।।३२।।
प्रभञ्जनेति नामाऽस्मै वायुश्च बलमुच्चकैः।
एवं सर्वे यथाशक्त्या दत्त्वा नामानि चक्रिरे।।३३।।
तेषां निर्वचने शक्तिर्न कस्याऽपि भवेन्मुने।
अपुपूजन्न चैनं स शक्रो मदविमोहितः।।३४।।
न वा किञ्चिद् ददौ चैनमुपायनवरं शुभम्।।३५।।
कथं त्रिलोकीनमितः सुरेशो
वृद्धोऽमृताशी लघुमर्भकन्तम्।
गजेन्द्रगामी हरिशूलपाणि-
प्रपूजितः कश्यपजं नमस्ये ? ।।३६।।
सिंहो यथा नात्ति तृणं समुद्रः पल्वलोदकम्।
न याचति तथाऽन्यं वा कल्पवृक्षोऽखिलं ददत्।।३७।।
एवं तस्याशयं बुद्ध्वा कश्यपः प्रणिधानवान्।
उवाच धर्मसंयुक्तं वचस्तद्धितकाम्यया।।३८।।
यत्राऽद्भुतानि कर्माणि यत्र स्युश्च गुणाकराः।
स नमस्यश्च पूज्यश्च ब्राह्मणोऽपि च निर्गुणः।।३९।।

राख्नुभयो। फेरि उहाँले ती बालकलाई चन्द्रमाको कला प्रदान गर्नुभयो र भालचन्द्र भन्ने नाम पनि राख्नुभयो ।।२६-२७।। परशुरामकी माता रेणुकाले आई बालकलाई एउटी कन्या र बञ्चरो समेत अर्पण गरिन् र तिनको नाम परशुधारी राखिन् । नामकरणपछि रेणुकाले बालकको पूजा गरी वाहनका रूपमा सिंह टक्र्याइन् र सिंहवाहन नाम पनि राखिन्।।२८-२९।। अन्तमा तिनले उपदेश गर्दै भनिन् – 'हे बाबु ! तिमीले शीघ्र दुष्टहरूको नाश गर।' त्यसपछि ब्राह्मणका रूपमा आएका समुद्रले बालकलाई मोतीको माला टक्र्याई पूजा गरे र मालाधर भन्ने नाम पनि राखे । त्यसै उपलक्ष्यमा आएका शेषनागले बालकको आसनका निमित्त आफैलाई समर्पण गरे र बालकको नाम फणिराजासन राखे। यसै क्रममा त्यहाँ आएका अग्निले बालकलाई दाहक शक्ति प्रदान गरी धनञ्जय नाम राखे ।।३०-३२।। यसैक्रममा त्यहाँ आएका वायुले बालकलाई बल प्रदान गर्दै तिनको नाम प्रभञ्जन राखे । यसरी सबै देवताहरूले आ-आफ्ना शक्तिअनुसार उपहार टक्र्याई ती बालकका अनेक थरि नाम राखे।।३३।। हे मुनि ! ती नामहरूको व्याख्या गर्ने शक्ति कसैसँग पनि थिएन । म देवताको राजा हुँ भन्ने अहङ्कारले अन्धा भएका इन्द्रले भने ती बालकको पूजा गरेनन् र कुनै उपहार पनि टक्र्याएनन् ।।३४-३५।। मलाई स्वर्ग, मर्त्य र पातालका प्राणीहरूले नमस्कार गर्छन्, म देवताको अधिपति हुँ, म वयोवृद्ध र ज्ञानवृद्ध छु, म ऐरावत हात्तीमा सवार गर्छु, विष्णु र शङ्करले पनि मलाई सम्मान प्रदान गर्नुहुन्छ भने मैले कश्यपको सानो छोरालाई कसरी नमस्कार गरूँ भन्ने भावना इन्द्रले लिए ।।३६।। यस्तो अहङ्कारको वशमा परेका इन्द्रले यो पनि भने – 'बाघले घाँस खाँदैन, समुद्रले कुवाको पानी खाँदैन र कल्पवृक्षले अरू कसैसँग केही माग्दैन । यी सबैले त अरूलाई दिन्छन् । मलाई यी बालकबाट केही लिनु-दिनु छैन ।' इन्द्रको यो आशय भगवान्को ध्यान गरिरहेका कश्यप ऋषिले थाहा पाए र इन्द्रको हित चिताई धर्मभावनाले इन्द्रलाई भने ।।३७-३८।। 'हे इन्द्र ! यी बालक निर्गुण ब्राह्मण भएता पनि यिनमा अद्भुत कर्म र गुणका खजाना हुन्, तसर्थ यिनको पूजा र वन्दना गर्नुपर्दछ ।।३९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते नानानामनिरूपणं नाम दशमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशका अनेक नामहरूको निरूपण' शीर्षकान्वित दसौं अध्याय पूर्ण भयो ।।१०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादशोऽध्यायः { ११ अध्याय }

कश्यप उवाच

अयन्तु मद्गृहे कोऽपि ह्यवतीर्णः परःपुमान्।
अनिर्वाच्यगुणो हीनो गुणैस्त्रिभिरनावृतः।।१।।

एतद्विरोधं यः कुर्यात् स पदभ्रंशतामियात्।
एतस्याद्भुतकर्माणि श्रृणु मे गदतः सुर।।२।।

विरजा राक्षसी घोरा हन्तुमेनं समागता।
सा हता तेन बालेन पतिता हि द्वियोजना।।३।।

उद्धतश्चैव धुन्धुश्च दैत्यौ परमदुर्मदौ।
शुकरूपधरावेनं निहन्तुं समुपागतौ।।४।।

पक्षे धृत्वा पोथितौ तौ शिलायां गतजीवितौ।
निपेततुर्धरापृष्ठे विशालौ सर्वदृग्गतौ।।५।।

तथैव चित्रगन्धर्वो जले नक्रत्वमागतः।
एतस्य स्पर्शमात्रेण गतो दिव्यशरीरताम्।।६।।

हाहाहूहूतुम्बरूणां सत्त्वसंशोधनाय सः।
जहार पञ्चायतनं पञ्चधा स्वयमप्यभूत्।।७।।

सर्वेषां च समक्षं वो निहताः पञ्च राक्षसाः।
एवं मुनिवचः श्रुत्वा बभाण बलवृत्रहा।।८।।

इन्द्र उवाच

न दृष्टोऽस्य गुणोत्कर्षस्तावन्मान्यो भवेत् कथम्।

क उवाच

ततो दिदेश वायुं स नयैनं व्योममण्डलम्।।९।।

तस्यानुज्ञापदं वायुर्युगान्तसदृशो ववौ।
आन्दोलयन् सर्वलोकं भ्रामयन् भूधरान् भृशम्।।१०।।

कश्यपले भन्नुभयो - 'यी बालक मेरो घरमा सामान्य बालकका रूपमा जन्मेका प्राणी होइनन्। यी त परमपुरुष भगवान्कै अवतार हुन्। यिनका गुणको महिमा बताउन सकिंदैन। सत्त्व, रज, तम गुणदेखि बाहिर रहेका यी आत्मस्वरूप हुन्।।१।। जसले यिनको विरोध गर्दछ त्यो आफ्नो पदबाट च्युत हुन्छ। यिनका अद्भुत कर्महरूको विषयमा म बताउँछु, तपाइँ सुन्नुहोस्।।२।। एकपटकको कुरा हो, विरजानामक डरलाग्दी राक्षसी यिनको हत्या गर्न आई, तर यिनले त्यसकै हत्या गरे र त्यो दुई योजनसम्म फैलिएर भुइँमा लडी।।३।। त्यसपछि उद्धत र धुन्धुरनामक अत्यन्त घमण्डी दैत्यहरू सुगाको रूप लिएर यिनलाई मार्न भनेर आए तर यिनले तिनका पखेटा समातेर ढुङ्गामा लगी पछारिदिंदा तिनीहरू मरे। भुइँमा लडेका ती दैत्यहरू सुगाको रूप छाडेर विशाल दैत्यको आकारमा परिणत भएका थिए र तिनलाई सबैले राम्ररी देखे।।४-५।। त्यसपछि चित्रगन्धर्व नामक राक्षस पानीमा गोहीको रूप लिएर आयो। पानीमा खेलिरहेका बालकको स्पशमात्र पाएर त्यसले दिव्य शरीर धारण गऱ्यो।।६।। हाहा, हूहू र तुम्बरूनामक गन्धर्वहरूको अहङ्कार नाश गर्न यिनले पञ्चायतन देवताका पाँचवटै मूर्ति अपहरण गरे। पछि मूर्तिको खोजी हुँदा यिनले आफूलाई पाँचै मूर्तिका रूपमा देखाए।।७।। यिनले आफ्नो घरमा आएका सबै मानिसहरूका सामु व्रतबन्धको समयमा पाँचवटै राक्षसलाई मारिदिए ।' यसरी कश्यप ऋषिले बताउनु भएको कुरा सुनेर देवराज इन्द्रले भन्नुभयो।।८।।

इन्द्रले भन्नुभयो - मैले यी बालकका चमत्कारपूर्ण गुण आफ्नै आँखाले देख्न पाएको छैन। अरूले सुनाएका भरमा मैले यिनलाई कसरी सम्मान गर्ने ? यसकारण आफूले देखेपछि मात्र विश्वासपूर्वक यिनको मान्यता गर्न सकिन्छ ।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि इन्द्रले वायुलाई आदेश दिए- यी बालकलाई तिमीले आकाशमण्डलमा पुऱ्याऊ। वायुले पनि इन्द्रको आज्ञा पाएर प्रलय कालको प्रचण्ड वायुझैं डरलाग्दो रूप लिए। सम्पूर्ण संसारलाई भयभीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकालः प्रलयः किन्नु प्रारब्धो लोकनाशनः।
इत्येवं भृशसंविग्ना ऋषयश्च चकम्पिरे।।११।।

बटुं नेतुं समायातो महाशक्त्या प्रभञ्जनः।
न चासनं त्वस्य चलं रोम वा समपद्यत।।१२।।

भग्ने वायौ तु सम्प्राह शुष्माणं पाकशासनः।
दहैनं त्वं बटुं शीघ्रं द्रष्टव्या शक्तिरद्य ते।।१३।।

तदाज्ञां शिरसा गृह्य जगाम तमुषर्बुधः।
निर्दहन्निव त्रीन् लोकान् प्रलयानलसन्निभः।।१४।।

भस्मीकर्तुं द्रुमान् सर्वान् शोषयन् सर्वसागरान्।
तं दहन्तं जनान् सर्वान् दृष्ट्वा कश्यपनन्दनः।।१५।।

तत्क्षणादगिलद् रोगी भेषजं गुटिकामिव।
गिलिते तादृशे वह्नौ क्रोधसंरक्तलोचनः।।१६।।

सहस्रलोचनो लोकाँल्लोचनैः सर्वलोचनैः।
तावद् ददर्श तं तत्र सहस्राधिकलोचनम्।।१७।।

असङ्ख्यशीर्षमुकुटमनन्तश्रोत्रसंयुतम्।
अनन्तहस्तचरणमनन्तोदारविक्रमम्।।१८।।

शशिसूर्याग्निनयनं शिखाव्याप्तनभस्तलम्।
सप्तपातालचरणं सप्तलोकैकमस्तकम्।।१९।।

असङ्ख्यसूर्यसङ्काशमसङ्ख्येन्द्रसुसेवितम्।
असङ्ख्यकेशसंयुक्तं नानाब्रह्माण्डरोमकम्।।२०।।

आमूलाग्राद् यथा वृक्षे भवन्त्यौदुम्बराणि वै।
औदुम्बरे वा मशकाः सङ्ख्यातीता भवन्ति हि।।२१।।

तथैवैकैकरोमाञ्चं सङ्ख्यातीताण्डसंयुतम्।
पश्यँस्तत्रैवैकतरं भ्रान्तः शक्रो विवेश ह।।२२।।

पश्यति स्म स तन्मध्ये त्रैलोक्यं सचराचरम्।
अरण्यकदलीकोशपत्रे पत्रे यथा फलम्।।२३।।

र पर्वतहरूलाई कम्पायमान बनाउँदै हावा-हुरी चल्न थाल्यो। ऋषिहरूले सबैको संहार गर्ने अकालप्रलय हुन थाल्यो कि तर्क गरिरहेका ऋषिहरू डरले काँपिरहेका थिए र अत्यन्त दु;खी थिए । त्यसपछि ठूलो शक्तिका साथ आएको आँधिवेहरीले बालकलाई उडाउने प्रयास गऱ्यो । त्यतिविधि डरलाग्दो प्रचण्ड वायुको वेग चल्दा पनि बालक बसेको आसन कत्ति कम्पित भएन र बालकको सानो रौंमा पनि कुनै कम्प भएन।।९-१२।। यसरी बालकको तेजबाट वायु परास्त भए। वायु परास्त भएपछि इन्द्रले अग्निलाई आदेश दिए - 'हे अग्नि ! तिमीले यी बालकलाई डढाऊ, आज मैले यिनको शक्ति हेर्नु परेको छ।' इन्द्रको आज्ञालाई शिरमा धारण गरेर अग्नि बालकका सामु आए । स्वर्ग, मर्त्य, पाताल र अरू लोकलाई डढाउँदै आएका ती प्रलयकालका अग्निसमान देखिए।।१३-१४।। सम्पूर्ण रूखहरूलाई खरानी तुल्याउँदै, सबै सागरलाई सुकाउँदै र सबै मानिसहरूलाई डढाउँदै आएका अग्निलाई देखेर कश्यपका बालक छोराले तत्काल नै रोगीले औषधिको गोली निलेझैं अग्निलाई निलिदिए। अग्निलाई बालकले निलेपछि क्रोधले आँखा राता गराएका इन्द्रले ती बालकलाई एक हजारभन्दा बढी आँखा भएका र ती आँखाहरूबाट सारा संसारको दृश्य साक्षात्कार गरिरहेका, असंख्य शिर भएका, अनन्त कानले सुहाएका, असंख्य हात र पाउ भएका, आँक्नै नसकिने पुरुषार्थ भएका, सूर्य र चन्द्रमालाई आँखा बनाएर संसारको दृश्य हेरिरहेका, आफ्नो शिरद्वारा आकाशको स्पर्श गरिरहेका, तलका सातवटा पाताललाई चरण बनाएर उभिएका, माथिका सातलोकलाई शिर बनाएर चम्किरहेका, अनन्त सूर्यको प्रकाश धारण गर्ने, अनन्त इन्द्रहरूद्वारा सेवित, अनन्त ब्रह्मा र शिवजीले सुहाएका र आफ्ना रौंमा अनन्त ब्रह्माण्ड धारण गरिरहेको अवस्थामा देखे ।।१५-२०।। जसरी डुम्रीका वृक्षमा फेंददेखि टुप्पासम्म असङ्ख्य फल लटरम्म रहेका हुन्छन् र डुम्रीका फलभित्र असङ्ख्य लामखुट्टे कीरा रहेका हुन्छन् त्यसैगरी एक-एक रोमाञ्चमा असंख्य ब्रह्माण्ड धारण गर्ने ती बालकलाई हेर्दा भ्रान्तिमा परेका इन्द्र श्रीगणेशले धारण गर्नुभएका अनन्त ब्रह्माण्डमध्ये एउटा ब्रह्माण्डभित्र पसे । त्यहाँ तिनले स्वर्ग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असङ्ख्यातं जगत् तत्र पश्यति स्म शचीपतिः।
बभ्राम भ्रान्तचित्तोऽसौ नालभन् निर्गमं ततः।।२४।।

ततो ननाम मूर्ध्नाऽसावेवं भग्नमनोरथः।
प्रार्थयामास देवेशं तदा शक्रो गजाननम्।।२५।।

शक्र उवाच

भूभारहरणार्थं यो जातः कश्यपनन्दनः।
अचिन्त्यो महिमा यस्य किमु वर्ण्यो भवेन्मम।।२६।।

निर्गमं देहि देवेश ! कुक्षेरत्यन्तविस्तरात्।
अदृष्टपाराद् वर्षाणि द्वादश भ्रमता मया।।२७।।

तव कुक्षौ मयाऽदर्शि भुवनानि चर्तुदश।
स्थाने स्थाने विभक्तानि प्रतिरोमाञ्चमेकराट्।।२८।।

समष्टिव्यष्टिरूपाणि महाविस्तारवन्ति च।
दृष्टानि तव रूपाणि सुसौम्यानीतराणि च।।२९।।

अद्भुतान्यप्यसङ्ख्यानि वक्त्राणि नयनानि च।
दृष्ट्वा दुर्दर्शरूपाणि जगत्क्षोभकराणि ते।।३०।।

दैत्यदानवपूर्णानि सुरमानववन्ति च।
यक्षरक्षःपिशाचादिचतुराकरवन्ति च।।३१।।

विकरालमहोरूपमुपसंहर विश्वकृत् !।
गतो मोहं स्मृतिर्लब्धा प्रसादान्निखिलेश्वर।।३२।।

कायेन मनसा बुद्ध्या वाचा त्वां शरणं गतः।
प्राकृतं दर्शय विभो ! रूपं ते भक्तवत्सल।।३३।।

क उवाच

एवं यावत् प्रार्थयते स्वात्मानं तावदेव सः।
सभामध्यगतं तञ्च ददर्श ब्रह्मचारिणम्।।३४।।

मर्त्य, पाताल, धर्ती, पर्वत, स्थावर, जङ्गम देखिरहेका थिए। जसरी वनकेराको कोशाभित्र असङ्ख्य दानाहरू लागेका हुन्छन् त्यसैगरी रहेका असङ्ख्य संसारलाई इन्द्रले त्यहाँ देखे। चित्त भ्रान्त भएका इन्द्र चारैतिर घुम्न थाले तर कहींबाट पनि निकासको बाटो देखेनन्। त्यसपछि भग्न मनोरथ एवं निराश इन्द्रले टाउको झुकाएर गजाननरूप बालकसँग प्रार्थना गरे।।२१–२५।।

इन्द्रले भन्नुभयो – पृथिवीको भार हरण गर्न कश्यपपुत्रका रूपमा पैदा हुनुभएका भगवान्‌को महिमा मेरो सानो विचारद्वारा व्यक्त हुन सक्दैन।।२६।। म कसरी त्यस्ता भगवान्‌को गुणगान गरूँ ? हे देवताका पनि देवता ! हजुरको फैलिएको छातीभित्र म अल्मलिएको छु । मलाई यहाँबाट निकास दिनुहोस्। मैले १२ वर्षसम्म घुम्दा पनि पार पाउन सकिनँ। हजुरको छातीमा मैले चौधै भुवनको दर्शन गरें । ती भुवनहरू ठाउँ-ठाउँमा संयुक्त भएर रहेका थिए भने ठाउँ-ठाउँमा वियुक्त भएर पनि रहेका थिए । हजुरको प्रत्येक रोमाञ्चमा मैले एउटा ब्रह्माण्डको दर्शन गरेको छु। हजुरको विस्तृत समष्टि स्वरूप र अल्पविस्तृत व्यष्टि स्वरूपको पनि मैले दर्शन गरेको छु । हजुरको सौम्य रूप र भयङ्कर रूपको पनि दर्शन गरेको छु। हजुरको अद्भुत र असंख्य मुख र आँखाहरूको पनि दर्शन गरेको छु। संसारका आँखालाई क्षुब्ध बनाउने, आँखाबाट तेजोमय, दैत्य एवं दानवले भरिएका, मानव तथा देवताले परिपूर्ण, यक्ष; राक्षस; पिशाच आदिले सहित र चारवटा विशाल महासागरलाई पनि आफूमा समाहित गर्ने विचित्रको स्वरूप पनि मैले देखेको छु। हे विश्वका निर्माता भगवन् ! हजुरले आफ्नो डरलाग्दो तेजोमय रूपलाई शान्त तुल्याउनुहोस्। मेरो मोह र गर्व सबै गएको छ। हे संसारका स्वामी ! हजुरको कृपाबाट मैले हजुरको नित्य संझना गर्ने बुद्धि पाएको छु। म मन, वचन, बुद्धि र वाणीले हजुरको शरणमा परेको छु। हे भक्तका प्यारा भगवन्! हजुरले कश्यपका छोराका रूपमा जस्तो लीला गर्दै हुनुहुन्थ्यो त्यही रूप मलाई देखाउनुहोस्।।२७–३३।।

ब्रह्माजीले भन्नुभयो – इन्द्रले यसरी प्रार्थना गरेपछि ती बालकले आफूलाई व्रतबन्ध-यज्ञको सभाका बीचमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्यतां सर्वलोकानां साष्टाङ्गं प्रणनाम तम्।
अतिविस्मितचित्तोऽसौ लज्जाहर्षसमन्वितः।।३५।।

श्रृण्वत्सु सर्वदेवेषु नुनाव ब्रह्मचारिणम्।
जातं मुनिगृहे शान्तं क्रीडामानुषरूपिणम्।।३६।।

शक्र उवाच

जाने न त्वाऽनन्तशक्तिं परेशं
विश्वात्मानं विश्वबीजं गुणेशम्।
विश्वाभासं विश्ववन्द्यं त्रिसत्यं
त्रेधाभूतं जन्मरक्षार्तिहेतुम्।।३७।।

एकं नित्यं सच्चिदानन्दरूपं
सर्वाध्यक्षं कारणातीतमीशम्।
चेष्टाहेतुं स्थावरे जङ्गमे च
वाञ्छापूरं सर्वगं त्वाऽभिवन्दे।।३८।।

सर्वेशानं सर्वविद्यानिधानं
सर्वात्मानं सर्वबोधावभासम्।
सर्वातीताऽवाङ्मनोगोचरं त्वां
सर्वावासं सर्वविज्ञानमीडे।।३९।।

क उवाच

एवं स्तुत्वा च नत्वा च सम्पूज्य स्वाङ्कुशं ददौ।
कल्पवृक्षञ्च दास्यौ द्वे विनायक इति स्फुटम्।।४०।।

चकार नाम शक्रोऽथ स्मरणात् सर्वसिद्धिदम्।
जयशब्दैर्नमःशब्दैर्वाद्यशब्दैरनेकधा।।४१।।

गन्धर्वगीतनिनदैरप्सरोनृत्यनिस्वनैः।
व्याप्तमासीत् पुष्पवर्षैस्तदा व्योम धरातलम्।।४२।।

प्रतिकूलवहा नद्य आसन् पूर्ववहाः शुभाः।
प्रसन्नमासीद् दिक्चक्रं ववुर्वाताः सुखावहाः।।४३।।

रहेका ब्रह्मचारीका रूपमा परिणत गर्नुभयो र इन्द्रले पनि ब्रह्मचारीका रूपमा रहेका उहाँलाई देखे । त्यसपछि इन्द्रले सबै मानिसका सामु भुइँमा पस्रिएर साष्टाङ्ग दण्डवत् प्रणाम गरे। चकित इन्द्रले लाज र हर्षको अनुभूति गरिरहेका थिए। मुनिका आँगनमा शान्त रूपमा देखिनुहुने र लीला गर्न भनी मानिसको रूप लिनुभएका विचित्र ब्रह्माचारीको इन्द्रले देवता र मानिसका सामु स्तुति गरे ।।३४-३६।।

इन्द्रले भन्नुभयो - हे परमेश्वर ! अनन्त शक्तिले सुहाउनु भएका, सबभन्दा ठूला देवता, विश्वमा व्याप्त भई विश्वात्माका रूपमा रहनु भएका, विश्वलाई जन्माउने बीजका रूपमा रहनु भएका, गुणहरूका स्वामी, विश्वलाई प्रकाशित गर्ने, विश्वद्वारा वन्दनीय, भूत, भविष्यत् र वर्तमान तीनै समयमा रहनुहुने, संसारको सृष्टि, पालन र संहारका लागि ब्रह्मा, विष्णु र महेश्वरका रूपमा प्रकट हुनुहुने हजुरलाई म जान्न सक्दिनँ। हे प्रभु ! एकरूप, नित्यरूप, सत्, चित् आनन्दरूप, सबैका स्वामी, कारणका पनि कारण, ईश्वर, सबैका चेष्टाका कारण, स्थावर र जङ्गममा पनि वर्तमान, सबैका इच्छापूरक, सर्वव्यापी हजुरलाई श्रद्धापूर्वक नमस्कार गर्दछु। हे ईश्वर ! सबैका अधिपति, सबै विद्याका स्रोत, सबै आत्माका परमात्मा, सबै ज्ञानका कारण, सबैभन्दा पर रहनुभएका, वाणी र मनबाट पनि दृष्टिमा नआउनुहुने, सबैमा म भनेर रहनुहुने र सम्पूर्ण विज्ञानस्वरूप हजुरको म वन्दना गर्दछु।।३७-३९।।

ब्रह्माजीले भन्नुभयो - यसरी स्तुति र प्रणाम गरेर पूजा गरेपछि इन्द्रले ती बालकरूप परमेश्वरलाई आफ्नो आयुध अङ्कुश दिए र दुई सेविकाहरूका साथमा कल्पवृक्ष पनि प्रदान गरे। त्यसपछि स्मरण गर्नासाथ सम्पूर्ण सिद्धि प्रदान गर्ने विनायक नाम राखे । त्यस बेला त्यहाँको वातावरणमा जयजयकार, नमस्कार, वाद्यध्वनि, गन्धर्वहरूको गीतगुञ्जन र अप्सराहरूका नृत्यध्वनि व्याप्त भएका थिए। आकाशबाट गरिएको पुष्पवर्षाले आकाश र धर्ती एकाकार भएका थिए।।४०-४२।। पहिले बालकले आफ्नो विचित्र रूप देखाउँदा प्रतिकूल रूपमा बगन थालेका नदीहरू अहिले पूर्ववत् शान्त भएका थिए । दिशाहरूको मण्डल निर्मल थियो र सुखदायक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रदक्षिणार्चिषः शान्ता आसन् सर्वत्र वह्नयः।
ततः प्रसन्नः शक्राय ददावभयमेकराट्।।४४।।

भविता न भयं क्वापि तव शक्र ! रणाजिरे।
पठस्व स्तोत्रमेतत् त्वं त्रिसन्ध्यं भक्तितत्परः।।४५।।

अन्योऽपि यः पठेद् भक्त्या श्लोकत्रयमिदं नरः।
स सर्वानाप्नुयात् कामान् सर्वत्र विजयी भवेत्।।४६।।

ततः शक्रो नमस्कृत्य वरं प्राप्य शुभावहम् ।
ततः सर्वे नमस्कृत्य स्वं स्वं स्थानं ययुर्मुदा।।४७।।

वायुमण्डल प्रवाहित हुन थालेको थियो ।।४३।। अग्निहरू पनि शान्त थिए। प्रसन्न भएका विश्वका अधिपति ती बालकले इन्द्रलाई अभयदान दिँदै भन्नुभयो – हे इन्द्र! तपाइँलाई युद्धको मैदानमा कुनै भय हुनेछैन। तपाइँले भक्तितत्पर भएर अहिले पढेको स्तोत्र बिहान, दिउँसो र सायंकालमा भक्तिपूर्वक पाठ गर्नुहोस् ।।४४-४५।। अरू कुनै मानिसले पनि भक्तिपूर्वक यी तीनवटा श्लोक भएको स्तोत्र पढ्दछ भने त्यसले सबै प्रकारका कामनाहरूको फल प्राप्त गर्नेछ र सर्वत्र विजय प्राप्त गर्नेछ । बालकबाट यसरी वरदान प्राप्त गरेका इन्द्र उहाँलाई नमस्कार गरी आफ्नो धामतर्फ लागे। त्यहाँ आएका नरनारीहरू पनि बालकलाई नमस्कार गरेर हर्षपूर्वक आ-आफ्ना धामतर्फ गए ।।४६-४७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते इन्द्रगर्वहरणं नामैकादशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको
'इन्द्रको गर्वहरण' शीर्षकान्वित एघारौं अध्याय पूर्ण भयो ।।११।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वादशोऽध्यायः

{ १२ अध्याय }

क उवाच

ततस्तु सप्तमे वर्षे प्रवृत्तेऽसौ विनायकः।
स्नात्वा नित्यविधिं कृत्वा मुकुटभ्राजिमस्तकः।।१।।

आयुधानि च चत्वारि सिंहारूढो दधार सः।
अङ्कुशं परशुं पद्मं पाशं सर्वभयापहम्।।२।।

दण्डाजिने कुण्डले च काञ्चने रत्नसंयुते।
बिभ्रत् कमण्डलुं दर्भान् कौशेयं पीतमुत्तमम्।।३।।

कस्तूरीतिलकं चन्द्रं ललाटे क्षीणतेजसम्।
मुक्ताफलमयीं मालां कण्ठे नाभौ फणीश्वरम्।।४।।

रोदसी कम्पयन्नुच्चैर्जगर्जाऽसौ स्वलीलया।
मेघस्वन इति भ्रान्त्या चातका व्याददुर्मुखम्।।५।।

उच्छलन्त्यो महानद्यः सिषिचुर्व्योममण्डलम्।
तदा ननन्दतुरुभावदितिः कश्यपोऽपि च।।६।।

धन्या वयं पूर्वजा न इत्यात्मानं प्रशंसतुः।
एतस्मिन् समये काशिराजोऽप्याश्रममभ्यगात्।।७।।

परस्परालिङ्गनेन मुमुदुस्तेऽखिलास्तदा।
न्यविशन्ताऽऽसने सर्वे नमस्कृत्य परस्परम्।।८।।

स्वाद्वन्नं भोजयामास मुनिस्तं षड्रसैर्नृपम्।
विश्रान्तं परिप्रपच्छ किमागमनकारणम्।।९।।

श्रीमतां दर्शनं नोऽद्य जातं पुण्यवशान्नृप !
पुरोहितस्य मे न त्वं वृत्तान्तं किं गृहीतवान्।।१०।।

क उवाच

एवं मुनिवचः श्रुत्वा जगाद नृपसत्तमः।
क्षमापराधं मे ब्रह्मन् ! राज्याकुलितचेतसः।।११।।

पुत्रस्य मे विवाहोऽस्ति त्वामाकारयितुं प्रभो !
आगतोऽहं मुने जातः कृतार्थस्तव दर्शनात्।।१२।।

ब्रह्माजीले भन्नुभयो - देवराज इन्द्र स्वर्गतर्फ फर्केपछि सात वर्षको उमेरमा श्रीगणेशले स्नान गर्नुभयो। नित्यविधि सकेर सिंहमा सवार भई मस्तकमा मुकुट धारण गरेर चार हातमा अङ्कुश, परशु, कमल र पाश पनि धारण गर्नुभयो । उहाँले हातमा दण्ड र शरीरमा मृगचर्म धारण गर्नुभएको थियो। उहाँका कानमा रत्न र सुवर्णले बनेका दुई कुण्डल शोभायमान थिए। उहाँले रेशमी पीताम्बर, कमण्डलु र कुश पनि धारण गर्नुभयो।।१-३।। श्रीगणेशले निधारमा कस्तूरीको तिलक र र चन्द्रमालाई धारण गर्नुभयो। घाँटीमा मोतीको हार र नाभिमा शेषनागलाई कन्धनी बनाएर धारण गर्नु भएका श्रीगणेशले लीलापूर्वक ठूलो गर्जन गर्नुभयो। श्रीगणेशको गर्जन सुनेर बादल गर्जेको हो कि भनी भ्रान्तिमा परेका काकाकुलहरूले मुख बाएका थिए।।४-५।। गणेशको गर्जनबाट तर्सेका महानदीहरूले आफ्नो जललाई तरङ्गित बनाएर आकाशमण्डलमा सिञ्चन गरे । श्रीगणेशको यो स्वरूप देखेर माता अदिति र पिता कश्यप पनि ज्यादै प्रसन्न भए ।।६।। तिनीहरूले भने - हामी धन्य छौं र हाम्रा पूर्वज पनि । त्यसै बेला काशिराज कश्यप ऋषिको आश्रममा आइपुगे। परस्पर आलिङ्गन गरेर काशिराज र महर्षि कश्यप प्रसन्न भए । एक-आपसमा नमस्कार गरेर आ-आफ्ना आसनमा विराजमान भए ।।७-८।। कश्यप मुनिले ६ प्रकारका रसहरूबाट तयार गरिएको स्वादिष्ट भोजनद्वारा काशिराजको स्वागत गरे र तृप्त बनाए । भोजनपछि विश्राम गरिसकेका काशिराजसँग महर्षि कश्यपले तपाइँ के कति कारणले यहाँ आउनुभयो ? पुण्यका प्रभावले तपाइँको दर्शन पाएर हामी कृतार्थ भयौं भन्दै तपाइँले अहिलेसम्म मसँग किन भेटघाट गर्नुभएन भन्ने दुखेसो पनि पोखे ।।९-१०।।

ब्रह्माजीले भन्नुभयो- कश्यपमुनिका कुरा सुनेर काशिराजले म राज्यव्यवस्थामा लागेको हुँदा हजुरसँग भेटघाट र संवादको योजना बनाउन पाइनँ, मेरो अपराध क्षमा गर्नुहोस्। हे ऋषिवर! मैले छोराको विवाह आँटेको छु। त्यसै उपलक्ष्यमा हजुरलाई निमन्त्रणा गर्न यहाँ आएको हुँ । हजुरको दर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चल शीघ्रं विवाहं त्वं सम्पाद्य पुनरेव हि।
न श्लाघ्यो लोकवर्येषु विना चैवागमं तव।।१३।।
अहमेव समायातोऽतस्त्वां नेतुं महामुने।

मुनिरुवाच

नाहमेष्ये नृपश्रेष्ठ! चातुर्मास्यरतोऽधुना।।१४।।
पुत्रं नय समर्थं मे यदीच्छसि जनाधिप !।

राजोवाच

पुत्रमाज्ञापय मुने ! गमिष्यावो जवान्वितौ।।१५।।
एवं नृपवचः श्रुत्वा मुनिः पुत्रमथाऽब्रवीत्।
वचोऽनुरोधाद् राज्ञोऽस्य प्रेषये त्वां विनायक।।१६।।
विद्यमाने तु महति दुःखे विरहजे तव।
धृत्वाज्ञां शिरसाऽऽवन्द्य चरणावुभयोरपि।।१७।।
मातापित्रोर्बहिरगाद् राज्ञा चारोपितो रथे।
सोऽपि नत्वा तयोः पादौ स्वयमारुरुहे रथम्।।१८।।
आजगामादितिस्तञ्च प्रावदन् नृपसत्तमम्।
अयं मे बालको राजन् ! रक्षणीयो निरन्तरम्।।१९।।
उत्पातो जायते तत्र यत्र मे बालको भवेत्।
अतोऽयं यत्नतो रक्ष्यः पक्ष्मणीव कनीनिकाम्।।२०।।
यथा नयसि पुत्रं मे तथाऽत्र त्वं समानय।
ओमित्युक्त्वाऽदितिं राजा प्रणिपत्य विसृज्य ताम्।।२१।।
सह तेन ययौ शीघ्रं रथेनाऽनिलरंहसा।
गच्छता रथमार्गेण राज्ञा प्राप्ता महाटवी।।२२।।
नरान्तकपितृव्यस्य स्थानं तच्चातिसुन्दरम्।
रौद्रकेतोर्बली भ्राता धूम्राक्षो नाम नामतः।।२३।।
दशवर्षसहस्रं स तपस्तेपे सुदारुणम्।
सहस्रकिरणं नित्यं नित्यमाराधयन् मुदा।।२४।।
प्रार्थयन् सर्वसंहारकरमायुधमुत्तमम्।
त्रयाणां भुवनानां स इच्छन् वश्यत्वमात्मनः।।२५।।

पाएर कृतार्थ भएँ ।।११-१२।। हजुर मसँग काशी जानुपर्छ र मेरो छोराको विवाह सम्पन्न गरिदिनुपर्छ। हजुर नहुँदा मेरो छोराको विवाह प्रशंसनीय र परिपूर्ण हुनेछैन। मेरो त्यो उत्सव हजुरको उपस्थितिबाट गौरवपूर्ण हुनेछ। हजुरको यो महत्त्व बुझेर नै म आफै हजुरलाई लिन आएको छु।

कश्यपले भन्नुभयो - 'हे राजन् ! म अहिले चतुर्मास व्रत गरिरहेको छु र जान असमर्थ छु । तपाईँलाई चाहना हुन्छ भने मेरो सट्टा मेरो छोरालाई लिएर जान सक्नुहुन्छ ।

राजाले भने - 'ऋषिवर ! हजुरले छोरालाई मसँग पठाउनुहोस्। अब हामी द्रुत गतिमा काशी जानेछौँ'।।११-१५।। राजाका कुरा सुनेर कश्यप ऋषिले छोरालाई भन्नुभयो- 'हे विनायक! राजाको अनुरोधलाई विचार गरेर म तिमीलाई उहाँसँग पठाउँदैछु। हुन त तिमी यहाँबाट काशीतर्फ लाग्दा तिम्रा विरहले हामी दम्पती दु;खी हुनेछौं ।' श्रीगणेश आफ्ना बुबा कश्यपको आज्ञा शिरमा धारण गरी माता-पितालाई प्रणाम गरेर राजाका पछि लागे । राजाले पनि उहाँलाई आफ्नो रथमा सवार गराए। त्यसपछि कश्यप र अदितिलाई प्रणाम गरेर राजा पनि रथमा सवार भए ।।१६-१८।। प्रस्थानको बेला अदितिले राजालाई भनिन् - 'हे काशिराज ! मेरो बालक सानै छ, तपाईंले निरन्तर रक्षा गर्नुहोला। अर्को कुरा के छ भने जहाँ-जहाँ मेरो बालक जाने गर्छ, त्यहाँ-त्यहाँ उत्पात हुने गर्छन्। आँखाका परेलीहरूले आँखाको नानीको रक्षा गरेजस्तै तपाईँले मेरा पुत्रको रक्षा गर्नुपर्नेछ ।।१९-२०।। जसरी आज तपाईँ मेरो छोरालाई लाँदै हुनुहुन्छ, त्यसैगरी तपाईँले यहाँ ल्याइदिनुपर्छ ।' अदितिका यी कुरा सुनेपछि राजाले हुन्छ भनी प्रणाम गरेर अदितिसँग बिदा लिए । श्रीगणेशका साथ काशिराज तीव्र वेग भएको रथमा सवार भई लामो बाटो काटेपछि ठूलो जङ्गलका बीचमा आइपुगे।।१९-२२।। त्यस जङ्गलमा नरान्तकनामक दानवको कान्छो बाबु धूम्राक्षको अत्यन्त राम्रो घर थियो । त्यो धूम्राक्ष बलवान् राक्षस रौद्रकेतुको भाइ थियो ।।२३।। त्यसले दश हजार वर्षको कठिन तपस्याद्वारा सूर्यको आराधना गरेको थियो। तीन लोकलाई नै संहार गर्ने आयुधको प्राप्ति र आफूले चाहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्षस्कन्धालम्बिपादोऽधोमुखो धूममापिबन्।
एवं बहुगते कालेऽमोघं शस्त्रमुपस्थितम्।।२६।।
प्रेषितं भानुना तस्मै राक्षसाय तपस्यते।
व्योमव्यापि यस्य तेजो ददर्श स विनायकः।।२७।।
शीघ्रमुड्डीय जग्राह गरुत्मानिव पन्नगम्।
तदा विस्मयमापेदे काशिराजो महामनाः।।२८।।
तर्कयामास मनसि लाभे हानौ च जीवने।
नास्ति दैवातिरेकेण निमित्तं भुवनत्रये।।२९।।
मम नैवाऽभवत् प्राप्तिः सहसा तस्य तस्य या।
ज्ञातुं तदस्त्रसामर्थ्यं तोलयित्वाऽक्षिपच्च सः।।३०।।
ऊर्ध्वङ्गतं तदैवाशु रवं कृत्वा भयानकम्।
धूम्राक्षे पतितं तत्तु स तदैव द्विधाऽभवत्।।३१।।
गण्डशैला द्रुमास्ताभ्यां खण्डाभ्यां चूर्णिता भृशम्।
धनुः पञ्चशतं पृथ्वी पतद्भ्यां व्यापिता तदा।।३२।।
ततस्तस्य सुतौ ख्यातौ जघनो मनुरेव च।
शुश्रूषायां रतौ तस्य पितरं वीक्ष्य तादृशम्।।३३।।
क्रोधाविष्टौ ददृशतुस्तं विनायकमन्तिके।
दुद्रुवतुः प्रसार्यैवं वक्त्रं कालान्तकोपमम्।।३४।।
बटुमानीय पितरं कथं घातितवानसि।
इत्यूचतुः काशिराजं रोषाविष्टौ निशाचरौ।।३५।।
रक्षितोऽसि पुरा पित्रा मम पूर्वं नरान्तकात्।
तं मारयित्वा यत्नेन कथं जीवसि रे नृप।।३६।।

क उवाच

इत्याकर्ण्य नृपो वाक्यं चकम्पे भृशविह्वलः।
तर्कयामास मनसि कथमानीतवानहम्।।३७।।
नन्दनं कश्यपस्यैनमपस्मारमिव स्थितम्।
क्रुद्धो नरान्तकश्चेन्मे बलाद् राज्यं ग्रहीष्यति।।३८।।
तदा मे रक्षिता कः स्यात् ततः शपथमारभत्।

ठाउँमा जानसक्ने क्षमताको प्राप्तिजस्ता मनका कामनालाई फलीभूत गराउन धूम्राक्षले कठोर तपस्या गरेको थियो। उँधोमुन्टो लगाएर तपस्या गर्ने त्यस राक्षसका खुट्टाहरूले विशाल वृक्षका हाँगाहरू छोइरहेका थिए र त्यो धूँवामात्र पिएर तपस्या गरिरहेको थियो। धेरै दिन बितेपछि सूर्यले पठाएको अमोघ अस्त्र त्यसले प्राप्त गर्‍यो । त्यस अस्त्रबाट आकाशमा चारैतिर ठूलो तेज फैलिएको थियो। अस्त्रको तेजलाई श्रीगणेशले देख्नुभयो। उहाँले तुरुन्त रथबाट ओर्लेर गरुडले सर्प समातेझैं त्यो अस्त्र समात्नुभयो। त्यो देखेर काशिराज ठूलो आश्चर्यमा परे। तिनले मनमनै भने- 'जीवनमा लाभ र हानि दुबै कुरा हुन्छन् । यी सबै गर्ने गराउने दैव नै हो।।२४-२९।। मैले कति पटक यो बाटो ओहोरदोहोर गरें तर धूम्राक्षलाई भेटिनँ ।' त्यस बेला बालक श्रीगणेशले त्यसको सामर्थ्य पहिचान गर्न सूर्यनारायणबाट प्राप्त त्यो अस्त्रलाई आकाशतर्फ फ्याँकिदिनुभयो। त्यो अस्त्र धूम्राक्षमाथि खस्दा त्यसको शरीर दुई टुक्रा भयो । धूम्राक्षका शरीरका टुक्राहरू पाँच सय धनुको लम्बाइसम्म फैलिएका थिए । पिताको सेवामा नित्य लागिरहने धूम्राक्षका छोरा जघन र मनु पिताको त्यो हालत देखेर अत्यन्त रिसाए । त्यस बेला तिनले आफ्ना सामु श्रीगणेशलाई देखे। उहाँलाई देखेपछि प्रलयकालका यमराजले झैं मुख फैलाई खान भनी दौडिए । तिनले काशिराजलाई समातेर भने - किन तिमीले यो बच्चा ल्याएर यसबाट हाम्रो पितालाई मरायौ ? पुरानो समयमा नरान्तकले तिमीमाथि अत्याचार गर्दा मेरा पिता धूम्राक्षले तिम्रो रक्षा गर्नुभएको थियो । आज बडो प्रयत्नले तिमीले उहाँलाई मराएका छौ तिमी कृतघ्न रहेछौ ।।३०-३६।।

ब्रह्माजीले भन्नुभयो - 'ती दानवहरूका कुरा सुनेर काशिराज अत्यन्त व्याकुल भएर काँप्न थाले । तिनले मनमनै भने- मैले बच्चालाई किन लिएर आएँ। यो मेरा लागि मृगी रोगजस्तै भयो। नरान्तकले रिसाएर मेरो राज्यलाई अपहरण गर्ने परिस्थितिमा कसले मेरो रक्षा गर्थ्यो ?'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृप उवाच

एतदर्थं मयाऽऽनीतो नैवायमर्भकः क्वचित्।।३९।।

ब्राह्मणेश्वरयोरत्र शपथो मे निशाचरौ !
पुरोहितस्य पुत्रोऽयं विवाहार्थं समाहृतः।।४०।।

न विघ्नं कुरुतं तत्र नीयतां बालको ह्ययम्।
इत्यस्य वचनान्ते स मुनिपुत्रो जगाद तम्।।४१।।

कथं बद्ध्वा शत्रुहस्ते शिशुं मां त्वं प्रयच्छसि।
अदितिं कश्यपं वापि वदिष्यसि किमुत्तरम्।।४२।।

क्रुद्धश्चेत् कश्यपस्त्वां हि कुर्याद् भस्म न संशयः।
एवं वदति तस्मिँस्तु बालके मुनिनन्दने।।४३।।

भक्षितुं तं समायातौ विडालौ मूषकं यथा।
प्रसार्य वदनं बालो घोरं शब्दमथाकरोत्।।४४।।

चकम्पे च त्रिभुवनं तौ च निश्वासयोगतः।
सम्प्राप्तौ मेघपटलं वात्ययैव यथा तृणम्।।४५।।

मुहूर्तद्वितये जाते व्यस्तौ द्वौ तौ निपेततुः।
नरान्तकस्य नगरे जघनो मनुरेव च।।४६।।

गिरिशीर्षे गण्डशैलौ महावातेरितौ यथा।
पतद्भ्यां तच्छरीराभ्यां चूर्णितानि गृहाणि च।।४७।।

मुखहस्तरवा आसन् हाहाकारो महानभूत्।
किमिदं किमिदं दूता धावमाना ययुस्तदा।।४८।।

मृतौ धूम्राक्षतनयौ श्रुत्वा सम्यग् व्यलोकयन्।
सचेतनौ च तौ दृष्ट्वा सावधानावकुर्वत।।४९।।

दूताँस्तावूचतुः सर्वं वृत्तान्तमनुपूर्वशः।
वधं पितुः काश्यपेयात् तस्य श्वासान्निपातनम्।।५०।।

त्यसपछि शपथ खाँदै भने - हे मित्र हो ! मैले यो बच्चालाई तपाईँहरूमाथि आक्रमण गराउन भनेर ल्याएको होइन ।।३७-३९।। हे निशाचरहरू! तपाईँहरूलाई विश्वास दिलाउन ब्राह्मण र ईश्वरलाई साक्षी राखेर म जस्तो शपथ खान पनि सक्छु। पुरोहितका छोरा हुन्, छोराको विवाह निधो गरेका कारण म यिनलाई लिएर आउँदै थिएँ ।।४०।। यी बच्चा हुन्, केही पनि जान्दैनन् । तपाईँहरूले मेरो मंगल कार्यमा विघ्न नगर्नुहोस् । तपाईँहरूलाई शंका लाग्छ भने यी बालकलाई लिएर जानुहोस्। राजाका यस्ता कुरा सुनेर श्रीगणेशले भन्नुभयो- के मलाई बाँधेर शत्रु दानवका हातमा दिनुहुन्छ त ? अब मेरा बुबा कश्यप र माता अदितिलाई हाम्रो छोरा कहाँ गयो भन्दा के उत्तर दिनुहुन्छ ? ।।४०-४२।। मेरो पिता कश्यप रिसाउनुभयो भने उहाँले तपाईँलाई खरानी बनाउनुहुनेछ, यसमा कुनै सन्देह छैन। यसरी श्रीगणेशले भनिरहनुहुँदा ती दुई भाइ राक्षस दुइटा बिराला एउटो मूसोमाथि झम्टेझैं श्रीगणेशमाथि जाइलागे । त्यस बेला बालक श्रीगणेशले आफ्नो मुख फैलाएर डरलाग्दो गर्जन गर्नुभयो।।४३-४४।। उहाँको डरलाग्दो गर्जनबाट ती राक्षससहित तीन लोक नै कम्पायमान भए। आँधीबेहरीले सुकेका पातलाई उडाएर टाढै पुऱ्याएझैं ती राक्षस पनि श्रीगणेशको श्वासप्रश्वासको वेगमा परेर आकाशमा उडिरहेका थिए। चार घडीको समय बितेपछि बल्ल ती दुई निशाचर जघन र मनु नरान्तकको नगरनेर भुइँमा पछारिए।।४५-४६।। हावाको वेगले भुइँमा खस्दा ती राक्षसहरू पर्वतको शिखरबाट चट्टान खसेझैं खसेका थिए । आकाशबाट भुइँमा पछारिँदा तिनका शरीरको स्पर्शले नगरका अनेक घरहरू चूर्ण-चूर्ण भएका थिए। मानिसहरू मुख फैलाएर रुँदै हातले ताली पिटेर दुःख व्यक्त गरिरहेका थिए। चारैतिर हाहाकार छाएको थियो। त्यसै बेला के भयो के भयो ? भन्दै दौडेर धूम्राक्षका दूतहरू आए।।४७-४८।। धूम्राक्षका छोरा जघन र मनुलाई सबैले मरणासन्न अवस्थामा देखे। प्राण जान लागिरहेको अवस्थामा तिनले वृतान्त सोधेपछि ती दूतहरूलाई सबै वृत्तान्त सुनाए। कश्यपका पुत्र श्रीगणेशको श्वासप्रश्वासबाट आकाशमा उड्नु, त्यहाँबाट भुइँमा खस्नु र मरणासन्न अवस्थामा पुग्नुजस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स गच्छति स्यन्दनेन काशिराजेन संयुतः।
एवं दूता निशम्यैनं नरान्तकमथाब्रुवन्।।५१।।

पितृव्यं निहतं श्रुत्वा सापराधं नरान्तकः।
ऋषिपुत्रं तथा यान्तं काशिराजेन संयुतम्।।५२।।

क्रोधेनारक्तनयनः पुरः पश्यन्निशाचरान्।
आज्ञापयत् तमानेतुं सहस्रप्रमिताँस्तदा।।५३।।

धृत्वाऽऽनेयो मुनेः पुत्रो युद्धकृच्चेत् स हन्यताम्।
काशिराजरथो वाऽपि शीघ्रं गच्छन्तु राक्षसाः।।५४।।

आज्ञामात्रेण ते जग्मुस्त्वरया वातरंहसः।
काश्यपेयञ्च नृपतिं ददृशुस्ते च तौ च तान्।।५५।।

ततो विनायकश्चक्रे भीमशब्दं भयावहम्।
ततो निशाचराः पेतुस्त्यक्त्वा प्राणाँस्तु केचन।।५६।।

केचित् पलायिताः केचिद् भग्नपादाः प्रपेदिरे।
केषाञ्चिन् मस्तका भिन्नाः केचिच्छीर्णोदराः शरैः।।५७।।

भग्नास्या भग्ननेत्राश्च भग्नोरुबाहवः परे।
प्रपलाय्य गता ये तु ह्यागतास्ते नरान्तकम्।।५८।।

उदन्तं सर्वमाचख्युर्विनायककृतं तदा।।५९।।

घटनाहरूका साथै काशिराजका साथमा एउटा बालक रथमा सवार भएर काशीतर्फ जान लागेको वृतान्तसमेत दूतहरूले नरान्तकलाई बताए।।४९-५१।। नरान्तकले आफ्ना कान्छा बुबा धूम्राक्षको मृत्यु भएको सुनी ऋषिपुत्र श्रीगणेशलाई काशिराजका साथ काशीतर्फ जान लागेको थाहा पाएर रीसले आँखा राता गराई हजारौंको संख्यामा रहेका राक्षसहरूतर्फ हेर्दै ती बालकलाई समातेर ल्याउन आज्ञा दियो । त्यसले भन्यो – तिमीहरू गएर त्यो बालकलाई समाती यहाँ ल्याउने काम गर। यदि त्यसले तिमीहरूसँग युद्ध गर्छ भने युद्धमा त्यसलाई मार र काशिराजको रथलाई पनि टुक्रा-टुक्रा पारिदेऊ।।४९-५४।। नरान्तकको आज्ञा सुनेर त्यसका सैनिकहरू रथका पछि दौडे। धेरै पर गएपछि तिनले काशिराज र श्रीगणेशलाई देखे। त्यसैगरी श्रीगणेश र काशिराजले पनि तिनीहरूलाई देख्नुभयो ।।५५।। श्रीगणेशले आफ्ना पछि राक्षसहरू आइरहेको देखेर डरलाग्दो गर्जन गर्नुभयो। उहाँको गर्जनबाट ती राक्षसमध्ये केहीले प्राणत्याग गरे, केही भागे, कसैका खुट्टा भाँचिए, कसैका टाउका छिन्नभिन्न भए, कसैका पेट फुटे, कसैका मुखमा घाउ लाग्यो, कसैका आँखा फुटे र कसैका जाँघ र हातहरू टुक्रा-टुक्रा भए। जुन राक्षस ज्यान जोगाएर पहिल्यै भागेका थिए, तिनले नरान्तकका समीपमा गएर श्रीगणेशको विषयमा सम्पूर्ण वृतान्त सुनाए।।५६-५९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते निशाचरवधो नाम द्वादशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'निशाचरहरूको संहार' शीर्षकान्वित बाह्रौं अध्याय पूर्ण भयो ।।१२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयोदशोऽध्यायः

{ १३ अध्याय }

दूता ऊचुः

विनायकं रथस्थं तमाज्ञां प्राप्य गता वयम्।
सर्वैरेव तदा दृष्टः कृतान्तसदृशस्तु सः।।१।।

सर्वे निशाचराः स्वामिन् ! मृतास्तद्भीतितोऽनघ !
वयं तव प्रसादेन जीवन्तस्त्वां समागताः।।२।।

ईश्वरीयकृपायोगात् सिंहवृन्दाद् गजा इव।
त्रैलोक्ये तु पुमान् नास्ति यो युध्येत् सह तेन वै।।३।।

क उवाच

इत्थं निशम्य तद्वाक्यं जगदे स नरान्तकः।
किं वा वदथ बालिश्यात् क्व बालः क्व नरान्तकः।।४।।

किं कर्तव्यं पतङ्गेन प्रलयानलसन्निधौ।
मेरुगिरिः पतेत् किं वा खनता मूषकेण च।।५।।

ततश्चाज्ञापयद् दैत्यान् काशिराजपुरीं प्रति।
लुण्ठनं तत्र कर्तव्यं येन व्यग्रो भवेन् नृपः।।६।।

तस्मिन् व्यग्रे सोऽपि भवेत् कश्यपस्य सुतोऽपि च।
नो चेदुभौ निहन्तव्यौ सर्वैः सर्वप्रयत्नतः।।७।।

ततो ददौ महार्हाणि तेभ्यो रत्नान्यनेकशः।
वस्त्राणि च विशिष्टानि शस्त्राणि विविधानि च।।८।।

ते तं तदा नमस्कृत्य ययुः काशीशपत्तनम्।
परस्परं समूचुस्ते दिक्चक्रं व्याप्य सेनया।।९।।

तत्र योऽभून् महासेनानीरेवं सोऽदिशत् तदा।
यस्य दृष्टिगतो दैत्याः ! स तु तेन निहन्यताम्।।१०।।

अन्यथा मम दण्ड्यः स तस्याहं प्राणनाशकृत्।
एवं तेन समादिष्टा दैत्या जग्मुर्दिशो दश।।११।।

दूतहरूले भने – हे राजा नरान्तक ! हामीहरू हजुरको आज्ञा पाएर रथमा रहेका श्रीगणेशका सामु पुग्यौं। त्यस बेला हामी सबैले ती श्रीगणेशलाई यमराजकै आकारका देख्यौं। तिनको गर्जनबाट धेरैजसो राक्षसहरू मरे। तिनीसँग डराएर धेरै राक्षसहरूको दुर्गति भयो। हामी हजुरको कृपाले बाँचेर यहाँ आउन पाएका छौं। सिंहको स्वर सुनेर हात्ती भागेझैं हामी पनि भाग्यौं। त्यस बालकको तुलना त्रिलोकीको कुनै पुरुषसँग हुन सक्दैन। कुनै पनि वीर त्यो बालकसँग युद्ध गर्न समर्थ छैन ।।१-३।।

ब्रह्माजीले भन्नुभयो – दूतहरूका कुरा सुनेर नरान्तकले भन्यो – 'हे दूतहरू ! तिमीहरू कस्तो मूर्खतापूर्ण कुरा गरिरहेका छौ ? कहाँ त्यो बच्चा ? कहाँ म नरान्तक ? मसँग त्यसको तुलना हुनसक्छ ? एउटा जाबो पतङ्ग प्रलयकालको आगोमा डटेर उभिन सक्छ? के मूसाले खन्दा मेरुपर्वत खस्न सक्छ?' यति भनेर नरान्तकले दैत्यहरूलाई आज्ञा दियो – 'तिमीहरू काशी नगरीमा गएर काशिराजको दरबारमा लूटपाट मच्चाऊ, जसबाट त्यो काशिराज आकुल-व्याकुल बन्न सकोस् । काशिराज आकुल भएपछि कश्यपको छोरा गणेश पनि व्याकुल हुनेछ। यदि त्यसो गर्न सक्दैनौ भने तिमीहरू सबैले मिलेर अनेक थरि प्रयत्नबाट काशिराज र श्रीगणेशलाई मारिदेऊ।' यति भनेर नरान्तकले आफ्ना सैनिकहरूलाई उपहारको रूपमा बहुमूल्य रत्न, मूल्यवान् वस्त्र र अनेक विशिष्टखाले शस्त्र प्रदान गर्‍यो।।४-८।। त्यसपछि दूतहरू पनि नरान्तकलाई प्रणाम गरेर काशीमा पुगे। सारा काशी नगरीलाई आफ्नो सेनाले ढाकेर तिनीहरू आपसमा विचारविमर्श गर्न थाले । तीमध्येमा जुन राक्षस सेनापतिको पदमा थियो, त्यसले आदेश दियो- जसले जहाँ भेटाए पनि काशिराज र गणेशलाई मार। यदि तिमीहरूले त्यसो गर्दैनौ भने मबाट दण्ड पाउनेछौ र तिमीहरूको प्राणनाश पनि हुनेछ। यसरी आदेश पाएका ती दैत्यहरूले दसै दिशा ढाके।।९-११।। त्यसबैला रथमा सवार भई काशिराजका साथ श्रीगणेश पनि काशीमा पुग्नुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनायकस्तेन राज्ञा रथस्थेन गतः पुरीम्।
नानाध्वजपताकाभिश्चित्रितां रङ्गमालया।।१२।।

वाद्यदुन्दुभिनिर्घोषैः पूजाद्रव्यैरनेकधा।
अमात्या नागराश्चैव प्रतिजग्मुर्विनायकम्।।१३।।

उपचारैः षोडशभिर्भक्त्या सर्वेऽप्यपूजयन्।
राजानञ्च ततो जग्मुर्नगरीमन्तराऽखिलाः।।१४।।

तस्मिन् प्रविष्टे प्रासादान् रुरुहुर्योषितोऽखिलाः।
काश्चिद् द्रष्टुं बहिर्याता व्यस्तालङ्करणाम्बराः।।१५।।

अनादृतपितृभ्रातृभर्तृमातृसुहृज्जनाः।
त्यक्त्वा भोजनपात्रञ्च भुक्तवन्तं पतिञ्च काः।।१६।।

एका निरुद्धा सर्वैः सा ध्यात्वा देवं विनायकम्।
भक्त्या निमील्य नयने जहौ प्राणाँस्तदद्भुतम्।।१७।।

लाजवर्षैः पुष्पवर्षैर्ववर्षुस्तं कुमारिकाः।
विमानस्था देवगणा ददृशुस्तं महोत्सवम्।।१८।।

ब्राह्मणाः परमात्मानं पश्यन्ति स्म विनायकम्।
क्षत्रियास्तं महावीरं पश्यन्ति स्म रणोत्सुकम्।।१९।।

वैश्यास्तं ददृशुः सर्वे रुद्रं संहारकारकम्।
शूद्रास्तं हरिरूपेण नृपरूपेण चालुकन्।।२०।।

काशिराज काशीमा पुग्नासाथ अनेक थरि ध्वजा-पताका, फूलमाला, वाद्यवादन र पूजाका सामग्री लिएर मन्त्रीगण र नगरवासीहरू राजा र विनायकको स्वागत गर्न आए। सबैले षोडशोपचारले श्रीगणेशको पूजा गरे र राजाको पनि सत्कार गरे। पूजा सकिएपछि सबैले काशी नगरीभित्र प्रवेश गरे । यिनीहरू रथमा सवार भई काशीका गल्लीहरूमा प्रविष्ट भएपछि अत्यन्त खुसी भएका काशीका सुन्दरीहरूले आ-आफ्ना घरका छतबाट बालक श्रीगणेशलाई देखे। कसैले आफ्ना महलको छतहरूबाट दर्शन गरे, कसैले कोठामा बसिरहेका अवस्थामा श्रीगणेश आएको थाहा पाएर झ्यालबाट दर्शन गरे। केही युवतिहरूले गहना र लुगा लगाइरहेको बेला श्रीगणेश आउनुभएको थाहा पाएर आधा लुगा र गहना लगाई दर्शन गर्न आए। कतिपय नारीहरू बाबुआमा, दाजुभाइ, श्रीमान् र मित्रहरूले बाहिर गल्लीमा नयाँ मान्छे हेर्न जान हुँदैन भन्दा पनि अटेर गरी गएर श्रीगणेशको दर्शन गरे। कुनै युवतिहरू भोजन गर्दागर्दै आधा भोजनको थाली छोडेर बाहिर आए। कुनै सुन्दरीहरू आफ्ना पतिलाई खुवाइरहेको बेला भोजन टक्र्याएर गणेशको दर्शन गर्न दौडिए । एउटी गणेशको दर्शन गर्न आतुर सुन्दरीलाई परिवारका मानिसले श्रीगणेशको दर्शन गर्न जान दिएनन्। त्यसै पीरले तिनले आफ्नो कोठाभित्र बसेर श्रीगणेशको ध्यान गरिन्। भक्तिपूर्वक आँखा चिम्लिन् र मेरा प्रभु हे श्रीगणेश ! भनी सम्बोधन गर्दै प्राणत्याग गरिन्। त्यो एउटा अद्भुत घटना थियो।।१२-१७।। भगवान् श्रीगणेशको रथ गल्लीमा अगाडि बढिरहेको थियो । कुमारी सुन्दरीहरूले घर-घरबाट फूल र लावा बर्साइरहेका थिए। त्यस बेला आकाशमा विमानमा रहेका देवताहरूले काशीमा भएको श्रीगणेश भगवान्को स्वागतमहोत्सवलाई आनन्दपूर्वक नजर गरे।।१८।। ब्राह्मणहरूले श्रीगणेशलाई परमात्मा जानेर दर्शन गरे। क्षत्रियहरूले श्रीगणेशलाई महावीर मानेर दर्शन गरे। वैश्यहरूले संहारका नायक रुद्र भगवान् सम्झेर दर्शन गरे। शूद्रहरूले श्रीगणेशलाई राजा र नारायणको रूपमा दर्शन गरे। भन्नुको तात्पर्य जस-जसका मनमा जस्ता भावना थिए त्यस्तै स्वरूपका श्रीगणेशलाई सबैले देखे। जस्तै स्फटिकमा रातो रङ्गको छाया पर्दा त्यो रातो देखिन्छ, सेतो रङ्गको छाया पर्दा झन सेतो देखिन्छ, पहेंलो रङ्गको छाया पर्दा पहेंलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्य यस्य यथाभावस्तादृशं सोऽभ्यवीक्षत।
यथा रक्ते सिते पीते स्फटिकस्तादृशाकृतिः।।२१।।

एक एव पुमान् यद्वत् पिता भ्राता च श्यालकः।
ततो विनायकोऽपश्यत् पुरमध्ये महासुरौ।।२२।।

विघण्टं दन्तुरं रन्तुं समाह्वयत सादरम्।
तौ दैत्यौ दुष्टमनसौ बालकैः समुपागतौ।।२३।।

आलिङ्गितुं कृतोद्योगौ तेन ज्ञातौ दुराशयौ।
आलिङ्ग्य चूर्णयामास पुष्पं हस्तगतं यथा।।२४।।

त्यक्तौ भूमिगतौ तौ तु रेजतुर्दशयोजनौ।
काशिराजश्च लोकाश्च दृष्ट्वाश्चर्यं तु मेनिरे।।२५।।

मुमुचुः पुष्पवर्षाणि देवास्तस्मिन् नभोगताः।
साधु-साध्वितिशब्दैश्च जयशब्दैश्च केचन।।२६।।

मुनयश्चैव देवाश्च तुष्टुवुस्तं विनायकम्।
मायामानुषरूपेण चरन्तं बाललीलया।।२७।।

शक्रादीनामजेयौ यौ तावनेन हि चूर्णितौ।
ततो वीथीरतिक्रम्य रथो यातोऽग्रतोऽग्रतः।।२८।।

ततोऽन्यावसुरौ दृष्टौ हन्तुमेनं समीयतुः।
पतङ्गविधूलौ नाम्ना वात्यारूपौ महाबलौ।।२९।।

ततो व्याकुलितो लोको रजसाच्छादितोऽखिलः।
प्रासादा वृक्षसङ्घाश्च पतिता वसुधातले।।३०।।

देखिन्छ त्यस्तै स्वरूपका गणेशलाई सबैले देखे । अर्थात् त्यहाँका मानिसहरूका मनमा जस्ता भावना थिए, तदनुसार उनीहरूले श्रीगणेशको आकार देखे।।१९-२०।। संसारमा एउटै मानिसलाई कसैले बाबु भन्छ, कसैले भाइ भन्छ र कसैले साला पनि भन्छ । त्यस्तै श्रीगणेशलाई पनि कसैले राजाको भावले, कसैले ब्राह्मणका भावले र कसैले ईश्वरका भावले देखे। त्यसै बेला श्रीगणेशले काशी नगरीको माझमा दुवटा महादैत्यलाई देख्नुभयो।।२१-२२।। तीमध्ये एउटाको नाम विघण्ट थियो भने अर्कोलाई दन्तुर भनिन्थ्यो। श्रीगणेशले ती दुबैलाई युद्धका निमित्त आह्वान गर्नुभयो। ती दुबै दैत्यबालकलाई साथमा लिएर आए। तिनीहरू श्रीगणेशलाई आलिङ्गन गर्छौं भन्दै आएका थिए। उहाँले ती दुबैको दुराशयलाई बुझ्नुभयो र आलिङ्गन गर्दा हात्तीले फूललाई किचेझैं किचेर तिनीहरूलाई मारिदिनुभयो।।२३-२४।। श्रीगणेशद्वारा किचिएका ती दुबै दैत्यका शरीरका अङ्ग-प्रत्यङ्ग दश योजनसम्म फैलिएका थिए । श्रीगणेशको यो लीला देखेर काशीनिवासी नरनारीहरू र स्वयं काशिराज पनि आश्चर्यचकित भए ।।२५।। आकाशमा विमानमा रहेर श्रीगणेशको लीला हेरिरहेका देवताहरूले पनि फूल वर्षाए, साधुवाद गरे र जयजयकार गरे।।२६।। मुनि र देवताहरूले मायाद्वारा मनुष्य बनेर बाललीला गर्नुहुने श्रीगणेशको श्रद्धापूर्वक स्तुति गर्दै भने - 'इन्द्र आदि देवताहरूले पनि जित्न नसकिने पराक्रम भएका विघण्ट र दन्तुरलाई बालक प्रभुले एकै पटकको आक्रमणमा चूर्णचूर्ण बनाइदिनुभयो'। त्यसपछि गल्लीहरू पार गर्दै श्रीगणेशको रथ तीव्र वेगमा अगाडि बढिरहेको थियो। त्यसै बेला श्रीगणेशले दुई दानवलाई देख्नुभयो। एउटाको नाम पतङ्ग थियो र अर्काको नाम विधूल। आँधीवेहरीको रूप लिएर डुल्ने ती दुबै अत्यन्त बलशाली थिए। तिनीहरू श्रीगणेशका समीपमा आए। बालक श्रीगणेशका सामु पर्वताकारका डरलाग्दा दानवहरूलाई आएको देखेर काशीका मानिसहरू व्याकुल भए। ती राक्षसको आगमनमा तिनका खुट्टाबाट उडेको धूलोले पूरा वातावरण अन्धकारमय बन्यो। तिनीहरूको वेगबाट महल र रुखहरू पनि भुइँमा लड्न थाले।।२७-३०।। घर-घरका पर्खालहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रावारनिचया भान्ति गगने पक्षिसन्निभाः।
केषाञ्चिन् मस्तकात् पेतुरुष्णीषाणि दिशो दश।।३१।।

कोलाहलो महानासीन् न प्राज्ञायत किञ्चन।
रथोऽपि गगनं गन्तुमुद्यतस्तम्भितोऽमुना।।३२।।

निःसारमनुजाः पेतुः सद्योजाता इवावनिम्।
ततोऽतिबलिनौ ज्ञात्वा दधार शिखयोरुभौ।।३३।।

एकेन मुष्टिना देवो भ्रामयित्वा बलाच्चिरम्।
तत्याज स धरापृष्ठे व्यसू तौ ददृशे जनः।।३४।।

तर्कयामास देवोऽयं कश्यपस्य सुतो बली।
यतोऽनेन हतावेतावसुरौ योजनायतौ।।३५।।

अस्मिन् वयसि कस्यापि नेदृशं वीक्ष्यते बलम्।
एतावद्दृष्टसामर्थ्यं काशिराजोऽप्यनन्दत।।३६।।

अवप्लुत्य रथात् तस्मात् तं ननाम विनायकम्।
उवाच च महायोगिन् ! बालस्यापि न ते कृतिः।।३७।।

ब्रह्मादिज्ञानविषया कुतः स्याच्चर्मचक्षुषः।
जगदुत्पादकोऽनेकरूपोऽस्यवनहेतवे।।३८।।

न सङ्ख्या वर्तते स्वामिन्नवतारगता तव।।३९।।

ततोऽग्रतो रथो यातस्त्वरया नृपतेर्गृहम्।।४०।।

ततो ददर्श बालोऽसौ दैत्यं पाषाणरूपिणम्।
ततोऽहनत् परशुना शतधा सोऽभवत् तदा।।४१।।

तस्माद् विनिःसृतो भीमो दंष्ट्रादशनभासुरः।
श्मश्रुलो दीर्घकायश्च पुरुषः पिङ्गलो महान्।।४२।।

ततस्ते बालकाः सर्वे लोकाश्चान्येऽपि दुद्रुवुः।
तञ्चापि न्यहनन् मुष्ट्या स चापि न्यपतद् भुवि।।४३।।

अमंसत जना बालं भगवन्तं धृताकृतिम्।
ततो राजा हृष्टमना रथादुत्तीर्य बालकम्।।४४।।

आकाशमा चरा उडेझैं चारैतिर उड्न थाले। केही मानिसका टाउकाबाट पगरी खसे। चारैतिर कोलाहल भयो। कसैले केही देख्ने वातावरण थिएन। ती दानवहरूका वेगबाट आकाशमा उड्न लागेको श्रीगणेशको रथलाई स्वयं श्रीगणेशले समातेर रोक्नुभयो। निर्बल मानिसहरू त त्यस बेला भर्खर जन्मेका बच्चाझैं जमिनमा लडिरहेका थिए। श्रीगणेशले ती दैत्यहरूलाई अत्यन्त बलवान् छन् भन्ने जानेर ती दुबैका टुप्पी समाउनु भयो। श्रीगणेशको एउटा मुड्कीको प्रहारबाट ती दुबै दैत्य चक्कर खाएर भुइँमा लडे र तत्काल तिनले प्राणत्याग गरे।।३१-३४।। मानिसहरूले यो घटना देखेर भने- 'यी त सामान्य बालक होइनन्, कश्यप ऋषिका बलवान् पुत्र हुन्। अन्यथा यति सानो बालकले एक योजनसम्म फैलिने शरीर भएका यस्ता दानवहरूलाई कसरी मार्न सक्थे ? यो उमेरमा यस्तो बल कसैको पनि देखिदैन'। यता काशिराज पनि श्रीगणेशको यो सामर्थ्य देखेर अत्यन्त खुसी भए।।३५-३६।। तिनले रथबाट ओर्लिएर भगवान् श्रीगणेशलाई प्रणाम गरे। त्यसपछि हात जोडेर भने- 'हे महायोगी भगवन् श्रीगणेश! हजुर बालकरूपमा हुनुहुन्छ, तर हजुरको लीलालाई ब्रह्मा आदि देवताहरूले पनि राम्ररी जान्न सक्नुहुन्न भने मजस्तो चर्मचक्षु सामान्य मानिसले कसरी जान्न सक्दछु। हजुर संसारका उत्पादक हुनुहुन्छ, संसारको रक्षा गर्न अनेक रूप लिएर विचरण गर्नुहुन्छ। हे शाश्वत स्वरूपले शोभायमान श्रीगणेश प्रभु ! हजुरले कति अवतार लिनुभयो, तिनको कुनै संख्या छैन'।।३७-३९।। त्यसपछि त्यो रथ राजभवनका लागि तीव्र वेगमा अगाडि बढ्यो । त्यसै बेला एउटा दैत्य चट्टानको रूप लिएर श्रीगणेशका सामु आयो। त्यसलाई उहाँले बञ्चराले काटिदिनु भयो। त्यसको शरीरका सयौं टुक्रा भए। त्यसलाई मारेपछि अगाडि बढ्नु भएका श्रीगणेशका सामु डरलाग्दा दाँत एवं दाह्रा र लामा-लामा दाह्री एवं जुँगा भएको महाकाय पिङ्गलनामक राक्षस आइपुग्यो । सबै मानिस र बालबच्चाहरू त्यसलाई देखेर डराई चारैतिर भागे। श्रीगणेशले त्यसलाई पनि आफ्नो मुड्कीले प्रहार गरेर भुइँमा पछार्नुभयो ।।४३।। त्यसपछि सबै मानिसहरूले बालक श्रीगणेशलाई अवतारधारी भगवान् मानेर हृदयदेखि नै सम्मान गरे। यो घटनापछि खुसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तः प्रवेशयामास स्वयमादाय सत्वरम्।
रत्नवर्णमये स्वीये ह्यासने चोपवेश्य तम्।।४५।।

उपचारैः षोडशभिः प्रपूज्य च यथाविधि।
महार्हवस्त्राभरणैर्दिव्यैश्चैव सुगन्धिभिः।।४६।।

परमाह्लादसंयुक्तस्तुष्टाव च ननाम च।
अन्नञ्च षड्रसं नानापक्वान्नं व्यञ्जनान्वितम्।।४७।।

सुहृद्भिर्भोजयामास परमान्नमनेकधा।
ततो नानाफलान्याशु ददौ तेभ्यो नराधिपः।।४८।।

ततोऽष्टाङ्गञ्च ताम्बूलं रत्नकाञ्चनसंयुतम्।
ततः स्वयं बुभोजाशु शिशुभिः परिवारितः।।४९।।

ततः प्रस्वापयामास कृतसन्ध्याविधिञ्च तम्।
पर्यङ्के रुचिरे दीपवितानपरिशोभिते।।५०।।

स्वयं तदाज्ञया राजा सुष्वाप प्रियया सह।
अत्याप्ताँश्चतुरः स्थाप्य जागराय तदन्तिके।।५१।।

भएका काशिराजले रथबाट ओर्लेर बालक श्रीगणेशलाई आफै समाती दरबारभित्र प्रवेश गराए। उनले रत्न र सुवर्णद्वारा तयार गरिएको बहुमूल्य आसनमा श्रीगणेशलाई बसाएर षोडशोपचारद्वारा विधिपूर्वक पूजा गरी बहुमूल्य, वस्त्र, गहना र दिव्य सुगन्ध टक्र्याए।।४४-४६।। राजपरिवारका सदस्यहरू र काशिराजले अत्यन्त आनन्दमा डुबेर भगवान् गणेशको स्तुति र वन्दना पनि गरे । त्यसपछि ६ प्रकारका रसले बनेका अनेक थरि व्यञ्जन र पकवान टक्र्याएर मित्रहरूका साथ बसी श्रीगणेशलाई भोजन गराए। अनेक पटक परम अन्न टक्र्याए । त्यसपछि अनेक थरि फलहरू प्रदान गरे।।४७-४८।। श्रीगणेशलाई भोजन गराएपछि काशिराजले अष्टगन्धले सम्पन्न रत्न र सुवर्ण मिसिएको पान टक्र्याए । त्यसपछि मात्र तिनले आफ्ना परिवारका मानिस र बालबच्चाहरूसँग भोजन गरे। सांयकालको सन्ध्याविधि सकेर विराजमान हुनुभएका श्रीगणेशलाई सुन्दर प्रकाश दिने बत्ती र चँदुवाले सुहाएको अत्यन्त राम्रो पलङ्गमा शयन गराए । आफू पनि श्रीगणेशको आज्ञा लिएर आफ्नी महारानीका साथ शयनकक्षतर्फ लागे । तिनले आफू शयन गर्न जानुभन्दा पहिले श्रीगणेशको सुरक्षाका लागि चारजना आफ्ना विश्वस्त मानिसहरूलाई श्रीगणेशको पहरा दिन लगाए ।।४९-५१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते विघण्टदन्तूरवधो नाम त्रयोदशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'विघण्टर दन्तूरको वध' शीर्षकान्वित तेह्रौं अध्याय पूर्ण भयो ।।१३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्दशोऽध्यायः { १४ अध्याय }

क उवाच

ततः प्रभात उत्थाय शौचं कृत्वा यथाविधि।
चकार मज्जनं सोऽथ सन्ध्यां चक्रे यथाविधि।।१।।

होमं चकार समिधं स्थाप्य कृष्णाजिनं शुभम्।
निधाय दण्डं चिक्रीड बालकैः स विनायकः।।२।।

निशम्य कीर्तिं तत्रत्यो ब्राह्मणो वेदशास्त्रवित्।
धर्मदत्त इति ख्यातो मुनिपुत्रदिदृक्षया।।३।।

आगतो नृपवर्यस्य काशिराजस्य वेश्म सः।
राज्ञा सम्मानितः सोऽथ पप्रच्छ नृपसत्तमम्।।४।।

क्वाऽसौ महाबलः पुत्रः कश्यपस्य वदस्व मे।
ततो लोका जगुरयं क्रीडते बालकैः सह।।५।।

तत उत्थाय विप्रोऽसौ पाणौ धृत्वाऽवदच्च तम्।
मम मित्रसुतस्त्वं हि श्रुता कीर्तिर्मया तव।।६।।

अतस्त्वां स्वगृहे नेतुमागतोऽहं न संशयः।
पुनीहि पादरजसा सर्वं नः सफलीकुरु।।७।।

परब्रह्मस्वरूपोऽसि परमात्मा परात्परः।
भूभारहरणार्थाय जातोऽसि कश्यपालये।।८।।

क्रीडामानुषरूपोऽसि जाने त्वां तत्त्वतोऽर्भक!
ततो विनायकः प्राह किमर्थं त्वमिहागतः।।९।।

आज्ञामात्रेण ते तात ! कथं नायामि तेऽन्तिकम्।
इत्युक्त्वा त्वरया यायाद् धर्मदत्तपुरःसरः।।१०।।

धूलिमुद्धूलयद्भिस्तैर्बालकैरनुगैर्बली।
मार्गे तु गच्छतस्तस्य नरान्तकसमीरितौ।।११।।

कामसंज्ञश्च क्रोधश्च द्वावेतौ राक्षसाधमौ।
परस्परं युद्ध्यमानौ हन्तुमन्तिकमागतौ।।१२।।

ब्रह्माजीले भन्नुभयो – बालक श्रीगणेश बिहान सबैरे जाग्नुभयो र विधिपूर्वक शौच सम्पन्न गरी स्नान गरेर यथाविधि सन्ध्या पनि गर्नुभयो । त्यसपछि मृगको चर्म बिछ्याएर समिधा हातमा लिई हवन गर्नुभयो । हवन सम्पन्न भएपछि हातमा दण्ड धारण गरी उहाँले बालकहरूका साथमा क्रीडा आरम्भ गर्नुभयो ।।१-२।। कश्यपनन्दन श्रीगणेशको कीर्ति सुनेर काशीनिवासी वेद र शास्त्र जान्ने धर्मदत्त नामबाट विख्यात एक जना ब्राह्मण उहाँको दर्शन गर्ने इच्छाले काशिराजको दरबारमा आए । काशिराजद्वारा सम्मानित धर्मदत्तले उनलाई सोधे- तपाइँको घरमा पाहुना बन्नुभएका कश्यप ऋषिका छोरा महाबली विनायक कहाँ हुनुहुन्छ ? मलाई बताउनुहोस् । यो कुरा सुनेर राजाको वरिपरि रहेका मानिसहरूले भने – ती बालक त यहाँका बालकहरूका साथ क्रीडा गरिरहेका छन् ।।३-५।। त्यसपछि धर्मदत्त ब्राह्मण उठे र श्रीगणेश खेलिरहेको ठाउँमा पुगे। श्रीगणेशको हात समातेर तिनले भने – बाबु ! कश्यप ऋषि मेरा मित्र हुनुहुन्छ। तिमी मित्रका छोरा हौ । मैले तिम्रो कीर्ति धेरै सुनें । त्यस कारण म तिमीलाई आफ्नो घर लिएर जान आएको छु । मेरो कुरामा शंका मान्नुपर्दैन । तिमीले आफ्नो पाउको धूलोद्वारा मेरो घर पवित्र बनाऊ र हामी सबैको जीवन सफल तुल्याइदेऊ। तिमी परब्रह्म परमात्माका स्वरूप हौ। तिमीलाई परात्पर भनिन्छ । पृथिवीको भार हरण गर्न कश्यपका घरमा छोरा भएर जन्मिएका छौ। हे बालक ! म तिमीलाई राम्ररी जान्दछु । तिमी मानिसका रूपमा छौ तापनि लीलाविहार गर्न आएका परमेश्वर हौ । त्यसपछि श्रीगणेशले भन्नुभयो – हे ब्राह्मण ! तपाइँ आफै किन दुःख गर्नुभयो ? आज्ञा मात्र गर्नुभएको भए तपाइँको घर म आफै आउँथें । लौ जाऔं हिड्नुहोस् । यति भनेर बालक श्रीगणेशले धर्मदत्तलाई अगाडि लगाएर प्रस्थान गर्नुभयो ।।६-१०।। धूलो उडाइरहेका त्यहाँका बालकहरू श्रीगणेशका पछि-पछि क्रीडा गरिरहेका थिए । बाटामा जाँदा नरान्तकले पठाएका काम र क्रोध नामक दुई अधम राक्षस परस्पर लड्दै उहाँलाई मार्ने नियतले नजिकै आए ।।११-१२।। आपसमा लड्दा-लड्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युद्ध्यमानौ निपतितौ बालके दुष्टमानसौ।
खररूपौ यथा वह्निपतङ्गाविव दुर्मदौ।।१३।।
ततस्ते बालकाः सर्वे दुद्रुवुस्ते दिशो दश।
ततो विनायको धृत्वा तयोः पादौ बलेन सः।।१४।।
भ्रामयामास बहुधा पोथयामास भूतले।
ततस्तौ पतितौ भूमौ व्यसू लोका व्यलोकयन्।।१५।।
समकम्पत् त्रिभुवनं पतद्देहरवात् तदा।
लोकवार्तासु विश्वासं धर्मदत्तोऽन्वपद्यत।।१६।।
दृष्ट्वा तस्य महत् कर्म प्रत्यक्षेण महामुनिः।
ततो ययौ धर्मदत्तस्तेन साकं पुरःसरः।।१७।।
ददर्श कुञ्जरं मत्तं गूढरूपं महाबलम्।
इतस्ततो विद्रवन्तं जनं हन्तुं समुद्यतम्।।१८।।
इतस्ततो महावीराः पलायनपरा ययुः।
कोलाहलो महानासीज्जनानां तत्र धावताम्।।१९।।
रजसाऽव्यापि सकलं नीहारेणेव पर्वताः।
गजो यातो राजगजान् मत्तान् हन्तुं महाबलः।।२०।।
गजयुद्धं महाघोरं प्रासादस्था व्यलोकयन्।
बभञ्जुरश्वशालान्ते दृष्ट्वा बद्धान् हयानपि।।२१।।
उद्बन्धना हया याता गजाश्च ककुभो दश।
धर्मदत्तो गृहीत्वा तं गृहान्तर्गतमुद्यतः।।२२।।
आस्फाल्य तत्करं बालो रुरोह करिणं बलात्।
बिभेद गण्डं सृणिना वारं वारं विनायकः।।२३।।
असृक्प्रवाहः परितो निपपात महीतले।
स गजो बृंहितं कृत्वा सर्वलोकभयावहम्।।२४।।
पतता तेन भग्नानि विस्तीर्णेनायतेन च।
सङ्ख्यातीतान्यगाराणि सर्वोपस्करवन्ति च।।२५।।
चकम्पे पृथिवी सर्वा सपर्वतवनाकरा।
ततोऽन्धकारे विगते तत्रेयुर्नागरा जनाः।।२६।।

पापी मन भएका ती दानवहरू गधाको रूप लिएर बालक श्रीगणेशमाथि जाइलागे । जसरी आगोका सामु गएर पतङ्गहरू डढ्छन् त्यसै गरी ती राक्षसहरू भुइँमा लडे । श्रीगणेशका पछि-पछि आएका धेरै बालकहरू त्यो भयानक दृश्य देखेर दसै दिशातिर लागे। त्यसपछि श्रीगणेशले ती दुबै राक्षसका खुट्टामा समातेर जोडले घुमाई भुइँमा पछार्नुभयो । भुइँमा पछारिएपछि निष्प्राण भएका तिनीहरूलाई संसारले चकित भएर हेऱ्यो। ती दानवहरू पछारिंदा भएको गर्जनबाट त्रिभुवन नै काँप्यो । त्यस बेलामात्र धर्मदत्तले संसारमा श्रीगणेशको विषयमा फैलिएको आश्चर्यजनक कथा साँचो रहेछ भन्ने ठाने ।।१३-१६।। महामुनि धर्मदत्त आफ्नो आँखाका सामु बालकका विचित्र कर्मको दर्शन गर्दै उहाँका साथ अगाडि बढ्दै गए । अगाडि बढ्दै जाँदा तिनले अत्यन्त बलशाली मत्त हात्ती देखे । त्यो हात्ती यता-उति घुम्दै सूँढ फैलाएर मानिसहरूलाई प्रहार गर्न उद्यत देखिन्थ्यो। त्यसलाई देखेर ठूला-ठूला वीरहरू पनि डरले भागिरहेका थिए। त्यहाँ अरू भागिरहेका मानिसहरूको पनि ठूलो कोलाहल थियो। कुहिरोले पर्वतलाई ढाकेझैं सम्पूर्ण वातावरण धूलोले ढाकिएको थियो । त्यसपछि त्यो हात्ती राजाले पालेका हात्तीलाई मार्न अगाडि बढ्यो।।१७-२०।। त्यो मत्त हात्ती र काशिराजका हात्तीहरूको घोर सङ्ग्रामलाई घरका छतमा रहेर मानिसहरूले हेरिरहेका थिए । हात्तीको युद्धमा घोडा बाँध्ने तवेलाहरू भत्किए। बन्धनमुक्त भएका घोडाहरू चार दिशामा फैलिए । यो दृश्य देखेर धर्मदत्तले बालकलाई समाती कुनै घरमा लुकाउन खोजे। त्यस बेला भगवान् श्रीगणेश धर्मदत्तको हात झट्कारेर मदमत्त हात्तीको पिठ्यूँमा सवार हुनुभयो र त्यसको गण्डस्थल भेदन गर्नुभयो ।।२१-२३।। हात्तीको गालाबाट बगेको रगतको धारा धर्तीमा फैलियो । त्यो डरलाग्दो हात्ती सबैलाई भयभीत तुल्याउँदै ठूलो स्वरले चिच्यायो । श्रीगणेशको प्रहारबाट भुइँमा पछारिंदा त्यसले आफ्नो शरीरको आघातबाट सहस्र सामग्रीहरूले परिपूर्ण घरहरू भत्कायो । पर्वत र वनसमेतले सुहाएको पृथिवी-मण्डल काँप्न थाल्यो। चारैतिर अन्धकार फैलियो । नगरवासी नर-नारीहरू त्यहाँ जम्मा भए ।।२४-२६।। डरलाग्दो हात्तीको शरीर र बालकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीतभीता महारौद्रे मृते तस्मिन् निरीक्ष्य तम्।
बालं तु बलिनो गत्वा तस्मादुत्तारयन् बलात्।।२७।।

धर्मदत्तः पुनश्चैनं कटावेवाऽभ्यधारयत्।
गृहमध्ये निनायाशु पुनरुत्पातशङ्कया।।२८।।

निवृत्ते त्वनिमित्ते स द्विजातिभ्यो ददौ धनम्।
पूजयामास चैवैनमुपचारैः पृथक् पृथक्।।२९।।

वस्त्रालङ्कारकुसुमैर्नानानैवेद्यसञ्चयैः।
भोजयामास विधिवत् सिद्धिबुद्धी उभे ददौ।।३०।।

दक्षिणार्थं धर्मदत्तो ननाम दण्डवत् क्षितौ।
उवाच च प्रसन्नात्मा हर्षगद्गदया गिरा।।३१।।

मम भाग्यं तु फलितं यद् दृष्टं चरणाम्बुजम्।
जगदीशो जगत्कर्ता जगत्साक्षी जगद्गुरुः।।३२।।

मम वाक्यादिहायात उद्धर्त्तुं मम पूर्वजान्।
एवं ब्रुवन्नेव मुनिः स्वासने सन्निवेशितः।।३३।।

विनायकेन देवेन पूजितो बहुभक्तितः।
ततोऽतिशुशुभे बालः सिद्धिबुद्धियुतो भृशम्।।३४।।

गङ्गागौरीयुतो यद्वच्छूलपाणिस्त्रिलोचनः।
एतस्मिन्नन्तरे तत्र जृम्भानाम्न्यागताऽशुभा।।३५।।

पीताम्बरधरा चारुकङ्कणा चारुभूषणा।
अतिदुष्टमनाः सा तु पत्नी धूम्राक्षरक्षसः।।३६।।

सोवाच मधुरां वाचं निधानमिदमुत्तमम्।
इत्यरिष्टानि जायन्ते तानि नश्यन्त्ययत्नतः।।३७।।

कथं चारु भवेद् भोगो मातापित्रोरमुष्य वै।
एवमुक्त्वा स्त्रियः सर्वा उवाच च विनायकम्।।३८।।

पराक्रम देखेर ती सबै भयभीत र चकित थिए। नगरवासीहरूले बालकलाई हात्तीबाट ओरालेर ल्याए ।।२७।। त्यसपछि धर्मदत्तले बालक श्रीगणेशलाई आफ्नो काखमा राखेर फेरि यहाँ उत्पात हुनसक्छ, बस्नु हुँदैन भनी आफ्नो घर पुऱ्याए ।।२८।। अचानक आइलागेको विपत्तिको निवारण भएपछि धर्मदत्तले अनिष्ट शान्तिका लागि ब्राह्मणहरू बोलाई धेरै धन दान गरे र बालक श्रीगणेशको पनि अनेक उपचारबाट पृथक्-पृथक् पूजा गरे ।।२९।। वस्त्र, अलङ्कार, फूल, माला, नाना थरि नैवेद्यहरूको सञ्चय टक्र्याएर धर्मदत्तले बालगणेशको पूजा गरेका थिए । त्यसपछि विधिपूर्वक तिनले श्रीगणेशलाई भोजन गराई दक्षिणाको रूपमा सिद्धि र बुद्धि नामक दुई कन्या प्रदान गरे ।।३०।। कन्यादानपछि धर्मदत्तले भुइँमा पस्रेर साष्टाङ्ग दण्डवत् प्रणाम गरे । प्रसन्न भएर हर्षले गद्गद वाणीबाट तिनले भने – 'हे बालक श्रीगणेश ! मेरो भाग्य आज फलीभूत भयो किनकि मैले तपाइँका चरणकमलको दर्शन पाएँ। जगत्का स्वामी, रचयिता, साक्षी र गुरु भगवान् श्रीगणेश मेरो सामान्य अनुरोधमा मेरा पूर्वजहरूको उद्धार गर्न यहाँ आउनुभयो ।' यसरी स्तुति गरिरहेका मुनिलाई श्रीगणेशले प्रसन्न भएर आफ्नै आसनमा राखी भक्तिपूर्वक सत्कार, सम्मान एवं अर्चना पनि गर्नुभयो। त्यसपछि सिद्धि र बुद्धिसहित विराजमान बालक श्रीगणेश अत्यन्त शोभायमान हुनुभयो।।३१-३४।। एकातर्फ गौरी र अर्कोतर्फ गङ्गालाई धारण गरेर त्रिलोचन भगवान् शङ्कर जसरी शोभायमान हुनुहुन्छ त्यसै गरी सिद्धि-बुद्धिसहित श्रीगणेश पनि सुहाउनुभएको थियो । यसै बीचमा त्यस ठाउँमा जृम्भा नामक एउटी नारी आइपुगिन् । बाहिरबाट ती नारीले पीताम्बर धारण गरेकी थिइन् । तिनका हातमा राम्रा चुराहरू थिए र शरीरमा पनि बहुमूल्य अलङ्कार धारण गरेकी थिइन् तर भित्रबाट भने ती साह्रै दुष्ट हृदयकी राक्षसी थिइन्। धूम्राक्ष राक्षसकी पत्नीका रूपमा चिनिएकी ती जृम्भाले मधुर वाणीद्वारा भनिन् – बाबु ! तिम्रा निमित्त तकिया लिएर आएकी छु, यसमा शिर राखेर शयन गर्दा अरिष्ट हुँदैन। तिमीलाई त पाइला-पाइलामा अरिष्ट भइरहेका छन् । यसको सहारा लिएर आराम गऱ्यौ भने ती सबै अरिष्ट समाप्त भएर जानेछन्। तिम्री माता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महद्भाग्यं मम विभो यज्जातं तव दर्शनम्।
परिश्रान्तोऽसि देवेश ! नानादुष्टविनाशनात्।।३९।।

अभ्यङ्गं कुरु तैलेन सुगन्धेन महामते।
अङ्गं ते मर्दयिष्यामि तैलमुद्वर्त्तनं तथा।।४०।।

ओमित्युक्ते ततस्तेन विषहस्ता समादधे।
तैलेन चरणौ तस्य विषोत्कर्षविधायिना।।४१।।

ममर्द जृम्भती जृम्भा लोकास्तां साधु मेनिरे।
सा सिषेवे भावदुष्टाऽशुभभावा पतिं यथा।।४२।।

ततस्तस्य शरीरस्य दाह एवाभवन् महान्।
ततो ज्ञानेन बुद्ध्वा तां दुष्टभावां निशाचरीम्।।४३।।

नारिकेलफलेनाशु मस्तके तां जघान सः।
ततः सा पतिता भूमौ निजरूपं समास्थिता।।४४।।

असृक्प्रवाहमध्ये सा विस्तीर्णा योजनद्वयम्।
धर्मदत्तश्च लोकाश्च तदाश्चर्ययुता बभुः।।४५।।

पूजयामास विधिवद् भोजयामास तं पुनः।
पक्वान्नं विविधं स्वादु रसैः षड्भिः समन्वितम्।।४६।।

अस्मिन्नवसरे देवाः पुष्पवर्षं प्रचक्रिरे।
नीराजनं लाजवर्षमङ्गनाः पूजनानि च।।४७।।

ततः स काशिराजस्तमाकारयितुमागमत्।
रथोपरि निवेश्यैनं वाद्यघोषसमन्वितः।।४८।।

गन्धर्वा गानसहिता नृत्यन्त्यप्सरसः पुरः।
निनाय स्वगृहं राजा विनायकमनामयम्।।४७।।

र तिम्रो जीवन कसरी निर्विघ्न हुनसक्छ, त्यस विषयमा म चिन्तित छु ।' त्यो राक्षसीले त्यहाँका नर–नारीका सामु यसरी कुरा गरेपछि भगवान् बालगणेशलाई लक्षित गर्दै भनी– 'हे सर्वव्यापक प्रभु ! आज मेरा लागि ठूलो भाग्यको दिन रहेछ। तपाइँको दर्शन गर्ने अवसर पाएँ । हे श्रीगणेश ! तपाईँ थाक्नुभएको छ, अनेक थरि दानवहरूसँग तपाइँलाई पटक–पटक युद्ध गर्न परिरहेको छ । यो सुगन्धित तेल हेर्नुहोस्, यसले तपाइँको शरीरमा मालिश गर्छु र उबटनको धूलो छरिदिन्छु । जृम्भाको आदरपूर्ण वचन सुनेर श्रीगणेशले हुन्छ भन्नुभयो । ती दुष्ट आइमाईले हातमा विष दलेर आइन् र श्रीगणेशका पाउमा मालिस गरिन् । त्यति बेलासम्म मानिसहरूले जृम्भालाई राम्रै रूपमा लिइरहेका थिए । तर त्यो जृम्भा भावदोषका कारण श्रीगणेशको दुष्ट परिणामको आशा लिएर तेल मालिस गरिरहेकी थिई । त्यसले सेवा गर्दा कुनै पतिव्रता नारीले पतिको सेवा गरेजस्तो लागिरहेको थियो ।।३५–४२।। श्रीगणेशको शरीरमा विषको प्रवेश भएका कारण उहाँलाई पोल्न थाल्यो र छट्पटाउनुभयो । एकछिन विचार गरेर उहाँले दुर्भावनाले आएकी राक्षसी हो भन्ने थाहा पाउनुभयो । तुरुन्तै हातमा नरिवलको फल लिएर त्यसको टाउकामा प्रहार गर्नुभयो। त्यो राक्षसी भुइँमा लडी र त्यसले आफ्नो स्वाभाविक डरलाग्दो स्वरूप धारण गरी ।।४३–४४।। त्यसको शरीरबाट रगतको धारा बग्न थाल्यो । दश योजनसम्म त्यसको शरीर फैलिएको थियो । त्यसको स्वरूप हेर्न धर्मदत्तलगायत नगरवासी नर–नारीहरू जम्मा भएका थिए । ती सबै राक्षसीका शरीरको दृश्य देखेर चकित थिए । त्यो घटनापछि धर्मदत्तले श्रीगणेशलाई घर लगेर राम्रोसँग भोजन गराए । भोजनमा अनेक थरि पकवान र छ किसिमका रसले परिपूर्ण भोज्य सामग्री थिए । त्यस बेला देवताहरूले आकाशबाट पुष्पवर्षा गरे । किशोरीहरूले भगवान्को आरती गरे र लाबा वर्षाए । काशिराज पनि श्रीगणेशलाई लिन भनेर त्यहाँ आइपुगे। तिनले श्रीगणेशलाई रथमा राखेर बाजागाजा, गन्धर्वहरूको गान र अप्सराहरूको नृत्यका साथ आफ्नो दरबारमा पुऱ्याए।।४५–४७।। राजासँग दरबारतर्फ प्रस्थान गर्दा श्रीगणेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीतभीता महारौद्रे मृते तस्मिन् निरीक्ष्य तम्।
बालं तु बलिनो गत्वा तस्मादुत्तारयन् बलात्।।२७।।

धर्मदत्तः पुनश्चैनं कटावेवाऽभ्यधारयत्।
गृहमध्ये निनायाशु पुनरुत्पातशङ्कया।।२८।।

निवृत्ते त्वनिमित्ते स द्विजातिभ्यो ददौ धनम्।
पूजयामास चैवैनमुपचारैः पृथक् पृथक्।।२९।।

वस्त्रालङ्कारकुसुमैर्नानानैवेद्यसञ्चयैः।
भोजयामास विधिवत् सिद्धिबुद्धी उभे ददौ।।३०।।

दक्षिणार्थं धर्मदत्तो ननाम दण्डवत् क्षितौ।
उवाच च प्रसन्नात्मा हर्षगद्गदया गिरा।।३१।।

मम भाग्यं तु फलितं यद् दृष्टं चरणाम्बुजम्।
जगदीशो जगत्कर्ता जगत्साक्षी जगद्गुरुः।।३२।।

मम वाक्यादिहायात उद्धर्त्तुं मम पूर्वजान्।
एवं ब्रुवन्नेव मुनिः स्वासने सन्निवेशितः।।३३।।

विनायकेन देवेन पूजितो बहुभक्तितः।
ततोऽतिशुशुभे बालः सिद्धिबुद्धियुतो भृशम्।।३४।।

गङ्गागौरीयुतो यद्वच्छूलपाणिस्त्रिलोचनः।
एतस्मिन्नन्तरे तत्र जृम्भानाम्न्यागताऽशुभा।।३५।।

पीताम्बरधरा चारुकङ्कणा चारुभूषणा।
अतिदुष्टमनाः सा तु पत्नी धूम्राक्षरक्षसः।।३६।।

सोवाच मधुरां वाचं निधानमिदमुत्तमम्।
इत्यरिष्टानि जायन्ते तानि नश्यन्त्ययत्नतः।।३७।।

कथं चारु भवेद् भोगो मातापित्रोरमुष्य वै।
एवमुक्त्वा स्त्रियः सर्वा उवाच च विनायकम्।।३८।।

पराक्रम देखेर ती सबै भयभीत र चकित थिए। नगरवासीहरूले बालकलाई हात्तीबाट ओरालेर ल्याए ।।२७।। त्यसपछि धर्मदत्तले बालक श्रीगणेशलाई आफ्नो काखमा राखेर फेरि यहाँ उत्पात हुनसक्छ, बस्नु हुँदैन भनी आफ्नो घर पुऱ्याए ।।२८।। अचानक आइलागेको विपत्तिको निवारण भएपछि धर्मदत्तले अनिष्ट शान्तिका लागि ब्राह्मणहरू बोलाई धेरै धन दान गरे र बालक श्रीगणेशको पनि अनेक उपचारबाट पृथक्-पृथक् पूजा गरे ।।२९।। वस्त्र, अलङ्कार, फूल, माला, नाना थरि नैवेद्यहरूको सञ्चय टक्र्याएर धर्मदत्तले बालगणेशको पूजा गरेका थिए । त्यसपछि विधिपूर्वक तिनले श्रीगणेशलाई भोजन गराई दक्षिणाको रूपमा सिद्धि र बुद्धि नामक दुई कन्या प्रदान गरे ।।३०।। कन्यादानपछि धर्मदत्तले भुइँमा पसेर साष्टाङ्ग दण्डवत् प्रणाम गरे । प्रसन्न भएर हर्षले गद्गद वाणीबाट तिनले भने – 'हे बालक श्रीगणेश ! मेरो भाग्य आज फलीभूत भयो किनकि मैले तपाइँका चरणकमलको दर्शन पाएँ। जगत्का स्वामी, रचयिता, साक्षी र गुरु भगवान् श्रीगणेश मेरो सामान्य अनुरोधमा मेरा पूर्वजहरूको उद्धार गर्न यहाँ आउनुभयो ।' यसरी स्तुति गरिरहेका मुनिलाई श्रीगणेशले प्रसन्न भएर आफ्नै आसनमा राखी भक्तिपूर्वक सत्कार, सम्मान एवं अर्चना पनि गर्नुभयो। त्यसपछि सिद्धि र बुद्धिसहित विराजमान बालक श्रीगणेश अत्यन्त शोभायमान हुनुभयो।।३१-३४।। एकातर्फ गौरी र अर्कोतर्फ गङ्गालाई धारण गरेर त्रिलोचन भगवान् शङ्कर जसरी शोभायमान हुनुहुन्छ त्यसै गरी सिद्धि-बुद्धिसहित श्रीगणेश पनि सुहाउनुभएको थियो । यसै बीचमा त्यस ठाउँमा जृम्भा नामक एउटी नारी आइपुगिन् । बाहिरबाट ती नारीले पीताम्बर धारण गरेकी थिइन् । तिनका हातमा राम्रा चुराहरू थिए र शरीरमा पनि बहुमूल्य अलङ्कार धारण गरेकी थिइन् तर भित्रबाट भने ती साह्रै दुष्ट हृदयकी राक्षसी थिइन्। धूम्राक्ष राक्षसकी पत्नीका रूपमा चिनिएकी ती जृम्भाले मधुर वाणीद्वारा भनिन् – बाबु ! तिम्रा निमित्त तकिया लिएर आएकी छु, यसमा शिर राखेर शयन गर्दा अरिष्ट हुँदैन। तिमीलाई त पाइला-पाइलामा अरिष्ट भइरहेका छन् । यसको सहारा लिएर आराम गऱ्यौ भने ती सबै अरिष्ट समाप्त भएर जानेछन्। तिम्री माता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महद्भाग्यं मम विभो यज्जातं तव दर्शनम्।
परिश्रान्तोऽसि देवेश ! नानादुष्टविनाशनात्।।३९।।

अभ्यङ्गं कुरु तैलेन सुगन्धेन महामते।
अङ्गं ते मर्दयिष्यामि तैलमुद्वर्त्तनं तथा।।४०।।

ओमित्युक्ते ततस्तेन विषहस्ता समादधे।
तैलेन चरणौ तस्य विषोत्कर्षविधायिना।।४१।।

ममर्द जृम्भती जृम्भा लोकास्तां साधु मेनिरे।
सा सिषेवे भावदुष्टाऽशुभभावा पतिं यथा।।४२।।

ततस्तस्य शरीरस्य दाह एवाभवन् महान्।
ततो ज्ञानेन बुद्ध्वा तां दुष्टभावां निशाचरीम्।।४३।।

नारिकेलफलेनाशु मस्तके तां जघान सः।
ततः सा पतिता भूमौ निजरूपं समास्थिता।।४४।।

असृक्प्रवाहमध्ये सा विस्तीर्णा योजनद्वयम्।
धर्मदत्तश्च लोकाश्च तदाश्चर्ययुता बभुः।।४५।।

पूजयामास विधिवद् भोजयामास तं पुनः।
पक्वान्नं विविधं स्वादु रसैः षड्भिः समन्वितम्।।४६।।

अस्मिन्नवसरे देवाः पुष्पवर्षं प्रचक्रिरे।
नीराजनं लाजवर्षमङ्गनाः पूजनानि च।।४७।।

ततः स काशिराजस्तमाकारयितुमागमत्।
रथोपरि निवेश्यैनं वाद्यघोषसमन्वितः।।४८।।

गन्धर्वा गानसहिता नृत्यन्त्यप्सरसः पुरः।
निनाय स्वगृहं राजा विनायकमनामयम्।।४७।।

र तिम्रो जीवन कसरी निर्विघ्न हुनसक्छ, त्यस विषयमा म चिन्तित छु ।' त्यो राक्षसीले त्यहाँका नर-नारीका सामु यसरी कुरा गरेपछि भगवान् बालगणेशलाई लक्षित गर्दै भनी- 'हे सर्वव्यापक प्रभु ! आज मेरा लागि ठूलो भाग्यको दिन रहेछ। तपाइँको दर्शन गर्ने अवसर पाएँ । हे श्रीगणेश ! तपाईँ थाक्नुभएको छ, अनेक थरि दानवहरूसँग तपाईँलाई पटक-पटक युद्ध गर्न पररिहेको छ । यो सुगन्धित तेल हेर्नुहोस्, यसले तपाइँको शरीरमा मालिश गर्छु र उबटनको धूलो छरिदिन्छु । जृम्भाको आदरपूर्ण वचन सुनेर श्रीगणेशले हुन्छ भन्नुभयो । ती दुष्ट आइमाईले हातमा विष दलेर आइन् र श्रीगणेशका पाउमा मालिस गरिन् । त्यति बेलासम्म मानिसहरूले जृम्भालाई राम्रै रूपमा लिइरहेका थिए । तर त्यो जृम्भा भावदोषका कारण श्रीगणेशको दुष्ट परिणामको आशा लिएर तेल मालिस गरिरहेकी थिई । त्यसले सेवा गर्दा कुनै पतिव्रता नारीले पतिको सेवा गरेजस्तो लागिरहेको थियो ।।३५-४२।। श्रीगणेशको शरीरमा विषको प्रवेश भएका कारण उहाँलाई पोल्न थाल्यो र छट्पटाउनुभयो । एकछिन विचार गरेर उहाँले दुर्भावनाले आएकी राक्षसी हो भन्ने थाहा पाउनुभयो । तुरुन्तै हातमा नरिवलको फल लिएर त्यसको टाउकामा प्रहार गर्नुभयो। त्यो राक्षसी भुइँमा लडी र त्यसले आफ्नो स्वाभाविक डरलाग्दो स्वरूप धारण गरी ।।४३-४४।। त्यसको शरीरबाट रगतको धारा बग्न थाल्यो । दश योजनसम्म त्यसको शरीर फैलिएको थियो । त्यसको स्वरूप हेर्न धर्मदत्तलगायत नगरवासी नर-नारीहरू जम्मा भएका थिए । ती सबै राक्षसीका शरीरको दृश्य देखेर चकित थिए । त्यो घटनापछि धर्मदत्तले श्रीगणेशलाई घर लगेर राम्रोसँग भोजन गराए । भोजनमा अनेक थरि पकवान र छ किसिमका रसले परिपूर्ण भोज्य सामग्री थिए । त्यस बेला देवताहरूले आकाशबाट पुष्पवर्षा गरे । किशोरीहरूले भगवान्को आरती गरे र लाबा वर्षाए । काशिराज पनि श्रीगणेशलाई लिन भनेर त्यहाँ आइपुगे। तिनले श्रीगणेशलाई रथमा राखेर बाजागाजा, गन्धर्वहरूको गान र अप्सराहरूको नृत्यका साथ आफ्नो दरबारमा पुऱ्याए।।४५-४७।। राजासँग दरबारतर्फ प्रस्थान गर्दा श्रीगणेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गच्छन् स ददृशे बालः सिंहारूढो धृतायुधः।
अनेकवीरसंयुक्तो देवैरिव शतक्रतुः।।५०।।

सिद्धिबुद्धियुतो भाति गङ्गोमाभ्यां यथा शिवः।
नानाबन्दिस्तूयमानः प्रविवेश नृपालयम्।।५१।।

एवं बालचरित्रं यः शृणुयाज्जगदीशितुः।
सर्वान् कामानवाप्नोति नारिभिर्बाध्यते क्वचित्।।५२।।

सिंहमा सवार हुनुभएको थियो । उहाँका हातमा शस्त्र-अस्त्र थिए । देवताहरूले घेरिएका इन्द्रमहाराजझैं श्रीगणेश चारैतिरबाट नर-नारीहरूद्वारा घेरिनुभएको थियो । सिद्धि र बुद्धिका साथमा भगवान् श्रीगणेश गङ्गा र पार्वतीका साथमा शिवजीझैं सुहाउनुभएको थियो। स्तुतिपाठ गर्ने अनेक मानिसहरूले उहाँको स्तुति गरिरहेका थिए। यसरी भगवान् श्रीगणेश राजदरबारमा प्रवेश गर्नुभयो। जसले श्रीगणेशको बालकचरित्रको श्रवण गर्दछ त्यसका सबै कामनाहरू पूर्ण हुन्छन् र त्यसले कहिले पनि शत्रुको वशमा पर्नु पर्दैन।।४८-५२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते जृम्भावधो नाम चतुर्दशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'जृम्भा राक्षसीको वध' शीर्षकान्वित चौधौं अध्याय पूर्ण भयो ।।१४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चदशोऽध्यायः

{ १५ अध्याय }

क उवाच

अपरस्मिन् दिने राजा लोकैः सह सभां ययौ।
विनायकेन सहितो मित्रामात्यसमन्वितः।।१।।

तानुवाच ततः सर्वान् बालकस्य गुणान् बहून्।
गुणवन्तं प्रधानं तं पुरस्कृत्य महाशयम्।।२।।

अहं हि कश्यपं यात आकारयितुमन्तिकम्।
विवाहस्य च सिद्ध्यर्थं पुत्रस्तेनेह योजितः।।३।।

प्रस्थितोऽनेन यावच्च तावद् राक्षसमद्भुतम्।
अरिष्टानां समूहञ्च न दृष्टं न च वै श्रुतम्।।४।।

आदावनेन निहतो धूम्राक्षो राक्षसाधिपः।
जघनश्च मनुश्चापि सहस्त्रार्द्धयुतो हतः।।५।।

यो व्योम नीतवानेनं नगरे दन्तुरो हतः।
विघण्टो बालरूपश्च विधूलश्च महाबलः।।६।।

पतङ्गश्चैव नगरे वातरूपधरो हतः।
कूटो नाम हतोऽनेन द्वारि पाषाणरूपधृक्।।७।।

कामक्रोधावपि हतौ खरवेषधरावुभौ।
गजरूपधरः कुण्डो हतोऽनेन निशाचरः।।८।।

यानि चान्यान्यरिष्टानि नाशयिष्यति बालकः।
इदानीं निश्चयः कार्यो विवाहस्य द्विजैः सह।।९।।

देवतास्थापनस्यापि हरिद्रामण्डपस्य च।
विवाहोपस्करार्थञ्च ज्योतिःशास्त्रविशारदैः।।१०।।

ब्रह्माजीले भन्नुभयो - काशिराज अर्को दिन आफ्ना मानिसहरूका साथ श्रीगणेशलाई लिएर राजसभामा गए। काशिराजका साथमा उनका मित्र र मन्त्रीहरू पनि थिए। काशिराजले सबैका सामु आफ्ना अत्यन्त सज्जन प्रधान अमात्यलाई अगाडि राखेर भने – यी बालक श्रीगणेश अत्यन्त गुणी छन् र यिनले गरेका घटना विचित्र छन् । म कुनै दिन छोराको विवाहका लागि कश्यप ऋषिलाई बोलाउन उहाँको आश्रममा गएको थिएँ। मैले उहाँलाई यहाँ ल्याउने प्रयास गरें तर उहाँ आउनुभएन । उहाँले आफ्नो छोरा श्रीगणेशलाई मेरा साथ लगाएर पठाउनुभयो। म यी बालकलाई लिएर प्रस्थान गरें । बाटा-बाटामा अद्भुत राक्षस र अनेक अरिष्टका समूह आइलागे । त्यस्ता अरिष्ट मैले जिन्दगीमा देखेको र सुनेको थिइनँ।।१-४।। सबभन्दा पहिले बालक श्रीगणेशले राक्षसहरूका स्वामी धूम्राक्षलाई मार्नुभयो। त्यसपछि हजारौं सेनासहित रहेका जघन र मनुलाई पनि मार्नुभयो। अर्को दानव दन्तुरले श्रीगणेशलाई उठाएर आकाशमा पुऱ्यायो । त्यसलाई पनि उहाँले काशी नगरीमा मारिदिनुभयो । त्यसपछि बालक श्रीगणेशले विधूल र विघण्टलाई पनि मारिदिनुभयो । काशीनगरमा प्रवेश गर्दा आँधीबेहरीको रूप लिएर आउने पतङ्गनामक राक्षसलाई मारिदिनुभयो। राजदरबारनेर आइपुग्दा चट्टानको रूप लिएर आउने कूटनामक राक्षसलाई मारिदिनुभयो। त्यसपछि गधाको रूप लिएर आउने काम र क्रोधनामक राक्षसलाई मार्नुभयो । अनि उहाँले हात्तीको रूप धारण गर्ने कुण्ड नामक राक्षसलाई यमलोक पठाउनुभयो । यी केही घटनाहरू हुन् । मलाई लाग्छ, अरू पनि यस्तै घटना हुनसक्छन्। जे जस्ता घटना होऊन् तिनलाई बालक श्रीगणेशले समाप्त पारिदिनुहुनेछ । अब हामीहरूले ब्राह्मणहरूका साथमा बसेर छोराको विवाहको तिथि-मिति तय गर्नुपर्छ । ज्योतिषशास्त्रका विद्वान्हरूलाई बोलाएर देवताको प्रतिष्ठा, हरिद्रामण्डपको निर्माण र विवाहयज्ञमा चाहिने माङ्गलिक वस्तुहरूको व्यवस्थाका लागि मुहूर्त निश्चय गर्नुपर्छ ।।५-१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवमाकर्ण्य तद्वाक्यममात्यावूचतुर्नृपम्।
अयं बालः पुरे यावद् वर्तते नृपसत्तम।।११।।

तावद् विवाहो न भवेदिति नो भाति निश्चितम्।
अस्मिँस्थिते महोत्पाता भविष्यन्ति दिने दिने।।१२।।

पक्षे मासे गते राजन् ! विवाहं कर्तुमर्हसि।
ओमित्युक्ते नृपेणाऽथ जग्मुः सर्वे निजालये।।१३।।

राजा विनायकश्चापि भुक्त्वा सुषुपतुः सुखम्।
ततो निशीथे सम्प्राप्ते सुप्ते सर्वजने मुने।।१४।।

ज्वालामुखो व्याघ्रमुखो दारुणोऽथ त्रयोऽसुराः।
इच्छन्तोऽपचितिं पूर्वहतानां दैत्यरक्षसाम्।।१५।।

सम्पूर्णां नगरीं दग्धुमाद्य ऐच्छत् तदाऽसुरः।
दारुणो वायुरूपेण तत्सहायार्थमुद्यतः।।१६।।

व्याघ्रास्यो भक्षितुं तत्र पलायनपरानभूत्।
एवं ते निश्चयं कृत्वा प्राक्रोशन् सुमहास्वनैः।।१७।।

त्रैलोक्यं कम्पितं सर्वं तदा संशयितं भृशम्।
प्रलयः परचक्रं वा किमागतमिति ब्रुवत्।।१८।।

व्याघ्रास्यः सुमहाकायः स्थाप्योष्ठं धरणीतले।
पूर्वं परञ्च गगने मध्ये जिह्वा नदी इव।।१९।।

उत्सृजन् मुखतो ज्वालाः साम्बरं पत्तनं दहन्।
यथा हनुमता दग्धा नगरी पुच्छवह्नितः।।२०।।

तथा ददाह नगरीं दुष्टोऽसौ मुखवह्नितः।
दग्धा वृक्षा लतारामाः प्रासादनिचयास्तदा।।२१।।

ब्रह्माजीले भन्नुभयो - राजाका यी कुरा सुनेर दुई अमात्यहरूले भने - हे राजन् ! जबसम्म यी बालक काशी नगरमा रहन्छन्, तबसम्म तपाइँका छोराको विवाह गर्नु हुँदैन भन्ने हामीलाई लाग्छ । किनकि यी बालक यहाँ रहेसम्म दिन-दिनै ठूला-ठूला उत्पात हुनेछन् । एउटा पक्ष अथवा एउटा महिना बितेपछि मात्र हामीले विवाहको तिथिमिति तय गर्नुपर्दछ। राजाले तिनका कुरा सुनेर स्वीकृति दिएपछि सबै मानिसहरू आ-आफ्ना घरतर्फ लागे।।११-१३।। काशिराज र श्रीगणेश पनि खानपीन गरेर आनन्दपूर्वक शय्यामा गई विश्राम गरे । आधा रात भयो र चारैतिर बाक्लो अन्धकार छायो । संसारका सबै मानिस निदाइरहेका थिए । संसारको वातावरण शान्त थियो । त्यसै बेला ज्वालामुख, व्याघ्रमुख र दारुण नामक तीन राक्षस श्रीगणेशले पहिले मार्नुभएका राक्षस र दैत्यहरूको मृत्युको प्रतिशोध लिन काशी आए ।।१४-१५।। तीमध्ये ज्वालामुखले काशीमा आगो लगाउने निधो गर्‍यो, दारुणले वायुको रूप लिएर आगो फैलाउन सघाउने अठोट गर्‍यो, व्याघ्रमुखले आगो लागेपछि आ-आफ्ना घरबाट भागिरहेका नर-नारीहरूलाई खाएर समाप्त गर्ने निश्चय गर्‍यो । यसरी निश्चय गरी ती दानवहरूले ठूलो स्वरले गर्जन गरे ।।१६-१७।। प्रगाढ निद्रामा सुतिरहेका मानिसहरूका निमित्त त्यस स्वरले भुइँचालो गएको आभास दिलायो । स्वरबाट भयभीत तीनै लोकका नर-नारीहरू काँप्न थाले । सुतिरहेका मानिसहरू जागे र तिनले प्रलय नै आयो कि अथवा शत्रुराजाले ठूलै आक्रमण गरे कि? यसरी शङ्का गर्न थाले ।।१८।। व्याघ्रमुख नामक दानवले ठूलो रूप धारण गर्‍यो, भुइँमा ओंठ तेर्स्याउँदा दुई ओंठको मध्यभाग विशाल गगनमण्डलझैं देखियो र बीचमा रहेको जिभ्रो नदीझैं देखियो । त्यसका मुखबाट अग्निको ज्वाला छुट्यो र त्यसले पूरा शहरलाई ढाक्यो । जसरी अघि लङ्कामा हनुमान्‌ले आफ्नो पुच्छरमा लागेको आगोबाट पूरा लङ्कालाई नै डढाएका थिए, त्यसैगरी ज्वालामुखले आफ्नो मुखको अग्निबाट सम्पूर्ण काशी नगरीलाई डढायो । रूख-लहरा डढे, वन एवं बगैंचाहरू खरानी हुँदै गए र घर-महलहरू पनि अग्निको ज्वालाबाट ढल्न थाले ।।१९-२१।। मानिसहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोलाहलो महानासीन्मुखहस्तरवस्तथा ।
हित्वा सर्वाणि कार्याणि विद्रवन्ति जना दिशः ।।२२।।

नगराद् बहिरायान्तं व्याघ्रास्यो ग्रसते नरम् ।
तदेव भोजनं तस्य बालकाश्चोपदंशकाः ।।२३।।

केचिद् विस्त्रस्तवसना विवस्त्राश्चापरे ययुः।
स्त्रियः कूर्पासकाः काश्चित् काश्चित् पत्यंशुका ययुः ।।२४।।

व्याघ्रास्यं विवरं मत्वा विविशुर्जीवितेच्छया ।
अन्यानाकारयन्त्यस्ता ह्यभक्षयत सोऽसुरः ।।२५।।

अकाले प्रलये प्राप्ते काशिराजो विनायकम् ।
सर्वं विहाय राज्यं स्वं स्त्रीपुत्रादि स्ववस्तु सः ।।२६।।

स्कन्धे गृहीत्वा भ्रमते नानास्थाने गृहे गृहे ।
अतिदुःखेन सन्तप्तस्तेजसा चैव शुष्मिणः ।।२७।।

कथं मया बाल एष सर्वारिष्टप्रवर्तकः ।
सर्वस्वहारको मौढ्याद् दुर्निमित्तस्य कारणम् ।।२८।।

विनैनं किमहं ब्रूयामदित्यै कश्यपाय च ।
निरस्तानि च पूर्वाणि महारिष्टान्यनेन हि ।।२९।।

आस्ते तूष्णीमिदानीं किं न जानेऽत्रापि कारणम् ।
एवं शोचन् दुर्गमुच्चै रुरोह सह तेन सः ।।३०।।

तत्रापि दहनो वायुसहायः समुपागमत् ।
कुम्भैश्च मृन्मयैः पात्रैः सिषिचुः सेवकास्तदा ।।३१।।

तत्पत्न्यो निर्ययुर्हित्वा व्रीडां बालयुता बहिः ।
अवतीर्य ततो राजा विह्वलोऽधः समाययौ ।।३२।।

मुख र हातबाट निस्किएको कोलाहल चारैतिर फैलियो । सबै आ-आफ्ना काम छाडेर घरबाट चार दिशातर्फ भाग्न थाले । भाग्दै बाहिर आएका मानिसहरूलाई व्याघ्रमुखले आक्रमण गर्दै खान थाल्यो। त्यसले ठूला-ठूला मानिसहरूलाई भोजनका रूपमा खाइरहेको थियो भने साना-साना बालकहरू चटनी भइरहेका थिए ।।२२-२३।। भागिरहेका मानिसका शरीरबाट लुगा खसिरहेका थिए भने केही मानिस नाङ्गै पनि दौडिरहेका थिए । केही नारीहरू आफ्नो कुहिनाले गोप्य अङ्ग ढाकेर दगुरेका थिए भने केही आफ्ना श्रीमान्का वस्त्र धारण गरेर भागिरहेका थिए ।।२४।। व्याघ्रमुख नामक दानव नगरबाहिर गुफाझैं ठूलो आकारको मुख बनाएर बसिरहेको थियो । ती नरनारीहरूले व्याघ्रमुखको मुखलाई गुफा नै ठाने र शरण लिन भनी त्यसैभित्र पसे अनि अरूलाई पनि पस्न लगाए। त्यो दानवले ती सारा नरनारीहरूलाई खायो।।२५।। काशीमा अकालमा प्रलय आएजस्तो भयो। काशिराज आफ्ना पुत्र, पत्नी र श्रीसम्पत्तिको बेवास्ता गरी श्रीगणेशलाई काँधमा राखेर यिनलाई कसरी सुरक्षा प्रदान गर्ने हो भन्दै ठाउँ-ठाउँमा घुम्न थाले । ती अग्निज्वालाको तापले गर्दा अत्यन्त सन्तप्त थिए ।।२६-२७।। तिनले मनमनै भनिरहेका थिए - किन मैले मूर्खता गरी सबै प्रकारका अरिष्ट निम्त्याउने यी बालकलाई लिएर आएँछु । यिनले मेरो सर्वस्व समाप्त पार्ने भए । यिनको आगमन अलच्छिनको कारण बन्यो ।।२८।। यिनलाई मैले अदिति र कश्यपका सामु बुझाउन सकिनँ भने तिनले मलाई के भन्लान् ? पहिले-पहिले भएका सारा अरिष्टलाई त यी बालकले समाप्त पारेका हुन्, अहिले यी किन चुप लागेर बसेका छन् ? यसको कारण पनि मैले बुझ्न सकिनँ । यसरी चिन्ता गर्दै श्रीगणेशलाई काँधमा बोकिरहेका काशिराज एउटा किल्लामा चढे ।।२९-३०।। त्यहाँ पनि वायुरूप दारुणनामक दानवको सहायता लिएर ज्वालामुखको मुखबाट छुटेका अग्निका ज्वालाहरूले आक्रमण गरे । सेवकहरूले गाग्रा र माटाका अरू भाँडामा जम्मा गरेर राखेको पानीद्वारा आगो निभाउने कोशिश गरे ।।३१।। काशिराजका रानीहरू पनि कुनै किसिमको लाज नमानेर आफू बसेको दरबारबाट आफ्ना बाल-बालिकाका साथ बाहिर आए । ती नारीहरूलाई दरबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वाश्वतरवीराश्च रथनागपदातयः।
निर्ययुर्नगरात् सर्वे पौराश्च सहगोधनाः।।३३।।

विनायकः काशिराजं काशिराजो विनायकम्।
गवेषयामास तदा वर्तमाने जनक्षये।।३४।।

सर्वेषु लोकेषु गतेषु मध्ये
स व्याघ्रतुण्डो न मिमील तुण्डम्।
यावन्न तुण्डे विशति स्म देवो
विनायकोऽनन्तगुणो महात्मा।।३५।।

उदये तु रवेर्जाते ददर्शाऽथ विनायकः।
व्याघ्रास्यं दग्धनगरं जनपूर्णं च तन्मुखम्।।३६।।

वह्निञ्च निकटे वीक्ष्य विवेश तन्मुखं बलात्।
तस्मिन् गते निजास्ये तु न्यमीलयत सोऽसुरः।।३७।।

आस्यं गह्वरसङ्काशं सर्वसंहरणेच्छया।
दारितुं बालकस्तत्र ववृधेऽतीव तत्क्षणात्।।३८।।

पाटयामास तद्देहं व्याघ्रदेहेन रोदसी।
अभूच्चटचटाशब्दो वंशानां पाट्यतामिव।।३९।।

ततो द्वेधाऽभवद्दैत्यो गतासुरभवत् क्षणात्।
तदेकं शकलं तस्य गगने स तु चिक्षिपे।।४०।।

वायुना भ्रमति स्मैतद् दूरे देशे पपात च।
अर्धेन पतता तेन चूर्णितं गहनं वनम्।।४१।।

अपरञ्चाभवत् क्रीडागृहं बालमुदावहम्।
उदतिष्ठँस्ततो लोका अपरानप्यबोधयन्।।४२।।

बाहिर आएको देखेर व्याकुल भएका काशिराज दुर्गबाट तल ओर्लिए। अश्वसेना, रथसेना, हात्तीसेना र पैदलसेनाका वीरहरू नगरबाट बाहिर निस्कन थाले । नगरवासी गृहस्थहरू पनि आफ्ना गाई–बाच्छा लखेट्दै नगरबाट बाहिर जान थाले। त्यो हुलचालमा श्रीगणेश एकातिर हराउनुभयो भने काशिराज अर्कोतिर हराए । श्रीगणेश काशिराजलाई खोज्दै हुनुहुन्थ्यो भने काशिराज पनि श्रीगणेशलाई खोजिरहेका थिए ।।३२–३४।। मानिसहरू मरिरहेका थिए र भागिरहेका थिए। यस्तो अवस्थामा काशी रित्तिदै थियो। व्याघ्रमुख नामक राक्षसले काशीका सम्पूर्ण नरनारीलाई आफ्ना मुखले निल्यो तर मुख बन्द गरेन। त्यसले जबसम्म अनन्त गुण भएका र महान् आत्मशक्तिले सम्पन्न श्रीगणेश मुखभित्र आउँदैनन् तबसम्म म मेरो मुख खुला राख्छु भन्ने निधो गरेको थियो ।।३५।। यसै रीतिबाट रात बित्यो, बिहान भयो र सूर्य उदाए । त्यस बेला श्रीगणेशले सम्पूर्ण नगरवासीलाई व्याघ्रमुखले निलेको अवस्थामा देख्नुभयो। मानिसलाई खाएर अघाएको व्याघ्रमुख र त्यसको नजिकमा भयङ्कर अग्निज्वाला समेत देखेर श्रीगणेश व्याघ्रमुख दानवको मुखभित्र पस्नुभयो। श्रीगणेश मुखभित्र पस्नुभएपछि व्याघ्रमुखले आफ्नो खुला मुख बन्द गर्‍यो ।।३६–३७।। सबैको संहार गर्ने आशयले खुला राखिएको व्याघ्रमुखको गुफासमान मुखभित्र पस्नुभएका भगवान् श्रीगणेशले तत्काल नै त्यसको शरीरलाई फुटाउने हिसाबले आफ्नो शरीर बढाउनुभयो ! श्रीगणेशको शरीर विशाल हुँदै गयो र व्याघ्रमुखको पेटभित्र नअटाउने परिस्थिति भयो । त्यस बेला श्रीगणेश त्यसको पेट चिरेर बाहिर आउनुभयो। भगवान् श्रीगणेशले व्याघ्रमुखको पेट चिर्दा बाँस चिर्दा जस्तो शब्द हुन्छ त्यस्तै शब्द आइरहेको थियो । यसरी पेट चिरिंदा दैत्यको शरीर दुई टुक्रा भएपछि त्यो दैत्य तत्काल मर्‍यो । त्यसको शरीरको एउटा टुक्रालाई श्रीगणेशले आकाशतर्फ फ्याँकिदिनुभयो । हावाद्वारा उडाइएको त्यो टुक्रा धेरै पर गएर जमिनमा खस्यो । जमिनमा खस्दा त्यसको भारले अनेक वनहरू ध्वस्त भए । त्यसको शरीरको अर्को टुक्रा बालकहरूका निमित्त आरोहण एवं अवरोहण गरी खेल्ने क्रीडागृह बन्यो । त्यस बेला व्याघ्रमुखले निलेका मानिसहरू मुखभित्रबाट सरासर बाहिर आउन थाले । धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततोऽग्निमपिबत् सर्वं पादाघातादचूर्णयत्।
विदारणं महाकायं ज्वालासुरयुतं तदा।।४३।।

एवं निहत्य तान् दुष्टान् योगमायाबलेन सः।
अजीवयन् मृतान् सर्वान् नगरञ्च यथा पुरा।।४४।।

अकार्षीच्च जगर्जाशु केसरीव विनायकः।
सर्वलोकाश्च राजा च ततस्तं तुष्टुवुर्मुदा।।४५।।

नमोऽनन्तशक्ते गुणानामधीश
नमोऽरिष्टहन्त्रे नमः सृष्टिकर्त्रे।
नमो विश्वपात्रे नमो विश्वहन्त्रे
नमो ज्ञानदात्रे नमोऽज्ञानहन्त्रे।।४६।।

अकालप्रलयाद् देव ! वीतिहोत्राज्जगत्पते।
लीलावतार! दैत्येभ्यो रक्षिता लीलया त्वया।।४७।।

कस्य सामर्थ्यमेतावद् वह्निं पातुं महाबलम्।
भूगोलसदृशास्यं को हन्यादन्यो महासुरम्।।४८।।

मृतानां जीवनं को नु त्वदन्यः कर्तुमुत्सहेत्।
त्वमेव जननी देव ! त्वमेव जनकोऽविता।।४९।।

महाभाग्यं जनानां मे येन ते सन्निधिः कृतः।
एवमुक्त्वा रुरोहाश्वं सिंहयानं विनायकः।।५०।।

स्वं स्वं वाहनमारूढाः सर्वे वीराः सहस्रशः।
सुखेन मन्दिरं गत्वा नित्यकर्माऽऽचरन्मुदा।।५१।।

कालसम्म व्याघ्रमुखको पेटमा रहँदा बेहोश भएका र निदाएका सबै मानिसलाई श्रीगणेशले जगाउनुभयो र ज्वालामुखले प्रकट गरेको आगोलाई पनि पिइदिनुभयो । त्यसपछि श्रीगणेशले आफ्ना खुट्टाले प्रहार गरी ज्वालामुख दैत्यलाई पनि धूलोपिठो बनाउनुभयो । यसरी विशाल आकार लिएर संसारलाई भयभीत गराउने ज्वालामुख पनि समाप्त भयो । भगवान् श्रीगणेशले आफ्नो योगमायावाट ती दैत्यहरूको हत्या गरी तिनीहरूद्वारा मारिएका नगरका नर-नारीहरूलाई जस्ताको तस्तै बनाएपछि सिंहगर्जन गर्नुभयो । त्यसपछि नर-नारीहरू र काशिराजले समेत श्रीगणेशको स्तुति गर्दै भने ।।३८-४५।। 'हे अनन्त शक्तिसम्पन्न भगवन् ! हजुरलाई हामी नमस्कार गर्दछौं। हे गुणहरूका स्वामी गुणेश ! हजुरलाई हामी नमस्कार गर्दछौं। हे अरिष्टनाशक श्रीगणेश ! हजुरलाई हामी नमस्कार गर्दछौं। हे सृष्टिकर्ता श्रीगणेश ! हजुरलाई हामी नमस्कार गर्दछौं। हे विश्वका एकमात्र आधार श्रीगणेश ! हजुरलाई हामी नमस्कार गर्दछौं। हे विश्वका संहारक श्रीगणेश ! हजुरलाई हामी नमस्कार गर्दछौं। हे ज्ञानदायक श्रीगणेश ! हजुरलाई हामी नमस्कार गर्दछौं। हे अज्ञाननाशक श्रीगणेश ! हजुरलाई हामी नमस्कार गर्दछौं।।४६।। हे जगदीश्वर ! अकालप्रलयरूपमा आएका अनेक थरि दुष्कर्म गर्ने दैत्यहरूबाट अनेक लीलाधारी हजुरले आफ्नो लीला प्रदर्शन गरी हाम्रो रक्षा गर्नुभयो।।४७।। विशाल अग्निज्वालालाई एकै पटकमा पान गरेर समाप्त पार्ने यस्तो महाबल र यस्तो सामर्थ्य अरू कसको हुनसक्छ ? भूगोलजस्तै विशाल मुख भएको व्याघ्रास्य दानवलाई हजुरबाहेक अरू कसले मार्न सक्छ ? ।।४८।। फेरि मरेका मानिसलाई जस्ताको तस्तै गरी जीवित गराउने काम हजुरबाहेक अरू कसले गर्न सक्छ ? हे श्रीगणेश ! हजुर नै हाम्रा लागि माता हुनुहुन्छ । हजुर नै हाम्रा लागि जन्म दिने र पालन गर्ने पिता पनि हुनुहुन्छ ।।४९।। हजुर नै हाम्रा रक्षक हुनुहुन्छ। काशीका नर-नारीहरूको ठूलै भाग्य रहेछ । मेरो पनि सौभाग्य रहेछ। त्यस सौभाग्यका कारण हामी सबै हजुरको नजिकमा रहन पायौं ।' यसरी स्तुति गरी काशिराज घोडामा सवार भए भने भगवान् श्रीगणेश पनि सिंहमा सवार हुनुभयो ।।५०।। अरू हजारौं वीरहरू पनि आ-आफ्ना वाहनमा सवार भएर सुखपूर्वक घरमा गई हर्षका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वं स्वञ्च मन्दिरं याताः सर्वे पौरा निरामयाः।
वाद्यत्सु सर्ववाद्येषु तुष्टुवुर्बन्दिनो नृपम्।।५२।।

काशिराजोऽथ विप्रेभ्यो ददौ दानान्यनेकशः।
स्वस्तिवाच्यैः पुपूजाशु देवाँस्तञ्च विनायकम्।।५३।।

उपायनानि देवाय नानालोका ददुस्तदा।
विनायकोऽपि विप्रेभ्यो ददौ तानि यदृच्छया।।५४।।

अमात्यानाञ्च वीराणामंशुकानि ददौ नृपः।
विसृज्य सर्वान् भुक्त्वा तौ सुखेन स्वापमीयतुः।।५५।।

य इदं शृणुयाद् भक्त्या नगरीमोक्षणं नरः।
सर्वान् कामानवाप्नोति नारिष्टैर्बाध्यते क्वचित्।।५६।।

साथ नित्यकर्म गर्न थाले ।।५१।। मनका कष्ट र वेदना समाप्त हुँदा खुसी भएका नगरनिवासीहरू पनि आ-आफ्नो घरतर्फ लागे। विजयका बाजा बज्न थाले र बन्दीहरूले श्रीगणेशको स्तुति गर्न थाले ।।५२।। दरबारमा पुगेर काशिराजले ब्राह्मणहरूलाई अनेक थरि दान दिए, स्वस्तिवाचन गर्ने ब्राह्मणहरूद्वारा देवताहरूका साथै भगवान् श्रीगणेशको पनि पूजा गरे ।।५३।। नगरवासीहरूले अनेक थरि उपहार ल्याई श्रीगणेशलाई टक्र्याए । श्रीगणेशले पनि इच्छाअनुसार नरनारीहरूले टक्र्याएका उपहार ब्राह्मणहरूलाई दिनुभयो।।५४।। काशिराजले आफ्ना वीर योद्धा र अमात्यहरूलाई विजयको खुसियालीमा वस्त्र प्रदान गरे । सबैलाई बिदा गरी भोजन गरेपछि भगवान् श्रीगणेश र काशिराज पनि शयनकक्षमा जानुभयो ।।५५।। काशी नगरीलाई गणपति भगवान्ले सुरक्षा प्रदान गरेको प्रसङ्गमा आधारित यो कथा जसले पढ्दछ, त्यसले सबै चिताएका फल प्राप्त गर्दछ र त्यसमाथि कुनै किसिमका अरिष्ट आइलाग्दैनन् ।।५६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते नगरीमोक्षणं नाम पञ्चदशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'राक्षसहरूबाट काशी नगरीको मुक्ति' शीर्षकान्वित पन्ध्रौं अध्याय पूर्ण भयो ।।१५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोडशोऽध्यायः

क उवाच

श्रृणु व्यास ! प्रवक्ष्यामि कथामाश्चर्यकारिणीम्।
यां श्रुत्वा मानवो भक्त्या सुखमत्यन्तमश्नुते।।१।।
उत्थाय कल्ये राजाऽसौ नित्यं कृत्वा ययौ बहिः।
विनायकालयं गत्वा नत्वा तं परिपूज्य च।।२।।
अप्रार्थयद् भोजनार्थं ततो बालं विनायकम्।
ततो ददौ स उद्गारं नानापक्वान्नतृप्तिजम्।।३।।
शेषं ददर्श तत्राऽसौ लड्डूकान् पायसादिकम्।
अपूपान् वटकान् पुण्यमोदनं सूपसंयुतम्।।४।।
दधि दुग्धं मधु घृतं क्वथिकापात्रसञ्चयम्।
मणिमुक्तामयीं मालां नानालङ्करणानि च।।५।।
अपश्यत् तस्य देहेऽसावनर्घ्याणि नवानि च।
पुनर्नत्वा च प्रपच्छ नृपतिस्तं विनायकम्।।६।।
केन भक्तेन पूजेयं कृता ते जगदीश्वर।
तमहं ज्ञातुमिच्छामि द्रष्टुञ्च त्वत्प्रसादतः।।७।।
एवमुक्तो नृपेणाऽथ वदति स्म विनायकः।
भक्ताय काशिराजाय निजभक्तकृतार्हणाम्।।८।।

देव उवाच

श्रृणु राजन् ! प्रवक्ष्यामि यत् पृष्टोऽहमिह त्वया।
तदहन्ते प्रवक्ष्यामि संक्षेपेण नृपात्मज।।९।।
दण्डकारण्यदेशीये पुरे चामलसंज्ञके।
भ्रुशुण्डिनाम्ना भक्तोऽभूद् भूतभव्यभविष्यवित्।।१०।।
स्त्रष्टुं पातुञ्च संहर्तुं शक्तस्त्रैलोक्यमाशु यः।
ब्रह्मा भवश्च विष्णुश्च नित्यं यद्दर्शनार्थिनः।।११।।
सर्वकालं मम ध्यानध्वस्तपापो जितेन्द्रियः।
पुरा तपस्यतस्तस्य भ्रूमध्यान्निसृतः करः।।१२।।

{ १६ अध्याय }

ब्रह्माजीले भन्नुभयो- हे व्यास ! म तिमीलाई आश्चर्यजनक कथा सनाउँछु, जुन कथा सुनेर मानिसले श्रीगणेशमा भक्ति गर्दै ठूलो सुख प्राप्त गर्न सक्छ ।।१।। विपत्तिबाट श्रीगणेशले काशीलाई मुक्त गर्नुभएपछि काशिराज आनन्दपूर्वक शयन गरी बिहान सबेरै उठेर नित्यकर्म सम्पन्न गरी दरबारबाट बाहिर आए । भगवान् श्रीगणेशलाई विश्राम गराइएको कोठामा गई उहाँलाई नमस्कार गरी पूजासमेत गरेर बालरूप श्रीगणेशसँग भोजनका लागि प्रार्थना गरे । त्यस बेला श्रीगणेशले भोजन गरिसकेर चुठ्दा तृप्तिको परिचय दिने डकार गर्नुभयो ।।२-३।। काशिराजले श्रीगणेश विश्राम गर्नुभएको कोठामा खाएर बाँकी रहेका लड्डू, खीर, माल-पुवा, बटुक, दाल, भात, तरकारी, दही, दूध, मह, घिउ यी सबै कुरा देखे। अनि उनले श्रीगणेशको शरीरमा नयाँ-नयाँ मणि र मोतीले बनेका हार, अनेक थरि अलङ्कार र बहुमूल्य वस्त्रहरू पनि देखे । त्यसपछि काशिराजले श्रीगणेशलाई प्रणाम गरी प्रश्न गरे - हे भगवन् श्रीगणेश! कुन भक्तले हजुरको पूजा गरिसके ? म ती भक्तको विषयमा जान्न चाहन्छु । हजुरको कृपा हुन्छ भने ती भक्तको दर्शन गर्न पनि चाहन्छु । यसरी काशिराजले सोधेपछि श्रीगणेशले भन्नुभयो - म तपाईँलाई मेरा भक्तले गरेको पूजाको विषयमा जानकारी गराउँछु ।।४-८।।

श्रीगणेशले भन्नुभयो - हे राजन् ! तपाईँले सोध्नुभएको विषयमा म संक्षेपमा भन्दछु ।।९।। दण्डकारण्य देशमा अमल नामक नगर छ । त्यहाँ एक जना भूत, वर्तमान र भविष्यत्कालका घटनाहरूको जानकारी राख्ने भ्रुशुण्डी नामक भक्त छन् ।।१०।। ती भक्त सृष्टि, पालन र संहार गर्न पनि समर्थ छन् । ब्रह्मा, विष्णु र शिवजीले नित्य तिनको दर्शन गर्न चाहनुहुन्छ ।।११।। ती भ्रुशुण्डी प्रत्येक क्षण मेरै ध्यान गरिरहेका हुन्छन् । तिनको मन, वचन एवं कर्ममा कत्ति पनि पाप छैन र ती इन्द्रियजयी छन् । तिनले पहिले तपस्या गर्दा तिनको आँखीभौँबाट सूँढ निस्कियो ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रुशुण्डीति ततः ख्यातस्त्रिषु लोकेषु सर्वदा।
अतिभक्त्या मृत्युलोके सादृश्यं प्रापितो मम।।१३।।

अद्य शुक्लचतुर्थ्यान्तु पूजयामास मां मुदा।
घृतं दुग्धं दधि मधु पश्य मेऽङ्गात् स्त्रवन्नृप।।१४।।

भुक्तशेषमिदं चान्नं दृष्टं ते नृपसत्तम ! ।

क उवाच

तत ऊचे काशिराजो देवदेव जगत्पते।।१५।।
तमहं द्रष्टुमिच्छामि कथं सोऽत्रागमिष्यति।

विनायक उवाच

गच्छ राजँस्त्वमद्यैव तस्य चाश्रममण्डलम्।।१६।।

सम्पूज्य प्रणिपत्यापि विवाहाय तमाह्वय।
प्रार्थनीयः प्रयत्नेन वाच्यञ्च मद्वचोऽपि च।।१७।।

विनायको मम गृहमागतोऽस्ति यतो मुने।
स चातितृप्तस्त्वत्कृतात् पूजनाद् भक्तितो मुने।
सोऽपि त्वद्दर्शनाकाङ्क्षी तेनेह प्रेषिता वयम्।।१८।।

ममापि दर्शने काङ्क्षा महती पूजने तव।
गृहञ्च सम्पदो मे त्वमागत्य सफलीकुरु।।१९।।

एवमुक्ते त्वया राजन्! श्रुते च मम नामनि।
भ्रुशुण्डी मम भक्तः स तत्क्षणादागमिष्यति।।२०।।

क उवाच

एवमुक्तः स तेनाथ प्रस्थितः परिपूज्य तम्।
तूणीरकार्मुकधरो हयमारुह्य शीघ्रगम्।।२१।।

नदीवनानि च गिरीनतिक्रम्य शनैर्ययौ।
प्राप तस्याश्रमं राजाऽवरुरोह हयात्ततः।।२२।।

दृष्ट्वा मुनिं भ्रुशुण्डिं स प्रणिपातं चकार ह।
तेनापि मानितः सोऽथ पुपूजे तमृषिं मुदा।।२३।।

त्यस कारण तिनलाई संसारले भ्रुशुण्डी भनेर चिन्दछ । तिनले मेरो ठूलो भक्ति गरेकाले ती पृथिवीमा मजस्तै भएर रहेका छन् । आज माघ महिनाको शुक्ल चतुर्थीको दिन तिनले मेरो पूजा गर्दा घिउ, दूध, दही र मह चढाएका थिए । हेर्नुहोस् त, मेरो शरीरबाट तिनले चढाएका ती पदार्थहरूको धारा लागिरहेको छ ।।९-१४।। हे राजन् ! मैले ग्रहण गरेर शेष रहेको अन्न यो कोठामा छरिएको छ र तपाइँले त्यही भोजन देख्नुभएको हो ।

ब्रह्माजीले भन्नुभयो- त्यसपछि काशिराजले प्रार्थना गरे- हे जगदीश ! देवाधिदेव श्रीगणेश ! म भ्रुशुण्डीको दर्शन गर्न चाहन्छु । उहाँ कसरी मेरो दरबारमा आउन सक्नुहुन्छ ?

श्रीगणेशले भन्नुभयो - हे काशिराज ! तपाइँ आज नै तिनको आश्रमतर्फ लाग्नुहोस् ।।१५-१६।। त्यहाँ गएर तपाइँले मेरा भक्त भ्रुशुण्डीको पूजा गर्नुहोस्, प्रणाम गर्नुहोस् र मेरो छोराको विवाहमा आउनुहोस् भनेर निमन्त्रणा टक्र्याउनुहोस्। त्यसपछि तपाइँलाई 'भगवान् श्रीगणेशले पनि बोलाउन भन्नुभएको छ, उहाँ मेरो घरमा आएर बस्नुभएको छ। तपाइँले गरेको पूजा र भक्तिबाट उहाँ अत्यन्त प्रसन्न हुनुहुन्छ । उहाँ पनि तपाइँको दर्शन गर्न चाहनुहुन्छ । उहाँले पठाएर नै म आएको हुँ । मेरो पनि हजुरको दर्शन गर्ने प्रबल आकांक्षा छ र पूजन गर्ने इच्छा छ । तपाइँ काशी गएर मेरो घर र श्रीसम्पत्तिलाई पवित्र तुल्याइदिनुहोस्' भनी तपाइँले भ्रुशुण्डीसँग प्रार्थना गर्नुहोस् । हे काशिराज ! तपाइँले यसरी प्रार्थना र अनुरोध गरी मेरो नामसमेत लिएपछि मेरा भक्त भ्रुशुण्डी तत्काल यहाँ आउनेछन्।।१७-२०।।

ब्रह्माजीले भन्नुभयो- श्रीगणेशद्वारा यसरी आज्ञा पाएका काशिराज उहाँलाई नमस्कार गरेर भ्रुशुण्डीको आश्रममा जान भनी प्रस्थान गरे । तिनले त्यस बेला हातमा धनु, ठोक्रो र बाण धारण गरेका थिए । अत्यन्त वेगशाली घोडामा सवार भएका काशिराज नदी, वन, पर्वतहरू नाघ्दै मुनिको आश्रमतर्फ लागे र आश्रमको नजिकै पुगेपछि घोडाबाट भुइँमा ओर्लिए।।२१-२२।। काशिराजले आश्रमभित्र प्रवेश गरेर भ्रुशुण्डी ऋषिको दर्शन गरेपछि प्रणाम गरे । ऋषिले पनि काशिराजको स्वागत र सत्कार गरे । काशिराजले श्रद्धापूर्वक भ्रुशुण्डीको पूजा गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्यति स्म महारण्यमुपविष्टस्तदाज्ञया।
सरोवृक्षलतापुष्पैः फलै रम्यं तदाश्रमम्।।२४।।

कैलासो विष्णुलोकोऽथ सत्यलोको न तादृशः।
वेदघोषैः शास्त्रघोषैर्गीतनृत्यैर्विराजितम्।।२५।।

अग्निहोत्रैश्च कासारैः पक्षिभिर्जलजैरपि।
दृष्ट्वा तमाश्रमं राजा मुमुदे हृष्टमानसः।।२६।।

दण्डवत् प्रणिपत्याऽसौ तं मुनिं सर्वमब्रवीत्।
विवाहकृत्यं तत्पूजामाज्ञां वैनायकीमपि।।२७।।

तस्मादेहि मम गृहमिति चाप्रार्थयन्नृपः।।

ऋषिरुवाच

कस्त्वं वद महाराज ! कोऽसौ तेऽपि विनायकः।।२८।।

नृप उवाच

काशिराज इति ख्यातं मां विद्धि रविवंशजम्।
कश्यपस्य सुतः सोऽपि दैवतं ते विनायकः।।२९।।

तं भोजयितुकामेन तव कीर्तिः श्रुता मया ।
चतुर्थ्यां पूजितः सम्यङ् नानोपहारसञ्चयैः।।३०।

ते तत्र दर्शितास्तेन तृप्तेन नगरे मम।
तेनोक्तं मम नाम्नैवायास्यति स मुनिर्नृप।।३१।।

अतोऽहमेव संयातः प्रार्थितुं त्वां महामुने।
तवापि दर्शनं मत्वा दुर्लभं चर्मचक्षुषाम्।।३२।।

ऋषिको आज्ञा पाएर राजाले विशाल जङ्गलको माझमा रहेको आश्रममा विश्राम गरे । विश्राम गर्ने क्रममा काशिराजले सरोवर, वृक्ष, लता र फलफूलले रमणीय त्यो आश्रमलाई बडो आनन्दका साथ अवलोकन गरे ।।२३-२४।। आश्रम अवलोकनका क्रममा उनले मनमनै भने - 'यस्तो पवित्र सौन्दर्य कैलास, वैकुण्ठ र सत्यलोकमा पनि प्राप्त हुनसक्दैन । भ्रुशुण्डी ऋषिको यो आश्रम मन्त्रघोष, शास्त्रपाठ र मङ्गलमय सङ्गीतद्वारा शोभायमान छ। यहाँ कहीँ अग्निहोत्र चलेको छ, कहीं तलाउमा पक्षीहरू खेलिरहेका छन्, सरोवरमा कमल फुलिरहेका छन् ।' राजा यस्ता अनेक दृश्यहरू देखेर आनन्दमग्न भए।।२५-२६।। विश्रामपछि काशिराज भ्रुशुण्डीका सामु गई उनलाई साष्टाङ्ग दण्डवत् प्राणाम गरी आफूले छोराको विवाह आँटेको कुरा, आफूलाई विनायकले आश्रममा पठाएको कुरा र विनायकले पनि आफ्ना भक्त भ्रुशुण्डीको दर्शन गर्न चाहेको कुरा बताए। त्यसपछि प्रार्थनाको स्वरमा उनले भने - हे ऋषि! हजुर मेरो घरमा अवश्य जानुपर्छ ।

ऋषिले सोधे - हे राजन् ! तपाइँ को हुनुहुन्छ र तपाइँका विनायक को हुन् ? ।।२७-२८।।

राजाले भने - सूर्यवंशमा उत्पन्न काशिराजको नामबाट मलाई चिन्नुहोस् र विनायक भनेका कश्यप ऋषिका छोरा र तपाइँका परम आराध्य देवता हुनुहुन्छ। उहाँलाई भोजन गराउन चाहने मैले उहाँबाट नै तपाइँको विषयमा थाहा पाएको हुँ । तपाइँले माघशुक्ल चतुर्थी तिथिका दिन जस्ता उपहारहरू टक्र्याएर भगवान्को पूजा गर्नुभएको थियो, ती सम्पूर्ण वस्तुलाई मैले विनायक भगवान्को कोठामा देखेको हुँ । उहाँ तपाइँले दिएका पदार्थहरू भोजन गरेर ज्यादै प्रसन्न हुनुहुन्थ्यो । त्यस अवस्थामा मैले उहाँको दर्शन गरें । उहाँले मलाई भन्नुभयो - 'तिमी ऋषि भ्रुशुण्डीको आश्रममा जाऊ, उहाँलाई निमन्त्रण गर । विनायकले पठाएको भनेपछि भ्रुशुण्डी ऋषि आउँछन्।' हे ऋषि ! श्रीविनायकले आज्ञा दिनुभएको कारण म तपाइँलाई बोलाउन आश्रममा आएको छु। तपाइँलाई छोराको विवाहका अवसरमा उपस्थित देख्न चाहन्छु । तपाइँको दर्शन साधारण मानिसका निमित्त दुर्लभ छ । मेरो निमन्त्रणा स्वीकार गरेर तपाइँ मेरासाथ मेरो घर पाल्नुहोस्, म लिन आएको छु ।।२९-३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवमुक्तो नृपतिना भ्रुशुण्डी विस्मयान्वितः।
उवाच किमिदं सत्यमुत वाऽसत्यमेव च।।३३।।

योऽगोचरो वेदविदां वेदान्तानाञ्च चेतसः।
स कथं त्वद्गृहेऽतिष्ठदिति सन्दिह्यते मनः।।३४।।

त्रयस्त्रिंशत्कोटिदेवा दर्शनार्थं समागताः।
स कथं तव वाक्येन यामीत्युक्त्वा स्वमाश्रमम्।।३५।।

यदि तिष्ठति देवोऽसौ तव गेहे नराधिप! ।
स्वरूपं वद तस्याहं ततो यास्यामि ते गृहम्।।३६।।

नृप उवाच

अनन्तानि स्वरूपाणि गणितुं न क्षमो विधिः।
शेषो वा तस्य कोऽन्यो हि वक्तुमीशो भवेद् द्विज।।३७।।

अवतीर्णः साम्प्रतं स कश्यपस्य गृहे मुने।
विनायकेति नाम्नापि विख्यातो भुवनत्रये।।३८।।

अत्यद्भुतेन रूपेण सप्तवर्षात्मकेन च।
अद्भुतानि च कर्माणि महान्ति जगदीश्वरः।।३९।।

अशक्तो यानि कर्तुं वै तानि तेन कृतानि च।
स्वरूपं तेऽभिवक्ष्यामि येन रूपेण मे गृहे।।४०।।

वसते देवदेवोऽसौ ब्रह्मचारिस्वरूपतः।
अवतीर्णो यदा सोऽभूद् दिव्यकान्तिश्चतुर्भुजः।।४१।।

दिव्यमाल्याम्बरधरो दिव्यालङ्कारसंयुतः।
दिव्यायुधधरो धीमान् दिव्यगन्धानुलेपनः।।४२।।

प्रार्थितः कश्यपेनाऽसौ प्राकृतोऽभूत् तदेव सः।

ब्रह्माजीले भन्नुभयो - काशिराजले यसरी निवेदन गरेपछि भ्रुशुण्डी ऋषि ज्यादै चकित हुँदै भने - तपाईंले भनेको कुरा साँचो हो त ? अथवा असत्य पनि हुनसक्छ । किनकि वेद-वेदान्तका ज्ञाता, विशिष्ट विद्वान्हरूले पनि दर्शन गर्न नपाउने संसारका स्वामी श्रीगणेश आएर तपाईंको घरमा कसरी बस्न सक्नुहुन्छ ? मलाई सन्देह लागिरहेको छ । आज मेरो आश्रममा तेँत्तीस कोटी देवताहरू मेरो दर्शन गर्न आएका छन् । यिनलाई यहाँ यसै छोडेर तपाईंका सन्देहास्पद कुरा सुनी म कसरी जाऊँ। हे राजन् ! यदि भगवान् श्रीगणेश तपाईंको घरमा बस्नुभएको छ भने लौ तपाइँ भन्नुहोस् - तपाईंको घरमा बस्ने श्रीगणेशको स्वरूप कस्तो छ ? स्वरूपको वर्णन चित्त बुझ्दो भयो भने म तपाईंको घर जानेछु ।।३३-३६।।

काशिराजले भने - हे ऋषि ! भगवान् श्रीगणेशका अनन्त स्वरूप छन्, ब्रह्माजीले पनि ती स्वरूपको गणना गर्न सक्नुहुन्न । हजार मुख भएका शेषनागले पनि श्रीगणेशको वर्णन गर्न सक्दैनन् । अरू कसले उहाँको बारेमा बताउन सक्छ ? अहिले भगवान् श्रीगणेश कश्यप ऋषिको घरमा अवतीर्ण हुनुभएको छ । विनायकका नामबाट स्वर्ग, मर्त्य, पातालमा विख्यात हुनुहुन्छ । उहाँको स्वरूप अद्भुत छ । अहिले उहाँ सात वर्षको हुनुभएको छ। जगत्का स्वामी भगवान् श्रीगणेशसमान असामान्य कर्म गर्न कुनै मानिस पनि समर्थ हुँदैन । जुन रूपमा मेरो घरमा उहाँ विराजमान हुनुभएको छ, त्यस रूपको बारेमा म बताउँछु ।।३७-४०।। अहिले देवताका पनि देवता भगवान् श्रीगणेश मेरो घरमा ब्रह्मचारीका रूपमा हुनुहुन्छ । जुन बेला कश्यप ऋषिका पुत्रका रूपमा कश्यपाश्रममा पैदा हुनुभएको थियो । त्यस बेला उहाँ दिव्य कान्तिसम्पन्न, चतुर्भुज, दिव्य माला र वस्त्रद्वारा विभूषित, दिव्य अलङ्कारद्वारा अलङ्कृत, दिव्य आयुधधारी, दिव्य गन्ध सम्पन्न र बुद्धि विशिष्ट हुनुहुन्थ्यो । आफ्ना आश्रममा पैदा भएका बालकको चहकिलो स्वरूप देखेर कश्यपले प्रार्थना गर्नुभयो - हे प्रभु ! हजुर सामान्य बालकजस्तो हुनुहोस् । कश्यपको प्रार्थना सुनेर भगवान् सामान्य बालकका रूपमा परिणत हुनुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिरुवाच

नायं देवो मम ध्यानगोचरो राजसत्तम।।४३।।

यस्य प्रभावान् मे शुण्डा जाता देवर्षिदुर्लभा।
यत्र कुत्रापि यास्येऽहं स चेदाकारयिष्यति।।४४।।

क उवाच

एवं श्रुत्वा मुनिवचश्चिन्ताविष्टोऽब्रवीन्नृपः।
मम भाग्यमभाग्यञ्च महदेतदुपस्थितम्।।४५।।

त्वदाशया महाघोरान् पर्वतान् गहनानि च।
अतिक्रम्येह सम्प्राप्तः प्राप्तं त्वद्दर्शनं महत्।।४६।।

बलात्कारो न मेऽत्रास्ति गन्तुञ्चैवालयं विभो।
ततो मुनिः करुणया नृपमूर्ध्नि करं ददौ।।४७।।

निमीलयाक्षिणी राजन्नित्युक्तः स तथाऽकरोत्।
उन्मील्य नयनेऽपश्यत् क्षणमात्रादसौ नृपः।।४८।।

गृहान्तर्गतमात्मानं पूर्ववत् तदनुग्रहात्।
विनायकाय तं सर्वं वृत्तान्तं समभाषत।।४९।।

दर्शनाद्धर्षसम्पन्नो नागतो दुःखसंयुतः।
नागतस्तव वाक्येन मम यत्नान् मुनिस्तु सः।।५०।।

ब्राह्मणेषु बलात्कारो भस्म सर्वं करिष्यति।।५१।।

भ्रुशुण्डीले भने – हे काशिराज ! तपाईंले वर्णन गरेका देवताको स्वरूपलाई मैले कहिले पनि ध्यान गरेको छैन ।।४१-४३।। जुन स्वरूपका ईश्वरको कृपाबाट मेरो अनुहारमा सूँढ पैदा भयो, जुन सूँढलाई देवता र ऋषिले पनि प्राप्त गर्न सक्दैनन्, त्यस्तो दुर्लभ सूँढ मैले पाएको छु । मलाई सूँढ प्रदान गर्ने भगवान् श्रीगणेशको जस्तो स्वरूप थियो त्यस्तै स्वरूपका श्रीगणेशले मलाई बोलाउनु भयो भने म त्यहाँ जानेछु ।।४४।।

ब्रह्माजीले भन्नुभयो – भ्रुशुण्डी ऋषिका यी कुरा सुनेर चिन्तामग्न काशिराजले भने – मेरो जीवनमा अहिले ठूलो दुर्भाग्य आइलाग्यो । हजुर जानुहुन्छ भन्ने आशाले ठूला-ठूला पर्वत र जङ्गल नाघेर दर्शन गर्न यहाँ आइपुगें । हे ऋषिवर! मैले जबर्जस्ती गरेर तपाईंलाई मेरो घर लान सक्तिनँ। राजाको यो करुण प्रार्थना सुनेपछि ऋषिले दयालु भएर काशिराजको शिरमा हात राख्दै भने – हे राजा ! आँखा चिम्लनुहोस् । राजाले पनि त्यसैगरी आँखा चिम्लिए । आँखा खोलेर हेर्दा राजा एकै क्षणमा काशी आइसकेका थिए ।।४५-४८।। आफूलाई आफ्नै घरभित्र राजाले पाए र त्यो सम्पूर्ण वृत्तान्त श्रीगणेशलाई सुनाए ।।४९।। हे श्रीगणेश! हजुरको आज्ञाअनुसार आश्रममा गएर मैले भ्रुशुण्डी ऋषिको दर्शन पाएँ, खुसी छु तर उहाँ आउनुभएन यस अर्थमा दुःखी पनि छु। उहाँलाई मैले हजुरको आज्ञा सुनाउँदा र मैले धेरैपटक प्रार्थना गर्दा पनि उहाँ आउनुभएन। ब्राह्मणहरूलाई बलपूर्वक ल्याउन हुँदैन । ब्राह्मणहरू रिसाउनुभयो भने सबै कुरा भस्म गर्न सक्नुहुन्छ।।५०-५१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते नृपप्रत्यागमो नाम षोडशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'काशिराजको भ्रुशुण्डी आश्रमबाट प्रत्यागमन' शीर्षकान्वित सोह्रौं अध्याय पूर्ण भयो ।।१६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तदशोऽध्यायः

क उवाच

आगतं राजशार्दूलं पुनः पप्रच्छ सादरम्।
मेघगम्भीरया वाचा सर्वज्ञोऽपि विनायकः।।१।।

त्वया किमुक्तं तत्राथ तेन वा भाषितं नु किम्।
वद मे नृप ! तत्सर्वं श्रुत्वा वक्ष्यामि ते मतिम्।।२।।

नृप उवाच

तस्मै ते कथितं वाक्यं मयाऽपि प्रार्थितं बहु।
स उवाच मुनिः कस्त्वं कोसावपि विनायकः।।३।।

उपास्यरूपं बिभृयात् तदायास्ये तमीक्षितुम्।
एवं निराकृतस्तेन मार्गचिन्तापरः स माम्।।४।।

प्रेषयामास स्वगृहं दत्त्वा मूर्ध्नि करं मम।
निमीलितदृशं चक्रे क्षणादुन्मील्य लोचने।।५।।

तावद् ददर्श पुरतः स्थितं त्वां स्वगृहे सुरः ।
स्मृत्वाश्रमपदं तस्य हर्षश्चेतसि जायते।।६।।

अहसीदिति श्रुत्वैव वाक्यं तस्य विनायकः।

विनायक उवाच

श्रान्तोऽसि नृपशार्दूल! पुनर्गच्छ तमाश्रमम्।।७।।

गजाननेति मन्नाम श्रुत्वायास्यत्यसौ मुनिः।
एवं वदति तस्मिँस्तु सर्वरूपे विनायके।।८।।

तावद् ददर्श भ्रुशुण्डेरात्मानमाश्रमे स्थितम्।
पुनर्दृष्ट्वा स नृपतिं हृदि तर्कानथाकरोत्।।९।।

किमर्थं पुनरायातो राजा किं वा वदिष्यति।
तत ऊचे नमस्कृत्य राजा तं मुनिपुङ्गवम्।।१०।।

{ १७ अध्याय }

ब्रह्माजीले भन्नुभयो - सर्वज्ञ भए तापनि भगवान् श्रीगणेशले केही नजानेजस्तो गरी भ्रुशुण्डीको आश्रमबाट एकाएक दरबार आइपुगेका काशिराजलाई आदरपूर्वक मेघगम्भीर स्वरबाट उच्चारण गर्दै सोध्नुभयो – हे राजा ! तपाइँले भ्रुशुण्डीको आश्रममा गएर उनीसँग के भन्नुभयो ? र तिनले के जवाफ दिए ? ती कुरा सुनेपछि मात्र मैले तपाइँलाई बुद्धिपूर्वक जवाफ दिनेछु।।१-२।।

काशिराजले भने - हे श्रीगणेश ! त्यहाँ गएर मैले हजुरले दिनुभएको सन्देश बताएँ। म आफैले पनि धेरै पटक मेरो घरमा जान प्रार्थना गरें तर भ्रुशुण्डी ऋषिले तपाइँ को हुनुहुन्छ ? र ती विनायक को हुन् ? त्यसबारेमा राम्ररी भन्नुहोस्। यदि मैले ध्यान गर्ने गरेका मेरा उपास्य देवता हुँनुहुँदो रहेछ भने म उहाँको दर्शन गर्न जानेछु । यस प्रश्नको उत्तर मैले दिएपछि भ्रुशुण्डीले हजुरलाई नचिनेझैं गर्नुभयो । त्यसबाट म चिन्तित भएँ - यति धेरै बाटो हिंडेर ऋषिलाई नलिईकन रित्तै फर्कनुपर्ने भयो भन्ने चिन्ता गरिरहँदा भ्रुशुण्डी ऋषिले मेरो शिरमा आफ्नो हात राखेर मलाई आँखा चिम्लिन भन्नुभयो। मैले आँखा चिम्लिएँ । एकक्षणमा म आफ्नो दरबारमा आइपुगेंछु। अहिले त्यस आश्रमको वातावरण सम्झिँदा मेरो मनमा अपार हर्ष पैदा हुन्छ ।।३-६।। राजाका यी कुरा सुनेर भगवान् श्रीगणेशले मुसुक्क हाँस्दै भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो - "हे उत्तम राजा ! यद्यपि तपाइँ थाक्नुभएको छ, तर तपाइँलाई फेरि भ्रुशुण्डी ऋषिको आश्रममा जानुपर्ने भयो, जानुहोस्। तपाइँले त्यहाँ मेरो नाम श्रीगणेश अथवा विनायक भन्नुभएछ । भ्रुशुण्डी ऋषिसँग मेरो घरमा भगवान् गजानन बस्नुभएको छ भन्नुपर्दछ । गजाननको नाम सुनेपछि ती ऋषि तुरुन्त मेरो दर्शन गर्न आउनेछन्।" यसरी विश्वात्मा श्रीगणेशले भन्नुभएपछि राजाले आफूलाई अचानक भ्रुशुण्डी ऋषिको आश्रममा फेला पारे। आफ्नो आश्रममा फेरि राजालाई आएको देखेर भ्रुशुण्डी ऋषिका मनमा अनेक तर्कहरू तरङ्गित भए - "यी राजा फेरि किन आए ? यिनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकारयति त्वां विप्र! स्वामी तव गजाननः।
नाममात्रे श्रुते तस्य जहर्ष च मुमूर्च्छ च।।११।।

रोमाञ्चितशरीरोऽसौ आनन्दाश्रु मुमोच ह।
यदि पक्षौ भवेतां मे तदोड्डीय गतोऽभवम्।।१२।।

इत्युत्कण्ठतया विप्रः प्रतस्थे भूभुजा सह।
भ्रुशुण्डौ चलिते पृथ्वी कदाप्यचलिते मुनौ।।१३।।

चचाल सम्मुखी भूत्वा कम्पन्ती तमथाब्रवीत्।
रक्ष मां मुनिशार्दूल! न भीर्मत्तो धरे तव।।१४।।

गजाननं निजं नाथं द्रष्टुं यामि त्वरान्वितः।
इत्युक्त्वा तां पुरो यातुं चलितोऽसौ द्विजोत्तमः।।१५।।

पदे दत्ते तृतीये तु दर्शयामास तां पुरीम्।
दृष्ट्वा पुरीं नृपो हर्षादुवाच मुनिपुङ्गवम्।।१६।।

त्वत्प्रसादादिदं प्राप्तं पत्तनं वेगवत्तया।
तपतां जपतां दुर्ज्ञो महिमा भवतां मुने।।१७।।

इत्युक्त्वा शीघ्रमनयत् स्वगृहं तं नृपोत्तमः।
उपवेश्य भ्रुशुण्डिं तमासने काञ्चनोत्तरे।।१८।।

अपूजयन् महाभक्त्या पाद्यार्घ्यविष्टरादिभिः ।

ऋषिरुवाच

प्रतारितोऽहं नृपते ! नेक्षे तावद् गजाननम्।।१९।।
तं प्रदर्शय नो चेत् त्वां शप्त्वा यास्ये निजाश्रमम्।

नृप उवाच

क्रीडते बालभावेन बालमध्ये गजाननः।।२०।।

वीरो यथा धूलिलिप्तस्तथैवाऽयं विराजते।
ददर्श च मुनिस्तं तु शुण्डादण्डविराजितम्।
कोटिसूर्यप्रतीकाशं द्विभुजं द्विरदाननम्।।२१।।

मलाई के भन्नेछन् ? ।" त्यसपछि आश्रममा पुगेका राजाले ती ऋषिलाई नमस्कार गर्दै भने - हे ऋषि ! तपाइँका प्रभु भगवान् गजाननले तपाइँलाई बोलाउनुभएको छ । राजाको मुखबाट गजानन नाममात्र सुन्नासाथ ऋषि अत्यन्त ठूलो हर्षमा निमग्न भए । हर्षातिरेकका कारण मूर्च्छित भए ।।७-११।। सम्पूर्ण शरीर रोमाञ्चित भएका भ्रुशुण्डीले आँखाबाट आनन्दका आँसु बगाए । यदि मेरा प्वाँख भएका भए म भर्खरै उडेर मेरा भगवान् गजाननको दर्शन गर्न जाने थिएँ भन्दै र उत्सुकता देखाउँदै काशिराजका साथ काशी जान प्रस्थान गरे। कहिल्यै पनि आश्रम छोडेर नहिंडेका मुनि भ्रुशुण्डीले पाइला चालेपछि तिनको पाउको वेग थाम्न नसकी कम्पायमान भएकी धर्तीले भ्रुशुण्डी ऋषिको प्रार्थना गर्दै भनिन्- हे मुनि मेरो रक्षा गर्नुहोस्। प्रार्थना सुनेर ऋषिले भने - हे पृथिवी ! तिमी मसँग नडराऊ। म मेरा ईश्वर गजाननको दर्शन गर्न तीव्र गतिमा हिंडिरहेको छु। पृथिवीलाई यसरी संझाएर ती ऋषि अगाडि बढे ।।१२-१५।। तीन पाइलामात्र अगाडि बढ्नासाथ तिनले काशीपुरीको दर्शन गरे । काशी पुरीको दर्शन हुनासाथ राजाले सहर्ष भ्रुशुण्डी ऋषिलाई भने - तपाइँको कृपाबाट अत्यन्त ठूलो वेगका साथ हामी तुरुन्तै काशी आइपुग्यौं । तपाइँहरूजस्ता जप-तप गर्ने विद्वान्हरूको महिमा कसैले जान्न सक्तैन ।।१६-१७।। यसरी आफ्ना कुरा भनेर काशिराजले छिटै भ्रुशुण्डी ऋषिलाई आफ्नो दरबारमा पुऱ्याए । सुवर्णमय आसनमा राखेर पाद्य, अर्घ र आसन आदि टक्र्याई भक्तिपूर्वक पूजा गरे।

ऋषिले भने - हे काशिराज ! म तपाइँको घर आइपुगें। तर मैले मेरो प्रभु गजाननलाई देखिनँ । म ठगिएँ, उहाँलाई छिटो देखाउनुहोस् । उहाँको दर्शन पाइनँ भने म तपाइँलाई सराप दिएर छिटै आश्रम फर्किनेछु ।

काशिराजले भने - हे ऋषि ! भगवान् गजानन बालकहरूको बीचमा बालककै भावमा क्रीडा गरिरहनु भएको छ।।१८-२०।। जसरी बालकहरू धूलोले ढाकिएका हुन्छन् त्यसैगरी गजानन प्रभु पनि जिउभरि धूलैधूलोले ढाकिएर खेलिरहनु भएको छ । त्यसपछि भ्रुशुण्डी ऋषिले पनि लामो सूँढले सुहाउनु भएका र कोटि सूर्यको प्रकाशले प्रकाशित, द्विभुज भगवान् गजाननलाई देखे । दर्शनपछि रिसाएर भ्रुशुण्डीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच नृपतिं क्रोधात् कथमेनं नमाम्यहम्।
धिक् तं महान्तं यो राजन् ! नमतेऽसौ लघीयसे।।२२।।

तृणमत्ति कथं सिंहो गजगण्डविदारणः ।

क उवाच

श्रुतं तेन मुनेर्वाक्यं तमुवाच ततोऽर्भकः।।२३।।
कौतुकाविष्टचित्तोऽसौ लीलाविग्रहवान् विभुः।

विनायक उवाच

कीदृक् ते स भवेत् स्वामी भ्रुशुण्डे! वद साम्प्रतम्।।२४।।

मुनिरुवाच

दिव्याम्बरो दशभुजो मुक्तामालाविभूषितः।
सिद्धिबुद्धियुतः कर्णकुण्डलाभ्यां विराजितः।।२५।।

शुण्डादण्डमुखो लम्बकर्णः सिन्दूरमण्डितः।
अहिशोभिमहानाभिः क्वणच्चरणनूपुरः।।२६।।

महामुकुटशोभाढ्यो दशायुधलसत्करः।
एकदन्तो भालचन्द्रः क्षुद्रघण्टाविराजितः।।२७।।

मयूरवाहनो देववृन्दवन्दितपादुकः।

क उवाच

इति तद्वचनं श्रुत्वा पद्मासनगतः स्वयम्।।२८।।

तादृग्रूपोऽभवद् बालः सृष्टिरक्षापहारकृत्।
भ्रुशुण्डिस्तं निरीक्ष्यैव स्वस्योपास्यं गजाननम्।।२९।।

लुलुण्ठ भूमौ प्रेम्णा स प्रतिपत्तिपराङ्मुखः।
ननर्त परमानन्दो रोमाञ्चितशरीरवान्।।३०।।

राजालाई भने- हे काशिराज! यी बालकलाई मैले कसरी नमस्कार गरूँ । त्यो मानिसलाई धिक्कार छ जसले यस्ता साना बालकलाई नमस्कार गर्दछ । के हात्तीको गाला फोर्न सक्ने बाघले कहिले घाँस खान्छ ?

ब्रह्माजीले भन्नुभयो- मुनिका ती कुरा सुनेर बालकका रूपमा रहनुभएका र लीलाअनुसार मानिसको रूप धारण गर्नुहुने सर्वव्यापक भगवान् श्रीगणेशले चित्तमा उत्सुकता लिएर ती ऋषिलाई भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो - हे भ्रुशुण्डी ! तिम्रा आराध्य भगवान् कस्ता हुनुहुन्छ मलाई बताऊ ? ।।२१-२४।।

भ्रुशुण्डीले भने - "मेरा भगवान् दिव्य वस्त्रधारी, दशभुज, मुक्तामाल्यधारी, सिद्धि-बुद्धिसेवित, कर्णकुण्डल-शोभित र शुण्डादण्ड-विभूषित हुनुहुन्छ । उहाँका दुबै कान लामा-लामा छन् । शरीरमा सिन्दूर धारण गर्नुहुन्छ । उहाँको नाभिमा शेषनाग बेरिएका छन् र शिरमा सुन्दर मुकुट सुहाएको छ। उहाँका हातहरूमा दश प्रकारका शस्त्र-अस्त्रहरू छन् । एउटै दाँत भएका कारण उहाँलाई एकदन्त भनिन्छ । उहाँको निधारमा चन्द्रमा सुहाएका छन् र घाँटीमा साना-साना घण्टीहरू झुण्डिएका छन् । उहाँ मयूरवाहन हुनुहुन्छ । सबै देवता आएर उहाँका पाउमा वन्दना गर्दछन् ।"

ब्रह्माजीले भन्नुभयो - भ्रुशुण्डी ऋषिका कुरा सुनेर सृष्टि, पालन र संहार गर्न समर्थ भगवान् बालगणेश पद्मासन कसेर बस्नुभयो र आफ्ना आराध्य देवताको जुन स्वरूपको वर्णन भ्रुशुण्डीले गरेका थिए त्यसै स्वरूपमा देखिनुभयो । भ्रुशुण्डी आफ्ना उपास्य देवता गजाननको त्यो रूप देखेर सम्पूर्ण तर्क र शङ्का हटाई प्रेमविह्वल बनी भुइँमा लोटपोट गर्न थाले । तिनले भगवान् गजाननलाई साष्टाङ्ग दण्डवत् प्रणाम गरे । मनमा आएका तर्क र शङ्काबाट पर रही रोमाञ्चित हुँदै परम आनन्दको अनुभव गरेर नाच्न थाले ।।२५-३० ।। त्यसपछि तिनले देहभाव अँगालेर शरीर झुकाई विधिपूर्वक भगवान् गजाननलाई प्रणाम गरे । अनेक थरि उपचारद्वारा भगवान् गजाननको पूजा गरे। भ्रुशुण्डी ऋषिको आराधनाबाट खुसी हुनुभएका भगवान् गजाननले पनि आफ्ना दश भुजाहरूद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहभावं प्रपद्याथ प्रणनाम यथाविधि।
पूजयामास विधिवदुपचारैः पृथक् पृथक्।।३१।।

आलिङ्ग्य दशदोर्दण्डैः परमात्मा जहर्ष ह।
सगद्गदौ निरीक्ष्यैतौ साश्रू राजा ततोऽप्यभूत्।।३२।।

ऊचे राजा महापुण्यं फलितं पूर्वजन्मजम्।
देवभक्तभवं सौख्यं दृष्टमद्य मयाऽद्भुतम्।।३३।।

उभाभ्यां प्रणिपत्याऽथ पुपूज च यथाविधि।
महासनगतौ तौ तु परस्परमथोचतुः।।३४।।

गजानन उवाच

तव निष्ठा मयाऽज्ञायि राज्ञा चापि निवेदिता।
अत एव धृतो वेषो दशदोर्दण्डमण्डितः।।३५।।

यथा यथा जनोऽन्योऽपि ध्यात्वा मां भजते मुने।
तथा तथाऽहं रूपाणि करोमि च ददामि च।।३६।।

वाञ्छितं तस्य लोकस्य विश्वासे न भजत्यसौ।
दुष्टभारभयाक्रान्ता धरित्री सत्यलोकगा।।३७।।

ब्रह्माणं शरणं याता तेनाऽहं प्रतिबोधितः।
अदित्याश्च वरेणाऽहं जातः कश्यपनन्दनः।।३८।।

भुवो भारं हरिष्यामि शक्रादींश्च निजे पदे।
स्थापयिष्यामि दैत्यानां नाशं कृत्वाऽप्यनेकधा।।३९।।

तवोत्कटमनुष्ठानं दृष्ट्वाऽहमीदृशोऽभवम्।
देवान्तकं सह भ्रात्रा हत्वा यामि निजं पदम्।।४०।।

ऋषिरुवाच

दृष्ट्वा तवाङ्घ्रियुगलं सर्वलोकसुखावहम्।
सर्वक्लेशहरं देववन्द्यं काङ्क्षितदं प्रभो।।४१।।

कृतकृत्यः पवित्रश्च जातोऽहं तव दर्शनात्।
वरं मे देहि विश्वात्मँस्तेन तृप्तो भवाम्यहम्।।४२।।

भ्रुशुण्डीलाई आलिङ्गन गरेर प्रसन्नताको अनुभव गर्नुभयो । भ्रुशुण्डी ऋषि र भगवान् दुवै गद्गद हुनुभयो । दुबैका आँखाबाट प्रेमका आँसु रसाए । काशिराजले भक्त भ्रुशुण्डी र भगवान् गजानन दुबैलाई गद्गद अवस्थामा देखेर आफू पनि भावविह्वल बनी खुसीका आँसु बगाउन थाले ।।३१-३२।। त्यसपछि राजाले भने - "मेरो पूर्वजन्मको ठूलो पुण्य आज फलीभूत भएको छ। भगवान् र भक्तका मिलनको परम अद्भुत आनन्द मैले आज अनुभव गरें ।" त्यसपछि राजाले दुबैलाई प्रणाम गरेर विधिपूर्वक पूजा गरे । भान्छामा भोजनका लागि जानुभएका भगवान् गजानन र भ्रुशुण्डी ऋषिको बीचमा मीठो संवाद भयो ।।३३-३४।।

गजाननले भन्नुभयो- हे ऋषि ! तपाइँले ममा गर्नुभएको श्रद्धा मैले थाहा पाएँ र राजाले पनि मलाई यस्तै कुरा गरेका थिए। तपाइँको भक्तिभावलाई बुझेर नै मैले तपाइँको चित्त बुझाउन बालकरूप छाडी दशभुजा भएको स्वरूप धारण गरेर तपाइँलाई दर्शन दिएँ। मेरा भक्तहरूले मेरा अनेक रूपमध्ये जुन रूपको ध्यान गर्दछन्, भजन गर्दछन्, म ती-ती रूपबाट नै तिनलाई दर्शन दिने गर्दछु । ती मेरा भक्तहरू आफ्नो आराध्यलाई आफूले चाहेको रूपमा देख्न पाउँदा विश्वासपूर्वक भजनमा प्रवृत्त हुन्छन्। हे भ्रुशुण्डी ऋषि ! दुष्टहरूको भारले डराएकी पृथिवी एक दिन सत्यलोकमा गएर ब्रह्माजीको शरणमा परेकी थिइन्। ब्रह्माजीले मेरो प्रार्थना गर्नुभयो। अदिति र कश्यपले मलाई पुत्ररूपमा प्राप्त गर्न छुट्टै तपस्या गर्नुभएको थियो। उहाँहरूलाई वरदान दिएका कारण म कश्यप ऋषिका छोरा कश्यपनन्दन बनेर अवत्तीर्ण भएँ।।३५-३८।। म अब पृथिवीको भार हरण गर्नेछु। दैत्यहरूबाट दुःख पाएका इन्द्र आदि देवताहरूलाई तिनका ती-ती पदमा फेरि आसीन गराउनेछु। अनेक पटक युद्ध गरी दैत्यहरूको संहार गर्नेछु।।३९।। आज तपाइँको अत्यन्त विशिष्ट साधना देखेर म यस रूपमा तपाइँका सामु उपस्थित छु। देवान्तक नामक दानव र त्यसका भाइ नरान्तकको वध गरेर म आफ्नो धाममा फर्कनेछु ।।४०।।

भ्रुशुण्डी भने- हे प्रभु ! सबै प्रकारका क्लेशलाई हरण गर्ने, मनले चिताएको कुरा पुऱ्याउने र सबै लोकलाई सुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदा यदाऽहं ध्यायामि रूपेणानेन विघ्नप! ।
तदा तदा मे प्रत्यक्षो भवेथाः करुणानिधे।।४३।।

आशापूरक इत्येवं नाम ते ख्यातिमेतु च।

गजानन उवाच

यदा यदा वाञ्छसे त्वं तदा यास्यामि तेऽन्तिकम्।।४४।।
भक्तिभावादिदं नाम त्वयोक्तं ख्यातिमेष्यति।

क उवाच

एवं वरौ समाकर्ण्य प्रणनाम मुदा मुनिः।।४५।।

प्रणते तु मुनौ तस्मिन् पुनः प्रोचे गजाननः।
निधाय मस्तके हस्तं शनैस्तास्य द्विजस्य सः।।४६।।

यद् यत् ते वाञ्छितं ब्रह्मन् ! तत्सर्वं सिद्धिमेष्यति।
अविस्मृतिश्च भविता मम नित्यं मुने ! तव।।४७।।

क उवाच

एवमुक्त्वा बालरूपश्चिक्रीड स विनायकः।
सोऽपि पद्मासनगतो ध्यानमेवान्वपद्यत।।४८।।

आश्चर्यं परमं चक्रुः सर्वलोकास्तदाऽद्भुतम्।
निरीक्ष्य बालरूपस्य चरितं परमात्मनः।।४९।।

काशिराजोऽवदत्तत्र धन्योऽहं जगतीतले।
दर्शनं प्राप्तवानस्य ब्रह्मादीनां सुदुर्लभम्।।५०।।

तञ्च बालं करे धृत्वा निनायान्तर्गृहं मुदा।
भोजयामास स्वाद्वन्नं शाययामास पूर्ववत्।
आज्ञां गृहीत्वा सुष्वाप स्वयञ्च पूर्ववन्मुने।।५१।।

प्रदान गर्ने हजुरका वन्दनीय चरणहरूको दर्शन पाएर आज म कृतकृत्य र पवित्र भएको छु । हे विश्वात्मा भगवन् ! मलाई वर दिनुहोस्, म त्यसबाट तृप्त हुनेछु । मैले ध्यान गर्दा दशभुजाधारी गजाननका रूपमा सर्वदा दर्शन पाउन सकूँ ।।४१-४३।। हजुरको आशापूरक भन्ने नाम संसारमा प्रसिद्ध होस् ।

गजाननले भन्नुभयो - हे भ्रुशुण्डी ऋषि ! तपाईंले जुन बेला मेरो दशभुजस्वरूपको दर्शन गर्न चाहनुहुनेछ त्यस बेला म तपाईंको समीपमा आउनेछु । तपाईंले भक्तिपूर्वक सम्बोधन गर्नुभएको आशापूरक भन्ने मेरो नाम संसारमा प्रसिद्ध हुनेछ।

ब्रह्माजीले भन्नुभयो - भगवान्का मुखबाट यी दुई वरदान पाएर भ्रुशुण्डी ऋषिले भगवान्लाई प्रणाम गरे । त्यसपछि भगवान्ले तिनका शिरमा हात राखेर भन्नुभयो - हे ब्राह्मणदेवता! तपाईंले चाहेको कुरा सबै सिद्ध हुनेछ । मलाई तपाईंले कहिल्यै पनि बिर्सनुहुनेछैन ।।४४-४७।।

ब्रह्माजीले भन्नुभयो - ऋषिलाई यस्तो वरदान दिएर फेरि बालक बन्नुभएका भगवान् श्रीगणेश बालक्रीडाका निमित्त बालकहरू भएको ठाउँमा जानुभयो । भ्रुशुण्डी ऋषि पनि पद्मासन लगाएर दशभुजा धारण गर्नुहुने भगवान् गजाननको ध्यान गर्न लागे । भ्रुशुण्डी ऋषि र भगवान्को यो लीला देखेर सबै नर-नारीहरू अद्भुत घटना भयो भन्दै आश्चर्यमा परेका थिए । काशिराजले बालरूप धारण गर्नुहुने परमात्मा श्रीगणेशको चरित्र देखेर म संसारमा धन्य भएँ र मैले ब्रह्मा आदि देवताहरूका निमित्त पनि दुर्लभ गजानन प्रभुको दर्शन पाएँ भने ।।४८-५०।। त्यसपछि काशिराजले बालकरूपमा खेलिरहनु भएका भगवान्लाई हातमा समातेर हर्षपूर्वक घरभित्र लिएर गए । तिनले उहाँलाई मीठो भोजन गराई पहिलेजस्तै शय्यामा शयन गराउने काम पनि गरे । त्यसपछि भगवान् बालगणेशको आज्ञा लिएर आफू पनि पूर्ववत् आफ्नो शयनकक्षतर्फ लागे ।।५१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते भ्रुशुण्डिगजाननमेलनं नाम सप्तदशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'भक्त भ्रुशुण्डी र भगवान् गजाननको मलिन' शीर्षकान्वित सत्रौं अध्याय पूर्ण भयो ।।१७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टादशोऽध्याय:

व्यास उवाच

अपरेऽहनि सम्प्राप्ते का कथा समपद्यत।
तां मे कथय लोकेश ! शृण्वन् तृप्यामि न क्वचित्।।१।।

क उवाच

शृणुष्वावहितो ब्रह्मन् ! कथयामि समासतः।
विनायककृतां दिव्यां कथां पापापनोदिनीम्।।२।।
उदिते तु दिवानाथे नित्यकर्म समाप्य तौ।
क्रीडार्थमगमद् बालो राजा भद्रासनन्तथा।।३।।
दैत्योऽथ ब्राह्मणो भूत्वा ज्योतिःशास्त्रविशारदः।
तालीयं पुस्तकं वामे मालां दक्षे करे दधत्।।४।।
पाटलं परिधानञ्च शिरोवस्त्रं महत्तरम्।
गोपीचन्दनसम्भूताँस्तिलकान् द्वादशापि च।।५।।
अतिदीर्घतमश्मश्रुराजगाम नृपान्तिकम्।
समीपमागतं यावत् तावद् राजा ननाम तम्।।६।।
उत्थाय तं समीपे स स्वासने सन्यवेशयत्।
प्रपच्छ कुशलं तस्मै कार्यञ्चागमनं कुतः।।७।।
किञ्च ते नाम विप्रेन्द्र ! किं ज्ञानं किञ्च ते तपः।
वद सत्यं मुने ! कृत्वा कृपां मयि कृपानिधे।।८।।

क उवाच

एवं पृष्टः स तेनाशु दत्त्वाशीर्वचनं पुरा।
अनुक्रमेण सकलं निजगाद महामुने।।९।।
हेमज्योतिर्विदित्यैवं नाम मे नृपनन्दन!।।
गन्धर्वलोकादायातो वस्तुं तव समाश्रये।।१०।।
भूतं भवद् भविष्यञ्च शान्तिकानि च वेद्म्यहम्।
प्रश्नाँश्च कथयिष्यामि यान् यान् त्वं पृच्छसेऽनघ।।११।।
अरिष्टान्यत्र जातानि ज्ञातानि तानि मे नृप !।
भावि ते दुष्टचिह्नञ्च विज्ञायाऽहं समागतः।।१२।।
त्वदाश्रयेण वस्तुं मे वाञ्छाऽस्ति नृपसत्तम।

{ १८ अध्याय }

व्यासले भन्नुभयो - हे भगवन् ! भगवान् विश्राम गर्न जानुभएपछि दोस्रो दिन के के घटना भए ? तिनको विषयमा मलाई बताउनुहोस् ? हे संसारका स्वामी ! भगवान् श्रीगणेशका कथा सुनेर म कहिल्यै पनि तृप्त हुदिनँ ।।१।।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! तपाइँ सावधान भएर सुन्नुहोस्, म भगवान् श्रीगणेशको पापनाशक दिव्य कथा सुनाउँछु । अर्को दिन बिहान सूर्य उदाएपछि भगवान् श्रीगणेश र काशिराज दुबैले नित्यकर्म समाप्त गर्नुभयो। भगवान् बालगणेश बालकहरूसँग क्रीडा गर्न जानुभयो भने राजा आफ्नो सिंहासनतर्फ लागे ।।२-३।। त्यो दिन लामा जुँगा भएको एउटा दैत्य ज्योतिषज्ञ ब्राह्मणको रूप धारण गरी बायाँ हातमा ताडपत्रमा लेखिएको पुस्तक र दायाँ हातमा माला लिएर रातो कपडाले शिरमा पगरी गुथी बाह्रै अङ्गमा गोपीचन्दनको तिलक लगाएर काशिराजको समीपमा आयो। त्यसलाई देखेर राजाले नमस्कार गरे।।४-६।। त्यसपछि काशिराजले कुशल प्रश्न गरी ती ब्राह्मणलाई आफ्नो नजिकमा रहेको उत्तम आसनमा बसाएर प्रश्न गरे - हे ब्राह्मण देवता ! तपाइँ कुन कार्यले आउनुभएको हो र कहाँबाट आउनुभएको हो ? तपाइँको नाम के हो ? कति र कस्ता-कस्ता विद्याको अध्ययन गर्नुभएको छ ? तपाइँले कहाँ गएर तपस्या गर्नुभयो? ममाथि कृपा गरेर साँचो-साँचो बताउनुहोस् ।।७-८।। **ब्रह्माजीले भन्नुभयो** - राजाले यसरी प्रश्न गरेपछि त्यो ब्राह्मणरूपधारी दैत्यले छिटै आशीर्वाद दिंदै प्रश्नअनुसारका उत्तर दियो - हे राजा ! मेरो नाम हेमज्योति हो। म गन्धर्वलोकबाट आएको हुँ। म तपाइँको आश्रयमा बस्न चाहन्छु। मैले भूत, वर्तमान र भविष्यको ज्ञानका साथै स्वस्तिशान्तिको विधि पनि जानेको छु। हे निष्पाप राजा ! तपाइँले अरू प्रश्न सोध्नुहोस्, म जवाफ दिनेछु। तपाइँको राज्यमा धेरै अरिष्टहरू भए, ती सबैको विषयमा मलाई थाहा छ । भविष्यमा तपाइँलाई नराम्रो हुने लक्षण बुझेर म यहाँ आएको हुँ ।।९-१२।। हे उत्तम राजा ! तपाइँको आश्रयमा बस्ने मेरो ठूलो धोको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृप उवाच

किं निमित्तमरिष्टानि जायन्तेऽत्र महामुने।।१३।।

अग्रेऽपि कानि भावीनि सत्यमेव वदस्व मे।
तव प्रतीतौ जातायां स्थापयिष्ये निजे गृहे।।१४।।

वृत्तिञ्च कल्पयिष्यामि योगक्षेमकरीन्तव।

गणक उवाच

यावद् विनायकस्तेऽस्ति गृहे कश्यपनन्दनः।।१५।।

तावद् विघ्नानि जायन्ते यतो विघ्नाधिपस्तु सः।
असञ्चारे वने चैनं त्यक्त्वायाहि नृपात्मज।।१६।।

न भविष्यति विघ्नं ते नगरे वा गृहेऽपि च।
अस्मिन् स्थिते जलं सर्वं नगरं प्लावयिष्यति।।१७।।

तस्मिन् कथञ्चिन्नष्टे तु पर्वता वायुनोदिताः।
चूर्णयिष्यन्ति नगरं नृप! नास्त्यत्र संशयः।।१८।।

एतत् कथं न जानीषे पूर्वं नासन्नुपद्रवाः।।
राज्ञा विश्वसितव्यं नो कपटे लुब्धकेऽशुचौ।।१९।।

अतिशूरे स्वोत्कटे च स्वात्मपातं प्रपश्यता।
एते घ्नन्ति च राजानं राज्यकामा महाशयाः।।२०।।

एतत् कथयितुं यातो ज्ञात्वा राज्यच्युतिं तव।
हिताहितमवश्यं हि वक्तव्यं जानता नृपे।।२१।।

विविच्य नृप ! मे वाक्यं यथेच्छसि तथा कुरु।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं राजा तं पर्यभाषत।।२२।।

राजोवाच

अतीतानागतज्ञानादुक्तं सर्वं त्वया मुने !
मिथ्यैव भासते मह्यं तत्त्वज्ञाने प्रपञ्चवत्।।२३।।

राजाले भने – हे मुनिवर ! यहाँ किन अरिष्ट भइरहेका छन् ? ।।१३।। भविष्यमा कस्ता अरिष्ट हुने सम्भावना छ ? तपाईंले यस विषयमा साँचो–साँचो कुरा बताउनुहोस्। तपाईंले दिएको उत्तरमा मलाई विश्वास लाग्यो भने मैले तपाईँलाई आफ्नो घरमा आश्रय दिनेछु र जीवननिर्वाहका लागि जीविकाको पनि व्यवस्था गर्नेछु ।

ज्योतिषी राक्षसले भन्यो – हे राजा ! जबसम्म तपाईंको घरमा कश्यप ऋषिका छोरा श्रीगणेश रहन्छन्, तबसम्म तपाईंका घरमा विघ्नै विघ्न हुनेछन् किनकि ती विघ्नका स्वामी हुन्। हे राजा ! जहाँ मानिसहरूको गतिविधि हुँदैन, त्यस्तो निर्जन वनमा श्रीगणेशलाई फ्याँकेर तपाइँ आउनुहोस्।।१४–१६।। त्यसपछि तपाइँको नगर र घरमा पनि कुनै विघ्न हुनेछैन। यी विनायक तपाइँका घरमा बसिरहे भने पानीले तपाइँको नगर डुबाइदिनेछ। पानी कथञ्चित घटेर गए पनि हावाले उडाएका पर्वतहरूले तपाइँको शहरलाई छिन्न-भिन्न तुल्याउनेछन्। हे राजा ! मैले भनेको कुरामा कुनै पनि सन्देह छैन।।१७–१८।। तपाईंले मेरो कुरामा विश्वास गर्नुहोस्। किन विश्वास गर्नुहुन्न ? तपाईंको घरमा श्रीगणेश नआउँदासम्म कुनै विघ्न थिएन । अहिले अनेक विघ्न भइरहेका छन्। हे राजा ! कहिल्यै पनि नीति जान्ने राजाले कपटी, लोभी, अपवित्र, अतिशूर र अति उत्कट पुरुषार्थ भएको मानिसमा विश्वास गर्न हुँदैन। त्यसबाट आफ्नै पतन हुन्छ। यी मैले बताएका मानिसहरूले राजालाई राजगद्दीबाट हटाएर राज्यमा आफ्नो अस्तित्व कायम गर्न चाहन्छन् र ठूलो महत्त्वाकांक्षा लिएर अगाडि बढी राजालाई नै समाप्त पारिदिन्छन्। भविष्यमा तपाइँको राज्यसिंहासनबाट पतन हुने कुरा थाहा पाएर म सूचना दिन आएको हुँ। शास्त्र जान्ने मानिसले राजाको समीपमा आएर हित र अहित दुबै कुरा बताउनुपर्छ । यो नीति हो।।१९–२१।। म त्यसैका निमित्त आएको छु । हे राजा ! मेरो भनाइमाथि विचार गर्नुहोस् । त्यसपछि तपाइँलाई जस्तो मन लाग्छ त्यस्तै गर्नुहोस्।

ब्रह्माजीले भन्नुभयो – कपटी ज्योतिषीका यी कुरा सुनेर राजाले त्यसलाई भने।।२२।।

राजाले भने – हे ब्राह्मण ! भूत र भविष्यत् कालका विषयको ज्ञान भएका कारण तपाइँले आफूले जानेका कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वदुक्तप्रत्यये जाते दास्यामि वेतनं तव।
न ज्ञातो बालकश्चायं त्वया गणकसत्तम।।२४।।

ब्रह्माणं कमलाकान्तमपरं शूलिनं हरम्।
जनयिष्यति वाञ्छा चेद् ब्रह्माण्डानि बहूनि सः।।२५।।

यदि ते निश्चयो वाक्ये स्वकीये ब्राह्मणोत्तम !
नयैनं गहनं घोरं त्यक्त्वैनं पुनरेहि च।।२६।।

लोकद्वेषकृतोऽनेन निहता बलवत्तराः।
स्वद्वेष्टारं कथमयं न जाने स्थापयिष्यति।।२७।।

अनिष्टमस्य मनसि न वयं चिन्तितुं क्षमाः।
अनेन नगरीराज्यं त्रातमुत्पाततो बहु।।२८।।

करोतीन्द्रमनिन्द्रं वाऽशक्तं शक्तं लघुं गुरुम्।
उच्चं नीचं तथा नीचमुच्चमीशमनीश्वरम्।।२९।।

संश्रुत्य वाणीं नृपतेर्गणकोऽभूद् रुषाऽरुणः।
राजानं पुनरारेभे वक्तुं किञ्चिदवाङ्मुखः।।३०।।

मया तव हितं प्रोक्तमनिष्टं तव भासते।
न जातु लङ्घयेत् कोऽपि भावि सुष्ठु तथेतरत्।।३१।।

नृपते ! दर्शयैनं मे बालकं लक्षणानि ते।
कथयिष्ये ततो बालान् सर्वानाकारयन् नृपः।।३२।।

अग्रे विनायकः प्राप्तो धावमानास्ततोऽखिलाः।
गणकं स नमस्कृत्य पप्रच्छ कुत आगतः।।३३।।

सामुद्रलक्षणज्ञोऽसि ज्योतिःशास्त्रविशारदः।
भूतभाविभविष्यज्ञ ! वद मे भाग्यजं फलम्।।३४।।

बताउनुभयो । योगीलाई तत्त्वज्ञान हुँदा संसार झुट्टा लागेजस्तै मलाई पनि तपाइँका कुरामा विश्वास लागिरहेको छैन। तपाइँले भनेका कुरामा मलाई विश्वास लाग्यो भने म तपाईँलाई वेतन दिएर यहाँ राख्नेछु। जुन बालकको विषयमा कुरा गर्नुभयो उहाँको महिमा तपाइँले बुझ्नुभएको छैन ।।२३-२४।। बालकरूप श्रीगणेशले आफूले चाहेको अवस्थामा दोस्रा ब्रह्मा, विष्णु र शङ्कर पैदा गर्न सक्नुहुन्छ।।२५।। अनेक ब्रह्माण्डको रचना गर्न सक्नुहुन्छ। हे ब्राह्मण! यदि तपाईँलाई मेरो वाक्यमा विश्वास छ भने श्रीगणेशलाई गहन र भयङ्कर वनमा पुऱ्याउनुहोस् र त्यहाँ एक्लै छाडेर यहाँ फर्कनुहोस् ।।२६।। श्रीगणेशले संसारसँग द्वेष गर्ने अनेक बलवान् दानवहरूलाई मार्नुभएको छ। जसले आफूसँग द्वेष गर्छ त्यस्ता मानिसलाई उहाँले स्थापित गर्नुहुन्न। हामी त उहाँको विषयमा मनले पनि अनिष्ट चिन्तन गर्न सक्दैनौं । श्रीगणेशले ठूला-ठूला उत्पातबाट काशीराज्यको रक्षा गर्नुभएको छ।।२७-२८।। श्रीगणेशले इन्द्रलाई पीरै पीरमा पार्न सक्नुहुन्छ । बृहस्पतिलाई बोल्न असमर्थ तुल्याउन सक्नुहुन्छ। उँचो मानिसलाई नीचो बनाउन सक्नुहुन्छ र नीचोलाई उँचो बनाउन सक्नुहुन्छ। उहाँले ईश्वरतत्त्वलाई पनि अनीश्वर तत्त्व बनाउन सक्नुहुन्छ।।२९।। राजाको वचन सुनेर त्यस कपटी ब्राह्मणले रिसाएर आफ्नो अनुहार रातो बनायो। केही बेरपछि शिर झुकाएर राजालाई भन्न थाल्यो - हे राजा ! मैले हितकै कुरा गरेको थिएँ तर तपाइँलाई नराम्रो लाग्यो। कसैले पनि भोलि हुने राम्रा अथवा नराम्रा कुरा बदल्न सक्दैन ।।३०-३१।। हे राजा ! मलाई तपाइँले ती बालक देखाउनुहोस् । म तिनका सारा लक्षण बताइदिनेछु। त्यसपछि राजाले सबै बालकहरूलाई बोलाए ।।३२।। राजाले बोलाएको थाहा पाएपछि सबभन्दा पहिले श्रीगणेश दगुर्दै आउनुभयो। उहाँका पछिपछि अरू बालकहरू पनि आए। कपटी ज्योतिषीलाई नमस्कार गरेर श्रीगणेशले सोध्नुभयो - हे ब्राह्मण! तपाइँ कहाँबाट आउनु भएको हो ? के तपाइँले सामुद्रिकशास्त्र जान्नुभएको छ? के तपाइँ ज्योतिषशास्त्रका पण्डित हुनुहुन्छ? के तपाइँले भूत, वर्तमान र भविष्यत्का कुरा जान्नुहुन्छ ? जान्नुहुन्छ भने भन्नुहोस्, मेरो भाग्यको फल कस्तो छ ? ।।३३-३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

सधैर्यं बालवाक्यं तदाकर्ण्य कपटी द्विजः।
तर्कयामास मनसि कथं स्वस्तिगतिर्भवेत्।।३५।।

अनेन निहता दुष्टा बलिनोऽनेकरूपिणः।
शिशोर्हस्तं गृहीत्वा स वदति स्म शुभाशुभम्।।३६।।

चतुर्षु दिवसेषु त्वं कूपमध्ये पतिष्यसि।
चेन्निर्गतः कथञ्चित् त्वं सिन्धौ मज्जनमेष्यसि।।३७।।

ततोऽपि जीवितश्चेत् तु ध्वान्तमग्नो भविष्यसि।
ततोऽपि जीविते शैलस्त्वयि कोऽपि पतिष्यति।।३८।।

महान्तौ कालपुरुषौ जीवन्तं भक्षयिष्यतः।
एतान्यरिष्टानि तव भविष्यन्ति न संशयः।।३९।।

प्रतीकारं ब्रवीम्यत्र निर्भयार्थं कुरुष्व तम्।
ततोऽन्यत्र मया सार्द्धं याहि दिनचतुष्टयम्।।४०।।

पुनरत्रानयिष्यामि शपथो मे तवाङ्घ्रिजः।
निशम्य वाचं बालोऽसौ जगामान्तर्गृहं शनैः।।४१।।

राज्ञो हस्तात् प्रगृह्याशु मुद्रिकां रत्ननिर्मिताम्।
कृत्वा तां स्वकरे बालो वदति स्म द्विजं प्रति।।४२।।

गणकाशु वद त्वन्नो गतं वस्तु महत्तरम्।
केन नीतं कदा प्राप्तं भूयात् ते प्रत्ययो भवेत्।।४३।।

इत्युक्तः स तु बालेन विचार्य जनसंसदि।
बभाण हास्यवदनो मुद्रिका यदि लभ्यते।।४४।।

ममैव यदि देया सा तदेदानीं ब्रवीम्यहम्।
तथेति बालकेनोक्ते तवैव करगेति सा।।४५।।

इत्थमुक्तो जिह्मवेषधारिणा वाडवेन सः।
तया मन्त्रितया बालो न्यवधीत् तं हृदि क्षणात्।।४६।।

स तया भिन्नहृदयो वज्राहत इवाचलः।
निपपात धरापृष्ठे चालयन् वसुधां भृशम्।।४७।।

पतता तस्य देहेन चूर्णितं नगरं कियत्।
काशिराजो जनाः सर्व आश्चर्यं मेनिरे तदा।।४८।।

ब्रह्माजीले भन्नुभयो – त्यो कपटी ब्राह्मणले धैर्यपूर्वक बालकका कुरा सुनेर मनमा तर्क गऱ्यो – 'कसरी मैले आफ्नो कल्याण गर्ने बाटो बनाऊँ ? यो बालकले अनेक बलवान् शत्रुहरूलाई मारिसकेको छ ।' यसरी मनमनै विचार गरेर त्यसले बालगणेशको हात समाती शुभ र अशुभ बताउन थाल्यो ।।३५-३६।। हे बाबु ! तिमी आजको चार दिनभित्र गहिरो कुवाको माझमा खस्नेछौ। कुनै तरिकाले त्यो कुवाबाट बाहिर निस्कन सक्यौ भने तिमी महासागरमा डुब्नेछौ। महासागरबाट पनि कुनै तरिकाले जिउँदै निस्क्यौ भने तिमी महान् अन्धकारमा डुब्नेछौ।।३७।। त्यहाँबाट जिउँदै निस्कन सफल भयौ भने तिम्रो टाउकामा ठूलो पर्वत खस्नेछ।।३८।। त्यसपछि ठूला-ठूला दुई कालपुरुषले तिमीलाई जिउँदै खानेछन्। यी तिम्रा भविष्यमा हुने अनिष्ट हुन् । यसमा कुनै सन्देह छैन।।३९।। म तिमीलाई आपत्तिबाट जोगाउने र भयमुक्त गराउने उपाय बताउँछु । आगामी चार दिन तिमी यहाँ नबस, मेरो साथमा कतै हिंड। तिमीलाई म चार दिनपछि यहीं ल्याइदिनेछु। तिम्रा खुट्टा छोएर म किरिया खाँदैछु। कपटी ज्योतिषीका यी कुरा सुनेर श्रीगणेश सुस्तरी घरभित्र जानुभयो ।।४०-४१।। राजाको औंठी आफ्नो हातमा लिएर मुठ्ठी कसी कपटी ब्राह्मणलाई भन्नुभयो – हे ज्योतिषी ! तपाइँले छिट्टै बताउनुहोस् मेरो एउटा महँगो वस्तु हराएको छ, कसले लग्यो ? कहिले प्राप्त हुनेछ ? यसको उत्तर दिनुभयो भने मलाई तपाइँमाथि विश्वास लाग्नेछ।।४२-४३।। यसरी बालकले भनेपछि त्यसले जनसमूहको बीचमा हाँस्दै भन्यो – यदि तिम्रो हराएको महँगो वस्तु औंठी हो भने र मैले भनेअनुसार पाइयो भने त्यो औंठी मलाई दिनुपर्छ, अनि म तिमीलाई कहाँ छ त्यो वस्तु बताउनेछु। श्रीगणेशले हुन्छ भन्नुभयो । त्यसपछि कपटी ज्योतिषीले भन्यो- तिम्रै हातमा त्यो औंठी छ। त्यसले उत्तर दिएपछि श्रीगणेशले त्यो औंठी अभिमन्त्रित गरी ब्राह्मणका छातीमा प्रहार गरेर त्यसलाई मारिदिनुभयो ।।४४-४६।। यसरी औंठीद्वारा पेट चिरिएपछि त्यो कपटी दानव वज्र प्रहार गर्दा पर्वत ढलेझैं भुइँमा पछारियो। त्यो भुइँमा खस्दा पृथिवीमा कम्प गएको थियो र त्यसको मृत शरीरको स्पर्शले नगरका केही घरहरू चर्केका थिए । काशिराज र त्यहाँ भएका सबै मानिस बालगणेशको यो चरित्र देखेर आश्चर्यचकित भए ।।४७-४८।। त्यसबेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहृषुर्देवताः सर्वाः पुष्पवृष्टिं सुचक्रिरे।
स्वर्गभूवाद्यघोषैर्द्यौर्व्याप्ताभूद् भूतलं तदा।।४९।।

देवताहरू खुसी भए र फूल वर्षाए । स्वर्ग र पृथिवीमा बजाइएका बाजाहरूका ध्वनिबाट आकाश र धर्ती गुञ्जायमान भए।।४९।।

जना ऊचुः

कथं ज्ञातोऽनेन दुष्टो ब्राह्मणो ब्रह्मवेषभृत्।
राज्ञापि न कृतं दैवाद् वाक्यं तस्य दुरात्मनः।।५०।।

अयं बालो न मन्तव्यो भूभारहरणेऽमरः।
अवतीर्णः कश्यपस्य गृहेऽसौ करुणानिधिः।।५१।।

मुद्रिकाघातमात्रेण कथं प्राणान् जहौ बली।
इत्युक्त्वा पुपूजुः सर्वे नेमुस्तं तुष्टुवुर्जगुः।।५२।।

ददौ दानानि विप्रेभ्यो राजा राजीवलोचनः।।
द्विजचारणबन्दिभ्यो दीनेभ्यश्चाप्यनेकशः।।५३।।

नागरान् मानयित्वा तान् विससर्ज ततः सभाम्।
बालोऽपि बालकैः रन्तुं ययौ पूर्ववदज्ञवत्।।५४।।

मानिसहरूले भने - भगवान् श्रीगणेशले ब्राह्मणको रूप लिएर आउने मानिसलाई दैत्य हो भन्ने कुरा कसरी थाहा पाउनुभयो ? राजाले पनि त्यो दुरात्माले जसरी कुरा गरेको थियो त्यसरी किन व्यवहार गरेनन् ? हामीलाई अचम्म लागिरहेको छ । यी बालकलाई बालक मात्र हुँदैन। पृथिवीको भार हरण गर्न कश्यपका घरमा अवतार लिनुहुने करुणामय देवता हुनुहुन्छ भन्ने कुरा सबैले विश्वास गर्नुपर्दछ।।५०-५१।। त्यतिविधि बलियो त्यो कपटी राक्षस औँठीको प्रहारबाट मात्र कसरी ढल्यो र कसरी त्यसले प्राणत्याग गऱ्यो ? यस्ता कुराहरू गर्दै सबै मानिसहरूले भगवान् श्रीगणेशको पूजा, वन्दना, स्तुति र गुणगान गरे।।५२।। कमलजस्ता आँखा भएका काशी नरेशले पनि ब्राह्मणहरूलाई दान दिए । सामान्य ब्राह्मण, सेवकगण, स्तुतिगान गर्ने मानिस र दीनदुःखीहरूलाई पनि अनेक उपहार प्रदान गरे। नगरका नर-नारीलाई सम्मानपूर्वक बिदा गरे अनि सभा विसर्जन गरे। श्रीगणेश पनि केही नजान्ने बालक भएसरह बालकहरूसँग क्रीडा गर्न जानुभयो।।५३-५४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते कपटिदैत्यवधो नामाष्टादशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'कपटी दैत्यको वध' शीर्षकान्वित अठारौं अध्याय पूर्ण भयो ।।१८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनविंशोऽध्यायः

{ १९ अध्याय }

क उवाच

बालकेन हतं श्रुत्वा ब्राह्मणं वेषधारिणम्।
नरान्तको महादैत्यः कूपकं कन्दरासुरम्।।१।।
प्रेषयामास बलिनं ब्रह्मलब्धवरं तदा।
दत्त्वा बहूनि वस्त्राणि रत्नानि विविधानि च।।२।।

दैत्य उवाच

गच्छ तं सुमुहूर्तेन हन्तुं बालं तमाशु च।
नानोपायैर्मारितानां कुरुतं निष्कृतिं बलात्।।३।।

क उवाच

एवं तेन समाज्ञप्तावसुरौ कूपकन्दरौ।
सेनया चतुरङ्गिण्या गव्यूतिं सम्प्रतस्थतुः।।४।।
निर्वर्त्य सेनाञ्च तत ईयतुर्भृशहर्षितौ।
विचारं चक्रतुर्मार्गे कूपोऽहं कूपतामियाम्।।५।।
बालो भव क्रीडमानं मयि तं क्षिप यत्नतः।
मण्डूकरूपः कूपस्थो भक्षयिष्यामि तत्क्षणात्।।६।।
अन्तर्द्धानं करिष्यावः कृत्वा कार्यं महत्तरम्।
एवं तौ निश्चितमती काशिराजपुरं महत्।।७।।
प्रापतुरभवत् कूपो महान् कूपो नृपाजिरे।
कन्दरो बालरूपोऽभूद् रन्तुं तेषु मनो दधे।।८।।
राजाऽथ ददृशे कूपं सुजलं तं जहर्ष च।
यावत् पश्यति मध्येऽसौ मण्डूकं तं ददर्श ह।।९।।
नदन्तं मञ्जुलां वाणीं पीतवर्णं भयानकम्।
कन्दरो बालमध्यस्थो जगाद तं विनायकम्।।१०।।
बहिर्याहि महाबाहो ! पश्य कूपं मनोहरम्।
ददर्श कूपं बालैः स बहिरागत्य तत्क्षणात्।।११।।
अत्यन्तं सुन्दरं दृष्ट्वा तं कूपं बालकैः सह।
चिक्रीडे विविधैर्भावैर्नानानिलयनैरपि।।१२।।
मध्याह्ने जलमध्यस्थाः सिषिञ्चुस्ते परस्परम्।
मज्जनोन्मज्जनं चक्रुः कारयन्तः परस्परम्।।१३।।

ब्रह्माजीले भन्नुभयो - ब्राह्मणको रूप धारण गर्ने दानवलाई बालक श्रीगणेशले मारेको सुनेर नरान्तक महादैत्यले ब्रह्माजीबाट वरदान प्राप्त गरेका कूपक र कन्दरासुर दैत्यलाई अनेक वस्त्र एवं अलङ्कार प्रदान गरी प्रसन्न तुल्याएर बालक श्रीगणेशसँग युद्ध गर्न पठायो ।।१-२।।

दैत्यले भन्यो- तिमीहरू त्यो बालक गणेशलाई मार्न राम्रो मुहूर्त हेरेर जाने काम गर । त्यहाँ गएपछि त्यस बालकले पहिले संहार गरेका दानवहरूको प्रतिशोध लिने काम पनि गर।।३।।

ब्रह्माजीले भन्नुभयो- यसरी नरान्तकको आज्ञा पाएर कूपक र कन्दरासुर दैत्यहरू चतुरङ्गिणी सेना लिएर चार कोशको बाटोसम्म पुगे । सेनालाई फर्काएर ती दानवहरू काशी पुगेपछि अत्यन्त खुसी भए। बीच बाटामा तिनीहरूले युद्धको विषय र बालकको वध गर्ने विषयमा विचारविमर्श गरेका थिए । कूपक दैत्यले भन्यो- म कुवा बन्दछु, हे कन्दरासुर! तिमी बालक बन। बालक्रीडा गरिरहेका गणेशलाई समातेर कुवाको रूपमा रहेको मेरो स्वरूपमा तिमीले फ्याँकिदेऊ। मैले तत्कालै भ्यागुतो बनेर त्यो बच्चालाई खानेछु।।४-६।। यति ठूलो काम गरेपछि हामी अन्तर्धान हुनेछौं। यसरी निश्चय गरी ती दुबै दानव काशिराजको नगर नजिकै पुगे । त्यो कूपक दानव राजाको आँगनमा कुवाको रूपमा परिणत भयो। कन्दरासुरचाहिँ बालक बन्यो र त्यसले श्रीगणेशसँग खेलिरहने बालकहरूका साथ खेल्ने मन बनायो।।७-८।। काशिराज आफ्नो आँगनमा अचानक एउटा राम्रो कुवा तयार भएको देखेर हर्षित भए । तिनले कुवाको माझमा हेर्दा मीठो स्वरले कराइरहेको पहेंलो वर्णको भयङ्कर भ्यागुतो देखे।।९।। कन्दरासुर बालकहरूको बीचमा पुग्यो र खेलिरहेका श्रीगणेशलाई भन्यो- लामा-लामा हात भएका हे सुन्दर बालक ! तिमी बाहिर गएर हेर त कति राम्रो कुवा तयार भएको छ। त्यसको कुरा सुनेर श्रीगणेश बालकहरूका साथ तत्कालै बाहिर आई अत्यन्त राम्रो कुवा देखेर अनेक भावना मनमा खेलाउँदै पानीमा खेल्न लाग्नुभयो। कुवाको माझमा गएका तिनीहरूले मध्याह्न हुँदा आपसमा छ्यापाछ्याप गर्ने काम गरे, डुब्ने एवं डुबाउने काम पनि गरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उड्डानं जलमध्ये ते दूरादागत्य चक्रिरे।
एवं रमित्वा ते तत्र गृहान् गन्तुं समुद्यताः।।१४।।

तावद् विनायकोऽपश्यज्जलमध्ये निजं वपुः।
जानन् तर्तुं जले सर्वान् पश्यन्नासीद् बहिः पुरा।।१५।।

तावन्नुनोद तं दुष्टो जलमध्ये स कन्दरः।
अगाधं तज्जलं ज्ञात्वा लोडयामास लीलया।।१६।।

स्वेच्छया रमणो लक्ष्म्या क्षीराब्धिमिव वाडवः।
अधो याति मुहूर्तं स उपरिष्टात् तथैव च।।१७।।

मायामास्थाय सगणो मज्जितुं समजायत।
चरणौ हस्तकमले चिक्षेप बहुधा शिशुः।।१८।।

लुलुपुः सर्वशो बालास्तावत् तेन धृतो बलात्।
चरणे कन्दरो नीतस्तत्कूपतलमादरात्।।१९।।

अमज्जयद् बलात् तञ्च मुञ्च मुञ्चेति सोऽब्रवीत्।
विनायकोऽपि तं प्रोचे मुञ्च मुञ्चेति मामपि।।२०।।

उभौ समबलौ तौ तु मज्जनोन्मज्जने रतौ।
हिरण्यकशिपुर्लक्ष्मीनृसिंहाविव दुर्धरौ।।२१।।

अधस्ताद् बहुकालन्तौ गतौ ज्ञात्वाऽखिलार्भकाः।
चक्रुरार्तस्वरं दुष्टं मृतो बाल इति स्फुटम्।।२२।।

अपशब्दं तथा श्रुत्वा ययुः स्त्रीवृद्धबालकाः।
काशिराजोऽपि चुक्रोश किं कार्यमिति चाब्रवीत्।।२३।।

अगाधनीरे कूपेऽस्मिन् कथं जीवेत् स बालकः।
कोऽप्यूचे चापरः प्राह शीघ्रं निःसारितो यदि।।२४।।

उपायो भविता कश्चिज्जीवनायास्य निश्चितम्।
येन यत् प्रार्थ्यते दास्ये तदस्मै जीवितं स्वकम्।।२५।।

निष्कास्यतां बहिर्बालो वेगेन च बलेन च।
इति राजवचः श्रुत्वा कूपमध्ये गतास्त्रयः।।२६।।

मग्नास्ते दैत्यकृतया मायया नापरो जनः।
अवतर्तुं मनश्चक्रे ततो राजा शुशोच तम्।।२७।।

र पानीको बीचमा यता र उता दौड्ने काम पनि गरे। यसरी कुवाको पानीमा रमाएर खेलिरहेका ती बालकहरू साँझपख आ-आफ्नो घर जान तयार भए।।१०-१४।। त्यस बेला श्रीगणेशले पानीको बीचमा आफ्नो स्वरूप देख्नुभयो। श्रीगणेश पानीमा तर्न सिपालु हुनुहुन्थ्यो। आफूलाई पानीको माझमा देखेर साथीहरूको अनुहार हेर्दै हुनुहुन्थ्यो। उहाँले साथीहरूको अनुहार हेरिरहँदा पानीको माझमा रहेको कन्दरासुरले पानीलाई खूब हुँडल्यो। पानी गहिरो छ भन्ने जानेर आफ्नो कला देखाउँदै त्यसले पानी धमिलो बनायो। क्षीरसागरको माझमा आफ्नी पत्नी लक्ष्मीका साथ रमण गरिरहनु भएका भगवान्का सामु जसरी समुद्रको आगो घरि तल र घरि माथि गर्दै बल्दछ त्यसरी नै कन्दरासुरले पनि आफ्नो माया देखायो। त्यसले माया देखाएपछि बालकहरूले फेरि हामी पानीमा डुबुल्की मारौं भन्ने विचार गरे । श्रीगणेशले पनि आफ्ना हात र पाउ दुबै पानीभित्र डुबाएर पौड्ने कलाको अभ्यास गर्न थाल्नुभयो। सबै बालक त्यसैगरी पौडिरहेका थिए । ती पौडिरहेका बालकहरूलाई कन्दरासुरले समातेको हुँदा ती एकाएक हराए । श्रीगणेशले कन्दरासुरका दुई खुट्टा तानेर कुवाभित्र पुऱ्याई डुबाउनुभयो। कन्दरासुरले आत्तिएर हे गणेश! मलाई छोड, मलाई छोड भन्न थाल्यो । श्रीगणेशले पनि आफूलाई आत्तिएको अवस्थामा देखाएर मलाई छोड, मलाई छोड भन्न थाल्नुभयो।।१५-२०।। समान बल भएका ती दुबैको पानीमा डुब्ने र टाउको बाहिर देखाउने काम चलिरहेको थियो। दुबै हिरण्यकशिपु र नृसिंह भगवान्जस्तै बलिया थिए।।२१।। पानी बाहिर गएका बालकहरू दुबैलाई पानीमा डुबेको जानेर 'हाम्रा मित्र बालगणेश मरे' भन्दै आर्तस्वरले नराम्रो समाचार फैलाए। यस्तो नराम्रो खबर पाएर स्त्री, वृद्ध र अरू बालकहरू कुवाका वरिपरि जम्मा भए। काशिराजले पनि श्रीगणेश डुब्नुभएकोमा आत्तिएर अब के गर्ने होला भन्ने प्रश्न गरे। गहिरो पानी भएको कुवामा डुबेका ती गणेश बालक कसरी बाँच्न सक्छन् ? कसैले भन्यो। अर्कोले भन्यो- चाँडै निकाल्न सकिन्छ भने ती बालकको बाँच्ने उपाय गर्न सकिन्छ। काशिराजले भने - जसले जे चाहन्छ त्यो म दिनेछु, गणेश बालकलाई जिउँदै निकाल्नुपर्‍यो। काशिराजका कुरा सुनेर तीन जना मानिसहरू कुवाभित्र गए, तर ती तीनै जना कन्दरासुरको मायामा परेर डुबे। अर्को कुनै पनि मानिसले गणेशको उद्धारका लागि जाने मन गरेन। त्यसपछि काशिराजले म आफैं जान्छु भन्ने अठोट गर्दै चिन्ता व्यक्त गरे।।२२-२७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजोवाच

किं मयाऽकारि दुरितं येन मे दुःखमीदृशम्।
कथं बालो मया नीतः सुखार्थं दुःखदोऽभवत्।।२८।।

दर्शयिष्ये कथं तस्य पितृभ्यां मुखमेव च।
जनाय वा कथमिदं कथमस्य मृतिर्भवेत्।।२९।।

निरस्तान्यत्यरिष्टानि महान्ति बालकेन ह।
कथमस्य वशं यातो न जाने देवचेष्टितम्।।३०।।

एवं सर्वेषु शोचत्सु स्त्रीवृद्धबालकेषु च।
मण्डूकरूपी कूपस्थो व्यादाय मुखमास्थितः।।३१।।

तावदेवागतो बालो नोदितः कन्दरेण सः।
तेनापि नोदितो दैत्यो दैत्यास्ये न्यपतत् खलः।।३२।।

भक्षयामास कूपस्तं मत्स्यो मत्स्यमिवालघुः।
गिलितो बाल इति स निजरूपं समास्थितः।।३३।।

कूपोऽपि गगनस्पर्द्धां चक्रे श्लाघ्यां यथोर्जिताम्।
सर्वेषामेव दैत्यानामानृण्यं गतवानहम्।।३४।।

इत्युज्जहर्ष मनसा मत्वा देवमविक्रमम्।
कन्दरस्तु रुषाविष्टो विदार्यास्य महोदरम्।।३५।।

निर्गम्य वेगमास्थाय स बालोऽन्तर्हितः क्षणात्।
विदारितं मे जठरमिति कूपोऽपि कन्दरम्।।३६।।

अदशत् कण्ठदेशे स जीवग्राहं रुषा तदा।
एवं परस्परवधात् पतितौ विह्वलौ भृशम्।।३७।।

पादहस्तावमर्देन चूर्णितं नगरं कियत्।
यथा सुन्दोपसुन्दौ तु परस्परवधान्मृतौ।।३८।।

परस्परवधात् तद्वन्मृतौ तौ कूपकन्दरौ।
राजभृत्यैरपाकृष्य त्यक्तौ तौ नगराद् बहिः।।३९।।

काशिराजले भने – 'मैले के पाप गरें हुँला, पटक-पटक मलाई यस्ता दुःख आइलागेका छन्। किन सुखका लागि ल्याइएका बालक मेरा निमित्त दुःखदायक बनिरहेका छन्? ती बालकका बाबुआमाका सामु मैले अब कसरी मुख देखाऊँ? मानिसहरूका सामु कसरी बालक मरे भनूँ? पानीमा डुबेर मरे भन्नु पनि मेरा निमित्त सङ्कोचको विषय बन्न गएको छ। यी बालकले ठूला-ठूला अनिष्टहरूको सामना गरे र निवारण पनि गरे। आज कसरी कुवाको फेला परे भन्ने विषयमा मैले केही भन्न सक्दिनँ। दैवको लीला बताएर सकिंदैन।' यसै गरी अरू नर-नारीहरूले पनि चिन्ता गरिरहेका थिए। स्त्री, वृद्ध र बालकहरूले पनि गणेश बालकलाई सम्झिरहेका थिए। त्यस बेला भ्यागुताको रूप लिएर कुवामा रहेको राक्षस आफ्नो मुख बाएर उँभिएको देखियो।।२८-३१।। कन्दरासुरद्वारा तानिएका गणेश बालक बाहिर आउनुभयो । बाहिर आएर उहाँले त्यो कन्दरासुर दैत्यलाई तानिरहनु भएको थियो । भगवान्‌द्वारा तानिएको त्यो दैत्य थाहै नपाईकन कूपासुरको मुखभित्र खस्यो । कूपासुरले पनि ठूलो माछाले सानो माछो खाएझैं कन्दरासुरलाई निलिदियो । मैले बालक गणेशलाई निलें भन्ने भ्रान्तिमा परेको कूपासुर आफूलाई विशाल स्वरूपमा परिणत गरी आकाशसँग प्रतिस्पर्धा गरिरहेको थियो । त्यसले 'मैले यो बालकलाई यहाँ फसाएर मरेका दैत्यको प्रतिशोध लिएँ' भन्ने धारणा राख्यो । भगवान् श्रीगणेशको पराक्रमसँग अपरिचित त्यो कूपकासुर दैत्य अत्यन्त प्रसन्न थियो। त्यसै बेला कूपासुरको पेटमा पुगेको कन्दरासुर रीसले वेगपूर्वक त्यसको पेट चिर्दै बाहिर आयो । बालक श्रीगणेश तत्काल अन्तर्धान हुनुभयो। कूपकासुरले मनमनै यो कन्दरासुरले मेरो पेट चिर्ने काम गरेको छ भनी रिसले प्राणै लिने गरी त्यसको घाँटीमा टोक्यो । ती दुई आपसमा लड्न थाले। यसरी परस्परमा लडाइँ गरिरहेका ती दुई दानव व्याकुल भए। हातखुट्टामा प्रहार गर्दा कुवाको वरिपरिका भू-खण्डहरू टुक्रा-टुक्रा हुन थाले। कुनै समयमा सुन्द र उपसुन्द नामक दानवहरू आपसमा लडेर मरेझैं अहिले कूपकासुर र कन्दरासुर पनि गणेशको मायाका कारण आपसमा सङ्ग्राम गरेर मरे । राजाका सेवकहरूले पानीभित्र मरेका ती दुबैलाई तानेर नगरदेखि बाहिर लगी फ्याँकिदिए।।३२-३९।। राजाको आँगनमा देखिएको कुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्क्षणादजिरे कूपः पिदधे स विनायकः।
ददृशे पूर्ववत् क्रीडन् सर्वबालयुतो जनैः।।४०।।

आश्चर्यं मेनिरे तत्र बाला राजा जना अपि।
ऊचुः परस्परं केचित् कापट्यं येन युज्यते।।४१।।

आमूलान्नश्यते सोऽथ स्वयमेव न संशयः।
पतङ्गो दीपनाशार्थमायाति नश्यते यथा।।४२।।

अस्य चालयितुं शक्तो न स्यात् कालोऽपि रोम च।
दृष्टं बहुविधं चास्य सामर्थ्यमवतारिणः।।४३।।

जेतुमीशं गतः कामः स्वयं भस्मत्वमागतः।
काशिराजस्तु तच्छ्रुत्वा सत्यं सत्यमिति ब्रुवन्।।४४।।

ददौ दानानि विप्रेभ्यो विससर्ज प्रपूज्य तान्।
विनायकं नमस्कृत्य गता लोका निजान् गृहान्।।४५।।

केचिदालिङ्ग्य तं बालं ययू राज्ञा प्रपूजितम्।
देवाश्च पुष्पवर्षाणि मुमुचुस्तुष्टवुर्जनाः।।४६।।

क उवाच

एवं न ज्ञायते ब्रह्मन् ! कार्याकार्यं मरुद्बलम्।
मायास्वरूपं पुंभाग्यं राक्षसाचरणं मुने।।४७।।
अवतारगुणा वापि न ज्ञेयाः परमात्मनः।।४८।।

पनि तुरुन्तै हरायो र भगवान् श्रीगणेश पहिलेझैं आफ्ना बालक मित्रहरूका साथ क्रीडामग्न अवस्थामा देखिनुभयो।।४०।। त्यस बेला बालक समुदाय, नरनारीहरू र काशिराजले समेत आश्चर्य माने । तिनीहरूले परस्परमा भन्न थाले – जसले अरूको मृत्युका लागि कपट गर्दछ त्यो आफै जरैदेखि मासिन्छ । यस कुरामा सन्देह छैन। जसरी पतङ्ग नाम गरेको कीरा बत्ती निभाउन आउँछ तर आफै नष्ट हुन्छ।।४१-४२।। मृत्युले गणेशको एउटा रौं पनि कँपाउन सक्दैन । अवतारपुरुष बालक श्रीगणेशका धेरै-धेरै विचित्र लीला र शक्ति हामीले देख्यौं।।४३।। एक पटक कामदेव शिवजीमाथि विजय गर्न गएका थिए तर स्वयं ती शिवजीबाट खरानी बन्न पुगे । अहिले पनि कूपकासुर र कन्दरासुर बालक गणेशलाई मार्न भनेर आएका थिए तर ती आफै मारिए। यो कुरा सुनेर काशिराजले साँचो हो भने ।।४४।। त्यसपछि काशिराजले ब्राह्मणहरूलाई दान दिएर नमस्कार गरी बिदा गरे। नरनारीहरू पनि बालक श्रीगणेशलाई नमस्कार गरेर आ-आफ्ना घरतर्फ लागे।।४५।। काशिराजद्वारा पूजा गरिएका श्रीगणेशलाई आलिङ्गन गर्दै केही मानिसहरूले बिदा लिए। देवताहरूले पुष्पवर्षा गरे । अरू दर्शक नर-नारीहरूले श्रीगणेशको स्तुति गरे।।४६।।

ब्रह्माजीले भन्नुभयो- हे व्यास! सामान्य मानिसले के कार्य हो र के अकार्य हो छुट्याउन सक्दैन । हावाको कति तागत हुन्छ त्यो पनि सबैबाट बुझ्न सकिने विषय होइन । त्यसैगरी मायाको स्वरूप पनि सामान्य मानिसको बोधको विषय होइन । मानिसको भाग्य पनि सबैद्वारा चाल पाइने विषय होइन। यसैगरी राक्षसको आचरण पनि सबैले सजिलै बुझ्न सकिंदैन। अझ योभन्दा विचित्रको कुरा त के हो भने परमात्मा श्रीगणेशका अवतारका विशेषताहरू पनि सामान्य मानिसहरूद्वारा बुझ्न सकिंदैनन् ।।४७-४८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कूपकन्दरवधो नामैकोनविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'कूपासुर र कन्दरासुरको वद' शीर्षकान्वित उन्नाइसौं अध्याय पूर्ण भयो ।।१९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विंशोऽध्यायः { २० अध्याय }

व्यास उवाच

काशिराजगृहे ब्रह्मन् ! विवाहः स कदाऽभवत्।
तन्ममाचक्ष्व भगवन् विस्तराच्चतुरानन।।१।।

क उवाच

एकैकं नश्यतेऽरिष्टमपरं याति वै पुनः।
अस्मिन् नष्टे करिष्यामीत्येवं यावद् विचार्यते।।२।।

कूपे च कन्दरे नष्टे त्रयोऽप्यन्ये तदीरिताः।
अन्धकोऽम्भासुरस्तुङ्गो राक्षसाः क्रूरदर्शनाः।।३।।

जिघांसयागता बालं ततो युद्धमवर्तत।
श्रुत्वा येषां तु सङ्ग्रामं ब्रह्माद्याः प्रापलन् भयात्।।४।।

दिग्गजा मर्दिता यैस्तु विबुधानान्तु का कथा।
कदाऽयं कश्यपसुतो भविता दृष्टिगोचरः।।५।।

नाशयामोऽनेकधा तमिति व्यवसिता भृशम्।
यावन्तः प्रेषिता वीरास्तावन्तो निधनं गताः।।६।।

वयमेनं हनिष्यामोऽजित्वा यामो न वै गृहान्।
वह्निरूपं समास्थाय दाहयामो मुनेः सुतम्।।७।।

अन्धकस्त्वब्रवीत् तत्र तमसा व्याप्य खं दिशः।
अन्धकारं करिष्यामि धरायामथ सर्वतः।।८।।

ततः परस्परदृशिर्न स्यात्तेषां कदाचन।
अम्भासुरोऽब्रवीत् तत्र महीं सर्वां जलेन ह।।९।।

आपूरं प्लावयिष्यामि समन्तान् न गतिर्भवेत्।
तुङ्गोऽब्रवीदहं तुङ्गो गिरिर्भूत्वा पुरीं तु ताम्।।१०।।

आलोड्य चूर्णयिष्यामि सपक्ष इव पर्वतः।
अन्धकारे जले वह्नौ पर्वते सर्वतः स्थिते।।११।।

व्यासले भन्नुभयो- हे विधाता ! काशिराजको घरमा तिनका छोराको विवाहसम्बन्धी चर्चा पटक-पटक भयो । तर त्यो कहिले र कसरी सम्पन्न भयो भन्ने कुरा सुन्न पाइएन । कृपया त्यस विषयमा मलाई विस्तारपूर्वक बताउनुहोस् ।।१।।

ब्रह्माजीले भन्नुभयो - मानिसको जीवनमा एउटा-एउटा अरिष्ट आउँछ, त्यसको नाश गरिन्छ, फेरि अर्को अरिष्ट आइलाग्छ। यो अरिष्ट सकिएपछि यो काम गर्नेछु भन्ने विचार गरिन्छ तर, फेरि अर्को अरिष्ट आइलाग्छ । त्यहाँ पनि त्यस्तै अरिष्ट परम्पराले काम गर्‍यो ।।२।। कूपकासुर र कन्दरासुर मरेपछि नरान्तकले पठाएका अन्धकासुर, अम्भासुर र तुङ्गासुर नामक तीन डरलाग्दा राक्षसहरू बालक श्रीगणेशलाई मार्ने इच्छाले त्यहाँ आए । त्यसपछि ठूलो युद्ध भयो । त्यो युद्धको कुरा सुनेर ब्रह्मा आदि देवताहरू पनि डरले भागेका थिए ।।३-४।। ती दानवहरूले दिग्गजहरूलाई पनि परास्त गरे भने सामान्य देवताहरूको त कुरा नै केही भएन । ती दैत्यहरूले कश्यपको छोरा गणेश हाम्रो सामु कतिबेला आउँछ र त्यसलाई अनेक शस्त्रको प्रहारबाट मार्नेछौं भनी निश्चय गरेका थिए । जति वीरहरू आए ती सबै मरेर गए । हामी भने यसलाई मारिछाड्नेछौं र नजितीकन घर फर्कने छैनौं । हामीले अग्निको रूप लिएर कश्यपको छोरा गणेशलाई डढाउनेछौं भन्ने विचार उनीहरूले गरे ।।५-७।। दानवहरूमध्येको एउटा दानव अन्धकासुरले भन्यो - मैले चारैतिर अन्धकार फैलाएर आकाश र दसै दिशामा कालो पोतिदिन्छु । त्यसपछि एकले अर्कोलाई देख्नसक्ने कुरा हुनेछैन ।।८।। अम्भासुरले भन्यो- मैले सम्पूर्ण पृथिवीलाई पानी-पानीले भरिदिनेछु। कुनै मानिस कहीं जान सक्नेछैन।।९।। तुङ्गासुरले भन्यो - म अग्लो पहाड बनेर काशीपुरीलाई च्यापी चूर्ण-चूर्ण बनाइदिनेछु । इन्द्रले जसरी पर्वतहरूको प्वाँख काटेका थिए त्यसैगरी काशीपुरी छिया-छिया भएपछि यहाँ हाम्रो विरोधी कुनै रहनेछैन । अन्धकार, पानी र आगो चारैतिरबाट फैलिएर रहँदा र तिनका बीचमा म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोऽपि गन्तुं न शक्नोति कथं बालो गमिष्यति।
एवं निश्चितसङ्कल्पा जगर्जुस्ते त्रयो भृशम्।।१२।।

तेषां गर्जितशब्देन कम्पितं भुवनत्रयम्।
तत्यजुर्निजबेलान्ते सागराः क्षुभितोदकाः।।१३।।

ततो रविं समाच्छाद्य तस्थौ तत्रान्धकासुरः।
अन्धकारे महाघोरे न प्राज्ञायत किञ्चन।।१४।।

अकस्माद् रजनी प्राप्ता व्यवसाय परैर्जनैः।
स्नानासक्तैर्जपासक्तैर्होमासक्तैर्नृभिस्तदा।।१५।।

तपःसु वेदघोषेषु विवाहोपनयादिषु।
कीर्तनेषु पुराणेषु द्विजदेवार्चनादिषु।।१६।।

सक्तैर्नानाविधैर्लोकैर्निशा प्राप्ता व्रतादिषु।
जजल्पुः किमु विन्ध्योऽयं रुणद्धि सूर्यमण्डलम्।।१७।।

अथवा प्रलयो भावी वोपरागः समागतः।
सभायामूचुरासीनं राजानमिति पण्डिताः।।१८।।

तर्कयन्ति यावदेव गावोऽगुः स्वगृहान्तरम्।
असम्भावितवेलासु चक्रुर्दीपान् गृहे गृहे।।१९।।

कथमस्तमतिर्जाता न पाको न च भोजनम्।
व्यस्मयन्त तदा नार्यो दुदुहुर्गाश्च काश्चन।।२०।।

दीपिकाभिः काष्ठदीपैर्व्यवहारं जनास्तदा।
चक्रुर्दुःखेन कार्याणि वणिजो ब्राह्मणादयः।।२१।।

सेवकानां महानन्दः कामिनां चाभवत् तदा।
सालसानां प्रसुप्तानां निद्रालूनां तथैव च।।२२।।

एवं कृते चान्धकेन नाम्ना चाम्भासुरस्तदा।
मेघरूपेण ववृषे धारा हस्तिकरोपमाः।।२३।।

पर्वताकार भएर उभिंदा कुनै पनि मानिस कतै जान सक्नेछैन र त्यो गणेश बालक पनि कहीं जानेछैन । यसरी सङ्कल्प गरेका ती दानवहरूले ठूलो गर्जन गरे ।।१०-१२।। तिनको गर्जन सुनेर तीनै लोक काँपे, पानी क्षुब्द एवं तरङ्गित भएका सागरहरूले आफ्नो मर्यादा छाड्न थाले । त्यसपछि अन्धकासुरले सूर्यलाई पूरै ढाकिदियो। घोर अन्धकारमा धर्तीमा कता के भइरहेको छ भन्ने कुरा कसैलाई थाहा भएन।।१३-१४।। दिउँसोको काममा खटेका मानिसहरूले एकाएक रात परेको देखे। त्यस बेला सायँकालिक सन्ध्याको भ्रान्तिमा परेका कुनै मानिस नुहाइरहेका थिए। कुनै जपमा लागेका थिए र कोही हवन गर्दै थिए। कतिपय मानिसहरू तपस्यामा गर्न लागेका थिए भने केही वेदको मन्त्रघोष गर्दै थिए । केही विवाहसंस्कार सम्पन्न गर्न लागेका थिए भने केही उपनयनसंस्कारमा लागेका थिए। केही कीर्तन र कथाश्रवणमा व्यस्त थिए। केही मानिस ब्राह्मण र देवताको पूजनमा अभ्यस्त थिए । केही व्रतहरूको सिद्धिमा लागेका थिए। यसरी अनेक प्रकारका कर्महरूमा लागेका मानिसहरूले नचिताएको बेलामा अचम्मसँग रात परेको बेहोर्नु पऱ्यो । दिउँसै रात कसरी पऱ्यो ? के विन्ध्याचल आएर सूर्यलाई ढाकिदिए ? के प्रलय हुन लाग्यो ? के सूर्यमा पूर्णग्रास ग्रहण लाग्यो ? यसरी काशिराजको सभामा रहेका पण्डितहरूले तर्कवितर्क गरिरहेका थिए ।।१५-१८।। यस्तै तर्क-वितर्क चलिरहेको समयमा चर्न गएका गाईहरू घर फर्के । सम्भावना नगरिएको समयमा मानिसहरूका घर-घरमा बत्ती बल्न थाले। मानिसहरूमा कसरी सूर्य अस्ताएको बुद्धि पैदा भयो ? न घरमा भोजन पकाउने काम भइरहेको छ, न त भोजन गर्ने बेला नै भएको छ ? असमयमा रात पर्दा नारीहरू चकित भए । त्यहाँ सबैले घनघोर रात महसुस गरे। केही मानिसहरूले गाई दुहुन थाले । अँध्यारो भएको कारणबाट दाउराको प्रकाशमा यताउति हेर्न थालियो। कसैले बत्ती बाले। सामान्य मानिसहरूलाई काम गर्न गाह्रो भयो । ब्राह्मण र बनियाहरूलाई त झनै गाह्रो भयो । सेवक-सेविकाहरूले भने खूब आराम माने । युवा-युवतिहरू सन्तुष्ट भए । अल्छी र सुताहा मानिसहरूका लागि पनि राम्रै भयो। यसरी अन्धकासुरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शम्पाप्रकाशतो लोकाः क्षणमीक्षां प्रचक्रिरे।
जलधाराभयात् सर्वे गृहमध्ये स्थितास्तदा।।२४।।

प्रासादा न्यपतन् केचिद् गृहाणां भित्तिका अपि।
अन्तः केचिद् बहिः केचिन्मृता जनचयास्तदा।।२५।।

झञ्झावातहता वृक्षाः पतिता धरणीतले।
सौदामिनीभिर्निर्दग्धा द्रुमा गृहचया बहु।।२६।।

उत्तीराभिर्नदीभिः सा समुद्रैरिव संप्लुता।
नगरी सर्वलोकाढ्या सर्वसत्त्वसमाकुला।।२७।।

क उवाच

प्रलयं दैत्यमायाञ्च ज्ञात्वा स करुणाकरः।
विनायकोऽकरोन्मायां बलेन वटमुच्चकैः।।२८।।

निर्ममे तत्क्षणादेकं लतागुल्मैः सुशोभितम्।
शतयोजनविस्तीर्णं जटाशाखासमन्वितम्।।२९।।

पक्षिरूपेण तत्रासौ स्थितो गगनलेहिनी।
पक्षौ भूमौ प्रतिष्ठाप्य स्पृशँश्च शिरसा नभः।।३०।।

प्रकाशयामास पुरीं पीत्वा चञ्च्वा जलं महत्।
करेणाशोषयद् वन्यकरीव पल्वलोदकम्।।३१।।

जना हर्षाद् हि जगदुर्गतो विघ्नो गतं जलम्।
गतेऽन्धकारे ददृशुर्वटं सान्द्रतरञ्च तम्।।३२।।

पक्षिणं चाद्भुताकारं न दृष्टं न च वै श्रुतम्।
सर्वे जना ययुस्तत्र न्यग्रोधे स्थातुमुत्सुकाः।।३३।।

अश्वैर्गजैरथैरुष्ट्रैः शिविकाभिर्नृभिस्तु तैः।
स्त्रीभिर्दासैः काशिराजो वटस्याधः समाययौ।।३४।।

पशवः सारमेयाश्च बिडाला वनगोचराः।
विनायकप्रभावेण न वृष्टिस्तत्र नो तमः।।३५।।

दुनियाँको रीतिथिति नै बिगारिदियो। त्यसै बेला अम्भासुरले बादल बनेर हात्तीका सूँढसमान मोटा पानीका धारा बर्साउन थाल्यो । बिजुली चम्कियो । बिजुलीको प्रकाशमा मानिसहरूले केही हेर्ने मौका पाए। वर्षाधाराको भयले मानिसहरू घरबाट बाहिर निस्केनन् । कतिपय पुराना घरहरू ढल्न थाले। केही घरहरूका भित्ता भत्किन थाले। केही मानिस भित्रै मर्न थाले र केही बाहिर मरे । आँधीबेहरीद्वारा ढलाइएका रूखहरू भुइँमा ठाउँ-ठाउँमा लडिरहेका थिए। चट्याङ् पर्नाले घर र रूख पनि डढे । पानी बढेका कारण नदीहरू पनि समुद्रजस्ता लाग्न थाले । सबै प्रकारका प्राणीहरूले भरिएको काशी नगरी पनि जलमय भयो।।१९-२७।।

ब्रह्माजीले भन्नुभयो - प्रलयकालजस्तो परिस्थिति र दैत्यको मायालाई जानेर दयालु श्रीगणेश भगवान्‌ले आफ्नो माया देखाउन थाल्नुभयो । उहाँले अचानक एउटा सय योजनसम्म फैलिएको र लहरा एवं जराले जेलिएको अग्लो वरको रूख खडा गर्नुभयो । त्यस बेला श्रीगणेशले आफूलाई वरको रूखमा एउटा पक्षीको रूपमा परिणत गर्नुभयो। आफ्ना प्वाँखहरूले भुइँ छोएर टाउकाले आकाश स्पर्श गर्नुभयो । आफ्नो मुखबाट सम्पूर्ण नगरीको पानी पिएर शरीरको प्रकाशले नगरीलाई उज्यालोले भरिदिनुभयो। वनको हात्तीले झैं आफ्ना हातहरूले पानीको शोषण पनि गर्नुभयो । मानिसहरू खुसी हुन थाले र ठूलो विघ्न टऱ्यो भनी आपसमा कुरा गरे। अन्धकार हटेपछि ती सबै मानिसले विशाल स्वरूप र घना पात भएको वरको रूख देखे । वरको टुप्पामा अद्भुत चरा बसेको थियो। ती मानिसहरूले त्यस्तो चरा कहिल्यै देखेका थिएनन् र सुनेका पनि थिएनन्। सबै मानिसहरू उत्सुक भएर वरको फेदमा बस्न गए ।।२८-३३।। केही मानिसहरू हात्ती, केही घोडा, केही रथ, केही ऊँट र केही पालकीमा बसेर गएका थिए । यसैगरी काशिराज पनि आफ्ना रानी एवं सेवकहरूका साथ वरको फेदमा आइपुगे ।।३४।। त्यहाँ वरिपरि कुकुर, बिराला र वनका प्राणीहरू रमाएर बसेका थिए । श्रीगणेशको प्रतापले गर्दा त्यहाँ वर्षा र अन्धकार थिएन ।।३५।। यसरी उज्यालो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रुः सर्वे पूर्ववत् ते वर्णाः कर्म यथाविधि।
पौराः सद्व्यवसायेषु समसज्जन्त पूर्ववत्।।३६।।

सर्वेषां रक्षणं कर्तुं पक्षिरूपमधारयत्।
जगदीशो गणेशो नु न जानीमोऽत्र किञ्चन।।३७।।

विस्तार्य पक्षान् वृष्टिं यो न्यषेधीद् दैत्यकारिताम्।
वृष्टिं सोल्कां सकरकां स्वयं सेहे सुखेन सः।।३८।।

इति लोकास्तर्कयित्वा स्थिता निर्व्याकुलास्तदा।
एकादश गता घस्रा एवं तत्र स्थितस्य च।।३९।।

नाज्ञासीत् कोऽपि चरितं विनायककृतं द्विज !।
दृष्ट्वा विनायकं बालं क्रीडन्तं बालयूथगम्।।४०।।

ततो दैत्यौ क्षीणशक्ती निश्चेष्टौ समपद्यताम्।
तुङ्गो जगर्ज बहुधा नादयन् प्रदिशो दिशः।।४१।।

गिरिरूपं समास्थाय हनिष्ये पक्षिणं क्षणात्।
ब्रुवन्नेवं क्षणेनासौ पर्वतोऽभूद् भयङ्करः ।।४२।।

सरोनदीसमायुक्तः पञ्चयोजनविस्तृतः।
दिव्यौषधीभिर्दीप्ताभिर्भासयन् गगनं दिशः।।४३।।

नानापक्षिसमायुक्तो वाडवाश्रममण्डितः।
समक्षं पर्वतं दृष्ट्वा पतमानं स पक्षिराट्।।४४।।

उड्डीय परिबभ्राम वारयामास तज्जलम्।
घूर्णयन् पक्षवातेन जङ्गमाजङ्गमं जगत्।।४५।।

प्रस्था निपतिता भूमौ पर्वतानामितस्ततः।
चञ्च्वा दध्रे स तुङ्गाद्रिं काश्यपिः फणिनं यथा।।४६।।

भएर दिन फर्केपछि सबै मानिसहरूले पूर्ववत् आफ्ना कर्म गर्न थाले। नगरका व्यवसायीहरू व्यवसायमा प्रवृत्त भए। भगवान् श्रीगणेशले सबैको रक्षा गर्न चराको रूप धारण गर्नुभएको थियो । मानिसहरू भन्दै थिए- उहाँ श्रीगणेश हुनुहुन्छ कि जगत्का स्वामी हामी केही जान्दैनौं ।।३६-३७।। चरा बनेर प्वाँख फैलाई दैत्यले गरेको वर्षालाई रोक्ने श्रीगणेशले उल्कापात र असिनासहित परेको वर्षालाई एक्लै सहनुभयो ।।३८।। मानिसले गर्न नसकिने यस्ता काम गर्ने श्रीगणेश भगवान् हुनुहुन्छ भन्ने चर्चा गर्दै अनेक तर्क-वितर्कका साथ मानिसहरू आनन्दपूर्वक रमाएर बसेका थिए। श्रीगणेश भगवान् त्यहाँ रहनुहुँदा एघार दिन बितेछन् तर कसैले पनि भगवान्ले गरेको यो चरित्रलाई यति अवधिसम्मको हो भनेर जान्न सकेनन् । बालकहरूको बीचमा रहेर भगवान् श्रीगणेशले बालक्रीडा गर्नुहुँदा त्यो दृश्यले मोहित भएका मानिसहरूका लागि एघार दिन पनि एक दिनजस्तै लाग्यो ।।३९-४०।। भगवान्को यो लीलापछि शक्ति क्षीण भएका दैत्यहरूले आफ्ना क्रियाकलाप बढाउन सकेनन् र निश्चेष्ट भए । तुङ्गासुर भने दसै दिशा थर्काउँदै गर्जन गरिरहेको थियो। त्यो भन्दै थियो - मैले पर्वतको रूप लिएको छु, अब चराको रूप लिने श्रीगणेशलाई तुरुन्तै मारिदिनेछु। यसो भनिरहेको तुङ्गासुर फेरि विशाल पर्वत बनेर उँभियो ।।४१-४२।। तलाउ र नदीले युक्त, पाँच योजनसम्म फैलिएको, चारैतिर प्रकाश छर्ने, सञ्जीवनी आदि औषधिहरूले सम्पन्न, आकाश र दिशाहरूमा प्रकाश छरिरहेको, अनेक थरि पक्षीले परिपूर्ण र ऋषिमुनिका ठूला-ठूला आश्रमले सुहाएको त्यो पर्वत देखियो । यति ठूलो पर्वत देखेपछि 'यो पर्वतले तुरुन्तै खसेर सम्पूर्ण नरनारीहरूलाई समाप्त पार्नेछ' भन्ने तर्क गरी भगवान् श्रीगणेश ठूलो पक्षीका रूपमा परिणत भई उड्न थाल्नुभयो र चारैतिर घुम्नुभयो। उहाँले विशाल पर्वतबाट खसिरहेका पानीका धाराहरूलाई रोक्नुभयो । आफ्ना प्वाँखका हावाले स्थावर-जङ्गम सबैलाई कम्पित गराउँदै पर्वतका चुचुराहरूबाट गएका पहिराहरू रोक्दै उहाँले आफ्नो ठूँडबाट पर्वतलाई थाम्नुभयो।।४३-४६।। सपेराहरूले सर्पलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शम्पाप्रकाशतो लोकाः क्षणमीक्षां प्रचक्रिरे।
जलधाराभयात् सर्वे गृहमध्ये स्थितास्तदा।।२४।।

प्रासादा न्यपतन् केचिद् गृहाणां भित्तिका अपि।
अन्तः केचिद् बहिः केचिन्मृता जनचयास्तदा।।२५।।

झञ्झावातहता वृक्षाः पतिता धरणीतले।
सौदामिनीभिर्निर्दग्धा द्रुमा गृहचया बहु।।२६।।

उत्तीराभिर्नदीभिः सा समुद्रैरिव संप्लुता।
नगरी सर्वलोकाढ्या सर्वसत्त्वसमाकुला।।२७।।

क उवाच

प्रलयं दैत्यमायाञ्च ज्ञात्वा स करुणाकरः।
विनायकोऽकरोन्मायां बलेन वटमुच्चकैः।।२८।।

निर्ममे तत्क्षणादेकं लतागुल्मैः सुशोभितम्।
शतयोजनविस्तीर्णं जटाशाखासमन्वितम्।।२९।।

पक्षिरूपेण तत्रासौ स्थितो गगनलेहिनी।
पक्षौ भूमौ प्रतिष्ठाप्य स्पृशंश्च शिरसा नभः।।३०।।

प्रकाशयामास पुरीं पीत्वा चञ्च्वा जलं महत्।
करेणाशोषयद् वन्यकरीव पल्वलोदकम्।।३१।।

जना हर्षाद् हि जगदुर्गतो विघ्नो गतं जलम्।
गतेऽन्धकारे ददृशुर्वटं सान्द्रतरञ्च तम्।।३२।।

पक्षिणं चाद्भुताकारं न दृष्टं न च वै श्रुतम्।
सर्वे जना ययुस्तत्र न्यग्रोधे स्थातुमुत्सुकाः।।३३।।

अश्वैर्गजैरथैरुष्ट्रैः शिविकाभिर्नृभिस्तु तैः।
स्त्रीभिर्दासैः काशिराजो वटस्याधः समाययौ।।३४।।

पशवः सारमेयाश्च बिडाला वनगोचराः।
विनायकप्रभावेण न वृष्टिस्तत्र नो तमः।।३५।।

दुनियाँको रीतिथिति नै बिगारिदियो। त्यसै बेला अम्भासुरले बादल बनेर हात्तीका सूँढसमान मोटा पानीका धारा बर्साउन थाल्यो। बिजुली चम्कियो। बिजुलीको प्रकाशमा मानिसहरूले केही हेर्ने मौका पाए। वर्षाधाराको भयले मानिसहरू घरबाट बाहिर निस्केनन्। कतिपय पुराना घरहरू ढल्न थाले। केही घरहरूका भित्ता भत्किन थाले। केही मानिस भित्रै मर्न थाले र केही बाहिर मरे। आँधीबेहरीद्वारा ढलाइएका रूखहरू भुइँमा ठाउँ-ठाउँमा लडिरहेका थिए। चट्याङ् पर्नाले घर र रूख पनि डढे। पानी बढेका कारण नदीहरू पनि समुद्रजस्ता लाग्न थाले। सबै प्रकारका प्राणीहरूले भरिएको काशी नगरी पनि जलमय भयो।।१९-२७।।

ब्रह्माजीले भन्नुभयो - प्रलयकालजस्तो परिस्थिति र दैत्यको मायालाई जानेर दयालु श्रीगणेश भगवान्‌ले आफ्नो माया देखाउन थाल्नुभयो। उहाँले अचानक एउटा सय योजनसम्म फैलिएको र लहरा एवं जराले जेलिएको अग्लो वरको रूख खडा गर्नुभयो। त्यस बेला श्रीगणेशले आफूलाई वरको रूखमा एउटा पक्षीको रूपमा परिणत गर्नुभयो। आफ्ना प्वाँखहरूले भुइँ छोएर टाउकाले आकाश स्पर्श गर्नुभयो। आफ्नो मुखबाट सम्पूर्ण नगरीको पानी पिएर शरीरको प्रकाशले नगरीलाई उज्यालोले भरिदिनुभयो। वनको हात्तीले झैं आफ्ना हातहरूले पानीको शोषण पनि गर्नुभयो। मानिसहरू खुसी हुन थाले र ठूलो विघ्न टऱ्यो भनी आपसमा कुरा गरे। अन्धकार हटेपछि ती सबै मानिसले विशाल स्वरूप र घना पात भएको वरको रूख देखे। वरको टुप्पामा अद्‌भुत चरा बसेको थियो। ती मानिसहरूले त्यस्तो चरा कहिल्यै देखेका थिएनन् र सुनेका पनि थिएनन्। सबै मानिसहरू उत्सुक भएर वरको फेदमा बस्न गए।।२८-३३।। केही मानिसहरू हात्ती, केही घोडा, केही रथ, केही ऊँट र केही पालकीमा बसेर गएका थिए। यसैगरी काशिराज पनि आफ्ना रानी एवं सेवकहरूका साथ वरको फेदमा आइपुगे।।३४।। त्यहाँ वरिपरि कुकुर, बिराला र वनका प्राणीहरू रमाएर बसेका थिए। श्रीगणेशको प्रतापले गर्दा त्यहाँ वर्षा र अन्धकार थिएन।।३५।। यसरी उज्यालो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रुः सर्वे पूर्ववत् ते वर्णाः कर्म यथाविधि।
पौराः सद्व्यवसायेषु समसज्जन्त पूर्ववत्।।३६।।

सर्वेषां रक्षणं कर्तुं पक्षिरूपमधारयत्।
जगदीशो गणेशो नु न जानीमोऽत्र किञ्चन।।३७।।

विस्तार्य पक्षान् वृष्टिं यो न्यषेधीद् दैत्यकारिताम्।
वृष्टिं सोल्कां सकरकां स्वयं सेहे सुखेन सः।।३८।।

इति लोकास्तर्कयित्वा स्थिता निर्व्याकुलास्तदा।
एकादश गता घस्रा एवं तत्र स्थितस्य च।।३९।।

नाज्ञासीत् कोऽपि चरितं विनायककृतं द्विज !।
दृष्ट्वा विनायकं बालं क्रीडन्तं बालयूथगम्।।४०।।

ततो दैत्यौ क्षीणशक्ती निश्चेष्टौ समपद्यताम्।
तुङ्गो जगर्ज बहुधा नादयन् प्रदिशो दिशः।।४१।।

गिरिरूपं समास्थाय हनिष्ये पक्षिणं क्षणात्।
ब्रुवन्नेवं क्षणेनासौ पर्वतोऽभूद् भयङ्करः ।।४२।।

सरोनदीसमायुक्तः पञ्चयोजनविस्तृतः।
दिव्यौषधीभिर्दीप्ताभिर्भासयन् गगनं दिशः।।४३।।

नानापक्षिसमायुक्तो वाडवाश्रममण्डितः।
समक्षं पर्वतं दृष्ट्वा पतमानं स पक्षिराट्।।४४।।

उड्डीय परिबभ्राम वारयामास तज्जलम्।
घूर्णयन् पक्षवातेन जङ्गमाजङ्गमं जगत्।।४५।।

प्रस्था निपतिता भूमौ पर्वतानामितस्ततः।
चञ्च्वा दध्रे स तुङ्गाद्रिं काश्यपिः फणिनं यथा।।४६।।

भएर दिन फर्केपछि सबै मानिसहरूले पूर्ववत् आफ्ना कर्म गर्न थाले। नगरका व्यवसायीहरू व्यवसायमा प्रवृत्त भए। भगवान् श्रीगणेशले सबैको रक्षा गर्न चराको रूप धारण गर्नुभएको थियो । मानिसहरू भन्दै थिए– उहाँ श्रीगणेश हुनुहुन्छ कि जगत्का स्वामी हामी केही जान्दैनौं ।।३६-३७।। चरा बनेर प्वाँख फैलाई दैत्यले गरेको वर्षालाई रोक्ने श्रीगणेशले उल्कापात र असिनासहित परेको वर्षालाई एक्लै सहनुभयो ।।३८।। मानिसले गर्न नसकिने यस्ता काम गर्ने श्रीगणेश भगवान् हुनुहुन्छ भन्ने चर्चा गर्दै अनेक तर्क-वितर्कका साथ मानिसहरू आनन्दपूर्वक रमाएर बसेका थिए। श्रीगणेश भगवान् त्यहाँ रहनुहुँदा एघार दिन बितेछन् तर कसैले पनि भगवान्ले गरेको यो चरित्रलाई यति अवधिसम्मको हो भनेर जान्न सकेनन् । बालकहरूको बीचमा रहेर भगवान् श्रीगणेशले बालक्रीडा गर्नुहुँदा त्यो दृश्यले मोहित भएका मानिसहरूका लागि एघार दिन पनि एक दिनजस्तै लाग्यो ।।३९-४०।। भगवान्को यो लीलापछि शक्ति क्षीण भएका दैत्यहरूले आफ्ना क्रियाकलाप बढाउन सकेनन् र निश्चेष्ट भए । तुङ्गासुर भने दसै दिशा थर्काउँदै गर्जन गरिरहेको थियो। त्यो भन्दै थियो – मैले पर्वतको रूप लिएको छु, अब चराको रूप लिने श्रीगणेशलाई तुरुन्तै मारिदिनेछु। यसो भनिरहेको तुङ्गासुर फेरि विशाल पर्वत बनेर उँभियो ।।४१-४२।। तलाउ र नदीले युक्त, पाँच योजनसम्म फैलिएको, चारैतिर प्रकाश छर्ने, सञ्जीवनी आदि औषधिहरूले सम्पन्न, आकाश र दिशाहरूमा प्रकाश छरिरहेको, अनेक थरि पक्षीले परिपूर्ण र ऋषिमुनिका ठूला-ठूला आश्रमले सुहाएको त्यो पर्वत देखियो । यति ठूलो पर्वत देखेपछि 'यो पर्वतले तुरुन्तै खसेर सम्पूर्ण नरनारीहरूलाई समाप्त पार्नेछ' भन्ने तर्क गरी भगवान् श्रीगणेश ठूलो पक्षीका रूपमा परिणत भई उड्न थाल्नुभयो र चारैतिर घुम्नुभयो। उहाँले विशाल पर्वतबाट खसिरहेका पानीका धाराहरूलाई रोक्नुभयो । आफ्ना प्वाँखका हावाले स्थावर-जङ्गम सबैलाई कम्पित गराउँदै पर्वतका चुचुराहरूबाट गएका पहिराहरू रोक्दै उहाँले आफ्नो ठूँडबाट पर्वतलाई थाम्नुभयो।।४३-४६।। सपेराहरूले सर्पलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सह तेनाभ्रमन् खेऽसौ लक्षयन् दानवावुभौ।
अन्धकं चरणैकेन परेणाम्भासुरञ्च सः।।४७।।

अतिक्रम्य भुवर्लोकमियाय स महाखगः।
अतिभ्रमणखिन्नास्ते तप्ताश्च सूर्यरश्मिभिः।।४८।।

निपेतुर्व्यसवो भूमौ त्रयः पर्वतसन्निभाः।
पतन्तश्चूर्णयामासुर्वनान्युपवनानि च।।४९।।

द्रष्टुं दैत्यशरीराणि स्त्रीबालसहिता जनाः।
ययुस्ते नगराभ्याशे वीक्ष्याश्चर्यं परं ययुः।।५०।।

खण्डानि तच्छरीराणां खण्डशैला इवाबभुः।
मायायां सन्निरस्तायां लोकास्तत्र विसिस्मिरे।।५१।।

वटं तं देवरूपेण ददृशुर्न च वै पुनः।
अन्तर्हिते वटे पक्षिरूपं तत्याज सोर्भकः।।५२।।

ततो विनायकं बालं काशिराजो लिलिङ्ग ह।
पृष्ट्वा कुशलसम्प्रश्नं नागराश्च नृपश्च तम्।।५३।।

पुपूजुः परमप्रीत्या विघ्ननाशं विनायकम्।
प्रशशंसुर्मुदा देवं कश्यपस्य सुतं जनाः।।५४।।

न जानीमो वयं देव ! मायां दैत्यकृतां पराम्।
सामर्थ्यन्ते गुणाँश्चापि यत्र वेदा विकुण्ठिताः।।५५।।

लीलया रक्षिताः सर्वे मोचिता बहुसङ्कटात्।
वाता गता विनाशञ्च ह्युत्पाताश्चैव वृष्टयः।।५६।।

भाति बिम्बं रवेः सम्यगन्धकारे गते लयम्।
मनांसि सर्वलोकानां प्रसन्नानि मुदा तदा।।५७।।

लठ्याएझैं श्रीगणेशले पनि पर्वतासुर दानवलाई लठ्याउनुभयो। तुङ्गासुरका साथमा अम्भासुर र अन्धकासुर पनि भगवान्सँग संघर्ष गर्न तयार भएर आए। भगवान् श्रीगणेश एउटा खुट्टाले अन्धकासुर र अर्को खुट्टाले अम्भासुरको शरीरमाथि टेकेर ठूलो गर्जन गर्दै उड्न थाल्नुभयो। उहाँ उड्दा ती तीनै जना दैत्य पनि उड्न थाले । उड्दै जाँदा तिनीहरू अन्तरिक्ष नाघेर सूर्यमण्डल नजिकै पुगे र सूर्यका किरणद्वारा डढ्न थाले । डढ्दा-डढ्दै प्राण परित्याग गरेर पर्वताकारका ती दानवहरू भुइँमा खसे। भुइँमा खस्दा तिनका शरीरहरूले वन र बगैंचालाई ध्वस्त बनाएका थिए । यसरी लडेका दैत्यहरूका शरीर हेर्न बालक र नारीसहित मानिसहरू नगरको सीमामा आए र त्यो दृश्य देखेपछि परम् आश्चर्यको अनुभव गरे ।।४७-५०।। दैत्यहरू आकाशबाट भुइँमा खस्दा टुक्रिएका शरीरका अङ्गहरू जहाँतहीं खसेका थिए । ती अङ्गमात्र पनि चट्टानझैं विशाल देखिन्थे । भगवान् श्रीगणेशले दैत्यको मायालाई समाप्त गर्नुभएपछि संसार प्रसन्न र चकित थियो ।।५१।। दैत्यहरूको विनाशपछि ती सबै मानिसहरूले भगवान्ले निर्माण गर्नुभएको वटवृक्षलाई देवता मानेर दर्शन गरे । केहीबेरपछि त्यो वटवृक्ष पनि अन्तर्धान भयो । बालक श्रीगणेशले पनि चराको रूप त्याग गर्नुभयो ।।५२।। यस्तो दृश्य देखेर काशिराजले बालकका रूपमा रहनुभएका श्रीगणेशको आलिङ्गन गरे । नगरवासी नरनारी र काशिराज सबैले बालक श्रीगणेशसँग भलाकुसारी गरे । तिनीहरूले विघ्नविनाशक भगवान् श्रीगणेशको स्नेहपूर्वक पूजा पनि गरे । कश्यपका पुत्रका रूपमा जन्मिनुभएका भगवान्को स्तुति गर्दै भने - 'हे देव ! हामीले दैत्यद्वारा गरिएको मायालाई जान्दैनौं, त्यो मायालाई समाप्त पार्ने हजुरका गुणहरूको महिमा पनि जान्दैनौं। हजुरको स्वरूप कस्तो छ भन्ने कुरा बुझ्न वेदले पनि सक्दैनन् ।।५३-५५।। आफ्नो लीलाबाट हजुरले हामीहरूलाई ठूला-ठूला सङ्कटबाट रक्षा गर्नुभएको छ । आँधीबेहरी समाप्त भयो, विनाश लीला समाप्त भयो, उत्पातहरू समाप्त भए र अचानक भएको वर्षा पनि रोकियो ।।५६।। अन्धकार समाप्त भएपछि सूर्यको मण्डल पनि प्रकाशमय बन्यो, मानिसहरूका मनहरू प्रसन्न भए, नदीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नद्यः प्रसन्नसलिलाः सर्वमासीद् यथा पुरा।
ववर्षुः पुष्पवर्षाणि देवदेवे विनायके।।५८।।

नानावाद्यनिनादैस्तेऽलङ्कृतं पुरमाविशन्।
ददुर्दानानि विप्रेभ्यो देवो नः प्रीयतामिति।।५९।।

शान्तिहोमं विधायाऽसौ नृपोऽदाद् गोधनं बहु।
विसृज्य सर्वान् बुभुजे विनायकयुतो नृपः।।६०।।

जलहरू निर्मल भए अर्थात् यो घटना हुनुभन्दा पहिले जस्तो निर्मल वातावरण थियो, त्यो कायम भयो।' त्यसपछि देवताहरूले देवाधिदेव श्रीगणेशका शरीरमा फूल बर्साए ।।५७-५८।। यो घटनापछि राजा-रानी र नागरिकसहित भगवान् श्रीगणेश ध्वजापताकाले सजाइएको काशी नगरीमा प्रवेश गर्नुभयो । राजाले ब्राह्मणहरूलाई तपाइँहरू प्रसन्न हुनुहोस् भनेर दान दिए, शान्ति होम पनि गरे । शान्तिहोमपछि गोदानकर्म गरियो। प्रसन्न भएका काशिराजले सबै नगरवासीहरूलाई बिदा दिएर भगवान् श्रीगणेशका साथमा दरबारभित्र गई भोजन गरे ।।५९-६०।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते दैत्यत्रयवधो नाम विंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'अन्धकासुर, अम्भासुर र तुङ्गासुरको वध' शीर्षकान्वित बीसौं अध्याय पूर्ण भयो ।।२०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकविंशोऽध्यायः

क उवाच

श्रृणु द्विज ! महाश्चर्यं कथ्यमानं मया तव।
विनायकस्य चरितं सर्वपापहरं नृणाम्।।१।।

अम्भासुरस्य यो मूर्धा स गतो निजमन्दिरम्।
भ्रमरी या निरैक्षिष्ट सखी सा तां न्यबोधयत्।।२।।

प्रसुप्तां काञ्चने तल्पे सोत्थायाङ्गणमाययौ।
पौत्रं शिरो निरीक्ष्यैव मूर्च्छिता पतिता भुवि।।३।।

निघ्नती निजवक्षः सा कराभ्यां शोकनिर्भरा।
निपतद्भूषणा खिन्ना नागामृष्टेव पद्मिनी।।४।।

विभिन्नवलया छिन्नकूर्पा सा तनुमध्यमा।
दृश्यादृश्यमहद्गात्रा लुण्ठती भुवि विह्वला।।५।।

निषिध्यमाना सखीभिर्भ्रातृभिः स्वजनैरपि।
त्रिमुहूर्तैः प्रबुद्धा सा किञ्चिद् वक्तुं प्रचक्रमे।।६।।

उत्थाय च कराभ्यां तु निजघान पुनः शिरः।

भ्रमर्युवाच

येनेयं पृथिवी सर्वा त्रासिता सामरावती।।७।।

मूर्ध्नां सहस्त्रं शेषस्य भ्रूकटाक्षेण कम्पितम्।
येन राज्येऽभिषिक्तौ तौ देवान्तकनरान्तकौ।।८।।

यस्य क्ष्वेडितमात्रेण रोदसी कम्पिता भृशम्।
स कथं पतितः कुत्र निहतः केन वा सुतः।।९।।

यं दृष्ट्वा कम्पितः कालः स कथं निधनं गतः।
एवमाक्रन्दती दीना विवत्सेव पयस्विनी।।१०।।

{ २१ अध्याय }

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! म तपाईँलाई मानिसहरूका सबै पापहरूको नाश गर्ने आश्चर्यजनक श्रीगणेशको चरित्र सुनाउँछु। तपाईँ सावधान भएर सुन्नुहोस् ।।१।। अम्भासुरको शिर काशीको रणस्थलबाट उछिट्टिएर आफ्नो घरको आँगनमा खसेपछि त्यसकी आमा भ्रमरीले आफ्ना छोराको शिर देखेर विलाप गरिन् । तिनकी सखीले तिनलाई संझाइन् । सुवर्णको शैय्यामा सुतिरहेकी ती भ्रमरी उठेर आँगनमा आइन् र छोराको शिर देखेर मूर्छित भई भुइँमा लडिन् । आफ्ना हातहरूले छाती पिटिरहेकी शोकाकुल भ्रमरीका शिथिल शरीरबाट गहनाहरू खसिरहेका थिए। ती खिन्न थिइन् र हात्तीले माडेको कमलको लहराजस्तै ओइलाएकी थिइन् । तिनका हातबाट चुराहरू भुइँमा खसेका थिए र स्वस्थ शरीर तत्कालै परेको प्रभावबाट अत्यन्त दुर्बल बनेको थियो। भुइँमा लडिबुडी गरिरहेकी भ्रमरीलाई सखी, दाजुभाइ र आफन्तहरूले पीर नगर्न भनी संझाएका थिए । ती तीन मुहूर्तपछि मात्र होशमा आइन् र केही भन्न खोजिन् ।।२-६।। तर तिनका मुखबाट वाणी निस्केन। हातले फेरि शिरमा पिट्न थालिन्। त्यसपछि मात्र तिनको वचन प्रवाह चलेको थियो ।

भ्रमरीले भनिन्- "जुन वीरले यस पृथिवीलाई आफ्नो प्रतापबाट थर्कमान बनाएका थिए ।।७।। जुन वीरले देवताको राजधानी अमरावतीलाई पनि भयभीत तुल्याएका थिए । जुन वीरको आँखाको कटाक्षबाट शेषनागका फणा कम्पायमान हुन्थे। जुन वीरले देवान्तक र नरान्तकलाई राज्यमा अभिषेक प्रदान गरेका थिए । जुन वीरले खोक्दा मात्र धर्ती र आकाश कम्पित हुन्थे। आज त्यस्ता वीरलाई पनि भुइँमा लड्नुपऱ्यो । ती वीर कहाँ मारिए र तिनलाई कसले माऱ्यो ? ।।८-९।। जुन वीरलाई देखेर यमराज पनि आफै डराउँथे, ती वीरपुरुष आज कसरी मरेर गए ? ।" यसरी विलाप गरिरहेकी दीन-हीन अवस्थामा रहेकी ती भ्रमरी बाच्छो नहुँदा गाई रोएझैं रोइरहेकी थिइन् । यसरी रुने र विलाप गर्ने भ्रमरीलाई तिनका सँगिनीहरूले निषेध गर्दै भने - हे सखी ! तिमी कति रोइरहेकी ? मरेका मानिसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं विलपतीं तां तु न्यषेधयत् सखीजनः।
न दृष्टा सखि! केनापि मृतेन सह वै मृतिः।।११।।

अतिशोकेन शोकोऽन्यः प्राप्यते मूढजन्तुभिः।
यदि स्नेहेन पुत्रं त्वं शोचसेऽस्य हितं कुरु।।१२।।

चारान् प्रेषय वृत्तान्तग्रहणायाऽस्य सर्वतः।
दह्यतां मस्तको मन्त्रैरेवमस्य हितं कुरु।।१३।।

सुहृदामश्रु पतितं प्रेतस्य तन्मुखे पतेत्।
दहत्येनं न तत्त्याज्यमित्याहुः परमर्षयः।।१४।।

एवमाकर्ण्य तद्वाक्यं सोवाच तां सखीं रुषा।
अयं मूर्द्धा महाभागे स्थाप्यतां यत्नतः सखि!।।१५।।

आनयिष्येऽदितेः पुत्रमस्तकं सह तेन च।
दाहयिष्याम्यमुं तस्मात् स्थाप्यतां तैलमध्यगः।।१६।।

सा राक्षसी राक्षसवर्ययुक्ता
समाययौ राजपुरीं निहन्तुम्।
विनायकं तं निजरूपगोपिनी
पतङ्गपत्नीव धनञ्जयान्तिकम्।।१७।।

आगतादितिरूपेण भासयन्ती दिशो दश।
अतिलावण्यनिलया सर्वालङ्कारशोभिनी।।१८।।

दाडिमीबीजदशना बिम्बोष्ठी तनुमध्यमा।
विलसत्पद्मनयना मुक्तादामलसत्कुचा।।१९।।

वीरा मुमुहिरे दृष्ट्वा तादृशीं नृपसद्मगाम्।
मनसा कामयन्ति स्म यदालिङ्गनचुम्बने।।२०।।

साथमा शोक गर्ने मानिस सँगै मरेर गएको देखिएको छैन । अति शोक गर्दा आफूलाई पनि गाह्रो हुन्छ । त्यसले देख्ने सुन्ने मानिसलाई पनि प्रभावित गर्दछ। यदि ज्यादै मायाका कारण तिमीले छोराको चिन्ता गरिरहन्छ्यौ भने त्यसबाट छोराको हित हुँदैन। छोराको हितका लागि पनि तिमी नरोऊ ।।१०-१२।। आफ्ना छोराको कुन कारणले मृत्यु भयो र कहाँ भयो भन्ने जानकारीका लागि तिमीले आफ्ना मानिसहरूलाई ठाउँ-ठाउँमा पठाऊ। मन्त्र पाठ गरेर आफ्ना छोराको शिरको दाहसंस्कार गर। यसबाट तिम्रा छोराको हित हुनेछ।।१३।। मृत्युकालमा आफ्ना मानिसहरू रुँदा खसेको आँसु मर्ने मानिसको मुखमा पर्छ । यसो गर्दा मरेको प्रेतलाई ज्यादै पोल्छ । त्यस कारण आँसु बगाउन छोड, आँसुले पोल्छ । आँसु खसाउन हुँदैन भनेर ऋषिहरूले पनि भनेका छन्।।१४।। आफ्नी सखीका कुरा सुनेर भ्रमरीले रिसाउँदै तिनलाई भनिन्- मेरो छोराको शिर तिमीले राम्रोसँग राख। म मेरा छोराको ज्यानका साथ अदिति र कश्यपका छोरा गणेशको पनि टाउको लिएर आउँछु। त्यसैका साथ मैले मेरा छोराको दाहसंस्कार गर्नेछु । अहिले मेरा छोराको शिरलाई तेलमा डुबाएर राख।।१५-१६।। आफ्नी सखीलाई यसरी अह्राएर ती भ्रमरी अनेक राक्षसहरूलाई साथमा लिई भगवान् गणेशलाई मार्न भनी काशीमा आइपुगिन् । आफ्नो रूप लुकाएर आएकी ती भ्रमरी पतङ्ग अग्निका सामु गएझैं गणेशका सामु गइरहेकी थिइन् ।।१७।। तिनले आफ्नो रूप परिवर्तन गरी अदिति माताको रूप धारण गरिन् । आफ्ना शरीरको कान्तिले दसै दिशालाई उज्यालो तुल्याउँदै अनेक थरि अलङ्कार लगाएर शोभायमान भएकी ती राक्षसी सौन्दर्यको केन्द्रबिन्दु बनेकी थिइन् ।।१८।। तिनका दाँत दारिमका बीजजस्तै सेता थिए। ओंठहरू गोलक्राँक्रीजस्तै राता थिए। कम्मर छिनेको थियो । आँखाहरू फुलेका कमलजस्तै आकर्षक थिए। छातीका स्तनहरूको वरिपरि मोतीको हार लर्केको थियो।।१९।। यतिविधि राम्री सुन्दरीलाई देखेर काशीका वीरहरू मुग्ध भए। राजाको घरतर्फ जान अगाडि बढेकी ती सुन्दरीलाई उनीहरू आलिङ्गन र चुम्बन गर्न चाहन्थे।।२०।। अरू मानिसले यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्कयामासुरपरे रम्भा किन्नु तिलोत्तमा।
मेनका वा घृताची वा नागी यक्षी शिवा नु किम्।।२१।।

उर्वशी वा रती राज्ञी कश्यपस्यादितिर्नु किम्।
ज्ञात्वा तु राजपत्नी तां प्रणनामादितिं मुदा।।२२।।

पूजयामास सौभाग्यद्रव्यैर्भूषांशुकादिभिः।
उवाच च सुचार्वङ्गी प्रेमगद्गदया गिरा।।२३।।

महाभाग्येन दृष्टाऽसि त्वं देवजननी मया।
विनायकप्रसादेन क्वाऽन्यथा दर्शनं तव।।२४।।

राज्ञीमेवं ब्रुवन्तीन्तु साश्रुकण्ठाऽवदद् वचः।

अदितिरुवाच

मम बालो बहुदिनं स्थापितः कुत्र वर्तते।।२५।।

अत्युत्कण्ठतया सुभ्रूर्दर्शनार्थमिहागता।
स्त्रीणां स्वभावं जानासि मायाव्याकुलचेतसाम्।।२६।।

शोकसन्तप्तगात्राऽहं तमालिङ्गामि चार्भकम्।
तत्संसर्गसुशीताङ्गी प्राप्स्ये सन्तोषमुत्तमम्।।२७।।

इति तद्वचनं श्रुत्वा सादरा सा ससम्भ्रमा।
गवेषितुं तु तं बालं राज्ञी दूतानचोदयत्।।२८।।

अन्ये चख्युः काशिराजं कश्यपस्त्रियमागताम्।
स स्नात्वा गृहमागत्य तां दृष्ट्वा हर्षमाप ह।।२९।।

तां प्रणम्य महाभक्त्या प्रोचे बद्धाञ्जलिर्नृपः।
मे राज्यं जन्म पितरौ धनं दृष्टिः श्रुतं तपः।।३०।।

दृष्टा शक्तिर्देवमाता जगज्जननकारिणी।
न शक्तिर्वर्तते सम्यग्वर्णितुं ते गुणान् मम।।३१।।

बालो विनायकस्तेऽयं शक्रादधिकविक्रमः।
अवदानान्यनेकानि कृतानि बहुधाऽसुरैः।।३२।।

रम्भा हो कि तिलोत्तमा, मेनका, घृताची, नागकन्या, पार्वतीमध्ये कुनै हो कि ? उर्वशी, रति र कश्यपकी पत्नी अदिति नै पो हो कि ? यसरी तर्क गरिरहेका थिए। काशिराजकी महारानीले अदिति हुन् भन्ने थाहा पाएर प्रणाम गरिन्।।२१-२२।। महारानीले तिनलाई सौभाग्य सामग्री, अलङ्कार र वस्त्रहरू टक्र्याएर पूजा गरिन् । त्यसपछि महारानीले प्रेमले गद्गद वाणीबाट भनिन्- तपाइँ देवताहरूकी आमा हुनुहुन्छ, आज मैले भाग्यले दर्शन पाएँ। यो दर्शन पाउनुमा पनि भगवान् श्रीगणेशकै ठूलो कृपा रह्यो अन्यथा मैले कहाँबाट दर्शन पाउँथे र! ।।२३-२४।। यसरी नम्रतापूर्वक श्रद्धा व्यक्त गरिरहेकी महारानीलाई अदितिको रूप लिएर आएकी राक्षसीले रुँदै भनिन् ।

अदितिरूप राक्षसीले भनिन्- धेरै दिनदेखि तपाइँहरूले मेरो छोरालाई यहाँ राख्नुभयो।।२५।। अहिले मेरो छोरा कहाँ छ ? म छोरालाई कतिबेला देखुँली भन्दै अत्यन्त तीव्र गतिले यहाँ आएकी छु। प्रेमले आफ्नो चित्तलाई व्याकुल तुल्याउने नारीजातिको स्वभाव तपाइँले जान्नुभएकै छ।।२६।। मेरो शरीर शोकले तातेको छ। म मेरो बालकलाई आलिङ्गन गर्न चाहन्छु। छोराको शीतल शरीरमा आलिङ्गन गर्दा आफ्नो ज्यान शीतल बनाएर मैले परम सन्तोष प्राप्त गर्नेछु।।२७।। अदितिरूप राक्षसीका यस्ता कुरा सुनेर महारानीले आदर र आतुरीका साथ बालकलाई खोज्न दूतहरू पठाइन् ।।२८।। केही मानिसहरूले काशिराजसमक्ष गएर उनलाई कश्यप ऋषिकी पत्नी अदिति दरबारमा आउनुभएको कुरा सुनाए। काशिराज पनि नुहाएर घरमा आई अदिति माताको दर्शन पाएर अत्यन्त हर्षित भए ।।२९।। अदिति मातालाई प्रणाम गरेर अत्यन्त भक्तिका साथ राजाले हात जोड्दै भने- आज मेरो राज्य, जन्म, माता-पिता, धनदौलत, आँखा, शास्त्रज्ञान र तपस्या धन्य भएका छन् ।।३०।। आज मैले मेरै दरबारमा देवताकी आमा र संसारलाई उत्पन्न गर्ने जगदम्बा शक्तिको दर्शन पाएँ। हे देवमाता ! तपाइँका शक्ति र गुणको वर्णन गर्न म सक्तिनँ।।३१।। तपाइँका सुपुत्र भगवान् श्रीगणेश इन्द्रभन्दा पनि पराक्रमी हुनुहुन्छ। उहाँले धेरै पटक दानवहरूसँग सङ्ग्राम गरेर हामीलाई ठूलो त्राण दिनुभएको छ।।३२।। उहाँले दिनुभएको त्राणको विषयमा म बताएँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशक्यानि मया वक्तुं रक्षसां निधनानि च।
तस्यापि वर्णितुं नास्ति गुणानां शक्तिरल्पिका।।३३।।

विश्राम्यतां क्षणं मातर्मम भाग्यं महत्तरम्।
यदनेन हता मायाबलमाश्रित्य दानवाः।।३४।।

अपरिक्षतेन वपुषा बालस्ते वसते सुखम्।
त्वं किमर्थमिहायाताऽऽयाता चेत् स्थीयतां क्षणम्।।३५।।

निवृत्तेऽस्मिन् विवाहे तु प्रापयिष्ये उभावपि।।

सोवाच

किमिदं भाषसे राजन् ! वियोगादस्य मेऽभवत्।।३६।।
महान् खेदो न च सुखं लेभे क्वापीह किञ्चन।

क उवाच

एवं वदत्यां तस्यां स आगतोऽसौ विनायकः।।३७।।

प्रेषितो बालकैः सर्वैरागता जननी तव।।
सालिलिङ्ग ततो बालमश्रुपूर्वा मुदा जगौ।।३८।।

चिरकालं स्थितोऽस्यत्र मां विहायातिनिष्ठुर!।
त्वद्वियोगेन सन्तप्ताऽऽगता सर्वं विहाय च।।३९।।

जीविताशां परित्यज्य त्वदर्थे तप आचरम्।
अतिक्लेशेन लब्धोऽसि तान् क्लेशान् वेत्ति चेश्वरः।।४०।।

विना त्वया क्षणो मेऽतो युगकल्पसमोऽभवत्।
एवं लाघववाक्याऽसौ दुष्टभावेन भामिनी।।४१।।

अतिप्रेमबलात् सा तं कटिदेशे दधार ह।।
सोऽपि तच्चेष्टितं ज्ञात्वाऽऽगस्तस्याः परिचिन्तयन्।।४२।।

गूढाभिसन्धिस्तां प्रोचे पूर्वं किं मे त्वया हृतम्।
एवं तस्मिन् ब्रुवत्येव लड्डुकं सा ततो ददौ।।४३।।

सक्दिनँ। कस्ता-कस्ता राक्षसहरूलाई मार्नुभयो, ती कुरा पनि थोरै समयमा भनेर सकिंदैनन्। उहाँका गुणहरूको वर्णन गर्न मसँग सानो शक्ति पनि छैन।।३३।। हे देवमाता ! हजुरले केहीबेर विश्राम गर्नुहोस्, आज ठूलो भाग्यले हजुरको दर्शन पाएँ। अर्को कुरा तपाइँका सुपुत्रले मायाको आश्रय लिएर भर्खरै घोर दानवहरूलाई मार्नुभएको छ ।।३४।। दानवहरूको हत्याको क्रममा उहाँको शरीरमा सानो घाउ पनि लागेको छैन। उहाँ आनन्दपूर्वक बस्नुभएको छ। हजुर किन यहाँ पाल्नुभयो ? खास कामले होला, नआत्तिईकन आनन्दले बस्नुहोस्। अहिले केही हतार गर्नुपर्ने मैले देख्दिनँ।।३५।। मेरो घरमा छोराको विवाहको प्रसङ्ग चलेको छ। विवाह सकिएपछि म हजुरहरूलाई पुऱ्याउन आफै जानेछु। राजाका यस्ता कुरा सुनेर अदितिरूप राक्षसीले भनिन् ।

अदितिरूप राक्षसीले भनिन् – हे राजा ! तपाइँ कस्तो कुरा गर्दैहुनुहुन्छ ? छोराको वियोगले गर्दा म कति चिन्तामा परेकी छु ? मैले कहीं पनि सुख पाउन सकिनँ।

ब्रह्माजीले भन्नुभयो – यसरी राक्षसीले कुरा गरिरहेकै बेला त्यहाँ भगवान् श्रीगणेश आइपुग्नुभयो।।३६-३७।। श्रीगणेशलाई उहाँका साथी बालकहरूले तिम्री आमा आउनुभएको छ भनेर त्यहाँ पठाएका थिए। राक्षसीले पनि आँखामा आँसु लिएर हर्षपूर्वक गणेशलाई आलिङ्गन गरेर भनिन् – 'बाबु ! तिमी यहाँ आएको धेरै भयो, कत्ति निष्ठुर छौ ? तिम्रा वियोगले म कति सन्तप्त भएकी छु । आज सबै कुरा छोडेर यहाँ आएँ।।३८-३९।। मैले तिमीलाई जन्म दिन ज्यान मन गरेर ठूलो तपस्या गरेकी थिएँ । त्यसबाट तिमी मेरो कोखमा छोरा भएर जन्मेका थियौ । मेरा दुःख भगवान्ले मात्र जान्नुहुन्छ।।४०।। तिमीविना एक क्षण पनि मलाई कल्पसमान भयो।' यसरी चतुरतापूर्वक ती राक्षसीले कपटभावना लिएर कुरा गरिन् ।।४१।। तिनले गहिरो माया देखाउँदै श्रीगणेशलाई आफ्नो काखमा राखिन् । श्रीगणेशले पनि तिनका चेष्टाहरूबाट भित्री अपराधभावना थाहा पाएर भित्रभित्रै एउटा विचार सोचीकन बाहिर देखावटी रूपमा भन्नुभयो – 'आमा ! तपाइँले मलाई के उपहार लिएर आउनुभएको छ ?' गणेशले यसरी प्रश्न गर्नासाथ राक्षसीले लड्डू झिकेर दिइन्। दिएको लड्डू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्तेऽस्मिन् पुनरन्यं सा महाविषयुतं ददौ।
अत्तेऽस्मिन् पुनरन्यं स ययाचे लड्डुकं बलात्।।४४।।

काशिराजश्च पत्नी च प्रार्थयामासतुस्तदा।
उत्तिष्ठोत्तिष्ठ मातस्त्वं सबाला भोजनं कुरु।।४५।।

यावदुत्तिष्ठते सा तु तावद् रुद्धार्भकेण सा।
गिरीन्द्रसारवपुषा सा ततो विह्वलाऽभवत्।।४६।।

मुञ्च मुञ्चेति तं प्राह माताऽहं तव बालक !।
बहुकालेन द्रष्टुं त्वामागता स्नेहपाशतः।।४७।।

कथं चूर्णयितुं मां त्वमुद्यतोऽसि गिरिर्यथा।
कराभ्यां नुनुदे सा तं तावन्निद्रां ययौ च सः।।४८।।

प्रसार्य चरणौ हस्तौ श्वासोच्छासपरायणः।
इति राजा न्यषेधत्तां विह्वलां भारपीडिताम्।।४९।।

मा निद्राभङ्गमस्याशु कुरु त्वं जननी सती।
उद्धर्तुं बालकं केचिच्चक्रुः करुणया मनः।।५०।।

उत्थापितुं चालितुं वा सर्वे नाशक्नुवँस्तदा।
प्रार्थयामासुरपरे बालं राजीवलोचनम्।।५१।।

अनुक्रोशं कुरु शिशो ! जननी ते मरिष्यति।
चालयामास चरणौ हस्तौ साऽथ शिरोधराम्।।५२।।

किमिदं क्रियते बाल ! पितरं किं वदिष्यसि।
एवं वदत्सु लोकेषु सा मृताऽथ निशाचरी।।५३।।

दशयोजनदेहेन व्यापितं भूतलं तया।
पलायनपराः केचित् तां दृष्ट्वाऽतिभयानकाम्।।५४।।

श्रीगणेशले खानु भएपछि तिनले अर्को विषाक्त लड्डू दिइन्। श्रीगणेशले त्यसलाई पनि खानुभयो र अर्को लड्डू माग्नुभयो।।४२-४४।। त्यस बेला महारानीसहित काशिराजले प्रार्थना गर्दै भने – 'आमा अदिति! तपाइँ उठ्नुहोस् र बालकसहित भान्छामा गएर भोजन गर्नुहोस् ।।४५।।' राजाका कुरा सुनेर जब ती राक्षसी उठ्न खोजिरहेकी थिइन्, त्यस बेला बालक श्रीगणेशले तिनलाई समात्नुभयो। भगवान् गणेशको शरीर चट्टानझैं कठोर थियो। गणेशले समाउँदा ती साह्रै व्याकुल भइन् । तिनले आत्तिदै गणेशलाई भनिन् – 'मलाई छोड ! मलाई छोड ! म माता हुँ, तिमी छोरा हौ, यसो नगर, धेरै दिनपछि तिम्रो दर्शन गर्न आएकी छु, तिम्रै मायाको डोरीले मलाई यहाँसम्म ल्याइपुऱ्याएको छ ।।४६-४७।। हे बाबु ! किन तिमी मलाई टुक्रा-टुक्रा पार्न चाहन्छौ ? तिम्रो शरीरको स्पर्श मलाई पहाडझैं कठोर लागिरहेको छ।' यसो भनेर ती राक्षसीले आफ्ना हातद्वारा श्रीगणेशको शरीरमा स्पर्श गरिन् । स्पर्श गर्नासाथ श्रीगणेश हातखुट्टा फैलाएर निदाउनु भयो । उहाँको श्वासप्रश्वास तीव्र गतिमा चलेको थियो । ती राक्षसीले श्रीगणेशलाई जगाउन प्रयास गरिरहेकी थिइन्। त्यस बेला काशिराजले गणेशको शरीरबाट च्याँपिएर व्याकुल भएकी राक्षसीलाई भने – 'हे माता ! तपाइँले बालकको निद्राभङ्ग नगर्नुहोस्, तपाइँ त आमा हो।' अरू मानिसले पनि दया लागेर मूर्च्छित भएका बालकको उद्धार गर्ने चाहना गरे तर कसैले पनि उठाउन र चलाउन सकेननन्। केही मानिसले कमलका जस्ता आँखाले सुहाउनुभएका श्रीगणेशसँग प्रार्थना गर्दै भने – 'हे बालक ! आमामाथि दया गर्नुहोस् अन्यथा तपाइँबाट च्यापिएर तपाइँकी आमा मर्नुहुनेछ।' ती राक्षसीले पनि हातखुट्टा चलाएर घाँटी कपाउँदै प्रार्थनाका स्वरमा गणेशलाई भनिन् – 'हे बाबु ! तिमी के गरिरहेका छौ ? म मरें भने पिताश्रीलाई के उत्तर दिनेछौ ?' यसरी आमाको प्रार्थना र अरू मानिसहरूको अनुरोध हुँदा पनि श्रीगणेशले च्याँप्न छोड्नु भएन। गणेशका शरीरको भारले दबिएर ती राक्षसीको त्यहीं प्राणान्त भयो ।।४८-५३।। दश योजनसम्म फैलिएको ती राक्षसीको शरीरले पृथ्वीतल ढाकियो । मानिसहरू तिनको डरलाग्दो शरीर देखेर चारैतिर भाग्न थाले ।।५४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ययुः केचिच्च तां द्रष्टुं विचित्रजनवृत्तयः।
राजा च विस्मितस्तत्र जनाः सर्वे विलोक्य ताम्।।५५।।

कथं कपटरूपेयमागता बालघातिनी।
ऋषिपत्नीस्वरूपेण न ज्ञाता राक्षसीति च।।५६।।

अत्यद्‌भुतं ज्ञानमस्य सामर्थ्यञ्च विलोकितम्।
इति ब्रुवाणास्तु नरास्तत्समीपं मुदा ययुः।।५७।।

बालमुत्थाप्य तस्यास्तु पुष्पभारसमं जगुः।
अपनेयेति तेऽप्याहुर्दुष्टा दुष्टस्वरूपिणी।।५८।।

परस्यानिष्टमिच्छेद् यः स एव निधनं व्रजेत्।
तुष्टुवुः परिपूज्यैनं काशिराजो जना अपि।।५९।।

ऋषयो लोकपालाश्च भक्त्या देवं विनायकम्।
नाथस्त्वमसि देवानां मनुष्योरगरक्षसाम्।।६०।।

यक्षगन्धर्वविप्राणां गजाश्वरथपक्षिणाम्।
भूतभव्यभविष्यस्य बुद्धीन्द्रियगणस्य च।।६१।।

हर्षस्य शोकदुःखस्य सुखस्य ज्ञानमोहयोः।
अर्थस्य कार्यजातस्य लाभहान्योस्तथैव च।।६२।।

स्वर्गपाताललोकानां पृथिव्या जलधेरपि।
नक्षत्राणां ग्रहाणाञ्च पिशाचानाञ्च वीरुधाम्।।६३।।

वृक्षाणां सरितां पुंसां स्त्रीणां बालजनस्य च।
उत्पत्तिस्थितिसंहारकारिणे ते नमो नमः।।६४।।

पशूनां पतये तुभ्यं तत्त्वज्ञानप्रदायिने।
नमो विष्णुस्वरूपाय नमस्ते रुद्ररूपिणे।।६५।।

नमस्ते ब्रह्मरूपाय नमोऽनन्तस्वरूपिणे।
मोक्षहेतो ! नमस्तुभ्यं नमो विघ्नहराय ते।।६६।।

केही मानिसहरू राक्षसीको शरीर कस्तो रहेछ भन्ने जिज्ञासाले तिनको शरीर हेर्न आए । काशिराज चकित भए । मानिसहरू आपसमा भन्न थाले – 'कसरी कपट रूप धारण गरी बच्चाहरूलाई मार्ने यो राक्षसी ऋषिपत्नी अदितिको रूपमा यहाँ आइपुगी ? हामीले राक्षसी हो भनेर चिन्न सकेनौं । बालकको अद्‌भुत ज्ञान र विचित्र शक्तिबाट मात्र राक्षसीको रूपमा चिन्न पायौं।' यसरी तर्क-वितर्क गरिरहेका मानिसहरू सहर्ष श्रीगणेशको समीपमा गए ।।५५-५७।। तिनीहरूले राक्षसीको शरीरलाई च्याँपिरहनु भएका बालकरूप श्रीगणेशलाई उठाए । उहाँ फूलझैं हलुका हुनुहुन्थ्यो। केही मानिसहरूले आएर भने – यो भयानक स्वरूप भएकी दुष्ट राक्षसीको लाश टाढै लगेर थन्क्याउनुपर्दछ ।।५८।। काशिराज, काशीका नागरिक, ऋषिमुनि र लोकपालहरूले पनि भक्तिपूर्वक भगवान् श्रीगणेशको पूजा गरेर प्रार्थना गर्दै भने– 'हे नाथ ! हजुर देवता, मानिस, सर्प र राक्षसहरूका पनि स्वामी हुनुहुन्छ।।५९-६०।। हजुर यक्ष, गन्धर्व र ब्राह्मणहरूका स्वामी हुनुहुन्छ। हजुर हात्ती, घोडा, रथ र चराचुरुङ्गीका अधिपति हुनुहुन्छ। हजुर भूतकाल, वर्तमानकाल र भविष्यत्‌कालका अधिपति र बुद्धि एवं इन्द्रियहरूका पनि स्वामी हुनुहुन्छ।।६१।। हजुर हर्ष, शोक, दुःख, सुख, ज्ञान, मोह, माया, प्रयोजन, कार्य, लाभ र हानिका पनि स्वामी हुनुहुन्छ।।६२।। हजुर स्वर्ग र पाताल आदि लोक, पृथ्वी, सागर, नक्षत्र, ग्रह, पिशाच, वृक्ष र वनस्पतिहरूका पनि अधिपति हुनुहुन्छ।।६३।। वृक्ष, वनस्पति, नदी-नाला, नारी-पुरुष, बालक-बालिका सबैका अधिपति र ती सबैको उत्पत्ति, पालन एवं संहार गर्ने हजुरलाई हामी बारबार नमस्कार गर्दछौं।।६४।। पशुहरूका पति एवं ज्ञानदाता हजुरलाई नमस्कार गर्दछौं । विष्णुका रूपमा रहनुहुने हजुरलाई नमस्कार गर्दछौं। शिवजीका रूपमा रहनुहुने हजुरलाई नमस्कार गर्दछौं।।६५।। ब्रह्माजीका रूपमा रहनुहुने हजुरलाई नमस्कार गर्दछौं। अनन्तरूपमा रहनुहुने हजुरलाई नमस्कार गर्दछौं। हे मोक्षका कारण भगवान् श्रीगणेश ! हजुरलाई नमस्कार गर्दछौं। सम्पूर्ण प्राणीहरूका विघ्नहरूको हरण गर्नुहुने हजुरलाई नमस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमोऽभक्तविनाशाय नमो भक्तप्रियाय च।
अधिदैवाधिभूतात्मन् ! तापत्रयहराय ते।।६७।।

सर्वोत्पातविघाताय नमो लीलास्वरूपिणे।
सर्वान्तर्यामिणे तुभ्यं सर्वाध्यक्षाय ते नमः।।६८।।

अदित्या जठरोत्पन्न ! विनायक ! नमोऽस्तु ते।
परब्रह्मस्वरूपाय नमः कश्यपसूनवे।।६९।।

अमेयमायान्वितविक्रमाय
मायाविने मायिकमोहनाय।
अमेयमायाहरणाय माया-
महाश्रयायास्तु नमो नमस्ते।।७०।।

एवं स्तुत्वा तु ते सर्वे ययुः स्वं स्वं गृहं मुदा।
त्यक्त्वा तां राक्षसीं छित्त्वा खण्डशो दूरतः पुरात्।।७१।।

य इदं पठते स्तोत्रं त्रिसन्ध्योत्पातनाशनम्।
न भवन्ति महोत्पाता विघ्ना भूतभयानि च।।७२।।

त्रिसन्ध्यं यः पठेत् स्तोत्रं सर्वान् कामानवाप्नुयात्।
विनायकः सदा तस्य रक्षणं कुरुतेऽनघ ।।७३।।

गर्दछौं।।६६।। नास्तिक र दुर्जनहरूको नाश गर्नुहुने हजुरलाई नमस्कार गर्दछौं। भक्तका प्यारा र भक्तहरूको उद्धार गर्नुहुने हजुरलाई नमस्कार गर्दछौं। अधिदैव एवं अधिभूतमा रहनुहुने, आधिभौतिक, आधिदैविक र आध्यात्मिक तीन प्रकारका सन्तापको नाश गर्नुहुने हजुरलाई नमस्कार गर्दछौं।।६७।। सबै प्रकारका उत्पातहरूलाई समाप्त पार्नुहुने लीलामय हे प्रभु ! हजुरलाई नमस्कार गर्दछौं। सबैका हृदयमा अन्तर्यामी बनेर रहनुहुने र सबैका अध्यक्ष हजुरलाई नमस्कार गर्दछौं।।६८।। अदितिका गर्भबाट उत्पन्न हुनुभएका हे भगवन् विनायक ! हजुरलाई नमस्कार गर्दछौं। हे परब्रह्मस्वरूप कश्यप ऋषिका छोरा श्रीगणेश ! हजुरलाई नमस्कार गर्दछौं।।६९।। अपरिमित मायामय पराक्रम धारण गर्नुहुने, मायावीका रूपमा रहनुहुने, मायाद्वारा वञ्चना गर्न आउने राक्षस–राक्षसीहरूलाई मोहित गर्नुहुने, अरूद्वारा प्रयोग गरिएका असङ्ख्य इन्द्रजाललाई समाप्त पार्नुहुने र मायाका महान् आश्रय हजुरलाई बारबार नमस्कार गर्दछौं।।७०।।' यसरी स्तुति गरेर सबै मानिसहरू खुसी हुँदै आ–आफ्ना घरतर्फ गए। घर जानुभन्दा पहिले तिनीहरूले राक्षसीको शरीरलाई टुक्रा–टुक्रा पारेर नगरदेखि बाहिर पुऱ्याइसकेका थिए।।७१।। जुन मानिसले यो स्तोत्र पढ्छ, त्यसका प्रातःकाल, मध्याह्नकाल र सायंकालमा हुने उत्पातहरू नष्ट हुन्छन् र त्यसले जीवनमा कहिल्यै पनि ठूला उत्पात व्यहोर्नु पर्दैन। त्यसमाथि ठूला विघ्न आइलाग्दैनन् । त्यसलाई कुनै प्राणीबाट पनि भय हुँदैन।।७२।। जसले तीनवटै सन्ध्याकालमा यो स्तोत्र पढ्दछ त्यसले सबै कामनाका फल प्राप्त गर्दछ। हे वेदव्यास ! भगवान् गणेशले त्यस्ता भक्तहरूको सधैं रक्षा गर्नुहुन्छ।।७३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते राक्षसीवधो नामैकविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'राक्षसीको वध' शीर्षकान्वित एक्काइसौं अध्याय पूर्ण भयो ।।२१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वाविंशोऽध्यायः

क उवाच

अपरस्मिन् दिने राजा प्रातः स्नानकृतोद्यमः।
पौराः सर्वे वितर्क्यैवं नायं देवो न मानुषः।।१।।

न देवश्चेत् कथं पञ्च महान्तो देवदुर्धराः।
अजेयाः शक्रहरिभिर्हता दैत्या महाबलाः।।२।।

देव एव भवेद् बालमध्येऽयं क्रीडते लघुः।
इति तर्क्य ततस्तावदागता राजदर्शनम्।।३।।

राजापि भद्रमगमदुवाच सकलान् प्रति।
निरूपयन्तु यत्कार्यं तद् वः सिद्धिं प्रयास्यति।।४।।

किमर्थं प्रातरेवेह पौरा यूयं समागताः।
त ऊचुर्न रहस्यं यत् स्वाभिप्रेतमृते वचः।।५।।

त्वयाऽयं हि समानीतो मुनिपुत्रो विनायकः।
नास्य दास्यमभून्नो हि किञ्चित् क्वापि कदाचन।।६।।

त्वया तु पूजितोऽनेकवारं स्वशरणे स्थितः।
यद् यत् तव गृहे याति तत् तन्नः प्रेषयस्यहो।।७।।

अयं तु न कथं राजन् ! प्रेषितो नु विनायकः।

राजोवाच

सम्यगुक्तं यत्र जना विभज्य भुज्यते तु यत्।।८।।

अमृतं याति च विषं विषमन्यद् भवेत् तु तत्।
अस्मिन् यस्य भवेद् भक्तिर्देवे वा मानुषेऽपि वा।।९।।

स एनं स्वगृहे नीत्वा पूजयेद् भोजयेदपि।
जनास्तु त्रिविधाः पौरा ! रजःसत्त्वतमोगुणैः।।१०।।

{ २२ अध्याय }

ब्रह्माजीले भन्नुभयो - अर्को दिन बिहानै उठेर काशिराजले स्नान गरे । नगरवासीहरू भने श्रीगणेशको विषयलाई लिएर चिन्तन गर्न थाले – 'यी देवता पनि होइनन् र मानिस पनि होइनन्। देवता होइनन् भने देवताले पनि जित्न नसक्ने, इन्द्र र विष्णुले पनि जित्न नसक्ने बलशाली पाँचवटा दैत्यलाई कसरी मारे ? देवता नै होलान् यी, तर यी श्रीगणेश बालकहरूको बीचमा बालकै बनेर लीला गरिरहेका छन् ।' यसरी तर्क गर्दै ती मानिसहरू राजाका नजिकमा आए।।१-३।। राजा पनि सिंहासनमा आसीन भई ती मानिसहरूलाई लक्ष्य गर्दै भन्न लागे - 'तपाईंहरूको जुन कार्य छ त्यो बताउनुहोस्, सिद्धि प्राप्त हुनेछ ।।४।। हे पुरवासी सज्जनवर्ग! तपाईंहरू बिहानै यहाँ किन आउनुभयो?' तिनीहरूले भने - 'खासै रहस्यको कुरा त केही थिएन तर हामीहरू एउटा कुरा भन्न मन लागेर आएका हौं। तपाईंले ल्याउनु भएका मुनिपुत्र श्रीगणेश हुनुहुन्छ। हामीले उहाँको कहिल्यै कत्ति पनि सेवा गर्न पाएनौं ।।५-६।। तपाईंले त आफ्नो घरमा राखेर नित्य पूजा गर्नुहुन्छ र भोजन गराउने काम पनि गर्नुहुन्छ । तपाईंका घरमा जे-जस्ता वस्तु र व्यक्ति आउँथे तिनलाई तपाईंले हाम्रा घर पठाउने गर्नुहुन्थ्यो, तर बालक गणेशलाई भने तपाईंले हाम्रा घर कहिल्यै पठाउनु भएन ।।७।।

राजाले भने - हे नागरिक सज्जन ! तपाईंहरूले राम्रो कुरा गर्नुभयो । कुनै कुरा पनि एक्लै खाइन्छ भने त्यति मीठो हुँदैन, तर बाँडेर खाइयो भने त्यो असाध्यै मीठो हुन्छ। अर्कालाई नदिएर एक्लै खाँदा अमृत पनि विष हुन्छ, अरूसँग बाँडेर खाँदा विष पनि अमृत हुन्छ। चाहे यी देवता होऊन् चाहे मानिस, केही फरक पर्दैन। यिनमा जसको भक्ति छ, ती मानिसहरूले आफ्नो घरमा लिएर गई पूजा गर्नुहोस् र भोजन गराउनुहोस्, यसमा मलाई केही आपत्ति छैन। हे नगरवासीहरू! मानिसहरू तीन प्रकारका हुन्छन् - सत्त्वगुणी, रजोगुणी र तमोगुणी। दुष्टहरूले श्रीगणेश साँचा हुन् कि होइनन् भनेर परीक्षण गर्छन् तर पुण्यवान् मानिसहरूले यिनको श्रद्धापूर्वक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परीक्षन्तेऽनरा दुष्टाः पुण्यवन्तो भजन्त्यपि।
केचिदेनं विनिन्दन्ति प्रशंसन्ति च केचन।।११।।

यस्य स्वभावो यादृक् स्यात् स तथा वर्तते नरः।
न जहाति घृष्यमाणश्चंदनः स्वसुगन्धिताम्।।१२।।

कस्तूरीकर्दमयुतः पलाण्डुर्वा निजं गुणम्।
भवतां यदि भक्तिश्चेदनन्याऽस्मिन् सुते मुनेः।।१३।।

नीयतां पूजयन्त्वाशु भोजनाय प्रियाय च।
परीक्षार्थं न नेयोऽसौ जनको जननी मम।।१४।।

मया कथं नरा वाच्या नीत्वैनं पूजयन्त्विति।
अस्य शक्तिं दृढां दृष्ट्वा मम भक्तिर्विशिष्यते।।१५।।

नायं चेन्मत्पुरी क्वत्या कुतो यूयं क्व चाप्यहम्।
इति राजवचः श्रुत्वा पुनरूचुश्च नागराः।।१६।।

यथा वदसि कल्याण ! तत् तथा न तदन्यथा।
अस्माकं कार्यसिद्धिर्या तां कुरुष्व जनाधिप।।१७।।

नीत्वेमं स्वगृहे बालं पूजयामो यथार्हतः।
एतस्मिन्नन्तरे बालोऽवदत् तान् सदसि स्थितान्।।१८।।

जानन्नन्तर्गतं तेषां सर्वसाक्षी जगद्गुरुः।

विनायक उवाच

किमर्थं मां प्रार्थयन्तो भवन्तोऽतिमहत्तराः।।१९।।

अहं बालो मुनिसुतो मत्पूजनफलं नु किम्।
भविष्यति न जानेऽहं भवतां व्ययकारिणाम्।।२०।।

विवाहो व्रतबन्धो वा यज्ञो वाऽन्यो महोत्सवः।
तदा भवद्गृहं यास्ये हव्यं कव्यं यदा भवेत्।।२१।।

भजन गर्छन्। कसैले आफ्नो स्वभावअनुसार बालक गणेशको निन्दा गर्छन् भने कसैले प्रशंसा गर्छन्।।८-११।। जुन मानिसको जस्तो स्वभाव हुन्छ त्यसले त्यस्तै व्यवहार गर्छ। जति घोट्दा पनि चन्दनले आफ्नो गन्ध छोड्दैन । हिलैमा मुछिए पनि कस्तूरीले आफ्नो गन्ध दिई नै राख्छ । प्याजले जति लुकाउन खोजे पनि आफ्नो गुण प्रकट गरी नै हाल्छ । मुनिका पुत्र बालक श्रीगणेशमा तपाइँहरूको अनन्य भक्ति छ भने लिएर जानुहोस्, पूजा गर्नुहोस्, प्रेम गर्नुहोस् र मीठा-मीठा पदार्थ टक्र्याएर तृप्त गराउनुहोस् । तपाइँहरूले यी सच्चा देवता हुन् कि होइनन् भन्ने परीक्षणका लागि लिएर जानुहुँदैन। हे नागरिक सज्जनवर्ग! यी बालक मेरा बाबु र मेरी आमा हुन्।।१२-१४।। मैले त्यसै घर लगेर पूजा गर्नुहोस् भनेको छैन। उहाँको अपरिमित शक्ति देखेर मेरो भक्ति पनि त्यसरी नै बढेको छ। श्रीगणेश भगवान्को अस्तित्व हुँदैन भने मेरो अस्तित्व हुँदैन, काशीपुरीको अस्तित्व हुँदैन र तपाइँहरूको पनि अस्तित्व हुँदैन ।' राजाका यस्ता कुरा सुनेर नगरवासीहरूले फेरि भने – 'हे नरेश! हजुरले जे भन्नुभएको छ त्यो कुरा यथार्थ हो, यसमा कुनै अन्यथा छैन। हामीहरूको कार्यसिद्धि कसरी हुन्छ ? त्यो हजुरले गराइदिनुहोस्।।१५-१७।। हे काशिराज! हामी यी बालकलाई घर लगेर आफ्नो शक्तिअनुसार सम्मान गर्दछौं । त्यतिखेर नै सबैका साक्षी र जगद्का गुरु बालकरूप भगवान् श्रीगणेशले तिनीहरूको भित्री मर्म जान्नुभएको हुँदा ती सबैलाई सम्बोधन गर्दै भन्नुभयो।

श्रीगणेशले भन्नुभयो – 'हे नागरिकहरू ! तपाइँहरू आफै अत्यन्त महान् हुनुहुन्छ । किन मलाई आफ्नो घर लिएर जानका निमित्त प्रार्थना गर्दै हुनुहुन्छ ? ।।१८-१९।। म एउटा मुनिको छोरो, बच्चा मानिस हुँ। तपाइँहरूले मेरो पूजा गरेर के पाउनुहुन्छ ? मलाई त तपाइँहरूले ठूलो खर्च गरेर केही पाउनुहुन्छ जस्तो लाग्दैन। कुनै बेला तपाइँहरूका घरमा व्रतबन्ध हुनसक्छ, विवाह हुनसक्छ अथवा कुनै यज्ञ गर्न सक्नुहुन्छ अथवा कुनै उत्सव हुनसक्छ अथवा देवताको पूजा हुनसक्छ अथवा तिथिश्राद्ध हुनसक्छ त्यस्ता अवसरहरूमा तपाइँहरूले मलाई बोलाउनुहोस्, म खुसी भएर जानेछु। अहिले जानुपर्ने कुनै औचित्य म देख्दिनँ। तपाइँहरू धेरै हुनुहुन्छ, म एक्लो छु। सबैका घरमा म कसरी जानसक्छु?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असङ्ख्याता भवन्तो हि कथमेको गृहं व्रजे।
वकेशिनीं किमर्थं वा गां धोक्ष्यथ भवद्विधाः।।२२।।

वाञ्छितार्थी कथं याचेत् त्यक्त्वा कल्पद्रुमं द्रुमम्।
अन्यत् क्षुद्रं वाञ्छितं वा तद्वद् यूयं समुत्सुकाः।।२३।।

क उवाच

विनायकवचः श्रुत्वा श्रेणीमुख्या जगुः पुनः।
अस्मिन् विवाहे सम्पन्ने न स्थास्यति क्षणं भवान्।।२४।।

राज्ञः प्रसादाद् दृष्टोऽसि भक्तिं नः सफलीकुरु ।
अवाप्तकामस्य च ते सृष्टिस्थित्यन्तकारिणः।।२५।।

सर्वान्तर्यामिणः सर्वचित्तवृत्तीर्विजानतः।
कर्तुं वाप्यन्यथाकर्तुमकर्तुं वा क्षमस्य ह ।।२६।।

चिदानन्दस्य नैवाऽस्ति पूजाभिर्नः प्रयोजनम्।
भक्तिप्रियो देव इति निगमं न वृथा कुरु।।२७।।

निशम्येति वचस्तेषां तानूचेऽथ विनायकः।
एवं चेद् भवतां भक्तिस्तदा यास्ये नृपाज्ञया।।२८।।

एवमाकर्ण्य तद्वाक्यं सर्वेऽपि स्वगृहान् ययुः।
मण्डपान् विदधुः केचित् केचिद् वस्त्रगृहाणि च।।२९।।

तोरणान् विदधुर्भक्त्याऽऽदर्शशोभाद्भुतानि च।
भाजनानि महार्हाणि सुगन्धचन्दनानि च।।३०।।

द्रव्याणि च सुगन्धीनि मृगनाभिभवानि च।
फलानि च विचित्राणि वासांस्याभरणानि च।।३१।।

पक्वान्नानि विचित्राणि पञ्चामृतयुतानि च।
स्थापिता मूर्तयो नानामुक्तामालाविभूषिताः।।३२।।

एवं गृहे गृहे सर्वे सामग्रीं चक्रुरुत्सुकाः।
एकोऽभून्नगरप्रान्ते ब्राह्मणो वेदशास्त्रवित्।।३३।।

तपाइँहरूजस्ता बुद्धिमान् मानिसहरूले किन बाँझी गाईको दूध दुहुने रहर गर्दै हुनुहुन्छ ? के आफ्नो मनकामना पूरा गर्न चाहने मानिसले कल्पवृक्षलाई छोडेर सामान्य रूखको आश्रय लिन्छ? अथवा क्षुद्र कामनाका लागि पनि कसैले कल्पवृक्ष छाडेर सानो रूखको आश्रय लिँदैन तर तपाइँहरू मजस्तो सामान्य बालकका समीपमा आएर किन याचना गर्दै हुनुहुन्छ?' ।।२०-२३।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशका कुरा सुनेर मुख्य-मुख्य नागरिकहरूले फेरि भने - 'काशिराजको घरमा विवाह सम्पन्न भएपछि हामीलाई थाहा छ कि हजुर एकछिन पनि बस्नुहुन्न। राजाको कृपाबाट हामीले हजुरको दर्शन पाएका छौं। हामी हजुरमा भक्ति गर्दछौं, हाम्रो भक्तिलाई सफल तुल्याउनुहोस्। हजुर पूर्णकाम हुनुहुन्छ र सृष्टि, स्थिति एवं पालन गर्न सक्नुहुन्छ। हजुर सबैका हृदयमा अन्तर्यामी भएर बस्नुहुन्छ। हजुरले सबैका मनोवृत्ति जान्नुहुन्छ । हजुर कुनै काम गर्न, नगर्न अथवा त्यसलाई अन्यथा गर्न समर्थ हुनुहुन्छ। हजुर सच्चिदानन्दस्वरूप हुनुहुन्छ। हजुरलाई हाम्रो पूजा चाहिएको छैन, तर देवता भक्तिका प्यारा हुन्छन् भन्ने शास्त्रवचनलाई व्यर्थ नबनाउनुहोस् ।।२४-२७।।' तिनीहरूका यस्ता कुरा सुनेर फेरि श्रीगणेशले भन्नुभयो - 'तपाइँहरूको यस्तो भक्ति छ भने राजासँग आज्ञा लिएर म तपाइँहरूका घर जानेछु।।२८।।' भगवान् श्रीगणेशका यी कुरा सुनेर सबै नागरिकहरू आ-आफ्ना घरतर्फ लागे। कसैले घरमा मण्डप बनाए, कसैले पाल टाँगे, कसैले आफ्ना घरबाहिर ठूला-ठूला द्वार तयार गरे, कसैले अद्भुत-अद्भुत सामग्री तयार गरे, कसैले बहुमूल्य सुगन्ध र चन्दन आदि वस्तुहरूको सङ्ग्रह गरे र कसैले कस्तूरी आदि पदार्थ एवं बहुमूल्य पात्रहरू जम्मा गरे। फेरि तिनले अनेक थरि विचित्र फल, वस्त्र र गहना पनि जम्मा गरे। तिनका घरमा पञ्चामृतसहित विचित्र मीठा-मीठा पकवानहरू तयार गरियो । अनेक थरि देवताका मूर्तिहरूलाई मोतीका हारले सजाएर राख्ने काम गरियो ।।२९-३२।। यसरी घर-घरमा सबैले उत्सुक भएर श्रीगणेशको स्वागतका लागि सामग्री तयार गरे। काशीनगरको सीमाप्रान्तमा वेद र शास्त्र जान्ने एउटा ब्राह्मण थिए। तिनको नाम शुक्ल थियो। व्यवहार पनि नामअनुसार शुक्ल नै थियो। ती शान्त, इन्द्रविजयी र सहनशक्तिले सम्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुक्लनामा शुक्लवृत्तिः शान्तो दान्तः क्षमान्वितः।
श्रौतस्मार्तकर्मनिधिर्ब्रह्मनिष्ठोऽतिथिप्रियः।।३४।।

यस्य पत्नी महाभागा विद्रुमा नाम नामतः।
निस्पृहा ज्ञानसम्पन्ना सर्वावयवसुन्दरा।।३५।।

दरिद्रा ज्ञाननिष्ठा सा पतिप्राणा पतिव्रता।
तस्या गृहगतं दृश्यं नभस्ताराङ्कितं स्फुटम्।।३६।।

न स्वर्णं राजतं ताम्रं भाजनं रीतिजं न च।
गौरा वल्कलसंवीता तेजोज्वाला सुशोभना।।३७।।

यदङ्गतेजसा व्याप्तं दृश्यमानं न दृश्यते।
तेन वृत्तेन तुष्टा सा गृहशोभाविधायिनी।।३८।।

तस्यास्तोषेण तुष्टोऽभूद् विनयेन च सेवया।
स्वस्थः स्थितो ज्ञाननिष्ठस्तिष्ठत्यकृतभोजनः।।३९।।

कदाचिद् भिक्षितुं यातो वारितस्तु गृहे गृहे।
महोत्सवं प्रकुर्वद्भिर्विनायककृते जनैः।।४०।।

यल्लब्धं तेन तुष्टोऽसौ भार्यामेत्याऽब्रवीदिदम्।
श्रूयतां पत्नि ! नगरे वारितोऽहं गृहे गृहे।।४१।।

आयास्यति प्रतिगृहं पूजार्थं स विनायकः।
योऽवतीर्णो मुनिगृहं भूभारहरणोद्यतः।।४२।।

आयास्यति गृहं चेत् स पूजार्थे यत्नमाचर।
साब्रवीन् महतीं पूजां त्यक्त्वाऽन्नं विविधन्तथा ।।४३।।

भवतां सोऽकिञ्चनानां कथं वा गृहमेष्यति ।
गन्धपुष्पं पर्युषितं पक्वं कन्दफलं मुने।।४४।।

थिए । ती वैदिक र धार्मिक कर्मका कोष नै थिए। ती ब्रह्मनिष्ठ र अभ्यागतहरूका सेवक थिए।।३३-३४।। तिनकी पत्नीको नाम विद्रुमा थियो। तिनी ज्ञानसम्पन्न, त्यागमय स्वभाव भएकी सर्वाङ्ग सुन्दर नारी थिइन्। घरमा धनसम्पत्ति केही नहुँदा दरिद्र थिइन् तर तिनलाई दरिद्रताको दुःख थिएन। तिनी ज्ञानमा रमाउने पतिका लागि प्राणसमान प्रिय पतिव्रता नारी थिइन्। तिनको घरको दृश्यको विषयमा के भन्ने ? त्यो घरभित्र बसेर आकाशका तारा गन्न सकिन्थ्यो। न सुन, न चाँदी, न तामो, न पित्तल, कुनै धातु पनि त्यहाँ थिएन। वर्णले गोरी, रूखका बोक्राहरूले ढाकिएकी र चरित्रको तेजले बलेकी ब्राह्मणीका लागि तेजोमय चरित्रमात्र एउटा सम्पत्ति थियो। तिनका शरीरको प्रबल तेजका सामु संसारका सबै पदार्थ फिका देखिन्थे। आफ्नो उत्तम चरित्रबाट सन्तुष्ट भएकी ती गृहिणी शुक्ल ब्राह्मणकी उत्तम गृहिणीका रूपमा बसेकी थिइन्।।३५-३८।। ती ब्राह्मणीको सन्तुष्टि, नम्रता र सेवाका कारण तिनका पति सन्तुष्ट एवं स्वस्थ थिए । ती ब्राह्मण अत्यन्त ज्ञानी थिए र दरिद्रताका कारण यदाकदा भोजन गर्न नपाउँदा पनि परम आनन्दमा रमाउँथे।।३९।। कुनै दिन ती ब्राह्मण भिक्षा गर्न भनी शहरतर्फ लागे। त्यहाँ भगवान् श्रीगणेश हाम्रो घर आउनुहुन्छ भनी मानिसहरूले महोत्सव गरिरहेका थिए। तिनीहरूले आफ्नो घरमा शुक्ल ब्राह्मणलाई भिक्षा माग्न आएको देखेर भिक्षा नदिईकन भगाए। भिक्षा माग्न जाँदा जे जस्तो भिक्षा फेला पऱ्यो त्यसैले सन्तुष्ट भई ती घर फर्केर आफ्नी पत्नीलाई भने – 'हे कल्याणी! सुन त, म नगरमा भिक्षा माग्न गएको थिएँ । गणेशको उत्सवका लागि तयारी गरिरहेका मानिसहरूले मलाई भिक्षा दिएनन् र रित्तै फर्काए। भगवान् श्रीगणेश प्रत्येक घरमा पूजाग्रहण गर्न आउँदै हुनुहुन्छ। उहाँ पृथ्वीको भार हरण गर्न कश्यप ऋषिका घरमा अवतीर्ण हुनुभएको थियो। हाम्रो घरमा पनि आउन सक्नुहुन्छ। तसर्थ तिमीले उहाँको पूजाका लागि बन्दोवस्त गर ।' आफ्ना पतिका कुरा सुनेर विद्रुमाले भनिन् – 'नगरमा हुने ठूलो पूजाको तामझाम र मिष्टान्न छाडेर अकिञ्चन हजुरको घरमा उहाँ किन आउनुहुन्छ ? अकिञ्चन र दरिद्र हामीजस्ता गृहस्थीका घरमा आएर उहाँले के पाउनुहुन्छ ? हाम्रो घरमा चन्दन, फूल, पाकेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भविष्यति कृतं सम्यगसम्यक् स्वल्पमप्यहो।
किं वा प्रयोजनं तस्य गृहेण भवतां प्रभो।।४५।।

इति प्रियावचः श्रुत्वा पुनरूचे मुनिः प्रियाम्।
स मां भक्तं विजानाति दीनानाथप्रभुः प्रभुः।।४६।।

भक्तिप्रियोऽस्ति देवोऽयं न लोभवशगो विभुः।
अर्णसा च पलाशेन पुष्पेण प्रीयते हि सः।।४७।।

सुवर्णनिचयैर्वापि न हि दम्भात् समर्पितैः।
इत्याकर्ण्य वचस्तस्य विद्रुमा पुनरब्रवीत्।।४८।।

एवं चेत् तर्हि यत् सिद्धं तदेतस्मै निवेद्यताम्।
ततोऽष्टादशधान्यानां कृत्वा पिष्टं पपाच सा।।४९।।

ओदनश्च कृतो जीर्णतण्डुलानां जलाधिकः।
मुष्टिपिष्टं पर्णपुटे पक्त्वा भुङ्क्ते दिने दिने।।५०।।

तत् तेन दीयमानेन द्रव्येण चैलमानयत्।
गन्धाक्षतञ्च पुष्पाणि धूपं दीपं महार्तिके।।५१।।

वन्यं फलं वल्कलञ्च स्थापयामास चैकतः।
शुष्कामलकखण्डानि मुखवासार्थमेव च।।५२।।

प्रसार्य दर्भनिचयं सुषिक्ते स्वाङ्गणे ध्वजम्।
चकार कशिपुञ्चासौ ध्याननिष्ठोऽभवन्मुनिः।।५३।।

नैवेद्यं वैश्वदेवञ्च कृत्वा पूर्वं प्रयत्नतः।।५४।।

बासी अन्न र कन्दमूल यही मात्र हुनसक्छ । जति राम्रो गरे पनि ती वस्तुबाट मात्र गर्ने हो, नराम्रो गरे पनि ती वस्तुबाटै हुने हो। उहाँलाई हाम्रो घरमा आएर के पाउनु छ र?।।४०-४५।।' आफ्नी पत्नी विद्रुमाका यी कुरा सुनेर शुक्ल ब्राह्मणले तिनलाई भने- 'हे कल्याणी ! उहाँले मलाई चिन्नुहुन्छ । उहाँ दीनहरूका नाथ हुनुहुन्छ र अनाथहरूका पनि नाथ हुनुहुन्छ । उहाँ भक्त र भक्तिका प्यारा हुनुहुन्छ । उहाँ सर्वव्यापक हुनुहुन्छ । उहाँलाई कुनै लोभ छैन। उहाँ त पानी, पात र फूलले पनि प्रसन्न हुनुहुन्छ ।।४६-४७।। पाखण्डीहरूले स्वर्णभार टक्र्याए पनि उहाँले स्वीकार्नु हुन्न।' आफ्ना पतिका कुरा कुरा सुनेर विद्रुमाले फेरि भनिन् - 'त्यसो हो भने तपाईँको घरमा जे छ त्यही टक्र्याउनुहोस्।' त्यसपछि ती ब्राह्मणीले अठार प्रकारका धान्यहरू बटुलेर तिनको पीठो तयार गरिन्। पुराना चामल धेरै पानीमा उमालेर भात तयार गरिन्। ती दुबै दम्पतीले दिनदिनै एकमुठी पीठो पातमा बाँडेर खाने गर्थे। त्यही पीठो बेचेर तिनीहरूले भगवान्लाई टक्र्याउन कपडा किने । गन्ध, अक्षता, फूल, धूप, बत्ती, आरतीको पनि व्यवस्था गरे।।४८-५१।। वनबाट ल्याएका केही फलहरू एकातर्फ राखे। भान्छा गरेपछि भगवान्को मुखशुद्धिका निमित्त सुकेका अमलाका टुक्राहरू तयार गरे । अनि चारैतिर भगवान्को पूजाका लागि कुशहरू जम्मा गरेर तिनै कुशबाट भगवान्को शय्या पनि तयार गरे। त्यसपछि सन्तुष्ट भएका मुनि बलिवैश्वदेव कर्म गरेर भगवान्को पूजा सम्पन्न गरी नैवेद्य चढाएर भगवान् श्रीगणेशको ध्यानमा लीन भए ।।५२-५४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते विद्रुमाशुक्लनिष्ठगणेशभक्तिनिरूपणं नाम द्वाविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'विद्रुमा र शुक्लको गणेशभक्ति' शीर्षकान्वित बाइसौं अध्याय पूर्ण भयो ।।२२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयोविंशोऽध्यायः

क उवाच

स बालो बालमध्ये तु चिक्रीडे कौतुकान्वितः।
राजा भद्रासनगतो नृत्यं सर्वजनैः सह।।१।।

यावत् पश्यति वेश्यानां तावदेवागतावुभौ।
देवलोकात् सदो रम्यं सनकश्च सनन्दनः।।२।।

उद्भासितं तयोर्दीप्त्या सूर्याग्न्योरिव तत् सदः।
आसनादुदतिष्ठत् स नृपतिः सहसेक्ष्य तौ।।३।।

शिरः स्थाप्य पादपद्मे साष्टाङ्गं प्रणनाम तौ।
बद्धाञ्जलिरुवाचाऽथ धन्यमद्य कुलं मम।।४।।

राज्यं ज्ञानञ्च देहश्च पत्नीपुत्रादिकञ्च यत्।
इत्युक्त्वा पाणिना धृत्वा स्वासने चोपवेश्य तौ।।५।।

उपचारैः षोडशभिरपूजयत भक्तितः ।
तौ च विश्रामयामास पादसंवाहनादिभिः।।६।।

पुनः पुनः प्रणम्यासौ वक्तुं समुपचक्रमे।

राजोवाच

मुनीनां न्यस्तदण्डानां निस्पृहाणाञ्च सर्वदा।।७।।

कार्यलिप्सा न काचित् स्यादाज्ञामीहे तथाऽप्यहम्।
तपो राज्यं कुलं शीलं सार्थकं कर्तुमुद्यतः।।८।।

तावूचतुः

अवाप्तसर्वकामोऽसौ परब्रह्मस्वरूपवान्।
लीलावतारी भगवान् कश्यपस्य सुतस्तव।।९।।

गृहे नानाकौतुकानि कुरुतेऽद्भुतविक्रमः।
श्रुत्वाऽवदानं तस्यात्र द्रष्टुमावां समागतौ।।१०।।

अन्यथा शक्रभवनत्यागे किन्नः प्रयोजनम्।
गृहे यस्य कल्पतरुः सोऽन्यं किं याचयिष्यति।।११।।

{ २३ अध्याय }

ब्रह्माजीले भन्नुभयो – श्रीगणेश बालकहरूको बीचमा आनन्दपूर्वक खेल्न थाल्नुभयो। राजा सिंहासनमा बसेर वेश्याहरूको नृत्य हेरिरहेका थिए। त्यसै बेला देवलोकबाट सनक र सनन्दन ऋषि राजाको रमणीय सभामा आइपुगे।।१–२।। सूर्य र अग्निको झैं कान्तिले सुहाएका दुबै ऋषिको तेजबाट सभा शोभायमान भयो। सहसा ती दुबैलाई देखेर राजा आसनबाट उठे। तिनका पाउमा शिर राखेर साष्टाङ्गदण्डवत् प्रणाम गरे। त्यसपछि हात जोडेर काशिराजले भने – 'आज मेरो कुल धन्य भएको छ ।।३–४।। मेरा राज्य, ज्ञान, शरीर र पारिवारिक पत्नी पुत्र आदि सबै धन्य भएका छन् ।' यसरी बिन्ती गरी दुबैलाई हातले समातेर आसनमा लगी बसाए। षोडशोपचारले भक्तिपूर्वक पूजा गरे। त्यसपछि पाउ दबाउँदै तिनले दुबै ऋषिहरूलाई विश्राम गर्ने व्यवस्था मिलाए। विश्रान्तिपछि पटक-पटक प्रणाम गर्दै राजाले निवेदन गरे ।

राजाले भने – 'हातमा दण्ड धारण गर्ने र संसारका कुनै पदार्थहरूको चाहना नगर्ने तपाइँहरूजस्ता मुनिलाई संसारका कुनै पदार्थको इच्छा हुँदैन । मेरा तपस्या, राज्य, कुल र शील यी सबै सार्थक तुल्याउन म हजुरहरूको के सेवा गरूँ ? आज्ञा दिनुहोस् ।।५–८।।'

राजाका कुरा सुनेर दुबै ऋषिले भने – 'हे राजन् ! सम्पूर्ण कामनाहरूका फल प्राप्त गरी कामनाभन्दा माथि उठेका परब्रह्मस्वरूप, लीलाविहारी कश्यप ऋषिका छोरा तपाइँको घरमा आफ्नो अद्भुत पुरुषार्थ देखाएर अनेक थरि आश्चर्यजनक कार्य गर्दै हुनुहुन्छ भन्ने कुरा सुनेर उहाँको दर्शन गर्न हामी आएका छौं ।।९–१०।। अन्यथा इन्द्र महाराजको स्वर्ग त्यागेर हाम्रो यहाँ आउने कुनै प्रयोजन थिएन। जसको घरमा कल्पवृक्ष छ त्यसले अरू के कुरा याचना गर्दछ ? हामी श्रीगणेशको चरणकमलमा नमस्कार गरेर स्वर्ग जानेछौं।' सनक र सनन्दन काशिराजको दरबारमा आएको कुरा सुनेर भगवान् श्रीगणेश पनि राजा र ऋषिहरूको संवाद भइरहेकै बेला क्रीडा गर्न छोडेर त्यहाँ आउनुभयो। श्रीगणेशको हातमा एउटा लड्डू थियो। पाँच प्रकारका उत्तम खाद्यपदार्थहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्याङ्घ्रिकमलं नत्वा गच्छावः स्वस्थलं नृप !
एवं तयोरागतयोः श्रुत्वा वाक्यं विनायकः।।१२।।

वदतोरागतः क्रीडां त्यक्त्वा मोदकहस्तकः।
पञ्चखाद्यमयं भक्ष्यं मोदकं लीलया दधत्।।१३।।

तयोस्तं दर्शयामास नृपो हास्यपरो मृदु।
सोऽयं समागतो देवा यद्दर्शनसमुत्सुकौ।।१४।।

आगतो यच्च कर्तव्यं कुरुतं तद् यथेष्टतः।
तं निरीक्ष्य मुनी तौ तु परस्परमथोचतुः।।१५।।

अनेन दूषितो नूनं कश्यपो मुनिसत्तमः।
तत्पुत्रतां समासाद्य स्वाचारं त्यजता भृशम्।।१६।।

स्पृष्टास्पृष्टविचारोऽस्य भक्ष्याभक्ष्यविधिर्न च।
दर्शने स्पर्शने चास्य महान् दोषो भवेत् खलु।।१७।।

कथं स्वनियमाँस्त्यक्त्वा स्थितः क्षत्रियवेश्मनि।
स्वधर्मे नः स्थितानां तु दर्शनेनाऽस्य किं भवेत्।।१८।।

शुश्राव तां गिरं देवो नृपसन्निहितस्तदा।
उवाच वाक्यं वाक्यज्ञो वाचस्पतिरिवापरः।।१९।।

क्व गतं भवतोर्ज्ञानं वृथा श्रमवतोर्मुनी।
स्वर्गं त्यक्त्वा कथमिह सम्प्राप्तौ प्राकृताविव।।२०।।

श्रुत्वेत्थं वचनं तस्य नृपतिं तावथोचतुः।
मायामयस्य देवस्य मायया मोहितो भृशम्।।२१।।

देह्यनुज्ञां गमिष्यावो निजमाश्रममण्डलम्।
ततो नृपतिशार्दूलो दृढभक्तिप्रणोदितः।।२२।।

स्थीयतां श्रूयतां वाक्यं मदीयमित्युवाच तौ।
भक्त्या च प्रार्थयामास स्नात्वा भुक्त्वाऽनुगम्यताम्।।२३।।

निशम्य प्रार्थनां तस्य प्रोचतुर्मुनिपुङ्गवौ।
न भुज्यते राजकीयमन्नं तस्माद् व्रजावहे।।२४।।

तदनुज्ञां समासाद्य मणिकर्णीं ततो गतौ।
विनायकः सर्वबालैरनुयातो मुदा रमन्।।२५।।

सम्पन्न त्यस लड्डूलाई लीलापूर्वक हातमा धारण गर्नुहुने श्रीगणेशले ती दुबै ऋषिहरूलाई आफ्नो सुन्दर स्वरूप र सुन्दर लीला देखाउनुभयो। राजा हाँसिरहेका थिए। राजाले ऋषिहरूलाई सम्बोधन गर्दै भने – 'हे ऋषिवर! जसको दर्शनका लागि तपाइँहरू आउनुभएको छ, ती श्रीगणेश देवता अहिले तपाइँहरूका सामु हुनुहुन्छ।।११-१४।। तपाइँहरूले जे गर्नुपर्ने कर्तव्य हो त्यो यथेष्ट गर्नुहोस्।' ती दुबै मुनिले गणेशलाई देखेर परस्परमा भने- 'यी बालकले आफ्नो क्रियाकलापबाट मुनिराज कश्यपलाई कलङ्कित तुल्याएका छन् । ऋषिकुलमा जन्मेर आफ्नो आचार त्याग गरी के खानुपर्छ ? के खानुहुँदैन? के छुनुपर्छ ? के छुनुहुँदैन ? केही पनि विचार नगरीकन यहाँ आई बसेका रहेछन्। यिनको दर्शन र स्पर्शन गर्दा निश्चय नै हामी ऋषिहरूलाई ठूलो दोष लाग्नेछ।।१५-१७।। ऋषिको छोरा भएर ऋषिले गर्नुपर्ने नियमको परित्याग गरी क्षत्रियको घरमा बस्ने यस्ता मानिसको दर्शनबाट हामीलाई के फाइदा हुन्छ र ? ।।१८।।' काशिराजको समीपमा बस्नुभएका भगवान् श्रीगणेशले ती ऋषिका कुरा सुन्नुभयो। वाक्यको रहस्य बुझ्ने दोस्रा बृहस्पतिसमान बालक श्रीगणेशले भन्नुभयो – 'हे मुनि हो ! तपाइँहरूको ज्ञान कता गयो ? स्वर्ग छाडी व्यर्थमा परिश्रम गरेर किन तपाइँहरू यहाँ आउनुभयो ? तपाइँहरूजस्ता ज्ञानी पुरुषहरू पनि सामान्य मानिसको व्यवहार गर्दै हुनुहुन्छ?' श्रीगणेशका यस्ता कुरा सुनेर ती दुबै ऋषिले राजालाई भने- 'हे काशिराज ! मायामय देवताको मायाबाट मोहित भएको बालक रहेछ । हाम्रो यहाँ बस्नुको कुनै औचित्य छैन। हे राजा! तपाइँले आज्ञा दिनुहोस्- हामी आफ्नै आश्रमतर्फ जान्छौं। ऋषि-मुनिमा ठूलो आस्था राख्ने काशिराजले भक्तिपूर्वक भने- 'हे मुनिवर! मेरा कुरा सुन्नुहोस्, केही बेर बस्नुहोस् र नुहाएपछि भोजन गरेर मात्र यहाँबाट जानुहोस्।' काशिराजको प्रार्थना सुनेर दुबै ऋषिले भने- 'हामी राजाको अन्न खाँदैनौं, त्यस कारण जान्छौं ।।१९-२४।।' यसरी राजासँग जाने अनुमति लिएर ती ऋषिहरू काशीको मणिकर्णिका घाटमा गए। भगवान् गणेश पनि सबै बालकहरूका साथ घुम्दै नुहाउन त्यहीं जानुभयो।।२५।। नुहाएपछि काशीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नात्वा गतः शुक्लगृहं ज्ञात्वा तद्भक्तिमादृतः।
यथा धावति गौर्वत्सं यथा माता रुदच्छिशुम्।।२६।।

यथा कृष्णःसभानीतां द्रौपदीं शरणागताम्।
दृष्ट्वा तौ दम्पती देवं पादयोर्विनिपेततुः।।२७।।

आनन्दाश्रूणि मुञ्चन्तौ वाचा गद्गदया गिरा।
लिलिङ्गतुर्मुदा देवं ननृतुर्हर्षनिर्भरौ।।२८।।

न बिन्दतुः प्रकर्तव्यं देहातीताविवासतुः।
रोमाञ्चाञ्चितगात्रौ तौ बाष्पधारामुञ्चताम्।।२९।।

मुहूर्ताल्लब्धसंज्ञौ तौ नेमतुर्जगदीश्वरम्।
तत ऊचे मुनिर्देवं दीननाथेति यत् तव।।३०।।

विख्यातं त्रिषु लोकेषु नाम पापहरं शुभम्।
सार्थकं कृतमद्यैव जन्म नः पाददर्शनात्।।३१।।

प्रासादनिचयाँस्त्यक्त्वाऽऽगतः पर्णकुटीमिमाम्।
धन्यो वंशो मदीयोऽद्य जन्म ज्ञानं तपो वयः।।३२।।

अपूजयत् ततस्तं स कुशासनगतं मुनिः।
प्रक्षाल्य चरणद्वन्द्वं जलं तच्छिरसा दधत्।।३३।।

गन्धाक्षतं पुष्पमालां धूपं दीपं ददावथ।
दूर्वाङ्कुरान् शमीपत्रं सुतैलं केतकं शुभम्।।३४।।

खाद्यं स्वल्पं पुरः स्थाप्य फलमारण्यकं तथा।।
पुष्पाञ्जलिं मन्त्रपूतां दत्त्वा नत्वा स लज्जितः।।३५।।

कदन्नं कथमस्मै तद् देयमित्येव चिन्तयन्।
अभिप्रायं विदित्वा तं देवदेवो विनायकः।।३६।।

सीमाप्रान्तमा बसेका गरिब ब्राह्मण शुक्लको भावभक्ति थाहा पाएर जसरी गाई बाच्छालाई भेट्न दौडेर जान्छे अथवा कुनै आमा आफ्नो बालक रुँदा त्यसलाई समात्न जान्छे अथवा भगवान् कृष्ण सभामा पुऱ्याइएकी शरणागत द्रौपदीको नजिकमा जसरी जानुभएको थियो त्यसरी भगवान् गणेश पनि शुक्ल ब्राह्मणका घरमा जानुभयो। दुबै दम्पतीले भगवान्लाई आफ्नो घरमा आउनु भएको देखेर पाउमा झुकेर प्रणाम गरे।।२५-२७।। ती दुबै दम्पतीले हर्षका आँसु बगाउँदै र गद्गद वाणी उच्चारण गर्दै भगवान् गणेशलाई आलिङ्गन गरे । दुबै अत्यन्त हर्षित भएर नाचे । ती दुबैले भगवान् आउनु भएको बेला के गर्नुपर्छ भन्ने कुरा भावावेशका कारण एकछिन बिर्से । तिनीहरूको स्थिति देहातीत योगीहरूको जस्तो भयो । रोमाञ्चित भएका ती दुबैले हर्षका आँसु लगातार बगाइराखे ।।२८-२९।। एक मुहूर्तपछि राम्ररी होशमा आएका ती दुबै दम्पतीले जगत्का स्वामी श्रीगणेशलाई नमस्कार गरे। त्यसपछि प्रार्थनाको स्वरमा शुक्ल ब्राह्मणले भने - 'हे भगवन् ! हजुरको नाम संसारमा दीननाथ भनेर प्रसिद्ध छ। त्यस नामले सबै पापहरूको नाश गर्दछ। आज मेरो घरमा पाउले टेकेर हजुरले आफ्नो नाम र हाम्रो जन्म सार्थक बनाइदिनु भएको छ ।।३०-३१।। ममाथि कृपा गरी हजुर काशीका ठूला-ठूला महलहरू छाडेर एउटा खरले छाएको झुपडीमा पाल्नुभएको छ। मेरो वंश धन्य भयो, मेरो जन्म धन्य भयो, मेरो ज्ञान धन्य भयो र मेरो उमेर धन्य भयो ।' यसरी बिन्ती गरेपछि शुक्ल ब्राह्मणले कुशको आसनमा विराजमान हुनुभएका भगवान् श्रीगणेशको पूजा गरे। तिनले पहिले भगवान् श्रीगणेशका दुबै चरण पखालेको जल शिरमा धारण गरे ।।३२-३३।। त्यसपछि शुक्ल ब्राह्मणले चन्दन, अक्षता, फूल, माला, धूप, दीप, दूर्वाङ्कुर, शमीको पात र केतकीको फूलबाट बनाइएको मीठो सुगन्ध आउने तेल भगवान्लाई अर्पण गरे । भगवान्का अगाडि थोरै खानेकुरा राखेर पछिबाट आफूले वनमा गई सङ्ग्रह गरेर ल्याएका फलहरू टक्र्याए। मन्त्र पढेर पुष्पाञ्जलि दिँदै नमस्कार गरे। त्यसपछि लाज मान्दै मनमन भने - 'मैले भगवान् गणेशलाई नराम्रो अन्न कसरी दिऊँ ।' यसरी सङ्कोच मानिरहेको अवस्थामा रहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याचे मातः किमन्नं ते गृहे तद् दीयतां मम।
भक्त्या दत्तं कदन्नं मेऽधिकं स्यादमृतादपि।।३७।।

विषं भवति यद्दत्तं दम्भेनाऽश्रद्धयान्वितम्।
विस्तीर्णमोदनं शुष्कं भास्करीं बहुधान्यजाम्।।३८।।

आस्थापयत् पुरस्तस्य मुनिपत्नी ह्रियान्विता।
तैलञ्च सकलं दृष्ट्वा प्राहसँस्तञ्च बालकाः।।३९।।

अभक्षयत् स पक्वान्नसदृशं परमादरात्।
प्रतिग्रासं जलं पीत्वा जघास बलवत्तरम्।।४०।।

ततस्तेनोदनः पात्रे निक्षिप्तो मुनिनाऽखिलः।
तज्जलं चलितं दिक्षु बालो रोद्धुं न चाशकत्।।४१।।

ततोऽभवद् दशभुजो बुभुजे चौदनं च तैः।
आश्चर्यं ददृशुर्लोका हसन्तो हस्ततालतः।।४२।।

अपूर्वः पाचितोऽयं नु जानुदघ्नजलेन यः।
इत्यूचुर्बुभुजुर्बाला रुच्या पायसकल्पया।।४३।।

साकं तेन च यैर्भुक्तं गतास्ते देवतुल्यताम्।
अशोचन्नितरे पश्चाद् येऽहसन् विवृतै रदैः।।४४।।

कोलाहलो महानासीन्नगरे क्व विनायकः।
केचिदूचुः शुक्लगृहे भुनक्ति शीर्णमोदनम्।।४५।।

रोद्धुं कृता दश भुजा ओदनञ्च भुनक्ति तैः।
भुक्ते तस्मिन् विशुद्ध्यै स शुष्कमामलकं ददौ।।४६।।

मुखशुद्धिं तेन चक्रे जगदात्मा विनायकः।
प्रसन्नः शुक्लमवदत् प्रीतो भावेन तेऽनघ! ।।४७।।

शुक्ल ब्राह्मणको अभिप्राय भगवान्‌ले आफै बुझ्नुभयो। त्यसपछि उहाँले ब्राह्मणीसँग भन्नुभयो – 'हे आमा! हजुरको घरमा जस्तो अन्न छ त्यो मलाई दिनुहोस्। भक्तिपूर्वक अर्पण गरिएको नमीठो अन्न पनि मलाई अमृतभन्दा मीठो लाग्छ।।३४-३७।। दम्भपूर्वक अश्रद्धाले जे कुरा दिइन्छ त्यो राम्रो भए तापनि विषसमान हुन्छ।' भगवान्‌का यी कुरा सुनेर ब्राह्मणीले ठूला-ठूला पातमा चिल्लो नराखेको भात, अनेक थरि अन्नहरू पिसेर बनाएको पीठो भगवान्‌का अगाडि राखिन् तर मनमनै लाज मानिन्। पीठो सामु भाँडोमा तेल राखेकी थिइन्। त्यो देखेर भगवान्‌का साथमा आएका बालकहरू हाँसे। तर भगवान्‌ले भने जे टक्र्याएकी थिइन् त्यसलाई मीठो पकवानसमान मानेर खानुभयो। प्रत्येक गाससँगै पानी पिएर भए पनि बलपूर्वक दिएको अन्न निल्नुभयो। त्यसपछि ऋषिले भोजन पात्रमा पकाए जति भात पस्किदिए । पानी धेरै राखेर पकाएको हुँदा माडैमाडले भरिएको त्यो गिलो भात चारैतिर बग्न र पोखिन थाल्यो । भगवान्‌ले दुई हातले थाम्न सक्नुभएन। त्यसपछि उहाँ दश भुजा धारण गर्ने गणेशका रूपमा देखिनुभयो र ती हातद्वारा उहाँले सम्पूर्ण भोजन गर्नुभयो । मानिसहरू आश्चर्यपूर्वक भगवान्‌को त्यो रूप देखेर हातले ताली बजाएर हाँस्न थाले। तिनले ब्राह्मणीलाई भने – 'तपाइँले घुँडाघुँडासम्म आउने गरी पानी राखेर अपूर्व भोजन पकाउनु भएको रहेछ।' यसो भन्दै बालकहरूले पनि रुचिपूर्वक खीर खाएझैं मुख मीठो गराएर बाँकी भोजन खाए। त्यस बेला जसले भगवान्‌का साथमा भोजन गरे ती त देवतासमान नै भए। जुन मानिस भगवान्‌ले खान लाग्दा दाँत देखाएर हाँसिरहेका थिए, तिनलाई चिन्ता पऱ्यो।।३८-४४।। उता काशीनगरमा भगवान् श्रीगणेश कहाँ जानुभयो भनेर ठूलो कोलाहल भयो। केही मानिस भनिरहेका थिए – 'श्रीगणेश त शुक्ल ब्राह्मणको घर गएर माडैमाडले भरिएको भात खाइरहेका छन्। तिनले एउटा मुखले खान सकिन्न भनेर दशहाते बनी सारा भात तुर्ने आँट गरेर बसेका छन्।' यता भगवान्‌ले भोजन गर्नुभएपछि शुक्ल ब्राह्मणले मुखशुद्धि भनेर सुकेको अमला दिए। भगवान् जगदीश्वर श्रीगणेशले अमलाको दाना खाएर मुखशुद्धि गर्नुभयो। मुखशुद्धिपछि प्रसन्न हुनुभएका भगवान्‌ले शुक्ल ब्राह्मणलाई भन्नुभयो – 'हे निष्पाप ब्राह्मण! तपाइँको भक्तिभावले म अत्यन्त प्रसन्न छु।।४५-४७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरान् वृणु महाभाग! मत्तो यानभिकाङ्क्षसे।

हे भाग्यशाली ब्राह्मण ! तपाइँ मसँग के माग्न चाहनुहुन्छ, त्यो कुरा माग्नुहोस्।

शुक्ल उवाच

सर्वान् नागरिकाँस्त्यक्त्वा भोक्तुं रुक्षान्नमागतः।।४८।।

अयमेव वरो मह्यं यज्जातं तव दर्शनम्।

प्रभुवाक्यानुरोधेन याचे भक्तिं त्वयि स्थिराम्।।४९।।

अन्ते मोक्षञ्च मे देहि येन नावर्तते पुनः।

न संसारसुखे चित्तं रमते मे विनायक।।५०।।

शुक्लले भने - काशीका नगरवासीहरूले हजुरलाई लगेर भोजन गराउन बन्दोवस्त गरेका थिए। तिनको प्रार्थनालाई बेवास्ता गरी हजुर सर्वप्रथम मेरो घरमा रुखो अन्न ग्रहण गरिदिन आउनुभयो। हजुरको यो दर्शन नै मेरा लागि वरदान भइसकेको छ। तर हजुरले माग भनेर आज्ञा गर्नुभएपछि मैले माग्नै पर्छ। हे भगवन् ! हजुरमा मेरो स्थिर, अचल भक्ति रहोस्, अन्तमा मोक्ष प्राप्त गर्न सकूँ। जुन मोक्ष पाएपछि मैले फेरि जन्मनु पर्नेछैन। हे श्रीगणेश ! मेरो मन संसारको सुखमा रमाउँदैन।।४८-५०।।

क उवाच

एवमस्त्विति तं प्रोच्य पूर्ववद् द्विभुजः शिशुः।

गृहं तस्मै शक्रगृहाद् वरं सद्रत्नकाञ्चनम्।।५१।।

अत्युत्तमं स्वरूपञ्च ज्ञानं सम्पदमर्पयत्।

अनुज्ञातो ययौ ताभ्यामन्यत्र बालकैर्वृतः।।५२।।

ब्रह्माजीले भन्नुभयो - ब्राह्मणलाई तथास्तु भनेर भगवान् श्रीगणेश पहिलेजस्तै दुईहाते बन्नुभयो। शुक्ल ब्राह्मणलाई उहाँले इन्द्रभवनभन्दा पनि राम्रो रत्न र सुवर्ण आदि धातुले शोभायमान आवास दिनुभयो । उहाँले तिनलाई अत्यन्त राम्रो रूप दिनुभयो र ज्ञान एवं सम्पत्ति पनि दिनुभयो। यसरी बालकहरूद्वारा घेरिएका भगवान् श्रीगणेश दुबै दम्पतीलाई वरदान दिएर ब्राह्मण दम्पतीसँग अनुमति प्राप्त गरी आफ्ना बाल मित्रहरूका साथ अन्यत्र जानुभयो ।।५१-५२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते शुक्लवरप्रदानं नाम त्रयोविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शुक्ललाई श्रीगणेशद्वारा वरप्रदान' शीर्षकान्वित तेइसौं अध्याय पूर्ण भयो ।।२३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्विंशोऽध्यायः

क उवाच

व्यलोकयँस्तं नगरे तस्मिन् सर्वे महाजनाः।
विधाय पूजासामग्रीं भोजनस्याप्यनेकधा।।१।।

गृहे गृहे राजगृहे सर्वाऽमात्यगृहेऽपि च।
गवेषयन्ति स्म जनास्तदा कश्यपनन्दनम्।।२।।

अपृच्छन्त जनाःसर्वे कच्चिद् दृष्टो विनायकः।
नेति नेति श्रुतिर्वक्ति यं स कस्याक्षिगोचरः।।३।।

भवेन्नालोकितोऽस्माभिरिति तत्रावदन् जनाः।
पुरप्रान्ते तु ये तत्र तेऽश्रृण्वन् जनवाक्यतः।।४।।

स चागतः शुक्लगृहं ततस्ते तद्गृहं ययुः।
नापश्यँस्तमथापृच्छँस्तेनोक्तं स इतो गतः।।५।।

स तु मायामयो बालो जनान् वञ्चितुमुत्सुकः।
विसृज्य बालकान् पश्चाद्द्वारेणाऽऽगत्य सुप्तवान्।।६।।

केचित् तं ददृशुः सुप्तं हर्यक्षमिव गह्वरे।
केचित् तं क्रोधवशगा निनिन्दुर्बालको लघुः।।७।।

पिशाच इव किं यातो दरिद्रस्य गृहं प्रति।
ईशश्चेत् सर्वभावज्ञः सर्वेषां प्रियमाचरेत्।।८।।

उत्थाप्य तं करे धृत्वा याहीति शरणं शुभम्।
सफलं कुरु नः सर्वं त्वदर्थमुपकल्पितम्।।९।।

गतः खेदो भ्रमणजो दृष्ट्वा त्वच्चरणाम्बुजम्।
याहि याहि गृहान् नस्त्वं भोक्तुं बालगणैः सह।।१०।।

{ २४ अध्याय }

ब्रह्माजीले भन्नुभयो - काशीका नागरिकहरूले श्रीगणेशलाई आफ्नो नगरमा खोजिरहेका थिए। पूजाका सामग्री र भोजन तयार गरेपछि घर-घरमा, राजभवनमा, सरकारी कर्मचारी एवं मन्त्रीहरूका घरमा पनि कश्यपका पुत्र भगवान् श्रीगणेश कतिबेला आउनुहुन्छ भनेर खोजी भइरहेको थियो। मानिसहरू अरूलाई सोद्धै थिए- के तपाईँले श्रीगणेशलाई देख्नुभएको छ ? उत्तर दिनेले भन्दथे- जसलाई श्रुतिले पनि जान्न नसकी नेति नेति भनेर बताउँछन् ती परमात्मा गणेश कसका आँखासामु आउन सक्छन् ? त्यस कारण हामीले उहाँलाई देखेनौं । हामी आफै खोजी गरिरहेका छौं। श्रीगणेशको खोजी गर्ने मानिसहरूमध्ये केही मानिसहरू श्रीगणेश शुक्लको घरमा जानुभएको छ भन्ने थाहा पाएर शुक्ल ब्राह्मणको घरमा पुगे तर गणेशलाई देख्न पाएनन्। तिनले शुक्ललाई सोधे- 'श्रीगणेश कहाँ जानुभयो ?' उनले भने - 'उहाँ त यहाँबाट गइसक्नुभयो ।' मायामय भगवान् श्रीगणेश मानिसहरूलाई आफ्नो माया देखाएर वञ्चना गर्दै प्रतीक्षा गराइरहनु भएको थियो। उहाँ बालकहरूका साथमा काशिराजको दबारमा पुग्नुभयो र आफ्ना साथ आएका बालकहरूलाई बिदाई गरी आफू पछाडिपट्टिको ढोकाबाट आफ्नो कक्षमा प्रवेश गर्नुभयो। त्यसपछि उहाँले आरामसँग शयन गर्नुभयो ।।१-६।। श्रीगणेशलाई खोज्दै-खौज्दै मानिसहरू त्यहाँ पनि पुगे। गुफाभित्र सुतेको सिंहझैं मस्त निदाइरहनु भएका श्रीगणेशलाई देखे। केही मानिसले रिसाएर गणेशको निन्दा गर्दै भने- 'कति हलुका स्वभावका मानिस हुन्। यी पिशाचझैं किन दरिद्रको घरमा जान्छन्। यदि सबैका भावना बुझ्ने गणेश ईश्वरै हुन् भने तिनले सबैको कल्याण गर्नुपर्दछ।' त्यसपछि 'कसैले उहाँलाई उठाएर हातले समातेर हाम्रो घरमा जाऔँ भनी अनुरोध गरे। 'कसैले हाम्रो घरमा तपाईँका निमित्त पूजाका सामग्री तयार छन्, भोजन तयार छ, हामीले सबै कुरा श्रद्धापूर्वक तयार गरेका छौं, हाम्रो आयोजना सफल बनाइदिनुहोस्' भनिरहेका थिए ।।७-९।। 'हजुरका चरणकमलको दर्शन पाएपछि हिंडाइबाट भएको थकान मेटिएको छ । बालकहरूका साथमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स ऊचे साम्प्रतं भुक्तं पुनरूचुर्जनास्तु तम्।
दरिद्रस्य गृहे किं ते भुक्तं स्याद् भैक्ष्यवर्तिनः।।११।।

नापोऽपि पिबते क्वान्नं कथं भुक्तं त्वया विभो।

गणेश उवाच

उदरं परिपूर्णं मे यातुं शक्तिश्च नास्ति मे।।१२।।

क उवाच

ततः सर्वे विदित्वा तं भुक्तं शुक्लगृहे जनाः।
निराशाभग्नसङ्कल्पा रुष्टा दीना विचेतसः।।१३।।

सम्भारा व्यर्थतां याता नानाक्लेशार्थसञ्चिताः।
बुभुजुस्तान् स्वयं दुष्टा दाम्भिका भक्तिवर्जिताः।।१४।।

ये भक्तास्ते निराहारास्तस्थुर्ध्यानपरायणाः।
एवं सर्वेषु लोकेषु ज्ञात्वा ध्यानस्थितेषु सः।।१५।।

एको नानास्वरूपोऽभूद् घटाकाश इव स्फुटम्।
जलपूर्णेषु कुम्भेषु रविर्नाना यथेक्ष्यते।।१६।।

क्वचित् पर्यङ्कशयनः क्वचिज्जपपरायणः।
क्वचिद् दानरतः क्वापि भोजनाय समुत्सुकः।।१७।।

क्वचित् पाठयते शिष्यान् साङ्गं वेदं सहार्थकम्।
क्वचिद् व्याकुरुते शास्त्रं क्वचिच्च पठति स्वयम्।।१८।।

एवं नानास्वरूपैःस नानागृहगतो बभौ।
अयमस्मद्गृहं यातः पूर्वमित्यभिमेनिरे।।१९।।

तैलमुद्वर्तनं स्नानं पूजनं भोजनं ददुः।
एवं सर्वे जहृषिरे काशिराजसमन्वितम्।।२०।।

भोजन गर्न हाम्रो घर हिंड्नुहोस्।' यसरी मानिसहरूले अनुरोध गर्दा श्रीगणेशले भन्नुभयो - 'मैले भर्खरै शुक्ल ब्राह्मणको घरमा पेटभरि खाएर आएको छु।' मानिसहरूले भने - 'भिक्षा मागेर जनतेन पेट पाल्ने दरिद्रको घरमा तपाईंले के खानुभयो होला ? त्यहाँ पानी त पेटभरि खान पाइँदैन। त्यो नमीठो अन्न कति खानुभयो होला र कसरी खानुभयो होला?'

श्रीगणेशले भन्नुभयो - जसरी खाए पनि जति खाए पनि मेरो पेट भरिएको छ, मेरो हिंड्ने ताकत छैन।।१०-१२।। **ब्रह्माजीले भन्नुभयो** - गणेशलाई शुक्ल ब्राह्मणको घरमा भोजन गर्नु भएको जानेर निराशाका कारण सङ्कल्प छिन्नभिन्न भएका, रिसिएका र विक्षिप्त भएका केही दुष्ट, दम्भी र भक्तिहीन मानिसहरू हाम्रो तयारी व्यर्थ भयो, धेरै सामग्री जुटाउन अनेक कष्ट गर्‍यौं, त्यसको केही फल भएन, उनी आएर खाँदैनन् भने हामी आफै खाऔँ भनी आफै खान थाले।।१३-१४।। केही भक्त मानिसहरू भने श्रीगणेशलाई पर्खेर भोकै बसेका थिए। श्रीगणेशका मूर्तिको ध्यान गरिरहेका थिए। ती ध्यानमा लागिरहेका मानिसहरूलाई देखेर भगवान् गणेश एकरूप हुनु भए तापनि अनेक रूपमा परिणत हुनुभयो। जसरी गाग्राभित्र आकाश रहन्छ, हजारौं गाग्राहरूमा हजारौं आकाश रहन्छन् र ती गाग्राहरू फुटेको बेला त्यहाँभित्रका आकाश महाकाशमा मिल्दछन् । जसरी पानीले भरिएका भाँडाहरूमा सूर्यको प्रतिबिम्ब पर्छ, एउटै सूर्य पनि अनेक देखिन्छन् त्यस्तै भगवान्ले पनि त्यतिबेला आफूलाई अनेक रूपमा परिणत गराउने इच्छा गर्नुभयो ।।१५-१६।। आफ्नो इच्छाअनुसार भगवान् कुनै घरमा गई पलङ्गमा बस्नुभयो। कुनै घरमा जप गर्दै बस्नुभएको देखिनुभयो। कुनै घरमा उहाँ दान गर्दै हुनुहुन्थ्यो। कुनै घरमा भोजनका लागि हतार गर्दै हुनुहुन्थ्यो। कुनै घरमा वेद-वेदाङ्गजस्ता विषयहरू शिष्यहरूलाई अर्थसहित पढाइरहनु भएको थियो। कुनै घरमा उहाँ शास्त्रको व्याख्यान गर्दै हुनुहुन्थ्यो। कहीं आफै पुस्तक लिएर पढ्दै हुनुहुन्थ्यो।।१७-१८।। यसरी अनेक स्वरूप लिएर अनेक घरमा विराजमान हुनुभएका भगवान् गणेश शोभायमान हुनुभयो। सबै मानिसले भने - 'भगवान् गणेश हाम्रो घरमा सबभन्दा पहिले आएर हामीलाई स्नेह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्ट्वा देवं परमया मुदा साधु विनायकम्।
पुपूजुर्भोजयामासुर्द्विजान् सुहृद्गणानपि।।२१।।

पञ्चामृतञ्च पक्वान्नं व्यञ्जनं पायसौदनौ।
अन्यद् रुचिकरं सर्वं बुभुजुस्ते यथारुचि।।२२।।

एवं द्विजेषु देवेषु काशिराजे सुहृत्स्वपि।
आशीर्वत्सु सभाविष्टः काशिराजोऽन्वपृच्छत।।२३।।

मायया मुनिपुत्रस्य मोहितोऽनेकधाऽऽकृतेः।

राजोवाच

विनायको गतो भोक्तुं नानागृह इति स्फुटम्।।२४।।

अयं मे निकटेऽप्यस्ति को नु भुङ्क्ते गृहे गृहे।
क्वचिच्च शिबिकारूढो याति भोक्तुं विनायकः।।२५।।

गजारूढः क्वचिद् याति हयारूढश्च कुत्रचित्।
एवं सर्वेषु लोकेषु पूजाव्यग्रेषु बालके।।२६।।

ततस्तौ नगरीं यातौ तत्र तत्र विनायकम्।
अपश्यतां भुक्तवन्तं परावृत्य समीयतुः।।२७।।

यत्र यत्र गृहे यातौ तत्र तत्र विनायकम्।।
निर्वृत्य सकलं नित्यं भिक्षार्थं पर्यगच्छताम्।।२८।।

शयानं शयने दिव्ये भक्षयन्तं फलानि च।
चर्वयन्तञ्च ताम्बूलं क्वचिद् गन्धादिचर्चितम्।।२९।।

क्वचिन्नृत्यं प्रपश्यन्तं गणिकानां गणान्वितम्।
क्रीडन्तमक्षैः कुत्रापि क्वचिद् बुद्धिबलेन च।।३०।।

नानालङ्कारसंयुक्तं दिव्यवस्त्रान्वितं क्वचित्।।
पठन्तञ्च जपन्तञ्च ध्यानेन तमपश्यताम्।।३१।।

गर्नुभयो।' यस्तो भावनाले भरिएका प्रत्येक भक्तले भगवान्लाई सुगन्धित तेल र उबटनको धूलो चढाए, स्नान गराए र आफ्नो शक्तिअनुसार मीठा-मीठा भोजन टक्र्याए। यसरी काशिराजलगायतका भगवान्का सम्पूर्ण भक्तहरू भगवान् श्रीगणेशको दर्शन पाएर हर्षित भए। ती सबै भक्तले भगवान्को पूजा गरे । उहाँलाई भोजनद्वारा तृप्त गराए । त्यसैगरी ब्राह्मणहरू र मित्रवर्गलाई पनि भोजन गराए । पञ्चामृत, अनेक थरि पकवान, विभिन्न किसिमका तरकारीहरू, खीर, भात र रुचिकर वस्तुहरूको सबैले प्रेमपूर्वक भोजन गरे ।।१९-२२।। यसरी ब्राह्मण, देवता, काशिराज र मित्रहरू सबैका घरमा भगवान्ले भोजन गर्नुभयो र ती भक्तहरूले आशीर्वाद प्राप्त गरे । त्यसपछि कश्यपका पुत्र अनेक रूपमा देखिनुहुने भगवान् श्रीगणेशको मायाबाट मोहित भएका सभामा विराजमान काशिराजले भगवान् श्रीगणेशलाई सोधे।

काशिराजले भने – हे श्रीगणेश ! सबै मानिसहरू हाम्रा घरमा भगवान् गणेश भोजन गर्न आउनुभएको छ भनिरहेका छन् । तपाईं यहीं मेरो समीपमा हुनुहुन्छ । घर-घरमा कसरी तपाईं भोजन गर्दै हुनुहुन्छ ? कहीं पालकीमा चढेर भक्तका घरमा जानुहुने तपाईंलाई कसैले देखे। कहीं घोडामा सवार भएर जानुभएको पनि देखे। के हो यसको रहस्य मैले बुझ्न सकेको छैन ?।।२३-२५।। यसरी मानिसहरू आ-आफ्नो घरमा आउनुभएका गणेशको पूजामा व्यस्त भएको बेला सनक र सनन्दन काशी नगरी घुम्न भनेर प्रस्थान गरे। त्यहाँ सबै मानिस भगवान् गणेशको पूजा गरिरहेका थिए। जहाँ-जहाँ ती दुबै ऋषि गए त्यहाँ-त्यहाँ तिनले श्रीगणेशको पूजा र श्रीगणेशले भोजन गर्नुभएको दृश्य देखे। जुन-जुन घरमा गएका थिए त्यहाँ-त्यहाँ भगवान् श्रीगणेश भोजन गरेर प्रसन्न मुद्रामा हुनुहुन्थ्यो। ती दुबै भिक्षा माग्ने निहुँले ती ती घरमा गए। कुनै घरमा भगवान् दिव्य शय्यामा आराम गरी फल खाँदै हुनुहुन्थ्यो। कहीं भगवान् सुगन्धित पान चपाइरहेका हुनुहुन्थ्यो। कहीं वेश्याहरूको नृत्य हेरिरहेका हुनुहुन्थ्यो। कहीं द्यूतक्रीडामा मस्त हुनुहुन्थ्यो । कहीं अनेक प्रकारका अलङ्कार र दिव्य वस्त्रले सिँगारिएर बस्नुभएको थियो । कहीं अध्ययन गरिरहनु भएको थियो र कहीं जप गरिरहनु भएका श्रीगणेशलाई ऋषिहरूले ध्यानदृष्टिले हेरिरहेका थिए।।२६-३१।। कहीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तूयमानं क्वचिद् भक्तैस्तुवन्तं जगदीश्वरम्।
दर्शयन्तं विभूतिं स्वां भक्तायाऽनेकशः क्वचित्।।३२।।

युवानं रमयन्तं स्वाः स्त्रियोऽत्यन्तमनोरमाः।
चिकित्सयन्तं वृद्धञ्च सेवन्तं रसमुत्तमम्।।३३।।

रिङ्गन्तं भक्षयन्तञ्च मृदं कुत्रचिदङ्गणे।
परिश्रान्तं पिबन्तं तं क्रीडाभिः कन्दुकादिभिः।।३४।।

एवं तौ क्षुधितौ श्रान्तौ पर्यटन्तौ गृहे गृहे।
सर्वत्र दृष्ट्वा तं देवं परस्परमथोचतुः।।३५।।

अत्रास्ति निर्मलः शुक्लो ब्राह्मणो नगरे शुचिः।
यावो भोक्तुं तस्य गृहे इत्युक्त्वा तत्र जग्मतुः।।३६।।

तत्रापि सोऽङ्गणगतो दृष्टस्ताभ्यां विनायकः।
नगरे नात्र भोक्तव्यं न तु शेषं विनायकात्।।३७।।

इत्युक्त्वा बहिरायातौ पुरो दृष्ट्वा विनायकम्।
तिर्यग्गतिधरौ भूत्वा ततोऽपि समपश्यताम्।।३८।।

प्राच्यां प्रतीच्याञ्च दिशि तमेवैतौ समन्ततः।
अधश्चोर्ध्वं सर्वगतं विनायकमपश्यताम्।।३९।।

विनायकस्वरूपञ्च तौ पुनर्विश्वरूपिणम्।
सर्वं विनायकमयं वस्तुमात्रमपश्यताम्।।४०।।

अथाभावयतां शम्भुं विष्णुं तौ भृशविस्मितौ।
अपश्यतां हृदि तदा तञ्च तञ्च विनायकम्।।४१।।

निमील्य नयने चान्तस्तमेव मुनिसत्तमौ।
उद्घाट्य नयने चापि स्वान्त एनमपश्यताम्।।४२।।

किरीटिनं कुण्डलिनं मुक्तामालाम्बराङ्गदम्।
कटिसूत्रेण हैमेन मुद्रिकाभिश्च भूषितम्।।४३।।

भक्तहरूले भगवान् गणेशको स्तुति गरिरहेका थिए । कहीं फेरि भगवान् गणेश आफ्ना भक्तलाई ऐश्वर्य देखाइरहनुभएको थियो। ती दुबै ती ती घरमा जाँदा भगवान् गणेशले अत्यन्त राम्रा सुन्दरीहरूलाई आफ्ना लीलाहरूद्वारा प्रसन्न तुल्याउँदै हुनुहुन्थ्यो। कहीं भगवान् वृद्धको सेवा गर्दै हुनुहुन्थ्यो । कहीं रोगीको चिकित्सा गर्दै हुनुहुन्थ्यो। कुनै घरको आँगनको धूलोमा खेल्दै बालक बनेर भोजन गर्दै हुनुहुन्थ्यो। कहीं भने उहाँ भकुण्डो खेलेर थाकी गालाबाट पसिना चुहाउँदै घर फर्केका बालकका रूपमा देखिनुभएको थियो । यसरी ती दुबै ऋषि घर-घरमा घुम्दाघुम्दा थाके र भोकाए। त्यसपछि ती दुबैले भगवान् गणेशको लीलाका विषयमा आपसमा कुरा गरे ।।३२-३५।। काशी नगरीमा पवित्र आचार-विचारका शुक्लनामक ब्राह्मण छन्! तिनका घरमा भोजन गर्न जाऔँ भनी ती दुबै त्यहाँ गए। त्यहाँ जाँदा पनि दुबैले आँगनमा खेलिरहेका गणेशलाई देखेर भने- 'यस नगरीमा हामीले कहाँ गएर भोजन गर्ने ? जहाँसुकै श्रीगणेशको भोजन चलिरहेको छ। यसरी कुरा गरेर दुबै बाहिर आए । बाहिर आउँदा पनि तिनीहरूका सामु गणेश उभिनुभएको थियो । ती दुबै लुकी-लुकी आफूलाई जोगाउने प्रयास गरिरहेका थिए तर श्रीगणेशबाट कुनै ठाउँमा पनि जोगिन सकेनन् ।।३६-३८।। पूर्वमा श्रीगणेश हुनुहुन्थ्यो, पश्चिम दिशा हेर्दा पनि श्रीगणेशकै अनुहार देखिन्थ्यो। तल हेर्दा श्रीगणेश देखिनुहुन्थ्यो र माथि हेर्दा पनि श्रीगणेश देखिनुहुन्थ्यो। दुबैले सर्वत्र विनायकरूप श्रीगणेशको दर्शन गरे । त्यसपछि तिनीहरूले विश्वरूपधारी भगवान्को रूपमा दर्शन गरे । तिनीहरूका सामु रूख, पात, चराचुरुङ्गी यावत् जुन वस्तु थिए, ती सबै गणेशका रूपमा देखिए ।।३९-४०।। अत्यन्त चकित भएका ती दुबैले फेरि विष्णु र शिवजीको स्मरण गरे। त्यसो गर्दा पनि आफ्नो हृदयमा विष्णु र शिवजीको सट्टा गणेशको नै दर्शन पाए । आँखा चिम्लेर मुटुमा हेर्ने कोशिश गर्दा पनि गणेश नै देखिनुभयो। आँखा खोलेर बाहिर हेर्दा मस्तकमा किरीट र कानमा कुण्डल धारण गर्नुहुने, कण्ठमा मोतीको मालाद्वारा सुहाउनु भएका, बाहुमा केयूर र कटिमा सुनको कन्धनी धारण गर्नुहुने, प्रत्येक औंलामा सुनको औंठी लगाउनु भएका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंहारूढं दशभुजं सिद्धिबुद्धियुतं शुभम्।
भालचन्द्रं मृगमदतिलकं नागभूषणम्।।४४।।

सूर्यकोटिप्रभं सृष्टिस्थितिसंहारकारिणम्।
त्यक्त्वा भेदं तत्त्वविदौ नेमतुश्चरणाम्बुजम्।।४५।।

नुतः स्म परया भक्त्या देवदेवं विनायकम्।
तस्यैव करुणाप्राप्तबोधौ तौ तु मुनीश्वरौ।।४६।।

निधारमा कस्तूरीको तिलक धारण गर्नुहुने, सिंहमा सवार, दश भुजाद्वारा शोभायमान, वरिपरि सिद्धि र बुद्धिलाई लिएर माझमा प्रकाशमान हुनुभएका, निधारमा चन्द्रमा धारण गर्नुहुने, सर्पलाई गहना बनाएर धारण गर्नुहुने र करोडौं सूर्यको कान्तिले शोभायमान श्रीगणेशको दर्शन गरे । सृष्टि, पालन र संहार गर्ने भगवान्लाई देखेर ती दुबैले भेदभाव छाडी उहाँका चरणकमलको ध्यान गरे, परम भक्तिले स्तुति गरे र उहाँको करुणाबाट ज्ञान प्राप्त गरे ।।४१-४६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विनायकभोजनकथनं नाम चतुर्विंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'एकै समयमा काशीका प्रत्येक घरमा गई भगवान् विनायकद्वारा भोजनग्रहण' शीर्षकान्वित चौबीसौं अध्याय पूर्ण भयो ।।२४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चविंशोऽध्यायः

तावूचतुः
सर्वेषां कारणानां त्वं कारणं कारणातिगः।
ब्रह्मस्वरूपो ब्रह्माण्डकारणं व्यापकः परः।।१।।

पासीदं सृजसे विश्वं त्वमेव हरसेऽनघ! ।
नानारूपैररूपस्त्वं नानामायाबलान्वितः।।२।।

त्वमेव पञ्चभूतानि यक्षगन्धर्वराक्षसाः।
कस्त्वां स्तोतुं समर्थः स्याच्चराचरस्वरूपकम्।।३।।

नेति नेति ब्रवीति स्म त्वद्रूपाज्ञानतः श्रुतिः।
आवां विमोहितौ ज्ञातुं नेशाथे रूपमुत्तमम्।।४।।

महिमानं न जानीवोऽनेकरूपस्य ते विभो! ।
कृतकृत्यौ भवत्पाददर्शनात् स्वः प्रभोऽधुना।।५।।

नानावतारैर्भूभारं हरसेऽनन्तशक्तितः।

क उवाच
एवं तयोः स्तुतिं श्रुत्वा प्रीत्या प्रोवाच तावुभौ।।६।।

विनायको बालरूपी कौतुकी मायिकोऽपि च।
तत्त्वज्ञौ मत्प्रसादाच्च सर्वज्ञौ च भविष्यथः।।७।।

एवं दत्त्वा वरं देवस्तत्रैवान्तरधीयत।
ततस्तौ मूर्त्तिमतुलां कृत्वा सम्यग्विनायकीम्।।८।।

कृत्वा प्रासादमतुलं रत्नकाञ्चनसंयुतम्।
स्थापयामासतुरुभौ सनकश्च सनन्दनः।।९।।

आख्याञ्च चक्रतुस्तस्या वरदोऽयं विनायकः।
गणेशकुण्डमिति च कृतं ताभ्यां सरोवरम्।।१०।।

अत्र स्नात्वा पूजयेद् यो वरदं तं विनायकम्।
स कामानखिलान् प्राप्य भुक्त्वा भोगाननेकशः।।११।।

{ २५ अध्याय }

सनक र सनन्दनले भने – हे भगवन् ! हजुर सबै कारणका पनि कारण हुनुहुन्छ र कारणभन्दा पनि पर हुनुहुन्छ। सर्वव्यापक हुनुहुन्छ, सर्वोत्तम हुनुहुन्छ र यस ब्रह्माण्डका मुख्य कारण पनि हुनुहुन्छ। त्यस कारण हजुरलाई ब्रह्मरूप भनेर नमस्कार गर्दछौं। हजुरले यस जगत्को सृष्टि गर्नुहुन्छ, पालन गर्नुहुन्छ र संहार पनि गर्नुहुन्छ। हजुरको आफ्नो कुनै रूप छैन तर मायालाई लिएर अनेकरूपमा देखिनुहुन्छ। हजुर नै पृथिवी, जल, आकाश, तेज र पवनका रूपमा विराजमान हुनुहुन्छ। हजुर नै यक्ष, गन्धर्व र राक्षसका रूपमा हुनुहुन्छ। विश्वव्यापी स्वरूप धारण गर्नुहुने हजुरको स्तुति कसले गर्न सक्छ ? हजुरको रूपलाई नजान्ने वेदले पनि नेति–नेति भनेर अर्थात् यहाँभन्दा पर जान्दैनौं भनेर व्याख्या गर्दछन्, हामी हजुरको लीला देखेर मोहित भएका छौं। हजुरको उत्तम रूप हामी जान्दैनौं। हजुरको महिमा पनि हामीले जान्दैनौं किनकि एउटा मात्र रूप भए महिमा जान्न सकिन्छ, अनेक रूपमा हजुर देखिनुभएकाले ती अनेक महिमालाई हामी कसरी जानौं? हजुरको दर्शन पाउनाले कृतकृत्य छौं।।१–५।। हजुरले अनन्त शक्तिको आश्रय लिएर विभिन्न अवतारद्वारा पृथिवीको भार हरण गर्नुहुन्छ ।

ब्रह्माजीले भन्नुभयो – यसरी दुबैको स्तुति सुनेर बालरूप, कौतुक गर्न निपुण र मायाका स्वामी भगवान् विनायकले प्रीतिपूर्वक भन्नुभयो – तपाइँहरू मेरो कृपाबाट तत्त्वज्ञ र सर्वज्ञ हुनुहुनेछ ।।६–७।। यसरी वरदान दिएर भगवान् श्रीगणेश त्यहीं अन्तर्धान हुनुभयो। त्यसपछि सनक र सनन्दनले भगवान् श्रीगणेशको अत्यन्त सुन्दर मूर्ति बनाएर रत्न र सुवर्णले परिपूर्ण मन्दिर तयार गरे । त्यहाँ तिनले आफूले बनाएका मूर्तिको प्रतिष्ठा गरे । ती दुबैले स्थापित भगवान् श्रीगणेशको मूर्तिलाई वरदविनायक भनेर नामकरण गरे। मन्दिरको नजिकै एउटा पोखरी बनाए। त्यसलाई श्रीगणेशकुण्ड भन्ने नाम दिए। जसले यहाँ आएर भगवान् वरदविनायकको पूजा गर्दछ त्यसले सबै कामनाहरूको फल प्राप्त गर्दछ। यस लोकमा अनेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवाप्य पुत्रान् पौत्राँश्च विद्यामायुर्यशो महत्।
धनं धान्यं यशश्चापि तत्त्वज्ञानञ्च शाश्वतम्।।१२।।

अन्ते वैनायकं धाम याति नास्त्यत्र संशयः।

क उवाच

यत्र देवाः सगन्धर्वा यक्षाश्चाप्सरसां गणाः।।१३।।

दृष्ट्वा सम्पूज्य देवेशं तत्रैवान्तर्हिताः क्षणात्।
सम्प्राप्तविस्मयौ तौ च जग्मतुर्दिवमुत्तमम्।।१४।।

काशिराजोऽपि तत्रैत्य सामात्यः सप्रजस्तु तम्।
नानाद्रव्यैरलङ्कारैर्वस्त्रैरुच्चावचैरपि।।१५।।

पक्वान्नैश्चाप्यनेकैश्च फलैर्नानाविधैरपि।
रत्नैर्मुक्ताफलैः पुष्पैर्दक्षिणाभिरनेकशः।।१६।।

पुपूज परया भक्त्या ब्राह्मणैः सह मन्त्रतः।
ब्राह्मणान् पूजयामास वस्त्रालङ्कारकाञ्चनैः।।१७।।

आशिषः परिगृह्यैव नगरं पुनरागमत्।
तथैव ताः प्रकृतयः पुपूजुस्तं विनायकम्।।१८।।

तथैव ब्राह्मणान् पूज्य जगृहुराशिषः पराः।
ततः प्रजास्तं पुपूजुर्यथाशक्ति विनायकम्।।१९।।

सर्वे ते हृष्टमनसः पुरं प्रविविशुस्तदा।
इति ते सर्वमाख्यातं विनायकविचेष्टितम्।।२०।।

सर्वपापहरं पुण्यं किमन्यच्छ्रोतुमिच्छसि।

मुनिरुवाच

श्रुतं चरित्रं शुक्लस्य शुक्लभिक्षारतस्य च।।२१।।

धातुस्पर्शविहीनस्य गृहं यातो विनायकः।
भुजैर्दशभिरादाय ह्योदनं शिथिलं जलैः।।२२।।

जग्ध्वा त्यक्त्वा श्रमं तृप्तो दारिद्र्यञ्च व्यनाशयत्।
दत्तं गृहं तु शुक्लस्य शक्रस्य नगराद् वरम्।।२३।।

सम्पदोऽपि तथा दत्ता याः सन्ति ह्यलकाधिपे।
स्वरूपञ्च तथा दत्तं यन्नास्ति मकरध्वजे।।२४।।

थरि भोग भोगेर छोरा, नाति, विद्या, उमेर, यश, धनधान्यको सुखभोग गरी नित्य ज्ञान प्राप्त गर्दछ ।।८-१२।। अन्तमा श्रीगणेशको धाममा जान्छ । यसमा कुनै सन्देह छैन।

ब्रह्माजीले भन्नुभयो - त्यहाँ आएका गन्धर्वसहित देवता, यक्ष र अप्सराहरू वरदविनायक श्रीगणेशको दर्शन गरी पूजा गरेर अन्तर्धान भए। श्रीगणेशको लीला देखेर चकित भएका सनक र सनन्दन पनि उत्तम स्वर्गतर्फ फर्के।।१३-१४।। काशिराजले पनि मन्त्रीसहित रहेर अलङ्कार, वस्त्र, द्रव्य, पकवान, अनेक प्रकारका फल, रत्न, मोतीको हार, फूल, दक्षिणा आदि वस्तुहरू टक्र्याएर ब्राह्मणहरूद्वारा मन्त्र उच्चारण गराउँदै भक्तिपूर्वक वरदगणेशको पूजा गरे। ब्राह्मणहरूको पूजा गरी तिनलाई वस्त्र, अलङ्कार र स्वर्णमुद्रा प्रदान गरे । ब्राह्मणहरूसँग आशीर्वाद लिएर आफ्नो नगरतर्फ आए। त्यसैगरी राजाका मन्त्रीहरूले पनि वरदगणेशको पूजा गरे। तिनीहरूले पनि राजाले झैं ब्राह्मणहरूको पूजा गरी आशीर्वाद प्राप्त गरे। त्यसपछि नगरनिवासी नर-नारीहरूले आफ्नो शक्तिअनुसार वरदगणेशको पूजा गरे।।१५-१९।। ती सबै प्रसन्न हुँदै आफ्नो नगरतर्फ गए । यो भगवान् विनायकको चरित्र अत्यन्त पवित्र र सम्पूर्ण पापनाशक छ । हे वेदव्यास ! मैले तपाईँलाई पापनाशक र पुण्यदायक कथा सुनाएँ। सर्वपापनाशक र पुण्यदायक अरू कुन आख्यान सुन्न चाहनुहुन्छ ?

व्यासले भन्नुभयो - मैले विशुद्ध भिक्षाकर्मले जीवनयापन गरिरहने शुक्लब्राह्मणको चरित्र सुनें।।२०-२१।। निर्मल हृदयका साथ भिक्षा माग्न गएर त्यसबाट प्राप्त अन्नद्वारा सन्तुष्ट भई भगवान्को आराधना गर्ने र धनपैसा नछुने त्यस्ता ब्राह्मणको घरमा भगवान् जानुभयो र उहाँले आफ्नो दशभुजा भएको तेजोमय रूप देखाउनुभयो। माडैमाड भएको भात खानुभयो। त्यस्तो वासी र सुकेको अन्न खाँदा पनि थकाइ मेटाई तृप्त हुनुभयो । फलस्वरूप उहाँले आफ्ना भक्त शुक्लब्राह्मणको दरिद्रताको नाश गरिदिनुभयो । उहाँको कृपा भएपछि शुक्लको घर इन्द्रको दरबारभन्दा पनि राम्रो देखियो। त्यतिमात्र नभई श्रीगणेशले शुक्ललाई त्यो सम्पत्ति दिनुभयो जुन सम्पत्ति कुबेरका घरमा मात्र सम्भव हुन्छ। खुसी हुनुभएका श्रीगणेशले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानं तस्मै तथा दत्तं यन्नास्ति चतुरानने।
अत्र किं कारणं ब्रह्मन् ! तन्मे व्याख्यातुमर्हसि।।२५।।

क उवाच

सम्यक् पृष्टं त्वया व्यास ! परमेशकथा यतः।
पुनाति प्राश्निकं श्रोतॄन् वक्तारं भक्तितः श्रुता।।२६।।

मनो मे हि स्थितं वक्तुं तत् पृष्टं हि त्वया विभो !
सम्यक् तेऽहं वदिष्यामि भक्तिगम्यस्य चेष्टितम्।।२७।।

सर्वज्ञः सर्वदर्शी च सर्वगः सर्वचित्तवित्।
भक्त्यैव तुष्यते देवो भावो हि तोषकारणम्।।२८।।

भक्त्या हृतं पलाशञ्च जलं पुष्पं मनोहरम्।
तेनैव परितुष्टोऽसावात्मानञ्च प्रयच्छति।।२९।।

दम्भेन हेलया वाऽपि लज्जयाऽपि परस्य वा।
महाधनं महावित्तं रत्नानि विविधानि च।।३०।।

काञ्चनं राजतं मुक्ता दत्तं सर्वं वृथा भवेत्।
शमीपत्रेण तुष्टोऽसौ व्याधायाऽदात् सलोकताम्।।३१।।

प्रसङ्गतोऽपि दत्तेन भावं कृत्वा दृढं हृदि।
अनायासेन लब्धेन तस्माद् भक्तिर्गरीयसी।।३२।।

शुक्लब्राह्मणलाई कामदेवको भन्दा पनि राम्रो रूप दिनुभयो । जुन ज्ञान ब्रह्माजीमा छैन त्यो ज्ञान पनि शुक्ललाई दिनुभयो । यसमा के कारण छ त्यो मलाई बताउनुहोस् ? ।।२२-२५।।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! तपाईंले राम्रो कुरा सोध्नुभयो। भगवान् श्रीगणेशको कथाले प्राश्निक र उत्तरदाता दुबैलाई पवित्र गराउँछ । मैले जे कुरा भन्नुपर्छ भनेर सोचेको थिएँ, त्यसै विषयमा तपाईंले प्रश्न गर्नुभयो। अब म भक्तिका कारण ज्यादै प्रसिद्ध ती शुक्लब्राह्मणको कथा बताउँछु।।२६-२७।। भगवान् श्रीगणेश सर्वज्ञ र सर्वसाक्षी हुनुहुन्छ । उहाँले सबैका मनको भावना बुझ्नुहुन्छ। उहाँ भक्तिबाट मात्र खुसी हुनुहुन्छ। वास्तवमा उहाँमा सद्भाव राख्नु नै उहाँका लागि सन्तुष्टिदायक विषय बन्दछ । कसैले भक्तिपूर्वक पत्र, जल र पुष्प टक्र्याउँछ भने त्यसबाट सन्तुष्ट हुनुहुने श्रीगणेश त्यो भक्तका वशमा पर्नुहुन्छ । कसैले घमण्ड र हेला गरेर अथवा लाज मानेर भगवान्लाई धेरै धन, ठूलो सम्पत्ति, अनेक थरि रत्न, मोतीको हार, सुन र चाँदी प्रदान गर्दछ भने पनि त्यो व्यर्थ हुन्छ। एउटा शमीको पात टक्र्याउने व्याधलाई उहाँले आफ्नै गणेशधाममा पठाउनु भएको थियो ।।२८-३१।। यद्यपि त्यस व्याधले श्रद्धा र भक्तिका साथ शमीको पत्र चढाएको थिएन । त्यस्तै प्रसङ्ग पर्नाले त्यसको हातको शमीको पात भगवान्को मूर्तिमा पर्न गएको थियो । अनायास प्राप्त भएको एउटा शमीपत्रले मात्र भगवान् खुसी हुनुभयो। वास्तवमा भगवान्को भक्ति सबभन्दा ठूलो कुरा हो।।३२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते भक्तिप्रशंसाकथनं नाम पञ्चविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'भक्तिप्रशंसा' शीर्षकान्वित पच्चीसौं अध्याय पूर्ण भयो ।।२५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षड्विंशोध्यायः { २६ अध्याय }

मुनिरुवाच

किं कर्म कृतवान् व्याधः कथं पत्रं समर्पितम्।
किंनामा स कथं प्राप्तः सालोक्यं तद् वदस्व मे।।१।।

क उवाच

विदर्भदेशे नगरं मदिषाख्यं बभूव ह।
विख्यातं त्रिषु लोकेषु कुबेरनगरोपमम्।।२।।

भीमोनामाऽभवद् व्याधो नगरे मांसविक्रयी।
परेषां दोषकथने दोषो यद्यपि वर्तते।।३।।

प्रश्ने कृते तु वक्तव्यो याथातथ्यान्न मत्सरात्।
स भीमो दोषबहुलो बाणकोदण्डवान् वने।।४।।

शरपूर्णेषुधी खड्गी चापं बिभ्रच्च शस्त्रिकाम्।
अवधीत् प्राणिनो नित्यं कुटुम्बभरणे रतः।।५।।

पथिकान् ब्राह्मणाँश्चापि निर्दयो निर्जने वने।
कदाचिन्नगरे तस्मिन् समारब्धो महोत्सवः।।६।।

प्रातरेव वनं यातो बहुमांसजिघृक्षया।
विक्रयेच्छुर्द्रव्यलुब्धो कुटुम्बस्यापि पोषकः।।७।।

जघान मृगयूथाँस्तान् मांसभारयुतः पुरम्।
यावत् प्रविशते तावदागतो राक्षसो महान्।।८।।

मनुष्यगन्धहृष्टोऽसौ ययौ तस्यान्तिकं क्षणात्।
पिङ्गाक्षो नामतः पिङ्गनेत्रः सर्वभयङ्करः।।९।।

व्यासले सोध्नुभयो - त्यस व्याधाले के काम गर्‍यो? कसरी शमीको पात श्रीगणेशलाई समर्पण गर्‍यो ? त्यस व्याधाको नाम के थियो र त्यो कसरी भगवान्‌को गणेशधाममा पुग्यो ? यी कुराहरूको उत्तर मलाई बताउनुहोस्।।१।।

ब्रह्माजीले भन्नुभयो - विदर्भ देशमा तीन लोकमा नै प्रख्यात मदिषानामक नगर थियो । त्यस नगरको ऐश्वर्य कुबेरको अलका पुरीसमान थियो। त्यहाँ शहरमा पसल थापेर एउटा भीमनामक व्याधा मासु बेच्ने काम गर्ने व्याधा बस्दथ्यो। यद्यपि अरूका दोष-अपराध बताउँदा आफूमाथि त्यो दोष-अपराध आइलाग्छ । यसो हो तापनि हे व्यास ! तपाइँले प्रश्न गरेपछि मैले यथार्थ बताउनुपर्ने हुन्छ। यस्ता कुरामा इर्ष्या-द्वेषका भावना राख्नुहुँदैन । त्यो भीमनामक व्याधा अपराधी थियो। हातमा धनुष र बाण धारण गरी नित्य वनमा भ्रमण गर्दथ्यो । जतिबेला पनि त्यसका धनुषमा बाण भरिएकै हुन्थे। त्यसका साथमा तरबार, धनुष र छुरा कहिल्यै छुट्दैनथे। यिनै शस्त्रास्त्रको माध्यमबाट त्यसले नित्य प्राणीहरूको वध गर्दथ्यो। त्यसबाट नै त्यसले आफ्ना परिवारको लालनपालन गरिरहेको थियो ।।२-५।। त्यसले निर्जन वनमा बाटामा हिंड्ने ब्राह्मण-हरूलाई पनि छोडेन । कुनै दिन त्यस मदिषानगरमा ठूलो उत्सव आरम्भ भयो । त्यो भीमनामक व्याधा बिहानै उठेर धेरै मासुको सङ्ग्रह गर्न भनी वनतर्फ लाग्यो। धनको लोभी, मांसविक्रय गरी अत्यधिक धनार्जन गर्न खोज्ने र कुटुम्बको पालन गर्न चाहने त्यस व्याधाले झुण्डका झुण्ड मृगहरू मार्‍यो। जब त्यो मासुको भारी बोकेर नगरभित्र पस्दै थियो त्यस बेला त्यसका सामु एउटा पिङ्गाक्षनामक भयानक राक्षस आइपुग्यो । त्यसका आँखा पहेंला थिए, स्वरूप डरलाग्दो र स्वभाव कुटिल थियो। त्यसले मानिस र जङ्गली जनावर जे पाए पनि खान्थ्यो । जति खाए पनि नधाउने त्यो राक्षस आगोजस्तै थियो । त्यसले भीमनामक व्याधालाई देखेपछि त्यसका शरीरका गन्धले खुसी भई त्यो राक्षस त्यस व्याधाको नजिकमा पुग्यो।।६-९।। राक्षसलाई देखेर मानिस र जङ्गली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्यश्वापदाशी स दुष्पूर इव हव्यभुक्।
चकम्पे स च तं दृष्ट्वा व्याधो भूमावथाऽपतत्।।१०।।

पतितानि च शस्त्राणि नेत्रेऽप्याच्छादिते बलात्।
उन्मील्य नयनेऽपश्यच्छमीवृक्षं समीपतः।।११।।

आरुरोह च भीमस्तं राक्षसोऽपि समारुहत्।
तावच्चिक्षेप शाखां स तत्पत्रं वायुनेरितम्।।१२।।

पपात गणनाथस्य वामनस्थापितस्य ह।
मस्तके तेन तुष्टोऽसावुभाभ्यां पूजितः स्फुटम्।।१३।।

वामनाय वरान् दातुं स्फुटो योऽभूद् गजाननः।
बलिं विजेतुकामाय कश्यपस्यात्मजाय सः।।१४।।

अत्यन्तं तुष्यते देवो दूर्वया च शमीदलैः।
रत्नकाञ्चनसंयुक्ता दिव्यवस्त्रसमन्विता।।१५।।

दूर्वाङ्कुरं विना पूजा निष्फला जायते नृणाम्।
शमीपत्रेण वा सा स्यात् सफला नान्यथा क्वचित्।।१६।।

यज्ञदानव्रतैरन्यैस्तपोभिर्नियमैरपि।
तथा न प्रीयते देवः काञ्चनै रत्नसञ्चयैः।।१७।।

दूर्वाभिश्च शमीपत्रैर्यथा सुप्रीयते विभुः।
तयोस्तुष्टो देवदेवोऽप्रेषयद् यानमुत्तमम्।।१८।।

स्वरूपधारिभिर्युक्तं किङ्करैर्निजलोकतः।
तेषां निरीक्षणान्नष्टाः पापपर्वतराशयः।।१९।।

कृपया च गणेशस्य तयो राक्षसभीमयोः।
यथाग्निकणसम्पर्कान्नश्यन्ते तृणपर्वताः।।२०।।

जनावर खाएर कहिल्यै नअघाउने अग्निसमान सर्वभक्षी र अतृप्त स्वभावको त्यो व्याधा काँप्यो र उपाय केही नपाएर भुइँमा लड्यो । त्यसका शस्त्रहरू पनि भुइँमा खसे र आँखा पनि आफै बन्द भए । धेरै बेरपछि त्यसले आँखा खोलेर हेऱ्यो, त्यसका सामु एउटा शमीको वृक्ष थियो ।।१०-११।। त्यो भीम शमीको रूखमा चढ्यो र राक्षस पनि त्यसैमा चढ्यो। भीम र पिङ्गाक्ष जुन हाँगोमा बसेका थिए त्यस हाँगाका केही पात हावाद्वारा हल्लिरहेका थिए । ती दुबैले तिनै पात टिपेर भुइँमा फ्याँकि। भुइँमा भगवान् वामनले स्थापना गर्नुभएको गणेशको मूर्तिमाथि शमीका पातहरू परे । त्यसकारण भगवान् गणेश प्रसन्न हुनुभयो । यसरी नजानीकन दुबैले भगवान् श्रीगणेशको पूजा गरे ।१२-१३।। प्राचीन समयमा कश्यप ऋषिका छोरा भगवान् वामनले राजा बलिलाई जित्ने उद्देश्यले श्रीगणेशको आराधना गर्दा वामनसँग प्रसन्न भएर श्रीगणेशले गजाननको रूपमा दर्शन दिई वामनलाई वरदान दिनुभएको थियो । त्यसपछि भगवान् वामनले त्यस मूर्तिको प्रतिष्ठा गर्नुभएको थियो । वामनद्वारा स्थापित भगवान् गणेश शमीका पात र दूर्वाङ्कुर अर्पण गरी आराधना गर्दा अत्यन्त छिटो प्रसन्न हुनुहुन्छ । पूजाको सामग्रीमा रत्न, सुवर्ण, अलङ्कार, वस्त्र यी सबै कुरा रहे तापनि दूर्वाङ्कुर र शमीका पात हुँदैनन् भने मानिसले गरेको गणेशको पूजा निष्फल हुन्छ । दूबो नपाइएको स्थितिमा शमीका पात अर्पण गरेर पूजा गर्दा पनि दूबो अर्पण गरेको फल प्राप्त हुन्छ ।।१४-१६।। शमीका पात नपाइँदा दूर्वाङ्कुर चढाए पनि शमीको पात चढाएको फल प्राप्त हुन्छ। दूबो नपाइएमा शमीका पातले पूजा गर्दा भगवान् उत्तिकै प्रसन्न हुनुहुन्छ । यज्ञ, दान, व्रत, तपस्या, नियमहरू गर्दा र रत्न एवं सुन चढाएर पूजा गर्दा पनि भगवान् त्यति छिटो प्रसन्न हुनुहुन्न, जति छिटो दूबो र शमीका पात चढाउँदा प्रसन्न हुनुहुन्छ। राक्षस र व्याधासँग खुसी हुनुभएका भगवान् गणेशले आफूसमान रूप धारण गर्ने गणहरूका साथ आफ्नो धामबाट एउटा उत्तम विमान पठाउनुभयो।।१७-१८।। जसरी आगाको सम्पर्कमा परेपछि ठूला-ठूला सुकेका पातका राशि समाप्त हुन्छन् त्यस्तै श्रीगणेशको कृपा र उहाँका दूतहरूको दर्शनबाट व्याधा र राक्षस दुबैका पर्वतराशिसमान पापराशि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यक्त्वा देहौ दिव्यदेहौ गृहीत्वा यानमास्थितौ।
दूतैः सम्पूजितौ नानावस्त्रभूषाविलेपनैः।।२१।।

नानावादित्रनिर्घोषैः स्त्रीगन्धर्वैर्युतं महत्।
नीतौ तौ देवनिकटे नेमतुस्तौ विनायकम्।।२२।।

अशेषपापनिर्मुक्तौ प्रापतुस्तौ सरूपताम्।
आकल्पं स्थापितौ तेन गणेशेन निजस्थले।।२३।।

एवं भावप्रियो देवः प्रीयते भक्तिभावतः।
तथैव मुष्टिमात्रान्नात् सन्तुष्टोऽभूद् द्विजस्य सः।
शुक्लस्य प्रददौ दिव्यमलकासदृशं गृहम्।।२४।।

तस्माद् दूर्वाशमीपत्रैर्विना पूजा वृथा भवेत्।
न महत्या दाम्भिकया पूजया प्रीयते तथा।।२५।।

यथा भावेन कृतया स्वल्पयाऽसौ गजाननः।।२६।।

नष्ट भए ।।१९-२०।। ती दुबैले शरीरत्याग गरेर दिव्यशरीर धारण गरी भगवान्‌ले पठाएको विमानमा आरोहण गरे। भगवान् श्रीगणेशका सेवकहरूले अनेक थरि वस्त्र, अलङ्कार सुगन्ध प्रदान गरेर सम्मान गरे। त्यो विमान विभिन्न किसिमका बाजागाजा र अप्सरा एवं गन्धर्वले भरिएको थियो। ती दुबैलाई दूतहरूले भगवान् श्रीगणेशको सामु पुऱ्याए। तिनले पनि नम्र भएर भगवान्‌लाई प्रणाम गरे।।२१-२२।। ती दुबै भगवान्‌को कृपाबाट पापमुक्त भएर भगवान्‌कै स्वरूपमा प्राप्त भए। भगवान् श्रीगणेशले ती दुबैलाई एक कल्पसम्म आफ्नो धाममा राख्नुभयो। यी सब कुराहरूबाट प्रमाणित हुन्छ कि भगवान् भक्तिका प्यारा हुनुहुन्छ र अत्यन्त छिटो प्रसन्न हुनुहुन्छ। यस्तै किसिमबाट शुक्लनाम गरेका ब्राह्मणले श्रद्धापूर्वक एक मुठी अन्न टक्र्याई भगवान्‌लाई सन्तुष्ट बनाए। ती शुक्ललाई भगवान्‌ले अलका नगरीमा विराजमान कुबेरको राजभवनसमान दिव्य भवन दिनुभयो।।२३-२४।। त्यसकारण दूबो र शमीका पातविना गरिएको गणेशको पूजा व्यर्थ हुन्छ। सम्पन्न मानिसहरूले अहङ्कार देखाएर ठूलो तयारीका साथ पूजा गर्दा पनि भगवान् खुसी हुनुहुन्न तर कसैले भक्तिभावले पूजा गर्दछ भने त्यसको सामान्य पूजाबाट पनि भगवान् प्रसन्न हुनुहुन्छ।।२५-२६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे पिङ्गलव्याध-भीमराक्षसमोक्षणं नाम षड्विंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'पिङ्गलनामक व्याधा र भीमनामक राक्षसलाई मुक्ति प्राप्ति' शीर्षकान्वित छब्बीसौं अध्याय पूर्ण भयो ।।२६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तविंशोध्याय: { २७ अध्याय }

व्यास उवाच

पूर्वजन्मनि व्याधोऽसौ क आसीद् राक्षसोऽपि सः।
किंशीलः किंसमाचारस्तन्ममाचक्ष्व नाभिज।।१।।

अनुष्ठानं कृतं तेन वामनेन कथं प्रभो।
कथं तस्मै वरो दत्तो गजाननस्वरूपिणा।।२।।

लोको गणेशस्य कथं पृथगन्यत्र तिष्ठति।
कथं शमी प्रिया तस्य सर्वमेतद् वदाशु मे।।३।।

क उवाच

शृणु वक्ष्यामि ते सर्वं यद् यत् पृष्टं त्वया मुने !
राजासीत् पूर्वजनुषि स व्याधो वेदपारगः।।४।।

सर्वशास्त्रप्रवक्ता च सर्वलक्षणलक्षितः।
यज्वा विनीतो ह्रीमाँश्च देवताऽतिथिपूजकः।।५।।

गजाश्वरथपत्तीनां सङ्ख्या यस्य न विद्यते।
दाता शूरश्च मेधावी समृद्धो मघवानिव।।६।।

ध्वजश्च शत्रुजिद् यस्य प्रधानौ बुद्धिमत्तरौ।
यतोऽधरीकृतः काव्यो गिराम्पतिरपि स्फुटम्।।७।।

यौ तौ क्षितितले जेतुं समर्थौ शस्त्रतेजसा।
पत्नी सुलक्षणाऽस्यासीन्नाम्ना च मदनावती।।८।।

पतिव्रता धर्मशीला सुमुखी सर्ववेदिनी।
न तया सदृशी काचित् त्रिषु लोकेषु कामिनी।।९।।

दीनानाथवृद्धजने कृपालुरतिथिष्वपि।
यजतोर्ददतोरेवं रतयोः पूजने सताम्।।१०।।

तयोर्वृत्तेन तुतुषुः पौरा जानपदा जनाः।
अमित्रा अपि गृह्णन्ति षड्गुणान् साधुसम्मतान्।।११।।

व्यासले भन्नुभयो - पूर्वजन्ममा व्याधा र राक्षस को थिए ? ती कस्तो शील र स्वभावका थिए ? कस्तो चरित्र र विचारका थिए ? ती कुरा पनि मलाई बताउनुहोस् । त्यसपछि भगवान् वामनले कसरी श्रीगणेशको आराधना गर्नुभयो ? कसरी गजानन रूपधारी श्रीगणेशले उहाँलाई वरदान दिनुभयो ? कैलास र वैकुण्ठभन्दा छुट्टै कुन ठाउँमा भगवान् श्रीगणेशको धाम रहेको छ ? किन भगवान्ले शमीको पात रुचाउनुहुन्छ ? यी सबै कुराको उत्तर दिनुहोस्।।१-३।।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! तिमीले जे कुरा सोधेका छौ म ती सबैको उत्तर दिन्छु, तिमीले सुन । हे वेदव्यास! पूर्वजन्ममा त्यो व्याधा वेदमा पारङ्गत राजा थियो। त्यो सबै शास्त्र जान्ने, शास्त्रका रहस्यको व्याख्या गर्ने, सबै प्रकारका उदात्त गुणले सम्पन्न, निरन्तर यज्ञ गर्ने, नम्र स्वभावको, नचाहिँने काम गर्दा लाज मान्ने र देवता एवं पाहुनाहरूको सत्कार गर्ने उत्तम स्वभावको मानिस थियो।।४-५।। त्यसको राज्यमा हात्तीसेना, अश्वसेना, रथसेना र पैदलसेना कति थिए ? तिनको गणना गर्न सकिंदैनथ्यो। त्यो राजा दाता, शूरवीर, बुद्धिमान् र इन्द्रझैं ऐश्वर्यसम्पन्न पनि थियो।।६।। त्यसका दुई जना बुद्धिमान् मन्त्रीहरू थिए। एउटाको नाम ध्वज थियो भने अर्काको नाम शत्रुजित् थियो। ती दुबै अमात्यहरूले आफ्नो बुद्धिकौशलबाट शुक्राचार्य र बृहस्पतिलाई पनि परास्त गरेका थिए। तिनले आफ्नो शस्त्रास्त्रको तेजबाट सम्पूर्ण पृथिवीमण्डललाई वशवर्ती तुल्याएका थिए । ती राजाकी रानीको नाम मदनावती थियो। ती उत्तम लक्षणले सम्पन्न, धर्मनिष्ठ, सौम्य अनुहारकी, लोकव्यवहारको ज्ञानमा कुशल पतिव्रता नारी थिइन् । तिनको तुलना संसारका कुनै नारीसँग गर्न सकिदैनथ्यो। ती रानी दीन, अनाथ र वृद्धजनहरूमा कृपालु थिइन्। अतिथिहरूको सम्मान गर्दथिन्। यसरी ती राजा र रानी यज्ञ, दान, सज्जनको सम्मानजस्ता सुकर्म गर्दै आफ्नो गृहस्थधर्मको निर्वाह गरिरहेका थिए ।।७-१०।। तिनीहरूको सदाचारले गाउँ र नगरका सबै जनताहरू प्रसन्न थिए। शत्रुहरूले पनि सज्जनहरूद्वारा प्रशंसनीय षड् गुण - सन्धि, विग्रह, यान, आसन, द्वैध र आश्रय नामका गुणहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं स पुण्यकीर्तिः सन् शशास पृथिवीमिमाम्।
बहुसंवत्सरं दैवात् कालधर्ममुपेयिवान्।।१२।।

मरिष्यमाणश्चक्रेऽसौ गोसहस्त्रं यथाविधि।
महादानान्यपि ददौ दशाष्टौ चेतराणि च।।१३।।

मृतेऽस्मिन् नगरी सर्वा शुशोच नृपतिं तदा।
अपुत्रत्वात् सहैवास्य पत्नी सहगतिं ययौ।।१४।।

मन्त्रिणौ सर्वसंस्कारान् कारयामासतुर्द्विजैः।
एकादशाहे ददतुर्नानादानानि भक्तितः।।१५।।

गते मासे मन्त्रयतो राज्यार्हं कुलजं नरम्।
धीमन्तं सत्त्वसम्पन्नं शूरं सत्यपराक्रमम्।।१६।।

दुर्धर्षस्य सुतं तस्य दायादस्य महाबलम्।
क्षेत्रजं साम्बनामानं राज्ञा शिष्टञ्च तावुभौ।।१७।।

अमात्यौ निश्चयं कृत्वा राज्यं दातुं तु तस्य ह।
पौरजानपदान् सर्वान् ब्राह्मणान् परिपृच्छ्य च।।१८।।

शुभे मुहूर्त्ते लग्ने च नानासम्भारसञ्चयैः।
कारयामासतुरुभावभिषेकं द्विजैः सह।।१९।।

मुनिरुवाच

कथं क्षेत्रात् समुत्पन्नः किंजातीयः पितामह !
स साम्बस्तन्ममाचक्ष्व सर्वज्ञोऽसि कृपानिधे।।२०।।

क उवाच

दुर्धर्षेण कृता यत्नाः पुत्रार्थं बहुधा मुने !
न च जातः सुपुत्रोऽस्य दुष्टदैवयुतस्य ह।।२१।।

तस्य पत्न्या प्रमदया कैवर्तासक्तचित्तया।
जनितः सुमुहूर्ते स न ज्ञातो जारजस्त्विति।।२२।।

यावन्ति राजचिह्नानि तावन्ति ददतुश्च तौ।
निवेद्य कोशसहितं सर्वं राज्यं सराष्ट्रकम्।।२३।।

अमात्यपदनिष्ठौ तौ जातावास्तां यथा पुरा।
स राज्यं प्राप्य दुर्धर्षसुतो मत्तः श्रियाऽभवत्।।२४।।

कहाँ कसरी प्रयोग गर्नुपर्छ भन्ने कुरा तिनबाट ग्रहण गर्दथे अर्थात् सिक्दथे । यसरी ती राजाले चारैतिर उत्तम कीर्ति फैलाएर पृथिवीमण्डलमा शासन गरिरहेका थिए। धेरै वर्ष राज्य गरी दैववश ती राजा दिवङ्गत भए।।११-१२।। मर्ने बेलामा तिनले विधिपूर्वक एक हजार गाई दान गरेका थिए र अठार प्रकारका महादान पनि गरेका थिए। जब ती मरे, त्यसबेला सारा नगर चिन्तित भयो । छोरा नभएकाले पत्नी पनि पतिका साथै चितामा जलेर मरिन्। मन्त्रीहरूले ब्राह्मणहरूको माध्यमबाट राजा र रानीको अन्तिम संस्कार गराए। एघारौं दिनका दिन मन्त्रीहरूले भक्तिपूर्वक राजा र रानीका निमित्त अनेक थरि दान प्रदान गरे।।१३-१५।। राजा-रानी दिवङ्गत भएको एक महिना बितेपछि ती दुबै मन्त्रीले राजाको पदमा बस्नयोग्य उक्त कुलको योग्य उत्तराधिकारी चयन गर्ने विषयमा मन्त्रणा गरिरहेका थिए । ती दुबै मन्त्रीहरूले पुरानो राजाका नातेदार, बुद्धिमान्, आत्मबलसम्पन्न, शूर, सत्य पराक्रम गर्ने राजाको अपुताली खान दुर्धर्ष राजाका क्षेत्रज छोरा साम्बलाई राजा बनाउने निधो गरे । त्यसबेला नगर र गाउँमा बस्ने सबै जनता र ब्राह्मणहरूसँग सल्लाह गरेर त्यो निधो गरियो ।।१६-१८।। उत्तम मुहूर्त र उत्तम लग्नमा राज्याभिषेकका लागि सामग्रीहरूको सञ्चय गरी ती दुबै मन्त्रीहरूले ब्राह्मणहरूका साथ साम्बको राज्याभिषेक गरे ।।१९।।

व्यासले सोध्नुभयो - हे ब्रह्माजी ! त्यो साम्ब कुन जातको मानिस हो र कसरी क्षेत्रज पुत्र मानियो ? मलाई बताउनुहोस्, किनकि तपाइँ दयालु र सर्वज्ञ पनि हुनुहुन्छ।।२०।।

ब्रह्माजीले भन्नुभयो - दुर्धर्षनामक राजाले पुत्रप्राप्तिका लागि धेरै प्रयास गरेका थिए। दैवको सुदृष्टि नपरेका कारण तिनलाई पुत्र प्राप्त भएन। तिनकी पत्नीले डुँगा चलाउने बोटेलाई भित्रभित्रै माया गर्थिन् र त्यसैको परिणामस्वरूप राम्रो मुहूर्तमा एउटा बालक जन्म्यो। राजालाई यो बालक जारबाट जन्मेको भन्ने थाहा भएन।।२१-२२।। जति राजपुत्रले पाउनुपर्ने राजकुमारका सुविधाहरू हुन्, ती सबै सुविधा र सामग्री राजाले त्यो पुत्रलाई प्रदान गरेका थिए । एक दिन तिनले कोशसहित सम्पूर्ण राज्य त्यसलाई सुम्पिदिए।।२३।। दुईजना अमात्यहरूले त्यसको संरक्षण गरिरहेका थिए। राज्य पाएपछि दुर्धर्षको छोरा सम्पत्तिले उन्मत्त भयो। सुरा, सुन्दरी र मांस भोजनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीमांसमदिरासक्तो मत्तो गज इवालसः।
दुराचाररतो नित्यं नयमार्गपराङ्मुखः।।२५।।

आदाय धनिनां सर्वं धनं तान् निरवासयत्।
अपमानञ्चकाराशु ब्राह्मणानां सतामपि।।२६।।

बहिश्चकार तान् सर्वान् वृत्तिमाच्छिद्य सान्ततिम्।
शिष्टः स्म प्रकृती नीतिं न तद्वाक्यं समाददे।।२७।।

वारं वारं यदा तौ तं शिष्टः स्म करुणायुतौ।
अमात्यौ स बबन्धाशु निगडाभ्यां रुषान्वितः।।२८।।

शिक्षापयन्तौ पितरौ तस्य तं दुर्हृदं सुतम्।
यत्प्रसादात् त्वया प्राप्तं राज्यं निहतकण्टकम्।।२९।।

विनिग्रहं कथं साध्वोस्तयोस्त्वं कुरुषे खल !
अनादृत्य तु तद्वाक्यं पीयूषमिव पामरः।।३०।।

शृङ्खलाभ्यां निबद्धौ तौ कारागारेऽध्यवासयत्।
अतिदुष्टो दुष्टबुद्धिनामाभूत् तत्सखाऽनिशम्।।३१।।

तमेव सचिवं चक्रे दत्त्वाऽश्वं काञ्चनं गजम्।
रत्नानि दिव्यवासांसि राङ्कवास्तरणानि च।।३२।।

दासीदासानसङ्ख्यातान् पानान्यन्नञ्च नारिकम्।
न करोत्यस्य वाक्यं यस्तस्य छेत्स्ये शिरो बलात्।।३३।।

इत्युक्त्वा सर्वलोकेषु साम्बोऽन्तःपुरमाययौ।।३४।।

आसक्त त्यो राजपुत्र मत्ता हात्तीझैं भ्रमण गरिरहन्थ्यो र कर्तव्य पालनमा अत्यन्त अल्छी थियो। सधैं दुराचारमा संलग्न रहने त्यो राजपुत्र नीतिको मार्गबाट धेरै टाढा थियो ।।२४-२५।। त्यसले धनीहरूका धन लुटेर तिनलाई राज्यबाट निकाला गरिदियो। ब्राह्मण र सज्जनहरूको अपमान गर्दै त्यसले तिनको जीविका पनि खोसिदियो। राज्यको दुर्दशा देख्न नसकी जनताप्रति अत्यन्त दयालु मन्त्रीहरूले उत्तम राजनीतिको विषमा धेरै पटक उपदेश दिए तर त्यसले मन्त्रीका वचनको पनि आदर गरेन। जब ती मन्त्रीले सुधार्ने नियतले पटक-पटक उपदेश दिए । त्यसबेला रिसाएको त्यो राजपुत्रले दुबै मन्त्रीलाई पाता कसेर बाँध्यो।।२६-२८।। दुर्धर्ष र तिनकी पत्नीले आफ्ना पुत्र साम्बको दुराशयपूर्ण व्यवहार देखेर शिक्षा दिंदै भने - बाबु ! तिमीले ती मन्त्रीहरूकै कृपाबाट यो निष्कण्टक राज्य प्राप्त गऱ्यौ । त्यस्ता सज्जन यी मन्त्रीहरूलाई किन थुनेका छौ? ती दुबैलाई मुक्त गर । आफ्ना जन्मदाता मातापिताको वाक्यलाई त्यसले मूर्खले अमृत लत्याएझैं लत्यायो र ती दुबैलाई जञ्जिरले बाँधेर कारागार पुऱ्याई थुन्ने काम गऱ्यो । दुष्ट बुद्धिनामक स्वभावैले दुष्ट त्यसको एउटा मित्र थियो।।२९-३१।। साम्बले त्यस दुष्ट बुद्धिनामक मित्रलाई घोडा, हात्ती, सुवर्णमुद्रा, रत्न, दिव्य वस्त्र र उत्तम कम्बलसमेत प्रदान गरी मन्त्री बनायो। त्यतिमात्र होइन, त्यसले त्यस मन्त्रीलाई दास-दासीका साथै पेय पदार्थ, अन्न र जल पनि प्रदान गरेको थियो । एकदिन त्यसले मेरा मन्त्रीले भनेको कुरा जसले मान्नेछैन त्यसको टाउको काट्नेछु भनी सबैलाई आदेश दिएर अन्तपुरमा प्रवेश गऱ्यो ।। ३२-३४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते साम्बदुःशासनवर्णनं नाम सप्तविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'साम्बनामक राजाको दुराचारवर्णन' शीर्षकान्वित सत्ताईसौं अध्याय पूर्ण भयो ।।२७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टाविंशोऽध्यायः

क उवाच

स राजकार्यं कुरुते स्वयं भुङ्क्ते वरस्त्रियः ।
राष्ट्रे शृणोति रामां सोऽपतिं वा सपतिं तथा ।।१।।

बलादानयते भोक्तुं क्रन्दतां रुदतामपि ।
न वा गणयते ज्ञातिभेदं विषयलम्पटः ।।२।।

या चोन्नतकुचा नारी तस्य दृष्टिपथं गता ।
तामालिङ्गत्यसौ कामी चुम्बतीमां यभत्यपि ।।३।।

परद्रव्याणि गृह्णाति स्त्रियोऽपि स बलात् पुनः ।
सोऽपि तादृग्गुणो मन्त्री दुष्टबुद्धिपथे रतः ।।४।।

एवं दुराचाररतौ न कन्यां न च मातरम् ।
न वर्जयन्तौ सम्भोगे भगिनीमपि निर्घृणौ ।।५।।

न ब्रह्महत्यां मनुतो न स्त्रीबालवधं तथा ।
एवं पापसमाचारौ पापस्य पर्वताविव ।।६।।

आस्तामुभौ दुष्टबुद्धी राजामात्यौ सुदुःसहौ ।
न ब्राह्मणो यतिर्वापि तद्गृहे याति भिक्षितुम् ।।७।।

न राष्ट्रे नाम तस्यापि गृह्णाति प्रकृतेरपि ।
एकदा मृगयार्थं तौ यातः स्म गहनं वनम् ।।८।।

घ्नतः स्म मृगयूथानि पक्षियूथान्यनेकशः ।
तानि प्रापय्य नगरमश्वारूढौ स्वयं पुनः ।।९।।

वैनायकं महास्थानं पथि तौ पश्यतः स्म ह ।
यस्मिन् विराजते मूर्तिर्जीर्णा वैनायकी शुभा ।।१०।।

स्थापिता रामपित्रा सा पुत्रार्थं कुर्वता तपः ।
भक्त्या साक्षात्कृतो यत्र देवदेवो विनायकः ।।११।।

दशाक्षरेण मन्त्रेण ध्यायता बहुवासरम् ।
दत्त्वा तस्मै वरान् देवो विदधे वाञ्छितानपि ।।१२।।

{ २८ अध्याय }

ब्रह्माजीले भन्नुभयो- राजसिंहासनमा आसीन साम्बले राजकाज गर्दै सम्पूर्ण सुखसुविधा आफै भोगिरहेको थियो । कुनै सुन्दरी राष्ट्रमा छन् भन्ने थाहा पाएपछि ती सधवा अथवा विधवा जस्तीसुकै भए पनि जबर्जस्ती ल्याएर तिनीसँग भोग गर्दथ्यो। रोइरहेका र विलाप गरिरहेका मानिसहरूले यसो गर्न हुन्न भन्दा पनि त्यसले वास्ता गर्दैनथ्यो । दाजुभाइ र बन्धु-बान्धवका छोरीबेटी पनि त्यसले भनेन । विषयलम्पट त्यस राजाको दृष्टि ठूला स्तन भएका नारीहरू माथि पर्नासाथ त्यसले तिनीहरूलाई आलिङ्गन, चुम्बन र बलात्कार गर्दथ्यो। अरूको धनसम्पत्ति लुट्ने र विवाहित नारीहरूमाथि बलात्कार गर्ने कामसमेत गर्दथ्यो । जुन चरित्रको राजा थियो त्यसको मन्त्री पनि त्यस्तै दुष्ट चरित्रको थियो । त्यसका मनमा सद्बुद्धि कहिल्यै पनि आएन ।।१-४।। यसरी राजा र मन्त्री दुबै दुराचार र भ्रष्टाचारमा लिप्त थिए । तिनीहरूले कुनै कन्या देख्न हुँदैनथ्यो। निर्लज्ज स्वभावका ती राजा र मन्त्रीले सम्भोगको मामलामा आमा र बहिनी पनि भन्दैनथे। तिनलाई ब्रह्महत्याको डर थिएन, स्त्रीहत्या र बालहत्या गर्न पनि कुनै सङ्कोच थिएन । ती पापाचारी राजा र मन्त्री दुबै पापका पर्वत नै बनेका थिए ।।५-६।। ती दुबै जनताका निमित्त असह्य भए। तिनका घरमा ब्राह्मण, संन्यासी कुनै पनि भिक्षा माग्न जाँदैनथे । राष्ट्रमा कुनै पनि मानिसले राजा र मन्त्रीको नाम लिन चाँहदैनथे । एक दिन ती दुबै राजा र मन्त्री घनघोर जङ्गलमा शिकार खेल्न गए । त्यहाँ तिनले मृग र पक्षीका बथान मारे । ती दुबै मरेका मृग र पक्षीलाई लिएर घोडामा सवार भई राजधानी फर्कँदै थिए। तिनले मार्गमा भगवान् श्रीगणेशको ठूलो मन्दिर देखे । जुन मन्दिरमा भगवान् श्रीगणेशको पुरानो जीर्ण-शीर्ण मूर्ति थियो ।।७-१०।। अघि श्रीरामका पिता दशरथले तपस्या गर्दा त्यस मूर्तिको प्रतिष्ठा गरेका थिए । तिनले आराधनाको क्रममा धेरै दिनसम्म दशाक्षर मन्त्र जपी भक्तिपूर्वक ध्यान गर्दा श्रीगणेशको दर्शन पाएका थिए । भगवान् श्रीगणेशले वरदान दिएर तिनका कामनाहरू पूरा गराउनु भएको थियो । त्यसपछि दशरथले वशिष्ठ ऋषिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो वसिष्ठहस्तेन तेनेयं स्थापिता दृढा ।
वरदेति च नामास्या वसिष्ठेन कृतं ततः ।
अस्या दर्शनतो नृणां पुरुषार्थाश्चतुर्विधाः ।
स्मरणात् पूजनाद् वापि सेत्स्यन्ते नात्र संशयः ।।१३।।
एवं वसिष्ठवाक्येन स्थानं तद् भुवि पप्रथे ।
गणेशभजनेनाऽस्य स्मरणेनाऽर्चनेन च ।।१४।।
रामलक्ष्मणभरताः शत्रुघ्नसहिताः सुताः ।
जाता लोकेषु विख्याताः सर्वज्ञाः शूरसम्मताः ।।१५।।
एवं दृष्ट्वा महारम्यं प्रासादं राजनिर्मितम् ।
उत्तेरतुरश्वपृष्ठाद् राजामात्यौ पुपूजतुः ।।१६।।
पत्रैः पुष्पैर्नेमतुस्तं सर्वपापहरं विभुम् ।
प्रदक्षिणीकृत्य विभुमीयतुः क्षणमात्रतः ।।१७।।
एतदेव परं पुण्यं देवाज्जातं तयोस्तदा ।
एवं पापसमाचारौ राज्यं कृत्वाऽथ मम्रतुः ।।१८।।
बध्वा पाशैर्याम्यदूतैर्नीतौ तौ शमनान्तिकम् ।
चित्रगुप्तं समाहूय पप्रच्छ स शुभाशुभम् ।।१९।।
तेनोक्तं न तयोरस्ति पुण्यलेशो रवेः सुत ।
पापानां गणना नास्ति दूतांश्चैवेदमब्रवीत् ।।२०।।
बध्यतां बध्यतामेतौ लोहदण्डेन पात्यताम् ।
कुण्डे वीचिमये पङ्क्तिसहस्रपरिवत्सरान् ।।२१।।
एकैकस्मिन् क्रमेणैतौ कुण्डे भुक्त्वाऽघसञ्चयान् ।
क्षिप्यतां मृत्युलोके च नीचयोनिगतावुभौ ।।२२।।
अनयोः पुण्यलेशोऽस्ति दूताः शृणुत तत्कृतिम् ।
प्रसङ्गादर्चितो दृष्टो देव आभ्यां गजाननः ।।२३।।
तेन पुण्येन सोऽप्येतावुद्धरिष्यति तत्र वै ।
एवमाकर्ण्य तद्वाक्यं दूतैर्बद्धौ हतौ दृढम् ।।२४।।
कुम्भीपाके शोणितोदे निरये रौरवेऽपि तौ ।
निक्षिप्तौ कालकूटे च क्रमशः शतवत्सरान् ।।२५।।
तामिस्रे चान्धतामिस्रे पूयशोणितकर्दमे ।
कण्टके तु क्षताङ्गौ तौ सन्तप्तौ तप्तवालुके ।।२६।।

हातबाट उक्त मूर्तिको प्रतिष्ठा गराएका थिए । वशिष्ठले त्यस मूर्तिको नाम वरदगणेश मूर्ति राखेका थिए । वरदगणेशको दर्शनबाट मानिसका चारवटै पुरुषार्थ धर्म, अर्थ, काम र मोक्ष सिद्ध हुन्छन् । उहाँको संझना र अर्चना गर्दामात्र सम्पूर्ण कामनाहरू पूर्ण हुन्छन् यसमा कुनै सन्देह छैन ।।११-१३।। यो वशिष्ठको वचन हो । त्यसकारण यो स्थान संसारमा प्रसिद्ध भयो । राजा दशरथले श्रीगणेशको भजन, स्मरण र पूजन गर्नाले राम, लक्ष्मण, भरत र शत्रुघ्न नामक संसारमा विख्यात, सर्वज्ञ र वीर चार पुत्र प्राप्त गरेका थिए ।।१४-१५।। राजा साम्ब र त्यसका मन्त्री वनको बीचमा अत्यन्त राम्रो मन्दिर देखेर घोडाबाट ओर्लिए । ती दुबैले पत्र र पुष्प चढाएर भगवान् श्रीगणेशको पूजा एवं प्रदक्षिणा गरी शिर भुकाएर प्रणाम गरे। त्यसपछि ती दुबैले त्यहाँबाट तुरुन्तै प्रस्थान गरे । दैवसंयोगबाट यसरी पुण्य प्राप्त भयो । पापी राजा साम्ब र मन्त्री दीर्घकालसम्म राज्य गरेर मरे ।।१६-१८।। ती दुबैलाई यमका दूतहरूले पाशले बाँधेर यमराजको दरबारमा पुऱ्याए । यमराजले चित्रगुप्तलाई बोलाए सोधे - यी दुबैका पाप-पुण्य के कस्ता छन् ? चित्रगुप्तले भने - यिनको पुण्य कत्ति पनि छैन र पापको गणना गरेर सकिंदैन । त्यसपछि यमराजले दूतहरूलाई यिनलाई बाँध, फलामको छडले प्रहार गर, हजारौं वर्षसम्म वीचिकुण्डमा दुःखभोग गराऊ । जब यी दुबैले एक-एक गरेर सम्पूर्ण पापका फल भोग्नेछन्, त्यसपछि यिनलाई मृत्युलोकतिर पठाइदेऊ । मृत्युलोकमा गएपछि यी दुबै नीचयोनिमा पैदा हुनेछन् ।।१९-२२।। हे दूत हो ! यिनीहरूको अलिकति पुण्य पनि छ, त्यो तिमीहरूले सुन । यी दुबैले शिकार खेली वनबाट घर आउने प्रसङ्गमा भगवान् श्रीगणेशको दर्शन गरेका थिए । त्यस पुण्यका कारण भगवान् श्रीगणेशले यिनीहरूलाई नरकबाट उद्धार गर्न सहयोग गर्नुहुनेछ। दूतहरूले यमको आज्ञा पाएपछि बाँधिएका ती दुबैलाई कुम्भीपाक, शोणितोद र रौरव नरकमा लगेर दुःख भोगाए । त्यसपछि ती दुबैलाई बाँधेर सय वर्षसम्म कालकूट नामक नरकमा कष्ट भोगाए । यसै क्रमले पीप र रगतको हिलोले भरिभराउ भएको तामिस्र र अन्धतामिस्र नरकमा तिनलाई कष्ट भोगाए । ती ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्षतौ कृमिभिस्तत्र भृशं सूचीमुखैरुभौ ।
असिपत्रवने घोरे ततो नीतावुभावपि ।।२७।।
यत्र शस्त्राभिघातेन वर्ष्मभिद्यतिपापिनाम् ।
ततस्तप्तशिलायां तौ निष्पिष्टौ घनघाततः ।।२८।।
भुञ्जन्तौ नरकानेकविंशतिं बहुवासरम् ।
न दुःखं शक्यते वक्तुं शेषेणाऽशेषतस्तयोः ।।२९।।
एवं कति सहस्राणि भुक्त्वा भोगाननेकशः ।
निस्तीर्णभोगौ तौ पापशेषेण भुवमागतौ ।।३०।।
एको जातः काकयोनौ कौशिकोऽभूत् परोऽपि च ।
तत एको दर्दुरोऽभूदपरः सरटोऽभवत् ।।३१।।
तत एको विषधरो परोऽभूद् वृश्चिकोऽपि च ।
तत्रापि कुर्वतः पापं नानालोकान् विदंशतः ।।३२।।
श्वानमार्जारयोर्योनौ जातौ नकुलसूकरौ ।
वृकजम्बूकयोर्योनौ जातौ घोटकगर्दभौ ।।३३।।
तत उष्ट्रगजौ जातौ ततो नक्रमहाझषौ ।
ततो व्याघ्रमृगौ जातौ ततो वृषभमाहिषौ ।।३४।।
एवं नानायोनिगतौ जातौ चाण्डालकीटकौ ।
राक्षसीभिल्लयोर्योनौ ततश्चान्ते समीयतुः ।।३५।।
पिङ्गाक्षो दुर्बुद्धिरिति नाम्ना ख्यातौ च भूतले ।
आजन्मकृतपापस्य कथ्यते बहुदोषता ।।३६।।
यदा तौ राजप्रकृती आस्तां पापरतौ पुरा ।
एकं पुण्यं तयोरासीन् मृगयायां प्रसर्पतोः ।।३७।।
विनायकस्य नमनं दर्शनञ्च प्रदक्षिणा ।
अर्चनं फलपुष्पाद्यैस्तुष्ट आसीद् गजाननः ।।३८।।
अगाधं तत्तयोः पुण्यमासीत् तज्जन्मसञ्चितम् ।
यदा पुरा राक्षसोऽसौ भीमं भक्षितुमागतः ।।३९।।
स आरूढः शमीवृक्षं तत्पत्राणि च मस्तके ।
पतितानि गणेशस्य तुष्टोऽभूत् स द्वयोरपि ।।४०।।
दिव्यदेहं तयोर्दत्त्वा स्वर्लोकं प्रापयद् विभुः ।
एतत्ते कथितं पूर्वजन्मकर्म मया तयोः ।।४१।।

नरकमा काँडाले यिनका शरीरमा छेड्ने काम गरियो र तातो बालुवामा तपाउने काम गरियो ।।२३-२६।। यिनलाई विषालु कीराहरूद्वारा टोकाउने काम गरियो । त्यसपछि दुबैलाई सूचीमुख र असिपत्र नामक घोर नरकहरूमा पुऱ्याइयो। ती ती नरकमा शरीर नै छेड्ने गरी शस्त्रको प्रहार गरेर कष्ट दिइयो भने त्यसपछि पोलेर रातो वर्ण भएको शिलामा यिनलाई राखेर घनले प्रहार गरियो ।।२७-२८।। तिनीहरूले हजारौं वर्षसम्म मुख्य - मुख्य नरकहरूमा जुन कष्ट भोगे, तिनको सम्पूर्णतया वर्णन गर्न शेषनाग पनि असमर्थ हुनेछन् ।।२९।। यसरी अनेक कष्टहरू भोगेर अलिकति पाप शेष रहेपछि ती दुबै पृथिवीमा जन्मिए। एउटा कौवा र अर्को उल्लू भएर जन्मिएका थिए । ती दुबै त्यसपछिको जन्ममा एउटा भ्यागुता र अर्को छेपारो भएर जन्मिए । अर्को जन्ममा एउटा विषधर सर्प भयो भने अर्को बिच्छीका रूपमा पैदा भयो । ती ती जन्महरूमा पनि तिनीहरूले अनेक मानिसलाई टोकेर निकै पाप कमाए ।।३०-३२।। त्यसपछि क्रमशः ती दुबै कुकुर र बिरालो, न्याउली र सुँगुर, ब्वाँसो र स्याल, घोडा र गधा, ऊँट र हात्ती, गोही र तिमिङ्गिल माछा, बाघ र मृग, गोरु र राँगो, चण्डाल र कीराका योनिहरू भोग्दै राक्षसी र भिल्लको योनिमा जन्मेका थिए । त्यस जन्ममा ती दुबै पृथिवीमा पिङ्गाक्ष र दुर्बुद्धिका नामबाट प्रसिद्ध भए । आजन्म गरेका पापका कारण अनेक दोष पैदा भएकाले तिनले अनेक कष्ट भोग्नुपऱ्यो ।।३३-३६।। ती दुबैले पापैपाप गरेका थिए। पुण्य भन्ने कुरा त एक दिन वनमा शिकार खेल्न जाँदा हुन आएको भगवान् श्रीगणेशको दर्शन, नमस्कार, प्रदक्षिणा र पूजा कर्मबाट पैदा भएको पुण्य नै थियो । त्यसबाट भगवान् गजानन प्रसन्न हुनुभयो । त्यो जन्ममा सञ्चित पुण्य अगाध थियो । पहिले जुनबेला एउटा राक्षस भीमनामक व्याधालाई खान भनी आयो, त्यसबेला त्यो व्याधा शमीको रूखमा चढेको थियो । रूखमा चढ्दा शमीका पातहरू भगवान् श्रीगणेशको मस्तकमा पर्न गए। भगवान् श्रीगणेश प्रसन्न हुनुभयो र ती दुबै पापीलाई दिव्य शरीर प्रदान गरेर आफ्नो धाममा पुऱ्याउनुभयो । हे व्यास ! मैले तिमीलाई राजा साम्ब र मन्त्री बुद्धिमान्का पूर्वजन्मका कर्म बताएँ ।।३७-४१।। शमीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शमीपत्रार्चनादेव तुष्टोऽभूत् स गजाननः ।
यथाऽयं स्थापितस्तेन वामनेन तदप्यहम् ।।४२।।
कथयामि मुने ! सर्वं तदनुष्ठानमेव च ।
यथा च गणनाथोऽस्य प्रसन्नो वरदोऽभवत् ।।४३।।

पातले पूजा गर्नाले भगवान् श्रीगणेश प्रसन्न हुनुभयो । जसरी भगवान् वामनले वरद श्रीगणेशमूर्तिको स्थापना गर्नुभयो । त्यस विषयमा पनि म तिमीलाई बताउनेछु । त्यसपछि वामनले गरेको मन्त्रानुष्ठान र त्यसबाट कसरी भगवान् श्रीगणेश प्रसन्न एवं वरदायक हुनुभयो भन्ने समेत बयान गर्नेछु ।।४२-४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते भीमपिङ्गाक्षयोः पूर्वजन्मवर्णनं नामाष्टाविंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'भीम र पिङ्गाक्षको पूर्वजन्मको वर्णन' शीर्षकान्वित अट्ठाईसौं अध्याय पूर्ण भयो ।।२८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनत्रिंशोऽध्यायः

क उवाच

मयाज्ञप्तः कश्यपोऽसौ सृष्टिं नानाविधां कुरु ।
स विनीतो महाज्ञानी भूतभव्यभविष्यवित् ।।१।।

अतिवैश्वानररवितेजाः सुतपसां निधिः ।
सृष्टिसामर्थ्यसम्प्राप्तौ तताप सुमहत् तपः ।।२।।

षडक्षरेण मन्त्रेण ध्यात्वा देवं गजाननम् ।
दिव्यवर्षसहस्रान्ते स देवो वरदोऽभवत् ।।३।।

ईप्सितानस्य सर्वान् स ददौ नानावरान् शुभान् ।
ततोऽसौ मनसा यद् यदकल्पयत लाघवात् ।।४।।

तत् तदग्रे पश्यति स्म वरदानप्रभावतः ।
चर्तुर्दशसु पत्नीषु ऋतुदानादनेकधा ।।५।।

चकार तेजसा सर्वं जगत् स्थावरजङ्गमम् ।
तासु श्रेष्ठे च द्वे पत्न्यौ दित्यदितीतिनामतः ।।६।।

अदित्याऽपि तपस्तप्तं विष्णुप्रीणनहेतवे ।
संवत्सराणामयुतं ततस्तुष्टो जनार्दनः ।।७।।

जगत्याः पालनायाऽसौ धर्मसंस्थापनाय च ।
शक्रादितत्सुतानाञ्च दुष्टानां निग्रहाय च ।।८।।

पुत्रतामगमत् तस्यास्तया पूर्वं प्रसादितः ।
अथ सा स्वामिनं प्राह दितिर्होमाय सादरम् ।।९।।

ऋतुं मे देहि भगवन् ! बाधते मदनानलः ।
इत्याकर्ण्य वचस्तस्या मुनिस्तां प्राह सादरम् ।।१०।।

अयं कालो घोररूपो होमकाल उपस्थितः ।
क्षणमाचर धैर्यं त्वं पश्चाद् रंस्ये त्वया सह ।।११।।

अस्मिन् काले भवेद् दुष्टमपत्यं देवधर्मध्रुक् ।
इति स्वामिवचः श्रुत्वा हस्ते धृत्वा ननाम तम् ।।१२।।

{ २९ अध्याय }

ब्रह्माजीले भन्नुभयो - मैले कश्यप ऋषिलाई अनेक थरि सृष्टि गर भनेर आज्ञा दिएको थिएँ। ती कश्यप ऋषि नम्र, ठूला ज्ञानी, भूत भविष्य र वर्तमानका घटना जान्ने, सूर्य र अग्निको तेजलाई पनि जितेका, ठूला तेजस्वी थिए । तिनले सृष्टि गर्ने शक्ति प्राप्त गर्न ६ अक्षरको मन्त्रले श्रीगणेशको ध्यान गरी ठूलो तपस्या गरे । दिव्य एक हजार वर्षको समाप्तिपछि भगवान् श्रीगणेशले खुसी भएर वरदान दिनुभयो ।।१-३।। कश्यप ऋषिले चिताएका अनेक थरि वरदान श्रीगणेशले प्रदान गर्नुभएको थियो। कश्यपले मनमा जे कुरा चिताउँथे ती सजिलै उनका सामु आउँथे । यसमा भगवान् श्रीगणेशको वरदानले काम गरिरहेको थियो । कश्यप ऋषिका चौधवटी पत्नी थिए । ती सबैमा ऋतुदान गर्दा अनेक सन्तानहरूको सृष्टि भयो ।।४-५।। त्यस सृष्टिमा कश्यप ऋषिको तेजले सम्पूर्ण स्थावर र जङ्गमको संसार बन्यो । ती चौधवटी पत्नीहरूमध्ये दुईवटी पत्नीहरू श्रेष्ठ थिए । तिनमा एउटीको नाम दिति थियो भने अर्कीको नाम अदिति थियो ।।६।। अदितिले पनि भगवान् नारायणलाई प्रसन्न गराउन ठूलो तपस्या गरिन् । दशहजार वर्ष तपस्या पुगेपछि भगवान् नारायण प्रसन्न हुनुभयो। उहाँले जगत्को रक्षा, धर्मको पालन र इन्द्र आदि देवताका वैरीहरूको संहार गर्न अदितिका गर्भमा छोरा भएर जन्मनेछु भन्ने वचन दिनुभयो । त्यसपछि भगवान् नारायण अदितिका पुत्र बनेर पैदा हुनुभयो । एक दिन दितिले होम गर्न चाहने आफ्ना पति कश्यपलाई भनिन् - हे प्राणनाथ ! मलाई कामदेवले साह्रै सताएको छ, ऋतुदान गर्नुहोस् । दितिका यस्ता कुरा सुनेर कश्यप मुनिले भन्नुभयो - 'यो डरलाग्दो समय छ, म होममा लागिरहेको छु । तिमीले धैर्य गर र मैले पछि कुनै समयमा तिमीसँग रमण गर्नेछु ।।७-११।। अहिले रमण गरियो भने देवता र धर्मसँग द्रोह गर्ने दुष्ट छोरा पैदा हुनेछ ।' स्वामीका यस्ता वचन सुनेर दितिले उहाँका दुबै हात समाती प्रणाम गरिन् । तिनका आँखा राता थिए, ती कामदेवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच रक्तनयना दग्धुकामा जगत्त्रयम् ।
इदानीमेव मे वाञ्छा न कृता चेत् त्वया मुने ।।१३।।

देहत्यागं करिष्यामि विह्वला मदनाग्निना ।
यथा तथास्तां दैवान्मे ह्यपत्यं देवधर्मध्रुक् ।।१४।।

इति तद्वचनं श्रुत्वा शरणागतवत्सलः ।
ददावृतुं तदा तस्यै होमं स्नात्वा चकार ह ।।१५।।

ततश्चास्याः सुतो जज्ञे हिरण्याक्षो महाबलः ।
हिरण्यकशिपुश्चोभौ चेरतुस्तप उत्कटम् ।।१६।।

पञ्चाक्षरं महामन्त्रं पितुस्तौ बहुवत्सरम् ।
एकाङ्गुष्ठस्थितौ वायुमात्रभक्षौ सवल्मीकौ ।।१७।।

अथाययौ महादेवो वरं दातुं कृपानिधिः ।
तुष्टुवतुस्ततस्तं तौ भक्त्या देवं त्रिलोचनम् ।।१८।।

कृताञ्जलिपुटौ चोभौ प्रणिपातपुरःसरम् ।
यथाशक्ति यथाज्ञानं तद्दर्शनस्फुरन्मती ।।१९।।

यो देवो वृषवाहनो दशभुजश्चन्द्रार्द्धनागान्वितो
नानारूपगणैर्गिरीन्द्रतनयायुक्तो जगत्कारणम् ।
यो व्याघ्राजिनकृत्तिमाँस्त्रिनयनो यः शूलधृक् कामहा
भक्तेच्छापरिपूरणैकनिलयो धर्मार्थमोक्षप्रदः ।।२०।।

इति स्तुत्वा महादेवं सर्वव्यापिनमीश्वरम् ।
नमश्च चक्रतुर्देवं भक्तवाञ्छासुरद्रुमम् ।।२१।।

तावुवाच ततस्तुष्टो वृणुतं वरमित्यसौ ।
वृणुतस्तौ वरान् देवादमृतिं यक्षरक्षसः ।।२२।।

आगोले सन्तप्त भई तीनै लोकलाई डढाउने तेजले बलेकी थिइन् । तिनले भनिन् – 'हे प्राणनाथ ! म अहिले नै तपाइँसँग भोग गर्न चाहन्छु । यतिबेला भोग सम्भव भएन भने म कामाग्निमा डढेर प्राणत्याग गर्न विवश हुनेछु । देवता र धर्मको द्रोह गर्ने छोरा किन नजन्मियोस् ? म अहिले हजुरसँग रतिक्रीडा गर्न आत्तिएकी छु।' दितिका यी कुरा सुनेर आफ्नो शरणमा आएका मानिसलाई माया गर्नुहुने ऋषिले त्यस घोर बेलामा पनि ऋतुदान गर्नुभयो । त्यसपछि स्नान गरेरमात्र आफ्नो नित्य होमकार्य सम्पन्न गर्न लाग्नुभयो ।।१२-१५।। घोर बेलामा गरिएको त्यस ऋतुदानका कारण दितिका गर्भबाट हिरण्याक्ष र हिरण्यकशिपु नामक महाबली दुई भाइ दानव छोरा जन्मिए। ती दुबैले पिताबाट प्राप्त पञ्चाक्षरी महामन्त्र जपेर उत्कट तपस्या गरे। खुट्टाको बूढी औंलामा टेकेर वायुपान गर्दै तपस्यारत ती महाबली दानवहरूका शरीर धमिराको माटोले पुरिएका थिए ।।१६-१७।। जुन बेला भगवान् महादेव ती दुबैलाई वरदान दिन आउनुभयो, त्यस बेला हात जोडिरहेका र भुइँमा लम्पसार परेर प्रणाम गरिरहेका ती दानवहरूले आफ्नो ज्ञान र शिवदर्शनबाट स्फुरण भएको बुद्धिअनुसार भक्तिपूर्वक भगवान् शङ्करको स्तुति गरेका थिए – 'हे भगवन् शङ्कर ! साँढेमा सवार हुनुभएका हजुरका दश हात छन्, हजुरले अर्धचन्द्रलाई शिरमा गहना बनाएर धारण गर्नुभएको छ, घाँटीमा नागको माला लगाउनुभएको छ, अनेक थरि गणहरूका बीचमा घेरिएर बस्नुहुन्छ । हजुरले बायाँ भागमा पार्वतीलाई धारण गर्नुहुन्छ । हजुर जगत्का कारण हुनुहुन्छ । हजुरले बाघ र मृगको छाला धारण गर्नुहुन्छ । हजुर तीन आँखाले शोभायमान हुनुहुन्छ र हातमा त्रिशूलधारण गर्नुहुन्छ। हजुर कामदेवलाई भस्म गराउने अद्वितीय तेजले सम्पन्न हुनुहुन्छ । हजुर आफ्ना भक्तहरूको इच्छापूर्तिका निमित्त समर्पित हुनुहुन्छ। हजुर धर्म, अर्थ, काम एवं मोक्षका दाता हुनुहुन्छ । यस्ता सर्वगुण सम्पन्न हजुरलाई हामी प्रणाम गर्दछौं ।' यसरी सर्वव्यापी, भक्तका इच्छा पुऱ्याउनु हुने देवाधिदेव भगवान् शङ्करको स्तुति गरेर ती दुबै भाइले उहाँलाई फेरि प्रणाम गरे ।।१८-२१।। त्यसबेला भगवान् शिवजीले ती दुबैलाई भन्नुभयो – 'हे दानव वीरहरू !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन्नरैर्मानुषश्रेष्ठैः पिशाचैश्चारणादिभिः ।
न शस्त्रैर्नार्द्रशुष्कैश्च जन्तुभिर्जलजैरपि ।।२३।।

स्थावरैर्जङ्गमैरन्यैर्न दिवा न निशासु च ।
न पृथिव्यां न चाकाशे नान्तराले तथोषसि ।।२४।।

तथेति तावुवाचेशस्तथा चान्तर्दधे हरः ।
तदैव तावजयतां रोदसी च रसातलम् ।।२५।।

देवस्थानानि सर्वाणि बलादाक्रम्य तौ स्थितौ ।
हिरण्यकशिपोर्जातः प्रह्लादो नाम नामतः ।।२६।।

तनयो विष्णुभक्तेषु गरीयान् वंशकण्टकः ।
जपन् नारायणं देवं पित्रा सन्ताडितो भृशम् ।।२७।।

अनेकयातनायां स रक्षितोऽनेकधाऽमुना ।
जले स्थले विषादग्नेर्विष्णुना करुणावता ।।२८।।

हिरण्यकशिपुः सोऽयं सर्वलोकभयङ्करः ।
नारसिंहेन वपुषा नखरैः स विदारितः ।।२९।।

वाराहेण हतः पूर्वो दंष्ट्रया वसुधा हृता ।
विरोचनसुतस्तस्य बलिस्तस्याऽभवत् सुतः ।।३०।।

विरोचनः सूर्यभक्तो मुकुटं प्राप्तवाँस्ततः ।
ऊचिवाँस्तञ्च सप्ताश्वः परहस्तो यदा स्पृशेत् ।।३१।।

मुकुटस्य तदा ध्वंसो भविता नात्र संशयः ।
स सूर्यवरदानेन चक्रे त्रिभुवनं वशे ।।३२।।

च्युतस्थानास्ततो देवा अच्युतं शरणं ययुः ।
स चिन्तां महतीं कृत्वा निश्चयं नाध्यगच्छत ।।३३।।

म तिमीहरूको तपस्याबाट प्रसन्न छु, वर माग ।' ती दुई भाइले भने - 'हे भगवन् ! देवता, यक्ष, राक्षस, किन्नर, मानिस, पिशाच र चारणहरूबाट हाम्रो मृत्यु नहोस् । हे प्रभु ! शस्त्रबाट, शीतबाट, सुकेका वस्तुबाट पनि हाम्रो मृत्यु नहोस् । हे प्रभु! कुनै स्थलजन्तु र जलजन्तुबाट पनि हाम्रो मृत्यु नहोस्। यसरी नै स्थावर एवं जङ्गमबाट पनि मृत्यु नहोस्। हे शङ्कर ! दिनमा, रातमा, पृथिवीमा, आकाशमा, पृथिवी एवं आकाशको मध्यभागमा र प्रातःकालमा समेत हाम्रो मृत्यु नहोस् । तिनीहरूले यसरी वरदान मागेपछि भगवान् शङ्कर पनि तथास्तु भनी अन्तर्धान हुनुभयो । वरदान प्राप्त गरेपछि ती दुबै दानवले धर्ती, आकाश र पातालमा विजय प्राप्त गरे ।।२२-२५।। तिनीहरूले देवताका ठूला-ठूला मन्दिरहरूमा अधिकार जमाए। हिरण्यकशिपुबाट प्रह्लाद नामक छोरा जन्मिएका थिए ।।२६।। ती प्रह्लाद विष्णुभक्तहरूमा श्रेष्ठ थिए भने राक्षस कुलका लागि कण्टक नै बन्न गए । तिनले निरन्तर भगवान् नारायणको नामजप गरेका कारण पिता हिरण्यकशिपुबाट अनेक पटक ताडना प्राप्त गरे।।२७।। पिता हिरण्यकशिपुले तिनलाई असङ्ख्य ताडना दियो। यातनाको क्रममा दयालु भगवान्ले जल, स्थल, विष र अग्निबाट आफ्ना भक्त प्रह्लादको रक्षा गर्नुभयो । त्यो हिरण्यकशिपु संसारका लागि डरलाग्दो राजा थियो । भगवान् नारायणले नरसिंहको अवतार लिएर आफ्ना नङ्ग्राहरूबाट छाती च्यातेर त्यसलाई मारिदिनुभयो ।।२८-२९।। हिरण्यकशिपुको दाजु हिरण्याक्षलाई भगवान् नारायणले वराह अवतार लिएर मारिदिनुभयो र दानवहरूले पाताल पुऱ्याएकी पृथिवीको उद्धार पनि गर्नुभयो। प्रह्लादका छोरा विरोचन भए। विरोचनका छोरा बलि भए । विरोचन सूर्यका भक्त थिए । तिनले सूर्यबाट उत्तम मुकुट प्राप्त गरेका थिए । विरोचनलाई मुकुट दिंदा सूर्यले भन्नुभएको थियो - अरू कसैका हातबाट मुकुटको स्पर्श भयो भने मुकुट ध्वस्त हुनेछ, यसमा कुनै सन्देह छैन। विरोचनले सूर्यबाट वरदान पाएर त्रिभुवनलाई नै वशमा तुल्याएका थिए ।।३०-३२।। विरोचनले वरदान प्राप्त गरेका कारण देवताहरूले आफ्नो ठाउँ छोडेर भाग्नुपऱ्यो । भागेका ती देवताहरू नारायणको शरणमा गए । भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्तेन धृतं रूपं सर्वयोषिद्वरं स्त्रियः ।
तेन तं रमयामास बहुकालं विरोचनम् ।।३४।।

ततः स सुरतं कर्तुमुद्यतोऽभूत् कुबुद्धिमान् ।
ततस्तं सुदती प्राह ममैका वासनाऽस्ति भोः ।।३५।।

अभ्यङ्गं कुरु पूर्वं त्वं ततो हि रंस्यसे मया ।
इति श्रुत्वा स तद्वाक्यं कामसक्तोऽन्वमोदत ।।३६।।

उत्तार्य मुकुटं साऽथ मूर्ध्नि तैलं व्यमर्दयत् ।
स तदा शतचूर्णोऽभूत् तत्सारूप्यं स आप्तवान् ।।३७।।

नारायणले ठूलो चिन्ता लिनुभयो तर समस्याको समाधान कसरी गर्ने भन्ने कुराको निधो गर्न सक्नुभएन ।।३३।। त्यसपछि नारायणले अत्यन्त सुन्दरी नारीका रूपमा अवतार लिएर आफ्ना साथमा विरोचनलाई भोगविलासमा प्रवृत्त गराउनुभयो ।।३४।। बुद्धिभ्रष्ट भएका विरोचन ती नारीसँग रतिक्रीडा गर्न उद्यत भए । त्यस बेला सुन्दर दन्तपङ्क्तिले सुहाएकी सुन्दरीले भनिन् – हे विरोचन! मेरो एउटा तीव्र इच्छा छ । पहिले तिमीले आफ्नो शरीरमा तेलले मालिश गर अनि मसँग रमण गर । कामासक्त भएका विरोचनले ती सुन्दरीको प्रस्ताव स्वीकार गरे । आफ्नो शिरमा रहेको मुकुट उतारेर तिनले सम्पूर्ण शरीरमा तेलले मालिश गरे । सुन्दरीको स्पर्शका कारण त्यो मुकुट सय टुक्रा भएर छिन्नभिन्न भयो र विरोचनले भगवान्कै स्वरूप प्राप्त गरे ।।३५-३७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते विरोचनवधो नामैकोनत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'विरोचनवध' शीर्षकान्वित उनान्तीसौं अध्याय पूर्ण भयो ।।२९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिंशोऽध्यायः { ३० अध्याय }

क उवाच

बलिस्तु हरिभक्तत्वान्न किञ्चिदन्वतप्यत ।
वेदवेदाङ्गवित् प्राज्ञः सर्वशास्त्रविशारदः ।।१।।

परनिन्दा-परद्रव्य-परद्रोहपराङ्मुखः ।
दाता यज्वा मानयिता मान्यानां परमादरात् ।।२।।

गच्छन् वदन् स्वपन् भुञ्जन् तिष्ठन्नपि जपन् पिबन् ।
ध्यायति स्म हरिं नित्यं भक्त्या संस्थिरचेतमा ।।३।।

एकदा शुक्रमाहूय परिपूज्य यथाविधि ।
पप्रच्छ तं बलिर्नीतिं शक्रो भुङ्क्तेऽमरावतीम् ।।४।।

कथञ्च भागो नास्माकं भ्रातृत्वे सततं स्थिते ।
इति मे संशयं प्राज्ञ ! छेत्तुमर्हस्यशेषतः।।५।।

शुक्र उवाच

तव पूर्वैरेतदर्थं कृतं वैरं निरन्तरम् ।
सुरैः सार्द्धं महाभाग ! ते सर्वे नाशमापिताः ।।६।।

देवैर्विष्णुसहायैस्तु नानामायाबलाश्रयात् ।
त्यक्त्वा वैरं भवान् साधु यजतां शतसङ्ख्यया ।।७।।

तत्पुण्यस्य बलादैन्द्रं पदं पूर्णमवाप्स्यसि ।

बलिरुवाच

सम्यगुक्तं त्वया ब्रह्मन् ! नीतिशास्त्रविशारद ।।८।।

साम्नो दानविधेर्भेदाज्जघन्यो निग्रहो मतः।
सोऽपि पुण्यबलात् सिध्येत् तस्मात् पुण्यं दृढं मतम्।।९।।

क उवाच

एवं स निश्चयं कृत्वा वसिष्ठादीन् समाह्वयत् ।
भृग्वादींश्च मुनीन्पूज्य सुमुहूर्ते समारभत् ।।१०।।

ब्रह्माजीले भन्नुभयो- विरोचनको मृत्युपछि नारायणभक्त भएका कारण बलिले बाबुको मृत्युबारे त्यति चिन्ता गरेनन्। राजा बलि दैत्य भए पनि वेद-वेदाङ्गका ज्ञाता थिए ।।१।। ती बुद्धिमान् र सबै शास्त्रमा निपुण थिए। परनिन्दामा मन लगाउन्नथे र परद्रव्यको अपहरण गर्दैनथे । तिनले अरूसँग रागद्वेष गर्दैनथे। दानी, यज्ञशील, मान्यहरूको मान्यता गर्ने राजा बलि हिंड्दा, बोल्दा, शयन गर्दा, खाँदा, उभिँदा, जप गर्दा, जलपान गर्दा पनि भक्तिपूर्वक स्थिरचित्त भएर नारायणको ध्यान गर्दथे।।२-३।। एक दिन बलिले शुक्राचार्यलाई बोलाएर विधिपूर्वक सत्कार गरी राजनीतिको विषयमा प्रश्न गर्दै भने - हे गुरुदेव ! देवराज इन्द्रले अमरावतीमा राज्य गरिरहेका छन्। देवता र दानव हामी एउटै बाबुका सन्तान हौं । के देवताहरूले राज्यभोग गरिरहने र हामी ढाक्रेमात्र भएर बस्ने ? हामीले पनि कसरी स्वर्गको राज्य प्राप्त गर्न सक्छौं, त्यस विषयमा उपाय बताउनुहोस् ।।४-५।। शुक्राचार्यले भने- हे राजन् ! यो तपाइँले मात्रै चिन्तन गर्नुभएको विषय होइन, तपाइँका पूर्वजहरूले पनि यसबारेमा धेरै प्रयास गरेका हुन् । यसै क्रममा देवता र दानवका धेरै पटक लडाइँ पनि भए । भगवान् नारायणको सहयोग पाएका देवताहरूले अनेक थरि इन्द्रजाल, माया र कपटको आश्रय लिएर दैत्यहरूलाई जितेका हुन् । तपाइँले देवताहरूसँग वैरभाव छाडेर एक सय अश्वमेध यज्ञ गर्नुहोस् ।।६-७।। अश्वमेध यज्ञको पुण्यबाट तपाइँले इन्द्रको पद पाउनु हुनेछ ।

बलिले भने - हे गुरुदेव ! हजुरले राम्रो उपाय बताउनुभयो। हजुर नीतिशास्त्रका विद्वान् हुनुहुन्छ । साम, दाम र भेदभन्दा पछिल्लो उपाय निग्रह नै हो । त्यो पनि पुण्यबाट मात्र प्राप्त हुनसक्छ । त्यसकारण पुण्यलाई नै राज्यप्राप्तिको सुदृढ उपाय बताइएकोछ ।।८-९।।

ब्रह्माजीले भन्नुभयो - यसरी निश्चय गरेर बलिले वशिष्ठ आदि ऋषि र भृगु आदि मुनिहरूलाई बोलाई ती सबैको पूजा गरेर सम्पूर्ण व्यवस्था उत्तम भएको र आनन्द प्रदान गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्तेन धृतं रूपं सर्वयोषिद्वरं स्त्रियः ।
तेन तं रमयामास बहुकालं विरोचनम् ।।३४।।

ततः स सुरतं कर्तुमुद्यतोऽभूत् कुबुद्धिमान् ।
ततस्तं सुदती प्राह ममैका वासनाऽस्ति भोः ।।३५।।

अभ्यङ्गं कुरु पूर्वं त्वं ततो हि रंस्यसे मया ।
इति श्रुत्वा स तद्वाक्यं कामसक्तोऽन्वमोदत ।।३६।।

उत्तार्य मुकुटं साऽथ मूर्ध्नि तैलं व्यमर्दयत् ।
स तदा शतचूर्णोऽभूत् तत्सारूप्यं स आप्तवान् ।।३७।।

नारायणले ठूलो चिन्ता लिनुभयो तर समस्याको समाधान कसरी गर्ने भन्ने कुराको निधो गर्न सक्नुभएन ।।३३।। त्यसपछि नारायणले अत्यन्त सुन्दरी नारीका रूपमा अवतार लिएर आफ्ना साथमा विरोचनलाई भोगविलासमा प्रवृत्त गराउनुभयो ।।३४।। बुद्धिभ्रष्ट भएका विरोचन ती नारीसँग रतिक्रीडा गर्न उद्यत भए । त्यस बेला सुन्दर दन्तपङ्क्तिले सुहाएकी सुन्दरीले भनिन् – हे विरोचन! मेरो एउटा तीव्र इच्छा छ । पहिले तिमीले आफ्नो शरीरमा तेलले मालिश गर अनि मसँग रमण गर । कामासक्त भएका विरोचनले ती सुन्दरीको प्रस्ताव स्वीकार गरे । आफ्नो शिरमा रहेको मुकुट उतारेर तिनले सम्पूर्ण शरीरमा तेलले मालिश गरे । सुन्दरीको स्पर्शका कारण त्यो मुकुट सय टुक्रा भएर छिन्नभिन्न भयो र विरोचनले भगवान्कै स्वरूप प्राप्त गरे ।।३५-३७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते विरोचनवधो नामैकोनत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'विरोचनवध' शीर्षकान्वित उनान्तीसौं अध्याय पूर्ण भयो ।।२९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिंशोऽध्यायः { ३० अध्याय }

क उवाच

बलिस्तु हरिभक्तत्वान्न किञ्चिदन्वतप्यत ।
वेदवेदाङ्गवित् प्राज्ञः सर्वशास्त्रविशारदः ।।१।।

परनिन्दा-परद्रव्य-परद्रोहपराङ्मुखः ।
दाता यज्वा मानयिता मान्यानां परमादरात् ।।२।।

गच्छन् वदन् स्वपन् भुञ्जन् तिष्ठन्नपि जपन् पिबन् ।
ध्यायति स्म हरिं नित्यं भक्त्या संस्थिरचेतमा ।।३।।

एकदा शुक्रमाहूय परिपूज्य यथाविधि ।
पप्रच्छ तं बलिर्नीतिं शक्रो भुङ्क्तेऽमरावतीम् ।।४।।

कथञ्च भागो नास्माकं भ्रातृत्वे सततं स्थिते ।
इति मे संशयं प्राज्ञ ! छेत्तुमर्हस्यशेषतः।।५।।

शुक्र उवाच

तव पूर्वैरेतदर्थं कृतं वैरं निरन्तरम् ।
सुरैः सार्द्धं महाभाग ! ते सर्वे नाशमापिताः ।।६।।

देवैर्विष्णुसहायैस्तु नानामायाबलाश्रयात् ।
त्यक्त्वा वैरं भवान् साधु यजतां शतसङ्ख्यया ।।७।।

तत्पुण्यस्य बलादैन्द्रं पदं पूर्णमवाप्स्यसि ।

बलिरुवाच

सम्यगुक्तं त्वया ब्रह्मन् ! नीतिशास्त्रविशारद ।।८।।

साम्नो दानविधेर्भेदाज्जघन्यो निग्रहो मतः।
सोऽपि पुण्यबलात् सिध्येत् तस्मात् पुण्यं दृढं मतम्।।९।।

क उवाच

एवं स निश्चयं कृत्वा वसिष्ठादीन् समाह्वयत् ।
भृग्वादींश्च मुनीन्पूज्य सुमुहूर्ते समारभत् ।।१०।।

ब्रह्माजीले भन्नुभयो- विरोचनको मृत्युपछि नारायणभक्त भएका कारण बलिले बाबुको मृत्युबारे त्यति चिन्ता गरेनन्। राजा बलि दैत्य भए पनि वेद-वेदाङ्गका ज्ञाता थिए ।।१।। ती बुद्धिमान् र सबै शास्त्रमा निपुण थिए। परनिन्दामा मन लगाउन्नथे र परद्रव्यको अपहरण गर्दैनथे । तिनले अरूसँग रागद्वेष गर्दैनथे। दानी, यज्ञशील, मान्यहरूको मान्यता गर्ने राजा बलि हिंड्दा, बोल्दा, शयन गर्दा, खाँदा, उभिँदा, जप गर्दा, जलपान गर्दा पनि भक्तिपूर्वक स्थिरचित्त भएर नारायणको ध्यान गर्दथे।।२-३।। एक दिन बलिले शुक्राचार्यलाई बोलाएर विधिपूर्वक सत्कार गरी राजनीतिको विषयमा प्रश्न गर्दै भने - हे गुरुदेव ! देवराज इन्द्रले अमरावतीमा राज्य गरिरहेका छन्। देवता र दानव हामी एउटै बाबुका सन्तान हौं । के देवताहरूले राज्यभोग गरिरहने र हामी ढाक्रेमात्र भएर बस्ने ? हामीले पनि कसरी स्वर्गको राज्य प्राप्त गर्न सक्छौं, त्यस विषयमा उपाय बताउनुहोस् ।।४-५।। शुक्राचार्यले भने- हे राजन् ! यो तपाइँले मात्रै चिन्तन गर्नुभएको विषय होइन, तपाइँका पूर्वजहरूले पनि यसबारेमा धेरै प्रयास गरेका हुन् । यसै क्रममा देवता र दानवका धेरै पटक लडाइँ पनि भए । भगवान् नारायणको सहयोग पाएका देवताहरूले अनेक थरि इन्द्रजाल, माया र कपटको आश्रय लिएर दैत्यहरूलाई जितेका हुन् । तपाइँले देवताहरूसँग वैरभाव छाडेर एक सय अश्वमेध यज्ञ गर्नुहोस् ।।६-७।। अश्वमेध यज्ञको पुण्यबाट तपाइँले इन्द्रको पद पाउनु हुनेछ ।

बलिले भने - हे गुरुदेव ! हजुरले राम्रो उपाय बताउनुभयो। हजुर नीतिशास्त्रका विद्वान् हुनुहुन्छ । साम, दाम र भेदभन्दा पछिल्लो उपाय निग्रह नै हो । त्यो पनि पुण्यबाट मात्र प्राप्त हुनसक्छ । त्यसकारण पुण्यलाई नै राज्यप्राप्तिको सुदृढ उपाय बताइएकोछ ।।८-९।।

ब्रह्माजीले भन्नुभयो - यसरी निश्चय गरेर बलिले वशिष्ठ आदि ऋषि र भृगु आदि मुनिहरूलाई बोलाई ती सबैको पूजा गरेर सम्पूर्ण व्यवस्था उत्तम भएको र आनन्द प्रदान गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञं महासमारम्भं सर्वानन्दकरं परम् ।
सर्वे ते यज्ञकुण्डानि प्राचीसाधनपूर्वकम् ।।११।।

चक्रुश्च कारयामासुर्यज्ञसम्भारसञ्चयान् ।
वेदिकामण्डपादींश्च भूमिशोधनपूर्वकम् ।।१२।।

कृत्वाऽऽभ्युदयिकं श्राद्धं स्वस्तिवाचनपूर्वकम् ।
मातृणां पूजनं कृत्वा स्थापयामासुरादरात् ।
मन्त्रैर्नानाविधैर्विप्राः सर्वा मण्डपदेवताः ।।१३।।

रेजाते दम्पती तत्र श्वेतवस्त्रावलङ्कृतौ ।
अमात्यराजसुहृदां पौराणाञ्च गणैर्वृतौ ।।१४।।

सम्मानिताः स्त्रियोऽपश्यन् गवाक्षैस्तं महोत्सवम् ।
अन्वारब्धा ब्राह्मणास्ते पूर्वाङ्गानि न्यवर्तयन् ।।१५।।

आलभन्त पशुं वेदकल्पवाक्यानुसारतः ।
तत्तद्देवाय तन्मन्त्रैर्जुह्वति स्म विधानतः ।।१६।।

यज्ञवाटे चतुर्द्वारि सर्वेषामनिवारिते ।
आयान्ति यान्ति सर्वेऽपि पूजितास्त्रिविधा जनाः ।।१७।।

विवदन्ते महावादैरेकतो विदुषां जनाः ।
नृत्यन्त्यप्सरसोऽन्यत्र पठन्ते वैदिकाः किल ।।१८।।

गायन्ति वैष्णवाः शैवा मृदङ्गतालवादनैः।
भुञ्जते ब्राह्मणाः स्वेच्छाभोजनं षड्रसैः क्वचित् ।।१९।।

कथयन्ति कथा नानाकथाः शृण्वन्ति मोदकाः ।
एवं सुवितते यज्ञे वसिष्ठाद्या महर्षयः ।।२०।।

वसोर्धारां सुमहतीं पातयामासुरग्निषु ।
उत्तराङ्गाणि सम्पाद्य रथे तौ स्थाप्य दम्पती।।२१।।

कर्तुं चावभृथस्नानं सर्वे लोका विनिर्ययुः ।
नानावादित्रनिर्घोषैर्वरबन्दीरवैरपि ।।२२।।

वेदघोषैर्बहुविधैः सामगानैर्हरिप्रियैः।
स्नात्वाऽऽगत्य हरिं सोऽथ तोषयामास तान् द्विजान्।।२३।।

अनेकरत्ननिचयैर्धनैर्वस्त्रैरनेकशः।
गोभिरश्वैर्गजैर्गन्धैरिच्छाविषयपूरणैः।।२४।।

अश्वमेध यज्ञ उत्तम मुहूर्तमा आरम्भ गरे। शास्त्रको विधिअनुसार यज्ञकुण्डको निर्माण आरम्भ भयो । मानिसहरूले यज्ञका सामग्रीहरू जम्मा गर्ने काम आफै गरे र अरूबाट पनि गराए। वेदीनिर्माण, मण्डपनिर्माण, भूमिशोधनजस्ता काम सम्पन्न गरेपछि स्वस्तिवाचनपूर्वक आभ्युदयिक श्राद्ध पनि गरियो । मातृकाहरूको पूजा गरेर प्रतिष्ठा गर्ने काम भयो । अनेक थरि मन्त्रहरूबाट ब्राह्मणहरूले मण्डपदेवताको पूजा गरे ।।१०-१३।। मन्त्री, छिमेकी राजा, मित्र र नागरिकहरूसहित राजा बलि र तिनकी रानी स्वच्छ र सफा वस्त्र धारण गरी यज्ञस्थलमा शोभायमान भए । सम्मानित नारीहरूले घरका झ्यालमा बसेर यज्ञमण्डपको शोभा हेरिरहेका थिए। यज्ञमा वरण गरिएका ब्राह्मणहरूले पूर्वाङ्ग कर्म समाप्त गरे ।।१४-१५।। वेद र कल्पशास्त्रअनुसार पशुहरूको आलम्भन भयो । जुन देवताको जुन मन्त्र हो त्यसलाई उच्चारण गरेर होम आरम्भ गरियो । यज्ञस्थलमा चारवटा मूलढोका थिए। त्यहाँ आउन-जान कसैलाई रोकावट थिएन । ब्राह्मण, क्षत्रिय र वैश्यहरू यज्ञदर्शनका लागि आइजाई गरिरहेका थिए । यज्ञमण्डप नजिकै रहेको अर्को मण्डपमा विद्वान्हरू शास्त्रको विचार-विमर्श गरिरहेका थिए । यज्ञमण्डप नजिकै निश्चित ठाउँमा अप्सराहरू नाचिरहेका थिए । कहीं वैदिकहरूले मन्त्रपाठ गरेका थिए । वैष्णवहरूले भगवान्को नाम गायन गरिरहेका थिए । शैवहरूले मृदङ्ग र ताल बजाएर भगवान् शिवजीको आराधना गरिरहेका थिए । ब्राह्मणहरूले इच्छानुसार ६ किसिमका रसले परिपूर्ण भोजन ग्रहण गरिरहेका थिए ।।१६-१९।। कथा वाचकहरूले कथा भनिरहेका थिए। सुन्ने मानिसहरू आनन्दपूर्वक कथाश्रवण गरिरहेका थिए । यस्तो विशाल यज्ञमा वशिष्ठ आदि महर्षिहरूले वसुधारा दिने काम सम्पन्न गराए । उत्तराङ्गमा गर्नुपर्ने सबै काम गरी यज्ञ सकिएपछि राजा-रानीलाई रथमा राखेर यज्ञान्तस्नान गर्नका लागि बाजागाजासहित सबै मानिसहरू नदीतीरमा गए । त्यस बेला वेदघोष गुञ्जिएको थियो । सामगान भइरहेको थियो। स्तुतिपाठकहरूले स्तुति पढिरहेका थिए। स्नान गरेर फर्केपछि राजा बलिले भगवान् नारायणको आराधना गरी अनेक थरि धन, रत्न, वस्त्र, गाई, घोडा, गन्धगज र इच्छा गरिएका अन्य पदार्थ दान गरेर ब्राह्मणहरूलाई सन्तुष्ट बनाए ।।२०-२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोनशतमेवं ते तस्य यज्ञानपारयन् ।
शते यज्ञे समारब्धे शक्रश्चिन्तां परां ययौ।।२५।।

कनीयांसं स शरणं स्वपदभ्रंशशङ्कया।
क्षीरसागरमध्यस्थं शेषशायिनमीश्वरम् ।।२६।।

मया संवाहितपदं सेव्यमानं सुरैरपि ।
गीयमानं नारदेन वीणाहस्तेन सादरम् ।।२७।।

तुम्बुरुप्रमुखैरन्यैरप्सरोगणकिन्नरैः ।
अस्तौदसौ हरिर्दृष्ट्वा तं हरिं स्वेष्टसिद्धये।
प्रणम्य सम्पुटं कृत्वा पाण्योर्भावेन सादरम् ।।२८।।

शक्र उवाच

नमोऽनन्तशक्ते ! नमो विश्वयोने !
नमो विश्वभर्त्रे नमो विश्वकर्त्रे ।
नमो दैत्यहन्त्रे नमोऽनेकरूप !
नमो भक्तचित्तार्थदायाऽस्तु नित्यम् ।।२९।।

क उवाच

एवं स्तुत्वाऽब्रवीदेनं वासवो बलिचेष्टितम् ।
बलिर्विरोचनसुतो विख्यातो भुवनत्रये ।।३०।।

ग्रहीष्यति मम पदं मखाच्छतगुणादयम् ।
यावत्तस्य भवेद् वाणी सर्वं ज्ञातं तु विष्णुना ।।३१।।

तत ऊचे स भगवानिन्द्रं सङ्कटचिन्तया ।
मम भक्तो बलिः शक्र ! तपस्वी विजितेन्द्रियः ।।३१।।

तपसः फलमेतेन भोक्तव्यं श्रुतिवाक्यतः ।
न जायते वृथा कर्म शुभं वा यदि वाऽशुभम् ।।३३।।

साधयिष्ये भवत्कार्यं स्थिरीकुरु मनो हरे !
ततः स गर्भतां पेदे चादित्या जठरे विभुः।।३४।।

यस रीतिबाट राजा बलिले उनान्सय अश्वमेध यज्ञ पूरा गरेका थिए । तिनले अन्तिम अश्वमेध आरम्भ गरेपछि स्वर्गका राजा इन्द्रलाई ठूलो चिन्ता पर्‍यो ।।२५।। बलिले सय यज्ञ पूरा गरे भने मैले इन्द्र पद छाड्नु पर्नेछ र यो पदमा राजा बलि आएर बस्नेछन्। यस्तो चिन्ता गरेर देवराज इन्द्र पदच्युति हुने शङ्काले क्षीरसागरको माझमा विराजमान शेषशायी, ब्रह्मद्वारा पाउ दबाई सेवा गरिनुभएका, देवताहरूद्वारा सेवा गरिनुभएका, वीणाधारी नारदजीको वीणागानबाट आराधित र तुम्बुरु आदि प्रमुख गन्धर्व, किन्नर एवं यक्षहरूका गीत, वाद्य र नृत्यद्वारा आराधित, आफ्ना भाइ परमेश्वर श्रीनारायणका समीपमा गई हात जोडेर भावपूर्वक स्तुति गरे ।।२६-२८।।

इन्द्रले भन्नुभयो- हे अनन्तशक्तिसम्पन्न ! हे विश्वकारण परमेश्वर हजुरलाई नमस्कार गर्दछु । विश्वका रचयिता र पालक हजुरलाई नमस्कार गर्दछु । हे अनेक रूपधारी प्रभु ! दैत्यहरूको नाश गर्ने हजुरलाई नमस्कार गर्दछु । भक्तिपूर्वक आराधना गर्ने भक्तहरूले चिताएको कामना प्रदान गर्नुहुने हजुरलाई नमस्कार गर्दछु ।।२९।।

ब्रह्माजीले भन्नुभयो - यसरी स्तुति गरेर देवराज इन्द्रले राजा बलिको गतिविधिको विषयमा भगवान् नारायणलाई अवगत गराउँदै भने - विरोचनको छोरा बलि तीनै लोकमा विख्यात छ। त्यो अहिले सयौं अश्वमेध यज्ञ पूरा गर्दैछ । त्यो यज्ञ पूरा भयो भने त्यसले मेरो इन्द्रपद खोस्नेछ । इन्द्रका यी कुरा सुन्नासाथ भगवान्ले सबै रहस्य बुझ्नुभयो ।।३०-३१।। त्यसपछि भगवान्ले भन्नुभयो - 'हे इन्द्र ! मेरो भक्त राजा बलि तपस्वी र जितेन्द्रिय छ । आफूले गरेको तपस्याको फल त्यसले पाउनुपर्छ। वेदका वाक्यले कर्मानुसार फल प्राप्ति हुने विषय बताएका छन् । वेदको भनाइअनुसार जुन उद्देश्यले कर्म गरिन्छ त्यो राम्रो अथवा नराम्रो जस्तोसुकै भए पनि खेर जाँदैन । तिम्रा कार्य म सिद्ध गर्नेछु । हे इन्द्र ! तिमीले मन स्थिर बनाऊ। म अदिति आमाको गर्भबाट तिम्रो भाइ भएर जन्मनेछु ।' इन्द्रलाई यसरी उपदेश दिएपछि अन्तर्यामी भगवान् नारायणले अदितिको गर्भमा प्रवेश गर्नुभयो । कश्यप ऋषिकी पत्नी अदितिले पनि गर्भधारणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुषुवे नवमे मासि साऽदितिस्तनयं शुभम् ।
प्रभया तस्य ते दीपा निष्प्रभत्वमुपागताः ।।३५।।

स्नात्वा शीतजलेनाशु जातकर्म यथाविधि।
चकार कश्यपो धीमान् स्वस्तिवाचनपूर्वकम् ।।३६।।

कृत्वा पितृमहायज्ञं मातृपूजनपूर्वकम् ।
ददर्श बालकं पश्चात् प्राशयित्वा घृतं मधु।।३७।।

ह्रस्वं पृथुलमूर्धानं लघुपादं बृहत्तनुम् ।
दिव्यज्ञानसमायुक्तं दिव्यदेहञ्चतुर्भुजम् ।।३८।।

नानालङ्कारसंयुक्तं ज्ञात्वा विष्णुमथानमत् ।
उवाच च प्रसन्नात्मा तपो वंशोऽद्य चक्षुषी ।।३९।।

ज्ञानं तथाऽऽश्रमो धन्यो धरा स्वर्गो रसातलम् ।
धन्यास्तद्दर्शनादेते सच्चिदानन्दरूपिणः ।।४०।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यमुवाच जगदीश्वरः।
अदित्यास्तपसा तुष्टः पुत्रत्वमहमागतः।।४१।।

हर्तुं भूभारमतुलं ज्येष्ठकार्यञ्च साधितुम्
इत्युक्त्वा प्राकृतो भूत्वाऽरुदत् स्तन्यं पपावथ ।।४२।।

नामनिष्क्रमणं कर्म चक्रेऽन्नप्राशनं मुनिः।
तृतीये चौलमब्दे स पञ्चमे व्रतबन्धनम् ।।४३।।

नौ महिना पूरा भएपछि सुन्दर बालकलाई जन्म दिइन् । त्यस बालकको कान्तिले त्यस बेला बलिरहेका बत्तीहरू मन्द भएका थिए ।।३२-३५।। बालकलाई चिसो पानीले स्नान गराएपछि छिट्टै त्यसको जातकर्म संस्कार विधिपूर्वक सम्पन्न गरियो । कश्यप ऋषिले स्वस्तिवाचनपूर्वक आभ्युदयिक श्राद्ध र मातृकाको पूजन गरे । त्यसपछि घिउ, मह चटाएर बालकको मुख हेर्ने काम गरे। बालकको शरीर भने सानो थियो तर शिर ठूलो थियो । तिनका खुट्टा साना थिए र शरीर मोटो थियो । बालक दिव्य ज्ञानले सम्पन्न थिए । ती दिव्य शरीरद्वारा शोभायमान, चतुर्बाहु र नाना थरि अलङ्कारले अलङ्कृत थिए । कश्यप ऋषिले ती बालकलाई विष्णुकै अवतार हुन् भन्ने जानेर नमस्कार गरे । त्यसपछि प्रसन्न हुँदै भने – हे प्रभु! हजुरले पुत्रका रूपमा अवतरण गर्नुभएर मेरा तप, आत्मा, वंश, नेत्र, ज्ञान र आश्रम सबैलाई धन्य तुल्याउनुभएको छ। हजुरको यस अवतरणबाट पृथिवी, स्वर्ग र पाताल सबै धन्य भएका छन् । सच्चिदानन्द स्वरूप हजुरको दर्शन पाउनाले संसार नै धन्य भएको छ ।।३६-४०।।

ब्रह्माजीले भन्नुभयो– 'हे व्यास ! कश्यप ऋषिका वचन सुनेपछि बालकरूप भगवान्ले भन्नुभयो – 'आमा अदितिको तपस्याबाट प्रसन्न भई आज म तपाइँहरूको छोराका रूपमा पृथिवीको भार हरण गर्न र देवताहरूको कार्य सिद्ध गर्न अवतरित भएको छु ।' यसो भनेर चतुर्बाहु भगवान् सामान्य बालक बनेर रुनुभयो र आमाका स्तन चुस्न थाल्नुभयो । ऋषि कश्यपले नामकर्म, निष्क्रमण, अन्नप्राशनजस्ता संस्कार सम्पन्न गरे । बालक तीन वर्षका भएपछि चौलसंस्कार र पाँच वर्ष लागेपछि व्रतबन्ध संस्कार सम्पन्न भयो।।४१-४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते वामनावतारकथनं नाम त्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'वामन अवतारवर्णन' शीर्षकान्वित तीसौँ अध्याय पूर्ण भयो ।।३०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकत्रिंशोऽध्यायः

क उवाच

वेदाँश्च चतुरः साङ्गानध्यापयत तं मुनिः।
एकस्मिन् दिवसे तातं वामनः पर्यपृच्छत ।।१।।

केनोपायेन देवानां पदप्राप्तिर्भविष्यति।
भूभारहरणं तन्मे यथावद् वक्तुमर्हसि ।।२।।

कश्यप उवाच

उपदेशं करिष्यामि मन्त्रस्य सिद्धिदस्य ते ।
षडक्षरस्य विघ्नेशतोषकस्य ममात्मज।।३।।

तस्मिन् प्रसन्ने विघ्नेशे जगत्स्थित्यन्तकारिणि ।
अनेकब्रह्माण्डविधौ सर्वकारणकारणे ।।४।।

सर्वे कामाः प्रसिध्यन्ति तदर्थे यत्नमाचर ।

क उवाच

एवमुक्त्वा ददौ तस्मै सुमुहूर्ते महामनुम् ।।५।।

तदैव चलितस्तस्मादाश्रमाद् हर्षसंयुतः ।
प्रणम्य तमनुज्ञाप्य जगाम तपसे शिशुः ।।६।।

भ्रमता ददृशे तेन विदर्भे स्थानमुत्तमम् ।
लतावृक्षसमाकीर्णं कासारपरिशोभितम् ।।७।।

तत्र पद्मासनं कृत्वा जजाप तं मनुं शुभम् ।
षडक्षरं वर्षमात्रं निराहारो जितेन्द्रियः।।८।।

निर्वाणं तस्य तज्ज्ञात्वाऽऽविरासीत् सिद्धिबुद्धियुक्।।९।।

मयूरवाहनो देवः शुण्डादण्डविराजितः।
विलसद्दशदोर्दण्डो रत्नमालाविभूषितः ।।१०।।

आशीविषलसन्नाभिर्नानालङ्कारशोभितः ।
आगतो दृढभक्तं तं धेनुर्वत्समिवादरात् ।।११।।

वामनस्तं पुरो दृष्ट्वा सर्वतेजोऽभिभाविनम् ।
सर्वसिद्धिकरं देवं सर्वविघ्ननिवारणम् ।।१२।।

{ ३१ अध्याय }

ब्रह्माजीले भन्नुभयो - पाँचौ वर्षमा व्रतबन्ध कर्म सकेपछि मुनि कश्यपले आफ्ना बालक पुत्रलाई अङ्गसहित चारै वेद पढाए । एकदिन बालक वामनले आफ्ना बाबु कश्यपसँग सोध्नुभयो - हे पिताश्री! कुन उपायबाट देवताहरूले आफ्नो पद प्राप्त गर्न सक्दछन् र मैले कसरी पृथिवीको भार हरण गर्न सक्दछु ? यस विषयमा हजुरले राम्ररी उपदेश गर्नुहोस्।।१-२।।

कश्यपले भन्नुभयो - हे बालक! तिमीलाई सिद्धि प्रदान गर्ने र भगवान् गणेशलाई सन्तुष्ट तुल्याउने छ अक्षरको मन्त्रको उपदेश गर्नेछु।।३।। जगत्को सृष्टि, स्थिति र संहार गर्ने, अनेक ब्रह्माण्डहरूका रचयिता, सबै कारणका पनि परम कारण भगवान् श्रीगणेश प्रसन्न हुनु भएपछि सम्पूर्ण इच्छाहरू पूरा हुन्छन्। त्यसका लागि तिमीले प्रयत्न गर ।

ब्रह्माजीले भन्नुभयो - यसरी बालक वामनलाई आज्ञा दिएर कश्यप ऋषिले उत्तम मुहूर्तमा गणेशको महामन्त्र सुनाए ।।४-५।। मन्त्र प्राप्त गरेपछि हर्षित भएका बालक वामन आफ्ना पितालाई प्रणाम गरेर उहाँसँग आज्ञा लिई तपस्याका लागि तत्कालै आश्रमबाट वनतर्फ लाग्नुभयो ।।६।। वामनले वनमा भ्रमण गर्दा विदर्भ देशमा लता एवं वृक्षहरूले घेरिएको र तलाउहरूद्वारा शोभायमान उत्तम स्थान देख्नुभयो । त्यहाँ पद्मासन लगाएर वामनले एक वर्षसम्म निराहार रही इन्द्रिय जितेर निरन्तर छ अक्षरको मन्त्र जपिरहनु भयो ।।७-८।। वामनको त्यो त्याग देखेर सिद्धि-बुद्धिसहित, मयूरमा सवार हुनुभएका, लामो सूँढद्वारा शोभायमान, अत्यन्त तेजोमय, दश बाहु धारण गर्नुहुने, रत्नमालाद्वारा विभूषित, नाभिमा शेषनागलाई धारण गर्नुभएका र अनेक थरि अलङ्कारद्वारा अलङ्कृत भगवान् गणेश प्रकट हुनुभयो । जसरी कुनै गाई आफ्नो बाच्छाको मायाले नजिकमा जान्छिन् त्यसैगरी दृढ सङ्कल्प सम्पन्न भक्तका सामु भगवान् गणेश प्रकट हुनुभएको थियो ।।९-११।। तपस्वी वामनले आफ्ना सामु सबै तेजलाई तिरस्कृत गर्ने, सबै प्रकारका विघ्न निवारण गर्ने र सबै प्रकारका सिद्धि प्रदान गर्ने भगवान् श्रीगणेशलाई देखेर परम भक्तिपूर्वक स्तुति गर्नुभयो।।१२-१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नुनाव परया भक्त्या देवदेवं गजाननम् ।।१३।।

वामन उवाच

अव्यक्तं व्यक्तहेतुं निगमनुततनुं सर्वदेवाधिदेवं
ब्रह्माण्डानामधीशं जगदुदयकरं सर्ववेदान्तवेद्यम् ।
मायातीतं स्ववेद्यं स्थितिविलयकरं सर्वविद्यानिधानं
सर्वेशं सर्वरूपं सकलभयहरं कामदं कान्तरूपम् ।।१४।।

तं वन्दे विघ्नराजं विधिहरमुनिभिः सेव्यमानं सनागै-
स्तेजोराशिं त्रिसत्यं त्रिगुणविरहितं तत्त्वमस्यादिबोध्यम्।
भक्तेच्छोपात्तदेहं निजजनसुखदं तत्त्वबुद्धिप्रकाशं
साम्बाद्यैः स्तूयमानं सकलतनुगतं भुक्तिमुक्तिप्रदं तम्।।१५।।

क उवाच

इति स्तुतो देवदेवः प्रसन्नः प्राह वामनम् ।
वरं वरय तुष्टोऽहं यत्ते मनसि वर्तते ।।१६।।

स्तोत्रेण तपसा चैव परितुष्टो ददामि तत् ।

वामन उवाच

न ते स्वरूपं विदुरब्जजाद्या
ब्रह्मर्षयो ये सनकादिकाद्याः।
दृष्टोऽसि स त्वं जगतामधीश !
त्वत्तः कमन्यं वरमद्य याचे।।१७।।

अथापि ते वाक्यभिदाभयात् त्वां
याचे वरं तं मम नाथ! देहि।
पराजयो मे न भवेत् कदापि
कार्येऽखिले विघ्नभयं न च स्यात् ।।१८।।

उद्यतोऽस्ति बलिः शक्रपदमत्तुं क्रतोर्बलात् ।
स च मां शरणं यातस्तस्य सिद्धिर्यथा भवेत् ।।१९।।

वामनले भन्नुभयो – अव्यक्त स्वरूप धारण गर्नुहुने, व्यक्त जगत्का एक मात्र कारण, वेद-वेदाङ्ग आदिद्वारा स्तुति गरिनु भएका, सबै देवताहरूका पनि परम देवता, अनन्त ब्रह्माण्डका स्वामी, जगत्को उदयका कारण, सम्पूर्ण वेदान्त शास्त्रद्वारा जानिनुहुने, मायाभन्दा पर रहनु भएका, आत्माद्वारा जान्न योग्य, संसारको पालन र संहार गर्नुहुने, सबै विद्याका खजाना, सबैका स्वामी, सम्पूर्ण प्राणीहरूमा आत्मतत्त्वका रूपमा विराजमान, सबैका मनमा रहेका भय-शङ्कालाई मेटाउनु हुने, अत्यन्त सुन्दर स्वरूपले सम्पन्न, भक्तका मनका कामनाहरूलाई पूरा गरिदिनुहुने, ब्रह्मा, शिव र ऋषिमुनिहरूद्वारा सेवा गरिनु भएका, तेजका पुञ्ज, भूत; भविष्यत् र वर्तमान कालमा सत्यका रूपमा विराजमान, तीनै प्रकारका गुणहरूद्वारा रहित, तत्त्वमसि आदि वेदका वाक्यहरूद्वारा जान्न सकिने, भक्तको इच्छा पूरा गर्न अवतार धारण गर्नुहुने, सबैलाई सुख प्रदान गर्नुहुने, तत्त्वबुद्धिद्वारा प्रकाशित हुनुहुने, पार्वती परमेश्वर आदि विशिष्ट ईश्वरहरूद्वारा स्तुति गरिनुभएका, सम्पूर्ण प्राणीहरूको हृदयमा अन्तर्यामी बनेर बस्नुहुने र भुक्ति एवं मुक्तिका दाता भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु।।१४-१५।।

ब्रह्माजीले भन्नुभयो – यसरी स्तुति गरिएका देवताका पनि देवता श्रीगणेश प्रसन्न हुनुभयो र उहाँले वामनलाई सम्बोधन गर्दै भन्नुभयो – हे वामन ! म तपाईँसँग प्रसन्न भएको छु, तपाईंको मनमा कुन कामना रहेको छ ? मलाई बताउनुहोस्, म वरदान दिन्छु।।१६।। म तपाईँले गरेको तपस्या र स्तुतिबाट प्रसन्न छु ।

वामनले भन्नुभयो – हे भगवन् ! ब्रह्मा आदि देवता र सनक, सनन्दन आदि ब्रह्मर्षिहरूले पनि हजुरको स्वरूपलाई यथार्थमा जान्दैनन्। आज जगत्का स्वामी हजुरको दर्शन गर्ने अवसर पाएको छु। यस दर्शनको महिमाभन्दा ठूलो अरू कुन कुरा हुन सक्दछ ? मैले वरदान याचना गर्ने कुनै विषय रहेको छैन तापनि हजुरको आज्ञाको मर्यादा राख्न म माग्दछु- हे अनाथका नाथ ! हजुरले मेरा ती याचना पूरा गर्नुहोस्। कसैबाट पनि मेरो पराजय नहोस्, कुनै पनि कार्य गर्दा विघ्नको भय नहोस् ।।१७-१८।। आज दैत्यराज बलिको उदय भइरहेको छ । तिनले इन्द्रको पद प्राप्त गर्न यज्ञ गरिरहेका छन् । उता देवराज इन्द्र पनि पदच्युतिको भयले मेरो शरणमा आउनुभएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा कुरु जगत्कर्तर्यदि तुष्टोऽसि मेऽनघ ।

गजानन उवाच

एतत्ते भविता सर्वं स्मरणान् मम सुव्रत ।।२०।।
सेत्स्यन्ति सर्वकार्याणि महान्ति च लघूनि च ।

क उवाच

एवमुक्त्वा गते देवे वामनोऽकारयच्छुभाम् ।
काश्मीरोपलजां सोऽथाऽस्थापयन्मूर्तिमुत्तमाम् ।।२१।।

चतुर्भुजां त्रिनयनां शुण्डादण्डविराजिताम् ।
प्रसन्नकरिहस्तेन भक्तानामभयप्रदाम् ।।२२।।

स्मरणाद् दर्शनाद् ध्यानात् पूजनात् सर्वकामदाम् ।
प्रासादं कारयामास रत्नकाञ्चननिर्मितम् ।।२३।।

तत्रैकं ब्राह्मणं स्थाप्य ग्रामं दत्त्वा धनानि च ।
त्रिकालं पूजनं तस्य कारयामास तेन सः ।।२४।।

आगतः स्वगृहं नत्वा पितरं सर्वमब्रवीत् ।
तपश्च तत्फलं चाथ यज्ञं गन्तुमपृच्छत ।।२५।।

कश्यपेनाऽभ्यनुज्ञातो वामनो दर्भदण्डभृत् ।
सूत्रकृष्णाजिनधरो मेखली यज्ञमाययौ ।।२६।।

ह्रस्वाकृतिं मुनिं दृष्ट्वा मुनयो विस्मितास्तदा ।
नायं मुनिर्यतस्तेजो दृश्यते परमाद्भुतम् ।।२७।।

तं दृष्ट्वा परमायान्तं बलिरुत्थाय सत्वरम् ।
कोऽसि त्वमिति पप्रच्छ नत्वा तं कुत आगतः ।।२८।।

किं वाञ्छसि वद विभो ! पिता माता च कौ तव ।
वसतिस्तव कुत्रास्ति तत ऊचे स वामनः ।।२९।।

छ । हे निष्पाप परमेश्वर ! यदि हजुर मसँग सन्तुष्ट हुनुहुन्छ भने देवराज इन्द्रको कार्यसिद्धि हुने उपाय मलाई बताउनुहोस्।

श्रीगणेशले भन्नुभयो - हे सुव्रत वामन ! मेरो स्मरण गरेका कारण तपाईँले मागेका सबै वर परिपूर्ण हुनेछन् र तपाईँले गरेका साना-ठूला सबै कार्य सफल हुनेछन्।

ब्रह्माजीले भन्नुभयो - यसरी वरदान दिएर भगवान् श्रीगणेश अन्तर्धान हुनुभएपछि वामनले काश्मीरमा पाइने शिला कुँदेर अत्यन्त राम्रो र अत्यन्त उत्तम गणेशको मूर्ति तयार गरी प्रतिष्ठा गर्नुभयो ।।१९-२१।। वामनले बनाउनुभएको त्यो मूर्ति चार हातले सुहाएको थियो, तीन आँखाले युक्त लामो सूँढले सुहाएको सफा, सुन्दर हात्तीको सूँढद्वारा भक्तलाई अभय प्रदान गर्ने मुद्राले सम्पन्न थियो । त्यो मूर्ति स्मरण, दर्शन, ध्यान र पूजन आदि कर्म गर्दा सबैको कामना पूरा गर्न समर्थ थियो । उक्त मूर्तिको प्रतिष्ठापछि वामनले रत्न र सुवर्णद्वारा सुन्दर मन्दिर निर्माण गर्नुभयो । त्यस मन्दिरमा पूजा सञ्चालन गर्न एउटा ब्राह्मणलाई पुजारीका रूपमा नियुक्त गर्नुभयो र तिनलाई गाउँ एवं धन-सम्पत्ति प्रदान गर्नुभयो । यसरी वामनले आफूले स्थापना गरेको भगवान् गणेशको तीनै कालमा पूजा गर्ने व्यवस्था बाँध्नुभयो ।।२२-२४।। त्यसपछि वामनले घरमा आएर आफ्ना पितालाई तपस्यासम्बन्धी सम्पूर्ण घटना निवेदन गरी आफ्ना पितासँग राजा बलिको यज्ञमा जान आज्ञा माग्नुभयो। कश्यप ऋषिबाट आज्ञा प्राप्त गरेपछि भगवान् वामन कुश, दण्ड, जनै, कालो मृगचर्म र मेखला धारण गरी राजा बलिद्वारा यज्ञको आयोजना गरिएको ठाउँमा जानुभयो। यज्ञका ब्राह्मणहरू सानो आकारका मुनिलाई देखेर चकित भए। तिनले मनमनै भने - 'यी त मुनिमात्र होइनन्, यिनमा अत्यन्त अद्‌भुत तेज देखिन्छ।' त्यस्ता तेजस्वी ब्राह्मणलाई आफ्नो यज्ञस्थलमा आएको देखेर राजा बलि तुरुन्तै उभिए। नजिकमा गएर तपाइँ को हुनुहुन्छ र कहाँबाट आउनुभएको हो ? के चाहनुहुन्छ ? तपाइँका माता-पिता को हुन् ? तपाइँको बसाइँ कहाँ छ ? हे ज्ञानी ब्राह्मण देवता ! बताउनुहोस् भनी प्रश्न गरे। त्यसपछि वामनले पनि उत्तर दिनुभयो।।२५-२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न स्मरे पितरौ राजन्ननाथं विद्धि मां कृशम् ।
त्रैलोक्ये वसतिर्मेऽस्ति याचे भूमिं त्रिभिः पदैः ।।३०।।

मितां कर्तुं पर्णकुटीं शक्तिश्चेदस्ति दीयताम्।

क उवाच

इति वाक्यं मुनेः श्रुत्वा हृदि ज्ञात्वा कृपायुतम् ।।३१।।
तं दातुमुद्यतं भूमिमूचे काव्यो बलिं तदा।

शुक्र उवाच

न ब्राह्मणो हरिरयं कपटं रूपमास्थितः।।३२।।

हरिष्यति त्रिभुवनं पदत्रयमिषेण तु।
मा दीयतामस्य किञ्चिदिति सत्यं ब्रवीमि ते ।।३३।।

तमुवाच महादैत्यो मूढ ! किं वदसे वचः।
हरिश्चेद् विमुखो गच्छेत् सर्वं मे सुकृतं नयेत् ।।३४।।

अस्मात् पात्रं किमन्यत् स्यादस्मै दत्तमनन्तकम् ।
इत्युक्त्वा तं पुनः प्राह वामनं दैत्यपुङ्गवः ।।३५।।

ब्रह्मन् ! दत्ता मया भूमिः सङ्कल्पः क्रियतामिति।
वामनः प्राह राजानं सङ्कल्पयितुमुद्यतम् ।।३६।।

तावद्धारां निरुध्यैव स्थितः शुक्रोऽन्यदेहतः ।
ददौ शलाकां तत्पात्रे भग्ननेत्रो बहिर्गतः ।।३७।।

ततः पाणितले तस्य वामनस्य जलं ददौ ।
स्मृत्वा गणेशं ववृधे वामनो हर्षनिर्भरः ।।३८।।

हे राजन् ! मेरा माता-पिता को हुनुहुन्छ, मलाई संझना छैन । मलाई एउटा अनाथ र दुर्बल ब्राह्मण भनेर चिन्नुहोस्। मेरो स्थायी घर छैन । तीन लोक नै मेरो घर हो । म एउटा झुपडी बनाउन तीन पाइलामात्रको जमिन माग्न आएको छु। तपाइँको सामर्थ्य छ भने त्यति जमिन मलाई दिनुहोस् ।

ब्रह्माजीले भन्नुभयो - पुड्को आकारका ब्राह्मण बालकका यस्ता वचन सुनेर यी कुनै कृपालु देवता हुन् भन्ने कुरा हृदयमा विचार गरी राजा बलि जमिन दान गर्न तयार भए। त्यसबेला तिनका गुरु शुक्राचार्यले भने।

शुक्राचार्यले भने - हे राजन् ! यी बालक ब्राह्मण होइनन्, यी त कपटरूप लिएर तपाइँलाई झुक्याउन आएका नारायण भगवान् नै हुन्। तीन पाइला जमिनको निहुँबाट सम्पूर्ण त्रिलोकलाई नै यिनले अपहरण गर्नेछन् । हे राजन् ! तपाइँले यिनलाई केही पनि नदिनुहोस् । म तपाइँसँग साँचो कुरा गर्दैछु।।३०-३३।। शुक्राचार्यको कुरा सुनेपछि महादैत्य बलिले आफ्ना गुरुलाई भने - 'ए मूढ ब्राह्मण ! तपाइँ के कुरा गरिरहनु भएको छ ? यदि मेरो ढोकाबाट नारायण रित्तै फर्कनु भयो भने मेरा सम्पूर्ण पुण्य पनि लिएर जानुहुनेछ। भगवान् नारायण नै आउनुभएको छ भने उहाँभन्दा उपयुक्त दान दिन योग्य अर्को सुपात्र कुन पाउन सकिन्छ ? भगवान् नारायणलाई दिएको दान अनन्त फलदायक हुन्छ ।' यसरी आफ्ना गुरुलाई उत्तर दिएर राजा बलिले भिक्षा माग्न आएका वामनलाई भने- 'हे ब्राह्मण ! मैले तपाइँलाई जमिन दिएँ । बलिको अनुरोध स्वीकार गरी सङ्कल्प गराउन चाहने भगवान् वामनले बलिलाई सङ्कल्प लिन लगाउनुभयो । त्यस बेला शुक्राचार्यले अति सूक्ष्म रूप धारण गरी सङ्कल्पका लागि प्रयोग गरिने जलपात्रको जलधारा रोक्ने काम गरे । भगवान् वामनले शुक्राचार्यको गोप्य चाला बुझेर पानीको भाँडामा सुईरो रोप्नुभयो । त्यो संयोगवश शुक्राचार्यको सूक्ष्म शरीरको आँखामा लाग्नाले शुक्राचार्य घाइते भएर जलनिरोध गर्ने काम छोडी अन्यत्र लागे ।।३४-३७।। शुक्राचार्य जलनिरोध गर्न विफल भएपछि राजा बलिले कुश-जल लिएर सङ्कल्प गरी त्यो कुश-जल वामनका हातमा राखिदिए। त्यसबेला हर्षित हुनुभएका वामनले श्रीगणेशको स्मरण गर्नुभयो र आफ्नो शरीर बढाउन थाल्नुभयो ।।३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्ध्न्याक्रम्य स्वर्गलोकमेकपादेन रोदसी ।
पातालान्यपरेणापि दत्तं तन्मस्तकेऽपरम् ।।३९।।

तत ऊचे बलिं देवो गच्छ त्वं धरणीतलम् ।
त्वां विनाऽहं कथं यामीत्येवमाह बलिस्तु तम् ।।४०।।

इत्याकर्ण्य वचस्तस्य पुनस्तं प्राह वामनः ।
सान्निध्यं मम तत्रापि भविता मदनुग्रहात् ।।४१।।

इन्द्रो मां शरणं यातः प्रियं कार्यं हि तस्य मे।
तवापि मम भक्तस्य प्रियं पश्चाद् भविष्यति ।।४२।।

ऐन्द्रे पदे निवृत्तेऽस्य पदं दास्ये तवैव तत् ।
ततो ब्रह्मादयो देवास्तुष्टुवुर्वामनं विभुम् ।।४३।।

मुमुचुः पुष्पवर्षाणि वाद्यानि ववदुः सुराः।
पुपूजुस्तेऽपि सर्वे च जगुश्च ननृतुः परे ।।४४।।

ततश्चाऽन्तर्दधे देवो वामनोऽनन्तविक्रमः।
स्वं स्वं स्थानं गता देवा यथापूर्वं मुदान्विताः।।४५।।

क उवाच

एवं तेन कृता मूर्तिर्विख्याताऽभूज्जगत्रये।
गजाननस्य देवस्य सर्वेषां कामदा नृणाम् ।।४६।।

इत्येतत् कथितं सर्वं प्रसङ्गाद् बलिचेष्टितम् ।
लाघवं वामनस्यापि महिमा सुमुखस्य ह ।।४७।।

अदोषाख्ये पुरे तेन स्थापितस्य महात्मना ।
दशबाहोः प्रसिद्धस्य देवदक्षिणभागतः ।।४८।।

प्रियत्वं तस्य शम्यास्ते कथयिष्येऽधुना स्फुटम् ।।४९।।

जमिन र अन्तरिक्ष उहाँको एउटा पाइलामा अटाए। अर्को पाइलामा पाताल आदि सात लोकहरू अटाए। त्यसपछि कुनै ठाउँ नभएका कारण उहाँले तेस्रो पाइला बलिको शिरमा राख्नुभयो। त्यसपछि भगवान् वामनले भन्नुभयो - हे दैत्यराज बलि ! तिमी हारेका छौ, अब पातालमा गएर बस। बलिले भने- हे भगवन्! सर्वस्व त्याग गरेर हजुरको आज्ञा पालन गर्दा मलाई खुसी लागेको छ तर हजुरविना म पातालमा कसरी जाऊँ ? बलिका यी कुरा सुनेर भगवान् वामनले भन्नुभयो - हे राजन् ! तिमीमाथि कृपा गर्नका लागि म त्यहाँ पनि तिम्रा समीपमा नै रहनेछु। अहिले देवराज इन्द्र मेरो शरणमा आएका छन् । मैले तिनको कार्य गर्नुछ। इन्द्रको कार्य सम्पन्न गरेपछि मैले मेरा भक्तको कार्य पनि सम्पन्न गर्नेछु।।३९-४२।। जुन बेला इन्द्रको पदावधि समाप्त हुनेछ, त्यस बेला मैले तिमीलाई इन्द्रपदमा नियुक्त गर्नेछु। त्यसपछि यज्ञस्थलमा दर्शनका लागि आएका ब्रह्मा आदि देवताहरूले सर्वव्यापक भगवान् वामनको स्तुति गरे, फूल वर्षाए र अरू देवताहरूले दिव्य बाजा बजाउँदै पूजा सम्पन्न गरे। कुनै देवता गाउन थाले र कुनै नाच्न थाले । त्यसपछि अनन्त पराक्रमसम्पन्न भगवान् वामन अन्तर्धान हुनुभयो । देवताहरू पनि हर्षपूर्वक आ-आफ्नो धाममा फर्के।।४३-४५।। ब्रह्माजीले भन्नुभयो- भगवान् वामनले बनाउनु भएको श्रीगणेशको मूर्ति सबै मानिसहरूका मनकामना पूर्ण गराउने मूर्तिका रूपमा तीनै लोकमा विख्यात भयो। हे व्यास ! मैले प्रसङ्गले राजा बलिको चरित्र सुनाएँ र भगवान् वामनको चतुरताको विषयमा पनि जानकारी गराएँ। यसका साथै महान् आत्मा वामनद्वारा अदोषपुरमा स्थापित, दश भुजा धारण गर्नुभएकाले दशभुजका नामबाट प्रसिद्ध सुमुख भगवान्को महिमा पनि बताएँ । अब म भगवान्कै दायाँ भागमा अर्पण गर्दा उहाँलाई प्यारो लाग्ने शमीको महिमा बताउनुका साथै भगवान्लाई शमी किन प्यारो लाग्छ भन्ने विषयमा पनि राम्ररी बताउनेछु ।।४६-४९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते वामनविक्रमो नामैकत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'भगवान् वामनको पराक्रमवर्णन' शीर्षकान्वित एकतीसौं अध्याय पूर्ण भयो ।।३१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वात्रिंशोऽध्यायः { ३२ अध्याय }

क उवाच

शृणुष्वावहितो ब्रह्मन्निितिहासं पुरातनम् ।
प्रियव्रतायाऽकथयत् स्वयमेव गजाननः ।।१।।

गजानन उवाच

महिमानं शृणुष्वार्य ! शमीपत्रस्य सत्फलम् ।
न यज्ञैर्न च दानैश्च व्रतैः कोटिशतैरपि ।।२।।

न जपैः पूजनैर्वापि मम तोषस्तथा भवेत् ।
न पद्मैर्नान्यकुसुमैः शमीपत्रैर्यथा भवेत् ।।३।।

शमीति कीर्तनादेव पापं नश्यति वाचिकम् ।
स्मरणान्मानसं पापं स्पर्शनात् कायजं तथा ।।४।।

नित्यं तत्पूजनाद् ध्यानाद् वन्दनाच्चैव भक्तितः।
निर्विघ्नकरमायुष्यं ज्ञानं पापक्षयोऽपि च ।।५।।

वाञ्छासिद्धिरचापल्यं जायते नात्र संशयः।

मुनिरुवाच

कोऽसौ प्रियव्रतो राजा किंशीलः कुत्र वाऽभवत् ।।६।।

कथं वै तस्य कथिता गुणाः शम्या महात्मना ।
एनं मे संशयं ब्रह्मन् ! कृपया नुद सुव्रत ।।७।।

क उवाच

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
शङ्करस्य च संवादं पार्वत्या सह पुत्रक।।८।।

पार्वत्युवाच

कथं शमी प्रिया देव ! सर्वज्ञ ! जगदीश्वर !
गजाननस्य मे शंस यदि ते मय्यनुग्रहः।।९।।

शङ्कर उवाच

शृणु प्रिये ! प्रवक्ष्यामि कथामेकां शुचिस्मिते ।
यथा प्रिया गणेशस्य शमीति ज्ञास्यते तथा।।१०।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! सावधान भएर स्वयं भगवान् श्रीगणेशले राजा प्रियव्रतलाई सुनाउनु भएको पुरानो इतिहास सुन ।।१।।

श्रीगणेशले भन्नुभयो - हे प्रियव्रत ! तिमीले उत्तम फल दिने शमीपत्रको महिमा सुन । यज्ञ, दान र करोडौं व्रत गर्दा पनि शमीपत्रबाट गरिने पूजाको फल पाउन सकिंदैन। जप र पूजाबाट पनि मलाई त्यति सन्तोष हुँदैन जति सन्तोष शमीपत्रद्वारा पूजा गर्दा हुन्छ।।२-३।। अरू फूल र कमलका फूलहरूद्वारा पूजा गर्दा त्यति सन्तोष हुँदैन जति सन्तोष मलाई शमीपत्रद्वारा पूजा गर्दा हुन्छ। मुखले शमी भनेर उच्चारण गर्दा वाणीबाट भएको पाप नष्ट हुन्छ, शमीलाई संझदा मनले गरेको पाप नष्ट हुन्छ र शमीलाई हातले स्पर्श गर्दा शरीरले गरेको पाप नष्ट हुन्छ।।४।। भगवान् गणेशलाई शमीको पात अर्पण गरेर भक्तिपूर्वक दिनदिनै पूजा, ध्यान र नमस्कार गर्नाले कार्यहरूमा विघ्न आउँदैन, आयुको वृद्धि हुन्छ, ज्ञान प्राप्त हुन्छ, पाप नाश हुन्छ, मनले चिताएका कुरा पूर्ण हुन्छन् र स्वभावमा चञ्चलता रहँदैन। यसमा कुन्दै सन्देह छैन।

व्यासले भन्नुभयो - हे भगवन् ब्रह्माजी ! प्रियव्रत राजा को हुन् ? तिनको भित्री सदाचार कस्तो थियो ? कुन ठाउँमा जन्म लिएका थिए ? किन कसले तिनलाई शमीका गुण सुनाउनु भएको थियो ? मलाई यस्ता प्रश्नहरूले सन्देह पैदा गराइरहेका छन्, हजुरले त्यो सन्देह मेटाइदिनुहोस्।।५-७।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! यस सम्बन्धमा विद्वान्हरूले शङ्कर र पार्वतीको संवादमा आधारित एउटा इतिहास भन्ने गरेका छन् ।।८।।

पार्वतीले भन्नुभयो - हे जगदीश्वर शङ्कर ! श्रीगणेशलाई किन शमी प्यारो लाग्छ ? यदि हजुरको ममाथि कृपा छ भने मलाई बताउनुहोस्।।९।।

शिवजीले भन्नुभयो- पवित्र मुस्कान भएकी हे प्यारी पार्वती ! शमी श्रीगणेशलाई किन प्यारो लाग्छ भन्ने कुरा बताउन म तिमीलाई एउटा कथा सुनाउँछु। त्यस कथाबाट तिमीले शमीको महिमा थाहा पाउनेछ्यौ ।।१०।। पुरानो समयमा अत्यन्त उत्तम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रियव्रतो नाम राजा पूर्वमासीन्महामतिः।
सत्यवान् धर्मसम्पन्नो धर्मात्मा शंसितव्रतः ।।११।।

तेजस्वी च वदान्यश्च वेदशास्त्रार्थतत्त्ववित् ।
सर्वलक्षणसम्पन्नश्चतुरङ्गबलाधिकः ।।१२।।

पालयामास पृथिवीं प्रजाः पुत्रानिवौरसान् ।
कीर्तिश्च प्रथमा भार्या प्रभा तस्यापराऽभवत् ।।१३।।

धूर्तश्च कुशलस्तस्य प्रकृती सम्बभूवतुः ।
कुशलौ नीतिशास्त्रेषु षडाननपराक्रमौ ।।१४।।

बुद्ध्या पराक्रमेणापि रसा सर्वा वशीकृता ।
स तु राजा वशं नीतः प्रभया तस्य भार्यया ।।१५।।

क्रीडतेऽहर्निशं सोऽथ नानालङ्कारशोभया ।
यौवनाक्रान्तवपुषा रम्भादिभ्योऽतिरम्यया ।।१६।।

क्षणमात्रं न सहते वियोगं स तया सह ।
धिक्करोति सदा ज्येष्ठां तद्वचो न शृणोत्यपि ।।१७।।

रुषा निरीक्षते तां स तन्मृतिं चिन्तयत्यपि ।
स्वयं न भाषते किञ्चिन्न गृह्णाति तयाऽर्पितम् ।।१८।।

ततस्तस्याऽभवत् पुत्रः प्रभायां पतिसन्निभः।
जातकर्म च राजाऽस्य कृत्वा धर्ममनेकधा ।।१९।।

नाम चास्याऽकरोत् पद्मनाभ इत्थं द्विजेरितम् ।
शुक्लपक्षे यथा चन्द्रो ववृधे सोऽपि बालकः।।२०।।

बुद्धिमान् कुशलो युद्धे पितृतोऽप्यधिकोऽभवत् ।
पञ्चमे व्रतबन्धञ्च चकाराऽस्य नृपस्तदा ।।२१।।

प्रियव्रतो महाबुद्धिर्मद्राणामधिपो बली ।
पाञ्चालराजकन्यां स भार्यां तस्याप्यमेलयत् ।।२२।।

अतिवैभवयुक्तौ तौ विवाहं चक्रतुस्तयोः।
कदाचिदस्य सा पत्नी ज्येष्ठा दासीत्वमापिता ।।२३।।

पादसंवाहनं कर्तुमागता भर्तृसन्निधिम् ।
निपपात महीपृष्ठे सपत्न्या चरणाहता ।।२४।।

बुद्धि भएका सत्यवादी, धर्मात्मा, उत्तम व्रत गर्ने, तेजस्वी, उदार दाता, वेद र शास्त्रका रहस्य ज्ञाता, सबै प्रकारका लक्षणले सम्पन्न, हात्तीसेना, रथसेना, अश्वसेना र पैदल सेनाले सम्पन्न प्रियव्रतनामक राजा थिए। तिनले पृथिवीको रक्षा गर्दै आफ्नै सन्तानसरह प्रजाको पालन गरेका थिए। तिनकी जेठी रानीको नाम कीर्ति थियो र कान्छी रानीको नाम प्रभा थियो ।।११-१३।। तिनका धूर्त र कुशलनामक दुई मन्त्री थिए। ती मन्त्रीहरू नीतिशास्त्रमा कुशल र भगवान् कार्तिकेयझैं पराक्रमी पनि थिए। ती मन्त्रीहरूले आफ्नो पराक्रम र बुद्धिबाट सम्पूर्ण पृथिवीलाई वशमा तुल्याएका थिए। राजा प्रियव्रत भने आफ्नी कान्छी रानी प्रभाको वशमा परेका थिए।।१४-१५।। वास्तवमा प्रभा अत्यन्त सुन्दर वस्त्र र गहनाले सजिएकी, मस्त जवानीका गुणले सम्पन्न, रम्भा आदि अप्सराहरूभन्दा पनि राम्री थिइन्। राजा प्रियव्रत प्रभासँग अहोरात्र भोगविलासमा लिप्त थिए र एकछिन पनि छुट्टिन सक्दैनथे। तिनले सधैं आफ्नी जेठी रानी कीर्तिलाई गाली गर्थे, धिक्कार गर्थे र तिनका कुरा सुन्न पनि चाहँदैनथे। राजाले तिनलाई रीसले बाङ्गो आँखाले हेर्ने गर्थे र यो मरे हुन्थ्यो भनेर मनमनै प्रार्थना गर्दथे। आफू कीर्तिसँग कहिल्यै पनि बोल्दैनथे र तिनले दिएका कुरा पनि ग्रहण गर्दैनथे ।।१६-१८।। कान्छी महारानी प्रभाबाट प्रियव्रतलाई आफूसमान रूप र गुणले सम्पन्न छोरा पैदा भयो । छोरा जन्मेपछि जातकर्म संस्कार गरी अनेक थरिका धार्मिक क्रियाकलाप पनि सम्पन्न गरे । ब्राह्मणको भनाइअनुसार त्यस बालकको नाम पद्मनाभ राखियो। त्यो बालक शुक्लपक्षको चन्द्रमाझैं बढ्न थाल्यो।।१९-२०।। राजकुमार पद्मनाभ बुद्धिमान्, चतुर र सङ्ग्राममा आफ्नो बाबुभन्दा पराक्रमी हुने लक्षणले सम्पन्न थियो। पाँच वर्ष पुगेपछि राजा प्रियव्रतले आफ्ना छोरा पद्मनाभको व्रतबन्ध संस्कार सम्पन्न गरे।।२१।। मद्रदेशका अधिपति अत्यन्त बुद्धिमान् प्रियव्रत राजाले पाञ्चाल देशकी राजकन्यासँग आफ्नो छोराको विवाह गर्ने कुरा चलाए । पछि दुबै सम्पन्न राजघरानाले विवाह गर्ने निधो गरे र अत्यन्त ऐश्वर्यपूर्ण शैलीमा विवाह भयो । एक दिनको कुरा हो, प्रियव्रत राजाकी जेठी रानी कीर्ति कमारीसरह जीवनयापन गरिरहेकी थिइन्। तिनी रातको समयमा आफ्ना श्रीमान्को चरण दबाउन भनी प्रियव्रतको कोठामा गइन्। तिनलाई कोठामा आएको देखेर कान्छी रानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःखिता रुदती ह्रीणा जगाम निजमन्दिरम् ।
कमहं शरणं यायां को मे दुःखं व्यपोहयेत् ।।२५।।

सपत्न्याऽमानितायाया मे त्राता स्याद्धरिरव्ययः।
स्मृतमात्रस्तु यस्त्राता द्रौपद्याः करुणानिधिः ।।२६।।

यां नैव मनुते भर्ता न कोऽपि मनुतेऽपि ताम् ।
अतो न जीवितेनार्थः शोषयिष्ये कलेवरम् ।।२७।।

पिबे हालाहालं वापि पते वापीं जलान्विताम्
न मनो निश्चयं याति तस्या विह्वलचेतसः ।।२८।।

एतस्मिन्नन्तरे दैवाद् देवलो ब्राह्मणोत्तमः।
पुरोहितः समायातः स जगाद गजाननीम् ।।२९।।

उपासनां क्लेशहन्त्रीं सर्वकामफलप्रदाम् ।।
सा तदैव प्रपद्याशु मूर्तिं मन्दारनिर्मिताम् ।।३०।।

गजाननस्य सम्पूज्य स्नात्वा शुद्धदिने तु सा ।
उपविष्टा पूजयितुं परमेण समाधिना ।।३१।।

त्यक्त्वा हरं हरिं चाम्बां तेजोयुक्तं परं रविम् ।
सर्वैः सम्पूज्यते देवदेव आदौ गजाननः ।।३२।।

विचार्यमाणे पञ्चानां भेदो नैवोपलभ्यते ।
यो भेदेनेक्षते चैतान् स याति नरकान् नरः ।।३३।।

एक एव परानन्दपूर्णोऽसौ परमेश्वरः ।
स्वेच्छया पञ्चधा जातो लोकानुग्रहकारणात् ।
एक एव पुमान् यद्वत् पुत्रमातुलनामभिः ।।३४।।

सा सम्यक् षोडशभिस्तमुपचारैः पुपूज ह ।
दूर्वापुष्पैर्दक्षिणाभिर्नमस्कारैरनेकधा ।।३५।।

कृत्वा करपुटं सा तु तुष्टाव जगदीश्वरम् ।

प्रभाले लात्तीले हिर्काएर भुइँमा लडाइन् ।।२२-२४।। त्यसपछि आफ्नी सौताद्वारा ताडना गरिएकी दुःखित र लज्जित जेठी रानी कीर्ति रुँदै आफ्नो कोठामा आइन्। त्यहाँ तिनले मनमनै भनिन् – 'अब म कसको शरणमा जाऔँ ? कसले मेरो दुःख हरिदेला?।।२५।। सौताद्वारा हेपिएकी मेरा लागि भगवान् नारायण-बाहेक अरू को रक्षक हुनसक्छ ? दयालु भगवान् हरिले संझना गर्नासाथ द्रौपदीको रक्षा गर्नुभएको थियो। जुन नारीलाई पतिले तिरस्कार गर्दछन् तिनलाई अरू सबैले तिरस्कार गर्दछन् । मलाई बाँचेर पनि केही लाभ छैन। मैले अब तपस्या गरी शरीर सुकाऊँ कि? अथवा विषपान गरूँ कि? अथवा पानीले भरिएको पोखरीमा हाम फालेर प्राणत्याग गरूँ कि? यस्तै चिन्ता र तर्क गरिरहेकी रानी कीर्तिले कुनै निधो गर्न सकिनन्। ती अत्यन्त व्याकुल र पागलजस्ती भएकी थिइन्।।२६-२८।। त्यसबेला दैवसंयोगबाट आफ्ना कुलपुरोहित उत्तम ब्राह्मण देवल तिनका समीपमा आए । तिनले रानी कीर्तिलाई मनले चिताएका सम्पूर्ण इच्छा पुऱ्याउने र सबै प्रकारका कष्ट नाश गर्ने गणेशको उपासनाको सम्बन्धमा बताए। त्यसपछि ती रानी कीर्तिले शुद्ध दिनमा स्नान गरेर पारिजातबाट बनाइएको भगवान् श्रीगणेशको मूर्तिमा बाह्य पूजा गरी फेरि उत्तम समाधिद्वारा भगवान् गणेशको आभ्यन्तर पूजा गर्न तत्पर भइन्।।२९-३०।। कीर्तिले भगवान् शिव, भगवान् नारायण, भगवती पार्वती, तेजस्वी भगवान् सूर्य यी सबै देवताहरूलाई छाडेर भगवान् श्रीगणेशको पूजा गरिन्, किनकि ती सबै देवताहरूले पनि सर्वप्रथम भगवान् गणेशकै आराधना गर्दछन् ।।३१-३२।। गहिरिएर विचार गर्दा शक्ति, शिव, नारायण, सूर्य र गणेश यी पाँच देवताहरूमा कुनै अन्तर छैन। जसले भेददृष्टिले हेर्दछ त्यो मानिस नरकमा जान्छ। एउटै आनन्दस्वरूप परमेश्वरले संसारको कल्याण गर्ने उद्देश्यले स्वेच्छापूर्वक आफूलाई पाँच रूपमा विभक्त गरेका हुन्। जसरी एउटै पुरुष कसैको छोरा र कसैको मामा बन्दछ त्यसैगरी परमेश्वर पनि कहीं श्रीगणेश, कहीं शिव, कहीं नारायण, कहीं सूर्य र कहीं देवीका रूपमा देखिनुहुन्छ।।३३-३४।। यस्तो विचार गरेर कीर्तिले सोह्र प्रकारका उपचारहरूद्वारा दूर्वाङ्कुर, पुष्प, दक्षिणा र नमस्कार टक्र्याएर धेरै पटक भगवान् श्रीगणेशको पूजा गरिन् । पूजापछि हात जोडेर जगदीश्वर श्रीगणेशको प्रार्थना गरिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कीर्तिरुवाच

त्वमेव जगदाधारस्त्वमेव सर्वकारणम् ।।३६।।

त्वमेव ब्रह्मा विष्णुश्च बृहद्भानुस्त्वमेव हि ।
चन्द्रो यमो वैश्रवणो वरुणो वायुरेव च ।।३७।

त्वमेव सागरा नद्यो लताकुसुमसंहतिः।
सुखं दुखं तयोर्हेतुस्त्वं नाशस्त्वं विमोचकः ।।३८।।

इष्टविघ्नकरो नित्यं महाविघ्नकरो विराट् ।
त्वमेव पुत्रलक्ष्मीदस्त्वमेव सर्वकामधुक् ।।३९।।

त्वमेव विश्वयोनिश्च त्वमेव विश्वहारकः ।
त्वमेव प्रकृतिस्त्वं वै पुरुषो निर्गुणो महान् ।।४०।।

त्वमेव शशिरूपेण सर्वमाप्यायसे जगत् ।
त्वमेव भूतभव्यञ्च भाविभावात्मकः स्वराट् ।।४१।।

शरण्यः सर्वभूतानां शत्रूणां तापनः परः।
कर्मकाण्डपरो यज्वा ज्ञानकाण्डपरः शुचिः ।।४२।।

सर्ववेत्ता सर्वविधिः सर्वसाक्षी च सर्वगः।
सर्वव्यापी सर्वविष्णुः सर्वसत्यमयः प्रभुः।।४३।।

सर्वमायामयः सर्वमन्त्रतन्त्रविधानवित् ।।४४।।

कीर्तिले भनिन् – हे भगवन् गणेश ! हजुर नै संसारका आधार हुनुहुन्छ, हजुर नै सम्पूर्ण संसारका मूल कारण हुनुहुन्छ, हजुर नै ब्रह्मा, विष्णुका रूपमा प्रकट हुनुहुन्छ, हजुर नै अत्यन्त तेजस्वी सूर्यका रूपमा आकाशमा विचरण गर्नुहुन्छ, हजुर नै चन्द्रमा, यमराज, कुबेर, वरुण र वायुका रूपमा रहनुहुन्छ।।३५-३७।। हजुर नै सागर, नदी, लता र फूलको समुदायमा रहनुहुन्छ। सुख र दुःख पनि हजुरका नै स्वरूप हुन्। सुख र दुःखका कारण पनि हजुर नै हुनुहुन्छ। नाशको रूपमा पनि हजुर नै रहनुहुन्छ र नाशलाई समाप्त पार्ने अर्थात् नाशका नाशक पनि हजुर नै हुनुहुन्छ।।३८।। हजुर विघ्नकर्ता हुनुहुन्छ भने महाविघ्नकर्ता विराट् पनि हजुर नै हुनुहुन्छ। हजुर नै पुत्र र सम्पत्तिका दाता हुनुहुन्छ । हजुरले नै सबै मानिसहरूका कामनाहरू पूरा गर्नुहुन्छ।।३९।। हजुर नै विश्वका मूल कारण हुनुहुन्छ भने हजुरले नै विश्वको संहार पनि गर्नुहुन्छ। हजुर नै प्रकृतिका रूपमा रहनुहुन्छ र पुरुषका रूपमा पनि देखिनुहुन्छ। हजुर नै प्रधानका रूपमा हुनुहुन्छ र निराकार, निर्गुण परमात्मा पनि पनि हजुर नै हुनुहुन्छ।।४०।। हजुरले नै चन्द्रमाको रूपमा उदाएर सम्पूर्ण जगत्लाई तृप्त गर्नुहुन्छ। हजुर नै भूत, वर्तमान र भविष्यको रूपमा हुनुहुन्छ र स्वयंप्रकाश पनि हुनुहुन्छ ।।४१।। हजुर शरणमा आएकालाई शरण दिने कृपालु हुनुहुन्छ र शत्रुका नाशक पनि हुनुहुन्छ। हजुर नै कर्मकाण्डका कर्ता यज्वा हुनुहुन्छ र हजुर नै पवित्र अध्यात्मका साधक पनि हुनुहुन्छ।।४२।। हजुर सर्वज्ञ, सम्पूर्ण विधिविधानका स्रोत, विश्वव्यापी र सर्वसाक्षी पनि हुनुहुन्छ। हजुर सर्वव्यापक हुनुहुन्छ । हजुर विष्णुका रूपमा विराजमान हुनुहुन्छ र सत्यका रूपमा विराजमान परमेश्वर हुनुहुन्छ। हजुर सम्पूर्ण मायाका अधिपति हुनुहुन्छ र सबै मन्त्र एवं तन्त्रका विधानहरूका ज्ञाता एवं तत्त्ववेत्ता पनि हुनुहुन्छ।।४३-४४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते कीर्तिस्तवनं नाम द्वात्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'रानी कीर्तिद्वारा भगवान् श्रीगणेशको स्तुति' शीर्षकान्वित बत्तीसौं अध्याय पूर्ण भयो ।।३२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयस्त्रिंशोऽध्यायः { ३३ अध्याय }

क उवाच

एवं साऽनुदिनं पूज्य तुष्टाव तं विनायकम् ।
एकस्मिन् दिवसे तस्याः सख्यो दूर्वार्थमाययुः ।।१।।

शुक्रमासवशान्नापुः क्वापि दूर्वाङ्कुरान् शुभान् ।
शमीपत्राणि भूयांसि गृहीत्वा तु तदन्तिकम् ।।२।।

आययुः परमश्रान्ता दूर्वाऽभावं न्यवेदयन् ।
शमीपत्रैः पुपूजैनं सर्वोपचारपूर्वकम् ।।३।।

दूर्वां विना निराहाराऽतिष्ठत् सा नियमे रता
तस्य तुष्टिः परा जाता शमीपत्रैः समर्पितैः ।।४।।

अशेत तत्पुरः स्वप्नमपश्यत् सा महाद्भुतम् ।
अब्दान्ते सैव मूर्तिस्तामिमां वाचमुवाच ह ।।५।।

वरं ददामि ते सुभ्रु ! शमीपत्रैः सुतोषितः।
सा नोवाच यदा किञ्चित् कीर्तिः सा तां पुनर्जगौ ।।६।।

मूर्तिरुवाच

वश्यस्ते भविता कान्तो भोगाश्चानेकशः शुभाः।
मद्भक्तिनिरतः पुत्रो भविष्यति महाबलः।।७।।

क्षिप्रप्रसादनेत्येवं कुरु नामास्य सुन्दरम् ।
तुर्येऽब्देऽस्य विषान्मृत्युर्भविष्यति पुनः क्षणात् ।।८।।

गृत्समदो द्विजोऽभ्येत्य पुनस्तं जीवयिष्यति।
राज्यकर्ता चिरायुश्च धर्मशीलो भविष्यति ।।९।।

इदं स्तोत्रं पठेद् यस्तु मम सन्तोषकारणम् ।
तस्य वश्यो भवेद् राजा किमन्यः प्राकृतो जनः ।।१०।।

पुत्रवान् धनसम्पन्नो वेदवेदाङ्गपारगः ।
बुद्धिश्च वर्धते तस्य मेधावृद्धिर्भवेद् दृढा ।।११।।

ब्रह्माजीले भन्नुभयो - यसरी ती कीर्तिले दिनदिनै भगवान् श्रीगणेशको पूजा गरी प्रार्थना गर्दथिन्। एक दिनको कुरा हो, तिनका सँगिनीहरू तिनले पूजा गरिरहेको ठाउँबाट दूबो खोज्न मैदानतर्फ गए।।१।। जेठको महिना भएकाले तिनले दूबो प्राप्त गर्न सकेनन्। त्यसपछि दूबोको सट्टा तिनले धेरै शमीका पात टिपेर ल्याए। दूबोको खोजी गर्दा थाकेका ती सँगिनीहरूले आएर भने - 'हे महारानी ! दूबो पाइएन, त्यसको सट्टा शमीका पात टिपेर ल्याएका छौं, तपाइँले यिनै पातबाट भगवान् श्रीगणेशको पूजा गर्नुहोस् ।।२-३।।' दूबोको अभावका कारण निराहार रही यम र नियमपूर्वक पूजा गरिरहेकी कीर्तिलाई दूबोको सट्टा शमीको पात पाएपछि भित्रभित्रै सन्तोषको अनुभव भयो ।।४।। यसरी एक दिन शमीका पातले भगवान्‌को पूजा गरी सुतेपछि अद्‌भुत सपना देखिन्। एक वर्षपछि फेरि त्यही सपना देखियो। त्यस सपनामा भगवान् श्रीगणेशको मूर्तिको वाणी सुनियो - 'हे सुन्दरी ! तिमीले एक वर्षसम्म निरन्तर शमीका पात चढाएर पूजा गरिरहेकी छ्यौ, म त्यसबाट खुसी भएको छु।' मूर्तिको यो वाणी सुनेर कीर्ति मौन रहिन्। त्यसपछि मूर्तिबाट फेरि वाणीको उच्चारण भयो ।

मूर्तिबाट वाणी भयो - 'हे सुन्दरी ! तिम्रा पति अनुकूल हुनेछन्। अनेक प्रकारका मङ्गलमय भोग प्राप्त गर्नेछ्यौ, तिमीले मेरो सेवा गर्ने, सज्जन र महाबलि पुत्र प्राप्त गर्नेछौ ।।५-७।। पुत्र पैदा भएपछि त्यसको क्षिप्रप्रसादन भनी नामकरण गर । त्यो बालक चार वर्षको हुँदा विषप्रयोगका कारण त्यसको मृत्यु हुनेछ। मृत्युकालमा तत्काल बालकका सामु गृत्समदनामक ब्राह्मण आइपुग्नेछन् र तिनले मरेका बालकलाई जियाउनेछन्। त्यसपछि तिम्रा ती पुत्र ठूला शासक, चिरञ्जीवी र धर्मात्माका रूपमा प्रसिद्ध हुनेछन् ।।८-९।। तिमीले जुन स्तोत्रको पाठ गर्‍यौ त्यो मेरा निमित्त सन्तोषदायक छ। त्यसको पाठबाट मानिसले राजालाई पनि वशमा तुल्याउन सक्नेछ। अरू सामान्य मानिसलाई वशमा ल्याउने विषयमा त कुरा नै नगरौं । यस स्तोत्रको पाठ गर्ने मानिस पुत्रवान्, धनी र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाञ्छिताँल्लभते सोऽर्थान् त्रिसन्ध्यं यः पठेदिदम् ।
मम भक्तिर्दृढा तस्य मोक्षश्चान्ते भविष्यति ।।१२।।

एवं दत्त्वा वरान् स्वप्ने स देवो पिदधे क्षणात् ।
जागृता साश्रुनयना विस्मिता मानसेऽवदत् ।।१३।।

दीननाथेन महती कृपा मयि नियोजिता।
अनुग्रहो महान्मह्यं यद् दत्तं दर्शनं स्वयम् ।।१४।।

विनायकेन देवेन पोषिता परमादरात् ।
अद्याहं तेन देवेन सर्वभूतानुकम्पिना ।।१५।।

इयमेव परा सिद्धिरिदमेव तपःफलम् ।
अयमेव परो लाभो यदवोचन्मया सह ।।१६।।

क उवाच

ततः प्रभाते स्नाता सा परमानन्दनिर्भरा ।
पुपूज परया भक्त्या गणेशं वरदं शुभम् ।।१७।।

समाप्य नियमं मूर्तिं पूर्वस्थाने न्यवेशयत् ।।१८।।

पुरोहितं समानीय पूजयामास भक्तितः।
गणेशं मनसा ध्यात्वा वदन्ती नाममालिकाम् ।।१९।।

स्मरन्ती तद्वरान् कीर्तिः समयं च प्रतीक्षती।
ततः कालेन महता प्रभा सा निष्प्रभाऽभवत् ।।२०।।

रक्तपित्तवती जाता प्रारब्धादीश्वरेच्छया ।
करौ पादौ च नासा च तस्याः क्षरति नित्यशः ।।२१।।

अतिबीभत्सरूपां तां तत्याज मनसा पतिः ।
न वक्ति नेक्षते ज्ञात्वा प्रयत्नान् निष्फलान् बहून् ।।२२।।

ततः कीर्तेर्गृहं यातस्तपसा सुन्दराकृतेः।
कृपया गणराजस्य स्वयं वश्योऽभवच्च सः ।।२३।।

वेद-वेदाङ्गमा पारङ्गत हुनेछ। त्यसको बुद्धिवृद्धि हुनेछ र मेधाको दृढ विकास पनि हुनेछ। जसले बिहान, दिउँसो र बेलुका यस स्तोत्रको पाठ गर्दछ त्यसले आफूले चिताएका कामनाहरू परिपूर्ण तुल्याउनेछ। त्यसको हृदयमा मप्रति दृढ भक्ति हुनेछ र अन्तमा त्यसले मोक्ष प्राप्त गर्नेछ।।१०-१२।। यसरी स्वप्नमा वरदान दिएर श्रीगणेशको मूर्ति अन्तर्धान भयो। जागेपछि कीर्तिका आँखामा खुसीका आँसु थिए। तिनले चकित भएर भन्न थालिन्- 'दीन-दुःखीका स्वामी भगवान् श्रीगणेशले ममाथि ठूलो कृपा गर्नुभयो। उहाँको मप्रति अनुपम अनुग्रह भयो किनकि मलाई उहाँले आफै आएर दर्शन दिनुभयो।।१३-१४।। आज म सम्पूर्ण प्राणीहरूमाथि दया गर्नुहुने भगवान् विनायकको दर्शन पाएर पवित्र भएकी छु। मेरा लागि यो ठूलो सिद्धि हो, तपस्याको ठूलो फल यही हो र जीवनको उत्तम लाभ पनि यही हो। किनकि मैले आज स्वप्नमा भगवान्सँग संवाद गर्ने अवसर पाएँ।।१५-१६।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! त्यसपछि ती कीर्ति रानीले परम आनन्दमा मग्न भएर बिहानमा स्नान गरिन्। त्यसपछि अत्यन्त श्रद्धा र भक्तिका साथ वरदायक भगवान गणेशको पूजा गरिन्। नियम र आराधना समाप्त भएपछि मूर्तिलाई आफ्नो ठाउँमा लगेर राखिन्। आफूले पूजा गरेपछि फेरि पुरोहितलाई बोलाएर भक्तिपूर्वक दोस्रो पूजा गरिन्। त्यस बेला तिनले मनले गणेशका नामहरू जपिरहेकी थिइन्।।१७-१९।। भगवान्ले दिएका वरदानको याद गर्दै आफ्नो उदयकालको प्रतीक्षा गरिरहेकी थिइन्। समय बित्दै गयो, तिनकी सौता प्रभा कान्तिहीन र कमजोर हुँदै गइन्। ईश्वरको इच्छाले तिनलाई रगत र पित्तको रोग भयो। तिनका हात-खुट्टा र नाकबाट निरन्तर रगत र पीप बग्न थाले। तिनको स्वरूप अत्यन्त घिनलाग्दो भयो। त्यस अवस्थामा तिनका पतिले पनि निर्मम भएर तिनलाई त्याग गरे। बिचरी प्रभा न कसैसँग बोल्थिन्, न कतै हेर्थिन् किनकि तिनले गरेका सबै प्रयत्नहरू निष्फल भइसकेका थिए। त्यसपछि राजा प्रियव्रत तपस्याका कारण अत्यन्त रमणीय देखिएकी धर्मप्राण जेठी रानी कीर्तिको आवासमा गए। भगवान् गणेशको कृपाका कारण कीर्तिले राजालाई केही भन्नु परेन। ती आफै वशमा परे।।२०-२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स गृहीत्वा करे तां तु मञ्चकं समुपानयत् ।
चिक्रीड स्वेच्छया कीर्त्या तन्निष्ठस्तत्परायणः ।।२४।।

न वियोगं क्षणं तस्याः सहते नृपसत्तमः।
साऽपि भोगानलङ्कारानन्तान् बुभुजे सती ।।२५।।

साऽपि गर्भवती जाता कालेन सुषुवे सुतम् ।
शुभे मुहूर्ते राजाऽसौ ददौ दानान्यनेकशः ।।२६।।

पुत्रजन्मप्रहृष्टः सन् ब्राह्मणेभ्यो यथार्हतः।
दिक्षु स्थाप्य द्विजान् पञ्च जातकर्म चकार सः ।।२७।।

क्षिप्रप्रसादनेत्येवं नाम चक्रे ततोऽस्य ह ।
तुतोष पुत्रं दृष्ट्वैव नानालङ्कारसंयुतम् ।।२८।।

अतिप्रीतिमती कीर्तिरभवत् पुत्रदर्शनात् ।
प्रभा च दुःखिता पुत्रं सपत्न्या वीक्ष्य सुन्दरम् ।।२९।।

एष एव भवेद् राजा ज्येष्ठापुत्रोऽयमित्युत।
दध्योदनं तु सविषं कीर्तिपुत्राय सा ददौ ।।३०।।

स तु विह्वलतां यातो विवृत्तनयनः क्षणात् ।
प्रभैव च महाशब्दं कृत्वाऽरोदीद् भृशातुरा ।।३१।।

तस्याः शब्दं समाकर्ण्य कीर्तिस्तमगमत् तदा ।
तमुदन्तं सा पतये न्यवेदयत सादरम् ।।३२।।

भिषजोऽपि ददुस्तस्मा औषधानि नृपाज्ञया ।
परीक्ष्य विषबाधां ते तस्मै राज्ञे न्यवेदयन् ।।३३।।

न गुणाय भवन्ति स्म नानामन्त्रौषधानि च ।
प्रभा तु धिक्कृता भर्त्रा निरस्ता दूरतो गृहात् ।।३४।।

कीर्तिस्तं बालकं गृह्य सखीभिः काननं ययौ ।
नगराद् योजनं याति तावद् बालो ममार सः ।।३५।।

प्रियव्रतले कीर्तिको हात समातेर शय्यामा लगी शयन गराए। निर्मल हृदय भएकी कीर्तिलाई मनले अत्यन्त माया गर्दै कीर्तिमय बनेर धेरै कालसम्म यौनक्रीडा गरे। त्यसपछि कीर्तिप्रति अत्यन्त आसक्त राजाले एकछिन पनि कीर्तिको वियोग सहन सकेनन्। पतिव्रता कीर्तिले पनि राजाको माया पाएर उत्तम वस्त्र र उत्तम अलङ्कारहरूको धारण गर्नुका साथै अनन्त भोगहरू भोगिन्। केही समयमा कीर्ति गर्भवती भइन् र दश महिना लागेपछि उत्तम मुहूर्तमा पुत्र पैदा गरिन्। पुत्रजन्मको शुभमुहूर्तमा खुसी भएका राजाले ब्राह्मणहरूलाई अनेक दान दिए। पूर्व आदि दिशाहरूमा पाँच जना ब्राह्मण राखेर जातकर्म संस्कार गरे। नामकरण संस्कारका दिन तिनले छोराको नाम क्षिप्रप्रसादन राखे। अत्यन्त सुन्दर वस्त्र र अलङ्कारले सजिएका छोरालाई हेरेर राजालाई ठूलो सन्तोष भयो।।२४-२८।। कीर्ति पनि छोराको दर्शन पाएर राजाप्रति अत्यन्त अनुरक्त भइन्। उता प्रभा भने आफ्नी सौताको सुन्दर छोरा देखेर दुःखित भइन् । तिनले मनमनै भनिन् - 'यो जेठी महारानीको छोरा भएका कारण भोलि राजगद्दीमा बस्नेछ ।' यस्ता तर्कले दुर्भावनामा परेकी प्रभाले एक दिन जेठी महारानीका छोरा क्षिप्रप्रसादनलाई दही र भातमा विष मिलाएर दिइन्। विष खाएपछि त्यस बालकले आँखा फर्कायो र पीडाले साह्रै व्याकुल भयो। बालकको त्यो अवस्था देखेर विष खुवाएर त्यो हालतमा पुऱ्याउने कान्छी महारानी प्रभा आफूलाई अत्यन्त दुःखी भएको नाटकीय अभिनय गर्दै छाती पिटेर रुन थालिन्।।२९-३१।। प्रभा त्यसरी ठूलो स्वरमा रोएको सुनेर कीर्ति त्यहाँ पुगिन्। त्यहाँको घटना देखेर तिनले आफ्ना पतिलाई बताइन्। वैद्यहरू आए र राजाको आज्ञाअनुसार आदरपूर्वक औषधि दिए। तिनीहरूले बालकको राम्ररी परीक्षण गरे। त्यसपछि वैद्यहरूले राजालाई विषपानबाट बालकको यो अवस्था भएको हो भन्ने कुरा बताए।।३२-३३।। बालकलाई स्वस्थ तुल्याउन अनेक थरि मन्त्र र औषधिहरूको प्रयोग गरियो, ती सबै प्रयोग विफल भए। राजाले प्रभाबाट नै यो काम भएको हो भन्ने थाहा पाएर तिनलाई धिक्कार गर्दै घरबाट निकालिदिए। कीर्ति त्यो बालकलाई हातमा लिएर आफ्ना सँगिनीहरूका साथ जङ्गलतर्फ लागिन्। नगरबाट चार कोस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्के कृत्वा तु तं बालं रुरोद शोकविह्वला ।
मूर्च्छिता पतिता भूमौ लतेव वायुनेरिता ।।३६।।

च्युतालङ्करणा ध्वस्तकङ्कणाऽमस्तकाञ्चला।
क्षणेन किञ्चिदाश्वस्ता सस्मार द्विरदाननम् ।।३७।।

उत्पत्तेः स्मरती बालचेष्टितं निघ्नती स्वहृत् ।
दैवात् तेनैव मार्गेण प्रययौ मुनिसत्तमः ।।३८।।

नाम्ना गृत्समदः साधुः साक्षात् सूर्य इवापरः।
गणेशभक्तप्रवरस्तपसां परमो निधिः।।३९।।

स तस्थौ करुणाविष्टः सा कीर्तिः प्रणनाम तम् ।
उवाच श्वसती सा तं गणनाथप्रसादजः ।।४०।।

अयं बालो मम मृतो जीवयैनं तपोबलात् ।
क्षिप्रप्रसादन इति नाम देवाज्ञया कृतम् ।।४१।।

सपत्न्या दुष्टभावेन विषमस्मै समर्पितम् ।
ततोऽनेन समप्रापि मुने ! मरणमीदृशम् ।।४२।।

न सतां दर्शनं व्यर्थमिति याचे तपोधन !
शरणागतसन्त्यागं नेहन्ते साधवो जनाः ।।३३।

इति तस्या वचः श्रुत्वा मुहूर्तं ध्यानतत्परः।
अभवन्मुनिशार्दूलस्ततो गृत्समदोऽब्रवीत् ।।४४।

शृणु देवि प्रवक्ष्येऽहमुपायं पुत्रजीवने ।
अज्ञानतः शमीपत्रैस्त्वयाऽपूजि विनायकः ।।४५।।

तत्पुण्यमस्य हस्ते त्वमर्पयस्व ममाज्ञया ।
तत्प्रसादादाशु सुत उत्थास्यति तवाधुना ।।४६।।

सा तु तद्वचनस्यान्ते कीर्तिर्हर्षसमन्विता ।
ददौ तस्मै शमीपूजासम्भवं पुण्यमुत्कटम् ।।४७।।

उत्तस्थौ स कुमारोऽस्या अमृतेनोक्षितो यथा।
सा तु हर्षान्मुनेः पादौ ववन्दे शिरसा पुनः।।४८।।

पर जाँदा त्यो छोराले प्राणत्याग गर्‍यो । मरेका छोराको लाश काखमा लिएर शोकले विह्वल भएकी रानी कीर्ति रोइन्। केही बेरपछि मूर्च्छित भएर वायुद्वारा भुइँमा लत्रिएको लहराझैं भुइँमा लडिन्।।३४-३६।। त्यसबेला कीर्तिका शरीरमा रहेका गहनाहरू खसेका थिए र हातका चुरा एवं बाला फुटेका थिए। तिनको शिर ढाक्ने पछ्यौरा भुइँमा खसेको थियो। केही बेरपछि होशमा आएकी कीर्तिले भगवान् गणेशको संझना गरिन्।।३७।। तिनले बालकको उत्पत्ति कालमा भएका घटनाहरू याद गरिन् । त्यसबेला त्यसै बाटोबाट कतै जाने इच्छाले दैवसंयोग त्यहाँ गृत्समदनामक मुनि आइपुगे।।३८।। ती मुनि साक्षात् सूर्यझैं तेजस्वी, गणेशका भक्त र तपस्याका परम निधि थिए।।३९।। ती ऋषि रानीलाई रोएको देखेर दया जागेका कारण उभिए। तिनलाई कीर्तिले प्रणाम गर्दै भनिन् - 'हे मुनिवर! भगवान् श्रीगणेशको प्रसादबाट प्राप्त मेरो यो बालक आज मरेको छ । यसलाई तपाइँले आफ्नो तपस्याको शक्तिबाट जगाउनुहोस् । भगवान् गणेशको आज्ञाबाट यसको नाम क्षिप्रप्रसादन राखिएको छ । मेरी सौताले मनमा दुर्भावना राखेर यसलाई विषपान गराइन्। त्यसकारण यसले आज अकालमा मर्नुपर्‍यो।।४०-४२।। हे तपस्वी मुनि ! सज्जनको दर्शन खेर जाँदैन भन्छन्। तसर्थ म हजुरसँग प्रार्थना गरिरहेकी छु । सज्जनहरूले शरणमा आएका मानिसको मरण गर्दैनन्। हजुरले मेरो उद्धार गर्नुहोस्। ती रानीका यी वचन सुनेर गृत्समद ऋषिले एक मुहूर्त भगवान्को ध्यान गरेपछि आँखा खोलेर रानीलाई भने - हे रानी ! म तिम्रा पुत्रको जीवनरक्षाका लागि उपाय बताउँछु । तिमीले अज्ञानबाट भए पनि शमीका पात चढाएर भगवान् गणेशको पूजा गरेकी छ्यौ।।४३-४५।। त्यस पूजाबाट पाएको पुण्य मेरा आज्ञाले तिमीले आफ्नो छोरालाई सुम्पिदेऊ। त्यसबाट तिम्रो छोरा भर्खरै जाग्नेछ।।४६।। मुनिले भनेजस्तै गरी हर्षपूर्वक रानी कीर्तिले आफूले शमीका पत्र अर्पण गरेर प्राप्त गरेको पुण्य दान गरिन्।।४७।। पुण्यदान गर्नासाथ त्यो बालक अमृतको सिञ्चन प्राप्त गरेझैं तुरुन्त जागेर उभियो । बालकलाई उभिएको देखेर कीर्तिले हर्षपूर्वक मुनिका पाउमा शिर राखी वन्दना गरिन्। त्सपछि तिनले भनिन्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच तं मुनिं ज्ञातं कथं शम्या प्रपूजनम् ।
महिमानं वद मुने ! शमीपूजनसम्भवम् ।।४९।।
येन सञ्जीवितो वालो मुक्तश्च यमकिङ्करैः।
ज्ञात्वा तच्च करिष्यामि नित्यं शम्या प्रपूजनम् ।।५०।।
येन वै वहुधा क्रूरा यमदूता दुरासदाः।
निरस्ता गणनाथस्य दूतैर्बहु रणाजिरे ।।५१।।
जीवयित्वा शिशुं मे ते गता धाम गजाननम् ।
येन पुण्येन बालो मे विषं त्यक्त्वा सुखी पुनः ।।५२।।
सञ्जीवन्नुत्थितः शीघ्रं सुप्तोत्थित इवापरः।
अतोऽहं परिपृच्छामि महिमानं शमीभवम् ।।५३।।

क उवाच

इति तद्वचनं श्रुत्वा प्रोचे गृत्समदस्तु ताम् ।

गृत्समद उवाच

उच्चारिते नाम्नि यस्याः कोटिपातकनाशनम् ।।५४।।
महिमानं हि कस्तस्याः साकल्येन वदेद् भुवि ।
सङ्क्षेपेण तु वक्ष्यामि महिमानं यथामति ।।५५।।
व्रतदानतपोभिश्च नानातीर्थनिषेवणैः।
पञ्चाग्निसाधनैरप्सु निवासैर्हिमकालिकैः ।।५६।।
न तत्फलमवाप्नोति यत् स्याच्छम्या प्रपूजने ।
प्रातःकाले त्रिसन्ध्यं वा शमीं नित्यं स्मरेत् तु यः ।।५७।।
वन्दयेदर्चयेद् वापि भक्तिभावसमन्वितः ।
ध्यात्वा गजाननं देवं तस्य तुष्टो विनायकः ।।५८।।
ददाति वाञ्छितानर्थानन्ते मोक्षं न संशयः ।
अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।।५९।।
नारदस्य च संवादं शक्रस्य च महात्मनः ।।६०।।

हे मुनिवर ! मैले शमीका पातले पूजा गरेको कुरा हजुरले कसरी थाहा पाउनुभयो ? शमीको पातबाट पूजा गरेको फल मलाई सुनाउनुहोस्।।४८-४९।। आज शमीपत्रको अर्पणबाट प्राप्त पुण्य अर्पण गर्दा मेरो बालक पुत्र बाँचेको छ। यमका दूतहरूले बीच बाटामा छाडेर गएका छन्। म शमीपत्रको महिमा राम्ररी जानेपछि दिनदिनै शमीका पात चढाएर गणेशको पूजा गर्नेछु । शमीपत्र समर्पणबाट प्राप्त पुण्यका कारण भगवान् गणेशका दूतहरूले यमका भयङ्कर दूतहरूलाई परास्त गरेका छन् । ती श्रीगणेशका दूतहरू मेरो बालक पुत्रलाई जीवन दान दिएर गणेशधाम फर्किसकेका छन् । जुन पुण्यका कारण मेरो बालकपुत्र विषको पीडाबाट मुक्त भएर बाँचेको छ। त्यस पुण्यको विषयमा पनि मलाई बताउनुहोस्। म शमीको महिमा अझ सुन्न चाहन्छु।।५०-५३।।

ब्रह्माजीले भन्नुभयो – रानी कीर्तिले भनेका यी कुरा सुनेर गृत्समद ऋषिले रानीलाई सम्बोधन गर्दै भने।

गृत्समदले भने – हे कीर्ति ! शमीपत्रको नाम लिनासाथ कोटिकोटि पापहरू नाश हुन्छन्। शमीका पातको महिमा सम्पूर्ण रूपमा यस पृथिवीमा कसैले बताउन सक्दैन । म तिमीलाई संक्षेपमा त्यसको महिमा बताउँछु।।५४-५५।। व्रत, दान, तपस्या, अनेक तीर्थमा गरिने स्नान, पञ्चाग्निसाधना र जलसाधनाबाट पनि त्यो फल पाइँदैन जुन फल शमीका पात चढाएर भगवान् गणेशको पूजा गर्नाले पाइन्छ। बिहान, दिउँसो र बेलुका जसले दिनदिनै शमीको स्मरण र नमस्कारका साथै भगवान् गणेशको ध्यान गरेर पूजा गर्दछ, त्यस भक्तप्रति भगवान् गणेश सन्तुष्ट बन्नुहुन्छ र उहाँले त्यसलाई चाहेका पदार्थ प्रदान गर्नुका साथै अन्तमा मोक्ष पनि दिनुहुन्छ। यस सम्बन्धमा इन्द्र र नारदजीको संवादमा आधारित एउटा इतिहास रहेको छ ।।५६-६०।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालसञ्जीवनं नाम त्रयस्त्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'कीर्तिपुत्रलाई पुनर्जीवनप्राप्ति' शीर्षकान्वित तेत्तीसौं अध्याय पूर्ण भयो ।।३३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुस्त्रिंशोऽध्याय: { ३४ अध्याय }

कीर्तिरुवाच

ब्रूहि ब्रह्मन्नशेषेण संवादं नारदेन्द्रजम् ।
श्रुत्वा तं संशयं त्यक्त्वा तृप्ताः स्याममृतादिव ।।१।।

क उवाच

इति तस्या वचः श्रुत्वा वक्तुं समुपचक्रमे।
स मुनिरितिहासं तं संवादं नारदेन्द्रजम् ।।२।।

मुनिरुवाच

कदाचित् पर्यटन् सुभ्रु ! नारदो दिव्यदर्शनः।
यदृच्छया गतः शक्रं त्रिलोकीभ्रमणे रतः ।।३।।

शक्रस्तं परिपूज्यैव पप्रच्छौरवचेष्टितम् ।
यदाह नारदो धीमाँस्तच्छृणुष्व महामुने ।।४।।

नारद उवाच

देशे मालवसंज्ञात औरवो नाम वै द्विजः।
वेदवेदाङ्गवित् साक्षाद् भानुरस्तं विना यथा ।।५।।

शक्तो यो मनसा स्त्रष्टुं पातुं हर्तुं चराचरम् ।
धर्मपत्नीरतो नित्यं समलोष्ठाश्मकाञ्चनः ।।६।।

मेधावी तपसा श्रेष्ठो जातवेदा इवापरः ।
सुमेधा नाम तस्यासीत् पत्नी परमधार्मिका ।।७।।

लावण्यलहरी कान्ता नानालङ्कारशोभना ।
रूपेण निर्जितरतिर्धिक्कृताप्सरसोगणा ।।८।।

पतिशुश्रूषणरता लालिता परमादरात् ।
तयोः समभवत् कन्या साऽपि ताभ्यां सुलालिता ।।९।।

नामास्याश्चक्रतुरुभौ शमिकेति निजेच्छया ।
यद् यत् प्रार्थयते सा तद् तां ददाति पिता विभुः।।१०।।

सा तु कन्या रूपवती सञ्जाता सप्तवार्षिकी ।
तदर्थं चिन्तयामास वरार्थमौरवो गतः।।११।

कीर्तिले भनिन् - हे मुनिवर ! इन्द्र र नारदजीको संवादमा भएका कुराहरू मलाई विस्तारपूर्वक बताउनुहोस्। त्यो संवाद सुनेर म निःसन्देह अमृतपान गरेझैं तृप्त हुनेछु।।१।।

ब्रह्माजीले भन्नुभयो - कीर्तिका कुरा सुनेर गृत्समद ऋषिले इन्द्र र नारदजीको संवादमा आधारित इतिहास बताए।

मुनिले भने - हे सुन्दरी ! कुनै समयमा अत्यन्त सुन्दर र दिव्य स्वरूपले सम्पन्न देवर्षि नारद स्वेच्छाले त्रिभुवनको भ्रमण गर्ने क्रममा इन्द्रको समीपमा आइपुगे।।३।। इन्द्रले पूजा एवं सम्मान गरेर नारदजीसँग औरव ऋषिको विषयमा सोधे । त्यसको उत्तर दिंदै नारदजीले जुन कुरा गरेका थिए, त्यो म बताउँछु।।४।।

नारदजीले भन्नुभयो - मालवनामक देशमा वेद र वेदाङ्गका ज्ञाता, सधैं उदाइरहेका सूर्यझैं तेजस्वी औरवनामक ब्राह्मण थिए।।५।। उनी आफ्नो मनबाट जगत्को सृष्टि, पालन र संहार गर्न समर्थ थिए। तिनले आफ्नी धर्मपत्नीमा मात्र प्रेम गर्दथे। उनको दृष्टिमा माटाको ढेला, ढुंगा र सुनमा केही फरक थिएन। अत्यन्त तीव्र बुद्धि भएका ती ऋषि तपस्याका कारण भव्य व्यक्तित्वले सम्पन्न थिए र तेजले अग्निझैं शोभायमान थिए। तिनकी पत्नीको नाम सुमेधा थियो। ती अत्यन्त धार्मिक स्वभावकी थिइन्।।७।। सुमेधा सौन्दर्यकी खानी थिइन् र अनेक थरि वस्त्र र अलङ्कारले अझ सुन्दर देखिन्थिन्। तिनले रूपबाट रतिलाई जितेकी थिइन् र अप्सराहरूलाई धिक्कारयोग्य तुल्याएकी थिइन् । पतिको सेवामा नित्य लागिरहने ती सुमेधा पतिद्वारा पनि परम आदरका साथ लालित र पालित थिइन् । ती दुबै दम्पतीबाट एउटी कन्या जन्मिन्। ती कन्याको दुबैले राम्ररी पालनपोषण गरे। पति-पत्नीले आफ्नी छोरीको शमिका भन्ने नाम राखे । ती कन्याले जुन कुरा चाहन्थिन् त्यो उनका पिता औरवले पुऱ्याउँथे ।।८-१०।। सात वर्षको उमेरमा ती कन्या अत्यन्त रूपवती देखिइन्। तिनका लागि औरवले वरको चिन्ता गरे । ती एक दिन वरको अन्वेषण गर्न घरबाट बाहिर निस्किए।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धौम्यपुत्रं च सुश्राव वेदशास्त्राङ्गपारगम् ।
शौनकस्य मुनेः शिष्यं तेजोराशिं वरं मुनिम् ॥१२॥

गुरुवाक्यरतं शान्तं गुरुशुश्रूषके रतम् ।
मन्दारनामकं शान्तं समाहूय शुभे दिने ॥१३॥

स ददौ गृह्यविधिना शमिकां स्वां सुतां खलु ।
ततो विवाहे मन्दारो ययौ स्वस्याश्रमं प्रति ॥१४॥

यौवनस्थां तु तां ज्ञात्वा शमिकां पुनराययौ ।
मन्दारो [illegible] ॥१५॥

[illegible] ।
[illegible] ॥१६॥

[illegible] ।
[illegible] ॥१७॥

[illegible] ।
[illegible] ॥१८॥

[illegible] ।
[illegible] ॥१९॥

[illegible] ।
[illegible] ॥२०॥

[illegible] ।
[illegible] ॥२१॥

[illegible] ।
[illegible] ॥२२॥

[illegible] ।
[illegible] ॥२३॥

[illegible] ।

घरबाहिर गएर तिनले मानिसहरूका मुखबाट वेद र शास्त्रमा पारङ्गत, तेजस्वी गुरुको आज्ञा पालन गर्ने, इन्द्रियविजयी, गुरुसेवामा तत्पर, शौनक मुनिका शिष्य र धौम्यऋषिका छोरा मन्दारको नाम सुने। घर फर्केपछि तिनले उत्तम मुहूर्तमा मन्दारलाई गृह्यसूत्रअनुसार कन्यादान गरी आफ्नी छोरी सुम्पिदिए र प्रशस्त दाइजो पनि दिए। विवाह सम्पन्न भएपछि मन्दार आफ्नो आश्रमतर्फ प्रस्थान गरे ॥१२–१४॥ केही वर्षपछि मन्दार आफ्नी पत्नी शमिका युवती भएको थाहा पाएर तिनलाई लिन ल्याउने उद्देश्यले ससुराका घर गए। त्यहाँ आउँदा अत्यन्त श्रद्धापूर्वक तिनको स्वागत गरियो। राम्रोसँग भोजन गराएर उत्तम [illegible] वस्त्र, अलङ्कार दिएर और्व दम्पतीले छोरी–ज्वाइँलाई बिदा गरे। बिदाइको अवसरमा ससुराले ज्वाइँलाई भने– हे मन्दार ! मैले यो छोरी तपाईंलाई विधिपूर्वक दिएँ, [illegible] आजसम्म मैले जसरी यसको पालन गरेको थिएँ, त्यसरी नै स्नेहपूर्वक तपाईंले पनि अब उप्रान्त यो कन्याको पालनपोषण गर्नुहोला ॥१५–१७॥ ससुराले भनेका कुरा सुनेर उहाँलाई प्रणाम गरी मन्दार आफ्नी पत्नी शमिका साथ आश्रमतर्फ गए। आश्रममा पुगेपछि अत्यन्त आनन्दका साथ दाम्पत्य धर्म निर्वाह गर्दै भोगविलास गरे ॥१८॥ कुनै दिन ऋषिहरूमा श्रेष्ठ भुशुण्डी ऋषि मन्दारको आश्रममा आए। ती ऋषि श्रीगणेशका परम भक्त थिए। तिनलाई [illegible] देखिन्थ्यो र [illegible] भगवान् [illegible] शिवशङ्करसमान आशुतोष देखिन्थे। लामो कालसम्म तपस्या गर्दा तिनको मुखमा सूँड निस्किएको हुँदा तिनलाई सबैले भुशुण्डी भन्दथे। तिनको पेट ठूलो थियो, शरीर विशाल थियो र ती अनेक प्रकारका अलङ्कारहरूद्वारा अलङ्कृत थिए। शमिका र मन्दारले भुशुण्डी ऋषिलाई [illegible] हेरे। तिनलाई कुरूपसरह मानेर ती दुवै दम्पती हाँसे। तिनीहरूबाट आफ्नो भएको अपमान र [illegible] अपमानको [illegible] कारण भुशुण्डीले क्रुद्ध भएर [illegible] देखाए। त्यसपछि तिनले भने – हे मन्दार ! [illegible] र अल्पबुद्धि भएका तिमीले मलाई देखेर आफ्नी पत्नीका साथमा [illegible] गर्‍यौ। त्यसैले तिमीहरू दुवै प्राणीशून्य [illegible] वृक्षको योनिमा जन्मनेछौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

शापं श्रुत्वाऽतिकठिनं सन्तप्तौ तौ बभूवतुः।।२४।।

प्रणम्य प्रोचतुर्विप्रमुच्छापं वक्तुमर्हसि।
तत ऊचे भ्रुशुण्डी स जानन् करुणया युतः।।२५।।

शुण्डां दृष्ट्वा कृतं हास्यं युवाभ्यां मूढभावतः ।
शुण्डावान् देवदेवोऽसौ सुप्रसन्नो भवेद् यदा ।।२६।।

तदा युवां निजं रूपं प्राप्स्येथे नात्र संशयः।
एवमुक्त्वा गतो यावन्मुनिराश्रममण्डलम् ।।२७।।

तावत्तौ वृक्षतां यातौ त्यक्त्वा देहौ तु मानुषौ ।
मन्दारताञ्च मन्दारो ब्राह्मणः प्राप तत्क्षणात् ।।२८।।

शमिका शमितां प्राप्ता सर्वतः कण्टकैर्वृता ।
उभौ वृक्षौ प्राणिमात्रैर्वर्जितौ मुनिवाक्यतः।।२९।।

अनागतौ तु तौ ज्ञात्वा शौनकश्चिन्तयान्वितः।
मासमात्रे गते नैव याति कस्मान्महाबलः ।।३०।।

मन्दारं यामि तं द्रष्टुं शिष्या यान्तु मया सह ।
शीघ्रमौरवमागम्य पप्रच्छ शनकैरिदम् ।।३१।।

आनेतुं शमिकां प्राप्तो मन्दारः क्वास्ति तद्वद ।

औरव उवाच

मयाऽप्रैषि तदैवाशु दत्त्वा कन्यां तया सह ।।३२।।

नागतश्चेत् स्वाश्रमं स न जाने क्व गतो ह्यसौ ।।
चिन्तयामासुरथ ते औरवः शौनकादयः।।३३।।

किमुभौ भक्षितौ मार्गे वृकव्याघ्रतरक्षुभिः।
अथवा निहतौ चोरैर्दष्टावाशीविषेण वा ।।३४।।

ततस्ते त्वरिता जग्मुस्तदुदन्तबुभुत्सया ।
क्वचित् क्वचिज्जना ऊचुर्मासमात्रमितो गतौ ।।३५।।

ततोऽरण्ये पदे दृष्टे स्त्रीपुंसोश्चारुरूपिणी ।
अनूपे ते तयोर्ज्ञात्वा स्नात्वा ध्यात्वा व्यलोकयन् ।।३६।।

ब्रह्माजीले भन्नुभयो – भ्रुशुण्डी ऋषिको कठोर सराप सुनेर ती दुबै अत्यन्त सन्तप्त भए ।।१९-२४।। ती दम्पतीले प्रणाम गरेर भने- हे ऋषि! सरापबाट मुक्त हुने उपाय बताउनुहोस्। त्यसपछि भ्रुशुण्डीले दयालु भएर भने – तिमीहरू मूर्खतावश मेरो सूढ देखेर हाँस्यौ । जहिले तिमीहरूले आफ्नो आराधनाबाट मुखमा सूँढ धारण गर्ने देवतालाई प्रसन्न गराउनेछौ, त्यस बेला मात्र स्वाभाविक स्वरूप प्राप्त गर्नेछौ। यसमा कुनै सन्देह छैन । यसरी उपाय बताएर ती मुनि आफ्नो आश्रमतर्फ गए। त्यतिबेला नै मन्दार र शमिका पनि मानिसको शरीर परित्याग गरी वृक्षको रूपमा परिणत भए। मन्दार ऋषि मन्दारनामक वृक्ष भए अर्थात् पारिजात वृक्ष भए भने तिनकी पत्नी शमिका सर्वाङ्गमा काँडैकाँडाले भरिएको शमीको वृक्षका रूपमा परिणत भइन्। मुनिको वचनले गर्दा दुबै वृक्ष निर्जन वनमा रहेका थिए ।।२५-२९।। आफ्ना शिष्य र शिष्यालाई आश्रममा नदेखेर शौनक ऋषिले चिन्ता गर्दै भने – शमिका र मन्दार यहाँबाट गएको एक महिना भइसक्यो, किन आउँदैनन् ?।।३०।। म मन्दारको खोजी गर्न जान्छु। हे शिष्य हो ! तिमीहरू पनि मेरा पछिपछि लाग । त्यसपछि शौनक औरवका घरमा आए र मन्दारको विषयमा जानकारी लिंदै भने – शमिकालाई लिन भनी ससुराल आएका मन्दार कहाँ छन् ?

औरवले भने – मैले त उतिबेला नै आफ्नी कन्याका साथ लगाएर पठाएको हुँ। यदि ती आश्रममा गएका छैनन् भने कहाँ गए ? यसरी प्रश्न गर्दै ऋषि चिन्तित भए । त्यसपछि ऋषिपरिवारका सबै मानिसहरूले आपसमा दुःखका कुरा गर्दै तर्क गर्न लागे। औरव र शौनकले मनमा कुरा खेलाउँदै भने – दुबैलाई ब्वाँसो, बाघ, चितुवाले त खाएन ? अथवा चोरले त मारेन ? अथवा सर्पले त टोकेनं ? ।।३१-३४।। यसरी तर्क गरेपछि सबै मिलेर शीघ्रतापूर्वक मन्दार र शमिकाको समाचार थाहा पाउन हिंडे। कहीं कहीं मानिसहरूले भने – एक महिना अघि तिनीहरूलाई यो बाटोमा हिंडेको देखेका थियौं।।३५।। त्यसपछि ती सबैले निर्जन वनभागमा पुगेपछि स्त्री र पुरुषका सुन्दर पदचिह्न भेटाए । ती पदचिह्न देखेर ध्यान गरे । ध्यानदृष्टिबाट हेर्दा तिनीहरूले उपहासका कारण रीस उठ्दा भ्रुशुण्डीले सराप दिएकाले शमिका र मन्दार कीराफट्याङ्ग्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धौम्यपुत्रं स शुश्राव वेदशास्त्राङ्गपारगम् ।
शौनकस्य मुनेः शिष्यं तेजोराशिं परं मुनिम् ।।१२।।

गुरुवाक्यरतं दान्तं गुरुशुश्रूषकं परम् ।
मन्दारनामकं शान्तं समाहूय शुभे दिने ।।१३।।

तां ददौ गृह्यविधिना पारिबर्हं ददौ बहु ।
जाते विवाहे मन्दारो ययौ स्वस्याश्रमं प्रति।।१४।।

यौवनस्थां तु तां ज्ञात्वा शमिकां पुनराययौ ।
मन्दारो मानितः सम्यग्गौरवेण सुपूजितः।।१५।।

सम्भोज्य सुमुहूर्तेन दत्त्वा वस्त्रादि काञ्चनम् ।
प्रास्थापयदुभौ विप्रो जामातरमंथाब्रवीत् ।।१६।।

इयं सुता मम ब्रह्मन् ! दत्ता तुभ्यं विधानतः ।
पालयस्व बहुस्नेहादद्ययावन्मया यथा ।।१७।।

प्रणिपत्याथ श्वशुरमोमित्युक्त्वा जगाम सः ।
स्वमाश्रमपदं प्राप्य चिक्रीड निजभार्यया ।।१८।।

कदाचिद् ऋषिमुख्योऽसौ भ्रुशुण्डी तस्य चाश्रमम् ।
मन्दारस्य समायातो द्विरदाननभक्तिमान् ।।१९।।

रुष्टोऽसावनलः साक्षात् तुष्टश्चेदीश्वरोपमः।
तपसा निर्गता शुण्डा भ्रुशुण्डीति च सोऽभवत् ।।२०।।

स्थूलोदरो बृहत्कायो नानालङ्कारमण्डितः ।
ददर्शतुरुभौ तं तौ मन्दारः शमिका तदा ।।२१।।

विरूपमिव तं दृष्ट्वा जहसतुर्मुदा तदा ।
सोऽपमानभयात् त्रस्तश्चुकोपारुणलोचनः।।२२।।

उवाच तं मन्दमते ! न जानासि मदोद्धतः।
अहसीद् विवृतैर्दन्तैः पत्न्या सह यतस्तु माम् ।।२३।।

अतो यातं वृक्षयोनौ सर्वप्राणिविवर्जितौ ।

घरबाहिर गएर तिनले मानिसहरूका मुखबाट वेद र शास्त्रमा पारङ्गत, तेजस्वी गुरुको आज्ञा पालन गर्ने, इन्द्रियविजयी, गुरु-सेवामा तत्पर, शौनक मुनिका शिष्य र धौम्यऋषिका छोरा मन्दारको नाम सुने। घर फर्केपछि तिनले उत्तम मुहूर्तमा मन्दारलाई गृह्यसूत्र-अनुसार कन्यादान गरी आफ्नी छोरी सुम्पिदिए र प्रशस्त दाइजो पनि दिए । विवाह सम्पन्न भएपछि मन्दार आफ्नो आश्रमतर्फ प्रस्थान गरे ।।१२-१४।। केही वर्षपछि मन्दार आफ्नी पत्नी शमिका युवती भएको थाहा पाएर तिनलाई घरमा ल्याउने उद्देश्यले ससुराका घर गए। त्यहाँ आउँदा अत्यन्त श्रद्धापूर्वक तिनको स्वागत गरियो। राम्रोसँग भोजन गराएर उत्तम साइत हेरी वस्त्र, अलङ्कार दिएर औरव दम्पतीले छोरी-ज्वाइँलाई बिदा गरे। बिदाइको अवसरमा ससुराले ज्वाइँलाई भने- हे मन्दार ! मैले यी छोरी तपाइँलाई विधिपूर्वक दिएँ, धेरै स्नेह गरेर आजसम्म मैले जसरी यिनको पालन गरेको थिएँ, त्यसरी नै स्नेहपूर्वक तपाइँले पनि अब उप्रान्त यी कन्याको पालनपोषण गर्नुपर्छ।।१५-१७।। ससुराले भनेका कुरा सुनेर उहाँलाई प्रणाम गरी मन्दार आफ्नी पत्नी शमिका साथ आश्रमतर्फ गए। आश्रममा पुगेपछि अत्यन्त आनन्दका साथ दाम्पत्य धर्म निर्वाह गर्दै भोगविलास गरे।।१८।। कुनै दिन ऋषिहरूमा श्रेष्ठ भ्रुशुण्डी ऋषि मन्दारको आश्रममा आए। ती ऋषि श्रीगणेशका परम भक्त थिए। रिसाउँदा अग्निझैं डरलाग्दा देखिन्थे र प्रसन्न हुँदा भगवान् सदा शिवशङ्करसमान आशुतोष देखिन्थे। लामो कालसम्म तपस्या गर्दा तिनको मुखमा सूँढ निस्किएको हुँदा तिनलाई सबैले भ्रुशुण्डी भन्दथे । तिनको पेट ठूलो थियो, शरीर विशाल थियो र ती अनेक प्रकारका अलङ्कारद्वारा अलङ्कृत थिए। शमिका र मन्दारले भ्रुशुण्डी ऋषिलाई राम्ररी नियालेर हेरे। तिनलाई कुरूपजस्तो जानेर ती दुबै दम्पती हाँसे । तिनीहरूबाट आज भएको अपमान र भोलि पनि हुनसक्ने अपमानको त्रासका कारण भ्रुशुण्डीले क्रुद्ध भएर राता आँखा देखाए । त्यसपछि तिनले भने - हे मन्दार ! जवानीको मदले मातेका र मन्दबुद्धि भएका तिमीले मलाई देखेर आफ्नी पत्नीका साथमा बसी दाँत देखाएर मेरो उपहास गर्‍यौ। तसर्थ तिमीहरू दुबै प्राणीशून्य वनमा वृक्षको योनिमा जन्मनेछौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

शापं श्रुत्वाऽतिकठिनं सन्तप्तौ तौ बभूवतुः।।२४।।

प्रणम्य प्रोचतुर्विप्रमुच्छापं वक्तुमर्हसि।
तत ऊचे भ्रुशुण्डी स जानन् करुणया युतः।।२५।।

शुण्डां दृष्ट्वा कृतं हास्यं युवाभ्यां मूढभावतः ।
शुण्डावान् देवदेवोऽसौ सुप्रसन्नो भवेद् यदा ।।२६।।

तदा युवां निजं रूपं प्राप्स्येथे नात्र संशयः।
एवमुक्त्वा गतो यावन्मुनिराश्रममण्डलम् ।।२७।।

तावत्तौ वृक्षतां यातौ त्यक्त्वा देहौ तु मानुषौ ।
मन्दारताञ्च मन्दारो ब्राह्मणः प्राप तत्क्षणात् ।।२८।।

शमिका शमितां प्राप्ता सर्वतः कण्टकैर्वृता ।
उभौ वृक्षौ प्राणिमात्रैर्वर्जितौ मुनिवाक्यतः।।२९।।

अनागतौ तु तौ ज्ञात्वा शौनकश्चिन्तयान्वितः।
मासमात्रे गते नैव याति कस्मान्महाबलः ।।३०।।

मन्दारं यामि तं द्रष्टुं शिष्या यान्तु मया सह ।
शीघ्रमौरवमागम्य पप्रच्छ शनकैरिदम् ।।३१।।

आनेतुं शमिकां प्राप्तो मन्दारः क्वास्ति तद्वद ।

औरव उवाच

मयाऽप्रैषि तदैवाशु दत्त्वा कन्यां तया सह ।।३२।।

नागतश्चेत् स्वाश्रमं स न जाने क्व गतो ह्यसौ ।।
चिन्तयामासुरथ ते औरवः शौनकादयः।।३३।।

किमुभौ भक्षितौ मार्गे वृकव्याघ्रतरक्षुभिः।
अथवा निहतौ चोरैर्दष्टावाशीविषेण वा ।।३४।।

ततस्ते त्वरिता जग्मुस्तदुदन्तबुभुत्सया ।
क्वचित् क्वचिज्जना ऊचुर्मासमात्रमितो गतौ ।।३५।।

ततोऽरण्ये पदे दृष्टे स्त्रीपुंसोश्चारुरूपिणी ।
अनूपे ते तयोर्ज्ञात्वा स्नात्वा ध्यात्वा व्यलोकयन् ।।३६।।

ब्रह्माजीले भन्नुभयो – भ्रुशुण्डी ऋषिको कठोर सराप सुनेर ती दुबै अत्यन्त सन्तप्त भए ।।१९-२४।। ती दम्पतीले प्रणाम गरेर भने– हे ऋषि! सरापबाट मुक्त हुने उपाय बताउनुहोस्। त्यसपछि भ्रुशुण्डीले दयालु भएर भने – तिमीहरू मूर्खतावश मेरो सूढ देखेर हाँस्यौ । जहिले तिमीहरूले आफ्नो आराधनाबाट मुखमा सूँढ धारण गर्ने देवतालाई प्रसन्न गराउनेछौ, त्यस बेला मात्र स्वाभाविक स्वरूप प्राप्त गर्नेछौ। यसमा कुनै सन्देह छैन । यसरी उपाय बताएर ती मुनि आफ्नो आश्रमतर्फ गए। त्यतिबेला नै मन्दार र शमिका पनि मानिसको शरीर परित्याग गरी वृक्षको रूपमा परिणत भए। मन्दार ऋषि मन्दारनामक वृक्ष भए अर्थात् पारिजात वृक्ष भए भने तिनकी पत्नी शमिका सर्वाङ्गमा काँडैकाँडाले भरिएको शमीको वृक्षका रूपमा परिणत भइन्। मुनिको वचनले गर्दा दुबै वृक्ष निर्जन वनमा रहेका थिए ।।२५-२९।। आफ्ना शिष्य र शिष्यालाई आश्रममा नदेखेर शौनक ऋषिले चिन्ता गर्दै भने – शमिका र मन्दार यहाँबाट गएको एक महिना भइसक्यो, किन आउँदैनन् ?।।३०।। म मन्दारको खोजी गर्न जान्छु। हे शिष्य हो ! तिमीहरू पनि मेरा पछिपछि लाग । त्यसपछि शौनक औरवका घरमा आए र मन्दारको विषयमा जानकारी लिंदै भने – शमिकालाई लिन भनी ससुराल आएका मन्दार कहाँ छन् ?

औरवले भने – मैले त उतिबेला नै आफ्नी कन्याका साथ लगाएर पठाएको हुँ। यदि ती आश्रममा गएका छैनन् भने कहाँ गए ? यसरी प्रश्न गर्दै ऋषि चिन्तित भए । त्यसपछि ऋषिपरिवारका सबै मानिसहरूले आपसमा दुःखका कुरा गर्दै तर्क गर्न लागे। औरव र शौनकले मनमा कुरा खेलाउँदै भने – दुबैलाई ब्वाँसो, बाघ, चितुवाले त खाएन ? अथवा चोरले त मारेन ? अथवा सर्पले त टोकेन ? ।।३१-३४।। यसरी तर्क गरेपछि सबै मिलेर शीघ्रतापूर्वक मन्दार र शमिकाको समाचार थाहा पाउन हिंडे। कहीं कहीं मानिसहरूले भने – एक महिना अघि तिनीहरूलाई यो बाटोमा हिंडेको देखेका थियौं।।३५।। त्यसपछि ती सबैले निर्जन वनभागमा पुगेपछि स्त्री र पुरुषका सुन्दर पदचिह्न भेटाए । ती पदचिह्न देखेर ध्यान गरे । ध्यानदृष्टिबाट हेर्दा तिनीहरूले उपहासका कारण रीस उठ्दा भ्रुशुण्डीले सराप दिएकाले शमिका र मन्दार कीराफट्याङ्ग्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञात्वा भ्रुशुण्डिना शप्तावुपहासरुषावशात् ।
वृक्षताङ्गमितौ सर्वपक्षिकीटविवर्जितौ ।।३७।।

मन्दारतां तु मन्दारः शमिका शमितामपि ।
शोचाते तावुभौ विप्रौ औरवः शौनकोऽपि च ।।३८।।

धौम्यपुत्रः साधुरयमध्येतुं समुपागतः।
अधीतविद्यः स कथं गमितो द्रुमतां बलात् ।।३९।।

पिता श्रुत्वा त्यजेत् प्राणान् पृष्टः किं वा वदामि तम् ।
औरवोऽपि शुशोचैनां शमिकां निजकन्यकाम् ।।४०।।

क उवाच

तावुभौ परिचिन्त्यैवं न भेदो भक्तदेवयोः।
गणेशं परिराध्यैवं मोचयाव इमावघात् ।।४१।।

जितेन्द्रियावूर्ध्वदृष्टी निराहारौ दृढव्रतौ ।
एकाङ्गुष्ठस्थितावुर्व्यां तोषयामासतुर्मुदा ।।४२।।

ततस्तौ कृपयाविष्टौ तेपाते परमं तपः।
षडक्षरेण मन्त्रेण देवदेवं विनायकम् ।।४३।।

एवं द्वादशवर्षाणि चेरतुस्तप उत्तमम् ।
औरवः कन्यकार्थञ्च शिष्यार्थं शौनकोऽपि च ।।४४।।

र चराचुरुङ्गीले पनि बास नगर्ने घोर वनमा वृक्षयोनिमा परिणत भएको थाहा पाए। त्यसैगरी तिनले मन्दार मन्दारका रूपमा र शमिका शमीवृक्षका रूपमा परिणत भएको समेत राम्ररी जानकारी पाए ।।३६-३७।। औरव र शौनकले चिन्ता गर्दै भने - धौम्यका छोरा ती मन्दार सज्जन स्वभावका र पढेलेखेका ज्ञानी पुरुष थिए, आज कसरी रूख बन्न पुगे ? तिनका पिताले यो कुरा सुन्नुभयो भने प्राणत्याग गर्नुहुनेछ। उहाँलाई के भनेर चित्त बुझाउने हो ? औरवले पनि आफ्नी छोरी शमिकाको संझना गर्दै पीर गरे।।३८-४०।।

ब्रह्माजीले भन्नुभयो - त्यसबेला चिन्तामा परेका औरव र धौम्यले भने - भक्त र भगवान्मा भेद हुँदैन। तसर्थ भगवान् गणेशको आराधनाबाट नै वृक्षको रूपमा परिणत भएका यी दम्पतीलाई वृक्षयोनिबाट मुक्त गर्नेछौं । त्यसपछि औरव र शौनकले इन्द्रिय जितेर आकाशतिर दृष्टि लगाउँदै निराहार एवं पवित्र रही व्रत गर्दै खुट्टाको एउटा बूढीऔंलाको भरमा उभिएर मन्दार र शमिकाप्रति दयालु हुँदै ठूलो तपस्या गरे। ६ अक्षरको मन्त्र जपेर भगवान् श्रीगणेशको आराधना गरे। यसरी तिनीहरूको तपस्या बाह्र वर्षसम्म जारी रह्यो । औरव आफ्नी कन्याको मुक्तिका लागि तपस्या गरिरहेका थिए भने शौनक ऋषि आफ्नो शिष्यको उद्धारका लागि तपस्या गरिरहेका थिए।।४१-४४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते भ्रुशुण्डिशापवर्णनं नाम चतुस्त्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'औरव र शौनकको कथाप्रसङ्ग' शीर्षकान्वित चौंतीसौं अध्याय पूर्ण भयो ।।३४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चत्रिंशोऽध्यायः { ३५ अध्याय }

क उवाच

ततस्तुष्टः पाशपाणिर्दृष्ट्वा क्लेशं तथा तयोः।
आविरासीन्महातेजा दशबाहुर्विनायकः।।१।।
किरीटं कुण्डले मालामङ्गदे कटिसूत्रकम्।
बिभ्रत् सर्पोपवीतञ्च सिंहारूढोऽग्निसन्निभः।।२।।
पश्यतः स्म परां मूर्तिं कोटिसूर्यसमप्रभाम्।
तुष्टुवतुरुभौ देवं नत्वा बद्धाञ्जली उभौ ।।३।।

तावुचतुः

विश्वस्य बीजं परमस्य पाता
नानाविधानन्दकरः स्वकानाम्।
निजार्चनेनादृतचेतसां त्वं
विघ्नप्रहर्ता गुरुकार्यकर्ता ।।४।।

परात्परस्त्वं परमार्थभूतो
वेदान्तवेद्यो हृदयेतिगुप्तः।
सर्वश्रुतीनाञ्च न गोचरोऽसि
नमाव इत्थं निजदैवतं त्वाम् ।।५।।

न पद्मयोनिर्न हरो हरिश्च
हरिः षडास्यो न सहस्रमूर्द्धा।
मायाविनस्ते न विदुः स्वरूपं
कथं नु शक्यं परिनिश्चितुं तत् ।।६।।

तवानुकम्पा महती यदा स्याद्
विभुञ्जतः कर्म शुभाशुभं स्वम्।
कायेन वाचा मनसा नमेत् त्वां
जीवँश्च मुक्तो नर उच्यते सः ।।७।।

त्वं भावतुष्टो विदधासि कामान्
नानाविधाकारतयाऽखिलानाम्।
संसृत्यकूपारविमुक्तिहेतु-
रतो विभुं त्वां शरणं प्रपद्ये ।।८।।

ब्रह्माजीले भन्नुभयो - औरव र शौनकको तपस्याबाट भगवान् श्रीगणेश प्रसन्न हुनुभयो। मन्दार र शमिकाको कष्टबाट दुःखी हुनुभएका भगवान् श्रीगणेश दश भुजा, किरीट, कुण्डल, माला, केयूर र कटिसूत्र धारण गरेर सिंहमा सवार भई प्रकट हुनुभयो। ती दुबै ऋषिले करोडौं सूर्यसमान तेजस्वी श्रीगणेशको मूर्ति देखेर हात जोडी प्रणाम गरेपछि स्तुति गरे।।१-३।।

ऋषिहरूले भने- हे श्रीगणेश ! हजुर संसारका कारण हुनुहुन्छ र संसारका रक्षक पनि हजुर नै हुनुहुन्छ। संसारलाई अनेक थरि आनन्द दिने दाता हजुर हुनुहुन्छ र आफ्ना भक्तहरूको कल्याण गर्ने कल्याणकारी देवता पनि हजुर नै हुनुहुन्छ। कसैले आदरपूर्वक पूजा गऱ्यो भने त्यसका विघ्नहरूको हरण गर्नुहुन्छ र ठूला-ठूला कार्यहरूमा सिद्धि प्रदान गर्नुहुन्छ।।४।। हजुर ब्रह्मको अन्तिम रूप हुनुहुन्छ। संसारका सबै प्राणी र पदार्थ नाशवान् छन् तर हजुर अन्तिम सत्य र परमार्थका रूपमा विराजमान हुनुहुन्छ। हजुरलाई वेदान्त आदि शास्त्रहरूबाट जान्न सकिन्छ। हजुर हृदयमा गुप्तरूपमा विराजमान हुनुहुन्छ। सम्पूर्ण वेद आदि शास्त्रले पनि हजुरलाई यस्तै स्वरूपका हुनुहुन्छ भनेर बताउन सक्दैनन्। यस्ता हाम्रा परम देवता हजुरलाई प्रणाम गर्दछौं।।५।। ब्रह्मा, शिव, नारायण, इन्द्र, कार्तिकेय र शेषनागले पनि हजुरको स्वरूप जान्नुहुन्न। अनेक थरि माया र इन्द्रजाल जान्ने मानिसहरूले पनि हजुरको स्वरूप जान्न सक्दैनन् भने हामीहरूले हजुरको स्वरूप यस्तै छ भनेर कसरी भन्न सकौं ? ।।६।। आज हजुरको ठूलो कृपा भयो र हामीले दर्शन गर्न पाएका छौं। हे भगवन् ! जब भक्तमाथि हजुरको ठूलो कृपा हुन्छ, तब तिनले दर्शन पाउन सक्छन्। आज हामी पनि हजुरको दर्शन पाएर कृतार्थ भएका छौं। शरीर, मन र वाणीले हजुरलाई प्रणाम गर्दछौं। हजुरको कृपाबाट मानिस जीवन्मुक्त बन्न सक्दछ।।७।। हजुर भक्तको भक्तिभावबाट प्रसन्न हुनुभयो भने त्यसका सबै कामना परिपूर्ण तुल्याउनुहुन्छ। सबै भक्तहरूले जस्तो चाहेका हुन्छन् त्यस्तै रूपमा परिणत भएर कल्याण गर्न पनि सक्नुहुन्छ। संसारसागरमा डुबेका मानिसका लागि हजुर एकमात्र मुक्तिका साधन हुनुहुन्छ। त्यस कारण हामी अन्तर्यामी हजुरको शरणमा पर्दछौं ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेश उवाच

तुष्टोऽहं परया भक्त्या तपसा परमेण च ।
अनया परया स्तुत्या ब्राह्मणौ ! वृणुतं वरान् ।।९।।

कुजन्मनाशकमिदं मम स्तोत्रं पठेत् तु यः।
त्रिसन्ध्यञ्च त्रिवारञ्च सर्वान् कामानवाप्नुयात् ।।१०।।

षणमासाज्जायते विद्या लक्ष्मीर्नित्यजपादपि ।
पञ्चवारजपान्मर्त्य आयुरारोग्यमाप्नुयात् ।।११।।

क उवाच

श्रुत्वा गणेशवाक्यं तावूचतुः परमादृतौ।
औरवस्य सुता देव ! शमिका नामतः शुभा ।।१२।।

मन्दाराय सुता दत्ता वेदशास्त्रार्थदर्शिने ।
शौनकस्य च शिष्याय धौम्यपुत्राय धीमते ।।१३।।

उभौ प्रहसितौ मोहाद् दृष्ट्वा मार्गे भ्रुशुण्डिनम् ।
स च मत्वा निजावज्ञां शशाप परया रुषा।।१४।।

तच्छापाद् वृक्षतां यातौ मन्दारः शमिकाऽपि सा।
तयोश्च मातापितरौ शोचन्तौ भृशदुःखितौ ।।१५।।

आवाञ्च क्लेशितौ देव ! सर्वेषां नः प्रियं कुरु।
एतयोः कुजतां दूरीकुरु शीघ्रं गजानन ।।१६।।

गजानन उवाच

असम्भावि वरं दास्ये कथं विप्रौ कथं वृथा।
करिष्ये भक्तवचनं तस्मात् तुष्टो ब्रुवे वरम् ।।१७।।

अद्यप्रभृति मन्दारमूलं स्थास्यामि निश्चलः।
मृत्युलोके स्वर्गलोके मान्योऽयञ्च भविष्यति ।।१८।।

मन्दारमूलैर्मे मूर्तिं कृत्वा यः पूजयेन्नरः।
शमीपत्रैश्च दूर्वाभिस्त्रितयं दुर्लभं भुवि ।।१९।।

श्रीगणेशले भन्नुभयो– हे ब्राह्मण भक्तहरू ! तिमीहरूको परम भक्ति र परम तपस्याबाट म सन्तुष्ट भएको छु। तिमीहरूको यस उत्तम स्तुतिबाट पनि म प्रसन्न छु। तिमीहरूले आफूले चाहेको कुरा माग । जसले तिमीहरूद्वारा गरिएको स्तुतिलाई पढ्दछ, त्यसको नराम्रो योनिमा जन्म हुँदैन। त्यस कारण मानिसले प्रातःकाल, मध्याह्नकाल र सायंकालमा तीन-तीन पटक यस स्तोत्रको पाठ गर्नुपर्दछ । जसले त्यसो गर्छ त्यसका सबै कामना पूर्ण हुन्छ ।।९-१०।। ६ महिनासम्म नित्य यस स्तोत्रको पाठ गर्दा विद्या सिद्ध हुन्छ। नित्य पाठ गर्ने मानिसले लक्ष्मी प्राप्त गर्दछ । दिनको पाँच पटक पाठ गर्ने मानिसले आयु र आरोग्य प्राप्त गर्दछ ।।११।।

ब्रह्माजीले भन्नुभयो – श्रीगणेशको आशीर्वाद सुनेर उहाँप्रति श्रद्धा व्यक्त गर्दै ती दुबै ऋषिले भने – 'हे प्रभु ! औरव ऋषिकी छोरीको नाम शमिका हो। तिनको विवाह वेदशास्त्रका ज्ञाता मन्दार ऋषिसँग गरियो । ती मन्दार शौनक ऋषिका शिष्य र धौम्य ऋषिका छोरा हुन्। एक दिन शमिका र मन्दार घरतर्फ आउने क्रममा बाटोमा भ्रुशुण्डी ऋषिलाई देखेर हाँसे। भ्रुशुण्डी ऋषिले आफ्नो अपमान भएको ठान्नुभयो र अत्यन्त रिसाएर सराप दिनुभयो। त्यो सरापबाट ती दुबै दम्पती वृक्षका रूपमा परिणत भए। मन्दार मन्दार वृक्ष बने र शमिका शमीको रूखमा परिणत भइन् । तिनका आमा-बाबुहरू चिन्तित र दुःखित छन् ।।१२-१५।। हामी पनि दुःखी छौं। हे भगवन् ! हामी सबैको इष्टसिद्धि गर्नुहोस्। ती दुबै दम्पतीको वृक्षभावलाई हटाई तिनलाई पूर्ववत् मानवरूपमा परिणत गरिदिनुहोस् ।।१६।।'

श्रीगणेशले भन्नुभयो – 'हे ऋषिहरू ! मैले सराप परेका मानिसलाई वरदान दिएर कसरी मुक्त गरूँ। तपाइँहरूजस्ता भक्तले याचना गर्नुभएको हुँदा सन्तुष्ट भएर म वरदान दिन्छु- आजदेखि म मन्दारवृक्षको फेंदमा निश्चल रूपमा बस्नेछु। मन्दारवृक्ष मृत्युलोक र स्वर्गलोकमा पनि मान्य हुनेछ।।१७-१८।। मन्दारवृक्षको काठबाट मूर्ति बनाएर जसले शमीपत्र अथवा दूर्वाङ्कुर चढाई मेरो पूजा गर्दछ त्यसले संसारमा दुर्लभ मानिएका विषय पनि प्राप्त गर्दछ। म शमीवृक्षको फेंदमा पनि सर्वदा स्थिरभावले रहनेछु। मैले यही वरदान दिएँ। यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतः शमीमधिष्ठाय सर्वदाऽहं स्थिरो मुनी ।
अयमेव वरो दत्तो वृक्षयोरतिदुर्लभः।।२०।।

भवद्वाक्यानुरोधेन न भ्रुशुण्डिवचोऽन्यथा।
दूर्वाभावेऽथ मन्दारो द्वयाभावे शमी मता ।।२१।।

उभयोः सा फलं दद्यान्नात्र कार्या विचारणा।
नानायज्ञैर्न तत् पुण्यं नानातीर्थव्रतैरपि ।।२२।।

दानैश्च नियमैश्चैव पुण्यं तत् प्राप्नुयान्नरः।
यत् स्यान्मम शमीपत्रैः पूजनेन द्विजोत्तमौ ।।२३।।

नाहं प्रीये धनकनकचयैर्नान्नदानैर्न वस्त्रै-
र्नानापुष्पैर्न च मणिगणैर्नैव मुक्ताफलैश्च ।
यद्वच्छम्या दलनिचयकृतैः पूजनैर्ब्राह्मणानाम्
मन्दाराणां कुसुमनिचयैः सर्वकालं मुनीन्द्रौ ।।२४।।

यः शमीं प्रातरुत्थाय पश्येद् वन्देच्च पूजयेत् ।
स सङ्कष्टञ्च रोगञ्च न विघ्नं न च बन्धनम् ।।२५।।

प्राप्नोति मत्प्रसादेन दारान् पुत्रधनानि च ।
पशूनन्याँश्च कामाँश्च मुक्तिमन्ते मदाश्रयाम् ।।२६।।

इदमेव फलं प्रोक्तं मन्दारैरपि पूजने ।
मन्दारमूर्तिपूजाभिरहं गृहगतोऽभवम् ।।२७।।

नालक्ष्मीर्न च विघ्नानि नापमृत्युर्न च ज्वरः।
नाग्निचोरभयं तत्र कदाचिदपि जायते ।।२८।।

वेदवेदाङ्गविद् विप्रः क्षत्रियो विजयी भवेत् ।
वैश्यस्तु वृद्धिप्राप्नोति शूद्रः सद्गतिमाप्नुयात् ।।२९।।

क उवाच

एवमुक्त्वा स्थितो देवो मूले मन्दारके तदा।
शमीमूलेऽपि तस्थौ स देवदेवो विनायकः ।।३०।।

वरदानबाट दुबै वृक्षको महिमा पनि बढ्न जाँदा ती वृक्षहरूका लागि ठूलो उपलब्धि भएको छ।।१९-२०।। तपाईँहरूको अनुरोधका कारण मैले यो वरदान दिएको हुँ। भ्रुशण्डी ऋषिले दिएको वचनलाई तोड्न म सक्दिनँ। म दूर्वाङ्कुर चढाउँदा जति खुसी हुन्छु, मन्दारपत्र चढाउँदा पनि त्यत्तिकै खुसी हुन्छु। दूर्वाङ्कुर र मन्दारपत्र नपाइएको अवस्थामा शमीपत्रको उत्तिकै महत्त्व हुने गर्दछ। यस विषयमा सन्देह गर्नुपर्दैन। अनेक थरि यज्ञ, तीर्थ, व्रत, दान र अनेक शास्त्रका नियममा रही तपस्या गरेर जुन पुण्य पाइँदैन त्यो पुण्य मन्दार, शमी र दूर्वाङ्कुर चढाएर पूजा गर्दा पाउन सकिन्छ।।२१-२३।। हे ऋषिहरू ! म धन र सुनको राशिबाट खुसी हुँदिन, म अन्नदानबाट पनि त्यति खुसी हुँदिन, अनेक थरि फूलहरू चढाएर पनि म त्यति खुसी हुँदिन, अनेक थरि मणि, रत्न र मोतीको हार चढाएर पनि म प्रसन्न हुँदिन परन्तु शमीपत्र चढाएर पूजा गर्दा म प्रसन्न हुन्छु।।२४।। जसले बिहान उठेर शमीको दर्शन गरी नमस्कार र पूजा गर्दछन्, तिनका रोग, कष्ट, विघ्न, बाधा र बन्धन समाप्त हुन्छन्।।२५।। यसका साथै ती मानिसले मेरो कृपाबाट पत्नी, पुत्र र धन प्राप्त गर्दछन्। यसैगरी अनेक थरि उत्तम पशु प्राप्त गर्दछन्। अनेक प्रकारका कामनाहरूको भोग गरेर अन्तमा तिनले मुक्ति पनि प्राप्त गर्दछन्।।२६।। दूर्वाङ्कुर अर्पण गरेर पूजा गर्दा जुन फल प्राप्त हुन्छ, शमीपत्र चढाएर पूजा गर्दा जुन फल प्राप्त हुन्छ, मन्दारपत्र चढाएर पूजा गर्दा जुन फल प्राप्त हुन्छ, त्यही फल मन्दारको काठबाट बनेको मूर्तिमा पूजा गर्दा पनि प्राप्त हुन्छ। जसले मन्दारको मूर्ति बनाएर घरमा भित्र्याउँछन् तिनले दरिद्रता व्यहोर्नु पर्दैन, तिनका जीवनमा विघ्न आइलाग्दैन, तिनको अकालमा मृत्यु हुँदैन, तिनलाई ज्वरो आउँदैन र आगो एवं चोरको डर कहिल्यै पनि हुँदैन।।२७-२८।। शमीपत्र, दूर्वाङ्कुर र मन्दारपत्रद्वारा भगवान् गणेशको पूजा गर्दा ब्राह्मण वेदवेदाङ्गको ज्ञाता बन्दछ, क्षत्रियले युद्धमा विजय प्राप्त गर्दछ, वैश्यले वृद्धि प्राप्त गर्दछ र शूद्रले उत्तम गति प्राप्त गर्दछ।।२९।।

ब्रह्माजीले भन्नुभयो – यसरी वरदान दिनुहुने भगवान् श्रीगणेश मन्दारवृक्षको फेँदमा गएर बस्नुभयो । त्यसैगरी शमी-वृक्षको फेँदमा पनि गएर बस्नुभयो। गणेश आराधनाको महत्त्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औरवोऽपि सपत्नीकस्तपस्तप्तुं स्थिरोऽवत् ।
तस्य मूले तपस्तप्त्वा त्यक्त्वा देहं दिवङ्गतः ।।३१।।

शमीगर्भगतो दुःखादौरवो दृढयोगतः ।
शमीगर्भ इति ख्यातो जातौऽसौ हव्यभुक् ततः ।।३२।।

अत एव शमीकाष्ठं मथ्नन्तीहाग्निहोत्रिणः ।
शौनकोऽपि वचः श्रुत्वा गजाननसमीरितम् ।।३३।।

कृत्वा मन्दारमूलस्य मूर्तिं चारु गजाननीम् ।
मन्दारैश्च शमीपत्रैर्दूर्वाभिश्चार्चयन्मुदा ।।३४।।

ददौ वरान् शौनकाय परितुष्टो गजाननः ।
ततः स्वमाश्रमं यातः सर्वदाऽपुपूजच्च तम् ।।३५।।

गृत्समद उवाच

तदारभ्य शमी तस्य गणेशस्य प्रियाऽभवत् ।
इति ते सर्वमाख्यातं पुनश्च कथयामि ते ।।३६।।

बुझेका औरव ऋषिले पनि पत्नीसहित तपस्या गर्न आरम्भ गरे। शमीको फेंदमा बसेर तपस्या गरेकाले तिनको तपस्या सफल भयो। देहत्याग गरेपछि स्वर्गमा गए।।३०-३१।। शमीको गर्भमा भगवान् श्रीगणेशको निवास भयो। औरव ऋषिले कष्टपूर्वक तपस्या गरेर भगवान्लाई खुसी गराए। शमीको गर्भमा अग्निका रूपमा भगवान्को निवास भयो। त्यस दिनदेखि अग्निलाई पनि शमीगर्भ भन्न थालियो।।३२।। अग्निहोत्र गर्ने विद्वान्हरूले आज पनि शमीको काठलाई घर्षण गरेर अग्नि पैदा गर्ने गर्दछन्। औरव ऋषि मुक्त भएको घटना शौनक ऋषिले पनि सुने र तिनले पनि मन्दारको फेंदका काठबाट भगवान् श्रीगणेशको मूर्ति बनाई मन्दारपत्र, शमीपत्र र दूर्वाङ्कुरबाट पूजा गरे । भगवान् श्रीगणेश प्रसन्न हुनुभयो र शौनकको आश्रममा जानुभयो। त्यसपछि शौनकले पनि दिनदिनै भगवान्को दर्शन र पूजा गर्ने अवसर प्राप्त गरे।।३३-३५।।

गृत्समदले भने – त्यस दिनदेखि श्रीगणेशका लागि शमीवृक्ष अत्यन्त प्यारो भयो। यी सबै कुरा मैले तपाईँलाई बताएँ। अरू पनि शमीसम्बन्धी र दूर्वाङ्कुरसम्बन्धी महत्त्वका विषयमा बताउनेछु।।३६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते शमीमन्दारप्रशंसा नाम पञ्चत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शमी र मन्दारको प्रशंसा' शीर्षकान्वित पैंतीसौं अध्याय पूर्ण भयो ।।३५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्त्रिंशोध्यायः { ३६ अध्याय }

गृत्समद उवाच

सह्याद्रिपर्वते देवो न्यवसद् गिरिजायुतः।
स्वगणैर्मुनिभिर्युक्तः पुण्यक्षेत्रे महाबले ।।१।।
दिदृक्षुः प्रययौ तत्र ब्रह्मा लोकपितामहः।
पत्नीद्वयसमायुक्तो देवगन्धर्वकिन्नरैः।।२।।
दृष्ट्वा तु शङ्करं पूज्य स्वाभिप्रायं न्यवेदयत् ।
आकारयामास तदा परमर्षीन् सदाशिवः।।३।।
जमदग्निं वसिष्ठञ्च मार्कण्डेयञ्च नारदम् ।
कपिलं पुलहं कण्वं विश्वामित्रं त्रितं द्वितम् ।।४।।
त आययुः शिवाहुता अन्ये सर्वे दिदृक्षवः।
उषःकाले मुहूर्तं ते निष्कास्य प्रारभन् मखम् ।।५।।
त्वरावन्तोऽथ विस्मृत्य पूजां वैनायकीं शुभाम् ।
सावित्रीं गृहकार्येषु सक्तां त्यक्त्वा मुनीश्वराः।।६।।
गायत्रीमुपवेश्यैव पुण्याहवाचनञ्च ते ।
कारयित्वाऽऽभ्युदयिकं मातृपूजनपूर्वकम् ।।७।।
अस्थापयन्नग्निकुण्डे यावद् वैश्वानरञ्च ते ।
सावित्री तावदायातारम्भं दृष्ट्वा रुषान्विता ।।८।।
उवाच क्रोधरक्ता सा वीक्ष्य सर्वान् सभासदः।

सावित्र्युवाच

मामनादृत्य यागोऽयं समारब्धो न सेत्स्यति ।।९।।

ऋषिरुवाच

मुञ्चन्ती मुखतो ज्वाला दग्धुकामा चराचरम् ।
शशाप सा देवमुनीन् जडा यूयं भविष्यथ ।।१०।।
नियुज्याऽनधिकारां तां गायत्रीं सर्व एव यत् ।
ततो देवाः प्रणम्यौच्चैः प्रार्थयामासुरुत्सुकाः ।।११।।
सावित्रीं सर्वजननीं डलयोरैक्यतः शुभे।
जलरूपा भविष्यामो नदीनदस्वरूपिणः।।१२।।

गृत्समदले भने- भगवान् शङ्कर पार्वतीका साथ आफ्ना गण र मुनिहरूलाई लिएर पुण्यक्षेत्र महाबलमा आश्रम बनाएर बस्नुभएको थियो।।१।। एक दिन लोकपिता ब्रह्माजी भगवान् शङ्करको दर्शन गर्न महाबलमा जानुभयो। ब्रह्माजीका साथमा उहाँका दुई पत्नी, देवता, गन्धर्व एवं किन्नरहरू पनि थिए।।२।। भगवान् शङ्करको दर्शन गरी पूजा गरेर ब्रह्माजीले आफ्नो अभिप्राय प्रकट गर्नुभयो। त्यस बेला भगवान् शिवजीले महर्षि जमदग्नि, वशिष्ठ, मार्कण्डेय, नारद, कपिल, पुलह, कण्व, विश्वामित्र, त्रित, द्वितजस्ता परमर्षिहरूलाई आमन्त्रित गर्नुभयो । शिवजीद्वारा आमन्त्रित ती सबै ऋषिहरूका साथ अन्य दर्शनार्थीहरू पनि त्यहाँ आए। तिनले प्रातःकालमा उत्तम मुहूर्त निकाली हतार गर्दै भगवान् श्रीगणेशको मङ्गलमय पूजा बिर्सेर गृहकर्ममा संलग्न सावित्रीको पनि त्याग गरी गायत्रीलाई मात्र यज्ञमण्डपमा राखी मातृका पूजन गरी आभ्युदयिक श्राद्ध गराएर यज्ञ आरम्भ गरे। त्यस बेला सावित्री आइपुगिन् । तिनले यज्ञको कार्य भइराखेको थाहा पाएर क्रोधले आँखा तर्दै सबै सभासद्हरूलाई भनिन्।

सावित्रीले भन्नुभयो - मलाई घरको काममा लगाएर मेरो बेवास्ता गरी तपाइँहरूले यज्ञ आरम्भ गर्नुभएको छ । यो यज्ञ पूरा हुँदैन।।३-९।।

गृत्समदले भने - मुखबाट अग्निको ज्वाला निकालिरहेकी, चराचरमय संसारलाई डढाउन चाहेझैं डरलाग्दो अवस्थामा रहेकी सावित्रीले देवता र मुनिहरूलाई सराप दिंदै भनिन् - तिमीहरू जड हुनेछौ।।१०।। यज्ञमा बस्ने अधिकार नभएकी गायत्रीलाई साथ लिएर यज्ञको आरम्भ गऱ्यौ, त्यसको फल यही हो । त्यसपछि देवता र ऋषिहरूले प्रणाम गरेर उत्कण्ठापूर्वक प्रार्थना गरे ।।११।। देवता र ऋषिहरूले भने - हे सावित्री ! हजुर संसारकी माता हुनुहुन्छ, हजुरलाई हामी प्रणाम गर्दछौं। हजुरले जड बन्ने सराप दिनुभयो । संस्कृत व्याकरणमा डकार र लकारलाई एउटै मानिएको छ। हामी जडको सट्टा जलरूप भएर नदी र नदका रूपमा रहन चाहन्छौं ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथेत्युक्ते तया देव्या नदीरूपत्वमागताः।
वेण्या नाम्ना महेशोऽभूत्कृष्णः कृष्णाऽभवन्नदी ।।१३।।

तत्तन्नाम्ना बभूवुस्ते सरितः सर्वदेवताः।
यत्र पूर्वं विघ्नराजो नार्च्यते ज्ञानदुर्बलैः ।।१४।।

तत्र विघ्ना भवन्त्येवं शङ्करस्य यथा पुरा ।
पुरत्रयवधे जाता विघ्नास्तस्याऽप्रपूजनात् ।।१५।।

ब्रह्मा चिन्तां परां प्राप मखविघ्न उपस्थिते ।
मन्निमित्तं सुराः सर्वे धुनीरूपमुपागताः।।१६।।

विमानं सर्वलोकेषु गमितः केन कर्मणा।
सङ्कल्पबाधश्च कथमद्य प्राप्तो दुरत्ययः ।।१७।।

विघ्नहर्ता जगन्नाथो न स्मृतो न च वाऽर्चितः।
सर्वेषां चैव देवानां यतो मोहः समाविशत् ।।१८।।

तं प्रसन्नं करिष्यामि ततो यज्ञो भविष्यति।
एवं यावच्चिन्तयते ब्रह्मा तावत्सुराङ्गनाः।।१९।।

देवान् वै तादृशान् ज्ञात्वा समीयुर्ब्रह्मणोऽन्तिकम् ।
पुलोमजा च गिरिजा छायाऽपि कमलाऽपि च ।।२०।।

अन्या अपि समूचुस्तं सर्वास्ताः कमलाननम् ।
कथं यज्ञः समारम्भि मान्या नो मानिताः कथम् ।।२१।।

नापूजि च कथं विघ्नहर्ता पूर्वं गजाननः।
त्वयि विस्मरणं चैव न वाऽस्मारि सुरैः कथम् ।।२२।।

किमस्माभिरनुष्ठेयं देवैर्वा जलरूपिभिः।
कं याम शरणं देव ! त्वदृते कमलोद्भव ।।२३।।

इति तासां वचः श्रुत्वा मा भयं कुरुतेति कः।
ता उवाच यजिष्येऽहं यथा सर्वं भवेच्छुभम् ।।२४।।

किमसाध्यं हि भक्तानां सुप्रसन्ने गजानने।
सर्वाः कुरुध्वं तद्भक्तिं स वः सर्वप्रियं चरेत् ।।२५।।

तिनका कुरा सुनेर सावित्रीले पनि हुन्छ भन्नुभयो र देवता एवं ऋषिहरू नदीरूपमा परिणत भए। भगवान् शङ्कर वेणी नदी हुनुभयो र भगवान् कृष्ण कृष्णानदी हुनुभयो।।१३।। यसरी नै सबै देवताहरू अनेक नदीका रूपमा परिणत भए। जुन कर्ममा ज्ञानदुर्बल मानिसहरूले सर्वप्रथम विघ्नराज श्रीगणेशको अर्चना गर्दैनन् त्यहाँ विघ्न हुन्छन्। अघि शङ्करले पनि त्रिपुरको वध गर्दा श्रीगणेशको पूजा नगर्नु भएकाले ठूला विघ्न भएका थिए।।१४-१५।। यज्ञमा विघ्न भएपछि ब्रह्माजीलाई ठूलो चिन्ता पर्‍यो । उहाँले भन्नुभयो- आज म कुन कर्मले अपमानित भएँ। किन आज दुर्निवारणीय सङ्कल्पबाधा आइलाग्यो ? सबै देवताहरू मेरा निमित्त नदीका रूपमा परिणत भए । मैले विघ्नहरण गर्ने संसारका स्वामी भगवान् श्रीगणेशको संझना र पूजा पनि गरिनँ । त्यसकारण देवता र ऋषिहरूमा पनि मोह आइलाग्यो । आज म श्रीगणेशलाई प्रसन्न तुल्याउने कार्य गर्दछु। त्यसपछि मात्र मेरो यज्ञ पूरा हुनेछ। यसरी ब्रह्माजीले मनमा विचार गरिरहनुहुँदा देवाङ्गनाहरू त्यहाँ आइपुगे ।।१६-१९।। ती देवाङ्गनाहरू सम्पूर्ण देवताहरू जलरूपमा परिणत भएको जानेर ब्रह्माजीका समीपमा आएका थिए। तिनीहरूमा पुलोमजा, गिरिजा, छाया, कमला र अरू पनि थिए। ती सबैले ब्रह्माजीलाई भने - हे भगवन् ! तपाइँले कस्तो यज्ञ थाल्नुभयो ? त्यहाँ मान्यहरूको मान्यता भएन । किन तपाइँले सर्वप्रथम विघ्नहर्ता श्रीगणेशको पूजा गर्नुभएन ? कारणवश तपाइँले बिर्सनुभयो भने पनि अरू देवता र ऋषिहरूले किन त्यो कुरा याद गरेनन् ?।।२०-२२।। अब हामी देवाङ्गनाहरूले पानीको रूपमा परिणत भएका आफ्ना पति देवताहरूसँग कसरी व्यवहार गरूँ ? हे ब्रह्माजी ! अब हामी कुन देवताको शरणमा जाऔं? देवाङ्गनाहरूका यी कुरा सुनेर ब्रह्माजीले भन्नुभयो - 'हे देवी हो! तपाइँहरू चिन्ता र डर केही नमान्नुहोस् । म श्रीगणेश भगवान्को यज्ञ गर्दैछु। त्यसबाट सर्वमङ्गल हुनेछ ।।२३-२४।। भगवान् श्रीगणेश प्रसन्न हुनुभएपछि संसारमा नहुने कुरा केही पनि छैन। तपाइँहरू सबैले भगवान् श्रीगणेशमा भक्ति गर्नुहोस्। त्यसपछि उहाँले पनि तपाइँहरूका लागि आनन्द प्रदान गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसादयिष्येऽहमपि जगदीशं विनायकम् ।
अनादिनिधनं देवं सर्वकारणकारणम् ।।२६।।

इत्युक्तास्ता गता दूरं देशं कर्णाटकं शुभम् ।
मन्दारमूलं विघ्नेशं स्थित्वा ध्यातुं तदीरिताः।।२७।।

रामेण स्थापितं पूर्वं वक्रतुण्डेति नामतः।
यद्वरैर्विजयी रामो हत्वा राक्षसपुङ्गवान् ।।२८।।

दशाननञ्च विख्यातं ययौ पत्न्या निजं पदम् ।
तेपुस्तत्र तपो घोरं सर्वास्ताः सुरयोषितः ।।२९।।

काचिन्नामजपं चक्रे काचिन्मन्त्रजपं तथा ।
काचित् पद्मासनं तस्थौ ध्यायन्ती परमेश्वरम् ।।३०।।

काचिद् वीरासनगता निराहारा तथाऽपरा।
सम्मार्जयन्ती द्वाराणि चत्वराणि गृहाणि च ।।३१।।

प्रदक्षिणानमस्कारैः कुर्वन्ती भक्तिमुत्तमाम् ।
काचिदेकाङ्गुष्ठगता तस्थौ ध्यात्वा विनायकम् ।।३२।।

काचिन्निमील्य नयने स्तोत्राण्येवाऽपठत् तदा ।
बहुकाले व्यतिक्रान्ते न तुतोष विनायकः ।।३३।।

तदा चिन्तां परां जग्मुः किं कुर्म इति विह्वलाः।
ततः सुमनसां भारान् दूर्वाभाराँस्तथाऽपराः ।।३४।।

समर्प्य पुपूजुर्देवं धूपदीपान्नकाञ्चनैः।
मन्दारपुष्पैरन्याश्च शमीपत्रैरथापराः ।।३५।।

नभोवाणीं ततः श्रुत्वा शमीपत्रं विना विभुः।
न सन्तुष्येदिति तदा सर्वा एव शमीदलैः।।३६।।

पुपूजुः परया भक्त्या देवदेवं गजाननम् ।।
ततः परमकारुण्यात् सुप्रसन्नः शमीदलैः ।।३७।।

प्यारो काम गर्नुहुनेछ। मैले पनि संसारका स्वामी, अनादि, अनन्त र सबै कारणका पनि कारण, परमदेवता विनायकलाई आराधनाबाट प्रसन्न तुल्याउनेछु।।२५-२६।।' ब्रह्माजीले यसरी भन्नुभएपछि ती देवाङ्गनाहरू भारतको कर्णाटक प्रान्तमा गएर मन्दार वृक्षको फेदमा बसी भगवान् श्रीगणेशलाई प्रणाम गर्दै ध्यान गर्न थाले।।२७।। अघि मर्यादापुरुषोत्तम भगवान् रामले त्यस पवित्र स्थानमा वक्रतुण्ड नामबाट भगवान् श्रीगणेशको स्थापना गर्नुभएको थियो। वक्रतुण्ड भगवान्ले प्रसन्न भएर रामलाई दिनुभएको वरदानबाट उहाँले घोर सङ्ग्राममा रावण आदि ठूला-ठूला राक्षस मारेर विजय प्राप्त गरेपछि आफ्नी पत्नी सीतालाई साथ लिएर अयोध्या आई राजसिंहासनमा विराजमान हुनुभयो । यो कुरा ध्यानमा राखी देवाङ्गनाहरूले मन्दारको फेदमा बसेर कठोर तपस्या गरे। कुनै देवाङ्गना नामजप गरिरहेका थिए भने केहीले मन्त्र जपिरहेका थिए । कुनै देवाङ्गना पद्मासन लगाएर परमेश्वर श्रीगणेशको ध्यान गर्दै बसेका थिए । कुनै देवाङ्गना वीरासनमा रहेर भगवान्को आराधना गर्दै थिए । अर्की देवाङ्गना निराहार रहेर भगवान्को आराधना गरिरहेकी थिइन्। गणेश मन्दिरका ढोका, आँगन र कोठाचोटाहरूको सरसफाइमा तल्लीन कुनै देवाङ्गना प्रदक्षिणा र नमस्कारद्वारा उत्तम भक्ति गर्दै भगवान् श्रीगणेशको आराधना गरिरहेकी थिइन्। कुनै देवाङ्गना खुट्टाको बूढी औंलाले टेकेर भगवान् विनायकको ध्यानमा बसेकी थिइन्। कुनै देवाङ्गनाले दुबै आँखा चिम्लेर भगवान् श्रीगणेशका स्तोत्रहरूको पाठ गरिरहेकी थिइन्। यसरी आराधनाको धेरै समय बित्दा पनि भगवान् श्रीगणेश प्रसन्न हुनुभएन।।२८-३३।। तसर्थ ती सबै देवाङ्गनाहरू ठूलो चिन्तामा परे। तिनीहरू हामी के गरौं भन्ने आशय व्यक्त गर्दै व्याकुल भए । त्यसपछि भारीका भारी फूल र दूबो चढाएर नमस्कार गरी धूप, दीप, अन्न र सुवर्ण समर्पण गर्दै ती देवाङ्गनाहरूले श्रीगणेशको पूजा गरे। कुनै देवाङ्गनाले मन्दारको फूल र कुनैले शमीको पात चढाएर पूजा गरे। त्यसै बेला आकाशवाणी भयो - 'शमीपत्र अर्पण नगरेसम्म भगवान् श्रीगणेश प्रसन्न हुनुहुन्न।' यो आकाशवाणी सुनेर ती सबै देवाङ्गनाहरूले एकै पटक एकै भावनाले शमीका पातहरू समर्पण गरी परम भक्तिले भगवान् श्रीगणेशको पूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आविरासीत् पुरस्तासां लसच्चारुचतुर्भुजः।
किरीटकेयूरधरो हारकुण्डलमण्डितः।।३८।।

लम्बकर्णो लसद्रण्डो विषाणद्वयमण्डितः।
सिद्धिबुद्धियुतश्चाखुवाहनः पीतवस्त्रवान् ।।३९।।

सर्वास्ता ददृशुर्देवं कोटिसूर्यसमप्रभम् ।
निमील्य नयने नेमुर्दण्डवत् पृथिवीतले ।।४०।।

तुष्टुवुस्ताः करपुटं कृत्वा सौम्य ! महाव्रतम् ।
अतिप्रसन्नवदनाः परमानन्दनिर्भराः।।४१।।

गरे। शमीका पातहरूको अर्पणद्वारा प्रसन्न हुनुभएका भगवान् श्रीगणेश ती देवाङ्गनाहरूप्रति ठूलो अनुकम्पा गर्दै तिनका सामु प्रकट हुनुभयो। उहाँ सुन्दर चार भुजाहरूद्वारा शोभायमान हुनुहुन्थ्यो र किरीट एवं केयूर धारण गर्नुभएको थियो । मोतीको हार र कुण्डलले सुहाउनुभएका, सुन्दर कपोलद्वारा सुशोभित, लम्बकर्ण, दुईवटा दाँत धारण गर्नुहुने, सिद्धि र बुद्धिको उपस्थितिबाट शोभायमान, पीताम्बर भगवान् गणेश आफ्नो वाहन मूसामा सवार हुनुभएको थियो । यस्ता श्रीगणेशको सबैले दर्शन गरे। करोडौं सूर्यसमान कान्तिले सुहाउनुभएका भगवान् श्रीगणेशलाई सबै देवाङ्गनाहरूले आँखा चिम्लेर भुइँमा साष्टाङ्ग दण्डवत् प्रणाम गरी स्तुति गरे । ती देवाङ्गनाहरू यसरी व्रत गरी परम आनन्दको सागरमा डुबुल्की मारिरहेका थिए।।३४-४१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते शमीपत्रार्पणप्रसन्नेन विनायकेन देवाङ्गनाभ्यः स्वरूपदर्शनं नाम षट्त्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शमीपत्र समर्पणबाट प्रसन्न विनायकद्वारा देवाङ्गनाहरूलाई वरप्रदान' शीर्षकान्वित छतीसौं अध्याय पूर्ण भयो ।।३६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तत्रिंशोऽध्यायः { ३७ अध्याय }

कीर्तिरुवाच

कथं स्तुतिः कृता ताभिस्तां मे वद महामुने ।

मुनिरुवाच

श्रूयतां सा स्तुतिः कीर्ते! शृणुष्वावहिता च ताम् ।।१।।

ता ऊचुः

नमस्ते सर्वरूपाय सर्वान्तर्यामिणे नमः।
नमः सर्वकृते तुभ्यं सर्वदात्रे कृपालवे ।।२।।

नमः सर्वविनाशाय नमस्तेऽनन्तशक्तये ।
नमः सर्वप्रबोधाय सर्वपात्रेऽखिलादये ।।३।।

परब्रह्मस्वरूपाय निर्गुणाय नमो नमः।
चिदानन्दस्वरूपाय वेदानामप्यगोचर ।।४।।

मायाश्रयायामेयाय गुणातीताय ते नमः।
सत्यायासत्यरूपाय गुणविक्षोभकारिणे ।।५।।

शरणागतपालाय दैत्यदानवभेदिने।
नमो नानावताराय विश्वरक्षणतत्पर ।।६।।

अनेकायुधहस्ताय सर्वशत्रुनिबर्हण।
अनेकवरदात्रे ते भक्तानां हितकारक ।।७।।

क उवाच

एवं स्तुत्वा पुनर्नत्वा याचन्ति स्म वरान् बहून् ।
देवानां जलरूपाणां स्वरूपाणि प्रयच्छ भोः।।८।।

नास्मृतिः सर्वदा ते स्यात् तथा कर्तुमिहार्हसि ।

गणेश उवाच

ददामि वाञ्छितं वोऽहमनुष्ठानवशीकृतः।।९।।

कीर्तिले भनिन् – हे महर्षि ! देवाङ्गनाहरूले कसरी स्तुति गरे ? त्यो स्तुति मलाई बताउनुहोस्।

गृत्समदले भने – हे कीर्ति ! त्यो स्तुति म सुनाउँछु, तपाइँले सावधान भएर सुन्नुहोस् ।।१।।

देवाङ्गनाहरूले स्तुति गर्दै भने– सबै चराचरका स्वरूपमा रहनुभएका हे श्रीगणेश ! हजुरलाई नमस्कार छ। सबैका अन्तर्यामी परमात्मा श्रीगणेशलाई नमस्कार छ। सम्पूर्ण संसारको सृष्टि गर्नुहुने हजुरलाई नमस्कार गर्दछौं। सबै पदार्थ र सम्पत्ति प्रदान गर्नुहुने कृपालु श्रीगणेशलाई नमस्कार गर्दछौं। सबैका संहारक, अनन्त शक्तिले सुहाउनु भएका श्रीगणेशलाई नमस्कार गर्दछौं। सबैका बोधस्वरूप एवं जागरणस्वरूप, सबैका एकमात्र आधार एवं सबैभन्दा पहिले एक रूप भएर रहनुभएका श्रीगणेशलाई नमस्कार गर्दछौं। परब्रह्मस्वरूप र निर्गुणस्वरूप श्रीगणेशलाई बारबार नमस्कार गर्दछौं। चिदानन्दस्वरूप र वेदद्वारा पनि जान्न नसकिने हे अगोचर ! हजुरलाई नमस्कार गर्दछौं। मायाको आश्रय लिएर प्रकट हुनुहुने, अपरिमित गुण र स्वभावले सम्पन्न, गुणदेखि पर रहनु भएका श्रीगणेशलाई नमस्कार गर्दछौं। सत् र असत् स्वरूपले युक्त, गुणमा विक्षोभ पैदा गरी संसारको सृष्टि गर्नुहुने, शरणागतरक्षक र दैत्य-दानवहरूको नाश गर्नुहुने श्रीगणेशलाई नमस्कार गर्दछौं। हे विश्वको रक्षामा तत्पर श्रीगणेश ! नाना किसिमका अवतार लिनुहुने हजुरलाई नमस्कार गर्दछौं। हे सम्पूर्ण शत्रुहरूका नाशक श्रीगणेश ! आफ्ना भुजाहरूमा अनेक आयुध धारण गर्नुहुने हजुरलाई नमस्कार गर्दछौं। हे भक्तहरूका कल्याणकारी प्रभु ! अनेक किसिमका वरदान दिएर भक्तहरूको मनोरथ पूरा गर्नुहुने हजुरलाई नमस्कार गर्दछौं।।२-७।।

ब्रह्माजीले भन्नुभयो – यसरी स्तुति गरेर फेरि नमस्कार गरी ती देवाङ्गनाहरूले अनेक थरि वरहरूको याचना गर्दै भने– हे श्रीगणेश! पानीको रूपमा परिणत भएका देवताहरूलाई पूर्वस्वरूप प्रदान गर्नुहोस्।।८।। हामीलाई कहिल्यै पनि हजुरका नामको विस्मरण नहुने वर दिनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तुत्याऽनयाशु सन्तुष्टस्तथाऽस्तु वचनं तु वः।
सावित्र्या वचनाज्जाता जलभूताः सुराः शुभाः ।।१०।।

तद्वाक्यमन्यथा कर्तुं न हि शक्तः पितामहः ।
निजं स्वरूपं यास्यन्ति स्थित्वांऽशेन तथाविधान् ।।११।।

स्वाधिकारान् प्रपत्स्यन्ते नान्यथा भाषितं मम।
शमीपत्रैः पूजयन्तु यूयं देवास्तु मामिह ।।१२।।

येनार्पितं शमीपत्रं भुवनं तेन चार्पितम् ।
सुवर्णशतभाराणां फलं प्राप्तं न संशयः।।१३।।

क उवाच

एवं ब्रुवति विघ्नेशे स्वरूपधारिणः सुराः।
स्थिता अंशान्नदीरूपा ददृशुस्ते विनायकम् ।।१४।।

तेऽपि सम्प्रार्थयामासुर्नत्वा स्तुत्वा गजाननम् ।
क्षमापराधं नो देव ! बुद्धिमोहव्यपाश्रयात् ।।१५।।

त्यक्त्वा ज्येष्ठां भवन्तञ्च प्रारभामो यजिञ्च ताम् ।
दृष्टन्तु तत्फलं सद्यः प्रसादात् ते पुनर्नवाः।।१६।।

जाताः स्मः परमानन्दं प्राप्ताः स्मः कृपया तव।
एवमुक्त्वा पुपूजुस्ते शमीपत्रैर्विनायकम् ।।१७।।

सोऽपि तान् प्रतिनन्द्याऽथ पिदधे विघ्ननाशनः।
ततस्ते सुन्दरां मूर्तिं कृत्वा पाषाणतः शुभाम् ।।१८।।

चतुर्भुजां करिकराननां हेरम्बनामतः।
प्रासादं परमं कृत्वा स्थापयामासुरादरात् ।।१९।।

ऊचुश्च सर्वलोकानामुपकाराय ते सुराः।
इमां यः पूजयेद् भक्त्या विद्याधीशं सुपत्तने ।।२०।।

तस्य प्रसन्नो भगवान् सर्वान् कामान् प्रदास्यति।
वन्दनात् स्मरणाद् वापि नमनान् नात्र संशयः।।२१।।

श्रीगणेशले भन्नुभयो– हे देवाङ्गनाहरू ! तपाइँहरूको अनुष्ठानबाट म वशीभूत भएको छु।।९।। म तपाइँहरूलाई वरदान दिन्छु, किनकि म तपाइँहरूको स्तुतिबाट सन्तुष्ट भएको छु। तपाइँहरूले जे वरदान माग्नुभयो ती सबै पूरा हुनेछन्। सावित्रीको सरापबाट सम्पूर्ण देवताहरू पानी बनेका छन्।।१०।। सावित्रीको वचनलाई उल्ट्याउने सामर्थ्य ममा छैन। तिनीहरू केही अंशमा जलरूपमा रहनेछन् र पूर्णरूप आफ्नो स्वरूपमा फर्केर अधिकार प्राप्त गर्नेछन् । मैले भनेको कुरा फरक पर्दैन। तपाइँहरूले शमीको पात चढाएर मेरो पूजा गर्नुहोस्।।११-१२।। जसले शमीको पात अर्पण गरी मेरो पूजा गर्दछ, त्यसले सम्पूर्ण संसारलाई तृप्त गराउँछ र सय भारी सुन दान गरेसमान फल प्राप्त गर्दछ, यसमा कुनै सन्देह छैन ।।१३।।

ब्रह्माजीले भन्नुभयो – यसरी श्रीगणेशले आज्ञा गर्नुभएपछि देवताहरूले अंशरूपमा नदीरूप रहे तापनि पूर्वस्वरूप धारण गरे । तिनले भगवान् श्रीगणेशको दर्शन पाए ।।१४।। ती देवताहरूले श्रीगणेशलाई नमस्कार एवं स्तुति गरी अपराध क्षमापनका लागि प्रार्थना गर्दै भने – 'हे भगवन् ! हाम्रा बुद्धिमा रहेको मोहको जालो हटाइदिनुहोस्। मोहको जालो लाग्नाले हामीबाट हुन गएको अपराधलाई क्षमा गर्नुहोस् ।।१५।। ब्रह्माजीकी जेठी पत्नी सावित्री र हजुरलाई छाडेर हामीले यज्ञ आरम्भ गऱ्यौं। त्यसको फल पाइसकेका छौं । अहिले हजुरको कृपाबाट नवजीवन प्राप्त गरेका छौं र परम आनन्दमा मग्न भएका छौं।।१६।। यसरी आफ्ना भाव प्रस्तुत गरेर देवताहरूले शमीको पात चढाएर श्रीगणेशको पूजा गरे।।१७।। भगवान् श्रीगणेश पनि तिनीहरूको पूजालाई स्वीकार गरी ती सबैको अभिनन्दन गरेर अन्तर्धान हुनुभयो। त्यसपछि देवताहरूले शिलाको चतुर्भुज, हात्तीको जस्तो मुखमण्डल र सूँढसमेत भएका हेरम्ब भगवान्का नामबाट मूर्ति तयार गरी त्यस मूर्तिको स्थापनाका लागि आदरपूर्वक अति उत्तम मन्दिर बनाई प्रतिष्ठा गरे ।।१८-१९।। ती देवताहरूले सबै मानिसको उपकारका लागि प्रार्थना गर्दै भने – यस नगरमा आएर विद्याका अधिपति हेरम्ब भगवान्को जसले भक्तिपूर्वक पूजन गर्दछ त्यसमाथि भगवान् प्रसन्न हुनुहुनेछ र त्यसलाई सबै कामनाका फल प्रदान गर्नुहुनेछ । पूजामात्र नभई नमस्कार, स्मरण र वन्दना गर्नाले पनि सबै मानिसले सम्पूर्ण कामनाका फलहरू प्राप्त गर्नेछन्, यसमा कुनै सन्देह छैन।।२०-२१।। मन्दार वृक्षको काठबाट बनाइएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या तत्रासीन्महामूर्तिर्मन्दारतरुनिर्मिता ।
तां गृहीत्वा ययाविन्द्रः स्वपुरं परमर्द्धिमत् ।।२२।।
सपत्नीकः पूजयते भक्त्येदानीमपि प्रभुः।
सर्वे देवाः स्वस्वपदे ततो मन्दारवृक्षजाम् ।।२३।।
कृत्वा मूर्तिं गणेशस्य शमीपत्रैरपूजयन् ।
मुदं प्रापुः स्वयोषिद्भिरापुः कामाननुत्तमान् ।।२४।।
ब्रह्मा द्वादशवर्षाणि तपः कृत्वा महत्तरम् ।
कृत्वा प्रसन्नं विघ्नेशं पुनर्यागमकारयत् ।।२५।।
सोऽपि मन्दारजां मूर्तिं पुपूजे परमादरात् ।
विघ्नराजस्य वरदां शमीपत्रैरनेकधा ।।२६।।
स्वर्णपत्रैश्च दूर्वाभिर्मन्दारैः केतकैरपि।
श्वेतदूर्वाङ्कुरैश्चापि सर्वकामफलप्रदाम् ।।२७।।

गृत्समद उवाच

एवं ते वर्णितो मातर्महिमा लेशतः शुभे ।
मन्दारस्य च शम्याश्च श्रवणात् पापनाशनः।।२८।।
ततःप्रभृति देवस्य प्रियाऽत्यन्तं शमी शुभा।
अपूजि स त्वया ज्ञानात् तेनासौ पुत्र उत्थितः।।२९।।
मन्दारस्यापि महिमा मया सम्यङ् निरूपितः।
इदानीमनुजानीहि गमिष्ये निजमन्दिरम् ।।३०।।

क उवाच

श्रुत्वा च महिमानं सा शमीमन्दारसम्भवम् ।
प्रणिपत्य मुनिं पुत्रजीवनं विससर्ज ह ।।३१।।
श्रुत्वेदमाख्यानवरं गणेशप्रीतिवर्द्धनम् ।
न स सङ्कष्टमाप्नोति सर्वान् कामाँल्लभेन्नरः।।३२।।
यः स्मरेत् प्रातरुत्थाय शमीं मन्दारमेव च ।
गणेशञ्च सदा भक्त्या निष्पापः स सुखी भवेत् ।।३३।।

श्रीगणेशको सुन्दर मूर्तिलाई देवराज इन्द्रले आफ्नो साथमा लिएर गए । त्यो मूर्ति आफ्नो धाममा राखेर इन्द्रले देवलोकलाई समृद्ध तुल्याए ।।२२।। अहिले पनि सपत्नीक इन्द्र मन्दारमूर्तिमा निरन्तर भक्तिपूर्वक पूजा गर्दछन् । देवताहरूले पनि आ-आफ्नो पदमा प्राप्त भएपछि मन्दारको काठबाट श्रीगणेशको मूर्ति बनाएर आ-आफ्नो धाममा स्थापना गरी शमीपत्र चढाएर पूजा गरेपछि प्रसन्नता प्राप्त गरेर आफ्ना देवाङ्गनाहरूका साथ उत्तम कामभोग गरे।।२३-२४।। ब्रह्माजीले पनि बाह्र वर्षसम्म ठूलो तपस्या गरेर भगवान् श्रीगणेशलाई प्रसन्न तुल्याई फेरि यज्ञ आरम्भ गर्नुभयो।।२५।। उहाँले पनि मन्दारको काठबाट बनेको भगवान् श्रीगणेशको मूर्तिमा शमीपत्र चढाएर परम आदरका साथ पूजा गर्नुभयो।।२६।। त्यसपछि उहाँले स्वर्णपत्र, दूर्वाङ्कुर, मन्दार, केतकीपुष्प र सेता दूर्वाङ्कुरद्वारा पनि अनेक कामनाको फल प्रदान गर्ने श्रीगणेशको मन्दारमूर्तिमा पूजा गर्नुभयो।।२७।।

गृत्समदले भने- हे कीर्ति! मैले तपाइँलाई मन्दार शमीको लेशमात्र महिमा बताउन सकें। मन्दार र शमीको नाममात्र सुन्दा पनि पापहरूको नाश हुन्छ।।२८।। त्यस दिनदेखि भगवान् श्रीगणेशका निमित्त शमी अत्यन्त प्यारो वृक्षका रूपमा प्रसिद्ध भयो। तपाइँले ज्ञानपूर्वक शमीका पात चढाएर श्रीगणेशको पूजा गर्नुभयो। त्यसले गर्दा तपाइँका छोरा मृत्युको मुखमा परेर पनि जागे।।२९।। मैले तपाइँलाई मन्दार वृक्षको महिमा बताएँ। अब मलाई आज्ञा दिनुहोस्। म अब आफ्नो आश्रमतर्फ जान्छु ।।३०।।

ब्रह्माजीले भन्नुभयो- कीर्तिले गृत्समद ऋषिबाट मन्दार र शमीको महिमा सुनेर आफ्नो छोरालाई जीवनदान गर्ने ती मुनिलाई प्रणाम गरी बिदा दिइन्।।३१।। जुन मानिसले श्रीगणेशको प्रीति बढाउने यो आख्यान सुन्दछ त्यसले कहिल्यै पनि सङ्कट प्राप्त गर्दैन र सबै कामनाका फलहरू प्राप्त गर्दछ।।३२।। जसले बिहान उठेर भगवान् गणेश, मन्दारवृक्ष र शमीवृक्षको भक्तिपूर्वक स्मरण गर्दछ त्यो मानिस निष्पाप र सुखी बन्दछ।।३३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते शमीमन्दारमाहात्म्यं नाम सप्तत्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शमी र मन्दारको महिमा' शीर्षकान्वित सैंतीसौं अध्याय पूर्ण भयो ।।३७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

## अष्टात्रिंशोऽध्यायः		{ ३८ अध्याय }

कीर्तिरुवाच

सम्यगुक्तं त्वया ब्रह्मन् ! शमीमाहात्म्यमादरात् ।
मन्दारस्यापि कथितं तेन मे तुष्यते मनः ।।१।।
जीवितश्च कुमारोऽयमुपदिष्टः षडक्षरम् ।
न चोच्चारयितुं शक्यं बालभावान्मुनीश्वर ।।२।।
सुगमं सुप्रसादञ्च स्वराज्यप्रापकं मुने ।
जप्तुं शक्यं बालकेन मन्त्रमस्मै दिशाधुना ।।३।।

मुनिरुवाच

सम्यग् दृष्टा तव मतिर्गजाननपदाम्बुजे ।
अतोऽहमस्य दास्यामि निजं मन्त्रं सुखप्रदम् ।।४।।
सर्वस्य जगतो हेतुर्नाम यच्चतुरक्षरम् ।
शुभाशुभस्य च द्रष्टुर्दुष्टदैत्यहरस्य च ।।५।।
सर्वधर्मपरित्रातुर्दिवोदासोपकारिणः।
द्विजरूपधरस्यापि वाराणस्यां स्थितस्य ह ।।६।।
विश्वेश्वरस्याविमुक्तप्राप्त्यै यत्नं प्रकुर्वतः।
सर्वान्तर्यामिणश्चापि विश्वेश्वरनुतस्य ह ।।७।।
जगतः पालनार्थाय जनार्दननुतस्य च ।
ध्यातस्य पूजितस्यापि ब्रह्मणा सृष्टिहेतवे ।।८।।
अर्चितस्य शिवेनापि सर्वसंहारहेतवे।
पुलोमजाधवेनापि पूजितस्य सुभक्तितः।।९।।
दैत्यानां निधनार्थाय देवराज्यसुखाप्तये।
सूर्येण वरुणेनापि शशिना च यमेन च ।।१०।।
अग्निना वायुना स्वस्वगुणोत्कर्षाय पूजितः।
बृहस्पत्युशनोभ्याञ्च स्वस्वोत्कर्षाय पूजितः।।११।।
शेषेणाराधितो ढुण्ढिर्धराधरणहेतवे।
गन्धर्वकिन्नरा यक्षाः सिद्धचारणराक्षसाः।
ऋषयः पशवः सर्वे स्थावरा जङ्गमाः शुभाः।।१२।।

कीर्तिले भनिन् – हे मुनि ! हजुरले आदरपूर्वक शमी र मन्दारको महिमा सुनाउनुभयो, तर सुनेर मेरो मन अघाउँदैन।।१।। हजुरबाट ६ अक्षरका मन्त्रको उपदेश प्राप्त गरी बालक पनि जीवित भयो। बालक अवस्थामा त्यस मन्त्रको उच्चारण गर्न सकिंदैन। त्यस कारण हे मुनीश्वर ! बालकद्वारा पनि जप्न सकिने, सुगम, छिट्टै प्रसन्नता दिलाउने र राज्य प्राप्त गराउने मन्त्रको उपदेश गर्नुहोस् ।।२–३।।

मुनिले भने – हे कीर्ति ! गणेशका चरणकमलमा तपाईंको राम्रो भक्ति देखें। त्यस कारण म यस बालकलाई मैले जप्ने गरेको सरल तर प्रभावकारी मन्त्रको उपदेश गर्दछु ।।४।। जगत्का उत्पत्तिकारण, शुभ र अशुभको पहिचान गर्ने, दुष्ट दैत्यहरूको नाश गर्ने, सबै धर्महरूको रक्षा गर्ने, दिवोदासनामक पौराणिक पात्रको उपकार गर्ने, ब्राह्मणको रूप धारण गर्ने, वाराणसीमा वर्तमान विश्वेश्वरका कृपाबाट मोक्षप्राप्तिका लागि यत्न गर्ने, सर्वान्तर्यामी, विश्वेश्वरद्वारा वन्दित, संसारको पालनका निमित्त नारायणद्वारा वन्दित, ब्रह्माजीद्वारा ध्यान गरिएका र सृष्टि सफल होस् भन्नाका निमित्त पूजा गरिएका, शिवजीद्वारा पनि कार्य सफल होस् भन्ने अर्थले पूजा गरिएका, देवराज इन्द्रद्वारा पनि दैत्यहरूको नाश र देवराज्यको सुख एवं समृद्धिका लागि भक्तिपूर्वक आराधना गरिएका श्रीगणेशको चार अक्षरको पवित्र नाम रहेको छ ।।५–९।। सूर्य, वरुण, चन्द्रमा, यम, अग्नि, वायु आदि देवताद्वारा पनि आ–आफ्नो उत्कर्ष प्राप्तिका लागि आराधना गरिएका, बृहस्पति र शुक्राचार्यद्वारा ज्ञान र कलाको उत्कर्षका लागि पूजा गरिएका, शेषनागद्वारा पृथिवी धारण गर्ने सामर्थ्य बढाउनका लागि आराधित भगवान् गणेश ढुण्ढिराजका नामबाट प्रसिद्ध हुनुहुन्छ। गन्धर्व, किन्नर, यक्ष, सिद्ध, चारण, राक्षस, ऋषि, पशु, सबै स्थावर एवं जङ्गमले पनि आ–आफ्नो कार्यसिद्धिका लागि विश्वका स्वामी श्रीगणेशको आराधना गर्दछन् ।।१०–१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आराधयन्ति विश्वेशं स्वस्वकार्यार्थसिद्धये।
अपारगुणपारोऽयं ढुण्ढिराजोऽखिलेश्वरः।।१३।।
गुणान्तं न ययुर्यस्य ब्रह्मविष्णुशिवादयः।
तस्मिँस्तु पूजिते भक्त्या शमीपत्रेण भावतः।।१४।।
पुत्रस्ते भविता राज्यभागी शत्रुनिबर्हणः।

कीर्तिरुवाच

श्रुतो मे महिमा ब्रह्मन्! ढुण्ढिराजाश्रयोऽखिलः ।।१५।।
किंकर्मा कथमुत्पन्नः कस्यांशः किंपराक्रमः।
केनास्य च कृतं नाम केनासौ पूजितः पुरा ।।१६।।
इमं मे संशयं ब्रह्मंश्छेत्तुमर्हस्यशेषतः।

मुनिरुवाच

सम्यक् पृष्टं त्वया भद्रे ज्ञानाधिकतया शुभे।।१७।।
भक्त्या निवेदितश्चायं संशयस्तं नुदामि ते ।
यथा दुरासदो दैत्यो हतोऽनेन तु राक्षसाः ।।१८।।
मायावतारो मोहाय दिवोदासं नृपं गतः ।
अविमुक्तं समानीतो यथा विश्वेश्वरो हरः।।१९।।
ढुण्ढिराजेति नामास्य येन जातं नृपाङ्गने ।
तत्सर्वं कथयिष्यामि यथा स्कन्दाच्छ्रुतं मया ।।२०।।
अगस्त्याय कथयता शृणुष्वैकमनाः शुभे।

स्कन्द उवाच

शृणुष्वावहितो ब्रह्मन्नविमुक्ताश्रयां कथाम् ।।२१।।
यस्याः श्रवणमात्रेण सर्वपापैः प्रमुच्यते ।
कश्यपाय हरिः प्राह सृज नानाविधाः प्रजाः ।।२२।।
प्ररूढतपसा कायः ससृजेऽथ जरायुजाः प्रजाः।
एकविंशतिसाहस्त्रमण्डजाः स्वेदजास्तदा ।।२३।।
उद्भिजाश्चैव तावन्त्यो मानुष्यं तासु दुर्लभम् ।
पुण्येन लभते तच्च ब्राह्मण्यं बहुपुण्यतः।।२४।।

भगवान् ढुण्ढिराज गणेश्वर अपरम्पार गुणसम्पन्न हुनुहुन्छ र सबैका स्वामी हुनुहुन्छ। ब्रह्मा, विष्णु र शिवजी पनि श्रीगणेशका गुणको अन्त पाउँदैनन्। हे कीर्ति ! तपाइँले भक्तिपूर्वक शमीपत्र चढाएर ढुण्ढिराज श्रीगणेशको आराधना गर्नुभयो भने तपाइँका छोराले शत्रुनाश गरेर राज्याधिकार प्राप्त गर्नेछन्।

कीर्तिले भनिन्- हे मुनिवर ! मैले ढुण्ढिराज भगवान्सँग सम्बद्ध सम्पूर्ण महिमा सुनें।।१३-१४।। भगवान् ढुण्ढिराजका योगदान के हुन् ? उहाँ कसरी उत्पन्न हुनुभयो ? उहाँ कसका अंशावतार हुनुहुन्छ ? उहाँको पराक्रम कस्तो छ? उहाँको नामकरण कसले गरेको हो ? कसले उहाँको सबभन्दा पहिले आराधना गऱ्यो ? मेरा यस्ता संशय छन्।।१५-१६।। हजुरले यी संशयहरूको छेदन गर्नुहोस्।

मुनिले भने - हे कल्याणी ! तपाइँ ज्ञानका दृष्टिबाट सम्पन्न र कल्याणमय आचारले युक्त हुनुहुन्छ । तपाइँले आफ्नो व्यक्तित्व अनुकूल उत्तम प्रश्न सोध्नुभएको छ ।।१७।। तपाइँले भक्तिपूर्वक आफ्ना संशयहरू बताउनुभएकी हुनाले म त्यो संशय हटाउन तयार छु। जसरी भगवान् गणेशले दुरासदनामक दैत्य र अरू राक्षसलाई पनि मार्नुभयो, फेरि मायावतार लिएर दिवोदासलाई मोहित गर्न तिनका समीपमा जानुभयो । जसरी उहाँले विश्वेश्वर शङ्कर भगवान्लाई वाराणसीमा ल्याउनुभयो, जसरी उहाँको नाम ढुण्ढिराज रहन गयो ती सबै प्रश्नको उत्तर मैले भगवान् स्कन्दले अगस्त्य ऋषिलाई बताउँदा सुनेअनुसार तपाइँलाई बताउनेछु । सावधान भएर सुन्नुहोस् ।

स्कन्दले भन्नुभयो - हे अगस्त्य ऋषि ! तपाइँले अविमुक्तसँग सम्बद्ध कथा सुन्नुहोस्।।१८-२१।। त्यस कथाको श्रवणमात्र गर्दा श्रोता पापबाट मुक्त हुन्छ। एक दिन भगवान् नारायणले कश्यप ऋषिलाई भन्नुभयो - 'तिमीले अनेक थरि सृष्टि गर।' कठोर तपस्या गरेपछि कश्यपले पनि अनेक थरि प्रजाहरूको सृष्टि गरे। ती सृष्टि गरिएका सन्तानहरूमा जरायुज, अण्डज, उद्भिज र स्वेदज गरी चारथरिका प्राणीहरू थिए। जरायुज, अण्डज र स्वेदज प्रत्येक एक्काइस हजारको संख्यामा सृष्टि गरिएका थिए अनि उद्भिज पनि त्यत्तिकै संख्यामा रचिए। मनुष्यजीवन दुर्लभ छ र पुण्यले प्राप्त गरिन्छ। मनुष्यमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तच्चेत् संरक्षितं सम्यग् धर्माधर्मव्यवस्थया।
ददाति परमं स्थानं यद् गत्वा न निर्वतते ।।२५।।

चतुरशीतिलक्षेषु नो चेत् पतितजन्मसु ।
दुराचारा नरा याम्ययातनासु पतन्ति वै ।।२६।।

कर्मक्षये ततो जाते बहुकालेन ते पुनः।
मृत्युलोकं समायान्ति काणाः कुब्जा दरिद्रिणः ।।२७।।

तदेषामनुकम्पार्थं ब्रह्मेशानादयः सुराः।
ऋषयश्च महाभागाा नानातीर्थानि चक्रिरे ।।२८।।

क्षेत्राणि च महार्हाणि प्राणिपापहराणि च।
विलयन्तः स्थितास्तत्र पापं देवर्षयस्तदा ।।२९।।

यत्र स्थितानां जन्तूनां पापस्य विलयो भवेत् ।
जन्तून् पापात् परित्रातुं स्थिता देवर्षयः सदा।।३०।।

सर्वश्रेष्ठां सर्वगुणां भुक्तिमुक्तिप्रदां शुभाम् ।
विश्वेश्वरो निर्ममेऽथ ध्यातृज्ञातृविमुक्तिदाम् ।।३१।।

सर्वतीर्थमयीं रम्यां नाम्ना वाराणसीं पुरीम् ।
यत्र चक्रे सरः ख्यातं विष्णुना प्रभविष्णुना ।।३२।।

तपस्यता कृतं चारु स्नानमात्रेण मुक्तिदम् ।
यद् दृष्ट्वा कन्धराकम्पाच्छिवस्य कुण्डलान्मणिः।।३३।।

पतितस्तत्र सञ्जाता नाम्ना सा मणिकर्णिका ।
ततो भगीरथाहूता जाता भागीरथी नदी ।।।३४।।

अत्र कीटपतङ्गानां मुक्तिर्मरणतो भवेत् ।
त्रिवारनामस्मरणात् काशीवासफलप्रदा ।।३५।।

धन्यास्ता वीरुधो वल्ल्यस्तृणवृक्षा न चान्यतः।
गछन्ति कमठा मत्स्या भूकैलासं विहाय तत् ।।३६।।

ब्राह्मण वर्णको जीवन धेरै पुण्यबाट मात्र प्राप्त हुन्छ।।२२-२४।। धर्म र अधर्मलाई जानेर ब्राह्मणले आफ्नो ब्राह्मणत्वको रक्षा गरे भने त्यसले परम स्थान प्रदान गर्दछ, जुन स्थानबाट कहिल्यै फर्कनु पर्दैन।।२५।। ब्राह्मण भएर उत्तम कर्म गर्ने मानिसहरू कहिल्यै पनि चौरासी लाखको चक्रमा पर्दैनन्। दुराचारी मानिसहरू भने यमका यातना भोग्न बाध्य हुन्छन्।।२६।। कर्मभोग समाप्त भएपछि मात्र धेरै कालमा ती पापी प्राणीहरू पृथिवीमा जन्मिन आउँछन् । नरक भोगेर आएका ती प्राणीहरू काना, कुजा र कङ्गाल भएर जन्मिन्छन्।।२७।। नरकबाट फर्केर आएका मानिसहरूमाथि कृपा गर्न ब्रह्मा, विष्णु, नारायण आदि देवता र ऋषिहरूले पनि अनेक तीर्थको परिकल्पना गरेका थिए ।।२८।। त्यसैगरी तिनीहरूले मानिसका पापलाई नाश गर्न गौरवशाली धाम र तीर्थहरूको व्यवस्था गरे। ती तीर्थ र धामहरूमा देवता र ऋषिहरू निवास गर्दछन् र तिनले सबैका पाप नाश गर्दछन् ।।२९।। तीर्थ र धाममा जाने तीर्थालु मानिसहरूका पाप नष्ट हुन्छन् । देवता र ऋषिहरू प्राणीलाई पापबाट जोगाउन तीर्थहरूमा बसिरहेका हुन्छन् ।।३०।। भगवान् विश्वेश्वरले सबैभन्दा श्रेष्ठ, सबैभन्दा गुणसम्पन्न, भुक्ति र मुक्ति दिने, ध्यान एवं ज्ञान गर्ने मानिसहरूलाई मोक्षको आनन्द प्रदान गर्ने, सबै तीर्थहरूभन्दा उत्तम सर्वतीर्थमय वाराणसी पुरीको निर्माण गर्नुभएको थियो । त्यहीं नै भगवान् विष्णुले तपस्याकालमा स्नानमात्र गर्दा मुक्ति प्रदान गर्ने एउटा महत्त्वपूर्ण सरोवरको निर्माण गर्नुभयो।।३१-३२।। जुन सरोवरको दर्शन गर्नासाथ शिवजीका काँधमा कम्पन भयो र कम्पनका कारण कानको कुण्डलबाट मणि खस्न गयो। मणि खसेका कारण वाराणसीमा मणिकर्णिका तीर्थको उत्पत्ति भयो। राजा भगीरथले तपस्या गरेर धर्तीमा ल्याइएकी भागीरथी नदी पनि मणिकर्णिकामा आएर पूर्वतिर बग्ने गर्दछिन्।।३३-३४।। मणिकर्णिकामा प्राणत्याग गर्नाले कीरा र पतङ्गहरूको पनि मुक्ति हुन्छ। तीन पटक मणिकर्णिका भन्नाले काशीवासको फल प्राप्त गरिन्छ। ती बिरुवा, लता, तृण र वृक्षहरू धन्य छन् जसले मणिकर्णिकाको स्पर्श गर्दछन् । त्यसैगरी त्यहाँ रहने माछा र कछुवा पनि धन्य छन् । ती सबैलाई पृथिवीको सुन्दर क्षेत्र हिमालयअन्तर्गत कैलासबाहेक अन्यत्र जानु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्यं यत्र स्थितः शम्भुर्नानारूपोऽथ रूपवान् ।
रविः शशी हरिर्ब्रह्मा स एव गिरिजापतिः ।।३७।।

विनायकः शक्तिरूपः कारणं जगतोऽपि सः।
प्रलयेऽपि त्रिशूलाग्रे ध्रियते येन काशिका ।।३८।।

एकोऽयं पञ्चधा जातो लोकानुग्रहकाम्यया ।
भक्तो यां ध्यायति मूर्तिं सा तेन ध्रियते क्षणात् ।।३९।।

अत्र यो मनुते भेदं सोऽवीचीर्लभते नरः।
स्तुतिमेकत्र निन्दां वा परत्र यः समाचरेत् ।।४०।।

स याति नरकानेकविंशतिं बहुवत्सरम् ।
अतो भस्मासुरसुतः ख्यातो नाम्ना दुरासदः ।।४१।।

स शुक्रमुपसङ्गम्य विद्यां पञ्चाक्षरीमगात् ।
दिव्यवर्षसहस्त्रं स एकाङ्गुष्ठस्थितोऽभवत् ।।४२।।

निराहारः काष्ठभूतः सवल्मीकोऽस्थिशेषवान् ।
नेत्रमात्रावशिष्टोऽसौ जजाप परमं मनुम् ।।४३।।

आययौ तं वरं दातुं तत्क्लेशपरितोषितः ।
दशबाहुः पञ्चवक्त्रो रुण्डमालाविभूषितः ।।४४।।

त्रिशूलं डमरुं बिभ्रज्जटाजूटविभूषितः।
गङ्गाधरस्त्रिनयनश्चिताभस्माङ्गलेपनः।।४५।।

वृषध्वजो वृषारूढः शशिरेखाविभूषितः।
अपर्णाङ्कृपाविष्टो जगाद दैत्यपुङ्गवम् ।।४६।।

शिव उवाच

उत्तिष्ठोत्तिष्ठ भद्रं ते तपसा क्लेशितो भृशम् ।
ईप्सितं ते प्रदास्यामि वरयस्व हृदि स्थितम् ।।४७।।

क उवाच

तत उन्मील्य नयने बद्धाञ्जलिपुटोऽसुरः
प्रणम्य परितुष्टाव वरदं तं महेश्वरम् ।।४८।।

पर्दैन।।३५-३६।। त्यहाँ भगवान् शिवजी नाना रूप धारण गरेर विराजमान हुनुहुन्छ। सूर्य, चन्द्रमा, नारायण, ब्रह्मा, शिव, गणेश एवं शक्तिरूप र जगत्का कारण विश्वनाथले प्रलयकालमा पनि काशीलाई आफ्नो त्रिशूलको टुप्पामा धारण गर्नुहुन्छ।।३७-३८।। भगवान् शिवजी नै लोकमाथि अनुग्रह गर्न पञ्चमुख र पञ्चब्रह्मका रूपमा विराजमान हुनुहुन्छ। भक्तले जुनसुकै मुख अथवा मूर्तिको ध्यान गरे पनि त्यस रूपबाट भगवान्ले त्यसलाई धारण गर्नुहुन्छ।।३९।। जसले भेददृष्टिले ती पाँच स्वरूप र पाञ्चायन देवतालाई हेर्दछ त्यसले अवीचीनामक नरकमा गई दुःखभोग गर्दछ । जसले कहीं गएर महादेवको स्तुति गर्ने र कहीं गएर निन्दा गर्ने गर्दछ त्यो दोधारे मानिसले अनेक वर्षसम्म नरकमा बास गर्दछ । भस्मासुरको दुरासदनामक पुत्र थियो । त्यसले इन्द्रसँग गएर पाँच अक्षर भएको शिवमन्त्र प्राप्त गरी एक हजार दिव्य वर्षसम्म खुट्टाको एउटा बूढीऔंलाले टेकेर तपस्या गऱ्यो।।४०-४२।। त्यसले निराहार रहेर काठजस्तै निश्चल भई हाडछाला मात्र बाँकी रहुञ्जेल धमिराको माटाले पुरिएर केवल आँखाबाट मात्र चिनिँदै ॐ नमः शिवाय मन्त्रको जप गऱ्यो।।४३।। त्यसको कष्टपूर्ण तपस्याबाट सन्तुष्ट भएर भगवान् शङ्कर दर्शन दिन आउनुभयो। दर्शन दिन आउनुहुँदा भगवान् शिवजी दश हात र पाँच मुखले सम्पन्न हुनुहुन्थ्यो । उहाँ नरमुण्डको मालाले अलङ्कृत, त्रिशूल र डमरुद्वारा सुशोभित, जटाजूटद्वारा शोभायमान, शिरमा गङ्गा नदीलाई धारण गर्नुहुने, चिताको खरानीद्वारा विभूषित, वृषभध्वजको रूपबाट परिचित भई साँढेमाथि सवार हुनुहुन्थ्यो र उहाँको सर्वाङ्ग शरीर चन्द्रमाका किरणले ज्योतिर्मय बनेको थियो। आफ्ना काखमा पार्वतीलाई लिनुभएका कृपालु भगवान् शङ्करले दुरासदलाई भन्नुभयो।।४४-४६।।

शिवजीले भन्नुभयो - हे दुरासद ! तिमी उठ । तिम्रो तपस्याबाट म प्रसन्न भएको छु, तिम्रो कल्याण होस् । म तिम्रो अभीष्ट पूरा गर्न आएको छु । तिम्रा मनमा भएका कुरा बताऊ । मैले तिमीलाई वरदान दिनेछु।।४७।।

ब्रह्माजीले भन्नुभयो - भगवान् शङ्करले सम्बोधन गरेपछि दुरासदले आँखा खोलेर हेऱ्यो, हात जोड्यो, प्रणाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वं जगत्कारणं देव परमानन्दविग्रहः।
क्षराक्षरातीततनुर्गुणत्रयविकारकृत् ।।४९।।

गुणातीतो ज्ञानमयो व्यक्ताव्यक्तविधानवित् ।
मुनिध्येयतनुः सर्वभक्तानुग्रहकारकः ।।५०।।
ब्रह्माण्डानामनन्तानां हेतुः श्रेयस्करः सताम्।
अखण्डानन्दपूर्णस्त्वममोघफलदायकः।।५१।।
सर्वाधारः सर्वसहः सर्वशक्त्युपबृंहितः ।
पृथिवीवायुसलिलवह्नितेजःस्वरूपवान् ।।५२।।
अद्य धन्यं तपो नेत्रे पितरौ जन्म ते यतः।
दृष्टं स्वरूपं साक्षान्मे गतं पापं लयं परम् ।।५३।।
योगिहृच्छुतिवाचो यो गोचरो न कदाचन ।
इदानीं वरये देव तन्मे त्वं दातुमर्हसि ।

शिव उवाच

निश्शङ्कं वरयाशु त्वं सर्वं दास्येऽतिदुर्लभम् ।।५४।।
स्तोत्रेण तपसा चैव प्रणयेन सुतोषितः।

मुनिरुवाच

ततो वव्रेऽयं देवात् सुप्रसन्नात् सदाशिवात् ।।५५।।
चतुराकरजेभ्यो मे मा मृत्युः सम्भवेदिति।
यक्षरक्षःपिशाचेभ्यो देवदानवकिन्नरात् ।।५६।।
मुनिमानवगन्धर्वसर्पेभ्यो हि वनेचरात् ।
दृष्ट्वा रूपं मदीयं तु त्रसेयू रणमूर्द्धनि ।।५७।।
सर्वे देवा महाभाग ! सुरराज्यञ्च यच्छ मे ।
संस्मृतिश्चरणे नित्यं भक्तिस्तेऽव्यभिचारिणी ।।५८।।

शिव उवाच

एकां शक्तिं विना सर्वदेवेभ्योऽदायि तेऽभयम् ।
शक्तितेजोद्भवः कश्चिज्जित्वा सञ्जीवयिष्यति ।।५९।।

गऱ्यो र वरदायक भगवान् शिवजीको स्तुति गर्दै भन्यो – 'हे शिवजी ! हजुर जगत्का कारण र परम आनन्दस्वरूप हुनुहुन्छ। हजुरको स्वरूप क्षर र अक्षर दुई प्रकारको छ । हजुरले सत्त्व, रज र तमोगुणमा विकार पैदा गरेर संसारको सृष्टि गर्नुहुन्छ ।।४८-४९।। हजुर गुणभन्दा पर विराजमान, ज्ञानमय, व्यक्त र अव्यक्तका विधानका ज्ञाता र मुनिहरूद्वारा ध्यान गर्न योग्य हुनुहुन्छ । सबै भक्तमाथि दया गर्नुहुन्छ । अनन्त ब्राह्माण्डका कारण हुनुहुन्छ । सज्जनहरूका कल्याण–कारक देवता हुनुहुन्छ । अखण्ड आनन्दले परिपूर्ण हुनुहुन्छ। अमोघ फलका दाता हुनुहुन्छ । सबैका आधार हुनुहुन्छ । सबै कुरा सहनुहुन्छ । सबै प्रकारका शक्तिले सम्पन्न हुनुहुन्छ । पृथिवी, वायु, आगो, पानी र तेजका रूपमा हुनुहुन्छ ।।५०-५२।। आज मेरो तपस्या धन्य भएको छ, मेरा आँखा सफल भएका छन्, माता-पिता धन्य हुनुभएको छ र मेरो जन्म पनि धन्य भएको छ किनकि मैले आज हजुरको साक्षात् दर्शन पाएको छु । दर्शनबाट मेरा पाप समाप्त भएका छन्। योगीहरूका हृदयमा मात्र विराजमान हुनुहुने र वाणीद्वारा अगोचर हजुरको मैले दर्शन पाएको छु । अहिले म वरदान माग्न चाहन्छु, हजुरले त्यो पूरा गर्नुहोस् ।

शिवजीले भन्नुभयो – हे दुरासद ! तिमीले निःशङ्क भएर वरदान माग, म तिमीलाई दुर्लभ वरदान दिनेछु किनकि म तिम्रो विनय, तपस्या र स्तुतिबाट खुसी भएको छु ।

मुनिले भने – त्यसपछि दुरासदले प्रसन्न हुनुभएका भगवान्सँग वरदान माग्यो ।।५३-५५।। हे ईश्वर ! जरायुज, अण्डज, उद्भिज र स्वेदज प्राणीहरूबाट मेरो मृत्यु नहोस्। यक्ष, राक्षस, पिशाच, दानव, किन्नर, मुनि, मानिस, गन्धर्व, सर्प र वनचर यी कसैबाट पनि मेरो मृत्यु नहोस्। सबै देवताहरू मलाई युद्धको मैदानमा देखेर डरले थरथर काँपून्। मलाई हजुरले देवताको राज्य प्रदान गर्नुहोस्। मैले हजुरको निरन्तर संझना गर्दै भक्ति गर्न पाऊँ ।।५६-५८।।

शिवजीले भन्नुभयो – हे दुरासद ! एउटा शक्तिबाहेक अरू सबै कुरा मैले तिमीलाई प्रदान गर्दछु । तिमीलाई शक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिरसि स्थाप्य चरणं धरिष्यति निरन्तरम् ।
निष्कासितो यदा तेन चरणस्ते शिरोगतः ।।६०।।
तदा पुनस्त्रिलोकीं त्वं बलाज्जेष्यसि तेजसा।
भक्तिश्च मे दृढतरा स्मृतिस्ते वै भविष्यति ।।६१।।

गृत्समद उवाच

एवं दत्त्वा वराँस्तस्मै शिवोऽन्तर्धानमन्वगात् ।
दुरासदोऽपि स्वगृहमाययौ हर्षनिर्भरः।।६२।।
इदं स्तोत्रं पठेद् यस्तु सर्वान् कामानवाप्नुयात् ।।६३।।

तेजबाट उत्पन्न कसैले जित्नेछ र जीवन पनि प्रदान गर्नेछ। त्यो तिम्रो शिरमा टेकेर उभिइराख्नेछ । जब त्यसले आफ्नो खुट्टा चलाउँछ, त्यस बेलामा तिम्रो शिर खस्नेछ। त्यसपछि जागेर तिमीले संसारलाई नै आफ्नो वशमा ल्याउनेछौ। ममा तिम्रो दृढभक्ति हुनेछ र सधैं मलाई संझनेछौ।।५९-६१।।

गृत्समदले भने - दुरासदलाई यसरी वरदान दिएर भगवान् शिवजी अन्तर्धान हुनुभयो। दुरासद पनि हर्षपूर्वक आफ्नो घर गयो । जसले दुरासदले गरेको स्तुतिको पाठ गर्दछ त्यसले चिताएका सम्पूर्ण फल प्राप्त गर्दछ ।।६२-६३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते दुरासदवरप्राप्तिवर्णनं नामाऽष्टात्रिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'दुरासदलाई शिवजीद्वारा वरप्रदान' शीर्षकान्वित अठ्तीसौं अध्याय पूर्ण भयो ।।३८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनचत्वारिंशोऽध्यायः { ३९ अध्याय }

मुनिरुवाच

ततस्तु वरगर्वेण शिवलब्धेन दैत्यराट् ।
न ममर्ष निजात्मानं मोहितः केवलं तु सः ।।१।।

इयेष पृथिवीं जेतुं हयारूढोऽभवत् पुरा ।
निबद्धकेशहस्तस्तु विलसत्कर्णकुण्डलः ।।२।।

असिहस्तो धनुष्पाणिर्निषङ्गद्वयशोभित :।
रत्नमुक्तामणिमयीं बिभ्रन्मालां महाधनाम् ।।३।।

कस्तूरीतिलको दिव्यवस्त्रच्छन्नः सकञ्चुकः ।
ताम्बूलविलसद्वक्त्रः प्रकृतिद्वयसंयुतः ।।४।।

याभ्यां स्वभुजवीर्येण जिता वीरा अनेकशः ।
उभयोः पार्श्वयोस्तस्य यौ गच्छेतां बलान्वितौ ।।५।।

चतुरङ्गं तु तत्सैन्यं पृथिवीविजयोद्यतम् ।
रजसाच्छादयद् व्योम विस्तीर्णं जलधेरिव ।।६।।

यो यो वीरो भवेत् स्फीतस्तं तमेवाजयच्च सः ।
तत आदाय रत्नानि द्रव्याणि च सहस्रशः ।।७।।

आस्थापयत् स तत्स्थाने स्वीयानाप्तान् महाबलान् ।
नानाधिकारे बलवान् वशे कृत्वाऽखिलान्नृपः ।।८।।

ये चाशस्त्राः करान् स्थाप्य तमेव शरणं ययुः ।
अत्यन्तं भीरवो ये तु त्यक्त्वा राज्यमपीपलन् ।।९।।

दूतैरेव वशे चक्रे तानपीत्थं दुरासदः ।
एवं भूण्डलं जित्वा शक्रं जेतुमियेष सः ।।१०।।

ससैन्यः सहसा प्रायान्नगरीं शक्रपालिताम् ।
ज्ञात्वा वरस्य सामर्थ्यं तस्य दुष्टस्य देवराट् ।।११।।

पलाय्य च गुहां यातः सामरः सकुटुम्बकः ।
तस्मिन्नेव क्षणे विष्णुः स्थानात् क्षीराब्धिमाययौ।।१२।।

अङ्के लक्ष्म्याः शिरः स्थाप्य शेते स्म मधुसूदनः ।
त्यक्त्वा कैलासशिखरं काशीं यातस्तु शूलभृत् ।।१३।।

मुनिले भने - वरदान पाएर अभिमानी बन्न पुगेको दैत्यराजले आफ्नो आत्मालाई शान्त राख्न सकेन । त्यो मोहित भएको थियो र पृथिवी जित्ने इच्छा राखेर घोडामा सवार भयो। कपालमा जुरो एवं कानमा कुण्डल धारण गर्ने, हातमा तरबार र धनु धारण गर्ने, बाण राख्ने ठोक्राहरू भिरेको, रत्न, मोती र मणिले बनेको माला धारण गर्ने, कस्तूरीको तिलक लगाएको, सुन्दर वस्त्र धारण गर्ने, मुखमा पान चपाउँदै दुई जना मन्त्रीहरूलाई वरिपरि राखेर हिंडिरहेको त्यस दानवले संसारलाई नै आफ्नो अधिकारमा ल्याउने इच्छा राखेको थियो। जुन मन्त्रीहरूको सहायताबाट त्यसले अनेक युद्धमा वीरहरूलाई जितेको थियो, त्यस्ता बलवान् दुई मन्त्री त्यसका दायाँ र बायाँतर्फ सँगै हिंड्थे ।।१-५।। त्यसको सागरझैं फैलिएको चतुरङ्गिणी सेना पृथिवीमाथि विजय प्राप्त गर्न जोशिएको थियो । त्यसका वीरहरूले खुट्टा चाल्दा धर्तीबाट उडेको धूलोले आकाश ढाक्यो। त्यसले आफ्ना सामु लड्न आउने प्रत्येक वीर राजालाई जित्दै गयो । यसरी जित्दै जाँदा त्यसले ती ती पराजित राजाहरूबाट त्यसले अनेक रत्न र द्रव्यहरूको सङ्ग्रह गऱ्यो । आफूले जितेका राजाहरूका रिक्त पदहरूमा त्यसले आफ्ना विश्वस्त, बाहुबली वीरहरूलाई नियुक्त गऱ्यो । अत्यन्त कातर स्वभावका जुन राजाहरूले शस्त्र झुकाएर त्यसको शरण लिए र जुन कातर राजा भयले राज्यत्याग गरी भागे । ती सबैलाई दुरासदले आफ्ना दूतहरूको माध्यमबाट वशवर्ती बनायो । यसरी दुरासदले आफ्ना वीर र राजदूतहरूको माध्यमबाट पृथिवीमण्डलमा अधिकार कायम गरेर इन्द्रलाई पनि जित्ने इच्छा राख्यो ।।६-१०।। एक दिन सेनासहित दुरासद अचानक देवराज इन्द्रद्वारा रक्षा गरिएको अमरावती नगरीमा गयो । दुरासदले पाएको वरदानको शक्ति बुझेर इन्द्र पनि आफ्ना कुटुम्ब र देवताहरू सबै लिएर भागी एउटा गुफामा गएर बसे । त्यसबेला विष्णु पनि आफ्नो वैकुण्ठ धाम छाडेर क्षीरसागरमा जानुभयो ।।११-१२।। शेषशय्यामा लक्ष्मीको काखमा आफ्नो शिर राखेर सुकला गर्नुभयो । भगवान् शङ्कर पनि कैलास छाडेर काशी आउनुभयो ।।१३।। बाठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेनैव साकमगमद् चतुरश्चतुराननः ।
यो यो याति पदं त्यक्त्वा तत्र तत्र स दैत्यराट् ।।१४।।

स्थापयत्येव बलिनं निजं दूतं सुहृत्तमम् ।
एवं निर्जित्य विबुधान् दर्पेणैव महाबलः ।।१५।।

कैवर्तकानां विषये न्यवसद् भस्मके पुरे ।
मुकुन्दपुरमित्येव ख्यातं लोकेषु सर्वतः ।।१६।।

यस्मिन् भस्मासुरो राजा पूर्वमासीद् बलान्वितः ।
शङ्करेण वरो यस्मै दत्त आश्चर्यकारकः ।।१७।।

स मरिष्यति मूर्ध्नि त्वं यस्य हस्तं प्रदास्यसि ।
एवं दत्तवरो दैत्यो दुष्टभावप्रचोदितः ।।१८।।

परीक्षार्थं वरस्याथ वरदातुस्तु मस्तके ।
करं दातुं ययौ दुष्टः पपाल गिरिजापतिः ।।१९।।

स दृष्टश्चक्रहस्तेन विष्णुना प्रभविष्णुना ।
सुन्दरं मोहिनीरूपं धृत्वा यातस्तदन्तिकम् ।।२०।।

उवाच मम वाक्ये चेत् स्थास्यसि त्वं नरोत्तम ।
अङ्गनाऽहं तदा ते स्यां हर्षादोमिति सोऽब्रवीत् ।।२१।।

नृत्यति स्म तदा सा तु तद्वाक्यात् स ननर्त ह ।
सा यथाऽदर्शयद् भावं सोऽपि दर्शयते तथा ।।२२।।

तथाऽस्थापि स्वशिरसि हस्तस्तेनापि तत्क्षणात् ।
भस्मसादभवद् दैत्यो दुष्टचेष्टितमन्तकृत् ।।२३।।

मुकुन्दोऽपि स्थितस्तत्र तन्नाम्ना पप्रथे पुरम् ।
अनुष्ठानवतां नृणां सद्यः परमसिद्धिदम् ।।२४।।

सा मोहिनी सर्वकामान् ददाति भक्तितो नृणाम् ।
तत्र स्थित्वा त्रिभुवनं शास्ति गर्वाद् दुरासदः ।।२५।।

उवाच मन्त्रिणो गर्वात् कथं त्रिभुवनं मया ।
आक्रान्तं स्वप्रतापेन जयताऽसुरवैरिणः ।।२६।।

ततोऽमात्याः समूचुस्ते विमुक्तं न जितं त्वया ।
दशमं खण्डमिति तत्तुल्यं नास्ति हि कुत्रचित् ।।२७।।

ब्रह्माजी पनि शिवजीकै साथ काशीतिर लाग्नुभयो । जुन जुन देवताहरू आ-आफ्ना पद छाडेर भागिरहेका थिए ती ती ठाउँमा दुरासद दैत्यले आफ्ना बलि वीर र उत्तम दूतहरूको नियुक्ति गरिरहेको थियो । यसरी देवताहरूलाई जितेपछि बलशाली दुरासद निषाद देशको भस्मकपुरमा गएर बस्यो । त्यो भस्मकपुर संसारमा मुकुन्दपुरका नामबाट पनि प्रख्यात छ ।।१४-१६।। पहिले त्यस ठाउँमा बलशाली भस्मासुरनामक राजा थियो । शङ्कर भगवान्ले त्यस राक्षसलाई विचित्र वरदान दिंदै भन्नुभएको थियो- 'तिमीले जसको शिरमा हात राख्नेछौ त्यो प्राणी मर्नेछ।' यस्तो वरदान प्राप्त गरेपछि दुष्ट भावनाले भरिएको भस्मासुर एक दिन प्राप्त वरदानको परीक्षण गर्न वरदाता भगवान् शङ्करकै शिरमा हात राख्छु भन्दै गयो। भगवान् शिवजी पनि आफ्नै वरदान पाएर उन्मत्त भएको भस्मासुरदेखि डराएर भाग्नुभयो ।।१७-१९।। भगवान् शङ्कर भाग्नुभएपछि उन्मत्त बनेको भस्मासुरलाई चक्रधारी नारायणले देख्नुभयो । त्यसपछि उहाँले अत्यन्त आकर्षक युवतीको रूप धारण गरेर त्यसको नजिकमा गई भन्नुभयो- 'हे राजा भस्मासुर! म एउटी आइमाई हूँ । यदि मैले भनेको मान्छौ भने म सधैंका लागि तिम्री हुनेछु।' मोहिनीरूप भगवान्का यी कुरा सुनेर भस्मासुर खुसीले नाच्न थाल्यो। मोहिनीरूप भगवान् पनि नाच्नुभयो। सुन्दरीले जस्ता भाव र चेष्टा देखाइरहेकी थिइन्, भस्मासुर पनि त्यसै गर्दै थियो ।।२०-२२।। सुन्दरीले जुनबेला आफ्नो शिरमा हात राखिन् त्यसले पनि आफ्नो शिरमा हात राख्यो तर तुरुन्तै खरानी भयो । त्यसको दुष्ट चेष्टालाई समाप्त गर्नुहुने भगवान् त्यहीं रहनुभयो । मुकुन्दले त्यसरी भगवान् शङ्करको रक्षा गर्नुभएको ठाउँ हुनाले त्यस नगरलाई पछि मुकुन्दपुर भनियो । भगवान्को आराधना गर्ने मानिसहरूका निमित्त त्यो पुर अत्यन्त सिद्धिदायक मानिएको छ ।।२३-२४।। भगवान्ले मोहिनीरूप लिएर त्यहाँ भक्तहरूलाई समय-समयमा दर्शन दिनुहुन्छ र तिनका कामनाहरू परिपूर्ण तुल्याउनुहुन्छ । अहिले दुरासद नामक दैत्य पनि त्यहीं बसेर शासन चलाइरहेको छ।।२५।। दुरासदले एक दिन मन्त्रीहरूलाई घमण्डका साथ भन्यो - 'मैले आफ्नो प्रतापले हामी राक्षसका वैरीहरूमाथि विजय गर्दै तीनै लोकलाई आफ्नो अधिकारमा ल्याएको छु।।२६।।' त्यसपछि मन्त्रीहरूले भने - 'तीन लोकमा सबै कुरा हजुरले जित्नुभयो, तर अविमुक्त क्षेत्रलाई हजुरले जित्नुभएन । त्यसलाई ब्रह्माण्डको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्रास्ते शङ्करः सर्वसुरैरपि च सेव्यते ।
न जितं यत्पुरं यावत् तावत् ते पौरुषं वृथा ।।२८।।

इति तद्वाक्यमाकर्ण्य मुदं लेभे रणप्रियः ।
उवाच तान् सद्य एव यामि तां वै ससैनिकः ।।२९।।

विमानवरमास्थाय क्षणाद् यातः स काशिकाम् ।
प्रविष्टमात्रे दैत्येन्द्रे हाहाकारः पुरेऽभवत् ।।३०।।

तत्र ये विबुधा आसन् सर्वे चान्तर्दधुस्तदा ।
शिवस्तु निजभक्तत्वान्न चुकोपाथ किञ्चन ।।३१।।

दत्तं राज्यं कियत्कालमित्युक्त्वा परिवारवान् ।
केदारक्षेत्रमगमन् मुनयोऽपि पलायिताः ।।३२।।

जैगीषव्यं विना सर्वे क्षेत्रसंन्यासिनं शुभे ।
ततो बभञ्ज मूर्तिं स मोहाविष्टो दुरासदः ।।३३।।

प्रासादान् महतो भङ्क्त्वा मुमुदे ज्ञानदुर्बलः ।
कोऽपि चेत् स्मरते देवं तं ताड्य कुरुते बहिः ।।३४।।

न स्वाहा न वषट्कारः स्वधाकारो न च क्वचित् ।
न वेदाध्ययनं क्वापि न शास्त्राध्ययनं क्वचित् ।।३५।।

न पुराणं देवपूजा न व्रतं न प्रदक्षिणाः ।
दुरासदे दुष्टमतौ तत्र राज्यं प्रशासति ।।३६।।

कर्ममार्गे विलुप्ते तु धर्मोऽपि लयमाययौ ।
नष्टे धर्मे सुराः कीर्ते ! आसन् सर्वे बुभुक्षिताः ।।३७।।

दसौं खण्ड मानिन्छ र त्यस क्षेत्रको तुलना कुनै क्षेत्रसँग गर्न सकिंदैन ।।२७।। त्यहाँ भगवान् शङ्कर विराजमान हुनुहुन्छ । सम्पूर्ण देवतागण त्यहाँ बसेर भगवान् शङ्करको सेवा गरिरहेका छन् । जबसम्म हजुरले अविमुक्त क्षेत्रलाई जित्नुहुन्न तबसम्म हजुरको पराक्रम व्यर्थ छ ।।२८।।' मन्त्रीहरूका यी कुरा सुनेर युद्ध रुचाउने दुरासद आनन्दित भयो । त्यसले तिनीहरूलाई भन्यो - 'म अब सैनिक लिएर छिट्टै त्यतातर्फ लाग्छु।।२९।।' यी कुरा गरेर त्यो तुरुन्तै विमानमा सवार भयो। केही समयमा नै काशी पुग्यो। त्यसको प्रवेश हुनासाथ काशी पुरीमा हाहाकार भयो ।।३०।। त्यहाँ जति देवताहरू लुकेर बसेका थिए, ती सबै अन्तर्धान भए । भगवान् शिवजी भने त्यो दुरासद आफ्नो भक्त भएका कारण कत्ति पनि रिसाउनु भएन ।।३१।। उहाँले दुरासदलाई सम्बोधन गर्दै भन्नुभयो - ' हे दुरासद ! मैले तिमीलाई केही समयका निमित्त राज्य दिएँ ।' त्यसपछि उहाँ आफ्नो परिवार लिएर हिमालयको केदारक्षेत्रमा जानुभयो। ऋषिहरूले पनि भगवान्सँगै पलायन गरे ।।३२।। क्षेत्रसन्यासी जैगीषव्य भने भाग्नु भएन । सबै ऋषिहरूका साथ भगवान् शङ्कर जानुभएपछि दुरासदले अज्ञानमा परेर काशीका देवताका मूर्तिहरू तोड्न थाल्यो ।।३३।। अज्ञानी दुरासदले ठूला-ठूला मन्दिरहरू भत्काएर अत्यन्त आनन्दको अनुभव गऱ्यो । कसैले भगवान्को नाम लिएमा त्यसलाई पिटेर बाहिर धपाइदिन्थ्यो ।।३४।। दुष्ट बुद्धि भएको दुरासदले राज्य गर्दा काशीको व्यवस्था दुर्दशाले ग्रस्त भयो । त्यहाँ यज्ञ भएन, मन्त्रजप भएन र पितृहरूको श्राद्ध पनि भएन । कतै वेद पढेको सुनिएन र शास्त्रको अध्ययन पनि चलेन । त्यहाँ पुराण प्रवचन सुनिएन र देवताको पूजा पनि कसैले गरेनन् । त्यसबेला कुनै पनि मानिस व्रतमा लागेन र कसैले पनि मन्दिरको प्रदक्षिणा गरेनन् । कर्ममार्ग रोकिएपछि धर्म पनि समाप्त भयो । धर्म समाप्त भएपछि सारा देवताहरू भोक र प्यासले व्याकुल भए ।।३५-३७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते दुरासदोपाख्यानं नामैकोनचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'दुरासदको उपाख्यान' शीर्षकान्वित उनन्चालीसौं अध्याय पूर्ण भयो ।।३९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चत्वारिंशोऽध्यायः

गृत्समद उवाच

ततः केदारमगमन् सर्वे देवर्षयस्तदा ।
व्यजिज्ञपुः पद्मभवं सशिवं सर्ववित्तमम् ।।१।।

प्रणम्य शिरसा सर्वे वागीन्द्राग्निपुरःसराः ।

देवर्षय ऊचुः

पदभ्रष्टा वयं देवाः स्वाचारान्मुनयोऽपि च ।।२।।

दुरासदभिया देव ! स्नानं कर्तुं न च क्षमाः ।
केनास्मै हि वरो दत्तो येनासौ भुवनेश्वरः !।।३।।

जातो दुष्टो वधश्चास्य कस्मादेतद् विचिन्त्यताम् ।
येनैव सौख्यं लोकानां तत्कर्तव्यं दयालुभिः।।४।।

क उवाच

इति तद्वचनं श्रुत्वा प्रोवाच चतुराननः ।
उपायं कथयिष्यामि तद्वधाय सुरर्षयः ।।५।।

यदा तेन तपस्तप्तं दारुणं बहुवासरम् ।
ददावस्मै वरान् देवो ह्यनन्तानम्बिकापतिः ।।६।।

एनं यो घातयेद् देवः स नास्ति भुवनत्रये ।
कदाचिद् देवदेवोऽसौ गुणत्रयविभागकृत् ।।७।।

अहं शिवश्च विष्णुश्च त्रेधा जाता यदाज्ञया ।
गुणत्रयविभागात् स गुणेश इति पप्रथे ।।८।।

विश्वव्यापी च मायावी विश्वकर्ताऽपहारकः ।
गुणातीतो गुणेशश्च परात्परतरः शिवः ।।९।।

बिभृयात्सोऽवतारं चेत् पार्वत्या जठरे विभुः ।
तदैव तस्य नाशः स्यान्नान्यथा सुरसत्तमाः ।।

स्तुवन्तु सर्वे तस्मात् तं विश्वचिन्ताकरं प्रभुम् ।
आदौ कुरुत तां देवीं प्रसन्नां भववल्लभाम् ।।१०।।

{ ४० अध्याय }

गृत्समदले भने- सबै देवता र ऋषिहरू दुरासदको अत्याचारबाट आत्तिएर हिमालयको केदार क्षेत्रमा गए। बृहस्पति, इन्द्र, अग्नि आदि देवताहरूले त्यहाँ गएर शिवजीलाई प्रणाम गरी उहाँसँग बस्नुभएका ब्रह्माजीलाई सारा वृत्तान्त निवेदन गरे ।

देवता र ऋषिहरूले भने - हामी देवताहरू पदभ्रष्ट भएका छौं र हामी मुनिहरू आचारभ्रष्ट भएका छौं । दुरासदको डरका कारण स्नान गर्न पनि समर्थ छैनौं । कसले यसलाई भयङ्कर वरदान प्रदान गऱ्यो ? आज यो दुष्ट त्रिलोकीको स्वामी भएको छ, यसको वध कसरी गर्न सकिन्छ ? यसबारे हजुरहरूले विचार गर्नुहोस् । जुन कर्म गर्दा संसारले सुख पाउँछ, त्यो कर्म हजुरहरूजस्ता दयालु देवताहरूले गर्नुपर्दछ।।१-४।।

ब्रह्माजीले भन्नुभयो - हे देवता र ऋषिहरू! म तपाईंहरूलाई त्यसको वध गर्ने उपाय बताउनेछु ।।५।। पहिले कुनै समयमा दुरासदले धेरै वर्ष लगाएर कठोर तपस्या गरेको थियो । त्यस बेला प्रसन्न भएर पार्वतीपति भगवान् शङ्करले ज्यादै महत्त्वपूर्ण वरदान दिनुभयो ।।६।। अहिले दुरासदलाई मार्न सक्ने देवता तीनै लोकमा छैनन् । तर एउटा देवता भने हुनसक्नु हुन्छ, जुन देवताले सत्त्वगुण, रजोगुण र तमोगुणको विभाग गरेर संसारको सृष्टि, पालन र रक्षा गर्नुहुन्छ ।।७।। ब्रह्मा, शिव र विष्णुनामक हामी देवताहरू पनि उहाँकै आज्ञाबाट तीन गुणको सहयोग लिएर तीनरूपमा प्रकट भएका छौं । तीन गुणहरूको विभाग गरेका कारण भगवान् श्रीगणेश अहिले संसारमा गुणेशका नामबाट पनि चिनिनुहुन्छ ।।८।। उहाँ विश्वव्यापी, मायाका स्वामी, विश्वका सृष्टिकर्ता, विश्वका संहारक, गुणदेखि पर रहनुभएका, गुणका स्वामी, परात्पर र कल्याणरूप पनि हुनुहुन्छ ।।९।। हे उत्तम देवताहरू ! यदि परमपुरुष भगवान् शिवजीले गर्भबाट उहाँलाई पार्वतीको छोराको रूपमा अवतरण गराउनु भयो भने दुरासद दैत्यको नाश सम्भव छ, अन्यथा कुनै अर्को उपाय देखिदैन । तपाईं देवता र ऋषिहरूले मिलेर विश्वको चिन्ता गर्नुहुने दयालु प्रभु शिवजीको स्तुति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्तेजःसम्भवो बालो दुरासदवधे भवेत् ।
एवमेव वरस्तेन शङ्करेण कृतोऽस्य ह ।।११।।

मुनिरुवाच

एवं वाक्यं ब्रह्ममुखाच्छ्रुत्वा देवा जहर्षिरे ।
तुष्टुवुर्भवकान्तां तां भवानीं भक्तवत्सलाम् ।।१२।।

देवर्षय ऊचुः

नमामहे त्वां जगदेकहेतुं
परात्परां विश्वविचित्रशक्तिम् ।
अचिन्त्यरूपां त्रिदशैरशेषै-
रशेषवन्द्यां त्रिगुणां गुणेशाम् ।।१३।।

धराधरां त्वां धरणीस्वरूपा-
माधारभूतां स्थिरजङ्गमानाम् ।
त्रैलोक्यसारां त्रिगुणादिभूतां
त्रयीतनुं तां त्रिदशस्वरूपाम् ।।१४।।

नमामहे देवि ! वरप्रदां त्वां
विष्णोर्विमोहां पददां सुराणाम् ।
भक्तार्तिहन्त्रीं सकलार्थदात्रीं
त्रैलोक्यकर्त्रीं निखिलार्थगोप्त्रीम् ।।१५।।

एवं स्तुता तदा देवी जगाद सुरसत्तमान् ।
वृणुध्वं वाञ्छितं देवाः स्तोत्रेणानेन तोषिता ।।१६।।

ददामि सकलान् कामान् भवतां ये मनोगतान् ।
तत ऊचुः सुराः सर्वे वृत्तान्तं ब्रह्मणेरितम् ।।१७।।

तत ऊचे च तान् देवी स्तुवन्तु गणनायकम् ।
शुभाशुभस्य यः कर्ता सर्वसिद्धिकरो विभुः ।।१८।।

गर्नुहोस् । शिवजीको स्तुतिभन्दा पहिले शिवजीकी अर्धाङ्गिनी जगदम्बा पार्वतीलाई प्रसन्न तुल्याउनुहोस् ।।१०।। शिव एवं पार्वतीको तेजबाट उत्पन्न बालकले दुरासदको वध गर्नेछ । शङ्करले पनि दुरासदलाई वरदान दिंदा यसै रहस्यको उल्लेख गर्नुभएको थियो ।

गृत्समदले भने – ब्रह्माजीका मुखबाट यी कुरा सुनेर देवता र ऋषि प्रसन्न भए । सर्वप्रथम तिनले भक्तहरूलाई स्नेह गर्ने भगवान् शङ्करकी अर्धाङ्गिनी भगवती पार्वतीको स्तुति गरे।।११-१२।।

देवता र ऋषिहरूले भने – 'विश्वकी विचित्र शक्ति, संसारका सम्पूर्ण सत्यहरूभन्दा पर रहेकी परम सत्यस्वरूप, जगत्को उत्पत्तिकी एकमात्र कारण, अचिन्त्य रूप भएकी, सम्पूर्ण देवताहरूद्वारा वन्दनीय, गुणरहित तर गुणहरूकी स्वामिनी भगवतीलाई नमस्कार गर्दछौं ।।१३।। पृथिवीलाई धारण गर्ने तर पृथिवीकै स्वरूपमा रहेकी, चराचरकी आधार, त्रैलोक्यकी सार, सत्त्व, रज र तमोगुणकी कारण, वेदमूर्ति र देवमूर्तिका रूपमा रहनुहुने हे भगवती! हामी हजुरलाई प्रणाम गर्दछौं।।१४।। भक्तहरूलाई वर प्रदान गर्ने, विष्णुलाई पनि मोहित तुल्याउनु हुने, देवताहरूलाई विभिन्न पदमा आसीन गराउनु हुने, ठूला-ठूला कष्ट र वेदनाहरूको निवारण गर्नु हुने, भक्तहरूलाई सम्पूर्ण कामनाका फल प्रदान गर्नुहुने, स्वर्ग, मर्त्य र पातालको रचना गर्नुहुने र सृष्टिका सम्पूर्ण सामग्रीहरूको रक्षा गर्नुहुने हे भगवती पार्वती ! हजुरलाई हामी प्रणाम गर्दछौं।।१५।।' यसरी देवता एवं ऋषिहरूद्वारा गरिएको स्तुति श्रवण गरेपछि भगवती पार्वतीले देवता र ऋषिहरूलाई भन्नुभयो- 'हे देवता एवं ऋषिहरू ! तपाइँहरूको यस स्तोत्रबाट म प्रसन्न भएकी छु, वर माग्नुहोस्। तपाइँहरूले मनमा भएका जुन कुराहरू माग्नुहुन्छ, म ती सबैलाई परिपूर्ण तुल्याउनेछु।' त्यसपछि ब्रह्माजीद्वारा अभिप्रेरित देवताहरूले सम्पूर्ण वृत्तान्त बताए ।।१६-१७।। त्यसपछि भगवती पार्वतीले ती सबैलाई भन्नुभयो- 'हे देवता र ऋषिगण! तपाइँहरूले भगवान् श्रीगणेशको स्तुति गर्नुहोस्। भगवान् श्रीगणेश शुभ र अशुभका कर्ता हुनुहुन्छ, सर्वव्यापक हुनुहुन्छ र सकल सिद्धिका दाता पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवाप्तसर्वकामार्थः सर्वस्य जगतः पिता ।
ततस्ते तुष्टुवुर्देवं भक्त्या सर्वे विनायकम् ।।१९।।

देवर्षय ऊचुः

नताः स्मो विघ्नकर्तारं दयालुं सर्वपालकम् ।
सर्वस्य जगतो हेतुं सर्वव्यापिनमीश्वरम् ।।२०।।

अनेकशक्तिसंयुक्तं सर्वकामप्रपूरकम् ।
दीनानुकम्पिनं देवं सर्वज्ञं करुणानिधिम् ।।२१।।

स्वेच्छोपात्ताकृतिं नैकावतारनिरतं सदा ।
गुणातीतं गुणक्षोभं चराचरगुरुं विभुम् ।।२२।।

एकदन्तं द्विदन्तञ्च त्रिनेत्रं दशहस्तकम् ।
शुण्डादण्डमुखं विघ्ननाशनं पापहारकम् ।।२३।।

भक्तानां वरदं नित्यं सृष्टिस्थित्यन्तकारकम्
अनादिमध्यनिधनं भूतादिं भूतवर्धनम् ।।२४।।

त्रिलोकेशं सुराधीशं दुष्टदानवमर्दनम् ।
लम्बकर्णं बृहद्भानुं व्यालभूषधरं शुभम् ।।२५।।

एवं स्तुत्वा तु तं देवं गणेशं सर्वसिद्धिदम् ।
शुश्रुवुस्ते नभोवाणीं मा भूद् वो मानसो ज्वरः ।।२६।।

दुरासदं महावीर्यं हनिष्यामि भयङ्करम्
इति श्रुत्वा नभोवाणीं पुनः शङ्करमाययुः ।
ध्याननिष्ठञ्च ते दृष्ट्वा प्रणम्योचुश्च पार्वतीम् ।।२७।।

देवा ऊचुः

न जानीमो नभोवाणीं केनेमामीरितां शुभे ।
हरस्य ध्याननिष्ठत्वात् कथं कुर्मोऽखिलेश्वरि ।।२८।।

देव्युवाच

दैत्यो देवा इदानीं यो निश्चयं स मरिष्यति ।
तस्याः क्रोधेन तप्ताया निश्वसन्त्याः पुनः पुनः ।।२९।।

हुनुहुन्छ ।।१८।। उहाँले आफ्ना सम्पूर्ण कामनाहरूलाई परिपूर्ण तुल्याउनु भएको छ । उहाँलाई आफ्ना निमित्त कुनै कुरा चाहिएको छैन । उहाँ सम्पूर्ण जगत्का पिता हुनुहुन्छ ।' पार्वतीका यी कुरा सुनेर ऋषि र देवताहरू मिलेर भगवान् श्रीगणेशको स्तुति गरे ।।१९।।

देवता र ऋषिहरूले भने – 'विघ्नका कर्ता, दयाका सागर, सबैका रक्षक, सम्पूर्ण जगत्का कारण, सर्वव्यापक, ईश्वर, अनेक शक्तिसम्पन्न, सबै कामना पूर्ण तुल्याउनुहुने, दीन-दुःखीहरू माथि दया गर्नुहुने, सर्वज्ञ, करुणामूर्ति, आफ्नो इच्छाबाट अनेक थरि अवतार धारण गर्नुहुने, गुणदेखि पर रहनुभएका, गुणहरूमा क्षोभ पैदा गर्नुहुने, चराचरका स्वामी, विश्वव्यापक, एकदन्तले सुहाउनुभएका, कहिलेकाहीँ दुई दन्तले पनि सुहाउनुहुने, त्रिनयन, दशबाहु, मुखमा सूँढ धारण गर्नुहुने, विघ्नका नाशक, पापका संहारक, भक्तहरूलाई वरदान दिनुहुने, जगत्को सृष्टि, स्थिति र संहार गर्नुहुने; आदि, मध्य र अन्त्यहीन, सम्पूर्ण प्राणीहरूका आदिपुरुष; सम्पूर्ण प्राणीहरूको पालन र पोषण गर्नुहुने; त्रिलोकीका स्वामी; देवताहरूका अधिपति; दुष्ट दानवहरूका संहारक; लामा कानले सुहाउनुभएका; विशाल तेजले सम्पन्न र सर्पका गहना धारण गर्नुहुने मङ्गलमूर्ति भगवान् श्रीगणेशलाई प्रणाम गर्दछौं' ।।२०-२५।। यसरी सर्वसिद्धिका दाता श्रीगणेशको स्तुतिपछि ती देवता र ऋषिले आकाशवाणी सुने- 'हे देवता एवं ऋषिगण ! तपाइँहरूले मनमा कुनै चिन्ता नगर्नुहोस्, मैले डरलाग्दो दैत्य दुरासदलाई मार्नेछु ।' यो सन्देश सुनेर ती सबै देवता र ऋषिहरू भगवान् शङ्करका नजिकमा आए । भगवान् शङ्करलाई ध्यानमा लाग्नुभएको देखेपछि तिनीहरूले भगवती पार्वतीलाई प्रणाम गरेर भने ।।२६-२७।।

देवताहरूले भने- हे भगवती! आकाशवाणीबाट हामीलाई सन्देश दिने पुरुषलाई हामी जान्दैनौं । भगवान् शङ्कर ध्यानमा विराजमान हुनुहुन्छ । अब हामीले कसरी कार्य गरौं ? ।।२८।।

पार्वतीले भन्नुभयो – 'हे देवताहरू ! त्यो दैत्य निश्चितरूपमा भर्खरै मर्नेछ ।' यति भन्दाभन्दै पार्वती क्रोधले तात्नुभयो, उहाँको श्वासप्रश्वास तीव्रगतिमा चल्न थाल्यो । मुख,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्यान्नासापुटान्नेत्रान्निःसृतं तेज उत्तमम् ।
ज्वालामालाकुलं दग्धुं ब्रह्माण्डमिव चोद्यतम् ।।३०।।

प्रत्याहतदृशः सर्वे ददृशुर्ज्ञानचक्षुषा ।
वैनायकीं महामूर्तिं दशहस्तां तमोनुदाम् ।।३१।।

बिभ्रतीं मुकुटं रत्नकोटिसूर्यसमप्रभाम् ।
विद्युत्प्रभामहारत्नकुण्डले रदनं शुभम् ।।३२।।

दिव्याम्बरे च सिन्दूरमायुधानि दशैव च ।
कस्तूरीतिलकं भाले मालां हृदि फलान्विताम् ।।३३।।

यत्तेजो व्यानशे विश्वं प्रलयानलसन्निभम् ।
व्यालयज्ञोपवीतञ्च ज्ञात्वा नेमुः सुरास्तदा ।।३४।।

प्रार्थयामासुरथ ते आनन्दघनमीश्वरम् ।
दृष्टोऽतियोगगम्यस्त्वमप्रतर्क्योऽव्ययःस्वराट् ।।३५।।

निरामयो निराभासो निर्विकल्पोऽजरोऽमरः ।
सर्वस्वरूपः सर्वेशः स्वप्रकाशो जगन्मयः ।।२६।।

अव्यक्तो जगदाधारो ब्रह्मरूपोऽखिलार्थदृक् ।
पुराणपुरुषो ज्ञानमूर्तिर्वाचामगोचरः ।।३७।।

वयं धन्या वयं धन्या दृष्ट्वा तं ननृतुः सुराः ।

मुनिरुवाच

यथा देवैर्वर्णितोऽसौ तेजोरूपी विनायकः ।।३८।।

एवमेव जगन्माता प्रशशंस गजाननम् ।
निर्गुणं यन्निराकारमव्यक्तं सर्वगं परम् ।।३९।।

नाकका प्वाल र आँखाबाट अत्यन्त उत्तम तेज बाहिर निस्कियो। त्यो तेज ज्वालाका मालाहरूले सम्पन्न थियो र ब्रह्माण्ड नै डढाउने किसिमले प्रकट भएको थियो ।।२९-३०।। तेजका कारण हतप्रभ र अन्धा झैं बनेका देवता र ऋषिहरूले त्यस बेला ज्ञानको आँखाबाट हेरे । त्यहाँ तिनीहरूले भगवान् श्रीगणेशको एउटा दश हात लामो र तेजोमय महामूर्ति पैदा भएको देखे । त्यस मूर्तिको शिरमा मुकुट थियो । त्यो मूर्ति करोडौं सूर्यसमान कान्तिले देदीप्यमान थियो । विद्युत्समान कान्ति भएका, महारत्नद्वारा निर्मित कुण्डलधारण गर्ने, अत्यन्त उज्ज्वल दन्तपङ्क्तिले शोभायमान, दिव्य वस्त्रका साथमा सिन्दूरले सुन्दर निधारमा कस्तूरीको तिलक र छातीमा फलसमेतको माला धारण गर्ने, दश भुजामा दशथरि आयुध धारण गर्ने त्यो तेजोमय मूर्ति प्रलयकालको अग्निसमान बनेर विश्वमा व्याप्त भएको थियो । सर्पलाई यज्ञोपवीत बनाई धारण गर्ने त्यस दिव्य मूर्तिलाई देखेर देवताहरूले झुकेर प्रणाम गरे । त्यसपछि तिनीहरूले आनन्दघन श्रीगणेशलाई प्रार्थनाका वचन सुनाए – 'हे भगवन् श्रीगणेश ! हजुर योगगम्य हुनुहुन्छ । हामीले आज भाग्यले हजुरको दर्शन पाएका छौं । हजुर यस किसिमका हुनुहुन्छ भनेर तर्क गर्न सकिंदैन । हजुरको कहिल्यै नाश हुँदैन र आफ्नै प्रकाशबाट प्रकाशित हुनुहुन्छ । हजुर रोग-व्याधिबाट पर हुनुहुन्छ । हजुर आभासशून्य हुनुहुन्छ र हजुरको कुनै अर्को विकल्प छैन । हजुर अजर एवं अमर हुनुहुन्छ र सबै प्रकारका स्वरूप लिएर संसारमा व्याप्त हुनुहुन्छ । हजुर सबैका स्वामी हुनुहुन्छ । यो जगत् हजुरकै स्वरूप हो । हजुर अव्यक्त र जगत्का आधार हुनुहुन्छ । हजुर सकल पदार्थका द्रष्टा र सकल भावनाका साक्षी, ब्रह्मस्वरूप हुनुहुन्छ । हजुर ज्ञानमूर्ति पुराणपुरुष हुनुहुन्छ। हजुरका गुण, स्वभाव, क्रिया र गौरवलाई हामी वाणीद्वारा व्यक्त गर्न सक्दैनौं ।।३१-३७।। आज हजुरको दर्शन पाएर हामी धन्य भयौं ।' यसरी प्रार्थना गरेर देवता र ऋषिहरू नाच्न थाले ।

गृत्समदले भने – देवता एवं ऋषिहरूले जसरी तेजोमय श्रीगणेशको प्रार्थना गरे, त्यसैगरी भगवती पार्वतीले पनि श्रीगणेशको प्रशंसा गर्दै भन्नुभयो ।।३८-३९।। पार्वतीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यानगम्यं चिदाभासं सच्चिदानन्दविग्रहम् ।
सर्वव्यापी जगद्धेतुरद्य यावद् विचिन्तितम् ।।४०।।

विनायकस्वरूपेण साकारं दृष्टमद्य यत् ।
अवतीर्णं मम गृहे हन्तुं दैत्याननेकशः ।।४१।।

जगतामुपकाराय पातुं विश्वं चराचरम् ।
पुपूज पार्वती भक्त्या ददौ सिंहं स्ववाहनम् ।।४२।।

वक्रतुण्डेति नामास्य दध्रे सर्वार्थदं नृणाम् ।
दुरासदस्य च वधं प्रार्थयामास तं सदा ।।४३।।

देवानाञ्च पदप्राप्तिं निःसपत्नामयाचत ।।४४।।

भन्नुभयो – 'निर्गुण एवं निराकार, अव्यक्त, सर्वव्यापी, परमतत्त्व, ध्यानगम्य, चैतन्यस्वरूप, सच्चिदानन्दमयमूर्ति, सर्वव्यापक र जगत्का हेतु जुन तत्त्वको हामी निरन्तर चिन्तन गर्दछौं, त्यही तत्त्व दैत्यहरूको संहार गर्न र चराचरको रक्षा गर्न आज मेरो घरमा विनायकको रूपमा अवतीर्ण भएको छ ।।४०-४१।।' यति भनेर पार्वतीले तेजोमय त्यस तत्त्वको पूजा गर्नुभयो र त्यसका लागि आफ्नो वाहन सिंह पनि प्रदान गर्नुभयो ।।४२।। त्यसपछि भगवती पार्वतीले उक्त तेजोमय तत्त्वको नाम मानिसहरूको इच्छा पूरक वक्रतुण्ड राख्नुभयो । नाम राखेपछि पार्वतीले दुरासदको वध र देवताहरूको निष्कण्टक पद प्राप्तिका लागि पनि प्रार्थना गर्नुभयो।।४३-४४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते विनायकावतरणं नाम चत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'पार्वतीको तेजबाट भगवान् विनायकको प्रादुर्भाव' शीर्षकान्वित चालीसौं अध्याय पूर्ण भयो ।।४०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकचत्वारिंशोऽध्यायः

क उवाच

एवं प्रशंसितो देव्या देवैश्च स विनायकः ।
उवाच पार्वतीं प्रीत्या प्रणिपत्य मुदा युतः ।।१।।

गणेश उवाच

देवानां सर्वलोकानां कर्तुं पालनमुत्तमम् ।
दुरासदं निहन्तुञ्च हर्तुं भूभारमेव च ।।२।।
मातस्त्वां सेवितुं धर्मं कर्तुं कर्म च वैदिकम् ।
अवतीर्णोऽस्मि सर्वज्ञे! यद् ब्रवीषि करोमि तत् ।।३।।
एवं ब्रुवति विघ्नेशे सुराः सर्वे तमूचिरे ।
पुनः स्तुत्वा च नत्वा च जगत्कारणकारणम् ।।४।।
रजांसि विममेद्भूमेरुडूनि मिहिका अपि ।
जानीयात् स गुणाँस्ते यो विममेत् सागरे जलम् ।।५।।
धन्यं चक्षुर्हि देवानां यद् दृष्टौ चरणौ विभोः ।
इदानीं नो गतं दुःखं प्राप्तञ्च स्वस्वकं पदम् ।।६।।
दुरासदं हरस्वैनं भूभारञ्चाखिलेश्वर !

क उवाच

इति देववचः श्रुत्वा जहास स विनायकः ।।७।।
ऊचे सर्वं करिष्यामि दशायुधधरः प्रभुः ।
एवमुक्त्वा सुरान् देवो हर्षगद्गदया गिरा ।।८।।
सिंहारूढो ययौ शीघ्रं पुरीं वाराणसीं तदा ।
तमन्वयुर्देवगणा गिरिजा गिरिशोऽपि च ।।९।।
ज्ञात्वा दुरासदो दैत्यो विनायकमुपागतम् ।
देवसेनायुतं वीरो निर्ययौ नगराद् बहिः ।।१०।।
दृष्ट्वा सेनां तु दैत्यस्य सामात्यां सायुधां दृढाम् ।
नानाविधायुधवतीं गर्जन्तीं घनवन्मुहुः ।।११।।

{ ४१ अध्याय }

ब्रह्माजीले भन्नुभयो - देवी र देवताहरूद्वारा प्रशंसा गरिएका श्रीगणेशले प्रीतिपूर्वक पार्वतीलाई प्रणाम गरी खुसी हुँदै भन्नुभयो ।।१।।

श्रीगणेशले भन्नुभयो - 'आमा पार्वती ! सबै देवताहरू र सबै संसारका प्राणीहरूको उत्तम रीतिले पालन गर्न, दुरासदजस्ता दैत्यहरूको वध गर्न, पृथिवीको भार हरण गर्न, तपाइँको सेवा गर्न र वैदिक धर्म एवं कर्म सम्पन्न गर्न मैले अवतार लिएको छु । हे सर्वज्ञ आमा ! म जुन प्रतिज्ञा गर्दछु, त्यसको पालन पनि गर्दछु।।२-३।।' यसरी श्रीगणेशले भन्नुभएपछि सबै देवताहरूले बारबार स्तुति र प्रणाम गरेर जगत्‌का परम कारण उहाँलाई भने - हे श्रीगणेश ! जसले पृथिवीका धूलिकण, आकाशका तारा, कुहिरोका जलकण र सागरका जलबिन्दुको गणना गर्न सक्दछ, त्यसले मात्र हजुरका सम्पूर्ण गुणराशिको ज्ञान गर्न सक्दछ । हजुरका चरणकमलको दर्शन पाउने हामी देवताहरूका आँखा धन्य छन् । हजुरले अवतार लिनुभएपछि हाम्रा दुःखहरू गए र अब हामीले आफ्नो पद प्राप्त गर्नेछौं । हे सकलका स्वामी! हजुरले पृथिवीको भाररूप दुरासद दानवको वध गरी पृथिवीको भार हरण गर्नुहोस् ।

ब्रह्माजीले भन्नुभयो - देवताहरूका यस्ता वचन सुनेर भगवान् श्रीगणेश हाँस्नुभयो ।।४-७।। त्यसपछि आफ्ना दश हातहरूमा दश प्रकारका आयुध धारण गर्नुहुने श्रीगणेशले म तपाइँहरूले भनेअनुसार सबै कामना पूरा गर्नेछु भन्नुभयो र हर्षले गद्‌गद् वचनद्वारा देवताहरूसँग कुरा गरी तिनलाई प्रसन्न तुल्याएपछि सिंहमा सवार भई तीव्रगतिमा वाराणसीतर्फ लाग्नु भयो । सम्पूर्ण देवगण, पार्वती र सदाशिव पनि श्रीगणेशको पछि लाग्नुभयो ।।८-९।। देवसेनासहित श्रीगणेश काशी आउनुभएको थाहा पाएपछि दुरासद दैत्य पनि नगरदेखि बाहिर आयो ।।१०।। त्यहाँ दुरासद दैत्यको अमात्यसहित रहेको शस्त्रास्त्र सज्जित विशाल सेना र दैत्यहरूले गरेको घनगर्जन यी सबै कुरा देखे-सुनेर भगवान् श्रीगणेशले पनि पृथिवीका गुफाहरूलाई प्रतिध्वनित गराउँदै गर्जन गर्नुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुहा विदारयन् सर्वाः स जगर्ज विनायकः।
उवाच तं महादैत्यं भ्रान्तोऽस्यद्यापि रे ! कथम् ।।१२।।

त्वया बलाद् देवगणा निर्जिताश्च महीभुजः ।
मुनयो धिक्कृताः सर्वे तदाऽहं नाऽभवं खल ।।१३।।

निर्भयेन त्वया दोषा बहवः सञ्चिताः पुरा ।
तेषां फलमिदानीं त्वं गणेशात् प्राप्तुमर्हसि ।।१४।।

उपद्रुतास्त्वया लोकास्त्रैलोक्यवासिनोऽखिलाः ।
तदर्थमवतीर्णोऽहमुद्धर्तुं त्वां भुवो भरम् ।।१५।।

शरणं याहि रे त्यक्त्वा मानं लज्जां सुदुस्त्यजाम् ।
यासि सङ्ग्रामशिरसि चेदिदानीं मरिष्यसि ।।१६।।

शिवप्राप्तवरात् सर्वं त्रैलोक्यं पीडितं त्वया ।
एवमुक्त्वा दुष्टबुद्धिं गणेशो रणसंभ्रमः ।।१७।।

परशुं तोलयामास ज्वालामालासुशोभितम् ।
आच्छाद्य भास्करं क्षोभात् प्रलयानलसन्निभः ।।१८।।

जवेन हृदये तस्य त्यक्त्वा शस्त्रं कृतान्तवत् ।
परशुना हतस्तस्य रोमापि न चचाल ह ।।१९।।

क्रोधसंरक्तनयन उदतिष्ठद् ग्रसन्निव ।
त्रैलोक्यं तमुवाचाथ देवदेवं दुरासदः ।।२०।।

न देवा देवराजो वा दिक्पाला वा न मे पुरः ।
यातास्ते तु कथं यातो बालभावाद् व्रजाधुना ।।२१।।

न बिभेम्यन्तकान्मूढ ! किमर्थं मर्तुमिच्छसि ।
एवमुक्त्वा ततः कोशान्निष्कास्यासिं महोज्ज्वलम्।।२२।।

क्षुरधारं यदाघातादद्रयश्चूर्णतां ययुः ।
दैत्यस्तेनाहनद् देवमङ्कुशेन न्यवारयत् ।।२३।।

त्यसपछि दुरासदलाई सम्बोधन गर्दै भन्नुभयो – 'हे दैत्य! तँ अझै पनि किन भ्रान्तिमा परिरहेको छस् ?' ।।११-१२।। हे दुर्जन ! म अनुपस्थित भएको बेलामा तैँले देवताहरूमाथि विजय प्राप्त गरिस्, पृथिवीका राजाहरूलाई वशमा पारिस् र मुनिहरूलाई धिक्कार गरिस् ।।१३।। हे दैत्य ! तैँले आफूसमान कसैले नदेखेर डर र लाज छाडी धेरै अपराध गरेको छस् । ती अपराधको फल अहिले मबाट पाउनेछस् ।।१४।। तैँले धेरै मानिसहरूलाई दसै दिशातिर भगाइस्, तीन लोकमा निवास गर्ने प्राणीहरूको दुर्गति गराइस्, ती सबैको उद्धार गर्न र पृथिवीको भार हरण गर्न मैले अवतार लिएको छु ।।१५।। हे दुष्ट ! कठिनतापूर्वक छाड्न सकिने लाज र अभिमानलाई हटाएर तँ मेरो शरणमा आउने काम गर् । यदि युद्धको मैदानमा जान चाहन्छस् भने निश्चय नै तेरो मृत्यु हुनेछ । तैँले शिवजीबाट प्राप्त वरदानको दुरुपयोग गरेर तीन लोकलाई नै पीडित गराएको छस् ।' यसरी श्रीगणेशले दुर्बुद्धिग्रस्त दुरासद दैत्यसँग कुरा गरेर युद्धको तयारी गर्नुभयो । अग्निको ज्वालाझैं तेजिलो ज्वाला फैलाइरहेको तीखो धारले युक्त बञ्चरो आफ्नो हातमा धारण गर्नुभयो । प्रलयकालिक अग्निसमान तेजस्वी श्रीगणेशले आफ्नो परशुको तेजबाट सूर्यलाई पनि निस्तेज बनाएर यमराजझैं भयङ्कर भई दुरासदको छातीमा बञ्चरो प्रहार गर्नुभयो । तर त्यस प्रहारबाट दुरासदको रौँ पनि हल्लिएन ।।१६-१९।। क्रोधले आँखा राता गराइरहेको त्यस दुरासदले तीनै लोकलाई निल्न लागेझैं गरी देवाधिदेव श्रीगणेशलाई भन्यो – 'देवताहरू मसँग आउन सकेनन्, इन्द्र पनि डराए। दिक्पालहरू पनि मेरा सामु आउन समर्थ छैनन्। तँ बच्चा कसरी आइस्? तँ जसरी आएको छस्, त्यसरी फर्किएर जा । हे मूर्ख ! म यमराजसँग डराउँदिनँ, तँसँग डराउने कुरै भएन । किन मर्न चाहन्छस् ?' दुरासदले श्रीगणेशलाई यसरी हप्काएर आफ्नो हातमा रहेको म्यानबाट सेतो कान्ति भएको तरबार निकाल्यो । जसको प्रहारबाट कुनै समयमा पर्वतहरू पनि चूर्ण-चूर्ण भएका थिए। त्यस तरबारले त्यसले श्रीगणेशमाथि प्रहार गऱ्यो । तर भगवान् श्रीगणेशले आँकुसेको प्रहार गरी त्यसलाई पन्छाइदिनुभयो।।२०-२३।। श्रीगणेशले त्यो तरबारलाई बञ्चरोले हानेर सय टुक्रा बनाइ-दिनुभयो। तरबार भाँचिएपछि त्यो दैत्य भगवान् श्रीगणेशसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोऽसिः परशुघातेन शतधा खण्डितोऽपतत् ।
भग्नासिर्मल्लयुद्धाय ययौ दैत्यो महावलः ।।२४।।

त्यक्त्वायुधानि देवोऽपि ववृधे तादृशो वलात् ।
ततो युद्धं तयोरासीत् तुमुलं रोमहर्षणम् ।।२५।।

वाहुभ्यां कूर्पराभ्याञ्च मुष्टिभ्यां तौ प्रजघ्नतुः ।
पादाभ्यां जानुजङ्घाभ्यां पृष्ठाभ्याञ्च निजघ्नतुः ।।२६।।

उड्डीय पेततुर्देहे पर्यायेण महास्वनौ ।
पार्ष्णिघातान् प्रकुर्वन्तौ घातान् कूर्परयोरपि ।।२७।।

सक्थ्न्योश्च जानुघातांस्तौ स्कन्धाघातान् परस्परम् ।
लुलुण्ठतुर्धरण्यां तौ धूलिधूसरितौ भृशम् ।।२८।।

परस्परं जयन्तौ च लपन्तौ साधु साध्विति ।
एवं वहुदिनं युद्धं दृष्ट्वा देवा विसिस्मिरे ।।२९।।

चेतसा वहु लज्जन्तौ ज्ञात्वा सामर्थ्यमस्य ह ।
ततो विनायको मुष्टिं ललाटे दृढमाहनत् ।।३०।।

स्फुटितं मुखमस्याशु धरण्यां पतितस्य ह ।
द्विमुहूर्तं निपतितो वज्राहत इवाचलः ।।३१।।

स कथञ्चित् प्रवुद्धोऽभूत् त्यक्त्वा मूर्च्छां चिरागताम्।
तदात्मानमशक्तं स मनुते स्म भृशातुरः ।।३२।।

आययौ सैन्यमध्ये स दिनान्ते स विनायकः ।।३३।।

य इदं शृणुयाद् युद्धं युद्धकाल उपस्थिते ।
स जयं प्राप्नुयान्मर्त्यो यथा देवो विनायकः ।।३४।।

मल्लयुद्ध गर्न आयो ।।२४।। भगवान् श्रीगणेशले पनि शस्त्रास्त्र परित्याग गरी आफ्नो शक्तिको प्रयोग गरेर शरीरलाई विशाल रूपमा परिणत गर्दै युद्धका लागि तयारी गर्नुभयो । त्यसपछि दुई वीरहरूको माझमा कोलाहलपूर्ण र रोमाञ्चकारी युद्ध आरम्भ भयो ।।२५।। दुबै वीर भुजा, कुहिना र मुड्कीको प्रहार गर्दै लडिरहेका थिए । दुबैले परस्पर खुट्टाले खुट्टामा, घुँडाले घुँडामा, तिघ्राले तिघ्रामा र पिठ्यूँले पिठ्यूँमा प्रहार गरिरहेका थिए ।।२६।। मल्लयुद्ध गर्दा ती दुबै वीरहरू हाम्फालेर एउटाले अर्कालाई च्याप्ने गर्दथे । ती वीरहरू ठूलो गर्जन गर्दै अनेक प्रकारका शस्त्रअस्त्रको सट्टा शरीरका अङ्ग-प्रत्यङ्गहरूबाट एकले अर्कोलाई प्रहार गर्दै युद्ध गरिरहेका थिए । मल्लयुद्धमा हाड ठोक्किंदा ठूलो आवाज सुनिन्थ्यो । एकले अर्कालाई काँधले हिर्काउँदा घाइते भएर ती दुबै भुइँमा लडी धूलोले ढाकिएका थिए । परस्परमा जयजयकार र साधु-साधुवादका साथ ती वीरहरूको भयानक युद्ध धेरै दिनसम्म चलेको थियो । त्यो मल्लयुद्ध देखेर देवताहरू पनि चकित भए।।२७-२९।। ती दुबै वीर आफ्ना प्रतिपक्षीलाई जित्न नसकेकोमा लज्जित देखिन्थे। त्यसबेला श्रीगणेशले दुरासदको शक्ति र सामर्थ्य राम्ररी बुझेर त्यसको निधारमा कठोर मुड्की प्रहार गर्नुभयो।।३०।। त्यस प्रहारबाट तत्कालै त्यसको मुख फुट्यो र त्यो पृथिवीमा लड्यो। चार घडीसम्म वज्रले हानेको पर्वतजस्तै निश्चल भएर रह्यो । त्यसपछि कुनै उपायले मूर्च्छाबाट ब्युँझेर त्यसले आफूलाई अत्यन्त दुर्बल महसुस गऱ्यो ।।३१-३२।। युद्धपछि सूर्य पनि अस्ताचलमा गए । जसले युद्धकालमा दुरासद र श्रीगणेशको बीचमा भएको यो युद्धको कथा स्मरण गर्दछ, त्यसले भगवान् श्रीगणेशले दुरासदमाथि विजय प्राप्त गर्नुभएझैं शत्रुमाथि विजय प्राप्त गर्दछ ।।३३-३४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते श्रीगणेशदुरासदयुद्धवर्णनं नामैकचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीढुण्ढिराज गणेश र दुरासदको युद्धवर्णन' शीर्षकान्वित एकचालीसौं अध्याय पूर्ण भयो ।।४१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विचत्वारिंशोऽध्यायः { ४२ अध्याय }

गृत्समद उवाच

ज्ञात्वा पराक्रमं तस्य वक्रतुण्डस्य दैत्यराट् ।
आययौ धैर्यमालम्ब्य योद्धुमस्त्रैर्गजाननम् ।।१।।
शिवं स्मृत्वा च मन्त्रञ्च वह्निदैवतमादरात् ।
अभिमन्त्र्य शरं तेन तत्याज स विनायके ।।२।।
अग्निज्वालाभयाद् देवा देवपृष्ठमथागमन् ।
ततो विनायकोऽमुञ्चत् पर्जन्यास्त्रं हि सर्ववित् ।।३।।
करिशुण्डामिता धाराः प्रादुरासँस्ततः क्षणात् ।
शान्तोऽभूत् तत्क्षणाद् वह्निस्ततो दैत्यो रुषान्वितः।।४।।
मारुतास्त्रं शीघ्रजवं वृष्टिवारणमासृजत् ।
चकम्पे धरणी वृक्षा गिरयः पतिता भुवि ।।५।।
तदस्त्रेण महामेघाः क्षयं नीताः क्षणार्द्धतः ।
पर्वतास्त्रं ततो देव आविश्चक्रे मनोबलात् ।।६।।
सर्वत्र पर्वता जाताः कुण्ठतामगमच्च तत् ।
विलीने मारुतास्त्रे तु रौद्रमस्त्रं ततोऽसृजत् ।।७।।
तस्मिन् विमुच्यमाने तु वक्रतुण्डोऽप्यवासृजत् ।
ब्रह्मास्त्रं तन्निवृत्त्यर्थमगात् सैन्यं हि भस्मसात् ।।८।।
परस्परमयुद्धेतामस्त्रे ते बहुवासरम् ।
तयोः सङ्घट्टनाद् वह्निर्न्यपतद् धरणीतले ।।९।।
तेन दग्धान् जनान् ज्ञात्वा केशाभ्यां वारिते शुभे ।
अमात्यानब्रवीद् दैत्यो ज्ञात्वोत्कृष्टं विनायकम् ।।१०।।
तेनाभियुध्यतां सर्वैर्भुक्त्वा यामि पुना रणम् ।
ततोऽमात्याः सर्वसैन्यैर्विनायकमयोधयन् ।।११।।
विनायको गतश्चिन्तामेकाकित्वात् ततः क्षणात् ।
षट्पञ्चाशन्मिता मूर्तीश्चकारासौ स्वतेजसा ।।१२।।
नानालङ्कारसंयुक्ता नानामालाविभूषिताः ।
सर्वे दिव्याङ्गदाङ्गास्ते सर्वे शशिविभूषणाः।।१३।।

गृत्समदले भने - वक्रतुण्डको पराक्रम थाहा पाएर दैत्यराज दुरासद धैर्यपूर्वक उहाँसँग युद्ध गर्न आयो।।१।। अग्निदैवत आफ्नो मन्त्र र भगवान् शिवजीलाई याद गरेर बाणलाई अभिमन्त्रित गरी त्यसले श्रीगणेशमाथि बाणप्रहार गऱ्यो।।२।। अग्निको ज्वालाले जाज्वल्यमान बाण देखेर देवताहरू डराई श्रीगणेशका पछाडिपट्टि उँभिए। श्रीगणेशले पनि सबै कुरा थाहा पाएर पर्जन्यास्त्र छोड्नुभयो।।३।। पर्जन्यास्त्रको प्रहारपछि आकाशबाट हात्तीको सूँढको आकारका पानीका धारा बर्सन थाले र दैत्यले पैदा गरेको अग्निज्वाला शान्त भयो । त्यो देखेर रिसाएको दैत्यले अत्यन्त तीव्र गतिमा वायव्यास्त्र प्रहार गऱ्यो। त्यसबाट सम्पूर्ण वर्षा रोकियो, पृथिवी काँपिन्, रूख एवं पर्वतहरू भुइँमा लडे, ठूला-ठूला बादलहरू समाप्त भए। यो दृश्य देखेर श्रीगणेशले आफ्नो मानसिक शक्तिबाट पर्वतास्त्र प्रहार गर्नुभयो। पर्वतास्त्रको प्रहारपछि जहाँसुकै पर्वतै पर्वत देखिए।।४-६।। पर्वतास्त्रको प्रहारबाट वायव्यास्त्र समाप्त भएपछि दुरासद दैत्यले रौद्रास्त्र प्रहार गऱ्यो। त्यसको त्यो प्रहार देखेर भगवान् श्रीगणेशले ब्रह्मास्त्र प्रहार गर्नुभयो। त्यस प्रहारबाट दैत्यसेना खरानी भए ।।७-८।। यसरी श्रीगणेश र दुरासदका ती अस्त्रहरूले धेरै दिनसम्म युद्ध गरिरहे। दुबै अस्त्रहरूको घर्षणबाट अग्नि पैदा भएर धर्तीमा खस्यो। त्यसबाट मानिसहरू डढेको थाहा पाएर त्यस अग्निलाई ब्रह्मा र शिवजीले हटाउनुभयो। दुरासद दैत्यले श्रीगणेशको अत्यन्त ठूलो शक्ति जानेर आफ्ना अमात्यहरूलाई भन्यो - 'तिमीहरू श्रीगणेशसँग युद्ध गर, म भोजन गरी फर्केर आएपछि फेरि युद्ध गर्नेछु।' दुरासदको आज्ञा पाएर त्यसका मन्त्रीहरूले श्रीगणेशसँग आफ्ना सेनाको युद्ध सञ्चालन गरे । त्यसबेला श्रीगणेशले चिन्ता गर्नुभयो- 'अब दुरासद दैत्यको विशाल सेनासँग म कसरी युद्ध गरूँ ?' केही बेर विचार गरेपछि उहाँले आफ्ना छपन्न थरिका रूप बनाउनुभयो। गणपतिका ती रूपहरू नानाअलङ्कारले सुहाएका, दिव्यमालाले अलङ्कृत थिए। तीमध्ये कुनै दिव्य, केयूरधारी र शिरमा चन्द्रमा रहेका कारण सुहाएका थिए । सिंहमा सवार, मयूरमा सवार र मूसामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केचिच्चतुर्भुजाः केचित् षड्भुजा दशहस्तकाः ।
सिंहारूढा बर्हिगताः केचिन्मूषकवाहनाः ।।१४।।

सर्वे च युयुधुस्तत्र दारयन्तोऽरिसैनिकान् ।
केषाञ्चित् त्रोटिताः पादाः केषाञ्चिन्मस्तका अपि ।।१५।।

केषाञ्चिद् बाहवो भिन्ना जानुजङ्घोदराणि च ।
हुङ्कारेणैव गर्जन्तः केचिच्च शरणं ययुः ।।१६।।

केचित् पलायनपरा ययुर्जीवनहेतवे ।
केचित् प्रहारं कुर्वन्तो मम्रुः सम्मुखमेव च ।।१७।।

ते तु स्वर्गङ्गता भेजुर्भोगानप्सरसोऽपि च ।
वाजिनश्च रथा नागा वाम्य उष्ट्रान्यनेकशः ।।१८।।

नानाशस्त्राहताः पेतुः खण्डदेहा गतासवः ।
असृङ्नद्यः प्रादुरासन् केशशैवलशोभिताः ।।१९।।

आच्छुरिकासिमत्स्येभनक्रैः खेटककच्छपैः ।
रुण्डाब्जैश्च वसाफेनैर्मेदकर्दमसञ्चयैः ।।२०।।

चापशस्त्रैरस्थिबकैश्चर्मपेशीसुदर्दुरैः ।
भल्लकाद्यैः शुशुभिरे मनस्विहृदयप्रियाः ।।२१।।

भुक्त्वागत्य ददर्शाथ सर्वं तद्रणमण्डलम् ।
सर्वस्मिन् निहते सैन्ये ततो दैत्योऽतिदुःखितः ।।२२।।

संस्मार मनसा वाक्यं यदुक्तं शूलपाणिना ।
वरदानस्य समये जयस्ते शक्तिसम्भवात् ।।२३।।

अयमेव भवेत् किन्नु बालकः शक्तिम्सभवः ।
यदुत्कटं बलं दृष्टमस्मिन् त्रैलोक्यसारभृत् ।।२४।।

कालोऽपि नैनं विजयेत् तत्र चान्यस्य का कथा ।
एवं मनसि कृत्वा स एकाकित्वात् पपाल च ।२५।।

वक्रतुण्डो गतश्चिन्तां न हन्तव्यो रिपुः पलन् ।
देवेभ्यो न मृतिश्चास्य यथाऽयं शङ्करोऽब्रवीत् ।।२६।।

तस्माद् योगात् समास्थास्ये वैराटं रूपमुत्तमम् ।
ततो वैराटरूपेण स दधार करेण तम् ।।२७।।

सवार रूपहरू पनि थिए। गणेशका ती रूपहरूले दुरासदको सेनालाई छिन्नभिन्न गर्दै आफ्नो पुरुषार्थ देखाए। त्यसपछि दैत्यवीरहरूमध्ये कसैका खुट्टा काटिए र कसैका टाउका टुक्रिए ।।९-१५।। त्यस युद्धमा कसैका हात काटिए, कसैका घुँडा, तिघ्रा र पेटहरू छेँडिए। हुङ्कारपूर्वक गर्जन गर्ने केही दैत्य श्रीगणेशका शरणमा आए। केही दैत्य भाग्न थाले र केही प्रहार गर्दागर्दै मरे। जसले श्रीगणेशका साथ युद्धमा वीरगति प्राप्त गरे, तिनले तुरुन्तै भगवान् श्रीगणेशको कृपाबाट स्वर्गमा प्राप्त भई अप्सराहरूसँग क्रीडा गरे। त्यस युद्धमा अनेक घोडा, रथ, हात्ती र ऊँटहरू तैनाथ थिए। ती सबै अस्त्रहरूको प्रहारका कारण टुक्राटुक्रा भएर मैदानमा फैलिएका थिए।।१६-१८।। त्यहाँ मानिसका शरीरको रोमरूपी शैवालले भरिएका रगतका नदीहरू बगे। त्यस नदीमा बगिरहेका छुरा र तरबार माछाका रूपमा रहेका थिए। हात्तीहरू गोहीका रूपमा देखिन्थे। भालाहरू कछुवाका रूपमा देखिन्थे। मानिसका टाउकाहरू कमलका रूपमा, बोसो फिँजका रूपमा र चर्बीहरू हिलोका रूपमा रहेका थिए।।१९-२०।। त्यहाँ हाडहरू बकुल्लाजस्ता देखिन्थे भने धनु र शस्त्रहरू दाउराझैं बगिरहेका थिए । यसैगरी छाला र नसाहरू भ्यागुताका रूपमा देखिन्थे । धनुष र शस्त्रहरू हाडका रूपमा देखिन्थे। त्यसैगरी त्यो रगतको नदीमा भाला र बर्छा पनि बगिरहेका थिए । त्यो रगतको नदी वीरहरूका लागि आनन्ददायक थियो। भोजन गर्न गएको दुरासद दैत्य फर्क्यो र त्यसले रणभूमिको रगताम्य अवस्था देख्यो। ऊ आफ्ना सैनिकहरू मरेको देखेर अत्यन्त दुःखित भयो। त्यस बेला त्यसलाई भगवान् शङ्करले 'शक्तिबाट पैदा भएको बालकले तिमीलाई मार्नेछ' भनेको वाणी याद भयो। त्यसले मनमा तर्क गऱ्यो – 'के यो त्यही बालक हो त ? किनकि यस्तो उत्कट बल संसारमा मैले कहीं पनि देखेको थिइनँ। कालले पनि यसमाथि विजय गर्न सक्दैन। अरू कुरा नगरौं।' यस्तो विचार गरेर त्यो एक्लै भाग्यो। त्यसबेला त्यसलाई भागिरहेको देखेर श्रीगणेशले भन्नुभयो– 'भागिरहेको शत्रुलाई मार्नु हुँदैन। अरू देवताहरूबाट यो मर्दैन किनकि भगवान् शङ्करले यसलाई त्यस्तै वरदान दिनुभएको छ।' यस्तो विचार गरेर श्रीगणेशले योगशक्तिबाट विराट् रूप लिन्छु भन्ने विचार गर्नुभयो। विराट् रूप लिनुभएपछि उहाँले आफ्नो हातले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकपादेन तस्थौ स काशीं तां रक्षितुं बलात् ।
एकं पादं तु दैत्यस्य दधार मस्तके ततः ।।२८।।

उवाच दैत्य ! रे दैत्य ! वराच्छैवान्न ते मृतिः ।
अतोऽस्मिन्नगरे तिष्ठ गिरिरिव सुनिश्चलः ।।२९।।

द्वारभूतः पुरस्यास्य यतः पूर्वं दृशिस्तव ।
दुष्टानां पीडको नित्यं नित्यं मे सन्निधिस्तव ।।३०।।

दैत्योऽपि परया भक्त्या तमेव वरमर्थयत् ।

दैत्य उवाच

एवमेव सदा तिष्ठ स्थाप्य पादं मयि स्थिरम् ।।३१।।

मुनिरुवाच

तथेति तमुवाचाथ स्थितः काश्यां विनायकः ।
एवं दुरासदं जित्वा चकार पृथिवीं शिवाम् ।।३२।।

तस्मिन् कृत्वा पुष्पवृष्टिं प्रणम्य सम्प्रपूज्य च ।
स्वस्वस्थानं गता देवा मुनयः स्वाश्रमानपि ।।३३।।

अन्ये ये ये तमर्चन्ति पूर्णकामा भवन्ति ते ।
एवं विनायकस्याथ काश्यां षट्पञ्चमूर्तयः ।।३४।।

तुण्डनाख्ये पुरे चापि एकपादविनायकः ।
संहृत्य च विराट्रूपं सर्वकामप्रदः स्थितः ।।३५।।

य इदं वरमाख्यानं शृणुयाद् भक्तिमान्नरः ।
सर्वान् कामानवाप्नोति गाणेशं पदमेति च ।

सर्वत्र जयमाप्नोति पुष्टिमारोग्यमेव च ।।३६।।

त्यसलाई समात्नुभयो।।२१-२७।। श्रीगणेश एउटा खुट्टामा उभिएर अर्को खुट्टाले दुरासदका टाउकामा टेक्नुभयो। त्यसपछि श्रीगणेशले भन्नुभयो- 'तँ सर्वप्रथम मेरो दृष्टिमा परेको हुँदा तेरो कल्याण हुन्छ। दुष्टहरूलाई पीडा दिंदै नित्य काशीवास गर् । म पनि ढुण्ढिराज गणेशका रूपमा तेरो समीपमा रहनेछु।' भगवान् श्रीगणेशको आज्ञा सुनेर त्यस दैत्यले परमभक्तिपूर्वक वरदान माग्दै भन्यो- 'हे प्रभु ! तपाइँ पनि सधैं मेरा शिरमा पाउ राखेर यहीँ विराजमान हुनुहोस् ।' त्यसपछि श्रीगणेशले भन्नुभयो- 'हे दैत्य! शिवजीको वरदानका कारण तेरो मृत्यु हुँदैन। अब तँ यो काशी नगरीमा पर्वतझैं निश्चल भई बस्ने काम गर । वास्तवमा तँ काशी नगरीको द्वार भएर काशीको रक्षा गर्दै बस्नुपर्दछ।'।।२८-३१।।

मुनिले भने - त्यसलाई तथास्तु भनेर भगवान् श्रीगणेश काशीमा रहनुभयो। यसरी श्रीगणेशले युद्धमा दुरासदलाई जितेर पृथिवीलाई मङ्गलमय तुल्याउनुभयो। देवताहरूले पुष्पवर्षा, प्रणाम र पूजा गरे। त्यसपछि ती सबै देवता आ-आफ्नो धामतर्फ गए। मुनिहरू पनि आश्रमतर्फ लागे। जुन मानिसहरूले काशीमा रहेका विनायक भगवान्को पूजा गर्दछन् तिनीहरूका कामना पूर्ण हुन्छन्। किनकि भगवान् श्रीगणेशले काशीमा छपन्न थरिका रूप लिएर बस्नुभएको छ। काशीको तुण्डनपुरमा एउटा पाउ धारण गर्नुहुने भगवान् विनायकको मूर्ति रहेको छ, जसले पछि विराट स्वरूप लिई सामान्य रूपमा आफूलाई परिणत गराउनुभएको थियो। त्यसपछि उहाँ कामनाप्रदायक श्रीगणेश बनेर रहनुभयो। जुन भक्तिमान् मानिसले श्रीगणेशको यो कथा सुन्दछ, त्यसले चिताएको मनोरथ साकार तुल्याउँछ। त्यसले सर्वत्र विजय प्राप्त गर्नुका साथै पुष्टि र आरोग्य पनि प्राप्त गर्दछ। अन्तमा त्यो भक्त श्रीगणेशको धाममा प्राप्त हुन्छ।। ३२-३६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते दुरासदजयो नाम द्विचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीढुण्ढिराजको दुरासदमाथि विजय' शीर्षकान्वित बयालीसौं अध्याय पूर्ण भयो ।।४२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिचत्वारिंशोऽध्यायः { ४३ अध्याय }

गृत्समद उवाच

विजिते तु गणेशेन दैत्ये तस्मिन् दुरासदे ।
दिक्पाला मुनयश्चैव शशी सूर्यो गुरुः कविः ।।१।।

प्रशशंसुर्देवदेवं दुरासदरिपुं विभुम् ।
श्रुतिस्मृतिकृतो मार्गः स्थापितो निहतोऽसुरः ।।२।।

स्थापना च कृताऽस्माकमशक्तानां दुरासदे ।
त्वमेव सृजसे विश्वं त्वमेव फलदायकः ।।३।।

समः सर्वेषु भूतेषु कर्मभिर्न च लिप्यसे ।
त्वदाश्रयाश्चतुर्वर्णा जन्तवश्च त्वदाश्रयाः ।४।।

गवेषयँश्च नानार्थास्तत्तत्कर्मणि योजयन् ।
गवेषणे ढुण्ढिरयं धातुरुक्तो मनीषिभिः ।।५।।

स आस्ते ढुण्ढिरित्येव संज्ञा राजोत्तराऽस्तु च ।
तव यद् दर्शनं पूजा ध्यानं स्मरणमेव च ।।६।।

धर्मार्थकाममोक्षाणां साधनं पुत्रपौत्रदम् ।
इत्युत्वा पुपूजुस्तेऽमुं मन्दारैश्च शमीदलैः ।।७।।

दूर्वाङ्कुरैर्हरिद्भिश्च श्वेतैश्च कुसुमैरपि ।
नानापक्वान्नैवेद्यैः फलैर्बहुविधैरपि ।।८।।

रत्नानां निचयैश्चैव भोजनैस्तमतोषयन् ।
एवं ते पूजिताः सर्वे सप्तावरणरूपिणः ।।९।।

गृत्समदले भने - भगवान् श्रीगणेशले दुरासद दैत्यमाथि विजय प्राप्त गर्नु भएपछि दिक्पाल, मुनिगण, चन्द्रमा, सूर्य, बृहस्पति र शुक्राचार्यले देवताका पनि देवता, दुरासदका शत्रु, सर्वव्यापक श्रीगणेश प्रभुको प्रशंसा गर्दै भने - 'हे भगवन् श्रीगणेश! हजुरले श्रुति र स्मृतिको मार्गलाई पुनर्स्थापित गर्नुभएको छ, पापी असुरलाई मारेर धर्मको स्थापना गर्नुभएको छ।।१-२।। हामीहरू दुरासदलाई तह लगाउन असमर्थ थियौं। त्यसलाई तह लगाएर हजुरले हाम्रो रक्षा गर्नुभएको छ। हजुरले नै संसारको सृष्टि गर्नुहुन्छ, सबै प्रकारका भक्तहरूलाई भक्ति र साधनाको फल प्रदान गर्नुहुन्छ, सबै प्राणीमा समान भावले दया गर्नुहुन्छ, कुनै पनि कर्ममा लिप्त हुनुहुन्न। ब्राह्मण, क्षत्रिय, शूद्र एवं वैश्य यी चारै वर्ण हजुरको आश्रयबाट बाँचेका छन्। सम्पूर्ण प्राणीहरू र जनावरहरू पनि हजुरकै आश्रयमा छन्।।३-४।। बुद्धिमान् मानिसहरूले ढुण्ढि शब्दको अर्थ बताउने क्रममा भनेका छन्- 'ढुण्ढि व्याकरणशास्त्रमा प्रतिपादित धातु हो, त्यसबाट अनेक अर्थ निस्कन्छन्। अनेक अर्थको अनुसन्धान गर्नु, अनुसन्धान गरेको विषयलाई ती ती क्षेत्रमा प्रयोग गर्नु र सबैलाई त्यसबाट लाभ प्रदान गर्नु पनि ढुण्ढि धातुको अर्थ हो। अब हजुर यस नामलाई अर्थात् ढुण्ढिराज नामलाई अँगालेर विश्वमा विख्यात हुनुहोस् । जसले ढुण्ढिराज श्रीगणेशको दर्शन, पूजन, ध्यान र स्मरण गर्दछ, त्यसलाई धर्म, अर्थ, काम र मोक्षका फल प्राप्त हुन्छन्। तिनले पुत्र, पौत्र र सम्पत्ति प्राप्त गर्दछन्।' यसो भनेर देवताहरूले भगवान् श्रीगणेशलाई मन्दार अर्थात् धतुराका फूल, शमीका पात र हरिया दूर्वाङ्कुर समर्पण गरे। तिनीहरूले अनेक किसिमका सेता फूल चढाएर श्रद्धापूर्वक पूजा गरे। पूजापछि अनेक थरिका पकवान र फलहरूको नैवेद्य तयार गरी भगवान्लाई अर्पण गरे। अनेक थरि रत्नहरूको उपहारका साथै ब्राह्मणभोजन गराएर सबैलाई खुसी बनाए। यसरी ती सात आवरणमा आधारित छपन्न संख्यामा रहेका श्रीगणेशका मूर्तिहरूको देवताहरूले श्रद्धापूर्वक पूजा गरे ।।५-९।। एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थिता वाराणसीं त्रातुं षट्पञ्चाशद् विनायकाः ।
एकः पञ्चमुखस्तत्र विश्वेशद्वारि तिष्ठति ।।१०।।

अन्ये च भिन्ननामानो व्याप्य वाराणसीं स्थिताः ।
स्थिते विश्वेश्वरे तत्र सर्वे तत्रैव संस्थिताः ।।११।।

आचन्द्रं स्वाधिकारेषु ब्रह्माद्या मुनयोऽखिलाः ।
अकुर्वन् सर्वकर्माणि सर्वे लोका यथा पुरा ।।१२।।

इति ते सर्वमाख्यातं कीर्ते ! पृष्टं हि यत् त्वया ।
ढुण्ढिराजस्यावतारो धर्मकामसुखप्रदः ।।१३।।

दिवोदासबहिर्भावं कथयिष्येऽधुना तव ।।१४।।

पञ्चमुख श्रीगणेशको मूर्ति काशीमा भगवान् विश्वनाथको ढोकानिर नै रहेको छ। अरू विभिन्न नामका श्रीगणेशका मूर्तिहरू सम्पूर्ण वाराणसीमा छरिएका छन्। जबसम्म भगवान् विश्वनाथ त्यहाँ विराजमान हुनुहुन्छ, तबसम्म ती मूर्तिहरू त्यहीं नै रहनेछन् ।।१०-११।। यसरी दुरासदलाई तह लगाएर वाराणसीमा भगवान् श्रीगणेशको प्रतिष्ठा भएपछि ब्रह्मा आदि देवता र सम्पूर्ण मुनिहरूले आ-आफ्नो अधिकार प्राप्त गरी धाममा प्राप्त भए। सबैले आ-आफ्ना कर्महरू सम्पन्न गरे। मानिसहरूले पनि पूर्ववत् शान्ति र सुख अनुभव गरे।।१२।। हे कीर्ति ! मैले तपाईंलाई गणेशको महिमासम्बन्धी सबै कुरा बताएँ। ढुण्ढिराज श्रीगणेश भगवान्को अवतार धर्मरक्षाका लागि भएको थियो। उहाँ कामनापूरक र सुखदायक हुनुहुन्छ। यसपछि म तपाईंलाई राजा दिवोदास कसरी घर छाडेर बाहिर गए भन्ने विषयमा पनि बताउनेछु।।१३-१४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते ढुण्ढिराजस्तुतिवर्णनं नाम त्रिचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'दिक्पाल एवं मुनिहरूद्वारा श्रीगणेशको स्तुति' शीर्षकान्वित त्रिचालीसौं अध्याय पूर्ण भयो ।।४३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुश्चत्वारिंशोऽध्यायः

{ ४४ अध्याय }

कीर्तिरुवाच

ढुण्ढिराजावतारोऽयं ख्यातस्ते शक्तिसम्भवः ।
दुरासदवधार्थाय त्रिलोकीपालनाय च ।।१।।

एकः पादःस्थितस्तुण्डनगरे चैकपादतः ।
स्थितो दैत्यं समाक्रान्त्य वाराणस्यामिति श्रुतम् ।।२।।

उभाभ्यामपि पादाभ्यामुभयत्र स्थितिः कथम् ।
एवं मे संशयं बह्मन् ! नुद त्वं सर्वविद् यतः ।।३।।

मुनिरुवाच

किमसाध्यं विश्वरूपे विश्वकर्तरि विश्वपे ।
विश्वव्यापिनि विश्वेशे ढुण्ढिराजे च शासति ।।४।।

विश्वान्तर्यामिणि परे विश्वसंहारकारिणि ।
सप्तपातालचरणे स्वर्गव्यापिशिरोरुहे ।।५।।

सर्वतः पाणिचरणे सर्वतः श्रोत्रचक्षुषि ।
मनसश्च श्रुतीनाञ्च ब्रह्मादीनाञ्च योगिनाम् ।।६।।

अगम्ये तत्त्वतो वायुपृथिवीजलरूपिणि ।
यस्य रोमाञ्चरन्ध्रेषु ब्रह्माण्डानां हि कोटयः ।।७।।

भ्रमन्ति पवनोद्भूताः पतङ्गा इव व्योमनि ।
संशयो वा वितर्को वा तस्मिन् मातर्न विद्यते ।।८।।

अनेकरूपिणि विभौ प्रभुः कर्तुं चराचरम् ।
यदिच्छया भवेद् राज्ञि ! सुधा विषस्वरूपिणी ।।९।।

अमृतं विषरूपञ्च तत्र किं किं न सम्भवेत् ।
अवतारस्य देवस्य विचित्रा गतिरुच्यते ।।१०।।

कियन्तो ह्यवतारा वै कदा कुत्रेति निश्चितुम् ।
न शक्यते सुरैः सर्वैः सशेषैरपि सर्वदा ।।११।।

अतस्त्यक्त्वा तु सन्देहं कथां शुणु मयेरिताम् ।
यां श्रुत्वा सर्वधर्मज्ञे ! मुच्यते पापसञ्चयात् ।।१२।।

कीर्तिले भनिन् – भगवती पार्वतीबाट उत्पन्न भएका ढुण्ढिराजको यो अवतार दुरासद दैत्यको नियन्त्रण र स्वर्ग, मर्त्य एवं पातालको रक्षाका लागि भएको थियो भन्ने कुरा प्रसिद्ध छ।।१।। भगवान् श्रीगणेश तुण्ड नगरमा एउटा खुट्टाले टेकेर उँभिनुभएको छ भन्ने र वाराणसीमा अर्को खुट्टाले टेकी दैत्यलाई च्यापेर रहनुभएको भन्ने पनि सुनिएको छ। कसरी यो सम्भव हुनसक्छ ? मलाई बताउनुहोस्।।२-३।।

मुनिले भने – हे कीर्ति ! विश्वव्यापी रूप धारण गर्नुहुने, विश्वका स्रष्टा, विश्वका पालक, विश्वमा व्याप्त भएर रहनुहुने, विश्वका स्वामी ढुण्ढिराज भगवान्‌ले आफ्नो शक्तिद्वारा जगत्‌मा शासन गरिरहनु भएको अवस्थामा असम्भव भन्ने शब्द नै हुँदैन।।४।। विश्वमा अन्तर्यामी बनेर रहनुहुने, संसारका सबै वस्तुभन्दा पर रहनुभएका, सत्यस्वरूप, विश्वको संहार गर्ने, सातै पातालमा पाउ राख्नुहुने, स्वर्गसम्म शिर पुऱ्याउनुहुने, सर्वत्र आफ्ना खुट्टा र हातद्वारा दुनियाँको रक्षा गर्नुहुने, अनन्त कान र अनन्त नेत्र धारण गर्नुहुने, मन, वाणी, वेद, ब्रह्मा आदि देवता र योगीहरूद्वारा पनि यथार्थ रूपमा अगम्य, वायु, पृथिवी र जलरूपमा सर्वत्र व्याप्त भएर रहनुहुने, जसका रौंका प्वाल-प्वालहरूमा रहेका कोटिकोटि ब्रह्माण्डहरू हावाले उडाइएका चराहरू आकाशमा भौँतारिएझैं भौँतारिन्छन् ती परमात्मा श्रीगणेशको शक्ति र सामर्थ्यका विषयमा संशय र वितर्क गरेर पार पाउन सकिँदैन ।।५-८।। अनेक रूप धारण गर्नुहुने र अन्तर्यामी भगवान् श्रीगणेशले संसारलाई बनाउनुहुन्छ। उहाँले चाहेमा अमृत पनि विषरूपमा परिणत हुन्छ र विष पनि अमृतरूपमा परिणत हुन्छ। उहाँको इच्छा भएमा के कुरा हुन सक्दैन ? भगवान् श्रीगणेशका अवतारहरूका विचित्र रूपहरू छन्। कति अवतार भए ? कहाँ भए ? कसरी भए ? यी कुराहरूको निश्चय गर्न पनि देवता, शेषनाग र अरू शक्तिशाली मानिसहरू समर्थ छैनन्।।९-११।। त्यस कारण सन्देहलाई हटाई श्रद्धा अँगालेर तपाईँले श्रीगणेशका विषयमा सुन्नुहोस्। श्रीगणेशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्यवंशोद्भवो राजा दिवोदासोऽभवत् पुरा ।
वदान्यश्च महामानी मान्यो भूमण्डलेऽखिले ।।१३।।

वक्ता बृहस्पतिसमः सर्वज्ञः सर्वदा शिवः ।
वेदशास्त्रपुराणानां ज्ञानी विज्ञजनप्रियः ।।१४।।

कामिनीमोहनतनुर्जितेन्द्रियतया स्थितः ।
उपकारपरो नित्यं परद्रोहपराङ्मुखः ।।१५।।

निस्पृहः परवित्तेषु स्थूललक्ष्यः पराक्रमी ।
तपसा तस्य तुष्टेन ब्रह्मणा राज्यमुत्तमम् ।।१६।।

काश्यां वृष्टिविहीनायां दत्तं लोकोपकारिणा ।
सर्वदेवबहिष्कारात् सोऽपि जग्राह बुद्धिमान् ।।१७।।

स्वयमेवाभवत् सोऽथ रविरिन्द्रो हुताशनः ।
मरुच्चन्द्रश्च धर्मेण पालयामास तां पुरीम् ।।१८।।

तपसा तस्य सञ्जाता वृष्टिर्लोका इतस्ततः ।
अविमुक्तं समायाताः प्रशशंसुर्नृपञ्च तम् ।।१९।।

तस्य पत्नी सुशीला सा नाम्ना नाम पतिव्रता ।
धर्मशीला दानपरा पतिवाक्यपरायणा ।।२०।।

आचारं व्यवहारं वा प्रायश्चित्तमसौ नृपः ।
पण्डितैः कारयामास राजदण्डं न चाददे ।।२१।।

शिवेन मरुतः सर्वे मन्दारगिरिमन्वयुः ।
नापमृत्युर्न शोको वा नैव दुःखं हि कस्यचित् ।।२२।।

उत्पातास्त्रिविधा नासँस्तस्मिन् राज्यं प्रशासति ।
हाहाकारः शमं यातोऽनावृष्टिविहितो महान् ।।२३।।

चरित्रको चर्चा गर्दा पापबाट मुक्त भइन्छ।।१२।। पहिले सूर्यवंशमा दिवोदास नामक राजा भए । ती उदार दाता र अत्यन्त स्वाभिमानी पनि थिए । ती आफ्नो उदात्त चरित्रका कारण सम्पूर्ण पृथिवीमण्डलमा विख्यात थिए। ती वक्ताहरूमा बृहस्पतिसमान थिए । ती सर्वज्ञ थिए, सर्वदा मनमा अरूको कल्याणको चिन्तन गरिरहन्थे। ती वेद, शास्त्र र पुराणहरूका ज्ञाता थिए एवं विद्वान्हरूका प्यारा पनि थिए।।१३-१४।। दिवोदासको शरीरको बनोट र सौन्दर्य हेरेर सुन्दरीहरू मुग्ध हुन्थे, तर उनी भने वासनादेखि पर रहेका जितेन्द्रिय पुरुष थिए। उनी मन, वचन, कर्मबाट उपकार गर्न तत्पर, अरूसँग कुनै कारणबाट पनि द्रोह नगर्ने उत्तम पुरुष थिए।।१५।। दिवोदास अरूको धन-सम्पत्तिमा इच्छा नराख्ने, धेरै दान दिने, उदारचित्त र लोकको उपकार गर्ने पराक्रमी राजा थिए। तिनले तपस्या गरेर ब्रह्माजीलाई खुसी बनाए र ब्रह्माजीले पनि तिनलाई सबै देवताले बहिष्कार गरेका कारण वर्षा नहुँदा खडेरीले ग्रस्त भएको काशीको राज्य प्रदान गरे। त्यस अवस्थामा उपकारी राजा दिवोदासले सम्पूर्ण देवताहरूको काम आफै गर्ने विचार गरे। तिनले आफै सूर्य, इन्द्र, अग्नि, हावा र चन्द्रमा बनेर तिनका काम जिम्मा लिई धर्मपूर्वक काशी राज्यको पालन गरे।।१६-१८।। तिनको तपस्याबाट चारैतिर वृष्टि भयो र मानिसहरू खुसी भएर अविमुक्त क्षेत्र अर्थात् काशीमा आए र दिवोदासको प्रशंसा गरे।।१९।। दिवोदासकी पत्नीको नाम सुशीला थियो। ती पतिव्रता, धर्मपरायण, दाननिपुण र पतिकी आज्ञापालिका थिइन्।।२०।। राजा दिवोदासले राज्यको आचार, व्यवहार र प्रायश्चित पण्डितहरूबाट गराउँथे। आफूले राजदण्ड कहिल्यै पनि धारण गरेनन्।।२१।। तिनका कल्याणकारी कार्यले गर्दा प्रसन्न भएका देवताहरू भगवान् शिवजीका साथ मन्दार पर्वतमा गए। काशीराज्यमा कसैले पनि अपमृत्यु, शोक र दुःख व्यहोर्नुपरेको थिएन।।२२।। दिवोदासको शासनकालमा कुनै पनि मानिसमा आधिभौतिक, आधिदैविक र आध्यात्मिक तापहरू थिएनन्। अनावृष्टिका कारण पैदा भएको हाहाकार शान्त भएको थियो ।।२३।। पशु, पक्षी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशुपक्षिमनुष्याणां सस्यानि च बहून्यपि ।
यदायत्तं प्राणिमात्रं जातानि वृष्टियोगतः ।।२४।।

स्वाहास्वधावषट्काराः सर्व आसन् यथा पुरा ।
ते च देवाः सुखं प्राप्ता येऽप्रार्थयन् नृपं पुरा ।।२५।।

यं तुष्टुवुः सुराः सर्वे ब्रह्मवाक्यप्रणोदिताः ।
सोऽपि नाना स्तुतिं चक्रे देवानां दर्शनाद् भृशम् ।।२६।।

मानिसहरू इच्छानुसार अन्न-जल पाएर प्रसन्न थिए। सम्पूर्ण प्राणीका प्राण अन्नमा अडेका हुन्छन्, त्यो अन्न काशीराज्यमा प्रचुर मात्रामा पैदा हुन थाल्यो। प्राणी मात्र दिवोदासको अधीनमा रहेर शान्तिको अनुभव गरिरहेका थिए। घर-घरमा स्वाहाकार, स्वधाकार र वषट्कार पूर्ववत् चलिरहेका थिए । जुन देवताले पहिले दुःख पाएर राजा दिवोदासलाई राज्य गर्न प्रार्थना गरेका थिए, तिनले पनि सुख र शान्ति महसुस गरे। ब्रह्माजीको वाक्यबाट अभिप्रेरित देवताहरूले राजा दिवोदासको स्तुति र प्रशंसा गरे। दिवोदासले पनि देवताहरूलाई सुखी र शान्त देखेर परम सन्तोषको अनुभव गरी तिनको स्वागत, सत्कार र स्तुति गरे।।२४-२६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते दिवोदासोपाख्यानं नाम चतुश्चत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'दिवोदासको उपाख्यान' शीर्षकान्वित चवालीसौं अध्याय पूर्ण भयो ।।४४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चचत्वारिंशोऽध्यायः

कीर्तिरुवाच

कथं मुने सर्वदेवाः प्रयाता मन्दरं गिरिम् ।
शिवेन च कथं त्यक्ता रम्या वाराणसी पुरी ।।१।।

एतन्मे शंस देवर्षे ! संशयोऽत्र महामुने ।

मुनिरुवाच

द्वादशाब्दमनावृष्टौ नष्टे स्थावरजङ्गमे ।।२।।

स्वाहास्वधावषट्कारविहीने च धरातले ।
ब्रह्मवाक्यप्रणुन्नैस्तु देवैः सम्प्रार्थितो हरः ।।३।।

महादेव ! जगन्नाथ ! करुणालय ! शङ्कर !
अध्यास्य मन्दरगिरिं मरीचिस्तु तपस्यति ।।४।।

अब्दानामयुतं देव ! वरं दातुं प्रयाहि तम् ।

मुनिरुवाच

एवं सम्प्रार्थितो देवैर्महेशः करुणालयः ।।५।।

सर्वैः सुरगणैः सार्द्धमग्निचन्द्रार्यमादिभिः ।
वरं दातुं स सम्प्राप्तो मरीचिं तं महामुनिम् ।।६।।

अस्थिमात्रावशिष्टञ्च ददर्श स सदाशिवः ।
तस्मिन् क्षणे नागतश्चेत् स तु प्राणान् समुत्सृजेत् ।।७।।

तदुत्कटेन तपसा प्रीतोऽसौ गिरिजापतिः ।
निजं स्वरूपं दत्त्वा च विमानेन निजं पदम् ।।८।।

प्रापयामास सहसा गणैर्वादित्रनिस्वनैः ।
सर्वैर्देवगणैः शम्भुस्तस्थौ गिरिवरे शुभे ।।९।।

दिवोदासस्य नापश्यत् किञ्चिद् रन्ध्रं सदाशिवः ।
देवान् सम्प्रेषयामास द्रष्टुं तद् रन्ध्रमादृतः ।।१०।।

यो यो देवो याति काशीं तस्य रन्ध्रं न पश्यति ।
स्वनाम्ना परिसंस्थाप्य लिङ्गं तत्रैव तस्थिवान् ।।११।।

{ ४५ अध्याय }

कीर्तिले भनिन् – हे महामुनि ! सबै देवताहरू भगवान् शिवजीका साथ मन्दराचलमा गए भन्ने कुरा तपाईंले सुनाउनुभयो। शिवजीले किन वाराणसी छाड्नुभयो ? ।।१।। यसमा मलाई सन्देह लागेको छ। मेरो सन्देह निराकरण गर्नुहोस्।

मुनिले भने – वाराणसीमा बाह्र वर्षसम्म अनावृष्टि भएपछि चराचर सबै नष्ट भए । पृथिवीतलमा चल्ने स्वाहाकार, स्वधाकार र वषट्कार चलेनन् । त्यस अवस्थामा ब्रह्माजीद्वारा अभिप्रेरित देवताहरूले भगवान् शिवजीको प्रार्थना गरे।।२-३।। देवताहरूले भने – हे महादेव ! हे जगत्का स्वामी ! हे करुणासागर ! हे शङ्कर ! मन्दराचलमा बसेर मरीचि ऋषिले तपस्या गरिरहनु भएको छ।।४।। उहाँको तपस्याका दश हजार वर्ष बितिसके। हजुर उहाँलाई वरदान दिन जानुहोस्।

मुनिले भने – यसरी देवताहरूद्वारा प्रार्थना गरिएपछि करुणासागर भगवान् शङ्कर अग्नि, चन्द्रमा, अर्यमा आदि देवताहरूका साथमा वरदान दिन महामुनि मरीचिको नजिकमा जानुभयो । मरीचि मुनिको शरीरमा हाडमात्र बाँकी थियो। त्यस्तो अवस्थामा पनि तेजैतेजबाट आराधना गरिरहेका मरीचिलाई भगवान् शिवजी दर्शन दिन जानुभयो ।।५-६।। त्यसबेला भगवान् शिवजी नपुगुनुभएको भए मरीचिको प्राण रहने थिएन। तिनको उत्कट तपस्याबाट प्रसन्न हुनुभएका भगवान् शङ्करले तिनलाई आफ्नै रूप प्रदान गर्नुभयो। त्यसपछि विमानमा सवार गराई शिवगण, देवतागण र बाजागाजाका साथ आदरपूर्वक कैलासमा पुऱ्याउनुभयो। मन्दराचल छाडेर मरीचि ऋषि कैलास गएपछि रित्तो भएको मन्दराचलमा भगवान् शङ्कर देवताहरूका साथमा विराजमान हुनुभयो।।७-९।। भगवान् शिवजीले दिवोदासको राज्यमा राज्यसञ्चालन गर्दा कसैले केही गल्ती गरेको थाहा पाउनु भएन। भगवान् शिवजीले एक दिन देवताहरूलाई दिवोदासले कतै गल्ती गर्छन् कि हेर्नुहोस् भनी पठाउनु भयो। देवताहरू पालैपालोसँग काशी जान लागे। जुन जुन देवता त्यहाँ गए पनि तिनले दिवोदासले कतै कुनै गल्ती गरेको फेला पारेनन्। ती देवताहरू काशी गएर आफ्नो नामबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिवोदासस्य राज्ये तु सर्वे वर्णाः स्वधर्मिणः ।
आश्रमस्था द्विजाः सर्वे यथोक्ताचारसंयुताः ।।१२।।

गुरुशुश्रूषवः शिष्याः स्त्रिय आसन् पतिव्रताः ।
धर्मशीला दानपरा व्रतोपवासतत्पराः ।।१३।।

यतयश्च त्रिषवणा व्रतिनो होममौनिनः ।
स्नानं सन्ध्यां जपं होमं स्वाध्यायं देवतार्चनम् ।।१४।।

आतिथ्यं वैश्वदेवञ्च स्वयमेव प्रकुर्वते ।
गृहस्थाः सर्व एवाष्टौ कर्माणि भक्तितोऽनघाः ।।१५।।

अतो विवर्धते धर्मो वृष्टिश्चानुत्तमाऽभवत् ।
स्वर्गे देवा मुमुदिरे पितरश्च स्वधाभुजः ।।१६।।

न बन्ध्या न च वाऽपुष्पा विधवा न मृतप्रजा ।
नावृष्टिर्नातिवृष्टिश्च स्वचक्रं न परं तथा ।।१७।।

शुकाश्च शलभा नासन् मूषका वा कदाचन ।
एवञ्च सर्वसस्यानां निष्पत्तिः समपद्यत ।।१८।।

विश्वेश्वरं माधवञ्च ढुण्ढिं भैरवमेव च ।
दण्डपाणिं गुहं गङ्गामदृष्ट्वा वाऽनिमज्ज्य वा ।।१९।।

मणिकर्णीं भवानीं वा यो भुङ्क्ते दण्ड्य एव सः ।
इति डिण्डीरवं नित्यमकरोन्नृपसत्तमः ।।२०।।

न पापलेशस्तत्रासीदेवं नृपवरे स्थिते ।
विना रन्ध्रं न तद्राज्यं जिघृक्षति सदाशिवः ।।२१।।

शिवलिङ्गको स्थापना गरी त्यहीं बस्न थाले।।१०-११।। दिवोदासको राज्यमा सबै वर्णका मानिसहरू आफ्नो धर्मको पालन गरिरहेका थिए। आश्रमवासी मुनिहरू पनि आ-आफ्नो आचारविचारमा कट्टरतापूर्वक लागेका थिए। शिष्यहरूले गुरुको सेवा गरिरहेका थिए। पतिव्रता भएर गृहलक्ष्मीका रूपमा विराजमान नारीहरू धर्मपरायण, दाननिरत र व्रत-उपवासमा तत्पर थिए।।१२-१३।। दिवोदासको राज्यमा निवास गर्ने संन्यासीहरू दिनको तीन पटक नुहाएर भगवान्को आराधना गरिरहेका थिए। व्रत गर्ने, होम गर्ने र मौनधारण गर्ने मानिसहरूले स्नान, सन्ध्या, जप, होम, देवताको पूजा, अतिथि सेवा र वैश्वदेवलगायतका कर्म स्वतःस्फूर्त रूपमा गरिरहेका थिए । निष्पाप गृहस्थहरू पनि स्नान, सन्ध्या, जप, होम, स्वाध्याय, देवार्चन, अतिथिसेवा र वैश्वदेवनामक आठ कर्महरू भक्तिपूर्वक गरिरहेका थिए। त्यसकारण काशीमा धर्मको वृद्धि भयो र उत्तम वर्षा पनि भयो। काशीमा दिवोदासले धर्मको स्थापना गरेपछि स्वर्गमा रहेका देवताहरू खुसी भए र पितृहरूले श्राद्ध र तर्पण पाएर आनन्द माने।।१४-१६।। काशीमा कुनै पनि नारी बन्ध्या थिएनन्, रजस्वला नहुने नारी कुनै थिएनन् र कहीं पनि विधवाको उपस्थिति थिएन । यसका साथै जसका बच्चाहरू जन्मदै मर्दै गर्छन्, त्यस्ता मृतवत्सा नारीहरू पनि थिएनन्। कहीं पनि खडेरी र अतिवृष्टि थिएन। गृहयुद्धको विकराल रूप पनि थिएन र परचक्रीहरूको आक्रमण पनि थिएन।।१७।। काशीराज्यमा खेतीपातीमा सुगा एवं सलहले दुःख दिएका थिएनन् र मूसाको आतङ्क पनि थिएन। त्यहाँ सबै प्रकारका अन्नहरूको राम्रोसँग उत्पादन भइरहेको थियो।।१८।। राजा दिवोदासले दमाहा बजाएर दिनदिनै यसरी उर्दी दिने गर्थे – 'भगवान् विश्वनाथ, भगवान् नारायण, भगवान् ढुण्ढिराज श्रीगणेश, भगवान् दण्डपाणि भैरव, भगवान् स्कन्द, भगवती गङ्गा, भगवती मणिकर्णिका र भगवती भवानीको दर्शन र गङ्गामा स्नान नगरीकन जसले भोजन गर्दछ त्यो मानिस दण्डनीय हुनेछ।' यस किसिमबाट उर्दी दिएर जनतालाई सत्कर्ममा जागरूक एवं प्रवृत्त गराउने राजा दिवोदासको उपस्थितिका कारण काशीमा कसैले थोरै पनि पाप गरेको थिएन। दिवोदासको राज्यमा पाप नभएसम्म मन्दराचलमा बस्नुभएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाराणसीवियोगेन परितप्तस्ततोऽभवत् ।
प्रेषयामास विघ्नाय ततोऽष्टावपि भैरवान् ।।२२।।

उवाच तान् कारयन्तु राज्येऽस्याणु तु किल्विषम् ।
आदास्ये तत एतस्मात् काशीराज्यं न संशयः ।।२३।।

जग्मुस्ते त्वरया भद्रे ! आज्ञां प्राप्य सदाशिवात् ।
दृष्ट्वा वाराणसीं ते तु विश्रान्ताः स्नानकर्मणा ।।२४।।

अदृष्ट्वा तस्य दुरितं काशीवासं प्रचक्रिरे ।
शिवश्चिन्तापरश्चासीदनागच्छत्सु तेषु तत् ।।२५।।

ततोऽप्रेषयदादित्यान् रन्ध्रं द्रष्टुं नृपस्य ह ।
तेऽपि तत्पुण्यमालोक्य स्थिताः काश्यां मुदान्विताः।।२६।।

न कार्यञ्च हरस्यापि न त्याज्येयं पुरीति च ।
ततश्चतुष्षष्टिमिता अप्रेषयत योगिनीः ।।२७।।

अणुमात्रमदृष्ट्वैनो दिवोदासस्य ता अपि ।
स्थिता वाराणसीं प्राप्य यजन्त्यः शिवमव्ययम् ।।२८।।

ततः सम्प्रेषयामास दुर्गां दुःखविनाशिनीम् ।
अदृष्ट्वा तदघं साऽपि तस्थौ ग्रामाद् बहिः किल ।।२९।।

ध्यानेनातोषयद् देवं सर्वकामैश्च मानवान् ।
दिक्पालानथ शम्भुश्च प्रेषयामास सत्वरम् ।।३०।।

गता वाराणसीं ते तु नेक्षेरँस्तदघं लघु ।
स्वस्वनाम्ना प्रतिष्ठाप्य लिङ्गानि न्यवसन्मुदा ।।३१।।

ऋषयः प्रेषिताः पश्चादुत्सुकेन शिवेन ह ।
गतास्ते त्वरया हृष्टाः शिवेनापि प्रणोदिताः ।।३२।।

शङ्कर काशीमा फर्कन चाहनु हुन्नथ्यो ।।१९-२१।। दिवोदासले कत्ति पनि गल्ती गरेका थिएनन् । यो देखेर मन्दराचलमा रहनुभएका भगवान् शिवजीलाई वाराणसीको विरहले छटपटी भयो। त्यसपछि उहाँले आफ्ना भैरवहरूलाई डाकेर वाराणसीमा विघ्न गर्न अह्राउँदै भन्नुभयो- 'हे भैरव हो! तिमीहरूले काशीराज्यमा गएर अणु परिमाणमात्र भए पनि पापकर्म भएको दृश्य खडा गर । त्यसपछि मात्र मैले दिवोदासबाट काशीराज्यलाई खोस्न अवसर पाउनेछु। यसमा कुनै सन्देह छैन ।।२२-२३।।' सदाशिवको आज्ञा पाएर भैरवहरू पनि तत्कालै काशी पुगे। त्यहाँ गई गङ्गामा नुहाएर नगरदर्शन गरी मानिसहरूको आचारविचारलाई नियालेर हेर्दा पनि कतै कुनै पापकर्म देखेनन्। पापकर्म नदेखेपछि ती भैरवहरू काशीमै बस्न थाले । मन्दराचलमा रहनुभएका शिवजीलाई भैरवहरू नफर्कदा चिन्ताले सतायो ।।२४-२५।। त्यसपछि शिवजीले द्वादश आदित्यलाई राजा दिवोदासको राज्यमा कुनै छिद्र र पाप प्रकट गर भनी अह्राउनु भयो। त्यहाँ गएका ती द्वादश आदित्य पनि दिवोदासको पुण्य देखेर शिवजीले अह्राएको काम गर्ने कुनै परिस्थिति छैन, काशी नगरी पनि त्याग गर्न योग्य छैन भनी सहर्ष काशीमा बसे । त्यसपछि शिवजीले चौसठ्ठी योगिनीहरूलाई दिवोदासको छिद्रान्वेषण गर्न पठाउनुभयो ।।२६-२७।। योगिनीहरूले पनि दिवोदासको राज्यमा अणुमात्र पनि पाप देखेनन् र वाराणसीमै रहेर शिवजीको ध्यान गर्न लागे।।२८।। त्यसपछि भगवान् शिवजीले दुःखनाशिनी भगवती दुर्गालाई वाराणसी पठाउनुभयो। दुर्गाले पनि त्यहाँ कुनै किसिमको पाप देख्नुभएन र उहाँ पनि वाराणसीदेखि बाहिर गाउँमा बस्नुभयो।।२९।। वाराणसीको बाहिरी सीमामा रहेकी भगवतीले ध्यानद्वारा भगवान् शङ्करलाई प्रसन्न तुल्याउनुभयो र सबै मानिसहरूका इच्छा पूर्ण गरेर तिनीहरूलाई प्रसन्न तुल्याउँदै विराजमान हुनुभयो। त्यसपछि भगवान् शिवजीले छिट्टै दिक्पालहरूलाई वाराणसी पठाउनुभयो। तिनले पनि त्यहाँ गएर सानो पाप पनि देखेनन्। त्यसकारण दिक्पालहरूले आ-आफ्नो नामबाट शिवलिङ्ग बनाएर प्रतिष्ठा गरी त्यहीं नै निवास गरे।।३०-३१।। दिक्पालहरू पनि फर्केर नआएपछि नआउनुको कारण थाहा पाउन उत्सुक हुनुभएका शिवजीले ऋषिहरूलाई वाराणसी पठाउनुभयो। भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गत्वा तीर्थविधिं कृत्वा स्थित्वा वाराणसीमनु ।

आशीर्वादाय गच्छन्तः पश्यन्तस्तस्य चेष्टितम् ।।३३।।

भक्त्या तान् पूजयामास सर्वान् स धनवस्त्रकैः ।

नान्वगृह्णंस्तद्धनं ते नैनोऽपि ददृशुर्लघु ।।३४।।

स्वस्वनाम्ना परिस्थाप्य तेपुस्ते परमं तपः ।

ततः सर्वेऽमरास्तेन प्रेषिताः कार्यसिद्धये ।।३५।।

तेऽपि नो ददृशुस्तस्य दुष्कर्म धर्मचारिणः ।

नायाति कोऽपि काश्यान्तु यो यः सम्प्रेष्यते मया ।।३६।।

ततश्चिन्तापरो रुद्रो निश्चयं नाध्यगच्छत ।

मनसा चिन्तयामास कदा द्रक्ष्ये च तां पुरीम् ।।३७।।

दिवोदासस्य राज्ये च यदा पापं भविष्यति ।

तदैव प्राप्या काशी च नान्यथा च मया क्वचित् ।।३८।।

विना ढुण्ढिं माधवञ्च सर्वे देवा निरर्थकाः ।

नायान्ति च स्थितास्तत्र काश्यां ध्यानपरायणाः ।।३९।।

शिवजीद्वारा पठाइएका ती ऋषिहरू शीघ्रतापूर्वक वाराणसी पुगेर प्रसन्न भए। त्यहाँ गएर ती ऋषिहरूले तीर्थमा गर्नुपर्ने विधिअनुसार स्नान गरी प्रसन्नतापूर्वक निवास गरे । ती ऋषिहरू एक दिन दिवोदासको दरबारमा आशीर्वाद दिन गए र तिनले राजा दिवोदासका क्रियाकलापको निरीक्षण पनि गरे । दिवोदासले ऋषिहरूलाई सम्मानपूर्वक धन एवं वस्त्र दिएर पूजा गरे, तर ऋषिहरूले राजाले दिएका धन एवं वस्त्र स्वीकार गरेनन् । ऋषिहरूले राजाको क्रियाकलापमा अणुमात्र पनि पाप देखेनन्। तिनले पनि आ-आफ्नो नामबाट शिवलिङ्गको स्थापना गरी शिवजीलाई प्रसन्न तुल्याएर परम तपस्या गरे । त्यसपछि शिवजीले आफ्नो कार्यसिद्धिका निमित्त देवताहरूलाई काशी पठाउनुभयो।।३२-३५।। ती देवताहरूले पनि धर्मात्मा राजा दिवोदासको चरित्र र व्यवहारमा कतै खोट देखेनन् र त्यहीं बस्न थाले। शिवजीले मनमनै भन्नुभयो- 'मैले जसलाई काशी पठाइरहेको छु, तीमध्ये कुनै पनि फर्केर यहाँ आउँदैन।' यस्तो के भयो भनी तर्क गरी अब के गर्ने भन्ने विषयमा निर्णय गर्न सक्नुभएन। मनमा कहिले वाराणसी पुरी देख्नेछु भन्ने चिन्ता गरिरहनु भयो । जुन बेला दिवोदासको राज्यमा पापको उदय हुन्छ त्यस बेलामात्र म काशी पुग्नेछु, अन्यथा मैले काशीको दर्शन गर्न पाउनेछैन। ज-जसलाई पठाएँ, ती सबै व्यर्थ भए। मेरा लागि काम लाग्ने ढुण्ढिराज श्रीगणेश र नारायणमात्र हुनुहुन्छ। अरू सबै देवताहरू अर्थहीन छन्, किनकि तिनलाई मैले जुन उद्देश्यले पठाएको थिएँ त्यो पूरा नगरी काशीमा ध्यान गरेर बसिरहेका छन् र मन्दराचलमा फर्किने विचारसमेत छाडिसकेका छन् ।।३६-३९।।'

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते दिवोदासोपाख्याने शिवचिन्तावर्णनं नाम पञ्चचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शिवचिन्तावर्णन' शीर्षकान्वित पैंतालीसौं अध्याय पूर्ण भयो ।।४५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्चत्वारिंशोऽध्यायः { ४६ अध्याय }

मुनिरुवाच

अविमुक्तवियोगेन परितप्तः शिवस्तदा ।
सर्वार्थवशगं ढुण्ढिं नत्वाऽप्रार्थयदातुरः ।।१।।

शिव उवाच

पञ्चानामपि भूतानां कारणानाञ्च कारणम् ।
चिदानन्दघनो विश्वध्येयो वेदान्तगोचरः।।२।।

प्रधानं पुरुषश्चासि गुणत्रयविभागकृत् ।
विश्वव्यापी विश्वनिधिर्विश्वरक्षणतत्परः।।३।।

नानावतारकृच्चासि भूभारहरणोद्यतः।
देवानां पालने शक्तो दैत्यानां निधने तथा ।।४।।

द्विजानाञ्चैव धर्माणामार्तानां शरणैषिणाम् ।
स्वेच्छयाऽपत्यतां याते त्वयि ब्रह्मस्वरूपिणि ।।५।।

कमन्यं शरणं यामि काशीविरहदुःखितः।

ढुण्ढिरुवाच

अन्यानेव प्रेषयसि सर्वविद्याविशारदान् ।।६।।
सर्वदर्शी किमर्थं त्वं मोहमेषि सदाशिव !

शिव उवाच

इदानीमेव गच्छ त्वमविमुक्तं गजानन ।।७।।

दिवोदासस्य विघ्नार्थं मम कार्यार्थसिद्धये ।
मायया मोहय जनं पुण्यं येनास्य हीयते ।।८।।

ढुण्ढिरुवाच

यामि शीघ्रं महादेव ! न चिन्तां कर्तुमर्हसि ।
साधयिष्ये तव हितं दर्शयिष्ये निजां पुरीम् ।।९।।

बहिष्कृत्य दिवोदासं जनपापविभागिनम् ।

मुनिले भने – काशीको वियोगबाट सन्तप्त हुनुभएका भगवान् शिवजीले सम्पूर्ण कार्य सम्पन्न गर्न निपुण भगवान् ढुण्ढिराज गणेशलाई नमस्कार गरेर आतुरभावले प्रार्थना गर्नुभयो।।१।।

शिवजीले भन्नुभयो - पृथिवी, जल, तेज, वायु र आकाश यी पाँच महाभूतका आदिकारण, कारणहरूका पनि परम कारण, सच्चिदान्दस्वरूप, सबैद्वारा ध्यान गर्न योग्य, वेदान्तशास्त्रद्वारा मात्र अनुभव गरिने भगवान् ढुण्ढिराज गणेशलाई नमस्कार गर्दछु।।२।। हे श्रीगणेश ! हजुर प्रकृतिरूपमा हुनुहुन्छ र पुरुष रूपमा पनि। हजुर सत्त्व, रज र तम यी तीन गुणलाई विभाग गरेर गुणेशका रूपमा प्रसिद्ध हुनहुन्छ। हजुर विश्वव्यापी, विश्वनिधि र विश्वपालनमा तत्पर हुनुहुन्छ।।३।। हे प्रभु ! अनेक थरि अवतार लिएर पृथिवीको भार हरण गर्न तत्पर हुनुहुन्छ। हजुर देवताहरूको संरक्षण गर्न समर्थ हुनुहुन्छ र दैत्यहरूको संहारमा पनि त्यत्तिकै समर्थ हुनुहुन्छ।।४।। हे प्रभु ! ब्राह्मण, धर्म, दुःखीजन र शरणार्थीहरूका पालक, परब्रह्मस्वरूप हजुर आफ्नो इच्छाले मेरा पुत्रका रूपमा पैदा हुनुभएको छ। म अहिले काशीको विरहबाट साह्रै दुःखी छु। अब हजुरलाई छाडेर कुन अरू देवताको शरणमा जाऊँ।

श्रीगणेशले भन्नुभयो – हे सदाशिव ! हजुरले मलाई नसंझेर अरू देवता सबै विद्यामा सिपालु छन् भन्ने भावना राखी तिनलाई काशी पठाउनु भयो। हजुर सर्वदर्शी हुनुहुन्छ, तर यस विषयमा किन सर्वदर्शी हुनुभएन र मोहमा पर्नुभयो ?

शिवजीले भन्नुभयो – हे प्रभु ढुण्ढिराज ! हजुर अहिले नै काशी गई मेरो कार्य सिद्ध गर्नुहोस् । दिवोदासका आचार र विचारमा खोट पैदा गरी मायाबाट मानिसहरूलाई मोहित गरेर दिवोदासको पुण्य नष्ट हुने काम गर्नुहोस् ।।५-८।।

श्रीगणेशले भन्नुभयो – हे महादेव ! म छिट्टै काशी जान्छु। हजुरले चिन्ता नगर्नुहोस्। मैले हजुरको हितसाधना गर्नेछु र हजुरलाई हजुरकै काशी पुरीमा विराजमान गराउनेछु। जनताले गरेका पापका कारण पुण्य क्षीण भएका दिवोदासलाई काशीबाट बाहिर पठाएर त्यहाँ हजुरको प्रतिष्ठा गराउनेछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिरुवाच

इत्युक्त्वा शिवमानम्य पार्वतीञ्च षडाननम् ।।१०।।

प्रदक्षिणीकृत्य तथा नारदं गुरुमेव च ।
प्रस्थितोऽखिलविद्यानां कलानाञ्च निधिर्विभुः।।११।।

प्राप वाराणसीं पुण्यां पुण्यमेवात्र दृष्टवान् ।
ज्योतिर्विदभवत्सद्यस्तस्य पापमलक्ष्य सः।।१२।।

रुक्मकान्तिर्दिव्यदेहो मुक्तामालाविभूषितः।
कटिसूत्रञ्च नाभौ तु महारत्नविभूषितम् ।।१४।।

पीतवस्त्रपरीधानो दिव्यगन्धानुलेपनः।
कामातिसुन्दरतनुः कामिनीजनमोहनः।।१५।।

पतिव्रताश्च या नार्यश्चकमुस्ता अपि द्विजम् ।
मनसा चिन्तितं प्रश्नं वदति स्माखिलं तु सः।।१६।।

अतः पतिव्रता नार्यः प्रश्नं प्रष्टुं तमन्वयुः।
विहाय बालकान् भर्तॄन् भ्रातॄनन्यान् सुहृज्जनान् ।
स्वप्नान् वदति लोकानां स्वमायादर्शितानसौ ।।१७।।

सेवतां सर्वलोकानां ददाति सुबहून् वरान् ।
तद्वरस्य प्रभावेण दुष्टः कुष्ठो विनश्यति।।१८।।

पुत्रिण्यः सर्वबन्ध्याश्च जातास्तद्वरदानतः।
हस्तं दृष्ट्वा महाभाग्यं कर्माणि कथयत्यसौ ।।१९।।

यद् यद् येन च संभुक्तं भोक्ष्यमाणञ्च तत्क्षणात् ।।२०।।

विस्मितो नगरे लोकः सर्व आसीन् मुदान्वितः।
नेदृशो ब्राह्मणोऽदर्शि सर्ववेत्ता गुणाकरः।।२१।।

मुनिले भने - आफ्ना पिता शिवजीसँग यी कुरा गरेर शिव, पार्वती र स्कन्दलाई प्रणाम गरी प्रदक्षिणा गरेपछि नारदजी र गुरुलाई समेत प्रणाम गरी सबै विद्या एवं कलाका स्वामी र अन्तर्यामी श्रीगणेशले प्रस्थान गर्नुभयो। पुण्यमय वाराणसी नगरमा पुगेर उहाँले चारैतिर पुण्यमात्र देख्नुभयो। दिवोदासका आचार-विचारमा पाप नदेखेर उहाँले एउटा ज्योतिषीको रूप धारण गर्नुभयो।।१२।। सुवर्णमय कान्तिसम्पन्न आकर्षक देह धारण गर्ने, मोतीको माला धारण गरी सुहाएका, कानमा मोती र सुनबाट बनेका कुण्डल धारण गर्ने, बत्तीस लक्षणले सम्पन्न, भूत, भविष्य एवं वर्तमानका ज्ञाता, नाभिमा महारत्नले विभूषित कन्धनी धारण गर्ने, पहेंला वस्त्र लगाएका, अत्यन्त उत्तम गन्ध आउने अङ्गराग लेपन गरेका, कामदेवको भन्दा पनि राम्रो शरीर भएका र दृष्टि पर्नासाथ कामिनीहरूलाई मुग्ध तुल्याउने स्वरूपका ज्योतिषी बनेर वाराणसीमा देखिनुभयो।।१३-१५।। उहाँको स्वरूप-सौन्दर्य देखेर पतिव्रता नारीहरू पनि मनमनै भोगको कामनां गर्न थाले। ज्योतिषीको रूपमा रहनु भएका भगवान् गणेश मानिसको भाग्य हेर्दै हिंड्न थाल्नुभयो । उहाँले हेराउन आउने मानिसले मनमा चिताएका प्रश्नहरूको उत्तर दिनुहुन्थ्यो ।।१६।। एक दिन पतिव्रता नारीहरू आफ्ना बालबच्चा, पति, दाजुभाइ र मित्रजन सबैलाई छाडी उहाँसँग मुग्ध भएर भेट्ने निहुँले भाग्य हेराउन आए। सबैका मनका सपना बताउने श्रीगणेशले ती पतिव्रताहरूका सामु आफ्नो माया देखाउनुभयो। जसले उहाँको सेवा गरिरहेका हुन्थे त्यस्ता मानिसलाई ठूला-ठूला वरदान पनि दिनुभयो। श्रीगणेशको वरदानका प्रभावबाट डरलाग्दो कुष्ठरोग पनि नष्ट हुन्थ्यो।।१७-१८।। उहाँको वरदानबाट बाँझी आइमाईहरूले गर्भधारण गर्न थाले। मानिसहरूका हात हेरेर भगवान् श्रीगणेशले तिनका भाग्य र कर्म राम्ररी बताउनु हुन्थ्यो।।१९।। उहाँले हेर्न आउने मानिसहरूमध्ये जसले जे खाएर आएको छ र भोलि के खानेछ ती कुरा पनि बताउनुहुन्थ्यो। उहाँले जसले जे दुःखसुख भोगिसकेको छ र भविष्यमा भोग्नेछ ती कुरा पनि खुलस्त पार्नुहुन्थ्यो।।२०।। गणेशरूप ज्योतिषीका यस्ता चमत्कार देखेर अथवा सुनेर नगरवासीहरू चकित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न भूतो न भविष्यो वा इति लोका वदन्त्यमुम् ।
पूजयन्ति धनै रत्नैर्ज्ञात्वा प्रत्ययमस्य ते ।।२२।।

हस्ते धृतानि वस्तूनि कथयत्येव तत्क्षणात् ।
दरिद्रस्याप्रयत्नस्य प्रष्टुं यातस्य वेत्त्यसौ ।।२३।।

अभिप्रायं स्वयं तस्य ब्रूते त्रिदिनमन्तरा।
भविष्यति धनाढ्यस्त्वं तथैवासौ भवत्यपि।।२४।।

गतं नष्टं कथयति यथा यत् तत् तथा भवेत् ।
एवमाचक्षतस्तस्य ढुण्ढेर्विप्रस्वरूपिणः।।२५।।

द्वित्रिमासैर्गता वार्ता राजकर्णे जनेरिता।

जना ऊचुः

राजपत्न्योऽपि याश्चान्याः पातिव्रत्यपरायणाः।।२६।।

एतावत्कालपर्यन्तं नोऽभजन्नन्यदेवताः।
विना पतिं गतास्तास्तु विनाज्ञां तं निरीक्षितुम् ।।२७।।

नो भविष्यति पुत्रो वा कन्या वेति विचारितुम् ।
सखीभिस्तु निषिद्धास्ता ढुण्ढिरत्रागमिष्यति ।।२८।।

आकार्य तु ततस्तास्तु रहस्येतमुपानयन् ।
उपवेश्यासने रम्ये राजपत्न्यः प्रपूजिरे ।।२९।।

प्रक्षाल्य चरणद्वन्द्वं तद्दर्शनसुविह्वलाः।
कस्तूरीचन्दनं तस्य शरीरे पर्यमर्दयन् ।।३०।।

भए। यस्ता त्रिकालज्ञ विद्वान् ज्योतिषीको दर्शन पाएकोमा साह्रै खुसी पनि भए । त्यहाँका मानिसहरू भन्न थाले – 'यस्ता विद्वान्, गुणी र सर्वज्ञ ब्राह्मण हामीले कहिल्यै पनि देखेका थिएनौं। यस्ता ज्योतिषी भूतकालमा थिएन, अहिले छैनन् र भविष्यमा पनि हुनेछैनन् ।' ज्योतिषीको रूप धारण गर्नुहुने श्रीगणेशलाई मानिसहरू आएर उहाँको वाणी सत्य भएका कारण धन एवं रत्न दिएर सम्मान गरिरहेका थिए।।२१-२२।। कसैले हातमा कुनै वस्तु लुकाएर यसभित्र के छ भनी प्रश्न गर्दा ज्योतिषीरूप गणेश भगवान्ले लुकाएको वस्तु जे हुन्थ्यो त्यो सही बताइदिनुहुन्थ्यो। दरिद्र एवं आलसी मानिस भगवान्का सामु प्रश्न लिएर आउँदा त्यसको मनको अभिप्राय बुझेर तिमी तीन दिनपछि धनी हुनेछौ जस्ता उत्तर दिनुहुन्थ्यो र उहाँले दिएको उत्तर यथार्थ रूपमा पूरा हुन्थ्यो।।२३-२४।। हराएका र नष्ट भएका पदार्थहरूको विषयमा पनि उहाँले जस्ताको तस्तै बताउनुहुन्थ्यो। यसरी काशीका बजारका गल्ली-गल्लीमा डुलेर, घर-घरमा घुमेर नर-नारीहरूलाई यथार्थ फलादेश गरेका कारण ज्योतिषीरूप श्रीगणेशको साह्रै ठूलो ख्याति भयो। दुई तीन महिना बितेपछि राजा दिवोदासले पनि काशीमा आएका विद्वान् ज्योतिषीको विशेषता थाहा पाए ।

मानिसहरूले भने – राजा-रानी र समाजका उत्तम वर्गका पतिव्रता नारीहरू पतिको आज्ञाविना आजसम्म कुनै देवताको पूजा गर्दैनथे। अहिले भने काशीमा आएका नयाँ ज्योतिषी विद्वान्को प्रभावमा परेर आफ्ना पति र परिवारको बेवास्ता गरी तिनलाई हेर्न, तिनको सौन्दर्य दर्शन गरेर आनन्द लिन, छोरा अथवा छोरी के पैदा हुन्छ भन्ने कुरा जान्न समेत ज्योतिषी भएको ठाउँमा जान लागेका उत्तम महिलालाई सखीहरूले यसरी जान हुँदैन भनेर रोके। बरु तपाइँहरूलाई साह्रै दर्शन गर्ने इच्छा छ भने ती ज्योतिषीलाई यहीं बोलाउने काम गरौं भने। त्यसपछि राजदरबारमा गोप्य रूपमा रानीहरूका कोठामा ज्योतिषीरूप श्रीगणेशलाई ल्याउने काम गरेपछि रानीहरूले राम्रो आसनमा बसालेर तिनको पूजा गरे।।२५-२९।। ज्योतिषीको दर्शनका लागि व्याकुल भएका ती रानीहरूले तिनको पाउ पखाले। कस्तूरी र चन्दन लेपन गरी शरीरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकटे तस्य काचित् तु भूत्वाऽदाद् वीटिकाः स्वयम्।
पप्रच्छुर्बहुप्रश्नास्तं सर्वानेवाब्रवीच्च सः।।३१।।

प्रत्यये तु समुत्पन्ने सर्वास्तास्तु विसिस्मिरे ।
एवं ताः प्रत्यहं तस्य दर्शनं पूजनं स्वयम् ।।३२।।

त्यक्त्वा ता गृह्यकार्याणि चक्रुःसर्वास्तु तत्पराः।
नैतादृशो दृष्टपूर्वो भूतभव्यभविष्यवित् ।।३३।।

इत्यब्रुवन् स्तुवन्त्यस्तं सर्वज्योतिर्विदुत्तमम् ।
उत्थिते राज्ञि ताः शीघ्रं विससर्जुः क्षणादमुम् ।।३४।।

पतिभावं परित्यज्य तमेवाचिन्तयन् सदा।
दिवोदासोऽपि तं ज्ञात्वा समाकार्य ननाम च ।।३५।।

स्वासने तं परिस्थाप्य पुपूजे विष्टरादिभिः।
गामर्घ्यञ्च धनं वस्त्रमर्पयामास सादरम् ।।३६।।

यद् यत् तं परिपप्रच्छ तत्सर्वं स मुदाऽब्रवीत् ।
विस्मृत्य निजदेवं स तमेवाचिन्तयन्नृपः ।।३७।।

रहस्ये परिपप्रच्छ प्रश्नान् नानाविधान् बहून् ।
प्रत्यये तु समुत्पन्ने प्रार्थयामास सादरम् ।।३८।।

ग्रामान् धान्यं धनं दास्ये तिष्ठात्र निकटे मम।
चमत्कारा बहुविधा दृष्टा यस्मान् मया त्वयि ।।३९।।

ततो जगाद ढुण्ढिस्तं प्रपञ्चरहितो नृपम् ।
स्त्रीपुत्रकन्यागारादि त्यक्त्वा वाराणसीमगाम् ।।४०।।

न ग्रामा न धनं धान्यं रोचते मेऽस्पृहस्य ते ।
एकं वदामि ते वाक्यं हृदि तत्कर्तुमर्हसि ।।४१।।

मालिश पनि गरे। कुनै रानीले नजिकै आएर ज्योतिषीरूप गणेशलाई आफैले पान खुवाइन् । त्यसपछि ती रानीहरूले मिलेर मीठो स्वरमा मुस्काउँदै धेरै प्रश्नहरू सोधेपछि ज्योतिषीरूप श्रीगणेशले पनि सबै प्रश्नका उत्तर दिनुभयो ।।३०-३१।। प्रश्नको उत्तर मिलेपछि अत्यन्त खुसी भएका ती रानीहरू चकित भए। यसरी दिनदिनै उहाँलाई दरबारमा आउन निम्ता दिए। ज्योतिषी पनि दिनदिनै लुकेर दरबारमा जान थाल्नुभयो। ती रानीहरूले घरका काम बिर्सेर अत्यन्त भक्तिभावले ती ज्योतिषीको दर्शन र पूजा गर्न लागे। भूत, वर्तमान र भविष्यको विषयमा सटीक भविष्यवाणी गर्ने यस्ता ज्योतिषी हामीले आजसम्म कहिल्यै पनि देखेका थिएनौं भनी ती रानीहरूले ज्योतिषीको प्रशंसा गरे । राजा बाहिरबाट दरबारमा आएको अथवा निदाएर जागेको थाहा पाएपछि तिनीहरूले ज्योतिषीलाई बिदा गर्ने गर्थे। आफ्ना पतिमा श्रद्धा र प्रेम छाडेर ती रानीहरू अहोरात्र ज्योतिषीकै चिन्ता गर्न लागे। राजा दिवोदासले पनि एक दिन ज्योतिषीको विषयमा राम्ररी थाहा पाएर तिनलाई आफ्नो दरबारमा डाके। ती आएपछि प्रणाम गरी आसनमा राखेर आसन आदि टक्र्याई सम्मान गरे।।३२-३४।। राजाले तिनलाई गाई, अर्घ्य, धन र वस्त्र आदरपूर्वक टक्र्याए। दिवोदासले जस्ता प्रश्न गरेका थिए तिनको चित्त बुझ्ने गरी उत्तर दिए। दिवोदासले पनि आफ्ना आराध्य देवतालाई बिर्सेर मोहित भई ती ज्योतिषीकै चिन्तन गर्न थाले।।३५-३७।। तिनले ज्योतिषीलाई एकान्तमा लगेर धेरै किसिमका प्रश्न सोधे। दिएको प्रश्नोत्तरमा पूर्ण विश्वास भएपछि दिवोदासले ज्योतिषीलाई आदरपूर्वक भने - 'हे विद्वान् ब्राह्मण ! म तपाईँलाई गाउँ, धनधान्य आदि सबै कुरा पर्याप्त मात्रामा टक्र्याउँछु, तपाइँ मेरो नजिकमा बस्नुहोस्, किनकि मैले तपाइँमा धेरै किसिमका चमत्कार देखेको छु'।।३८-३९।। दिवोदासको प्रार्थना सुनेर प्रपञ्चहीन ज्योतिषीका रूपमा रहनु भएका भगवान् श्रीगणेशले राजालाई भन्नुभयो - हे राजन् ! पत्नी, पुत्र, पुत्री, घर र श्रीसम्पत्ति छाडेर म वाराणसी आएको छु। मलाई गाउँ, धनधान्य केही चाहिँदैन। मेरो संसारका कुनै पदार्थमा रुचि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतः सप्तदशे राजन् ! दिने कोऽपि परः पुमान् ।
आगत्य स वदेद् यत् तत् कर्तव्यमविचारतः ।।४२।।
हितं ते परमं राजन् ! भविष्यति न संशयः।
एतावता मया लब्धा ग्रामा धान्यं धनानि च ।।४३।।

छैन। म तपाइँसँग एउटा अनुरोध गर्छु, मेरो अनुरोधलाई सम्मानपूर्वक सुनिदिनुहोस्। आजका सत्रौं दिनका दिन कुनै विशिष्ट व्यक्ति तपाइँको राज्यमा आउनेछन्। तिनले आएर जुन कर्म गर्न भन्छन् त्यो तपाइँले विचारै नगरी गर्नुहुनेछ। त्यसबाट तपाइँको ठूलो हित हुनेछ। हे राजन् ! तपाइँले यो कुरा मानिदिनुभयो भने मैले गाउँ र धनधान्य पाएको महसुस गर्नेछु ।।४०-४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते ज्योतिर्विद्रूपप्रदर्शनं नाम षट्चत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'ज्योतिषीका रूपमा बालगणेशको चरित्रवर्णन' शीर्षकान्वित छयालीसौं अध्याय पूर्ण भयो ।।४६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तचत्वारिंशोऽध्यायः　　{ ४७ अध्याय }

राजोवाच

अवश्यं मुनिशार्दूल ! करिष्ये वचनं तव ।
करवाण्यन्यथा चेन्मे शपथोऽस्ति हरस्य ह ।।१।।

गृत्समद उवाच

एवं तेन सर्वजनाः काशीस्थाः स्ववशीकृताः।
त्यक्त्वा सर्वाणि कर्माणि तमेव परिसेविरे ।।२।।

भूतं भव्यं विप्रकृष्टं भविष्यञ्च विवृणवता।
ततो विष्णुर्बौद्धरूपी पञ्चक्रोशाद् बहिः स्थितः।।३।।

आगत्य मायया मोहं जनयन् सर्वदेहिनाम् ।
श्रुतिस्मृतिविरुद्धं सोऽपाठीद् धर्मवृषं द्विषन् ।।४।।

सोऽपि स्ववचनात् सर्वान् वशे चक्रे महाजनान् ।
साकारभजनं सर्वं दूषयामास सादरम् ।।५।।

किमर्थं पार्थिवी मूर्तिरर्च्यते तैजसीरपि ।
सर्वो जनो मूढमनाः परात्मनि हृदि स्थिते।।६।।

वृक्षाणां जीवतां छेदः पशूनापि हिंसनम् ।
कुरुते स्वस्य वित्तानि परस्मै यः प्रयच्छति ।।७।।

नष्टे देहे तु भूतानि लीयन्ते पञ्च पञ्चसु ।
स्वयमेव हि भोक्तव्यं पक्वान्नं सघृतं मुदा।।८।।

दिवोदासले भने – हे मुनिश्रेष्ठ! म तपाईँको वचनको अवश्य पालना गर्नेछु। मैले यदि अन्यथा गरें भने शिवजीको सराप लाग्नेछ। मैले शिवजीलाई साक्षी राखेर यो प्रतिज्ञा गरिरहेको छु।।१।।

गृत्समदले भने – यसरी काशीमा रहेका ज्योतिषीले आफ्नो उत्तम भविष्य ज्ञानबाट काशी निवासी सबैलाई वशमा ल्याउनुभयो। आ-आफ्ना घरका काम छोडेर सबै मानिसहरूले उहाँकै सेवा गर्न लागे।।२।। भूत, वर्तमान र भविष्यत् कालका घटनाचक्रलाई यथार्थ रूपमा व्याख्या गर्ने ज्योतिषीको रहस्य बुझ्न भगवान् विष्णुले पनि बुद्धको रूप लिएर वाराणसीभन्दा पाँच कोश पर वास गर्नुभयो।।३।। विष्णुले मायाद्वारा श्रुति र स्मृतिविरुद्ध धर्मको उपदेश गर्न थाल्नुभयो र वैदिकधर्मको निन्दा गर्नुभयो।।४।। प्रवचनकलामा निपुण विष्णुले बुद्धको स्वरूप लिएर वाराणसीका साहु-महाजनहरूलाई पनि वशमा पार्नुभयो। त्यहाँ चलिरहेको मूर्तिपूजाको निन्दा गर्नुभयो।।५।। उहाँ भन्ने गर्नेहुन्थ्यो – 'किन तपाईँहरू विभिन्न देवताका माटो अथवा धातुको मूर्ति बनाएर पूजा गर्नुहुन्छ ? तिनमा भगवान् बस्नुहुन्न। परमात्मा त मानिसका हृदयमा वास गर्नुहुन्छ । तसर्थ माटो, ढुंगा र धातुमा देवताको पूजा गरेर केही पाइँदैन। वृक्षको छेदन गर्ने, पशुको हत्या गर्ने र अरू प्राणीहरूको वध गर्ने मानिसहरूले आफ्ना पाप काट्नका लागि अरूलाई दान दिने गर्दछन्, तर त्यो पाप दानबाट काटिने कुरा हुँदैन। शरीर नष्ट भएपछि शरीरका ती कणहरू पृथिवी, जल, तेज, वायु, आकाशमा विलीन हुन्छन्। नरक अथवा स्वर्गमा जानु पर्दैन। आफूले कमाएको अन्न र अरू पदार्थ अरूलाई दान नदिएर आफै भोग गर्नुपर्छ। शरीर ढलेपछि अरू कुनै लोकमा गएर सुख अथवा दुःखको भोग हुँदैन । पकवान र घिउ-भात आफैले खाँदा आफू तृप्त भइन्छ, अरूलाई दिंदा रित्तो भइन्छ। मानिसले सकेसम्म सुखी र सन्तुष्ट हुन आफ्नै शरीरको पूजा र पुष्टि गर्नुपर्दछ। अनेक थरि भोग भोगेर आफ्नो शरीरलाई फूर्तिलो बनाउनुपर्दछ।' यसरी विष्णु भगवान्ले बुद्धको रूप लिएर नास्तिकतापूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहात्मा परिपूज्योऽसौ नानाभोगैर्यथासुखम् ।
ततः सर्वे जनाः स्वं स्वं मार्गं मुक्त्वा तथाऽभवन् ।।९।।

ब्राह्मणानपि सन्त्यज्य बुभुजुर्भोगमुत्तमम् ।
तत्पत्नी कमला नाम पूरयन्ती मनोरथान् ।।१०।।

स्थिता वाराणसीवासिस्त्रियः सर्वा व्यमोहयत् ।
बोधयामास यत्नेन दुष्टमार्गं दिने दिने ।।११।।

भिद्यन्ते बुद्धयस्तेषां पुरग्रामनिवासिनाम् ।
स्वदेहे भर्तृदेहे योऽन्यस्य देहे स एव तु ।।१२।।

न भिद्यते पुमान् यद्वन्मुखनासाकरादिभिः।
तथात्मा नैव भिद्येत देहैरेतैश्चतुर्विधैः।
एवं प्रलोभिताः कान्ताः पुंसोऽन्यानपि भेजिरे।।१३।।

ब्राह्मणा अग्निहोत्रेषु यज्ञेषु शिथिलादराः।
व्रते दाने च होमे च देवब्राह्मणपूजने।।१४।।

पशूनां यज्ञियानाञ्च छेदने संशयं दधुः।
परस्परं गृहेऽर्चन्तो बुभुजुर्भोगमुत्तमम् ।।१५।।

स्वयमेव बुभुजिरे श्राद्धानि च व्रतानि च।
एवञ्च धर्मलोपोऽभूदेनसो वृद्धिरेव च ।।१६।।

ततो बौद्धो जगामाशु दिवोदासस्य मन्दिरम् ।
पूजितः परया भक्त्या स तेन स्वासने शुभे।।१७।।

तत ऊचे दिवोदासं वाक्यं वाक्यविशारदः।

बौद्ध उवाच

शृणु राजन् ! हितं वच्मि श्रुत्वा तत्कुरु सादरम् ।।१८।।

इयं वाराणसी शूलभृता निर्मायि तेजसा।
प्रलयेऽपि त्रिशूलाग्रे ध्रियते सर्वजन्तुभिः ।।१९।।

पुण्यवद्भिरिह स्थेयं मृतौ मोक्षमभीप्सुभिः।
पापात्मानो भैरवेण क्रियन्ते बहिरेव च।।२०।।

उपदेश गरेपछि सबै धर्मात्मा मानिसहरूले आ-आफ्ना धर्म छाडी बुद्धले भनेजस्तै आचरण गर्न लागे ।।६-९।। बुद्धको उपदेशको प्रभावबाट मानिसहरूले ब्राह्मणलाई दानमा दिइने पदार्थ आफै भोग गर्न लागे। बुद्धरूप भगवान्की पत्नीको नाम कमला थियो। तिनले पनि आफ्ना पतिले भनेअनुसारका उपदेश गर्दै वाराणसीका नारीहरूलाई मुग्ध तुल्याइन् । मानिसहरूका इच्छा पूरा गर्दै तिनले सबैलाई आफ्नो वशमा पारिन्। अनेक प्रयासबाट तिनले दिनदिनै मानिसहरूलाई नराम्रो मार्गमा जान उत्सुक गराइन्।।१०-११।। नगर र गाउँमा बस्ने नर-नारीहरूको बुद्धिभेदन हुँदै गयो। आफ्नो शरीर, श्रीमान्को शरीर र परपुरुषको शरीरमा केही फरक छैन, सबैका मुख, नाक आदि अङ्गहरू समान हुन्छन्, शरीर र आत्मामा कुनै अन्तर छैन। यसरी व्याख्या गरेपछि त्यहाँका सुन्दरीहरूले आफ्नो मन परेका पुरुषहरूसँग आनन्दपूर्वक भोग गर्न थाले।।१२-१३।। ब्राह्मणहरूले यज्ञ गर्न अल्छी गर्न थाले। व्रतोपवास, दान, हवन र देवता एवं ब्राह्मणको पूजनमा मानिसहरू शिथिल हुँदै गए।।१४।। मानिसहरूले यज्ञमा आहुति दिइने पशुहरूको वध गर्न पनि सन्देह गर्न थाले। घरमा परस्परमा एकले अर्काको पूजा गर्दै उत्तम भोगहरू भोग्न थाले। श्राद्ध र पूजन कर्ममा मीठा पकवान एवं व्यञ्जन बनाएर परिवारका मानिसहरूले मात्र खाने परम्परा चल्न थाल्यो । यसरी काशीराज्यमा धर्मको लोप र पापको वृद्धि हुँदै गयो।।१५-१६।। एक दिन बुद्धको रूप लिनु भएका भगवान् विष्णु दिवोदासका घर जानुभयो। दिवोदासले परम भक्तिपूर्वक उहाँको पूजा गरी आसनमा राखे। त्यसपछि बुद्धरूप भगवान्ले आफ्ना उत्तम वाक्यहरूको प्रयोग गरेर दिवोदासलाई सम्बोधन गर्दै भन्नुभयो।

बुद्धले भन्नुभयो - हे राजन् तपाईँलाई म एउटा हितकारी कुरा भन्दछु, त्यो सुन्नुहोस् ।।१७-१८।। वाराणसी पुरीको निर्माण त्रिशूलधारी भगवान् शङ्करबाट तेजबाट भएको हो। भगवान् शङ्करले प्रलयकालमा पनि सम्पूर्ण काशीवासी नर-नारीहरूसमेत काशी पुरीलाई आफ्नो त्रिशूलको टुप्पामा धारण गर्नुहुन्छ।।१९।। जुन मानिसमा पुण्य छ, ती मानिसहरू मात्र यहाँ बस्नुपर्दछ र जसलाई मरेपछि मोक्षको चाहना छ, ती मानिसहरू पनि यहाँ बस्नुपर्दछ। पापात्मा मानिसहरू यहाँ बस्नु हुँदैन। जो बस्न चाहन्छन्, तिनलाई भैरवले काशीबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्षणं पुण्यकर्तृणां क्रियते तेन तेन च।
तव पुण्यं स्थितं यावत् तावदत्र स्थितो भवान् ।।२१।।

काश्यां राज्यं प्रकुर्वाण इदानीं न तथा भवान् ।
पापञ्च सम्प्रवृत्तं ते राज्ये नरककृन्नृप ।।२२।।

नृप उवाच

सम्यगुक्तं त्वया मह्यं करिष्ये वचनं तव।
ज्योतिर्विदा ढुण्ढिना च प्रोक्तं तत्सत्यमेव तत् ।।२३।।

वद मे त्वञ्च कश्चासि मद्धितार्थमिहागतः।
यदि वेत्तुं मया शक्यं तत्त्वं ते पुरुषोत्तम।।२४।।

क उवाच

ततः स करुणाविष्टो दर्शयामास तं नृपम् ।
निजं चतुर्भुजं रूपं शङ्खचक्रगदाधरम् ।।२५।।

समष्टिव्यष्टिरूपेण चिद्रूपञ्च प्रदर्शितम् ।
ततो नृपो नमस्कृत्य पुपूज परया मुदा ।।२६।।

ननर्त परया भक्त्या तद्दर्शनमहोत्सवः।
धन्योऽहमिति तं प्राह पितृभ्यां सहितोऽनघ ।।२७।।

पूर्वं राज्यं परित्यज्य तपस्तप्तं मया बहु।
ब्रह्मणेदं बलान्मह्यं दत्तं राज्यमनुत्तमम् ।।२८।।

त्वद्दर्शनाज्जन्ममृती गते मे नात्र संशयः।
इदमेव परं याचे त्वामहं शरणं गतः।।२९।।

मुनिरुवाच

इत्युक्तः परमात्माऽसौ प्रोक्तवान् नृपसत्तमम् ।
विश्वेश्वरप्रसादाच्च तवापि राजसत्तम ।।३०।।

भविता परमा मुक्तिस्त्यक्त्वा राज्यं सुखी भव ।
भैरवो दण्डपाणिश्च बहिः कुर्यादतोऽन्यथा ।।३१

एवमाकर्ण्य तद्वाक्यं चिन्तां परमिकां ययौ।
ध्यात्वा विचार्य तद्धेतुं बुबोध सर्वमेव सः।।३२।।

लखेटिदिनुहुन्छ।।२०।। भगवान्का पार्षद भैरवले पुण्यवान्हरूको रक्षा गर्नुहुन्छ। हे राजा दिवोदास ! तपाइँ पनि पुण्य रहेसम्म मात्र यहाँ बस्न सक्नुहुनेछ। पुण्य सकिएपछि तपाइँले पनि वाराणसी छोड्नुपर्नेछ।।२१।। अहिले काशीमा राज्य गरिरहनु भएका तपाइँ पहिलेजस्तो धर्मात्मा रहनुभएको छैन, किनकि तपाइँको राज्यमा पाप फैलिइरहेको छ। यसले सबैलाई नरकतिर डोऱ्याउनेछ।।२२।।

दिवोदासले भने - तपाइँले राम्रो कुरा गर्नुभयो । म तपाइँको वचन पालन गर्छु। ढुण्ढिरूप ज्योतिषीले जुन कुरा गर्नुभयो त्यो पनि सत्य थियो। तपाइँ को हुनुहुन्छ अनि के कारणले यहाँ आउनुभएको हो ? यदि मैले जान्न र सुन्न हुन्छ भने मलाई बताउनुहोस्।।२३-२४।।

ब्रह्माजीले भन्नुभयो - राजा दिवोदासको सरलताबाट प्रभावित भएर दयालु नारायणले बौद्धको रूप छोडेर उहाँलाई आफ्नो शङ्ख, चक्र, गदा र पद्म धारण गर्ने चतुर्भुजस्वरूप देखाउनुभयो।।२५।। उहाँले समष्टि र व्यष्टिका रूपबाट चैतन्यको रूप पनि प्रकट गर्नुभयो । त्यसपछि राजा दिवोदासले नमस्कार गरेर हर्षपूर्वक उहाँको पूजा गरे।।२६।। राजा दिवोदास 'आज मैले नारायणको दर्शन पाएँ' भन्दै खुसीले नाचे। तिनले म आफ्ना बाबु-आमासहित धन्य भएँ भने। पहिले मैले राज्य परित्याग गरी तपस्या गरेको थिएँ। ब्रह्माजीले नल राजाबाट खोसेर मलाई राज्य दिनुभएको हो। हजुरको दर्शन पाएपछि मलाई अब जन्मनु र मर्नु पर्दैन भन्ने कुरामा सन्देह छैन। म फेरि पनि जन्मन र मर्न नपरोस् भनी हजुरसँग याचना गर्दै हजुरको शरणमा परेको छु ।।२७-२९।।

गृत्समदले भने - हे महारानी ! यसरी दिवोदासद्वारा प्रार्थना गरिएका भगवान् नारायणले तिनलाई भन्नुभयो - 'भगवान् विश्वेश्वरको कृपा र आफ्नो भक्तिभावका कारण तिमीले परम मुक्ति प्राप्त गर्नेछौ । तिमी अहिले नै राज्यत्याग गरेर सुखी बन, अन्यथा दण्डपाणि भैरवले तिमीलाई यहाँबाट निकालिदिनेछन्।' भगवान् विष्णुका यी कुरा सुनेर दिवोदासलाई ठूलो चिन्ता पऱ्यो। धेरैबेर विचार गरेपछि तिनलाई तत्त्वबोध भयो।।३०-३२।। राजाले ज्योतिषीका रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिर्विदं गणेशञ्च बौद्धं मायाविनं हरिम् ।
प्रणम्य शिरसा भक्त्या कोऽसीति निजगाद तम् ।।३३।।

सोऽपि बुद्ध्वा महाविष्णुर्निजं रूपं समास्थितः।
चतुर्भुजं शङ्खचक्रगदापद्मधरं विभुम् ।।३४।।

पीताम्बरसमायुक्तं सर्वलोकाश्रयं परम् ।
उवाच तं नृपः पूज्य ! धन्योऽहं मम पूर्वजाः।।३५।।

यन्मोक्षदं पदयुगं दृष्टं पुण्यप्रभावतः।
देहि मे परमां मुक्तिं मुद्रामेतां गृहाण च ।।३६।।

बलाद् दत्तं ब्रह्मणा मे शास्तु राज्यं शिवो निजम् ।
ततो जगाद तं विष्णुः शिवो मुक्तिं प्रदास्यति ।।३७।।

क उवाच

एवमुक्त्वा दिवोदासं महायोगेश्वरो हरिः।
अन्तर्हितः पुनर्यायाद् बौद्धरूपी निजाश्रमम् ।।३८।।

प्रेषयामास दूतं स शिवागमनहेतवे ।
दिवोदासस्य राज्ये मेऽधर्मवृद्धिः कृता बहु।।३९।।

ज्योतिर्विदा गणेशेन त्यक्तं राज्यं नृपेण ते।
शीघ्रमायाहि विश्वेश ! निजां वाराणसीं पुरीम् ।।४०।।

ततो राजा राजचिह्नं त्यक्त्वा तेपे परन्तपः।
प्रासादे परमे स्थाप्य शिवलिङ्गं सुविश्रुतम् ।।४१।।

स्वनाम्ना मोक्षदं पुंसां सकामानां तु कामदम् ।
प्रतीक्षन् दर्शनं तस्य शङ्करस्यार्थदायिनः ।।४२।।

रहनुभएका भगवान् गणेश र बुद्धका रूपमा रहनु भएका भगवान् हरि दुबैलाई प्रणाम गरे। त्यसपछि राजाले विष्णुलाई तपाइँ को हो भनी सोधे । महाविष्णुले पनि प्रश्नको तात्पर्य बुझेर आफ्नो सक्कली रूप धारण गर्नुभयो । चतुर्भुज, शङ्ख-चक्र-गदा-पद्मधारी, पीताम्बर र सबै योगका आश्रय भगवान्लाई प्रणाम गर्दै राजाले भने - 'आज म धन्य भएँ, मेरा पूर्वजहरू धन्य हुनुभयो किनकि पहिले पुण्यका प्रभावले मोक्षदायक हजुरका चरणकमलको दर्शन गरें । मलाई परम मुक्ति प्रदान गर्नुहोस्। म हजुरलाई यो स्वर्णमुद्रा टक्र्याउँछु। यो राज्य मैले आफै चाहेर पाएको होइन । ब्रह्माजीले मलाई जबर्जस्ती दिनुभएको हो। यो शिवजीको राज्य हो र यहाँ भगवान् शिवजीले नै शासन गर्नुपर्दछ।' त्यो कुरा सुनेर भगवान् विष्णुले दिवोदासलाई भन्नुभयो - 'तिमीले चिन्ता नगर, भगवान् शिवजीले तिमीलाई मोक्ष प्रदान गर्नुहुनेछ ।।३३-३७।।'

ब्रह्माजीले भन्नुभयो - यसरी महायोगेश्वर नारायण दिवोदासलाई वरदान दिएर अन्तर्धान हुनुभयो। अर्कोतर्फ उहाँ नै बुद्धको रूप लिएर आफ्नो आश्रमतर्फ जानुभयो। भगवान् विष्णुले शिवजीलाई मन्दराचलबाट काशीमा ल्याउनका लागि दूत पठाउनु भयो। दूतका माध्यमबाट सन्देश दिंदै भन्नुभयो - 'हे शिवजी ! दिवोदासका राज्यमा आएर मैले धेरै किसिमका अधर्म फैलाएँ। ज्योतिषीका रूपमा आउनुभएका भगवान् श्रीगणेशले पनि त्यस्तै काम गर्नुभयो। हे विश्वनाथ ! हजुर छिटै आफ्नो नगरी वाराणसीमा आउनुहोस् ।।३८-४०।।' त्यसपछि काशीका राजा दिवोदासले पनि राजमुकुट झिकेर आफ्नो निवासमा आफ्नो नामसमेत जोडेर शिवलिङ्गको स्थापना गरी प्रतिष्ठा गरे र आफूले चिताएको कामना पूरा गर्ने भगवान् शङ्करको दर्शनको प्रतीक्षा गर्दै रहे ।।४१-४२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे दिवोदासराज्यत्यागो नाम सप्तचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'दिवोदासद्वारा राज्यत्याग' शीर्षकान्वित सतचालीसौं अध्याय पूर्ण भयो ।।४७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टचत्वारिंशोऽध्यायः { ४८ अध्याय }

मुनिरुवाच

त्यक्तं राज्यमिति ज्ञात्वा निजं रूपं समाश्रितः।
अवसत् सर्वलोकानां ढुण्ढिस्तत्रार्थदायकः ।।१।।

दूतञ्च प्रेषयामास शीघ्रमागम्यतामिति।
शङ्कराय महाबुद्धिस्ततः स हर्षनिर्भरः ।।२।।

आरुह्य वृषभं देवो ययौ वाराणसीं पुरीम् ।
दिव्यवादित्रनिर्घोषैः स्वगणैः परिवारितः ।।३।।

जैगीषव्यं निराहारं वल्मीकमिव संस्थितम् ।
अनुगृह्य ययौ ढुण्ढिं प्रणम्य च उवाच तम् ।।४।।

शिव उवाच

त्वमेव विश्वेश्वर विश्वरूप !
विश्वं सृजस्यत्सि हि पासि देव !
शुभाशुभं कर्म निरीक्ष्य तस्य
ददासि भोगं विविधं गणेश ! ।।५।।

ब्रह्मेङ्गितात्ते जगतीं विधत्ते
तद्रक्षणञ्चैव हरिस्तथाऽहम् ।
संहारकारीह चराचरस्य
विभागकृत्यं हि गुणत्रयस्य ।।६।।

तव प्रसादाद्धरिरब्जजोऽपि
शिवश्च शक्तो निजकर्मसिद्ध्यै ।
त्वया विना वेदविधिर्वृथा स्यात्
त्वदीयशक्त्या सुरशत्रुनाशः ।।७।।

अनन्तशक्तिः प्रकृतिः पुरा त्वां
समर्च्य दुष्टं महिषं जघान ।
यच्छ्वासनिर्धूतनगप्रपात-
भीतं जगत्कृत्स्नमिदं ररक्ष ।।८।।

गृत्समदले भने - दिवोदासले राज्यत्याग गरेपछि आफ्नो रूपमा प्रकट हुनुभएका मानिसका सबै कामना परिपूर्ण तुल्याउनुहुने भगवान् गणेश काशीमा विराजमान हुनुभयो ।।१।। एक दिन उहाँले एउटा दूतलाई मन्दराचलतर्फ पठाउनुभयो। त्यस दूतसँग उहाँले भगवान् शङ्करलाई हजुर छिटै आउनुहोस् भन्ने सन्देश पठाउनुभएको थियो। भगवान् शङ्करको आगमनका लागि दूत पठाएपछि भगवान् गणेश मनमनै अत्यन्त हर्षित हुनुभयो।।२।। उता मन्दराचलमा विराजमान भगवान् शिवजी गणेशको सन्देश थाहा पाएर नन्दीनामक साँढेमा सवार भई आफ्ना गणहरूका साथ दिव्य बाजा बजाउँदै वाराणसी आउनुभयो।।३।। भगवान् शिवजीले वाराणसी आउनुभन्दा पहिले धमिराको माटाले पुरिएर निराहार तपस्या गरिरहेका जैगीषव्य ऋषिमाथि कृपा गर्नुभएको थियो । वाराणसीमा आएर उहाँले श्रीगणेशलाई सम्बोधन गर्दै भन्नुभयो।।४।।

शिवजीले भन्नुभयो - हे श्रीगणेश ! हजुर नै विश्वेश्वररूप र विश्वरूप पनि हुनुहुन्छ । हजुरले विश्वको रचना र पालन गर्नुहुन्छ । हजुरले आफ्ना भक्तहरूलाई तिनको शुभ-अशुभ कर्मअनुसार अनेक थरि फल प्रदान गर्नुहुन्छ ।।५।। हे गणेश ! हजुरको सङ्केत पाएर ब्रह्माजीले सृष्टि गर्नुहुन्छ, भगवान् नारायणले रक्षा गर्नुहुन्छ र मैले संहारको काम गर्दछु। तीन गुणअनुसार विभाग गरिएका कामहरूलाई हामी तीन जनाले हजुरको निर्देशनअनुसार पालन गर्दछौं।।६।। हजुरको कृपाबाट नारायण, ब्रह्मा र म हामी तीनै जना आ-आफ्नो कर्मसम्पादनमा लागिरहेका हुन्छौं। हे गणेश ! हजुर नहुने हो भने वेदको विधान व्यर्थ हुनेथियो। हजुरकै कृपाबाट असुर र शत्रुको विनाश गर्न सकिन्छ।।७।। अनन्त शक्तिसम्पन्न भगवती दुर्गाले पनि हजुरको आराधना गरेर महिषासुरनामक दुष्ट दानवको विनाश गर्नुभएको थियो । जुन महिषासुरको श्वास-प्रश्वासबाट बाहिर आएका हावाले पर्वतहरूको पतन हुँदा भयभीत संसारको रक्षा आद्या भगवतीबाट भएको थियो ।।८।। हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वमप्रमेयोऽखिललोकसाक्षी
त्वमव्ययः कारणकारणञ्च ।
वेदा विकुण्ठास्त्वयि सर्व एव
शेषो धराभृत्तव भक्तितो हि ।।९।।
त्वामेव नत्वा परिपूजयन्तः
सन्तो यजन्ते मनसा स्मरन्तः ।
त्वय्येव भक्तिं परिकल्पयन्तो
मुक्तिं भजन्ते परिवृत्तिहीनाः ।।१०।।
अनेकरूपाङ्घ्रिविलोचनस्त्व-
मनेकशीर्षश्रुतिबाहुजिह्वः ।
अनन्तविज्ञानघनो ह्यनेक-
ब्रह्माण्डहेतुः परमप्रकाशः ।।११।।
तव प्रसादादविमुक्तमेतद्
दृष्टञ्चिराद् यत्नवताऽखिलेश ! ।

मुनिरुवाच

एवं स्तुत्वा च सम्पूज्य प्रार्थयामास शङ्करः ।।१२।।
गतं विरहदुःखं मे प्राप्य वाराणसीं पुरीम् ।
इदानीं सर्वदा रक्ष मद्भक्तांश्च पुरीमिमाम् ।।१३।।
विना प्रसादं ते न स्यात् काशीवासः कदाचन ।
दण्डपाणेर्भैरवस्य तेऽपि यस्य कृपा भवेत्।।१४।।
तारकं ब्रह्म तस्यान्ते दिशामि च न चान्यथा ।
माघमासि चतुर्थ्यां यो भौमवारे विधूदये।।१५।।
अपूपैर्मोदकैरन्यैरुपचारैः प्रपूजयेत् ।
संहृत्य तस्य सङ्कष्टं स्तोत्रपाठेन यो नुयात् ।।१६।।
तस्यापि सकलान् कामान् यच्छ लक्ष्मीमनेकधा ।
य इदं प्रातरुत्थाय त्रिसन्ध्यं वापि भक्तितः ।।१७।।
पठेत् स्तोत्रं सकृद् वापि भुक्तिर्मुक्तिश्च तस्य च ।
अन्वेषयित्वा सर्वार्थान् विदधासि नृणामिह ।।१८।।

गणेश ! हजुर यस्तै रूपका हुनुहुन्छ भन्न सकिंदैन । हजुरको महिमा अवर्णनीय छ । हजुर संसारका साक्षी र अविनाशी तत्त्व हुनुहुन्छ । हजुर कारणका पनि कारणरूपमा रहनुभएको छ । हजुरको उपस्थितिमा नै वेदहरूले सक्रिय भएर काम गर्दछन्। त्यसैगरी शेषनाग पनि हजुरमा भक्तिभाव राखेका कारण पृथिवीको धारण गर्न समर्थ छन् ।।९।। सज्जनहरूले हजुरलाई नमस्कार गरी स्मरण र पूजन गर्दै यज्ञहरू सम्पन्न गर्दछन्। संसारको भोगबाट विरक्त भएका सन्यासीहरू हजुरका भक्तिको माध्यमबाट मुक्तिको परिकल्पना गर्दछन्।।१०।। हे भगवन्! हजुरका अनेक रूप छन्। हजुरका हजारौं पाउ, आँखा, शिर, कान, हात र जिभ्राहरू छन्। हजुर अनन्त विज्ञानका स्रोत र अनेक ब्रह्माण्डका कारण पनि हुनुहुन्छ । हजुर स्वप्रकाश र परम प्रकाश पनि हुनुहुन्छ ।।११।। धेरै कालदेखि म नहुँदा काशी नगरी शून्य थियो। अहिले हजुरको प्रयासबाट म यहाँ आउन पाएँ। म आउनाले काशी नगरी पनि प्रसन्न देखिएको छ ।

गृत्समदले भने – यसरी भगवान् शिवले भगवान् गणेशको स्तुति र पूजा गरेर प्रार्थना गर्दै भन्नुभयो – 'हे ढुण्ढिराज! मेरा विरहका दिन गए । म अब आफ्नो घर वाराणसी पुरीमा आइपुगेको छु। अब उप्रान्त हजुरले वाराणसी पुरीको रक्षा गर्दै मेरा भक्तहरूको पनि रक्षा गर्नुहोस् ।।१२-१३।। हजुर प्रसन्न नभएसम्म मेरो काशीवास सफल हुँदैन। हजुरका प्यारा दण्डपाणि भैरव र हजुरको जसमाथि कृपा हुन्छ त्यसलाई मैले काशीमा रहेर मृत्युकालमा तारकब्रह्मको उपदेश गर्नेछु। माघ महिनाको चतुर्थी तिथिमा मङ्गलबार परेको समयमा चन्द्रमाको उदय हुँदा जसले मालपुवा, मनभोग र लड्डू आदि सामग्री समर्पण गरेर मेरो पूजा गर्दछ र स्तोत्रपाठ गर्दछ त्यसका सम्पूर्ण कष्टहरूलाई मैले नाश गरिदिनेछु। हजुरले पनि त्यस्ता भक्तका सबै कामना परिपूर्ण तुल्याउनु हुनेछ र त्यसलाई श्रीसम्पन्न बनाउनुहुनेछ । जसले प्रातःकालमा उठेर भक्तिपूर्वक यो स्तोत्र पढ्दछ अथवा सङ्कटको समय र अन्य समयमा पनि श्रद्धापूर्वक पाठ गर्दछ त्यसका हातमा भुक्ति र मुक्ति दुबै हुन्छन्। हे गणेश! हजुरले संसारका पदार्थहरूको अन्वेषण गरेर मानिसहरूको कल्याण गर्नुहुन्छ । त्यस कारण हजुर संसारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतो ढुण्ढिरिति ख्यातस्त्रिलोक्यां त्वं भविष्यसि !
ढुण्ढिरित्येव तं नाम मुक्तिदं पापनाशनम् ।।१९।।
स्मरणात् सर्वकार्याणां सिद्धिदश्च भविष्यति ।

मुनिरुवाच

एवमुक्त्वाऽस्थापयत् स गण्डकीयशिलाकृताम् ।।२०।।

मूर्तिं ढुण्ढेर्महादेवः प्रासादे चारुनिर्मिते ।
ततो विवेश भवनं सर्वे देवाः स्वमन्दिरम् ।।२१।।

दिवोदासस्य मुक्तिं स ददौ भक्तस्य शङ्करः ।

गृत्समद उवाच

एवं विमोहितस्तेन दिवोदासः स्वमायया ।।२२।।

विष्णुना बौद्धरूपेण तस्यास्य च हितं कृतम् ।
सर्वं ते कथितं देव ! सामर्थ्यं ढुण्ढिना कृतम् ।।२३।।

एवं प्रभावो देवोऽसौ यद्वरादुत्थितः सुतः ।

क उवाच

एवं गृत्समदः प्रोक्त्वा तस्यै ढुण्ढिविचेष्टितम्।।२४।।

गृहीत्वाज्ञां ययौ शीघ्रं निजमाश्रममण्डलम्।
तदानीमेव सा पुत्रमादाय प्रस्थिता ततः।।२५।।

ढुण्ढेरायतनं याता नानानारीनरैर्युतम्।
महोत्सवं प्रकुर्वद्भिर्दृष्ट्वा कीर्तिर्ननाम तम्।।२६।।

ययौ वाराणसीं पुण्यां मरणान्मुक्तिदायिनीम्।
माघमासे चतुर्थ्यां सा भौमवारे मुदान्विता।।२७।।

अनेकस्वर्णपात्रस्थैः पक्वान्नैः पायसादिभिः।
पूजितं भक्तनिवहैर्नृत्यगीतविशारदैः।।२८।।

ढुण्ढिराजका नामबाट प्रख्यात हुनुहुनेछ । हजुरको यो ढुण्ढिराज भन्ने नाम पापनाशक र मुक्तिदायक छ।।१४-१९।। जसले कुनै कार्यको आरम्भ गर्दा ढुण्ढिराज भनेर सम्बोधन गर्दछ त्यसको कार्य सिद्ध हुन्छ।

गृत्समदले भने - भगवान् शङ्करले यसरी प्रार्थना गर्नुभएपछि कालीगण्डकीको शिलाबाट तयार गरिएको ढुण्ढिराज गणेशको मूर्तिलाई सुन्दर मन्दिरमा स्थापित गरेर काशीमा विराजमान आफ्नो धाममा प्रवेश गर्नुभयो र अरू देवताहरू पनि आ-आफ्नो धामतर्फ लागे।।२०-२१।। त्यसपछि भगवान् शङ्करले काशीमा रही आफ्नो कार्यकालमा निष्ठाका साथ शासन सञ्चालन गर्ने राजा दिवोदासलाई पनि मुक्ति प्रदान गर्नुभयो।

गृत्समदले भने - हे कीर्ति ! यसरी भगवान् श्रीगणेशले आफ्नो मायाबाट र भगवान् विष्णुले बुद्धरूपको प्रकाशनबाट दिवोदासलाई मोहित गर्नुभएको थियो।।२२।। अन्तमा भगवान् विष्णुले आफ्ना दुबै स्वरूपबाट दिवोदासको कल्याण पनि गर्नुभयो। मैले तपाइँलाई यी सबै कुराका साथै भगवान् गणेशको ढुण्ढिराज नामको महिमा र उहाँको सामर्थ्यको विषयमा पनि बताएँ।।२३।। यस्ता प्रभावशाली भगवान् गणेश हुनुहुन्छ, जसका वरदानबाट हे महारानी ! तपाइँका छोरा पनि होशमा आएका थिए ।

ब्रह्माजीले भन्नुभयो - यसरी गृत्समद कीर्तिलाई ढुण्ढिराजको क्रियाकलाप बताए र उनीसँग आज्ञा लिएर आफ्नो आश्रमतर्फ लागे। कीर्ति पनि आफ्नो पुत्रलाई लिएर दरबारतर्फ लागिन्।।२४-२५।। त्यसपछि ती कीर्ति अनेक थरि नरनारीले परिपूर्ण ढुण्ढिराज श्रीगणेशको मन्दिरमा गइन्। त्यहाँ मानिसहरूले अनेक थरि उत्सव गरिरहेका थिए। कीर्तिले त्यहाँ पुगेर भगवान् ढुण्ढिराजलाई नमस्कार गरिन्।।२६।। त्यसपछि कीर्ति आफ्नो शरणमा आई मृत्युवरण गर्ने मानिसहरूलाई मुक्ति प्रदान गर्ने काशी पुरीमा गइन्। माघ महिनाको चतुर्थी तिथिमा मङ्गलवारका दिन खुसी भएर अनेक सुनका पात्रहरूमा पकवान, खीर आदि राखेर पूजा गर्न तयार भएका, नृत्य, गायन र वाद्यमा कुशल कलाकारहरूद्वारा परिपूर्ण, नानाथरिका अलङ्कारले सुहाएका, दिव्यमाला धारण गर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानालङ्कारसंयुक्तं दिव्यमाल्याम्बरावृतम्।
नानामणिगणोपेतं नानामुक्ताविभूषितम्।।२९।।

सुवर्णरत्ननिचयैर्दक्षिणार्थं निवेदितैः।
न दृश्यते देवमुखमिति चिन्तापराऽभवत् ।।३०।।

मयाऽकिञ्चनयाऽस्मै किं निवेद्यमिति साऽनघ ।
सदूर्वाशमीमन्दारकुसुमैर्मार्गसञ्चितैः।।३१।।

पुपूज परया भक्त्या पुत्रोदयमयाचत ।
शमीमन्दारदूर्वाभिर्यथा तुष्टोऽभवत्तयोः ।।३२।।

न तथा द्रव्यनिचयैर्दुण्ढिराजस्तुतोष ह ।
ततो भक्ता गताः सर्वे स्वस्वमन्दिरमादृताः।।३३।

उभौ तौ जननीपुत्रौ सन्निधौ तत्र तस्थतुः।
तयोर्निराहारतया भक्तिभावेन तोषितः।।३४।।

आविरासीन्मूर्तिमध्याद् ढुण्ढिराजो महोत्कटः।
ऊचतुर्मुनिना प्रोक्तं यत् स्वरूपं महेशितुः।।३५।।

तदेतत् पुण्यनिचयैर्दृष्टं साक्षात् सुभास्वरम्।
सर्वालङ्कारसंयुक्तं मुकुटेन विराजितम् ।।३६।।

दशबाहुधरञ्चारुनेत्रपङ्कजशोभितम्।
अनर्घ्यरत्नमुक्तानां बिभ्रद् दाम महत्तरम्।।३७।।

पीताम्बरयुतं दन्तविराजितमनुत्तमम्।
दृष्ट्वैवं परमं रूपं मग्नावानन्दसागरे।।३८।।

विस्मृतौ पूजनं कर्तुं नमस्कारञ्च तावुभौ ।
उवाच भगवान् देवो वरं वरय सुव्रते ।।३९।।

सुप्रसन्नः प्रदास्यामि यत् ते मनसि वर्तते ।
मुक्ताफलैर्न रत्नैश्च द्रव्यैर्नानाविधैरहम् ।।४०।।

प्रीतो यथा शमीपत्रैर्मन्दारैरपि शोभने !

अनेक थरि मणि र रत्नले सम्पन्न, मोतीका हारले अलङ्कृत, दक्षिणाका लागि निवेदन गरिएका रत्नहरूले शोभायमान, भगवान् श्रीगणेशका मन्दिरको दर्शन गरिन् । गर्भगृहमा गएर धेरै पटक प्रयास गर्दा पनि ढुण्ढिराजको अनुहार हेर्न पाइनन्। यसकारण उनको मनमा चिन्ता पऱ्यो।।२७-३०।। उनले भनिन्- 'म अकिञ्चन छु, मैले के निवेदन गरूँ ? मानिसहरूले पूजाका सामग्री तयार गरेका छन्, मसँग केही पनि छैन।' यस्तो तर्क गरिरहेकी कीर्तिले बाटोमा आउँदा टिपेका दूबो र शमीसहित धतुराका फूलहरूद्वारा परम भक्तिले पूजा गरी पुत्रको उदयको कामना गरिन्। शमीको पात, धतुराको फूल र दूर्वाङ्कुर समर्पण गरेर जति छिटो भगवान् प्रसन्न हुनुहुन्छ त्यति अन्य वस्तुहरू चढाएर हुनुहुन्न । त्यसकारण महारानी कीर्तिले श्रद्धापूर्वक धतुरो, दूबो र शमी चढाउँदा भगवान् श्रीगणेश प्रसन्न हुनुभयो। त्यहाँ रहेका अनेक भक्तहरू आ-आफ्ना घरमा गए । तर ती आमा-छोरा भने त्यहीं नै बसिरहे। निराहार बसेर भगवान्को आराधना गरेका कारण ती दुबैप्रति भगवान् प्रसन्न हुनुभयो ।।३१-३४।। तिनको भक्तिले प्रसन्न हुनुभएका भगवान् ढुण्ढिराज आफ्नै मूर्तिबाट प्रत्यक्ष देखिनुभयो। ती आमा-छोराले भने - 'भगवान् श्रीगणेशका स्वरूपका विषयमा गृत्समद ऋषिले जसरी हामीलाई उपदेश दिनुभएको थियो त्यही स्वरूप आज हामीले पुण्यका प्रतापबाट दर्शन गर्न पायौं। यो स्वरूप निर्मल प्रकाशले उज्ज्वल छ र सबै प्रकारका अलङ्कारहरूबाट अलङ्कृत छ। शिरमा मुकुट रहेका कारण अत्यन्त सुहाएको छ। यस मूर्तिमा दश हातहरूका साथै मनोहर नयनहरू छन् । बहुमूल्य रत्न र मोतीको मालाद्वारा विभूषित यो स्वरूप पीताम्बर र एकदन्तले शोभायमान छ।' यसरी वर्णन गर्दै भगवान् गणेशको दिव्यरूप साक्षात्कार गरेर ती आमा-छोरा आनन्दको सागरमा डुबुल्की मार्न थाले।।३५-३८।। गणेशको भक्तिमा डुबेर भावविह्वल भएका ती दुबैले भगवान्लाई नमस्कार र पूजा गर्न पनि बिर्से। त्यस बेला भगवान् ढुण्ढिराजले भन्नुभयो- 'हे पतिव्रता नारी! वरदान माग, म प्रसन्न भएको छु। तिमीले चिताएका कुरा पुऱ्याउँनेछु । म मोती, रत्न र बहुमूल्य पदार्थ अर्पण गरेर त्यति प्रसन्न हुँदिनँ जति शमीपत्र र धतुरो चढाउँदा प्रसन्न हुन्छु।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवमाकर्ण्य तद्वाक्यं कीर्तिस्तोषमियात् परम्।।४१।।

देहभावं समासाद्य जगाद द्विरदाननम्।
किं स्त्रिया वचनं कार्यं सर्वज्ञे सर्वरूपिणि।।४२।।

आज्ञयाऽथ तथाऽप्यूचे सान्निध्याल्लब्धबोधया।

कीर्तिरुवाच

निष्कलो निरहङ्कारो निर्गुणोऽसि जगत्प्रभुः।।४३।।

पूर्णानन्दः परानन्दः पुराणश्च परात्परः।

दिक्पालरूपी सोमार्कसरित्सागररूपवान्।।४४।।

त्वमेव पृथिवी वायुराकाशस्तेज एव च।

जलं तथाऽन्तरिक्षञ्च गन्धर्वोरगराक्षसाः।।४५।।

चराचरस्वरूपस्त्वं दीनानाथकृपानिधिः।

विनायकादिरूपेण व्यक्तिं प्राप्तोऽसि साम्प्रतम्।।४६।।

अद्य मे नयने धन्ये जन्म भर्ता सुतोऽप्ययम्।
पितरौ च कुलं शीलं रूपं ज्ञानं तपोऽपि च।।४७।।

जन्मान्तरीयपुण्येन दृष्टः क्षिप्रप्रसादनः

तवैव चाज्ञया देव स्थापिताऽस्य तवाभिधा।।४८।।

सपत्न्याऽस्य विषं दत्तं मृत उत्थापितः पुनः।

गृत्समदेन मुनिना तव भक्त्यैव विश्वराट्।।४९।।

शमीपत्रैश्च पूजा ते कथिता तव लब्धये।

मुनिप्रभावाद् दृष्टोऽसि तापत्रयनिवारण।।५०।।

ब्रह्माजीले भन्नुभयो – श्रीगणेशका यस्ता कुरा सुनेर कीर्ति अत्यन्त सन्तुष्ट भइन्।।३९–४१।। तिनले देहभावमा आएर भगवान् गणेशको प्रार्थना गर्दै भनिन् – 'हजुर सर्वज्ञ हुनुहुन्छ र सर्वरूप पनि हुनुहुन्छ। म नारी जातिका यी वचनले हजुरको के विशेषता बताउन सक्छु ? तैपनि हजुरको आज्ञा पाएर नजिकमा रहन पाउँदा केही ज्ञान पनि पाएकी छु। त्यस कारण म केही कुरा निवेदन गर्दछु।'

कीर्तिले भनिन् – 'हे भगवन् ढुण्ढिराज! हजुर कलारहित हुनुहुन्छ र अहङ्काररहित पनि। हजुर निर्गुण हुनुहुन्छ र जगत्का स्वामी पनि हुनुहुन्छ ।।४२–४३।। हे प्रभु ! हजुर पूर्णानन्द, परानन्द र पुराणपुरुष पनि हुनुहुन्छ। हजुरको स्वरूप भन्नु नै परात्पर स्वरूप हो। हजुर दिक्पाल, सूर्य–चन्द्र र नदी–सागरका स्वरूपमा सुहाउनुहुन्छ। हजुर पृथिवी, वायु र आकाशका साथै तेजको रूपमा पनि हुनुहुन्छ। पानी, धर्ती, गन्धर्व, नाग, राक्षस यी सबै हजुरका रूप हुन्। हजुर चर र अचर रूपमा विराजमान हुनुहुन्छ। हजुर दीनदुःखीका स्वामी र कृपाका सागर पनि हुनुहुन्छ। हजुर विनायक, मयूरेश, महोत्कट, विकट र ढुण्ढिराज आदि नामबाट अहिले प्रकट हुनुभएको छ।।४४–४६।। हजुरको दर्शन पाएर आज मेरा आँखा धन्य भएका छन् र मेरो जन्म अत्यन्त सफल भएको छ। मेरा पति भाग्यवान् हुनुभएको छ र यो छोरा पनि अत्यन्त सौभाग्यशाली बनेको छ। मलाई जन्म दिने आमा–बाबु, कुल, शील, रूप, ज्ञान र तपस्या पनि आज सफल भएका छन्।।४७।। जन्म–जन्मान्तरमा गरेका पुण्यका प्रतापले आज छिटै प्रसन्न हुनुहुने देवता क्षिप्रप्रसादनको मैले दर्शन पाएँ। हजुरकै आज्ञाले मैले मेरा यस पुत्रको नाम पनि क्षिप्रप्रसादन राखेकी छु ।।४८।। मेरो छोरा चार वर्षको हुँदा मेरी सौताले यसलाई विषपान गराइन्। हे विश्वराट् ! यो छोरा मर्‍यो, तर हजुरका भक्त गृत्समद मुनिले मरेको छोरालाई पनि बचाइ–दिनुभयो।।४९।। गृत्समद मुनिले हजुरको दर्शन प्राप्त गर्नका लागि शमीपत्र चढाएर पूजा गर्नुपर्छ भन्नुभएको थियो। मैले आज त्यसै गरें। हे प्रभु! मुनिको प्रतापबाट आज मैले आधिभौतिक, आधिदैविक र आध्यात्मिक गरी तीन प्रकारका तापहरूको नाश गर्नुहुने हजुरको दर्शन पाएँ। यदि हजुर प्रसन्न हुनुहुन्छ भने हे नाथ !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसन्नश्चेद् देहि नाथ ! भक्तिं मम सुतस्य ते ।
त्रैलोक्येऽपि यशश्चाग्र्यं राज्ये निःसङ्गवृत्तिताम्।।५१।।

दीर्घायुः सद्‌गुणग्रामं बलं कीर्तिं सुखं क्षमाम्।
विजयं सर्वसंग्रामे द्विजे देवे रतिं पराम्।।५२।।

ढुण्ढिरुवाच

ये ये वरास्त्वया प्रोक्तास्ते ते दत्ता मयाऽनघे ! ।
सहस्रयज्ञकर्ताऽसौ जीवन् वर्षसहस्रकम्।।५३।।

शान्तो दान्तो हि मद्भक्तो राज्यं कर्ता सुतस्तव।
चतुर्भिरप्युपायैः स वशे सर्वं करिष्यति।।५४।।

मम ध्यानं नामजपः सर्वदाऽस्य भविष्यति।
अन्ते मम स्मृतिं कृत्वा मत्स्वरूपं प्रपत्स्यते।।५५।।

क उवाच

एवं तस्यै वरान् दत्त्वा परितुष्टो विनायकः।
ददौ स्वपरशुं तस्य पर्शुबाहुरिति स्फुटम् ।।५६।।

चक्रे नाम स्वयं देवस्ततश्चान्तर्हितोऽभवत्।।५७।।

मेरो छोरालाई पनि हजुरले आफ्नो भक्ति प्रदान गर्नुहोस्, यसको कीर्ति स्वर्ग, मर्त्य, पातालमा फैलियोस्। राज्य-पालन गर्दा कसैको पक्षमा नलागेर तटस्थभावले सबैमा सर्वदर्शी भई शासन गर्ने प्रवृत्ति र सामर्थ्य प्रदान गर्नुहोस्।।५०-५१।। हे प्रभु ! हजुरले मेरा छोरालाई दीर्घायु बनाउनुहोस् । यसलाई उत्तम गुण, बल, कीर्ति, सुख, क्षमा, सम्पूर्ण सङ्ग्रामहरूमा विजय, देवता र ब्राह्मणमा भक्ति यी सबै कुराहरू प्रदान गर्नुहोस्।।५२।।'

ढुण्ढिराजले भन्नुभयो - हे कीर्ति ! तिमीले जुन जुन वरदान मागेकी छ्यौ, मैले ती सबै तिमीलाई प्रदान गर्दछु। हे निष्पाप नारी ! तिम्रा छोराले एक हजार वर्षसम्म बाँचेर एक हजार यज्ञ सम्पन्न गर्नेछन्। यी तिम्रा छोरा शान्त, इन्द्रियविजयी, राज्यका पालक र मेरा भक्त पनि हुनेछन्। यिनले आफ्नो शासनकालमा साम, दान, दण्ड, भेद यी चारै कुरा अँगालेर सम्पूर्ण संसारलाई आफ्नो वशमा तुल्याउनेछन्।।५३-५४।। यिनले सधैं मेरो ध्यान गर्नेछन् र मेरो नामजप पनि गर्नेछन्। अन्तमा मलाई संझदै मेरै रूपमा प्राप्त हुनेछन्।।५५।।

ब्रह्माजीले भन्नुभयो- प्रसन्न हुनुभएका भगवान् ढुण्ढिराजले यसरी कीर्तिका छोरालाई वरदान दिएर आफ्नो परशु (बञ्चरो) पनि दिनुभयो। पछि उहाँले ती राजकुमारको नाम परशुबाहु पनि राख्नुभयो। त्यसपछि भगवान् श्रीगणेश अन्तर्धान हुनुभयो।।५६-५७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कीर्तेर्वरप्रदानं नामाष्टचत्वारिंशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'रानी कीर्तिलाई वरप्राप्ति' शीर्षकान्वित अठ्चालीसौं अध्याय पूर्ण भयो ।।४८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनपञ्चाशोऽध्यायः { ४९ अध्याय }

क उवाच

एवं लब्धवरा कीर्तिः शेषां रात्रिं निनाय च ।
उषः स्नात्वा प्रपूज्याशु मूर्तिं पुत्रयुता ययौ ।।१।।

हर्षिता दुःखिता देवविरहान्नगरं स्वकम् ।
नानाध्वजपताकाभिः सेकैर्धूपैरलङ्कृतम् ।।२।।

ढुण्ढिनाम जपन्तौ तौ नृपपत्नीसुतावुभौ।
ज्ञात्वागतौ नृयानेन सेनया वाद्यनिस्वनैः ।।३।।

आनिन्ये नगरं कर्णपुरं नाम्ना सुविश्रुतम् ।
मूर्ध्न्याघ्रायाशु तनयं सष्वजे परमादरात् ।।४।।

उवाच परमप्रीतो हर्षगद्गदया गिरा ।
क्षिप्रप्रसादन ! सुत ! श्रान्तोऽसि बहुवासरम् ।।५।।

दृष्ट्वा त्वां परमाह्लादं प्राप्तौ लब्ध्वा सुधामिव ।
विससर्जाखिलाँस्लोकान् दत्त्वा वस्त्राणि दक्षिणाः ।।६।।

कीर्तिश्च स नृपः पश्चात्परस्परमथोचतुः ।
साऽपि सर्वं नृपायास्मै वृत्तान्तं संन्यवेदयत् ।।७।।

परस्परालिङ्गनचुम्बनानि
हास्यं विनोदं परिचक्रतुस्तौ ।
ताम्बूलविच्छेदमपि प्रहर्षात्
कामस्य युद्धं निरपत्रपौ च ।।८।।

ततः कतिपयाहस्सु ज्ञात्वा पुत्रं गुणाकरम् ।
विनीतं सर्वधर्मज्ञं नीतिशास्त्रविशारदम् ।।९।।

अभिषेचनसम्भारान् कृत्वाहूय वरान् द्विजान् ।
सुहृदः सर्वराजन्यानभिषेकं सुते ददौ ।।१०।।

शुभे मुहूर्ते सल्लग्ने सप्तेष्टग्रहसंयुते ।
कृत्वाऽऽभ्युदयिकं श्राद्धं स्वस्तिवाचनपूर्वकम् ।।११।।

नानाद्रव्ययुतैस्तोयैरभिषेकमकारयत् ।
नदत्सु सर्वतुर्येषु ऋग्यजुस्साममन्त्रतः ।।१२।।

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशबाट वरदान पाएकी कीर्तिले त्यो रात आनन्दपूर्वक बिताइन् । बिहान उठी स्नान गरेर छिट्टै छोरालाई साथमा लिई भगवान् श्रीगणेशको पूजा गरेर आफ्नो नगरतर्फ लागिन् ।।१।। वरदान पाएका कारण ती रानी त्यसबेला खुसी थिइन् । भगवान्को मन्दिर छाडेर आफ्नो नगर जानुपरेकोमा दुःखी पनि थिइन् । ढुण्ढिराजको नामजप गरिरहेका ती आमा-छोरा अनेक थरि ध्वजापताका, जलको सिञ्चन र सुगन्धसेचनबाट रमणीय बनेको नगरमा पुगे ।।२।। ती आमा-छोरालाई आएको जानेर राजाले मनुष्यवाहन लिन पठाए र बाजागाजाका साथ कर्णपुरनामक नगरमा भित्र्याए । आफ्ना छोराको शिरमा सुघेर श्रद्धापूर्वक आलिङ्गन गरे ।।३-४।। तिनले अत्यन्त खुसी भएर हर्षले गद्गद वाणीको उच्चारण गर्दै भने- 'बाबु क्षिप्रप्रसादन ! तिमी थाकेका छौ, धेरै दिनसम्म भगवान्को आराधना गर्‍यौ, तिमीलाई देखेर मैले ठूलो आनन्द पाएको छु, मलाई त अमृतै पाएजस्तो भएको छ ।' त्यसपछि कीर्तिले पनि आफ्नो दर्शन गर्न आएका नगरवासीहरूलाई वस्त्र र दक्षिणा प्रदान गरी बिदा गरिन् ।।५-६।। त्यसपछि कीर्ति र राजाले परस्परमा कुरा गरे। ती रानीले सबै कुरा राजालाई बताइन् ।।७।। आनन्दै आनन्दमा डुबेका ती दम्पतीले आपसमा अङ्कमाल र चुम्बन पनि गर्दै हाँसो ठट्टा पनि गरे । त्यसपछि एउटाले खाएको पान अर्काले मुखले नै तानेर खानेजस्ता कामक्रीडाहरू पनि चले। त्यस अवसरमा राजारानी दुबै निर्लज्ज भएका थिए ।।८।। यसरी ती दुबैको गृहस्थजीवन आनन्दमय बन्यो। केही कालपछि राजाले आफ्ना छोरा क्षिप्रप्रसादनलाई गुणी, नम्र, धर्मात्मा एवं नीतिशास्त्रमा विद्वान् भएको जानेर राज्याभिषेकका सामग्रीहरू जम्मा गरी उत्तम ब्राह्मण, मित्र र अन्य राजाहरूलाई समेत जुटाएर छोराको राज्याभिषेक आरम्भ गरे ।।९-१०।। उत्तम मुहूर्त र उत्तम लग्नमा सातवटै ग्रह राम्रा भावमा भएको बेला स्वस्तिवाचनपूर्वक आभ्युदयिक श्राद्ध गरी विभिन्न तीर्थबाट ल्याइएका उत्तम द्रव्यले सम्पन्न जलद्वारा अभिषेक गरियो । त्यस बेला अनेक थरि बाजा बजिरहेका थिए । ऋग्वेद, यजुर्वेद र सामवेदका मन्त्रबाट त्यो अभिषेक सम्पन्न भयो ।।११-१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तोष्य ब्राह्मणानन्यान् दक्षिणारत्नदानतः ।
स्वयञ्च वनवासीयदीक्षां गृह्य च पृच्छ्य च ।।१३।।

विससर्जाखिलान् राजा निजसाधनसंस्थितः ।
ततः परशुबाहुः स प्रशशास महीमिमाम् ।।१४।।

धर्मशास्त्रीयनीत्या च त्यागेन यश आर्जयत् ।
विख्यातस्त्रिषु लोकेषु पराक्रमबलादभूत् ।।१५।।

मन्दारमूर्तिं ढुण्ढेः स कृत्वा कण्ठे दधार ह ।
शमीं दूर्वां विना पूजां न करोति कदाचन ।।१६।।

नानाभोगान् स्त्रियो नैका बुभुजे धर्मतस्तु सः ।
उत्पाद्य पुत्रान् दानानि दत्त्वा वर्षसहस्त्रकम् ।।१७।।

चकार राज्यं पश्चात् तत्पुत्रे न्यस्य दिवं ययौ ।
कल्पाननेकान् स्वर्गे स स्थितो ढुण्ढिस्वरूपवान् ।।१८।।

मुनिरुवाच

एवं शम्याः प्रभावस्ते सङ्क्षेपेण निरूपितः ।
तत्पूजनस्य पुण्यञ्च मन्दारस्य प्रसङ्गतः ।।१९।।

तस्मात् त्वयाऽपि पूज्योऽहं शमीमन्दारतो मुने !
भक्त्या समर्पितं पुष्पं पत्रमिष्टं सुधायते ।।२०।।

निषिद्धपत्रपुष्पादि समर्प्य नरकं व्रजेत् ।
यस्य यद् दैवतं मुख्यं तदिष्टमितरेषु वा ।।२१।।

समर्पयन्नभेदेन भक्तो दोषं न चाप्नुयात् ।
एवं पञ्चापि सम्पूज्य देवाँस्तत्परतामियात् ।।२२।

सात्त्विको लीयते देवे राजसस्तु सरूपताम् ।
उभाभ्याञ्चैव सान्निध्यं तामसस्तु सलोकताम् ।।२३।।

प्राप्नुयाद् भजमानस्तु त्रेधा भक्तिर्न वै वृथा ।

अभिषेकका कार्य सबै सकेपछि राजाले दक्षिणा र रत्न दिएर ब्राह्मणहरूलाई सन्तुष्ट गराए । आफूले वनवासका लागि उपयुक्त दीक्षा ग्रहण गरी सबैसँग आज्ञा लिएर आएका सबै परपाहुनाहरूलाई बिदा गरेर आफ्नो साधनामा लागे । त्यसपछि परशुबाहुले यस धर्तीमा धर्मशास्त्रको नीतिअनुसार त्यागपूर्वक शासन गरेर ठूलो यश कमाए। ती परशुबाहु आफ्नो पराक्रमका कारण तीनै लोकमा प्रख्यात भए ।।१३-१५।। तिनले मन्दारवृक्षको काठबाट ढुण्ढिराज श्रीगणेशको मूर्ति बनाएर घाँटीमा धारण गरे। तिनले श्रीगणेशको पूजा गर्दा शमीपत्र र दूर्वाङ्कुर कहिल्यै पनि छुटाएनन् ।।१६।। आफ्नो शासनकालमा परशुबाहुले धर्मपूर्वक अनेक भोगहरू भोगे र अनेक रानीहरूसँग सहवास पनि गरे । असल छोराहरू जन्माएर धर्मपूर्वक उत्तम दान गर्दै एक हजारवर्षसम्म राज्य गरे। त्यसपछि आफ्नो राज्य छोराहरूलाई सुम्पेर स्वर्ग गए । अनेक कल्पसम्म ती राजा ढुण्ढिराजको स्वरूप धारण गरी स्वर्गमा विराजमान भएर रहे ।।१७-१८।।

मुनिले भने - 'यसरी मैले तपाईंलाई शमीपत्रको महिमा बताएँ । मन्दारको वर्णनको प्रसङ्गमा शमीपत्रबाट गरिने पूजाको महिमा पनि बताएँ ।।१९।। मलाई कुनै दिन भगवान् गणेशबाट आज्ञा भएको थियो - 'तपाईंले मेरो पूजा शमीपत्र र मन्दारपत्र चढाएर गर्नुपर्दछ । भक्तिपूर्वक समर्पण गरिएको पत्र र पुष्पले मीठो अमृतको काम गर्दछ ।।२०।। जसले अर्पण गर्न नहुने पुष्प र पत्र अर्पण गर्छ त्यसलाई नरक जानुपर्छ । जसका जुन इष्टदेवता छन् तिनलाई प्रधान मानेर अथवा तिनमा र ममा अभेददृष्टि राखेर मेरो पूजा गर्ने भक्तलाई कुनै अपराध लाग्दैन । यसरी श्रीगणेश, शिव, विष्णु, सूर्यनारायण, देवी आदि देवताहरूको पूजा गर्दा आफ्नो इष्टदेवतालाई प्रधान मानेर अरूलाई प्रधान देवताकै रूपमा समान श्रद्धा व्यक्त गर्दै पूजा गरेपछि त्यो भक्त ती देवताका स्वरूपमा परिणत हुन्छ ।।२१-२२।। सात्त्विक-भावनाले पूजा गर्ने मानिस भगवान् श्रीगणेशमै लीन हुन्छ । राजसी भक्तले भगवान्को समान स्वरूप पाउँछ । दुबै भक्तहरू मेरो नजिकमा बस्न पाउँछन् । तामसी भक्त भने मेरो लोकमा जान मात्र पाउँछ ।।२३।। फल जे जति अन्तर भए तापनि यी तीन प्रकारका भक्तहरूले गरेको भक्ति खेर जाँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यास उवाच

विनायकस्य को लोकः कस्मिँल्लोके च तिष्ठति ।।२४।।

एतं मे संशयं ब्रह्मन् ! छेत्तुमर्हसि साम्प्रतम् ।
कमन्यं परिपृच्छामि सर्वज्ञं त्वां विहाय भोः ।।२५।।

ब्रह्मोवाच

मयाऽपि नारदायोक्तो मुद्गलाय च तेन च ।
काशिराजाय चाख्यातो लोको वैनायकः शुभः ।।२६।।

सकामदायिनीशक्त्या तेनैव निर्मितः पुरा ।
निजलोकेतिनामास्य स्वयञ्चक्रे विनायकः ।।२७।।

काशिराजो विमानस्थो दृष्टवाँश्चर्मचक्षुषा ।
यं प्राप्य न दुःखं द्वन्द्वं प्राप्नुते स्त्री पुमानपि ।।२८।।

ब्राह्मं कल्पञ्च वसति ज्योतिरूपं समाप्य च ।
इक्षुसागरसम्भोगं लभते तत्र यः स्थितः ।।२९।।

महाप्रलयवेलायां तिष्ठत्येवाविनाशि यत् ।
तत्पीठं तस्य देवस्य निद्रास्थानं सनातनम् ।।३०।।

सेवेते सिद्धिबुद्धी तं सामवेदस्तु गायति ।
कल्पवृक्षो यच्छति तत् कल्पितं मनुजेन यत् ।।३१।।

अकल्पिताः सम्पदोऽत्र जायन्ते तत्प्रभावतः ।
मयैव वर्णिताः सर्वे देवलोका अनेकशः ।।३२।।

गणेशनिजलोकस्य शक्तिर्नो मम वर्णने ।
सङ्क्षेपेण ततोऽख्यायि किमन्यच्छ्रोतुमिच्छसि ।।३३।।

व्यासले भन्नुभयो – हे ब्रह्माजी ! भगवान् श्रीगणेशको धाम कुन लोकमा रहेको छ ? मेरो यस संशयलाई हजुरले छेदन गर्नुहोस् । हजुर सर्वज्ञ हुनुहुन्छ । तसर्थ हजुरलाई छाडेर कसलाई सोधूँ ?

ब्रह्माजीले भन्नुभयो – हे व्यास ! तिम्रा यस प्रश्नको उत्तर एक दिन मैले नारदजीलाई दिएको थिएँ । नारदजीले मुद्गल ऋषिलाई दिएका थिए । मुद्गल ऋषिले काशिराजलाई दिए । विनायकको त्यो लोक भगवान् गणेशको सकामदायिनी शक्तिद्वारा निर्मित भएको छ । त्यस लोकको निर्माण गरेपछि भगवान् गणेशले आफ्नै नामबाट त्यसको विनायकलोक भनी नामकरण गर्नुभएको थियो ।।२४-२७।। भगवान् गणेशको कृपाले गणेशधाममा जाने विमानमा सवार भएका काशिराजले आफ्ना चर्मचक्षुले विनायकलोकको दर्शन गर्न पाएका थिए। जुन लोकको दर्शन गरेपछि कुनै पनि नारी अथवा पुरुषले दुःख र संघर्ष व्यहोर्नु पर्दैन ।।२८।। ब्रह्माजीको एक कल्पसम्म त्यो भक्त त्यहाँ ज्योतिर्मय रूपमा निवास गर्दछ । त्यहाँको भोग समाप्त भएपछि त्यसले इक्षुसागरमा गएर भोग गर्छ ।।२९।। त्यो गणेशधाम महाप्रलयको बेला पनि अविनाशी रूपमा रहन्छ। त्यो धाम भगवान् श्रीगणेशको सनातन विश्रामस्थान हो ।।३०।। सिद्धि र बुद्धिले त्यहाँ रहेर सधैं श्रीगणेशको सेवा गरिरहेका हुन्छन् । सामवेदले पनि सामगानद्वारा भगवान् गणेशको आराधना गरिरहेको हुन्छ । त्यस धाममा पुग्ने भक्तलाई कल्पवृक्षले पनि चिताएका कुरा प्रदान गर्दछन् ।।३१।। त्यहाँ पुग्ने भक्तले भगवान् श्रीगणेशको प्रभावबाट अकल्पनीय समृद्धि र आनन्दको भोग गर्दछ । मैले नै अनेक थरि देवलोकहरूको बयान गरेको छु, तर श्रीगणेशको दिव्यधामको वर्णन गर्ने मेरो शक्ति छैन । अतएव मैले सङ्क्षेपमा वर्णन गरें । अब अरू तिमी के सुन्न चाहन्छौ भन ? ।।३२-३३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे शमीमन्दारसमर्पणजनितफलवर्णनं नामैकोनपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शमीपत्र र मन्दारपत्र समर्पण गरी पूजन गर्दा प्राप्तव्य फलको निरूपण' शीर्षकान्वित उनान्पचासौं अध्याय पूर्ण भयो ।।४९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चाशोऽध्यायः

मुनिरुवाच

कथञ्च काशिराजेन प्राप्तं तत् स्थानमुत्तमम् ।
मुद्‌गलस्योपदेशेन तन्मे शंसितुमर्हसि ।।१।।

क उवाच

तीर्थयात्राप्रसङ्गेन मुद्‌गलस्तं नृपं ययौ ।
स पूजयित्वा पप्रच्छ सर्वज्ञं तं मुनिं नृपः ।।२।।

नृप उवाच

विनायकस्य लोकः कः प्राप्यते स कथं मया ।

मुनिरुवाच

स्वानन्दभुवनेत्येवं निजलोकेति च द्वयम् ।।३।।
वैनायकस्य लोकस्य विख्यातं नाम वर्तते ।
उत्पत्स्येते यदा दैत्यौ देवान्तकनरान्तकौ ।।४।।
विनायकोऽपि तौ हन्तुं मानुषेऽवतरिष्यति।
स तु बालकरूपेण लीला अद्‌भुतविक्रमाः ।।५।।
करिष्यति नृलोकेऽस्मिन्स्वेच्छाचारी महाबलः ।
शुक्लस्य भक्तियुक्तस्य दरिद्रस्य गृहे यदा ।।६।।
भुक्त्वा दत्त्वाऽमोघलक्ष्मीं शुक्लायेन्द्रस्य दुर्लभाम् ।
विवाहार्थं समानीतो दर्शयिष्यति पौरुषम् ।।७।।
यदा ते गृहमागच्छेत् तदा तद्‌भक्तितो नृप ।
काशिराज महाबाहो निजलोकमवाप्स्यसि ।।८।।

क उवाच

एवमुक्त्वा गते तस्मिन् काशिराजो महामतिः ।
गणेशभक्तिं कुर्वाणः कालाकाङ्क्षी बभूव ह ।।९।।
ततो बहुतिथे कालेऽवतीर्णोऽसौ विनायकः ।
कश्यपस्य गृहे यो वै लीलाविग्रहवान् विभुः ।।१०।।

{ ५० अध्याय }

व्यासले भन्नुभयो - काशिराजले मुद्‌गल ऋषिको उपदेशबाट भगवान् श्रीगणेशको धाम कसरी प्राप्त गरे ? मलाई त्यो कुरा बताउनुहोस् ? ।।१।।

ब्रह्माजीले भन्नुभयो - एक पटक मुद्‌गल ऋषि तीर्थयात्राको प्रसङ्गले काशिराजको दरबारमा पुगेका थिए। ती काशिराजले सर्वज्ञ ऋषि मुद्‌गललाई सम्मान गरेर सोधे ।।२।।

राजाले भने - हे मुद्‌गल ऋषि ! विनायकलोक कस्तो छ ? र त्यसलाई म कसरी प्राप्त गर्न सक्छु ?

मुद्‌गलले भने - हे राजन् ! विनायकलोकका स्वानन्दभुवन र निजलोक यी दुई नाम हुन्।।३।। विनायकलोकको नाम र महिमा विख्यात छ । धर्तीमा जब देवान्तक र नरान्तक नामका दुई दैत्य उत्पन्न हुनेछन् तिनको वध गर्न भगवान् श्रीगणेशले मनुष्यको रूपमा अवतार लिनुहुनेछ । उहाँले बालकका रूपमा रहेर अद्‌भुत लीला देखाउनु हुनेछ ।।४-५।। उहाँ यस मर्त्यलोकमा आफ्नो इच्छाअनुसार विचरण गर्ने महाबली बालकका रूपमा प्रख्यात हुनुहुनेछ । वाराणसी नजिकैमा घर बनाएर बस्ने दरिद्र शुक्लब्राह्मणको घरमा पाहुना बनेर उनले दिएका रुखा-सुखा भोजन ग्रहण गरी शुक्लब्राह्मणलाई इन्द्रले पनि नपाउने अमोघ लक्ष्मी प्रदान गरेर फर्केपछि विवाहको निम्तोमा काशी आउनु-भएका भगवान् गणेशले अपूर्व पुरुषार्थ देखाउनुहुनेछ।।६-७।। हे राजन्! जब बालकरूप भगवान् श्रीगणेश तपाइँको दरबारमा आउनुहुन्छ, त्यस बेला तपाइँले उहाँको अपूर्व भक्ति गर्नुहुनेछ। त्यस भक्तिका कारण तपाइँले श्रीगणेशको विनायकधाम प्राप्त गर्नुहुनेछ ।।८।।

ब्रह्माजीले भन्नुभयो- यति कुरा भनेर मुद्‌गल ऋषि फर्कनु-भएपछि बुद्धिमान् काशिराजले श्रीगणेशमा भक्ति गर्दै उहाँको बालकरूपमा कहिले जन्म हुन्छ र उहाँ कहिले काशी आउनुहुन्छ? भनी श्रीगणेशकै प्रतीक्षामा बसिरहे ।।९।। धेरै समयपछि कश्यप ऋषिका घरमा उहाँले मनुष्यको रूपमा अवतार लिनुभयो । त्यस बेला अद्‌भुत चमत्कार देखाउँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हता नानाविधा दैत्याः क्रीडा नानाविधाः कृताः ।
दारिद्र्यं हृतवान् सद्यः शुक्लस्यादत् गृहे तदा ।।११।।

काशिराजस्य भवनं पुनरागान्महाबलः।
हतौ महाबलौ दैत्यौ देवान्तकनरान्तकौ ।।१२।।

स्वानन्दभुवनं यातः क्षीरसागरमध्यगम् ।
काशिराजस्तु विरहाच्चिन्तयन् सर्वदा तु तम् ।।१३।।

आलिङ्गति नरं कञ्चिदयमेव विनायकः।
इति मत्वा सभामध्ये सर्वं तदात्मकं जगत् ।।१४।।

पश्यति स्म दिवा रात्रौ सोऽपि तन्मयतामियात् ।
निराहारः कदाचित् स तिष्ठति स्म नृपस्तदा ।।१५।।

ग्रासमात्रं कदाचित् स भुनक्ति च यथामति ।
कदाचिद्धसते क्वापि नृत्यति स्म नृपस्तदा ।।१६।।

निद्राति बहुकालं तं पश्यन् स्वप्ने विनायकम् ।
एवं नृपे स्थितेऽमात्याश्चिन्तामापुः सुदारुणाम् ।।१७।।

यदि लोका विजानीयुः परचक्रं पतेत् तदा ।
एवं चिन्तयतां तेषाममात्यानां नृपालये ।।१८।।

तदैव मुद्‌गलो ध्यानं विसृज्य नृपतिं ययौ ।
तद्दर्शनप्राप्तबोधः प्रणनाम नृपो मुनिम् ।।१९।।

उपवेश्यासनं पश्चात् सम्पूज्य च यथाविधि ।
बद्धाञ्जलिरुवाचाथ धन्यो वंशो जनुर्मम ।।२०।।

पितरौ मन्दिरं नेत्रे धन्ये त्वद्दर्शनान्मुने !
यत्प्रसादात्परं स्थानं संसारतारणं नृणाम् ।।२१।।

उहाँले अनेक थरि दैत्यहरूको वध गर्नुभयो र अनेक बाललीला पनि देखाउनुभयो। शुक्लब्राह्मणका घर गई भोजन ग्रहण गरेर तिनको दरिद्रता नाश गर्नुभयो।।१०-११।। त्यसपछि उहाँ फेरि काशिराजकै दरबारमा आउनुभयो । उहाँले आफ्नै प्रतापबाट देवान्तक र नरान्तकनामक दैत्यहरूको वध गर्नुभयो। दैत्यहरूको वधपछि भगवान् श्रीगणेश क्षीरसागरको माझमा रहेको स्वानन्द-भुवनमा आउनुभयो । यता काशिराज श्रीगणेशको विरहबाट व्याकुल भए । ती दिन-रात, सपना-विपना र सुख-दुःख सबै परिस्थितिमा श्रीगणेशको ध्यान र संझना गरिरहन्थे। कुनै मानिसलाई देख्दा यी श्रीगणेश नै हुन् कि भनी आलिङ्गन गर्न पुग्थे । राजसभामा बस्दा पनि सभासद्‌हरूलाई गणेश मानेर व्यवहार गर्थे ।।१२-१३।। उनका लागि संसार गणेशमय बनेको थियो। यति तन्मय थिए कि त्यसको कुनै दृष्टान्त दिन सकिंदैन। उनी तन्मय भएर रात र दिनमा देखिने सबै दृश्यहरूमा श्रीगणेशकै अनुहार हेरिरहेका हुन्थे। कहिले हे भगवन् श्रीगणेश! तपाईंले कति बेला दर्शन दिनुहुन्छ भनी नखाएर बसिरहेका हुन्थे। कहिले एक गासमात्र खाएर फेरि श्रीगणेशको संझना आउँदा खान छोडिदिन्थे । कहिले श्रीगणेशको संझना हुँदा हाँसिरहन्थे। कहिले नाचिरहन्थे ।।१४-१५।। कुनै रातको सपनामा भगवान्‌को स्वरूप देख्न पाए भने धेरै बेरसम्म निदाइरहन्थे । राजाको यसरी श्रीगणेशमा तन्मयता बढेपछि अमात्यहरूले ठूलो चिन्ता गर्दै भने- 'यदि यहाँका मानिसहरूले राजाको यो अवस्था थाहा पाए भने शासनमा ठूलो विघ्न आउनेछ र परचक्री राजाहरूले आक्रमण गर्नेछन् । यस्तो स्थितिमा कसरी सुधार ल्याउने हो ?' यसरी मन्त्रीहरूले राजदरबारमा रहेर परम्पर चिन्ता गरिरहेकै समयमा ईश्वरको ध्यान गर्न छाडेर मुद्‌गल ऋषि काशिराजका समीपमा आइपुगे। मुद्‌गलको दर्शन पाएपछि चेतना प्राप्त गरेका राजाले उनलाई प्रणाम गरे ।।१६-१९।। काशिराजले मुद्‌गल ऋषिलाई आसनमा बसाएर विधिपूर्वक पूजा गरे । त्यसपछि हात जोडेर भने - 'हे मुनिवर! हजुरको दर्शनबाट मेरा वंश, जन्म, माता-पिता, घर, आँखा, सेवक र सबै पदार्थहरू धन्य भएका छन्। हजुरहरूजस्ता ब्रह्मज्ञानी ऋषिहरूको कृपाबाट मानिसहरूले संसार तर्ने ज्ञान र परम पद पाउँछन् । जसले हजुरजस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवमानान्महद् दुःखं तं त्वां पुण्येन दृष्टवान् ।
तमुवाच ततो विप्रो वाचा तस्य सुतोषितः ।।२२।।

मुनिरुवाच

त्वादृशस्तु विनीतात्मा नैव दृष्टो न च श्रुतः ।
पूजनात् परितुष्टोऽहं वाञ्छितं ते ददाम्यहम् ।।२३।।

क उवाच

तद्वाक्यपरितुष्टोऽसौ काशिराजो जगाद तम् ।
अनेनैव च देहेन स्वानन्दभुवनं मुने।।२४।।

इच्छेयञ्च चिरं तत्र स्थातुं नैव च सम्पदः ।
तत ऊचे मुद्गलोऽसौ परितुष्टस्तया गिरा ।।२५।।

अनेन जडदेहेन स्वानन्दभुवनं नृप ।
प्राप्स्यसे त्वं गणेशस्य पुनरावृत्तिवर्जितः ।।२६।।

भुक्त्वाऽन्नसम्पदः पञ्चसहस्त्रपरिवत्सरान् ।
ब्रह्मकल्पमयं कालं ततः स्वानन्दमाप्स्यसि ।।२७।।

नृप उवाच

कीदृक् स लोकः किन्नाम वद सत्यं मुने ! मम ।
केन पुण्येन गम्योऽसौ श्रुता लोका मयाऽखिलाः ।२८।।

मुद्गल उवाच

श्रुणु राजन् ! मयाऽश्रावि महिमा कपिलान्मुनेः ।
सामान्यतः सर्वलोकाः प्रसिद्धा ये श्रुतास्त्वया ।।२९।।

गहना गतिरत्यन्तमस्य लोकस्य भूपते !
दिव्यलोकेति नामास्य निजलोकेति चापरम् ।।३०।।

स कामदायिनीपीठे सन्तिष्ठति विनायकः ।
विस्तीर्णे पञ्चसहस्त्रयोजनानि महामते ।।३१।।

रत्नकाञ्चनभूमौ स राजते भासयन् दिशः।
स्वानन्दनामा दिव्योऽयमिक्षुसागरमध्यगः।।३२।।

मुनिहरूको अपमान गर्दछन् ती ती मानिसहरूले परम गोता पाउँछन् । हे ऋषिवर ! आज मैले हजुरलाई पुण्यले देख्न पाएँ ।' राजाको उक्त भनाइबाट सन्तुष्ट भएका ऋषिले राजालाई सम्बोधन गर्दै भने ।।२०-२२।।

मुद्गलले भने - हे राजन् ! तपाइँजस्तो नम्र स्वभावको राजा मैले कहीं देखेको छैन र सुनेको पनि छैन। तपाइँले गर्नुभएको पूजाबाट म प्रसन्न छु । के चाहनुहुन्छ भन्नुहोस्, म त्यो दिन्छु ।।२३।।

ब्रह्माजीले भन्नुभयो - मुनिको वाक्य सुनेर प्रसन्न भएका काशिराजले भने- 'हे मुद्गल ऋषि! म यसै शरीरबाट श्रीगणेशको दिव्यधाम स्वानन्दभुवनमा जान चाहन्छु ।।२४।। हे प्रभु! जान मात्र होइन त्यहाँ धेरै दिनसम्म आनन्दपूर्वक बस्न पनि चाहन्छु। मलाई सम्पत्ति-धन केही चाहिएको छैन।' त्यसपछि राजाको प्रार्थनाबाट प्रसन्न भएका मुद्गल ऋषिले भने- 'हे राजन! तपाइँ यसै मानवशरीरबाट भगवान् श्रीगणेशको स्वानन्दभुवनमा पुग्नु हुनेछ । त्यहाँबाट तपाइँलाई फर्किनुपर्ने छैन ।।२५-२६।। तर स्वानन्द-भुवनमा जानुभन्दा पहिले ब्रह्मकल्पमा पाँच हजार वर्षसम्म मर्त्यलोकका सुखभोग गरेर मात्र तपाइँ त्यहाँ पुग्नुहुनेछ ।।२७।।

काशिराजले भने- हे मुद्गल ऋषि ! त्यो विनायकलोक कस्तो छ ? त्यसको वास्तविक नाम के हो ? कुन पुण्यले त्यहाँ जान पाइन्छ ? मैले अरू लोकका विषयमा धेरै सुनेको छु तर विनायकलोकको विषयमा सुनेको छैन । हजुरले मलाई त्यसबारे जानकारी गराउनुहोस् ।।२८।।

मुद्गलले भने - हे राजन् ! मैले श्रीगणेशलोकको महिमा कपिल ऋषिबाट सुनेको हूँ । तपाइँले थाहा पाएका लोकहरू संसारमा प्रख्यात छन्, तर गणेशलोकको गति सबैका लागि दुर्लभ छ । कसैले यसलाई दिव्यलोक भन्ने गर्छन् र कसैले निजलोक पनि ।।२९-३१।। त्यस लोकमा एउटा उत्तम पीठ रहेको छ, जसको नाम सकामदायिनीपीठ हो । भगवान् गणेश त्यसै पीठमा विराजमान हुनुहुन्छ । हे बुद्धिमान् राजा ! त्यो पीठ पाँच हजार योजन अर्थात् बीस हजार कोश फैलिएको छ र रत्न एवं सुवर्णमय भूमिमा अडिएको छ । त्यसबाट निस्कने प्रकाशका धाराहरूबाट दिशाहरू प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न वेदैर्न च दानैश्च व्रतैर्यज्ञैर्जपैरपि ।
तपोभिर्विविधैश्चैव प्राप्यते नैव कर्हिचित् ।।३३।।

विनायकस्य कृपया प्राप्यते नित्यभक्तितः ।
समष्टिव्यष्टिरूपोऽत्र सदा तिष्ठति विघ्नराट् ।।३४।।

पादैः स सप्तपातालं व्याप्य शेषशिरांसि च ।
मत्स्यञ्च कमठञ्चैव श्रोत्राभ्याञ्च दिशोऽखिलाः ।।३५।।

केशैर्व्योमापि संरोध्य स्थित आधारपङ्कजे ।
भ्रूमध्येऽप्यग्निचक्रे तं द्विपत्रे ध्यायति कृती ।।३६।।

खेचरीमुद्रया युक्तो नान्यो ध्यातुं न च क्षमः ।
सहस्त्रपत्रं ब्रह्माण्डसरोजं विलसत्प्रभम्।।३७ ।।

तत्र तेजःस्वरूपोऽस्ति हृदि द्वादशपत्रकम् ।
दशपत्रं नाभिचक्रं लिङ्गे षट्पत्रकं शुभम् ।।३८।।

षोडशारं कण्ठदेशे तत्र सर्वत्र विघ्नराट् ।
तेजोरूपी दीप्यमानः सत्यलोके यथा विधिः ।।३९।।

द्वादशारं तु वैकुण्ठं तत्र विष्णुः सदा स्थितः ।
कण्ठाब्जे पञ्चवक्त्रोऽसौ कैलासे सगणो यथा ।।४०।।

सोमसूर्याग्निनेत्रोऽसौ भूमण्डलमहोदरः ।
एकविंशतिस्वर्गान् स व्याप्य चौषधिरोमवान् ।।४१।।

सरितः सागरा यस्य घर्मबिन्दुर्विभात्यसौ ।
ब्रह्माण्डे भान्ति यस्यैव ब्रह्माण्डानि तु रेणुवत् ।।४२।।

हुन्छन् । त्यसको अर्को नाम स्वानन्दभुवन पनि हो । यो भुवन इक्षुसागरका माझमा रहेको छ ।।३२।। वेदाध्ययन, दान, व्रत, यज्ञ, जप र अनेक किसिमका तपबाट पनि यो धाम कहिल्यै प्राप्त गर्न सकिंदैन । केवल श्रीगणेशमा नित्य भक्ति गर्ने मानिस मात्र गणेशको कृपाबाट त्यस धाममा जान पाउँछ । त्यहाँ भगवान् गणेश समष्टि अर्थात् विराट् स्वरूपमा र व्यष्टि अर्थात् अवतारी गणेशका रूपमा गरी दुई प्रकारले रहनुहुन्छ ।।३३-३४।। आफ्ना चरणहरूबाट शेषनागका सहस्र शिर, सप्त पाताल, महामत्स्य र कच्छपलाई व्याप्त गरेर आँखाहरूबाट सम्पूर्ण दिशा ढाकी केशहरूद्वारा आकाशलाई छोपेर आफ्नो आधारकमलमा रहनुभएका पुण्यवान् श्रीगणेशले भ्रूमध्यमा रहेको दुईपाते अग्निचक्रमा ध्यान गर्नुहुन्छ ।।३५-३६।। खेचरी मुद्राले सम्पन्न हुनुभएका श्रीगणेशले आफ्नो ध्यान प्रक्रिया अगाडि बढाउनुहुन्छ। यसरी ध्यान गर्न अन्य कुनै देवता समर्थ हुँदैनन्। एक हजार पात भएको दिव्य प्रभाले सम्पन्न ब्रह्माण्ड कमल छ, त्यसमा भगवान् गणेश तेजोरूप लिएर विराजमान हुनुहुन्छ। हृदयमा बाह्रवटा पात भएको कमल रहेको हुन्छ, नाभिचक्रमा दशवटा पात भएको कमल रहेको हुन्छ, लिङ्गमा छवटा पात भएको कमल रहेको हुन्छ, घाँटीमा सोह्रवटा पात भएको कमल रहेको हुन्छ । ती सबै कमलहरूमा भगवान् श्रीगणेश सत्यलोकमा भगवान् ब्रह्माजी ज्योतिर्मय रूपमा रहनुभएझैं तेजोमय रूप लिएर प्रकाशमान हुनुहुन्छ ।।३७-३९।। वैकुण्ठमा बाह्रपाते कमलमा भगवान् विष्णु विराजमान हुनुहुन्छ । कैलासमा कण्ठको आकृति भएको कमलमा पञ्चमुख भगवान् शिव विराजमान हुनुहुन्छ ।।४०।। त्यसैगरी भगवान् गणेश पनि विनायकलोकमा विराजमान हुनुहुन्छ। विराट्रूप लिनुहुने श्रीगणेशको स्वरूप विचित्र हुने गर्दछ । उहाँका आँखाका रूपमा सूर्य, चन्द्रमा र अग्निदेवता रहेका छन् । मानिसको दृष्टिमा आउने भूमण्डलसमान विशाल उहाँको पेट छ। एक्काइसवटा स्वर्गहरूलाई अर्थात् सात भूस्वर्ग, सात पातालस्वर्ग र सात अन्तरिक्षस्वर्ग व्याप्त गरेर रहनुहुने भगवान् गणेशका रोमहरू वनस्पति र वृक्ष नै हुन् । नदी र सागर उहाँका पसिनाका थोपा हुन् । उहाँको रोमका प्वाल-प्वालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयस्त्रिंशत्कोटिदेवा जीवा ये च सहस्त्रशः ।
औदुम्बरगता भान्ति मशका इव तद्गताः ।।४३।।

रचनां तस्य लोकस्य सङ्क्षेपेण ब्रुवे नृप !
तुङ्गं यन्मेरुशिखरं तत्कैलासशिरस्पृहम् ।।४४।

सहस्त्रयोजनं शून्यमगम्यं मुनिपुङ्गवैः ।
तत्र एका शक्तिरुच्चैर्भ्रामिका नाम नामतः ।।४५।।

यत्समन्ताद् भ्रमन्त्येव भ्रमराः शुभ्र एव च ।
पद्मासनगताधारशक्तिस्तन्मस्तके स्थिता ।।४६।।

चामीकरनिभा या तन्मस्तके कामदायिनी ।
कोटिसूर्यनिभा तस्या मूर्ध्नि पीठं महत्तरम् ।।४७।।

विकरालं जटाभारं बिभ्रती वदनं तथा ।
सहस्त्रसूर्यसङ्काशा भासयन्ती दिशो दश ।।४८।।

विस्तीर्णं दशसहस्त्रयोजनं तावदायतम् ।
असङ्ख्यसूर्यसङ्काशं तन्मध्ये योजनायतम् ।।४९।।

स्वानन्दभुवनं भाति यत्र काञ्चनरत्नजाः ।
असङ्ख्याता गृहा भान्ति भास्वरा गजमौक्तिकाः ।।५०।।

तस्यैव कृपया प्राप्यो दुःखमोहविवर्जितः ।
तदुत्तरे भाति पर इक्षुसागर एव तु ।।५१।।

सहस्त्रपत्रसंयुक्ता तन्मध्ये पद्मिनी शुभा ।
सहस्त्रपत्रं कमलं तस्यां भाति यथा शशी ।।५२।।

तत्कर्णिकागतस्तल्पो रत्नकाञ्चननिर्मितः ।
दिव्याम्बरयुतः शेते नृप ! तत्र विनायकः ।।५३।।

रहने ब्रह्माण्डहरूका समक्ष अन्य ब्रह्माण्डहरूको मूल्यवत्ता र परिमाण धूलो बराबर पनि हुँदैन ।।४१-४२।। भगवान्को विराट् स्वरूपमा तेत्तीसकोटि देवता र करोडौं जीवहरू डुम्रीको फलभित्र लामखुट्टे रहेजस्तै रहेका हुन्छन् ।।४३।। स्वानन्दभुवनको रचनाको विषयमा म तपाईँलाई बताउँछु । भगवान् गणेशको विराट्रूपको शिरमा मेरुपर्वतको शिखर छ । जुन शिखरले कैलास शिखरको समानता प्राप्त गरेको छ ।।४४।। त्यो भुवन एक हजार योजनसम्म फैलिएको छ र रित्तो छ । मुनिहरूले त्यसलाई सहजरूपमा प्राप्त गर्न सक्दैनन्। त्यहाँ एउटा भ्रामिकानामक शक्ति रहेको छ । त्यसका वरिपरि भँमराहरू घुमिरहेका हुन्छन् । ब्रह्माजीको आधारशक्ति त्यस लोकको उज्ज्वलमस्तक भागमा रहेको छ ।।४५-४६।। त्यो सुवर्णसमान चम्किलो र करोडौं सूर्यका कान्तिले सुहाएको छ । शिरमा जटाभार एवं विकराल मुखमण्डल धारण गर्ने हजार सूर्यझैं प्रकाशमान छ र त्यसले आफ्नो प्रकाशबाट दसै दिशालाई चहकिलो तुल्याएको छ।।४७-४८।। अनन्त सूर्यसमान ज्योतिर्मय र दशहजार योजन फैलिएको पीठमा एक योजन फैलिएको स्वानन्दभुवन छ । त्यहाँ सुवर्ण र मणिबाट बनाइएका असंख्य घरहरू छन् र असंख्य हात्तीको शिरमा हुने गजमुक्ता पनि छन्। भगवान् गणेशको कृपाबाट मात्र दुःख र मोहबाट रहित भई त्यहाँ पुगेर आनन्दको साम्राज्य प्राप्त गर्न सकिन्छ । स्वानन्दभुवनको उत्तरपट्टि इक्षुसागर रहेको छ । त्यसको माझमा एउटा हजार पाते कमलको लहरा रहेको छ । त्यसमा चन्द्रमाझैं चहकिलो एक हजार पात भएको सहस्रपत्र कमल छ ।।४९-५२।। त्यस कमलको कर्णिकामा भगवान् श्रीगणेशको दिव्य शय्या तयार गरिएको छ । त्यो शय्या सुन र मणिबाट बनेको छ । त्यहाँ भगवान् गणेश दिव्य वस्त्र र गहनाले अलङ्कृत भई शयन गर्नुहुन्छ । सिद्धि र बुद्धिले वरिपरि रहेर भक्तिपूर्वक श्रीगणेशको पाउ दबाइरहेका हुन्छन् । त्यहाँ सामवेदले प्रत्यक्ष रूप धारण गरेर भगवान्को गुणगान गरिरहेका हुन्छन् । सम्पूर्ण शास्त्रहरूले पनि साकार स्वरूप धारण गरी उहाँको स्तुति गर्दछन् । पुराणहरूले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धिबुद्धी सदा तस्य पादसंवाहनं मुदा ।
कुर्वाते परया भक्त्या सामवेदस्त्रिमूर्तिमान् ।।५४।।

गानं करोति शास्त्राणि मूर्तिमन्ति स्तुवन्ति तम् ।
पुराणानि च सर्वाणि वर्णयन्त्यस्य सद्‌गुणान् ।।५५।।

बालरूपधरस्तत्र शुण्डादण्डविराजितः ।
कोमलाङ्गोऽरुणनिभो विशालाक्षो विषाणवान् ।।५६।।

मुकुटी कुण्डली राजत्कस्तूरीतिलकः स्वराट् ।
दिव्यमाल्याम्बरधरो दिव्यगन्धानुलेपनः ।।५७।।

मुक्तामणिगणोपेतं सरत्नं दाम संदधत् ।।५८।।

अनन्तकोटिसूर्यौजाश्चन्द्रार्धकृतशेखरः।
स्मरणात् पापहा सद्यः स्मृता गङ्गा यथा नृणाम् ।।५९।।

तेजोवती ज्वालिनी च शक्ती पर्यङ्कपार्श्वयोः ।
सहस्रादित्यसङ्काशे तिष्ठतो नृप ! सर्वदा ।।६०।।

न शीतं न जरा तत्र क्लमः स्वेदोऽथ तन्द्र्यपि ।
क्षुधा तृषा वा दुःखं वा न कदाचन जायते ।।६१।।

आनन्दह्रदमग्नास्ते तत्रासन् ये सुपुण्यतः ।
विश्वव्यापी बालरूपी यत्र तिष्ठति विश्ववित् ।।६२।।

मुद्‌गल उवाच

एवं ते कथितो लोको गणेशस्य यथामति ।
तस्मादनन्यभक्त्या त्वं तमेवाराधय प्रभो ।।६३।।

मूर्तरूप धारण गरेर हात जोडी भगवान्‌का गुणहरूको बयान गर्दछन् । त्यहाँ भगवान् गणेश बालकरूपमा विराजमान हुनुहुन्छ । उहाँको मुखमण्डलमा सुन्दर सूँढ रहेको छ । उहाँको शरीर अत्यन्त कोमल देखिन्छ । उहाँको कान्ति बिहानमा उदाउने सूर्यकान्तिसमान छ । उहाँका आँखा ठूला-ठूला छन् र एउटा सिङ पनि धारण गर्नुभएको छ ।।५३-५६।। भगवान् गणेशले शिरमा मुकुट र कानमा कुण्डल धारण गर्नुभएको छ । उहाँको निधारमा कस्तूरीको तिलक शोभायमान छ । उहाँ आफ्नै प्रकाशबाट प्रकाशित हुनुहुन्छ र दिव्यमाला धारण गर्नुहुन्छ। उहाँ दिव्यवस्त्र र दिव्यगन्धले सुहाउनुभएको छ । मोती, मणि आदिले युक्त रत्नमय माला धारण गर्नुहुने भगवान् श्रीगणेश अनन्तकोटि सूर्यका तेजद्वारा शोभायमान हुनुहुन्छ। उहाँको निधारमा अर्धचन्द्र चम्किरहेको छ । जसले यस्ता विलक्षण भगवान् श्रीगणेशका दिव्य स्वरूपको स्मरण गर्दछ त्यसका पापलाई उहाँले नाश गरिदिनुहुन्छ । जसरी गङ्गा नदीले आफ्नो नाम लिनासाथ नाम लिने मानिसको पापलाई नष्ट गर्दछिन् त्यसैगरी भगवान् गणेशले पनि आफ्ना भक्तका पाप नाश गर्नुहुन्छ ।।५७-५९।। भगवान् गणेश विराजमान हुनुभएको पलङ्गका वरिपरि तेजोवती र ज्वालिनीनामक शक्तिहरू रहन्छन् । ती दुबै शक्ति सर्वदा हजारौं सूर्यका तेजले चम्किरहेका हुन्छन् । भगवान्‌को स्वानन्दभुवनमा ठण्डी र गर्मीको प्रकोप हुँदैन, वृद्धावस्था कहिल्यै आउँदैन, शरीरको कान्ति नाश पनि हुँदैन, शरीरमा पसिना कहिल्यै पनि देखिंदैन, भोक-प्यासको अनुभव हुँदैन र कुनै पनि दुःखको अनुभव हुँदैन ।।६०-६१।। जुन मानिसहरू पुण्य गरेर श्रीगणेशको आराधना गरी त्यो धाममा प्राप्त हुन्छन्, ती सबै आनन्दको तलाउमा पौडिरहेका हुन्छन् । विश्वका घटनाहरू जान्ने अन्तर्यामी र विश्वव्यापी भगवान् गणेश स्वानन्दभुवनमा दिव्य बालकका रूपमा विराजमान हुनुहुन्छ ।।६२।।

मुद्‌गलले भने - हे काशिराज ! मैले तपाईँलाई आफ्नो बुद्धिअनुसार गणेशलोकको स्वरूप बताएँ । तपाईँले अनन्यभक्ति गरी भगवान् श्रीगणेशको आराधना गर्नुहोस् ।।६३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवमुक्त्वा गतः स्थानं स्वीकार्य मुद्‌गलो मुनिः ।
काशिराजो गणेशस्य भजने तत्परोऽभवत् ।।६४।।

सहस्रपञ्चवर्षाणि कृत्वा राज्यमनेन ह ।
देहेन यानमारुह्य गतः स्वानन्दधाम तत् ।।६५।।

ब्रह्माजीले भन्नुभयो – काशिराजलाई स्वानन्दभुवनको स्वरूप एवं महिमा बताएर मुद्‌गल ऋषि आफ्नो आश्रमतर्फ गए । काशिराज पनि त्यसै दिनदेखि निरन्तर भगवान् गणेशको भजनमा तल्लीन भए ।।६४।। तिनले पाँच हजारवर्षसम्म राज्यभोग गरेर भौतिक शरीर लिएर नै गणेशधाम जाने विमानमा सवार भई भगवान् श्रीगणेशको धाममा प्राप्त भए ।।६५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गणेशलोकवर्णनं नाम पञ्चाशोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशको स्वानन्दभुवन वर्णन' शीर्षकान्वित पचासौं अध्याय पूर्ण भयो ।।५०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकपञ्चाशोऽध्यायः { ५१ अध्याय }

व्यास उवाच

कथमाराधितस्तेन काशिराजेन विघ्नराट् ।
कथञ्च चर्मदेहेन गतः स्थानमनुत्तमम् ।।१।।

एतन्मे शंस भगवन् ! शृण्वँस्तृप्यामि न क्वचित् ।

क उवाच

सम्यक् शृणु महाबुद्धे ! कथां पापप्रणाशिनीम् ।।२।।

कथयामि महाबुद्धे ! इतिहासं पुरातनम् ।
यथा निर्वासनो भूपः स्वानन्दभुवनं गतः ।।३।।

महिमानं परिज्ञाय मुद्गलाज्ज्ञानसागरात् ।
कायेन मनसा वाचा गणेशे भक्तिमानभूत् ।।४।।

गोदानानि महाभक्त्या गजदानान्यनेकशः ।
रथाश्वगृहधान्यानि दशदानान्यजानपि ।।५।।

विनायकप्रीतये स ददात्येव दिने दिने ।
मिष्टान्नभोजनैर्विप्राँस्तोषयित्वा धनादिभिः ।।६।।

गणेशदृढभक्तिं स याचते स्म दिने दिने ।
माघशुक्लचतुर्थ्यां स भौमवारे शुभे दिने ।।७।।

स्नानञ्चक्र उषःकाले सन्ध्यां नित्यविधिन्तथा ।
भूषयित्वा तथात्मानं नानालङ्करणांशुकैः ।।८।।

आकार्य सकलाँल्लोकान् ब्राह्मणान् सुहृदोऽपरान् ।
पूजयामास विविधै रत्नैरंशुकसञ्चयैः ।।९।।

वारं वारं पश्यति स्म विमानागमनं नृपः ।
सभातो गन्तुकामाँस्तान्निषेधति मुहुर्मुहुः ।।१०।।

ततो विनायको ज्ञात्वा कालं तस्य महात्मनः ।
प्रेषयामास दूताभ्यां विमानं द्युतिमत्तरम् ।।११।।

व्यासले भन्नुभयो – काशिराजले भगवान् श्रीगणेशको कसरी आराधना गरे र कसरी चर्ममय शरीरका साथ श्रीगणेशको स्वानन्दभुवनमा पुगे ? ।।१।। मेरो यो संशय रहेको छ । त्यसको निवारण गर्नुहोस् । श्रीगणेशका कथा सुनेर कहिल्यै पनि मेरो मन तृप्त हुँदैन ।

ब्रह्माजीले भन्नुभयो – हे बुद्धिमान् व्यास ! राम्ररी सुन्नुहोस्। म तपाईँलाई पापनाशक कथा सुनाउँछु । जसरी काशिराज वासनामुक्त भएर स्वानन्दभुवनमा गए, यस विषयमा एउटा इतिहास रहेको छ। ज्ञानका सागर मुद्गल ऋषिबाट भगवान् श्रीगणेश र उहाँको धामका विषयमा राम्ररी जानकारी पाएर काशिराजले मन, वचन र कर्मबाट श्रीगणेशमा भक्ति गरेका थिए ।।२–४।। तिनले श्रीगणेशको आराधनाका क्रममा उत्तम भक्तिका साथ अनेक गाई र हात्तीहरूको दान गरे । तिनले रथ, घोडा, गृह, धनधान्य र दशदान पनि गरे । कुनै बेला त तिनले बोकाहरूको पनि दान गरे । ती भगवान् श्रीगणेशको प्रीतिका लागि निरन्तर दानकर्ममा निरत थिए । विभिन्न पकवान र मिठाइसमेत भोजन गराएर ब्राह्मणहरूलाई सन्तोष र तृप्ति प्रदान गरिरहेका थिए ।।५–६।। ब्राह्मणहरूसँग तिनले आशीर्वाद माग्ने क्रममा मलाई श्रीगणेशमा भक्ति दिनुहोस् भनी याचना गर्दथे । एक पटक माघ शुक्ल चतुर्थी तिथिमा मङ्गलबार परेका दिन बिहानै उठेर नित्यकर्म र सन्ध्या सम्पन्न गरी अनेक थरि वस्त्र र अलङ्कारले सजिएर आफन्त जन, ब्राह्मण र मित्रहरूलाई बोलाई तिनले अनेक रत्न र वस्त्रहरू समर्पण गरी भगवान् श्रीगणेशको पूजा गरे ।।७–९।। श्रीगणेशको विमान मलाई लिन कहिले आउँछ भनी पटक-पटक ती आकाशतिर आँखा लगाउने गर्दथे । सभाबाट बाहिर जान लागेका सभासद्हरूलाई अब म गणेशलोकमा जाँदैछु, तपाइँहरू बस्नुहोस् र मेरो गणेशधाममा प्रस्थान हुने दृश्यलाई अवलोकन गर्नुहोस् भन्ने गर्दथे । समय बितिरहेको थियो र प्रतीक्षाको धैर्यले पनि सीमा नाघ्न लागिरहेको थियो । भगवान् श्रीगणेशले काशिराजको शरीरत्यागको समय थाहा पाएर आफ्ना दूतहरूका साथ अत्यन्त ज्योतिर्मय र दिव्य विमान काशिराजलाई लिन पठाउने निधो गर्नुभयो ।।१०–११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेश उवाच

प्रमोदामोद ! गत्वा तु काशिराजं धरातले ।
मद्भक्तमत्रानय ते विमानवरमास्थितम् ।।१२।।

क उवाच

तदाज्ञां प्राप्य तं नत्वा दिवो लोकादुभौ तदा ।
दिव्यं विमानमादाय काशिराजं समीयतुः ।।१३।।

तत्तेजोधर्षिता लोका मेनिरे प्रलयानलम् ।
केचिच्च मेनिरे व्यभ्रे विद्युत्पातमिवागतम् ।।१४।।

तर्कयामासुरपरे पतन्तं रविमण्डलम् ।
घण्टानाञ्चैव तूर्याणां गन्धर्वाप्सरसां स्वनम् ।।१५।।

श्रुत्वाऽन्ये जज्ञिरे यानं गणेशकृपयागतम् ।
अङ्गणे काशिराजस्य समुत्तीर्णं श्रिया लसत् ।।१६।।

आगतौ राजनिकटे प्रमोदामोदसंज्ञकौ ।
गणौ दिव्याम्बरधरौ दिव्यभूषाविराजितौ ।।१७।।

दिव्यमाल्यानुलेपाद्यैर्दिव्यदीप्त्या स्माराविव ।
विनायकस्वरूपौ तौ नत्वा राजा निजासने ।।१८।।

उपवेश्य प्रपूज्याशु यावत् पृच्छति तौ नृपः ।
तावत् तावूचतुर्दूतौ सर्वलोकेऽथ शृण्वति ।।१९।।

शृणु राजन् ! प्रवक्ष्यामि वाक्यं वैनायकं शुभम् ।
न भक्तस्त्रिषु लोकेषु त्वत्तःप्रीतिकरो नृप! ।
त्वां ध्यायन्ति दिवारात्रं त्वद्गुणान् वदतेऽनिशम् ।।२०।।

धन्योऽसि जन्मसाफल्यं कृतं पुण्यवता त्वया ।
त्वद्दर्शनात् क्षिप्रतरं नष्टं पापं तमो महत् ।।२१।।

न जानीवस्तपः किं ते कृतं जन्मान्तरेषु च ।
परब्रह्मस्वरूपोऽयं बालरूपी विनायकः ।।२२।।

भक्तानां गृहमागत्य नानालीला अदर्शयत् ।
देवस्य देवभक्तस्य महिमा नैव गोचरः ।।२३।।

श्रीगणेशले भन्नुभयो – 'हे मेरा दूत प्रमोद एवं आमोद! तिमीहरू दुबै पृथिवीतलमा तपस्या गरिरहेका मेरा भक्त काशिराजलाई मेरो उत्तम विमानमा राखी लिएर आऊ ।।१२।।'

ब्रह्माजीले भन्नुभयो – श्रीगणेशको आज्ञा प्राप्त गरेर उहाँलाई नमस्कार गरी आमोद र प्रमोद गणेशलोकबाट दिव्य विमान साथमा लिई काशिराजका समीपमा गए ।।१३।। श्रीगणेशका दूतहरूको तेजबाट हतप्रभ भएका काशीका दरबारियाहरूले प्रलयको आगो नै बल्यो कि भन्ने भावना गरिरहेका थिए । कसैले बादल नभएको आकाशमा बिजुली चम्केझैं माने । कसैले सूर्यमण्डल नै खसेको हो कि भनी तर्क गरे । त्यस बेला घण्टाको आवाज, तुरहीको वाद्यघोष, गन्धर्व एवं अप्सराहरूको नाचगानको स्वर विमानबाट बाहिर आएको सुनेर ती मानिसहरूले श्रीगणेशको कृपाबाट काशिराजलाई लिन विमान आएको थाहा पाए । कान्तिले अत्यन्त सुहाएको त्यो विमान काशिराजको आँगनमा उत्रियो ।।१४-१६।। प्रमोद र आमोद काशिराजको नजिकमा आए । श्रीगणेशका ती दुवै दूतले दिव्य वस्त्र र आभूषण धारण गरेका थिए । तिनीहरूको शरीरमा दिव्य कान्ति छाएको थियो । अत्यन्त उत्तम माला र सुगन्धका सामग्रीहरूद्वारा वातावरणलाई सुगन्धित तुल्याउने ती दुबै कामदेवजस्ता देखिन्थे। काशिराजले भगवान् श्रीगणेशकै रूपमा रहेका ती दुबैलाई नमस्कार गरेर आसनमा बसाली पूजा गरेपछि केही सोध्न चाहिरहेका थिए, तर ती बोल्न नपाउँदै सबै मानिसहरूले सुन्ने गरी श्रीगणेशका दूत आमोद एवं प्रमोदले भने – 'हे काशिराज! तपाईँलाई हामी भगवान् श्रीगणेशको सन्देश सुनाउँदैछौं, सुन्नुहोस्– 'तीनै लोकमा तपाइँभन्दा प्यारो मेरो अर्को भक्त छैन । मैले तपाईँलाई रातदिन संझन्छु र तपाइँका गुणहरूको प्रशंसा गर्दछु। तपाइँ धन्य हुनुहुन्छ र पुण्यवान् पनि । तपाइँले मानव जीवनको पूर्ण सफलता प्राप्त गर्नुभएको छ ।' श्रीगणेशको यो सन्देश हो, तपाइँले कस्तो तपस्या गर्नुभयो हामी जान्दैनौं । तपाइँको दर्शनबाट हाम्रा पाप पनि नष्ट भएका छन् । परब्रह्मस्वरूप भगवान् श्रीगणेशले तपाइँको घरमा आएर अनेक लीला देखाउनुभयो। भगवान् श्रीगणेश र उहाँका भक्तहरूको महिमा सामान्य मानिसको बुद्धिमा आउने विषय होइन ।।१७-२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतो विनायको देवस्त्वां चिन्तयति सर्वदा ।
त्वदर्थं प्रेषितं यानं दिव्यं वैभवसंयुतम् ।।२४।।

न यावो दिव्यलोकं त्वां तदाज्ञावशवर्तिनौ ।
शीघ्रमानयतां काशिराजमित्याह नौ विभुः ।।२५।।

शृण्वत्सु सर्वलोकेषु शुश्राव स वचस्तयोः ।
अमृताब्धौ निमग्नोऽभूदानन्दाश्रु सृजन् मुहुः ।।२६।।

देहावस्थां पुनर्लब्ध्वा प्रणम्य तौ उवाच सः ।
धन्यं जन्म च पितरौ निष्ठा भक्तिश्च सम्पदा ।।२७।।

यद् दुर्लभौ मया दृष्टौ चरणौ वां शुभावहौ ।
विनायकस्वरूपेण प्राप्तौ नेतुं परं स्थलम् ।।२८।।

इक्षुसागरमध्यस्थं दुर्दर्शं चर्मचक्षुषाम् ।
यन्निर्गुणं चिदानन्दं परं ब्रह्म सनातनम् ।।२९।।

विश्वोत्पत्तिस्थितिलयहेतुभूतमगोचरम् ।
यदणुभ्योऽप्यणुतरं स्थूलात् स्थूलतरञ्च यत् ।।३०।।

सर्वत्रगमसक्तञ्च साकारं गुणभोक्तृ च ।
नानारूपमरूपञ्च भूभारहरणोद्यतम् ।।३१।।

तेन मे रङ्कभूतस्य कृपेयं महती कृता ।
इत्युक्त्वा स नमस्कृत्य सर्वानालिङ्ग्य प्रेक्ष्य च ।।३२।।

दूतावूचे त्वारुहतं प्रणिपातपुरःसरम् ।
पश्चादहं समारोक्ष्ये विमानं मर्त्यदुर्लभम् ।।३३।।

भगवान् श्रीगणेशले तपाइँको निरन्तर चिन्तन गर्नुहुन्छ । तपाइँप्रति अत्यन्त माया गरेर उहाँले दिव्य वैभवले सम्पन्न विमान पठाउनुभएको छ ।।२४।। हामी आमोद र प्रमोद दुबै भगवान् श्रीगणेशको आज्ञापालन गर्ने सेवक हौं । हामी तपाइँलाई लिन आएका छौं । अब तपाइँको जाने बेला भयो । हामी तपाइँलाई श्रीगणेशलोकमा पुर्‍याउँछौं किनकि भगवान् श्रीगणेशले छिटो गएर काशिराजलाई लिएर आओ भन्ने आज्ञा दिनुभएको छ ।।२५।। काशिराजले सभाका मानिस र परिवारका मानिसहरूको बीचमा आमोद र प्रमोदबाट यस्तो सन्देश सुनेपछि आँखाबाट हर्षका आँसु बगाउँदै आनन्दामृतको सागरमा डुबुल्की मारे । केही बेरपछि शान्त भएर केही ध्यान गरेझैं तिनले आफ्ना आँखा चिम्लिए । धेरै बेरपछि जागेर आमोद-प्रमोदलाई प्रणाम गर्दै भने – 'हे श्रीगणेशका दूतहरू ! तपाइँहरू आज आउनुभयो, मेरो जन्म धन्य भएको छ, मलाई जन्माउने माता-पिता धन्य हुनुभएको छ, मेरो श्रद्धा धन्य भएको छ, मेरो भक्ति धन्य भएको छ र मेरो सम्पत्ति धन्य भएको छ किनकि मैले संसारले दुर्लभ मानेका तपाइँहरूका चरणकमलको दर्शन पाएँ । तपाइँहरू श्रीगणेशका दूत भए पनि श्रीगणेशकै स्वरूपबाट आउनुभएको छ र मलाई परम धाममा पुर्‍याउने उद्देश्यले आउनुभएको छ । मेरा लागि तपाइँहरू श्रीगणेशसमान हुनुहुन्छ ।।२६-२८।। इक्षुसागरको बीचमा रहेका, साधारण मानिसले देख्न नपाउने, निर्गुण, चैतन्यमय, सनातन, परब्रह्मरूप, विश्वको उत्पत्ति; पालन र नाश गर्ने, सामान्य मानिसको दृष्टिमा नआउने, अणुभन्दा पनि साना, ठूला वस्तुभन्दा पनि धेरै ठूला, संसारमा व्याप्त भएर रहने, संसारमा आसक्त नहुने, साकार, निराकार, गुणको भोग गर्ने, गुणदेखि पर रहने, नाना रूपमा प्रकट हुने तर रूप नभएका, पृथिवीको भारहरण गर्न अनेक अवतार लिने भगवान् श्रीगणेशले आज ममाथि ठूलो कृपा गर्नुभएको छ ।' काशिराजले यसरी भाव व्यक्त गरेपछि त्यहाँ जम्मा भएका सबै मानिसलाई नमस्कार गरे, सबैलाई अङ्कमाल गरेर अब म बिदा हुन लागें भन्दै सबैका मुखमा हेरे ।।२९-३२।। केही बेरपछि दूतहरूलाई भने – 'तपाइँहरू विमानमा पाल्नुहोस् । तपाइँहरू सवार हुनुभएपछि मात्र म सवार हुनेछु ।' यसरी निवेदन गरेपछि काशिराजले आफ्ना मन्त्रीहरूलाई नमस्कार गरी आफ्नो छोरालाई देखाउँदै हे मन्त्रीहरू ! यो छोरा तपाइँहरूकै हो, यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमात्याभ्यां नमस्कृत्य पुत्रं दत्त्वा तयोः करे ।
प्रजानां पालनं कार्यं धर्मेण च बलेन च ।।३४।।

मुद्गलेन च तत्प्रोक्तमनुभूतमिदं मया ।
इत्युक्त्वा चर्मदेहेन रुरोह यानमुत्तमम् ।।३५।।

अधिष्ठितं तु दूताभ्यां पूजिताभ्यामनेकधा ।
आरूढस्य च तत्रास्य देहोऽभूद् रविसन्निभः ।।३६।।

दिव्यैर्गन्धैरलङ्कारैस्ताभ्यां सम्पूजितोंऽशुकैः ।
गतौ तौ वायुवेगेन दर्शयन्तौ च तं नृपम् ।।३७।।

भूतप्रेतपिशाचानां लोकं दुष्कृतकर्मणाम् ।
यत्र ते विकृताकारा ऊर्ध्वपादा अधोमुखाः ।।३८।।

पृष्ठभागमुखाः केचिन्मस्तकाक्षास्तथाऽपरे ।
हृदिनेत्राः पृष्ठनेत्राः सूक्ष्मकण्ठा महोदराः ।।३९।।

यथा रश्मौ जालगते भ्रमन्ति परमाणवः ।
तथा भ्रमन्ति गगनेऽनेकरूपाः सुदुःखिताः ।।४०।।

कोऽयं लोको दूतवरौ ! ब्रूतं म इति सोऽब्रवीत् ।।४१।।

रक्षा गर्नुहोस्, प्रजापालन गर्ने कार्यमा यसलाई सघाउनुहोस्, धर्म र पराक्रम दुबै किसिमबाट सहयोग गर्नुहोस्, ऋषि मुद्गलले मलाई जसरी आशीर्वाद र उपदेश दिनुभएको थियो तदनुसार आज मैले भगवान् श्रीगणेशको साक्षात्कार गर्ने मौका पाएको छु । अब म जान्छु भनेर भौतिक शरीर लिएर नै काशिराज श्रीगणेशले पठाउनुभएको विमानमा सवार भए ।।३३-३५।। त्यस विमानमा श्रीगणेशका दूतहरू बसिरहेका थिए । काशिराज सवार हुनासाथ तिनका शरीर सूर्यजस्तै चहकिला भए । श्रीगणेशका दूत आमोद र प्रमोदले दिव्य गन्ध र अलङ्कार अर्पण गरी काशिराजको सम्मान गरे । त्यसपछि राजालाई साथमा लिई ती दूतहरू वायुवेगले श्रीगणेशधामतर्फ प्रस्थान गरे ।।३६-३७।। भूत, प्रेत, पिशाच र पाप गर्ने मानिसहरूको लोक छुट्टै हुने गर्छ। तिनीहरूले त्यहाँ परम गोता भोग्नुपर्छ । ती प्राणीहरूका आकार बिग्रेका हुन्छन् । सामान्य मानिसले हेर्दा डर लाग्छ । ती दुःख पाउने र नरक भोग्ने मानिसहरूका खुट्टा माथितिर फर्केका हुन्छन् र मुख तलतिर फर्केको हुन्छ। कसैका मुख पछाडिपट्टि हुन्छन् भने कसैका आँखा निधारमा देखिएका हुन्छन् । कसैका आँखा छातीमा टाँसिएझैं रहेका हुन्छन् भने कसैका आँखा पिठ्यूँमा रहेका हुन्छन् । कसैको घाँटी साह्रै मसिनो हुन्छ र कसैको पेट ठूलो हुन्छ । यी सबै पापबाट हुने कुरा हुन् ।।३८-३९।। सूर्यको किरणबाट दिनदिनै असंख्य जीवहरू धर्तीमा छरिएर परमाणुका रूपमा विचरण गरिरहेका हुन्छन् । तिनीहरू आकाशको एउटा किनारबाट अर्को किनारातर्फ गइरहेका हुन्छन् र अनेक थरि रूप हुन्छन् । अनेक कष्ट पाएर विलाप गरिरहेका हुन्छन् । पाप गर्ने र नरक भोग्ने मानिसहरूको यो स्थिति हुन्छ। ती मानिसहरूले दुःख भोग्ने यो लोकको नाम के हो भनेर विमानमा सवार भएका काशिराजले आमोद र प्रमोदसँग प्रश्न गरे ।।४०-४१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे स्वानन्दभुवननामपंस्थानं एकपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'काशिराजको स्वानन्दभुवनका लागि प्रस्थान' शीर्षकान्वित एकाउन्नौं अध्याय पूर्ण भयो ।।५१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विपञ्चाशोऽध्यायः {५२ अध्याय}

दूतावूचतुः

प्रेतभूतपिशाचानां लोकोऽयं राजसत्तम !
निन्दापैशुन्यतास्तेयकृतो यान्त्यत्र भूपते ।।१।।
ततोऽग्रे पश्यति स्मासौ लोकमसुररक्षसाम् ।
यत्र ते विविधाकारा ऊर्ध्वकेशा भयानकाः ।।२।।
घोरास्याश्च ललज्जिह्वा मेघनादा धरोपमाः ।
अग्निकुण्डनिभाँस्तान् स दृष्ट्वा पप्रच्छ तौ पुनः ।।३।।
केषामिदं पुरं दूतौ ! गदतं मेऽनुपृच्छतः ।
तावूचतुरयं लोको दुष्टदानवरक्षसाम् ।।४।।
श्रौतस्मार्तक्रियाहीना अत्र तिष्ठन्ति पापिनः ।
तदग्रे स ददर्शाऽथ लोकं गन्धर्वसेवितम् ।।५।।
रौप्यस्वर्णगृहा यत्र रत्नकाञ्चनभूमयः ।
नरनार्यः कामरत्यो नृत्यगानविशारदाः ।।६।।
अतिसौख्यकरं तं स दृष्ट्वा पप्रच्छ तौ पुनः ।
केषामिदं पुरं दूतौ ! गदतं मेऽनुपृच्छतः ।।७।।

तावुचतुः

गन्धर्वनगरञ्चेदं देवस्थानेषु गायकाः ।
प्राप्नुवन्ति महापुण्यादिदं पुरमनुत्तमम् ।।८।।
सिद्धचारणयक्षाणां गुह्यकानां पुरं महत् ।
नानाव्रतैस्तथा दानैर्गम्यं पुण्यसमुच्चयैः ।।९।।
दर्शयामासतुस्तौ च नृपं पश्चाद् गरीयसीम् ।
इन्द्रस्य नगरीं रम्यामश्वमेधशतार्जिताम् ।।१०।।
सुवर्णरत्नगोदानरथाश्वगजदानतः ।
गम्यां तीर्थाभिषेकाद्यैः पुण्यैर्नानाविधैरपि ।।११।।
तत्रेन्द्रभवनं रम्यं तावदर्शयतां शुभम् ।
नृपो निरीक्ष्य तौ प्रोचे यच्छुतं दृष्टमेव तत् ।।१२।।
अग्निलोकं ततोऽग्रे तौ दर्शयन्तौ नृपं शुभम् ।
यत्राग्निहोत्रिणो वह्नितेजसो भान्त्यनेकशः ।।१३।।

दूतहरूले भने – हे राजन् ! यो प्रेत, भूत र पिशाचहरूको लोक हो । निन्दा, चुक्ली र चोरी गर्ने मानिसहरू यहाँ जान्छन्।।१।। त्यसपछि राजाले विमानद्वारा यात्रा गर्ने क्रममा अर्को लोक देखे । त्यो लोक असुर र राक्षसहरूको थियो । त्यहाँ अनेकौं आकारका ठाडा रौं भएका, डरलाग्दो अनुहार भएका, जिब्रो लपलपाइरहने, बादलझैं गर्जन गर्ने, पृथिवीसमान आकारका राक्षसहरू बस्दछन् । अग्निको कुण्डजस्तै ज्वालामय ती राक्षसहरूलाई देखेर राजाले फेरि सोधे – 'हे दूतहरू ! यो कसको पुर हो ? मलाई बताउनुहोस् ।' ती दूतले भने – 'यो डरलाग्दो लोक दुष्ट दानव र राक्षसहरूको हो । वेद र धर्मशास्त्रले बताएका कर्म नगर्ने पापीहरू यहाँ बस्ने गर्छन् ।' त्यसपछि राजाले अगाडि बढ्दा गन्धर्वहरूको लोक देखे ।।२-५।। गन्धर्वलोकमा चाँदी र सुनका घर थिए । भुइँमा रत्न र सुवर्णका फर्स बनाइएका थिए । नर-नारीहरू कामक्रीडामा रुचि भएका र नाच्न-गाउन सिपालु देखिन्थे । अत्यन्त सुखदायक त्यस लोकलाई देखेर राजाले दूतहरूलाई सोधे – 'यो पुर कसको हो ? तपाईंहरूले मलाई बताउनुहोस् ?' ।।६-७।।

दूतहरूले भने – 'यो गन्धर्वहरूको नगर हो । यहाँ गायकहरू आउँछन् । पुण्यवान् गायकहरूले पाउने उत्तम लोक यही नै हो । यो सिद्ध, चारण, यक्ष र गुह्यकहरूको पनि लोक हो। अनेक थरि व्रत, दान र पुण्यबाट यो लोक प्राप्त हुन्छ।' त्यसपछि दूतहरूले काशिराजलाई अत्यन्त रमणीय, सय अश्वमेध यज्ञ पूरा गरेपछि मात्र पाइने इन्द्रको नगरी देखाए ।।८-१०।। सुवर्णदान, रत्नदान, गोदान, रथदान, अश्वदान, गजदान र अनेक थरि तीर्थहरूमा स्नान गरेर पुण्य आर्जन गरेपछि साधकले इन्द्रको नगरी अमरावतीको भोग प्राप्त गर्दछ । यहाँ अत्यन्त राम्रो इन्द्रको दरबार छ भन्दै ती दूतहरूले राजालाई इन्द्रको दरबार नजर गराए । राजाले पनि इन्द्रको दरबार देखेपछि भने- मैले जस्तो सुनेको थिएँ त्यस्तै यो दरबार रहेछ।।११-१२।। त्यसपछि दूतहरूले राजालाई अगाडि बढेर अत्यन्त मङ्गलमय अग्निलोक देखाए । त्यहाँ अग्निहोत्री पुरुषहरू बसेका थिए। त्यहाँ रहेका नर-नारीहरू अग्निझैं तेजिला देखिन्थे । फेरि दूतहरूले राजालाई शुभ र अशुभ फल प्रदान गर्ने यमलोक देखाए । जहाँ पुण्यवान् र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

ततोऽदर्शयतां भूपं यमलोकं शुभाशुभम् ।
यत्र पुण्यकृतो यान्ति तथा पापकृतोऽपि च ।।१४।।

स धर्मः सुकृतां भाति क्रूरो दुष्कृतकर्मणाम् ।
सुकृतः सर्वभोगाँस्तु दुष्कृतो नरकानपि ।।१५।।

भुञ्जते प्राणिनः स्वस्वकर्मभोगाननेकशः ।
कुम्भीपाके च पच्यन्ते छिद्यन्ते चासिपत्रकैः ।।१६।।

अयोघनेन ताड्यन्ते कृत्यन्ते कण्टकैरपि ।
तामिस्रे चान्धतामिस्रे कृमिकुण्डे सपूयके ।।१७।।

पात्यन्ते नरके घोरे दुष्कृतः प्राणिनः स तान् ।
निरीक्ष्यामीलयन्नेत्रे यातं यातमिति ब्रुवन् ।।१८।।

ततोऽदर्शयतां तं तौ कौबेरं लोकमुत्तमम् ।
अत्याश्चर्यकरं शक्रलोकादतिवरं परम् ।।१९।।

रत्नकाञ्चनयुक्तानि गृहाणि दीप्तिमन्ति च ।
रत्नकाञ्चनदानेन तुलादानैश्च कोटिशः ।।२०।।

प्राप्नुवन्ति महाभागाः कौबेरं लोकमुत्तमम् ।
ततोऽदर्शयतां तं तौ वारुणं लोकमुत्तमम् ।।२१।।

तीर्थान्नदानतो लभ्यं कुबेरभवनातिगम् ।
अप्सु सर्वे शुष्कदेहा वसन्ति सुखभोगिनः ।।२२।।

वापीकूपतडागानां दृश्यन्ते जलदायिनः ।
ततोऽग्रेऽदर्शयतां तौ वायुलोकं सुखावहम् ।।२३।।

ददते व्यजनं ग्रीष्मे सोशिरं कर्पूरं जलम् ।
वसन्ति वायुलोके ते स्वेच्छयातिविहारिणः ।।२४।।

ततोऽग्रेऽदर्शयतां तौ सूर्यलोकं दुरासदम् ।
पञ्चाग्निसाधनरताः सूर्यभक्तिपरायणाः ।।२५।।

पापी दुबैथरि जाने गर्दछन् । पुण्यवान्ले राम्रो फल पाउँछन् भने पापीहरूले नरकभोग गर्दछन् । यमराजलाई धर्मराज पनि भनिन्छ । ती सज्जनहरूका निमित्त सुन्दरस्वरूपमा देखिन्छन् र धर्मकै रूपमा सुहाएका हुन्छन् । तर पापीहरूका समक्ष भने ती डरलाग्दा र क्रूर देखिन्छन् । यमलोकमा गएर पुण्यवान्हरूले पुण्यका राम्रा फल पाउँछन् भने पापीहरूले नरकका कष्टभोग गर्दछन् ।।१३-१५।। प्राणीहरूले यमलोकमा आएर आफूले जीवनमा गरेका पुण्य र पाप कर्मका अनेक फल भोग्दछन् । पापीहरू कुम्भीपाक नरकमा ठूला-ठूला ताउलाहरूमा पकाइन्छन् । तरबारका धारजस्ता तीखा शस्त्र-अस्त्रले काटिने र छेँडिने गर्दछन् । कहीं कहीं त उनीहरूलाई घनले पिट्ने गरिन्छ र काँडाले गोभ्ने गरिन्छ । यसरी नै पापीहरूलाई तामिस्र, अन्धतामिस्र र पीपैपीपले भरिएको कृमिकुण्ड नरकमा खसाइन्छ । काशिराजले ती नरकहरूमा मानिसले भोगिरहेका कष्ट देखेर आँखा चिम्लिए र अगाडि बढौं भने ।।१६-१८।। त्यसपछि दूतहरूले पनि अगाडि बढेर तिनलाई अत्यन्त आश्चर्यदायक, इन्द्रलोकभन्दा पनि विशाल र राम्रो कुबेरलोक देखाए । त्यहाँ सुन र रत्नले बनेका घर थिए। ती घरहरूमा विचित्र किसिमको चमक थियो। जुन मानिसले रत्नदान, सुवर्णदान र तुलादान गर्दछन् ती भाग्यशाली मानिसहरू त्यस उत्तम कुबेरलोकमा प्राप्त हुन्छन्। त्यसपछि अगाडि बढेर दूतहरूले राजालाई अत्यन्त उत्तम वरुणलोक देखाए।।१९-२१।। वरुणलोक कुबेरलोकभन्दा पनि राम्रो थियो। तीर्थमा गएर अन्नदान गर्ने मानिसले यो लोक प्राप्त गर्दछन् । यहाँ बस्ने प्राणीहरू पानीभित्र बस्दा पनि ओभानै हुन्छन् र तिनले अत्यन्त अनुपम आनन्द भोगिरहेका हुन्छन् ।।२२।। कुवा, तलाउ र पोखरी बनाएर जलदान गर्ने मानिसहरू त्यहाँ गई आनन्द भोग गर्दछन्। वरुणलोक देखाएपछि दूतहरूले केही अगाडि गएर राजालाई सुखदायक वायुलोक देखाए ।।२३।। जसले जेठ-असारका महिनामा पङ्खा, उशीर र कपूर दान गर्दछन् ती मानिसहरू आफ्नो इच्छाअनुसार विहार गर्दै वायुलोकमा रमाउँछन् ।।२४।। वायुलोक देखाएपछि दूतहरूले विमान अगाडि बढाए र राजालाई प्रचण्ड तेजले भरिएको सूर्यलोक देखाए । पञ्चाग्निसाधना गर्ने र सूर्यनारायणमा भक्ति गर्ने मानिसहरू सम्पूर्ण कामना भोग गर्न सूर्यलोकमा आउँछन् र सूर्यसमान तेजस्वी भएर रहन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवाप्तकामा मुनयः सर्वे ते सूर्यवर्चसः ।
निवसन्ति निराबाधा ब्रह्मकल्पशतं नराः ।।२६।।
नाक्षत्रञ्चन्द्रलोकञ्चाऽदर्शयतां नृपं ततः ।
मुक्ताफलसुवर्णानां दानेन सोमयागतः ।।२७।।
प्राप्नुवन्ति महात्मानो लोकमेनं सुपुण्यतः ।
गोलोकञ्च ततोऽदर्शयतां तौ नृपतिं तदा ।।२८।।
गोसहस्राणि ये दद्युर्ब्राह्मणेभ्यो यथाविधि ।
रोमसङ्ख्यैस्तु कल्पैस्ते गोलोके निवसन्ति हि ।।२९।।
सत्यलोकं ततोऽदर्शयतामग्रे चिरन्तनम् ।
सत्यव्रता वेदविदो वेदाध्ययनतत्पराः ।।३०।।
सदाचाराः शास्त्रविदः पुराणपाठकाश्च ये ।
अन्नदानरता यज्ञकर्तारस्तीर्थसेविनः ।।३१।।
अप्रतिग्राहका विप्राः परोपकृतिकारिणः ।
तपस्विनो दानपराः सत्यलोकं व्रजन्ति ते ।।३२।।
गव्यूत्यष्टसहस्रेण विस्तीर्णं तावदायतम् ।
यत्र ब्रह्मा मुनिगणैर्गणै राजर्षीणां परैः ।।३३।।
देवर्षीणां दानवानां गन्धर्वाप्सरसान्तथा ।
स्तूयमानो दिवारात्रं सेव्यते भक्तितत्परैः ।।३४।।
यत्रेन्द्रभवनाभानि गृहाणि परितो लसन् ।
तं दृष्ट्वा नृपतिर्लोकं विस्मितः प्राह तौ तदा ।।३५।।

नृप उवाच

धन्योऽस्म्यनुगृहीतोऽस्मि गणेशेन कृपावता ।
भवद्भ्याञ्च यतो दृष्टाः स्वर्गलोकाः सुदुर्लभाः ।।३६।।

क उवाच

तौ तं भूयोऽदर्शयतां वैकुण्ठं विश्रुतं त्रिषु ।
लोकेषु तत्र गच्छन्ति वैष्णवा भक्तितत्पराः ।।३७।।
सर्वलोकेषु श्रेष्ठं तं नोपमा यस्य विद्यते ।
शेषो न वर्णने शक्तोऽनेकवक्त्रो न चात्मभूः ।।३८।।
ऊर्जस्नायी झषस्नायी मेषस्नायी तिलान्नदः ।
गोदो गीताध्ययनवान् प्राणिनाञ्चोपकृच्च यः ।।३९।।

त्यस्ता मानिसहरू ब्रह्माजीको सय कल्पसम्म निर्बाधरूपमा यहाँ बस्ने गर्दछन् ।।२५-२६।। त्यसपछि दूतहरूले राजालाई नक्षत्रलोक र चन्द्रलोक देखाए । जुन मानिसले मोती, फल एवं सुवर्ण दान गर्दछन् र सोमयाग पनि गर्दछन् त्यस्ता महात्माहरू आफ्ना पुण्यका प्रतापले चन्द्रलोकमा जान्छन् । चन्द्रलोक देखाएपछि दूतहरूले विमानलाई फेरि अगाडि बढाएर राजालाई गोलोक नजर गराए ।।२७-२८।। जसले विधिपूर्वक ब्राह्मणहरूलाई हजारौं गाई प्रदान गर्दछन् ती मानिसहरू दान गरिएका गाईहरूका शरीरमा जति रौं हुन्छन् त्यति वर्षसम्म गोलोकमा निवास गर्दछन् ।।२९।। त्यसपछि दूतहरूले राजालाई अतिप्राचीन सत्यलोक देखाए । सत्यमा निष्ठा राख्ने, वेदज्ञ, वेदको निरन्तर अध्ययन गर्ने, उत्तम आचार-विचारले सम्पन्न, शास्त्रज्ञ, पुराणको पाठ गर्ने, निरन्तर अन्न दान गर्ने, ठूला-ठूला यज्ञ लगाउने, तीर्थमा गएर बस्ने मानिसहरू र दान नलिने ब्राह्मण, परोपकारी सज्जन, तपस्वी मानिस एवं नित्य दान-कर्ममा रुचि राख्ने मानिसहरू सत्यलोकमा जान्छन् । सत्यलोक बत्तीस कोसको भू-भागमा फैलिएको छ । त्यहाँ भक्तिमा तत्पर मुनिगण, राजर्षिगण, देवर्षिगण, दानवगण र गन्धर्वगणका साथै अप्सराहरूद्वारा स्तुति गरिएका र अहोरात्र सेवा गरिएका ब्रह्माजी पनि विराजमान हुनुहुन्छ ।।३०-३४।। सबै लोकहरूभन्दा उत्तम मानिएको ब्रह्मलोकमा इन्द्रलोकमा जस्तै राम्रा घरहरू छन् । ब्रह्मलोकलाई देखेर राजाले चकित हुँदै दूतहरूलाई भने ।।३५।।

राजाले भने – 'आज म धन्य छु र अनुगृहीत पनि छु। कृपालु भगवान् श्रीगणेश र तपाइँहरूका माध्यमबाट मैले दुर्लभ स्वर्गहरूको दर्शन पाएँ ।।३६।।'

ब्रह्माजीले भन्नुभयो - त्यसपछि दूतहरूले काशिराजलाई तीनै लोकमा विख्यात वैकुण्ठ देखाए । वैकुण्ठमा निरन्तर भक्तिसाधना गर्ने वैष्णवहरू जान्छन् ।।३७।। वैकुण्ठ लोक सबै लोकहरूभन्दा उत्तम लोक हो । यसको अरूसँग तुलना गर्न सकिंदैन । यसको महिमा बताउन शेषनाग र ब्रह्माजी पनि असमर्थ छन् । कार्तिक, माघ र वैशाख महिनामा तीर्थस्थान गर्ने, तिलदान, अन्नदान एवं गोदान गर्ने, निरन्तर गीताको अध्ययन गर्ने र प्राणीहरूको उपकार गर्ने पुण्यवान् मानिस तुरुन्तै विष्णुलोकमा प्राप्त हुन्छन् ।।३८-३९।। यो लोक पाँच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

विष्णुलोकं व्रजत्याशु सहस्रपञ्चयोजनम् ।
सूर्यचन्द्रप्रकाशानि विश्वकर्मकृतानि च ।।४०।।

मन्दिराणि प्रभासन्ति रत्नकाञ्चनराजतैः ।
येषु नो प्रविशत्येव तमो रत्नमरीचिभिः ।।४१।।

परिवारयुतो लक्ष्म्या यत्र तिष्ठति दैत्यहा ।
जहर्ष नृपवर्योऽसौ दृष्ट्वा तत्पुण्यसञ्चयात् ।।४२।।

ततोऽदर्शयतां तौ तं कैलासं गिरिशालयम् ।
मेरोस्तु शिखरे रम्येऽयुतयोजनविस्तृते ।।४३।।

रविचन्द्रप्रकाशानि हर्म्याणि यत्र भान्ति च ।
यत्र पञ्चाक्षरजपा रुद्राध्यायजपाश्च ये ।।४४।।

अनेकसाधनरताः पुण्यवन्तो व्रजन्ति हि ।
तं दृष्ट्वा प्राह नृपतिर्विनायकप्रसादतः ।।४५।।

दृष्टाः सर्वे देवलोकाः पुण्यदा दर्शनान्नृणाम् ।
ततोऽग्रे न रविश्चन्द्रः सहस्रयोजनावधि ।।४६।।

विमानप्रभया याति न च पश्यन्ति किञ्चन ।
मेघनादनिभं शब्दं शुश्राव दुःसहं नृपः ।।४७।।

गिरिवर्यप्रकाशानां भ्रमराणां समन्ततः ।
कस्य शब्दः श्रूयतेऽयमिति पप्रच्छ तौ नृपः ।।४८।।

कदा द्रक्ष्यामि देवस्य पादपद्ममिति स्फुटम् ।
ददर्श पुरतो राजा शक्तिं भ्रामरिकां दृढाम् ।।४९।।

अनेकादित्यसङ्काशां ब्रह्माण्डग्राससाहसाम् ।
प्रसारितमुखां भीमां दृष्ट्वा मूर्च्छामियान्नृपः ।।५०।।

आश्वास्य निन्यतुस्तं तु दूतावग्रे नृपं तदा ।
तत आधारशक्तिं स ततोऽप्यतिभयङ्कराम् ।।५१।।

हजार योजन फैलिएको छ । यसका चारैतिर सूर्य र चन्द्रमाका प्रकाश चौबीसै घण्टा प्रकाशित भइरहन्छन् । त्यहाँ विश्वकर्माले बनाएका अनेक थरि मन्दिरहरू रत्न, सुवर्ण र चाँदीको कान्ति फैलाएर चम्किरहेका हुन्छन् । रत्नहरूबाट निस्कने नौरङ्गी किरण अखण्ड रूपमा देखिने हुनाले यहाँ अन्धकारले प्रवेश पाउँदैन ।।४०-४१।। यहाँ भगवान् मधुसूदन लक्ष्मी आदि आफ्ना भक्तजन र परिवारजनका साथमा विराजमान हुनुहुन्छ । आफ्ना पुण्यका प्रतापले वैकुण्ठको दर्शन गर्न पाएकोमा काशिराज निकै खुसी भए ।।४२।। वैकुण्ठको दर्शन गरेपछि अलिकति अगाडि बढेर दूतहरूले राजालाई एक लाख योजन फैलिएको र अत्यन्त रमणीय सुमेरुपर्वतको चुचुरामा अवस्थित कैलासलोक देखाए, जहाँ भगवान् शङ्कर विराजमान हुनुहुन्छ ।।४३।। त्यहाँ सूर्य र चन्द्रमाका प्रकाशबाट अहोरात्र देदीप्यमान भइरहने भवनहरू छन् । ॐ नमः शिवाय मन्त्रको जप गर्ने, निरन्तर रुद्री पाठ गर्ने र शिवको भक्ति गर्दै उत्तम साधना गर्ने पुण्यवान् मानिसहरू कैलासलोकमा जान्छन् । कैलासलाई देखेर राजाले भने – 'भगवान् श्रीगणेशका कृपाले आज मैले कैलास देख्न पाएँ र देवलोकहरू पनि दर्शन गरें । जहाँ पुण्य गर्ने मानिसहरूमात्र जान्छन् ।' कैलास लोकपछि एक हजार योजनसम्म सूर्य र चन्द्रमा केही थिएनन्, कतै पनि केही देखिन्नथ्यो, विमान आफ्नो बत्तीको आधारमा अगाडि बढिरहेको थियो । एक हजार योजन अगाडि बढेपछि राजाले मेघको असह्य गर्जन सुने ।।४४-४७।। त्यहाँ चारैतिर पर्वतहरूका प्रकाश देखिएका थिए र भ्रमरगुञ्जन सुनिएको थियो । राजाले दूतहरूलाई सोधे – 'यहाँ कसले के गरेको शब्द सुनिएको छ ? मैले कहिले श्रीगणेशधामको दर्शन पाउँछु ? कहिले भगवान् श्रीगणेशको पाउमा शिर राख्न पाउँछु?' त्यति भन्दाभन्दै राजाले आफ्ना अगाडि भ्रामरिका नामक प्रबल शक्तिको दर्शन गरे ।।४८-४९।। ती शक्ति हजारौं सूर्यझैं चम्किरहेकी थिइन् । तिनमा ब्रह्माण्डलाई एकैचोटि निल्न सक्ने साहस थियो । आफ्नो मुख फैलाइरहेकी र डरलाग्दी भ्रामरिका शक्तिलाई देखेर राजा केही क्षण मूर्च्छित भए ।।५०।। दूतहरूले तिनलाई जगाएर सान्त्वना दिंदै अगाडि बढाए । त्यहाँ भ्रामरिकाभन्दा पनि भयङ्कर आधारशक्तिलाई भ्रामरिकाको शिरमा विराजमान भएकी देखेर राजा कम्पायमान भए । आधार शक्तिका रौंहरू कुटिल थिए, ओठ लामा थिए, जिब्रो फैलिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवाप्तकामा मुनयः सर्वे ते सूर्यवर्चसः ।
निवसन्ति निराबाधा ब्रह्मकल्पशतं नराः ।।२६।।

नाक्षत्रञ्चन्द्रलोकञ्चाऽदर्शयतां नृपं ततः ।
मुक्ताफलसुवर्णानां दानेन सोमयागतः ।।२७।।

प्राप्नुवन्ति महात्मानो लोकमेनं सुपुण्यतः ।
गोलोकञ्च ततोऽदर्शयतां तौ नृपतिं तदा ।।२८।।

गोसहस्राणि ये दद्युर्ब्राह्मणेभ्यो यथाविधि ।
रोमसङ्ख्यैस्तु कल्पैस्ते गोलोके निवसन्ति हि ।।२९।।

सत्यलोकं ततोऽदर्शयतामग्रे चिरन्तनम् ।
सत्यव्रता वेदविदो वेदाध्ययनतत्पराः ।।३०।।

सदाचाराः शास्त्रविदः पुराणपाठकाश्च ये ।
अन्नदानरता यज्ञकर्तारस्तीर्थसेविनः ।।३१।।

अप्रतिग्राहका विप्राः परोपकृतिकारिणः ।
तपस्विनो दानपराः सत्यलोकं व्रजन्ति ते ।।३२।।

गव्यूत्यष्टसहस्रेण विस्तीर्णं तावदायतम् ।
यत्र ब्रह्मा मुनिगणैर्गणै राजर्षीणां परैः ।।३३।।

देवर्षीणां दानवानां गन्धर्वाप्सरसान्तथा ।
स्तूयमानो दिवारात्रं सेव्यते भक्तितत्परैः ।।३४।।

यत्रेन्द्रभवनाभानि गृहाणि परितो लसन् ।
तं दृष्ट्वा नृपतिर्लोकं विस्मितः प्राह तौ तदा ।।३५।।

नृप उवाच

धन्योऽस्म्यनुगृहीतोऽस्मि गणेशेन कृपावता ।
भवद्भ्याञ्च यतो दृष्टाः स्वर्गलोकाः सुदुर्लभाः ।।३६।।

क उवाच

तौ तं भूयोऽदर्शयतां वैकुण्ठं विश्रुतं त्रिषु ।
लोकेषु तत्र गच्छन्ति वैष्णवा भक्तितत्पराः ।।३७।।

सर्वलोकेषु श्रेष्ठं तं नोपमा यस्य विद्यते ।
शेषो न वर्णने शक्तोऽनेकवक्त्रो न चात्मभूः ।।३८।।

ऊर्जस्नायी झषस्नायी मेषस्नायी तिलान्नदः ।
गोदो गीताध्ययनवान् प्राणिनाञ्चोपकृच्च यः ।।३९।।

त्यस्ता मानिसहरू ब्रह्माजीको सय कल्पसम्म निर्बाधरूपमा यहाँ बस्ने गर्दछन् ।।२५-२६।। त्यसपछि दूतहरूले राजालाई नक्षत्रलोक र चन्द्रलोक देखाए । जुन मानिसले मोती, फल एवं सुवर्ण दान गर्दछन् र सोमयाग पनि गर्दछन् त्यस्ता महात्माहरू आफ्ना पुण्यका प्रतापले चन्द्रलोकमा जान्छन् । चन्द्रलोक देखाएपछि दूतहरूले विमानलाई फेरि अगाडि बढाएर राजालाई गोलोक नजर गराए ।।२७-२८।। जसले विधिपूर्वक ब्राह्मणहरूलाई हजारौं गाई प्रदान गर्दछन् ती मानिसहरू दान गरिएका गाईहरूका शरीरमा जति रौं हुन्छन् त्यति वर्षसम्म गोलोकमा निवास गर्दछन् ।।२९।। त्यसपछि दूतहरूले राजालाई अतिप्राचीन सत्यलोक देखाए । सत्यमा निष्ठा राख्ने, वेदज्ञ, वेदको निरन्तर अध्ययन गर्ने, उत्तम आचार-विचारले सम्पन्न, शास्त्रज्ञ, पुराणको पाठ गर्ने, निरन्तर अन्न दान गर्ने, ठूला-ठूला यज्ञ लगाउने, तीर्थमा गएर बस्ने मानिसहरू र दान नलिने ब्राह्मण, परोपकारी सज्जन, तपस्वी मानिस एवं नित्य दान-कर्ममा रुचि राख्ने मानिसहरू सत्यलोकमा जान्छन् । सत्यलोक बत्तीस कोसको भू-भागमा फैलिएको छ । त्यहाँ भक्तिमा तत्पर मुनिगण, राजर्षिगण, देवर्षिगण, दानवगण र गन्धर्वगणका साथै अप्सराहरूद्वारा स्तुति गरिएका र अहोरात्र सेवा गरिएका ब्रह्माजी पनि विराजमान हुनुहुन्छ ।।३०-३४।। सबै लोकहरूभन्दा उत्तम मानिएको ब्रह्मलोकमा इन्द्रलोकमा जस्तै राम्रा घरहरू छन् । ब्रह्मलोकलाई देखेर राजाले चकित हुँदै दूतहरूलाई भने ।।३५।।

राजाले भने - 'आज म धन्य छु र अनुगृहीत पनि छु। कृपालु भगवान् श्रीगणेश र तपाइँहरूका माध्यमबाट मैले दुर्लभ स्वर्गहरूको दर्शन पाएँ ।।३६।।'

ब्रह्माजीले भन्नुभयो - त्यसपछि दूतहरूले काशिराजलाई तीनै लोकमा विख्यात वैकुण्ठ देखाए । वैकुण्ठमा निरन्तर भक्तिसाधना गर्ने वैष्णवहरू जान्छन् ।।३७।। वैकुण्ठ लोक सबै लोकहरूभन्दा उत्तम लोक हो । यसको अरूसँग तुलना गर्न सकिंदैन । यसको महिमा बताउन शेषनाग र ब्रह्माजी पनि असमर्थ छन् । कार्तिक, माघ र वैशाख महिनामा तीर्थस्थान गर्ने, तिलदान, अन्नदान एवं गोदान गर्ने, निरन्तर गीताको अध्ययन गर्ने र प्राणीहरूको उपकार गर्ने पुण्यवान् मानिस तुरुन्तै विष्णुलोकमा प्राप्त हुन्छन् ।।३८-३९।। यो लोक पाँच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुलोकं व्रजत्याशु सहस्रपञ्चयोजनम् ।
सूर्यचन्द्रप्रकाशानि विश्वकर्मकृतानि च ।।४०।।

मन्दिराणि प्रभासन्ति रत्नकाञ्चनराजतैः ।
येषु नो प्रविशत्येव तमो रत्नमरीचिभिः ।।४१।।

परिवारयुतो लक्ष्म्या यत्र तिष्ठति दैत्यहा ।
जहर्ष नृपवर्योऽसौ दृष्ट्वा तत्पुण्यसञ्चयात् ।।४२।।

ततोऽदर्शयतां तौ तं कैलासं गिरिशालयम् ।
मेरोस्तु शिखरे रम्येऽयुतयोजनविस्तृते ।।४३।।

रविचन्द्रप्रकाशानि हर्म्याणि यत्र भान्ति च ।
यत्र पञ्चाक्षरजपा रुद्राध्यायजपाश्च ये ।।४४।।

अनेकसाधनरताः पुण्यवन्तो व्रजन्ति हि ।
तं दृष्ट्वा प्राह नृपतिर्विनायकप्रसादतः ।।४५।।

दृष्टाः सर्वे देवलोकाः पुण्यदा दर्शनान्नृणाम् ।
ततोऽग्रे न रविश्चन्द्रः सहस्रयोजनावधि ।।४६।।

विमानप्रभया याति न च पश्यन्ति किञ्चन ।
मेघनादनिभं शब्दं शुश्राव दुःसहं नृपः ।।४७।।

गिरिवर्यप्रकाशानां भ्रमराणां समन्ततः ।
कस्य शब्दः श्रूयतेऽयमिति पप्रच्छ तौ नृपः ।।४८।।

कदा द्रक्ष्यामि देवस्य पादपद्ममिति स्फुटम् ।
ददर्श पुरतो राजा शक्तिं भ्रामरिकां दृढाम् ।।४९।।

अनेकादित्यसङ्काशां ब्रह्माण्डग्राससाहसाम् ।
प्रसारितमुखां भीमां दृष्ट्वा मूर्च्छामियान्नृपः ।।५०।।

आश्वास्य निन्यतुस्तं तु दूतावग्रे नृपं तदा ।
तत आधारशक्तिं स ततोऽप्यतिभयङ्कराम् ।।५१।।

हजार योजन फैलिएको छ । यसका चारैतिर सूर्य र चन्द्रमाका प्रकाश चौबीसै घण्टा प्रकाशित भइरहन्छन् । त्यहाँ विश्वकर्माले बनाएका अनेक थरि मन्दिरहरू रत्न, सुवर्ण र चाँदीको कान्ति फैलाएर चम्किरहेका हुन्छन् । रत्नहरूबाट निस्कने नौरङ्गी किरण अखण्ड रूपमा देखिने हुनाले यहाँ अन्धकारले प्रवेश पाउँदैन ।।४०-४१।। यहाँ भगवान् मधुसूदन लक्ष्मी आदि आफ्ना भक्तजन र परिवारजनका साथमा विराजमान हुनुहुन्छ । आफ्ना पुण्यका प्रतापले वैकुण्ठको दर्शन गर्न पाएकोमा काशिराज निकै खुसी भए ।।४२।। वैकुण्ठको दर्शन गरेपछि अलिकति अगाडि बढेर दूतहरूले राजालाई एक लाख योजन फैलिएको र अत्यन्त रमणीय सुमेरुपर्वतको चुचुरामा अवस्थित कैलासलोक देखाए, जहाँ भगवान् शङ्कर विराजमान हुनुहुन्छ ।।४३।। त्यहाँ सूर्य र चन्द्रमाका प्रकाशबाट अहोरात्र देदीप्यमान भइरहने भवनहरू छन् । ॐ नमः शिवाय मन्त्रको जप गर्ने, निरन्तर रुद्री पाठ गर्ने र शिवको भक्ति गर्दै उत्तम साधना गर्ने पुण्यवान् मानिसहरू कैलासलोकमा जान्छन् । कैलासलाई देखेर राजाले भने – 'भगवान् श्रीगणेशका कृपाले आज मैले कैलास देख्न पाएँ र देवलोकहरू पनि दर्शन गरें । जहाँ पुण्य गर्ने मानिसहरूमात्र जान्छन् ।' कैलास लोकपछि एक हजार योजनसम्म सूर्य र चन्द्रमा केही थिएनन्, कतै पनि केही देखिन्नथ्यो, विमान आफ्नो बत्तीको आधारमा अगाडि बढिरहेको थियो । एक हजार योजन अगाडि बढेपछि राजाले मेघको असह्य गर्जन सुने ।।४४-४७।। त्यहाँ चारैतिर पर्वतहरूका प्रकाश देखिएका थिए र भ्रमरगुञ्जन सुनिएको थियो । राजाले दूतहरूलाई सोधे – 'यहाँ कसले के गरेको शब्द सुनिएको छ ? मैले कहिले श्रीगणेशधामको दर्शन पाउँछु ? कहिले भगवान् श्रीगणेशको पाउमा शिर राख्न पाउँछु?' त्यति भन्दाभन्दै राजाले आफ्ना अगाडि भ्रामरिका नामक प्रबल शक्तिको दर्शन गरे ।।४८-४९।। ती शक्ति हजारौं सूर्यझैं चम्किरहेकी थिइन् । तिनमा ब्रह्माण्डलाई एकैचोटि निल्न सक्ने साहस थियो । आफ्नो मुख फैलाइरहेकी र डरलाग्दी भ्रामरिका शक्तिलाई देखेर राजा केही क्षण मूर्च्छित भए ।।५०।। दूतहरूले तिनलाई जगाएर सान्त्वना दिंदै अगाडि बढाए । त्यहाँ भ्रामरिकाभन्दा पनि भयङ्कर आधारशक्तिलाई भ्रामरिकाको शिरमा विराजमान भएकी देखेर राजा कम्पायमान भए । आधार शक्तिका रौंहरू कुटिल थिए, ओठ लामा थिए, जिब्रो फैलिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्ट्वा चकम्पे नृपतिर्भ्रामरीं मस्तके स्थिताम् ।
करालकेशां लम्बोष्ठीं दीर्घजिह्वां प्रभायुताम् ।।५२।।

आश्वासितो व्रजन्नग्रे सोऽपश्यत् कामदायिनीम् ।
आधारशक्तिसंविष्टां योजनायुतविस्तृताम् ।।५३।।

भ्रमन्ति पर्वता यस्याः श्वासवायुविवर्तनात् ।
वज्रातिनिष्ठुरैर्देहैर्यस्यास्तिष्ठति सा पुरी ।।५४।।

वदतः स्म नृपं दूतौ पश्य स्वानन्दपत्तनम् ।
यद्ध्यानपरितृप्तोऽसि कोटिसूर्यनिभं शुभम् ।।५५।।

रत्नकाञ्चनसम्भिन्ना भान्ति यत्र गृहाः परे ।
मुक्तारजतसूर्याश्मनिर्मिताश्च सहस्रशः ।।५६।।

नीलाश्मकुट्टिमा यत्र पुमांसो यत्र वह्निभाः ।
वापीकूपतडागाश्च यत्र भान्ति सरांसि च ।।५७।।

स्वच्छशीताम्बुनीलानि पीतरत्नतटानि च ।
यदम्बुपानान्न जरा न क्षुद् रोगो नृणां भवेत् ।।५८।।

आक्रीडा विमला नानावृक्षवल्लीविराजिताः ।
दिव्यौषध्यो दिवा सूर्यकोटिभा भान्ति यत्र च ।।५९।।

चन्द्रपृष्ठे प्रपश्यन्ति कलङ्करहिते मुखम् ।
विलासिनीजना यत्र सर्वदाऽधोगते निशि ।।६०।।

यत्र पुष्पवनामोदः श्रमं हन्ति विहारिणाम् ।
इक्षुसागरतीरं तत् प्राप्योत्तेरुर्मुदा युताः ।।६१।।

थियो र तिनका शरीरबाट प्रभाको पुञ्ज फैलिरहेको थियो । यो दृश्य देखेर राजा अत्तालिए। त्यसपछि दूतहरूले तिनलाई संझाउँदै अगाडि बढाए । त्यहाँ काशिराजले कामदायिनी शक्ति देखे । एक लाख योजन फैलिएको त्यो शक्ति आधारशक्तिमाथि अडिएको थियो ।।५१-५३।। कामदायिनी शक्तिबाट निस्केको हावाका कारण पर्वतहरू कम्पायमान थिए । कामदायिनीका शरीरका अङ्गहरू वज्रभन्दा पनि कठोर थिए ।।५४।। त्यसपछि दूतहरूले भने – 'हे राजन् ! अब भगवान् श्रीगणेशको धाम स्वानन्दभुवन हेर्नुहोस् । करोडौं सूर्यसमान कान्ति भएको र मङ्गलमय यो स्वानन्दभुवन रहेको छ । तपाइँ काशीमा बसी जुन भुवनको ध्यान गर्दा तृप्त हुनुहुन्थ्यो त्यो यही हो ।।५५।। यहाँ रत्न र सुवर्णले बनेका हजारौं भवनहरू शोभायमान छन्। मोती, चाँदी र सूर्यकान्त मणिद्वारा बनेका भवनहरू पनि छन्।।५६।। नीलमणि लगाएर यहाँका भवनहरूको भुइँ तयार गरिएको छ। यहाँका पुरुषहरू अग्निझैं ज्योतिर्मय छन् । यहाँ पोखरी, ताल, तलाउ र सरोवरहरू शोभायमान छन् ।।५७।। यहाँका सरोवरहरूमा स्वच्छ, चीसो र निर्मल पानी देखिन्छ । यी तलाउहरूका तटमा रत्नहरू जडित छन् । यहाँका तलाउहरूको पानी पिएपछि वृद्धावस्था आउँदैन, भोक र रोग पनि लाग्दैन।।५८।। यहाँ अनेक वृक्ष र लताहरूद्वारा शोभायमान सुन्दर उद्यानहरू छन् । यिनमा सूर्यको कोटिकोटि कान्ति धारण गर्ने दिव्य औषधिहरू चम्किरहन्छन् ।।५९।। रात परेपछि चन्द्रमा धर्तीमा झुकेर आउँदा यहाँका विलासिनी सुन्दरीहरूले निष्कलङ्क चन्द्रमालाई दर्पण मानेर त्यसमा आफ्नो मुख हेर्ने गर्छन् ।।६०।। यहाँका पुष्पवनको सुगन्धले विहार गरिरहेका युवा-युवतीहरूको थकाई मेट्ने काम गर्दछ।' यसरी दूतहरूले काशिराजलाई स्वानन्दभुवन पुऱ्याए । इक्षुसागरको तीरमा रहेको त्यो स्वानन्दभुवन देखेर ती सबै प्रसन्न भए ।।६१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे स्वानन्दभुवनप्राप्तिवर्णनं नाम द्विपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'काशिराजको स्वानन्दभुवनमा प्राप्ति' शीर्षकान्वित बाउन्नौं अध्याय पूर्ण भयो ।।५२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिपञ्चाशोऽध्यायः { ५३ अध्याय }

ब्रह्मोवाच

पपुरिक्षुरसं पुण्यनिचयैर्लभ्यमञ्जसा।
तन्मध्ये पद्मिनी श्वेता सहस्त्रदलपद्मयुक् ।।१।।

सहस्त्रकिरणप्रख्यं तस्यां यत् पद्ममुत्तमम् ।
तन्मध्ये तस्य देवस्य पर्यङ्कोऽतिमनोहरः।।२।।

दिव्यास्तरणसम्पन्नो दिव्यधूपैः सुधूपितः।
दिव्यनानाकुसुमवान् स्वप्रभै रत्नसञ्चयैः।।३।।

भासयन् प्रभया सर्वा दिशो विदिश एव च ।
व्यजनैर्वीज्यमानः स तत्र शेते विनायकः ।।४।।

कोटिचन्द्रनिभो नानालङ्कारो नागभूषणः।
रम्भास्तम्भनिभं शुण्डादण्डं रदनसुन्दरम् ।।५।।

दधद् दिव्याम्बरच्छन्नो भालनेत्रः किरीटवान् ।
कुण्डले चाङ्गदे मुद्रां कटिसूत्रं महाधनम् ।।६।।

सिद्धिबुद्धी सिद्धिहेतू पादौ संवहतोऽस्य ह।
अणिमागरिमाश्वेतचामरैर्वीजितः स्म ह ।।७।।

ज्वालिनी तेजिनी दीप्यमाने चोभयतः स्थिते।
दिव्यगन्धेन लिप्ताङ्गो दिव्यमालाविभूषितः ।।८।।

महिमा प्रथिमादाय स्थिते दृष्टिसमीपतः।
जलं गण्डूषपात्रञ्च छत्रं काञ्चनरत्नयुक्।।९।।

ततो दूतौ करे धृत्वा तं नृपं पुरतोऽस्य तु ।
ईक्षेते वागवसरं ततो देवोऽन्वबुध्यत।।१०।।

ब्रह्माजीले भन्नुभयो – इक्षुसागरको तीरमा रहेको इक्षुरसपुरलाई धेरै पुण्यकर्म गरेर मात्र प्राप्त गर्न सकिन्छ । इक्षुरसपुरको माझमा एक हजार पात भएका कमलहरूले युक्त सेतो कमलको लता रहेको छ ।।१।। त्यसमा फुल्ने प्रत्येक कमल सूर्यझैं चम्किला छन् । ती कमलहरूकै माझमा भगवान् श्रीगणेशको अत्यन्त राम्रो पलङ बिछ्याइएको छ।।२।। त्यसमा बिछ्याइएका वस्त्रहरू अत्यन्त मूल्यवान् छन् । पलङको वरिपरि दिव्य धूपहरूको सुगन्ध चलिरहेको हुन्छ। त्यहाँ अत्यन्त राम्रा फूलहरू राखिएका छन् र रत्नहरूबाट निस्किएका किरणहरूले भगवान् श्रीगणेशको शय्या प्रकाशमान भएको हुन्छ । त्यस प्रकाशले चारै दिशालाई चहकिलो तुल्याइरहेको हुन्छ । त्यस शय्यामा आफ्ना गणहरूद्वारा सेवा गरिएका भगवान् श्रीगणेश शयन गर्नुहुन्छ ।।३-४।। भगवान् श्रीगणेश करोडौं चन्द्रमासमान कान्तिले ज्योतिर्मय हुनुहुन्छ। उहाँले अनेक थरि अलङ्कार धारण गर्नुभएको छ र घाँटीमा नागको माला लगाउनु भएको छ । उहाँको सूँढ केराको स्तम्भजस्तै शोभायमान छ र दाँत अत्यन्त राम्रो देखिन्छ ।।५।। दिव्य वस्त्र लगाउनुभएका, निधारमा ज्ञाननेत्र धारण गर्नुहुने, किरीटधारी भगवान् श्रीगणेशले कानमा कुण्डल, भुजामा केयूर, कम्मरमा कटिसूत्र धारण गर्नुभएको छ ।।६।। भगवान्का पत्नी सिद्धि र बुद्धिले भगवान् श्रीगणेशको पाउ दबाइरहनु भएको छ । अणिमा, गरिमा आदि सिद्धिहरूले सेतो चमर डुलाएर भगवान्लाई पङ्खा हम्किरहेका छन्। ज्वालिनी र तेजिनी नामक दुई शक्ति भगवान्का वरिपरि उभिएका छन् । शरीरमा दिव्य गन्धको लेपन गर्नुहुने, दिव्यमाला धारण गर्नुहुने भगवान्को दृष्टिका सामु महिमा र प्रथिमा नामक शक्तिहरू रहेका छन् । तिनले भगवान्का लागि जलपात्र, थूकदानी, सुवर्ण एवं रत्नले बनेको छाता धारण गरिरहेका छन् ।।७-९।। भगवान् यसरी विराजमान हुनुभएको बेला भगवान्का दूत आमोद र प्रमोदले काशिराजलाई हातमा समातेर भगवान्का सामु लगे । भगवान् कतिबेला बोल्नुहुन्छ भनेर उभिइरहेका दूतहरूलाई जानेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्ट्वा चकम्पे नृपतिर्भ्रामरीं मस्तके स्थिताम् ।
करालकेशां लम्बोष्ठीं दीर्घजिह्वां प्रभायुताम् ।।५२।।

आश्वासितो व्रजन्नग्रे सोऽपश्यत् कामदायिनीम् ।
आधारशक्तिसंविष्टां योजनायुतविस्तृताम् ।।५३।।

भ्रमन्ति पर्वता यस्याः श्वासवायुविवर्तनात् ।
वज्रातिनिष्ठुरैर्देहैर्यस्यास्तिष्ठति सा पुरी ।।५४।।

वदतः स्म नृपं दूतौ पश्य स्वानन्दपत्तनम् ।
यद्ध्यानपरितृप्तोऽसि कोटिसूर्यनिभं शुभम् ।।५५।।

रत्नकाञ्चनसम्भिन्ना भान्ति यत्र गृहाः परे ।
मुक्तारजतसूर्याश्मनिर्मिताश्च सहस्रशः ।।५६।।

नीलाश्मकुट्टिमा यत्र पुमांसो यत्र वह्निभाः ।
वापीकूपतडागाश्च यत्र भान्ति सरांसि च ।।५७।।

स्वच्छशीताम्बुनीलानि पीतरत्नतटानि च ।
यदम्बुपानान्न जरा न क्षुद् रोगो नृणां भवेत् ।।५८।।

आक्रीडा विमला नानावृक्षवल्लीविराजिताः ।
दिव्यौषध्यो दिवा सूर्यकोटिभा भान्ति यत्र च ।।५९।।

चन्द्रपृष्ठे प्रपश्यन्ति कलङ्करहिते मुखम् ।
विलासिनीजना यत्र सर्वदाऽधोगते निशि ।।६०।।

यत्र पुष्पवनामोदः श्रमं हन्ति विहारिणाम् ।
इक्षुसागरतीरं तत् प्राप्योत्तेरुर्मुदा युताः ।।६१।।

थियो र तिनका शरीरबाट प्रभाको पुञ्ज फैलिरहेको थियो । यो दृश्य देखेर राजा अत्तालिए। त्यसपछि दूतहरूले तिनलाई संझाउँदै अगाडि बढाए । त्यहाँ काशिराजले कामदायिनी शक्ति देखे । एक लाख योजन फैलिएको त्यो शक्ति आधारशक्तिमाथि अडिएको थियो ।।५१-५३।। कामदायिनी शक्तिबाट निस्केको हावाका कारण पर्वतहरू कम्पायमान थिए । कामदायिनीका शरीरका अङ्गहरू वज्रभन्दा पनि कठोर थिए ।।५४।। त्यसपछि दूतहरूले भने – 'हे राजन् ! अब भगवान् श्रीगणेशको धाम स्वानन्दभुवन हेर्नुहोस् । करोडौं सूर्यसमान कान्ति भएको र मङ्गलमय यो स्वानन्दभुवन रहेको छ । तपाइँ काशीमा बसी जुन भुवनको ध्यान गर्दा तृप्त हुनुहुन्थ्यो त्यो यही हो ।।५५।। यहाँ रत्न र सुवर्णले बनेका हजारौं भवनहरू शोभायमान छन्। मोती, चाँदी र सूर्यकान्त मणिद्वारा बनेका भवनहरू पनि छन्।।५६।। नीलमणि लगाएर यहाँका भवनहरूको भुइँ तयार गरिएको छ। यहाँका पुरुषहरू अग्निझैं ज्योतिर्मय छन् । यहाँ पोखरी, ताल, तलाउ र सरोवरहरू शोभायमान छन् ।।५७।। यहाँका सरोवरहरूमा स्वच्छ, चीसो र निर्मल पानी देखिन्छ । यी तलाउहरूका तटमा रत्नहरू जडित छन् । यहाँका तलाउहरूको पानी पिएपछि वृद्धावस्था आउँदैन, भोक र रोग पनि लाग्दैन।।५८।। यहाँ अनेक वृक्ष र लताहरूद्वारा शोभायमान सुन्दर उद्यानहरू छन् । यिनमा सूर्यको कोटिकोटि कान्ति धारण गर्ने दिव्य औषधिहरू चम्किरहन्छन् ।।५९।। रात परेपछि चन्द्रमा धर्तीमा झुकेर आउँदा यहाँका विलासिनी सुन्दरीहरूले निष्कलङ्क चन्द्रमालाई दर्पण मानेर त्यसमा आफ्नो मुख हेर्ने गर्छन् ।।६०।। यहाँका पुष्पवनको सुगन्धले विहार गरिरहेका युवा-युवतीहरूको थकाई मेट्ने काम गर्दछ।' यसरी दूतहरूले काशिराजलाई स्वानन्दभुवन पुऱ्याए । इक्षुसागरको तीरमा रहेको त्यो स्वानन्दभुवन देखेर ती सबै प्रसन्न भए ।।६१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे स्वानन्दभुवनप्राप्तिवर्णनं नाम द्विपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'काशिराजको स्वानन्दभुवनमा प्राप्ति' शीर्षकान्वित बाउन्नौं अध्याय पूर्ण भयो ।।५२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिपञ्चाशोऽध्यायः { ५३ अध्याय }

ब्रह्मोवाच

पपुरिक्षुरसं पुण्यनिचयैर्लभ्यमञ्जसा।
तन्मध्ये पद्मिनी श्वेता सहस्रदलपद्मयुक् ।।१।।

सहस्रकिरणप्रख्यं तस्यां यत् पद्ममुत्तमम् ।
तन्मध्ये तस्य देवस्य पर्यङ्कोऽतिमनोहरः।।२।।

दिव्यास्तरणसम्पन्नो दिव्यधूपैः सुधूपितः।
दिव्यनानाकुसुमवान् स्वप्रभै रत्नसञ्चयैः।।३।।

भासयन् प्रभया सर्वा दिशो विदिश एव च ।
व्यजनैर्वीज्यमानः स तत्र शेते विनायकः ।।४।।

कोटिचन्द्रनिभो नानालङ्कारो नागभूषणः।
रम्भास्तम्भनिभं शुण्डादण्डं रदनसुन्दरम् ।।५।।

दधद् दिव्याम्बरच्छन्नो भालनेत्रः किरीटवान् ।
कुण्डले चाङ्गदे मुद्रां कटिसूत्रं महाधनम् ।।६।।

सिद्धिबुद्धी सिद्धिहेतू पादौ संवहतोऽस्य ह।
अणिमागरिमाश्वेतचामरैर्वीजितः स्म ह ।।७।।

ज्वालिनी तेजिनी दीप्यमाने चोभयतः स्थिते।
दिव्यगन्धेन लिप्ताङ्गो दिव्यमालाविभूषितः ।।८।।

महिमा प्रथिमादाय स्थिते दृष्टिसमीपतः।
जलं गण्डूषपात्रञ्च छत्रं काञ्चनरत्नयुक्।।९।।

ततो दूतौ करे धृत्वा तं नृपं पुरतोऽस्य तु ।
ईक्षेते वागवसरं ततो देवोऽन्वबुध्यत।।१०।।

ब्रह्माजीले भन्नुभयो – इक्षुसागरको तीरमा रहेको इक्षुरसपुरलाई धेरै पुण्यकर्म गरेर मात्र प्राप्त गर्न सकिन्छ । इक्षुरसपुरको माझमा एक हजार पात भएका कमलहरूले युक्त सेतो कमलको लता रहेको छ ।।१।। त्यसमा फुल्ने प्रत्येक कमल सूर्यझैं चम्किला छन् । ती कमलहरूकै माझमा भगवान् श्रीगणेशको अत्यन्त राम्रो पलङ बिछ्याइएको छ।।२।। त्यसमा बिछ्याइएका वस्त्रहरू अत्यन्त मूल्यवान् छन् । पलङ्को वरिपरि दिव्य धूपहरूको सुगन्ध चलिरहेको हुन्छ। त्यहाँ अत्यन्त राम्रा फूलहरू राखिएका छन् र रत्नहरूबाट निस्किएका किरणहरूले भगवान् श्रीगणेशको शय्या प्रकाशमान भएको हुन्छ । त्यस प्रकाशले चारै दिशालाई चहकिलो तुल्याइरहेको हुन्छ । त्यस शय्यामा आफ्ना गणहरूद्वारा सेवा गरिएका भगवान् श्रीगणेश शयन गर्नुहुन्छ ।।३-४।। भगवान् श्रीगणेश करोडौं चन्द्रमासमान कान्तिले ज्योतिर्मय हुनुहुन्छ। उहाँले अनेक थरि अलङ्कार धारण गर्नुभएको छ र घाँटीमा नागको माला लगाउनु भएको छ । उहाँको सूँढ केराको स्तम्भजस्तै शोभायमान छ र दाँत अत्यन्त राम्रो देखिन्छ ।।५।। दिव्य वस्त्र लगाउनुभएका, निधारमा ज्ञाननेत्र धारण गर्नुहुने, किरीटधारी भगवान् श्रीगणेशले कानमा कुण्डल, भुजामा केयूर, कम्मरमा कटिसूत्र धारण गर्नुभएको छ ।।६।। भगवान्का पत्नी सिद्धि र बुद्धिले भगवान् श्रीगणेशको पाउ दबाइरहनु भएको छ । अणिमा, गरिमा आदि सिद्धिहरूले सेतो चमर डुलाएर भगवान्लाई पङ्खा हम्किरहेका छन्। ज्वालिनी र तेजिनी नामक दुई शक्ति भगवान्का वरिपरि उभिएका छन् । शरीरमा दिव्य गन्धको लेपन गर्नुहुने, दिव्यमाला धारण गर्नुहुने भगवान्को दृष्टिका सामु महिमा र प्रथिमा नामक शक्तिहरू रहेका छन् । तिनले भगवान्का लागि जलपात्र, थूकदानी, सुवर्ण एवं रत्नले बनेको छाता धारण गरिरहेका छन् ।।७-९।। भगवान् यसरी विराजमान हुनुभएको बेला भगवान्का दूत आमोद र प्रमोदले काशिराजलाई हातमा समातेर भगवान्का सामु लगे । भगवान् कतिबेला बोल्नुहुन्छ भनेर उभिइरहेका दूतहरूलाई जानेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तौ दूतावूचतुर्देवमानीतोऽयं तवाज्ञया।

प्रणम्य च स्थितौ दूरं तदाज्ञापेक्षकावुभौ ।।११।।

तस्मिन् प्रबुद्धे राजा स प्रणनाम कृताञ्जलिः।

उवाच परमप्रीत्या धन्यो वंशो ममाद्य ह।।१२।।

पितरौ जन्म विद्या च तपो दृष्टिः सुतादयः।

येन मे दर्शितं ब्रह्मध्येयं पदयुगं तव।।१३।।

न ब्रह्मलोके कैलासे शक्रलोकेऽपि वैभवः।

एतादृशोऽदर्शि मया नान्यलोकेऽपि कश्चन।।१४।।

दूतावूच आस्यतां स ततस्तौ च निषेदतुः।

ततोऽपश्यद् बालरूपं द्विभुजं स विनायकम् ।।१५।।

येन तौ निहतौ दैत्यौ देवान्तकनरान्तकौ ।

अतिगौरं कोमलाङ्गं हिमकर्पूरसन्निभम् ।।१६।।

न शशाक तदा वक्तुं वाष्परुद्धमहागलः।

आनन्दाश्रुनदीपूरैरासिञ्चँस्तत्पदद्वयम् ।।१७।।

विज्ञाय तन्महाभक्तिमुत्थाप्यालिङ्ग्य विघ्नराट् ।

मूर्ध्न्याघ्रातश्च पितृवद् बहुकालगतः सुतः।।१८।।

देवोऽपि वाष्पकण्ठोऽभूदुभौ रोमाञ्चसंयुतौ।

उभौ सुखाब्धिसंमग्नौ देहातीतौ यथा मुनी।।१९।।

भगवान् जाग्नुभयो । त्यसपछि ती दूतहरूले भने- 'प्रभु! हजुरको आज्ञाले हामीले काशिराजलाई लिएर आएका छौं ।' यसरी निवेदन गरेर भगवान् श्रीगणेशले के आज्ञा गर्नुहुन्छ भनी प्रतीक्षा गरिरहेका ती दूतहरू भगवान्लाई प्रणाम गरी उभिइराखे ।।१०-११।। भगवान् श्रीगणेशले राम्ररी आँखा खोल्नु भएपछि हात जोडिरहेका काशिराजले पनि भगवान्लाई प्रणाम गरेर आफ्नो भाव व्यक्त गर्दै भने - 'आज मेरो वंश धन्य भएको छ र माता-पिता पनि धन्य हुनुभएको छ । मेरो जन्म, मैले अध्ययन गरेको विद्या, मैले गरेको तपस्या, मेरो आँखाको हेर्ने शक्ति, मेरा छोराछोरीहरू र मेरो पूरा परिवार सबै आज धन्य भएका छन्, किनकि मैले आज ब्रह्माद्वारा ध्यान गरिने हजुरका चरणयुगलको दर्शन पाएको छु ।।१२-१३।। ब्रह्मलोक, कैलास, इन्द्रलोक र अरू कुनै लोकमा पनि जुन वैभव छैन त्यो वैभव मैले यहाँ नजर गरेको छु ।।१४।।' भगवान् श्रीगणेशले दूतहरूलाई बस्न आज्ञा दिनुभएपछि दूतहरू पनि आसनमा बसे । काशिराजले त्यस बेला बालरूपमा रहनुभएका दुई हात धारण गर्नुहुने भगवान् श्रीगणेशको दर्शन पाए ।।१५।। जुन भगवान् गणेशले देवान्तक र नरान्तकको वध गर्नुभएको थियो त्यस्ता बालरूप भगवान् श्रीगणेशको वर्ण गोरो थियो, सम्पूर्ण अङ्ग-प्रत्यङ्ग कोमल थिए र उहाँ हिउ एवं कपूरजस्तै सेतो कान्तिले सुहाउनुभएको थियो । काशिराजको हृदयमा भाव र भक्ति बढेर आउँदा हर्षका आँसु खसे, घाँटी रोकियो र आनन्दातिरेकले केही पनि बोल्न सकेनन्। खालि हर्षका आँसुको धारा वगाएर त्यसबाट तिनले भगवान् श्रीगणेशका पाउ पखालिरहेका थिए । भगवान् श्रीगणेशले पनि तिनको ठूलो भक्तिलाई जानेर उठाउनुभयो र आलिङ्गन गर्नुभयो । पिताले धेरै दिनपछि घर आएका छोराको शिरमा सुँघेझैं भगवान् श्रीगणेशले पनि काशिराजको शिरमा सुँघ्नुभयो ।।१६-१८।। आफ्ना भक्तको तरल अवस्था देखेर भगवान् श्रीगणेशले पनि हर्षका आँसु बगाउनुभयो । त्यस बेला भगवान् र भक्त दुबै रोमाञ्चित थिए र दुबै सुखको सागरमा डुबुल्की मार्दै थिए। दुबैले देहभाव बिर्सेर आत्माको आनन्दमा गोता लगाइरहेका थिए । ब्रह्मप्राप्ति हुँदा एउटा मुनिको जुन अवस्था हुन्छ त्यो त्यहाँ देखियो ।।१९।। केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच वचनं पश्चाद् बालरूपी विनायकः।
त्वद्गृहेऽनेकधा तात ! क्रीडता यत् कृतं मया।।२०।।

तत् क्षान्तं हि त्वया सर्वं शुभं वा यदि वाऽशुभम् ।
निहता बहवो दैत्या धराभारश्च संहृतः।।२१।।

पालिताः साधुलोकाश्च स्थापिता धर्मसेतवः।
तवाज्ञया पुनर्यातः कश्यपं सृष्टिकारकम् ।।२२।।

प्रणम्य तं निजं लोकं प्राप्तोऽमुं सर्ववैभवम् ।
त्वामेव परिचिन्त्याहं विश्रान्तिं न लभे क्वचित् ।।२३।।

तवादिभावं ज्ञात्वाऽहं मुद्गलं मुनिपुङ्गवम् ।
अप्रेषयं तव गृहे तदनुग्रहतस्त्वया।।२४।।

प्राप्तं स्थानं मुद्गलेन भक्तेनेदं त्वयाऽपि च ।
यदगम्यं सदा दैवैर्ब्रह्माद्यैर्मुनिपुङ्गवैः।।२५।।

क उवाच

पीत्वा वागमृतं तस्य नृपो नत्वा पुनःपुनः।
उवाच धैर्यमालम्ब्य तुष्टाव च यथामति।।२६।।

नृप उवाच

नमामि ते नाथ पदारविन्दं
ब्रह्मादिभिर्ध्येयतमं शिवाय ।
यत्पद्मपाशासिपरश्वधादि-
(सु)चिह्नितं विघ्नहरं निजानाम् ।।२७।।

यदर्च्यते विष्णुशिवादिभिः सुरै-
रनेककार्यार्थकरैर्नरैश्च ।
अनेकशो विघ्नविनाशदक्षं
संसारतप्तामृतवृष्टिकारि ।।२८।।

नमामि ते नाथ मुखारविन्दं
त्रिलोचनं वह्निरवीन्दुतारम् ।
कृपाकटाक्षामृतसेचनेन
तापत्रयोन्मूलनदृष्टशक्ति।।२९।।

समयपछि बालकरूप भगवान् श्रीगणेशले काशिराजलाई भन्नुभयो- 'हे राजन्! काशीवासको समयमा तपाइँको घरमा रहँदा बालकहरूका साथ बालक्रीडा गर्दा मैले राम्रो-नराम्रो गरेकोमा तपाइँले क्षमा दिनुभयो । तपाइँकै घरमा रहँदा मैले धेरै दैत्यहरू मारें र पृथिवीको भार हलुका बनाएँ । त्यस बेला मैले सज्जनहरूको रक्षा गरें र धर्मका पुल बाँधें । त्यसपछि तपाइँसँग आज्ञा लिएर प्रजापति कश्यपको घरमा फर्केको थिएँ ।।२०-२२।। त्यहाँ केही दिन बसी पितालाई प्रणाम गरेर बिदाबादी भई अनन्त वैभवले सम्पन्न मेरो धाम स्वानन्दभुवनमा आएको छु । यहाँ आउँदा पनि हे काशिराज! मैले तपाइँकै संझना गरिरहेको थिएँ । तपाइँलाई देख्न नपाउँदा छटपटिन्थें । तपाइँकै संझनाको कारण मैले कहिल्यै शान्ति पाइनँ । तपाइँको भक्तिभावलाई राम्ररी जानेर मैले मुद्गल ऋषिलाई त्यहाँ पठाएको थिएँ । तिनको आशीर्वादबाट तपाइँले यो स्थान प्राप्त गर्नुभयो र मेरा भक्त ऋषि मुद्गल पनि यहीं नै आएका छन् । यो स्थान ब्रह्मा आदि देवता र ठूला-ठूला ऋषिहरूका निम्ति पनि अगम्य र दुर्लभ छ ।।२३-२५।।'

ब्रह्माजीले भन्नुभयो- भगवान् श्रीगणेशका मुखारविन्दबाट निस्केका वचनामृत पान गरेर पुलकित भएका काशिराजले भगवान्लाई प्रणाम गर्दै धैर्यपूर्वक आफ्नो बुद्धिअनुसार भगवान्को स्तुति गरे ।।२६।।

काशिराजले भने - 'हे नाथ ! म ब्रह्मा आदि देवताहरूद्वारा ध्यान गरिने हजुरका चरणकमलमा सर्वमङ्गलका लागि प्रणाम गर्दछु । हजुरको चरणकमल पद्म, पाश, खड्ग, परशु आदि आयुधहरूले सम्पन्न छ र भक्तहरूको विघ्नहरण गर्न समर्थ छ।।२७।। जुन चरणकमलको ब्रह्मा, विष्णु, शिव आदि देवता र अनेक थरि साधना गर्ने मानिसहरूले पूजन गर्दछन् त्यो हजुरको चरणकमल कोटिकोटि विघ्न नाश गर्न समर्थ छ । हजुरको चरणकमल संसारमा जन्मेर तापैतापले आत्तिएका नर-नारीहरूका मनमा अमृत बर्साउने पुण्यमय साधनका रूपमा रहेको छ । हजुरको महिमामय चरणकमलमा म बारबार प्रणाम गर्दछु ।।२८।। हे भगवन् ! अग्नि, तारा, सूर्य र चन्द्रमाको ज्योतिले सम्पन्न, तीन आँखाले सुहाएको हजुरको मुखकमलमा म प्रणाम गर्दछु । हजुरको त्यो मुखकमल कृपाकटाक्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमामि ते नाथ करारविन्द-

मनेकहेतिक्षतदैत्यसङ्घम् ।

अनेकभक्ताभयदं सुरेश !

संसारकूपोत्तरणावलम्बम् ।।३०।।

त्वमेव सत्त्वात्मतया बिभर्षि

सृजस्यजो राजसतामवाप्य ।

तमोगुणाधारतया च हंसि

चराचरं ते वशगं गणेश ।।३१।।

यः शुद्धचेता भजतेऽनिशं त्वा-

माक्रम्य विघ्नान् परिधावसि त्वम् ।

स त्वां वशे कृत्य सुखं हि शेते

वत्सं यथा गौरिव धावसि त्वम् ।।३२।।

येऽन्ये भजन्तः समवाप्य तापान्

संसारचक्रे बहुधा भ्रमन्तः।

कदापि तेऽनुग्रहमाप्य तेऽपि

भजन्ति मानुष्यमवाप्य तेऽपि ।।३३।।

धरारजः कोऽपि मिमीत नाके

तारागणं वारिमुचाञ्च धाराः।

नालं गुणानां गणनां हि कर्तुं

शेषो विधाता तव वर्षपूगैः।।३४।।

निराकृतेस्ते यदि नाकृतिः स्या-

दुपासनाकर्मविधिर्वृथा स्यात् ।

गुणप्रपञ्चः प्रकृतेर्विलासो

जनस्य भोगश्च तथा कथं स्यात् ।।३५।।

अमृतसेचन गरेर भक्तहरूका तीनै किसिमका सन्ताप निर्मूलन गर्न समर्थ छ ।।२९।। हे नाथ ! हजुरको करकमलमा प्रणाम गर्दछु । हजुरको यो करकमल दैत्यहरूसँग सङ्ग्राम गर्दा शस्त्रसञ्चालनका कारण बन्न गएका ठेलाहरूले सुहाएको छ, अनेक भक्तहरूलाई अभयदान दिन निपुण छ र संसाररूपी कुवाबाट पारि जानका लागि अनुपम अवलम्बनका रूपमा रहेको छ ।।३०।। हे श्रीगणेश ! हजुरले नै सत्त्वगुण अँगालेर संसारका प्राणीहरूको रक्षा गर्नुहुन्छ, रजोगुण अँगालेर संसारको सृष्टि गर्नुहुन्छ र तमोगुण अँगालेर चराचरमय विश्वको संहार गर्नुहुन्छ । हे श्रीगणेश ! सम्पूर्ण चराचर हजुरको वशवर्ती भएर रहेको छ ।।३१।। जुन मानिसले चित्तलाई शुद्ध गराएर रातदिन हजुरको भजन गर्दछ त्यस भक्तमाथि विपत्ति आइलाग्दा त्यसको निवारण गर्न हजुर दौडेर त्यहाँ पुग्नुहुन्छ। हजुरका भक्तहरूले हजुरलाई आफ्नो वशमा बनाएर आनन्दपूर्वक जीवनयापन गर्दछन् र सुखपूर्वक निदाउँछन् । हजुरले गाईले बाच्छाको रक्षा गरेझैं आफ्ना भक्तको रक्षा गर्नुहुन्छ र त्यसका निमित्त दौडनुहुन्छ ।।३२।। संसारमा जन्म लिएर अनेक थरि तापले सन्तप्त भई सुख-दुःख, आँसु-हाँसोका साथ व्यवहारमा भौतारिइरहेका मानिसहरूले जुन बेला हजुरको भजन गर्दछन् त्यस बेला तिनीहरूले हजुरको कृपा पाउँछन् र अर्को जन्ममा उत्तम परिवारमा जन्म लिएर हजुरको गुणगान गर्दछन् ।।३३।। के कुनै मानिसले धर्तीको धूलो गन्न सक्छ ? के आकाशका तारा कति छन् भन्न सक्छ ? के बादलले बर्साउने वृष्टिधारा यति छ भनेर कसैले बताउन सक्छ ? कुनै दिन ती कुरा सम्भव भए पनि हजुरका महिमाको वर्णन गर्न शेषनाग र ब्रह्माजीसमेत कोटिकोटि वर्षमा पनि समर्थ हुनुहुन्न ।।३४।। हजुर निराकार हुनुहुन्छ । हजुरको वास्तविक स्वरूप निराकार नै हो तर यदि हजुर भक्तहरूमाथि दया गर्न साकार बन्नु हुँदैनथ्यो भने भक्तले गर्ने उपासना र कर्मका विधान व्यर्थ हुने थिए । हजुर निराकाररूपमै रहनुभएको भए सत्त्व; रज र तमोगुणको विस्तारबाट हुने यो संसारप्रपञ्च देखिँदैनथ्यो, प्रकृतिको विलास हुँदैनथ्यो र नर-नारीहरूको भोगविलासमय संसारको पनि अस्तित्व हुने थिएन ।।३५।। यदि जीवनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्सङ्गतिश्चेत् सदनुग्रहः स्यात्
सत्कर्मनिष्ठा सदनुस्मृतिश्च ।
चित्तस्य शुद्धिर्महती कृपा ते
ज्ञानं विमुक्तिश्च न दुर्लभा स्यात् ।।३६।।

क उवाच

इति स्तोत्रं समाकर्ण्य परितुष्टो विनायकः।
उवाच काशिराजं स वरं वृणु हृदि स्थितम् ।।३७।।

नृप उवाच

जातं वरस्य कृत्यं मे यत्राहं हि समागतः ।
इतः पुनर्जन्ममृती न स्यातां तद् विधीयताम् ।।३८।।

क उवाच

स्तोत्रेण प्रीतस्तं प्राह तथेति दिव्यदेहिनम् ।
स्थापयामास निकटे कल्पकोटियुगावधि ।।३९।।

मुने ! स्तोत्रं मया तस्मात् प्राप्तं तस्य प्रसादतः।
नारदाय मया प्रोक्तं नारदो गौतमाय च।।४०।।

प्राह सोऽपि मुनीन् सर्वान् सर्वकामफलप्रदम् ।
ज्ञानदं मोक्षदं विघ्ननाशनं पावनं परम् ।।४१।।

यः पठेत् स लभेद् भक्तिं गणेशसन्निधौ नरः।
विद्याकामो लभेद् विद्यां त्रिसन्ध्यं यः पठेन्नरः।।४२।।

पुत्रकामो लभेत् पुत्रान् जयकामो लभेज्जयम् ।
एवं सर्वं समाख्यातं यद् यत् पृष्टं त्वया मुने ।।४३।।

आख्यानं काशिराजस्य किमन्यच्छ्रोतुमिच्छसि ।

भृगुरुवाच

इति श्रुत्वा ब्रह्मवाक्यं व्यासो निःसंशयो गिरा ।।४४।।
पुनः पप्रच्छ सुमतिर्विस्तरेण कथान्तरम् ।

उत्तम मानिसको सङ्गति प्राप्त हुन्छ, उत्तम सज्जनहरूको आशीर्वाद प्राप्त गरिन्छ, उत्तम कर्ममा आस्था राखिन्छ र उत्तम वस्तुहरूको स्मरण गरिन्छ भने त्यस अवस्थामा चित्तको शुद्धि हुन्छ र हजुरको कृपा पनि प्राप्त हुन्छ । हजुरको कृपा प्राप्त भएपछि उत्तम ज्ञान प्राप्त हुन्छ । ज्ञान प्राप्त गर्ने साधकलाई मुक्ति दुर्लभ हुँदैन ।।३६।।

ब्रह्माजीले भन्नुभयो – काशिराजद्वारा गरिएको यो स्तुति सुनेर भगवान् श्रीगणेश सन्तुष्ट हुनुभयो र उहाँले काशिराजलाई भन्नुभयो – 'तपाइँका मनमा के कामना रहेका छन्, भन्नुहोस् ? म वर दिन्छु ।।३७।।'

काशिराजले भने– 'हे प्रभु! मलाई कुनै वरदान चाहिंदैन। हजुरको धाममा आएपछि अरू कुन कुराको आवश्यकता बाँकी रहन्छ र ? अब मलाई जन्मनु र मर्नु नपरोस् । हजुरले यत्ति मात्र कृपा गर्नुहोस् ।।३८।।'

ब्रह्माजीले भन्नुभयो – काशिराजको स्तुतिबाट प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले दिव्यदेह धारण गर्ने काशिराजलाई तथास्तु भनी करोडौं कल्पसम्म आफ्नो नजिकमा राख्नुभयो ।।३९।। भगवान् श्रीगणेशको कृपाबाट मैले यो स्तोत्र प्राप्त गरेको हुँ । त्यसपछि मैले नारदजीलाई यो स्तोत्रको उपदेश गरें । नारदजीले यो स्तोत्र गौतमलाई सुनाए । गौतम ऋषिले पनि सबै कामना पूरा गराउने यो स्तोत्र सबै जिज्ञासु ऋषिहरूलाई सुनाएका थिए । वास्तवमा काशिराजले बनाएको यो स्तोत्र ज्ञानदायक, मोक्षदायक, विघ्ननाशक र परम पावन छ ।।४०-४१।। जसले श्रद्धापूर्वक यस स्तोत्रको पाठ गर्दछ त्यसले श्रीगणेशको उत्तम भक्ति प्राप्त गर्छ र अन्तमा श्रीगणेशको समीपमा गएर शोभायमान हुन्छ । यस स्तोत्रको पाठबाट विद्याको कामना गर्ने विद्यार्थीले विद्या प्राप्त गर्दछ । प्रातःकाल, मध्याह्नकाल र सायंकालमा जसले यस स्तोत्रको पाठ गर्दछन् ती भक्तहरूका सबै कामना परिपूर्ण हुन्छन् ।।४२।। छोराको कामना गर्नेले छोरा जन्माउँछ र विजयको कामना गर्नेले विजय प्राप्त गर्दछ । हे वेदव्यास ! मैले तपाईंलाई काशिराजको कथा सुनाएँ । अब के सुन्न चाहनुहुन्छ?

भृगुले भन्नुभयो – ब्रह्माजीका यी कुरा सुनेर व्यासका सन्देहको निवारण भए तापनि बुद्धिमान् व्यासले ब्रह्माजीसँग श्रीगणेशसम्बन्धी अरू कथा सुन्न जिज्ञासा गर्दै भन्नुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यास उवाच

शुक्लस्यातिदरिद्रस्य हृतं दारिद्र्यमादरात् ।।४५।।

भुक्त्वा कदन्नं तद्गेहे काशिराजं समेत्य च।
किञ्चकार स देवोऽपि काशिराजश्च तद्वद ।।४६।।

कथं तौ निहतौ दैत्यौ भूभारश्च कथं हृतः।
स्थापितश्च कथं धर्मस्तन्मे शंस यथाविधि।।४७।।

क उवाच

कथयामि समासेन चरितं बालरूपिणः।
हत्वा शुक्लस्य दारिद्र्यं यद् यत् तेन कृतं मुने ।।४८।।

व्यासले भन्नुभयो– 'हे विधाता ! काशी पुरीको नजिकमा झुपडी बनाएर बस्ने शुक्ल ब्राह्मण दरिद्र थिए । तिनको दरिद्रतालाई भगवान्ले तिनका घरमा रुखासुखा भोजन गरेर हरण गर्नुभयो ।।४३-४५।। त्यसपछि काशिराजका घरमा फर्किएर काशिराज र श्रीगणेशले के के काम गर्नुभयो ? भगवान् श्रीगणेशले नरान्तक र देवान्तकलाई कसरी मार्नुभयो? पृथिवीको भार कसरी हरण गर्नुभयो र कसरी धर्मको स्थापना गर्नुभयो ? यी कुराहरूको उत्तर दिनुहोस् ।।४६-४७।।'

ब्रह्माजीले भन्नुभयो – हे मुनिवर ! म बालरूपी श्रीगणेशको चरित्र संक्षेपमा बताउँछु र उहाँले शुक्लब्राह्मणको दरिद्रता निर्मूलन गरेर के के लीला गर्नुभयो भन्ने कुरा पनि बताउँछु ।।४८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे स्वानन्दप्राप्तस्य काशिराजस्य श्रीगणेशदर्शनं नाम त्रिपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'स्वानन्दभुवनमा प्राप्त काशिराजद्वारा श्रीगणेशको दर्शन' शीर्षकान्वित त्रिपन्नौं अध्याय पूर्ण भयो ।।५३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतु:पञ्चाशोऽध्याय: { ५४ अध्याय }

क उवाच

भुक्त्वा शुक्लगृहे देवो यावत् क्रीडति चत्वरे।
क्षणं सुष्वाप मध्ये स ततो नागरिका जनाः।।१।।

भोजनाय समारम्भं कृत्वा मुनिसुतस्य च ।
काशिराजगृहं तावदाकारयितुमागताः ।।२।।

तानूचे काशिराजस्तु क्रीडन् क्रीडन्नितो गतः।
पश्यन्ति स्म ततो लोका गृहे गृहे विनायकम् ।।३।।

शुक्लस्य स गृहं यात इति केचित् समूचिरे ।
ततो जना निनिन्दुस्तं देवं शुक्लमकिञ्चनम् ।।४।।

जना ऊचुः

उष्ट्रस्तु कण्टकान् भुङ्क्ते हित्वा कोमलपल्लवान् ।
अस्मानाढ्यान् विहायासौ दरिद्रस्य गृहं गतः ।।५।।

वृथैवेश्वरतां नीतो राज्ञा बालो यदीश्वरः।
स्यादयञ्चेत् तदा कुर्यात् सन्तुष्टिं सर्वचेतसाम् ।।६।।

कदन्नं तदपि स्वल्पं कथं भोक्ष्यति बालकः।
केचित् सत्पुरुषास्तेषु तमानयितुमुत्सुकाः।।७।।

इतस्ततः प्रधावन्ति विज्ञातुं तं विनायकम् ।
पप्रच्छुर्मार्गगाँल्लोकान् क्वचिद् दृष्टो विनायकः।।८।।

पृष्ट्वा पृष्ट्वा व्रजन्ति स्म जनास्तद्भक्तितत्पराः।
केचिदूचुः शुक्लगृहं गतः स्यादिति तान् प्रति।।९।।

ते शीघ्रं तद्गृहं याता ज्ञात्वा सुप्तं विनायकम् ।
अतिष्ठन् सात्त्विकास्तूष्णीं प्रबुद्धः स्याद् यदा विभुः।।१०।।

तदैनं प्रार्थयामेति राजसास्तु तमब्रुवन् ।
उत्तिष्ठ याहि रे भोक्तुमन्नं पर्युषितं भवेत् ।।११।।

ब्रह्माजीले भन्नुभयो – शुक्ल ब्राह्मणको घरमा भोजन गरेर एक छिन श्रीगणेश आँगनमा खेल्नुभयो । खेलेपछि थकाइ लागेर आँगनको बीचमै सुतिरहनु भएको थियो । त्यसै बेला नागरिकहरू आ–आफ्ना घरमा भोजन तयार गरेर भगवान् श्रीगणेशलाई बोलाउन काशिराजको घरमा आए । काशिराजले भने – 'श्रीगणेश यतै खेल्दै हुनुहुन्थ्यो, यहाँबाट यसो लाग्नुभएको हो ।' उनले त्यसो भनेपछि मानिसहरू घर–घरमा श्रीगणेशको खोजी गर्दै गए । कसैले श्रीगणेश शुक्ल ब्राह्मणका घरमा जानुभएको छ भनेको सुनेर ती मानिसहरूले श्रीगणेश र शुक्ल ब्राह्मणको निन्दा गरे ।।१–४।।

मानिसहरूले भने – 'जसरी ऊँटले कोमल पालुवा छोडेर काँडा खाने गर्छ त्यसैगरी विनायक पनि हामीजस्ता सम्पन्न मानिसहरूका घरमा नआई दरिद्र शुक्ल ब्राह्मणका घरमा जानुभएको छ ।।५।। काशिराजले पनि एउटा सानो बालकलाई व्यर्थमै ईश्वर मानेका छन् । यदि ती ईश्वर हुन्थे भने तिनले सबैलाई सन्तुष्ट तुल्याउने थिए ।।६।। शुक्ल ब्राह्मणका घरमा पाकेको नमीठो अन्न ती बालकले कसरी खालान्? खाए पनि थोरैमात्र खान सक्लान्।' ती नागरिकहरूमध्ये केही सज्जन पनि थिए । तिनले भने निन्दा गरेनन् । बरू ती त शुक्ल ब्राह्मणको घरमा गएर उहाँलाई ल्याउनुपर्छ भन्दै थिए ।।७।। अरू मानिसहरू श्रीगणेशको जानकारी लिन यताउति दौडिरहेका थिए । बाटामा वटुवाहरूसँग तपाईँले श्रीगणेशलाई देख्नुभयो भन्दै भक्तिले तत्पर भएका मानिसहरू बाटामा सोध्दै–सोध्दै अगाडि बढिरहेका थिए। केही मानिसहरूले तिनीसँग भगवान् श्रीगणेश शुक्ल ब्राह्मणको घरको गएको हुनुपर्छ भने ।।८–९।। वटुवाहरूका ती कुरा सुनेर काशीका नागरिकहरू दौडी दौडी शुक्लको घरमा गए। त्यहाँ भगवान् श्रीगणेश आँगनमा मस्त निदाइरहनु भएको थियो । त्यस बेला सात्त्विक प्रकृतिका भक्तहरू धैर्यसाथ चुप लागेर बसे। भगवान् जाग्नुभएपछि कुरा गरौंला भनिरहेका थिए । तर रजोगुण भएका भक्तहरूले यिनको प्रार्थना गरेपछि जाग्लान् भनेर स्तुति गर्दै भने – 'ए बालक उठ्नुहोस्, भोजन गर्ने बेला भयो, विलम्ब भएमा अन्न बासी हुनेछ।।१०–११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वदर्थं नगरे लोकाः कोलाहलं प्रकुर्वते।
दरिद्रस्यास्य शुक्लस्य शुक्लभिक्षारतस्य ह।।१२।।

पर्याप्तिश्चास्य भिक्षाया जायते न कदाचन।
पिबति न जलं कोऽपि तस्य गेहे कथं भवान् ।
भुक्तवान् कुत्सितञ्चान्नं कश्यपस्यात्मजोऽपि सन् ।।१३।।

केचित् तं विविधैर्वाक्यैर्निनिन्दुस्तुष्टुवुः परे ।

मुनिरुवाच

एवं श्रुत्वा सर्ववाक्यमुवाच कश्यपात्मजः।।१४।।

देव उवाच

भक्त्योपपादितञ्चान्नं भुक्तमद्य यथेच्छतः।
पदमात्रं हि गन्तुं मे शक्तिस्तृप्तस्य नास्ति च।।१५।।

ग्रासमात्रं हि भोक्तुं मे वाञ्छा नास्त्यधुना जनाः ।

क उवाच

एवं निष्ठुरतां ज्ञात्वा जनास्ते विरसास्तदा ।।१६।।

ऊचुः परस्परं केचित् कर्तव्यं किं हि बालके।
सोऽपि विह्वलतां ज्ञात्वा पुरवासिजनस्य ह ।।१७।।

एकोऽनन्तत्वमापेदे घटाकाश इव क्षणात् ।
जलकुम्भगतो यद्वत् सविताऽनेकरूपवान् ।।१८।।

प्रतिगृहं गतो नानाक्रीडासक्तोऽभवद् विभुः।
क्वचित् सोपानमार्गेषु क्वचिद् दोलागतोऽपि च।।१९।।

क्वचिच्च पर्यङ्कगतः क्वचित् सौधगतोऽपि च ।
क्रीडते हसते क्वापि गृहबालैर्भुनक्ति च ।।२०।।

अध्येति क्वापि शास्त्राणि पाठयत्यपि कुत्रचित् ।
तं दृष्ट्वा स्वगृहं यातं काशिराजेन संयुतम् ।।२१।।

तपाइँ नआउनु भएको हुँदा नगरमा मानिसहरू कोलाहल गरिरहेका छन् । तपाइँ दरिद्र शुक्लको घरमा आउनुभएछ । यी बिचरा ब्राह्मण भिक्षा मागेर साँझ-बिहानको छाक टार्ने गर्छन् । यिनले भिक्षा माग्दा पूरा अन्न पाउँदैनन् । यिनले बनाएको भोजन कति भयो होला ? के खानुभयो होला ? यिनलाई कङ्गाल ठानेर कुनै पनि मानिस यिनका घरमा आएर पानी पनि खाँदैनन् । तपाइँ त कश्यप ऋषिका छोरा हुनुहुन्छ। यिनका घरको नमीठो अन्न कसरी खानुभयो ? ।।१२-१३।।' यसरी अनेक थरि कुरा गरेर केही मानिसले भगवान्को निन्दा गरे भने केही मानिसले स्तुति पनि ।

मुनिले भने- यी सबैका सबैथरिका कुरा सुनेर कश्यपका छोरा भगवान्ले भन्नुभयो ।।१४।।

श्रीगणेशले भन्नुभयो - 'शुक्ल ब्राह्मणले मलाई भक्तिपूर्वक राम्रो भोजन खुवाएका छन् र मैले इच्छाअनुसार खाएको छु । म यति अघाएको छु कि एक पाइला हिंड्न पनि मेरो शक्ति छैन ।।१५।। हे मानिस हो ! तपाइँहरू भोजन गर्न हिंड्नुहोस् भन्नुहुन्छ तर मलाई अहिले एक गास पनि खाने मन छैन ।'

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशले निष्ठुर उत्तर दिनुभएपछि ती मानिसहरू निराश भए ।।१६।। केही मानिसहरू आपसमा भन्न लागे - 'यी बालकसँग कसरी व्यवहार गर्ने ? यिनलाई लगेर कसरी खुवाउने ?' भगवान् श्रीगणेशले पनि ती नगरवासीहरूको व्याकुलता थाहा पाएर जसरी एउटा आकाश गाग्राहरूभित्र अनेक आकाशको रूपमा परिणत भएको हुन्छ त्यसरी श्रीगणेशले पनि आफूलाई अनन्तरूपमा परिणत गर्नुभयो । जसरी पानी भरिएको गाग्रामा सूर्यको बिम्ब पर्दा अनेक सूर्यहरू देखिन्छन् त्यसरी नै भगवान् अनेक रूपमा देखिनुभयो ।।१७-१८।। त्यसपछि श्रीगणेश काशीका प्रत्येक घरमा देखिनुभयो । उहाँ प्रत्येक घरमा अनेक थरि क्रीडा गर्दै हुनुहुन्थ्यो । कहीं उहाँ सोपानमार्गमा उक्लिरहेका देखिनुहुन्थ्यो, कहीं डोलामा सवार हुनुहुन्थ्यो, कहीं पलङमा सुतिरहेका देखिनुहुन्थ्यो, कहीं राजमहलमा बसिरहेका देखिनुहुन्थ्यो र कुनै घरमा बालकहरूका साथ हाँस्दै-खेल्दै खाइरहेका देखिनुहुन्थ्यो ।।१९-२०।। श्रीगणेश कहीं शास्त्र पढिरहेका र कहीं शास्त्र पढाइरहेको अवस्थामा पनि देखिनुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहृषे स गृहस्वामी धन्योऽहमिति चाब्रवीत् ।
एवं सर्वगृहे राजसहितोऽसौ विनायकः।।२२।।

क्वचिदभ्यज्यते तैलैः स्नाति क्वापि शुभैर्जलैः।
पादप्रक्षालनं क्वापि क्रियते परमादरात् ।।२३।।

उपचारैः षोडशभिः पूज्यते क्वापि भक्तितः।
भोज्यते परमान्नेन बालभावाद् यथा तथा ।।२४।।

क्वचिन्नानापरिमलैः कस्तूरीचन्दनादिभिः।
अर्च्यते सुमनोभिश्च नैवेद्यैर्विविधैरपि।
सेव्यते गृहपत्नीभिः शिशुभिः सेवकैरपि।।२५।।

भुक्त्वा यथेष्टं सुष्वाप पादसंवाहनादिभिः।
वेदपारायणरतः क्वापि गानरतस्तु सन् ।।२६।।

शृणोति सत्कथां क्वापि हरेरपि कथां क्वचित् ।
क्वचिच्च प्रमदानृत्यं पश्यति स्म नृपेण सः।।२७।।

आरार्तिक्यैश्च विविधैः क्वापि नीराज्यते विभुः।
क्वचिच्च पाशहस्तोऽसौ क्रीडते क्षुद्रबालकैः।।२८।।

पुराणं वाच्यते क्वापि धर्मशास्त्रं स्मृतिस्तथा।
एवं सर्वगृहे भुक्त्वा सर्वेषां कामपूरकः।।२९।।

यस्य यस्य यथा वाञ्छा तथा तां व्यदधाद् विभुः।
सुप्रसन्नो महादेवो यथाकल्पद्रुमोऽपि च ।।३०।।

यथा चिन्तामणिः कामधेनुर्वाऽखिलकामदा ।
दीननाथेति यन्नाम कृतं तत् सार्थकं तदा।।३१।।

देवदुन्दुभयो नेदुः पुष्पवृष्टिर्गृहे गृहे।
दृष्ट्वेत्थं काशिराजोऽसौ भ्रान्त ऊचे निजान् प्रति।।३२।।

यसरी काशिराजका साथमा श्रीगणेशलाई आफ्नो घरमा देखेर कुनै घरका स्वामीले भने- 'म धन्य भएँ।' यसैगरी धेरै घरहरूमा भगवान् श्रीगणेश काशिराजका साथमा देखिनुभयो ।।२१-२२।। भगवान् श्रीगणेश कहीं तेल मालिस गराइरहेका देखिनुहुन्थ्यो र कहीं निर्मल पानीले नुहाइरहेका देखिनुहुन्थ्यो । कुनै घरका मानिसहरूले ठूलो आदरका साथ भगवान्को पाउ पखालिरहेका थिए । कहीं बालरूप भगवान्ले केटाकेटीले झैं भोजनलाई चारैतिर छितार्नुभएको देखिन्थ्यो । कुनै घरका नर-नारीले भक्तिपूर्वक सोह्र प्रकारका पूजाका सामग्रीहरूद्वारा भगवान्को पूजा गरिरहेका थिए । कहीं भगवान्लाई उत्तम अन्नद्वारा भोजन गराइदैथियो । कहीं अनेक थरि सुगन्ध, कस्तूरी, चन्दन र पुष्पहरूबाट भगवान्को पूजा भइरहेको थियो। कहीं अनेक थरि नैवद्य टक्र्याएर भगवान्लाई तृप्त गराइएको थियो । घर-घरमा शिशु र सेवकहरूले भगवान् श्रीगणेशको सेवा गरिरहेका थिए । कुनै घरमा भगवान् भोजन ग्रहण गरी सुकला गर्नुभएको थियो र घरका मानिसहरूले उहाँको पाउ दबाइरहेका थिए । कहीं भगवान् वेदपाठ गर्दै हुनुहुन्थ्यो र कहीं वीणा आदि वाद्य साधन हातमा लिएर गाना गाउँदै हुनुहुन्थ्यो । कुनै घरमा उहाँ उत्तम कथा श्रवण गर्दै हुनुहुन्थ्यो र कुनै घरमा उहाँ भगवान् सत्यनारायणको कथा सुनिरहनुभएको थियो । कुनै घरमा उहाँ काशिराजका साथ वेश्याहरूको नाच हेर्दै हुनुहुन्थ्यो। कुनै घरमा सर्वव्यापी भगवान् श्रीगणेश अनेक थरि आरतीहरूद्वारा पूजा गरिँदै हुनुहुन्थ्यो । कहीं हातमा पाश लिएर साना-साना बालकहरूसँग खेल्दै हुनुहुन्थ्यो ।।२३-२८।। कहीं भगवान् श्रीगणेश पुराणवाचन गर्दै हुनुहुन्थ्यो र कहीं धर्मशास्त्र एवं स्मृतिग्रन्थ सुनाउँदै हुनुहुन्थ्यो । यसरी सबैका घरमा भोजन गरेर भगवान् श्रीगणेशले सबैका इच्छा पूरा गरिदिनुभयो ।।२९।। जसको जस्तो इच्छा थियो, तदनुसार रूप लिएर भगवान्ले ती इच्छा पूरा गरिदिनुभयो । भगवान् आशुतोष शङ्कर प्रसन्न र वरदायक बन्नुभएझैं श्रीगणेश पनि आशुतोष हुनुभयो । कल्पवृक्ष, चिन्तामणि र कामधेनुले मानिसले कल्पना गरेको कुरालाई साकार तुल्याएझैं भगवान् श्रीगणेशले पनि सबैका कामनालाई साकार तुल्याई आफ्नो दीननाथ भन्ने नामलाई सार्थक तुल्याउनुभयो।।३०-३१।। काशीका घर-घरमा श्रीगणेशको उपस्थिति भएपछि त्यहाँ पुष्पवर्षा भयो र देवदुन्दुभि बज्न थाले । यो दृश्य देखेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयं विनायको बालः सन्निधौ मम तिष्ठति।
स कथं सर्वगृहगः पूज्यते सर्वमानवैः।।३३।।

गृहे गृहे तु स कथं तिष्ठत्यत्रापि साम्प्रतम् ।
यो मामाकारयति तं वदामि च पुनः पुनः।।३४।।

विना विनायकं यामि कथं भोक्तुं भवद्गृहे ।
गृहमध्यस्थितश्चान्नं भुञ्जे काश्यपसंयुतः।।३५।।

तं भुक्तवन्तं त्यक्त्वैव बहिस्स्थमपि दृष्टवान् ।
इतस्ततोऽब्रुवँल्लोका दृढविस्मितमानसाः।।३६।।

नानागृहगतो भुङ्क्ते काशिराजयुतो विभुः।
आकर्ण्य वचनं तेषां हसन्नूचे नृपः स तान् ।।३७।।

विना मां स कथं यातो भोक्तुं नानागृहानिति।
ततो गृहाणि द्वित्राणि गत्वा राजा हि दृष्टवान् ।।३८।।

स्वञ्च कश्यपपुत्रञ्च भुक्तवन्तं गृहे गृहे ।
एतस्मिन्नन्तरे प्राप्तौ स्नात्वा तौ मुनिसत्तमौ ।।३९।।

भुक्त्यर्थं भ्रममाणौ तौ सनकश्च सनन्दनः।
पुरीं महोत्सवयुतां विनायकमयीं शुभाम् ।।४०।।

यद् यद् गृहं प्रविशतस्तत्र तत्र विनायकम् ।
पश्यतः स्मरतस्तौ तु यातः स्म बहिरेव च।।४१।।

भुक्तञ्च भुक्तवन्तञ्च सुप्तं क्रीडन्तमेव च।
जपन्तञ्च पठन्तञ्च पाठयन्तञ्च पश्यतः।।४२।।

एवं सर्वत्र तं दृष्ट्वा परस्परमथोचतुः।
न स्थलं भोजनार्थाय दृश्यतेऽथात्र निर्मलम् ।।४३।।

यावः शुक्लगृहं कर्ता स नानातिथ्यमादरात् ।
इत्युक्त्वा तद्गृहं यातौ दृष्टस्तत्रापि काश्यपः।।४४।।

भ्रान्तिमा परी काशिराजले आफ्ना मानिसहरूलाई भने – 'बालक विनायक मेरै घरमा विराजमान हुनुहुन्छ र मेरै नजिकमा विराजमान हुनुहुन्छ । यस्ता श्रीगणेशको कसरी मानिसहरूले आ–आफ्ना घरमा पूजा गरिरहेका छन् ? प्रत्येक घरमा भगवान् श्रीगणेश कसरी उपस्थित हुनुहुन्छ किनकि उहाँ त अहिले मेरै राजभवनमा हुनुहुन्छ । जसले मलाई भोजनका निमित्त आफ्नो घरमा बोलाउँछन्, तिनलाई म बारबार भन्ने गर्दछु – भगवान् श्रीगणेशविना म एक्लै तपाइँको घरमा आउँदिन। श्रीगणेशलाई आफ्नै घरमा राखेर उहाँसँग बसी दिनदिनै भोजन गर्ने गर्छु । अहिले के आश्चर्य हो ?' यसो भनेर श्रीगणेशलाई एक्लै छाडी काशिराज बाहिर निस्के । त्यहाँ पनि तिनले श्रीगणेशलाई नजर गरे। त्यसै बेला अरू मानिसहरू पनि श्रीगणेशले प्रत्येक घरमा गएर भोजन गर्नुभएको थाहा पाई चकित भएका थिए। तिनीहरूले आएर राजालाई भने – 'हे काशिराज ! भगवान् श्रीगणेश हजुरका साथमा प्रत्येक घरमा गई भोजन गर्दै हुनुहुन्छ।' तिनका कुरा सुनेर हाँस्दै काशिराजले भने – म त यहीं छु, उहाँ पनि यहीं हुनुहुन्छ तर तपाइँहरू त्यसो भन्नुहुन्छ, उहाँ एक्लै कसरी जानुभयो ? म पनि अब हेर्छु भनी राजा दुई–तीन घरमा परीक्षण गर्न गए । त्यहाँ तिनले आफूलाई श्रीगणेश सँगसँगै भोजन गरिरहेको देखी आश्चर्यचकित भए । त्यसै बेला उत्तम मुनि सनक र सनन्दन गङ्गा स्नान गरी भोजन गर्न भनी घुम्दै आए । तिनीहरूले पनि काशीका प्रत्येक घरमा श्रीगणेशको उपस्थिति, उत्सव र रमझम देखे ।।३२–४०।। जुन जुन घरमा भिक्षा माग्न प्रवेश गरे, त्यहाँ त्यहाँ तिनीहरूले श्रीगणेशलाई नै देखे । उहाँलाई देखेर उहाँको संझना गर्दै ती एक घरबाट अर्को घर जान भनी बाहिर आउँथे । जुन जुन घरमा जान्थे, त्यहाँ त्यहाँ कहीं भोजन गरिसकेका, कहीं भोजन गरिरहेका, कहीं सुतिरहेका, कहीं खेलिरहेका, कहीं जप गरिरेहका, कहीं पढिरहेका र कहीं पढाइरहेका श्रीगणेशलाई देखे ।।४१–४२।। यसरी जहाँसुकै भगवान् श्रीगणेशलाई देखेर ती दुबैले आपसमा कुरा गरे – जहाँसुकै श्रीगणेशले भोजन गरिरहेका छन् । हाम्रा लागि शुद्ध भोजन गर्न योग्य घर कहीं पनि देखिंदैन ।।४३।। अब हामी शुक्ल ब्राह्मणका घरमा जाऔं, तिनले हाम्रो राम्रो सत्कार गर्नेछन् । यस्तो विचार गरेर ती दुबै मुनि शुक्ल ब्राह्मणका घरमा गए। त्यहाँ पनि तिनीहरूले भगवान् श्रीगणेशलाई देखे।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधोमुखौ क्षुधार्तौ तौ यातः स्म नगराद् बहिः।
पश्यतः स्म परां मूर्तिं स्फुटां वैनायकीं शुभाम्।।४५।।

अन्तर्हृदि च नेत्रे स्वे निमील्योन्मील्य वा पुनः।
अधश्चोर्ध्वं चान्तराले दिक्षु चैव विदिक्षु च ।।४६।।

तस्थतुस्तौ ततः पश्चाद् ध्यानस्तिमितवीक्षणौ।
क्षणमुद्घाट्य नयने विनायकस्वरूपिणम् ।।४७।।

परस्परं पश्यति स्म सनकस्तं परोऽपि तम् ।
यं देवं तौ ध्यायतः स्म पश्यतस्तं विनायकम् ।।४८।।

सर्वव्यापी सर्वरूप आविरासीत् तयोः पुरः।
दशबाहुः सिंहगतः सिद्धिबुद्धिविराजितः ।।४९।।

सुप्रकाशं किरीटञ्च कुण्डले चाङ्गदे दधत् ।
दिव्यगन्धञ्च माल्यञ्च नागञ्चन्द्रार्द्धमेव च ।।५०।।

कस्तूरीतिलकं दिव्ये वसने दशनप्रभे ।
सौम्यतेजाः सुमनसां दुष्टानां दुर्निरीक्षणः।।५१।।

त्यक्त्वा भ्रमं तु तत्त्वज्ञौ प्रणतौ तौ विनायकम् ।
बद्ध्वा करपुटं तौ तं तुष्टुवाते महामती ।।५२।।

तौ ऊचतुः

नित्यमद्वैतमपरं परं ब्रह्म सनातनम् ।
तमेव परया भक्त्या पञ्चभूतात्मकं विभुम् ।।५३।।

चराचरगतं सर्वरूपिणं परमेश्वरम् ।
भ्रमन्ति यस्य रोमाञ्चगता ब्रह्माण्डकोटयः।।५४।।

स कथं स्तवनीयोऽसौ वेदान्तानामगोचरः।
आवयोर्वाञ्छितं देव ! त्वया ज्ञात्वा प्रपूरितम् ।।५५।।

न विद्मो महिमानं ते बालरूपधरस्य ह।
भूभारहरणार्थाय काश्यपं रूपमुत्तमम् ।।५६।।

भोकले व्याकुल भएका ती दुबै ऋषिहरू लाजले मुन्टो झुकाउँदै अब यहाँ कहीं पनि खान पाइँदैन भनी शहरबाहिर गए । तिनीहरूले त्यहाँ पनि भगवान् श्रीगणेशको स्पष्ट, सुन्दर र अति उत्तम मूर्ति देखे ।।४५।। यो मूर्तिलाई हेर्दैनौं भनेर ती दुबैले आँखा चिम्लिए। आँखा चिम्लिदा पनि तिनीहरूले आफ्नै हृदयमा त्यही सुन्दर मूर्ति देखे। फेरि आँखा खोले, तल, माथि, बीचमा, पूर्व, पश्चिम, उत्तर, दक्षिण, ऐशान्य, वायव्य, आग्नेय, नैर्ऋत्य सबै दिशाहरूमा तिनीहरूले श्रीगणेशको त्यही मूर्ति देखे ।।४६।। यसरी जहाँसुकै मूर्ति देखिएपछि ध्यानमुद्रामा आँखा बन्द गरे । एक छिनपछि आँखा खोल्दा सनकले सनन्दनलाई र सनन्दनले सनकलाई गणेशको रूपमा दर्शन गरे ।।४७-४८।। ती दुबैले जुन जुन देवताको ध्यान गर्थे ती देवतालाई पनि श्रीगणेशकै रूपमा पाउँथे । सर्वव्यापक, सर्वरूप भगवान् श्रीगणेश ती ऋषिहरूलाई अलमलिएको देखेर तिनका सामु प्रकट हुनुभयो। दश हात भएका, सिंहमा सवार, सिद्धि र बुद्धिद्वारा सेवित, अत्यन्त प्रकाशमय, कुण्डल र अङ्गदले सुहाउनु भएका, दिव्य गन्ध र मालाले अलङ्कृत, आधा चन्द्रमा धारण गर्नुहुने, कम्मरमा शेषनाग बेर्नुभएका, निधारमा कस्तूरीको तिलक लगाउनु हुने, हिउँझैं सेता सुन्दर वस्त्र धारण गर्नुहुने, सज्जनहरूका लागि अत्यन्त शान्त तेज धारण गर्नुभएका र दुष्टहरूको दृष्टिमा भयङ्कर रूपमा देखिनुहुने भगवान् श्रीगणेश तिनीहरूका सामु विराजमान हुनुहुन्थ्यो । यसरी भगवान्को दर्शन पाएपछि ती दुबै मुनिहरूले भ्रमको जालो च्यातेर तत्त्वज्ञान गरे । त्यसपछि विनम्रतापूर्वक हात जोडी श्रीगणेशलाई प्रणाम गर्दै स्तुति गरे ।।४९-५२।।

सनक र सनन्दनले भने - 'नित्यस्वरूप, अद्वैतरूप, सनातन, परब्रह्म श्रीगणेशलाई परम भक्तिपूर्वक नमस्कार गर्दछौं। पृथिवी, जल, तेज, आकाश र पवन यी पाँच महाभूतहरूमा विराजमान हुनुहुने, चराचरव्यापी, सर्वरूप परमेश्वरलाई प्रणाम गर्दछौं । जसका रोमाञ्चमा कोटि ब्रह्माण्ड घुम्दछन् त्यस्ता वेदान्तद्वारा पनि अनिर्वचनीय प्रभुको हामी कसरी स्तुति गरौं ? हे प्रभु ! हजुरले हामीहरूले चाहेको कुरा थाहा पाएर त्यसलाई परिपूर्ण गराइदिनुभएको छ । बालकरूपमा विराजमान, पृथिवीको भार हरण गर्न कश्यपका पुत्रका रूपमा अवतार लिनुहुने हजुरको महिमा हामी जान्दैनौं ।।५३-५६।।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

अन्तर्दधे तु तद्रूपमुभयोः स्तुवतोः पुरः।
न पश्यतो यदा रूपं तदा तौ श्रमवर्जितौ ।।५७।।

प्रासादं परमं कृत्वा मूर्तिं वैनायकीं शुभाम् ।
ब्रह्मवादित्रघोषैश्च यथादृष्टं शुभे दिने ।।५८।।

स्थापयामासतुर्नाम वरदोऽयं विनायकः।
गणेशतीर्थमिति च तत्र यत् सर उत्तमम् ।।५९।।

स्थापितं नाम तस्यापि तत्र तत् ख्यातिमागमत् ।
अत्र स्नानेन दानेन गणेशपूजनेन च ।।६०।।

सर्वान् कामानवाप्नोति हित्वा पापं पुरातनम् ।
तत्रेयुर्मुनयः सर्वे देवाश्च सदिगीश्वराः।।६१।।

दृष्ट्वा सम्पूजितं देवं स्तुत्वा नत्वा ययुः पुनः।

मुनिरुवाच

एवं तौ बालरूपस्य प्रभावं द्रष्टुमागतौ ।।६२।।

दृष्टप्रभावौ सन्तुष्टौ स्वस्थानमापतुः परम् ।
य इदं शृणुयाद् भक्त्या बालस्य चरितं शुभम् ।।६३।।

सर्वान् कामानवाप्नोति प्रेत्य ब्रह्ममयो भवेत् ।
न बालग्रहपीडा स्यात् सर्वत्र विजयी भवेत् ।।६४।।

ब्रह्माजीले भन्नुभयो – सनक र सनन्दनले यसरी स्तुति गर्दागर्दै भगवान् श्रीगणेशले आफ्नो त्यस रूपलाई अन्तर्धान गराउनुभयो । श्रीगणेशको रूप देख्न नपाएका र सहसा चेष्टाहीन हुन पुगेका ती दुबै ऋषिले उत्साहपूर्वक श्रीगणेशको ठूलो मन्दिर बनाए । वेदपाठ र बाजागाजाको मङ्गल ध्वनिका साथ शास्त्रको आदेशअनुसार आफूले बनाएको मन्दिरमा उत्तम दिनमा ती दुबै मुनिले भगवान् श्रीगणेशको मूर्ति प्रतिष्ठा गरे । तिनीहरूले आफूले स्थापना गरेका भगवान् श्रीगणेशको नाम वरदगणेश राखे । त्यो ठाउँ गणेशतीर्थ र त्यहाँ रहेको सरोवर गणेश सरोवरका रूपमा प्रख्यात भयो । श्रीगणेश तीर्थमा स्नान, दान र पूजन गर्नाले भक्तले आफ्ना पापहरू पखालेर सम्पूर्ण कामनाका फल प्राप्त गर्दछन् । सनक र सनन्दनले मूर्ति प्रतिष्ठा गरेपछि त्यहाँ दिक्पाल र देवताहरू पनि आइपुगे ।।५७-६१।। भगवान् श्रीगणेशको पूजा भएको देखेर उहाँलाई नमस्कार र स्तुति गरी आ-आफ्ना धामतर्फ गए ।

मुनिले भने – यसरी बालरूप भगवान् श्रीगणेशको प्रभावबाट परिचित हुन पाएका सनक र सनन्दन पनि भगवान्को प्रभावबाट सन्तुष्ट भई आफ्नो आश्रमतर्फ लागे । जसले भक्तिपूर्वक श्रीगणेशको यो बालचरित्रको श्रवण गर्दछ त्यसले सम्पूर्ण कामनाहरू पूर्ण हुने फल प्राप्त गर्दछ । त्यो भक्त अन्तमा ब्रह्ममय भएर गणेशधाममा प्राप्त हुन्छ । यो कथा श्रवण गर्नाले बालकहरूमा ग्रहपीडा हुँदैन र भक्तजनहरू जुनसुकै क्षेत्रमा पनि सफल हुन्छन् ।।६२-६४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते सनकसनन्दनस्तुतिवर्णनं नाम चतुःपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सनक र सनन्दनद्वारा भगवान् श्रीगणेशको स्तुति' शीर्षकान्वित चौवन्नौं अध्याय पूर्ण भयो ।।५४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चपञ्चाशोऽध्यायः { ५५ अध्याय }

मुनिरुवाच

तयोस्तु गतयोः पश्चान्मोहापन्नो महानृपः।
काशिराजो हयारूढो भ्रमति स्म गृहे गृहे।।१।।

विनायकमचक्षाणः क्व गतो भोक्तुमित्युत।
विहाय मां कथं यातो मिष्टान्नं भोक्तुमेकशः।।२।।

गृहे गृहे पर्यपृच्छत् क्व गतोऽसौ विनायकः।
इदानीं बहिरायातो भुक्त्वा क्रीडितुमुत्सुकः ।।३।।

काशिराजेन सहितो वृथा त्वं पृच्छसे कथम् ।
एवं निराकृतः सर्वैः पुरवासिजनैरसौ ।।४।।

परमं श्रममापन्नो कुटुम्ब्यकिञ्चनो यथा।
केचिदूचुः शुक्लगृहे क्रीडतेऽसौ विनायकः।।५।।

ततो हर्षयुतः शुक्लगृहं यातो नृपस्तदा।
ददर्श चाङ्गणे तस्य बालं वृषगतं विभुम् ।।६।।

दृष्ट्वा तं वृषभारूढं त्रिनेत्रमिव चापरम् ।
प्रणम्य परया भक्त्या बद्धाञ्जलिपुटोऽब्रवीत् ।।७।।

नृप उवाच

न बाले साधुचरितं न ज्ञानं स्नेह एव च ।
विहाय मां कथं भुक्तं मिष्टान्नं विविधं त्वया।८।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यमुवाच स विनायकः ।
यत्र यत्र मया भुक्तं तत्र भुक्तं त्वयाऽपि च।।९।।

मिथ्या त्वं भाषसे मन्द! बालस्त्वमसि बुद्धितः।
वदिष्यन्ति जनाः सर्वे पृच्छेति च ससाक्षिकम् ।।१०।।

मुनिले भने - सनक र सनन्दनको प्रस्थानपछि श्रीगणेशलाई नदेखेर चिन्तामग्न भएका काशिराज श्रीगणेशको खोजीमा घोडामा सवार भएर घर-घर डुल्दै थिए ।।१।। भोजन गर्ने बेला भयो, मेरा श्रीगणेश कहाँ हुनुहुन्छ ? मीठा पकवान र व्यञ्जन भोजन गर्न मलाई छोडेर एक्लै किन जानुभयो ? मेरा श्रीगणेश कहाँ जानुभयो ? यस्ता प्रश्न गर्दै काशिराज घर-घरमा हिंडे । काशिराजका प्रश्न सुनेर नगरनिवासी मानिसहरूले 'श्रीगणेश भोजन गरेर भर्खरै काशिराजका साथ बाहिर जानुभएको थियो। उहाँ बालकहरूका साथ बालक्रीडा गर्न उत्सुक हुनुहुन्थ्यो । तपाइँ व्यर्थमा अत्तालिएर किन प्रश्न गर्दै हुनुहुन्छ' भनी काशिराजलाई नअत्तालिन अनुरोध गरे ।।२-४।। यसरी नर-नारीहरूले भनेपछि राजा झन् चिन्तामा परे । गरीब गृहस्थ आफ्नो सन्तानको खोजी गर्दा थाकेझैं श्रीगणेशलाई खोज्दा-खोज्दा काशिराज अत्यन्त थाके तर उपाय केही देखेनन् । कसैले आएर भने - 'यतिबेला श्रीगणेश शुक्ल ब्राह्मणको घरमा खेलिरहनुभएको छ ।।५।।' यो थाहा पाएर खुसी भएका काशिराज शुक्लका घरमा गए । शुक्लको आँगनमा साँढेमा सवार हुनुभएका अन्तर्यामी श्रीगणेशलाई देखे । उहाँलाई साँढेमा सवार भएको देखेर तिनले दोस्रा शिवको रूपमा दर्शन गरी परम भक्तिले प्रणाम गरेर हात जोडी निवेदन गरे ।

राजाले भने - 'बालकमा सज्जनको स्वभाव, ज्ञान र माया पनि नहुँदो रहेछ । मलाई एक्लै छाडेर किन हजुरले मीठा-मीठा भोजन खानुभयो ? ।।६-८।।'

ब्रह्माजीले भन्नुभयो - काशिराजका कुरा सुनेर विनायकले उत्तर दिनुभयो - 'हे काशिराज ! मैले जहाँ-जहाँ खाएँ त्यहाँ-त्यहाँ तपाइँले पनि खानुभएको छ । तपाइँ किन असत्य भाषण गर्दै हुनुहुन्छ ? तपाइँ बौद्धिक दृष्टिबाट हेर्दा मभन्दा पनि बच्चा हुनुहुँदो रहेछ । अरू मानिसहरूलाई सोध्नुहोस् त तिनीहरूले के भन्दा रहेछन् ? मसित सँगै तपाइँले भोजन गरेको कुरा देख्ने र जान्ने धेरै साक्षीहरूलाई म तपाइँसामु उभ्याउन सक्छु ।' यसरी भगवान् श्रीगणेशले भनिरहनु भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वा वैनायकं वाक्यं जना ऊचुर्नृपं तदा।
इदानीं हि त्वया भुक्तं विनायकसमीपतः।।११।।

कथं मिथ्या भाषसे त्वं वृद्धः सन् नृपसत्तम ! ।
ततः प्रकृतिमापन्नो ज्ञातवान् स नृपोऽब्रवीत् ।।१२।।

अज्ञेया ते परा माया योगिनामपि मोहिनी।
धन्योऽसि सर्वरूपेण सर्वत्र मानितो यतः।।१३।।

क उवाच

रोमाञ्चाञ्चितगात्रः स ध्यानमेवान्वपद्यत।
ततो वैनायकं रूपं स्वयमेवान्वपद्यत।।१४।।

यथा जले जलं क्षिप्तं जलत्वं प्रतिपद्यते।
पुनर्मायाबलेनासौ भिन्नमूर्तिर्नृपोत्तमः ।।१५।।

स तु तं शिबिकारूढं निनाय निजमन्दिरम् ।
नानावादित्रनिर्घोषैर्नृत्यैर्गीतैरनेकशः।।१६।।

शुशुभे बालकोऽतीव देवेषु मदनो यथा।
अनुयाति सपत्नीको भक्त्या शुक्लः शनैः शनैः।।१७।।

परावर्त्य मुखं दृष्टो बालेन व्रीडता भृशम् ।
कथं प्रयातोऽदत्त्वाऽस्मै वरं कञ्चन तोषकम् ।।१८।।

इत्येवं मनसा तस्मै ददौ सम्पत्तिमुत्तमाम् ।
कुबेरसम्पदः श्रेष्ठां सर्वाश्चर्यकरीं विभुः।।१९।।

शुक्लः परावृतो दीनः सपत्नीको महामनाः।
कदन्नभक्षणाद् देवो रुष्टः किन्त्विति चिन्तयन् ।।२०।।

नापश्यत् तां पर्णकुटीं चिन्तां परमिकां ययौ।
ततस्तु सेवकाः शुक्लं सुगन्धतैलमर्दनैः ।।२१।।

स्नापयित्वाऽप्यलञ्चक्रुर्भूषणैः काञ्चनांशुकैः।
तथैव तस्य पत्नीञ्च बलादिव नियोजिताः।।२२।।

अत्याश्चर्ययुतौ चोभौ पश्यतः सर्वसम्पदः।
रत्नकाञ्चनभित्तीश्च मञ्चान् नानासनानि च ।।२३।।

बेला मानिसहरू आएर भने- 'हे काशिराज! तपाइँले भर्खरै श्रीगणेशका साथमा बसेर खानुभएको थियो ।।९-११।। हे उत्तम राजा ! तपाइँ वृद्ध मानिस भएर पनि किन मिथ्या भाषण गरिरहनु भएको छ ?' यो घटनापछि स्वस्थ भएका ज्ञानी काशिराजले भने- 'हे भगवन् विनायक! हजुरको माया अपरम्पार छ । त्यसबाट योगीहरू पनि मुग्ध हुन्छन् । हजुर धन्य हुनुहुन्छ। हे श्रीगणेश ! हजुर सर्वव्यापक र सर्वसम्मानित पनि हुनुहुन्छ ।।१२-१३।।'

ब्रह्माजीले भन्नुभयो - यति भन्दाभन्दै काशिराज रोमाञ्चित भएर श्रीगणेशको ध्यानमा लीन भए । उहाँको ध्यानमा लीन भएका काशिराज चिन्तन गर्ने क्रममा आफै श्रीगणेशको रूपमा परिणत भए ।।१४।। जसरी पानीमा थपेको पानी पानी नै हुन्छ त्यसैगरी भक्त पनि भगवान्‌को चिन्ता गर्दा भगवान्‌कै रूपमा परिणत हुन्छ । केही समयपछि भगवान्‌ले मायाको प्रयोग गर्नुभयो । काशिराज भिन्न रूपमा देखिए । त्यसपछि तिनले अनेक थरि वाद्यध्वनि र गीतहरूको गायनका साथ भगवान् श्रीगणेशलाई पालकीमा राखेर राजभवन पुऱ्याए ।।१५-१६।। त्यस बेला भगवान् श्रीगणेश देवताहरूमा कामदेव अत्यन्त राम्रा देखिएझैं सम्पूर्ण बालकहरूमध्ये राम्रा देखिनुभएको थियो। त्यस बेला शुक्ल ब्राह्मण आफ्नी पत्नीलाई साथ लिएर भगवान्‌का पछिपछि आइरहेका थिए । श्रीगणेशले पछाडि फर्केर शुक्ललाई हेर्नुभयो । मैले अकिञ्चन ब्राह्मणलाई केही दिन सकिनँ भनेर उहाँले लाज मानेझैं गर्नुभयो । त्यतिबेलै उहाँले मनबाट शुक्ल ब्राह्मणलाई कुबेरको भन्दा पनि उत्तम र सबैलाई चकित तुल्याउने सम्पत्ति प्रदान गर्नुभयो ।।१७-१९।। यो कुरा शुक्ललाई केही थाहा भएन । भगवान्‌ले केही पनि दिनुभएन भन्दै मलिन मुख गराएर फर्के। तिनले मनमा सोचे- 'मैले घरमा राम्रो भोजन खुवाउन सकिनँ, त्यसै भएर रुष्ट हुनुभएका भगवान्‌ले मलाई केही दिनु भएन ।' मनमा यस्ता कुरा खेलाउँदै घर फर्केका शुक्ल ब्राह्मणले जहाँनेर आफ्नो झुपडी थियो त्यहाँ त्यो नदेखेर ठूलो चिन्ता गरे । त्यसपछि सेवकहरूले समीपमा आई तिनलाई सुगन्धित तेलको मालिश गरी सुन्दर सामग्रीबाट स्नान गराएर बहुमूल्य अलङ्कार एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तामणिगणैश्चित्राण्यनेकानि स्थले स्थले।
काञ्चनानि च भाण्डानि वस्त्राण्याच्छादनानि च।।२४।।

भक्ष्याण्यनेकरूपाणि खाद्यानि विविधानि च।
दृष्ट्वेत्थं सकलञ्चोभौ परस्परमभाषताम् ।।२५।।

किमिदं भवनं क्षुद्रं जातमिन्द्रगृहोपमम् ।
ततः शुक्लोऽब्रवीत् पत्नीं विनायकप्रसादतः।।२६।।

सर्वं जानीहि सुभगे ! न समक्षं महाविभुः।
ददाति तु परोक्षेऽसावल्पमात्रेण तोषयन् ।।२७।।

स्वयं दत्तं बहुतरमल्पमेव हि मन्यते ।
भक्त्योपपादितं स्वल्पं मन्यते बहुलं विभुः।।२८।।

तस्माद् भयेन कामेन स्नेहेन रिपुभावतः।
स्मर्तव्यो नमनीयश्च स्तव्यः पूज्यो हिताय च।।२९।।

मुनिरुवाच

ततस्तु नगरे गुप्तौ नरान्तकसमीरितौ।
आस्तां दूतौ चिरं कालं शूरश्च चपलस्तथा।।३०।।

यच्चण्डशब्दात् त्रैलोक्यं कम्पतेऽश्वत्थपत्रवत् ।
यच्छिरः कम्पतः कम्पं यान्ति देवाः सवासवाः ।।३१।।

पराक्रमे बले शब्दे त्रैलोक्ये न समस्तयोः ।
अयं तु शिबिकामध्ये हन्तव्यो मुनिदेहजः।।३२।।

यतोऽनेन हता दैत्या बलिनः पूर्वमागताः।
तेषां प्रतिकृतिः कार्येत्येवमूचुः परस्परम् ।।३३।।

वस्त्र पहिराए । त्यसैगरी तिनकी पत्नीलाई पनि स्नान र शृङ्गार गराउने काम गरे । सेवकहरूद्वारा गरिएको सेवा, विचित्र सम्पत्ति, सुन र रत्नले बनेको घर, दिव्य आसन, मञ्च, मोतीका दाना र सुनले भरिएका भाँडा, संसारमै सर्वोत्तम मानिएका वस्त्र, मूल्यवान् कम्बल, अनेक थरि पकवान र उत्तम भोजन देखेर दुबै दम्पतीले परस्पर कुरा गरे ।।२०-२५।। 'हाम्रो सानो झुपडी आज इन्द्रको दरबारजस्तो बन्यो । यो कसरी बन्यो ? कसले बनायो ? हामी त छक्क परेका छौं ।' त्यसपछि शुक्लले विचार गर्दै आफ्नी पत्नीलाई भने - 'हे सुन्दरी ! संसारका सबभन्दा ठूला देवता श्रीगणेशको कृपाबाट यी सबै कुरा प्राप्त भएका हुन् । सर्वव्यापक परमात्माले भक्तलाई समीपमा आई केही पनि दिनुहुन्न । थोरै मात्र वस्तु दिंदा खुसी भएर भगवान्ले परोक्षमा सबै कुरा दिनुहुन्छ। यति धेरै सम्पत्ति दिएर पनि उहाँले मैले थोरै दिएँ भन्नुहुन्छ। भक्तले भक्तिपूर्वक दिएको थोरै वस्तुलाई पनि अत्यन्त धेरै मानेर स्वीकार गर्नुहुन्छ ।।२६-२८।। हे सुन्दरी! भगवान्लाई डरले भजे पनि हुन्छ, कामना लिएर भजे पनि हुन्छ, मायाले भजे पनि हुन्छ, शत्रु बनाएर भजे पनि हुन्छ किनकि यी सबै भावनाहरूद्वारा भज्दा भगवान्को नाम लिइन्छ र भगवान्को स्मरण गरिन्छ । यसैगरी भक्तहरूले भगवान्लाई प्रणाम, स्तुति र पूजा गर्नुपर्छ । केही फरक पर्दैन । यसो गर्दा भगवान् प्रसन्न हुनुहुन्छ र भक्तको हित गर्नुहुन्छ ।।२९।।'

मुनिले भने - नरान्तकको आज्ञा पाएर काशीनगरमा आई लुकेर रहेका शूर र चपल नामक नरान्तकका दूतहरू दीर्घकालदेखि श्रीगणेशमाथि प्रहार गर्ने इच्छाले प्रतीक्षा गरिरहेका थिए। तिनले आपसमा कुरा गरे- 'जसको प्रचण्ड शब्दले तीन लोक नै पीपलका पातझैं काँप्दछन्, जसले शिर हल्लाउँदा इन्द्रसहित सम्पूर्ण देवताहरू काँप्दछन्, पराक्रम, बल र गर्जनमा जुन वीरहरूसमान संसारमा अरू कुनै पनि छैनन्, हामी तिनै वीरका दूत हौं । पालकीमा सवार भई काशिराजको दरबारतर्फ प्रस्थान गर्ने हाम्रो शत्रु कश्यपपुत्र श्रीगणेशलाई हामीले मार्नुपर्दछ ।।३०-३२।। किनकि यसले पहिले युद्ध गर्न आएका हाम्रा दाजुभाइ धेरै दैत्य वीरहरूलाई मारिसकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्युद्रूपं समास्थाय गर्जतः स्म महारवौ।
तत्तेजसा प्रतिहतचक्षुषो वीरसञ्चयाः।
किमिदं किमिदमिति चुक्रुशुर्भृशविह्वलाः।।३४।।

एतस्मिन्नन्तरे प्राप्तौ शिबिकानिकटं तु तौ।
वाहाः पलायिताः सर्वे त्यक्त्वा तञ्च विनायकम्।।३५।।

धृतौ विनायकेनोभौ हस्ताभ्यां बलिनौ बलात्।
उत्पाटितुं धरण्यां स भ्रामयामास तावुभौ।।३६।।

करुणार्द्रमनाः पश्चात् स्थापयामास भूतले।
हन्तव्यः पुरुषेणासौ यः पराक्रमतोऽधिकः।।३७।।
मशके निहते कः स्यात् पुमर्थः पुरुषस्य ह।
ततः पप्रच्छ तौ कस्य दूतौ वा कथ्यतामिति।।३८।।
स्वशक्त्या तु कृते यत्ने न दोषः पुरुषस्य ह।
एवं तद्वचनं श्रुत्वा प्रोचतुः पुरतः स्थितौ।।३९।।
करुणाब्धिर्भवान् ख्यातो दीननाथः पिताऽसि नः।
सेककृच्चोपनेता च विद्यादोऽभयदोऽपरः।।४०।।
अन्नदः पञ्च पितरो विख्याता भुवनत्रये।
आवां दूतौ गुप्तरूपौ नरान्तकसमीरितौ।।४१।।
तव विघ्नकरौ देव ! रक्षितौ कृपया त्वया।
भूतं भव्यं भवच्चैव सर्वं जानासि सर्ववित्।।४२।।
ये ये वैरेण त्वां याता हतास्ते क्षणमात्रतः।
एतस्मिन्नन्तरे पौरा विनायकमथाब्रुवन्।।४३।।
किमेतौ रक्षितौ देव ! दुष्टौ लोकभयङ्करौ।
अनयोरुपकारस्तु कृतोऽपकृतये भवेत्।।४४।।
पन्नगाय पयो दत्तं विषमेव हि जायते।

छ। तिनीहरूलाई मारेको प्रतिशोध हामीले लिनुपर्छ। यसरी परस्परमा कुरा गरेपछि ती दुबैले बिजुलीको रूप लिएर ठूलो गर्जन गरे। बिजुलीको तेजले आँखाको तेज मन्द भएका वीरहरूले के आइलाग्यो भन्दै व्याकुलता देखाए।।३३-३४।। त्यसपछि ती दुबै शूर र चपल भगवान् श्रीगणेशको पालकी नजिकै आए। तिनलाई देखेर पालकी बोक्ने मानिसहरू श्रीगणेशलाई एक्लै छाडी भागे।।३५।। त्यस बेला ती वलवान् दूतहरूलाई भगवान् श्रीगणेशले बलपूर्वक समात्नुभयो। तिनलाई चिरेर दुई टुक्रा बनाउने आशयले खुट्टामा समाती धेरै बेरसम्म रिंगाउनुभयो। त्यसपछि दया जाग्यो र भुइँमा थपक्क राखिदिनुभयो। वीर पुरुषले आफूभन्दा बलियो वीरलाई मार्नुपर्दछ। लामखुट्टेलाई मारेर पुरुषको कुन पुरुषार्थ हुन्छ ? त्यसपछि सोध्नुभयो - तिमीहरू को हौ, कहाँबाट आएका हौ र कसका दूत हौ ? आफ्नो शक्तिले कसैले प्रयत्न गर्छ भने त्यसको दोष हुँदैन। भगवान्का यी कुरा सुनेर ती दूतहरूले भने- 'हजुर करुणासागरका रूपमा प्रसिद्ध हुनुहुन्छ, दीन-दुःखीहरूका स्वामी हुनुहुन्छ र हाम्रा पितासमान हुनुहुन्छ। वीर्यदान गरेर जन्माउने, व्रतबन्धमा मन्त्र दिने, विद्या दिने, आपत्तिबाट रक्षा गरी अभयदान दिने र अन्न दान गरी प्राणको रक्षा गर्ने यी पाँचथरिका मानिस तीनै लोकमा पिताका रूपमा मानिन्छन्। हामी नरान्तकद्वारा पठाइएका गुप्तरूपमा विचरण गर्ने दूत हौं। तपाइँको जीवनमा र लीलामा विघ्न गर्न आएका हामीलाई तपाइँले कृपा गरेर जोगाउनुभयो। तपाइँ सर्वज्ञ हुनुहुन्छ र भूत, भविष्य र वर्तमान कालको विषयमा सबै कुरा जान्नुहुन्छ।।३६-४२।। जुन-जुन दैत्यहरू तपाइँसँग द्वेष गरेर लड्न आए तिनलाई दृष्टिबाट मात्र एकछिनमा समाप्त पारिदिनुभयो। यसै बीचमा नगरवासीहरूले आई भगवान् श्रीगणेशलाई भने - 'हे श्रीगणेश! तपाइँले यी दुष्ट दानवहरूलाई किन जोगाउनुभयो ? यी त संसारका लागि डरलाग्दा र खतरनाक दैत्य हुन्। यिनीहरूमाथि उपकार गर्नु त संसारको अपकार गर्नु हो। सर्पलाई दूध पियाएर त्यो सज्जन बन्दैन अपितु त्यसले विष नै ओकल्छ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिरुवाच

तानुवाच ततो देवः पूर्वमेवानयोर्मया ।।४५।।
अभयं दत्तमधुना विपरीतं कथं भवेत् ।
इत्युक्त्वाऽमोचयत् तौ स ततो राजाऽब्रवीत् पुनः।।४६।।
अपराधानसङ्ख्यातान् क्षान्त्वा तौ मोचितौ रिपू।
मरणे जीवने जन्तोरिच्छा ते कारणं मता।।४७।।
इत्युक्त्वा मन्दिरं प्राप्तौ काशिराजविनायकौ ।
नत्वा तौ सर्वलोकाश्च स्वं स्वं भवनमागमन् ।।४८।।
प्रशंसन्तो नृपं नानारूपिणञ्च विनायकम् ।।४९।।

मुनिले भने – ती नगरवासीहरूलाई भगवान् श्रीगणेशले भन्नुभयो – 'मैले पहिले नै यिनीहरूलाई अभयदान दिइसकेको थिएँ । तसर्थ अहिले विपरीत गर्नु राम्रो हुँदैन ।' त्यसो भनेपछि ती दुबै दूतलाई मुक्त गरेर पठाइदिनुभयो । तिनीहरू गएपछि काशिराजले भने- 'हे प्रभु ! यिनका असंख्य अपराधलाई क्षमा गरेर हजुरले मुक्त गर्नुभयो । वास्तवमा प्राणीहरूको जीवन र मरणमा हजुरको इच्छा नै प्रमुख कारण बनेको हुन्छ।।४३-४७।।' यस्ता कुरा गरेपछि काशिराजसहित भगवान् श्रीगणेश राजभवनमा जानुभयो। सबै नगरवासीहरू दुबैलाई नमस्कार गरेर काशिराजको भाग्य र भगवान् श्रीगणेशको विचित्र पुरुषार्थको प्रशंसा गर्दै आ-आफ्ना घरतर्फ लागे ।।४८-४९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे दूतमोचनं नाम पञ्चपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा शूर र चपलनामक दानवदूतहरूलाई जीवन दान' शीर्षकान्वित पचपन्नौं अध्याय पूर्ण भयो ।।५५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्पञ्चाशोऽध्यायः { ५६ अध्याय }

मुनिरुवाच

तौ तु रौद्रपुरे रम्यां नरान्तकसभां गतौ।
सहस्रस्तम्भरुचिरां मणिमुक्ताविभूषिताम्।।१।।

अनेकवीरसम्बाधां नानाश्चर्यवतीं शुभाम्।
शतयोजनविस्तीर्णां तावदायामसंयुताम् ।।२।।

नानामणिमये रम्ये आसने स नरान्तकः।
उपविष्टस्तत्समये तस्यामात्यौ वरासने।।३।।

उभौ गगनसंलेहिमूर्धानौ बलिनां वरौ।
नत्वा तौ वदतः शूरश्चपलश्च गुणान् बहून् ।।४।।

वक्तव्यं दूतवर्येण यत् स्यात् साध्वितरच्च यत्।
अन्यथा दूतदोषः स्यात् स्वामिकोपश्च दारुणः ।।५।।

श्रुत्वा तत् स्वामिना कार्यं विचार्य स्वहितं शुभम् ।
आवां विनायके विघ्नान् कर्तुं यातः पुरीं तु ताम् ।।६।।

अतिगुप्ततरौ तत्र स्थितौ बालप्रतीक्षकौ ।
विघण्टो दन्तुरश्चाथ प्रथमं बालरूपिणौ ।।७।।

ताभ्यामालिङ्गितस्तौ स भस्म चक्रे विनायकः।
पतङ्गश्च विधूलश्च वायुरूपधरौ ततः।।८।।

यातौ बालकमुत्क्षेप्तुं शिर आक्रम्य नाशितौ।
पाषाणरूपी प्रबलः शतधा खण्डितोऽसुरः।।९।।

कामक्रोधौ द्वावसुरौ रासभं रूपमास्थितौ ।
हन्तुं बालन्तु मार्गे तौ चूर्णितौ धरणीतले ।।१०।।

ततः कुण्डिन्यास्तुवरः कौञ्जरं रूपमास्थितः।
मार्गमावृत्य सन्तस्थौ तत्कुम्भस्य विदारणात् ।।११।।

मुनिले भने - ती दुबै दूत रौद्रपुरमा बसेका नरान्तक दैत्यको रमणीय सभामा प्राप्त भए । नरान्तकको सभास्थल हजारौं स्तम्भले परिपूर्ण र मोती एवं मणिहरूले सिँगारिएको थियो । हजारौं वीरहरू यताउति गरिरहेका थिए । संसारका आश्चर्यजनक वस्तुहरू त्यहाँ कलात्मक रूपमा राखिएका थिए। त्यो सभाभवन एक सय योजन अथवा चार सय कोश लम्बाइ र चौडाइमा फैलिएको थियो ।।१-२।। त्यस सभाको बीचमा अत्यन्त चम्किलो मणिमय सिंहासनमा नरान्तक विराजमान थियो । त्यसको नजिकैमा अग्ला, मोटा, अत्यन्त बलवान् र आफ्नो शिरबाट आकाश स्पर्श गर्ने त्यसका दुई अमात्य बसेका थिए । ती दुबैलाई नमस्कार गरेर शूर र चपलनामक दूतहरूले श्रीगणेशको प्रशंसा गरे । वास्तवमा दूतले राजा र मन्त्रीको प्रशंसा गर्नुपर्छ अन्यथा दूतमा दोष आइलाग्छ । राजाले दूतको सन्देश सुनेर कर्तव्य र अकर्तव्यको विचार गर्नुपर्दछ अन्यथा राजाको भयङ्कर कोप हुनसक्छ ।।३-५।। त्यस बेला दूतहरूले भने- 'हे राजन्! हजुरहरूको आज्ञा पाएर हामी दुबै श्रीगणेशको लीलामा विघ्न पैदा गर्न यहाँबाट काशी नगरी गएका थियौं।।६।। बालक गणेशको प्रतीक्षा गर्दै अत्यन्त गुप्त रूपमा हामी त्यहाँ बस्यौं । एक दिन विघण्ट र दन्तुरले बालकको रूप धारण गरे । तिनले मार्ने नियतले श्रीगणेशलाई आलिङ्गन गरे । त्यस क्रममा श्रीगणशले ती दुबैलाई खरानी तुल्याइदिए । त्यसपछि पतङ्ग र विधूल वायुरूप लिएर गए । तिनीहरूले श्रीगणेशलाई आकाशमा फ्याँकिर मार्न खोजेका थिए तर श्रीगणेशले शिर निमोठेर तिनीहरूलाई मारिदिए। त्यसपछि प्रबलासुर ढुङ्गाको रूप लिएर गएका थिए, श्रीगणेशले तिनलाई पनि सय टुक्रा पारेर फ्याँकिदिए ।।७-९।। काम र क्रोधनामक दुई राक्षस गधाको रूप लिएर काशी गएका थिए। तिनीहरूले पनि बालक श्रीगणेशलाई मार्न खोजे तर श्रीगणेशले तिनलाई पनि भुइँमा पछारेर मारिदिए ।।१०।। त्यसपछि कुण्डिनी नगरबाट आएर तुबर नामक दैत्यले श्रीगणेशलाई मार्न हात्तीको रूप लिई बाटो छेकेर बसेका थिए । तिनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निहतः क्षणमात्रेण कुमारेण बलेन सः।
धर्मदत्तगृहं पश्चाद् जृम्भिणी हन्तुमागता।।१२।।

नारिकेलेन शिरसि हता मृत्युमवाप सा।
ज्वालाशुरो व्याघ्रतुण्डस्तृतीयस्तु विदारणः।।१३।।

आगता नाशितुं बालमाद्यो जज्ज्वाल तां पुरीम् ।
अन्त्यः साहाय्यमकरोद् वायुरूपतयाऽस्य ह।।१४।।

विदार्यास्यं व्याघ्रतुण्डोऽभक्षयच्चाखिलान् जनान् ।
त्रयोऽपि निहतास्तेन बालेनाऽनन्तमायया।।१५।।

मेघनामा महादैत्यो गाणकं रूपमास्थितः।
निहतो मुद्रिकाघातात् तदद्भुतमिवाभवत् ।।१६।।

कूपश्च कन्दरश्चोभौ निहतौ मायिनौ बलात् ।
अम्भासुरोऽन्धकस्तुङ्गो नाशितुं बालमागताः।।१७।।

एकेनाकारि तु तमो धाराभिर्ववृषे परः।
अपरस्तुङ्गशिखरो न्यपतद् बालकोपरि।।१८।।

महाविहङ्गरूपेण दूरे क्षिप्तास्त्रयोऽपि च।
तेषां प्रतिकृतिं कर्तुं भ्रमरी नाम राक्षसी ।।१९।।

आगता भक्षितुं बालं दुष्टाशयवती शुभा ।
तदुरःस्थलमाक्रम्य प्राणान् जग्राह विघ्नराट् ।।२०।।

तत आवां तडिद्रूपमास्थाय बालकं गतौ।
विहन्तुं तेन विधृतौ करयोर्बलशालिना।।२१।।

कृपावता विमुक्तौ च पृष्ट्वा सर्वं चिकीर्षितम् ।
कथयित्वोदन्तममुमागतौ स्वामिनं प्रति।।२२।

एकदा नगरे तत्र सर्वैरेकः समाहृतः।
भोजनाय च शुक्लेन दरिद्रेण विनायकः।।२३।।

पनि श्रीगणेशले गाला च्यातेर तुरुन्तै मारिदिए । त्यसपछि श्रीगणेश धर्मदत्तको घरमा रहेको बेला जृम्भिणी राक्षसी श्रीगणेशलाई मार्न भनेर गएकी थिइन् । श्रीगणेशले तिनलाई पनि नरीवलको फलले टाउकोमा हानेर मारिदिए । ज्वालासुर, व्याघ्रमुख र विदारण नामक तीन राक्षसहरू श्रीगणेशलाई मार्न भनेर काशीमा गएका थिए । ज्वालासुरले काशीमा आगो लगाए, विदारणले वायुरूप लिएर तिनलाई सहयोग गरे र व्याघ्रमुख आफ्नो मुख फैलाई पर्वताकार भई रहे । तिनले आगलागी हुँदा भागदौडमा परेका मानिसहरूलाई निलेर पेटभित्र पुऱ्याए । यति गर्दागर्दै पनि तिनीहरूको केही लागेन । आखिर श्रीगणेशले आफ्नो अनन्त मायाशक्तिको प्रयोग गरेर तीनवटै दैत्यलाई मारिदिए ।।११-१५।। मेघ नामक महादैत्यले ज्योतिषीको रूप लिएर श्रीगणेशलाई भेट्न गए । तिनलाई पनि श्रीगणेशले औंठीले हानेर मारिदिए । त्यो अत्यन्त आश्चर्यजनक विषय थियो । श्रीगणेशलाई मार्ने मनसायले गएका कूप र कन्दर नामक दुबै मायावी राक्षसहरूलाई पनि श्रीगणेशले बलपूर्वक मारिदिए । अम्भासुर, अन्धकासुर र तुङ्गासुर यी तीन दैत्य फेरि श्रीगणेशलाई मार्न भनी काशी पुगेका थिए । अन्धकासुरले काशीमा अन्धकार फैलाए, अम्भासुरले ठूलो वर्षा गराए र तुङ्गासुरले अग्लो ठाउँबाट हाम्फालेर श्रीगणेशलाई च्यापे । त्यस बेला श्रीगणेशले ठूलो चराको रूप लिएर तीनवटै दैत्यलाई मारिदिए । त्यसपछि तिनीहरूको प्रतिशोध लिन भ्रमरी नामक राक्षसी वाराणसी गएकी थिइन् । अत्यन्त राम्रो स्वरूप लिएर ती राक्षसी बालक श्रीगणेशलाई खाने आशयले तिनको नजिकै पुगिन् । तर श्रीगणेशले सबै कुरा थाहा पाएर तिनको छातीमा आक्रमण गरी प्राणहरण गरिदिए ।।१६-२०।। त्यसपछि हामी दुबै दूत बिजुलीको रूप लिएर बालकलाई मार्न कोशिश गर्दै थियौं । त्यसै बेला बलशाली श्रीगणेशले हाम्रा हात समाते र हाम्रो क्रियाकलापको विषयमा सोधनी गरे । हामीले पनि तिनलाई सबै कुरा बतायौं । दयालु श्रीगणेशले हामीलाई जिउँदै छाडिदिए। अहिले हामी सबै कुरा बताउन हाम्रा राजाका सामु आएका छौं। एक दिनको कुरा हो, काशीनिवासीहरूले एकै पटक भगवान् श्रीगणेशलाई आ-आफ्नो घरमा भोजन गर्न आमन्त्रण गरेका थिए, तर श्रीगणेश तिनका घरमा नगएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशीर्णमोदनं भुक्त्वा सह तैलेन प्राग्विभुः।
पश्चाद् गतोऽनन्तकायो भोक्तुं सर्वगृहेषु सः।।२४।।

सर्वत्र काशिराजेन सहितो बुभुजे हि सः।
काशिराजेन मूढेन न ज्ञातं तद्विचेष्टितम् ।।२५।।

स्वामिन्नेतादृशी शक्तिः क्वापि दृष्टा न च श्रुता।
इदानीं यद्धितं ते स्यात् तद्धि सम्यग्विधीयताम् ।।२६।।

जानीवहे न जेताऽस्य त्रैलोक्ये विद्यते पुमान् ।

मुनिरुवाच

इत्थं श्रुत्वा तयोर्वाक्यं प्रजज्वाल सुरान्तकः।
वमति स्म मुखादग्निं विश्वमत्तुं प्रसारितात् ।।२७।।

कपिरुड्डानशीलोऽपि न सिंहं बाधते क्वचित् ।
बद्ध्वा तु भ्रुकुटीमुग्रामुवाच स नरान्तकः।।२८।।

ग्रासशीलश्चाजगरो न महीं ग्रसते क्वचित् ।
आश्चर्यं मम चित्ते तु भवद्वाक्यादुपागतम् ।।२९।।

खद्योतो राजते तावद् यावच्चन्द्रो न दृश्यते।
चन्द्रोऽपि राजते तावद् यावत्सूर्यो न दृश्यते।।३०।।

न दृश्यते यदा राहुस्तावत् सूर्योऽपि राजते।
न दृष्टः कालरूपोऽहं तावद् बालो महानयम् ।।३१।।

सकाशिराजं तं बालं जानीयातां दिवं गतम् ।
यत्र ते निहता दैत्या गतास्तत्र गमिष्यति ।।३२।।

मुनिरुवाच

एवमुक्त्वा समुत्तस्थौ जगर्ज गर्जयन् दिशः।
चकम्पे पृथिवी सर्वा तद्गर्जनरवाकुला ।।३३।।

गरीब शुक्ल ब्राह्मणका घरमा गई हिजोअस्ति पकाएर सुकाएको भातको धूलो तेलसित खाएर प्रसन्न र तृप्त भए । त्यसपछि मात्र तिनले अनेक रूप धारण गरी सबैका घरमा गएर दर्शन दिए । सबैका घरमा तिनले काशिराजसित सँगै बसेर भोजन गरे, श्रीगणेशको मायाबाट मोहित भएका काशिराजले म श्रीगणेशसँग सँगै खाइरहेको छु भन्ने होश पाएनन् र श्रीगणेशका चेष्टा पनि बुझ्न सकेनन् । हे स्वामी नरान्तक ! यस्तो शक्ति भएको मानिस हामीले कहीं पनि देखेका थिएनौं ।।२१-२६।। हे प्रभु ! यस्ता मानिसको विषयमा कहीं सुनेका पनि थिएनौं । हजुले अहिले जे गर्दा हित हुन्छ त्यो कार्य राम्ररी गर्नुहोस् । यस संसारमा ती बालकलाई जित्नसक्ने कुनै पुरुष छैन भन्ने कुरा हामीलाई लागेको छ ।

मुनिले भने - आफ्ना दूतहरूका यस्ता कुरा सुनेर नरान्तक साह्रै रिसायो । त्यसले आफ्नो फैलिएको मुखबाट संसारलाई नै खाने गरी आगो ओकलिरहेको थियो ।।२७।। नरान्तकले आफ्नो आँखीभौं कुटिल बनाएर भन्दै थियो - जति उड्न सके पनि बाँदरले सिंहलाई केही गर्न सक्तैन, नजिकमा आएका कीरा-फट्याङ्ग्रा र पशु-पक्षीहरूलाई एकै गासमा खाए पनि अजगरले पृथिवीलाई गास बनाउन सक्दैन । तिमीहरूका कुरा सुनेर मलाई आश्चर्य लागिरहेको छ ।।२८-२९।। तिमीहरूले कुरा बुझ्नुपर्छ कि जूनकीरी तबसम्म चम्किन्छ जबसम्म चन्द्रमाको उदय हुँदैन, चन्द्रमा पनि तबसम्म चम्किलो देखिन्छ जबसम्म सूर्यको उदय हुँदैन, सूर्य पनि तबसम्म चम्किन्छ जबसम्म त्यसलाई राहुले आफ्नो गास बनाउँदैन । यसैगरी जबसम्म म काल बनेर त्यस बच्चाका सामु जाँदै जान्न तबसम्म तिमीहरूजस्ता बुद्धि नभएका दैत्यहरूका लागि त्यो बालक महान् बन्दछ ।।३०-३१।। अब तिमीहरूले त्यो काशिराज र त्यस श्रीगणेशलाई मरेको ठाने हुन्छ । जहाँ श्रीगणेशद्वारा मारिएका दैत्यहरू गएका छन् त्यसै ठाउँमा ती दुबै जानेछन् ।।३२।।

मुनिले भने- यसरी आफ्ना कुरा भनेर नरान्तक उभियो र दिशा र देशान्तरहरूलाई शब्दायमान गराउँदै घोर गर्जन गऱ्यो । नरान्तकको त्यस गर्जनबाट व्याकुल भएकी पृथिवी काँपिन् ।।३३।। त्यसपछि नरान्तकले आफ्ना वीरहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत आज्ञापयत् सर्वान् वीरान् सज्जीभवन्त्विति ।
काशिराजस्य नगरीं यामि युद्धाय दंशितः।।३४।।

तस्मिन् वदति सेनेत्थं सन्नद्धा समुपागता।
सर्वशान्तिकरा घोरा चतुरङ्गध्वजान्विता।।३५।।

सैन्येन रजसा सर्वं व्याप्तमासीद् दिगन्तरम् ।
आच्छादिते दिनकरे न प्राज्ञायत किञ्चन ।।३६।।

पदातयोऽप्यसङ्ख्येयाः सिन्दूरारुणमस्तकाः।
उड्डीयोड्डीय धावन्तो मिथ्यायुद्धं प्रचक्रिरे ।।३७।।

मुक्तकेशाः खड्गहस्ता भुशुण्डीचर्मपाणयः।
पाषाणद्रुमखट्वाङ्गकृत्तिपाशकराः परे।।३८।।

ततो ययौ गजानीकं घण्टानादविभूषितम् ।
सिन्दूरारुणसद्गण्डं दन्तावरणराजितम् ।।३९।।

नानाधातुविचित्रो नु पर्वतानां व्रजो व्रजन् ।
चीत्कारेण नदद्दन्तैर्भिन्दन्निव गिरिव्रजम् ।।४०।।

आधोरणा यदा न स्युस्तदा सर्वं हतं भवेत् ।
दानोदकेन तु रजः प्रशान्तमभवत् तदा ।।४१।।

अश्वारोहास्तयोर्जग्मुर्मुकुटाटोपमस्तकाः।
शस्त्रिकाघर्मनिस्त्रिंशधनुर्बाणविभूषिताः।।४२।।

बृंहितैर्हेषितैर्व्योम कुर्वन्तः सगुणं भृशम् ।
कङ्कालैश्च तनुत्राणैस्त्रिशूलैश्च विराजिताः।।४३।।

गदामुद्गरपट्टीशमहापरशुपाणयः।
चक्रतोमरभल्लासिपाशसृणिकराः परे।।४४।।

अश्वा अलङ्कृता नानालङ्कारैश्चामरैरपि।
मनोजवा वायुवेगा व्योमैवाक्रान्तुमिच्छवः।।४५।।

ततः सुवर्णरजतमुक्तामणिविभूषितम् ।
सुवर्णाक्षैर्ध्वजैर्युक्तं नानालङ्कृतवाजिभिः।।४६।।

आज्ञा दिँदै भन्यो – तिमीहरू तयार बन, आफन्तहरूको वधबाट चोट खाएको म अब काशिराजको नगरी काशीमा युद्धका लागि जाँदैछु ।।३४।। यसरी नरान्तकले भनेपछि सबैलाई स्तब्ध तुल्याउने पैदल, अश्व, रथ र हात्तीसेनासहित शस्त्रास्त्रले सजिएर युद्धका लागि तयार भयो ।।३५।। त्यसका सेनाले उडाएको धूलोले चारै दिशामा अन्धकार छायो । त्यसबाट सूर्य ढाकिए र धर्तीमा कतै केही देखिएन । नरान्तकको पैदल सेनामा असंख्य वीर थिए । तिनीहरूले सिन्दूर लगाएर शिरलाई रातै तुल्याएका थिए । ती उडेझैं दौडिरहेका थिए । बलले उन्मत्त भएर ती वीरहरू आफू-आफूमा लडाइँको अभ्यास गरिरहेका थिए ।।३६-३७।। तिनीहरूका केश मुक्त थिए र हातमा तरबार नाचिरहेका थिए। कसैका हातमा बन्दुक, कसैका हातमा भाला, कसैका हातमा ढुङ्गाबाट बनेका अस्त्र, कसैका हातमा रूखका हाँगा, कसैका हातमा खाट र कसैका हातमा कृत्ति एवं पाश थिए । त्यसपछि नरान्तकको गजसेना देखियो । प्रत्येक हात्तीका घाँटीका घण्ट बजिरहेका थिए र प्रत्येक हात्तीको सूँढमा सिन्दूर लगाइएको थियो । प्रत्येक हात्तीका दाँतलाई बचाउन कवच लगाइएको थियो । हात्तीहरूको समूह हिंड्दा पर्वतको समूह नै हिंडेजस्तो लाग्थ्यो। ती हात्तीहरू चित्कार गर्दै पर्वत, चट्टान एवं रूख ढाल्दै अगाडि बढेका थिए । त्यहाँ माउतेहरू हुन्नथे भने ती हात्तीहरूले संसार नै सखाप पार्ने थिए । हात्तीहरूका गालाबाट झरेको मदधाराबाट धर्तीको धूलो शान्त भएको थियो ।।३८-४१।। हात्तीसेनापछि नरान्तकको अश्वसेना देखियो । मुकुटधारी अश्वसेनाका वीरहरू हातमा छुरी, ढाल, तरबार, धनु र बाण धारण गरी शोभायमान थिए। सिंहनाद, घोडाहरूको हिनहिनावटले आकाशलाई शब्दायमान तुल्याएको थियो । कसैका हातमा नरकङ्काल, कसैका हातमा कवच र कसैका हातमा त्रिशूल सजिएका थिए ।।४२-४३।। गदा, मुग्रो, बञ्चरो, चक्र, तोमर, तरबार, भाला, पाश र सृणि धारण गर्ने अश्वारोही वीरहरू पनि सुहाएका थिए ।।४४।। अश्वसेनामा रहेका घोडाहरू अनेक थरि अलङ्कार र चामरद्वारा शोभायमान थिए । ती मनझैं तीव्र गतिमा हिंडिरहेका थिए र आकाशलाई नै आक्रमण गर्न खोजेझैं आफ्नो गन्तव्यतर्फ हाम फालिरहेका थिए । त्यसपछि सुवर्णमय, युद्धका सामग्रीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानायुद्धसमूहैश्च धनुर्बाणशतैर्युतम् ।
कार्तस्वरमहाचक्रं किङ्किणीजालमण्डितम् ।।४७।।

महारथी महामात्यो रथमास्थाय निर्ययौ ।
कृष्णदेहो महाकायो वीरकङ्कणशोभितः।।४८।।

लसत्कुण्डलसुश्रोत्रो महामुकुटमण्डितः।
मुक्तासुवर्णमालाढ्यो मुद्रिकाखड्गमण्डितः।।४९।।

केशरागरुकस्तूरीकर्पूराङ्गविलेपनः।
शुचिरस्त्राणि सस्मार न प्रयुक्तानि कुत्रचित् ।।५०।।

वीरावेशेन स बभौ रोगी शोफं गतो यथा।
नानावादित्रनिर्घोषैर्नादयन् विदिशो दिशः।।५१।।

वीरा विनायकं जेतुं दृष्ट्वा गर्जन्त्यनेकशः।
बृंहितैर्हेषितैः क्ष्वेडै रथनेमिस्वनैरपि।।५२।।

निनादं तं समाकर्ण्य त्रस्ता देवा दरीं ययुः।
एवं नरान्तकः काशिराजस्य नगरीं ययौ।।५३।।

परिपूर्ण, सयौं धनु र बाणले सम्पन्न, अनेक प्रकारका घण्टीहरूको जालले जेलिएको रथसेना देखियो र त्यसमा महारथी वीरहरूका साथ प्रधानमन्त्री सवार भएको थियो । त्यो महामन्त्री सर्वाङ्ग कालो वर्ण र पर्वतझैं विशाल आकारको थियो । त्यसका कानमा कुण्डल सुहाएका थिए र शिरमा ठूलो मुकुट थियो । त्यसले घाँटीमा मोतीको हार धारण गरेको थियो । त्यसको हातमा तरबार र मुद्रिका सजिएका थिए । केशर, अगरु, कस्तूरी र कपूरको धूला त्यसले शरीरमा लेपन गरेको थियो । त्यसले कहिले कसैमाथि प्रयोग नगरेका पवित्र अस्त्रलाई धारण गरेको थियो ।।४५-५०।। त्यो अनेक थरि युद्धका बाजाको ध्वनिले दिशा र विदिशालाई ध्वनिमय तुल्याउँदै वाथरोगले सुन्निएको रोगीझैं वीरताको आवेशले उन्मत्त बनेको थियो । ती दैत्यहरू प्रसन्न भएर आज श्रीगणेशलाई जित्छौं भन्दै गर्जन गरिरहेका थिए । घोडाको शब्द, हात्तीको चीत्कार, सिंहनाद र रथका पहियाको शब्दले घन्किएको घनघोर गर्जन सुनेर डराएका देवताहरू आ-आफ्नो धाम छाडी पर्वतका गुफामा लुक्न गए । त्यसपछि नरान्तक पनि आफ्नो सेनाका साथ काशी नगरीमा पुग्यो ।।५१-५३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे नरान्तकनिर्गमनं नाम षट्पञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशसँग युद्ध गर्न नरान्तकको प्रस्थान' शीर्षकान्वित छपन्नौं अध्याय पूर्ण भयो ।।५६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तपञ्चाशोऽध्यायः { ५७ अध्याय }

क उवाच

तस्मिन् प्रयाते दैत्येन्द्रे प्राग्गुल्मेषु गता नराः।
धावमाना नृपं प्रोचुर्भुक्तवन्तं नरान्तकः।।१।।

आगतो दैत्यराजोऽसौ चतुरङ्गबलान्वितः।
पौरा वादित्रनिर्घोषान् श्रुत्वा चक्रुर्महास्वनान् ।।२।।

कोलाहलो महानासील्लोकानां नगरे भृशम् ।
पलायिता दश दिशो लोकाः प्राणपरीप्सया।।३।।

राजाऽथ भोजनं त्यक्त्वा प्रोत्तस्थौ स्पर्शवानिव।
कृत्वा युद्धक्षमं वेषं लोकानाज्ञापयत् पुरा।।४।।

सज्जीभवन्तु युद्धाय भेरीशब्दमकारयत् ।
खड्गचर्मधरो राजा निषङ्गी चापवान् बली।।५।।

तनुत्राणी च कङ्काली पुपूजे तं विनायकम्।
जयपूर्वञ्च तं स्मृत्वा नत्वा चाश्वं समारुहत् ।।६।।

तृतीयमानकारावं श्रुत्वा सेनाचरा ययुः।
सन्नद्धास्त्वरमाणाश्च पत्त्यश्वस्यन्दनैर्गजैः।।७।।

अतिप्रहृष्टास्ते योधास्त्रैलोक्यग्राससाहसाः।
नगर्याः पूर्वभागे स वेदिकायां स्थितो नृपः।।८।।

अमात्यान् सर्ववीराँश्च ददौ वस्त्रधनानि सः।
उवाच समयोऽयं वो दर्शयन्तु पराक्रमम् ।।९।।

ब्रह्माजीले भन्नुभयो – दैत्येन्द्र नरान्तकले काशीविजय र श्रीगणेशको पराजयका लागि प्रस्थान गरेपछि सैनिक शिविरमा गएका मानिसहरूले दगुर्दै आएर भोजन गरिरहेका काशिराजलाई भने– 'हे राजन्! दैत्यराज नरान्तक चार प्रकारका सैनिकले युक्त भएर काशी नगरीमा आइसकेको छ। नरान्तकका सैनिकहरूले बजाएका बाजागाजा सुनेर काशीनिवासी नर–नारीहरू डरले आकुल–व्याकुल भएर क्रन्दन गर्न थालेका छन्।' वास्तवमा काशीनिवासी नागरिकहरू ठूलो कोलाहल गरिरहेका थिए। नर–नारीहरू डराएर प्राणरक्षाका लागि दसै दिशातिर भागिरहेका थिए ।।१–३।। काशिराजले यो कुरा सुनेर आफूले खान लागेको भोजनसमेत त्याग गरी हावाको वेगमा उभिएर युद्धमा लगाउनुपर्ने वेषभूषा धारण गरी आफ्ना सैनिकहरूलाई आज्ञा गर्दै भने– 'हे सैनिकहरू! तिमीहरू युद्धका लागि तयार बन।' त्यसपछि राजाले युद्धका बाजा बजाउन लगाए। आफूले तरबार, ढाल, धनुष, बाण र हाडबाट बनेको काँड धारण गरी शरीरमा सर्वत्र फलामका सुदृढ कवच धारण गरे। युद्धको मैदानमा प्रस्थान गर्नुअघि विधिपूर्वक भगवान् श्रीगणेशको पूजा गरे। श्रीगणेशको जयजयकार गरी उहाँको संझना गर्दै उहाँका पाउमा शिर राखी उभिएर आफ्नो समीपमा रहेको घोडामा सवार भए ।।४–६।। त्यसपछि एक, दुई, तीन गरी युद्धको दमाहा बज्यो। त्यो सुनेर सैनिकहरू युद्धका लागि अग्रसर भए। ती वीर सैनिकहरू शस्त्र–अस्त्रले सजिएका थिए। कुनै पैदल हिंडिरहेका थिए। तीमध्ये केही रथमा, केही घोडामा र केही हात्तीमा सवार भएर तीव्र वेगले युद्धको मैदानतर्फ गइरहेका थिए। काशिराजका ती बलवान् योद्धाहरू युद्ध गर्ने अवसर पाएर अत्यन्त प्रसन्न थिए। ती वीरहरू तीनै लोकलाई आफ्नो अधीनमा तुल्याउन ठूलो उत्साहका साथ अगाडि बढिरहेका थिए। नगरको पूर्व भागमा गएर त्यहाँ तयार गरिएको मञ्चमा काशिराज विराजमान भए ।।७–८।। त्यस बेला उनले आफ्ना सबै वीर योद्धा र अमात्यहरूलाई प्रसन्नतापूर्वक वस्त्र र धन वितरण गरे। त्यसपछि तिनले ती सबैलाई भने – 'तिमीहरूले आफ्नो पराक्रम देखाउने अवसर यही हो ।।९।। भगवान् श्रीगणेशको कृपाबाट हामीले सर्वत्र विजय प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनायकानुग्रहान्नो न भयं विद्यते क्वचित् ।
तथापि बलवान् दैत्यो बलाज्जिग्ये वसुन्धराम् ।।१०।।

जयस्य नियमो नास्ति दैवाधीनाश्च पूरुषाः।
न सेना लक्षभागे न विद्यतेऽतोऽब्रवीम्यहम् ।।११।।

क्व सागरः क्व कुम्भोदं क्व खद्योतः क्व वा रविः।
तेनैव रक्षिताः साम्ना स्थिता राज्यश्रिया वयम् ।।१२।।

अपराधाः सुबहवो जाता नो मस्तके ततः।
कियन्तो निहता दैत्या विनायकबलेन च।।१३।।

त्यक्त्वा साम प्रयातोऽसौ विचारः क्रियतां हितः।

मुनिरुवाच

तत्राब्रवीन् महामात्यो राजानं भयविह्वलम् ।।१४।।

चतुर्भिर्बुद्धिमद्भिस्त्वं याहि दैत्यं नरान्तकम् ।
शरणं स्वस्वकार्यार्थे नीचानुसरणं शुभम् ।।१५।।

बृहस्पतिमतं राजन् ! ब्रवीमि ते शृणुष्व तत् ।
श्रुत्वा तत्कुरु राजेन्द्र ! ततः क्षेमं भविष्यति।।१६।।

बृहस्पतिरुवाच

कन्याप्रदानसहभोजनवस्त्रदान-
सामाभिधाननमनप्रणयप्रणामैः ।
तत्कीर्तिकीर्तनतदाप्तजनानुवाद-
मुख्यैरुपायनिचयैरहितान् विहंस्यात् ।।१७।।

मुनिरुवाच

स चेद् विनायकं याचेद् दत्त्वा राज्यस्य रक्षणम् ।
कर्तव्यमिति मे भाति स्वहितं तद् विचिन्त्यताम् ।।१८।।

गर्नेछौं । हामीलाई कुनै कुराको डर छैन तापनि दैत्यराज नरान्तक बलवान् छ र त्यसले आफ्नो पराक्रमबाट पृथिवीलाई नै आफ्नो वशमा तुल्याएको छ भन्ने कुरा हामीले बिर्सनु हुँदैन । विजय कसको हुन्छ भन्ने कुरा लेखिएको हुँदैन।।१०।। लक्ष्य प्राप्तिका लागि पुरुषार्थ देखाउने विषयमा म सक्रिय नभएको होइन । त्यसै भएर म फेरि पुरुषार्थ देखाउन तिमीहरूलाई अभिप्रेरित गरिरहेको छु ।।११।। सागर कहाँ ? गाग्राको पानी कहाँ ? जूनकिरी कहाँ ? सूर्य कहाँ ? त्यस्तै नरान्तक कहाँ र श्रीगणेश कहाँ ? यो कुरा तिमीहरूले राम्ररी विचार गर्नेछौ । श्रीगणेशले नै सामको प्रयोगबाट हाम्रो रक्षा गर्नुभएको छ । हामी राज्यलक्ष्मीको उपभोग गर्दै आएका छौं । हामीहरूबाट पनि धेरै अपराध भएका छन् । श्रीगणेशकै शक्ति प्राप्त गरी हामीहरूले पटक-पटक दैत्यहरूलाई युद्धमा मारेका छौं । मधुर वचनद्वारा सन्धि र समन्वयको नीति परित्याग गरी नरान्तक आक्रमणका लागि जुर्मुराएको छ । यसबेला सबै वीरहरूले कसरी राष्ट्रको हित हुन्छ, त्यो काम गर्नुपरेको छ ।'

मुनिले भने – युद्धको सन्त्रासले भित्रभित्रै त्रस्त भएका राजालाई एक जना महामात्यले भने – 'हे राजन् ! तपाइँ चार जना बुद्धिमान् मानिसहरूलाई अगाडि लगाएर नरान्तक दैत्यका सामु जानुहोस् । आफूभित्र शङ्का र भय उत्पन्न भएको बेलामा युद्ध गर्नु उचित हुँदैन । आफ्नो कार्यसिद्धिका लागि नीच मानिसको अनुसरण पनि मङ्गलदायक हुन्छ । यस सम्बन्धमा बृहस्पतिको पनि यस्तै मत रहेको छ। त्यो म बताउँछु, तपाइँले राम्ररी सुन्नुहोस् र तदनुसार कार्य गर्नुहोस्। त्यसबाट कल्याण हुनेछ।।१२-१६।।'

बृहस्पतिले भनेका छन् – 'आफूभन्दा बलिया राजालाई अनुकूल तुल्याई आफ्नो राज्य र जनताको रक्षा गर्न राजाले अनेक प्रयत्नहरू गर्नुपर्दछ । ती प्रयत्नहरू यसप्रकारका हुनसक्छन् – बलियो विरोधी राजालाई आफ्नी छोरी दिनु, एउटै भान्सामा बसी सहभोजन गर्नु, उत्तम वस्त्र र वस्तुहरू उपहारका रूपमा टक्र्याउनु, विनम्रतापूर्वक प्रस्तुत भई कीर्तिगान गर्नु, विरोधी राजाका विश्वस्त भाइ-भारदारहरूको प्रशंसा गर्नु आदि मुख्य उपायबाट शत्रुको नाश गर्नुपर्दछ ।।१७।।'

मुनिले भने – हे काशिराज ! यदि नरान्तकले तपाइँसँग गणेशलाई माग्दछ भने तिनलाई सुम्पेर भए पनि राज्यको रक्षा गर्नुपर्दछ भन्ने मलाई लागेको छ । त्यस विषयमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः सर्वजनाः साधु साध्विति प्राब्रुवन्नृपम् ।
सम्यगुक्तममात्येन वैरच्छेदाय भो नृप ।।१९।।

विचारयत्सु तेष्वेवं दैत्यास्ते बलवत्तराः।
रुरुधुस्तां पुरीं सैन्यैः सर्वे ते शलभा इव।।२०।।

मध्ये गतान् नरान् दृष्ट्वा ददहुस्तां पुरीं खलाः।
प्रजज्वाल महानग्निश्चतुर्दिक्षु विदिक्षु च ।।२१।।

धूमेनाच्छादि तपनो न प्राज्ञायत किञ्चन ।
कल्पान्त इव तत्रासील्लोकानामतिदारुणः।।२२।।

ध्रियन्ते ते परैर्येऽग्निभयाद् यान्ति बहिर्नराः।
सबाला योषितश्चापि लिलिङ्गुश्च चुचुम्बिरे ।।२३।।

पतिव्रतास्त्यजुः प्राणाँल्लज्जयाऽतिपरिप्लुताः।
आरुह्य गोपुरं काश्चिद् देहत्यागं प्रचक्रिरे।।२४।।

अपरास्तत्यजुः प्राणान् शस्त्रैः पाशैर्विषैरपि।
अतिरम्या धृता दूतैर्नीतास्ताः स्वामिनं प्रति।।२५।।

नरान्तकेन भुक्त्वा ताः प्रेषिता नगरं स्वयम् ।
एवं तं प्रलयं दृष्ट्वाऽमात्यानूचे नृपः पुनः।।२६।।

अस्मत्समक्षं योषाश्चेन्नीता दुष्टैर्दुरात्मभिः।
तदाऽयशो महन्न स्यात् तस्माद् युध्यामहेऽसुरैः।।२७।।

एवमुक्त्वा स्वमश्वं स प्रेरयन् युद्धदुर्मदः।
सज्यं कृत्वा धनुः सद्यो बाणवृष्टिमथाकरोत् ।।२८।।

आच्छादितो रश्मिमाली दैत्या मोहमुपागमन् ।
धाराधरा यथा धारा विमुञ्चन्ति तथा धनुः।।२९।।

चिन्तन गर्नुहोस् ।।१८।। महामात्यका यी कुरा सुनेर राजाको नजिकमा रहेका अरू भारदारहरूले पनि महामात्यले राम्रो कुरा गर्नुभयो र उहाँले बताएका उपायको अवलम्बनबाट नरान्तकसँगको वैरभाव शान्त हुनेछ भने ।।१९।। यसरी मन्त्री, राजा र राजाका भारदारहरूले विचार गरिरहेकै बेला नरान्तक दैत्यका सेनाहरू सलहझैं आएर काशी पुरीलाई चारैतिरबाट घेर्न थाले ।।२०।। काशीनिवासी नर-नारीहरू डरले शहरको बीचमा आई बसेका थिए । नरान्तक दैत्यका सेनाहरूले त्यहाँ उपद्रव मच्चाई सबैलाई आतंकित गर्ने हिसाबले आगो लगाइदिए। काशीनगरीका दसै दिशामा आगाको ज्वाला दन्किन थाल्यो।।२१।। नगरका चारैतिर तल र माथि धूवाँमात्र देखियो। कसैले कसैलाई देख्न सकेन। कहाँ के भइरहेको छ भन्ने कुरा कसैले जान्न सकेन । काशीनिवासी मानिसहरूका निमित्त यो घटना प्रलय-कालसमान डरलाग्दो थियो ।।२२।। डरले आफ्ना बालबच्चा समातेर नगरबाट बाहिर जान चाहने नर-नारीहरूलाई दैत्य-वीरहरूले रोकिरहेका थिए । ती दैत्यहरूले अविवाहित युवती र विवाहित नारीहरूमाथि खनिएर आलिङ्गन र चुम्बन गरिरहेका थिए ।।२३।। दैत्यहरूको यो दुराशयपूर्ण व्यवहार देखेर पतिव्रता नारीहरूले प्राणपरित्याग गरे । दानवहरूद्वारा शीलहरण गरिंदा लाजले भुतुक्क भएका कति नारीहरूले त शहरका अग्ला ढोकाहरूमा चढेर हाम्फाली प्राणत्याग गरे ।।२४।। कसैले आफ्नै शरीरमा शस्त्रप्रहार गरी प्राणत्याग गरे, केही मानिसहरू पाश लगाएर मरे, कतिले विषपान गरे र केही सुन्दरीहरूलाई दानवहरूले जर्बजस्ती समातेर नरान्तकका सामु पुऱ्याए ।।२५।। नरान्तकले ती नारीहरूको सौन्दर्य उपभोग गरी तिनलाई नगरतर्फ पठायो । यस्तो प्रलयकालसमान दृश्य देखेर काशिराजले फेरि आफ्ना अमात्यहरूलाई भने - 'दुष्टहरूले हाम्रा समीपबाट पतिव्रता नारीहरूलाई उठाई लगे भने यो हाम्रा लागि ठूलो कलङ्क हो । अब सहेर बस्न सकिंदैन । त्यस कारण हामीले जुनसुकै उपायबाट पनि नरान्तकको सेनासँग युद्ध गर्नुपर्छ ।।२६-२७।।' यसरी अमात्यहरूलाई निर्देशन दिएर काशिराजले युद्धको आकांक्षाले अत्यन्त उद्वेलित भई धनु सजाएर शत्रुको सेनामाथि बाण बर्साउन थाले ।।२८।। काशिराजले बर्साएका बाणहरूबाट सूर्य पनि ढाकिए । त्यस बेला दैत्यहरू के गरौं र के नगरौं भन्ने किंकर्तव्य-विमूढ अवस्थामा पुगे । जसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुञ्चति स्म शरैस्ते ते निहता दैत्यसञ्चयाः।
केचिन्मृताश्च भग्नाश्च केचिन्निश्चरणाः कृताः।।३०।।

केषाञ्चिदुदरं भग्नं परेषां बाहवो हताः।
केषाञ्चित् स्फोटिते नेत्रे केषाञ्चिदुरवोऽपि च।।३१।।

अमात्याः सेनया सार्द्धं काशिराजं समन्वयुः।
खड्गैः परश्वधैस्ते तान् परवीरान् निजघ्निरे ।।३२।।

तदाघातैर्हताः केचित् पतिता भूतले परे।
तेऽपि दैत्या महाशस्त्रैर्निजघ्नुस्तान् रणाजिरे।।३३।।

अन्धकारे महारौद्रे सेनाधूलिकृते परे।
निजघ्नुरेव शस्त्रैस्ते वीरान् स्वाँश्च परानपि।।३४।।

मल्लयुद्धञ्च चक्रुस्ते परस्परजिगीषया।
अश्वारूढैर्गजारूढै रथारूढैः पदातिभिः।।३५।।

पदाताश्च रथारूढा युयुधुः शस्त्रसायकैः।
एवं सम्भ्रान्तमभवत् तद् युद्धं तुमुलं परैः।।३६।।

प्रभग्ना दैत्यसेना सा तदा याता पराङ्मुखी।
सिंहनादञ्चकारोच्चैः काशिराजो जयान्वितः।।३७।।

हर्षात् सेनान्तरं यातो निघ्नन् युद्धे वरान् वरान् ।
भिन्दन् सेनां महाघोरां युद्धावेशी गजो यथा ।।३८।।

शतं सहस्त्रं वीराणां सेनामध्ये जघान सः ।
निघ्नन्तं तं तथा दृष्ट्वा रुरुधुः परसैनिकाः।।३९।।

आकाशबाट बादलले निरन्तर जलधारा बर्साउँछ त्यसैगरी काशिराजको धनुबाट पनि कोशौंसम्म भू-भाग ढाकिने गरी बाणको वर्षा भइरहेको थियो ।।२९।। त्यो बाणवर्षाबाट अनेकौं दैत्यहरू मरे, कतिपय दैत्यका हात-खुट्टा भाँचिए, केही दैत्यका घाँटी काटिए, कसैका आँखा फुटे र कसैका जाँघहरू छुट्टिए । यो घटनापछि काशिराजका अमात्यहरू पनि सेनालाई सघाउन युद्धभूमिमा आए । तिनले पनि राजाको प्रेरणा पाएर आ-आफ्ना बञ्चरा र तरबारद्वारा सयौं शत्रुवीरहरूको हत्या गरे ।।३०-३२।। अमात्यहरूद्वारा आक्रान्त दैत्यसेनाका जवानहरूमध्ये केही सन्त्रस्त भई भागे, केही मारिए र केही भुइँमा लडे । त्यसपछि थपिन आएको दैत्यसेनाका जवानहरूले पनि आ-आफ्ना कठोर शस्त्रहरूको प्रहार गरेर काशिराजका सैनिकहरूलाई मार्न थाले ।।३३।। घनघोर संग्राम भयो, चारैतिर अन्धकार छायो, सेनाको खुट्टाको पाउबाट उडेको धूलोले दिनलाई रात तुल्यायो । त्यस अवस्थामा वीरहरूले प्रहार गर्दा आफ्ना पक्षका र शत्रुपक्षका सैनिकहरूलाई चारैतिर धूलैधूलो भएका कारण नचिनेर समानरूपमा आक्रमण गरे । यो मेरो र यो तेरो भन्ने कुरा थाहा हुनसकेन ।।३४।। केही वीरहरू आपसमा मल्लयुद्ध गरिरहेका थिए । केही वीर घोडामा र केही वीर हात्तीमा सवार भएर नरान्तकका पैदल सैनिकहरूका साथ युद्ध गरिरहेका थिए । काशिराजको पैदल सेनाका वीरहरू पनि रथमा सवार भएका वीर र बाणधारी वीरहरूका साथ भयङ्कर युद्ध गरिरहेका थिए । यसरी त्यहाँ अत्यन्त डरलाग्दो युद्धको वातावरण सिर्जियो । काशिराजको सेनाबाट परास्त भएका दैत्यसैनिकहरू पिठ्यूँ फर्काएर भाग्न थाले । विजयी बनेका काशिराजले पनि विजयको हर्षमा सिंहनाद गरे । हर्षित भएका काशिराज आफै शस्त्र लिएर युद्धको मैदानमा आएका शत्रुसेनाका ठूला-ठूला वीरहरूमाथि जाइलागे । जसरी उन्मत्त हात्तीले युद्धकालमा आफ्नो उन्मादले शत्रुको हात्तीमाथि आक्रमण गरिरहेको हुन्छ त्यसैगरी काशिराज पनि शत्रुसेनालाई भेदन गर्दै अगाडि बढे ।।३५-३८।। तिनले हजारौं हजार वीरहरूलाई मारे । विजयको उन्मादमा शत्रुसेनामाथि आक्रमण गरिरहेका काशिराजलाई दैत्य वीरहरूले आएर रोके ।।३९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाऽयमिति बुद्ध्वा ते सर्व एव समाययुः।
तच्छराणां महावृष्टिं सोढ्वा दध्रुर्बलादमुम् ।।४०।।

अमात्ययोस्तु पुत्राभ्यां सह ते दैत्यपुङ्गवाः।
सेनाचरा महाशब्दं धृतो राजेति चक्रिरे।।४१।।

ततः सेनाचरा राज्ञो धृताः केचित् पलायिताः।
मृताः केचित् क्षताः केचिच्छरणं केऽपि तान् ययुः।।४२।।

महावने महोक्षेव बलवद्भिर्वृकैरिव।
अमात्यपुत्रसहितं निन्युर्दूता नरान्तकम् ।।४३।।

दग्धा च नगरी सर्वाऽनिवार्यैः सैनिकैस्तु सा।
ततो नरान्तकः स्वीयान् जगाद वीरसत्तमान् ।।४४।।

यदर्थमागता वीरास्तत्कार्यं सिद्धमेव नः।
न मेऽस्ति गणना तस्य मुनिपुत्रस्य साम्प्रतम् ।।४५।।

जिते प्रभौ जिता सेना जिते दुर्गे जितं पुरम् ।
काशिराजे जिते बालो जित एव न संशयः।।४६।।

अथानेष्यति राजाऽयं बालं निग्रहतोऽधुना।
एवमुक्त्वा ययौ वाद्यनिर्घोषैः स तथा पुरीम् ।।४७।।

काशिराजं पुरस्कृत्य स्तूयमानोऽथ बन्दिभिः।
यच्छन् वस्तूनि बन्दिभ्यो ददौ विप्रेभ्य एव च ।।४८।।

दैत्यसेनाका वीरहरूले युद्धमा वीरता देखाउने व्यक्ति कुनै सामान्य वीर नभई स्वयं काशिराज हुन् भन्ने जानेर सबै एकै ठाउँमा एकत्रित भई काशिराजले प्रहार गरेको शस्त्र वर्षालाई सहन गर्दै काशिराजलाई बलपूर्वक समाते ।।४०।। अमात्यका पुत्रहरूको नेतृत्वमा लडिरहेका दैत्यवीरहरूले काशिराजलाई समातियो भनी हर्ष र उल्लासपूर्वक भयङ्कर गर्जन गरे ।।४१।। काशिराजका सैनिकहरूमध्ये केही समातिए, केही भागे, केही मरे, केही घाइते भए र केही शत्रुसेनाको शरणमा गए ।।४२।। घोर जङ्गलमा बलवान् ब्वाँसाहरूद्वारा समातिएको साँढेझैं शत्रुसेनाद्वारा समातिएका र अमात्यपुत्रहरूका साथ रहेका काशिराजलाई नरान्तकका दूतहरूले नरान्तकसामु पुऱ्याए ।।४३।। त्यसपछि नरान्तकका दुर्जेय बल भएका सैनिकहरूले सम्पूर्ण काशी नगरीमा आगो लगाइदिए । त्यसपछि नरान्तकले आफ्ना सैनिकहरूलाई सम्बोधन गर्दै भन्यो- 'हे वीरहरू ! हामी जुन उद्देश्यले काशीमा आएका थियौं त्यो उद्देश्य पूरा भएको छ। अहिले म कश्यपपुत्र गणेशलाई कुनै वीरको रूपमा गणना गर्न चाहन्नँ ।।४४-४५।। राजालाई जितेपछि त्यसको सेना स्वतः जितिन्छ । शत्रुका किल्ला कब्जा गरेपछि शत्रुको राजधानी पनि कब्जामा आएको हुन्छ। त्यसैगरी काशिराज-माथि विजय प्राप्त गरेपछि गणेशनामक बच्चालाई पनि जितिएको छ । यसमा कुनै सन्देह छैन ।।४६।। वास्तवमा हाम्रो वशमा परेको काशिराजले हाम्रो दबाब परेपछि आफै आएर गणेशनामक बच्चालाई यहाँ बुझाउनेछ ।' यसो भनेर नरान्तक विजयको बाजा-गाजाका साथ राजधानीतर्फ लाग्यो ।।४७।। बन्दी बनाइएका काशिराजलाई अगाडि लगाएर स्तुतिपाठकहरूद्वारा गरिएको प्रशंसा वचन श्रवण गर्दै राजधानी जान भनी हिंडिरहेको नरान्तकले स्तुतिपाठकहरूलाई उपहार र ब्राह्मणहरूलाई अनेक थरि दान प्रदान गऱ्यो ।।४८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे राजनिग्रहो नाम सप्तपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'नरान्तकद्वारा बाँधिएका बन्दी काशिराजको चिन्तनीय स्थिति' शीर्षकान्वित सन्ताउन्नौं अध्याय पूर्ण भयो ।।५७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टपञ्चाशोऽध्यायः { ५८ अध्याय }

क उवाच

अर्धमार्गं गतो यावद्धर्षेणाऽसौ नरान्तकः।
तावदेव श्रुतं काशिराजपत्न्या धृतो नृपः ।।१।।

अत्यन्तं सा शुशोचाथ पौरा ये चावशेषिताः।
आक्रन्दः सुमहानासीन्मत्स्यानां निर्जले यथा।।२।।

अम्बा सा पतिता भूमौ धृते भर्तरि वैरिभिः।
मूर्च्छिता च विवर्णाऽभूद् रम्भा वातहता यथा।।३।।

सखीभिः सहिताऽरोदीद् रुदती प्राब्रवीत् तदा ।

अम्बोवाच

सिंहखेलो गजानीकहन्ता यो रिपुमर्दनः।।४।।

शृगालतुल्यदैत्येन स कथं विधृतो बलात् ।
क्व गतं मत्तमातङ्गसहस्रबलशालिनः।।५।।

बलं भर्तुर्मदीयस्य दैत्यकोटिहरस्य ह।
कथं रुष्टो महेशो मे कदा द्रक्ष्ये निजं पतिम् ।।६।।

कं देवं शरणं यामि यस्तं शीघ्रं विमोचयेत् ।
कश्यपस्यास्य बालस्य वराद् युद्धं कृतं वरम् ।।७।।

तद्धि सर्वं वृथा जातं राज्ञि मूढत्वमागतम् ।
यो बालवचनाच्छ्रेष्ठैर्विरोधं कृतवान् वृथा ।।८।।

को जयेत् तं महादैत्यं भर्तृग्राहं नरान्तकम् ।
विना सर्वैः कथं कल्पकालः प्राप्तो हताशया ।।९।।

अहञ्च धरणी चापि कथं वैधव्यमागता।
न तादृशः क्वापि जातो करुणाब्धिः शरण्यदः ।।१०।।

ब्रह्माजीले भन्नुभयो – नरान्तकले काशिराजलाई बन्दी बनाई हर्षपूर्वक प्रस्थान गरी राजधानी पुग्न आधा बाटो काटिसकेपछि काशिराजकी पत्नी अम्बाले आफ्ना पतिलाई नरान्तकले बन्दी बनाएको कुरा सुनिन् ।।१।। त्यसपछि तिनले अत्यन्त पीर गरिन् । तिनका साथमा रहेका नगरवासीहरू पनि चिन्तामग्न भए । काशीमा ठूलो कोलाहल भयो । माछाहरू पानीबाट बाहिर आउँदा जसरी तड्पिन्छन् त्यसैगरी काशीका नर–नारीहरू तड्पिन थाले । आफ्ना श्रीमान्लाई दानवहरूले बन्दी बनाएको चोटले काशिराजकी पत्नी अम्बा भुइँमा लडिन् र केहीबेर मूर्च्छित भइन् । होशमा आएपछि पनि तिनको अनुहारको रङ्ग उडेकै थियो । जसरी हावाले हल्लाउँदा केराको थाम भुइँमा ढलेको हुन्छ, अम्बाको हालत त्यस्तै थियो ।।२–३।। ती सखीहरूका साथमा बसेर रुँदै भन्न लागिन् ।

अम्बाले भनिन् – मेरा श्रीमान् काशिराज सिंहसँग खेल्नुहुन्थ्यो, हात्तीका झुण्डलाई परास्त गर्नुहुन्थ्यो र शत्रुको बगाललाई लखेट्नु हुन्थ्यो । त्यस्ता मर्द राजालाई आज स्यालसमान तुच्छ दैत्यले कसरी बन्दी बनायो ? हजारौं हात्तीसमान बल धारण गर्ने पराक्रमी मेरा पति काशिराजको त्यो बल कहाँ गयो ? ।।४–५।। कुनै बेलामा करोडौं दैत्यको संहार गर्ने उहाँको सामर्थ्य देखेकी मैले आज उहाँ बन्दी बन्नुभएको कुरा कसरी पत्याऊँ ? किन भगवान् शङ्कर मसँग रिसाउनु भयो? म आफ्ना श्रीमान्लाई कहिले देख्न पाउनेछु ? ।।६।। आज म कुन देवताको शरणमा जाऊँ जसले मेरा पतिलाई मुक्त गर्न सक्छन् । कश्यप ऋषिका बालक पुत्रको वरदान पाएर मेरा श्रीमान्ले जुन युद्ध गर्नुभएको थियो त्यो सारा व्यर्थ भयो । मेरा श्रीमान् मोहमा पर्नुभयो र बालकका कुरा पत्याएर बलवान्सँग व्यर्थमा विरोध गर्नुभयो ।।७–८।। मेरा श्रीमान्लाई बन्दी बनाउने महादैत्य नरान्तकलाई कसले जित्न सक्ला ? आज आफ्ना श्रीमान् र उहाँका सहयोगीहरू नभएको यो काशी नगरीमा निराश भएकी मैले कसरी कल्पसमान काल व्यहोर्नु पर्‍यो । आज पति नभएकाले म विधवासमान भएकी छु र काशीकी धर्ती पनि त्यस्तै भएकी छन् । करुणासागर मेरा पतिलाई मुक्त गराउने र शरण दिने महापुरुष कोही देखिँदैन ।।९–१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिरुवाच

एवं तच्छोकमाकर्ण्य कश्यपस्यात्मजो बली।
शब्देन महताऽगर्जद् ब्रह्माण्डस्फोटकारिणा।।११।।

प्रतिशब्देन गगनं जगर्ज च दिशोऽपि च।
चकम्पे धरणी सर्वा सपर्वतवनाकरा।।१२।।

पक्षिणः पतितास्तेन मृता भ्रान्ता जनास्तदा।
ततः सिद्धिं समालोक्य क्रोधव्याकुललोचनः।।१३।।

क्व गताऽसि महायुद्धप्रसङ्गे प्राह तामिति।
सा तदाशयमालक्ष्य चक्रे नानाविधाञ्चमूम् ।।१४।।

विकरालमुखा वीराः प्रादुरासन् सहस्रशः।
हलदन्ताः सर्पजिह्वा नराः पर्वतमस्तकाः।।१५।।

दारितास्यास्तु भूगोलमकस्माद् ग्रसयिष्णवः।
आस्यानलं विमुञ्चन्तः शतनेत्रा महाबलाः।।१६।।

येषां नासारन्ध्रगता न दृश्यन्ते महागजाः।
सूर्याचन्द्रामसौ येषां श्वासान्निपतितौ भुवि ।।१७।।

जटाभिः पृथिवी येषां सर्वा सम्मार्ज्यते भृशम् ।
सहस्रयोजनहस्ता द्विगुणाश्च तदङ्घ्रयः।।१८।।

तेषां तु नायकः क्रूरो विनायकसमीपतः।
आगतः परिपप्रच्छ किं कार्यं वद मे प्रभो ।।१९।।

देहि मे क्षुधितस्यादौ भक्ष्यं तृप्तिकरं प्रभो।
इत्युक्तवन्तं पुरुषमुवाच स विनायकः।।२०।।

भक्षयस्व महासेनां नरान्तकसुपालिताम् ।
हत्वा तु तच्छिरो मह्यमानयस्व त्वरान्वितः।।२१।।

तत्सैन्येन न तृप्तिश्चेद् दास्ये भक्ष्यान्तरं तव।
एवमाज्ञामनुप्राप्य नत्वा तं कश्यपात्मजम् ।।२२।।

मुनिले भने - महारानी अम्बाको शोकाकुल वचन सुनेर कश्यपपुत्र बलवान् भगवान् श्रीगणेशले तत्काले ब्रह्माण्डलाई नै फुटाउन सक्ने घोर गर्जन गर्नुभयो ।।११।। त्यस गर्जनको ध्वनिले आकाश र दिशाहरू पनि प्रतिध्वनित भए। पर्वत, वन र खानीहरूले युक्त भएको सम्पूर्ण पृथिवीमण्डल काँप्न थाल्यो ।।१२।। त्यस गर्जनका कारण चराहरू रूखबाट खस्न थाले र बाटामा हिंडिरहेका बटुवाहरू चक्कर खाएर मर्न थाले । त्यस बेला श्रीगणेशले आफ्नी प्रियतमा सिद्धिलाई हेरेर क्रोधले राता आँखा गराउँदै भन्नुभयो- तिमी यस्तो महायुद्धको बेला कहाँ गएकी थियौ? आफ्ना पति श्रीगणेशको आशय जानेर सिद्धिले तत्काले अनेक थरि सेना पैदा गरिन् ।।१३-१४।। डरलाग्दो अनुहार भएका असंख्य वीरहरू धमाधम प्रकट हुन थाले । तीमध्ये कसैका दाँत हलाको आकारका थिए, कसैका जिब्रा सर्पजस्ता थिए, कसैका टाउका पर्वतकै आकारका थिए । तिनीहरू मुख बाएर सम्पूर्ण भूगोललाई नै एकै गासमा निल्ने गरी क्रोध देखाउँदै आइरहेका थिए । तिनका मुखबाट अग्निज्वाला प्रकट भइरहेको थियो । कुनै हजार आँखा भएका महाबली वीरहरू पनि थिए । ती वीरहरूका नाकको प्वालभित्र पसेका हात्तीहरू त्यहीं बिलाउँथे। तिनीहरूका श्वासबाट सूर्य र चन्द्रमा पनि कम्पायमान भएका थिए।।१५-१६।। ती वीरहरूको जटाले एकैचोटिमा सम्पूर्ण पृथिवी बढारेजस्तो देखिन्थ्यो । तिनका हातहरू चारहजार कोश लामा थिए र खुट्टाहरू आठ हजार कोश लामा देखिन्थे ।।१७-१८।। करोडौंको संख्यामा रहेका सैनिकहरूका नायक क्रूरनामक वीरले भगवान् श्रीगणेशसामु आएर जिज्ञासा गरे - 'हे प्रभु ! म हजुरको कुन आज्ञा पालन गरूँ? म अहिले साह्रै भोको छु। सबभन्दा पहिले हजुरले मलाई तृप्त गराउने भोजनको व्यवस्था गर्नुहोस् ।' ती वीरपुरुषको कुरा सुनेर श्रीगणेशले भन्नुभयो - 'हे सेनानायक! नरान्तक दैत्यद्वारा रक्षित करोडौंको संख्यामा रहेको दैत्यसेनालाई खाएर तिमीले आफ्नो भोक मेटाऊ । त्यसपछि नरान्तकलाई मारी शीघ्रतापूर्वक त्यसको टाउको लिएर म भएको ठाउँमा आऊ ।।१९-२१।। नरान्तकका सम्पूर्ण सैनिकहरूलाई खाँदा पनि तिम्रो भोक मेटिएन भने म तिमीलाई अरू खानेकुरा दिनेछु ।' यसरी कश्यपपुत्र श्रीगणेशको आज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाक्ष्वेडितशब्दन्तु कृत्वा यातो नरान्तकम् ।
तस्य क्ष्वेडितशब्दस्य तादृग्रूपेण सैनिकाः ।।२३।।

नरान्तकोऽपि भीतास्ते दुद्रुवुस्ते दिशो दश।
हस्ते धृत्वा तु तान् सर्वान् मुखमध्ये समाक्षिपत् ।।२४।।

उद्दुधूल रजो भौमं न प्राज्ञायत किञ्चन।
अन्धकारे महाघोरे दीपिकाभिर्व्यलोकयन् ।।२५।।

तं दृष्ट्वा पुरुषं घोरं केचित् प्राणान् प्रजह्रिरे।
ताँश्चापि जीवतः सर्वांस्त्वरया भक्षयत्यसौ ।।२६।।

नरान्तकस्तु दृष्ट्वैवं सर्वसैन्यविनाशनम् ।
अतर्कयत् स्वमनसा कृतान्तस्यान्तकोऽपरः ।।२७।।

आगतः किं मया कार्यं दृश्यते बलवानयम् ।
एवं वदन् ददर्शाऽथ सेनामर्द्धान्तु भक्षिताम् ।।२८।।

प्रलयानलवच्चायं पृतनां हरते बलात् ।
निःशेषामेव कर्ताऽमुमगस्त्य इव वारिधिम् ।।२९।।

दैत्यसेनाचराः सर्वे महाशब्दान् प्रचक्रिरे।
केचिच्च भक्षितास्तेन चूर्णिताः पादघाततः ।।३०।।

श्वासानिलाहताः केचित् केचिद् भीत्यैव मम्रिरे।
परस्परोपरि तदा वीरा निपतिताः परे।।३१।।

याहि याहीहि वस्त्रातुं चुक्रुशुस्तं नरान्तकम् ।
कराघातेन निहतान् भक्षयत्येष तत्क्षणात् ।।३२।।

असङ्ख्यभक्षणादस्य न शान्तो जठरानलः।
अश्वारोहा गजारोहाः पदाता रथसादिनः ।।३३।।

पाएर ती वीर उहाँलाई प्रणाम गरी महासिंहनाद गर्दै नरान्तक दैत्यको समीपमा पुगे । तिनको सिंहनादको अद्भुत स्वर सुनेर नरान्तकका सैनिक र स्वयं नरान्तक पनि डराई दसै दिशातिर भाग्न थाले । क्रूरले ती सबैलाई हातमा समातेर आफ्नो मुखको गास बनाए ।।२२-२४।। त्यस बेला पृथिवीको समग्र वातावरण धूलैधूलाले ढाकिएको थियो । कहाँ के भइरहेको छ भन्ने कुरा कसैले पनि जान्न सक्दैनथ्यो । दिउँसै डरलाग्दो अन्धकार फैलिएपछि मानिसहरूले बत्ती बालेर वस्तुहरूलाई हेर्न सकेका थिए ।।२५।। घोर आकारका ती क्रूरनामक वीरलाई देखेर कति मानिसहरूले त डरले प्राणपरित्याग नै गरे । ती मरेका र अनि जिउँदा सबै प्राणीहरूलाई क्रूरले तीव्र वेगमा आफ्नो गास बनाइरहेका थिए ।।२६।। नरान्तकले आफ्ना सबै प्रकारका सैनिक र अरू प्राणीहरूको समेत नाश भएको देखेर मनमा विचार गर्दै भन्यो – 'के यो दोस्रो यमराज हो ? मैले अहिले के गर्नु उचित हुन्छ ? हेर्दा यो मभन्दा बलवान् छ ।' यसरी मनमा तर्क गरिरहेको नरान्तकले आफ्नो सेनाका आधाभन्दा बढी वीरहरूलाई क्रूरले खाएको कुरा पत्तो पायो ।।२७-२८।। प्रलयको अग्निसमान लाग्ने यो अनौठो वीरले मेरो सेना सखाप पारिरहेको छ । अगस्त्यले समुद्रपान गरेझैं यसले धर्तीलाई नै मानवरहित तुल्याउने त होइन ? यसरी नरान्तकले मनमा तर्क गरिरहेको थियो । त्यस बेला बाँचेका दैत्यसैनिकहरू ठूलो शब्दले त्रासपूर्ण कोलाहल गर्न थाले । तीमध्ये पनि केहीलाई क्रूरनामक वीरले खाए र केहीलाई खुट्टाले प्रहार गरेर धूलोपीठो बनाए ।।२९-३०।। कसैलाई तिनले श्वासको प्रहारबाट मारे । कति प्राणीहरू त तिनलाई देख्नासाथ डरले आफै मरे । मरेका वीरहरूका लाश एउटामाथि अर्को गरी खापिएका थिए ।।३१।। केही बाँचेका वीरहरू हे नरान्तक ! तपाइँ हाम्रो रक्षा गर्न आउनुहोस् भनिरहेका थिए । उता क्रूरले आफ्नो बाहुको प्रहार गरेर बाँकी सेनालाई मार्दै खाँदै गरिरहेका थिए । नरान्तकका असंख्य सैनिकहरूलाई खाँदा पनि तिनको पेटको आगो शान्त भएको थिएन । तिनले घोडसवार सैनिक, हात्तीमा सवार सैनिक, रथमा सवार सैनिक र पैदल सैनिकहरू सबैलाई नै खाइसकेका थिए ।।३२-३३।। ती वीरले युद्धमा रहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्षिता निहता वाहा गजाश्चानेकशो मुने ।
एवं कोलाहलं श्रुत्वा सज्यं कृत्वा धनुर्बलात् ।।३४।।

धरण्यां जानुनी स्थाप्य शरानुभयतस्तथा।
आदाय धनुराकृष्य शरवृष्टिं तदाऽकरोत् ।।३५।।

ततोऽन्धकारमभवच्छरवृष्टिकृतं पुनः।
पक्षिणः पतिता भूमौ राज्ञो भृत्या अनेकशः।।३६।।

स गीलयति पुरुषो बाणान् दैत्यसमीरितान् ।
असङ्ख्याताः शरास्तस्य रोमकूपेषु निर्गताः।।३७।।

स्रवन्तो रुधिरं सर्वे न जानात्यणुवेदनाम् ।
प्रादुश्चक्रे ततोऽस्त्राणि पौरुषेण नरान्तकः ।।।३८।।

तान्यस्त्राण्यगिलत् सर्वाण्यण्डान्याजगरी यथा ।
कुण्ठितास्त्रः क्षीणशस्त्रो नष्टसायकसञ्चयः ।।३९।।

क्षीणशक्तिः पपालासौ दैत्यराजो नरान्तकः।
स कालपुरुषस्तस्य पृष्ठ एवालगत् तदा ।।४०।।

बभ्राम भूतले दैत्योऽपश्यत् पृष्ठे तु तं यदा।
तदा स्वर्गं जगामाशु भयात् तस्य नरान्तकः।।४१।।

पुनः पृष्ठे च तं दृष्ट्वा पपात धरणीतले।
तत्रापि तं ददर्शाथ प्राविशद्धरणीतलम् ।।४२।।

स कालपुरुषः केशे ततो दध्रे नरान्तकम् ।
बिलं विशन्तमुरगं गरुडोऽतिबलं यथा।।४३।।

ततो नरान्तकं प्राह पुरुषः स बलान्वितः।
क्व गमिष्यसि दृष्टः सन् ममाग्रे त्वं नरान्तकः।।४४।।

ईश्वरस्य वरान् मत्तो वृथा देवर्षिपीडनम् ।
मनुष्याणाञ्च संहारमनन्तानां महाखल।।४५।।

तव संहरणे दुष्टावतीर्णोऽस्ति विनायकः ।
अहङ्कारञ्च सकलं त्यक्त्वा तं शरणं व्रज।।४६।।

घोडा र हात्तीलाई मारिसकेका थिए । त्यहाँ जीवित प्राणीहरूको कोलाहल चलिरहेको थियो । त्यो सुनेर तिनले आफ्नो धनुषमा बाण सन्धान गरेर दुई घुँडाले पृथिवीमा टेकी धनुषको ताँदो खिचेर बाणवर्षा गराउन थाले ।।३४-३५।। बाणवर्षाका कारण युद्धभूमिमा कालो अन्धकार छायो । चराहरू भुइँमा खस्न थाले । राजाका अनेक अनुयायी र सेवकहरू पनि शस्त्रअस्त्रको प्रहारबाट मर्न थाले ।।३६।। नरान्तकले प्रतिकारको रूपमा बर्साएका बाणहरूलाई ती वीरले निल्न थाल्यो । क्रूरका रोमकूपहरूबाट असंख्य बाण पैदा हुन थाले ।।३७।। ती बाणहरूको प्रहारका कारण दैत्यसैनिकहरूका शरीरबाट रगतको धारा बग्न थाल्यो । नरान्तकले त्यो दृश्य देखेर आफ्नो पुरुषार्थबाट अनेकौं थरि अस्त्रहरूको आविष्कार गऱ्यो ।।३८।। ती सबै शस्त्र-अस्त्रलाई क्रूरले एकैचोटिमा निलिदिए । जसरी अजगरले अण्डाहरूलाई निल्ने गर्दछ त्यसैगरी तिनले पनि ती शस्त्र-अस्त्रलाई निलेका थिए । त्यसपछि अस्त्र कुण्ठित भएको, शस्त्र क्षीण भएको, बाणहरू सकिएको र शक्ति समाप्त भएको दैत्यराज नरान्तक निरुपाय भएर युद्धभूमिबाट भाग्यो । नरान्तक भाग्न लाग्दा ती कालपुरुष क्रूर पनि त्यसको पिठ्यूँमा सवार भए ।।३९-४०।। क्रूरलाई पिठ्यूँमा बोकेर त्यो दैत्य नरान्तक आत्तिदै धर्तीका सबै भागमा घुम्न थाल्यो । कहीं पनि त्यसले शान्ति पाएन । त्यसपछि त्यो स्वर्गमा पुग्यो । त्यहाँ पुग्दा पनि त्यसले आफ्नो पिठ्यूँमा रहेका क्रूरलाई देख्यो। त्यसपछि त्यो भयभीत भएर त्यहाँबाट धर्तीमा फर्क्यो ।।४१-४२।। धर्तीमा आउँदा पनि त्यसले आफ्नो पिठ्यूँमा क्रूरलाई देख्यो । जसरी प्वालभित्र गइरहेको सर्पलाई गरुडले समात्ने काम गर्दछ त्यसैगरी भाग्न लागिरहेको नरान्तकलाई ती क्रूरनामक कालपुरुषले केशमा समाते ।।४३।। त्यसपछि तिनले नरान्तकलाई भने - 'हे नरान्तक ! अब तँ मेरा आँखाका सामु परेको छस्, कहाँ जान सक्छस् ? भगवान् शङ्करको वरदान पाएर उन्मत्त भएको तैंले व्यर्थमा देवता र ऋषिहरूलाई दुःख दिइस्, असंख्य निरपराध प्राणीहरूलाई मारिस् । हे दुष्ट! तेरै संहार गर्नका निमित्त आज भगवान् श्रीगणेशले कश्यप ऋषिका पुत्रका रूपमा अवतार लिनुभएको छ । तँ यदि आफ्नो कल्याण चाहन्छस् भने सम्पूर्ण अहङ्कार त्याग गरेर उहाँको शरणमा जाने काम गर् ।।४४-४६।। श्रीगणेशका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अघानि ते विनश्यन्ति दृष्ट्वा तत्पादपङ्कजम् ।
इत्युक्त्वा तं बलाद् दैत्यमानिनाय नरान्तकम् ।।४७।।

विनायकस्य निकटे दैत्यराजं परं ततः।
उवाचाथ प्रणम्यासौ स्वामिनं तं विनायकम् ।।४८।।

भक्षितं सर्वसैन्यं त आज्ञां प्राप्य महत्तरम् ।
अत्यन्तं क्लेशितोऽनेन धृत्वैनं त्वां समानयम् ।।४९।।

मम निद्रास्थलं यच्छ श्रमापनुत्तये विभो !
सर्वेषाञ्च सुखायास्य मुक्तिं यच्छ विनायक ।।५०।।

एवं तद्वाक्यमाकर्ण्य तं विभुः प्रत्यभाषत ।
मम वक्त्रान्तर्गतस्त्वं निद्रां प्राप्नुहि स्वेच्छया ।।५१।।

इत्याकर्ण्य महावाक्यं विनायकमुखोद्गतम् ।
तन्मुखं प्रविवेशाथ तद्रूपं समपद्यत।।५२।।

यथा गन्धो धराजातस्तत्रैव परिलीयते ।
तथा विनायकाज्जातस्तत्रैव लयमाप्तवान् ।।५३।।

य इदं शृणुयाद् भक्त्या महदाख्यानमुत्तमम् ।
सर्वान् कामानवाप्याऽथ मुक्तिञ्च लभते ध्रुवम् ।।५४।।

चरणकमलको दर्शन पाएर तेरा सबै पाप नष्ट हुनेछन् ।' यसरी उपदेश दिएर कालपुरुष क्रूरले बलपूर्वक नरान्तकलाई समाती भगवान् श्रीगणेशका सामु पुऱ्याए । त्यहाँ पुगेर भगवान् श्रीगणेशका पाउमा प्रणाम गरी क्रूरले निवेदन गरे– 'हे प्रभु! हजुरको आज्ञा पाएर मैले दैत्यको ठूलो सेनालाई आफ्नो आहार बनाएको छु। नरान्तकले धेरै प्राणीहरूलाई पीडा दिएका कारण यसलाई जिउँदै समातेर हजुरका सामु ल्याएको छु ।।४७-४९।। अब हजुरले जे गर्नुपर्छ गर्नुहोस् । मलाई भने अत्यन्त थकाइ लागेको छ । कहाँ गएर म निदाउने हो त्यो ठाउँ मलाई बताउनुहोस् । हे प्रभु ! यो बाँचिरहेसम्म प्राणीमात्रले सुख र शान्ति प्राप्त गर्न सक्दैनन् । तसर्थ सबैको कल्याणका लागि यसको संहार गर्नुहोस् ।।५०।।' श्रीगणेशले कालपुरुषका वचन सुनेर भन्नुभयो – 'हे कालपुरुष! तिमीले मेरो मुखभित्र पसेर इच्छानुसार निद्रालाभ गर।' श्रीगणेशका मुखबाट निस्केको वचन सुनेपछि ती कालपुरुष क्रूरले श्रीगणेशका मुखभित्र प्रवेश गरे। प्रवेश गर्नासाथ ती श्रीगणेशकै रूपमा परिणत भए । धर्तीबाट पैदा हुने गन्ध जसरी धर्तीमै बिलाउँछ त्यसैगरी श्रीगणेशबाट पैदा भएका ती कालपुरुष श्रीगणेशमै विलीन भए ।।५१-५३।। जसले यो उत्तम आख्यान भक्तिपूर्वक सुन्दछ त्यसले आफ्ना सम्पूर्ण कामनाहरूका फल प्राप्त गर्दछ । अन्तमा भगवान् श्रीगणेशको कृपाबाट मुक्ति पनि प्राप्त गर्दछ । यसमा कुनै सन्देह छैन ।।५४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे नरान्तकनिग्रहो नामाष्टपञ्चाशोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा कालपुरुष रूपधारण र नरान्तकमाथि निग्रह' शीर्षकान्वित अन्ठाउन्नौं अध्याय पूर्ण भयो ।।५८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनषष्टितमोऽध्यायः { ५९ अध्याय }

मुनिरुवाच

विनायकेन बालेन कुतः स पुरुषः कृतः।
येन तद् भक्षितं सैन्यमानीतः स नरान्तकः ।।१।।
एतन्मे प्रकटं ब्रूहि संशयोऽत्र महान् मम ।

क उवाच

यन्निर्गुणं परं ब्रह्म तदेतत् सगुणं बभौ ।।२।।
विनायकस्वरूपेण ब्रह्मविष्णुशिवात्मकम् ।
भूभारहरणार्थाय दुष्टानां निधनाय च।।३।।
पालनाय स्वधर्मस्य बिभ्रतेऽनन्तरूपताम् ।
स एव सृजते विश्वं पाति हन्ति स्वतेजसा ।।४।।
अपेक्षते स लोकानां निमित्तं नियतिं पराम् ।
न चात्र संशयः कार्योऽनेकमायामये विभौ ।।५।।
तदिच्छया सर्वमिदं जगद्धि परिवर्तते।
इदानीं तस्य मायान्ते कथयिष्यामि विस्तरात् ।।६।।
अमात्यपुत्रसहितो नरान्तकधृतो नृपः।
यावन्न पत्तनं प्राप तावत्कालं पुमानसौ।।७।।
भक्षयामास तां सेनां दैत्येन परिपालिताम् ।
विनायकेन पुरुषो मुखेऽसौ निहितस्तदा।।८।।
राजामात्यकुमारौ च सोऽपि ते सर्व एव तु।
जठरे तस्य देवस्य ददृशुः सकलं जगत् ।।९।।
सप्तद्वीपवतीं पृथ्वीं पर्वतद्रुमसंयुताम् ।
सरित्सागरवापीभिस्तडागैर्मानवैः श्रिताम् ।।१०।।
देवगन्धर्वमुनिभिः सिद्धयक्षनिशाचरैः।
पन्नगैरप्सरोभिश्च शोभितं स्वर्गमण्डलम् ।।११।।
पातालानि च सप्तानि भ्रमन्तो ददृशुस्तदा ।
एवं ते जठरे तस्य कोष्ठे कोष्ठे पृथक् पृथक् ।।१२।।

मुनिले भने- कश्यपका छोरा बालक श्रीगणेशले त्यस्तो विचित्र पुरुषार्थ भएका पुरुषको रचना कसरी गर्नुभयो? कसरी त्यस पुरुषले नरान्तकका सेनाको संहार गऱ्यो र त्यसलाई श्रीगणेशका सामु ल्यायो ? यस विषयमा मलाई ठूलो सन्देह छ । तपाईँले प्रत्यक्ष रूपमा चित्त बुझाएर मेरो सन्देह निराकरण गर्नुहोस् ।

ब्रह्माजीले भन्नुभयो- जुन निर्गुण परब्रह्म हुनुहुन्छ उहाँ नै मायाको आश्रय लिई सगुणका रूपमा सुहाउनुहुन्छ।।१-२।। आज उहाँ भूभारहरण गर्न र दुष्टहरूको विनाश गर्न ब्रह्मा, विष्णु एवं शिव तीनवटै देवताका पुञ्जीभूत स्वरूप श्रीगणेश बनेर प्रकट हुनुभएको छ।।३।। उहाँले स्वधर्मको रक्षाका लागि अनन्त स्वरूप धारण गर्नुहुन्छ । उहाँले नै विश्वब्रह्माण्डको रचना गर्नुहुन्छ, पालन गर्नुहुन्छ र आफ्नै तेजले त्यसको संहार पनि गर्नुहुन्छ ।।४।। श्रीगणेशले मानिसहरूको नियति र कर्मका कारणहरू केलाएर तदनुसारका कर्मफल प्रदान गर्नुहुन्छ । अनेक मायाका स्वामी, सर्वव्यापक परमेश्वर श्रीगणेशका क्रियाकलापको विषयमा कसैले पनि सन्देह गर्नुहुँदैन ।।५।। श्रीगणेशकै इच्छाबाट सम्पूर्ण जगत् परिवर्तित हुन्छ । अहिले म तपाईँलाई विस्तारपूर्वक उहाँको मायाशक्तिका विषयमा उपदेश गर्नेछु ।।६।। मन्त्री र छोरासहित नरान्तकद्वारा बन्दी बनाइएका काशिराज काशी नगरीमा नपुग्दासम्म गणेशद्वारा निर्मित कालपुरुषले दैत्यसेनाको संहार गरिरहेका थिए। भगवान् श्रीगणेशले ती पुरुषलाई पछिबाट आफ्नो मुखभित्र विलीन गराउनुभयो ।।७-८।। काशिराज, तिनका मन्त्री र पुत्र सबैले भगवान् श्रीगणेशकै पेटभित्र सम्पूर्ण ब्रह्माण्ड अडिएको देखिरहेका थिए ।।९।। पर्वत र वृक्षले सम्पन्न, सात द्वीपले बनेको, नदी; सागर; तलाउ र सरोवरले सुहाएको, अनेक मानवहरूको आश्रयस्थल पृथिवी, देवता, गन्धर्व, मुनि, सिद्ध, यक्ष, निशाचर, सर्प, अप्सरा आदिद्वारा शोभायमान स्वर्गमण्डल र साते प्रकारका पातालहरूसमेत भगवान् श्रीगणेशको पेटभित्र चक्कर काटिरहेका थिए । भगवान्का पेटभित्र शरण लिएका काशिराज आदि दर्शकहरूले श्रीगणेशका पेटका प्रत्येक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ददृशुर्भ्रान्तमनसो ब्रह्माण्डनिचयान् बहून् ।
खिन्नास्ते शरणं जग्मुर्देवदेवं विनायकम् ।।१३।।

मनसा प्रार्थयामासुस्तदा देवं विनायकम् ।
भ्रान्तानां खिन्नचित्तानां कृपां कुरु कृपानिधे ।।१४।।

ततस्तान् बालरूपेण मार्गमादर्शयद् विभुः।
ततो रोमाञ्चमार्गेण बहिर्याता यथा पुरा।।१५।।

ददर्श काशिराजः स्वं नगरं भद्रमेव च ।
कश्यपस्यात्मजं बालं क्रीडन्तं तं विनायकम् ।।१६।।

तत्प्रसादादाप्तबुद्धिर्नुनाव परया मुदा।
ज्ञाता ते परमा माया मया कुक्षिगतेन च।।१७।।

त्वमेव कर्ता देवानां मनुष्याणां दिशामपि।
सर्गाणां सागराणाञ्च सरितां बलिसद्मनाम् ।।१८।।

यतस्ते रोमकूपेषु ब्रह्माण्डानां हि कोटयः।
दृष्ट्वा भ्रान्तेन च मया प्रसादात् तव नाथ भोः ।।१९।।

आश्चर्यं बहुधा दृष्टं मया तव च विश्ववित् ।
अहं युद्धाय सम्प्राप्तो ध्वजिनी पुनरागता।।२०।।

नरान्तकस्य सैन्येन सा जिता तत्क्षणादनु ।
अमात्यपुत्रसहितो नरान्तकमुपाद्रवम् ।।२१।।

विधृतस्तेन सहसा सैन्यं जित्वा मम क्षणात् ।
दग्धा च नगरी सर्वा दृष्टः स कालपूरुषः ।।२२।।

तेनापि भक्षिता तस्य सेना नानाविधा क्षणात् ।
धृत्वा नरान्तकं यातः पुरुषः स तवान्तिकम् ।।२३।।

सर्वे त्वदुदरं यातास्तत्र दृष्टोऽसि मे प्रभो ।
सर्वं दृष्टञ्च तत्रापि जम्बुद्वीपं सविस्तरम् ।।२४।।

एवं कोष्ठान्तरे दृष्टं भूतलञ्च सविस्तरम् ।
ततो हि खिन्नास्त्वां याताः शरणं जगदीश्वर ।।२५।।

ग्रन्थिभित्र अलग-अलग अनेक ब्रह्माण्डहरूको दर्शन गरे । यसको रहस्यबाट अपरिचित र खिन्न भएका ती सबै अन्तमा देवदेव श्रीगणेशको शरणमा गए ।।१०-१३।। तिनीहरूले मनबाट भगवान् श्रीगणेशको प्रार्थना गर्दै भने – 'हे प्रभु ! हामी भ्रान्तिमा पर्‍यौं, हाम्रो चित्त खिन्न छ, हामीमाथि कृपा गर्नुहोस् ।।१४।।' त्यसपछि भगवान् श्रीगणेशले तिनीहरूलाई बालकको रूपमा दर्शन दिएर मार्गदर्शन गराउनुभयो। अनि भगवान् श्रीगणेशकै रोमाञ्चमार्गबाट ती सबै बाहिर आए । बाहिर आउँदा काशिराजले मङ्गलमय काशी नगरीको दर्शन गरे र त्यहाँ खेलिरहेका कश्यपनन्दन श्रीगणेशको पनि दर्शन पाए।।१५-१६।। उहाँकै कृपाबाट बुद्धि प्राप्त गरेका काशिराजले परम प्रसन्नताका साथ श्रीगणेशलाई वन्दना टक्र्याए । हात जोडेर प्रार्थना गर्दै भने- 'हे प्रभु! हजुरकै शरीरको काखीभित्र विलीन भएका हामी सबैले हजुरको आदि-अन्तहीन मायाको ज्ञान गर्ने अवसर पायौं। हजुर देवता, मनुष्य, दिग्दिगन्तर, सृष्टि, सागर, नदी, पाताल आदि सबैका कर्ता हुनुहुन्छ । हजुरका रोमकूपहरूमा कोटिकोटि ब्रह्माण्डहरू अवस्थित छन् । ती सबैको दर्शन गरेर म भ्रान्तिमा परें । हजुरको कृपा भएपछि मात्र मायाको महत्त्व बुझें । हे विश्वका ज्ञाता! मैले त्यहाँभित्र अनेक आश्चर्यहरूको दर्शन पाएँ। हे प्रभु ! मेरा कुरा हजुरलाई निवेदन गर्दछु । म नरान्तकसँग युद्ध गर्न आएको थिएँ । मेरा पछिपछि मेरो विशाल सेना पनि आइपुग्यो ।।१७-२०।। नरान्तकको सेनाले तत्कालै मेरो सेनामाथि विजय प्राप्त गर्‍यो । मन्त्री र छोरासमेत मलाई बन्दी बनायो। त्यसले काशीमा आगो लगायो । त्यसपछि हजुरको कृपाले मैले कालपुरुषको दर्शन पाएँ। कालपुरुषले नरान्तकको असंख्य सेनालाई तत्काल खाएर समाप्त पारे । नरान्तकलाई समातेर ती कालपुरुष हजुरका सामु आए । त्यसपछि हामी हजुरकै पेटभित्र विलीन भयौं । त्यहाँ मैले हजुरको दर्शनका साथै हजुरका पेटभित्र असंख्य ब्रह्माण्डहरूको पनि दर्शन पाएँ र विस्तारपूर्वक मैले जम्बूद्वीपका अङ्ग-प्रत्यङ्ग देख्ने अवसर पाएँ । हजुरकै पेटको अर्को कोष्ठमा मैले विस्तारपूर्वक पृथिवीको पनि सम्पूर्ण रूपमा दर्शन पाएँ। हजुरको र हजुरका मायाको आदि र अन्त जात्र नपाएर म हजुरकै शरणमा आएको थिएँ ।।२१-२५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वदाज्ञया तु रोमाञ्चद्वारेण निर्गता बहिः।
पुनर्दृष्टोऽसि बालस्त्वं निजञ्च भवनं महत् ।।२६।।

किमिदं कौतुकं देव! मायाजालमिदं विभो।
कश्चासौ पुरुषो देव ! येनाभक्षि महाचमूः।।२७।।

केनासौ विधृतो दैत्यो रक्षितश्चापि केन च।
केनादर्शि च रोमाञ्चद्वारं निर्गमनाय च ।।२८।।

इति मे संशयं देव ! नुद भक्तस्य यत्नतः ।

क उवाच

एवं तेन कृतः प्रश्नो मस्तके तस्य धीमतः ।।२९।।

विनायकः करतलं कृपया निदधार ह।
दिव्यज्ञानोऽभवद् राजा काशिराजस्तु तत्क्षणात् ।।३०।।

तुष्टाव परया भक्त्या देवदेवं विनायकम्।

राजोवाच

त्वमेव ब्रह्मा विष्णुश्च महेशो भानुरेव च।।३१।।

त्वमेव पृथिवी वायुरन्तरिक्षं दिशो द्रुमाः।
पर्वतैः सहिताः सिद्धा गन्धर्वा यक्षराक्षसाः।।३२।।

मुनयो मानवाश्चापि स्थावरं जङ्गमं जगत् ।
त्वमेव सर्वं देवेश ! सचेतनमचेतनम् ।।३३।।

जन्मान्तरीयपुण्येन दृष्टोऽसि कश्यपात्मज।

क उवाच

एवं ब्रुवति राजेन्द्रे मोहयामास तत्क्षणात् ।।३४।।

ततो राजा पुपूजैनं विनायकमनामयम् ।
ततः पौरा हर्षयुता राजानं द्रष्टुमाययुः।।३५।।

नत्वा नत्वा ददुस्तस्मै वस्त्राण्याभरणानि च।
राजाऽपि दापयामास तेभ्यो वस्त्राण्यनेकशः।।३६।।

विसृज्य लोकाँस्तान् सर्वान् जननीमभ्यगात्ततः।
तव प्रसादान्मातस्ते दृष्टं पादयुगं मया।।३७।।

त्यसपछि हजुरको आज्ञाले अमात्य र पुत्रसहित म हजुरको शरीरबाट रोमकूपको द्वार उघारी बाहिर आएँ। अहिले काशीमा आउँदा हजुरलाई कश्यपका बालक पुत्रका रूपमा देख्न पाएँ र आफ्नो राजभवनको पनि दर्शन पाएँ ।।२६।। हे प्रभु ! हजुरको कस्तो कौतूहलपूर्ण यो मायाजाल हो ? जसको आदि अन्त मलाई थाहा छैन । ती कालपुरुष को हुन् ? जसले नरान्तकको सम्पूर्ण सेनालाई खाइदिए, कसले दैत्यलाई समात्यो, हाम्रो रक्षा गऱ्यो र हामीलाई रोमाञ्चको द्वारबाट बाहिर निस्कने बाटो देखायो? मेरा यी प्रश्नका विषय हुन् । हजुरले निराकरण गरिदिनुहोस्।'

ब्रह्माजीले भन्नुभयो - काशिराजका प्रश्न सुनेर बाल विनायकले बुद्धिमान् काशिराजको शिरमा कृपापूर्वक आफ्नो वरदहस्त राखिदिनुभयो । श्रीगणेशको वरदहस्त शिरमा पर्नासाथ काशिराजलाई दिव्य ज्ञान प्राप्त भयो ।।२७-३०।। तिनले परम भक्तिपूर्वक देवताका पनि देवता श्रीगणेशको स्तुति गरे ।

काशिराजले भने- 'हे विनायक ! हजुर नै ब्रह्मा, विष्णु, शङ्कर र सूर्य पनि हुनुहुन्छ ।।३१।। हजुर नै पृथिवी, वायु, अन्तरिक्ष, दिशा र वृक्ष पनि हुनुहुन्छ । हजुर नै सिद्ध, गन्धर्व, यक्ष, राक्षस, पर्वत, मुनि र मानव पनि हुनुहुन्छ । हे प्रभु ! धेरै के भनूँ ? आँखाबाट देखिने स्थावर र जङ्गम रूपमा रहेको यो जगत् नै हजुर हुनुहुन्छ । हे विनायक ! चेतन र अचेतन सम्पूर्ण पदार्थ हजुरकै रूप हुन् ।।३२-३३।। हे कश्यपनन्दन! आज मैले जन्म-जन्मान्तरका पुण्यले हजुरको दर्शन पाएँ ।'

ब्रह्माजीले भन्नुभयो - काशिराजले यसरी प्रार्थना गरेपछि भगवान् श्रीगणेशले तिनलाई मोहमा पार्नुभयो ।।३४।। त्यसपछि तिनले निर्मल स्वरूपले सुहाउनुभएका श्रीगणेशको पूजा गरे । काशीनगरका निवासीहरू पनि काशिराजको आगमन भएको कुरा थाहा पाएर दर्शनका लागि सहर्ष आए ।।३५।। ती सबैले काशिराजलाई प्रणाम गरेर वस्त्र र आभूषण प्रदान गरे । काशिराजले पनि आफ्नो दर्शनका लागि आएका नर-नारीहरूलाई अनेक थरि वस्त्र प्रदान गरे । त्यसपछि सबैलाई बिदा गरी काशिराज आफ्नी आमाको दर्शन गर्न गए । आमाका सामु प्रार्थना गर्दै भने - 'हे आमा ! हजुरको कृपाबाट आज मैले चरणकमलको दर्शन गर्ने अवसर पाएँ ।।३६-३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहीतो दैत्यराजेन देवदेवेन रक्षितः।
ततो हर्षयुता माताऽऽलिलिङ्ग तं चिरागतम् ।।३८।।

अमात्यौ राजपत्नीं तां नत्वाऽऽहतुरुभौ तदा।
तव पुण्यप्रभावेण दृष्टन्ते चरणाम्बुजम् ।।३९।।

विनायकस्य मायाभिर्मोहिता मोचिताश्च ह ।
ततस्तत्र ययौ राजा भार्यामम्बां जगाद च।।४०।।

निवृत्तेषु च लोकेषु हर्षगद्गदया गिरा ।

राजोवाच

परमं कष्टमापन्नो धृतो दैत्येन तत्क्षणात् ।।४१।।

मोचितो माययाऽनेन प्रापितो नगरं निजम् ।

क उवाच

शुशुभे नगरं तच्च नानावादित्रनिस्वनैः।।४२।।

पताकाभिरनेकाभिर्विविधैश्च महोत्सवैः।
प्रत्यानीतैः सर्वलोकैर्विनायकबलेन च।।४३।।

कुमाराः कन्यकाश्चापि योषितः पतयोऽपि च ।
जनकाश्च जनन्यश्च पुत्राश्च भ्रातरस्तथा।।४४।।

लिलिङ्गुश्च जहृषुश्च ददुर्दानान्यनेकशः ।
बुभुजुर्भोजयामासुर्लुलोकुश्च पपुर्जगुः।।४५।।

मलाई दैत्यराज नरान्तकले बन्दी बनाइसकेको थियो । मेरो जीवनको कुनै भरोसा थिएन, तर दयालु देवता श्रीगणेशले मेरो रक्षा गर्नुभयो ।' छोराका यी कुरा सुनेर खुसी भएकी आमाले धेरै कालपछि आफ्नासामु आएका छोरालाई आलिङ्गन गरिन्।।३८।। दुबै अमात्यहरूले पनि राजमाताको दर्शन र वन्दन गर्दै भने – 'हे महारानी ! हजुरका पुण्यप्रतापले चरणकमलको दर्शन गर्ने मौका पायौं ।।३९।। हामीलाई श्रीगणेशको मायाले मोहित गरायो र त्यसै मायाले छुटायो पनि ।' सबै मानिसहरू आ-आफ्नो स्थानमा गएपछि काशिराजले आफ्नी रानी अम्बासमक्ष गई हर्षले गद्गद वचनको उच्चारण गर्दै आफ्नो सम्पूर्ण वृत्तान्त सुनाए ।

राजाले भने – 'हे प्रियतमा ! ब्रह्माण्डको सबभन्दा बलियो दैत्यले मलाई बन्दी बनाएको हुँदा म अत्यन्त ठूलो कष्टमा थिएँ, तर श्रीगणेशको शक्ति र पराक्रमका कारण दैत्यको बन्धनबाट मुक्त भई म आज काशीमा आउन पाएँ ।'

ब्रह्माजीले भन्नुभयो– काशिराज नरान्तकको बन्धनबाट मुक्त भई काशीमा आएको खुसियालीमा बजेका बाजाहरूको ध्वनि, ध्वजापताका र अनेक थरि उत्सवहरूका आयोजनाका कारण काशी शोभायमान भयो । फेरि श्रीगणेशको शक्तिका कारण नरान्तकबाट मुक्त भएका मानिसहरूको उपस्थितिबाट पनि काशी रमणीय देखियो । त्यस बेला वीरहरूको आगमनबाट कुमार, कुमारी, पति, पत्नी, बाबु, आमा, छोरा, भाइ सबै प्रसन्न थिए । तिनले आफन्तहरूलाई आलिङ्गन गरे, खुसी मनाए, वस्तु दिने र लिने काम गरे, खाए, खुवाए अनि हेरे र पेय पदार्थको पान गरे-गराए ।।४०-४५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे राजमोक्षणं नामैकोनषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशको कृपाद्वारा नरान्तकको बन्धनबाट मुक्त काशिराजको काशी प्रत्यागमन' शीर्षकान्वित उनन्साठीऔं अध्याय पूर्ण भयो ।।५९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्टितमोऽध्यायः { ६० अध्याय }

क उवाच

ततो नरान्तको दृष्ट्वा विनायकविचेष्टितम् ।
मेधया तर्कयामास दृष्टमस्याद्भुतं महत् ।।१।।
काशिराजे धृते तेन निर्मितः कालपूरुषः।
अखिला वाहिनी तेन भक्षिता मम सर्वशः।।२।।
अमात्यपुत्रसहितो राजाऽसावुदरं गतः।
अव्यङ्गी बहिरानीतोऽदर्शि विश्वं नृपस्य ह।।३।।
अस्माद् भुक्तिश्च मुक्तिश्च भविता मे न संशयः।
तस्मादेनं हनिष्यामि मामयं वा हनिष्यति।।४।।
इत्येवं निश्चयं कृत्वा प्रोवाच स विनायकम् ।

दैत्य उवाच

ऐन्द्रजालिकविद्येयं दर्शिता बहुधा त्वया।।५।।
नाहं बिभेमि तस्यास्तु मायावी च नरान्तकः।
यस्य निश्वसितेनापि निपतन्ति महाद्रयः।।६।।
भ्रूक्षेपमात्रेण च मे ब्रह्माण्डं कम्पते भृशम् ।
यस्य हस्ततलाघाताद् भूगोलोऽपि द्विधा भवेत् ।।७।।
तेन त्वं बालरूपः सन् कथं युद्धं करिष्यसि।
यो व्याघ्रसम्मुखं गच्छेत् स कथं सुखमेष्यति।।८।।

क उवाच

इति ब्राह्मीं समाकर्ण्य नरान्तकसमीरिताम्।
अब्रवीत् परमात्माऽसौ बालरूपी विनायकः।।९।।

विनायक उवाच

किमर्थं वल्गसे मूढ! यदा ते पृतनाऽखिला।
भक्षिता क्व गता शक्तिर्यदर्थं कथ्यते मुहुः।।१०।।
शूराः शौर्यं दर्शयन्ति न गां परबलारुजाम्।
वृश्चिकेनाल्पकायेन मृगेन्द्रो हन्यते क्षणात् ।।११।।
अल्पेन हि प्रदीपेन नश्यते प्रबलं तमः।
यस्य सन्निहितो मृत्युः सन्निपातात् स लीयते।।१२।।

ब्रह्माजीले भन्नुभयो – नरान्तक दैत्यले श्रीगणेशको लीला देखेर बुद्धिद्वारा अनुमान गऱ्यो – 'यी ठूलो पराक्रम भएका अद्‌भुत पुरुष हुन् । यिनको अद्‌भुत कर्म मैले देखें । काशिराजलाई बन्दी बनाएपछि तिनलाई छुटाउन श्रीगणेशले अत्यन्त शक्तिशाली वीर कालपुरुषको रचना गरे । त्यस कालपुरुषले मेरा करोडौंको संख्यामा रहेका सैनिकहरूलाई खायो । अमात्य र छोरासहित काशिराज पनि श्रीगणेशको पेटभित्र विलीन भए । आफ्नो शरीरभित्र विलीन भएका राजालाई श्रीगणेशले जस्ताको तस्तै रोममार्गबाट बाहिर निकाले र विश्वब्रह्माण्डको दर्शन गराए।।१-३।। अवश्य नै गणेशबाट मैले भुक्ति र मुक्ति पाउनेछु । यसमा सन्देह छैन । म विरोधीको रूपमा चिनिइसकें । त्यस कारण म श्रीगणेशसँग युद्ध गर्दछु। सके तिनलाई मार्छु, नसके तिनकै हातबाट मर्छु। मलाई दुबै दृष्टिबाट कल्याण नै प्राप्त हुनेछ।' नरान्तकले यसरी निश्चय गरेर श्रीगणेशलाई भन्यो ।।४।।

नरान्तकले भन्यो – 'हे गणेश ! तिमीले धेरै प्रकारका जादूविद्या मलाई देखायौ। म तिम्रो जादूबाट डराउने प्राणी होइन। म पनि ठूलो मायावी छु । मैले श्वास लिंदा पर्वतहरूबाट पहिरो जान्छ, मैले आँखीभौं कपाउँदा ब्रह्माण्ड काँप्न थाल्दछ र मैले एक थप्पड लगाउँदा पृथिवी पनि दुई टुक्रामा परिणत हुनसक्छ। तिमी बालक छौ । मसँग कसरी युद्ध गर्छौ ? जुन बच्चा बाघको नजिकमा जान्छ, के त्यो बाँच्न सक्छ?'।।५-८।।

ब्रह्माजीले भन्नुभयो – नरान्तकले भनेको वाणी सुनेर परमात्मा बालरूप श्रीगणेशले भन्नुभयो ।।९।।

विनायकले भन्नुभयो – 'हे मूर्ख ! तँ किन बक्‌बक् गरिरहेको छस् ? जब तेरो विशाल सेनालाई एउटा कालपुरुषले आएर खाइरहेको थियो त्यस बेला तेरो शक्ति कहाँ गयो? शूरहरूले शूरता देखाएर आफ्नो शक्ति प्रमाणित गर्छन्, बोलेर होइन। सानो बिच्छीले पनि ठूलो सिंहलाई मार्न सक्छ ।।१०-११।। सानो बत्तीले विशाल अन्धकारलाई नाश गर्न सक्छ र सानो आँकुसेले हात्तीलाई वशमा तुल्याउँछ । तैंले सानो भनेर हेला गर्नु हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अल्पेन सृणिना मत्तमातङ्गो हि नियम्यते ।

क उवाच

इति श्रुत्वा तु वाक्यानि देवप्रोक्तानि दैत्यराट् ।।१३।।

चकम्पे परया भीत्या जगर्ज घनवद् दृढम् ।।१४।।

भीषयन् रोदयन् रावैः कम्पयन् भूमिमण्डलम् ।
अधावत् परमावेशो हन्तुकामो विनायकम् ।।१५।।

यथा पतङ्गो दीपार्चिर्हन्तुं याति त्वरान्वितः।
त्रिवक्रां भ्रुकुटीं बद्ध्वा वमन्नास्येन पावकम्।।१६।।

तं तथा यान्तमालोक्य काशिराजो निजं धनुः।
सज्जीचकार सहसा कर्णमाकृष्य सायकम्।।१७।।

उवाच साम्ना दैत्यं तं निर्लज्जं बद्धमोचितम् ।
मा जीवं त्यज दैत्येन्द्र ! जीवन् भद्राणि पश्यसि।।१८।।

परावृत्य प्रयाहि त्वं नो चेन्मृत्युं प्रयास्यसि।

क उवाच

इति तद्वाक्यमाकर्ण्य प्राह दैत्यो रुषा ज्वलन् ।।१९।।

नरान्तकेति मे नाम त्वादृशानां हि भक्षणात् ।
इदानीं शरणं याहि यदि जीवितुमिच्छसि।।२०।।

पुनर्नृपोऽब्रवीद् वाक्यं मुमूर्षुं तं नरान्तकम् ।
विनाशसमये मूढ ! विपरीता मतिर्भवेत् ।।२१।।

मित्राणि शत्रुतां यान्ति विपरीतेऽप्यनेहसि।
त्वयाप्याचरितं पापं वरगर्वादनेकशः।।२२।।

वरस्यैव प्रभावेण न वज्रं गणितं त्वया।
इदानीमवतीर्णोऽयं त्वादृशानां वधाय च।।२३।।

कश्यपस्यात्मजो भारं हर्तुं भूमिगतं दृढम् ।
वरः पुण्यञ्च शिथिलं जातं ते पापसञ्चयात् ।।२४।।

सानै लगामबाट पनि उन्मत्त गजराजलाई नियन्त्रणमा ल्याउन सकिन्छ । जसको नजिकै मृत्यु हुन्छ त्यो पागल बनेर अनावश्यक कुरा बोलिरहेको हुन्छ । मलाई लाग्छ, तेरो मृत्यु नजिकमा आइसकेको छ' ।।१२।।

ब्रह्माजीले भन्नुभयो – श्रीगणेशका यी कुरा सुनेर डरले दैत्यराज नरान्तक थर्थर काँप्यो तर बादलझैं ठूलो स्वरले कठोर गर्जन गर्न भने छोडेन ।।१३-१४।। त्यसपछि सम्पूर्ण संसारलाई भयभीत तुल्याउँदै, प्राणीहरूलाई रुवाउँदै र दसै दिशामा घोर आवाज प्रतिध्वनित गराउँदै ठूलो क्रोधको आवेशका साथ गणेशलाई मार्ने इच्छाले नरान्तक दौडियो ।।१५।। जसरी पतङ्ग वेगपूर्वक बत्तीको आगो निभाउन जान्छ त्यसैगरी त्यो दानव आफ्नो बाङ्गो आँखीभौं देखाउँदै र मुखबाट आगो ओकल्दै श्रीगणेशका सामु आक्रान्ता बनेर आइपुग्यो । श्रीगणेशमाथि आक्रमण गर्न आउने त्यस दानवलाई देखेर काशिराजले पनि कानसम्म बाण खिंचेर आफ्नो धनुलाई बाण प्रहारका लागि तम्तयार बनाए।।१६-१७।। तिनले दैत्यलाई भने– 'हे दैत्य! तँ मृत्युको मुखमा आउने प्रयास नगर् । मृत्युभन्दा जीवन नै भलो हुन्छ। जिउँदो मानिसले अनेक कल्याणकारी कुराहरू देख्न सक्छ ।।१८।। त्यस कारण तँ फर्केर जा, नत्र मृत्युको मुखमा पर्नेछस्।'

ब्रह्माजीले भन्नुभयो – काशिराजका यी कुरा सुनेर रीसको आगोमा डढेको नरान्तकले भन्यो – 'हे काशिराज ! तँजस्ता मानिसहरूलाई मृत्युको मुखमा पुऱ्याउने स्वभाव भएकै कारण मेरो नाम नरान्तक रहेको हो । तँ जीवन चाहन्छस् भने मेरो शरणमा आउनुपर्छ' ।।१९-२०।। नरान्तकका कुरा सुनेर काशिराजले फेरि भने – 'हे नरान्तक ! तेरो मृत्यु नजिकै छ । त्यस कारण तेरो बुद्धि विपरीत भएको छ। समय विपरीत भएपछि मित्र पनि शत्रु बन्दछन् । तैंले शिवबाट प्राप्त वरदानको घमण्डले अनेक पाप गरिस् ।।२१-२२।। वरकै प्रभावले तैंले इन्द्रका वज्रको पनि वास्ता गरिनस् । अहिले तँजस्ता दुष्टहरूको वध गर्न र पृथिवीको भार हरण गर्न भगवान् श्रीगणेश कश्यपका छोरा बनेर आउनुभएको छ । तैंले गरेका पापराशिका कारण तैंले पाएको वरदान पनि शक्तिहीन भएको छ । तेरा पुण्यहरू निष्क्रिय बनेका छन् ।।२३-२४।। काशिराजका यी कुरा सुनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतीमेवमाश्रुत्य चकम्पे हृदि दैत्यराट् ।
धावयित्वा नृपकराज्जगृहे सशरं धनुः।।२५।।

बलाच्चिक्षेप भूमौ तच्छतधा च व्यशीर्यत।
अहनन्मुष्टिघातेन तं नृपं स नरान्तकः।।२६।।

पतितः स धरापृष्ठे वज्राहत इवाचलः।
दृष्ट्वा विनायकोऽधावत् सृणिहस्तो महाबलः।।२७।।

गर्जयन् गगनं सर्वं दिशश्च विदिशः स्वनैः।
चकम्पे पृथिवी सर्वा दिशः प्रज्वलिता इव।।२८।।

तेजसा परशोस्तस्य सर्वदृष्टिहरेण च।
तेनाहनद् दैत्यशिरो यथेन्द्रो गिरिमुत्कटम् ।।२९।।

तथा हतो दैत्यराजो निपपात महीतले।
मूर्च्छनां महतीं प्राप्तो मर्मभिन्नो यथाश्मना ।।३०।।

उदतिष्ठत् क्षणाद् दैत्यो हस्ताभ्यां पर्वतावुभौ।
प्रगृह्य च प्रचिक्षेप विनायकजिघांसया ।।३१।।

शतधा चूर्णितौ तेन मुदा परशुघातिना।
मायया दैत्यराजोऽथ नानारूपधरोऽभवत् ।।३२।।

यद् यद् रूपञ्चकाराशु तत् तद् रूपं विनायकः।
भग्नदर्पं चकाराशु तेन तेन महासुरम् ।।३३।।

शस्त्रैः शस्त्राणि संवार्य तथाऽस्त्रैरस्त्रसञ्चयम् ।
ततस्तु मल्लयुद्धेन युयुधाते परस्परम् ।।३४।।

चरणञ्चरणेनैव हस्तं हस्तेन जघ्नतुः।
जानुभ्यां जानुनी चोभौ पुष्पिताविव किंशुकौ।।३५।।

वक्षसा चैव वक्षश्च पेततुर्धरणीतले।
पुनरुत्थाय बलिनौ कूर्पराभ्यां निजघ्नतुः।।३६।।

पुनर्दैत्यो महादेवं स्मृत्वा वृक्षानवासृजत् ।
पृष्ठेन पृष्ठं धावन्तौ ललाटेन ललाटकम् ।।३७।।

दैत्यराज नरान्तक मनमनै काँप्यो । त्यसले दौडेर गई काशिराजको हातमा रहेको धनु खोस्यो । धनुलाई भुइँमा प्रहार गर्दा त्यो सयौं टुक्रा भएर फैलियो। त्यसपछि नरान्तकले अत्यन्त रिसाएर काशिराजको ज्यानमा मुड्की प्रहार गऱ्यो । त्यो मुड्की खप्न नसकी काशिराज भुइँमा लडे। काशिराजलाई त्यस अवस्थामा देखेर हातमा आँकुसे लिनुभएका महाबली भगवान् श्रीगणेश आफ्नो गर्जनबाट आकाश, दिशा र विदिशालाई प्रतिध्वनित गराउँदै दौडेर आउनुभयो । भगवान् श्रीगणेशको सबैका आँखाको तेज हरण गर्ने परशुको तेजबाट पृथिवीमा कम्पन भयो र दिशाहरू अग्निज्वालाले परिपूर्ण देखिए।।२५-२८।। श्रीगणेशले अत्यन्त चम्किलो बञ्चरो हातमा लिएर इन्द्रले प्राचीन समयमा पर्वतहरूका प्वाँख काटेझैं त्यस दैत्यको टाउको काट्नुभयो । टाउको काटिंदा घाइते भएको दैत्यराज नरान्तक भुइँमा लड्यो । ढुंगाले च्याँपिएको मानिसले जसरी मर्मान्तक पीडा भोग्दछ त्यसैगरी मर्मान्तक पीडा भोग्न नसकेर त्यो मूर्च्छित भयो। केही बेरपछि होशमा आएको नरान्तकले आफ्ना हातबाट दुईवटा ठूला पर्वत उचालेर श्रीगणेशमाथि प्रहार गऱ्यो । परशुधारी श्रीगणेशले परशुको प्रहारबाट ती दुबै पर्वतलाई सय-सय टुक्रामा परिणत गराउनुभयो । त्यसपछि दैत्यराज नरान्तक मायाको प्रयोग गरी अनेक रूपमा प्रकट भयो ।।२९-३२।। त्यसले जुन-जुन र जस्ता-जस्ता रूप लियो, श्रीगणेशले पनि त्यस्तै रूप धारण गर्नुभयो । आफ्ना ती ती रूपहरूबाट श्रीगणेशले नरान्तकको घमण्ड तोडिदिनुभयो ।।३३।। त्यसपछि श्रीगणेश र नरान्तकको बीचमा शस्त्रशस्त्र र अस्त्रअस्त्रबाट युद्ध भयो। ती दुबै वीरहरूले शस्त्रद्वारा शस्त्र र अस्त्रद्वारा अस्त्र काटिरहेका थिए। त्यसपछि तिनीहरूले मल्लयुद्ध गरे ।।३४।। खुट्टाले खुट्टामा, हातले हातमा, घुँडाले घुँडामा प्रहार गरिरहेका ती वीरहरू पलाशको फूलझैं रक्ताम्य भए।।३५।। त्यसपछि दुबै वीर छातीले छातीमा प्रहार गर्दै भुइँमा लडे । फेरि उठेर तिनीहरूले कुहिनाले कुहिनामा प्रहार गर्न थाले ।।३६।। त्यसपछि नरान्तक दैत्यले भगवान् शङ्करको ध्यान गरेर अनेक प्रकारका रूखहरूको सृष्टि गऱ्यो। ती दुबै वीर एकले अर्कामाथि रूखको प्रहार गर्दै युद्ध गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्रवन्तौ रुधिरञ्चोभौ गुल्फाभ्यां गुल्फमेव च।।३८।।

पर्वतांश्च सवृक्षांश्च विनायकजिघांसया।
अप्राप्तानेव तान् सर्वांश्चिच्छेद स विनायकः।।३९।।

पद्मपाशाङ्कुशाघातैः परशोर्दृढकर्मणा।
तस्यां निवारितायान्तु दैत्योऽमुञ्चत् तथा पराम्।।४०।।

वृष्टिमन्यां तथा चान्यां निरस्तां वीक्ष्य चापराम्।
काशिराजो ययौ दूरं मृतं ज्ञात्वा विनायकम्।।४१।।

विनायकोऽपि संक्लेशाद् हृदि चिन्तामथाकरोत्।
असङ्ख्यातबलो दैत्यो जयोपायो न दृश्यते।।४२।।

कदा देवाः स्वनिलयं प्राप्स्यन्ति निहतारयः।
नरान्तकोऽपि सञ्जातो देवानामप्यथान्तकः।।४३।।

एवं चित्ते चिन्तयति वारं वारं विनायके।
तूणेषु पतिता बाणाः कालदण्डोपमा दृढाः।।४४।।

पिनाकोऽष्टापदमयः पुरस्तस्य पपात ह।
शोभयँस्तेजसा स्वेन दिशश्च विदिशोऽपि च।।४५।।

कार्मुकं तु स्फुरत्कान्ति दृष्ट्वा सर्वं जहर्ष सः।
मेने जितं तञ्च दैत्यं सिद्धञ्च देवकाङ्क्षितम्।।४६।।

जग्राह बाणान् कोदण्डं कृत्वा क्ष्वेडितमुच्चकैः।
पिनाकं तोलयामास सज्यञ्चक्रे धनुस्तदा।।४७।।

पृथिव्यां जानुनी स्थाप्य तूणौ चोभयतस्तथा।
तद्धनुःशब्दमाकर्ण्य चकम्पे भुवनत्रयम्।।४८।।

थाले। पिठ्यूँद्वारा पिठ्यूँमा र निधारद्वारा निधारमा प्रहार गरेर ती दुबै वीर युद्ध गरिरहेका थिए। दुबैका शरीरबाट रगतका धारा बगिरहेका थिए। त्यसपछि दुबै आ-आफ्ना गोलीगाँठाबाट गोलीगाँठामा प्रहार गर्न थाले। नरान्तक दैत्यले श्रीगणेशलाई मार्ने इच्छाले प्रहार गरेका पर्वत र रूखलाई श्रीगणेशले आफूमाथि नलाग्दै बीचमा नै काटिदिनुभयो ।।३७-३९।। त्यसपछि श्रीगणेशले पद्म, पाश र अङ्कुशको प्रहार गर्दै बञ्चरो उचालेर त्यसमाथि प्रहार गर्नुभयो। त्यसपछि नरान्तक दैत्यले आफ्नो मायाबाट मुसलधारे वर्षा गऱ्यो। त्यसलाई पनि श्रीगणेशले निवारण गर्नुभयो। दैत्यले फेरि शस्त्रको वर्षा गर्दा त्यसलाई श्रीगणेशले निवारण गर्नुभयो। यसैगरी अनेक पटक वृष्टि गर्ने र निरोध गर्ने क्रम त्यहाँ चलिरहेको थियो। त्यस बेला भगवान् श्रीगणेशलाई नरान्तकले मारेको शङ्काले काशिराज उद्विग्न भए। भगवान् श्रीगणेश पनि अत्यन्त क्लेशको अनुभव गर्दै हृदयमा चिन्ता गर्न लाग्नुभयो- 'यो दैत्य असङ्ख्य बलसम्पन्न छ। यसलाई जित्ने उपाय केही देखिंदैन ।।४०-४२।। देवताहरू यस नरान्तक दैत्यको कारागारमा रहेर दुःखका दिन काटिरहेका छन्। ती शत्रुको नाश गरी कहिले आफ्नो धाममा फर्किन पाउनेछन्? नाम त यसको नरान्तक हो तर यो देवताहरूका निमित्त पनि यमराज बनिरहेको छ।' यसरी श्रीगणेशले बारबार मनमा कुरा खेलाइरहनुभएको बेला अचानक असंख्य बाण खसेर श्रीगणेशका ठोक्राहरू भरिए। त्यसपछि आफ्नो तेजद्वारा चारै दिशा र विदिशालाई सौन्दर्यमय तुल्याउने स्वर्णमय पिनाकनामक धनु पनि श्रीगणेशका सामु खसेको देखियो। चमत्कारजनक कान्तिले सुन्दर पिनाक धनु देखेर श्रीगणेश प्रसन्न हुनुभयो। त्यसपछि उहाँले मनमा सोच्नु भयो - 'अब मैले अवश्य नै नरान्तकलाई जित्नेछु र देवताहरूको चाहना पनि परिपूर्ण हुनेछ।' श्रीगणेशले आफ्ना दुबै घुँडा जमिनमा टेकाएर आफ्ना दुबै काँधमा ठोक्रो धारण गरी पिनाक धनु उचालेर त्यसलाई युद्धका लागि सजाउनुभयो। उहाँले एक-एक गरी ठोक्राबाट बाण झिकेर धनुमा सन्धान गर्दा गम्भीर धनुष्टङ्कार प्रकट भयो। धनुको टङ्कारले स्वर्ग, मर्त्य र पाताल यी तीनै लोक काँपे ।।४३-४८।। श्रीगणेशले दायाँ र बायाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सव्यदक्षिणहस्ताभ्यामाकृष्य सायकद्वयम् ।
मुमोच दैत्यमालक्ष्य मुञ्चन्नग्निकणान् मुहुः ।।४९।।

पपात दैत्यभुजयोरकस्मात् सायकद्वयम् ।
गर्जत् प्रकाशयद् व्योम संहरज्जीवसञ्चयान् ।।५०।।

उल्केव पातयामास भुजौ वृक्षाविवास्य तत् ।
यथेन्द्रो वज्रघातेन पर्वतस्येव सानुनी ।।५१।।

नरान्तकद्वारदेशे महानेकोऽपतत् करः।
अपरस्तत्पितुर्द्वारि चूर्णयन् प्राणिसञ्चयान् ।।५२।।

अन्यावास्तां करौ तस्य ददर्श च विनायकः।
अभ्यधावत् पुनर्दैत्यो व्यादितास्य इवान्तकः।।५३।।

हस्ताभ्यां तत्र पादाभ्यां चिक्षेप पादपान् बहून् ।
द्रुमाणाञ्च महावृष्टिं प्राक्षिपत् स विनायके ।।५४।।

अन्धकारं महच्चासीन्न प्राज्ञायत किञ्चन।
ततोऽब्रवीद् दैत्यराजं दृष्ट्वा वीर्यं विनायकः ।।५५।।

हातबाट कानसम्म ताँदो खिचेर दैत्यलाई लक्षित गरी बाणको तीखो टुप्पाबाट अग्निका कण बर्साउँदै सर्वप्रथम दुईवटा बाण प्रहार गर्नुभयो । ती दुई बाणहरूले टङ्कार गर्दै, आकाशलाई चम्काउँदै र जीवहरूका प्राणहरण गर्दै उल्काकै रूपमा नरान्तकका वृक्षसमान दुई हातलाई टुक्र्याए ।।४९-५०।। यो घटना इन्द्रको वज्रप्रहारबाट पर्वतका चुचुरा खसेझैं देखियो। नरान्तक दैत्यको घरको ढोकामा त्यसको एउटा विशाल हात खस्यो भने अर्को हात प्राणीहरूलाई धूलोपीठो बनाउँदै त्यसकै पिताका घरको ढोकामा पुगेर खस्यो ।।५१-५२।। त्यस बेला नरान्तकका अरू दुई हात देखिए । भगवान् श्रीगणेशले तिनलाई राम्ररी हेर्नुभयो । त्यसपछि त्यो दैत्य यमराजझैं मुख बाएर श्रीगणेशमाथि जाइलाग्यो।।५३।। त्यसले हात र खुट्टाद्वारा अनेक रूख उचालेर श्रीगणेशमाथि वर्षा गर्‍यो ।।५४।। त्यस बेला युद्धभूमिमा घोर अन्धकार छायो । त्यहाँ के भइरहेको छ भन्ने कुरा जान्ने स्थिति रहेन। त्यसपछि श्रीगणेशले दैत्यराज नरान्तकको पराक्रम देखेर त्यसलाई सम्बोधन गर्दै भन्नुभयो ।।५५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे श्रीगणेशनरान्तकयुद्धवर्णनं नाम षष्टितमोध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेश र नरान्तकको युद्धवर्णन' शीर्षकान्वित साठीऔं अध्याय पूर्ण भयो ।।६०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकषष्टितमोऽध्यायः　　{ ६१ अध्याय }

विनायक उवाच

नेदृशो दृष्टपूर्वो मे बली च वीर्यवत्तरः।
इदानीं पौरुषं पश्य मम बालस्य चेष्टितम् ।।१।।

इत्युक्त्वा पुनरेवासौ बाणं तूणादकर्षयत् ।
आकर्णं धनुराकृष्य प्राक्षिपत् तं नरान्तकम् ।।२।।

प्रकाशयन् व्योमतलं पातयन् वृक्षसञ्चयम् ।
आन्दोलयन्निव ययौ पुष्पवत् तं नरान्तकम् ।।३।।

स बाणोऽच्छेदयत् तस्य चरणौ स पपात ह।
अर्धकाये निपतिते दैत्येऽगर्जद् विनायकः।।४।।

चरणौ व्योममार्गेण भ्रमन्तौ पतितौ गृहे।
देवान्तकस्य महति चूर्णयन्तौ बहून् जनान् ।।५।।

अर्द्धकायः स दैत्येन्द्रो मुखं कृत्वा भयानकम् ।
अभ्यधावद् बलेनासौ ग्रसन्निव जगत्त्रयम् ।।६।।

तथैव चरणावस्य मायया सम्बभूवतुः ।
विनायकस्य निकटे बभाषेऽभ्येत्य दैत्यराट् ।।७।।

त्वया यद् दर्शितं मह्यं पौरुषं कायभेदनात् ।
छेत्से तवापि चाङ्गानि पश्य मे पौरुषं तथा।।८।।

श्रुत्वा वाक्यं पुनस्तस्य जगर्जासौ विनायकः ।
शरवृष्टिं पुना रौद्रां सोऽसृजद् दैत्यपुङ्गवे।।९।।

सोऽपि तां भक्षयामास सङ्ख्यातीतां महाबलः।
तत एकं महाबाणमभिमन्त्र्य विनायकः।।१०।।

अग्नितुण्डं रुक्मपुङ्खं गर्जमानं भयानकम् ।
आकर्णं ज्यामपाकृष्य तत्याज दैत्यमस्तके ।।११।।

स ययौ वायुवेगेन दारयन्निव पर्वतान् ।
संहरन् पक्षिसङ्घातान् पातयन् वृक्षसञ्चयान् ।।१२।।

श्रीगणेशले भन्नुभयो – 'हे दैत्यराज ! तिमीजस्तो पराक्रमी र बलवान् पुरुष मैले आजसम्म देखेको थिइन । अब तिमीले म बालकको पनि पुरुषार्थ र युद्धकौशल हेर' ।।१।। यसरी आफ्नो विषयमा बताएर श्रीगणेशले ठोक्रोबाट बाण तान्नुभयो । कानसम्म धनुको ताँदो तानेर नरान्तकमाथि बाणको प्रहार गर्नुभयो ।।२।। आकाशलाई जाज्वल्यमान तुल्याउँदै, वृक्षहरूलाई भुइँमा खसाउँदै र नरान्तकलाई आन्दोलित अथवा कम्पित तुल्याउँदै फूलझैं हलुका लाग्ने त्यस बाणले लक्ष्यभेदन गर्ने क्रममा नरान्तकका दुबै खुट्टा छिनालिदियो । खुट्टा काटिएको त्यो दैत्य अचानक भुइँमा लड्यो । दैत्यको आधा शरीर चुँडिएको देखेर श्रीगणेशले गर्जन गर्नुभयो ।।३-४।। त्यसका दुबै खुट्टा आकाशमार्गमा चक्कर काट्दै र देवान्तकको विशाल दरबारमा रहेका अनेक दानवहरूलाई घाइते बनाउँदै खसेका थिए ।।५।। खुट्टा काटिनाले आधा शरीरमात्र बाँकी रहेको त्यो दैत्यराज नरान्तक आफ्नो मुख भयानक बनाएर बलपूर्वक स्वर्ग, मर्त्य र पाताललाई निल्न खोज्दै श्रीगणेशमाथि जाइलाग्यो ।।६।। खुट्टा काटिए तापनि माया प्रयोगबाट त्यसका नयाँ खुट्टा तयार भए । त्यसपछि श्रीगणेशका सामु आएर त्यसले भन्यो- 'हे गणेश ! तिमीले जसरी मेरो शरीर टुक्र्याएर आधा बनाएका छौ त्यसरी नै मैले पनि तिम्रा अङ्ग-प्रत्यङ्ग काटिदिनेछु । अब तिमीले पनि मेरो पुरुषार्थ हेर'।।७-८।। नरान्तकका यस्ता वचन सुनेर श्रीगणेशले गर्जन गर्नुभयो । त्यसपछि उहाँले दैत्यराजमाथि भयानक बाणवर्षा गर्नुभयो ।।९।। महाबली नरान्तकले पनि श्रीगणेशले बर्साएका असंख्य बाणलाई काटिदियो । त्यसपछि श्रीगणेशले एउटा विशाल बाणलाई अभिमन्त्रित गर्नुभयो । उहाँले धनुषको ताँदोलाई कानसम्म खिचेर टुप्पाबाट आगो बर्साउने, फेदमा सुवर्ण जडिएको र भयानक गर्जन गर्ने त्यस बाणलाई नरान्तकको मस्तक ताकेर प्रहार गर्नुभयो।।१०-११।। त्यो बाण वायुवेगले पर्वतहरूलाई टुक्रा-टुक्रा बनाउँदै, चरा-चुरुङ्गीहरूलाई मार्दै र वृक्षराशिलाई भुइँमा लडाउँदै लक्ष्यमा पुग्यो । बाणको स्वर सुनेर नरान्तक दैत्यका सैनिकहरू चारैतिर भाग्न थाले । त्यस बाणले पर्वतका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वा तदीयनिनदं ययुः सेना दिशो दश।
पपात दैत्यकण्ठे स गिरिसानौ यथा पविः।।१३।।

तदाघाताच्छिरोऽप्यस्य पक्षिवद् गगनं ययौ।
न्यपतत् परिकूजत् तत् पितुर्गेहे भयानकम् ।।१४।।

पुनरन्यच्छिरोऽस्याभूदच्छिन्नमिव पूर्ववत् ।
ततः कोपेन दैत्योऽपि चक्रे क्ष्वेडितमुच्चकैः।।१५।।

बिभ्युः सुराः पक्षिसङ्घाः सर्वे च जनसञ्चयाः।
शरवृष्टिं पुना रौद्राञ्चक्रे तस्मिन् विनायके ।।१६।।

स सर्वान् बाणवृष्ट्यैव मध्ये चिच्छेद लाघवात् ।
अहोरात्रमभूद् युद्धं गिरिबाणमयं नवम् ।।१७।।

परिशश्राम देवोऽपि सोऽपि दैत्यो महाबलः।
चिन्तामवाप महतीं प्रजज्वाल च तेजसा ।।१८।।

ततो जग्राह परशुं ज्वालामालाशमाकुलम् ।
तोलयामास बलवाँश्चकम्पे धरणी तदा।।१९।।

विमानगाः सुराः सर्वे युद्धं द्रष्टुमुपागताः।
चकम्पिरे तदा शेषो बिभाय च रसातले ।।२०।।

अवासृजद् दैत्यपतौ स तस्याशु शिरोऽहरत् ।
पुनरन्यदभूच्चारुशिरोमुकुटकुण्डलम् ।।२१।।

पुनस्तत् पातयामास शिरः क्रुद्धो विनायकः।
पुनरन्यदभूत्तस्य छिन्ने तस्मिन् पुनः पुनः ।।२२।।

एवं शतसहस्राणि शिरांसि सोऽच्छिनद् विभुः।
पुनश्च चिन्तयामास मृतौ दैत्यस्य कारणम् ।।२३।।

मोहयामास सहसा मायया तं नरान्तकम् ।
शिवस्य वरदानेन गर्वितं बलवत्तरम् ।।२४।।

नाज्ञासीच्च तदा दैत्यः परञ्चात्मानमेव च।
क्षणाच्च भासते रात्रिः क्षणाच्च दिनमेव च।।२५।।

टाकुरामा इन्द्रको वज्र खसेझैं नरान्तकको घाँटीमा वेधन गऱ्यो। त्यसको टाउको छुट्टिएर चीत्कार गर्दै चराझैं आकाशमा उड्न थाल्यो । टुक्रिएको त्यो डरलाग्दो टाउको नरान्तकका बाबुको घरमा गई खस्यो ।।१२-१४।। श्रीगणेशले टाउको टुक्र्याए तापनि नरान्तक दैत्यको मायाबाट फेरि अर्को टाउको तयार भयो । त्यसको टाउको केही नभएजस्तो देखियो। त्यसपछि त्यसले चर्को स्वरबाट सिंहनाद गऱ्यो ।।१५।। सिंहनाद सुनेर देवता, पशु, पक्षी र मानिसहरू सबै डराए । त्यसले डरलाग्दो शैलीमा फेरि श्रीगणेशमाथि बाणको वर्षा गऱ्यो । बाणको वर्षाद्वारा त्यसले श्रीगणेशबाट प्रहार गरिएका सम्पूर्ण बाणहरूलाई बीचमै काटेर निष्फल तुल्यायो । यसरी श्रीगणेश र नरान्तक दैत्यको बीचमा अहोरात्र युद्ध चलिरहेको थियो ।।१६-१७।। युद्धका कारण श्रीगणेश थाक्नुभयो । त्यो बलवान् दैत्य पनि चिन्तित भयो। त्यो दैत्य क्रोधको ज्वालामा बलिरहेको थियो । त्यसपछि श्रीगणेशले आफ्नो हातमा अग्निज्वालाले ज्योतिर्मय बनेको बञ्चरो लिनुभयो । जुन बेला श्रीगणेश बञ्चरो उचालेर प्रहार गर्दै हुनुहुन्थ्यो, त्यस बेला पृथिवीमा कम्पन भयो । विमानमा सवार भई युद्धदर्शन गर्न आएका देवता पनि डरले काँप्न थाले र पातालमा रहेका शेषनाग पनि भयभीत भए।।१८-२०।। श्रीगणेशले नरान्तकमाथि बाण प्रहार गरी फेरि पनि त्यसको शिर काटिदिनुभयो । शिर काटिनासाथ कुण्डल र मुकुटसहितको अर्को शिर तयार भयो । रिसाएका श्रीगणेशले मुकुटसहितको त्यस शिरलाई पनि टुक्र्याइदिनुभयो । नरान्तकको फेरि नयाँ शिर तयार भएको देखियो । त्यसलाई पनि श्रीगणेशले काटिदिनुभयो । यसै रीतिबाट हजारौं शिर तयार भए र तिनलाई अन्तर्यामी श्रीगणेशले टुक्र्याउनुभयो । त्यसपछि श्रीगणेशले दैत्यलाई मार्ने उपायको विषयमा चिन्तन गर्नुभयो ।।२१-२३।। यसरी चिन्तन गरेपछि श्रीगणेशले आफ्नो मायाको प्रयोग गरेर नरान्तकलाई मोहित बनाउनुभयो । शिवको वरदान पाएर अभिमानी बनेको त्यस बलवान् दैत्यले श्रीगणेशको मायामा परेर को आफू र को अर्को भन्ने छुट्याउन पनि सकेन । त्यसका आँखाका सामु एकै छिनमा रात्रि देखिन्थ्यो र अर्को छिनमा दिन तयार हुन्थ्यो। त्यसका सामु उत्तिखेरै स्वर्गको दृश्य आउँथ्यो र केहीबेरमा नै त्यो स्वर्ग पृथिवी बनेको हुन्थ्यो । त्यो पृथिवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षणाच्च भासते स्वर्गं पृथ्वी पातालमेव च।
जागरश्च सुषुप्तिश्च तुरियः स्वप्न एव च।।२६।।

विनायकोऽपि देवो वा नारी वा पुरुषोऽपि वा।
गुह्यको वाथ सिद्धो वा यक्षो राक्षस एव च।।२७।।

स्वकीयो वा परो वापि पिता वा जननी तु वा।
निर्जीवो वा सजीवो वा भ्रमादेवममन्यत।।२८।।

चिन्ताञ्च परमामाप तर्कयामास चेतसि ।
एवं मे तु वरा दत्ताः शिवेन शूलधारिणा ।।२९।।

अयञ्च समयः प्राप्तः प्रायो मृत्युर्भविष्यति।

क उवाच

एवं यावच्चिन्तयते पुरस्तावद् ददर्श सः।।३०।।

विनायकं विराड्रूपं गगनोर्ध्वगमस्तकम् ।
पातालव्याप्तचरणं दिक्छ्रोत्रं वृक्षरोमकम् ।।३१।।

भ्रमद्ब्रह्माण्डरोमाञ्चपयोधिश्रमबिन्दुकम्।
नखाग्रे यस्य देवानां भान्ति त्रिंशत्त्रिकोटयः।।३२।।

उदरे भान्त्येकदेशे भुवनानि चतुर्दश।
ततो विनायको दैत्यं मर्दयामास तत्क्षणात् ।।३३।।

पादाङ्गुष्ठनखाग्रेण मत्कुणं बालको यथा।
ततो देवाश्च मुनयो जयशब्दैर्मुहुर्मुहुः।।३४।।

तुष्टुवुर्मुमुचुः पुष्पवृष्टिं भक्त्या प्रहर्षिताः ।
अन्तर्हिते तु वैराटे रूपेऽगाद् धरणी विभुम् ।।३५।।

पनि एकछिनमै पातालको रूपमा परिणत हुन्थ्यो । जागरण अवस्था, सुषुप्तिमा बदलिन्थ्यो। सुषुप्ति अवस्था स्वप्नमा परिणत हुन्थ्यो ।।२४-२६।। स्वयं श्रीगणेशलाई त्यसले कुनै बेला श्रीगणेशकै रूपमा देख्थ्यो, त्यसको केहीबेरपछि उहाँलाई सामान्य देवताको रूपमा दर्शन गर्थ्यो । एक छिनपछि श्रीगणेशको स्वरूपलाई त्यसले नारीरूपमा परिणत भएको पाउँथ्यो । त्यो नारीस्वरूप पनि केही बेरमै पुरुषको रूपमा परिणत हुन्थ्यो । एकैछिनमा त्यो पुरुषको स्वरूप पनि गुह्यकको रूपमा बदलिन्थ्यो । गुह्यक सिद्धको रूपमा, सिद्ध यक्षको रूपमा र यक्ष राक्षसको रूपमा बदलिएको दृश्य पनि उसले देखिरहेको हुन्थ्यो । नरान्तकले कुन आफ्नो मानिस र कुन पराई मानिस छुट्याउन सकेन । माता-पितामध्ये कुन माता र कुन पिता भन्ने पनि पहिचान गर्न सकेन । वस्तुहरूमा पनि कुन निर्जीव र कुन सजीव भन्ने छुट्याउन सकेन ।।२७-२८।। आफूलाई यस्तो अवस्थामा पाएर नरान्तक चिन्तित भयो । त्यसले मनमा तर्क गऱ्यो – 'मलाई त्रिशूलधारी शिवले यस्तै वरदान दिनुभएको थियो ।।२९।। अब मलाई लाग्छ मेरो मृत्युसमय नजिकमै आएको रहेछ ।'

ब्रह्माजीले भन्नुभयो – यसरी तर्क गरिरहेको नरान्तकले तत्काले विराट् रूप धारण गर्नुहुने भगवान् श्रीगणेशको दर्शन गऱ्यो ।।३०।। आकाशको सर्वोपरि भागलाई आफ्नो मस्तकले स्पर्श गर्ने, पाउलाई पातालसम्म व्याप्त गराउने, दसै दिशालाई कानका रूपमा व्यवहार गर्ने, वृक्ष र वनस्पतिलाई रोमराशि बनाउने, घुमिरहेका अनन्त ब्रह्माण्डलाई रोमाञ्च र विशाल महासागरलाई पसिनाका थोपाको रूपमा व्यवहार गर्ने विराट् रूपधारी भगवान् विनायक हुनुहुन्थ्यो । उहाँका नङहरूका टुप्पामा ३३ कोटि देवताहरू सुहाएका थिए र उहाँको पेटमा चौध भुवन अवस्थित थिए । यसरी आफ्नो स्वरूपलाई विराट् रूपमा परिणत गराउनुहुने भगवान् श्रीगणेशले तत्काले आफ्ना पाउको बूढी औंलाको नङको टुप्पाले प्रहार गरी कुनै बालकले उड्डुस मारेझैं नरान्तकलाई मारिदिनुभयो । खुसी भएका देवता र मुनिहरूले भक्तिपूर्वक भगवान् श्रीगणेशको जयजयकार गर्दै स्तुति र पुष्पवर्षा पनि गरे । भगवान् श्रीगणेशले आफ्नो विराट् रूपलाई अन्तर्धान गराउनु भएपछि पृथिवी भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नत्वा प्रोवाच देवेशमर्धभारो हृतो मम।
पूर्णे हृते परा प्रीतिर्मे स्यात् तस्मात् सदा कुरु ।।३६।।

तस्यामन्तर्हितायान्तु काशिराजः पुपूज तम् ।
उवाच च प्रसन्नात्मा विनयावनतो नृपः।।३७।।

अत्याश्चर्यं विभो ! दृष्टं मनोवाण्योरगोचरम् ।
अवतीर्णोऽसि भूभारं हर्तुं तच्च कृतं त्वया।।३८।।

त्रयस्त्रिंशत्कोटिदेवैरवध्योऽयं हतो यतः ।
अतिपुण्येन दृष्टं ते विराड् रूपं सुरेश्वर।।३९।।

क उवाच

एवं ब्रुवति राजेन्द्रे पौराः सर्वेऽब्रुवँस्तदा।
धन्योऽसि बालभावेन सर्वान्नो भ्रामयस्यहो।।४०।।

यशः प्रथयितुं सर्वं कृतमेतद् विभो ! त्वया।
पुपूजुश्च महाभक्त्याऽप्रार्थयन्निति तं विभुम् ।।४१।।

भक्तिं ते देहि नो देव ! स्ववियोगञ्च मा कुरु।
ततो राजा च ते लोका ददुर्दानान्यनेकशः।।४२।।

ब्राह्मणान् प्रार्थयामासुरेवमेव जयोऽस्तु नः।
उपायनानि च तदा ददू राज्ञे परस्परम् ।।४३।।

श्रीगणेशका नजिकमा गइन् ।।३१-३५।। तिनले प्रणाम गरेर प्रार्थना गरिन्- 'हे भगवन्! हजुरले मेरो आधा भार हलुका गराउनु भएको छ। पूरा भार हरण गर्नुभएपछि म ज्यादै सन्तुष्ट हुनेछु । तसर्थ हजुरले सम्पूर्ण भार हरण गरिदिनुहोस् ।' यसरी पृथिवी पनि आफ्ना भावना व्यक्त गरेर अन्तर्धान भएपछि काशिराजले श्रीगणेशको पूजा गरे । प्रसन्न भएका र नम्रताले नुहेका ती काशिराजले भने - 'हे प्रभु! आज मैले मन र वाणीबाट पनि चिताउन र भन्न नसकिने आश्चर्यको कुरा देखें। हजुर पृथिवीको भार हरण गर्न अवतरित हुनुभएको हो र त्यो कार्य पूरा गर्नुभयो ।।३६-३८।। आज हजुरले तेंत्तीस कोटि देवताहरूद्वारा पनि वध गर्न नसकिने दैत्यलाई मारिदिनुभयो। हे देवताका पनि देवता ! जन्मजन्मान्तरका पुण्यले मैले आज हजुरको विराट् रूप देख्न पाएँ ।।३९।।

ब्रह्माजीले भन्नुभयो - काशिराजले यसरी श्रीगणेशको स्तुति गरेपछि काशीनिवासी नर-नारीहरूले भने - 'हे परमेश्वर! हजुर धन्य हुनुहुन्छ । हजुरले सानो बालक बनेर हामीलाई आफ्नो मायामा घुमाइरहनु भएको छ ।।४०।। हे प्रभु ! हजुरले उत्तम कर्मको कीर्ति फैलाउन यो लीला गर्नुभएको हो ।' यसरी स्तुति गरेपछि ती सबैले ठूलो श्रद्धा र भक्तिका साथ भगवान् श्रीगणेशको पूजा गरी प्रार्थना गर्दै भने - 'हे देव ! हामीलाई हजुरको भक्ति दिनुहोस् र हामीबाट अलग भएर कहिल्यै पनि नबस्नुहोस् ।' त्यसपछि काशिराज र काशीनिवासी नर-नारीहरूले पनि ब्राह्मणहरूलाई अनेक थरि दान दिए ।।४१-४२।। तिनीहरूले ब्राह्मणहरूको प्रार्थना गर्दै भने - 'तपाईँहरूको तपस्याबाट हामी सबैको जय होस् ।' त्यसपछि ती सबै नर-नारीले काशिराजलाई पनि अनेक उपहार टक्र्याए ।।४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे दैत्यदमनविराड्रूपदर्शनं नामैकषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा विराट् रूप प्रदर्शन र नरान्तकको संहार' शीर्षकान्वित एकसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विषष्टितमोऽध्यायः { ६२ अध्याय }

क उवाच

रौद्रकेतोस्तु या भार्या शारदाख्या द्विजस्य सा।
वृष्यां समुपविष्टा सा सखीभिः कौतुकान्विता।।१।।

नरान्तकस्य च शिरोऽकस्मात् ताभिरदृश्यत ।
पतितं प्राङ्गणे कर्णकुण्डलाभ्यां विराजितम् ।।२।।

नादयत् पत्तनं सर्वं शिखरं पार्वतं यथा ।
श्यामलं हिमसंसृष्टं विशोभं कमलं यथा।।३।।

बिभ्यतो रौद्रकेतुश्च शारदा चातिविह्वला।
सावधानौ ददृशतू रुदतः स्म भृशं तदा।।४।।

लुण्ठतः स्म धरण्यां तौ ताडयन्तौ च वक्षसि।
मूर्च्छामवापतुरुभौ मुहूर्तादिव चेतनाम् ।।५।।

माता शुशोच च तदा हृदि संस्थाप्य तच्छिरः।
चक्रन्दे विह्वला सा गौर्मृतवत्सा यथा भृशम् ।।६।।

शारदोवाच

वीरश्रिया व्याप्ततनू रणायैव समुत्सुकः ।।७।।

प्रोक्तवान्न हि किञ्चिन्मामिदानीं गिरमाहर।।८।।

क्व गतः परकायस्ते शिरसैव समागतः।
एकाकी कथमायातः क्व ते सैन्यं महत्तरम् ।।९।।

क्व ते जलधरा दासाश्छत्रचामरधारिणः।
यं दृष्ट्वा वरकामिन्यो म्लायन्ते विरहाग्निना।।१०।।

स कथं म्लानतां यातो रविरस्तानुगो यथा।
किं मया ह्यपराद्धन्ते पित्रा वा वत्सलेन च।।११।।

किमर्थं वदसे नैव रुददश्रु प्रमार्ज्य नः।
पराध्यास्तिरणोपेते मञ्चके स्वापतत्परः।।१२।।

क्वेदानीं परिसुप्तोऽसि खिद्यते मे मनो भृशम् ।
विनाभूतौ त्वया नेशावास्यं सन्दर्शितुं सुत।।१३।।

ब्रह्माजीले भन्नुभयो – नरान्तक र देवान्तकका पिता रौद्रकेतु ब्राह्मणकी पत्नी शारदा आफ्ना सँगिनीहरूका साथ आनन्दपूर्वक घरमा कुशासनमा बसिरहेकी थिइन् ।।१।। अकस्मात् कर्णकुण्डलमण्डित शिर उडेर घरको आँगनमा आई खसेको दृश्य सँगिनीका साथ तिनले देखिन् । पर्वतको चुचुरो खस्दा त्यसले सम्पूर्ण प्राणीहरूलाई शब्दायमान गराएझैं नरान्तकको शिर आँगनमा खस्दा सम्पूर्ण नगर शब्दायमान भएको थियो । त्यो शिर तुसारो पर्दा शोभाहीन बनेको कमलझैं कालो र कान्तिहीन थियो। रौद्रकेतु र शारदा त्यो टाउको देखेर अत्यन्त भयभीत भए। सावधान भएर नजिकै गई तिनीहरूले त्यो शिर हेरेर बारबार रुन थाले ।।२-४।। ती दुबै छाती पिटेर भुइँमा लडे, त्यसपछि मूर्च्छित भएर एक मुहूर्तपछि चेतना प्राप्त गरे । शोकव्याकुल शारदाले आफ्नो छोराको शिर काखमा राखेर बाच्छो मरेको गाईझैं बारबार विलाप र क्रन्दन गरिन् ।।५-६।।

शारदाले भनिन् – 'वीर सुहाउँदो कान्तिले अङ्ग-अङ्गमा शोभायमान र जहिले पनि युद्ध गर्न मात्र उत्सुक रहने हे पुत्र ! तिमी युद्धका लागि प्रस्थान गर्दा मसँग केही पनि बोलेनौ । अब त केही बोल ।।७-८।। तिम्रो शरीरको तल्लो भाग कहाँ गयो ? अहिले शिरमात्र लिएर मेरासामु आएका छौ। तिमी एक्लै कसरी आयौ ? तिम्रा सैनिकहरू कहाँ गए ? तिमीलाई जल टक्र्याउने दासहरू कहाँ गए ? छत्र र चामर धारण गर्ने सेवकहरू कहाँ गए ? तिमीलाई देखेर सुन्दरीहरू विरहको आगोमा बलेर ओइलाउने गर्थे, आज आफै तिमी अस्ताचलमा जान लागेका सूर्यझैं किन ओइलाएका छौ ? ।।९-११।। हे पुत्र ! मैले र तिम्रा दयालु पिताले के अपराध गर्‍यौं ? तिमी किन बोल्दैनौ ? हाम्रा आँसु पुछिदिएर सान्त्वना किन दिंदैनौ ? बहुमूल्य वस्त्रले सजिएको पलङ्गमा शयन गर्ने बानी परेका तिमी आज यहाँ आएर किन भुइँमा सुतिरहेका छौ ? मेरो मन अत्यन्त खिन्न छ । हे पुत्र ! तिमीविना तिम्रा बाबुआमा हामी दुबै संसारका सामु मुख देखाउन असमर्थ छौं' ।।१२-१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

शारदायाः शुचं श्रुत्वा रौद्रकेतुः शुशोच ह।
विना वृत्तान्तकथनात् क्व गतोऽसि प्रियात्मज।।१४।।

प्रत्यहं सर्ववृत्तान्तं जातं भाविनमेव च।
संश्रावयसि स्वस्थानमिदानीं किन्न भाषसे ।।१५।।

यदि त्वं सम्मुखे युध्यन् धारापूतो दिवं गतः।
मामपृच्छ्य च मां त्यक्त्वा कथं त्वं परिजग्मिवान् ।।१६।।

कथं त्वया कृता पित्रोः पुत्रता शत्रुतापि च।
यदा त्वं सेवककरात् खड्गं गृह्णासि स्वं करे ।।१७।।

तदा सपर्वतवना सस्वर्गा कम्पते च भूः।
स केन पातितो मह्यां न जाने कालपर्ययम् ।।१८।।

दैवं हि बलवल्लोके पौरुषं तु निरर्थकम् ।।
भूषणं मम वंशस्य लोकस्य च गतं क्व नु।।१९।।

लोकस्यापि च यः कालः पञ्चास्योऽरिगजस्य यः।
स कथं त्वं द्विधाभूतो वाताहत इव द्रुमः।।२०।।

प्रतापसविता राजँस्तूलदाहहुताशनः।

क उवाच

एवं नानाविधं शोकं रौद्रकेतुश्च शारदा।।२१।।

कृत्वा मूर्धानमादाय देवान्तकमगच्छताम् ।
भद्रासनात् समुत्थाय त्वरया तौ तथाविधौ।।२२।।

दृष्ट्वा कण्ठं समालिङ्ग्य रुरोदावरजं तदा ।
तत्परीवारभूता ये दैत्याः कालयमोपमाः।।२३।।

रुरुदुः सुस्वरं तत्र दृष्ट्वा नारान्तकं शिरः।
मातुर्हस्ताच्छिरो गृह्य तत्स्वे हृदि निधाय च।।२४।।

चक्रन्द कुररीवासौ भ्रातृस्नेहेन दुःखितः।

ब्रह्माजीले भन्नुभयो - शारदाले शोक गरेको सुनेर रौद्रकेतुले पनि विलाप गर्दै भने- 'हे पुत्र! कुनै समाचार नदिईकन र हामीसँग बिदा नै नलिईकन तिमी कहाँ गयौ ? ।।१४।। तिमीले दिनदिनै हामीलाई बिहानदेखि सायंकालसम्मका सबै खबर सुनाउने गर्थ्यौ, भएका घटना बताउँथ्यौ र सम्भावित घटनाहरूको बारेमा जानकारी दिन्थ्यौ, अहिले हाम्रासामु आफ्ना मनका कुरा किन बोल्दैनौ ? ।।१५।। यदि तिमी शत्रुका सामु लड्दालड्दै शस्त्रको धारामा नुहाएर स्वर्ग गएका छौ भने नसोधीकन हामी सबैलाई छाडेर एक्लै किन गयौ ? ।।१६।। तिमीले आफ्ना पिताको मान-प्रतिष्ठा कायम गर्न, असल छोराको रूपमा आफूलाई साबित गर्न र मेरा शत्रुहरूसँग शत्रुता कायम गर्न समेत कहिल्यै चुकेनौ । जब तिमीले सेवकको हातबाट तरबार खोसेर आफ्नो हातमा धारण गरी त्यसलाई रिंगाउँथ्यौ तब पर्वत र वनसहित पृथिवी काँप्ने गर्थिन् । यस्ता पराक्रमी मेरा छोरालाई कसले धर्तीमा यो हालतमा पुर्‍यायो ? कालको प्रतिकूल स्वभावलाई म जान्न सक्तिनँ ।।१७-१८।। संसारमा दैव बलवान् रहेछ र पुरुषार्थको केही नलाग्ने रहेछ । तिमी मेरो कुल र संसारका पनि एउटा उज्ज्वल अलङ्कार थियौ । हे बाबु! आज तिमी कुन देशमा गयौ ? ।।१९।। हात्तीका लागि जसरी बाघ कालरूप बन्दछ त्यस्तै तिमी पनि सम्पूर्ण शत्रुहरूका लागि काल नै थियौ, तर आज तिम्रो शरीर कसरी हावाले ढालेको रूखजस्तै दुई टुक्रा भयो ? ।।२०।। तिमी प्रतापका सूर्य थियौ र कपासको राशि डढाउने अग्निझैं भयानक पनि थियौ।'

ब्रह्माजीले भन्नुभयो - शारदा र रौद्रकेतुले यसरी अनेक थरि विलाप गरे। त्यसपछि त्यो टाउको हातमा लिई ती दुबै देवान्तकको नजिकमा गए । देवान्तकले पनि ती दुबै माता-पितालाई त्यसरी छोराको टाउको लिएर आएको देखेर सिंहासनबाट उठी दुबैलाई अङ्कमाल गर्‍यो । आफ्ना भाइको त्यो अवस्था देखेर धेरै बेरसम्म रोइराख्यो। त्यसका परिवारका अङ्ग बनेका यमराजझैं डरलाग्दा दैत्यहरू पनि नरान्तकको टाउकोलाई त्यो हालतमा देखेर शोकको स्वरमा रुन थाले । देवान्तकले आफ्नी आमाको काखबाट भाइको टाउको खोसेर आफ्नो छातीमा टाँस्यो र भाइको प्रेमले दुःखित भई न्याउली चरीझैं विलाप गर्न लाग्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवान्तक उवाच

समं भुक्तं समं पीतं क्रीडितं सुप्तमुत्थितम् ।।२५।।

समं तप्तं समं जप्तं क्व गतोऽसि विहाय माम् ।
यस्य ते दर्शनान्मर्त्याः सुरा यान्ति दिशो दश ।।२६।।

स कथं निहतः केन दुष्टेन च बलीयसा।
रसा रसातलञ्चैव तवैव च निवेदितम् ।।२७।।

विहाय मां कथं स्वर्गं गतोऽसि भ्रातृवत्सल।
यस्य ज्याघोषमाकर्ण्य कम्पते स्म चराचरम् ।।२८।।

असङ्ख्याता नृपा यस्य साम्ने द्वारगता बभुः।
स कथं पितरौ हित्वा गतश्च सुन्दरीं स्त्रियम् ।।२९।।

एवं तत्क्रन्दनं श्रुत्वा वीरलोकाः समाययुः।
हेतुभिर्वारयामासुर्बलाद् धृत्वा तु तं करैः।।३०।।

जना ऊचुः

न वीराः परिशोचन्ति वीरे युद्धे हते नृप।
निघ्नन्ति तं बलाद् गत्वा येनासौ निहतो भवेत् ।।३१।।

मृत्युस्तु सर्वजन्तूनां सह देहेन जायते।
सोऽद्य वर्षशतेनापि भविष्यति न संशयः।।३२।।

स्वस्य वान्यस्य वा राजँस्तत्र का परिदेवना।
श्रुत्वा वाक्यन्तु लोकानां तदा देवान्तकोऽसुरः ।।३३।।

सावधानमना भूत्वा पितरौ प्राह धर्मवित् ।
मा शोचतमहं यामि ग्रसितुं तं निजं रिपुम् ।।३४।।

वदतं क्व निवासोऽस्य येन बन्धुर्हतो मम।
तं हत्वा सुखमेष्यामि बन्धुं यास्यामि वा मृतः।।३५।।

मम भ्रूभङ्गमात्रेण कम्पते भुवनत्रयम् ।
मयि क्षुब्धे तु कस्त्राता लोकानां पितरौ यतः।।३६।।

देवान्तकले भन्यो – 'हे भाइ ! बालककालदेखि सँगै खायौं, सँगै पियौं, सँगै खेल्यौं, सँगै सुत्यौं, सँगै जाग्यौं, सँगै कर्म गऱ्यौं, सँगै तपस्या गऱ्यौं, सँगै मन्त्रणा गऱ्यौं र सँगै वार्तालाप पनि गऱ्यौं, तर आज जाने बेलामा तिमी मलाई एक्लै छाडेर कहाँ गयौ ? तिम्रो वीरस्वरूपको दर्शन गर्दा मानिस र देवताहरू पनि डराएर ज्यान जोगाउन दसै दिशामा भाग्ने गर्दथे ।।२१-२६।। तिमीजस्ता वीरपुरुषलाई कुन बलवान् दुष्टले माऱ्यो ? कसरी माऱ्यो ? पातालमा र धर्तीमा तिम्रो सम्पूर्ण अधिकार थियो । मलाई असाध्यै माया गर्ने हे मेरा प्यारा भाइ ! मलाई एक्लै छोडी तिमी कहाँ गयौ ? तिम्रा धनुको ताँदोको स्वर सुनेर स्थावर र जङ्गम सबै काँप्दथे ।।२७-२८।। असंख्य राजाहरू ढोकामा जसको स्तुति गर्दथे त्यस्ता शक्तिशाली तिमी आज आफ्नी अत्यन्त सुन्दरी पत्नी र आफूलाई माया गर्ने बाबु-आमासमेत छाडी कहाँ गयौ ? ।।२९।।' देवान्तकले यसरी विलाप गरेको सुनेर अरू वीरहरू पनि त्यहाँ आइपुगे। तिनले भाइको शोकले विह्वल भएका देवान्तकलाई अनेक युक्ति र दृष्टान्त दिएर हात समाती शोक गर्न निषेध गरे ।।३०।।

वीरहरूले भने – 'हे राजन् ! युद्धको मैदानमा वीरगति प्राप्त गर्ने योद्धाका लागि वीरहरूले शोक गर्दैनन् बरु जसले हत्या गऱ्यो त्यससँग बदला लिन डटेर अगाडि बढ्छन् ।।३१।। मानिस जन्मदा मृत्युलाई पनि सँगै लिएर आएको हुन्छ । जन्मने मानिसको आज अथवा सय वर्षपछि मृत्यु हुन्छ नै, यसमा कुनै सन्देह छैन ।।३२।। आफ्नो पनि मृत्यु हुन्छ र अरूको पनि मृत्यु हुन्छ । त्यस कारण मृत्युको विषयमा के विलाप गर्नु ?' वीरहरूका यी कुरा सुनेर देवान्तकले सावधान भई आफ्ना बाबु-आमालाई भन्यो – 'हे पिता ! हे माता ! तपाइँ दुबैले शोक नगर्नुहोस् । जसले नरान्तकको हत्या गऱ्यो त्यस शत्रुलाई मार्न म जानेछु ।।३३-३४।। बरू तपाइँहरूलाई थाहा छ भने भन्नुहोस् मेरो भाइको हत्या गर्ने त्यो शत्रु कहाँ बस्छ ? त्यसलाई मारेर मैले सुख पाउनेछु अथवा त्यससँग गरिने लडाइँमा म आफै मरें भने पनि भाइसँग गएर बस्न पाउनेछु ।।३५।। हे माता-पिता ! मैले आँखीभौं नचाउँदा स्वर्ग, मर्त्य र पाताल यी तीनै लोक थर्थर काँप्ने गर्दछन् । म रिसाउँदा संसारमा कसले कसको रक्षा गर्न सक्छ ?' ।।३६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

श्रुत्वा देवान्तकवच आश्वस्तौ तावुभौ तदा।
शोकसागरमग्नौ तावुदधृतौ तेन वाक्यतः ।।३७।।

ऊचतुः परमं वाक्यं ज्येष्ठपृष्टौ सविस्तरम् ।
काशिराजेति विख्यातो राजा परमधार्मिकः।।३८।।

वैवाहिको महोत्साहस्तद्गृहे समपद्यत।
आकारिताः सर्वजनाः कश्यपस्यात्मजोऽपि च ।।३९।।

स बाल एव बलवान् विनायक इति स्मृतः।
तेन मार्गे हतो भ्राता धूम्राक्षो मम पुत्रक।।४०।।

तस्य प्रत्याम्नायकृते प्रेषिता वीरसम्मताः।
धावमाना ययुस्ते च सहस्त्रार्द्धं निशाचराः।।४१।।

सप्तवर्षेण ते सर्वे नाशिता मुनिसूनुना ।
तेषां प्रत्याम्नायकृते स्वयं यातो नरान्तकः।।४२।।

अनेकशस्त्रसम्पन्नश्चतुरङ्गबलान्वितः।
एकोऽपि नागतस्तस्मादकस्माद् ददृशे शिरः।।४३।।

शोकं कृत्वा तव पुर आनीतं तच्छिरोऽधुना ।

क उवाच

इति तद्वाक्यमाकर्ण्य चकम्पे रक्तलोचनः।।४४।।

देवान्तकश्चोदतिष्ठद् ग्रसन्निव जगत्त्रयम् ।
उवाच गर्वमोहेन पितरं वेगवत्तरम् ।।४५।।

कालं हनिष्येऽखिलघ्नं न्युब्जां पृथ्वीं विधाय च।
करिष्ये क्रोधदृष्ट्यैव ब्रह्माण्डं भस्मसात् क्षणात् ।।४६।।

इत्युक्त्वा क्ष्वेडितं कृत्वा जगतीं कम्पयन्नथ ।
देवाधिकारे ये दैत्यास्तान्सर्वानाजुहाव च।।४७।।

नत्वा तौ पितरौ वाक्यं प्रोचे देवान्तकस्तदा ।
इदानीं मुनिपुत्रं तमानयिष्यामि सत्वरम् ।।४८।।

ब्रह्माजीले भन्नुभयो - देवान्तकका यी कुरा सुनेर रौद्रकेतु र शारदा आश्वस्त भए । शोकको सागरमा डुबेका ती दुबै बाबु-आमाको देवान्तकले आफ्ना वीर वाक्यहरूद्वारा उद्धार गऱ्यो ।।३७।। त्यसपछि ती दुबैले आफ्नो छोराले सोधेका विषयमा विस्तारपूर्वक भने- 'हे पुत्र ! काशीमा राज्य गर्ने काशिराज-नामक परम धार्मिक राजा छन् । तिनका घरमा विवाह महोत्सवको आयोजना गरिएको थियो । त्यस बेला तिनले सबै आफ्ना बन्धु-बान्धवहरूलाई निम्ता दिएर कश्यपका छोरा गणेशलाई पनि बोलाए। ती कश्यपका छोरा बालक भए तापनि बलवान् भएकाले तिनलाई विनायक भन्ने गरिएको थियो । हे छोरा ! ती विनायकले नै मेरा भाइ धूम्राक्षको हत्या गरेका हुन् ।।३८-४०।। तिनका हत्याको प्रतिशोध लिन हामीले धेरै वीरहरूलाई काशीमा पठायौं। सयौं राक्षसहरू विनायकसँग युद्ध गर्न दौडिंदै काशी गएका थिए। तिनलाई सात वर्षको उमेरका कश्यपका छोरा विनायकले मारेर सखाप पारे । तिनीहरूको प्रतिशोध लिन तिम्रा भाइ नरान्तक आफै गएका थिए ।।४१-४२।। अनेक शस्त्रले युक्त भई चार प्रकारको सेना साथमा लिई ती सबै युद्धको मैदानमा गएका थिए । तीमध्ये एउटा पनि फर्केर आएका छैनन् । तिम्रा भाइको शिर भने अचानक आई मेरा घरको आँगनमा खसेको देखियो। तिम्रा मृतक भाइको शिर साथमा लिएर शोक गर्दै आज हामी तिम्रो घरमा आएका छौं ।'

ब्रह्माजीले भन्नुभयो - बाबु-आमाका यी कुरा सुनेर रीसले आँखा राता गराउँदै देवान्तक काँप्न थाल्यो ।।४३-४४।। केही बेरपछि वेगपूर्वक उठ्यो र तीनै लोकलाई एकैचोटि निल्न लागेसरि चारैतिर हेऱ्यो । त्यसपछि गर्व र मोहका साथ पितालाई सम्बोधन गर्दै भन्यो - 'हे पिताश्री ! मैले संसारलाई स्वाहा पार्ने काललाई पनि मार्नेछु, अरूको त के कुरा ? पृथिवीलाई डल्लो पारेर आफ्नो क्रोधपूर्ण दृष्टिबाट ब्रह्माण्डलाई खरानी तुल्याउनेछु ।।४५-४६।।' यसरी आफ्ना भाव व्यक्त गरेर सिंहनादद्वारा पृथिवी कपाउँदै देवलोकमा कार्यरत दैत्यवीरहरू समेतलाई बोलाएर जम्मा गरी आफ्ना माता-पिताको पाउमा प्रणाम गरेर भन्यो - 'मैले अहिले छिट्टै कश्यपपुत्र गणेशलाई यहाँ ल्याउनेछु ।।४७-४८।। त्यसको टाउको टुक्र्याएर मेरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहैव तेन दास्यामि मूर्ध्न्यस्य च धनञ्जयम् ।
एवमुक्त्वा बलात् सर्वे उड्डीय सहसा च ते ।।४९।।

देवान्तकोऽप्यसङ्ख्याता विहङ्गा इव शीघ्रगाः।
काशिराजपुरीं प्राप्ता वेष्टयेयुः समन्ततः।।५०।।

कोलाहलो महानासीद् रजसाच्छादिता दिशः।
न प्रकाशो रवेरासीत् पौराश्च चुक्रुशुर्भृशम् ।।५१।।

नरान्तके हते द्वित्रिदिवसा नैव यद्गताः।
तत्कथं पुनरायातः प्रलयोऽत्र जनापहः।।५२।।

कोऽयं प्रचण्डदेहेन दुष्प्रेक्ष्यो वै समागतः ।
क्षमः कालं कलयितुं भक्षितुं वा जगत्त्रयम् ।।५३।।

दैत्यानां परिखा जाताः प्रेषिता वीरपुङ्गवाः।
हतास्तेनाथ ते सर्वे गन्तुं मार्गो न विद्यते ।।५४।।

एवं वदत्सु पौरेषु तावद् दूताः समागताः ।
काशिराजं कथयितुं देवान्तकसमागमम् ।।५५।।

भाइ नरान्तकको टाउकाका साथै दागबत्ती दिने काम पनि म आफै गर्नेछु ।' यसरी क्रोधपूर्ण वचन सुनाएर देवान्तक वायुवेगले उडेसरी काशीतर्फ गयो । त्यसका साथ चराझैं उडिरहेका असंख्य वीरहरू पनि गए। ती सबैले काशी नगरीमा गएर चारैतिरबाट काशीलाई घेरा हाले ।।४९-५०।। काशीमा ठूलो कोलाहल भयो । धूलोले सबै दिशा ढाकिएका थिए । सूर्यको प्रकाश थिएन । नगरवासीहरू अत्यन्त व्याकुल भएर भन्दै थिए ।।५१।। 'नरान्तक मरेका दुई-तीन दिनमात्र बितेका छन्, तर आज फेरि जनसंहारकारी महाप्रलयको दिन आइसक्यो । नरान्तकभन्दा पनि प्रचण्ड कुन दैत्य आयो? जसको अनुहार हेर्न पनि सकिंदैन। यस पुरुषले काललाई पनि निल्न सक्छ र तीनै लोकलाई आफ्नो गास बनाउन सक्छ । काशी नगरीका वरिपरि घेरा हालिरहेका दैत्यहरूबाट नै चारैतिर पर्खाल तयार भएको छ । यस वीरले आफ्ना सामु आएका सबै वीरहरूको हत्या गरेको छ र हिंड्ने बाटो पनि छैन ।।५२-५४।।' यसरी नगरवासीहरूले आत्तिएर आफ्ना कुरा भनिरहेको बेला काशिराजका दूतहरू पनि त्यहाँ आइपुगे र तिनले सबै कुरा देखे । त्यसपछि त्यो वृत्तान्त बताउन ती दूतहरू राजदरबारतर्फ लागे ।।५५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे नगरीनिरोधो नाम द्विषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवान्तकद्वारा काशी नगरीको घेराउ' शीर्षकान्वित बैसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिषष्टितमोऽध्यायः

{ ६३ अध्याय }

दूता ऊचुः

देवान्तको महारौद्रो रौद्रैर्दैत्यैः समावृतः।
असङ्ख्यैर्विविधैः कालभीतिदैर्व्योममस्तकैः ।।१।।

वयं तद्दर्शनभ्रान्ताः पलाय्य त्वामुपागताः।
नगरी वेष्टिता राजन् ! यत् करिष्यसि तत्कुरु ।।२।।

क उवाच

श्रुत्वा दूतमुखाद् राजा वृत्तान्तं समकम्पत।
अतिम्लानतया यातो बालकं स विनायकम् ।।३।।

क्रीडन्तं शिशुमध्ये तं वृत्तान्तं सर्वमब्रवीत् ।

राजोवाच

परब्रह्मन् ! नमस्तेऽस्तु लीलामानुषविग्रह ! ।।४।।

चराचरगुरो ! नानालीलाकर ! नमोऽस्तु ते।
अनेकशो वयं त्रातास्त्वया बालस्वरूपिणा।।५।।

इदानीमपि रक्षास्मानस्माद् देवान्तकात् प्रभो।

क उवाच

एवं सम्प्रार्थितस्तेन काशिराजेन बालकः।।६।।

देहं कृत्वा विशालं स सिंहारूढो धनुष्करः।
सिद्धिबुद्धियुतो गर्जन् नादयन् गिरिकन्दराः।।७।।

तेजसा लोपयन् सूर्यं वमन्नग्निकणान्मुखात् ।
बाणं खड्गञ्च परशुं धनुर्हस्ते व्यधारयत् ।।८।।

नभोमार्गेण नगराद् बहिर्यातो विनायकः।
क्ष्वेडितेन स दैत्यानां मनांसि परिकम्पयन् ।।९।।

दूतहरूले भने – 'हे काशिराज ! दैत्यराज देवान्तक डरलाग्दो छ र डरलाग्दा योद्धाहरूले घेरिएको छ । ती योद्धाहरू असंख्य छन् र काललाई पनि भयभीत गराउने शक्ति र सामर्थ्य राख्दछन् । ती अग्ला र चौडा छन् । तिनका टाउकाले आकाश छोइरहेको प्रतीत हुन्छ । हामी देवान्तकको दर्शन गरेपछि भ्रान्तिमा फ्यौं र डराएर भाग्दै हजुरका सामु आइपुगेका छौं । देवान्तकको सेनाले काशी नगरीलाई चारैतिरबाट घेरिसकेको छ । हे राजन्! यस अवस्थामा के गर्न उचित हुन्छ त्यो गर्नुहोस् ।।१-२।।'

ब्रह्माजीले भन्नुभयो- दूतहरूका मुखबाट देवान्तक दैत्यको विषयमा समाचार थाहा पाएर काशिराज मनमनै काँप्दै अत्यन्त दीन र विवर्ण भई बालक विनायकका नजिकमा पुगे। बालकहरूको बीचमा खेलिरहेका श्रीगणेशलाई आफूले सुनेको सबै वृत्तान्त बताए ।

राजाले भने - 'आफ्नो दैवी मायाद्वारा मानवरूपमा विहार गर्नुहुने हे परब्रह्मरूप भगवन् श्रीगणेश ! हजुरका पाउमा प्रणाम गर्दछु ।।३-४।। हे चराचरका स्वामी ! अनेक थरि लीला गर्नुहुने लीलानाथ हजुरलाई नमस्कार छ । बालकरूप लिएर काशी नगरीलाई अलङ्कृत गर्नुहुने हजुरले अनेक विपत्तिहरूबाट हाम्रो रक्षा गर्नुभएको छ ।।५।। हे प्रभु ! अहिले पनि देवान्तकनामक डरलाग्दो दैत्यबाट हाम्रो रक्षा गर्नुहोस्।'

ब्रह्माजीले भन्नुभयो - यसरी काशिराजद्वारा प्रार्थना गरिएपछि बालक श्रीगणेश विशाल शरीर बनाई हातमा धनु धारण गरी सिंहमा सवार हुनुभयो । सिद्धि र बुद्धिलाई वरिपरि राखी, आफ्नो गर्जनबाट पर्वतका गुफाहरूलाई शब्दायमान बनाउँदै, आफ्नो तेजबाट सूर्यलाई पनि मन्द तुल्याउँदै र मुखबाट अग्निका ज्वाला छुटाउँदै उहाँले आफ्नो हातमा बाण, तरबार, बञ्चरो र धनुसमेत धारण गर्नुभयो ।।६-८।। त्यसपछि उहाँ आकाशमार्गबाट काशीनगरदेखि बाहिर जानुभयो । आफ्नो सिंहनादबाट दैत्यका मनहरू कँपाउँदै पुग्नुभएका श्रीगणेशले अतुलनीय पराक्रमी देवान्तक दैत्य र त्यसको सेनालाई देख्नुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दद‍र्श दुष्टसैन्यं तं देवान्तकममर्षणम् ।
असङ्ख्यातास्तदा दैत्या बभ्रमुः शलभा इव।।१०।।

दृष्ट्वा नानाविधं सैन्यं सिद्धिं प्रोवाच विघ्नराट्।
एकाकिना न साध्येयं सेना नाना विधीयताम् ।।११।।

स्वकीया साधितुं दैत्यं कुरु शीघ्रमिदं वचः।

क उवाच

ततः सिद्धिर्नमस्कृत्वा परमात्माङ्घ्रिपङ्कजम् ।।१२।।

देवान्तकं योधयितुं ययौ चाथ जगर्ज च।
निनादैः सर्वजन्तूनां दैत्यानां भयदायिनी।।१३।।

चचाल शेषो द्यौश्चापि पर्वता वृक्षसञ्चयाः।
तद्गर्जितमहारावैः प्रतिशब्दैरनेकशः ।।१४।।

सस्मार चाष्टसिद्धीः सा ताश्च याता मुदान्विताः।
अणिमा प्रथमं प्राप्ता गरिमा तदन्तरम्।।१५।।

महिमा लघिमा चापि सम्प्राप्ते तदन्तरम् ।
प्राप्तिश्चैव तु प्राकाम्यं वशित्वञ्च समाययौ।।१६।।

ईशित्वं तदनु प्राप्तं तासां सैन्यमभूदनु ।
गजाश्वरथपादातं नानायुधविराजितम् ।।१७।।

वर्षाकाले यथा नद्यः सागरं यान्ति सर्वतः।
तथा सैन्यं दश दिशो याति स्म युद्धलालसम् ।।१८।।

असङ्ख्यवाद्यनिर्घोषं वीरशब्दैर्नदद् भृशम् ।
कृतान्तसदृशान् वीरान् भूगोलप्राशनोत्सुकान् ।।१९।।

दृष्ट्वा देवान्तकः स्वान्तं चिन्तयामास चेतसा ।
बालं क्षणेन जेष्यामीत्येवं युद्धाय चागतः।।२०।।

श्रीगणेश त्यहाँ पुगनुभएपछि उहाँका वरिपरि असंख्य दैत्यहरू सलहझैं घुम्न थाले ।।९-१०।। दैत्यको अनेक थरि सेना देखेर विघ्ननाशक श्रीगणेशले आफ्नी प्रियतमा सिद्धिलाई भन्नुभयो- 'हे सिद्धि! म एक्लै यो सेनाको संहार गर्न समर्थ छैन। तिमीले अनेक थरि सेनाहरूको सृष्टि गर।।११।। दैत्यसेनालाई आफ्नो पक्षमा ल्याउन तिमीले मेरो वचन पालन गर ।'

ब्रह्माजीले भन्नुभयो – त्यसपछि सिद्धिले श्रीगणेशको चरणकमलमा प्रणाम गरेर देवान्तकलाई युद्धमा होम्न भनी प्रस्थान गरिन् र भयङ्कर गर्जन गरिन् । आफ्नो गर्जनबाट ती दैत्यहरूका निमित्त डरलाग्दी भएर अगाडि बढिन् । सिद्धिले गर्जन गर्दा निस्केको ठूलो स्वर र त्यसको प्रतिध्वनिबाट शेषनाग कम्पित भए, आकाश थर्कियो र पर्वत एवं वृक्षका पङ्क्तिहरू पनि कम्पायमान भए ।।१२-१४।। सिद्धिले त्यस बेला योगशास्त्रमा बताइएका अष्टसिद्धिको ध्यान गरिन् । त्यसको लगत्तै ती अष्टसिद्धि पनि सहर्ष त्यहाँ आइपुगे । सबभन्दा पहिले अणिमा आइन् र त्यसपछि गरिमा । क्रमैले महिमा र लघिमा पनि आइपुगे । तिनको आगमनपछि प्राप्ति, प्राकाम्य र वशित्व शक्ति पनि त्यहाँ देखिए ।।१५-१६।। तिनीहरूको आगमनपछि ईशित्वनामक शक्ति पनि त्यहाँ आइपुगिन् । ती शक्तिहरूका साथमा हात्ती, घोडा, रथ र पैदलसेनामा विभाजित अनेक थरि शस्त्र-अस्त्रले सजिएका सैनिकहरू पनि आएका थिए । वर्षाकालमा जसरी खोला र नदीहरू सागरतर्फ दौडिरहेका देखिन्छन् त्यसैगरी सिद्धिको सेना पनि युद्ध गर्ने इच्छाले युक्त भएर दसै दिशामा फैलिएको थियो ।।१७-१८।। सिद्धिको सेना असंख्य वाद्यघोषले सम्पन्न र नानाथरिका जयकारले शब्दायमान थियो । त्यस सेनामा रहेका वीरहरू यमराजजस्ता डरलाग्दा र पृथिवीलाई नै खान तयार देखिन्थे ।।१९।। सिद्धिको सेनालाई नजर गरेर देवान्तक दैत्यले मनमनै भन्यो – 'गणेशनामक बालकलाई म एकै छिनमा जित्न सक्छु, किन डराइरहनु पऱ्यो ?' यसरी मनमा विचार गरेर देवान्तक युद्ध गर्न रणभूमिमा आयो ।।२०।। त्यहाँ आएर सिद्धिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकस्मादीदृशं सैन्यं कुत एतद् विनिर्गतम् ।
दृष्टं विचित्रसामर्थ्यं बालस्य मायया कृतम् ।।२१।।

मरिष्ये मारयिष्ये वा जीवस्त्याज्यो यशो न हि।
एवं वदति दैत्येन्द्रे सेनान्यः प्राब्रुवन् वचः।।२२।।

वयं योत्स्यामहे सैन्यै रक्ष पृष्ठं जयो भवेत् ।
पीत्वा वाक्यामृतं तेषां हृष्टो देवान्तकोऽब्रवीत् ।।२३।।

सम्यगुक्तं महावीरा यान्तु युद्धाय यामि च।
जयोऽस्तु मम वाक्येन भवतां पुण्यकर्मणाम् ।।२४।।

आशिषं परिगृह्यैव नमस्कृत्य सुरान्तकम् ।
कर्दमो नाम दैत्योऽथ ययौ व्यूहं रथाकृतिम् ।।२५।।

दीर्घदन्तो ययौ चक्रव्यूहं परमदुर्जयम् ।
गरिम्णा वीरमुख्यैस्तु रचितं वीरमोहनम् ।।२६।।

प्रथिम्ना पालितं व्यूहं तालजङ्घो ययौ मुदा ।
महिम्ना रचितं व्यूहं यक्ष्मनामा समाययौ।।२७।।

प्राप्त्या विरचितं व्यूहं ययौ घण्टासुरो महान् ।
प्राकाम्यरचितं व्यूहं रक्तकेशो बलान्वितः ।।२८।।

कालान्तको ययौ व्यूहं वशितारचितं परम् ।
ईशितारचितं व्यूहं दुर्जयोऽभिययौ बली।।२९।।

एतेषां वचसाऽशक्यं वक्तुं सामर्थ्यमञ्जसा।
अष्टौ व्यूहानयुध्यन्त दैत्या अष्टौ महाबलाः।।३०।।

सेनाको समूहलाई देखेर मनमनै विचार गर्‍यो 'अकस्मात् यो विशाल सेना कहाँबाट आइपुग्यो ? अवश्य पनि बालक गणेशको मायाद्वारा यस सेनाको रचना भएको हुनुपर्छ । आज मैले त्यस बालकको विचित्र शक्ति देख्ने मौका पाएँ ।।२१।। युद्ध त गर्नैपर्‍यो, कि मर्नेछु कि मार्नेछु, दुइटा कुरामा एउटा कुरा अवश्य हुन्छ । रणभूमिमा प्राणत्याग गर्नु उचित हुन्छ तर कीर्तिको त्याग गर्नु उचित हुँदैन ।' यसरी दैत्यराजले मनमा विचार गरिरहेको बेलामा त्यसका सेनापतिहरू आएर भन्न थाले- 'हे महाराज ! गणेशको सेनासँग हामी लड्न तयार छौं । पछाडिबाट हजुरले रक्षा गर्नुहोस्, हाम्रो अवश्य विजय हुनेछ ।।२२-२३।।' सेनापतिहरूको वाक्य सुनेर देवान्तकले भन्यो - 'हे महावीरहरू! तिमीहरूले राम्रो कुरा भन्यौ । तिमीहरू युद्ध गर्न अगाडि बढ। म पछिपछि आउँछु । मेरो आशीर्वादले पुण्यकर्म गर्ने तिमीहरूको विजय हुनेछ ।।२४।।' यसरी आशीर्वाद लिएर देवान्तकलाई प्रणाम गरी कर्दमनामक दैत्य रथव्यूह बनाएर अगाडि बढ्यो । त्यसपछि दीर्घदन्तनामक सेनापति पनि अजेय चक्रव्यूह बनाएर अगाडि बढ्यो। त्यस बेला गरिमानामक शक्ति र तिनका वीरहरूले देवान्तकका वीरहरूलाई मोहित गराउन मायाको प्रयोग गरे । प्रथिमानामक शक्तिले आफ्ना सैनिकहरूका चक्रव्यूहको रक्षा गरिन् । तिनका साथमा युद्ध गर्न तालजङ्घनामक दैत्यसेनापति सहर्ष विचरण गरिरहेको थियो । महिमानामक शक्तिले चक्रव्यूहको रचना गरिन् । तिनका साथमा युद्ध गर्न यक्ष्मनामक दैत्यसेनापति खटिएको थियो ।।२५-२७।। प्राप्तिनामक शक्तिले त्यस्तै चक्रव्यूहको रचना गरिन् र तिनका साथमा युद्ध गर्न घण्टासुरनामक दैत्य नियुक्त भएको थियो । प्राकाम्यनामक शक्तिले चक्रव्यूहको रचना गरिन् र तिनका साथमा युद्ध गर्न शक्तिशाली दैत्ययोद्धा रक्तकेश हिंडिरहेको थियो । वशितानामक शक्तिले चक्रव्यूहको रचना गरिन् । तिनका साथमा युद्ध गर्न कालान्तकनामक दैत्य हिंडिरहेको थियो । ईशितानामक शक्तिले फनि चक्रव्यूह बनाइन् र तिनका साथमा युद्ध गर्न दुर्जयनामक दैत्य हिंडिरहेको थियो । उक्त शक्तिहरूको सामर्थ्य वचनले बताएर सकिंदैन । आठ प्रकारका व्यूहको रचना भयो । आठ व्यूहमा आठ जना महाबली दैत्यहरू युद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परस्परं विनिघ्नन्तः परान् परमदुर्जयान् ।
शरधारा विमुञ्चन्तो जलधारा यथा घनाः ।।३१।।

चिच्छिदुरुत्तमाङ्गानि शस्त्रैर्नानाविधैर्भटाः ।
निहतैश्च तदा वीरैर्गजैरश्वैर्वसुन्धरा ।।३२।।

ऊरुभिर्जानुभिर्हस्तैश्छिन्नैरासीत् सुदुर्गमा।
खेटानि पुरतः कृत्वा जघ्नुः पादाँश्च केचन ।।३३।।

उड्डीय गिरिवत् केचित् पेतुर्वीरेषु चूर्णितुम् ।
रजोऽन्धकारे नाज्ञासीत् स्वीयः स्वीयं परस्परम् ।।३४।।

ततो निपेतुः सहसा दैत्या देवहता भुवि।
देवा हताश्च दैत्याश्च कुर्वते भैरवान् रवान् ।।३५।।

कबन्धा युयुधुस्तत्र मुमुदुश्चाप्सरोगणाः।
शुशुभुः शस्त्रसङ्घातैः पुष्पिताः किंशुका यथा ।।३६।।

शुक्रस्तत्र मृतान् दैत्यानुज्जीवयति विद्यया।
अष्टौ व्यूहा ययुश्चिन्तां मृतशेषा बलान्विताः ।।३७।।

ईशितायै ततः प्रोचुः सर्वे ते शुक्रचेष्टितम् ।
तस्याः क्रोधवशादेका कृत्यास्यान्निर्गता पुरः ।।३८।।

कटाक्षेण तयाऽऽज्ञप्ता भार्गवं तु निजे भगे।
कृत्वा तदाऽन्तर्दधे सा पश्चात् तत्याज बर्बरे ।।३९।।

गरिरहेका थिए ।।२८-३०।। ती दैत्य र सिद्धिका व्यूहहरूमा रहेका वीरहरूले परस्परमा प्रहार गर्दै भयङ्कर युद्ध गरे । त्यहाँ गरिएको युद्धमा बाणका धाराहरू वर्षाकालीन मेघको धाराझैं बर्सिरहेका थिए । वीरहरूले अनेक शस्त्रहरूबाट एक-अर्काका टाउका काटिरहेका थिए । साधन-वाहनको सर्वनाश भइरहेको थियो । मरेका वीर, हात्ती र घोडाले पृथिवी ढाकिएको थियो । वीरहरूका काटिएका जाँघ, घुँडा र हातजस्ता अङ्गहरूका कारण रणभूमि दुर्गम बनेको थियो । कसैले ढाल अगाडि तेर्स्याएर शत्रुहरूका खुट्टा काटिरहेका थिए, कुनै वीर उडेर पर्वतबाट पहिरो गएझैं अरू वीरहरूलाई धूलो-धूलो बनाइरहेका थिए । चारैतिर धूलो उडेको थियो । कसैले पनि कसैलाई चिन्न सक्ने परिस्थिति थिएन ।।३१-३४।। देवसेनाद्वारा हत्या गरिएका दैत्यहरू धमाधम भुइँमा लडिरहेका थिए । घाइते भएका देवता र दैत्यहरू पीडाले छट्पटिएर घोर क्रन्दन गरिरहेका थिए ।।३५।। युद्धको अवस्थामा काटिएका टाउकाहरू एक-आपसमा जुझिरहेका थिए । अप्सराहरूले देवसेनाको विजयको उपलक्ष्यमा खुसियाली मनाए। विजयी वीरहरू शस्त्र समूहद्वारा चम्किए । युद्धको अवस्थामा लागेको रगतका कारण सबै वीर फुलेका पलाशका फूलजस्ता देखिन्थे ।।३६।। त्यस बेला एउटा विचित्र घटना घट्यो । दैत्यका गुरु शुक्राचार्य त्यहाँ आइपुगे । तिनले मरेका सम्पूर्ण दैत्यवीरहरूलाई सञ्जीवनी विद्याको प्रयोग गरेर ब्यूँताए। त्यो देखेर सिद्धिका आठै व्यूहका जीवित वीरहरू चिन्तित भए । सातवटी शक्तिले मिलेर आठौं शक्ति ईशितासँग शुक्राचार्यले गरेको क्रियाकलाप बताए । त्यसपछि ईशिता रिसाइन् र तिनले आफ्नो मुखबाट राक्षसकै आकारकी एउटी कृत्या पैदा गरिन् । ती कृत्या त्यहाँबाट निस्किएर युद्धमैदानततर्फ लागिन् ।।३७-३८।। ईशिताको आँखाको ईशारा पाएकी तिनले शुक्राचार्य भएको ठाउँमा गएर तिनलाई समाती आफ्नो योनिभित्र घुसाएर च्यापिन् । त्यसपछि ती त्यहाँबाट अन्तर्धान भइन् । तिनले अरब देशको मरुभूमिमा गएर आफ्नो योनिभित्र च्याँपिएका शुक्राचार्यलाई फ्याँकिदिइन् ।।३९।। यस कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन बर्बरदेशीयं तं वदन्ति मनीषिणः।
ततो मुमुदिरे देवा युयुधुश्च बलान्विताः।।४०।।

निहन्यमाना दैतेयाः पलायनपरा ययुः।
केचिच्च शरणं प्राप्ता रक्ष रक्षेति चापरे।।४१।।

प्रत्यूचुर्देवगन्धर्वानणिमादिकृतांस्तदा।
कदा विजयिनो दैत्याः कदाचिद् देवतागणाः।।४२।।

अभवन् युद्धनिरताः परस्परजयैषिणः।
द्वन्द्वयुद्धमभूद् घोरं तस्मिन्नुपरते युधि।।४३।।

नै मानिसहरू शुक्राचार्यलाई बर्बर देशमा पैदा भएका दैत्यगुरु भनेर चिन्दछन्। शुक्राचार्य फ्याँकिएपछि देवताहरू खुसी भए। देवताहरूद्वारा अनेकौं दैत्य मारिए। युद्धमा घाइते भएका दैत्यहरू भाग्न थाले। केही दैत्यहरू हाम्रो रक्षा गर भन्दै देवसेनाको शरणमा आए ।।४०-४१।। तिनीहरूले आएर अणिमा आदि शक्ति, देवता र गन्धर्वहरूले गरेको पुरुषार्थको बयान गरे। युद्ध चलिरहेकै थियो। त्यसमा कहिले देवताहरू विजयी हुन्थे भने कहिले दैत्यहरूको विजय हुन्थ्यो। दुबै पक्ष विजय प्राप्त गर्न लालायित थिए। शस्त्र-अस्त्रको युद्ध गरी थाकेपछि दुबैतर्फका वीरहरू मल्लयुद्ध गर्ने गर्दथे ।।४२-४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते शुक्रत्यागो नाम त्रिषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'कृत्याद्वारा शुक्राचार्यलाई देशनिकाला' शीर्षकान्वित त्रिसट्ठीऔँ अध्याय पूर्ण भयो ।।६३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुःषष्टितमोऽध्यायः { ६४ अध्याय }

क उवाच

कालान्तकेन दैत्येन प्राकाम्येन परस्परम् ।
कालान्तको विजयते प्राकाम्यं यावदेव हि।।१।।

तावत् साहाय्यमकरोद् वशित्वं वेगवत्तरम् ।
तत्याज गिरिशृङ्गं तन्मस्तके हस्तलाघवात् ।।२।।

तेन कालान्तको भूमौ सहसा निपपात ह।
रुधिरात्तं द्विधाभूतं दृष्ट्वा कालान्तकं तदा।।३।।

हाहाकारो महानासीद् दैत्यसेनाचरेष्वथ।
मुसलो नाम दैत्येशो भल्लश्चैवापरोऽसुरः।।४।।

महिमा चैव चत्वारो ययुर्युद्धाय सादराः।
प्राकाम्येन युयुधिरेऽनेकशस्त्रप्रहारिणः ।।५।।

असङ्ख्याता हता देवाः पतिता भग्नवृक्षवत् ।
असृग्जलप्रवाहिन्य आसन् नद्यः सहस्त्रशः।।६।।

ईशिता च वशित्वञ्च विभूतिश्च ययुस्ततः।
साहाय्यञ्चक्रिरे तस्य प्राकाम्यस्य तदा युधि।।७।।

चत्वारः पर्वतास्ताभिश्चतुर्ष्वपि निपातिताः।
तैश्च ते चूर्णिताः सर्वे गताः स्वर्गं सुदुर्लभम् ।।८।।

अणिमा तु शिखां धृत्वा कर्दमस्य रणे बलात् ।
अपाटि सहसा भूमौ शतधा स व्यशीर्यत ।।९।।

अस्त्रवद् रुधिरं वक्त्राल्लुठन् प्राणान् जहौ तदा।
महिमा लघिमा चैव गरिमा वृक्षसञ्चयैः ।।१०।।

यक्ष्मासुरं तालजङ्घं दीर्घदन्तं न्यपातयन् ।
ततो घण्टासुरो रक्तकेशो दैत्योऽथ दुर्जयः।।११।।

आययुः सर्वसैन्यानि निश्वसन्तो महाबलाः।
तैराहतं बलं दृष्ट्वा वशितासिद्धिबुद्धयः।।१२।।

मुष्टिघातैर्निजघ्नुस्तान् भालदेशे दृढं तदा।
तेऽपि भूमौ निपतिताः शतधा चूर्णितास्तदा ।।१३।।

ब्रह्माजीले भन्नुभयो - कालान्तक दैत्य प्राकाम्य नामक सिद्धिसँग लडिरहेको थियो । जुन बेला कालान्तकले प्राकाम्यमाथि विजय गर्न खोज्दथ्यो त्यस बेला वशित्वनामक शक्तिले सघाउँथिन्। वशित्वले आफ्नो हस्तकौशलबाट कालान्तक दैत्यको टाउकामा पर्वतको चुचुराले प्रहार गरिन् ।।१-२।। त्यस प्रहारबाट त्यो दैत्य भुइँमा लड्यो । दुई टुक्रा भएको त्यसको शरीर रगताम्य थियो ।।३।। दैत्य सैनिकहरूले हाहाकार गरे । त्यसपछि मुसल र भाला भिरेका कुनै एक योद्धा महिमासिद्धिलाई लिएर युद्ध गर्न अगाडि बढे । प्राकाम्यका साथमा शस्त्र-अस्त्र भिरेका अरू दैत्यहरूले युद्ध गरे । त्यस युद्धको अवसरमा दैत्यवीरहरूले असंख्य देवताहरूको वध गरिसकेका थिए । मारिएका देवताहरू हावाले ढलाइएका रूख भुइँमा लडेझैं लडेका थिए र रगतको खोला बगेको थियो । त्यस ठाउँमा प्राकाम्यको पराजयलाई महसुस गरेर तिनलाई सघाउन ईशिता, वशिता र विभूतिनामक शक्तिहरू अगाडि बढे। तिनले प्राकाम्यलाई सघाए । त्यस क्रममा ती शक्तिहरूले चारवटा विशाल पर्वत उखेलेर चारै दिशामा फ्याँकिका थिए। पर्वतहरूको प्रहारबाट टुक्रा-टुक्रा भएका दैत्यसेनाका वीरहरूले दुर्लभ स्वर्ग प्राप्त गरे । अणिमा शक्तिले कर्दमनामक दैत्यको टुपी समातिन् र त्यसको शरीरलाई दुई फ्याँक पारिन्। त्यसपछि प्रहार गर्दा त्यसको शरीर पनि टुक्रा-टुक्रा भएर फैलियो । मुखबाट रगतको धारा बगाउँदै त्यसले प्राणत्याग गऱ्यो । महिमा, लघिमा र गरिमानामक शक्तिहरूले यक्ष्मासुर, तालजङ्घ र दीर्घदन्तनामक दैत्यहरूमाथि रूखहरू उखेलेर प्रहार गरे । त्यसपछि घण्टासुर, रक्तकेश र दुर्जयनामक दैत्यहरू आफ्ना सैनिकहरू लिएर आए । तिनले देवसेनामा हानि पुऱ्याए । त्यो देखेर वशिता, सिद्धि र बुद्धिनामक शक्तिहरूले आई मुड्कीले प्रहार गरेर ती दैत्यहरूलाई मारे । तिनका शरीर भुइँमा खसी टुक्राटुक्रा भएका थिए ।।४-१३।। त्यसपछि ती सबै शक्तिहरूले विजय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो जगर्जुः सर्वास्ता जयं लब्ध्वा स्वशक्तितः।
विनायको विजयते सर्वास्ता एवमूचिरे ।।१४।।

अन्ये क्षुद्रतरा दैत्यास्तेऽपि ताभिर्विनाशिताः।
पुनः सर्वे दैत्यसिंहाः सिद्धिसेनां व्यनाशयन् ।।१५।।

कोलाहलो महानासीत् सेनयोरुभयोरपि ।
हन्तु निघ्नन्तु बध्नन्तु सावधाना भवन्त्विति ।।१६।।

प्रादुरासीत् ततश्चाग्निः शस्त्रसङ्घट्टसम्भवः।
भग्ने शस्त्रे मल्लयुद्धञ्चक्रुर्वीरा रुषान्विताः।।१७।।

पुनश्चानियतं युद्धं परस्परविनाशनम् ।
अभवत् तुमुलं सूर्यस्ततश्चास्ताचलं गतः।।१८।।

अन्धकारेण महता दिशो व्याप्ताः समन्ततः।
ततो दिव्यौषधीर्गृह्य निजघ्नुस्ते परस्परम् ।।१९।।

अहोरात्रत्रयं घोरं युद्धमासीन्निरन्तरम् ।
असृङ्नद्यो दश दिशो याता वीरवहास्तदा ।।२०।।

खेटकूर्माः खड्गझषाः शिरःकमलशोभिताः।
गजग्राहाः प्रेतकाष्ठाः केशशैवलराजिताः ।।२१।।

भीरुभीतिकरा वीरमहाहर्षविवर्धनाः।
ततो जयत्सु देवेषु सर्वदा बलशालिषु।।२२।।

देवान्तको ययौ चिन्तां तर्कयामास चेतसि।
येन सर्वे देवगणा जितास्ते स्वप्रभावतः।।२३।।

प्राप्त गरेको उपलक्ष्यमा घोर गर्जन गरे । सबैले भने – 'अब भगवान् श्रीगणेशको जय हुन्छ। यसमा कुनै सन्देह छैन।।१४।।' अरू साना–साना दैत्यहरू पनि जोरी खोज्दै लड्न आएका थिए, तिनलाई पनि ती शक्तिहरूले समाप्त पारे । त्यसको केही बेरपछि दैत्यपक्षका वीरहरूले सिद्धिको सेनामा आक्रमण गरी क्षति पुऱ्याए।।१५।। युद्धको अवसरमा दुबै पक्षका सैनिकहरूले घोर कोलाहल गरिरहेका थिए । हान, मार, बाँध र सावधान होऊजस्ता शब्द जहाँसुकै सुनिन्थे ।।१६।। शस्त्र–शस्त्रको संघर्ष हुँदा युद्धको मैदानमा आगो बल्यो । शस्त्रहरू समाप्त भएपछि रीस बाँकी रहेका योद्धाहरू मल्लयुद्ध गर्दै थिए ।।१७।। त्यो मल्लयुद्ध धेरै कालसम्म चल्यो । सूर्य उदाए, अस्ताए पनि तर दुबै पक्षका वीरहरूको मल्लयुद्ध चलिरहेको थियो । अन्धकारले दसै दिशा ढाक्यो । मल्लयुद्ध गरिसकेपछि थाकेका वीरहरूले आफ्नो शक्तिद्वारा दिव्य औषधि ग्रहण गरी स्वस्थ बनेर एक–आपसमा प्रहार गर्न थाले ।।१८–१९।। तीन अहोरात्रसम्म निरन्तर युद्ध चल्यो । दसै दिशामा रगतका नदी बग्न थाले । ती नदीहरूमा मरेका वीरहरूका लाश बगिरहेका थिए ।।२०।। नदीभित्र बगेका ढालहरू कछुवाको आकारका देखिन्थे । बगिरहेका तलवारहरू माछाको रूपमा देखिन्थे । वीरका टाउकाहरू कमलका फूलझैं लाग्दथे । युद्धको मैदानमा मरेर रगतको नदीमा बगिरहेका हात्तीका लाशहरू समुद्रका गोहीजस्ता देखिन्थे । त्यसैगरी युद्धमा मरेका वीरहरूका लाशहरू नदीमा हुने काठजस्ता पनि देखिन्थे । वीरहरूका केशका रौंहरू नदीमा पाइने सेवारजस्तै देखिन्थे । रगतको नदीले कमजोर आत्मबल भएका मानिसहरूलाई भयभीत गराइरहेको थियो, तर वीरहरू भने हर्षले अत्यन्त उत्साहित देखिन्थे । त्यस युद्धमा दानवहरू भन्दा शक्तिशाली देखिएका देवताहरूले विजयोत्सव मनाइरहेका थिए ।।२१–२२।। देवान्तक दैत्यले देवताहरूको विजयोत्सव देखेर चिन्तित भई मनमनै भन्यो – 'जसले सबै देवगणलाई कुनै समयमा आफ्नो वशमा पारेको थियो त्यो देवान्तक आज हारिरहेको छ । गणेशनामक बालकको कस्तो विचित्र शक्ति रहेछ ? यो शक्तिलाई असामान्य मोहिनी शक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्वेयं तत्र बालमाया सामान्या जनमोहिनी।
अष्टसिद्धीः सर्वसैन्यमिदानीं नाशयाम्यहम् ।।२४।।

धृत्वा विनायकं बालं गमिष्यामि स्वमालयम् ।
एवमुक्त्वा खड्गपाणिः स्वनेनापूरयन् दिशः।।२५।।

आययौ परसैन्यानि निघ्नन् खड्गेन सर्वशः।
भयेन मूर्च्छिता देवा निपेतुर्धरणीतले ।।२६।।

स्मृत्वा विनायकं देवं जहुः प्राणाँस्तु केचन।
असृङ्नदीवहाः केचित् केचित् स्वर्गं गताः सुराः।।२७।।

केचिद् दैत्यं विलोक्यैव जहुर्जीवितमात्मनः।
ततो भग्ना देवसेना पपाल च दिशो दश ।।२८।।

सोऽपि दैत्यः खड्गपाणिर्निघ्नन् पृष्ठे जघान ताम् ।
गरिमा तन्निरीक्ष्याथ पर्वतं वृक्षसङ्कुलम् ।।२९।।

तत्याज दैत्यदेहे स खड्गेन शतधाऽच्छिनत् ।
ततोऽष्टसिद्धयः क्षुब्धा ववृषुः पर्वतान् बहून् ।।३०।।

चिच्छेद त्वरया तान् स खड्गाघातेन लाघवात् ।
उड्डीय महिमा तस्य स्कन्धे स्थित्वा तमाददे ।।३१।।

खड्गं दैत्यकराच्छीघ्रमन्तर्द्धानं ययौ तदा ।
बलाच्चिक्षेप तं खड्गं तस्य दैत्यस्य मस्तके ।।३२।।

स एवं शतधा जातो न तु मूर्धा तदद्भुतम् ।
शरवृष्टिं तदा दैत्यो भग्नपृष्ठश्चकार ह ।।३३।।

मान्नुपर्दछ । आठ प्रकारका सिद्धि र तिनका सैनिकहरूले पनि गणेशको सेनालाई सघाइरहेका छन् । म अब ती सबैको नाश गर्नेछु ।।२३-२४।। बालक गणेशलाई हातमा समाती म अब आफ्नो दरबारमा जानेछु ।' यसरी मनमनै कुरा गरी हातमा तरबार लिएर गर्जनद्वारा दसै दिशालाई प्रतिध्वनित गर्दै त्यो दैत्य रणभूमिमा अगाडि बढ्यो। त्यसले तलवार नचाइरहेको थियो र देवसेनाका वीरहरूलाई काटिरहेको थियो। देवान्तकले आफ्नो पराक्रम देखाएपछि डराएर केही देवताहरू बेहोश भई भुइँमा लडे ।।२५-२६।। केही देवताहरू त भगवान् श्रीगणेशको ध्यान गरी प्राणत्याग गर्न विवश भए । केही रगतको नदीमा बगे भने केही स्वर्गमा पुगे । केही देवताहरूले दैत्यराज देवान्तकको विशाल शरीर देखेर डराई प्राणत्याग गरे। यसरी देवान्तकको पराक्रमबाट देवसेनाका सैनिकहरू छिन्नभिन्न भई दसै दिशातर्फ भागे ।।२७-२८।। त्यस युद्धमा देवताहरू भागिरहेका थिए र देवान्तकले हातमा तरबार लिएर तिनलाई पछ्याइरहेको थियो । सन्मुखमा युद्ध गर्न नपाए तापनि त्यसले पछाडिबाट पिठ्यूँमा प्रहार गरिरहेको थियो । देवान्तकको यस्तो पराक्रम देखेर अष्टसिद्धिमध्येकी एउटी गरिमानामक सिद्धिले रूखसमेत रहेको विशाल पर्वतलाई उखेलिन् र देवान्तक दैत्यको शरीरमा प्रहार गरिन् । त्यसलाई पनि देवान्तक दैत्यले तरबारद्वारा सय टुक्रा पारिदियो । गरिमाको उपाय निष्फल भएपछि सिद्धिहरू क्षुब्ध भए र तिनले अनेक थरि पर्वत उखेलेर दैत्यमाथि प्रहार गर्न लागे ।।२९-३०।। त्यस दैत्यले पनि आफ्नो युद्धकुशलता देखाएर तरबारकै प्रहारद्वारा ती सबै पर्वत र रूखलाई छिन्न-भिन्न तुल्यायो । त्यसपछि महिमानामक शक्ति उडेर त्यसको काँधमा गई बसिन् ।।३१।। ती शक्ति त्यसका हातको तरबार तानेर अन्तर्धान भइन् र लुकेर नै तिनले त्यसबाट खोसेका तरबारले त्यसकै टाउकामा प्रहार गरिन् । तर त्यो तरबार पनि सय टुक्रा भयो र त्यसको टाउकोमा कुनै असर परेन। यसरी जिस्काइएको दैत्यले भयङ्कर बाणवर्षा गऱ्यो। एक- एक दिशामा क्रमशः पाँच, सात र दशवटा बाण प्रहार गरी ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकैकस्यां दशदशपञ्चसप्तशरानसौ ।
क्षिप्त्वा व्याकुलयाञ्चक्रे ततस्ता भुवि पेतिरे।।३४।।

ततो देवा युयुधिरे पतितास्वष्टसिद्धिषु ।
मुहूर्तात् सावधानास्ता ययुर्देवं विनायकम्।।३५।।

तमुदन्तं परिज्ञाय बुद्धिः प्रोचे विनायकम् ।
कथं विचारस्तस्य स्याद् यत्र बुद्धिर्न दृश्यते ।।३६।।

पराजिताः सिद्धयस्ते देह्यनुज्ञां व्रजाम्यहम् ।
योद्धुं दैत्येन तेनाथ पौरुषञ्चास्य लक्षये।।३७।।

सबै सिद्धिहरूलाई त्यसले व्याकुल बनायो । ती सिद्धिहरू पनि मूर्च्छित भई भुइँमा लडे।।३२-३४।। अष्टसिद्धिहरूको शक्ति क्षीण भएको देखेर अरू देवताहरू आई युद्ध गर्न थाले। एक मुहूर्तपछि स्वस्थ भएका ती सिद्धिहरू श्रीगणेशका नजिकमा पुगे ।।३५।। ती सिद्धिहरूबाट सबै घटना थाहा पाएपछि भगवान् श्रीगणेशकी प्रियतमा बुद्धिले उहाँलाई भनिन् - 'जसको बुद्धि हुँदैन त्यसले विचार गर्न सक्दैन । आज तपाईंका सिद्धिहरू पराजित भएका छन्, किनकि त्यहाँ म (बुद्धि) शामेल थिइन। तसर्थ हे नाथ! मलाई युद्ध गर्ने आज्ञा दिनुहोस्, म त्यस दैत्यको पुरुषार्थ हेर्न लालायित छु ।।३६-३७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरितेऽष्टसिद्धिपराजयो नाम चतुःषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवान्तकको सेनासँग युद्ध गर्ने अष्टसिद्धिहरूको पराजय' शीर्षकान्वित चौंसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चषष्टितमोऽध्यायः { ६५ अध्याय }

क उवाच

श्रुत्वा बुद्धिवचो देवो हर्षं प्राप्य जगाद ताम् ।

देव उवाच

गच्छ युद्ध्यस्व दैत्येन जहि तं यश आप्नुहि ।।१।।

एवमुक्त्वा सुवासांसि ददौ तस्यै विनायकः ।
सा च नत्वा तदा देवं ययौ दैत्यं रणं प्रति ।।२।।

तस्याः क्ष्वेडितशब्देन कम्पितं भुवनत्रयम् ।
वदनान्निर्ययौ तस्या एका शक्तिर्गरीयसी।।३।।

जटिला विकृतास्या च जगद्भक्षणलालसा ।
विशालाभ्यां तु नेत्राभ्यां त्यजन्ती ज्वालसञ्चयान् ।।४।।

दहन्ती दैत्यसेनां सा ययौ सा च पपाल ह ।
दर्शने पतिता दैत्यास्तस्याः केचिद् हृतासवः ।।५।।

अन्ये त्वतर्कयन् क्वाद्य गन्तव्यं क्व सुखं भवेत् ।
केचिदाहुर्धाव धाव देवान्तक ! मृता वयम्।।६।।

एवं कोलाहलं श्रुत्वा ययौ देवान्तकः पुरः।
सज्यं कृत्वा धनुः शीघ्रं शरानाशीविषोपमान् ।।७।।

ससर्ज तस्या गात्रेषु दर्शयन् पाणिलाघवम् ।
आच्छाद्य भानुं तन्मूर्ध्ना बाणजालैस्तथाविधैः।।८।।

सा प्रसार्य महद्वक्त्रं बिसवद् गिलते शरान् ।
तूणीरास्तस्य दैत्यस्य सर्वे रिक्तास्तदाऽभवन् ।।९।।

न तस्यास्तृप्तिरभवद् राक्षसस्येव मानुषैः ।
देवान्तकं क्षीणशक्तिं दृष्ट्वा सा सैन्यमाययौ ।।१०।।

भक्षयामास तान् दैत्यान् काँश्चिद्धस्तादपातयत् ।
काँश्चिद्रले विनिक्षिप्य चूर्णयामास चापरान् ।।११।।

ब्रह्माजीले भन्नुभयो – बुद्धिका कुरा सुनेर भगवान् श्रीगणेश प्रसन्न हुनुभयो र बुद्धिलाई लक्षित गर्दै भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो – 'हे बुद्धि ! तिमी जाऊ, दैत्यका साथ युद्ध गर, त्यसलाई मार अनि कीर्ति प्राप्त गर ।।१।।' यसरी आज्ञा दिंदै उहाँले बुद्धिका निमित्त आवश्यक उत्तम वस्त्र प्रदान गर्नुभयो । बुद्धि पनि श्रीगणेशलाई नमस्कार गरेर दैत्यका साथ युद्ध गर्न रणभूमितर्फ प्रस्थान गरिन् । बुद्धिले गरेको हुङ्कारबाट तीनै लोक थर्कमान भए । सोही हुङ्कार गर्न बाएको मुखबाट जटा फिँजारेकी, आँखाबाट राता–राता आगाका ज्वाला प्रकट गर्दै रहेकी, जगत्‌लाई नै निल्ने इच्छा गरेकी एउटी डरलाग्दी कृत्या शक्ति पैदा भइन् । दैत्यको सेनालाई डढाउँदै ती अगाडि बढिन् र दैत्यसेना भाग्न थाल्यो । कृत्यालाई देख्नासाथ डराएका दैत्यहरू भुइँमा लडे । केहीले प्राण परित्याग नै गरे । बाँकी रहेका दैत्यहरू कहाँ जाने र कसरी प्राण जोगाउने भन्ने सोचिरहेका थिए । केही दौड दौड भनेर साथीहरूलाई दौडाइरहेका थिए । कसैले हे देवान्तक राजा ! हामी मर्‍यौं, हाम्रो रक्षा गर्नुहोस् भन्दै आर्तनाद गरिरहेका थिए। सैनिकहरूको यस्तो कोलाहल सुनेर देवान्तक त्यहाँ आइपुग्यो र त्यसले आफ्नो धनु सजाएर सर्पको विषसमान विष भएका तीखा बाण प्रहार गर्‍यो।।२-७।। त्यसले कृत्याका शरीरमा बाणको वर्षा गरेर ढाकी नै दियो । त्यसको बाणवर्षाबाट सूर्यनारायण पनि ढाकिएका थिए ।।८।। तर ती कृत्याले आफ्नो मुख फैलाएर त्यसले बर्साएका बाणराशिलाई निलिरहेकी थिइन्। कृत्याद्वारा सम्पूर्ण बाणहरू निलिएपछि देवान्तकका ठोक्राहरू रित्तिए ।।९।। जसरी राक्षसहरू मानिसको जति रक्तपान गरे पनि अघाउँदैनन् त्यसैगरी ती कृत्या पनि सम्पूर्ण बाणराशिलाई निल्दा अघाइनन्। देवान्तकको शक्ति क्षीण भएको जानेर ती कृत्याले देवान्तकको सेनामाथि आक्रमण गरी दैत्यवीरहरूलाई खान थालिन् । कति सैनिकहरूलाई समातेर भुइँमा पछारिन्, कसैको घाँटी निमोठेर मारिन्, केही वीरहरूलाई खुट्टाले हानी–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असङ्ख्यकोटीर्दैत्यानां भक्षिताश्चूर्णिता हताः।
चूर्णयन्ती पदाघातैः काँश्चिद्देवान्तकं ययौ ।।१२।।

तमुवाच तदा सा तु विश मे भगगह्वरम् ।
यत्र ते शेरते दैत्या मातुर्गर्भं गता इव।।१३।।

ये भक्षिता मृतास्ते मे जठरे जीर्णतां गताः।
तद्भीत्या स पपालाशु मूत्रविड्गन्धविह्वलः।।१४।।

यत्र यत्र प्रलीनोऽभूत् तत्र तत्रापि सा ययौ ।
बभ्राम स्वर्गलोकान् स पातालानि दिशो दश।।१५।।

ततः शिखां समाक्रम्य धृत्वा तं प्राक्षिपद् भगे।
तया सह ततो बुद्धिर्विनायकमुपाययौ ।।१६।।

ननाम तां पुरस्कृत्य मदघूर्णितलोचनाम् ।
पातयन्तीमुभयतः स्तनाघाताद् वनस्पतीन् ।।१७।।

शरधाराश्च घनवत्स्रवन्ती मन्दगामिनी।
निराकरोत् करालां तां दृष्ट्वा देवो विनायकः।।१८।।

निराकृतायां तस्यां तद्भगाद् दैत्योऽपतद् भुवि ।
सोऽपि दुर्गन्धिरित्येव दूतैः सन्त्याजितो बहिः।।१९।।

स तु संज्ञां समासाद्य स्नात्वा तूष्णीं गृहं ययौ ।
व्रीडितोऽधोमुखश्चिन्तां यातो म्लानोऽतिदुःखितः।।२०।।

बुद्ध्या निवेदिता सा तु ननाम तं विनायकम् ।
तां दृष्ट्वा जहसुर्बिभ्युर्मम्लुः पेतुश्च केचन।।२१।।

हानी धूलो बनाइन् र असङ्ख्य दैत्यवीरहरूलाई आफ्नो पराक्रमबाट धूलो-पीठो बनाउँदै देवान्तकको समीपमा गइन् ।।१०-१२।। तिनले देवान्तकसँग भनिन् - 'हे देवान्तक ! अब तेरो बाँच्ने कुनै उपाय छैन । तँ बाँच्न चाहन्छस् भने मेरो गुफाजस्तो योनिभित्र प्रवेश गर । जहाँ तँजस्ता कैयौं दैत्यहरू सुतिरहेका छन् । जसलाई मैले खाएँ, जसलाई मैले मारें र जसलाई मैले पेटमा पुऱ्याएँ ती सबै आफ्नी आमाको गर्भमा रहेझैं मेरो योनिरूप गुफामा आएर रहेका छन् ।।१३।। तिनका कुरा सुनेर डराएको देवान्तक कृत्याको योनिभित्र जाँदा मल-मूत्रको गन्धले म ज्यूँदै मर्नेछु, त्यस कारण मैले ययनले भनेको मान्दिनँ भाग्छु' भनी लुक्यो ।।१४।। जहाँ जहाँ गएर त्यो लुक्दथ्यो ती कृत्या पनि त्यहीं नै पुगिन् । डराएको देवान्तक दशै दिशा, सातै पाताल र सातै स्वर्गमा पुग्यो ।।१५।। धर्तीका दश दिशा चाहाऱ्यो तर कृत्याबाट जोगिन सकेन । अन्तमा कृत्याले त्यसको टाउको समातेर त्यसलाई आफ्नो योनिभित्र च्यापेर राखिन् । यस किसिमबाट देवान्तकलाई योनिभित्र राख्न सक्ने कृत्यालाई साथमा लिएर भगवान् श्रीगणेशकी प्रियतमा बुद्धि श्रीगणेशको नजिकमा गइन् ।।१६।। त्यस समयमा युद्धविजय गरेर फर्केकी, उन्मत्त आँखाले हेर्दै गरेकी, आफ्ना ठूला-ठूला स्तनहरूको प्रहारबाट रूख-विरुवा ढलाइरहेकी, बादलबाट वर्षा भएझैं धनुषबाट बाणको वर्षा गरिरहेकी र मन्द गतिमा हिंडिरहेकी कृत्यालाई अगाडि सारेर बुद्धिले श्रीगणेशलाई प्रणाम गरिन् । डरलाग्दी ती कृत्यालाई देखेर श्रीगणेशले तत्कालै तिनलाई अन्तर्धान गराउनुभयो । कृत्या अन्तर्धान हुने समयमा तिनको योनिबाट देवान्तक दैत्य भुइँमा खस्यो । त्यसको शरीरमा दुर्गन्धै दुर्गन्ध फैलिएको थियो । त्यसलाई दूतहरूले दुर्गन्धित र त्याज्य ठानेर त्यागिदिए ।।१७-१९।। केही बेरपछि त्यो होशमा आयो र स्नान गरी चुपचाप घरतर्फ गयो । लाजले मुख निहुऱ्याएको त्यो दैत्य चिन्तित र दुःखित पनि भयो । बुद्धिद्वारा पुनः प्रकट गराई श्रीगणेशका सामु पुऱ्याइएकी कृत्याले भगवान्लाई प्रणाम गरिन् । कृत्याको डरलाग्दो शरीर देखेर केही सैनिकहरू हाँसे, केही भयभीत भए, केही ओइलाए र केही भुइँमा लडे ।।२०-२१।। त्यसपछि बुद्धिले भनिन् -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः सैन्यं जगादाशु भक्षिता दैत्यवाहिनी ।
सोऽपि देवान्तकः पायौ निक्षिप्य स्थापितो मया।।२२।।
इदानीं वसतिस्थानं देहि देव दयानिधे ।

देव उवाच

वञ्चयित्वा गतो दैत्यो गृहं स्वं दैत्यनाशिनि ।।२३।।
तवापि पौरुषं ज्ञातं शक्रादिभ्योऽधिकं मया।
विश विक्त्रं ममैव त्वं विश्रान्तिं तत्र गच्छ च।।२४।।
अहं तत् साधयिष्यामि मा चिन्तां कर्तुमर्हसि ।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं दृष्टवा वक्त्रं विवेश सा ।।२५।।
सुष्वाप परमप्रीता मातुरङ्के यथाऽर्भकः।
उदरे देवदेवस्य सर्वलोकनिवासिनि।।२६।।

'हे नाथ! यी कृत्याले दैत्यको सेना सखाप पारिन् । देवान्तकलाई आफ्नो योनिभित्र लगेर राखिन् । अब यिनलाई कुन ठाउँमा राख्ने हो त्यो ठाउँ बताउनुहोस् ।'

श्रीगणेशले भन्नुभयो – 'देवान्तकले मुख देखाउन नसकेर हामीलाई ठगी आफ्नो घरतर्फ प्रस्थान गरेको कुरा मैले थाहा पाएँ। इन्द्र आदि देवताहरूको भन्दा पनि प्रभावशाली तिम्रो र कृत्याको पुरुषार्थ पनि थाहा पाएँ । हे कृत्या ! तिमी मेरो मुखभित्र बस। त्यहीं नै तिमीले शान्ति र आराम पाउनेछ्यौ।'

ब्रह्माजीले भन्नुभयो – भगवान् श्रीगणेशका वचनअनुसार उहाँको विशाल खुला मुख देखेर कृत्या त्यहाँ प्रवेश गरिन् र सम्पूर्ण लोकलाई आफूमा समाहित गर्ने भगवान्को उदरभित्र कुनै बालक आफ्नी आमाको उदरमा रहेझैं विश्राम गरिन् ।।२२-२६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बुद्धिविजयो नाम पञ्चषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवान्तकसेना र गणेशसेनाको युद्धमा बुद्धिको विजय' शीर्षकान्वित पैंसट्ठीऔं अध्याय पूर्ण भयो ।।६५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्षष्टितमोऽध्यायः

{ ६६ अध्याय }

क उवाच

शारदा रौद्रकेतुश्च रात्रौ देवान्तकं सुतम् ।
एकाकिनं निरीक्ष्यैनं समालिङ्ग्य समूचतुः ।।१।।

आच्छादयन्तं वदनं व्रीडितं भृशविह्वलम् ।
अभाषमाणं कम्पन्तं वातयुक्तमिव द्रुमम् ।।२।।

पितोवाच

किमर्थं वदसे नैव स्वामवस्थां तु मूकवत् ।
ईप्सितं साधयिष्यामि यत्नात् त्रैलोक्यदुर्लभम् ।।३।।

क उवाच

पीत्वा वागमृतं तस्य सावधानमनाः सुतः।
उवाच पितरं मातुर्निकटे निर्विशङ्कया।।४।।

पुत्र उवाच

भवदाज्ञां गृहीत्वैव योद्धुं यातो विनायकम् ।
शरैराशीविषाकारैरसङ्ख्यैर्नाशिताः सुराः।।५।।

प्रवर्तिता असृङ्नद्यो भग्ना सेना तु काश्यपी।
तत एका महाकृत्या दरीवक्त्रा नभःस्पृशी ।।६।।

करालकेशी पातालचरणा पर्वतस्तना ।
आगता देवसेनाया रक्षणार्थं ममान्तिकम्।।७।।

खड्गेन निहता सा तु विव्यथे नैव किञ्चन।
निक्षिप्ता सर्वसेना मे तया तात ! दरीभगे ।।८।।

भक्षयन्त्येव सर्वाणि शस्त्राणि शरसञ्चयान् ।
सा मां भगे विनिक्षिप्य याता देवं विनायकम् ।।९।।

स्निग्धत्वात् तद्भगस्याहञ्चलितः पतितो भुवि ।
महान्धकारे न ज्ञातः पलाय्य गृहमागतः।।१०।।

ब्रह्माजीले भन्नुभयो - शारदा र रौद्रकेतुले रातको समयमा लाजले शिर झुकाइरहेको, अत्यन्त व्याकुल, कसैसँग केही कुरा गर्न नचाहने र हावाले हल्लिएको रूखझैं काँपिरहेको आफ्नो छोरा देवान्तकलाई एक्लै बसिरहेको देखेर आलिङ्गन गर्दै कुराकानी गरे ।।१-२।।

रौद्रकेतुले भने - छोरा ! आज तिमी किन कुरा गरिहेका छैनौ ? धेरैबेर भइसक्यो, एउटा लाटो मानिसझैं बसिरहेका छौ। चेष्टाहीन छौ, तिमी पीर नगर । स्वर्ग, मर्त्य र पातालमा दुर्लभ मानिने तिमीले चाहेको जस्तो विषयलाई पनि म सिद्ध गर्नेछु ।।३।।

ब्रह्माजीले भन्नुभयो - आफ्ना पिताको वचनामृत पान गरेर सावधान मन गराई आफ्नी आमाका नजिकै बसिरहेको देवान्तक दैत्यले आफ्ना बाबुलाई उत्तर दियो ।।४।।

देवान्तकले भन्यो - हे पिता ! र हे माता ! तपाईँहरूको आज्ञा पाएर नै म श्रीगणेशसँग युद्ध गर्न गएको थिएँ । सर्पको आकारका विषालु बाणहरूद्वारा मैले धेरै देवताहरूको नाश गरें र रगतको खोला बगाएँ । कश्यपका छोरा श्रीगणेशको विशेष सेनालाई पनि पराजित गरें । त्यसै बेला गुफाझैं ठूलो मुख भएकी, आफ्नो उँचाइले आकाशलाई स्पर्श गर्ने, ठाडा रौं भएकी, आफ्नो पाउले पातालसम्म टेक्न पुगेकी, पर्वतकै आकारका ठूला स्तन भएकी एउटी राक्षसी कृत्याकै रूपमा देवताको सेनालाई रक्षा गर्ने नियतले मेरा सामु आइपुगी । मैले त्यसमाथि तरबारको प्रहार गरें तर त्यसबाट त्यसलाई रौंमात्र पनि पीडा भएन । त्यसले मेरा सबै सैनिकहरूलाई गुफाको आकार भएको आफ्नो योनिभित्र राखेर च्याँपी। त्यसपछि हाम्रा सैनिकहरूले लिएका सबै शस्त्र-अस्त्रलाई टुक्रा-टुक्रा पार्दै, खाँदै र कुनै विशेष अस्त्रलाई योनिभित्र च्याँप्दै त्यो श्रीगणेशका सामु पुगी । त्यसको योनिमा चिल्लो पदार्थको बाहुल्य भएकाले श्रीगणेशको समीपमा पुग्दा म चिप्लिएर योनिबाट भुइँमा खसे। त्यस बेला रातको घना अन्धकार थियो । त्यस कारण त्यसले मलाई देख्न सकिनँ। म भागेर घर आइपुगेँ।।५-१०।। आएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नात्वा नदीजले तात ! व्रीडितोऽधोमुखस्ततः।

क उवाच

एवं पुत्रवचः श्रुत्वा रौद्रकेतुर्जगाद तम् ।।११।।

उपायं ते वदाम्येकं न चिन्तां कर्तुमर्हसि।
ततो मुहूर्तमालोक्य ददौ तस्मै महामनुम् ।।१२।।

अघोरस्य सबीजं तमुवाच जनकः पुनः ।
शिवं ध्यात्वा च सम्पूज्य कुर्वनुष्ठानमुत्तमम् ।।१३।।

होमञ्च तर्पणं विप्रभोजनञ्च दशांशतः।
शिवे प्रसन्ने कुण्डाद्धि तुरङ्गो निःसरिष्यति ।।१४।।

तमारुह्य व्रज रणं जयं प्राप्स्यसि निश्चितम् ।

क उवाच

एवं पितुर्वचः श्रुत्वा प्राह पुत्रो मुदा च तम् ।।१५।।

उपदेशः कृतः सम्यग्विधिमस्य ब्रवीतु मे ।
ततो लोकं निवार्यैव जग्मतुर्गृहमध्यतः ।।१६।।

उभावारक्तवसनौ रक्तचन्दनचर्चितौ ।
रक्तपुष्पाणि सन्नीय शिवं पुपूजतुस्तदा ।।१७।।

अनुष्ठानं बहुदिनञ्चक्रतुः परमादरात् ।
अनुष्ठाने समाप्ते तु कुण्डञ्चक्रतुरादरात् ।।१८।।

षट्कोणं लक्षणैर्युक्तं मेखलायोनिसंयुतम् ।
तत्राग्निं विधिवत् स्थाप्य पात्राणि च यथाविधि ।।१९।।

पञ्चप्रेतासनगतौ जुहुवुस्तौ हविस्तदा ।
स्वजानुभागमांसानि छित्त्वा छित्त्वा च भक्तितः ।।२०।।

असृग्घृतेन मांसेन तृप्तोऽभूत् पावकस्तदा ।
दशांशहोमे जाते तु पुपूजे वह्निदेवताम् ।।२१।।

बलिदानञ्चकाराशु छित्त्वा पुत्रशिरस्तदा ।
तेन पूर्णाहूतिञ्चक्रे विससर्जाथ पावकम् ।।२२।।

नदीमा गएर स्नान गरें । मेरो दुर्गति भएकाले लाजले घोप्टे मुख लाएर बसिरहेको छु।

ब्रह्माजीले भन्नुभयो- आफ्ना छोरा देवान्तकका यी कुरा सुनेर रौद्रकेतुले भने- छोरा ! तिमीले केही चिन्ता नगर, म राम्रो उपाय बताउँछु। त्यसपछि उत्तम मुहूर्त हेरेर रौद्रकेतुले देवान्तकलाई शङ्कर भगवान्को महामन्त्र उपदेश गरे।।११-१२।। उपदेशपछि तिनले भने - बाबु ! भगवान् शिवको ध्यान गरेर उहाँको पूजा गरी उत्तम मन्त्रको साधना गर । मन्त्र जपेको हिसाबले दशांश हवन गर । हवनको दशांश तर्पण गर । तर्पणको दशांश ब्राह्मण भोजन गराऊ । भगवान् शिव प्रसन्न हुनुभएपछि अग्निकुण्डबाट एउटा घोडा बाहिर आउनेछ ।।१३-१४।। तिमी त्यसमा सवार भई युद्ध गर्न गयौ भने तिम्रो विजय निश्चित छ।

ब्रह्माजीले भन्नुभयो - आफ्ना पिताको मन्त्रोपदेश र अरू उपदेश प्राप्त गरेर देवान्तकले हर्षित हुँदै भन्यो- हे पिता! हजुरले राम्रो उपदेश गर्नुभयो । अब मन्त्रको अनुष्ठान गर्ने विधि पनि मलाई बताउनुहोस् । देवान्तकले यस्तो प्रश्न गरेपछि बाबु र छोरा दुबै अरू मानिसहरूलाई हटाएर घरको माझमा गई एकान्तमा बसे । दुबैले राता लुगा लगाएका थिए र रक्तचन्दनले शरीरमा लेपन गरेका थिए । ती दुबैले राता फूल खोजेर शङ्करको पूजा गरे । धेरै दिनसम्म आदरपूर्वक मन्त्रको अनुष्ठान पनि गरे । अनुष्ठान समाप्त भएपछि ती दुबैले मिलेर श्रद्धापूर्वक यज्ञकुण्डको निर्माण गरे।।१५-१८।। त्यो यज्ञकुण्ड षट्कोणसम्पन्न थियो र शास्त्रले बताएको लक्षणले युक्त पनि थियो । योनि र मेखलाले सम्पन्न यज्ञकुण्डको वरिपरि पात्र र सामग्रीहरूको विधिपूर्वक स्थापना गरेर कुण्डमा अग्निको पनि प्रतिष्ठा गरे ।।१९।। ती दुबै बाबु-छोराले मसानघाटबाट खोजेर ल्याइएका पाँचवटा लाशमाथि बसेर यज्ञकुण्डमा चरुहवन गरे। ती दुबैले आफ्नो घुँडाका वरिपरि रहेका मासु लुछी-लुछी भक्तिपूर्वक हवन गरे ।।२०।। रगत, घिउ र मासु मिलाएर तयार गरिएको हव्यद्वारा हवन गरिंदा अग्नि पनि प्रसन्न भए । दशांशहोम सम्पन्न भएपछि देवान्तकले अग्निदेवताको पूजा गर्‍यो।।२१।। आफ्नै छोराको शिर काटेर वलिदान गर्‍यो। त्यो वलिदान पूर्णाहुतिका रूपमा सम्पन्न भयो। त्यसपछि अग्निदेवतालाई बिदा गरियो।।२२।। ईश्वरको कृपाले गर्दा शिर काटिएको छोरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरस्य प्रसादेन पुत्रोऽस्य पूर्ववद् बभौ ।
ब्राह्मणान् भोजयामास तर्पणान्ते यथाविधि ।।२३।।

ततो रात्र्यां व्यतीतायामुदिते च दिवाकरे ।
ददर्श तुरगं कृष्णं स्निग्धाङ्गं बलवत्तरम् ।।२४।।

मनोजवं हेषितेन कम्पयन्तं जगत्त्रयम् ।
पुपूज परया भक्त्या नीराज्यैनं यथाविधि ।।२५।।

अलङ्कृत्यालङ्करणैर्मणिमुक्तामयैः शुभैः।
नमस्कृत्य द्विजान् सम्यक् पितरं परिगृह्य च ।।२६।।

आशिषोऽथ समारुह्य तमश्वं स सुरान्तकः।
शेषसेनां समादाय ययौ शेषं प्रकम्पयन् ।।२७।।

शस्त्रास्त्रैः कवचैः शूलैर्भाति सेना धनुःशरैः।
आससाद रणस्तम्भं तया सह सुरान्तकः।।२८।।

क्रन्दत्सु सर्वसैन्येषु संत्रस्ता देववाहिनी।
व्याप्ते तु रजसा व्योम्नि न प्राज्ञायत किञ्चन ।।२९।।

पुनरप्यागतो दैत्यः सद्यः सेनाविघातकः।
सिद्धिसेनाचराश्चैव प्राद्रवन् दुःखिता भृशम् ।।३०।।

दृष्ट्वा रणागतं तं तु सिद्धिसेना समुत्थिता ।
हेषाभिः सिंहनादैश्च नादयन्ती दिगन्तरम् ।।३१।।

ततः शस्त्रप्रहारैश्च निजघ्नुरितरेतरम् ।
सहस्व प्रहरामीति प्रबोध्य जघ्नुरोजसा ।।३२।।

भुवि जानु विनिक्षिप्य शरानाशीविषोमपान् ।
आकर्णं धनुराकृष्य युयुधुस्ते परस्परम् ।।३३।।

खेटानि चान्तरे कृत्वा युयुधुश्चापरे तदा।
स्मृत्वा पूर्वप्रहारञ्च परिजघ्नुश्च केचन।।३४।।

पूर्ववैरमनुस्मृत्य रिपूँश्चक्रे विरूपिणः।
कोऽपि वीरश्रिया युक्तो रिपुं केशेषु चाग्रहीत् ।।३५।।

जस्ताको तस्तै भयो। तर्पण गरेपछि त्यसले विधिपूर्वक ब्राह्मणभोजन गरायो ।।२३।। त्यो रात बितेपछि देवान्तकले अर्को दिन प्रातःकालमा सूर्योदयको समयमा यज्ञकुण्डबाट बाहिर आएको चिल्लो, कालो र बलवान् घोडाको दर्शन गर्‍यो ।।२४।। त्यो घोडा आफूले चाहेअनुसार हिंड्न सक्दथ्यो। त्यसले आफ्नो हिङ्कारद्वारा जगत्लाई थर्काइरहेको थियो । त्यस घोडालाई देखेर देवान्तकले भक्तिपूर्वक र विधिपूर्वक त्यसको आरती उतार्‍यो ।।२५।। त्यसलाई मणि र मोतीले बनेका गहनाहरूले पनि सिँगार्‍यो । ब्राह्मणहरूलाई नमस्कार गरी आफ्ना पिताको पाउमा प्रणाम गरेर आशीर्वाद ग्रहण गरेपछि त्यो देवान्तक घोडामा सवार भयो । बचेका सैनिकहरूलाई साथ लिएर देवान्तक रणभूमितर्फ गयो । त्यसको सेना भूगोललाई धारण गर्ने पातालवासी शेषनागलाई पनि कँपाउँदै शस्त्र-अस्त्र, कवच, त्रिशूल, धनु र बाणले शोभायमान थियो । देवान्तकका सैनिकहरू हर्ष र उन्मादले युद्धघोष गरिरहेका थिए। यस्तो दृश्य देखेर देवसेना भयभीत भयो । दुबै तर्फका सेनाले उडाएको धूलोबाट आकाश ढाकियो र त्यसपछि कसैले केही देख्ने परिस्थिति रहेन। हाम्रो विनाश गर्ने दैत्य आइपुग्यो भनी चिन्तित भएका सिद्धिका सैनिकहरू पनि दुःखित भएर ज्यान जोगाउँदै भाग्ने काम गरे । देवान्तकलाई रणभूमिमा आएर जोरजुलुम गरिहेको र आफ्ना सैनिकहरू भागिरहेको देखेर सिद्धिको नेतृत्वमा विशाल सेना आइपुग्यो। त्यस सेनामा रहेका घोडाहरूले हिङ्कार गरे, वीरहरूले सिंहनाद गरे र चारै दिशामा युद्धघोष व्याप्त भयो । त्यसपछि दुबैतर्फका सैनिकहरूले एकआपसमा प्रहार गर्न थाले । सहन गर, प्रहार गर्छु इत्यादि स्वरका साथ वीरहरूले गर्वपूर्ण वचन उच्चारण गर्दै अस्त्रप्रहार गर्न थाले। वीरहरूले घोडाले भुइँमा टेकेर धनुमा सर्पजस्ता विषालु बाणहरू सन्धान गरी कानसम्म धनु खिँचेर बाणप्रहार गरिरहेका थिए । धेरै वीरहरू आफ्नोसामु ढाल तेर्स्याएर लड्दै थिए । सिद्धिका सैनिकहरूले गरेको प्रहारलाई संझेर केही दैत्यवीरहरू त्यस्तै प्रहार गर्न उत्सुक थिए ।।२६-३४।। कसैले पुरानो रीसलाई जगाएर सकेसम्म आफ्ना शत्रुलाई कुरूप बनाउने चाल चले । कुनै वीरले आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्ष्णिघातैर्मुष्टिघातैः पातयामास भूतले ।
कौचिन्मत्तौ शिरोघातं जघ्नतुरितरेतरम् ।।३६।।

ततो भग्नां दैत्यसेनां दृष्ट्वा स तु सुरान्तकः
अश्वं सम्प्रेषयामास सेनां सिद्धिविनिर्मिताम् ।।३७।।

अश्वहेषां समाकर्ण्य केचिन्मूर्च्छागता भुवि ।
पतिता अश्वचरणैश्चूर्णिताश्चापरे सुराः ।।३८।।

त्रिशूलेन हताश्चान्ये खड्गेन च तथा परे ।
बाणजालैरनेकैश्च पातयामास वै सुरान् ।।३९।।

सर्वस्मिन् हन्यमाने तु स्वसैन्ये सिद्धयस्तदा ।
पलायनं समालम्ब्य ययुः सर्वा विनायकम् ।।४०।।

शत्रुका जगल्टा समात्यो र कुहिना एवं मुड्कीद्वारा प्रहार गरेर आफ्नो शत्रुलाई भुइँमा पछार्‍यो । केही वीरहरू उन्मत्त भएर शत्रुका टाउकामा प्रहार गरिरहेका थिए। देवसेनाको पराक्रम उग्र देखियो। दैत्यको सेना पराजित हुन थाल्यो। त्यो देखेर देवान्तकलाई सही नसक्नुभयो। देवान्तकले फेरि सिद्धिको सेनालाई परास्त गर्ने उद्देश्यले आफ्नो घोडा पठायो । घोडाको शब्द सुनेर देवसेनाका वीरहरू मूर्च्छित हुन थाले, भुइँमा लडे र घोडाका खुरको आघातले अङ्ग-प्रत्यङ्गमा घाइते भए । केही देवतालाई त्रिशूलद्वारा प्रहार गरियो। कसैमाथि तरबारको प्रहार भयो । देवान्तकले अनेक थरि बाणहरूको प्रयोग गरेर देवताहरूलाई भुइँमा लडायो।।३५-३९।। अष्टसिद्धिहरू पनि आफ्ना सैनिकहरूको नाश देखेर भाग्न थाले । त्यसपछि ती भगवान् श्रीगणेशका समीपमा गए ।।४०।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे सिद्धिपराजयो नाम षट्षष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सुरान्तकसेनाद्वारा सिद्धिसेनाको पराजय' शीर्षकान्वित छैसट्ठीऔं अध्याय पूर्ण भयो ।।६६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तषष्टितमोऽध्यायः { ६७ अध्याय }

क उवाच

स तज्ज्ञात्वा महाश्चर्यं चकार निजचेतसि।
ततो विनायकः क्रोधात् सिंहारूढो रणोत्सुकः।।१।।

स्वगर्जितेन च तदा गर्जयन् गगनं दिशः।
कम्पयन् सर्वलोकानां मनांसि पर्वतानपि।।२।।

ययौ वेगेन महता देवान्तकसमीपतः।
प्रहस्य तमुवाचाथ दैत्यो देवान्तकस्तदा ।

दैत्य उवाच

कथं यातः शुष्कतालुर्नवनीतादनक्षमः।
युद्धाय बाल ! न स्थेयं गच्छ मातुः स्तनं पिब।।३।।

अदित्यां कश्यपाज्जातः कथं मूढ ! त्वमागतः।
यतो देवान्तकेनाद्य योद्धुमिच्छसि बालक ।।४।।

कालो बिभेति मां दृष्ट्वा वृथा त्वं मर्तुमिच्छसि।
अतिकोमलगात्रत्वाद् ग्रासमात्रं भविष्यसि।।५।।

क उवाच

इति दैत्यवचः श्रुत्वा क्रोधसंरक्तलोचनः
विनायकः प्रहस्याह वमन् वक्त्राद् हुताशनम् ।।६।।

देव उवाच

क्षीबोऽसि मद्यपानेन प्रायो वा सन्निपातवान् ।
असम्बद्धं युक्तिहीनं वल्गसे मूढभावतः ।।७।।

वह्निर्दहति सर्वं हि लघुर्वायुसमीरितः।
त्वद्वाक्यनुन्नस्त्वां हन्यां दैत्याधम ! न बुध्यसे।।८।।

इदानीं त्यज बुद्धिं तां नान्तको विद्यते मम।
त्वदर्थमवतीर्णोऽहं ब्रह्मभूतः सनातनः।।९।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशले सिद्धिका सैनिकहरू पराजित भएको थाहा पाएर चित्तमा आश्चर्यको अनुभव गर्नुभयो। त्यसपछि क्रुद्ध भएर युद्ध गर्ने इच्छाले श्रीगणेश सिंहमा सवार हुनुभयो ।।१।। उहाँले गर्जन गर्दा आकाश पनि शब्दायमान भएको थियो र मानिसहरूका मन एवं पर्वतहरू पनि काँपेका थिए। ठूलो वेगले श्रीगणेश देवान्तकको नजिकमा पुग्नुभयो। श्रीगणेशलाई देखेर देवान्तकले उपहास गर्दै भन्यो।।२।।

देवान्तकले भन्यो - तिमी भर्खरका बच्चा यहाँ किन आएका छौ ? तिम्रो तालु अझै चिसै छ। नौनीमात्र खान सक्ने तिमी युद्धको इच्छा गरेर आयौ ? फर्क, जाऊ, आफ्नी आमाको स्तनपान गर ।।३।। कश्यप ऋषिबाट अदितिमा पैदा भएका तिमी किन मूर्ख भएर जानी-जानी मर्न आएका छौ ? हे बालक! संसारमा अपराजेय पराक्रम भएको देवान्तकसँग लडाइँ गर्न चाहनु तिम्रो मूर्खता हो ।।४।। मसँग यमराज आफैं डराउँछन्। तिमी किन व्यर्थमा मर्न चाहन्छौ ? तिम्रा शरीरका अङ्ग-प्रत्यङ्गहरू अति कोमल छन् । तिमी मेरा निमित्त एक गासमात्र हुनेछौ ।।५।।

ब्रह्माजीले भन्नुभयो - देवान्तक दैत्यले उपहास गरी आफ्नो अपमान गरेको जानेर रीसले आँखा राता गराउनु भएका श्रीगणेशले हाँसेर मुखबाट आगाको ज्वाला छुटाउँदै भन्नुभयो ।।६।।

श्रीगणेशले भन्नुभयो - हे देवान्तक ! तँ मदिरापान गरेर उन्मत्त भएको छस् । त्यस कारण असम्बद्ध र युक्तिहीन कुरा गरेर आफ्नो मूर्खता देखाइरहेको छस् ।।७।। सानो आगोले पनि हावाद्वारा प्रेरित भएर सर्वस्व दाह गर्न सक्दछ । हे अधम दैत्य ! तेरै वाक्यद्वारा अभिप्रेरित भएर क्रोधको आवेशमा परी म तँलाई भर्खरै मार्न सक्छु । यो कुरा तँ किन बुझ्दैनस् ?।।८।। यति बेला तैंले आफ्नो दुर्बुद्धिको त्याग गर् । मलाई मार्नसक्ने संसारमा कुनै तत्त्व नै छैन । तेरो अत्याचारबाट पृथिवीलाई ठूलो भार परेपछि भार हरण गर्ने उद्देश्यले सनातन ब्रह्मरूप म

६-नं. २३६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थाणोर्वरस्य गर्वेण कृतं ते सर्वपीडनम् ।
अवधिं तस्य सम्प्राप्तं बुद्धिहीन ! न बुध्यसे ।।१०।।

त्रैलोक्यपीडया पापं यज्जातं तव दुर्मते।
अलं ते कत्थनेनाद्य दर्शयस्व स्वपौरुषम् ।।११।।

शक्तिपायोर्विनिर्गत्य कस्त्वां वक्त्रं प्रदर्शयेत् ।
सहस्व प्रहरस्वाद्य यदि युद्धं त्वमिच्छसि।।१२।।

श्वोभाविनं मृत्युमद्य मूढभावात् त्वमिच्छसि ।

क उवाच

एवमाभाष्य तं दैत्यं सज्यञ्चक्रे धनुः प्रभुः ।।१३।।

नरान्तकगतिं तस्य दातुमिच्छन् विनायकः।
टणत्कारेण धनुषश्चकम्पे भुवनत्रयम् ।।१४।।

आकर्ण ज्यामथाकृष्य बाणं दैत्ये ससर्ज ह ।
दैत्येन शतधा भिन्नः स बाणः पतितो भुवि।।१५।।

ततो दैत्यो धनुः सज्यं कृत्वा चिक्षेप सायकान् ।
धनुषस्तस्य शब्देन विनेदुः पर्वता दिशः ।।१६।।

हुङ्कारेण च तान् बाणान् पातयामास विघ्नराट् ।
पुनर्विनायको बाणान् बहूँश्चिक्षेप दैत्यपे।।१७।।

एकेन मुकुटं तस्य शरेण कर्णकुण्डले ।
भूमौ न्यपातयद् देवो बाहू द्वाभ्यां बिभेद च ।।१८।।

अवतरित भएको हुँ ।।९।। श्रीशङ्कर भगवान्‌बाट वरदान पाएका कारण तँलाई अहङ्कार आयो र तैंले सबैलाई दुःख दिइस् । त्यसबाट तँ पनि दुःखी हुनेछस् । शङ्करको वरदानको प्रभाव सकिने र तेरो मर्ने समय नजिकै आइपुगेको छ। तैंले किन ख्याल गर्दैनस् ?।।१०।। स्वर्ग, मर्त्य र पातालमा निवास गर्ने नर–नारीहरूलाई सताउँदा तैंले जति पाप गरेको छस्, त्यसको फल भोग्ने बेला आइपुगेको छ । अब आफ्नो गर्वपूर्ण भनाइ छाडेर आफ्नो पुरुषार्थ देखा, म तँसँग युद्ध गर्न आएको छु।।११।। कृत्याशक्तिको योनिबाट दुर्गन्धित अवस्थामा भुइँमा खसेर पनि निर्लज्ज बनेको तँ आज यहाँ आफ्नो मुख देखाइरहेको छस् । स्वाभिमान भएका मानिसहरू यसरी मुख देखाउँदैनन्। यदि तेरो युद्ध नै गर्ने इच्छा छ भने तैंले मेरो प्रहारको सामना गर र यदि सक्छस् भने तैंले पनि प्रहार गर् ।।१२।। तैंले पछि हुने मृत्युलाई आफ्नो मूर्खताका कारण आजै बोलाइरहेको छस्, यो भने ख्याल गर्नुपर्ने विषय हो ।

ब्रह्माजीले भन्नुभयो– यसरी दैत्यराज देवान्तकलाई ओजपूर्ण भाषामा उपदेश दिनुभएपछि भगवान् श्रीगणेशले आफ्नो धनु सजाउनुभयो ।।१३।। देवान्तकलाई नरान्तकको गतिमा पुऱ्याउन चाहने श्रीगणेशले धनुषको ताँदो तानेर टङ्कार गर्दा त्रिलोकी नै कम्पायमान भयो।।१४।। त्यसपछि उहाँले ताँदो तानेर वेगपूर्वक देवान्तकको शरीरमा बाणप्रहार गर्नुभयो। तर देवान्तकले पनि त्यो बाणलाई सय टुक्रा पारेर भुइँमा खसाइदियो र आफ्नो धनु सजाएर श्रीगणेशमाथि बाणप्रहार गर्न थाल्यो । देवान्तकले बाणप्रहार गर्दा उत्पन्न भएको नादबाट सम्पूर्ण दिशा र पर्वतहरू प्रतिध्वनित भए ।।१५-१६।। श्रीगणेशले हुङ्कार गर्दै देवान्तकले प्रहार गरेका सम्पूर्ण बाणहरूलाई निष्फल तुल्याउनुभयो र फेरि दैत्यराजमाथि अनेक बाणप्रहार गर्नुभयो ।।१७।। श्रीगणेशको एउटा बाणले दैत्यराजको मुकुटलाई चुँडाल्यो । अर्को बाणले प्रहार गर्दा त्यसका कानका कुण्डलहरू टुक्रा-टुक्रा भई भुइँमा खसे । फेरि उहाँले दुइटा बाणप्रहार गरेर त्यसका भुजाहरूलाई छिन्नभिन्न तुल्याउनुभयो ।।१८।। श्रीगणेशले फेरि अर्को बाणप्रहार गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ललाटं सायकेनैव ततो दैत्यो रुषान्वितः ।
चचर्व दन्तान्नेत्रे च विस्फार्यान्यान् शरान् बहून् ।।१९।।

छादयन् गगनं काष्ठा विससर्ज विनायकम् ।
निरास्यैकेन बाणेन खमध्ये तान् विनायकः ।।२०।।

स्वयञ्चक्रे मण्डपं स क्षणाद् बाणमयं विभुः।
अन्धकारे घोरतरे युयुधाते परस्परम् ।।२१।।

शरवृष्ट्या बाणवृष्टिं निजघ्नतू रुषान्वितौ ।
शतशस्तौ निराकृत्य बाणवृष्टी उभावपि ।।२२।।

ततो दैत्यो महामन्त्रं जप्त्वाऽष्टशतसङ्ख्यया।
मन्त्रयामास तेनाशु वारणास्त्रेण सायकम् ।।२३।।

तत्याजाथ प्रादुरासन् वारणाः कोटिशस्ततः।
चतुर्दन्ता गिरिनिभा मेरुमन्दरचूर्णिनः।।२४।।

येषां मदवहा नद्यः प्रादुरासन् समन्ततः।
येषां बृंहितमात्रेण नादितं भुवनत्रयम् ।।२५।।

यथा घनानां वर्षासु गर्जितेन महामुने ।
नाशयामासुरनिशं देवसैन्यानि ते गजाः।।२६।।

धावतां पृष्ठलग्नास्ते गजा यान्ति दिशो दशः।
पादाघातैश्च हस्तैश्च दन्ताग्रैर्वीरघातिनः।।२७।।

सेनायाः कदनं दृष्ट्वा सिंहास्त्रं प्राक्षिपद् विभुः।
ततः सिंहाः प्रादुरासन्शतशोऽथ सहस्रशः ।।२८।।

तेषां गर्जितशब्देन गजा निपतिता भुवि ।
सिंहा विदारयामासुर्गजगण्डस्थलानि ते ।।२९।।

सिंहनादैर्बृंहितैश्च दैत्यशब्दैरनेकशः।
त्रैलोक्यं कम्पितमभूद् देवाः सर्वे विसिस्मिरे ।।३०।।

उड्डीयोड्डीय सिंहास्ते गजकुम्भेषु पेतिरे।
एवं ते निहताः सर्वे करिणः सिंहसञ्चयैः।।३१।।

त्यसको निधार फुटाइदिनुभयो। यस परिस्थितिमा दैत्य साह्रै रिसायो । त्यसले दाँत चपाउँदै र आँखा खोलेर चारैतिर हेर्दै अनेक बाणप्रहार गर्‍यो ।।१९।। ती बाणहरूले आकाश र दिशाहरू ढाकिए । तिनलाई एउटै मात्र बाणप्रहार गरेर श्रीगणेशले समाप्त पारिदिनुभयो ।।२०।। त्यसपछि परमात्माका रूपमा रहनुभएका कश्यपनन्दन श्रीगणेशले अनन्त बाणप्रहार गर्नुभयो। उहाँले प्रहार गरेका बाणहरूबाट एउटा मण्डप नै तयार भयो । घोर अन्धकारमा दुई वीरहरू यसरी लडिरहेका थिए ।।२१।। एउटाले गरेको बाणवर्षालाई अर्कोले बाणवर्षा गरेर समाप्त पार्ने क्रम जारी थियो । दुबैले पटक-पटक शत्रुले गरेको बाणप्रहारलाई निष्फल तुल्याइरहेका थिए ।।२२।। त्यसपछि देवान्तक दैत्यले शिवका अघोर मन्त्र १०८ संख्यामा जप गर्‍यो र गजास्त्रद्वारा बाणलाई अभिमन्त्रित गर्‍यो ।।२३।। बाण अभिमन्त्रित गरी प्रहार गर्दा करोडौं हात्ती पैदा भए । चार दाँत भएका, पर्वत आकारका र सुमेरु पर्वत एवं मन्दराचललाई पनि टुक्रा-टुक्रा बनाउन सक्ने ती हात्तीहरूले आफ्नो गण्डस्थलबाट मदका नदी बगाइरहेका थिए । ती हात्तीहरूले चिङ्घाड गर्दा तीनै भुवन काँपेका थिए ।।२४-२५।। ती हात्तीहरूले वर्षाकालमा बादलले जसरी डरलाग्दो गर्जन गर्दछ, त्यस्तै गर्जन गरेर देवसेनामा क्षति पुर्‍याइरहेका थिए ।।२६।। भागिरहेका देवताहरूका पछि लागेका ती हात्तीहरूले दसै दिशामा पुगेर खुट्टाले प्रहार गर्दै, सूँढले समात्दै र दाँतका टुप्पाले छाती आदि अङ्गलाई च्यात्दै आफ्नो पराक्रम देखाइरहेका थिए ।।२७।। देवान्तकले गजास्त्रको प्रयोग गरेर अनेक हात्ती जन्माएपछि त्यसको संहार गर्न भगवान् श्रीगणेशले सिंहास्त्रको प्रयोग गर्नुभयो । त्यसपछि युद्धको मैदानमा हजारौं सिंह प्रकट भए ।।२८।। सिंहहरूको गर्जन सुनेर हात्तीहरू भुइँमा लड्न थाले। ती सिंहहरूले हात्तीका गाला च्यात्न थाले। सिंह, हात्ती र घोडाको शब्द र दैत्यहरूको कोलाहल यी सबै मिलेर जन्मेको प्रबल ध्वनिबाट तीनै लोक काँप्न थाले र त्यहाँका बासिन्दाहरू चकित भए ।।२९-३०।। श्रीगणेशले पैदा गरेका सिंहहरू उफ्री-उफ्रीकन हात्तीहरूका गण्डस्थलमा ठोक्किन पुग्दथे। यसरी ती सिंहहरूले देवान्तकको सेनामा थपिन आएका ती सबै हात्तीलाई समाप्त पारे।।३१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरेजुरिन्द्रनिहता वज्रेणेव महीधराः।
ततः सिंहा ययुर्दैत्यान् भक्षयन्तो दिशो दश ।।३२।।

निहते सर्वसैन्ये तु चिन्तामाप सुरान्तकः।
अयं बालोऽपि बलवान् दृश्यते कश्यपात्मजः।।३३।।

इदानीं दर्शयिष्येऽस्य यमस्य सदनं ध्रुवम् ।
एवमुक्त्वा पुनर्बाणं मन्त्रयामास दैत्यराट् ।।३४।।

योजयामास धनुषि शार्दूलप्रसवं तदा।
आकर्णं धनुराकृष्य मुमोच देववाहिनीम् ।।३५।।

बाणः स च ययौ शीघ्रं नादयन् गगनं दिशः।
यत्पुङ्खवायुना भग्ना निपेतुर्वृक्षसञ्चयाः।।३६।।

प्रादुरासन्ननेकाश्च ततः शार्दूलसञ्चयाः।
सिंहाँस्ते भक्षयामासु सिंहास्तेऽन्तर्हितास्ततः।।३७।।

इन्द्रले वज्रद्वारा प्वाँख काट्दा पर्वतहरूको जुन दयनीय अवस्था भएको थियो, त्यही अवस्था दैत्यसेनाको पनि भयो। त्यसपछि श्रीगणेशको सेनामा रहेका सिंहहरू दैत्यहरूलाई चपाउँदै र खाँदै दसै दिशामा फैलिए ।।३२।। आफ्ना सबै सैनिकहरू समाप्त भएपछि देवान्तकले मनमनै विचार गऱ्यो- कश्यप ऋषिका छोरा यी श्रीगणेश बच्चा भए तापनि बलवान् रहेछन्।।३३।। अब म पर्खने मनस्थितिमा छैन। तुरुन्तै मैले यस बच्चालाई यमलोकमा पुऱ्याउनुपर्छ । यसरी विचार गरेर दैत्यराजले फेरि आफ्नो बाणलाई अभिमन्त्रित गरेर धनुमा सन्धान गरी कानसम्म ताँदो तानेर देवताको सेनामा बाणप्रहार गऱ्यो ।।३४-३५।। त्यो बाण आकाशलाई कँपाउँदै लक्ष्यतर्फ अगाडि बढ्यो । बाणको वेगमा मिसिन आएको हावाबाट धेरै रूखहरू ढले । त्यस बेला अनेक बाघहरू पैदा भए र तिनले सिंहहरूलाई मार्न थाले। त्यसपछि ती सबै सिंहहरू पनि अन्तर्धान भए ।।३६-३७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डेऽस्त्रयुद्धं नाम सप्तषष्टितमोध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवसेना र दैत्यसेनाको अस्त्रयुद्ध' शीर्षकान्वित सतसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टषष्टितमोऽध्यायः

{ ६८ अध्याय }

क उवाच

ततो दैत्यो बाणयुगं मन्त्रयामास सादरम् ।
निद्रास्त्रेण तदा चैकं गन्धर्वास्त्रेण चापरम् ।।१।।

वामजानु पुरः स्थाप्य ज्यामाकृष्य ससर्ज तौ ।
तयोः शब्देन सहसा चकम्पे भुवनत्रयम् ।।२।।

एकः सैन्ये निपतितोऽपरो देवसमीपतः ।
ततस्तालान् मृदगाँश्च गन्धर्वाप्सरसस्तथा ।।३।।

गाननृत्यानि चित्राणि पुरोऽपश्यद् विनायकः ।
पतितानि च शस्त्राणि न बुबोध करात् तदा ।।४।।

मोहितो मञ्जुलरवैः कर्तव्यं नाभ्यपद्यत ।
सैनिकाः सुषुपुः सर्वे निद्रास्त्रेण विमोहिताः ।।५।।

निशामुखे यथा बाला अव्यवस्थं हि शेरते ।
स्त्रियोऽपि चाथ ताः सर्वाः सुषुपुर्विगतत्रपाः ।।६।।

देवान्तकोऽपश्यदेवं जहर्ष च जगर्ज च ।
ततः संस्थापयामास गुल्मानि परितो बहु ।।७।।

देवसैन्यस्य महतो बली वीरयुतानि च ।
चक्रे कुण्डं त्रिकोणञ्च भूमिसाधनपूर्वकम् ।।८।।

असृक्कुम्भान् समानीय शतसङ्ख्यान् प्रयत्नतः ।
स्नात्वा पद्मासनञ्चक्रे नानाप्रेतेषु सादरम् ।।९।।

दैत्यान् निहत्य शतशो मांसराशिं महत्तरम् ।
चकाराभिचरं दैत्यो वह्निं स्थाप्य यथाविधि ।।१०।।

दिगम्बरो जुहावाथ मांसानि मन्त्रपूर्वकम् ।
सहस्रे तु हुते पश्चाद् बलिं पूर्णाहुतिञ्च यः ।।११।।

चकार कुण्डमध्ये सोऽपश्यच्छक्तिं क्षुधातुराम् ।
नरमांसानि तस्यै स ददौ पातुञ्च तान् घटान् ।।१२।।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि देवान्तकले दुइटा बाण समाती तीमध्ये एउटालाई निद्रास्त्रले अभिमन्त्रित गर्‍यो र अर्कोलाई गन्धर्वास्त्रले अभिमन्त्रित गर्‍यो ।।१।। बायाँ घुँडा अगाडि सारेर ताँदो तानी ती दुबै बाणलाई प्रहार गर्दा तिनका शब्दबाट संसार कम्पायमान भयो ।।२।। एउटा बाण सेनाको बीचमा खस्यो भने अर्को बाण श्रीगणेशका सामु खस्यो । गन्धर्वास्त्रको प्रयोगबाट बाजागाजासहित गन्धर्व र अप्सराहरू पैदा भए । विचित्र गाना र नृत्य हुन थाल्यो । श्रीगणेशले यो देखेर आश्चर्य मान्नुभयो । श्रीगणेशका हातमा रहेका सबै शस्त्रहरू खसे । अप्सराको मीठो बोली सुनेर मोहित हुनुभएका श्रीगणेशले के गर्ने र के नगर्ने भन्ने विचार गर्न सक्नुभएन । उता सैनिकहरूको बीचमा खसेको बाणका प्रभावले गणेशका सबै सेनाहरू निदाउन थाले ।।३-५।। निद्रास्त्रको प्रभाव पर्‍यो। साँझको समयमा गृहस्थहरूका घरमा जसरी केटाकेटीहरू जतासुकै पल्टिरहेका हुन्छन् र आइमाईहरू पनि अव्यवस्थित रूपमा थाकेर सुतेका हुन्छन्। त्यसरी नै सेनाका सम्पूर्ण जवानहरू निर्लज्ज भएर युद्धको मैदानमा निदाउन थाले ।।६।। देवान्तकले आफ्ना मन्त्रको प्रभाव प्रकट भएको देखेर हर्षित हुँदै गर्जन गर्‍यो । त्यसपछि त्यसले देवताको सेनालाई वरिपरिबाट घेर्न भनी आफ्नो सेनालाई लगायो । देवसेनाको बीचमा पृथिवीलाई शुद्ध गरी एउटा त्रिकोणात्मक कुण्ड तयार गर्‍यो । कुण्डका वरिपरि सयौं रगतले भरिएका गाग्राहरू ल्याएर राख्यो । आफूले स्नान गरी अनेक थरि लाशहरूमाथि बसेर पद्मासन कस्यो ।।७-९।। घाइते भएका दैत्यहरूलाई मारेर आफ्ना सामु ठूलो मासुको राशि तयार पार्‍यो । कुण्डमा विधिपूर्वक अग्निको स्थापना गरी त्यसले तान्त्रिक अभिचार गर्न थाल्यो ।।१०।। त्यसले नाङ्गै बसेर मन्त्रको उच्चारण गर्दै मासुका टुक्रा चढाएर स्वाहाकार गर्न थाल्यो । एक हजार मासुका टुक्राले हवन गरेपछि पूर्णाहुति सम्पन्न गर्‍यो ।।११।। पूर्णाहुति सम्पन्न भएपछि भोकले व्याकुल भएकी शक्ति त्यहाँ आइपुगिन् । देवान्तकले ती शक्तिलाई बाँकी रहेको मासुको थुप्रो टक्र्याएर कुण्डका वरिपरि रहेका रगतले भरिएका गाग्राहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतृप्तां तां परिज्ञाय प्रेतानन्यानथार्पयत् ।
ततः सा बहिरायाता व्योमकेशी भयङ्करा ।।१३।।

विशालगर्तनेत्राऽतिकरालवदनाऽरुणा ।
उवाच परमप्रीता नादयन्ती दिशो दश ।।१४।।

तृप्ताऽस्मि रक्तमांसैस्ते न भयं विद्यते क्वचित् ।
तामुवाचाथ दैत्योऽपि पुपूजे भक्तिभावतः ।।१५।।

उपचारैः षोडशभिः प्रणिपातपुरःसरम् ।
ततो दिव्याम्वरधरो नानालङ्कारभूषितः ।।१६।।

देव्या अङ्कं समासाद्य जगर्ज बलवत्तरम् ।
सोड्डीय तेन सहिता नभस्येव स्थिताऽभवत् ।।१७।।

नानाशस्त्रधरा सोऽपि धनुर्बाणधरो बभौ ।
तामुवाच रौद्रकेतुपुत्रः परमहर्षितः ।।१८।।

कश्यपस्यात्मजो बालश्चञ्चलो बहुलं पुरा ।
इदानीमत्र किं तेन कर्तव्यं कुचरेण मे ।।१९।।

इदानीं सर्वसैन्यानि नाशयिष्ये तवाग्रतः ।
एवं ब्रुवति दैत्येन्द्रे काशिराजोऽशृणोद् वचः ।।२०।।

ततो विनायकं राजा बोधयामास सादरम् ।

काशिराजोवाच

भूतभव्यभविष्यज्ञ ! कथं मायां न बुध्यसे ।।२१।।

गान्धर्वीं दैत्यरचितां कथं सक्तोऽसि तत्र वै ।
देवान्तकेनाभिचरान्निर्मितां राक्षसीमिव ।।२२।।

सा हनिष्यति ते सैन्यं सावधानमना भव ।

पनि तिनलाई दियो ।।१२।। रगत र मासु खाँदा पनि शक्तिलाई अतृप्त जानेर त्यसले अरू मरेका प्राणीहरूको लाश पनि टक्र्यायो । यसरी रगत र मासु खाएपछि अघाएकी ती शक्ति आकाशमा जगल्टा फिंजाउँदै डरलाग्दो रूप लिएर बाहिर आइन् । तिनका आँखाहरूका खाडल विशाल थिए, अनुहारमा रातोपन र रीस भरिएको थियो । आफ्ना गर्जनले दसै दिशा थर्काउँदै तिनले भनिन् – 'हे देवान्तक ! तपाइँले टक्र्याएको रगत र मासुबाट म अघाएकी छु र आनन्दित भएकी छु । अब तपाइँलाई कसैबाट डर हुने छैन ।' देवान्तकले पनि ती शक्तिलाई नमस्कार गर्दै भक्तिपूर्वक षोडशोपचारले पूजा गऱ्यो । त्यसपछि दिव्य वस्त्र धारण गरी अनेकौं थरि गहनाले सिँगारिएर देवान्तक शक्तिको काखमा आई बसेर ठूलो गर्जन गर्न थाल्यो । ती शक्तिले देवान्तकलाई समातेर आकाशमा पुऱ्याइन् र धेरैबेरसम्म त्यहीं नै उभिएर रहिन् ।।१३-१७।। शक्तिका हातमा हजारौं शस्त्र-अस्त्र थिए। देवान्तकले पनि धनु र बाण धारण गरेको थियो । आकाशमा पुगेको देवान्तकले शक्तिलाई भन्यो- 'हे शक्ति! देवसेनाको नायक एउटा बच्चा छ, त्यो कश्यप ऋषिको छोरा हो । त्यो साह्रै चञ्चल छ । त्यसले धेरै सताएको छ । अहिले तपाइँले मेरो सहयोग गर्नुभयो । अब त्यसले मलाई केही गर्न सक्दैन । अब म तपाइँको कृपाबाट त्यसको सम्पूर्ण सेनालाई सखाप पार्नेछु ।' यसरी आकाशमा देवान्तकले शक्तिसँग कुरा गरिरहेको समयमा तलबाट हेरिरहेका काशिराजले ती सबै कुरा सुनिरहेका थिए ।।१८-२०।। कुरा सुनेपछि श्रीगणेशका सामु गएर उहाँलाई उद्बोधन गर्दै काशिराजले भने ।

काशिराजले भने- हे श्रीगणेश ! हजुर भूत, वर्तमान र भविष्यत्का ज्ञाता हुनुहुन्छ, तर किन हो देवान्तक दैत्यले तपाइँमाथि मायाको प्रयोग गरिरहेको छ, तपाइँ थाहा पाउनुहुन्न ।।२१।। दैत्यले गन्धर्वसेना प्रयोग गरी तपाइँलाई समेत नाचगानमा लठ्यायो। निद्रास्त्रको प्रयोग गरी युद्धको मैदानमा लडिरहेका तपाइँको सेनाका जवानहरूलाई निद्रामा पुऱ्यायो । अभिचार गरेर तान्त्रिक प्रक्रियाद्वारा एउटी राक्षसकै आकारकी शक्ति पैदा गऱ्यो। अहिले त्यो शक्ति आकाशमा पुगेकी छ । त्यसले तपाइँको सम्पूर्ण सेनाको विनाश गर्नेछ, तपाइँ सावधान हुनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवं नृपवचः श्रुत्वा सावधानमना विभुः ।।२३।।

बुद्ध्वा तज्ज्ञानदृष्ट्यैव सर्वं मायामयं तदा ।
शरद्वयं विनिष्कृष्य मन्त्राभ्यां परिमन्त्र्य च ।।२४।।

घण्टास्त्रेण खगास्त्रेण श्रोत्राकर्षणसम्भ्रमात् ।
विनायको मुमोचाऽथ तौ बाणौ वेगवत्तरौ ।।२५।।

गर्जन्तौ घनवद्रुक्मपुङ्खौ मारुतवेगिनौ ।
सहसाच्छादयन्तौ च सहस्रकरमण्डलम् ।।२६।।

घण्टानादः समभवन् महान् सर्वविमोहनः ।
ततो घण्टास्वनान् श्रुत्वा प्रोत्तस्थुः सर्वसैनिकाः ।।२७।।

सिद्धयः सर्ववीराश्च युयुधुः शस्त्रपाणयः ।
अपरस्तस्य सैन्येषु मुक्तो बाणः खगास्त्रतः ।।२८।।

ततः खगाः प्रादुरासन्नानारूपा महौजसः ।
पक्षवातेन तेषां तद्गान्धर्वं लयमागतम् ।।२९।।

अन्धकारं यथा सूर्यसारथेरुदयान्मुने ।
ततस्ते पक्षिणः सर्वे बभक्षुर्दैत्यसैनिकान् ।।३०।।

पक्षाघातहताः केचित् केचिच्चञ्च्वग्रविक्षताः ।
केचिद् भीत्यैव पतिता दैत्याः प्राणान् विहाय च ।।३१।।

हाहाकारो महानासीद् दैत्यसैन्येषु सर्वशः ।
ततो देवान्तको रोषात् खड्गास्त्रं प्राहिणोत्तदा ।।३२।।

तस्य ध्वनिं समाकर्ण्य चुक्षुभे सैन्यसागरः ।
दिग्गजाश्च ततः खड्गा असङ्ख्याता विनिःसृताः ।।३३।।

वह्निमन्तश्च सङ्घट्टात् सेनयोरुभयोरपि ।
अग्निदग्धास्तदा देवा निपेतुर्धरणीतले ।।३४।।

ब्रह्माजीले भन्नुभयो - काशिराजका कुरा सुनेर सावधान हुनुभएका श्रीगणेशले आफ्नो ज्ञानदृष्टिबाट सबै कुरा यथार्थमा बुझी जे कुरा भइरहेको छ, त्यो देवान्तकले प्रकट गरेको मायाको खेल हो भन्ने बुझ्नुभयो । त्यसपछि उहाँले दुइटा बाण तानेर मन्त्रबाट अभिमन्त्रित गरी प्रयोग गर्न आरम्भ गर्नुभयो।।२२-२४।। एउटा बाणलाई घण्टास्त्रले र अर्को बाणलाई खगास्त्रले अभिमन्त्रित गर्नुभयो । त्यसपछि उहाँले दुइटा प्रभावशाली बाणहरूको प्रहार गर्नुभयो । ती दुवै बाण शब्द गर्दै हावाको वेगमा लक्ष्यवेधन गर्न अगाडि गएका थिए । तिनले आफ्नो प्रभावबाट अग्नि र धुँवा पैदा गरी सूर्यमण्डललाई पनि ढाकिदिए। संसारलाई नै नादमय तुल्याउने घण्टाको महानाद घन्कियो र संसार मुग्ध भयो । घण्टाको स्वरबाहेक केही सुनिएन । त्यसबाट निदाइरहेका श्रीगणेशका सैनिकहरू पनि जागे ।।२५-२७।। अष्टसिद्धिहरू पनि सावधान भए र वीरहरू पनि उत्साहसम्पन्न हुँदै हातमा शस्त्रधारण गरी दैत्यका सैनिकहरूसँग युद्ध गर्न थाले । दैत्यसेनामाथि खगास्त्रद्वारा अभिमन्त्रित बाणको प्रहार गरिँदा युद्धको मैदानमा विचित्र रूपरङ्गका, अत्यन्त बलवान् र पराक्रमी चराहरू पैदा भए । तिनीहरू प्वाँख चलाएर तीव्र गतिमा उड्दा गन्धर्वास्त्रद्वारा पैदा भएका सम्पूर्ण नाच-गानहरू समाप्त भए ।।२८-२९।। जसरी सूर्यनारायणको उदयपछि अन्धकार समाप्त हुन्छ त्यसैगरी देवान्तकको मायाबाट पैदा भएका निद्रा र नाचगान समाप्त भएका थिए । त्यसपछि ती चराहरूले आफ्नो पुरुषार्थबाट दैत्यका सैनिकहरूलाई लुछी-लुछी खान थाले। तिनले केही वीरहरूलाई प्वाँखको प्रहार गरेर मारे र कसैलाई मुखको चुच्चोले ठुँगेर क्षतविक्षत तुल्याए। कुनै दैत्य त चराहरू देख्नासाथ आफै डराएर लडेका थिए । केही दैत्य चराहरूको दर्शन गर्नासाथ आत्तिएर मरेका थिए । त्यस बेला दैत्यसेनामा ठूलो हाहाकार भयो । हाहाकार सुनेपछि रिसाएको देवान्तकले श्रीगणेशको सेनामा खड्गास्त्रको प्रहार गऱ्यो ।।३०-३२।। खड्गास्त्रको ध्वनि सुनेर सेनाको सागर उर्लियो । असंख्य हात्ती र तरबारहरू त्यहाँ देखिए । दुवैतर्फका सैनिकहरूको परस्पर संघर्ष हुँदा तरबारहरूले घोटिएर आगो पैदा गरिरहेका थिए । त्यसै आगामा डढेका हजारौं देवताहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतृप्तां तां परिज्ञाय प्रेतानन्यानथार्पयत् ।
ततः सा बहिरायाता व्योमकेशी भयङ्करा ।।१३।।

विशालगर्तनेत्राऽतिकरालवदनाऽरुणा ।
उवाच परमप्रीता नादयन्ती दिशो दश ।।१४।।

तृप्ताऽस्मि रक्तमांसैस्ते न भयं विद्यते क्वचित् ।
तामुवाचाथ दैत्योऽपि पुपूजे भक्तिभावतः ।।१५।।

उपचारैः षोडशभिः प्रणिपातपुरःसरम् ।
ततो दिव्याम्बरधरो नानालङ्कारभूषितः ।।१६।।

देव्या अङ्कं समासाद्य जगर्ज बलवत्तरम् ।
सोड्डीय तेन सहिता नभस्येव स्थिताऽभवत् ।।१७।।

नानाशस्त्रधरा सोऽपि धनुर्बाणधरो बभौ ।
तामुवाच रौद्रकेतुपुत्रः परमहर्षितः ।।१८।।

कश्यपस्यात्मजो बालश्चञ्चलो बहुलं पुरा ।
इदानीमत्र किं तेन कर्तव्यं कुचरेण मे ।।१९।।

इदानीं सर्वसैन्यानि नाशयिष्ये तवाग्रतः ।
एवं ब्रुवति दैत्येन्द्रे काशिराजोऽशृणोद् वचः ।।२०।।

ततो विनायकं राजा बोधयामास सादरम् ।

काशिराजोवाच

भूतभव्यभविष्यज्ञ ! कथं मायां न बुध्यसे ।।२१।।

गान्धर्वीं दैत्यरचितां कथं सक्तोऽसि तत्र वै ।
देवान्तकेनाभिचरान्निर्मितां राक्षसीमिव ।।२२।।

सा हनिष्यति ते सैन्यं सावधानमना भव ।

पनि तिनलाई दियो ।।१२।। रगत र मासु खाँदा पनि शक्तिलाई अतृप्त जानेर त्यसले अरू मरेका प्राणीहरूको लाश पनि टक्र्यायो । यसरी रगत र मासु खाएपछि अघाएकी ती शक्ति आकाशमा जगल्टा फिंजाउँदै डरलाग्दो रूप लिएर बाहिर आइन् । तिनका आँखाहरूका खाडल विशाल थिए, अनुहारमा रातोपन र रीस भरिएको थियो । आफ्ना गर्जनले दसै दिशा थर्काउँदै तिनले भनिन् – 'हे देवान्तक ! तपाईंले टक्र्याएको रगत र मासुबाट म अघाएकी छु र आनन्दित भएकी छु । अब तपाईंलाई कसैबाट डर हुने छैन ।' देवान्तकले पनि ती शक्तिलाई नमस्कार गर्दै भक्तिपूर्वक षोडशोपचारले पूजा गऱ्यो । त्यसपछि दिव्य वस्त्र धारण गरी अनेकौं थरि गहनाले सिँगारिएर देवान्तक शक्तिको काखमा आई बसेर ठूलो गर्जन गर्न थाल्यो । ती शक्तिले देवान्तकलाई समातेर आकाशमा पुऱ्याइन् र धेरैबेरसम्म त्यहीं नै उभिएर रहिन् ।।१३-१७।। शक्तिका हातमा हजारौं शस्त्र-अस्त्र थिए। देवान्तकले पनि धनु र बाण धारण गरेको थियो । आकाशमा पुगेको देवान्तकले शक्तिलाई भन्यो- 'हे शक्ति! देवसेनाको नायक एउटा बच्चा छ, त्यो कश्यप ऋषिको छोरा हो । त्यो साह्रै चञ्चल छ । त्यसले धेरै सताएको छ । अहिले तपाईंले मेरो सहयोग गर्नुभयो । अब त्यसले मलाई केही गर्न सक्दैन । अब म तपाईंको कृपाबाट त्यसको सम्पूर्ण सेनालाई सखाप पार्नेछु ।' यसरी आकाशमा देवान्तकले शक्तिसँग कुरा गरिरहेको समयमा तलबाट हेरिरहेका काशिराजले ती सबै कुरा सुनिरहेका थिए ।।१८-२०।। कुरा सुनेपछि श्रीगणेशका सामु गएर उहाँलाई उद्बोधन गर्दै काशिराजले भने ।

काशिराजले भने- हे श्रीगणेश ! हजुर भूत, वर्तमान र भविष्यत्का ज्ञाता हुनुहुन्छ, तर किन हो देवान्तक दैत्यले तपाइँमाथि मायाको प्रयोग गरिरहेको छ, तपाइँ थाहा पाउनुहुन्न ।।२१।। दैत्यले गन्धर्वसेना प्रयोग गरी तपाईंलाई समेत नाचगानमा लठ्यायो। निद्रास्त्रको प्रयोग गरी युद्धको मैदानमा लडिरहेका तपाइँको सेनाका जवानहरूलाई निद्रामा पुऱ्यायो । अभिचार गरेर तान्त्रिक प्रक्रियाद्वारा एउटी राक्षसकै आकारकी शक्ति पैदा गऱ्यो। अहिले त्यो शक्ति आकाशमा पुगेकी छ । त्यसले तपाइँको सम्पूर्ण सेनाको विनाश गर्नेछ, तपाइँ सावधान हुनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवं नृपवचः श्रुत्वा सावधानमना विभुः ।।२३।।

बुद्ध्वा तज्ज्ञानदृष्ट्यैव सर्वं मायामयं तदा ।
शरद्वयं विनिष्कृष्य मन्त्राभ्यां परिमन्त्र्य च ।।२४।।

घण्टास्त्रेण खगास्त्रेण श्रोत्राकर्षणसम्भ्रमात् ।
विनायको मुमोचाऽथ तौ बाणौ वेगवत्तरौ ।।२५।।

गर्जन्तौ घनवद्रुक्मपुङ्खौ मारुतवेगिनौ ।
सहसाच्छादयन्तौ च सहस्त्रकरमण्डलम् ।।२६।।

घण्टानादः समभवन् महान् सर्वविमोहनः ।
ततो घण्टास्वनान् श्रुत्वा प्रोत्तस्थुः सर्वसैनिकाः ।।२७।।

सिद्धयः सर्ववीराश्च युयुधुः शस्त्रपाणयः ।
अपरस्तस्य सैन्येषु मुक्तो बाणः खगास्त्रतः ।।२८।।

ततः खगाः प्रादुरासन्नानारूपा महौजसः ।
पक्षवातेन तेषां तद्गान्धर्वं लयमागतम् ।।२९।।

अन्धकारं यथा सूर्यसारथेरुदयान्मुने ।
ततस्ते पक्षिणः सर्वे बभक्षुर्दैत्यसैनिकान् ।।३०।।

पक्षाघातहताः केचित् केचिच्चञ्चवग्रविक्षताः ।
केचिद् भीत्यैव पतिता दैत्याः प्राणान् विहाय च ।।३१।।

हाहाकारो महानासीद् दैत्यसैन्येषु सर्वशः ।
ततो देवान्तको रोषात् खड्गास्त्रं प्राहिणोत्तदा ।।३२।।

तस्य ध्वनिं समाकर्ण्य चुक्षुभे सैन्यसागरः ।
दिग्गजाश्च ततः खड्गा असङ्ख्याता विनिःसृताः।।३३।।

वह्निमन्तश्च सङ्घट्टात् सेनयोरुभयोरपि ।
अग्निदग्धास्तदा देवा निपेतुर्धरणीतले ।।३४।।

ब्रह्माजीले भन्नुभयो – काशिराजका कुरा सुनेर सावधान हुनुभएका श्रीगणेशले आफ्नो ज्ञानदृष्टिबाट सबै कुरा यथार्थमा बुझी जे कुरा भइरहेको छ, त्यो देवान्तकले प्रकट गरेको मायाको खेल हो भन्ने बुझ्नुभयो । त्यसपछि उहाँले दुइटा बाण तानेर मन्त्रबाट अभिमन्त्रित गरी प्रयोग गर्न आरम्भ गर्नुभयो।।२२-२४।। एउटा बाणलाई घण्टास्त्रले र अर्को बाणलाई खगास्त्रले अभिमन्त्रित गर्नुभयो । त्यसपछि उहाँले दुइटा प्रभावशाली बाणहरूको प्रहार गर्नुभयो । ती दुबै बाण शब्द गर्दै हावाको वेगमा लक्ष्यवेधन गर्न अगाडि गएका थिए । तिनले आफ्नो प्रभावबाट अग्नि र धुँवा पैदा गरी सूर्यमण्डललाई पनि ढाकिदिए। संसारलाई नै नादमय तुल्याउने घण्टाको महानाद घन्कियो र संसार मुग्ध भयो । घण्टाको स्वरबाहेक केही सुनिएन । त्यसबाट निदाइरहेका श्रीगणेशका सैनिकहरू पनि जागे ।।२५-२७।। अष्टसिद्धिहरू पनि सावधान भए र वीरहरू पनि उत्साहसम्पन्न हुँदै हातमा शस्त्रधारण गरी दैत्यका सैनिकहरूसँग युद्ध गर्न थाले । दैत्यसेनामाथि खगास्त्रद्वारा अभिमन्त्रित बाणको प्रहार गरिँदा युद्धको मैदानमा विचित्र रूपरङ्गका, अत्यन्त बलवान् र पराक्रमी चराहरू पैदा भए । तिनीहरू प्वाँख चलाएर तीव्र गतिमा उड्दा गन्धर्वास्त्रद्वारा पैदा भएका सम्पूर्ण नाच-गानहरू समाप्त भए ।।२८-२९।। जसरी सूर्यनारायणको उदयपछि अन्धकार समाप्त हुन्छ त्यसैगरी देवान्तकको मायाबाट पैदा भएका निद्रा र नाचगान समाप्त भएका थिए । त्यसपछि ती चराहरूले आफ्नो पुरुषार्थबाट दैत्यका सैनिकहरूलाई लुछी-लुछी खान थाले। तिनले केही वीरहरूलाई प्वाँखको प्रहार गरेर मारे र कसैलाई मुखको चुच्चोले ठुँगेर क्षतविक्षत तुल्याए। कुनै दैत्य त चराहरू देख्नासाथ आफै डराएर लडेका थिए । केही दैत्य चराहरूको दर्शन गर्नासाथ आत्तिएर मरेका थिए । त्यस बेला दैत्यसेनामा ठूलो हाहाकार भयो । हाहाकार सुनेपछि रिसाएको देवान्तकले श्रीगणेशको सेनामा खड्गास्त्रको प्रहार गर्‍यो ।।३०-३२।। खड्गास्त्रको ध्वनि सुनेर सेनाको सागर उर्लियो । असंख्य हात्ती र तरबारहरू त्यहाँ देखिए । दुबैतर्फका सैनिकहरूको परस्पर संघर्ष हुँदा तरबारहरूले घोटिएर आगो पैदा गरिरहेका थिए । त्यसै आगामा डढेका हजारौं देवताहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खगाश्च निहताः केचित् केचिद् दग्धास्तथाग्निना ।
अपरे ययुरन्तर्द्धिं दिशश्चाथ चकाशिरे ।।३५।।

असङ्ख्यखड्गप्रभया सेनाचक्षुर्महोमुषा ।
खड्गवृष्ट्या विनिहता देवाः पेतुर्धरातले ।।३६।।

केषाञ्चिद् बाहवश्छिन्नाः केषाञ्चिन्मस्तकाः कराः ।
जठरे जानुभागे च पृष्ठभागेऽपरा हताः ।।३७।।

निपेतुर्देवपुञ्जेषु मृतेषु च गतासवः ।
अष्टसिद्धिकृताः सर्वाः सेना एवं विनाशिताः ।।३८।।

असृङ्नद्यो दश दिशो याताः प्रेतवहास्तदा ।
विनायकस्ततो दृष्ट्वा दैत्यस्याद्भुतविक्रमम् ।।३९।।

बाणं निष्कास्य सुदृढं वज्रास्त्रेणाभिमन्त्र्य च ।
आक्रन्दनेन महता दैत्यसैन्ये मुमोच तम् ।।४०।।

पर्वताश्च द्रुमास्तस्य शब्देन पतिता भुवि ।
तदस्त्रानलसंयोगाद् दिग्दाहः समजायत ।।४१।।

देदीप्यमानं सहसाच्छादयन् रविमण्डलम् ।
पक्षिणो निहता दग्धास्तेजसा तस्य केचन ।।४२।।

खण्डितं तेन सहसा खड्गास्त्रं तत्सहस्रशः ।
निर्ददाह तदा दैत्यसेनां वज्रैरनेकशः ।।४३।।

सहस्रशो निहन्यन्ते एकया वज्रधारया ।
यते यतोऽगमद् दैत्यस्तत्र तत्रापतच्च तत् ।।४४।।

चुचूर्ण मस्तकान् पादान् हस्तान् स्कन्धानुरूनपि ।
धरां भित्त्वा गता दैत्यास्तानप्यथ जघान तत् ।।४५।।

एवं सर्वे हता दैत्या वज्रैस्तीक्ष्णैः सहस्रशः ।
ततो देवान्तकं जग्मुस्तानि वज्राणि सर्वशः ।।४६।।

सोऽपि बाणं समादाय मन्त्रयामास यत्नतः ।
रौद्रास्त्रेणाथ संयोज्य धनुषः कर्षणेन तम् ।।४७।।

ससर्ज परसैन्येषु शिवनामाङ्कितं शुभम् ।
नादयन् गगनं सोऽथ दिशश्च विदिशोऽपि च ।।४८।।

पृथिवीमा लडे ।।३३-३४।। केही चराहरू मरे, केही आगोमा डढे, केही अन्तरिक्षमा पुगे र केही दिशा-विदिशातर्फ लागे । देवान्तकले पैदा गरेका करोडौं तरबारहरूको कान्तिले देवसेनाका जवानहरूका आँखा भ्रान्त बनेका थिए । तरबारको वर्षा हुँदा घाइते भएका देवताहरू भुइँमा लडेका थिए । कति देवताहरूका हातै काटिए र कतिका टाउका गिंडिए । देवसेनाका हजारौं सैनिकहरू पेटमा, घुँडामा र पिठ्यूँमा पनि घाउ लागेर मरे ।।३५-३७।। केही देवसैनिक लाशमाथि ढलिरहेका थिए, केही बाँचेका देवताहरूका बीचमा गई बेहोश भएर पल्टिरहेका थिए । यसरी अष्टसिद्धिले पैदा गरेका सबै सैनिकहरूलाई देवान्तकले मार्‍यो ।।३८।। त्यसबाट रगतका खोलाहरू दसै दिशामा बग्न थाले । तिनमा मरेका वीरका लाशहरू बगिरहेका थिए । त्यसपछि श्रीगणेशले देवान्तक दैत्यको अद्भुत पराक्रम देखेर एउटा बाण निकाल्नुभयो । त्यसलाई वज्रास्त्रले अभिमन्त्रित गर्नुभयो । त्यसपछि दैत्यसेनामा प्रहार गरिएको त्यस बाणले पर्वत ढले, रूखहरू लडे र अस्त्रहरूको संघर्षबाट फेरि अग्निज्वाला पैदा भयो।।३९-४१।। चारै दिशामा आगो लाग्यो। त्यस अग्निज्वालाले सूर्यमण्डललाई पनि ढाक्यो । आकाशमा उडिरहेका चरा डढेर भुइँमा खस्न थाले । वज्रास्त्रबाट देवान्तकले प्रहार गरेका खड्गास्त्रहरू समाप्त भए । श्रीगणेशको वज्रास्त्रले दैत्यसेनालाई डढाएर मार्‍यो।।४२-४३।। एक पटक एउटा वज्रको प्रहार गर्दा एक हजार दैत्यहरू मर्ने गर्थे । जहाँ-जहाँ दैत्यहरू भागेर पुग्थे, वज्रहरू पनि त्यहाँ-त्यहाँ गई तिनका शरीरलाई क्षतविक्षत तुल्याउँथे । वज्रास्त्रले दैत्यसेनाका वीरहरूको निधार टुक्रा पारी खुट्टा, हात, काँध, छातीजस्ता अङ्गप्रत्यङ्गलाई क्षतविक्षत तुल्यायो। पृथिवीलाई भेदन गरेर रसातलतर्फ गएका दैत्यलाई पनि वज्रास्त्रले छानी-छानी मार्‍यो ।।४४-४५।। यसरी भगवान् श्रीगणेशद्वारा पैदा गरिएका र तीखो धार भएका वज्रहरूले सबै दैत्यहरूलाई मारे । त्यसपछि ती सबै वज्रहरू देवान्तकका नजिकमा पुगे । आफ्नासामु वज्रको राशि देखेर त्यसले पनि एउटा बाण हातमा लियो र रौद्रास्त्रले अभिमन्त्रित गर्‍यो। त्यसले धनुमा बाण जोडी ताँदो तान्यो र शिवनामबाट अङ्कित बाणप्रहार गर्‍यो । त्यो बाण आकाशलाई शब्दायमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वमन्नग्निकणान् दिक्षु प्रलयानलसन्निभः ।
भूलोका देवलोकाश्च भयाद् याता दिशो दश ।।४९।।

विनायकस्य सैन्येषु महाकोलाहलो ह्यभूत् ।
तस्मिन्निपतिते बाणे पुरुषो घोरदर्शनः ।।५०।।

निःसृतो भीषणमुखस्त्रैलोक्यं ग्रासयन्निव ।
जटिलो दीर्घहस्तश्च दीर्घपादो महोदरः ।।५१।।

धराधरो व्योमगोष्ठो गिरिजिह्वो भयानकः ।
वज्रास्त्रं भक्षयामास क्षणात् स पुरुषो महान् ।।५२।।

विनायकं हन्तुकामो ययौ तस्यान्तिकं क्षणात् ।
ततो विनायकः शीघ्रं ब्रह्मास्त्रं समयोजयत् ।।५३।।

मन्त्रेण शतसङ्ख्येन सायके वेगवत्तरे ।
आकर्णकर्षणाद् देवो मुमोच सहसा च तम् ।।५४।।

चकम्पे तस्य शब्देन तारेण भुवनत्रयम् ।
विस्फुलिङ्गैर्दिशो दग्धा न प्राज्ञायत किञ्चन ।।५५।।

ततोऽपि पुरुषो जज्ञे तादृशोऽतिभयानकः ।
तावुभौ युद्धतो व्योम्नि परस्परजयैषिणौ ।।५६।।

नानाविधं मल्लयुद्धञ्चक्रतुस्तौ महाबलौ ।
क्षणेनान्तर्हितौ चोभौ न दृश्येतेऽथ कुत्रचित् ।।५७।।

बनाउँदै र चारै दिशामा अग्निका ज्वाला बर्साउँदै प्रलयकालको अग्निजस्तै भएर लक्ष्यवेधन गर्न थाल्यो । पृथिवीलोक र देवलोकका मानिसहरू डरले भाग्न थाले ।।४६-४९।। श्रीगणेशको सेनामा ठूलो कोलाहल भयो । रौद्रास्त्रको प्रयोगपछि एउटा डरलाग्दो पुरुष पैदा भयो । त्यसको अनुहार भयङ्कर थियो । स्वर्ग, मर्त्य र पाताललाई एकैचोटि निल्न आँट गर्ने, जटाधारी, लामा हात भएको, ठूलो पेट भएको, पृथिवीलाई धारण गर्न सक्ने, आकाशलाई एउटा गोठबराबरको मान्ने, पर्वतसमान जिब्रो भएको त्यस राक्षसले श्रीगणेशद्वारा प्रयोग गरिएको वज्रास्त्रलाई समाप्त पारिदियो।।५०-५२।। त्यसपछि श्रीगणेशमाथि आक्रमण गर्न चाहने त्यो दैत्य उहाँको समीपमा पुग्यो। रौद्रास्त्रको प्रयोगबाट उत्पन्न भई सम्पूर्ण देवसेनालाई सखाप पार्ने त्यो घोरपुरुषलाई देखेर विनायकले तुरुन्तै ब्रह्मास्त्रप्रहार गर्ने तयारी गर्नुभयो । उहाँले सय पटकसम्म मन्त्र जपी एउटा अत्यन्त तेजिलो बाण हातमा लिएर कानसम्म ताँदो तानी प्रहार गर्दा त्यसको उच्च स्वरले त्रिलोकी नै कम्पायमान भयो । त्यस बाणबाट निस्केका आगाका फिलुङ्गाहरूले दिशाहरू डढ्न थाले र कहीं केही देखिएन ।।५३-५५।। त्यसपछि त्यस भयानक पुरुषका साथमा श्रीगणेशले मल्लयुद्ध आरम्भ गर्नुभयो । ती दुबै वीर जमिन र आकाशमा मल्लयुद्ध गरिरहेका थिए । एकले अर्कालाई जित्न चाहन्थे। दुबै पराक्रमी थिए । तिनले युद्धमा अनेक थरि मल्लयुद्धका कला देखाए। त्यसपछि लड्दालड्दै त्यो भयङ्कर पुरुष र गणेश दुबै अन्तर्धान भए।।५६-५७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे भयानकास्त्रयुद्धं नामाष्टषष्टितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेश र देवान्तकको भयङ्कर अस्त्रयुद्ध' शीर्षकान्वित अठसठ्ठीऔं अध्याय पूर्ण भयो ।।६८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनसप्ततितमोऽध्यायः　　{ ६९ अध्याय }

क उवाच

ततो देवान्तकोऽतीव विस्मितोऽतर्कयत् तदा ।
यथा यथा मया माया क्रियतेऽस्य निवृत्तये ।।१।।

तथा तथाऽप्ययं बालो दर्शयत्येव पौरुषम् ।
कदायं निधनं यायात् कदा स्वप्स्ये गतश्रमः ।।२।।

इत्येवं चिन्तयाविष्टो धनुः सज्यमथाकरोत् ।
अभिमन्त्र्य शरं घोरं विससर्ज विनायके ।।३।।

स सायको बाणवर्षमनन्तं कृतवान् विभौ ।
शक्तिञ्च निर्ममे घोरां त्रैलोक्यग्रासससाहसाम् ।।४।।

ददर्श विघ्नराजस्तं तदङ्के दैत्यपुङ्गवम् ।
वर्षन्तं शरजालानि तीक्ष्णानि सुबहून्यपि ।।५।।

ततोऽष्टसिद्धयः शीघ्रमुड्डीय बलवत्तरम् ।
दध्रुस्तां सहसा शक्तिमानिन्युस्तं विनायकम् ।।६।।

आनीयमाना सा हस्तान्निःसृत्याऽथ पलायिता ।
रोषात् ताभिर्दैत्यपतिरानायि स कचग्रहात् ।।७।।

अणिमानं ततो दैत्यो जघान मुष्टिना दृढम् ।
मुष्टिघातं समासाद्य मूर्च्छिता निपपात ह ।।८।।

लघिमा गरिमा चाथ वशिमा तं महासुरम् ।
यावल्लत्ताप्रहारैस्तु निजघ्नुस्तावदेव हि ।।९।।

दैत्येन विधृता वेगाच्चरणेषु पृथक् पृथक् ।
यावदास्फालयत् पृथ्व्यां निःसृतास्तावदेव ताः ।।१०।।

प्राकाम्यञ्चैव भूतिश्च जघ्नतुस्तं ततो बलात् ।
पपात भूतले दैत्यो वमन्नग्निं मुखात् ततः ।।११।।

क्षणाल्लभ्य ततः संज्ञामारुरोह हयं दृढम् ।
शस्त्रपाणिर्वायुवेगो निजघान विनायकम् ।।१२।।

दृढासिघाताद् देवोऽथ किञ्चिन् मूर्च्छामवाप्तवान् ।
निमेषात् सावधानोऽभूदधावद् दैत्यनायकम् ।।१३।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि महादैत्य देवान्तक अत्यन्त चकित भएर तर्क गर्न थाल्यो - 'जसरी मैले नयाँ नयाँ मायिक सृष्टि गर्दै जान्छु, त्यसलाई हटाउन यी बालक श्रीगणेशले उत्तिकै प्रयास गरिरहेका छन् र उत्तिकै पुरुषार्थ देखाइरहेका छन् । कहिले यी मर्लान् र म आनन्दपूर्वक सपना देख्न पाउँला' ।।१-२।। यसरी चिन्तन गरेर हातमा धनु लिई बाणलाई मन्त्रद्वारा अभिमन्त्रित गरेर त्यसले श्रीगणेशको शरीरमा प्रहार गर्‍यो ।।३।। त्यो बाणले आकाशमा गई अनन्त बाणहरूको वर्षा गरायो र एउटा घोर आकारकी शक्तिलाई पनि पैदा गर्‍यो ।।४।। ती शक्ति तीनै लोकलाई एकै गासमा खानसक्ने सामर्थ्य सम्पन्न थिइन् । श्रीगणेशले शक्तिलाई र तिनका काखमा बसिरहेको देवान्तकलाई पनि देख्नुभयो। ती दुबै मिलेर श्रीगणेशको सेनामा तीखा बाणहरूको समूह बर्साइरहेका थिए।।५।। त्यत्तिकैमा श्रीगणेशको सेनामा रहेका अणिमा, महिमा, गरिमा आदि आठवटा सिद्धिहरू तुरुन्तै उडेर दैत्यले निर्माण गरेको शक्तिका सामु पुगे। आफ्नो सामर्थ्यबाट त्यस शक्तिलाई समातेर श्रीगणेशका समीपमा आए ।।६।। ल्याउँदा-ल्याउँदै ती शक्ति बाटैबाट अलप भइन्। रिसाएका अष्टसिद्धिहरूले शक्तिका स्वामी देवान्तकलाई केशमा समातेर ल्याए । त्यस बेला देवान्तकले आफ्नो मुड्कीले अष्टसिद्धिमध्येकी एउटी सिद्धि अणिमामाथि प्रहार गर्‍यो । अणिमा त्यस प्रहारबाट मूर्च्छित भएर भुइँमा लडिन् ।।७-८।। लघिमा, गरिमा र वशिमा नामक शक्तिहरूले देवान्तक दैत्यलाई समातेर आफ्ना खुट्टाले प्रहार गरे । त्यसै बेलामा अचानक उठेको दैत्यले तीनवटै शक्तिलाई समातेर पछार्‍यो । त्यो दृश्य देखेर प्राकाम्य सिद्धि र विभूतिहरू आएर दैत्यमाथि प्रहार गर्न थाले। त्यो दैत्य पनि मुखबाट अग्निको ज्वाला वमन गर्दै भुइँमा लड्यो ।।९-११।। एक मुहूर्तपछि होशमा आएर त्यो घोडामा सवार भयो । हातमा शस्त्र नचाउँदै वायुवेगले श्रीगणेशका सामु गएर प्रहार गर्न थाल्यो ।।१२।। देवान्तकको कठोर प्रहारबाट श्रीगणेश पनि केही बेर मूर्च्छित हुनुभयो । एकछिनपछि नै होशमा आएर श्रीगणेश दैत्यराज देवान्तकलाई मार्न भनी दौड्नुभयो।।१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिरण्यकशिपुं विष्णुर्यथा वृत्रं शचीपतिः ।
शरञ्च कमलं पाशमङ्कुशञ्च चतुःकरैः ।।१४।।

बिभ्राणः शुशुभे वीरश्रिया परमया ज्वलन् ।
गर्जित्वा घनवद् देवो जघान दैत्यपुङ्गवम् ।।१५।।

चतुर्भिरायुधैर्वेगान्न चचाल तथापि सः ।
आश्चर्यं परमं प्राप दृष्ट्वा शस्त्रं वृथागतम् ।।१६।।

वज्रात् सारतरं मेने दैत्यदेहं विनायकः ।
ततो देवो राक्षसस्य धूम्राक्षस्य महायुधम् ।।१७।।

वज्रं सञ्चूर्णयन् सूर्यमण्डलादागतं तु यत् ।
तदादायाऽहनत् तेन दैत्यं तच्छतधाऽभवत् ।।१८।।

न रोमापि चचालाऽस्य तदप्याश्चर्यमुत्तमम् ।
ततो नानाशस्त्रघातैर्जघ्नतुस्तौ परस्परम् ।।१९।।

मस्तके पृष्ठभागे च हृदये बाहुमण्डले ।
ततः शस्त्रविघातेन जातो वह्निर्वसुन्धराम् ।।२०।।

ददाह न च तौ भीतौ युद्धमेवान्वपद्यत ।
निशीथे तमसा व्याप्ते विरामं न समीयतुः ।।२१।।

ततः कृत्रिमदीप्त्या तौ परस्परमयुध्यताम् ।
ततो मायां रौद्रकेतुश्चक्रे सुरविमोहिनीम् ।।२२।।

अदितिं सुन्दरां कृत्वा दैत्यहस्ते न्यवेशयत् ।
पद्मनेत्रां पीनकुचां कुङ्कुमारक्तभालिकाम् ।।२३।।

मुक्ताहारां सुवलयां दिव्यांशुकविराजिताम् ।
लावण्यलहरीं रुक्मविलसद्दिव्यकञ्चुकाम् ।।२४।।

जसरी भगवान् नृसिंह हिरण्यकश्यपुलाई मार्न दौड्नुभएको थियो जसरी इन्द्र महाराज वृत्रासुरलाई मार्न दौडेका थिए त्यसैगरी श्रीगणेश पनि देवान्तकलाई मार्न दौड्नुभएको थियो। त्यस बेला भगवान् श्रीगणेशले चार हात भएको आफ्नो स्वरूप प्रकट गर्नुभयो। ती हातहरूमा बाण, कमल, पाश र अङ्कुश धारण गर्नुभयो। अत्यन्त आनन्ददायक शोभाले चहकिलो बन्नुभएका श्रीगणेशले बादलझैं गर्जेर दैत्यमाथि प्रहार गर्न थाल्नुभयो ।।१४-१५।। चारै हातबाट शस्त्रहरूको प्रहार गर्दा पनि त्यो दैत्य विचलित भएन । श्रीगणेश आफ्ना शस्त्रहरूलाई खेर गइरहेको देखेर आश्चर्यमा पर्नुभयो ।।१६।। उहाँले दैत्यको शरीरलाई वज्रभन्दा पनि कठोर भएको स्वीकार गर्नुभयो । त्यसपछि धूम्राक्ष नामक दानवबाट खोसेर लिएको महाशस्त्र वज्रलाई हातमा रिंगाउँदै प्रहार गर्नुभयो । त्यो वज्र बरु सय टुक्रा भएर खस्यो तर त्यस दैत्यलाई केही पनि भएन। यस्तो दृश्य देखेर श्रीगणेश अत्यन्तै चकित हुनुभयो । त्यसपछि दुबै वीरहरू उन्मत्त भएर युद्धको मैदानमा परस्पर प्रहार गर्दै लामो युद्धका लागि तयार भए ।।१७-१९।। दुबैले दुबैका निधार, पिठ्यूँ, छाती र भुजाहरूमा प्रहार गर्दै युद्ध गरे। परस्पर युद्ध गर्दा शस्त्रहरूको सङ्घर्षबाट अग्निको ज्वाला पैदा भयो । त्यसले पृथिवीलाई डढायो तर ती दुबै वीर कत्ति पनि विचलित नभएर युद्ध गरिरहे । दिन ढल्यो, रात पर्‍यो, चारैतिर अन्धकार छायो तर ती दुई वीरले विश्राम लिएनन् ।।२०-२१।। ती दुबै आफ्नो शक्तिबाट कृत्रिम प्रकाश पैदा गरी लड्न थाले । त्यसपछि देवान्तकका पिता रौद्रकेतुले आफ्नो छोरा देवान्तकको निरन्तर युद्धयात्रा देखेर त्यसलाई विजयी बनाउन उपाय रचे। तिनले श्रीगणेशकी आमा अदितिको नयाँ स्वरूप तयार गरी आफ्नो छोरा देवान्तकका हातमा सुम्पिदिए। नयाँ बनेकी अदिति गणेशकी आमाभन्दा कत्ति पनि फरक थिइनन् । तिनका आँखा कमलजस्ता र स्तनहरू गोल एवं सुडौल थिए। तिनको निधारमा कुङ्कुमको टीका सुहाएको थियो र तिनले मोतीको हार लगाएकी थिइन् । तिनका हातमा सुनका बाला चम्किरहेका थिए र तिनले रेशमी वस्त्रधारण गरेकी थिइन् । तिनको शरीरबाट सौन्दर्यका किरणहरू छुटिरहेका थिए । तिनले लगाएको चोलीमा सुनका तारहरू जडिएका थिए । तिनले श्रीगणेशलाई हेरिन् र रुँदै भनिन् - 'बाबु गणेश ! तिमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनायकं निरीक्ष्यैव रुरोद दैत्यहस्तगा ।
धाव धावेति तं प्राह त्रासिताऽहं किमीक्ष्यसे ।।२५।।

एवं ब्रुवत्या दैत्योऽस्याश्चिच्छेद कञ्चुकीं बलात् ।
अंशुकञ्च चकर्षाऽस्या मदेनाविष्टचेतसा ।।२६।।

उच्चैरुवाच देवं सा क्व गता पुरुषार्थता ।
लोकलज्जाभयान्मां त्वं निःस्नेहाशु विमोचय ।।२७।।

विनायको निरीक्ष्यैतां वाष्पकण्ठो रुषान्वितः ।
न सस्मार विचारं स शस्त्राणि ज़गलुः करात् ।।२८।।

शुशोच मम मातेयं कथमस्य करे गता ।
धिग्जन्म यस्य जननी गताऽवस्थां दुरत्ययाम् ।।२९।।

देवानां जननी चैव सम्प्राप्ता दुष्टसङ्गतिम् ।
काशिराजोऽपि तं दृष्ट्वा शोचन्तं गणनायकम् ।।३०।।

स्वयं शुशोच बहुधा लोकोऽपि नगरे स्थितः ।
ततो देवान्तको देवं जगर्हे बहुधा तदा ।।३१।।

धिग्जन्म पौरुषं तेऽद्य न प्राणं त्यजसे कथम् ।
निर्लज्जोऽसि मुखं लोके दर्शयस्येव योऽधुना ।।३२।।

त्वत्समीपं हनिष्येऽस्याः शिरः कायात् खलाधुना ।

क उवाच

इति तन्निष्ठुरं वाक्यं श्रुत्वा देवो विनायकः ।।३३।।

तर्कयामास मनसि सत्यमेव वदत्ययम् ।
प्राणत्यागाय किं कार्यं विषं वा पाशबन्धनम् ।।३४।।

भाग, युद्ध नगर, म राक्षसको हातमा परेकी छु र भयभीत छु । मलाई यस्तो अवस्थामा देखेर तिमी युद्ध गर्दछौ भने यी दैत्यहरूले मलाई मारिदिनेछन् ।' यसरी दैत्यको हातमा परेकी श्रीगणेशकी माता अदिति रोइरहेकी थिइन् ।।२२-२५।। त्यस बेला देवान्तक दैत्यले तिनले लगाएको चोली फुकाइदियो र तिनको शरीरलाई वस्त्रहीन तुल्यायो। कामावेशमा आएर तिनसँग कुकर्म गर्ने चेष्टा गऱ्यो । त्यसै बेला अदितिले रुँदै भनिन् - 'हे छोरा ! तिमी आफ्नी आमालाई परपुरुषले यो हालतमा पुऱ्याउँदा पनि हेरिरहेका छौ। तिम्रो पुरुषार्थ कहाँ गयो ? के तिमीलाई लोकको लाज लाग्दैन ? यदि लोकको लाज लाग्छ भने मलाई यस राक्षसको हातबाट मुक्त गर ।'।।२६-२७।। आमाको यस्ता प्रार्थना सुन्नुभएपछि श्रीगणेश उहाँका दयनीय अवस्था देखेर मुक्तकण्ठले रुन थाल्नुभयो। एकातिर आँखाबाट आँसुका धारा बर्सिरहेका थिए भने अर्कोतिर आमालाई त्यस हालतमा पुऱ्याएको कारणबाट क्रोधको आगो पनि दन्किरहेको थियो । श्रीगणेशले केही विचार गर्न सक्नुभएन । शस्त्रहरू उहाँका हातबाट आफै नै खसे । उहाँका मनमा कुराहरू खेल्न थाले- 'कश्यप ऋषिकी पत्नी र मेरी माता अदिति आज कसरी दैत्यको हातमा पर्नुभयो ? मेरो जन्म धिक्कार छ, जसकी आमाले आज यो अवस्था बेहोर्नुपरेको छ । देवताहरूकी आमा अदितिलाई पनि आज दुष्टको सङ्गतमा पर्नुपऱ्यो।' श्रीगणेशको दयनीय र चिन्तनीय अवस्था देखेर काशिराजसहित त्यहाँ रहेका नर-नारीहरू चिन्तित भए । त्यसै बेला देवान्तक त्यहाँ आइपुग्यो र त्यसले गणेशको मुखमा हेर्दै भन्यो- 'हे गणेश! तिमीलाई धिक्कार छ । तिम्रो जन्म धिक्कार छ । तिम्रो पराक्रम धिक्कार छ । किन प्राण छोड्दैनौ ? आमाको यो अवस्था हुँदा पनि तिमी कसरी बाँचिरहेका छौ ? लाज लाग्दैन ? अब संसारका सामु कसरी मुख देखाउँछौ ?।।२८-३२।। हे गणेश! अहिले म तिम्रै सामु तिम्री आमालाई मारिदिनेछु । तिम्री आमाको टाउकोलाई शरीरबाट छुट्याएर भुइँमा खसाइदिनेछु ।'

ब्रह्माजीले भन्नुभयो - देवान्तक दैत्यका यी निष्ठुर वचन सुनेर गणेशले विचार गर्नुभयो - 'यो राक्षसले सही कुरा बोलेको छ । म बाँच्नु धिक्कार छ । प्राणत्याग गर्नका निमित्त के गरूँ ? विषपान गरूँ अथवा पासो लगाऊँ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदरे शस्त्रसङ्घातः कार्यो वा मृत्युहेतवे ।
इत्थं यावच्चिन्तयते दुःखशोकसमन्वितः ।।३५।।

तावदाकाशवाणीं स शुश्राव च विनायकः ।

आकाशवाणी उवाच

मायेयं रचिता देव ! दैत्येन दुष्टबुद्धिना ।।३६।।

अवधेहि रणायत्तो भूत्वा जहि निजं रिपुम् ।
ततः स सावधानोऽभूज्ज्ञात्वा मायामयीं तु ताम् ।।३७।।

जहर्ष च महाबुद्धिर्दैत्यं हन्तुं प्रचक्रमे ।
स्मृत्वा च तद्वरं शम्भुदत्तं तस्मै दुरात्मने ।।३८।।

उषःकालं विना सर्वशस्त्राणि च वृथा त्वयि ।
एवं तस्य वरं ज्ञात्वा प्रातर्युद्धाय निर्ययौ ।।३९।।

दैत्योऽपि पुरतोऽपश्यद् युद्धान्ते तं विनायकम् ।
आरक्तनयनं भ्राजन्मुकुटं कुण्डलोज्ज्वलम् ।।४०।।

दन्तप्रकाशरुचिरं मुक्तादामविभूषितम् ।
दिव्याम्बरं सुधामानं व्योमस्पृक्पुष्करं विभुम् ।।४१।।

दृष्ट्वा देवान्तको रूपं बिभाय च विसस्मरे ।
अर्द्धं नरशरीरं किमर्द्धं गजसमं परम् ।।४२।।

अथवा सम्पूर्ण शस्त्रास्त्रले आफ्नो पेटमा प्रहार गरेर मरूँ ?' यसरी चिन्ता गर्दागर्दै श्रीगणेश दुःख र शोकले व्याकुल हुनुभयो ।।३३-३५।। त्यसै बेला उहाँले आकाशवाणी सुन्नुभयो।

आकाशवाणीले भनिन्- 'हे गणेश ! दुष्टबुद्धि भएको देवान्तकले तपाईंलाई फँसाउन माया देखाएको छ। ती तपाईंकी आमा अदिति होइनन्। त्यस कारण यस दैत्यलाई तपाईंले छिटो मारिदिनुहोस् ।' आकाशवाणी सुनेर श्रीगणेश सावधान हुनुभयो । दैत्यले देखाएकी अदिति वास्तविक अदिति नभई मायाद्वारा निर्माण गरिएकी रहेछन् भन्ने बुझेर खुसी हुनुभयो र त्यस मायावी दैत्यलाई मार्नका लागि उपायको चिन्तन गर्नुभयो। श्रीगणेशले संझनुभयो- 'यसले शिवको आराधना गरी वरदान प्राप्त गरेको छ। त्यसैले गर्दा यो अहिले अजेय बनेर रहेको छ। प्रातःकालमा मात्र यसलाई मार्न सकिन्छ । दिन र रातमा यो कहिल्यै पनि परास्त हुँदैन । अरू बेला प्रहार गरिएका शस्त्रास्त्र व्यर्थ हुन्छन्। यसले यस किसिमको वरदान पाएको छ ।' यसरी संझना गरेपछि श्रीगणेश प्रातःकालमा युद्धका लागि निस्कनुभयो ।।३६-३९।। दैत्यले पनि एकाबिहानै आफूसँग लड्न आएका श्रीगणेशलाई देखेर युद्ध गर्ने विचार गऱ्यो । त्यस बेला भगवान् श्रीगणेशका आँखा राता थिए र शरीरमा सुन्दर मुकुट सुहाएको थियो, कानमा कुण्डल हल्लिरहेका थिए र दाँतबाट सेतो प्रकाशका किरणहरू प्रकट भइरहेका थिए । उहाँले मोतीको माला धारण गर्नुभएको थियो । उहाँ दिव्य वस्त्र पहिरी सुन्दर सूँढले सुहाउनुभएको थियो । देवान्तक दैत्यले श्रीगणेशको यो रूप देखेर भयको अनुभव गऱ्यो । श्रीगणेशको आधा मानिस र आधा हात्तीको विचित्र स्वरूपबाट मेरो मृत्यु हुने हो कि भन्ने तर्क देवान्तकले गऱ्यो ।।४०-४२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे मायाप्रदर्शनं नामैकोनसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवान्तकद्वारा मायाप्रदर्शन' शीर्षकान्वित उनान्सत्तरीयौं अध्याय पूर्ण भयो ।।६९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्ततितमोऽध्यायः { ७० अध्याय }

क उवाच

एवं वदति यावत् स भयभ्रान्तः सुरान्तकः ।
तावद् देवो दधारैनमुत्सङ्गे लघुबालवत् ।।१।।

कृत्वा पद्मासनञ्चारु गणेशः स्वप्रभावतः ।
उवाच चैनं दैत्येन्द्रं वरं स्मर निजं शुभम् ।।२।।

स दैत्यो रदनञ्चास्य धृत्वा हस्तद्वयेन ह ।
दोलयामास देहं स्वमन्तरिक्षे मुहुर्मुहुः ।।३।।

यावत् पपात भूपृष्ठे भङ्क्त्वा दन्तं सुरान्तकः ।
तावद् दधार तं देवः स्वदन्तं लाघवाद् विभुः ।।४।।

अहनत् तेन दन्तेन मस्तके तं सुरान्तकम् ।
जगर्ज च महारावैर्गर्जयन् विदिशो दिशः ।।५।।

चालयन् पृथिवीं सर्वां पातालान्यखिलानि च ।
द्विजाघातेन शतधाऽकारि देहोऽस्य तत्क्षणात् ।।६।।

असृग्वृष्टिः पपाताशु गगनान्मेघवृष्टिवत् ।
उत्पातं मेनिरे लोकाः सर्वे भूतलवासिनः ।।७।।

दैत्यदेहगतं ज्योतिस्तं विवेश विनायकम् ।
पश्यतां सर्वदेवानां प्रधनालोकितं पुनः ।।८।।

देहस्तु निपपाताऽस्य धरापृष्ठे त्रियोजनम् ।
चूर्णयन् वृक्षसङ्घातान् पर्वतान् पादपैर्युतान् ।।९।।

एवं दृष्ट्वा गतिं तस्य सैनिकाश्च दिशो दश ।
याताश्च कतिचिन्नाशं प्राप्तास्तद्देहपाततः ।।१०।।

मुमुचुः पुष्पवर्षं ते देवाः स्वस्थानमागताः ।
देवदुन्दुभयो नेदुर्नृपदुन्दुभिनिस्वनैः ।।११।।

दिशश्च विमला आसन् ववुर्वाताः सुखावहाः ।
तेजांसि वह्नेर्लोकानां प्रसन्नानि तदाऽभवन् ।।१२।।

प्रतिकूलवहा नद्य आसन् सन्मार्गगास्तथा ।
ततः शक्रादयो देवा मुनयस्तं पुपूजिरे ।।१३।।

ब्रह्माजीले भन्नुभयो – यसरी देवान्तकले भयभीत भएर विचार गरिरहेको बेलामा श्रीगणेशले देवान्तकलाई समातेर सानो बालकलाई झैं काखमा राख्नुभयो र पद्मासन कसेर बस्नुभयो । त्यसपछि उहाँले दैत्यराजलाई भन्नुभयो – 'तिमीले आफूले शिवबाट पाएको वरदानको संझना गर।' श्रीगणेशले यसो भनिरहनुभएको समयमा त्यो दैत्य श्रीगणेशका दुइटा दाँत खेलाउँदै उहाँको शरीरलाई हल्लाइरहेको थियो । त्यसै बेला त्यसले उहाँका दुबै दाँत फुकाल्यो । रीसमा आउनुभएका श्रीगणेशले त्यसले फुकालेका दाँत समातेर त्यसको निधारमा प्रहार गर्दै ठूलो गर्जन गर्नुभयो । श्रीगणेशको गर्जनबाट पृथिवी, पाताल र स्वर्गलोकसमेत कम्पायमान भए ।।१-५।। श्रीगणेशले दाँतबाट प्रहार गर्दा देवान्तकको शरीरका सयभन्दा बढी टुक्रा बनेका थिए । रगतको धारा बगिरहेको थियो। घोर आँधीबेहरी चलेको थियो । यो देखेर सम्पूर्ण पृथिवीका नर-नारीहरूले उत्पात आएझैं माने ।।६-७।। त्यस बेला दैत्यको शरीरमा रहेको ज्योतिले सहसा श्रीगणेशको शरीरमा प्रवेश गर्‍यो। दैत्यको शरीर ६ कोशसम्म फैलिएको थियो । त्यो शरीर भुइँमा खस्दा हजारौं वृक्षहरू लडेका थिए । देवान्तकको मृत्यु भएपछि त्योसँग आएका दैत्य सैनिकहरू दसै दिशातर्फ भागे । कति घाइते भए र केही मरे ।।८-१०।। त्यसै बेला आकाशबाट देवताहरूले फूल बर्साएर दमाहा बजाए । संसारको एउटा काँडो झिकिएको थियो । मानिसका मन प्रसन्न भए र दिशाहरू निर्मल भए । संसारमा सुखदायक हावा चल्न थाल्यो र अग्निका ज्वाला प्रसन्न भएर बल्न थाले । बाटो छोडेर बग्ने नदीहरू आफ्नो प्रवाहमार्गमा आइपुगे । यस शुभमुहूर्तमा इन्द्रआदि देवताहरू श्रीगणेशका सामु आई प्रणाम गर्दै पूजा गर्न थाले । त्यसपछि ती सबैले श्रद्धापूर्वक देवताका पनि देवता श्रीगणेशको बन्दना गरे। देवान्तक दानवले कारागारमा थुनेर राखेका देवताहरू पनि त्यहाँबाट मुक्त भएर श्रीगणेशका सामु आई प्रार्थना गरिरहेका थिए । ती सबैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुष्टुवुः परया भक्त्या देवदेवं विनायकम् ।
विमोचिता वयं बन्धाद् देवान्तककृताद् विभो ।।१४।।

उपेन्द्र इव देवेन्द्रकार्यं यस्मात् कृतं त्वया ।
उपेन्द्र इति नाम्ना त्वं ख्यातिं लोके गमिष्यसि ।।१५।।

वयं स्वस्वाधिकारेषु निरातङ्का वसामहे ।
स्वाहास्वधावषट्कारा भविष्यन्ति गृहे गृहे ।।१६।।

एवमुक्त्वा नमस्कृत्य देवं ते च प्रदक्षिणम् ।
अनुज्ञाता ययुः सर्वे स्वं स्वं स्थानं मुदान्विताः ।।१७।।

मुनयश्च तदा देवैर्हृषीकेशेति नाम च ।
कृत्वा नत्वा ययुः स्वं स्वमाश्रमं हर्षनिर्भराः ।।१८।।

ततः सर्वे धराधीशाः सम्पूज्य च प्रणम्य च ।
ऊचुर्विनायकं देवमुद्धृता धरणी त्वया ।।१९।।

दैत्यभारभराक्रान्ता तस्मात् त्वं धरणीधरः ।
इत्युक्त्वा ते गताः स्वस्वपत्तनानि तदाज्ञया ।।२०।।

ततः पश्चात् पश्यति स्म काशिराजो विनायकम् ।
सिंहारूढं बालरूपं क्रीडन्तं बालकैः सह ।।२१।।

बालोऽपि तं नृपं दृष्ट्वा लिलिङ्ग परमादरात् ।
उभावानन्दभरितौ मुञ्चतोऽश्रूणि नेत्रतः ।।२२।।

तत ऊचे नृपो देवं महद् भाग्यं ममोदितम् ।
ब्रह्मादीनामगम्यं यत् परं ब्रह्म सनातनम् ।।२३।।

तन्मे दृग्गोचरं नित्यं पूर्वपुण्यफलोदयात् ।
विश्वस्य कारणानाञ्च कारणं तद्विवर्जितम् ।।२४।।

वेदान्तवेद्यं सज्जोतिर्ज्योतिषामपि भास्वरम् ।
नानारूपमरूपं यद् बालरूपेण मे गृहे ।।२५।।

क्रीडते स्वेच्छया पृथ्वीभारहारि मनोहरम् ।

भने– 'हे श्रीगणेश! भगवान् वामनले दैत्यहरूको संहार गरेर जसरी देवताहरूको उपकार गर्नुभएको थियो । त्यसैगरी हजुरले पनि हाम्रो उपकार गर्नुभएको छ । अबदेखि हजुर पनि उपेन्द्रका नामबाट संसारमा प्रख्यात हुनुहुनेछ ।।११-१५।। हामी देवताहरू आ-आफ्नो धाममा गएर कर्तव्य पालन गर्नेछौं । पृथिवीमा पनि घर-घरमा देवपूजा, पितृश्राद्ध आदि सत्कर्म हुनेछन् ।' यसरी निवेदन गरेर प्रदक्षिणा गर्दै भगवान् श्रीगणेशलाई नमस्कार गरी उहाँको आज्ञा पाएर ती सबै देवताहरू आ-आफ्नो धामतर्फ फर्किए ।।१६-१७।। देवताहरू गएपछि ऋषिहरू पनि भगवान् श्रीगणेशलाई नमस्कार गरेर भगवान्‌को हृषीकेश भन्ने नामकरण गरी जयजयकार गर्दै हर्षपूर्वक आफ्नो आश्रमतर्फ लागे ।।१८।। त्यसपछि पृथिवीका शासक राजाहरू पनि श्रीगणेशका सामु आई प्रणाम र पूजा गर्दै प्रार्थना गर्नथाले– 'हे गणेश ! हजुरले पृथिवीको उद्धार गर्नुभएको छ । दैत्यको भारबाट आत्तिएकी पृथिवी अब निर्मल र शान्त भएकी छन्। अब उपरान्त हजुर धरणीधरका नामबाट विख्यात हुनुहुनेछ।' यसरी प्रर्थना गरेर ती सबै राजाहरू श्रीगणेशको आज्ञा पाई आ-आफ्नो राजधानीतर्फ लागे । त्यसपछि काशिराजले भगवान् श्रीगणेशको दर्शन गरे। काशिराजले दर्शन गर्दा भगवान् श्रीगणेश सिंहमा सवार हुनुहुन्थ्यो र बालकरूपमा बालकहरूसँग क्रीडा गरिरहनुभएको थियो।।१९-२१।। बालक श्रीगणेशले काशिराजलाई देखेर आदरपूर्वक आलिङ्गन गर्नुभयो। गणेश र काशिराज दुबैले आनन्दमग्न भएर आँखाबाट हर्षका आँसु बगाउन थाल्नुभयो । त्यसपछि काशिराजले भने – 'हे भगवन् श्रीगणेश! आज मेरो ठूलो भाग्य उदाएको छ । ब्रह्माजीद्वारा पनि सजिलैसँग दर्शन गर्न नपाइने परब्रह्मस्वरूप हजुरको दर्शन पाएको छु । यो रूपको दिनदिनै दर्शन पाऊँ । हजुर विश्वका कारण हुनुहुन्छ। कारणदेखि पनि पर हुनुहुन्छ ।।२२-२४।। वेदान्तशास्त्रद्वारा हजुरको ज्ञान गर्न सकिन्छ । हजुर प्रकाशरूप हुनुहुन्छ । हजुरले सूर्यचन्द्र आदि प्रकाशका देवताहरूलाई पनि आफ्नो चम्किलो प्रकाश प्रदान गर्नुहुन्छ । हजुरले लाख प्रकारका रूप धारण गर्नुहुन्छ । हजुर निराकार र रूपरहित पनि हुनुहुन्छ। ममाथि कृपा गरेर बालकरूप धारण गरी मेरै घरको आँगनमा हजारौँ बालकहरूका साथमा क्रीडा गर्नुहुन्छ ।।२५।। हजुरको स्वरूप अत्यन्त आनन्ददायक, सुन्दर, निर्मल र पृथिवीको भार हरण गर्न समर्थ छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवं श्रुत्वा स्तुतिं तस्य प्रमृज्याश्रूणि विघ्नराट् ।।२६।।

उवाच न क्षणं त्वत्तो यामि दूरं कदाचन ।
ततो राजा पुपूजैनमुपचारैरनेकशः ।।२७।।

ततो वादित्रनिर्घोषैर्बन्दिशब्दैर्विमिश्रितैः ।
सुरान्तकवधाद्धर्षयुक्तैः सेनाचरैः सह ।।२८।।

विनायकं बालरूपं स्तुवद्भिः स्वपुरं ययौ ।
विसृज्य सर्वलोकाँश्च दत्त्वा वासांसि चैकशः ।।२९।।

ताम्बूलानि च केषाञ्चित् पुरस्कृत्य विनायकम् ।
विवेश स्वगृहं रम्यं हर्षनिर्भरमानसः ।।३०।।

ब्रह्माजीले भन्नुभयो – काशिराजले स्तुति गरेको सुनेर गणेशले हर्षका आँसु पुछ्दै भन्नुभयो – 'हे काशिराज ! तपाइँजस्ता भक्तबाट एकछिन पनि म टाढा रहने छैन । म जहाँ रहे पनि तपाइँकै नजिकमा रहनेछु ।' श्रीगणेशका यी कुरा सुनेर काशिराजले अनेकौं प्रकारका सामग्री चढाएर श्रीगणेशको पूजा सम्पन्न गरे।।२६-२७।। त्यसपछि मङ्गलमय बाजाहरू बजे । देवान्तकको वधका कारण हर्षित भएका सैनिकहरूका साथमा विजयोत्सव मनाइयो । यसरी उत्सव सकिएपछि काशिराज बालकरूप श्रीगणेशको स्तुति गर्दै आफ्नो राजधानीतर्फ लागे। राजमहलमा पुगेर आफ्ना मानिसहरूलाई बिदा गर्दै तिनले अनेक थरि उपहार पनि टक्र्याए । कसैलाई पान-सुपारी दिए, कसैलाई वस्त्र र दक्षिणा प्रदान गरे । त्यसै बेला बालक श्रीगणेश पनि राजमहलको प्राङ्गणमा आइपुग्नुभयो र काशिराज पनि उहाँलाई अगाडि लगाएर दरबारभित्र गए ।।२८-३०।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बालचरिते पुरप्रवेशो नाम सप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'काशिराजका साथ श्रीगणेशको काशी प्रवेश' शीर्षकान्वित सत्तरीऔं अध्याय पूर्ण भयो ।।७०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकसप्ततितमोऽध्यायः { ७१ अध्याय }

क उवाच

अपरस्मिन् दिने ब्रह्मन् ! राजा भद्रासनं गतः ।
अमात्यान् वीरमुख्याँश्च वृद्धाँश्च सुहृदो द्विजान् ।।१।।

आकार्य च नमस्कृत्य जगाद हृदि संस्थितम् ।

राजोवाच

विवाहाय तु पुत्रस्य समाहूतो विनायकः ।।२।।

उत्पाता बहवो जातास्ते च तेन निराकृताः ।
अदित्यै च मया प्रोक्तं शीघ्रं ते तनयं शुभम् ।।३।।

आनयिष्ये तत्र बहुदिवसा जग्मुरञ्जसा ।
स्वस्थेषु त्रिषु लोकेषु विवाहोऽस्य विचिन्त्यताम् ।।४।।

अमात्या ऊचुः

सम्यगुक्तं महाराज ! विलम्बो विघ्नकारितः ।
जातो विवाहकार्येऽस्मिन् गतेऽस्मिन् स विधीयताम् ।।५।।

विनायकप्रसादेन सर्वमव्याकुलं जगत् ।
दूरस्थानाञ्च सुहृदां प्रेष्यन्तां लग्नपत्रिकाः ।।६।।

दूताँश्च सर्वसम्भारान् कर्तुं ग्रामेषु युज्यताम् ।

क उवाच

इति प्रकृतिवाक्यानि श्रुत्वा लोकाः सभासदः ।।७।।

साधूक्तमिति तत्रोचुस्ततो राजा जहर्ष च ।
ज्योतिर्विद्भिर्लग्नदिनं निश्चिकाय तदैव सः ।।८।।

प्रेषयामास सुहृदो दूतानाकारितुं शुभान् ।
सामग्रीं कारयामास दूतैराप्तैर्यथाविधि ।।९।।

ततो मगधराजोऽपि सुतामादाय तत्पुरीम् ।
आययुः सर्वसुहृदो नानादिग्भ्यः समागताः ।।१०।।

ब्रह्माजीले भन्नुभयो - देवान्तकमाथि विजय गरेपछि दोस्रो दिन काशिराज सिंहासनमा विराजमान थिए । तिनका वरिपरि मन्त्री, सेनापति, कुलवृद्ध, मित्र र ब्राह्मणहरू बसेका थिए । काशिराजले सबैलाई बोलाएर भलाकुसारी गरी आफ्ना मनमा लागेका कुराहरू भने ।

काशिराजले भने - 'मैले मेरा छोराको विवाहोत्सवमा भाग लिन कश्यपऋषिको आश्रममा गएर उहाँका पुत्र बालक श्रीगणेशलाई लिएर आएको हुँ ।।१-२।। काशीमा धेरै उत्पात भए, विवाह गर्न बिलम्ब भयो, तर ती उत्पातलाई श्रीगणेशले आफ्ना लीला देखाएर शान्त गर्नुभयो । मैले उतिबेला कश्यपकी पत्नी अदिति मातासँग तपाइँको बालक छोरालाई छिट्टै फर्काउनेछु भन्ने बाचा गरेको थिएँ ।।३।। धेरै दिन बिते, मैले आफ्नो प्रतिज्ञा पूरा गर्न सकिनँ । अहिले तीनै लोक शान्त भएका छन्, दानवहरू मारिएका छन् र विघ्न रोकिएको छ । अब मेरा छोराको विवाह कसरी सम्पन्न गर्ने भन्ने विषयमा तपाइँहरूले विचार-विमर्श गर्नुहोस्।।४।।

मन्त्रीहरूले भने - हे महाराज ! हजुरले साँचो कुरा भन्नुभयो । विघ्नका कारण विवाहमा विलम्ब भयो । अब विवाहको व्यवस्था गर्नुपर्छ ।।५।। श्रीगणेशको कृपाबाट जगत् आनन्दित भएको छ । टाढा-टाढा रहनुभएका मित्र र कुलकुटुम्बका मानिसहरूलाई बोलाउन विवाहको निमन्त्रणापत्र पठाउनु पर्दछ ।।६।। सम्पूर्ण सामग्री तयार गर्न मानिसहरूलाई खटाउनु पर्दछ ।

ब्रह्माजीले भन्नुभयो - मन्त्रीहरूका यी कुरा सुनेर राजसभामा बसेका सबैले सभासद्हरूले राम्रो-राम्रो भने । राजा पनि खुसी भए । त्यसै बेला तिनले ज्योतिषीहरूलाई त्यहाँ बोलाएर विवाहको लग्न निश्चित गर्ने काम पनि गरे ।।७-८।। आफ्ना मित्रहरू बोलाउन दूतहरू पठाए । आफ्ना विश्वस्त मानिसहरूबाट विवाहमा आवश्यक हुने सामग्रीको सङ्ग्रह गराए। त्यसै बेला मगधदेशका राजा पनि आफ्नी छोरी लिएर काशीमा आइपुगे। उनका मित्र र बन्धुबान्धव पनि त्यहाँ आए।।९-१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपायनानि भूरीणि ददुस्तेऽन्योन्यमादरात् ।
देवतास्थापनं तौ च चक्रतुः सुमहोत्सवान् ।।११।।

साङ्गोपाङ्गविवाहं तौ सम्यक् सम्पाद्य यत्नतः ।
तोषयामासतुर्विप्रान् सर्वलोकान् धनादिभिः ।।१२।।

विसृज्य सुहृदः सर्वांस्ततो राजा विनायकम् ।
भूषयामास विविधैर्भूषणैरंशुकैर्वरैः ।।१३।।

अभ्यज्य भोजयामास स्वाद्वन्नं सह बन्धुभिः ।
ततो रथं समारुह्य सह तेन नृसत्तमः ।।१४।।

ययौ वादित्रनिर्घोषैः कश्यपाश्रममुत्तमम् ।
ततो नागरिकाः सर्वे हित्वा कृत्यानि निर्ययुः ।।१५।।

भोजनं पठनं निद्रां व्यासङ्गं तत्यजुस्तदा ।
अकृत्वा स्वस्ववेषं ते त्वरया निर्ययुः पुरात् ।।१६।।

ततो बालसहस्राणि रुरुधुस्तं विनायकम् ।
अस्माँस्त्यक्त्वा कथं यासि कथं निष्ठुरतां गतः ।।१७।।

गमिष्य इति पूर्वं नः कथं नोक्तं प्रसङ्गतः ।
अभुक्त्वाऽस्मद्गृहे यासि कथं तं निजमाश्रमम् ।।१८।।

कश्चिद् बालो दधाराऽस्य पादपद्मं रुदन् मुहुः ।
कश्चित् स्नेहात् समालिङ्ग्य दधार करपङ्कजम् ।।१९।।

पौराङ्गनास्तथैवैनं बाला मुग्धाः सयौवनाः ।
विपर्यस्य निजा भूषा आययुस्तं विलोकितुम् ।।२०।।

आपसमा भेट भएपछि सबै बन्धुहरूले आपसमा उपहार टक्र्याउने काम पनि सम्पन्न गरे । काशिराजको घरमा विवाहयज्ञ आरम्भ भयो । यज्ञमण्डप तयार गरी देवताहरूको स्थापना गरियो र विवाहोत्सव मनाइयो ।।११।। यसरी काशिराजका छोरा र मगधराजकी छोरीको विवाह सम्पन्न गरेर ब्राह्मण एवं निमन्त्रित बन्धुबान्धवहरूलाई उपहारहरू दिएर बिदा गरियो। काशिराजले पनि श्रद्धापूर्वक बहुमूल्य गहना र वस्त्र टक्र्याएर भगवान् श्रीगणेशको सम्मान गरे ।।१२-१३।। विविध सुगन्धित पदार्थ लेपन गराई आफ्ना बन्धुहरूका साथ बसेर श्रीगणेशलाई मीठा पकवानहरूको भोजन गराए । त्यसपछि उत्तम राजा काशिराजले श्रीगणेशका साथ रथमा सवार भई बाजा-गाजाका साथ कश्यपाश्रम जान भनी प्रस्थान गरे । श्रीगणेशका साथ काशिराजको कश्यपाश्रमका लागि प्रस्थान भएको देखेर काशीका नर-नारी एवं बाल-बालिकाहरू आ-आफ्ना काम छाडेर पछि-पछि लागे । तिनीहरूले श्रीगणेशसँग भावी वियोगको मर्मान्तक वेदनाका कारण भोजन, अध्ययन, निद्रा र व्यवसाय पनि छाडे । तिनीहरू आफ्नो वेशभूषामा कुनै ध्यान नदिई हतार हतार गरेर नगरबाट बाहिर निस्किए । काशिराजका साथ रथमा सवार भई काशी नगरीबाट बाहिर निस्कनुभएका श्रीगणेशलाई हजारौंको संख्यामा आएका ती बालकहरूले चारैतिरबाट घेरी बाटो छेके । त्यसपछि विनयपूर्ण मुद्रामा तिनीहरूले श्रीगणेशलाई निवेदन गर्दै भने ।।१४-१६।। 'हे श्रीगणेश ! हजुर हामीसँग खेल्नुभयो र हामीलाई माया पनि गर्नुभयो, आज हामीलाई बिर्सेर हजुर किन जाँदै हुनुहुन्छ? किन निष्ठुर हुनुभयो ? म कश्यप आश्रमतर्फ जानेछु भन्ने कुरा पनि हजुरले कहिल्यै भन्नुभएन । हजुर बसुञ्जेलसम्म राजाकै दरबारमा बस्नुभयो । हाम्रो घरमा भोजन नगरीकन हजुर कश्यप आश्रम जान पाउनु हुन्न ।।१७-१८।।' त्यस बेला कुनै बालकले भगवान्लाई समातेर रुँदै उहाँको पाउमा समाएको थियो । कुनै बालकले प्रेमपूर्वक उहाँलाई आलिङ्गन गरेर हात समातेको थियो । काशी नगरीका सुन्दर युवतीहरू पनि श्रीगणेशप्रति गहिरो प्रेम व्यक्त गर्दै बाटो छेक्न आइपुगे । ती नारीहरू वेशभूषाको बेवास्था गरी दौड्दै र आत्तिदै आएका थिए । तिनीहरूका आँखाबाट प्रेमको आँसु बगिरहेको थियो । जसरी वर्षासमयमा समुद्रका वरिपरि हजारौं नदीहरू आएर मिसिन्छन्, जसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथा पाथोनिधिं सर्वा वर्षाकाले समुद्रगाः ।
यान्ति हंसा यथा मुक्तासमूहं मरुतो हरिम् ।।२१।।

अतिप्रीतियुताः प्रोचुः कथं यासि विनायक! ।
अकस्मात् स्नेहमुत्सृज्य कथं निष्ठुरतां गतः ।।२२।।

क उवाच

रथादवततारासौ दृष्ट्वा तान् नृपसंयुतः ।
परिश्रान्तान् धावमानान् स्खलतः पततोऽपि च ।।२३।।

तानुवाच ततः सर्वान् मुहूर्तं त्वरया जनाः ।
नृपेण सहितः शीघ्रमागतो नगराद् बहिः ।।२४।।

इदानीं प्रार्थये सर्वान् न त्याज्या करुणा मयि ।
अपराधास्तु क्षन्तव्या मया वः सदने कृताः ।।२५।।

न च त्याज्यः परिचयो यदि वो दर्शनं भवेत् ।
एवं तद्वाक्यमाकर्ण्य पौराः सर्वे शुचान्विताः ।।२६।।

रोमाञ्चाञ्चितगात्रास्ते प्रोचुर्गद्गदया गिरा ।

जना ऊचुः

न माया मायिनस्तेऽस्ति सर्वस्य जगतः पितुः ।।२७।।

न पिता त्यजते बालान् सापराधानपि ध्रुवम् ।
न चन्द्र उष्णतां याति सुवर्णं नीलतामपि ।।२८।।

कथं निष्ठुरतां यातः कथं गन्तुं समुत्सुकः ।
पूर्वमेव न चागाश्चेत् तदा शोको न सम्भवेत् ।।२९।।

चोरयित्वा कथं यासि सर्वेषां नो मनांसि च ।
कथं कार्यं करिष्यामो नीतेषु नो मनस्सु च ।।३०।।

जले नष्टे जलचराः कथं जीवन्ति तद् वद ।
प्राणे गते शरीरेण किं प्रयोजनमस्ति नः ।।३१।।

हाँसहरू मोतीको समूहमा रमाउँछन्, जसरी पवनहरूले इन्द्रलाई पच्छ्याउँछन् त्यसैगरी श्रीगणेशलाई पछ्याएका ती सुन्दरीहरूले पनि प्रेमपूर्वक भने – 'हे श्रीगणेश ! हामीलाई छोडेर कसरी जानुहुन्छ ? हाम्रो मुटुमा पलाएको मायालाई तिरस्कार गरेर आज किन कठोर बन्नुभएको छ ?' ।।१९-२२।।

ब्रह्माजीले भन्नुभयो- बालक र युवतीहरूका प्रेमपूर्ण वचन सुनेर श्रीगणेश रथबाट भुइँमा ओर्लनुभयो । दौडिदै आउँदा थाकेका, अस्तव्यस्त हालतमा रहेका, आत्तिएका र प्रेमले व्याकुल ती सबैलाई श्रीगणेशले भन्नुभयो– 'हे बालक मित्र र युवतीहरू! आज म मेरो आश्रमतर्फ जाँदैछु । मेरा साथमा काशिराजलाई पनि लिएर जाँदैछु । अहिले म तपाईँहरूसँग प्रार्थना गर्छु कि तपाईँहरूले ममाथि स्नेह र दया गरिराख्नुहुनेछ । काशीनिवासका बेलामा मबाट धेरै गल्ती भए होलान्, तिनलाई क्षमा दिनुहुनेछ। हाम्रो परिचय कहिल्यै पनि पुरानो नहोस् । म यत्ति भन्न चाहन्छु।' श्रीगणेशका यी कुरा सुनेर ती सम्पूर्ण मित्र र युवतीहरूका साथै नगरनिवासी नर-नारीहरू पनि विरहको वेदनाले रुन थाले, रोमाञ्चित भए र गद्गद वाणी उच्चारण गर्दै भन्न थाले ।

सबैले भने - 'हे प्रभु ! हजुर सम्पूर्ण संसारका स्वामी हुनु भए तापनि हजुरको माया विचित्र छ । हजुर मायाका स्वामी भएर पनि मायादेखि पर हुनुहुन्छ ।।२३-२७।। हजुर हाम्रा संरक्षक पिता र माता पनि हुनुहुन्छ । छोरा-छोरीहरूले अपराध गरे तापनि माता-पिताले हेला गर्दैनन् । चन्द्रमा कसैसँग रिसाएर ताता बन्दैनन् र सुन कसैसँग रिसाएर नीलो हुँदैन, तर हजुर हामी सबैको मायालाई बेवास्ता गरी किन निष्ठुर हुनुभयो? किन जान चाहनुभयो ? हजुर नआउनुभएको भए हामीलाई यस्तो विरहको पीर हुने थिएन । हजुर बस्नुभयो, हामीसँग खेल्नुभयो, सबैको मन जित्नुभयो र सबैको मन चोर्नुभयो । अब हामीलाई छाडेर कसरी जानुहुन्छ ? हजुर गएपछि हाम्रा मन व्याकुल हुनेछन् । हामीले कसरी काम गर्ने किनभने हाम्रो मन त हजुरकै पछि जानेछ ।।२८-३०।। नदीको जल सुकेपछि नदीका माछाहरू कसरी बाँच्न सक्छन्? यसको उत्तर छैन। प्राण निस्किएर गएपछि एक्लो शरीर के गर्न सक्छ? त्यसको कुनै प्रयोजन हुँदैन ।।३१।। उँखुले गुलियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्तत्र प्रतिकारः स्यादिक्षुश्चेत् स्त्रवते विषम् ।
तस्मान्नो नय यत्र त्वं यासि तत्र स्वकिङ्करान् ।।३२।।

तद्वचः परिकर्ण्याऽसौ प्रोचे गद्गदया गिरा ।
मुञ्चन् नेत्राश्रु वहुलं सर्वान् स्त्रीवृद्धवालकान् ।।३३।।

देव उवाच

न खेदः सर्वदा कार्यो न वियोगो मम क्वचित् ।
सर्वान्तर्यामिणोऽपायहीनस्यानन्दरूपिणः ।।३४।।

न चित्तस्य समाधानं भवेद् वै चिन्तनेन मे ।
मम मूर्तिं मृदा कृत्वा पूजयन्तु गृहे गृहे ।।३५।।

सङ्कटं वो यदा तु स्यात् स्मर्तव्योऽहं तदा जनाः ।
साक्षात्कारं प्रदास्यामि नाशयिष्यामि सङ्कटम् ।।३६।।

क उवाच

वचनं तत् समाकर्ण्य ननन्दुः सर्वनागराः ।
नेमुः प्रदक्षिणीकृत्य जयशब्दैः प्रतुष्टुवुः ।।३७।।

गृहीत्वाज्ञां ययुः सर्वे पौराः स्वं स्वं निवेशनम् ।
विनायकोऽपि शीघ्रं स रथारूढो ययौ पुरः ।।३८।।

काशिराजेन सहितो मातृदर्शनलालसः ।
स ददर्श परावृत्य मुखं पौरकुमारकान् ।।३९।।

आक्रन्दतस्तानुवाच पुनर्यास्ये व्रजन्तु हि ।
चिन्ता न कार्या सत्यं वो ब्रवीमि नानृतं क्वचित् ।।४०।।

एवं तान् स परावृत्य क्षणात् स्वाश्रममाप्तवान् ।।४१।।

रसको सट्टा विषको धारा बगाउन थाल्यो भने के उपाय गर्न सकिन्छ? आज हामी त्यस्तै भएका छौं। हाम्रो भलो चाहनुहुन्छ र हामीलाई माया गर्नुहुन्छ भने हजुर जहाँ जानुहुन्छ, हामीलाई पनि त्यहीं पुऱ्याउनुहोस् ।।३२।।' सबै मानिसहरूका कुरा सुनेर श्रीगणेशले आँखाबाट आँसुका बलिन्द्र धारा बगाउँदै गद्‌गद स्वरबाट भन्नुभयो ।।३३।।

श्रीगणेशले भन्नुभयो – 'हे नर–नारीहरू ! आँखाका आँसु पुछ्नुहोस् । चिन्ता गर्नु हुँदैन । मसँग तपाइँहरूको कहिल्यै पनि विरह हुने छैन । म सबैको अन्तर्यामी भएर घट–घटमा बस्दछु । म आनन्दरूपमा रहन्छु र संसारका सबै पदार्थहरूमा टल्किन्छु । म टाढा छैन । तपाइँहरूलाई चित्तमा अशान्तिको अनुभव हुँदा मेरो चिन्तनका साथ माटाको मूर्ति बनाएर घर–घरमा मेरो पूजा गर्नुहोस् । जब जब आपत्ति र कष्ट आइलाग्छन् त्यस बेला मलाई याद गर्नुहोस् । म तपाइँहरूका घर घरमा आउनेछु र संकटको नाश गर्नेछु ।।३४–३६।।'

ब्रह्माजीले भन्नुभयो – श्रीगणेशका यी कुरा सुनेर सबै प्रसन्न भए । तिनले श्रीगणेशको परिक्रमा गरी उहाँलाई प्रणाम गरे र स्तुतिद्वारा प्रशंसा पनि गरे । त्यसपछि श्रीगणेशसँग आज्ञा लिएर सबै नगरवासीहरू आ–आफ्ना घरतर्फ फर्किए। श्रीगणेश पनि रथमा सवार भएर काशिराजका साथमा आमाका पाउहरूको दर्शन गर्ने इच्छाले अत्यन्त आकुल हुँदै आश्रमतर्फ प्रस्थान गर्नुभयो । जाँदाजाँदै उहाँले फर्केर आफ्ना साथीहरूलाई हेर्नुभयो । ती बिचरा साथीहरू रोइरहेका थिए र चिच्याइरहेका थिए । उहाँले उच्चस्वरमा भन्नुभयो – 'हे मित्र हो ! तपाइँहरू हर्षपूर्वक घर जानुहोस् । कुनै पनि चिन्ता नगर्नुहोस्। मैले साँचो प्रतिज्ञा गरेको छु । मैले बोलेको कुरा झुट्टा हुँदैन । म तपाइँहरूलाई भेट्न आउनेछु ।' यसरी आश्वस्त गराएर एकै छिनमा उहाँ कश्यपको आश्रममा पुग्नुभयो ।।३७–४१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विनायकाश्रमप्रतिगमनं नामैकसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशको कश्यपाश्रमका लागि प्रस्थान' शीर्षकान्वित एकहत्तरौं अध्याय पूर्ण भयो ।।७१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विसप्ततितमोऽध्यायः

{ ७२ अध्याय }

क उवाच

पूर्वमेव च दूतेन कथितोऽसौ विनायकः ।
अदित्यै काशिराजेन रथस्थेन सहागतः ।।१।।

ततः सा तद्वियोगेन धावमाना ययौ पुरः ।
औत्सुक्यत्वरिता वेद नाञ्चलं पतितं स्वकम् ।।२।।

दृष्ट्वा तां मुनिपुत्रोऽपि रथात् प्रस्कन्द्य सत्वरः ।
आययौ मातुरभ्याशमालिलिङ्ग च तां मुदा ।।३।।

आनन्दाश्रु मुमोचासौ सोऽपि वाष्पं चिरागतः ।
मुहूर्तमेकभावं तौ प्रापतुः पयसी इव ।।४।।

ददौ स्नेहात् स्वस्थचित्ता स्तनपानं मुदाऽदितिः ।
प्रमृज्य नेत्रे प्रोवाच श्रान्तोऽसि बहुवासरम् ।।५।।

ततो ननाम तां राजा जगौ गद्गदभाषया ।

राजोवाच

नीत्वा विनायकं देवं यातास्तु बहुवासराः ।।६।।

अतो न मातः ! कोपं त्वं मयि कर्तुमिहार्हसि ।
वियोगमपि सोढुञ्च न शक्तोऽहं मुनिप्रिये ।।७।।

न तृप्तिरस्ति पीयूषे चौदासीन्यं निधावपि ।
दिने दिने नवप्रेम वर्धयत्येष नो गृहे ।।८।।

उत्पाता बहवोऽनेन पुरे नो विनिवारिताः ।
असङ्ख्याता हता दैत्या देवाश्च मुदमापिताः ।।९।।

ब्रह्माजीले भन्नुभयो- काशिराजसहित श्रीगणेश कश्यपाश्रममा आउँदै हुनुहुन्छ भन्ने कुरा दूतहरूले अदिति मातालाई पहिले नै सुनाइसकेका थिए ।।१।। अदिति श्रीगणेशको स्वागतका लागि उत्सुक हुनुहुन्थ्यो । छोरासँग लामो वियोगका कारण उहाँको मन स्थिर थिएन । अदिति माता घरबाट निस्केर बाटामा छोरालाई आएको देखी हर्षित हुनुभयो । उहाँले खुसियालीमा आफ्नो शरीरबाट वस्त्र खसेको पनि थाहा पाउनु भएन । श्रीगणेश पनि रथबाट ओर्लेर आमाका सामु आउनुभयो । आमाले छोरालाई आँखाबाट आँसु बगाउँदै आलिङ्गन गर्नुभयो । एक मुहूर्तसम्म आमाछोरा दुबै आलिङ्गनपाशमा बाँधिनुभयो । त्यसपछि अदितिमाताले बसेर प्रेमपूर्वक आफ्ना छोरा श्रीगणेशलाई काखमा लिई स्तन चुसाउनुभयो । आँखाका आँसु पुछेर अदिति माताले भन्नुभयो- 'बाबु ! तिमी धेरै थाकेका छौ ।।२-५।। तिमी मेरो काखमा विश्राम गर ।' त्यसपछि मुसुक्क हाँसेर श्रीगणेशले आमाका पाउमा प्रणाम गरी आमाको अनुहार हेरिराख्नुभयो । काशिराजले पनि गद्‌गद वाणीबाट अदिति मातासँग संवाद गरे।

राजाले भने - 'हे अदिति माता ! तपाईँसँग विनायकलाई मागें । तपाईंले खुसीले दिनुभयो । छिट्टै फर्काउँछु भनेको थिएँ तर अनेक विघ्न परे। धेरै वर्ष बितेपछि बल्ल आज ल्याइपुऱ्याएको छु। आमा ! ममाथि रीस गर्नु हुनेछैन । म श्रीगणेशसँग यति घुलमिल भइसकेको छु कि उहाँविना रहन सक्तिनँ ।।६-७।। अहिले पनि म उहाँको मायाले सँगै आएँ । मैले अमृतमा पूर्ण तृप्ति र धन एवं खजानामा पनि मेरो उदासीनता छ अर्थात् आसक्ति छैन, तर बालगणेशको दर्शन पाउँदा पूर्ण तृप्ति र वैराग्यको अनुभूति गर्दछु । उहाँले काशीमा बस्नुहुँदासम्म दिनदिनै नयाँ-नयाँ प्रेमका किरणहरू फैलाएर हामीलाई सदाका निमित्त आफ्नो तुल्याउनु-भएको छ ।।८।। काशी नगरीमा अनेक थरि उत्पात भए । दैत्यहरूले आतङ्क मच्चाए । ती सबै उत्पातलाई बालक श्रीगणेशले निवारण गर्नुभयो । उहाँले बालस्वरूपबाट नै असङ्ख्य दैत्यहरूको संहार गरेर सज्जनहरूलाई हर्षित तुल्याउनुभयो ।।९।। बालक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुला च कृता कीर्तिः स्थापिता धर्मसेतवः ।
पौरुषञ्च तथाऽनेन कृतं नेन्द्रादिभिः कृतम् ।।१०।।

क उवाच

एवं स सर्ववृत्तान्तं कथयामास सादरम् ।
ततोऽदितिस्तु दध्यन्नं भ्रामयित्वाऽत्यजद् बहिः ।।११।।

दुष्टदृष्टिनिपातस्य शान्तये बालकोपरि ।
ततो बालं सनृपतिं निनायाश्रममण्डलम् ।।१२।।

कश्यपो हि बहिर्यातो दृष्ट्वा पुत्रं सभूपतिम् ।
तौ तञ्च नेमतुर्भक्त्या बद्धाञ्जलिपुटावुभौ ।।१३।।

आलिलिङ्ग मुनिस्तौ च मूर्ध्न्याघ्राय मुदा तदा ।
उवाच रुद्धकण्ठोऽसावङ्के कृत्वा विनायकम् ।।१४।।

काशिराज ! नोचितं ते बालं नीत्वा विलम्बनम् ।
शीघ्रमेवानयिष्येऽहमित्युक्त्वा नीतवान् कथम् ।।१५।।

वियोगेनास्य तप्तानामङ्गानां मेऽधुना नृप ।
जाता शीतलता पुण्याद् दर्शनादस्य साम्प्रतम् ।।१६।।

क उवाच

तत ऊचे काशिराजो निपीय मुनिभाषितम् ।
उपविश्यासने रम्ये प्राप्यानुज्ञां मुनेर्नृपः ।।१७।।

नृप उवाच

अस्यैव मायया जाता सत्यता मे मुनीश्वर !।
मद्गृहं देवदेवेन स्वकीयमिति निश्चितम् ।।१८।।

अवाप्तकामो देवोऽयं स्वकामवशगो मुने ।
सम्पाद्य मम पुत्रस्य विवाहं समुपागतः ।।१९।।

क उवाच

तस्य दैत्यवधादीनि कर्माण्यस्मै न्यवेदयत् ।
ततो जहर्षतुरुभौ मुनिपत्नी मुनिश्च सः ।
ज्ञात्वा पराक्रमं तस्य स्वपुत्रस्य गुणान् बहून् ।।२०।।

श्रीगणेशले उज्ज्वल कीर्तिको स्थापना गरी धर्मका पुल बाँध्नुभयो । इन्द्रआदि देवताहरूले पनि गर्न नसक्ने पुरुषार्थ देखाउनुभयो ।।१०।।'

ब्रह्माजीले भन्नुभयो – काशिराजले अदिति माताका सामु श्रीगणेशले गरेका सम्पूर्ण लीलाहरूको विवरण बताउनुभयो । त्यसपछि अदिति माताले मानिसहरूको आँखा नलागोस् भनेर दहीमा मुछिएको अन्न श्रीगणेशको शिरमा रिंगाएर बाहिर फ्याँकिदिनुभयो । त्यसपछि अदिति माताले काशिराजसमेत आफ्ना बालकपुत्रलाई आश्रमभित्र प्रवेश गराउनुभयो ।।११-१२।। कश्यपऋषि पनि छोरालाई आएको देखेर आफ्नो कक्षबाट बाहिर आउनुभयो । काशिराज र श्रीगणेशले हात जोडेर उहाँलाई प्रणाम गर्नुभयो ।।१३।। कश्यप ऋषिले दुबैलाई आलिङ्गन गरी शिरमा सुँघ्नुभयो । त्यसपछि अत्यन्त प्रसन्न हुँदै गद्गद स्वरमा भन्नुभयो – 'हे काशिराज ! तपाईंले मेरो प्यारो छोरालाई मेरो काख छुटाएर काशी पुऱ्याउनुभयो तर फर्काउन भने धेरै विलम्ब गर्नुभयो । यो राम्रो भएन । छिट्टै लिएर आउँछु भनी प्रतिज्ञा गरेर तपाईंले किन ढिला गर्नुभयो ? बालक श्रीगणेशको विरहमा हामी पति-पत्नीका अङ्गहरू सुकेका छन् । आज बल्ल छोराको पुण्यमय दर्शन पाएर हाम्रो मन शीतल भएको छ' ।।१४-१६।।

ब्रह्माजीले भन्नुभयो – काशिराजले कश्यप ऋषिको वचनामृत पान गरेर उनकै सामु रमणीय आसनमा विराजमान भई उहाँको आज्ञा लिएर फेरि निवेदन गरे ।

काशिराजले भने- 'श्रीगणेशकै मायामय लीलाका कारण विलम्ब हुन आयो । मेरो घरमा बस्नुहुँदा श्रीगणेशले त्यसलाई आफ्नै घर ठान्नुभयो । हजुरको आश्रममा उहाँले जस्तो सुख र शान्ति पाउनुहुन्थ्यो त्यस्तै सुख र शान्ति मेरो घरमा पनि पाउनुभयो। उहाँले मेरो घरमा रहेर आफ्नो इच्छानुसार लीला गर्नुभयो । बीचका अनेकौं घटनाका कारण विवाहमा विलम्ब भएको हुँदा श्रीगणेशलाई फर्काउने काममा पनि विलम्ब भयो । विवाह सकिएको लगत्तै म उहाँलाई लिएर आएको छु' ।।१७-१९।।'

ब्रह्माजीले भन्नुभयो – त्यसपछि काशिराजले कश्यप ऋषिका सामु श्रीगणेशले गर्नुभएका दैत्यहरूका वधसम्बन्धी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्ते भोजनञ्चक्रुः षड्रसान्नेन सादरम् ।
दत्त्वाशीर्वचनं तस्मै विससर्ज नृपं मुनिः ।।२१।।

सोऽपि तान् प्रणनामाथ प्रादक्षिण्येन निर्ययौ ।
प्राप्यानुज्ञां नेत्रयुग्मान् मुञ्चन्नश्रु सुदुःखितः ।।२२।।

स्मरन् गुणगणं तस्य स्नेहनिर्भरमानसः ।
शीघ्रं प्रयातो नगरं वाद्यघोषसमन्वितः ।।२३।।

सर्वे नागरिका बाला विनायकदिदृक्षवः ।
आगता ददृशुस्तत्र ततो दुःखितमानसाः ।।२४।।

निरीक्ष्य तं काशिराजं ययुः स्वं स्वं निकेतनम् ।
अपरेद्युः सर्वपौराः पप्रच्छुस्तं नृपं मुदा ।।२५।।

यास्य इत्युक्तवान् देवो नागतः स कथं नृप !
त्वं तु निष्ठुरभावेन त्यक्त्वा तं कथमागतः ।।२६।।

राजोवाच

अत्यन्तं प्रार्थितो देव उक्तवान्मां मुनिप्रियः ।
मन्मूर्तिस्थापनं कृत्वा सेवध्वं सर्व एव माम् ।।२७।।

वियोगो न च सर्वान्तर्यामिणा वः कथञ्चन ।
ततस्ते कारयामासुर्मूर्तिं धातुमयीं शुभाम् ।।२८।।

चतुर्भुजां त्रिनयनां सर्वभूषणभूषिताम् ।
शूर्पकर्णां गजमुखीं सर्वावयवसुन्दराम् ।।२९।।

सम्पूर्ण वृतान्त बताए । आफ्ना बालक छोराका विचित्र पुरुषार्थका घटना सुनेर मुनि र मुनिपत्नी दुबै खुसी भए ।।२०।। त्यसपछि काशिराजसमेत आश्रमवासी नर-नारीहरूले अदिति माताले तयार गर्नुभएको मीठो भोजन ग्रहण गरे । भोजनपछि कश्यपऋषिले आशीर्वाद दिएर काशिराजलाई बिदा गरे ।।२१।। काशिराज पनि आश्रमवासी ऋषि-महर्षिहरूका साथै अदिति र कश्यपलाई प्रणाम गरेर परिक्रमा गरी त्यहाँबाट प्रस्थान गरे। बिदा पाएका काशिराजले आश्रम र आश्रमवासीहरूका साथै भगवान् श्रीगणेशको अपार स्नेहलाई संझेर विरहको आँसु बगाउँदै प्रस्थान गरेका थिए ।।२२।। श्रीगणेशका गुणहरूको संझना गर्दा उनको मुटु प्रेमले भरिएको थियो। त्यसपछि उनी तीव्र गतिमा बाजागाजाका साथ काशीनगरमा आइपुगे ।।२३।। सबै नागरिकहरू र श्रीगणेशका दौंतरी बालकहरू पनि काशिराजलाई फर्केको देखेर श्रीगणेश पनि फर्कनु भयो कि भनी जम्मा भएका थिए, तर काशिराजलाई रित्तै आएको देखेर दुःखी भए ।।२४।। ती सबै नर-नारीहरू काशिराजसँग भलाकुसारी गरेर घर फर्किए । अर्को दिन जम्मा भएका सबै नगरवासीहरूले काशिराजसँग सोधे- 'हे राजन् ! म तुरुन्तै आउँछु भन्नुहुने श्रीगणेश तपाईंसँग किन आउनुभएन ? अथवा तपाईंले नै निष्ठुर बनेर उहाँलाई आश्रममा छाडी आउनुभएको हो कि?'।।२५-२६।।

राजाले भने- "हे नर-नारीहरू! मैले कश्यप ऋषिसँग धेरै पटक प्रार्थना गरें तर उहाँले मान्नुभएन । त्यसपछि श्रीगणेशसँग पनि प्रार्थना गरें। श्रीगणेशले भन्नुभयो- 'म अहिले जान मिल्दैन। मप्रति माया राख्नेहरूले मेरो मूर्तिको स्थापना गरी घर-घरमा मेरो आराधना गर्नुपर्दछ । मैले तिनलाई दर्शन दिनेछु र तिनका सङ्कटहरूको निवारण गर्नेछु । म सबैको घटघटमा बस्ने गरेको छु । कसैसँग पनि मेरो कहिल्यै विरह हुँदैन ।" राजाका कुरा सुनेर काशीनिवासी नर-नारीहरूले आ-आफ्ना घरमा धातुका अनेक गणेशमूर्तिहरू तयार गरे । चार हात, तीन आँखा, नाङ्लोसमान कान भएको, अङ्ग-अङ्गमा भरिएको सौन्दर्यले देदीप्यमान, गजाकार मुखमण्डल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढुण्ढिराजेति नाम्ना तां स्थापयामासुरादरात् ।
ऋत्विग्भिर्ब्राह्मणैरन्यैर्वेदशास्त्रविशारदैः ।।३०।।

प्रासादं परमं कृत्वा पुपूजुस्ते दिने दिने ।
येन येनैव कामेन पूजयेद् यो विनायकम् ।।३१।।

तं तं ददाति तस्मै स भक्त्या सम्पूजितो विभुः ।
एवं नानामूर्तिधरो भ्राजते स्म विनायकः ।।३२।।

विश्वेश्वरे स्वनगरं याते सर्वसुरैः सह ।
दिवोदासे चाविमुक्ते काशिराजे सुखं स्थिते ।।३३।।

विनायको मुनिं प्राह कश्यपं मातरञ्च ताम् ।
अहं ते पुत्रतां यातस्तपसाराधितः पुरा ।।३४।।

भूभारश्च हृतः सम्यग्हतौ दैत्यौ महाबलौ ।
त्रैलोक्यपीडकौ दुष्टौ देवान्तकनरान्तकौ ।।३५।।

देवाश्च साधवश्चैव रक्षिताः स्थापिताः परे ।
इदानीन्तु गमिष्यामि निजलोकं चिरन्तनम् ।।३६।।

क उवाच

श्रुत्वा वाक्यमुभौ खिन्नौ वाष्पकण्ठौ तमूचतुः ।
कदा ते दर्शनं देव ! पुनरत्र भविष्यति ।।३७।।

ततः स मातरं प्राह दर्शनं मे भविष्यति ।
भवान्या मन्दिरे मातः सत्यं मे प्रियभाषितम् ।।३८।।

एवं श्रुत्वा देववाक्यं पुनर्यावद् वदत्यसौ ।
तावदन्तर्हितो देवस्ततस्तौ खिन्नमानसौ ।।३९।।

कारयामासतुर्मूर्तिं प्रासादञ्चातिशोभनम् ।
विनायकेति नामाऽस्य चक्रतुर्भक्तितत्परौ ।।४०।।

धारण गर्ने र अलङ्कारहरूले सुसज्जित भगवान् ढुण्ढिराज गणेशको मूर्तिलाई वेदका ज्ञाता ब्राह्मणहरूद्वारा स्थापना गराई आदरपूर्वक आराधना गरे ।।२७-३०।। ती भक्तहरूद्वारा भक्तिपूर्वक आराधना गरिँदा ढुण्ढिराज गणेशले भक्तहरूले चिताएका कुरा परिपूर्ण तुल्याउनुभयो । भगवान् श्रीगणेश संसारमा अनेक नाम भएका मूर्तिहरूमा विराजमान हुनुहुन्छ। भगवान् विश्वनाथ केदारबाट काशी आउनुभएको, दिवोदास पदमुक्त भई काशीमा नै ईश्वराराधनामा संलग्न भएको र काशिराज पनि निर्विघ्न काशीमा विराजमान भएको अनुकूल परिस्थितिमा श्रीगणेशले कश्यप ऋषिलाई भन्नुभयो- 'हे ऋषिवर ! हजुरले कुनै समयमा मेरो आराधना गर्नुभएको थियो । त्यस कारण आज म हजुरको पुत्र भएर जन्मेको छु । हजुरको घरमा अवतार लिएर मैले पृथिवीको भारहरण गरें । देवान्तक र नरान्तक नामक त्रिलोकीलाई नै सताउने, महाबली दैत्यहरूलाई पनि मारिदिएँ। देवता र सज्जनहरूको रक्षा गरें । दुःखीहरूको प्रतिष्ठा बढाएँ । अब म हजुरको आश्रम छाडेर आफ्नै गणेशधाममा जान चाहन्छु' ।।३१-३६।।

ब्रह्माजीले भन्नुभयो - आफ्ना पुत्रका रूपमा रहनुभएका भगवान् श्रीगणेशले अब म धाममा फर्कन्छु भन्दा माता अदिति र पिता कश्यपले डाँको छाडेर रुँदै भन्नुभयो - 'हे प्रभु ! हजुरको दर्शन अब कहिले पाउनेछौं ?' ।।३७।। त्यसपछि अत्यन्त विह्वल भएकी आमालाई श्रीगणेशले भन्नुभयो- 'हे आमा ! पीर नगर्नुहोस् किनकि हजुरले दिनदिनै दुर्गाको मन्दिरमा मेरो दर्शन पाउनुहुनेछ । मेरो वचन खेर जाँदैन' ।।३८।। श्रीगणेशका कुरा सुनेर अदितिमाता केही भन्न चाहनुहुन्थ्यो, तर त्यसै बेला भगवान् श्रीगणेश अन्तर्धान हुनुभयो । श्रीगणेशको अन्तर्धानपछि अदिति र कश्यप खिन्न हुनुभयो ।।३९।। दुबै दम्पतीले मिलेर आफ्नो मनलाई शान्ति प्रदान गर्न श्रीगणेशको मूर्तिनिर्माण गरी मन्दिर पनि बनाउनुभयो। त्यस मन्दिरमा स्थापना गरिने मूर्तिलाई भक्तिपूर्वक विनायकमूर्ति भनी नामकरण गर्नुभयो ।।४०।। अदिति र कश्यपले त्यस मूर्तिमा आफ्ना पुत्र श्रीगणेशको ध्यान गर्दा भगवान् श्रीगणेशले बालगणेशका रूपमा प्रकट भएर दर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्यां मूर्तौ ध्यातमात्रो नित्यं दर्शयते विभुः ।
स्वात्मानं सर्वगं नानारूपिणं स विनायकः ।।४१।।

दिने गर्नुहुन्थ्यो । आफ्नो आत्मालाई सर्वत्र व्यापक गराउनुहुने र अनेक रूपमा प्रकट हुनुहुने भगवान् श्रीगणेशका लागि त्यो कुनै कठिन विषय थिएन ।।४१।।

गृत्समद उवाच

एवं कीर्ते ! समाख्यातञ्चरितं ते मया शुभम् ।
विनायकस्य देवस्य श्रवणात् सर्वसिद्धिदम् ।।४२।।

धन्यं यशस्यमायुष्यं सर्वोपद्रवनाशनम् ।
सर्वकामप्रदं सर्वपापसञ्चयनाशनम् ।।४३।।

पुनस्ते कथयिष्यामि सिन्धुदैत्यवधाय सः ।
अवतीर्णः शिवगृहे मयूरेश्वरसंज्ञितः ।।४४।।

बाल्यात् प्रभृत्यद्भुतानि नानाकर्माणि योऽकरोत् ।।४५।।

गृत्समदले भने – 'हे कीर्ति! मैले तपाईँका सामु भगवान् श्रीगणेशको पवित्र एवं मङ्गलमय चरित्रको व्याख्यान गरें । यसको श्रवणबाट सबै प्रकारका सिद्धिहरू प्राप्त हुन्छन् ।।४२।। यो श्रीगणेशको चरित्र धनधान्यदायक, कीर्तिदायक, आयुष्यदायक, आतङ्कनाशक, कामनापूरक र पापनाशक छ ।।४३।। अब यसपछि म तपाईँलाई भगवान् श्रीगणेशले दैत्यराज सिन्धुको वधका निमित्त भगवान् शिवको कैलासमा मयूरेश्वरका नामबाट अवतीर्ण भई बाल्यकालदेखि नै अद्भुत कर्महरू गर्नुभएको विषयमा सुनाउने छु' ।।४४-४५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विनायकचरित्रकथनं नाम द्विसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'कश्यपनन्दनको पवित्र चरित्रको वर्णन' शीर्षकान्वित बहत्तरौं अध्याय पूर्ण भयो ।।७२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिसप्ततितमोऽध्यायः { ७३ अध्याय }

व्यास उवाच

कथं ब्रह्मन् शिवगृहे मयूरेश्वरसंज्ञितः।
अवतीर्णः किमर्थं वा किञ्च तच्चरितं पितः।।१।।
मयूरेश्वरसंज्ञा च कथं जाता विनायके।
एतन्मे सर्वमाचक्ष्व शृण्वँस्तृप्यामि न क्वचित् ।।२।।

क उवाच

त्रेतायुगे महादैत्यः सिन्धुनामाऽभवत् पुरा।
स हतस्तेन बलिनाऽवतीर्णेन शिवालये।।३।।
अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
शौनकस्य च संवादं राज्ञा च चक्रपाणिना ।।४।।
मैथिले विषये राजा गण्डकीनगरे शुभे।
चक्रपाणिरिति ख्यातः साक्षाद् विष्णुरिवापरः ।।५।।
न गुणा वर्णितुं शक्याः शेषेणाऽस्य कदाचन।।६।।
तेजसा लोपयन् भानुं लावण्येन च मन्मथम् ।
मत्या बृहस्पतिं स्कन्दं विक्रमेण बलेन च।।७।।
येनेयं सकला पृथ्वी क्षणेन वशवर्तिनी।
कृता सर्वे च राजानः सेवायां विनियोजिताः।।८।।
तुरङ्गाणां गजानाञ्च पदातीनां जयैषिणाम् ।
रथानाञ्च न यस्यास्ति सङ्ख्यानं जगतीतले ।।९।।
साक्षाल्लक्ष्मीः स्थिरा यस्य गृहे दर्शनगोचरा।
रत्नकाञ्चनमुक्ताभिरनिशं भासयन् दिशः।।१०।।
भद्रं भद्रकरं यस्य लोकानामलकोपमम्।
यस्यामात्यौ महाबुद्धी साम्बश्चैव सुबोधनः।।११।।
सेवन्तौ स्वामिकार्यार्थे तृणीकृत्य स्वजीवितम् ।
यस्यासीत् प्रमदा रम्या नाम्नोग्रा चारुहासिनी ।।१२।।
कुमुदानि विकासन्ते दिवा यन्मुखचन्द्रतः।
अनेकभूषादीप्त्या या नाशयित्वाऽखिलं तमः।।१३।।

व्यासले भन्नुभयो - 'हे पितामह! भगवान् शिवको धाममा मयूरेश्वरको नाम लिएर भगवान् श्रीगणेश कुन उद्देश्यले अवतरित हुनुभयो ? उहाँले त्यस रूपमा के के लीला गर्नुभयो? भगवान्लाई मयूरेश्वर भन्नुको कारण के हो ? यी सबै कुराको उत्तर मलाई दिनुहोस् । श्रीगणेशका सम्बन्धमा चर्चा गर्दा मेरो मन कहिल्यै पनि अघाउँदैन' ।।१-२।।

ब्रह्माजीले भन्नुभयो - पहिले त्रेता युगमा सिन्धुनामक महादैत्य थियो । श्रीगणेशले शिवको धाममा अवतार लिएर त्यस दैत्यराज सिन्धुको हत्या गर्नुभएको थियो । यसै कथालाई पुष्टि प्रदान गर्ने एउटा पुरानो कथा रहेको छ । त्यो कथा चक्रपाणि राजा र शौनकको संवादका रूपमा रहेको छ । मिथिला क्षेत्रमा एउटा गण्डकीनगर छ । त्यहाँ चक्रपाणिनामक दोस्रा विष्णुसमान प्रतापशाली र विख्यात राजा भए ।।३-५।। तिनका गुणहरूको बयान शेषनागले पनि गर्न सक्दैनन् । राजा चक्रपाणिले आफ्नो तेजबाट सूर्यलाई र सौन्दर्यबाट कामदेवलाई जितेका थिए । बुद्धिबाट बृहस्पतिलाई र बल एवं पराक्रमबाट स्कन्दलाई जितेका थिए ।।६-७।। ती राजाले सम्पूर्ण पृथिवीलाई एकै छिनमा आफ्नो वशमा ल्याएका थिए । धर्तीका सबै राजाहरूलाई जितेर तिनले आफ्ना सेवक तुल्याएका थिए ।।८।। ती राजाका कति घोडा थिए ? कति हात्ती थिए ? कत्ति विजयोत्सुक पैदलसेनाका वीरहरू थिए ? कति रथहरू थिए ? यी कुराको गणना संसारमा हुन सक्दैनथ्यो ।।९।। तिनका घरमा साक्षात् लक्ष्मी विराजमान थिइन् । तिनको कोषमा रहेका सुवर्ण, रत्न र मोतीका किरणहरूबाट दिशाहरू प्रकाशमान हुन्थे ।।१०।। तिनका कल्याणकारी कार्यहरू संसारका निमित्त आदरणीय र यशस्वी थिए । ती राजाका साम्ब र सुबोधननामक बुद्धिमान् दुई मन्त्रीहरू थिए ।।११।। ती मन्त्रीहरूले आफ्ना राजाका कार्यहरूको सिद्धि गर्दै आफूलाई राजसेवामा समर्पित गरेका थिए । चक्रपाणि राजाकी रानीको नाम चारुहासिनी थियो र ती अत्यन्त राम्री थिइन् । चारुहासिनीको मुखरूपी चन्द्रमाको दर्शन पाएर रात्रिमा फुल्ने कमलहरू विकसित हुन्थे । आफ्ना वस्त्र र आभूषणको कान्तिले तिनीले सम्पूर्ण अन्धकार नाश गर्दथिन्।।१२-१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पातिव्रत्यगुणान् द्रष्टुं यान्ति सर्वाः पतिव्रताः।
एवं राजा बुधैर्मान्यः सदा विष्णुपरायणः।।१४।।

पुराणश्रवणे सक्तो धर्मशास्त्रपरायणः।
सन्तत्या रहितः सोऽथ दुःखमाप दिवानिशम् ।।१५।।

असत्यं जायते यद् यत् तत् तन्नश्यति तत्क्षणात् ।
अनेकव्रतदानानि यज्ञाँश्च कृतवान् बहून् ।।१६।।

ततः स राजा कस्मिँश्चित् समये निजभार्यया।
आकार्य प्रकृतीःपौरान् विरक्तो राज्यसंसदि ।।१७।।

उवाच सर्वान् दण्डञ्च कोशं राज्यं त्यजेऽधुना ।
किमपुत्रस्य राज्येन स्वर्गहीनस्य मेऽधुना ।।१८।।

यानि कर्माणि च मया पुत्रार्थे चरितानि च।
ईश्वरार्पणबुद्ध्या चेत् कृतानि स्युर्यदा तदा।।१९।।

मुक्तिः स्यादुभयोः पूर्वजन्मकर्मक्षयोऽपि च ।
गतमायुर्वृथा लोका ! वनं यास्ये मुदाऽधुना।।२०।।

सर्वं प्रकृतिसात्कृत्वा यूयं तद्वाक्यकारिणः।
गमिष्येऽहं वनं लोकास्तपस्तप्तुं हिताय वै ।।२१।।

कदाचिदिष्टसिद्धिश्चेत् पुनर्यास्ये निजां पुरीम् ।
ध्रुवमाज्ञां मम पुनः प्रयच्छताधुना जनाः ।
एवं श्रुत्वा नृपवचः सर्वे दुःखितमानसाः।।२२।।

अश्रुधाराः प्रमुञ्चन्तः प्रोचुस्तं नृपसत्तमम् ।

पतिव्रता धर्मको पालन गर्ने र नारीहरूमा उत्तम नारीका रूपमा विख्यात चारुहासिनीका वरिपरि तिनको दर्शन गर्न आएका पृथिवीका पतिव्रता नारीहरूको भीड लाग्दथ्यो । यस किसिमबाट भाग्यशाली राजा चक्रपाणि ज्ञानी, बुद्धिमान् र सबैका मान्य भएर रहेका थिए। ती सर्वदा भगवान् नारायणको भक्तिमा लागिरहन्थे ।।१४।। चक्रपाणि पुराणहरू सुन्न मन पराउँथे र धर्मशास्त्रअनुसार कर्तव्य-पालनमा निरत थिए । यी सबै कुराहरूले गर्दा संसारमा अद्वितीय राजाको रूपमा विख्यात भए तापनि सन्तान नभएका कारणबाट तिनले अहोरात्र दुःख र वेदनाको अनुभव गरिरहेका थिए ।।१५।। जुन कर्म गर्नाले सन्तान पैदा हुन्छ त्यो कर्म तिनले तत्काल सम्पन्न गरे । अनेक थरि व्रत गरे, अनेक मूल्यवान् पदार्थहरूको दान गरे र अनेक ठूला-ठूला यज्ञयाग गरे ।।१६।। यी सबै कुराहरू सम्पन्न गर्दा पनि तिनलाई सन्तान भएन । त्यसपछि कुनै दिन राजाले आफ्नी रानीका साथ विश्राम गरिरहेको समयमा आफ्ना मन्त्री र नगरवासी गण्यमान्य सज्जनहरूलाई बोलाएर भने - 'म राज्य र सम्पत्तिबाट विरक्त भएको छु । अब राजनीति, राज्यलक्ष्मी, राज्यकोश र राज्यसमेतलाई म परित्याग गर्दैछु। म स्वर्गबाट वञ्चित अपुत्रका लागि राज्यले के सन्तोष दिन्छ र? त्यस कारण मलाई राज्यप्रति कुनै आसक्ति छैन।।१७-१८।। मैले पुत्रप्राप्तिका लागि जस्ता कर्म गरें र जस्ता आचारहरूको पालना गरें ती सबै कर्म र आचारहरू ईश्वरार्पणको भावनाले गरेको रहेंछु भने मैले कुनै दिन अवश्य मुक्ति पाउनेछु । हामी दुबै दम्पतीका पूर्वजन्ममा गरेका कर्महरू पनि नाश हुनेछन्। मैले जीवन व्यर्थमा गुमाएँ। हात केही लागेन। ईश्वरको आराधना-बाहेक अन्यत्र कतै पनि सुख र शान्ति प्राप्त नहुने रहेछ । अब म वन गई तपस्या गर्न चाहन्छु ।।१९-२०।। मेरा श्रीसम्पत्ति र राज्यलाई मन्त्री एवं जनताको हातमा सुम्पेर जान चाहन्छु । तपाइँहरूले आजसम्म मेरो आज्ञा पालन गर्दै आउनुभएको छ र अब पनि पालन गर्नुहुनेछ । म परम हितको प्राप्तिका लागि वनमा गई तपस्या गर्नेछु ।।२१।। तपस्या गर्दा मैले चाहेको कुरा पाएँछु भने फेरि यस नगरीमा आउनेछु। यसमा कुनै सन्देह छैन। आज तपाइँहरू सबैले मलाई वन जाने आज्ञा दिनुहोस् ।।२२।।' राजाका यस्ता कुरा सुनेर सबै मन्त्रीहरू र नगरवासी नर-नारीहरू अत्यन्त दुःखी भए । तिनीहरूले आँखाबाट आँसुका धारा बगाउँदै राजालाई भने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौरा ऊचुः

जननी जनकस्त्वं नः कथं निष्ठुरतां गतः।
किमर्थं त्यजसे नस्त्वमपराधं विना प्रभो ।।२३।।

विना भवन्तं नो जन्म वृथैव मातरं शिशोः।
वयमप्यनुयास्यामो यत्र याति भवान् प्रभो।।२४।।

क उवाच

एवं वदत्सु लोकेषु नृपेणाथागतो मुनिः।
शौनको मुनिशार्दूलो जातवेदा इवापरः।।२५।।

वेदवेदाङ्गशास्त्राणां वक्ता त्रैलोक्यविश्रुतः।
शक्रादिसुरवन्द्यो यो भूतभव्यभविष्यवित् ।।२६।।

तं दृष्ट्वा पुरतो राजा ननामोत्थाय चासनात् ।
स्वासने तमुपावेश्य पुपूज परया मुदा।।२७।।

भुक्तवन्तञ्च विश्रान्तं पादसंवाहनादिभिः।
चक्रपाणिरथोवाच पुण्यं किं फलितं मम।।२८।।

यज्जातं दर्शनं तेऽद्य सर्वपापहरं शुभम् ।
सर्वकामप्रदं नृणां दुर्लभं पापकर्मणाम् ।।२९।।

ततः प्रोचे मुनिश्चक्रपाणिं नृपतिसत्तमम् ।
सन्तुष्टः परया भक्त्या प्रश्रयेण दमेन च।।३०।।

मुनिरुवाच

मा चिन्तां कुरु राजेन्द्र ! मा च राज्यं परित्यज ।
पुत्रस्ते भविता सम्यङ् मद्वाक्यान्नात्र संशयः ।।३१।।

मया वाणी नोक्तपूर्वाऽनृता हासेऽपि कर्हिचित् ।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं जहृषे राजसत्तमः।।३२।।

अलङ्कारान् ददौ तस्मै रत्नकाञ्चननिर्मितान् ।
वस्त्राणि च महार्हाणि न च जग्राह वै मुनिः ।।३३।।

पुनः प्रोवाच नृपतिं वयं वल्कलधारिणः ।
निःस्पृहाः सर्वभोगेषु सर्वभूतहिते रताः ।।३४।।

नगरवासीहरूले भने – 'हे राजन् ! हजुर हाम्रा पिता र मातासमान हुनुहुन्छ । किन आज यतिविधि निष्ठुर हुनुभयो ? हामीले कुनै अपराध गरेका छैनौं । अपराध नगर्ने हामीहरूलाई छोडेर किन जाँदै हुनुहुन्छ ? हजुरविना हाम्रो जन्म व्यर्थ छ । माता-पिताविना जसरी सन्तानको जीवन व्यर्थ हुन्छ त्यसैगरी हाम्रो जीवन पनि हजुरविना व्यर्थ हुनेछ। हे राजन् ! हजुर जहाँ जानुहुन्छ, हामी पनि पछि लागेर त्यहीं जानेछौं' ।।२३-२४।।

ब्रह्माजीले भन्नुभयो – यसरी नर-नारीहरूले बिन्ती गरिरहेकै बेला त्यहाँ मुनिहरूमा उत्तम मुनि शौनक आइपुगे। ती दोस्रा ब्रह्माजीसमान थिए। तिनले वेद-वेदाङ्गशास्त्रका वक्ताका रूपमा तीनै लोकमा ख्याति पाएका थिए । इन्द्र आदि देवताद्वारा वन्दित महर्षि शौनक भूत, भविष्य र वर्तमानकालका ज्ञाता पनि थिए ।।२५-२६।। आफ्नासामु शौनक ऋषिलाई आएको देखेर राजा चक्रपाणि तत्काल आसनबाट उठे र आफ्नो आसनमा बसाएर हर्षपूर्वक तिनले ऋषिको पूजा गरे ।।२७।। भोजन गरेर पलङमा गई आराम गरिरहेका ऋषिको पाउ दबाउँदै राजा चक्रपाणिले भने – 'आज मेरो पूर्वजन्मको पुण्य फलीभूत भएछ जसबाट सबै पापहरूको नाश गर्ने हजुरको मङ्गलमय दर्शन पाउन सकें । हजुरको दर्शन सबै कामनालाई पूर्ण गराउने र पापी मानिसहरूका निमित्त दुर्लभ दर्शन हो' ।।२८-२९।। राजा चक्रपाणिको निवेदन सुनेर तिनको परम भक्ति, सेवा र संयमजन्य सात्त्विक वृत्तिबाट प्रसन्न भएका शौनक ऋषिले भने ।।३०।।

ऋषिले भने – 'हे राजेन्द्र! तपाईंले कुनै चिन्ता नगर्नुहोस् र राज्य छोडेर जाने कुरा पनि नगर्नुहोस् । तपाईंलाई छिट्टै पुत्रलाभ हुनेछ । यसमा कुनै सन्देह छैन ।।३१।। ऋषिको वाक्य हो भन्ने विचार गरेर तपाईंले विश्वास गर्नुहोस् । हे राजन् ! मैले हाँसखेल र ठट्टा गर्दा पनि कहिल्यै झुट्टा वचन बोलेको छैन ।'

ब्रह्माजीले भन्नुभयो – शौनक ऋषिका कुरा सुनेर राजा चक्रपाणि अत्यन्त खुसी भए ।।३२।। तिनले शौनक ऋषिलाई सुवर्णनिर्मित अलङ्कार र बहुमूल्य वस्त्र प्रदान गरे, तर ऋषिले ती सबै कुरालाई स्वीकार गरेनन् ।।३३।। त्यसपछि ऋषिले राजालाई भने – 'हामी रूखको बोक्रालाई वस्त्र बनाएर धारण गर्ने वनवासी ऋषि हौं । हामीलाई भोगमा कुनै इच्छा छैन । सबै प्राणीहरूका कल्याणको चिन्तन गर्दै संसारमा डुल्दछौं।।३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टिसंहारकरणे समर्थाः करुणाब्धयः।
साधूनां दर्शनरताः समलोष्ठाश्मकाञ्चनाः ।।३५।।

विद्वत्सु कमला नैव स्थानं धत्ते कदाचन।
तस्मान्नेदं ग्रहीष्यामि काञ्चनं वसनं शुभम् ।।३६।।

तीर्थयात्राप्रसङ्गेन त्वामहं समुपागतः ।
दिनानि च व्यतीतानि बहूनि तव दर्शने ।।३७।।

क उवाच

पुनस्तौ नेमतुः सम्यग् दम्पती शौनकं मुनिम् ।
पप्रच्छतुरुपायं तं सन्तानोत्पादने क्षमम् ।।३८।।

सर्वव्रततपोयज्ञान् मत्वा दानानि वै वृथा।
ततोऽब्रवीन्मुनिः सौरं व्रतं सर्वार्थदं नृणाम् ।।३९।।

अनेकजन्मपापानां शमनं पुत्रपौत्रदम् ।

मुनिरुवाच

मासमात्रं व्रतं कार्यमारभ्य भानुसप्तमीम् ।।४०।।

कृत्वाऽऽभ्युदयिकं श्राद्धं मातृपूजनपूर्वकम् ।
अभ्यर्च्य गणनाथञ्च स्वस्तिवाच्यद्विजर्षभान् ।।४१।।

सुवर्णकलशैः स्थाप्य सौवर्णं रविमण्डलम् ।
उपचारैः षोडशभिर्भक्तिभावसमन्वितः।।४२।।

रक्तचन्दनमिश्रैश्च तण्डुलैः कुसुमैरपि।
रक्तैर्नानाविधै रत्नैः फलैश्च विविधैरपि।।४३।।

अर्घ्यैर्द्वादशसङ्ख्यैश्च नमस्कारैः परिक्रमैः।
स्तुतिभिः प्रार्थनाभिश्च प्रार्थयेत् परमेश्वरम् ।।४४।।

ततो लक्षनमस्कारान् कुर्वीत कारयीत वा।
प्रत्यहं लक्षविप्राँस्तु भोजयेत् परया मुदा ।।४५।।

गामेकां प्रत्यहं दद्याद् वेदज्ञाय कुटुम्बिने।
ब्रह्मचर्येण तिष्ठेच्च सपत्नीको नृपोत्तमः ।।४६।।

हामीहरू सृष्टि र संहार गर्न समर्थ छौं । हामी दयाका सागर पनि कहलाउँछौं र नित्य सज्जनहरूकै सङ्गतिमा रहन्छौं । हाम्रा निमित्त सुन र ढुंगामा कुनै अन्तर हुँदैन ।।३५।। त्यस कारण हामीजस्ता विद्वान्हरूका नजिकमा भगवती लक्ष्मीले पनि वास गर्ने चाहना गर्दिनन् । तसर्थ तपाइँले दिएका यी बहुमूल्य गहना र वस्त्रलाई म ग्रहण गर्दिनँ ।।३६।। म त तीर्थयात्राको प्रसङ्गले तपाइँको नजिकमा आएको हुँ । तपाइँको दर्शन नपाएको पनि धेरै समय भइसकेको थियो' ।।३७।।

ब्रह्माजीले भन्नुभयो - फेरि पनि ती राजा-रानीले मुनि शौनकलाई प्रणाम गरेर सन्तान उत्पत्तिको उत्तम उपाय बताउन निवेदन गरे ।।३८।। सबै प्रकारका व्रत, तपस्या, यज्ञ र दान व्यर्थ भइसकेकाले तीभन्दा विशिष्ट र तत्काल फल प्रदान गर्ने उपाय बताउनका लागि ती दुबैले मनैदेखि अनुरोध गरे । त्यसपछि शौनक मुनिले मानिसहरूलाई सबै प्रकारका कामनाहरूको फल प्रदान गर्ने, अनेक जन्ममा गरिएका पापहरूको नाश गर्ने र पुत्र एवं पौत्र प्रदान गर्ने सूर्यव्रतको सम्बन्धमा उपदेश गरे ।

शौनकले भने - 'हे राजन् ! तपाइँहरूले रविवारका दिन सप्तमी तिथि हुँदा सूर्य व्रतको आरम्भ गरी एक महिनासम्म त्यसको अनुष्ठान गर्नुपर्दछ ।।३९-४०।। आरम्भमा आभ्युदयिक श्राद्ध, मातृकापूजन, गणपतिपूजन र स्वस्तिवाचन गर्नुपर्दछ । त्यसपछि सुवर्णमय कलशमाथि राखिएको सुवर्णकै थालीमा सुवर्णकै सूर्यको प्रतिमा बनाएर राख्नुपर्दछ । भक्ति र भावनाले परिपूर्ण भई षोडशोपचारद्वारा सूर्यको पूजा गर्नुपर्दछ । रातो चन्दन मिसिएका चामलको अक्षता, राता फूल, रातो रङ्गका अनेक थरि रत्न र अनेक किसिमका राम्रा फलहरू टक्र्याएर पूजा गर्नुपर्दछ ।।४१-४३।। पूजा गर्दा बाह्र पटकसम्म अर्घ्य दिने, बाह्र पटकसम्म नमस्कार गर्ने, बाह्र पटकसम्म परिक्रमा गर्नेजस्ता कर्म गरी स्तुति र प्रार्थनाद्वारा परमेश्वर सूर्यनारायणको आराधना गर्नुपर्दछ ।।४४।। पूजा सकिएपछि सूर्यलाई एक लाख पटक नमस्कार गर्ने र गराउने काम गर्नुपर्दछ । राजाले यसरी सूर्यको आराधना गर्दा परम आनन्दका साथ दिनदिनै एक लाख ब्राह्मणहरूलाई भोजन गराउनुपर्दछ।।४५।। दिनदिनै वेद जान्ने सपत्नीक ब्राह्मणलाई गोदान गरी दिनुपर्दछ। आफू एक महिनासम्म पत्नीसहित भगवान्को आराधना गर्दै ब्रह्मचर्यपूर्वक रहनुपर्दछ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीनान्धकृपणेभ्यश्च दद्यादन्नं दयान्वितः।
मासान्ते सर्वसम्भारान् ब्राह्मणाय समर्पयेत् ।।४७।।

एवं व्रते कृते राजन् ! पुत्रस्ते मत्प्रसादतः।
भविष्यति महाख्यातः सूर्यभक्तियुतः शुचिः।।४८।।

क उवाच

एवं व्रतं समादिश्य शौनकोऽन्तर्हितस्तदा ।
ततश्चकार नृपतिर्यथादिष्टं व्रतं तु तत् ।।४९।।

पत्न्या सह विनीतात्मा सूर्यभक्तिपरायणः।
ब्राह्मणान् भोजयामास यथेच्छं लक्षसङ्ख्यया ।।५०।।

उपवासयुतः पत्न्या मासमात्रं बभूव सः।
गोदानञ्च नमस्काराँश्चक्रे चाकारयद् द्विजैः।।५१।।

सूर्यमन्त्रं जपन्नित्यं तन्नामस्मरणं सदा।
ततः कदाचित् तत्पत्नी रात्रौ स्वप्ने ददर्श तम् ।।५२।।

निजभर्तृद्विजरूपं सवितारं मनोरमम् ।
चकमे कामरूपं तं मदनाग्निप्रपीडिता ।।५३।।

उवाच परितप्ताङ्गी कामो मे बाधते भृशम् ।
ऋतुं मे देहि भर्तस्त्वं नो चेन्मृत्युर्भवेन्मम ।।५४।।

सोऽपि बन्ध्यं विनिश्चित्य तत्पतिं कामुकाञ्च ताम् ।
स्वप्न एव भर्तृरूपी सविता तामृतुं ददौ ।।५५।।

सा प्रबुद्धा ततः प्राह समुत्थाप्य निजं पतिम् ।
नियमस्थेन किं ब्रह्मँस्त्वया मे ऋतुरर्पितः।।५६।।

स उवाच ततस्तां तु नाहं व्रतमनाः शुभे।
उपवासरतः क्षीणो रराम रविभक्तिमान् ।।५७।।

साधकले दयामय बनेर दीन, दुःखी, अन्धा, बहिरा र गरीब मानिसहरूलाई अन्नदान गर्नुपर्दछ। महिना दिन पुगेपछि व्रतको उद्यापन गरी पूजामा राखिएका सम्पूर्ण सामग्रीहरू ब्राह्मणलाई टक्र्याउनुपर्दछ ।।४७।। हे राजन्! तपाईँले यसरी नियमपूर्वक व्रत गर्नुभयो भने मेरो कृपाबाट पवित्र आचार-विचार भएको सूर्यनारायणमा भक्ति गर्ने र अत्यन्त यशस्वी पुत्र तपाईँले प्राप्त गर्नु हुनेछ' ।।४८।।

ब्रह्माजीले भन्नुभयो – राजा चक्रपाणिलाई सूर्यव्रतको उपदेश दिएर महर्षि शौनक अन्तर्धान भए । मुनि गएपछि राजाले पनि मुनिले बताएअनुसार व्रत आरम्भ गरे ।।४९।। आफ्नी पत्नीका साथ भक्तिभावले नम्र भएर राजा चक्रपाणिले सूर्यको आराधना गरिरहेका थिए । तिनले दिनदिनै एक लाख ब्राह्मणहरूलाई आफ्नो घरमा भोजन गराए ।।५०।। आफ्नी पत्नीका साथ एक महिनासम्म तिनले उपवास गरे । शास्त्रले बताएअनुसार गाई दान गरे । स्वयं र ब्राह्मणहरूद्वारा पनि सूर्यलाई एक लाख नमस्कार गर्ने र गराउने काम गरे ।।५१।। ती दुबै राजा र रानीले निरन्तर सूर्य भगवान्को मन्त्रजप र नामसङ्कीर्तन गरिरहेका थिए । एक दिन रानीले रात्रिमा सपना देखिन् ।।५२।। सपनामा तिनले सूर्यनायणलाई आफ्ना श्रीमान्को रूपमा देखिन् । आफ्ना पतिको अनुहार लिएर आउने ती सूर्यनारायण अत्यन्त आकर्षक थिए । सपनाकै समयमा कामदेवद्वारा सताइएकी रानीले सपनामै देखिएका सूर्यनारायणसँग भोग गर्ने चाहना गरिन् ।।५३।। तिनले हात जोडेर भनिन् – 'कामदेवको सन्तापले गर्दा मेरा अङ्ग-प्रत्यङ्ग गलेका छन् र ठूलो बाधा भइरहेको छ । हे पतिदेव! मलाई यसै बेला ऋतुदान गर्नुहोस् । मैले ऋतुदान पाइन भने मेरो तत्कालै मृत्यु हुनेछ' ।।५४।। सपनामा देखिएका सूर्यनारायणले पनि राजा र रानीलाई पुत्रहीन जानेर फेरि रानीलाई पनि कामवेदनाले सम्भोगको प्रार्थना गरिरहेकी देखेर ती रानीलाई ऋतुदान दिए। त्यसपछि ती जागिन् र आफ्ना पतिलाई जगाउँदै भनिन् – 'हे स्वामी ! तपाइँ ब्रह्मचर्यको नियममा बस्नुभएको छ तर त्यो नियममा रहेर के भयो ? किनकि तपाइँले मलाई सपनामा ऋतुदान दिनुभएको छ'।।५५-५६।। रानीको वचन सुनेर राजाले भने- 'हे कल्याणी! यदि त्यसो हो भने अब म व्रत गर्न चाहन्नँ । उपवास गर्नाले साह्रै दुर्बल भएको छु ।' रानीसँग यी कुरा गरेर तिनले सूर्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः सती पुनः प्राह नान्यं जाने कथञ्चन ।
त्वद्रूपेणैव ध्यायामि सवितारं व्रते स्थिता ।।५८।।

ऋतुजेन च दग्धाऽहं वह्निनाऽन्तर्गतेन ह ।
ततः पुनश्चक्रपाणिरूचे तां प्रियभाषिणीम् ।।५९।।

नृप उवाच

तुष्टोऽसौ सविता कान्ते ! नमस्कारैश्च भोजनैः।
ब्राह्मणानां गवां दानैरुपवासैर्जपैरपि।।६०।।

आवां सिद्धिं ददौ सम्यक् पुत्रस्तव भविष्यति ।

क उवाच

दिने दिने गर्भवृद्धौ तस्यास्तापोऽभिवर्द्धते ।।६१।।

सा मुमूर्षुश्चन्दनानि सोशिराणि निषेवते ।
लिलेपाऽङ्गे च कर्पूरं तापो नास्याः शशाम च ।।६२।।

न चार्द्रवस्त्रपवनैस्ततः सा सखीभिः सह।
तत्याज सिन्धुतीरे तं गर्भं गत्वा महत्तरम् ।।६३।।

आययौ साथ विश्रान्ता सखीभिर्निजमन्दिरम् ।
निवेद्य भर्त्रे त्यक्तं तं गृहकार्यरताऽभवत् ।।६४।।

भक्तिप्रदर्शन गर्दै उपवासबाट विश्राम लिए ।।५७।। त्यसपछि ती रानीले भनिन् – 'हे स्वामी ! मैले अरू कुनै पुरुषको अनुहार आजसम्म हेरेकी छैन । अब म हजुरकै रूपमा सूर्यनारायणको ध्यान गर्दछु । मैले व्रतको त्याग गर्दिनँ, तर सपनामा सूर्यका रूपमा आउनुभएका हजुरले सम्भोग गर्दा जुन वीर्यदान गर्नुभयो त्यसको तापले मलाई पोलिरहेको छ ।' त्यसपछि चक्रपाणिले ती मधुरभाषिणी प्रियासँग भने ।।५८-५९।।

राजाले भने – 'हे सुन्दरी ! भगवान् सूर्य प्रसन्न हुनुभएछ । हामीले गरेका नमस्कार, ब्राह्मणभोजन, गोदान, उपवास र मन्त्रजपबाट उहाँ सन्तुष्ट हुनुभएछ ।।६०।। उहाँले हामीलाई सिद्धि प्रदान गरिसक्नुभयो । तिम्रो गर्भबाट पुत्र पैदा हुनेछ भन्ने मलाई विश्वास छ ।'

ब्रह्माजीले भन्नुभयो – दिनदिनै गर्भ बढिरहेको थियो र रानीको सन्ताप पनि बढिरहेकै थियो ।।६१।। भित्रको तेजले मरणान्त कष्ट भोगिरहेकी रानीले शरीर र मनलाई ठण्डा गराउन शीतल पदार्थहरूको सेवन गरिरहेकी थिइन् । तिनले सम्पूर्ण अङ्गहरूमा कपूरको लेपन गरिन्, ताप शान्त भएन ।।६२।। तिनले कपडा भिजाएर ज्यानमा लपेटिन्, त्यसबाट पनि शान्ति भएन । आफ्ना सखीहरूलाई पङ्खा हम्काउन लगाएर हावाको सेवन गरिन्, त्यसबाट पनि तिनको ताप कम भएन। त्यसपछि ती रानी आफ्ना सँगिनीहरूका साथ सिन्धुनदीको तीरमा गइन्। त्यहाँ गएर तिनले आफ्नो गर्भ परित्याग गरिन् ।।६३।। केही बेर विश्राम गरी ती सखीहरूकै साथ घरमा आइन् । घरमा आएपछि सिन्धुनदीका तीरमा गई गर्भत्याग गरेको कुरा आफ्ना पतिलाई बताएर घरको कार्यमा संलग्न भइन् ।।६४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे सिन्धूत्पत्तिवर्णनं नाम त्रिसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सिन्धु दैत्यको उत्पत्ति वर्णन' शीर्षकान्वित त्रिहत्तरौं अध्याय पूर्ण भयो ।।७३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुःसप्ततितमोऽध्यायः { ७४ अध्याय }

क उवाच

त्यक्ते गर्भे तया सिन्धौ बालोऽजनि महाबलः ।
तेजस्वी विकरालास्यो दीर्घभालस्त्रिलोचनः ।।१।।

रक्तकेशजटाभारश्चक्रपाणिस्त्रिशूलभृत् ।
बालशब्देन तस्याथ चकम्पे भुवनत्रयम् ।।२।।

आजानुबाहुराक्रान्तुमियेष विष्टपत्रयम् ।
चुक्षुभे सागरस्तेन यादोभिर्मुनिसत्तम ।।३।।

तत्र स्थितस्तु बालोऽसौ समुद्रमुपशोषयत् ।

समुद्र उवाच

जीवनाय मम सुतं नेष्य एनं नृपालयम् ।।४।।

क उवाच

इत्यानिनाय तं बालं समुद्रो नृपमन्दिरम् ।
दम्पत्योः पुरतः स्थाप्य प्रोच एवं द्विजस्तदा ।।५।।

तव पत्न्याऽत्याजि गर्भो दुःसहत्वान्ममोदरे।
उग्रो बालस्ततो जातोऽखिललोकभयङ्करः।।६।।

यस्य प्रथमशब्देन कम्पितं भुवनत्रयम् ।
नेत्राभ्यां नेक्षितुं शक्योऽत एवैनमुपानयम् ।।७।।

इत्युक्त्वा बालकं मुक्त्वाऽन्तर्दधे सागरस्तदा ।
तत एनं कराभ्यां सा कटौ दध्रे नृपाङ्गना ।।८।।

स्थापयित्वा ददौ प्रेम्णा स्तनपानं मुदान्विता ।
उभावानन्दयुक्तौ तौ दम्पती पुत्रदर्शनात् ।।९।।

यथा चिरं योगनिष्ठो लब्ध्वा ब्रह्मामृतं परम् ।
तत आकारयामास ब्राह्मणान् सुहृदोऽपि च।।१०।।

ब्रह्माजीले भन्नुभयो – महारानीले सिन्धु नदीका तीरमा गई गर्भपात गरेपछि त्यस गर्भबाट महाबली, तेजस्वी, डरलाग्दो अनुहार भएको, चौडा निधार भएको, तीन आँखा धारण गर्ने, राता जटा भएको, हातमा चक्र र त्रिशूल धारण गर्ने बालक पैदा भयो । त्यसको भयानक शब्दले स्वर्ग, मर्त्य र पाताल कम्पायमान भए । घुँडा छुने लामा लामा हातले युक्त भएको त्यस बालकले जन्मनासाथ स्वर्ग, मर्त्य र पातालमा आक्रमण गर्न खोज्यो । अनेक जीवजन्तुले भरिभराउ महासागर पनि त्यस बालकको स्पर्शबाट क्षुब्ध भयो ।।१-३।। त्यस बालकले समुद्रको किनारमा रही समुद्रलाई नै सुकाउन थाल्यो।

समुद्रले भन्यो – 'मेरो तटमा जन्मेकाले यस बालकलाई मैले मेरो पुत्र भन्नुपर्दछ, तर यसको लालनपालन गर्ने मेरो सामर्थ्य छैन । त्यस कारण यसलाई म राजाको दरबारमा पुऱ्याउँछु'।।४।।

ब्रह्माजीले भन्नुभयो - यसरी विचार गरेर समुद्रले बालकलाई राजदरबारमा पुऱ्यायो । त्यसले राजालाई भन्यो- 'तपाइँकी रानीले गर्भको तेज सहन नसकेर मेरो पानीमा आई गर्भत्याग गरिन्। त्यस कारण मैले यस बालकलाई तपाइँसमक्ष ल्याइपुऱ्याएको छु ।' राजा-रानीका सामु बच्चालाई राखेर समुद्रले सबै कुरा सुनाएपछि त्यो बालक उग्ररूपमा संसारलाई भय प्रदान गर्दै गर्जन गर्न थाल्यो ।।५-६।। त्यसको गर्जनबाट सम्पूर्ण ब्रह्माण्ड कम्पायमान भयो । त्यसको तेजोमय शरीरलाई कसैले पनि आँखाले हेर्न सकेन। समुद्रले भन्यो – 'यो बालक जन्मदा मैले यस्तै अनुभव गरेको हुँ। त्यस कारण यहाँ लिएर आएँ। यस बालकलाई स्वीकार गर्नुहोस् ।' यसरी निवेदन गरेर समुद्र अन्तर्धान भयो। त्यसपछि रानीले त्यस बालकलाई दुइटा हातले समातेर काखमा राखिन् र प्रेमपूर्वक त्यसलाई स्तन चुसाइन् । तेजस्वी बालक पैदा भएकोमा दुबै दम्पती आनन्दित भए।।७-९।। योगीले चिरकालसम्म उपासना गरी ब्रह्मरूप अमृतको पान गर्दा जस्तो स्थिति हुन्छ त्यही स्थिति राजा र रानीको पनि भयो। त्यसपछि राजाले ब्राह्मण र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिर्विद्भिर्विचार्याऽस्य सिन्धुरित्यभिधां शुभाम् ।
राज्ञी चक्रे नृपश्चास्य जातकर्म यथाविधि ।।११।।

कृत्वा ददौ ततो दानमनेकं हर्षनिर्भरः।
अनेकेभ्यो द्विजातिभ्यो वस्त्राणि विविधानि च ।।१२।।

दापयामास नगरे पताकाभिरलङ्कृते ।
वाद्यत्सु सर्ववाद्येषु शर्कराञ्च गृहे गृहे ।।१३।।

गतेषु सर्वलोकेषु रक्ताङ्ग इति नाम च ।
चक्रतुर्दम्पती स्नेहादथामात्यौ समूचतुः ।।१४।।

उग्रायास्तनयश्चायमुग्रमुद्राधरोऽपि च।
अयमुग्रेक्षण इति नाम्ना ख्यातो भविष्यति ।।१५।।

विप्रप्रसादन इति पौरा नाम प्रचक्रिरे ।
ततः सर्वे पौरजना उपदा विविधास्तदा ।।१६।।

ददुर्नृपाय सोऽप्येतान् दापयामास तत्क्षणात् ।
ववृधे बालकः सोऽथ शुक्लपक्षे यथा शशी।।१७।।

यथाऽग्निर्वायुवेगेन वर्धते क्षणमात्रतः ।
तथा स्वतेजसा बालः प्रवृद्धो गगनं स्पृशन् ।।१८।।

क्रीडन्नेव सदा बालो वृक्षान् गृहगतान् बहून् ।
उत्पाट्य पातयामास वामहस्ततलेन ह ।।१९।।

अरण्ये क्रीडता तेन पर्वताश्चूर्णिता द्रुमाः।
उड्डीय चन्द्रहरिणं क्षणं जग्राह कर्हिचित् ।।२०।।

जलावतारमार्गे तु रुद्धे क्वापि करेणुना ।
मुष्टिघातेन बिभिदे गण्डमस्याः पपात सा ।।२१।।

एवं तस्याद्भुतं कर्म दृष्ट्वा लोका विसिस्मिरे ।
जहर्ष जननी चास्य पिता ज्ञात्वाऽतिमानुषम् ।।२२।।

एवं प्रवृद्धो बालोऽसौ सिन्धुनामा महाबलः।
उवाच पितरं यास्ये तपस्तप्तुमहं नृप ।।२३।।

मित्रहरूलाई बोलाए।।१०।। ज्योतिषीहरूले जन्मकाल र ठाउँसमेत विचार गरेर त्यसको नाम सिन्धु राखे । राजा र रानीले मिलेर बालकको जातकर्म संस्कार पनि सम्पन्न गरे।।११।। जातकर्म गरेपछि आनन्दित भएका राजाले अनेक ब्राह्मणहरूलाई अनेक वस्त्रहरू दान गरे।।१२।। ध्वजा-पताकाद्वारा सजाइएको नगरमा कुमार जन्मको खुसियालीमा अनेक किसिमका बाजा बजिरहेका थिए। त्यस बेला घर-घरमा सक्खर पठाइयो । सबै मानिस गएपछि राजा र रानीले भने - 'यस बालकको नाम सिन्धु भए तापनि हामीले बोलाउने नाम रक्ताङ्ग हुनेछ।' मन्त्रीहरूले पनि प्रेमपूर्वक त्यस बालकलाई रक्ताङ्ग भनी बोलाए।।१३-१४।। कसैले भने- यो उग्रा चारुहासिनीको छोरा हो र यसले उग्र स्वभाव धारण गरेको छ । त्यस कारण यसलाई उग्रेक्षण भनी पुकार्नु पर्दछ । नगरवासीहरूले त्यस बालकको नाम विप्रप्रसादन भनी राखे । त्यसपछि तिनीहरूले अनेक थरि उपहार टक्र्याए। राजाले पनि ती नगरवासीहरूलाई आफ्नो तर्फबाट नाना किसिमका उपहार टक्र्याए । त्यो बालक शुक्लपक्षको चन्द्रमाझैं बढिरहेको थियो।।१५-१७।। वायुको सहयोग पाएर आगाको ज्वाला फैलिएझैं राजाको समृद्धि र राम्रो हेरचाह पाएर बालक पनि शारीरिक दृष्टिबाट विकसित हुँदै गयो । बालकले आफ्नो तेजबाट आकाशस्पर्श गर्दथ्यो र खेल्दाखेल्दै बायाँ हातले घर वरिपरिका रूखहरूका हाँगा भाँच्ने गर्दथ्यो ।।१८-१९।। वनमा खेलिरहँदा त्यसले साना-साना पर्वतका चुचुरा र ठूला-ठूला रूखहरूलाई पनि भुइँमा ढलाउँथ्यो । कुनै दिन चन्द्रमण्डलमा रहेको हरिणलाई छुन्छु भनेर त्यो आकाशमा उफ्रिएको थियो । कहीं कुनै हात्तीले नदीको प्रवाहमार्ग रोकिदिएमा त्यसले त्यहाँ गई आफ्नो मुड्की बजार्दै हात्तीका गाला फोर्ने काम गर्दथ्यो। यसरी त्यस बालकका अद्भुत कर्म देखेर सबै चकित थिए । माता र पिता पनि बालकको असामान्य चरित्र देखेर विस्मित थिए । यसरी बढ्दै गएको सिन्धुनामक बालकले एक दिन आफ्ना पितासँग भन्यो - 'म वनमा तपस्या गर्न जान्छु । तपस्याबाट वरदान प्राप्त गरेर पृथिवी, पाताल र स्वर्गमा आक्रमण गर्नेछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुष्ठित्य स्वर्गलोकं भूलोकञ्च रसातलम् ।
आक्रमिष्ये वृथायुर्मे गच्छतीति मतिर्मम ।।२४।।

एवमाकर्ण्य तद्वाक्यमूचतुः पितरौ च तम् ।
उत्कर्षं स्वस्य पुत्रस्य नित्यं प्रार्थयते पिता ।।२५।।

जननी सर्वदेवेभ्यो व्रतदानादिनापि च ।
एवमाज्ञामवाप्यैव नत्वा तौ स ययौ वनम् ।।२६।।

तत्र भ्रमन् ददर्शाथ कासारं जलजैर्युतम् ।
तत्र स्थातुं मनश्चक्रे विविक्तमिति हर्षितः ।।२७।।

एकाङ्गुष्ठेन भूमिष्ठ ऊर्ध्वबाहू रविं स्मरन् ।
शुक्रोपदिष्टं तं मन्त्रं जपन् पर्वतनिश्चलः ।।२८।।

दक्षिणे जानुनि सदा वामपादं निधाय च ।
अञ्जलिं हृदि विन्यस्य ध्यायन् दिनमणिं तदा ।।२९।।

शीतवातातपजलवृष्टीनां सहनो दृढः।
वायुमात्राशनस्तस्थौ वल्मीकाक्रान्तविग्रहः।।३०।।

अस्थिमात्रावशिष्टोऽपि जपत्येव महामनुम् ।
एवं तस्य व्यतीयाय शरदां द्विसहस्रकम् ।।३१।।

तस्य सिन्धोः शरीरोत्थास्तेपुर्भासो रविं तदा।
एवमुग्रं तपो दृष्ट्वा प्रत्यक्षोऽभूद् दिवाकरः।।३२।।

उवाच परमप्रीतोऽनुष्ठानेन तवाधुना।
वरं वरय चित्तस्थं दास्यामि जीवितावधि ।।३३।।

सिन्धुस्तदाकर्ण्य वचो भाषितं भानुना स्वयम् ।
देहभावं गतोऽपश्यत् पुरतो भास्करं प्रभुम् ।।३४।।

नत्वा तत्पादकमलं बद्धाञ्जलिपुटोऽब्रवीत् ।
नमस्ते दीननाथाय नमस्ते सर्वसाक्षिणे ।।३५।।

नमस्ते त्रिदशेशाय ब्रह्मविष्णुशिवात्मने ।
नमस्ते विश्ववन्द्याय नमस्ते विश्वहेतवे ।।३६।।

तपस्या गर्न नगएमा मेरो आयु खेर जानेछ र मैले जीवनमा कुनै खास उपलब्धि प्राप्त गर्न सक्नेछैन' ।।२०-२४।। आफ्ना छोराको कुरा सुनेर माता-पिताले भने- 'बाबु! हरेक पिताले आफ्ना छोराको उन्नति चाहन्छ र हरेक माताले सबै देवताहरूको आराधना, व्रत र दानादि कर्म गरेर आफ्ना सन्तानको उन्नति र सुरक्षा चाहन्छिन्। हामी तिमीलाई तपस्याबाट रोक्दैनौं।' माता र पिताको आज्ञा प्राप्त गरी दैत्यबालक सिन्धु तपस्या गर्न वनतर्फ गयो।।२५-२६।। त्यसले वनमा घुम्दा कमलले भरिभराउ एउटा पोखरी देखेर प्रसन्न भई त्यसका किनारमा एकान्तसाधना गर्ने विचार गऱ्यो ।।२७।। त्यसले खुट्टाको बूढीऔंलाले भुइँमा टेकेर दुबै हात माथि उठाई भगवान् सूर्यको ध्यान गर्दै शुक्राचार्यद्वारा दिइएको मन्त्रलाई पर्वतझैं निश्चल भएर जप्न थाल्यो।।२८।। आफ्नो दायाँ घुँडामाथि बायाँ खुट्टा राखेर हृदयक्षेत्रमा हातको अञ्जली थापी सूर्यको ध्यान गर्दै त्यसले सूर्यमन्त्रको जप गरिरहेको थियो ।।२९।। ठण्डी, गर्मी, हावा र वर्षा यी सबैलाई सहँदै निश्चल भएर वायुपान गरी त्यसको तपस्या चलिरहेको थियो । समय बित्दै जाँदा त्यसको शरीर धमिराले उठाएको माटोले पुरियो ।।३०।। निरन्तर तपस्या गरिरहँदा त्यसको शरीर सुक्दै गयो र हाडछालामात्र देखिए । यस्तो स्थितिमा पनि तेजले बलिरहेको बालक सिन्धुले उत्साहपूर्वक सूर्यको महामन्त्र जपिरहेको थियो । यसरी तपस्या गर्दा त्यसले दुई हजार वर्ष बितायो।।३१।। दैत्यबालक सिन्धुका शरीरबाट उठेका अग्निज्वालाले सूर्यलाई पनि सन्तप्त बनाए। त्यसको उग्र तपस्या देखेर भगवान् सूर्यले दर्शन दिए ।।३२।। दर्शन दिएपछि सूर्यले भने -'हे सिन्धु ! म तिम्रो अनुष्ठानबाट अत्यन्त प्रसन्न छु । तिमीले वर माग, म तिमीले चाहेको वर प्रदान गर्नेछु ।।३३।।' सूर्यले भनेका कुरा सुनेर सिन्धुले देहभावमा आई उहाँको दर्शन गर्दै पाउमा प्रणाम गरेर हात जोडी प्रार्थना गऱ्यो - 'हे दीनदुःखीका स्वामी र सबैका साक्षी सूर्यनारायण ! हजुरलाई नमस्कार छ । देवताहरूका स्वामी र ब्रह्मा, विष्णु एवं शिवरूप हजुरलाई नमस्कार गर्दछु। विश्वका वन्दनीय देवताका रूपमा रहनु भएका हजुरलाई नमस्कार गर्दछु। विश्वका आदिकारण हजुरलाई नमस्कार गर्दछु ।।३४-३६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्ते वृष्टिबीजाय सस्योत्पादनहेतवे ।
परब्रह्मस्वरूपाय सृष्टिस्थित्यन्तहेतवे ।।३७।।

गुणातीताय गुरवे गुणक्षोभविधायिने ।
सर्वज्ञाय ज्ञानदात्रे सर्वस्य पतये नमः।।३८।।

धन्यं मे जन्म देवेश ! वंशो मे जनकोऽपि च।
जननी च तपश्चापि यज्जातं तव दर्शनम् ।।३९।।

वरदश्चेद् दिनेश ! त्वं देहि मे सर्वतोऽमृतिम् ।
तव प्रसादात् सङ्ग्रामे जयेयं सर्वदेवताः।।४०।।

वर्तमानाद् देवगणान्न मे मृत्युर्भवेदिति।
एवं तस्य वरान् श्रुत्वा परितुष्टो विभावसुः।
उवाच निजभक्तं तमनुष्ठानकृशं भृशम् ।।४१।।

सूर्य उवाच

न भयं विद्यते देवयोनिभ्यो नृभ्य एव च।
न तिर्यग्भ्यो न नागेभ्यो न दिवा न निशि क्वचित् ।।४२।।

नोषःकाले न सन्ध्यायां मम वाक्याद् भविष्यति ।
मरणं ते नृपसुत ! गृहाणामृतभाजनम् ।।४३।।

इदं यावत् कण्ठगतं तावन्मृत्युर्न ते भवेत् ।
निष्कासयेदिदं यस्ते तस्मान्मृत्युर्भविष्यति ।।४४।।

देवो योऽवतरेत् कोऽपि धुन्वन् केशाग्रतो दिवम् ।
यस्याङ्गुष्ठनखाग्रे स्युर्ब्रह्माण्डानां हि कोटयः ।।४५।।

स त्वां हनिष्यति विभुरन्यस्मादभयं तव।
मद्वरस्य प्रसादेन सर्वं तृणमयं तव ।।४६।।

त्रैलोक्यराज्यं ते दत्तं नात्र कार्या विचारणा।

क उवाच

एवं नानावरान् दत्त्वाऽन्तर्दधे सविता तदा ।।४७।।

वर्षाका मूल कारण र अन्न उत्पादनका एकमात्र कारण सूर्यलाई प्रणाम गर्दछु। परब्रह्मस्वरूप, सृष्टि; स्थिति र संहारका कारण सत्त्व; रज एवं तमोगुणदेखि पर रहनुभएका, संसारका गुरु, सत्व रज र तमोगुणमा क्षोभ पैदा गर्ने, सर्वज्ञ, ज्ञानका दाता, सबैका पति सूर्यदेवलाई नमस्कार गर्दछु ।।३७-३८।। हे सूर्यनारायण ! आज हजुरको दर्शन पाएर मेरो जन्म धन्य भएको छ र मेरो कुल पनि धन्य भएको छ । मेरा माता-पिता धन्य हुनुभएको छ र मेरो तपस्या पनि सफल भएको छ । हे सूर्यनारायण ! हजुरले मलाई वरदान दिन चाहनुहुन्छ भने मेरो मृत्यु कसैबाट पनि नहुने वरदान दिनुहोस्। हजुरको कृपाबाट सङ्ग्राममा सधैं देवताहरूमाथि विजय गर्न सकूँ ।।३९-४०।। सङ्ग्राममा रहेका देवताहरूबाट पनि मेरो कहिल्यै मृत्यु नहोस्।' यस्ता याचनाहरू सुनेर सूर्य प्रसन्न भए । मन्त्रको जप गर्दा अत्यन्त दुर्बल तर तेजस्वी भक्त बालकलाई उनले भने ।।४१।।

सूर्यले भने- 'हे बालक! तिमीलाई देवता र मानिसहरूबाट कुनै डर हुनेछैन । चराचुरुङ्गी र सर्पहरूबाट पनि तिमीलाई भय हुनेछैन । रात, दिन, प्रातःकाल र सन्ध्यासमयमा पनि तिमीलाई कसैले केही गर्न सक्नेछैन । तिमीले मबाट एउटा अमृतले भरिएको पात्र ग्रहण गर ।।४२-४३।। जबसम्म यस पात्रमा घाँटीघाँटीसम्म अमृत रहन्छ तबसम्म तिम्रो मृत्यु हुनेछैन। जसले यस पात्रबाट अमृत निकालिदिनेछ त्यस पुरुषबाट मात्र तिम्रो मृत्यु हुनेछ ।।४४।। भविष्यमा कुनै देवता धर्तीमा अवतरित हुनेछन् । तिनले आफ्नो केशराशि कपाउँदा स्वर्ग पनि कम्पायमान हुनेछ । तिनका बूढीऔंठाको नङको टुप्पामा एक करोड ब्रह्माण्डको वास हुन्छ । हे बालक ! ती देवताले नै तिम्रो वध गर्नेछन् । अरूबाट तिमीलाई अभय हुनेछ । मेरा वरदानको प्रतापले तिमीले स्वर्ग, मर्त्य र पातालको राज्य प्राप्त गर्नेछौ । सम्पूर्ण वीरहरू तिम्रा लागि घाँसको त्यान्द्रासमान बलहीन हुनेछन् ।।४५-४६।। अरू कुनै विचार अथवा सन्देह गर्नु पर्दैन ।'

ब्रह्माजीले भन्नुभयो - यसरी सूर्यनारायण दैत्यबालक सिन्धुलाई वरदान दिएर गए । त्यो बालक पनि आनन्दित भई आफ्नो घरतर्फ लाग्यो । तपस्या गरेर वरदान प्राप्त गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोऽप्यानन्दसमायुक्तो जगाम निजमन्दिरम् ।
जननी च पिता तस्य मूर्ध्न्याघ्रायापतुर्मुदम् ।।४८।।

ऊचतुस्तं तदा पुत्रं विरहात्तेऽन्नवर्जितौ ।
चिन्तया कृशतां यातौ पश्य पुत्रदशामिमाम् ।।४९।।

तयोः पादौ प्रणम्याह स पुत्रो हर्षनिर्भरः ।
प्रसन्नः सविता मह्यं त्रैलोक्यस्वामितामदात् ।।५०।।

साधयिष्ये तद्वरात् तां न चिन्तां कर्तुमर्हथः ।।५१।।

घर फिर्ने छोरालाई देखेर खुसी भएका बाबुआमाले त्यसको निधार सुँघेर परम आनन्दको अनुभव गरे ।।४७-४८।। त्यसपछि माता-पिताले भने - 'हे बाबु ! तिम्रो विरहका कारण हामीले अन्न-पानीसमेत छोड्यौं र चिन्ताले दुर्बल भयौं । त्यसैले आज हाम्रो यो दशा भएको छ' ।।४९।। आमा-बाबुले भनेका सुनेर बालक सिन्धुले पनि हर्षित भई बाबुआमालाई प्रणाम गर्दै भन्यो- 'हे माता-पिता! मेरो तपस्याबाट प्रसन्न हुनुभएका सूर्यनारायणले मलाई स्वर्ग, मर्त्य र पातालको स्वामी बनाउनुभएको छ । उहाँले दिएको वरदान-अनुसार अब आफ्नो पराक्रमद्वारा ती सबै लोकहरूलाई अधीनमा ल्याउनेछु । तपाईँहरूले कुनै चिन्ता नगर्नुहोस् ।।५०-५१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे वरप्रदानं नाम चतुःसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सूर्यद्वारा सिन्धुलाई वर प्रदान' शीर्षकान्वित चौहत्तरौं अध्याय पूर्ण भयो ।।७४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चसप्ततितमोऽध्यायः { ७५ अध्याय }

क उवाच

बुद्धिमन्तं सुतं ज्ञात्वा सवितुर्वरदर्पितम् ।
राज्यं तस्मै ददौ सर्वं देशकोशबलान्वितम् ।।१।।

पिता वनं ययौ तस्य स्वात्मसाधनलालसः।
स तु पित्राभिषिक्तः सन् राज्यं कर्तुं मनो दधे ।।२।।

श्रेणीमुख्यान् समाहूय प्रकृतीरधिकारिणः।
आस्थापयत् स्वाधिकारे मानयित्वांऽशुकादिभिः।
डिण्डीरवेण स्वाज्ञाया भङ्गदोषमघोषयत् ।।३।।

दिग्जयार्थं ततो वीरानाज्ञापयतं सत्वरम् ।
तेजसाऽहेपयत् सूर्यमतिभीषणविग्रहः।।४।।

वीरा अग्रे प्रयान्ति स्म विकरालारुणाननाः ।
नग्ननानाशस्त्रधरा रजश्छादितभास्कराः ।।५।।

ततो गजाश्चतुर्दन्ता नानावर्णविभूषिताः ।
ययुर्महाशृङ्खलिनः कम्पयन्तो वसुन्धराम् ।।६।।

महामात्रसमारूढाश्चञ्चलाः पर्वता इव।
नानावर्णध्वजयुता दिग्गजान् भेत्तुमिच्छवः।।७।।

घण्टाघोषेण महता नादयन्तो दिगन्तरम् ।
अश्वारोहा ययुः पश्चान् नानालङ्करणान्विताः।।८।।

असङ्ख्यतूणधनुषां शस्त्राणां मण्डलान्विताः।
सिन्धुदैत्यश्चमूमध्ये रराज हयपृष्ठगः।।९।।

मुक्तामालालसत्कण्ठो धनुर्बाणलसत्करः।
खड्गखेटधरो गच्छँश्चूर्णयन् द्रुमपर्वतान् ।।१०।।

यद् यन्नगरमुद्दिश्य याति दैत्यो महाबलः।
तस्य तस्याधिपं वीरा धृत्वा निन्युर्निजाधिपम् ।।११।।

स्वकीयं नायकं चिह्नं मुद्रां तत्र न्यवेशयन् ।
ततोऽन्ये शरणं याता दासभावमुपागताः ।।१२।।

ब्रह्माजीले भन्नुभयो - आफ्नो बुद्धिमान् छोरा सिन्धुलाई सूर्यनारायणबाट वर प्राप्त भएका कारण अभिमानी हुँदै गएको जानेर राजा चक्रपाणिले अमात्य कोश आदि सम्पूर्ण राज्यको अभिभारा त्यसलाई सुम्पिदिए।।१।। त्यसपछि चक्रपाणि आत्मदर्शन गर्ने इच्छाले तपस्या गर्न वनतर्फ लागे । राजा सिन्धु पनि पिताद्वारा राज्यसिंहासनमा अभिषिक्त भएपछि राज्यसञ्चालन गर्न तत्पर भयो ।।२।। विभिन्न जातजाति र वर्गका मुख्य मानिसहरू, मन्त्रीहरू र राज्यका अधिकारीहरूलाई बोलाएर त्यसले विभिन्न अधिकारमा स्थापित गऱ्यो। तिनलाई उपहार दिएर प्रसन्न तुल्यायो। त्यसपछि त्यसले सम्पूर्ण राज्यमा ढोल पिटाएर राजा सिन्धुको आज्ञा भङ्ग गर्ने मानिसलाई कठोर दण्ड दिइनेछ भन्ने घोषणा गर्न लगायो ।।३।। घोषणापछि आफ्ना वीर सैनिकहरूलाई दिग्विजय गर्न आज्ञा दियो । अत्यन्त भयङ्कर स्वरूप भएको त्यस दैत्यले आफ्नो तेजबाट आफैलाई वरदान दिने सूर्यलाई पनि हेपिसकेको थियो ।।४।। दिग्विजयका लागि राता राता अनुहार भएका भयङ्कर वीरहरूले प्रस्थान गरेका थिए । नाना जातजातिबाट आएका ती वीरहरूले दिग्गजहरूलाई पनि परास्त गर्न चाहन्थे । तिनले ठूलो घण्टाको घोषबाट दिशा र विदिशालाई पनि शब्दायमान तुल्याएका थिए । पैदलसेनाका वीरहरूपछि घोडसवार वीरहरूले प्रस्थान गरे । ती पनि अनेक अलङ्कारद्वारा अलङ्कृत थिए ।।५-८।। वीरहरूका हातमा असंख्य धनु, शस्त्र र अस्त्र थिए । तिनीहरूको बीचमा दैत्यराज सिन्धु घोडामा सवार भएको थियो ।।९।। त्यसको घाँटीमा मोतीको हार चम्किरहेको थियो र हातमा धनुष एवं बाण थिए । तरबार एवं ढाल धारण गर्ने महाबली सिन्धु वन, पर्वत र वृक्षहरूलाई चूर्ण-चूर्ण बनाउँदै जुन जुन नगरमा विजय गर्ने उद्देश्यले जान्थ्यो त्यस त्यस नगरका राजाहरूलाई जितेर त्यहाँ आफ्नो शासन प्रवर्त्तन गरी राजचिह्न र राजमुद्राको प्रचलन गराउँथ्यो । त्यसको वीरता देखेर अरू राजाहरू पनि शरणमा आई त्यसकै सेवक बनेर रहेका थिए ।।१०-१२।। दैत्यराज सिन्धुले तिनलाई अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करदाँस्तान् स कृत्वैव ररक्ष स्वपदे बलात् ।
एवं सर्वान् वशञ्चक्रे दैत्यकोट्यस्ततोऽन्वयुः ।।१३।।

शुम्भो निशुम्भो वृत्रश्च प्रचण्डः काल एव च।
कदम्बासुरनामा च शम्बरः कमलासुरः ।।१४।।

कोलासुरोऽब्रवीत् तत्र यथा त्रिपुरदैत्यराट् ।
विजित्य लोकत्रितयमधिकारान् हि नो ददौ १५।।

तथा यच्छाधिकारान्नो जित्वा त्रैलोक्यमोजसा।
तस्मिन् हते शिवेनाऽद्य दृष्टोऽसिं प्रबलोऽसुरः ।।१६।।

न ते पराक्रमतुलां कृतान्तोऽपि लभेत् क्वचित् ।
तवाज्ञां कर्तुमिच्छामस्तव सेवां महाबल ।।१७।।

एवमाकर्ण्य तद्वाक्यं सन्तुष्टः सिन्धुदैत्यराट् ।
ददावश्वान् गजान् तेभ्यो वस्त्राणि भूषणानि च ।।१८।।

सिन्धुरुवाच

प्रबलस्तु तदाऽहं स्यां यदा जेष्येऽमरावतीम् ।
हरविष्णुसत्यलोकान् पातालानि च सप्त च ।।१९।।

क उवाच

साधु साध्विति सर्वेषु ब्रुवत्सु सर्वदैत्यपाः।
जगर्जुश्च जहृषुश्च ब्रह्माण्डं पर्यकम्पयन् ।।२०।।

न भूप ! युद्धात् कण्डुर्नो ह्यशमद्, देवयुद्धतः।
शमं यास्यत्यतो जग्मुः शीघ्रमेवाव्रजन् दिवम् ।।२१।।

तिमीहरूले मलाई कर दिए हुन्छ, आफ्नो पदमा रही राज्य गर भनी त्यहीं नै नियुक्त गर्दथ्यो । यसरी करोडौंको संख्यामा रहेको सिन्धुको सेना सबै राजाहरूलाई आफ्नो वशमा तुल्याएर विश्वविजय गर्न अगाडि बढिरहेको थियो ।।१३।। दैत्यराज सिन्धुको सेनामा शुम्भ, निशुम्भ, वृत्र, प्रचण्ड, कालासुर, कदम्बासुर, शम्बरासुर, कोलासुर आदि वीरहरू रहेका थिए।।१४।। तीमध्ये कोलासुरले एक दिन सिन्धुलाई निवेदन गर्‍यो – 'हे राजन् ! प्राचीन समयमा त्रिपुरासुर दैत्यले तीनै लोकमाथि विजय गरी त्यहाँका सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर हामीलाई अधिकार प्रत्यायोजन गरी कज्याएका थिए ।।१५।। त्यसैगरी तपाइँले पनि आफ्नो तेजबाट स्वर्ग, मर्त्य र पातालमाथि विजय गरी हामीलाई अधिकार प्रदान गर्नुहोस्। शिवले त्रिपुरासुरलाई मारेपछि हाम्रा अधिकार खोसिए । आज हाम्रो अधिकार दिलाउन सुयोग्य वीरका रूपमा हजुरको उदय भएको छ ।।१६।। हजुर अतुलनीय पराक्रमले सम्पन्न हुनुहुन्छ त्यस कारण हजुरलाई यमराजले पनि जित्न सक्दैनन् । हामी हजुरको आज्ञा पालन गर्न चाहन्छौं र हजुरकै सेवामा आफ्नो जीवन समर्पित गर्न चाहन्छौं ।।१७।।' कोलासुरका यी कुरा सुनेर प्रसन्न भई सिन्धु दैत्यले त्यसलाई घोडा, हात्ती, वस्त्र र अलङ्कार प्रदान गर्दै भन्यो ।।१८।।

सिन्धुले भन्यो – 'हे कोलासुर ! जुन दिन मैले इन्द्रको राजधानी अमरावती, कैलास, वैकुण्ठ, सत्यलोक र सात थरिका पाताललोकहरूमा अधिकार जमाउनेछु त्यस दिनमात्र तिमीले मेरो अतुलनीय पराक्रमको प्रशंसा गर्नेछौ' ।।१९।।

ब्रह्माजीले भन्नुभयो – सिन्धु दैत्यका कुरा सुनेर सबैले राम्रो ! राम्रो ! भन्दै प्रशंसा गरे । दैत्यसेनाका नायकहरू हर्षित भएर ब्रह्माण्ड नै कपाउँदै गर्जन गर्न थाले।।२०।। तिनले भने– 'हे राजन् ! युद्ध गरेर हाम्रो चिलाइ शान्त भएको छैन तर देवताहरूसित युद्ध गरेपछि भने अवश्य शान्त हुनेछ । त्यस कारण हजुरले हाम्रो युद्ध गर्ने इच्छालाई पूर्ण तुल्याइदिनुहोस् ।' तिनीहरूको निवेदनअनुसार दैत्यराज सिन्धुको आज्ञा पाएर ती वीरहरूले देवराज इन्द्रको अमरावतीलाई चारैतिरबाट घेरे । जसरी ब्राह्मणहरू धनी यजमानका वरिपरि रहन्छन् त्यसैगरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुरुधुस्ते शक्रपुरीं ब्राह्मणा इव वित्तदम् ।
मध्यं विविशुरपरे लुण्ठन्तो रत्नसञ्चयान् ।।२२।।

कोलाहलो महानासीद् देवानां तत्र गर्जताम् ।
ततः सभामध्यगतो हरिर्दूतमुखात् ततः।।२३।।

शुश्राव दैत्याभिगमं वेष्टिताञ्च निजां पुरीम् ।
शीघ्रमैरावतारूढो वज्रहस्तोऽमरान्वितः।।२४।।

आययौ तेन दैत्येन योद्धुकामः सुराधिपः।
केचिदूचुः सुरास्तत्र नाऽयं युद्धक्षमो हरे।।२५।।

विना रमापतिञ्चास्य न समो दृश्यते क्वचित् ।
यावद् वदत्सु तेष्वेवं तावद् दैत्यो महाबलः।।२६।।

शक्रं सुरगणैर्युक्तमविध्यच्छरवृष्टिभिः।
तावद् देवगणाः केचित्पलायनपरा ययुः।।२७।।

ततोऽधावन् महेन्द्रोऽसौ गर्जमानो रुषान्वितः।
ग्रसन् दैत्यगणान् सर्वान् वज्रोद्यतकरोऽरिहा ।।२८।।

अहनद् दैत्यराजं तं मस्तके वज्रतो दृढम् ।
स मूर्च्छां महतीं प्रायान्मुहूर्तात् पुनरुत्थितः।।२९।।

उवाच च हरिं गच्छ स्वक्षयं न क्षयं व्रज।
मम मुष्टिप्रहारेण कालो मृत्युं गमिष्यति ।।३०।।

तत्र का गणना तेऽस्ति नाशृणोत् तद्धरिर्वचः।
रोषाविष्टो महादैत्यस्ततो मुष्टिप्रहारतः।।३१।।

बिभेदैरावतकटं रुधिरौघप्रवर्षितम् ।
तत उड्डीय दैत्यस्तच्चतुर्दन्तानधारयत् ।।३२।।

अपातयद् गजपतिमाश्चर्यं हरिरराययौ।
दधार च हरिं पादेऽपोथयद् यावदेव तम् ।।३३।।

तावत् सूक्ष्मेण वपुषा निर्गतो हस्तमध्यतः।
जगाम दूरदेशं स मनसा प्रशशंस तम् ।।३४।।

दैत्यहरू पनि अमरावतीका वरिपरि घेरा हालेर बसेका थिए। केही दैत्य अमरावतीको बीच भागमा पुगे र कसैले रत्न एवं धातु लुट्न थाले ।।२१-२२।। दैत्यहरूको आक्रमणबाट आत्तिएका देवताहरूको ठूलो कोलाहल मच्चियो । देवसभाको माझमा रहेका इन्द्रले दूतका मुखबाट दैत्यको सेनाले अमरावतीलाई चारैतिरबाट घेरेको कुरा सुने । त्यसपछि इन्द्र ऐरावत हात्तीमा सवार भएर हातमा वज्र लिई देवसेनाका साथ सिन्धु दैत्यसँग युद्ध गर्न युद्धको मैदानमा आए । कुनै देवताले भने - 'हे इन्द्रमहाराज ! देवताहरू सिन्धु दैत्यसँग युद्ध गर्न समर्थ छैनन् ।।२३-२५।। तपाइँले युद्धको पहल नगर्नुहोस् । देवसेना पराजित हुनेछ । भगवान् नारायणविना दैत्यराज सिन्धुसँग युद्ध गर्न सक्ने बलवान् कुनै पनि देवता छैनन् ।' यसरी देवताहरूले भनिरहेकै समयमा महाबली दैत्य सिन्धुले देवताहरूसहित इन्द्रमाथि बाणप्रहार गरी तिनलाई घाइते बनायो। देवताहरू डराएर भाग्न थाले ।।२६-२७।। त्यसपछि रिसाएका र गर्जन गरिरहेका इन्द्र दैत्यराज सिन्धुमाथि प्रहार गर्न अगाडि बढे । ती आफ्नो वज्र प्रहार गरेर दैत्यहरूलाई मार्दै सिन्धुका समीपमा पुगे । त्यहाँ गएर तिनले सिन्धुको निधारमा वज्र प्रहार गरे । त्यो केही बेर मूर्च्छित भयो, त्यसपछि होशमा आएर तुरुन्तै उठ्यो ।।२८-२९।। त्यसले भन्यो - 'हे इन्द्र ! तिमी नारायणको शरणमा जाऊ, आफ्नो दरबारमा नजाऊ, किनकि अब तिम्रो राजधानी तिम्रो हातमा रहेको छैन । मेरो मुड्कीको प्रहारबाट कालले पनि मृत्यु प्राप्त गर्नेछ ।।३०।। तिम्रो त कुनै गणना छैन ।' सिन्धु दैत्यको यो अभिमानपूर्ण वचनलाई बेवास्ता गरी इन्द्रले युद्ध गरी नै रहे । इन्द्रको युद्धमा संलग्नता देखेर रिसाएको दैत्यराज सिन्धुले आफ्नो मुड्की प्रहार गरेर इन्द्रको वाहन ऐरावत हात्तीको गण्डस्थल भेदन गऱ्यो । त्यसपछि त्यस दैत्यले उफ्रिएर ऐरावतका चारवटै दाँत थुती शस्त्रप्रहार गरेर त्यसलाई भुइँमा लडायो । दैत्यराज सिन्धुको यो पराक्रम देखेर इन्द्र अत्यन्त चकित भए । त्यसपछि दैत्य सिन्धुले इन्द्रलाई समातेर भुइँमा पछाऱ्यो ।।३१-३३।। त्यस बेला इन्द्रले पनि आफ्नो शक्ति प्रयोग गरेर आफ्नो आकार सानो बनाई सिन्धु दैत्यको हातबाट फुत्केर ज्यान जोगाए । भागेर टाढा पुगी मनमनै ती सिन्धुका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैतादृशं बलं दृष्टमतिष्ठञ्चेन्मृतोऽभवम् ।
ततोऽमरगणैः सार्द्धं शरणं तं हरिं हरिः।।३५।।

जगाम वपुषाऽन्येन विसृज्यैरावतं गजम् ।
सिन्धुदैत्यस्तु सेन्द्रेषु देवेषु विद्रुतेषु च ।।३६।।

इन्द्रासनसमारूढो दैत्यवृन्देन वेष्टितः।
ददौ पदानि देवानां दैत्येभ्यः सकलानि सः ।।३७।।

ततः शुम्भादयो दैत्याः स्थितास्तेषु निराकुलाः।
नमस्यन्तोऽसुरपतिं प्रशंसन्तो बलाधिकम् ।।३८।।

नानावादित्रनिर्घोषैर्नादयन्तस्त्रिविष्टपम् ।।३९।।

पराक्रमको प्रशंसा गर्न लागे ।।३४।। तिनले भने – 'मैले यस्तो बल कसैको पनि देखेको थिइनँ । म यदि त्यहीं रहन्थे भने मेरो अवश्य मृत्यु हुने थियो ।' त्यसपछि देवराज इन्द्र देवताहरूलाई साथ लिएर वैकुण्ठका स्वामी नारायणको शरणमा गए ।।३५।। इन्द्र आदि देवताहरू भागेर गएपछि सिन्धु दैत्यले पनि अमरावतीको इन्द्रासनमा आरोहण गऱ्यो । चारैतिर दैत्यसेनाका वीरहरूले पहरा दिएर त्यसको रक्षा गरे । देवताहरूले स्वर्गको राज्य चलाउन जुन जुन पदमा अधिकार गरेका थिए ती ती पदमा दैत्यवीरहरूलाई नियुक्त गरियो ।।३६-३७।। त्यसपछि सिन्धुसेनाका शुम्भ आदि वीरहरू अधिकार पाएर निर्भय भई स्वर्गराज्यको सञ्चालनमा सहयोग गर्न थाले । देवताका स्वामी सिन्धु दैत्यको जय होस् भन्दै प्रशंसा गरिरहेका ती दैत्यवीरहरूले अनेक थरि विजयका बाजा बजाएर स्वर्गलाई नै शब्दायमान तुल्याए ।।३८-३९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे सुरपराजयो नाम पञ्चसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सिन्धुद्वारा देवताहरूको पराजय' शीर्षकान्वित पचहत्तरौं अध्याय पूर्ण भयो ।।७५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्सप्ततितमोऽध्यायः { ७६ अध्याय }

क उवाच

वैकुण्ठे सुखमासीनमागतोऽमरसंयुतः ।
हरिर्हरिं नमस्कृत्य निजगाद प्रयोजनम् ।।१।।

इन्द्र उवाच

किं न जानासि गोविन्द ! सिन्धुदैत्यकृतामिमाम् ।
आपदं नोऽमरावत्यां दुष्टैराक्रमणं कृतम् ।।२।।

तेन सार्द्धं कृतं युद्धं यथाशक्ति सुरैः सह ।
न स जेतुं क्षमो दैत्योऽतस्त्वां शरणमन्वियाम् ।।३।।

न त्वां विना गतिर्नोऽस्ति सर्वदा त्वं गतिर्हि नः ।
निर्दालयैनं नो देहि स्थानानि जगदीश्वर ।।४।।

क उवाच

श्रुत्वा हरिवचो विष्णुश्चिन्ताश्चर्यसमन्वितः ।
उवाच तं न भीः कार्या प्रविजेष्येऽसुरं क्षणात् ।।५।।

एवमुक्त्वा हृषीकेशो रुरोह निजवाहनम् ।
तदुड्डानेन च तदा चकम्पे भुवनत्रयम् ।।६।।

पतिता अवनौ वृक्षाः पक्षिवृन्दसमन्विताः ।
किरीटकुण्डलधरो वनमालाविभूषितः ।।७।।

कौस्तुभार्चिर्लसद्वक्षाः कस्तूरीतिलकोज्ज्वलः ।
शङ्खचक्रगदापद्महस्तो यातोऽमरावतीम् ।।८।।

ब्रह्माजीले भन्नुभयो - देवतालाई साथमा लिएर वैकुण्ठमा गएका इन्द्रले आफ्नो आसनमा सुखपूर्वक विराजमान हुनुभएका नारायणलाई प्रणाम गरेर आफ्नो आगमनको उद्देश्य बताए ।।१।।

इन्द्रले भन्नुभयो - 'हे भगवन् नारायण ! हजुरलाई थाहा छ कि छैन ? सिन्धु दैत्यले हाम्रो दुर्दशा गरायो । हामी आपत्तिमा परेका छौं । देवताहरूको राजधानी अमरावतीमा दैत्यहरूले आक्रमण गरे ।।२।। मैले देवसेनालाई साथमा लिएर दैत्यराज सिन्धुका साथ युद्ध गरें, तर बल र पराक्रमबाट त्यसलाई जित्न सकिनँ । अहिले म हजुरको शरणमा आएको छु ।।३।। हे नारायण ! हजुरविना हामी देवताको कुनै अर्को गति र उपाय छैन । जहिले पनि हामीलाई आपत्ति पर्दा उद्धार गर्ने हजुरमात्र हुनुहुन्छ । हजुरले सिन्धुलाई समाप्त पारी हाम्रा गुमेका पद दिलाउनुहोस् ।।४।।'

ब्रह्माजीले भन्नुभयो - इन्द्रका कुरा सुनेर भगवान् नारायण एकछिन चिन्ता र आश्चर्यले युक्त हुनुभयो । केही बेर सोचेर भन्नुभयो - 'हे इन्द्र ! तिमीले कुनै डर नमान, मैले केही समयमा शत्रुलाई परास्त गर्नेछु' ।।५।। इन्द्रलाई आश्वस्त बनाएर नारायण आफ्नो वाहन गरुडमा सवार हुनुभयो । भगवान् गरुडमा सवार भई आकाशमार्गमा उड्न लाग्दा पैदा भएको शब्दले स्वर्ग, मर्त्य र पाताल कम्पायमान भएका थिए ।।६।। रूखहरूका साथै आकाशमा उडिरहेका चराहरू पनि भुइँमा खसेका थिए । भगवान् नारायणले किरीट र कुण्डल धारण गर्नुभएको थियो ।।७।। उहाँको छातीमा वनमाला सुहाएको थियो । कौस्तुभ मणिको किरणबाट उहाँको हृदयप्रदेश प्रकाशमान थियो । उहाँको निधारमा कस्तूरीको टीका चम्किरहेको थियो । उहाँले हातमा शङ्ख, चक्र, गदा र पद्म धारण गर्नुभएको थियो। यसरी आफ्नो सुन्दर र महिमामय स्वरूपका साथ भगवान् नारायण अमरावती पुग्नुभयो ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञात्वा देवगणान् प्राप्तान् गरुडासनसंयुतान् ।
युद्धायाजग्मुरसुरा नानाशस्त्रधरास्तदा ।।९।।
धनुश्चक्रधरो दैत्यः सतूणो हयसङ्गतः ।
सिन्धुरप्यागतो रोषाद् योद्धुकामो महाबलः ।।१०।।
ततः कुबेरो वरुणो वायुरग्निः पुरन्दरः ।
सोमो मित्रश्च भौमश्च नासत्यौ मदनोऽपि च ।।११।।
ततोऽभवद् द्वन्द्वयुद्धं सिन्धुदैत्ये पुरः स्थिते ।
प्रचण्डो वरुणेनाजौ कमलेन च यक्षराट् ।।१२।।
वृत्रेण शतयज्वा च निशुम्भः पवनेन च ।
शुम्भोऽपि युयुधे तत्र विष्णुना प्रभविष्णुना ।।१३।।
वह्निश्चण्डेन मुण्डेन सोमश्च युयुधे भृशम् ।
कदम्बेन च भौमश्च मदनेन च शम्बरः ।।१४।।
नासत्यौ कालदैत्येन सर्व एव च सैनिकाः ।
शस्त्रैरस्त्रैः प्रजघ्नुस्ते मर्मस्थानानि चासकृत् ।।१५।।
केचिद् युयुधिरे मल्ललीलया युद्धदुर्मदाः ।
परस्परं शस्त्रघातैः केचित् तत्र प्रपेदिरे ।।१६।।
मृता मुमूर्षवः केचिद् व्यङ्गाश्चैव ववल्गिरे ।
जयं पराजयं ते न प्रापुः क्वाचित्कमेव च ।।१७।।
ततो वृत्रासुरः शक्रमहनन् मुष्टिघाततः ।
मस्तकं मस्तकेनैव निजघ्नतुरथौजसा ।।१८।।
एवं हस्तेन हस्तञ्च पादं पादेन जघ्नतुः ।
वक्षःस्थलेन वक्षश्च ततो वज्रेण सोऽहनत् ।।१९।।
जघान वृत्रः शक्रं तं सोऽपतन्मूर्च्छितो भुवि ।
यावत् पलायति पुरो वमन् रक्तं मुखाद् बहु ।।२०।।
ततः पपात भूपृष्ठे हतो मूर्च्छां गतो भृशम् ।
पुनः संज्ञामवाप्यैव वज्रकल्पेन मुष्टिना ।।२१।।
जघान वृत्रः शक्रन्तं सोऽपतन्मूर्च्छितो भुवि ।
यावत् पलायति सुरो वमन् रक्तं मुखाद् बहु ।।
तावद् दैत्या योद्धुकामाः समीयुः सर्वतोदिशम् ।
दृष्ट्वा पराक्रमं तेषां मघवाऽन्तर्दधे तदा ।।२२।।

देवताहरूलाई अमरावतीमा आएको देखेर अनेक शस्त्र–अस्त्रले सुसज्जित दैत्यवीरहरू पनि युद्ध गर्न नारायण भएको ठाउँमा आए ।।९।। दैत्यवीरको आगमनपछि हातमा धनु र चक्र धारण गर्ने, काँधमा ठोक्रो भिरेको दैत्यराज सिन्धु पनि रिसाउँदै भगवान्सँग युद्ध गर्ने इच्छा गरी घोडामा सवार भई आयो ।।१०।। त्यसपछि देवता पक्षका वीरहरू क्रमशः कुबेर, वरुण, वायु, अग्नि, इन्द्र, चन्द्रमा, मित्र, मङ्गल, अश्विनीकुमार र कामदेव पनि त्यहाँ जम्मा भए।।११।। दैत्यराज सिन्धुका सामु दैत्यवीर र देववीरहरूको मल्लयुद्ध आरम्भ भयो । प्रचण्डनामक दैत्य वरुणका साथ, कमलासुर कुबेरका साथ, वृत्रासुर इन्द्रका साथ, निशुम्भ वायुका साथ, शुम्भ भगवान् नारायणका साथ, अग्नि चण्डका साथ, मुण्ड चन्द्रमाका साथ, कदम्ब मङ्गलका साथ, शम्बर कामदेवका साथ र कालदैत्य अश्विनीकुमारका साथ युद्ध गरिरहेका थिए । ती वीरहरूले आ–आफ्ना शस्त्र र अस्त्रद्वारा आफ्ना शत्रुका मर्मस्थलमा बारबार प्रहार गरिरहेका थिए ।।१२–१५।। केही वीरहरू युद्धको उन्मादले उन्मत्त भएर मल्लयुद्ध गरिरहेका थिए । केही परस्परमा शस्त्रप्रहार गर्दै युद्ध गरिरहेका थिए । दुबै पक्षका केही वीर मरे, केही वीर मर्ने इच्छाले रणस्थलमा लत्रिए, केही विकलाङ्ग बने, केही घाइते भएर चिच्याउन थाले भने केही वीरहरू रिसाएर बकवाद गर्न थाले । दुबै पक्षका वीरहरूमध्ये कसैले पनि न जित्न सके न त हारे । यसरी युद्ध चलिरह्यो ।।१६–१७।। त्यसपछि वृत्रासुरनामक दैत्यले आफ्नो मुड्कीले इन्द्रमाथि प्रहार गऱ्यो । ती दुबै वीरहरू ओजपूर्वक टाउकाले टाउकामा, हातले हातमा, खुट्टाले खुट्टामा र छातीले छातीमा प्रहार गर्दै युद्ध गरिरहे । केही समयपछि रिसाएका इन्द्रले वृत्रासुरमाथि वज्रद्वारा प्रहार गरे ।।१८–१९।। वृत्रासुरले पनि इन्द्रमाथि वज्रले प्रहार गऱ्यो र इन्द्र केही बेर मूर्च्छित भए। होशमा आएपछि भाग्न खोजिरहेका र मुखबाट रगतको धारा बगाइरहेका इन्द्रलाई चारै दिशाबाट युद्ध गर्ने इच्छाले आएका दैत्यवीरहरूले घेरे। दैत्यहरूको पराक्रम देखेर इन्द्र अन्तर्धान भए। यसैगरी देवतापक्षका मल्लयुद्धमा संलग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं ये ये द्वन्द्वयुद्धं कुर्वन्तो देवतागणाः ।
ते सर्वे भग्नदर्पास्तु पलायनमकुर्वत ।।२३।।

एवं देवेषु भग्नेषु गरुडं प्राहिणोद्धरिः ।
चक्रदीप्त्या स्वदीप्त्या च भासयन् विदिशो दिशः।।२४।।

अहनच्चक्रधाराभिर्दैत्यश्रेणीरनेकशः ।
केचिद् भग्नानना दैत्याः केचिद् भग्नशिरोधराः ।।२५।।

केचिच्च शतधा जाताः शीर्णजानूरुबाहवः ।
केचिच्च शरणं याता न ममार जनार्दनः ।।२६।।

सर्वे महाबला दैत्या मुक्तिं हरिंहता गताः ।
मेदोमांसवहा नद्यः सद्यस्तत्र प्रवर्तिताः ।।२७।।

ततः शङ्खनिनादेन हरिः सर्वं व्यनादयत् ।
एवं जयति गोविन्दे सर्वे शुम्भादयोऽसुराः ।।२८।।

तमेव योद्धुमायाता द्वन्द्वयुद्धं विहाय तत् ।
विराड्रूपेण भगवान् धृत्वा ताँश्चतुरोऽसुरान् ।।२९।।

भिन्दीपालेन पाषाणं यथा क्षिपति मानवः ।
तथा चण्डञ्च मुण्डञ्च निशुम्भं शुम्भमेव च ।।३०।।

भ्रामयित्वाऽक्षिपद् दूरे मध्ये कृत्वा सरिद्वराम् ।
ते मूर्च्छां परिभूयैव पुनश्च वाहिनीं गताः ।।३१।।

हृदि प्रचण्डं पृष्ठे तु वृत्रं मुष्टिप्रहारतः ।
जघान हरिरव्यग्रः कालं कमलमेव च ।।३२।।

भौमासुरञ्च शिरसि कदम्बञ्चक्रघाततः ।
कोलासुरञ्च गदया विव्याध हृदि माधवः ।।३३।।

ततः सिन्धुरगात्तूर्णं कृतकोलाहलारवः ।
दिगन्तान् नादयन् प्रोचे बलं ते दर्शितं हरे ।।३४।।

वीरहरू पनि दैत्यवीर-हरूको प्रहारबाट घाइते र भग्नदर्प भई भाग्न विवश भए ।।२०-२३।। देवसेनाले पलायन गरेपछि आफ्ना चक्रको कान्तिबाट सबै दिशा र विदिशाहरूलाई प्रकाशित गरिरहनु भएका नारायणले गरुडलाई युद्धभूमितर्फ जान अभिप्रेरित गर्नुभयो ।।२४।। युद्धभूमिमा जानुभएका नारायणले आफ्नो चक्र घुमाएर असंख्य दैत्यहरूलाई मार्नुभयो। कुनै दैत्यका मुखमा घाउ लागेको थियो, कसैको घाँटी काटिएको थियो, कसैका तिघ्रा चुँडिएका थिए र हात टुक्रिएका थिए भने कसैका शरीर सय टुक्रा भएर भुइँमा फैलिएका थिए । केही दैत्य डराएर भगवान् नारायणको शरणमा आए । ती शरणार्थीहरूलाई भगवान् नारायणले मार्नुभएन ।।२५-२६।। युद्धभूमिमा भगवान् नारायणको हातबाट वीरगति प्राप्त गर्ने महाबली दैत्यहरूले मुक्ति प्राप्त गरे । रगत, बोंसो र चर्बीबाट बनेका अनेक नदीहरू त्यहाँ बग्न थाले ।।२७।। विजयको उपलक्ष्यमा नारायणले शङ्खघोष गर्नुहुँदा संसार नै नादमय बन्न पुग्यो । यसरी भगवान् नारायणले विजय प्राप्त गरेपछि शुम्भ आदि असुरहरू युद्ध छाडी भगवान्सँग मल्लयुद्ध गर्न भनी अगाडि सरे । त्यस बेला भगवान्ले विराट् रूप धारण गर्नुभयो र शुम्भ आदि असुरलाई समात्नुभयो । मानिसले हथौडाले प्रहार गरेर ढुंगालाई चूर्णचूर्ण बनाएझैं नारायणले पनि चण्ड, मुण्ड, शुम्भ र निशुम्भलाई समाती आकाशमा धेरै बेरसम्म रिंगाएर टाढा नदी पारि फ्याँकि-दिनुभयो । भुइँमा पछारिएका ती दैत्यवीरहरू मूर्च्छित भए । मूर्च्छाबाट जागेपछि फेरि लड्न आए ।।२८-३१।। निश्चिन्त र शान्त हुनुभएका भगवान् नारायणले प्रचण्डको मुटुमा र वृत्रासुरको पिठ्यूँमा मुड्की प्रहार गरेर तिनलाई मार्नुभयो । कालासुर, कमलासुर र भौमासुरका शिरमा प्रहार गरेर मार्नुभएपछि नारायणले कदम्बासुरलाई चक्रको प्रहार गरेर मार्नुभयो । त्यसपछि उहाँले गदाप्रहार गरेर कोलासुरलाई मार्नुभयो । ती सबै वीरहरूको वध भएपछि रिसाएको दैत्यराज सिन्धु गर्जनद्वारा दिशा र विदिशालाई थर्कमान तुल्याउँदै नारायणलाई सम्बोधन गरी भन्न थाल्यो - 'हे नारायण! तिम्रो पराक्रम देखायौ ।।३२-३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ममापि पौरुषं पश्य न च गन्तुं त्वमर्हसि ।
न मे दृष्टिगतो जीवन् रिपुर्याति कदाचन ।।३५।।

भूतभव्यभविष्यज्ञ ! किं पूर्वं न विचारितम् ।
यस्य शब्देन च भृशं कम्पते भुवनत्रयम् ।।३६।।

तत्पुरः कथमायातः खद्योत इव भूषणम् ।
ततोऽमरगणाः प्रोचुर्वल्गन्तं सिन्धुदैत्यपम् ।।३७।।

शूरा न हि प्रजल्पन्ति दर्शयन्त्येव पौरुषम् ।
अस्माकं न हरेराज्ञा नो चेत् त्वं शतधा भवेः ।।३८।।

अब तिमीले पनि मेरो पराक्रम हेर्नुपर्छ। तिमी यहाँबाट भाग्न पाउँदैनौ । मेरा आँखासामु परेको शत्रु भागेर कहीं पनि जान सक्दैन ।।३५।। हे नारायण ! तिमीले त भूत, वर्तमान र भविष्यत्कालको ज्ञाता म हुँ भन्दछौ। तिमीले पहिले विचार गरेनौ ? जसको शब्दको उच्चारणबाट स्वर्ग, मर्त्य र पाताल काँप्दछन् त्यस्तो वीरशिरोमणि म दैत्यराज सिन्धुका सामु तिमी जूनकिरी सूर्यमा ठोकिएझैं ठोकिन आएका छौ ।' त्यसपछि देवताहरूले आफ्नो बखान गरिरहने सिन्धुलाई भने– 'हे दैत्यराज सिन्धु ! वीरहरू गफ गर्दैनन् र वकवाद गर्दैनन् तर तिनीहरूले पुरुषार्थ देखाउँछन् । अब तिमीले पुरुषार्थ देखाउने बेला आएको छ। अहिले नारायणले हामीलाई तिम्रो वध गर्न आज्ञा दिनुभएको छैन अन्यथा तिमी सय टुक्रा भएर भुइँमा लडेका हुने थियौ ।।३६-३८।।'

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे देवदानवयुद्धवर्णनं नाम षट्सप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवता र दैत्यहरूको युद्धवर्णन' शीर्षकान्वित छहत्तरौं अध्याय पूर्ण भयो ।।७६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तसप्ततितमोऽध्यायः

क उवाच

इति तद्वचनं श्रुत्वा क्रोधाद् वह्निकणान् वमन् ।
यथा सिंहो गजानीकं याति तद्वद् ययौ सुरान् ।।१।।

सिन्धुर्मुष्टिप्रहारेण जघान बलसूदनम् ।
पपात स धरापृष्ठे वाताहत इव द्रुमः ।।२।।

भालदेशे कुबेरञ्च हनौ च वरुणं यमम् ।
पृष्ठदेशे जघानासौ चक्राघातेन दैत्यराट् ।।३।।

तालुदेशे पावकञ्च मन्मथं लत्तयाऽहनत् ।
अनिलं पादघातेन शनैश्चरमपोथयत् ।।४।।

सोमं भौमं भ्रामयित्वा तत्याज भूतले बलात् ।
पृष्ठभागेऽहनच्चैव सनकञ्च सनन्दनम् ।।५।।

नासत्यौ नारदश्चापि कुत्रापि च पलायिताः ।
ततः पलायिताः सर्वे दृष्ट्वा वीर्यं सुरास्तदा ।।६।।

पतिता मूर्च्छिताः केचिद् दैत्यश्चक्रेण माधवम् ।
मुष्टिदेशे जघानासौ चक्रं तस्याऽपतद् भुवि ।।७।।

माधवो गदया मूर्ध्नि दैत्येशं तमताडयत् ।
वञ्चयित्वा च शतधा गदां स्वाञ्च व्यचिक्षिपत् ।।८।।

ज्ञात्वा पराक्रमं तस्य प्रोचे तं मधुसूदनः ।
वरयस्व वरं दैत्य! यत् ते मनसि वर्तते ।।९।।

नैतादृशो मयाऽदर्शि पुरुषार्थोऽसुरे क्वचित् ।
ततोऽब्रवीद् दैत्यपतिः परमाह्लादसंयुतः ।।१०।।

यदि तुष्टोऽसि देवेश ! यदि देयो वरो मम ।
गण्डकीनगरे मे त्वं परिवारयुतो हरे ।।११।।

सर्वकालं वस विभो ! नान्यं याचे वरं परम् ।
तत ऊचे महाविष्णुः स्थास्यामि नगरे तव ।।१२।।

{ ७७ अध्याय }

ब्रह्माजीले भन्नुभयो – देवताहरूका कुरा सुनेर रीसले मुखबाट आगाका फिलिङ्गाहरू निकाल्दै सिन्धु दैत्यले हात्तीको झुण्डमा सिंहले आक्रमण गरेझैं देवताहरूमाथि आक्रमण गर्‍यो ।।१।। त्यसले बलसूदन नामक देवतालाई मुड्कीले प्रहार गर्‍यो। ती देवता हावाले लडाएको रूखझैं भुइँमा लडे । त्यसले कुबेरको निधारमा, वरुणको च्यापुमा र यमराजको पिठ्यूँमा चक्रले प्रहार गर्‍यो। त्यसैगरी त्यसले अग्निको तालुमा हिर्काउँदै कामदेवलाई लात्तीले प्रहार गर्‍यो । वायुलाई खुट्टाले प्रहार गरी शनिश्चरलाई धर्तीमा पछार्‍यो ।।२-४।। चन्द्रमा र मङ्गललाई पनि आकाशमा फनफनी रिगाउँदै भुइँमा पछार्‍यो। त्यसैगरी सनक र सनन्दनलाई पिठ्यूँमा हान्यो ।।५।। यसरी त्यसले प्रहार गरिरहेको दृश्य देखेर अश्विनीकुमार र नारद ऋषि युद्धको मैदानबाट भागे । तिनीहरू भागेको देखेर अरू देवताहरू पनि सिन्धु दैत्यको पराक्रमबाट डराई भाग्न थाले ।।६।। केही देवताहरू भुइँमा लडे र केही बेहोश भए । त्यसपछि सिन्धुले नारायणमाथि चक्रले प्रहार गर्‍यो । तर त्यो चक्र नारायणको शरीरमा नपुग्दै भुइँमा खस्यो ।।७।। नारायणले पनि गदा फनफनी घुमाएर त्यसलाई भ्रान्तिमा पार्दै टाउकामा प्रहार गर्नुभयो। त्यसपछि त्यसले पनि गदाको प्रहारबाट आफूलाई चतुरतापूर्वक जोगाई आफ्नो गदाले नारायणमाथि प्रहार गर्‍यो ।।८।। दैत्यराज सिन्धुको पराक्रम थाहा पाएर भगवान् नारायणले भन्नुभयो – 'हे दैत्यराज ! तिम्रो मनमा के इच्छा छ भन ? म तिमीलाई वरदान दिन्छु ।।९।। तिमीजस्तो पुरुषार्थी दैत्य मैले अहिलेसम्म कहीं पनि देखेको छैन।' त्यसपछि अत्यन्त आनन्दित भएको दैत्यराज सिन्धुले भन्यो– 'हे नारायण! यदि तपाइँ ममाथि प्रसन्न हुनुहुन्छ र मलाई वरदान दिनुहुन्छ भने तपाइँ मेरो गण्डकीनगरीमा स-परिवार सधैं बस्नुहोस् ।'।।१०-११।। हे प्रभु ! योभन्दा अरू वरदान मलाई चाहिएको छैन। त्यसपछि नारायणले भन्नुभयो– 'तिमीलाई वचन दिइसकेको छु म बोलेको व्यर्थ हुँदैन । म गण्डकी नगरीमा स-परिवार रहनेछु ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दत्तो वरो यतो नूनं ततोऽस्मि वशगस्तव ।
ततः स सत्यलोके च कैलासे वैष्णवे पदे ।।१३।।

आस्थापयद् दैत्यपतीन् स्वयं शाक्रे पदेऽवसत् ।
तत्राप्यन्यं स्थापयित्वा रमापतियुतः स्वयम् ।।१४।।

वाद्यदुन्दुभिनिर्घोषैः स्वपुरीं गण्डकीं ययौ ।
नुवन्ति बन्दिनस्तं तु नेदृशोऽभूत् पुमान् क्वचित् ।।१५।।

येन विष्णुर्गृहं स्वीयं जित्वाऽनायि सुरान् बहून् ।
ददृशुर्नागरास्तस्य समीपे वरुणं हरिम् ।।१६।।

कुबेरं देवमुख्यांश्च ततः स्वभवनं ययुः ।
ततः प्रोचे हरिं दैत्यो गण्डकीनगरे सुखम् ।।१७।।

विहरस्वामरैः सार्द्धं ततः सोऽपि तथाऽकरोत् ।
परितो दूरतो दैत्यो दैत्यानन्यान् न्यवेशयत् ।।१८।।

ततो देवा हरिं प्रोचुः किं कृतं गरुडध्वज ! ।
त्यक्त्वा स्वविक्रमं किं त्वं स्थितोऽस्यानन्दनिर्भरः।।१९।।

कथं कारागृहे प्राप्ता मृत्युलोकं गताः कथम् ।
कथमन्तो भवेदस्य भोगस्य जगदीश्वर ।।२०।।

तत ऊचे हरिः सर्वान् कालो हि दुरतिक्रमः ।
कालेन जायते सर्वं ह्रसते वर्धतेऽपि वा ।।२१।।

तस्मात् कालं प्रतीक्षध्वं काल एनं ग्रसिष्यति ।
एवं जित्वा त्रिलोकीं स महाबलपराक्रमः ।।२२।।

ततो दैत्यो जगौ सर्वं वृत्तान्तं पितरौ मुदा ।
आशिषं ददतुस्तौ च ज्ञात्वा पौरुषमस्य ह ।।२३।।

वरदान दिएका कारण तिम्रो वशीभूत भएको छु ।' त्यसपछि दैत्यराज सिन्धुले ब्रह्माजीको धाम सत्यलोक, शिवजीको धाम कैलास र विष्णुको धाम वैकुण्ठमा आफ्ना दैत्यनायकहरूलाई नियुक्त गऱ्यो र आफू इन्द्रको सिंहासनमा बसेर शासन गर्न थाल्यो। केही दिनपछि इन्द्रको सिंहासनमा प्रतिनिधिको रूपमा कुनै दैत्यवीरलाई राखेर आफू विष्णुका साथ बाजागाजा बजाउँदै आफ्नो राजधानी गण्डकी नगरीमा गयो । दैत्यराज सिन्धु गण्डकी नगरमा पुग्दा स्तुतिपाठ गर्ने बन्दीहरूले स्तुति गरिरहेका थिए । तिनीहरूले भने- 'दैत्यराजाहरू त धेरै भए तर विष्णुलाई आदर गरेर गण्डकीनगरीमा ल्याई स्वागत गर्ने त दैत्यराज सिन्धुमात्र हुन् ।।१३-१५।। यिनले विष्णुलाई घरमा ल्याए र अरू देवताहरूमाथि पनि अधिकार कायम गरे। यी साह्रै ठूला पराक्रमी दैत्यराज हुन् ।' त्यसपछि नगरवासीहरूले पनि सिन्धु दैत्यका वरिपरि वरुण, इन्द्र, कुबेर आदि देवताहरूलाई देखे। त्यसपछि ती नगरवासी नर-नारीहरू आ-आफ्ना घरतर्फ गए। दैत्यराज सिन्धुले भगवान् नारायणलाई भन्यो - 'हे नारायण ! तपाइँ आनन्दपूर्वक आफ्ना देवताहरूका साथमा यो गण्डकी नगरीमा रही विहार गर्नुहोस्।' त्यसले भनेको वचन सुनेर भगवान् नारायणले पनि त्यसै गर्नुभयो। भगवान् नारायण र देवताहरूको सुरक्षाका लागि अनेक दैत्यवीरहरू खटाइएका थिए।।१६-१८।। एक दिन देवताहरूले नारायणसँग निवेदन गरे - 'हे नारायण हजुर! आफ्नो पराक्रम बिर्सेर दैत्यराजले जे भन्यो त्यो स्वीकार गरी यहाँ आएर त्यसको वशवर्ती भई आनन्दपूर्वक बस्नुभएको छ। यो के गर्नुभयो ? हाम्रा देवताहरू कसरी कारागारमा थुनिए र कसरी मृत्युलोकमा पुगे ? यस्ता पापी दानवको अन्त्य कसरी गर्ने हो ?'।।१९-२०।। देवताहरूका यी कुरा सुनेर नारायणले भन्नुभयो - 'हे देवता हो ! काललाई कसैले जित्न सक्दैन। कालकै कारण सम्पूर्ण पदार्थ पैदा हुन्छन्, घट्छन् र बढ्छन् पनि।।२१।। तपाइँहरूले उचित कालको प्रतीक्षा गर्नुहोस्। एक दिन स्वयं कालले यसलाई मुखको गास बनाउनेछ।' यता दैत्यराज सिन्धुले त्रिलोकीलाई आफ्नो वशमा पारी आफ्ना माता-पिताका सामु गएर युद्धको सम्पूर्ण वृत्तान्त बतायो। त्यसका माता-पिताले आफ्ना छोराको विचित्र पुरुषार्थ देखेर प्रसन्न भई अनेक थरि आशीर्वाद दिए ।।२२-२३।। त्यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो दैत्यो दुष्टमतिर्भूतले समघोषयत् ।
देवद्विजगवामर्चा क्रियते येन केनचित् ।।२४।।

स हन्तव्योऽथवा साधुरानेयो मम सन्निधौ ।
प्रतिमा यत्र यत्र स्यात् तां भङ्क्त्वा निक्षिपेज्जले ।।२५।।

ममैव प्रतिमां कृत्वा पूजयन्तु गृहे गृहे ।
प्राबोधयन् सिन्धुवचो दूता एवं स्थले स्थले ।।२६।।

भङ्क्त्वा प्रासादमूर्तीश्च तोयेऽगाधे च चिक्षिपुः ।
सिन्धोश्च प्रतिमां कृत्वाऽस्थापयन् परमादरात् ।।२७।।

पूजार्थं राक्षसाश्चापि ततो याता निजं पतिम् ।
ऊचुर्वैनायकहरहरिभानुरमादिकाः ।।२८।।

प्रतिमाः प्रविभज्याशु क्षिप्ताः सर्वा महाजले ।
तवैव प्रतिमास्तत्र स्थापिता राक्षसा अपि ।।२९।।

पूजार्थं स्थापिताः स्वामिन् ! आगताश्च तवान्तिकम्
एवं धर्मस्य सर्वस्य विच्छित्तिः समजायत ।।३०।।

यज्ञदानस्वधास्वाहावषट्कारान् न चाकरोत् ।
देवद्विजगुरूणाञ्च पूजनं क्वापि नाऽभवत् ।।३१।।

मेरुं याता ऋषिगणाः केचिद् भ्रंशमुपागताः ।
एवं त्रैलोक्यप्रबला दैत्या जाताश्च राक्षसाः ।।३२।।

विलीना निधनं प्राप्ताः साधवो देवतागणाः ।
यथा देवगणा मोक्षं सिन्धोः प्राप्ताः शृणुष्व तत् ।।३३।।

अहङ्कारले मति बिग्रेको दुष्ट दैत्यले पृथिवीतलमा आई घोषणा गर्‍यो – 'हे मेरा सेवकहरू ! यदि कसैले देवता, ब्राह्मण र गाईको पूजा गर्छ भने तिमीहरूले त्यसको वध गर्नुपर्नेछ अथवा त्यसलाई जिउँदै मेरासामु ल्याउनु पर्नेछ । जहाँ–जहाँ देवताका मूर्ति छन् तिनलाई टुक्र्याएर जलमा फ्याँकिदिनुपर्छ र घरघरमा सबैले मेरो प्रतिमा बनाएर पूजा गर्नुपर्छ ।' दैत्यराज सिन्धुको यस घोषणालाई त्यसका दूतहरूले ठाउँ–ठाउँ र गाउँ–गाउँमा गएर प्रचार गरे ।।२४–२६।। राजाको आज्ञाअनुसार जनताले मन्दिरमा रहेका मूर्तिहरू फुटाएर गम्भीर जलाधारहरूमा लगी फ्याँकिदिए र दैत्यराज सिन्धुको प्रतिमा बनाई पूजा गरे । राक्षसहरूले पनि त्यसैगरी आफ्ना दैत्यराज सिन्धुको प्रत्यक्ष मूर्तिमा पूजा गरे । तिनीहरूले सिन्धु दैत्यलाई भने– 'हे महाराज! हामीले गणेश, शिव, नारायण, सूर्य र लक्ष्मीका मूर्तिलाई टुक्र्याएर ठूलो जलराशिमा फ्याँकिदिएका छौं । जहाँ–जहाँ ती मूर्तिहरू थिए, त्यहाँ–त्यहाँ हजुरको प्रतिमा र राक्षसकुलका उत्तम पुरुषहरूको प्रतिमा पनि स्थापना गरिएको छ। सबैले ती राक्षसमूर्तिहरूको पूजा गर्नुपर्छ भन्ने कुरा पनि बताइएको छ। त्यो काम सम्पन्न गरेपछि हामीहरू हजुरको नजिकमा आएका छौं।' यसरी दैत्यराज सिन्धुको शासनकालमा सनातन धर्मको उच्छेद भयो ।।२७–३०।। कुनै पनि ठाउँमा यज्ञ, दान, स्वधाकार, स्वाहाकार र वषट्कारमा आधारित कर्म गरिएनन्। देवता, ब्राह्मण र आचार्यहरूको पूजा कहीं पनि भएन । धर्मको नाश देखेर खिन्न भएका केही ऋषिहरू सुमेरु पर्वततर्फ गए । केही चिन्तैचिन्ताले नष्ट भए । यसरी स्वर्ग, मर्त्य र पातालमा राक्षस र दैत्यहरूको ठूलो बिगबिगी भयो ।।३१–३२।। सज्जन र देवताहरूमध्ये कुनै लुके र कुनै मरे । जसरी देवताहरूले दैत्यराज सिन्धुबाट उन्मुक्ति प्राप्त गरे त्यस विषयमा म फेरि बताउनेछु।।३३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे क्रीडाखण्डे सिन्धुदुःशासनवर्णनं नाम सप्तसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सिन्धुद्वारा देवाहरूको पराजय, सिन्धुको कुशासन र देवताहरूको पलायन' शीर्षकान्वित सतहत्तरौं अध्याय पूर्ण भयो ।।७७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दत्तो वरो यतो नूनं ततोऽस्मि वशगस्तव ।
ततः स सत्यलोके च कैलासे वैष्णवे पदे ।।१३।।

आस्थापयद् दैत्यपतीन् स्वयं शाक्रे पदेऽवसत् ।
तत्राप्यन्यं स्थापयित्वा रमापतियुतः स्वयम् ।।१४।।

वाद्यदुन्दुभिनिर्घोषैः स्वपुरीं गण्डकीं ययौ ।
नुवन्ति बन्दिनस्तं तु नेदृशोऽभूत् पुमान् क्वचित् ।।१५।।

येन विष्णुर्गृहं स्वीयं जित्वाऽनायि सुरान् बहून् ।
ददृशुर्नागरास्तस्य समीपे वरुणं हरिम् ।।१६।।

कुबेरं देवमुख्यांश्च ततः स्वभवनं ययुः ।
ततः प्रोचे हरिं दैत्यो गण्डकीनगरे सुखम् ।।१७।।

विहरस्वामरैः सार्द्धं ततः सोऽपि तथाऽकरोत् ।
परितो दूरतो दैत्यो दैत्यानन्यान् न्यवेशयत् ।।१८।।

ततो देवा हरिं प्रोचुः किं कृतं गरुडध्वज ! ।
त्यक्त्वा स्वविक्रमं किं त्वं स्थितोऽस्यानन्दनिर्भरः।।१९।।

कथं कारागृहे प्राप्ता मृत्युलोकं गताः कथम् ।
कथमन्तो भवेदस्य भोगस्य जगदीश्वर ।।२०।।

तत ऊचे हरिः सर्वान् कालो हि दुरतिक्रमः ।
कालेन जायते सर्वं ह्रसते वर्धतेऽपि वा ।।२१।।

तस्मात् कालं प्रतीक्षध्वं काल एनं ग्रसिष्यति ।
एवं जित्वा त्रिलोकीं स महाबलपराक्रमः ।।२२।।

ततो दैत्यो जगौ सर्वं वृत्तान्तं पितरौ मुदा ।
आशिषं ददतुस्तौ च ज्ञात्वा पौरुषमस्य ह ।।२३।।

वरदान दिएका कारण तिम्रो वशीभूत भएको छु ।' त्यसपछि दैत्यराज सिन्धुले ब्रह्माजीको धाम सत्यलोक, शिवजीको धाम कैलास र विष्णुको धाम वैकुण्ठमा आफ्ना दैत्यनायकहरूलाई नियुक्त गऱ्यो र आफू इन्द्रको सिंहासनमा बसेर शासन गर्न थाल्यो। केही दिनपछि इन्द्रको सिंहासनमा प्रतिनिधिको रूपमा कुनै दैत्यवीरलाई राखेर आफू विष्णुका साथ बाजागाजा बजाउँदै आफ्नो राजधानी गण्डकी नगरीमा गयो । दैत्यराज सिन्धु गण्डकी नगरमा पुग्दा स्तुतिपाठ गर्ने बन्दीहरूले स्तुति गरिरहेका थिए । तिनीहरूले भने- 'दैत्यराजाहरू त धेरै भए तर विष्णुलाई आदर गरेर गण्डकीनगरीमा ल्याई स्वागत गर्ने त दैत्यराज सिन्धुमात्र हुन् ।।१३-१५।। यिनले विष्णुलाई घरमा ल्याए र अरू देवताहरूमाथि पनि अधिकार कायम गरे। यी साह्रै ठूला पराक्रमी दैत्यराज हुन् ।' त्यसपछि नगरवासीहरूले पनि सिन्धु दैत्यका वरिपरि वरुण, इन्द्र, कुबेर आदि देवताहरूलाई देखे। त्यसपछि ती नगरवासी नर-नारीहरू आ-आफ्ना घरतर्फ गए। दैत्यराज सिन्धुले भगवान् नारायणलाई भन्यो - 'हे नारायण ! तपाइँ आनन्दपूर्वक आफ्ना देवताहरूका साथमा यो गण्डकी नगरीमा रही विहार गर्नुहोस्।' त्यसले भनेको वचन सुनेर भगवान् नारायणले पनि त्यसै गर्नुभयो। भगवान् नारायण र देवताहरूको सुरक्षाका लागि अनेक दैत्यवीरहरू खटाइएका थिए।।१६-१८।। एक दिन देवताहरूले नारायणसँग निवेदन गरे - 'हे नारायण हजुर! आफ्नो पराक्रम बिर्सेर दैत्यराजले जे भन्यो त्यो स्वीकार गरी यहाँ आएर त्यसको वशवर्ती भई आनन्दपूर्वक बस्नुभएको छ। यो के गर्नुभयो ? हाम्रा देवताहरू कसरी कारागारमा थुनिए र कसरी मृत्युलोकमा पुगे ? यस्ता पापी दानवको अन्त्य कसरी गर्ने हो ?'।।१९-२०।। देवताहरूका यी कुरा सुनेर नारायणले भन्नुभयो - 'हे देवता हो ! काललाई कसैले जित्न सक्दैन। कालकै कारण सम्पूर्ण पदार्थ पैदा हुन्छन्, घट्छन् र बढ्छन् पनि।।२१।। तपाइँहरूले उचित कालको प्रतीक्षा गर्नुहोस्। एक दिन स्वयं कालले यसलाई मुखको गास बनाउनेछ।' यता दैत्यराज सिन्धुले त्रिलोकीलाई आफ्नो वशमा पारी आफ्ना माता-पिताका सामु गएर युद्धको सम्पूर्ण वृत्तान्त बतायो। त्यसका माता-पिताले आफ्ना छोराको विचित्र पुरुषार्थ देखेर प्रसन्न भई अनेक थरि आशीर्वाद दिए ।।२२-२३।। त्यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो दैत्यो दुष्टमतिर्भूतले समघोषयत् ।
देवद्विजगवामर्चा क्रियते येन केनचित् ।।२४।।

स हन्तव्योऽथवा साधुरानेयो मम सन्निधौ ।
प्रतिमा यत्र यत्र स्यात् तां भङ्क्त्वा निक्षिपेज्जले ।।२५।।

ममैव प्रतिमां कृत्वा पूजयन्तु गृहे गृहे ।
प्राबोधयन् सिन्धुवचो दूता एवं स्थले स्थले ।।२६।।

भङ्क्त्वा प्रासादमूर्तीश्च तोयेऽगाधे च चिक्षिपुः ।
सिन्धोश्च प्रतिमां कृत्वाऽस्थापयन् परमादरात् ।।२७।।

पूजार्थं राक्षसाश्चापि ततो याता निजं पतिम् ।
ऊचुर्वैनायकहरहरिभानुरमादिकाः ।।२८।।

प्रतिमाः प्रविभज्याशु क्षिप्ताः सर्वा महाजले ।
तवैव प्रतिमास्तत्र स्थापिता राक्षसा अपि ।।२९।।

पूजार्थं स्थापिताः स्वामिन् ! आगताश्च तवान्तिकम्
एवं धर्मस्य सर्वस्य विच्छित्तिः समजायत ।।३०।।

यज्ञदानस्वधास्वाहावषट्कारान् न चाकरोत् ।
देवद्विजगुरूणाञ्च पूजनं क्वापि नाऽभवत् ।।३१।।

मेरुं याता ऋषिगणाः केचिद् भ्रंशमुपागताः ।
एवं त्रैलोक्यप्रबला दैत्या जाताश्च राक्षसाः ।।३२।।

विलीना निधनं प्राप्ताः साधवो देवतागणाः ।
यथा देवगणा मोक्षं सिन्धोः प्राप्ताः शृणुष्व तत् ।।३३।।

अहङ्कारले मति बिग्रेको दुष्ट दैत्यले पृथिवीतलमा आई घोषणा गऱ्यो – 'हे मेरा सेवकहरू ! यदि कसैले देवता, ब्राह्मण र गाईको पूजा गर्छ भने तिमीहरूले त्यसको वध गर्नुपर्नेछ अथवा त्यसलाई जिउँदै मेरासामु ल्याउनु पर्नेछ । जहाँ–जहाँ देवताका मूर्ति छन् तिनलाई टुक्र्याएर जलमा फ्याँकिदिनुपर्छ र घरघरमा सबैले मेरो प्रतिमा बनाएर पूजा गर्नुपर्छ ।' दैत्यराज सिन्धुको यस घोषणालाई त्यसका दूतहरूले ठाउँ–ठाउँ र गाउँ–गाउँमा गएर प्रचार गरे ।।२४–२६।। राजाको आज्ञाअनुसार जनताले मन्दिरमा रहेका मूर्तिहरू फुटाएर गम्भीर जलाधारहरूमा लगी फ्याँकिदिए र दैत्यराज सिन्धुको प्रतिमा बनाई पूजा गरे । राक्षसहरूले पनि त्यसैगरी आफ्ना दैत्यराज सिन्धुको प्रत्यक्ष मूर्तिमा पूजा गरे । तिनीहरूले सिन्धु दैत्यलाई भने– 'हे महाराज! हामीले गणेश, शिव, नारायण, सूर्य र लक्ष्मीका मूर्तिलाई टुक्र्याएर ठूलो जलराशिमा फ्याँकिदिएका छौं । जहाँ–जहाँ ती मूर्तिहरू थिए, त्यहाँ–त्यहाँ हजुरको प्रतिमा र राक्षसकुलका उत्तम पुरुषहरूको प्रतिमा पनि स्थापना गरिएको छ। सबैले ती राक्षसमूर्तिहरूको पूजा गर्नुपर्छ भन्ने कुरा पनि बताइएको छ। त्यो काम सम्पन्न गरेपछि हामीहरू हजुरको नजिकमा आएका छौं।' यसरी दैत्यराज सिन्धुको शासनकालमा सनातन धर्मको उच्छेद भयो ।।२७–३०।। कुनै पनि ठाउँमा यज्ञ, दान, स्वधाकार, स्वाहाकार र वषट्कारमा आधारित कर्म गरिएनन्। देवता, ब्राह्मण र आचार्यहरूको पूजा कहीं पनि भएन । धर्मको नाश देखेर खिन्न भएका केही ऋषिहरू सुमेरु पर्वततर्फ गए । केही चिन्तैचिन्ताले नष्ट भए । यसरी स्वर्ग, मर्त्य र पातालमा राक्षस र दैत्यहरूको ठूलो बिगबिगी भयो ।।३१–३२।। सज्जन र देवताहरूमध्ये कुनै लुके र कुनै मरे । जसरी देवताहरूले दैत्यराज सिन्धुबाट उन्मुक्ति प्राप्त गरे त्यस विषयमा म फेरि बताउनेछु।।३३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे क्रीडाखण्डे सिन्धुदुःशासनवर्णनं नाम सप्तसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सिन्धुद्वारा देवाहरूको पराजय, सिन्धुको कुशासन र देवताहरूको पलायन' शीर्षकान्वित सतहत्तरौं अध्याय पूर्ण भयो ।।७७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टसप्ततितमोऽध्यायः { ७८ अध्याय }

क उवाच

सर्वे निगृहीता देवाः सिन्धुना प्रभविष्णुना ।
तस्यैव च वधोपायं चिन्तयामासुरुत्सुकाः ।।१।।

हरिरुवाच

सर्वेषां सम्मतं ज्ञात्वा कर्तव्यः कार्यनिश्चयः ।
तस्मात् सर्वे ब्रुवन्त्वद्य मतं यस्य यथा भवेत् ।।२।।

क उवाच

इति शक्रवचः श्रुत्वाऽब्रुवन् ब्रह्मादयः सुराः ।
ईश्वरः सर्वकर्ताऽस्ति स कल्याणं करिष्यति ।।३।।

स येन तुष्यते देवः स उपायो विधीयताम् ।
स एनं परिभूत्वैव पदानि नः प्रदास्यति ।।४।।

ततो वक्तृप्रधानोऽसौ बृहस्पतिरभाषत ।
स्वल्पया पूजया सद्यः प्रसन्नो जायते विभुः ।।५।।

चराचरगुरुः सद्यः सर्वैः प्रार्थ्योऽसुरान्तकः ।

देवा ऊचुः

को देवः प्रार्थनीयस्ते मतो वाचस्पते ! वद ।।६।।
तस्य तुष्टिं करिष्यामः स्वपदप्राप्तयेऽखिलाः ।

गुरुरुवाच

सृजति पाति यो विश्वं हन्ति रूपत्रयात्मकः ।।७।।

अबीजो बीजभूतश्च शेषवाचामगोचरः ।
नित्यो ब्रह्ममयो ज्योतिस्वरूपः शास्त्रगोचरः ।।८।।

अनादिमध्यनिधनो निर्गुणो यो निरामयः ।
बहुरूपैकरूपश्च यस्य नामाखिला जनाः ।।९।।

गृहीत्वा सर्वकार्येषु सिद्धिं यान्ति निजेप्सिताम् ।
सङ्कष्टं हरते भक्त्या पूजितः स विनायकः ।।१०।।

ब्रह्माजीले भन्नुभयो – बाँकी रहेका देवताहरूलाई प्रभावशाली र पराक्रमी दैत्यराज सिन्धुले समातेर कारागारमा राख्यो। केही देवताहरूले त्यसको वध कसरी गर्ने भन्ने विषयमा विचार-विमर्श गर्न थाले ।।१।।

इन्द्रले भन्नुभयो – सबैको सम्मति लिएर कर्तव्यको निश्चय गर्नुपर्छ । त्यस कारण तपाईंहरू सबैले सिन्धुको नाश कसरी गर्न सकिन्छ भन्ने विषयमा आ-आफ्ना विचार दिनुहोस् ।।२।।

ब्रह्माजीले भन्नुभयो– इन्द्रका यी कुरा सुनेर ब्रह्मा आदि देवताहरूले भने – ईश्वर सबै संसारका कारण हुन् र तिनले कल्याण गर्नेछन् । ईश्वर कसरी प्रसन्न हुनुहुन्छ, त्यो उपाय गर्नुहोस्। ईश्वरले सिन्धुलाई मारेपछि मात्र हामीलाई हाम्रा पद दिलाउनुहुनेछ।।३-४।। त्यसपछि प्रवक्ताहरूमा उत्तम बृहस्पतिले भने- 'ईश्वर सानो पूजाले मात्र तत्काल प्रसन्न हुनुहुन्छ ।।५।। उहाँ स्थावर-जङ्गम सबैका पिता हुनुहुन्छ । हामीले मिलेर असुरहरूका संहारक भगवान्को प्रार्थना गर्नुपर्दछ ।'

देवताहरूले भने – 'हे देवगुरु बृहस्पति ! तपाईं भन्नुहोस् हामीले मिलेर कुन ईश्वरको प्रार्थना गरौं ?।।६।। तपाईंले ईश्वर तोक्नु भएपछि हामी ती ईश्वरको सन्तुष्टिका लागि कर्म गर्नेछौं र आफ्नो पद प्राप्त गर्न पनि प्रयास गर्नेछौं ।'

बृहस्पतिले भने – 'जगत्को सृष्टि, पालन र संहार गर्नुहुने जुन ईश्वर ब्रह्मा, विष्णु र शिवजीका रूपमा रहनुहुन्छ, उहाँ निर्वीज र सबैका बीज पनि हुनुहुन्छ। शेषनागले पनि आफ्ना एक हजार मुखबाट ईश्वरको गुणगान गर्न सक्दैनन्। ती ईश्वर नित्य र ब्रह्मज्योतिका रूपमा हुनुहुन्छ। शास्त्रको अभ्यासबाट विद्वान्हरूले ईश्वरको स्वरूपबोध गर्दछन्। उहाँको आदि, अन्त्य र मध्य केही पनि छैन । ईश्वर निर्गुण हुनुहुन्छ र निरामय पनि । उहाँ एकरूप हुनुहुन्छ र अनेकरूप पनि। जुन ईश्वरको नाम लिएर सबै भक्त मानिसहरूले सम्पूर्ण कार्यहरूमा आफूले चाहेको सिद्धि प्राप्त गर्दछन्, ती ईश्वरले भक्तिपूर्वक आराधना गर्दा सबैका सङ्कट हरण गर्नुहुन्छ । उहाँको नाम विनायक अर्थात् श्रीगणेश हो'।।७-१०।। तपाईंहरू सबैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आराधयन्तु सर्वे तं स वः सिद्धिं विधास्यति ।
माघस्य कृष्णपक्षोऽयं सम्प्रवृत्तोऽधुना सुराः ।।११।।

चतुर्थी भौमयुक्ताऽस्य प्रिया विघ्नहरस्य ह ।
स एव प्रकटीभूय दास्यते स्वपदानि वः ।।१२।।

सिन्धुं स सन्निहत्यैव नात्र कार्या विचारणा ।
यद् यत् कामयते यो यस्तत् तत् सर्वं प्रदास्यति ।।१३।।

देवा ऊचुः

सम्यगुक्तं गुरो ! वाक्यं येन तृप्ता वयं मुने ।
महास्रोतोवहान्नस्त्वं कर्णधारोऽसि साम्प्रतम् ।।१४।।

क उवाच

ततस्ते शक्रवरुणकुबेरमधुसूदनाः ।
गुरुभौमशशीनाश्च यमाग्न्यनिलकादयः ।।१५।।

पञ्चामृतं गन्धमाल्यं शमीदूर्वाश्च पल्लवान् ।
फलान्यरण्यजातानि विविधानि च मृत्तिकाः ।।१६।।

अशर्कराः समादाय गण्डकीं तां नदीं ययुः ।
मण्डपं विपुलं कृत्वा भङ्क्त्वा वृक्षाननेकशः ।।१७।।

लताभिः कदलीस्तम्भैः सुच्छायञ्च सुशीतलम् ।
स्नात्वा नित्यक्रियाः कृत्वा मूर्तीश्चक्रुः सुशोभनाः ।।१८।।

सिंहारूढा दशभुजा दशायुधविराजिताः ।
वैनायकीः करिकरा नानाभूषाविराजिताः ।।१९।।

सिद्धिबुद्धियुताः पार्श्वे किरीटकुण्डलोज्ज्वलाः ।
पीतवस्त्रपरीधानाः सर्पभूषाविराजिताः ।

तस्मिन् मण्डपमध्ये ताः स्थापयित्वा यथाविधि ।
पुपूजुः परया भक्त्या षोडशैरुपचारकैः ।।२०।।

पञ्चामृतैः शुद्धजलैर्वस्त्रगन्धादिदीपकैः ।
नैवेद्यैर्विविधैश्चैव फलैरारार्तिकैः शुभैः ।।२१।।

एवं सम्पूज्य ते मन्त्रं जेपुः सवितृतुष्टये ।
अस्तं याते सवितरि सन्ध्यां कृत्वाऽस्तुवन् विभुम् ।।२२।।

भगवान् श्रीगणेशको आराधना गर्नुहोस्, उहाँले सिद्धि प्रदान गर्नुहुनेछ । हे देवताहरू! अहिले माघको कृष्णपक्ष लागेको छ। मङ्गलवारका दिन चतुर्थी तिथि पऱ्यो भने त्यो चतुर्थी श्रीगणेशलाई अत्यन्त प्रिय हुन्छ। तपाइँहरूले आराधना गर्नुभयो भने उहाँले प्रकट भएर तपाइँहरूलाई आ-आफ्ना पद प्रदान गर्नुहुनेछ ।।११-१२।। भगवान् श्रीगणेशले सिन्धु दैत्यको वध गरेर हाम्रो कल्याण गर्नुहुनेछ भन्ने विषयमा धेरै सोचविचार गर्नु नै पर्दैन। वास्तवमा जसले जुन-जुन कामना गर्दछ ती-ती कामनाका फल श्रीगणेशले प्रदान गर्नुहुनेछ'।।१३।।

देवताहरूले भने- हे देवगुरु बृहस्पति ! हजुरले उत्तम कुरा गर्नुभयो । त्यो सुनेर हामी तृप्त भएका छौं । संसारसागरमा डुबिरहेका हामीहरूको उद्धार गर्न तपाइँ कर्णधार हुनुहुन्छ।।१४।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि इन्द्र, वरुण, कुबेर, नारायण, बृहस्पति, मङ्गल, चन्द्रमा, सूर्य, यमराज, अग्नि, वायु, ब्रह्मा आदि देवताहरू पञ्चामृत, चन्दन, माला, शमीपत्र, दूबो, वनमा पैदा भएका अनेक फल, अनेक थरि चोखो माटो तयार गरी हातमा लिएर गण्डकी नदीमा गए । गण्डकीको तटमा अनेक रूख, लता र केराका स्तम्भद्वारा विशाल र सुन्दर मन्दिर तयार गरे । स्नान गरी नित्यक्रिया सम्पन्न गरेर तिनहरूले श्रीगणेशका अनेक प्रतिमाहरूको निर्माण गरे। सिंहारूढ, दशहाते, अनेक थरि अस्त्र हातमा लिनुहुने, सूँढले सुहाएका, अलङ्कारहरूद्वारा अलङ्कृत, समीपमा रहेका सिद्धि र बुद्धिद्वारा शोभायमान, किरीट र कुण्डलले उज्ज्वल, पहेंलो वस्त्र पहिरिएका, विभूषणहरूद्वारा आकर्षक श्रीगणेशका प्रतिमाहरू तयार गरिएका थिए। ती प्रतिमाहरूलाई मण्डपको माझमा स्थापना गरी सबै देवताहरूले ठूलो भक्तिका साथ पञ्चामृत, चोखो जल, वस्त्र, चन्दन, अक्षता, धूप, दीप, नैवेद्य, अनेक फल, आरती आदि षोडशोपचारले पूजा गरे । यसरी श्रीगणेशका प्रतिमाहरूमा पूजा गरेपछि तिनीहरूले सूर्यनारायणको प्रसन्नताका लागि मन्त्रजप गरे र सूर्य अस्ताएपछि सन्ध्याकर्म गरेर भगवान् श्रीगणेशको स्तुति गरे ।।१५-२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वे ऊचुः

दीननाथ ! दयासिन्धो ! योगिहृत्पद्मसंस्थित ! ।
अनादिमध्यरहितस्वरूपाय नमो नमः ।।२३।।

जगद्भास ! चिदाभास ! ज्ञानगम्य ! नमो नमः ।
मुनिमानसविष्टाय नमो दैत्यविघातिने ।।२४।।

त्रिलोकेश ! गुणातीत ! गुणक्षोभ ! नमो नमः ।
त्रैलोक्यपालन! विभो! विश्वव्यापिन्! नमो नमः।।२५।।

मायातीताय भक्तानां कामपूराय ते नमः ।
सोमसूर्याग्निनेत्राय नमो विश्वम्भराय ते ।।२६।।

अमेयशक्तये तुभ्यं नमस्ते चन्द्रमौलये ।
चन्द्रगौराय शुद्धाय शुद्धज्ञानकृते नमः ।।२७।।

क उवाच

एवं स्तुवत्सु देवेषु तेजोराशिरभूत् पुरः ।
सर्वे हतदृशो देवा विस्मिता अभवँस्तदा ।।२८।।

ततस्तत्कृपया देवः सौम्यतेजा अजायत ।
ततस्ते ददृशुर्देवं सिंहारूढं विनायकम् ।।२९।।

दशायुधधरं तावद्भुजं दिव्यकिरीटिनम् ।
नानाभूषाभिरामञ्च मुक्तादामविभूषितम् ।।३०।।

दिव्यगन्धानुलेपाढ्यं व्यालबद्धोदरं विभुम् ।
क्षुद्रघण्टाक्वणत्पादं कस्तूरीतिलकोज्ज्वलम् ।।३१।।

देवताहरूले भने – 'हे भगवन् श्रीगणेश ! दीनदुःखीका स्वामी, दयाका सागर, योगीहरूका हृदयकमलमा वास गर्ने, आदि, अन्त र मध्यहीन स्वरूप धारण गर्नुहुने हजुरलाई प्रणाम गर्दछौं । संसारलाई नै प्रकाशित गर्ने चैतन्यको ज्योतिले सम्पन्न र ज्ञानद्वारा मात्र प्राप्त गर्न सकिने स्वरूप धारण गर्नुहुने हे गणपति ! हजुरलाई नमस्कार गर्दछौं । मुनिका मनमा प्रवेश गर्नुहुने र दैत्यहरूको नाश गर्नुहुने हजुरलाई नमस्कार गर्दछौं।।२३-२४।। तीन लोकका स्वामी, गुणातीत र गुणहरूलाई क्षुब्ध तुल्याउने हे गणनाथ! हजुरलाई नमस्कार गर्दछौं । स्वर्ग, मर्त्य र पातालको पालन गर्नुहुने, सबैका घटघटमा अन्तर्यामी भएर विराजमान हुनुहुने र आफ्नो महिमाले विश्वलाई नै व्याप्त गर्नुहुने हे गणपति! हजुरलाई बारबार नमस्कार गर्दछौं ।।२५।। मायादेखि पर रहनु भएका र भक्तहरूको कामना पूरा गर्नुहुने हे श्रीगणेश ! हजुरलाई नमस्कार छ । चन्द्रमा, सूर्य र अग्निलाई आफ्नो नेत्रज्योतिका रूपमा प्रकाशित गर्नुहुने, विश्वका पालक भगवान् श्रीगणेशलाई नमस्कार गर्दछौं।।२६।। अनन्त-शक्तिसम्पन्न र शिरमा चन्द्रमा धारण गर्नुहुने हे श्रीगणेश! हजुरलाई नमस्कार गर्दछौं । चन्द्रमाझैं गोरो वर्णले सुहाउनु भएका शुद्ध एवं निर्मल स्वरूप धारण गर्नुहुने, आफ्ना भक्तहरूका हृदयमा निर्मल ज्ञान प्रकाशित गर्नुहुने हे भगवन् श्रीगणेश ! हजुरलाई नमस्कार गर्दछौं' ।।२७।।

ब्रह्माजीले भन्नुभयो – यसरी देवताहरूले स्तुति गरिरहेकै समयमा तिनीहरुका सामु एउटा तेजको पुञ्ज प्रकट भयो । त्यसलाई देखेर सबै देवताहरूका आँखा तिरमिराए र ती आश्चर्यचकित भए ।।२८।। देवताहरूका आँखा तिरमिराएको जानेर भगवान् श्रीगणेशले ती सबै देवताहरूमाथि कृपा गरी आफ्नो तेजलाई सौम्य र शान्त तुल्याउनुभयो। त्यसपछि मात्र सबै देवताहरूले सिंहमा सवार हुनुभएका, आफ्ना दश हातमा दशथरिका शस्त्र-अस्त्र धारण गर्नुहुने, दिव्य किरीट धारण गर्नुहुने, अत्यन्त सुन्दर वस्त्रालङ्कारले रमणीय, मोतीको हारले सुहाउनुभएका, दिव्य चन्दनको लेप गर्नुभएका, पेटमा शेषनागलाई कन्धनी बनाएर धारण गर्नुहुने, सर्वव्यापी, आफ्ना पाउमा घुँघरु धारण गर्नुभएका र कस्तूरीको तिलकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं दृष्ट्वा सुरा देवं नमस्कृत्योचिरे तदा ।
यश्चिन्तितो गुरोर्वाक्यात् स एवायं विनायकः ।।३२।।

स एव दृष्टः साक्षात् तु वाङ्मनोऽगोचरो विभुः ।
जन्म धन्यं दृशिर्धन्या तपो दानञ्च नः सुराः ।।३३।।

तत ऊचे सुरान् देवस्तृप्तोऽहं भवतां स्तवैः ।
पूजया चैव भक्त्या च सङ्कष्टीव्रततोऽपि च ।।३४।।

सङ्कष्टहरमेतच्च स्तोत्रं ख्यातं भविष्यति ।
यः पठेत् प्रयतो नित्यं स मे मान्यो भवेत् सुराः ।।३५।।

तस्य दर्शनतः सर्वे नश्येयुर्यक्षराक्षसाः ।
भोगान् भुनक्ति विविधानन्ते मोक्षपदं लभेत् ।।३६।।

शृण्वन्तु मे पुनर्वाक्यं सिन्धुदैत्येन पीडिताः ।
शरणं मे प्रपन्नाश्च यज्ञवेदविवर्जिताः ।।३७।।

निरुद्धा गण्डकीदेशे स्वधास्वाहाविवर्जिताः ।
ततो ह्यस्य वधं कर्तुमवतारान्तरं मम ।।३८।।

गिरिजाया गृहे देवा भविष्यामि च साम्प्रतम् ।
मयूरेश्वरनाम्नाऽहं ख्यातिं यास्ये तदा च वः ।।३९।।

पदानामाश्रमाणाञ्च प्राप्तिः सिन्धौ हते मया ।
भविष्यति न सन्देहो यतः कृतयुगे सुराः ।।४०।।

सिंहारूढो दशभुजस्तेजोरूपी विनायकः ।
षड्भुजः शशिवर्णश्च त्रेतायां बर्हिवाहनः ।।४१।।

मयूरेश्वरनामा च द्वापरे रक्तवर्णवान् ।
चतुर्बाहुराखुवाहो भूत्वा चाहं गजाननः ।।४२।।

सुहाउनुभएका भगवान् श्रीगणेशलाई यस रूपमा देखेर प्रणाम गरी ती देवताहरूले भने – 'हामीले बृहस्पतिको वचन सुनेर जुन भगवान् श्रीगणेशको चिन्तन गरिरहेका थियौं, आज उहाँ नै यसरी हाम्रासामु प्रत्यक्ष हुनुभएको छ।।२९-३२।। उहाँलाई नै हामीले आफ्ना आँखाले देख्न पायौं । वास्तवमा उहाँ त वाणी र मनबाट पनि देख्न नसकिने अन्तर्यामी हुनुहुन्छ। हाम्रो जन्म धन्य छ, आँखा धन्य छन्, तपस्या र दान पनि धन्य छन्।' तिनीहरूको प्रार्थना सुनेपछि भगवान् श्रीगणेशले ती देवताहरूलाई भन्नुभयो – 'हे देवगण ! तपाईँहरूका स्तुति, पूजा, भक्ति र सङ्कष्टचतुर्थीको व्रतबाट म ज्यादै प्रसन्न भएको छु।।३३-३४।। तपाईँहरूले पाठ गर्नुभएको यो स्तोत्र संसारमा सङ्कष्टहरस्तोत्रको नामबाट प्रख्यात हुनेछ। जसले सावधान भएर नित्य यस स्तोत्रको पाठ गर्दछ त्यो मानिस संसारमा मान्य हुनेछ । त्यसको दर्शनबाट सबै यक्ष र राक्षसहरू नष्ट हुनेछन् । यो स्तोत्र पाठ गर्ने भक्तले यस संसारका अनेक भोगहरू भोग्न पाउनेछ र अन्त्यमा त्यसले मोक्षको पद पनि प्राप्त गर्नेछ'।।३५-३६।। हे देवगण ! तपाईँहरूले मेरो कुरा फेरि सुन्नुहोस्। आज तपाईँहरू दैत्यराज सिन्धुबाट सताइनुभएको छ र मेरो शरणमा आउनुभएको छ। तपाईँ यज्ञ र वेदपाठबाट वञ्चित हुनुहुन्छ र स्वधा एवं स्वाहाको फलबाट पनि रहित हुनुहुन्छ। दैत्यराज सिन्धुले तपाईँहरूलाई गण्डकीक्षेत्रमा ल्याएर थुनेको छ। त्यसको वध गर्न मैले अवतार लिनेछु ।।३७-३८।। म भगवती पार्वतीको घरमा उहाँको छोरा भएर प्रकट हुनेछु । त्यस बेला संसारमा मयूरेश्वर गणेशका नामबाट प्रख्यात भई मैले सिन्धु दैत्यको वध गर्नेछु र तपाईँहरूले पनि आफ्ना गुमाएका पद एवं आश्रम प्राप्त गर्नुहुनेछ। यसमा कुनै सन्देह छैन । मेरो स्वरूपको बारेमा म तपाईँहरूलाई सुनाउँछु – 'हे देवगण! सत्ययुगमा मेरा दश हात हुन्छन्, म तेजको रूपमा बलिरहेको हुन्छु, विनायकका नामबाट प्रसिद्ध हुन्छु र आफ्नो वाहन सिंहमा सवार हुन्छु। त्रेतायुगमा मेरा छ वटा हात हुन्छन्, म चन्द्रमाजस्तो उज्यालो वर्णको हुन्छु र मेरा वाहन मयूर हुन्छन् । त्यस बेला मलाई भक्तहरूले मयूरेश्वरका नामबाट सम्बोधन गर्छन्। द्वापरयुगमा म रातो वर्णको हुन्छु, मेरा चार हात हुन्छन्, म मूसामा सवार हुन्छु र मलाई मानिसहरूले गजाननको नामबाट चिन्दछन् ।।३९-४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः कलियुगे प्राप्ते श्यामवर्णो दृषन्मयः ।
धूमकेतुरिति ख्यातो भविष्यामि सुरा अहम् ।।४३।।
शीघ्रमेव करिष्यामि भवतां वाञ्छितं सुराः ।

क उवाच

एवं निवेद्य तान् देवस्तत्रैवाऽन्तर्दधे विभुः ।।४४।।
आनन्दञ्च सुराः प्रापुः स्वकार्ये कृतनिश्चयाः ।
य इदं परमाख्यानं शृणुयाच्छ्रावयेच्च यः ।।४५।।
पठेच्च परया भक्त्या ध्यात्वा देवं विनायकम् ।
सर्वान् कामानवाप्नोति प्रेत्य ब्रह्ममयो भवेत् ।।४६।।

त्यसपछि कलियुगमा म श्यामवर्णको हुनेछु र धूम्रकेतुको नामबाट संसारमा प्रख्यात हुनेछु । हे देवगण! मैले युग-युगमा आफूले लिने अवतार र स्वरूपको विषयमा बताएँ। अब मैले छिट्टै अवतार लिएर तपाइँहरूको इच्छा पूरा गर्नेछु।'

ब्रह्माजीले भन्नुभयो - यसरी देवताहरूलाई बताएर भगवान् श्रीगणेश त्यहीं अन्तर्धान हुनुभयो ।।४१-४४।। आफ्नो कार्यलाई सम्पन्न गर्न दृढ निश्चय गरेका देवताहरूले पनि आनन्द प्राप्त गरे । जुन भक्तले श्रीगणेशको यो कथा सुन्दछ, सुनाउँछ र भगवान् श्रीगणेशको ध्यान गरी पाठ गर्दछ त्यो यस लोकमा सबै कामनाहरूका फल प्राप्त गरी मृत्युपछि ब्रह्मरूप भएर विराजमान हुन्छ।।४५-४६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे सुरर्द्धिवरप्रदानं नामाष्टसप्ततितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवताहरूद्वारा आराधना गरिनुभएका श्रीगणेशद्वारा वर प्रदान' शीर्षकान्वित अठहत्तरौं अध्याय पूर्ण भयो ।।७८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोनाशीतितमोऽध्यायः { ७९ अध्याय }

क उवाच

निर्जितान् सिन्धुना देवान् ज्ञात्वा शम्भुर्निजस्थलात् ।
सप्तकोटिगणाकीर्णस्त्रिसन्ध्याक्षेत्रमभ्यगात् ।।१।।

स्वाहास्वधावषट्कारवेदाध्ययनवर्जिताः ।
निवसन्ति भयात् सिन्धोर्गौतमाद्या महर्षयः ।।२।।

दृष्ट्वा ते त्र्यम्बकं देवं परिवव्रुः समन्ततः ।
यथा तीर्थं विप्रवरा बालका जननीं यथा ।।३।।

प्रणम्य तं प्रपूज्यैव प्रोचुर्धन्यतमा वयम् ।
अनुष्ठानं दृशिर्जन्म धन्यं ज्ञानं यतो हरः ।।४।।

अगोचरो दृष्टिगतो दण्डकारण्यमागतः ।
दुरितं विलयं यातं पुण्यञ्च फलितं महत् ।।५।।

इदानीं न च दुःखं नो दृष्टे देवे भविष्यति ।
यथोदिते दिवानाथे न ध्वान्तं दृश्यते क्वचित् ।।६।।

ततोऽब्रवीन् महादेवः सर्वांस्तान् मुनिपुङ्गवान् ।

शिव उवाच

सिन्धुनाऽक्रामि त्रैलोक्यं कृतो देवविनिग्रहः ।।७।।

मुनीनामपि केषाञ्चित् तेन खिन्नं मनो मम ।
विश्रान्तिं न लभे स्थाने ततोऽहमिह चागतः ।।८।।

भवतां दर्शनेनाऽहं परितुष्टो मुदान्वितः ।
इदानीमवकाशं सपरिवारस्य दीयताम् ।।९।।

अतिपुण्येन वः प्राप्तं दर्शनं पापनाशनम् ।
यत्र स्थित्वा परं ध्यानं करिष्ये जगदीशितुः ।।१०।।

ब्रह्माजीले भन्नुभयो - भगवान् शङ्कर दैत्यराज सिन्धुबाट देवताहरू पराजित भएको थाहा पाएर सात करोड आफ्ना शिवगणलाई साथमा लिई कैलासबाट त्रिसन्ध्याक्षेत्रतर्फ लाग्नुभयो ।।१।। त्यस क्षेत्रमा गौतम आदि महर्षिहरू दैत्यराज सिन्धुको डरका कारण स्वाहाकार, स्वधाकार, बषट्कार र वेदाध्ययनदेखि रहित भएर बसिरहेका थिए ।।२।। भगवान् शङ्करलाई त्यहाँ आएको देखेर ब्राह्मणहरूले तीर्थ र बालकहरूले आमालाई घेरेझैं ती सबैले उहाँलाई चारैतिरबाट घेरेका थिए।।३।। शङ्करलाई प्रणाम गरेर विधिपूर्वक पूजा गरी तिनीहरूले भने- 'हे प्रभु ! आज हामी धन्य भएका छौं र हाम्रो अनुष्ठान पनि धन्य भएको छ। हाम्रा आँखाहरू धन्य भएका छन्, हाम्रो जन्म धन्य भएको छ र हाम्रो ज्ञान पनि धन्य भएको छ। ठूला-ठूला ऋषि महर्षिहरूका लागि पनि दुर्लभदर्शन मानिनुभएका हजुर हाम्रासामु यस दण्डकारण्यमा पाल्नुभएको छ। हाम्रा पाप अहिले विलीन भएका छन् र पुण्यका वृक्षहरू फलेका छन्।।४-५।। हजुरको दर्शन पायौं । त्यस कारण अब हामीले दुःख पाउने छैनौं । जसरी सूर्यको उदय भएपछि अन्धकार देखिँदैन त्यसरी नै हाम्रा दुःख र विघ्न पनि समाप्त हुनेछन् ।' ।।६।। त्यसपछि भगवान् शङ्करले ती सबै उत्तम मुनिहरूसँग कुराकानी गर्दै भन्नुभयो।

शिवजीले भन्नुभयो - 'हे महर्षिगण ! सिन्धु दैत्यले स्वर्ग, मर्त्य र पातालमाथि अधिकार जमाएको छ । त्यसले देवताहरूमाथि आफ्नो नियन्त्रण कायम गरेको छ । केही मुनिहरू पनि त्यसको नियन्त्रणभित्र परेका छन् । यी सबै कुरा सुनेर मेरो मन अत्यन्त खिन्न भएको छ। मैले कैलासमा बस्दा यस्तै चिन्ता पर्नाले शान्ति र आराम पाउन सकिनँ । त्यस कारण म तपाइँहरूको क्षेत्रमा आएको छु ।।७-८।। तपाइँहरू जस्ता ऋषि-महर्षिहरूको दर्शनबाट म प्रसन्न र सन्तुष्ट छु । अहिले मलाई यहाँ आराम गर्ने स्थान दिनुहोस् ।।९।। ठूलो पुण्यले तपाइँहरूजस्ता तपस्वी ऋषिहरूको पवित्र र पापनाशक दर्शन पाएँ । मैले तपाइँहरूको यस पवित्र क्षेत्रमा रहेर जगदीश्वरको ध्यान गर्नेछु ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इति शूलिवचः श्रुत्वा प्रोचुः सर्वे महर्षयः ।
सर्वेश्वरस्य ते देव ! दाता स्थानस्य को भवेत् ।।११।।

कल्पद्रुमस्य कः कामः केनासौ परिपूर्यते ।
क्षीरार्णवतृषा किं वा पल्वलेन गमिष्यति ।।१२।।

तवैव रूपं पृथिवी तव वश्याऽत्र सर्वदा ।
त्वमीशः सर्वलोकस्य यथेच्छसि तथा कुरु ।।१३।।

दर्शयामः सुरपते ! सुन्दरं तव चाश्रमम् ।
नानावृक्षलताकीर्णं रम्यवापीसरोजलम् ।।१४।।

यादोभिः पक्षिभिर्युक्तं घनच्छायं सुविस्तृतम् ।
स्वादुकन्दफलोपेतं मृदुघाससमन्वितम् ।।१५।।

यदीच्छाऽत्र वस त्र्यक्ष ! परिपालय नोऽखिलान् ।

क उवाच

तत्राऽवसन्महादेवो गङ्गागौरीगणैर्युतः ।।१६।।

कैलासादधिकं मेने मुनेराश्रममण्डलम् ।
तदाश्रयेण ते सर्वे गौतमाद्या महर्षयः ।।१७।।

चेरुस्तपाँसि विविधान्यासँस्ते विगतज्वराः ।
शिवोऽपि तप आरेभे गङ्गागौरीसहायवान् ।।१८।।

ततो गणाश्च सामग्रीं तस्य चक्रुर्महात्मनः ।
कस्मिँश्चित् समये गौरी पृच्छति स्म सदाशिवम् ।।१९।।

त्वमेव कर्ता हर्ता त्वं पाता विश्वस्य शङ्कर ! ।
अष्टमूर्तिरमूर्तिस्त्वं सर्वशः सर्वभावतः ।।२०।।

सर्वश्रेष्ठतमस्त्वञ्च सर्वेषां सर्वकामदः ।
अष्टानां कर्मणां देव फलदाताऽखिलार्थवित् ।।२१।।

त्वत्तः श्रेष्ठतमः कोऽस्ति यं त्वं ध्यायसि तं वद ।
देवाश्च मुनयो नागा यक्षमानुषराक्षसाः ।।२२।।

ब्रह्माजीले भन्नुभयो – भगवान् शङ्करका यी कुरा सुनेर सबै महर्षिहरूले भने – हे भगवन् शङ्कर ! हजुर सबैका ईश्वर हुनुहुन्छ । हजुरलाई स्थान दिने काम कसले गर्न सक्छ? सबैका दातालाई कसले के दिन सक्छ ? सबैका कामना पूरा गर्ने कल्पवृक्षको कामना कसले पूरा गर्न सक्छ ? के क्षीरसागर तिर्खा लाग्यो भनेर सानो कुवामा पानी माग्न जान्छ र ? हे शङ्कर ! यो सम्पूर्ण संसार हजुरकै स्वरूप हो । यी पृथिवी हजुरकै वशमा छन् । हजुर स्वर्ग, मर्त्य र पाताल यी तीनै लोकका स्वामी हुनुहुन्छ । त्यस कारण हजुर जुन कुरा गर्न चाहनुहुन्छ त्यो गर्नुहोस् ।।११-१३।। हे देवाधिदेव! हजुरका निमित्त उपयोगी सुन्दर आश्रम देखाउनेछौं । त्यो आश्रम अनेक थरि वृक्ष र लहराले जेलिएको छ, सुन्दर पोखरी र तलाउका जलले घेरिएको छ, वनचर जीवजन्तु र पक्षीहरूले सम्पन्न छ, बाक्लो छायाँ भएका ठूला-ठूला रूखहरूले युक्त छ, अत्यन्त मीठा कन्दफलले सम्पन्न छ र त्यसका वरिपरि चौरमा कोमल र हरिया घास लहलहाइरहेका छन् ।।१४-१५।। यदि हजुरलाई इच्छा लाग्छ भने त्यहाँ बस्नुहोस् र हामी सबैको रक्षा गर्नुहोस्।

ब्रह्माजीले भन्नुभयो – महर्षिहरूको अनुरोधलाई स्वीकार गरी गङ्गा, गौरी र गणहरूका साथ भगवान् शङ्कर त्यहाँ बस्नु-भयो ।।१६।। मुनिहरूको त्यो आश्रममण्डललाई उहाँले कैलासभन्दा पनि राम्रो मान्नुभयो । भगवान् शङ्करको आश्रय पाएर निश्चिन्त भएका गौतम आदि महर्षिहरूले पनि अनेकरूपका तपस्या गरे । त्यसपछि गङ्गा र गौरीलाई साथमा लिएर भगवान् शङ्करले पनि तपस्या आरम्भ गर्नुभयो ।।१७।। भगवान्को तपस्याका लागि आवश्यक सामग्री जुटाउने काम शिवगणले सम्पन्न गरे । आश्रमनिवासको क्रममा कुनै दिन भगवती पार्वतीले सदाशिवलाई सोध्नुभयो- 'हे भगवन्! हजुर नै संसारका कर्ता, हर्ता र पालक हुनुहुन्छ । हजुर अष्टमूर्ति र मूर्तिहीन पनि हुनुहुन्छ। हजुर सबैका स्वामी र अभिभावक हुनुहुन्छ। हजुर सर्वश्रेष्ठ पुरुष हुनुहुन्छ र सबै प्रकारका कामना पूर्ण गराउने ईश्वर पनि हुनुहुन्छ। हे शङ्कर ! हजुर पाँच ज्ञानेन्द्रिय सहित तीन अन्तःकरण- मन, बुद्धि एवं चित्तद्वारा गरिएका आठ प्रकारका कर्महरूका फलदाता र सकल रहस्यका ज्ञाता पनि हुनुहुन्छ । यस्ता महिमामय सबैका देवता महादेव भएर पनि हजुर किन तपस्या गर्दै हुनुहुन्छ ? हजुरभन्दा ठूलो को छ, हजुरले जसको ध्यान गर्दै हुनुहुन्छ ती देवता को हुन्? मलाई बताउनुहोस् । हजुरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्सत्तयाऽखिलं विश्वं त्वत्तः श्रेष्ठतमस्तु कः ।
त्रयस्त्रिंशत्कोटिदेवैः पूज्यसे सिद्धसाधकैः ।।२३।।

क उवाच

इति तद्वचनं श्रुत्वा शिवो वचनमब्रवीत् ।

शिव उवाच

सम्यक् पृष्टं त्वया देवि ! तुष्टो वाक्येन तेऽनघे ।।२४।।

शृणुष्वाऽवहिता देवि ! विस्तरेण ब्रवीमि ते ।
अद्यापि न कथं ज्ञातो यं ध्यायामि सुरेश्वरि ।।२५।।

तत्स्वरूपं निरूपिष्ये तव प्रीतिचिकीर्षया ।
लोकानामुपकाराय संसारोत्तारणाय च ।।२६।।

यो देवः सर्वभूतेषु गूढश्चरति विश्वकृत् ।
योऽनन्तशीर्षानन्तश्रीरनन्तचरणः स्वराट् ।।२७।।

अनन्तश्रुतिनेत्रश्चानन्तनामा गुणातिगः ।
अनन्तरूपी यो देवो वेदकर्ताऽखिलार्थदः ।।२८।।

योऽनन्तशक्तिर्विश्वात्माऽनुपमेयः पुरातनः ।
नोपमा शेषचन्द्राब्धिव्योम्नां नारायणस्य च ।।२९।।

भारतस्य च वेदस्य व्यासस्य च मुनेरपि ।
यतो जीवा अनन्ताश्च जायन्तेऽम्बुमुचो यथा ।।३०।।

जलधारा यथाऽग्नेर्वा विस्फुलिङ्गा भवन्ति हि ।
ब्रह्मविष्णुशिवादीनां गुणत्रयप्रदः प्रभुः ।।३१।।

सृष्टिपालनसंहारानाज्ञापयत तैरिह ।
ततो गुणविभागेन गणेश इति पप्रथे ।।३२।।

अस्तित्व भएकै कारण देवता, मुनि, नाग, यक्ष, मानव, राक्षस र सम्पूर्ण संसारको अस्तित्व छ। तसर्थ हजुरभन्दा श्रेष्ठ को हुनसक्छ ? किनभने हजुर त तेँत्तीस कोटि देवता, सिद्ध र साधकहरूद्वारा पुजिनुहुन्छ'।।१८-२३।।

ब्रह्माजीले भन्नुभयो - पार्वतीका यी प्रश्न सुनेर शिवजीले उत्तर दिनुभयो ।

शिवजीले भन्नुभयो - 'हे निष्पाप पार्वती ! तिमीले उत्तम कुरा सोधिकी छ्यौ र म तिम्रो प्रश्नबाट प्रसन्न भएको छु । हे देवी! तिमी सावधान भएर सुन । म तिम्रा प्रश्नहरूको उत्तर दिन्छु । के तिमीले आजसम्म मैले कसको ध्यान गर्छु भन्ने कुरा थाहा पाएकी छैनौ ?।।२४-२५।। आज मैले तिम्रो मनलाई प्रसन्न गराउन र तिम्रो स्नेह बढाउन, म जुन देवताको ध्यान गर्छु तिनको स्वरूप बताउनेछु । जुन देवता लोकहरूको उपकार गर्न र संसारको उद्धार गर्न सम्पूर्ण प्राणीहरूमा लुकेर विचरण गर्नुहुन्छ, जसले विश्वको निर्माण गर्नुहुन्छ, जसका अनन्त शिर, अनन्त लक्ष्मी, अनन्त शोभा, अनन्त पाउ छन् र जुन देवता स्वप्रकाश हुनुहुन्छ, उहाँ मेरा आराध्य हुनुहुन्छ। जुन देवताका असंख्य कान, असंख्य आँखा र अनन्त नामहरू छन् ती देवता मेरा आराध्य हुनुहुन्छ। जुन देवता सत्त्व, रज र तमोगुणदेखि पर हुनुहुन्छ, जुन देवता अनन्त रूपले सम्पन्न, वेदका निर्माता र साधकका सम्पूर्ण कामनाहरूलाई पूर्ण गराउन समर्थ हुनुहुन्छ, ती देवता मेरा आराध्य हुनुहुन्छ। जुन देवता अनन्त-शक्तिसम्पन्न हुनुहुन्छ, विश्वको आत्मा भएर विराजमान हुनुहुन्छ र सम्पूर्ण उपमानहरूका लागि उपमेयका रूपमा विराजमान हुनुहुन्छ, ती देवता मेरा आराध्य हुनुहुन्छ। जुन देवता सबैभन्दा प्राचीन हुनुहुन्छ र जसको शेषनाग, चन्द्रमा, महासागर, आकाश एवं भगवान् नारायणसँग पनि तुलना हुन सक्दैन, ती देवता मेरा आराध्य हुनुहुन्छ । महाभारतका रचयिता र वेदका विभाजक वेदव्यास मुनिले पनि जसको तुलना गर्न सक्दैनन्, ती देवता मेरा आराध्य हुनुहुन्छ। बादलबाट अनन्त जलधारा बर्सिएझैं जसले अनन्त जीवराशिलाई निरन्तर बर्साइरहनुभएको छ, अग्निबाट फिलिङ्गाहरू बर्सिएझैं जसले जीवराशिको वर्षा गराइरहनुभएको छ, ती देवता मेरा आराध्य हुनुहुन्छ। जुन देवताले ब्रह्मा, विष्णु र शिवजीलाई पनि सत्त्व, रज एवं तमनामक गुण दिएर क्रमशः सृष्टि, पालन र संहार कर्ममा प्रवृत्त गराउनुहुन्छ । ब्रह्मा आदि देवतालाई रज आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तमिमं परमात्मानं परात्परतरं विभुम् ।
गुणेशमनिशं ध्याये परब्रह्मस्वरूपिणम् ।।३३।।

गौर्युवाच

तुष्टाऽहं तव वाक्येन प्रत्ययो मे कथं भवेत् ।
तं गुणेशं कथं साक्षात्करोमि च भजामि च ।।३४।।

तमुपायं वद विभो ! यदि तुष्टोऽसि शङ्कर !।

क उवाच

इति तस्या वचः श्रुत्वा पुनरूचे महेश्वरः ।।३५।।

शिव उवाच

एकनिष्ठतया यावत् तपसाराधितो न ते ।
तावत् प्रत्यक्षतां देवि ! कथं यास्यति स प्रभुः ।।३६।।

देव्युवाच

कथं मया तपः कार्यं केनोपायेन वा विभो ! ।
यदि तुष्टोऽसि देवेश ! वद सत्यं ममानघ ।।३७।।

क उवाच

एवं तदादरं बुद्ध्वा प्रोवाच गिरिजां हरः ।
येन तस्या भवेत् प्रीतो गुणेशो गुणवल्लभः ।।३८।।

एकाक्षरमनुं तस्यै ददौ सम्यग्घरस्तदा ।
द्वादशाब्दं कुरु तपस्ततस्तुष्टो भवेद् विभुः ।।३९।।

साक्षात्कारं गुणेशस्ते प्रदास्यति न संशयः ।
तदैव सा नमस्कृत्य गिरीशं हृष्टमानसा ।।४०।।

जगाम तपसे गौरी मन्त्रध्यानपरायणा ।
जीर्णापुरादुत्तरे तु लेखनाद्रिं मनोहरम् ।।४१।।

गुण वितरण गरेका कारण जसलाई भक्तहरूले गुणेश भनेर पनि चिन्दछन्, ती परभन्दा पर रहनुभएका अन्तर्यामी परब्रह्मस्वरूप श्रीगणेश अथवा गुणेश मेरा आराध्य हुनुहुन्छ र म उहाँकै ध्यान गरिरहेको छु।'।।२६-३३।।

पार्वतीले भन्नुभयो – 'हे शङ्कर ! हजुरका यी वचन सुनेर म सन्तुष्ट भएकी छु । जबसम्म ती देवतालाई आँखाले देख्न पाउँदिन, तबसम्म मैले ती देंवतामा कसरी विश्वास गरूँ? भगवान् गुणेशरूप श्रीगणेशलाई कसरी साक्षात्कार गरी ध्यान गर्न पाउँछु ? त्यो उपाय मलाई बताउनुहोस् । हे भगवन्! यदि हजुर प्रसन्न हुनुहुन्छ भने त्यो उपाय दुर्लभ हुनेछैन ।'

ब्रह्माजीले भन्नुभयो – पार्वतीका यी कुरा सुनेर फेरि शङ्करले उत्तर दिनुभयो।।३४-३५।।

शिवजीले भन्नुभयो – 'हे पार्वती ! जबसम्म तिमीले भगवान् श्रीगणेशमा लीन भएर तपस्याद्वारा उहाँको आराधना गर्दिनौ तबसम्म श्रीगणेश प्रभु तिम्रा आँखासामु प्रत्यक्ष भएर कसरी आउनसक्नुहुन्छ ?'।।३६।।

पार्वतीले भन्नुभयो – 'हे अन्तर्यामी प्रभु ! मैले कुन विधिले तपस्या गरूँ ? कुन उपायले तपस्या गरूँ ? हजुर प्रसन्न हुनुहुन्छ भने त्यो विधि र उपाय मलाई बताउनुहोस् ?'।।३७।।

ब्रह्माजीले भन्नुभयो – भगवती पार्वतीको भगवान् श्रीगणेशप्रति ठूलो भक्ति देखेर शङ्करले पार्वतीलाई श्रीगणेशको विषयमा बताउनुभयो । जसरी आराधना गर्दा गुणहरूका प्यारा भगवान् गुणेश अथवा श्रीगणेश प्रसन्न हुनसक्नुहुन्छ त्यसरी उहाँले पार्वतीलाई भगवान् श्रीगणेशको एकाक्षरी मन्त्र प्रदान गरेपछि भन्नुभयो – 'हे पार्वती ! तिमीले यो मन्त्र जप्दै बाह्र वर्षसम्म तपस्या गर, त्यसबाट भगवान् श्रीगणेश प्रसन्न हुनुहुनेछ। उहाँले तिमीलाई प्रत्यक्ष दर्शन पनि दिनुहुनेछ। यसमा कुनै सन्देह छैन।' भगवान् शङ्करका वचन सुनेर प्रसन्न भएकी पार्वती उहाँलाई नमस्कार गरेर मन्त्रको ध्यान गर्दै जीर्णापुरदेखि उत्तर दिशामा रहेको लेखनाद्रिमा तपस्याका लागि जानुभयो ।।३८-४१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गौरीमन्त्रप्रदानं नाम एकोनाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शिवजीद्वारा पार्वतीलाई श्रीगणेशको एकाक्षरी मन्त्र प्रदान' शीर्षकान्वित उनासीऔं अध्याय पूर्ण भयो ।।७९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशीतितमोऽध्यायः

क उवाच

तत्र सा काननं दृष्ट्वा रम्यं पुष्पजलान्वितम् ।
तस्थौ पद्मासनगता नासाग्रन्यस्तलोचना ।।१।।

गणेशध्याननिरता प्राङ्मुखी जपतत्परा ।
एकाक्षरस्य मन्त्रस्य शुष्कद्रुम इव स्थिता ।।२।।

न फलं न जलं मूलं पर्णं कन्दं न मारुतम् ।
अत्ति सा निश्चला तत्र निर्वाणं परमं श्रिता ।।३।।

एवं सा द्वादशाब्दानि व्यतीतानि ततो विभुः ।
कृपयाऽऽविरभूत् प्रीतो गुणेशो गुणवल्लभः ।।४।।

किरीटकुण्डलधरो दशबाहुस्त्रिशूलभृत् ।
भालचन्द्रः शङ्खचक्रमुक्तामालाविभूषितः ।।५।।

अक्षमालाञ्च कमलं कस्तूरीतिलकं दधत् ।
मध्ये नारायणमुखो दक्षिणे च शिवाननः ।।६।।

वामे ब्रह्ममुखः शेषे पद्मासनगतो विभुः ।
तत्फणामण्डलच्छायः कुन्दकर्पूरसन्निभः ।।७।।

उवाच जगदम्बां तां यं ध्यायसि दिवानिशम् ।
गुणेशो गुणेश इति सोऽहं ते दर्शनङ्गतः ।।८।।

तव निष्ठाञ्च भक्तिञ्च तप उग्रमवेक्ष्य च ।
मम स्वरूपं वक्ष्यामि प्रीतस्तव वरानने ।।९।।

त्रयस्त्रिंशत्कोटिदेवेष्वधिको न च मत्परः ।
गुणत्रयविभागाच्च गुणेश इति मां विदुः ।।१०।।

{ ८० अध्याय }

ब्रह्माजीले भन्नुभयो – तपस्याका निमित्त लेखनाद्रिमा पुगेकी पार्वतीले त्यहाँ अत्यन्त सुन्दर फूल र जलले परिपूर्ण राम्रो जङ्गल देख्नुभयो। पार्वती नाकको टुप्पामा दृष्टि केन्द्रित गर्दै पद्मासन कसेर श्रीगणेशको ध्यान गरी पूर्वतर्फ फर्की एकाक्षरी मन्त्रको जपमा तल्लीन हुनुभयो । उहाँ मन्त्रजपमा तल्लीन हुनुहुँदा जङ्गलमा सुकेको काठको ठूटोझैं निश्चल हुनुहुन्थ्यो।।१-२।। मूलमन्त्रलाई सम्पुटित गरी जप गरिरहेकी पार्वतीले न त फल ग्रहण गर्नुभयो, न त जल नै । उहाँले कन्दमूल, पात र हावाको पनि सेवन गर्नुभएन। निश्चल भएर एकाग्र भई तपस्या गर्नुभयो। यसरी तपस्या गर्दा बाह्र वर्ष बिते। त्यसपछि प्रसन्न हुनुभएका गुणहरूका स्वामी भगवान् गुणेश अर्थात् श्रीगणेश कृपापूर्वक प्रकट हुनुभयो ।।३-४।। प्रकट हुनुभएका भगवान् श्रीगणेशले किरीट र कुण्डल धारण गर्नुभएको थियो, दश भुजाले सुहाउनुभएको थियो र त्रिशूल धारण गर्नुभएको थियो । उहाँको निधारमा चन्द्रमा सुहाएको थियो। उहाँ शङ्ख, चक्र र हारले अलङ्कृत हुनुहुन्थ्यो । उहाँको कण्ठमा रुद्राक्षको माला र हातमा कमल शोभायमान थिए । उहाँले कस्तूरीको टीका लगाउनुभएको थियो । उहाँको दर्शन गर्दा मुखमण्डलको मध्य भाग नारायणको थियो भने दायाँतर्फको अनुहार शिवजीको थियो । बायाँतर्फको अनुहार ब्रह्माजीको थियो। शेषनागको शय्यामा पद्मासन लगाएर विराजमान हुनुभएका प्रभुलाई शेषनागका एक हजार फणाले छाता बनेर छाया दिइरहेका थिए ।।५-७।। उहाँ कुन्दपुष्प र कपूरझैं गौरवर्णका देखिनुहुन्थ्यो । यसरी भगवान् श्रीगणेशले दर्शन दिएपछि माता पार्वतीलाई भन्नुभयो - 'हे देवी ! तपाईं जुन देवताको निरन्तर ध्यान गरिरहनुभएको छ, त्यो देवता, गुणहरूको स्वामी गुणेश अर्थात् गणेश म तपाईंलाई दर्शन दिन आएको छु । तपाईंका निष्ठा, भक्ति र उग्र तपस्या देखेर म प्रसन्न छु । हे देवी ! म तपाईंलाई आफ्नो स्वरूपको विषयमा पछि बताउनेछु। तेंत्तीस कोटि देवताहरूमा म नै सर्वाधिक महत्त्व भएको देवता हुँ। मभन्दा पर कुनै तत्त्व छैन। सत्त्वगुण, रजोगुण र तमोगुणको विभाग गरेका कारण मलाई भक्तहरूले गुणेश भन्दछन् ।।८-१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिदेहो गुणतश्चाहं सन्तुष्टस्तपसा च ते ।
वरं वरय मत्तस्त्वं यत्ते मनसि वर्तते ।।११।।

असाध्यमपि दास्यामि त्रैलोक्येऽस्मिन् महेश्वरि !।
इति तद्वचनं श्रुत्वा हर्षगद्गदनिःस्वना ।।१२।।

उन्मील्य नयने गौरी पश्यति स्म पुरो विभुम् ।
गुणेशं त्रिगुणेशञ्च त्रितनुं प्रणनाम सा ।।१३।।

उवाच जन्म निष्ठा च तपो मन्त्रो हरोऽपि च ।
अद्य धन्यतमो जातो दृष्ट्वा ते पदपङ्कजम् ।।१४।।

अद्य सिद्धिः परा प्राप्ता साक्षाद् दृष्टो यतो भवान् ।
न काङ्क्षेऽन्यवरं कञ्चित् त्वद्वाक्यं न च लङ्घये ।।१५।।

अतस्त्वं पुत्रतां याहि मम प्रीतिकरो भव ।
निरन्तरं दर्शनं ते सेवनं पूजनं भवेत् ।।१६।।

इति तस्या वचः श्रुत्वा गणेशो हर्षनिर्भरः ।
उवाच गिरिजां तां स भविष्यामि सुतस्तव ।।१७।।

वाञ्छितं पूरयिष्यामि लोकानाञ्च तवापि च ।
एवमुक्त्वा गुणेशस्तामन्तर्धानमगात् क्षणात् ।।१८।।

न ददर्श यदा देवी गुणेशं तं क्षणात् तदा ।
अमन्यत मया दृष्टः स्वप्नः किं सुखदः क्षणम् ।।१९।।

ईश्वरस्योपदेशेन दृष्टो देवोऽखिलार्थदः ।
न सोढुं विरहं तस्य शक्ताऽस्मीति व्यधाच्छिवा ।।२०।।

गुणेशप्रतिमां कृत्वा स्थापयामास सादरम् ।
प्रासादं कारयामास चतुर्द्वारं सुशोभनम् ।।२१।।

गिरिजात्मजसंज्ञां वै कारयामास सुन्दरम् ।
सिद्धिक्षेत्रमिति ख्यातं भविष्यति नृणामिह ।।२२।।

अनुष्ठानवतां सिद्धिर्भविष्यति न संशयः ।
इति दत्त्वा वरं तत्र सम्पूज्य च यथाविधि ।।२३।।

गुणहरूकै कारण मैले ब्रह्मा, विष्णु र शङ्करका रूपमा तीनवटा शरीर धारण गरेको छु। म अहिले तपाइँको तपस्याबाट सन्तुष्ट भएको छु । तपाइँ के चाहनुहुन्छ? तपाइँका मनमा कस्ता इच्छा छन् ? ती इच्छाहरूलाई पूरा गर्न मसँग वरदान माग्नुहोस् ।।११।। मैले त्रिलोकीभित्र रहेका दुर्लभ विषय पनि तपाइँलाई प्रदान गर्नेछु।' भगवान् श्रीगणेशका यी वचन सुनेर हर्षले गद्गद शब्द उच्चारण गरिरहनुभएकी गौरीले आँखा खोलेर हेर्दा आफ्नो सामुमा तीन गुणका स्वामी ब्रह्मा, विष्णु र महेश्वररूप भगवान् गुणेशलाई देखेर प्रणाम गर्नुभयो ।।१२-१३।। त्यसपछि उहाँले भन्नुभयो– 'हे भगवन् ! हजुरका चरणकमलको दर्शन पाएर मेरा जन्म, निष्ठा, तपस्या र मन्त्र धन्य भएका छन् तथा मेरा आराध्य स्वामी शङ्कर पनि धन्य हुनुभएको छ ।।१४।। मैले हजुरको प्रत्यक्ष दर्शन पाएँ, यो नै मेरालागि परमसिद्धिको विषय हो । अब मलाई कुनै वर माग्ने इच्छा छैन, तर हजुरको आज्ञा भने पालन गर्नेछु। तसर्थ हजुर मेरो छोरा भएर जन्मनुहोस् र मलाई माया गर्नुहोस्। हजुर मेरो काखमा बालकका रूपमा रहनुभयो भने मैले निरन्तर दर्शन, सेवा र पूजा गर्ने अवसर पाउनेछु ।।१५-१६।।' पार्वतीका यी वचन सुनेर हर्षमा मग्न हुनुभएका भगवान् गुणेशले उहाँलाई भन्नुभयो– 'हे देवी! म तपाइँको छोराका रूपमा पैदा भई इच्छा पूरा गर्नेछु र सम्पूर्ण संसारमा रहेका भक्तहरूको इच्छा पनि पूरा गर्नेछु ।' यसरी पार्वतीलाई वचन दिएर भगवान् श्रीगणेश तत्काल अन्तर्धान हुनुभयो ।।१७-१८।। भगवान्‌को अन्तर्धानपछि पार्वतीले यताउति हेर्दा कहीं पनि उहाँको दर्शन पाउनु भएन र मनमनै भन्नुभयो– 'के मैले साँच्चै सुखदायक स्वप्नदर्शन गरें ? ईश्वरको उपदेशबाट यदि मैले सकल कामनाका दाता भगवान् श्रीगणेशको दर्शन पाएकी रहेंछु भने उहाँको विरह कसरी सहन गरूँ ?' यसरी पार्वतीले चिन्ता गर्नुभयो ।।१९-२०।। त्यसपछि भगवान् श्रीगणेशको प्रसन्नताका लागि उहाँको प्रतिमा बनाएर आफूले तयार गरेको चार ढोके सुन्दर मन्दिरमा प्रतिष्ठा गराउनुभयो र उहाँको गिरिजात्मज गणेश भन्ने नामकरण गर्नुभयो। त्यसपछि उहाँले भन्नुभयो– 'मैले तपस्या गरेको यो क्षेत्र सिद्धिक्षेत्रका नामबाट संसारमा प्रख्यात हुनेछ । यहाँ गरेका अनुष्ठानहरू सिद्ध हुनेछन्।' यसरी वरदान दिएर भगवान् श्रीगणेशको पूजा, प्रदक्षिणा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रदक्षिणानमस्कारान् कृत्वा च द्विजपूजनम् ।
दत्त्वा दानानि तेभ्यश्च गृहीत्वाशीर्वचो द्विजात् ।
त्रिसन्ध्याक्षेत्रमगमद् योगस्थं ददृशे हरम् ।।२४।।

तत्पादपङ्कजे स्वीयं शिरःपद्मं न्यधाच्छिवा ।
उवाच निजवृत्तान्तमाज्ञां प्राप्य विभो ! तव ।।२५।।

उपदेशं मनोश्चापि द्वादशाब्दं कृतं तपः ।
अवायुभक्षया स्वामिन् ! ततस्तुष्टो गुणेश्वरः ।।२६।।

उवाच परमप्रीतो भावं ज्ञात्वा परं मम ।
तवोदरेऽवतारन्तु करिष्याम्यचलात्मजे ।।२७।।

वाञ्छितञ्च करिष्यामि देवानाञ्च तवापि च ।
एवमुक्त्वा क्षणेनाऽसौ तत्रैवाऽन्तर्दधे विभुः ।।२८।।

ततोऽहं परमप्रीता मूर्तिं प्रासादमेव च ।
विधाय स्थापयित्वा तां तवान्तिकमुपागता ।।२९।।

क उवाच

एवं श्रुत्वा प्रियावाक्यं प्रहृष्टमानसो हरः ।
प्रोत्फुल्लनयनः प्राह धन्याऽसि गिरिजात्मजे ।।३०।।

साक्षाद् दृष्टो गुणेशस्ते गृहे सोऽवतरिष्यति ।।३१।।

हनिष्यति महादैत्यं भूभारञ्च हरिष्यति ।
इन्द्रादिलोकपालानां स्वपदानि प्रदास्यति ।।३२।।

एतन्मम वचो देवि ! न च विस्मतुमर्हसि ।

क उवाच

एवमुक्त्वा शिवो देव आलिलिङ्ग शिवां तदा ।।३३।।

आनन्दाश्रूणि मुञ्चन्तौ रोमाञ्चिततनू उभौ ।
तिष्ठन्तौ परमाह्लादयुतावम्बामहेश्वरौ ।।३४।।

नमस्कार गरी ब्राह्मणहरूको पनि पूजा गर्नुभयो । तिनीहरूलाई दान दिएर आशीर्वाद प्राप्त गरी पार्वती दण्डकारण्यमा रहेको त्रिसन्ध्याक्षेत्रमा पुग्नुभयो । त्यहाँ गएर उहाँले समाधिमा रहनुभएका भगवान् शङ्करको दर्शन गर्नुभयो ।।२१-२४।। भगवान् शङ्करका चरणकमलमा शिर राखेर आफ्ना सम्पूर्ण वृत्तान्त बताउँदै पार्वतीले भन्नुभयो- "हे प्रभु ! हजुरबाट आज्ञा, उपदेश र मन्त्रसमेत पाएर मैले बाह्र वर्षसम्म लेखनाद्रिमा तपस्या गरें। हावा पनि नखाईकन कठोर तपस्या गरेका कारण भगवान् गुणेश्वर श्रीगणेश प्रसन्न हुनुभयो ।।२५-२६।। त्यसपछि उहाँले मेरा भावनाहरू थाहा पाएर भन्नुभयो - 'मैले तपाईँको गर्भबाट अवतार लिनेछु र तपाईँसमेत देवताहरूले चिताएका कामनाहरू पुऱ्याउनेछु ।' यसरी वरदान दिएर एक क्षणमै अन्तर्यामी भगवान् श्रीगणेश अन्तर्धान हुनुभयो ।।२७-२८।। त्यसपछि मैले अत्यन्त खुसी भएर श्रीगणेशको मूर्ति निर्माण गराई मन्दिर बनाउन लगाएँ । त्यस मन्दिरमा मूर्तिको प्रतिष्ठा गरेपछि अहिले हजुरका नजिकमा आएकी छु' ।।२९।।

ब्रह्माजीले भन्नुभयो - आफ्नी प्रियतमा पार्वतीका कुरा सुनेर भगवान् शङ्कर पनि प्रसन्न हुनुभयो । खुसी भई चारैतिर नजर घुमाउँदै भन्नुभयो - 'हे हिमालयकी छोरी पार्वती ! तिमी धन्य छौ किनकि आज तिमीले साक्षात् श्रीगणेशको दर्शन पायौ । अब भगवान् श्रीगणेशले तिम्रा घरमा अवतार लिनुहुनेछ र दैत्यराज सिन्धुको हत्या गर्नुहुनेछ । त्यसपछि उहाँले पृथिवीको भार हरण गरी इन्द्र आदि लोकपालहरूलाई तिनीहरूका गुमेका पद दिलाउनुहुनेछ ।।३०-३२।। यो मेरो सत्यवचन हो र यसलाई तिमीले बिर्सने छैनौ ।'

ब्रह्माजीले भन्नुभयो - यसरी पार्वतीसँग कुरा गरी शिवजीले उहाँलाई आलिङ्गन गर्नुभयो ।।३३।। यो घटनापछि दुबै दम्पती आनन्दका आँसु बर्साउँदै र रोमाञ्चित हुँदै परम आनन्दमा मग्न भएर रहनुभयो ।।३४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे श्रीगणेशदर्शनं नामाऽशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'पार्वतीबाट आराधित श्रीगणेशद्वारा दर्शन र वर प्रदान' शीर्षकान्वित असीऔं अध्याय पूर्ण भयो ।।८०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकाशीतितमोऽध्यायः { ८१ अध्याय }

क उवाच

ततः सा पार्वती हृष्टा सखीजनमगान्निजम् ।
वृत्तान्तं सर्वमाचख्यौ हृष्टरूपोऽपि सोऽभवत् ।।१।।
ततः प्रभृति सा देवी गुणेशमानसाऽभवत् ।
पश्यति स्माऽन्यबालं सा गुणेशोऽयं भवेदिति ।।२।।
ग्रहीतुं धावति तदा तन्मात्रा सा निषिध्यते ।
न क्वापि विश्रमं याति गुणेशध्यानतत्परा ।।३।।
तन्नाम जपते नित्यं तन्मयं लोकते जगत् ।
पप्रच्छ च सखीः सर्वा गुणेशो यास्यते कदा ।।४।।
पित्रा मे कथितं पूर्वं व्रतमीशाप्तये शुभम् ।
पार्थिवस्य गणेशस्य पूजनञ्च यथाविधि ।।५।।
तेन व्रतप्रभावेण प्राप्ताऽस्मि शङ्करं प्रियम् ।
पुनस्तदाचरिष्यामि गुणेशप्राप्तयेऽधुना ।।६।।
ततो भाद्रचतुर्थ्यां सा कृत्वा मूर्तिं मृदान्विताम् ।
उपचारैः षोडशभिः पुपूज च गजाननीम् ।।७।।
षड्भिर्ध्यानादिकैः पञ्चामृतैर्वस्त्रैरनेकशः ।
यज्ञोपवीतगन्धैश्च धूपदीपैर्यथाविधि ।।८।।
नानापुष्पैश्च नैवेद्यैर्नानाविधफलैरपि।
ताम्बूलैरार्द्रपूगैश्च लवङ्गादिसमन्वितैः ।।९।।
दूर्वाभिश्च शमीपत्रैर्दक्षिणाभिरनेकशः।
आरार्तिक्यैर्विचित्रैश्च मन्त्रपुष्पैः स्तवैरपि।।१०।।
प्रदक्षिणाप्रार्थनाभिर्ब्राह्मणानाञ्च पूजनैः।
परितुष्टा मूर्तिरसौ पार्थिवी चेतनामगात् ।।११।।
तदैव प्रभया तस्याः कोटिसूर्यप्रभा जिता।
कल्पानलार्चिर्विजिताऽनन्तचन्द्रप्रभा हता ।।१२।।

ब्रह्माजीले भन्नुभयो- त्यसपछि प्रसन्न मुद्रामा रहेकी पार्वती आफ्ना सँगिनीहरूका नजिकमा जानुभयो र तिनीहरूलाई सम्पूर्ण वृत्तान्त बताई प्रसन तुल्याउनुभयो ।।१।। त्यस दिनदेखि पार्वतीले श्रीगणेशलाई आफ्नो हृदयमा राखेर आराधना गर्न थाल्नुभयो । उहाँले कुनै बालकलाई देख्दा पनि यी भगवान् श्रीगणेशकै रूप हुन् कि भन्ने भावना गर्नुहुन्थ्यो ।।२।। कहिलेकाहीं भावावेशमा कुनै आमाको छोरालाई गणेश हुन् कि भनेर समाउन जाँदा बच्चाका आमाहरूले पार्वतीलाई रोक्ने गर्दथे । वास्तवमा पार्वती गणेशमय बन्नुभएको थियो र अहोरात्र गणेशकै ध्यान गर्नुहुन्थ्यो । उहाँले नित्य गणेशको नामजप गर्दै सम्पूर्ण संसारमा गणेशकै अनुहार देख्नुहुन्थ्यो। एक दिन पार्वतीले आफ्ना सँगिनीहरूसँग सोध्नुभयो- 'श्रीगणेश मेरो गर्भमा कहिले आउनु हुनेछ ? ।।३-४।। मेरा पिताले पहिले मलाई भगवान् शङ्करको प्राप्तिका लागि पार्थिव श्रीगणेशको पूजा विधि बताउनुभएको थियो ।।५।। त्यस पार्थिव पूजाको प्रभावले मैले भगवान् शङ्करलाई प्यारा पतिका रूपमा प्राप्त गरें । अहिले फेरि गुणेशलाई पुत्रका रूपमा प्राप्त गर्न पनि मैले पार्थिवपूजन गर्नेछु ।।६।। त्यसपछि भाद्रशुक्ल चतुर्थीका दिन हर्षपूर्वक पार्वतीले श्रीगणेशको पार्थिव मूर्ति तयार गरी षोडशोपचारले त्यस मूर्तिमा उपचार गर्नुभयो । पार्वतीले ध्यान, आवाहन, आसन, पाद्य, अर्घ्य, आचमनीय गरी ६ प्रकारका ध्यानादि उपचार पञ्चामृत, वस्त्र, जनै, गन्ध, धूप, दीप, अनेक पुष्प, अनेक फल, नैवेद्य, पान, सुपारी, ल्वाङ, दूबो, शमीपत्र, दक्षिणा, आरती, मन्त्र पुष्पाञ्जलि, स्तुति, प्रदक्षिणा, प्रार्थना र ब्राह्मणपूजन श्रद्धा र विधिपूर्वक सम्पन्न गरेपछि श्रीगणेशको पार्थिव मूर्तिमा चैतन्य प्रकट भयो ।।७-११।। मूर्तिबाट प्रकट भएको कान्तिले करोडौं सूर्यको कान्तिलाई परास्त गरिरहेको थियो । प्रलयकालको अग्निको ज्वालालाई पनि त्यसले मन्द तुल्यायो र अनन्त चन्द्रमाका कान्तिपुञ्जलाई पनि शोभाहीन तुल्यायो । त्यस कान्तिपुञ्जबाट पार्वतीका आँखा तिरमिराए। पार्वतीले त्यो तेज सहन सक्नुभएन र मूर्च्छित भई भुइँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हतनेत्रप्रभा गौरी मूर्च्छिता पतिता भुवि।
मुहूर्तात् सावधाना सा प्रोवाच जगदीश्वरम् ।।१३।।

किं मया विकृतं देवपूजने न च तर्कये।
अभिचारोऽथवा केन प्रयुक्तोऽयं न वेद्मि तम् ।।१४।।

कथं मे विफलो यत्नो जातो देव ! कृपानिधे ! ।

क उवाच

श्रुत्वेत्थं वचनं तस्याः सौम्यतेजा अभूत् प्रभुः।।१५।।

सा तदैवाभवद् हृष्टा बालं वीक्ष्य पुरोगतम् ।
असङ्ख्यवक्त्रनयनमसङ्ख्याङ्घ्रिशिरोधरम् ।।१६।।

असङ्ख्यमुकुटं सूर्यचन्द्राग्निलोचनं विभुम् ।
मुक्तामणिमयीं मालां बिभ्रतं दीप्तिमत्परम् ।।१७।।

अनेकायुधहस्तञ्च सर्वावयवसुन्दरम् ।
दृष्ट्वा तु पार्वती रूपं पवित्रं परमाद्भुतम् ।।१८।।

अतर्कयच्चेतसा सा निमील्य नयने शुभे ।
कम्पमानाङ्गयष्टिः सा कर्तव्यं नाभ्यपद्यत ।।१९।।

चिन्तितं किं मया दृष्टमरिष्टमद्भुतं नु किम् ।
उन्मील्य नयनेऽपश्यद् दिव्यदृष्टिर्धरात्मजा ।।२०।।

तावच्छिवोपदिष्टं तदवेदीच्च जगाद च ।

पार्वत्युवाच

अस्यैव मायया भ्रान्ता न जानामि विभुं प्रभुम् ।।२१।।

पप्रच्छ तं ततः कस्त्वं कुत आगमनं तव ।
किमर्थं त्वं गुणेशश्चेद् भवितासि वदस्व माम् ।।२२।।

लड्नुभयो । दुई घडीपछि होशमा आएर पार्वतीले भगवान् श्रीगणेशसँग प्रार्थना गर्नुभयो ।।१२-१३।। 'हे भगवन् ! हजुरको पूजा गर्दा मैले केही नराम्रो गरें कि भन्ने तर्क उठेको छैन । पूजा गर्दा त्यसलाई सफल हुन नदिन कसैले तान्त्रिक अविचार गरेको पनि मलाई थाहा छैन । हे कृपासागर भगवन्! किन मेरो पूजा विफल भयो ?'

ब्रह्माजीले भन्नुभयो – पार्वतीका यस्ता कुरा सुनेर तेजोमय भगवान् श्रीगणेश सौम्य तेजले सम्पन्न हुनुभयो ।।१४-१५।। त्यस बेला पार्वतीले आफ्नासामु सुन्दर बालकलाई देखेर प्रसन्नताको अनुभव गर्नुभयो । बालकले असंख्य आँखा, असंख्य मुख, असंख्य पाउ र असंख्य शिर धारण गरेका थिए । तिनका शिरमा गनेर नसकिने मुकुटहरू सुहाएका थिए । सूर्य, चन्द्रमा र अग्नि तिनका आँखा बनेर टल्किरहेका थिए । ती बालक सर्वव्यापक विभुका रूपमा देखिएका थिए । मोती र मणिको हार धारण गरेका, अत्यन्त तेजस्वी स्वरूपद्वारा शोभायमान, आफ्ना हातमा असंख्य शस्त्र-अस्त्र धारण गर्ने, प्रत्येक अङ्ग-प्रत्यङ्गबाट सौन्दर्यका किरणहरू प्रकट गरिरहेका र पवित्र एवं परम अद्भुत बालक श्रीगणेशको स्वरूपलाई देखेर पार्वतीले मनमा तर्क गर्नुभयो- 'मैले कसरी यी बालकको स्वागत गरूँ? यति बेला के गरूँ?' यसरी तर्क गरेपछि उहाँले आँखा चिम्लनुभयो। पार्वतीको शरीर लहराझैं काँपिरहेको थियो । उहाँले धेरै बेर चिन्तन गर्दा पनि के गर्ने भन्ने कुरा ठम्याउन सक्नुभएन ।।१६-१९।।

पार्वतीले भन्नुभयो- 'मैले के सोचेकी थिएँ, के देखें? कुनै अद्भुत अरिष्ट त मैले देखिनँ ? त्यसपछि दिव्यदृष्टि प्राप्त गर्नुहुने पार्वतीले आँखा खोलेर चारैतिर हेर्नुभयो । त्यस बेला भगवान् शिवजीका उपदेशको रहस्य बुझेर भन्नुभयो – 'वास्तवमा यी बालककै मायाले म भ्रान्तिमा परें र संसारका स्वामी अन्तर्यामी प्रभुलाई चिन्न सकिनँ ।' त्यसपछि उहाँले बालकसँग भन्नुभयो- 'हजुर को हुनहुन्छ? कहाँबाट आउनुभएको हो? किन आउनु-भएको हो ? यदि हजुर श्रीगणेश हुनुहुन्छ भने मसँग कुरा गर्नुहोस्' ।।२०-२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इति तद्वचनं श्रुत्वाऽवदत् स पुरुषो महान् ।
स्वनेन नादयन् सर्वा दिशो विदिश एव च ।।२३।।

देव उवाच

यं ध्यायसि दिवारात्रावनुष्ठानवती शुभे ।
सोऽहं गुणेशस्ते गेहेऽवतीर्णः परमः पुमान् ।।२४।।

परात्परतरो यस्मादवदं त्वां वरार्थिनीम् ।
यास्ये ते पुत्रतां देवि ! यत्कृत्यं मे शृणुष्व तत् ।।२५।।

उभयोः सेवनं कार्यं सिन्धुदैत्यविनाशनम् ।
अमराणां पदप्राप्तिं कृत्वा यास्ये निजं पदम् ।।२६।।

क उवाच

पीत्वा वाक्यामृतं तस्य प्रीता सा गिरिजात्मजा ।
उवाचेह परं भाग्यं परमं मे तपःफलम् ।।२७।।

नायकोऽनन्तकोटीनां ब्रह्माण्डानां विभुर्मया।
दृष्टश्चिदानन्दघनो यस्मात् सृष्टमनेकशः।।२८।।

पञ्चभूतानि ब्रह्मेशौ हरिश्चन्द्रेन्द्रभास्कराः।।
नक्षत्राणि च गन्धर्वा यक्षा मुनिगणा द्रुमाः ।।२९।।

शैलाः पक्षिगणाः सर्वे भुवनानि चतुर्दश।
स्थावरं जङ्गमं यस्मात् सचेतनमचेतनम् ।।३०।।

स त्वं मम कुमारत्वं प्राप्तोऽसीति विडम्बनम् ।
अथ त्वां प्रार्थये देव ! प्राकृतो भव साम्प्रतम् ।।३१।।

येन ते लालनं कुर्यां सेवनं परमादरात् ।

क उवाच

यावद् वदति सैवं तु ददर्श पुरतस्तु तम् ।।३२।।

षड्भुजश्चन्द्रसुभगं लोचनत्रयभूषितम् ।
सुनाससुभ्रुवदनं स्थूलवक्षसमीश्वरम् ।।३३।।

ब्रह्माजीले भन्नुभयो – पार्वतीका यी कुरा सुनेर बालकरूप तेजोमय महापुरुषले आफ्नो गर्जनबाट दिशा र विदिशालाई शब्दायमान तुल्याउँदै भन्नुभयो ।।२३।।

श्रीगणेशले भन्नुभयो – 'हे कल्याणी पार्वती ! दिन र रातमा मन्त्रको जप गर्दै तपाइँले जसको ध्यान गर्नुभएको छ, त्यो गुणेश म तपाइँका घरमा परम पुरुषका रूपमा अवतीर्ण भएको छु । म परभन्दा पर रहने ब्रह्मतत्त्व हुँ । कुनै दिन मैले तपाइँसँग छोरा भएर जन्मनेछु भन्ने वाचा गरेको थिएँ । त्यो वाचा पूरा गराउन अहिले आएको छु । अब म किन अवतरित भएको छु, त्यस विषयमा पनि सुन्नुहोस् । अहिले दैत्यराज सिन्धुको नाश गर्नु र देवताहरूलाई तिनका गुमेको पद प्राप्त गराउनु मेरा दुई परम उद्देश्य छन् । ती उद्देश्यहरूको पूर्ति नै मेरो कर्तव्य हो। त्यसपछि म आफ्नो धाममा फर्किनेछु'।।२४-२६।।

ब्रह्माजीले भन्नुभयो – भगवान् श्रीगणेशका वचनामृत पान गरेर हिमालयकी छोरी पार्वतीले अत्यन्त प्रसन्न हुँदै भन्नुभयो– 'अहिले मेरो भाग्योदय भएको छ र तपस्याको अत्यन्त उत्तम फल प्राप्त गरेकी छु । अनन्तकोटि ब्रह्माण्डका नायक, सत्स्वरूप, चित्स्वरूप र आनन्दघन अन्तर्यामी श्रीगणेश परमात्माको दर्शन गर्ने मौका पाएकी छु । जुन प्रभुले पाँच महाभूत, ब्रह्मा, शिव, नारायण, चन्द्र, इन्द्र, सूर्य, नक्षत्र, गन्धर्व, यक्ष, मुनिगण, रूख-बिरुवा, पर्वत, पक्षिगण, माथिका सात लोक, तलका सात लोक, स्थावर, जङ्गम, चेतन र जड यी सबै तत्त्वहरूको सृष्टि गर्नुभएको छ त्यस्ता सकल ब्रह्माण्डका स्वामी भगवान् पनि मेरो छोरा भएर अवतरित हुनुभयो । यो कति विचित्र विषय हो! अब म हजुरसँग सामान्य मानिसको रूप धारण गर्न प्रार्थना गर्दछु ।।२७-३१।। हजुर सामान्य बालक हुनुभयो भने मैले काखमा राखेर स्तन चुसाउने र परम आदरपूर्वक लालनपालन गर्ने अवसर पनि पाउनेछु ।'

ब्रह्माजीले भन्नुभयो – यसरी प्रार्थना गर्दागर्दै पार्वतीले आफ्नासामु भगवान् श्रीगणेशको दिव्यरूप दर्शन गर्नुभयो ।।३२।। छ वटा भुजा धारण गर्ने, चन्द्रमाझैं रमणीय, त्रिनयन, सुन्दर नाक, आकर्षक अनुहार र विशाल वक्षस्थलद्वारा शोभायमान चरणकमलमा ध्वज, अङ्कुश, ऊर्ध्वरेखा र कमल धारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्वजाङ्कुशोर्ध्वरेखाब्जचिह्नितं पादपङ्कजम् ।
कोटिस्फटिकसङ्काशं कोटिचन्द्रप्रभं विभुम् ।।३४।।

हेमतारानिभान् केशान् दधतं बालरूपिणम् ।
कुर्वन्तं प्रथमं शब्दं कम्पयन्तं वसुन्धराम् ।।३५।।

जनाः स्थानानि मर्यादां तत्यजुस्तस्य शब्दतः।
नीरसा वृक्षनिचयाः सपल्लवचयास्तदा ।।३६।।

जाता गावो बहुक्षीरास्त्रैलोक्यं जहृषे पुनः।
देवदुन्दुभयो नेदुः पुष्पवृष्टिरथापतत् ।।३७।।

दृष्ट्वा बालन्तु गिरिजा हस्ताभ्यां जगृहे मुदा।
स्नापयामास पयसा तप्तेन स्नेहभावतः ।।३८।।

प्रस्नुतौ पाययामास स्तनौ परमहर्षिता ।
शिवोऽपि जहृषे तेन शिशुना परमेण ह ।।३९।।

गर्नुहुने, करोडौं स्फटिक मणिको कान्तिझैं उज्ज्वल कान्तिले ज्योतिर्मय रूपमा देखिनुभएका, कोटि चन्द्रमाको कान्तिले सुहाउनुभएका, सुनले बनेका तारजस्ता सुन्दर केशराशि धारण गर्नुहुने र पहिलो शब्द उच्चारण गर्दा धर्ती नै कँपाउनुहुने बालकरूप भगवान् श्रीगणेशको दर्शन गर्नुभयो ।।३३-३५।। बालगणेशको प्रथम शब्दको गम्भीरतालाई सहन नसकी भयभीत भएका मानिसहरू अमर्यादित र अस्तव्यस्त भए । त्यस बेला नीरस रूखहरू फलफूल र पालुवाले सम्पन्न भए। गाईका कल्चौडाहरू बढे । तीनै लोकमा हर्ष छायो । स्वर्गका दमाहा बजे । स्वर्गबाट धर्तीमा फूलको वर्षा भयो । सुन्दर बालकलाई सामान्य अवस्थामा आएको देखेर पार्वतीले तिनलाई आफ्नो हातले समाउनुभयो र पानी तताएर प्रेमपूर्वक नुहाइदिनुभयो । अत्यन्त प्रसन्न हुनुभएकी पार्वतीले दूधका धारा बगाइरहेका स्तन चुसाएर बालक श्रीगणेशलाई दूध पियाउनुभयो । ध्यानदृष्टिले पुत्र जन्म भएको थाहा पाएर भगवान् शिवजी पनि परम प्रसन्न हुनुभयो ।।३६-३९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गणेशाविर्भावो नामैकाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशको मयूरेशावतार' शीर्षकान्वित एकासीऔँ अध्याय पूर्ण भयो ।।८१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्व्यशीतितमोऽध्यायः { ८२ अध्याय }

क उवाच

ततः शिवगणाः शम्भुं वृत्तान्तं तं न्यवेदयन् ।
आश्चर्यं परमं देवं शिवा पुत्रसमन्विता ।।१।।

जाता पुत्रावलोकार्थं ततो याहि निजं स्थलम् ।
एवं गणवचः श्रुत्वा तुतोष गिरिजापतिः।।२।।

आगत्य वीक्ष्य तं बालमद्भुतं शशिसन्निभम् ।
स्फटिकाद्रिनिभं कुन्दधवलं कञ्जलोचनम् ।।३।।

आश्चर्यं परमं लेभे प्रोवाच स वचस्तदा ।

शिव उवाच

नायं बालोऽनादिसिद्धो जराजन्मविवर्जितः।।४।।

लीलाविग्रहवानेष स्वप्रकाशो गुणातिगः।
शुद्धसत्त्वमयः सर्वजीवेशो भुवनेश्वरः।।५।।

मुनिध्येयोऽखिलाधारो ब्रह्मभूतोऽखिलप्रदः।

क उवाच

एवमुक्त्वा कराभ्यां स बालमादत्त शङ्करः।।६।।

लालयित्वा हृदि स्थाप्य सर्वहृत्स्थोऽपि यः सदा।
पुनरूचे च गिरिजां शिवोऽशिवहरो विभुः ।।७।।

परमात्मा गुणातीतः पुत्रतां ते समागतः ।
परानुष्ठानतो देवि ! साक्षाद् दृष्टो विभुस्त्वया ।।८।।

क उवाच

ततो विप्रान् समाहूय पूजयित्वा गणाधिपम् ।
पुण्याहं वाचयित्वा च मातृपूजनपूर्वकम् ।।९।।

कृत्वाऽऽभ्युदयिकं श्राद्धं प्राशयित्वा घृतं मधु ।
अभिमन्त्र्य शिशुं भूमिं गिरिजा तं स्तनं ददौ ।।१०।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि शिवगण गएर परम देवता शिवजीलाई पार्वतीले छोरा जन्माएको आश्चर्यपूर्ण घटना निवेदन गर्दै भने - 'पार्वतीलाई पुत्र जन्म भएको छ । हजुर पुत्रदर्शन गर्न पाल्नुहोस् । त्यसपछि मात्र आफ्नो धाममा जानुहुनेछ ।' यो समाचार सुनेर पार्वतीपति शङ्कर पनि प्रसन्न हुनुभयो ।।१-२।। पार्वतीका नजिकमा गएर उहाँले चन्द्रमाझैं सुन्दर, स्फटिक मणिको पर्वतजस्तै उज्वल, कुन्दपुष्पझैं गोरो वर्णका, कमलजस्ता सुन्दर आँखाले सुहाएका अद्भुत बालक देखेर अत्यन्त आश्चर्य मान्दै बालकका विषयमा भन्नुभयो ।

शिवजीले भन्नुभयो - 'यी बालक बालक होइनन्। यी त अनादिसिद्ध, वृद्धावस्था र जन्मदेखिरहित, आफ्नो मायाले शरीर धारण गर्ने, स्वयं प्रकाश, सत्त्व, तम र रजो गुणदेखि पर रहेका, शुद्ध सत्त्वले शोभायमान, सम्पूर्ण प्राणीहरूका स्वामी, सबै भुवनका अधिपति हुन् ।।३-५।। यी बालक मुनिहरूद्वारा ध्यान गर्न योग्य, सकल ब्रह्माण्डका आधार र भक्तहरूलाई सर्वस्व दिनसक्ने ब्रह्मरूप परमेश्वर हुन् ।

ब्रह्माजीले भन्नुभयो - शिवजीले यसरी विशेषता बताएपछि आफ्ना हातले बालक श्रीगणेशलाई समाउनुभयो।।६।। परमात्मा श्रीगणेश सबै प्राणीहरूका हृदयमा टाँसिएकै हुनुहुन्छ तापनि मायाद्वारा बालकरूपमा परिणत हुनु भएकाले स्नेहपूर्वक शिवजीले आफ्नो छातीमा टाँस्नुभयो । सबैका अमङ्गल नाश गर्ने, अन्तर्यामी शिवजीले पार्वतीलाई सम्बोधन गर्दै भन्नुभयो - 'हे पार्वती ! सम्पूर्ण गुणदेखि पर रहनुभएका, सबैका हृदयमा वास गर्नुहुने, सबैको उद्धारका लागि अवतार धारण गर्नुहुने परमात्मा श्रीगणेश आज तिम्रा छोरा भएर आउनु भएको छ । तिमीले प्राणीमात्रको कल्याणमा निरत अन्तर्यामी प्रभुलाई छोराको रूपमा देख्न पाएकी छ्यौ'।।७-८।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि शिवजीले ब्राह्मणहरूलाई बोलाएर भगवान् श्रीगणेशको पूजा गरी पुण्याहवाचन र मातृकापूजन गर्नुभयो ।।९।। आभ्युदयिक श्राद्ध गरेर बालकलाई घिउ र मह चटाएपछि शुद्ध जलले अभिमन्त्रित गरेर पार्वतीले आफ्नो स्तन चुसाउनुभयो । त्यसपछि गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौतमादीन् पूजयित्वा ददौ दानान्यनेकशः ।
ततस्ते तदनुज्ञाता नाम प्रोचुर्महर्षयः ।।११।।

अयं ते बालतां यातोऽनादिसिद्धोऽखिलेश्वरः।
निर्माता सर्वलोकानां चराचरगुरोर्गुरुः।।१२।।

मायावी वेदवेदान्ताऽगोचरो मध्यगे रवौ।
अवतीर्णः सुमुहूर्ते कीर्तिमाविष्करिष्यति।।१३।।

भाद्रशुक्लचतुर्थ्यान्तु शशिवारे च वायुभे ।
सिंहलग्ने पञ्चशुभग्रहयुक्तेऽभवत् सुतः।।१४।।

श्रीमान् पराक्रमयुतोऽद्‌भुतकर्मा महाबलः।
भविष्यति च लोकानां भक्तानामतिसौख्यदः।।१५।।

एकादशदिने शम्भो ! कुरु नामास्य सुन्दरम् ।

क उवाच

एवमुक्त्वा गताः सर्वे मुनयो निजमन्दिरम् ।।१६।।

हरो बालं विनिक्षिप्य गिरिजाशयने शुभे ।
विसृज्य लोकानखिलान् बहिरायान्मुदान्वितः।।१७।।

ततः शेषो ययौ तत्र फणाच्छायामथाकरोत् ।
नोरजस्कां धराञ्चक्रुर्मेघास्तत्र सुखा ववुः ।।१८।।

मारुतो मालतीगन्धो ननृतुश्चाप्सरोगणाः।
जगुर्गन्धर्वसङ्घाश्च तुष्टुवुश्चारणा विभुम् ।।१९।।

ततो मुनिगणाः सर्वे मृन्मूर्तिं चक्रुरुत्तमाम् ।
मण्डपं शोभनं कृत्वा कदलीपुष्पमण्डितम् ।।२०।।

पुपूजुः परया भक्त्या पद्मासनगता मुदा।
गुणेशेति गुणेशेति जेपुः सर्वे निरन्तरम् ।।२१।।

अहोरात्रोषिताः सर्वे रात्रौ च जागरान्विताः।
यथाशक्ति द्विजान् भोज्य चक्रुस्ते पारणं द्विजाः ।।२२।।

एवं दशदिने विप्रान् भोजयामासुरादरात् ।
गृहे गृहे महोत्साहाँश्चक्रुर्देवस्य तुष्टये ।।२३।।

आदि ऋषिहरूको सम्मान गरी तिनीहरूलाई अनेक थरि दान दिनुभयो । पूजाको अन्तमा भगवान् शङ्करको आज्ञा पाएर महर्षिहरूले भने – 'हे शिवजी ! अनादिसिद्ध, सबैका स्वामी, सम्पूर्ण संसारका रचयिता, स्थावर एवं जङ्गमका अधिपति, सबैका पिता, मायाका स्वामी र वेद एवं वेदान्तद्वारा पनि दर्शन गर्न नसकिने भगवान् श्रीगणेश, सूर्य आकाशको मध्य भागमा शोभायमान हुँदा उत्तम मुहूर्तमा तपाइँका पुत्र बनेर अवतरित हुनुभएको छ। उहाँले ठूलो कीर्ति हुने काम गर्नुहुनेछ।।१०-१३।। भाद्र शुक्ल पक्षको चतुर्थी तिथि, सोमबार, वायुनक्षत्र र सिंहलग्नमा पाँच शुभ ग्रह रहेको अवसर पारेर बालक पैदा हुनुभएको छ । बालक ऐश्वर्यशाली र पराक्रमी हुनुहुनेछ । उहाँका अद्‌भुत कर्मको सबैले बयान गर्नेछन् । महाबली र सम्पूर्ण प्राणीहरूको उद्धार गर्नुहुने उहाँले आफ्ना भक्तहरूलाई परम आनन्द दिनुहुनेछ । हे शिवजी ! एघारौं दिनका दिन सुन्दर नाम जुराएर बालकको नामकरण गर्नुहोस् ।'

ब्रह्माजीले भन्नुभयो- यसरी शिवजीलाई निवेदन गरेर सबै मुनिहरू आ-आफ्नो आश्रमतर्फ गए ।।१४-१६।। शिवजी पनि आफूले हातमा लिएको बालकलाई पार्वती सुतिरहेको बिस्तरामा सुताएर सबैसँग बिदाबादी भई प्रसन्नतापूर्वक पार्वतीको निवासदेखि बाहिर आउनुभयो ।।१७।। त्यसपछि त्यहाँ आइपुगेका शेषनागले आफ्ना फणाहरूको छाता बनाएर श्रीगणेशलाई छाया प्रदान गरे । बादलले पानी बर्साएर पृथिवीका धूलिकणहरूलाई शान्त तुल्याए। मालती फूलका गन्धले सुगन्धित एवं आनन्ददायक मन्द वायु चारैतिर प्रवाहित भयो। अप्सराहरू नाच्न थाले, गन्धर्वहरू गाउन थाले र चारणहरूले अन्तर्यामी बालक प्रभुको स्तुति गर्न थाले।।१८-१९।। त्यसपछि पद्मासन लगाएका मुनिहरूले श्रीगणेशको पार्थिव मूर्ति बनाएर केराका स्तम्भहरूले सुशोभित सुन्दर मण्डप तयार गरी परम भक्तिपूर्वक प्रभुको पूजा गरे । हे गुणेश र हे श्रीगणेश भन्दै निरन्तर नामजप गर्न लागे ।।२०-२१।। सबै रातभर जाग्राम बसेर उपवास गरे । बिहान तिनीहरूले आफ्नो शक्तिअनुसार ब्राह्मणहरूलाई भोजन गराएर पारायण गरे ।।२२।। यसैगरी दश दिनका दिन पनि ती सबैले ब्राह्मणहरू बोलाई भोजन गराए । त्यस बेला घर-घरमा प्रभुको प्रसन्नताका लागि नर-नारीहरूले ठूलो उत्सव गरे ।।२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादशे तु दिवसे सर्वे मुनिगणाः शिवम् ।
आहूता आययुर्नाम कर्तुं शिवसुतस्य ह ।।२४।।

मानितास्तेन ते सम्यक् कारयामासुरुत्तमम् ।
सर्वेशत्वाद् गुणेशेति सर्वविघ्नहरं शुभम् ।।२५।।

शिवोऽपि तान् मुनीन् प्राह सम्यङ् नाम समीरितम् ।
सर्वारम्भेषु पूज्योऽयमिति तस्मै वरं ददौ ।।२६।।

पूजिता मुनयः सर्वे दत्त्वा दानानि सर्वशः।
आज्ञां गृहीत्वा शम्भोस्ते स्वस्वाश्रमपदं ययुः।।२७।।

अन्तर्गृहगता देवी पुपूजे देवताः स्वयम् ।
तदादि सा तिथिः ख्याता गुणेशस्य वरप्रदा ।।२८।।

तस्यां महोत्सवः कार्यश्चतुर्थ्यां स्वशुभाप्तये ।
मृन्मयीं प्रतिमां कृत्वा पूजयेच्च यथाविधि ।।२९।।

कृत्वा मण्डपिकाञ्चारुमुपोष्य जागृयान्निशि।
मोदकापूपलड्डूकैः पायसैः पूजयेद् विभुम् ।।३०।।

अपरस्मिन् दिने विप्रान् भोजयेच्च यथाविधि ।
एकविंशतिसङ्ख्याकान् यथाशक्ति च दक्षिणाम् ।।३१।।

दत्त्वा तेभ्यो नमस्कृत्य पश्चाद् भोजनमाचरेत् ।
यो न पूजयते चास्यां गणेशं मृन्मयं नरः।।३२।।

स विघ्नैरभिभूतः सन् नानारोगैः प्रपीड्यते।
न तस्य दर्शनं कुर्यात् पतितस्येव कर्हिचित् ।।३३।।

जाते तु दर्शने तस्य गणेशनाम संस्मरेत् ।
चतुर्थ्या महिमानं नो न शक्यं सुनिरूपितुम् ।।३४।।

एघारौं दिनका दिन भगवान् शिवजीद्वारा निम्ता गरिएका सबै मुनिहरू त्यहाँ आएर बालकको नामकरण संस्कार गर्ने कर्ममा जुटे । शिवजीले सबै ऋषिहरूको सम्मान गर्नुभयो । नामकरण संस्कार प्रारम्भ भएपछि सबै ऋषिहरूले भने – 'यी बालक सबैका स्वामी हुन्, सत्त्व, रज र तमोगुणका अधिपति हुन् । त्यस कारण यिनको नाम गुणेश राख्नुपर्छ । यो नाम मङ्गलमय र विघ्नविनाशक छ।' शिवजीले भन्नुभयो – 'हे मुनिहरू ! तपाइँहरूले उत्तम नाम राख्नुभएको छ । अब उप्रान्त सबै शुभकर्मको आरम्भमा भगवान् श्रीगणेशको पूजा हुनेछ ।' यसरी शिवजीले वरदान दिई अनेक थरि दान दिएर मुनिहरूको पूजा गर्नुभयो । ती मुनिहरू पनि शिवजीको आज्ञा पाएर आ-आफ्नो आश्रमतर्फ गए ।।२४-२७।। सुत्केरी बस्ने कोठामा रहेकी पार्वतीले आफै पनि देवताहरूको पूजा गर्नुभयो । त्यस दिनदेखि लिएर अहिलेसम्म श्रीगणेशको जन्म भएको चतुर्थी तिथि श्रीगणेशको आराधना गर्दा सफलता प्रदान गर्ने तिथिका रूपमा संसारमा प्रसिद्ध भयो ।।२८।। वास्तवमा सबैले आफ्नो कल्याणका लागि चतुर्थी तिथिमा श्रीगणेशको उत्सव गर्नुपर्दछ । माटाको प्रतिमा बनाएर विधिपूर्वक अन्तर्यामी श्रीगणेशको पूजा गर्नुपर्दछ ।।२९।। त्यस बेला सुन्दर मण्डप तयार गरी त्यहाँ गणेशमूर्तिको स्थापना गर्नुपर्दछ । दिनमा पूजा गरेपछि रातभर जाग्राम बस्नुपर्दछ । लड्डू, मालपुवा, मोहनभोग र खीरजस्ता पदार्थ टक्र्याई प्रभुको पूजा गर्नुपर्दछ ।।३०।। बिहान श्रीगणेशको फेरि पूजा गरी विधिपूर्वक एक्काइस ब्राह्मणहरूलाई भोजन गराउनु पर्दछ र शक्तिअनुसार दक्षिणा दिनुपर्दछ ।।३१।। ब्राह्मणहरूलाई प्रणाम गरी बिदा गरेपछि यजमानले सपरिवार भोजन गर्नुपर्दछ । चतुर्थी तिथिमा जसले पार्थिव श्रीगणेशको मूर्तिमा पूजा गर्दैन त्यसले जीवनमा हरेक कार्यमा विघ्नमात्र अनुभव गर्नुपर्छ र त्यसका शरीरमा अनेक थरि रोग लागिरहन्छन्। श्रीगणेशको पूजा नगर्ने मानिसलाई पतितसरह मानी कहिल्यै हेर्नुहुँदैन । त्यस्ता मानिसहरू संयोगवश भेटिए भने श्रीगणेशको संझना गर्नुपर्दछ। चतुर्थी तिथिको महिमा बताएर सकिंदैन ।।३२-३४।। भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्माणि तु गुणेशस्य यथामति निरूपये ।
गुप्तरूपाः सिन्धुदूताः शङ्करालयसंस्थिताः।।३५।।

तमुदन्तं तु ते गत्वा प्रावदन् सिन्धवे तदा ।
समासीनाय योधैश्च बहुभिर्वेष्टिताय च ।।३६।।

स्थापयित्वाऽप्सरोनृत्यं गानं गन्धर्वसम्भवम् ।

दूता ऊचु

दक्षिणे दण्डकारण्ये त्रिसन्ध्याक्षेत्रसंज्ञिते ।।३७।।

गत्वा तत्र दृष्टवन्तो भगवन्तं शिवाभिधम् ।
अष्टाशीतिसहस्राणां मुनीनामाश्रमान् बहून् ।।३८।।

एकस्मिन् दिवसे बालं शिवा प्रासूत षड्भुजम् ।
लावण्यकोशं त्रैलोक्येऽनुपमं महसोज्ज्वलम् ।।३९।।

दशाहस्सु महोत्साहैर्गतेषु मुनिपुङ्गवाः।
चक्रुर्नाम गुणेशेति तस्य बालस्य शङ्करः।।४०।।

वयं वादित्रनिर्घोषैर्बधिरा इव तस्थिम ।
यदि हन्तुं गमिष्यामः सप्तकोटिगणास्तदा ।।४१।।

एकैकस्य बलं घोरं पर्वतोन्मूलनक्षमम् ।
निहन्युः सहसाऽभ्येत्य वृत्तान्तं को निवेदयेत् ।।४२।।

क उवाच

एवं वदत्सु दूतेषु शुश्रुवे व्योमवाक् तदा ।
उत्पन्नः क्वापि ते हन्ता रे सावधानतां व्रज ।।४३।।

सिन्धुरुवाच

वध्यतां वध्यतां कोऽयं ब्रूते दुष्टवचोऽत्र ह।

क उवाच

केचिदुड्डीय पतिता धावयित्वाऽपरे ययुः।।४४।।

तावद् दैत्यो महामूर्च्छां सम्प्राप्तः पतितो भुवि।
चिन्तामग्नो म्लानमुखो निरुत्साहो हतप्रभः।।४५।।

श्रीगणेशका लीलाहरूका विषयमा म आफ्नो बुद्धिअनुसार बताउनेछु । दण्डकारण्य वरिपरि गुप्तरूपमा घुमिरहेका दैत्यराज सिन्धुका दूतहरूले शङ्कर-पार्वतीलाई छोरा जन्मेको समाचार सिंहासनमा विराजमान, अनेक वीरहरूले घेरिएको, रङ्गमञ्चमा अप्सरा र गन्धर्वको नाचगान हेर्नमा व्यस्त दैत्यराज सिन्धुलाई बताए ।

दूतहरूले भने - 'हे महाराज ! दण्डकारण्यअन्तर्गतको त्रिसन्ध्या क्षेत्रमा गएर हामीले भगवान् शिवजीको दर्शन गर्‍यौं। त्यहाँ अठासी हजार ऋषिका आश्रम छन्।।३५-३८।। एक दिनको कुरा हो पार्वतीले ६ हात भएको, अत्यन्त सुन्दर, स्वर्ग, मर्त्य र पातालका कुनै पनि व्यक्तिसँग दाँज्न नसकिने गुण एवं रूपले सम्पन्न अत्यन्त तेजस्वी बालक पैदा गरिन्।।३९।। दश दिनसम्म त्यहाँ उत्सवै उत्सव भयो। एघारौं दिनका दिन मुनिहरूका साथ शिवजीले त्यस बालकको नाम गुणेश राखे। त्यहाँ विचित्र वाद्यघोष भयो । हामी त्यहाँ बहिराजस्ता भएर रहेका थियौं । त्यस बेला हामी यदि बच्चालाई मार्न अगाडि बढ्यौं भने सात करोड शिवगणले आएर हामीलाई मारिदिनेछन् भन्ने डर भयो । शिवगणमध्येमा प्रत्येक गणको बल पर्वतलाई उखेल्न समर्थ थियो । त्यस बेला आक्रमण गर्दा हामी सबै मारिएमा हजुरलाई घटनाको जानकारी कसले दिने भन्ने सोचेर पनि हामीले बालकमाथि आक्रमण गर्न सकेनौं ।।४०-४२।।

ब्रह्माजीले भन्नुभयो - दूतहरूले यसो भनिरहेकै समयमा दैत्यराज सिन्धुले आकाशवाणी सुन्यो - 'हे दैत्यराज! तिमीलाई मार्नसक्ने समर्थ पुरुष पैदा भएको छ । अब तिमी सावधान होऊ ।।४३।।'

सिन्धु दैत्यले भन्यो - 'आकाशवाणीको रूपमा कसले दुष्ट वचन बोलिरहेको छ ? सेवकहरू ! त्यसलाई मार ।'

ब्रह्माजीले भन्नुभयो - दैत्यराज सिन्धुको आज्ञा पाएर केही वीरहरू उडेझैं गरी तीव्र वेगमा चारैतिर हेर्न गए ।।४४।। त्यसै बेला दैत्यराज सिन्धु मूर्च्छित भएर भुइँमा लड्यो । चेतना फर्केपछि पनि त्यो चिन्तित र विवर्ण थियो । त्यसको हृदयमा कुनै उत्साह थिएन । त्यसका शरीरको रङ्ग उडेको थियो । चेतना पाएर त्यस अवस्थामा पुगेको त्यस दैत्यले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच विस्खलद्वाचो मुहूर्तात् प्राप्य चेतनाम् ।
त्रैलोक्यकण्टकस्यापि कण्टकः क उपस्थितः ।।४६।।

कथं हन्याद् गजः सिंहं मशको वाथ वारणम् ।
त्रयस्त्रिंशत्कोटिदेवा निर्जिताः क्षणमात्रतः ।।४७।।

तस्य मे मरणं कस्माज्जायेत व्योमवाङ् मृषा।
ऋताऽस्तु वा गमिष्यामि भक्षितुं तमहं रिपुम्।।४८।।

एवमुक्त्वा क्षणार्धात् स भद्रासनगतोऽभवत् ।
सर्वे वीरास्ततो याताः श्रुत्वा वार्तां तथाविधाम् ।।४९।।

त्वमेव मृत्योर्मृत्युश्च तत्र मृत्युः कथं भवेत्।
इत्यूचुस्ते भवेद् वापि तं वयं घातयामहे ।।५०।।

स्वर्गे भूमौ तले वापि गगने वा वसेद् यदि।
देह्याज्ञां नो गमिष्यामो दैत्याँस्तानब्रवीदथ ।।५१।।

सखीनां सेवकानाञ्च पीत्वा वाक्यामृतं परम् ।
प्रीतोऽहं यान्तु शीघ्रं तु यत्र मे स रिपुर्भवेत् ।।५२।।

अनेकमायया हत्वा रिपुं मम निवेद्यताम् ।

क उवाच

एवामाज्ञां गृहीत्वा ते सङ्ख्यातीता ययुस्ततः ।।५३।।

त्रिसन्ध्याक्षेत्रमासाद्य गुप्तरूपेण चावसन् ।
गौरीसुतं तत्र कुत्र मायया हन्म इत्युत ।।५४।।

लरबराउँदै भन्यो – 'म सम्पूर्ण संसारको काँडो हुँ तर मेरा लागि पनि कुनै काँडो पैदा भएछ । हात्तीले सिंह मार्न सक्दैन, लामखुट्टेले हात्ती मार्न सक्दैन । मैले एक छिनमा तेत्तीस कोटि देवतालाई परास्त गरेको छु । मजस्तो वीरको मृत्यु कोबाट हुन सक्छ? त्यस कारण त्यो आकाशवाणी झुट्टा हो। यदि साँचो हो भने पनि म त्यो शत्रुलाई चपाएर निल्न त्यहाँ जानेछु' ।।४५-४८।। केही बेरपछि सिन्धु सिंहासनमा गएर बस्यो । दैत्यराज सिन्धुका कुरा सुनेर सबै वीरहरू त्यहाँ जम्मा भए ।।४९।। त्यसपछि ती वीरहरूले भने – 'हे महाराज! तपाइँ मृत्युका पनि मृत्यु हुनुहुन्छ । तपाइँको मृत्यु कसरी हुनसक्छ ? यदि मृत्यु नै आक्रमण गर्न आयो भने पनि हामीले त्यसलाई सखाप पार्नेछौं। त्यो मृत्यु तपाइँसँग डराएर स्वर्ग, पृथिवी, पाताल र आकाशमध्ये जहाँ बसेको भए भने हामी गएर त्यसलाई मार्छौं, तपाइँले आज्ञा दिनुहोस् ।' दैत्यराजले भन्यो – 'हे वीरहरू ! आफ्ना मित्र र सेवकहरूका वचनामृत पान गरेर म प्रसन्न भएको छु । तिमीहरू जहाँ मेरो शत्रु बसेको छ त्यहाँ जाने काम गर । त्यसलाई छल, कपट इन्द्रजाल र मायामध्ये जुनसुकै प्रयोग गरेर भए पनि मार्ने काम गर । त्यसपछि आएर मलाई आफूले गरेका क्रियाकलापबारे जानकारी दिने काम गर ।'

ब्रह्माजीले भन्नुभयो – ती वीरहरू आफ्ना राजाबाट आज्ञा पाएर प्रस्थान गरे ।।५०-५३।। दण्डकारण्यको त्रिसन्ध्याक्षेत्रमा गई गौरीका पुत्र श्रीगणेशलाई जसरी भए पनि र जहाँ रहे पनि मार्नेछौं भन्ने सङ्कल्प गर्दै गुप्तरूपले बसे ।।५४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गुणेशनामकरणं नाम द्व्यशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'मयूरेश्वरको गुणेशनामकरण ' शीर्षकान्वित बयासीऔं अध्याय पूर्ण भयो ।।८२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्र्यशीतितमोऽध्यायः

{ ८३ अध्याय }

क उवाच

शुक्लचन्द्र इव ब्रह्मन् ! ववृधे स दिने दिने ।
ततो हिमालयः प्रायाच्छ्रुत्वा गौरीसुतं शुभम् ।।१।।

अलङ्कारान् समादाय मूल्यरत्नसमन्वितान् ।
अजिरे तं निरीक्ष्यैव धावयित्वा ययौ सुता ।।२।।

आलिलिङ्ग मुदा गौरी बहुकालागतञ्च तम् ।
आनन्दाश्रूणि साऽमुञ्चत् सोऽपि सा तं ततोऽवदत् ।।३।।

गौर्युवाच

कथं निष्ठुरतां यातो वृत्तान्तं मम कर्हिचित् ।
न गृह्णासि न वा स्वीयं प्रेषयस्यपि निर्दय ।।४।।

हिमवानुवाच

सत्यं वदसि गौरि! त्वं कण्ठे प्राणा मम स्थिताः।
अतस्त्वद्दर्शनाकाङ्क्षी प्राप्तोऽहं हरवल्लभे ।।५।।

वत्से ! धेनुमनो यद्वद् तद्वत् त्वयि मनो मम ।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं सा ददावासनं शुभम् ।।६।।

उपविष्टोऽब्रवीद् वाक्यं पुनर्गिरिवरः सुताम् ।
श्रुतो नारदवाक्येन पुत्रस्ते परमाद्भुतः ।।७।।

ततस्तं द्रष्टुमायातः सर्वविघ्नहरं शुभम् ।

क उवाच

पार्वती बालमादाय पितुरङ्के न्यवेशयत् ।।८।।
सोऽलङ्कारैरलङ्कृत्य महिमानं ततोऽब्रवीत् ।

स उवाच

अयं बालो महामायः करिष्यति महीमिमाम् ।।९।।

निष्कण्टकां यथा चन्द्रः शीतलां स्वकरैरिमाम् ।
अयं देवगणान् सर्वान् स्वस्थाने स्थापयिष्यति ।।१०।।

ब्रह्माजीले भन्नुभयो – बालक श्रीगणेश शुक्लपक्षको चन्द्रमाझैं दिनदिनै बढ्न थाल्नुभयो । एक दिन हिमालय पर्वत आफ्नी छोरी पार्वतीका कोखबाट उत्तम पुत्रले जन्म लिएको सुनेर भेट्न आए ।।१।। हिमालय पर्वत छोरी भेट्न आउँदा मूल्यवान् रत्नजडित अलङ्कार लिएर आएका थिए । आफ्नो घरको आँगनमा पिता हिमालयलाई देख्नासाथ पार्वती दौडेर जानुभयो । उहाँले धेरै पछि आएका आफ्ना पितालाई आलिङ्गन गर्नुभयो । असीमित हर्षका कारण उहाँको हृदय पग्लियो र आँखाबाट आँसुका धारा बग्न थाले । छोरीको त्यो हालत देखेर हिमालयले पनि मन थाम्न सकेनन् र त्यसैगरी आँसुका धारा बगाए । त्यसपछि पार्वतीले हिमालयसँग भन्नुभयो ।।२-३।।

पार्वतीले भन्नुभयो – 'हे पिताश्री! हजुर कति निर्दय हुनुभयो ? किन मेरो समाचार लिन खोज्नुभएन र आफ्नो समाचार पनि दिनुभएन ?' ।।४।।

हिमालयले भने – 'हे छोरी ! तिमीले साँचो भन्यौ । तिम्रो विरहका कारण मेरा प्राण घाँटीघाँटी भएका थिए । म तिमीलाई असाध्यै भेट्न चाहन्थें, तर अनुकूल भएन । अहिले म तिम्रो दर्शन गर्न यहाँ आएको छु ।।५।। जसरी गाईको मन बाच्छा-बाच्छीमा गएको हुन्छ त्यसरी मेरो मन पनि तिमीमा गएको छ ।'

ब्रह्माजीले भन्नुभयो – पिताका यी कुरा सुनेपछि पार्वतीले आसन टक्र्याउनुभयो ।।६।। आसनमा आसीन भएपछि हिमालयले भने – 'हे छोरी ! मैले नारदमुनिका मुखबाट तिमीलाई अद्भुत छोरा पैदा भएको कुरा थाहा पाएँ ।।७।। अहिले सबै प्रकारका विघ्नहरूको नाश गर्न समर्थ, मङ्गलमूर्ति तिम्रो छोरालाई हेर्न आएको छु ।'

ब्रह्माजीले भन्नुभयो – हिमालयका कुरा सुनेपछि पार्वतीले आफ्नो छोरा ल्याई आफ्ना पिताको काखमा राखिदिनुभयो ।।८।। हिमालयले पनि आफूले ल्याएका वस्त्र र आभूषणले बालकलाई सिँगारेर आनन्दपूर्वक कुराकानी गरे ।

हिमालयले भने – 'हे छोरी ! यी बालक मायाका पनि स्वामी हुन् । चन्द्रमाले आफ्ना किरणद्वारा पृथिवीलाई शीतल तुल्याएझैं यिनले पनि पृथिवीलाई निष्कण्टक र शीतल तुल्याउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करिष्यन्त्यङ्घ्रिसेवां ते शिशोरस्य मुनीश्वराः।
एतस्य सर्वरूपाणि स्थावराणि चराणि च ।।११।।

अयमेव सदा ध्येयो ब्रह्मादीनां सहस्रदृक् ।
सहस्राङ्घ्रिः सर्वजगत्कारणानाञ्च कारणम् ।।१२।।

सहस्रास्योऽनन्तमूर्तिः समष्टिव्यष्टिरूपवान् ।
त्रैलोक्ये नेदृशो बालो दृष्टः क्वापि शुभाङ्गवान् ।।१३।।

अहं तन्मयतां यातो दृष्ट्वा तत्पादपङ्कजम् ।
यथाऽम्भसि पयः क्षिप्तं याति तन्मयतां क्षणात् ।।१४।।

अस्य यत्नं कुरु शुभे ! निधिरेष पुरातनः ।

क उवाच

मस्तके मुकुटञ्चास्य स्वाङ्गदे भुजयोरपि ।।१५।।

पङ्कजं हृदि श्रुत्योश्च कुण्डले रत्नभूषिते ।
कटिसूत्रं कटौ चाङ्घ्र्योर्महार्हाः क्षुद्रघण्टिकाः ।।१६।।

एवं दत्त्वा भूषणानि नाम चक्रे शुभं गिरिः ।
हेरम्बेति महाविघ्नहरं भक्ताभयप्रदम् ।।१७।।

ततो भुक्त्वा गृहीत्वाज्ञां यस्यौ स्वस्थानमद्रिराट् ।
एकस्मिन् दिवसे बालश्चिक्रीड निजमन्दिरे ।।१८।।

गृध्रासुरो गृध्ररूपी महाबलपराक्रमः ।
पक्षवातेन यस्याद्रिचयश्चूर्णत्वमीयिवान् ।।१९।।

गण्डशैलाश्च वृक्षाश्च पादाघातेन तस्य च ।
स पक्षच्छायया बालमाच्छाद्य खेऽभ्रमत्तदा ।।२०।।

नयनानि च सर्वेषां पक्षाघातरजःकणैः ।
आच्छादयन् महाशब्दैः श्रोत्रे बधिरतामिते ।।२१।।

छन्। यिनले पदाधिकारबाट च्युत भएका देवताहरूलाई आ-आफ्ना पदमा बहाली गराउनेछन् ।।९-१०।। यी बालकको चरणसेवामा मुनिहरू पनि समर्पित भएर लाग्नेछन् । यी देखिने स्थावर र जङ्गमका दृश्यहरू सबै बालक श्रीगणेशकै स्वरूप हुन् ।।११।। हजार आँखाले हेर्ने, हजार पाउ भएका, सबै जगत्का कारण, कारणका पनि कारण, हजार मुख भएका, अनन्तमूर्ति र समष्टि एवं व्यष्टि स्वरूप यी बालक ब्रह्मा आदि देवताहरूद्वारा पनि ध्यान गर्न योग्य छन् । स्वर्ग, मर्त्य र पातालमा यति सुन्दर र यस्तो मङ्गलमय मूर्ति कुनै बालक मैले देखेको छैन।।१२-१३।। यी बालक श्रीगणेशका चरणकमलको दर्शन पाएर म तन्मय भएको छु । जसरी पानीमा दूध मिसाउँदा तत्कालै एकरूपता हुन्छ त्यसरी नै यी बालक श्रीगणेशका चरणकमलको दर्शन पाएर म पनि गणेशमय भएको छु ।।१४।। तिमीले बालकको सुरक्षाका निमित्त प्रयत्न गर । हे कल्याणी पार्वती ! यी बालक सामान्य बालक होइनन् अपितु प्राचीन निधि हुन् ।'

ब्रह्माजीले भन्नुभयो – त्यसपछि हिमालयले श्रीगणेशका मस्तकमा मुकुट र दुबै भुजामा अङ्गद लगाइदिए ।।१५।। तिनले बालकको छातीमा कमलको माला पहिऱ्याए, कानमा रत्नद्वारा अलङ्कृत कुण्डल लगाइदिए, कटिमा कन्धनी र दुबै पाउमा बहुमूल्य घुँघरु बाँधिदिए । यसरी अनेक थरि अलङ्कार प्रदान गरेर तिनले आफ्ना नातिको श्रुतिमनोहर, विघ्ननाशक र भक्तलाई अभय प्रदान गर्न समर्थ हेरम्ब भनी नामकरण गरे।।१६-१७।। नामकरणपछि भोजन गरेर छोरीसँग आज्ञा लिई पर्वतराज हिमालय आफ्नो धामतर्फ लागे । एक दिनको कुरा हो, बालक श्रीगणेश आफ्नो घरमा खेलिरहनु भएको थियो । त्यस बेला गृध्रासुरनामक दैत्यले अत्यन्त बल र पराक्रमले सम्पन्न गिद्धको रूप धारण गऱ्यो र आफ्ना प्वाँखको हावाबाट पर्वतहरूलाई चूर्ण-चूर्ण तुल्याउँदै गणेश भएका ठाउँमा आयो ।।१८-१९।। त्यसले आफ्ना खुट्टाको प्रहारले साना-साना पर्वत र ठूला-ठूला वृक्षहरूलाई पनि भुइँमा लडायो । बालकहरूलाई अपहरण गरेर प्वाँखको छायाले ढाकी गृध्रासुर आकाशमा चक्कर काट्न थाल्यो ।।२०।। गिद्धले चक्कर काट्दा त्यसका प्वाँखबाट निस्केका वायुपुञ्जका कारण उडेको धूलाले सबै मानिसहरूका आँखा ढाकिदियो । गिद्धको ठूलो स्वरबाट सुन्ने मानिसका कान पनि बहिरा भए ।।२१।। जसरी गरुडले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततश्चञ्च्वा तु तं बालं गृहीत्वा गृध्रपुङ्गवः ।
व्योममार्गं गतो दूरं गरुडो भुजगं यथा ।।२२।।

बभ्राम गगने दुष्टोऽजानन् बालपराक्रमम् ।
ततोऽपश्यद् गिरिसुता बालः कुत्र कुतो गतः ।।२३।।

नापश्यच्चत्वरे तन्तु ततः शोकाकुलाऽभवत् ।
केन नीतो मम सुतो दुष्टेन च दुरात्मना ।।२४।।

उपविष्टा ततोऽपश्यद् व्योम्नि गृध्रमुखे सुतम् ।
मूर्च्छिता पतिता भूमौ धाव धावेति चाब्रवीत् ।।२५।।

मम प्राणा गमिष्यन्ति विना पुत्रं सुरेश्वर ! ।
कथं ममोपरि व्योम पतितं शङ्करः कथम् ।।२६।।

नैष्ठुर्यं परमं प्राप्तो मय्येव जगदीश्वरः ।
द्वादशाब्दं तपस्तप्तं निराहारतया मया ।।२७।।

करुणाब्धिः स्वप्रकाशोऽवतीर्णोऽभून्ममालयम् ।
स गतो निधिरूपो मेऽभाग्यायाः पापसञ्चयात् ।।२८।।

गते बाले गतं सर्वं सुखमात्यन्तिकं मम ।

क उवाच

एवं तस्यान्तु शोचन्त्यां शुशुचुस्तत्सखीजनाः ।।२९।।

ततस्ते तत्समाधानञ्चक्रुर्ज्ञानेन युक्तिभिः ।
अनादिनिधने बाले न शोकं कर्तुमर्हसि ।।३०।।

स्वप्रकाशेऽवतीर्णे ते बह्वनुष्ठानयोगतः ।
कुत्र वा मृन्मयी मूर्तिश्चेतनामगमद् वद ।।३१।।

स्थिरा भव क्षणेन त्वं द्रक्ष्यसे स्वसुतं शुभे ! ।
अन्तकस्यान्तको बालः पुनरेष्यति निष्ठया ।।३२।।

सखीजने वदत्येवं तावद् बालः स्वमुष्टिना ।
दधार चञ्चु बलवान् यथा श्वासो न निर्ययौ ।।३३।।

सर्पलाई समातेर आकाशमा पुऱ्याउँछ त्यसैगरी गृध्रासुरले बालकलाई समातेर आकाशमा धेरै माथि पुऱ्यायो ।।२२।। बालकको पराक्रमबाट अपरिचित त्यो दैत्य आकाशमा घुम्न थाल्यो । केही बेरपछि पार्वतीले आफ्नो छोरा गणेशलाई खोज्दा कतै पनि नदेखेर मेरो बालक कहाँ गयो भन्दै चारैतिर हेर्नुभयो, तर ती बालक कहीं पनि देखिएनन् । बालकलाई कतै नदेखेर पार्वती शोकले व्याकुल हुनुभयो । कुन दुष्ट र दुरात्माले मेरा छोराको अपहरण गऱ्यो भनी चिन्तित भएकी पार्वतीले आकाशमा उडिरहेका गिद्धको मुखमा बालकलाई देख्नुभयो र बालकको दुर्दशा देखेर मूर्च्छित भई भुइँमा लड्नुभयो । होशमा आएपछि उहाँले आफ्ना सेवकहरूलाई दौड ! दौड ! मेरा बालकको रक्षा गर भन्नुभयो ।।२३-२५।। त्यसपछि आफ्ना प्राणनाथ शिवजीलाई सम्बोधन गर्दै भन्नुभयो- 'हे प्राणनाथ! पुत्रविना मेरा प्राण जानेछन्। पुत्रको रक्षा गर्नुहोस् । आज ममाथि आकाशै खस्यो । अब म कहाँ जाऊ ? हे शङ्कर! हजुर ममाथि किन निष्ठुर हुनुभयो? मैले पुत्र प्राप्तिका लागि निराहार रहेर बाह्र वर्षसम्म तपस्या गरेकी थिएँ । मेरो तपस्याबाट प्रसन्न हुनुभएका करुणासागर भगवान् श्रीगणेश मेरा घरमा पुत्रका रूपमा अवतीर्ण हुनुभएको हो । मेरा निधिसमान बालक श्रीगणेश आज म अभागिनीको पापका कारण मलाई छोडेर जानुभयो ।।२६-२८।। हे प्रभु ! बालक गएपछि मेरो सर्वस्व र परम सुख पनि गयो ।'

ब्रह्माजीले भन्नुभयो- यसरी पार्वतीले शोक गरिरहँदा उहाँका सखीहरूले पनि शोक गरे, तर तिनीहरूले आफ्नो ज्ञान र युक्तिद्वारा पार्वतीको चिन्ता समाधान गर्दै भने- 'हे पार्वती! धेरै दिनको तपस्याबाट तपाईंको पुत्रका रूपमा अवतीर्ण हुनुभएका आदि, अन्त्य र मध्यहीन स्वप्रकाश भगवान् श्रीगणेशका विषयमा तपाईंले शोक गर्नु उचित हुँदैन ।।२९-३०।। माटाको मूर्तिले कहाँ चेतना पाउँछ ? तर तपाईंले आफ्नो तपस्याबाट पार्थिव मूर्तिलाई चैतन्यपूर्ण बनाउनुभएको छ। हे कल्याणी ! तपाईं स्थिर हुनुहोस्, केही बेरमा नै तपाईंले आफ्ना पुत्रको दर्शन पाउनुहुनेछ । श्रीगणेश यमराजका पनि काल हुनुहुन्छ । तपाईंको भक्ति देखेर फेरि यहाँ आउनुहुनेछ' ।।३१-३२।। सखीहरूले यसरी संझाइरहँदा आकाशमा रहनुभएका बालक श्रीगणेशले आफ्नो मुड्कीले गिद्धको मुखको चुच्चो समाउनुभयो । त्यसको श्वास-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्वासरोधाद् गतासुः स गृध्रस्तेन समन्वितः ।
निपपात महीपृष्ठे वज्राहत इवाचलः ।।३४।।

पतमानो गृध्रदेहो दशयोजनविस्तृतः ।
चूर्णयामास गेहानि तच्चित्रमभवद् भृशम् ।।३५।।

चैत्यवृक्षेषु भग्नेषु ययुः पक्षिगणा दिशः ।
ततो दृष्ट्वा तु तं बालमवदत् स सखीगणः ।।३६।।

अयमक्षतदेहस्तु पतितो गिरिजासुतः ।

क उवाच

श्रुत्वेत्थं वचनं तस्य त्वरिता बालमाददे ।।३७।।

गौरी निधाय हृदये परमानन्दमाप च ।
आश्चर्यं परमं प्राप्य ददौ दानान्यनेकशः ।।३८।।

गतमस्य महारिष्टमग्रे न स्यादिति द्विजाः ।
नमस्कृत्य द्विजान् प्रायान्मन्दिराभ्यन्तरं शिवा ।।३९।।

दशयोजनविस्तारः क्वासुरो बलवत्तरः ।
क्व बालः कोमलतनुर्लघुरूपो जघान तम् ।।४०।।

एतावतो बलमिदमग्रे किं वा करिष्यति ।
अयं लघुर्न मन्तव्यो यथा वह्निकणो दहेत् ।।४१।।

महान्तं काष्ठनिचयं तथाऽनेन हतोऽसुरः ।
इत्युवाच सखीं गौरी स्तनपानं ददौ मुदा ।।४२।।

ततस्तद्देहखण्डानि गणा दूरे निचिक्षिपुः ।
शृणुयादिदमाख्यानं सोऽसुरैर्नाभिभूयते ।।४३।।

प्रश्वास रोकियो र प्राणत्याग गऱ्यो । मरेको त्यो गृध्रासुर बालकका साथमा भुइँमा खस्यो । इन्द्रको वज्रप्रहारबाट पर्वतहरू भुइँमा खसेझैं त्यो दानव पनि भुइँमा खसेको थियो ।।३३-३४।। त्यसको शरीर भुइँमा चालीस कोशसम्म फैलिएको थियो । त्यसले त्यहाँ वरिपरिका सारा घरहरूलाई धूलो-पीठो बनाएको थियो ।।३५।। आफू बसेका पीपल आदि वृक्षहरू भुइँमा लडेपछि चराहरू पनि कराउँदै दसै दिशातिर फैलिएका थिए । बालकलाई देखेर पार्वतीका सँगिनीहरूले भने – 'हे पार्वती ! आकाशबाट भुइँमा खसेका तपाइँका छोराको शरीरमा कुनै चोटपटक लागेको छैन।'

ब्रह्माजीले भन्नुभयो– आफ्ना सँगिनीहरूको कुरा सुनेर पार्वतीले आत्तिदै आई बालकलाई समाउनुभयो ।।३६-३७।। उहाँले बालकलाई काखमा राखेर परम आनन्दको अनुभव गर्नुभयो । आकाशबाट भुइँमा खस्दा पनि चोटपटक नलागेका आफ्ना छोरालाई देखेर चकित भई उहाँले ब्राह्मणहरूलाई अनेक दान दिनुभयो ।।३८।। बालकको अरिष्ट गयो, अब यसले सङ्कट भोग्नुपर्दैन भनी ब्राह्मणहरूलाई नमस्कार गरी बालकका साथ घरभित्र प्रवेश गर्नुभयो।।३९।। चालीस कोशसम्म फैलिन सक्ने विशाल शरीर धारण गर्ने बलवान् राक्षस कहाँ ? कोमल र सानो शरीर भएका यी बालक कहाँ? तापनि बालकले भयानक असुरको वध गऱ्यो । अहिले त यस्तो बल छ भने भोलि यसले के नगर्ला ? यस बालकलाई सानो भन्न हुँदैन । आगाको फिलिङ्गो पनि सानै हुन्छ, तर त्यसले सर्वस्वदाह गर्नसक्छ । त्यसरी नै मेरो बालकले पनि महान् असुरको वध गरेको छ । यसरी पार्वतीले आफ्नी सँगिनीलाई भन्नुभयो र आनन्दपूर्वक बालकलाई स्तन चुसाउनुभयो ।।४०-४२।। त्यसपछि शिवगणले चालीस कोशसम्म फैलिएका गृध्रासुरका शरीरका टुक्राहरूलाई बटुलेर धेरै टाढा पुऱ्याई फ्याँकिदिए । जसले श्रीगणेशको यो कथा सुन्दछ त्यसलाई राक्षस, दानव र दैत्यहरूले केही गर्न सक्दैनन् ।।४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गृध्रासुरवधो नाम त्र्यशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'गृध्रासुरको वध' शीर्षकान्वित त्रियासीऔं अध्याय पूर्ण भयो ।।८३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुरशीतितमोऽध्यायः { ८४ अध्याय }

क उवाच

मासे द्वितीये गौरी तं सायमभ्यज्य बालकम् ।
स्थापयामास दोलायां गायति स्म मुदा बहु ।।१।।

तावदाखू समायातौ मायारूपधरौ सुतम् ।
तौ क्षेमकुशलौ दैत्यौ तद्वधकाङ्क्षिणावुभौ ।।२।।

नखदंष्ट्रायुधौ घोरौ मन्दिराभ्यन्तरं गतौ ।
युध्यन्तौ पालनाभ्याशे स्फुरदङ्गरुहौ खलौ ।।३।।

ययोश्चीत्कारशब्देन श्रुतयो बधिरीकृताः ।
पादाघातेन भूः सर्वा कृष्टक्षेत्रसमा कृता ।।४।।

ततो यष्टिं गृहीत्वा सा भीषयामास तावुभौ ।
पलायनपरौ चोभावुपरिष्टाद् गतौ तदा ।।५।।

युध्यन्तौ पतितौ घोरौ बालकोपरि तावुभौ ।
उरःस्थलाभिघातात् स बुबुधे बालकोत्तमः ।।६।।

कृत्वा कर्कशशब्दन्तु सा बिभाय तदा शिवा ।
बालभावेन हस्तौ स चालयामास भीतितः ।।७।।

तदाघातादुभौ नष्टजीवितौ पतितावधः ।
वमन्तौ रुधिरं वक्त्राद् दृष्ट्वा भ्रान्ता शिवाऽभवत् ।।८।।

किञ्चिज्जीवितशेषौ तौ बहिर्नीतौ गणैस्तदा ।
मोक्षं जग्मतुराघाताद् गणेशकरसम्भवात् ।।९।।

तद्देहौ पतितौ घोरौ दशयोजनविस्तृतौ ।
कोलाहलो महानासीद् दृष्ट्वा देहौ तथा गतौ ।।१०।।

ब्रह्माजीले भन्नुभयो – गणेश जन्मनु भएको दोस्रो महिनामा पार्वतीले एक दिन साँझ बालकका शरीरमा विभिन्न थरिका सुगन्ध लेपन गर्नुभयो र झोलुङ्गामा राखी आनन्दपूर्वक मीठा गीत गाउनुभयो ।।१।। त्यस बेला बालक गणेशको हत्या गर्न चाहने क्षेम र कुशलनामक दुइटा दैत्य इन्द्रजालको प्रयोग गरी मूसाको रूप लिएर त्यहाँ आए । तिनका हातका नङ्ग्राहरू डरलाग्दा थिए । भयङ्कर देखिने ती मूसाका शरीर कुनै जोशले रोमाञ्चित थिए । ती दुबै राक्षसले पार्वतीको घरभित्र पसी बालकलाई सुताएको झोलुङ्गा नजिकै आएर युद्धको कौशल देखाउन थाले ।।२-३।। त्यहाँ तिनले डरलाग्दो चीत्कार गरे । त्यो सुनेर साह्रा मानिसहरूका कान बहिराझैं भएका थिए। तिनीहरूले आफ्नो खुट्टा बजारेर धर्तीलाई जोतेको जमिनजस्तो बनाए ।।४।। आफ्नो घरभित्र पसेर उपद्रव मचाउने दुईवटा मूसा देखेर पार्वतीले हातमा लौरो लिई तर्साउन खोज्नुभयो । उहाँलाई देखेर ती दुबै दगुर्न थाले । दगुर्दा-दगुर्दै आकाशमा उड्न पनि थाले ।।५।। आकाशमै आपसमा युद्ध गरिरहेका ती मूसाहरू क्रमशः तल ओर्लिंदै आएर बालक सुतेको झोलुङ्गामाथि नाच्न थाले । त्यस बेला तिनीहरूको छातीको प्रहार हुँदा सुतिरहेका श्रीगणेश जाग्नुभयो । पार्वतीले आफ्नो बच्चा जागेको र दुइटा मूसाहरू नजिकै युद्ध गरिरहेको देखेर ठूलो र कर्कश स्वरले मूसाहरूलाई तर्साउन खोज्नुभयो। झोलुङ्गामा रहनु भएका श्रीगणेशले पनि बच्चाको सहज स्वभावअनुसार डराएझैं गरी आफ्ना दुबै हात चलाउन थाल्नुभयो ।।६-७।। श्रीगणेशले हात चलाउँदा ती दुबै दैत्यहरूका शरीरमा स्पर्श भयो । स्पर्श हुनासाथ मरणासन्न भएका ती मूसाहरू मुखबाट रगत वमन गर्दै धर्तीमा लडे । तिनको ढुक्‌ढुकीमात्र बाँकी रहेको थियो । त्यस बेला शिवजीका गणले तिनलाई लतारेर बाहिर फाले। भगवान् श्रीगणेशको हातको स्पर्शबाट मृत्यु भएको हुँदा मूसाको रूपमा आएका ती दुबै दैत्यले मोक्षगति प्राप्त गरे ।।८-९।। ती दुबै मूसाका शरीर दश योजनसम्म फैलिएका थिए। एउटा सानो बच्चाले हातको स्पर्श गरेर त्यति विशाल दैत्यहरूलाई मारेको देख्दा आश्चर्य मानिरहेका मानिसहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणानाञ्च सखीनाञ्च पार्वत्या सुमहाँस्तदा ।
विध्वस्ता आश्रमा वृक्षाः पर्वता भुवनानि च ।।११।।

पतद्भ्यां तच्छरीराभ्यां निर्जीवाभ्यां महान्त्यपि ।
छित्त्वा छित्त्वा तु तद्देहौ गणा निन्युर्बहिस्तदा ।।१२।।

पार्वती भयवित्रस्ता बालमादाय सत्वरम् ।
पाययामास स्नेहेन स्तन्यं बालकवत्सला ।।१३।।

ऋषिपत्न्यः समायाताः पार्वतीमूचिरेऽनघाः ।
पुण्यं महत् तु ते गौरि ! येन विघ्नं विनश्यति ।।१४।।

द्विमासिकेन बालेन हतौ दुष्टौ महासुरौ ।
अग्रे त्रिभुवनेऽनेन सदृशो न भविष्यति ।।१५।।

मातः ! राक्षसभूरत्र यत्नः कार्यः शिशाविह ।
नेष्यन्ति राक्षसा गुप्ता असुरा मायिनः परे ।।१६।।

क उवाच

एवमुक्त्वा गता देव्यो गणास्तान्तु समूचिरे ।
अयन्तु ते शिवे ! बालो हनिष्यति दिने दिने ।।१७।।

अस्माभिस्तु कियत्कालं बहिष्कार्या हतासुराः ।
ततस्तु मुनयो जग्मू रक्षाञ्चक्रुरथार्भके ।।१८।।

ददौ दानानि तेभ्यः सा विससर्ज प्रणम्य तान् ।
ततस्तृतीये मासे तु स्वस्वकार्यरते जने ।
मध्याह्ने पार्वती बालं गृहीत्वा मञ्चकेऽस्वपत् ।।१९।।

तत्परिचारिकाः सुप्ताः काश्चित् कार्यान्तरे स्थिताः ।
चक्रुः काश्चिद् द्वारि वार्तामेतस्मिन्नन्तरेऽसुरः ।।२०।।

क्रूराख्यश्चोतुवेषेण विवेश गिरिजालयम् ।
वञ्चयित्वा लोकदृष्टिं श्वेव दुष्टो महाबलः ।।२१।।

स निरीक्ष्य शिवां सुप्तां जहृषे मनसा तदा ।
यावन्निद्राति गिरिजा तावन्नेष्ये शिशुं त्वहम् ।।२२।।

ठूलो कोलाहल भयो ।।१०।। दैत्यका शरीर आकाशबाट भुइँमा खस्दा शिवगण, पार्वतीका सङ्गिनी, पार्वती र तपस्वीहरूका आश्रमका साथै पर्वत एवं भुवनहरू कम्पित भएका थिए। वृक्ष र पर्वतहरू भुइँमा लडेका थिए। शिवगणले ती विशालकाय दैत्यका शरीरलाई टुक्रा टुक्रा पारेर फ्याँकिदिए। यसरी आक्रमण भइरहँदा डराएकी पार्वतीले बालकलाई काखमा राखी माया देखाउँदै स्तन चुसाउनुभयो ।।११-१३।। त्यहाँ आएका निष्पाप ऋषि-पत्नीहरूले पार्वतीसँग भने - 'हे गौरी! तपाईँको ठूलो पुण्य रहेछ, यस्ता विकट विघ्नहरू आउँछन् तर भगवान्का कृपाले ती सबै नष्ट हुन्छन् ।।१४।। जम्मा दुई महिना उमेर भएका बालकले त्यस्ता दुष्ट दानवहरूको हत्या गरे । यी बालक ठूला हुँदा त स्वर्ग, मर्त्य र पातालमा यिनको समानता गर्ने कुनै पराक्रमी हुनेछैन ।।१५।। यहाँ राक्षसहरू धेरै चलखेल गर्दछन् । त्यसो हुँदा तपाईँले असल माता भएर बालकको रक्षाका लागि प्रयत्न गरिरहनु पर्दछ । यहाँ लुकेर बस्ने राक्षस, असुर र अरू मायावी दानवहरूले बालकलाई कुनै दिन फेरि लैजान सक्छन् ।।१६।।

ब्रह्माजीले भन्नुभयो - यसरी कुरा गरेर ऋषिपत्नीहरू गए। त्यसपछि शिवगणले पार्वतीलाई भने- 'हे पार्वती ! तपाईँका छोराले दिनदिनै दैत्यहरूलाई मार्नेछन्, हामीले कहिलेसम्म मरेका लाश तानेर बसिरहने ?' त्यसपछि मुनिहरू पनि त्यहाँ गएर बालकको रक्षाको विधान गरे ।।१७-१८।। तिनलाई पार्वतीले दान दिई प्रणाम गरेर बिदा गर्नुभयो । बालक जन्मेको तेस्रो महिना लाग्यो । पार्वतीका घरमा मानिसहरू आ-आफ्ना काममा व्यस्त थिए। मध्याह्नको बेला थियो। पार्वती बालकलाई काखमा लिएर पलङ्गमा शयन गर्नुभयो ।।१९।। पार्वतीका सेविकाहरू पनि केही सुते, केही कार्यान्तरमा व्यस्त भए र केही ढोकानिर बसेर कुराकानी गरिरहेका थिए । यसै बीचमा एउटा क्रूर नाम गरेको दानव बिरालाको रूप लिएर पार्वतीको घरमा पस्यो । मानिसहरूको आँखा छलेर कुकुरसमान स्वभाव भएको त्यो दुष्ट पार्वतीलाई सुतिरहेकी देखेर अत्यन्त खुसी भयो। त्यसले मनमनै भन्यो- 'जबसम्म यी पार्वती निदाइरहन्छिन् त्यसै बीचमा म यो बालकलाई चोरेर लैजानेछु ।।२०-२२।।' यस्तो विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाघवान्मञ्चकारूढो बालमादाय मस्तके ।
मञ्चकाधः पपाताशु चुक्रोश बालकस्तदा ।।२३।।

ततः प्रबुद्धा गिरिजा बिडालास्यगतं शिशुम् ।
निरीक्ष्य धाव धावेति प्राक्रोशद् भयविह्वला ।।२४।।

निमील्य नयने मूर्च्छामगाद् दुःखेन भीतितः ।
कण्ठे दशति यावत् स तावद् बालो दधार तम् ।।२५।।

कर्णयोरुभयोर्दोर्भ्यां स्वभावात् पादताडनात् ।
न्यपातयच्छिरोदेशे मञ्चकाधो महासुरम् ।।२६।।

स भिन्नहृदयोऽधावद् बहिर्गत्वा पपात ह ।
महावातेन वृक्षात् तु पक्वं किञ्चित्फलं यथा ।।२७।।

दुर्गन्धं रुधिरं तस्य पतितं धरणीतले ।
आच्छादयन्नासिकां सा गिरिजा शोकविह्वला ।।२८।।

आदाय तस्मै प्रादात् सा स्तनपानं शिशोस्तदा ।
आगता बालशब्देन सर्वास्ताः परिचारिकाः ।।२९।।

स्पृशन्ति स्म तदङ्गानि प्रत्येकं कौतुकान्विताः ।
अजरामरतामस्य निश्चित्य मनसा तु ताः ।।३०।।

स तु दीर्घो बिडालोऽभूत् तदा द्वादशयोजनम् ।
कियत्यश्चूर्णिताः सख्यः कियत्यः परिचारिकाः ।।३१।।

गणाश्चैव समायाता ओतुं दृष्ट्वा तथाविधम् ।
आश्चर्यं परमञ्चक्रुर्बालकस्य पराक्रमे ।।३२।।

क्व दैत्यो मायिको दुष्टः क्व बालचरणाहतिः ।
इन्द्रादीनामवध्या ये हन्यन्तेऽनेन लीलया ।।३३।।

इत्यनुज्ञां गृहीत्वा ते गणा याता निजं पदम् ।
केचिच्च बलिनो दैत्यमाकृष्य तत्यजुर्बहिः ।।३४।।

कटिदेशे गृहीत्वैनं साऽविशन्निजमन्दिरम् ।
ततश्चतुर्थे मासे तु मुनिपत्न्यः समागताः ।।३५।।

गरेर त्यसले शीघ्रतापूर्वक पलङ्मा चढेर बालकलाई टाउकामा राखी हिंड्न लाग्दा संयोगवश त्यो पलङ्बाट भुइँमा खस्यो । त्यसै बेला बालक श्रीगणेश जाग्नुभयो र रुन थाल्नुभयो । बालक रोएको सुनेर पार्वती पनि जाग्नुभयो । उहाँले बिरालाको मुखमा आफ्नो बालकलाई देखेर डराई लौरो लिएर झम्ट, पीट, मार मेरो बालकलाई बिरालाले लैजान लाग्यो भनी कराउनु भयो ।।२३-२४।। त्यसपछि बालकलाई बिरालाले मुखले समातेको दृश्य सहन नसकी उहाँ दुःखले मूर्च्छामा पर्नुभयो। बिरालाले आफ्नो घाँटीमा चिथोर्न लागिरहेको बेला श्रीगणेशले त्यसका कानमा समाउनुभयो र खुट्टाले प्रहार गरेर शिरको बलले भुइँमा पलङ्मुनि लडाउनुभयो ।।२५-२६।। त्यसको छातीमा ठूलो प्रहार गरिएको थियो । लरखराउँदै त्यो दौडियो र घरबाहिर गएर हुरी लाग्दा रूखबाट पाकेका फल भुइँमा खसेझैं खस्यो। त्यसपछि बिरालाको शरीरबाट दुर्गन्धिमय रगत बगी पृथिवीमा छरियो । रगतको दुर्गन्धका कारण आफ्नो नाक छोप्दै शोकविह्वल पार्वतीले बालकलाई समातेर दूध पियाउनुभयो । बालक रोएको सुनेर घरका परिचारिकाहरू त्यहाँ आइपुगे ।।२७-२९।। ती सबैले आश्चर्य-चकित भएर श्रीगणेशका अङ्ग-अङ्गमा छोइरहेका थिए । तिनीहरूले मनमनै यी बालक गणेश अजर, अमर भगवान्कै स्वरूप हुन् भनिरहेका थिए । लामो आकारको र बाह्र योजनसम्म फैलिएको बिरालाको लाश भुइँमा खस्दा पार्वतीका केही सँगिनी र सेविकाहरू घाइते भए ।।३०-३१।। केही बेरपछि शिवगण पनि त्यहाँ आइपुगे। त्यति ठूलो आकारको बिरालाको लाश देखेर तिनीहरूले परम आश्चर्य माने र बालकको पराक्रम देखेर दङ्ग परे ।।३२।। कहाँ यो मायालाई खेलाउने विशाल आकारको दैत्य ? कहाँ यी साना तीन महिने बालकको चरणको प्रहार ? यस्तो पनि हुँदो रहेछ । इन्द्र आदि देवताहरूले पनि जसको वध गर्न सक्दैनन् ती दानवहरूलाई यिनले सजिलै मारिदिए ।।३३।। यसरी आफ्ना भाव प्रकाशन गरी आज्ञा लिएर ती गणहरू आफ्नो ठाउँतर्फ गए। केही गणहरूले मिलेर दैत्यको लाशलाई तानी बाहिर लगेर फ्याँकि ।।३४।। पार्वती पनि बालकलाई काखमा राखी आफ्नो कोठाभित्र पस्नुभयो । बालक जन्मेको चौथो महिना लागेपछि बालकको दर्शन गर्न मुनिका पत्नीहरू त्यहाँ आए ।।३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानासौभाग्यद्रव्याणि गृहीत्वोत्तरगे रवौ ।
अबालाश्च सबालाश्च पार्वत्या मन्दिरं शुभम् ।।३६।।

तासामासनसत्कारान् ददौ दाक्षायणी तदा ।
नमस्करोति ता नारीः कटौ बालं प्रगृह्य च ।।३७।।

परस्परं समर्चन्त्यो हरिद्राकुङ्कुमादिभिः ।
भूमौ संस्थाप्य बालानि गतिमन्त्यगतीनि च ।।३८।।

पार्वतीयस्ततस्तेषु क्रीडते स्मापि बालकः ।
तेन सर्वे शुशुभिरे शशिनोडुगणो यथा ।।३९।।

दृष्ट्वा ता मुनिपत्न्यस्तामूचुर्गिरिसुतामिति ।
धन्याऽसि गौरि ! पुत्रेण शिवदत्तेन भास्वता ।।४०।।

तव बालस्य सान्निध्याद् भासन्ते नोऽपि बालकाः ।
निधिसङ्गेन हेमत्वं लोहेनापि समाप्यते ।।४१।।

एवं कौतुकयुक्तास्ता आनर्चुश्च परस्परम् ।
हरिद्राभिः कुङ्कुमेक्षुखण्डचन्दनगृञ्जकैः ।।४२।।

तिलैर्गुडैस्तालपत्रैर्नानापरिमलैरपि ।
काश्चिदङ्गे हरिद्राञ्च मुखेषु च लिलिम्पिरे ।।४३।।

एतस्मिन्नन्तरे दैत्यो नाम्ना बालासुरो महान् ।
बालरूपी समवयास्तन्मध्ये क्रीडितुं ययौ ।।४४।।

चिक्रीड पार्वतीयेन युध्यन्निव विनोदतः ।
यथा सिंहेन क्रोष्टा तु महिषो वा गजेन च ।।४५।।

कण्ठेन कण्ठं सङ्घृष्य पेततुर्भुवि दारुणौ ।
मस्तके चरणाभ्यां सोऽहनद् दुष्टो गजाननम् ।।४६।।

त्यस बेला सूर्यनारायण उत्तरायणमा हुनुहुन्थ्यो । अत्यन्त पवित्र समय थियो । ती ऋषिपत्नीहरू सौभाग्यका सामग्रीहरू लिएर आएका थिए । तिनमा केही युवती, केही वृद्धा र केही किशोरीहरू पनि थिए । केही बालकरहित थिए भने केही बालकसहित पनि थिए ।।३६।। आफ्नो घरमा आएका ती नारीहरूलाई पार्वतीले आसन दिएर सत्कार गर्नुभयो। पार्वतीले बालकलाई काखमा राखेर ती सबैलाई नमस्कार पनि गर्नुभयो। ऋषिपत्नीहरू पार्वतीको सम्मान गरिरहेका थिए भने पार्वती पनि ती सबैको सम्मान गर्दै हुनुहुन्थ्यो । ती ऋषिपत्नीहरूले आफ्ना साना-साना हिंड्न नसक्ने र हिंड्नसक्ने बच्चा-बच्चीहरूलाई भुइँमा राखेर पार्वतीसँग मीठो भलाकुसारी गरिरहेका थिए । ऋषिका बालबच्चाहरूसँग पार्वतीका पुत्र भगवान् श्रीगणेश खेल्दै हुनुहुन्थ्यो । आफ्नो माझमा पार्वतीका पुत्रलाई पाएर ती ऋषिका बालबालिकाहरू चन्द्रमाको साथ पाएर तारा सुहाएझैं सुहाएका थिए ।।३७-३९।। बालकको दर्शन पाएर प्रसन्न भएका ऋषिपत्नीहरूले पार्वतीलाई भने - 'हे गौरी ! हजुर धन्य हुनुहुन्छ । यस्ता सुन्दर र पवित्र पुत्र तपाइँको काखमा खेलिरहेका छन् । शिवजीका कृपाले तपाइँले यस्ता पुत्रको प्राप्ति गर्नुभयो । यी तपाइँका पुत्र तेजले जाज्वल्यमान छन् । तपाइँका बालकको सामीप्य पाएर हाम्रा बालबालिका पनि अत्यन्त देदीप्यमान भएका छन् । पारसमणिको स्पर्श पाउँदा फलामले सुवर्णको रूप पाएझैं भएको छ' ।।४०-४१।। यसरी कौतूहलपूर्वक कुरा गर्दै ती नारीहरूले बेसार, कुंकुम, उँखुको टुक्रा, चन्दन, गाजर, तिल, गुड, तालपत्र र नानाथरि सुगन्धित पदार्थ टक्र्याएर पार्वतीको पूजा गरे । कसै-कसैले त पार्वतीका अङ्ग र मुखमा पनि बेसार दलिदिएका थिए ।।४२-४३।। यसैबीचमा बालासुरनामक महान् दैत्य बालकको रूप लिएर ती ऋषिपुत्र र गणेशकै उमेरको बनी तिनीहरूका बीचमा खेल्न आइपुग्यो। त्यो गणेशसँग विनोदपूर्वक युद्ध गरेझैं गरी खेल्न थाल्यो । सिंहसँग स्याल खेलेझैं, हात्तीसँग राँगो खेलेझैं श्रीगणेश पनि त्यस दानवसँग घाँटीमा घाँटी जोडेर खेल्नुभयो । खेल्दाखेल्दै त्यो बालासुर र भगवान् गणेश भुइँमा लडे । यही मौका पाएर त्यसले आफ्ना खुट्टाहरूले गणेशको निधारमा प्रहार गऱ्यो ।।४४-४६।। उहाँका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MiDI

कचादानाय हस्ताभ्यां विचकर्ष बलादमुम् ।
स्वयञ्च गर्जते दुष्टो वृद्धः क्रोष्टा यथा निशि ।।४७।।

दृष्ट्वा तथाविधौ तौ सा गिरिजा प्राह ताः स्त्रियः ।
कस्यर्षेर्दृढबालोऽयं ताडयित्वा शिशुं मम ।।४८।।

क्रन्दतेऽसौ खर इव प्रहरे प्रहरे खलः ।
अर्भकाणां स्वभावोऽयमित्युपेक्षितवत्यसौ ।।४९।।

तौ तु भूमिगतौ बालौ लुण्ठतः स्मानुवत्सलौ ।
धृत्वा परस्परं केशानाकर्षन्तौ च सर्वशः ।।५०।।

हसन्तौ हासयन्तौ च बालकांश्च मुनिस्त्रियः ।
जानन्नपि महादैत्यं खेलति स्म विनायकः ।।५१।।

ततो बालासुरो दुष्टो हस्ताभ्यां बलवत्तरम् ।
जीवग्राहं कण्ठदेशे दधार गणनायकम् ।।५२।।

तथा तं सोऽपि जग्राह रुद्धश्वासोऽसुरोऽभवत् ।
विह्वलं दैत्यपुत्रं तं दृष्ट्वा दुश्चित्ततां स्त्रियः ।।५३।।

ययुश्च चुक्रुशुर्बालो निहतोऽनेन निश्चितम् ।
धावमाना ययुः काश्चिन्नाशकन्मोचितुं हि तौ ।।५४।।

स्त्रियश्च पुरुषाः सर्वे ततस्तामम्बिकां शुभाम् ।
ऊचुर्विमोचयैनं त्वं मुनिपुत्रो मरिष्यति ।।५५।।

ततः सा पार्वती बालं मुञ्च मुञ्चेति साऽब्रवीत् ।
अस्मिन् मृते शपिष्यन्ति मुनयो नस्तपोन्विताः ।।५६।।

जीवदानात् परं पुण्यं नास्ति ब्रह्माण्डगोलके ।
गमिष्यति महाशक्तिस्तव तेषान्तु शापतः ।।५७।।

क उवाच

एवं यावत् प्रार्थयते गिरिजा तावदेव हि ।
नेत्रद्वारेण तत्प्राणा गता बुद्बुदवत्क्षणात् ।।५८।।

ददृशुस्तं ततः सर्वे दशयोजनमायतम् ।
करालवक्त्रं पतितञ्चूर्णयित्वा महाद्रुमान् ।।५९।।

केशका रौं समातेर बलपूर्वक तान्न थाल्यो । त्यस बेला रिसाएर गर्जन गर्ने त्यो बालासुर रातमा कराउने बूढो स्यालझैं देखिन्थ्यो ।।४७।। ती बालकहरूको यो अवस्था देखेर पार्वतीले ऋषिपत्नीहरूलाई भन्नुभयो- 'यो बालक मलाई मन परेन, कुन ऋषिको छोरा होला? यसलाई त्यस्तो उपद्रव गर्न दिनुभएन। यो त मेरो बच्चालाई पिटेर गधाको स्वरझैं कठोर स्वरमा चिच्याइरहेको छ ।' तर बालकहरूको यो हठ हो भन्ने संझी पार्वतीले ती दुबैको युद्धलाई उपेक्षा गर्नुभयो । ती दुबै बालक भुइँमा लडिबुडी गरिरहेका थिए। एकले अर्काका केश तानिरहेका थिए । त्यहाँ रहेका बालकगण र नर-नारीहरूलाई हँसाउने काम पनि गरिरहेका थिए । यो दैत्य ममाथि प्रहार गर्न आएको छ, यसले मेरो ज्यान लिन चाहन्छ भनी जान्दाजान्दै पनि भगवान् श्रीगणेश त्यस दैत्यसँग खेल्दै हुनुहुन्थ्यो।।४८-५१।। केही बेरपछि दुष्ट बालासुरले प्राणै लिने गरी आफ्ना हातले गणेशको घाँटी निमोठ्यो। भगवान्ले त्यसको रहस्य बुझेर त्यसको घाँटीमा प्राण लिने गरी समाउनुहुँदा त्यसको सास रोकियो । दैत्यपुत्र बालासुरलाई व्याकुल देखेर त्यहाँ रहेका ऋषिपत्नीहरू खिन्न भई बालक गणेशले निश्चय नै यस बालकलाई मार्ने भए भन्दै चिच्याउन थाले । त्यो सुनेर केही दगुर्दै छुट्याउन भनी गए तर तिनले छुट्याउन सकेनन् ।।५२-५४।। त्यसपछि नारी र पुरुषहरूले मिलेर प्रार्थनाको मुद्रामा पार्वतीलाई भने- 'भगवती ! हजुरले आफ्नो छोरालाई छुटाउनुहोस् अन्यथा यो कुनै मुनिको छोरा मर्नेछ ।' त्यो सुनेर पार्वतीले गणेशका सामु गएर भन्नुभयो - 'बाबु ! छोडिद्यौ, छोडिद्यौ । कथञ्चित् यो बालक मऱ्यो भने तपस्वी ऋषिहरूले हामीलाई सराप दिनेछन्। हे बाबु! संसारमा प्राणदानभन्दा ठूलो अरू दान हुँदैन । तिमीले यस बालकको हत्या गऱ्यौ भने ऋषिहरूको सरापबाट तिम्रो शक्ति समाप्त हुनेछ' ।।५५-५७।।

ब्रह्माजीले भन्नुभयो - यसरी पार्वतीले प्रार्थना गर्नुहुँदा बालासुरको आँखाबाट प्राण निस्क्यो र त्यसको शरीर भुइँमा ढल्यो । ती सबै ऋषि र ऋषिपत्नीहरूले दश योजन भूभागमा फैलिएको त्यसको लाश देखे । त्यसको मुख बाङ्गो थियो र शरीर पर्वतकै आकारको थियो । त्यो ढल्दा ठूला-ठूला रूख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः स्त्रियो ययुर्भीता बालमादाय सत्वराः ।
वृकवृन्दं हि दृष्ट्वैव धेनवोऽजा यथा भयात् ।।६०।।

गिरिजापि स्वकं गृह्य भ्रामयित्वा सुतं मृदम् ।
दत्त्वा स्तनं कारयित्वा शान्तिकं द्विजपुङ्गवैः ।।६१।।

ददौ दानानि तेभ्यः सा जगृहे आशिषो बहु ।
न जाने आसुरीं मायां कियन्तो यान्ति नाशितुम् ।।६२।।

ततस्ते विलयं यान्ति मम बालान्महाखलाः ।
ईश्वरे सानुकूले कः पीडितुं क्षमते जनम् ।।६३।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं मुनिपत्न्यो ययुश्च ते ।
गणास्तं दूरतः क्षिप्त्वा स्नात्वा स्वं धाम लेभिरे ।।६४।।

पनि धूलो-पीठो भएका थिए । यो दृश्य देखेर त्यहाँ बसेका सबै नारीहरू ब्वाँसो देखेर गाईहरू डराएझैं डराई आफ्नो बालक समातेर घरतर्फ लागे ।।५८-६०।। पार्वतीले पनि श्रीगणेशलाई काखमा लिई तिनका शिरमा पवित्र माटो छर्कनुभयो । त्यसपछि स्तनपान गराएर ब्राह्मणहरूलाई बोलाई स्वस्ति -शान्ति गराउनुभयो । ब्राह्मणहरूलाई दान दिएर तिनीहरूबाट धेरै आशीर्वाद लिएपछि पार्वतीले भन्नुभयो- 'असुरहरूको माया जान्न सकिंदैन । अझ कति यहाँ मर्न आउने हुन् ।।६१-६२।। ती दुष्टहरू मेरो बालकलाई मार्न भनी तम्सिंदै आउँछन् र आफै तुरुन्त मर्दछन् । ईश्वर अनुकूल हुनुभएसम्म मानिसलाई कसैले पनि केही गर्न सक्दैन' ।।६३।।

ब्रह्माजीले भन्नुभयो - पार्वतीका यी कुरा सुनेर मुनिपत्नीहरू गए। शिवगण पनि बालासुरको लाशलाई धेरै टाढा लगेर फ्याँकेपछि स्नान गरेर आ-आफ्ना धामतर्फ गए ।।६४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विडालासुरबालासुरवधो नाम चतुरशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'विडालासुर र बालासुरको वध' शीर्षकान्वित चौरासीऔं अध्याय पूर्ण भयो ।।८४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

पञ्चाशीतितमोध्यायः

क उवाच

श्रुत्वा मुनिमुखात् पुत्रं गिरिजाया महाबलम् ।
पञ्चमे मासि सम्प्राप्ते मरीचिर्वीक्षितुं ययौ ।।१।।

भूतभव्यभविष्यज्ञः समलोष्ठाश्मकाञ्चनः ।
वेदशास्त्रार्थतत्त्वज्ञो न्यस्तस्वपरविभ्रमः ।।२।।

संहारे रक्षणे सृष्टौ मनसा जगतः क्षमः ।
तं दृष्ट्वा पादयोस्तस्य सखीभिः पतिता सह ।।३।।

उपवेश्यासने पादौ क्षालयामास भक्तितः ।
तज्जलं पावनं पीत्वा सिषेचान्तर्गृहं मुदा ।।४।।

उपचारैः षोडशभिः पुपूजेश्वरभावना ।
उवाच पार्वती तुष्टाऽलभ्यं दृष्टं पदं हि ते ।।५।।

मुनिरुवाच

अहमात्ममना देवि ! न व्रजामि हि कुत्रचित् ।
अकस्माद् ध्यानविषयस्तव पुत्रो बभूव मे ।।६।।

तस्य ते दर्शनकाङ्क्षी शिवस्याप्यहमागतः ।

क उवाच

एवमाकर्ण्य सा वाक्यं तस्यर्षेस्तनयं स्वकम् ।।७।।

अतिप्रीतमना गौरी तस्याङ्के सन्न्यवेशत् ।
ऊचे सा तं महाभाग्यं फलितं दर्शनात् तव ।।८।।

पुण्यञ्च परमं प्राप्तं शुभमग्रे भविष्यति ।

मुनिरुवाच

गौरि ! तेऽयं सुतो ब्रह्मस्वरूपो भासते मम ।।९।।

षट्चक्रभेदनरता योगनिष्ठा महर्षयः ।
वायुभक्षा उपासन्ते यं ते सोऽयं तवात्मजः ।।१०।।

{ ८५ अध्याय }

ब्रह्माजीले भन्नुभयो – मुनिहरूका मुखबाट पार्वतीका बलवान् पराक्रमी छोरा श्रीगणेशका अद्‌भुत लीला सुनेर पाँच महिना लाग्दा मरीचि ऋषि बालकको दर्शन गर्न आए।।१।। भूत, वर्तमान र भविष्य कालका ज्ञाता, सुन र ढुंगामा समान दृष्टि राख्न समर्थ, त्यागी, वेद र शास्त्रका अर्थ र रहस्यका वेत्ता, आफ्नो र पराइ भन्ने भावनादेखि पर रहेका, आफ्नो मनबाट जगत्‌को सृष्टि, रक्षा र संहार गर्न समर्थ ती ऋषिलाई देखेर पार्वती आफ्ना सँगिनीहरूका साथ उनको पाउमा पर्नुभयो ।।२-३।। मरीचि ऋषिलाई आसनमा बसाएर पार्वतीले भक्तिपूर्वक तिनका पाउ पखाल्नुभयो । पाउ पखालेको पवित्र जलपान गरी बाँकी रहेको जलले आनन्दपूर्वक घरभित्र र बाहिर पनि अभिषेक गर्नुभयो । अतिथिहरूमा ईश्वरको भावना राख्नुहुने पार्वतीले सोह्र प्रकारका उपचारहरूद्वारा मरीचि ऋषिको पूजा गर्नुभयो। त्यसपछि उहाँले हात जोडेर भन्नुभयो – 'हे मुनिवर ! सामान्य व्यक्तिले दर्शन गर्न नपाउने हजुरका दुर्लभ चरणकमलको दर्शन पाएँ ।।४-५।।

मरीचिले भने– 'म अन्तर्मुखी भएर साधनामा लागिरहन्छु। आफ्नो आश्रमको साधनास्थल छाडेर कतै जान मन लाग्दैन । एक दिन म ध्यानमा लागिरहँदा हजुरका बालक पुत्र मेरो ध्यानमा आइपुगे । मेरो मनमा अचानक तपाइँका बालकपुत्रको र भगवान् शिवजीको दर्शन गर्ने उत्कण्ठा जागृत हुँदा म यहाँ आइपुगें' ।।६।।

ब्रह्माजीले भन्नुभयो – मुनिका यी कुरा सुनेर पार्वतीले आफ्ना बालकलाई खुसी हुँदै तिनको काखमा राखिदिनुभयो। त्यसपछि पार्वतीले भन्नुभयो – 'हे महाभाग्यशाली ऋषि ! हजुरको दर्शन पाएर मेरो पुण्य फलित भयो । अब लाग्छ, मेरा आगामी दिन मङ्गलमय हुनेछन् ।'

मरीचिले भने– 'हे गौरी ! हजुरका यी छोरालाई मैले ब्रह्मरूप नै ठानेको छु ।।७-९।। स्वाधिष्ठान आदि चक्रहरूको भेदन गर्न समर्थ, निरन्तर योगमा आस्था राख्ने र वायुपान गरेर शरीर धारण गर्ने महर्षिहरूले जसको उपासना गर्दछन् ती परब्रह्म परमात्मा नै हजुरका पुत्रका रूपमा आउनुभएको छ ।।१०।। यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणत्रयविभेदेन त्रितनुस्त्रिक्रियाकरः ।
यत्सत्तयाऽथ शेषोऽपि वहते मस्तके भुवम् ।।११।।

अणुरूपः स्थूलरूपः सप्तविंशतितत्त्वकृत् ।
चेतनाचेतनं विश्वं यद्रूपं सर्वकर्मकृत् ।।१२।।

युगे दशभुजः पूर्वे सिंहारूढो विनायकः ।
द्वितीये षड्भुजो बर्हिवाहनः शशिसन्निभः ।।१३।।

मयूरेश इति ख्यातो नानादैत्यनिबर्हणः ।
तृतीये तु युगे देवो रक्तवर्णश्चतुर्भुजः ।।१४।।

गजानन इति ख्यातो धूम्रवर्णः कलौ युगे ।
धूमकेतुरिति ख्यातो द्विभुजः सर्वदैत्यहा ।।१५।।

एतस्य रक्षणं गौरि ! दैत्येभ्यः कुरु सर्वदा ।

गौर्युवाच

एषोऽतिचपलो बालो दैत्यान् हन्ति बहूनपि ।।१६।।

अग्रे किं कर्म कर्तेति न जाने मुनिसत्तम! ।
दैत्या नानाविधा दुष्टाः साधुदेवद्रुहः खलाः ।
अतोऽस्य कण्ठे किञ्चित् त्वं रक्षार्थं बद्धुमर्हसि ।।१७।।

मुनिरुवाच

ध्यायेत् सिंहगतं विनायकममुं दिग्बाहुमाद्ये युगे
त्रेत्रायान्तु मयूरवाहनमिमं षड्बाहुकं सिद्धिदम् ।
द्वापारे तु गजाननं युगभुजं रक्ताङ्गरागं विभुं
तुर्ये तु द्विभुजं सिताङ्गरुचिरं सर्वार्थदं सर्वदा ।।१८।।

ब्रह्मरूप बालक नै सत्त्वगुण, रजोगुण र तमोगुणलाई भेदन गरेर ब्रह्मा, विष्णु र शिवजीका रूपमा प्रकट हुनुहुन्छ । त्यसपछि संसारको सृष्टि, संहार र पालन गर्नुहुन्छ । यहाँकै शक्ति र सामर्थ्य पाएर शेषनागले पनि आफ्नो शिरमा भूगोललाई धारण गर्दछन् ।।११। यी परमात्मरूप बालक कहिले अणु परिमाणका बन्नुहुन्छ र कहिले ब्रह्माण्डकै रूपमा विशाल आकृतिका देखिनुहुन्छ । यहाँले नै सत्ताइस प्रकारका तत्त्वहरूको निर्माण गर्नुभएको हो। चेतन र अचेतन तत्त्वले परिपूर्ण यो विश्व यहाँकै स्वरूप हो । यी ब्रह्मरूप बालकले नै संसारका सम्पूर्ण कर्म गर्नुहुन्छ।।१२।। यी गणेशरूप बालक सत्ययुगमा दशवटा हात धारण गर्ने र सिंहमा सवार हुने विनायकका रूपमा प्रसिद्ध हुनुभयो। यी बालकले त्रेतायुगमा छवटा हात धारण गर्ने, मयूरमा सवार हुने र चन्द्रमाझैं निर्मल कान्ति धारण गर्ने मयूरेश्वरका रूपमा विख्यात भएर अनेक थरि दैत्यहरूको संहार गर्नुभयो। द्वापरयुगमा यी ब्रह्मरूप बालक रातो वर्ण धारण गर्ने र चतुर्बाहुद्वारा शोभित गजाननका रूपमा प्रसिद्ध हुनुभयो। त्यसपछि अन्तिम कलियुगमा सम्पूर्ण दैत्यहरूको विनाश गर्ने र दुईवटा हात धारण गर्ने धूम्रकेतुका रूपमा विख्यात हुनुहुनेछ ।।१३-१५।। हे गौरी ! हजुरले यी परब्रह्मरूप बालकलाई दैत्यहरूबाट जोगाउनुहोस्।'

पार्वतीले भन्नुभयो – 'यी बालक साह्रै चञ्चल छन्। यो क्षेत्रमा दैत्यहरूको घना बस्ती छ र तिनीहरूले सबैलाई मार्ने काम गर्दछन् । यी बालकको रक्षा कसरी गर्ने हो ? के गरूँ ? कसरी गरूँ ? मैले बुझ्न सकेकी छैन । यहाँका यी दैत्यहरू दुष्ट छन् र साधु एवं देवतासँग द्रोह गर्दछन् तथा अत्यन्त नीच स्वभावका छन्। त्यस कारण हे मुनिवर! यी बालकको रक्षाका निमित्त यिनको घाँटीमा कुनै यन्त्र बाँधिदिनुहोस्' ।।१६-१७।। (त्यसपछि मरीचिले पार्वतीको आशय बुझेर ती बालकको रक्षाका लागि भगवान् गणेशको ध्यान र रक्षास्तोत्र पाठ गरे ।)

मरीचिले भने – 'भक्तले सत्ययुगमा सिंहमा सवार हुनुहुने, दश भुजाले सुहाउनु भएका दिगम्बर भगवान् श्रीगणेशको ध्यान गर्नुपर्दछ । त्रेतायुगमा छवटा भुजा धारण गर्ने, सिद्धिप्रदायक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

विनायकः शिखां पातु परमात्मा परात्परः ।

अतिसुन्दरकायस्तु मस्तकं सुमहोत्कटः ।।१९।।

ललाटं काश्यपः पातु भ्रूयुगन्तु महोदरः ।

नयने भालचन्द्रस्तु गजास्यस्त्वोष्ठपल्लवौ ।।२०।।

जिह्वां पातु गणक्रीडश्चिबुकं गिरिजासुतः ।

वाचं विनायकः पातु दन्तान् रक्षतु दुर्मुखः ।।२१।।

श्रवणौ पाशपाणिस्तु नासिकां चिन्तितार्थदः ।

गणेशस्तु मुखं कण्ठं पातु देवो गणञ्जयः ।।२२।।

स्कन्धौ पातु गजस्कन्धः स्तनौ विघ्नविनाशनः ।

हृदयं गणनाथस्तु हेरम्बो जठरं महान् ।।२३।।

धराधरः पातु पार्श्वे पृष्ठं विघ्नहरः शुभः ।

लिङ्गं गुह्यं सदा पातु वक्रतुण्डो महाबलः ।।२४।।

गणक्रीडो जानुजङ्घे ऊरू मङ्गलमूर्तिमान् ।

एकदन्तो महाबुद्धिः पादौ गुल्फौ सदाऽवतु ।।२५।।

क्षिप्रप्रसादनो बाहू पाणी आशाप्रपूरकः ।

अङ्गुलीश्च नखान् पातु पद्महस्तोऽरिनाशनः ।।२६।।

सर्वाङ्गानि मयूरेशो विश्वव्यापी सदाऽवतु ।

अनुक्तमपि यत् स्थानं धूम्रकेतुः सदाऽवतु ।।२७।।

र मयूरमा सवार हुनुभएका मयूरेश्वर भगवान्को ध्यान गर्नुपर्दछ। द्वापरयुगमा चारवटा भुजा धारण गर्नुहुने, रातो वर्णले सुहाउनु भएका, सबैका घटघटमा अन्तर्यामी भएर रहनुहुने भगवान् गजाननको ध्यान गर्नुपर्दछ । यसैगरी कलियुगमा दुईवटा हात धारण गर्नुहुने, गोरो वर्णले सुहाउनु भएका र भक्तलाई सम्पूर्ण पदार्थ प्रदान गर्नुहुने भगवान् श्रीगणेशको ध्यान गर्नुपर्दछ ।।१८।। (त्यसपछि तल लेखिएअनुसार भगवान्को रक्षास्तोत्र पाठ गर्नुपर्दछ ।) परमात्मा परब्रह्म विनायक भगवान्ले शिखाको रक्षा गरून् । अत्यन्त सुन्दर शरीर धारण गर्ने महोत्कटनामक भगवान्ले मस्तकको रक्षा गरून् । कश्यपपुत्रका रूपमा पैदा हुने काश्यप गणेशले निधारको रक्षा गरून् । भालचन्द्रनामक गणेशले आँखाहरूको रक्षा गरून्। हात्तीको जस्तो अनुहारले सुहाएका गजानन गणेशले दुबै ओठको रक्षा गरून्।।१९-२०।। आफ्ना गणहरूका साथ खेल्न रुचाउने भगवान् गणेशले जिब्राको रक्षा गरून् । पार्वतीका पुत्रका रूपमा पैदा हुने गणेशले चिउँडाको रक्षा गरून् । विनायकनामक गणेशले वाणीको रक्षा गरून् । दुर्मुखनामक गणेशले दाँतहरूको रक्षा गरून् ।।२१।। हातमा पाश धारण गर्ने पाशहस्त नामक गणेशले कानहरूको रक्षा गरून् । भक्तले चिताएको कामनालाई परिपूर्ण तुल्याउने गणेशले नाकको रक्षा गरून् । गणञ्जयनामक गणेशले मुख एवं घाँटीको रक्षा गरून् ।।२२। गजस्कन्धनामक गणेशले काँधहरूको रक्षा गरून् । विघ्नहरूको विनाश गर्ने विघ्नविनाशक गणेशले स्तनहरूको रक्षा गरून् । गणहरूका स्वामीका रूपमा विचरण गर्ने गणेशले हृदयको रक्षा गरून्। हेरम्बनामक गणेशले पेटको रक्षा गरून्। धराधरनामक गणेशले पार्श्वभागको रक्षा गरून्।।२३।। विघ्नहरनामक मङ्गलमूर्ति गणेशले पिठ्यूँको रक्षा गरून् । महाबली वक्रतुण्डनामक गणेशले सधैं मूत्रेन्द्रिय र मलेन्द्रियको रक्षा गरून् ।।२४।। गणक्रीडनामक गणेशले घुँडा र जाँघको रक्षा गरून् । मङ्गलमूर्तिनामक गणेशले तिघ्राको रक्षा गरून्। महाबुद्धि एकदन्तनामक गणेशले दुबै पाउ र गोलीगाँठाहरूको रक्षा गरून् ।।२५।। सबैको आशा परिपूर्ण तुल्याउने क्षिप्रप्रसादन-नामक गणेशले दुबै हात र खुट्टाको रक्षा गरून् । शत्रुनाशक पद्महस्तनामक गणेशले औँला र नङहरूको रक्षा गरून् ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमोदस्त्वग्रतः पातु प्रमोदः पृष्ठतोऽवतु ।
प्राच्यां रक्षतु बुद्धीश आग्नेय्यां सिद्धिदायकः ।।२८।।

दक्षिणस्यामुमापुत्रो नैर्ऋत्यान्तु गणेश्वरः ।
प्रतीच्यां विघ्नहर्ताऽव्याद् वायव्यां गजकर्णकः ।।२९।।

कौबेर्य्यां निधिपः पायादीशान्यामीशनन्दनः ।
दिवाऽव्यादेकदन्तस्तु रात्रौ सन्ध्यासु विघ्नहृत् ।।३०।।

राक्षसासुरवेतालग्रहभूतपिशाचतः ।
पाशाङ्कुशधरः पातु रजः सत्त्वं तमः स्मृतिम् ।।३१।।

ज्ञानं धर्मञ्च लक्ष्मीञ्च लज्जां कीर्तिं दयां कुलम् ।
वपुर्धनञ्च धान्यञ्च गृहान् दारान् सुतान् सखीन् ।।३२।।

सर्वायुधधरः पौत्रान् मयूरेशोऽवतात् सदा ।
कपिलोऽजाविकं पातु गवाश्वं विकटोऽवतु ।।३३।।

भूर्जपत्रे लिखित्वेदं यः कण्ठे धारयेत् सुधीः ।
न भयं जायते तस्य यक्षरक्षःपिशाचतः ।।३४।।

त्रिसन्ध्यं जपते यस्तु वज्रसारतनुर्भवेत् ।
यात्राकाले पठेद् यस्तु निर्विघ्नेन फलं लभेत् ।।३५।।

युद्धकाले पठेद् यस्तु विजयं प्राप्नुयाद् ध्रुवम् ।
मारणोच्चाटनाकर्षस्तम्भमोहनकर्मणि ।।३६।।

सप्तवारं पठेद् यस्तु दिनानामेकविंशतिम् ।
तत् तत् फलमवाप्नोति साधको नात्र संशयः ।।३७।।

विश्वव्यापी भएर रहने मयूरेश गणेशले सबै अङ्गहरूको रक्षा गरून्। जुन स्थानको चर्चा गरिएको छैन ती स्थानको धूमकेतुनामक गणेशले रक्षा गरून् ।।२७।। मेरा अगाडि आमोद गणेशले रक्षा गरून् र पछाडि प्रमोदनामक गणेशले रक्षा गरून्। पूर्व दिशामा बुद्धीशनामक गणेशले रक्षा गरून् र आग्नेय दिशामा सिद्धिदायक गणेशले रक्षा गरून् ।।२८।। मेरो दक्षिण दिशामा उमापुत्र गणेशले रक्षा गरून् र नैर्ऋत्य दिशामा गणेश्वरले रक्षा गरून् । पश्चिम दिशामा विघ्नहर्ता गणेशले रक्षा गरून् र वायव्य दिशामा गजकर्ण गणेशले रक्षा गरून् ।।२९।। मेरो उत्तर दिशामा निधिहरूका स्वामी गणेशले रक्षा गरून् र ऐशान्य दिशामा शिवपुत्र गणेशले रक्षा गरून् । एकदन्त गणेशले दिनमा रक्षा गरून् र विघ्नहर्ता गणेशले सन्ध्याकाल एवं रात्रिमा रक्षा गरून् ।।३०।। पाश र अङ्कुश धारण गर्ने गणेशले राक्षस, असुर, बेताल, ग्रह, भूत र पिशाचहरूबाट मेरो रक्षा गरून् । ती एकदन्त गणेशले नै रजोगुण, सत्वगुण एवं तमोगुण, स्मृति, शक्ति, ज्ञान, धर्म, लक्ष्मी, लज्जा, कीर्ति, दया, कुल, शरीर, धन-धान्य, घर, पत्नी, पुत्र र मित्रहरूको रक्षा गरून्।।३१-३२।। सबै प्रकारका आयुधहरू धारण गर्ने भगवान् मयूरेशले मेरा छोरा-नाति र अन्य सन्तानको रक्षा गरून् । कपिलनामक गणेशले भेंडा-बाख्राको रक्षा गरून् । विकटनामक गणेशले गाई-घोडाको रक्षा गरून् ।।३३।।' हे पार्वती यो रक्षास्तोत्र मैले तपाईँलाई बताएँ । जुन मानिसले भोजपत्रमा यो स्तोत्र लेखेर आफ्नो घाँटीमा धारण गर्दछ त्यसलाई राक्षस, यक्ष र पिशाचबाट डर हुँदैन ।।३४।। जसले बिहान, दिउँसो र सायँकालमा यस स्तोत्रको पाठ गर्दछ त्यसको शरीर वज्रजस्तै कठोर हुन्छ । जुन मानिसले यात्राकालमा यस स्तोत्रको पाठ गर्दछ त्यसले निर्विघ्नरूपमा आफ्नो कार्य सम्पन्न गर्दछ ।।३५।। जुन योद्धाले युद्धकालमा यो रक्षास्तोत्र पाठ गर्दछ त्यसले निश्चित रूपमा विजय प्राप्त गर्दछ । जुन साधकले मारण, उच्चाटन, आकर्षण, स्तम्भन र मोहन यी कर्महरूमा एक्काइस दिनसम्म दिनको सातपटक यो स्तोत्र पाठ गर्दछ त्यसले ती ती कार्यहरूमा सफलता प्राप्त गर्दछ, यसमा कुनै सन्देह छैन ।।३६-३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

एकविंशतिवारञ्च पठेत् तावद् दिनानि यः ।
कारागृहगतं सद्यो राज्ञा वध्यञ्च मोचयेत् ।।३८।।

राजदर्शनवेलायां पठेदेतत् त्रिवारतः ।
स राजानं वशं नीत्वा प्रकृतिञ्च सभां जयेत् ।।३९।।

इदं गणेशकवचं मुद्गलेन समीरितम् ।
कश्यपाय च तेनाऽथ माण्डव्याय महर्षये ।।४०।।

मह्यं स प्राह कृपया कवचं सर्वसिद्धिदम् ।
न देयं भक्तिहीनाय देयं श्रद्धावते शुभम् ।
सर्वरक्षाकरं सर्वमनःकामप्रपूरकम् ।।४१।।

अनेनास्य कृता रक्षा न बाधाऽस्य भवेत् क्वचित् ।
राक्षसासुरवेतालदैत्यदानवसम्भवा ।।४२।

कुनै मानिस कारागारमा बन्दी भएको छ भने त्यसले आफ्नो मुक्तिका लागि आफू कारागारमा रहुञ्जेल दिनको एक्काइस पटक यस स्तोत्रको पाठ गर्दछ भने त्यसलाई राजा अथवा शासकले मार्दैनन् र मृत्युदण्डबाट पनि जोगाउँछन् । जसले राजाको दर्शन गर्ने प्रसङ्गमा तीनपटक यो स्तोत्र पाठ गर्दछ त्यसले राजालाई आफ्नो वशमा तुल्याई मन्त्री र राजसभालाई पनि वशवर्ती बनाउँछ ।।३८-३९।। कश्यप ऋषिले यस गणेशकवचको उपदेश गर्नुभएको हो । कश्यप ऋषिले मुद्गल ऋषिलाई, मुद्गलले माण्डव्य ऋषिलाई र माण्डव्यले म मरीचि ऋषिलाई उपदेश दिनुभएको हो । यो कवच सर्वसिद्धिदायक छ। भक्तिहीन मानिसलाई यसको उपदेश गर्नु हुँदैन । श्रद्धालु भक्तलाई मात्र यसको उपदेश गर्नुपर्दछ । यो स्तोत्रले सबै प्रकारबाट रक्षा गर्दछ र सबै प्रकारका मनका कामना पूर्ण गराउँछ । यसको पाठ गर्नाले राक्षस, असुर, बेताल, दैत्य र दानवहरूबाट कुनै कार्यमा बाधा आइपर्दैन ।।४०-४२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गणेशकवचं नाम पञ्चाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशकवचद्वारा बालगणेशको रक्षा' शीर्षकान्वित पचासीऔं अध्याय पूर्ण भयो ।।८५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षडशीतितमोऽध्यायः { ८६ अध्याय }

क उवाच

ततोऽस्याङ्कात् सुतं गौरी नमस्कृत्य समाददे ।
आज्ञां गृहीत्वा प्रायात् स्वं मन्दिरं भृशहर्षिता ।।१।।

सोऽप्यनुज्ञां ततो गृह्य शिवं नत्वाश्रमं ययौ ।
ततो गौरी चकाराऽस्य सुमुहूर्ते शुभे दिने ।।२।।

गौतमादीन् समाहूय ब्राह्मणानुपवेश्य च ।
द्विजेभ्यो नमयाञ्चक्रे सा प्रणम्य स्वयञ्च तान् ।।३।।

सर्वे देवगणास्तत्र नानोपायनपाणयः ।
आययुस्तं गणाश्चापि गन्धर्वाप्सरसस्तथा ।।४।।

उवाच गौरी तान् विप्रानुपवेशनमस्य ह ।
विचार्य सर्वमुनिभिः कुर्वन्तु द्विजपुङ्गवाः ।।५।।

त ऊचुर्मुनयः सर्वे गुरुवारस्त्रयोदशी ।
पौष्णं नक्षत्रमद्यास्ति तस्मात् कार्यो महोत्सवः ।।६।।

ततो गृत्समदः शीघ्रं नानारत्नचयं भुवि ।
निधाय च चकाराशु चतुष्कं रत्ननिर्मितम् ।।७।।

गणेशपूजनं कृत्वा पुण्याहवाचनं तथा ।
दिव्यवस्त्रावृते तस्मिन्नुपवेश्य शिवासुतम् ।।८।।

नीराजयामास च तं पतिवत्स्त्रीभिरादरात् ।
रत्नप्रभाजालगतं नानालङ्कारदीपितम् ।।९।।

उपायनानि ते सर्वे शिवाभ्यां तत्सुताय च ।
वाद्यत्सु दिव्यवाद्येषु प्रददुर्भक्तितत्पराः ।।१०।।

साऽपूजयत् ततो विप्रान् रत्नवस्त्रादिकाञ्चनैः ।
आशीर्वादाक्षताँस्तस्मिँश्चिक्षेप सकलार्पितान् ।।११।।

ब्रह्माजीले भन्नुभयो– त्यसपछि भगवती पार्वती मरीचिका काखबाट आफ्ना पुत्र गणेशलाई लिएर उहाँको आज्ञा प्राप्त गरी अत्यन्त हर्षका साथ आफ्नो धामभित्र प्रवेश गर्नुभयो ।।१।। मरीचि ऋषि पनि पार्वतीबाट आज्ञा पाएर शिवजीलाई प्रणाम गरी आश्रमतर्फ गए । एकदिन पार्वतीले उत्तम मुहूर्त र उत्तम दिनमा गौतम आदि ब्राह्मणहरूलाई बोलाई बालकलाई बसालेर उपवेशन संस्कार सम्पन्न गराई ब्राह्मणहरूलाई नमस्कार गर्न लगाउनुभयो।।२-३।। आफूले पनि आएका ऋषि र ब्राह्मणहरूलाई नमस्कार गर्नुभयो । त्यो उपवेशन संस्कार भव्यताका साथ सम्पन्न भएको थियो । त्यस बेला देवताहरू आ-आफ्ना हातमा भेटी र उपहार लिएर आएका थिए । शिवगण, गन्धर्व र अप्सराहरू पनि त्यहाँ दर्शनका लागि आएका थिए । आएका ब्राह्मणहरूसँग पार्वतीले भन्नुभयो – 'आज गणेशको उपवेशन संस्कारको दिन हो । त्यस कारण सबै मुनिहरूले विचारपूर्वक बालकको संस्कार सम्पन्न गराउनुहोस्'।।४-५।। त्यो सुनेर मुनिहरूले भने – 'आज बृहस्पतिवार, त्रयोदशी तिथि र रेवती नक्षत्रको योग परेको छ । त्यस कारण उपवेशन संस्कारको उत्सव मनाउनु पर्दछ ।।६।। यस्तो निश्चय गरेपछि गृत्समद ऋषिले अनेक थरि रत्नहरू ल्याई तुरुन्तै रत्नबाट बनेको चौकी तयार गर्नुभयो।।७।। गणेशको पूजा गरियो र पुण्याहवाचन पनि । दिव्यवस्त्रहरूले सिंगारिएको त्यस चौकीमा पार्वतीले आफ्ना पुत्र गणेशलाई राख्नुभयो र सधवा नारीहरूद्वारा अनेक थरि अलङ्कारले सुहाएका, रत्न एवं मणिको प्रभाले नुहाएका ती बालकको आरती गर्न लगाउनुभयो । आएका सबै मानिसहरूले शिव, पार्वती र उहाँका सुपुत्र गणेशलाई अनेक थरि उपहारहरू टक्र्याए । त्यहाँ दिव्य बाजाहरू बजिरहेका थिए र आएका मानिसहरू भक्तिपूर्वक शिवदम्पती र गणेशको दर्शन गरिरहेका थिए ।।८-१०।। पार्वतीले पनि रत्न, वस्त्र र सुवर्ण दिएर ती सबैको सम्मान गर्नुभयो । सबैले दिएका भेटी र पूजाका सामानहरू र आशीर्वादका अक्षताहरूले गणेशको पूजा गराउनुभयो । त्यसपछि पार्वतीले कन्यासहित आएका मुनिपत्नीहरूको पनि पूजा गर्नुभयो । ती सबै मुनिपत्नीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDT

भवानी पूजयामास मुनिपत्नीः सकन्यकाः ।
ता ऊचुर्गिरिजे ! धन्या त्वदन्या नास्ति कुत्रचित् ।।१२।।

एतादृशः सुतो वापि सर्वलक्षणमण्डितः ।

क उवाच

एवं वदत्सु सर्वेषु स्त्रीजनेषु महाखलः ।।१३।।

व्योमासुरो व्योमकर्णो नानामायाविशारदः ।
न बले सदृशस्तस्य कोऽपि त्रिभुवनेऽभवत् ।।१४।।

स तु द्वारि स्थितश्चूतं नानाशाखासमन्वितम् ।
अभेद्यं वारणशतैः कल्पान्तमारुतैरपि ।।१५।।

प्रविवेश तदा व्योमो मायया स तदन्तरम् ।
यथा दृष्टिवशाद् भूतं विशते दुष्टचेष्टिते ।।१६।।

दोलयामास तं वृक्षं कल्पान्ते मारुतो यथा ।
द्रुमपातभयात् सर्वे मुनयश्च समागताः ।।१७।।

भीताः प्रोचुर्विना वायुं कम्पते किं महाद्रुमः ।
तावत् कटकटाशब्दं शुश्रुवुर्वृक्षसम्भवम् ।।१८।।

स्त्रियो गणाश्च सर्वे ते चक्रिरे तु पलायनम् ।
विस्मृत्य बालकं भ्रान्ता गिरिजापि पलायिता ।।१९।।

एतस्मिन्नन्तरे वृक्षो निपपातार्भके तदा ।
हस्ताभ्यां निहतस्तेन शतचूर्णोऽपतद् भुवि ।।२०।।

यथा घननिपातेन क्रमुकं दृषदि स्थितम् ।
भ्रमन्ति स्म तदा व्योम्नि तच्छाखाः पल्लवान्विताः ।।२१।।

ऋषीणामाश्रमाः केचिद् भग्नाः शाखानिपाततः ।
पलायिते जने पेतुः काश्चिच्छाखाः सपल्लवाः ।।२२।।

पार्वतीलाई भने – हे हिमालयकी पुत्री ! यस संसारमा हजुरभन्दा धन्य अरू कुनै नारी छैनन् ।।११-१२।। हजुरका सबै लक्षणले सम्पन्न र अनुपम सौन्दर्यले युक्त छोरासमान अरूका छोरा देखिएका छैनन्।

ब्रह्माजीले भन्नुभयो – यसरी उपवेशन संस्कारमा आएका सबै थरिका अभ्यागत र नारीहरूले यसरी कुरा गरिरहेकै गरिरहँदा अत्यन्त दुष्ट, अनेक थरि माया खेलाउन सिपालु र आकाशझैं विशाल कान भएको व्योमासुर त्यहाँ आइपुग्यो । वास्तवमा स्वर्ग, मर्त्य र पातालमा व्योमासुरसमान बलवान् कोही पनि थिएन।।१३-१४।। त्यसले आउनासाथ भगवती पार्वतीको घरबाहिर ठूला-ठूला हाँगाहरूले झुम्म परेको विशाल आँपको वृक्ष देख्यो । त्यस वृक्षलाई सैकडौं हात्तीले पनि भेदन गर्न सक्दैनथे । प्रलयकालका उनन्चास वायुले पनि त्यस वृक्षलाई हल्लाउन सक्दैनथे ।।१५।। जसरी दुष्ट चेष्टा भएको मानिसमा राक्षसहरूको प्रवेश हुन्छ त्यसैगरी त्यस वृक्षमा व्योमासुरको प्रवेश भयो ।।१६।। त्यसले वृक्षभित्र गएर कल्पान्त वायुले संसार हल्लाएझैं त्यो वृक्ष हल्लाउन थाल्यो। अब रूख ढल्ने हो कि भन्ने डरले सारा मुनिहरू बाहिर आए । तिनीहरूले डराएर भने – हावा लागेको छैन तर थाम्नै नसकिने गरी यो महावृक्ष हल्लिरहेको छ। मुनिहरूले यसो भनिरहेकै बेला सबैले वृक्ष ढल्दा पैदा हुने कट्कट् शब्द सुने ।।१७-१८।। शिवगण र नारीहरू डरले भाग्न थाले । के हो भनेर डराएकी पार्वती पनि बालकलाई बिर्सेर ज्यान जोगाउन भाग्न थाल्नुभयो ।।१९।। यसै बीचमा त्यो वृक्ष बालकमाथि ढल्यो । तर बालक श्रीगणेशले आफ्ना दुइटा सुकुमार हात लगाएर त्यो विशाल वृक्षलाई छेकिदिनुभयो र बालकको स्पर्शबाट त्यो रूख सय टुक्रा भएर भुइँमा खस्यो। जसरी ढुङ्गामाथि राखिएको सुपारीलाई घनले हान्दा टुक्रा टुक्रा हुन्छ त्यस्तै त्यो रूख पनि टुक्रिएर भुइँमा फैलिएको थियो । त्यस बेला त्यस रूखका पातसहितका हाँगाहरू आकाशमा उछिट्टिएका थिए ।।२०-२१।। उछिट्टिएका ती रूखका हाँगाहरूबाट ऋषिका आश्रम छिन्नभिन्न भए । भागिरहेका मानिसहरूमाथि केही शाखाहरू लाग्न जाँदा ती मानिसहरू घाइते भएका थिए। त्यसै बेला व्योमासुरनामक दुष्ट पनि गणेशको स्पर्शबाट निष्प्राण भएर भुइँमा खस्यो । त्यसको खुला मुखबाट सैकडौं रगतका धारा बगिरहेका थिए। व्योमासुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो व्योमासुरो दुष्टो गतासुर्निपपात ह ।
व्यादायास्यं वमन् रक्तं शतधा तेन सोऽभवत् ।।२३।।

आययुस्ते ततः सर्वे स्त्रियश्च बालकं तदा ।
ददृशुस्ते यथा पूर्वमुपविष्टं निराकुलम् ।।२४।।

सुमेरुनिश्चलं स्वस्थं ततः सर्वे विसिस्मिरे ।
पञ्चमासेन बालेन महाबलपराक्रमः ।।२५।।

लीलया हस्ततो दैत्यः स वृक्षः शतधा कृतः ।
हाहाकाररवा गौरी धावति स्म निजं सुतम् ।।२६।।

मुनयस्तामथोचुस्ते हतदैत्यः सुतस्तवः ।
सा ददर्श ततो बालं हिमवत्पर्वतोपमम् ।।२७।।

उत्थाय कटिदेशे तं धृत्वा स्तन्यं ददौ मुदा ।
मरीचिवाक्यं सस्मार प्रशशंस महेश्वरम् ।।२८।।

यमीश्वरोऽवति सदा तं हन्तुं यः समीहते ।
स एव विलयं याति पतङ्ग इव दीपगः ।।२९।।

मुनयो योषितः सर्वा ययुः स्वं स्वं निवेशनम् ।
ततो गणा ययुः केचिदक्षतं वीक्ष्य तत्सुतम् ।।३०।।

ऊचुर्धन्यतरा माता रक्षितस्ते सुतोऽसुरात् ।
दुष्टा एव लयं यान्ति साधुर्न क्वापि सीदति ।।३१।।

ततः सा शर्करां तेभ्यो दत्त्वाज्ञां प्रददौ शिवा ।
सर्वाभ्यश्च ततो याता दृष्टा तेन निजं गृहम् ।।३२।।

य इदं श्रृणुयात् पुण्यमाख्यानं भक्तिमान् नरः ।
न स बाधां लभेत् क्वापि सर्वत्र निर्भयो भवेत् ।।३३।।

ढलेपछि निर्भय भएका स्त्री र बालकहरू त्यहाँ आए र तिनले सुतिरहेका बालक श्रीगणेशलाई देखे । तिनले दर्शन गर्दा श्रीगणेश पहिलेजस्तै हाँसी हाँसी आनन्दले बस्नुभएको थियो । उहाँलाई कुनै पनि किसिमको डरको आभास थिएन । सुमेरु पर्वत निश्चल र स्वस्थ रहेझैं श्रीगणेश पनि स्वाभाविक मुद्रामा स्वस्थ हुनुहुन्थ्यो । त्यो देखेर सबै चकित भए । पाँच महिनाको बालकले महाबली र पराक्रमी व्योमासुर दैत्यलाई वृक्षसहित सयौं टुक्रा बनाएर सजिलै मारिदिनुहुँदा दर्शकहरू आश्चर्यमा नपर्ने कुरै थिएन। त्यसपछि डराएर भागेकी पार्वती पनि हा-हाकार गर्दै आफ्नो छोराका छेउमा आउनुभयो।।२२-२६।। मुनिहरूले पार्वतीलाई भने- 'हे पार्वती! तपाइँका पुत्रले विशालकाय व्योमासुरको वध गर्नुभएको छ ।' मुनिहरूका कुरा सुनेपछि पार्वतीले हिमालय पर्वतझैं अचल र उज्ज्वल आफ्ना पुत्रको दर्शन गर्नुभयो ।।२७।। त्यसपछि बालकलाई भुइँबाट उठाएर काखमा राखी स्तनपान गराउनुभयो । त्यस बेला पार्वतीले मरीचि ऋषिले भनेका वाक्यहरू संझनुभयो र भगवान् शङ्करको प्रशंसा गर्नुभयो ।।२८।। जसलाई ईश्वरले रक्षा गर्न चाहनुहुन्छ त्यो संसारमा जीवित रहन्छ । जसको विनाश गर्न चाहनुहुन्छ त्यो बत्तीमा झुम्मिएको पतङ्गझैं मर्दछ । ईश्वरको लीला विचित्र छ । त्यो घटनापछि मुनि र मुनिपत्नीहरू सबै आ-आफ्ना घरतर्फ लागे । शिवगण पनि अतुलनीय पराक्रमी बालकलाई देखेर भन्न लागे - 'धन्य हुन् पार्वती माता । आज उहाँका बालक पुत्रले अपूर्व पराक्रम देखाए । असुरहरूबाट ती बालकको रक्षा पनि भयो। वास्तवमा दुष्टहरूकै नाश हुन्छ। सज्जन मानिसले एक छिन दुःख पाए पनि अन्तमा आनन्द प्राप्त गर्दछ'।।२९-३१।। गणहरूका यी कुरा सुनेर पार्वतीले पनि हर्षपूर्वक ती सबैलाई चिनी प्रदान गर्नुभयो र तिनलाई आ-आफ्ना घर जान बिदा पनि गर्नुभयो । त्यसपछि आफू पनि आफ्नो घरमा प्रवेश गर्नुभयो । जसले भगवान् श्रीगणेशको यो आख्यान भक्तिपूर्वक सुन्दछ त्यसले कुनै पनि कार्यमा बाधा भोग्नु-पर्दैन । त्यो भक्त सर्वत्र निर्भय भई विचरण गर्दछ ।।३२-३३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे भूम्युपवेशवर्णनं नाम षडशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीमयूरेश्वरको भूमि-उपवेशन संस्कार र व्योमासुर वध' शीर्षकान्वित छयासीऔं अध्याय पूर्ण भयो ।।८६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding...

सप्ताशीतितमोऽध्यायः { ८७ अध्याय }

क उवाच

व्योमासुरस्य भगिनी तस्य दुःखेन दुःखिता ।
निशामुखे दर्शदिने समुत्पन्ना क्षुधातुरा ।।१।।

भक्षयामास महिषान् शतसङ्ख्यान् महाबलान् ।
करालकेशी लम्बोष्ठी तालनासा दरीमुखा ।।२।।

हलदन्ता कूपनेत्रा श्रोत्रावरणसंयुता ।
दीर्घस्तनी महाघोरा भूमिस्पृक्कचका खला ।।३।।

दीर्घबाहुर्निम्ननाभिर्गोधेव कर्कशा त्वचि ।
नाम चक्रुस्तदा लोकाः शतमाहिषभक्षणात् ।।४।।

अन्वर्थं भावदुष्टायाः स्फुटं तु शतमाहिषा।
सा ययौ बन्धुहन्तारं हन्तुं बन्धुप्रियङ्करी ।।५।।

कमनीयतरा भूत्वा सर्वावयवसुन्दरा।
नानालङ्कारसंयुक्ता गौरा षोडशवार्षिकी ।।६।।

कृत्वा षोडशशृङ्गारान् मोहयन्ती कटाक्षतः।
सा ययौ दुष्टभावेन गिरिजालयमुत्तमम् ।।७।।

प्रणनाम शिवाङ्घ्रादौ प्रोवाच परमादरात् ।
धन्याऽहं कृतकृत्याऽहं प्राप्ताऽहमीप्सितं फलम् ।।८।।

यतस्त्वं सर्वजननी सर्वदेवमयी शुभा।
सर्वध्येया सर्वसिद्धिः सर्वकारणकारणम् ।।९।।

जगन्मोहनदक्षा त्वं पुण्येन दृष्टिमागता।

क उवाच

श्रुत्वा वाचं तदीयां सा प्रोवाच गिरिजा तु ताम् ।।१०।।

ब्रह्माजीले भन्नुभयो - व्योमासुरकी बहिनी आफ्ना दाजुको मृत्युबाट अत्यन्त दुःखी भई र त्यसले औंसीको रातमा भोकाएर एक सय राँगाहरूको भोजन गरी । त्यसका केश कुटिल थिए, ओंठ लामा थिए, नाक ताडीपत्रझैं विशाल थियो, मुख गुफाजस्तै ठूलो थियो, दाँत हलाजस्ता थिए, आँखा कुवाजस्ता थिए, कान विशाल थिए र स्तनहरू पर्वतको आकारका थिए । त्यो भयङ्कर राक्षसीका कपालका केश भुइँ छुने गरी लत्रिएका थिए। त्यसका हात लामा-लामा थिए, नाभि गहिरो थियो र छाला गोहोराको जस्तो कर्कश थियो । त्यसले एक सय राँगा खाएका कारणबाट मानिसहरूले त्यही अर्थ बुझाउने सार्थक नाम शतमाहिषा राखेका थिए । त्यो राक्षसी एक दिन आफ्ना दाजुका संहारक श्रीगणेशको वध गर्ने विचारले प्रस्थान गरी ।।१-५।। त्यस बेला त्यसले मायाको प्रयोग गरेर आफ्नो शरीरलाई अत्यन्त सुन्दर तुल्याएकी हुँदा आकर्षक देखिन्थी । शरीरमा बहुमूल्य अलङ्कार सजिएकी त्यो १६ वर्षकी गोरी सुन्दरीका रूपमा मुस्कुराइरहेकी थिई । शरीरमा सोह्र प्रकारका शृङ्गारले सुहाएकी त्यसले आफ्नो कटाक्षप्रहारबाट युवकहरूलाई मोहित तुल्याइरहेकी थिई । त्यो भगवान् श्रीगणेशको वध गर्ने दुष्ट इच्छा लिएर पार्वतीको घरमा पुगी ।।६-७।। त्यहाँ गएर त्यसले सर्वप्रथम पार्वतीलाई प्रणाम गर्दै आदरपूर्वक भनी - 'हे पार्वती! आज म धन्य भएकी छु र कृतकृत्य पनि । मैले यति सुन्दर धाममा आएर संसारकी आमा तपाइँको दर्शन गर्ने सौभाग्य प्राप्त गरें । किनकि तपाइँका अङ्ग-प्रत्यङ्गमा देवताहरूको वास छ । तपाइँ मङ्गलमूर्ति, सबैद्वारा ध्यान गर्न योग्य, सबै प्रकारका सिद्धिकी स्रोत, सबै कारणकी पनि कारण र संसारलाई मोहित गर्न कुशल हुनुहुन्छ। यस्ती जगदम्बाको मैले पुण्यका कारण आज दर्शन पाएँ ।'

ब्रह्माजीले भन्नुभयो - सोह्र वर्षे सुन्दरीको वचन सुनेर पार्वतीले त्यसलाई भन्नुभयो- 'हे सुन्दरी ! तिमी उठ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तिष्ठोत्तिष्ठ भद्रन्ते सन्तुष्टाऽहं तवेक्षणात् ।
कस्यासि कुत आयासि किमर्थञ्च वराङ्गने ।।११।।
कामं ते पूरयिष्यामि वद सत्यं ममाग्रतः।

शतमाहिषा उवाच

अहं चिरं वियोगार्ता शरणं त्वामुपागता ।।१२।।
श्रुतं स्यादमरावत्या नायकोऽसुरवर्जितः।
स लीनः क्वापि गिरिजे ! सर्वे देवगणा अपि ।१३।।
त्वं तु भाग्यवती देवी न वियोगो हरस्य ते ।
सह्यं भवेत् सर्वदुःखमसह्यन्तु वियोगजम् ।।१४।।

पार्वत्युवाच

बालोऽयं मम सुभगे ! हनिष्यति खलान् बलात् ।
मोचयिष्यति देवान् स कालः कश्चित् प्रतीक्ष्यताम्।।१५।।
एतदर्थं गुणेशेन धृतो देहो ममालये।
भूभारोत्तारणार्थाय मुनीनां पालनाय च ।।१६।।

क उवाच

इत्युक्त्वा पूजयामास पादक्षालनपूर्वकम् ।
सखीभिः कुङ्कुमाद्यैश्च भोजयामास सादरम् ।।१७।।
सापि भुक्त्वा शिवातल्पे सुष्वापोवाच तत्सखीः।
गिरिजाबालकं सख्य आनयन्तु ममान्तिकम् ।।१८।।
विश्वस्ताः सर्वसख्यस्ता ददुर्बालं तु तत्करे ।
लालयामास सा स्नेहान्मुखचुम्बनवल्गनैः ।।१९।।

तिम्रो कल्याण होस् । तिम्रो दर्शन पाएर म पनि खुसी भएकी छु । कसकी छोरी हौ ? कहाँबाट आयौ र किन आयौ ? हे उत्तम सुन्दरी ! तिमीले साँचो – साँचो भन, म तिम्रा कामनाहरू परिपूर्ण गर्नेछु ।'

राक्षसीले भनी – 'म आफ्ना प्रियतमको दीर्घकालीन वियोगले अत्यन्त आत्तिएर तपाइँको शरणमा आएकी छु।।८-१२।। तपाइँले सुन्नुभएकै होला स्वर्गको राजधानी अमरावतीका नायक इन्द्र असुरद्वारा परास्त भए। त्यहाँबाट भागेर कहीं गएर लुकिरहेका छन् र तिनका साथ भागेका सबै देवताहरू पनि त्यस्तै पर्वतका गुफाहरूमा लुकेका छन्। हे पार्वती ! तपाइँ त भाग्यवती हुनुहुन्छ । तपाइँलाई भगवान् शङ्करको विरह खप्नुपरेको छैन । अरू कुरा त सहन सकिंदो रहेछ, तर पतिका वियोगको कष्ट भने सहन ज्यादै गाह्रो हुँदो रहेछ' ।।१३-१४।।

पार्वतीले भन्नुभयो- हे सुन्दरी! मेरो यो बालक पराक्रमी छ, यसले आफ्नो पराक्रमबाट दुष्टहरूको हत्या गर्नेछ। यस बालकले दैत्यहरूद्वारा परास्त गरिएका इन्द्र आदि देवताहरूलाई दुःखबाट मुक्त गर्नेछ । यसमा कुनै सन्देह छैन तर तिमीले केही समय भने पर्खनु पर्नेछ ।।१५।। ती दानवहरूको विनाश गर्न सत्त्व, रज र तमो गुणका स्वामी भगवान् गणेशले यी बालकका रूपमा मेरो घरमा अवतार लिनुभएको छ । उहाँको अवतारको उद्देश्य पृथिवीको भार हरण गर्नु र मुनिहरूको रक्षा गर्नु पनि हो ।।१६।।

ब्रह्माजीले भन्नुभयो – यसरी कुरा गरेर पार्वतीले आफ्नो घरमा पाहुना बनेर आएकी सुन्दरीको पाउ पखालेर पूजा गरी कुंकुम आदि चढाउनुभयो र आफ्ना सँगिनीहरूद्वारा तयार गरिएको स्वादिष्ट भोजन पनि प्रदान गर्नुभयो । षोडशी सुन्दरीका रूपमा परिणत भएकी राक्षसी पनि पार्वतीको बिस्तरामा गएर शयन गरी । त्यसपछि त्यसले पार्वतीका सखीहरूलाई बोलाएर भनी- हे पार्वतीका सखीहरू ! तपाइँहरूले पार्वतीका छोरालाई यहाँ लिएर आउनुहोस् ।।१७-१८।। पार्वतीका सखीहरूले पनि त्यस सुन्दरीका कुरा सुनेर विश्वास गरे । तिनले त्यो बालक ल्याएर त्यसका हातमा राखिदिए । त्यसले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MD.

तज्जिघांसां स विज्ञाय सर्वज्ञः स शिवात्मजः।
राक्षसीमिति निश्चित्य हस्ताभ्यां श्रोत्रयोरधात् ।।२०।।

नासिकाञ्च ततो भारं महापर्वतसन्निभम् ।
तदङ्गं पातयामास सा च श्वासनिरोधतः ।।२१।।

विह्वला परिचिक्षेप पादाघातान् शिशौ भृशम् ।
मुञ्च मुञ्चेति भाषन्ती कौतुकं द्रष्टुमागताम् ।।२२।।

कथं हंसि स्त्रियं दुष्ट ! त्वनागस्कां शिवासमाम् ।

क उवाच

तदाक्रन्दनमाकर्ण्य सखीभिः सह पार्वती ।।२३।।

आगता मोचितुं पुत्रं नाशकत् तमुवाच सा ।
न मारयाशु मुञ्चैनां शक्रस्य महिषीं प्रियाम् ।।२४।।

श्रुत्वा मातृवचो बालो दूरे चिक्षेप तां तदा ।
पपातोपरि व्याजेन क्षणात् सोऽभ्युदतिष्ठत ।।२५।।

तत्कर्णं नासिका हस्तो दृष्टः सासृक्स्रवोऽपि च ।
तदङ्घ्रिघातात् सा प्राणाँस्तत्याज क्षणमात्रतः।।२६।।

गतासुं तां शुशोचाऽथ पार्वती स्नेहनिर्भरा ।
उवाच चपलो बालो दुर्यशोऽर्जितवानयम् ।।२७।।

श्रुत्वा शचीं हतामिन्द्रः किं वागत्य करिष्यति ।
ददर्श पुरतो गत्वा राक्षसीं तां शिवाऽशिवाम् ।।२८।।

दशयोजनविस्तीर्णां क्षतभूभूरुहां तदा।
तत्याज शोकं जहृषे प्रशशंस निजं सुतम् ।।२९।।

आदाय सुतमव्यङ्गं पार्वती मन्दिरं ययौ ।
विस्मापयत्यसौ बाला शङ्किता बालपौरुषम् ।।३०।।

विस्मयं पौरुषे तस्य समपद्यत पार्वती ।
ततसख्यश्छिन्नकर्णां तां छिन्ननासां व्यलोकयन् ।।३१।।

अत्यन्त प्रेम देखाउँदै मुखमा चुम्बन गर्दै खेलाउन थाली । गणेशले सुन्दरीको रूपमा आएकी राक्षसीले मलाई मार्न चाहन्छे भन्ने थाहा पाउनुभयो र आफ्ना हातले त्यसका नाक र कान समाउनुभयो । त्यसले हेर्दाहेर्दै त्यसका श्वास-प्रश्वास रोकेर महापर्वतकै आकारको त्यसको ज्यानलाई भुइँमा लडाउनुभयो। सास रोकिनाले व्याकुल भएकी त्यस राक्षसीले खुट्टा बजार्दै मलाई छोड, मलाई छोड, म तिमीलाई उत्कण्ठाले हेर्न आएकी हुँ, म नारी जातिलाई किन मार्दछौ ? मेरो कुनै अपराध छैन । म तिम्री आमा पार्वतीसमान छु भन्दै क्रन्दन गरी ।

ब्रह्माजीले भन्नुभयो - सुन्दरीका रूपमा आएकी यस राक्षसीको क्रन्दन सुनेर पार्वती आफ्ना सखीहरूका साथ त्यहाँ आइपुग्नुभयो ।।१९-२३।। कति प्रयास गर्दा पनि आफ्ना छोराको हातबाट त्यसलाई छुटाउन सक्नुभएन । त्यसपछि श्रीगणेशलाई भन्नुभयो- बाबु ! यसलाई नमार। चाँडै छोडिदेऊ। यी त इन्द्रकी प्यारी रानी हुन् । आमाको कुरा सुनेर बालक श्रीगणेशले त्यसलाई उचालेर टाढा फ्याँकिदिनुभयो र त्यसमाथि चढेर त्यसलाई च्याँप्नुभयो । राक्षसीका कान, नाक र हातबाट रगत बगिरहेका थिए । गणेशले पाउले प्रहार गर्दा त्यसले तत्कालै प्राणत्याग गरी ।।२४-२६।। त्यसलाई मरेकी ठानेर पार्वती प्रेमले विह्वल भएर चिन्ता गर्न लाग्नुभयो । आफ्ना सखीहरूलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो- मेरो छोरा चञ्चल छ र उद्दण्ड पनि भइसकेछ। यसले आज नराम्रो नाम कमायो। इन्द्रले आफ्नी पत्नी इन्द्राणी मरेको थाहा पाएर के भन्नुहोला? के गर्नुहोला ? यस्ता कुरा गरिरहेकी पार्वती फेरि राक्षसीको लाश भएतर्फ जानुभयो । उहाँले दश योजनसम्म फैलिएको राक्षसीको लाश देख्नुभयो । त्यस बेला बल्ल उहाँले यथार्थ थाहा पाई शोकत्याग गरेर आफ्ना छोराको प्रशंसा गर्दै हर्ष प्रकट गर्नुभयो ।।२७-२९।। आफ्ना छोरालाई घाउ लागेको छ कि भनी हेर्दा स्वस्थ र सुन्दर जानेर खुसी हुँदै काखमा राखी आफ्नो घरभित्र पस्नुभयो। सोह्र वर्षकी सुन्दरी यति विशाल शरीर धारण गर्ने राक्षसी रहिछे भन्दै आश्चर्य पनि व्यक्त गर्नुभयो । आफ्ना पुत्रको पुरुषार्थ देखेर पार्वती चकित हुनुभयो । पार्वतीका सँगिनीहरूले कान र नाक काटिएकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथमस्या लाघवञ्च कथमस्य बलं शिशोः।
अहसन् प्रावदन्नित्थं दत्त्वा तालं परस्परम् ।।३२।।

ततस्तां राक्षसीं दूराच्चिक्षिपुः प्रमथास्तदा ।
अरिष्टे विहते गौरी ददौ दानानि भक्तितः ।।३३।।

ततस्तु सप्तमे मासे प्रवृत्ते निद्रिते जने।
तमसा सर्वतो व्याप्ते दशदिङ्मण्डलेऽखिले ।।३४।।

निशीथेऽरण्यपशुषु रुवत्सु दर्दुरेषु च।
पर्यङ्के परिसुप्तायां पार्वत्यां दिव्यसंस्तरे ।।३५।।

सखीजने निद्रिते च सेवकानां गणे तथा ।
एतस्मिन्नन्तरे दुष्टो नाम्ना यः कमठासुरः।।३६।।

आच्छादयत् स्वदेहेन शिवाप्राङ्गणमद्भुतम्।
यस्य स्पर्शेन सहसा शीर्यते वज्रसंहतिः ।।३७।।

अतिशीतलगात्रः स पार्वणश्चन्द्रमा इव।
उदिते तु दिवानाथे तत्पृष्ठेऽविचरञ्जनाः।।३८।।

केचित् स्नात्वा स्थिता जप्तुं केचिन्निद्रां प्रचक्रिरे ।
स्खलित्वा पतिताः केचिदतिकोमलदेहतः।।३९।।

सिषिचुर्बालिका वारिगोमयैरङ्गमालिकाः।
चक्रुस्ततो बहिर्याता सबाला गिरिजा तदा ।।४०।।

आस्वापयत् सुतं गौरी महार्हास्तरणेऽत्र सा।
सखीस्तत्र च संस्थाप्य ययौ सा सेवितुं शिवम् ।।४१।।

एवं ज्ञात्वाऽसौ कमठः स्वस्य पृष्ठमचालयत् ।
भूमिकम्पः कथमिह किं वारिष्टं भविष्यति ।।४२।।

राक्षसीको लाश देखेर भने – त्यो सुन्दरीको कस्तो चातुर्य र यी बालकको कस्तो शौर्य ? हामी दङ्ग परेका छौं । त्यसपछि तिनीहरूले बालक र सुन्दरीका विषयमा हातले ताली बजाउँदै कुराकानी गरे ।।३०–३२।। यो घटनापछि प्रमथगणहरू त्यहाँ आइपुगे र तिनले राक्षसीको शरीरलाई टाढा लगेर फ्याँकिदिए। अरिष्टनाश भएको उपलक्ष्यमा पार्वतीले भक्तिपूर्वक अनेक थरि दान गर्नुभयो ।।३३।। बालक जन्मेको सातौं महिना लागेपछि एक दिन राति पार्वतीको परिवारका सेवक–सेविकाहरू निदाएपछि आकाश र धर्तीमा अन्धकारको राज्य आरम्भ भयो । जङ्गली जनावरहरू रुन थाले र भ्यागुताहरू टर्र–टर्र आवाजमा कराउन थाले । पार्वती आफ्नो पलङ्मा विश्राम गर्न जानुभयो र सेवकगणहरू मस्त निदाए । त्यस बेला पार्वतीको घरमा कमठासुरनामक दैत्य आइपुग्यो ।।३४–३६।। त्यसले आफ्नो शरीरद्वारा पार्वतीको आँगन पूरा ढाकिदियो । त्यस कमठासुरको स्पर्शबाट वज्रको समुदाय पनि टुक्रा–टुक्रा हुन्थ्यो । त्यसको शरीर पूर्णिमाको चन्द्रमाझैं अत्यन्त शीतल थियो । बिहान सूर्य उदाएपछि आँगनमा फैलिएर कछुवाको रूपमा रहेको कमठासुरको पिठ्यूँलाई मानिसहरूले त्यस रूपमा चिन्न सकेनन्। सामान्य धर्तीका रूपमा लिए र त्यसमा विचरण गरे।।३७–३९।। त्यहाँ कसैले स्नान गरेर जप गर्न लागेका थिए, कोही मस्त निद्रामा परिरहेकै थिए र कोही निद्राबाट जागेर धङ्धङाउँदै उठिरहेका थिए । कोही पार्वतीको घरमा काम गर्ने बालिकाहरूले घरका ढोकाहरूमा पानी सिञ्चन गरेर गोबरले पोत्ने काम गरिरहेका थिए । त्यस बेला पार्वती पनि घरभित्रबाट बाहिर आउनुभयो। बाहिर आएर अत्यन्त उत्तम वस्त्रहरूद्वारा तयार गरिएको बिस्तरामा आफ्ना प्यारा पुत्र गणेशलाई सुताउनुभयो । पार्वती आफ्ना केही परिचारिकाहरूलाई बालकको सुरक्षार्थ त्यहाँ खटाएर आफू आफ्ना पति शिवजीको सेवा गर्न जानुभयो।।४०–४१।। सबै मानिसहरूलाई कार्यव्यस्त र पार्वतीलाई शिवसेवामा तत्पर जानेर कमठासुरले आँगनमा व्याप्त गराएको आफ्नो पिठ्यूँमा कम्पन गरायो । त्यहाँका मानिसहरूले भूकम्प गएजस्तो माने र के अरिष्ट हुने हो भन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

इत्यब्रुवन् स्थितास्तत्र गणाश्चकितमानसाः ।
निद्रिताः प्रतिबुद्धास्ते किं जातमिति चाब्रुवन् ।।४३।।

तदैव तेन बालेन सर्वज्ञेन विवर्तता ।
उदरं तस्य पृष्ठे तु न्यधायि धर्षता भृशम् ।।४४।।

चतुर्दशभुवनजं भारं निदधताऽत्र च ।
निरुद्धश्वासवायुः सोऽङ्गानि स्वानि व्यचालयत्।।४५।।

अस्रवद् रक्तमतुलमस्य देहात् तथाविधात् ।
उड्डानं कर्तुमारेभे नाशकत् कमठस्ततः ।।४६।।

ततो गणा ययुः सर्वे ये तत्रासन् सुखोषिताः ।
किमरिष्टं समुत्पन्नं मुहुर्भूश्चलते नु किम् ।।४७।।

सख्यश्च बालिकाः सर्वाः पार्वतीं सेवितुं ययुः।
उत्तिष्ठ मातर्बालस्ते नीतः स्याद् वा मृतोऽपि वा ।।४८।।

त्वरया पार्वती याता धावमाना बहिः सुतम् ।
ददर्श निश्चलं गौरी सोत्थापयितुमुद्यता ।।४९।।

भूगोलभारसदृशं मत्वा तस्थौ विमानसा ।
ततो ममर्द सहसा बालस्तं स ममार च ।।५०।।

ततः सा ददृशे दैत्यं दशयोजनमायतम् ।
प्रसारितमुखं कूर्मं वमन्तं रुधिरं बहु ।।५१।।

चूर्णयामास सहसाऽऽश्रमान् नानाविधान् द्रुमान् ।
ततः सा बालमादाय स्तनपानं ददौ मुदा ।।५२।।

न ज्ञायतेऽसुराणां हि नानामायां प्रकुर्वताम् ।
त्रिलोचनप्रसादेन पुनर्लब्धः सुतो मया ।।५३।।

थाले । केही मानिसहरू चकित भएर हेर्न थाले । भूमिकम्प भएका कारण निदाइरहेका केही मानिसहरू पनि उठे । तिनले के भयो भन्न थाले ।।४२-४३।। त्यस बेला सर्वज्ञ भगवान् श्रीगणेशले बालकका रूपमा आफ्नो शरीरलाई कोल्टे पार्नुभयो र घस्रिंदै-घस्रिंदै गएर आफ्ना पेटले आँगनमा फैलिएको कमठासुरको पिठ्यूँलाई अठ्याउँनुभयो । चौध भुवनको भारलाई आफ्नो शरीरमा धारण गर्नुहुने भगवान् श्रीगणेशले अठ्याउँदा त्यसको प्राणवायु रोकियो र छट्पटिएर त्यसले आफ्ना अङ्ग चलाउन थाल्यो ।।४४-४५।। त्यसको शरीरबाट रगतका धारा बग्न थाले । त्यस बेला आफ्नो ज्यान जोगाउन त्यो उड्न खोज्यो तर उड्न सकेन । त्यसै बेला शिवजीका गणहरू त्यहाँ आइपुगे र भन्न थाले- के अरिष्ट हुनथाल्यो ? किन बारबार भूकम्प गइरहेको छ ? ।।४६-४७।। शिवगणका कुरा सुनेपछि पार्वतीका परिचारिका र सखीहरू पार्वतीसमक्ष गई भन्न थाले - हे जगदम्बा ! उठ्नुहोस्। तपाइँको बालकलाई कसैले आँगनमा पुऱ्याएको छ । ती बालक ज्यूँदै छन् कि मरिसके त्यो पनि हामीले थाहा पाएका छैनौं ।।४८।। सँगिनीका यी कुरा सुनेर पार्वती दौडिंदै आफ्नो छोरा भएको ठाउँमा पुग्नुभयो । श्रीगणेशलाई निश्चल अवस्थामा देखेर भुइँबाट माथि उठाउन थाल्नुभयो, तर सम्पूर्ण पृथिवीको भारभन्दा पनि गह्रौ आफ्ना छोराको शरीरको भार जानेर खिन्न भई उभिनुभयो। त्यस बेला बालक श्रीगणेशले कमठासुरको शरीरलाई निमोठेर मारिदिनुभयो ।।४९-५०।। कमठासुरको मृत्युपछि पार्वतीले दश योजनसम्म फैलिएको त्यसको लाश देख्नुभयो । लाशको मुखबाट रगतको धारा बगिरहेको थियो। त्यो भुइँमा खस्दा त्यसले अनेक आश्रम र वृक्षहरूलाई ध्वस्त बनाएको थियो । पार्वतीले ती सबै कुरा थाहा पाएर आफ्ना बालकका दिव्य चरित्रको संस्मरण गर्दै काखमा लिई हर्षपूर्वक स्तनपान गराउनुभयो ।।५१-५२।। त्यसपछि भन्नुभयो - असुरहरूको माया विचित्रको छ । ती अनेक रूप लिएर वञ्चना गर्न आउँछन्। मेरो सानो बालकमाथि अनेक प्रयोग गर्छन् तर भगवान् शङ्करको कृपाले आज पनि मैले मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतः कृतान्ताद् बलवान् निहतः कमठासुरः ।
सख्यश्च तद्गणाः प्रापुः पप्रच्छुः क्षेममर्भके ।।५४।।

क्षेममित्येव तान् गौरी निजगाद मुदान्विता ।
ततो गणाः खण्डशस्तं कृत्वा दूरतरं जहुः ।।५५।।

ववृषुः पुष्पवर्षाणि तस्मिन् देवगणास्तदा ।
य इदं परमाख्यानं शृणुयाच्छ्रावयेत् तथा ।।५६।।
सर्वारिष्टविनिर्मुक्तः सर्वान् कामानवाप्नुयात् ।।५७।।

छोरालाई स्वस्थ र सुन्दररूपमा नै प्राप्त गरें ।।५३।। यमराजभन्दा पनि बलवान् मेरो छोराले कमठा-सुरको हत्या गरेको छ । त्यस बेला शिवगण र सँगिनीहरू पनि त्यहाँ आइपुगे । तिनले बालकको कुशलक्षेम सोधे । पार्वतीले पनि आनन्दपूर्वक बालक सञ्चै छ र चिन्ता गर्नुपर्दैन भन्नुभयो। शिवगणले कमठासुर दैत्यको शरीरलाई टुक्रा-टुक्रा बनाएर टाढा लगेर फ्याँकिदिए ।।५४-५५।। त्यस बेला देवताहरूले आकाशबाट बालकमाथि फूलको वर्षा गरे । जसले यो उत्तम कथा सुन्दछ अथवा सुनाउँछ त्यो सबै प्रकारका अरिष्टहरूबाट मुक्त भई सम्पूर्ण चिताएका फल प्राप्त गर्न समर्थ हुन्छ।।५६-५७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे शतमाहिषा-कमठासुरवधो नाम सप्ताशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा शतमाहिषा र कमठासुरको संहार' शीर्षकान्वित सतासीऔं अध्याय पूर्ण भयो ।।८७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टाशीतितमोऽध्यायः

{ ८८ अध्याय }

व्यास उवाच

अद्भुतानि चरित्राणि श्रुतानि त्वन्मुखाम्बुजात् ।
ब्रह्मन्नघौघहारीणि गुणेशेन कृतानि वै ।।१।।

तथापि श्रोतुमिच्छा नो नापैति सर्ववित्तम !
अतो बालस्य चरितं पुनर्मे ब्रूहि सादरम् ।।२।।

ब्रह्मोवाच

शृणुष्वावहितो ब्रह्मन् ! गुणेशस्य कथां पुनः।
श्रुतिरस्य च पापानां संहर्त्री धर्ममोक्षदा ।।३।।

अष्टमे मासि मध्याह्ने ग्रीष्मर्तौ गिरिजा किल।
ऊष्मणा पीडिता गेहे सा ययौ पुष्पवाटिकाम् ।।४।।

अशोकाश्चन्दना यत्र पनसाश्च बिभीतकाः ।
मालतीचम्पका जातीचिञ्चिणीपिचुमन्दकाः ।।५।।

पारिजातकवृक्षाश्च घनच्छायासमन्विताः ।
रम्यशीतजलञ्चारु सरः कमलमण्डितम् ।।६।।

तत्र मञ्चकवर्ये सा सख्यानीते शुभास्तरे ।
सुष्वाप गिरिजा बालयुक्ता निःशङ्कचेतसा ।।७।।

सखीभ्यां वीजिता बालव्यजनेनाश्ममुष्टिना ।
सुषुप्तिमगमद् यावत् तावद् दैत्यो महाबलः ।।८।।

तल्पासुर इति ख्यातो वायुरूपोऽविशत् ततः।
मञ्चकान्तर्गतः सोऽथ तेन साकं ययौ दिवम् ।।९।।

तस्य शब्देन संत्रस्ते ते सख्यौ पतिते भुवि।
आक्रन्दं परमञ्चक्रे पर्यङ्कस्था तदा शिवा ।।१०।।

व्योमस्था पर्यदेवत् सा धाव धावेति शङ्कर !
किं मया विकृतं देव किमर्थं मामुपेक्षसे ।।११।।

व्यासले भन्नुभयो- हे ब्रह्माजी! मैले हजुरको मुखारविन्दबाट भगवान् गणेशका पापनाशक र अद्‌भुत चरित्रहरू सुनें। ती सबै चरित्रहरूको श्रवण गर्दा पनि भगवान् गणेशको विषयमा जान्ने इच्छा लागिरहन्छ। त्यस कारण बालगणेशका अरू चरित्रको विषयमा मलाई आदरपूर्वक बताउनुहोस् ।।१-२।।

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! श्रवण गर्दा रमणीय लाग्ने, पापहरूको संहार गर्ने र धर्म एवं मोक्ष प्रदान गर्ने भगवान् गुणेशको कथा सावधान भएर सुन्नुहोस् ।।३।। भगवान् गणेश आठ महिना लाग्नुभएपछि ग्रीष्मऋतुको कुनै दिनको मध्याह्नमा पार्वतीलाई असाध्य गर्मी लाग्यो । त्यसबाट पीडित भएकी पार्वती आफ्नो पीडा शान्त गर्न उद्यानमा जानुभयो ।।४।। त्यस उद्यानमा अशोक, चन्दन, कटहर, आँप, बर्रो, मालती, चाँप, जाती, इमली, नीम र पारिजातका छायादार वृक्षहरू थिए । ती वृक्षहरू नजिकै कमलद्वारा शोभायमान शीतल जल भएको सुन्दर सरोवर थियो ।।५-६।। त्यसको किनारामा आफ्ना सँगिनीहरू र सेविकाहरूद्वारा ल्याइएको पलङ्गमा राम्रा वस्त्र बिछ्याएर आफ्ना बालकलाई काखमा राखी मन निर्भय गराएर पार्वतीले सुकला गर्नुभयो ।।७।। दुइटी सखीहरूले ढुंगाको बीड भएको चामर हम्केर उहाँको सेवा गरिरहेका थिए । पार्वती आनन्दले निदाउनुभयो । त्यस बेला तल्पासुरनामक विख्यात महाबली दैत्य हावाको रूप लिएर त्यहाँ आइपुग्यो । पलङभित्र पसेर त्यसले पलङ र त्यसमा सुतेका बालक गणेशलाई उडाएर आकाशमा पुऱ्यायो।।८-९।। त्यसको शब्दले डराएका पार्वतीका दुई सखीहरू भुइँमा लडे। तिनीहरूको क्रन्दनबाट जागेकी र पलङमा सुतिरहेकी पार्वती पनि ठूलो स्वरले रुन लाग्नुभयो ।।१०।। आकाशमा उडिरहेकी पार्वतीले हे शङ्कर ! दौडेर आई हाम्रो रक्षा गर्नुहोस् भनी पुकार गर्नुभयो- मैले के पाप गरें र यस्तो भोग्नुपर्‍यो ? हजुरले मेरो किन उपेक्षा गर्नुहुन्छ ? यो दैत्य भयङ्कर बलवान् छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयं दैत्योऽतिबलवान् व्योमाक्रम्य प्रधावति ।
परहस्तगतां कान्तां शक्तः कथमुपेक्षसे ।।१२।।

अस्य पुत्रस्य योगेन नानादुःखमभून्मम ।
अस्माद् दैत्यान्मृतिर्मे किं सपुत्राया विनिर्मिता ।।१३।।

अयमेव न जातश्चेत्कथं बन्धनमाप्नुयाम् ।

क उवाच

एवमाक्रन्दनं श्रुत्वा चोमाबालो महामनाः ।।१४।।

तदा मुहुर्जगर्जासौ घनवद् गर्जयन् दिशः ।
चकम्पे धरणी तेन ससमुद्रवनाकरा ।।१५।।

तामदृष्ट्वा तु शोचत्सु गणेषु प्रमथादिषु ।
पादाघातेन बालोऽथ मञ्चकं समताडयत् ।।१६।।

बिभ्युर्भूतानि सहसा शतधेवाभवन्नभः ।
मञ्चकः खण्डशस्तेन भूत्वा निपतितो भुवि ।।१७।।

ततस्तल्पासुरो दृश्यो जातो बालो दधार तम् ।
हस्तेनैकेन जननीं दधारासौ स्वलीलया ।।१८।।

घनमुक्तं तोयबिन्दुञ्चञ्चैव चातकः क्षणात् ।
स्कन्धारूढां तु तां कृत्वा शिखां वामेन तस्य च ।।१९।।

ततस्तत्याज भूदेशे तं बालः सहसा बलात् ।
पद्मासनं दैत्यदेहे कृत्वा योगीव तस्थिवान् ।।२०।।

स भूमौ पतितो दूरान्मर्दितो बलवत्तरम् ।
प्राणाँस्तत्याज दैत्योऽथ वमन्नास्यादसृङ् मुहुः ।।२१।।

स तु दृष्टो जनैर्दैत्य एकविंशतियोजनः ।
चूर्णयन् वृक्षपाषाणानाश्रमान् शरणान्यपि ।।२२।।

यसले हामी आमा-छोरामाथि आक्रमण गरी हामी दुबैलाई आकाशमा उडाइरहेको छ । हजुर शक्तिशाली भएर पनि अरूको हातमा परेकी आफ्नी प्रियाको किन उपेक्षा गर्नुहुन्छ?।।११-१२।। यो बालक जन्मेको दिनदेखि मैले पटक-पटक अनेक थरि कष्ट भोग्नु परिरहेको छ। के यस दैत्यको हातबाट पुत्रका साथमा मेरो पनि मृत्यु लेखिएको छ ? ।।१३।। यदि यो छोरा नजन्मेको भए म किन बन्धनमा पर्थें ?

ब्रह्माजीले भन्नुभयो - माता पार्वतीको यस्तो विलाप सुनेर उच्च आशय भएका बालक श्रीगणेशले बादलले गर्जेर सम्पूर्ण दिशाहरू थर्काएझैं ठूलो गर्जन गर्नुभयो । गणेशको गर्जनबाट समुद्र, वन, पर्वत र खानीसहित पृथिवी काँप्न थालिन् ।।१४-१५।। पार्वतीलाई नदेखेर प्रमथ आदि गणहरू चिन्तामग्न भइरहेको बेला बालक श्रीगणेशले पार्वती शयन गर्ने मञ्चमा चरणद्वारा प्रहार गर्नुभयो ।।१६।। गणेशले पलङ्मा प्रहार गर्दा उत्पन्न भएको भयङ्कर शब्दबाट प्राणीहरू डराए । आकाश सय टुक्रा भएजस्तो भयो । पलङ पनि टुक्राटुक्रा भएर भुइँमा छरियो ।।१७।। त्यस बेला आफूलाई लुकाउन सिपालु, हावाको रूप धारण गर्ने तल्पासुर मूर्तिमान् भएर देखियो। त्यसलाई भगवान् गणेशले आफ्नो एउटा हातले समाउनुभयो । अर्को हातले रक्षा गर्ने हिसाबले आफ्नी आमा पार्वतीलाई सजिलै धारण गर्नुभयो ।।१८।। जसरी स्वाती नक्षत्रका दिन काकाकुल चराले बादलद्वारा बर्साइएका पानीका थोपालाई छानेर ग्रहण गर्दछ त्यसरी नै गणेशले पनि निकै सावधानीसँग पार्वतीलाई आफ्नो काँधमा राखेर बायाँ हातले तल्पासुरको चुल्ठो समाती त्यसलाई बलपूर्वक भुइँमा पछार्नुभयो । पछारिएको दैत्यमाथि भगवान् श्रीगणेश योगीझैं पद्मासन कसेर बस्नुभयो।।१९-२०।। भगवान् गणेशद्वारा पछारिएको त्यो दानव भुइँमा लड्नासाथ निष्प्राण बनेको थियो र त्यसका मुखबाट रगतका धारा लागिरहेका थिए ।।२१।। त्यस दैत्यलाई मानिसहरूले चौरासी कोश भू-भागमा फैलिएको देखे । गणेशको प्रहारबाट भुइँमा पछारिंदा त्यसले रूख, ढुंगा, आश्रम र पर्णशालाहरूलाई धूलोपीठो बनाएको थियो ।।२२।। यसरी विशाल दैत्यलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो दृष्टो बालकोऽसौ गणैः सखिजनैरपि।
ऊचुस्ते गौरि ! बालोऽयं रमते कुशली बली ।।२३।।

सा तु भ्रान्त्यैव नाजानाद्गगनं धरणीं शिशुम् ।
मुनयस्तामथोचुस्ते सावधानमना सति ।।२४।।

भव दैत्यो हतस्तेन धृत्वा रूपं महत्तरम् ।
उन्मील्य नयने पश्य पुनर्बालं शिवं शुभम् ।।२५।।

क उवाच

तद्वाक्यात् प्रतिबुद्धा साऽपश्यद् दैत्यञ्च बालकम् ।

गौर्युवाच

विपरीतं मया दृष्टं मूढो बालेन वा कथम् ।।२६।।

हतोऽनेन महादैत्य एकविंशतियोजनः ।
मातृणामृणमुत्तीर्णो बालो मे जीवितप्रदः ।।२७।।

इत्युक्त्वा बालमादाय कारयामास शान्तिकम् ।
दत्त्वा दानानि च ददौ स्तनपानं शिशोरपि ।।२८।।

दृष्टवा ते कौतुकं तस्य प्रशशंसुर्मुदान्विताः ।
एतस्मिन्नन्तरे घोरश्चक्रे शब्दं महासुरः ।।२९।।

दुन्दुभेः सदृशं सोऽपि ख्यातो दुन्दुभिनामतः ।
यस्य पाणितलाघाताद्धरा चूर्णत्वमागता ।।३०।।

आच्छादितो दिनमणिर्देहेन गगनस्पृशा ।
गणबालस्वरूपेण गौरी बालं जुहाव सा ।।३१।।

भुइँमा लडाएपछि शिवगण र गणेशका साथीहरूले श्रीगणेशको दर्शन गरे । ती सबैले पार्वतीलाई सम्बोधन गर्दै भने – 'हे भगवती गौरी ! हजुरको छोरा स्वस्थ हुनुहुन्छ, पराक्रममा केही कमी आएको छैन । त्यत्रो विशाल दैत्यसँग लड्दा पनि उहाँ आत्तिनु भएको छैन र आनन्दित हुनुहुन्छ' ।।२३।। विशालकाय दैत्यद्वारा आक्रान्त हुन पुगेकी पार्वतीले तिनीहरूले त्यति कुरा भन्दा पनि भ्रान्ति र भयका कारण आकाश, धर्ती र बालकको विषयमा केही जान्न सक्नुभएन । पार्वतीलाई परिस्थितिवश भ्रान्तिमा परेको जानेर ऋषिहरूले भने – 'हे सती पार्वती ! तपाइँ सावधान र शान्त हुनुहोस् । राम्रो घटना भएको छ । तपाइँका पुत्रले विशाल रूप धारण गरेर तल्पासुर दैत्यको वध गर्नुभएको छ । तपाइँले नआत्तिईकन आँखा खोलेर सुन्दर, मङ्गलमय र कल्याणकारी आफ्ना पुत्रलाई हेर्नुहोस् ।'

ब्रह्माजीले भन्नुभयो – ऋषिहरूको वाक्य सुनेर होशमा आई भ्रान्तिमुक्त बनेकी पार्वतीले दैत्यको लाश र बालकको अनुहार हेर्नुभयो ।

पार्वतीले भन्नुभयो – 'मैले हताश भएर अनुकूल दृश्यलाई पनि प्रतिकूल देखेंछु ।।२४-२६।। अहिले मलाई अचम्म लागेको छ । हावाको रूप लिएर लुक्न सक्ने कपटी र चौरासी कोश चौडा शरीर धारण गर्ने दानवलाई मेरो बालक पुत्रले कसरी मार्न सक्यो ? वास्तवमा यस बालकले मातृऋण तिरेको छ र मलाई नयाँ जीवन प्रदान गरेको छ ।।२७।। यसरी कुरा गरेर पार्वतीले बालकलाई काखमा लिनुभयो र ब्राह्मणहरू बोलाएर स्वस्तिशान्ति गराउनुभयो । ती ब्राह्मणहरूलाई यथाशक्ति दान दिएर बालकलाई स्तनपान गराउनुभयो ।।२८।। ऋषिहरूले पनि गणेशको आश्चर्यदायक लीला देखी हर्षित भएर पार्वतीका सामु आई बालक गणेशको धेरै प्रशंसा गरे । त्यसपछि दुन्दुभिनामक दमाहाको आकार भएको महादैत्यले भगवान् गणेशलाई भयभीत गराउन घोर शब्द गऱ्यो । दुन्दुभिको हातको प्रहारबाट पृथिवी पनि चूर्णचूर्ण भएको थियो । आकाशलाई पनि ढाक्ने त्यसको विशाल शरीरबाट सूर्य पनि छेकिए । त्यस बेला दुन्दुभि दैत्यले बालकगणका बीचमा बालककै रूप लिएर पार्वतीपुत्र गणेशलाई भन्यो –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत एहि रमावोऽद्य सोऽपि यातस्तदैव तम् ।।
स्वाङ्कं कृत्वा तु तं बालं हालाहलफलं ददौ ।।३२।।

अद्धयद्धीति फलं बालं शीघ्रमित्यब्रवीच्च सः ।
दूरदेशात् समानीतं जन्ममृत्युजरापहम् ।।३३।।

स तु जानन् दुष्टभावं फलं तज्जगृहे ततः ।
अभक्षयदयाचत् स फलान्तरमभीः पुनः ।।३४।।

क उवाच

अमृतं विषतां याति विषं तत्तां शिवेच्छया ।
धृत्वा वक्षःस्थलं तस्य तत्क्षणादुदतिष्ठत ।।३५।।

तज्जानुनोर्न्यस्य पादौ कराभ्यां जगृहे शिखाम् ।
पराभ्यां श्मश्रुणी गृह्य दोलयामास लीलया ।।३६।।

ननर्त जानुभागेऽस्य भूमण्डलभरान्वितः ।
स पीडित उवाचाऽथ जानुभागादवातर ।।३७।।

तव भारेण नृत्येन मम देहोऽतिपीडितः ।
मुञ्च मुञ्च गमिष्यामि स्वालयं गिरिजासुत ।।३८।।

क उवाच

एवं सम्प्रार्थितस्तेन न मोचयति बालकः।
उदतिष्ठद् बलाद् दैत्यो भग्नदेहस्तु पूर्वतः ।।३९।।

बलाच्चकर्ष बालोऽपि मूर्धानमस्य तत्क्षणात् ।
कण्ठनालात् तच्छिरोऽपि बालहस्तगतं बभौ ।।४०।।

रुधिराक्ता मही सर्वा तत्क्षणं समपद्यत ।
शिरः कमलहस्तोऽसौ खेलते गिरिजासुतः ।।४१।।

'हे बाबु ! छिटो मेरासामु आऊ । तिमी र म क्रीडा गरी आनन्दी बनौं ।' त्यसको भनाइ सुनेर श्रीगणेश पनि छिट्टै त्यहाँ जानुभयो । दुन्दुभि दैत्यले गणेशलाई आफ्नो समीपमा आएको देखी समातेर काखमा राख्यो र उहाँलाई लौ खाऊ भनी एउटा विषफल दियो ।।२९-३२।। फेरि त्यसले भन्यो- 'बाबु यो मीठो फल छिटो खाऊ। यो फल मैले टाढाबाट ल्याएको हुँ । यसलाई खाँदा जन्म, मृत्यु र वृद्धावस्थाका दोषहरू समाप्त हुन्छन् । बालक गणेशले दुन्दुभि दैत्यको दुष्ट भावनालाई बुझेर पनि तत्कालै त्यो फल हातमा लिनुभयो । त्यसपछि नडराईकन त्यो फल खाएर अर्को फल पनि मलाई देऊ भन्नुभयो ।।३३-३४।।

ब्रह्माजीले भन्नुभयो - भगवान् शिवजीको इच्छाले अमृत विषको रूपमा परिणत हुन्छ र विष पनि अमृतको रूपमा परिणत हुन्छ । त्यस बेला गणेशले त्यसको छातीमा समाउनुभयो र त्यसलाई भुइँमा लडाएर उभिनुभयो ।।३५।। उहाँले त्यसका घुँडामा खुट्टाले टेकी आफ्ना दुइटा हातले त्यसको चुल्ठो समाउनुभयो । अरू दुइटा हातले त्यसको दाह्री-जुँगा समातेर कोक्रो हल्लाएझैं हल्लाउनुभयो ।।३६।। दुन्दुभि दैत्यको घुँडामा टेकिरहेका श्रीगणेशको बोझ पृथिवीमण्डलको बोझभन्दा पनि गह्रौ थियो। त्यो बोझ सहन नसकेर आत्तिएको दैत्यले हात जोडेर भन्यो - 'हे बालक ! मलाई असह्य पीडा भयो । तिमी घुँडाबाट झर । तिम्रो भार र नृत्यले गर्दा मेरो शरीर पीडित र कम्पायमान भएको छ । हे पार्वतीपुत्र ! मलाई छोडिदेऊ, म केही नगरी आफ्नो घरतर्फ फर्किनेछु' ।।३७-३८।।

ब्रह्माजीले भन्नुभयो - दुन्दुभि दैत्यद्वारा प्रार्थना गरिएका भगवान् श्रीगणेशले त्यसलाई छाड्नुभएन । त्यो दैत्य बलपूर्वक उठ्यो तर त्यसको शरीरको अगाडिको भाग अशक्त भएको थियो ।।३९।। त्यस बेला बालक गणेशले त्यसको टाउको बलपूर्वक तान्नुभयो । टाउको तान्दा घाँटीबाट त्यसको शिर टुक्रियो र बालकको हातमा टाउको आइपुग्यो ।।४०।। तत्काल पृथिवीले रक्तस्नान गरिन् । कमलको आकारको दुन्दुभिदैत्यको टाउको खेलाउँदै पार्वतीपुत्र श्रीगणेश रमाउनुभयो ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोणितेन विलिप्ताङ्गो गणा मात्रे न्यवेदयन् ।
सा गत्वा पश्यति स्माऽथ पुत्रं दृष्ट्वा तथाविधम् ।।४२।।

तच्छिरो दूरतः क्षिप्त्वा वस्त्रेण च ममार्ज तम् ।
स्नापयित्वा स्वयं स्नात्वा ददौ स्तन्यं तदा मुदा ।।४३।।

ततः सख्यो गणाश्चापुः पप्रच्छुः क्षेममर्भकम् ।
सोवाच परमं क्षेम बालके शिवभक्तितः ।।४४।।

मरीचिरक्षणाच्चापि कुशलं मम बालके ।
ततस्ते तं निरासुर्वै दूरतो दुष्टदानवम् ।।४५।।

ततो हर्षयुता जग्मुर्गणाः सख्यो निजं गृहम् ।
पार्वती हर्षसंयुक्ता सबाला प्राविशद् गृहम् ।।४६।।

रगतको धारा बगिरहेको टाउको खेलाउँदा गणेशको शरीर पनि रक्ताम्य भयो। यो देखेर शिवगणले पार्वतीलाई गई निवेदन गरे । पार्वती पनि श्रीगणेश भएको ठाउँमा जानुभयो र पुत्रका विचित्र बाललीलाको दर्शन गर्नुभयो ।।४२।। उहाँले बालकका हातमा रहेको दानवको शिरलाई टाढा फ्याँकिदिएर कपडाले बालकको शरीर पुछ्नुभयो । त्यसपछि श्रीगणेशलाई तलाउमा लिएर गई नुहाइदिनुभयो र आफूले पनि नुहाउनुभयो ।।४३।। त्यसपछि श्रीगणेशलाई दूध पियाउनु भएको बेला पार्वतीका सामु शिवगण र सखीगण आई भन्न लागे – 'हे पार्वती ! बालकको अवस्था त राम्रै छ ? केही त भएको छैन?' पार्वतीले पनि शिवजीमा भक्तिभावका कारण बालकलाई आराम छ, केही भएको छैन ।।४४।। मरीचि ऋषिको रक्षा प्राप्त भएका कारण पनि मेरो बालकको शरीरमा आराम छ' भन्नुभयो । यो संवादपछि प्रसन्न भएका गणहरूले दैत्यको लाशलाई टाढा लगेर फ्याँकिदिए ।।४५।। त्यसपछि प्रसन्न भएका सबै शिवगण र पार्वतीका सँगिनीहरू पनि आ-आफ्ना घरतर्फ लागे । बालकको सुरक्षा भएका कारण अत्यन्त रमाउनु भएकी पार्वती पनि बालकलाई लिएर आफ्नो घरभित्र प्रवेश गर्नुभयो ।।४६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे मञ्चक-दुन्दुभिवधो नामाष्टाशीतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा मञ्चक र दुन्दुभिको वध' शीर्षकान्वित अठासीऔं अध्याय पूर्ण भयो ।।८८।।

ॐ

प्र.नं. २३६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोननवतितमोऽध्यायः { ८९ अध्याय }

क उवाच

ततस्तु दशमे मासे त्रिमुहूर्तागते रवौ ।
किञ्चिच्च रिङ्गमाणोऽसौ रमते च शिवासुतः ।।१।।

पादाभ्याञ्चालयन् क्वापि गूढं गूढञ्च भाषते ।
लुण्ठते नर्तते चापि रोदनं कुरुते च ताम् ।।२।।

दृष्ट्वा शिवाञ्च सहसा पृष्ठलग्नो व्रजत्यपि।
दृष्ट्वा तथाविधं बालं जहृषे पार्वती तदा ।।३।।

एतस्मिन्नन्तरे दृष्टो दैत्य आजगराभिधः ।
वमन्नग्निकणान् दृष्ट्या वज्रसारतनुर्दृढः ।।४।।

ललज्जिह्वो दीर्घदेहो ग्रसन्निव महागिरिम् ।
उपविष्टो द्रुमतले द्वे जिह्वे लालयन्मुहुः ।।५।।

तं बालो बालभावेन रिङ्गित्वा विदधार ह ।
स निनाय च तं शीघ्रमास्यान्तः सह तेन च ।।६।।

अन्तःप्रविष्टे ओष्ठौ स न्यमीलयत वायुभुक् ।
नापश्यदङ्गणे बालं गौरी विह्वलमानसा ।।७।।

अत्र क्रीडन् स्थितो बालः केन नीतो हतो नु वा ।
शुशोच परमार्तासौ तताड मस्तकं निजम् ।।८।।

तावद् गणैर्निषिद्धा सा मा मातर्विमना भव।
बालप्रभावो विज्ञातः शतशो बलवत्तरः ।।९।।

बालस्तदुदरगतो ववृधे च निरुध्य च ।
श्वासं तस्य तु दैत्यस्य पुच्छान्तं सोऽप्यचालयत् ।।१०।।

प्राणवायुस्तु नेत्राभ्यां रुधिरेण विनिर्ययौ ।
विदार्य देहमस्यासौ बहिर्यातोऽम्बिकासुतः ।।११।।

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशले दसौं महिनामा प्रवेश गर्नु भएपछि एक दिन सूर्योदय हुँदा तेस्रो मुहूर्तमा पार्वतीपुत्र श्रीगणेश आँगनमा रिंगेर खेलिरहनु भएको थियो ।।१।। आफ्ना दुई पाउद्वारा जमिनमा टेक्दै मन्दमन्द केही बोलिरहनुभएको थियो । कहिले भुइँमा लडिबुडी खेल्नुहुन्थ्यो, कहिले उभिएर नाच्नुहुन्थ्यो र कहिले बसेर रुनुहुन्थ्यो । आमालाई देखेपछि दौडेर आमाका पछिपछि पनि भाग्नुहुन्थ्यो। आफ्ना बालक पुत्रका यी विचित्र लीला देखेर पार्वती अत्यन्त प्रसन्न हुनुभयो ।।२-३।। त्यसै बेला वज्रजस्तो कठोर शरीर भएको बलशाली आजगरनामक दैत्यलाई आँखाबाट अग्निका ज्वाला निकाल्दै आएको सबैले देखे । विशाल शरीर भएको त्यो दैत्य एकै गासमा ठूला पर्वतलाई पनि निल्ने छाँटले जिब्रो निकालेर लपलपाइरहेको थियो । केही बेरपछि त्यो आफ्ना दुइटा जिब्रा बाहिर निकाल्दै एउटा विशाल रूखको फेदमा बस्यो ।।४-५।। बालक गणेशले घुम्दै गई त्यसलाई समाउनुभयो । त्यसले श्रीगणेशलाई आफ्नो मुखभित्र निल्यो। श्रीगणेश त्यसका मुखभित्र पस्नुभएपछि त्यसले आफ्ना दुबै ओठ बन्द गऱ्यो । त्यस बेला आँगनमा खेलिरहेको आफ्नो बालकलाई नदेखेर पार्वती व्याकुल हुनुभयो ।।६-७।। उहाँले भन्नुभयो - 'भर्खरै यहाँ खेलिरहेको मेरो बालकलाई कसले अपहरण गऱ्यो अथवा कसले मारिदियो ?' पार्वतीले यसरी चिन्ता गर्नुभयो र आर्त भएर आफ्ना हातले निधारमा प्रहार गर्न थाल्नुभयो ।।८।। त्यस बेला शिवगणहरू आएर पार्वतीलाई त्यसो नगर्न अनुरोध गर्दै भने- 'आमा पार्वती ! हजुरले बालकको प्रभाव जान्नु भएकै छ । त्यो दैत्यभन्दा बालक सयौं गुणा बलवान् हुनुहुन्छ, हजुरले पीर नगर्नुहोस्' ।।९।। आजगर दैत्यको पेटभित्र प्रवेश गर्नुभएका भगवान् गणेश त्यहाँ बढ्न थाल्नुभयो । उहाँको शरीर बढ्दै गएपछि त्यस दैत्यको श्वास रोकिन थाल्यो । त्यसबाट आत्तिएर दैत्यले पुच्छर कपाउन थाल्यो ।।१०।। त्यसका आँखाहरूबाट रगतका साथ प्राणवायु पनि निस्केर गयो । अजगर दैत्य मरेपछि त्यसको शरीरलाई च्यातेर पार्वतीनन्दन श्रीगणेश बाहिर आउनुभयो ।।११।। दैत्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिक्रीड रुधिरार्द्राङ्गः किं न पुष्पितकिंशुकः ।
ततो गणास्तं निरीक्ष्य लिहन्तं स्वाङ्गुलिं शिशुम् ।।१२।।

उच्चैरूचुर्गिरिसुतामयं बालो विनिर्गतः ।
अस्यास्यान्मारयित्वा तं दैत्यमाजगरं खलम् ।।१३।।

क उवाच

तद्वधानन्तरं बालमादाय सत्वरं शिवा ।
स्नापयामास सहसा लालयित्वा स्तनं ददौ ।।१४।।

क्व गतोऽसि क्षणो बाल ! त्वां विनाब्दत्वमागतः ।
ततो ददर्शाजगरं विस्तीर्णं शतयोजनम् ।।१५।।

भयानकमुखं दुष्टं वमन्तं रुधिरं बहु ।
पतितं वृक्षजालानि पातयित्वा गृहाणि च ।।१६।।

गौर्युवाच

अस्मिन् स्थले कियन्तो नु भवेयुर्दैत्यराक्षसाः ।
कियन्तो निधनं प्राप्ता अस्य बालस्य विक्रमात् ।।१७।।

ततस्तं चिक्षिपुः सर्वे गणा दूरे महासुरम् ।
ततस्त्वेकादशे मासे द्वारदेशे शिवा ययौ ।।१८।।

पश्यन्ती सखीभिर्बालकौतुकानि बहून्यपि ।
कस्यचिद् वदनं बालश्चुम्बते चुम्बयत्यपि ।।१९।।

आच्छादते चक्षुषी च कस्यचित् पृष्ठगः स्वयम् ।
पिबते मातुरन्यस्याः स्तन्यं गत्वा बलादसौ ।।२०।।

मुखमाच्छाद्य वस्त्रेण बिभीषयति चापरान् ।
मुखं केशान्नासिकाञ्च कर्षते भूषणान्यपि ।।२१।।

वदते स्खलितां वाणीं परान् दृष्ट्वा स्वकानपि।
एतस्मिन्नन्तरे दुष्टो दानवः शलभासुरः ।।२२।।

ब्रह्मादीनामगम्योऽसौ पर्वतस्कन्धमण्डलः ।
व्योमस्फोटिमहामूर्धा नीलवर्णो यथा घनः ।।२३।।

रगतबाट रक्ताम्य हुनुभएका र राता फूलले भरिभराउ पलाशको वृक्षजस्तै देखिनुहुने श्रीगणेश आनन्दपूर्वक खेल्न लाग्नुभयो। त्यसपछि शिवगण त्यहाँ आए । तिनले आफ्ना औंला चाटिरहेका भगवान् श्रीगणेशलाई देखेर भने– 'हे पार्वती ! हजुर नआत्तिनुहोस्। बालक गणेश आजगर दैत्यलाई मारी त्यसको पेटबाट बाहिर आउनुभएको छ ।।१२–१३।।

ब्रह्माजीले भन्नुभयो – आजगर दैत्यको वधपछि पार्वतीले छिट्टै गएर बालकलाई काखमा लिनुभयो, नुहाइदिनुभयो र स्तनपान गराउनुभयो । स्तनपान गराउँदा पार्वतीले भन्नुभयो – 'हे बाबु ! तिमी कहाँ गएका थियौ ? तिमी नहुँदा एक छिन पनि मेरा लागि एक वर्षसमान भयो ।' त्यसै बेला पार्वतीले सय योजन फैलिएको आजगर दैत्यको लाश देख्नुभयो । त्यसको मुख भयङ्कर थियो । त्यसले रगत बान्ता गरिरहेको थियो । श्रीगणेशको प्रहारबाट भुइँमा ढल्दा त्यसले अनेक रूख र घरहरूलाई पनि ध्वस्त बनाएको थियो ।।१४–१६।।

पार्वतीले भन्नुभयो – 'यहाँ कति राक्षस र दैत्य होलान्? आक्रमण गर्न आएका कैयौं दैत्य र राक्षस मेरा बालकको पराक्रमबाट मरिसके' ।।१७।। त्यसपछि शिवगणले आएर महादैत्यको लाशलाई टाढा लगेर फ्याँकिदिए । गणेश एघार महिनामा लाग्नुभएपछि एक दिन पार्वती आफ्नो घरको ढोकामा उभिनुभएको थियो । उहाँ सँगिनीहरूका साथ रही बालकका अनेक विचित्र चरित्र हेरिरहनु भएको थियो । बालक गणेशले कुनै बालकको गालामा चुम्बन गरिरहेका थिए र कसैबाट आफ्नो गालामा चुम्बन गराइरहेका थिए ।।१८–१९।। फेरि कुनै बालकको पछाडिपट्टि गएर आफ्ना हातले त्यसका दुईवटै आँखा छोपिरहेका देखिन्थे । कुनै साथीकी आमासामु गई बलपूर्वक तिनका स्तन चुसिरहेका देखिन्थे ।।२०।। तिनले खेल्दै गएर अरू साथीहरूका मुख कपडाले ढाकेर तर्साउने गर्थे । कुनै साथीको मुख, केश, नाक र गहनाहरू बलपूर्वक तान्ने गर्दथे ।।२१। कुनै ठाउँमा गई आफ्ना साथी र अरूलाई पनि देखेर तोते बोलीले सबैको मन प्रसन्न गराउँथे । यसरी बाललीला चलिरहेकै बेला ब्रह्मा आदि देवताहरूले मार्न नसकिने पर्वतझैं विशाल काँध भएको, आकाशलाई छुने अग्लो र ठूलो टाउको भएको, बादलझैं श्यामवर्णको, बाह्रमासे फूलझैं राता आँखा भएको, आफ्ना सिङले बादललाई स्पर्श

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जपाकुसुमनयनो मेघस्पृक्शृङ्गमण्डलः।
बालान्तिकमुपायातो ग्रसन्निव जगत्त्रयम् ।।२४।।

तं धर्तुं बालको याति यत्र यत्र स गच्छति ।
एवन्तौ सुचिरं कालं भ्रमतः स्म महाजवौ ।।२५।।

ततः श्रान्तोऽभवद् बालो रुषाऽधावत् तदन्तिकम् ।
दधार सहसा दैत्यं शलभं बलवत्तरम् ।।२६।।

स पक्षौ स्फालयामास श्येनो हस्तगतो यथा।
बाधते चरणाघातैस्तं बालं शलभासुरः।।२७।।

प्रसार्य नयने क्रूरे पश्यती स्म तदा शिशुम् ।
मुमुचे तं तदा बालो दधार च पुनःपुनः ।।२८।।

दर्शयामास जननीं धरापृष्ठे व्यपोथयत् ।
शिवोवाच दयाविष्टा तं बालं क्रूरमानसम् ।।२९।।

जीवघातो न कर्तव्यो मुञ्चैनं प्राणिनं शिशो !
बलात् पुनः शिलापृष्ठे हठाच्चिक्षेप बालकः ।।३०।।

स तदा शतधा जातो निपपात च भूतले ।
गर्जयन् गगनं वृक्षान् पातयन् गृहतोरणान् ।।३१।।

वमन् रक्तं बहु मुखाद् दशयोजनविस्तृतः।
चूर्णयन्नाश्रमान् वृक्षाँस्ततो माता निनाय तम् ।।३२।।

बालं संस्थापयामास प्रादात् स्तन्यञ्च भोजनम् ।
सख्यो निरीक्ष्य तं बालं मृतं दैत्यन्तथाविधम् ।।३३।।

साधु साध्विति ताः प्रोचुस्ताञ्च पर्वतकन्यकाम् ।
गृहं विवेश गिरिजा ताश्च सख्यो मुदान्विताः ।।३४।।

चिक्षिपुर्दूरतो दैत्यं तदाज्ञावशगा गणाः ।
मुमुचुः पुष्पवर्षाणि बालं देवगणास्तदा ।।३५।।

गर्ने शलभासुर-नामक दानव तीनै लोकलाई एकै गासमा खान खोजेझैं गरी श्रीगणेशका समीपमा आइपुग्यो ।।२२-२४।। बालक श्रीगणेश त्यो दानव जता जान्थ्यो त्यतै त्यसलाई समाउन अग्रसर हुनुभयो। यस क्रमले दुबै महाबली वीरहरू एकले अर्कालाई समाउने हिसाबले धेरैकालसम्म यताउति घुमिरहे । थाकेका बालक गणेशले त्यसलाई समाउनुभयो । हातमा समातिएको बाज चरोझैं त्यसले आफ्ना दुई प्वाँख फड्फडायो र खुट्टाले प्रहार गरेर गणेशलाई कष्ट दियो ।।२५-२७।। त्यसले डरलाग्दा आँखा फैलाएर क्रोधले बालक गणेशलाई हेऱ्यो । बालकले पनि एक छिन त्यसलाई आफ्नो हातबाट मुक्त गरी फेरि समाउनुभयो ।।२८।। सङ्घर्षपूर्ण युद्ध हुँदै जाँदा बालक गणेशले आफ्नी आमा पार्वतीलाई देखाउँदै त्यस शलभासुरलाई भुइँमा पछार्नुभयो । आफ्ना बालकलाई अत्यन्त क्रुद्ध र क्रूर भएको देखेर दयालु पार्वतीले भन्नुभयो – 'बाबु गणेश ! प्राणीको हत्या गर्नु हुँदैन । यस शलभासुरलाई छाडिदेऊ ।' आमाले भनेको कुरा सुनेर बालक गणेशले बलपूर्वक र हठपूर्वक त्यसलाई फेरि ढुंगामा पछार्नुभयो ।।२९-३०।। पछारिएको त्यो दैत्य सय टुक्रा भएर आकाशलाई शब्दायमान गराउँदै रूख र घरका तोरणहरूलाई ढलाउँदै भुइँमा लड्यो ।।३१।। मुखबाट रगत बान्ता गर्दै चालीस कोश फैलिएको शलभासुरको शरीर ढल्दा आश्रम र वृक्षहरू चूर्णचूर्ण भएका थिए ।।३२।। त्यसपछि माता पार्वतीले बालकलाई समातेर लैजानुभयो। उहाँले प्रेमपूर्वक दूध पियाएपछि भोजन गराउनुभयो । पार्वतीका सँगिनीहरूले अद्भुत पराक्रम भएका बालक गणेश र शलभासुरको लाशलाई देखेर राम्रो राम्रो भन्दै पार्वतीलाई धन्यवाद दिए। पार्वती आफ्नो घरमा प्रवेश गर्नुभयो र सखीहरू पनि प्रसन्न भए ।।३३-३४।। पार्वतीको आज्ञा पालन गर्ने शिवगणहरूले दैत्यको लाशलाई टाढा लगेर फ्याँकिदिए । आकाशबाट बालक श्रीगणेशमाथि देवताहरूले पुष्पवर्षा गरे ।।३५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे आजगरासुरशलभासुरवधो नामैकोननवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'आजगरासुर र शलभासुरको वध' शीर्षकान्वित उनान्नब्बेऔं अध्याय पूर्ण भयो ।।८९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवतितमोऽध्यायः { ९० अध्याय }

क उवाच

ततो द्वादशमासे तु गिरिजा सुतमद्भुतम् ।
उपविष्टाऽऽलीभिः सार्धमङ्के कृत्वा स्वलङ्कृतम् ।।१।।

कोटिसूर्यनिभं कोटिभूषणैश्च विराजितम् ।
ततस्तस्या महानासीदुत्सवो नृत्यदर्शने ।।२।।

बालकानां हरस्याऽथ ज्ञात्वा वाञ्छां शिशुस्तदा ।
थेयीथेयीति शब्देन ननर्त गिरिजासुतः ।।३।।

श्रुत्वा तदीयं तं शब्दं हरो नर्तितुमागतः ।
शिवं नृत्यन्तमालोक्य ननर्त श्रीवरोऽपि च ।।४।।

तत इन्द्रादयो देवास्तत्र नर्तितुमागताः ।
स यथा नर्तते बालस्तेऽपि नृत्यन्ति तादृशम् ।।५।।

दर्शयन्ति तथा भावं स यथा दर्शत्यपि ।
मनुष्याः पशवो वृक्षा यक्षराक्षसपन्नगाः ।।६।।

मुनयो मानवो भूपा भुवनानि चतुर्दश ।
एकविंशतिस्वर्गस्थाः सचेतनमचेतनम् ।।७।।

बालप्रभावान्ननृते बालच्छन्देन भूतलम् ।
मुनिपत्न्यो देवपत्न्यो ननृतुर्गिरिकन्यया ।।८।।

नूपुराणां सिञ्जितेन क्षुद्रघण्टारवेण च ।
पादाघातस्य शब्देन दिशो विदिश एव च ।।९।।

गगनं पर्वता आसन् नादयुक्तास्तदा मुने ।
चकम्पे धरणी शेषो रविश्चन्द्रश्च तारकाः ।।१०।।

ब्रह्माजीले भन्नुभयो – बालक श्रीगणेशले बाह्रौं महिनामा टेक्नुभएपछि सँगिनीहरूसहित रहनुभएकी पार्वती आफ्ना विचित्र पराक्रमी छोरालाई काखमा लिएर बस्नुभयो ।।१।। त्यस बेला बालक श्रीगणेश आफ्नो लीलाका कारण करोडौं सूर्यसमान ज्योतिले चम्किनुभएको थियो र अत्यन्त उत्तम अलङ्कारद्वारा शोभायमान हुनुहुन्थ्यो । पार्वती, भगवान् शङ्कर र श्रीगणेशका साथीहरूलाई सुन्दर बालक श्रीगणेशको नृत्य हेर्ने अत्यन्त उत्कण्ठा भयो । सबैको उत्कण्ठा बुझेर बालक श्रीगणेश ती सबैका सामु गई थै-थै गर्दै नाच्न थाल्नुभयो ।।२-३।। श्रीगणेशका मुखबाट निस्केको थै-थै शब्दले अत्यन्त हर्षित हुनुभएका भगवान् शङ्कर पनि नाच्न थाल्नुभयो । शिवजीलाई पनि नाचिरहनु भएको देखेर भगवान् विष्णु पनि नाच्न थाल्नुभयो। विष्णुलाई नाच्नुभएको देखेर इन्द्र आदि देवताहरू पनि त्यहाँ नृत्यकला देखाउन आइपुगे। बालक श्रीगणेश जुन शैलीबाट नाचिरहनुभएको थियो ती सबै देवताहरू पनि त्यही शैली अँगालेर नाचिरहेका थिए ।।४-५।। भगवान् श्रीगणेशजस्ता भावभङ्गी देखाउनुहुन्थ्यो त्यस्तै भावभङ्गी ती सबै देवताहरू पनि देखाइरहेका थिए । त्यस बेला मानिस, पशु, वृक्ष, यक्ष, राक्षस, सर्प, मुनिगण, मनुगण, राजगण, चौध भुवन र एक्काइस स्वर्गमा रहेका स्वर्गीय प्राणीहरू, स्थावर, जङ्गम सबै बालक श्रीगणेशको नृत्यकला अँगाली नाच्न थाले र पृथिवीतलको वातावरण नृत्यमय बन्यो। त्यस बेला भगवती पार्वती पनि नाच्न थाल्नुहुँदा मुनिपत्नी र देवपत्नीहरू पनि उमङ्गका साथ उहाँसँग नृत्य गर्न आइपुगे ।।६-८।। त्यहाँ नूपुरहरू बज्न थाले, घुँघुरुहरू निनादित भए र नृत्यमा सबैका चरणहरूको सञ्चालन हुँदा निस्केको महाशब्दले दिशा, विदिशा, आकाश एवं पर्वत सबै निनादित भए ।।९।। पृथिवी काँप्न थालिन्, शेषनाग पनि कम्पायमान भए, त्यतिमात्र होइन, सूर्य चन्द्रमा र ताराहरू पनि नृत्य गर्न लागे । संसारमा नृत्यबाहेक केही रहेन। नृत्य धेरै भयो भन्ने जानेर पार्वतीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो नृत्यस्यातिशयं ज्ञात्वा गौरी न्यषेधयत् ।
न चक्रे बालको वाक्यं यदा गौरीसमीरितम् ।।११।।

नूपुराख्यो महादैत्यो महाकृष्णतनुर्दृढः ।
पातालचरणो व्योमसंस्पर्शिदृढमस्तकः ।।१२।।

नूपुरान्तर्गतो दुष्टः सूक्ष्मरूपः शिशोरसौ ।
स बालस्तं बबन्धाशु मायया बलवत्तरम् ।।१३।।

शृङ्खलाभिश्चतुर्दन्तं यथा मदच्युतं गजम् ।
अङ्के जग्राह तं बालं पुनरेवाद्रिकन्यका ।।१४।।

तद्भारेण पिपीडाऽथ भूभारेण समेन सा ।
उवाच वचसा गौरी कथं गुरुतरो भवान् ।।१५।।

इदानीमेव जातोऽसि तस्मादुत्तर मेऽङ्कतः ।
मम प्राणा गमिष्यन्ति तव भारेण बालक ।।१६।।

क उवाच

श्रुत्वा मातुर्वचो बालः पीडिताया भृशं तदा ।
उत्ततार बलादङ्काद् दधावङ्घ्रियुगं शिशुः ।।१७।।

ततो निसृत्य दैत्योऽसौ व्योम्नि बभ्राम पक्षिवत् ।
तमसाऽव्यापि भूः सर्वा तेन सञ्छादिते रवौ ।।१८।।

सोऽकस्मान्निपपातोर्व्यां शतधा चाभवत् खलः ।
ततस्ते मुनयो देवाः परमानन्दनिर्वृताः ।।१९।।

तुष्टुवुर्बालरूपं तं परमात्मानमव्ययम् ।

देवर्षय ऊचुः

न जानीमो वयं देव ! रूपाणि तव यन्महः ।।२०।।

आफ्ना बालपुत्र श्रीगणेशलाई ननाच भनी अनुरोध गर्नुभयो। तर श्रीगणेशले आफ्नी आमा गौरीले भनेको आज्ञा पालन गर्नुभएन र नृत्य चलिरह्यो ।।१०-११।। त्यस बेला कालो शरीर भएको, अत्यन्त बलवान्, आफ्ना खुट्टाले पातालसम्म टेक्ने र आफ्ना मस्तकले आकाशको स्पर्श गर्ने नूपुरनामक दैत्य सूक्ष्मरूप धारण गरी श्रीगणेशको नूपुरभित्र लुक्न आइपुग्यो । भगवान् श्रीगणेशले आफ्ना नूपुरमा नूपुरदैत्यको प्रवेश भएको जानेर आफ्नो मायाको प्रयोग गरी त्यस बलवान् दैत्यलाई जञ्जीरले बाँध्नुभयो । जसरी कुनै वीरले गालाबाट मदका धारा बगाउने चार दाँते हात्तीलाई बाँधिदिन्छन् त्यसैगरी भगवान् श्रीगणेशले त्यसलाई आफ्नो शक्तिबाट बन्धनमा पार्नुभएको थियो । त्यस बेला पार्वतीले आफ्ना पुत्र श्रीगणेशलाई काखमा लिनुभयो । श्रीगणेशको पृथिवीभन्दा पनि गह्रौं शरीरको भारले पार्वतीलाई असह्य पीडा भयो । पार्वतीले आफ्ना बालकलाई भन्नुभयो - 'हे बाबु ! मैले जन्माएका तिमी आज कसरी धर्तीभन्दा पनि गह्रौं भयौ ? कसरी तिम्रो शरीरमा भारीपन आयो ? म तिम्रो भार सहन सक्दिनँ । तिमी मेरो काखबाट उठ । तिमी नउठेमा हे बालक ! तिम्रो भारले मेरा प्राण जानेछन्' ।।१२-१६।।

ब्रह्माजीले भन्नुभयो - अत्यन्त पीडित भएकी आफ्नी आमाका कुरा सुनेर बालक श्रीगणेश आमाको काखबाट ओर्लनुभयो। त्यसपछि उहाँले दैत्यका दुबै खुट्टामा समाउनुभयो। त्यसै बेला बन्धनमा परेको त्यो दैत्य बन्धनमुक्त भएर पक्षीझैं आकाशमा उड्न थाल्यो । त्यसको अन्धकारमय विशाल शरीरबाट पृथिवी ढाकिइन् र सूर्य पनि ढाकिए । पृथिवीमा अन्धकार छाएपछि भगवान् श्रीगणेशले त्यस दैत्यलाई समातेर धर्तीमा पछार्नुभयो र त्यो दुष्ट सय टुक्रा भएर भुइँमा फैलियो । यो घटनापछि देवता र ऋषिहरू परम आनन्दमा मग्न भए ।।१७-१९।। ती सबैले बालकरूपमा आउनुभएका अव्यय परमात्मा श्रीगणेशको स्तुति गर्दै भने ।

देवता र ऋषिहरूले भने - 'हे परब्रह्मरूप श्रीगणेश! हजुरका रूपहरूको विषयमा हामी जान्दैनौं ? हजुरको तेजोमय आत्मतत्त्वबाट पनि हामी अपरिचित छौं । दानव र दैत्यहरूको नाश गर्ने हजुरका अनेक लीला र मायाको विषयमा पनि हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लीलामायाश्च विविधा दैत्यदानवनाशिकाः ।
चरणात् त्याजितो दैत्यो रविमण्डललोपकः ।।२१।।

भ्रमित्वा व्योमनि भृशं पतितः शतधाऽभवत् ।
संहृत्य जीवसङ्घातान् वृक्षानाश्रमपर्वतान् ।।२२।।

तव नृत्यं ततो वीक्ष्य सर्वे नृत्यं प्रचक्रिरे ।

क उवाच

ततस्ते पुपूजुः सर्वे तं बालं विश्वरूपिणम् ।
नृत्योत्सवे निवृत्ते तु गौतमादीन् विसृज्य सा ।।२३।।

पार्वती बालमादाय लालयित्वा स्तनं ददौ ।
स्त्रियः सर्वा विसृज्याथ विवेश निजमन्दिरम् ।।२४।।

ततः पुनः कदाचित् स मुनिबालैः समन्वितः ।
गृहाद् बहिः क्रीडनार्थं ययौ चिक्रीड लीलया ।।२५।।

मल्लयुद्धञ्च ते चक्रुर्द्वन्द्वशोऽनेकधा बहु ।
पातयामासुरागृह्य शिखायान्ते परस्परम् ।।२६।।

जघ्नुः शिरः शिरोभिश्च जानुभिर्जानुनी तथा ।
कूर्परं कूर्परेणैव चरणं चरणेन च ।।२७।।

रुरुहुः पृष्ठभागं ते स्कन्धभागं परस्परम् ।
लत्ताप्रहारान्निर्जघ्नुरुदरे मस्तकेऽपि च ।।२८।।

केचिच्च पुपूजुर्बालं गन्धपुष्पाक्षतादिभिः ।
केचिन्नीत्वाश्रमपदं भोजयामासुरन्धसा ।।२९।।

नमश्चक्रुः पदयुगं केचिन्मालां ददुः शुभाम् ।
अविपुत्रस्वरूपेण दैत्यः सिन्धुप्रणोदितः ।।३०।।

अनभिज्ञ छौं । हजुरले सूर्यमण्डललाई आफ्नो तेजबाट ढाकिदिने दैत्यलाई पनि खुट्टाको प्रहारबाट भुइँमा लडाउनुभयो । त्यो दैत्य चक्कर काट्दै आकाशबाट भुइँमा खस्यो र हामीहरूले हेर्दाहेर्दै त्यसको शरीर सय टुक्रा भएर फैलियो । त्यसको शरीर खस्दा अनेक प्राणी, वृक्ष, आश्रम, पर्वत पनि ध्वस्त भए ।।२०-२२।। हजुरको नृत्य देखेर देवता आदि सम्पूर्ण भूमण्डलका प्राणी र जलचर नृत्यमा निमग्न भएका थिए । हजुरको महिमा अवर्णनीय छ ।'

ब्रह्माजीले भन्नुभयो- स्तुति गरेपछि ती देवता र ऋषिहरूले विश्वात्मा, विराट् रूपधारी भगवान् बालगणेशको पूजा गरे । नृत्यको उत्सव सकियो । पार्वतीले त्यहाँ आएर आनन्दपूर्वक श्रीगणेशको नृत्यमा सहभागी भएका गौतम आदि ऋषिहरूको बिदाइ गर्नुभयो । त्यसपछि आफ्ना बालक श्रीगणेशलाई काखमा राखी माया गर्दै स्तन चुसाउनुभयो । बालकले स्तनपान गरेपछि आफ्ना सँगिनीहरूलाई बिदाबादी गरी पार्वतीले आफ्नो घरमा प्रवेश गर्नुभयो ।।२३-२४।। कुनै दिन पार्वतीका पुत्र श्रीगणेश आफ्ना बालक मित्रहरूलाई लिएर आफ्नो घरदेखि बाहिर गई आनन्दपूर्वक बालक्रीडा गर्न लाग्नुभयो । उहाँ र उहाँका साथीहरू मैदानमा गई अनेक प्रकारबाट मल्लयुद्ध गर्न लागे । एकले अर्कालाई चुल्ठोमा समातेर भुइँमा लडाउने, फेरि उठ्ने र फेरि लडाउने यो शैलीबाट बालक्रीडा सम्पन्न भयो ।।२५-२६।। बालकहरू आपसमा शिरले शिरमा, घुँडाले घुँडा, कुहिनाले कुहिना र पाउले पाउमा प्रहार गर्दै मल्लयुद्ध गरिरहेका थिए । कुनै बालक आफ्नो साथीको पिठ्यूँमा सवार हुन्थ्यो भने कुनै बालक अर्का बालकको काँधमा सवार हुन्थ्यो । कुनै बालक आफ्नो साथीलाई लात्तीले प्रहार गरिरहेको देखिन्थ्यो । यसरी श्रीगणेशका साथीहरूले एक-आपसमा युद्ध गर्दा पेट र निधारमा पनि परस्पर प्रहार गरिरहेका थिए । केही बालकहरूले श्रीगणेशलाई आश्रममा लिएर गई चन्दन, पुष्प, अक्षता आदि चढाएर पूजा गरे । केही बालकहरूले आफ्नो घर लगेर उहाँलाई मीठा मीठा पदार्थ टक्र्याई भोजन गराए ।।२७-२९।। केही बालकहरूले आफ्नो घरमा लगेर श्रीगणेशका पाउमा प्रणाम गरे । कुनै बालकले श्रीगणेशलाई आफ्नो घरमा लगी अति उत्तम माला लगाइदिए। त्यसै बेला सिन्दूर दैत्यद्वारा पठाइएको एउटा दैत्य भेंडाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यं दृष्ट्वा भयमभ्येति दण्डपाणिर्भयानकः ।
स्वबलेन जघानारींस्तीक्ष्णधारनखो बली ।।३१।।

बिरुदं बाहुदेशे स जित्वा सर्वान् बबन्ध ह ।
विशालाक्षो बृहच्छृङ्गो महागोत्रविदारणः ।।३२।।

पुच्छाघातेन जीवानां यश्चक्रे नाशनं खलः ।
उन्मूलयामास द्रुमान् शृङ्गाघातेन पर्वतान् ।।३३।।

पृष्ठलग्नो मनुष्याणां बलान्मारयते बली ।
स ययौ पार्वतीबालं हन्तुकामो महासुरः ।।३४।।

पृष्ठतो धावयित्वा स यावन्मारयते तु तम् ।
दधार शृङ्गयोर्बालो हस्ताभ्यां तावदेव हि ।।३५।।

रुरोह च स तत्पृष्ठे हयपृष्ठे यथाऽर्भकः ।
ततो मुनिसुताः केचित् पुच्छं धृत्वा व्यकर्षयन् ।।३६।।

केचिद् दण्डैश्च लगुडैर्निजघ्नुर्दैत्यपुङ्गवम् ।
सोऽवमत्य तु ताञ्जघ्ने पुच्छान्तेन स सत्वरम् ।।३७।।

निपेतुस्ते तदा भूमौ पुच्छाघातेन पीडिताः ।
दृष्ट्वा तस्य बलं बालोऽवतरच्च दधार तम् ।।३८।।

आस्फालयत् तदा पृष्ठे भ्रामयित्वा चिरन्तु तम् ।
सहस्त्रधा विशीर्णाङ्गो ममार सहसाऽसुरः ।।३९।।

अन्त्यशब्देन तस्याथ बिभाय भुवनत्रयम् ।
वमन् रक्तं बहु मुखात् प्रसार्य विकृतं मुखम् ।।४०।।

ततो बाला मुनीनां तेऽकथयन्नचलोद्भवाम् ।
अनेन निधनं नीतो ह्यविजेयो महासुरैः ।।४१।।

निहन्तुं नः समायातः क्रीडता बलशालिना ।

रूप लिएर त्यहाँ आयो । त्यो दैत्य भयङ्कर थियो र त्यो यमराजका निमित्त पनि भयदायक थियो । नङको तीखो टुप्पालाई शस्त्रको रूपमा प्रयोग गर्ने त्यस दैत्यले आफ्नो पराक्रमबाट अनेक शत्रुहरूको वध गरेको थियो ।।३०-३१।। त्यसले विरुदनामक राजालाई युद्धमा जितेर सैनिकसहित कारागारमा थुनेको थियो। त्यसका आँखा ठूला थिए र सिङ लामा एवं तीखा थिए । त्यसले आफ्ना तीखा सिङबाट प्रहार गरेर पर्वतलाई पनि भुइँमा लडाउँथ्यो ।।३२।। त्यसले आफ्नो पुच्छरद्वारा प्रहार गरेर हजारौं जीवहरूको नाश गरेको थियो र आफ्ना तीखा सिङको प्रहारबाट वृक्ष र पर्वतहरूलाई जरैबाट उन्मूलन गरेको थियो ।।३३।। त्यसले आफ्नो जीवनमा बाटामा हिंड्ने मानिसहरूको पिछा गरी तिनको हत्या गरेको थियो । त्यो दानव पार्वतीनन्दन श्रीगणेशको वध गर्ने इच्छाले उहाँका पछि-पछि दौडन थाल्यो । आफ्नो पिछा गर्ने त्यस दानवका दुबै सिङ समाएर बालक श्रीगणेश त्यसको पिठ्यूँमा सवार हुनुभयो । घोडाको पिठ्यूँमा सवार हुँदा कुनै बालकको जुन शोभा हुन्छ, त्यही शोभा दैत्यको पिठ्यूँमा सवार हुनुभएका श्रीगणेशको थियो । त्यसपछि केही मुनिबालकहरूले त्यस दानवलाई पुच्छरमा समातेर तान्न थाले ।।३४-३६।। केही मुनिपुत्रहरू दैत्यमाथि लौरो प्रहार गर्न लागे । त्यस दैत्यले ती बालकहरूमध्ये कसैलाई पनि नगनेर आफ्ना पुच्छरले हिर्काउन थाल्यो । दैत्यको पुच्छरबाट प्रहार गरिएका ती मुनिबालकहरू भुइँमा लडे । भैंडाको रूपमा आएको त्यस दैत्यको बल विचार गरेर भगवान् श्रीगणेश आइपुग्नुभयो र त्यसलाई समाउनुभयो। उहाँले त्यसलाई धेरै बेरसम्म उचाली रिंगाएर जोडसँग भुइँमा पछार्नुभयो । भगवान्द्वारा पछारिंदा त्यस दैत्यको शरीरका हजारौं टुक्रा भए र त्यसले प्राणत्याग गऱ्यो ।।३७-३९।। त्यसले प्राणत्याग गर्ने बेलामा उच्चारण गरेको डरलाग्दो शब्दले तीनै लोक काँपेका थिए । त्यो भुइँमा लड्दा त्यसको मुखबाट रगतका धारा बगेका थिए । त्यसपछि मुनिका बालकहरूले पार्वतीसँग भगवान् श्रीगणेशले भैंडाको रूपमा आएका दैत्यको वध गर्नुभएको घटना सुनाउँदै भने- 'हे पार्वती ! कसैले पनि जित्न नसकिने महादैत्यलाई बालक श्रीगणेशले मारिदिए । त्यो दैत्य हामीमाथि आइलागेको थियो तर यिनको पराक्रमका सामु त्यसको केही लागेन, आखिर पछारिएर मऱ्यो ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

अम्बा निरीक्ष्य निहतं महादैत्यं सुतञ्च तम् ।।४२।।

आश्चर्यं परमं कृत्वा निनाय निजमन्दिरम् ।
दध्योदनं भ्रामयित्वा बालोपरि जलेन ह ।।४३।।

तत्याज दूरतो गेहात् स्तनपानं ततो ददौ ।
तानि खण्डानि दैत्यस्य तत्यजुर्दूरतो गणाः ।।४४।।

मुनयो मुनिपत्न्यश्च मुनिबालाः स्त्रियोऽपि च ।
प्रशंशसुः सुतं गौर्या देवाः पुष्पाणि तत्यजुः ।।४५।।

आशिषोऽपि ददुर्विप्रा नृत्यन्ते स्माप्सरोगणाः ।।४६।।

ब्रह्माजीले भन्नुभयो – मुनि बालकहरूको मुखबाट श्रीगणेशद्वारा भएको पराक्रमपूर्ण घटनाको विषयमा सुनेपछि पार्वतीले मरेको दैत्य र दैत्यहन्ता आफ्ना पुत्रको दर्शन गर्नुभयो ।।४०-४२।। आफ्ना पुत्रको पराक्रमबाट आश्चर्यचकित भएकी पार्वतीले पुत्रलाई समातेर घरभित्र लैजानुभयो । त्यहाँ गएर उहाँले बालकमाथि जलका साथै दही र चामल घुमाएर टाढा फ्याँकिदिनुभयो। त्यसपछि बालकलाई काखमा राखी स्तन चुसाउनुभयो । शिवगणले दैत्यका शरीरका टुक्राहरूलाई टाढा लगेर फ्याँकिदिए ।।४३-४४।। मुनि, मुनिपत्नी, मुनिबालक र अन्य नर-नारीहरू गौरीका पुत्रको पराक्रम देखेर प्रसन्न भई प्रशंसा गर्न थाले । देवताहरूले आकाशबाट पुष्पवर्षा गरे, ब्राह्मणहरूले आशीर्वाद प्रदान गरे र आनन्दमग्न अप्सराहरू नृत्य गर्न थाले ।।४५-४६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे नूपुरासुर-मेषासुरवधो नाम नवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'नूपुरासुर र मेषासुरको वध' शीर्षकान्वित नब्बेऔँ अध्याय पूर्ण भयो ।।९०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकनवतितमोऽध्यायः { ९१ अध्याय }

क उवाच

ततो द्वितीये वर्षे स बालो बालैरसङ्ख्यकैः ।
चिक्रीड वाटिकामध्ये नानाद्रुमलताकुले ।।१।।

फलानि भक्षयामास खर्जूरीपनसानि च ।
ददौ तेभ्योऽतिबलात् स पातयित्वा बहून्यपि ।।२।।

कूटो नाम महादैत्यः कूटमायाकरः खलः ।
तत्तृषाकालमाज्ञाय वापिकायां विषाणि सः ।।३।।

लोडयामास दुर्बुद्धिः सर्वेषां हि जिघांसया ।
तेषां तु स्पर्शमात्रेण म्रियन्ते प्राणिनः क्षणात् ।।४।।

यदुत्थवायुना स्पृष्टा निपतन्ति खगा भुवि ।
ततः कूटो गतस्तत्र तस्थौ नाशदिदृक्षया ।।५।।

ततस्ते बालकाः पातुमज्ञानात् तु जलं ययुः ।
पपुः सर्वे स्वचुलुकैरञ्जलीभिश्च केचन ।।६।।

मृतान् मत्स्यान् समादाय बहिर्याता मृतास्तदा ।
रक्षको ग्राममध्ये तु घोषयामास तन्मृतिम् ।।७।।

ततो महारवं कृत्वा तत्रेयुः सर्वनागराः ।
घ्नन्तः पाणितलैर्वक्षः पाषाणैरपरे शिरः ।।८।।

हाहाकारो महानासीत् पुंवधूयोषितामपि ।
तेषामाक्रन्दनं श्रुत्वा शिवाया अपि बालकः ।।९।।

ब्रह्माजीले भन्नुभयो – पार्वतीपुत्र गणेशले दोस्रो वर्षमा प्रवेश गर्नुभएपछि एक दिन अनेक थरि वृक्ष र लहराले सुहाएको बगैंचामा गएर आफ्ना अनेक बालसखाहरूका साथ क्रीडा गर्नुभयो ।।१।। उहाँले त्यहाँ खजूर र कटहरका फल टिपेर खानुभयो । खजूर, कटहर आदि फलवृक्षहरूमा चढेर शक्तिपूर्वक हल्लाई अनेक फल भुइँमा झारेर आफ्ना साथीहरूलाई पनि खुवाउनुभयो ।।२।। त्यस बेला स्वभावले अत्यन्त दुष्ट, माया एवं इन्द्रजाल फैलाउन सिपालु र दुर्बुद्धि कूटनामक महादैत्यले साथीहरूसमेत श्रीगणेशलाई मार्ने इच्छाले 'गणेश र तिनका साथी फल खाएपछि तिर्खाउनेछन् र यहाँ पानी खान आउनेछन्' भनी नजिकै रहेको कुवामा विष राखेर पानी हुडल्ने काम गऱ्यो । जुन विषलाई छोएर फैलिने हावाको सम्पर्कले आकाशमा उडिरहेका चरा पनि भुइँमा खस्दछन् त्यस्तो विष त्यहाँ प्रयोग गरिएको थियो । यसरी विषको प्रयोग गरेपछि बालकहरूको विनाश आफ्नै आँखाले हेर्ने इच्छाले त्यो महादैत्य त्यहीं लुकेर रहेको थियो।।३-५।। जलाशयमा विषप्रयोग भएको कुरा थाहा नपाएका बालकहरू जलपान गर्न त्यहाँ आए । तिनीहरू सबैले हत्केलामा राखेर पानी खाए । कसैले अञ्जुलीमा भरेर पेटभरि पानी खाए ।।६।। तिनले त्यहाँ विषाक्त पानी खाएर मरेका माछाहरू देखे र आनन्दित भई माछा हातमा लिई बाहिर आउनासाथ विष लागेर एकै छिनमा ती सबै मरे । त्यस क्षेत्रको रक्षा गर्न खटिएको मानिसले गाउँमा गएर कुवामा पानी खाएका बालकहरू मरेको कुरा सुनायो । सबै बालकहरू मरेको थाहा पाएर नर-नारीहरू कोलाहल गर्दै त्यहाँ आइपुगे। आफ्ना बालकहरूलाई मरेको देखेर कसैले हातले छाती पिटिरहेका थिए भने कसैले ढुङ्गाले शिरमा प्रहार गरिरहेका थिए । त्यहाँ पुरुष र नारीहरूको शोकपूर्ण हाहाकार थियो । ती सबैको विलाप र क्रन्दन सुनेर पार्वतीका पुत्र गणेशले आफ्नो दृष्टिपातबाट मरेका ती सबै बालकहरूलाई जीवित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अजीवयद् दृष्टिपातैः सर्वांस्तान् पुरबालकान् ।
क्रूरदृष्ट्या कूटदैत्यं मृतं भूमौ न्यपातयत् ।।१०।।

पञ्चयोजनविस्तीर्णां चूर्णितां तेन वाटिकाम् ।
ददृशुर्नागराः सर्वे कतिचिच्च पलायिताः ।।११।।

सोऽजीवयज्जलचरान्निर्विषां वापिकां व्यधात् ।
स्वं स्वं बालं समादाय सर्वे ते स्वालयं ययुः ।।१२।।

प्रशशंसुः शिवाबालं निनिन्दुर्नास्तिकाः खलाः ।
अस्य सङ्गादरिष्टानि नश्यन्तीति परेऽब्रुवन् ।।१३।।

ततस्तृतीयवर्षे तु प्रातःकालेऽद्रिजासुतः ।
वञ्चयित्वा बहिर्यातो मुनिबालास्तमन्वयुः ।।१४।।

अहोरात्रवियोगेन परस्परमथाश्लिषन् ।
त ऊचुर्निशि देव ! त्वां स्वप्ने पश्यामः सर्वदा ।।१५।।

रात्रिर्युगसमा देव ! जायते त्वामपश्यताम् ।
इदानीं त्वां निरीक्ष्यैव प्रसन्नाः स्मोऽखिला वयम् ।।१६।।

क्रीडामोऽद्य महासत्त्वं द्वन्द्वीभूय यथासुखम् ।
ततोऽर्ध एकतो भूत्वा परेऽर्धे परतोऽपि च ।।१७।।

अभ्यघ्नन् पङ्कगोलेन नादयन्तोऽथ रोदसी ।
आह्लादेनाऽथ युध्यन्तो विकर्षन्तः परस्परम् ।।१८।।

रमन्तस्ते ययुर्दूरमाश्रमं कस्यचिन्मुनेः ।
सरोवरे तत्र रेमुर्योजनायतविस्तरे ।।१९।।

तुल्याउनुभयो । रीसका कारण भयङ्कर देखिने आफ्ना आँखाले हेरी कूटनामक दैत्यको प्राण खिचेर त्यसलाई भुइँमा ढलाउनुभयो ।।७-१०।। त्यसले भुइँमा पछारिंदा पनि आफ्नो शरीरबाट बीस कोशको भूभागलाई ढाकेको थियो। जहाँ ती बालकहरू फल खान गएका थिए त्यो बगैंचा पनि त्यसको शरीरका अङ्ग-प्रत्यङ्ग फैलिनाले ध्वस्त भएको सबैले देखे । विशाल दैत्यको लाश देखेर मानिसहरू डरले भाग्न थाले। भगवान् श्रीगणेशले विषप्रयोगबाट मरेका कुवाका माछालगायत जलचर प्राणीहरूलाई जीवित र जलाशयलाई विषहीन तुल्याउनुभयो । नगरवासी नर-नारीहरू आफ्ना जीवित बालक-बालिकालाई लिएर घरतर्फ लागे । तिनीहरूले पार्वतीका पुत्र गणेशको अद्‌भुत पराक्रमको प्रशंसा गरे । तर नास्तिक र दुष्टहरूले भने श्रीगणेशको निन्दा पनि गरे । केही मानिसहरू 'श्रीगणेशको सङ्गत पाउँदा मानिसका सबै अरिष्ट र सङ्कट नष्ट हुन्छन्' भन्ने चर्चा गरिरहेका थिए ।।११-१३।। भगवान् श्रीगणेश तेस्रो वर्षमा प्रवेश गर्नुभएपछि एकदिन एकाबिहानै कसैलाई केही नभनी घरदेखि बाहिर जानुभयो । उहाँलाई बाहिर जान लागेको देखेर मुनिका बालकहरू पछि लागे । एक रातको वियोगले मात्र आत्तिएका ती मुनिबालकहरूले भगवान् गणेशलाई आलिङ्गन गरे । भगवान्ले पनि तिनीहरूलाई आलिङ्गन गर्नुभयो । मुनि बालकहरूले भने – 'हे प्रभु ! हामी त हजुरलाई सधैं सपनामा देख्ने गर्छौं ।।१४-१५।। हजुरको दर्शन नपाउँदा हामीलाई रात युगसमान हुन्छ । अहिले हजुरको दर्शन पाएर हामी सबै अत्यन्त खुसी भएका छौं । आज हामी ठूलो खेल खेलौं र आनन्द लिऔं ।' त्यसपछि त्यहाँ भएका बालकहरूमध्ये आधा बालकहरूले एउटा समूह बनाए भने बाँकी बालकहरूले अर्को समूह बनाए । अनि उनीहरू आनन्दपूर्वक खेल्न थाले । एकछिन त तिनीहरूले परस्परमा हिलो र माटाको ढेलाले प्रहार गरे । फेरि ती पृथिवी र आकाशलाई शब्दायमान तुल्याउँदै आह्लादपूर्वक तानातान गर्दै खेल्न थाले।।१६-१८।। यसरी खेल्दै ती सबै बालक टाढा कुनै ऋषिको आश्रममा पुगे । त्यहाँ ती सबै एक योजनसम्म फैलिएको ठूलो सरोवरभित्र पसेर आफ्ना अञ्जुलीको पानीले छ्यापाछ्याप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिञ्चन्तोऽञ्जलिभिर्वारि द्वन्द्वीभूता यथा पुरा ।
निमज्ज्य स्कन्धमारुह्य मज्जयन्तो बलात् परम् ।।२०।।

ततो दैत्यो मत्स्यरूपी तेषु क्रीडारतोऽभवत् ।
आस्फालयन् कराघातैस्तज्जलं तेषु पुच्छतः ।।२१।।

कलुषात्तज्जलाद्भङ्गाज्जग्मुस्तीरं मुहुर्मुहुः ।
तीरे दृष्ट्वाऽद्रिजापुत्रं मत्स्यस्तन्निकटं ययौ ।।२२।।

व्यादाय वदनं दध्रे तदङ्घ्री विचकर्ष च ।
निनाय धाव धावेति क्रोशयन्तं महाजले ।।२३।।

निमज्ज्य स जले तेन चिरकालं महासुरः ।
अरोदिषुर्मुनिसुता मग्नं वीक्ष्याद्रिजासुतम् ।।२४।।

हाहाकारं प्रकुर्वन्तः करपृष्ठोष्ठसंयुतम् ।
केचिद् गत्वा सरो रम्यं पश्यन्तो ददृशुर्न तम् ।।२५।।

भवानीताडनाद् भीताः केचिद् बालाः पलायिताः ।
केचित् ते बालका गत्वाऽशंसन् मग्नं शिशुञ्च तम्।।२६।।

सर्वान्तः क्रीडतो हित्वा नीतो मत्स्येन बालकः ।

क उवाच

श्रुत्वा तद्वचनं गौरी मूर्च्छिता पतिता भुवि ।।२७।।

मुहूर्ताच्चेतनां लब्ध्वा रोदमाना ययौ बहिः ।
मुञ्चन्ती नेत्रजं वारि मस्तकात् पतिताञ्चला ।।२८।।

स्खलन्ती निश्वसन्ती च पतन्ती धरणीतले ।
सख्यस्तामन्वयुः काश्चिद्धित्वा कार्याणि सत्वराः ।।२९।।

सरस्तीरं शीघ्रतरमागता सखीभिः सह ।
मुनयस्तमुदन्तञ्च श्रुत्वा याताः सरः प्रति ।।३०।।

अगाधेऽम्भसि ते केचिन्मग्ना नापुरुमासुतम् ।
तामूचुर्जननीं केचिन्मग्ना नो बालको जले ।।३१।।

गर्दै खेल्न लागे। त्यसपछि घाँटीघाँटीसम्म पानीमा डुबेर स्नान गरे । आफ्ना साथीहरूको काँधमा चढेर अरू साथीहरूलाई पानीमा डुबाउने र समाउने काम पनि गरे ।।१९-२०।। साथीहरूका साथ श्रीगणेशले जलक्रीडा गरिरहनु हुँदा माछाको रूप लिएर एउटा दैत्य त्यहाँ आयो । त्यो पनि बालकहरूकै बीचमा घुसेर खेल्न थाल्यो । दैत्यले आफ्नो पुच्छरले तलाउको जल हुँडलेर बालकहरूतिर फ्याँक्यो । विशाल दैत्यको ठूलो पुच्छरबाट पानी छ्याप्ने काम हुँदा तलाउको पानी धमिलियो। त्यो देखेर ती सबै बालक तलाउको तीरमा गए । पार्वतीनन्दन श्रीगणेशलाई तीरमा गएको देखेर माछाको रूपमा रहेको दैत्य उहाँको नजिकै पुग्यो।।२१-२२।। त्यहाँ गएर त्यसले आफ्नो मुख फैलायो र गणेशका कोमल दुई पाउलाई मुखभित्र च्यापी उहाँलाई तान्न थाल्यो। साथी हो! मलाई माछाले समात्यो, तिमीहरू दौडेर आओ भनी चिच्याइरहेका श्रीगणेशलाई गहिरो पानीमा डुबाउँदै त्यो दैत्य आफू पनि डुब्यो । पार्वतीनन्दन श्रीगणेशलाई पानीमा डुबेको देखेर मुनिपुत्रहरू रुन थाले ।।२३-२४।। हात र ओठको सम्मिलित स्वरका साथ ती बालकहरू हाहाकार गर्न थाले । केही बालकहरू सरोवरमा गएर गणेशलाई नियालेर हेरिरहेका थिए तर तिनले त्यहाँ श्रीगणेशलाई देखेनन् ।।२५।। केही बालकहरू अब हामीलाई पार्वतीले गाली गर्नुहुन्छ भनेर डराई त्यहाँबाट भागे । केही बालकहरूले पार्वतीका नजिकमा गएर श्रीगणेश पानीमा डुबेको खबर दिंदै भने – एउटा माछाको आकारको दैत्यले खेलिरहेका हामी सबै बालकहरूलाई छाडेर श्रीगणेशलाई तानी पानीमा डुबायो ।

ब्रह्माजीले भन्नुभयो – श्रीगणेश पानीमा डुबेको खबर सुनेर पार्वती बेहोश भएर भुइँमा पछारिनुभयो ।।२६-२७।। दुई घडीपछि पार्वती होशमा आउनुभयो । शरीरमा रहेको कपडा खसेको समेत थाहा नपाएकी पार्वती लामो श्वास लिंदै घरि पछारिंदै घरि उभिंदै घरबाट दौड्नुभयो । उहाँका सँगिनीहरू पनि पछि लागे । सबै तलाउको तीरमा आउनुभयो । मुनिहरू पनि श्रीगणेश डुबेको खबर थाहा पाएर त्यहाँ आइपुगे ।।२८-३०।। केही मुनिहरू गहिरो जलमा श्रीगणेशको खोजी गर्न गए, तर कसैले पनि उहाँलाई त्यहाँ भेट्टाउन सकेनन्। तिनीहरूले भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तैः पुनर्न च दृष्टश्च मत्स्योदरगतः सुतः ।
रोदनं पुनरारेभे गौरी श्रुत्वा तु तद्वचः ।।३२।।

उमोवाच

मम प्राणा गमिष्यन्ति विना तं सर्वसुन्दरम् ।
अतिक्लेशेन संलब्धमतिपौरुषमीश्वरम् ।।३३।।

चराचरगुरुं मायातीतं मायाविनं परम् ।
अनन्तकोटिब्रह्माण्डनायकं विश्वसम्भवम् ।।३४।।

ललाटं निजघानोरो वारं वारं करेण सा ।
रुरुदुर्मुनयो वीक्ष्य रुदतीं तां तथाविधाम् ।।३५।।

ततः कारुणिको देवो निशम्य करुणं वचः ।
स्वयमण्डजरूपोऽभूद् युयुधाते परस्परम् ।।३६।।

तदाघातेन जलजा मृतास्तीरे निपेतिरे ।
दंष्ट्राभ्यां दशतः स्मोभौ घ्नतः स्म पुच्छघाततः ।।३७।।

उदरं स्वोदरेणैव पृष्ठं पृष्ठेन जघ्नतुः ।
एवं चिरतरं युद्धं कृत्वा दारुणमोजसा ।।३८।।

मत्स्यरूपं गुणेशोऽथ बलाज्जघ्ने मुखे मुखम् ।
भग्नास्यो भग्नदर्पोऽसौ भग्ननेत्रोऽभवच्च सः ।।३९।।

पपात जलमध्ये स पृष्ठेऽगात्स उमासुतः ।
यत्र यत्र ययौ सोऽथ तत्र तत्राप्यसौ ययौ ।।४०।।

क्वचिल्लीनं तु तं दृष्ट्वा पुच्छाघातैरताडयत् ।
तत्पुच्छं तु मुखे धृत्वा गुणेशो बहिरानयत् ।।४१।।

चुचूर्ण निजभारेण गतासुं विससर्ज सः ।
त्यजन्तं रुधिरं वक्त्रान्नदन्तं बलवत्तरम् ।।४२।।

'हे पार्वती ! बालक पानीमा डुबेजस्तो लाग्दैन ।' वास्तवमा बालकलाई माछाले आफ्नो पेटभित्र निलेको घटना तिनले देखेका थिएनन्। त्यस कारण तिनीहरूले त्यस्तो अनुमान गरे । तिनीहरूका कुरा सुनेर पार्वती फेरि रुन थाल्नुभयो।।३१-३२।।

पार्वतीले भन्नुभयो - 'सर्वाङ्गसुन्दर मेरो बालक भेटिएन भने मेरा प्राण तुरुन्तै जानेछन् । मैले ठूलो तपस्याले गणेशलाई पुत्रका रूपमा प्राप्त गरेकी हुँ । उनी अमानुष पुरुषार्थ भएका ईश्वर नै हुन्।।३३।। मेरा बालक जड र चेतनका स्वामी, मायाभन्दा पर रहेका, ठूला मायावी, अनन्त कोटि ब्रह्माण्डका नायक र विश्वका स्रष्टा पनि हुन् ।' त्यसपछि पीरले अत्यन्त आत्तिएकी पार्वतीले आफ्नो घुँडामा निधार ठोक्नुभयो । पार्वतीको त्यो हालत देखेर ऋषिमुनि पनि रुन लागे।।३४-३५।। त्यसपछि करुणामय ईश्वर गणेशले आफ्नी आमा र ऋषिहरूका करुण वचन सुनेर माछाको रूप लिएर दैत्यसँग युद्ध गर्न थाल्नुभयो ।।३६।। दुबै वीरहरूको परस्पर प्रहारका कारण तलाउमा रहेका जलचरहरू मरेर तैरिंदै तीरमा आउन थाले। दुबै वीरहरूले दाँतले दाँतमा र पुच्छरले पुच्छरमा प्रहार गरिरहेका थिए ।।३७।। केहीबेरपछि पेटले पेटमा र पिठ्यूँले पिठ्यूँमा प्रहार गर्दै पनि लडे। यसरी धेरै समयसम्म कठोर युद्ध गरेर भगवान् श्रीगणेशले माछाको रूप लिने दानवका मुखमा मुखले प्रहार गर्नुभयो । त्यस प्रहारबाट त्यस दानवका मुखमा ठूलो घाउ लाग्यो र आँखामा पनि चोट लाग्यो।।३८-३९।। आफ्नो घमण्ड तोडिएपछि त्यो दैत्य पानीबाट निस्किएर भाग्न थाल्यो । भगवान् श्रीगणेश पनि भागिरहेका दैत्यको पिठ्यूँमा चढ्नुभयो । त्यो दानव जहाँ-जहाँ जान्थ्यो भगवान् श्रीगणेश पनि त्यहीं-त्यहीं पुग्नुभयो । श्रीगणेशले त्यस दैत्यलाई कहीं लुक्न लागेको देखेर पुच्छरको आघातले त्यसमाथि प्रहार गर्नुभयो। त्यस दानवको पुच्छरलाई मुखले तानेर बाहिर लिएर आउनुभयो ।।४०-४१।। श्रीगणेशका शरीरको बोझ सहन नसकी माछाको रूपमा आएको त्यो दानव टुक्रा-टुक्रा भयो । त्यस दानवलाई मरेको ठानेर भगवान् श्रीगणेशले छोडिदिनुभयो । आफ्ना मुखबाट रगतका धारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन शब्देन महता चकम्पे भुवनत्रयम् ।
निर्ययौ जलमध्यात् स लिलिङ्ग पार्वतीं तदा ।।४३।।

आनन्दमग्ना गौरी तं स्तनपानं मुदा ददौ ।
मामपृष्ट्वाथ कुत्र त्वं गतोऽसि बालकैः सह ।।४४।।

यद् यदायाति विघ्नं ते तत् तद् दैवाद् विनश्यति ।
मरीचे रक्षणाच्छम्भोः कृपया जगदीशितुः ।।४५।।

कुरुषे किं चपलतां रक्षितव्यः कथं मया ।
त्वद्वियोगान्मम प्राणा गमिष्यन्ति प्रियार्भक ।।४६।।

क उवाच

ततो मुनिगणाः प्रोचुस्त्वां विना दुःखिता वयम् ।
इदानीं पुनरानन्दं प्राप्तास्त्वद्दर्शनाद् विभो ।।४७।।

पुपूजुर्मुनयो नानाद्रव्यैः सख्यः स्त्रियोऽपि च ।
नमस्कृत्य गुणेशञ्चाप्रार्थयन् सर्व एव तम् ।।४८।।

वयं त्वदीया देवेश ! न नस्त्यक्तुं त्वमर्हसि ।
ततोमा बालमादाय ययौ स्वस्थानमुत्तमम् ।।४९।।

अनन्तरं गणाः सख्यो मुनयो हर्षनिर्भराः ।
मार्गमध्ये परः शैलनामा दैत्यो महाबलः ।।५०।।

सर्वशत्रुहरो नक्रदृढाङ्गोऽशनिनाशनः ।
गिरीणां यस्य शब्देन दारणं जायते क्षणात् ।।५१।।

बगाउँदै ठूलो स्वरका साथ त्यो दानव भुइँमा खस्यो । दानवको शरीर भुइँमा पछारिंदा पैदा भएको शब्दबाट स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा कम्पन भयो । त्यसपछि भगवान् श्रीगणेश पानीबाट बाहिर आउनुभयो र माता पार्वतीलाई आलिङ्गन गर्नुभयो ।।४२-४३।। आफ्ना प्यारा पुत्रलाई सकुशल बाहिर आएको देखेर प्रसन्न हुनुभएकी भगवती पार्वतीले गणेशलाई आलिङ्गन गर्नुभयो । आनन्दमा डुबेर हर्षपूर्वक आफ्ना बालकलाई काखमा राखेर दूध चुसाउनुभयो । त्यसपछि माता पार्वतीले श्रीगणेशसँग सोध्नुभयो- 'बाबु ! तिमी मसँग नसोधीकन कहाँ गएका थियौ र अरू बालकहरूलाई लिएर के गरिरहेका थियौ? तिम्रो जीवनमा धेरै विघ्नबाधा आइपरे, अत्यन्त कष्ट भयो । हुन त ती विघ्न र कष्टलाई तिमीले समाप्त पारिसकेका छौ । मरीचि ऋषिको आशीर्वाद र भगवान् शङ्करको कृपाले कुनै नराम्रो भएको छैन । तिमी किन यस्तो चञ्चल हुन्छौ? मैले तिम्रो रक्षा कसरी गरूँ ? हे बाबु ! अब पनि यस्तै हुँदै रह्यो भने तिम्रो शोक र वियोगबाट मेरा प्राण जानेछन् ।।४४-४६।।

ब्रह्माजीले भन्नुभयो- 'त्यसपछि श्रीगणेशीलाई मुनिहरूले भने- हे अन्तर्यामी प्रभु! तपाईँविना हामी दुःखित भएका थियौं। अहिले दर्शन पाएर फेरि आनन्दमा डुबेका छौं' ।।४७।। आफ्ना भाव व्यक्त गरेपछि मुनिहरूले अनेक थरि द्रव्यले भगवान् श्रीगणेशको पूजा गरे। पार्वतीका सखी र अरू नारीहरूले पनि भगवान् श्रीगणेशलाई नमस्कार गरेर प्रार्थना गर्दै पूजा गरे । त्यसपछि सबैले प्रार्थनाको स्वरमा भने- 'हे देवताका पनि देवता! हामी तपाइँका हौं, अब हामीलाई छोडेर एक्लै नजानुहोस् ।' केही बेरमा पार्वती आफ्ना बालक श्रीगणेशलाई लिएर उत्तम धाममा जानुभयो।।४८-४९।। उहाँका पछिपछि शिवगण, सखीहरू र मुनिहरू पनि लागे । यसरी तलाउबाट घरजान भनी प्रस्थान गरेपछि बीच बाटामा पुग्दा अर्को महावली शैल नाम गरेको दैत्य आइपुग्यो ।।५०।। त्यस दैत्यले आफ्ना शत्रुहरूको सर्वनाश गरेको थियो । त्यसका शरीरका अङ्ग-प्रत्यङ्ग गोहीका अङ्ग-प्रत्यङ्गसमान बलिया थिए । त्यसले इन्द्रको वज्रलाई पनि टुक्रा-टुक्रा बनाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्गं निरुध्य सहसा संस्थिरो रोदसी स्पृशत् ।
द्वियोजनमस्तकोऽसावधो द्वादशयोजनः ।।५२।।

सरस्तडागा वृक्षाश्च लता यत्र विभान्ति च ।
क्रीडन्ति सिंहशार्दूला वारणा यक्षराक्षसाः ।।५३।।

सर्वे ते विह्वलाः प्रोचुः किमिदं विघ्नमुत्थितम् ।
तदन्तिके स्थिता गौरी तेऽपि सर्वे स्थितास्तदा ।।५४।।

ततस्ते मुनयः प्रोचुः कदा द्रक्ष्याम योषितः ।
अपत्यानि गुणेशस्य कदा स्यादत्र विक्रमः ।।५५।।

गमिष्यति वृथा होमकालोऽयं नः स्वधाक्रियाः।
गौरी जगाद तान् सर्वान् मा खेदं कर्तुमर्हथ ।।५६।।

ममापि चिन्ता सम्प्राप्ता शङ्करस्य हि जायते ।

क उवाच

श्रुत्वा वाक्यानि तान्याशु गुणेशो बुद्धिमत्तरः ।।५७।।

प्रगृह्य तु विराड्रूपं श्वासमात्रान्निराकरोत् ।
ददृशुर्न च तद्रूपं मोहिता मुनयोऽपि ते ।।५८।।

तच्छ्वासयोगात् स गिरिर्बभ्राम गगने तदा ।
आश्चर्यं परमं प्राप्ताः सर्वे ते तं प्रशंसिरे ।।५९।।

वात्यागतं यथा पत्रं ततोऽसौ पतितो भुवि ।
सहस्रधाऽभवच्छैलः पुनर्वृक्षानचूर्णयत् ।।६०।।

सक्थ्यो । त्यसले गर्जन गर्दा पर्वतका चुचुराहरू तत्काल चर्किन्थे । त्यो दैत्य त्यहाँ आयो र श्रीगणेशको बाटो छेकेर आफ्नो उचाइँले जमीन र आकाश स्पर्श गर्दै उभियो । त्यसको टाउकोमात्र चार कोश अग्लो थियो र धड अठ्चालीस कोश फैलिएको थियो । त्यहाँ तलाउ, कुवा, रूख-बिरुवा र लहरा रहेका थिए । बाघ, सिंह, हात्ती, यक्ष, राक्षस सानन्द विचरण गरिरहेका थिए । ती सबै त्यो दैत्यले टेक्दा र बाटो छेक्दा आत्तिए । अचानक के विघ्न आइलाग्यो भनी सबै विह्वल भए । भगवती पार्वती त्यस दैत्यका समीपमा उभिनुभएको थियो र अरू प्राणी एवं ऋषि-मुनिहरू पनि पार्वतीको समीपमा रहेका थिए।।५१-५४।। ऋषिहरूले भने- 'गृहिणी र बालबच्चालाई हामीले कहिले देख्न पाउनेछौं, कति बेला भगवान् गणेशले पराक्रम देखाउनु हुनेछ, हाम्रो होम आदि कर्म गर्ने समय खेर गइरहेको छ। स्वाहा-स्वधा केही गर्न पाएनौं ।' ऋषि-मुनिहरूका कुरा सुनेपछि पार्वतीले भन्नुभयो- 'हे ऋषिगण ! तपाइँहरू चिन्ता नगर्नुहोस् ।।५५-५६।। भगवान् शङ्कर पार्वती कतिबेला आउँछिन् भनेर पर्खनुभएको होला । मलाई उहाँको चिन्ता लागिरहेको छ ।'

ब्रह्माजीले भन्नुभयो- पार्वती आमाका यी कुरा सुनेर बुद्धिमान् श्रीगणेशले विराट् स्वरूप धारण गर्नुभयो र आफ्नो प्रचण्ड श्वास-प्रश्वासबाट त्यस दैत्यलाई उडाइदिनुभयो । श्रीगणेशको मायाबाट मोहित भएका मुनिहरूले दैत्यको रूप पनि देखेनन् ।।५७-५८।। भगवान् गणेशको श्वास-प्रश्वासको वेगबाट उडेको त्यो पर्वतरूपी शैलासुर आकाशमा घुम्न थाल्यो। सबै दर्शकहरू परम आश्चर्यमा प्राप्त भए र श्रीगणेशको प्रशंसा गर्न लागे । त्यसपछि जसरी आँधी-बेहरीले उडाएका सुकेका पातहरू भुइँमा खस्छन् त्यसैगरी त्यो दैत्य शैलासुर आकाशबाट रूखहरूलाई चूर्ण-चूर्ण बनाउँदै भुइँमा खसी एक हजार टुक्रा भएर फैलियो।।५९-६०।। त्यसपछि ती मुनिहरूले भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन शब्देन महता चकम्पे भुवनत्रयम् ।
निर्ययौ जलमध्यात् स लिलिङ्ग पार्वतीं तदा ।।४३।।

आनन्दमग्ना गौरी तं स्तनपानं मुदा ददौ ।
मामपृष्ट्वाथ कुत्र त्वं गतोऽसि बालकैः सह ।।४४।।

यद् यदायाति विघ्नं ते तत् तद् दैवाद् विनश्यति ।
मरीचे रक्षणाच्छम्भोः कृपया जगदीशितुः ।।४५।।

कुरुषे किं चपलतां रक्षितव्यः कथं मया ।
त्वद्वियोगान्मम प्राणा गमिष्यन्ति प्रियार्भक ।।४६।।

क उवाच

ततो मुनिगणाः प्रोचुस्त्वां विना दुःखिता वयम् ।
इदानीं पुनरानन्दं प्राप्तास्त्वद्दर्शनाद् विभो ।।४७।।

पुपूजुर्मुनयो नानाद्रव्यैः सख्यः स्त्रियोऽपि च ।
नमस्कृत्य गुणेशञ्चाप्रार्थयन् सर्व एव तम् ।।४८।।

वयं त्वदीया देवेश ! न नस्त्यक्तुं त्वमर्हसि ।
ततोमा बालमादाय ययौ स्वस्थानमुत्तमम् ।।४९।।

अनन्तरं गणाः सख्यो मुनयो हर्षनिर्भराः ।
मार्गमध्ये परः शैलनामा दैत्यो महाबलः ।।५०।।

सर्वशत्रुहरो नक्रदृढाङ्गोऽशनिनाशनः ।
गिरीणां यस्य शब्देन दारणं जायते क्षणात् ।।५१।।

बगाउँदै ठूलो स्वरका साथ त्यो दानव भुइँमा खस्यो । दानवको शरीर भुइँमा पछारिंदा पैदा भएको शब्दबाट स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा कम्पन भयो । त्यसपछि भगवान् श्रीगणेश पानीबाट बाहिर आउनुभयो र माता पार्वतीलाई आलिङ्गन गर्नुभयो ।।४२-४३।। आफ्ना प्यारा पुत्रलाई सकुशल बाहिर आएको देखेर प्रसन्न हुनुभएकी भगवती पार्वतीले गणेशलाई आलिङ्गन गर्नुभयो । आनन्दमा डुबेर हर्षपूर्वक आफ्ना बालकलाई काखमा राखेर दूध चुसाउनुभयो । त्यसपछि माता पार्वतीले श्रीगणेशसँग सोध्नुभयो- 'बाबु ! तिमी मसँग नसोधीकन कहाँ गएका थियौ र अरू बालकहरूलाई लिएर के गरिरहेका थियौ? तिम्रो जीवनमा धेरै विघ्नबाधा आइपरे, अत्यन्त कष्ट भयो । हुन त ती विघ्न र कष्टलाई तिमीले समाप्त पारिसकेका छौ । मरीचि ऋषिको आशीर्वाद र भगवान् शङ्करको कृपाले कुनै नराम्रो भएको छैन । तिमी किन यस्तो चञ्चल हुन्छौ? मैले तिम्रो रक्षा कसरी गरूँ ? हे बाबु ! अब पनि यस्तै हुँदै रह्यो भने तिम्रो शोक र वियोगबाट मेरा प्राण जानेछन् ।।४४-४६।।

ब्रह्माजीले भन्नुभयो- 'त्यसपछि श्रीगणेशीलाई मुनिहरूले भने- हे अन्तर्यामी प्रभु! तपाइँविना हामी दुःखित भएका थियौं। अहिले दर्शन पाएर फेरि आनन्दमा डुबेका छौं' ।।४७।। आफ्ना भाव व्यक्त गरेपछि मुनिहरूले अनेक थरि द्रव्यले भगवान् श्रीगणेशको पूजा गरे। पार्वतीका सखी र अरू नारीहरूले पनि भगवान् श्रीगणेशलाई नमस्कार गरेर प्रार्थना गर्दै पूजा गरे । त्यसपछि सबैले प्रार्थनाको स्वरमा भने- 'हे देवताका पनि देवता! हामी तपाइँका हौं, अब हामीलाई छोडेर एक्लै नजानुहोस् ।' केही बेरमा पार्वती आफ्ना बालक श्रीगणेशलाई लिएर उत्तम धाममा जानुभयो।।४८-४९।। उहाँका पछिपछि शिवगण, सखीहरू र मुनिहरू पनि लागे । यसरी तलाउबाट घरजान भनी प्रस्थान गरेपछि बीच बाटामा पुग्दा अर्को महावली शैल नाम गरेको दैत्य आइपुग्यो ।।५०।। त्यस दैत्यले आफ्ना शत्रुहरूको सर्वनाश गरेको थियो । त्यसका शरीरका अङ्ग-प्रत्यङ्ग गोहीका अङ्ग-प्रत्यङ्गसमान बलिया थिए । त्यसले इन्द्रको वज्रलाई पनि टुक्रा-टुक्रा बनाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्गं निरुध्य सहसा संस्थिरो रोदसी स्पृशत् ।
द्वियोजनमस्तकोऽसावधो द्वादशयोजनः ।।५२।।

सरस्तडागा वृक्षाश्च लता यत्र विभान्ति च ।
क्रीडन्ति सिंहशार्दूला वारणा यक्षराक्षसाः ।।५३।।

सर्वे ते विह्वलाः प्रोचुः किमिदं विघ्नमुत्थितम् ।
तदन्तिके स्थिता गौरी तेऽपि सर्वे स्थितास्तदा ।।५४।।

ततस्ते मुनयः प्रोचुः कदा द्रक्ष्याम योषितः ।
अपत्यानि गुणेशस्य कदा स्यादत्र विक्रमः ।।५५।।

गमिष्यति वृथा होमकालोऽयं नः स्वधाक्रियाः।
गौरी जगाद तान् सर्वान् मा खेदं कर्तुमर्हथ ।।५६।।

ममापि चिन्ता सम्प्राप्ता शङ्करस्य हि जायते ।

क उवाच

श्रुत्वा वाक्यानि तान्याशु गुणेशो बुद्धिमत्तरः ।।५७।।

प्रगृह्य तु विराड्रूपं श्वासमात्रान्निराकरोत् ।
ददृशुर्न च तद्रूपं मोहिता मुनयोऽपि ते ।।५८।।

तच्छ्वासयोगात् स गिरिर्बभ्राम गगने तदा ।
आश्चर्यं परमं प्राप्ताः सर्वे ते तं प्रशंसिरे ।।५९।।

वात्यागतं यथा पत्रं ततोऽसौ पतितो भुवि ।
सहस्रधाऽभवच्छैलः पुनर्वृक्षानचूर्णयत् ।।६०।।

सक्थ्यो । त्यसले गर्जन गर्दा पर्वतका चुचुराहरू तत्काल चर्किन्थे । त्यो दैत्य त्यहाँ आयो र श्रीगणेशको बाटो छेकेर आफ्नो उचाइँले जमीन र आकाश स्पर्श गर्दै उभियो । त्यसको टाउकोमात्र चार कोश अग्लो थियो र धड अठ्चालीस कोश फैलिएको थियो । त्यहाँ तलाउ, कुवा, रूख-बिरुवा र लहरा रहेका थिए । बाघ, सिंह, हात्ती, यक्ष, राक्षस सानन्द विचरण गरिरहेका थिए । ती सबै त्यो दैत्यले टेक्दा र बाटो छेक्दा आत्तिए । अचानक के विघ्न आइलाग्यो भनी सबै विह्वल भए । भगवती पार्वती त्यस दैत्यका समीपमा उभिनुभएको थियो र अरू प्राणी एवं ऋषि-मुनिहरू पनि पार्वतीको समीपमा रहेका थिए।।५१-५४।। ऋषिहरूले भने- 'गृहिणी र बालबच्चालाई हामीले कहिले देख्न पाउनेछौं, कति बेला भगवान् गणेशले पराक्रम देखाउनु हुनेछ, हाम्रो होम आदि कर्म गर्ने समय खेर गइरहेको छ। स्वाहा-स्वधा केही गर्न पाएनौं ।' ऋषि-मुनिहरूका कुरा सुनेपछि पार्वतीले भन्नुभयो- 'हे ऋषिगण ! तपाइँहरू चिन्ता नगर्नुहोस् ।।५५-५६।। भगवान् शङ्कर पार्वती कतिबेला आउँछिन् भनेर पर्खनुभएको होला । मलाई उहाँको चिन्ता लागिरहेको छ ।'

ब्रह्माजीले भन्नुभयो- पार्वती आमाका यी कुरा सुनेर बुद्धिमान् श्रीगणेशले विराट् स्वरूप धारण गर्नुभयो र आफ्नो प्रचण्ड श्वास-प्रश्वासबाट त्यस दैत्यलाई उडाइदिनुभयो । श्रीगणेशको मायाबाट मोहित भएका मुनिहरूले दैत्यको रूप पनि देखेनन् ।।५७-५८।। भगवान् गणेशको श्वास-प्रश्वासको वेगबाट उडेको त्यो पर्वतरूपी शैलासुर आकाशमा घुम्न थाल्यो। सबै दर्शकहरू परम आश्चर्यमा प्राप्त भए र श्रीगणेशको प्रशंसा गर्न लागे । त्यसपछि जसरी आँधी-बेहरीले उडाएका सुकेका पातहरू भुइँमा खस्छन् त्यसैगरी त्यो दैत्य शैलासुर आकाशबाट रूखहरूलाई चूर्ण-चूर्ण बनाउँदै भुइँमा खसी एक हजार टुक्रा भएर फैलियो।।५९-६०।। त्यसपछि ती मुनिहरूले भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्ते मुनयः प्रोचुः साधु साधु गुणेश्वर ।
दूरीकृतमरिष्टं नः स्वाश्रमस्था वयं सुखम् ।।६१।।
वसामस्त्वत्प्रसादेन स्वस्वकर्मरता भृशम् ।

क उवाच

एवमुक्त्वा च नत्वा च दृष्ट्वा सम्पूज्य तं ययुः ।।६२।।
पार्वती च तमादाय विवेश निजमन्दिरम् ।
सख्यश्च मुनिपत्न्यश्च पृष्ट्वा तां स्वगृहं ययुः ।।६३।।
इदं यः शृणुयान् मर्त्यः सर्वत्र सुखमाप्नुयात् ।
आयुरारोग्यमैश्वर्यं सर्वत्र विजयन्तथा ।।६४।।

श्रीगणेशको साधुवाद र जयकार गर्दै भने- 'हे प्रभु! हजुरले हाम्रो अनिष्ट समाप्त पारिदिनुभयो। अब हामी आफ्नो आश्रममा गएर सुखपूर्वक बसी नित्यकर्म सम्पन्न गर्नेछौं ।।६१।। हजुरको कृपा पाएर आ-आफ्नो कर्ममा निरन्तर लागिरहने छौं ।'

ब्रह्माजीले भन्नुभयो - यसरी ती ऋषिहरूले आफ्नो भावनिवेदन गरी नमस्कार गरेर भगवान् श्रीगणेशको आज्ञासमेत लिई उहाँको पूजा गरेर त्यहाँबाट प्रस्थान गरे ।।६२।। माता पार्वती पनि आफ्ना छोरा गणेशलाई लिएर धाममा प्रवेश गर्नुभयो। पार्वतीका सँगिनी र मुनिपत्नीहरू पनि पार्वतीको आज्ञा लिएर आ-आफ्ना घरमा गए ।।६३।। जुन मानिसले भगवान् गणेशको यो लीलाकथा श्रवण गर्दछ त्यसले सर्वत्र सुख प्राप्त गर्नेछ । त्यसले आयु, आरोग्य र ऐश्वर्यका साथै सर्वत्र विजय पनि प्राप्त गर्नेछ ।।६४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कूट-मत्स्य-शैलासुरवधो नामैकनवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'कूट-मत्स्य र शैलासुरको वध' शीर्षकान्वित एकानब्बेऔं अध्याय पूर्ण भयो ।।९१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विनवतितमोऽध्यायः

{ ९२ अध्याय }

क उवाच

ततः कदाचिद् गिरिजा प्रातःस्नात्वा त्वरान्विता ।
सुप्ते बाले चतुर्वर्षे लिङ्गपूजां चकार सा ।।१।।

वामहस्ते निधायैव पार्थिवीं मूर्तिमुत्तमाम् ।
स उत्थाय रुदन् स्तन्यं ययाचे हठतत्परः ।।२।।

क्षणं तिष्ठ क्षणं तिष्ठेत्येवं माता न्यषेधयत् ।
स रुषाऽपातयन् मूर्तिं तद्धस्ताद्धस्तघाततः ।।३।।

तञ्च सा हस्तघातेन जघान दृढरोषतः ।
स रुषा पुनरागत्य ददंशाङ्गुलिमुल्बणम् ।।४।।

मुञ्च मुञ्च मम प्राणा गमिष्यन्तीति साऽब्रवीत् ।
दष्टामङ्गुलिमुत्सृज्य पपाल दूरतोऽर्भकः ।।५।।

अस्रवद्रुधिरं तस्या अङ्गुलेर्बहुलं भुवि ।
यथा क्षीरमर्कवृक्षाद् दृढाघातेन पीडितात् ।।६।।

ततो यष्टिं समादाय ताडितुं सा सुतं ययौ ।
धावयित्वा दधारैनं ददर्श शिवरूपिणम् ।।७।।

पञ्चवक्त्रं दशभुजं त्रिनेत्रं शेषशोभितम् ।
त्रिशूलं डमरुं भस्म रुण्डमालाञ्च बिभ्रतम् ।।८।।

वसानं चर्मणी हस्तिव्याघ्रयोः शशिशेखरम् ।
दृष्ट्वेत्थं लज्जिता यष्टिं तत्याजाधोमुखी शिवा ।।९।।

पुरो वा मन्दिरं वापि गन्तुं सा नाशकत् तदा ।
तच्चिन्तां स परिज्ञाय बभूवार्भकरूपवान् ।।१०।।

ब्रह्माजीले भन्नुभयो – बालक श्रीगणेशले चौथो वर्षमा प्रवेश गर्नुभएपछि एक दिन बिहानै भगवती पार्वतीले स्नान गर्नुभयो। सुतिरहेका बालक श्रीगणेश उठ्न सक्छन्, ती उठ्नभन्दा पहिले धन्दा सम्पन्न गर्छु भन्ने चिताएर आत्तिँदै पार्थिव मूर्तिलाई बायाँ हातमा राखेर पार्वतीले शिवलिङ्गको अर्चना गर्नुभयो । त्यसै बेला बालक श्रीगणेश नीदबाट जाग्नुभयो र आफ्नी आमासँग स्तनपानका लागि हठ गर्नुभयो ।।१-२।। हे बाबु! म अहिले पूजा गरिरहेकी छु, तिमीलाई दूध खुवाउन सक्दिनँ, एकछिन पख भन्नुभयो । बालक श्रीगणेशले रिसाएर पार्वतीले हातमा लिएको मूर्तिलाई आफ्नो हातले प्रहार गरेर भुइँमा खसाइदिनुभयो।।३।। पार्वतीले रिसाएर आफ्नो हातले श्रीगणेशलाई पिट्नुभयो। प्रत्युत्तरमा श्रीगणेशले क्रोधपूर्वक आफ्नी आमाको औंलामा टोकिदिनु भएपछि पार्वतीले 'साह्रै दुःख्यो, मेरा प्राण जान लागे, नटोक नटोक' भनेर श्रीगणेशलाई टोक्नबाट रोक्ने प्रयास गर्नुभयो । बेस्सरी टोकेपछि श्रीगणेश पनि आफ्नी आमा भएको ठाउँबाट टाढा भाग्नुभयो ।।४-५।। पार्वतीका औंलाबाट रगत बग्नाले भुइँ रातो भयो । कसैले बेस्सरी प्रहार गर्दा आँकको रूखबाट दूध बगेर भुइँमा लतपतिएझैं त्यहाँ चारैतिर रगत लतपतिएको थियो ।।६।। त्यसपछि पार्वतीले हातमा लौरो लिएर छोरालाई पिट्ने इच्छाले दौडेर गई हातले समाउनुभयो । हातले समाउँदासमाउँदै श्रीगणेश शिवजीको रूपमा देखिनुभयो ।।७।। त्यस बेला श्रीगणेशको शरीरमा पाँच मुख, दश हात र तीन आँखा थिए भने निधारमा शेषनाग थिए। उहाँले आफ्ना हातमा त्रिशूल एवं डमरु लिनुभएको थियो र शरीरमा पनि खरानी लेपन गर्नुभएको थियो । उहाँको घाँटीमा नरमुण्डको माला झुण्डिएको थियो ।।८।। उहाँले हात्ती र बाघका छालालाई वस्त्रको रूपमा धारण गर्नुभएको थियो। उहाँको निधारमा चन्द्रमा टल्किएका थिए। पार्वतीले आफ्ना छोरा श्रीगणेशलाई यसरी आफ्ना पति शिवजीको रूपमा बदलिएको देखेर लाज मानी आँखाले भुइँमा हेर्दै लौरो फ्याँकिदिनुभयो ।।९।। त्यस बेला पार्वती अगाडि बढ्न र घरतर्फ फर्कन पनि सक्नुभएन। पार्वतीको चिन्ता थाहा पाएर शिवजीको रूपमा परिणत हुनुभएका श्रीगणेश तत्काल बालकरूपमा देखिनुभयो । त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रीडते मुनिपुत्रेषु मुनिबालस्वरूपवान् ।
अन्वयाद् गिरिजा बालं नापश्यत् तेषु तं सुतम् ।।११।।

पप्रच्छ तान् मुनिसुतान् मम बालः कुतो गतः ।
दष्ट्वाङ्गुलीं मदीयान्तु पपाल चपलोऽर्भकः ।।१२।।

त ऊचुर्मुनिपुत्रास्तामितो यातोऽर्भकस्तव ।
ततो जगाम गिरिजा पुरतः पुरतोऽपि च ।।१३।।

विशीर्णकबरीभारा श्रमघर्मसमन्विता ।
इतस्ततो धावमाना स्रस्तवस्त्राञ्चला शिवा ।
तस्याः श्रमं स विज्ञाय ययौ पूर्वस्वरूपवान् ।।१४।।

तदन्तिकं दधारैनं हस्ताभ्यां गिरिजा दृढम् ।
स्वीयाञ्चलेन तं बद्ध्वा ययौ हृष्टा स्वमन्दिरम् ।।१५।।

उवाच रोषात् सम्यक् त्वं मम हस्ते समागतः ।
अपस्मारातिचपल ! मारयिष्येऽधुना भृशम् ।।१६।।

शम्भवे वा निवेदिष्ये स त्वां वा ताडयिष्यति ।
श्रुत्वेत्थं वचनं मातुर्लुलुण्ठ धरणीतले ।।१७।।

निःसृतं बन्धनं ज्ञात्वा पपाल त्वरया पुनः ।
पुनर्धावति सा पृष्ठे दुःखिता भृशविह्वला ।।१८।।

एतस्मिन्नन्तरे दुष्टो दानवः कर्दमासुरः ।
द्विजरूपधरो मालां दधानो दक्षिणे करे ।।१९।।

कमण्डलुं वारिपूर्णं भस्मोद्धूलितविग्रहः ।
अरुणार्कनिभे वस्त्रे वसानो मायिको भृशम् ।।२०।।

स ऊचे वचनं बालं किमर्थं त्वं पलायसे ।
त्वद्भीतेर्वारणं सद्यः करिष्येऽहं न संशयः ।।२१।।

नेष्ये त्वां यत्र ते माता न जानीयात् कथञ्चन ।
न च कालभयं तत्र न चान्यद् भयमण्वपि ।।२२।।

बेला उहाँ मुनिबालकको रूप लिएर आफ्ना चारैतिर बालकहरू राखी खेलिरहनुभएको थियो। बालकहरूको बीचमा रहेका श्रीगणेशलाई पार्वतीले चिन्न सक्नुभएन ।।१०-११।। उहाँले मुनिबालकहरूलाई डाकेर सोध्नुभयो – 'हे मुनिबालकहरू! मेरो छोरा कहाँ गयो ? त्यो चञ्चल बालक मेरो औंलामा टोकेर भागेको थियो ।' तिनीहरूले भने – 'हे आमा ! तपाइँका छोरा भर्खरै यहाँबाट हिंडेका हुन्, यतै कतै होलान्।' त्यसपछि पार्वती अगाडि हेर्दै बढ्नुभयो । आत्तिएर हिंड्दा पार्वतीको चुल्ठो फुक्यो र केशराशि फैलिए । थकाइका कारण शरीर पसिनै पसिनाले भरियो। यताउति दौडदा शरीरका लुगाहरू पनि अस्त-व्यस्त भए। आमा पार्वतीको परिश्रम देखेर श्रीगणेश पार्वतीकै सामु पहिलेकै स्वरूपमा प्रकट हुनुभयो । पार्वतीले खुसी हुँदै आफ्ना दुबै हातले राम्ररी आलिङ्गन गरेर श्रीगणेशलाई काखमा राख्नुभयो । त्यसपछि आफ्नै कपडाले बाँधेर खुसी हुँदै घरतर्फ लाग्नुभयो ।।१२-१५।। घरमा पुगेपछि पार्वतीले श्रीगणेशलाई रीस देखाउँदै भन्नुभयो– 'तिमी भागेर कहाँ गएका थियौ ? अहिले त मेरै हातमा आइपुग्यौ नि ! मिर्गी रोग लागेका मानिसझैं चञ्चल स्वभावका हे बाबु ! अब फेरि पनि भाग्यौ भने म तिमीलाई राम्ररी पिट्नेछु ।।१६।। अथवा तिम्रा पिता भगवान् शङ्करलाई सबै कुरा बताउनेछु । त्यसपछि उहाँले तिमीलाई पिट्नुहुनेछ ।' आमाका यी कुरा सुनेर श्रीगणेश भुइँमा लडिबुडी गर्नुभयो ।।१७।। त्यसरी भुइँमा लडिबुडी गर्दा उहाँलाई बाँधेको कपडा फुस्किएछ । त्यो थाहा पाएर श्रीगणेश तुरुन्तै भाग्नुभयो । आमा समाउन पछाडिबाट दौडिनु हुँदा उहाँ थाकेर अत्यन्त दुःखी र व्याकुल हुनुभएको थियो । यसै बीचमा ब्राह्मणरूप धारण गर्ने कर्दमासुर नामक दैत्य आइपुग्यो । त्यसको दायाँ हातमा रुद्राक्षको माला र बायाँ हातमा पानीले भरिएको कमण्डलु थियो । त्यसले सम्पूर्ण शरीरमा खरानी घसेको थियो । बिहानीपखका सूर्यका किरणझैं दुई राता वस्त्र धारण गर्ने त्यो दानव अत्यन्त मायावी थियो ।।१८-२०।। त्यसले श्रीगणेशको नजिक आएर भन्यो – 'हे बालक ! तिमी किन भागिरहेका छौ ? तिम्रो भयको हेतु के हो भन, म त्यस हेतुलाई तुरुन्तै हटाउनेछु, यसमा शङ्का गर्नु पर्दैन । म तिमीलाई त्यस ठाउँमा लैजान सक्छु, जुन ठाउँमा तिम्री आमा पुग्न सक्ने छैनन् । त्यहाँ मृत्यु र अन्य विषयको लेशमात्र पनि भय छैन' ।।२१-२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

तमुवाचार्भको भीतस्तथा कुरु यथा मम ।
न पश्येज्जननी तात! शरणं त्वामुपागतः ।।२३।।

एवं वदति यावत् तु ययौ बालस्वभावतः ।
गिगील तावदेवासौ तं दुष्टः कर्दमासुरः ।।२४।।

रम्भाफलस्य पक्वस्य खण्डं कोमलमर्भकम् ।
तत्पादपद्मचिह्नानि भूमौ दृष्ट्वा ययौ शिवा ।।२५।।

द्विजं ददर्श पुरतोऽपृच्छत् तञ्च ततोऽर्भकम् ।
स्वामिन् ! त्वया मम सुत इतो गच्छन्निरीक्षितः ।।२६।।

इमानि पदपद्मानि चिह्नयुक्तानि पश्य भोः ।
इदानीं धावमानः स कुत्र गुप्तोऽभवद् द्विज ।।२७।।

ततस्तामब्रवीद् विप्रो दुःखितां तद्वियोगतः ।

द्विज उवाच

किं नः प्रयोजनं मातस्तनयेन तवानघे ।।२८।।

उदासीनतया मातस्तिष्ठतामीशचेतसाम् ।
तथापि नैव दृष्टस्ते तनयः क्वापि शैलजे ।।२९।।

तनयः किं त्वया देवि ! मदधीनः कृतोऽभवत् ।

क उवाच

एवं वदति तस्मिँस्तु दुःखितां वीक्ष्य शैलजाम् ।।३०।।

आविरासीन्निर्विकारस्तन्मुखात् स गुणेश्वरः ।
सा प्राह तनयं दृष्ट्वा कथं मिथ्या ब्रवीषि रे ।।३१।।

तवैव निकटे पुत्रो दृष्टोऽयं गोपितस्त्वया ।
सन्तः प्राणात्यये प्राप्ते न भाषन्तेऽनृतं क्वचित् ।।३२।।

ब्रह्माजीले भन्नुभयो – आमासँग भयभीत हुनुभएका बालक श्रीगणेशले आफूलाई ललाइफकाई गर्ने ब्राह्मणरूपधारी दैत्यका सामु भन्नुभयो– 'हे ब्राह्मण ! मलाई तपाईंले भनेझैं त्यो गुप्त ठाउँमा लुकाउनुहोस् जहाँ गएर मेरा माता–पिताले देख्न सक्नुहुन्न । म तपाईंको शरणमा आएको छु' ।।२३–२४।। यसरी श्रीगणेशले बालक स्वभावअनुसार कुरा गरिरहनु भएको समयमा पाकेको केराको टुक्रा निलेझैं त्यस कर्दमासुर दानवले कोमल शरीरका बालक श्रीगणेशलाई अकस्मात् निलिदियो। त्यसै बेला बालक श्रीगणेशलाई खोज्दै माता पार्वती पनि त्यहाँ आइपुग्नुभयो। उहाँ जमिनमा श्रीगणेशका पैतालाको चिह्न देखेर अगाडि बढ्नुभयो। त्यस ठाउँमा एउटा ब्राह्मणलाई उभिएको देखी ती ब्राह्मणसँग आफ्ना बालकको विषयमा सोध्नुभयो– 'हे ब्राह्मण ! के तपाईंले यता हिंडिरहेको मेरो छोरा श्रीगणेशलाई देख्नुभयो ?।।२५–२६।। मैले यहाँ भुइँमा त्यस बालकका पैतालाका चिह्नहरू देखिरहेकी छु । त्यो बालक दौडेर कहाँ गयो ? कता लुक्यो ?' यो प्रश्न सुनेर आफ्ना छोराको वियोगबाट दुःखित हुनुभएकी पार्वतीलाई ब्राह्मणरूप कर्दमासुरले उत्तर दियो।

कर्दमासुरले भन्यो – 'हे माता ! तपाईंको छोरासँग हाम्रो के प्रयोजन छ ?।।२७–२८।। हामी आफ्नो काममा आफ्नै तरिकाले हिंडेका छौं । हामी भगवान्मा चित्त लगाउने मानिसलाई दुनियाँका बालबच्चासँग चासो राख्नुपर्ने कुरा के हुन्छ र ? हामी उदासीन छौं तैपनि देखेको भए देखेका थियौं भन्ने थियौं तर देखेनौं ।।२९।। हे पार्वती ! के तपाईंले आफ्नो छोरालाई मेरो जिम्मा लगाउनुभएको थियो ?'

ब्रह्माजीले भन्नुभयो – यसरी कर्दमासुरले उपेक्षा भावले उत्तर दिएपछि माता पार्वतीलाई दुःखी भएको जानेर कर्दमासुरको मुखभित्रबाट गुणहरूका स्वामी भगवान् श्रीगणेश निर्विकार रूपमा प्रकट हुनुभयो । त्यसपछि पार्वतीले आफ्नो छोरालाई कर्दमासुरको मुखबाट प्रकट भएको देखेर कर्दमासुरलाई भन्नुभयो– 'हे कर्दमासुर ! तिमी त अरूअरू नै कुरा गरिरहेका थियौ, किन मलाई ढाँट्यौ ? ।।३०–३१।। ब्राह्मणरूप लिएर पनि ढाँट्न हुन्छ? तिम्रै नजिकमा यो पुत्र रहेछ, तिमीले नै लुकाएका रहेछौ, आफैले लुकाउँदा लुकाउँदै पनि ढाँट्यौ । सज्जन महात्माहरू प्राण जाने बेलामा पनि अथवा प्राणको सङ्कट आइलाग्दा पनि मिथ्याभाषण गर्दैनन्' ।।३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इति तस्या वचः श्रुत्वा स दैत्यो दीर्घदेहवान् ।
व्योमस्पृङ्मस्तको बालमादाय निर्ययौ ततः ।।३३।।

ततः सा पृष्ठतो लग्ना क्रन्दन्ती तनयं शिवा ।
गुणेशोऽपि ततो दध्रे तस्माद् दीर्घतरं वपुः ।।३४।।

दृष्ट्वा दुःखं जनन्यास्तु प्रशोचन्त्या मुहुर्मुहुः ।
तद्देहं शतधा कृत्वा चुचूर्णाङ्घ्रिविघाततः ।।३५।।

पतमानोऽपि तद्देहश्चूर्णयामास शाखिनः ।
जनन्या अग्रतस्तस्थौ संहृत्यैवं तु दानवम् ।।३६।।

गुणेशो मुनयो देवास्तत्पत्न्योऽथ समागताः ।
ऊचुस्तां पार्वतीं विघ्नाः कियन्तोऽस्य भवन्ति हि ।।३७।।

त एव नाशमायान्ति तव पुण्यात् सुरेश्वरि !
सर्वैस्तैः पूजितं बालं गृहीत्वा स्वकटौ शिवा ।।३८।।

गृहं जगाम तैस्ताभिर्हर्षनिर्भरमानसा ।
पुरामरगणाञ्जित्वा गरुत्मानमृतं यथा ।।३९।।

उत्ततार शिवा बालं स्वाङ्गणे कटिदेशतः ।
स तु मूर्च्छाङ्गतो लुण्ठन्धरण्याञ्च पुनः पुनः ।।४०।।

वारं वारं ददौ जृम्भां प्रसार्य मुखपङ्कजम् ।
किं जातमधुनैवास्य धावयित्वा ययौ शिवा ।।४१।।

मुखमध्ये ददर्शास्य विश्वं विश्वस्वरूपिणः ।
सप्तद्वीपां वसुमतीं पुरग्रामवनाकरान् ।।४२।।

ब्रह्माणं भास्करं शेषं विष्णुं पर्वतसागरान् ।
गन्धर्वान् यक्षरक्षांसि मुनीन् पक्षिगणानपि ।
नदीवापीतडागानि मनूनष्टौ वसूनपि ।।४३।।

ब्रह्माजीले भन्नुभयो – पार्वतीका कुरा सुनेर कर्दमासुर दैत्यले ब्राह्मणको रूप छाडी विशाल दैत्यको रूप धारण गऱ्यो। त्यस दैत्यको शिरले आकाश छोइरहेको थियो । आफ्नो विशाल स्वरूप देखाएपछि त्यो दैत्य पार्वतीकै समीपमा रहेका श्रीगणेशलाई समातेर भाग्यो । त्यसपछि पार्वती पनि त्यस दानवका पछिपछि लाग्नुभयो । उहाँले चिच्याउँदै छोरा श्रीगणेशलाई बाबु आऊ! बाबु आऊ! भनी बोलाइरहनु भएको थियो । श्रीगणेशले पनि राक्षसको कपट बुझेर त्यस राक्षसको भन्दा पनि विशाल शरीर धारण गर्नुभयो ।।३३-३४।। धेरै शोक गरिरहेकी आफ्नी आमा पार्वतीको दुःख देखेर विशाल रूपमा देखिनुभएका भगवान् श्रीगणेशले आफ्ना खुट्टाले प्रहार गरेर दानवको शरीरलाई सय टुक्रा गरी धूलोधूलो बनाउनुभयो ।।३५।। श्रीगणेशको प्रहारबाट भुइँमा ढलेको त्यस राक्षसको शरीर ढल्दा अनेकौं रूखलाई ढाल्दै भुइँमा फैलियो । यसरी दानवको संहार गरेपछि भगवान् श्रीगणेश आफ्नी आमा पार्वतीका सामु आएर उभिनुभयो । गुणेश भगवान् श्रीगणेशले दानवको संहार गर्नुभएपछि देवता, देवपत्नी, ऋषि र ऋषिपत्नी सबै त्यहाँ भेला भए । तिनले पार्वतीलाई भने– 'हे सुरेश्वरी ! यस बालकको जीवनमा कति विघ्न आइलागे तर तपाइँका पुण्यका प्रभावले ती सबै विघ्न नष्ट भए ।' पार्वती पनि ऋषि र देवताहरूद्वारा पूजा गरिएका बालक श्रीगणेशलाई काखमा राखी आफ्नो घर जानुभयो । पार्वती जानुहुँदा ती सबै ऋषि, ऋषिपत्नी, देवता र देवपत्नीहरू पनि उहाँका पछिपछि गएका थिए । पार्वती आनन्दमा डुब्नुभएको थियो । प्राचीन समयमा जसरी गरुडले देवताहरूलाई जितेर अमृत प्राप्त गरेका थिए, त्यसैगरी पार्वतीले पनि सङ्कटमुक्त आफ्ना पुत्र श्रीगणेशलाई प्राप्त गर्नुभएको थियो । पार्वतीले आफ्नो काखबाट श्रीगणेशलाई भुइँमा राख्नुभयो । भुइँमा राख्नासाथ लडिबुडी गरिरहेका श्रीगणेश अचानक मूर्च्छित हुनुभयो र बारम्बार मुख फैलाएर हाई हाई गर्नुभयो । पार्वती पनि मेरो बालकलाई के भयो भन्दै श्रीगणेशका सामु जानुभयो ।।३६-४१।। त्यस बेला बालगणेशको मुख फैलिएको थियो र उहाँ मूर्च्छित हुनुहुन्थ्यो। पार्वतीले श्रीगणेशको खुलेको मुखभित्र विश्वब्रह्माण्डको दर्शन गर्नुभयो । श्रीगणेशको मुखभित्र सात द्वीप, पृथिवी, नगर, गाउँ, वन, खजाना, ब्रह्मा, सूर्यनारायण, शेषनाग, विष्णु, पर्वत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

शशिसूर्यानलोडूनि सचेतनमचेतनम् ।
पातालान्यपि सप्तानि स्वर्गानप्येकविंशतिम् ।।४४।।

एवं त्रिभुवनं दृष्ट्वा मुमूर्च्छ गिरिजा तदा ।
निमील्य नयने भ्रान्ता मुहूर्तद्वयमास्थिता ।।४५।।

शिवं संस्मार मनसा सावधाना ततोऽभवत् ।
यथा पूर्वस्थितं बालं पश्यति स्म पुरःस्थितम् ।।४६।।

ततस्तं परितुष्टाव तत्प्रसादप्रसन्नधीः ।

पार्वत्युवाच

परमात्मा त्वमेवासि चराचरगुरुर्भवान् ।।४७।।

चिदानन्दघनो नित्यो नित्यानित्यस्वरूपवान् ।
त्वत्कुक्षौ परिदृष्टानि भुवनानि चतुर्दश ।।४८।।

देवा यक्षाश्च रक्षांसि सरितो वृक्षसञ्चयाः ।
सर्वं चराचरं दृष्टं मया वक्तुं न शक्यते ।।४९।।

भ्रान्ताऽहं पतिता भूमौ सावधाना शिवस्मृतेः ।
जाताऽहं बालरूपेणापश्यं त्वां प्राकृतं शिशुम् ।।५०।।

क उवाच

एवं स्तुवत्यां तस्यान्तु मायामाविश्चकार सः ।
लालयित्वा कटौ गृह्य स्तनपानं ददौ शिवा ।।५१।।

गृहं प्रविष्टा गिरिजा गृहकार्यरताऽभवत् ।
मुनयो मुनिपत्न्यश्च ययुः स्वं स्वं निवेशनम् ।।५२।।

इदमाख्यानकं श्रुत्वा सर्वपापैः प्रमुच्यते ।।५३।।

सागर, गन्धर्व, यक्ष, राक्षस, मुनि, पक्षिगण, नदी, तलाउ, कुवा, आठ मनु, आठ वसु, चन्द्रमा, अग्नि, तारा, जड, चेतन, सात पाताल, एक्काइस स्वर्गलगायत स्वर्ग, मर्त्य, पाताल सबैको दर्शन गरेर पार्वती मूर्च्छित हुनुभयो । उहाँ आँखा चिम्लेर दुई घडीसम्म निश्चेष्ट भई भुइँमा लडिरहनु भएको थियो ।।४२-४५।। भगवती पार्वतीले सामान्य चेतना प्राप्त गरेपछि भगवान् शिवजीको संझना गर्दै सावधान हुनुभयो । उहाँले आफ्ना सामु पहिलेकै रूपमा आफ्ना पुत्र श्रीगणेशलाई अगाडि बसिरहेका देखेर प्रसन्न भई श्रीगणेशको प्रार्थना गर्नुभयो।

पार्वतीले भन्नुभयो - हे श्रीगणेश ! हजुर जड र चेतन सबैका गुरु र परमात्मा हुनुहुन्छ ।।४६-४७।। हजुर चैतन्य र आनन्दका मूर्ति हुनुहुन्छ । हजुर नित्य, अनित्य र नित्यानित्य पनि हुनुहुन्छ । मैले हजुरको मुखभित्र चौधै भुवन देखें । देवता, यक्ष, राक्षस, नदी, वृक्षलगायत सम्पूर्ण चराचर पनि देखें । मैले त्यहाँ कति देखें र के के देखें, ती सबै कुरा बताउने मेरो सामर्थ्य छैन।।४८-४९।। म भ्रान्त भएर भुइँमा लडेकी थिएँ। भगवान् शङ्करको ध्यान गरेपछि शान्त र सावधान भएँ । अहिले हजुरलाई मेरै पुत्र बालगणेशका रूपमा देखिरहेकी छु ।

ब्रह्माजीले भन्नुभयो - यसरी पार्वतीले प्रार्थना गरेपछि श्रीगणेशले मायाको आविष्कार गर्नुभयो । संसारिक मायाद्वारा मोहित पार्वतीले पनि बालक श्रीगणेशलाई काखमा राखेर स्तनपान गराउनुभयो । त्यसपछि पार्वती आफ्नो घरभित्र पसेर कामकाजमा लाग्नुभयो । मुनि, मुनिपत्नी, देवता एवं देवपत्नीहरू आ-आफ्नो धामतर्फ लागे । यो श्रीगणेशको पवित्र कथा मैले तिमीलाई सुनाएँ । यस कथाको श्रवण गर्नाले मानिसहरू सबै प्रकारबाट पापबाट मुक्त हुन्छन् ।।५०-५३।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विश्वरूपदर्शनं नाम द्विनवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा पार्वतीलाई विश्वरूप प्रदर्शन' शीर्षकान्वित बयानब्बेऔं अध्याय पूर्ण भयो ।।९२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिनवतितमोऽध्यायः { ९३ अध्याय }

क उवाच

ततस्तु पञ्चमे वर्षे प्रवृत्ते मुनिबालकाः ।
उषःकाले गुणेशस्य समागम्य गृहं प्रति ।।१।।

प्रातःकाले कथं शेषे प्रोत्तिष्ठोत्तिष्ठ हे सखे !
उत्थापय निजं बालमित्यूचुस्ते शिवामपि ।।२।।

तानुवाच शिवा वाक्यं निद्रा वो न समागता ।
क्रीडायामेव सक्तानां चपलानां दिवानिशम् ।।३।।

कथं याहीत्यनुदिते निर्लज्जा मूढभावतः ।

त ऊचुः

मातर्न तव वाक्येन कोपो नो जायते क्वचित् ।।४।।

वयं ते बालकाः किं न त्वं वा नो जननी न किम् ।
अस्मिँस्तव शिशौ सक्तं सर्वेषां मानसं सदा ।।५।।

एनं पश्यामः पुरतो दिवानक्तं निरन्तरम् ।
विनैनञ्च समाधानं न नश्चेतसि जायते ।।६।।

श्रुत्वा वाक्यानि तेषां तु प्रोदतिष्ठत् तदा शिशुः ।
लिलिङ्ग बहिरागत्य गुणेशस्तैः परस्परम् ।।७।।

ययुर्बहिर्मुदा युक्ता धृत्वा हस्तान् परस्परम् ।
द्विभागीभूय चिक्रीडुर्नानायुद्धविचेष्टितैः ।।८।।

मस्तकं मस्तकेनैव वक्षसा वक्ष एव च ।
बाहुभ्याञ्चैव बाहू च निजघ्नुस्ते परस्परम् ।।९।।

जलेन रजसा चैव कन्दुकैर्मुष्टिभिस्तथा ।
कर्दमैर्गोमयैः केचिदान्दोलनविकर्षणैः ।।१०।।

कोलाहलं प्रकुर्वन्तः शृङ्गवंशरवानपि ।
दैत्यभूता जयं प्रापुर्देवभूताः पराजयम् ।।११।।

ब्रह्माजीले भन्नुभयो – भगवान् श्रीगणेश पाँचौं वर्षमा लाग्नु भएपछि एक दिन बिहानै मुनिबालकहरूले घरमा आएर श्रीगणेशलाई सम्बोधन गर्दै – 'हे मित्र ! प्रातःकालमा किन सुतिरहेका छौ ? उठ ! उठ !' भने । तिनीहरूले पार्वतीसँग पनि आफ्नो छोरालाई जगाउन अनुरोध गरे । पार्वतीले ती बालकहरूलाई भन्नुभयो – 'निरन्तर क्रीडामा मात्र लागिरहने चञ्चल स्वभावका तिमीहरूलाई नींद लागेन? सूर्य नउदाउँदै खेल्ने इच्छाले लाजै नमानीकन मूर्खतापूर्वक तिमीहरू मेरो छोरासँग खेल्न भन्दै आएका छौ ?'

बालकहरूले भने – 'आमा पार्वती ! हजुरका कुराले हामीलाई पटक्कै रीस उठ्दैन ।।१-४।। हे पार्वती ! हजुर श्रीगणेशकी आमा हुनुहुन्छ । त्यसो भएर हामी सहन्छौं । के हामी हजुरका छोरा होइनौं ? के हजुर हाम्री आमा होइन ? हजुरका छोरामा हाम्रो मन निरन्तर लागिरहन्छ । हामी रातदिन श्रीगणेशलाई आफ्नै सामु हेरिरहन्छौं, चिन्तन गरिरहन्छौं र सपनामा पनि देख्छौं। श्रीगणेशविना हाम्रो मनमा शान्ति नै हुँदैन ।।५-६।।' यसरी आफ्ना साथीहरूले माता पार्वतीसँग गरेका कुरा सुनेर बालक श्रीगणेश पनि जाग्नुभयो । बाहिर आएर आफ्ना साथीहरूलाई प्रेमपूर्वक आलिङ्गन गर्नुभयो । त्यसपछि ती बालकहरू श्रीगणेशका साथ हातेमालो गर्दै र खुसी हुँदै खेल्ने उद्देश्यले खेलमैदानतर्फ गए । मैदानमा गएका सबै बालक दुई समूहमा बाँडिएर अनेक युद्धचेष्टा गर्दै खेल्न थाले ।।७-८।। ती बालकहरूले खेलखेलमा प्रेमपूर्वक टाउकाले टाउकामा, छातीले छातीमा, हातले हातमा प्रहार गर्दै पानी, धूलो, भकुण्डो, हिलो, गोबरले पनि आपसमा छ्यापाछ्याप गरिरहेका थिए । त्यसपछि मुड्कीले प्रहार गर्दै युद्ध गरे । तिनीहरूले एकले अर्कालाई तान्ने र पछार्नेजस्ता खेल खेले । केहीले बाँसुरी र केहीले सिङ बजाएर हल्लिखल्ली गरे । बालक्रीडा गर्दा एउटा समूह दैत्यसमूहको रूपमा र अर्को समूह देवसमूहको रूपमा नाटकीय युद्ध गरिरहेको थियो । युद्धक्रीडामा देवसमूहले जित्यो र दैत्यसमूह पराजित भयो ।।९-११।। यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं युध्यत्सु तेष्वेवं खड्गनामा महासुरः ।
आययौ वृषरूपेण विशालेन नभस्पृशा ।।१२।।

पुच्छवातेन महता पतिता वृक्षसञ्चयाः ।
शूलदन्तो ललज्जिह्वः पादेनामर्दयन् दिशः।।१३।।

स महान्तं रवं कृत्वा तमधावद् गुणेश्वरम् ।
प्रतिशब्देन सहसा नादयन् विदिशो दिशः ।।१४।।

तं दृष्ट्वा विद्रुताः सर्वे मुनिपुत्रा भयातुराः ।
धाव धावेति तं बालं चुक्रुशुः केचिदर्भकाः ।।१५।।

तेषामाक्रन्दितं श्रुत्वा सहसा स गुणेश्वरः ।
कृत्वा महत्तरं रूपमुड्डीय तं जघान ह ।।१६।।

मुष्टिघातेन शिरसि वज्रेणेव महाचलम् ।
स भिन्नहृदयो दुष्टो वमन् रक्तं मुखाद् बहु ।।१७।।

कृत्वा घोरं महाशब्दं पतितो धरणीतले ।
विचाल्य चरणग्रीवामाक्रन्द्य च पुनः पुनः ।।१८।।

स्वीयं देहं समास्थाय तत्याज जीवितं क्षणात् ।
दशाष्टयोजनायामः पातयन् वृक्षसञ्चयान् ।।१९।।

उद्दुधूल रजो भौमं गगनं प्रावृतं क्षणात् ।
तद्देहपातात् पतिता जन्तवोऽथ पतत्रिणः ।।२०।।

तं तथा पतितं दृष्ट्वा सर्व एव कुमारकाः ।
साधु साधु शिवापुत्र ! महादैत्यो निपातितः ।।२१।।

दृष्ट्वा महान्तं तं दैत्यं वयं भीत्या पलायिताः ।
कथं त्वया महादैत्यः पौरुषेण कनीयसा ।।२२।।

हतोऽयं विस्मिताः सर्वे पुनस्ते समुपागताः ।
इत्युक्त्वा ते पुनः क्रीडां चक्रुः सर्वे यथा पुरा ।।२३।।

कर्षयन्तोऽङ्घ्रिकमले धृत्वा केचित् परस्परम् ।
ततस्तस्य सखा प्रायान्मृतप्रतिकृतीच्छया ।।२४।।

बालकहरूले नाटकीय युद्ध गरिरहँदा खड्गनामक महादैत्य विशाल एवं गगनस्पर्शी गोरुको रूप लिएर आयो । त्यसले पुच्छर रिंगाउँदा उत्पन्न भएको वेगबाट ठूला ठूला वृक्षहरू भुइँमा ढले । त्यसका दाँतहरू त्रिशूलजस्ता तीखा थिए र जिब्रो लपलपाइरहेको थियो । त्यसले आफ्ना खुट्टाहरूले प्रहार गरेर चारैतिरको भूभागलाई धूलोधूलो बनाइरहेको थियो ।।१२-१३।। गोरुको रूपमा रहेका दैत्यको गर्जनको प्रतिध्वनिबाट दिशा र विदिशा प्रतिध्वनित भए । मुनिबालकहरू खड्गनामक असुरलाई देखेर डराई भाग्न थाले । ती भागिरहेका बालकहरू श्रीगणेशलाई हे गणेश! तिमी पनि भाग भनेर चिच्याए।।१४-१५।। आफ्ना साथी बालकहरूको क्रन्दन सुनेर अकस्मात् भगवान् श्रीगणेश आफूलाई विशालकाय बनाई आकाशमा उड्नुभयो । आकाशमा उड्दा वज्रले पर्वतमा प्रहार गरेझैं आफ्नो बलियो मुड्कीबाट दैत्यमाथि प्रहार गर्दै युद्ध गर्न लाग्नुभयो । भगवान् श्रीगणेशको प्रहारबाट त्यसको छाती फुटी रगत बग्यो र त्यसले मुखबाट पनि रगत बान्ता गर्‍यो ।।१६-१७।। त्यसपछि भयङ्कर गर्जन गर्दै भुइँमा पछारियो। खुट्टा चलाइरहेको र घाँटी घुमाइरहेको त्यस दैत्यले मर्ने बेलामा गोरुको रूप छाडी आफ्नै दानवरूप धारण गर्‍यो । त्यसपछि प्राण परित्याग गर्‍यो । बहत्तर कोशसम्म फैलिएको त्यसको शरीर भुइँमा खस्दा हजारौं वृक्ष ढलेका थिए । आकाश एवं धर्तीमा धूलो फैलिएको थियो र धेरै पशु-पक्षीहरू त्यसका शरीरको आघातबाट भुइँमा खसेका थिए । विशाल आकारको भयङ्कर दैत्यलाई त्यसरी मरेर फैलिएको देखी श्रीगणेशका बालसखा ती सबै कुमारहरूले भने - 'धन्य धन्य श्रीगणेश ! तिम्रो जय होस्! किनकि तिमीले आज विशाल दैत्यलाई मारेका छौ ।' त्यसपछि आफ्ना कुरा सुनाउँदै केही बालकहरूले भने- ' हे श्रीगणेश! हामी त गोरुको रूप लिएर आएको विचित्र आकारको त्यस दैत्यलाई देख्नासाथ डराएर भागेका थियौं, यति सानो शरीरका तिमीले सानो प्रयासबाट विशाल दैत्यलाई कसरी मार्‍यौ ? हामी त चकित छौं ।' त्यसपछि सबै बालकहरू श्रीगणेशका वरिपरि आइपुगे र पहिलेजस्तै श्रीगणेशसँग क्रीडा गर्न लागे ।।१८-२३।। केही बालकहरू आफ्ना साथीहरूका खुट्टा तानेर तिनलाई घिसारिरहेका थिए । केहीले जसरी भगवान्ले खड्गासुरलाई भुइँमा पछार्नुभयो त्यसरी नै आफ्ना साथीहरूलाई घिसारिरहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छायारूपं समास्थाय महाबलपराक्रमः ।
पादाघातेन तस्याशु चकम्पे शेषविग्रहः ।।२५।।

व्योमस्पृङ्मस्तको दुष्टो गुणेशपृष्ठतो ययौ ।
छायां तदीयामाविश्य पातयामास तं तदा ।।२६।।

इतरेषामदृश्योऽसौ मायावी बलवत्तरः ।
यथा यथा नृत्यते स तथा दैत्योऽपि नृत्यति ।।२७।।

तं पतन्तं गुणेशं ते निरीक्ष्य मुनिबालकाः ।
ऊचुस्तं धाविताः केचित् केचिच्च दुःखिता भृशम्।।२८।।

कथं वा पतसे नाथ ! क्व सामर्थ्यं गतं तव ।
वारं वारं स्खलसि किं प्रियेषु च सखिष्वपि ।।२९।।

ततो बालो ददर्शाशु दशदिक्षु समन्ततः ।
सामर्थ्यादग्रतो यातुमियेष नाशकच्च सः ।।३०।।

पुनश्च प्रणिधानेन समन्तादवलोकयन् ।
छायाप्रविष्टं तं दैत्यं ज्ञातवान् स गुणेश्वरः ।।३१।।

गण्डशैलं समादाय प्राक्षिपच्चोदरेऽस्य ह ।
उपरिष्टान्ननर्तासौ स मृतश्चूर्णतां गतः ।।३२।।

अन्तकाले महद्रूपं समास्थाय निजं खलः ।
चूर्णयामास वृक्षान् सपर्वतान् प्राणिसञ्चयान् ।।३३।।

तन्मेदसा च रक्तेन धरणी च गुणेश्वरः ।
रक्ततां समनुप्राप्तौ वसन्ते किंशुकाविव ।।३४।।

एवं तं विनिहत्याशु गुणेशो लीलयाऽरमत् ।
तत एको वृषस्कन्धः सूकरास्यो गजोदरः ।।३५।।

थिए। त्यसै बेला खड्गासुरको मित्र अत्यन्त बलवान् छायासुर नामक दानव आफ्ना मरेका साथीको प्रतिशोध लिने इच्छाले छायाको रूप लिएर त्यहाँ आइपुग्यो । त्यसले खुट्टाले भुइँमा टेक्दा पातालवासी शेषनाग पनि काँप्न थाले ।।२४-२५।। आफ्नो शिरले आकाशलाई स्पर्श गर्ने त्यो दुष्ट दानवले श्रीगणेशको पछाडि आएर उहाँको छायामा टेकी उहाँलाई भुइँमा पछार्‍यो। त्यो मायावी दैत्य अरू बालकहरूको नजरमा भने देखिएन । श्रीगणेश उठेर नाच्न थाल्नुभयो र उहाँको नक्कल गर्दै छायासुर पनि नाच्न थाल्यो ।।२६-२७।। नाच्दानाच्दै श्रीगणेशलाई ढलेको देखेर मुनिबालकहरूले नजिकै गएर भने- 'हाम्रा मित्र श्रीगणेशलाई के भयो ? केही मित्रले अत्यन्त दुःखी भएर श्रीगणेशलाई पुकार्दै भने - हे महापराक्रमी श्रीगणेश ! किन लडेका छौ ? तिमी यतिविधि कमजोर त होइनौ ? तिम्रो त्यो विशाल शक्ति कहाँ गयो ? किन पटक-पटक तिमी भुइँमा लडिरहन्छौ ? हामीजस्ता प्यारा मित्रहरू हुँदाहुँदै पनि तिमीले आफ्नो दुःख हामीलाई किन बताउँदैनौ ?' आफ्ना मित्रहरूका कुरा सुनेपछि बालक श्रीगणेशले चारैतिर हेर्नुभयो । उहाँले पाइला चाल्न निकै प्रयास गर्नुभयो, तर उभिएको ठाउँबाट एक पाइला पनि अगाडि सर्न सक्नुभएन ।।२८-३०।। श्रीगणेशले आफैलाई अचम्म लागेर म यति कमजोर होइन, आज के भयो भन्ने विचार गर्नुभयो । त्यसपछि ध्यानदृष्टिले हेर्दा भगवान् श्रीगुणेशले आफ्नो छायामा छायासुर दैत्यले टेकिरहेको देख्नुभयो र आफू चल्न नसकेको कारण पनि थाहा पाउनुभयो । कारण थाहा पाएपछि उहाँले पर्वतबाट खसेका ठूला-ठूला ढुङ्गा ल्याएर त्यस दैत्यको छातीमा प्रहार गरी त्यसको ज्यानमा टेकेर नाच्न थाल्नुभयो । श्रीगणेशको चरण-प्रहारबाट धूलोपीठो भएको त्यो दैत्य तत्काल मर्‍यो ।।३१-३२।। मर्ने बेलामा त्यसले धारण गरेको दैत्य शरीर ढल्दा पर्वत र प्राणीहरू समेत टुक्राटुक्रा भएका थिए ।।३३।। त्यस राक्षसको बोँसो र रगतले पृथिवी र श्रीगणेश दुबै रक्ताम्य भए । वसन्त ऋतुमा रातै देखिने पलाशको रूखझैं श्रीगणेश र पृथिवी पनि रातै वर्णका देखिए ।।३४।। यसरी छायासुर दैत्यको वध गरेपछि भगवान् श्रीगणेश आफ्ना साथीहरूसँग प्रसन्नतापूर्वक विहार गर्न लाग्नुभयो । केही बेरपछि गोरुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गण्डशैला रज इव श्वासादस्य चलन्ति च ।
चञ्चलाख्यो महादैत्यो बालरूपधरोऽविशत् ।।३६।।

तेषु नानाविधाः क्रीडा दर्शयामास लाघवात् ।
महाबलो महामायः पोथयामास कांश्चन ।।३७।।

चरणं कस्यचिद् धृत्वा चकर्ष मुनिबालकम् ।
उभौ करौ विधृत्वैव कस्यचिन्मस्तकेऽहनत् ।।३८।।

यस्य नृत्ये धरा सर्वा कम्पते स्म सपर्वता ।
ते घर्मे मृत्तिकां सर्वे चर्चयन्ति स्वविग्रहे ।।३९।।

सोऽपि चर्चयते स्वाङ्गं चन्दनेनेव भाग्यवान् ।
ततस्ते कन्दुकं कृत्वा तेन क्रीडामथारभन् ।।४०।।

कन्दुको व्योममार्गस्थो बालत्यक्तोऽस्पृशत् करम् ।
कृत्वाश्ववच्च तं बालमारोहत् स सकन्दुकः ।।४१।।

आरोहको बलाद् भूमौ निक्षिपेत् तञ्च कन्दुकम् ।
अपरो धारयेदूर्ध्वमागतं सोऽपि वा पुनः ।।४२।।

यद्धस्ते कन्दुकः सोऽथ बालमारुह्य तं त्यजेत् ।
भूमौ निपतितं बालमादाय तेन ताडयेत् ।।४३।।

तेषु मध्ये पलायत्सु यस्य लग्नः स कन्दुकः ।
तेनापि व्योममार्गस्थः कार्यो यस्य करं स्पृशेत् ।।४४।।

हस्ते नायाति चेत् सोऽपि व्योमगं तन्तु कारयेत् ।
येन हस्ते धृतः सोऽमुमारुह्य पूर्ववत् क्षिपेत् ।।४५।।

कदाचित् कन्दुकः क्षिप्तो गुणेशेन च व्योमनि ।
चञ्चलेन धृतो हस्ते तमारूढस्तदाऽसुरः ।।४६।।

जस्तो काँध, सुँगुरको जस्तो मुख र हात्तीको जस्तो पेट भएको, श्वासप्रश्वासको वेगबाट पर्वतबाट खसेका ठूला-ठूला ढुङ्गाहरूलाई पनि धूलो झैं उडाउन सक्ने चञ्चलनामक महादैत्य त्यहाँ बालकरूप लिएर आइपुग्यो । त्यसले बालकहरूसामु आएर तीव्र गतिमा अनेक थरि लीला र क्रीडा देखायो । दैत्यविद्यामा सिपालु र बलवान् त्यस दानवले केही बालकहरूलाई उचालेर भुइँमा पछाऱ्यो । कुनै मुनिबालकलाई खुट्टामा समातेर घिसाऱ्यो । कुनै बालकका दुई हात समातेर टाउकामा हिर्कायो । त्यसपछि त्यसले नृत्य देखाउँदा पर्वत र सागरसहित सम्पूर्ण पृथिवी काँप्न थालिन् । बालकहरूले क्रीडा गर्दा घाम भएर आफ्नो शरीरभरि माटो दलेका थिए । त्यो देखेर बालकरूपमा आएको त्यस भयानक दैत्यले पनि भाग्यवान् मानिसले झैं आफ्नो शरीरभरि चन्दन दल्यो । बालकहरू पनि भकुण्डो हातमा लिएर त्यस दैत्यसँग भकुण्डो खेल्न थाले ।।३५-४०।। एउटा बालकले आफ्नो हातमा रहेको भकुण्डो फ्याँकिर आकाशमा पुऱ्यायो । बालकले फ्याँकिको भकुण्डो त्यस दैत्यको हातमा पऱ्यो । त्यसपछि भकुण्डो फ्याँक्ने बालकसँग रिसाएर त्यसले तिनलाई दुई हात र दुई खुट्टा टेकाएर घोडा बन्न लगायो ।।४१।। आफ्नो हातमा भकुण्डो लिएर बालकको पिठ्यूँमा घोडामाझैं सवार भई भकुण्डो खेल्न थाल्यो । त्यसले फ्याँकिको भकुण्डोलाई कुनै बालकले समातेर खेल्न थालेपछि त्यसलाई रीस उठ्यो । जुन बालकले भकुण्डो समातेको थियो त्यसलाई घोडा बनाएर त्यसको पिठ्यूँमा सवार भयो । जुन बालकले त्यसको विरोध गर्दथ्यो त्यसलाई त्यसले मुड्कीले हानेर भुइँमा लडाइदिन्थ्यो । दैत्यको यस्तो व्यवहारबाट डराएर ती बालकहरू भाग्न थाले । त्यस दैत्यले बालकहरूका साथ भकुण्डो खेलिरहेकै समयमा भगवान् श्रीगणेशले त्यसको भकुण्डो समातेर आकाशमा फ्याँकिदिनुभयो । त्यस दानवले रिसाएर भगवान् श्रीगणेशका हात समात्यो र भगवान्को शरीरमाथि सवार भयो । आफ्नो शरीरको सम्पूर्ण भारले भगवान्लाई च्याँपिर त्यसले भन्यो- हे बालक श्रीगणेश ! म कति बलियो र कति गह्रौं छु ? मेरो भार सहन गर् । तँ त बालकहरूको बीचमा नाइके भएर खेलिरहेको थिइस् । अब तँलाई यसरी नै च्याँपिर तँसँग भकुण्डो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारेणाक्रम्य तं देवमुवाच दुष्टदानवः ।
सहस्व भारं मे दुष्ट ! वल्गसेऽर्भकसञ्चये ।।४७।।

त्यक्तं त्यक्तं कन्दुकं स गृह्णाति स्वकरे पुनः ।
मुहूर्तद्वयमेवं हि चिक्रीडे दुष्टदानवः ।।४८।।

प्राहसन् मुनिबालास्ते गुणेशं तं तथागतम् ।
ततो गुणेशो दैत्यं तमारूढो दृढविक्रमः ।।४९।।

चञ्चलश्चञ्चलो जातो नेतुं दूरे मुदान्वितः ।
व्योममार्गेण सहसा बाला भूमिगता ययुः ।।५०।।

विमानवत् पक्षिवच्च स जगामं त्वरान्वितः ।
ततो निवृत्तास्ते बालाः शोचमाना ययुर्गृहान् ।।५१।।

स्थितास्तत्रैव केचिच्च प्रतीक्षन्तो गुणेश्वरम् ।
ततो गुणेशस्तं ज्ञात्वा मनसा दुष्टदानवम् ।।५२।।

हिमवत्सदृशं भारं चकार सहसा विभुः ।
भारेण पतितो दैत्यः प्रावदत् तं गुणेश्वरम् ।।५३।।

उत्तरस्व महाभारं गमिष्यन्ति ममासवः ।
दयां कुरुष्व दीने त्वं प्रपन्ने शरणं तव ।।५४।।

एवं वदन् मुमूर्च्छाऽसौ ततो बालो दधार तम् ।
भ्रामयामास बहुशो भुजङ्गं गरुडो यथा ।।५५।।

तत्याज दूरदेशे तं चञ्चलं दुष्टदानवम् ।।५६।।

खेल्छु । त्यसले भगवान्लाई भकुण्डो दियो र भगवान्ले भकुण्डो आकाशमा फ्याँक्नुभयो । त्यसले भकुण्डो समात्यो। यस किसिमबाट धेरै समयसम्म श्रीगणेश र चञ्चल दैत्यका बीच कन्दूक क्रीडा भएको थियो । भगवान्लाई आफ्नो शरीरले च्यापिरहेको दुष्ट राक्षसले दुई घण्टासम्म भगवान्लाई भकुण्डो खेल्न बाध्य गरायो । भगवान् श्रीगणेशलाई त्यसरी दयनीय अवस्थामा देखेर केही बालकहरू हाँस्न थाले । त्यसपछि आफ्नो महत्त्वबोध गर्नुभएका श्रीगणेश पनि आफ्नो पराक्रम प्रदर्शन गर्दै दैत्यमाथि चढ्नुभयो ।।४२-४९।। भगवान् श्रीगणेशद्वारा च्याँपिएको चञ्चलनामक दैत्य चञ्चल भयो । त्यसले आकाशमार्गबाट उड्ने प्रयास गर्दा भुइँका बालकहरू पनि त्यसको वेगका कारण चरा र विमानझैं आकाशमा उड्न थाले ।।५०।। विमान र चराझैं तीव्र गतिमा आकाशमा उडिरहेको त्यो दानव वेगपूर्वक कतै गयो । त्यसपछि भुइँमा खसेका ती बालकहरू चिन्ता गर्दै आ-आफ्ना घरतर्फ लागे ।।५१।। केही बालकहरू भने भगवान् गणेशको प्रतीक्षा गर्दै त्यहीं रहे । भगवान् श्रीगणेशले पनि मनबाट दुष्ट दानवको चर्तिकला जानेर आफ्नो शरीरलाई हिमालयसमान विशाल तुल्याएर त्यसलाई थिच्नुभयो । गणेशद्वारा थिचिएको दैत्यले आत्तिएर प्रार्थनाको स्वरमा भन्यो – 'हे श्रीगणेश! तिमी उत्र । तिम्रो गह्रौंपनलाई हटाऊ, थिचिएर मेरा प्राण जान लागिरहेका छन्, म तिम्रो शरणमा आएको छु, दुःखी छु, दया गर ।।५१-५४।। यसरी श्रीगणेशसँग प्रार्थना गर्दागर्दै त्यो दानव अचेत भयो । भगवान् श्रीगणेशले त्यसलाई समाउनुभयो र आकाशमा धेरै पटकसम्म रिंगाउनुभयो । जसरी गरुडले सर्पलाई घुमाउँछ त्यसैगरी गणेशले त्यसलाई समाएर धेरै बेरसम्म आकाशमा रिंगाउनुभयो । लामो समयपछि उहाँले निष्प्राण त्यस दैत्यलाई आकाशबाट भुइँमा फ्याँकिदिनुभयो ।।५५-५६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे खड्ग-चञ्चलवधो नाम त्रिनवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'खड्गासुर र चञ्चलासुरको वध' शीर्षकान्वित त्रियानब्बेऔं अध्याय पूर्ण भयो ।।९३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्नवतितमोऽध्यायः { ९४ अध्याय }

क उवाच

ततो मुनिसुता याताः प्रतीक्षन्तः स्थिताश्च ये ।
तेषां जयरवैर्व्योम गर्जितञ्च दिगन्तरम् ।।१।।

चिक्रीडुस्ते पुनस्तत्र नानानृत्यैश्च गायनैः ।
एवं रमत्सु बालेषु सार्द्धयामे दिवाकरे ।।२।।

पितरौ तानदृष्ट्वैव ग्राममध्ये क्वचिद् गृहे ।
प्रत्येकं यष्टिमादाय ययुः सर्वे शिशून् प्रति ।।३।।

रमन्तो विविधाः क्रीडा मध्ये कृत्वा गुणेश्वरम् ।
नृत्यन्तं नर्तयन्तञ्च तञ्च ते निरभर्त्सयन् ।।४।।

पितर ऊचुः

त्वया विना नो बालाश्च नाचरन् स्नानभोजने ।
आचाराध्ययने चापि ब्राह्मण्यं विनयं तथा ।।५।।

ततः परस्परं प्राहुर्गतक्रोधा निरीक्ष्य तम् ।
एतस्य ताडने बुद्धिर्गतैनं वीक्ष्य नः कुतः ।।६।।

कथयामो यदि शिवौ तावस्य किं करिष्यतः ।
अनेके निहता दैत्या बालेनैव महाबलाः ।।७।।

वयं देशान्तरं यामो भीत्या तव गुणेश्वर !

क उवाच

एवं वदत्सु लोकेषु पिदधे स गुणेश्वरः ।
आविरासीद् दूरदेशे ततो बाला व्यलोकयन् ।।८।।

धावयित्वा पितॄँस्त्यक्त्वा गुणेशं ते ययुः पुनः ।
क्रीडन्तस्ते ययुः शीघ्रं गौतमाश्रममुत्तमम् ।।९।।

ब्रह्माजीले भन्नुभयो - चञ्चलाशुरको वधपछि श्रीगणेशको प्रतिक्षा गरिरहेका मुनिपुत्रहरू त्यहाँ आइपुगे । तिनीहरूले गरेको जयजयकारबाट आकाश र दिशाहरू शब्दायमान भए ।।१।। त्यसपछि ती बालकहरू अनेक थरि नाचगान गरी क्रीडा गर्न लागे । यसरी सूर्य मध्याकाशमा आइपुग्दासम्म बालकहरू खेलिरहँदा आफ्ना बालकहरूलाई घरमा नआएको देखेर गाउँको बीचमा जम्मा भएका र घरमा रहेका समेत बालकहरूका आमाबाबुहरू धेरै रिसाए । ती सबै बाबुआमा हातमा लौरो लिएर बालकहरू खेलिरहेको ठाउँमा गए ।।२-३।। त्यहाँ भगवान् गुणेश्वर श्रीगणेशलाई माझमा राखेर अनेक थरि क्रीडा गर्दै नाचिरहेका र नचाइरहेका आफ्ना बालकहरूलाई देखेर ती बाबुआमाले नराम्रोसँग गाली गरे ।।४।।

बाबुआमाहरूले भने - 'हे श्रीगणेश ! तिमीविना हाम्रा छोराहरू स्नान र भोजन पनि गर्दैनन् । आचारपालनमा र अध्ययनमा पनि यिनीहरूको रुचि छैन । न त यिनीहरूसँग ब्रह्मकर्म छ न त बाबुआमाले भनेको मान्ने आज्ञाकारिता र अनुशासन छ ।।५।।' यसरी भनेपछि बालकहरू र श्रीगणेशहरूलाई केही नबोलेको देखेर ती सबै बाबुआमाले आपसमा भने - 'किन श्रीगणेशलाई हेर्नासाथ हाम्रो रीस पनि मर्छ ? पिटौं भनेर जोशपूर्वक आउँदा त्यो बुद्धि कता हराउँछ कता ! ।।६।। अब श्रीगणेशको विषयमा पार्वती र शिवजीलाई भन्नुपर्‍यो । उहाँले यिनलाई केही सिकाउनु हुनेछ ।' यस्तो विचार गरेर फेरि गणेशलाई भने- 'हे श्रीगणेश ! तिमीले सानो भएर पनि बलवान् ठूलाठूला दैत्यहरूलाई मार्‍यौ ।।७।। तिमीसँग डर लाग्छ । यहाँ बस्दा यस्ता घटना भइरहन्छन् । हाम्रा छोरा पनि बिग्रिसके। अब हामी अरू देशमा बस्न जान्छौं ।'

ब्रह्माजीले भन्नुभयो- यसरी बालकहरूका बाबुआमाहरूले आएर आपसमा विचार गर्ने र सम्बोधन गर्ने काम गरिरहेको समयमा गुणेश्वर परमात्मा श्रीगणेशले आफूलाई अन्तर्धान गराउनुभयो ।।८।। धेरै बेरपछि टाढा गएर प्रकट हुनुभयो। ती बालकहरूले श्रीगणेशलाई देखे । त्यसपछि आफ्ना बाबुआमालाई छाडेर ती सबै आफूदेखि धेरै टाढा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यानस्थं तं मुनिं वीक्ष्य पचन्तीं तत्स्त्रियञ्च ते ।
गुणेशोऽगान्मध्यदेशं जग्राहौदनपात्रकम् ।।१०।।

ददौ तेभ्यो विभज्यान्नं प्रार्थयामास सादरम् ।।११।।

मत्सङ्गेन चिरं कालं यूयं सर्वे बुभुक्षिताः ।
सावकाशं प्रभुञ्जध्वं ततः क्रीडामहे पुनः ।।१२।।

अहल्या तं चुकोपाशु ममान्नं स्पृष्टवान् कथम् ।
न कृतो वैश्वदेवो वा नैवेद्यं चपलार्भकाः ।।१३।।

विसृज्य ध्यानं किं कुर्याद् गौतमो मुनिसत्तमः ।
उत्थापयामास तदा ध्यानस्थं मुनिसत्तमम् ।।१४।।

स उत्थाय ददर्शाऽथ गौतमः सकलार्भकान् ।
जक्षतोऽन्नं क्षुधा युक्तान् बभाषे च गुणेश्वरम् ।।१५।।

गौतम उवाच

महतोः पुत्रतां प्राप्य कथमन्यायकृद् भवान् ।
अत्यद्भुतानि कर्माणि श्रुत्वा ते त्वां वयं पुरा ।।१६।।

परात्परतरं देवं परब्रह्मस्वरूपिणम् ।
मन्यामहे बालभावं कुरुषे त्वं गुणेश्वर ।।१७।।

क उवाच

धृत्वा करं स च मुनिः पार्वत्या गृहमागमत् ।
करे धृत्वाऽन्नसहितं तत्पात्रं निजमन्दिरात् ।।१८।।

उवाच मातस्ते बालो नित्यमन्यायकृन्मम ।
अद्य त्वां कथितुं यातः किं कार्यं गौर्यतः परम् ।।१९।।

इतो वा गमनं दूरे मन्यसे यदि तद्वद ।

प्रकट हुनुभएका भगवान् श्रीगणेश रहनुभएको ठाउँतर्फ लागे। श्रीगणेशसँग भेट गरेपछि आपसमा खेल्न थाले । खेल्दै ती सबै गौतम ऋषिको उत्तम आश्रमतर्फ गए । त्यहाँ ध्यान गरिरहेका गौतम ऋषि र भोजन बनाइरहेकी ऋषि पत्नीलाई देखेर श्रीगणेश भान्साको बीचमा जानुभयो । भात पकाएको भाँडोबाट भात झिकेर उहाँले आफूसँग आएका बालकहरूलाई आदरपूर्वक बाँड्दै भन्नुभयो – 'हे मेरा बालमित्रहरू! धेरै बेरसम्म मेरा साथमा रहेका तिमीहरू अवश्य पनि भोकाएका छौ । अब आनन्दपूर्वक भोजन गर । भोजनपछि हामी फेरि खेल्नेछौं'।।९-१२।। त्यस बेला गौतम ऋषिकी पत्नी अहल्याले रिसाउँदै श्रीगणेशलाई भनिन् – 'हे बालक ! तिमीले किन मैले पकाएको अन्न स्पर्श गऱ्यौ ? हे चञ्चल बालकहरू! पकाएको अन्नलाई नैवेद्य बनाएर गरिने वैश्वदेव कर्म पनि हामीले गरेका छैनौं । भगवान्को पूजा गरेर नैवेद्य पनि लगाएका छैनौं । तिमीहरूले ठूलो अपराध गऱ्यौ । महामुनि गौतम ध्यानबाट जाग्नुभएपछि के गर्नु हुन्छ हेर त ?' त्यसपछि तिनले ध्यानमा रहेका आफ्ना पति गौतम ऋषिलाई जगाइन् । ध्यानबाट जागेका गौतम ऋषिले भोकाएर आफ्नो भान्सामा पाकेको भोजन खाइरहेका बालकहरूलाई देखे । त्यसपछि उनले श्रीगणेशलाई भने ।।१३-१५।।

गौतमले भन्नुभयो– 'हे श्रीगणेश! जगत्का पिता-माता पार्वती र शङ्करका छोरा भएर पनि किन तपाइँले यस्तो अन्याय गर्नुभयो ? हामीले त तपाइँका अद्भुत लीला सुनेका थियौं । त्यसपछि हामीले तपाइँलाई परात्पर, देवताका पनि देवता परब्रह्म नै मानेका थियौं । त्यस्ता परब्रह्मले पनि केटा-केटीको जस्तो चञ्चलता देखाइरहनु भएको छ, यस्तो किन?'।।१६-१७।।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि गौतम ऋषिले श्रीगणेशको हात समातेर पार्वतीका घरमा पुऱ्याए । त्यस बेला श्रीगणेशको हातमा गौतम ऋषिको भान्सामा पाकेको अन्नको भाँडो थियो । गौतम ऋषिले पार्वतीलाई भने – 'हे आमा पार्वती! तपाइँका छोराले दिनदिनै मेरो घरमा आएर उपद्रव मचाउँछन् र अन्याय गर्छन् । हे गौरी ! आज त सहनै नसकेर साथै लिई भन्न आइपुगें । के गर्नुपर्छ तपाइँ आफै गर्नुहोस् ।।१८-१९।। अब त बस्न नै नसकिने भयो । यो आश्रम छाडेर टाढा कतै जानुपर्छ भने भन्नुहोस्, हामी जान तयार छौं ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

क उवाच

ततो रुषा समायुक्ता श्रुत्वा वाक्यं मुनीरितम् ।।२०।।

ताडयामास यष्ट्या तं वमन्ती नेत्रतोऽनलम् ।
उवाच च मुनिं गौरी प्रणता क्रोधसंयुता ।।२१।।

ममापि च मुने ! त्रासो जायते जन्मतोऽस्य ह ।
द्रष्टव्या राक्षसकृताः कियन्तो विघ्नसञ्चयाः ।।२२।।

स्त्रियः प्रवक्तुं कुत्रापि नायान्ति मुनिपुङ्गवाः ।
अयं तु सर्वतो दुष्टो मुनिपुत्रविभेदकः ।।२३।।

ममात्मज इति जनो नैनं शापं प्रयच्छति ।
बद्ध्वैनं हस्तपादेषु तत्समक्षं शिवा सुतम् ।।२४।।

गृहमध्ये तु संस्थाप्य तद्गृहं पिदधे दृढम् ।
मैवं मैवं वदन् यातो गौतमः स्वाश्रमं प्रति ।।२५।।

ततस्ते बालकाः सर्वे शोचस्तन्तं गुणेश्वरम् ।
कथं नो दर्शनञ्चास्य भविष्यति कदा नु वा ।।२६।

द्वारं दत्त्वा दृढं मध्ये स्थापितो गिरिकन्यया ।
एवं तेषु वदत्स्वेव तन्मध्ये स ययौ क्षणात् ।।२७।।

जनन्याः कटिदेशेऽपि दृश्यते तद्गृहेऽपि च ।
ऊचुस्तां गौरि ! पुत्रस्ते निःसृतो गृहमध्यतः ।।२८।।

पश्यति स्म गेहमध्ये बद्धमेव गुणेश्वरम् ।
बहिस्तान् मुनिपुत्रान् सा तत्स्वरूपानपश्यत ।।२९।।

यं कञ्चित्स्तनपानाय जुहाव विह्वला शिवा ।
निषिद्धा सा सुतैस्तैस्तु गृहमध्ये शिवे ! स्थितः ।।३०।।

ब्रह्माजीले भन्नुभयो – गौतम ऋषिले भनेका कुरा सुनेर आफ्ना छोरा श्रीगणेशसँग असाध्यै रिसाएकी माता पार्वतीले आँखाबाट रीसको अग्निज्वाला प्रकट गर्दै श्रीगणेशलाई लौराले पिट्नुभयो । रिसाएर पनि नम्र देखिएकी गौरीले गौतम ऋषिलाई भन्नुभयो – 'हे ऋषि ! के गरौं यसको बानी यस्तै छ, यो साह्है चञ्चल छ । यो जन्मेदेखि अहिलेसम्म यसले के गर्ने हो र के सुन्नुपर्ने हो भन्ने त्रासमात्रै लागिरहन्छ । यता राक्षसहरूको बस्तीमा बसेका छौं । सधैं विघ्न भइरहन्छन् ।।२०-२२।। कहिले के हुने हो र के आइलाग्ने हो भन्ने पनि मनमा लागिरहन्छ। अर्कोतर्फ छोराको यस्तो बानीबेहोरा छ । कति ऋषिमुनिहरूका घरमा गएर यसले उपद्रव मच्चाएको छ तर ऋषि र तिनका पत्नीहरू हाम्रो ख्याल राखेर भन्न आएका छैनन् । यो मेरा छोरा त असाध्यै दुष्ट छ । यसले मुनिका छोराहरूलाई पनि नचाई नचाई बिगारेको छ। पार्वतीको छोरा हो गाली गर्न भएन, सराप पनि के दिने भनेर मानिसहरूले केही प्रतिकार गरेका छैनन् ।' यस्तो मनका कुरा खोलेपछि पार्वतीले गौतम ऋषिकै सामु आफ्ना छोराको हातखुट्टा बाँध्नुभयो । गणेशलाई घरको बीचमा राखेर ढोका लगाउनुभयो । यस्तो दृश्य देखेर गौतम ऋषि पनि हे आमा पार्वती ! तपाईंले यति कडा दण्ड नदिनुहोस् भन्दै आफ्नो आश्रमतर्फ फर्के ।।२३-२५।। त्यसपछि ती अरू मुनिबालकहरू भगवान् श्रीगणेश कहिले आउनुहुन्छ, कहाँ पुग्नुभएको छ, के गरिरहनुभएको छ, किन दर्शन पाइएन, कतिबेला दर्शन पाइनेछ जस्ता तर्क गर्दै श्रीगणेशको प्रतीक्षा गरिरहेका थिए । आमा पार्वतीले आफ्नो घरभित्र हुलेर ढोका लगाई थुन्नुभएको छ रे भन्ने कुरा गरिरहेका बालकहरूको माझमा पुगेका श्रीगणेश आमाको काखमा देखिनुभयो र घरमा थुनिनु भएको पनि देखिनुभयो । सँगिनीहरूले भने- 'हे पार्वती ! तपाईंका छोरा त घरबाट निक्लेर मैदानमा गएछन् ।' त्यो सुनेर पार्वतीले घरभित्र हेर्दा आफ्ना छोरालाई त्यहीं बाँधिएको अवस्थामा देख्नुभयो । फेरि बाहिर हेर्दा मुनिका छोराहरूलाई थपक्कै श्रीगणेशकै अनुहारमा खेलिरहेका पनि देख्नुभयो ।।२६-२९।। भावले विह्वल भएकी पार्वतीले श्रीगणेशको आकारका बालकहरूमध्ये कुनै एक बालकलाई मेरो स्तनपान गर्न आऊ भनेर बोलाउनुभयो । तर ती मुनिपुत्रहरूले – 'हे पार्वती आमा ! हामी श्रीगणेश होइनौं, स्वयं श्रीगणेश पनि यहाँ आउनुभएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्घाट्य द्वारं सा बालं मुक्त्वा स्तन्यं ददौ मुदा ।

गौतमः स्वाश्रमं यातो देवतार्चनमारभत् ।।३१।।

गुणेशरूपान् सोऽपश्यत् तृप्तान् देवाँस्तथाऽखिलान्।

पुरः प्रकीर्णमन्नञ्च ततो विस्मितमानसः ।।३२।।

चिन्तयामास मनसि दुर्बुद्धिस्तु कृता मया ।

उमायै कथितं सर्वमन्नपात्रं प्रदर्शितम् ।।३३।।

तया स ताडितो बद्धोऽव्यक्तो व्यक्तस्य कारणम् ।

परात्परतरो देवो यस्मिँस्तृप्ते महाफलम् ।।३४।।

आगत्य बुभुजे बालैः सार्द्धं तु मुनिसम्भवैः ।

मोहितो मायया चास्य पूर्वमज्ञासिषं न तम् ।।३५।।

क उवाच

अहल्यापि पुनः पाकञ्चकाराद्भुतमानसा ।

सोऽपि ध्यानस्थितो भूत्वा नित्यकर्म समापयत् ।।३६।।

छैन, उहाँ त घरभित्रै थुनिनुभएको छ ।' भने त्यसपछि पार्वतीले आफ्नो घरको ढोका खोलेर बालकका हातखुट्टाका बन्धन काटी काखमा राखेर आनन्दपूर्वक दूध चुसाउनुभयो । उता गौतम ऋषि पार्वतीसँग कुराकानी गरेपछि आफ्नो आश्रममा पुगिसकेका थिए । त्यहाँ गएर तिनले देवताको पूजा आरम्भ गरे । आफूले पूजा गरेका सम्पूर्ण देवताहरूलाई श्रीगणेशकै अनुहारमा देखे । श्रीगणेशको रूपमा देखिएका ती सबै देवताहरू प्रसन्न, तृप्त र सन्तुष्ट थिए। तिनका अगाडि भान्साका सम्पूर्ण पकवान, भोजन र व्यञ्जन राखिएका थिए । त्यस बेला गौतम ऋषिले मनमनै भने – 'मैले भगवान् श्रीगणेशलाई नचिनेर दुर्बुद्धिको काम गरेछु । भाँडा हातमा लिनुभएका श्रीगणेशलाई समातेर पार्वतीको आश्रममा गई श्रीगणेशको कुरा लगाएँ । अन्न पकाएको भाँडो समेत लगेर देखाएँ । पार्वतीले पनि मेरा कुरा सुनेर आफ्ना छोरालाई पिट्ने र बाँध्ने काम गर्नुभयो । वास्तवमा श्रीगणेश त अनन्त संसारका स्वामी र उत्पत्तिका कारण हुनुहुन्छ । परभन्दा पर रहनुभएका देवता हुनुहुन्छ । परब्रह्म परमात्मा हुनुहुन्छ । उहाँ प्रसन्न र तृप्त हुनुभएपछि ठूलो फल प्राप्त हुन्छ। उहाँले ममाथि कृपा गरी मेरो भान्सामा आएर आफ्ना बालसखाहरूका साथ भोजन गर्नुभयो । कति भाग्यको कुरा थियो । मैले त्यो कुरा बुझ्न सकिनँ । मलाई मायाले छोप्यो र रीस उठ्यो । अपूर्व प्रभाव र शक्तिले सुहाउनुभएका भगवान् श्रीगणेशलाई मैले चिन्न सकिनँ।।३०-३५।।

ब्रह्माजीले भन्नुभयो – अहल्याले श्रीगणेशको अद्भुत चरित्रको विषयमा थाहा पाएर आफ्नो परिवारका लागि भोजन तयार गरिन् । उता गौतम ऋषिले पनि पूजाकोठामा धेरै बेरसम्म रही भगवान् श्रीगणेशको ध्यान गरेर पूजन आदि नित्यकर्म समाप्त गरे ।।३६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गौतमभोजनहरणं नाम चतुर्नवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'गौतम ऋषिको भोजनहरण' शीर्षकान्वित चौरानब्बेऔँ अध्याय पूर्ण भयो ।।९४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चनवतितमोध्यायः { ९५ अध्याय }

क उवाच

षष्ठे वर्षे प्रवृत्ते तु क्वचिद् यातो बहिः शिशुः ।
उमाया बालकैः सार्द्धं चिक्रीडानेकधा पुनः ।।१।।

तं दिदृक्षुर्विश्वकर्मा ययावन्तर्गृहं प्रति ।
पार्वती बहिरागत्य मानयामास तं बहु ।।२।।

चित्रासने समावेश्य पूजयामास सादरम् ।
प्रक्षाल्य चरणौ प्रादाद् गन्धं ताम्बूलमेव च ।।३।।

ततस्तदादरं दृष्ट्वा विश्वकर्मा तुतोष ह ।
तुष्टाव परया भक्त्या प्रणिपत्य शिवां मुदा ।।४।।

विश्वकर्मा उवाच

नमामि विश्वेश्वरि ! विश्वरूपे !
ब्रह्मेन्द्ररुद्रार्यमविष्णुरूपे !
त्वया ततं विश्वमनन्तशक्ते !
ब्रह्मादिदेवैरभिनन्द्यरूपे !।५।।

त्वमेव विश्वं रजसा विधत्से
सत्त्वेन मातः परिपासि तच्च ।
त्वमेव सर्वं तमसाऽथ हंसि
त्रैगुण्यमेतत् तव नित्यरूपम् ।।६।।

त्वया हता दैत्यगणा विमुक्तिं
ब्रह्मर्षयो ज्ञानबलात् प्रपन्नाः ।
त्वमेव विष्णोरतुलाऽसि शक्तिः
सर्वस्य हेतुः परमाऽसि माया ।।७।।

सतोऽसतो याऽपि परासि शक्ति-
श्चराचरं त्वं विदधासि विश्वम् ।
सम्मोह्य लोकान् सकलान् सुरेशान्
काष्ठाकलाभिश्च ददासि भोगम् ।।८।।

ये त्वां प्रपन्ना न भयन्तु तेषाम् ।
मृत्योस्तथा दैत्यकृतं कदाचित् ।।९।।

ब्रह्माजीले भन्नुभयो – पार्वतीनन्दन श्रीगणेश ६ वर्षमा लाग्नु भएपछि कुनै दिन आफ्ना बालमित्रहरूका साथ घरदेखि बाहिर गई धेरै बेरसम्म क्रीडा गर्नुभयो ।।१।। श्रीगणेशको लीला हेर्ने इच्छाले विश्वकर्मा पार्वतीको घरमा आइपुगे । पार्वतीले कोठाबाट बाहिर आई विश्वकर्माको सम्मान गर्नुभयो। उत्तम आसनमा राखेर आदरपूर्वक पूजा गर्नुभयो । चरण पखालीकन चन्दन र पान टक्र्याउनुभयो। पार्वतीले गरेको त्यस्तो आदरलाई देखेर विश्वकर्मा अत्यन्त प्रसन्न भए । त्यसपछि भक्तिपूर्वक नुहेर तिनले पार्वतीको स्तुति गरे।।२-४।।

विश्वकर्माले भने- हे विश्वकी स्वामिनी! विश्वब्रह्माण्डमा व्याप्त हुनुभएकी हे महाशक्ति ! ब्रह्मा, इन्द्र, रुद्र, अर्यमा र विष्णुको रूपमा प्रकाशित भएकी हे देवी ! हजुरले यस विश्वब्रह्माण्डको विस्तार गर्नुभएको छ । हे अनन्त शक्तिसम्पन्न आमा पार्वती ! ब्रह्मा आदि देवताहरूबाट पूजा गरिएकी र अत्यन्त महनीय स्वरूपले सम्पन्न हे जगदम्बा ! हजुरले नै रजोगुणको आश्रय लिएर संसारको रचना गर्नुहुन्छ। हे जगन्माता! हजुरले आफूद्वारा रचिएका संसारको सत्त्वगुणका आधारमा पालन गर्नुहुन्छ । फेरि हजुरले नै तमोगुणको आश्रय लिएर आफूले सृष्टि गरी पालनसमेत गरेका संसारको संहार गर्नुहुन्छ । हे देवी! हजुरको नित्य स्वरूप त्रिगुणमय छ।।५-६।। हजुरद्वारा अनेक दैत्यगणहरू मारिए र हजुरकै कृपाबाट ज्ञान प्राप्त गरेका ब्रह्मर्षिहरूले मुक्ति प्राप्त गरे । हजुर नै भगवान् विष्णुकी अतुलनीय शक्ति लक्ष्मी हुनुहुन्छ । हजुर सारा संसारकी कारण हुनुहुन्छ । हजुर परम मायाका रूपमा विराजमान हुनुहुन्छ ।।७।। हजुर सत्य र असत्यदेखि पर रहेकी शक्ति हुनुहुन्छ । जड र चेतनले युक्त विश्व हजुरको इच्छाबाट रचिएको छ । हजुरले संसारमा रहेका सम्पूर्ण प्राणीहरूलाई आनन्दित बनाएर सबै देवताहरूलाई पला, घडी, बार, पक्ष, महिना, अयन, वर्ष, युग र कल्प आदि कालका अनेक भेदहरूबाट अत्यन्त आनन्ददायक भोग पनि प्रदान गर्नुहुन्छ ।।८।। हे जगन्माता ! हजुरका चरणमा जो शरणागत हुन्छन् तिनलाई मृत्यु र दैत्यहरूबाट कहिल्यै पनि भय हुँदैन ।।९।। हजुर पुण्यवान्हरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वमेव लक्ष्मीः सुकृतामलक्ष्मी-
दुष्टात्मनां त्वं प्रमदास्वरूपा ।
विद्यास्वरूपासि जगत्त्रये त्वं
प्रभास्वरूपा शशिसूर्ययोस्त्वम् ।।१०।।
य आश्रितास्ते जगदाश्रयास्ते
विपत्तिलेशो न च तेषु मातः !
त्वमेव विश्वेश्वरि ! विश्वमेत-
द्धरस्यथाप्यायसि वारिरूपा ।।११।।
अनादिमध्याऽनिधनाप्यगम्या
हरीशलोकेशसुरेश्वराणाम् ।
तेऽनुग्रहात् त्वां प्रभजन्ति भक्ता
आनन्दरूपा निवसन्ति नाके ।।१२।।
अभक्तिकामान् विनिहंसि रुष्टा
त्वामेव मातः ! शरणं प्रपन्नः ।
धन्ये ममैते नयनेऽथ विद्या
जनुश्च माता पितृवंश एव ।।१३।।
कुलञ्च धन्यं चरणौ त्वदीयौ
दृष्टौ यतस्ते जगदम्बिके ! मया ।।

क उवाच

एवं स्तुता जगन्माता वरमस्मै न्यवेदयत् ।।१४।।
स वव्रे परमां भक्तिं सा तथेति तमब्रवीत् ।
इदं स्तोत्रं पठेद् यस्तु सर्वान् कामाँल्लभेच्च सः ।।१५।।
सर्वत्र विजयं पुष्टिं विद्यामायुः सुखं शिवम् ।

शिवोवाच

विश्वकर्मन् ! महाबुद्धे ! ज्ञानवानसि सर्वतः ।।१६।।
यच्छ्रुतं शिववाक्येन दृष्टं तत् सकलं त्वयि ।
सिन्धुना पीडिता देवाः सर्वे कारागृहे स्थिताः ।।१७।।

निमित्त लक्ष्मीका रूपमा विराजमान हुनुहुन्छ। हजुर दुष्टहरूका निमित्त दरिद्रा बनेर रहनुहुन्छ । हजुर प्रत्येक घरमा गृहलक्ष्मी बनेर विराजमान हुनुहुन्छ हजुर स्वर्ग, मर्त्य र पातालमा विद्याका रूपमा चम्किनुहुन्छ । हजुर सूर्य र चन्द्रमामा कान्ति बनेर विराजमान हुनुहुन्छ ।।१०।। जसले हजुरका चरणकमलको आश्रय लिन्छन् ती सबै प्राणीहरूका आश्रयदाता बन्दछन्। त्यस्ता प्राणीहरूमाथि लेशमात्र पनि विपत्ति आइलाग्दैन। हे विश्वकी स्वामिनी ! हजुरले नै जल बनेर सम्पूर्ण संसारलाई रक्षा र तृप्ति प्रदान गर्नुहुन्छ ।।११।। हे भगवती ! हजुरको आदि, अन्त्य र मध्य केही पनि छैन । नारायण, शङ्कर, ब्रह्मा र अरू देवताहरूद्वारा पनि हजुर अगम्य हुनुहुन्छ । हजुरकै कृपा पाएर भक्तका रूपमा रही ती सबै देवताहरू आनन्द भोग गर्दै स्वर्गमा विराजमान हुन्छन् ।।१२।। भक्ति नगर्ने र नास्तिकता अँगालेर पाप गर्ने प्राणीहरूलाई हजुरले रिसाएर मारिदिनुहुन्छ । हे भगवती ! आज म हजुरको शरणमा आएको छु । हजुरको दर्शन पाएर आज मेरा दुबै आँखा धन्य भएका छन् । मैले अध्ययन गरेको विद्या, मेरो जन्म, मेरी माता, मेरा पिता, मेरा कुलकुटुम्बका मानिसहरू सबै धन्य भएका छन् किनकि आज मैले हजुरका चरणकमलको दर्शन पाएको छु ।

ब्रह्माजीले भन्नुभयो– विश्वकर्माद्वारा यसरी स्तुति गरिएकी भगवती पार्वतीले भन्नुभयो – 'हे विश्वकर्मा ! वर माग्नुहोस्।।१३-१४।।' विश्वकर्माले भने – 'हे आमा पार्वती ! मलाई हजुरको परम भक्ति प्रदान गर्नुहोस् ।' पार्वतीले तथास्तु भन्नुभयो। जसले विश्वकर्माद्वारा पढिएको यो स्तोत्रको पाठ गर्छ, त्यसले सबै कामनाका फल प्राप्त गर्छ सर्वत्र विजयलाभ गर्छ, पुष्टि, तुष्टि, विद्या, आयु, सुख र कल्याण पनि प्राप्त गर्दछ ।।१५।।

पार्वतीले भन्नुभयो– 'अत्यन्त उत्तम बुद्धि भएका हे विश्वकर्मा ! तपाइँ अत्यन्त ज्ञानी हुनुहुन्छ ।।१६।। मेरासामु शिवजीले तपाइँको प्रशंसा गर्नुभएको थियो । जस्तो उहाँले तपाइँको विषयमा भन्नुभएको थियो, ती सबै कुरा तपाइँमा पाएँ। दैत्यराज सिन्धुद्वारा पीडित भएका देवताहरू अहिले कारागारमा थुनिएका छन् । दैत्यराज सिन्धुले कैलासमा आफ्नो अधिकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवश्चात्र समायातः कैलासे तु हृते सति ।
दण्डकारण्यदेशेऽत्र कोऽप्याप्तो न हि दृश्यते ।।१८।।
त्वं तु सम्यक् समायातो बहुकालेन दर्शनम् ।

विश्वकर्मा उवाच

किमाश्चर्यं जगन्मातर्बालो मातरमाव्रजेत् ।।१९।।
द्रष्टुं देवं महाभक्तो विद्याकामो गुरुं शिवे !
पुत्रस्य ते श्रुतो मातर्महिमा परमाद्भुतः ।।२०।।
तमहं द्रष्टुमायातो युवयोर्दर्शनोत्सुकः ।

क उवाच

एवं तयोस्तु वदतोरागतोऽसौ विनायकः ।।२१।।
असङ्ख्यशशिसङ्काशो रजसाऽरुणविग्रहः ।
प्रसन्नवदनो बालसमूहपरिवारितः ।।२२।।
तन्मध्ये शोभते स्मासौ मरुन्मध्ये यथा हरिः ।
तं दृष्ट्वा प्रणिपत्यासौ कृताञ्जलिपुटः स्थितः ।।२३।।
तुष्टाव परमात्मानं ज्ञात्वा तं गिरिजासुतम् ।

विश्वकर्मा उवाच

नमामि परमात्मानं सच्चिदानन्दविग्रहम् ।।२४।।
चराचरगुरुं सर्वकारणानाञ्च कारणम् ।
गुणेशञ्च गुणातीतं सृष्टिस्थित्यन्तकारिणम् ।।२५।।
सर्वव्यापिनमीशानं व्यक्ताव्यक्तस्वरूपिणम् ।
अगम्यं सर्वदेवानां मुनिहृत्पद्मवासिनम् ।।२६।।
सिद्धिबुद्धिपतिं नानाभक्तसिद्धिप्रदं विभुम् ।
अभक्तकामदहनं सहस्त्ररविसन्निभम् ।।२७।।
अनेकशक्तिसंयुक्तं दैत्यदानवमर्दनम् ।
अनादिमव्ययं शान्तं जरामरणवर्जितम् ।।२८।।
त्रितनुञ्च त्रयीमूलं ब्रह्मविष्णुशिवात्मकम् ।

क उवाच

एवं स्तुतिं समाकर्ण्य सन्तुष्टः स गुणेश्वरः ।।२९।।

जमाएपछि शिवजी पनि भागेर यसै दण्डकारण्य क्षेत्रमा आउनुभएको छ । यस क्षेत्रमा कुनै पनि गतिला प्राणीहरू छैनन्। धेरै दिनपछि तपाइँमात्र हामीलाई दर्शन दिन आउनुभयो ।'

विश्वकर्माले भने – 'हे जगदम्बा ! एउटा बालक आमाका सामु आउँदा के आश्चर्य ! ।।१८-१९।। भगवान् शिवजीको महाभक्त म विद्याको चाहना लिएर उहाँको दर्शन गर्न आएको छु । हे जगदम्बा ! हजुरका छोरा श्रीगणेशको अद्भुत महिमा सुनेको छु । उहाँका साथै हजुरहरू दुवैको दर्शन गर्न म अत्यन्त उत्सुक छु ।'

ब्रह्माजीले भन्नुभयो – यसरी विश्वकर्मा र पार्वतीको संवाद चलिरहेको समयमा असंख्य चन्द्रमाझैं प्रकाशमान, धूलैधूलाले ढाकिनुभएका, प्रसन्न अनुहारले सुहाउनु भएका र बालकहरूले घेरिनुभएका भगवान् श्रीगणेश त्यहाँ आइपुग्नुभयो ।।२०-२२।। उनन्चास वायुहरूका बीचमा देवराज इन्द्र सुहाएझैं बालकहरूको बीचमा भगवान् श्रीगणेश सुहाउनु भएको थियो । विश्वकर्मा भगवान् श्रीगणेशको दर्शन पाएपछि प्रणाम गरी हात जाडेर उभिए ।।२३।। त्यसपछि तिनले पार्वतीका पुत्र श्रीगणेशको परमात्मभावले स्तुति गरे ।

विश्वकर्माले भने- सत्, चित् र आनन्दस्वरूप, चराचरका गुरु, सबै कारणका पनि कारण, गुणहरूका स्वामी एवं गुणातीत, संसारका सृष्टि, पालन एवं संहारका कारण, सर्वव्यापक, व्यक्त एवं अव्यक्त स्वरूपले सम्पन्न, परमेश्वर, सबै देवताहरूद्वारा अगम्य, मुनिहरूका हृदयरूपी कमलमा रमाउनुहुने, सिद्धि एवं बुद्धिका स्वामी, अनेकौं भक्तहरूलाई सिद्धि प्रदान गर्नुहुने, अन्तर्यामी, दुष्टहरूका कामनाहरूका संहारक, सूर्यझैं तेजस्वी, अनेक शक्तिले सम्पन्न, दैत्य एवं दानवका संहारक, अनादि, अव्यय, शान्त, जरा एवं मृत्युदेखि पर रहनुभएका परमात्मा श्रीगणेशलाई नमस्कार गर्दछु ।।२४-२८।। सत्त्व, रज एवं तमोगुणको आश्रय लिएर रहनुहुने, ब्रह्मा, विष्णु एवं महेश्वरको स्वरूप धारण गर्नुहुने र वेदका मूलतत्त्व परमात्मा श्रीगणेशलाई प्रणाम गर्दछु ।

ब्रह्माजीले भन्नुभयो – विश्वकर्माका यस्ता स्तुतिवचन सुनेर परमात्मा श्रीगणेश प्रसन्न हुनुभयो ।।२९।। उहाँले तिनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वमेव लक्ष्मीः सुकृतामलक्ष्मी-
दुष्टात्मनां त्वं प्रमदास्वरूपा ।
विद्यास्वरूपासि जगत्त्रये त्वं
प्रभास्वरूपा शशिसूर्ययोस्त्वम् ।।१०।।
य आश्रितास्ते जगदाश्रयास्ते
विपत्तिलेशो न च तेषु मातः !
त्वमेव विश्वेश्वरि ! विश्वमेत-
द्धरस्यथाप्यायसि वारिरूपा ।।११।।
अनादिमध्याऽनिधनाप्यगम्या
हरीशलोकेशसुरेश्वराणाम् ।
तेऽनुग्रहात् त्वां प्रभजन्ति भक्ता
आनन्दरूपा निवसन्ति नाके ।।१२।।
अभक्तिकामान् विनिहंसि रुष्टा
त्वामेव मातः ! शरणं प्रपन्नः ।
धन्ये ममैते नयनेऽथ विद्या
जनुश्च माता पितृवंश एव ।।१३।।
कुलञ्च धन्यं चरणौ त्वदीयौ
दृष्टौ यतस्ते जगदम्बिके ! मया ।।

क उवाच

एवं स्तुता जगन्माता वरमस्मै न्यवेदयत् ।।१४।।
स वव्रे परमां भक्तिं सा तथेति तमब्रवीत् ।
इदं स्तोत्रं पठेद् यस्तु सर्वान् कामाँल्लभेच्च सः ।।१५।।
सर्वत्र विजयं पुष्टिं विद्यामायुः सुखं शिवम् ।

शिवोवाच

विश्वकर्मन् ! महाबुद्धे ! ज्ञानवानसि सर्वतः ।।१६।।
यच्छ्रुतं शिववाक्येन दृष्टं तत् सकलं त्वयि ।
सिन्धुना पीडिता देवाः सर्वे कारागृहे स्थिताः ।।१७।।

निमित्त लक्ष्मीका रूपमा विराजमान हुनुहुन्छ। हजुर दुष्टहरूका निमित्त दरिद्रा बनेर रहनुहुन्छ । हजुर प्रत्येक घरमा गृहलक्ष्मी बनेर विराजमान हुनुहुन्छ हजुर स्वर्ग, मर्त्य र पातालमा विद्याका रूपमा चम्किनुहुन्छ । हजुर सूर्य र चन्द्रमामा कान्ति बनेर विराजमान हुनुहुन्छ ।।१०।। जसले हजुरका चरणकमलको आश्रय लिन्छन् ती सबै प्राणीहरूका आश्रयदाता बन्दछन्। त्यस्ता प्राणीहरूमाथि लेशमात्र पनि विपत्ति आइलाग्दैन। हे विश्वकी स्वामिनी ! हजुरले नै जल बनेर सम्पूर्ण संसारलाई रक्षा र तृप्ति प्रदान गर्नुहुन्छ ।।११।। हे भगवती ! हजुरको आदि, अन्त्य र मध्य केही पनि छैन । नारायण, शङ्कर, ब्रह्मा र अरू देवताहरूद्वारा पनि हजुर अगम्य हुनुहुन्छ । हजुरकै कृपा पाएर भक्तका रूपमा रही ती सबै देवताहरू आनन्द भोग गर्दै स्वर्गमा विराजमान हुन्छन् ।।१२।। भक्ति नगर्ने र नास्तिकता अँगालेर पाप गर्ने प्राणीहरूलाई हजुरले रिसाएर मारिदिनुहुन्छ । हे भगवती ! आज म हजुरको शरणमा आएको छु । हजुरको दर्शन पाएर आज मेरा दुबै आँखा धन्य भएका छन् । मैले अध्ययन गरेको विद्या, मेरो जन्म, मेरी माता, मेरा पिता, मेरा कुलकुटुम्बका मानिसहरू सबै धन्य भएका छन् किनकि आज मैले हजुरका चरणकमलको दर्शन पाएको छु ।

ब्रह्माजीले भन्नुभयो- विश्वकर्माद्वारा यसरी स्तुति गरिएकी भगवती पार्वतीले भन्नुभयो – 'हे विश्वकर्मा ! वर माग्नुहोस्।।१३-१४।।' विश्वकर्माले भने – 'हे आमा पार्वती ! मलाई हजुरको परम भक्ति प्रदान गर्नुहोस् ।' पार्वतीले तथास्तु भन्नुभयो। जसले विश्वकर्माद्वारा पढिएको यो स्तोत्रको पाठ गर्छ, त्यसले सबै कामनाका फल प्राप्त गर्छ सर्वत्र विजयलाभ गर्छ, पुष्टि, तुष्टि, विद्या, आयु, सुख र कल्याण पनि प्राप्त गर्दछ ।।१५।।

पार्वतीले भन्नुभयो- 'अत्यन्त उत्तम बुद्धि भएका हे विश्वकर्मा ! तपाइँ अत्यन्त ज्ञानी हुनुहुन्छ ।।१६।। मेरासामु शिवजीले तपाइँको प्रशंसा गर्नुभएको थियो । जस्तो उहाँले तपाइँको विषयमा भन्नुभएको थियो, ती सबै कुरा तपाइँमा पाएँ। दैत्यराज सिन्धुद्वारा पीडित भएका देवताहरू अहिले कारागारमा थुनिएका छन् । दैत्यराज सिन्धुले कैलासमा आफ्नो अधिकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवश्चात्र समायातः कैलासे तु हृते सति ।
दण्डकारण्यदेशेऽत्र कोऽप्याप्तो न हि दृश्यते ।।१८।।
त्वं तु सम्यक् समायातो बहुकालेन दर्शनम् ।

विश्वकर्मा उवाच

किमाश्चर्यं जगन्मातर्बालो मातरमाव्रजेत् ।।१९।।
द्रष्टुं देवं महाभक्तो विद्याकामो गुरुं शिवे !
पुत्रस्य ते श्रुतो मातर्महिमा परमाद्भुतः ।।२०।।
तमहं द्रष्टुमायातो युवयोर्दर्शनोत्सुकः ।

क उवाच

एवं तयोस्तु वदतोरागतोऽसौ विनायकः ।।२१।।
असङ्ख्यशशिसङ्काशो रजसाऽरुणविग्रहः ।
प्रसन्नवदनो बालसमूहपरिवारितः ।।२२।।
तन्मध्ये शोभते स्मासौ मरुन्मध्ये यथा हरिः ।
तं दृष्ट्वा प्रणिपत्यासौ कृताञ्जलिपुटः स्थितः ।।२३।।
तुष्टाव परमात्मानं ज्ञात्वा तं गिरिजासुतम् ।

विश्वकर्मा उवाच

नमामि परमात्मानं सच्चिदानन्दविग्रहम् ।।२४।।
चराचरगुरुं सर्वकारणानाञ्च कारणम् ।
गुणेशञ्च गुणातीतं सृष्टिस्थित्यन्तकारिणम् ।।२५।।
सर्वव्यापिनमीशानं व्यक्ताव्यक्तस्वरूपिणम् ।
अगम्यं सर्वदेवानां मुनिहृत्पद्मवासिनम् ।।२६।।
सिद्धिबुद्धिपतिं नानाभक्तसिद्धिप्रदं विभुम् ।
अभक्तकामदहनं सहस्त्ररविसन्निभम् ।।२७।।
अनेकशक्तिसंयुक्तं दैत्यदानवमर्दनम् ।
अनादिमव्ययं शान्तं जरामरणवर्जितम् ।।२८।।
त्रितनुञ्च त्रयीमूलं ब्रह्मविष्णुशिवात्मकम् ।

क उवाच

एवं स्तुतिं समाकर्ण्य सन्तुष्टः स गुणेश्वरः ।।२९।।

जमाएपछि शिवजी पनि भागेर यसै दण्डकारण्य क्षेत्रमा आउनुभएको छ । यस क्षेत्रमा कुनै पनि गतिला प्राणीहरू छैनन्। धेरै दिनपछि तपाइँमात्र हामीलाई दर्शन दिन आउनुभयो ।'

विश्वकर्माले भने - 'हे जगदम्बा ! एउटा बालक आमाका सामु आउँदा के आश्चर्य ! ।।१८-१९।। भगवान् शिवजीको महाभक्त म विद्याको चाहना लिएर उहाँको दर्शन गर्न आएको छु । हे जगदम्बा ! हजुरका छोरा श्रीगणेशको अद्भुत महिमा सुनेको छु । उहाँका साथै हजुरहरू दुवैको दर्शन गर्न म अत्यन्त उत्सुक छु ।'

ब्रह्माजीले भन्नुभयो - यसरी विश्वकर्मा र पार्वतीको संवाद चलिरहेको समयमा असंख्य चन्द्रमाझैं प्रकाशमान, धूलैधूलाले ढाकिनुभएका, प्रसन्न अनुहारले सुहाउनु भएका र बालकहरूले घेरिनुभएका भगवान् श्रीगणेश त्यहाँ आइपुग्नु-भयो ।।२०-२२।। उनन्चास वायुहरूका बीचमा देवराज इन्द्र सुहाएझैं बालकहरूको बीचमा भगवान् श्रीगणेश सुहाउनु भएको थियो । विश्वकर्मा भगवान् श्रीगणेशको दर्शन पाएपछि प्रणाम गरी हात जाडेर उभिए ।।२३।। त्यसपछि तिनले पार्वतीका पुत्र श्रीगणेशको परमात्मभावले स्तुति गरे ।

विश्वकर्माले भने- सत्, चित् र आनन्दस्वरूप, चराचरका गुरु, सबै कारणका पनि कारण, गुणहरूका स्वामी एवं गुणातीत, संसारका सृष्टि, पालन एवं संहारका कारण, सर्वव्यापक, व्यक्त एवं अव्यक्त स्वरूपले सम्पन्न, परमेश्वर, सबै देवताहरूद्वारा अगम्य, मुनिहरूका हृदयरूपी कमलमा रमाउनुहुने, सिद्धि एवं बुद्धिका स्वामी, अनेकौं भक्तहरूलाई सिद्धि प्रदान गर्नुहुने, अन्तर्यामी, दुष्टहरूका कामनाहरूका संहारक, सूर्यझैं तेजस्वी, अनेक शक्तिले सम्पन्न, दैत्य एवं दानवका संहारक, अनादि, अव्यय, शान्त, जरा एवं मृत्युदेखि पर रहनुभएका परमात्मा श्रीगणेशलाई नमस्कार गर्दछु ।।२४-२८।। सत्त्व, रज एवं तमोगुणको आश्रय लिएर रहनुहुने, ब्रह्मा, विष्णु एवं महेश्वरको स्वरूप धारण गर्नुहुने र वेदका मूलतत्त्व परमात्मा श्रीगणेशलाई प्रणाम गर्दछु ।

ब्रह्माजीले भन्नुभयो - विश्वकर्माका यस्ता स्तुतिवचन सुनेर परमात्मा श्रीगणेश प्रसन्न हुनुभयो ।।२९।। उहाँले तिनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वासने तमुपावेश्य पूजयामास सादरम् ।
प्रक्षाल्य चरणौ गन्धमक्षतान् पुष्पमेव च ।।३०।।

धूपं दीपञ्च नैवेद्यं निवेद्य तमथाब्रवीत् ।

गुणेश उवाच

विश्वकर्मन्नागतोऽसि मम दर्शनकाङ्क्षया ।।३१।।
किमानीतं मम मुदे ह्युपायनमनुत्तमम् ।

विश्वकर्मा उवाच

निजस्वानन्दपूर्णानां परवाञ्छाविधायिनाम् ।।३२।।

निःस्पृहाणां सर्वकृतां सर्वशक्तिमतामपि ।
समलोष्टाश्महेम्नाञ्च कल्पवृक्षाधरीकृताम् ।
कर्तुमकर्तुं शक्तानामन्यथाकर्तुमेव च ।।३३।।

स्वाधीनानाञ्च तुष्टानां स्वसत्तावर्तिनामपि ।
पराधीनैरशक्तैश्चाकिञ्चनैर्मर्त्यधर्मभिः ।।३४।।

किं देयं परितोषाय स्वशक्त्या किञ्चिदाहृतम् ।

क उवाच

एवमुक्त्वा विश्वकर्माऽस्थापयत्पुरतः सृणिम् ।।३५।।

पद्मञ्च परशुं पाशं सहस्रादित्यसन्निभम् ।
सर्वशत्रुहरं तीक्ष्णं दधार स गुणेश्वरः ।।३६।।

उवाच विश्वकर्माणं कुत एतानि विश्वकृत् !
आनीतानि मम प्रीत्यै तद्वदस्वाधुनाऽनघ ।।३७।।

विश्वकर्मा उवाच

संज्ञा नामेति नाम्ना मे कन्या चारुस्वरूपिणी ।।३८।।

लज्जितो यन्मुखं वीक्ष्य सहसा शशलाञ्छनः ।
रमा शची च सावित्री शारदाऽरुन्धती रतिः ।।३९।।

आफ्नै आसनमा बसालेर सत्कार गर्नुभयो । श्रीगणेशले विश्वकर्माको पाउ धोएर गन्ध, अक्षता, पुष्प, धूप, दीप एवं नैवेद्य टक्र्याएपछि नम्र स्वरले प्रश्न गर्दै भन्नुभयो ।

श्रीगणेशले भन्नुभयो – हे विश्वकर्मा ! मेरो दर्शन गर्ने इच्छाले तपाइँ आउनुभएको छ ।।३०।। त्यसो हो भने तपाईँले मेरा निमित्त के उपहार ल्याउनुभएको छ ? त्यो उत्तम उपहार हेर्न पाऊँ ।

विश्वकर्माले भने – आफ्नै आनन्दले परिपूर्ण भई अरूका इच्छा र कामनालाई परिपूर्ण तुल्याउनु हुने, कुनै पनि सांसारिक पदार्थमा आसक्ति नलिनुहुने, सबै कार्य एक्लै गर्न समर्थ, सर्वशक्तिमान्, माटाको ढेला, ढुङ्गा एवं सुवर्णभारमा पनि समान दृष्टि राख्नुहुने, दानको अतिशयताले कल्पवृक्षलाई पनि लज्जित तुल्याउनुहुने, जस्तो काम पनि गर्न, नगर्न र विपरीत गर्न पनि समर्थ, स्वाधीन रूपमा विराजमान, सदा सन्तुष्ट स्वभावमा रहनुहुने र आफ्नै ज्योतिर्मय सत्तामा विराजमान हजुरजस्ता प्रभुलाई मजस्तो पराधीन, असमर्थ, अकिञ्चन, मानिसमा हुने गुण-दोषले जेलिएको पुरुषले के अर्पण गरेर तृप्त गराउन सक्छ ? तैपनि मेरो सामर्थ्यअनुसार केही वस्तु टक्र्याउँदै छु ।

ब्रह्माजीले भन्नुभयो – यसरी आफ्ना भावहरू निवेदन गरेपछि विश्वकर्माले भगवान् श्रीगणेशका सामु कमल, पाश, सृणि (अङ्कुश) र एक हजार सूर्यझैं तेजस्वी एवं सम्पूर्ण शत्रुहरूको संहार गर्नसक्ने तीखो धार भएको बञ्चरोसमेत टक्र्याए । भगवान् श्रीगणेशले पनि खुसी भएर ती सबै उपहार ग्रहण गर्नुभयो ।।३१-३६।। त्यसपछि विश्वकर्मालाई सम्बोधन गर्दै श्रीगणेशले भन्नुभयो – 'हे विश्वकर्मा ! तपाइँ त विश्वका कर्ता हुनुहुन्छ । मेरो खुसियालीका लागि यी सबै उपहार कहाँबाट ल्याउनुभयो ? मलाई बताउनुहोस्' ।।३७।।

विश्वकर्माले भने- हे श्रीगणेश प्रभु! अत्यन्त सुन्दर रूप भएकी संज्ञानामक मेरी एउटी कन्या छन् । मेरी सुन्दरी कन्या संज्ञाको मुखमण्डल देखेर चन्द्रमा पनि लजाएका थिए। भगवान् विष्णुकी धर्मपत्नी लक्ष्मी, इन्द्रकी धर्मपत्नी इन्द्राणी, सावित्री, सरस्वती, अरुन्धती र रतिको सौन्दर्य पनि मेरी छोरीको सौन्दर्यसामु निस्तेज भएको थियो ।।३८-३९।। हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिलोक्यां न समा कापि परा यस्या गुणेश्वर ।
सा मया रवये दत्ता त्रिवेदाय त्रिरूपिणे ।।४०।।

आगतेषु त्रिलोकेषु साङ्गोपाङ्गेषु सर्वशः ।
महोत्सवो महानासीद् दिनाष्टकमहर्निशम् ।।४१।।

यां दृष्ट्वा स्खलिता देवा लज्जयाऽधोमुखा गताः ।
सविता तामथादाय ययौ स्वस्थानमुत्तमम् ।।४२।।

तेजसा तस्य तप्ता मे कन्यका कृशतामगात् ।
सा ततो निर्ममे छायां संज्ञान्तु स्वप्रभावतः ।।४३।।

सर्वं तस्यै निवेद्यैव सद्यो मम गृहं गता ।
गते कियति काले सा छाया ज्ञाता तु भानुना ।।४४।।

नेयं संज्ञेति स प्रायाद् गृहं सद्यो ममार्यमा ।
ततो भीता पुनः संज्ञा मामुवाच न मां पितः ।।४५।।

निवेदय रवेर्हस्ते तेजोऽहं न क्षमेऽस्य च ।
ततः पित्रा धिक्कृता सा बहिरेव ययौ किल ।।४६।।

अश्विनीरूपमास्थाय गुप्तरूपा वनेऽवसत् ।
ततस्तु विश्वकर्मा तामनवेक्ष्य क्वचिद् गृहे ।।४७।।

प्रोवाचार्यमणं सोऽथ तेजस्ते सोढुमक्षमा ।
क्व गता न च जाने तामुपायन्ते ब्रवीमि च ।।४८।।

यदि ते तेजसो भागो न्यूनः किञ्चिद् भविष्यति ।
तदा सा प्रकटीभूयाद् विहरस्व ततस्तया ।।४९।।

रविरुवाच

यथा तव भवेच्चेतस्तथा कर्तुं त्वमर्हसि ।

क उवाच

विश्वकर्मा ततश्चैनं यन्त्रे स्थाप्योल्लिलेख ह ।।५०।।

श्रीगणेश ! स्वर्ग, मर्त्य र पातालमा मेरी छोरीभन्दा राम्री कुनै सुन्दरी छैन । ती छोरीलाई मैले एक दिन विधिपूर्वक तीन रूप भएका र तीन प्रकारका वेदहरूले सम्पन्न सूर्यनारायणलाई दिएँ । त्यस बेला तीनै लोकका साङ्गोपाङ्ग देवता, मुनि र अन्य प्राणीहरू मेरो घरमा आएका थिए। आठ दिनसम्म मेरो घरमा विवाहको उत्सव भयो।।४०-४१।। मेरी छोरीको सौन्दर्य देखेर मुग्ध भएका देवताहरूको वीर्य स्खलित भयो र लजाएर तिनीहरू आ-आफ्ना घरतर्फ लागे । सूर्य पनि मेरी छोरीलाई पत्नीको रूपमा बाया भागमा राखी आफ्नो उत्तम धामतर्फ गए । आफ्ना पति सूर्यको प्रचण्ड तेजबाट सन्तप्त भएकी मेरी छोरी संज्ञा दुब्लाउँदै गइन् । सूर्यको तेज सहन नसकेर संज्ञाले एक दिन आफ्नो प्रभावबाट आफूजस्तै राम्री छाया नाम गरेकी कन्या प्रकट गरिन् ।।४२-४३।। सूर्यनारायणको सेवा र सबै घरका काम छायालाई सिकाएर मेरी छोरी संज्ञा मेरो घर आइन् । धेरै समयपछि सूर्यनारायण छायालाई यी सन्ध्या होइनन् अपितु कुनै नक्कली नारी हुन् भन्ने विचार गरेर मेरो घरमा आए । सूर्यनारायण मेरो घरमा आउँदा संज्ञा अत्यन्त भयभीत भइन् र तिनले मलाई भनिन् - हे पिताजी ! मलाई सूर्यनारायणको हातमा अब नदिनुहोस्, म उहाँको तेज खप्न सक्दिनँ । त्यसपछि मैले छोरी भएर माइत बसेर आफ्ना पतिको तेज खप्न सक्दिनँ भन्नु यो उत्तम नारीको स्वभाव होइन भनी गाली गरें । त्यसपछि संज्ञा कसैलाई थाहा नदिईकन मेरो घरबाट बाहिर कतै गइन् ।।४४-४६।। ती वनमा घोडीको रूप लिएर लुकेर रहन थालिन् । त्यसपछि मैले चारैतिर खोजें कहीं देखिनँ । नदेखेपछि सूर्यलाई गएर भने - हे ज्वाइँ सूर्य ! तपाइँको तेज सहन नसकेर मेरी छोरी कहाँ गइन् केही पत्तो भएन। हे सूर्यनारायण ! संज्ञालाई पत्ता लगाउने केही उपाय मलाई थाहा छ र म त्यो उपाय तपाईंलाई बताउँछु । तपाइँको प्रचण्ड तेज कम भई तपाइँ मन्द हुनुभयो भने ती प्रकट हुनेछन् र तपाईंले तिनीसँग विहार गर्न पाउनु हुनेछ ।।४७-४९।।

सूर्यले भने- तपाईंले भनेको कुरा राम्रो छ । तपाईंले पनि मेरो तेज मन्द गराउन आफ्नो चित्तअनुसार साधना गर्नुहोस्।

ब्रह्माजीले भन्नुभयो - सूर्यनारायण फर्केर गएपछि विश्वकर्माले सूर्ययन्त्र तयार गरे। सूर्यको प्रतिमा लेखेर सूर्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेजोह्रासं चकाराशु किञ्चित्सौम्योऽभवच्च सः ।
यत्र गुप्ताऽभवत्संज्ञा तत्र यातोऽर्यमा विभुः ।।५१।।

अश्वो भूत्वा तया रेमे सा नासत्यावसूत च ।
तामादायार्यमा लोकं निजं हर्षयुतोऽगमत् ।।५२।।

विश्वकर्मा उवाच

तेजःशेषेण तस्याथ प्रबलेन गुणेश्वर !
निर्मितान्यायुधान्याशु त्वदर्थे जगदीश्वर ।।५३।।

अतितीक्ष्णानि कालस्य सदा जयकराण्यपि ।
चत्वारि ते प्रदत्तानि दत्ते चक्रगदे हरेः ।।५४।।

त्रिशूलं शम्भवे दत्तं सर्वशत्रुनिबर्हणम् ।

गुणेश उवाच

सम्यक् कृतं विश्वकर्मन्नायुधानि शुभानि मे ।।५५।।
दत्तानि दैत्यनाशाय परोपकृतये सताम् ।

क उवाच

एवमुक्त्वायुधान्याशु दधार च दुधाव च ।।५६।।

तदा चकम्पे पृथिवी पर्वताश्च वनानि च ।
शुशुभे सोऽपि तैः शस्त्रैः कोटिसूर्यनिभैर्विभुः ।।५७।।

विश्वकर्मा नमस्कृत्य ययौ स्वस्थानमाज्ञया ।
उमात्मजोऽपि चिक्रीड मुनिबालैर्वृतः पुनः ।।५८।।

तत्राययौ वृको नाम महान् दुष्टतमोऽसुरः ।
भयङ्कराननो मत्तो ग्रसन्निव महाबली ।।५९।।

पुच्छाघातेन च भुवं कम्पयन् हलदन्तवान् ।
दृष्ट्वा भयङ्करं दैत्यं मुनिपुत्राः पलायिताः ।।६०।।

तेज कम गराउन मन्त्रानुष्ठान गरे । त्यस अनुष्ठानबाट सूर्यको तेज मन्द भयो । संज्ञा जुन वनमा घोडीको रूप लिएर लुकेकी थिइन् त्यसै वनमा सूर्यनारायण पुगे । सूर्यले पनि घोडाको रूप लिए । धेरै दिनसम्म घोडा र घोडीको आनन्दमय विहार भयो । त्यसपछि घोडीका रूपमा रहेकी संज्ञाले गर्भधारण गरिन्। समय आएपछि तिनले दुई बालक पैदा गरिन् । ती बालकहरूको नाम अश्विनीकुमार राखियो । त्यसपछि खुसी भएका सूर्यले आफ्नी पत्नी संज्ञालाई आफ्नो साथमा लिएर गए ।।५०-५२।।

विश्वकर्माले भने - हे श्रीगणेश ! सूर्यले घटाएर फ्याँकिदिएको तेजबाट तपाईँका लागि यी आयुध तयार गरिएका हुन्।।५३।। यी आयुधहरू अत्यन्त तीखा, प्रभावकारी र कालजयी छन् । निर्माण गरिएका आयुधमध्ये चारवटा मैले तपाईँलाई टक्र्याएँ। भगवान् नारायणलाई चक्र र गदा अर्पण गरें ।।५४।। सम्पूर्ण शत्रुहरूको संहार गर्न समर्थ त्रिशूलनामक अस्त्र भगवान् शङ्करलाई टक्र्याएँ ।

श्रीगणेशले भन्नुभयो- हे विश्वकर्मा! तपाईंले राम्रो काम गर्नुभयो। मेरा लागि यी आयुध मङ्गलमय हुनेछन्।।५५।। तपाईंले दैत्यहरूको नाश गर्न र सज्जनहरूको उपकार गर्न टक्र्याएका यी आयुधहरूबाट मैले दैत्यहरूको नाश र सज्जनहरूको रक्षा गर्नेछु ।

ब्रह्माजीले भन्नुभयो - विश्वकर्मालाई आफ्ना कुरा सुनाएर भगवान् श्रीगणेशले उनले दिएका अस्त्र धारण गरेपछि हातमा बञ्चरो लिएर दगुर्नुभयो ।।५६।। उहाँ बञ्चरो हातमा लिएर दगुर्नु हुँदा पृथिवी, पर्वत र वनहरू काँप्न थाले । करोडौं सूर्यका तेजले सुहाएका ती शस्त्रहरूबाट भगवान् श्रीगणेश पनि अत्यन्त शोभायमान हुनुभयो ।।५७।। त्यसपछि विश्वकर्मा श्रीगणेलाई नमस्कार गरी उहाँसँग आज्ञा लिएर आफ्नो धामतर्फ लागे । श्रीगणेश पनि आफ्ना बालसखाहरूका साथ फेरि क्रीडा गर्न लाग्नुभयो ।।५८।। त्यस बेला त्यहाँ अत्यन्त दुष्ट स्वभावको वृकासुरनामक दैत्य आइपुग्यो । त्यसको अनुहार डरलाग्दो थियो । त्यो राक्षसी वैभवले उन्मत्त र अत्यन्त बलवान् पनि थियो । हलोका आकारका दाँतहरूले युक्त भएको त्यो दैत्य सम्पूर्ण संसारलाई नै खाने किसिमले आफ्नो पुच्छर हल्लाएर तीनै लोकलाई कपाउँदै आयो । डरलाग्दो त्यस दैत्यलाई देखेर मुनिपुत्रहरू भाग्न थाले ।।५९-६०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स आयुधानि गृह्याशु तं वृकं समताडयत् ।
अङ्कुशाघातमात्रेण पतितो भुवि सोऽसुरः ।।६१।।

वमन् रक्तं निजं रूपमास्थितश्चूर्णयन् द्रुमान् ।
संहरञ्जीवसङ्घातान् दशयोजनविस्तृतः ।।६२।।

स ततोऽस्तमिते सूर्ये ययौ बालयुतो गृहम् ।
बालाः प्राहुरुमायै तेऽनेनाद्य निहतोऽसुरः ।।६३।।

वृको नामाङ्कुशाघाताद् दशयोजनमायतः ।
तानुवाचाद्रिजा रोषाद् व्रजन्तु निजमन्दिरम् ।।६४।।

ततस्तद्वाक्यमाकर्ण्य ते बालाः स्वालयान् ययुः ।।६५।।

भगवान् श्रीगणेशले आफ्ना शस्त्र-अस्त्र हातमा लिई त्यस दैत्यराज वृकासुरमाथि प्रहार गर्नुभयो । अङ्कुशमात्रको प्रहार गर्दा त्यो असुर भुइँमा ढल्यो ।।६१।। त्यसले आफ्नो विशाल शरीर धारण गरी मुखबाट रगत बान्ता गर्दै र रूखबिरुवालाई धूलोपीठो बनाउँदै प्राणत्याग गऱ्यो । चालीस कोश फैलिएको त्यसको शरीर भुइँमा खस्दा अनेकौं जीवहरू मरेका थिए । त्यसपछि भगवान् श्रीगणेश सूर्यास्त समयमा मुनिबालकहरूलाई साथ लिएर आफ्नो घर जानुभयो । त्यहाँ गएपछि मुनिपुत्रहरूले आमा पार्वतीलाई भने- हे आमा ! आज श्रीगणेशले वृकासुरनामक डरलाग्दो दैत्यलाई मारिदिनुभएको छ ।।६२-६३।। उहाँको अङ्कुशको प्रहारबाट मात्रै चालीस कोश फैलिएको त्यसको शरीर भुइँमा ढलेको थियो । त्यसपछि पार्वतीले ती मुनिबालकहरूलाई तिमीहरू आ-आफ्ना घरतर्फ लाग भन्नुभयो। पार्वतीका कुरा सुनेर ती बालकहरू पनि आ-आफ्ना घरतर्फ गए ।।६४-६५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे वृकासुरवधो नाम पञ्चनवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा वृकासुरको वध' शीर्षकान्वित पन्चानब्बेऔं अध्याय पूर्ण भयो ।।९५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षण्णवतितमोध्यायः

क उवाच

ततः कदाचिद् गिरिजा प्रसन्नं प्राह शङ्करम् ।

पार्वत्युवाच

देवेश ! सप्तमं वर्षं प्रवृत्तं साम्प्रतं शिशोः ।।१।।
क्रियतां व्रतबन्धोऽस्य सुमुहूर्ते महोत्सवात् ।

शिव उवाच

सम्यगुक्तं त्वया भद्रे ! ज्ञात्वा चेतोगतं मम ।।२।।
सम्पादयिष्ये साध्वस्य व्रतबन्धं यथाविधि ।

क उवाच

इत्युक्त्वा गिरिजां देवः समाकार्य च गौतमम् ।।३।।
विचार्य सुदिने लग्नं सामग्रीः समपादयत् ।
मण्डपञ्च सुविस्तीर्णं सर्वानृषिगणान् मुनीन् ।।४।।
आकार्य परिपूज्यैतांस्तदाज्ञावशगो हरः ।
यथाविधि चकारास्य व्रतबन्धं मुदा तदा ।।५।।
उपायनानि सर्वे ते शिवयोर्बालकस्य च ।
अष्टाशीतिसहस्रेभ्यो नमस्कृत्य हरोऽपि च ।।६।।
सम्पूज्य विधिवत् प्रादान्नानोपायनसञ्चयान् ।
त्रिंशत्त्रिकोटिदेवेभ्यो यक्षेभ्योऽपि तथैव च ।
किन्नरेभ्यश्चारणेभ्यो वाद्यघोषे नदत्यपि ।।७।।
गायत्सु किन्नरेष्वाशु नर्तकीनां गणेषु च ।
नृत्यत्सु सर्वलोकेषु पश्यत्सु सुमहोत्सवम् ।।८।।
उपायनानि दानानि ददौ हर्षात् सदाशिवः ।
देवतास्थापनं कृत्वा भोजयामास चाखिलान् ।।९।।
प्रातःकाले वटुं स्नाप्य चौलकर्म समाप्य च ।
चतुर्भिर्ब्राह्मणैः सार्धं भोज्य संस्नाप्य वै पुनः ।।१०।।
वेदिकायामन्तरा तु धृत्वा पटमनुत्तमम् ।
मुहूर्तं साधयामास मुनिभिर्मन्त्रवादिभिः ।।११।।
एतस्मिन्नन्तरे दैत्यौ कृतान्तकालसंज्ञकौ ।
गजरूपधरौ मत्तौ मदोदस्राविणौ दृढौ ।।१२।।

{ ९६ अध्याय }

ब्रह्माजीले भन्नुभयो – कुनै दिन पार्वतीले प्रसन्नमुद्रामा रहनु भएका भगवान् शङ्करसँग कुराकानी गर्दै भन्नुभयो ।

पार्वतीले भन्नुभयो – हे महादेव ! अहिले हाम्रा प्यारा पुत्र गणेशले सात वर्षमा टेकेका छन् ।।१।। राम्रो मुहूर्त हेरी ठूलो उत्सव गरेर यिनको व्रतबन्ध गर्ने प्रबन्ध मिलाउनुहोस्।

शिवजीले भन्नुभयो- हे कल्याणी ! तिमीले मेरो मनको कुरा बुझेर राम्रो विषयमा मसँग कुरा गर्‍यौ ।।२।। अब म विधिपूर्वक पुत्र श्रीगणेशको व्रतबन्ध संस्कार सम्पन्न गर्नेछु ।

ब्रह्माजीले भन्नुभयो – शिवजीले आफ्नी प्रिया पार्वतीसँग यसरी कुरा गरेपछि गौतम ऋषिलाई बोलाई राम्ररी विचार गरेर उत्तम दिनमा लग्न हेरी सामग्रीको व्यवस्था मिलाउनु भयो । त्यसपछि शिवजीले सबै ऋषिगणलाई बोलाएर तिनीहरूको सम्मान गरी ती ऋषिमुनिले बताएबमोजिम विधिपूर्वक विशाल मण्डप तयार गरी श्रीगणेशको व्रतबन्ध गर्नुभयो ।।३-५।। व्रतबन्ध सकिएपछि त्यस उपलक्ष्यमा अठासी हजार ऋषिमुनिहरूले पार्वती, शङ्कर र गणेशलाई उपहार टक्र्याए । शङ्करले पनि ती सबैलाई नमस्कार गरेर विधिपूर्वक पूजा गरी अनेक थरि उपहार टक्र्याउनुभयो । तेत्तीसकोटि देवता, यक्ष, किन्नर र चारणहरूलाई पनि उपहारहरू दिनुभयो । त्यहाँ वाद्यघोष भइरहेको थियो, किन्नर गाइरहेका थिए, अप्सराका गणहरू नाचिरहेका थिए र संसारका उत्तम प्राणीहरूले शिवजीको धाममा यो गणेशको उत्सव मनाए ।।६-८।। सदाशिवले आगन्तुक सबैलाई हर्षपूर्वक दान र उपहार टक्र्याउनुभयो । व्रतबन्ध कार्यको आरम्भमा शिवजीले देवताको प्राणप्रतिष्ठा गरेर सबैलाई खुवाउनु भयो। प्रातःकालमा गणेशलाई नुहाइदिएर चौलकर्म समाप्त गरी चार ब्राह्मणहरूसँगै श्रीगणेशलाई खुवाएपछि पुनः स्नान गर्न लगाएर उत्तम वस्त्र धारण गराई मण्डपमा राख्नुभयो र मन्त्र पढ्ने मुनिहरूद्वारा एक मुहूर्तसम्म यज्ञको कार्य गराउनुभयो।।९-११।। यसरी व्रतबन्धको महोत्सव चलिरहेको बेला हात्तीको रूप धारण गर्ने, मदले मातेका, गालाबाट मदको धारा चुहाइरहेका, अत्यन्त बलवान्, तीखा दाँत भएका, लामा सूँढ भएका, सूँढद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीक्ष्णदन्तौ दीर्घशुण्डौ गगनस्पर्धिपुष्करौ ।
चीत्कारभीषितजनौ सिन्दूरारुणमस्तकौ ।।१३।।

कम्पते पादघातेन ययोराशु वसुन्धरा ।
दन्ताघातेन युध्यन्तौ रजसाच्छाद्य रोदसी ।।१४।।

सभाद्वारगतं शक्रकरिणं समुपागतौ ।
दन्तप्रहारैस्तद्गण्डं भिन्दन्तौ बलवत्तरम् ।।१५।।

स्रवद्रक्तः पपातोर्व्यां मूर्च्छितो गजराट् क्षणात् ।
ऐरावतः पपालाशु मुहूर्तात् प्राप्य चेतनाम् ।।१६।।

करिणौ पृष्ठलग्नौ तौ दन्ताघातैर्निजघ्नतुः ।
ततस्तौ मत्तमातङ्गौ सभामध्यं समीयतुः ।।१७।।

शुण्डाभ्यां मण्डपं तौ तु ताडयामासतुस्तदा ।
उत्तस्थुः सर्वलोकास्ते श्रुत्वा कोलाहलं तयोः ।।१८।।

यतो यतो गच्छतः स्म ततो देवाः पलायिताः ।
मुनयश्च तयोर्भीत्या दशदिक्षु पलायिताः ।।१९।।

शिवं तत्र समाचख्युर्विघ्नमेतदुपस्थितम् ।

गणा ऊचुः

सेन्द्रा सभा मुनियुता विध्वस्ता गजभीतितः ।।२०।।

ततः पलायिता गौरी सखीभिर्गृहमागता ।
बालस्ततो निरीक्ष्यैतौ दन्तिनौ बलवत्तरौ ।।२१।।

जगर्ज घनवच्छीघ्रं तयोः शुण्डे दधार ह ।
उमाभ्यामपि हस्ताभ्यां चीत्कारं तौ प्रचक्रतुः ।।२२।।

भ्रामयित्वाऽस्फालयत् स एकस्मिन्नपरं गजम् ।
उभौ तौ शतधा जातौ पतितौ धरणीतले ।।२३।।

धरा चकम्पे वृक्षाश्च निपेतुश्चूर्णिता भुवि ।
ततः खण्डानि तान्याशु दूरतश्चिक्षिपुर्गणाः ।।२४।।

आकाश छुनसक्ने, चीत्कारबाट सबै मानिसलाई भयभीत तुल्याउने, सिन्दूरझैं राता टाउका भएका कृतान्त र कालनामक दैत्यहरू त्यहाँ आए ।।१२-१३।। तिनीहरूले खुट्टाले टेक्दा पृथिवी काँपिरहेकी थिइन् । ती दुबै दैत्य आपसमा दाँतले प्रहार गरेर लडिरहेका थिए र आफ्ना खुट्टाबाट उडाएको धूलोले पृथिवी एवं आकाशलाई ढाकेका थिए ।।१४।। ती दुबै दैत्य देवसभाको ढोकामा रहेको इन्द्रको वाहन ऐरावत हात्तीसँग लड्न भनी नजिकै पुगे । दाँतले प्रहार गरेर ऐरावतको गण्डस्थलमा भेदन गरे । ऐरावत पनि मूर्च्छित भएर रगत बगाउँदै भुइँमा पछारियो । एक छिनपछि होशमा आएको गजराज ऐरावत त्यहाँबाट भाग्यो ।।१५-१६।। ऐरावत भाग्दा ती दुबै दैत्यहरू त्यसका पछि लागे र त्यसको पिठ्यूँमा दाँतले प्रहार गरे । यसरी ऐरावतलाई भगाएपछि ती दुबै राक्षस सभाको माझमा आए । मण्डपमा आएर तिनले आफ्ना सूँढद्वारा मण्डपका सामग्रीलाई लथालिङ्ग पार्न थाले । तिनीहरूले आएर उपद्रव मच्चाउँदै कोलाहल गरेको देखेर मण्डपमा बसिरहेका सबै प्राणीहरू उठे । ती दुई राक्षस जहाँजहाँ जान्थे त्यहाँत्यहाँबाट देवताहरू भाग्न थाले । मुनिहरू पनि ती राक्षससँग डराएर दश दिशातर्फ लागे ।।१७-१९।। त्यसपछि शिवगणले भगवान् शिवजीसमक्ष अचानक आइलागेका विघ्नको विषयमा निवेदन गरे ।

शिवगणले भने - 'हे शिवजी ! ठूलो विघ्न आइलाग्यो। इन्द्रसहित शोभायमान देवसभामा मुनिहरू पनि विराजमान थिए। अहिले देवता र मुनिहरू हात्तीहरूसँग डराएर यताउति भागे र देवसभा भङ्ग भयो'।।२०।। त्यसै बेला पार्वती पनि आफ्ना सँगिनीहरूका साथ दगुर्दै घरमा जानुभयो। बालक गणेशले ठूला-ठूला दाँत भएका बलवान् दुई दैत्यलाई देखेर वर्षाकालको बादलझैं गर्जन गर्नुभयो र ती दुबैका सूँढमा आफ्ना दुई हातले समाउनुभयो । दैत्यहरू घोर चीत्कार गर्न थाले । बालक श्रीगणेशले दुबैलाई उचालेर एउटामाथि अर्को पर्ने गरी भुइँमा पछार्नुभयो । श्रीगणेशद्वारा पछारिएका ती दुबै दैत्य पृथिवीमा निश्चेष्ट भएर रहे ।।२१-२३।। त्यसबाट पृथिवीमा कम्पन भयो। कयौं रूखहरू टुक्राटुक्रा भएर भुइँमा फैलिए । मरेका ती दुबै दैत्यका शरीरका टुक्राहरूलाई शिवगणले टाढा लगेर फ्याँकिदिए ।।२४।। दैत्यहरूको वध भएपछि आत्तिदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वटुं जग्राह जननी शीघ्रमागत्य स्वे कटौ ।
सर्वे पलायिता देवा मुनयोऽनेन दानवौ ।।२५।।

बालेन निहतौ शीघ्रमित्युवाच शिवां सखी ।
ततस्ते मीलिता देवा इन्द्राद्या मुनयोऽपि च ।।२६।।

ऊचुर्गुणेशं ते सर्वे स्वामिन् ! सर्वगुणाकर !
सर्वप्राणहरौ दैत्यौ कापट्याद् गजरूपिणौ ।।२७।।

निहतौ लीलया देव ! मायिनौ बलवत्तरौ ।
इत्युक्त्वा शक्रमुनयो देवाश्च विविशुः सभाम् ।।२८।।

उपविष्टेषु सर्वेषु ननृतुश्चाप्सरोगणाः ।
ततो वाद्यान्यवाद्यन्त ब्रह्मा रुद्रसमीपगः ।।२९।।

दत्त्वा परस्परं प्रैषं बबन्ध मेखलां शिशोः ।
यज्ञोपवीतमजिनं होमञ्च समिधामपि ।।३०।।

कारयामास विधिवत् सावित्रीवाचनं ततः ।
ततो माता ददौ भिक्षामंशुके भूषणानि च ।।३१।।

उत्तरीयञ्च रत्नानि मुक्ताफलयुतानि च ।
लड्डूकान् भक्ष्यखाद्यानि त्रिशूलं शशिनं शिवः ।।३२।।

ददौ नाम चकारास्य भालचन्द्र इति स्फुटम् ।
शूलपाणिरिति परं ततश्चक्रं हरिर्ददौ ।।३३।।

शोचिष्केशेति नामास्य चक्रे सम्यङ् महात्मनः ।
ततः पुरन्दरः पूज्य कण्ठे चिन्तामणिं ददौ ।।३४।।

नाम चिन्तामणिरिति चक्रे सर्वार्थदं शुभम् ।
ददौ तदैव कमलमभ्यर्च्य कमलासनः ।।३५।।

विधातेति च नामास्य स्थापयामास संसदि ।
ततः सर्वे सुरगणाः समभ्यर्च्य गुणेश्वरम् ।।३६।।

नानाविधानि नामानि चक्रुः स्वस्वेच्छया सुराः ।
अदितिः कश्यपश्चाथ तं पुपूजतुरादरात् ।।३७।।

आएकी आमा पार्वतीले आफ्ना बालक श्रीगणेशलाई काखमा राख्नुभयो । पार्वतीलाई उहाँकी सँगिनीले बताइन् – 'उत्सव भइरहेको बेला दानवहरूबाट भयभीत भएर देवता र मुनिहरू भागे तर हजुरका बालकले ती घोर दानवलाई अति छिटो मारिदिए'। दैत्यहरूको वध भएपछि इन्द्र आदि देवता र मुनिहरू फेरि भेला भए ।।२५-२६।। ती सबैले भगवान् श्रीगणेशलाई भने – 'सबै गुणका खजाना हे स्वामी श्रीगणेश ! सबैको प्राण हर्ने र कपट गरेर हात्तीको रूप धारण गर्ने भयङ्कर मायावी र पराक्रमी दैत्यहरूलाई हजुरले मारिदिनुभएको छ । हजुरको जयजयकार गर्दछौं ।' यसरी प्रार्थना गर्दै देवता, मुनि र देवराज इन्द्रले पनि सभामा प्रवेश गरे । तिनीहरूले प्रवेश गरी बसेपछि प्रसन्न मुद्रामा रहेका अप्सराहरू नाच्न थाले र बाजाहरू बज्न थाले । शिवजी र उहाँको समीपमा जानुभएका ब्रह्माजीले परस्पर सल्लाह गरेपछि बालक श्रीगणेशको शरीरमा मेखला बाँध्नुभयो । यज्ञोपवीत र मृगको छाला टक्र्याएर होम र समिधाको व्यवस्था पनि मिलाउनुभयो ।।२७-३०।। त्यसपछि ब्रह्माजीले विधिपूर्वक श्रीगणेशलाई गायत्री मन्त्र सुनाएपछि सर्वप्रथम माता पार्वतीले श्रीगणेशको भिक्षापात्रमा कपडा, गहना, दोसल्ला, रत्न, मोतीको हार, लड्डू र भोज्य पदार्थ राखिदिनुभयो। शिवजीले चन्द्रमा र त्रिशूललाई भिक्षाको रूपमा प्रदान गर्दै 'अबदेखि तिम्रो नाम भालचन्द्र हुनेछ भनेर नामकरण पनि गर्नुभयो । पुनश्च मैले त्रिशूल पनि दिएकाले तिम्रो नाम शूलपाणि पनि हुनेछ भन्नुभयो।' त्यसपछि भगवान् नारायणले श्रीगणेशको भिक्षापात्रमा सुदर्शन चक्र राखिदिनुभयो ।।३१-३३।। उत्तम आत्मा भएका श्रीहरिले बालक श्रीगणेशको शोचिष्केश भनी नामकरण गर्नुभयो। त्यसपछि इन्द्रले श्रीगणेशको पूजा गरी उहाँलाई चिन्तामणिको माला पहिर्‍याए। चिन्तामणिलाई भिक्षाको रूपमा प्रदान गरेका कारण सबै भक्तले चिताएको कामना पूर्ण गराउने भन्ने अर्थमा श्रीगणेशको नाम चिन्तामणि पनि राखियो । त्यसपछि ब्रह्माजीले श्रीगणेशको पूजा गरी कमल टक्र्याउनुभयो र त्यस देवसभाको सान्निध्यमा उहाँले श्रीगणेशको विधाता भनी नामकरण पनि गर्नुभयो। यसरी ठूला-ठूला देवताहरूले भिक्षामा विशिष्ट वस्तु टक्र्याउने काम सम्पन्न गरेपछि अरू सबै देवताले गुणहरूका स्वामी श्रीगणेशको पूजा गरेर आ-आफ्नो इच्छाअनुसार अनेक थरि नामकरण गरे । त्यसपछि अदिति र कश्यप आएर आदरपूर्वक श्रीगणेशको पूजा गरे।।३४-३७।। भगवान् श्रीगणेशले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शयामास देवोऽपि पूर्वरूपं तयोश्शुभम् ।
भालचन्द्रं दशभुजं मुकुटेन विराजितम् ।।३८।।

दिव्याम्बरं दिव्यगन्धं दिव्याभरणभूषितम् ।
सिंहारूढं विराजन्तमुरगोदरबन्धनम् ।।३९।।

दृष्ट्वेत्थमदितिर्हृष्टाऽऽलिलिङ्ग स्नेहनिर्भरा ।
रोमाञ्चितशरीरा सा प्रेमगद्गदनिःस्वना ।।४०।।

विस्मयं परमं प्राप्ता स्त्रवदश्रुजलाविला ।
परमानन्दमग्नाऽभूत् स्नेहस्नुतपयोधरा ।।४१।।

तथैव कश्यपो देहभावं तत्याज तत्क्षणात् ।
ऊचतुस्तौ सुतस्नेहाद् वत्सावां ते वियोगतः ।।४२।।

कृशतां गमितौ तेऽद्य दर्शनात् पुष्टतां गतौ ।
नावां त्यज सुतेदानीं जनौ त्वच्चरणे रतौ ।।४३।।

गजानन उवाच

प्रतिश्रुतं मया मातर्दास्ये दर्शनमेकदा ।
तदिदानीं मया दत्तं न शोकं कर्तुमर्हसि ।।४४।।
सर्वान्तर्यामिणो मे वै वियोगो न कदाचन ।

क उवाच

एवं तु वदतोरेव पार्वती समुपागता ।।४५।।

उवाच परमप्रीता दृष्ट्वा स्नेहं तयोः शिशौ ।
अदिते ! देहि मे पुत्रं गृहीतं चिरकालतः ।।४६।।

नायं तव सुतः सुभ्रु ! सम्यक् पश्य शुचिस्मिते !
साऽपश्यत् पुनरेवैनं स्वस्यैव तनयं विभुम् ।।४७।।

अदितिरुवाच

त्वमेव गौरि ! पश्याशु तनयं मे पुरःस्थितम् ।
साऽपश्यत् पुनरेवैनं गुणेशं तनयं स्वकम् ।।४८।।

अदितिस्तां ममेत्याह पार्वती तां ममेति च ।
एवं विवदमाने तु प्राहुर्देवाः सुविस्मिताः ।।४९।।

अदिति र कश्यपका छोराका रूपमा अवतार लिएको पूर्व प्रसङ्गलाई याद गराउन ती दुबै दम्पतीका सामु आफ्नो अत्यन्त मनोहर बालरूप देखाउनुभयो । बालरूपी श्रीगणेशका निधारमा चन्द्रमा सुहाएका थिए, शरीरमा दश भुजाहरू सुसज्जित थिए र मस्तकमा मुकुट चम्किरहेको थियो। दिव्य वस्त्र, गन्ध र अलङ्कारद्वारा उहाँ अलङ्कृत हुनुहुन्थ्यो। त्यतिमात्र नभई उहाँ सिंहमा सवार हुनुहुन्थ्यो र उहाँको पेटमा शेषनाग कन्धनी बनेर बेरिएका थिए । आफूले धेरै पटक अनुभव गरेको त्यस सुन्दर रूपलाई देखेर प्रेमले विह्वल भएकी अदितिले श्रीगणेशलाई आलिङ्गन गरिन् र रोमाञ्चित पनि भइन् । तिनले वात्सल्यभावले पग्लिएर गद्गद स्वरमा मीठो ध्वनि निकालिरहेकी थिइन् ।।३८-४०।। तिनका आँखाबाट आँसुका धारा बगिरहेका थिए । नचिताएको वस्तु पाउँदा अत्यन्त द्रवित भएकी ती आनन्दमा डुबेकी थिइन्। तिनका स्तनहरूबाट दूधको धारा बगिरहेको थियो । त्यसपछि कश्यप ऋषि पनि चिन्तक तपस्वीको भाव छोडेर पिताको भावमा आए । दुबै दम्पतीले पुत्रस्नेह देखाउँदै भने - 'हे प्यारा पुत्र ! तिम्रो वियोग भएपछि हामी त अत्यन्त दुब्लाएका छौं । अहिले यो नचिताएको दर्शन पाउँदा हामी साह्रै खुसी भएका छौं। हे बाबु ! तिमीले हामीलाई नछोड । हामी दीन र शरणागत छौं ।।४१-४३।।

गजाननले भन्नुभयो- 'हे आमा अदिति ! मैले तपाईंलाई एक दिन दर्शन दिनेछु भनेर प्रतिज्ञा गरेको थिएँ। अहिले वचन पूरा गरें । अब तपाइँ शोक नगर्नुहोस्। म सबैको घट-घटमा निवास गर्ने अन्तर्यामी पुरुष हुँ, तपाइँहरूसँग मेरो कहिल्यै पनि वियोग हुँदैन ।'

ब्रह्माजीले भन्नुभयो- यसरी अदिति र कश्यपले कुरा गरिरहेको समयमा पार्वती आइपुग्नुभयो।।४४-४५।। ती दुबै दम्पतीको आफ्ना पुत्रप्रति गहिरो स्नेह भएको जानेर खुसी भएकी पार्वतीले भन्नुभयो- 'हे अदिति ! अब मेरो छोरा मलाई दिनुहोस्, तपाइँहरूले धेरै बेरसम्म कुराकानी गर्नुभयो । यो तपाइँको छोरा होइन, राम्ररी हेर्नुहोस् ।' पार्वतीले त्यसो भने तापनि अदितिले श्रीगणेशलाई आफ्नै पुत्रका रूपमा दर्शन गरिरहेकी थिइन् ।।४६-४७।।

अदितिले भनिन् - 'हे गौरी ! तपाइँ नै हेर्नुहोस् न यो तपाइँको छोरा हो कि मेरो छोरा ?' तर पार्वतीले भने बालकलाई मेरै पुत्र हो भन्ने दृष्टिकोण लिएर हेरिरहनु भएको थियो । अदितिले पार्वतीसँग र पार्वतीले अदितिसँग यो मेरो छोरा हो भनिरहेका थिए। यसरी दुई विशिष्ट नारीहरूको विवाद चलेको देखेर देवताहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनादिनिधनो देवः सृष्टिस्थित्यन्तकारकः ।
अनन्तरूपोऽनन्तश्रीरनेकशक्तिसंयुतः ।।५०।।

कस्या अयं भवेत् पुत्र उभे भ्रान्तेऽस्य मायया ।

ते ऊचतुः

यस्या अयं भवेत् पुत्रस्तस्या हस्ते प्रदीयताम् ।।५१।।

क उवाच

ततो देवा निरीक्ष्यैनं नानारूपिणमीश्वरम् ।
कश्चिदाह विधाताऽयं कश्चिद्विष्णुं चतुर्भुजम् ।।५२।।

कश्चित्त्रिलोचनं प्राह वरुणं विस्मिताः सुराः ।
ऊचुस्ते निश्चयोऽस्माभिर्विधातुं नैव शक्यते ।।५३।।

भवतीभ्यां विवेकेन ग्राह्योऽयं परमः पुमान् ।
ततो गौर्यगृह्लादाशु तं विभुं तनयं स्वकम् ।।५४।।

स्तनपानं ददौ स्नेहाददितिर्नीरसाऽभवत् ।
मम चेद् बालकोऽयं स्यात् कथं यायात् परां प्रति ।।५५।।

अहं भ्रान्त्याऽभवं सक्ता परस्य तनये वृथा ।
मुनयः कश्यपश्चैनं पुपूजुस्ते गुणेश्वरम् ।।५६।।

नमस्कृत्याऽभ्यनुज्ञाप्य ययुः स्वं स्वं निवेशनम् ।
भवानी च गृहं याता पुत्रमादाय हर्षिता ।।५७।।

ततः समागताः सर्वे प्रागमन्निलयान् स्वकान् ।।५८।।

चकित भए ।।४८-४९।। अनादि, अनन्त, अमर, सृष्टि, स्थिति एवं संहारका कर्ता, अनन्तरूप, अनन्तशोभा-सम्पन्न र अनन्तशक्तिसम्पन्न भगवान् श्रीगणेश कसका छोरा हुनुहुन्छ र ? तर ती दुबै माताहरू श्रीगणेशको मायाका कारण आपसमा विवाद गरिरहनु भएको छ भन्ने कुरा देवताहरू सोचिरहेका थिए।

देवताहरूले भने – उहाँ जुन आमाका छोरा हुनुहुन्छ ती आमाको हातमा श्रीगणेशलाई अविलम्ब सुम्पनुपर्छ । यस विषयमा विवाद गर्नु राम्रो हुँदैन ।।५०-५१।।

ब्रह्माजीले भन्नुभयो – यसरी परस्पर संवाद गरिरहेका देवताहरूले भगवान् श्रीगणेशलाई अनन्तरूपमा देख्न थाले। कुनै देवताले यी त ब्रह्माजी हुन् भनिरहेका थिए भने कसैले होइन होइन यी त विष्णु हुन् भने । कुनै देवताले यी त शङ्करका रूप हुन् भने । चकित भएका अनेक देवताहरूले श्रीगणेशलाई वरुणको रूपमा पनि देखे । अन्तमा ती देवताहरूले 'हामी यी बालक कुन आमाका छोरा हुन् र को हुन् भनी ठम्याउन सक्तैनौं' भन्ने निष्कर्ष निकालेपछि भने – 'तपाईँहरू दुईवटी आमामध्ये जसको छोरा हो उहाँले विवेकको प्रयोग गरेर आफ्नो बालक ग्रहण गर्नुहोस् ।' त्यसपछि पार्वतीले दगुर्दै गई आफ्ना पुत्र श्रीगणेशलाई काखमा राखेर प्रेमपूर्वक दूध चुसाउन थाल्नुभयो। यो दृश्य देखेपछि अदिति मलिन र नीरस पनि भइन् । तिनले मनमनै भनिन्– 'यदि यी बालक मेरा छोरा हुन्थे भने किन अरूकी आमाको काखमा जान्थे?।।५२-५५।। मलाई भ्रान्ति र अज्ञान भएछ, अरूको छोरामा व्यर्थ माया गरें ।' त्यसपछि मुनिहरूका साथै कश्यप ऋषिले गुणेश्वर श्रीगणेशको पूजा गरे । उहाँलाई नमस्कार गरेपछि आज्ञा लिएर ती सबै आ-आफ्नो आश्रमतर्फ लागे । पार्वती पनि पुत्र प्राप्त गरी हर्षित हुँदै घरतर्फ लाग्नुभयो । त्यसपछि त्यहाँ उत्सव मनाउन आएका सबै आ-आफ्नो घरतर्फ लागे ।।५६-५८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गौर्यदितिविवादो नाम षण्णवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'अदिति र पार्वतीको विवाद' शीर्षकान्वित छयानब्बेऔं अध्याय पूर्ण भयो ।।९६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तनवतितमोध्यायः

मुनिरुवाच

त्वया विनायको देवो मयूरेश्वरसंज्ञितः ।
ततो गुणेशनाम्ना मे महिमाऽयं निरूपितः ।।१।।

स कथं प्राप तन्नाम किञ्च तेन कृतं महत् ।
कर्म तन्मे समाचक्ष्व साम्प्रतं विश्वसृग् विभो ।।२।।

क उवाच

यथा तेन कृतं कर्म मयूरेश्वरनाम च ।
प्रापद् विनायको देवो निरूपिष्येऽखिलं तव ।।३।।

पातालभवने शेषः सभामध्यगतोऽभवत् ।
वासुकिप्रमुखैः सर्वैः समन्तात् परिवारितः ।।४।।

ततः कद्रूः समायाता तेजोरूपा सुरूपिणी ।
मुक्तामणियुतं चारु बिभ्रती कञ्चुकं शुभम् ।।५।।

बिम्बोष्ठी चन्द्रवदना दिव्यभूषाम्बरावृता ।
तां दृष्ट्वा जननीं शेषो वासुकिप्रमुखाश्च ये ।।६।।

नेमुर्मातर्बहुदिनैरभवद् दर्शनं तव ।
काङ्क्षन्ते दर्शनं सर्वे त्वं तु निष्ठुरतां गता ।।७।।

इत्यूचुस्तां करे धृत्वाऽस्थापयन् पैत्र्य आसने ।
पुपूजुः परया भक्त्या ततः शेषोऽब्रवीत् तु ताम् ।।८।।

शेष उवाच

त्वं मातः ! कश्यपस्यापि पत्नी चारुतरा सती ।
सर्वविद्यानिधानस्य सृष्टिस्थित्यन्तकारिणः ।।९।।

ब्रह्मादयो देवगणास्तत्त्वं यस्य न वै विदुः ।
त्वञ्चापि सहसा शापानुग्रहे च क्षमा ह्यसि ।।१०।।

{ ९७ अध्याय }

व्यासले भन्नुभयो - हे विधाता ! पहिले तपाइँले श्रीगणेशलाई मयूरेश्वर भनेर चिनाउनुभयो । त्यसपछि गुणेशको नामबाट मलाई श्रीगणेशको महिमा सुनाउनुभयो । श्रीगणेशले गुणेश भन्ने नाम कसरी पाउनुभयो ? श्रीगणेशले के काम गर्नुभएको थियो र उहाँको नाम गुणेश रहन गयो ? हे विश्वका स्रष्टा अन्तर्यामी ब्रह्माजी! गुणेश्वरका रूपमा रहनुभएका भगवान् श्रीगणेशका लीला, कर्म र चरित्रका विषयमा आज्ञा गर्नुहोस् ।।१-२।।

ब्रह्माजीले भन्नुभयो- हे व्यास! श्रीगणेशले जुन काम गरेर मयूरेश्वर नाम पाउनुभयो, त्यस विषयमा म तपाइँलाई राम्ररी बताउनेछु । एक दिनको कुरा हो, शेषनाग पातालको राजभवनमा स्थित सभामा गई बसेका थिए । तिनका वरिपरि वासुकि आदि प्रमुख नागहरू थिए ।।३-४।। त्यसै बेला अत्यन्त सुन्दरी र तेजस्विनी नागमाता कद्रू त्यहाँ आइपुगिन् । तिनले मोती र मणिद्वारा आकर्षक देखिने चोलो लगाएकी थिइन् ।।५।। ती आफैमा अत्यन्त सुन्दरी थिइन् र तिनका ओंठहरू गोलकाँक्रीजस्ता राता थिए । तिनको अनुहार चन्द्रमाको मण्डलजस्तै आकर्षक थियो । ती दिव्य वेषभूषाले सजिएकी थिइन् । शेषनाग र वासुकि आदि प्रमुख नागहरूले नागमाता कद्रूलाई देखेर प्रणाम गर्दै भने - 'हे नागमाता ! धेरै दिनपछि आज हजुरको दर्शन पायौं। हामी सधैं हजुरको दर्शन गर्न चाहन्छौं। हजुर भने किन हो कुन्नि निष्ठुर हुनुभएको छ ।' यसरी सबै नागहरूले कद्रूसँग आफ्नो भाव बताए र उहाँलाई उत्तम आसनमा राखे। त्यसपछि सबै नागहरूले मिलेर परम भक्तिका साथ नागमाता कद्रूको पूजा गरे । त्यस बेला शेषनागले निवेदन गरे।।६-८।।

शेषनागले भने - 'हे माता ! तपाइँ नागमाता हुनुहुन्छ। तपाइँ सबै विद्याकी खानी, सृष्टि, स्थिति एवं संहारकर्मका नायक कश्यप ऋषिकी पतिव्रता तथा सुन्दरी पत्नी पनि हुनुहुन्छ। ब्रह्मा आदि देवताहरूले पनि कश्यप ऋषिको महत्त्व र तत्त्व बुझ्दैनन्। आमा ! तपाइँ पनि त कश्यप ऋषिकी पतिव्रता पत्नी भएका कारण सराप र वरदान दिन समर्थ हुनुहुन्छ। तपाइँका छोरा हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तव पुत्रा वयं मातस्त्रैलोक्यग्रासससाहसाः ।
सा कथं त्वमिहायाता किमुद्दिश्य प्रयोजनम् ।।११।।

कद्रूरुवाच

विना प्रयोजनं पुत्र ! कोऽपि नायाति किञ्चन ।
तच्च ते कथयिष्येऽहं शृणु सादरमात्मज ।।१२।।
विनता मे सपत्नी या जननी पुत्र ! पक्षिणाम् ।
तस्या दर्शनकाङ्क्षा मे कदाचित् सम्बभूव ह ।।१३।।
अनादृता तयाऽहन्तु तद्गृहं सहसा गता ।
नासनं न च सत्कारं स्वागतं न च साऽकरोत् ।।१४।।
पूर्ववैरं स्मरन्ती सा जटायुं पुत्रमादिशत् ।
तेन चाकर्षिता वेणी विवस्त्राऽहं कृता क्षणात् ।
मामुवाच महादुष्टे ! नावलोक्यं मुखं तव ।।१५।।
मम मातुस्तु दासी त्वं पूर्वमासीः कृतं त्वया ।
तदा न करुणालेशो धृतो मनसि कर्हिचित् ।।१६।।
इतो गच्छ न चेत् प्राणान् ग्रहीष्यामि महाखले !
श्रुत्वा तदीयवाक्यानि दुःखिताऽहं फणीश्वर ।।१७।।
आक्रन्दं परमं प्राप्ता प्राणत्यागे तु निश्चिता ।
आगताऽहं ततो युष्मद्दर्शनार्थं सुदुःखिताः ।।१८।।
यदि वो मयि भक्तिः स्यात् साहाय्यं क्रियतां मम ।
सत्पुत्रा यदि मान्याऽहं तदा तस्या विनाशनम् ।।१९।।
कर्तव्यञ्च सपत्न्या मे ततो हृदि सुखं भवेत् ।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं शेषो रोषसमन्वितः ।।२०।।
जज्ज्वाल सहसा वह्निर्घृतेनेव प्रदीपितः ।
मम मातुः कृता पीडा विनतातनयैर्यदि ।।२१।।
तदाऽहं तत्प्रतीकारं करिष्यामि न संशयः ।
एवमुक्त्वा स शेषोऽथ वासुकिप्रमुखैर्युतः ।।२२।।
तत्र गन्तुं मनश्चक्रे यत्र सा विनताऽभवत् ।

नागहरू तपाइँको कृपाबाट तीनै लोकलाई एकै पटक निल्ने साहसले युक्त छौं । आमा! आज के कति कारणले यहाँ आउनुभयो? हामीलाई त्यो प्रयोजन बताउनुहोस् ?' ।।९-११।।

कद्रूले भनिन् - हे बाबु ! विना प्रयोजन कोही कहीं पनि जाँदैन । हे छोरा ! म आदरपूर्वक यहाँ आउनाको कारण बताउँछु, तिमीले सुन । हे छोरा ! पक्षीहरूकी माता विनता मेरी सौता हुन् । एक दिन मलाई आफ्नी सौतासित भेटघाट गर्ने इच्छा लाग्यो र म विनताको घर पुगें ।।१२-१३।। विनताले मलाई अचानक आएकी देखेर अपमान गरिन् । न बस्न आसन दिइन्, न मीठो बोलेर सत्कार गरिन् र न त स्वागत नै गरिन् । सौता-सौताको पूर्वद्वेषलाई याद गरेकी ती विनताले आफ्नो छोरा जटायुलाई भनिन् - 'यो तेरी सौतेनी आमा हो, यसलाई नङ्ग्याउने काम गर । आफ्नी आमाद्वारा आज्ञा पाएर जटायुले मेरो चुल्ठो समात्यो, कपडा तान्यो र मलाई विवस्त्र बनायो । त्यसपछि त्यसले मलाई भन्यो- हे दुष्ट सौतेनी आमा! म तिम्रो मुख हेर्न चाहन्नँ।।१४-१५।। तिमी पहिले मेरी आमाकी दासी थियौ । पछि मेरा बुबालाई मोहनी लगाई मेरी आमालाई दासी बनायौ । त्यस कारण तिमीप्रति मेरो एक थोपा पनि माया छैन ।।१६।। हे दुष्ट कद्रू ! तिमी यहाँबाट छिटो फर्क, नत्र म तिम्रा प्राण लिइदिनेछु ।' हे शेषनाग ! सौताको छोराले भनेका यस्ता तीता कुरा सुनेर म साह्रै दुःखी भएँ ।।१७।। त्यस बेला म क्रन्दन गर्न थालें, मलाई बाँच्न पनि मन लागेन । अब प्राण त्याग गर्छु भन्ने अठोट गरें । त्यसै बेला तिमीहरूको संझना आयो अनि भेटघाट गरूँ भनेर म दुःखिनी यहाँ आएकी छु । तिमीहरूको मप्रति आमा भनेर श्रद्धा एवं भक्ति छ भने मलाई दुःख परेको जानी सहयोग गर । हे मेरा असल पुत्र हो ! यदि मलाई आमा भनेर मान्छौ भने मेरी सौताको नाश गर।।१८-१९।। अनिमात्र मेरो मनमा केही शान्ति र सुख हुनेछ ।

ब्रह्माजीले भन्नुभयो - आफ्नी आमाका यस्ता कुरा सुनेर शेषनाग अत्यन्त क्रुद्ध भए । उनको क्रोध घिउ थप्दा दन्किएको आगोजस्तो भयो । यदि विनताका छोराले मेरी आमालाई सताएका छन् भने मैले प्रतिकार गर्नैपर्छ । यसमा कुनै सन्देह छैन । यसो भनेर शेषनागले वासुकि आदि नागहरूलाई साथ लिई विनताको आश्रममा जाने विचार गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासुकिरुवाच

अहमेव गमिष्यामि कोटिनागैर्युतोऽनघ ।।२३।।
विनतामानयिष्यामि तिष्ठ त्वं भुजगाधिप !

क उवाच

एवमुक्त्वा ययौ शीघ्रं वासुकिर्विनताश्रमम् ।।२४।।

असङ्ख्यानुरगान् दृष्ट्वा बिभाय विनता तदा ।
तदैव वेष्टिता सर्पैः क्रूरैर्दुष्टस्वभावकैः ।।२५।।

निन्युस्ते शेषनिकटं सा च तानब्रवीत् तदा ।

विनतोवाच

किमर्थं बन्धनं कृत्वा मम नेतुं समुद्यताः ।।२६।।

अपराधविहीनायाः पापिष्ठा गदताशु मे ।
मम पुत्रस्यानुभवो ज्ञातोऽस्ति सर्वपन्नगैः ।।२७।।

अतो मुञ्चन्तु मां नो चेत् स संहारं करिष्यति ।

क उवाच

धार्ष्ट्यं तेषां समीक्ष्यैव सस्मार गरुडन्तु सा ।।२८।।

सोऽपि ज्ञात्वा स्मृतिं तस्या आगतः पक्षिभिः सह ।
श्येनः सम्पातिरथ च जटायुः पक्षिपुङ्गवः ।।२९।।

येषां पक्षसमीरेण चकम्पे भुवनत्रयम् ।
भुजगास्ते तु सर्वेऽपि वमद्विषकणा बभुः ।।३०।।

युद्धमासीन् महाघोरं भुजगेन्द्रपतत्त्रिणाम् ।
ततो जटायुं सम्पातिं श्येनं बद्ध्वानयँस्तु ते ।।३१।।

मातुः स्मृतेस्तु सम्प्राप्तो गरुडः पक्षघाततः ।
कम्पयञ्जगतीं सर्वां पातयन् द्रुमपर्वतान् ।।३२।।

तद्गन्धं भुजगा घ्रात्वा पलायनपरा ययुः ।
पक्षाघातेन गगने बभ्रमुर्भुजगाः परे ।।३३।।

मुक्ता तु विनता बन्धात् स्वस्थानं गन्तुमुद्यता ।
तां दृष्ट्वा वासुकिः क्रुद्धो दहन् व्योम वमन् विषम् ।।३४।।

वासुकिले भने - हे सर्पराज शेषनाग ! हजुर किन जाने ? म करोडौं नागहरूलाई साथ लिएर विनताको घर जान्छु र त्यसलाई यहाँ लिएर आउँछु ।

ब्रह्माजीले भन्नुभयो - यसरी शेषनागसँग कुरा गरेर वासुकि नागहरूका साथ विनताको आश्रममा गए ।।२०-२४।। विनता पनि आफ्नो आश्रममा असङ्ख्य सर्पहरू आइरहेको देखेर डराइन् । ती उग्र सर्पहरू आश्रममा गएपछि सर्वप्रथम विनताका शरीरमा बेरिए। त्यसपछि ती सबैले मिलेर विनतालाई शेषनागको नजिकमा पुऱ्याए । त्यहाँ गएपछि विनताले निवेदन गरिन् ।

विनताले भनिन् - हे सर्पहरू ! किन मलाई बाँधेर यहाँ ल्यायौ ? तिमीहरू पापिष्ठ हौ । मैले के अपराध गरेकी छु र ! मेरो छोरा गरुड कति बलवान् छ भन्नेकुरा सबै सर्पले बुझ्कै हौला ? त्यस कारण बाँच्ने इच्छा छ भने तिमीहरूले मलाई मुक्त गर, अन्यथा मेरो छोराले तिमी सबैको संहार गरिदिनेछ।

ब्रह्माजीले भन्नुभयो- नागहरूले गरेको धृष्टतालाई देखेर आत्तिएकी विनताले त्यस बेला आफ्ना छोरा गरुडलाई संझिइन् ।।२५-२८।। गरुड पनि आफ्नी आमाले सम्झेपछि आफ्ना मित्र श्येन, सम्पाति र जटायुजस्ता पक्षिराजहरूलाई साथमा लिएर त्यहाँ आए ।।२९।। जसका प्वाँखको हावाले मात्र तीनै लोक काँप्ने गर्दथे, त्यस्ता पक्षिराजहरूलाई देखेर सबै सर्पहरूले आ-आफ्ना मुखबाट विषका धारा बगाउन थाले । त्यस बेला सर्पराज र पक्षिराजहरूको बीचमा घनघोर युद्ध भयो । नागहरूले जटायु, सम्पाति र श्येनलाई बाँधी लिएर गए ।।३०-३१।। त्यस बेला गरुडले आफ्नी आमाको संझना गरे । आमाको ध्यानबाट शक्ति प्राप्त गरेका गरुडले आफ्नो प्वाँखको हावाद्वारा धर्ती र आकाशलाई कम्पायमान गराई रूख एवं पर्वतहरू ढाल्दै भयानक युद्ध गरे ।।३२।। पक्षिराज गरुडको गन्ध सुँघेर ती सर्पराजहरू भाग्न थाले । केही सर्पहरू त गरुडका प्वाँखको हावाले आकाशमा पर-परसम्म चक्कर काटिरहेका थिए । सर्पहरूद्वारा बाँधिएकी विनता आफ्नो घर जान तयार भइन् । तिनलाई हिंड्न लागेको देखेर रिसाएका वासुकि सबैलाई आगाको ज्वालाले सन्तप्त तुल्याउँदै र मुखबाट विषका धाराहरू बमन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्षाघातेन गरुडोऽपातयद् भूतले च तम् ।
विनता तु गता वेगात् स्वस्था स्वस्थानमुत्तमम् ।।३५।।

प्रतापं वासुकेर्दृष्ट्वा गरुडः सूक्ष्मरूपधृक् ।
विनतां रक्षितुं यातो याते तस्मिँश्चुकोप ह ।।३६।।

वासुकिर्विषमत्यन्तमसृजज्जगतीं दहन् ।
नागलोकं निनायाशु बद्ध्वा तान् विवरेऽक्षिपत् ।।३७।।

पिधाय द्वारं शिलया ततो मातरमभ्यगात् ।
उदन्तं सर्वमाचख्यौ मात्रे शेषाय चारुधीः ।।३८।।

शुशोच विनता श्रुत्वा बद्ध्वा नीतान् सुताँस्तु तान् ।
प्रययौ कश्यपं शीघ्रं नमस्कृत्याब्रवीदिदम् ।।३९।।

विपरीतमिदं जातं प्रत्यक्सूर्योदयो यथा ।
गृहे स्थितां मामनयत् सहसा वासुकी रिपुः ।।४०।।

पृष्ठतोऽनुययौ श्येनो जटायुर्मोचितुञ्च माम् ।
सम्पातिः सर्पसङ्घाँस्ते मारयामासुरोजसा ।।४१।।

पराजितेषु तेष्वाशु भुजगैर्बहुभिर्मुने ।
गरुडं चास्मरं तेन जित्वा सर्पगणाँस्तु तान् ।।४२।।

मोचिता चाणुरूपेण तेनाप्यागमनं कृतम् ।
जटायुस्तेन सम्पातिः श्येनो वासुकिना बलात् ।।४३।।

नीताः पातालविवरे पिधाय स्थापिता दृढम् ।
गमिष्यन्ति मम प्राणास्तान् विना निश्चितं मुने ।।४४।।

एतावद्दुःखतप्ताऽहं त्वयि नाथे सति प्रभो ।

क उवाच

इति श्रुत्वा प्रियावाक्यं प्राह तां कश्यपो मुनिः ।।४५।।

गर्दै युद्ध गर्न तम्सिए । गरुडले पनि आफ्नो प्वाँखको झटारो हानेर वासुकिलाई भुइँमा लडाइदिए । त्यो देखेर प्रसन्न भएकी विनता आफ्नो आश्रमतर्फ लागिन् ।।३३–३५।। विनता गएपछि गरुडले 'यो वासुकि नाग साह्है बलवान् छ । म नभएको बेलामा आश्रममा गएर मेरी आमालाई दुःख दिन सक्छ' भन्ने विचार गरी आफ्नी आमाको रक्षा गर्न सूक्ष्म रूप लिएर आमाको आश्रममा गए । गरुड गएपछि रिसाएका वासुकिले संसारलाई नै डढाउन सक्ने भयङ्कर विषको धारा बगाए र त्यहाँ लड्न भनेर आएका श्येन, सम्पाति र जटायुलाई बाँधे । त्यसपछि तिनीहरूलाई नागलोकमा पुऱ्याई एउटा गुफाभित्र लुकाएर गुफाको ढोका ठूलो ढुङ्गाले छेकिदिए । गुफा बन्द गरेपछि ती सबै नागहरू आफ्नी माता कद्रूका समीपमा गए । तिनले आफ्नी माता र शेषनागलाई समेत भएको सम्पूर्ण घटना सुनाए। उता आश्रममा पुगेकी विनता आफ्ना छोराहरूलाई नागहरूले बाँधेर लगेको थाहा पाएपछि चिन्तित भइन् । समस्याको समाधानका लागि अत्यन्त तीव्र वेगले आफ्ना पति कश्यपको दर्शन गर्न गइन् र उहाँलाई प्रणाम गरेर यसरी निवेदन गरिन् – 'हे प्राणनाथ! पश्चिमबाट सूर्य उदाएझैं विचित्र घटना भयो। आफ्नो घरमा बसिरहेकी मलाई मेरी सौताको छोरा वासुकिले बाँधेर नागलोक पुऱ्यायो । मलाई छुटाउन भनी मेरा पछिपछि श्येन, जटायु र सम्पाति गएका थिए । तिनीहरूमाथि ती नागहरूले कठोर प्रहार गरे। सबै सर्पहरूले मिलेर मेरा छोराहरूलाई सङ्ग्राममा परास्त गरे। पुत्रहरूको त्यो अवस्था देखेर मैले आफ्ना पराक्रमी पुत्र गरुडको संझना गरें । गरुडले त्यहाँ आएर ती सर्पहरूलाई परास्त गरेर बन्धनमा परेकी म आमालाई मुक्त पनि गराए । ती पनि फर्के। त्यसपछि वासुकि र अरू नागहरू मिलेर श्येन, जटायु र सम्पातिनामक मेरा छोराहरूलाई बाँधेर पातालको गुफामा पुऱ्याई ठूलो ढुङ्गाले गुफा बन्द गरी थुनेका छन् । हे पतिदेव ! मेरा छोरा यसरी थुनिएको सम्झेर म कसरी बसूँ ? मेरा अब प्राण जाने भए ।।३८–४४।। हजुरजस्ता पराक्रमी र शक्तिशाली पतिकी पत्नी भएर मैले यो दुःख कसरी सहूँ ?'

ब्रह्माजीले भन्नुभयो – आफ्नी प्रिया विनताका यस्ता कुरा सुनेर कश्यप ऋषिले उत्तर दिए ।।४५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनिरुवाच

मा चिन्तां कुरु भद्रे ! त्वं व्येतु ते मानसो ज्वरः ।
ऋतुं तेऽहं प्रदास्यामि पुत्रस्तेऽन्यो भविष्यति ।।४६।।

अभेद्यमण्डं वज्रेण पार्वत्या यदि बालकः ।
क्रीडन् भेत्स्यति पादाभ्यां ततः पुत्रो भवेत् तव ।।४७।।

स नीलकण्ठो बलवान् नीलकण्ठ इवापरः ।
श्रवणात् तस्य शब्दस्य भुजगास्ते पराभवम् ।।४८।।

यास्यन्ति च गुणेशोऽपि तमारुह्य भुवो भरम् ।
हरिष्यति तदा पुत्रा मोक्ष्यन्ते नागबन्धनात् ।।४९।।

एवमुक्त्वा मुनिस्तस्यै रहो नीत्वा ऋतुं ददौ ।
विनताथ ययौ हर्षात् काननं जन्तुवर्जितम् ।।५०।।

कालेन सुषुवे चाण्डमभेद्यं वज्रपर्वतैः ।
मृद्भाण्डे वल्कलैर्वेष्ट्य निक्षिप्याण्डं स्थिराऽभवत्।।५१।।

यथा भूमिगतं द्रव्यं भुजगो बलवत्तरः ।।५२।।

कश्यपले भन्नुभयो - हे कल्याणी विनता ! तिमी चिन्ता नगर । आफ्ना मनको कष्ट हटाऊ । अहिले म तिमीलाई एकान्तमा लगेर ऋतुदान गर्दछु । त्यसबाट तिमीलाई पराक्रमी पुत्र पैदा हुनेछ । तिमी पक्षीहरूकी माता भएकीले मेरो ऋतुदानबाट अण्डा तयार हुनेछ । त्यो अण्डा वज्रभन्दा पनि बलियो हुनेछ । कुनै दिन पार्वतीका छोरा बालक श्रीगणेश खेल्दै-खेल्दै त्यो अण्डा भएको ठाउँमा आउनेछन् । त्यहाँ खेलिरहेको अवस्थामा तिनले आफ्ना दुई खुट्टाले त्यस अण्डामाथि प्रहार गर्नेछन् । अण्डा फुटेपछि तिमीलाई पुत्र पैदा हुनेछ। त्यस पुत्रको घाँटी नीलो हुनेछ र बल अद्वितीय हुनेछ । त्यो बालक शिवजीसमान पराक्रमी हुनेछ । त्यस बालकको शब्द सुन्नासाथ सर्पहरू त्यसै भाग्नेछन्, तिनीसँग युद्ध नै गर्नुपर्ने छैन । त्यसपछि पार्वतीका छोरा श्रीगणेशले त्यसलाई आफ्नो वाहन बनाउनेछन् । त्यसमा आरोहण गरी संसारमा भ्रमण गरेर तिनले पृथिवीको भार हरण गर्नेछन् । त्यस बेला मात्र तिम्रा छोराहरू नागहरूको बन्धनबाट मुक्त हुनेछन् । त्यसपछि कश्यप ऋषिले विनतालाई एकान्त कोठामा पुऱ्याएर ऋतुदान गरे । ऋतुदानबाट खुसी भएकी विनता कुनै प्राणी नभएको जङ्गलमा गएर बसिन् ।।४६-५०।। समय आएपछि तिनले वज्र र पर्वतहरूले प्रहार गर्दा पनि नफुट्ने अण्डा पैदा गरिन् । त्यस अण्डालाई माटाको भाँडामा पातले ढाकेर आफू त्यहीं स्थिर भएर रहिन् । जसरी बलवान् नागले भुइँमा लुकाएका धनको रक्षा गरिरहेको हुन्छ त्यसैगरी विनताले पनि आफ्नो अण्डाको रक्षा गरिरहेकी थिइन् ।।५१-५२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कद्रूविनताकलहप्रसङ्गे कश्यपद्वारा विनतायां गर्भाधानं नाम सप्तनवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'कद्रू र विनताको सौतेनी विवादको प्रसङ्गमा नागहरूको शेखी झार्न कश्यपद्वारा विनतामा गर्भाधान' शीर्षकान्वित सन्तान्नब्बेऔं अध्याय पूर्ण भयो ।।९७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टनवतितमोऽध्यायः { ९८ अध्याय }

क उवाच

एवं गते सप्तमेऽब्दे त्वष्टमे स गुणेश्वरः ।
उषः स्नात्वा स्थितो ब्रह्म जपन् वेदचतुष्टयम् ।।१।।

कस्तूरीतिलको नानाभूषणैः सुविराजितः ।
दिव्याम्बरधरो दिव्यगन्धमालाविभूषितः ।।२।।

ततस्ते तापससुता आगतास्तं गुणेश्वरम् ।
तद्दीप्त्या भासिताः सर्वेऽरुणदीप्त्या यथा घनाः ।।३।।

तान् दृष्ट्वाऽध्ययने बुद्धिर्जाता तस्यार्भकैः सह ।
सर्वेषां मस्तके हस्तं न्यधात् तत्समये विभुः ।।४।।

त्रिचतुःपञ्चवर्षाणां वेदस्फूर्तिस्ततोऽभवत् ।
विना तु चेतनां शब्दो नभोवाण्या हि श्रूयते ।।५।।

चतुर्णामपि वेदानां सर्वे पारायणं व्यधुः ।
नाभक्षयन् पशुगणा ग्रासं मुखगतं तदा ।।६।।

श्रवणे तत्परा जाताः शब्दानां वेदचारिणाम् ।
समाप्ते वेदद्वितये सामगानमथारभन् ।।७।।

हरिणाः सिंहशार्दूला भुजगाः पक्षिजातयः ।
गानस्य श्रवणे सक्ता अश्रुपातान् प्रसुस्त्रुवुः ।।८।।

अष्टाशीतिसहस्राणि मुनयः श्रवणे रताः ।
आनन्दह्रदसम्मग्नाः शेरते स्म यथा निशि ।।९।।

प्रमथाद्या गणाः सर्वे शिवाया हर्षनिर्भराः ।
अस्त्रवच्चामृतं चन्द्रः शिवभालस्थितस्तदा ।।१०।।

ब्रह्माजीले भन्नुभयो- श्रीगणेश सात वर्ष पूरा गरी आठ वर्षमा लाग्नुभएपछि प्रातःकालमा स्नान गरेर गायत्रीको जप गरी चारै वेदको अध्ययन गर्दै विराजमान हुनुभयो ।।१।। उहाँ कस्तूरीको तिलक धारण गरी अत्यन्त मूल्यवान् अलङ्कारहरूद्वारा सुहाउनुभएको थियो । उहाँले शरीरमा दिव्य वस्त्र, गन्ध र मालाहरू धारण गर्नुभएको थियो ।।२।। त्यस बेला केही तपस्वीका पुत्रहरू भगवान् श्रीगणेशको दर्शन गर्न आइपुगे। श्रीगणेशको नजिकमा आएका ती बालकहरू प्रातःकालमा सूर्यको उदय हुँदा सूर्यको कान्तिले बादल शोभायमान भएजस्तै श्रीगणेशका शरीरको आभाबाट प्रकाशित भए । तिनीहरूलाई देख्नासाथ भगवान् श्रीगणेशको मनमा ती आफ्ना मित्र बालकहरूका साथ अध्ययन गर्ने इच्छा जागृत भयो । त्यसपछि श्रीगणेशले आफ्ना सबै बालसाथीहरूको शिरमा हात राख्नुभयो ।।३-४।। तीन, चार र पाँच वर्षको उमेरका ती साना-साना बालकहरूको मनमा पनि श्रीगणेशले शिरमा हात राख्नुभएको कारणबाट चारै वेदको स्फुरण भयो । तिनीहरूलाई चेतना नहुँदा पनि आकाशवाणीबाट सम्पूर्ण वेदको ज्ञान गराइयो ।।५।। ती सबै बालकहरूले सारस्वरसहित चारै वेदको पारायण गरे । तिनका मुखबाट वेदका मन्त्र घन्किएको सुनेर पशुहरू खाँदाखाँदै गास मुखमा राखेर टोलाई हेर्न थाले र वैदिक मन्त्र अन्तर्गतका शब्दहरूको श्रवणमा एकाग्र भए । यसरी ऋग्वेद र यजुर्वेदको पाठ सकिएपछि तिनीहरूले सामगान शुरु गरे ।।६-७।। बालकहरूको सामगान सुनेर मृग, सिंह, बाघ, सर्प र अरू पक्षिजातिका प्राणीहरू आँखाबाट हर्षका आँसु बगाउन थाले ।।८।। त्यस बेला भगवान् श्रीगणेशलगायत ती बालकहरूद्वारा गरिएको सामगानलाई अठासी हजार मुनिहरूले एकाग्र भएर सुनिरहेका थिए। ती मुनिहरू आनन्दको तलाउमा मग्न भएर रातमा गहिरो निद्रामा जस्तो आनन्दप्राप्त हुन्छ त्यो भन्दा बढी आनन्दमा प्राप्त भए ।।९।। पार्वतीका प्रमथ आदि गणहरू अत्यन्त हर्षित भए । शिवजीको निधारमा रहेका चन्द्रमाले पनि अमृत प्रवाहित गर्न थाले ।।१०।। चन्द्रखण्डबाट अमृत प्रवाहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्संसर्गाद्धुण्डमालारुण्डानि पुरुषा बभुः ।

लज्जिताः किन्नराः सर्वे गन्धर्वाश्चास्य गानतः ।।११।।

स्मरतप्ताः स्त्रियः शान्ता आरार्तिक्यं व्यधुस्तदा ।

तत्राजगाम सहसा दैत्यश्चाभिनवाकृतिः ।।१२।।

यस्य शब्देन दीर्णास्ता मन्दराद्रिगुहास्तदा ।

हलदन्तो वापीनासस्तडागनयनोऽरिहा ।।१३।।

स तु श्वापदरूपेण बभ्राम तत्र तत्र ह ।

पञ्चनेत्रश्चतुःशृङ्गो वसुपादश्चतुःश्रुतिः ।।१४।।

त्रिमुखश्च द्विपुच्छोऽसौ जहासोच्चैर्निरीक्ष्य तम् ।

पश्यन्तु कौतुकं बालाः प्रोवाचेति शिशून् विभुः ।।१५।।

अत्यद्भुतं दृष्टमिदमित्यूचुस्ते गुणेश्वरम् ।

ततो दैत्यो ननर्तोच्चैरुड्डीय न्यपतद् भुवि ।।१६।।

क्षणं लीनः क्षणं तिष्ठन् दृश्यादृश्यस्वरूपधृक् ।

ध्रियतां ध्रियतामेष इत्युवाच शिशून् विभुः ।।१७।।

इत्युक्त्वा दैत्यमगमद् वेगेन च गुणेश्वरः ।

पलायति महादैत्यो याति पृष्ठे स बालकैः ।।१८।।

महारण्यं गताः सर्वे यत्र वायुर्न सर्पति ।

गर्जन्ति सिंहशार्दूला गजसूकरवानराः ।।१९।।

हुँदा शिवजीको घाँटीमा सुहाएको मुण्डमालामा रहेका नरमुण्डहरू आनन्दित भए । किन्नर जातिका जनहरू आफ्नोभन्दा मीठो स्वर सुनेर लजाए । गन्धर्वहरू पनि श्रीगणेश आदि बालकहरूको गायन एवं नृत्यसमेत देखेर लज्जित भए ।।११।। गणेश र तिनका सखाहरूको सात्त्विक सौन्दर्य देखेर कामसन्तप्त भएका सुन्दर युवतीहरूको सन्ताप पनि सामगानबाट शान्त भयो । त्यसपछि ती सुन्दरीहरूले सबै बालकहरूको आरती गरे । त्यसै बेला कुनै दैत्य नयाँ आकार लिएर त्यहाँ आइपुग्यो ।।१२।। दैत्यले गर्जन गर्दा मन्दराचलका गुफाहरू पनि धुजाधुजा भई फाटेका थिए । दैत्यका दाँतहरू हलोको आकारका थिए । दैत्यको नाक तलाउझैं विशाल थियो। त्यसका आँखा सरोवरसमान विशाल थिए । त्यो दैत्य शत्रुहरूलाई मार्न अत्यन्त सक्षम थियो।।१३।। यस बेला त्यो श्रीगणेशका सामु कुकुरको रूप लिएर घुमिरहेको थियो । त्यसका अनुहारमा पाँचवटा आँखा देखिन्थे । त्यसका शिरमा चारवटा सिङ निस्किएका थिए । त्यो दैत्य चार कान र आठ खुट्टाले युक्त थियो । त्यसका तीनवटा मुख र दुईवटा पुच्छर थिए । बालकहरूका नायक श्रीगणेशलाई सामगानमा व्यस्त हुनुभएको देखेर त्यस दैत्यले अट्टहास गर्‍यो । त्यसपछि श्रीगणेशले भन्नुभयो– 'हे बालकहरू! तिमीहरूले चमत्कार हेर।' ती बालकहरूले पनि त्यो दानवलाई देखेर श्रीगणेशसँग भने – 'आज ज्यादै आश्चर्यदायक दृश्य देखियो।' त्यसपछि त्यो दैत्य घरि आकाशमा उड्दै र घरि भुइँमा ओर्लदै नृत्य गर्न लाग्यो ।।१४-१६।। त्यो दैत्य केही बेर अन्तर्धान भई फेरि प्रकट हुन्थ्यो र फेरि अन्तर्धान हुन्थ्यो । यस क्रमबाट कहिले देखिने र कहिले नदेखिने भएर पनि त्यसले बालकहरूलाई आश्चर्यमा डुबायो। भगवान् श्रीगणेशले बालकहरूलाई भन्नुभयो– 'हे बालकहरू! यसलाई समात।' भगवान् श्रीगणेश पनि बालकहरूका साथ त्यसलाई पछ्याइरहनु भएको थियो । केही बेरपछि भगवान् श्रीगणेश वेगपूर्वक दैत्यमाथि आक्रमण गर्न दगुर्नु भयो । त्यस बेला त्यो दानव दौडिरहेको थियो। त्यसले श्रीगणेशका बाल-सखाहरूको पिठ्यूँमा आरोहण गर्न खोजिरहेको थियो । त्यो देखेर श्रीगणेशसहित सबै बालकहरू घना जङ्गलतर्फ लागे। त्यस जङ्गलमा बाघ, सिंह, हात्ती, सुँगुर र बाँदरहरू गर्जन गरिरहेका थिए । भगवान् गणेशलाई समात्न भनी त्यो दैत्य पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तं धर्तुं तत्र यातोऽसावुड्डीय दैत्यपुङ्गवः ।
क्वापि यातो दूरदेशं ततः खिन्नो गजाननः ।।२०।।

क्रोधसंरक्तनयनो मुमोच पाशमुल्बणम् ।
चकम्पे धरणी व्योम भ्रमन्मेघमभूत्तदा ।।२१।।

न्यपतन् भानि खात् पृथ्वीं ककुभो व्यनदन् स्वनात् ।
स पाशो दैत्यमाक्रम्य क्षणेनायाद् गुणेश्वरम् ।।२२।।

श्वासरोधात् पपातोर्व्यां लुण्ठन् पादौ भुजौ मुखम् ।
नेत्रद्वारा गताः प्राणाः पश्यत्सु बालकेष्वपि ।।२३।।

पतितो रूपमास्थाय चतुर्विंशतियोजनम् ।
सपाशकण्ठं तं केचिद् विचकर्षुरितस्ततः ।।२४।।

गुदे काष्ठं मुखे धूलिं प्राक्षिपन्नपरेऽर्भकाः ।
केचिन्मूत्रं पुरीषञ्च चक्रुस्तन्मस्तकेऽर्भकाः ।।२५।।

गुणेशनिकटे याताः सर्वे बालाः क्षुधातुराः ।
रसालानि बभक्षुस्ते केचित् तन्मस्तके गताः ।।२६।।

आजघ्नुः फलघातेन भूमिस्था उपरि स्थितान् ।
पतितान्यपरे खादन् ददृशुर्विनतां ततः ।।२७।।

अण्डमाच्छाद्य तिष्ठन्ती साऽधावद् बालकान् प्रति ।
पलायमानाँस्तान् दृष्ट्वा विनता पृष्ठतो ययौ ।।२८।।

त्यहीं पुग्यो। केही बेर घना जङ्गलमा गणेश आदि बालकहरूको प्रतीक्षा गर्दै त्यो लुकेर रह्यो । भगवान् श्रीगणेश पनि दैत्यलाई लुकेको देखेर खिन्न हुनुभयो ।।१७-२०।। श्रीगणेशले क्रोधले आफ्ना आँखा राता-राता गराउँदै आफ्नो पाशनामक अत्यन्त चम्किलो अस्त्र दैत्यमाथि प्रहार गर्नुभयो । भगवान्ले आयुध प्रहार गर्दा पृथिवी काँपिन्, आकाश घुम्न थाल्यो र मेघ भयङ्कर स्वरले गर्जन गर्न लागे । त्यस बेला नक्षत्रहरू आकाशबाट धर्तीमा खस्न थाले र दसै दिशामा घनघोर आवाज सुनियो । भगवान्द्वारा प्रहार गरिएको पाश वनमा लुकिरहेको दैत्यमाथि आक्रमण गरेर भगवान्कै समीपमा आइपुग्यो ।।२१-२२।। त्यो दैत्य भगवान्ले गर्नुभएको पाशको प्रहारबाट घाँटीमा ठूलो घाउ हुन जाँदा सास रोकिएर भुइँमा ढल्यो । भुइँमा ढल्दा त्यसका हातखुट्टा फट्फटाइरहेका थिए र त्यसले आफ्नो मुख खोलेको थियो । श्रीगणेशका मित्र बालकहरूले हेर्दाहेर्दै त्यस दैत्यका प्राणहरू आँखाको मार्गबाट निस्किए ।।२३।। त्यो दैत्य छयानब्बे कोशको विशाल शरीर फैलाउँदै भुइँमा लडेको थियो । भगवान्ले प्रहार गर्नुभएको पाशबाट हुन गएको घाउ हेर्दै उहाँका बालसखाहरूले त्यसको लाशलाई यताउति ताने ।।२४।। ती बालकहरूले त्यसको गुदा-इन्द्रियमा काठ कोचेका थिए । केही बालकहरूले त्यसको मुखमा धूलो भरेका थिए । कुनै बालकहरूले त्यसको शरीरमा बसेर दिशा-पिशाब पनि गरे । यसरी दैत्यका लाशको अपमान गरेपछि ती सबै बालकहरू भोकाउँदै भगवान् श्रीगणेशको नजिकमा आइपुगे । त्यहाँ आएर तिनीहरूले भगवान्ले प्रदान गर्नुभएका आँपका फलहरू खाए। केही बालकहरूले रूखमा चढेर आँप टिपे र तल बसेका साथीहरूलाई दिए । केहीले ठट्टा गर्दै तलका आँपका फलहरूले रूखमा रहेका साथीहरूमाथि प्रहार गरे । केही बालकहरूले तल खसेका आँपहरू जम्मा गरेर आनन्दपूर्वक खाए । त्यस बेला त्यहाँ चराहरूकी माता विनता देखिइन् ।।२५-२७।। पक्षीहरूकी माता विनता त्यहाँ आफ्ना अण्डाहरूलाई प्वाँखले छोपेर बसिरहेकी थिइन् । बालकहरूले आँपको प्रहार गर्दै चञ्चलता देखाएका दृश्य हृदयङ्गम गरेर विनता 'कतै यिनले आएर मेरा यी अण्डा पनि फुटाउँछन् कि' भन्ने भयले बालकहरूमाथि आक्रमण गर्न तम्सिइन्। त्यो देखेर ती बालकहरू भाग्न थाले । विनता पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निघ्नती पक्षवातेन श्वापदानि द्रुमानपि ।
गुणेशस्तत्समालोक्य लीनो वृक्षस्य कोटरे ।।२९।।

ददर्शाण्डं श्वेततरं मण्डलं शशिनो यथा ।
दधार हस्ते सहसा गुणेशो बलवत्तरम् ।।३०।।

अस्फुटत् तत्र ददृशे पतत्त्री नीलकण्ठवान् ।
दीर्घपक्षो विशालाक्षो वमज्ज्वालाकणान् मुखात् ।।३१।।

व्याधूनयदुभौ पक्षौ कम्पयञ्जगतीतलम् ।
चेलुर्वेलामतिक्रम्य समुद्रास्तस्य शब्दतः ।।३२।।

चचाल मण्डलं भानोरर्भकास्ते पलायिताः ।
पृष्ठतोऽनुययौ सोऽथ पक्षाघातेन ताडयन् ।।३३।।

तद् दृष्ट्वा कदनं तेषां योद्धुकामो गुणेश्वरः ।
जग्राह पक्षे तं क्रूरं ततो युद्धमवर्तत ।।३४।।

पक्षाघातैश्चञ्चुपुटैर्जघान पक्षिपुङ्गवः ।
आरक्तनयनः सोऽपि तं जघ्ने मुष्टिघाततः ।।३५।।

अतिदार्ढ्यं तस्य दृष्ट्वा चतुर्भिरप्यथायुधैः ।
गुणेशस्तं जघानाशु तानि पेतुर्धरातले ।।३६।।

उड्डीय स पपालाशु बालानादाय सत्वरः ।
गुणेशस्तान् समुन्मुच्य समारूढोऽण्डजे ततः ।।३७।।

वशे तमण्डजं कृत्वा चारुरोह गुणेश्वरः ।
ततस्तमाययुर्बाला विनतापि समाययौ ।।३८।।

तुष्टाव परमात्मानं गुणेशं तं धिया स्वया ।
त्वं सृष्टिकर्ता रजसा ब्रह्मा सत्त्वेन पालकः ।।३९।।

तिनका पछिपछि लागिन् ।।२८।। विनताले आफ्ना प्वाँखको हावा जोडले फैलाएर जङ्गली जनावरलाई मार्दै रूखहरूलाई लडाइरहेकी थिइन् । विनताको क्रोधपूर्ण कृत्य देखेर भगवान् श्रीगणेश एउटा रूखको प्वालमा लुक्नुभयो । त्यहाँ श्रीगणेशले चन्द्रमण्डलझैं उज्ज्वल एउटा अण्डा देख्नुभयो र अत्यन्त साह्रो र गह्रौं त्यो अण्डालाई हातमा लिएर खेलाउनुभयो ।।२९-३०।। भगवान् श्रीगणेशले खेलाउँदा-खेलाउँदै त्यो अण्डा फुट्यो । त्यसबाट एउटा नीलो घाँटी भएको चरा उत्पन्न भयो। त्यसका लामा-लामा प्वाँख थिए, आँखा विशाल थिए र त्यसले मुखबाट अग्निज्वाला प्रकट गरिरहेको थियो ।।३१।। त्यसले आफ्ना दुइटै प्वाँख कँपाउँदा संसारै काँप्न लागेको भान हुन्थ्यो । त्यसका प्वाँखको शब्दवेगका कारण समुद्र पनि सीमा नाघेर छाल उठाइरहेको देखिन्थ्यो।।३२।। नीलो घाँटी भएको चराको वेगबाट सूर्यको मण्डल घुम्न थाल्यो। यस्तो डरलाग्दो वातावरण देखेर भगवान्का बालसाथीहरू भागिरहेका थिए र त्यो चराले तिनीमाथि आफ्ना प्वाँखहरूले प्रहार गर्दै पछ्याइरहेको थियो ।।३३।। त्यो चराले गरेको उपद्रव देखेर त्यससँग युद्ध गर्ने इच्छा हुँदा भगवान् श्रीगणेशले त्यसका प्वाँख समाउनुभयो । त्यसपछि नीलकण्ठ चरा र भगवान्को बीचमा युद्ध भयो । त्यसले प्वाँख र मुखको चुच्चोले प्रहार गरेर भगवान्लाई घाइते बनायो। रिसाउनुभएका भगवान्ले पनि त्यस चरालाई मुड्कीले हान्नुभयो। भगवान् श्रीगणेशले त्यस चराको शरीरमा अपरिमित बल र दृढता देखेर आफ्ना चार प्रकारका अस्त्रबाट त्यसमाथि प्रहार गर्नुभयो । तर ती आयुधहरू त्यसलाई नलागेर भुइँमा खसे ।।३४-३६।। त्यो चरा श्रीगणेशका बालसाथीहरूलाई आफ्नो साथमा उडाउँदै उड्न थाल्यो। त्यसबाट रिसाउनुभएका श्रीगणेश बालकहरूलाई छुटाएर त्यसमाथि सवार हुनुभयो। भगवान्को भार सहन नसकी त्यो चरा उहाँको वशमा पऱ्यो। त्यसलाई वाहन बनाएर भगवान् फेरि सवार हुनुभयो। त्यस बेला सबै बालकहरू भगवान्को नजिकमा आइपुगे । तिनका साथै पक्षीहरूकी माता विनता पनि त्यहाँ आइपुगिन्।।३७-३८।। भगवान् श्रीगणेशको महिमा बुझेकी तिनले आफ्नो उत्तम बुद्धिद्वारा प्रार्थना गर्दै भनिन्- 'हे ईश्वर! हजुर रजोगुणद्वारा सृष्टि गर्ने ब्रह्मा, सत्वगुणद्वारा जगत्को पालन गर्ने विष्णु र तमोगुणद्वारा संसारको संहार गर्ने शङ्करका रूपमा विराजमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुस्त्वमसि तमसा संहरन् शङ्करोऽपि च ।
न देवा नर्षयस्तत्त्वं विदुस्ते सगुणस्य ह ।।४०।।

निर्गुणस्य तु को वेद चराचरगुरोरपि ।
एवं स्तुत्वाऽवदत् सा तं प्रणता भक्तितत्परा ।।४१।।

कश्यपस्य मुनेर्भार्यां विनतां विद्धि मामिह ।
तस्य पुत्रः शिखण्डी च सेवकस्ते भविष्यति ।।४२।।

मुनिना पूर्वमुक्तं मे योऽण्डमेतद् भिनत्ति च ।
सोऽस्य स्वामी न सन्देहो मोचयिष्यति ते सुतान् ।।४३।।

प्रतीक्षन्त्या मया दृष्टं पादपद्मं चिरं तव ।
जटायुः श्येनसम्पाती नीता कद्रूसुतैस्त्रयः ।।४४।।

तान् मोचय जगन्नाथ ! शीघ्रं दर्शय मे सुतान् ।

गणेश उवाच

मा चिन्तां कुरु मातस्त्वं दर्शयिष्ये सुताँस्तव ।।४५।।

क उवाच

एवमुक्त्वा तु विनतां बहुहर्षसमन्वितः ।
शिखिनञ्च ततः प्राह वरं मत्तो वृणीष्व ह ।।४६।।

मयूर उवाच

यदि मे त्वं प्रसन्नोऽसि यदि देयो वरो मम ।
तदा मन्नामपूर्वं ते नामाख्यातं भवेद् भुवि ।।४७।।

एतन्मे देहि सर्वेश ! तव भक्तिं दृढां तथा ।

देव उवाच

साधु साधु त्वया प्रोक्तं निर्लोभेनान्तरात्मना ।।४८।।

हुनुहुन्छ । हे भगवन् ! हजुर साकार एवं सगुण पनि हुनुहुन्छ र निराकार एवं निर्गुण पनि हुनुहुन्छ । हजुर सगुण हुँदाका रहस्य, लीला र चरित्रको विषयमा देवता र ऋषिले पनि यथार्थ बुझ्न सक्दैनन् ।।३९-४०।। चराचरका स्वामी र निर्गुण परब्रह्मका रूपमा रहनु हुने हजुरको महिमा कसले बुझ्नसक्छ?' यसरी स्तुति गरेर विनताले नम्र भएर अपूर्व भक्ति देखाउँदै प्रार्थना गरिन् – 'हे श्रीगणेश ! मलाई हजुरले कश्यप ऋषिकी पत्नी विनता भनेर चिन्नुहोस् । मेरो गर्भबाट पैदा भएका कश्यपकै छोरा यी मयूर तपाइँका सेवक हुनेछन्' ।।४१-४२।। मलाई एक दिन कश्यप ऋषिले भन्नुभएको थियो – 'जसले तिम्रो अण्डालाई भेदन गर्दछ त्यो व्यक्ति नै तिम्रा अण्डज छोराको स्वामी हुनेछ र तिनले नै तिम्रा अरू छोराहरूका शत्रुबाट रक्षा गर्नेछन्' ।।४३।। मैले धेरै दिनसम्म हजुरको प्रतीक्षा गरें। आजमात्र हजुरका चरणकमलको दर्शन गर्ने मौका पाएँ । नागमाता कद्रूका छोराहरूले सौतेनी रीस गरेर मेरा छोरा जटायु, श्येन र सम्पातिलाई लगेर बाँधेका छन् । हे जगन्नाथ श्रीगणेश! मेरा ती छोराहरूलाई नागहरूबाट मुक्त गराउनुहोस् र मलाई छोराको अनुहार हेर्ने अवसर प्रदान गर्नुहोस् ।

श्रीगणेशले भन्नुभयो– 'हे विनता माता! तपाइँ कुनै चिन्ता नगर्नुहोस् अब म तपाइँका छोराहरू ल्याएर देखाइ-दिनेछु' ।।४४-४५।।

ब्रह्माजीले भन्नुभयो – यसरी विनतालाई आफ्ना मीठा वचनहरूले सान्त्वना प्रदान गर्नुहुने र अत्यन्त हर्षित हुनुभएका भगवान् श्रीगणेशले अण्डा फुटेर पैदा भएका नीलकण्ठ मयूरनामक चरालाई भन्नुभयो– हे मयूर ! तिमीले मबाट वरदान लेऊ ।।४६।।

मयूरले भने– 'हे भगवन्! यदि हजुर मसँग प्रसन्न हुनुहुन्छ र मलाई वरदान दिन चाहनुहुन्छ भने अब उप्रान्त हजुरका नामको अक्षरभन्दा पहिले मेरा नामको अक्षर जोडेर मानिसले हजुरको स्तुति गरून् र त्यो मयूरेश्वर नाम संसारमा प्रख्यात होस् । म यो कुरा माग्न चाहन्छु र हजुरमा कहिल्यै पनि नमेटिने मेरो दृढभक्ति रहोस् भन्न पनि चाहन्छु ।'

श्रीगणेशले भन्नुभयो– 'हे सुन्दर पक्षी! तिमीले राम्रो कुरा गर्‍यौ र अन्तरात्मादेखि नै कुनै लोभ पनि देखाएनौ । म तिमीसँग प्रसन्न छु । तिम्रो नाम मयूर हो, त्यसपछि मेरो नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वन्नामपूर्वं मन्नाम मयूरेश्वर इत्यथ ।
विख्यातं त्रिषु लोकेषु भक्तिर्मयि दृढा भवेत् ।।४९।।

क उवाच

एवमाकर्ण्य सा सर्वं विनता स्वाश्रमं ययौ ।
शिखण्डिनं समारूढो मयूरेशो निजं गृहम् ।।५०।।

मयूरेश मयूरेश मयूरेशेति चासकृत् ।
गृह्णद्भिर्मुनिबालैस्तैरन्वितः शोभयन् दिशः ।।५१।।

मातरं प्रणिपत्याह वृत्तान्तं सर्वमञ्जसा ।
वर्णयन्तो मयूरेशं मुनिपुत्रा गृहान् ययुः ।।५२।।

इत्थं मयूरेशनाम प्राप चासौ गुणेश्वरः ।।५३।।

आउनेछ अर्थात् मयूरपछि ईश्वर लाग्नेछ र मेरो नाम तिम्रो नामसँग जोडिएर मयूरेश्वरका रूपमा संसारमा प्रख्यात हुनेछ । जसले मयूरेश्वर नामको जप गर्नेछन् ती मानिसहरूको ममा भक्ति हुनेछ। तिमीले पनि अविचल रूपमा मेरो भक्ति गर्नेछौ' ।।४७-४९।।

ब्रह्माजीले भन्नुभयो- भगवान्ले आफ्ना छोराका लागि भन्नुभएका कुरा सुनेर विनता खुसी भइन् र आफ्नो आश्रमतर्फ लागिन् । भगवान् पनि मयूरलाई वाहन बनाएर त्यसमा सवार भई धामतर्फ जानुभयो। यी कुरालाई प्रत्यक्ष सुनिरहेका बालकहरूले मयूरको इच्छाअनुसार पटक-पटक मयूरेश भगवान्को जय ! मयूरेश भगवान्को जय !! मयूरेश भगवान्को जय !!! भनेर पुकार गरे । बालकहरूद्वारा जयकार गरिएका भगवान् श्रीगणेश तिनलाई साथ लिएर आफ्ना चहकले संसारलाई प्रकाशमय तुल्याउँदै आफ्नी आमा पार्वतीका समीपमा जानुभयो र सम्पूर्ण वृत्तान्त बताउनुभयो । त्यसपछि मुनिका बालकहरू पनि मयूरेश श्रीगणेश भगवान्का गुणहरूको व्याख्या गर्दै आ-आफ्ना घरतर्फ लागे । त्यस बेलादेखि गुणहरूका स्वामी भगवान् श्रीगणेश मयूरेश्वर नामबाट प्रसिद्ध हुनुभयो ।।५०-५३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे शिखण्डिवरप्रदानं नामाष्टनवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा विनताका पुत्र मयूरलाई वर प्रदान' शीर्षकान्वित अन्ठान्नब्बेऔं अध्याय पूर्ण भयो ।।९८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवनवतितमोऽध्यायः

क उवाच

अद्भुतं कृतवान् वर्षे नवमेऽसौ गुणेश्वरः ।
शिखण्डिनं समारुह्य चतुरायुधभूषितः ।।१।।

नानालङ्कारसंयुक्तो मृगनाभिजशोभितः ।
दिव्याम्बरधरो बालः क्रीडितुं समुपाययौ ।।२।।

पूर्णचन्द्रनिभः श्रीमाञ्जयशब्दैरभिष्टुतः ।
केचिन्नमन्ति तं बालाः केचिच्छत्रं ध्वजं परे ।।३।।

दध्रुः केचिद् वीजयन्तस्तद्दर्शनमहोत्सवाः ।
क्रीडन्तः सरसीं याताः पञ्चयोजनविस्तृताम् ।।४।।

अगाधोदां नक्रझषकूर्ममण्डूकसंयुताम् ।
लतातरुपरीवारां नानापक्षिगणैर्युताम् ।।५।।

उड्डीय पतिताः केचित् तस्यां केचिच्छनैर्ययुः ।
चूतं तत्तीरगं दृष्ट्वा विशालं फलसंयुतम् ।।६।।

आरुरोह मयूरेशो बालाः फलजिघत्सया ।
रसालैस्ते निजघ्नुस्तानभिन्नाङ्गान् पलायिताः ।।७।।

बालाः स्कन्धान् दारयन्तो निपेतुः केऽपि तज्जले ।
एवं क्रीडत्सु बालेषु दैत्योऽगादश्वरूपवान् ।।८।।

यस्य पादप्रहारेण चूर्णतां यान्ति पर्वताः ।
यस्य हेषितशब्देन कम्पते भुवनत्रयम् ।।९।।

पुच्छचाञ्चल्यतो जीवान् हन्ति स्कन्धं जघर्ष ह ।
यस्मिँश्चूतेऽस्य शब्देन कम्पिते पतितेऽर्भके ।।१०।।

{ ९९ अध्याय }

ब्रह्माजीले भन्नुभयो – भगवान् गुणेश्वर श्रीगणेशले आफू नौ वर्षमा लाग्नुभएपछि आफ्नो वाहन मयूरमा सवार भई चारै प्रकारका आयुधहरूले अलङ्कृत भएर अद्भुत कर्म गर्नुभयो।।१।। अनेक थरि अलङ्कारले सुहाउनुभएका, निधारमा कस्तूरीको टीका लगाउनुभएका र दिव्यवस्त्र धारण गर्नुहुने बालक श्रीगणेश एक दिन मैदानमा खेल्न जानुभयो।।२।। उहाँ त्यस बेला पूर्णिमाका रातको पूर्ण चन्द्रमाझैं सुहाउनुभएको थियो र वरिपरि रहेका बालकहरूले उहाँको जय जयकार गर्दै स्तुति गरिरहेका थिए । केही बालकहरूले भगवान्को पाउमा प्रणाम गरे, कसैले छाता चढाए, कसैले ध्वजा चढाए, केही उहाँको दर्शन पाएर उत्सव मनाउँदै हातमा चमर लिएर हम्कन थाले । यसरी भगवान्का साथमा खेलिरहेका ती बालकहरू खेल्दाखेल्दै पाँच योजन फैलिएको तलाउको नजिकमा पुगे ।।३-४।। तलाउको पानी अगाध थियो। त्यहाँ माछा, कछुवा, भ्यागुता र गोहीहरू भरिएका थिए । त्यसका चारैतिर लहरा र चराचुरुङ्गीले भरिभराउ रूखहरू थिए । त्यहाँ श्रीगणेश र उहाँका साथीहरू पुगेपछि केही चराहरू उड्न लाग्दा आत्तिएर तलाउमा खसे । केही सुस्तरी उडेर गए। बालकहरूसहित श्रीगणेशले तलाउको तीरमा रहेको फलले परिपूर्ण विशाल आँपको रूख देख्नुभयो । बालकवृन्दसहित भगवान् मयूरेश श्रीगणेश रूखबाट फल टिप्ने इच्छाले त्यसमा सवार हुनुभयो । ती सबै बालकहरूले आँपका फल टिपेर आफ्ना साथीहरूलाई खेल खेलमा प्रहार गर्न थाले । जसमाथि प्रहार गरियो, ती भाग्न थाले, केही बालकहरू रूखका हाँगा भाँच्न थाले भने केही रूखको हाँगामा झुण्डिएर खेल्दाखेल्दै तलाउमा खसे । यसरी अनेक थरि खेल खेल्दै बालकहरू रमाइरहेको समयमा एउटा दैत्य घोडाको रूप लिएर त्यहाँ आयो ।।५-८।। अत्यन्त बलवान् त्यस दैत्यले खुट्टाको प्रहार गर्दा पर्वत पनि चूर्ण-चूर्ण हुन्थे । त्यसले चीत्कार गर्दा स्वर्ग, मर्त्य र पाताल तीनै लोक काँप्दथे । त्यसले पुच्छर हल्लाएर प्राणीहरूको वध गर्दथ्यो । त्यति बेला त्यसले आँपको रूखमा आफ्नो काँध कन्यायो । त्यसबाट रूखमा कम्पन भयो र त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केचित् पलायिता बालाः केचिद् भग्नाश्च मस्तके ।
केचिन्निपतिताश्चाशु गुणेशो पतितो जले ।।११।।

निमग्ने द्विमुहूर्तेऽस्मिन् प्रारुदन् मुनिबालकाः ।
किं वक्तव्यमुमायै च दर्शनीयं मुखं कथम् ।।१२।।

शङ्करोऽपि रुषाविष्टो भस्मसान्नः करिष्यति ।
अगाधेऽस्मिञ्जले मग्नं प्रवेष्टुं च न शक्नुमः ।।१३।।

माता पिता पालयिता भ्राता त्राता सखा च नः ।

क उवाच

एवं शोचत्सु बालेषु मयूरेशो दधार तम् ।।१४।।

कर्णयोर्जलमध्ये तु चकर्ष बलवान् विभुः ।
आरुरोह बलाद् दैत्यं भारेणामज्जयन् मुहुः ।।१५।।

स दैत्यो निर्वमन्नेत्रान्मुखाद् बहु जलं मुहुः ।
जलपूर्णश्रुतिश्वासोऽत्यजत् प्राणान् महारवः ।।१६।।

एकहस्तेन धृत्वा तं दोलयित्वा जलाद् बहिः ।
मयूरेशस्ततो बाला जहर्षुर्ननृतुर्भृशम् ।।१७।।

भुवि ते शतधा जातं ददृशुर्दैत्यपुङ्गवम् ।
प्रशशंसुर्मयूरेशं महाबलपराक्रमम् ।।१८।।

त ऊचुस्तं तदा देवं मृतं मत्वा रुदामहे ।
तावदेव हि दृष्टोऽसि हतदैत्यो बहिर्गतः ।।१९।।

पुनस्ते जलमाविश्य प्रासिञ्चन्नञ्जलीन्मिथः ।
एकमत्या च सर्वे ते प्रासिञ्चन् गणनायकम् ।।२०।।

रहेका बालकहरू भुइँमा खस्न थाले । केही बालकहरू भागे, कसैको टाउकामा चोट लाग्यो, केही भुइँमा लडे र भगवान् श्रीगणेश पनि पानीमा खस्नुभयो ।।९-११।। दुई घण्टासम्म भगवान् पानीमा डुब्नुभएपछि बालकहरू रुँदै भन्न थाले - 'अब भगवती पार्वतीलाई के भनेर चित्त बुझाउने हो ? हामीले आफ्नो मुख कसरी देखाउने हो ? भगवान् शङ्करले पनि रिसाएर हामीलाई मार्न सक्नु हुन्छ । गहिरो पानीमा श्रीगणेश डुब्नुभएको छ । हामी जलमा जानै सक्दैनौं । उहाँ त हाम्रा माता-पिता, पालक, दाइ, भाइ, रक्षक र मित्र पनि हुनुहुन्थ्यो ।' यसरी ती बालकहरूले विलाप गरे ।

ब्रह्माजीले भन्नुभयो - बालकहरूले विलापपूर्वक चिन्ता गरिरहेकै बेलामा जलमा डुब्नुभएका मयूरेश श्रीगणेशले उठेर त्यस दैत्यलाई समात्नुभयो ।।१२-१४।। त्यसको कानमा समातेर पानीमा डुबाउनुभयो र बल प्रयोग गरी पानीभित्र नै त्यसको पिठ्यूँमा सवार हुनुभयो । त्यो दैत्य पनि आफूमाथि श्रीगणेश सवार हुनुभएका कारण आँखाबाट आँसु झार्दै मुखबाट पानी बान्ता गरिरहेको थियो । त्यसका कानहरू पानीले भरिएका थिए। जतासुकै पानी भरिएकाले सास रोकिएर ठूलो गर्जन गर्दै त्यसले प्राण त्याग गर्‍यो ।।१५-१६।। मयूरेश श्रीगणेशले एउटा हातले त्यसको लाश समातेर हल्लाउँदै पानी बाहिर फ्याँकिदिनुभयो । त्यसपछि खुसी भएका बालकहरू नाच्न थाले । भगवान्द्वारा बाहिर फ्याँकिंदा सय टुक्रामा परिणत भएको दैत्यको लाशलाई बालकहरूले आश्चर्यचकित भएर हेरे। महाबल र अद्भुत पराक्रमले सुहाउनुभएका भगवान् श्रीगणेशको प्रशंसा पनि गरे ।।१७-१८।। बालकहरूले भने- 'हे श्रीगणेश! तपाइँलाई पानीमा डुबेर मरेजस्तो ठानी हामी विलाप गरिरहेका थियौं । विलापकै बेलामा अचानक पराक्रम गरिरहेका तपाइँलाई देख्यौं र त्यसै बेला तपाइँले दैत्यलाई मारी पानीबाट बाहिर फ्याँकिदिनुभयो। धन्य भगवान् श्रीगणेश।' यसरी आफ्ना कुरा राखेपछि फेरि ती बालकहरू भगवान् श्रीगणेशका साथ जलक्रीडा गर्न पानीभित्र पसे । ती सबै अञ्जुलीमा पानी भर्दै छ्यापाछ्याप गरी खेल्न थाले । ती सबैले मिलेर एकैचोटि अञ्जुलीको पानीले छ्यापी भगवान् श्रीगणेशलाई नुहाइदिए ।।१९-२०।। वर्षाकालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षाकाले यथा मेघा धरणीं पर्वतानपि ।
षड्भुजैः परिषिञ्चिन् सन्नपर्याप्तोऽभवद् यदा ।।२१।।

तदाऽसङ्ख्यभुजैर्वारि चिक्षेप बालकेषु सः ।
तदाश्चर्यं तु ते दृष्ट्वा परस्परमथाब्रुवन् ।।२२।।

षड्भुजोऽयं कथमभूदनन्तभुजमण्डितः ।
मन्दीभूता मुनिसुताः क्व द्विहस्ता वयं विभो ।।२३।।

असङ्ख्यभुजवीर्यौजाः क्व च त्वं भुवनेश्वर !
पुनः सर्वे सिषिञ्चुस्ते मयूरेशं रुषान्विताः ।।२४।।

सोऽनन्तरूपस्तान् सर्वान् सिषेचे गणनायकः ।
एकैकस्याग्रतो भूत्वा षड्भुजो निजतेजसा ।।२५।।

तावच्छिखण्डिनिष्ठोऽसौ चतुरायुधभूषितः ।
प्रणेमुस्तेऽञ्जलिपुटं बद्ध्वा देवं गुणेश्वरम् ।।२६।।

पश्यन्तस्तन्मुखे विश्वं सर्वस्वर्गान्वितं तु ते ।
गन्धर्वयक्षरक्षांसि सरिदब्धिद्रुमानपि ।।२७।।

सर्वं चराचरं विश्वं सदेवासुरमानुषम् ।
प्रार्थयामासुरथ ते दृष्ट्वेत्थं ते भयातुराः ।।२८।।

बाला ऊचुः

न विदामः स्वमात्मानं परं वा नापि किञ्चन ।
एकरूपो भव विभो ! कृपां कृत्वाऽखिलेश्वर ।।२९।।

जसरी बादलले पृथिवी र पर्वतहरूलाई जलमय तुल्याउँछ त्यसैगरी बालकहरूले पनि भगवान्लाई जलमय तुल्याएका थिए । त्यस बेला भगवान् श्रीगणेशले शरीरमा ६ हात धारण गरी षड्भुज बनेर बालकहरूमाथि पानी छ्याप्नुभयो। ६ हातद्वारा पानीले छ्याप्दा पनि बालकहरूलाई नुहाइदिन नसकेकाले हजारौं हात धारण गरी सहस्रभुज बनेर जलक्रीडा गर्न लाग्नुभयो र बालकहरूमाथि पानी छ्याप्ने काम गर्नुभयो । भगवान्लाई अनन्त हातले सम्पन्न देखेर चकित भएका बालकहरूले आपसमा कुरा गर्न थाले ।।२१-२२।। 'श्रीगणेश पहिले ६ वटा हातले सम्पन्न थिए, भर्खरै अनन्त हातले सुहाएका छन् । यो कुरा कसरी हुन गयो ?' यसरी विचार गरिरहेका ती बालकहरू केही सोच्नै नसक्ने अवस्थामा पुगे। त्यसपछि भन्न लागे- 'हे अन्तर्यामी श्रीगणेश! हजुर अनन्त शक्तिसम्पन्न हुनुहुन्छ । हाम्रा त दुइटामात्र हात छन् । हामी हजुरको बराबरी कसरी गर्न सक्छौं ? असङ्ख्य बाहुबलले सम्पन्न हजुर कहाँ ? दुई हातमात्र धारण गरी काम गर्ने हामी कहाँ ?' त्यसपछि ती बालकहरूले भगवान् श्रीगणेशमाथि फेरि पानी छ्याप्न थाले । अनन्तरूप धारण गर्नुहुने श्रीगणेशले ती सबैलाई निरन्तर पानीले छ्यापेर नुहाइदिनुभयो । अनन्तबाहु बनेर देखिनु भएका श्रीगणेशले फेरि प्रत्येक बालकका सामु छुट्टाछुट्टै रूप लिनुभयो। ती रूपहरू ६ हातले सुहाएका थिए । त्यसपछि उहाँ चतुर्बाहु बन्नुभयो र हातहरूमा चारथरिका आयुध धारण गर्नुभयो। चतुर्बाहु श्रीगणेश आफ्ना हातहरूमा चार प्रकारका आयुध धारण गरी मयूरमा सवार हुनुभयो । भगवान्लाई यस रूपमा देखेर ती बालकहरूले हात जोडी प्रणाम गरे ।।२३-२६।। श्रीगणेशको मुखमा २१ प्रकारका स्वर्गहरूले सम्पन्न ब्रह्माण्ड, गन्धर्व, यक्ष, राक्षस, नदी, सागर, वृक्ष आदि सम्पूर्ण चराचर विश्व देखेर ती सबै भयभीत र चकित हुँदै प्रार्थना गर्न लागे ।।२७-२८।।

बालकहरूले भने- 'हे भगवन् श्रीगणेश ! हामीले आफ्नो आत्मा चिनेका छैनौं । आत्माभन्दा पर रहेको तत्त्वलाई पनि हामी जान्दैनौं । हजुरको मायाबाट हामी अपरिचित छौं । हामीलाई अनन्तरूप नदेखाई एउटैमात्र रूप देखाउनुहोस् । हे सकलका स्वामी श्रीगणेश! हजुरले हामीमाथि कृपा गर्नुहोस्' ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इति तत्प्रार्थनां श्रुत्वा जातोऽसौ पूर्ववद् विभुः ।
एतस्मिन्नन्तरे तत्र चिक्रीडुर्नागकन्यकाः ।।३०।।

या निरीक्ष्याभवच्चाष्टनायिकानां त्रपा भृशम् ।
नेत्रे निरीक्ष्य ह्रीमन्त्यः प्रापलन् हरिणस्त्रियः ।।३१।।

अतिसुन्दरगात्रास्ताः सर्वालङ्कारभूषिताः ।
ता निरीक्ष्य मयूरेशं विह्वला मदनाग्निना ।।३२।।

ता ऊचुश्च मिथः सर्वा अयं भर्ता भवेद् यदि ।
सफलं नस्तदा जन्म जीवितञ्च वयोऽपि च ।।३३।।

धैर्यात् तमूचुस्ताः सर्वाः कुत आगमनं तव ।
दृष्ट्वा ते वदनं चेतो विह्वलं नोऽभिजायते ।।३४।।

विश्रान्तं कुरु चेतो नः स्वाङ्गसङ्गान्नृपूत्तम ।

देव उवाच

अहं शिवसुतो नाम्ना मयूरेश इति स्फुटम् ।।३५।।

विख्यातो मुनिपुत्रैस्तु मज्जितो बलवत्तरैः ।
दृष्टवान् पादकमलं भवतीनां प्रसङ्गतः ।।३६।।

ता ऊचुः

अस्मद्गृहे क्षणं स्थित्वा विश्रामं कर्तुमर्हसि ।

देव उवाच

पार्वती मद्वियोगेन परितप्येद् भृशं यतः ।।३७।।
अतो नायामि वः स्थानं गच्छन्तु नागकन्यकाः ।

क उवाच

एवं वदति तस्मिँस्तु धृत्वा निन्युर्गृहं तु ताः ।।३८।।
तमदृष्ट्वा पुनः शोकं व्यधुर्मुनिसुतास्तदा ।

बाला ऊचुः

कथं कठिनतां यातो दयालुः स गुणेश्वरः ।।३९।।

ब्रह्माजीले भन्नुभयो – बालकहरूको प्रार्थना सुनेर भगवान् आफ्नो पूर्व रूपमा फर्किनुभयो । त्यस बेला त्यस तलाउमा नागकन्याहरू आएर क्रीडा गर्न थाले । तिनलाई नुहाइरहेका देखेर संसारका सबभन्दा राम्रा मानिएका अष्टनायिकाहरूले पनि लाज माने । ती नागकन्याका आँखाहरू देखेर लाज मानेका मृगीहरू पनि भाग्न थाले । अतिसुन्दर शरीरले सुहाएका र अत्यन्त उत्तम अलङ्कारले अलङ्कृत ती नागकन्याहरूले भगवान् श्रीगणेशको सौन्दर्यपान गरे । त्यसबाट ती नागकन्याहरू कामपीडाले सन्तप्त भए ।।३०-३२।। तिनले आपसमा भने – 'यदि यो पुरुष हाम्रो स्वामी बन्दछ भने हाम्रो जन्म, जीवन र यौवन पनि सफल हुनेछ ।' यति भनेर धैर्यपूर्वक श्रीगणेशका सामु गई ती नागकन्याहरूले भने- 'हे महाशय ! तपाइँ कहाँबाट आउनुभएको हो ? तपाइँको अत्यन्त सुन्दर अनुहार देखेर हामी कामतप्त र व्याकुल भएका छौं । तपाइँले हाम्रा चित्तलाई आनन्दित तुल्याउनुहोस्। हामी तपाइँसँग कामक्रीडा गर्न चाहन्छौं।'

श्रीगणेशले भन्नुभयो – 'मेरो नाम मयूरेश हो । म भगवान् शिवजीको छोरा हुँ र श्रीगणेशका नामबाट संसारमा प्रख्यात छु ।।३३-३५।। म आफ्ना साथीहरूका साथमा क्रीडा गर्दै यहाँ आएको थिएँ । सुन्दर तलाउ देखेर हामी सबैले नुहाउने काम गऱ्यौं । यसै प्रसङ्गले आज तपाइँहरूजस्ता सुन्दर युवतीका चरणकमलको दर्शन गर्ने सौभाग्य पनि पायौं ।'

नागकन्याहरूले भने – 'हे श्रीगणेश ! हाम्रा घरमा केहीबेर बसेर आराम गर्नुहोस् ।'

श्रीगणेशले भन्नुभयो – 'मेरी आमा पार्वती मेरा विरहले गर्दा अहिले सन्तप्त हुनुभएको छ। मलाई आमाको दर्शन गर्न जानुछ। तसर्थ हे नागकन्याहरू! म तपाइँहरूका घरमा जान असमर्थ छु ।'

ब्रह्माजीले भन्नुभयो – यसरी श्रीगणेशले आफ्नो असमर्थ्यता देखाएपछि ती नागकन्याहरूले श्रीगणेशलाई जबर्जस्ती समातेर आफ्ना घर लिएर गए । उता मुनिपुत्र बालकहरू आफ्ना माझमा श्रीगणेशलाई नदेखेर शोक गर्न लागे ।

बालकहरूले भने – 'दयालु श्रीगणेश हामीसँग किन कठोर हुनुभएको छ ? ।।३६-३९।। आफ्ना किरणहरूबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमृतस्त्राविकिरणो न चन्द्र उष्णतां व्रजेत् ।
न पिता त्यजते बालानपराधयुते सति ।।४०।।

क्व गतोऽसि विना त्वां हि गमिष्यन्ति हि नोऽसवः ।

क उवाच

केचिन्निपतिता भूमौ केचिद् भालं निजघ्निरे ।।४१।।

केचिद् ययुः स्वाश्रमं ते पथि तस्य पदाम्बुजे ।
दृष्ट्वा नेमू रुदन्तस्ते ददृशुस्ते भगासुरम् ।।४२।।

मूर्धजाघाततो यस्य भानि भूमौ निपेतिरे ।
शतयोजनपादाब्जो भूमावास्यं प्रसार्य सः ।।४३।।

तेषां मार्गे प्रसुष्वाप ततस्ते शिशवो ययुः ।
ध्यायन्तस्तं मयूरेशं शोचन्तः पथि विह्वलाः ।।४४।।

उदरे तस्य ते याता आपगा जलधीनिव ।
भ्रान्ताः परस्परं चक्रुर्वार्ता नानाविधास्ततः ।।४५।।

मयूरेशो गतः क्वापि वयं कुत्र व्रजामहे ।
न जानीमो दिशं सर्वे न दृश्यन्ते गृहाणि च ।।४६।।

इन्द्रियाणामधिपतिर्मनो नीतं तु तेन नः ।
विना नो मनसा ज्ञानं कथमुत्पत्स्यतेऽर्भकाः ।।४७।।

क्व मातरो भ्रातरो वा पितरः क्व गुणेश्वरः ।
एवं वदत्सु बालेषु मयूरेशोऽखिलार्थकृत् ।।४८।।

आविरासीत् पुरस्तेषां चतुरायुधभूषितः ।

गुणेश उवाच

मा शोचन्तु भवद्दुःखं ज्ञात्वाऽहं शीघ्रमागतः ।।४९।।

भगासुरोदरगता नात्मानं विदुरर्भकाः ।

अमृतको धारा बगाउने चन्द्रमा कहिले पनि ताता हुँदैनन् । बालकहरूले धेरै अपराध गर्दा पनि तिनका पिताले बालकहरूको परित्याग गर्दैनन् । तपाइँ हाम्रा पितासमान हुनुहुन्छ, हामीबाट के अपराध भयो ? तपाइँ कहाँ जानुभयो ? तपाइँविना हामी एक छिन पनि बाँच्न सक्दैनौं । तपाइँ अलिबेर आउनुभएन भने हाम्रा प्राण जानेछन् ।'

ब्रह्माजीले भन्नुभयो - यसरी विलाप गरिरहेका बालकहरू-मध्ये केही खप्न नसकेर भुइँमा लडे । केही बालकले आफ्ना हातले निधारमा प्रहार गर्न थाले ।।४०-४१।। केही बालकहरू निराश भई आफ्ना आश्रमतर्फ लागे । आश्रमतर्फ जाँदा बीच बाटामा तिनीहरूले भगवान् श्रीगणेशका दुबै पैतालाको डाम देखे र हर्षका आँसु बगाउन थाले । त्यसै बेला ती बालकहरूले आफ्नो नजिकमा भगासुरनामक दानवलाई पनि देखे ।।४२।। भगासुर दानवको शिरको स्पर्श हुँदा आकाशका ताराहरू भुइँमा खस्ने गर्दथे । त्यसका चरणहरू चार सय कोश भू-भागमा फैलिएका थिए । त्यस बेला त्यो दानव भुइँमा मुख फैलाएर बालकहरूको बाटो छेकेर सुत्यो । त्यसपछि भयभीत बालकहरू विह्वल हुँदै भगवान् श्रीगणेशको ध्यान र नामजप गर्न लागे । जसरी नदीहरू सागरभित्र समाहित हुन्छन् त्यसैगरी त्यस दानवले हेर्दाहेर्दै बालकहरूलाई आफ्नो पेटमा समाहित गरायो । पेटभित्र पुगेर पनि भ्रान्तिमा परेका ती बालकहरू आपसमा अनेक थरि कुराकानी गरिरहेका थिए ।।४३-४५।। तिनीहरूले भने - 'भगवान् मयूरेश कहाँ जानुभयो ? हामी कहाँ गइरहेका छौं ? हामीलाई दिशा पनि थाहा छैन । जहाँसुकै अन्धकार छ र हाम्रा घर देखिंदैनन् । हाम्रा इन्द्रियहरूको स्वामी मन हो । मनलाई त श्रीगणेशले नै लिएर जानुभयो । विना मन हामी के कुरा थाहा पाउन सक्छौं? हाम्रा माता-पिता कहाँ हुनुहुन्छ ? हाम्रा स्वामी श्रीगणेश कहाँ हुनुहुन्छ ?' बालकहरूले यसरी चिन्ता गरिरहेको समयमा सबैका मनका कुरा जान्नुहुने अन्तर्यामी मयूरेश भगवान् श्रीगणेश आफ्ना चार बाहुमा चार प्रकारका आयुध धारण गरेर ती बालकहरूका सामु प्रकट हुनुभयो ।

श्रीगणेशले भन्नुभयो- 'ए बालकहरू ! तिमीहरू चिन्ता नगर । तिमीहरूको दुःख देखेर म तीव्र गतिमा यहाँ आइपुगेको छुँ ।।४६-४९।। ती बालकहरूले भगासुर दानवको पेटमा बसेर कुरा हामी गरिरहेका छौं भन्ने समेत थाहा पाएका थिएनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

निद्रया मोहयामास मुनिपुत्रान् गुणेश्वरः ।।५०।।

दैत्यदेहान्तरगतो ववृधे वामनो यथा ।

विपाट्य देहं तस्याशु शकले द्वे व्यधाद् विभुः ।।५१।।

ततोऽस्तमित आदित्ये नागतेष्वर्भकेषु च ।

मातरः पितरश्चैव चिन्तामापुः शुचान्विताः ।।५२।।

ऊचुः परस्परं ते तु शिवापुत्रो महाबलः ।

बालान् नीत्वा गतः कुत्र मृतो वा शिशुभिः सह ।।५३।।

जीवँश्चेदागतः स स्यात् सायंकाले बुभुक्षितः ।

केचित् प्राणान् विना तैस्तु तत्यजुर्मातरोऽपि च ।।५४।।

केचिदूचुरुमायै तद् वृत्तं सर्वं निवेद्य ताम् ।

केचित् तेषु वनं याता बभ्रमुर्वनपर्वतान् ।।५५।।

नापुस्तञ्च स्वकान् बालान् खिन्नाः प्रापुर्गृहान् पुनः ।

नानाकोलाहलं चक्रुर्जनन्यः पितृसोदराः ।।५६।।

तेषामाक्रन्दितं श्रुत्वा कृपालुः स मयूरराट् ।

तत्तद्रूपं स्वमात्मानं तत्तद्भूषासमन्वितम् ।।५७।।

तत्तद्वासःपरीधानं तत्तच्छीलगुणान्वितम् ।

तत्तदङ्गं चकाराशु विवेशासौ गृहे ततः ।।५८।।

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशले ती मुनिपुत्रहरू आत्तिएलान् भनेर तिनलाई भगासुरको पेटभित्र नै निद्रामा पारी मोहित बनाउनुभयो ।।५०।। त्यसपछि दैत्यको शरीरभित्र रहेर भगवान् श्रीगणेश अघि आफ्नो शरीर विस्तार गरेर जसरी वामन भगवान्ले सम्पूर्ण पृथिवी र अन्तरिक्षलाई दुई पाइलाभित्र नाप्नुभएको थियो त्यसैगरी बढ्न थाल्नुभयो। त्यस दानवको शरीरलाई च्याती दुई टुक्रा बनाएर त्यहाँबाट बाहिर आउनुभयो। भगवान् बाहिर आउनुहुँदा सूर्य अस्ताउन लागिरहेका थिए । उता बालकहरूका पिता हाम्रा बालकहरू घर आएनन् भनेर शोकले सन्तप्त भए। ती माता-पिताहरूले आपसमा भने- 'पार्वतीका पुत्र महाबली श्रीगणेशले हाम्रा बालकहरूलाई कहाँ पुऱ्याए? ती बालकहरू कहीं गएर खेल्दाखेल्दै मृत्युको मुखमा परे कि ?।।५१-५३।। यदि बाँचेका रहेछन् भने भोकले सताएपछि मात्र राति घरमा आउनेछन्।' यस्तै कुरा गरिरहेका माता-पिताहरूमध्ये केहीले सूर्य अस्त हुने बेलासम्म आफ्ना बालकलाई नआएको देखेर शोकसन्तप्त भई पुत्र ! पुत्र ! भन्दै प्राणत्याग गरे । केही माता-पिताहरूले भगवती पार्वतीलाई आफ्ना छोराहरू हराएको जानकारी गराए। केही माता-पिताहरू वन र पर्वतमा बालकहरू खोज्न भनी आफै गए, तर कहीं पनि आफ्ना बालकहरू नदेखेर खिन्न भई घरतर्फ फर्के । अनेक माता, अनेक पिता र अनेक दाजुभाइ ती बालकहरू घर नआएको कष्ट र चिन्ताले ठूलो कोलाहल गर्न थाले ।।५४-५६।। ती सबै बाबु-आमाका क्रन्दनपूर्ण विलाप सुनेर दयालु भगवान् श्रीगणेशले घर-घरमा आफ्नो आत्मा फैलाइदिनुभयो । प्रत्येक घरका हराएका बच्चाका रूपमा आफू प्रकट हुनुभयो । सबैले हाम्रा बालक आए भन्ने ठाने, तर त्यहाँ भगवान्ले आफ्नो मायाको शक्तिबाट नयाँ बालकहरूको निर्माण गर्नुभएको थियो । ती बालकहरू जस्तो लुगा लगाउँथे त्यस्तै लुगा भगवान्ले निर्माण गर्नुभएका बालकहरूले पनि लगाएका थिए । हराएका बालकहरूको जस्तो पहिरन थियो त्यस्तै पहिरन भगवान्को मायाबाट प्रकट भएका बालकहरूको पनि थियो। हराएका बालकको जस्तो शीलस्वभाव थियो त्यस्तै प्रकट भएका बालकहरूको पनि शीलस्वभाव थियो । ती ती उमेर, अवस्था, ती ती वेषभूषा र ती ती मान एवं स्वाभिमानले सम्पन्न नयाँ बालकहरूको निर्माण गरेर भगवान् श्रीगणेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्वा तत्तद्वयोवेषं तत्तन्मानयुतं शुभम् ।
जनन्यस्ताः समुत्थाय बालानादाय सत्वराः ।।५९।।

स्तनपानं ददुः प्रीत्या परमानन्दनिर्भराः ।
ततो ददृशिरे बालाः पितृभिर्मातृभिस्तदा ।।६०।।

ता ऊचुः क्व स्थिता रोषादुषःकाले गताः कुतः ।
न स्नानं न च भुक्तं वा न चान्यद् वापि भक्षितम् ।।६१।।

मयूरेश्वरसङ्गेन नेदानीं गन्तुमर्हथ ।

क उवाच

एवं शिक्षाप्य तान् बालानालिङ्ग्य बुभुजुः सुखम् ।।६२।।

शिवाऽपि पुरतोऽपश्यन्मयूरेशं समागतम् ।
आलिङ्ग्य परिपप्रच्छ किं भुक्तं वनगोचरे ।।६३।।

त्वद्वियोगजदुःखेन मया किञ्चिन्न भक्षितम् ।
स्तनौ पिब पयोवृद्धौ भोजनञ्च समाचर ।
ततः सर्वं चकाराऽसौ मातृवाक्यं गुणेश्वरः ।।६४।।

आफ्नो धामतर्फ लाग्नुभयो ।।५७-५८।। आफ्ना हराएका बालकजस्तै बालकहरूको उपस्थितिका कारण कुनै पनि माता-पिताले यी बालक हाम्रा होइनन् भनी सन्देह गरेनन् । प्रत्येक माता र प्रत्येक पिता प्रसन्न भएका थिए । आमाहरूले आ-आफ्ना बालकलाई काखमा राखी दूध चुसाएर आनन्दको समुद्रमा डुबुल्की मार्न थाले । त्यस बेला बालकहरूलाई सम्बोधन गर्दै आमाबाबुहरूले भने - 'कहाँ गएका थियौ ? किन रिसाएका थियौ? बिहान गएर किन यति बेला आएका छौ ? तिमीले नुहाएका छैनौ र खाजा पनि खाएका छैनौ ? ।।५९-६१।। पार्वतीका छोरा गणेशको सङ्गतमा लागेर तिमीहरू पनि बिग्रियौ । अब तिनका साथ लागेर जान हुँदैन ।'

ब्रह्माजीले भन्नुभयो- यसरी उपदेश दिएपछि माता-पिताहरूले बालकहरूलाई आलिङ्गन गरी आनन्दपूर्वक भोजन गर्ने र गराउने काम गरे । पार्वतीले पनि आफ्नासामु आएका श्रीगणेशलाई देखेर आलिङ्गन गरी सोध्नुभयो - 'हे बाबु श्रीगणेश ! वनमा के खायौ? तिमी घरबाट गएर यति बेलासम्म नआउँदा म पीरमा परेकी थिएँ। आज मैले पनि केही खाएकी छैन । अब मेरा दूधले परिपूर्ण भएका स्तनहरू चुस्ने काम गर र त्यसपछि भोजन गर्नेछौं।' यसरी आमा पार्वतीबाट आज्ञा प्राप्त गर्नुभएका भगवान् श्रीगणेशले आफ्नी आमाले उपदेश दिएअनुसार सबै काम सम्पन्न गर्नुभयो।।६२-६४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे मयूरेशपातालप्रयाणं नाम नवनवतितमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'नागकन्याहरूका साथ मयूरेश श्रीगणेशको पातालयात्रा' शीर्षकान्वित उनान्सयौं अध्याय पूर्ण भयो ।।९९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शततमोऽध्यायः

क उवाच

अनेकरूपवान् देवो मयूरेशोऽखिलेश्वरः ।
अतिसुन्दरदेहः सन्नागकन्याभिराहृतः ।।१।।

गृहं स्वकीयं क्रीडार्थं पूजितो बहुविस्तरात् ।
सुगन्धतैलोद्वर्तनैः स्नाप्योष्णैरपि तं जलैः ।।२।।

दिव्यवस्त्रैरलङ्कारैश्चन्दनैरपि पूज्य च ।
धूपदीपैश्च नैवेद्यैः फलताम्बूलकाञ्चनैः ।।३।।

ऊचुः करपुटं बद्ध्वा वयं धन्यतमा विभो !
यद् दृष्टन्ते पदं देव ! ब्रह्माद्यैरपि काङ्क्षितम् ।।४।।

नागलोको धन्यतमो जीवितं नः सुजीवितम् ।
आनन्दह्रदमग्नं नो मानसं तापमप्यजत् ।।५।।

यद्यत्ते ईप्सितं देव ! तत्तदत्रापि गृह्यताम् ।
अत्र स्थित्वा कति दिनं पश्चात् त्वं गन्तुमर्हसि ।।६।।

मयूरेश उवाच

वाञ्छितं वो विधास्येऽहं गिरिजा मां प्रतीक्षते ।
मद्वियोगेन तप्ता सा न भक्षयति किञ्चन ।।७।।

यूयं कस्यात्मजास्तस्य दर्शनं चेद् भवेन्मम ।

क उवाच

तत ऊचुर्नागकन्या वासुकेः पुत्रिका वयम् ।।८।।

ब्रह्माद्या मुनयो देवा यान्ति यस्य गृहं सदा ।
यस्य विषभवा ज्वाला दहेत् त्रिभुवनं विभो ।।९।।

{ १०० अध्याय }

ब्रह्माजीले भन्नुभयो – अनेकरूपधारी र जगत्का स्वामी भगवान् मयूरेश अत्यन्त सुन्दर हुनुहुन्थ्यो। त्यस कारण नाग-कन्याहरूले उहाँलाई आफ्नो घरमा पुऱ्याएका थिए ।।१।। ती नागकन्याहरूले आफ्नो घरमा विहार गर्न भनेर श्रीगणेशलाई अनेक चेष्टाहरूद्वारा आकर्षण गर्दै भोजन र पानद्वारा सम्मान गरी ठूलो आदर गरे । उहाँलाई सुगन्धित तेल लगाइदिएर शरीरभरि चन्दनलेपन गरे । त्यसपछि तिनले तताएको पानीले उहाँलाई नुहाइदिए ।।२।। नागकन्याहरूले दिव्य वस्त्र, अलङ्कार र चन्दन चढाएर पूजा गरे । फल, पान, सुवर्ण, धूप, दीप र नैवेद्य टक्र्याएर सम्मान गरेपछि हात जोडेर भने – 'हामी आज धन्य भएका छौं । हे अन्तर्यामी श्रीगणेश ! हामीले ब्रह्मा आदि देवताहरूबाट पनि सदा दर्शन गर्न इच्छा गरिने हजुरका चरणकमलको दर्शन पाएका छौं।।३-४।। आज हजुर यहाँ आउनाले यो नागलोक धन्य भएको छ, हाम्रो जीवन सफल भएको छ र हामी आनन्दको तलाउमा डुबुल्की मारिरहेका छौं । हजुरको दर्शन पाएर हाम्रा मनका सन्ताप मेटिएका छन् ।।५।। हे श्रीगणेश! हजुरलाई जे चाहिन्छ त्यो सबै कुरा यहाँ छ । हजुरले खुसीसँग लिनुहोस् । यहाँ केही दिन बसेर फेरि हजुर जानुहुनेछ' ।।६।।

मयूरेशले भन्नुभयो- 'तपाईँहरूका मनका कुरा म पुऱ्याउनेछु । अहिले मेरी आमा पार्वतीले मेरो प्रतीक्षा गरिरहनु-भएको छ । मेरो वियोगका कारण उहाँले केही पनि खानुभएको छैन।।७।। हे नागकन्याहरू! तपाईँहरू कसका छोरीहरू हुनुहुन्छ? के मैले तपाईँहरूका बुबाहरूको दर्शन पाउन सक्छु?'

ब्रह्माजीले भन्नुभयो- श्रीगणेशको प्रश्न सुनेर ती नाग-कन्याहरूले भने – 'हामी वासुकि नागका छोरीहरू हौं ।।८।। हाम्रा पिता वासुकिका घरमा ब्रह्मा आदि देवता र मुनिहरू पनि दर्शन गर्न आउँछन् । हे अन्तर्यामी ! वासुकिको विषज्वालाबाट स्वर्ग, मर्त्य र पाताल पनि डढ्न सक्छन् । हाम्रा पिता वासुकि प्रतापशाली हुनुहुन्छ ।।९।।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इत्युक्त्वा तं पुरस्कृत्य पितरं प्रापुरङ्गनाः ।
रत्नसिंहासने दीप्ते तिष्ठन्तं पन्नगैर्युतम् ।।१०।।

सूर्यकोटिनिभं रत्नमालया शोभितं तदा ।
मूर्धस्थरत्नकिरणैर्भासयन्तं दिशोऽखिलाः ।
तं दृष्ट्वा वासुकिं देवो गर्वितं बलवत्तरम् ।।११।।

उड्डीय तत्फणासंस्थं मणिं जग्राह सत्वरम् ।
येन पातालविवरे नान्धकारोऽभवत् किल ।।१२।।

आन्दोलयामास शिरः कम्पयन् सप्त पर्वतान् ।
उदधीन् सप्त स्वर्गांश्च पातालानि रसातलम् ।।१३।।

हस्तेनैकेन तं गृह्य मयूरेशः स्वलीलया ।
वासुकिं निजकण्ठे तं बबन्ध सर्पभूषणः ।।१४।।

विख्यातः स्वर्गलोकेऽभूज्जगर्जानन्दतो विभुः ।
तद् गर्जितं समाकर्ण्य चुक्षुभे भुवनत्रयम् ।।१५।।

ततः सर्पगणाः शेषं नीतं वासुकिमब्रुवन् ।
स च क्रोधसमाविष्टो विस्तार्य निखिलान् फणान् ।।१६।।

विषाग्निमुत्सृजन् दग्धुं त्रैलोक्यमुपचक्रमे ।
उवाच कः क्षमो जेतुं मम बन्धुं तु वासुकिम् ।।१७।।

आवेशेन ययौ रोषाद् दावानल इव ज्वलन् ।
शीघ्रं यातो मयूरेशं तिष्ठ तिष्ठेति चाब्रवीत् ।।१८।।

ततो नागकुलान्याशु तं शेषमन्वयुस्तदा ।
ततः पन्नगवृन्दं तं दृष्ट्वा देवो व्यतिष्ठत ।।१९।।

ब्रह्माजीले भन्नुभयो– त्यसपछि ती नागकन्याहरूले श्रीगणेशलाई अगाडि लगाएर आफ्ना पिता वासुकिसमक्ष पुऱ्याए । त्यस बेला वासुकि नाग रत्नको सिंहासनमा नागहरूले घेरिएर बसेका थिए।।१०।। वासुकिको अनुहार करोडौं सूर्यभन्दा पनि चहकिलो थियो। ती रत्नको माला लगाएर सुहाएका थिए। वासुकिको टाउकामा राखिएका रत्नहरूको किरणहरूबाट सम्पूर्ण दिशाहरू प्रकाशमान थिए । भगवान् श्रीगणेशले आफ्नो बलबाट गर्वित र ऐश्वर्यका कारण अत्यन्त उन्मत्त बनेका वासुकिलाई देख्नुभयो।।११।। त्यसपछि भगवान् श्रीगणेश वेगपूर्वक वासुकिको शरीर स्पर्श गर्न जानुभयो र तिनको फणामा टल्किएको मणिलाई तान्नुभयो। वासुकिको फणामा रहेको मणिको प्रकाशले सम्पूर्ण पाताललोक प्रकाशित हुने गर्छ र त्यहाँ कहिल्यै पनि अन्धकार हुँदैन ।।१२।। यसरी भगवान्‌ले वासुकिको मणि तानेपछि त्यहाँ अन्धकार फैलियो। वासुकि रीसले काँप्न थाले । उनले शिर कपाउँदा सप्त कुलाचलहरू थर्कमान भए। सातै सागर आफ्नो ठाउँमा रहेनन् । सातै स्वर्गमा भूकम्प गयो। पाताल, रसातल आदि सबै लोकहरू क्षुब्ध भए। मयूरेश श्रीगणेशले आफ्नो मायाबाट एउटा हातले वासुकिलाई समाएर आफ्नो घाँटीमा बेरी सर्पभूषण बनेर सुहाउनुभयो।।१३-१४।। स्वर्गमा पनि विख्यात भएका वासुकिलाई आफ्नो घाँटीमा बेर्न पाउँदा भगवान् श्रीगणेश आनन्दले गर्जन गर्न थाल्नुभयो। भगवान्‌को गर्जन सुनेर स्वर्ग, मर्त्य र पाताल कम्पायमान भए । भगवान् श्रीगणेश पनि वासुकिलाई लिएर प्रस्थान गर्नुभयो । त्यसपछि पातालमा रहेका सर्पहरूले शेषनागसँग गएर श्रीगणेशले आई वासुकिलाई जबर्जस्ती आफ्नो घाँटीमा बेरेर लगेको घटना सुनाए । त्यो कुरा सुनेर शेषनागले अत्यन्त क्रुद्ध भई आफ्ना हजारौं फणा फैलाए ।।१५-१६।। शेषनागले फणाहरूबाट विषको आगो ओकल्दै स्वर्ग, मर्त्य र पाताललाई ढडाउन थाले । शेषनागले भने – 'म हुँदाहुँदै मेरा बन्धु वासुकिलाई कसले जित्न सक्छ ?' यसरी आवेशमा आएका ती शेषनाग क्रोधले वनको डढेलोझैं ज्वालामय हुँदै छिट्टै भगवान् श्रीगणेश भएको ठाउँमा पुगे । शेषनागले भने – 'हे श्रीगणेश ! तिमी पर्ख, पर्ख ।' शेषनाग दौडिरहेका थिए र तिनका पछि हजारौं नागहरू रहेका थिए। आफ्ना पछिपछि आएका शेषनाग र तिनका अनुयायी सर्पहरूलाई देखेर भगवान् केही बेर उभिनुभयो ।।१७-१९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिखण्डिमस्तके हस्तं न्यधाद् युद्धाय पन्नगैः ।
स ययौ तं नमस्कृत्य ग्रसन्निव महाद्भुतः ।।२०।।

दुधाव पक्षौ तद्वाताद् भ्रामयन् भुजगोत्तमान् ।
काँश्चित् स भक्षयामास चुचूर्ण चापरानपि ।।२१।।

मारयामास काँश्चित् स भुजगान् बलवत्तरान् ।
निरीक्ष्य तं मृताः केचित् पन्नगा भयविह्वलाः ।।२२।।

दृष्ट्वा पराक्रमं तस्य शेषः श्वासमपासृजत् ।
शिखण्डी पतितस्तेन मूर्च्छितो धरणीतले ।।२३।।

मयूरेशं ततः शेषो ययौ क्रोधाद् दहन्निव ।
त्रैलोक्यं विषवह्निस्थं समालोक्य गुणेश्वरः ।।२४।।

विराड्रूपं समास्थाय रुरोह तत्फणोपरि ।
उड्डीय बालभावेन गर्जन् मेघ इवापरः ।।२५।।

ननर्त करतालेन पादाघातेन मर्दयन् ।
अनन्तकोटिब्रह्माण्डभारेण परिपीडितः ।।२६।।

एकब्रह्माण्डवाही स कथं तद्भारमावहेत् ।
बबन्ध शेषं हि कटौ रज्जुं बालो यथा रमन् ।।२७।।

ततस्ते भुजगाः सर्वे योद्धुकामास्तमन्वयुः ।

शेष उवाच

हूङ्कारेणैव तान् सर्वान् पातयामास विघ्नराट् ।।२८।।

अबध्नान्मस्तके काँश्चित् काँश्चिच्च कर्णयोर्विभुः ।
परिश्रान्तस्तदा शेषस्तं नुनाव गुणेश्वरम् ।।२९।।

श्रीगणेश मयूरको शिरमा हात राखेर सर्पहरूसँग युद्ध गर्नका लागि तयार हुनुभयो । मयूरले श्रीगणेशसँग म युद्ध गर्न जान्छु भनेपछि भगवान्ले आज्ञा दिनुभयो र मयूर पनि संसारै निल्ने किसिमको रीस देखाउँदै अद्भुत पराक्रमका साथ दौडिए । मयूरका प्वाँखहरूको तीव्र हावा चल्दा सारा सर्पहरू आकाशमा नाच्न थाले । केही सर्पहरूलाई मयूरले खाइदिए । केही सर्पहरूलाई तिनले टुक्रा-टुक्रा पारेर फ्याँकिदिए । केही बलवान् भनाउँदा सर्पहरूलाई तिनले आफ्नो अद्भुत शक्तिको प्रयोग गरेर मारिदिए। केही सर्प त मयूरलाई देख्नेबित्तिकै मरे । केही सर्पहरू अत्यन्त व्याकुल भए । मयूरको पराक्रम देखेर शेषनागले पनि पीरले लामो सास फेर्न थाले । शेषनागको लामो सासको वेगमा परेका मयूर भुइँमा लडेर मूर्च्छित भए ।।२०-२३।। त्यसपछि शेषनाग क्रोधको ज्वाला दन्काउँदै भगवान् श्रीगणेशका सामु आइपुगे । श्रीगणेशले पनि तीनै लोकलाई सर्पको विषको आगोले डढाउन थालेको देखेर विराट् रूप लिनुभयो र बादलझैं गर्जदैं बालक स्वभावले शेषको फणामा टेकी आकाशमा उफ्रिदै आफ्ना पाउको आघातले शेषनागका फणामा प्रहार गरेर हातले ताली बजाउँदै नाच्न थाल्नुभयो। अनन्तकोटि ब्रह्माण्डका धर्ता भगवान् श्रीगणेशको भारका कारण शेषनाग अत्यन्त पीडित भए ।।२४-२६।। कहाँ एउटा ब्रह्माण्डलाई धारण गर्ने शेषनाग ? कहाँ अनन्तब्रह्माण्डलाई धारण गर्ने भगवान् श्रीगणेश ? यी दुईको तुलना हुन सक्दैन। श्रीगणेशको भार धारण गर्न नसकी शेषनाग आत्तिए । कुनै बालकले भुइँको डोरी समातेर आफ्नो शरीरमा बेरेझैं भगवान् श्रीगणेशले पनि शेषनागलाई तानेर कन्धनी बनाई कम्मरमा बाँध्नुभयो ।।२७।। त्यसपछि युद्ध गर्न चाहने सर्पहरू पनि भगवान् श्रीगणेशका पछि लागे।

शेषनागले भने - भगवान्ले एउटा हुङ्कार गर्नासाथ ती सबै डढेर खरानी भए।।२८।। श्रीगणेशले केही सर्पहरूलाई समातेर टाउकामा बाँध्नुभयो र केही सर्पहरूलाई कानमा झुण्ड्याउनुभयो । भगवान्को भारले च्यापिएका शेषनाग आत्तिएर अपराधबोध गरी उहाँको स्तुति गर्न लागे ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न स्वरूपं विदुर्देवा ब्रह्माद्या मुनयोऽपि च ।
त्वमेव सृजसे विश्वं पासि हंसि त्वमेव हि ।।३०।।

नानावतारकर्ता त्वं नानादैत्यविमर्दनः ।
त्वमेव साक्षी सर्वस्य सर्वान्तर्यामितां दधत् ।।३१।।

सर्वत्र कारणं त्वं हि कारणानाञ्च कारणम् ।
अज्ञानादभिमानाच्च योद्धुकामान् क्षमस्व नः ।।३२।।

'हे भगवन् श्रीगणेश ! ब्रह्मा आदि देवता र मुनिहरूले पनि हजुरको महिमा बुझेका छैनन् । हजुरले नै विश्वको सृष्टि, पालन र संहार गर्नुहुन्छ ।।३०।। हजुर नै दैत्यहरूका नाशक हुनुहुन्छ र अनेक प्रकारका अवतार धारण गर्ने, अनेक दैत्यहरूको संहार गर्ने अनन्त शक्तिका स्वामी पनि हुनुहुन्छ । हजुर सबैका साक्षी हुनुहुन्छ र अन्तर्यामी परमात्मा पनि हुनुहुन्छ। हजुर प्रत्येक कार्यका कारण हुनुहुन्छ र कारणहरूका पनि कारण हुनुहुन्छ। अज्ञान र अभिमानले गर्दा हामी लड्न आयौं। हामीबाट ठूलो अपराध भएको छ । हे प्रभु ! हाम्रा अपराधलाई ख्याल नगरी क्षमा प्रदान गर्नुहोस्' ।।३१-३२।।

क उवाच

सम्पातिञ्च जटायुञ्च श्येनमानीय सर्पराट् ।
निवेद्य च नमस्कृत्य शेषस्तूष्णीं बभूव ह ।।३३।।

तेऽपि तं प्रणिपत्याहुर्दीननाथप्रसादतः ।
बन्धान्मुक्ताः सर्पकृतान्नमस्ते परमेश्वर ।।३४।।

ब्रह्माजीले भन्नुभयो – त्यस बेला सर्पराज शेषनागले आफूले थुनेका सम्पाति, जटायु र श्येननामक सर्पराजहरूलाई भगवान् श्रीगणेशका सामु टक्र्याए, नमस्कार गरे अनि मौन भएर उभिए । ती पक्षिराजहरूले पनि भगवान्लाई प्रणाम गर्दै भने – 'हे दीनबन्धु भगवन् ! हजुर परमेश्वर हुनुहुन्छ । हजुरले हामीलाई सर्पको बन्धनबाट मुक्त गराउनुभएको छ । हजुरलाई बारबार प्रणाम गर्दछौं' ।।३३-३४।।

क उवाच

एवमुक्त्वा मयूरेशं बन्धुन्तं शिखिनं त्रयः ।
आलिलिङ्गुर्मुदा युक्तास्तदा गद्गदभाषिणः ।।३५।।

पप्रच्छुः कुशलं मात्रे ते च क्षेममथाब्रुवन् ।
ततः शिखण्डिनं सोऽथ रुरोह गणनायकः ।।३६।।

पातालाद् धरणीं प्रायात् स्त्रीभिश्च संयुतो वशी ।
भगासुरं ददर्शार्द्धमार्गे शिशुहरञ्च तम् ।।३७।।

उद्यम्य परशुं दीप्तं शशिसूर्यनिभं विभुः ।
तत्याज कण्ठे तं तस्य पशुमारममारयत् ।।३८।।

तच्छिरः परिबभ्राम शृङ्गं वज्राहतं यथा ।
ततस्तदुत्थिता बाला योगमायाविमोहिताः ।।३९।।

ब्रह्माजीले भन्नुभयो – यसरी भगवान्लाई आफ्ना भावहरू सुनाएपछि ती पक्षिराजहरूले आफ्ना बन्धु मयूरलाई आलिङ्गन गरे अनि खुसीले गद्गद वाणीबाट आफ्नी आमा विनताको सञ्चो-बिसञ्चो पनि सोधे । कुशल समाचारको आदान-प्रदानपछि भगवान् श्रीगणेश मयूरमा सवार हुनुभयो र पातालबाट अनेक सुन्दरीहरूका साथ पृथिवीका लागि प्रस्थान गर्नुभयो । बाटामा उहाँले बालकहरूको अपहरण गर्ने भगासुरनामक दैत्यलाई देख्नुभयो ।।३५-३७।। भगासुरलाई देखेपछि उहाँले सूर्य र चन्द्रमाझैं चम्किलो बञ्चरो उठाएर त्यसको घाँटीमा प्रहार गर्नुभयो । बञ्चराको प्रहारबाट भगासुरले पशुसमान मृत्युवरण गऱ्यो । देवराज इन्द्रको वज्रबाट प्रहार गरिंदा पर्वतका चुचुराहरू चारैतिर घुमेझैं भगासुरको शिर पनि काटिएर चारैतिर घुम्न थाल्यो । यसरी भगासुरको मृत्युपछि त्यसको पेटमा थुनिएका र योगमायाबाट मोहित भएका बालकहरू हाम्रा प्राणनाथ मयूरेश प्रभु कहाँ हुनुहुन्छ भन्दै चिच्याउन थाले । तिनले त्यहाँ बस्दा, खाँदा, खेल्दा, निदाउँदा र जाग्दा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयूरेशः क्व चास्तीति प्राक्रोशन् सर्व एव ते ।
आसने क्रीडने स्वापे जागृतौ भोजनेऽपि च ।।४०।।

तमेव ध्यायमानास्ते तन्मुखाद् बहिराययुः ।
गर्भवासादिवोत्तीर्णा ददृशुस्तं गुणेश्वरम् ।।४१।।

दृष्ट्वा ते रुरुदुः स्नेहादालिलिङ्गुर्मुदाऽखिलाः ।

ते ऊचु

त्यक्त्वाऽस्मान् दैत्यजठरे मृतान् क्वास्ति गतो भवान्।।४२।।
त्वत्स्मृतेस्तस्य जठरे जीविता निर्गतास्ततः ।

मयूरेश उवाच

सर्वव्यापी सर्वगतः सर्ववेत्ताऽखिलेश्वरः ।।४३।।
न त्यक्तवान् कदाचिद् वो मा चिन्तां कर्तुमर्हथ ।

क उवाच

ततो ययौ मयूरेशो बालकैः परिवेष्टितः ।।४४।।

केचिद् धावन्ति पुरतो नानाशब्दकरा भृशम् ।
केचिच्छत्रधराः केचिद् दण्डचामरधारिणः ।।४५।।

धूलिध्वजं समालोक्य ययुर्मुनिगणा बहिः ।
शिख्यारूढं मयूरेशं बालकैः परिवेष्टितम् ।।४६।।

ऊचुः परस्परं सर्वे मुनयो विस्मयान्विताः ।
गृहेऽस्मिन् शिशवश्चामी कुतोऽन्येऽस्य समीपतः ।।४७।।

ताँश्च तान् मीलिताः सर्वेऽपश्यन् ते देवरूपिणः ।
विचारेण च तान् सर्वे परब्रह्मस्वरूपिणः ।।४८।।

आनन्दह्रदमग्नास्ते न विदुः स्वपरं पुनः ।
नापश्यँस्ते पुनस्ताँस्तान् भ्रान्ता इव व्यलोकयन् ।।४९।।

श्रीगणेशकै ध्यान गरेका थिए। अहिले भगवान् गणेशको कृपाले ती सबै भगासुरको मुखबाट बाहिर आए । जसरी कुनै बालकले आमाको गर्भबाट बाहिर आएर चराचरमय दृश्य देख्दछ त्यसैगरी तिनीहरूले पनि भगवान् श्रीगणेशको दर्शन पाए ।।३८-४१।। भगवान्को दर्शन प्राप्त भएपछि प्रेमले व्याकुल भएका ती बालकले रुँदै भगवान् श्रीगणेशलाई आलिङ्गन गरे ।

बालकहरूले भने – 'हामीलाई भगासुर दैत्यको पेटभित्र छाडेर मरेजस्तो गराई हजुर कहाँ जानुभएको थियो ? ।।४२।। हामीले त्यहाँ रहँदा हजुरकै ध्यान गर्‍यौं र बाँच्न सक्यौं । अहिले हामी भगासुरको पेटबाट बाहिर आएका छौं ।'

श्रीगणेशले भन्नुभयो – 'सर्वव्यापी, सर्वत्र जान सक्ने, सबै कुरा जान्ने र सकल संसारको स्वामी मैले तिमीहरूलाई कहिले पनि छाडेको छैन र छाड्ने पनि छैन । तसर्थ तिमीहरूले चिन्ता नगर ।'

ब्रह्माजीले भन्नुभयो – यसरी बालकहरूलाई संझाएपछि भगवान् श्रीगणेशले तिनीहरूका साथ घर जानका लागि प्रस्थान गर्नुभयो ।।४३-४४।। प्रसन्न भएका ती बालकहरूमध्ये केही दौडिरहेका थिए र मुखबाट अनेक आनन्दव्यञ्जक शब्दहरू निकालिरहेका थिए । केही बालकहरूले छाता लिएका थिए भने केही बालकले आफ्ना हातमा दण्ड र चामर धारण गरेका थिए । मयूरमा सवार भई धूलैधूलोले ढाकिनुभएका र बालकहरूले घेरिनुभएका भगवान्लाई देखेर मुनिहरू आ-आफ्नो आश्रमबाट बाहिर आए । भगवान्को स्वरूप देखेर चकित भएका ती मुनिहरूले आपसमा कुरा गरे – 'हाम्रा बालकहरू घरमा छन्, फेरि श्रीगणेशका साथमा पनि हाम्रा बालकजस्तै बालकहरू आइरहेका छन्, यो कसरी भयो ?' त्यसपछि सबैले आफ्ना बालकहरूलाई र श्रीगणेशका साथमा आएका बालकहरूलाई नियालेर हेरे । तिनीहरूमा कत्ति पनि अन्तर देखेनन् । त्यसपछि आँखा चिम्लिएर चिन्तन गरे । चिन्तन गर्दा ती ऋषिहरूले आ-आफ्ना घरमा रहेका बालकहरू परमात्मा श्रीगणेशकै स्वरूप हुन् भन्ने कुरा निधो गरे ।।४५-४८।। आनन्दको तलाउमा डुबेका ती सबैले परब्रह्मको रूपमा रहेका श्रीगणेशको माया जानेर आँखा खोलेर हेर्दा आफ्ना बालकहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायया मोहिताः सर्वे स्वान् स्वान् बालान् व्यलोकयन्।
कश्चित् पितरमासाद्य पठति स्म यथा पुरा ।।५०।।

कश्चिन्मातरमासाद्य पिबति स्म स्तनं मुदा ।
आलिलिङ्गाथ जननीं पितरं वापि कश्चन ।।५१।।

भ्रातरं ताडयित्वाऽन्यो रुरोद ताडनादिव ।
उमापि तनयं दृष्ट्वाऽऽलिङ्ग्य प्रादात् स्तनं मुदा ।।५२।।

कथञ्चिरतरं यात इति क्रोधादभाषत ।
आदाय हस्ते गिरिजा मयूरेशं गृहं ययौ ।।५३।।

सर्वे ते मुनयो जग्मुः शिशुभिः स्वं स्वमाश्रमम् ।।५४।।

मात्र देखे, अरू केही पनि देखेनन्। भ्रान्तिमा परी चारैतिर हेरे। वास्तवमा ती सबै ऋषिहरू श्रीगणेशको मायाले मोहित भइसकेका थिए । कुनै बालकले आफ्ना बाबुलाई भेटेर पहिलेजस्तै पढ्न थाले । कुनै बालकले आफ्नी आमालाई भेटेर पहिलेजस्तै स्तनपान गर्न थाले । कुनै बालकले बाबु-आमा दुबैलाई आलिङ्गन गर्न थाले । कुनै बालकले आफ्ना भाइबहिनीलाई पिट्न थाले। कुनै बालक अरूले पिटेको कुरा आफ्ना माता-पितालाई सुनाई रुन थाले । उता श्रीगणेश पनि आफ्नो धाममा पुग्नुभयो । पार्वतीले आफ्नो छोरालाई आएको देखेर आलिङ्गन गर्दै स्तनपान गराउनुभयो र ढिलो आएकोमा रीसले गाली पनि गर्नुभयो । केही बेरपछि छोरालाई हातमा समातेर घरभित्र पस्नुभयो । सबै मुनिहरू पनि आ-आफ्ना बालकहरूका साथ आश्रमतर्फ लागे।।४९-५४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे भगासुरवधो नाम शततमोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा भगासुरवध' शीर्षकान्वित सयौं अध्याय पूर्ण भयो ।।१००।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोत्तरशततमोऽध्यायः { १०१ अध्याय }

क उवाच

ततस्तु दशमे वर्षे सुखासीनं महेश्वरम् ।
गिरिजासहितं वामे सप्तकोटिगणान्वितम् ।।१।।
नृत्यन्तं तं मयूरेशं पश्यन्तं स्वाङ्गणे शिशुम् ।
आययुर्मुनयः सर्वे गौतमाद्याः प्रणम्य तम् ।।२।।
ऊचुः प्रबुद्धमतयो महादेवं महौजसम् ।
यावत्कालं शिवात्र त्वं मयूरेशसमन्वितः ।।३।।
स्थितोऽसि तावद् दैत्यानामनन्तानां समागमः ।
वयं तेन प्रपीड्यामोऽन्यत्र याहि शिवाधुना ।।४।।
वयं वाऽन्यत्र गच्छामो यद्याज्ञा ते भवेद्धर !

शिव उवाच

भवत्सङ्गेन च मया नववर्षाणि सौख्यतः ।।५।।
अतिक्रान्ताति विघ्नानि मयूरेशेन तानि च ।
भवतां गमनेऽस्माकं स्थित्वा किन्नु प्रयोजनम् ।।६।।
अहमेव प्रयास्यामि स्थलमन्यन्निराकुलम् ।

क उवाच

इति शम्भुवचः श्रुत्वा मुनयस्तं प्रणम्य ते ।।७।।
जय देव मयूरेशेत्युक्त्वा स्वस्थानमाययुः ।
शिवोऽपि गणसंयुक्तो वृषारूढोऽम्बिकायुतः ।।८।।
बर्ह्यारूढं मयूरेशं पुरस्कृत्य मुदाऽन्वितः ।
नानावादित्रनिर्घोषैर्नादयन् विष्टपं ततः ।।९।।
अन्वयुर्मुनयः सर्वे मयूरेशं शिवान्वितम् ।
पत्न्योऽपि बालकैः सार्द्धं स्नेहगद्गदभाषिभिः ।।१०।।
रजसा व्योमनि तते न प्राज्ञायत किञ्चन ।
परावृत्य शिवः सर्वान् दक्षिणाभिमुखो ययौ ।।११।।
ददृशुर्मार्गमध्ये तं द्वादशाक्षौहिणीयुतम् ।
कमलासुरमायान्तं धूलिधूसरिताम्बरम् ।।१२।।

ब्रह्माजीले भन्नुभयो – मयूरेश गणपति दश वर्षको उमेरमा लाग्नुभएपछि बायाँ भागमा पार्वतीलाई लिएर सुखपूर्वक विराजमान हुनुभएका, सात करोड शिवगणले घेरिनुभएका र आँगनमा नाचिरहेका बालक श्रीगणेशलाई हेरिरहनुभएका भगवान् शिवजीका समीपमा गौतम आदि बुद्धिमान् मुनिहरू आई प्रणाम गरेर ओजपूर्वक भने – हे भगवन् ! जबसम्म तपाइँ यहाँ श्रीगणेशलाई लिएर बस्नुहुन्छ तबसम्म यहाँ असङ्ख्य दैत्यहरूको आवागमन र बिगबिगी भई नै रहन्छ । दैत्यहरूको यस्तो बिगबिगीबाट हामी तपस्वी ऋषिमुनिहरू साह्है पीडित र खिन्न भएका छौं। हे शिवजी ! हजुर अन्यत्र जानुहोस् ।।१-४।। अथवा हजुरको आज्ञा हुन्छ भने हामी आफै अन्यत्र बसाइँ सर्छौं ।

शिवजीले भन्नुभयो – हे ऋषिगण ! तपाइँहरूको साथमा मैले नौ वर्ष सुखपूर्वक बिताएँ । आएका विघ्नजतिलाई मयूरेश श्रीगणेशले हटाइदिए । तपाइँहरू नै यस ठाउँबाट बाहिर जानुहुन्छ भने हामी बसेको कुनै सार हुँदैन ।।५-६।। बरु म आफै कुनै विघ्नरहित शान्त ठाउँमा जानेछु ।

ब्रह्माजीले भन्नुभयो – गौतम आदि ऋषिहरू भगवान् शिवजीका वचन सुनेर उहाँलाई प्रणाम गरी जय मयूरेश ! भन्दै आ-आफ्नो आश्रममा गए । भगवान् शिवजी पनि पार्वतीका साथ साँढेमा सवार भई आफ्ना गणहरूलाई लिएर मयूरमा सवार श्रीगणेशलाई अगाडि लगाई हर्षपूर्वक अनेक वाद्यघोषका साथ स्वर्गलाई पनि वाद्यध्वनिले ध्वनिमय तुल्याउँदै प्रस्थान गर्नुभयो। अनेक मुनिगण शिवजीद्वारा शोभायमान श्रीगणेशका पछि लागे । तिनका पत्नीहरू पनि प्रेमले गद्गद उच्चारण गर्ने आफ्ना बालबालिकालाई साथमा लिएर हिंडे । पृथिवीको धूलो आकाशमा फैलियो र कतै पनि केही देखिएन । भगवान् शिवजीले हिंडिरहेका सबैलाई उत्तरको बाटोबाट फर्काई दक्षिणाभिमुख भई प्रस्थान गर्नुभयो ।।७-११।। त्यस बेला शिवजीका साथमा रहेका सबै ऋषि-मुनिहरूले बाटोमा बाह्र अक्षौहिणीसेना लिएर आएको र सैनिकहरूको पदचापबाट निस्केको धूलाले ढाकिएको कमलासुरलाई देखे । त्यसका अगाडि-अगाडि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गजाश्च पुरतो यान्ति रथाश्वपादचारिणः ।
न ज्ञायते रवेस्तेजः शस्त्रदीप्त्याथ किञ्चन ।।१३।।
कोलाहलो महानासीद् गजाश्वरथपत्तिजः ।
नानाविधानां शस्त्राणां सङ्घट्टस्वनमिश्रितः ।।१४।।
ददृशुस्तं महादैत्यं शिवचाराः पुरो गताः ।
शङ्खासुरस्य तं बन्धुं नानाभूषाविराजितम् ।।१५।।
नानायुधधरं प्रोचुरागत्य तु शिवं गणाः ।
पादाघातेन तस्याशु कम्पन्ते कमठादयः ।।१६।।
मुनयोऽग्रेचराः पेतुर्भयभीतास्तमब्रुवन् ।
मयूरेश ! महाभाग ! कथं रक्षसि नोऽखिलान् ।।१७।।

क उवाच

इति तद्वचनं श्रुत्वा प्रावदत् स गुणेश्वरः ।
विद्यमाने शिवे चिन्ता न कार्या मुनिपुङ्गवाः ।।१८।।
मयूरेशो हरं प्राह नमस्कृत्य ततः पुनः ।

देव उवाच

महासेनायुतो दैत्यो नाम्नाऽसौ कमलासुरः ।।१९।।
यदि तेऽनुग्रहो मे स्याद् युद्धायाशु व्रजाम्यहम् ।

शिव उवाच

सम्यगुक्तं त्वया पुत्र ! हृदयानन्दनं वचः ।।२०।।
द्वादशाक्षौहिणीसेनायुतोऽसौ दैत्यपुङ्गवः ।
एकाकी कथमायासि सप्तकोटिगणैर्युतः ।।२१।।
व्रजाप्नुहि जयं शीघ्रं जहि शत्रुं महाबलम् ।

देव उवाच

तव प्रसादात् त्रैलोक्यं दहेयमिति मे मतिः ।।२२।।
कियन्तो न हता दैत्या न ज्ञातास्ते त्वया नु किम् ।
अस्य का गणना स्वामिन्नायास्ये जयवानहम् ।।२३।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं शम्भुरालिङ्ग्य तं ददौ ।
त्रिशूलं पुत्रहस्ते तन्मूर्ध्नि न्यस्य करं शुभम् ।।२४।।

हात्ती हिंडिरहेका थिए, हात्तीपछि रथ, रथपछि अश्वारोहीसेना र त्यसपछि पैदलसेना थिए। शस्त्रको कान्तिले गर्दा सूर्यको तेज पनि मन्द देखिन्थ्यो ।।१२-१३।। चतुरङ्गिणीसेनाको पादचारबाट त्यस क्षेत्रमा ठूलो कोलाहल मच्चियो । अगाडि गएका शिवजीका दूतहरूले अलङ्कारद्वारा अलङ्कृत र शस्त्र-अस्त्रले सुसज्जित शङ्खासुरको बन्धु कमलासुरलाई देखेको कुरा शिवजीलाई आएर बताए । त्यस बेला तिनले कमलासुरले पाउले टेक्दा पृथिवी धारण गर्ने कछुवा पनि कम्पायमान भइरहेका छन् भनी बताएका थिए ।।१४-१६।। यसरी भयभीत भएका ती देवताहरू भुइँमा लम्पसार परी श्रीगणेशको पाउ समातेर भन्न लागे - हे महाभाग मयूरेश ! हाम्रो रक्षा कसरी हुनसक्छ? जसरी भए पनि हजुरले हाम्रो रक्षा गर्नुहोस् । किनभने हजुरबाहेक हाम्रो अरू कुनै रक्षक छैन ।।१७।।

ब्रह्माजीले भन्नुभयो - मुनिहरूका वचन सुनेर भगवान् श्रीगणेशले भन्नुभयो - 'हे मुनिगण ! भगवान् शिवजी विराजमान हुनुभएसम्म तपाइँहरूले कुनै चिन्ता गर्नुपर्दैन ।' त्यसपछि भगवान् श्रीगणेशले शिवजीलाई प्रणाम गरेर निवेदन गर्नुभयो ।

श्रीगणेशले भन्नुभयो - हे भगवन् ! ठूलो सेनाद्वारा सुसज्जित कमलासुर दैत्य हाम्रा सामु आइरहेको छ । तपाइँको अनुग्रह हुन्छ भने म त्यो दैत्यसँग छिट्टै युद्ध गर्न जान्छु ।

शिवजीले भन्नुभयो - 'हे पुत्र श्रीगणेश ! तिमीले मेरो हृदयलाई आनन्दित गराउने कुरा गऱ्यौ । तर त्यो दैत्य बाह्र अक्षौहिणीसेनाले सम्पन्न छ, तिमी एक्लै गएर के गर्छौ ? ।।१८-२१।। सात कोटि शिवगण लिएर युद्ध गर्न जाऊ र त्यस महाबली दैत्यको छिटो वध गर ।'

श्रीगणेशले भन्नुभयो - 'हे प्रभु ! हजुरको कृपाबाट म तीनलोकलाई नै खरानी बनाउन सक्छु भन्ने मेरो अठोट छ । हजुरलाई थाहा नै छ, मैले कति दैत्यलाई मारें । यस कमलासुरलाई पनि म किन गन्छु ? हे प्रभु ! हजुरको कृपाले म युद्धमा विजयी भएर हजुरको दर्शन गर्न आउनेछु' ।।२२-२३।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशका वचन सुनेर प्रसन्न हुनुभएका शिवजीले आलिङ्गन गरी उहाँका हातमा आफ्नो त्रिशूल राखिदिनुभयो । त्यसपछि शिरमा आफ्नो वरदहस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञां ददौ स्वपुत्राय गणयुक्ताय शङ्करः ।
क्ष्वेडितैर्जयशब्दैश्च नादयन् स दिशो दश ।।२५।।

प्रययौ प्रमथैर्युक्तो विघ्नहा युद्धलालसः ।
वृषारूढः शिवायुक्तो हरोऽपि द्रष्टुमन्वगात् ।।२६।।

दृष्ट्वाऽपारां दैत्यसेनां मयूरेशः शरीरतः ।
निर्ममे बहुलां सेनां ततो युद्धमवर्तत ।।२७।।

कालानुरूपास्ते वीरा ब्रह्माण्डाशनतत्पराः ।
मेरोरधिकमानास्ते शब्दतः शृङ्गपातिनः ।।२८।।

परस्परं निजघ्नुस्ते तुमुले संयुगे ततः ।
अन्धकारो महानासीद् रजसाच्छादिता दिशः ।।२९।।

विस्मयं चक्रिरे दैत्या इदानीमयमेकलः ।
अनेकतां कथं यातस्तस्मादेव परः पुमान् ।।३०।।

भूभारं हर्तुकामोऽयमवतीर्णः शिवालये ।
सोऽपि दीर्घतरं रूपं दधार सहसा विभुः ।।३१।।

दृष्ट्वा दीर्घं दैत्यरूपं योगमायासमावृतः ।
दशायुधधरो देवो दशहस्तो महाबलः ।।३२।।

मयूरेशश्च दैत्यश्च युध्यमानौ विरेजतुः ।
नानाशस्त्रप्रहरणैर्नानायुद्धविशारदैः ।।३३।।

व्यस्ताव्यस्तमयुध्यन्त गणाः सेनाचराश्च ते ।
मुष्टिप्रहारैर्दन्तैश्च शस्त्रास्त्रैरितरेतरम् ।।३४।।

केषाञ्चिन् मस्तका भग्ना अपरेषां मुखानि च ।
जानुजङ्घाविरहिता निपेतुरपरे रणे ।।३५।।

गर्जयन्तो दश दिशः शस्त्रास्त्रघातनिस्वनैः ।
स्वामिस्वनामतो जघ्नुरन्धकारे रजस्कृते ।।३६।।

राखेर गणसहित आफ्ना पुत्रलाई युद्ध गर्न आज्ञा दिनुभयो। कमलासुरसँग युद्ध गर्न चाहनुहुने भगवान् श्रीगणेश सिंहनाद र जय-जयकारद्वारा दसै दिशा घन्काउँदै आफ्ना वीर प्रमथगणका साथ युद्धमैदानतर्फ लाग्नुभयो । अब युद्ध हुनेछ, युद्धको दृश्य हेरौं ? भनी भगवान् शङ्कर पनि साँढेमा सवार भई पार्वतीलाई साथमा राखी त्यसतर्फ जानुभयो ।।२४-२६।। मयूरेश श्रीगणेशले अपार दैत्यसेना देखेर आफ्नो सङ्कल्पबाट असंख्य देवसेना निर्माण गर्नुभयो । त्यसपछि भयङ्कर सङ्ग्राम शुरु भयो ।।२७।। समयानुरूप शरीर भएका ती वीरहरू ब्रह्माण्डलाई खान तम्सिरहेका देखिन्थे । सुमेरुपर्वतभन्दा पनि विशाल आकार भएका ती श्रीगणेशका वीरहरूले शब्द गर्दा पर्वतका चुचुराहरू पनि थर्किएर भुइँमा खसिरहेका थिए।।२८।। त्यस घोर सङ्ग्राममा दुबै तर्फका वीरहरूले तुमुल युद्ध गरे । पृथिवीबाट उडेको धूलाले दसै दिशा ढाक्यो र अन्धकारको साम्राज्य भयो । दैत्यहरूले आश्चर्य मान्दै भने – 'यी श्रीगणेश त पहिले एक्लै देखिन्थे, अहिले अनेकरूपका भएका छन् । वास्तवमा यी परमपुरुष हुन् ।।२९-३०।। पृथिवीको भारहरण गर्न यी शिवजीको घरमा पैदा भएका छन् ।' त्यो शक्तिमान् कमलासुर दैत्यले पनि श्रीगणेशको अनन्त सेना देखेर अकस्मात् विशाल स्वरूप धारण गऱ्यो । त्यसको विशालता देखेर अन्तर्यामी भगवान् श्रीगणेश पनि महाबली र दशभुजाले सम्पन्न हुनुभयो र आफ्ना हातमा दश किसिमका आयुध धारण गर्नुभयो ।।३१-३२।। त्यसपछि मयूरेश श्रीगणेश र कमलासुर दैत्य परस्पर युद्ध गर्दै वीरभावले शोभायमान भए । श्रीगणेशका गण र दैत्यको सेना युद्धविशारद, वीर र तिनीहरूबाट भएको शस्त्रप्रहारलाई विचार गरी परस्परमा युद्ध गरिरहेका देखिए । त्यहाँ दुबै पक्षका वीरहरू मुड्की बजारेर, दन्तप्रहार गरेर र शस्त्र-अस्त्रको वर्षा गरेर भयङ्कर युद्ध गरिरहेका देखिन्थे । यस युद्धमा कुनै वीरका टाउका फुटे, कसैका अनुहार विकृत भए, कसैका घुँडा र जाँघ टुक्रिए, कुनै निष्प्राण भएर युद्ध मैदानमा लडे । धेरै वीरहरू अस्त्रास्त्र प्रहारको ध्वनिबाट दसै दिशा घन्काउँदै म फलाना हुँ, म फलाना पक्षको सैनिक अथवा वीर हुँ भन्दै अन्धकारमय युद्धको मैदानमा एकले अर्कोमाथि प्रहार गरिरहेका थिए । त्यस युद्धमा शिर काटिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कबन्धा मारयँस्तत्र परान् स्वानपि सम्मुखम् ।
दैत्यसेनाचरा भग्ना दैत्यमेवान्वयुस्तदा ।।३७।।

असङ्ख्यातान् मृतान् प्रोहुर्नद्यस्तु रक्तसम्भवाः ।

दैत्य उवाच

इन्द्रादयो लोकपाला ब्रह्माद्या देवतागणाः ।।३८।।

निर्जिता येन तेनेह को युद्धं कर्तुमुत्सहेत् ।
भूगोलं न्युब्जतां नेतुं कोऽन्यः शक्तो भविष्यति ।।३९।।

क उवाच

इत्युक्त्वान्दोलयामास शस्त्रान्दोलनतो जगत् ।
क्रोधसंरक्तनयनो मारयामास दैत्यराट् ।।४०।।

मयूरेशगणान् सर्वान् नानावाहनहेतिकान् ।
शिरःपादकृत्तिहस्तान् भित्त्वाऽपातयदाहवे ।।४१।।

उत्कर्षं तस्य तं दृष्ट्वा मयूरेशो ययौ पुरः ।
स्वर्गञ्च गर्जयन् व्योम दशशस्त्रैर्द्विषोऽहनत् ।।४२।।

असङ्ख्याता हता दैत्या मुक्तिं प्रापुः सुदुर्लभाम् ।।४३।।

तर प्राण बाँकी रहेका शरीरहरू पनि उफ्री उफ्री सम्मुखमा आएका शत्रु सैनिकलाई र आफ्नै पक्षका सैनिकहरूलाई पनि मारिरहेका थिए । दैत्यसेनाका सिपाहीहरू घायल भएर दैत्यहरूकै पछि लागिरहेका थिए । त्यहाँ बगेका रगतका नदीले असङ्ख्य वीरहरूका लाश बगाइरहेका थिए ।

कमलासुरले भन्यो – 'ब्रह्मा आदि देवता र इन्द्र आदि लोकपालहरूलाई पनि युद्धमा परास्त गर्ने मसँग को युद्ध गर्न सक्छ ? सम्पूर्ण भूमण्डललाई रगतले नुहाइदिन मबाहेक अरू कुन वीर समर्थ हुनसक्छ ?' ।।३३-३९।।

ब्रह्माजीले भन्नुभयो – यसरी आफ्नो शक्तिको वर्णन गर्दै कमलासुरले शस्त्र र अस्त्रको वर्षा गरेर संसारलाई आन्दोलित बनायो । रीसले राता-राता आँखा बनाउँदै दैत्यराज कमलासुरले युद्धमा मयूरेश श्रीगणेशका अनेक शस्त्र, अस्त्र र बाणधारण गर्ने शिवगणलाई हात, खुट्टा र शिरमा भेदन गरी सोत्तर बनायो ।।४०-४१।। कमलासुरको यो उत्कर्ष देखेर भगवान् श्रीगणेश आफै अगाडि सर्नुभयो । उहाँले आफ्नो भयङ्कर गर्जनबाट आकाश र स्वर्गलाई शब्दायमान बनाउँदै आफ्ना दश भुजाबाट निरन्तर शस्त्रप्रहार गरी शत्रुसेनाको संहार गर्नुभयो । भगवान्द्वारा युद्धमा मारिएका असङ्ख्य दैत्यवीरहरूले दुर्लभ वीरगति र मुक्तिसुख प्राप्त गरे ।।४२-४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे दैत्यसेनावधो नामैकोत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा कमलासुर सेनाको वध' शीर्षकान्वित एकसय एकौं अध्याय पूर्ण भयो ।।१०१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्व्युत्तरशततमोऽध्यायः { १०२ अध्याय }

क उवाच

विनष्टे बहुधा सैन्ये रुरोहाश्वं स दैत्यराट् ।
खड्गपाणिर्ययौ योद्धुं मयूरेशं रुषान्वितः ।।१।।

तं दृष्ट्वा तु मयूरेशो रुरोह स्वं शिखण्डिनम् ।
तं दृष्ट्वा शीघ्रमायान्तं पन्नगास्त्रं स दैत्यराट् ।।२।।

जप्त्वा मन्त्रञ्च शतधा भार्गवादिष्टमादरात् ।
ससर्ज पन्नगास्त्रं तत्तेजसा जज्वलुर्दिशः ।।३।।

सर्पसैन्यैरवेष्ट्यन्त देवसेनाचरा नराः ।
मृताः केचिद् गताः केचित् पातिताश्चापरेऽवनौ ।।४।।

ननन्द देवस्तं दैत्यमतिवीर्यपराक्रमम् ।
साधु युध्यसि दैत्येन्द्र नेदृशः कोऽपि वीक्षितः ।।५।।

एवमुक्त्वा रिपुं देवो गरुडास्त्रमवासृजत् ।
ततः पलायिताः सर्पाः प्रोत्तिष्ठंश्च चमूचराः ।।६।।

चक्रास्त्रमसृजद्देवो दैत्यसेनानिबर्हणम् ।
तेन केचिन्मृता दैत्याः केचिच्छिन्नाङ्घ्रिमस्तकाः ।।७।।

विभिन्नजानुजङ्घाश्च छिन्नगुल्फाः परेऽपतन् ।
गर्जन्ति धाव धावेति पितर्मातः सुतेति च ।।८।।

मुक्तिं याता मयूरेशं दृष्ट्वा प्राणाञ्जहुश्च ये ।
एवं सेना निरस्ताऽस्य ततो दैत्यो रुषाऽद्रवत् ।।९।।

खड्गपाणी रुषा गर्जन् वेगेनायाद् गजाननम् ।
तथाविधं रिपुं दृष्ट्वा परशुं जगृहे विभुः ।।१०।।

ब्रह्माजीले भन्नुभयो - अनेक रूपमा आफ्ना सैनिकहरूको संहार भएपछि दैत्यराज कमलासुर घोडामा सवार भई हातमा तलबार लिएर प्रचण्ड क्रोध प्रदर्शन गर्दै श्रीगणेशसँग युद्ध गर्न युद्धमैदानमा पुग्यो ।।१।। दैत्यराज कमलासुरलाई युद्ध गर्न आफूतर्फ आइरहेको देखेर भगवान् श्रीगणेश पनि आफ्नो वाहन मयूरमा सवार हुनुभयो । श्रीगणेशलाई तीव्रगतिमा आफूतर्फ आइरहेको देखेर दैत्यराज कमलासुरले भगवान् श्रीगणेशमाथि शुक्राचार्यद्वारा गरिएको उपदेशअनुसार सय पटक मन्त्र जपेर पन्नगास्त्रको प्रयोग गऱ्यो । त्यसका अस्त्रहरूको तेजबाट दिशाहरू चम्कन थाले र अनेक सर्पहरू पैदा भए । देवसेनामा रहेका वीरहरू र मानिसहरू सर्पै सर्पले घेरिए । केही सैनिकहरू मरे र केही भागे। केही सैनिकहरू मूर्च्छित भएर धर्तीमा लडे।।२-४।। भगवान् श्रीगणेशले कमलासुरको पराक्रम देखेर त्यसको प्रशंसा गर्दै भन्नुभयो- 'हे दैत्यराज ! तिमी राम्रो लडाइँ गरिरहेका छौ। तिमीजस्तो पराक्रमी दैत्यराज मैले अर्को कोही पनि देखेको छैन ।' यसरी प्रशंसा गरेर भगवान् श्रीगणेशले कमलासुरमाथि गरुडास्त्र प्रहार गर्नुभयो । त्यसको प्रहारपछि सर्पहरू समाप्त भए र देवसेनाका वीरहरू जागे । भगवान् श्रीगणेशले फेरि दैत्यसेनालाई सखाप पार्न चक्रास्त्रको प्रयोग गर्नुभयो । त्यसबाट असङ्ख्य दैत्यहरू मरे । कुनै दैत्यका खुट्टा र टाउका काटिए, कुनै दैत्यका घुँडा एवं जङ्घा टुक्रिए र केही दैत्यहरूका गोलिगाँठाहरू पनि फुक्लिए । यसरी घाइते भएका दैत्यहरू लडाइँको मैदानमा निरुपाय भएर पछारिए । कतिपय भयभीत दैत्यहरू अरूलाई पनि दौड, दौड र ज्यान जोगाऊ भनिरहेका थिए । केही दैत्यहरूले हे पिता ! हे माता ! हे छोरा! हे छोरी! हामी मर्न लाग्यौं भनेर विलाप गरिरहेका थिए ।।५-८।। केही दैत्यले घाइते भई श्रीगणेशको दर्शन गरेर प्राणत्याग गरे । मर्ने बेलामा श्रीगणेशको दर्शन पाएका कारण ती मुक्त पनि भए । यसरी भगवान् श्रीगणेशले आफ्नो प्रहारबाट दैत्यसेनालाई छिन्न-भिन्न तुल्याएपछि कमलासुर दैत्य रीसले मुर्मुरिंदै भगवान् श्रीगणेशमाथि जाइलाग्यो ।।९।। त्यसले तलबार नचाउँदै गर्जनपूर्वक भगवान् श्रीगणेशमाथि आक्रमण गऱ्यो । भगवान्ले पनि त्यस रूपमा आएको शत्रुलाई देखेर हातमा बञ्चरो धारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ययौ दैत्यं महावेगमसृजत् परशुञ्च तम् ।
स दहँस्तेजसा व्योम दिशः पक्षिगणानपि ।।११।।

अच्छिनद् दैत्यहस्तञ्च खड्गञ्च शतधा जवात् ।
स चापं सहसा गृह्य सज्यं कृत्वा शरान् बहून् ।।१२।।

असङ्ख्यातान् बलाद् विध्यँश्छादयामास सैनिकान् ।
गगनञ्च दिशः सर्वा जगर्ज घननिस्वनः ।।१३।।

शराघातेन बलवान्निवार्य शरपञ्जरम् ।
अन्धकारे बाणमये नाज्ञासीत्कोऽपि कञ्चन ।।१४।।

मयूरेशोऽथ शीघ्रं तदश्वं भूमावपातयत् ।
ततोऽन्तरिक्षे तिष्ठन् स प्रोचे च गणनायकम् ।।१५।।

अश्वो निपातितस्तस्य पश्य मे कौतुकं महत् ।
शिखण्डिनं हनिष्यामि पश्यतस्ते गुणेश्वर ।।१६।।

उभयत्र निषङ्गस्थान् शरान् भूमौ व्यचिक्षिपत् ।
चापमाकृष्य कर्णान्तं चिक्षेप शरसञ्चयान् ।।१७।।

मयूरेशस्य सेनायां मारयन् सर्वसैनिकान् ।
ववर्ष शरजालानि वर्षाकाले घना यथा ।।१८।।

कियन्तो भिन्नसर्वाङ्गाः केचित्प्राणाञ्जहुः सुराः ।
एवं नश्यत्सु वीरेषु मयूरेशो रुषान्वितः ।।१९।।

कमलासुरबाणैस्तु विद्धं त्यक्त्वा शिखण्डिनम् ।
पाशं करेण जग्राह तोलयित्वा स सादरम् ।।२०।।

जगर्ज नादयन् व्योम तत्याज महसा युतम् ।
स पातयन् दैत्यगणान् ददाह रिपुसैनिकान् ।।२१।।

कण्ठे च न्यपतत्तस्य दैत्यसेनाधिपस्य ह ।
रुरोध श्वासमस्यासौ दैत्यो रूपान्तरं श्रितः ।।२२।।

गर्नुभयो । भगवान्ले बञ्चरो प्रहार गर्नुहुँदा त्यो बञ्चरो वेगपूर्वक दैत्यमाथि जाइलाग्यो। त्यस बञ्चराले आफ्नो तेजबाट आकाश, दिशा-विदिशा, पशु, पक्षी र रूख-बिरुवा सबैलाई डढाउँदै वेगपूर्वक गएर कमलासुरको हात काटिदियो र त्यसको तरबारलाई सय टुक्रा बनाइदियो । रिसाएको कमलासुरले पनि हातमा धनु धारण गरी त्यसलाई अनेक बाणहरूले सजाएर प्रहार गर्न थाल्यो ।।१०-१२।। त्यस धनुले श्रीगणेशसेनाका असङ्ख्य वीरहरूलाई घायल बनाउँदै सम्पूर्ण आकाश र दिशालाई अन्धकारमा डुबाइदियो। त्यसपछि कमलासुर दैत्य बादल गर्जेझैं गर्जन लाग्यो।।१३।। बलवान् दैत्यले असङ्ख्य बाणहरूको प्रयोगबाट भगवान् श्रीगणेशद्वारा प्रहार गरिएका बाणहरूलाई छिन्न-भिन्न बनायो । त्यस युद्धमा बाणैबाणको वर्षाका कारण अभेद्य कालो अन्धकार चारैतिर छाएको थियो । कसैले कसैलाई चिन्न सकेका थिएनन् । त्यो देखेर भगवान् श्रीगणेशले कमलासुरको घोडामाथि प्रहार गरी त्यसलाई भुइँमा लडाउनुभयो। आफ्नो घोडा घाइते भएपछि त्यस दैत्यले अन्तरिक्षमा पुगेर श्रीगणेशलाई सम्बोधन गर्दै भन्यो ।।१४-१५।। 'हे श्रीगणेश! तिमीले मेरो घोडालाई लडाएका छौ, अब मेरो आश्चर्यजनक पराक्रम देख । तिमीले हेर्दाहेर्दै म तिम्रो वाहन मयूरलाई मारिदिनेछु ।' यसो भनेर त्यसले मयूरमाथि बाणवर्षा गर्‍यो । त्यसले बाण वर्षा गर्दा ताँदो तानेर कानसम्म पुर्‍याएको थियो। त्यसबाट प्रहार गरिएका बाणले श्रीगणेशसेनाका अनेक वीरहरूलाई घाइते बनाएका थिए। त्यसले वर्षाकालमा बादलले जलवर्षा गरेझैं अनवरत बाणवर्षा गरेको थियो ।।१६-१८।। त्यसबाट श्रीगणेशसेनाका धेरै वीरहरू सर्वाङ्गमा घाइते भएर भुइँमा लडे । केही देववीरहरूले प्राणत्याग पनि गरे। यो देखेर भगवान् श्रीगणेश साह्रै रिसाउनुभयो ।।१९।। दैत्यराजको बाणप्रहारबाट घाइते भएका आफ्ना वाहन मयूरलाई छाडेर श्रीगणेशले आफ्नो हातमा पाश लिनुभयो । त्यसपछि गर्जनबाट आकाशलाई थर्काउँदै उहाँले पाशको प्रहार गर्नुभयो। त्यस प्रहारबाट शत्रुसेनाका ठूला-ठूला वीरहरू डढ्न थाले।।२०-२१।। त्यो पाश दैत्यसेनापति कमलासुरको घाँटीमा गएर लाग्यो । त्यसबाट दैत्यको श्वास रोकियो । त्यस स्वरूपबाट आफूले केही गर्न नसक्ने भएपछि त्यसले अर्कै रूप धारण गर्‍यो ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

मूर्ध्ना संछादयामास तत्क्षणाद्रविमण्डलम् ।
अन्धकारे घोरतमे न प्राज्ञायत किञ्चन ।।२३।।

उवाच सम्मुखो भूत्वा मयूरेशं रुषान्वितः ।
मया किं युध्यसे बाल गच्छ मातुः स्तनं पिब ।।२४।।

रमस्व बालकैर्नो चेन्मरिष्यसि ममाग्रतः ।
मम चाक्रन्दनेनैव कम्पते भुवनत्रयम् ।।२५।।

पादे भूमौ स्थाप्यमाने शेषोऽपि चलते ह्यधः ।
मम मुष्टिप्रहारेण चूर्णीभूता महाचलाः ।।२६।।

नखाग्रेण शिरस्तेऽहं गमयिष्ये रसातलम् ।

आफ्नो शिरबाट त्यसले सूर्यमण्डललाई ढाक्यो । त्यसपछि घोर अन्धकार उत्पन्न भयो । कुनै पनि वीरले केही पनि देख्न सकेनन् ।।२३।। त्यस अवस्थामा दैत्यराज कमलासुर अत्यन्त क्रुद्ध भई श्रीगणेशका सामु आएर भन्न थाल्यो – 'हे बच्चा ! तँ मसँग के युद्ध गरिरहेको छस् ? तँ यहाँबाट भाग् अथवा घर गएर आमाको स्तनपान गर् । केटाकेटीहरूसँग गएर क्रीडा गर् अन्यथा तँ मेरै सामु मर्नेछस् । मैले गर्जन गर्दा त्रिलोकी नै काँप्दछ । मैले आफ्ना चरणबाट राम्ररी टेक्दा शेषनाग पनि काँप्छन् र तल-तल धसिन्छन् । मैले मुड्कीले प्रहार गर्दा महापर्वतहरू टुक्रा-टुक्रा हुन्छन् ।।२४-२६।। हे बालक श्रीगणेश ! मेरा नङका टुप्पाले प्रहार गरेर तेरो टाउकालाई टुक्र्याई तँलाई भर्खर पाताल पुऱ्याइदिनेछु ।'

क उवाच

एवमाकर्ण्य दुर्बुद्धेर्वाक्यं प्रोचे गजाननः ।
पिशाचवन्मद्यपवत् किं वल्गसि ममाग्रतः ।।२७।।

न जयं प्राप्नुते क्वापि देवद्विजविनिन्दकः ।
मम चेद् भविता क्रोधो ज्वालयेद् भुवनत्रयम् ।।२८।।

यशस्ते ख्यापितुं लोके युद्ध्यामि हर्षनिर्भरः ।
नो चेद् हुङ्कारमात्रेण नीतः स्याद् यमसादनम् ।।२९।।

ब्रह्माजीले भन्नुभयो – दुर्बुद्धिले घेरिएको कमलासुरको कुरा सुनेर श्रीगणेशले जवाफ दिनुभयो – 'हे दैत्य ! तँ पिशाच र जड्याहाझैं मेरा सामु किन बक्बक गरिरहेको छस् ? जसले देवता र ब्राह्मणको निन्दा गर्दछ त्यसले कहीं गएर पनि विजय प्राप्त गर्दैन । मलाई रीस उठ्यो भने त्यसले सम्पूर्ण ब्रह्माण्डलाई खरानी बनाउने छ ।।२७-२८।। म त यहाँ तेरो नाम चलाउन आफ्नो इच्छाले युद्ध गरिरहेको छु, अन्यथा मैले हुङ्कार गर्दा तँ नरकमा पुगिसक्नेथिइस्' ।।२९।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं दैत्यः क्रोधानलाकुलः ।
क्ष्वेडितं प्रतिशब्देन नादयन् विदिशो दिशः ।।३०।।

तदा गर्भा निपतितास्तस्य शब्देन तत्क्षणात् ।
प्रमथाद्या गणाः केचिन्मूर्च्छिता धरणीं गताः ।।३१।।

आकर्णं धनुराकृष्य मुमोच कमलासुरः ।
शरवृष्टिं पुना रौद्रां मयूरेशे बलेऽपि च ।।३२।।

ब्रह्माजीले भन्नुभयो – श्रीगणेशका यी कुरा सुनेर दैत्यराज कमलासुरको क्रोधको आगो दन्कियो र त्यसले सिंहनाद गऱ्यो। त्यसबाट दिशा र विदिशा प्रतिध्वनित भए । दैत्यराजको गर्जनबाट तत्कालै अनेक नारीहरूको गर्भपात भयो । प्रमथ आदि गणहरू मूर्च्छित भएर भुइँमा लडे । त्यसपछि कमलासुरले आफ्नो धनुको ताँदो कानसम्म तानेर श्रीगणेश र श्रीगणेशको सेनामा भयङ्कर बाणवर्षा गर्न थाल्यो ।।३०-३२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कमलासुरसङ्ग्रामो नाम द्व्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'मयूरेश्वर श्रीगणेश र कमलासुरको संग्राम' शीर्षकान्वित एक सय दुइऔं अध्याय पूर्ण भयो ।।१०२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्र्युत्तरशततमोऽध्यायः　　{ १०३ अध्याय }

क उवाच

उत्कर्षं तस्य दैत्यस्य दृष्ट्वा देवस्त्वरान्वितः ।
आययौ पुरतो दैत्यं जघान शरवृष्टिभिः ।।१।।

न्यवारयत दैत्योऽपि स्वशरैरतिवेगितैः ।
ततस्तुतोष भगवान् मयूरेशो गुणाग्रणीः ।।२।।

दर्शयामास तस्मै स विश्वरूपमनन्तकम् ।
दश दिक्षु मयूरेशं ददर्श कमलासुरः ।।३।।

विस्मितश्छाद्य नयने हृदि तं परिदृष्टवान् ।
ततः पलायनपरो यावद् गच्छति दैत्यराट् ।।४।।

शिखामाक्रम्य देवोऽपि धृत्वा प्रोवाच तं पुनः ।
तिष्ठ युध्यस्व दैत्येन्द्र ! स्मर वाक्यानि तानि च ।।५।।

पुनर्ददर्श दैत्यस्तमेकमेव पुरःस्थितम् ।
अधावत् सहसा योद्धुं जगर्ज च महाबली ।।६।।

दशायुधधरो देवो बोधयामास तं तदा ।
बिभेदास्य शरीरं स विघ्नराट् शस्त्रघाततः ।।७।।

यत्रास्य न्यपतद् रक्तबिन्दुस्तत्रासुरोऽभवत् ।
तद्रूपस्तद्बलश्चैवमसङ्ख्यातास्तदाऽसुराः ।।८।।

नानाशस्त्रैरथास्त्रैस्ते तं जघ्नुः शरवृष्टिभिः ।
ततः परावृतो देवो मयूरेशो रुषा ज्वलन् ।।९।।

सार्द्धकोटित्रयमितैः सिद्धिबुद्धी तदा बलैः ।
ईयतुः परमक्रुद्धे ततो युद्धमवर्तत ।।१०।।

ऊचतुर्गणराजं ते देहि भक्ष्यं क्षुधापहम् ।
ते ऊचे भक्षतं देवो दैत्यासृग्जनितान् बहून् ।।११।।

इत्युक्ते ते तदा तेन मयूरेशेन सत्वरम् ।
बभक्षतुर्भूतगणैस्तान् दैत्यानखिलानपि ।।१२।।

ब्रह्माजीले भन्नुभयो- दैत्यराज कमलासुरको उत्कर्ष देखेर भगवान् श्रीगणेश शीघ्रतापूर्वक दैत्यका सामु आउनुभयो र बाणवर्षा गरी दैत्यमाथि प्रहार गर्नुभयो ।।१।। त्यसले पनि आफ्ना अत्यन्त वेगशाली बाणहरूद्वारा श्रीगणेशले प्रहार गर्नुभएका बाणलाई छेक्ने र काट्ने काम गऱ्यो । कमलासुरको पराक्रम देखेर प्रसन्न हुनुभएका श्रीगणेशले त्यसलाई अनन्तज्योतिर्मय विराट् रूपको दर्शन गराउनुभयो। विश्वरूपको दर्शन गर्दा त्यसले दसै दिशामा मयूरवाहन भगवान् श्रीगणेशको दर्शन पायो।।२-३।। चकित भएर आँखा चिम्लिँदा पनि त्यसले आफ्नै मुटुमा भगवान् मयूरेशको दर्शन गऱ्यो । डराएर भागिरहेको कमलासुर बाहिर जानलाग्दा भगवान् श्रीगणेशले त्यसको टुप्पीमा समाएर भन्नुभयो - 'ए दैत्य! यहीं बस्, मसँग युद्ध गर् । आफूले भनेका कुरा याद गर् ।' यी कुरा सुनेपछि हेर्दा त्यसले अनन्तरूपका श्रीगणेशलाई एउटै श्रीगणेशका रूपमा देख्यो । त्यसपछि उत्साहित भएर त्यस बलवान् दैत्यले युद्ध गर्ने आशयबाट ठूलो गर्जन गऱ्यो ।।४-६।। दश प्रकारका आयुध धारण गर्ने श्रीगणेशले त्यसलाई विभिन्न रूपबाट युद्ध गर्न उद्बोध नगर्नुभयो । श्रीगणेशले त्यस युद्धमा शस्त्रप्रहार गरेर कमलासुरको शरीरलाई छिन्न-भिन्न तुल्याउनुभयो ।।७।। जहाँसुकै त्यस दैत्यको रगत बग्न थाल्यो। तर ती रगतका प्रत्येक थोपाहरूबाट अनेक दैत्यहरू उत्पन्न हुन थाले। ती दैत्यहरू सबै कमलासुरजस्तै अनुहार र पराक्रमले सम्पन्न थिए ।।८।। तिनले नाना शस्त्र र अस्त्रबाट श्रीगणेशलाई घाइते बनाइरहेका थिए। त्यसपछि रिसाउनुभएका श्रीगणेशले पछाडि फर्केर हेर्नुभयो ।।९।। उहाँले साढे तीन करोड सेना लिएर आइरहेका र क्रोधले तम्तमाएका सिद्धि एवं बुद्धिलाई देख्नुभयो । सिद्धि र बुद्धिको आगमन सँगसँगै त्यहाँ भयङ्कर युद्ध आरम्भ भयो ।।१०।। सिद्धि एवं बुद्धिले श्रीगणेशसँग भने- 'हे प्रभो ! हामीलाई भोक मेटाउने भोजन दिनुहोस् ।' श्रीगणेशले भन्नुभयो - 'कमलासुरको रगतबाट जन्मेका यी दैत्यहरूलाई भोजनको रूपमा स्वीकार गर ।' श्रीगणेशको आज्ञा पाएपछि सिद्धि र बुद्धिले कमलासुरका शरीरबाट निस्किएका रक्तबिन्दुबाट उत्पन्न ती सबै दैत्यलाई खान थाले ।।११-१२।। त्यस बेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

देवो जघान खड्गेन तं दैत्यं कमलासुरम् ।
पुनश्च शतशो जाता दैत्यास्तद्रक्तसम्भवाः ।।१३।।

बभक्षुस्तानपि ततो पिबन्तो रक्तमुल्बणम् ।
ततः खिन्नो मयूरेशः शूलमुद्यम्य वेगवान् ।।१४।।

तत्याज सहसा दैत्ये ययौ स प्रदहन् दिशः ।
चूर्णयन् पर्वतान् व्योम नादयन् भानि पातयन् ।।१५।।

वेगेन पतितो दैत्यदेहं भित्त्वा द्विधाऽकरोत् ।
मस्तकस्तस्य पतितो भीमाया दक्षिणे तटे ।।१६।।

कृष्णाया उत्तरे तीरे तस्थौ तत्र गुणेश्वरः ।
सर्वे सन्तुष्टमनसो जयशब्दैस्तमब्रुवन् ।।१७।।

जय देव ! मयूरेश ! कुरु दुष्टविनाशनम् ।
ततस्तत्रायय‍ौ गौरीपतिर्गणपरीवृतः ।।१८।।

गौतमाद्यैश्च मुनिभिः पार्वत्या च समायुतः ।
वाद्यत्सु सर्ववाद्येषु पुष्पवृष्टिः पपात खात् ।।१९।।

आलिङ्ग्य पार्वती प्रादात् स्तनपानं मुदा तदा ।
मुनयस्तुष्टुवुश्चैनं मयूरेशं सुरेश्वरम् ।।२०।।

कमलाकान्तहृदय ! हृदयानन्दवर्धन ।!
कमलाकान्तनमित ! कमलासुरनाशन ।।!।२१।।

कमलासेवितपद ! जय त्वं कमलाप्रद ।!
कमलासनवन्द्येश ! कमलाकरशीतल ।।!।२२।।

कमलाङ्कसुपादाब्ज ! कमलाङ्कितसत्कर ।!
कमलाबन्धुतिलक ! भक्तानां कमलाप्रद !।।२३।।

कमलासूनुरिपुज ! कमलासूनुसुन्दर !।
कमलापितृरत्नानां मालया जय शोभित !।।२४।।

कमलासुरबाणानां कमलेन निवारक !।
कमलाक्रान्तकमलकोशजित्करपङ्कज !।।२५।।

श्रीगणेशले कमलासुरमाथि प्रहार गर्नुभयो । प्रहारको समयमा पनि त्यसका रक्तबिन्दुबाट सैकडौं दैत्य जन्मे। रक्तपान गर्दै सिद्धि र बुद्धिले तिनीहरूलाई पनि खाइदिए । त्यसपछि श्रीगणेशले वेगपूर्वक शूल उठाई कमलासुरमाथि प्रहार गर्नुभयो। त्यस शूलले दिशाहरू डढाउँदै, पर्वतहरूलाई चूर्ण बनाउँदै, आकाशलाई गुञ्जायमान गराउँदै र नक्षत्रपुञ्जलाई धर्तीमा खसाउँदै गई दैत्यको शरीरमा लागेर त्यसलाई टुक्रा-टुक्रा बनाइदियो। त्यसपछि कमलासुरको टाउको भीमा नदीको दायाँ तटमा खस्यो।।१३-१६।। त्यस बेला भगवान् श्रीगणेश कृष्णा नदीको उत्तर तटमा विराजमान हुनुहुन्थ्यो। दैत्यको वधपछि प्रसन्न भएका नर-नारीले भगवान् श्रीगणेशको जय जयकार गर्दै भने - 'हे परमेश्वर ! हजुरको जय होस् ।।१७।। हजुरले दुष्टहरूको संहार गर्नुहोस् ।' त्यस बेला गणहरूसहित भगवान् गौरीपति शङ्कर पनि त्यहाँ आउनुभयो । उहाँका साथमा पार्वती र गौतम आदि मुनिहरू हुनुहुन्थ्यो। विजयको वाद्यघोष चलिरहेको त्यस समयमा आकाशबाट पुष्पवर्षा भयो।।१८-१९।। पार्वतीले श्रीगणेशलाई आलिङ्गन गरी काखमा राखेर दूध चुसाउनुभयो। गौतम आदि ऋषिहरूले मयूरेश, सुरेश भगवान् श्रीगणेशको स्तुति गरे।।२०।। तिनीहरूले भने - 'विष्णुका हृदयमा आनन्दवर्षा गर्ने विष्णुका हृदयस्वरूप हे प्रभु !, विष्णुद्वारा आराधित हे सर्वेश्वर !, हे कमलासुरका नाशक !, लक्ष्मीद्वारा पाउमा सेवा गरिएका हे प्रभु !, हे लक्ष्मीदाता महादानी श्रीगणेश ! हजुरको जय होस् । हे ब्रह्माजीद्वारा वन्दित परमेश्वर !, कमलसरोवरसमान शीतल हृदयका हे प्रभु !, कमलचिह्नद्वारा चिह्नित चरणकमलले सुहाउनुभएका हे ईश्वर !, कमलचिह्नद्वारा अङ्कित करकमलले सुहाउनुभएका हे देवताका पनि देवता !, लक्ष्मीका बान्धवहरूमध्ये हे उत्तम बान्धव !, भक्तहरूका लागि लक्ष्मीप्रदान गर्ने हे उदार दाता !, हे **कमलासूनुरिपुज** = कमला-रुक्मिणीका पुत्र एवं कामदेवका अवतार प्रद्युम्न, प्रद्युम्नरूप कामदेवका नाशक हुनुभएकाले शत्रु मानिनुभएका सदाशिवबाट उत्पन्न हुनुभएका हे देव !, हे कामदेवसमान सुन्दर पुरुष !, समुद्रमा उत्पन्न हुने चौध रत्नहरूको माला धारण गरेर शोभायमान हुनुभएका हे श्रीगणेश प्रभु ! हजुरको जय होस् । कमलासुरद्वारा प्रहार गरिएका बाणलाई करकमलबाट निवारण गर्नुहुने हे शक्तिशाली परमेश्वर !, लक्ष्मीको आसनका रूपमा रहेका कमलकोशलाई पराजित गर्ने करकमलद्वारा सुहाउनुभएका हे प्रभु !, भगवान् नारायणका हातमा रहेको कमलको कोशसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमलापतिहस्तस्थपद्मकोशनिभेक्षण !।
सर्वहृत्कमलानन्द ! जय सर्वाघनाशन !।।२६।।

कमलाङ्कुशहस्ताब्ज ! जय विघ्नहराव्यय !।
त्वया विनिहतः पापः शक्रादिभयदो रिपुः ।।२७।।

वज्रचक्राद्यभेद्यो यो मुनीनामपि भीतिदः ।
एवं स्तुत्वा पुपूजुस्ते गौतमाद्या महर्षयः ।।२८।।

दशभिर्दोर्भिरालिङ्ग्य पुपूज गिरिशोऽपि तम् ।
ततस्ते मुनयः प्रोचुर्मयूरेशञ्च शङ्करम् ।।२९।।

अत्र त्वं सर्वदा तिष्ठ सर्वदेवगणैर्युतः ।
पूरयन् भक्तकार्याणि वारयन् विघ्नसञ्चयान् ।।३०।।

क उवाच

एवं तैः प्रार्थितौ देवौ सर्वदेवगणैर्युतौ ।
पूरयन्तौ भक्तकामान् हरन्तौ विघ्नसञ्चयान् ।।३१।।

स्थितौ तत्र मयूरेशशङ्करौ लोकशङ्करौ ।
विश्वकर्मा व्यधात् तत्र मन्दिरं सुन्दरं ततः ।।३२।।

असङ्ख्यशिखरद्वारमसङ्ख्याश्चर्यसंयुतम् ।
तत्राभून्नगरं चारु सर्वलोकसमन्वितम् ।।३३।।

मयूरेशपुरं तस्य नाम चक्रुर्महर्षयः ।
तपस्तेपुर्मुनिगणा नानाभरणसंश्रिताः ।।३४।।

हरोऽपि स तपस्तेपे गिरिजागणसंयुतः ।
तस्य ध्यानं पूजनञ्च स्मरणन्ते व्यधुर्द्विजाः ।।३५।।

मयूरेशः पुनर्बालैः क्रीडति स्म यथा पुरा ।।३६।।

समानता गर्ने सुन्दर आँखाहरूद्वारा सुहाउनुभएका हे परमेश्वर!, सबैका हृदयकमलमा आनन्दको वृष्टि गर्ने हे पापनाशक प्रभु ! हजुरको जय होस् ।।२१-२६।। कमल र अंकुशद्वारा शोभायमान करकमल धारण गर्नुहुने हे विश्वव्यापक प्रभु ! हे अव्यय ! हे विघ्नहर्ता ! हजुरको जय होस् । आज हजुरले इन्द्र आदि देवताहरूलाई पनि तर्साउने पापी शत्रुको विनाश गर्नुभएको छ।।२७।। वज्र र चक्र आदि आयुधद्वारा पनि जो अभेद्य थियो, जसले मुनिहरूलाई पद-पदमा भयभीत गराउँथ्यो त्यस दैत्यको हजुरले वध गरिदिनुभएको छ।' यसरी स्तुति गरेर गौतम आदि ऋषिहरूले भगवान् श्रीगणेशको पूजा गरे ।।२७-२८।। भगवान् शङ्करले पनि आफ्ना दश भुजा फैलाएर श्रीगणेशलाई आलिङ्गन गरी सम्मान गर्नुभयो। त्यसपछि मुनिहरूले मयूरेश श्रीगणेश र भगवान् शङ्करलाई भने - 'भक्तहरूको कामना पूर्ति र र विघ्नहरूको नाश गर्दै यो ठाउँमा हजुरहरू दुबै सबै देवताहरूका साथ सधैं विराजमान हुनुहोस्' ।।२९-३०।।

ब्रह्माजीले भन्नुभयो - यसरी मुनिहरूद्वारा प्रार्थना गरिएका मयूरेश श्रीगणेश र लोकशङ्कर शङ्कर भगवान् देवगणसहित भक्तहरूको कामनापूर्ति र विघ्नपुञ्जको नाश गर्दै त्यहीं विराजमान हुनुभयो।।३१।। विश्वकर्माले त्यस ठाउँमा आई भगवान् श्रीगणेशका लागि सुन्दर एवं भव्य मन्दिर बनाए । त्यस मन्दिरमा असङ्ख्य गजुर र द्वारहरू थिए । त्यहाँ असङ्ख्य आश्चर्यदायक वस्तुहरूको सङ्ग्रह पनि थियो । मन्दिर तयार भएपछि त्यसका नजिकमा अनेक थरि प्राणीहरूले शोभायमान भएको नगर बसाइयो । महर्षिहरूले त्यस नगरलाई मयूरेशनगर भनी नामकरण गरे । त्यहीं नै अनेक थरि विभूषणद्वारा विभूषित मुनिहरूले भगवान् श्रीगणेशलाई प्रसन्न गराउन तपस्या गरे ।।३२-३४।। भगवती पार्वती र गणहरूका साथ भगवान् शङ्करले पनि त्यस पवित्र क्षेत्रमा तपस्या गर्नुभयो । तिनीहरूले भगवान् श्रीगणेशको स्मरण, ध्यान र पूजन गरे । त्यसपछि बालक मयूरेश पनि आफ्ना बालसखाहरूका साथ पहिलेजस्तै बालक्रीडामा मग्न हुनुभयो ।।३५-३६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कमलासुरवधो नाम त्र्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'मयूरेश्वरद्वारा कालासुरको वध' शीर्षकान्वित एक सय तीनौं अध्याय पूर्ण भयो ।।१०३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुरुत्तरशततमोऽध्यायः { १०४ अध्याय }

क उवाच

अहं प्रयातस्तं द्रष्टुं गुप्तरूपो द्विजोत्तम ।!
अदर्शं तत्र तं देवमुमया सहितं प्रभुम् ।।१।।

स्नात्वासीनं जपन्तञ्च परं ब्रह्म सनातनम् ।
अहं तमस्तुवं देवं मयूरेश्वरसंज्ञकम् ।।२।।

पुराणपुरुषं देवं नानाक्रीडाकरं मुदा ।
मायाविनं दुर्विभाव्यं मयूरेशं नमाम्यहम् ।।३।।

परात्परं चिदानन्दं निर्विकारं हृदि स्थितम् ।
गुणातीतं गुणमयं मयूरेशं नमाम्यहम् ।।४।।

सृजन्तं पालयन्तञ्च संहरन्तं निजेच्छया ।
सर्वविघ्नहरं देवं मयूरेशं नमाम्यहम् ।।५।।

इन्द्रादिदेवतावृन्दैरभिष्टुतमहर्निशम् ।
सदसद्व्यक्तमव्यक्तं मयूरेशं नमाम्यहम् ।।६।।

नानादैत्यनिहन्तारं नानारूपाणि बिभ्रतम् ।
नानायुधधरं भक्त्या मयूरेशं नमाम्यहम् ।।७।।

सर्वशक्तिमयं देवं सर्वरूपधरं विभुम् ।
सर्वविद्याप्रवक्तारं मयूरेशं नमाम्यहम् ।।८।।

पार्वतीनन्दनं शम्भोरानन्दपरिवर्धनम् ।
भक्तानन्दकरं नित्यं मयूरेशं नमाम्यहम् ।।९।।

मुनिध्येयं मुनिनुतं मुनिकामप्रपूरकम् ।
समष्टिव्यष्टिरूपं त्वां मयूरेशं नमाम्यहम् ।।१०।।

सर्वाऽज्ञाननिहन्तारं सर्वज्ञानकरं शुचिम् ।
सत्यज्ञानमयं सत्यं मयूरेशं नमाम्यहम् ।।११।।

अनेककोटिब्रह्माण्डनायकं जगदीश्वरम् ।
अनन्तविभवं विष्णुं मयूरेशं नमाम्यहम् ।।१२।।

ब्रह्माजीले भन्नुभयो- हे वेदव्यास! म भगवान् श्री शङ्कर र मयूरेशको दर्शन गर्न गुप्तरूपमा त्यहाँ पुगेको थिएँ । पुग्दा मैले उमाका साथ विराजमान र स्नान गरी सनातन परब्रह्मको ध्यान गरिरहनुभएका सदाशिवको दर्शनका साथै श्रीगणेशको पनि दर्शन गरें । त्यस बेला मैले भक्तिपूर्वक भगवान् मयूरेश्वर श्रीगणेशको स्तुति गरें ।।१-२।।

मैले भनें - 'हे श्रीगणेश! हजुर पुराणपुरुष, अनेक क्रीडा र मायाका स्वामी, महामायावी, सामान्य व्यक्तिहरूद्वारा अज्ञेय हुनुहुन्छ । हजुरलाई नमस्कार गर्दछु । परात्पर स्वरूप, सच्चिदानन्दमय, निर्विकार, अन्तर्यामी, गुणातीत र गुणमय हजुरलाई नमस्कार गर्दछु ।।३-४।। आफ्नो इच्छाअनुसार संसारको सृष्टि, सुरक्षा र संहार गर्नुहुने र सबै प्रकारका विघ्नहरूको विनाश गर्नुहुने भगवान् मयूरेशलाई नमस्कार गर्दछु ।।५।। इन्द्र आदि देवताहरूद्वारा अहोरात्र स्तुति गरिनुहुने, सत्यस्वरूप, असत्यस्वरूप, सत्यासत्यस्वरूप, व्यक्तस्वरूप, अव्यक्तस्वरूप र व्यक्ताव्यक्तस्वरूप मयूरेश प्रभुलाई भक्तिपूर्वक नमस्कार गर्दछु ।।६।। अनेक दैत्यहरूको विनाश गर्नुहुने, अनेक रूप धारण गर्नुहुने र अनेक आयुध धारण गर्नुहुने भगवान् मयूरेशलाई भक्तिपूर्वक नमस्कार गर्दछु ।।७।। सर्वशक्तिमान्, सबै रूपका अवतार लिन कुशल, सर्वव्यापक र सबै विद्याका प्रवक्ता मयूरेश भगवान् श्रीगणेशलाई नमस्कार गर्दछु ।।८।। पार्वतीका पुत्र, उत्तम पुत्रका रूपमा रहेर भगवान् शङ्करलाई आनन्द प्रदान गर्नुहुने र भक्तहरूका कामना पूर्ण गरी तिनलाई हर्षित तुल्याउनुहुने भगवान् मयूरेशलाई नमस्कार गर्दछु ।।९।। मुनिहरूद्वारा ध्यान गरिनुहुने, मुनिहरूका कामना परिपूर्ण तुल्याउनु हुने र समष्टि र व्यष्टिरूपमा प्रकाशमान मयूरेश प्रभुलाई नमस्कार गर्दछु ।।१०।। सबै भक्तहरूका अज्ञान नाश गर्नुहुने, शिष्यभावले शरणमा आएका भक्तहरूलाई ज्ञान प्रदान गर्नुहुने, पवित्र स्वरूप, परमज्ञानका आश्रय भगवान् मयूरेशलाई नमस्कार गर्दछु ।।११।। कोटि-कोटि ब्रह्माण्डका नायक, जगत्का अधिपति र अनन्त ऐश्वर्यसम्पन्न विष्णुरूप मयूरेश प्रभुलाई नमस्कार गर्दछु ।।१२।। हे भगवन् श्रीगणेश!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वद्दर्शनेन पूतोऽहं परमानन्दनिर्भरः ।
आश्चर्यं परमं प्राप्तस्तस्य दैत्यस्य मारणात् ।।१३।।

येन शक्रोऽन्तको देवा लोकपाला जिता बलात् ।
सहस्त्रशतयोधी योऽसङ्ख्यदेहो रणे हतः ।।१४।।

त्रिधा भूतस्त्रिस्थलेषु पतितः कमलासुरः ।
तं समापूजयमहं सर्वतीर्थजलैः शुभैः ।।१५।।

कमण्डलुगतैरेनोनाशकैरभिषेचयम् ।
दिव्यवस्त्रे दिव्यगन्धं दिव्यपुष्पमयीं शुभाम् ।।१६।।

वनमालामस्य कण्ठे दत्त्वा नाम व्यधामहम् ।
वनमालीति लोकेषु विख्यातं सर्वमङ्गलम् ।।१७।।

पूजाविधिं समाप्यैनं प्रदक्षिणामथो व्यधाम् ।
पादाघातेन मे तत्र न्युब्जतां गमितः क्षणात् ।।१८।।

नानातीर्थजलैर्युक्तः स्थापितो मे कमण्डलुः ।
यत्तोऽहं तज्जलं भर्तुं ततो मामब्रवीद्विभुः ।।१९।।

मयूरेश उवाच

इदं ब्रह्मकृतं स्तोत्रं सर्वपापप्रणाशनम् ।
सर्वकामप्रदं नृणां सर्वोपद्रवनाशनम् ।।२०।।

कारागृहगतानाञ्च मोचनं दिनसप्तकात् ।
आधिव्याधिहरं चैव भुक्तिमुक्तिप्रदं विधे ।।२१।।

स्थिरो भव विरिञ्चे ! त्वं नदीयं सर्वपावनी ।
कमण्डलुभवा नाम्ना ख्याता लोके भविष्यति ।।२२।।

दर्शनाद् वाचिकं पापं स्पर्शनाच्च मनोमयम् ।
स्नानाच्च कायिकं चैव नाशयिष्यति निम्नगा ।।२३।।

निरन्तरं सेवनाच्च मोक्षमेषा प्रदास्यति ।

म हजुरको दर्शन पाएर परमपवित्र भएको छु र परमआनन्दमा मग्न भएको छु । हजुरले कमलासुरको वध गर्नुभएका कारण म आनन्दित र परम चकित पनि छु । इन्द्र, यम, देवगण र लोकपालहरूलाई आफ्नो बलप्रयोगबाट परास्त गर्ने, लाखौं योद्धाहरूलाई साथ लिने र असङ्ख्य शरीर धारण गर्न सक्ने त्यस मायावी महादैत्य कमलासुरलाई पनि हजुरले युद्धमा मारिदिनुभयो ।।१३-१४।। हजुरले कमलासुरको वध गर्दा हजुरका वीर्य र प्रतापबाट त्यसको शरीर तीन टुक्रामा विभक्त भई तीन ठाउँमा खस्यो । आज मैले कमलासुरलाई मार्नुहुने मयूरेश प्रभुको सबै तीर्थका मङ्गलमय जल अर्पण गरेर पूजा गर्ने अवसर पाएँ ।।१५।। यति निवेदन गरेपछि पापनाशक सबै तीर्थहरूका जल आफ्नो कमण्डलुमा भरेर मैले मयूरेश प्रभुको अभिषेक गरें । उहाँलाई दिव्य वस्त्र र चन्दन चढाई पूजा गरें।।१६।। उहाँको कण्ठमा माला पहिराई उहाँलाई सबै लोकमा विख्यात सर्वमङ्गलदायक वनमाली नामबाट सम्बोधन गरें ।।१७।। पूजाविधि पूरा गरेपछि मैले भगवान् श्रीगणेशको प्रदक्षिणा गरें । प्रदक्षिणा गर्दा एक्कासि मेरो खुट्टा लाग्नाले पूजास्थलमा राखिएको अनेक तीर्थका जलले युक्त कमण्डलु भुइँमा घोप्टयो । त्यसपछि मैले पोखिएको जल कमण्डलुमा भर्न प्रयास गरें । त्यस बेला अन्तर्यामी प्रभु श्रीगणेशले मलाई सम्बोधन गर्दै भन्नुभयो ।।१८-१९।।

श्रीगणेशले भन्नुभयो – 'हे ब्रह्माजी! तपाईंले बनाउनु भएको स्तोत्र पापनाशक छ । यसको पाठबाट मानिसका सबै कामना पूर्ण हुनेछन् र सबै प्रकारका उपद्रवहरूको पनि नाश हुनेछ । यसको पाठ गरेपछि कारागारमा बन्दी बनेका कैदीहरू सात दिनभित्र मुक्त हुन सक्नेछन् । यस स्तोत्रले मानिसहरूका मानसिक र शारीरिक रोगहरूको निवारण गर्दछ र भक्तहरूलाई भुक्ति एवं मुक्ति पनि प्रदान गर्दछ ।।२०-२१।। हे ब्रह्माजी! तपाईं यहीं स्थिर भएर रहनुहोस्। तपाईंको कमण्डलुबाट भुइँमा पोखिएको जल अहिले नदीका रूपमा परिणत भएको छ । यस नदीले सबैलाई पवित्र तुल्याउनेछ । लोकमा मानिसहरूले यसलाई कमण्डलुभवाका नामबाट चिन्नेछन्। यस कमण्डलुभवा नदीले वाणीबाट उत्पन्न हुने पापलाई दर्शनबाट नाश गर्नेछ, मानसिक पापलाई स्पर्शनबाट नाश गर्नेछ र शारीरिक पापलाई स्नानबाट नाश गर्नेछ ।।२२-२३।। जसले निरन्तर यहाँ आई स्नान गर्नेछन्, तिनलाई यस नदीले मोक्ष प्रदान गर्नेछ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवं दत्ते वरे तेन सस्नुस्तत्र मुनीश्वराः ।।२४।।

सदाराः सपरीवाराः सप्तकोटिगणा अहम् ।
तपस्तेपुस्तदा तत्र मुनयस्ते मया सह ।।२५।।

ततोऽहं मायया तस्य मोहितः प्राब्रुवं बहून् ।
जगत्कर्ता जगद्वन्द्यः शक्रादिसुरपूजितः ।।२६।।

बालमेकादशाब्दं तं कथं प्रणतवानहम् ।
अर्भकैः क्रीडमानं तमाचाररहितं शिशुम् ।।२७।।

धिङ् मे ज्ञानं महत्त्वञ्च पैतामहपदञ्च धिक् ।
इमां सृष्टिं पिधायाऽहं स्थास्यामि गुप्तरूपधृक् ।।२८।।

अयं चेत् परमात्मा स्यादपरां निर्ममेत् पुनः ।
एवं निश्चित्य मनसा सृष्टिमात्मानमेव च ।
अन्तर्धाय स्थितो यावत् तावद् देवो गजाननः ।।२९।।

न ददर्श सखीन् बालाँस्ततस्तेषां गृहानगात् ।
शून्यान् दृष्ट्वा गृहान् सर्वान् खिन्नो वृक्षानलोकयत्।।३०।।

न ददर्श द्रुमान् जन्तून् पशुपक्षिगणान् यदा ।
तदा स्वर्गं गतो देवो नापश्यत् तत्र तान् सुरान् ।।३१।।

गन्धर्वान् किन्नरान् यक्षान् पितॄन् शशिरवी न च ।
अन्धकारे गाढतमे न प्राज्ञायत किञ्चन ।।३२।।

ततोऽसौ प्रणिधानेन ज्ञात्वा ब्रह्मकृतञ्च यत् ।
सामर्थ्यं निजमायाञ्च ह्याविश्चक्रेऽखिलात्मकः ।।३३।।

ब्रह्माण्डं निर्ममे देवो मयूरेशः स्वलीलया ।
विश्वं चराचरं तत्र मयूरेशपुरीमपि ।।३४।।

यथापूर्वं पश्यति स्म सर्वं त्रिभुवनं विभुः ।
स्वञ्च बालैः परिवृतं ब्रह्माणञ्च तथाविधम् ।।३५।।

शङ्करञ्च भवानीं तामनुष्ठानगतान् मुनीन् ।
तपनं शशिनं भानि स्वर्गान् देवगणानपि ।।३६।।

पृथिवीं सर्ववृक्षाँश्च समुद्रान् सरितोऽपि च ।
पातालानि मयूरेशो ददर्श पूर्ववद् विभुः ।।३७।।

ब्रह्माजीले भन्नुभयो - यसरी भगवान्ले वरदान दिनुभएपछि कमण्डलुभवा नदीमा सपरिवार र सबन्धु-बान्धव रहेका मुनीश्वरहरूले श्रद्धापूर्वक स्नान गरे ।।२४।। सात कोटि गणहरूका साथै मैले पनि स्नान गरें । त्यसपछि मुनिहरूले त्यहीं मेरा साथमा रहेर तपस्या गरे । मुनिहरूको तपोवृद्धि हुनथालेपछि म श्रीगणेशको मायाबाट मोहित भएँछु । त्यस बेला मेरा मुखबाट अपशब्दहरू निस्कन थालेछन् । मैले भनेंछु- म जगत्को रचयिता, जगत्को वन्दनीय, सबैको पितामह, इन्द्र आदिद्वारा पूजनीय ईश्वर हुँ । मैले एघार वर्षको उमेरका, बच्चा-बच्चीसँग खेल्न रुचाउने, आचार-विचार केही नभएका, बालक श्रीगणेशलाई किन नमस्कार गरें ? मेरो ज्ञान धिक्कार योग्य छ, मेरो ब्रह्मपदको गौरव धिक्कारयोग्य छ, मेरो ब्रह्मपद धिक्कार-योग्य छ । अब म यो सृष्टि लुकाएर गुप्तरूप लिएर बस्छु । यी श्रीगणेश साँच्चिकै परमात्मा रहेछन् भने अर्को सृष्टि गर्नेछन् । यस्तो मनले निश्चय गरी म सम्पूर्ण सृष्टि लुकाएर बसें । त्यस बेला भगवान् श्रीगणेश सृष्टिभित्र रहेका आफ्ना बालसखाहरूलाई नदेखेर तिनका घर-घर जानुभयो । ती घरहरू पनि शून्य देखेर खिन्न भई वृक्षतर्फ हेर्नुभयो ।।२५-३०।। तर उहाँले वृक्ष, जन्तु, पशुपक्षी केही पनि देख्नुभएन । त्यसपछि उहाँ स्वर्गतर्फ लाग्नु भयो। स्वर्ग पनि रित्तै थियो । गन्धर्व, यक्ष, किन्नर, पितृ, सूर्य, चन्द्र कसैको पनि दर्शन भएन । प्रगाढ अन्धकारमात्र थियो । कहाँ के छ भन्ने कुरा केही जान्न सक्नुभएन । अन्धकारको भुमरीमा परेपछि उहाँले ध्यानद्वारा अन्धकार उत्पन्न गराउने ब्रह्माजी नै हुन् भन्ने थाहा पाएर आफ्नो मायाको शक्ति आविष्कार गर्नुभयो। फलस्वरूप उहाँले त्यो मायाको शक्तिबाट विशाल ब्रह्माण्डको रचना गर्नुभयो । चर र अचरले भरिएको संसार, आफू विराजमान हुने मयूरेशपुरी, स्वर्ग, मर्त्य र पाताललाई जस्ताको तस्तै बनाएर दर्शन गर्नुभयो । त्यस अवस्थामा उहाँले आफूलाई आफ्ना बालसखाहरूले घेरिरहेको पाउनुभयो । आफ्नै वरिपरि ब्रह्मा, शङ्कर, पार्वती, तपस्यामा लागेका मुनिहरू, सूर्य, चन्द्रमा, नक्षत्र, स्वर्गका देवता, पृथिवी, वृक्ष, समुद्र, नदी र पाताललाई पनि पहिलेजस्तै देख्नुभयो ।।३१-३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

ततोऽहं स्मृतिमापन्नोऽपश्यं देवं चिदात्मकम् ।
कलाकाष्ठामुहूर्तादिदिनपक्षस्वरूपिणम् ।।३८।।

दृष्ट्वेत्थं तमहं नत्वा क्षमापयमुदारधीः ।
मासर्तुवर्षकल्यादिचराचरस्वरूपिणम् ।।३९।।

असङ्ख्यब्रह्माण्डयुतरोमाञ्चैरुपशोभितम् ।
देवर्षियक्षगन्धर्वसरित्सागररूपिणम् ।।४०।।

मनुष्यकिन्नरलतावृक्षपन्नगरूपिणम् ।
दृष्ट्वेत्थं तमहं नत्वाक्षमापयमुदारधीः ।।४१।।

पुनः पुनरपश्यं तं मयूरेशं किरीटिनम् ।
कुण्डलाभ्यां नूपुराभ्यामङ्गदाभ्यां विराजितम् ।।४२।।

शेषनाभिं सर्पकण्ठं दिव्यमालाम्बरावृतम् ।
दिव्यसिंहासनगतं सर्वदेवैरभिष्टुतम् ।।४३।।

सिद्धिबुद्धिसमायुक्तं विभूतिभिरुपासितम् ।
चराचरमयं सर्वनमस्यं तत्स्वरूपिणम् ।।४४।।

प्रत्येकं तत्र चात्मानं तद्रूपं स्वं व्यलोकयम् ।
ततस्तं स्तुतवान् नत्वाऽप्रार्थयञ्च पुनः पुनः ।।४५।।

क्षमापराधं मे देव ! त्वन्मायागर्वितस्य मे ।
प्रभावं द्रष्टुकामस्य दीनस्य शरणार्थिनः ।।४६।।

क्षणेनानन्तब्रह्माण्डकारिणे ते नमो नमः ।
एवं वदन्तं मां नासापवनात् स्वोदरेऽनयत् ।।४७।।

तत्रापश्यं सर्वलोकं यथा बहिः प्रदृष्टवान् ।
देवं तथाविधञ्चापि कोटिब्रह्माण्डरोमकम् ।।४८।।

सर्वं चराचरं विश्वं यथा भूमौ तथा दिवि ।
एकस्मादण्डतश्चान्यद् ब्रह्माण्डान्तरमाविशम् ।।४९।।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि मैले गुमेको होश पाएँ। संज्ञना शक्ति आयो र चित्स्वरूप भगवान्को चारै दिशा एवं विदिशामा दर्शन गरें । कला, काष्ठा, मुहूर्त, दिन र रात आदि कालका अवयवका रूपमा भगवान् श्रीगणेशको दर्शन गरें । सर्वत्र भगवान्को दर्शन गरेर मेरो बुद्धि उदार भयो, भक्तिभाव जागेर आयो, प्रणाम गरें र क्षमायाचना पनि गरें । मास, ऋतु, कल्प आदि कालरूप, जड एवं चेतनस्वरूप; आफ्ना रोमाञ्चहरूबाट असङ्ख्य ब्रह्माण्ड प्रदर्शन गर्नुहुने; देवता-ऋषि, नक्षत्र, यक्ष, गन्धर्व, नदी र सागरका रूपमा आभासित; मनुष्य, किन्नर, लता र सर्पका रूपमा शोभायमान भगवान्लाई नमस्कार गरी फेरि पनि क्षमायाचना गरें ।।३८-४१।। त्यसपछि मैले किरीटधारण गर्नुहुने, कुण्डल, नूपुर र गदा आदि आयुधहरूद्वारा शोभायमान, नाभिमा शेषनागलाई धारण गर्नुहुने, घाँटीमा सर्पको माला लगाउनुभएका, दिव्यमाला र वस्त्रद्वारा अलङ्कृत, सबै देवताहरूद्वारा स्तुति गरिनुभएका, सिद्धि-बुद्धिसहित अणिमा, महिमा आदि विभूतिहरूबाट उपासना गरिनुभएका, चराचरमय र सर्ववन्दनीय, परमतत्त्वरूप भगवान् श्रीगणेशको दर्शन गरें ।।४२-४३।। दर्शन गर्दा मैले संसारमा देखिने प्रत्येक आत्मालाई श्रीगणेशकै रूपमा दर्शन गरिरहेको थिएँ । त्यसपछि मैले भावविह्वल भएर स्तुति र प्रार्थना गर्दै भने- 'हे दयालु देवता ! हजुरको मायाका कारण अहङ्कार धारण गर्ने र हजुरको शक्तिको परीक्षण गर्न चाहने म अपराधी हुँ । आज हजुरका समक्ष दीन, हीन र शरणार्थीका रूपमा आएको छु । मेरा अपराधलाई क्षमा गरिदिनुहोस् । एक छिनमा अनन्त ब्रह्माण्डको रचना गर्ने सामर्थ्यले सम्पन्न हजुरलाई मेरो बारबार नमस्कार छ।' मेरा यी प्रार्थना सुनेर श्रीगणेशले मलाई आफ्नो नासिकाको प्राणवायुबाट तानेर आफ्नो पेटभित्र पुऱ्याउनुभयो ।।४४-४७।। यहाँ मैले जे-जस्तो लोकदृश्य देखेको थिएँ त्यहाँ पनि त्यही लोकदृश्य देखें । श्रीगणेशको पेटभित्र रहँदा मैले देवगण र श्रीगणेशका रोम-रोममा आश्रित कोटि-कोटि ब्रह्माण्ड, सम्पूर्ण चराचर, विश्व, पृथिवीका दृश्य र स्वर्ग आदि दिव्य लोकका दृश्य पनि दर्शन गरें । म श्रीगणेशको पेटमा थिएँ, तर एउटा ब्रह्माण्डबाट अर्को ब्रह्माण्डमा प्रवेश गरिरहेको थिएँ । प्रत्येक ब्रह्माण्डमा मैले सम्पूर्ण संसार देखें । आफूलाई देखें र आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथैव दृष्टवान् सर्वानेव नानाण्डमध्यगः ।
अपश्यं विश्वमखिलं स्वात्मानं देवमेव च ।।५०।।

ततः खिन्नोऽब्रुवं देवं नान्तं पश्यामि ते क्वचित् ।
कृपां कुरु मम विभो ! मायामेतां निवारय ।।५१।।

ततः स करुणाविष्टः सर्वमन्तर्दधे क्षणात् ।
पुनरेव मयूरेशमपश्यं बालकैर्वृतम् ।।५२।।

क्रीडन्तं पूर्ववन्नत्वाऽब्रुवं मायां न तेऽविदम् ।
अपराधसहस्त्रं मे मातृवत् त्वं क्षमस्व च ।।५३।।

मयूरेशोऽब्रवीन्मां हि मूर्ध्नि हस्तं निवेश्य ह ।

देव उवाच

न मे क्रोधो न भिन्ना धीः स्वीयः पर इति भ्रमः ।।५४।।

कस्मादपि भयं मे न मत्तो न भयमण्वपि ।
श्रुत्वेत्थं वचनं तस्य मयूरेशपुरं शिवम् ।।५५।।

भवानीमपि तत्सूनुमद्राक्षं मुनिबालकैः ।
गृहीत्वाज्ञां स्वकं स्थानमगमं हर्षनिर्भरः ।।५६।।

भवानीबालकेनायान्मन्दिरं स्वञ्च बालकाः ।।५७।।

आराध्य भगवान् श्रीगणेशलाई पनि देखें । श्रीगणेश र दृश्यावलीको केही अत्तोपत्तो नपाएर म खिन्न भएँ । त्यसै अवस्थामा प्रभुको प्रार्थना गरें – 'हे श्रीगणेशदेव! मैले हजुरको आदि-अन्त भेट्टाउन सकिनँ। हे अन्तर्यामी! ममाथि दया गर्नुहोस् र ममाथि प्रयोग गरिएको आफ्नो मायालाई हटाउनुहोस्।' यसरी मेरो प्रार्थना सुनेपछि दयालु मयूरेश प्रभुले आफ्नो मायाबाट सिर्जिएका समस्त दृश्यलाई अन्तर्धान गराउनुभयो । अन्तर्धानपछि मैले फेरि आफ्ना साना-साना बालक साथीहरूसँग क्रीडा गर्दै रमाउनुभएका भगवान् मयूरेशको दर्शन गरें ।।४८-५२।। बालक्रीडामा आनन्दित हुनुभएका प्रभुलाई प्रणाम गर्दै भनें- 'हे प्रभु ! मैले हजुरको मायालाई चिन्न सकिनँ । मेरा हजारौं अपराधलाई आमाले छोराका अपराध क्षमा गरेझैं क्षमा गरिदिनुहोस्' ।।५३।। मेरो प्रार्थना सुनेर मयूरेश प्रभुले मेरो शिरमा हात राख्दै आज्ञा गर्नुभयो।

श्रीगणेशले भन्नुभयो – 'हे ब्रह्माजी ! म तपाइँसँग रिसाएको छैन । तपाइँप्रति मेरो भावना र बुद्धि पनि बदलिएको छैन । आफ्नो र पराइ भन्ने कुरा भ्रान्तिमात्र हो । मलाई कसैसँग डर छैन र मबाट पनि कसैले रत्तिभर डराउनु पर्दैन ।' भगवान् श्रीगणेशका यी वचन सुनेपछि मैले त्यहीं नै मयूरेशको दिव्यनगर, सदाशिव शङ्कर, जगदम्बा पार्वती र बालमित्रका साथ रहनुभएका भगवान् श्रीगणेशको दर्शन गरें । त्यसपछि उहाँबाट आज्ञा पाएर आफ्नो धाममा फर्कें । भवानीका पुत्र मयूरेश भगवान् पनि आफ्नो धाममा जानुभयो र उहाँसँग खेलिरहेका उहाँका बालमित्रहरू पनि आ-आफ्ना घरतर्फ लागे ।।५४-५७।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विश्वरूपदर्शनं नाम चतुरधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीमयूरेश्वरद्वारा ब्रह्माजीलाई विश्वरूप दर्शन' शीर्षकान्वित एक सय चारौं अध्याय पूर्ण भयो ।।१०४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चोत्तरशततमोऽध्यायः { १०५ अध्याय }

क उवाच

ततो भाद्रचतुर्थ्यान्तु ते सर्वे मुनिबालकाः ।
मृदमाहर्तुमायाता विमलां तामथानयन् ।।१।।

स्वस्वबुद्ध्या विधायाशु मूर्तीर्नानाविधाः शुभाः ।
सिंहारूढा मयूरस्थाः काश्चिन्मूषकसंस्थिताः ।।२।।

नानायुधधरा नानादिव्यालङ्कारसंयुताः ।
चतुर्भुजा गणेशस्य दिव्यगन्धाम्बराः शुभाः ।।३।।

भक्त्या परमयाऽपूजन्नुपचारैः पृथक् पृथक् ।
मण्डपे ताः प्रतिष्ठाप्य पुष्पादर्शप्रभायुजि ।।४।।

पद्मपुष्पयुता माला ददुस्ताः सुमनोहराः ।
वाद्यत्सु तूर्यघोषेषु नगरी हर्षमाप सा ।।५।।

गौरी तस्यां जन्मतिथौ द्वादशाब्दिकमर्भकम् ।
स्नापयामास च ददौ वायनानि सुवासिनी ।।६।।

सम्पूज्य विधिवद् भक्त्या हरिद्राकुङ्कुमादिभिः।
एतस्मिन्नन्तरे दैत्यो विश्वदेव इति श्रुतः ।।७।।

भगवद्रूपमास्थाय श्रीमुद्राङ्कितमाययौ ।
शङ्खचक्रगदापद्मवनमालालसत्तनुः ।।८।।

तुलसीदामरुचिरो दिव्यवस्त्रानुलेपनः ।
कमण्डलुं वारिपूर्णं वेणुदण्डं दधौ करे ।।९।।

गौरी तमतिथिं द्वारि तिष्ठन्तं प्राह भक्तितः ।
कुत आगम्यते ब्रह्मँस्तुष्टाऽहं तव तेजसा ।।१०।।

इत्युक्तः प्राह तां विप्रः श्रुतवानस्मि यत् पुरा ।
तद् दृष्ट्वा नयनाभ्यान्ते परितुष्टं मनो मम ।।११।।

क्षुधया पीडितश्चाहं भवतीगृहमागतः ।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि भाद्रशुक्ल चतुर्थी तिथिमा ती सबै मुनिबालकहरू माटो खन्न जङ्गलतर्फ गई निर्मल र शुद्ध माटो लिएर आए ।।१।। तिनले आ-आफ्नो बुद्धिअनुसार अनेक थरि मङ्गलमय श्रीगणेशका मूर्ति तयार गरे। तिनले बनाएका मूर्तिहरूमध्ये कुनै श्रीगणेशमूर्ति मयूरमा सवार थिए । कुनै मूसामा सवार श्रीगणेशका मूर्ति थिए । अनेक थरि आयुधले सुहाएका, वस्त्र एवं अलङ्कारले सजिएका ती मूर्तिमध्ये कुनै चार हातले सुहाएका थिए, कुनै मूर्ति दिव्यगन्धले सुवासित वस्त्रहरूले युक्त थिए ।।२-३।। ती बालकहरूले नानाथरि मूर्तिहरूको भक्तिपूर्वक अनेक उपचारहरूबाट अर्चना गरे । पुष्प र ऐनाहरूको कान्तिले शोभायमान मण्डपमा ती मूर्तिहरूको प्रतिष्ठा गरी तिनले कमल र पुष्पले सुन्दर माला पहिराएर शृङ्गार गरे । त्यस बेला बाजा-गाजा बज्न थाले । त्यो नगर नै अत्यन्त आनन्दित भयो ।।४-५।। भगवती पार्वतीले पनि भगवान् श्रीगणेशको जन्मदिन भाद्रशुक्ल चतुर्थीमा बाह्र वर्ष पूरा भएका आफ्ना प्यारा छोरा श्रीगणेशलाई नुहाइदिनुभयो र उपहार एवं वस्त्र टक्र्याउनुभयो । सौभाग्यवती नारीहरूको विधिवत् अबीर र कुङ्कुमले पूजा गर्नुभयो। पूजा चलिरहेकै समयमा एउटा विश्वदेव नामक दैत्य श्रीमुद्राङ्कित नारायणको रूप धारण गरी त्यहाँ आयो ।।६-७।। त्यसको शरीर शङ्ख, चक्र, गदा र पद्मद्वारा शोभायमान थियो । त्यसले घाँटीमा तुलसीको माला धारण गरेको थियो । त्यो दिव्य चन्दनको लेप र दिव्य वस्त्रले सुहाएको थियो । हातमा जलपूर्ण कमण्डलु र बाँसको दण्ड धारण गर्ने त्यस दानवलाई आफ्नो घरको ढोकामा उभिएको देखेर भक्तिपूर्वक जगदम्बा पार्वतीले भन्नुभयो- 'हे ब्राह्मण देवता ! तपाइँ कहाँबाट आउँदै हुनुहुन्छ ? तपाइँको तेजोमय मुखमण्डल देखेर मेरो मन सन्तुष्ट छ ।।८-११।।' यसरी प्रश्न गरिंदा छद्मब्राह्मणका रूपमा आएको विश्वदेवनामक दानवले भन्यो – मैले तपाइँको जस्तो विशेषता सुनेको थिएँ, आँखाबाट त्यस्तै देखेर मेरो मन प्रसन्न भएको छ । म भोकले साह्रै व्याकुल भएर तपाइँको घरमा आएको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वत्युवाच

आस्यतां भुज्यतां स्वस्थं स च तत्रासने स्थितः ।।१२।।

आसीनस्य मयूरेशो विष्टरेऽक्षालयत् तदा ।
चरणौ तत्तीर्थजलैः सिषेच सर्वतोऽमलैः ।।१३।।

सम्पूज्य भोजयामास पक्वान्नैः पायसैरपि ।
अपोशानकरस्तूष्णीमासीच्चिन्तातुरो द्विजः ।।१४।।

उमोवाच द्विजं पश्चाद् भुज्यतां भुज्यतामिति ।
यदि नान्नं मनोयोग्यं तदा दास्येऽतिवाञ्छितम् ।
वद तच्छीघ्रमानेष्ये शङ्करस्य प्रभावतः ।।१५।।

द्विज उवाच

क्षीरार्णवस्थितं देवं दृष्ट्वा नित्यं भुनज्म्यहम् ।
जलं पिबामि तच्चाद्य विस्मृतं मोहतो मया ।।१६।।

उमोवाच

पूर्वमेव कथं नोक्तो नियमस्ते द्विजोत्तम ।!
पात्रादुत्थाय गन्तासि कथं सत्त्वविलुम्पक ।।१७।।

शङ्करः क्षोभमापन्नो न जाने किं करिष्यति ।।१८।।

मयूरेशोऽब्रवीत् तत्र यदि भावो दृढो हृदि ।
तदात्रैव भवेत् पद्मनाभेर्दर्शनमाशु ते ।।१९।।

प्रायो भाग्यं महद् दृष्टं यत् पक्वान्नञ्च पायसम् ।
त्यक्त्वा व्रजसि कुत्र त्वं मूढभावेन वा द्विज ।।२०।।

बहुजन्मतपोभिर्यत्कटाक्षो भुवि लभ्यते ।
तया ते परिविष्टान्नं कथं त्यजसि सुव्रत ।।२१।।

पार्वतीले भन्नुभयो – हे ब्राह्मणदेव ! तपाइँ यो आसनमा बस्नुहोस् र आनन्दपूर्वक भोजन गर्नुहोस् । पार्वतीले त्यसो भन्नुभएपछि त्यो छद्मब्राह्मण उहाँले टक्र्याएको आसनमा बस्यो।।११-१२।। श्रीगणेशले आसनमा बसेका छद्मब्राह्मणका चरणहरूलाई निर्मल तीर्थको जलद्वारा प्रक्षालन गर्नुभयो । पूजा गरेपछि मीठा पकवान र खीरसमेत भोजन गराउन लागनुभयो। त्यो छद्मब्राह्मण हातमा आचमनको जल लिएर चिन्तित मुद्रामा बसिरह्यो ।।१३-१४।। त्यसलाई त्यसै बसिरहेको देखेर पार्वतीले भन्नुभयो– 'हे ब्राह्मण ! किन मौन हुनुहुन्छ ? भोजन गर्नुहोस्। यदि तपाईँलाई हामीले टक्र्याएको भोजन मन परेन भने तपाईँलाई कस्तो भोजन मन पर्छ त्यस्तै भोजन टक्र्याउँछु, भन्नुहोस् – कस्तो भोजन टक्र्याऊँ ? म तपाईँले चाहेजस्तो भोजन ल्याउनेछु। भगवान् कैलासपति शङ्करका प्रतापले यहाँ कुनै कुराको कमी छैन' ।।१५।।

छद्मब्राह्मणले भन्यो – 'हे पार्वती ! क्षीरसागरमा शेषशायी भएर रहनुभएका नारायण भगवान्‌को दर्शन गरेर नित्य भोजन र जल ग्रहण गर्ने गरेको छु । आज अज्ञानका कारण मैले त्यो कुरा बिर्सिएँ । त्यसो भएर म मौन बसिरहेको छु' ।।१६।।

पार्वतीले भन्नुभयो – हे ब्राह्मण ! तपाइँले पहिले नै आफ्नो नियम किन बताउनुभएन ? संस्कार त्याग गर्न चाहने हे ब्राह्मण ! टक्र्याइएका भोजनको थाल यसै छोडेर तपाइँ कसरी जान सक्नुहुन्छ ? तपाइँ त्यत्तिकै भोजन त्याग गरेर जानुभयो भने भगवान् शङ्कर क्रुद्ध हुनुहुनेछ । त्यस अवस्थामा उहाँले जे पनि गर्न सक्नु हुन्छ ।।१७-१८।। त्यसै बेला श्रीगणेशले पनि ब्राह्मणलाई लक्षित गर्दै भन्नुभयो – 'हे ब्राह्मण! यदि तपाइँको भगवान् नारायणमा दृढ भक्ति छ भने यहीं नै छिट्टै भगवान् नारायणको दर्शन पाउन सक्नु हुनेछ । पकवान र पायसको भोजन गर्न पाउनु पनि ठूलै भाग्यले जुरेको हुन्छ। हे ब्राह्मण ! यस्तो भोजनलाई मूर्खतापूर्वक छोडेर तपाइँ कहाँ जानुहुन्छ ? ।।१९-२०।। अनेक जन्मका तपबाट मात्र जसका कटाक्षका दर्शन पाउन सकिन्छ, त्यस्ती जगज्जननी पार्वतीले आफ्नै हातले पस्केर टक्र्याएको अन्न तपाइँले कसरी त्याग गर्न सक्नुहुन्छ ? ।।२१।। ब्रह्मा आदि देवताले पनि जसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मादीनां न गम्या या दृष्टा साक्षात् त्वया शिवा ।
सर्वलोकस्य जननी सर्वयोषिद्वरा हि सा ।।२२।।
सर्वेषामेव देवानां शक्तिः सा परमाद्भुता ।
तद्दर्शनेन देवस्य विष्णोर्जातं हि दर्शनम् ।।२३।।
चकोरस्येवाग्निभुजो मिष्टान्नं नैव रोचते ।
तथा किन्ते न रोचेत देवान्नममृतोपमम् ।
मम वा सर्वरूपस्य दर्शने सा दृशिर्भवेत् ।।२४।।

द्विज उवाच

रमापतेरहं दासो न नमस्यामि किञ्चन ।
यदि त्वं सर्वरूपोऽसि यदि सामर्थ्यमस्ति ते ।।२५।।
तदा दर्शय विश्वेशं नारायणमनामयम् ।
एवं बुद्ध्वा दृढं तस्य निश्चयं स मयूरराट् ।।२६।।
अन्तर्धाय प्रादुरासीन्नारायणस्वरूपवान् ।
पीताम्बरः शङ्खचक्रगदापद्मधरो विभुः ।।२७।।
नानालङ्काररुचिरः सर्वालङ्कारसुन्दरः ।
कौस्तुभेन लसद्वक्षा वनमालाविभूषितः ।।२८।।
शेषशायी महालक्ष्म्या संवाहितपदाम्बुजः ।
विश्वदेवश्च तं दृष्ट्वा ननाम परिपूज्य च ।।२९।।
यातस्तन्मयतां भक्त्या विस्मृत्य च शरीरताम् ।
उवाच च चिदानन्दपरिपूर्णो द्विजोत्तमः ।।३०।।
अद्य धन्यं जनुर्मेऽद्य जीवितञ्च सुजीवितम् ।
अद्येयं नगरी धन्या धन्यौ तौ पितरौ मम ।।३१।।
मयूरेशोपदेशेन भवान्या दर्शनेन च ।
परात्परस्य विष्णोस्ते चराचरस्वरूपिणः ।।३२।।
लब्धं दर्शनमत्रैव सर्वान्तर्यामिणो विभोः ।
नारायणोऽपि तं भक्तं बाहुभिः परिषस्वजे ।।३३।।
उवाच च प्रसन्नात्मा बाष्पगद्गदया गिरा ।
मदर्थं त्यक्तवान् भुक्तिं क्षीराब्धेरहमागतः ।।३४।।
दृष्ट्वा ते निश्चयं भक्तिं दृढामव्यभिचारिणीम् ।
भक्तमार्गं प्रसिञ्चामि मारुतोद्धतकण्टकम् ।।३५।।

सजिलै दर्शन पाउनु हुन्न त्यस्ती पार्वती माताको दर्शन आज तपाईंले पाउनुभएको छ । पार्वती माता सम्पूर्ण संसारकी माता हुनुहुन्छ, सम्पूर्ण नारीहरूमा श्रेष्ठ नारी हुनुहुन्छ, सबै देवताहरूकी अद्भुत शक्तिरूपा हुनुहुन्छ, जगज्जननी पार्वतीको दर्शन गरेपछि भगवान् विष्णुको दर्शन भएन र ? आगो खाने चखेवालाई मिठाई मन पर्दैन, के त्यस्तै तपाईंलाई पनि अमृतमय यो अन्न मन पर्दैन ?' यति भनेपछि श्रीगणेशले मनमनै भन्नुभयो मेरा सर्वव्यापक स्वरूपको दर्शन गरेपछि त्यसले नारायणको दर्शन गर्नेछ ।।२२-२४।।

छद्मब्राह्मणले भन्यो - 'म लक्ष्मीपति नारायणको सेवक हुँ, मैले अरू कुनै देवतालाई नमस्कार गर्ने गरेको छैन। यदि तपाईं सर्वरूप हुनुहुन्छ र तपाईंको त्यस्तो शक्ति छ भने तपाईंले निरामय विश्वका स्वामी नारायणलाई यहाँ देखाउनुहोस्। त्यस छद्मब्राह्मणको त्यो कुरा सुनेर भगवान् मयूरेशले पनि अन्तर्धान भएर नारायणको स्वरूप लिई त्यसलाई दर्शन दिनुभयो। पीताम्बर, शङ्ख, चक्र, गदा, पद्म धारण गर्ने, शाश्वतस्वरूप, अनेक अलङ्कारद्वारा अलङ्कृत, कौस्तुभमणिलाई वक्षस्थलमा धारण गर्नुहुने, वनमालाद्वारा सुहाउनुभएका, शेषशायी र महालक्ष्मीद्वारा पाउ दबाएर सेवा गरिनुभएका भगवान् नारायण त्यहाँ अकस्मात् प्रकट हुनुभयो । विश्वदेव राक्षसले नारायणको स्वरूप देखेर पूजा गरी प्रणाम गर्‍यो ।।२५-२९।। त्यो छद्मब्राह्मण भक्तिले तन्मय भयो र त्यसले शरीरभाव पनि बिर्सिएर चिदानन्दपूर्ण हुँदै भन्यो - 'आज मेरो जन्म धन्य भयो, जीवन सफल भयो, यो नगरी धन्य भयो, मेरा माता-पिता धन्य हुनुभयो, श्रीगणेशको उपदेश र भगवती पार्वतीको आशीर्वादको फलस्वरूप चराचरमय, परात्पर नारायण प्रभुको यहाँ दर्शन गर्न पाएँ ।' त्यसपछि भगवान् नारायणले पनि आफ्ना चारैभुजा फैलाएर त्यसलाई अङ्कमाल गर्नुभयो । भगवान् विष्णुले प्रसन्न भएर हर्षाश्रु बगाउँदै भन्नुभयो - 'हे भक्त ! मेरा लागि तिमीले भोजन नै छोड्यौ भन्ने थाहा पाएँ । त्यसपछि म क्षीरसागरबाट दौडी दौडी यहाँ आएको छु ।।३०-३४।। तिम्रो दृढ निश्चय, दोषहीन र अक्षय्य भक्ति देखेर मैले भक्तको मार्गलाई हावाद्वारा निष्कण्टक तुल्याई कृपाले सिञ्चन गर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्ततृषानिवृत्त्यर्थं जातोऽहं जलरूपधृक् ।
नानारूपधरो जातो भक्तानामार्तिनाशनः ।।३६।।
यथा भक्तः प्रियो नित्यमिति ते दर्शयाम्यहम् ।
अभूद् भाद्रचतुर्थ्यां हि मयूरेशमहोत्सवः ।।३७।।
मूर्तिं महीमयीं कृत्वा बर्ह्याखुसिंहगां पृथक् ।
नानालङ्कारशोभाढ्यां नानारङ्गैः सुशोभिताम् ।।३८।।
अनेकैः पूज्य तां सम्यग्बालकैर्मुनिसञ्चयैः ।
केचिदग्रे प्रगायन्ति केचिन्नृत्यन्ति भक्तितः ।।३९।।
वाचयन्ति पुराणानि प्रदक्षिणपराः परे ।
एतस्मिन्नन्तरे पौत्रो वसिष्ठस्य महात्मनः ।।४०।।
पराशर इति ख्यात आययौ स्वेच्छया मुनिः ।
स चतुर्वार्षिको मूर्तिं विदधे भक्तितत्परः ।।४१।।
शुष्कपर्णकृतां मालां कृत्वा तस्मै न्यवेदयत् ।
गन्धबुद्ध्या कर्दमेन तां व्यलेपयदादरात् ।।४२।।
मिष्टान्नानि च लड्डूकान् दक्षिणाञ्च फलानि च ।
न्यवेदयत् तदा पत्रैरनेकैः कर्दमैरपि ।।४३।।
सङ्कल्पं लीलया चक्रे जङ्घावाद्यं शनैः शनैः ।
मुहूर्तं नर्तनं कृत्वा रुरोद भक्षयेति च ।।४४।।
सम्प्रार्थ्य मूर्तिं बहुधा ततः सा चेतनां ययौ ।
यद् यत् तेन यदुद्देशात् स्थापितं पुरतोऽभवत् ।।४५।।
तत्तथैव च सञ्जातं ततः साऽभक्षयत् तदा ।
लड्डूकान् मोदकान् नाना पक्वान्नं पायसान्वितम् ।।४६।।
विश्वदेवश्च तद् दृष्ट्वा मिथ्याभूतं यथार्थवत् ।
मृत्तिकान्नानि सत्यानि सर्वं पुष्पफलादिकम् ।।४७।।
सचेतनाञ्च तां मूर्तिं षड्भुजाञ्च पुनः पुनः ।
व्यलोकयद् विष्णुरूपां चतुर्बाहुविराजिताम् ।।४८।।
उवाच सततं देवं किमिदं मृत्तिकाशनम् ।

मूर्तिरुवाच

भक्त्या यदर्पितं मह्यं सुधारससमं भवेत् ।।४९।।
अभक्तार्पितममृतं विषमेव भवेन्मम ।

म भक्तको प्यास मेटाउन पानीको रूप धारण गर्दछु । मैले भक्तहरूको कष्टनिवृत्तिका लागि अनेक पटक अनेक रूप धारण गरेको छु । मलाई भक्त प्यारो हुन्छ भन्ने कुरा मैले तिमीलाई देखाउँछु ।' यसो भनेपछि भगवान्‌ले आफ्नो माया देखाउनुभयो । त्यसै बेला भाद्रशुक्ल चतुर्थीमा हुने मयूरेशको उत्सवको दृश्य देखियो ।।३५-३७।। अनेक बालक र मुनिहरूल मयूर, सिंह र मूसाको वाहनमा सवार, अनेक थरि अलङ्कारको शोभाले सम्पन्न र अनेक वर्णले शोभायमान माटाले बनेका मूर्तिहरूको आराधना गरिरहेका थिए । केहीले गीत गाएका थिए भने कुनै भक्तिले नाचिरहेका थिए । केही ब्राह्मणहरू पुराणवाचनमा व्यस्त थिए र कुनै श्रीगणेशमूर्तिको परिक्रमा गरिरहेका थिए । त्यसै बेला वसिष्ठका नाति र पराशरका नामबाट प्रसिद्ध मुनि त्यहाँ आइपुगे ।।३८-४०।। तिनले पनि आफू चार वर्षका बालक बनेर श्रीगणेशको मूर्ति निर्माण गरे। सुकेका पातले बनेको माला टक्र्याए । चन्दनको भावमा तिनले त्यस मूर्तिमा हिलो लेपन गरे। मिष्टान्न, लड्डू र दक्षिणाका रूपमा रूखका पात र हिलो चढाए । लीलापूर्वक सङ्कल्प गरेर बाजाको रूपमा आफ्ना जाँघहरू बजाए । एक मुहूर्त त्यहाँ नाचेपछि रोएर आफूले चढाएको नैवेद्य खान आग्रह गरे ।।४१-४४।। तिनले धेरै पटक प्रार्थना गरेपछि तिनले पूजा गरेको माटाका मूर्तिमा चेतना आएको देखियो । जुन भावना गरेर पराशरले जस्तो-जस्तो माटो आदि पदार्थ टक्र्याएका थिए, ती वस्तु त्यसैरूपमा देखिए । त्यसपछि त्यो श्रीगणेशमूर्तिले लड्डू, मनभोग र खीरसमेत अन्य भोज्यपदार्थ खाएको देखियो । विश्वदेवले मायाद्वारा बनाइएको दृश्यलाई यथार्थ ठान्यो । माटाका नैवेद्यहरू, सम्पूर्ण फलफूल र सचेतन एवं छ हातको त्यस मूर्तिलाई बारबार हेरिरह्यो। पटक-पटक हेर्दा त्यो श्रीगणेशको मूर्ति चतुर्बाहु विष्णुको रूपमा बदलिएको देख्यो ।।४५-४८।। त्यसपछि त्यसले भगवान् नारायणलाई भन्यो - हजुरले किन ऋषिले टक्र्याएका माटोले बनेका पदार्थ खानुभयो ?

चतुर्बाहु विष्णुले भन्नुभयो - हे विश्वदेव ! मलाई भक्तिपूर्वक चढाइएका पदार्थ जस्ता भए पनि अमृतरससमान लाग्दछन् । भक्तिहीन मानिसले टक्र्याएको अमृत पनि मलाई विषबराबर हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

एवं तद्वचनं श्रुत्वा विश्वदेवोऽब्रवीत् पुनः ।।५०।।

कस्ते भक्तो मम च तं दर्शयस्व सुरेश्वर !
ततस्तस्य करं धृत्वा बहिरायान्मयूरराट् ।।५१।।

गृहे गृहे पूज्यमानं देवं तस्मै व्यदर्शयत् ।
शिखिनं स समारूढं मयूरेशमलोकयत् ।।५२।।

तत्रापि पर्यपश्यत् स विश्वदेवयुतञ्च तम् ।
नायं मम भवेत् स्वामीत्येवं बुद्धिं विसृज्य ताम् ।।५३।।

गृहे गृहे विश्वदेवो नारायणमलोकयत् ।
सर्वत्र स ददर्शाऽथ पूज्यमानं गुणेश्वरम् ।।५४।।

क्वापि क्वापि मयूरेशं ददर्श विष्णुरूपिणम् ।
पुनरालोकयन् तत् तन्मयूरेशमलोकयत् ।।५५।।

भुजं स्वं परिगृह्यैव बहिर्यातं स्वलीलया ।
आक्षिप्य हस्तं स प्रायान्नायं स्वामी ममेति च ।।५६।।

अटन् गृहे गृहे सोऽथ पूज्यमानं ददर्श ह ।
मयूरेशं वाद्यघोषैर्नृत्यगीतैरनेकधा ।।५७।।

क्वापि दृष्ट्वा विष्णुरूपं नमस्कर्तुं ययावथ ।
पुनर्मयूरेशरूपं ददर्श स शिखिस्थितम् ।।५८।।

गरुडारूढमन्यत्र शेषारूढं तथा क्वचित् ।
नमस्कर्तुं यदा याति विश्वदेवो मुदा युतः ।।५९।।

तावत् सिंहसमारूढं पश्यति स्म पुनः पुनः ।
भुञ्जन्तञ्च रमन्तञ्च स्वपन्तञ्च ददर्श सः ।।६०।।

ब्रह्माजीले भन्नुभयो- चतुर्बाहु मूर्तिका यी कुरा सुनेर विश्वदेवले भन्यो- हजुरको भक्त कुन हो ? मलाई त्यस भक्तको दर्शन गराउनुहोस्। यो कुरा सुनेर विष्णुका रूपमा परिणत भगवान् मयूरेशले त्यसको हात समातेर त्यसलाई बाहिर लिएर आउनुभयो ।।४९-५१।। त्यहाँ बाहिर आई उहाँले विश्वदेवलाई घर-घरमा पूजा गरिएका मयूरमा सवार श्रीगणेशलाई देखाउनुभयो। त्यसले जहाँसुकै श्रीगणेशको पूजा भइरहेको देख्यो । ती पूजिने मूर्तिहरूका साथ त्यो दानव विश्वदेवलाई पनि बसेको अवस्थामा देखाउनुभयो । यी श्रीगणेश मेरा स्वामी होइनन् भन्ने दुर्बुद्धि हटाएर विश्वदेवले फेरि ती मूर्तिहरूलाई हेऱ्यो । घर-घरमा पूजा भइरहेका नारायणका मूर्तिलाई र आफूद्वारा पूजा गरिएका श्रीगणेशमूर्तिलाई पनि हेऱ्यो । सबै मूर्तिहरू नारायणमय बनेका थिए । केही बेरपछि फेरि हेऱ्यो र ती सबै मूर्तिलाई त्यसले श्रीगणेशकै मूर्तिका रूपमा बदलिएको र त्यहाँ भक्तहरूले पूजा गरिरहेको दर्शन गऱ्यो । कहीं त्यसले मयूरेशलाई विष्णुका रूपमा र कहीं विष्णुलाई मयूरेशका रूपमा देख्यो ।।५२-५५।। आफ्नो लीला र माया देखाउँदै विश्वरूपको हात समातेर लौ हेर लौ हेर भनिरहनुभएका श्रीगणेशको हात फ्याँकिदिएर विश्वदेवले भन्यो- तपाइँ जेसुकै भन्नुहोस्, यी श्रीगणेश मेरा ईश्वर होइनन्। त्यसपछि पूजाको दृश्य हेर्न त्यो विश्वरूप प्रत्येक गृहस्थका घरमा पुग्यो। त्यहाँ-त्यहाँ त्यसले वाद्यघोष, मन्त्रघोष, नृत्य र गीतका साथ श्रीगणेश भगवान्को पूजा चलिरहेको देख्यो। कुनै घरमा श्रीगणेशको मूर्तिलाई विष्णुको रूपमा देखी अब नमस्कार गर्छु भनेर नजिकै पुग्दा त्यसले त्यस मूर्तिलाई मयूरमा सवार हुनुभएका मयूरेश श्रीगणेशका रूपमा दर्शन पायो ।।५६-५८।। कहीं त्यस मूर्तिलाई गरुडमा सवार भएका नारायणका रूपमा देख्यो भने कहीं शेषनागको शय्यामा शयन गर्नुहुने नारायणका रूपमा पनि देख्यो। यसरी देखेर भक्तिपूर्वक प्रणाम गर्न जाँदा तुरुन्तै त्यस मूर्तिलाई सिंहमा सवार भगवान् श्रीगणेश बनेको देख्यो । विश्वरूपले कहीं भगवान् श्रीगणेशलाई भोजन गरिरहेको अवस्थामा देख्यो, कहीं शय्यामा शयन गर्नुभएको अवस्थामा देख्यो ।।५९-६०।। विश्वरूप विस्मित, भ्रान्त र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः खिन्नो विश्वदेवो वसिष्ठद्वारमागमत् ।
ततोऽब्रवीन्मयूरेशः पश्य मे भक्तमुत्तमम् ।।६१।।

ततः पराशरं सोऽथ ददर्श पुरतः स्थितम् ।
मृन्मयैरुपचारैस्तं पूजयन्तं गुणेश्वरम् ।।६२।।

भक्षयन्तञ्च लड्डूकान् मृन्मयान् देवमेव च ।
पश्यति स्म पुनर्व्योम्नि जले भूमौ तमेव सः ।।६३।।

क्षणं नारायणं देवं मयूरेशं क्षणादपि ।
ततः स्वभेदबुद्धिं स्वां तत्याज भ्रान्तिमेव च ।।६४।।

सर्वभावेन तं नत्वा स्तुत्वाऽभेदंधिया पुनः ।
अनुज्ञातो मुदा प्रायाद् विश्वदेवः स्वमाश्रमम् ।।६५।।

खिन्न भयो। त्यसपछि विश्वदेव वसिष्ठ ऋषिको ढोकामा पुग्यो। त्यहाँ पुग्दा मयूरेश भगवान्‌ले 'हे विश्वरूप! यहाँ आइपुग्यौ ? ल मेरा परमभक्तको दर्शन गर' भन्नुभयो । त्यस बेला विश्वदेवले भक्तका रूपमा आफ्ना सामु ऋषि पराशरलाई देख्यो । ती पराशर माटाका लड्डू चढाएर भगवान् श्रीगणेशको पूजा गरिरहेका थिए । पराशरले चढाएका माटाका लड्डूलाई स्वादपूर्वक चाखिरहनुभएका श्रीगणेशको पनि दर्शन गऱ्यो । केही बेरपछि आफ्नो चारैतिर आकाश र धर्तीमा आँखा लगाउँदा त्यसले श्रीगणेशलाई आकाशमा, धर्तीमा र जलमा पनि दर्शन गऱ्यो। यस्ता दृश्यावलीहरूको दर्शनपछि नारायण र श्रीगणेशमा कुनै भेद छैन भन्ने भावना बलियो भयो । अनि त्यसले भेदबुद्धि र भ्रान्तिलाई त्याग गरेपछि भगवान् श्रीगणेशको मूर्तिमा प्रणाम गरी अभेद भावनाका साथ आफ्नो आश्रम जानका लागि प्रस्थान गऱ्यो ।।६१-६५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विश्वदेवभेदबुद्धिनिरासो नाम पञ्चाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'मयूरेश्वरद्वारा नारायणभक्त विश्वदेवब्राह्मणको देवताहरूप्रतिको भेदबुद्धि निराकरण' शीर्षकान्वित एक सय पाचौं अध्याय पूर्ण भयो ।।१०५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षडुत्तरशततमोऽध्यायः { १०६ अध्याय }

क उवाच

ततस्त्रयोदशे वर्षे नमस्कृत्य महेश्वरम् ।
भस्माङ्गरागरुचिरं पञ्चास्यं दिग्भुजं शुभम् ।।१।।

रुण्डमालाधरं सुप्तं चन्द्रशेखरमच्युतम् ।
मयूरेशोऽथ जग्राह शशिनं तच्छिरोगतम् ।।२।।

क्रीडन् बहिः समायातो बालकैः परिवारितः ।
सुहृद्भिः परिनृत्यद्भिर्वदद्भिश्च परस्परम् ।।३।।

एतस्मिन्नन्तरे तत्र दैत्यो मङ्गलसंज्ञकः ।
करालवदनः क्रोडी विजेता परमाद्भुतः ।।४।।

वराहरूपो बलवान् दन्तच्छिन्नमहीरुहः ।
वज्रसारसटाभिः स भिन्दन् व्योमपदैर्धराम् ।।५।।

अञ्जनाद्रिरिव श्यामो वह्निकुण्डनिभेक्षणः ।
दृष्ट्वा तं विद्रुता बाला वर्षाघननिभस्वनः ।।६।।

न दृष्टः सूकरः क्वापीदृश इत्यब्रुवंश्च ते ।
यावन्मारयते बालाँस्तावद् देवो मयूरराट् ।।७।।

दधार दन्तयोर्दुष्टं तदा सूकरदानवम् ।
अथापरेण हस्तेन दधाराधरपोत्रकम् ।।८।।

पाटयामास सहसा वंशखण्डमिवार्भकः ।
पूर्वदेहं समास्थाय दशयोजनविस्तृतम् ।।९।।

पतितश्चूर्णयन् वृक्षान् दारयन् धरणीतलम् ।
ततस्तमब्रुवन् बाला धन्योऽयं पार्वतीसुतः ।।१०।।

क्षणेन नाशितो दैत्यो लीलयाऽसौ महाबलः ।
अस्य दर्शनतस्त्रस्ता वयं याता दिशो दश ।।११।।

पतमानेन येनेह चूर्णितानि गृहाणि च ।

ब्रह्माजीले भन्नुभयो – भगवान् श्रीगणेशले तेह्रौं वर्षमा प्रवेश गर्नुभएको थियो । एक दिन उहाँले भस्मद्वारा अङ्गलेपन गरी फुस्रै देखिनुभएका, पाँच मुख र दुई हातले सुहाउनुभएका, मङ्गलस्वरूप, नरमुण्डधारी, अच्युतस्वरूप र निद्रालीन चन्द्रमौलि शिवजीलाई नमस्कार गरी शिवजीको शिरमा गहना बनेर सुहाएका चन्द्रमालाई शिवजीको शिरबाट झिकेर आफ्नो शिरमा धारण गर्नुभयो ।।१-२।। त्यसपछि नृत्य गरिरहेका आफ्ना साथी बालकहरूसँग क्रीडा गर्दै आश्रम बाहिर जानुभयो । त्यसै बेला त्यस ठाउँमा मङ्गलनामक दैत्यले प्रवेश गर्‍यो । त्यो दैत्य डरलाग्दो अनुहार भएको, ठूलो छातीले युक्त, अद्भुत पराक्रमी र युद्धविजेता थियो ।।३-४।। त्यो दैत्य आफ्ना दाँतहरूको प्रहारबाट रूखहरूलाई पनि ढाल्न सक्ने बलवान् थियो । वज्रजस्ता बलिया जटाधारण गर्ने, आफ्नो हिंडाइबाट पृथिवी र आकाशलाई भेदन गर्न सक्ने, गाजलको पर्वतजस्तै कालो वर्णको र अग्निकुण्डझैं ज्वालामय आँखा भएको, वर्षाको बादलझैं गर्जन गर्ने त्यो मङ्गलनामक दानव त्यहाँ बँदेलको रूप धारण गरेर आएको थियो । त्यसलाई देखेर भागिरहेका बालकहरूले भने – 'यस्तो बँदेल हामीले कहिले पनि देखेका थिएनौं ।' त्यो बँदेलले अचानक बालकहरूमाथि प्रहार गर्न थाल्यो । त्यो देखेर मयूरेश प्रभुले एउटा हातले बनेलको रूप लिएर आएको त्यस दुष्ट दानवलाई समाउनुभयो। त्यसपछि अर्को हातले त्यस दानवको तल्लो दाह्रो समाएर एउटा बच्चाले बाँसलाई दुई फ्याँक पारेझैं दुई फ्याँक पारिदिनुभयो । त्यो दानव दश योजनसम्म फैलिएको सक्कली राक्षसको रूप धारण गरी पृथिवीलाई भेदन गर्दै र रूख-बिरुवालाई धूलो-धूलो बनाउँदै भुइँमा लड्यो । यो घटना देखेपछि श्रीगणेशका बालमित्रहरूले भने – 'यी पार्वतीनन्दन मयूरेश अद्भुत पराक्रमी छन् र धन्य छन् ।।५-१०।। यी हाम्रा बालमित्रले कति सजिलै महाबली दैत्यलाई एकै छिनमा धूलो चटाइदिए । जुन दैत्यलाई देखेर हामी चारैतिर ज्यान जोगाउन भागेका थियौं र जुन दैत्यको शरीर भुइँमा पछारिंदा घरहरू धूलोपीठो भएका थिए । त्यस्तो शक्तिशाली दैत्यलाई पनि हाम्रा मित्रले सजिलै मारिदिए ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

ततः शिवो ललाटे स्वे नापश्यच्छशिनं यदा ।।१२।।
क्रोधसंरक्तनयनो विष्टपं प्रदहन्निव ।
गणानूचे रुषाविष्टो रक्षणं क्रियते कथम् ।।१३।।
केन दैत्येन नीतो मे ललाटस्थोऽमलः शशी ।

क उवाच

ततो लीना गणाः सर्वे कम्पमाना भयातुराः ।।१४।।
अपरे धैर्यमालम्ब्य वदन्ति स्म शिवं प्रति ।
उमाकान्त ! भवत्पुत्रो मयूरेश्वरसंज्ञकः ।।१५।।
क्रीडितुं बहिरायातस्तस्य हस्ते विलोकितः ।
चन्द्रस्तेन कदा नीतो न जानीमो वयं विभो ।।१६।।
इति तद्वचनं श्रुत्वा प्रोचे रुष्टो महेश्वरः ।
कथं नु क्रियते रक्षा भवद्भिर्भक्ष्यतत्परैः ।।१७।।
चन्द्रो वा चन्द्रहर्ता वा यद्यानीतस्तदा शुभम् ।
नो चेद् भस्मीकरिष्यामि सर्वेषां नात्र संशयः ।।१८।।
ततस्ते क्षुब्धमनसो धावमानास्त्वरान्विताः ।
मयूरेशं समभ्येत्य प्राभणन् रुष्टचेतसः ।।१९।।
याहि दुष्ट ! शिवं देवं चन्द्रं वा यच्छ तस्कर ।!
गणवाक्यं परिश्रुत्य चुकोप गणनायकः ।।२०।।
न मेऽस्ति गणना कापि भवतां तस्य वा गणाः ।
जगत्त्रयजनन्या मे तनयस्य प्रभाविणः ।।२१।।

क उवाच

तस्य श्वासेन सर्वे ते वात्या पत्रमिवोद्धृताः ।
पेतुः शिवस्य पुरतो गणा दीनास्तदाऽखिलाः ।।२२।।
अतिरोषान्महादेवः प्रमथादीनथाऽब्रवीत् ।
आनीयतां स दुष्टात्मा बद्ध्वोमातनयो लघुः ।।२३।।
ते तु शीघ्रतरं याता यत्र क्रीडारतः शिशुः ।
ददृशुस्तं शिशुगतं क्रीडन्तमकुतोभयम् ।।२४।।

ब्रह्माजीले भन्नुभयो – त्यस बेला शिवजीले आफ्नो निधारमा चन्द्रमा नदेखेर रीसले राता आँखा गराउँदै संसारै डढाउन लागेझैं रोषको आवेशमा आई गणहरूलाई भन्नुभयो – 'हे गणहरू! तिमी सबै मेरो रक्षामा खटिएका थियौ ? रक्षाको परिणाम के यही हो ? मेरो निधारको निर्मल चन्द्रमालाई कुन दैत्यले झिकेर लग्यो?'

ब्रह्माजीले भन्नुभयो – शिवजीले यसरी रोषपूर्वक भन्नुभएपछि केही गण त भयले थर्थर काँप्दै कतै गएर लुके ।।११-१४।। कुनै गणले धैर्यपूर्वक हात जोडेर भने – 'प्रभो ! हाम्रो गल्ती छैन, हजुरको निधारको चन्द्रमालाई त हजुरकै छोरा मयूरेशले खेलाउँदै बाहिर लैजानुभएको छ । हामीले उहाँको हातमा चन्द्रमा देखेका छौं । हे प्रभु ! उहाँले हजुरको निधारबाट कतिबेला चन्द्रमा झिक्नुभयो ? त्यो कुरा भने हामीलाई थाहा भएन ।।१५-१६।।' ती गणका यस्ता कुरा सुनेर क्रुद्ध हुनुभएका शिवजीले फेरि भन्नुभयो – 'तिमीहरू मेरो र कैलासको कसरी रक्षा गर्दछौ ? चन्द्रमा र चन्द्रमाको चोरलाई यहाँ ल्याउन सक्छौ भने परिणाम राम्रो हुनेछ अन्यथा मैले तिमी सबैलाई खरानी बनाउनेछु ।।१७-१८।। यसमा कुनै सन्देह छैन ।' शिवजीका यी कुरा सुनेपछि दुःखी मन गराएका ती गणहरू वेगपूर्वक श्रीगणेशको खोजी गर्न दौडिए । तिनले श्रीगणेशको नजिकमा गएर भने – 'हे दुष्ट श्रीगणेश ! तिमी आफै शिवजीको छेउमा जाऊ र आफ्ना अपराध स्वीकार गर । जान डराउँछौ भने तिमी चोर हौ, तिमीले चन्द्रमा देऊ ।' शिवगणका कुरा सुनेर श्रीगणेशले पनि रिसाएर भन्नुभयो – 'हे शिवगण ! म स्वर्ग, मर्त्य र पातालकी आमा पार्वतीको प्रतापी पुत्र हुँ । तपाईंहरू उहाँका सेवक हुनुहुन्छ । के उहाँको र मेरो कुनै गणना छैन ? के शिवजी र तपाईंहरूको मात्र गणना छ ?' ।।१९-२१।।

ब्रह्माजीले भन्नुभयो – शिवगणसँग रिसाएका श्रीगणेशले हुङ्कार गर्दा उहाँको श्वास-प्रश्वासबाट ती सबै गणहरू हुरीले सुकेका पात उडाएझैं उडे र शिवजीका सामु गएर भुइँमा पछारिए। ती बिचरा दीन-हीन अवस्थामा थिए । तिनलाई त्यसरी हुरीद्वारा खसालिएको अवस्थामा देखी शिवजीले भन्नुभयो– 'तिमीहरू फेरि गएर त्यस दुष्ट पार्वतीपुत्रलाई डोरीले कसेर यहाँ ल्याउने काम गर' ।।२२-२३।। शिवजीको आदेश पाएपछि ती गणहरू बालकहरूका साथ खेलिरहनुभएका श्रीगणेशको समीपमा पुगे । तिनीहरूले बच्चाहरूको माझमा निर्भय भएर खेलिरहनुभएका श्रीगणेशलाई देखे । श्रीगणेश पनि आफूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेष्टितुं तान् समायातान् मोहयित्वा विनायकः ।
अन्तर्हितश्चतुर्दिक्षु गणास्ते तं व्यलोकयन् ।।२५।।

गृहे गृहे काननेषु नापश्यँस्ते विनायकम् ।
क्वचिद् दृष्ट्वा तु तं प्राहुरस्मदग्रे कथं भवान् ।।२६।।

गन्तुं शक्ता ब्रह्मलोके नेष्यामस्तं स्थितं शिवम् ।
एवमन्तर्हितो दृश्यो वारं वारं बभूव सः ।।२७।।

ततः खिन्नान् गणान् दृष्ट्वा परमात्मा कृपान्वितः ।
तस्थौ तत्पुरतः सम्यग्दृष्ट्वा तं हर्षनिर्भराः ।।२८।।

बबन्धुर्गिरिजासूनुं निन्युस्ते शङ्करं प्रति ।
पृथिवीभारसदृशमुपविष्टं तु ते गणाः ।।२९।।

न शेकुरुत्थापयितुं ततो विस्मितमानसाः ।
हतोद्यमा गणाः सर्वे शिवमेत्य समूचिरे ।।३०।।

सर्वे वयं समानेतुमेनं शक्ता न शङ्कर !
आज्ञापयामास शिवो नन्दिनं पुरतः स्थितम् ।।३१।।

झटित्यानय गच्छ त्वं मयूरेशं तु तस्करम् ।

नन्द्युवाच

शेषं सूर्यं शशाङ्कञ्च हनिष्येऽहं तवाज्ञया ।।३२।।
कनीयसो न मे काचिद् गणनाऽस्ति महेश्वर ।।

क उवाच

इत्युक्त्वाऽगाद् वायुवेगो भञ्जन् वृक्षाँश्च पर्वतान् ।।३३।।

क्रोधसंरक्तनयनस्तीक्ष्णशृङ्गो ग्रसन् दिवम् ।
उवाच तं मयूरेशं याहि रे ! त्वं शिवं प्रति ।।३४।।

डोरीले बाँध्न तम्सिएका शिवगणलाई मोहित बनाउँदै अन्तर्धान हुनुभयो । ती सबैले चारैतिर श्रीगणेशलाई हेरे ।।२४-२५।। तर तिनीहरूले कहीं पनि श्रीगणेशको दर्शन पाएनन्। घर-घरमा र जङ्गल-जङ्गलमा घुम्दा पनि तिनले श्रीगणेशको दर्शन पाउन सकेनन् । खोज्दै जाँदा एउटा कुनामा लुकिरहनुभएका श्रीगणेशलाई देखेर भने- हे श्रीगणेश! अब हाम्रा सामुबाट तिमी भाग्न सक्दैनौ । हामीले तिमीलाई ब्रह्मलोक पुगेर भए पनि ल्याउन सक्छौं र शिवजीलाई बुझाउन सक्छौं । गणहरूले यस्तो भनेको सुनेर श्रीगणेश पटक-पटक अन्तर्धान हुनुभयो र पटक-पटक प्रकट हुनुभयो । भगवान् श्रीगणेशको अन्तर्धान हुने र प्रकट हुने क्रम धेरै बेरसम्म चलिरह्यो ।।२६-२७।। यसरी श्रीगणेशको आविर्भाव र तिरोधान भइरहेको देखेर शिवगणहरू साह्रै खिन्न भए । तिनीहरूलाई अत्यन्त दुःखित र धर्मसङ्कटमा ग्रस्त देखेर श्रीगणेश तिनका सामु आउनुभयो। उहाँलाई सामुमा देखेर ती सबै अत्यन्त खुसी भए ।।२८।। तिनले श्रीगणेशलाई डोरीले बाँध्न शुरु गरे र श्रीगणेश पनि सजिलै बाँधिनुभयो । त्यसपछि तिनले श्रीगणेशलाई शिवजीको नजिकमा पुऱ्याउन भनी हिंडाए । बीच बाटामा गएर श्रीगणेश भुइँमा बस्नुभयो । तिनीहरूले श्रीगणेशलाई उठाउन खोजे तर उहाँ पृथिवीभन्दा पनि गह्रौं हुनुहुन्थ्यो । ती सबैले धेरै प्रयास गर्दा पनि उहाँलाई उठाउन सकेनन् र चकित भए । असफल भएपछि ती गणहरूले शिवजीसामु गएर बिन्ती गरे ।।२९-३०।। 'हे प्रभु! हामी सबैले मिलेर डोरीले बाँधी श्रीगणेशलाई लिएर आएका थियौं। बीच बाटामा उनी बसे । त्यसपछि हामी सबै मिलेर प्रयास गर्दा पनि तिनलाई उठाउन सकेनौं ।' गणहरूका यस्ता कुरा सुनेर शिवजीले आफ्ना वाहन नन्दीलाई आदेश दिंदै भन्नुभयो- 'हे नन्दी! छिट्टै गएर तिमीले त्यो चोर श्रीगणेशलाई लिएर यहाँ आऊ ।'

नन्दीले भने - 'हे शिवजी ! हजुरको आज्ञा भएमा मैले शेषनाग, सूर्य र चन्द्रमालाई पनि मार्न सक्छु ।।३१-३२।। यी साना बाबुलाई ल्याउने कुरामा त कुनै शङ्का नै गर्नुपर्दैन ।'

ब्रह्माजीले भन्नुभयो- यसरी बिन्ती गरेपछि नन्दी वायुवेगले वृक्षका हाँगा भाँच्दै, पर्वतका शिखर भत्काउँदै, रीसले राता-राता आँखा देखाउँदै र तीखा सिङले आकाशलाई चिर्दै श्रीगणेशका छेउमा पुगेर भने - 'हे श्रीगणेश ! तिमी छिटो आफ्ना पिता शिवजीका सामुमा जान हिंड, अन्यथा मैले समातेर लानेछु। म अरूजस्तो कातर होइन।' नन्दीले यसरी फूर्ति देखाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नो चेदद्यैव नेष्यामि न समो हि गणैरहम् ।
एवं वदति तस्मिँस्तु मयूरेशो रुषान्वितः ।।३५।।

श्वासचक्रेऽक्षिपत् तन्तु गमनागमसङ्कुले ।
तत्याज तं दृढं श्वासादतिखिन्नं शिवान्तिके ।।३६।।

वमन्तं रुधिरं वक्त्रात् पृथिव्यां पतितं तु तम् ।
ब्रुवन्तं पौरुषं नाना मूर्च्छितं द्विमुहूर्ततः ।।३७।।

अपश्यच्च मयूरेशं जानुभागे स्थितं शिवः ।
देदीप्यमानं वपुषा दिव्यभूषासमन्वितम् ।।३८।।

गणा ऊचुः शिवं दृष्ट्वा भालचन्द्रं यथा पुरा ।
ललाटे ते शशी देव ! वृथाज्ञप्ता वयं शिव ।।३९।।

मयूरेशं गणाँश्चाह शशिनं वीक्ष्य मस्तके ।

शिव उवाच

श्रान्तास्ते च गणास्त्वञ्च नन्दी चापि ममाज्ञया ।।४०।।
चन्द्रे स्थिते ललाटे मे वृथा युद्धमभूद्धि यत् ।

प्रमथा ऊचुः

अद्यप्रभृति देवेश स्वामी नोऽस्तु मयूरराट् ।।४१।।

क उवाच

तथेति शिव ऊचे तान् गणराजोऽभवत् तु सः ।
नत्वा शिवं गणेशञ्च गणेशजननीमपि ।।४२।।

प्रशंसयित्वा देवेशं मयूरेशं तथाविधम् ।
गर्जन्तोऽथ गणा जग्मुर्मुदा स्वं स्वं निवेशनम् ।।४३।।

बोलेपछि रिसाउनुभएका श्रीगणेशले आफ्नो श्वास-प्रश्वासको भुमरीमा नन्दीलाई अल्मल्याउनुभयो । दुई मुहूर्तपछि अति खिन्न भएका नन्दीलाई आफ्नो श्वासको हावाले उडाएर शिवजी र पार्वती बस्नुभएको ठाउँमा लगी पछार्नुभयो ।।३३-३६।। पछारिएका नन्दीले मुखबाट रगत बान्ता गरिरहेका थिए । जति पुरुषार्थको फूर्ति देखाए पनि उक्त घटनाका कारण मूर्च्छित र लज्जित भएका नन्दीलाई देख्नुभयो भने आफ्नै घुँडानिर बसेर, बुबा-आमाको अनुहारमा टुलु-टुलु हेरिरहेका, चारैतिर दिव्यकान्ति छरिरहेका र दिव्य वस्त्र धारण गर्ने आफ्ना पुत्र श्रीगणेशलाई पनि उहाँले देख्नुभयो । त्यस बेला शिवगणले शिवजीको निधारमा चन्द्रमालाई जस्ताको तस्तै देखेर शिवजीसँग बिन्ती गरे - 'हे भगवन् ! चन्द्रमा त हजुरकै निधारमा टल्किएका छन् । श्रीगणेशले चोरेको कुरा गलत रहेछ । हजुरले हामीलाई व्यर्थमा आज्ञा दिनुभयो ।' आफ्नो निधारमा टल्किएका चन्द्रमा देखेर शिवजीले श्रीगणेश र गणहरूलाई भन्नुभयो ।।३७-३९ ।।

शिवजीले भन्नुभयो - 'हे शिवगण ! मैले मयूरेश र मेरा गणलाई देखें र चन्द्रमालाई पनि मेरै निधारमा देखें । मेरो आज्ञाले गर्दा व्यर्थमा तिमीहरूले दुःख पायौ । श्रीगणेश थाके र बिचरा नन्दी पनि थाके। आखिर चन्द्रमा त मेरै निधारमा रहेछ। व्यर्थमा तिमीहरूको आपसमा युद्ध भयो ।'

प्रमथ गणले भने - 'हे भगवन् ! आजदेखि हाम्रा स्वामीका रूपमा श्रीगणेश रहनुहुनेछ । यो कुरा हजुरले स्वीकार गर्नुहोस्' ।।४०-४१।।

ब्रह्माजीले भन्नुभयो - शिवगणले यसरी बिन्ती गरेपछि शिवजीले पनि तथास्तु भन्नुभयो र त्यस दिनदेखि मयूरेश श्रीगणेश गणपति, गणनायक एवं गणराज हुनुभयो । ती शिवगण पनि अत्यन्त पुरुषार्थी मयूरेशको प्रशंसा र गर्जन गर्दै सहर्ष आ-आफ्ना स्थानतर्फ गए ।।४२-४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे शिवललाटगतचन्द्रहरणं नाम षडधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शिवजीको निधारको चन्द्रमालाई लुकाउने र देखाउनेजस्तो कौतुकमा रमाउनुहुने श्रीगणेशको लीलानिरूपण' शीर्षकान्वित एक सय छैठौं अध्याय पूर्ण भयो ।।१०६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तोत्तरशततमोऽध्यायः

क उवाच

ततश्चतुर्दशे वर्षे गौतमाद्याः सुरर्षयः ।
आययुर्गिरिजागेहं नानागणयुतं शिवम् ।।१।।

नमस्कृत्य च तानम्बा नानासनगतान् पुरः ।
पूजयित्वा विधानेन प्रोवाच हृद्‌गतं वचः ।।२।।

विघ्नभीत्या परित्यक्तं त्रिसन्ध्याक्षेत्रमुत्तमम् ।
अस्य बालस्य मे विघ्ना अत्रापि बहवोऽभवन् ।।३।।

दिशन्तु विघ्नरहितं कर्म वा स्थानमुत्तमम् ।

मुनय ऊचुः

इन्द्रयागे कृते देवि ! सर्वविघ्नं हरिष्यति ।।४।।

क उवाच

तदेव कारयामास मण्डपं बहुविस्तरम् ।
सम्भारान् कारयामास शक्रसन्तोषकारकान् ।।५।।

आज्ञां गृहीत्वा शम्भोः सा पार्वती हर्षनिर्भरा ।
कारयामास विधिवदिन्द्रयागं महर्षिभिः ।।६।।

ध्यानमावाहनं चक्रुरिन्द्रस्यैते महर्षयः ।
पुपूजुर्गिरिजादेशात् साङ्गमिन्द्रं गणानपि ।।७।।

कुण्डे वह्निं प्रतिष्ठाप्य मन्त्रैरेव द्विजर्षभाः ।
जपानां तद्दशांशेन जुहुवुस्तिलपायसम् ।।८।।

प्रणवाद्यैर्नमोऽन्तैश्च स्वाहान्तैर्मन्त्रसञ्चयैः ।
शान्तिपाठान् पठन्ति स्म चतुर्वेदभवान् द्विजाः ।।९।।

एतस्मिन्नन्तरे बालः क्रीडित्वा बालकैः सह ।
यज्ञवाटमुखो याति दैत्यौ तु कलविङ्कलौ ।।१०।।

तावत् सम्मुखतां यातौ माहिषं रूपमास्थितौ ।
महारवौ महाशृङ्गौ भीषयन्तौ जगत्त्रयम् ।।११।।

सटाभिन्नघनौ पुच्छाद् दारयन्तौ गिरीनथ ।
नासानिरोधपवनाच्चूर्णयन्तौ द्रुमानपि ।।१२।।

{ १०७ अध्याय }

ब्रह्माजीले भन्नुभयो – भगवान् श्रीगणेशले चौध वर्षको उमेरमा पदार्पण गर्नुभएपछि गौतम आदि देवर्षिहरू नाना वैभवसम्पन्न र मङ्गलमय पार्वतीको निवासमा गए ।।१।। पार्वतीले पनि ती सबैलाई नमस्कार गरेर उत्तम आसनमा विराजमान गराई विधिपूर्वक पूजा गर्नुभयो । त्यसपछि आफ्ना मनका कुरा भन्नुभयो – 'हे देवर्षिगण ! मैले विघ्नभयले उत्तम त्रिसन्ध्याक्षेत्र छाडिदिएँ । त्यो ठाउँ छाडेपछि पनि मेरो सानो बालकले यहाँ आएर धेरै विघ्न व्यहोर्नुपर्‍यो ।।२-३।। मलाई हजुरहरूले निर्विघ्न ठाउँ कहाँ छ त्यो बताउनुहोस् र अनेक थरि विघ्न हटाउने उपायको विषयमा पनि उपदेश गर्नुहोस् ।'

मुनिहरूले भने – हे देवी पार्वती ! इन्द्रयाग गरेपछि इन्द्रले सबै विघ्नहरू निवारण गर्नुहुनेछ ।।४।।

ब्रह्माजीले भन्नुभयो – देवर्षिहरूका कुरा सुनेर पार्वतीले अत्यन्त चौडा मण्डप तयार गराउनुभयो र इन्द्रलाई प्रसन्नता र सन्तोष दिलाउने सामग्री तयार गराउनुभयो ।।५।। त्यसपछि भगवान् शङ्करसँग आज्ञा लिएर पार्वतीले हर्षपूर्वक महर्षिहरूद्वारा इन्द्रयाग आरम्भ गराउनुभयो ।।६।। महर्षिहरूले इन्द्रको ध्यान र आवाहन गरेपछि पार्वतीको आदेशअनुसार अङ्गसहित इन्द्रगणको पनि पूजा गरे ।।७।। यज्ञकुण्डमा अग्निको प्रतिष्ठा गरी ती महर्षिहरूले मन्त्रद्वारा हवन गरे । मन्त्रजपको दशांश तिल र खीर हवन गरे। आदिमा प्रणव र अन्तमा नम अथवा स्वाहा पद भएका मन्त्रहरूद्वारा हवन गरियो । ब्राह्मणहरूले चारै वेदमा निहित शान्तिपाठअन्तर्गतका मन्त्रहरू पढे ।।८-९।। क्रीडा गरिरहेका बालकहरूका साथ भगवान् श्रीगणेश पनि यज्ञभूमिको दर्शन गर्न जानुभयो । त्यस बेला कल र विकलनामक दुई दैत्य राँगाको रूप लिएर तिनका सम्मुखमा आए । ठूला-ठूला सिङ भएका ती दैत्य ठूलो स्वरले गर्जन गरिरहेका थिए । त्यस गर्जनबाट त्रिलोकी नै डरले काँपिरहेको थियो ।।१०-११।। ती दैत्यहरूले आफ्ना शरीरका रौंबाट बादललाई चिर्दै र आफ्ना पुच्छरले पर्वत भत्काउँदै नाकको प्वालमा प्राण रोकेर हुँकार गरी वृक्षहरूलाई धूलो-पीठो तुल्याइरहेका थिए ।।१२।। श्रीगणेशलाई मार्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उमासुतं हन्तुकामौ यातौ शीघ्रं तदन्तिकम् ।
प्रायुध्यतां तदा द्वौ तौ मत्ताविव महागजौ ।।१३।।

तयोः शब्देन गगनं गर्जति स्म यथा घनैः ।
जयं भङ्गं क्रमेणोभौ प्रापतू रुधिरोक्षितौ ।।१४।।

विद्रुता मुनिबालास्ते ताभ्यां भीता वृकादिव ।
दूराद् ददर्श गिरिजासुतस्तौ दैत्यपुङ्गवौ ।।१५।।

कथमेतौ महादुष्टौ हनिष्यामीति चिन्तयन् ।
पश्यत्सु तेषु बालेषु चिक्षेप गगने च तौ ।।१६।।

पुच्छे गृहीत्वाऽतिबलौ भ्रामयित्वा पुनः पुनः ।
मुहूर्तात् पतितौ पृथ्व्यां तान् विदार्य द्रुमानपि ।।१७।।

शतधा देहखण्डानि तयोरादन् वृकादयः ।
ततस्ते मुनिबालास्तं ययुर्भक्त्या प्रतुष्टुवुः ।।१८।।

यस्य तत्त्वं न जानन्ति ब्रह्माद्या मुनयोऽपि च ।
सर्वान्तर्यामिणस्ते तु कथं विद्यामहे वयम् ।।१९।।

बाल्यात् प्रभृति दैत्यास्ते नाशिताः कोटिशस्त्वया।
एतौ महिषरूपेण हन्तुं त्वां समुपागतौ ।।२०।।

मूषकाविव संत्यक्तौ पुच्छे धृत्वा स्वलीलया ।
ययोः श्वासेन चलिताः पर्वताश्च द्रुमा धराः ।।२१।।

क उवाच

मयूरेशस्ततः प्रायाद् यज्ञवाटं रमन् रमन् ।
ददर्शेन्द्रमखं रुष्टो ध्वंसयामास तत्क्षणात् ।।२२।।

दूरे क्षिप्त्वा शक्रमूर्तिं प्रोचे सर्वान् मुनीश्वरान् ।
वृतैर्मुनिसुतैः सर्वैः किं कर्म क्रियतेऽमलाः ।।२३।।

किं तुष्टेन प्रदातव्यं वासवेनाखिलार्थिना ।
अजाप्रार्थनया किं नु कामधेनुफलं लभेत् ।।२४।।

चाहने ती दानव बालकहरूको सामुमा आएर आफू-आफूमा नै उन्मत्त हात्तीझैं युद्ध गर्न लागे ।।१३।। युद्धको सिंहनादबाट आकाश पनि बादलझैं गर्जिरहेको थियो । आपसी युद्धबाट रगताम्य भएका राँगाको रूपमा देखिने ती दैत्यहरूले आफ्नो लडाइँमा कहिले विजय र कहिले पराजय प्राप्त गरे ।।१४।। खेलिरहेका बालकहरू ती बलवान् दैत्यहरूसँग डराएर ब्वाँसोसँग डराएका मृगहरू भागेझैं टाढा-टाढा भागे । श्रीगणेशले पनि टाढैबाट ती भयङ्कर दैत्यलाई देख्नुभयो । श्रीगणेशले यिनलाई कसरी मार्ने भनेर चिन्तन गरेपछि आफ्ना बालसखाहरूले हेर्दाहेर्दै ती दुबै दैत्यलाई आकाशमा रिंगाएर भुइँमा फ्याँक्नुभयो । एक मुहूर्तपछि ती दैत्य रूखहरू भाँच्दै पृथिवीमा खसे। तिनका शरीरहरू सयौं टुक्राहरूमा छितरिए । तिनीहरूको शरीरका छितरिएका मासु, रगत र बोंसोलाई त्यहाँ रहेका मांसभक्षी चराचुरुङ्गी र ब्वाँसो आदि जनावरहरूले खाए । त्यसपछि मुनिका बालकहरूले श्रीगणेशका नजिकै गएर भक्तिपूर्वक स्तुति गरे ।।१५-१८।।

मुनिबालकहरूले भने - 'जुन परम तत्त्वलाई ब्रह्मा आदि देवता र मुनिहरू पनि जान्दैनन् त्यस्ता सर्वान्तर्यामी श्रीगणेश प्रभुलाई हामी साना बालकले कसरी चिनौं ? बालककालदेखि नै हजुरले करोडौं दैत्यहरूको नाश गरिसक्नुभयो । यी दुई दैत्य पनि राँगाको रूप लिएर हजुरलाई मार्न आएका थिए । जुन दैत्यहरूको श्वास-प्रश्वासबाट पृथिवी, पर्वत र वृक्ष पनि कम्पायमान थिए ती तिनका पुच्छर समातेर हजुरले आफ्नो शक्तिसम्पन्न लीलाबाट मूसा हुत्याएझैं आकाशमा हुत्याएर धर्तीमा पछार्नुभयो ।।१९-२१।।'

ब्रह्माजीले भन्नुभयो - त्यसपछि मयूरेश भगवान् श्रीगणेश रमाउँदै खेल्दै यज्ञ भएको ठाउँमा जानुभयो । त्यहाँ इन्द्रयाग भइरहेको देखेर तत्कालै त्यसको विध्वंस गर्नुभयो ।।२२।। यज्ञस्थल नजिकै मुनिपुत्रहरूका साथ उभिनुभएका श्रीगणेशले त्यहाँ प्रतिष्ठा गरिएको इन्द्रको प्रतिमालाई टाढा हुत्याएर ती सबै मुनिहरूलाई भन्नुभयो - 'हे निर्मल हृदयका मुनिहरू ! तपाइँहरू यस्तो के कर्म गर्दै हुनुहुन्छ ? मैलेमात्र सबै कुरा पाउनुपर्छ र भोग्नुपर्छ भन्ने स्वार्थी इन्द्रले खुसी भएर के दिन सक्छ ? के बाख्रीसँग मागेर कामधेनुको दूध पाउन सकिन्छ ?'।।२३-२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तोत्तरशततमोऽध्यायः

क उवाच

ततश्चतुर्दशे वर्षे गौतमाद्याः सुरर्षयः ।
आययुर्गिरिजागेहं नानागणयुतं शिवम् ।।१।।
नमस्कृत्य च तानम्बा नानासनगतान् पुरः ।
पूजयित्वा विधानेन प्रोवाच हृद्गतं वचः ।।२।।
विघ्नभीत्या परित्यक्तं त्रिसन्ध्याक्षेत्रमुत्तमम् ।
अस्य बालस्य मे विघ्ना अत्रापि बहवोऽभवन् ।।३।।
दिशन्तु विघ्नरहितं कर्म वा स्थानमुत्तमम् ।

मुनय ऊचुः

इन्द्रयागे कृते देवि ! सर्वविघ्नं हरिष्यति ।।४।।

क उवाच

तदेव कारयामास मण्डपं बहुविस्तरम् ।
सम्भारान् कारयामास शक्रसन्तोषकारकान् ।।५।।
आज्ञां गृहीत्वा शम्भोः सा पार्वती हर्षनिर्भरा ।
कारयामास विधिवदिन्द्रयागं महर्षिभिः ।।६।।
ध्यानमावाहनं चक्रुरिन्द्रस्यैते महर्षयः ।
पुपूजुर्गिरिजादेशात् साङ्गमिन्द्रं गणानपि ।।७।।
कुण्डे वह्निं प्रतिष्ठाप्य मन्त्रैरेव द्विजर्षभाः ।
जपानां तद्दशांशेन जुहुवुस्तिलपायसम् ।।८।।
प्रणवाद्यैर्नमोऽन्तैश्च स्वाहान्तैर्मन्त्रसञ्चयैः ।
शान्तिपाठान् पठन्ति स्म चतुर्वेदभवान् द्विजाः ।।९।।
एतस्मिन्नन्तरे बालः क्रीडित्वा बालकैः सह ।
यज्ञवाटमुखो याति दैत्यौ तु कलविङ्कलौ ।।१०।।
तावत् सम्मुखतां यातौ माहिषं रूपमास्थितौ ।
महारवौ महाशृङ्गौ भीषयन्तौ जगत्त्रयम् ।।११।।
सटाभिन्नघनौ पुच्छाद् दारयन्तौ गिरीनथ ।
नासानिरोधपवनाच्चूर्णयन्तौ द्रुमानपि ।।१२।।

{ १०७ अध्याय }

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशले चौध वर्षको उमेरमा पदार्पण गर्नुभएपछि गौतम आदि देवर्षिहरू नाना वैभवसम्पन्न र मङ्गलमय पार्वतीको निवासमा गए ।।१।। पार्वतीले पनि ती सबैलाई नमस्कार गरेर उत्तम आसनमा विराजमान गराई विधिपूर्वक पूजा गर्नुभयो । त्यसपछि आफ्ना मनका कुरा भन्नुभयो - 'हे देवर्षिगण ! मैले विघ्नभयले उत्तम त्रिसन्ध्याक्षेत्र छाडिदिएँ । त्यो ठाउँ छाडेपछि पनि मेरो सानो बालकले यहाँ आएर धेरै विघ्न व्यहोर्नुपऱ्यो ।।२-३।। मलाई हजुरहरूले निर्विघ्न ठाउँ कहाँ छ त्यो बताउनुहोस् र अनेक थरि विघ्न हटाउने उपायको विषयमा पनि उपदेश गर्नुहोस् ।'

मुनिहरूले भने - हे देवी पार्वती ! इन्द्रयाग गरेपछि इन्द्रले सबै विघ्नहरू निवारण गर्नुहुनेछ ।।४।।

ब्रह्माजीले भन्नुभयो - देवर्षिहरूका कुरा सुनेर पार्वतीले अत्यन्त चौडा मण्डप तयार गराउनुभयो र इन्द्रलाई प्रसन्नता र सन्तोष दिलाउने सामग्री तयार गराउनुभयो ।।५।। त्यसपछि भगवान् शङ्करसँग आज्ञा लिएर पार्वतीले हर्षपूर्वक महर्षिहरूद्वारा इन्द्रयाग आरम्भ गराउनुभयो ।।६।। महर्षिहरूले इन्द्रको ध्यान र आवाहन गरेपछि पार्वतीको आदेशअनुसार अङ्गसहित इन्द्रगणको पनि पूजा गरे ।।७।। यज्ञकुण्डमा अग्निको प्रतिष्ठा गरी ती महर्षिहरूले मन्त्रद्वारा हवन गरे । मन्त्रजपको दशांश तिल र खीर हवन गरे। आदिमा प्रणव र अन्तमा नम अथवा स्वाहा पद भएका मन्त्रहरूद्वारा हवन गरियो । ब्राह्मणहरूले चारै वेदमा निहित शान्तिपाठअन्तर्गतका मन्त्रहरू पढे ।।८-९।। क्रीडा गरिरहेका बालकहरूका साथ भगवान् श्रीगणेश पनि यज्ञभूमिको दर्शन गर्न जानुभयो । त्यस बेला कल र विकलनामक दुई दैत्य राँगाको रूप लिएर तिनका सम्मुखमा आए । ठूला-ठूला सिङ भएका ती दैत्य ठूलो स्वरले गर्जन गरिरहेका थिए । त्यस गर्जनबाट त्रिलोकी नै डरले काँपिरहेको थियो ।।१०-११।। ती दैत्यहरूले आफ्ना शरीरका रौंबाट बादललाई चिर्दै र आफ्ना पुच्छरले पर्वत भत्काउँदै नाकको प्वालमा प्राण रोकेर हुँकार गरी वृक्षहरूलाई धूलो-पीठो तुल्याइरहेका थिए ।।१२।। श्रीगणेशलाई मार्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उमासुतं हन्तुकामौ यातौ शीघ्रं तदन्तिकम् ।
प्रायुध्यतां तदा द्वौ तौ मत्ताविव महागजौ ।।१३।।

तयोः शब्देन गगनं गर्जति स्म यथा घनैः ।
जयं भङ्गं क्रमेणोभौ प्रापतू रुधिरोक्षितौ ।।१४।।

विद्रुता मुनिबालास्ते ताभ्यां भीता वृकादिव ।
दूराद् ददर्श गिरिजासुतस्तौ दैत्यपुङ्गवौ ।।१५।।

कथमेतौ महादुष्टौ हनिष्यामीति चिन्तयन् ।
पश्यत्सु तेषु बालेषु चिक्षेप गगने च तौ ।।१६।।

पुच्छे गृहीत्वाऽतिबलौ भ्रामयित्वा पुनः पुनः ।
मुहूर्तात् पतितौ पृथ्व्यां तान् विदार्य द्रुमानपि ।।१७।।

शतधा देहखण्डानि तयोरादन् वृकादयः ।
ततस्ते मुनिबालास्तं ययुर्भक्त्या प्रतुष्टुवुः ।।१८।।

यस्य तत्त्वं न जानन्ति ब्रह्माद्या मुनयोऽपि च ।
सर्वान्तर्यामिणस्ते तु कथं विद्यामहे वयम् ।।१९।।

बाल्यात् प्रभृति दैत्यास्ते नाशिताः कोटिशस्त्वया।
एतौ महिषरूपेण हन्तुं त्वां समुपागतौ ।।२०।।

मूषकाविव संत्यक्तौ पुच्छे धृत्वा स्वलीलया ।
ययोः श्वासेन चलिताः पर्वताश्च द्रुमा धराः ।।२१।।

क उवाच

मयूरेशस्ततः प्रायाद् यज्ञवाटं रमन् रमन् ।
ददर्शेन्द्रमखं रुष्टो ध्वंसयामास तत्क्षणात् ।।२२।।

दूरे क्षिप्त्वा शक्रमूर्तिं प्रोचे सर्वान् मुनीश्वरान् ।
वृतैर्मुनिसुतैः सर्वैः किं कर्म क्रियतेऽमलाः ।।२३।।

किं तुष्टेन प्रदातव्यं वासवेनाखिलार्थिना ।
अजाप्रार्थनया किं नु कामधेनुफलं लभेत् ।।२४।।

चाहने ती दानव बालकहरूको सामुमा आएर आफू-आफूमा नै उन्मत्त हात्तीझैं युद्ध गर्न लागे ।।१३।। युद्धको सिंहनादबाट आकाश पनि बादलझैं गर्जिरहेको थियो । आपसी युद्धबाट रगताम्य भएका राँगाको रूपमा देखिने ती दैत्यहरूले आफ्नो लडाइँमा कहिले विजय र कहिले पराजय प्राप्त गरे ।।१४।। खेलिरहेका बालकहरू ती बलवान् दैत्यहरूसँग डराएर ब्वाँसोसँग डराएका मृगहरू भागेझैं टाढा-टाढा भागे । श्रीगणेशले पनि टाढैबाट ती भयङ्कर दैत्यलाई देख्नुभयो । श्रीगणेशले यिनलाई कसरी मार्ने भनेर चिन्तन गरेपछि आफ्ना बालसखाहरूले हेर्दाहेर्दै ती दुबै दैत्यलाई आकाशमा रिंगाएर भुइँमा फ्याँक्नुभयो । एक मुहूर्तपछि ती दैत्य रूखहरू भाँच्दै पृथिवीमा खसे। तिनका शरीरहरू सयौं टुक्राहरूमा छितरिए । तिनीहरूको शरीरका छितरिएका मासु, रगत र बोंसोलाई त्यहाँ रहेका मांसभक्षी चराचुरुङ्गी र ब्वाँसो आदि जनावरहरूले खाए। त्यसपछि मुनिका बालकहरूले श्रीगणेशका नजिकै गएर भक्तिपूर्वक स्तुति गरे ।।१५-१८।।

मुनिबालकहरूले भने - 'जुन परम तत्त्वलाई ब्रह्मा आदि देवता र मुनिहरू पनि जान्दैनन् त्यस्ता सर्वान्तर्यामी श्रीगणेश प्रभुलाई हामी साना बालकले कसरी चिनौं ? बालककालदेखि नै हजुरले करोडौं दैत्यहरूको नाश गरिसक्नुभयो । यी दुई दैत्य पनि राँगाको रूप लिएर हजुरलाई मार्न आएका थिए। जुन दैत्यहरूको श्वास-प्रश्वासबाट पृथिवी, पर्वत र वृक्ष पनि कम्पायमान थिए ती तिनका पुच्छर समातेर हजुरले आफ्नो शक्तिसम्पन्न लीलाबाट मूसा हुत्याएझैं आकाशमा हुत्याएर धर्तीमा पछार्नुभयो ।।१९-२१।।'

ब्रह्माजीले भन्नुभयो - त्यसपछि मयूरेश भगवान् श्रीगणेश रमाउँदै खेल्दै यज्ञ भएको ठाउँमा जानुभयो । त्यहाँ इन्द्रयाग भइरहेको देखेर तत्काल त्यसको विध्वंस गर्नुभयो ।।२२।। यज्ञस्थल नजिकै मुनिपुत्रहरूका साथ उभिनुभएका श्रीगणेशले त्यहाँ प्रतिष्ठा गरिएको इन्द्रको प्रतिमालाई टाढा हुत्याएर ती सबै मुनिहरूलाई भन्नुभयो - 'हे निर्मल हृदयका मुनिहरू ! तपाइँहरू यस्तो के कर्म गर्दै हुनुहुन्छ ? मैलेमात्र सबै कुरा पाउनुपर्छ र भोग्नुपर्छ भन्ने स्वार्थी इन्द्रले खुसी भएर के दिन सक्छ ? के बाख्रीसँग मागेर कामधेनुको दूध पाउन सकिन्छ ?'।।२३-२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स आदच्छेषसामग्रीं कृत्वा शान्तं हुताशनम् ।
मुनयो विस्मितहृदो वीक्ष्य चापल्यमस्य तत् ।।२५।।
उमानिविष्टहृदया नाशकन् तं गुणेश्वरम् ।
उपालब्धुं शिक्षितुं वा वक्तुं क्रोधेन किञ्चन ।।२६।।
उमायै सर्वमाख्याय जग्मुः स्वं स्वं निवेशनम् ।
श्रुत्वेन्द्रे क्षुब्धहृदये यत् स्यात् तच्च भवत्विति ।।२७।।
स्वापमाने परिज्ञाते शक्रश्चुक्रोध वै भृशम् ।
क्रोधसंरक्तनयनो दहन्निव जगत्त्रयम् ।।२८।।
आकार्य देवनिचयानुवाच वाक्यमुत्तमम् ।

इन्द्र उवाच

मम यागो मुनिगणैरारब्धः परमादरात् ।।२९।।
स विध्वस्तो गुणेशेन तस्य द्रक्ष्येऽद्य पौरुषम् ।
रुष्टे मयि भवेन्नष्टं त्रैलोक्यं सचराचरम् ।।३०।।

देवा ऊचुः

तवाज्ञा चेन्मयूरेशं बद्ध्वानीमः क्षणेन ह ।

शक्र उवाच

मयूरेशपुरे वह्ने ! स्थानं माऽस्तु क्वचित् तव ।।३१।।
सर्वेषां जाठरोऽपि त्वं लीनो भव ममाज्ञया ।

क उवाच

इति श्रुत्वा वचस्तस्य शक्रस्य रुषितात्मनः ।।३२।।
वह्निरन्तर्हितस्तत्र पुरेऽपि जठरेऽपि च ।
नापश्यन्मुनयो वह्निं ममन्थुर्होमहेतवे ।।३३।।
नायातीति परिज्ञाय तेऽपक्वं जक्षुरादरात् ।
न च तत् पच्यते तेन व्यथा भवति दुर्धरा ।।३४।।
ततस्ते मुनयो जग्मुर्मयूरेशं कृपाकरम् ।
नमस्कृत्याऽब्रुवन् सर्वे शक्राहूतो गतोऽनलः ।।३५।।
जाठरोऽपि गतो वह्निरिन्द्रयागे हते त्वया ।
इत्याकर्ण्य वचस्तेषां प्रत्येकं जठरेऽनलः ।।३६।।
सोऽभवत् क्षुधयाऽऽविष्टाः सर्वे जातास्तु तत्क्षणात् ।
महानसेषु कुण्डेषु तथैव ज्वलितोऽभवत् ।।३७।।
ततो वायुं निनायाशु शक्रः क्रुद्धो महाबलः ।
प्रेतभूता पुरी सर्वा पञ्चप्राणे गतेऽभवत् ।।३८।।

यति भन्नुभएपछि श्रीगणेशले यज्ञको अग्नि निभाई त्यहाँ बाँकी रहेका सबै सामग्री आफै खाइदिनुभयो । पार्वतीमा परमभक्ति गर्ने ती मुनिहरू बालक श्रीगणेशको चपलता देखेर चकित भए । तर उहाँलाई केही भन्न, उपदेश दिन र क्रोध देखाउन सकेनन् । घटेको घटनाको विषयमा पार्वतीलाई बताएर ती सबै ऋषिहरू इन्द्र रिसाउने छन्, जे हुने हो त्यही होस् भन्दै आ-आफ्ना आश्रमतर्फ गए ।।२५-२७।। उता इन्द्रले आफ्नो अपमान भएको थाहा पाएर ठूलो क्रोध देखाए र राता आँखा देखाई त्रिलोकीलाई नै डढाउन खोज्दै देवताहरूसँग कुरा गरे ।।२८।।

इन्द्रले भन्नुभयो- 'हे देवगण ! ऋषिहरूले श्रद्धापूर्वक मेरो याग आरम्भ गरेका थिए । त्यो यज्ञलाई गुणेश अथवा श्रीगणेशले ध्वस्त गरे । तिनको पराक्रम आज हेर्छु । म रिसाएपछि चराचर-सहित तीनै लोक नष्ट हुनेछन्' ।।२९-३०।।

देवताहरूले भने - 'हजुरको आज्ञा हुन्छ भने हामीहरू एकै क्षणमा श्रीगणेशलाई बाँधेर यहाँ ल्याउन सक्छौं ।'

इन्द्रले भन्नुभयो - 'हे अग्निदेवता ! मयूरेशको नगरमा कहीं पनि तिम्रो स्थान नरहोस् । तिमी सबैका लागि आवश्यक छौ । तसर्थ तिमी त्यहाँबाट गायब हुनुपर्दछ' ।।३१।।

ब्रह्माजीले भन्नुभयो - क्रुद्ध भएका इन्द्रका कुरा सुनेर अग्नि मयूरेशपुर र प्राणीहरूका पेटसमेत छाडेर गायब भए । मुनिहरूले अग्निलाई कहीं देखेनन् र यज्ञका निमित्त अग्नि जगाउन अरणिमन्थन गर्न लागे ।।३२-३३।। अग्नि प्रकट नभएपछि ती सबैले काँचै अन्न खाए । काँचो अन्न खाँदा पाचनक्रिया राम्रो भएन । ती सबैलाई भारी कष्ट भयो ।।३४।। त्यसपछि ऋषिहरू दयालु श्रीगणेशका शरणमा गए । उहाँलाई प्रणाम गरेर तिनले भने - 'हे श्रीगणेश ! अग्निलाई इन्द्रले बोलाए, तसर्थ ती लुकेका छन्, तपाईंले इन्द्रयागको विध्वंस गर्नुभएको हुँदा पेटको अग्नि पनि गायब भएको छ ।' त्यो कुरा सुनेर भगवान् श्रीगणेशले प्रत्येक ऋषिको पेटमा आफैले जठराग्निको रूप धारण गर्नुभयो ।।३५-३६।। त्यसपछि मात्र मुनिहरूलाई भोक लाग्न थाल्यो । श्रीगणेश आफै अग्नि बनेर यज्ञकुण्ड र भान्सामा पनि प्रकट हुनुभयो ।।३७।। श्रीगणेश अग्निको रूपमा जहाँसुकै व्याप्त भएको देखेर महाबली इन्द्रले वायुदेवतालाई पठाए । पाँचै वायुले आएर नग्ननृत्य गरेपछि श्रीगणेशपुरी लाशै लाशले भरियो ।।३८।। त्यस बेला पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चप्राणमयो देवस्ततस्तान् समजीवयत् ।
तत इन्द्रोऽब्रवीत् सूर्यं तापयैनां पुरीं बहु ।।३९।।
ततः सूर्योऽतपत् सर्वं द्वादशादित्यरूपवान् ।
वापीकूपतडागेषु नद्यां जलमशोषयत् ।।४०।।
जज्वाल पृथिवी सर्वा पुरग्रामवनाकरा ।
ततः शीघ्रं मयूरेशो मेघो भूत्वा ववर्ष ह ।।४१।।
शमयामास तं वह्निं मृताँश्च समजीवयत् ।
ततो हर्षयुता लोकाः साधु साध्वित्यपूजयन् ।।४२।।

क उवाच

प्रतिकूलं कृतं यद् यत् तत् तत् सर्वं निराकृतम् ।
ज्ञात्वा शक्रो ययौ देवं मयूरेशं ननाम च ।।४३।।
बद्धाञ्जलिपुटो भूत्वा स्तोतुं सर्वेश्वरं विभुम् ।

शक्र उवाच

न वेदा नर्षयो जग्मुर्ब्रह्माद्यास्ते गतिं विभो ।।४४।।
सर्वान्तर्यामिणः सर्वरूपस्य ब्रह्मरूपिणः ।
ब्रह्मादीनां विश्वसृजां कारणानाञ्च कारणम् ।।४५।।
अपराधान् क्षमस्वाद्य त्वामहं शरणं गतः ।
मस्तकं पादयोर्न्यस्य प्रार्थयामास सादरम् ।।४६।।

क उवाच

निर्विकल्पं मनस्तस्य ज्ञात्वा प्राह गुणेश्वरः ।
उत्तिष्ठोत्तिष्ठ भद्रन्ते पदे तिष्ठ सुखं स्वके ।।४७।।
ततः सम्पूज्य तं देवं नमस्कृत्य शचीपतिः ।
प्रदक्षिणीकृत्य ययौ हृष्टः सन्नमरावतीम् ।।४८।।

श्रीगणेशले पञ्चप्राणको रूप धारण गरी मरेका प्राणीहरूलाई बचाउनुभयो । त्यो देखेर इन्द्रले सूर्यलाई भने – 'गणेशपुरलाई सन्तापै सन्तापले समाप्त पारिदिनुहोस् ।' इन्द्रबाट आज्ञा पाएका सूर्यले द्वादशादित्यको रूप लिएर पोखरी, कुवा, सरोवर र नदीका जल सुकाइदिए ।।३९-४०।। नगर, गाउँ र वनसमेत सम्पूर्ण पृथिवी डढ्न थाल्यो । त्यो देखेर छिट्टै भगवान् श्रीगणेश बादल बनेर बर्सनुभयो।।४१।। उहाँले पृथिवीमा लागेको आगो शान्त गराई मरेका प्राणीहरूलाई जीवन दिनुभयो । जीवन प्राप्त गरी प्रसन्न भएका प्राणीहरूले साधुवाद गरे ।।४२।।

ब्रह्माजीले भन्नुभयो – श्रीगणेशले प्रतिकूललाई पनि अनुकूल बनाउनु भएको थाहा पाएर इन्द्रले आई लज्जित भएर श्रीगणेशलाई प्रणाम गरे ।।४३।। इन्द्रले दुई हात जोडेर सर्वेश्वर एवं अन्तर्यामी श्रीगणेश प्रभुको स्तुति गरे ।

इन्द्रले भन्नुभयो – 'हे सर्वान्तर्यामी श्रीगणेश ! सर्वरूप र ब्रह्मरूप तपाइँको वेद, ऋषि-महर्षि, ब्रह्मा आदि देवताले पनि स्वरूप र लीला जान्न सक्दैनन् ।।४४।। हजुर विश्वका सृष्टिकर्ता, पालक, संहारक, ब्रह्मा आदि देवताका पनि कारण हुनुहुन्छ । मेरा सबै अपराध क्षमा गर्नुहोस् । म हजुरको शरणमा आएको छु ।' इन्द्रले यसरी श्रीगणेशका पाउमा शिर राखेर आदरपूर्वक प्रार्थना गरे ।।४५-४६।।

ब्रह्माजीले भन्नुभयो – इन्द्रको मन निर्विकल्प जानेर श्रीगणेशले पनि भन्नुभयो – हे इन्द्र ! उठ अब तिम्रो कल्याण हुनेछ । तिमी आफ्नो इन्द्र भवनमा गई आनन्दपूर्वक वस । श्रीगणेशको आज्ञा पाएपछि इन्द्रले उहाँको पूजा गरेर परिक्रमासमेत गरी प्रसन्नतापूर्वक अमरावतीका लागि प्रस्थान गरे ।।४७-४८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे इन्द्रमखभङ्गो नाम सप्ताधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा इन्द्रयाग भङ्ग' शीर्षकान्वित एक सय सातौं अध्याय पूर्ण भयो ।।१०७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टोत्तरशततमोऽध्यायः

{ १०८ अध्याय }

क उवाच

ततः पञ्चदशे वर्षे मयूरेशोऽर्भकैः सह ।
गतः स्नातुं नदीं पुण्यां नाम्ना ब्रह्मकमण्डलुम् ।।१।।

स्नात्वा नित्यं समाप्याशु मानसैः षोडशैः पृथक् ।
उपचारैः पुपूजुस्ते हृदिस्थं गणनायकम् ।।२।।

केचित् पद्मासनगतं केचिद् बर्हिगतञ्च तम् ।
दिव्यगन्धैर्दिव्यवस्त्रैर्दिव्यैः पुष्पैरपूजयन् ।।३।।

गार्ग्यो मुनिर्मन्दिरे तं ध्यात्वा रत्नान्वितेऽर्चयत् ।
एतस्मिन्नन्तरेऽकस्मात् पिदधे द्वारमस्य तत् ।।४।।

यावदुद्घाटयत्येव तावत् तद् दृढतामगात् ।
आक्रन्दनं तत्र चक्रे स च ते बालका अपि ।।५।।

बालका ऊचुः

त्वमेव जननी तातः कथमभ्यन्तरे स्थितः ।
दत्त्वा कपाटं देवेश ! नोऽपराधान् क्षमस्व च ।।६।।

क उवाच

एतस्मिन्नन्तरे दैत्यो महाबलपराक्रमः ।
यस्य शब्देन महता कम्पते भुवनत्रयम् ।।७।।

सटाभिन्नघनो दुष्टो व्याघ्ररूपी समभ्यगात् ।
व्यादाय वदनं घोरं ग्रसन्निव जगत्त्रयम् ।।८।।

दृष्ट्वा तं दुद्रुवुर्बालाः क्रन्दन्तस्ते दिशो दश ।
स तु द्वारं विनिर्भिद्य मयूरेशं तमाययौ ।।९।।

शार्दूलसदृशं रूपं कृत्वाऽऽयात् सोऽपि तं क्षणात् ।
पपाल सहसा व्याघ्रः पृष्ठे लग्नो ययौ च सः ।।१०।।

भ्रमन् स तु वनं यातो निकुञ्जे लीय तस्थिवान् ।
देवो वृक्षं समारुह्य कुञ्जमध्ये पपात ह ।।११।।

ब्रह्माजीले भन्नुभयो – भगवान् श्रीगणेश पन्ध्र वर्षको उमेरमा लाग्नुभएपछि बालकहरूका साथ ब्रह्मकमण्डलु नामक पुण्यनदीमा नुहाउन जानुभयो ।।१।। स्नान गरी छिट्टै नित्यकर्म सकेर ती सबै बालकहरूले मानस उपचारद्वारा हृदयमा विराजमान भगवान् श्रीगणेशको पूजा गरे ।।२।। कुनै बालकले आफ्नो मनभित्र पद्मासनमा बस्नुभएका श्रीगणेशको दिव्य गन्ध, दिव्य वस्त्र एवं दिव्य पुष्पद्वारा पूजन र ध्यान गरे । कुनै बालकले मयूरमा सवार हुनुभएका भगवान् श्रीगणेशको त्यसरी नै मानस पूजन गरे ।।३।। त्यस बेला गार्ग्यमुनिले रत्नमय मन्दिरमा स्थापना गरिएका श्रीगणेशको त्यसरी नै पूजा गरे । त्यसपछि भगवान् श्रीगणेशले त्यस मन्दिरको ढोका बन्द गर्नुभयो ।।४।। त्यो ढोका खोल्न खोजियो तर त्यो झन बलियो महसुस भयो। भित्रबाट भगवान् श्रीगणेश चिच्याइरहनुभएको थियो भने बाहिर बालकहरू रोइरहेका थिए ।।५।।

बालकहरूले भने – 'हे श्रीगणेश ! तपाइँ नै आमा र बाबु हुनुहुन्छ, किन हामीलाई छोडी लुक्नुभएको छ ? हे देवताका पनि देवता ! चाँडै ढोका खोल्नुहोस् र हाम्रा अपराधलाई क्षमा दिनुहोस् ।।६।।'

ब्रह्माजीले भन्नुभयो – यसै बीचमा एउटा अत्यन्त पराक्रमी दैत्य त्यहाँ आइपुग्यो ।. त्यसको डरलाग्दो आवाज सुनेर तीन लोक नै काँपिरहेका थिए ।।७।। बाघको रूपमा देखिएको र आफ्नो रोमराशिबाट बादललाई चिर्न सक्ने त्यो खतरनाक दैत्य आफ्नो डरलाग्दो मुख बाएर तीन जगत्लाई निल्न खोज्दै आएको थियो ।।८।। त्यसलाई देखेर ती बालकहरू चिच्याउँदै चारै दिशातर्फ भाग्न लागे। त्यो दानव भने मन्दिरको ढोका फोरेर श्रीगणेशका सामु पुग्यो ।।९।। भगवान्ले पनि सिंहरूप बनाएर त्यसको प्रतिकार गर्नुभयो । त्यो देखेर दैत्य तत्काल भाग्यो । भगवान् पनि भागिरहेका दैत्यको पछि लाग्नुभयो ।।१०।। भाग्दै गएको त्यो दैत्य वनको एउटा झाडीमा लुकेर बस्यो । श्रीगणेशले पनि रूखमा चढेर त्यहाँबाट त्यो झाडीमा हाम्फाल्नुभयो ।।११।। दुई हातले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उभाभ्यां वदनं तस्य कराभ्यां जगृहे दृढम् ।
अन्याभ्यां बहिरानीय ततः परशुनाऽच्छिनत् ।।१२।।

नासिकां श्रवणे पादौ पुच्छमग्रभवावुभौ ।
न मुखं दर्शयेत्युक्त्वा विससर्ज गुणेश्वरः ।।१३।।

निजं रूपं समास्थाय तथैव विकृतोऽभवत् ।
एवमेव करिष्यामि त्वद्देहमित्युवाच तम् ।।१४।।

ययौ निजालयं दैत्यो देवः स्वं धाम चाययौ ।
ततो मुनिसुता भ्रेमुः क्रदन्तः क्व मयूरराट् ।।१५।।

अतिश्रान्ता द्रुमतले सुच्छाये प्रास्वपँस्तदा ।
अनेन यास्यति पथा द्रक्ष्यामस्तत्पदाम्बुजम् ।।१६।।

पादौ दक्षिणतस्तेषां दृष्ट्वा चुक्रोध भानुजः ।
अत्यारक्तदृशौ रोषाद् ब्रह्माण्डग्राससाहसः ।।१७।।

बद्ध्वा तान् स्वस्थलं यातो मयूरेशस्ततोऽगमत् ।
नापश्यत् तत्तटे बालान् विस्मयं परमं ययौ ।।१८।।

चिन्तां परमिकां प्राप्तो विना तैः स मयूरराट् ।
न सुखं क्वापि सम्प्रायात् ततो मुनिगणा ययुः ।।१९।।

मुनय ऊचुः

क्वास्माकं बालका देव ! प्रातर्नीतास्त्वयाऽखिलाः ।
विना तैर्नो गमिष्यन्ति प्राणास्त्वय्यागतेऽधुना ।।२०।।

क उवाच

न किञ्चिदूचे तान् देवो मुञ्चन्नश्रु मुहुर्मुहुः ।
विचार्य भास्करीं यातः पुरीं दूतैर्निवेदितः ।।२१।।

दूता ऊचुः

कोऽपि यातो योद्धुकामो लोकत्रयविनाशकृत् ।
उग्रारावो महाबाहुर्वार्यमाणो बलाद् यम ! ।।२२।।

त्यसलाई राम्ररी समाउनुभयो । अर्का दुई हातले त्यसलाई समाती बाहिर ल्याएर बञ्चरोद्वारा नाक, कान, दुबै खुट्टा र पुच्छरसमेत काटिदिनुभयो । अङ्गभङ्ग गराएपछि श्रीगणेशले भन्नुभयो - हे दैत्य ! अब तैंले कहिले पनि मुख नदेखाउनू । अहिलेलाई मैले छाडिदिएँ, तँ जा भनी त्यहाँबाट पठाउनुभयो ।।१२-१३।। त्यो दैत्य बाघको रूप छाडी आफ्नै रूपमा परिणत हुँदा पनि नाक, कान र खुट्टा नभएको देखियो । त्यस बेला रीसको झोंकमा त्यसले श्रीगणेशलाई भन्यो - हे श्रीगणेश ! तँलाई पनि मजस्तै बनाउनेछु। त्यसपछि त्यो आफ्नो घर गयो, भगवान् पनि आफ्नो धामतर्फ लाग्नुभयो । भगवान् घरमा जानुहुँदा मुनिका बालकहरू बाटोमा हाम्रा देवता मयूरेश कहाँ हुनुहुन्छ भनी क्रन्दन गर्दै उहाँको खोजी गरिरहेका थिए ।।१४-१५।। अत्यन्त थाकेर छायादार रूखको फेंदमा पुगी श्रीगणेश यही बाटो हिंड्नुभयो भने उहाँका पाउको दर्शन गर्नेछौं भनी ती सबै बालक रूखको फेंदमा निदाए ।।१६।। ती बालकहरूले दक्षिणतिर खुट्टा तेर्स्याएर सुतेको देखी यमराज रीसले कालीचूर भए । ती एउटै गासमा ब्रह्माण्ड निल्न तयार भएजस्ता देखिए ।।१७।। त्यसपछि ती सुतेका बालकहरूलाई बाँधेर आफ्नो साथमा लिई यमराज यमलोकमा पुगे । त्यस बेला श्रीगणेश त्यही रूख भएको बाटो त्यहाँ आइपुग्नुभयो । रूखका वरिपरि बालकहरूलाई नदेखेर आश्चर्य र चिन्तामा पनि पर्नुभयो ।।१८।। यताउता हेर्दा पनि बालकहरूलाई नदेखेर अत्यन्त दुःखी हुनुभयो । श्रीगणेश चिन्तित हुनुभएको समयमा मुनिहरू त्यहाँ आइपुगे ।।१९।। मुनिहरूले सोधे - 'हे श्रीगणेश ! हाम्रा छोरा-छोरी कता गए? तपाइँले बिहान तिनीहरूलाई लिएर आउनुभएको हो, तर अहिले तपाइँ एक्लै हुनुहुन्छ । ती बालक कहाँ छन् ? ती आएनन् भने हाम्रो त प्राणै जानेछ' ।।२०।।

ब्रह्माजीले भन्नुभयो - मुनिहरूका यस्ता कुरा सुनेर भगवान् केही पनि बोल्नुभएन । भगवान्का आँखाबाट भने आँसु बगिरहेका थिए । केहीबेर विचार गरी श्रीगणेश भगवान् यमपुरीमा पुग्नुभयो । यमका दूतहरूले यमराजसँग श्रीगणेश आएको कुरा निवेदन गरे।।२१।।

दूतहरू भने - 'हे महाराज ! हाम्रो पुरीमा कुनै मानिस युद्ध गर्ने मुद्राले आएको छ, त्यो साह्रै डरलाग्दो छ । तीनै लोकलाई निल्ला जस्तो छ र भयङ्कर गर्जन गरिरहेको छ, त्यसका हात ठूला छन्, हामीले धेरै पटक रोक्दा पनि त्यसलाई छेक्न सकिएन र त्यो ढोकाबाट भित्र आइपुगेको छ' ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यम उवाच

ब्रह्माण्डं चूर्णतां याति दण्डाघातेन यस्य मे ।
तस्य मे पुरतो युद्धं कथं बालो विधास्यति ।।२३।।

यमराजले भने – 'हे दूत हो ! त्यो जोसुकै भए पनि मैले आफ्नो यमदण्डको प्रयोग गर्दा ब्रह्माण्ड नै टुक्रा टुक्रा हुन्छ भने आएको त्यस प्राणीले पनि त्यही गति प्राप्त गर्नेछ ।यमका कुरा सुनेर भगवान् श्रीगणेशले तिनीसँग संवाद गर्नुभयो'।।२३।

देव उवाच

त्वमात्मानं वर्णयसे रङ्कवद् भासि मे यम ! ।
मम वक्रभ्रुवा सर्वं ब्रह्माण्डञ्च विनश्यति ।।२४।।

एवमुक्त्वा मयूरेशो यमस्कन्धं रुरोह सः ।
पातयामास महिषात् पपातोपरि तत्क्षणात् ।।२५।।

पराक्रमं तस्य बुद्ध्वा बद्धाञ्जलिपुटो यमः ।
तुष्टाव परया भक्त्या मयूरेशं सुरेश्वरम् ।।२६।।

श्रीगणेशले भन्नुभयो – 'हे यमराज ! तिमीले आफ्नै मुखले आफ्नो प्रशंसा गरेका छौ तर मैले तिमीलाई हरिकंगाल देखिरहेको छु । मेरो आँखीभौं अलिकति कर्के हुनासाथ यो ब्रह्माण्ड नै नष्ट हुन्छ ।' यसरी यमलाई आफ्ना कुरा सुनाएर भगवान् श्रीगणेश यमराजको काँधमा चढ्नुभयो र तिनलाई राँगोबाट भुइँमा खसाउनुभयो । बिचरा यमराज भुइँमा लडे । श्रीगणेशको पराक्रम देखेर हात जोडिरहेका यमराजले भक्तिपूर्वक उहाँको स्तुति गरे ।।२४-२६।।

यम उवाच

न ते रूपं विदुर्देवा ब्रह्माद्याः सनकादयः ।
नेति नेति च वेदास्त्वां वदन्ते परमेश्वरम् ।।२७।।

स्रष्टारं पालकं सृष्टेः संहर्तारं निजेच्छया ।
दैत्यानां सर्वदुष्टानां नाशकं सर्वरूपिणम् ।।२८।।

अकस्मादपराधं नः कृतं क्षन्तुं त्वमर्हसि ।

यमराजले भने – 'हे श्रीगणेश ! हजुरको स्वरूपलाई ब्रह्मा आदि देवता र सनक आदि मुनिहरूले पनि जान्नुहुन्न । वेदले पनि हजुरलाई नेति-नेति भनेर आफ्नो अज्ञान देखाउँछन्। हजुर संसारका स्रष्टा, पालक र संहारक हुनुहुन्छ । हजुर सबै दुष्ट दैत्यका नाशक हुनुहुन्छ । जति पनि संसारका देखिने दृश्यावली छ, त्यसका रूप-रङ्गमा हजुर व्याप्त भएर रहनुहुन्छ। म हजुरलाई प्रणाम गर्दछु।।२७-२८।। अकस्मात् अपराध गरें। अहङ्कारबाट जन्मेको मेरो अपराधलाई क्षमा गरिदिनुहोस्।'

क उवाच

एवमुक्त्वा पुपूजासौ वस्त्रै रत्नैः फलैरमुम् ।।२९।।

बालानानीय तद्धस्ते निवेद्य पुरतः स्थितः ।
आलिलिङ्गुर्मुदा सर्वे परस्परमथाऽब्रुवन् ।।३०।।

ब्रह्माजीले भन्नुभयो – यमराजले यसरी प्रार्थना गरेर वस्त्र, अलङ्कार, फलफूल समर्पण गरी भगवान् श्रीगणेशको पूजा गरे ।।२९।। आफूले ल्याएका बालकहरूलाई त्यहाँ झिकाएर श्रीगणेशलाई टक्र्याए । ती बालकहरूले पनि भगवान् श्रीगणेशलाई देखी अत्यन्त आनन्द मानेर आलिङ्गन गरे ।।३०।।

बाला ऊचुः

श्रान्तास्त्वद्दर्शनार्थाय बद्ध्वा नीता यमेन ह ।
त्वद्दर्शनाद् बन्धमुक्ता यास्यामो निजमन्दिरम् ।।३१।।

त्यसपछि ती बालकहरूले श्रीगणेशसँग निवेदन गरे – 'हे प्रभु ! हामी हजुरको खोजी गर्न धेरै ठाउँमा डुल्यौं, त्यस कारण हामी थाकेछौं र रूखको फेंदमा एक छिन निदाएछौं । हामी निदाइरहेको समयमा यमराजले बाँधेर हामीलाई यहाँ ल्याइपुऱ्याए। अहिले हजुरको दर्शन पाएका कारण बन्धनबाट मुक्त भएका छौं । अब हामी घर जान चाहन्छौं ।।३१।।'

क उवाच

ततस्ते स्वाश्रमं प्राप्ता मयूरेशपुरस्कृताः ।
मयूरेशपुरं याता नानावादित्रसंकुलम् ।।३२।।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि ती बालकहरू श्रीगणेशका साथ आ-आफ्ना आश्रमतर्फ फर्किए । आफ्ना घरबाट फेरि ती बालकहरू नानाथरि बाजा बजाउँदै श्रीगणेशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानाध्वजपताकाढ्यं पुष्पमालाविभूषितम् ।
यमोऽपि पृष्ठतो याति द्रष्टुं तत् कौतुकं महत् ।।३३।।

सम्मुखं तस्य ते सर्वे मुनयोऽपि ययुस्तदा ।
पुपूजुस्तुष्टुवुर्देवं लिलिङ्गुर्बालकानपि ।।३४।।

उवाच देवस्तान् सर्वान् मुनीन् पूर्वं प्रकुप्यतः ।
आनीता बालका लोकाद् यमस्य क्षणमात्रतः ।।३५।।

मुनय ऊचुः

सर्वत्र रक्षसे त्वं हि सर्वशक्तिः सदा च नः ।

क उवाच

इत्युक्त्वा तमनुज्ञाप्य स्वाश्रमान् मुनयो ययुः ।।३६।।

यमोऽपि तं नमस्कृत्य स्वालयं मुदितोऽगमत् ।
देवोऽपि स्वालयं प्राप्य हर्षयामास सादरम् ।।३७।।

नगरीमा गए । त्यस बेला भगवान् श्रीगणेशको नगरी अनेक थरि ध्वजा–पताकाले सजिएको थियो । पुष्पमालाहरू जहाँसुकै झुण्ड्याइएका थिए । भगवान् र भगवान्का साथी बालक त्यो नगरमा पुगेपछि त्यो रमाइलो हेर्न यमराज पनि आए । त्यस बेला श्रीगणेशका सामु अनेक ऋषिमुनि पनि आए । ती ऋषिमुनिले श्रीगणेशको पूजा, स्तुति गरी आफ्ना बालकहरूलाई आलिङ्गन गरे । त्यसपछि श्रीगणेशले पहिले आफूसँग रिसाएका बालकहरूका पिता मुनिहरूलाई भन्नुभयो– 'हे ऋषिगण ! मैले एकै क्षणमा यमलोकबाट तपाइँका बालकहरूलाई फर्काएर यहाँ ल्याएको छु' ।।३२-३५।।

मुनिहरूले भने - 'हे भगवन् श्रीगणेश ! हजुरले जुनसुकै अवस्थामा पनि हाम्रो रक्षा गर्नुहुन्छ । हजुर हाम्रा निमित्त सर्वशक्ति हुनुहुन्छ ।'

ब्रह्माजीले भन्नुभयो - मुनिहरू भगवान्सँग भाव निवेदन गरी उहाँको आज्ञा पाएर आ–आफ्ना आश्रमतर्फ लागे।।३६।। यमराज भगवान् श्रीगणेशलाई प्रणाम गरी यमलोकतर्फ लागे। भगवान् श्रीगणेशले पनि आफ्नो धाममा गएर आफ्नी माता पार्वतीलाई प्रसन्न गराउनुभयो ।।३७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे यमगर्वपरिहारो नामाष्टाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा यमराजको गर्वहरण' शीर्षकान्वित एक सय आठौं अध्याय पूर्ण भयो ।।१०८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवोत्तरशततमोऽध्यायः

क उवाच

कदाचित् पार्वती प्राह सुखासीनं महेश्वरम् ।
गतानि तु महादेव ! वर्षाणि दश पञ्च च ।।१।।

विवाहश्चिन्त्यतामस्य मयूरेशस्य साम्प्रतम् ।
सुशीला सुमुखी बाला मृगाक्षी हंसगामिनी ।।२।।

पिकवाक् सुनसा तन्वी वधूः क्वापि विचार्यताम् ।
मन्मथातुलदेहस्य सर्वाङ्गसुन्दरस्य ह ।।३।।

क उवाच

इति तद्वचनं श्रुत्वा साधु साध्वित्यभाषत ।
सोऽचिन्तयच्छुभां कन्यां मनसा नाप कुत्रचित् ।।४।।

ततश्चिन्तां परां प्राप तावन्नारद आगतः ।
सम्पूज्य चोपवेश्यैनमासने शम्भुरब्रवीत् ।।५।।

शम्भुरुवाच

आह्लादं परमं प्राप्तस्तवागमनतो मुने! ।
चिरागतोऽसि च मुने ! दिनं स्थातुं त्वमर्हसि ।।६।।

अतिसुन्दरकायस्य तनयस्य ममानघ! ।
गवेषय वधूं विप्र ! यतस्त्रैलोक्यगो भवान् ।।७।।

क उवाच

तथैव पार्वती प्राह वधूं शीघ्रं विचारय ।

नारद उवाच

न स्थातुं शक्यते स्वामिन् ! कर्मणा द्विमुहूर्तकम् ।।८।।

{ १०९ अध्याय }

ब्रह्माजीले भन्नुभयो - एक दिन पार्वतीले सुखपूर्वक विराजमान भगवान् शिवजीलाई निवेदन गर्नुभयो - हे महादेव! हाम्रो छोरा श्रीगणेश पन्ध्र वर्षका भइसके । अब विवाह गर्नुपर्छ। यस विषयमा हजुरले विचार गर्नुहोस् । कामदेवभन्दा सुदर्शन, सुरूप र सर्वाङ्गसुन्दर बालक श्रीगणेशका लागि अत्यन्त राम्री, उत्तम शीलस्वभाव भएकी, चिटिक्क परेकी, चौध-पन्ध्र वर्ष उमेर पुगेकी, मृगका जस्ता आँखा, राजहंसको जस्तो मन्द-मन्दगति र कोइलीको जस्तो मीठो स्वर भएकी, राम्रो नाक-नक्सा भएकी, न मोटी न दुब्ली ठिक्ककी कन्या चाहिएकी छिन् । त्यस्ती कन्यासँग उनको विवाह गरिदिने मन छ । यसमा हजुरले विचार पुऱ्याउनुहोस् । छोराको उमेर भएपछि विवाहका लागि बेर गर्नुहुँदैन ।।१-३।।

ब्रह्माजीले भन्नुभयो- पार्वतीका कुरा सुनेर भगवान् शिवजीले भन्नुभयो - 'हे पार्वती ! तिमीले राम्रो कुरा गऱ्यौ ।' त्यसपछि भगवान् शिवजी आफ्ना मनमा श्रीगणेशलाई सुहाउने कन्याको विषयमा चिन्तन गर्न थाल्नुभयो। जति सोचे पनि उपयुक्त कन्या भेटिएन ।।४।। उहाँलाई चिन्ता पऱ्यो । शिवजी चिन्तित मुद्रामा रहनुभएको बेला अकस्मात् नारदजी आइपुग्नुभयो । भगवान् शिवजीले नारदजीको पूजा गरी आसनमा बसाएर कुराकानी गर्नुभयो ।।५।।

शिवजीले भन्नुभयो -' 'हे नारदजी ! तपाइँको आगमनबाट म अत्यन्त खुसी भएको छु । तपाइँ धेरै दिनमा आइपुग्नुभयो । आज यहीं बस्नुपर्छ ।।६।। हे नारदजी ! तपाइँ स्वर्ग, मर्त्य र पातालमा डुलिरहनुहुन्छ। मेरा अत्यन्त सुन्दर पुत्र श्रीगणेशका लागि एउटी कन्या खोज्नुहोस्' ।।७।।

ब्रह्माजीले भन्नुभयो - नारदजीसँग शिवजीले छोराको विवाहको कुरा गर्दा नजिकै रहेकी पार्वतीले पनि भन्नुभयो - 'हे नारदजी ! मेरो छोराका लागि हजुरले उत्तम कन्याको बन्दोवस्त गर्नुपर्छ।'

नारदजीले भन्नुभयो - 'हे जगत्का स्वामी ! मेरा कर्मले गर्दा म कहीं पनि दुई मुहूर्तभन्दा बढी बस्न मिल्दैन । मलाई पनि श्रीगणेशकै विवाहसम्बन्धी कामले ब्रह्माजीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतदर्थमहं प्राप्तो ब्रह्मणा प्रेषितः शिव ! ।
तव पुत्रप्रभावश्च लावण्यं वय एव च ।।९।।

ज्ञातं धात्रा सिद्धिबुद्धी तस्मै दातुमभीप्सता ।
अनुसूया शची चापि तयो रूपेण लज्जिते ।।१०।।

संज्ञाऽभूद् दण्डकारण्ये शिलाऽहल्यापि सा ह्यभूत्।
जालन्धरस्य या पत्नी वृन्दा माधवमोहिनी ।।११।।

सापि वृक्षत्वमापन्ना यद्रूपदर्शनाद् हर !
अन्ये नानावरा गौरि ! नागता ब्रह्मणो हृदि ।।१२।।

नैतादृशं क्वापि देवि ! सौन्दर्यं शौर्यमेव च ।
तयोर्योगेन च तवः सुतः शोभामवाप्नुयात् ।।१३।।

रत्नकाञ्चनयोर्यद्वद् यथा मुक्ताप्रवालयोः ।

क उवाच

एवं नारदवाक्येन स तुतोष हरः शिवा ।।१४।।

शिव उवाच

सम्यगुक्तं मुने ! वाक्यं वाञ्छितार्थकरं शुभम् ।

क उवाच

शिवोऽपि तत्क्षणादेव वृषारूढः समाह्वयत् ।।१५।।

इन्द्रादिदेवनिचयान् गौतमादीन् मुनीनपि ।
अर्धाङ्गे पार्वतीं गृह्य ययौ हर्षसमन्वितः ।।१६।।

शिखण्डिनं समारुह्य मयूरेशः पुरो ययौ ।
नारदस्तु तपोयोगादन्तरिक्षचरो ययौ ।।१७।।

पठाउनुभएको हुँदा हजुरहरूको दर्शन गर्न आएको हुँ । आफ्ना छोरी सिद्धि र बुद्धिको तपाइँका छोरा श्रीगणेशसँग विवाह गर्न चाहनुहुने ब्रह्माजीले श्रीगणेशको सुन्दरता, प्रभाव, पराक्रम, व्यक्तित्व र उमेर यी कुराहरू थाहा पाउनुभएको छ। सिद्धि र बुद्धिको रूप देखेर संसारमा अत्यन्त सुन्दर मानिएका अनुसूया र इन्द्राणीजस्ता दिव्य नारीहरू पनि आफूलाई लज्जित भएको महसुस गर्दछन्। लाजले गर्दा सूर्यकी पत्नी सन्ध्या दण्डकारण्यमा गई शिला भइन् । त्यसैगरी सिद्धि र बुद्धिको सौन्दर्यबाट तिरस्कृत भएकी अहल्या पनि त्यसै दण्डकारण्यमा शिला भइन् । कुनै समयमा जालन्धरकी पत्नी वृन्दाले आफ्नो रूपजालबाट भगवान् नारायणलाई पनि मोहित पारेकी थिइन् तर आज ती पनि सिद्धि र बुद्धिको सौन्दर्यका सामु लाजले भुतुक्क भएर तुलसीका रूपमा परिणत भइन् । ब्रह्माजीको मनमा सिद्धि र बुद्धिलाई सुहाउने श्रीगणेशबाहेक अरू कुनै वरले ठाउँ पाउन सकेको छैन ।।८-१२।। हे पार्वती ! सिद्धि र बुद्धिमा जस्तो सुन्दरता र शक्ति छ त्यस्तो सुन्दरता र शक्ति कुनै पनि कन्यामा देख्न सकिंदैन । सिद्धि र बुद्धिका साथ हजुरका पुत्र श्रीगणेशको विवाह भएमा निकै राम्रो जोडा मिल्नेछ।।१३।। ती दुइटी ब्रह्माजीका कन्यालाई पत्नीका रूपमा प्राप्त गरेर श्रीगणेश पनि अत्यन्त सुहाउनुहुनेछ। रत्न र सुनको संयोगमा जस्तो शोभा हुन्छ, मोती र मुगाको संयोगमा जस्तो शोभा हुन्छ, त्यस्तै शोभा सिद्धि र बुद्धिको संयोगमा श्रीगणेशको हुनेछ ।'

ब्रह्माजीले भन्नुभयो - नारदजीका कुरा सुनेर पार्वती र शङ्कर प्रसन्न हुनुभयो ।।१४।।

शिवजीले भन्नुभयो - 'हे नारदजी ! तपाइँले राम्रा कुरा सुनाउनुभयो । यसबाट हामीले चाहेको कुरा पूर्ण हुनेछ र हाम्रो मङ्गलकार्य पनि सम्पन्न हुनेछ ।'

ब्रह्माजीले भन्नुभयो - हे वेदव्यास ! यस्ता कुरा गरेर शिवजीले पनि तुरुन्तै साँढिमाथि सवार भई इन्द्र आदि देवता र गौतम आदि मुनिहरूलाई बोलाउनुभयो र आफ्नो बायाँ भागमा पार्वतीलाई राखेर प्रस्थान गर्नुभयो । श्रीगणेश पनि मयूरमा सवार भएर अगाडि लाग्नुभयो । तपस्याको शक्तिबाट नारदजीले पनि आकाशमार्गबाट प्रस्थान गरे । शिवजीका सात करोड गणहरू पनि अनेक थरि क्रीडा गर्दै शिवजीको यात्रामा सहभागी भए । ती सबै शिवगण हातमा शस्त्र-अस्त्र धारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तकोटिगणाः क्रीडां कुर्वन्तोऽभिययुस्तदा ।
नानायुधधरा हर्षाद् गर्जयन्तो दिशो दश ।।१८।।

वाद्यत्सु सर्ववाद्येषु रजसाच्छादिते रवौ ।
अष्टाशीतिसहस्राणि मुनयोऽपि ययुर्मुदा ।।१९।।

गण्डकीनगरं सर्वे गन्तुकामा व्यलोकयन् ।
गुल्मं मार्गे रक्षसां ते सप्तकोटिगणान्वितम् ।।२०।।

नभस्पर्शिमुखानाञ्च सर्वदा कालधिक्कृताम् ।
निशाचराः शुश्रुवुस्ते सेनायास्तु रवं दृढम् ।।२१।।

सुप्तोत्थिताश्च सन्नद्धा ययू रणविधित्सया ।

राक्षसा ऊचुः

कस्य यूयं कुतो याथ कुत आगमनञ्च वः ।।२२।।
न विज्ञाय पुरे गन्तुं दास्यामः स्वामिनश्च नः ।

मयूरेश उवाच

स्वतन्त्रा अन्तका दैत्यरक्षसां साधुपालकाः ।।२३।।
अतो गच्छन्तु नो मार्गं नो चेन्नाशं व्रजिष्यथ ।

क उवाच

एतस्मिन्नन्तरे प्राप्तो विकृतो हेमनामकः ।।२४।।

असुरोऽथाब्रवीद् देवमेकाकी प्रहितः पुरा ।
इदानीं राक्षसैः सार्द्धमादास्ये जीवितं तव ।।२५।।

उवाच राक्षसान् सोऽथ नानादैत्या हता बलात् ।
अहञ्च विकृतोऽनेन यतोऽयं हन्यते जवात् ।।२६।।

क उवाच

इति तद्वचनं श्रुत्वा चुक्रोध स मयूरराट् ।
मुनिपुत्रान् समाज्ञाप्य युध्यध्वं मे ह्यनुग्रहात् ।।२७।।

गरेर वीरभावले सुहाएका थिए । ती सबै आनन्दपूर्वक गर्जन गर्दै दसै दिशालाई शब्दायमान तुल्याउँदै थिए ।।१५-१८।। अनेक थरि वाद्यघोष घन्किरहेको त्यस बेला शिवजीका गणहरूको हिंडाइबाट उडेको धूलोले सूर्य पनि ढाकिए । त्यो देखेर अठासी हजार ऋषिहरू भगवान्को यात्रामा सहभागी हुन आए।।१९।। शिवजीको यो यात्रा कृष्णा गण्डकीतर्फ जानका लागि चलाइएको थियो । त्यस बेला शिवजीको यात्रामा सहभागी सबै नर-नारीले बाटामा राक्षसहरूको सात करोड गणले सम्पन्न गुल्म देखे । ती गुल्ममा रहेका दैत्यहरूले आफ्नो शिरको उचाइबाट आकाशलाई स्पर्श गरेका थिए । तिनीहरूले कालको पनि वास्ता गर्दैनथे । राक्षसका गणहरूलाई त्यहाँ देखी तिनको डरलाग्दो स्वर सुनेर भूत-प्रेतहरू पनि युद्ध गर्ने इच्छाले राक्षसकै सेनामा सामेल भए । राक्षसहरूले शिवगणलाई भने – 'तिमीहरू को हौ ? कहाँबाट आइरहेका छौ? कहाँ जान लागेका छौ ? तिमीहरूको राम्रो परिचय नपाएसम्म हामी तिमीहरू र तिम्रा स्वामीलाई पनि यहाँबाट अगाडि जान दिदैनौं ।' राक्षसका यस्ता कुरा सुनेर श्रीगणेशले जवाफ दिनुभयो।

श्रीगणेशले भन्नुभयो – 'हे राक्षसगण ! हामी दैत्य र राक्षसका नाशक, साधुका रक्षक देवगण हौं । हामी स्वतन्त्र छौं ।।२०-२३।। हामीलाई कहीं जानबाट कसैले रोक्न सक्दैन। तिमीहरूले बाटो नछेक । नपत्याएर बाटो छेकिरहन्छौ भने तिमीहरू तुरुन्तै खरानी हुनेछौ ।'

ब्रह्माजीले भन्नुभयो – हे वेदव्यास ! श्रीगणेशले कुरा गरिरहनुभएको समयमा अत्यन्त डरलाग्दो अनुहार भएको हेम नामक राक्षस श्रीगणेशका सामु आयो र त्यसले भन्यो – 'म पहिले तिमीसँग एक्लै लड्न गएको थिएँ, हार खाएँ अहिले म राक्षसको गणका साथमा आएको छु । अब तिम्रो प्राणहरण गर्नेछु ।।२४-२५।। हे राक्षसगण ! यसले तिमीहरूजस्ता करोडौं राक्षस मारिसकेको छ । हे साथी हो ! मेरा हात-खुट्टा काट्ने पनि यही हो । त्यस कारण म यसलाई अतिशीघ्र मारिदिन्छु।'

ब्रह्माजीले भन्नुभयो – त्यसका कुरा सुनेर भगवान् श्रीगणेश क्रुद्ध हुनुभयो र मुनिबालकहरूलाई अह्राउँदै भन्नुभयो– 'तिमीहरू नडराओ, मेरो कृपा हुनेछ। यो दैत्यसँग युद्ध गर।' भगवान्को आज्ञा पाएर ती बालकहरू हातमा कुश लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुशानुद्यम्य ते हर्षाद् युद्धं कर्तुं समुद्यताः ।
उवाच पृष्ठतो देवो घ्नन्तु बालाः कुशैरिमान् ।।२८।।

मन्त्रितास्ते कुशास्तेषां मस्तकानच्छिनन् बहून् ।
तेषां शस्त्राणि कुण्ठानि जातानि तदनुग्रहात् ।।२९।।

जायन्ते तावदेते तान् कुशैर्जघ्नुस्तु राक्षसान् ।
खण्डशस्ते निपेतुर्वै छिन्नबाहूरुजानवः ।।३०।।

व्यस्मयन्त च रक्षांसि तृणैर्मृत्युं व्रजन्ति किम् ।
एवं सर्वे हता बालैरखिला राक्षसास्तदा ।।३१।।

जगर्जुस्ते मयूरेशं प्रापुर्नत्वाऽप्यपूजयन् ।

बाला ऊचुः

आज्ञया निहताः सर्वे राक्षसास्त्वत्प्रसादतः ।
पुनराज्ञां नः प्रयच्छ करिष्यामो गुणेश्वर ।।३२।।

आश्चर्यं परमं जग्मुर्मुनयो ये समागताः ।
दृष्ट्वा बालैर्हतान् सर्वान् राक्षसान् कुशसञ्चयैः ।।३३।।

पार्वती वृषभात् तस्मादवरुह्यालिलिङ्ग तम् ।
शिवोऽपि प्राब्रवीद् देवं दृष्टस्तेऽद्य पराक्रमः ।।३४।।

तव शस्त्रहताः पूर्वं निहता बालकैः कुशैः ।
ब्रह्मादीनामगम्यस्ते प्रभावो गिरिजासुत ।।३५।।

न ज्ञायते मया वापि किं किमग्रे करिष्यसि ।।३६।।

हर्षपूर्वक युद्ध गर्न थाले। ती बालकहरूका पछाडि भगवान् श्रीगणेश रहनुभएको थियो। पछाडिबाट उहाँले भन्नुभयो- 'हे बालकहरू ! तिमीहरूले आफ्नो हातमा लिएको कुश प्रहार गरेर यी राक्षसहरूलाई मार।।२६-२८।।' भगवान्को आज्ञा पाएपछि ऋषिबालकहरूले मन्त्र जपेर कुशले प्रहार गर्दा ती सबै राक्षसका टाउका काटिए । भगवान् श्रीगणेशको कृपा भयो । दैत्यहरूका शस्त्र कुण्ठित भए । मुनिबालकहरूले कुशले प्रहार गरिरहे । दैत्यहरू हात-घुँडा काटिएर भुइँमा लड्न थाले । त्यस बेला ती दैत्यहरूले चकित हुँदै भने - 'घाँसले प्रहार गर्दा पनि हाम्रा दैत्यवीर मरिरहेका छन्, कस्तो अचम्मको कुरा ?' यस किसिमबाट बालकहरूले कुशको प्रहार गरी सबै राक्षसलाई मारे ।।२९-३१।। राक्षसमाथि विजय गरेको खुसियालीमा बालकहरूले सिंहनाद गरे । त्यसपछि श्रीगणेशका सामु गएर प्रणाम गरी पूजा गरे ।

बालकहरूले भने- 'हे भगवन् गुणेश! हजुरको आज्ञा पाएर हजुरकै करुणाबाट हामीले ती सबै राक्षसको वध गरेका हौं । हे भगवन् ! अब अरू के गर्नुपर्छ ? आज्ञा गर्नुहोस् । हामी ती सबै काम सम्पन्न गर्नेछौं ।' यो सबै देखेर त्यहाँ युद्धको दर्शन गर्न आएका मुनिगण पनि अत्यन्त चकित भए । बालकहरूले कुशले प्रहार गर्दा राक्षस मरेको देखी अत्यन्त आनन्दित भएकी भगवती पार्वतीले पनि शङ्करको वाहन नन्दीबाट भुइँमा ओर्लेर आफ्नो छोरालाई आलिङ्गन गर्नुभयो । शिवजीले पनि श्रीगणेशलाई सम्बोधन गर्दै भन्नुभयो - 'प्यारा पुत्र! आज तिम्रो पराक्रम देखेर म खुसी भएको छु । पहिले तिमीले त्यतिका धेरै राक्षसहरूलाई मार्‍यौ । आज तिम्रा साथी बालकहरूले कुशको प्रहार गरेर राक्षसहरूलाई मारे । हे पार्वतीपुत्र ! तिम्रा पराक्रमको आदि र अन्त्य भगवान् ब्रह्माजी पनि जान्न सक्नु हुन्न । अब यसपछि के के लीला गर्नै छौ ? त्यो म पनि भन्न सक्दिनँ ।।३२-३६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे राक्षसवधो नाम नवाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनुदित श्रीगणेशपुराण क्रीडाखण्डको 'मुनिबालकहरूद्वारा दैत्यहरूको संहार' शीर्षकान्वित एक सय नवौं अध्याय पूर्ण भयो ।।१०९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशोत्तरशततमोऽध्यायः { ११० अध्याय }

क उवाच

जयशाली मयूरेशो यात्यग्रे हर्षनिर्भरः ।
पृष्ठतो यान्ति बालास्ते ततो वृषगतः शिवः ।।१।।

गौतमाद्या मुनिगणा लग्नसिद्ध्यै ययुस्ततः ।
गर्जन्तो गर्जयन्तश्च दिशश्च विदिशोऽपि च ।।२।।

योजनावधि गण्डक्या अवरुह्य शिखण्डिनः ।
अतिष्ठत् स मयूरेशो महार्घासनमुत्तमम् ।।३।।

ततः सर्वानुपावेश्य शिवं गणमुनीश्वरान् ।
वाद्यत्सु सर्ववाद्येषु तानाह स मयूरराट् ।।४।।

सिन्धुना निहिताः कारागृहे शक्रादिदेवताः ।
विना तन्मोचनं लग्नसिद्धिर्नैव भविष्यति ।।५।।

अतस्तन्मोचनार्थाय प्रेष्यतां सिन्धवे महान् ।
बुद्धिमान् स गृहीत्वा चेदागच्छेत् तान् सुरानथ ।।६।।

तदा साम्नैव सर्वेषां कुशलं हि भविष्यति ।
नो चेद् युद्धेन जेष्यामो रणे सिन्धुं महाबलम् ।।७।।

मोचयिष्यामस्तान् देवाँस्ततो लग्नं भविष्यति ।

क उवाच

एवं तद्वचनं श्रुत्वा प्राहुः सर्वे गुणेश्वरम् ।।८।।

सम्यगुक्तं मयूरेश ! सुधया सदृशं वचः ।
बालभावेऽपि ते बुद्धिर्बृहस्पतिसमा शुभा ।।९।।

पुष्पदन्तं महाबुद्धिं नीतिशास्त्रविशारदम् ।
प्रेष्यतां सिन्धुनिकटे देवमोचनहेतवे ।।१०।।

वक्तारं बलिनं श्रेष्ठं स्तोत्रसन्तोषितेश्वरम् ।

ब्रह्माजीले भन्नुभयो – हे वेदव्यास ! विजयी भगवान् श्रीगणेश राक्षसहरूको वधपछि त्यहाँबाट आनन्दपूर्वक बालक-हरूलाई अगाडि लगाएर प्रस्थान गर्दै हुनुहुन्थ्यो। पछाडि पछाडि मुनिकुमार हिंडिरहेका थिए । तीभन्दा पनि पछाडि नन्दीमा सवार हुनुभएका भगवान् शिवजी हुनुहुन्थ्यो।।१।। त्यसपछि गौतम आदि मुनिगण लग्नसिद्धिका लागि प्रस्थान गर्दै हुनुहुन्थ्यो। उहाँहरू प्रस्थान गर्नुहुँदा गण्डकी नदीको एक योजन भूभागसम्म उहाँहरूको यात्राको गम्भीर कोलाहल फैलियो। मयूरमा सवार भगवान् श्रीगणेश अत्यन्त उत्तम आसनमा विराजमान हुनुहुन्थ्यो। त्यसपछि उहाँले भगवान् शिवजी र मुनिगणलाई केही बेर बसौं भनी अनुरोध गर्नुभयो । शिवजी र मुनिहरू बसेपछि वाद्यघोष घन्किरहेकै स्थितिमा श्रीगणेशले भन्नुभयो– हे पिताजी र हे मुनिगण ! राक्षस सिन्धुले इन्द्र आदि सबै देवताहरूलाई कारागारमा लगेर थुनेको छ । देवताहरूको कारागारबाट मुक्ति नभएसम्म मेरो विवाहको लग्नसिद्धि हुँदैन ।।२-५।। तसर्थ देवताहरूलाई कारागारबाट मुक्त गराउन दैत्यराज सिन्धुका समीपमा हामीले कुनै बुद्धिमान् दूत पठाउनुपर्छ । त्यसले कुरा मिलाएर देवताहरूलाई मुक्त गराई फर्काई ल्याएमा मीठो वचनबाट नै काम सिद्ध हुनेछ । सबैको भलो पनि हुनेछ । त्यसो हुन सकेन भने रणमा गई हामीले दैत्यराज सिन्धुलाई मार्नेछौं, त्यसपछि मात्र देवतालाई मुक्त गर्न सकिनेछ । देवताहरूको मुक्तिपछि मात्र लग्नसिद्धिका कुरा हुनेछन् ।

ब्रह्माजीले भन्नुभयो – मयूरेश भगवान्का यी कुरा सुनेर सबैले उहाँलाई भने – 'हे मयूरेश ! हजुरले अमृतसमान राम्रो कुरा भन्नुभएको छ । हजुर बालकै हुनुहुन्छ तापनि हजुरको बुद्धि बृहस्पति समान छ ।।६-९।। नीतिशास्त्रका विशेषज्ञ र तीखो बुद्धि भएका पुष्पदन्तलाई देवताहरूको मुक्तिका लागि दैत्यराज सिन्धुसमक्ष पठाउनुपर्दछ ।।१०।। किनकि उहाँ बलवान्, उत्तमवक्ता र उत्तम स्वभावका पनि हुनुहुन्छ । उहाँले महिम्नस्तोत्रद्वारा स्तुति गरी भगवान् शिवजीलाई पनि सन्तुष्ट तुल्याउनुभएको छ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

तत ऊचे पुष्पदन्तो मयूरेशं सुरेश्वरम् ।।११।।

महिमा ते मयूरेश ! मनोवाचामगोचरः ।
जानन्ति न जना मायामोहितास्तव नित्यदृक् ।।१२।।

भूभारहरणार्थं त्वमवतीर्णः शिवालये ।
न मां प्रेषय तत्र त्वमन्यं प्रेषय साम्प्रतम् ।।१३।।

अपारसेनया युक्तं सिन्धुदैत्यं महाबलम् ।
उद्धृतं बलिनं द्रष्टुमहं शक्ष्यामि न क्वचित् ।।१४।।

युद्धमेव करिष्यामि ततो दोर्दण्डतेजसा ।
यदि साम्ना भवेत् कार्यं युद्धं तत्र वृथा मतम् ।।१५।।

दानं भेदो वृथा दण्डो नीतिरेषा सनातनी ।
एवमाकर्ण्य तद्वाक्यमुवाच पार्वतीपतिः ।।१६।।

सम्यगुक्तः पुष्पदन्त ! नीतिमार्गः पुरातनः ।
क्रोधवान्न क्षमः साम्नि केवलं बलवान् परः ।।१७।।

धरिष्यति महादुष्टं प्रेषितश्चेत् षडाननः ।
प्रेषितो वीरभद्रश्चेत् क्रोधमेव करिष्यति ।।१८।।

शृङ्गी चेत् प्रेषितस्तत्र संहारं स विधास्यति ।
प्रमथः प्रेषितो मत्तो न जाने किं करिष्यति ।।१९।।

प्रेषितश्चेद् भूतराजो भाययिष्यति तां सभाम् ।
स्त्रीसम्भोगरतः स्यात् तु प्रेषितो रक्तलोचनः ।।२०।।

ततोऽब्रवीन्मयूरेशो निरस्तेषु च तेषु च ।
नन्दी समुद्रगम्भीरो धैर्ये पर्वतसन्निभः ।।२१।।

बुद्ध्या बृहस्पतिसमो जम्भारिसदृशो बले ।
धूर्तः पराशयज्ञाता प्रेष्यतां सामहेतवे ।।२२।।

शिव उवाच

सम्यगुक्तं मयूरेश ! ज्ञातासि गुणदोषयोः ।
नन्दिने दीयतां वस्त्रं रत्नानि विविधानि च ।।२३।।

ततो ददौ मयूरेशस्तानि तस्य शिवाज्ञया ।
आज्ञापयामास च तं गच्छ सिन्धुं महाबलम् ।।२४।।

ब्रह्माजीले भन्नुभयो – यो कुरा सुनेर पुष्पदन्तले मयूरेश भगवान्लाई भने – 'हे मयूरेश ! हजुरको महिमा मन र वाणीको विषय होइन । हजुरको मायाबाट मोहित मानिसहरूले हजुरको नित्यमाया र लीलालाई जान्न सक्दैनन् ।।११-१२।। भूभारहरणका लागि हजुर शिवधाममा प्रकट हुनुभएको छ । हजुरले मलाई दैत्यराज सिन्धुका समक्ष नपठाउनुहोस् । अरू कसैलाई पठाउँदा राम्रो हुनेछ ।।१३।। अपार-सेनासम्पन्न मूर्ख, बलवान्, घमण्डी त्यस महादैत्यलाई म हेर्न पनि सक्दिनँ ।।१४।। बरु युद्धकै मैदानमा गएर लड्नेछु । यदि वचनबाट कार्यसिद्ध हुन्छ भने युद्ध गर्न हुँदैन भनिएको छ । दान, भेद र दण्ड पनि सामका सामु व्यर्थ हुन्छन्, यो सनातन नीति हो ।' पुष्पदन्तका कुरा सुनेर भगवान् शिवजीले भन्नुभयो – 'हे श्रीगणेश ! पुष्पदन्तले भनेको नीतिमार्ग सर्वसम्मत प्राचीनमार्ग हो। क्रोधी मानिस मधुर वचन बोल्न सक्दैन । यदि बलवान् स्कन्दलाई हामीले पठायौं भने तिनले दैत्यराज सिन्धुमाथि आक्रमण गर्नेछन् । यदि वीरभद्रलाई पठायौं भने तिनले रीसमात्र देखाउनेछन्।।१५-१८।। यदि शृङ्गीलाई पठायौं भने तिनले संहार नै गर्नेछन् । प्रमथलाई पठायौं भने तिनले उन्मत्त भएर के के गर्छन् भन्न सकिंदैन । भूतराजलाई पठायौं भने तिनले सम्पूर्ण दैत्यसभालाई नै भयभीत तुल्याएर त्यहाँका दैत्यहरूलाई लाखा-पाखा गराउनेछन् । रक्तलोचनलाई पठाउँदा त्यहाँ गएर तिनले दैत्यसुन्दरीहरूसँग सम्भोग प्रारम्भ गर्नेछन्' ।।१९-२०।। ती सबैका गुणदोषको चर्चा सुनेर ती सबैलाई निरस्त गरिएको तथ्य आत्मसात् गरेपछि भगवान् श्रीगणेशले भन्नुभयो – 'नन्दी गम्भीरतामा समुद्रसमान, धैर्यमा पर्वतसमान, बुद्धिमा बृहस्पति-समान, बलमा इन्द्रसमान र अरूको आशय बुझ्न सिपालु छन् । तिनलाई नै मधुर वचनको सन्देशका साथ दैत्यराजको सभामा पठाउनुपर्दछ' ।।२१-२२।।

शिवजीले भन्नुभयो – 'हे श्रीगणेश ! तिमीले राम्रो कुरा गर्‍यौ । किनकि तिमी गुण र दोष केलाउन अत्यन्त कुशल छौ। नन्दीलाई वस्त्र, अलङ्कार र रत्न प्रदान गर' ।।२३।। शिवजीले त्यसो भनेपछि श्रीगणेशले नन्दीलाई ती सबै कुरा प्रदान गर्दै भन्नुभयो – 'हे नन्दी ! तिमी दैत्यराज सिन्धुको समीपमा जाऊ ।।२४।। जसरी देवताहरू त्यसको कारागारबाट मुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथा देवा विमुच्यन्ते तथा नीतिर्विधीयताम् ।
स तु नत्वा मयूरेशं सशिवं शिवमेव च ।।२५।।

गणान् सर्वान् महावाक्यैः स्तुत्वा तञ्च शिवं शिवाम्।
उवाच बुद्धिसम्पन्नो दिष्ट्योचितमिदं वचः ।।२६।।

नन्द्युवाच

स महाञ्जायते लोके यस्य वः स्यादनुग्रहः ।
अतोऽहं श्रेष्ठतां नीतः साधयिष्ये प्रयोजनम् ।।२७।।

वः प्रसादेन भूगोलं विधास्ये न्युब्जमञ्जसा ।
शेषं सूर्यं वो निकट आनयिष्ये न संशयः ।।२८।।

क उवाच

एवमुक्त्वा ययौ नन्दी सिन्धुदैत्यं बलान्वितः ।
गतः स नगरद्वारं मनोवेगेन धैर्यवान् ।।२९।।

ध्यायन् गणेशं शम्भुञ्च शिवां सर्वार्थसाधिकाम् ।
ऋतां कर्तुं प्रतिज्ञां तां प्रार्थयामास चेतसि ।।३०।।

हुनसक्छन् त्यस्तो नीति लिएर काम गर ।' भगवान् श्रीगणेशका यी कुरा सुनेर नन्दीले पनि शिव, पार्वती, श्रीगणेश र सबै शिवगणलाई प्रणाम गरी महावाक्यद्वारा भगवान् शिव, पार्वती र श्रीगणेशको स्तुति गरेर समयानुसार आफ्ना उत्तम वचन निवेदन गर्दै भने।।२५-२६।।

नन्दीले भने – 'हे भगवन् ! त्यो मानिस महान् बन्दछ, जसमाथि हजुरको अनुग्रह हुन्छ । आज हजुरले ममाथि अनुग्रह गरेर मलाई महान् बनाइदिनुभएको छ । हजुरको आज्ञाअनुसार मैले प्रयोजन सिद्ध गर्नेछु ।।२७।। हजुरहरूको प्रतापबाट मैले सम्पूर्ण भूगोललाई निहुर्‍याउन सक्छु । शेषनाग र सूर्यलाई पनि हजुरका सामु ल्याउन सक्छु । यसमा सन्देह छैन' ।।२८।।

ब्रह्माजीले भन्नुभयो – यसरी भावनिवेदन गरेर नन्दी शिवगणसहित दैत्यराज सिन्धुको सभामा जान भगवान् श्रीगणेशको ध्यान गर्दै मनोवेगले प्रस्थान गरे । धैर्यशाली नन्दी दैत्यराजको नगरीमा पुगेर पनि श्रीगणेश, शिवजी र सर्वसिद्धि प्रदान गर्नुहुने पार्वतीको ध्यान गर्दै आफ्नो प्रतिज्ञा सफल तुल्याउन प्रार्थना गरिरहेका थिए ।।२९-३०।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे दूतप्रेषणं नाम दशाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सिन्धुको सभामा दूतका रूपमा नन्दीको प्रयाण' शीर्षकान्वित एक सय दसौं अध्याय पूर्ण भयो ।।११०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादशोत्तरशततमोऽध्यायः { १११ अध्याय }

क उवाच

प्रायात् सभां महारम्यां द्वारपालनिवेदितः ।
नन्दी ननन्द तं दृष्ट्वा दैत्यं सिन्धुं सभागतम् ।।१।।

महावीरैः परिवृतं नानाशस्त्रेषुपाणिभिः ।
वाराङ्गनानृत्यरतं वीज्यमानं नृभिर्मुदा ।।२।।

वाद्यत्सु सर्ववाद्येषु नादनादितदिक्षु च ।
दृष्ट्वा तं नन्दिनं केचिन्मेनिरे रविमागतम् ।।३।।

महाकायं महावीरं वीक्ष्य केचिच्चकम्पिरे ।
जगर्जुरपरे तत्र भीषयन्तो बलादमुम् ।।४।।

न बिभेति महाधैर्यान्नन्दी स्वबलगर्वितः ।
करसंज्ञार्पितं नन्दी भेज आसनमुत्तमम् ।।५।।

सर्वे तटस्थतां याताश्चित्रगा इव पुत्तलाः ।
बुद्ध्वा तदिङ्गितं प्राह नन्दी वाचस्पतिः परः ।।६।।

नानासभा दृष्टपूर्वा नेदृशास्तासु मूढकाः ।
यूयं सर्वेऽतिबलिनः श्रिया परमशोभिताः ।।७।।

सुन्दराः कामसदृशा बुद्ध्या हीना वृका इव ।
सभायामागतः साधुरसाधुर्दुर्बलो बली ।।८।।

प्रष्टव्यो माननीयश्च नीतिरेषा सनातनी ।
न सा दृष्टा सभामध्ये ह्यतो मे विस्मितं मनः ।।९।।

वृथा सभासदः सर्वे वृथाऽमात्याश्च नागराः ।
नायं धर्मो राज्ञ एव सभ्यानां कृत्यमेव तत् ।।१०।।

ब्रह्माजीले भन्नुभयो- नन्दी दैत्यराज सिन्धुको सभाद्वारमा पुगे र द्वारपालले दैत्यराज सिन्धुलाई नन्दी दूतका रूपमा आएको निवेदन गरे । निवेदन गरिएपछि भित्र जाने अनुमति पाएका नन्दीले राजसभामा बसेको दैत्यराज सिन्धुलाई देखेर आनन्दको अनुभव गरे ।।१।। हातमा शस्त्र-अस्त्र धारण गरी ठूला-ठूला वीरहरूलाई वरिपरि राखेर माझमा बसिरहेको सिन्धुले सभामा आएर आनन्दपूर्वक नाचिरहेका वेश्याहरूको नृत्य हेरिरहेको थियो । चारैतिर बाजा-गाजा घन्किरहेका थिए। त्यो वाद्यघोषबाट दिशाहरू प्रतिध्वनित भइरहेका थिए । त्यस बेला सभाभित्र नन्दीलाई देखेर केही दैत्यले साक्षात् सूर्य आएझैं माने ।।२-३।। महाकाय र महावीर नन्दीलाई देखेर दैत्यहरू थर-थर काप्न थाले । केही सभासद् दैत्यहरू त नन्दीलाई तर्साउने हिसाबले भयङ्कर गर्जन गरिरहेका थिए ।।४।। तर ती सबै कुरा हुँदा पनि आफ्नो बल र पराक्रममा विश्वास र स्वाभिमान राख्ने नन्दी भने धैर्यपूर्वक शान्त मुद्रामा उभिएका थिए। दैत्यराजले हातले बस्न संकेत गरेपछि नन्दी उत्तम आसनमा बसे ।।५।। तेजस्वी नन्दीलाई देखेर त्यहाँ रहेका दैत्यहरू भित्तामा चित्रित गरिएका पुतलीजस्ता देखिन्थे । दैत्यराज सिन्धुको सङ्केत पाएर नन्दीले दोस्रा बृहस्पतिले झैं भने ।।६।। 'हे दैत्यवर ! मैले धेरै सभा देखेको छु, तर यस्तो सभा देखेको थिइनँ । तपाईँहरू सबै बलवान् हुनुहुन्छ र ऐश्वर्यसम्पन्न पनि । यहाँ रहेका सबै दैत्य कामदेवझैं सुन्दर हुनुहुन्छ । यति सुन्दर हुँदाहुँदै पनि तपाईँहरू ब्वाँसोझैं बुद्धिहीन र मूर्ख पनि हुनुहुन्छ। सभामा आएका सज्जन-दुर्जन, दुर्बल र बलवान् जस्तोसुकै भए पनि त्योसँग सोधपूछ-भलाकुसारी गर्नुपर्छ र सम्मान पनि दिन जान्नुपर्छ। यो सनातन नीति हो र सनातन मर्यादा पनि। तपाईँहरूको सभामा यस्तो केही देखिएन । यो देखेर म अचम्म परेको छु ।।७-९।। यस्तो सभामा बस्ने सभासद्को कुनै अर्थ छैन। मन्त्रीहरू पनि व्यर्थ छन्। गण्यमान्य नागरिक पनि व्यर्थ देखिएका छन् । सभामा आएका मानिसको सम्मान र तिनीहरूसँग कुशल प्रश्न गर्नु राजाको मात्र कर्तव्य होइन, यो त खास गरेर सभासद्हरूको कर्तव्यभित्र पर्दछ' ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इति तद्वचनं श्रुत्वा सिन्धुः प्रोवाच नन्दिनम् ।
पद्मयोनेरिव तव मतिर्दृष्टा ! गुणाकर ।।११।।

कस्य त्वं कुत आयातः किमर्थं वा वृषेश्वर । !
तेजसा वह्निसदृशः पञ्चास्य इव विक्रमे ।।१२।।

नन्द्युवाच

सुरभेः कामरूपाया अपत्यं नन्दिनामकम् ।
विद्धि मां गिरिजानाथवाहं ब्रह्माण्डभेदिनम् ।।१३।।

मयूरेशो धराभारहरो दुष्टनिबर्हणः ।
अवतीर्णः शिवगेहे बाल्यात् प्रभृति दैत्यहा ।।१४।।

शेषो मूकोऽभवत् तस्य प्रतापवर्णनेऽब्जजः ।
समुद्रमथनाद् यद्वद् रत्नजातं बहिर्ययौ ।।१५।।

तद्वन्नीतिं विमथ्याऽद्य कार्यसिद्धिं विचारय ।
आज्ञां शृणु मयूरेशप्रेषितां बलवत्तराम् ।।१६।।

आज्ञाभङ्गे तस्य भवेद् विनाशो यस्य कस्यचित् ।
यतः स सृजते विश्वं पाति हन्ति चराचरम् ।।१७।।

त्वया विनिहिताः कारागृहे देवगणा बलात् ।
पदानि तेषां लब्धानि भाग्यं स्यात् किमतः परम् ।।१८।।

इदानीं वैरनिर्मोकं विचार्य कर्तुमर्हसि ।
मोचयाशु सुरान् सर्वानाज्ञया स्वामिनो मम ।।१९।।

त्रिपुरेण कृतं वैरं शिवेन सह तत्क्षणात् ।
हिरण्यकशिपुं स्तम्भेऽवतीर्य हतवान् हरिः ।।२०।।

ब्रह्माजीले भन्नुभयो – नन्दीका कुरा सुनेर दैत्यराज सिन्धुले नन्दीलाई भन्यो – 'हे गुणाकर ! वृषेश्वर ! तिम्रो बुद्धि ब्रह्माजीकै समान रहेछ ।।११।। कसका दूत हौ ? कहाँबाट आएका छौ ? के उद्देश्यले आएका छौ ? तिमी तेजद्वारा अग्निसमान र पराक्रममा सिंहसमान देखिन्छौ ?' ।।१२।।

नन्दीले भने– 'हे दैत्यराज ! आफ्नो इच्छाअनुसार रूपधारण गर्न सक्ने कामधेनुको पुत्र, पार्वतीपतिको वाहन र ब्रह्माण्ड भेदन गर्ने शक्तिले सम्पन्न मलाई नन्दी भनेर जान्नुहोस् ।।१३।। हे दैत्यराज ! पृथिवीको भार हरण गर्न र दुष्टहरूको संहार गर्न मयूरेश श्रीगणेश शिवजीको घरमा पुत्र बनेर उत्पन्न हुनुभएको छ । सानै उमेरदेखि नै उहाँ दैत्यहरूको वध गर्दै आउनुभएकाले दैत्यसंहारकका नामबाट पनि विख्यात हुनुहुन्छ ।।१४।। मयूरेश भगवान्का गुणहरूको आदि-अन्त्य पत्तो नपाएर शेषनाग पनि वर्णन गर्न असमर्थ भई लाटाजस्ता देखिएका छन् । नारायणको नाभिकमलबाट पैदा हुनुभएका ब्रह्माजी पनि मयूरेश श्रीगणेशको प्रशंसा गर्न असमर्थ भएर मौन हुनुभएको थियो। जसरी समुद्रमन्थन गर्दा उत्तम रत्नहरू पैदा हुँदै गए त्यसरी तपाइँहरूले पनि नीतिशास्त्रको मन्थन गरेर कार्यसिद्धिको उपाय पत्ता लगाउने विषयमा विचार गर्नुहोस् । अहिले तपाइँलाई भगवान् मयूरेशले सन्देशमूलक आज्ञा गर्नुभएको छ । म त्यो सुनाउँछु र तपाइँहरूले सावधान भएर सुन्नुहोस् ।।१५-१६।। जसले श्रीगणेशको आज्ञाभङ्ग गर्छ त्यसको विनाश निश्चित छ । तपाइँहरूले उहाँको पराक्रम बुझ्नुभएको छ कि छैन ? नबुझेको भए म भन्छु सुन्नुहोस् – भगवान् मयूरेश चराचरसहित विश्वको निर्माण, पालन र संहार गर्नुहुन्छ ।।१७।। तपाइँहरूले धेरै देवताहरूलाई हठपूर्वक कारागृहमा थुन्नुभएको छ। त्यस्ता पवित्र देवताहरूको चरणकमलको दर्शन गर्न पाउनुभयो, यो ठूलो भाग्य हो तर अब विचार गर्नुहोस् र वैरभाव हटाउने काम गर्नुहोस् । मेरा स्वामी श्रीगणेशको आज्ञाअनुसार तपाइँहरूले ती देवताहरूलाई कारागारबाट मुक्त गर्नुहोस् ।।१८-१९।। त्रिपुरासुरले भगवान् शिवजीसँग वैर गर्‍यो, भगवान् शिवजीले त्यसलाई मारिदिनुभयो । भगवान् नारायणले आफ्नो शत्रु हिरण्यकश्यपुलाई स्तम्भमा अवतार लिएर वध गर्नुभयो ।।२०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तारकेण जिता देवा अतिष्ठत् तत्पदे स्वयम् ।
स्कन्देन निहतो युद्धे क्षणेन तारको बलात् ।।२१।।

अतो दत्त्वा सुरान् मह्यं तिष्ठ स्थाने सुखं चिरम्।

क उवाच

एवं नन्दिवचः श्रुत्वा चुक्रोध सिन्धुदैत्यराट् ।।२२।।
उवाच रक्तनयनो वमन्निव हुताशनम् ।

सिन्धुरुवाच

चातुर्यं बहुधा दृष्टं त्वदीयं वृषनन्दन ।।२३।।

प्रसङ्गं नैव जानासि यतो वाचस्पतेरपि ।
अज्ञानात् प्रकृतार्थस्य वचो याति वृथार्थताम् ।।२४।।

बालस्य तव वाक्येन स्वामिनस्तेऽपि वाक्यतः ।
मोचयेयं कथं देवान् यावत् सोऽपि न निर्जितः ।।२५।।

प्रमाणं किन्नु ते वाक्यं तृणादवनचारिणः ।
क्व ते गिरीशस्तत्पुत्रो वृथा भीतिः प्रदर्श्यते ।।२६।।

लाङ्गले योजयाम्यद्य दौत्येन नागतो यदि ।
यदि मे वक्रतां यायाद् भ्रुकुटी क्रोधतो वृष ।।२७।।

तदा त्रिभुवनं नश्येत् का तत्र गणना तयोः ।
रुष्टः शृगालः किं कुर्यादप्रियं सिंहनागयोः ।।२८।।

क उवाच

एवं शब्दशरैर्विद्धो नन्दी क्रोधादथाऽब्रवीत् ।

नन्द्युवाच

विपरीतां मतिं तेऽद्य लक्षयाम्यसुराधम ।।२९।।

सन्निपातीव विकलं वल्गसे मरणोन्मुखः ।
पूर्वं साम प्रयोक्तव्यमिति तेनाहमीरितः ।।३०।।

तारकासुरले देवताहरूलाई जितेर इन्द्रपदमा अधिकार जमायो तर भगवान् स्कन्दले केही समयमा नै त्यसलाई बलपूर्वक मारिदिनुभयो ।।२१।। त्यस कारण तपाइँहरूले पनि आफूले बन्दी बनाएका देवताहरूलाई सुम्पेर सुखपूर्वक जीवनयापन गर्नुहोस् । तपाइँलाई कुनै भय हुनेछैन ।

ब्रह्माजीले भन्नुभयो – नन्दीका यी वचन सुनेर दैत्यराज सिन्धु क्रुद्ध भयो ।।२२।। रीसले राता भएका आँखाबाट आगाका ज्वाला निकाल्दै त्यसले उत्तर दियो ।

सिन्धुले भन्यो– 'हे वृषनन्दन ! मैले तिम्रो अनेक किसिमको कुशलता अनुभव गरें ।।२३।। तिमीले प्रसङ्ग नै बुझेका छैनौ । प्रसङ्ग नबुझी बहकिएर कुरा गर्दा बृहस्पतिले बोलेको वचन पनि खेर जान्छ । तिमीजस्ता केटाकेटीले भनेका कुरा र तिम्रा स्वामीको सन्देश सुनेर मैले कसरी बन्दी देवताहरूलाई मुक्त गर्न सक्छु ? जबसम्म तिम्रो स्वामी श्रीगणेशलाई युद्धको मैदानमा परास्त गर्न सक्दिनँ तबसम्म बन्दीहरूलाई मुक्त गर्ने प्रश्न नै उठ्दैन ।।२४-२५।। वन अथवा चौरमा घाँस चरेर पेट पाल्ने तिमीजस्ता गोरुले भनेको वचन के प्रमाण हुनसक्छ ? तिम्रा शिव के नै हुन् र ? अझ तिमीले त्यस्ता शिवका छोराको कुरा सुनाएर दैत्यसमाजलाई व्यर्थमा तर्साउने काम गरिरहेका छौ ।।२६।। तिमी दूत भएर नआएको भए भर्खर हलोमा नार्ने थिएँ । हे गोरु! अझ पनि मेरा विपरीत कुरा गर्दछौ भने मैले आँखीभौं बाङ्गो गराएर हेर्नासाथ तिम्रा अन्नदाताको त के कुरा स्वर्ग, मर्त्य र पाताललाई पनि खरानी भएको देख्नेछौ । गणेश र शिवको त कुरै नगर । रिसाएको स्यालले हात्ती र सिंहको के बिगार्न सक्छ ?' ।।२७-२८।।

ब्रह्माजीले भन्नुभयो – सिन्धु दैत्यका वचनको बाणबाट घाइते भएका नन्दीले क्रोधपूर्वक उत्तर दिए ।

नन्दीले भने – 'हे अधम दैत्य ! तेरो बुद्धि विपरीत भएको रहस्य मैले थाहा पाएँ । कालले कुत्कुत्याएको हुँदा तँ सन्निपात रोगको रोगीझैं बक्‌बक गरिरहेको छस् । मैले भगवान् श्रीगणेशबाट दैत्यराज सिन्धुको सभामा पुगेपछि सर्वप्रथम मीठो वचन बोलेर कुराकानी गर्नू भन्ने आदेश पाएका कारण त्यसरी व्यवहार गरेको थिएँ । तर दुर्जनलाई दिएको उपदेश असफल भएझैं मेरो मधुर वचनको नीति पनि असफल भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वयि नीतिर्वृथा जाता ह्युपदेशो यथा खले ।
यदि निन्दा प्रयुक्ता ते मयूरेशे शिवेऽपि च ।।३१।।

क्षीणमायुस्तया तेऽद्य न युद्धे जयमेष्यसि ।
इदानीं हन्मि त्वां मूढ ! नाज्ञाऽस्ति स्वामिनो मम ।।३२।।

नायकेन न हन्तव्यो दूतस्तेनापि नायकः ।
इत्युक्त्वा पातयन् दैत्यान् नन्दी निश्वासवायुना ।।३३।।

क्रोधेन तमपृष्ट्वैव प्रतस्थे हर्षनिर्भरः ।
सान्निध्यं प्राप्य देवस्य मयूरेशस्य तत्क्षणात् ।।३४।।

दूराद् ददर्श देवोऽपि प्राह नन्दी समागतः ।
प्रणिपत्याब्रवीद् देवं वृत्तान्तं सर्वमादितः ।।३५।।

बहुधा बोधितो दैत्यो न स्वीचक्रे वचो मम ।
निर्भर्त्सितो बहुविधं तेनाहञ्च मया च सः ।।३६।।

न्युब्जे घटे यथा बिन्दुस्तस्मिन्सर्वं वृथा भवेत् ।

क उवाच

इति तद्वचनं श्रुत्वा प्रयातस्य यथागतम् ।।३७।।

जहर्ष स मयूरेशो दैत्यमर्दनलालसः ।
आज्ञापयत् स युद्धाय प्रमथादीन् गणाँस्तथा ।।३८।।

इदानीं सिन्धुनगरे युद्धं कर्तुं समुत्सुकाः ।
गर्जन्तु वीरशब्दैश्च मोचितुं बन्धनात् सुरान् ।।३९।।

हत्वा सिन्धुञ्च सबलं मोचितुं चाखिलान् सुरान् ।
मुनीनां त्वरमाणानां गन्तुं स्वाश्रममण्डलम् ।।४०।।

छ । यदि तैंले श्रीगणेश र शिवजीलाई लक्षित गरी निन्दावचनको प्रयोग गर्दछस् भने त्यसबाट तेरो आयु क्षीण हुनेछ र तैंले युद्धमा कुनै हालतमा पनि विजय प्राप्त गर्ने छैनस् । हे मूर्ख ! मैले अहिले नै तलाइँ मार्ने थिएँ तर मलाई त्यसो गर्न मेरा ईश्वर श्रीगणेशबाट आज्ञा प्राप्त भएको छैन ।।२९-३२।। राजाले राजदूतलाई मार्न हुँदैन र राजदूतले पनि विरोधी राजालाई मार्नु हुँदैन ।' यसो भनेर नन्दीले आफ्ना श्वास-प्रश्वासबाट अनेक दैत्यहरूलाई उडाएर भुइँमा पछारे । त्यसपछि रीसले चूर भएका नन्दी सिन्धु दैत्यसँग जान्छु भन्ने कुरा नै नगरी त्यहाँबाट हिंडे । तत्काल नै ती भगवान् मयूरेशको नजिकमा पुगे ।।३३-३४।। उहाँले पनि नन्दीलाई टाढैबाट देखेर 'ल नन्दी आइपुगे' भन्नुभयो। नन्दीले भगवान् श्रीगणेशलाई प्रणाम गरेर शुरूदेखि अन्त्यसम्मको सबै वृत्तान्त सुनाउने काम गरे।।३५।। नन्दीले भने – 'हे भगवन् श्रीगणेश ! मैले अनेक प्रकारबाट त्यस दैत्यलाई संझाएँ, तर त्यसले मेरा वचनको उपेक्षा गऱ्यो । मलाई क्रोधपूर्वक अपशब्द प्रयोग गरी गाली गऱ्यो। मैले पनि त्यसैगरी जवाफ दिएँ ।।३६।। घोप्टिएको गाग्रोमा राखिएको पानी खेर गएझैं त्यसलाई दिएको ज्ञान-गुनको उपदेश व्यर्थ भयो ।'

ब्रह्माजीले भन्नुभयो – त्यसपछि नन्दीका मुखबाट सम्पूर्ण वृत्तान्त सुन्नुभएका भगवान् मयूरेश अत्यन्त खुसी हुनुभयो । दैत्यहरूको संहार गर्ने लालसा लिनुभएका प्रभुले सिन्धु दैत्यसँग युद्ध गर्न प्रमथगणलाई आदेश दिंदै भन्नुभयो- 'हे प्रमथगण ! अहिले तिमीहरू दैत्यराज सिन्धुको नगरमा युद्ध गर्ने उत्कण्ठा लिएर प्रस्थान गर । देवताहरूलाई बन्धनबाट मुक्त गर्न सैनिकसहित दैत्यराज सिन्धुलाई मार्न र मुनिहरूलाई शान्तिपूर्वक आफ्ना साधना-उपासना निर्विघ्न सम्पन्न गर्ने व्यवस्था मिलाउन तिमीहरूले युद्ध गर्नुपर्छ। अब युद्धका लागि सिंहनाद गर' ।।३७-४१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विचारवर्णनं नामैकादशाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशको सिन्धुसँग स्वयं युद्ध गर्ने विषयमा मन्त्रणा' शीर्षकान्वित एक सय एघारौं अध्याय पूर्ण भयो ।।१११।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वादशोत्तरशततमोऽध्यायः

क उवाच

शिखण्डिनं समारुह्य मयूरेशः परे दिने ।
आयुधानि च चत्वारि प्रगृह्य करपङ्कजे ।।१।।

जगर्ज घनवद् घोरं ययौ रणचिकीर्षया ।
शिवोऽपि गर्जन् सहसा वृषारूढो ययौ तदा ।।२।।

सप्तकोटिगणाः पश्चात् सन्नद्धा ययुरोजसा ।
नन्दी प्राह ततस्तत्र न गन्तुं सहसाऽर्हथ ।।३।।

गणानां नायके वीरभद्रे च मयि तिष्ठति ।
प्रमथे वा विद्यमाने शक्ते हन्तुं सुरद्विषाम् ।।४।।

पश्यन्तु सेवकमहस्ततो यान्तु सुसंयुगम् ।

क उवाच

भारतीमेवमाकर्ण्य देवो नन्दीरितां तदा ।।५।।

उवाच परमप्रीतः साधु साधु त्वयोदितम् ।
पराक्रमवतः सिन्धोर्द्रष्टव्यस्तु पराक्रमः ।।६।।

इति यामि पुरो नन्दिन् ! यूयं यान्तु सहैव नः ।
ततस्तु भूतराजोऽथ पुष्पदन्तोऽपि वीर्यवान् ।।७।।

ईयतुः पुरतस्तस्य कोटिसंख्यायुता गणाः ।
वीर्यश्रिया दीप्यमानाः सर्वे वीरा मदान्विताः ।।८।।

आक्रमन्तो दिगन्तान् वै गर्जन्तो घनवद् भृशम् ।
भारेण शेषशीर्षाणि नामयन्तो धरामपि ।।९।।

क्रोधानलं वमन्तस्ते प्रापुस्तां गण्डकीं पुरीम् ।
दैत्यगुल्मे निपेतुस्ते दशकोट्यसुरैर्युते ।।१०।।

ततस्तत्राभवद् युद्धं तुमुलं रोमहर्षणम् ।
शस्त्रास्त्रैर्बाणनिचयैर्भिन्दीपालपरश्वधैः ।।११।।

केषाञ्चिन्मस्तका भिन्नाः पादा हस्तास्तथोरवः ।
जानुजङ्घाश्च गुल्फाश्च भग्नाः केऽपि गतासवः ।।१२।।

{ ११२ अध्याय }

ब्रह्माजीले भन्नुभयो - नन्दी दैत्यराज सिन्धुको समाचार लिएर फर्केपछि दोस्रो दिन मयूरेश भगवान् श्रीगणेशले मयूरमा सवार भएर आफ्ना करकमलमा चार किसिमका आयुध धारण गरी युद्ध गर्ने इच्छाले घनगर्जन गर्नुभयो । भगवान् शिवजी पनि गर्जनपूर्वक साँढेमा सवार भई प्रस्थान गर्नुभयो ।।१-२।। त्यसपछि शस्त्र-अस्त्रले सुहाएका र सात कोटि सङ्ख्यामा रहेका शिवगण पनि ओजपूर्वक शिवजीका पछि लागे । त्यस समयमा नन्दीले आएर भने - 'हे प्रमथगण! तिमीहरू सहसा अगाडि बढ्नु हुँदैन ।।३।। श्रीगणेश भगवान्, वीरभद्र, प्रमथगण र म छँदाछँदै शत्रुहरूको हत्याका लागि अरू वीरहरू अगाडि बढ्नु हुँदैन ।।४।। हामीजस्ता सेवकहरूको तेज हेर्नुस् र अनिमात्र युद्धमा जानुहुनेछ ।'

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशले नन्दीको वचन सुनेर अत्यन्त प्रसन्न हुँदै तिनलाई भन्नुभयो - 'तिमीले उत्तम कुरा गरेका छौ, आफूलाई पराक्रमी ठान्ने दैत्यराज सिन्धुको पराक्रम हेर्नुपर्छ ।।५-६।। म अगाडि जान्छु, तिमीहरू मेरा साथ हिंड ।' भगवान् श्रीगणेशको आज्ञा पाएपछि भूतराज र भूतराजका पछि पराक्रमी पुष्पदन्त गए ।।७।। तिनका अगाडि कोटि सङ्ख्यामा रहेका वीरहरू पनि गए । वीर्यलक्ष्मीले दीप्त एवं मदमत्त सबै वीर दिग्दिगन्तमा आक्रमण गर्दै र मेघसमान गर्जन गर्दै अगाडि बढे । ती आफ्नो भारले शेषनागका हजारौं शिर निहुर्‍याउँदै र पृथिवीलाई झुकाउँदै अगाडि बढेका थिए ।।८-९।। यसरी क्रोधको अग्निज्वाला ओकल्दै ती सबै वीर गण्डकीको किनारमा रहेको गण्डकी नगरीमा पुगे । ती देवसेनाका जवानहरू दश करोड असुरवीरहरूले सम्पन्न दैत्यसेनामा जाइलागे । त्यहाँ भयङ्कर र रोमाञ्चक युद्ध आरम्भ भयो । त्यो युद्ध शस्त्र-अस्त्र, बन्दुक, तोप र परशु आदिबाट शुरु गरिएको थियो । देवसेनाले प्रबल पराक्रम देखाउँदा दैत्यहरूमध्ये कतिका टाउका काटिए, कतिका हात भाँचिए, कसैका जँघा टुक्रिए, कसैका घुँडा र गोलिगाँठाहरू फुक्लिए र केही मरे ।।१०-१२।। ती सैनिकहरू भुइँमा लडिबुडी खेल्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निपत्य पुनरुत्थाय प्रायुध्यन् स्वपरैः सह ।
एवं निपतिता दैत्या असङ्ख्याता गतासवः ।।१३।।

पलाय्य निर्गताः केचिदाचख्युः सिन्धवेऽखिलम् ।
सभामध्ये वीरगणैरुपविष्टाय केचन ।।१४।।

शस्त्राघातैः स्त्रवद्रक्ताः पुष्पिता इव किंशुकाः ।
तत्रागत्य मृताः केचित् केचिद् धैर्यात् तमब्रुवन् ।।१५।।

नगरद्वारगुल्मे तु दशकोटिनिशाचराः ।
निवृत्ताः शस्त्रसंघातैर्युद्धं कृत्वा परस्परम् ।।१६।।

यदा शैलभिदो युद्धमभूत्तत्र जयोऽभवत् ।
उपविष्टोऽसि किं तूष्णीं सिन्धो ! स्वहितमाचर ।।१७।।

आरामा रिपुभिर्दग्धा गृहाणि च प्रतोलिकाः ।
अन्धकारे धूलिकृते प्रापलन् वह्नितेजसा ।।१८।।

भुञ्जन्तो निद्रिताः केचिन्निर्ययुर्नगराद् बहिः।
बालानादाय पपलुस्त्यक्त्वा भोगञ्च केचन ।।१९।।

विस्त्रस्तवसनाः केचिद् ध्यानस्था वह्निना हुताः ।
तत्रापि निधनं जग्मुर्नानाशस्त्रप्रहारतः ।।२०।।

धनञ्जयं सर्वदिक्षु वीक्ष्य पौरा भयातुराः ।
मेनिरे प्रलयं प्राप्तं दह्यते सकला पुरी ।।२१।।

क उवाच

एवं दूतमुखाच्छ्रुत्वा सिन्धुर्जृम्भामथाकरोत् ।
खादन्निव मृगान् सिंहः पर्वतेन्द्रविनिर्गतः ।।२२।।

उवाच दुर्धरा सेना दृश्यते किं भविष्यति ।
दिदीपे क्रोधानलतो ग्रसन्निव त्रिविष्टपम् ।।२३।।

युद्ध गरिरहेका थिए । केही दैत्यसेनाका जवानहरू भागेर सभामा आसीन दैत्यराज सिन्धुलाई सबै वृत्तान्त बताइरहेका थिए । केही दैत्यवीर शस्त्रद्वारा लागेको घाउबाट रगत बगाइरहेका थिए । ती सबै फुलेका पलाशवृक्षझैं राता देखिन्थे। केही दैत्यवीर सिन्धु दैत्यका सामु आएर पछारिएर मरे। केही दैत्यले धैर्यपूर्वक सिन्धुलाई वृत्तान्त बताए – 'हे महाराज! नगरको ढोकामा रहेको गुल्ममा दश करोड निशाचर छन्, ती निशाचरहरू शस्त्रयुद्ध गरेर परास्त भई भागेर यहाँ आएका छन्। जुन बेला हाम्रो इन्द्रसँग युद्ध भएको थियो त्यस बेला हामीले विजय प्राप्त गरेका थियौं । अहिले हामीले पराजय भोगिरहेका छौं । हे दैत्यराज ! तपाइँ किन चुप लागेर बस्नुभएको छ ? तपाइँले युद्धमा गई नेतृत्व लिएर आफ्नो हित गर्नुहोस् । आज हाम्रा बगैंचा, घर र किल्लाका मूल ढोकाहरूमा शत्रुहरूले आगो लगाई सखाप पारिसकेका छन् । तिनले आगो लगाउँदा धूलो उडेर उत्पन्न भएको अन्धकार फैलिएपछि धेरैजसो दैत्य सैनिकहरू रणभूमिबाट भागे ।।१३-१८।। नगरमा गई भोजन गर्न लागेका केही दैत्य र आफ्नै घरमा निदाइरहेका कतिपय दैत्य डरले बालबच्चासहित भागेर शहर बाहिर गइसकेका छन् । केही गृहस्थ दैत्यले आफ्ना घरका काम-कर्तव्य र सुखभोग छाडेर बच्चा र नारीहरू लिई पलायन गरिसकेका छन् । केही दैत्य बेहोश भई शरीरबाट लुगा खसेको पनि थाहा नपाएर ज्यान जोगाउने किसिमले भागेका छन् । केही ध्यानमा लागेका दैत्यहरू आगोमा परेर मरे । त्यसैमाथि फेरि शत्रुको आक्रमण हुँदा शस्त्रको प्रहारबाट धेरै दैत्यहरू मरे ।।१९-२०।। केही दैत्यहरू पटक पटक शत्रुको आक्रमण भइरहँदा शस्त्रको आघात र आगाको दाहबाट मरे । नगरको चारैतिर आगो देखेर डराएका नगरवासी दैत्यहरूले प्रलयकाल आएजस्तो मानेका छन् । आज सम्पूर्ण शहरमा आगो लागेको छ र त्यो डढेर खरानी बन्दैछ' ।।२१।।

ब्रह्माजीले भन्नुभयो – दूतका मुखबाट युद्धको सम्पूर्ण वर्णन सुनेपछि गुफाबाट बाहिर आएको सिंहले मृगलाई खान मुख बाएझैं दैत्यराज सिन्धुलाई हाई आयो । त्यसपछि त्यसले भन्यो– 'हाम्रो सेना अविजेय छ, अब अगाडि हेर के-के हुन्छ ?' तीन लोकलाई एकै गासमा निल्न खोजेझैं दैत्यराज सिन्धुको क्रोधको आगो दन्कियो । त्यसपछि त्यसले फेरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंहस्याग्रे किं शशकः करिष्यति पराक्रमम् ।
मेरोः किं शलभः कुर्याच्चलनं जम्बुकोऽपि वा ।।२४।।

कालस्य मम किं कुर्याद् बालोऽयं तु मयूरराट् ।
इत्युक्त्वा क्ष्वेडितेनाऽसौ नादयन् विदिशो दिशः ।।२५।।

चिन्तातुरः क्षणं तस्थौ मुनिर्मौनमिवास्थितः ।
ततो वीराः सिन्धुदैत्यं प्राब्रुवन् क्रोधमूर्च्छिताः ।।२६।।

आज्ञां देहि मयूरेशं जेष्यामः क्षणमात्रतः ।
तव प्रतापात् त्रैलोक्यं वशं नेष्यामः साम्प्रतम् ।।२७।।

सिन्धुरुवाच

सम्यगुक्तं महावीरा ममापि रिपुदर्शने ।
मन उत्कण्ठितं यस्मात् सैन्येन युद्ध्यतामिह ।।२८।।

ततः सर्वे पुरो याता गर्जन्तो वीरसत्तमाः ।
असङ्ख्याताः शस्त्रधराश्चतुरङ्गबलान्विताः ।।२९।।

हयारूढः सिन्धुदैत्यः क्रोधहर्षसमन्वितः ।
वमन् क्रोधानलं वक्त्रान्नेत्राभ्यां रणदुर्मदः ।।३०।।

ययावश्वं पुरोधाय मनोवेगं महाधनम् ।।३१।।

भन्यो – 'खरायोले सिंहका सामु के पराक्रम गर्न सक्छ ? सलहले अथवा स्यालले के सुमेरु पर्वत उचाल्न र हल्लाउन सक्छ ? ।।२२–२४।। त्यसैगरी त्यो श्रीगणेश बच्चाले महाकाल–स्वरूप म सिन्धु दैत्यलाई के लछारपाटो लगाउन सक्छ ?' यसरी क्रोधपूर्ण भनाइ राखेर त्यसले सिंहनाद गरी दसै दिशा थर्कायो । त्यसपछि केही चिन्ता परेझैं त्यो मुनिसमान मौनधारण गरेर बस्यो । यत्तिकैमा केही दैत्यवीर रीसले चूर हुँदै आएर दैत्यराज सिन्धुलाई भन्न लागे – 'हे दैत्यराज ! हजुर आज्ञामात्र दिनुहोस्, हामी एकछिनमा मयूरेशमाथि विजय गर्दछौं । हजुरको प्रतापबाट तीन लोकलाई नै हामीले वशमा ल्याउनेछौं'।।२५–२७।।

सिन्धुले भन्यो – 'हे वीर हो ! राम्रो कुरा गऱ्यौ । मेरो पनि शत्रु मरेको देख्ने इच्छा बढेर आएको छ । त्यस कारण तिमीहरू आफ्ना सेनाका साथमा गई श्रीगणेशसँग युद्ध गर।' यसरी सिन्धु दैत्यले आज्ञा दिएपछि असङ्ख्य शस्त्रधारी चतुरङ्गिणीसेनाले सम्पन्न ती दैत्यवीरहरू गर्जन गर्दै लडाइँको मैदानतर्फ गए । घोडामा सवार दैत्यराज सिन्धु पनि युद्धका लागि लालायित भएर क्रोध र हर्षले सम्पन्न भई मुख र आँखाबाट क्रोधको ज्वाला निकाल्दै मनझैं द्रुत गति भएको बहुमूल्य घोडामा सवार भई युद्धभूमितर्फ गयो ।।२८–३१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे युद्धवर्णनं नाम द्वादशाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'गण्डकी नगरीमा गणेशसेना र सिन्धुसेनाको युद्धवर्णन' शीर्षकान्वित एक सय बाह्रौं अध्याय पूर्ण भयो ।।११२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयोदशोत्तरशततमोऽध्यायः { ११३ अध्याय }

क उवाच

पदातयः पुरो यान्ति कम्पयन्तो वसुन्धराम् ।
विकरालमुखा वीराः सिन्दूरारुणमस्तकाः ।।१।।

केचिन्निबद्धकवचा मुक्तकेशाः सुदारुणाः ।
केचिन्निबद्धकटयः केचिच्चन्दनचर्चिताः ।।२।।

नानाशस्त्रप्रहरणा नानायुद्धविशारदाः ।
पुरो यान्ति गजा मत्ता धातुचित्रा इवाद्रयः ।।३।।

दीर्घदन्ता विभान्ति स्म भूषणैर्विविधैरपि ।
घण्टानादैर्जनं सर्वं बधिरं चक्रुरञ्जसा ।।४।।

चूर्णयन्तो गिरीन् वृक्षान् ययुः शुण्डाप्रहारतः ।
लसत्कुम्भाः पताकाढ्याश्चित्रध्वजविराजिताः ।।५।।

ततोऽश्वाश्च खुराघातैश्चूर्णयन्तो वसुन्धराम् ।
हेषितैर्नादयन्तो वै गगनञ्च दिशो दश ।।६।।

सुवर्णरत्नमुक्ताभिर्भूषिता व्योमचारिणः ।
अधिष्ठिता महायोधैस्तनुत्राणप्रशोभिभिः ।।७।।

नानाशस्त्रधरैर्वीरैः परसेनाविमर्दिभिः ।
ततस्तु रथिनो जग्मुः शस्त्रास्त्रै रिपुघातिनः ।।८।।

सहिता युद्धमार्गज्ञैर्वीरैः सारथिभिर्मृधे ।
मुक्तामणिमया माला वहन्तो गन्धमालिनः ।।९।।

धनुस्कन्धास्तूणभृतो भल्लहस्ताः सखड्गकाः ।
शस्त्रप्रभाभिर्नेत्राणि छादयन्तो जनस्य हि ।।१०।।

ब्रह्माजीले भन्नुभयो- दैत्यराज सिन्धुका पैदलसेनाका वीरहरू धर्ती कँपाउँदै अगाडि बढिरहेका थिए। ती वीर डरलाग्दो अनुहार भएका, सिन्दूरजस्तो रातो टाउको भएका थिए र तीमध्ये कसैले कवच धारण गरेका थिए । खुला केश भएका कारण पनि ती सबै दैत्य डरलाग्दा थिए । कसैले कम्मरपेटी बाँधेका थिए र कसैले शरीरमा चन्दनको लेप गरेका थिए ।।१-२।। ती सबै वीर अनेक शस्त्र-अस्त्रको प्रहारका लागि उपयोगी सामग्रीले सम्पन्न र युद्धमा कुशल थिए । तिनका अगाडि विभिन्न धातुले चित्र-विचित्र देखिने, पर्वतझैं आकार भएका र विविध शृङ्गार सामग्रीले सजिएका हात्तीहरू हिंडिरहेका थिए । लामा-लामा दाँत भएका ती हात्तीले धारण गरेका घुँघुरुको नादबाट सबै मानिसलाई बहिरा बनाएका थिए । आफ्नो सूँढको प्रहारबाट पर्वत र रूखलाई पनि धूलो पीठो बनाउने, विशाल गण्डस्थल र ध्वजापताकाले सिंगारिएका र शोभासम्पन्न ती हात्तीको लश्कर युद्धमैदानतर्फ बढिरहेको थियो ।।३-५।। त्यसपछि खुरको आघातबाट पृथिवीलाई चूर्ण-चूर्ण बनाउँदै चीत्कार गरी आकाश र सबै दिशाहरूलाई शब्दायमान गराउँदै घोडाहरू हिंडिरहेका थिए । ती घोडा सुवर्ण, रत्न र मोतीले अलङ्कृत एवं आकाशगामी र द्रुतगामी थिए । तिनमा कवचधारी वीर योद्धाहरू सवार थिए । त्यस्तै अनेक शस्त्र धारण गर्ने शत्रुको संहार गर्न सिपालु वीरहरूले सुहाएका अरू घोडाहरू पनि त्यसरी नै अगाडि बढिरहेका थिए । घोडाहरूपछि रथहरूको लश्कर चलिरहेको थियो । रथमा आरोहण गर्ने योद्धाहरू शस्त्र-अस्त्रको तीक्ष्ण प्रहारबाट ठूला-ठूला शत्रुहरूलाई संहार गर्न सक्षम थिए ।।६-८।। युद्धको मैदानमा बाटो जान्ने र व्यूह भेदन गर्न समर्थ सारथिहरूले युक्त महारथीहरू मोती र मणिको मालाद्वारा अलङ्कृत र सुगन्धित पुष्पमालाद्वारा सुसज्जित थिए। काँधमा धनुबाण भिरेका, हातमा भाला र तलबार धारण गर्ने, शस्त्रको चमकद्वारा दर्शकहरूको आँखा तिर्मिराउन सक्ने ती दैत्यसेनाका वीरहरू आफ्नो गर्जनद्वारा दसै दिशा थर्काउँदै अगाडि बढिरहेका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं सेना समायाता गर्जयन्ती दिशो दश ।
भूतराजेन सा दृष्टा पुष्पदन्तेन वाहिनी ।।११।।

मयूरेशमुभौ यातौ ततौ भीत्या पलायितौ ।

तावूचतुः

तवाज्ञया पुरो यातावावाभ्यां निहता चमूः ।।१२।।

गुल्मस्था नगरद्वारि दग्धञ्च नगरं बहु ।
प्रतापं नौ समाकर्ण्य सिन्धुः स्वयमुपागतः ।।१३।।

चतुरङ्गां चमूं गृह्य नानाशस्त्रास्त्रधारिणीम् ।
ततो भीत्या भवन्तञ्च समायातौ महाबल ।।१४।।

क उवाच

सिन्धुसैन्यसमुद्रोऽथ वदतोरेवमेतयोः ।
ददृशे पूर्वदिग्भागे दुस्तरः शस्त्रयोधिभिः ।।१५।।

ततो हर्षयुतो ज्ञात्वा दैत्यवृत्तं समासतः ।
नीलकण्ठं समारुह्य मयूरेशो ययौ पुरः ।।१६।।

आयुधानि च चत्वारि चतुर्दोष्षु प्रगृह्य सः ।
सन्नद्धा गणकोट्यस्ता धनुर्बाणासिपाणयः ।।१७।।

परिवार्य स्थिता देवं नीलकण्ठं वृषस्थितम् ।
मुनीश्वराः स्तुवन्ति स्म ददुराशीर्वचोऽपि तम् ।।१८।।

उभयोः सेनयोर्वाद्यघोषकोलाहलो महान् ।
परस्परं सम्पदं तां वीक्ष्य सेने सुविस्मिते ।।१९।।

असङ्ख्यातं बलं वीक्ष्य तुतोष स मयूरराट् ।
यदुक्तं नन्दिना पूर्वं तद् दृष्टं सर्वमेव हि ।।२०।।

ततो नन्दी मयूरेशं नत्वा गर्जन् मुहुर्ययौ ।
नभोमार्गेण सैन्येषु चिच्छेद वीरमस्तकान् ।।२१।।

मैदानमा पुग्दा श्रीगणेशका सेनाप्रमुख भूतराज र पुष्पदन्त गर्जन गर्दै आइरहेको दैत्यराज सिन्धुको विशाल सेना देखेर भयले पलायन गर्दै भगवान् श्रीगणेशका सामु आइपुगे ।

भूतराज र पुष्पदन्तले भने – 'हे प्रभो ! हजुरको आज्ञा पाएर हामी युद्धको मैदानमा गयौं । हामीले धेरै दैत्यहरूको वध पनि गऱ्यौं ।।९-१२।। गुल्ममा रहेर हामीले दैत्यनगरको मूल ढोकामा पुगी त्यसको चारैतिर आगो पनि लगायौं। हाम्रो प्रताप सुनेर त्यो सिन्धु दैत्य अनेक थरि शस्त्र-अस्त्रले सजिएको चतुरङ्गिणीसेना लिएर मैदानमा आयो । हे प्रभु ! त्यसको विशाल सेना देखेर डराई हामी अहिले हजुरको समीपमा आएका छौं' ।१३-१४।।

ब्रह्माजीले भन्नुभयो – यसरी भूतराज र पुष्पदन्तले निवेदन गरिरहेको समयमा शस्त्रयोद्धाहरूका लागि दुस्तर सिन्धुको महासेनाको सागर पूर्व दिशामा देखियो ।।१५।। आफ्ना वीरहरूबाट दैत्यको खवर सुनेर खुसी हुनुभएका भगवान् श्रीगणेश युद्धका लागि तयार भई मयूरमा सवार भएर अगाडि बढ्नुभयो ।।१६।। भगवान् श्रीगणेश त्यस बेला चतुर्बाहु हुनुहुन्थ्यो। उहाँ आफ्ना चार हातमा चारथरि आयुध धारण गरी मयूरमा सवार भएर युद्धका लागि तयार हुनुभयो । हातमा धनुबाण र तरबार धारण गर्ने कोटि संख्यामा रहेका युद्धका लागि तम्तयार भगवान्का गणहरूले साँढेमा सवार हुनुभएका नीलकण्ठ शिवजीलाई चारैतिरबाट घेरेका थिए । युद्धमा जान लाग्नुभएका भगवान् शिवजीलाई देखी मुनिहरू स्तुति गरिरहेका थिए र आशीर्वादका वचन प्रदान गरिरहेका थिए ।।१७-१८।। युद्धको आरम्भमा बाजागाजा बज्दा दुबै सेनामा ठूलो कोलाहल मच्चिएको थियो । दुबैतर्फका सैनिकहरू सामुन्ने हुँदा एकले अर्काको शस्त्र-अस्त्रको वैभव देखेर चकित भए । आफ्नो असंख्य सेना नजर गरी मयूरेश श्रीगणेश सन्तुष्ट हुनुहुन्थ्यो । दूतको रूपमा सिन्धु दैत्यको सभामा गई फर्केर आएका नन्दीले जस्तो वर्णन गरेका थिए श्रीगणेशले पनि सिन्धुसेनाको त्यस्तै दृश्य देख्नुभयो।।१९-२०।। त्यसपछि नन्दी पनि भगवान् श्रीगणेशलाई प्रणाम गरी भयङ्कर गर्जन गर्दै आकाशमार्गबाट उडेर गई शत्रुसेनामा जाइलागे । तिनले शत्रुसेनाका असंख्य वीरहरूका टाउका काट्न थाले । आफ्ना सिङ्को प्रबल प्रहारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शृङ्गाघातेन महता हयमस्याहनद् दृढम् ।
शीघ्रमुड्डीय च ययौ मयूरेशं यथाऽक्षतः ।।२२।।

आश्चर्यं चक्रिरे सर्वे गणाः साध्विति शंसिरे ।
छत्रञ्च पातयामास नन्दी शृङ्गप्रहारतः ।।२३।।

पतितेऽश्वे च छत्रे च सिन्धुरश्वान्तरं गतः ।
धारयामास च तदा छत्रमन्यन्महाधनम् ।।२४।।

आश्चर्यं परमं मेने नन्दिनः कर्मणाऽसुरः ।
चुक्रोध स महावीरान् क्व गतो वः पराक्रमः ।।२५।।

एवमाकर्ण्य तद्वाक्यं कौस्तुभो मैत्र एव च ।
अमात्यौ तं नमस्कृत्य सेनया चतुरङ्ग्या ।।२६।।

मा चिन्तां कुरु सिन्धो ! त्वं विधास्यावो रिपुक्षयम् ।
अन्यथा न मुखं नाथ ! दर्शयावः कथञ्चन ।।२७।।

एवमुक्त्वा प्रचलितौ परसैन्यनिबर्हणौ ।
पदातीनां गणा याता ब्रह्माण्डस्फोटतत्पराः ।।२८।।

न्युब्जतामिच्छवो नेतुं भूगोलं रणदुर्मदाः ।
कौस्तुभोऽथ मयूरेशं यातौ मैत्रश्च पातितुम् ।।२९।।

शरवर्षैः परिच्छाद्य यातावस्यान्तिकं यदा ।
वीरभद्रस्तदा यातो योद्धुं स च षडाननः ।।३०।।

असङ्ख्यसेनया युक्तौ गर्जयन्तौ दिशो दश ।
निजघ्नतुरुभौ रोषात् सिन्धुं नानाप्रहारतः ।।३१।।

कौस्तुभोऽप्यथ मैत्रश्च जघ्नतुस्तौ परस्परम् ।
सहस्व मारयस्वेति व्याहरन्तः परस्परम् ।।३२।।

शस्त्रैरस्त्रैरनेकैश्च ताभ्यां युद्धमकुर्वताम् ।
शरव्रातैर्भिन्दीपालैः परिघैर्मुसलैरपि ।।३३।।

सिन्धु दैत्यको घोडालाई घाइते बनाए । आफू कुनै चोट नखाईकन तुरुन्तै उडेर भगवान् श्रीगणेशका सामु आइपुगे ।।२१-२२।। त्यसरी फर्केर आएका नन्दीलाई शिवगणले आश्चर्यपूर्वक हेर्दै धन्यवाद दिए । फेरि उडेर गएर नन्दीले आफ्ना सिङ्को प्रहारबाट दैत्यराज सिन्धुको राजछत्र भुइँमा खसाइदिए ।।२३।। आफ्नो घोडाको पतन र छत्रभङ्ग भएपछि दैत्यराज सिन्धु भित्र गयो र त्यसले अर्को मूल्यवान् छाता लिएर आयो । त्यस स्थितिमा त्यसले नन्दीको प्रबल पराक्रम देखेर आश्चर्यको अनुभव गरिरहेको थियो । एकछिन विचार गरेर आफ्ना सेनाप्रति क्रोध देखाउँदै सिन्धुले भन्यो – 'हे योद्धाहरू ! खै तिमीहरूको पराक्रम ?' दैत्यराजको क्रोधपूर्ण वचन सुनेर त्यसका वीर मन्त्रीहरू कौस्तुभ र मैत्रले चतुरङ्गिणीसेनाका साथ आई दैत्यलाई प्रणाम गर्दै भने – 'दैत्यराज तपाइँले चिन्ता नगर्नुहोस् हामीले शत्रुसंहार गर्नेछौं । त्यसो गर्न सकेनौं भने हामीले फेरि हजुरलाई मुख देखाउने छैनौं' ।।२४-२७।। आफ्नो यस्तो अठोट बताएर ती मन्त्रीहरूले शत्रुसेनाको नाश गर्न पैदलसेना साथमा लिई युद्धका लागि प्रस्थान गरे। तिनका साथमा ब्रह्माण्ड निहुर्याउन सक्ने वीरहरूले सम्पन्न पैदलसेना अगाडि बढ्यो ।।२८।। रणका लागि तम्तयार ती वीरहरू सम्पूर्ण भूगोललाई उल्ट्याउन खोजिरहेजस्ता देखिन्थे । कौस्तुभ र मैत्रले श्रीगणेश भगवान्को नजिकमा गई उहाँलाई प्रहार गर्न चाहिरहेका थिए । त्यसैले ती असंख्य बाणहरूको वर्षा गर्दै श्रीगणेशका सामु पुगे । दैत्यका मन्त्रीहरूलाई भगवान् श्रीगणेशका सामु आइरहेको देखेर स्कन्द र वीरभद्र युद्ध गर्न अगाडि बढे । असंख्य-सेनासम्पन्न वीरभद्र र स्कन्दले आफ्नो गर्जनबाट दसै दिशा थर्काइरहेका थिए । ती दुबैले क्रोधपूर्वक असंख्य शस्त्रको वर्षा गर्दै दैत्यराज सिन्धुमाथि आक्रमण गरे ।।२९-३१।। कौस्तुभ र मैत्र अगाडि आए । तिनलाई अगाडि आएको देखेर स्कन्द र वीरभद्रले ती दुबैका साथ घोर सङ्ग्राम गरे । सहन गर, मार, काट र प्रहार गरजस्ता शब्द उच्चारण गर्दै कौस्तुभ, मैत्र, स्कन्द र वीरभद्रले शस्त्र र अस्त्रद्वारा घमासान युद्ध गरे । बाणवर्षा गरेर, घुयँत्रो हिर्काएर, मुसल प्रहार गरेर तथा मुग्रो प्रहार गरेर लडिरहेका दुबै पक्षका सैनिक वीरहरूले परस्पर वधको इच्छा गर्दै एकले अर्कालाई घाइते तुल्याइरहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानासेनाचरा जघ्नुः परस्परवधेप्सवः ।
नष्टेषु सर्वशस्त्रेषु शरेषु च परस्परम् ।।३४।।

मल्लयुद्धं प्रचक्रुस्ते जीवग्राहममारयन् ।
व्यसवः पतिताः केचित् केचिद् रक्तं मुखाद् बहु ।।३५।।

पादं पादेन जघ्नुस्ते स्कन्धं स्कन्धेन चापरे ।
पृष्ठं पृष्ठेन केचिच्च हस्तं हस्तेन चापरे ।।३६।।

मस्तकं मस्तकेनैव कूर्परं कूर्परेण च ।
पतिताः पात्यमानाश्च मृता भग्नाश्च चूर्णिताः ।।३७।।

छिन्नकण्ठा भिन्नभुजा भग्नजङ्घोरुबाहवः ।
एवं नष्टेषु सैन्येषु सिन्धुसेना जयं ययौ ।।३८।।

जयशब्दैः स्तूयमानैर्बन्दिभिर्वाद्यनिस्वनैः ।
सिन्धुदैत्येश्वरं यातावमात्यौ मैत्रकौस्तुभौ ।।३९।।

मयूरेशं समायातौ वीरभद्रषडाननौ ।
ततोऽस्तमगमत् सूर्यस्ततो युद्धमुपारमत् ।।४०।।

अपरेऽह्नि न्ययुध्यन्त देवसैन्येन दानवाः ।
पलायमानां तां सेनां निजघ्नुः शरसञ्चयैः ।।४१।।

पुनरावेशमापन्नौ वीरभद्रषडाननौ ।
गर्जन्तौ गर्जयन्तौ च गगनञ्च दिशो दश ।।४२।।

निघ्नन्तौ रिपुसेनां तां निदर्हन्तौ कृतान्तवत् ।
अन्धकारे महाघोरे न प्राज्ञायत किञ्चन ।।४३।।

थिए । सबै शस्त्र र बाण समाप्त भएपछि त्यहाँ मल्लयुद्ध प्रारम्भ भयो । जसले जसलाई समात्छ त्यसले त्यसलाई ठाडै मार्ने कोशिश गरिरहेका ती वीरहरू भयङ्कर युद्ध गरिरहेका थिए। त्यस युद्धमा केही वीरहरू निष्प्राण भएर लडे र केहीले मुखबाट रगत बान्ता गर्न थाले ।।३२-३५।। दुबै पक्षका वीरहरू एकले अर्कालाई खुट्टाद्वारा खुट्टामा, काँधद्वारा काँधमा, पिठ्यूँद्वारा पिठ्यूँमा, हातद्वारा हातमा, निधारद्वारा निधारमा र कुहिनाद्वारा कुहिनामा हिर्काइरहेका थिए । यसरी परस्परमा प्रहार गर्दा कोही आफै ढले र कसैले शत्रुलाई ढालेका थिए । कोही आफै मरे भने केहीले शत्रुलाई मारेका थिए । केही भुइँमा लडे भने कुनैले शत्रुलाई भुइँमा लडाइरहेका थिए। कुनै घाइते भएका थिए र कसैले शत्रुलाई घाइते बनाए । दुबै पक्षका घाइते वीरहरूका शरीरका उछिट्टिएका टुक्राहरू युद्धको मैदानमा छरिएका थिए । घाँटी छेडिएका, हात काटिएका, जाँघ र भुजा टुक्रिएका धेरै वीरहरू देखिन्थे । यसरी अनेक देववीरहरूको विनाशपछि सिन्धुको सेना विजयी भयो ।।३६-३८।। सिन्धुका मन्त्री, मैत्र र कौस्तुभ पनि बाजागाजाका साथ जय-जयकार र स्तुति गरिरहेका बन्दी गणहरूलाई लिएर सिन्धुका समीपमा गए । उता वीरभद्र र स्कन्द पनि भगवान् श्रीगणेशको दर्शन गर्न गए । त्यसपछि सूर्य अस्ताए र युद्ध पनि थामियो ।।३९-४०।। अर्को दिन त्यसैगरी दानव र देवताका सैनिकहरू जम्मा भएर लड्न थाले । त्यो दिन दैत्यसेनाको बल र पराक्रम अपूर्व रूपमा चम्कियो। तिनले देवसेनालाई भगाउन थाले । भागिरहेको देवसेनामाथि पछाडिबाट दैत्यसेनाले शस्त्रप्रहार गर्‍यो । यस्तो देखेर आवेशमा आएका वीरभद्र र स्कन्द गर्जन गर्दै त्यहाँ आए । ती दुबै वीरले यमराजले झैं दैत्यसैनिकहरूलाई मार्दै आफ्नो शस्त्रप्रहार र गर्जनबाट दसै दिशा र आकाशलाई शब्दायमान गराएका थिए। शस्त्रप्रहारको आगोबाट सबैलाई डढाउँदै तिनले युद्ध गरे । त्यस घनघोर युद्धमा चारैतिर उडेको धूलाले धर्ती, आकाश र सूर्यलाई पनि ढाकिदियो । सूर्य पनि ढाकिदा चारैतिर घोर अन्धकार छायो, त्यहाँ कसैले केही देख्ने स्थिति रहेन । यस्तो घोर अन्धकारमा पनि दुबै पक्षका वीरहरू जोशमा आई शस्त्र प्रहार गर्न लागे । त्यस बेला तिनले कुन आफ्नो सेनाका वीर हुन् र कुन शत्रुसेनाका वीर भन्ने कुरा पनि ठम्याउन सकेनन् । अन्धकारमय युद्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वान् परानपि जघ्नुस्ते युध्यमाना महाबलाः ।
भग्नायां सिन्धुसेनायां चक्रतुर्जयनिस्वनम् ।।४४।।

दैत्यामात्यौ पुनर्यातौ मरणे कृतनिश्चयौ ।
प्रेरयामासतुरुभौ निजाश्वौ परवाहिनीम् ।।४५।।

किरन्तौ शरजालानि जघ्नतुः करवालतः ।
ततः षडाननो दृष्ट्वा तयोरतिपराक्रमम् ।
मुष्टिघातेन तौ हत्वा निजसेनामगाज्जवात् ।।४६।।

मैत्रस्तु भूमिमगमद् वमन् रक्तं मुखाद् बहु ।
तथाविधञ्च तं दृष्ट्वा कौस्तुभो योद्धुमागतः ।।४७।।

षडाननमथो रोषान्निजघ्ने करवालतः ।
तस्मिन् मूर्च्छामवाप्ते तु वीरभद्रोऽप्ययुध्यत ।।४८।।

कौस्तुभः प्राहनद् रोषाच्छराघातैरनेकशः ।
सोऽपि तं प्राहनन्मुष्ट्या भूमौ चैनमघातयत् ।।४९।।

हते तस्मिन्ननन्दाऽसौ वीरभद्रो महाबलः ।
पपाल दैत्यसेना सा हते मैत्रे च कौस्तुभे ।।५०।।

तमुदन्तं शस्त्रहताः स्त्रवन्तो रुधिरं बहु ।
न्यवेदयन् दैत्यराजसिन्धवे देवशत्रवे ।।५१।।

वाचा विस्पष्टया दुःखाच्छस्त्राघातकृताद् भृशम्।
जयमाकाङ्क्षते नित्यं मैत्रकौस्तुभयोर्भृशम् ।।५२।।

श्रीगणेशको सेनाका सामु दैत्यको सेना परास्त हुँदै गयो र भाग्न थाल्यो । सिन्धुसेनाको पलायन देखेपछि स्कन्द र वीरभद्रले जयजयकार गरे ।।४१-४४।। त्यसपछि आफ्नो ज्यान होम्न समेत तयार रहेका दैत्यराज सिन्धुका मन्त्री मैत्र र कौस्तुभ फेरि लड्न आए । ती दुबै आफ्नो घोडा र सेनालाई युद्ध गर्न प्रेरित गरेर बाणवर्षा गर्दै र तरबार नचाउँदै लडिरहेका थिए । त्यसपछि स्कन्द ती दुबै मन्त्रीहरूको डरलाग्दो पराक्रम देखेर तीमाथि भयङ्कर मुड्की प्रहार गरी आफ्नो सेना भएको ठाउँमा फर्के । सिन्धुको मन्त्री मैत्र मुखबाट रगत बान्ता गर्दै भुइँमा ढलेर मऱ्यो । मैत्रको यो हालत देखेर जोशका साथ कौस्तुभ लड्न आयो ।।४५-४७।। स्कन्दले रिसाएर त्यसमाथि तरबारको प्रहार गरे । त्यो बेहोश भयो । त्यो होशमा आएपछि फेरि वीरभद्र त्यसमाथि जाइलागे । कौस्तुभले क्रोधपूर्वक बाणको वर्षा गऱ्यो । वीरभद्रले मुड्कीले हिर्काउँदै त्यसलाई भुइँमा ढलाइदिए र त्यो पनि निष्प्राण भयो । त्यसको मृत्युपछि वीरभद्रले श्रीगणेशको जयजयकार र सिंहनाद गर्दै खुसी मनाए। दुबै मन्त्रीहरूले युद्धमा वीरगति प्राप्त गरेपछि दैत्यसैनिकहरू भागे ।।४८-५०।। घाइते सैनिकहरूले दुबै मन्त्रीहरूको मृत्यु भएको खबर पाएर शरीरबाट रगतका धारा बगाउँदै सिन्धुदैत्यका सामु पुगेर त्यसलाई त्यहाँ भएको घटना सुनाए ।।५१।। ती शस्त्रद्वारा आहत सैनिकहरूले दुःखपूर्वक स्पष्ट स्वरमा मैत्र र कौस्तुभको विजय कामना गर्ने सिन्धुलाई ती दुबैले वीरगति प्राप्त गरेको घटना सुनाए ।।५२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे मैत्रकौस्तुभवधो नाम त्रयोदशाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'वीरभद्र एवं स्कन्दद्वारा मैत्र र कौस्तुभको वध' शीर्षकान्वित एक सय तेह्रौं अध्याय पूर्ण भयो ।।११३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्दशोत्तरशततमोऽध्यायः { ११४ अध्याय }

वीरा ऊचुः

नानाशस्त्रप्रहरणौ मृतौ तौ मैत्रकौस्तुभौ ।
असङ्ख्याता हता सेना ताभ्यां निशि दिवाऽपि च ।।१।।

ततो रिपुबलाद् दृष्टौ वीरौ द्वौ समुपस्थितौ ।
ताभ्यां बलिभ्यां निहता निजसेना विमर्दिता ।।२।।

ययोः करप्रहाराभ्यां गतोऽसौ यमसादनम् ।
दृष्टा नानाविधा सेना न दृष्टौ तादृशौ सुरौ ।।३।।

सिन्धुरुवाच

यौ दृष्ट्वा स बिभेति स्म कृतान्तो भूतहारकः ।
तौ कथं शरघातेन मृतौ शंसथ सैनिकाः ।।४।।

पराक्रममिदानीं मे पश्यन्तु सर्वसैनिकाः ।
रणभूमौ नर्तयिष्ये शिरः शत्रोर्न संशयः ।।५।।

चक्रयुद्धं करिष्यामि चक्रपाणेर्यतः सुतः ।
इत्युक्त्वा हयमारुह्य मयूरेशं ययौ खलः ।।६।।

असङ्ख्यकोट्यो दैत्यानां पुरो याता महाबलाः ।
योद्धुकामाः सुरेन्द्रेण शिवपुत्रेण दुर्धराः ।।७।।

ततो नन्दिपुष्पदन्तौ योद्धुं यातौ महाबलौ ।
भूतराजश्च विकटो दशलक्षैश्च योद्धृभिः ।।८।।

चपलोऽप्यर्धलक्षेण योद्धुकामोऽभिनिर्ययौ ।
षडाननो वीरभद्रोऽसङ्ख्यसेनासमायुतौ ।।९।।

ईयतुर्युद्धबलिनौ नानाशस्त्रधरावुभौ ।
सप्त व्यूहान् समालोक्य प्राव्यूहन् दैत्यसैनिकान् ।।१०।।

गन्धासुरोऽथ मदनः कान्तो वीरो ध्वजस्तथा ।
महाकायश्च शार्दूलो धूर्तनामाथ सप्तमः ।।११।।

वीरहरूले भने – 'अनेक शस्त्रहरूबाट शत्रुमाथि प्रहार गर्न समर्थ वीरहरू मैत्र र कौस्तुभले वीरगति प्राप्त गरे । तिनले रात र दिनमा पनि आक्रमण गरेर शत्रुका अनेक वीरहरूको संहार गरेका थिए ।।१।। शत्रुसेनातर्फबाट दुष्ट दुई जना वीरहरू आए। ती बलवान् शत्रुवीरले हाम्रो सेना खल्बल्याए । त्यसै बेला ती शत्रुवीरहरूको मुड्की प्रहारबाट हाम्रा मैत्र र कौस्तुभले वीरगति प्राप्त गरेका हुन् । हामीले अनेक शत्रुसँग लड्दा अनेक थरि सैनिक देखेका थियौं तर मैत्र र कौस्तुभसँग युद्ध गर्ने अजेय दुई जना वीरजस्ता वीर कहिले पनि देखेका थिएनौं' ।।२-३।।

सिन्धुले भन्यो – 'प्राणीहरूलाई मृत्युमा पुऱ्याउने यमराज पनि मेरा मन्त्री मैत्र र कौस्तुभलाई देखेर थर्कमान हुन्थे । आज मेरा ती वीर मन्त्रीहरू देवसेनाका वीरहरूको मुड्की-प्रहारबाट मरेका कुरा कसरी गऱ्यौ ? म अचम्म परेको छु ।।४।। हे सैनिकगण! अब तिमीहरूले मेरो पराक्रम देख्नेछौ। मैले युद्धको मैदानमा शत्रुहरूको टाउको नचाउनेछु। यसमा तिमीहरूले कत्ति पनि शङ्का नमान ।।५।। म चक्रपाणिको पुत्र हुँ । तसर्थ मैले चक्रयुद्ध गर्नेछु ।' यसरी गर्जन गर्दै त्यो दैत्य घोडामा सवार भई भगवान् श्रीगणेशका समीपमा गयो।।६।। देवताका पति, शिवपुत्र श्रीगणेशसँग युद्ध गर्न चाहने दुर्धर्ष दैत्यहरूको असङ्ख्य कोटि सेना अगाडि लाग्यो ।।७।। त्यसपछि महाबली नन्दी र पुष्पदन्त पनि ती दैत्यसेनासँग युद्ध गर्न अगाडि सरे । भूतराज र विकट नामक देववीरहरू दश लाख सैनिक लिएर युद्ध मैदानतर्फ गए ।।८।। दैत्यसेनाको नायक चपल पनि पचास हजार सैनिक लिएर मैदानमा पुगिसकेको थियो । असङ्ख्य सैनिकले सम्पन्न महाबली स्वामी कार्तिक र वीरभद्र अनेक थरि शस्त्र धारण गरी युद्ध गर्न त्यहाँ पुगे । स्कन्द र वीरभद्रले दैत्यहरूले तयार गरेका सातवटा व्यूह नजर गरेपछि तिनीहरूले दैत्यसैन्यलाई चारैतिरबाट घेरे ।।९-१०।। गन्धासुर, मदनासुर, वीरासुर, ध्वजासुर, महाकायासुर, शार्दूलासुर, र धृतासुर गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्त व्यूहान् पुरस्कृत्य युयुधुस्तान् समागतान् ।
बाणवृष्ट्या समाच्छाद्य भल्लाग्रैस्तान् निजघ्निरे ।।१२।।

भिन्दीपालहताः केचिन्निपेतुर्धरणीतले ।
षडाननेन युयुधे बलाद् गन्धासुरो बली ।।१३।।

वीरभद्रेण मदनकान्तोऽपि युयुधे रणे ।
नन्दी च वीरराजश्च युयुधाते परस्परम् ।।१४।।

ध्वजासुरपुष्पदन्तौ शस्त्रास्त्रैर्बाणसञ्चयैः ।
भूतराजो महाकायो युयुधाते परस्परम् ।।१५।।

धूर्तश्च विकटश्चैव द्वन्द्वयुद्धमकुर्वताम् ।
चपलेन हतो रोषाच्छार्दूलो न्यपतद् भुवि ।।१६।।

पुनः संग्रामवाप्यैनं सोऽपि खड्गेन चाहनत् ।
मूर्च्छामवाप महतीं चपलश्चपलो युधि ।।१७।।

प्रवृत्ते द्वन्द्वयुद्धे तु युयुधाते बले ह्युभे ।
जघ्नतुः शस्त्रसङ्घातैर्बाणजालैः परस्परम् ।।१८।।

सहस्व जहि मा भैस्त्वं हतः स्वर्गं समेष्यसि ।
क्षीणेषु शस्त्रबाणेषु लत्ताभिर्मुष्टिभिः पुनः ।।१९।।

युयुधुः सर्वसैन्यानि नाशयन्तः परस्परम् ।
कश्चिच्च चरणौ धृत्वा पोथयामास वैरिणम् ।।२०।।

कश्चिदुड्डीय न्यपतच्चूर्णयामास वै परम् ।
कश्चिच्चिच्छेद च शिरः कश्चिद् बाहुं रिपो रणे ।।२१।।

कश्चित् पादौ जानुनी च गुल्फौ चिच्छेद चापरः ।
शरवृष्टिं परे केचित् परस्परमवासृजन् ।।२२।।

स्त्रवद्रक्तः शस्त्रहतो मरणावध्ययुध्यत ।
कबन्धा युयुधुस्तत्र जघ्नुः स्वाँश्च परानपि ।।२३।।

अपरे सहसा पेतुर्विदीर्णवक्षसो नराः ।
परस्पराघातहतौ मृतौ कौचिद् रणाजिरे ।।२४।।

सात जना वीरहरूको व्यूह बनाएर ती दैत्यहरू युद्धको मैदानमा देवसेनासँग युद्ध गर्न तम्तयार भएका थिए । ती दैत्यले पहिले बाण बर्साएपछि भाला बर्साउन थाले ।।११-१२।। त्यसपछि घुयँत्रोले प्रहार गर्न थाले । त्यसबाट धेरै देववीर भुइँमा लडेका थिए । बलवान् गन्धासुर स्कन्दका साथ, मदनासुर वीरभद्रका साथ र वीरासुर नन्दीका साथ युद्ध गरिरहेका थिए ।।१३-१४।। ध्वजासुर र पुष्पदन्त अनेक थरि शस्त्र-अस्त्रद्वारा एक-आपसलाई घाइते बनाउँदै युद्ध गरिरहेका थिए । भूतराज र महाकायासुरको पनि त्यस्तै प्रचण्ड संग्राम चलिरहेको थियो ।।१५।। धृतासुर र विकटको पनि मल्लयुद्ध चलेको थियो । शार्दूलासुर र चपलको बीचमा युद्ध हुँदा चपलद्वारा क्रोधपूर्वक घाइते बनेको शार्दूलासुर भुइँमा लड्यो ।।१६।। केही समयपछि होशमा आएर शार्दूलासुरले चपललाई तरबारले हान्यो । युद्धमा चपलता देखाउने देववीर चपल पनि मूर्च्छित भयो ।।१७।। त्यसपछि दुबै पक्षका वीर मल्लयुद्ध गरिरहे । फेरि शस्त्रयुद्ध शुरू भयो। देववीर र दैत्यवीर दुबैले शस्त्र र बाणहरूको प्रहार गरी घमासान युद्ध गरे ।।१८।। सहन गर, नडराऊ, काट, मार र मऱ्यौ भने स्वर्गमा जानेछौ जस्ता शब्दहरू युद्धको मैदानमा घन्किरहेका थिए । शस्त्र र बाण समाप्त भएपछि दुबै पक्षका वीरहरू मुड्की र लात्तीको प्रहार गरेर युद्ध गर्न थाले ।।१९।। ती सैनिकहरू लडिरहेका थिए र दुबै पक्षका सैनिकहरू विनाशतिर अग्रसर हुँदैथिए । कसैले खुट्टा तानेर घुमाई घुमाई आफ्नो शत्रुलाई भुइँमा पछारिरहेको थियो ।।२०।। केही वीरहरू शत्रुमाथि हाम्फालेर जाइलागेका थिए र त्यसबाट शत्रुलाई थिलोथिलो बनाएका थिए । कुनै वीरले शत्रुको शिर टुक्र्याए भने कसैले शत्रुका हात काटिदिए ।।२१।। कसैले शत्रुका खुट्टा र घुँडा काटिरहेका थिए भने कसैले गोलिगाँठा फुकालिरहेका थिए । कुनै वीर बाणवर्षा गरिरहेका थिए भने अरू धेरै वीरहरू शस्त्रद्वारा आहत भएर रगतको खोलो बगाउँदै मृत्युपर्यन्त जोशपूर्वक लडिरहेका थिए । टाउको काटिएका शरीरहरूले पनि आफन्त र पराइ दुबैतर्फका वीरहरूलाई मार्दै थिए ।।२२-२३।। केही वीरहरू छाती छेंडिएका कारण भुइँमा लडे । परस्परको प्रहारबाट केही वीर रणभूमिमा नै थला परेर मरे । युद्धमा विजयी भएपछि स्वर्गमा भोग्न पाइने एउटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकाप्सरःप्राप्तिकृते स्वर्गे युद्धमकुर्वताम् ।
असृङ्नद्योऽभवन् तत्र केशशैवलसंयुताः ।।२५।।

खड्गमत्स्यवती खेटमहाकूर्मा दुरत्यया ।
प्रेतकाष्ठवहा घोरा चामरतृणसंयुता ।।२६।।

कञ्चुकग्राहशोभाढ्या महाकटकभेकिका ।
शूरामोदकरा भीरुमहाभयविवर्धिनी ।।२७।।

मेदोजला दुःखतरा मांसकर्दमशालिनी ।
ततोऽस्तमित आदित्ये न प्राज्ञायत किञ्चन ।।२८।।

न हन्तव्या वयं दैत्यवाहिनीचारिणः सुराः ।
न हन्तव्या वयं देववाहिनीचारिणोऽसुराः ।।२९।।

एवं कोलाहलैस्तत्र प्रायुध्यन्त परस्परम् ।
आशिषोऽथ ददुस्तत्र श्वापदा भूतराक्षसाः ।।३०।।

शृगालाः पतगाः श्येनास्तृप्ताः पार्वतीनन्दनम् ।
दिनत्रयमभूदेवं दिवारात्रौ महारणः ।।३१।।

वाद्यशब्दैर्जयं रात्रौ घोषयन्तः परस्परम् ।
एवं गन्धासुरोऽयुध्यत् सेनान्या बहुविस्तरम् ।।३२।।

मद्यपानेन मत्तोऽसौ त्यक्त्वा शस्त्राणि वेगवान् ।
अहनद् मुष्टिघातेन सहसा तं षडाननम् ।।३३।।

न्यपतत् स तदा भूमौ वज्राहत इवाचलः ।
अधावत् सोऽपि लब्ध्वाशु सपक्ष इव पर्वतः ।।३४।।

संज्ञां द्वादशभिर्हस्तैरविध्यत् तं महासुरम् ।
शरजालान्यनेकानि विसृजन् षड्धनुर्वरैः ।।३५।।

निवार्य शरजालानि छादयामास तं शरैः ।
गन्धासुरो महावेगात् षडाननमनामयम् ।।३६।।

तन्निवार्य दधारैनं चरणे स षडाननः ।
अकस्माद् भ्रामयित्वैनं पातयामास भूतले ।।३७।।

अप्सराका लागि ती वीरहरू ज्यान दिएर लडिरहेका थिए । असङ्ख्य रगतका नदी बगे, ती नदीमा टाउकाका केश शैबालको रूपमा बगिरहेका थिए ।।२४-२५।। तरबारहरू माछाझैं तैरिरहेका थिए । ढालहरू कछुवा बनेर बगिरहेका थिए । त्यो रगतको नदी डरलाग्दो र दुस्तर थियो । लाशहरू काठझैं बगेका थिए । चमरहरू तृणजस्तै देखिन्थे । वीरहरूले धारण गरेका वस्त्र गोहीझैं देखिन्थे । वीरहरूका अलङ्कार भ्यागुताको रूपमा रहेका थिए । त्यस्तो विकराल रगतको नदी देखेर युद्धमा खेल्न मन पराउने वीरहरू मजा मानिरहेका थिए भने कातरहरू डरले काँपिरहेका थिए ।।२६-२७।। वीरहरूको शरीरको बोंसो पानीका रूपमा बगेको थियो । दुःखलाई व्यक्त गर्ने त्यो रगतको नदी मासुको हिलोले भरिएको थियो। यसरी युद्ध हुँदाहुँदै सूर्य पनि अस्ताए । युद्धको दृश्य नजर गर्न अब कठिन भयो ।।२८।। हामी देवसेनाका सिपाहीहरू हौं, हामीलाई नमार, हामी दैत्यसेनाका सिपाहीहरू हौं, हामीलाई नमारजस्ता स्वरहरूमात्र युद्धको मैदानमा सुनिन्थे ।।२९।। यसरी कोलाहल गर्दै दुबैतर्फका वीरहरू लडिरहेका थिए । त्यहाँ हिंस्रक जनावर, भूत, राक्षस, स्याल, चरा र बाजले समेत युद्ध अझ चलोस् भन्ने कामना गर्दै तृप्त भई श्रीगणेशलाई आशीर्वाद दिए । तीन दिनसम्म यसैगरी अखण्डरूपमा अहोरात्र महायुद्ध चल्यो ।।३०-३१।। युद्धका बाजा बजाएर रातमा पनि विजयको घोषणा गर्दै वीरहरू लडिरहेका थिए । त्यस युद्धमा गन्धासुर स्कन्दका साथ दीर्घकालसम्म लडिरहेको थियो ।।३२।। रक्सी खाएर उन्मत्त भएको गन्धासुरले शस्त्र भुइँमा फ्याँकिर मुड्कीले स्वामी कार्तिकेयमाथि अचानक प्रहार गऱ्यो ।।३३।। स्कन्द पनि वज्रद्वारा आहत पर्वतझैं भुइँमा लडे । केही बेरपछि उनको होश आयो । स्कन्दले फेरि आफ्ना हातमा रहेका छ वटा धनुबाट प्वाँखले सुहाएका बाणहरू गन्धासुरमाथि प्रहार गरे ।।३४-३५।। त्यसले पनि वेगपूर्वक आफ्ना बाणहरूद्वारा स्कन्दका बाणहरू काट्दै बाणवर्षा गरी स्कन्दलाई ढाकिदियो ।।३६।। स्कन्दले गन्धासुरको प्रहारलाई रोकेर त्यसका खुट्टा समाए, घिसारे अनि त्यसलाई उचालेर रिंगाउँदै भुइँमा पछारे ।।३७।। पछारिएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्याङ्गं शतधा जातं गतासोर्दृढघाततः ।
तस्मिन् हते तस्य सेना ययौ व्यग्रा दिशो दश ।।३८।।

पृष्ठलग्नो निन्दति स्म सेनां तां स षडाननः ।
सेनश्च क्रोधनश्चैव शतघ्नो योद्धुमाययुः ।।३९।।

येषां शब्दो महानासीद् घनानामिव गर्जताम् ।
ऊचुः षडाननं दुष्ट ! सेना नो निहता बहुः ।।४०।।

इदानीं याहि भवनं हतो रविसुतस्य ह ।
तत आच्छादयामासुर्युगपत् ते षडाननम् ।।४१।।

ग्रामसिंहा यथा सिंहं बहवो बलवत्तराः ।
षड्धनुर्मोचितैर्बाणैर्न्यहनत् तान् षडाननः ।।४२।।

ततस्ते मूर्च्छिताः पेतुर्मुहूर्तादुत्थिताः पुनः ।
पाशं क्षिप्त्वा स्कन्दगले निन्युस्तं पशुवत् त्रयः ।।४३।।

ज्ञात्वा नीतं षण्मुखं तमाधावँस्ते त्रयो जवात् ।
हिरण्यगर्भो बलवान् श्यामलो रक्तलोचनः ।।४४।।

त्रिभिस्ते मुष्टिघातेन हताः पेतुर्धरातले ।
ततो मदनकान्तोऽपि वीरभद्रो महाबलम् ।।४५।।

न्यहनच्छस्त्रघातेन स मूर्च्छां महतीं ययौ ।
त्यक्त्वा मूर्च्छां वीरभद्रो दण्डघातान्न्यपातयत् ।।४६।।

मृतं मदनकान्तं तं वीरराजो महाबलः ।
ज्ञात्वा प्रायान्निहन्तुं तांस्त्रीन् सुरान् बलवत्तरान् ।।४७।।

ततस्तान् न्यहनद् रोषाच्छृङ्गाभ्यां नन्दिकेश्वरः ।
अस्रवद् रुधिरं वक्त्राच्छतधा भूतलेऽपतत् ।।४८।।

तं हतं तु विलोक्याशु चत्वारोऽसुरसत्तमाः ।
आययुर्नन्दिनं हन्तुं शार्दूलोऽथ ध्वजासुरः ।।४९।।

महाकायो धृतश्चैव सर्वदेवजितो रणे ।
नानाशस्त्रैर्निजघ्नुस्ते नन्दिनं बलवत्तरम् ।।५०।।

गन्धासुर मर्‍यो र त्यसका अङ्ग-प्रत्यङ्गहरू सयौं टुक्रा भएर भुइँमा खसे । गन्धासुर मरेपछि त्यसको सेना व्याकुल भएर चारैतिर भाग्न थाल्यो ।।३८।। भागिरहेको दैत्यसेनालाई स्वामी कार्तिकेयले निन्दा गर्दै गिज्याइरहेका थिए । त्यसपछि सेन, क्रोधन र शतघ्ननामक तीनजना दैत्यवीर स्वामी कार्तिकेयसँग युद्ध गर्न आए ।।३९।। ती दैत्यहरूको गर्जन वर्षाकालका काला बादलको गर्जनझैं भयङ्कर थियो । तिनले स्वामी कार्तिकेयलाई हे दुष्ट ! तैंले हाम्रा धेरै सैनिक मारिसकिस्, अब तेरो मर्ने पालो आएको छ, मरेपछि तँ सूर्यका छोरा यमराजको लोकमा जानेछस्' भने । त्यसपछि ती दैत्यवीरले बाणवर्षा गरी स्वामी कार्तिकेयलाई बाणैबाणले पुरिदिए ।।४०-४१।। अनेक गाउँका सिंहले मिलेर वनको एउटा सिंहलाई घेरेझैं ती बलवान् दैत्यहरूले स्वामी कार्तिकेयलाई घेरेका थिए । त्यसपछि छ वटा धनुबाट एकसाथ बाण प्रहार गरी स्वामी कार्तिकेयले दैत्यसमूहमा बाणवर्षा गरे ।।४२।। स्वामी कार्तिकेयको बाणप्रहारबाट मूर्च्छित भएर ती सबै वीरहरू भुइँमा ढले र केही बेरपछि उठे । तिनले स्वामी कार्तिकेयको घाँटीमा पाश फ्याँकेपछि पशुलाई झैं डोर्‍याएर तान्न थाले ।।४३।। ती दैत्यवीरले पाशले बाँधी स्कन्दलाई डोर्‍याएको थाहा पाएर हिरण्यगर्भ, श्यामल र रक्तलोचन नामक देवपक्षका तीनजना वीरहरूले बलपूर्वक मुड्की प्रहार गरे र तीनवटै दैत्यहरूलाई भुइँमा लडाए । त्यसपछि मदनकान्तनामक दैत्यले बलवान् वीरभद्रमाथि शस्त्रप्रहार गर्‍यो । वीरभद्र मूर्च्छा परे । केही बेरपछि जागेर तिनले दण्डप्रहार गरी मदनकान्तलाई भुइँमा लडाई मारिदिए ।।४४-४६।। महाबली वीरराजासुरले मदनकान्त-नामक असुरलाई मरेको थाहा पाएर ती तीनजना देववीरहरूलाई मार्ने हिसाबले शस्त्रप्रहार गर्न थाल्यो । त्यो देखेर रिसाएका नन्दीले सिङले हानी त्यसलाई भुइँमा पछारे। त्यो रगताम्ये भयो । त्यसको मुखबाट रगत बान्ता भयो र त्यसको शरीर टुक्रा-टुक्रा भएर भुइँमा छरियो । वीरराजासुर मरेपछि ध्वजासुर, महाकायासुर, शार्दूलासुर र धृतासुर चार दैत्यवीरहरू बलवान् नन्दीमाथि आक्रमण गर्न आए।।४७-५०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिते नन्दिनि ततश्चत्वारो युद्धदुर्मदाः ।
पुष्पदन्तो भूतराजो विकटश्चपलोऽपि च ।।५१।।

ते तु शैलान् समादाय तोलयित्वा निचिक्षिपुः ।
सर्वेषां मस्तका भिन्नाश्चूर्णीभूताश्च केचन ।।५२।।

शराघातेन ते सर्वे धरायां पतिता रणे ।
केचिच्च सिन्धुमगमन् शस्त्रघातप्रपीडिताः ।।५३।।

पराजयं स्वसैन्यानां प्राहुर्देवजयं तथा ।
जयं प्राप्ता देवसेना बहुवाद्यान्यवादयत् ।।५४।।

मयूरेश ! मयूरेश ! जय त्वं जय सर्वदा ।
इत्यब्रवीद् हर्षयुता स्वानन्देन ननर्त च ।।५५।।

ती वीरहरूले पहिले-पहिलेका युद्धहरूमा देवताहरूलाई परास्त गरेका थिए र देवताहरूसँग कहिले पनि हारेका थिएनन् । तिनले अनेक शस्त्रहरूको प्रहारबाट नन्दीलाई घाइते बनाए। ती घाइते भएर भुइँमा लडेपछि पुष्पदन्त, भूतराज, विकट र चपल-नामक देववीरहरूले ठूला-ठूला पर्वत उचालेर ती दैत्यवीरमाथि प्रहार गरे । त्यसबाट ती दैत्यवीरहरूका टाउका टुक्रिए र तिनीहरू पृथिवीमा ढलेर मरे ।।५१-५२।। बाणहरूको प्रहारबाट घाइते भएका केही दैत्यवीरहरू डराई दैत्यराज सिन्धुका सामु गए । तिनले त्यहाँ गएर दैत्यसेनाको पराजय र देवसेनाको विजयको समाचार सुनाए । विजयी देवसेनाले विजयको बाजा बजायो ।।५३-५४।। हे मयूरेश ! हजुरको जयहोस् भन्ने जयकार गर्दै देवताहरूको सेना पनि आनन्दपूर्वक नृत्य गर्न थाल्यो ।।५५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे श्रीगणेशसेनाविजयवर्णनं नाम चतुर्दशोत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशसेनाको विजय वर्णन' शीर्षकान्वित एक सय चौधौं अध्याय पूर्ण भयो ।।११४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चदशोत्तरशततमोऽध्यायः

क उवाच

श्रुत्वा सेनाजयं दैत्यो ययौ चिन्तां महत्तराम् ।
अत्यन्तम्लानवदनो निमग्नो दुःखसागरे ॥१॥

मनसा परितप्तेन चिन्तयामास दैत्यराट् ।

सिन्धुरुवाच

विपरीतमिदं कस्माज्जातं न ज्ञायते मया ॥२॥

पिपीलिका ग्रसेत् किं नु ब्रह्माण्डं लोकसङ्कुलम्।
यस्याग्रे मशका देवा आसन्निन्द्रादयो मम ॥३॥

शिवार्भकेन तस्याद्य कथं सेना विनिर्जिता ।

क उवाच

इत्युक्त्वा हयमारुह्य धनुर्बाणासिचर्मभृत् ॥४॥

अहत्वा तं मयूरेशं दर्शयिष्ये मुखं न च ।
इत्युक्त्वाऽभिययौ सिन्धू रणभूमौ पतङ्गवत् ॥५॥

सज्जं चकार च धनुर्नादयन् गगनं दिशः ।
व्यसृजद् बाणजालानि तीक्ष्णान्यग्निमुखानि सः ॥६॥

चकम्पे पृथिवी सर्वा मूर्च्छिता जन्तवोऽखिलाः ।
प्राक्षिपद् देवसेनायामसङ्ख्यातांश्च पत्रिणः ॥७॥

छिन्ना भिन्नाः सुराः पेतुस्तच्छस्त्राघातपीडिताः ।
पलायन्तः सुराः पेतुस्तेऽपि पृष्ठे शरैर्हताः ॥८॥

ततः सर्वा मयूरेशवाहिनी व्यग्रतामियात् ।
द्विधाभूता जानुपादाः केषाञ्चिन्मस्तका अपि ॥९॥

शरवृष्ट्या सिन्धुहस्तमुक्तया रणमूर्धनि ।
अभवत् तुमुलं युद्धमनिवार्यं भयावहम् ॥१०॥

सिन्धोश्चैव गणेशस्य सेनयोरुभयोरपि ।
कोलाहले महाघोरे ध्वान्ते गाढे रजःकृते ॥११॥

{ ११५ अध्याय }

ब्रह्माजीले भन्नुभयो – आफ्नो सेनामाथि देवसेनाको विजयको समाचार सुनेर दैत्यराज सिन्धु अत्यन्त चिन्तित भयो। त्यसको मुखमण्डल मलिन र कान्तिहीन थियो ॥१॥ दुःखको सागरमा डुबुल्की मारिरहेको सिन्धु सन्तप्त मनले एकान्तमा विचार गर्न लाग्यो ।

सिन्धुले भन्यो – 'आज सबै कुरा विपरीत किन भइरहेको छ ? मैले केही थाहा पाउन सकिनँ ॥२॥ एउटा सानो कमिलाले अनेक लोकले भरिभराउ ब्रह्माण्डलाई खाइरहेको छ । मेरा अगाडि इन्द्र आदि देवताहरू कुनै समयमा लामखुट्टे कीराजस्ता देखिन्थे ॥३॥ आज मेरो सेनालाई शिवजीको सानो बच्चाले कसरी लखेटिरहेको छ ?'

ब्रह्माजीले भन्नुभयो – यस्तो तर्क गर्ने दैत्यराज सिन्धु धनु, बाण, तलबार र कवच धारण गरी घोडामा सवार भयो ॥४॥ जबसम्म श्रीगणेशलाई समाप्त गर्दिनँ, तबसम्म मैले मुख देखाउने छैन भनी त्यो युद्ध मैदानमा गई गर्जन गर्न थाल्यो । धनु, बाण तयार गर्‍यो, धनुष्टङ्कारले दसै दिशालाई गुञ्जायमान बनाउँदै त्यसले टुप्पोबाट आगो उत्पन्न गर्ने तीखा बाणहरूको वर्षा गर्‍यो ॥५-६॥ त्यसको युद्धशैलीबाट पृथिवी काँप्न थालिन्, प्राणीहरू मूर्च्छित हुन थाले । त्यसले देवसेनामा असङ्ख्य बाण बर्सायो । त्यसको शस्त्रप्रहारबाट घाइते भएका देवता भुइँमा लड्न थाले । केही देवताहरू उपाय नपाएर भाग्न थाले। भाग्दा पनि त्यसले पछाडिबाट आएर बाणप्रहार गर्‍यो । त्यहाँ पनि ती देवता भुइँमा लडे ॥७-८॥ त्यसपछि श्रीगणेशको सम्पूर्ण सेना अत्यन्त व्याकुल भयो । सिन्धुले प्रहार गरेका बाणहरूको वर्षाबाट युद्धको मैदानमा कुनै देवताका घुँडा र कसैका खुट्टा टुक्रिएका थिए भने केही देवताका काटिएका टाउका पनि देखिन्थे ॥९॥ यस्तो कसैले छेकेर नछेकिने, विचित्र र भयङ्कर युद्ध भयो । सिन्धु र श्रीगणेश एकातिर लडिरहेका थिए भने अर्कोतर्फ दुबै तर्फका वीरसेनाहरू भयङ्कर संग्राम गर्दै थिए। चारैतिर घोर कोलाहल मच्चिएको थियो। पृथिवीको बाक्लो धूलो चारैतिर फैलिंदा गाढा अन्धकार छायो ॥१०-११॥ आँखाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरोगाङ्घ्रिनिरे सर्वे परान् स्वानपि ते तदा ।
शस्त्राघातैर्हता सेना देवसेनाचरैः परा ।।१२।।
ततः सिन्धुर्हयात् तस्मादवरुह्य पदेऽग्रहीत् ।
पातयामास सहसा वीरभद्रं च वेगतः ।।१३।।
अहनन्मस्तके सोऽथ नन्दिनं बलवत्तरम् ।
भूतराजञ्च खड्गेन मारयन् सहसा कटौ ।।१४।।
पुष्पदन्तस्योदरञ्च बिभेद बलवत्तरम् ।
शिखामाक्रम्य प्राकर्षद्धिरण्यगर्भमोजसा ।।१५।।
श्यामलस्य ललाटं स विभेद शरघाततः ।
चपलस्य हनुं रोषाज्जघान विकटं रणे ।।१६।।
लम्बकर्णस्य कण्ठं स बिभेद बाणसञ्चयैः ।
धृत्वा तु चरणौ रक्तलोचनञ्च न्यपातयत् ।।१७।।
हस्तान्निस्तीर्य सहसा सुमुखः प्रापलज्जवात् ।
सोमं लत्ताप्रहारेण रणभूमावपातयत् ।।१८।।
जठरं दारयामास भृङ्गिणोऽसिप्रहारतः ।
दावानलस्य च शिरो भेदयामास सायकैः ।।१९।।
पञ्चाननस्य पृष्ठे सोऽवधीच्च चपलो युधि ।
एवं सर्वे महावीरा निहता रणमूर्धनि ।।२०।।
द्रुतं पलायिताश्चान्ये ततः सिन्धुः पुरो ययौ ।
जगर्ज घनवद्घोरं नादयन् भुवनत्रयम् ।।२१।।
स विव्याध मयूरेशं शरजालैरनेकधा ।
तस्य देहं समालोक्य विकरालं भयानकम् ।।२२।।
विरूपाक्षादयः सर्वे पलायनमकुर्वत ।
मुनियुक्तो गणेशश्च युयुधे संयुगे तदा ।।२३।।
स चकम्पे करिशिशुः सिंहस्येवास्यदर्शनात् ।
ततोऽब्रवीद् रोषवशात् सिन्धुस्तं तु गुणेश्वरम् ।।२४।।

सिन्धुरुवाच

दूरात् तेऽश्रावि बहुशः पुरुषार्थः शिवार्भक ! ।
प्रत्यक्षं दृश्यसे रे त्वं जम्बूक इव दुर्बलः ।।२५।।
कथं मे सहसे मूढ ! तलाघातं शिलाभिदम् ।
त्वया मातुः स्तनं पीत्वा नर्तव्यं हि गृहाङ्गणे ।।२६।।

दृश्यको भेउ नपाएका संग्राम गर्ने वीरहरू आफ्ना अगाडि रहेका पराई र आफन्त वीरलाई पनि मारिरहेका थिए । यस युद्धमा देवपक्षका वीरहरूको शस्त्रप्रहारबाट दैत्यपक्षका धेरै सैनिक मरे ।।१२।। यस्तो दृश्य देखेर क्रोधले परिपूर्ण दैत्यराज सिन्धुले वीरभद्रका खुट्टा तानेर तिनमाथि प्रचण्ड प्रहार गऱ्यो, त्यसपछि त्यसले नन्दीका टाउकामा प्रहार गऱ्यो, भूतराजको कम्मरमा तरबारले हिर्कायो, पुष्पदन्तको पेटलाई बाणले छेडिदियो र हिरण्यगर्भलाई बलपूर्वक टुप्पीमा समातेर लतार्‍यो ।।१३-१५।। बाणको प्रहारबाट श्यामलको निधार फुटायो, चपलको चिउँडोमा हान्यो, विकटको टाउकामा प्रहार गऱ्यो, बाणहरूको वर्षाबाट लम्बकर्णको घाँटी छिनाल्यो र रक्तलोचनका खुट्टा तानेर भुइँमा घिसार्‍यो ।।१६-१७।। यसरी आक्रमणको क्रममा सिन्धुको हातबाट फुत्किएर सुमुखले वेगपूर्वक पलायन गरे। फेरि दैत्यले चन्द्रमालाई लात्तीले हानेर भुइँमा खसायो ।।१८।। त्यसले भृङ्गीको पेटमा तरबारले हानेर तिनलाई घाइते बनायो, बाणहरूको प्रहारबाट दावानलनामक देववीरको शिर फुटायो, त्यसले युद्धमा चपल त्यसले पञ्चाननको पिठ्यूँमा प्रहार गऱ्यो र सबै देववीरहरूलाई युद्धमा घाइते बनायो।।१९-२०।। बाँकी रहेका देववीरहरू पनि भाग्न थाले। देवताहरूको पलायनबाट उत्साहित बनेको सिन्धु दैत्य अगाडि बढ्यो र त्यसले मेघगर्जन गर्दै त्रिलोकीलाई थर्कमान बनायो।।२१।। त्यसले अनेक बाणहरूको प्रहार गरेर श्रीगणेशको शरीरमा वेधन गऱ्यो । सिन्धु दैत्यको घोर शरीर देखेर विरूपाक्ष आदि देवता भाग्न थाले । मुनिहरूले घेरिनुभएका भगवान् श्रीगणेश मैदानमा डटेर युद्ध गर्न लाग्नुभयो।।२२-२३।। सिन्धुलाई त्यस रूपमा देखेर श्रीगणेश सिंहलाई देख्दा हात्तीको बच्चा काँपेझैं काँप्नुभयो। त्यसपछि सिन्धु दैत्यले क्रोधपूर्वक श्रीगणेशलाई भन्यो - 'हे शिवको बच्चा ! तेरो पुरुषार्थ मैले टाढाबाट सुनिरहेको थिएँ। तर प्रत्यक्षमा आई युद्ध गर्दा त तँ स्यालझैं निर्बल रहेछस् । चट्टान फोर्ने सक्ने मेरो थप्पड तैंले कसरी सहन्छस् ? तैंले त आमाको दूध चुस्दै आफ्नो घरको आँगनमा नाच्ने र खेल्ने काम गर्नुपर्छ । किन यहाँ लड्न आएको छस् ? मैले इन्द्र आदि देवतालाई कैयौं पटक परास्त गरेको छु, तेरो के गणना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्रादयो जिता येन तस्य ते गणनाऽत्र का ।
निवारयति मां मूढ ! कृपा त्वां हन्तुमुत्सुकम् ।।२७।।
कथन्ते कोमलाङ्गेषु विध्ये तीक्ष्णतरान् शरान् ।

देव उवाच

किमर्थं वल्गसे मूढभावेनाधम ! पामर ।।२८।।
नावतारं ग्रहीष्येऽहं यदि जानेऽल्पकं वपुः ।
तवेदानीं हनिष्यामि क्षणेन देहमल्पकम् ।।२९।।
सूर्यदत्ताद् वराद् दुष्ट ! दुष्कर्मनिरतो भवान् ।
इदानीं स गतः कालो मृत्युकाल उपस्थिते ।।३०।।
वल्गनाकुशलस्त्वं किं युद्धमद्य करिष्यसि ।
त्वां हन्तुं मोचितुं देवान् धृतं रूपमिदं मया ।।३१।।
अन्तकाले सन्निहिते पुरुषार्थो वृथा भवेत् ।
मया हते महास्थानं मम प्राप्स्यसि दुर्लभम् ।।३२।।

सिन्धुरुवाच

यावन्न च्छेद्मि ते मूढ! कोमलं देहमुत्तमम् ।
तावद् वल्गसि यो यस्य भक्तः स्यात् स मृतो व्रजेत्।।३३।।
तस्य लोकं वृथा हि त्वं न प्रशंसां वदात्मनः ।

क उवाच

एवमुक्त्वा महादैत्यः सायकं परभेदिनम् ।।३४।।
न कदाचित् प्रकटितमतितीक्ष्णं जयावहम् ।
स्मृत्वा सूर्यं धनुर्गृह्य सज्जं कृत्वा न्ययोजयत् ।।३५।।
टणत्कारेण धनुषो नादितं भुवनत्रयम् ।
मुमोच बाणं तं देवे मयूरेशे बलात् खलः ।।३६।।
स जज्वाल दिशः सर्वा गगनं विदिशोऽपि च ।
तं दृष्ट्वा स मयूरेशस्तत्याज परशुं निजम् ।।३७।।
वज्रात् सारतरं सर्ववैरिदर्पहरं परम् ।
अदहत् सोऽपि त्रीन् लोकान् प्रलयानलसन्निभः।।३८।।
परशुः खण्डयामास नभस्येव च तं शरम् ।
धरायां पात्य शतधा दैत्यहस्तमथाच्छिनत् ।।३९।।

धनुर्भारसहं घोरं नभस्येव गतं करात् ।
ततः क्रोधेन दैत्यः स चक्रं तत्याज शत्रवे ।।४०।।

गरूँ ? मेरो हृदयमा रहेको दयाले गर्दा तँलाई मार्न सकिरहेको छैन ।।२४-२७।। मैले तँजस्ता बच्चाको कोमल अङ्गमा कसरी तीखा बाण प्रहार गरूँ ?'

श्रीगणेशले भन्नुभयो - 'हे अधम मूर्ख ! तँ किन प्रलाप गरिरहेको छस् ? म सानो छु र मेरो उमेर पनि थोरै छ भनेर डराउने भए मैले अवतार किन लिन्थेँ ? तेरो सानो शरीरमा अब म प्रहार गर्दैछु । सूर्यबाट वरदान पाएर तँ दुष्कर्मी र घमण्डी भएको छस् । तेरो त्यो कुकर्म गर्ने समय अब सकियो । तेरा सामु मृत्यु उभिएको छ ।।२८-३०।। अब बकबाद नगर् । तँ मसँग के युद्ध गर्न सक्छस् ? मैले तेरो वध गर्न र देवताहरूलाई कारागारबाट मुक्त गर्न यो रूप धारण गरेको छु। अन्तिम समय आएपछि पुरुषार्थ व्यर्थ हुन्छ । मैले तँलाई मारेपछि तँ मेरो धाममा जानेछस्' ।।३१-३२।।

सिन्धुले भन्यो - 'हे मूर्ख बच्चा ! जबसम्म मैले तेरो कोमल र राम्रो शरीरलाई छिया-छिया बनाउँदिनँ, तबसम्म तँ बक्बक गरिरहनेछस् । जो जसको भक्त हो त्यो युद्धमा मर्नेछ।।३३।। म तेरो भक्त भए म मर्नेछु, तँ मेरो भक्त भए तँ मर्नेछस् । तैँले आफ्नो प्रशंसा नगर् ।'

ब्रह्माजीले भन्नुभयो - यस्ता कुरा गरेपछि त्यस दैत्यले मर्मभेदी, अहिलेसम्म गुप्त राखिएको, अत्यन्त तीखो र विजयदायक बाणलाई सूर्यको ध्यान गर्दै धनुमा राम्ररी सजाएर प्रहार गर्‍यो ।।३४-३५।। त्यसको धनुष्टङ्कारले स्वर्ग, मर्त्य, पाताल नै शब्दायमान भए । त्यस दुष्ट र बलवान् दैत्यले बलपूर्वक मयूरेश भगवान्माथि अभिमन्त्रित बाण प्रहार गर्‍यो । बाणबाट अग्निका ज्वाला पैदा भए । ती ज्वालाहरू चारै दिशा र आकाशमा फैलिए । त्यसपछि भगवान् श्रीगणेशले वज्रभन्दा पनि कठोर सम्पूर्ण वैरीहरूको नाश गर्ने आफ्नो परशुनामक अस्त्र प्रहार गर्नुभयो ।।३६-३७।। प्रलयकालको आगोसमान चम्किरहेको त्यस परशु (बञ्चरो) ले त्रिलोकीलाई नै अग्निको ज्वालामा डुबायो । त्यस बञ्चरोले सिन्धुद्वारा प्रहार गरिएको बाणलाई आकाशमा नै काटिदियो । त्यसपछि भगवान् श्रीगणेशद्वारा गरिएको बञ्चराको प्रहारबाट दैत्यराज सिन्धु भुइँमा लड्यो र भगवान्ले त्यसका हात काटिदिनुभयो ।।३८-३९।। त्यो बञ्चरो अत्यन्त गह्रौं थियो र हातबाट छुटेर एक्कासि आकाशमा पुगी त्यो सिन्धु दैत्यको शरीरमा खसेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतधारञ्च तच्छब्दं चकार गर्जयन् दिशः ।
दृष्ट्वा तत्र मयूरेशः शूलमुग्रं मुमोच ह ।।४१।।

ददाह भुवनं तच्च पपात दैत्यमस्तके ।
मुकुटं कुण्डले कर्णौ खण्डयित्वा ययौ पुनः ।।४२।।

मयूरेशकरं शीघ्रं यथा न त्याजितं तथा ।
ततः क्रोधादुवाचैनं छिन्नकर्णो महासुरः ।।४३।।

पौरुषं दर्शितं तेऽद्य दर्शयिष्ये तवापि च ।
इदानीं शरघातेन छिनद्मि नासिकां तव ।।४४।।

इत्युक्त्वा खड्गहस्तोऽसौ तं जगाम गुणेश्वरम् ।
मयूरेशस्तदा चक्रे नानारूपाणि सर्वतः ।।४५।।

आयुधानि च चत्वारि बिभ्रत् करचतुष्टये ।
ततः स विस्मयाविष्टो दशदिक्षु व्यलोकयत् ।।४६।।

ददर्श तत्र तं देवं चतुरायुधभूषितम् ।
ततः स लज्जितो गेहं निजं गन्तुं मनो दधे ।।४७।।

तथाऽपि पुरतोऽपश्यन्मयूरेशं तथाविधम् ।
आच्छाद्य नेत्रे स ययौ हृद्येनं समलोकयन् ।।४८।।

उन्मील्य नेत्रे सोऽपश्यत् पुर एनं शिखण्डिनि ।
ततो दैत्यो बुबोधैनं स्वान्ते रविप्रसादतः ।।४९।।

रणस्थलात् पुरीं यात आच्छाद्य वदनाम्बुजम् ।
हतशेषैश्च वीरैश्च तादृशैः परिवारितः ।।५०।।

पर्यङ्के न्यपतच्चिन्तापर्याकुलितमानसः ।
वीरास्ते स्वगृहं याताश्चिन्ताव्याकुलचेतसः ।।५१।।

त्यसपछि सिन्धुले रिसाएर श्रीगणेशमाथि चक्र प्रहार गऱ्यो । सय धार भएको त्यस चक्रको प्रहारबाट भयङ्कर गर्जन भयो । भगवान् श्रीगणेशले त्यसलाई काट्न शूलप्रहार गर्नुभयो । संसार डढाउँदै त्यो शूल दैत्यको टाउकामा खस्यो । त्यसका मुकुट, कुण्डल र कानसमेत टुक्रा टुक्रा बनाई त्यो शूल श्रीगणेशकै हातमा फर्केर आयो । यति तीव्र गतिमा त्यो आयो कि त्यसलाई भगवान् श्रीगणेशले प्रहार नै नगर्नुभएको आभास हुन्थ्यो । कान काटिएको त्यस दैत्यले रिसाउँदै श्रीगणेशलाई भन्यो – 'आज मैले तेरो पुरुषार्थ देखें र तँलाई पनि देखें । अब म आफ्नो पुरुषार्थ देखाउनेछु र बाणप्रहार गरी भर्खरै तेरो नाक टुक्र्याउने छु' ।।४०-४४।। यसरी गर्जन गरेर त्यो हातमा तरबार लिएर श्रीगणेशका नजिकमा गयो । भगवान् श्रीगणेशले पनि त्यस बेला असङ्ख्य रूप धारण गर्नुभयो । यसका साथै उहाँले चार हातमा चार आयुध धारण गर्नुभयो । उहाँको यस्तो रूप देखेर त्यो दैत्य चकित भई दसै दिशातिर हेर्न लाग्यो ।।४५-४६।। जहाँसुकै त्यसले चतुर्बाहु र चार प्रकारका आयुध धारण गर्नुहुने श्रीगणेशलाई देख्यो । त्यसपछि लाज मानेर घर फर्किने विचार गऱ्यो ।।४७।। प्रस्थान गर्न लाग्दा त्यसले आफ्ना अगाडि चतुर्बाहु श्रीगणेशको दर्शन पायो । यसको दर्शन गर्दिनँ भनी आँखा चिम्लेर हिंड्न खोज्दा आफ्नो हृदयमा त्यसले चतुर्बाहु श्रीगणेशको दर्शन पायो ।।४८।। त्यसले तुरुन्तै आँखा खोली बाहिर हेर्दा पनि मयूरमा सवार हुनुभएका मयूरेश श्रीगणेशको दर्शन पायो । त्यसपछि भगवान् सूर्यका कृपाले हृदयमा केही चेतना र केही बोध प्राप्त गऱ्यो ।।४९।। अनि आफ्नो मुख ढाकेर रणस्थलबाट आफ्नो दरबारतर्फ गयो। त्यस बेला त्यसका वरिपरि युद्धमा बाँची फर्केका केही दैत्यवीर थिए । चिन्ताले व्याकुल भएको त्यो घरमा गई पलङ्गमा पल्टियो र त्यसका साथ आएका वीरहरू पनि अत्यन्त मलिन अनुहार लिएर आ-आफ्ना घरतर्फ लागे ।।५०-५१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे सिन्धुवैरूप्यकरणं नाम पञ्चदशाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा सिन्धुको अङ्गभङ्ग गराई कुरूपता निष्पादन' शीर्षकान्वित एक सय पन्ध्रौं अध्याय पूर्ण भयो ।।११५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोडशोत्तरशततमोऽध्यायः { ११६ अध्याय }

क उवाच

जयं प्राप्ते मयूरेशे ययुस्तत्र मुनीश्वराः ।
शिवोऽपि गिरिजायुक्तो ययौ तञ्च निरीक्षितुम् ।।१।।
औत्सुक्त्यात् पार्वती चैनं समालिङ्ग्याऽब्रवीत् तदा।

पार्वत्युवाच

अतिश्रान्तोऽसि दैत्यस्य कठिनस्य रणे सुत ।।२।।
कोमलानि तवाङ्गानि कथं शस्त्राणि सेहिरे ।
कृतान्तसदृशो दैत्यो मायावी बलवत्तरः ।।३।।
स कथं कोमलाङ्गेन त्वया युधि विनिर्जितः ।
प्रारुदत् करुणं देवी धृत्वाऽङ्के निजबालकम् ।।४।।
ततो मुनिगणाः शम्भुर्वारयामास तां शिवाम् ।

शिव उवाच

न जानीषे मयूरेशं सर्वकारणकारणम् ।।५।।
अनादिनिधनं देवं वेदान्तागोचरं विभुम् ।
त्रयस्त्रिंशत्कोटिदेवैर्नुतं देवारिदारणम् ।।६।।
सृष्टिस्थितिज्ञानहेतुं लयहेतुमनामयम् ।
भूभारोत्तारणार्थाय नानारूपधरं परम् ।।७।।
ब्रह्माण्डव्याप्तरोमाङ्कमेकानेकस्वरूपिणम् ।
तपोबलसमायुक्तं योगशास्त्रसमन्वितम् ।।८।।
मायाविभेदकं देवं मायिनामपि मायिनम् ।
बालभावेऽपि दैत्यानां हन्तारं किं न वेत्सि तम् ।।९।।

क उवाच

एवं स्तुतिं समाकर्ण्य हृष्टा सा पार्वती तदा ।
ततो हृष्टो मयूरेशो मुनीन् प्राह शिवं शिवाम् ।।१०।।

मयूरेश उवाच

न भयं वज्रहस्तान्मे ह्यन्यस्मात् तत् कथं भवेत् ।
सर्वेषां नमनान्मातर्मुनीनामाशिषोऽपि च ।।११।।
शिवस्य वरदानेन सिन्धुदैत्यो जितो मया ।
स्कन्दादयो जिता येन युध्यन्ते न हि तेन ते ।।१२।।

ब्रह्माजीले भन्नुभयो – मयूरेश भगवान्ले विजय प्राप्त गर्नुभएपछि मुनिहरू उहाँको दर्शन गर्न गए। पार्वतीसहित सदाशिव पनि आफ्ना प्रिय पुत्रलाई हेर्न जानुभयो।।१।। भगवती पार्वतीले उत्कण्ठापूर्वक श्रीगणेशलाई अङ्कमाल गरी कुरा गर्नुभयो।

पार्वतीले भन्नुभयो – बाबु ! तिमी साह्रै थाक्यौ, रणमा कठोर शरीर भएका दैत्यका ती शस्त्रहरूलाई तिम्रा कोमल अङ्गले कसरी सहन गरे होलान् ? त्यो मायावी दैत्य हेर्दैमा यमराजझैं डरलाग्दो छ, बलियो छ र जाली पनि छ ।।२-३।। त्यस्तो दैत्यलाई आफ्नो कोमल शरीरद्वारा कसरी तिमीले युद्धमा परास्त गर्‍यौ ? यसरी भावपूर्वक कुरा गर्दै पार्वतीले आफ्ना पुत्र श्रीगणेशलाई काखमा राखी दयापूर्वक आँसुका धाराले नुहाइदिनुभयो ।।४।। रोइरहेकी पार्वतीलाई मुनिगण र शिवगणले नरुन अनुरोध गरे ।

शिवजीले भन्नुभयो – हे पार्वती ! तिमीले श्रीगणेशलाई राम्ररी चिनेकी नै छैनौ । सबै कारणका पनि कारण, उपाधिविहीन, वेदान्तागोचर, शाश्वत, कोटि-कोटि देवताहरूद्वारा पूजित, दानवसंहारक, सृष्टि र स्थितिका हेतु, संहारका कारण, निरामय, निर्दोष, पृथिवीको भारहरण गर्न अनेक रूप धारण गर्नुहुने, रोम-रोममा ब्रह्माण्ड धारण गर्नुहुने, एकरूप अनेकरूप, तपोबल-सम्पन्न, योगशास्त्रका ज्ञाता, मायाभेदक, मायावीहरूका पनि परम मायावी र बालभाव भए तापनि दैत्यहरूको संहार गर्न समर्थ श्रीगणेशलाई तिमी त्यस रूपमा किन बुझ्दिनौ ?।।५-९।।

ब्रह्माजीले भन्नुभयो – शिवजीबाट यसरी गरिएको श्रीगणेशको प्रशंसा सुनेर पार्वती प्रसन्न हुनुभयो । श्रीगणेश पनि मुसुक्क हाँस्नुभयो । त्यसपछि श्रीगणेशले माता-पिताप्रति लक्षित गर्दै कुरा गर्नुभयो ।।१०।।

श्रीगणेशले भन्नुभयो – हे माता-पिता ! मलाई वज्रधारी इन्द्रसँग कुनै डर लाग्दैन भने अरूसँग डराउनुपर्ने कुनै कारण नै छैन। सबै मुनिहरूको वन्दना गर्नाले र उत्तम पुरुष हजुरहरूको आशीर्वादले गर्दा मैले सिन्धु दैत्यमाथि विजय प्राप्त गरें । त्यस दैत्यले स्कन्द आदि ठूला देवतालाई जितेको थियो । त्यस कारण ती देवतालाई पनि त्योसँग युद्ध गर्ने इच्छा थिएन ।।११-१२।। सिन्धु दैत्यका सिपाही बनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असङ्ख्याता हता देवा दैत्यसेनाचरैर्नरैः ।
असृङ्नद्यः सम्प्रवृत्ता वीरहर्षकरा खलु ।।१३।।
रणे निपतितान् देवान् विचिन्वामो मुनीश्वराः ।

क उवाच

एवं मयूरेशवचो निशम्य प्राह धर्मवित् ।।१४।।
वसिष्ठो मुनिवर्यस्तं यामः सर्वे चलन्तु वै ।
ततो ययौ रणे द्रष्टुं मुनिभिस्तैर्मयूरराट् ।।१५।।
मज्जारक्तवसागन्धो घ्रातुं यत्र न शक्यते ।
अतिभीषणकायाँस्ताँश्छिन्नभिन्नाननेकशः ।।१६।।
दृष्ट्वा बीभत्सरूपाँस्तान् प्रफुल्लान् किंशुकानिव ।
विकृतिं परियातानि मनांसि दानवद्विषाम् ।।१७।।
पश्यतां वीरराशींस्तान् वीरोपरि प्रतिष्ठितान् ।
काँश्चिच्च जीवतः काँश्चिन् मूर्च्छितान् शस्त्रघाततः ।।१८।।
काँश्चिच्च प्रविशीर्णाङ्गान् देवान् देवा व्यकर्षयन् ।
सहसा न विदुर्देवा देवान् वा दानवानपि ।।१९।।
अब्रुवँस्तत्र केचिच्च त्वदर्थं मृत्युमागताः ।
अन्ते ते दर्शनं प्राप्तमित्युक्त्वा व्यसृजन्नसून् ।।२०।।

क उवाच

एवं श्रुत्वा तु तद्वाक्यं साश्रुकण्ठो मयूरराट् ।
भ्रमन् भ्रमन् ददर्शाग्रे मूर्च्छितं तु षडाननम् ।।२१।।
पतदश्रुर्मयूरेशः स्नेहात् तञ्चाब्रवीदिति ।
उत्तिष्ठोत्तिष्ठ भद्रं ते किं शेषे प्राकृतो यथा ।।२२।।
श्रान्तोऽसि दैत्यहननाद् यच्छालिङ्गनमद्य मे ।
प्रमार्जितस्तु हस्तेन ततः स प्रोदतिष्ठत ।।२३।।
अपश्यन्निकटे देवपादपद्मं भयापहम् ।
उवाच च मयूरेशं दर्शनात् ते गतं मम ।।२४।।

काम गर्ने मानिसहरूले असङ्ख्य देवताहरूको हत्या गरे । युद्धको मैदानमा वीरहरूलाई जोश दिलाउने रगतका नदी बगे ।।१३।। श्रीगणेशले ऋषिहरूलाई भन्नुभयो- 'हे मुनिहरू! रणभूमिमा लडिरहेका असङ्ख्य देवताहरूको तपाइँहरूले खोजी गर्नुहोस् ।'

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशका यी कुरा सुनेर धर्मवेत्ता वशिष्ठ मुनिले श्रीगणेशलाई भन्नुभयो - हे श्रीगणेश! हामी युद्धभूमिमा जाऔँ, अरू पनि त्यसतर्फ प्रस्थान गरून् । यो कुरा सुनेर भगवान् श्रीगणेश देवताहरूको दर्शन गर्न मुनिहरूका साथ जानुभयो ।।१४-१५।। त्यो रणभूमिमा चर्वी र बोंसोको सहिनसक्नु गन्ध प्रवाहित थियो । देवताहरूका घाइते शरीर डरलाग्दा थिए । ती अनेक रूपमा छिन्न-भिन्न र फुलेका पलाशका वृक्षझैं रगताम्ये देखिन्थे । यो दृश्य देखेर ऋषिहरूका मन दारुण कष्टले विकृत भए । वीरहरूमाथि वीरहरूको चाङ लागेको र छटपटाइरहेका वीरहरूलाई देखेर ती खिन्न थिए । केही देवता घाइते थिए भने केही मूर्च्छित थिए । केही देवताका अङ्ग-प्रत्यङ्ग टुक्रिएर छरिएका थिए । ती घाइते देवताहरूको दर्शन गर्न आएका अरू देवताहरूले उद्धार गरिरहेका थिए । ती घाइते देवताले उद्धार गर्न आएका देवता र प्रहार गर्न आएका दानवहरूलाई चिन्न सकेनन् । केही घाइते देवताहरूले हे श्रीगणेश ! तपाइँकै कारण तपाइँकै लागि मृत्युको मुखमा परिसकेका छौं । अन्त्यमा दर्शन गर्ने अवसर पनि पायौं भनेर प्राणत्याग गरे ।।१६-२०।।

ब्रह्माजीले भन्नुभयो - ती मरणासन्न देवताहरूका विभ्रमपूर्ण वचन सुनेर रोइरहनुभएका श्रीगणेश घुमी-घुमी अगाडि बढ्नुभयो । त्यहाँनिर उहाँले मूर्च्छित भएका स्कन्दको दर्शन गर्नुभयो ।।२१।। स्कन्दको त्यो हालत देखेर आँखाबाट आँसु बगाइरहनुभएका श्रीगणेशले शरीरस्पर्श गर्दै स्नेहपूर्वक स्कन्दलाई भन्नुभयो - दाजु ! उठ्नुहोस् । सामान्य अज्ञानी प्राणीझैं किन सुतिरहनुभएको छ ? तपाइँ दैत्यको वध गर्ने कार्यबाट थाक्नु भएको छ । आउनुहोस् मलाई आलिङ्गन गर्ने अवसर दिनुहोस् । यसरी मीठा वचनद्वारा दाजुलाई सान्त्वना दिंदै श्रीगणेशले उहाँका सर्वाङ्गमा स्नेहपूर्वक फेरि पनि स्पर्श गर्नुभयो । त्यसपछि ती स्कन्द उठे ।।२२-२३।। तिनले आफ्नो समीपमा पापनाशक र भयनाशक प्रभु श्रीगणेशका पाउको दर्शन पाए । दर्शनपछि उनले श्रीगणेशलाई भने - हे श्रीगणेश!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वदुःखं श्रमश्चैव विश्रान्तश्चास्मि साम्प्रतम् ।
आलिलिङ्ग मयूरेशं दोर्भिर्द्वादशभिस्तदा ।।२५।।

उभौ यातौ रणं द्रष्टुं गृहीत्वा च परस्परम् ।
अपश्यतां पुरः सुप्तं वीरभद्रमिषुक्षतम् ।।२६।।

नन्दिनञ्च शराघातैः पीडितं बलवत्तरम् ।
भूतराजञ्च पुरतो विभिन्नमस्तकं तदा ।।२७।।

क्रन्दन्तं विकटञ्चैव पुष्पदन्तं भृशार्दितम् ।
ललाटे दृढविद्धञ्च हिरण्यगर्भमेव च ।।२८।।

मृतप्रायञ्च चपलं मृतं श्यामलमेव च ।
लम्बकर्णो न चाज्ञासीद् भ्रान्त्या कञ्चन सङ्गरे ।।२९।।

उदानवायुनाक्रान्तः सुमुखस्तत्र चाभवत् ।
परमं खेदमापन्नः सोमश्च रक्तलोचनः ।।३०।।

शेते स्म मूर्च्छया भृङ्गी पञ्चास्यश्च मुमूर्षया ।
शङ्खः प्रेतत्वमापन्नो भयकृत् सर्वयोधिनाम् ।।३१।।

एवं दृष्ट्वा सर्ववीरान् हतप्रायान् हतानपि ।
चिन्तया परयाविष्टः प्रपच्छ तं षडाननः ।।३२।।

स्कन्द उवाच

असुराश्च स्वकीयाश्च महावीरा हता मृधे ।
निजधाममगताः सर्वे जीवतामत्र का गतिः ।।३३।।

अनन्तकोटिब्रह्माण्डनायकस्त्वं गणेश्वर । !
चतुर्दशानां विद्यानां सर्वासाञ्च स्वयं निधिः ।।३४।।

कलानां तत्र किं प्रश्नं करोषि त्वं ममान्तिके ।
नाहं मन्त्रं विजानामि वेत्थ त्वं हि न वै सुराः ।।३५।।

विवर्धयसि क्रीडां त्वं नानादैत्यविभञ्जनात् ।
यथामति ब्रवीमि त्वामाज्ञया च स्मृतेर्बलात् ।।३६।।

पूर्वं तु त्रिपुरवधे शिवेन युद्धमद्भुतम् ।
कृतं तत्र मृतान् देवान् द्रोणाद्रिवल्लिजं रसम्।।३७।।

देवः क्षतेषु संयोज्य जीवयामास तत्क्षणात् ।

तपाईंको दर्शन पाएर मेरा सबै दुःख शान्त भए र मेरो थकाइ पनि मेटियो । त्यसपछि उनले आफ्ना बाह्र हातले भाइ श्रीगणेशलाई आलिङ्गन गरे ।।२४-२५।। आलिङ्गनपछि एकले अर्कालाई समातेर रणभूमिको दर्शन गर्न लागे । ती दुबैले रणभूमिमा सुतिरहेका र बाणको प्रहारबाट क्षत-विक्षत वीरभद्रलाई देखे । त्यसैगरी बाणप्रहारबाट घाइते भएका महाबली नन्दीलाई देखे । त्यहीं तिनले टाउको फुटेर रगताम्ये भएका भूतराजलाई देखे ।।२६-२७।। ती दुबै दाजुभाइले करुणक्रन्दन गरिरहेका विकट र अत्यन्त पीडाले छट्पटाइरहेका पुष्पदन्तलाई देखे । निधारमा गहिरो चोट लागेर आत्तिएका हिरण्यगर्भ र मरेसरि देखिएका चपलका साथै मरिसकेका श्यामललाई पनि देखे । त्यस बेला देखापरेका लम्बकर्णले युद्धको भ्रान्तिका कारण कसैलाई चिन्न सकेनन् भने उदान वायुद्वारा पीडित सुमुख अत्यन्त खिन्न देखिए । रीसले राता आँखा गराई सोमले हेरिरहेका थिए भने भृङ्गी मूर्च्छा परेर लडिरहेका थिए । पञ्चास्य मरणासन्न अवस्थामा देखिन्थे । शङ्ख प्रेतयोनिमा प्राप्त भई सबै योद्धाहरूका निमित्त त्रासका कारण बनेका थिए । यसरी आफ्नो पक्षका प्रायः सबै वीरहरूलाई मरेका र मरेसरि अवस्थामा पुगेका देखेर परम चिन्तित हुनुभएका स्कन्दले श्रीगणेशलाई सोध्नुभयो ।।२८-३२।।

स्कन्दले भन्नुभयो – 'हे श्रीगणेश ! तपाइँ अनन्तकोटि ब्रह्माण्डका नायक हुनुहुन्छ । चौध विद्या र चौंसठ्ठी कलाका निधि पनि हुनुहुन्छ । यतिविधि शक्ति र ज्ञानले सम्पन्न तपाइँले किन मसँग प्रश्न गर्नुहुन्छ ? हजुरका सामु म केही जान्दिनँ, ममात्र किन, देवताहरू पनि जान्दैनन् । सम्पूर्ण रहस्यका ज्ञाता तपाइँ नै हुनुहुन्छ । तपाइँले अनेकौं दैत्यहरूको वध गरी आफ्नो कीर्ति संसारमा फैलाइरहनुभएको छ ।।३३-३५।। तपाइँले प्रश्नरूप आज्ञा गर्नुभएका कारण स्मृतिको सहायताले म केही कुरा आफ्नो बुद्धिअनुसार निवेदन गर्न चाहन्छु । हे श्रीगणेश ! पुरानो समयमा भगवान् शङ्करले त्रिपुरासुरको वधका प्रसङ्गमा अद्भुत युद्ध गर्नुभएको थियो । उहाँले त्यस युद्धमा द्रोणाचलमा उत्पन्न लताको रस मरेका देवताका घाउमा लेपन गराई ती सबै देवताहरूलाई तत्काल जीवित तुल्याउनुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

श्रुत्वेत्थं वचनं देवो जगाद तं षडाननम् ।।३८।।

इदानीं दैत्यकोट्यस्तु युद्धार्थं बलवत्तराः ।
आयास्यन्ति तदा कोऽत्र युद्ध्येत् ताभिः षडानन।।३९।।

कश्चानेतुं व्रजेदद्रिं वल्लीरसमनुत्तमम् ।
एवं ब्रुवन्मयूरेशो मायामाविश्चकार ह ।।४०।।

उज्जीवयामास तदा निजाङ्गवायुस्पर्शतः ।
ततस्ते हर्षसम्पन्नाः प्रणेमुस्तं गुणेश्वरम् ।।४१।।

आलिलिङ्गुः पुनर्युद्धं कर्तुं तञ्च विजिज्ञपुः ।
त्वद्दृष्टिविनिपातेन तेजो नो द्विगुणीकृतम् ।।४२।।

गुणेश्वर उवाच

ब्रह्मादयो देवगणाः स्तुवन्ति वः पराक्रमम् ।
तारकासुरमुख्याश्च निहता दैत्यदानवाः ।।४३।।

क उवाच

ततस्तैः सहितो देवैर्मयूरेशः शिवं ययौ ।
नमस्कृत्य शिवं गौरीं युद्धाय गन्तुमुद्यतः ।।४४।।

आलिलिङ्ग मुदा गौरी शिवस्तञ्च गुणेश्वरम् ।
ततः षडाननाद्यास्ते शिवमालिङ्गिरे मुदा ।।४५।।

वयं रणे निपतिताः पुनः सञ्जीविता हर !
मयूरेशाङ्गसम्भूतवायुनाऽद्भुतकारिणा ।।४६।।

पुनर्युद्धाय यास्यामोऽनेन सार्द्धं शिवाधुना ।
प्रसादात् तव जेष्यामः सर्वानिवासुरान् युधि ।।४७।।

ब्रह्माजीले भन्नुभयो- स्कन्दका यी कुरा सुनेर श्रीगणेशले भन्नुभयो - हे स्कन्द ! वर्तमान समयमा करोडौं बलवान् दैत्यहरू युद्ध गर्न आउनेछन्, ती दैत्यसँग कसले युद्ध गर्ने ? कुन वीर लताको रस लिन द्रोणाचलतर्फ जाने ? किनकि धेरै वीर मरणासन्न छन् र केहीले वीरगति पनि प्राप्त गरेका छन्। यसो भनेर श्रीगणेशले आफ्नो माया प्रकट गर्नुभयो ।।३६-४०।। तत्कालै उहाँले आफ्नो शरीरको वायु स्पर्श गराएर मरेका वीरहरूलाई व्युँताउनुभयो र मरणासन्नहरूलाई स्वस्थ तुल्याउनुभयो । जीवन प्राप्त गरेका र स्वास्थ्य प्राप्त गरेका ती सबै वीरले प्रसन्न हुँदै श्रीगणेशलाई प्रणाम गरे, आलिङ्गन पनि गरे । आलिङ्गनपछि फेरि पनि युद्ध गर्न जान्छौँ भनी आफ्नो इच्छा व्यक्त गर्दै भने - हे श्रीगणेश ! हजुरको दृष्टिपातले हाम्रो तेज दुईगुना बढेको छ ।।४१-४२।।

श्रीगणेशले भन्नुभयो - 'हे वीर देवगण ! ब्रह्माजी आदि विशिष्ट देवताहरूले तपाइँहरूका पराक्रमको प्रशंसा गरिरहनु-भएको छ । भगवान् शङ्करको प्रेरणाबाट तपाइँहरूले नै तारकासुर आदि दानवहरूको वध गर्नुभएको थियो' ।।४३।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि ती देवताहरूलाई साथ लिएर भगवान् श्रीगणेश शिवजीका सामु जानुभयो। त्यहाँ पुगेर पार्वती र शिवजीलाई प्रणाम गरी युद्धभूमिमा जान तयार हुनुभयो ।।४४।। त्यस बेला भगवती पार्वती र शिवजीले भगवान् श्रीगणेशलाई आलिङ्गन गर्नुभयो । स्कन्द आदि देवताहरूल पनि शिवजीलाई श्रद्धापूर्वक आलिङ्गन गरे । त्यसपछि देवताहरूले भने- 'हे भगवन् शङ्कर ! हामी रणभूमिमा मरिसकेका थियौं तर भगवान् श्रीगणेशका अद्भुत अङ्गवायुद्वारा पुनर्जीवन पाई हजुरका सामु आउने सौभाग्य पाएका छौं । हे शिवजी ! भगवान् श्रीगणेशका साथ हामी फेरि युद्ध गर्न जानेछौं । हजुरको कृपाबाट हामीले युद्धमा सबै दैत्यहरूमाथि विजय प्राप्त गर्नेछौं' ।।४५-४७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे रणशोधनं नाम षोडशाधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवताहरूको दैत्यहरूमाथि विजय र श्रीमयूरेश्वरको अभिनन्दन' शीर्षकान्वित एक सय सोह्रौं अध्याय पूर्ण भयो ।।११६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तदशोत्तरशततमोऽध्यायः { ११७ अध्याय }

क उवाच

सिन्धुस्तल्पगतश्चिन्तामवाप महतीं तदा ।
अग्निसन्तप्तहृदयो विचारान् नान्वपद्यत ।।१।।
निर्हर्षो म्लानवदनो निस्तेजः निष्कलोऽपि सः ।
तत उग्रात्मजा दुर्गा लावण्यलहरी शुभा ।।२।।
चिन्ताशाविषदग्धं तं श्रुत्वाऽगान् मञ्चकस्थितम् ।
असङ्ख्यभूषणैर्यस्याः कबरी भाति मस्तके ।।३।।
कस्तूरीतिलकं यस्या ललाटे भाति सुन्दरम् ।
कण्ठे हारं कटौ काञ्चीं बिभ्रतीं रत्नसंयुताम् ।।४।।
सर्वालङ्कारसंयुक्तां सर्वावयवसुन्दराम् ।
आगतान्तु निरीक्ष्यैव मञ्चकाभ्याशमुत्सुकाम् ।।५।।
बहिस्तत्सेवका यातास्ततः सा पतिमब्रवीत् ।

दुर्गोवाच

किं चिन्तां कुरुषे स्वामिन्! यद् भाव्यं तद् भविष्यति।।६।।
ईश्वरस्य वशे लोको न स्वतन्त्रः कदाचन ।
सर्वेषां मानसं त्वं किमुद्वेजयसि मेऽपि च ।।७।।
को हेतुस्ते वद विभो ! ततो युक्तिं वदामि ते ।

क उवाच

प्रियावाक्यं समाकर्ण्य गण्डकीनायकस्तदा ।।८।।
सावधानमना भूत्वा वृत्तान्तं तामथाब्रवीत् ।

सिन्धुरुवाच

किं वदामि प्रिये ! श्लाघ्ये ! मनःखेदकरं परम्।।९।।
युध्यतो मे रणे कर्णौ मयूरेशेन सादितौ ।
सप्तकोटिमिता सेना निहता पौरुषेण ह ।।१०।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशबाट अङ्ग-भङ्ग भई परास्त गरिएको दैत्यराज सिन्धु साँझ घर फर्केपछि पलङमा पल्टियो र ठूलो चिन्तामा मग्न भयो । हृदयमा घोर सन्ताप परेका कारण त्यसले राम्ररी विचार गर्न सकेन ।।१।। अप्रसन्न र ओइलाएको अनुहार लिएको त्यो कान्तिहीन र निस्तेज थियो । त्यसपछि सौन्दर्यकी खानी उग्रनामक दैत्यकी छोरी र सिन्धुकी धर्मपत्नी दुर्गाले पलङमा पल्टिएका र चिन्ताको सर्पले डसेजस्ता आफ्ना पतिलाई भेटिन् । दुर्गाका केशपाशमा अत्यन्त मूल्यवान् अलङ्कार सजिएका थिए । ललाटमा कस्तूरीको टीका लगाएकी थिइन् र घाँटीमा हार झुण्डिएको थियो । तिनले कम्मरमा रत्नैरत्नले भरिभराउ कन्धनी धारण गरेकी थिइन् ।।२-४।। सबै प्रकारका अलङ्कारले सम्पन्न सर्वाङ्गसुन्दरी दुर्गालाई आफ्नो कोठामा पसेकी देखेर दैत्यराज सिन्धुका सेवकहरू कोठाबाट बाहिर आए । कोठाभित्र गएकी दुर्गाले आफ्ना पतिसँग कुरा गरिन् ।

दुर्गाले भनिन्- प्राणनाथ ! हजुर किन चिन्ता गरिरहनु-भएको छ ? विधाताले निधारमा जे लेखेको छ, त्यो नभई छोड्दैन ।।५-६।। प्राणीहरू ईश्वरको अधीनमा हुन्छन् । ती कहिले पनि स्वतन्त्र हुन सक्दैनन् । तपाइँले आकुलता र चिन्ता देखाएर आफ्ना बन्धु-बान्धव र मेरो मनमा पनि ठूलो उद्वेग उत्पन्न गराउनुभएको छ । तपाइँ चिन्ता किन गर्नुहुन्छ? मलाई भन्नुहोस् । त्यसपछि म चिन्तालाई निवारण गर्ने युक्ति बताउनेछु।

ब्रह्माजीले भन्नुभयो - आफ्नी प्रिया पत्नीका वचन सुनेर गण्डकीक्षेत्रको नायक दैत्यराज सिन्धुले सावधान भई आफ्ना मनका कुरा प्रकट गर्‍यो ।

सिन्धुले भन्यो - प्रशंसनीय गुणले सम्पन्न मेरी प्रिया! म कसरी भनूँ ? अहिले मुटु छेड्ने पीडा बेहोर्न बाध्य भएको छु ।।७-९।। युद्धको अवसरमा मयूरेश श्रीगणेशले मेरा दुबै कान काटिदिए । मैले पुरुषार्थ देखाएर सात करोड श्रीगणेशका सैनिकहरूलाई धराशायी बनाएको थिएँ । स्कन्द आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्कन्दादयो महावीराः पातिताः शरवृष्टिभिः ।
अकस्मान्मे हृतौ कर्णौ त्रिशूलं प्रेष्य शत्रुणा ।।११।।

आच्छाद्य मुखमायातो वाससा निजमन्दिरम् ।
येनोपायेन मे शत्रुवधः स्यात् तं वदस्व मे ।।१२।।

दुर्गोवाच

वीरधर्मः कृतः सम्यङ् निहताः सर्वसैनिकाः ।
न यशः प्राप्यते स्वामिन् ! गोब्राह्मणसुरद्विषाम् ।।१३।।

तद्द्वेषाच्चैव कल्याणं कस्यापि हि न जायते ।
सेवनाद् वन्दनाद् ध्यानात् स्मरणात् पूजनादपि ।।१४।।

देवैरिन्द्रादिभिः स्थानान्याप्तानि च स्थिराणि च ।
यः समः सर्वभूतेषु शुभाशुभफलप्रदः ।।१५।।

तत्सेवयाऽभीष्टसिद्धिः कामधेनोरिवाभवत् ।
अङ्कुरो जायते तादृग्यादृग्बीजं हि उप्यते ।।१६।।

अशुभात् कर्मणो दुःखं सुखं स्याच्छुभकर्मणः ।
अतः सन्तः प्रकुर्वन्ति शुभं कर्म सदादरात् ।।१७।।

हितञ्च सर्वजन्तूनां कायेन मनसा गिरा ।
भवता पुरुषार्थेन पीडितास्ते सुरर्षयः ।।१८।।

पुरुषार्थः स विज्ञेयो यश्चतुर्णां हि साधकः ।
यन्मनो नार्थलुब्धं स्यात् परदारेषु न क्वचित् ।।१९।।

स एव पुरुषार्थः स्याद् यश्चानिन्द्यं न निन्दति ।
शरणागतरक्षायां दृढो धर्मपरायणः ।।२०।।

समः सर्वेषु भूतेषु पुरुषार्थः स गम्यते ।
स्वामिन् ! मे परमं वाक्यं शृणु ते हितकारकम् ।।२१।।

अदुष्टवाक् सत्यशीलः स्वगुणानामकीर्तकः ।
परोपकरणे सक्तः परपैशुन्यवर्जितः ।।२२।।

वीरहरूलाई बाण प्रहार गरी भुइँमा लडाएको थिएँ । त्यस बेला अचानक मेरा शत्रु श्रीगणेशले ममाथि त्रिशूल प्रहार गरी मेरा दुबै कान काटिदिए ।।१०-११।। कान काटिएपछि अत्यन्त लज्जित भएँ र कपडाले मुख ढाकेर लुकी लुकी बल्ल बल्ल घर फर्के । मेरा कान काट्ने शत्रु श्रीगणेशको वध कसरी गर्न सकिन्छ ? मेरो चिन्ता यही हो। तिमीले जानेकी छ्यौ भने श्रीगणेशको वध गर्ने उपाय बताऊ ।।१२।।

दुर्गाले भनिन् - हे प्राणनाथ ! हजुरले वीरधर्मको पालन गर्नुभयो । शत्रुसेनाका वीरहरूलाई मार्नुभयो । तर गाई, ब्राह्मण र देवतासँग द्वेष गर्नाले कसैको पनि कल्याण हुँदैन र कीर्तिलाभ पनि हुँदैन । गाई, ब्राह्मण र देवताको सेवा, वन्दना, ध्यान, स्मरण र पूजन गर्नाले इन्द्र आदि देवताहरूले स्थिर धाम प्राप्त गरेका हुन् । ईश्वरले सबै प्राणीमा समभाव राख्दछन् र कर्मअनुसार शुभ र अशुभ फल प्रदान गर्दछन् तिनले कामधेनु गाईले झैं भक्तका कामना पूरा गराउँछन् । जस्तो बीउ छरिन्छ त्यस्तै अङ्कुर लाग्दछ ।।१३-१६।। अशुभ कर्मबाट दुःख प्राप्त हुन्छ भने शुभ कर्मबाट शुभ फल प्राप्त हुन्छ । यसै तथ्यलाई मनन गरेर सज्जनहरूले सर्वदा आदरपूर्वक शुभ कर्म गर्दछन् ।।१७।। तिनले मन, वचन र शरीरबाट अरूको हितमात्र हुने काम गर्दछन् तर हजुरको कुरा भने यसको विपरीत छ । हजुरले आफ्नो पुरुषार्थबाट देवता र ऋषिहरूलाई ज्यादै सताउनुभएको छ र धेरै दुःख दिनुभएको छ ।।१८।। हुन त त्यसो गर्दा हजुरले ठूलो पुरुषार्थ गरें भन्नुभएको होला तर त्यो पुरुषार्थ होइन । जुन कर्मबाट धर्म, अर्थ, काम र मोक्ष सिद्ध हुन्छन् त्यो कर्म नै पुरुषार्थ हो। परस्त्रीमा कुनै पनि बेला मन नलगाउनु र अर्थलुब्ध नहुनुलाई पुरुषार्थ मानी जसले उत्तम पुरुषको निन्दा गर्दैन, त्यो वास्तवमा पुरुषार्थी हो। जसले आफ्नो शरणमा आएका शरणार्थीहरूको रक्षा गर्दछ, जो धर्मपरायण छ र जसले सबै प्राणीमा समभाव राख्दछ, त्यो पुरुषार्थी हो र त्यसले गरेका काम पुरुषार्थ हुन्। म हजुरको हित चिताएर एउटा कुरा भन्छु राम्ररी सुन्नुहोस् ।।१९-२१।। हजुर मीठो बोली बोल्नुहोस्, सत्यनिष्ठ हुनुहोस्, आफ्ना गुणको आफै प्रशंसा नगर्नुहोस्, परोपकारमा लाग्नुहोस्, अरूको चियो-चर्चो र छिद्रान्वेषण नगर्नुहोस् । हे प्राणनाथ ! हजुरले मबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्कुरुष्व महाभाग ! मम प्रीतिं यदीच्छसि ।
मोचयस्व सुरान् सर्वान् प्रबद्धान् शक्रसंयुतान् ।।२३।।

प्रयास्यति मयूरेशोऽखिललोकप्रपालकः ।
तस्यावः समुखं स्वामिन्! नान्यथा तु सुखं भवेत् ।।२४।।

क उवाच

एवं वाक्यामृतं तस्यास्तदभूद् विषसन्निभम् ।
मुमूर्षोरौषधं यद्वद् ग्रहरोगाप्लुतस्य ह ।।२५।।

क्रोधसंरक्तनयनो दुर्गां तां सिन्धुरब्रवीत् ।
न दध्रे हृदि तस्याः स उपदेशं हितावहम् ।।२६।।

सिन्धुरुवाच

सम्यगुक्तं त्वया भद्रे ! लोकनिन्दाकरं वचः ।
चातुर्यं तव विज्ञातं कार्याकार्यविदा मया ।।२७।।

न शत्रुं भजते कोऽपि रिपुर्मानपरायणः ।
नारभेत् कृत्यमन्याय्यमारब्धं चेन्न तत् त्यजेत् ।।२८।।

ततो दुःखं सुखं वा स्यादयशो यश एव च ।
लाभो वाप्यथवाऽलाभो जीवनं मृत्युरेव वा ।।२९।।

पूर्वं भद्रे ! मया सन्धिः साम्ना तेन न वै कृतः ।
इदानीं भविता यद् यत् तद् भवत्येव सर्वथा।।३०।।

पूर्वमेव हि यज्जन्तोर्लिखितं साध्वसाधु वा ।
कश्चिन्न पुरुषार्थेन कर्तुं शक्तोऽन्यथा सति ।।३१।।

रणे मृतस्य स्वर्गोऽथ ख्यातिः स्याद् विष्टपत्रये ।
यातस्य शरणं शत्रोरयशो नरकेऽपि च ।।३२।।

पूर्वजैः सहितस्याशु जायते नात्र संशयः ।
जानामि तं मयूरेशं देवदेवं जगद्गुरुम् ।।३३।।

स्नेह र सद्भाव चाहनुहुन्छ भने मैले भनेका कुरा स्वीकार गर्नुहोस् । अर्को कुरा हजुरले आफ्नो कारागारमा बन्दी बनाएर राखिएका इन्द्र आदि देवताहरूलाई मुक्त गर्नुहोस् ।।२२-२३।। हजुरले देवताहरूलाई मुक्त गरेपछि संसारका पालक भगवान् श्रीगणेश युद्धभूमिबाट घरतर्फ फर्किनुहुनेछ । हजुरको जीवन सुरक्षित रहनेछ । हामी हजुरका पारिवारिक जनहरू पनि सुखपूर्वक बाँच्न पाउनेछौं। हजुरले मैले भनेअनुसार गर्नुभएन भने हामीले कहिले पनि सुख पाउनेछैनौं ।।२४।।

ब्रह्माजीले भन्नुभयो - दुर्गाको मुखबाट उच्चारण गरिएको वचन दैत्यराज सिन्धुका लागि सह्य भएन । दीर्घरोगले आक्रान्त मर्न चाहने रोगीका निमित्त औषधि विषसमान भएझैं भयो । त्यसले दुर्गाका ती हितकारी उपदेश सुनेर पनि मनमा लिन सकेन । क्रोधले राता भएका आँखाले दुर्गालाई हेर्दै कुरा गऱ्यो ।।२५-२६।।

सिन्धुले भन्यो - हे कल्याणी ! तिमीले लोकमा मेरो नाक कटाउने कुरा गऱ्यौ । कर्तव्य के हो र अकर्तव्य के हो ? त्यो मैले जानेको छु । तिम्रा कुराबाट तिमी कति बाठी रहेछौ भन्ने कुरा पनि थाहा पाएँ । तिमीलाई थाहा हुनुपर्छ कि कुनै पनि स्वाभिमानी वीरले शत्रुको सेवा गर्दैन र शत्रुका सामु घुँडा टेक्दैन । अन्यायपूर्ण कार्य शुरु गर्दैन र गरेको छ भने त्यसको परित्याग पनि गर्दैन ।।२७-२८।। त्यसपछि सुख-दुःख, सुकीर्ति-दुष्कीर्ति, लाभ-हानि र जीवन-मृत्यु जे भोग्न पनि तयार हुन्छ।।२९।। हे कल्याणी ! मैले पहिले श्रीगणेशसँग साम नीतिको प्रयोग गरी सन्धि गरिनँ । अहिले जे हुन लेखेको छ त्यो हुनेछ। प्राणीको निधारमा राम्रो नराम्रो जे हुने हो, त्यो पहिल्यै लेखिएको हुन्छ । त्यसलाई कसैले पुरुषार्थ गरेर उल्ट्याउन सक्दैन ।।३०-३१।। युद्धको मैदानमा वीरता देखाउँदै ज्यानको आहुति दिने योद्धाले संसारमा ठूलो नाम कमाउँछ र स्वर्गमा बस्ने सौभाग्य पनि पाउँछ । शत्रुको शरणमा जाने योद्धाले अपकीर्ति र नरकबाहेक केही पनि फेला पार्दैन ।।३२।। त्यसले आफ्नो मात्र होइन, आफ्ना पुर्खाहरूको पनि पतन गराउँछ । तिमीले गुणगान गरी प्रशंसा गरिएका मयूरेश श्रीगणेश देवदेव र जगद्गुरु पनि हुन् भन्ने कुरा मैले जानेको छु ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भूतं मम नाशाय रावणस्येव राघवम् ।
पातयिष्ये शिरोऽस्याहमिति मे निश्चिता मतिः ।।३४।।

त्यजन्ति जीवितं शूरा नाभिमानं कदाचन ।
न मेऽस्ति गणना सुभ्रु! कृतान्तस्यापि कर्हिचित् ।।३५।।

तत्र का गणनाऽन्येषां लज्जा मे कर्णतः कृता ।

क उवाच

एवमुक्त्वा भूषणानि वस्त्राणि च दधार सः ।।३६।।

केयूरं मुकुटं रत्नयुक्तं हारञ्च कुण्डले ।
तूणौ खड्गञ्च खेटञ्च चापं सज्जञ्च शस्त्रिकाम् ।।३७।।

आच्छाद्य कर्णौ रौक्मीयवस्त्रमुष्णीषमेव च ।
आययावुपविष्टः स भद्रासनमनुत्तमम् ।।३८।।

रामले रावणको वध गर्न अवतार लिनुभएझैं मयूरेश श्रीगणेश पनि मेरो वध गर्न आएका हुन् भन्ने कुरा मैले राम्ररी बुझेको छु । बुझ्दाबुझ्दै पनि मैले वीरधर्म अँगालेर युद्धभूमिमा तिनको शिर टुक्र्याउने निधो पनि गरेको छु ।।३४।। वीरहरू जीवन त्याग गर्दछन् तर स्वाभिमान त्याग गर्दैनन् । हे कल्याणी ! मैले यमराजलाई पनि गन्दिनँ भने अरूलाई गन्ने कुरा पनि भएन । आज म श्रीगणेशद्वारा कान काटिएको हुँदा क्रोधले मुर्मुरिएको छु र लाजले भुतुक्क भएको छु ।

ब्रह्माजीले भन्नुभयो – दैत्यराज सिन्धुले आफ्नी पत्नी दुर्गालाई यी कुरा सुनाएपछि वीरले धारण गर्ने वस्त्र-अलङ्कार र आयुध धारण गर्‍यो ।।३५-३६।। केयूर, कुण्डल, रत्नमय कण्ठहार, तरबार, ढाल, ताँदो चढाएको धनु र छुरीद्वारा सजिएर रेशमी कपडाको पगरी बाँधी त्यसको एउटा छेउले दुबै कान ढाकेर त्यो दैत्य सभामा आयो र सिंहासनमा आरूढ भयो ।।३७-३८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे दुर्गासिन्धुसंवादो नाम सप्तदशोत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'चिन्ताग्रस्त दैत्यराज सिन्धुका समक्ष रानी दुर्गाको सुधारमूलक अभ्यर्थना' शीर्षकान्वित एक सय सत्रौं अध्याय पूर्ण भयो ।।११७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्कुरुष्व महाभाग ! मम प्रीतिं यदीच्छसि ।
मोचयस्व सुरान् सर्वान् प्रबद्धान् शक्रसंयुतान्।।२३।।

प्रयास्यति मयूरेशोऽखिललोकप्रपालकः ।
वत्स्यावः ससुखं स्वामिन्! नान्यथा तु सुखं भवेत्।।२४।।

क उवाच

एवं वाक्यामृतं तस्यास्तदभूद् विषसन्निभम् ।
मुमूर्षोरौषधं यद्वद् ग्रहरोगाप्लुतस्य ह ।।२५।।

क्रोधसंरक्तनयनो दुर्गां तां सिन्धुरब्रवीत् ।
न दध्रे हृदि तस्याः स उपदेशं हितावहम् ।।२६।।

सिन्धुरुवाच

सम्यगुक्तं त्वया भद्रे ! लोकनिन्दाकरं वचः ।
चातुर्यं तव विज्ञातं कार्याकार्यविदा मया ।।२७।।

न शत्रुं भजते कोऽपि रिपुर्मानपरायणः ।
नारभेत् कृत्यमन्याय्यमारब्धं चेन्न तत् त्यजेत् ।।२८।।

ततो दुःखं सुखं वा स्यादयशो यश एव च ।
लाभो वाप्यथवाऽलाभो जीवनं मृत्युरेव वा ।।२९।।

पूर्वं भद्रे ! मया सन्धिः साम्ना तेन न वै कृतः ।
इदानीं भविता यद् यत् तद् भवत्येव सर्वथा।।३०।।

पूर्वमेव हि यज्जन्तोर्लिखितं साध्वसाधु वा ।
कश्चिन्न पुरुषार्थेन कर्तुं शक्तोऽन्यथा सति ।।३१।।

रणे मृतस्य स्वर्गोऽथ ख्यातिः स्याद् विष्टपत्रये ।
यातस्य शरणं शत्रोरयशो नरकेऽपि च ।।३२।।

पूर्वजैः सहितस्याशु जायते नात्र संशयः ।
जानामि तं मयूरेशं देवदेवं जगद्गुरुम् ।।३३।।

स्नेह र सद्भाव चाहनुहुन्छ भने मैले भनेका कुरा स्वीकार गर्नुहोस् । अर्को कुरा हजुरले आफ्नो कारागारमा बन्दी बनाएर राखिएका इन्द्र आदि देवताहरूलाई मुक्त गर्नुहोस् ।।२२-२३।। हजुरले देवताहरूलाई मुक्त गरेपछि संसारका पालक भगवान् श्रीगणेश युद्धभूमिबाट घरतर्फ फर्किनुहुनेछ । हजुरको जीवन सुरक्षित रहनेछ । हामी हजुरका पारिवारिक जनहरू पनि सुखपूर्वक बाँच्न पाउनेछौं। हजुरले मैले भनेअनुसार गर्नुभएन भने हामीले कहिले पनि सुख पाउनेछैनौं ।।२४।।

ब्रह्माजीले भन्नुभयो - दुर्गाको मुखबाट उच्चारण गरिएको वचन दैत्यराज सिन्धुका लागि सह्य भएन । दीर्घरोगले आक्रान्त मर्न चाहने रोगीका निमित्त औषधि विषसमान भएझैं भयो । त्यसले दुर्गाका ती हितकारी उपदेश सुनेर पनि मनमा लिन सकेन । क्रोधले राता भएका आँखाले दुर्गालाई हेर्दै कुरा गर्‍यो ।।२५-२६।।

सिन्धुले भन्यो - हे कल्याणी ! तिमीले लोकमा मेरो नाक कटाउने कुरा गर्‍यौ । कर्तव्य के हो र अकर्तव्य के हो ? त्यो मैले जानेको छु । तिम्रा कुराबाट तिमी कति बाठी रहेछौ भन्ने कुरा पनि थाहा पाएँ । तिमीलाई थाहा हुनुपर्छ कि कुनै पनि स्वाभिमानी वीरले शत्रुको सेवा गर्दैन र शत्रुका सामु घुँडा टेक्दैन । अन्यायपूर्ण कार्य शुरु गर्दैन र गरेको छ भने त्यसको परित्याग पनि गर्दैन ।।२७-२८।। त्यसपछि सुख-दुःख, सुकीर्ति-दुष्कीर्ति, लाभ-हानि र जीवन-मृत्यु जे भोग्न पनि तयार हुन्छ।।२९।। हे कल्याणी ! मैले पहिले श्रीगणेशसँग साम नीतिको प्रयोग गरी सन्धि गरिनँ । अहिले जे हुन लेखेको छ त्यो हुनेछ। प्राणीको निधारमा राम्रो नराम्रो जे हुने हो, त्यो पहिल्यै लेखिएको हुन्छ । त्यसलाई कसैले पुरुषार्थ गरेर उल्ट्याउन सक्दैन ।।३०-३१।। युद्धको मैदानमा वीरता देखाउँदै ज्यानको आहुति दिने योद्धाले संसारमा ठूलो नाम कमाउँछ र स्वर्गमा बस्ने सौभाग्य पनि पाउँछ । शत्रुको शरणमा जाने योद्धाले अपकीर्ति र नरकबाहेक केही पनि फेला पार्दैन ।।३२।। त्यसले आफ्नो मात्र होइन, आफ्ना पुर्खाहरूको पनि पतन गराउँछ । तिमीले गुणगान गरी प्रशंसा गरिएका मयूरेश श्रीगणेश देवदेव र जगद्गुरु पनि हुन् भन्ने कुरा मैले जानेको छु ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भूतं मम नाशाय रावणस्येव राघवम् ।
पातयिष्ये शिरोऽस्याहमिति मे निश्चिता मतिः ।।३४।।

त्यजन्ति जीवितं शूरा नाभिमानं कदाचन ।
न मेऽस्ति गणना सुभ्रु! कृतान्तस्यापि कर्हिचित् ।।३५।।

तत्र का गणनाऽन्येषां लज्जा मे कर्णतः कृता ।

क उवाच

एवमुक्त्वा भूषणानि वस्त्राणि च दधार सः ।।३६।।

केयूरं मुकुटं रत्नयुक्तं हारञ्च कुण्डले ।
तूणौ खड्गञ्च खेटञ्च चापं सज्जञ्च शस्त्रिकाम् ।।३७।।

आच्छाद्य कर्णौ रौक्मीयवस्त्रमुष्णीषमेव च ।
आययावुपविष्टः स भद्रासनमनुत्तमम् ।।३८।।

रामले रावणको वध गर्न अवतार लिनुभएझैं मयूरेश श्रीगणेश पनि मेरो वध गर्न आएका हुन् भन्ने कुरा मैले राम्ररी बुझेको छु । बुझ्दाबुझ्दै पनि मैले वीरधर्म अँगालेर युद्धभूमिमा तिनको शिर टुक्र्याउने निधो पनि गरेको छु ।।३४।। वीरहरू जीवन त्याग गर्दछन् तर स्वाभिमान त्याग गर्दैनन् । हे कल्याणी ! मैले यमराजलाई पनि गन्दिनँ भने अरूलाई गन्ने कुरा पनि भएन । आज म श्रीगणेशद्वारा कान काटिएको हुँदा क्रोधले मुर्मुरिएको छु र लाजले भुतुक्क भएको छु ।

ब्रह्माजीले भन्नुभयो - दैत्यराज सिन्धुले आफ्नी पत्नी दुर्गालाई यी कुरा सुनाएपछि वीरले धारण गर्ने वस्त्र-अलङ्कार र आयुध धारण गऱ्यो ।।३५-३६।। केयूर, कुण्डल, रत्नमय कण्ठहार, तरबार, ढाल, ताँदो चढाएको धनु र छुरीद्वारा सजिएर रेशमी कपडाको पगरी बाँधी त्यसको एउटा छेउले दुबै कान ढाकेर त्यो दैत्य सभामा आयो र सिंहासनमा आरूढ भयो ।।३७-३८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे दुर्गासिन्धुसंवादो नाम सप्तदशोत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'चिन्ताग्रस्त दैत्यराज सिन्धुका समक्ष रानी दुर्गाको सुधारमूलक अभ्यर्थना' शीर्षकान्वित एक सय सत्रौं अध्याय पूर्ण भयो ।।११७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टादशोत्तरशततमोऽध्यायः { ११८ अध्याय }

क उवाच

युद्धावेशदुराधर्ष उपविष्टो महासने ।
स तदा वीरमुख्याँस्तानुपविष्टानथाऽब्रवीत् ।।१।।

सिन्धुरुवाच

गतौ मम प्रधानौ तौ त्रैलोक्याकर्षणक्षमौ ।
न तादृशोऽस्ति वीरोऽत्र यो मे हन्याद् रिपुं बलात्।।२।।

नैतादृशौ बुद्धिमन्तौ पराक्रमजयैषिणौ ।
वीरा ऊचुस्ततः सिन्धुं मा चिन्तां कुरु सर्वथा ।।३।।

यावद् वयं प्राणवन्तो लघुकृत्य उपस्थिते ।
किमर्थं चिन्ताकुलतां तावद् व्रजसि दैत्यराट् ।।४।।

स्वापं कुरु महाभाग ! पर्यङ्के पुष्पसंस्तरे ।
कृतान्तस्ताडितो याभ्यां तयोः कस्माद् भयं भवेत्।।५।।

एवमुक्त्वा कलः सिन्धुं विकलश्च महाबलौ ।
श्यालकौ तस्य दैत्यस्य निर्यातौ युद्धदुर्मदौ ।।६।।

नानायुद्धेषु कुशलौ नानायुधधरावुभौ ।
नानाभूषणवस्त्राढ्यौ नानासेनासमन्वितौ ।।७।।

नानागर्जनतो व्योम चक्रतुर्नादसंयुतम् ।
देवकोटिनिहन्तारावसङ्ख्यवाहिनीयुतौ ।।८।।

ययुस्तत्परतो वीराः सिन्दूरारुणमस्तकाः ।
अग्निशस्त्रधरा मुक्तकेशपाशाः सचन्दनाः ।।९।।

लसच्छस्त्रधराः सर्वे यममत्तुमिवोद्यताः ।
ततः करिघटा याता नानाधातुविचित्रिताः ।।१०।।

ब्रह्माजीले भन्नुभयो - युद्धको आवेशका कारण कठोर मुद्रा प्रदर्शित गर्दै सिंहासनमा बसिरहेको दैत्यराज सिन्धुले आफ्ना सामु बसेका मुख्य-मुख्य वीरहरूलाई लक्षित गर्दै कुरा गऱ्यो ।।१।।

सिन्धुले भन्यो - तीनै लोकलाई आफूतर्फ तान्न सक्ने मेरा दुई जना मुख्य वीरले भर्खरै वीरगति प्राप्त गरे । अहिले ती वीरहरूसमान शूरता र वीरता भएको अर्को कुनै वीरलाई म देखिरहेको छैन । जसले मेरा शत्रुहरूको संहार गर्न सकोस्, त्यस वीरको खोजीमा छु । मेरा ती दिवङ्गत वीर मन्त्रीहरू बुद्धिमान् थिए । तिनको तुलना कसैसँग गर्न सकिंदैन। दैत्यराज सिन्धुका ती कुरा सुनेर कल र विकल नामक वीरहरूले आएर भने - हे राजन् ! हजुरले चिन्ता गर्नुपर्दैन । एउटा सानो समस्या देखिएको छ । त्यो सानो समस्यालाई लिएर हजुरले ठूलो चिन्ता नगर्नुहोस् । हामी शक्तिशाली वीर हजुरका सामु उपस्थित छौं । अब हजुरले किन पीर गर्नुहुन्छ, निश्चिन्त हुनुहोस् ।।२-४।। हजुर फूलैफूलको शय्यामा आराम गर्नुहोस् । हामी दुई जना वीरले युद्धभूमिमा यमराजसमेतलाई परास्त गरेका छौं भने अब हामी कोसँग डराउने ? यसरी आफ्ना भाव बताएर सम्बन्धका हिसाबबाट दैत्यराज सिन्धुका साला पर्ने ती दुई वीर कल र विकल युद्धको उन्माद देखाउँदै त्यहाँबाट बाहिर निस्किए ।।५-६।। युद्ध गर्न सिपालु, तीखा आयुध धारण गर्ने, मूल्यवान् वस्त्र र अलङ्कारले सजिएका ती दुबैले वीरहरूलाई साथमा लिएर युद्ध मैदानमा जान लाग्दा घोर गर्जन गरी आकाशलाई पनि प्रतिध्वनित तुल्याए । कोटि-कोटि देवताहरूको संहार गर्न सक्ने सामर्थ्य भएका असङ्ख्य-सेनासम्पन्न कल र विकललाई युद्धका लागि गर्जन गरिरहेको देखेर सिन्दूरले शिर रातै बनाएका आग्नेय अस्त्र धारण गर्ने, खुला केश राखेका, चन्दनको टीका लगाएका, शस्त्रास्त्र सम्पन्न, यमराजलाई पनि भयभीत तुल्याउने दैत्य सेनाका अनेकौं वीर अगाडि लागे । ती वीरहरूपछि अनेक थरि धातुका शोभामा सुशोभित अनेक वीरहरूका सवारी साधन बनेका हात्तीहरूको लश्कर चल्न थाल्यो ।।७-१०।। ती हात्तीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिष्ठाता महामात्रैर्नानाभूषाविराजिताः ।
तीक्ष्णदन्ताः सिन्दूरिता घण्टानादनिनादिताः ।।११।।

ततोऽश्वसादिनो यातास्तनुत्राणविराजिताः ।
धनुर्बाणधराः सर्वे लसच्छस्त्रविभूषिताः ।।१२।।

अनेकयुद्धसम्भाररथा यातास्ततः परम् ।
अनेकवीरसंयुक्ता नानासूतविराजिताः ।।१३।।

एवं तौ श्यालकौ यातौ रणस्थानं रुषान्वितौ ।
ददृशाते मयूरेशमाशीविषभुजि स्थितम् ।।१४।।

षडाननादिभिर्वीरैरन्यैश्च परिवारितम् ।
दृष्ट्वा तैस्तु तयोः सेना घोरा सा चतुरङ्गिणी ।।१५।।

असङ्ख्यातं बलं तस्य समायातं विचित्रितम् ।
प्रेषितो देवप्रवरैर्दूतो नीतिविशारदः ।।१६।।

ज्ञात्वा वृत्तान्तमायातः स जगाद सुरान् प्रति ।

दूत उवाच

कलश्च विकलश्चैव नानासेनासमायुतौ ।।१७।।

जेतुं सुरान् समायातौ नानायुद्धविशारदौ ।
ताभ्यां युद्धाय सम्प्राप्तौ पुष्पदन्तवृषावुभौ ।।१८।।

धनुषी सज्जतां नीत्वा षष्ट्या बाणैरविध्यताम् ।
दैत्यौ बाणान् निवार्यैव तावुभौ बाणवृष्टिभिः।।१९।।

छादितौ शरघातेन घ्नतः स्म देवसैनिकान् ।
कलस्य खड्गं खड्गेन बिभेद स महावृषः ।।२०।।

सैन्यमादाय तस्याशु खड्गं छित्त्वा न्यपातयत् ।
विकलस्य पुष्पदन्तो धनुश्चिच्छेद सायकैः ।।२१।।

ततस्तौ मल्लयुद्धेन परस्परमयुध्यताम् ।
ते सेनेऽयुध्यतां तत्र नानाशस्त्रास्त्रपत्रिभिः ।।२२।।

तीखो दाँतले सुहाएका थिए । तिनका टाउकामा सिन्दूर छरिएको थियो, घाँटीमा मालाको आकारका घण्टी धारण गरेका थिए। हात्तीसेनापछि कवचले सुहाएका र धनु-बाणले सज्जित, चम्किला शस्त्र-अस्त्रले विभूषित घोडसवार सेनाका जवानहरू हिँडिरहेका थिए । त्यसपछि युद्धका सामग्री एवं खाद्यसामग्री वहन गर्ने वीरहरू र सारथिहरूले सुसम्पन्न हजारौं रथहरूको ताँती चलेको थियो ।।११-१३।। अनेक थरि सेना र शस्त्र-अस्त्रले सुसज्जित सिन्धु दैत्यका साला कल र विकल क्रोधको ज्वाला दन्काउँदै युद्धभूमिमा पुगे । त्यसपछि तिनले मयूरमा सवार हुनुभएका भगवान् श्रीगणेशको दर्शन गरे ।।१४।। त्यस बेला भगवान् श्रीगणेश स्कन्द आदि वीरहरूले घेरिएर विराजमान हुनुहुन्थ्यो । श्रीगणेश र उहाँका वीरहरूले दैत्यहरूको चतुरङ्गिणीसेना देख्नुभयो ।।१५।। दैत्यहरूको असङ्ख्य र विचित्र सेना देखेर चकित हुनुभयो । दैत्यसेनाको समाचार बुझ्न देवताहरूले नीतिज्ञ दूतलाई त्यहाँ पठाएका थिए ।।१६।। त्यहाँको वृत्तान्त बुझेर फर्केको दूतले तिनलाई सबै कुरा बतायो ।

दूतले भन्यो - हे देवगण ! अनेक सेनासम्पन्न, युद्धमा कुशल दैत्य योद्धा कल र विकल मैदानमा पुगिसकेका छन्। तिनीहरूसँग युद्ध गर्न हाम्रो सेनाका पुष्पदन्त र नन्दीश्वर पनि त्यहाँ पुग्नुभएको छ ।।१७-१८।। युद्ध प्रारम्भ भएपछि पुष्पदन्त र नन्दीले आफ्नो धनु सजाएर साठी बाणहरू प्रहार गरी कल र विकललाई घाइते तुल्याए । ती दुवै दैत्यले पनि बाण वर्षाद्वारा पुष्पदन्त र नन्दीबाट प्रहार गरिएका बाणहरूलाई निरस्त गरे । बाणको वर्षाले ढाकिएका ती दुवै दैत्य वीरले देवसेनाका जवानहरूलाई घाइते तुल्याए । त्यस अवस्थामा नन्दीश्वरले दैत्यवीर कलको तरबारलाई आफ्नो तरबारले टुक्र्याइदिनुभयो। अर्को पटक तरबार प्रहार गरी त्यसका सैनिकहरूलाई भुइँमा सोत्तर बनाउनुभयो । यस्तै किसिमबाट पुष्पदन्तले पनि विकलको धनुलाई आफ्ना बाणले टुक्र्याउनुभयो ।।१९-२१।। त्यसपछि दुबै सेनाका असङ्ख्य वीरहरू आपसमा मल्ल युद्ध गर्न थाले। दुबैतर्फका अरू सेनाहरू पनि शस्त्र, अस्त्र र बाणले प्रहार गर्दै युद्ध गर्न लागे । ती सबै आपसमा विजयको इच्छाले विचित्र इन्द्रजाल र मायाको प्रयोग गरी युद्ध गरिरहेका थिए । त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायाभिर्विविधाभिश्च परस्परजयेच्छया ।
ततः पपाल दैत्यानां सेना शस्त्रार्दिता भृशम् ।।२३।।

केऽपि देवाः पृष्ठलग्ना मारयन्त्यसुराँश्च तान् ।
पादाघातेन निहता दैत्यसेनाचरा नराः ।।२४।।

मृतासृक्प्रवहा तत्र वाहिनी भीरुभीतिदा ।
सम्प्रवृत्ता महाघोरा भूतपक्षिप्रमोदिनी ।।२५।।

ततो वेगात् समुड्डीय कलश्च विकलश्च ह ।
शस्त्रवृष्टिं महोग्रां तौ चक्रतुर्युद्धदुर्मदौ ।।२६।।

तया हता देवसेना स्रवद्रक्ता पपाल ह ।
ततो वृषोऽहनत् सेनां शृङ्गाभ्याञ्च तयोर्भृशम् ।।२७।।

लत्ताभिश्च जघानाशु फूत्कारेण न्यपातयत् ।
पुच्छाघातेन काँश्चिच्च चूर्णयामास दैत्यपान् ।।२८।।

एवं तेन हता सेना नानादैत्यसमाकुला ।
हाहाकारो महानासीद् दैत्यानां तत्र नश्यताम् ।।२९।।

ततोऽतिबलिनौ वीरौ कलश्च विकलश्च ह ।
जगर्जतुरुभौ रोषाद् गर्जयन्तौ दिशो दश ।।३०।।

निनिन्दतुस्तौ वृषभं किं त्वं युध्यसि नौ पुरः ।
तृणादनेषु शक्तस्त्वं तृणरूपोऽसि साम्प्रतम् ।।३१।।

दध्राते एवमुक्त्वा तौ तस्य शृङ्गे महाबलौ ।
विकृष्य प्रापतुरुभौ स्वसेनां चतुरङ्गिणीम्।।३२।।

तं मोचितुं पुष्पदन्तोऽभिययौ सहसा जवात् ।
ततस्तं विकलो लत्ताप्रहारैः पातयन् भुवि ।।३३।।

ननर्त वाद्यघोषेण हर्षनिर्भरमानसः ।
स मूर्च्छितो मुहूर्तात् तु संज्ञां प्रापदनातुरः ।।३४।।

युद्धमा देवताहरूद्वारा प्रहार गरिएका शस्त्रहरूबाट घाइते भएको दैत्यसेनाका जवानहरू पीडा खप्न नसकी भागिरहेका देखिए ।।२२-२३।। केही देवसेनाका वीरहरूले पलायन गरिरहेका दैत्यसेनाका पछि लागेर तिनलाई मारिरहेका थिए। देवसेनाको भयङ्कर भीडले किचिएर पनि दैत्यसेनाका धेरै जवानहरू मरे। देवसेनाको उग्र प्रहारबाट मरेका दैत्यहरूको शरीरबाट निस्केका रगतको भयङ्कर खोला कातर प्राणीहरूलाई तर्साउँदै बग्न थाल्यो । रगतको खोला देखेर स्याल आदि प्राणी र गिद्ध आदि चरा प्रसन्न देखिए । दैत्यसेनाको दुर्गति देखेर दैत्यसेनानायक कल र विकल जागे । ती दुबैले वेगपूर्वक उफ्रिँदै विक्रान्त बनेर घनघोर शस्त्रप्रहार गर्न लागे ।।२४-२६।। ती वीरहरूको शौर्यपूर्ण आक्रमणबाट आक्रान्त देवसेनाका वीरहरू पनि रगतका धारा बगाउँदै भाग्न विवश भए। त्यसपछि नन्दीश्वर कल र विकलका सैनिकहरूलाई सिङले प्रहार गर्दै मार्न लागे।।२७।। तिनले कसैलाई लात्तीले हानेर मारे भने कसैलाई हुङ्कार गरी बेहोश बनाएर भुइँमा लडाए। फेरि तिनले कुनै दैत्यलाई पुच्छरले प्रहार गरी धूलोपीठो बनाए ।।२८।। यसरी नन्दीले अनेक दैत्यवीरहरूले भरिएको कल र विकलको सेनालाई तहसनहस पारे । त्यहाँ मरिरहेका, घाइते भएका र भागिरहेका दैत्यहरूको ठूलो क्रन्दनपूर्ण कोलाहल सुनियो । त्यसपछि ती पराक्रमी र शक्तिशाली दैत्यवीर कल र विकल रीसले दश-दिशा थर्काउँदै गर्जन गर्न लागे ।।२९-३०।। ती दुबैले बसाहाको रूपमा रहेका नन्दीश्वरको निन्दा गर्दै भने - 'हे नन्दी ! तिमी हाम्रा सामु किन युद्धको नाटक गरिरहेका छौ ? तिमी घाँस खाने जातका प्राणी हौ, घाँस खान सिपालु छौ र हाम्रा निमित्त तिमी घाँसै समान छौ' ।।३१।। यसरी नन्दीलाई निन्दाको बोली बोलेर अपमान गरेपछि महाबली कल र विकलले नन्दीका दुबै सिङ समाए । सिङमा समाती तानेर तिनलाई आफ्नो चतुरङ्गिणीसेनाको माझमा पुऱ्याए । कल र विकलले नन्दीलाई त्यो अवस्थामा पुऱ्याएको देखेर तिनलाई छुटाउन पुष्पदन्त वेगपूर्वक जाइलागे। विकलले पुष्पदन्तलाई खुट्टाले हानेर भुइँमा लडायो । पुष्पदन्त मूर्च्छित भए । त्यो देखेर प्रसन्न भएको त्यो दानव वाद्यघोषका साथ नाच्न थाल्यो । मूर्च्छित भएका पुष्पदन्त एक मुहूर्तपछि होशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो योध्दुं समायातौ वीरभद्रषडाननौ ।
कलः पर्वतघातेन शतधा न्यपतद् भुवि ।।३५।।

वीरभद्रस्तु विकलं तलघातादपातयत् ।
दृष्ट्वा स्कन्देन निहतं कलं दैत्यं महाद्रिणा ।।३६।।

ततो ययुः स्वशिविरं गणास्ते जयशालिनः ।
ततः शस्त्रहताः केचिज्जीवन्तो गण्डकीं ययुः ।।३७।।

शशंसुर्दैत्यराजाय नानासेनायुतः कलः ।
विकलश्च हतो रोषाद् वीरभद्रादिभिर्गणैः।।३८।।

गतास्ते शिविरं देवगणास्तु जयशालिनः ।।३९।।

आए ।।३२-३४।। यो घटना घटेपछि वीरभद्र र स्वामी कार्तिकेय ती दैत्यनायकहरूसँग युद्ध गर्न अगाडि बढे । स्वामी कार्तिकेयले पर्वत उठाएर प्रहार गरेपछि कलनामक दैत्यनायक टुक्रा टुक्रा भएर भुइँमा लड्यो । वीरभद्रले पनि दैत्यनायक विकललाई थप्पड हानेर भुइँमा लडाई मारिदिए । यता विकलको मृत्यु र उता स्कन्दले पर्वतप्रहार गरी कलको वध गरेको देखेर आफू विजयी हुने सपना देखिरहेका दैत्यराज सिन्धुका घाइते वीरहरू भाग्दै आफ्नो शिविरतर्फ फर्के । देवसेनाद्वारा शस्त्रप्रहार गरिंदा घाइते भएका केही दैत्यवीर येनकेन प्रकारेण जिउ जोगाउन सफल भई गण्डकीक्षेत्रमा सिन्धुको दरबारमा पुग्न सफल भए। तिनले दैत्यराज सिन्धुसमक्ष असङ्ख्य सेनासहित कल र विकलले युद्धमा वीरभद्र आदि शिवगणबाट मारिएर वीरगति प्राप्त गरेको तथ्य निवेदन गरे । उता विजयी देवसेनाका योद्धाहरू हर्षोल्लासपूर्वक शिविरतर्फ फर्किए ।।३५-३९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कलविकलवधो नामाष्टादशोत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवसेनाद्वारा कल र विकलको वध' शीर्षकान्वित एक सय अठारौं अध्याय पूर्ण भयो ।।११८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोनविंशत्युत्तरशततमोऽध्यायः { ११९ अध्याय }

क उवाच

कलञ्च विकलं श्यालं देवसेनाविघातिनम् ।
निहतं वीरभद्रेण पर्वतेन महासुरम् ।।१।।

षडाननेन विकलं हतं तलप्रहारतः ।
श्रुत्वा भद्रासनगतो नानावीरसमन्वितः ।।२।।

प्राप सिन्धुर्महाचिन्तां स्मरन् शिवसुतं तदा ।
किं करिष्यति देवोऽसौ नाशमित्थं सुरद्विषाम् ।।३।।

इत्येवं चिन्तयाविष्टो मूर्च्छामाप महत्तराम् ।
तावदाजग्मतुरुभौ पुत्रावस्य महाबलौ ।।४।।

धर्माधर्मौ भद्रपीठे जनकं वाक्यमाहतुः ।
कथं बिभेषि जनक ! शिवाया अर्भकाल्लघोः ।।५।।

नावाज्ञां देहि दैत्येन्द्र ! हनिष्यावः क्षणादमुम् ।
सम्मुखे तौ हतौ वीरौ मातुलौ नौ दिवं गतौ ।।६।।

उत्तीर्णौ तौ स्वामिकार्ये कीर्तिं कृत्वा महत्तराम् ।
हत्वाऽनेकविधां सेनां नानावीरैः प्रपालिताम् ।।७।।

आवामपि प्रयुध्यावो यावो हत्वा रिपुं बलात् ।
अथवा मोक्षमायावो निहते तेन चेद् रणे ।।८।।

यावदावां हि जीवावश्चिन्तां तावच्च मा कुरु ।
इन्द्रादयः सुरगणाः कारागारेऽधुना तव ।।९।।

यदा त्वं जितवान् पूर्वं पितरस्तत्र केऽभवन् ।
आनयावः शिरस्तस्य रिपोस्तव न संशयः ।।१०।।

अन्यथा दर्शयिष्यावो मुखं लोकेषु न क्वचित् ।

क उवाच

एवं तयोः समाकर्ण्य वचनं हर्षमाप्तवान् ।।११।।

तावूचे परमं युद्धं प्राप्नुतं यश उत्तमम् ।
नाशयित्वा रिपुं घोरं यातं शीघ्रं ममान्तिकम् ।।१२।।

ब्रह्माजीले भन्नुभयो – देवसेनाको विनाश गर्न चाहनेतर युद्धको मैदानमा वीरभद्रसँग युद्ध गर्दा तेजोहीन बन्न पुगेको सिन्धु दैत्यको सालो कलनामक दैत्यलाई वीरभद्रले पर्वत प्रहार गरी मारेको समाचार र अर्को सालो विकललाई स्वामी कार्तिकेयले थप्पड हानी मारेको समाचारसमेत सुनेर अनेक वीरहरूद्वारा घेरिई सिंहासनमा बसेको दैत्यराज सिन्धु ठूलो शोकमा पऱ्यो । त्यस बेला शिवपुत्र श्रीगणेशलाई याद गरी मनमनै भन्यो– 'के श्रीगणेशले यसैगरी सबै दैत्यवीरहरूलाई सखाप बनाउने छन्?' ।।१–३।। यस्तै यस्तै अनेक चिन्ता मनमा खेलाउँदै त्यो दैत्यराज दीर्घकालिक मूर्च्छामा पऱ्यो । त्यस बेला त्यसका दुई छोरा धर्म र अधर्म त्यहाँ आइपुगे । मूर्च्छित पितालाई जगाउँदै तिनले भने – हे पिताजी ! पार्वतीका बालक छोरा श्रीगणेशसँग तपाइँ किन भयभीत हुनुहुन्छ ? तपाइँले हामीलाई आज्ञा दिनुहोस् । त्यसलाई युद्धमा गई तत्काल मारिदिनेछौं । त्यस्ता बालकका सामु रहेर वीरतापूर्वक युद्ध गर्ने मेरा मामाहरू कल र विकल दुबैले वीरगति प्राप्त गर्नुभएको छ र स्वर्गमा पुग्नुभएको छ ।।४–६।। आफ्ना स्वामीको महान् कार्यसिद्धिमा सफल ती हाम्रा मामाहरू वीरहरूद्वारा सुरक्षित शत्रुसेनाको नाश गरेका कारण संसारमा प्रख्यात हुनुभएको छ । अब हामी पनि युद्ध गर्दछौं र शत्रुसेनामाथि विजयी भएर आउने छौं अथवा शत्रुबाट मारियौं भने पनि दुर्लभ मोक्षपद प्राप्त गर्नेछौं । जबसम्म हामी जीवित रहने छौं तबसम्म हजुरले कुनै चिन्ता गर्नुपर्दैन । इन्द्र आदि देवगण आज तपाइँको कारागारमा थुनिएका छन् ।।७–९।। तपाइँले ती सेनालाई जितिसक्नु भएको छ भने अहिले तिनबाट डर मान्नुपर्ने कुनै कारण छैन । हामीले आफ्ना शत्रुको टाउको गिंडेर तपाइँका सामु ल्याउने छौं । शत्रुमाथि विजय गर्न सकेनौं भने हामीले यो लोकमा आफ्नो मुख देखाउने छेनौं ।

ब्रह्माजीले भन्नुभयो – दैत्यराज सिन्धुले आफ्ना छोराहरूका ती वीरतापूर्ण कुरा सुनेर अत्यन्त हर्षित भई भन्यो– 'हे पुत्रहरू! युद्धमा तिमीहरूले उत्तम कीर्ति प्राप्त गर । भयङ्कर शत्रुसेनाको नाश गरेर तिमी दुबै छिटो मेरा सामु आउने काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवमाकर्ण्य तद्वाक्यमीयतुर्युद्धलालसौ ।
नमस्कृत्य पितुः पादौ मातुर्गृह्य तदाशिषः ।।१३।।
दशकोटिमितां सेनां प्रत्येकं गृह्य सत्वरौ ।
रथाश्वहस्तिपादातैर्नानाशस्त्रधरैर्युताम् ।।१४।।
पत्तयोऽपि ययुर्हृष्टाः सिन्दूरारुणमस्तकाः ।
गजा नानागिरिनिभा नानाधातुध्वजान्विताः ।।१५।।
अश्वाः सादिभिरारूढा नानाशस्त्रासिपाणिभिः ।
गर्जद्भिर्मेघसदृशं गर्जयद्भिर्दिशो दश ।।१६।।
ततः सेनामध्यगतौ रेजतुर्भ्रातरावुभौ ।
नानालङ्कारसंयुक्तौ नानायुधधरावुभौ ।।१७।।
रत्नकाञ्चनसंयुक्तकुण्डलाभ्यां विराजितौ ।
किरीटाभ्यां सुतेजोभ्यां भ्राजमानौ महाबलौ ।।१८।।
मुक्तामणिमयौ हारौ बिभ्रतौ युद्धदुर्मदौ ।
प्रापतू रणभूमिं तौ नानावादित्रनिस्वनैः ।।१९।।
ददृशुर्वीरभद्राद्यास्तौ च तां वाहिनीमपि ।
निकटे तौ समालोक्य मयूरेशप्रचोदिताः ।।२०।।
आज्ञयाऽभिययुर्वीरभद्रोऽसौ च षडाननः ।
हिरण्यगर्भः संक्रुद्धो भूतराजो विशालदृक् ।।२१।।
असङ्ख्यसेनया सार्द्धं ततो युद्धमवर्तत ।
परस्परमयुध्यन्त ततः सेनाचरा भृशम् ।।२२।।
घ्नन्तः शिरांसि पादाँश्च बाहूरूदरकन्धराः ।
निहताश्च निहन्यन्ते तमसाच्छादिते रवौ ।।२३।।
केचिच्चक्राणि मुमुचुर्भिन्दीपालाँस्तथाऽपरे ।
बाणवृष्टिं परे चापि नानाशस्त्राणि केचन ।।२४।।
मल्लयुद्धञ्च तत्रासीत् सैनिकानां परस्परम् ।
एवं सा संहृता सेना मयूरेशप्रपालिता ।।२५।।
पपाल तत्र शेषा या विह्वला तु दिशो दश ।
ततः षडाननः क्रुद्धो द्वादशायुधभूषितः ।।२६।।
तैरायुधैर्जघानाशु सेनां तां दैत्यपालिताम् ।
केषाञ्चिद् बाहवो भिन्नाः केऽपि मध्ये द्विधाकृताः ।।२७।।

गरा'।।१०-१२।। आफ्ना पिताका ती कुरा सुनेर युद्ध गर्न लालायित ती वीरहरू पिताको चरणमा प्रणाम गरी माताको आशीर्वाद लिएर युद्धभूमितर्फ लागे । तीमध्ये प्रत्येक वीरसँग दश कोटि चतुरङ्गिणीसेना थियो । सिन्धु दैत्यका छोराहरूको नेतृत्व पाएर प्रसन्न र उत्साहित दैत्यसेना सिन्दूरले शिर रंगाएर युद्ध गर्न सहर्ष अगाडि बढिरहेको थियो । अनेक प्रकारका धातुका शृङ्गारद्वारा सुहाएका, पर्वताकार हात्तीहरूको लश्कर र शस्त्रसज्जित घोडसवारसहितका घोडाहरू पनि युद्धमैदानतर्फ लम्किरहेका थिए । त्यसपछि सेनाका माझमा वीरोचित वेषभूषा र अलङ्कारले सजिएका, रत्न र सुवर्णमय कुण्डल धारण गर्ने, तेजोमय किरीटले सुहाएका र शस्त्र-अस्त्रद्वारा सुसज्जित मोतीको हार घाँटीमा लगाएका धर्म र अधर्म सेनानायकको रूपमा युद्धको उन्माद देखाउँदै वाद्य-घोषका साथ रणभूमिमा पुगे ।।१३-१९।। वीरभद्र आदि देवसेनाका वीरहरूले सिन्धुका छोरा धर्म र अधर्मको चतुरङ्गिणीसेना देखे । तिनलाई आफ्नो समीपमा देखेर श्रीगणेशद्वारा प्रेरणा प्राप्त गरी स्कन्द, वीरभद्र, हिरण्यगर्भ, भूतराज आदि वीरहरू असङ्ख्य सेनाका साथ रणभूमितर्फ अगाडि बढे । त्यहाँ युद्ध प्रारम्भ भयो। दुबैतर्फका सेना आपसमा भयङ्कर युद्ध गर्न प्रवृत्त भए ।।२०-२२।। दुबैतर्फका योद्धाहरू विरोधीहरूका शिर, खुट्टा, पेट, हात, तिघ्रा, घाँटीजस्ता अङ्गहरूमा प्रहार गर्दै मनोयोगले युद्ध गरिरहेका थिए । केही वीर मरेका थिए, केही मर्न लागेका थिए, केही वीरले अरूलाई मारिरहेका थिए । सूर्य अन्धकारले ढाकिएको थियो । कसैले चक्रप्रहार गरे भने कसैले घुँयत्राले प्रहार गरे । कुनै वीरले बाणवर्षा गरे भने केही वीर अत्यन्त चम्किला शस्त्र प्रहार गरिरहेका थिए ।।२३-२४।। मैदानको एउटा भागमा दुबैतर्फका वीरहरूको मल्लयुद्ध चलिरहेको देखिन्थ्यो । त्यहाँ दैत्यसेनाद्वारा आक्रमण गरिएको देवसेनाको संहार भइरहेको थियो । बाँकी रहेका देवसैनिकहरू चारैतिर दौडिरहेका देखिन्थे। त्यो देखेर क्रोधको आवेशमा आएका र बाह्र हातले सुहाएका स्कन्दले आफ्ना अस्त्रहरूबाट दैत्यसेनाको संहार आरम्भ गरे । तिनको प्रहारबाट धेरै वीरहरूका हात काटिए । कसैका शरीर नै गिंडिएर दुई टुक्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केषाञ्चिन्मस्तका भिन्नाः केषाञ्चिच्च रणाङ्गणे ।
एवं सा नाशिता सेना हस्त्यश्वरथसङ्कुला ।।२८।।

केऽपि स्वर्गं गताः केचिद् रूपं प्रापुः षडाननम् ।
निरीक्ष्य ये मयूरेशं जहुः प्राणान् प्रहारिताः ।।२९।।

जग्मुस्ते तत्प्रसादेन निजधाम महाबलाः ।
तद्दृष्टिपातात् तदघं नष्टं सर्वजनुःकृतम् ।।३०।।

दृष्ट्वा विशाखविशिखैः सशिखैर्निहतां स्वकाम् ।
सेनां तस्य सुतौ वीरावधर्मो धर्म एव च ।।३१।।

युयुधाते बहुविधं शस्त्रैरस्त्रैः शरव्रजैः ।
चक्रतुर्मल्लयुद्धं तौ महासेनेन तत्क्षणात् ।।३२।।

तयोर्बलं निरीक्ष्यैव कार्तिकेयो महाबलः ।
शिखयोस्तौ दधाराशु षड्बाहुः षट्करैर्बलात् ।।३३।।

भ्रामयामास बहुधा पोथयामास भूतले ।
शतखण्डानि जातानि तयोस्तु पततोर्भुवि ।।३४।।

जयं प्राप्ते शिवसुते नेदुर्वाद्यानि सर्वशः ।
जय त्वं हि मयूरेश ! जगुः सर्वेऽपि सैनिकाः ।।३५।।

चत्वारस्ते ययुर्देवं मयूरेशं निजं प्रभुम् ।
आलिलिङ्गुर्मुदा ते तु परस्परमथाऽब्रुवन् ।।३६।।

प्राप्ता इव पुनर्जन्म मुमुदुस्ते परस्परम् ।
शशंसुः सर्ववृत्तान्तं शिवायै च शिवाय च ।।३७।।

सेनाञ्च निहतां सिन्धोः पुत्रौ च बलिनौ हतौ ।।३८।।

भए ।।२५-२७।। कसैका टाउका फुटे । कसैका खुट्टा भाँचिए। यसरी श्रीगणेशसेनाका वीरहरूले हात्ती, घोडा र रथसहित दैत्यसेनाको संहार गरे ।।२८।। युद्धको मैदानमा प्राणत्याग गर्ने केही दैत्यवीरहरू स्वर्ग गए । केही स्कन्दलाई हेरी हेरी मरेकाले स्कन्दकै रूपमा परिणत भए । जसले श्रीगणेशको स्वरूप दर्शन पाई प्राणत्याग गरे । ती महाबली दैत्यवीरहरू भगवान् श्रीगणेशको कृपाबाट श्रीगणेशधाममा प्राप्त भए । श्रीगणेशको दृष्टिपातका कारण तिनले सबै जन्ममा गरेका पाप पनि नष्ट भए ।।२९-३०।। स्कन्दका बाणहरूबाट आफ्नो सेनाको संहार भएको थाहा पाएका सिन्धुका छोरा धर्म र अधर्म फेरि जोशिएर देवसेनासँग अनेकौं शस्त्र-अस्त्रको वर्षा गर्दै युद्ध गर्न थाले । शस्त्रयुद्धपछि ती वीर कार्तिकेयसँग मल्लयुद्ध गर्न तत्पर भए । ती दुबै वीरहरूको बल विचार गरेर महाबली स्कन्दले आफ्ना छ वटा हातको प्रयोग गरी तिनलाई टाउकामा समातेर घुमाउँदै जमिनमा पछारे। यसरी जमिनमा पछारिंदा तिनका शरीरका सयभन्दा धेरै टुक्रा भए ।।३१-३४।। शिवपुत्र स्कन्दले ती दैत्यमाथि विजय गरेको महान् अवसरमा विजयका बाजा बज्न थाले । सबै देवताले हे मयूरेश श्रीगणेश! हजुरको जय होस् भन्दै जय-जयकार गरे।।३५।। स्कन्द, वीरभद्र, हिरण्यगर्भ र भूतराज यी चारै वीरहरूले भगवान् श्रीगणेशका समीपमा गई हर्षले परस्पर आलिङ्गन गर्दै भने - हामीले पुनर्जन्म पायौं । त्यसपछि तिनीहरूले शिव र पार्वतीलाई पनि आफूहरूले दैत्यराज सिन्धुका सैनिक र छोराहरूको नाश गरेको वृत्तान्त बताए ।।३६-३८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे धर्माधर्मवधो नामैकोनविंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'देवसेनाद्वारा धर्मासुर र अधर्मासुरको वध' शीर्षकान्वित एक सय उन्नाइस अध्याय पूर्ण भयो ।।११९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विंशत्युत्तरशततमोऽध्यायः { १२० अध्याय }

क उवाच

हतशिष्टाः केऽपि वीराः स्रवद्रक्ताः सुदुःखिताः ।
सिन्धुं सभागतं चेत्थं भीतभीता अथाब्रुवन् ।।१।।

वीरा ऊचुः

धनुर्धर ! निबोधेदमतिदुःखकरं वचः।
धर्माधर्मौ तव सुतौ कृत्वा युद्धं महत्तरम् ।।२।।

निन्यतुर्देवसेनां तौ हत्वा हत्वा यमक्षयम् ।
ततः कोऽपि महावीरो मुखैः षड्भिर्विराजितः ।।३।।

सोऽपि ताभ्यां रणे घोरे पातितो धरणीतले।
पुनस्तेन धृतौ वीरौ शिखायां तावुभावपि ।।४।।

भ्रामयित्वा बहुतरं पातितौ तौ धरातले।
शतधा शीर्णदेहौ तौ गतौ तौ स्वर्गमुत्तमम् ।।५।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं न्यपतद् दैत्यपुङ्गवः।
शोकसागरमग्नोऽभूद् वज्राहत इवाचलः ।।६।।

धावमानैः सुहृद्वर्गैः स आशूत्थापितो बलात् ।
मुहूर्तात् प्रकृतिं यातः शुशोच बहुदुःखितः ।।७।।

सिन्धुरुवाच

शक्रादयो लोकपाला जिता याभ्यां रणे पुरा ।
तौ हतौ नु कथं वीरौ षडास्येन महाबलौ ।।८।।

विहाय मृत्युलोके मां कथं स्वर्गं गतावुभौ ।
सुरसेनानिहन्तारौ कृतान्तस्यान्तकावुभौ ।।९।।

नानेष्ये शत्रुमूर्द्धानं तदाऽऽस्यं दर्शये न च।
गमनावसरे प्रोक्तं तत्सत्यं किं कृतं त्वया ।।१०।।

अथ दुर्गासखीभिस्तु वृत्तान्तोऽन्तःपुरे तदा ।
कथितो विस्तरेणैव रुदतीभिः सुदुःखतः ।।११।।

ब्रह्माजीले भन्नुभयो – युद्धमा बाँचेर शरीरबाट रगतका धारा बगाउँदै फर्किएका र अत्यन्त पीडित केही दैत्यवीरहरूले सभामा विराजमान दैत्यराज सिन्धुलाई डराउँदै निवेदन गरे ।।१।।

वीरहरूले भने – 'हे धनुर्धर महाराज ! दुःखका कुरा बताइरहेका छौं, हजुरले सुन्नुहोस् । हजुरका पुत्र धर्म र अधर्मले मैदानमा भयङ्कर युद्ध गर्नुभयो । देवसेनाका असङ्ख्य वीरहरूलाई मारेर यमलोक पुऱ्याउनुभयो । त्यसै बेला देवतापक्षको ६ वटा मुख भएको कुनै वीर आइपुग्यो । त्यससँग उहाँहरूले घोर युद्ध गरी त्यसलाई भुइँमा लडाउनुभयो । भुइँमा लडेको त्यो षडानन वीर उठ्यो र त्यसले धर्म र अधर्मका टाउकामा समाती घुमाएर भुइँमा पछाऱ्यो । पछारिंदा ती दुबै वीरका शरीर छिन्नभिन्न भई भुइँमा छरिए । त्यसपछि उहाँहरू दिवङ्गत हुनुभयो' ।।२-५।।

ब्रह्माजीले भन्नुभयो – सैनिकहरूका यी कुरा सुनेर इन्द्रको वज्रप्रहारबाट ढलेका पर्वतझैं दैत्यराज सिन्धु भुइँमा लड्यो र चिन्तामग्न भयो । सिन्धुलाई त्यो अवस्थामा देखेर दौडिंदै आएका मित्र र सेवकहरूले उठाए । एक मुहूर्तपछि सामान्य अवस्थामा आइपुगेको त्यस दैत्यराजले अत्यन्त दुःखित भई विलाप गऱ्यो ।।६-७।।

सिन्धुले भन्यो – मेरा पराक्रमी पुत्र धर्म र अधर्मले कुनै समयमा इन्द्र आदि लोकपालहरूलाई पनि युद्धमा परास्त गरेका थिए । त्यस्ता महाबली मेरा पुत्रहरूलाई आज साधारण वीर स्कन्दले कसरी मार्न सक्यो ? आज मलाई मृत्युलोकमा एक्लै छाडी मेरा ती वीरपुत्र किन र कसरी स्वर्ग गए ? ती मेरा पुत्रहरूले कति पटक देवसेनाको संहार गरेका थिए । यमराजलाई पनि अन्त गर्ने आँट राख्दथे । मसँग बिदा हुँदा तिनीहरूले जबसम्म स्कन्दको टाउको काट्न सक्दैनौं तबसम्म मुख पनि देखाउने छैनौं भनेका थिए । त्यो कुरा साँचो भयो । त्यसपछि दैत्यराज सिन्धुकी गृहिणीलाई तिनका सँगिनीहरूले अन्तःपुरमा गई धर्म र अधर्मको मृत्यु भएको दुःखदायक समाचार सुनाए।।८-११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सख्युवाच

भर्ता रोदिति ते सुभ्रु ! धर्माधर्मौ मृताविति ।
साथ पर्यङ्कसुगता न्यपतत् पृथिवीतले ।।१२।।

रम्भेव वातनिहता कोमलारुणपल्लवा ।
सखीदुष्टवचोभिः सा बाणैरिव हृदि क्षता ।
विस्त्रस्तकेशाभरणा साप्यरोदीत् तदा भृशम् ।।१३।।

विस्त्रस्तवस्त्रा विकसद्विल्वचारुपयोधरा।
अश्रुश्यामलगण्डा सा शोकानलहतप्रभा ।।१४।।

जघ्ने मुखं सा पाणिभ्यां दन्तासृक्सिक्तभूतला ।
निरस्तदेहभावा सा विकला विगतत्रपा ।।१५।।

सभाङ्गणगताऽलुण्ठद्धठकृद् बालको यथा ।
सर्वे ततः सभ्यवरा रुरुदुर्दुःखकर्षिताः ।।१६।।

प्रस्त्रवन्नेत्रसलिलाः प्राब्रवीत् तान् सभासदः ।

राज्ञी उवाच

कथं सर्वेषु वीरेषु जीवत्सु तौ सुतौ मम ।।१७।।

प्रेषितौ रणभूमिं तौ मामपृष्ट्वा तु कोमलौ ।
मयाशीश्चेन्नियुक्ता स्यान्न तयोर्मरणं भवेत् ।।१८।।

न हि मे वचनं धाता मिथ्या कर्तुं समीहते ।
याभ्यां जिता देवगणास्तौ कथं निधनं गतौ ।।१९।।

क्व द्रक्ष्याम्यहमेतौ यौ जिग्यतुर्मदनं रुचा ।
बुद्धीनौ यौ सरस्वन्तौ तौ मां त्यक्त्वा कथं गतौ २०।।

तयोः शोकाग्निना दग्धा मरिष्याम्यहमद्य वै ।
इत्युक्त्वा न्यपतद् भूमौ निघ्नती हृदये मुहुः ।।२१।।

ततः सख्यो नागराश्च बोधयामासुरञ्जसा ।
न मातः ! कोपि शोकेन यो मृतः पुनरागतः ।।२२।।

मृत्युलोके चिरं स्थाता नेक्षितो न श्रुतोऽपि च।
विहाय हनुमन्तञ्च कृपं शारद्वतं बलिम् ।।२३।।

सँगिनीले भनिन् – हे महारानी ! धर्म र अधर्म स्वर्गीय भएको खबर सुनेर महाराजा सिन्धु विलाप गर्दै हुनुहुन्छ। आफ्ना सँगिनीको मुखबाट यो कुरा सुनेर पलङमा बसिरहेकी ती रानी कोमल र हरिया पात भएको केराको स्तम्भ लडेझैं हावाको वेगले भुइँमा लडिन् ।।१२।। आफ्नी सँगिनीको मुखबाट अप्रिय समाचार सुनेर हृदयाघात अनुभव गरिरहेकी ती रानीले अलङ्कार फ्याँकिन् र केश फैलाएर रोइरहिन् । वस्त्र फ्याँकेर व्याकुलता देखाइरहेकी बेलझैं सुन्दर र गोल स्तनहरूले सुहाएकी, आँसुले गाला भिजाएकी, शोकको आगोमा डढेकी र दाह्रा किट्दा खसेको रगतले भुइँलाई रगताम्य तुल्याएकी ती रानीले आफ्नै हातले आफ्नै अनुहार पिटिरहेकी थिइन् । आफ्नो शरीरको बेवास्ता गरी भुइँमा लडिबुडी गरेकी ती रानी लुगाको पनि वास्ता नगरी निर्लज्ज बनेकी थिइन् ।।१३-१५।। राजसभाको आँगनमा भुइँमा लडेकी ती रानी हठी बालकझैं शोकको आवेगमा कसैले सान्त्वना दिंदा पनि सुन्ने मनस्थितिमा थिइनन् । रानीको यस्तो शोकसन्तप्त अवस्था देखेर दैत्यराज सिन्धुको राजसभाका सभासद्हरू पनि दुःखित भएर रोइरहेका थिए ।।१६।। आँखाबाट आँसुका धारा बगाइरहेकी ती रानीले सभासद्हरूलाई सम्बोधन गरिन् ।

रानीले भनिन् – हे सभासद्हरू ! कसरी तपाइँहरू सबै जीवित हुँदा मेरा छोरा दिवङ्गत भए ? म कसरी हेरूँ ? कोमल शरीर भएका ती मेरा बालकहरू मसँग एक अक्षर नसोधी युद्धको मैदानमा गए । मैले दिएको आशीर्वाद लागेको भए तिनीहरूको यसरी अकाल मृत्यु हुने थिएन । ब्रह्माजीले मलाई दिनुभएको वचन मिथ्या हुने थिएन । जुन मेरा छोराहरूले देवतालाई पनि परास्त गरेका थिए, ती आज कसरी मृत्युको मुखमा परे ? कामदेवभन्दा पनि राम्रा ती मेरा छोराहरूको अनुहार अब मैले कहिले देख्न पाउने छैन । बुद्धिका सागर ती मेरा ज्ञानी छोरा म आमालाई पनि बेवास्ता गरेर किन गए ? ।।१७-२०।। ती छोराहरूको शोकको आगोमा पिल्सिएकी म अब बाँच्न चाहन्नँ, आजै मर्छु। यसरी विलाप गरेर ती रानी मुड्कीले छातीमा प्रहार गर्दै भुइँमा लडिन् ।।२१।। त्यो देखेर तिनका सैनिक र नागरिकहरूले सम्झाउँदै भने – हे रानी ! शोक नगर्नुहोस्, शोक गरेर मरेको कुनै पनि प्राणी फर्केर आएको छैन।।२२।। हनुमान्, कृपाचार्य, मार्कण्डेय, बलि, व्यास, परशुराम, विभीषण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यासं परशुरामञ्च विभीषणमथापि च ।
द्रौणिं नान्यश्चिरं स्थायी न भूतो न भविष्यति ।।२४।।

ब्रह्मादीनां भवेन्मृत्युः का तत्र गणनात्मनः।
रोदनं तेन कर्तव्यं न स्यान्मृत्युः कदाऽस्य चेत् ।।२५।।

क्षीणे ऋणानुबन्धे च स्त्री पुनः पशुरेव च।
न तिष्ठति ध्रुवं तत्र कृतः शोको वृथा भवेत् ।।२६।।

यथा काष्ठं काष्ठगतं पूरेणैव वियुज्यते।
तद्वज्जन्तुर्वियोगञ्च योगञ्च प्राप्नुतेऽवशः ।।२७।।

नानापक्षिगणा रात्रावेकवृक्षगता यथा ।
प्रातर्दश दिशो यान्ति तत्र किं परिदेवनम्।

क उवाच

एवं प्रबोधिता दुर्गा सिन्धुश्च जन एव च ।।२८।।

हठाच्छोकं निगृह्यासावासने संविवेश ह ।
उपहासं करिष्यन्ति सपत्ना रुदतीमिति ।।२९।।

दुर्गां धृत्वा बलाल्लोका निन्युरन्तःपुरं हि ताम् ।
निश्वसन्ती पपातासौ पर्यङ्के शोककर्शिता ।।३०।।

स सिन्धुः क्रोधसंयुक्तो जग्राह शस्त्रसञ्चयम् ।
पुत्रयोर्निष्कृतिं कर्तुं हयारूढो ययौ रणम् ।।३१।।

याते तस्मिन्महासैन्यं चतुरङ्गं रणोत्सुकम्।
उड्डीयोड्डीय धावन्तो ययुः पूर्वं पदातयः ।।३२।।

नानावर्णा एकरूपा नानाशस्त्रास्त्रपाणयः ।
ततो वारणसङ्घाता नानाधातुविचित्रिताः।।३३।।

घण्टाभरणशोभाढ्या दानोदकप्रवर्षिणः।
चीत्कारभीषितपरा महारावभयङ्कराः ।।३४।।

ततोऽश्वाः प्रागमन् सादियुक्ता वायुजवा रणम् ।
खुराघाताद् विस्फुलिङ्गान् पातयन्तो धरातले ।।३५।।

र अश्वत्थामाजस्ता चिरञ्जीवीलाई छाडेर पृथिवीमा जन्मेर सधैं बाचिरहने प्राणी कुनै छैन र हुने पनि छैन ।।२३-२४।। ब्रह्मा आदि ठूला देवताहरूको त मृत्यु हुन्छ भने अरूको के कुरा गरौं? त्यस कारण तपाइँले विलाप गर्नु उचित छैन । मृत्यु नहुने मानिस मरेमा मात्र रुनु उचित हुन्छ । मृत्यु अपरिहार्य भएकाले त्यसलाई सहजरूपमा स्वीकार गर्नु नै राम्रो हुन्छ ।।२५।। आफ्नो ऋण तिरेपछि अर्थात् आफ्नो भोग सकेपछि स्त्री, छोरा र पशु कुनै पनि रहँदैनन्, त्यस कारण ती सबैका लागि गरिने शोक व्यर्थ हुन्छ ।।२६।। नदीप्रवाहमा बगिरहेको काठ अर्को काठसँग जोडिन पुग्छ । ठूलो भेल आएपछि त्यो छुट्टिन्छ । त्यसरी नै प्राणीले पनि संसारमा संयोग र वियोग व्यहोर्नु पर्छ । जसरी रातको समयमा अनेक चराचुरुङ्गी एउटै रूखमा बास बस्न आउँछन्, प्रातःकालमा ती सबै दश दिशातर्फ लाग्छन् । यस्तो स्वाभाविक विषयमा विलाप गर्नुको कुनै औचित्य हुँदैन ।

ब्रह्माजीले भन्नुभयो- यसरी महारानी दुर्गा, दैत्यराज सिन्धु र राजपरिवारका मानिसहरूलाई सभासद्हरूले सान्त्वना दिए र सम्झाए पनि ।।२७-२८।। त्यसपछि रानी पनि शोकलाई सम्हालेर आसनमा बसिन् । तिनलाई शोकापन्न अवस्थामा देखेर शत्रु हाँस्ने छन् भनी सेवकले रानीलाई अन्तःपुरमा पुऱ्याए । त्यहाँ ती शोकदुर्बल रानी लामो सास फेर्दै पलंगमा लडिन् ।।२९-३०।। दैत्यराज सिन्धुले क्रोधले बल्दै हातमा शस्त्र-अस्त्र धारण गऱ्यो र आफ्ना मरेका छोराहरूको प्रतिशोध लिने मनसायले घोडामा सवार भई रणभूमितर्फ लाग्यो ।।३१।। सिन्धु दैत्यले प्रस्थान गरेपछि त्यसको चार प्रकारको सेना युद्धका लागि लालायित भयो । सर्वप्रथम आकाशमा उडेसरि पैदल सैनिकहरूले तीव्र गतिमा प्रस्थान गरे ।।३२।। ती वीरहरू पछि अनेक रूप-रङ्गका, अनेक शस्त्र-अस्त्रद्वारा सजिएका, अनेक धातुका अलङ्कारहरू धारण गरेर सुन्दर देखिएका, घुँघुरु धारण गर्नाले शब्दायमान, गालाबाट मदको धारा चुहाइरहेका, आफ्नो चीत्कारबाट शत्रुसेनाको मुटु थर्काउने भयङ्कर गर्जनका कारण डरलाग्दा हात्तीहरूको ताँती अगाडि बढ्यो ।।३३-३४।। हात्तीको लश्करपछि घोडसवार सेनाद्वारा सुहाएका, खुरको प्रहारबाट आगाको झिल्का पैदा गर्ने, आधा आकाशमा र आधा धर्तीमा टेक्ने घोडाहरूको लश्कर अगाडि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुशुभुः सादिनस्तत्र खेटकुन्तासिपाणयः ।
चन्दनागरुलिप्ताङ्गा नानामालाविभूषिताः ।। ३६ ।।

तनुत्राणभृतः सर्वे कण्टकभ्राजिमस्तकाः ।
ग्रसन्त इव चाकाशं नादयन्तो दिशो दश ।।३७।।

रथास्ततोऽगमन्नानामहावीरैरधिष्ठिताः।
नानाशस्त्रास्त्रसम्पूर्णा धनुस्तूणीरसंयुताः।।३८।।

तन्मध्ये शुशुभे सिन्धुर्महामुकुटकुण्डलः।
नानाशस्त्रधनुःपाणिस्तूणीरकृतभूषणः।।३९।।

वीरकङ्कणशोभाढ्यः कटिसूत्राङ्गदप्रभः।
क्रोधसंरक्तनयनो लोकत्रयबुभुक्षया ।।४०।।

वाद्यत्सु सर्ववाद्येषु बन्दिषु च स्तुवत्सु च।
यावद् याति महावेगात् तावद् दूतस्तमब्रवीत् ।।४१।।

पिता ते याति दैत्येश ! तं प्रतीक्षस्व सुव्रत !
परावृत्त्येक्षते यावत् तावदश्वगतं सुतम् ।।४२।।

अपश्यदभ्याशगतं नमश्चक्रे स चापि तम् ।
ददौ पिता तत्र सुतं दुर्गं कृत्वा चमूचरैः ।।४३।।

उपदेशञ्च कृतवान् सुखायामुत्र चेह च ।

चक्रपाणिरुवाच

गर्वेण वर्तसे पुत्र ! श्रिया मत्तो न बुध्यसे ।।४४।।

अर्थज्ञाने महावृद्धाः प्रष्टव्या भूतिमिच्छता ।
अग्रे शुभेच्छया पूर्वमशुभं न समाचरेत् ।।४५।।

अल्पेन कर्मणा नाशं पुण्यमेत्य शुभेन ह ।
अणुरग्निर्दहेत् सर्वं पुण्यं दोषस्तथा सुत ।।४६।।

न लाभो दृश्यते पुत्र ! बद्धेषु तेषु ते क्वचित् ।
स एव पुत्रो यो मातृपितृवाक्यकरोऽनिशम् ।।४७।।

बढ्यो । ती घोडाहरूमा चन्दन र अगरुको लेप लगाएर राम्रा देखिएका, अनेक थरि मालाधारण गर्ने, शरीरमा र शिरमा सुरक्षाका लागि कवच धारण गर्ने, हातमा भाला, ढाल र तरबार लिएका, गर्जनद्वारा दसै दिशालाई थर्काउने घोडसवार वीरहरू अगाडि बढिरहेका थिए ।।३५-३७।। त्यसपछि अनेकौं शस्त्र-अस्त्रले सम्पन्न ठूला वीरहरूको समूहद्वारा शोभायमान धनु र ठोक्राले भरिभराउ भएका रथहरूका पङ्क्ति पनि अगाडि बढे । ती सबै प्रकारका सेनाहरूको माझमा महामुकुट र कुण्डल धारण गर्ने, शस्त्र र धनु हातमा लिएको, तूणीरलाई गहनाझैं धारण गरिरहेको, हातमा बलय धारण गरी सुहाएको, काञ्ची र केयूरको शोभाले देदीप्यमान, क्रोधका कारण राता भएका आँखाले हेरी तीनलोकलाई नै एक गास बनाउने आँट देखाइरहेको दैत्यराज सिन्धु युद्धका बाजा-गाजाका साथ वीरहरूको प्रशंसा र प्रशस्ति श्रवण गर्दै वेगपूर्वक रणभूमितर्फ प्रस्थान गऱ्यो । त्यस बेला एउटा दूतले आई बिन्ती गर्दै भन्यो ।।३८-४०।। हे दैत्यराज ! हजुरका पिताजी हजुरलाई भेट्न आउँदै हुनुहुन्छ। केही बेर उहाँको प्रतीक्षा गर्न उहाँले खबर पठाउनुभएको छ । हजुरले प्रतीक्षा गरिदिनुपऱ्यो। म त्यही निवेदन गर्न आएको छु । दूतको कुरा सुनेर सिन्धुले फर्केर हेर्नासाथ त्यसका पिता पनि तीव्र गतिले त्यहाँ आइपुगे र तिनले प्रतीक्षारत आफ्नो छोरालाई देखे । सिन्धुले पितालाई प्रणाम गऱ्यो । त्यसपछि सेनाको बीचमा छोरालाई उभ्याएर सिन्धुका पिताले छोराको यस लोकमा र परलोकमा कल्याणका लागि उपदेश दिए ।

चक्रपाणिले भने - हे छोरा सिन्धु ! तिमी साह्रै अहङ्कारी भएका छौ, ऐश्वर्यले मत्त भएका छौ र केही विचारै नगरी काम गरिरहेका छौ ।।४१-४४।। राजाले आफ्नो कल्याणका लागि र कर्तव्य बुझ्नका लागि वृद्ध र विद्वान्हरूसँग पनि सुझाव लिनुपर्दछ। भोलिको उज्ज्वल भविष्यको कामना गर्ने हो भने आज नराम्रो काम गर्नु हुँदैन ।।४५।। थोरैमात्र पनि अशुभ कर्मले पुण्यनाश गर्दछ। सानो आगाको फिलिङ्गाले सर्वनाश गरेझैं सानो पापले पनि पुण्यनाश गर्दछ । ती अभिमान र ऐश्वर्यबाट उत्पन्न हुने दोषहरू रहे भने कसैले पनि मानवजीवनको सदुपयोग गरी उत्तम लाभ लिन सक्दैन। जसले निरन्तर आफ्ना माता-पिताको आज्ञापालन गर्दछ, त्यो छोरा नै उत्तम छोरा कहलाउँछ।।४६-४७।। माता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्य चोल्लङ्घने पुण्यं नाशमेति च जायते।
दोषजालं मोहजालं नानानिरयदं सुत ।।४८।।

अतः शृणु हितं वाक्यं मोचयाशु सुरान् सुत।
मुक्तेषु तु भवेन्मित्रं मयूरेशोऽखिलार्थदः ।।४९।।

न चेह द्वेषतः कश्चित् सुखं प्राप्तो धरातले ।
विनाशं प्रापिता देवैर्हिरण्याक्षादयोऽसुराः।।५०।।

क उवाच

इति पितृवचः श्रुत्वा चुकोपातितरां सुतः।
धिक्कृत्य पितरं प्राह मम भ्रान्तिरभूत् पुरा ।।५१।।

चतुरस्त्वं पिता मे वै ज्ञानं सम्यक् प्रकाशितम् ।
भाषसे मूढवत् तात ! कृत्वा श्यामं मुखं व्रज ।।५२।।

येन मे निहताः सेनाः परार्धगणिताः पितः।
तेनेदानीं कथं साम कर्तव्यमयशस्करम् ।।५३।।

कुशाक्षमालाधरणं राजधर्मे हि नेष्यते ।
तस्माद् दया नरेन्द्रेण न कार्या शत्रुसञ्चये ।।५४।।

निर्दयत्वमरावेव स्मृतं नीत्याऽऽमये यथा ।
एवमुक्त्वा नमस्कृत्य पितरं सिन्धुदैत्यराट् ।।५५।।

परावृत्य बलात् तं स ययौ योद्धुं रणोत्सुकः ।।५६।।

पिताको आज्ञाभङ्ग गर्दा पुण्यको नाश हुन्छ, दोषको पुञ्ज आइलाग्छ र नरकदायक अज्ञानले आक्रमण गर्दछ । त्यस कारण हे छोरा ! तिमीले मेरो हितकारी वचन सुनेर कारागारमा बन्दी बनाइएका देवताहरूलाई तुरुन्त मुक्त गर । ती देवताहरू कारागारबाट मुक्त भएमा सम्पूर्ण कामनाहरू परिपूर्ण गराउनुहुने भगवान् मयूरेश श्रीगणेश प्रसन्न हुनुहुनेछ ।।४८-४९।। यस पृथिवीमा कसैसँग द्वेष गरेर कसैले पनि सुख र शान्ति पाएको छैन । द्वेष गर्ने स्वभाव भएका हिरण्याक्ष, हिरण्यकश्यपु आदि दानवहरूको देवताहरूले नाश गरेका छन् ।।५०।।

ब्रह्माजीले भन्नुभयो – पिताका यी कुरा सुनेर दैत्यराज सिन्धु आफ्ना पिता चक्रपाणिप्रति ज्यादै क्रुद्ध भयो । पितालाई धिक्कार गर्दै सिन्धुले भन्यो – हे पिता! पहिले मलाई मेरा पिता यस्ता हुनुहुन्छ भन्ने थाहा भएन, ठूलो भ्रान्ति भयो । तपाइँ अत्यन्त चतुर पिता हुनुहुँदोरहेछ । निकै राम्रो ज्ञान दिनुभयो ? किन आज मेरा सामु आएर उन्मत्त मूर्खका जस्ता कुरा गर्नुहुन्छ? तपाइँले मेरो सामु आफ्नो त्यो कालो अनुहार नदेखाउनुहोस् । त्यो कालो अनुहार हेर्न म चाहन्नँ। तपाइँ फर्कनुहोस् ।।५१-५२।। जुन शत्रुले मेरा अरबौं र खरबौं सेनाहरूको संहार गरिसकेको छ, आज त्यसका सामु गएर दुर्नाम हुने गरी मैले नम्र भएर व्यवहार गरूँ ? वीरलाई यस्तो अकीर्तिकर काम गर्न सुहाउँछ ? कुश र रुद्राक्ष धारण गर्नु राजधर्ममा प्रशंसनीय र सम्मानयोग्य हुँदैन । उत्तम राजाले कहिले पनि शत्रुमाथि दया गर्दैन र गर्न पनि हुँदैन । रोगमा जसरी निर्दयी भएर व्यवहार गरिन्छ त्यसैगरी शत्रुमाथि पनि निर्दयी भई व्यवहार गर्नुपर्छ भन्ने नीतिशास्त्रको सिद्धान्त छ । यसरी आफ्ना पितालाई जवाफ दिएर दैत्यराज सिन्धु तिनलाई प्रणाम गरी युद्ध गर्न उत्कण्ठित भएर युद्धको मैदानतर्फ अग्रसर भयो ।।५३-५६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे पितृसिन्धुसंवादो नाम विंशत्यधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'दैत्यराज सिन्धु र सिन्धुपिता चक्रपाणिको संवाद' शीर्षकान्वित एक सय बीसौं अध्याय पूर्ण भयो ।।१२०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकविंशत्युत्तरशततमोऽध्यायः { १२१ अध्याय }

क उवाच

वीरभद्रादिभिर्वीरैः सुखासीनं गणेश्वरम् ।
आययुर्वेगतो देवा भीताः श्वाससमाकुलाः ।।१।।

न्यवेदयन्त वृत्तान्तं स्वयं सिन्धुः समागतः।
मेनिरे ते पुनः प्राप्तं कालं संहर्तुमात्मनः ।।२।।

ततो हर्षान्मयूरेशो रुरोह शिखिनं तदा ।
आयुधानि च चत्वारि प्रगृह्य च जगर्ज च ।।३।।

नमस्कृत्य शिवं वेगाद् ययौ स द्योतयन् दिशः ।
तदाशीःकवचो वीरसहितो वाहिनीयुतः ।।४।।

यावत् स पुरतो याति सिन्धुं हन्तुं समुद्यतः।
तावत् षडाननः प्राह यामि युद्धाय विघ्नराट् ।।५।।

तिष्ठत्सु बहुवीरेषु कथं युद्धाय यास्यसि ।
पौरुषं पश्य सर्वेषां तस्मिन् क्षीणे रणं कुरु ।।६।।

एवमुक्त्वा नमस्कृत्य ययौ युद्धाय षण्मुखः।
चतुरङ्गबलं गृह्य सिन्धुसेनामथाऽवधीत् ।।७।।

सोऽपि तां न्यहनत् सेनां नानाशस्त्रैः शरव्रजैः ।
सहस्व प्रहरस्वाद्य हन्मि सम्मुखतां व्रज ।।८।।

एवं कोलाहलोऽप्यासीद् वीराणां तत्र युद्ध्यताम् ।
पेतुर्वीराः शस्त्रहताः शरजालगतासवः ।।९।।

छिन्नाङ्गा भिन्नपादाश्च छिन्नबाहूरुमस्तकाः।
असिभिर्भिन्दीपालैश्च कुन्तैर्मुद्गरसञ्चयैः ।।१०।।

ब्रह्माजीले भन्नुभयो- एक दिन वीरभद्र आदि वीरगणका साथ सुखपूर्वक विराजमान हुनुभएका भगवान् श्रीगणेशका सामु भयभीत भई तीव्रगतिमा लामो सास फेर्दै देवताहरू आइपुगे । तिनले सिन्धु दैत्य स्वयं युद्ध गर्न मैदानमा आएको तथ्य श्रीगणेशलाई निवेदन गरे। तिनीहरूले सिन्धुलाई आफ्नो मृत्यु गराउन आएको यमराज नै हो भन्ने भावले डराएर यो वृत्तान्त बताइरहेका थिए ।।१-२।। त्यो कुरा थाहा पाएपछि भगवान् श्रीगणेश हर्षित हुनुभयो। आफ्नो वाहन मयूरमा सवार भई चार प्रकारका आयुध धारण गरेर वीरभावले गर्जन गर्नुभयो। भगवान् शिवजीलाई प्रणाम गरी उहाँको आशीर्वादलाई नै कवच मानेर विशिष्ट वीर र अन्य सेनासहित आफ्नो कान्तिद्वारा दिशा र विदिशालाई प्रकाशित गर्दै वेगपूर्वक युद्ध गर्न प्रस्थान गर्नुभयो ।।३-४।। श्रीगणेश सिन्धु दैत्यमाथि आक्रमण गर्न अगाडि बढ्दै हुनुहुन्थ्यो त्यस बेला स्कन्दले आएर भन्नुभयो- हे श्रीगणेश ! म युद्ध गर्न जान्छु, हजुर नजानुहोस् । हामीजस्ता अनेक वीरहरू हुँदाहुँदै हजुर आफै किन जानुहुन्छ ? हजुरले वीरहरूको पुरुषार्थ हेर्नुहोस् । हामी वीरहरूको पुरुषार्थ क्षीण भएपछि मात्र हजुरले युद्ध गर्नु उचित हुनेछ ।।५-६।। यी कुरा भनेर स्कन्दले श्रीगणेशलाई प्रणाम गरी चतुरङ्गिणीसेना साथ लिई युद्ध गर्न प्रस्थान गरे । रणभूमिमा गई तिनले सिन्धु दैत्यका सैनिकहरूको वध गर्न थाले ।।७।। सिन्धु दैत्यले पनि अनेक अस्त्र र बाणहरूद्वारा स्कन्दको सेनामाथि प्रहार गर्न आरम्भ गऱ्यो । त्यस बेला युद्धभूमिमा लडिरहेका वीरहरूका प्रहार गर, सहन गर, मेरा सामु आइज, म तँलाई सिध्याउँछुजस्ता वाक्यहरूको कोलाहल सुनिन्थ्यो । शस्त्रद्वारा घाइते भएका र बाण लागेर प्राणत्याग गर्ने वीरहरू भुइँमा लडिरहेका थिए ।।८-९।। कसैका अङ्ग-प्रत्यङ्ग टुक्रिएका थिए, कसैका खुट्टा छुट्टिएका थिए भने कसैका हात र टाउका काटिएका थिए। युद्धभूमिमा छुट्टाछुट्टै लड्दालड्दै एकै ठाउँमा मिसिन पुगेका दुबैपक्षका वीरहरूले तरबार, घुँयत्रो, भाला र मुङ्ग्रोद्वारा युद्धोन्मत्त शत्रुसेनामाथि प्रहार गरिरहेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारयन्तः स्थिरा वीरास्तान् परान् युद्धदुर्मदान् ।
कोलाहलो महानासीत् क्ष्वेडितैर्हेषितैरपि ।।११।।

वाद्यध्वनिप्रतिध्वानैर्बृंहितै रथनेमिभिः ।
असम्बद्धमभूद् युद्धं सेनयोरुभयोरपि ।।१२।।

यथाप्रतिज्ञं वीरास्ते निजघ्नुर्मस्तकं मुखम् ।
नेत्रबाहूदरं नाभिं पादौ गुल्फौ च जानुनी ।।१३।।

कोऽपि हस्तेन पादेन कोऽपि खड्गेन नाशयन् ।
असिना केऽप्यरिगणानन्धकारे महत्यपि ।।१४।।

अस्तं याते दिनकरे दृष्ट्वा पृष्ट्वा निजघ्निरे।
देवान् ज्ञात्वाऽसुरा जघ्नुरितरानितरेऽपि च ।।१५।।

असृक्प्रवाहस्तत्रासीत् प्रधने तुमुले तदा ।
वहन् प्रेतानीषज्जीवान् हुङ्कारेण च तान् परे ।।१६।।

बलान्निष्कासयामासुर्विशल्याँश्चक्रिरे यथा ।
इतो न सेने पञ्चाहविरामयुद्धलम्पटे ।
एवं पदाताः सिन्धोस्ते कोटिशोऽथ हताः सुरैः ।।१७।।

ततोऽगात् तद्गजानीकमसङ्ख्यं शस्त्रसंयुतम् ।
धिष्ठितं सादिभिर्वीरैर्नानायुद्धविशारदैः ।।१८।।

वीरभद्रादयो जघ्नुर्गजसेनां दुरत्ययाम् ।
केषाञ्चिन्मस्तका भिन्नाः केषाञ्चिच्च करा द्विजाः।।१९।।

अग्निशस्त्रधरैः केचित् पातिता वीरसंयुताः ।
वीरभद्रोऽतिवीर्येण गजेनैवाहनद् गजम् ।।२०।।

पेततुरष्टधा भिन्नावुभावपि तदा गजौ ।
ततः षडाननो निघ्नन् गजानीके व्यरोचत ।।२१।।

त्यहाँ वीरहरूको सिंहनाद, घोडा र हात्तीको चित्कार, युद्धको वाद्यघोष र त्यसको प्रतिध्वनि र रथका पाङ्ग्राको आवाजको महान् कोलाहल भइरहेको थियो । त्यसको बेवास्ता गरी दुबै पक्षका वीरहरू मनोयोगले युद्धमा लागिरहेका थिए।।१०-१२।। युद्धको घोर अन्धकारमा पनि वीरहरू आफ्नो प्रतिज्ञाअनुसार शत्रुको टाउका काटिरहेका थिए, आँखा फुटाइरहेका थिए, हात-खुट्टा-छाती-नाभि-गोलिगाँठामा प्रहार गरी शत्रुलाई घाइते बनाइरहेका थिए । कुनै वीर आफ्ना हातले शत्रुको हात समाएर लडिरहेको थियो, कुनै वीर आफ्ना खुट्टाले शत्रुको खुट्टामा प्रहार गरिरहेको थियो र केही वीरहरू तरबारको प्रहार गरेर शत्रुलाई मूला काटेझैं काटिरहेका थिए । युद्ध गर्दागर्दै सूर्य अस्ताचलमा गए, पृथिवीमा अन्धकार फैलियो । त्यस बेला वीरहरू आफ्नो शत्रुलाई खोजी-खोजी लड्दै थिए । नदेखेको स्थितिमा तँ को होस् भनेर प्रहार गर्दै थिए । यसरी दैत्यहरूले देवताहरूलाई र देवताहरूले दैत्यहरूलाई मारे ।।१३-१५।। त्यो घोर युद्धमा वीरहरूका लाशलार्य वहन गर्ने रगतको प्रवाह उम्लिएको थियो । रगतको प्रवाहमा बगिरहेका केही वीरहरूलाई तिनीहरूले गरेको हुङ्कारबाट प्राण बाँकी रहेका वीरहरू हुन् भनी जानेर त्यहाँबाट तिनलाई झिकी निको पार्ने काम पनि भइरहेको थियो । पाँच दिनसम्म दुबै पक्षका सेना एक-आपसमा भिडिरहेका थिए । त्यस बेला देवसेनाले सिन्धु दैत्यको करोडौं पैदलसेनाका वीरहरूको वध गऱ्यो ।।१६-१७।। त्यसपछि शस्त्रले सजिएका युद्धकुशल वीरहरूलाई साथमा लिएर सिन्धु दैत्यको हात्तीसेनाले देवसेनामाथि आक्रमण गऱ्यो । वीरभद्र आदि वीरहरूले सिन्धु दैत्यको पराक्रमी गजसेनामाथि प्रहार गरे । कसैका टाउका र कसैका हात छिन्नभिन्न भए । आग्नेय शस्त्र धारण गर्ने वीरहरूले शोभायमान भएका हात्तीहरूलाई पनि भुइँमा लडाए । वीरभद्रले आफ्नो बलवान् हात्तीद्वारा सिन्धु दैत्यको हात्तीमाथि प्रहार गराए। समान बल भएका दुबैतर्फका हात्तीहरू लड्दा-लड्दा अन्तमा शरीरका आठ ठाउँमा चोट खाएर सँगसँगै भुइँमा लडे । त्यसपछि स्कन्द शस्त्रप्रहार गरी सिन्धुको हात्तीसेनालाई तहस-नहस पार्दै शोभायमान भएर रहे । स्कन्दले आफ्ना ६ वटा धनुबाट प्रहार गरिएका अनेक बाणहरूद्वारा शक्तिपूर्वक सिन्धुसेनाका ठूला हात्तीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीरैस्तु सहितान् मत्ताननन्तान् करिसञ्चयान् ।
शक्त्या शरैरनेकैः सोऽनाशयत् षड्धनुश्च्युतैः ।।२२।।

हिरण्यगर्भोऽनेकवीरयुताँस्तानप्यपातयत् ।
भूतराजोऽपि शस्त्रैस्तान् गजान् नानाविधान् रणे।।२३।।

न्यपातयद् वीरयुक्तान् नाराचक्षतजीवितान् ।
सिंहो भूत्वा पुष्पदन्तो दारयामास तान् गजान् ।।२४।।

नन्दी तु गजरूपेण बभञ्ज तान् गजान् बहून् ।
अन्यैश्च शरसङ्घातैः सर्वे ते विनिपातिताः ।।२५।।

कश्चित् पुच्छे गृहीत्वेभं भ्रामयित्वा परोऽक्षिपत् ।
उभावपि लयं यातौ दृढाघातेन चूर्णितौ ।।२६।।

ततोऽश्वचारा युयुधुर्गजानीके निवारिते ।
असङ्ख्यातान् निजघ्नुस्तान् सुरान् नानायुधै रणे।।२७।।

पतिता मूर्च्छिता देवाः पुनः संज्ञाञ्च लेभिरे ।
ततो विव्यधुरश्वस्थान् वीरानश्वानथो रुषा ।।२८।।

क्रोधेन देवान् घ्नन्ति स्म हयारूढा महासुराः ।
सुराँस्तान् निन्युरन्तं ते शस्त्रास्त्रशरवृष्टिभिः ।।२९।।

षड् वीराः पुनरायाताः श्रुत्वा देवान् हतान् युधि ।
ततस्ते पुनराजघ्नुर्दैतेयानश्वसादिनः ।।३०।।

चत्वारस्ते चतुर्दिक्षु प्रायुध्यन् बलवत्तरम् ।
ररक्षतुरुभौ सैन्यं स्वीयं देवगणैर्युतम् ।।३१।।

मारयामासुरश्वाँस्तानश्वस्थान् वीरसंयुतान् ।
अयुध्यन् पादचारेण निघ्नन्तोऽरिगणान् बहून् ।।३२।।

कोटिकोटिमितास्तत्र पेतुस्ते तु शरार्दिताः ।
नन्दी भृङ्गी हतानश्वान् पतितान् वीक्ष्य सादिनः ।।३३।।

पादाघातेन तेनाशु पातयन् नन्दिकेश्वरः ।
वीरभद्रोऽप्यसङ्ख्यातानश्वयोधान् न्यपातयत् ।।३४।।

हतेषु मुख्यवीरेषु चतुर्भिः सर्वतोदिशम् ।
कल्पान्त इव तत्रासीद् दैत्यानां रणकर्मणाम् ।।३५।।

विनाश गरे । हिरण्यगर्भले वीरहरूसहित युद्धका मैदानमा आक्रमण गर्न आउने शत्रुसेनाका ठूला-ठूला हात्तीहरूलाई ढलाए । भूतराजले पनि आफ्नो तीखो प्रहारबाट शस्त्रप्रहारमा कुशल वीरहरूले सहित रहेका सिन्धुसेनाका असङ्ख्य हात्तीको विनाश गरे ।।१८-२३।। पुष्पदन्त आफै सिंह बनेर शत्रुको हात्तीसेनामाथि जाइलागे र अनेकौं मत्त हात्तीको वध गरे । नन्दीले हात्तीको रूप धारण गरी सिन्धुसेनाका हजारौं हात्तीमाथि आक्रमण गरे । अरू वीरहरूले पनि बाणप्रहारबाट बाँकी रहेका हात्तीहरूको विनाश गरे ।।२४-२५।। कुनै हात्तीले अर्को हात्तीलाई पुच्छर तानेर घुमायो । पछि शक्तिको समानताका कारण दारुण आघात गर्दागर्दै ती दुबै हात्तीले एक-अर्कालाई मारेको पनि देखियो ।।२६।। हात्तीसेनाको विनाशपछि सिन्धुसेनाका घोडसवार वीरहरू युद्ध गर्न लागे । तिनले युद्धमा असङ्ख्य देवसेनालाई ढलाए । मूर्च्छित भई भुइँमा लडेका देववीरहरू होशमा आएपछि युद्ध गर्न फेरि तयार भए। घोडामा सवार दैत्यवीरहरूले घोडामा सवार देवसेनाका असङ्ख्य योद्धाहरूलाई शस्त्रअस्त्र एवं बाणप्रहार गरी मारिरहेका थिए। तिनले क्रोधपूर्वक तीखो बाणप्रहार गर्दै शस्त्रहरूबाट आघात गरेर देवसेनाको ठूलो क्षति पुऱ्याए । देवतापक्षको दुर्दशा थाहा पाएर फेरि ६ जना देववीरहरू युद्ध गर्न आइपुगे । तिनले दैत्यको अश्वसेनाका वीरहरूमाथि कठोर प्रहार गरे ।।२७-३०।। देवसेनाका ६ जना वीरहरूमध्ये ४ जना वीर चार दिशामा युद्ध गरिरहेका थिए भने बाँकी २ जना वीरहरू देवसेनाको रक्षा गर्न कटिबद्ध थिए ।।३१।। तिनले घोडसवार दैत्यवीरहरूका साथै तिनका घोडाहरू पनि मारे । त्यसपछि ती देववीरहरूले भुइँमा रहेर नै दैत्यहरूको वध गर्न लागे ।।३२।। देववीरहरूको बाणप्रहारबाट करोडौं सङ्ख्यामा रहेका दैत्यसेनाका जवानहरू भुइँमा ढलेर मरे। नन्दी र भृङ्गीले घोडाहरू मारिएको देखे। त्यसपछि पैदल लड्न आएका केही दैत्यलाई नन्दिकेश्वरले खुट्टाले हानी-हानी यमलोक पुऱ्याए । वीरभद्रले पनि असङ्ख्य घोडसवार वीरहरूको संहार गरे । चार दिशामा रहेका चारजना देववीरहरूले दैत्यसेनाका मुख्य-मुख्य वीरहरूको हत्या गरेपछि दैत्यहरूका लागि चारै दिशामा महाप्रलयको दृश्य उपस्थित भयो ।।३३-३५।। त्यसपछि केही दैत्यसेनाका जवानहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः केचित् सुरगणान् पेदिरे शरणं तदा ।
हाहाकारो महानासीद् दैत्यसैन्याश्वसादिषु ।।३६।।

एवं हत्वाऽखिलां सेनां षड् वीरास्ते मुदं ययुः ।
वाद्यत्सु सर्ववाद्येषु जगर्जुस्तुष्टुवुर्विभुम् ।।३७।।

जयः प्राप्तो मयूरेशप्रभावात् स्मरणान्नतेः ।
ततः सिन्धुः समाकर्ण्य शरणागतवाक्यतः ।।३८।।

वृत्तान्तं हतसेनाया हस्त्यश्वरथसंयुतः ।
अमात्यान् सर्ववीरांश्च प्रोवाच युद्धलालसः ।।३९।।

सिन्धुरुवाच

ये ये गच्छन्ति योद्धारस्तान् शृणोमि हतान् परैः ।
इदानीं यामि तं हन्तुं गणेशञ्च स्वयं बलात् ।।४०।।

क उवाच

इत्युक्त्वा क्ष्वेडितेनासौ गगनञ्च दिशो दश ।
नादयामास त्रींल्लोकान् ग्रसन् भूस्वर्गमण्डलम्।।४१।।

योजयित्वाऽक्षिपद् बाणमाकर्णकर्षणाज्जवात् ।
सेनायां वीरभद्रादिपालितायां महाबलैः ।।४२।।

निरीक्ष्य सर्ववीरान् स बाणं धनुषि सन्दधे ।
अस्त्रमन्त्रेण सहसा शतजप्तेन दैत्यराट् ।।४३।।

कृपीटयोनिः सहसा तस्माज्जातो ददाह ताम् ।
देवसेनाञ्च पृथिवीं सवनाञ्च सपर्वताम् ।।४४।।

ततोऽपश्यन् सैनिकास्ते दह्यमानान् कृशानुना ।
पुरुषं वह्निसम्भूतं जटिलं दीप्ततेजसम् ।।४५।।

विद्युज्जिह्वं करालास्यं गिलन्तं देवसैनिकान् ।
षडाननादयो भीता दुद्रुवुस्ते दिशो दश ।।४६।।

यं यं स भक्षति स्माजौ स स प्राप स्मरन् मुदा ।
निजधाम मयूरेशमेव मत्ताऽखिला चमूः ।।४७।।

देवसेनाको शरण लिन गए । दैत्यहरूका पैदलसेना र घोडसवार सेनामा भयङ्कर हाहाकार भयो । यसरी दैत्यसेनाको नाश गरेपछि देवपक्षका ६ जना वीरहरू अत्यन्त प्रसन्न भए । त्यहाँ विजयका बाजा बज्न लागे र ती वीरहरूले गर्जन गर्न लागे । गर्जनपछि तिनले श्रद्धापूर्वक भगवान् श्रीगणेशको स्तुति गरे । देववीरहरूले भगवान् मयूरेशको प्रभाव, स्मरण र वन्दनाबाट विजयलाभ गरे भन्ने कुरा शरणमा आएका सैनिकहरूबाट थाहा पाएर दैत्यराज सिन्धुले हात्ती, घोडा र वीरहरूलाई साथमा लिई युद्धको प्रबल कामनाका साथ आफ्ना मन्त्री र सेनानायकहरूलाई जम्मा गरी आदेश गऱ्यो ।।३६-३९।।

सिन्धुले भन्यो - 'हे वीरहरू ! जुन-जुन वीर यहाँबाट लड्न गए, ती सबैलाई देवता पक्षका वीरहरूले मारेको खबरमात्र सुन्नुपरेको छ । अहिले म आफ्नै पराक्रमबाट श्रीगणेशको वध गर्न जान चाहन्छु ।' ।।४०।।

ब्रह्माजीले भन्नुभयो - यसरी आफ्ना विचार व्यक्त गरेर दैत्यराज सिन्धुले भयङ्कर सिंहनादद्वारा आकाश र दिशालाई थर्कमान बनाउँदै स्वर्ग, मर्त्य, पाताल र बीस थरिका अरू स्वर्गलाई समेत एकैचोटि निल्न खोजेझैं धनुमा बाण चढायो । वेगपूर्वक कानसम्म ताँदो खिंचेर बाणवर्षा गर्न लाग्यो । दैत्यराज सिन्धुले सबै वीरहरूलाई नियालेर हेऱ्यो अनि सय पटकसम्म अस्त्रको मन्त्र जपेर बाणलाई धनुमा सन्धान गऱ्यो ।।४१-४३।। त्यसपछि रिसाएर गरिएको बाणप्रहारबाट अग्निज्वालामय एउटा भयङ्कर पुरुष पैदा भयो । त्यस पुरुषले देवसेना र वन-पर्वतसहित पृथिवीलाई डढाउन थाल्यो । त्यसपछि स्कन्द आदि वीरहरू पनि भयङ्कर अग्निज्वालाबाट डढिरहेका आफ्ना सैनिकहरूलाई देख्नुका साथै अग्निज्वालाबाट पैदा भएको तेजस्वी, जिब्रो निकालिरहेको, बाङ्गो मुख भएको र देवसेनालाई निल्दै गरेको कालपुरुषलाई देखेर चारैतिर भाग्न थाले ।।४४-४६।। त्यस कालपुरुषले युद्धमा जुन वीरलाई खान्थ्यो त्यो वीर भगवान् श्रीगणेशको स्मरण गर्दै उहाँको धाममा प्राप्त हुन्थ्यो । युद्धोन्मादले उन्मत्त दैत्यको सेना जताजता गइरहेको थियो त्यता त्यता अग्नि-ज्वालाको प्रकाश र कालपुरुषको मुखबाट उत्पन्न प्रलयकालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतो यतो याति सेना ततस्तद्वक्त्रसम्भवः ।
तनूनपाद् दहत्येनां प्रलयाग्निरिव ज्वलन् ।।४८।।

एवं सा वह्निसंदग्धा मयूरेशस्य वाहिनी ।
धूमान्धकारे महति न प्राज्ञायत किञ्चन ।।४९।।

ततः सर्वे मयूरेशपृष्ठभागं समाश्रिताः ।
त्राहि त्राहीति जल्पन्तो दग्धास्ते जातवेदसा ।।५०।।

अनिवार्यमहास्त्रं तद् दृष्ट्वा देवो मयूरराट् ।
निस्तेजाश्चिन्तयामास भीतो लोके लघुत्वतः ।।५१।।

शिवः प्रसादं चेत् कुर्यात् तदैवात्र जयो भवेत् ।
इत्युक्त्वा परशुं गृह्य मन्त्रयित्वाऽक्षिपद् बलात् ।।५२।।

महसा जितसूर्यः स गर्जयन् गगनं दिशः ।
यातो दहन् वैरिसेनां जगत् कल्पानलो यथा ।।५३।।

तस्मादपि महानेकः पुरुषः समजायत ।
यस्यास्ये सर्वभूगोलः किन्नु मास्यति साम्बरः ।।५४।।

पुरुषः पुरुषेणासावस्त्रमस्त्रेण वै तदा ।
अयुध्यतां ततो जग्मुर्द्रष्टुं देवर्षयस्तदा ।।५५।।

दैत्यास्त्रं भक्षितं तेन कृतान्तास्त्रेण सत्वरम् ।
ययौ सेनाञ्च निर्दग्धुं ज्वालामालीव हव्यभुक् ।।५६।।

दैत्यराजोऽपि तं दृष्ट्वा बाणवृष्टिमवासृजत् ।
एकस्मान्मन्त्रिताद् बाणादनन्ता निःसृताः शराः ।।५७।।

देवसेनाचरास्तेषु निमग्ना वेगशालिनः ।
मयूरेशः क्रोधवशान्नानाऽस्त्राणि तदाऽसृजत् ।।५८।।

तैरस्त्रैर्दैत्यराजस्य निरस्यास्त्राणि सर्वशः ।
अभक्षयद् दैत्यसेनां स कालपुरुषः पुनः ।।५९।।

अग्निसमान अग्निज्वालाले पनि पछ्याइरहेको थियो। यसरी त्यस दैत्यले देवसेनालाई अग्निको प्रयोगबाट सोत्तर बनाइरहेको थियो । त्यसका मुखबाट पैदा भएको आगोले श्रीगणेशको विशाल सेनालाई डढायो । धूँवाको बाक्लो अन्धकार फैलिनाले त्यहाँ केही पनि देख्न सकिने परिस्थिति थिएन ।।४७-४९।। त्यसपछि अग्निज्वालाबाट डढिरहेका सबै वीरहरू भगवान् श्रीगणेशको पछाडि गएर त्राहि-त्राहि भन्दै रहे । भगवान् श्रीगणेशले पनि निस्तेज भई सिन्धुको अस्त्रबाट उत्पन्न त्यो कालपुरुष र त्यसको अग्निज्वालालाई विनाश गर्न नसकिने अत्यन्त प्रभावसम्पन्न जानेर लोकमा श्रीगणेशको पनि केही शक्ति रहेनछ भन्लान् र अपकीर्ति फैलिएला भन्ने डरले आत्तिएर चिन्ता गर्न लाग्नुभयो ।।५०-५१।। उहाँले भगवान् शिवजीले कृपा गर्नुभएमा मात्र हामीले विजय प्राप्त गर्न सक्छौं भन्ने निधो गर्नुभयो। यसरी मनमनै कुरा गरेर श्रीगणेशले परशु समाउनुभयो र मन्त्र जपेर वेगपूर्वक सिन्धु दैत्यमाथि प्रहार गर्नुभयो ।।५२।। श्रीगणेशद्वारा प्रहार गरिएको त्यो परशु आफ्नो तेजबाट सूर्यलाई पनि मन्द बनाएर आकाशलाई प्रतिध्वनित गराउँदै र कल्पान्तको अग्निले संसार डढाएझैं दैत्यसेनालाई भयभीत गराउँदै वैरिसेनामा जाइलाग्यो । त्यसबाट पनि एउटा भयङ्कर पुरुष पैदा भयो । दर्शकहरूलाई त्यसको मुखभित्र आकाशसहित सम्पूर्ण भूगोल नै अटाउँछ कि भन्ने भान हुन्थ्यो। त्यस बेला सिन्धुदैत्यले पैदा गरेको पुरुष र श्रीगणेशले पैदा गर्नुभएको पुरुषको बीचमा भयङ्कर युद्ध आरम्भ भयो । ती दुबै पुरुष शस्त्र र अस्त्रले परस्पर प्रहार गरिरहेका थिए । त्यो युद्ध हेर्न त्यस बेला देवर्षिहरू पनि त्यहाँ भेला भए।।५३-५५।। श्रीगणेशद्वारा उत्पन्न भएको वीरले यमास्त्रको प्रयोग गरेर दैत्यको अस्त्रलाई खाइदियो । त्यसपछि श्रीगणेशबाट उत्पन्न त्यो पुरुष दैत्यसेनालाई डढाउन ज्वालामय पर्वताकार भई अगाडि बढ्यो। दैत्यराज सिन्धुले ज्वालामय पुरुषलाई देखेर बाण बर्साउन थाल्यो। एउटा बाण जपेर प्रहार गर्दा करोडौं बाण पैदा हुनथाले। ती बाणहरूले वेगवान् देवसेनाका वीरहरू पुरिन थाले । त्यस बेला श्रीगणेशले पनि रीसले अनेक थरि बाणहरूको सृष्टि गरी तिनबाट दैत्यराजका सम्पूर्ण बाण काट्नुभएपछि श्रीगणेशनिर्मित कालपुरुषले दैत्यसेनाको संहार गर्‍यो ।।५६-५९।। दैत्यहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतो यतः पलायन्तेऽसुरास्तत्र च याति सः ।
चिन्ताक्रान्तस्ततो दैत्यः कर्तव्यं नाभ्यपद्यत ।।६०।।

किं कर्तव्यं क्व गन्तव्यं क्व च स्थेयमचिन्तयत् ।
अस्तं याते दिनकरे स्वधाम प्रत्यपद्यत ।।६१।।

गच्छन् स्खलन् पतन् भूमौ नष्टकुण्डलभूषणः ।
नगरं प्राविशदसौ ततः शम्भुरिवापरः ।।६२।।

गुप्त एवावसत् क्वापि स्त्रीणां चैवानुजीविनाम् ।
जगर्ज सगणो देवो ज्ञात्वा तद्वृत्तमाशु सः ।।६३।।

तेन नादेन सहसा नादितं भुवनत्रयम् ।
सञ्जहार कृतान्तास्त्रं मन्त्रविद् भुजगं यथा ।।६४।।

स्वनिवेशं जगामाशु मयूरेशो गणैर्वृतः ।।६५।।

जता भागिरहेका थिए त्यतै गएर तिनको सर्वनाश गर्ने कालपुरुषको प्रभावबाट सिन्धु दैत्य चिन्तामग्न र किंकर्तव्यविमूढ भयो ।।६०।। के गर्नु ? कहाँ जानु ? कहाँ बस्नु ? भन्ने विषयमा निधो गर्न सकेन । साँझ पर्न लाग्यो, सूर्य अस्ताएपछि त्यो पनि आफ्नो दरबारतर्फ गयो । दरबार फर्किदा त्यो पीर र भयका कारण चिप्लिँदै लड्दै हिंडिरहेको थियो । घरि भुइँमा लड्थ्यो र घरि उभिन खोज्दथ्यो । भुइँमा लडिबुडी गर्दा शरीरका कुण्डल र अलङ्कार हराए र अङ्ग-अङ्गमा धूलो लाग्यो । नगरमा पुग्दा सिन्धुदैत्य खरानी घस्ने शिवजीजस्तो देखिन्थ्यो ।।६१-६२।। दरबारमा पुगेर त्यो लाजले गर्दा आफ्ना सेवक र रानीहरूसँग टाढा रही लुकेर बस्यो । सिन्धुको त्यो अवस्था थाहा पाउनुभएका भगवान् श्रीगणेश आफ्ना गणहरूसहित गर्जन गर्न लाग्नुभयो । उहाँको महानादबाट स्वर्ग, मर्त्य र पाताल घन्किए । मन्त्र जान्ने पुरुषले सर्पलाई लठ्याएझैं भगवान् श्रीगणेशले आफूले आविष्कार गर्नुभएको यमास्त्रलाई अन्तर्धान गराउनुभयो । त्यसपछि भगवान् श्रीगणेश आफ्ना गणका साथ धाममा जानुभयो ।।६३-६५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे युद्धवर्णनं नाम एकविंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'युद्धमा सिन्धुसेनाको पराजय र सिन्धुको शोकसन्तप्त अवस्था' शीर्षकान्वित एक सय एक्काइसौं अध्याय पूर्ण भयो ।।१२१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वाविंशत्युत्तरशततमोऽध्यायः { १२२ अध्याय }

क उवाच

सिंहासनस्थे देवेशे मयूरेशे गणैर्वृते ।
गौतमाद्या मुनिगणाः प्रशशंसुर्गुणेश्वरम् ।।१।।

ऋषय ऊचुः

येन शक्रो जितः सङ्ख्ये नागैः शेषो धरातले ।
तस्य का गणनाऽन्येषां सोऽपि युद्धे जितस्त्वया ।।२।।

रक्षिता बहवस्तस्मात् सिन्धोर्दुष्टात् सुरेश्वर ! ।
गणानां सर्वलोकानामन्यथा जीवनं कथम् ।।३।।

क उवाच

इत्थं तेषु वदत्स्वेव तत्कीर्तिं गिरिजाऽऽययौ ।
आलिङ्ग्य प्राह पुत्रं सा श्रान्तोऽसि युद्धलालसः ।।४।।

ततः शीघ्रं समायातो भर्गो देवं स सष्वजे ।
उवाचेन्द्रादिभिर्देवैरसाध्यं कृतवानसि ।।५।।

परब्रह्मस्वरूपस्य चराचरगुरोरपि ।
सर्वज्ञस्य धराभारोद्धरणे निरतस्य ते ।।६।।

महिमानं स्वरूपाणि ब्रह्माद्या न विदुः सुराः ।
गौतमाद्याश्च मुनयः शक्तिः का तत्र नो भवेत् ।।७।।

क उवाच

इत्थं वदति देवेशे शिवेऽथ पार्वतीं जगौ ।
नारदो मुनिवर्योऽसौ मातः! शृणु वचो मम ।।८।।

बहवो वासरा जाता चात्र स्थाने कदा शिवे ! ।
मोक्षमेष्यति दैत्योऽसौ सिन्धुर्नष्टतमोऽनघे ।।९।।

कदा विवाहो भविता मयूरेशस्य सुव्रते ।
वासवाद्या जिता येन नाशं स कथमेष्यति ।।१०।।

ब्रह्माजीले भन्नुभयो – भगवान् श्रीगणेश गणहरूद्वारा घेरिएर सिंहासनमा विराजमान हुनुभएपछि दर्शनार्थ त्यहाँ आएका गौतम आदि ऋषिहरूले श्रीगणेश भगवान्को अलौकिक पराक्रमको प्रशंसा गरे।१।।

ऋषिहरूले भने – हे श्रीगणेशप्रभु ! जुन दैत्यराज सिन्धुले युद्धमा आफ्ना बलशाली हात्तीहरूद्वारा स्वर्गका राजा इन्द्रलाई परास्त गरेको थियो । जसले आफ्नो मायाद्वारा पैदा गरिएका सर्पहरूबाट पातालका अधिपति शेषनागलाई पनि परास्त गरेको थियो । त्यस बलशाली वीरको पृथिवीमा रहेका अरू वीरहरूसँग तुलना नै हुन सक्दैन । त्यस्तो महावीरलाई पनि हजुरले युद्धमा पराजित गर्नुभयो ।।२।। हे देवेश ! हजुरले त्यस दुष्ट सिन्धुको आतंकबाट धेरै प्राणीहरूको रक्षा गर्नुभयो । हजुरबाट समय-समयमा त्राण नभएको भए प्राणीहरूको जीवन रहने थिएन।।३।। मुनिहरूले यसरी श्रीगणेशको महिमा बताइरहँदा त्यहाँ भगवती पार्वती आइपुग्नुभयो । उहाँले आफ्ना पुत्र श्रीगणेशलाई अङ्कमाल गर्दै भन्नुभयो – 'युद्धको कामना गर्ने हे पुत्र ! तिमी थाकेका छौ' ।।४।। त्यसै बेला तीव्र गतिमा आउनुभएका शङ्करले पनि श्रीगणेशलाई आलिङ्गन गर्दै भन्नुभयो– हे श्रीगणेश ! इन्द्र आदि देवताहरूले गर्न नसक्ने काम तिमीले गरेका छौ ।।५।। तिमी चर एवं अचरका अधिपति, परब्रह्मस्वरूप, सर्वज्ञ र पृथिवीको भार हटाउन तत्पर भई अवतार धारण गर्ने परमात्मा हौ । तिम्रो महिमा र स्वरूपलाई ब्रह्मा आदि देवताहरूले पनि यस्तै हो भनेर ठम्याउन सक्दैनन् र गौतमादि ऋषिहरूले पनि तिम्रो महिमा र स्वरूपको पत्तो पाउन सक्दैनन् । हामी पनि कसरी जानौं र ?'।।६-७।।

ब्रह्माजीले भन्नुभयो – शिवजीले उक्त भाव व्यक्त गर्नुभएपछि उत्तम मुनि नारदजीले पार्वतीलाई भने – हे जगदम्बा! तपाईंले मेरो कुरा सुन्नुहोस् । यो ठाउँमा बसोबास गर्न लागेको धेरै समय भइसक्यो । हे निष्पाप भगवती ! दुष्ट सिन्धु दैत्य कहिले मर्नेछ ? उत्तम व्रतमा लागिरहने हे देवी पार्वती ! तपाईंका सुपुत्र श्रीगणेशको विवाह कहिले हुन्छ ? जुन सिन्धु दैत्यले इन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञां देहि गमिष्यामः पुनरेष्यामः सत्वरम् ।
कदा स्युः सिन्धुदैत्यात् ते देवाश्च मुक्तबन्धनाः ।।११।।

दैत्यस्य मरणं मातरसाध्यं दृश्यते मया ।

क उवाच

सुरर्षेर्वाक्यमाकर्ण्य प्रोचुस्तं ते गणास्तदा ।।१२।।

षडाननादयो वीरा नारदं देवदर्शनम् ।
उद्दीपयन्तं तं देवं मयूरेशं सुरेश्वरम् ।।१३।।

आश्चर्यं नारदमुने ! सर्वज्ञस्यापि तेऽनघ ! ।
एतदर्थं समायातो निजधाम्नो भुवं विभुः ।।१४।।

अवाप्तसकलार्थोऽसौ मयूरेशोऽखिलार्थकृत् ।
अगुणस्य गुणेशस्य गुणक्षोभविधायिनः ।।१५।।

स्वरूपं किं न जानासि ब्रह्माद्यैरनिरूपितम् ।
मयूरेशस्य वीर्यञ्च भूभारोत्तारणैषिणः ।।१६।।

इन्द्राद्यवध्यानसुरान्निघ्नतो बलशालिनः ।
अनन्तकोटिब्रह्माण्डनायकस्याखिलात्मनः ।।१७।।

उत्पत्तिस्थितिसंहारकारिणो जगतामपि ।

क उवाच

इति तद्भारतीं श्रुत्वा पुनः प्रोवाच नारदः ।।१८।।

यदा द्रक्ष्यामि तं दैत्यं निहतं मुक्तिमागतम् ।
तदा सर्वं वचः सत्यं मन्येऽहं नान्यथा क्वचित् ।।१९।।

निशम्येत्थं वचस्तस्य चुक्रोध स मयूरराट् ।
जगर्ज क्रोधदीप्तोऽसौ नादयन् भुवनत्रयम् ।।२०।।

दहन्निव त्रिलोकीं स शीर्णयन् पृथिवीमपि ।
मेघगम्भीरया वाचा बभाण तं मुनिं तदा ।।२१।।

मयूरेश उवाच

मान्योऽसि ब्रह्मपुत्रत्वात् सर्वज्ञत्वान्मुनीश्वर ।
अतस्त्वां प्रब्रवीम्यद्य मर्यादां परिपालयन् ।।२२।।

आदि देवताहरूलाई पनि जितेको छ, के त्यसको नाश सम्भव छ ? कहिले सिन्धुको कारागारबाट देवताहरू बन्धनमुक्त हुनेछन् भन्ने मलाई चिन्ता लागिरहन्छ ।।८-११।। सिन्धु दैत्यको वध गर्न सकिंदैन भन्ने कुरा पनि मेरो विश्वास छ । हे आमा ! मलाई घर जान आज्ञा दिनुहोस्, फेरि दर्शन गर्न आउनेछु ।

ब्रह्माजीले भन्नुभयो - देवर्षि नारदजीका यी कुरा सुनेर स्कन्द आदि वीरहरूले देवाधिपति श्रीगणेशलाई उत्तेजित गराउन लागिरहेका देवर्षि नारदजीलाई भने - 'हे निष्पाप नारद मुनि ! तपाइँजस्ता सर्वज्ञका रूपमा संसारमा विख्यात हुनुभएका ऋषिले यस्ता कुरा गरेको सुनेर हामी आश्चर्यमा परेका छौं । तपाइँले असम्भव ठानेको कुरा सम्भव गराउन भगवान्‌को श्रीगणेशका रूपमा अवतार भएको छ ।।१२-१४।। भगवान् श्रीगणेश सर्वार्थसम्पन्न हुनुहुन्छ । सम्पूर्ण कार्यका साधक हुनुहुन्छ । गुणका स्वामी तर निर्गुण हुनुहुन्छ । गुणमा क्षोभ उत्पन्न गर्ने र संसारका अद्भुत सृष्टिकर्ता हुनुहुन्छ । उहाँको स्वरूपलाई ब्रह्मा आदि देवताले पनि राम्ररी बताउन सक्दैनन् भन्ने कुरा के तपाइँलाई थाहा छैन ? पृथिवीको भार हरण गर्न चाहने, इन्द्र आदि देवताहरूद्वारा पनि मार्न नसकिने बलवान् दैत्यहरूलाई मार्ने, अनेककोटि ब्रह्माण्डका नायक, जगत्‌को उत्पत्ति, स्थिति र संहारका कारण भगवान् श्रीगणेशका पराक्रमको विषयमा ब्रह्मा आदि देवता पनि अनभिज्ञ छन् भन्ने कुरा तपाइँलाई पनि थाहा छ।'

ब्रह्माजीले भन्नुभयो - षडानन आदि वीरहरूका वचन सुनेर फेरि नारदले भने - 'हे स्कन्द आदि शिवगण ! जुन बेला मैले सिन्धु दैत्य मरेको र त्यसले मोक्षपद प्राप्त गरेको देख्नेछु त्यस बेलामात्र तपाइँहरूका वचन पत्याउने छु। अन्यथा मलाई यस्ता कुरामा विश्वास लाग्दैन ।।१५-१९।। नारदजीका यी कुरा सुनेर भगवान् मयूरेश श्रीगणेश साह्रै रिसाउनुभयो । त्यसपछि उहाँले तीन भुवनलाई नै शब्दायमान गराउँदै प्रचण्ड गर्जन गर्नुभयो। त्रिलोकीलाई क्रोधको ज्वालाले डढाएझैं र पृथिवीलाई चिरा-चिरा पारेझैं मेघगम्भीर वाणीद्वारा श्रीगणेशले नारदजीलाई सम्बोधन गर्नुभयो ।।२०-२१।।

श्रीगणेशले भन्नुभयो - हे मुनीश्वर ! तपाइँ ब्रह्माजीका छोरा र सर्वज्ञ ज्ञानी मुनि हुनुभएका कारण मान्य हुनुहुन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तव प्रसादाद् ब्रह्माण्डं प्राशयिष्येऽन्तकं क्षणात् ।
भूगोलं न्युब्जतां नेष्ये शोषयिष्येऽम्बुधीनपि ।।२३।।

चालयिष्ये तथा मेरुं मुने ! निश्वासवायुना ।
शृणु नारद ! सत्यां मे प्रतिज्ञामद्य सर्वग २४।।

हनिष्ये सिन्धुं दैत्यं तं नात्र कार्या विचारणा ।

क उवाच

इत्युक्त्वा प्रययौ योद्धुं बर्ह्यारूढो विनायकः ।।२५।।

आहतुस्तं तदा नन्दी भृङ्गी चोभौ विनायकम् ।
आवां युद्धं करिष्यावो पश्य नौ रणकौशलम् ।।२६।।

इत्युक्त्वा वायुवेगेन गतौ तौ गण्डकीं पुरीम् ।
वीरभद्रो भूतराजो ययौ श्रुत्वा तयोर्गतिम् ।।२७।।

तदा चकम्पे धरणी शेषो विह्वलतां ययौ ।
ददृशुस्ते च चत्वारो दुर्गं दुर्गं सुरेश्वरैः ।।२८।।

पर्यङ्के सुखमासीनं सिन्धुं चारा न्यवेदयन् ।
चत्वारः पर्वताकारा गर्जयन्तो दिशो नभः ।।२९।।

वीरास्तव पुरीं याताः किं स्थितोऽसि महासुर ! ।
श्रुत्वेत्थं वचनं सिन्धुर्मग्नश्चिन्तार्णवे क्षणात् ।
दुर्गापि चिन्तयाविष्टा दैत्योऽपि श्यामतामयात्।।३०।।

अधोमुखतया चोभौ दुःखं प्रापतुरञ्जसा ।
दुर्गा प्रोचे महाराज ! मयोक्तं न कृतं त्वया ।।३१।।

तस्येदं हि फलं प्राप्तमिदानीं किं नु चिन्तया ।
एवं वदति सा वाक्यं तावत् ते वीरसत्तमाः ।।३२।।

नानाश्चर्ययुतं नानारत्नकाञ्चननिर्मितम् ।
अनेकशिखरं तस्य सभामण्डपमाययुः ।।३३।।

तसर्थ तपाइँको मर्यादा राख्दै म भन्न चाहन्छु- हे नारदजी! तपाइँको कृपा पाएर निःश्वास वायुद्वारा मैले एक छिनमा ब्रह्माण्डलाई यमको गास बनाउन सक्छु, भूगोललाई उल्ट्याउन सक्छु, महासागरहरूलाई सुकाउन सक्छु र सुमेरुलाई कँपाउन सक्छु । सर्वत्र विचरण गर्ने शक्ति भएका हे नारद मुनि ! तपाइँले मेरो यो प्रतिज्ञा सुन्नुहोस् ।।२२-२४।। मैले दैत्यराज सिन्धुलाई मारिदिनेछु। यस विषयमा तपाइँले तर्क र विचार गर्नुपर्ने कुनै आवश्यकता छैन ।

ब्रह्माजीले भन्नुभयो - नारदजीसँग यी कुरा गरेपछि मयूरमा सवार हुनुभएका भगवान् श्रीगणेश दैत्यराज सिन्धुसँग युद्ध गर्न प्रस्थान गर्नुभयो ।।२५।। त्यस बेला उहाँका सामु आई नन्दी र भृङ्गीले भने - हे श्रीगणेश ! हजुर नजानुहोस् । हामी दुई जना वीर गएर त्यससँग युद्ध गर्दछौं । हजुरले हाम्रो युद्धकौशल हेर्नुहोस् ।।२६।। यसरी श्रीगणेशसँग निवेदन गरी ती दुई वीर नन्दी र भृङ्गी सिन्धुसँग संग्राम गर्न गण्डकीपुरी तर्फ गए । ती गएको थाहा पाएर भूतराज र वीरभद्र पनि तिनकै सहयोगका लागि त्यसतर्फ लागे ।।२७।। ती चार जना वीर त्यहाँ पुगेपछि पृथिवी काँपिन् र शेषनाग व्याकुल भए। ती चारजनाले देवताहरूका लागि दुर्गम मानिएको सिन्धुको किला देखे ।।२८।। त्यस बेला आफ्नो शय्यामा सुखपूर्वक बसिरहेको सिन्धुलाई त्यसका दूतहरूले विनयपूर्वक निवेदन गरे - हे महाराज! चार जना पर्वताकार वीरहरू दिशा र आकाशलाई शब्दायमान गराउँदै हजुरको नगरीमा आइपुगेका छन् । हजुर किन चुप लागेर बसिरहनुभएको छ ? आफ्ना दूतहरूको मुखबाट ती कुरा सुनेर दैत्यराज सिन्धु तत्काल चिन्ताको सागरमा डुब्यो । त्यसकी महारानी दुर्गाले पनि चिन्ता गरिन् । सिन्धुको अनुहार पीरले कालो हुँदै गयो । दुबै दम्पतीले चिन्ताका कारण टाउको निहुर्‍याएर दुःखको अनुभव गरे । दुर्गाले भनिन् - हे महाराज ! हजुरले मैले भनेको मान्नुभएन। त्यसको फल अहिले यसरूपमा प्राप्त भयो । अब चिन्ता गरेर के हुन्छ ? यसरी दुर्गाले आफ्ना पतिसँग कुरा गरिरहँदा श्रीगणेशका ती चार जना महावीर अनेक आश्चर्यले सम्पन्न रत्न र सुवर्णद्वारा निर्मित र अनेक बुर्जाहरू भएको सिन्धु दैत्यको सभामण्डपमा आइपुगे ।।२९-३३।। त्यस बेला रीसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उड्डीय सहसा भृङ्गी तस्थौ क्रुद्धस्तु मण्डपे ।
बभञ्ज मण्डपं सद्यः स बलेन महाबलः ।।३४।।

अङ्गणे तस्य खण्डानि पतितानि समन्ततः ।
ततस्त्रयोऽपि ते वीरा भृङ्गिणं समुपागताः ।।३५।।

युद्धावेशारुणमुखाः ससैन्यं तं ग्रसिष्णवः ।
दृष्ट्वा तत्कर्म तेषां तु सिन्धुसेना ययौ पुरः ।।३६।।

खड्गचर्मधनुर्बाणकुन्तमुद्गरधारिणी ।
घ्नन्तु घ्नन्तु महावेगाँश्चतुरो वीरपुङ्गवान् ।।३७।।

इत्युक्त्वा चतुरो हन्तुमागता दैत्यसैनिकाः ।
असङ्ख्याताश्चतुर्भिस्तैर्युयुधुर्जातसम्भ्रमाः ।।३८।।

हन्मि त्वां जहि मह्यं चेत्यत्र कोलाहलोऽभवत् ।
ततोऽभूत् तुमुलं युद्धं चतुर्भिर्दैत्यसेनयां ।।३९।।

रजोऽन्धकारे शस्त्राणां प्रकाशेनावलोकयन् ।
शतकोटिः हता दैत्याश्चतुर्भिः संयुगे तदा ।।४०।।

असङ्ख्यातान् महावीरान् पोथयामासुरोजसा ।
गृहीत्वा पादयोस्ते तान् भ्रामयित्वा पुनः पुनः ।।४१।।

नभोऽक्षिपन्महावीरास्ते भूमौ शतधाऽपतन् ।
शरैरस्त्रैश्च शस्त्रैश्च पादेन करघाततः ।।४२।।

नाशिता सर्वसेना सा दैतेयी रणमण्डले ।
ततस्ते तद्गृहं गत्वा सिन्धुं पर्यङ्कसंस्थितम् ।।४३।।

रणस्तम्भं समानिन्युर्धृत्वा केशेषु वेगतः ।
ततः सिन्धुर्महास्त्रैः स चक्रे युद्धं तु तैः सह ।।४४।।

व्यसृजत् पन्नगास्त्रं स भुजगैर्वेष्टितास्त्रयः ।
गरुडास्त्रञ्च सहसा भृङ्गिणाऽमोचि तत्क्षणात् ।।४५।।

अग्न्यस्त्रे मोचिते तेन पर्जन्यास्त्रञ्च सोऽसृजत् ।
वाय्वस्त्रे मोचिते तेन पर्वतास्त्रञ्च तेऽसृजन् ।।४६।।

मुद्रामा देखिएका महाबली भृङ्गी मण्डपमा चढे । तिनले तुरुन्तै आफ्नो बल प्रयोग गरेर त्यस मण्डपलाई भताभुङ्ग बनाए ।।३४।। भत्किएको मण्डपका सम्पूर्ण खण्डहरू सिन्धुको आँगनभरि छरिए । यो घटनापछि नन्दी, भूतराज र वीरभद्र नामक तीनवटा वीर पनि भृङ्गीको नजिकै आइपुगे ।।३५।। ती वीरहरू युद्धको आवेशमा थिए र तिनका अनुहार रीसका कारण राता देखिन्थे। ती वीरहरू सेनासहित दैत्यराज सिन्धुलाई एकै गासमा निल्न चाहन्थे । शिवजीका वीरहरूको युद्धावेश जानेर तरबार, ढाल, धनु, बाण, भाला र मुग्रोसमेत हातमा लिएका सिन्धुसेनाका वीरहरू यी चारै जना बली एवं तेजस्वी वीरहरूलाई मार–मार भन्दै युद्ध गर्ने इच्छा राखेर त्यहाँ आइपुगे । देवसेनाका साथ युद्ध गर्न आतुर असङ्ख्य दैत्ययोद्धाहरू ती चार जना शिवसेनाका वीरहरूसँग युद्ध गर्न लागे ।।३६–३८।। 'तैंले ममाथि प्रहार गर्छस् भने म तलाइँ मारिदिन्छु' जस्ता शब्दहरूको कोलाहल चारैतिर सुनिन थाल्यो । त्यसपछि नन्दी आदि वीर र दैत्यसेनाको घोर युद्ध आरम्भ भयो ।।३९।। युद्धको मैदानमा धूलो उड्दा चारैतिर अन्धकार छायो । चम्किला शस्त्रहरूको प्रकाशमा नन्दी आदि चार जना वीरहरूले त्यस युद्धमा एक अरब दैत्यसेनाको संहार गरे ।।४०।। असङ्ख्य महावीरहरूलाई उचालेर भुइँमा पछारे । महावीर वीरभद्र, भृङ्गी आदिले समातेर आकाशतर्फ हुत्याइएका दैत्यवीरहरू भुइँमा खसेर सय टुक्रामा छरिए । बाण, शस्त्र, अस्त्र, खुट्टा र हातको प्रहारबाट देवसेनाका चार जना वीरहरूले दैत्यराज सिन्धुको सम्पूर्ण सेना सखाप पारे। त्यसपछि नन्दी आदि वीरहरूले वेगपूर्वक सिन्धुको दरबारमा गई पलङमा सुतिरहेको सिन्धुको कपालमा समातेर युद्धको मैदानमा रहेको विशाल मौलो नजिकै ल्याइपुऱ्याए । त्यसपछि सिन्धुदैत्यले अनेक शस्त्र–अस्त्रहरूको प्रहार गर्दै ती वीरहरूसँग युद्ध गर्न लाग्यो ।।४१–४४।। युद्धको क्रममा सिन्धुले पन्नगास्त्रको प्रहार गऱ्यो । त्यसबाट नन्दी, भूतराज र वीरभद्र सर्पैसर्पले बेरिए । त्यो देखेर भृङ्गीले पन्नगास्त्रलाई समाप्त गर्न गरुडास्त्र प्रहार गरे । सिन्धुले पनि आग्नेयास्त्र प्रहार गऱ्यो । त्यो देखेर भृङ्गीले पर्जन्यास्त्र प्रहार गरे । सिन्धुले वायव्यास्त्र प्रयोग गर्दा भृङ्गी आदि वीरहरूले पर्वतास्त्र प्रहार गरे ।।४५–४६।। त्यसपछि अस्त्रयुद्ध छाडेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्ते मल्लयुद्धेन योधयामासुरादरात् ।
नन्दी तु पातयामास मुकुटं दैत्यमस्तकात् ।।४७।।

भृङ्गी तु ताडयामास पृष्ठे दैत्यं महारुषा ।
वीरभद्रोऽग्रहीद् भार्यां कचे तस्याथ पश्यतः ।।४८।।

भूतराजो जघानैनं लत्तया वैरभावतः ।
दुर्गा नेत्रे निमील्यैव नापश्यत् तं तथाविधम् ।।४९।।

निन्दन्ती तस्य कर्माणि पपाल निजमन्दिरम् ।
आवेशात् सिन्धुदैत्योऽपि वीरभद्रं पदेऽग्रहीत् ।।५०।।

मुष्टिना नन्दिनं हत्वा शिखामाक्रम्य भृङ्गिणः ।
अपातयद् भूमितले भूतराजो मुमूर्च्छ ह ।।५१।।

मुकुटं मस्तके न्यस्य मुक्ताहारं गले यथा ।
तुरङ्गवरमारुह्य शेषानाहूय सैनिकान् ।।५२।।

हनिष्येऽद्य मयूरेशमित्युक्त्वा युयुधे पुनः ।
जगर्ज सहसा दैत्यो गर्जयन् विदिशो दिशः ।।५३।।

गतेषु तेषु वीरेषु चतुर्षु गणनायकम् ।
वदत्सु दैत्यसेनायां सर्वेषां नाशनं कृतम् ।।५४।।

आनीतः सिन्धुदैत्योऽपि रणभूमिं गणेश्वर ! ।
अल्पसेनाचरैर्युक्तं मोचयैनं भवार्णवात् ।।५५।।

वयमेव हनिष्यामो नाज्ञासीत् तव विघ्नराट् ।।५६।।

ती वीरहरूले सिन्धुसँग मल्लयुद्ध गरे । नन्दीले दैत्यराजको शिरको मुकुट भुइँमा खसाइदिए । भृङ्गीले क्रोधले त्यसको पिठ्यूँमा प्रहार गरे । त्यहाँ युद्ध भइरहँदा वीरभद्रले सिन्धुदैत्यकै सामु नजिकै बसिरहेकी त्यसकी महारानी दुर्गाको केशमा समाते। दुर्गाले हेर्दाहेर्दै वीरभद्रले सिन्धुको केशमा समाए । त्यो मौका छोपेर भूतराजले बलपूर्वक सिन्धुलाई लात्तीले हिर्काउन थाले । दुर्गाले आफ्ना पतिको दुर्दशा देख्न सकिनन् र आँखा चिम्लिइन्। त्यसपछि आफ्ना पति सिन्धुका कुकर्महरूको निन्दा गर्दै आफ्नो घरतर्फ लागिन् । आवेशमा आएको दैत्यराज सिन्धुले वीरभद्रका खुट्टा समातेर तान्यो ।।४७-५०।। त्यसले आफ्नो मुड्कीले नन्दीमाथि प्रहार गर्‍यो, भृङ्गीका केश समातेर भुइँमा पछार्‍यो र मुड्कीको प्रहारबाट भूतराजलाई पनि मूर्च्छित तुल्यायो । शिववीरहरूले भुइँमा फ्याँकिदिएको मुकुटलाई धारण गरी घाँटीमा हार लगाएर उत्तम घोडामा सवार भएको सिन्धुले आफ्ना बाँकी सेना जम्मा गरेपछि भन्यो - 'हे सैनिकहरू ! आजै म मयूरेश श्रीगणेशलाई मार्छु । तिमीहरू पीर नगर, युद्ध गर ।' यसरी निर्देशन दिएर आफ्नो गर्जनबाट चारै दिशा थर्कमान बनाउँदै युद्ध गर्न लाग्यो । ती चारै वीर पनि भगवान् श्रीगणेशका सामु गए । तिनीहरूले आफूहरूले दैत्यसेनाका असङ्ख्य योद्धाहरूको वध गरेको समाचारका साथै सिन्धुदैत्यलाई समातेर रणभूमिमा ल्याइएको र त्यसको सेना थोरैमात्र बाँकी रहेको समाचार पनि श्रीगणेशलाई पनि सुनाए।।५१-५४।। तिनले फेरि सिन्धुदैत्यलाई मारी त्यसको आतंकबाट संसारलाई मुक्त गर्नुपर्छ भनी बिन्ती गर्दै भने - 'हे प्रभो ! त्यसलाई हामी आफैले नै मार्ने थियौं तर हजुरको आज्ञा नभएकाले त्यसो गरेनौं ।'।।५५-५६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे श्रीगणेशसेनाविजयवर्णनं नाम द्वाविंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशसेनाद्वारा दैत्यसेनाको संहार' शीर्षकान्वित एक सय बाईसौं अध्याय पूर्ण भयो ।।१२२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयोविंशत्युत्तरशततमोऽध्यायः { १२३अध्याय }

क उवाच

आगतं सिन्धुमाकर्ण्य जहृषे स मयूरराट् ।
नीलकण्ठं समारुह्य ययौ युद्धाय सत्वरः ।।१।।
चतुर्भिरायुधैः सर्वा भासयन् विदिशो दिशः ।
कल्पान्तमेघसदृशनादेन नादयन्नभः ।।२।।
ददर्श पुरतः सिन्धुं युद्धाय कृतनिश्चयम् ।
सोऽप्येनं समरे दृष्ट्वा पश्यति स्म पुनः पुनः ।।३।।
यथा सिंहं नागराजो गरुडं चाथ वायुभुक् ।
शिवापतिं त्रिपुरो वा विष्णुं वा मधुकैटभौ ।।४।।
शुम्भो वापि निशुम्भो वा जगदम्बां महाबलाम् ।
ततो युद्धं प्रकुर्वाते नानास्त्रैस्तैः परस्परम् ।।५।।
जपाकुसुमसङ्काशौ देहौ जातौ तदा तयोः ।
ददाह पृथिवीं साद्रिं शस्त्रसङ्घट्टजोऽनलः ।।६।।
चकम्पे पृथिवी सर्वा साब्धिद्वीपा सपर्वता ।
बाणमादाय सिन्धुः स वह्न्यस्त्रेणाभिमन्त्र्य च ।।७।।
ससर्ज दग्धुं तं देवं मयूरेशं रणाङ्गणे ।
स दहन् देवसेनां तां दशदिक्षु ससर्प ह ।।८।।
ततः पाशं मयूरेशो मेघास्त्रेण सुयोज्य च ।
न्यक्षिपद् दैत्यसेनायां कम्पयन् भुवनत्रयम् ।।९।।
अशमच्च ततो वह्निर्जलधाराऽभिवृष्टिभिः ।
प्रभूतेनाथ तमसा दिशो व्याप्ता दशापि च ।।१०।।
विशीर्णाः पर्वतास्ताभिः पतिता वृक्षसञ्चयाः ।
अयं किं प्रलयः प्राप्त इत्यशोचत् स दैत्यराट् ।।११।।
पवनास्त्रेण तान् मेघाँस्तदा सिन्धुर्न्यवारयत् ।
स वायुः कम्पयामास गगनञ्च दिशो दश ।।१२।।
ततो देवोऽमन्त्रयत् स कमलं निजहस्तके ।
पर्वतास्त्रेण सहसा तत्याज दैत्यपुङ्गवे ।।१३।।

ब्रह्माजीले भन्नुभयो - सिन्धु दैत्यलाई रणभूमिमा आएको थाहा पाएपछि भगवान् मयूरेश प्रसन्न हुनुभयो। मयूरमा सवार भई तीव्रगतिमा युद्धका लागि प्रस्थान गर्नुभयो ।।१।। उहाँले आफ्ना चार बाहुमा रहेका चार प्रकारका आयुधहरूको प्रकाशबाट चारै दिशा र विदिशा प्रकाशित गर्नुभयो र प्रलयकालका बादलको झैं गम्भीर गर्जनबाट आकाशलाई शब्दायमान गराउनुभयो।।२।। उहाँले रणभूमिमा गएर दृढ अठोटसहित युद्धका लागि तयार भएका सिन्धुलाई देख्नुभयो । त्यसले पनि युद्धभूमिमा गई गजराजले सिंहलाई हेरेझैं, सर्पराजले गरुडलाई हेरेझैं, मधु-कैटभले विष्णुलाई हेरेझैं, त्रिपुरासुरले शिवजीलाई हेरेझैं र शुम्भ-निशुम्भले जगदम्बा दुर्गालाई हेरेझैं पटक-पटक श्रीगणेशलाई हेरिरहेको थियो ।।३-४।। त्यसपछि ती दुई महावीरहरू शस्त्र एवं अस्त्रको वर्षा गर्दै घोर संग्राम गर्न लागे । संग्राममा व्यस्त भएका ती वीरहरूका शरीर जपापुष्प (बाह्रमासे फूल) झैं राता देखिन्थे । शस्त्र-संघर्षबाट पैदा भएको आगाको ज्वालाले पृथिवीलाई डढाउन थाल्यो । पर्वत,द्वीप र सागरसहित पृथिवी कम्पायमान भइन् । सिन्धु दैत्यले एउटा बाण हातमा लिई अग्निको मन्त्रले अभिमन्त्रित गरेर रणभूमिमा मयूरेशलाई ढलाउने आशयले आग्नेयास्त्रको सृष्टि गर्‍यो । त्यो आग्नेयास्त्र देवसेनामा फैलियो । त्यसपछि मयूरेश भगवान्ले पर्जन्यास्त्रले आफ्नो पाश बेरेर तीनै लोक कपाउँदै दैत्यसेनामाथि प्रहार गर्नुभयो ।।५-९।। पर्जन्यास्त्रको प्रहारबाट जलधाराको वृष्टि भइरहँदा पृथिवीमा फैलिएको आगाको ज्वाला शान्त भयो। चारैतिर अन्धकार छायो । दसै दिशा ढाकिए, अत्यधिक वृष्टिका कारण पर्वत टुक्रिन थाले र वृक्ष ढल्न थाले । दैत्यराज सिन्धु प्रलय नै आयो कि भनेर विचार गर्न लाग्यो ।।१०-११।। त्यस बेला त्यसले वायव्यास्त्रको प्रहार गरी श्रीगणेश भगवान्को पर्जन्यास्त्रलाई काट्यो। वायव्यास्त्रबाट पैदा भएको वायुसमूहले आकाश र दिशालाई कम्पायमान गरायो। त्यसपछि भगवान् श्रीगणेशले आफ्नो हातमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन्मूल्य तद् द्रुमान् व्योम द्योतयच्च दिशो दश ।
अगच्छद् दैत्यसेनायां प्रासुवत् पर्वतान् बहून् ।।१४।।

असङ्ख्यातैर्गिरिवरैश्छादितं पृथिवीतलम् ।
न स्थातुमवकाशोऽभून्न च गन्तुमथापि च ।।१५।।

पवनं कुण्ठितं दृष्ट्वा पर्वतान् सर्वतोऽपि च ।
वज्रास्त्रं प्रेरयामास ततो वज्राणि निर्ययुः ।।१६।।

असङ्ख्यातैश्च वज्रैश्च पर्वताश्चूर्णितास्तदा ।
ततोऽङ्कुशं मयूरेशो वज्रास्त्रेण न्यमन्त्रयत् ।।१७।।

ससर्ज तेषु वज्रेषु वज्रयुद्धमभूत् तदा ।
तच्छब्देन चकम्पे भूः पातालानि दिशो नभः ।।१८।।

न्यपतद् वज्रघातेन वह्निर्लोकान् ददाह सः ।
परस्परं निरस्तानि वज्राण्यन्तर्दधुस्तदा ।।१९।।

ततोऽवदन्महादैत्योऽमात्यान् प्रति महारुषा ।
किमनेन प्रयोगेण भस्म कुर्यां क्षणादमुम् ।।२०।।

शिवबालं शिवास्तन्यपानदक्षं शिवोचितम् ।
इत्युक्त्वाऽभिद्रवद् दैत्यो हन्तुं तं स गुणेश्वरम् ।।२१।।

दधार तं निरीक्ष्यैवमायान्तं दैत्यपुङ्गवम् ।
विराड्रूपो मयूरेशो बिभेद सहसा नभः ।।२२।।

चरणाक्रान्तपातालः श्रोत्रव्याप्तदिगन्तरः ।।२३।।

सहस्रपादं सहसा निरीक्ष्य
सहस्रनेत्रञ्च सहस्रशीर्षम् ।
खं रोदसी व्याप्य च तिष्ठमानं
सिन्धुर्मुमूर्च्छाथ पतँश्च भूमौ।।२४।।

आच्छादयन्तं हस्तेन व्योम सर्वं सुरेश्वरम् ।
सावधानमनाः किञ्चित् सस्मार रविजं वरम् ।।२५।।

सिन्धुरुवाच

रविणा पूर्वमुक्तोऽहं वरदाने महौजसा ।
आच्छादयेद् यो गगनमेकहस्तेन रेऽसुर ! ।।२६।।

रहेको कमललाई अभिमन्त्रित गरी दैत्यमाथि पर्वतास्त्रले प्रहार गर्नुभयो। त्यो वृक्षलाई निर्मूल गर्दै र आकाशलाई चम्काउँदै दैत्य-सेनामा पुग्यो । त्यसबाट अनेक पर्वत खडा भए। पृथिवी पर्वतै-पर्वतले ढाकिइन् । उभिने र हिँड्ने ठाउँसम्म रहेन।।१२-१५।। वायव्यास्त्र कुण्ठित भएको र चारैतिर पर्वतै-पर्वतको राशि खडा भएको देखेर सिन्धु दैत्यले वज्रास्त्र प्रहार गर्‍यो । त्यस बेला चारैतिर वज्रै-वज्र देखिन थाले। असङ्ख्य वज्रहरूको प्रहारबाट पर्वतहरू टुक्रिन थाले । त्यसपछि श्रीगणेशले पनि वज्रास्त्रद्वारा अङ्कुशलाई अभिमन्त्रित गर्नुभयो। त्यसबाट करोडौं वज्र पैदा भए । दुबै योद्धाहरूको बीचमा वज्रयुद्ध शुरू भयो । वज्रका शब्दले पृथिवी कम्पायमान भइन्। पाताल, दसै दिशा र आकाश पनि कम्पित भए ।।१६-१८।। वज्रास्त्रको सङ्घर्षबाट पैदा भएको अग्निज्वालाले संसारलाई डढाउन थाल्यो । परस्परमा निरस्त भएका वज्रहरू अन्तर्धान भए । त्यसपछि महादैत्य सिन्धुले आफ्ना अमात्यहरूलाई रोषपूर्वक भन्यो- 'अब यी अस्त्रहरूको प्रयोग किन ? म शिवजीको छोरो र पार्वतीको दूध चुस्ने बच्चालाई एकै छिनमा खरानी बनाउँछु ।'।।१९-२०।। यसरी रोषपूर्वक कुरा गरेर त्यसले श्रीगणेशमाथि प्रहार गरी उहाँलाई समात्यो । दैत्य र दैत्यको मायालाई देखेर भगवान्‌ले विराट् रूप धारण गर्नुभयो । उहाँको विराट् शरीरले आकाश ढाक्यो। उहाँका चरणहरू पातालसम्म फैलिए र उहाँका कानहरूले दिशा एवं विदिशा ढाकिए । भगवान् श्रीगणेश सहस्रपाद, सहस्रनेत्र र सहस्रशिरा हुनुभयो। त्यसपछि उहाँ पृथिवी, अन्तरिक्ष र आकाशलाई ढाकेर उभिनुभयो । भगवान्को विशाल र आँखामा नअटाउने रूप देखेर सिन्धु मूर्च्छित भई भुइँमा लड्यो । होशमा आएपछि आफ्नो एउटा हातद्वारा आकाशलाई ढपक्कै ढाक्नुभएका भगवान् श्रीगणेशको स्वरूप देखेर त्यसले आफ्नो मन एकाग्र गराई सूर्यले दिएको वरदानको संझना गर्‍यो ।।२१-२५।।

सिन्धुले भन्यो – वरदान दिने प्रसङ्गमा तेजोराशि श्रीसूर्यले मलाई भन्नुभएको थियो – 'जसले एउटा हातले आकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स ते मुक्तिपदं सद्यो नेष्यते बहुकालतः ।
अतोऽनेन रणेनाऽलं यद् भाव्यं तद् भविष्यति ।।२७।।
पुनर्निरीक्ष्यमाणोऽसौ ह्रस्वकायं ददर्श तम् ।
षड्भुजं तु मयूरेशं परं विस्मयमाययौ ।।२८।।
ततोऽवरुह्य देवेशो मयूरेशः शिखण्डिनः ।
उपस्पृश्य जलं शुद्धं जजाप परमं मनुम् ।।२९।।
परशुं मन्त्रयामास महोव्याप्तं दिगन्तरम् ।
लक्ष्यीकृत्य रिपोर्नाभिं सुधामन्त्रेण संयुतम् ।।३०।।
स्फोटयन्निव ब्रह्माण्डं क्रोधरक्तविलोचनः ।
ज्वालामालाकुलं तं स मुमोच गिरिजासुतः ।।३१।।
स मोच्यमानो गगनं नादयन् विदिशो दिशः ।
भासयन् महसा पृथ्वीं सपर्वतवनाकराम् ।।३२।।
दृष्ट्वा दैत्यः समायान्तं परशुं कालसन्निभम् ।
शीघ्रं चक्रे धनुर्घोरं शरं यावद्धि योज्यते ।।३३।।
तावत् स बिभिदे नाभिममृताभियुतं लघु ।
अमृते निःसृते दैत्यो वाताहत इव द्रुमः ।।३४।।
पपात सहसा भूमौ वज्राहत इवाचलः ।
प्रसार्य वक्त्रं रुधिरं वमन् प्राणान् विसृज्य सः ।।३५।।
मयूरेशप्रतापेन मुक्तिं प्राप सुदुर्लभाम् ।
पश्यतां सर्वलोकानां तदद्भुतमिवाभवत् ।।३६।।
अवतेरुर्विमानानि युद्धं द्रष्टुं स्थितानि ह ।
पपात पुष्पवृष्टिश्च शनैर्मेघा जगर्जिरे ।।३७।।
अशीशमद् रजो भौमं ववौ वातः सुखावहः ।
प्रसेदुश्च दिशः सर्वा गन्धर्वा मधुरं जगुः ।।३८।।
ननृतुश्चाप्सरःसङ्घास्तुष्टुवुर्मुनिदेवताः ।
षडाननादयो वीरा मयूरेशं मुदा युताः ।।३९।।

सर्वे ऊचुः

परब्रह्मरूपं चिदानन्दरूपं
सदानन्दरूपं सुरेशं परेशम्।
गुणाब्धिं गुणेशं गुणातीतमीशं
मयूरेशमाद्यं नताः स्मो नताः स्मः।।४०।।

ढाकिदिनेछ त्यसले नै तिमीलाई मुक्तिपदमा पुऱ्याउने छ।' अब युद्ध व्यर्थ छ जे हुन्छ, त्यो हुनेछ । यसरी विचार गरिररहेको सिन्धुका सामु भगवान्‌ले सानो रूप धारण गर्नुभयो । श्रीगणेशलाई बदलिएको अवस्थामा देखेर दैत्य चकित भयो ।।२६-२८।। भगवान् श्रीगणेश पनि मयूरबाट ओर्लिनुभयो । उहाँले शुद्ध जल स्पर्श गरी परम मन्त्रको जप गर्नुभयो । दिगन्तसम्म तेज फैलाउने आफ्नो परशुलाई अभिमन्त्रित गर्नुभयो । त्यसपछि अमृतले भरिएको सिन्धुको नाभिलाई लक्षित गरी क्रोधले राता आँखा गराउँदै उहाँले ब्रह्माण्ड फुटाउने गरी ज्वालामय परशु प्रहार गर्नुभयो।।२९-३१।। गगनलाई शब्दायमान तुल्याउँदै र प्रकाश-पुञ्जबाट सागर, वन, पर्वत एवं द्वीपसहित पृथिवीलाई प्रकाशमय बनाउँदै आइरहेको मृत्युसमान भयङ्कर श्रीगणेशको परशु देखेर दैत्यले अत्यन्त तीव्र गतिमा धनुबाट बाण झिकी प्रहार गर्न खोजिरहेकै बेला श्रीगणेशको परशुले सिन्धु दैत्यको अमृतले भरिएको नाभिलाई भेदन गऱ्यो । नाभि फुटी अमृतभेदन हुँदा अमृत छताछुल्ल भुइँमा फैलियो । त्यसपछि हावाले ढालेको रूख र वज्रले ढालेको पर्वतझैं त्यो दैत्य भुइँमा पछारियो । केही बेरपछि आफ्नो बाएको मुखबाट रगतको बान्ता गर्दै सिन्धु दैत्यले प्राणत्याग गरेपछि त्यसको शरीर भुइँमा ढल्यो।।३२-३५।। भगवान् मयूरेशका प्रतापले सारा संसारले हेर्दाहेर्दै सिन्धु दैत्यले दुर्लभ मुक्तिधाम पनि प्राप्त गऱ्यो । श्रीगणेश र सिन्धुको युद्ध हेर्न आएका देवताका विमानहरू भुंईंमा ओर्लिए र आकाशबाट पुष्पवृष्टि भयो । बादल गर्जन गर्न थाले, पृथिवीको धूलो शान्त भयो, मन्द एवं पवित्र पवन प्रवाहित हुन थाल्यो । दिशा निर्मल भए, गन्धर्व मधुरगान गर्न प्रवृत्त भए, अप्सराका समूह नाच्न थाले, मुनि एवं देवताले स्तुति गरे, हर्षित भएका षडानन आदि वीरहरूले समवेत स्वरमा मयूरेश भगवान्‌को जयकार गर्दै स्तुति गर्न लागे ।।३६-३९।।

सबैले भने - परब्रह्मस्वरूप, सच्चिदानन्दरूप, सदा आनन्दस्वरूप, देवताका स्वामी, परम ईश्वर, गुणका सागर, गुणदेखि अतीत र संसारका नियन्त्रक भगवान् मयूरेशलाई नमस्कार गर्दछौं ।।४०।। जगत्‌का वन्दनीय, एकस्वरूप,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगद्वन्द्यमेकं परोङ्कारमेकं
गुणानां परं कारणं निर्विकल्पम्।
जगत्पालकं हारकं तारकं तं
मयूरेशमाद्यं नताः स्मो नताः स्मः।।४१।।
महादेवसूनुं महादैत्यनाशं
महापूरुषं सर्वदा विघ्ननाशम्।
सदा भक्तपोषं परं ज्ञानकोशं
मयूरेशमाद्यं नताः स्मो नताः स्मः।।४२।।
अनादिं गुणादिं सुरादिं शिवाया
महातोषदं सर्वदा सर्ववन्द्यम्।
सुरार्यन्तकं भुक्तिमुक्तिप्रदं तं
मयूरेशमाद्यं नताः स्मो नताः स्मः।।४३।।
परं मायिनं मायिनामप्यगम्यं
मुनिध्येयमाकाशकल्पं जनेशम्।
असङ्ख्यावतारं निजाज्ञाननाशं
मयूरेशमाद्यं नताः स्मो नताः स्मः।।४४।।
अनेकक्रियाकारणं श्रुत्यगम्यं
त्रयीबोधितानेककर्मादिबीजम् ।
क्रियासिद्धिहेतुं सुरेन्द्रादिसेव्यं
मयूरेशमाद्यं नताः स्मो नताः स्मः ।।४५।।
महाकालरूपं निमेषादिरूपं
कलाकल्परूपं सदागम्यरूपम् ।
जनज्ञानहेतुं नृणां सिद्धिदं तं
मयूरेशमाद्यं नताः स्मो नताः स्मः ।।४६।।
महेशादिदेवैः सदा सेव्यपादं
सदा रक्षकं योगिनां चित्स्वरूपम् ।
सदाकामरूपं कृपाम्भोनिधिं तं
मयूरेशमाद्यं नताः स्मो नताः स्मः ।।४७।।
सदा भक्तानां त्वं प्रसभपरमानन्दसुखदो
यतस्त्वं लोकानां परमकरुणामाशु तनुषे ।
षडूर्मीणां वेगं सुरवर ! सदा नाशय विभो !
ततो मुक्तिः श्लाघ्या तव भजनतोऽनन्तसुखदात्।।४८।।

ॐकारस्वरूप, गुणभन्दा पर वर्तमान, परम कारण, निर्विकल्प स्वरूप, जगत्का पालक, जगत्का तारक, जगत्का हर्ता, आद्य ईश्वर मयूरेशलाई वारंवार प्रणाम गर्दछौं ।।४१।। महादेवका सुपुत्र, महादैत्यका नाशक, महापुरुष, विघ्ननाशक, भक्तका पालक, परमज्ञानका कोश भगवान् मयूरेशलाई नमस्कार गर्दछौं ।।४२।। अनादिस्वरूप, गुणभन्दा पर रहनुभएका, देवताहरूका प्रथम देवता, पार्वतीलाई आनन्दप्रदान गर्ने सत्पुत्र, सर्वदा सबैद्वारा वन्दनीय, राक्षसका संहारक र भुक्ति एवं मुक्तिका दाता मयूरेशलाई वारंवार नमस्कार गर्दछौं ।।४३।। परम मायावी, मायावीहरूद्वारा अगम्य, मुनिहरूद्वारा ध्यान गर्न योग्य, आकाशभन्दा पनि व्यापक, प्राणीमात्रका ईश्वर, असङ्ख्य अवतारधारी र भक्तहरूको अज्ञानका नाशक मयूरेशलाई वारंवार नमस्कार गर्दछौं ।।४४।। अनेक क्रियाहरूका कारण, वेदद्वारा पनि जान्न नसकिने स्वरूपबाट शोभायमान, वेदद्वारा बताइएका उत्तम कर्मका आदिकारण, क्रियासिद्धिका मूल कारण र इन्द्रादि देवताद्वारा वन्दनीय भगवान् मयूरेशलाई वारंवार नमस्कार गर्दछौं ।।४५।। महाकालस्वरूप, निमेष; काष्ठा; कला आदिका रूप, सदा भक्तद्वारा प्राप्त गर्न सकिने सुन्दर स्वरूपले सुहाउनुभएका, मानिसको ज्ञानका कारण, भक्त र साधकहरूलाई सिद्धि प्रदान गर्नुहुने भगवान् मयूरेशलाई वारंवार नमस्कार गर्दछौं ।।४६।। महादेव आदि देवताहरूद्वारा सेवित, योगीहरूका रक्षक, चैतन्यस्वरूप, इच्छानुसार रूपधारण गर्न समर्थ र कृपाका सागर भगवान् मयूरेशलाई वारंवार नमस्कार गर्दछौं ।।४७।। हे भगवन् श्रीगणेश ! हजुर भक्तहरूका लागि परम आनन्द र सुखका दाता हुनुहुन्छ। हजुरले आफ्ना भक्तहरूमाथि परम करुणाको विस्तार गर्नुहुन्छ। हजुरले हाम्रा काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यजस्ता नराम्रा भावनाहरूको नाश गर्नुहोस् । त्यसपछि मात्र हामीले हजुरको अनन्तसुखदायक भजन गरेर मुक्ति प्राप्त गर्न सक्नेछौं। हे गजानन ! हामीले हजुरको के स्तुति गरौं ? हजुर मन, वचन र कर्मभन्दा पर हुनुहुन्छ । हामीले हजुरसँग के प्रेम गरौं ? हजुर आफै प्रेमका सागर हुनुहुन्छ । हामीसँग हजुरका गुणहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किमस्माभिः स्तोत्रं गजवदन ! ते शक्यमतुलं
विधातुं वा रम्यं गुणनिधिरसि प्रेम जगताम् ।
न चास्माकं शक्तिस्तव गुणगणं वर्णितुमहो
त्वदीयोऽयं वारां निधिरिव जगत्सर्जनविधिः ।।४९।।

क उवाच

एवं स्तुत्वा पुनस्तेऽमुं प्रार्थयामासुरादरात् ।
यदुक्तं ते मयूरेश ! तत्कृतं परमं वचः ।।५०।।

सर्वेषां सुरसङ्घानामवध्योऽयं हतोऽसुरः ।
ततोऽगात् पार्वती तत्र जहृषे चालिलिङ्ग तम् ।।५१।।

शिवोऽपि प्रययौ तत्र समालिङ्ग्य तमब्रवीत् ।
सम्यक् कृतं त्वया वत्स ! त्रैलोक्यं हर्षनिर्भरम् ।।५२।।

सिन्धोर्वधः सर्वसुरैरसाध्यो न च ते श्रमः ।
पराक्रमवतः सर्वलोकरक्षारतस्य च ।।५३।।

चतुर्वेदाऽनिरूप्यस्य सर्वविद्यानिधेरपि ।
एवमुक्त्वा गतास्ते तु सर्वे स्वस्थानमादृताः ।।५४।।

मयूरेशं नमस्कृत्य ततो देवाब्रुवँश्च तम् ।
इदं यः पठते स्तोत्रं स कामाँल्लभतेऽखिलान् ।।५५।।

सहस्रावर्तनात् कारागृहस्थं मोचयेज्जनम् ।
अयुतावर्तनान्मर्त्योऽसाध्यं यत् साधयेत् क्षणात्।।५६।।

सर्वत्र जयमाप्नोति श्रियं परमदुर्लभाम् ।
पुत्रबान्धववाँश्चैव वशतामखिलं नयेत् ।।५७।।

क उवाच

एवमुक्त्वा ह्यनुज्ञाताः साध्वित्युक्त्वा ययुः सुराः ।
मयूरेशो गणैर्युक्तः स्वधाम प्रत्यपद्यत ।।५८।।

वर्णन गर्ने सामर्थ्य छैन । हजुरको संसारनिर्माण-पद्धति महासागरझैं अगम्य यद्वा दुस्तर रहेको छ ।।४८-४९।।

ब्रह्माजीले भन्नुभयो - यसरी षडानन आदि वीरहरूले भगवान् श्रीगणेशको स्तुति गरेपछि आदरपूर्वक प्रार्थना गरे - 'हे प्रभु ! हजुरले जुन आज्ञा दिनुभएको थियो त्यो आज्ञा पूरा गऱ्यौं । हजुरले पनि देवताहरूद्वारा अवध्य मानिएका असुरको वध गर्नुभयो ।' तिनीहरूको प्रार्थनापछि भगवती पार्वती श्रीगणेशका सामु आउनुभयो र हर्षपूर्वक आफ्ना प्यारा पुत्रलाई आलिङ्गन गर्नुभयो ।।५०-५१।। त्यस बेला शिवजी पनि त्यहाँ आउनुभयो र श्रीगणेशलाई आलिङ्गन गर्दै भन्नुभयो - 'हे पुत्र ! तिमीले तीनै लोकलाई हर्षको सागरमा डुबाउने उत्तम कर्म गऱ्यौ। सिन्धुको वध गर्ने काम देवताहरूद्वारा साध्य थिएन । तिमीले त्यसलाई सजिलैसँग मारिदियौ । किनकि तिमी पराक्रमका खानी छौ र सम्पूर्ण लोकका पालक पनि हौ । तिमी चारै वेदद्वारा बताइने तत्त्व हौ र सबै विद्याका निधि पनि हौ ।' यसरी आफ्ना उद्‌गार व्यक्त गरेर भगवान् शिवजी आफ्नो धामतर्फ जानुभयो र शिवगण पनि श्रीगणेशलाई नमस्कार गरी आ-आफ्ना धामतर्फ गए ।।५२-५४।। त्यसपछि देवताहरूले भने - 'जसले यो स्तोत्र पाठ गर्छ त्यसले सम्पूर्ण ईप्सित फल प्राप्त गर्दछ । यो स्तोत्रलाई एक हजारपटकसम्म पाठ गर्ने साधकले कारागारमा रहेको बन्दीलाई पनि छुटाउन सक्छ। दश हजारपटक आवृत्ति गर्ने मानिसले आफूले चिताएका सम्पूर्ण कामनाहरूको फल प्राप्त गर्दछ, सर्वत्र विजयलाभ गर्दछ, परम दुर्लभ लक्ष्मीलाई प्राप्त गर्दछ, पुत्रवान् एवं धनवान् बन्दछ र सबैलाई आफ्नो अधीनमा तुल्याउन समर्थ हुन्छ ।।५५-५७।।

ब्रह्माजीले भन्नुभयो - यसरी प्रार्थना र स्तोत्रको फल बताएपछि देवताहरू श्रीगणेशबाट आज्ञा प्राप्त गरी जय-जयकार गर्दै आ-आफ्ना धामतर्फ लागे । भगवान् श्रीगणेश पनि आफ्ना गणहरूका साथ श्रीगणेशधाममा जानुभयो ।।५८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे सिन्धुवधो नाम त्रयोविंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीमयूरेश्वरद्वारा दैत्यराज सिन्धुको वध र सर्वत्र जय जयकार' शीर्षकान्वित एक सय तेईसौं अध्याय पूर्ण भयो ।।१२३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्विंशत्युत्तरशततमोऽध्यायः { १२४ अध्याय }

क उवाच

पतिते सिन्धुदैत्ये तु हतशेषा रणे स्थिताः ।
आययुर्गण्डकीं यावत् तावत् ते चिन्तया युताः ।।१।।

उग्रा दुर्गा चक्रपाणिरतिष्ठन् विह्वला भृशम् ।
तावत् तेषां दुष्टचिह्नं बभूव विविधं तदा ।।२।।

उदक्शिराः प्रसुष्वाप कश्चित् तत्राशुभावहः ।
जानुनोर्मस्तकं न्यस्य तस्थौ तूष्णीं चलन्निव ।।३।।

हनौ पाणितलं न्यस्य तस्थौ काचिन्मुदं विना ।
एतस्मिन्नन्तरे दूता यमदूता इवाययुः ।।४।।

अतिम्लानमुखा दीना नाब्रुवन् मूकतां गताः ।
पृष्टास्ते प्राहुरपरे वृत्तान्तं रणभूगतम् ।।५।।

दूता ऊचुः

असङ्ख्यातान् महावीरान् हत्वा सिन्धुर्दिवं गतः ।
बालानस्मान् परित्यज्य तेन हीना रुदामहे ।।६।।

निरीक्ष्य देवान् निहतान् क्रुद्धोऽगाद् गिरिजासुतः ।
अस्त्रैरस्त्राणि संवार्य मुमोच परशुं शितम् ।।७।।

तेन सिन्धुर्मृतस्तत्र पतितो धरणीतले ।
मुमूर्च्छुस्तत्र सर्वेऽपि तदीया नागराश्च ह ।।८।।

श्रुत्वा वार्तां दूतमुखाद् रुरुदुः सर्व एव ते ।
विललापाथ दुर्गा सा जघान शिर उत्कटम् ।।९।।

मुक्तकेशा मुहुर्वक्त्रं निघ्नती गतभूषणा ।
उग्रा च जननी चास्य चक्रपाणिः पिता तदा ।।१०।।

पौराश्च रुरुदुस्तत्र निघ्नन्तः पाणिना मुखम् ।
अवनौ शिर आस्फाल्य लुलुण्ठुर्घोरनिस्वनाः ।।११।।

ब्रह्माजीले भन्नुभयो- सिन्धु दैत्यको मृत्युपछि युद्धभूमिबाट बाँचेर फर्केका चिन्तित योद्धाहरू गण्डकीपुरीमा आइपुग्दा उग्रा, दुर्गा र चक्रपाणि व्याकुल अवस्थामा थिए । ती सबैले अनेक नराम्रा लक्षण देखिरहेका थिए ।।१-२।। तिनीहरूको दृष्टिमा कुनै अमङ्गलजनक मानिस उत्तरतिर शिर गराई सुतिरहेको थियो । कुनै मानिस दुई घुँडाको बीचमा टाउको राखेर मौन भई चलायमान अवस्थामा थियो । कुनै आइमाई च्यूँडोमा हात राखी अप्रसन्न मुद्रामा बसेकी थिई । त्यस बेला यमदूतझैं लाग्ने दैत्यराजका दूतहरू त्यहाँ आइपुगे। ती दूतहरू मलिन, निस्तेज, कान्तिहीन र केही बोल्न नसक्ने लाटाजस्ता देखिएका थिए । अरूद्वारा सोधिएका ती दूतहरूले युद्धभूमिको वृत्तान्त बताए ।।३-५।।

दूतहरूले भने - देवतापक्षका असङ्ख्य महावीरहरूलाई रणभूमिमा मारेर दैत्यराज सिन्धु हामीजस्ता बालकहरूलाई असहाय अवस्थामा छाडी दिवङ्गत हुनुभएको छ । त्यसै पीरले हामी रोइरहेका छौं ।।६।। देवताहरूलाई मरेको देखेर रिसाएका श्रीगणेशले आफ्ना अस्त्रले सिन्धुराजका अस्त्र काटेपछि तीखो धार भएको बञ्चरो प्रहार गरे ।।७।। त्यसै बञ्चरोबाट आक्रमण गरिएका दैत्यराजले रणभूमिमा पछारिएर वीरगति प्राप्त गर्नुभयो। दूतका मुखबाट सिन्धुले वीरगति प्राप्त गरेको समाचार थाहा पाएर त्यहाँका सबै नागरिक र दरबारका बन्धु-बान्धवसमेत रुन थाले । रानी दुर्गा विलाप गर्न थालिन् र तिनले भुइँमा बेसरी आफ्नो टाउको ठोकिन् ।।८-९।। तिनका केश खुला थिए, शरीरका गहना र वस्त्र अस्त-व्यस्त भई खसेका थिए । तिनीले आफ्ना दुई हातले आफ्नै मुखमा प्रहार गरिरहेकी थिइन् । सिन्धुकी माता उग्रा, पिता चक्रपाणि र नगरवासीहरू पनि दुःखित भई आफ्ना हातले टाउका, गाला र छातीमा प्रहार गरी भुइँमा शिर ठोक्दै घोर क्रन्दनका साथ लडिबुडी गरिरहेका थिए ।।१०-११।। सिन्धुको मृत्युसमाचारले दुःखित भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कश्चिद् धूलिं निचिक्षेप मुखे शिरसि दुःखितः ।
हस्तपृष्ठं ददंशान्यस्ताभ्यां भूमिमथाहनत् ।।१२।।
अशपन् गिरिजापुत्रं स्त्रियो भङ्क्त्वा कराङ्गुलीः ।

उग्रोवाच

नानायत्नैस्तपसा सूर्यतुष्ट्या
नत्या स्तुत्या लङ्घनैः सर्वदानैः।
प्रातःकालान् मा हतस्त्वं कथञ्चि-
च्छूरो मानी केन नीतोऽसि रे त्वम्।।१३।।

त्रिलोकनायकेनाऽहं श्लाघ्या त्रैलोक्यमण्डले ।
शपिष्यन्ति च मां लोका हतभाग्याऽसि साम्प्रतम्।।१४।।

जितः कृतान्तः पूर्वं ते कथं तेन समागमः ।
प्राप्तस्त्वया कथं पुत्र ! न जितः पुरनेव सः ।।१५।।

सकामो गिरिजापुत्रस्त्वयि याते दिवं सुत ! ।
मामपृष्ट्वा कथं यातः स्वर्गलोकं सुखावहम् ।।१६।।

दुःखितायां मयि सुत ! कथं सन्तोषमेष्यसि ।
गर्जन्ति नैव जीमूतास्त्वयि गर्जति पुत्रक ।।१७।।

निःशब्दः स कथं पुत्र ! पतितस्त्वं रणाङ्गणे ।

दुर्गोवाच

देहैक्यं कृतवान् धाता दम्पत्योर्वेददर्शनात् ।।१८।।

प्राणैक्यं न कृतं कस्माद् ब्रह्मणा मूढबुद्धिना ।
नाहं शचीं च सावित्रीं सौभाग्यमदगर्विता ।।१९।।

गणयामि न चान्याश्च सा कथं विधवाऽभवम् ।
स्वहस्तेन च कस्तूरीं चन्दनञ्च यदा भवान् ।।२०।।

कुनै पुरवासी मानिसले आफ्नो मुखमा धूलो भरिरहेको थियो, कुनै अर्को पुरवासीले आफ्नै हातमा दाँतले टोक्दै र त्यो हातलाई भुइँमा ठोक्दै विलाप गरिरहेको देखियो ।।१२।। दैत्यपक्षका नारीहरूले आफ्ना हातका औंला भाँची-भाँची श्रीगणेशलाई सरापिरहेका थिए ।

माता उग्राले भनिन् - 'प्रतिदिन बिहानैदेखि नै अनेक यत्नपूर्वक तपस्या, सूर्याराधना, देववन्दना, देवस्तुति, उपवास र अनेक थरि दानजस्ता कर्महरूका कारण कसैद्वारा पनि आजसम्म आहत नभएका हे शूर एवं स्वाभिमानी मेरा छोरा सिन्धु ! तिमीलाई कसले कसरी माऱ्यो र कहाँ लिएर गयो ?'।।१३।। हे पुत्र ! तिमीजस्ता त्रिलोकका नायक पुत्रकी आमा भएका कारण स्वर्ग, मर्त्य र पातालमा मेरो प्रशंसा हुन्थ्यो। अब ती लोकका बासिन्दाहरूले मलाई भाग्य नभएकी आमा भनेर निन्दा गर्नेछन् ।।१४।। हे पुत्र ! तिमीले पहिले नै युद्धमा यमराजलाई परास्त गरेका थियौ, अहिले ती यमसँग कसरी भेट भयो ? किन हाऱ्यौ ? त्यसलाई फेरि किन जित्न सकेनौ ?।।१५।। हे पुत्र ! तिमी दिवङ्गत भएपछि पार्वतीको छोरा श्रीगणेशको कामना पूरा भएको छ । हे पुत्र ! तिमी मसँग कुनै सोधपुछ नगरी किन एक्लै सुखदायक स्वर्गमा गयौ ?।१६।। म यहाँ तिम्रो विरहले दुःखी भएर रहँदा तिमी स्वर्गको सुख पाएर पनि कसरी सन्तुष्ट हुन सक्छौ ? हे छोरा ! तिमी गर्जदा बादलहरूको गर्जन बन्द हुन्थ्यो ।।१७।। हे पुत्र ! आज तिमी निःशब्द भएर रणाङ्गणमा किन सुतिरहेका छौ ?'

दुर्गाले भनिन् - विधाताले वेदको अध्ययन गरी हामी दम्पतीको शरीरको एकता अथवा सम्बन्ध गराए ।।१८।। तर मूढ बुद्धि भएका विधाताले हामी दुबैका प्राणहरूलाई एउटै किन बनाएनन् ? प्राणमा एकता गरिएको भए आज हामी दम्पती सँगै स्वर्ग जाने थियौं । सौभाग्यको स्वाभिमानले दिप्त भएर रहेकी मैले कहिले पनि इन्द्राणी, सावित्री र अरू पतिव्रता नारीहरूलाई पनि आफूसमान भाग्यवती ठानिनँ । तर आज मलाई विधवा हुनुपऱ्यो । हे स्वामी ! हामी दुई दम्पतीको प्रीतिपूर्ण सहवासकालमा हजुरले आफ्ना हातले मेरा अङ्गहरूमा कस्तूरी र चन्दनको लेप घसिदिनुहुन्थ्यो र मेरा कामसन्तप्त अङ्गहरू शीतल भएर आउँथे । हे पतिदेव !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चर्चेति स्म तदाङ्गानि शीतलानि ममाऽभवन् ।
इदानीं दह्यमानानि शोकेन तानि निर्वप ।।२१।।

न भक्षयसि पूर्वं त्वं मद्विना विषमण्वपि ।
स कथं मां विना स्वर्गसुखं भोक्ष्यसि तादृशम् ।।२२।।

अपराधं विना भृत्ये नोदासीना भवन्ति हि ।
साधवः समशीलाश्च तत् कथं मामुपेक्षसे ।।२३।।

उपाधिरहितं प्रेम कृतं नानाविधं पुरा ।
अनिर्वाच्यं कथं त्यक्त्वा तद् गतोऽसि सुरान्तक।।२४।।

क उवाच

तपोवृद्धा ज्ञानवृद्धाः प्राब्रुवन् निष्ठुरं वचः ।
न रोदनं प्रशंसन्ति धर्मशास्त्रविदो जनाः ।।२५।।

यदश्रु सुहृदामास्ये प्रेतस्य तत्पतेद् ध्रुवम् ।
तस्मात् तस्य हितं यत् स्यात् तत् कर्तव्यं दयावता।।२६।।

विचार्यमाणे तस्यापि मोक्षोऽदायि कृपावता ।
निर्गुणेन चिदानन्दघनेन ब्रह्मरूपिणा ।।२७।।

दयापरवशाज्जन्म बिभ्रता लोकशङ्कृता ।
मयूरेशेन सङ्ग्रामे निघ्नता सम्मुखञ्च तम् ।।२८।।

आत्मनो नैव मरणं नोत्पत्तिः क्वापि विद्यते ।
अनादित्वान्निर्गुणत्वान्नित्यत्वाद् वेदनिश्चयात् ।।२९।।

स्वार्थं हि रोदते जन्तुर्हितं प्रेतस्य नेहते ।
असङ्ख्यभारवाड् देवी न भारं सहते धरा ।।३०।।

प्रेतस्य शेषः कमठो वराहोऽसौ धराधरः ।
इत्युक्त्वा ते तदा शोकं विजहुर्बुधवाक्यतः ।।३१।।

उग्रा च चक्रपाणिश्च दुर्गा च सखीभिः सह ।
नागराश्चापि शोचन्तो ययुः सङ्ग्राममण्डलम् ।।३२।।

ददृशुः सेवकैः सिन्धुं वीज्यमानं रणाङ्गणे ।
पतितं वक्त्रकमलं व्यादाय सितलोचनम् ।।३३।।

अहिले मेरा ती अङ्ग फेरि सन्तप्त भएका छन् । हजुर आउनुहोस् र त्यसैगरी कस्तूरी र चन्दनको लेप घसेर मेरो सन्तापलाई शान्त तुल्याउनुहोस् ।।१९-२१।। हे पतिदेव ! पहिले तपाइँले म नभएसम्म एक थोपा पानी पनि एक्लै खानुहुँदैनथ्यो । अहिले म नहुँदा ती स्वर्गका सुख कसरी भोगिरहनुभएको छ ?।।२२।। समान शील र आचार भएका सज्जनहरू आफ्ना सेवकहरूमा विना अपराध उदासीन हुँदैनन्, तर हजुरले किन मेरो उपेक्षा गर्नुभयो ? हे मेरा स्वामी ! हजुरले मसँग कुनै स्वार्थको गन्ध नभएको अनिर्वचनीय प्रेम गरेर आज मलाई किन एक्लै छाडेर जानुभयो ?।।२३-२४।।

ब्रह्माजीले भन्नुभयो – त्यस बेला त्यहाँ भेला भएका तपोवृद्ध र ज्ञानवृद्ध पुरुषहरूले यथार्थ कुरा गर्दै भने – 'धर्मशास्त्र जानेका मानिसले रुने कामलाई राम्रो मान्दैनन् । मृत मानिसका आफन्तहरूले आँसु बगाउँदा त्यो आँसु निश्चित रूपमा मृतकका मुखमा पर्दछ । त्यस कारण तिनीहरूको हितका लागि आफन्तहरूले दयावान् भएर संयमी बन्नुपर्दछ ।।२५-२६।। राम्ररी विचार गर्ने हो भने निर्गुण, चिदानन्दघन, ब्रह्मस्वरूप, कृपालु र भक्तहरूमाथि दया जागेर अवतार धारण गर्नुहुने, लोकशङ्कर र हाम्रा राजा सिन्धुलाई सङ्ग्राममा वीरगति दिलाउनुहुने भगवान् श्रीगणेशले मोक्ष प्रदान गर्नुभएको छ। त्यस कारण चिन्ता गर्ने आवश्यकता छैन । आत्मतत्त्व कहिले उत्पन्न हुँदैन र मर्दैन पनि । वेदको भनाइअनुसार त्यो आत्मतत्त्व अनादि, निर्गुण र नित्य छ । असङ्ख्य प्राणीहरूको भार वहन गर्ने पृथिवीले प्रेतहरूको भार सहन गर्दिनन् । तर कछुवा, शेषनाग र वराहले ती पृथिवीलाई पनि धारण गर्दछन् ।' यसरी सम्झाएर वृद्धहरू चुप लागे । आफन्तहरूले पनि तिनका कुरा सुनेर शोक परित्याग गरे । त्यसपछि चक्रपाणि, उग्रा र सँगिनीहरूका साथ रहेकी दुर्गा र नगरवासीहरू पनि सिन्धुको शव हेर्न संग्रामभूमितर्फ गए।।२७-३२।। ती सबैले मुख खुला गराई सेता आँखा पल्टाएर भुइँमा लडेको, सैनिकहरूद्वारा चामर हम्केर सेवा गरिएको, मुखबाट दुर्गन्धमय रगत बगाइरहेको र गिद्ध एवं स्यालजस्ता प्राणीहरूले घेरिएको सिन्धुको शव देखे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असृक्स्त्रवन्तं दुर्गन्धं पक्षिश्वापदसङ्कुलम् ।
उपविष्टास्तु परितः शोचन्तो भृशदुःखिताः ।।३४।।

अङ्के कृत्वा शिरस्तस्य दुर्गाऽशोचत् खरस्वना ।
पादसंवाहनं नाथ ! हस्ताभ्यां पूर्वमाचरम् ।।३५।।

जनमध्ये न तच्छक्यमुत्तिष्ठ प्राणनायक ! ।
शत्रौ जीवति निद्रां त्वं कथं वीराधिगच्छसि ।।३६।।

तन्मुखे स्थापयित्वास्यं हाहाकारञ्च साऽकरोत् ।
न्यषेधन् बुधविज्ञास्तां तत उग्राऽब्रवीद् वचः ।।३७।।

चक्रपाणिः पिता चास्य क्षालयन्तौ शुशुचतुः ।
उत्तिष्ठ वत्स ! किं शेषे शेषे रिपुगणे सति ।।३८।।

वज्रिवज्राहत इव पतितो धरणीतले ।
इदानीं बाल ! युद्धे त्वं कथं निपतितो भुवि ।।३९।।

जितः कृतान्तो भ्रूक्षेपात् तद्वशं कथमागतः ।
किञ्चिद् वाक्यं वद विभो ! हृदयानन्दकारकम् ।।४०।।

यस्य शब्देन त्रैलोक्यं कम्पते स्म पुराऽनघ !।
कथं स्ववचनं नाद्य वदसे मन्दविक्रम ।।४१।।

नावाभ्यामपराद्धं ते येन मौनं त्वमाश्रितः ।
न भाषसे रोषवशात् सेनाशेषसमन्वितः ।।४२।।

कथं विह्वलतां यातः कामं यो जितवान् रुचा ।
ततो विज्ञाश्च वृद्धाश्च नानादृष्टान्तदर्शनैः ।।४३।।

समादध्युः प्ररुदतो मृतानुमरणं न हि ।
रामो दाशरथिः किं नु लोकान्तरगतो न हि ।।४४।।

विक्रमेण रिपुं जित्वा गतः किं न रघूत्तमः ।
अन्येऽपि शतशो भूपास्त्वत्कृते मरणं गताः ।
कीर्तिं नानाविधां कृत्वा स्वर्गस्थाः सुखमश्नुते ।।४५।।

क उवाच

ततस्ते सँस्कृतिं चक्रुर्बिल्वचन्दनदारुभिः ।
दुर्गा सहैव संयाता पातिव्रत्यगुणान्विता ।।४६।।

त्यसपछि ती सबै आफन्त वरिपरि बसेर चिन्ता गर्न लागे । आफ्ना पतिको लाश काखमा राखेर क्रन्दन गरिरहेकी दुर्गाले विलाप गर्दै भनिन् - 'हे नाथ ! मैले आफ्ना हातहरूले हजुरका पाउ दबाएकी थिएँ । अहिले पनि म हजुरका पाउ दबाउन चाहन्छु । तर यतिका मानिसहरूको बीचमा मलाई लाज लाग्छ। कृपया उठ्नुहोस् । हे वीर ! हजुरका शत्रु जीवित छन्। हजुर किन निदाउनुभएको छ ?'।।३३-३६।। यसरी विलाप गर्दै महारानी दुर्गाले सिन्धुको मुखमा आफ्नो मुख जोडेर हाहाकार गरिन् । वृद्ध र विज्ञहरूले त्यसो नगर्न सम्झाए । उग्रा र चक्रपाणिले आफ्ना आँसुले सिन्धुको मुख पखाल्दै शोकमुद्रामा भने - 'हे बाबु ! उठ । शत्रु बाँकी छन्, तिमी सुत्नु हुँदैन । इन्द्रको वज्रबाट आहत पर्वतझैं किन लडिरहेका छौ ? अहिले तिमी एउटा बालकसँग किन हार्‍यौ ? तिमीले त कुनै दिन आँखीभौं घुमाएरमात्र यमराजलाई जितेका थियौ ? आज यमका वशमा कसरी पर्‍यौ ? हे पराक्रमी पुत्र ! केही त मनलाई आनन्द दिने वचन बोल । हे निष्पाप पुत्र! पहिले तिम्रो शब्दबाट त्रिलोकी नै काँप्दथ्यो, आज त्यस्तो शब्द किन बोल्दैनौ ?।।३७-४१।। हे बाबु ! हामी वृद्ध बाबु-आमाले केही अपराध नगर्दा पनि तिमी हामीसँग नबोली किन मौन भएका छौ ? तिम्रो सेना अझै बाँकी छ। हे बाबु ! तिमीले आफ्नो सौन्दर्यबाट कामदेवलाई पनि जितेका थियौ। आज युद्धमा किन विह्वल भयौ र शत्रुलाई परास्त गर्न सकेनौ?' यसरी आमा-बाबुले विलाप गरिरहँदा विज्ञ र वृद्धजनहरूले अनेक दृष्टान्त देखाएर चक्रपाणि र उग्रालाई भने - 'जति रोए पनि मरेका प्राणीको पछि लागेर बाँचेका मानिसले आफ्नो दुर्दशा गराउनु हुँदैन । दशरथका छोरा प्रतापी श्रीराम के पराक्रमबाट शत्रुलाई जितेपछि लोकान्तरमा पुग्नुभएन ? अरू हजारौं राजाहरू पनि तपाइँहरूका लागि युद्धमा लड्ने क्रममा वीरता देखाएर वीरगति प्राप्त गरी यशस्वी भएका छन् । ती आज स्वर्गमा सुखभोग गर्दैछन्।।४२-४५।।

ब्रह्माजीले भन्नुभयो - त्यसपछि ती सबै आफन्तहरूले बेल र चन्दनका काठ जम्मा गरी दैत्यराज सिन्धुको अन्तिम संस्कार सम्पन्न गरे । पतिव्रताहरूमा शिरोमणि महारानी दुर्गा सती गइन् । दाहसंस्कारपछि पुरवासीहरूसहित सिन्धुका पिता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो ययौ मयूरेशं चक्रपाणिः सनागरः ।
नमस्कृत्य प्रतुष्टाव बद्धाञ्जलिपुटः शनैः ।।४७।।

राजोवाच

निर्गुणस्त्वं परात्मासि चराचरगतिर्विभो !।
त्रयीगम्यो गुणाध्यक्षो विरजा विश्वनायकः ।।४८।।

तवैव मायया देवा मोहितास्त्वां न ते विदुः ।
अहं धन्यो नागरिका धन्यास्त्वद्दर्शनाद् विभो ।।४९।।

क उवाच

एवं तेन स्तुतो देवः करुणाब्धिर्मयूरराट् ।
उवाच परमप्रीतः सर्वशास्त्रार्थतत्त्ववित् ।।५०।।

देव उवाच

वरं वरय मत्तस्त्वं चक्रपाणे ! हतार्भक ! ।

राजोवाच

यदि तुष्टोऽसि देवेश यदि देयो वरो मम ।।५१।।

तदा गृहानुपागच्छ पुनीहि नगरीमिमाम् ।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं बर्हिणं स समारुहत् ।।५२।।

ययौ स नगरं पश्चात् त्र्यम्बको गिरिजायुतः ।
अग्रतस्ते गणाः सर्वे मुनयो हर्षनिर्भराः ।।५३।।

वाद्यत्सु सर्ववाद्येषु ययुस्ते गण्डकीं पुरीम् ।
नानाध्वजपताकाभिर्युतां संसिक्तपद्धतिम् ।।५४।।

चक्रपाणिले भगवान् श्रीगणेशका सामु गई हात जोडेर प्रणाम गरी प्रार्थना गर्दै भने – 'हे भगवन् ! हजुर निर्गुण परमात्मा हुनुहुन्छ, चर एवं अचरका अन्तिम गन्तव्य हुनुहुन्छ, वेदद्वारा मात्र हजुरको अनुमान गर्न सकिन्छ, हजुर तीन गुणका स्वामी हुनुहुन्छ, पापमुक्त र गुणमुक्त पनि हुनुहुन्छ। हे प्रभु ! हजुर विश्वका नायक हुनुहुन्छ। हजुरको मायाबाट मोहित भएका देवताहरूले हजुरलाई राम्ररी जान्न सक्दैनन्। हे अन्तर्यामी ! आज म र मेरा प्रजाहरू हजुरको दर्शन पाएर धन्य भएका छौं ।।४६–४९।।

ब्रह्माजीले भन्नुभयो – चक्रपाणिद्वारा प्रार्थना गरिनुभएका भगवान् करुणासागर मयूरेशले प्रसन्न भई भन्नुभयो।

श्रीगणेशले भन्नुभयो – हे चक्रपाणि ! म तिमीसँग प्रसन्न छु, वर माग ।

चक्रपाणिले भने – 'हे देवताका अधिपति ! हजुर मसँग सन्तुष्ट हुनुहुन्छ र मलाई वर दिन चाहनुहुन्छ भने मेरो घरमा पाल्नुहोस् र मेरो नगरलाई पवित्र बनाइदिनुहोस् ।'

ब्रह्माजीले भन्नुभयो – चक्रपाणिको प्रार्थना सुनेर भगवान् श्रीगणेश मयूरमा सवार भई तिनको राजधानी गण्डकीपुरीमा जानुभयो । उहाँका पछिपछि भगवती पार्वती र भगवान् शङ्कर पनि जानुभएको थियो । श्रीगणेशका अगाडि उहाँका गणहरू प्रसन्न मुद्रामा प्रस्थान गरेका थिए ।।५०–५३।। वाद्यघोषका साथ भगवान् श्रीगणेशलगायत सबै देवताहरू अनेक ध्वजा–पताकाले सिँगारिएको सफा, सुन्दर र जलद्वारा पखालिएको राजमार्ग र उपमार्गद्वारा सजिएको गण्डकी नगरीमा पुग्नुभयो ।।५४–५५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे सिन्धुनिरुद्धदेवगणमोचनं नाम चतुर्विंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशको गण्डकीनगरमा प्रवेश र बन्दी दवगणहरूको कारामोचन' शीर्षकान्वित एक सय चौबीसौं अध्याय पूर्ण भयो ।।१२४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चविंशत्युत्तरशततमोऽध्यायः { १२५ अध्याय }

क उवाच

सभां संवारयामास चक्रपाणिः परो गतः ।
पराध्यास्तरणैर्वस्त्रैः पताकाध्वजचामरैः ।।१।।

नानारत्नेषु दीप्तेषु भूमिस्तम्भगतेषु च ।
अनन्तो दृश्यते यत्र सङ्क्रान्तप्रतिमो नरः ।।२।।

ददर्श नगरीं देवो नानाध्वजविराजिताम् ।
प्रासादशिखरारूढाः पश्यन्ति स्माऽसुरस्त्रियः ।।३।।

ततो मुक्ताः सुरास्ते तं सम्मुखं चक्रपाणिना ।
आययुर्माधवः शक्रोऽनल ऐलबिलोऽपि च ।।४।।

मरुद् रविः शची चान्ये वाद्यघोषेण सत्वरम् ।
स्वस्ववाहात् समुत्तीर्य प्रणेमुः सर्व एव तम् ।।५।।

आलिलिङ्गुर्मयूरेशं देवाः पौराश्च सादरम् ।
माधवश्च मयूरेशं दृष्ट्वा हर्षसमन्वितः ।।६।।

प्रशशंसुः सिन्धुवधात् सर्वे हर्यादयः सुराः ।

देवा ऊचुः

आक्रान्तं विष्टपं येन स हतः क्षणमात्रतः ।।७।।

दत्तानि स्वपदान्याशु नेदृग्दृष्टो न वा श्रुतः ।
अत्र ये वैष्णवाः शैवाः शाक्ताः सौराश्च तेऽप्यमुम्।।८।।

तत्तद्रूपं निरीक्ष्यैव पुपूजुः परया मुदा ।
मयूरेश जयस्वेति श्रुत्वा वाचः सुविस्मिताः ।।९।।

बालकाश्च सुसम्पन्ना मुग्धाः प्रौढाश्च योषितः ।
पुपूजुर्मनसा देवं वृद्धाश्च तरुणास्तदा ।।१०।।

चक्रपाणिगृहे देवो मध्ये सिंहासने शुभे ।।११।।

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशबाट गण्डकी पुरी आउने वचन पाएपछि खुसी भएका चक्रपाणि भगवान् जानुभन्दा पहिले त्यहाँ पुगिसकेका थिए । त्यहाँ तिनले आफ्नो राजसभालाई बहुमूल्य वस्त्र, ध्वजा-पताका, चामर आदिद्वारा सजाए । राजसभाका भुइँ र स्तम्भहरूमा जडित रत्नहरूमा प्रतिबिम्बित एउटा मानिस अनन्तरूपको देखिन्थ्यो । भगवान् श्रीगणेश त्यहाँ पुग्नुभयो र ध्वजा-पताकाले सुन्दर नगरीलाई नजर गर्नुभयो । राजभवनको शिखरमा सवार दैत्यसुन्दरीहरूले भगवान् श्रीगणेशको यात्रा नजर गरिरहेका थिए ।।१-३।। श्रीगणेशको प्रेरणाले चक्रपाणिद्वारा कारागारमा थुनिएका देवताहरू मुक्त भए। भगवान् नारायण, इन्द्र, कुबेर, वायु, सूर्य, चन्द्र र अरू पनि वाद्यघोषका साथ भगवान्का सामु आइपुगे । ती सबैले आफ्ना वाहनबाट ओर्लेर भगवान्लाई प्रणाम गरे ।।४-५।। देवता र पुरवासीहरूले श्रीगणेशलाई आदरपूर्वक अङ्कमाल गरे । भगवान् विष्णु मयूरेश श्रीगणेशलाई देखेर प्रसन्न हुनुभयो ।।६।। त्यसपछि नारायणादि देवताहरूले सिन्धुको वध गर्नुभएका कारण खुसी भई श्रीगणेशको प्रशंसा गरे ।

देवताहरूले भने - 'जसले एकछिनमा स्वर्गमा आक्रमण गऱ्यो त्यस सिन्धुलाई श्रीगणेशले तत्काल मारिदिनुभयो। त्यसले थुनेका देवताहरूलाई पनि आ-आफ्ना पदमा स्थापित गर्नुभयो। यस्तो घटना देखिएको र सुनिएको पनि थिएन। त्यहाँ रहेका शैव, वैष्णव, सौर र शाक्त सम्प्रदायका उपासकहरूले पनि भगवान् श्रीगणेशको स्वरूपमा आ-आफ्ना आराध्य भगवान् अथवा भगवतीको रूप दर्शन गरी आनन्दका साथ पूजा गरे। भगवान् श्रीगणेशको जय होस् ! यस प्रकारको जय-जयकार वाणी सुनेर त्यहाँका बाल-बालिका चकित भए भने प्रौढ नारीहरू मुग्ध भए। वृद्ध र तरुणहरूले पनि भगवान् श्रीगणेशको दर्शन पाएर पूजा-अर्चना गरे ।।७-१०।। श्रीगणेश चक्रपाणिको राजसभाको मध्यभागमा रहेको मङ्गलमय सिंहासनमा विराजमान हुनुभयो। उहाँका वरिपरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपविष्टो मयूरेशो विबुधाश्च समन्ततः ।
मुनयश्च गणाः सर्वे सप्तकोटिमिता मुने ।।१२।।

नुनुवुर्बन्दिनः सर्वे धन्या देवा नृपास्तथा ।
ननृतुश्चाप्सरःसङ्घा जगुस्ते नारदादयः ।।१३।।

चक्रपाणिस्ततः सर्वान् सम्पूज्य विधिवत् तदा ।
उवाच च सभामध्ये धन्यं मे जन्म कर्म च ।।१४।।

इन्द्रादयो लोकपालाः समितौ यस्य मेऽधुना ।
शतजन्मार्जितैः पुण्यैर्मयूरेशो निरीक्षितः ।।१५।।

क उवाच

इन्द्रो दृष्ट्वा मयूरेशं प्रथमं पूजितं रुषा ।
अब्रवीत् सहसा भ्रान्तो मायया जगदीशितुः ।।१६।।

शक्र उवाच

चतुर्मुखोऽपि लक्ष्मीशो जगदुत्पत्तिकारकः ।
मूढोऽसि चक्रपाणे ! त्वमर्भकस्य प्रपूजनात् ।।१७।।

अस्मान् धिक्कृत्य यन्मोहात् पूजितो बालकस्त्वया ।
जनकं सर्वलोकानां त्यज्य संहारकारकम् ।।१८।।

त्रैलोक्यजननीमम्बां सृष्टिस्थित्यन्तकारिणीम् ।
रविं त्रैलोक्यनेतारं त्रयीकर्मप्रवर्तकम् ।।१९।।

हित्वा सम्पूजितो बालो नेदं सम्यक् कृतं त्वया ।।२०।।

क उवाच

एवं वदति देवेन्द्रे चक्रपाणिस्तदाऽब्रवीत् ।
रुद्रात् सूर्यात् कुबेराच्च शक्राच्च मरुतोऽनलात् ।।२१।।

दृष्टः पराक्रमोऽतीव सिन्धुदैत्यविनाशनात् ।
मोक्षात् सर्वसुराणाञ्च कारागाराद् गुणेश्वर ।।२२।।

योऽवतीर्णो भुवो भारं हर्तुं शिवनिवेशने ।
परमात्माऽनन्तशक्तिर्नानादैत्यविभञ्जनः ।।२३।।

क उवाच

एवं वदति तस्मिँस्तु श्रुतः शब्दः सुरैर्महान् ।
मूर्च्छिताः पतिताः केचिद् ब्रह्माण्डस्फोटशङ्कया ।।२४।।

विद्वान्, ऋषि र देवताहरूका साथै सात करोड शिवगण पनि विराजमान थिए। दर्शन पाएर धन्य भएका कारामुक्त देवगण र राजगणले पनि भगवान्को स्तुति गरे । अप्सराहरू नाचे र नारद आदि ऋषिहरू मङ्गलगानमा प्रवृत्त भए।।११-१३।। राजा चक्रपाणिले सबैको विधिवत् पूजा गरेपछि सभाको बीचमा गएर भने- आज मेरा जन्म र कर्म धन्य भएका छन्। मेरो सभामा इन्द्र आदि लोकपाल विराजमान हुनुहुन्छ र सय जन्मका पुण्यले मैले भगवान् श्रीगणेशको दर्शन पाएको छु ।।१४-१५।।

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशको मायाबाट मोहित इन्द्र श्रीगणेशको प्रथमपूजा भएको देखेर रिसाए ।

इन्द्रले भने - ब्रह्मा, नारायण र शङ्कर संसारका स्रष्टा, पालक र संहारक हुनुहुन्छ। हे चक्रपाणि ! ब्रह्मा आदि देवता र हामीजस्ता देवताहरूका राजा हुँदाहुँदै हाम्रो तिरस्कार गरी बालक श्रीगणेशको पूजा गरेर तिमीले मूर्खता देखाएका छौ। संसारका पिता ब्रह्मा, पालक विष्णु, संहारकर्ता शिव, सृष्टि-स्थिति र संहारकी स्वामिनी जगदम्बा पार्वती, त्रिलोकीका नायक र वैदिक कर्मका प्रवर्तक सूर्यलाई समेत छोडेर तिमीले बालकको पूजा गर्‍यौ। तिमीबाट यो साह्रै अनुचित कार्य भएको छ।।१६-२०।।

ब्रह्माजीले भन्नुभयो - इन्द्रले रिसाएर श्रीगणेशको प्रथमपूजाको विरोध गरेपछि चक्रपाणिले भने - मैले शिव, सूर्य, कुबेर, इन्द्र, वायु, अग्नि आदि देवताको पराक्रमभन्दा विशिष्ट पराक्रम भगवान् श्रीगणेशमा देखेको छु । किनकि ती-ती देवताले मार्न नसकेको सिन्धु दैत्यलाई भगवान् श्रीगणेशले मारिदिनुभएको छ । उहाँले सबै कारागारमा थुनिएका देवतालाई मुक्त गराउनुभएको छ । उहाँ पृथिवीको भार हरण गर्न शिवजीको पवित्र घरमा अवतरित हुनुभएको छ । उहाँ अनन्त शक्तिसम्पन्न र अनेक दैत्यका संहारक परमात्मा हुनुहुन्छ ।।२१-२३।।

ब्रह्माजीले भन्नुभयो - चक्रपाणिले यसरी आफ्ना भाव व्यक्त गरेपछि त्यहाँ रहेका सबै देवता, राजा चक्रपाणि, सभासद् तथा भेला भएका नर-नारीहरूले भगवान् श्रीगणेशको गर्जन सुने । ब्रह्माण्ड नै फुटाउन सक्ने त्यो गर्जन सुनेर केही मूर्च्छा परे र केही भुइँमा पछारिए। पृथिवी काँप्न थालिन् । कहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चकम्पे धरणी सर्वा न प्राज्ञायत किञ्चन ।
कोटिसूर्यप्रकाशेन सहसाच्छादितं जगत् ।।२५।।

ततस्तैस्त्रिदशैस्तत्र दृष्टो देवोऽतिसुन्दरः ।
नानालङ्कारसंयुक्तो दशबाहुर्गजाननः ।।२६।।

एवं दृष्ट्वा स्वरूपं ते विस्मितास्त्रिदशास्तदा ।
पुनस्तमेव ददृशुः पञ्चरूपिणमीश्वरम् ।।२७।।

पद्मासनगतं मध्ये वक्रतुण्डं शिवं पुनः ।
आग्नेय्यां नैर्ऋते सूर्यं पार्वतीं मारुतेऽपि च ।।२८।।

नारायणं तथैशान्ये ततो भ्रममिताः सुराः ।
ततस्ते शुश्रुवुर्व्योमवाणीं भ्रमनिवारिकाम् ।।२९।।

आराध्योऽयं सर्वजनैरेको जातः स पञ्चधा ।
अनादिनिधनो देवो जगद्व्यापी गजाननः ।।३०।।

अयमेव सदा पूज्यः सर्वविघ्नविनाशनः ।
देवैर्मनुष्यैर्यक्षैश्च नागै रक्षोभिरेव च ।।३१।।

एतस्मिन् पूजिते पञ्चपूजनञ्च भविष्यति ।
न बुद्धिभेदं तनुयादेतस्मिन् नरकाय सा ।।३२।।

क उवाच

श्रुत्वैवं ते मयूरेशं शुण्डादण्डविराजितम् ।
ददृशुर्वज्रिमुख्यास्त आद्यमोङ्काररूपिणम् ।।३३।।

ततः प्रबुद्धास्ते देवास्त्यक्त्वा भ्रान्तिं स्मयञ्च तम् ।
पुपूजुर्जयशब्दैस्तं सर्वान्तर्यामिणं विभुम् ।।३४।।

ततः पुपूजे हर्षेण चक्रपाणिर्गुणेश्वरम् ।
पञ्चामृतैः शुद्धजलैर्दिव्यवस्त्रैश्च भूषणैः ।।३५।।

पुष्पैर्धूपैश्च दीपैश्च नैवेद्यैर्विविधैरपि ।
फलताम्बूलनिचयैर्दक्षिणाभिरनेकशः ।।३६।।

नीराजनैर्मन्त्रपुष्पैर्नतिभिः स्तुतिभिस्तदा ।
तथैव पूजयामास भक्त्या सर्वसुरानपि ।।३७।।

के भइरहेको छ भन्ने कुरा कसैले पनि थाहा पाएन । करोडौं सूर्यको प्रकाश संसारमा फैलियो । त्यहाँ रहेका देवताहरूले विशिष्ट अलङ्कारद्वारा अलङ्कृत, दशबाहु, अतिसुन्दर र हात्तीको जस्तो मुखमण्डलद्वारा देदीप्यमान विशिष्ट देवताको दर्शन गरे। दिव्यदर्शन पुरुषलाई देखेर देवता चकित भए । केही बेरपछि ती दिव्यदर्शन ज्योतिर्मय देवताले आफूलाई पञ्चायतन देवताका रूपमा देखाए अर्थात् माझमा श्रीगणेशको रूप, आग्नेयमा शङ्करको रूप, नैऋत्यमा सूर्यको रूप, वायव्यमा पार्वतीको रूप र ऐशान्यमा विष्णुको रूप गरी पाँच रूपमा ती देवता परिणत भए। यसरी एउटै स्वरूपलाई पाँच रूपमा परिणत भएको देखेर देवताहरू भ्रममा परे । त्यसपछि ती देवताले भ्रमनिवारण गर्ने आकाशवाणी सुने ।।२४-२९।। आकाशवाणीको भनाइ थियो - हे देवतागण ! दिव्य स्वरूपका देवता सबैद्वारा आराधनीय छन्। एउटै देवता पाँच रूपमा परिणत भएका छन् । पहिले एकरूपमा प्रकट भई फेरि पाँच रूपमा प्रकट हुने देवता अरू कुनै होइन अपितु अनादि, अनन्त, व्यापकरूप भगवान् गजानन नै हुनुहुन्छ। सबै प्रकारका विघ्नहरूको नाश गर्ने श्रीगजानन देवता मानव, यक्ष, नाग र राक्षसद्वारा पूजनीय हुनुहुन्छ । उहाँको पूजा गरेमा पाँचै देवताको पूजा हुनेछ । श्रीगणेशमा भेदबुद्धि गर्नुहुँदैन। जसले उहाँलाई भेददृष्टिले हेर्दछ त्यो नरकमा जान्छ ।।३०-३२।।

ब्रह्माजीले भन्नुभयो - 'यो आकाशवाणी सुनेपछि इन्द्र आदि देवताले सुन्दर, सूँढद्वारा सुहाउनुभएका, आद्यस्वरूप, ॐकाररूप भगवान् श्रीगणेशको अकस्मात् दर्शन प्राप्त गरे।।३३।। श्रीगणेशको दिव्य दर्शनपछि चैतन्य पाएका देवताले भ्रान्ति र विस्मय हटाई जय जयकार गर्दै अन्तर्यामी श्रीगणेशप्रभुको पूजा गरे।।३४।। त्यसपछि हर्षपूर्वक राजा चक्रपाणिले पञ्चामृत, शुद्ध जल, दिव्य वस्त्र, अलङ्कार, पुष्प, धूप, दीप, अनेक थरि नैवेद्य, फल, पान, सुपारी, दक्षिणा, आरती, मन्त्रपुष्पाञ्जलि, प्रणाम र स्तुतिसमर्पण गरी भगवान् श्रीगणेशको पूजा गरे। यसैगरी तिनीहरूले त्यहाँ आएका सबै देवताहरूको पनि पूजा गरे ।।३५-३७।। त्यसपछि चक्रपाणिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच तान् नृपवरो धन्योऽहञ्च प्रपूजनात् ।
यतो नैतादृशः क्वापि जातः सर्वसमागमः ।।३८।।

ततस्तत्राब्रवीद् हृष्टो नारदश्चतुराननम् ।

नारद उवाच

सिद्धिबुद्धिविवाहार्थमाज्ञया तेऽब्जसम्भव ।।३९।।

शिवं शिवाञ्च विज्ञाप्य निश्चयः प्राङ्मया कृतः ।
मयूरेशाय सम्यक् ते दातव्ये बहुलक्षणे ।।४०।।

ततः सर्वे सुरा देवं ब्रह्माणं मन्मथातुराः ।
प्रत्येकं ते ह्ययाचन्त मम देहीति सादरम् ।।४१।।

ततो ब्रह्मा तयोर्हस्ते मालां दत्त्वाऽब्रवीदिदम् ।

क उवाच

त्रयस्त्रिंशत्कोटिसुरेष्वेको यो भासते हृदि ।।४२।।

तमेव वृणुतं देव्यौ मालाभ्यां मत्समक्षतः ।
त्यक्त्वा सर्वान् सुराँस्ते तु सिद्धिबुद्धी ह्युभे तथा।।४३।।

मयूरेशगले माले निक्षिपेतां मुदा तदा ।
विमनस्कास्ततो देवा असृजन् श्वासमारुतम् ।।४४।।

ताभ्यां जानुगताभ्यां तु शुशुभे स मयूरराट् ।
ब्रह्मा यथाविधि तयोर्विवाहमकरोत् तदा ।।४५।।

उवाच स सभामध्ये मया लब्धं हृदि स्थितम् ।
न्यवेदयत् तं देवेशं मयूरेशं विधानतः ।।४६।।

अद्य यावन्मयैते वै पालिते बहुयत्नतः ।
इदानीं ते मया दत्ते रक्षस्व बहुयत्नतः ।।४७।।

तत इन्द्रादयो देवा मयूरेशं व्यजिज्ञपुः ।
तव प्रसादाद् देवेश ! मुक्ताः कारागृहात् ततः ।।४८।।

भने – 'हे देवगण! आज मैले तपाइँहरूको पूजा गर्ने अवसर पाएँ, धन्य भएको छु । सबै देवगण, ऋषिगण, राजगण, सेवक, परिवार एवं प्रजाहरूको यस्तो भेला कहिले पनि भएको थिएन।'।।३८।। त्यसै बेला अचानक आइपुगेका नारदजीले ब्रह्माजीसँग निवेदन गरे ।

नारदजीले भन्नुभयो- 'हे पिताश्री! म हजुरको आज्ञाबाट सिद्धि र बुद्धिको विवाहका लागि शङ्कर र पार्वतीसँग भेटेर विचारविमर्श गरिसकेको थिएँ । उहाँहरूको आशय पाएर हजुरका सुन्दर एवं सुलक्षण कन्या सिद्धि र बुद्धिको विवाह श्रीगणेशसँग गर्नुपर्छ भन्ने निश्चय गरिसकेको छु ।'।।३९-४०।। नारदजीका ती कुरा सुनेर कामातुर भएका सबै देवताहरूले आदरपूर्वक हात जोडेर ब्रह्माजीसँग सिद्धि र बुद्धिको विवाह हामीसँग गरिदिनुहोस् भनी याचना गरे ।।४१।। त्यसपछि ब्रह्माजीले सिद्धि र बुद्धिका हातमा माला राखिदिएर निर्देशन दिनुभयो ।

ब्रह्माजीले भन्नुभयो – हे छोरीहरू ! तिमी दुबैले तेँत्तीस करोड देवताहरूमध्ये कुनै एक देवता, जसलाई तिम्रो मनले रुचाउँछ, तिनको घाँटीमा मेरा सामु माला लगाइदिएर पतिको रूपमा वरण गर । ब्रह्माजीको आज्ञा पाएका ती सिद्धि र बुद्धिले सबै देवताहरूलाई छाडी आनन्दपूर्वक मुस्काउँदै भगवान् श्रीगणेशका घाँटीमा माला पहिऱ्याए ।।४२-४३।। यो दृश्य देखेर खिन्न भएका देवताहरूले लामो सास फेरे । ती दुबैलाई दायाँ बायाँ राखेर उभिनुभएका भगवान् श्रीगणेश अत्यन्त सुहाउनुभयो। त्यसपछि ब्रह्माजीले विधिपूर्वक ती दुबै छोरीहरूको श्रीगणेशका साथ विवाह गराइदिनुभयो ।।४४-४५।। विवाहसम्पन्न भएपछि ब्रह्माजीले सभामा भन्नुभयो- 'हे देवतागण ! आज मैले मनले चिताएको कुरा पाएको छु ।' त्यसपछि ब्रह्माजीले भगवान् श्रीगणेशलाई निवेदन गर्नुभयो । 'हे मयूरेश ! आजसम्म यी मेरा दुई छोरीको ठूलो जतनले मैले पालन-पोषण गरें । अहिले मैले तपाइँलाई सुम्पिएको छु । जतनले रक्षा गर्नुहोस्' ।।४६-४७।। त्यसपछि इन्द्र आदि देवताले भगवान् श्रीगणेशसँग निवेदन गरे- 'हे प्रभो ! हजुरको कृपाबाट हामी कारागारबाट मुक्त भएका छौं। हजुरले लोककण्टक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः सिन्धुर्गतो मोक्षं स्वस्थानं कृपया तव ।
यास्यामो देह्यनुज्ञां नो मुनिभिर्गौतमादिभिः ।।४९।।

क उवाच

ददावाज्ञां मयूरेशो यातुकामान् मुदा तदा ।
पार्वती च स्नुषे चोभे स्वाङ्कमारोप्य सादरम् ।।५०।।

मयूरेशश्च परमं हर्षमाप शिवान्विता ।
ददौ दानान्यनेकानि वासांस्याभरणानि च ।।५१।।

य इदं शृणुयान्मर्त्यो विवाहञ्च वधं शुभम् ।
सिन्धोर्जयं गणेशस्य सर्वकामाँल्लभेन्नरः ।।५२।।

दैत्यको वध गर्नुभयो र त्यो दैत्य हजुरकै कृपाबाट मोक्ष प्राप्त गरी दिव्य धाममा पुग्यो । अब हामी गौतम आदि ऋषिहरूका साथ हजुरसँग बिदा लिन चाहन्छौं । आज्ञा दिनुहोस्' ।।४८-४९।।

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशले जान चाहने देवता, मुनि आदिलाई प्रेमपूर्वक बिदा गर्नुभयो । त्यसपछि पार्वती आफ्ना दुई बुहारी सिद्धि एवं बुद्धि र छोरा श्रीगणेशलाई प्रेमपूर्वक काखमा राखी परम आनन्दमा मग्न हुनुभयो । हर्षको त्यो अवसरमा अनेक थरि दान, वस्त्र, आभूषणको उपहारसमेत प्रदान गर्नुभयो। जुन मानिसले सिद्धि र बुद्धिका साथ भगवान् श्रीगणेशको विवाह प्रसङ्ग, सिन्धुको वध र श्रीगणेशको विजयको प्रसङ्गमा आधारित यो कथा सुन्दछ त्यसका मनोरथ परिपूर्ण हुन्छन् ।।५०-५४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे श्रीगणेशविवाहवर्णनं नाम पञ्चविंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'मयूरेश श्रीगणेशको सिद्धि एवं बुद्धिका साथ विवाह वर्णन' शीर्षकान्वित एक सय पच्चीसौं अध्याय पूर्ण भयो ।।१२५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षड्विंशत्युत्तरशततमोऽध्यायः { १२६ अध्याय }

क उवाच

सिद्धे विवाहे च ततो मयूरेशः शिखण्डिनम् ।
आरुह्य सहसा गन्तुं नगरीं स्वामियेष सः ।।१।।
स्वं स्वं वाहनमारूढा गीर्वाणास्तत्क्षणेन च ।
यान्ति स्म पुरतस्तस्य मुनयः पृष्ठतो ययुः ।।२।।
अन्वयुर्नागराः सर्वे स्त्रियश्च बालका अपि ।
आनन्दयुक्ता नगरात् सहसा चक्रपाणिना ।।३।।
वाद्यत्सु सर्ववाद्येषु ननृतुश्चाप्सरोगणाः ।
रणभूमिं गतो यावन्मयूरेशोऽखिलैर्वृतः ।।४।।
तावत् स्कन्दादयो वीराः प्रार्थयाञ्चक्रिरे विभुम् ।

वीरा ऊचुः

सेनाचरा दैत्यगणैर्निहता युद्धसम्भ्रमात् ।।५।।
उत्तस्थुः सर्व एवैते त्वत्कटाक्षामृतोक्षिताः ।
तान् दृष्ट्वा जीविताँस्तेन सर्वे देवाश्च नागराः ।।६।।
विस्मयं परमं प्राप्ताः साधु साध्वब्रुवँस्तदा ।
ततो योजनमात्रञ्च दत्त्वा मार्गमवस्थितः ।।७।।
देवोऽब्रवीच्चक्रपाणिं मूर्ध्नि दत्त्वा करं शुभम् ।
आलिङ्ग्य दशदोर्दण्डैः शत्रुपक्षभयङ्करैः ।।८।।

देव उवाच

त्वं याहि गण्डकीं शीघ्रं नागरैर्मम वाक्यतः ।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं मुमोचाश्रूणि सत्वरम् ।।९।।
नागराश्च प्रणम्योच्चैरूचुर्वाक्यं शुचान्विताः ।
यत्र यासि नयास्माँस्त्वमत्र त्यक्तुं न चार्हसि ।।१०।।
नागतः स्यात् पूर्वमेव तदा दुःखं न नो भवेत् ।
एवमुक्त्वा नमस्कृत्य ययुः सर्वे तदाज्ञया ।।११।।
चक्रपाणिरपि तदा नमस्कृत्य ययौ पुरः।
वर्णयन्तो गुणगणाँस्तदीयानद्भुतान् बहून् ।।१२।।
क्षणेन नगरीं प्राप्य चक्रपाण्यनुमोदिताः ।
नागराः स्वगृहं प्राप्ताश्चक्रपाणिर्निजालयम् ।।१३।।

ब्रह्माजीले भन्नुभयो - भगवान् श्रीगणेशका साथ सिद्धि र बुद्धिको विवाह सम्पन्न भएपछि उहाँले मयूरमा सवार भई आफ्नो नगरीतर्फ जाने इच्छा गर्नुभयो ।।१।। आ-आफ्ना वाहनमा सवार भएका देवताहरू पनि तत्काल भगवान्का पछि लागे । देवताहरूका पछि ऋषिहरू पनि गए।।२।। ऋषिहरूपछि चक्रपाणिका साथ गण्डकी नगरवासी नर-नारी र बालकहरू गए। गण्डकी पुरीमा उत्सवका बाजाहरू बजिरहेका थिए र अप्सराहरू नाचिरहेका थिए । जहाँ पहिले सिन्धु र श्रीगणेशको सङ्ग्राम भएको थियो त्यस ठाउँमा पुग्दासम्म त्यहाँका नर-नारीहरूले श्रीगणेशलाई घेरे र पछ्याए । त्यसपछि स्कन्द आदि वीरहरूले श्रीगणेशको प्रार्थना गरे ।।३-४।। ती वीरहरूले भने - 'श्रीगणेशले दैत्यहरूद्वारा मारिएका हाम्रा सैनिकहरूलाई कटाक्षपातरूप अमृतद्वारा बचाइदिनुभयो ।' श्रीगणेशको कृपाकटाक्षबाट नै सम्पूर्ण देवता र नगरवासीहरू पनि बाँचे र विस्मृत भएर सबैले साधुवाद गरे । भगवान्को बिदाइ गर्न आएका चक्रपाणिले श्रीगणेशको पाउमा प्रणाम गरे । भगवान्ले तिनका शिरमा हात राखी आफ्ना दश भुजाहरूद्वारा आलिङ्गन गर्दै भन्नुभयो ।।५-८।।

श्रीगणेशले भन्नुभयो - 'हे राजा ! चक्रपाणि ! तिमी आफ्ना नगरवासीहरूका साथ गण्डकीपुरीतर्फ फर्क । यो मेरो आज्ञा हो ।'

ब्रह्माजीले भन्नुभयो - श्रीगणेशका यी कुरा सुनेर चक्रपाणिले आफ्ना आँखाबाट आँसु बगाए । शोकसन्तप्त नगरवासीहरूले पनि भगवान्लाई प्रणाम गरेर भने - 'हे भगवन्! हजुर जहाँ जानुहुन्छ त्यहाँ हामीलाई पनि लैजानुहोस् । हामीलाई विरहको दुःखले दुःखी बनाएर हजुरले नछोड्नुहोस् ।।९-१०।। हजुर यहाँ नआउनुभएको भए यति माया र प्रेम बस्ने थिएन, विरहको दुःख पनि लाग्ने थिएन । भेट भयो, कुराकानी भए र गहिरो माया पनि बस्यो।' यसरी आफ्ना मनका भावना पोखेर भगवान्को गुणगान गर्दै उहाँसग आज्ञा लिएर गण्डकी नगरका वासिन्दा नर-नारीहरू आ-आफ्ना घरतर्फ फर्के ।।११-१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चानामपि देवानां प्रासादानप्यकारयत् ।
पञ्चायतनमूर्तीश्च स्थापयामास तेषु च ।।१४।।

प्रत्यहं पूजयामास भक्तिभावसमन्वितः ।
मयूरेशपुरीं प्राप्तो मयूरेशोऽपि तत्क्षणात् ।।१५।।

आश्चर्यं परमं प्राप्ता गणाः सर्वे निरीक्ष्य ताम् ।
यस्यां रत्नमयाः स्तम्भा भित्तयोऽष्टापदान्विताः ।।१६।।

एको ना दृश्यते तत्रासङ्ख्यातजनसंयुतः ।
प्रविश्य स सभां रम्यां ब्रह्मादीनुपवेश्य च ।।१७।।

मध्ये विवेश च ततो लोकयन् सर्वतः स्वयम् ।
ददर्श पूर्वभागे स मन्मथं रतिसंयुतम् ।।१८।।

देवीं मार्जारनाम्नीं तां लोके ख्यातां सुखप्रदाम् ।
दक्षिणस्यां दिशि तदाऽलोकयत् पार्वतीशिवौ ।।१९।।

तत्पुरो विरजां देवीं भक्तकामप्रपूरिकाम् ।
पश्चिमायां दिशि ततो वराहं धरणीयुतम् ।।२०।।

आश्रयां नाम देवीञ्च सर्वविघ्नहरां शुभाम् ।
उत्तरस्यां दिशि तदा श्रीहरिं समलोकयत् ।।२१।।

मुक्तादेवीञ्च विख्यातां सर्वमुक्तिप्रदां ततः ।
त्रयस्त्रिंशत्कोटिसुराः स्थितास्तद्दर्शनेच्छया ।।२२।।

भाद्रशुक्लप्रतिपदि स्नात्वाऽभ्यर्च्य गजाननम् ।
गत्वा तु पूर्वदिग्भागे मार्जारीं पूजयेत् ततः ।।२३।।

दत्त्वा दानानि विप्रेभ्यः स्मृत्वा ध्यात्वा गजाननम् ।
मौनं व्रतं समास्थाय न श्रुत्वा पादजध्वनिम् ।।२४।।

चक्रपाणिले राजधानी फर्केर श्रीगणेश, शिव, विष्णु, सूर्यनारायण र देवीका अलग-अलग मन्दिर बनाई पञ्चायतन मूर्तिहरूको प्रतिष्ठा गरे ।।१४।। तिनले दिनदिनै भक्तिभावले पाञ्चायन देवताको पूजा गरे । चक्रपाणिसँग बिदा लिनुभएका भगवान् श्रीगणेश पनि तत्काल मयूरेशपुरीमा प्राप्त हुनुभयो ।।१५।। देवताहरू श्रीगणेशलाई आउनुभएको देखेर आश्चर्यमा परे । मयूरेश धामका भवनका स्तम्भहरू रत्नमय थिए र भित्ताका बीच-बीचमा सुवर्णहरू जडित गरिएका थिए । तिनमा एउटा मानिसले आफूलाई एक हजार संख्यामा प्रतिबिम्बित भएको पाउँथ्यो । श्रीगणेश आफ्नो सभाभवनमा प्रवेश गर्नुभयो । उहाँले आफ्नो स्वागतका लागि आएका ब्रह्मा आदि देवताहरूलाई आ-आफ्नो ठाउँमा बसाउनुभयो र आफू सभाभवनको माझमा रहेको दिव्य आसनमा चारैतर्फ हेर्दै विराजमान हुनुभयो । त्यसपछि भगवान् श्रीगणेशले आफू बसेको ठाउँदेखि पूर्वपट्टि रतिसहित कामदेवलाई देख्नुभयो ।।१६-१८।। श्रीगणेशले त्यहीं नजिकै लोकमा सुख दिने देवीका रूपमा विख्यात मार्जारीलाई देख्नुभयो । उहाँले आफू बसेको आसनबाट दक्षिण दिशामा आफ्ना माता-पिता शिव-पार्वतीको दर्शन गर्नुभयो ।।१९।। उहाँले शिवपार्वतीका सामुमा रहेकी भक्तहरूको कामना पूरा गर्ने विरजादेवीलाई देख्नुभयो। श्रीगणेशले आफू बसेको आसनदेखि पश्चिम दिशातर्फ हेर्दा पृथिवी र वराहलाई देख्नुभयो ।।२०।। त्यहीं नै विघ्नहरण गर्ने देवीका रूपमा प्रख्यात आश्रयालाई पनि देख्नुभयो । त्यसपछि भगवान् श्रीगणेशले उत्तर दिशातर्फ दृष्टिपात गर्नुभयो । उहाँले त्यहाँ लक्ष्मीसहित भगवान् नारायणको दर्शन गर्नुभयो ।।२१।। त्यहीं नै श्रीगणेशले सबैलाई मुक्ति प्रदान गर्ने देवीका रूपमा विख्यात मुक्तादेवीको दर्शन गर्नुभयो । भगवान्का सामु मञ्चमा उहाँकै दर्शन गर्ने लालसाले बसिरहेका तेँत्तीस कोटि देवताहरूको दर्शन गर्नुभयो । श्रीगणेशधामको महिमा बताउने क्रममा भगवान् ब्रह्माजी व्यासलाई भन्नुहुन्छ- 'हे व्यास! भगवान् श्रीगणेशको दिव्य धाममा जान चाहने भक्तले भाद्र शुक्ल प्रतिपदा तिथिमा बिहानै उठी भगवान् गजाननको पूजा गरेर पूर्व दिशातिर गई मार्जारी देवीको पूजा गर्नुपर्दछ।।२२-२३।। त्यसपछि ब्राह्मणहरूलाई दान दिएर भगवान् श्रीगणेशको ध्यान र स्मरण गरी मौन व्रत लिनुपर्दछ र नीचकर्ममा लिप्त मानिसहरूको वचन सुन्नुहुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृमिकीटपतङ्गादीन् न हिंसेत् प्रयतः शुचिः ।
पुनः स्नात्वा समभ्यर्चेद् देवदेवं गजाननम् ।।२५।।

पूर्ववत् तु द्वितीयेऽह्नि तृतीये च ततः क्रमात् ।
तथैव दक्षिणद्वारि विरजां द्वितीयेऽहनि ।।२६।।

तृतीये पश्चिमद्वारि तथैवाश्रयसंज्ञिताम् ।
नत्वाऽर्चयेच्चतुर्थ्यां तु तद्वदुत्तरतो नरः ।।२७।।

मुक्तां देवीं समभ्यर्च्य मयूरेशञ्च तद्दिने ।
पूजामहोत्सवं कुर्याद् रात्रौ जागरणं चरेत् ।।२८।।

एवं यः कुरुते भक्त्या द्वाराणि चोपवासतः ।
स सर्वांल्लभते कामान् मयूरेशप्रसादतः ।।२९।।

चतुर्थ्यामेव चत्वारि शक्तो द्वाराणि पूर्ववत् ।
नद्यन्तर्मज्जनं देवदर्शनञ्च करोति यः ।।३०।।

तस्य सद्यः फलं दद्यात् परितुष्टो गजाननः ।
तस्माच्छुक्लप्रतिपदमारभ्य ब्रह्मचर्यवान् ।।३१।।

ततश्चतुर्थ्यामुषसि स्नानं कृत्वा विधानतः ।
नित्यं सम्पाद्य विधिवन्मयूरेशं समर्चयेत् ।।३२।।

प्रदक्षिणानमस्कारान् कुर्यादेवैकविंशतिम् ।
पूर्वद्वारे नमस्कृत्य मार्जारीं त्वरयान्वितः ।।३३।।

एवं शिवामाश्रयाञ्च मुक्तादेवीं नमेत् पराम् ।
प्रारभेद् दिनशेषे तु मयूरेश्वरपूजनम् ।।३४।।

षोडशैरुपचारैस्तु पूजयेत् सुसमाहितः ।
रात्रौ जागरणं कुर्याद् गीतवादित्रनिस्वनैः ।।३५।।

प्रभाते विमले स्नात्वा पुनर्देवं समर्चयेत् ।
ब्राह्मणैः सह कुर्वीत पारणं स्वस्य शक्तितः ।।३६।।

तेभ्यो दद्याद् हिरण्यञ्च वासो धान्यं गवादिकम् ।
एवं यः कुरुते मर्त्यो दुःसाध्यमपि साधयेत् ।।३७।।

पुत्रपौत्रयुतो भोगान् भुक्त्वा चान्ते व्रजेद् दिवम् ।
इन्द्रादयो लोकपालाः पूजयिष्यन्ति तं नरम् ।।३८।।

कृमि-कीट-पतङ्गहरूको हत्या गर्नुहुँदैन र संयमी एवं पवित्र भएर बस्नुपर्छ। भगवान्को पूजा र उपासना गरेपछि फेरि नुहाएर अन्तिम पूजा गर्नुपर्दछ ।।२४-२५।। भाद्र शुक्ल द्वितीयाको दिन र तृतीयाको दिन पनि यसैगरी दिनचर्या बनाउनुपर्दछ । दोस्रो दिन दक्षिण दिशामा गएर विरजाको पूजा गर्नुपर्दछ र पश्चिम दिशामा गएर आश्रयादेवीको पूजा गर्नुपर्दछ। भाद्र शुक्ल चतुर्थीका दिन बिहानै उठी नुहाएर उत्तरतर्फ गई मुक्तादेवीको पूजा गरेर भगवान् मयूरेशको पूजा गर्नुपर्दछ । रात्रिमा पूजाको उत्सव मनाउँदै जाग्राम बस्नुपर्दछ ।।२६-२८।। जसले चार दिशाका द्वारहरूमा गएर पूजा गर्छ र उपवास बस्छ त्यसले भगवान् श्रीगणेशको कृपाबाट सबै ईप्सित फल प्राप्त गर्दछ ।।२९।। जसले चतुर्थीका दिनमात्र भए पनि चारै द्वारमा गएर चार प्रकारका देवीहरूको पूजन गर्दछ, जसले देवदर्शनभन्दा पहिले र देवदर्शनपछि पनि स्नान गर्दछ त्यस देवदर्शनमा रमाउने साधकमाथि भगवान् श्रीगणेश प्रसन्न हुनुहुन्छ । त्यस कारण भाद्र शुक्ल प्रतिपदादेखि लिएर ब्रह्मचर्य व्रत धारण गरी भाद्र शुक्ल चतुर्थीका दिन बिहान स्नान गरेर विधिपूर्वक नित्यकर्म गरी उपवास बस्ने भक्तले भगवान् श्रीगणेशको पूजा गर्नुपर्दछ ।।३०-३२।। पूजा गर्ने क्रममा एक्काइस पटक नमस्कार र एक्काइस पटक प्रदक्षिणा गर्नुपर्दछ । पूर्व ढोकामा गएर मार्जारी देवीलाई नमस्कार गरेपछि शिव, पार्वती, आश्रयादेवी र मुक्तादेवीलाई नमस्कार गर्नुपर्दछ। सबैको पूजा सकिएपछि सायंकालमा भगवान् मयूरेश्वर श्रीगणेशको पूजा गर्नुपर्दछ । भगवान्को पूजा गर्दा आवाहन, आसन, चन्दन, पुष्प, अक्षता आदि सोह्र प्रकारका उपचारहरू चढाउनुपर्दछ । रात्रिमा गीत, वाद्य र नृत्यका साथ जाग्राम बस्नुपर्दछ ।।३३-३५।। पञ्चमीका दिन बिहान उठेर स्नान गरी फेरि भगवान् श्रीगणेशको पूजा गर्नुपर्दछ । श्रीगणेशपूजन सकिएपछि ब्राह्मणहरूका साथ रही आफ्नो शक्तिअनुसार व्रतको पारणा गर्नुपर्दछ ।।३६।। साधकले ब्राह्मणहरूलाई वस्त्र, धन, धान्य, गाई र सुवर्ण दान दिनुपर्दछ । जसले यसरी भाद्र शुक्ल प्रतिपदादेखि पञ्चमीसम्म भगवान् श्रीगणेशको आराधना गर्दछ त्यसका दुःसाध्य कामहरू पनि साध्य बन्दछन् ।।३७।। त्यो भक्त पुत्र-पौत्रले सम्पन्न भई यस लोकका सम्पूर्ण भोगहरू भोगेर अन्तमा स्वर्गमा जान्छ। त्यस्ता भक्तको त्यहाँ इन्द्र आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवन्ते पादकमलं तस्य या अष्टनायिकाः ।
अन्धस्तु लभते दृष्टिं मूको वाचं लभेद् ध्रुवम् ।।३९।।

बधिरः श्रुतिमाप्नोति पङ्गुश्च चरणावपि ।
भार्यार्थी लभते भार्यां विद्यार्थी लभते मतिम् ।।४०।।

एतदेव फलं प्रोक्तं द्वारेषु चोपवासतः ।
ततः कदाचिद् देवेशो मयूरेशोऽखिलान् सुरान् ।।४१।।

उवाच श्लक्ष्णया वाचा हरिब्रह्मशिवादिकान् ।

मयूरेश उवाच

यदर्थमवतीर्णोऽहं तत्कार्यं च कृतं सुराः ।।४२।।

निहता बहवो दैत्या भूभारश्च कृतो लघुः ।
सिन्धोः कारागृहात् सर्वे मोचिता अमृतान्धसः ।।४३।।

स्वाहास्वधावषट्कारा भविष्यन्ति यथा पुरा ।
भवतामाज्ञया देवा यास्ये स्वं धाम साम्प्रतम् ।।४४।।

एवमाकर्ण्य तद्वाक्यं देवाः सर्वे शुचान्विताः ।
त्यजन्तोऽश्रूणि सम्प्रोचुः परस्परमुखेक्षणाः ।।४५।।

अस्माँस्त्यक्त्वा मयूरेश ! क्व वा गन्तुं समीहसे ।
कथं स्नेहं परित्यज्य नैष्ठुर्यं परमं गतः ।।४६।।

ततस्तत् पार्वती श्रुत्वा सहसा शोककर्षिता ।
पपात मूर्च्छिता भूमौ मुहूर्तादवदच्च सा ।।४७।।

पार्वत्युवाच

दीननाथ ! दयासिन्धो ! सिन्धुदैत्यविमर्दन ! ।
क्व यास्यति जगन्नाथ ! हित्वा मां जननीं तव ।।४८।।

न स्थास्यन्ति मम प्राणास्त्वयि याते सुरेश्वर ! ।

देव उवाच

द्वापरे पुनरेवाहं यास्ये त्वत्पुत्रतां शुभे ।।४९।।

लोकपालहरूले पूजा गर्दछन् । स्वर्गका अष्टनायिकाहरूले त्यस्ता भक्तका पाउ दबाएर सेवा गर्दछन् । अन्धाले यसरी व्रत गर्दछ भने आँखाको शक्ति प्राप्त गर्दछ । लाटाले यसरी आराधना गर्दछ भने वाणीको शक्ति प्राप्त गर्दछ । बहिराले यसरी व्रत गर्दछ भने सुन्ने शक्ति प्राप्त गर्दछ । लङ्गडाले यसरी भक्ति गर्दछ भने चरणहरू प्राप्त गर्दछ । पत्नीको कामना गर्ने मानिसले यसरी भक्ति गर्दछ भने उत्तम पत्नी प्राप्त गर्दछ । विद्यार्थीले यसरी भक्ति गर्दछ भने उत्तम बुद्धि र विद्या प्राप्त गर्दछ' ।।३८-४०।। यसरी भगवान् श्रीगणेशको धामका चार द्वारहरूको उपासनाबाट प्राप्त गरिने फल बताइएको छ । एक दिनको कुरा हो भगवान् श्रीगणेशले नारायण, ब्रह्मा, शिव आदि सम्पूर्ण देवताहरूलाई मधुर वाणीद्वारा सम्बोधन गर्दै भन्नुभयो -

श्रीगणेशले भन्नुभयो- 'हे देवताहरू ! मैले जुन कामका लागि अवतार लिएको थिएँ, त्यो काम पूरा गरें ।।४१-४२।। मैले धेरै थरि दैत्यहरू मारेर पृथिवीको भार हलुका बनाएँ । सिन्धु दैत्यको कारागारमा थुनिएका सबै देवताहरूलाई मुक्त गराएँ ।।४३।। अब तीनै लोकमा पहिलेजस्तै स्वाहा, स्वधा र वषट्कारका कर्महरू सम्पन्न हुनेछन् । हे देवगण ! तपाइँहरूले मलाई आज्ञा दिनुहोस् । म श्रीगणेशधाम जान चाहन्छु ।' भगवान् श्रीगणेशका यी कुरा सुनेर सबै देवताहरू शोकमग्न भए । आँखाबाट आँसु बगाउँदै परस्परमा एकले अर्काको मुख हेर्दै भने - 'हे श्रीगणेश ! हामीहरूलाई छाडेर हजुर कहाँ जान चाहनुहुन्छ ? हामीसँग गाँसेको माया चट्टक्क बिर्सेर किन यतिविधि निष्ठुर हुनुभएको छ ?' ।।४४-४६।। आफ्ना छोरा श्रीगणेशको कुरा सुनेर पार्वती पनि शोकविह्वल भई मूर्च्छित भएर भुइँमा लड्नुभयो । एक मुहूर्तपछि जागेर उहाँले आफ्ना भाव यसरी व्यक्त गर्नुभयो ।।४७।।

पार्वतीले भन्नुभयो - 'हे दीननाथ ! हे दयाका सागर! हे सिन्धु दैत्यका संहारक ! हे जगन्नाथ ! आफ्नी आमालाई छाडेर हजुर कहाँ जानुहुन्छ ? हजुर जानुभएपछि मेरा पनि प्राण रहनेछैनन् ।'

श्रीगणेशले भन्नुभयो - 'हे आमा पार्वती ! हे कल्याणी! म फेरि द्वापरयुगमा हजुरको पुत्र भएर पैदा हुनेछु ।।४८-४९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न मिथ्या वचनं मे स्यान्न चिन्तां कर्तुमर्हसि ।
ममापि दुःखमतुलं वियोगात् तव जायते ।।५०।।

नैकत्र सर्वदा मातः ! सुहृदां वसतिर्भवेत् ।
सिन्दूरो नाम दैत्योऽपि भविष्यति सुदारुणः ।।५१।।

अवध्यः सर्वदेवानां तदाऽहं स्यां तवार्भकः ।
स्मृतमात्रस्तवाग्रेऽहं स्थास्यामि शिवनन्दिनि ।।५२।।

ततः षडाननः प्राह नय मां यत्र यास्यसि ।
बालके कृपणे दीने नौदासीन्यं हि युज्यते ।।५३।।

देव उवाच

न चिन्तां कुरु बन्धो ! त्वमत्रायास्याम्यहं पुनः ।
भवतो न वियोगो मे सर्वान्तर्यामिणः खलु ।।५४।।

तस्मै ददौ मयूरं तं मयूरेशः स्वबन्धवे ।
मयूरध्वज इत्येवं नाम चक्रेऽस्य तत्क्षणात् ।।५५।।

आरुरोह मयूरं तं स्कन्दो बन्धोरथाज्ञया ।
तस्मिन्नेव क्षणे देवोऽन्तर्दधे स मयूरराट् ।।५६।।

तस्मिन्नन्तर्हिते केशा अपश्यन् हृदि तं सदा ।
ततो ब्रह्मा वालुकाभिः कृत्वा मूर्तिं गजाननीम् ।।५७।।

स्थापयामास विधिवत् प्रासादे सुमनोहरे ।
पुपूजुः सर्वलोकास्तमुपचारैर्यथाविधि ।।५८।।

वसिष्ठाद्या मुनिगणाः सस्नुर्ब्रह्मकमण्डलौ ।
सर्वं नित्यविधिं कृत्वा ययुर्मूर्तिं सुशोभनीम् ।।५९।।

उपोष्य केचिद् पिदधुर्द्वाराणि धामलब्धये ।
स्नात्वा नत्वा मयूरेशं धावमानास्तथाऽपरे ।।६०।।

ऊचुः परस्परं देवा मुनयोऽपि मुदा तदा ।
नैतादृशं पुण्यक्षेत्रं यत्र देवः स्थितः स्वयम् ।।६१।।

हे आमा! मेरो वचन मिथ्या हुँदैन, हजुरले चिन्ता नगर्नुहोस्। मलाई पनि हजुरसँग वियुक्त भएर रहँदा साह्रै दुःख लाग्नेछ, तर के गर्ने ? संसार हो, आफन्तहरूसँग सधैं सँगै बस्न पाइँदैन। द्वापर-युगमा डरलाग्दो सिन्दूर नाम गरेको दैत्य पैदा हुनेछ ।।५०-५१।। देवताहरूद्वारा त्यसको वध असम्भव हुनेछ। हे शिवगृहिणी ! त्यस बेला म हजुरको पुत्र भएर पैदा हुनेछु । हजुरले संझना गर्नुभयो भने जुन बेला र जुनसुकै ठाउँमा पनि दिनदिनै हजुरका सामु हाजिर हुनेछु' ।।५२।। त्यसपछि भगवान् श्रीगणेशका दाजु स्कन्दले दुःखी हुँदै भन्नुभयो – 'हे भाइ श्रीगणेश ! मलाई हजुर जहाँ जानुहुन्छ त्यहीं लैजानुहोस् । नाता जेसुकै भए पनि म हजुरका निमित्त बालक हुँ, सानो चित्तको मानिस हुँ र दीनदुःखी छु । त्यस कारण तपाइँले मेरो उपेक्षा गर्न हुँदैन' ।।५३।।

श्रीगणेशले भन्नुभयो – 'हे दाजु ! हजुरले चिन्ता नगर्नुहोस्। म फेरि यहाँ आउनेछु । म सबैका घटघटमा अन्तर्यामी भएर बस्ने भएकाले हजुर र मेरो कहिल्यै पनि वियोग हुँदैन'।।५४।। यसरी संझाएर भगवान् श्रीगणेशले आफ्ना दाजु स्कन्दलाई आफ्नो वाहन मयूर टक्र्याउनुभयो र स्कन्दको नाम मयूरध्वज राखिदिनुभयो । त्यसपछि स्कन्द आफ्ना भाइ श्रीगणेशबाट प्राप्त भएको वाहन मयूरमा सवार हुनुभयो।।५५-५६।। त्यसपछि तुरुन्तै भगवान् मयूरेश सबैका सामु अन्तर्धान हुनुभयो । श्रीगणेश अन्तर्धान हुनुभएपछि ब्रह्मा, विष्णु र शिवजीले हृदयमा उहाँको ध्यान गर्नुभयो । ब्रह्माजीले बालुवाको श्रीगणेशमूर्ति बनाएर आफ्नो ब्रह्मधाममा सुन्दर मन्दिर तयार गरी मूर्ति प्रतिष्ठा गर्नुभयो । ब्रह्माजीलगायत सबै सत्यलोकका वासिन्दाले विधिपूर्वक अनेक थरि उपचारहरूबाट भगवान् गजाननको पूजा गरे।।५७-५८।। वशिष्ठ आदि मुनिहरूले ब्रह्मकमण्डलुभवा नदीमा स्नान गरी नित्यविधि पूरा गरेर ब्रह्माजीले स्थापना गर्नुभएको गजानन मूर्तिसामु आई आराधना गरे । कसैले त्यहाँ बसेर उपवास गर्दै श्रीगणेशधामप्राप्तिका लागि द्वारपूजा गरे । कसैले स्नान गरी भगवान्लाई प्रणाम गरे । पूजाका लागि दौडिरहेका सम्पूर्ण देवता र ऋषिहरूले आपसमा वार्तालाप गरे । देवताहरूले भने – 'यो ब्रह्मधामसमान अर्को पुण्यक्षेत्र छैन । यहाँ भगवान् मयूरेश विघ्नहर्ता र सबैका कामना परिपूर्ण तुल्याउने परमात्मा बनेर विराजमान हुनुहुन्छ' ।।५९-६१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयूरेशो विघ्नहरो भक्तानां कामपूरकः ।
पूजयित्यैवमुक्त्वा तु जग्मुस्ते स्वं स्वमाश्रमम् ।।६२।।

ब्रह्मादयः सुराः स्वं स्वं पदमभ्यागमँस्तदा ।
शङ्करः सपरीवारः कैलासमगमन्मुदा ।।६३।।

स्वधास्वाहावषट्कारैरिन्द्राद्या मुमुदुस्तदा ।

क उवाच

एवं ते सर्वमाख्यातं त्रेतायुगकृतं मुने ।।६४।।

मयूरेशस्य चरितं श्रवणात् सर्वकामदम् ।
धन्यं यशस्यमायुष्यं सर्वपापहरं नृणाम् ।।६५।।

पुत्रदं धनदं विद्याप्रदं दुःखनिवारणम् ।
आधिव्याधिहरं कुष्ठदुष्टरोगादिनाशनम् ।।६६।।

पठतां शृण्वतां पुंसां भुक्तिमुक्तिप्रदं शुभम् ।
विजयश्रीप्रदं नृणां क्षत्रियाणां विशामपि ६७।।

शूद्राणामपि सर्वेषां श्रीप्रदं पुष्टिवर्धनम् ।
यद् यत् ते परिपृष्टं मे तत् तत् ते कथितं मुने ।।६८।।

गजाननस्य चरितं पुनः श्रोष्यसि मन्मुखात् ।।६९।।

यसरी वार्तालाप गरेर भगवान् श्रीगणेशको पूजा गरी ती सबै देवता एवं ऋषिहरू आ-आफ्ना धामतर्फ गए ।।६२।। ब्रह्मा आदि देवताहरू पनि आ-आफ्ना धामतर्फ जानुभयो । स-परिवार भगवान् शङ्कर कैलासतर्फ लाग्नुभयो ।।६३।। पृथिवीमा स्वधा, स्वाहा र वषट्कारपूर्वक कर्महरू चल्न थाले । इन्द्र आदि देवताहरू प्रसन्न भए ।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! मैले तिमीलाई भगवान् मयूरेशले त्रेतायुगमा गर्नुभएको लीलाको व्याख्यान गरें ।।६४।। भगवान्को चरित्रश्रवण गर्दा सबै कामनाहरू परिपूर्ण हुन्छन् । धन-धान्यको लाभ हुन्छ, कीर्ति प्राप्त हुन्छ, आयु वृद्धि हुन्छ र मानिसका सबै पाप नष्ट हुन्छन् ।।६५।। भगवान् श्रीगणेशको पूजनबाट पुत्र; धन र विद्याको प्राप्ति हुन्छ, दुःखहरूको विनाश हुन्छ, मन एवं शरीरका रोग समाप्त हुन्छन् र कुष्ठ आदि असाध्य रोगहरू पनि समाप्त हुन्छन् ।।६६।। जसले भगवान् श्रीगणेशका लीलासम्बन्धी कथाहरूको पाठ गर्दछ र श्रवण गर्दछ त्यसले भुक्ति एवं मुक्ति प्राप्त गर्दछ । श्रीगणेशको कथा सुन्ने र पढ्ने क्षत्रियले विजय एवं ऐश्वर्य प्राप्त गर्दछ, वैश्यले सम्पत्ति प्राप्त गरी व्यापार-वाणिज्यमा उन्नति गर्दछ र शूद्रले श्रीसम्पत्ति र पुष्टि प्राप्त गर्दछ । हे व्यास ! तिमीले जुन कुरा सोधेका थियौ मैले त्यसको उत्तर दिएँ । भगवान् गजाननका अरू चरित्रका विषयमा म फेरि बताउनेछु ।।६७-६९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे मयूरेशान्तर्धानवर्णनं नाम षड्विंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीमयूरेशको स्वानन्दभुवन प्राप्ति' शीर्षकान्वित एक सय छब्बीसौं अध्याय पूर्ण भयो ।।१२६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तविंशत्युत्तरशततमोऽध्यायः { १२७ अध्याय }

व्यास उवाच

चतुरानन ! देवेश ! गुणेशचरितं शुभम् ।
कथितं विस्तराद् देव ! नाहं तृप्तोऽस्मि तच्छ्रवात्।।१।।

सुधया तु विरक्तः स्यान्न कथाश्रवणान्नरः ।
त्रेतायुगकथा सर्वा गुणेशस्य श्रुता मया ।।२।।

गजाननेति नामास्य द्वापरे तु कुतोऽभवत् ।
मूषको वाहनं चास्य कथं यातो महाविभो ।।३।।

कृपया संशयममुं छिन्धि त्वं कमलासन ! ।

क उवाच

सम्यक् पृष्टं त्वया वत्स ! मम चित्तगतं मुने ।।४।।

यतः श्रोता च वक्ता च पृच्छकः सिद्धिमाप्नुयात् ।
तां कथां कथयिष्यामि विनायककृतां मुने ।।५।।

द्वापरे यत् कृतं तेन चरितं शृणु साम्प्रतम् ।
यथा गजाननो देवो रक्तवर्णश्चतुर्भुजः ।।६।।

गजाननश्चाखुवाहस्तत्सर्वं कथयामि ते ।
कदाचिद् ब्रह्मभुवनं यातः शम्भुर्यदृच्छया ।।७।।

उत्थापयामास तदा प्रसुप्तं कमलासनम् ।
स उत्थितो महाजृम्भां चकार क्रोधसंयुतः ।।८।।

तत एको महाघोरः पुरुषः समपद्यत ।
स च चक्रे महाघोरं शब्दं सर्वभयङ्करम् ।।९।।

चकम्पे पृथिवी तेन साब्धिद्वीपा सपर्वता ।
दिक्पालाश्चकिताः सर्वे शेषः क्षुब्धोऽसृजद् विषम्।।१०।।

विशीर्णा गिरयः सर्वे भूतान्याकुलतां ययुः ।
कल्पान्त इव तत्रासीत् त्रैलोक्यवासिनां नृणाम् ।।११।।

व्यासले भन्नुभयो- हे विधाता ! हे देवताहरूका स्वामी! हजुरले भगवान् श्रीगणेशको मङ्गलमय चरित्र विस्तारपूर्वक मलाई सुनाउनुभयो । त्यो सुनेर म अघाएको छैन ।।१।। मानिस अमृत पिएर अघाउन सक्छ र विरक्त हुनसक्छ तर कथा सुनेर कहिल्यै पनि अघाउँदैन र विरक्त पनि हुँदैन । मैले भगवान् श्रीगणेशको त्रेतायुगमा घटेको कथा सुनें । द्वापरयुगमा भगवान् श्रीगणेशको नाम गजानन कसरी रह्यो ? ।।२-३।। फेरि मूसो उहाँको वाहन कसरी बन्न पुग्यो ? हे अन्तर्यामी प्रभु ! कृपा गरेर मेरो यो सन्देह निराकरण गर्नुहोस् ।

ब्रह्माजीले भन्नुभयो - हे व्यास ! तिमीले मसँग मेरै हृदयमा खेलिरहेको विषयलाई छोएर राम्रो प्रश्न गऱ्यौ किनकि उत्तम वक्ता र उत्तम श्रोताले कार्यमा सफलता प्राप्त गर्दछन् । विनायकको द्वापरयुगसम्बन्धी लीला र चरित्रमा आश्रित कथा म बताउनेछु। हे वेदव्यास! भगवान्ले द्वापरयुगमा जस्ता लीला गर्नुभयो तिनको विषयमा म सुनाउँछु, तिमीले श्रद्धापूर्वक सुन। भगवान् श्रीगणेश चतुर्बाहु र रक्तवर्ण जसरी हुनुभयो त्यो इतिहास पनि तिमीलाई मैले सुनाउनेछु ।।४-६।। जसरी भगवान् गजानन मूसाको वाहनमा सवार हुनुभयो त्यो कुरा पनि म बताउनेछु । कुनै दिनको कुरा हो, भगवान् शङ्कर आफ्नो इच्छाले ब्रह्माजीको सत्यलोकमा पुग्नुभयो ।।७।। त्यहाँ ब्रह्माजी मस्त निद्रामा हुनुहुन्थ्यो। शिवजीले उठाउनुभयो । अचानक निद्रा टुटेकाले आश्चर्यपूर्वक आँखा खोल्दै रिसाएर उहाँले ठूलो हाई गर्नुभयो ।।८।। ब्रह्माजीले हाई गर्दा एउटा डरलाग्दो पुरुष पैदा भयो। त्यो पैदा भएको घोर पुरुषले सबै संसारलाई भयभीत गराउने महाघोर गर्जन गऱ्यो ।।९।। त्यस गर्जनबाट पर्वत, द्वीप र समुद्रसहित पृथिवी काँप्न थालिन् । दिक्पालहरू आश्चर्यमा परे । आत्तिएका शेषनागले पनि आफ्ना फणाबाट विषको धारा बगाए ।।१०।। पर्वतका शिखरहरू ढल्न थाले । सम्पूर्ण प्राणीहरू आकुल-व्याकुल भए । स्वर्ग, मर्त्य र पाताल लोकमा बस्ने मानिसहरूका लागि त्यहाँ कल्पान्तमा अर्थात् प्रलयकालमा हुने दृश्य खडा भयो । त्यो पैदा भएको डरलाग्दो पुरुष आफ्ना टाउकाले ब्रह्माण्डलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्माण्डं मस्तकेनासौ स्फोटयन्निव तस्थिवान् ।
यद्देहतश्चारुगन्धो व्यानशे भुवनत्रयम् ।।१२।।

जपाकुसुमदेहस्य प्रभयारुणिताः दिशः ।
अयं किं मदनो जातो द्वितीयो ब्रह्मसम्भवः ।।१३।।

कामस्तु लज्जितस्तस्य सद्यो रूपनिरीक्षणात् ।
पुरस्तं सन्निरीक्ष्यैनं विस्मितः कमलासनः ।।१४।।

कस्य त्वं कुत उत्पन्नः किं चिकीर्षसि तद् वद ।

पुरुष उवाच

अनेकानि सुरेश ! त्वं ब्रह्माण्डानि सृजस्यपि ।।१५।।

विभ्रान्त इव कस्मान्मां सर्वज्ञः सन् विपृच्छसि ।
जृम्भायास्ते समुत्पन्नं कथं मां नावबुध्यसे ।।१६।।

अनुगृह्णीष्व पुत्रं मां देहि नाम यथामति ।
स्थानञ्च देहि मे नाथ ! भक्ष्यं कार्यञ्च मे वद ।।१७।।

इत्याकर्ण्य वचस्तस्य प्रोवाच चतुराननः ।
रक्तं वपुर्यतस्तेऽस्ति सिन्दूराख्यो भविष्यसि ।।१८।।

सामर्थ्यञ्च महत् ते स्यात् त्रैलोक्याकर्षणक्षमम् ।
क्रोधादालिङ्गसे यं त्वं शतधा स भविष्यति ।।१९।।

पञ्चभ्योऽपि च भूतेभ्यो न भयं ते कदाचन ।
देवदानवयक्षेभ्यो मानुषेभ्यो भयं न ते ।।२०।।

इन्द्रादिलोकपालेभ्यः कालादपि भयं न ते ।
न नागेभ्यो न रक्षोभ्यो नाहोरात्रे भयं न ते ।।२१।।

सजीवान्न च निर्जीवाद् भयं सिन्दूर ! ते भवेत् ।
वस यत्र मनस्ते स्यात् स्थातुं त्रिभुवनेष्वपि ।।२२।।

ततः स वरदानेन तुतोष चतुरास्यजः ।
चक्रन्द कम्पयन् शब्दैस्त्रैलोक्यं सचराचरम् ।।२३।।

फुटाउन तम्सिएसरि उभियो । त्यसका शरीरबाट फैलिएको मीठो गन्ध त्रिभुवनमा नै व्याप्त भयो ।।११-१२।। जपापुष्पजस्तै रातो वर्ण भएको त्यस डरलाग्दो प्राणीको रातो वर्णको कान्तिबाट दिशाहरू पनि रातै भए । मानिसले मनमा तर्क गरे – 'के यो ब्रह्माजीबाट पैदा भएको दोस्रो कामदेव हो? स्वयं कामदेव त यस पुरुषको रूप दर्शन गर्नासाथ आफूभन्दा सुन्दर भएकाले लज्जित भए । आफ्ना सामु विचित्र प्राणी उभिएको देखेर ब्रह्माजी पनि चकित हुनुभयो ।।१३-१४।। उहाँले त्यसलाई सोध्नुभयो – 'तिमी कस्का छोरा हौ ? कुन माताबाट पैदा भयौ? के काम गर्न चाहन्छौ ? मलाई बताऊ ।'

पुरुषले भन्यो– 'हे ब्रह्माजी! तपाइँले त असंख्य ब्रह्माण्डको रचना गर्नुहुन्छ, सबै कुरा जान्नुहुन्छ, भ्रान्तिमा परेझैं गरी मलाई किन सोध्नुभएको हो ? तपाइँले हाई गर्दा तपाइँकै मुखबाट उत्पन्न भएको मलाई के तपाइँले चिन्नुहुन्न ? म तपाइँको छोरा हुँ । ममाथि कृपा गर्नुहोस् र आफ्नो बुद्धिअनुसार मेरो नामकरण गर्नुहोस् । म कहाँ बस्ने ? मलाई आवासको व्यवस्था मिलाउनुहोस्। हे नाथ ! मैले खाने के हो र गर्ने के हो ? त्यसको पनि निरूपण गर्नुहोस् ।।१५-१७।। आफ्नो हाईबाट जन्मेका विचित्र पुरुषको कुरा सुनेर ब्रह्माजीले भन्नुभयो – तिम्रो शरीरमा रातो वर्ण छ, तिमी सिन्दूरजस्ता राता छौ त्यस कारण तिम्रो नाम सिन्दूर रहनेछ ।।१८।। तिम्रो सामर्थ्य महान् हुनेछ र त्यस सामर्थ्यले स्वर्ग, मर्त्य एवं पाताललाई आफ्नो वशमा ल्याउनेछौ। तिमीले जसलाई रीसले आलिङ्गन गर्नेछौ, त्यसको शरीर सय टुक्रा भएर भुइँमा फैलिनेछ । तिमीलाई पृथिवी, जल, आकाश, तेज र वायु यी पाँच तत्त्वबाट कहिल्यै पनि डर हुनेछैन । देवता, दानव, यक्ष र मानिसबाट पनि तिमीलाई कुनै डर हुनेछैन ।।१९-२०।। इन्द्र आदि लोकपाल र यमराजबाट पनि तिमीलाई डर हुनेछैन । नाग, राक्षस, दिन र रातबाट पनि तिमीलाई भय हुनेछैन । हे सिन्दूर! सजीव र निर्जीव पदार्थबाट पनि तिमीलाई डर हुनेछैन । हे छोरा ! स्वर्ग, मर्त्य, पातालमध्ये कुन लोकको कुन ठाउँमा तिमीलाई बस्न मन लाग्छ, त्यहाँ बस ।।२१-२२।। ब्रह्माजीबाट यसरी वरदान पाएपछि त्यो पुरुष अत्यन्त सन्तुष्ट भयो । त्यसपछि आफ्नो घोर गर्जनबाट जड-चेतनसहित स्वर्ग, मर्त्य, पाताललाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुक्षुभुः सागराः सर्वे लोकपालाश्च दुद्रुवुः ।
उवाच स तदा देवं नमस्कृत्य पितामहम् ।।२४।।

सिन्दूर उवाच

तव वाक्यामृतेनाहं प्रीतो ब्रह्माण्डनायक !
त्वमेव विश्वं सृजसि पासि हंसि गुणैस्त्रिधा ।।२५।।

त्वयि सुप्ते जगत् सुप्तमन्धकारश्च जायते ।
महद् भाग्यं मम विभो ! तपोदानव्रतैर्विना ।।२६।।

पुत्रस्नेहात् प्रसन्नस्त्वं नान्यथा ते प्रसन्नता ।
कल्पकोटितपोभिस्त्वं प्रसन्नो जायसे विभो ।।२७।।

क उवाच

इत्युक्त्वा तं प्रणम्यासौ कृत्वापि च प्रदक्षिणाम् ।
जगाम मनसा भूमिं मार्गे तर्कमथाकरोत् ।।२८।।

न मे तपो वा ध्यानं वा जपः स्वाध्याय एव च ।
कथं तेन वरा दत्ताः मिथ्या उत ऋता नु ते ।।२९।।

गत्वा द्रक्ष्यामि पितरमित्युक्त्वाऽगात् पितामहम् ।
तुलयित्वा तु दोर्दण्डौ जगर्ज स भयानकः ।।३०।।

तमेवालिङ्गितुं चैच्छत् तत ऊचे पितामहः ।
पुत्रस्नेहान्मया दत्ता वरा अन्यस्य दुर्लभाः ।।३१।।

दुष्टभावान्ममैव त्वमपकर्तुमिहागतः ।।३२।।

भुजगस्य पयो दत्तं विषमेव हि जायते ।
दुष्टभावं गतो यस्मात् तस्माद् दैत्यो भविष्यसि ।।३३।।

परमात्माऽवतीर्याशु हनिष्यति गजाननः ।
तवाङ्गं सुरभि ज्ञात्वा स्वाङ्गे तन्मर्दयिष्यति ।।३४।।

कपाउँदै क्रन्दन गर्न थाल्यो । त्यस गर्जनबाट सागरहरू क्षुब्ध भए, लोकपालहरू डराएर भाग्न थाले । सिन्दूरले आफ्ना पिता ब्रह्माजीलाई प्रणाम गरेर भन्यो ।।२३-२४।।

सिन्दूरले भन्यो – 'हे ब्रह्माण्डका स्वामी ! हजुरको वाणीरूप अमृतपान गरेर म अत्यन्त प्रसन्न भएको छु । हजुरले तीन गुणको आश्रय लिएर विश्वको रचना गर्नुहुन्छ, पालन गर्नुहुन्छ र संहार गर्नुहुन्छ । हजुर निदाउनुभयो भने संसारै निदाउँछ र त्यसमा अन्धकार फैलिन्छ । हे अन्तर्यामी पिताश्री! म अत्यन्त भाग्यशाली प्राणी रहेछु किनकि तपस्या, दान, व्रत केही नगरीकन हजुरबाट मैले ठूलो वरदान पाएँ । मलाई छोरो जानेर माया गरी हजुर ममाथि ज्यादै प्रसन्न हुनुभएको हो, अन्यथा यसरी सबैप्रति हजुर प्रसन्न हुनुहुन्न । हे अन्तर्यामी! कति मानिसले करोडौं कल्पसम्म तपस्या गरेर मात्र हजुरलाई प्रसन्न तुल्याउँछन्' ।।२५-२७।।

ब्रह्माजीले भन्नुभयो – आफ्ना पिता ब्रह्माजीसामु मनका कुरा व्यक्त गरेर उहाँलाई प्रणाम र प्रदक्षिणासमेत गरी त्यसले मनदेखि नै पृथिवीतर्फ जाने विचार गऱ्यो । पृथिवीतर्फ जाँदा बाटामा त्यसको मनमा तर्क उठ्यो– 'मैले तपस्या, ध्यान, जप र शास्त्रको अध्ययन केही गरेको छैन । केही नगर्दा पनि ब्रह्माजीले कसरी मलाई यस्ता वरदान दिनुभयो । ती सत्य हुन् अथवा मिथ्या ? त्यसको निधो भएन ।।२८-२९।। त्यस कारण वरदानलाई प्रमाणित गर्न म फेरि ब्रह्माजीका नजिकमा जान्छु भनेर त्यो ब्रह्माजीका सामु गयो । त्यहाँ गएर आफ्ना दुबै भयानक हातहरू उचाली गर्जन गऱ्यो । ब्रह्माजीलाई नै क्रोधपूर्वक आलिङ्गन गर्ने इच्छा गऱ्यो । त्यो देखेर ब्रह्माजीले त्यसलाई भन्नुभयो – 'हे छोरा ! तिमीलाई मैले पुत्रस्नेह गरी अरूलाई दुर्लभ मानिएका वरहरू दिएँ । दुष्ट स्वभाव भएका कारण तिमी मेरै अपकार गर्न आइपुग्यौ ।।३०-३२।। हे दुष्ट ! मैले तिम्रो त्यो भाव थाहा पाएको थिइनँ । तिमी राम्रा हौला भन्ने विचार गरेको थिएँ । सर्पलाई दूध खुवाउँदा त्यसले विष नै ओकल्छ । तिमीले दुष्ट भावनालाई आत्मसात् गरेर व्यवहार गऱ्यौ । त्यस कारण तिमी दैत्य हुनेछौ र गजानन परमात्माले अवतार लिएर तिम्रो वध गर्नुहुनेछ । उहाँले तिम्रो अङ्गलाई सुगन्धित जानेर आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिन्दूरारुणदेहश्च सिन्दूरप्रिय एव च ।
भविष्यति स देवोऽपि सिन्दूरवध एव च ।।३५।।

एवमुक्त्वा पपालाशु भयेन कमलासनः ।
मनोवायुमहावेगो निश्वासश्वाससङ्कुलः ।।३६।।

दैत्योऽपि पृष्ठतो याति शापमाकर्ण्य मन्युमान् ।
स्वेदेनार्द्रतनुर्दुष्टो दृष्ट्वा दृष्ट्वा पुरो व्रजन् ।।३७।।

धरिष्यामि पदेऽन्यस्मिन्निति दैत्योऽभ्यधावत ।
वैकुण्ठमगमद् ब्रह्मा कम्पमानस्त्वरान्वितः ।।३८।।

अङ्गमा लेपन गर्नुहुनेछ । त्यस कारण उहाँको शरीर सिन्दूरझैं रातो हुनेछ। सिन्दूरका प्यारा भगवान् श्रीगणेश तिम्रै नामबाट सिन्दूरसंहारकका रूपमा प्रसिद्ध हुनुहुनेछ ।।३३-३५।। यसरी सिन्दूरनामक दैत्यसँग कुरा गरेपछि त्योसँग डराएर भगवान् ब्रह्माजी भाग्नुभयो । मन र वायुको भन्दा पनि तीव्र वेगमा दौडिई लामा-लामा श्वास-प्रश्वास लिंदै अगाडि बढ्नुभयो ।।३६।। उहाँ अगाडि बढ्दा त्यो दैत्य उहाँको पछि लाग्यो । आफूमाथि ब्रह्माजीको सराप परेको जानेर रिसाएको त्यो दैत्य दौडिदा-दौडिदा पसिनै पसिनाले ढाकियो तर त्यसले ब्रह्माजीलाई पछ्याउन छाडेन। ब्रह्माजी काँप्दै वैकुण्ठमा विराजमान भगवान् नारायणका शरणमा पुग्नुभयो ।।३७-३८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे सिन्दूरोत्पत्तिर्वणनं नाम सप्तविंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सिन्दूरासुरको उत्पत्ति' शीर्षकान्वित एक सय सत्ताईसौं अध्याय पूर्ण भयो ।।१२७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टाविंशत्युत्तरशततमोऽध्यायः { १२८ अध्याय }

क उवाच

स ददर्श समासीनं नारायणमनामयम् ।
रत्नकाञ्चनविलसत्पद्मासनगतं विभुम् ।।१।।

सोऽपि तं पुरतो वीक्ष्य विवर्णवदनं तदा ।
तत्पृष्ठतो महादैत्यं गगनस्पर्धिमस्तकम् ।।२।।

उदतिष्ठत वेगेन दयालुः कमलापतिः ।
धृत्वा करं समालिङ्ग्य स्वासने कं न्यवेशयत् ।।३।।

सम्पूज्य परिपप्रच्छ किं ते कार्यमुपस्थितम् ।
कथं च म्लानवदनः श्वासवाँश्च हतप्रभः ।।४।।

मम खेदः समुत्पन्नो दृष्ट्वैव त्वां पितामह ।
इति तद्वचनं श्रुत्वा जगाद कमलासनः ।।५।।

क उवाच

प्रबोधितः शिवेनाहं प्रतिसुप्तो निजालये ।
ततो मे जृम्भतो वक्त्रान्निर्गतः पुरुषो महान् ।।६।।

पतन्ति भूतले भानि यन्मस्तकविघाततः ।
तस्य सौरभगन्धेन सर्वे देवा विसिस्मिरे ।।७।।

यस्य लावण्यमीक्ष्यैव लज्जितो मदनोऽभवत् ।
यस्य क्रन्दितशब्देन चकम्पे भुवनत्रयम् ।।८।।

स नमस्कृत्य मां देव विनीतः पुरतः स्थितः ।
ततस्तस्मै वरा दत्ताः पुत्रस्नेहेन माधव ! ।।९।।

यं यं त्वमालिङ्गयसि स स मृत्युमुपैष्यति ।
कालोऽपि न रणे स्थातुं तव शक्तो भविष्यति ।।१०।।

स्थानं च स्वेच्छया तस्य दत्तं देव ! मया ततः ।
नमस्कृत्य गतो दूरं वितर्कात् पुनरागतः ।।११।।

ब्रह्माजीले भन्नुभयो – सिन्दूरनामक दैत्यले सताइएका ब्रह्माजी वैकुण्ठमा पुग्नु भएपछि उहाँले रत्न र सुवर्णले शोभायमान भई पद्मासनमा विराजमान निर्विकाररूप भगवान् नारायणको दर्शन गर्नुभयो ।।१।। नारायणले पनि आफ्ना सामु मलिन अनुहार लिएर आएका ब्रह्माजी र उहाँको पिछा गर्दै आएको, आफ्नो मस्तकले आकाश स्पर्श गर्ने र विशालकाय दैत्यलाई देख्नुभयो। दुबैलाई देखेर भगवान् नारायण आफ्नो आसनबाट उठ्नुभयो । दयालु भगवान् नारायणले ब्रह्माजीलाई हातमा समातेर आफ्नै आसनमा बसाउनुभयो । पूजा गरी सम्मान गरेर उहाँले ब्रह्माजीलाई सोध्नुभयो– 'हे ब्रह्माजी ! तपाइँलाई के आइलाग्यो ? किन तपाइँको अनुहार मलिन छ? किन लामो सास फेरिरहनु भएको छ? किन तपाइँको मुखमा कान्ति छैन ? हे ब्रह्माजी ! तपाइँलाई यस हालतमा देखेर म दुःखी भएको छु।' भगवान् नारायणका यस्ता कुरा सुनेर ब्रह्माजीले नारायणसँग निवेदन गर्नुभयो ।।२-५।।

ब्रह्माजीले भन्नुभयो – हे नारायण ! कुनै दिन म ब्रह्मलोकको आफ्नो भवनमा निदाइरहेको थिएँ । एक्कासि त्यहाँ पुग्नुभएका शिवजीले मलाई जगाउनुभयो । म जाग्दा मेरो मुखबाट ठूलो हाई प्रकट भयो । त्यसबाट एउटा डरलाग्दो पुरुष उत्पन्न भयो ।।६।। त्यस पुरुषले टाउकाले स्पर्श गर्दा आकाशका ताराहरू भुइँमा खसेका थिए । त्यसको शरीरबाट बाहिर प्रवाहित हुने गन्धले देवताहरू छक्क परे । त्यस पुरुषको सौन्दर्य देखेर कामदेवले लाजको अनुभव गरे । त्यस पुरुषको क्रन्दनको शब्दले तीनै लोक काँप्न थाले ।।७-८।। त्यो पुरुष मलाई नमस्कार गरेर नम्रतापूर्वक मेरा अगाडि उभियो । हे नारायण ! मैले त्यस बेला छोरालाई झैं माया गरी अनेक थरि वर दिएँ।।९।। मैले त्यसलाई भनें– 'हे बाबु ! तिमीले ज-जसको आलिङ्गन गर्छौ त्यो मर्नेछ। काल पनि युद्धमा तिम्रा सामु रहन सक्नेछैन ।' यसरी बताएर मैले त्यसलाई स्वेच्छापूर्वक स्वर्ग, मर्त्य, पातालमध्ये कुनै ठाउँमा पनि बस्न सक्छौ भनी बस्ने ठाउँ दिएँ । मलाई नमस्कार गरेर त्यो गयो । त्यसलाई बाटामा तर्क उठेछ र त्यो फेरि फर्केर मेरा सामु आयो ।।१०-११।। मसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मामेवालिङ्गितुं यातोऽपलमस्माद् भयादहम् ।
हंसमारुह्य सहसा वेगेन त्वामुपागतः ।।१२।।

दृष्ट्वा दृष्ट्वा पृष्ठगतं कम्पः श्वासश्च मेऽभवत् ।
विना त्वां शरणं कं वा यामि सर्वेश्वरेश्वर ।।१३।।

ततोऽब्रवीन्महाविष्णुर्ब्रह्माणं शरणागतम् ।

देव उवाच

पूर्वं दत्त्वा वरान् देव ! सङ्कटं प्राप्य बुद्धितः ।।१४।।

इदानीं चिन्तया किं स्याद् यद् भाव्यं तद् भविष्यति।
स पीडां त्रिषु लोकेषु विधातुमुद्यतो भवेत् ।।१५।।

क उवाच

यावत् तौ चिन्तयाविष्टौ स्थितौ ब्रह्महरी तदा ।
तावत् स पुरतोऽतिष्ठद् दृष्ट्वा ताभ्यां महासुरः ।।१६।।

जगर्ज गर्जयामास त्रैलोक्यं बलवत्तरम् ।
ब्रह्माण्डं कम्पयामास ब्रह्माणञ्च तदा खलः ।।१७।।

सोऽवदद् रक्ष-रक्षेति विष्णुं त्रैलोक्यरक्षकम् ।
ततो विष्णुर्जगौ दैत्यं वाचा मधुरया तदा ।।१८।।

देव उवाच

न त्वया वरदानेन मत्तेन योद्धुमुत्सहे ।
अहं सत्त्वगुणोपेतः पालने निरतः सदा ।।१९।।

अयञ्च ब्राह्मणो ब्रह्मा तेन योद्धुं न चार्हसि ।
तव युद्धप्रदो देवः ख्यातोऽसौ मदनान्तकः।।२०।।

तेन युद्ध्यस्व ते कीर्तिमर्हती स्यात् त्रिलोकगा ।

आउँदा मलाई नै आलिङ्गन गर्न खोज्यो । त्यसको आलिङ्गनबाट जो कोही मर्नसक्ने म आफैले दिएको वरदान सम्झेर म भागें । हंसमा सवार भई वेगपूर्वक म हजुरको शरणमा आएको छु ।।१२।। तर त्यो दुष्ट पनि मलाई पछ्याउँदै यहाँसम्म आइपुगेको छ। जबजब मैले त्यो पुरुषलाई पछ्याइरहेको अवस्थामा देख्छु तबतब डरले मेरो मुटु काँप्छ र श्वास तीव्र गतिमा चल्न थाल्दछ। हे सर्वेश्वर भगवन् नारायण ! हजुरलाई छाडी कसको शरणमा जाऊँ ?'।।१३।। ब्रह्माजीका यी कुरा सुनेर शरणमा आएका ब्रह्माजीलाई भगवान् नारायणले सम्बोधन गर्नुभयो।

नारायणले भन्नुभयो – 'हे ब्रह्माजी ! तपाईँले पहिले बुद्धिपूर्वक वरदान दिनुभएन । वरदान दिंदा विचार गरेर दिनुपर्छ। अहिले आफैले दिएको वरदानबाट तपाईँ सङ्कटमा पर्नुभएको छ। अब चिन्ता गरेर के हुन्छ ? जे हुन लेखेको छ त्यही हुन दिनुहोस् । अब तपाईँका कारणबाट त्यो संसारलाई पीडा दिन उद्यत हुनेछ' ।।१४-१५।।

ब्रह्माजीले भन्नुभयो – यसरी ब्रह्मा र विष्णु चिन्ताले युक्त भएर रहनु भएको समयमा सामुमा रहेको त्यो महादैत्य गर्जन गर्न थाल्यो र स्वर्ग, मर्त्य, पाताललाई गर्जनबाट थर्काउन थाल्यो ।।१६।। त्यस दुष्टले ब्रह्माजी र ब्रह्माजीद्वारा निर्मित ब्रह्माण्डलाई पनि कम्पायमान बनायो । त्यसपछि ब्रह्माजीले तीन लोकका रक्षक नारायणसँग हे नारायण ! रक्षा गर्नुहोस् रक्षा गर्नुहोस् भनी प्रार्थना गर्नुभयो । त्यस बेला भगवान् नारायणले दैत्यसँग मीठा वचन प्रयोग गर्दै कुराकानी गर्नुभयो।।१७-१८।।

नारायणले भन्नुभयो – 'हे दैत्य ! तिमीले गर्जन गऱ्यौ। तिम्रो गर्जन भनेको हाम्रा निमित्त युद्धको आह्वान हो । तिम्रो आफ्नो शक्ति छैन । पाएको वरदानबाट मातेका छौ । त्यस कारण अरूको शक्तिबाट बलवान् देखिने आफ्नो शक्ति नभएका नामर्दसँग मलाई युद्ध गर्ने मन छैन । म सत्त्वगुणले सम्पन्न छु र सदा संसारको रक्षामा तत्पर छु ।।१९।। अब ब्रह्माजीसँग युद्ध गर्ने कुरा तिमी गर्न सक्छौ तर ब्रह्माजी ब्राह्मण हुनुहुन्छ । ब्राह्मणसँग तिमीले के युद्ध गर्ने ? त्यो युद्ध सुहाउँदैन। तिमीसँग युद्ध गर्नसक्ने देवता भगवान् शङ्करमात्र हुनुहुन्छ र तिमीले सक्छौ भने उहाँसँग युद्ध गर । संसारमा तिम्रो उज्ज्वल कीर्ति फैलिनेछ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इत्याकर्ण्य वचस्तस्य जहृषे दैत्यपुङ्गवः ।।२१।।

उड्डीय प्रययौ सद्यः कम्पयन् भुवनत्रयम् ।
पातयन् पर्वतान् वृक्षाँश्चूर्णयन् सहसा बहून् ।।२२।।

दिग्गजाश्चलिताः सर्वे सञ्जग्मुर्विदिशो दिशः ।
एवमुपत्यकां यातः कैलासस्य महागिरेः ।।२३।।

ददर्शाधित्यकायां स ध्यानस्थं गिरिशं खलः ।
नन्दिभृङ्गिगणाकीर्णं पार्वत्या सेवितं विभुम् ।।२४।।

व्याघ्रचर्मपरीधानमर्धचन्द्रविभूषणम् ।
भस्माङ्गरागशोभाढ्यं करिचर्मोत्तरीयकम् ।।२५।।

दृष्ट्वा देवं तदा दैत्यो निनिन्द सहसा हरम् ।
अनेन किं मया युद्धं कर्तव्यं तापसेन ह ।।२६।।

एतस्य सुन्दरीं भार्यां नीत्वा यामि यदृच्छया ।
एवं निश्चित्य मनसा गौरीमन्तिकमाययौ ।।२७।।

तदा चकम्पे गिरिजा कल्पान्ते जगती यथा ।
निमील्य नयने मूर्च्छामापाशु भयविह्वला ।।२८।।

दधार तां केशपाशे स दैत्यो दुष्टमानसः ।
उड्डीय चलितो वेगाच्छुशोच गिरिजा तदा ।।२९।।

रावणेन नीयमाना यथा सा धरणीसुता ।

गिरिजोवाच

औदासीन्यं कथं यातो मयि देवोऽखिलार्थवित् ।।३०।।

ध्यानं कथं गतोऽस्यर्धे ह्रियमाणे त्वदङ्गके ।
नाकारि दास्यं न्यूनं ते येन काठिन्यमागतः ।।३१।।

कः सखा मोचयेन्मां हि प्राणदाता भवेच्च कः ।
पुनर्मे शङ्करं को नु दर्शयेद् बलवत्तरः ।।३२।।

ब्रह्माजीले भन्नुभयो – भगवान् नारायणका कुरा सुनेर त्यो दैत्य अत्यन्त प्रसन्न भयो ।।२०–२१।। त्यो तुरुन्तै उडेर तीन लोक कपाउँदै पर्वत र रूखहरूलाई धूलोपीठो बनाउँदै गयो । त्यो उडानबाट दिग्जहरू पनि कम्पायमान भए र दिशा-विदिशातर्फ लागे । यसरी त्यो दैत्य कैलास महागिरिको उपत्यकामा पुग्यो ।।२२–२३।। त्यहाँ गएर त्यस दुष्टले कैलासको अधित्यकामा ध्यानमुद्रामा विराजमान शङ्कर भगवान्लाई देख्यो। उहाँ नन्दी, भृङ्गी आदि गणहरूबाट घेरिएर पार्वतीद्वारा सेवित भई विराजमान हुनुहुन्थ्यो ।।२४।। उहाँले बाघको छाला लगाउनु भएको थियो । उहाँको निधारमा चन्द्रमा अलङ्कारका रूपमा रहेका थिए । खरानीलाई अङ्गराग बनाएर धारण गर्नुहुने शङ्कर भगवान् उज्ज्वल शोभाले सम्पन्न हुनुहुन्थ्यो र उहाँले हात्तीको छाला उत्तरीय बनाएर ओढ्नु भएको थियो ।।२५।। भगवान् शङ्करलाई देखेर त्यस दैत्यले उहाँको निन्दा गर्न थाल्यो । यस्ता जङ्गलमा बस्ने निर्बल तपस्वीसँग के युद्ध गर्ने ? ।।२६।। बरु यसकी दुलही अत्यन्त राम्री रहेछन् । यिनलाई म आफ्नै इच्छाले लिएर जान्छु । यसरी मनले निश्चय गरेर त्यो पार्वतीका समीपमा आइपुग्यो ।।२७।। त्यसलाई देखेर महाप्रलयको समयमा पृथिवी काँपिझैं पार्वती पनि डराएर थुर्थुर काँप्नुभयो । आँखा चिम्लिएर बस्दाबस्दै डरले उहाँ मूर्च्छित हुनुभयो ।।२८।। त्यस बेला दुष्ट मन भएको दैत्यले पार्वतीको चुल्ठो तान्यो । त्यसपछि त्यसले वेगपूर्वक उडेर उहाँलाई साथ लिएर गयो । त्यस बेला गिरिजाले शोक गर्नुभयो । रावणद्वारा अपहरण गरिंदा भगवती सीताले जसरी साधारण नारीझैं व्याकुल भएर शोक गर्नुभएको थियो त्यसरी नै पार्वतीले पनि शोक गर्नुभयो।

पार्वतीले भनिन् – 'सम्पूर्ण रहस्यका ज्ञाता मेरा प्राणनाथ भगवान् शङ्करले मेरो किन उपेक्षा गर्नुभयो र मप्रति किन उदासीन हुनुभयो? ।।२९–३०।। हे शिवजी ! आफ्नो आधा अङ्ग मानिएकी श्रीमतीलाई अरूले अपहरण गर्दा पनि कत्ति पीर नगरेर हजुर ध्यानमा लाग्नुभयो । मैले हजुरको सेवामा कहिले पनि त्रुटि गरेजस्तो लाग्दैन । किन आज मप्रति कठोर हुनुभयो?।।३१।। मलाई कुन मित्रले यस्तो कष्टबाट मुक्ति प्रदान गर्ला ? कसले मलाई प्राणदान गर्ला ? कुन बलवान् मानिसले यस दुष्टका हातबाट छुटाएर भगवान् शङ्करका सामु पुर्याउला ?' ।।३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

ततः शोकाकुलां वीक्ष्य तां गणाः प्राबुवँस्तदा ।
अनेन योद्धुं शक्तिर्नो त्रैलोक्यनाशिनाऽधुना ।।३३।।

शिवश्च ध्याननिष्ठोऽभूद् दैवादस्यानुकूलता ।
नीता नो जननी विश्वसृष्टिस्थित्यन्तकारिणी ।।३४।।

मोहिनी सर्वदेवानां सर्वदुःखविनाशनी ।
लावण्यलहरी नीता सर्वयोषिद्वरा शुभा ।।३५।।

रत्नभूता कथं नीता कथं सा पुनरेष्यति ।
ध्यानस्थे शङ्करे सर्वनाशनं नेत्रवह्नितः ।।३६।।

तस्मिन् यास्यति लोभेन पुत्रानिव जनन्यथ ।
एवं शोकं प्रकुर्वत्सु हाहाकारै रुदत्सु च ।।३७।।

गणेषु विससर्जाशु ध्यानं क्रोधान्महेश्वरः ।
क्रोधानलेन ब्रह्माण्डं दहन्निव दिशो दश ।।३८।।

पप्रच्छ तान् गणान् शम्भुः सङ्कटं किमुपस्थितम् ।
भस्मसात् तं करिष्यामि येन वः कदनं कृतम् ।।३९।।

इति तद्वचनं श्रुत्वा प्रोचुस्तं ते गणास्तदा ।
त्वयि ध्यानस्थिते देव ! मन्दराचलसन्निभः ।।४०।।

कृतान्तसमरूपः सन्नागतो दैत्यपुङ्गवः ।
यस्य श्वासानिलहता अचलाश्चलतां गताः ।।४१।।

सम्मोहं प्रापिता देवा दर्शनादेव शङ्कर !
ततः स गिरिजां धृत्वा केशपाशे महाबलः ।।४२।।

निनाय सत्वरं व्योममार्गेण जननीं हि नः ।
नीयमाना शिवा प्राह धाव धावेति सत्वरम् ।।४३।।

मूर्च्छिता पतिता भूमौ वयं सर्वे विमूर्च्छिताः ।
तथाविधां समादाय ययौ स दुष्टमानसः ।।४४।।

श्रुत्वा तेषां वचः शम्भुर्जज्वाल परमं रुषा ।
कुर्वन् भस्मेव लोकानामारुरोह वृषं निजम् ।।४५।।

ब्रह्माजीले भन्नुभयो – त्यस बेला पार्वतीलाई शोकले व्याकुल भएकी देखेर शिवजीका गणहरू निराश भए । तिनले भने– 'के गरौं? शिवजी ध्यानमा हुनुहुन्छ। दैवले गर्दा यस दानवले अनुकूल समय पायो । हामी यो दुष्ट दानवसँग लड्न सक्दैनौं। यसले त्रिलोकीलाई नै जित्ने सामर्थ्य राख्दछ । हाम्री आमा पार्वती संसारको सृष्टि, पालन र संहारमा समर्थ हुनुहुन्छ। सबै देवताहरूलाई आफ्नो गुण र सौन्दर्यबाट मुग्ध तुल्याउने सामर्थ्य पनि राख्नुहुन्छ । प्राणीहरूका अनेक थरि कष्टलाई निवारण गर्ने दयालु जगदम्बाका रूपमा प्रसिद्ध हुनुहुन्छ । सौन्दर्यकी विचित्र लहरी हुनुहुन्छ । त्यस्ती नारीरत्न पार्वतीलाई दानवले आज लग्यो । उहाँलाई कसरी फर्काउन सकिन्छ ? लोभी दानवको लोभकै कारण ध्यानमा विराजमान हुनुभएका संहारका अधिपति भगवान् शङ्करको आँखाको क्रोधज्वालाबाट दानवका साथै जगत् पनि खरानी हुनसक्छ भन्दै छोरा हराउँदा आमाहरूले हाहाकार गरेझैं शिवगणले शोक गर्दै हाहाकार गरिरहेको अवस्थामा भगवान् शङ्कर क्रोधपूर्वक ध्यानबाट जाग्नुभयो । उहाँको क्रोधको आगोले दसै दिशासहित ब्रह्माण्डलाई डढाएजस्तो तातो परिस्थिति पैदा भयो ।।३३-३८।। भगवान् शिवजीले आफ्ना गणहरूसँग भन्नुभयो – के सङ्कट आइलाग्यो? किन हाहाकार गरिरहेका छौ ? तिमीहरूलाई जसले कष्ट दियो त्यसलाई मैले खरानी बनाउनेछु ।।।३९।। यसरी भगवान् शङ्करका कुरा सुनेर ती गणहरूले भने – 'हजुर ध्यानमा लाग्नुभएपछि मन्दराचलझैं विशाल आकारको यमराजझैं डरलाग्दो दैत्य आइपुग्यो । त्यसको श्वासप्रश्वासको आघातबाट पर्वतहरू पनि कम्पायमान भए । हे शङ्कर ! त्यसको दर्शन गर्नासाथ देवताहरू पनि मोहित भए । त्यसपछि त्यस महाबली दैत्यले पार्वतीलाई चुल्ठोमा समातेर आकाशमार्गबाट उडायो ।।४०-४२।। दैत्यद्वारा अपहरण गरिएकी पार्वतीले हामीलाई दौड, दौड मलाई बचाऊ भनी क्रन्दन गर्नुभयो । क्रन्दन गर्दागर्दै मूर्च्छित भई आकाशबाट भुइँमा लड्नुभयो । यो देखेर हामीहरू पनि मूर्च्छित भयौं । त्यसपछि त्यस दुष्टले उहाँलाई फेरि लिएर गयो' ।।४३-४४।। आफ्ना गणहरूका यस्ता कुरा सुनेर भगवान् शङ्कर क्रोधले सन्तप्त हुनुभयो । संसारलाई भस्म बनाउन सक्ने दृष्टिले चारैतिरै हेर्दै उहाँ नन्दीमा सवार हुनुभयो ।।४५।। उहाँले आफ्ना दश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिशूलादीनि शस्त्राणि दधानो दशभिर्भुजैः ।
नभोमार्गेण प्रययौ गर्जयन् विदिशो दिशः ।।४६।।

यत्रासीत् सिन्दूरो दैत्यस्तं देशमगमत् क्षणात् ।
अहनत् पृष्ठदेशे तं तस्थौ स सम्मुखं तदा ।।४७।।

मुञ्च भार्यां महादुष्ट ! दृष्टः सन् क्व गमिष्यसि ।
इत्युक्तः स रुषाविष्टस्त्रिलोकीं भस्मतां नयन् ।।४८।।

बाहुभ्यां मारयन्नेव प्रययौ शिवसन्निधौ ।
उवाच च महादैत्यो गर्वेण परिमोहितः ।।४९।।

नाहं मशकवाक्येन बिभेमि भुवनाधिपः ।
यस्य श्वासानिलेनाशु कम्पते मेरुपर्वतः।।५०।।

तस्य मे गणना नास्ति मुखं मां मा प्रदर्शय ।
यदि शक्तिर्मया सार्धं युद्धं कर्तुं तदा कुरु ।।५१।।

नो चेदन्यां परिणीय ततः सौख्यमवाप्स्यसि ।
किं मया सह योद्धव्यं मशकेन त्वया लघो ।।५२।।

एवमुक्त्वा बाहुयुद्धं कर्तुं शङ्करमाययौ ।
दुर्गा देवी तु संस्मार मयूरेशं स्वचेतसि ।।५३।।

द्विजरूपधरो देवो मयूरेशस्ततस्तयोः ।
अन्तराले प्रादुरासीत् कोटिसूर्यनिभः क्षणात् ।।५४।।

सर्वाङ्गसुन्दरो नानाभूषणैरुपशोभितः ।
परशुं मध्यतः कृत्वा वारयामास दैत्यपम् ।।५५।।

उवाच श्लक्ष्णया वाचा सिन्दूरं तं द्विजोत्तमः ।
त्रैलोक्यजननीं गौरीं स्थापयाशु ममान्तिके ।।५६।।

युध्यस्व शङ्करेण त्वं यावज्जयपराजयौ ।
जयो यस्य भवेत् तेन ग्राह्येति नान्यथा वचः ।।५७।।

क उवाच

द्विजवाक्यं समाकर्ण्य सिन्दूरो हृष्टमानसः ।
स्थापयामास गिरिजां युद्धाय बहुलालसः ।।५८।।

भुजाहरूमा त्रिशूल आदि शस्त्रहरू धारण गर्नुभएको थियो । गर्जनबाट दसै दिशा थर्काउँदै उहाँ आकाशमार्गद्वारा दैत्य बसेको ठाउँमा पुग्नुभयो र त्यसको पिठ्यूँमा प्रहार गर्दै मुखमा हेर्नुभयो। हे दुष्ट ! तैंले मेरी प्रिया पार्वतीलाई छाडिदे । तँ अब मेरा आँखाका सामु परेको छस्, कहाँ जान सक्छस् ? यसरी शिवजीका कुरा सुनेर रोषको आवेगमा आई स्वर्ग, मर्त्य एवं पाताललाई नै खरानी बनाउने किसिमले आफ्ना दुबै भुजाहरूद्वारा शिवजीमाथि प्रहार गर्न खोज्दै त्यो उहाँका सामु आइपुग्यो । अहङ्कारले मत्त भएको त्यस महादैत्यले शिवजीलाई भन्यो ।।४६-४९।। 'म लामखुट्टेका कुरा सुनेर डराउने दैत्य होइन । म स्वर्ग, मर्त्य एवं पातालको अधिपति हुँ । मेरो श्वासको हावाबाट सुमेरु पर्वत काँप्दछ । मेरो तुलना कसैसँग हुन सक्दैन । तैंले मेरा सामु मुख नदेखा । यदि तेरो सामर्थ्य छ भने मसँग युद्ध गर् । यिनी पत्नीको माया मार् किनकि अब यी मेरी भइन् । तैंले अर्की बिहे गरे हुन्छ । अर्की श्रीमतीबाट नै सुख पाउनेछस् । तँ कीरा फट्याङ्ग्रा जस्तो प्राणीले म विश्वको सर्वाधिक बलवान् वीरसँग लड्न सुहाउँदैन' ।।५०-५२।। यसरी उत्तर दिएर त्यो दैत्य भगवान् शङ्करसँग बाहुयुद्ध गर्न आइपुग्यो । त्यस बेला भगवती पार्वतीले आफ्नो मनमा भगवान् मयूरेश श्रीगणेशको संझना गर्नुभयो ।।५३।। शिवजी र त्यस दैत्यको बीचमा भगवान् श्रीगणेश करोडौं सूर्यको प्रकाशलाई पनि मन्द तुल्याउने स्वरूप लिएर ज्योतिर्मय रूपमा प्रकट हुनुभयो ।।५४।। भगवान् श्रीगणेश सर्वाङ्गसुन्दर र अनेक थरि विभूषणद्वारा विभूषित हुनुहुन्थ्यो । भगवान् शङ्करमाथि जाई लाग्ने दैत्यलाई छेक्न उहाँले शिवजी र दैत्यको बीचमा आफ्नो बञ्चरो तेर्स्याउनुभयो ।।५५।। त्यसपछि ब्राह्मणवेष लिएका श्रीगणेशले मधुर वाणीबाट सिन्दूरनामक दैत्यलाई भन्नुभयो -' हे दैत्य ! तैंले तीनै लोककी आमा भगवती पार्वतीलाई मेरो नजिकमा ल्याउने काम गर् ।।५६।। त्यसपछि तँ भगवान् शङ्करसँग युद्ध आरम्भ गर् । जय र पराजयको दृष्टिकोणबाट म हेरिरहनेछु । जसले युद्धमा विजय प्राप्त गर्छ त्यसले यी पार्वतीलाई आफ्नी बनाएर लैजानेछ । यसमा फरक पर्ने छैन' ।।५७।।

ब्रह्माजीले भन्नुभयो - शिवजी र आफ्नो बीचमा रहेका ब्राह्मणका कुरा सुनेर दैत्य सिन्दूर अत्यन्त प्रसन्न भयो । ब्राह्मणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयोस्तु पश्यतोरेव तावुभावप्ययुध्यताम् ।
सिन्दूरश्च महेशश्च नानायुद्धविशारदौ ।।५९।।

क्रोधसंरक्तनयनौ तुल्यतेजःपराक्रमौ ।
बाहुभ्यां वेष्टितुं यावदियेष सोऽसुरो हरम् ।।६०।।

अदृश्य एव परशुरस्य जघ्ने बलादुरः ।
क्षीणशक्तिं ततो दैत्यं त्रिशूलेनाहनद्धरः ।।६१।।

ततोऽशक्तं द्विजवरो वदति स्म हितं वचः ।
त्रैलोक्यनायकेन त्वं न युद्धं कर्तुमर्हसि ।।६२।।

गिरिजाशां विहायाशु व्रजस्व निजमन्दिरम् ।
नो चेदयं शिवो भस्म करिष्यति तवाधुना ।।६३।।

एवमुक्तो द्विजेनाऽसौ वाञ्छां त्यक्त्वा भुवं ययौ ।
ततः सा पार्वती प्राह द्विजं प्राप्ते जयं शिवे ।।६४।।

कोऽसि त्वं मुनिशार्दूल ! येनाहं मोचिता खलात् ।
निजं मे दर्शय स्वीयं रूपं नेदं स्वभावजम् ।।६५।।

मम प्राणाधिकोऽसि त्वं सखा प्राणप्रदो यतः ।
न भवेदुपकारस्ते प्राणे त्यक्ते द्विजोत्तम ।।६६।।

एवमाश्रुत्य तां वाचमुवाच स मुनीश्वरः ।
न च मातर्मयाकारि किञ्चिदत्र महेश्वरः ।।६७।।

अजयत् सिन्दूरं दैत्यं मोचिता त्वं शिवेन ह ।
इत्युक्त्वा पूर्वरूपं स आविश्चक्रे विनायकः ।।६८।।

दशदोर्दण्डरुचिरं कर्णकुण्डलमण्डितम् ।
कस्तूरीतिलकं रत्नमुक्तामालाविभूषितम् ।।६९।।

भनेझैं उहाँका सामु पार्वतीलाई लिएर राख्यो र युद्ध गर्ने इच्छा प्रकट गऱ्यो । ब्राह्मण र पार्वतीले हेरिरहेकै नाना युद्धमा सिपालु सिन्दूर र शङ्करले युद्ध गरे ।।५८-५९।। दुबै वीरहरू युद्धकलामा निपुण थिए, दुबैका आँखा रीसले राता देखिन्थे र दुबैका पराक्रम समान थिए । जब त्यस सिन्दूर दानवले आफ्ना दुबै हातबाट भगवान् शङ्करलाई अठ्याउने प्रयास गऱ्यो त्यस बेलामा अदृश्य रूपमा आएको बञ्चराले त्यसको छातीमा प्रहार गऱ्यो । बञ्चराको प्रहारबाट निस्तेज बन्न पुगेको त्यस दैत्यमाथि भगवान् शङ्करले त्रिशूलप्रहार गर्नुभयो ।।६०-६१।। त्यसपछि साह्रै अशक्त अवस्थामा पुगेको त्यस दैत्यलाई ब्राह्मणका रूपमा आउनुभएका भगवान् श्रीगणेशले हितकारी वचन भन्नुभयो – 'हे दैत्य ! स्वर्ग, मर्त्य र पातालका स्वामी शिवजीसँग तिमीले युद्ध गर्न सुहाउँदैन । पार्वतीको आशा छाडेर छिटै तिमी आफ्नो घरतर्फ लाग । तिमीले त्यसो गरेनौ भने भगवान् शङ्करले तिमीलाई भर्खरै खरानी बनाउनुहुनेछ' ।।६२-६३।। यसरी ब्राह्मणद्वारा उपदेश प्राप्त गरेपछि त्यो दैत्य पार्वती पाउने आशा छाडेर पृथिवीतर्फ लाग्यो । भगवान् शिवजीले विजय प्राप्त गर्नुभएपछि पार्वतीले ब्राह्मणलाई भन्नुभयो – 'हे मुनिश्रेष्ठ ! तपाइँ को हुनुहुन्छ? आज तपाइँले आएर मलाई दुष्टबाट बचाउनु भयो । तपाइँले आफ्नो वास्तविक रूप देखाउनुहोस् । अहिले देखिएको तपाइँको यो रूप वास्तविक होइन ।।६४-६५।। तपाइँले मलाई प्राणदान गर्नुभएको हुँदा तपाइँ मेरा लागि प्राणभन्दा प्यारा मित्र हुनुभएको छ । हे ब्राह्मण ! प्राणत्याग भएको भए तपाइँको उपकारको मूल्य हुने थिएन । म बाँच्न पाएँ त्यसैले तपाइँको उपकारको मूल्यबोध गरेकी छु' ।।६६।। पार्वतीका यी कुरा सुनेर ब्राह्मणका रूपमा आउनुभएका भगवान् श्रीगणेशले भन्नुभयो– 'हे आमा! मैले के गरेको छु र सबै भगवान् शङ्करकै प्रताप हो। उहाँले नै सिन्दूर दैत्यलाई जित्नुभयो । उहाँले नै हजुरलाई दानवको हातबाट जोगाउनुभयो ।' ब्राह्मणरूप श्रीगणेशले त्यसो भनेपछि आफ्नो सही रूप देखाउनुभयो ।।६७-६८।। श्रीगणेशको वास्तविक रूप अत्यन्त सुन्दर थियो । उहाँको निधारमा कस्तूरीको टीका थियो। उहाँ रत्न र मोतीको हारले अलङ्कृत हुनुहुन्थ्यो र अरू अनेक अलङ्कारहरूको कान्तिका कारण पनि अत्यन्त राम्रा देखिनुहुन्थ्यो। उहाँको घाँटी शङ्खसमान थियो र उहाँको स्वरूपकान्ति शेषनागको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानालङ्कारुरुचिरं शेषकण्ठमणिप्रभम् ।
दृष्ट्वैवं परमात्मानं ननन्द गिरिजा तदा ।।७०।।

ननाम पादयोस्तस्य स उत्थाप्य च तां जगौ ।

विनायक उवाच

त्रेतायुगे प्राब्रुवं त्वां दास्यामि दर्शनं पुनः ।।७१।।

अवतीर्य द्वापरे ते गृहे नाम्ना गजाननः ।
भविष्यामि हनिष्यामि सिन्दूरं दैत्यमोजसा ।।७२।।

क उवाच

मुनिरूपधरो देव उक्त्वा चान्तरधीयत ।
ततः शुशोच गिरिजा मूर्च्छां सा परमां ययौ।।७३।।

तत ऊचे विश्वनाथो मनः स्वस्थं कुरु प्रिये ।
पश्य त्वं हृदि तं देवं विनायकमनामयम् ।।७४।।

न मिथ्या भाषितं तस्य यदुक्तं तत् करिष्यति ।
एवमुक्त्वा महादेवो वृषारूढस्तया सह ।।७५।।

आययौ परमप्रीतः कैलासं पर्वतेश्वरम् ।।७६।।

मणिसमान चम्किरहेको थियो । परमात्मा श्रीगणेशलाई यस रूपमा देखेर पार्वती प्रसन्न हुनुभयो ।।६९-७०।। पार्वतीले उहाँको पाउमा प्रणाम गर्नुभयो । श्रीगणेशले पनि पार्वतीलाई उठाई नम्रतापूर्वक कुराकानी गर्नुभयो ।

श्रीगणेशले भन्नुभयो - 'हे आमा पार्वती ! मैले त्रेतायुगमा हजुरलाई फेरि दर्शन दिनेछु । म हजुरको घरमा द्वापरयुगमा गजाननको रूप लिएर आउनेछु । त्यस बेला मैले सिन्दूरनामक दैत्यलाई मार्नेछु' भनेको थिएँ ।

ब्रह्माजीले भन्नुभयो – ब्राह्मणरूप धारण गर्ने भगवान् श्रीगणेश आमा पार्वतीसँग यसरी कुरा गरेर अन्तर्धान हुनुभयो। त्यसपछि पार्वती चिन्तित र मूर्च्छित हुनुभयो ।।७१-७३।। भगवान् शङ्करले पार्वतीलाई मूर्च्छित हुनुभएको देखेर संझाउनुभयो- 'हे प्रिया ! तिमीले मनलाई स्वस्थ बनाऊ, आँखा चिम्लेर आफ्नै मुटुमा हेर त्यहाँ भगवान् श्रीगणेश विराजमान हुनुभएको छ । उहाँले बोलेको कुरा फरक पर्दैन, उहाँले जे भन्नुभएको छ त्यो गर्नुहुनेछ ।' यसरी पार्वतीलाई संझाएर भगवान् शङ्कर पार्वतीका साथ नन्दीमाथि सवार हुनुभयो ।।७४-७५।। केही बेरमा नै उहाँ पर्वतराज कैलासको उपत्यकामा पुग्नुभयो ।।७६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गजाननदर्शनं नामाऽष्टाविंशत्युत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शिव एवं सिन्दूरासुरको सङ्ग्राम र द्विजरूप श्रीगणेशको दर्शन' शीर्षकान्वित एक सय अठ्ठाईसौं अध्याय पूर्ण भयो ।।१२८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनत्रिंशदुत्तरशततमोऽध्यायः { १२९ अध्याय }

क उवाच

ततो दैत्यो मृत्युलोकं गतो गर्वादगर्जत ।
कम्पिताः पर्वताः सर्वे वृक्षा निपतिता भुवि ।।१।।

पक्षिसिंहाः श्वापदानि बभ्रमुः कानने तदा ।
ततो जिगाय नृपतीन् सर्वान् वीरांश्च दानवः ।।२।।

ब्रह्मादयो जिता येन तेनायुध्यन् कथं नृपाः ।
केचिद् द्विधा कृतास्तेन केचिन्नभसि बभ्रमुः ।।३।।

केचिच्च सम्मुखे युद्धं कृत्वा स्वर्गं गता नृपाः ।
केचिच्च शरणं याताः सेवकत्वमुपागताः ।।४।।

केचिद् भ्रष्टपदा जग्मुरभिमानेन काननम् ।
एवं जित्वा नृपान् सर्वान् मुनीनामाक्रमे मतिम् ।।५।।

अकरोद् दुष्टबुद्धिः स बबन्ध सहसा च तान् ।
तदा केचिन्मुनिगणास्त्यक्त्वा देहं दिवं गताः ।।६।।

केचिच्च मेरुकन्दर्यां न्यवसन् विगतज्वराः ।
केचिच्च निहतास्तेन केचिच्च ताडिता भृशम् ।।७।।

प्रासादाः सकलास्तेन विध्वस्ता देवता अपि ।
एवं तु प्रलये जातेऽलुप्यन् क्रिया च वैदिकी ।।८।।

स्वाहास्वधावषट्कारा हाहाकारोऽप्यजायत ।
देवा गिरिगुहास्थास्ते मुनयो यक्षकिन्नराः ।।९।।

न्यमन्त्रयन्त कार्यार्थं तत्र प्राह बृहस्पतिः ।
विद्यमानेभ्यो देवेभ्यस्तेभ्यः सर्वेभ्य एव च ।।१०।।

न भयं विद्यते तस्य तस्माद् देवं विनायकम् ।
प्रार्थयध्वं यदा विप्राः प्रादुर्भावं शिवालये ।।११।।

गजाननेति नाम्ना स करिष्यति च साम्प्रतम् ।
हनिष्यति बलाद् दैत्यं सिन्दूरं नात्र संशयः ।।१२।।

ब्रह्माजीले भन्नुभयो – युद्धमा शिवजीसँग परास्त भएको त्यो सिन्दूर दैत्य मृत्युलोकमा गएर अहङ्कार गर्दै गर्जन थाल्यो। त्यसको गर्जनबाट पर्वत काँपे र वृक्षहरू भुइँमा लडे ।।१।। जङ्गलमा रहेका चरा-चुरुङ्गी, सिंह, बाघ र अरू जनावरहरू आत्तिएर एवं छट्पटाएर चारैतिर घुम्न थाले । त्यसपछि त्यस दानवले पृथिवीमा घुम्दै अनेक वीर र अनेक राजाहरूलाई युद्धमा परास्त गऱ्यो ।।२।। जसले ब्रह्मा आदि देवतालाई पनि युद्धमा परास्त गरेको थियो, त्यस्तो सिन्दूर दैत्यसँग ती राजाहरू कसरी युद्ध गर्न सक्थे ? त्यसले युद्धमा ती वीर एवं राजाहरूलाई माऱ्यो । केहीलाई दुई टुक्रा पाऱ्यो, केहीलाई आकाशमा फ्याँक्यो र ती त्यहाँ चक्कर काट्न थाले ।।३।। कसैसँग सम्मुखमै लडेर तिनलाई माऱ्यो । ती सबै स्वर्गमा गए । केही बाँचेका राजा र वीरहरूले शरणमा आएर सेवक बन्ने प्रतिज्ञा गरे । केही पदच्युत भएका राजाहरू स्वाभिमानका कारण त्यसको शरणमा नगएर वनतर्फ लागे । यसरी सिन्दूर दैत्यले सबै राजाहरूमाथि विजय प्राप्त गरी मुनिहरूमाथि आक्रमण गर्ने विचार गऱ्यो ।।४-५।। त्यसको मनमा नराम्रा भावना र नराम्रा बुद्धि खेल्न थाले । त्यसले ऋषिहरूलाई समातेर ल्याई बाँध्यो। त्यसको बन्धनमा परेका कतिपय मुनिहरू देहत्याग गरी दिवङ्गत भए ।।६।। केही भागेर मेरुपर्वतको गुफामा गई शान्तिपूर्वक बस्न थाले । कसैलाई त्यसले घाइते तुल्यायो र कसैलाई बेसरी पिट्यो ।।७।। त्यसले सम्पूर्ण देवताका मन्दिरहरूमा विध्वंस मच्चायो र देवमूर्तिलाई टुक्रा टुक्रा बनायो । यसरी प्रलयकालीन दृश्य उपस्थित भएपछि पृथिवीमा स्वाहा, स्वधा र वषट्कारजस्ता वैदिक कर्महरू लुप्त भए । चारैतिर हाहाकार फैलियो । पर्वतको गुफामा रहेका देवता, मुनि, यक्ष र किन्नरहरूले विचार-विमर्श गर्न बृहस्पतिलाई बोलाए । त्यस बेला बृहस्पतिले उपस्थित देवताहरूका सामु भन्नुभयो – सिन्दूर दैत्यबाट अब डराउनुपर्दैन। भगवान् श्रीगणेशको प्रार्थना गर्नुहोस् । जब भगवान् श्रीगणेश कैलास पर्वतमा रहेको भगवान् शिवजीको धाममा गजाननका रूपबाट प्रकट हुनुहुनेछ त्यस बेला उहाँले आफ्नो पराक्रमबाट सिन्दूर दैत्यलाई मार्नुहुनेछ । यसमा कुनै सन्देह छैन ।।८-१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निराबाधं जगत् सर्वं भविष्यति तदा सुराः ।
एवमुक्तास्तु जीवेन ते तु देवादयोऽखिलाः ।
भक्त्या परमया युक्तास्तुष्टुवुस्तं विनायकम् ।।१३।।

देवा ऊचुः

जगतः कारणं योऽसौ रविनक्षत्रसम्भवः ।
सिद्धसाध्यगणाः सर्वे यत एव च सिन्धवः ।।१४।।

गन्धर्वाः किन्नरा यक्षा मनुष्योरगराक्षसाः ।
यतश्चराचरं विश्वं तं नमामि विनायकम् ।।१५।।

यतो ब्रह्मादयो देवा मुनयश्च महर्षयः ।
यतो गुणास्त्रयो जातास्तं नमामि विनायकम् ।।१६।।

यतो नानावताराश्च यश्च सर्वहृदि स्थितः ।
यं स्तोतुं नैव शक्नोति शेषस्तं गणपं भजेत् ।।१७।।

सिन्दूरो निर्मितःकेन विश्वसंहारकारकः ।
तेनार्तौ प्रापितं विश्वं त्वयि स्वामिनि जाग्रति ।।१८।।

अन्यं कं शरणं यामः को नु पास्यति नोऽखिलान् ।
जह्येनं दुष्टबुद्धिं त्वमवतीर्य शिवालये ।।१९।।

इत्युक्त्वा परितेपुस्ते नानानुष्ठानतत्पराः ।
निराहारा यताहाराः प्राणायामपरायणाः ।।२०।।

धूमपानरताः केचित् केऽपि मौनावलम्बिनः ।
एकपादस्थिताः केचिज्जलमध्ये स्थिताः परे ।।२१।।

ऊर्ध्वबाहुतया केचित्केचिच्च योगमास्थिताः ।
केचिच्चकृतुः स्वान् देहान् केचिच्च मस्तकानपि।।२२।।

एवं तेषां निरीक्ष्यैव तपांसि गणराट् तदा ।
आविरासीत् कोटिसूर्यप्रलयानलसन्निभः ।।२३।।

त्यस बेला सम्पूर्ण जगत्का विघ्नबाधा समाप्त हुनेछन् । यसरी बृहस्पतिद्वारा उपदेश प्राप्त गरेका देवताहरूले परम भक्तिपूर्वक श्रीगणेशको प्रार्थना गर्न थाले ।।१३।।

देवताहरूले भने – 'सूर्यको नक्षत्रमा पैदा हुनुभएका, जगत्को उत्पत्तिका कारण, जसबाट सिद्धगण र साध्यगण पैदा हुन्छन्, जसबाट महासागरहरूको उत्पत्ति हुन्छ, जसबाट किन्नर-यक्ष-गन्धर्व-मानिस-सर्प र राक्षस पैदा हुन्छन्, जसबाट सम्पूर्ण जड-चेतनसहितको विश्व पैदा हुन्छ ती भगवान् विनायकलाई नमस्कार गर्दछौं ।।१४-१५।। जुन भगवान् श्रीगणेशबाट ब्रह्मा आदि देवता, ऋषि, मुनि र महर्षि पैदा हुन्छन् ती विनायक भगवान्लाई प्रणाम गर्दछौं । जुन भगवान्बाट सत्त्व, रज र तमोगुण पैदा हुन्छन् ती विनायक भगवान्लाई प्रणाम गर्दछौं ।।१६।। जसले अनेक थरि अवतार लिएर संसारको कल्याण गर्नुहुन्छ, जो सबैका हृदयमा विराजमान हुनुहुन्छ र जसको स्तुति गर्न शेषनाग पनि समर्थ हुँदैनन् ती गणनायकलाई हामीले भज्नुपर्दछ ।।१७।। जसले विश्वसंहार गर्ने सामर्थ्य भएको सिन्दूर दैत्यको निर्माण गरे, तिनले संसारलाई ठूलो कष्ट दिए । आज भगवान् श्रीगणेश हुँदाहुँदै हामी कसका शरणमा जाऔं ? हामीलाई कुन अर्को महापुरुषले रक्षा गर्न सक्छ ? हे भगवन् श्रीगणेश ! हजुरले छिटो कैलासमा अवतार लिएर दुष्ट सिन्दूर दैत्यलाई मारिदिनुहोस्'।।१८-१९।। यस्तो प्रार्थना गरेर ती देवताहरूले निराहार रही प्राणायाम गर्दै तपस्या, मन्त्रजप आदि अनेक कर्म गरेर दिन बिताए ।।२०।। केही देवताहरू एउटा खुट्टामा उभिएर तपस्या गरिरहेका थिए, केही देवताहरू पानीमा उभिएर तपस्या गरिरहेका थिए, केहीले अग्निको धूवाँ पान गरेर तपस्या गरिरहेका थिए र केहीले मौनव्रत लिएर तपस्या गरिरहेका थिए । केही देवताहरूले आफ्ना दुबै हात आकाशतर्फ फैलाएर तपस्या गरिरहेका थिए, केही अष्टाङ्ग योगको साधनामा संलग्न थिए । केही देवताहरूले भगवान् श्रीगणेशको प्रसन्नताका लागि आफ्नै अङ्गका टुक्रा-टुक्राहरू लुछेर भगवान्लाई चढाइरहेका थिए । केहीले आफ्ना शिरहरू समर्पण गर्दै थिए ।।२१-२२।। देवताहरूको यस किसिमको तपस्या देखेर भगवान् श्रीगणेश कोटिसूर्य र प्रलयकालको अग्निझैं ज्वालामय बनेर त्यहाँ प्रकट हुनुभयो ।।२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्ट्वा तेजोमयं रूपं जहृषुस्ते सुरास्तदा ।
यश्चिन्तितः स एवायमाविर्भूतोऽखिलेश्वरः ।।२४।।

अपनेष्यति नो दुःखं नात्र कार्या विचारणा ।
तत ऊचे स भगवांस्तान् सुराँश्चिन्तया युतान् ।।२५।।

हनिष्ये सिन्दूरं देवा मा चिन्तां कर्तुमर्हथ ।
दुःखप्रशमनं नाम स्तोत्रं वः ख्यातिमेष्यति ।।२६।।

अतो दुःखविनाशो वा जातोऽस्मान्मदनुग्रहात् ।
एककालं द्विकालं वा त्रिकालं वापि यः पठेत् ।।२७।।

कदाचिन्न भवेदस्य दुःखं त्रिविधमण्वपि ।
अहं तु साम्प्रतं देवा अवतीर्य शिवालये ।।२८।।

नाम्ना गजानन इति ख्यातः सर्वार्थसाधकः ।
भविष्यामि हनिष्यामि सिन्दूरादीन् महासुरान् ।।२९।।

करिष्यामि शिवादास्यं कौतुकानि प्रदर्शयन् ।

क उवाच

एवमुक्त्वा ततो देवांस्तत्रैवान्तरधीयत ।।३०।।

ततोऽकस्माद् हैमवती शिवानुग्रहतो दधौ ।
तद्गर्भं ववृधेऽत्यन्तं दिने दिने यथा शशी ।।३१।।

ततस्तत्तेजसा तप्ता नानादोहदकाङ्क्षिणी ।
उवाच शङ्करं गौरी सन्तप्ता गर्भतेजसा ।।३२।।

अतिशीतस्थलं यत्र तत्र मां नय शङ्कर !
ततोऽसौ वृषभारूढः पृष्ठे तामुपवेश्य ह ।।३३।।

भासयन्तीं महातेजःपुञ्जेन विदिशो दिशः ।
वाद्यत्सु सर्ववाद्येषु ययौ स क्षितिमण्डलम् ।।३४।।

नानागणैः समायुक्तो बभ्राम काननानि सः।
भ्रमता तेन दृष्टं हि पर्यलीकाननं महत् ।।३५।।

तत्र विश्रान्तिमकरोत् पार्वत्यानुमतस्तदा ।
नानापुष्पसमाकीर्णं नानाद्रुमफलान्वितम् ।।३६।।

त्यस बेला भगवान् श्रीगणेशको तेजोमय स्वरूप देखेर ती सबै देवताहरू प्रसन्न भएर भन्न लागे – जुन भगवान् श्रीगणेशको आराधना गरिरहेका थियौं, आज उहाँ नै हाम्रा सामु प्रकट हुनुभयो ।।२४।। स्वर्ग–मर्त्य–पातालका स्वामी भगवान् श्रीगणेशले हाम्रा कष्ट नाश गर्नुहुनेछ । यसमा कुनै शङ्का छैन र विचार पनि गर्नुपर्दैन ।' त्यसपछि चिन्ता गरिरहेका देवताहरूलाई भगवान् श्रीगणेशले भन्नुभयो – 'हे देवगण! म सिन्दूर दैत्यलाई भर्खरै मारिदिन्छु, तपाईंहरू चिन्तामुक्त हुनुहोस्। तपाइँहरूले पाठ गर्नुभएको यो स्तोत्र दुःखप्रशमन स्तोत्रका रूपमा संसारमा प्रख्यात हुनेछ ।।२५–२६।। अब मेरो कृपाबाट तपाइँहरूको दुःख नष्ट हुनेछ । जसले दिनमा एक पटक, दुई पटक अथवा तीन पटक यस स्तोत्रको पाठ गर्दछ त्यसलाई आध्यात्मिक, आधिदैविक र आधिभौतिक दुःख लेशमात्र पनि हुँदैन । म अब छिटै भगवान् शङ्करको धाम कैलासमा गजाननको नामबाट अवतार लिएर सबै भक्तहरूको कार्य सिद्ध गर्नेछु र सिन्दूर आदि महादैत्यहरूको संहार गर्नेछु ।।२७–२९।। मैले भगवती पार्वतीको पुत्रका रूपमा रहेर उहाँलाई बाललीला देखाउँदै उहाँको सेवा गर्नेछु ।'

ब्रह्माजीले भन्नुभयो – यसरी देवताहरूसामु प्रतिज्ञा गरी भगवान् श्रीगणेश तत्काल अन्तर्धान हुनुभयो ।।३०।। त्यसपछि अकस्मात् भगवती पार्वतीले शिवजीको कृपाबाट गर्भधारण गर्नुभयो। त्यो गर्भ शुक्लपक्षको चन्द्रमाझैं प्रतिदिन बढ्न थाल्यो ।।३१।। आफ्नो गर्भमा रहेका बालकको तेजबाट सन्तप्त भएकी पार्वतीले गर्भकालीन अनेक इच्छाहरू व्यक्त गर्दै भगवान् शङ्करलाई भन्नुभयो – 'म गर्भको तेजले सन्तप्त भएकी छु । जहाँ अत्यन्त शीतल ठाउँ छ त्यहाँ मलाई लैजानुहोस्।' त्यसपछि नन्दीमाथि सवार हुनुभएका भगवान् शङ्कर गर्भको तेजले संसारलाई नै प्रकाशित गर्ने भगवती पार्वतीलाई साथमा लिएर चारैतिर बजिरहेका बाजाहरूको मधुर ध्वनि श्रवण गर्दै गणहरूका साथ पृथिवीभ्रमणमा जानुभयो । वनहरूमा घुम्दाघुम्दै उहाँले पर्यलीनामक विशाल वन देख्नुभयो।।३२–३५।। उहाँले पार्वतीको अनुमति लिएर त्यहाँ विश्राम गर्नुभयो । त्यो वन हरिया वृक्ष र लताले शोभायमान, अनेक फलफूलले सम्पन्न र तलाउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरोवापीयुतं सान्द्रतरुच्छायं मनोरमम् ।
यत्रोस्त्राणां न प्रवेशः कैलासशिखरोपमम् ।।३७।।

नन्दनादधिशोभं तद् वनं चैत्ररथादपि ।
तद्वीक्ष्य गिरिजा प्रोच इच्छया सदृशं शिवम् ।।३८।।

वनं प्राप्तं महादेव ! क्रीडावोऽत्र चिरं विभो ।
गणानामपि सर्वेषां प्रीतिस्तत्र ह्यभूत्तदा ।।३९।।

ततो गणा मण्डपं ते चक्रुस्तत्प्रियकाम्यया ।
नानावेदीगृहयुतं नानोपस्करसंयुतम् ।।४०।।

तत ऊचे शिवो देवीं वसात्र त्वं गणैर्युता ।
यद् यत्ते प्रार्थितं तत्ते दास्यन्ति मदनुग्रहात् ।।४१।।

ततः स्वयं जगामाशु ध्यानस्थोऽभूद्धिमालये ।
सखीभिः पार्वती तत्र चिक्रीडे सा यथारुचि ।।४२।।

अरक्षँस्तां कोटिगणाः समन्तादावृतास्तदा ।
तदाज्ञावशगाः सर्वे कन्दमूलफलाशिनः ।।४३।।

एवं कुवाले रमणीय थियो । सघनताका कारण त्यहाँ सूर्य एवं चन्द्रमाका किरणहरूको प्रवेश सम्भव थिएन । त्यस पर्यली वनमा कैलासको शिखरमा जस्तै शीतलता थियो । त्यो वन इन्द्रको नन्दन वन र कुबेरको चैत्ररथ वनभन्दा पनि रमणीय थियो। त्यस वनलाई देखेर भगवती पार्वतीले भगवान् शिवजीलाई भन्नुभयो – 'हे प्रभो ! हामी उत्तम वनमा आएका छौं । अब धेरै कालसम्म हामीले आनन्दपूर्वक विहार गरौं ।' त्यस वनमा गएपछि भगवान् शिवजीका गणहरू पनि रमाए ।।३६-३९।। ती गणहरूले भगवान् शङ्कर र पार्वतीको आनन्दविहारका लागि सुन्दर मन्दिर तयार गरे । त्यस मन्दिरमा अनेक वेदी र अनेक थरि सामग्री थिए। त्यसपछि शिवजीले पार्वतीलाई भन्नुभयो– 'हे पार्वती ! तिमी गणहरूका साथ यहीं बस । तिमीले चाहेका पदार्थ गणहरूले पुऱ्याउने छन् । तिमीमाथि मेरो अनुग्रह रहनेछ' ।।४०-४१।। यसरी पार्वतीलाई आज्ञा दिएर भगवान् शङ्कर हिमालयमा गई ध्यानमा लीन हुनुभयो । पार्वती पनि आफ्ना सँगिनीहरूका साथ विहार गर्दै रमाएर रहनुभयो । सुरक्षाका लागि खटिएका कन्दमूलभोजी करोडौं शिवगणले सुरक्षा र सेवा गरे।।४२-४३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गौरीदोहदवर्णनं नामैकोनत्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'गर्भिणी पार्वतीका गर्भकालिक इच्छा पूरा गर्दै शिवगणद्वारा निरन्तर शुश्रूषा' शीर्षकान्वित एक सय उनन्तीसौं अध्याय पूर्ण भयो ।।१२९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिंशदुत्तरशततमोऽध्यायः { १३० अध्याय }

क उवाच

ततस्तु नवमे मासि पूर्णे साऽसूत बालकम् ।
चारुचन्द्राननं पद्मशोभाजिन्नयनं शुभम् ।।१।।

किरीटकेयूरधरं कोटिसूर्यसमप्रभम् ।
प्रवालाधरशोभाढ्यं चतुर्बाहुविराजितम् ।।२।।

मुक्ताहारधरं चारुकङ्कणैरुपशोभितम् ।
परशुं कमलं मालां मोदकाँश्च करैर्दधत् ।।३।।

ध्वजाङ्कुशाब्जविलसत्पादपद्मसमन्वितम् ।
किङ्किणीजालविलसच्चारुगुल्फयुतं शुभम् ।।४।।

भालचन्द्रं कोटिचन्द्रनिभं वह्निसमप्रभम् ।
एवं दृष्ट्वा स्वरूपं सा चकम्पे हर्षनिर्भरा ।।५।।

किमिदं तेज उदितं नयनाच्छादकं महत् ।
कोऽसि त्वं वद मे चेतो नन्दयस्व कृपां कुरु ।।६।।

इत्युक्त्वा तं नमश्चक्रे स्मरन्ती पूर्वजं वचः।
तत ऊचे महोमूर्तिर्मा मातर्विमना भव ।।७।।

गुणेशोऽहमनेकानां ब्रह्माण्डानां विधायकः।
असङ्ख्याता मेऽवतारा न ज्ञायन्तेऽमरैरपि।।८।।

इच्छया सृष्टिसंहारपालनानि करोम्यहम् ।
त्रिधा रूपं विधायाहं विश्वस्य शिवनन्दिनि ।।९।।

त्रेतायुगेऽवतीर्णेन त्वद्गृहे लीलया पुरा ।
अनेकानि चरित्राणि कृतानि सिन्धुनाशनम् ।।१०।।

मयूरेश्वरनामाहं षड्भुजोऽर्जुनवर्णकः।
तदा मया वचो दत्तं द्वापरे ते सुतः पुनः ।।११।।

भवेयं सेवकश्चाहं सिन्दूरान्मोचिता मया ।
द्विजरूपेण सहसा स्मर सर्वं शुचिस्मिते ।।१२।।

ब्रह्माजीले भन्नुभयो – नौ महिना पुगेपछि भगवती पार्वतीले सुन्दर, चन्द्रमाजस्तो अनुहार भएका, कमलको शोभालाई परास्त गर्ने आँखाले सुहाउनुभएका, मङ्गलमय किरीट र केयूर धारण गर्नुहुने, कोटिसूर्यसमान कान्तिले सुहाउनुभएका, मूँगाको माला धारण गरी अत्यन्त शोभासम्पन्न देखिनुहुने, चतुर्बाहु, मोतीको हार र सुन्दर बाला लगाउनुहुने, आफ्ना हातहरूमा परशु; कमल; माला र लड्डू लिनुहुने, पाउमा ध्वजा; अङ्कुश र कमलका चिह्नले शोभायमान, किङ्किणीले सुहाउनु भएका, शिरमा चन्द्रमा धारण गर्नुहुने, करोडौं चन्द्रको कान्तिले सुहाउनुभएका र अग्निझैं देदीप्यमान बालकलाई पैदा गर्नुभयो। बालकको यति राम्रो स्वरूप देखेर भगवती पार्वती अत्यन्त हर्षित र कम्पित हुनुभयो ।।१-५।। मेरो कोखबाट कस्तो तेज पैदा भयो ? तेजको कान्तिले मैले आँखाले हेर्न पनि सकिन ? मेरा आँखाका ज्योति ढाकिए । हे बाबु ! तिमी को हौ ? भन। आफ्नो मीठो वाणीले मेरो हृदयलाई आनन्दित तुल्याऊ । ममाथि कृपा गर । यसरी भाव व्यक्त गरेर पार्वतीले प्राचीन घटनाहरू याद गर्दै बालकलाई नमस्कार गर्नुभयो । त्यसपछि ती तेजोमूर्ति बालकले भने- 'आमा! चिन्ता नगर्नुहोस्।।६-७।। म अनेक ब्रह्माण्डको स्रष्टा तीन गुणको स्वामी श्रीगणेश हुँ । मेरा असङ्ख्य अवतारका विषयमा देवताहरू पनि राम्ररी जान्दैनन् ।।८।। हे शिवप्रिया पार्वती ! म आफ्नो इच्छाले तीन रूप लिएर संसारको सृष्टि, संहार र पालन आदि कार्य गर्दछु । म पहिले त्रेतायुगमा लीलापूर्वक हजुरको घर कैलासमा पैदा भएको थिएँ । मैले अनेक चरित्रहरू त्यहाँ देखाएँ । त्यस बेला सिन्धु दैत्यको नाश पनि गरें । त्यस समयमा म मयूरेश्वरको नामबाट प्रसिद्ध थिएँ । मेरो त्यस अवतारको वर्ण सेतो थियो र म छ भुजाले सुहाएको थिएँ । त्यस बेला मैले हजुरलाई द्वापरयुगमा फेरि हजुरको पुत्र भएर जन्म लिनेछु भन्ने वचन दिएको थिएँ । आज म हजुरको सेवा गर्न आइपुगेको छु । हजुरलाई याद होला म गर्भमा आउनुभन्दा पहिले हजुरका सामु आएको थिएँ। सिन्दूर दैत्यले हजुरको अपहरण गर्दा ब्राह्मणको रूप लिएर मैले हजुरलाई त्यस दैत्यबाट मुक्त गरेको थिएँ । हे आमा !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदापि तनयस्तेऽहं भविष्यामीत्यथाब्रुवम् ।
तदिदं वचनं सत्यं मयाऽसम्पादि पार्वति ।।१३।।

भूभारञ्च हरिष्यामि सिन्दूरञ्च महाबलम् ।
सेवनञ्च करिष्यामि तव मातर्गजाननः ।।१४।।

विख्यातोऽहं भविष्यामि भक्तानां कामपूरकः ।

क उवाच

एवं श्रुत्वा वचो गौरी स्मृत्वा सर्वं पुरातनम् ।।१५।।

नत्वा तुष्टाव देवेशं विश्वेशं विघ्ननाशकम् ।

गौर्युवाच

निर्विकल्पचिदानन्दघनं ब्रह्मस्वरूपिणम् ।।१६।।

भक्तप्रियं निराकारं साकारं गुणभेदतः ।
नमाम्यहमतिस्थूलमणुभ्योऽणुतरं विभुम् ।।१७।।

अव्यक्तं व्यक्तिमापन्नं रजःसत्त्वतमोगुणम् ।
मायाविनं मायिनञ्च सर्वमायाविदं प्रभुम् ।।१८।।

सर्वान्तर्यामिणं नित्यं सर्वाधारं परात्परम् ।
चतुर्णामपि देवानां मानसस्याप्यगोचरम् ।।१९।।

महद् भाग्यं मम विभो ! स त्वं मे पुत्रतां गतः ।
प्रतीक्षन्त्या मम विभो ! प्रत्यक्षं दर्शनं गतः।
इदानीं त्वद्वियोगो मे न स्याद् देव ! तथा कुरु ।।२०।।

एवं वदन्त्यां तस्यां तु देवो रूपान्तरं दधौ ।
चतुर्भुजं भालचन्द्रं शुण्डादण्डविराजितम् ।।२१।।

अनेकभूषणयुतं चिन्तामणियुतं हृदि ।
दिव्याम्बरं दिव्यगन्धं सिद्धिबुद्धियुतं तदा ।।२२।।

रुरोद बालवच्चाज्ञो ददृशे गिरिजा तु तम् ।
शुशोच बहुधा तन्वी निधिः केन हृतो मम ।।२३।।

त्यो घटना याद गर्नुहोस् । त्यस बेला पनि मैले हजुरलाई अब म छिट्टै पुत्र भएर जन्मनेछु भनेको थिएँ । हे आमा ! त्यही प्रतिज्ञा पूरा गर्न अहिले म हजुरको गर्भबाट पैदा भएको छु । मैले पृथिवीको भार हरण गर्नेछु र महाबली सिन्दूर दैत्यको पनि संहार गर्नेछु । हे आमा ! मैले हजुरको सेवा गर्नेछु ।।९-१४।। यस संसारमा म भक्तहरूको कामना पूरा गर्ने गजाननका रूपमा विख्यात हुनेछु ।'

ब्रह्माजीले भन्नुभयो – आफ्ना गर्भबाट जन्मेका बालकको वचन सुनेर भगवती गौरीले पुराना सबै कुरा संझनुभयो ।।१५।। त्यसपछि देवताका अधिपति विश्वका स्वामी विघ्नविनाशक श्रीगणेशको स्तुति गर्नुभयो ।

गौरीले भन्नुभयो – 'निर्विकल्प स्वरूप, चिदानन्दघन, ब्रह्मरूप, भक्तका प्यारा, गुणअनुसार कहिले निराकार र कहिले साकार रूपमा अवतीर्ण हुनुहुने हे गजानन ! हजुरलाई नमस्कार गर्दछु । स्थूलभन्दा पनि अतिस्थूल, अणुभन्दा पनि अत्यन्त अणु, व्यापक, अव्यक्त, व्यक्त, रज, सत्त्व र तमोगुणलाई क्षुब्ध गराई प्रकट हुनुहुने, मायावी र सम्पूर्ण मायाका खेलहरूलाई जान्ने, संसारका प्रभु, अन्तर्यामी, नित्य, सबैका आधार, परात्पर, ब्रह्मा, विष्णु, महेश र इन्द्रका मनबाट पनि अगोचर हजुरलाई नमस्कार गर्दछु।।१६-१९।। हे सर्वव्यापी परमात्मा ! मेरो अहोभाग्य हो कि हजुरजस्ता ब्रह्माण्डका नायक आज मेरा पुत्र बनेर आउनुभएको छ । म हजुरको प्रतीक्षा गरिरहेकी थिएँ। हे ईश्वर ! आज मैले प्रत्यक्ष दर्शन पाएँ । हे प्रभो ! अब हजुरको वियोग कहिले सहन नपरोस्, त्यस्तो व्यवस्था मिलाउनुहोस्' ।।२०।। यसरी पार्वतीले प्रार्थना गरिरहेकै समयमा भगवान् श्रीगणेशले आफ्नो रूपान्तरण गर्नुभयो । त्यस बेला उहाँले चतुर्बाहु, भालचन्द्र, सूँढले शोभायमान, अनेक अलङ्कारद्वारा अलङ्कृत, हृदयमा चिन्तामणि धारण गर्ने, दिव्य वस्त्र, दिव्य गन्धले शोभायमान, सिद्धि एवं बुद्धिद्वारा सेवित, सुन्दर स्वरूप प्रकट गर्नुभयो । अनि भगवान् श्रीगणेश केही नजान्ने अज्ञानी बालकझैं रुन थाल्नुभयो ।।२१-२२।। बालकले रूपान्तरण गरी अदृश्य भएपछि भगवती पार्वतीले चिन्ता गर्दै भन्नुभयो – 'मेरा ती सुन्दर भगवान्लाई कसले लग्यो ? तीन लोकमा मुखमा सूँढ धारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न बालस्त्रिषु लोकेषु दृष्टः शुण्डाविराजितः ।
ब्रह्मादयो हसिष्यन्ति लोकाश्चेक्ष्येदृशं शिशुम् ।।२४।।

एवं बहुविधं शोकं श्रुत्वाऽगाच्छङ्करो गृहम् ।
सगणस्तं शिशुं गृह्य प्राह तां शृणु मे प्रिये ।।२५।।

अनादिनिधनो देवः शुण्डादण्डविराजितः ।
यत्र कुण्ठाश्चतुर्वेदाः शास्त्राणि मुनयो वराः।।२६।।

प्रपञ्चे गुम्फिता येन नानाकार्यवता प्रिये ।
सर्वान्तर्याम्यनेकानां ब्रह्माण्डानाञ्च कारकः ।।२७।।

चत्वार्यस्य च रूपाणि चतुर्षु च युगेषु च ।
कृते दशभुजो नाम्ना विनायक इति श्रुतः।।२८।।

त्रेतायुगे शुक्लवर्णः षड्भुजोऽसौ मयूरराट् ।
सिन्धुं हत्वाऽपालयत् सोऽवतीर्य स्वालये प्रिये ।।२९।।

स एवायं रक्तवर्णश्चतुर्बाहुविराजितः।
अवतीर्णो गृहे नौ हि सिन्दूरं निहनिष्यति ।।३०।।

आरुह्य मूषकं देवो भूभारञ्च हरिष्यति ।
नाम्ना गजानन इति त्रैलोक्ये ख्यातिमेष्यति ।।३१।।

अयं कलियुगे देवि ! धूम्रकेतुरिति प्रथाम् ।
चतुर्बाहुश्चारुनेत्रो यास्यते रुचिरां भुवि ।।३२।।

निशम्य शिववाक्यं स उवाच बालकः स्फुटम् ।

बाल उवाच

सम्यग्बुद्धं स्वरूपं मे सम्यगुक्तं त्वया शिव ।।३३।।

अवतीर्णस्तव गृहे सेवां कर्तुञ्च सिन्दुरम् ।
निहन्तुञ्च निहन्तारं देवानां सर्वभूभुजाम् ।।३४।।

गर्ने बच्चा मैले देखेकी थिइनँ । मेरो घरमा हात्तीको सूँढजस्तो सूँढ भएको बच्चा देखेर सबै मानिसले मलाई खिसी गर्नेछन् । अरू त के कुरा ब्रह्मा र विष्णु पनि हाँस्नु हुनेछ । संसारका मानिसले पनि मलाई अर्कै दृष्टिले हेर्नेछन्' ।।२३-२४।। पार्वतीका यस्ता शोकमय वचन सुनेर गणसहित भगवान् शङ्कर त्यहाँ आउनुभयो । ती बालकलाई काखमा लिएर शङ्करले पार्वतीलाई भन्नुभयो – 'हे प्रिया ! तिमीले सुन – जसको आदि छैन, अन्त पनि छैन त्यस्ता परमात्मा आज हाम्रो घरमा हात्तीको जस्तो सूँढ लिएर शोभायमान हुनुभएको छ । यी बालकका हृदयमा चार वेद गुम्फित भएर रहेका छन्, शास्त्रहरू उहाँकै हृदयमा विराजमान छन्, देवता र मुनिहरू उहाँकै विराट् रूपभित्र समाहित हुन्छन् । संसारको सृष्टि, पालन र संहार कार्यमा व्यस्त परब्रह्मका लागि केही पनि असम्भव छैन । उहाँ सबैका घट-घटमा अन्तर्यामी भएर विराजमान हुनुहुन्छ र कोटि-कोटि ब्रह्माण्डका निर्माता हुनुहुन्छ। उहाँले चार युगमा चार प्रकारका स्वरूप धारण गर्नुहुन्छ। सत्ययुगमा उहाँका दश भुजा हुन्छन् र उहाँलाई भक्तहरूले विनायकको नामबाट सम्बोधन गर्दछन् । त्रेतायुगमा सेतो वर्णका ६ भुजाले सम्पन्न र मयूरमा सवार गर्ने मयूरवाहनका रूपमा भक्तहरूले उहाँलाई चिन्दछन्। द्वापरयुगमा हाम्रै धाममा अवतीर्ण भएर उहाँले सिन्धु दैत्यको हत्या गर्नुभयो । आज उहाँ नै रातो वर्णका चतुर्बाहु भएर यहाँ अवतरित हुनुभएको छ। अब उहाँले संसारको कण्टक सिन्दूर-नामक दैत्यको हत्या गर्नुहुनेछ । मूसामा सवार भई पृथिवीको भारहरण गर्नुहुनेछ । संसारमा उहाँलाई मानिसहरूले गजाननका रूपबाट चिन्नेछन् । उहाँ नै पछि कलियुगमा पैदा भएर धूम्रकेतुका नामबाट विख्यात हुनुहुनेछ । त्यस बेला पनि श्रीगणेश चतुर्बाहुका रूपमा रहनुहुनेछ' ।।२५-३२।। शिवजीका कुरा सुनेर भर्खर जन्मेका ती बालकले स्पष्ट वाणीमा उहाँसँग कुराकानी गरे ।

बालकले भने – 'हे शिवजी ! हजुरले मेरो स्वरूपलाई राम्ररी जान्नुभएको रहेछ र तदनुसार वर्णन गर्नुभयो ।।३३।। अहिले म हजुरका घरमा अवतीर्ण भएको छु । यो अवतार मेरा माता-पिता शिव-पार्वतीको सेवाका निमित्त भएको हो । यसै अवतारमा मैले सिन्दूरनामक दैत्यको वध गर्नेछु । यसै अवतारमा देवता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्दनं भूधराणाञ्च त्रैलोक्यजयशालिनम् ।
हत्वा तं विश्वसन्तोषं करिष्यामि च शङ्कर ।।३५।।

भक्तानां कामपूरश्च वेदकर्मप्रवर्तकः ।
भविष्यामि वरेण्यस्य वरदो ज्ञानदायकः ।।३६।।

मयि भक्तिर्भवेत् तस्य मम ध्यानपरायणः।
देवद्विजातिथीनाञ्च पूजकः पञ्चयज्ञकृत् ।।३७।।

पुराणश्रवणे सक्तः स्वाचारः सत्यवान् शुचिः ।
पुष्पिका नाम यस्यापि पत्नी धर्मपरायणा ।।३८।।

पतिव्रता पतिप्राणा पतिवाक्यपरायणा ।
ताभ्यां द्वादशवर्षाणि तपस्तप्तं सुदारुणम् ।।३९।।

तयोर्मया वरो दत्त एष्ये वां पुत्रतां ध्रुवम् ।
पुष्पिकायां प्रसूतायामद्यैव राक्षसैः शिशुः ।।४०।।

नीतश्च त्यक्ष्यते प्राणाँस्तस्मान्मां नय तत्र ह ।
एवमाकर्ण्य तद्वाक्यं शिवो हर्षसमन्वितः।।४१।।

नानावाङ्मयपुष्पैस्तं पूजयामास भक्तितः ।।४२।।

मुनि, सम्पूर्ण पृथिवीका राजा, पर्वत आदि विशाल तत्त्वहरूलाई भताभुङ्ग तुल्याउने त्रिलोकीमा विजयको उन्माद देखाउने सिन्दूर दैत्यलाई मारेर संसारलाई नै शान्त र सुखी तुल्याउनेछु।।३४-३५।। म यस अवतारमा भक्तहरूको कामना पूरा गर्ने, वेदले बताएका कर्मकाण्डको प्रवर्तन गर्ने, वरेण्य राजालाई वरदान दिने र भक्तहरूलाई ज्ञान प्रदान गर्ने भगवान्का रूपमा चिनिने छु ।।३६।। राजा वरेण्य मेरो ध्यानमा लीन छन् । तिनको ममा अपार भक्ति छ । तिनले देवता, ब्राह्मण र अभ्यागतहरूको आराधना गर्दछन् । तिनले पञ्चमहायज्ञ सम्पादन गर्दछन्, पुराणश्रवणमा श्रद्धा राख्दछन् । ती उत्तम आचार-विचारले सम्पन्न, सत्यवादी र पवित्रात्मा पुरुष हुन् । तिनकी धर्मपत्नी पुष्पिका धर्मपरायण नारी हुन् ।।३७-३८।। राजा वरेण्यकी महारानी पुष्पिका पतिव्रता छिन्, पतिका निमित्त प्राणभन्दा पनि प्यारी छिन् र पतिको आज्ञापालनमा दत्तचित्त छिन् । ती दुबै दम्पतीले बाह्रवर्षसम्म कठोर तपस्या गरेका थिए ।।३९।। तिनीहरूलाई मैले तपाइँहरूको पुत्र बनेर पैदा हुनेछु भन्ने वरदान दिएको थिएँ । अब पुष्पिकाले बालक पैदा गर्दैछिन् । तिनको बालकलाई अहिले नै राक्षसहरूले अपहरण गर्नेछन् र त्यस बालकले प्राणत्याग गर्नेछ । त्यस कारण हजुरहरूले मलाई केही समयका लागि रानी पुष्पिका जहाँ शयन गर्छिन् त्यस सुत्केरी कोठामा लगेर राखिदिनुहोस् ।' बालकका यस्ता कुरा सुनेर भगवान् शिवजी अत्यन्त हर्षित हुनुभयो र उहाँले अनेक स्तुतिद्वारा बालकको पूजा गर्नुभयो।।४०-४२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गजाननाविर्भावो नाम त्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'भगवान् गजाननको आविर्भाव' शीर्षकान्वित एक सय तीसौं अध्याय पूर्ण भयो ।।१३०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकत्रिंशदुत्तरशततमोऽध्यायः { १३१ अध्याय }

क उवाच

ततश्चिन्तां चकारासौ तत्र नेतुं तु बालकम् ।
तज्ज्ञात्वा प्राह तं नन्दी स्वामिन् ! युष्मत्प्रसादतः ।।१।।

शोषयिष्ये समुद्राँस्तु चूर्णयिष्ये गिरीनपि ।
आज्ञापय ततो मह्यं भवान् कार्यं हृदि स्थितम् ।।२।।

क उवाच

भणितं तस्य तच्छ्रुत्वा तुष्टः प्राह हरः स तम् ।

हर उवाच

साधु साधु त्वया प्रोक्तमाशयं मे विवृण्वता ।।३।।

पौरुषं ते मया ज्ञातं शतशो नन्दिकेश्वर !
इदानीमथ यत्कार्यं वदामि तत्कुरुष्व भोः।।४।।

माहिष्मत्यां महापुर्यामास्ते राजा महाबलः ।
वरेण्य इति विख्यातो नानाधर्मपरायणः ।।५।।

यस्य पत्नी महाभागा पुष्पिका नाम नामतः ।
तस्यां सद्यः प्रसूतायां सुप्तायां कापि राक्षसी ।।६।।

निन्ये बालं तत्पुरतो नेयो बालस्त्वया लघु ।
नीत्वा स्थाप्यस्तत्पुरतो यावन्निद्राति सा शुभा ।।७।।

क उवाच

एवमाज्ञां समाकर्ण्य शङ्करेण समीरिताम् ।
शीघ्रं बालं समादाय नभोमार्गेण सत्वरः ।।८।।

प्राक्षिपत् पुरतो बालं सा न सुप्ता बुबोध तम् ।
शीघ्रमुड्डीय स प्रायान्नन्दिकेशो महेश्वरम् ।।९।।

उवाच निजवृत्तान्तं मार्गे स्वयमनुष्ठितम् ।
अकस्माद् गगनादेव राक्षसी घोरदर्शना ।।१०।।

भक्षयन्ती बालमांसं मामाश्रित्य स्थिता विभो ।
तव प्रसादात् पुच्छेन वेष्टिता राक्षसी मया ।।११।।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि भगवान् शङ्करले वरेण्य राजाको घरमा बालकलाई कसरी पुऱ्याउने भनी चिन्ता गर्नुभयो। भगवान्लाई चिन्तित देखेर नन्दीले भने – हे भगवन्! हजुरको कृपाले मैले समुद्र सुकाउन सक्छु, पर्वतलाई धूलो-पीठो बनाउन सक्छु र हजुरले आज्ञा गर्नुहोस् म जे पनि गर्न सक्छु। अहिले हजुरलाई कुन कारणले चिन्ता भएको छ त्यो खुलाउनुहोस् ।।१-२।।

ब्रह्माजीले भन्नुभयो – नन्दीका कुरा सुनेर शिवजी प्रसन्न हुनुभयो र उहाँले नन्दीलाई निर्देशन दिनुभयो ।

शिवजीले भन्नुभयो- 'हे नन्दी! राम्रो कुरा गऱ्यौ । तिमीले मेरो मनको कुरा बुझेका रहेछौ ।।३।। हे नन्दीश्वर ! मैले तिम्रो पुरुषार्थ धेरै पटक देखेको छु । अहिले मैले जुन काम अह्राउँदैछु त्यसलाई राम्रोसँग सम्पन्न गर ।।४।। माहिष्मती महानगरीमा बलशाली र धर्मपरायण वरेण्यनामक राजा छन् । तिनकी पत्नीको नाम पुष्पिका हो । ती भाग्यवती नारी हुन् । पुष्पिका सुत्केरी भएर सुतिरहेको अवस्थामा कुनै राक्षसीले आएर भर्खर पैदा भएको बच्चा अपहरण गरेको छ । ती पुष्पिका अहिले निदाइरहेकी छिन्। तिनलाई आफ्नो बालकको अपहरण भएको थाहा छैन। तिमीले हाम्रा यी बालकलाई त्यहाँ पुऱ्याऊ । पुष्पिका निदाएकै समयमा तिनका काखमा सुताएर फर्क' ।।५-७।।

ब्रह्माजीले भन्नुभयो – भगवान् शङ्करको आज्ञा पाएर नन्दी अतिशीघ्र भगवान्ले दिनुभएको बालक हातमा लिई आकाशमार्गबाट माहिष्मती पुगे र पुष्पिकाको काखमा बच्चा सुताइदिए । पुष्पिकाले केही पनि थाहा पाइनन् । नन्दी तीव्रवेगले फेरि भगवान् शङ्करका सामु फर्किए । तिनले भगवान् शङ्करसँग आफूले जाँदा गरेका कार्यहरूको वर्णन पनि गरे। नन्दीले भने- 'हे भगवन् ! म यहाँबाट जाँदा आकाशमा डरलाग्दी राक्षसी फेला परी ।।८-१०।। त्यसले मेरो हातमा रहेको बालकलाई खोसी त्यसका शरीरको मासु लुछ्न थाली । हजुरको कृपाले मैले त्यसलाई मेरा पुच्छरले बाँधे । आकाशमा धेरै पटक घुमाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रामयित्वा विनिक्षिप्ता महापर्वतमस्तके ।
शतधा खण्डिता सा तु त्वन्नामोच्चारणात् प्रभो।।१२।।

ततोऽपश्यं महाव्रातं गन्धर्वाणां दुरात्मनाम् ।
कथं मया तैर्योद्धव्यं रक्षितव्यः कथं शिशुः ।।१३।।

इति चिन्ताकुलतया स्मृतस्त्वं हृदि शङ्कर !
ततः पुच्छेन शृङ्गाभ्यां क्रोधोच्छ्वासैश्च लत्तया।।१४।।

हुङ्कारेण च तान् सर्वान् निवार्य बलवत्तरान् ।
मृताः केचिद् हताः केचित् केचिद्भग्नशिरोऽङ्घ्रयः।।१५।।

पतिताः शतधा भूमौ पुष्पवृष्टिस्ततोऽपतत् ।
ततोऽहमगमं देव ! कृत्वा कार्यं त्वयेरितम् ।।१६।।

तवेच्छाविषयं को नु हन्यात् त्रैलोक्यमण्डले ।
अतस्त्वन्नामतो देव ! जयं, प्राप्तः स बालकः ।।१७।।

ततः शिवो हर्षयुतो लिलिङ्ग नन्दिकेश्वरम् ।
उवाच च प्रसन्नात्मा ज्ञातं ते पौरुषं दृढम् ।।१८।।

नास्ति त्रिभुवने कोऽपि त्वत्समो नन्दिकेश्वर !

क उवाच

ततः प्रणम्य विश्वेशं पार्वतीमगमच्च सः ।।१९।।

प्रणम्य तां योज्य हस्तौ प्रोचे मधुरया गिरा ।
मातः ! शिवाज्ञया बालो नीतो माहिष्मतीं पुरीम्।।२०।।

वरेण्यपत्न्याः पुरतः पुष्पिकाया न्यधायि सः ।
यतस्तेन पुरा दत्तो वरस्तस्य बभूव ह ।।२१।।

अहं पुत्रत्वमेष्यामि ब्रह्मज्ञानप्रकाशकः ।
निशम्य वचनं तस्य सर्वज्ञा पार्वती तदा ।।२२।।

जहर्ष जननी तस्य शिशोर्वीर्यमनन्तकम् ।
उवाच परया भक्त्या ज्ञातं ते पौरुषं सुत ।।२३।।

एउटा ठूलो पर्वतको चुचुरोमा पछारें । हजुरको नाम लिनाले त्यसको शरीर सय टुक्रा भएर फैलियो। यसरी मैले हजुरको कृपाबाट बालकको रक्षा गरें ।।११-१२।। त्यसपछि म बालक लिएर जाँदै थिएँ। बाटामा गन्धर्वहरूको समूह भेटियो, ती गन्धर्वसँग कसरी युद्ध गर्ने र कसरी बालकको रक्षा गर्ने भन्ने मलाई चिन्ता पऱ्यो । त्यस बेला पनि मैले हजुरलाई संझें। मलाई जोश आयो, पुच्छर, सिङ र खुट्टाले क्रोधपूर्वक मैले तिनलाई हिर्काएँ । मेरा श्वास-प्रश्वास र हुँकारबाट पनि तीमाथि प्रहार भयो। यसरी हजुरको कृपाले युद्धमा तिनलाई पनि जितें। केही गन्धर्वहरू मरे, केही भागे र कसैका टाउका एवं खुट्टा भाँचिए ।।१३-१५।। सयौं गन्धर्व भुइँमा पछारिए । मैले यसरी गन्धर्वहरूमाथि विजय गरेपछि आकाशबाट पुष्पवृष्टि भयो । त्यसपछि म माहिष्मती पुगें । हजुरले बताएअनुसारको काम पूरा गरें । हजुरले जुन कुरा चाहनुहुन्छ त्यसलाई स्वर्ग, मर्त्य र पातालमा कसले अन्यथा गर्नसक्छ ? हजुरको नामजपबाट विजय प्राप्त हुन्छ । हजुरकै प्रभावले बालक पुष्पिकाका काखमा पुगे ।।१६-१७।। नन्दीका यस्ता कुरा सुनेर खुसी हुनुभएका शङ्करले तिनलाई आलिङ्गन गर्नुभयो र प्रसन्न भएर भन्नुभयो - 'हे नन्दी ! मैले तिम्रो अलौकिक पराक्रम थाहा पाएँ, तीनै भुवनमा तिमीसमान पराक्रमी कोही पनि छैन ।'

ब्रह्माजीले भन्नुभयो - नन्दी भगवान्सँग वार्तालाप गरी उहाँलाई प्रणाम गरेर पार्वतीको दर्शन गर्न गए । पार्वतीलाई हात जोडी प्रणाम गरेपछि मधुर वचन उच्चारण गर्दै निवेदन गरे - हे आमा पार्वती ! शिवजीको आज्ञाबाट मैले बालकलाई माहिष्मती नगरीमा पुऱ्याएँ ।।१८-२०।। ती बालकलाई वरेण्य राजाकी रानी पुष्पिकाको बिस्तरामा सुताएँ । पहिले भगवान् श्रीगणेशले पुष्पिकालाई म तिम्रो छोरा भएर जन्मिनेछु भन्ने वचन दिनुभएको रहेछ । वरदानको वाणी यस प्रकारको थियो- 'हे पुष्पिका ! म ब्रह्मज्ञानको प्रकाशन गर्ने तिम्रो पुत्र भएर जन्मनेछु ।' नन्दीका कुरा सुनेर सर्वज्ञा पार्वती प्रसन्न हुनुभयो । वास्तवमा पार्वती नै बालककी वास्तविक आमा हुनुहुन्थ्यो । उहाँले प्रसन्न भएर नन्दीलाई भन्नुभयो- हे नन्दी ! तिम्रो यथार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हता त्वया महाघोरा राक्षसी घोरनिस्वना ।
गन्धर्वाश्च हता दुष्टा रक्षितश्चैव बालकः ।।२४।।

अज्ञातस्थापितस्तत्र महत् कार्यमिदं कृतम् ।
इत्युक्त्वा विससर्जामुं विश्रान्तिं चाकरोत्तदा ।।२५।।

पराक्रम मैले थाहा पाएँ । डरलाग्दो गर्जन गर्ने भयङ्कर आकारकी राक्षसीलाई तिमीले मार्‍यौ, दुष्ट गन्धर्वहरूलाई पराजित गर्‍यौ र मेरा बालकको रक्षा गर्‍यौ ।।२१-२४।। माहिष्मती नगरीमा पुगेर मेरो बालकलाई पुष्पिकाको काखमा राखिदियौ । हे नन्दी ! तिमीले ठूलो कार्य सम्पन्न गरेका छौ । पार्वतीले नन्दीसँग यसरी कुरा गरेपछि तिनलाई बिदा गर्नुभयो र आफूले पनि आश्रमभित्र पसेर विश्राम गर्नुभयो ।।२५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गन्धर्वजयो नामैकत्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'नन्दिकेश्वरद्वारा गन्धर्वहरूको पराजय र श्रीगणेशलाई वरेण्य राजाको दरबारमा पुर्‍याई सूतिकागारमा स्थापना' शीर्षकान्वित एक सय एकतीसौं अध्याय पूर्ण भयो ।।१३१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वात्रिंशदुत्तरशततमोऽध्यायः { १३२ अध्याय }

क उवाच

ततः कदाचिद् दैत्येन्द्रः सिन्दूरो मदगर्वितः ।
सभासनगतः प्राह वृथा मे पौरुषं कृतम् ।।१।।
इन्द्रादयो न मे युद्धं ददुर्ब्रह्मादयो हरिः ।
राज्ञां तु गणना नैव मृत्युलोकनिवासिनाम् ।।२।।
कुलीनाया यथा नार्या यौवनं हि पतिं विना ।
तथा मे पौरुषं व्यर्थं विना योद्ध्राऽभवत् खलु।।३।।
ततोऽन्तरिक्षे वाणीं स शुश्राव परमाद्भुताम् ।

आकाशवाण्युवाच

किमर्थं वल्गसे मूढ ! जातोऽस्ति तव युद्धदः ।।४।।
पार्वत्या उदराद् गर्भो वरेण्यगृहगोऽधुना ।
वर्द्धतेऽनन्तलीलोऽसौ यथेन्दुः शुक्लपक्षगः ।।५।।

क उवाच

श्रुत्वेत्थं सहसा वाणीं मुमूर्च्छ सिन्दूरस्तदा ।
विहर्षश्चिन्तयामास किमिदं केन भाषितम् ।।६।।
यदि दृश्यो भवेन्मह्यं खादेयं तं समस्तकम् ।
कालस्य मे कथं मृत्युः पश्चात् सूर्योदयो यथा ।।७।।
एवमुक्त्वोदतिष्ठत् स गर्जयन् विदिशो दिशः।
उड्डीय सहसा प्रायात् कैलासं गिरिजालयम् ।।८।।
चूर्णयन् पर्वतान् वृक्षान् पातयन् स्वाङ्गमारुतात् ।
चेलतुः कूर्मशेषौ च चकम्पे च वसुन्धरा ।।९।।
न ददर्श शिवं तत्र पुनः सर्वसहां ययौ ।
बभ्राम वसुधां सर्वां शिवं वेगाद् गवेषयन् ।।१०।।
पर्यल्याख्यं महारण्यमाजगाम रुषान्वितः ।
ददर्श दूरतो गौरीसहितं शङ्करं तदा ।।११।।
मण्डपञ्च गणाँश्चैव सरांसि चोत्पलानि च ।
ततो जगाम सहसारिष्टं गौर्यै प्रकल्पितम् ।।१२।।
अदृष्ट्वा तत्र बालं स चुकोपाग्निरिव ज्वलन् ।
ततः स तर्कयामास न वाणी नभसो मृषा ।।१३।।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि कुनै दिन सभामा पुगेको मदमत्त दैत्यराज सिन्दूरले भन्यो – 'मेरो पुरुषार्थ र पराक्रम व्यर्थ भयो । ब्रह्मा आदि देवता र इन्द्र आदि राजाहरू पनि मसँग युद्ध गर्न चाहँदैनन् । स्वयं नारायणले पनि युद्ध गर्न मानेनन् । पृथिवीमा रहेका राजाहरूको त कुनै गणना नै छैन । कुलीन पतिव्रता नारीको जवानी पतिविना व्यर्थ भएझैं प्रतिस्पर्धी शत्रु नहुँदा मेरो पराक्रम व्यर्थ भयो' ।।१-३।। यसरी सभामा दैत्यराजले आफ्ना कुरा बताइरहेको समयमा अद्भुत आकाशवाणी भयो ।

आकाशवाणीले भन्यो – 'हे दैत्यराज ! किन घमण्ड गरेका छौ ? तिमी मूर्ख छौ किनकि तिमीसँग युद्ध गर्ने बालक अन्यत्र पैदा भइसकेको छ । पार्वतीका गर्भबाट पैदा भएको त्यो शत्रु बालक अहिले माहिष्मती पुरीमा वरेण्य राजाको घरमा शुक्लपक्षको चन्द्रमाझैं दिनदिनै हुर्किरहेको छ । त्यो बालक अत्यन्त ठूलो पराक्रम गर्न समर्थ छ' ।।४-५।।

ब्रह्माजीले भन्नुभयो – यसरी आकाशवाणी सुनेपछि दैत्यराज सिन्दूर मूर्च्छित भयो । होशमा आएपछि त्यसले यो के हो ? कसले भन्यो ? भन्ने चिन्ता गऱ्यो । जसले आकाशमा रहेर यो कुरा गऱ्यो, त्यसलाई देख्न पाएको भए मैले टाउकैसित निल्ने थिएँ । म महाँकाल स्वरूप हुँ, मेरो मृत्यु कसरी हुनसक्छ? के पश्चिमबाट सूर्य उदाउँछ ? यसो भनेर त्यो दसै दिशा थर्काउँदै कैलासपर्वतमा गयो ।।६-८।। त्यहाँ जाँदा त्यो रूख र पर्वत ढाल्दै गएको थियो र त्यसको हिंडाइबाट पृथिवी काँपेकी थिइन् र शेषनाग पनि कम्पायमान भएका थिए । कैलासमा पुगेर त्यसले शिवजीलाई देखेन र पृथिवीमा फर्की कुना-कुना हेर्दै शिवजीको खोजी गऱ्यो । घुम्दै जाँदा पर्यलीनामक वनमा पुगेर त्यसले टाढैबाट पार्वतीसहित विराजमान भगवान् शङ्करलाई देख्यो। सुन्दर मन्दिर, शिवगण, तलाउ र त्यहाँ फुलिरहेका कमलका फूल देख्यो । त्यसपछि त्यो सुत्केरी भएकी पार्वतीलाई बस्न भनी बनाइएको सुत्केरी कोठामा पुग्यो । त्यहाँ त्यसले बालक देखेन। बालक नदेखेपछि आगोझैं रीसको ज्वाला प्रकट गर्दै विचार गर्न लाग्यो – आकाशवाणी झुट्टा हुँदैन । पार्वतीबाट जन्मेको बालकले मलाई अवश्य मार्नेछ । त्यो पैदा भएको छैन भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्याः सुतो मां हि हन्यान्न जातश्चेद् भविष्यति ।
तस्मादेनां निहन्म्यद्य मूलच्छेदस्ततो भवेत् ।।१४।।

क उवाच

एवं निश्चित्य मनसा ततः शस्त्रमुपाददे ।
यावदुमां हन्ति दुष्टस्तावद् दृष्टः शिशुः पुरः ।।१५।।
चतुर्भुजोऽतिरुचिरो मुकुटाङ्गदभूषितः ।
परशुं कमलं मालां दधद् विस्मयदायकः ।।१६।।
कटौ शेषं गले हारं नूपुरौ चाङ्घ्रियुग्मयोः ।
निवृत्तस्तद्वधात् सद्यस्तां च सुप्तामसन्यत ।।१७।।
दधार बालकं हस्तेऽकाङ्क्षत् क्षेप्तुं महोदधौ ।
एवं निश्चितसङ्कल्पस्ततोऽसौ चलितः पुरा ।।१८।।
ततः स बालो ववृधे हिमाचल इवापरः ।
सिन्दूरोऽपि चकम्पेऽसौ महाभारातुरः क्षणात् ।।१९।।
श्वासाकुलः पुरो गन्तुं न शशाक स्वशक्तितः ।
ततस्तत्याज तं बालं दैत्यो विह्वलतां गतः ।।२०।।
बाले तु पतिते भूमौ महारावविराविणि ।
चेलुश्च पर्वता नादैश्चकम्पे च वसुन्धरा ।।२१।।
बभ्रमुर्विहगा व्योम्नि नानारावविराविणः।
अर्णवाः क्षोभिताः सप्त ब्रह्माण्डमपि पुस्फुटे ।।२२।।
स बालः पतितो रेवाजलान्ते मुनिसन्निधौ ।
तत्र तीर्थमभूच्छ्रेष्ठं गणेशकुण्डमित्युत ।।२३।।
अस्या आजन्मतः पापं नाशमेति स्मृतेः क्षणात् ।
दर्शनाद् दशजन्मीयं स्नानाच्च शतजन्मजम् ।।२४।।
सेवनं मोक्षदं यस्य चानुष्ठानवतां नृणाम् ।
तद्देहरुधिरात् तत्र प्रस्तरा रक्ततां गताः ।।२५।।
त एव नार्मदाः ख्याता गाणेशाः पापनाशनाः ।
दर्शनात् पूजनात् सर्वकामदा भक्तिकारिणाम् ।।२६।।
नर्मदामहिमा सर्वो वर्णितुं नैव शक्यते ।
ततः स जहृषे दैत्यो रिपुर्मे नाशतां गतः ।।२७।।

पनि त्यो पैदा हुनेछ। त्यस कारण त्यसलाई पैदा गर्ने पार्वतीलाई मार्दा मृत्युको जरो काटिने छ ।।९-१४।।

ब्रह्माजीले भन्नुभयो - यसरी पार्वतीलाई मार्ने निश्चय गरेर त्यसले हातमा अस्त्र लिएर पार्वतीमाथि प्रहार गर्न लाग्दा आफ्ना सामु एउटा विचित्र बालक देख्यो ।।१५।। ती बालक चतुर्बाहु थिए र अत्यन्त सुन्दर पनि । तिनका शिरमा मुकुट र बाहुमा केयूर थिए । चार हातहरूमा परशु, कमल, माला र पाश धारण गरेका थिए । तिनका कम्मरमा शेषनाग बेरिएका थिए । घाँटीमा हार थियो । दुबै चरणमा नूपुर थिए । यस्ता बालकलाई देखेपछि दैत्यले पार्वतीको हत्या गर्ने विचार छोड्यो । तिनलाई निदाएकी अवस्थामा देखेर बालकलाई समाती महासागरमा फ्याँकिर मार्ने विचार गरी हिंड्यो । त्यस बेला त्यो दैत्य आफ्ना सामु प्रकट भएका बालकको विचित्र रूप देखेर दङ्ग पऱ्यो । ती बालक त्यसका सामु हिमालयका आकारमा उभिएका थिए। तिनको त्यो विशाल आकार भएको शरीरबाट च्याँपिएको त्यो दैत्य काँप्न थाल्यो ।।१६-१९।। त्यसले सास लिन पनि सकेन। भएको शक्ति लगाएर ती बालकलाई भुइँमा पछाऱ्यो तर आफू साह्रै व्याकुल भयो। महागर्जनशाली बालक भुइँमा खस्न लाग्दा भएको गर्जनबाट पर्वत र पृथिवी कम्पायमान भए । चराचुरुङ्गी शब्द गर्दै आकाशमा उड्न थाले । सात महासागर क्षुब्ध भए । ब्रह्माण्डहरू पनि फुटेसमान भए र ती बालक रेवानदीको किनारमा तपस्या गरिरहेका कुनै मुनिका अगाडि खसे। बालक खसेको ठाउँमा श्रीगणेश कुण्डको नामबाट प्रसिद्ध 'तीर्थ पैदा भयो ।।२०-२३।। श्रीगणेश कुण्डसहितकी नर्मदा नदीको स्मरण गर्नाले मात्र जन्मभरिका पाप नष्ट हुन्छन् । ती रेवानदीको दर्शन गर्नाले दश जन्मका पाप नष्ट हुन्छन् । रेवानदीमा स्नान गर्नाले सय जन्मका पाप नष्ट हुन्छन् । त्यहाँ रही तपस्या गर्नाले भक्त मुक्त हुन्छ । ती बालक पछारिंदा तिनका शरीरबाट खसेका रगतका धाराले त्यहाँका ढुङ्गा पनि राते भएका थिए।।२४-२५।। पछि गएर ती ढुङ्गा पापनाशक नर्मदेश्वर श्रीगणेशका रूपमा प्रख्यात भए। ती शिलाहरूको दर्शन र पूजा गर्नाले भक्तहरूका सबै कामना परिपूर्ण हुन्छन् ।।२६।। नर्मदा नदीको महिमा बताइसाध्य छैन । आर्कोतर्फ राक्षसको कुरा गरौं - त्यो सिन्दूर दैत्यले बालकलाई भुइँमा पछारेपछि अब मलाई मार्ने बालक मऱ्यो भनी प्रसन्नता व्यक्त गऱ्यो ।।२७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तावत् कुण्डात् समुद्भूतो भीषणः पुरुषो महान् ।
जटाभारेण संछन्नो वल्लीछन्नो धरो यथा ।।२८।।

दंष्ट्राकरालवदनो जिह्वाव्यालीसमावृतः ।
दीर्घपाण्यङ्घ्रियुगलः श्वासव्याकुललोचनः ।।२९।।

दृष्ट्वा तथाविधं तं तु क्रोधव्याकुललोचनः।
उवाच दैत्यः सिन्दूरो न चास्य गणना मम ।।३०।।

एवमुक्त्वा खड्गहस्तो ययौ हन्तुं तु तं रुषा ।
खड्गेन हन्ति तं यावत् तावत् स ददृशेऽम्बरे ।।३१।।

उवाच दैत्यं रे दैत्य ! वृथा मां त्यक्तवान् क्षितौ ।
तवान्तकस्तु रे मूढ ! वर्धितः क्वचिदेव हि ।।३२।।

हनिष्यत्येव नूनं त्वां साधुरक्षणतत्परः ।
अन्तर्दधे ततो भीम एवमुक्त्वा स पूरुषः ।।३३।।

ततो दैत्यो महारोषादुवाच निजसेवकान् ।
ध्रियतां ध्रियतामेष येनोक्तं पौरुषं वचः ।।३४।।

यदा तं क्वाऽपि नापश्यत् तदा स्वस्थानमागमत् ।
द्रक्ष्यामि तं यदा शत्रुं जयिष्य इत्यमन्यत ।।३५।।

एतावच्चरितं तस्य पार्वत्याऽज्ञायि नैव तत् ।
तस्यैव मायामोहेन प्राप्तया मोहमुत्तमम् ।।३६।।

ततः प्रोवाच गिरिशं पार्वती विनयान्विता ।
अत्र पीडा दैत्यकृता प्रारब्धा जगदीश्वर ।।३७।।

कैलासं गन्तुमिच्छामि तवेच्छा चेन्नयस्व माम् ।
एवमाकर्ण्य तद्वाक्यं जहृषे शङ्करोऽपि च ।।३८।।

आरुह्य नन्दिनं सद्यः पार्वत्या सह शङ्करः ।
सप्तकोटिगणाकीर्णः कैलासं प्राप तत्क्षणात् ।।३९।।

प्रविश्य स्वालयं गौरी परमं हर्षमाययौ ।।४०।।

त्यसले प्रसन्नता व्यक्त गरिरहेकै समयमा नर्मदा नदीको किनारमा रहेको श्रीगणेशकुण्डबाट डरलाग्दो पुरुष पैदा भयो। त्यो पुरुष लहराले बेरिएको पर्वतझैं जटाले जेलिएको थियो । त्यसको मुखमा ठूला दाह्रा भएका कारण त्यो भयङ्कर थियो । त्यसको जिब्रो सर्पको आकारको थियो । त्यसका हात –खुट्टा लामा लामा थिए । त्यो पुरुष सिन्दूर दैत्य भएको ठाउँमा पुग्यो । त्यसलाई देखेर सिन्दूरले आफ्ना क्रोधले राता भएका आँखा नचाउँदै भन्यो – यस्ता पुरुषलाई मैले केही पनि गन्दिनँ ।।२८–३०।। यसो भनेपछि त्यो हातमा तरबार लिएर कुण्डबाट आएको पुरुषलाई मार्न अगाडि बढ्यो । सिन्दूर दैत्यले खड्ग प्रहार गर्न लाग्दा कुण्डबाट उत्पन्न भएका पुरुषलाई आकाशमा देख्यो। आकाशमा पुगेको त्यस पुरुषले भन्यो– 'हे सिन्दूर! तैंले मलाई व्यर्थमा पृथिवीमा फ्याँकिस्, तँलाई मार्ने तेरो शत्रु त कहीं बढिरहेको छ । तेरो शत्रु सज्जनको रक्षक हो र त्यसले तँलाई मार्नेछ।' सिन्दूरले आकाशमा गएका पुरुषको यस्तो वचन सुन्यो । त्यसपछि आकाशपुरुष पनि अन्तर्धान भयो । सिन्दूर दैत्यले सिपाहीहरूलाई जम्मा गरेर आदेश दियो – मसँग चाहिंदा नचाहिंदा कुरा गर्ने र मलाई मृत्युको कठोर खबर सुनाउने आकाशमा रहेको पुरुषलाई समात । तर ती सैनिकहरूले प्रयास गर्दा पनि आकाशपुरुषलाई समात्न सकेनन् । किनकि त्यो अन्तर्धान भइसकेको थियो । सिन्दूरका सिपाही निराश भए । सिन्दूर घरतर्फ प्रस्थान गर्‍यो । जुन बेला देखिनेछ त्यस बेला मार्नेछु भन्ने सङ्कल्प गर्‍यो ।।३१–३५।। पर्यलीवनमा भएका भगवान् श्रीगणेशका यी चरित्रलाई पावतीले थाहा पाउनुभएन । उहाँ पनि श्रीगणेशको मायाबाट मोहित हुनुभएको थियो '। भगवान् शङ्करसँग निवेदन गर्दै पार्वतीले भन्नुभयो – यहाँ दैत्यहरूका उपद्रव हुनथाले । साह्रै पीडा भयो । म कैलास जान चाहन्छु। हजुरको इच्छा हुन्छ भने मलाई कैलास पुर्‍याउनुहोस् । पार्वतीका कुरा सुनेर भगवान् शङ्कर प्रसन्न हुनुभयो । त्यसपछि उहाँ पार्वतीका साथ नन्दीमा सवार भई सात करोड शिवगणद्वारा सुरक्षित कैलासधाममा पुग्नुभयो । पार्वती पनि आफ्नो धाममा प्रवेश गरेपछि प्रसन्न हुनुभयो ।।३६–४०।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कैलासाभिगमनं नाम द्वात्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'शिव र पार्वतीको कैलास प्राप्ति' शीर्षकान्वित एक सय बत्तीसौं अध्याय पूर्ण भयो ।।१३२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयस्त्रिंशदुत्तरशततमोऽध्यायः { १३३ अध्याय }

व्यास उवाच

पुष्पिकानिकटे त्यक्तो वरेण्यस्य गृहे स किम् ।
चकार तन्ममाचक्ष्व कार्यं विस्तरतोऽब्जज ।।१।।

क उवाच

सम्यक् पृष्टं त्वया वत्स ! हृदयानन्दकारकम् ।
कथयिष्ये विधानेन तत्सर्वं पापनाशनम् ।।२।।
तस्यां निशायां व्युष्टायां ददर्श पुष्पिका सुतम् ।
चतुर्बाहुं रक्तवर्णं गजवक्त्रमलङ्कृतम् ।।३।।
कस्तूरीतिलकं मुक्तामालया सुविराजितम् ।
पीतवस्त्रपरीधानं चारुचन्दनचर्चितम् ।।४।।
देदीप्यमानं वपुषा नानालङ्कारसंयुतम् ।
ततः सा पुष्पिका दृष्ट्वा बालकं तु तथाविधम् ।।५।।
विस्मिता दुःखिता चापि भयभीताऽभवत् तदा ।
घ्नती वक्षो बहिर्याता पाणिभ्यां शोककर्शिता ।।६।।
तदाक्रन्दितमाकर्ण्य मीलिताः परिचारिकाः ।
ताभिरत्यद्भुतं दृष्ट्वा बालकं तं तथाविधम् ।।७।।
नृपोऽपि ज्ञातवृत्तान्तः सगणोऽभिययौ गृहे ।
ततस्तेऽपि भयोद्विग्ना दृष्ट्वा बालं तथाविधम् ।।८।।
अधीराः पपलुस्तस्य केचिन्मूर्च्छामुपाययुः ।
केचिच्च नृपतिं प्राहुर्न जातो न भविष्यति ।।९।।
न दृष्टो न श्रुतः क्वापि बाल एतादृशो नृणाम् ।
नैवायं स्थापनीयस्ते वंशच्छेदकरो गृहे ।।१०।।
एवमाकर्ण्य सर्वेषां वाक्यं मेने स भूपतिः ।
दूतानुवाच बालोऽयं त्यज्यतां गहने वने ।।११।।
ततो दूता गता मध्ये गृहीत्वा बालकं तु तत् ।
गहनं काननं दृष्ट्वा वायुस्पर्शविवर्जितम् ।।१२।।
तीरे तु सरसस्तत्र क्षिप्त्वा ते पर्णसञ्चयैः ।
आच्छाद्य प्रययुः शीघ्रं वरेण्यं नृपतिं पुनः ।।१३।।

व्यासले भन्नुभयो– हे ब्रह्माजी ! माहिष्मती पुरीमा वरेण्य राजाको घरमा पुष्पिकाको बिस्तरामा राखिएका बालकले के गरे? तिनका कार्यको विषयमा मलाई विस्तारपूर्वक भन्नुहोस्।।१।।

ब्रह्माजीले भन्नुभयो – हे व्यास ! हृदयमा आनन्द बर्साउने राम्रो विषयमा जिज्ञासा गर्‍यौ । म विधिपूर्वक पापनाशक श्रीगणेशको सम्पूर्ण चरित्र बताउनेछु ।।२।। नन्दीले शिवजीका पुत्रलाई त्यहाँ राखिदिएपछि अर्को दिन बिहान पुष्पिकाले पुत्रदर्शन गरिन् । ती बालक चतुर्बाहु, रक्तवर्ण, गजानन, अलङ्कारद्वारा अलङ्कृत, कस्तूरीतिलकधारी, मोतीको मालाद्वारा सुशोभित, पीताम्बरधारी, सुन्दर चन्दनको लेपद्वारा सुगन्धित, अङ्ग–प्रत्यङ्गको सुन्दर कान्तिबाट दर्शनीय र विविध अलङ्कारले रमणीय थिए । पुष्पिका त्यस्ता विचित्र स्वरूपका बालकको दर्शन गरेर आश्चर्यमा परिन्, दुःखित भइन् र भयभीत पनि । आफ्ना दुबै हातले छाती पिट्दै शोकमग्न भई क्रन्दन गरिरहेकी ती पुष्पिका सुत्केरी कोठाबाट बाहिर आइन् ।।३-६।। तिनको क्रन्दन सुनेर परिचारिकाहरूले भित्र गई विचित्र बालकको दर्शन गरे। राजा वरेण्यले पनि बालक जन्मिएको थाहा पाएर सेवकसहित त्यहाँ आई बालकको मुख हेरे । ती पनि भयभीत र अधीर भए । दर्शकमध्ये केही भागे, केही मूर्च्छित भए, केही मानिसले राजालाई भने – 'यस्तो बालक कहीं पैदा भएको थिएन। फेरि पैदा हुने पनि छैन । यस्तो बालक न देखिएको छ, न सुनिएको छ, यसलाई घरमा राख्नुहुँदैन । यसले तपाईंको वंश भुटिदिनेछ'।।७-१०।। सबैका कुरा सुनेपछि राजा वरेण्यले त्यो सुझावलाई स्वीकार गरी दूतहरूलाई भने – यसलाई वनमा लगेर फ्याँक। दूतले पनि आज्ञाअनुसार बालकलाई घना जङ्गलमा पुर्‍याए । हावा पनि नछिर्ने जङ्गलमा रहेको तलाउको तीरमा बालक सुताई त्यसलाई पातले ढाकिदिए र तुरुन्तै वरेण्यको दरबारमा फर्के ।।११-१३।। त्यहाँ आउँदा सभाको बीचमा राजालाई देखी नमस्कार गर्दै भने – हे राजन्! हजुरको आज्ञाले सिंह र बाघले भरिएको वनमा बालक राखी आएका छौं । यति बेला त्यसलाई जङ्गली जनावरहरूले खाइसके होलान् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभामध्ये नृपं दृष्ट्वा नमस्कृत्याऽब्रुवँस्तदा ।
आज्ञया तव राजेन्द्र ! सिंहव्याघ्रनिषेविते ।।१४।।
त्यक्त्वा बालं समायाता भक्षितः स्याद् वनेचरैः ।

क उवाच

यावच्च भक्षितुं याता जम्बुकास्तावदेव तम् ।।१५।।
पराशरो मुनिवरो ददर्श करुणानिधिः ।
चतुर्भुजं गजास्यं तं कोटिसूर्यनिभं शिशुम् ।।१६।।
नानालङ्कारसंयुक्तं दिव्याम्बरविभूषितम् ।
सर्पवेष्टितसन्नाभिं चिन्तामणिविभूषितम् ।।१७।।
मुमोह मायया तस्मै सर्वज्ञाननिधिर्मुनिः ।
शुशोच किमिदं विघ्नं मम नाशाय निर्मितम् ।।१८।।
इन्द्रेण मे तपोनाशं काङ्क्षता स्वार्थसाधनम् ।
अकारि न मया किञ्चिद् दुष्कृतं पापभीरुणा ।।१९।।
दीननाथ ! चन्द्रचूड ! रक्ष मां महतो भयात् ।
एवं शोचन्तमालोक्य गजास्यः करुणायुतः ।।२०।।
निराकरोन्मोहजालं तं ततोऽलक्षयत् पुरः ।
तमेव परमात्मानं परब्रह्मस्वरूपिणम् ।।२१।।
भक्तानां रक्षणं कर्तुमीदृशं वेषमास्थितम् ।
धन्यं मेऽद्य जनुर्मातापितरौ च तपो महत् ।।२२।।
निरस्तौ जन्ममृत्यू मे प्राप्तं वाञ्छितमुत्तमम् ।
केनायं हतभाग्येन बालस्त्यक्तो वनान्तरे ।।२३।।

क उवाच

एवमुक्त्वा मुनिः सोऽथ निन्ये बालं स्वमाश्रमम् ।
वत्सलाऽस्य ततः पत्नी दृष्ट्वा बालं तथाविधम् ।।२४।।
आनीतं स्वामिना ज्ञात्वा ननन्द स्नेहनिर्भरा ।
हृदये विनिवेश्यैनं प्राह प्राणपतिं तदा ।।२५।।
बहुकालकृतं स्वामिँस्तपस्ते फलितं गुरु ।
यस्य स्वरूपं न ब्रह्मा न हरो न श्रियः पतिः ।।२६।।
मुनयो न विदुः साक्षाद् दर्शनं जातमद्य नौ ।
यः कर्ता रक्षिता हन्ता सर्वस्य जगतः प्रभुः ।।२७।।

ब्रह्माजीले भन्नुभयो – हे व्यास ! दूतहरू फर्केपछि तलाउको तीरमा सुतिरहेको बालकलाई खान स्यालहरू पुगिसकेका थिए ।।१४-१५।। तिनले खान नभ्याउँदै त्यहाँ आइपुगेका करुणासागर पराशर मुनिले अचम्मको बालक देखे। तिनले दर्शन गर्दा ती बालक चतुर्बाहु, गजानन, कोटिसूर्यसमान तेजस्वी, अलङ्कारद्वारा अलङ्कृत, दिव्यवस्त्र धारी, सर्पद्वारा वेष्टित र चिन्तामणिद्वारा अलङ्कृत थिए ।।१६-१७।। यस्ता बालकको दर्शनपछि ज्ञानका निधि पराशर मुनि पनि बालकको मायाबाट मोहित भए । तिनले मनमनै चिन्ता गर्दै भने – 'मेरो सर्वनाश गर्न निर्माण गरिएको यो कुन तत्त्व हो ? के मेरो तपोभङ्ग गर्न चाहने इन्द्रले स्वार्थसिद्धिका लागि मलाई यो दृश्य देखाएका हुन् ? पापसँग सधैं डराउने मैले इन्द्रको कुभलो कहिले गरेको छैन ।।१८-१९।। हे चन्द्रमौलि शङ्कर ! मलाई यस महाभयबाट रक्षा गर्नुहोस् ।' पराशरलाई आत्तिएको देखेर भगवान् श्रीगणेशलाई दया लाग्यो । उहाँले पराशरको मनमा उत्पन्न मोहजाल हटाउँदै प्रत्यक्ष दर्शन दिनुभयो । पराशरले पनि परब्रह्म, परमात्मा, भक्तको रक्षाका लागि चतुर्बाहुका रूपमा प्रादुर्भाव हुनुभएका भगवान् श्रीगणेशको दर्शन गरे अनि श्रद्धापूर्वक भने – आज मेरो जन्म धन्य भयो । माता-पिता धन्य हुनुभयो। मेरो तपस्या धन्य भयो । जन्म र मृत्युका कष्ट समाप्त भए । किनकि मैले आज बालकका रूपमा परब्रह्मको दर्शन पाएँ । कुन अभागीले यस्ता सुन्दर बालकलाई वनमा ल्याई फ्याँकि होला ? ।।२०-२३।।

ब्रह्माजीले भन्नुभयो – यसो भनेर मुनि पराशरले ती बालकलाई आफ्नो आश्रममा पुऱ्याए । करुणा र वात्सल्यकी मूर्ति पराशरकी पत्नी वत्सला पनि त्यस्ता बालकलाई पतिले ल्याउनुभएको देखेर आनन्द र स्नेहले परिपूर्ण भइन् । बालकलाई छातीमा टाँस्दै तिनले पति पराशरलाई भनिन्- 'हे स्वामी! हजुरले दीर्घ-कालसम्म गर्नुभएको तपस्या सफल भयो । जसको स्वरूपलाई ब्रह्मा, शिवजी र भगवान् नारायणले पनि राम्ररी जान्नुहुन्न, त्यस्ता परब्रह्मको प्रत्यक्ष दर्शन पायौं । जगत्का कर्ता, पालक र हर्ता, ब्रह्माण्डका स्वामी, पृथिवीको भार हरण गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवतीर्णो भुवो भारं हर्तुं नानावतारकृत् ।
महद् भाग्यं हि नौ स्वामिन्ननायासेन विश्वभृत् ।।२८।।

अक्षिगोचरतां यातो मनोवाचामगोचरः ।

क उवाच

तस्य बालस्य स्पर्शेन स्तनौ पीनपयोधरौ ।।२९।।

जातौ पपौ ततो बालः सा चानन्दमवाप ह ।
ततः शुश्राव राजाऽसौ वरेण्यो बालकं तु तम् ।।३०।।

पराशरेण मुनिना पालितं दिव्यचक्षुषा ।
वाद्यघोषेण महता शर्कराश्च गृहे गृहे ।।३१।।

दापयामास हर्षेण ब्राह्मणान् सुहृदोऽपि च ।
तोषयामास वस्त्राद्यैः काञ्चनै रत्नसञ्चयैः ।।३२।।

गावः कामदुघा जाताः शुष्कवाप्यो जलान्विताः ।
आश्रमे तु मुनेस्तस्य शुष्कवृक्षाः फलान्विताः ।।३३।।

य इदं शृणुयान्मर्त्यः पुत्रबान्धववान् भवेत् ।।३४।।

अवतार लिनुहुने विश्वका धारक, मन र वाणीद्वारा अगोचर गजानन प्रभुलाई अनायास आँखाले देख्न पायौं । यो हाम्रो सौभाग्य हो ।'

ब्रह्माजीले भन्नुभयो – ती बालकको स्पर्शमात्रले पराशर पत्नीका दुबै स्तनमा दूध भरिए ।।२४-२९।। त्यसपछि प्रभुले पनि आनन्दपूर्वक दूध पान गर्नुभयो । पराशर पत्नीले अपूर्व आनन्दको अनुभव गरिन् । त्यसपछि राजा वरेण्यले ती बालकलाई वनमा दिव्यज्ञानी पराशर मुनिले पालन-पोषण गरिरहेको कुरा थाहा पाए । बाजा बजाएर घर-घरमा चिनी बाँड्न पठाए । रत्न, वस्त्र, सुवर्ण र दक्षिणाद्वारा ब्राह्मणहरूलाई प्रसन्न गराए । त्यहाँका गाईहरूले कामधेनुले झैं दूध दिन लागे। सुकेका पोखरीमा पानी भरिए, उता मुनिका आश्रममा पनि चारैतिर हरियाली फैलियो । सुकेका रूख हरिया भए र फलफूलले परिपूर्ण भए। जसले श्रीगणेशको यो कथा श्रवण गर्दछ त्यस साधक धनवान् एवं पुत्रवान् भई संसारका सुख प्राप्त गर्दछ ।।३०-३४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे पराशरदर्शनं नाम त्रयस्त्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'वरेण्यबाट वनमा परित्यक्त बालगणेशद्वारा पराशरको दर्शन र पराशरद्वारा श्रीगणेशको संरक्षण' शीर्षकान्वित एक सय तेंत्तीसौं अध्याय पूर्ण भयो ।।१३३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुस्त्रिंशदुत्तरशततमोऽध्यायः { १३४ अध्याय }

क उवाच

बालः स ववृधे तत्र दिवसे दिवसे शशी ।
आनन्दं जनयन् मातुः पितुश्च चरितैः स्वकैः ।।१।।

व्यास उवाच

वद ब्रह्मन् ! गुणेशस्य चरितं द्वापरोद्भवम् ।
श्रुत्वा पूर्वचरित्राणि न तृप्तिर्मेऽभवत् प्रभो ।।२।।

गजाननेति नामास्य वाहनं मूषकः कथम् ।
एतत् सर्वं सविस्तारं वद मे चतुरानन ।।३।।

क उवाच

अत्रैवोदाहरन्तीममितिहासं पुरातनम् ।
प्रह्लादस्य च संवादं भार्गवस्य कवेरपि ।।४।।

एवमेव पुरा पृष्टः प्रह्लादेन महामुनिः ।
तस्मै प्रोवाच भगवान् कविस्तच्छृणु साम्प्रतम् ।।५।।

शृणु प्रह्लाद ! येनास्य वाहनं मूषकोऽभवत् ।
तदहं सम्प्रवक्ष्यामि श्रवणात् सर्वकामदम् ।।६।।

पुरा शक्रसभामध्ये क्रौञ्चो गन्धर्वसत्तमः ।
वामदेवमुनिं सोऽथ त्वरावान् प्रपदाऽहनत् ।।७।।

स शशाप च गन्धर्वं मूषकस्त्वं भविष्यसि ।
कल्पयिष्यति वाहत्वे त्वामाक्रम्य गुणेश्वरः ।।८।।

स एव करुणायुक्तो मोक्षं नेष्यति विश्वकृत् ।
पराशराश्रमे सोऽथ पपात मूषकाकृतिः ।।९।।

गिरिशृङ्गनिभो घोरो महारोमा महारवः ।
महावीर्यो महादंष्ट्रो महास्वनविराजितः ।।१०।।

तस्याश्रमे महाघोरमुपद्रवमथाकरोत् ।
भक्षयामास धान्यानि भङ्क्त्वा मृत्पात्रसञ्चयान्।।११।।

ब्रह्माजीले भन्नुभयो – पराशरद्वारा पोषित बालक श्रीगणेश शुक्लपक्षका चन्द्रमा झैं दिनदिनै बढ्दै जानुभयो । उहाँ आफ्नो चरित्रद्वारा पिता र माताको आनन्द बढाइरहनुभको थियो ।।१।।

व्यासले भन्नुभयो – 'हे चतुरानन ! भगवान् श्रीगणेशको द्वापरयुगको चरित्र सुनाउनुहोस् । उहाँका चरित्र सुनेर म अघाएको छैन । श्रीगणेशको नाम गजानन कसरी रह्यो ? मूसो कसरी उहाँको वाहन बन्यो ? मलाई यी कुराको विस्तारपूर्वक उत्तर दिनुहोस्' ।।२-३।।

ब्रह्माजीले भन्नुभयो – हे व्यास ! यस विषयमा एउटा पुरानो इतिहास रहेको छ । त्यो इतिहास भृगुवंशका शुक्राचार्य र हिरण्यकश्यपुका छोरा प्रह्लादको संवादमा आधारित छ । जसरी तिमीले अहिले मलाई श्रीगणेशको विषयमा सोधेका छौ त्यसैगरी पुरानो समयमा प्रह्लादले शुक्राचार्यसँग सोधेका थिए। विद्वान् शुक्राचार्यले जसरी प्रह्लादलाई बताए त्यसैगरी म तिमीलाई बताउँछु, सुन ।।४-५।।

शुक्राचार्यले भने – हे प्रह्लाद ! कसरी मूसो श्रीगणेशको वाहन भयो? यो कुरा म पहिले तिमीलाई बताउँछु। यस कथाको श्रवण गर्नाले सबै प्रकारका कामनाहरू पूर्ण हुन्छन् ।।६।। एक दिनको कुरा हो स्वर्गमा इन्द्रको सभा चलिरहेको थियो । त्यहाँ क्रौञ्च नामक गन्धर्व पनि पुगेका थिए । तिनले हतार – हतारमा हिंड्दा आफ्ना खुट्टाको अगाडिको भागले वामदेव ऋषिलाई कुल्चिए ।।७।। वामदेव ऋषिले रिसाएर गन्धर्वलाई भने– तँ मूसो हुनेछस्। भगवान् श्रीगणेशले तँलाई समातेर आफ्नो वाहन बनाउनुहुनेछ ।।८।। पछि गएर विश्वका विधाता दयालु श्रीगणेशले तँलाई स्वर्ग र मोक्ष प्रदान गर्नुहुनेछ । वामदेवद्वारा सराप पाएको त्यो गन्धर्व अचानक मूसो बनी पराशर ऋषिको आश्रममा खस्यो ।।९।। मूसो भएतापनि त्यो असाधारण थियो । त्यो पर्वतको चुचुराजस्तै आकार भएको, डरलाग्दो, शरीरभरि लामा लामा र बाक्ला रौंले ढाकिएको, लामा-लामा नङ्ग्रा भएको, ठूला दाह्रा भएको र भयङ्कर स्वरले गर्जन गर्ने पराक्रमी थियो ।।१०।। त्यसले पराशर ऋषिको आश्रममा आतङ्क मच्चायो । माटाका ठूला-ठूला भाँडामा जम्मा गरिएको धान खायो। पुस्तक, लुगा र रूखका बोक्रा पनि खाई त्यसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकानि च वस्त्राणि वल्कलानि महान्त्यपि ।
स सारभूतं यत्सर्वं भक्षयामास मूषकः ।।१२।।

पुच्छाघातेन वृक्षान् स पातयामास भूतले ।
चुञ्चुकारेण शब्देन गर्जयामास विष्टपम् ।।१३।।

ज्ञात्वा तथाविधं तं तु चिन्तामाप मुनीश्वरः ।
दुर्जनस्य बलात्कारैः स्थानं त्याज्यं न संशयः ।।१४।।

अधुना क्व नु गन्तव्यं कस्मिन् स्थाने सुखं भवेत् ।
प्राणत्यागे महादोषं वदन्ति शास्त्रचिन्तकाः ।।१५।।

कथं सुखाश्रमे दुःखं प्राप्तं कर्मप्रसङ्गतः ।
कस्य वा स्मरणं कार्यं को वा दुःखात् प्रमोक्ष्यति।।१६।।

क एनं नाशयेदत्र कः समर्थो भवेद् वधे ।
कमद्य शरणं यायां को नस्त्राता भविष्यति ।।१७।।

एवं पितृवचः श्रुत्वा बालकोऽनन्तविक्रमः ।
उवाच मधुरं वाक्यं चिन्तां मा कुरु सर्वथा ।।१८।।

मयि तिष्ठति दुष्टानां संहारिणि महाप्रभौ ।
पुत्रतां ते प्रयातोऽस्मि विधास्ये ते प्रियं तु यत् ।।१९।।

यस्य मे क्रन्दितेनेयं पृथिवी शीर्णतामियात् ।
पर्वताश्चूर्णतामापुः पादाघातेन मे मुने ।।२०।।

पश्य मे कौतुकं तात ! नयाम्येनं तु वाहताम् ।
एवमुक्त्वाऽसृजत् पाशं कोटिसूर्यनिभं शिशुः ।।२१।।

मेघेष्विव तडित्पुञ्जः शुशुभे सोऽन्तरिक्षगः ।
तत्यजुर्भयतो देवाः स्वानि धिष्ण्यानि तत्क्षणात्।।२२।।

स ययौ वह्निवदनो दशदिग्भ्रमणे रतः ।
पाताले मूषकं कण्ठे बद्ध्वा बहिरकाशयत् ।।२३।।

मूर्च्छामवाप महतीमाखुः पाशबलार्दितः ।
शुशोच परमक्रुद्धो निरुद्धश्वासमारुतः ।।२४।।

हानि पुऱ्यायो । घरमा जे-जति गतिला पदार्थहरू थिए, ती सबै खायो अनि बिगाऱ्यो। त्यसले पुच्छरले हानेर ठूला-ठूला रूखलाई पनि भुइँमा लडायो । चूँ-चूँ शब्दले चीत्कार गर्दै त्यसले आकाशलाई पनि शब्दायमान गरायो ।।११-१३।। आफ्ना आश्रममा खसेको डरलाग्दो मूसाको उपद्रव थाहा पाएर पराशर ऋषिलाई ठूलो चिन्ता पऱ्यो । उनले भने – हुन त दुर्जनको आक्रमणका कारण आफ्नो ठाउँ छोड्न हुँदैन, तर यो मूसाले गर्दा बस्न नसकिने भयो । अहिले कहाँ जाऊँ ? कहाँ गएर सुख प्राप्त हुन्छ ? प्राणत्याग गरूँ भने शास्त्रका चिन्तकहरूले ठूलो पाप बताएका छन् ।।१४-१५।। सुखमय आश्रममा कुन कर्मको प्रसङ्गले आज दुःख आइलाग्यो? यो विपत्तिको बेलामा कसलाई भनूँ ? कसले मलाई यो दुःखबाट मुक्त गर्ला ? ।।१६।। कसले यो मूसाको नाश गरिदेला? यसको वध गर्न को समर्थ होला ? म कसका शरणमा जाऊँ ? मेरो रक्षा गर्ने पुरुषार्थी पुरुष को होला ? पिता पराशरका यस्ता कुरा सुनेर अनन्त पराक्रमी बालक श्रीगणेशले मीठो वाणी बोल्नुभयो – हे पिता ! दुष्टको संहारक र संसारको परमेश्वर म यहाँ छँदाछँदै हजुरले कुनै प्रकारको चिन्ता नगर्नुहोस् ।।१७-१८।। अहिले म हजुरको छोरा भएर अवतरित छु । हजुरलाई हित हुने र प्यारो लाग्ने काम गर्दछु। हे पिताश्री ! मेरो गर्जनबाट यो पृथिवी चिरा-चिरा हुनसक्छ । मेरा खुट्टाको आघातबाट पर्वतहरू धूलो-पीठो हुनसक्छन् । हजुरले मेरो आश्चर्यदायक कर्म हेर्नुहोस्। अब मैले यसलाई आफ्नो वाहन बनाउनेछु । पिताश्रीसँग यस्ता कुरा गरेर भगवान् श्रीगणेशले करोडौं सूर्यको प्रकाश भएका पाशको सिर्जना गर्नुभयो।।१९-२१।। त्यो पाश बादलको माझमा बिजुली चम्केझैं आकाशमा पुगेर चम्किन थाल्यो । त्यसलाई देखेर देवताहरू डराएर तिनले तत्कालै आ-आफ्ना धाम छाडिदिए ।।२२।। टुप्पामा आगाको ज्वाला भएको त्यो पाश दसै दिशामा चक्कर काट्न थाल्यो । त्यस पाशदेखि डराएर पराशरको आश्रममा आतङ्क मच्चाउने मूसो पनि भागेर पाताल पुग्यो । श्रीगणेश भगवान्‌को पाश पातालमा पुग्यो र त्यसले मूसाको घाँटीमा कसी त्यसलाई पातालदेखि माथि पृथिवीतर्फ लिएर आयो । पाशको शक्तिबाट ठूलो चोट खाएको त्यो मूसो मूर्च्छा पऱ्यो। होशमा आएपछि क्रोधले गर्जन गर्दै सास रोकिएको मूसाले चिन्ताको मुद्रामा भन्यो – 'कसरी आज मलाई कालले आक्रमण गऱ्यो ? दैववश मेरा आँखासामु मृत्यु आइपुग्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथं कालस्य मरणमागतं दैवनिर्मितम् ।
भवितव्यं भवत्येव पुरुषार्थो निरर्थकः ।।२५।।

येन दंष्ट्राग्रमात्रेण दारिताः पर्वता बहु ।
न मया गणिता देवा नासुरा राक्षसा नराः ।।२६।।

तस्यं मे केन पाशेन कण्ठोऽक्रामि गतायुषः ।

क उवाच

मूषके प्रब्रुवत्येवं यावत् तावद् गजाननः ।।२७।।

चकर्ष मनसा तं स सोऽगान् मूषकसंयुतः ।
यथा गारुडशास्त्रज्ञः सर्पं कर्षति तत्क्षणात् ।।२८।।

स तं दृष्ट्वा पाशकण्ठो मूषको लब्धधीः क्षणात् ।
नमस्कृत्य विभुं देवं गजाननमनामयम् ।।२९।।

तुष्टाव परया भक्त्या चिदानन्दघनं प्रभुम् ।
त्वमेव जगतां नाथः कर्ता हर्ता प्रपालकः ।।३०।।

गुणत्रयविहीनश्च गुणत्रयसहायकृत् ।
मायातीतोऽपि मायावी मायिनामपि मोहकृत् ।।३१।।

ब्रह्मादीनामगम्यस्त्वं मुनिहृत्पद्मसंस्थितः ।
कारणं करणं कर्ता कारणानां च कारणम् ।।३२।।

सोऽद्य दृष्टः स्वचक्षुर्भ्यामतो धन्यं जनुर्मम ।
धन्यौ मे पितरौ नेत्रे तपो विद्या व्रतं जपः ।।३३।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं प्रीतोऽसौ द्विरदाननः ।
प्राह भक्तिं दृढां ज्ञात्वा भक्तं तं मूषकं विभुः ।।३४।।

तवैव पुरुषार्थेन देवद्विजद्रुहोऽनघ !
निर्गुणोऽहं गुणी जातो दुष्टनाशनहेतवे ।।३५।।

हुनुपर्ने कुरा नभई छाड्दैन। अब मैले पुरुषार्थ गर्नुको कुनै औचित्य छैन।।२३-२५।। मैले आफ्नो दाह्राको चुच्चाले अनेक पटक पर्वतलाई पनि विदीर्ण गरेको छु । मैले देवताहरूको कहिले पनि गणना गरिनँ । मान्छे, असुर, राक्षसको वास्ता मैले गरिनँ ।।२६।। तर आज मेरो आयु सकिएर त होला, म जस्तो वीर पुरुषको घाँटी पनि एउटै पाशका कारण अवरुद्ध भयो ।'

ब्रह्माजीले भन्नुभयो- यसरी मूसाले आफ्ना मनका कुरा खोलिरहेको समयमा भगवान् श्रीगणेशले मन लगाएर पाशलाई आफूतिर तान्नुभयो । त्यो पाश मूसालाई पनि तान्दै श्रीगणेशका नजिकमा पुग्यो । सर्पहरूलाई वश गर्ने विद्या जानेका सपेराहरूले जसरी एकैछिनमा सर्पलाई आफूतिर तान्दछन् त्यसैगरी भगवान् श्रीगणेशले मूसोसहित त्यो पाशलाई तान्नुभएको थियो ।।२७-२८।। घाँटीमा पाश धसिएको मूसाले भगवान्लाई देखेर उत्तम बुद्धि प्राप्त गऱ्यो । त्यसपछि अन्तर्यामी, दोषविहीन, सच्चिदानन्दघन, परमप्रभु गजानन भगवान्लाई प्रणाम गरी स्तुति गऱ्यो । मूसाले भन्यो - हे प्रभो ! हजुर नै संसारका स्वामी, हर्ता, कर्ता र पालक पनि हुनुहुन्छ।।२९-३०।। हे प्रभु! हजुरमा सत्त्व, रज एवं तमोगुण छैनन् तर ती गुणलाई सघाएर संसारको रचना गर्नुहुन्छ । हजुर मायादेखि पर हुनुहुन्छ तर माया जान्नेलाई पनि मोहमा पुऱ्याउने मायाका अधिपति पनि हुनुहुन्छ ।।३१।। हजुरलाई ब्रह्मा आदि देवताहरूले पनि राम्ररी बुझ्न सक्दैनन् । हजुर भगवान्को ध्यानमा निरन्तर लागिरहने मुनिहरूका हृदयमा विराजमान हुनुहुन्छ । हजुर संसारका कर्ता र संसार बनाउने साधन एवं संसारका कारण पनि हुनुहुन्छ । हजुर कारणका पनि महाकारण हुनुहुन्छ । आज मैले हजुरलाई आफ्नै आँखाले देख्न पाएँ । मेरो जन्म धन्य भयो । मलाई जन्म दिने माता-पिता धन्य हुनुभयो । मेरा नयन पनि धन्य भए । मेरा तपस्या, विद्या, व्रत र जप पनि धन्य भए ।।३२-३३।।

ब्रह्माजीले भन्नुभयो- मूसाका यी कुरा सुनेर प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले त्यो मूसालाई आफ्नो भक्त र त्यसको भक्तिलाई उत्तम भक्ति जानेर भन्नुभयो - हे मूसा ! देवता र ब्राह्मणका द्रोही गर्ने तिम्रो पुरुषार्थ कै कारण अहिले म निर्गुण ब्रह्म पनि दुष्टहरूको नाश गर्ने कार्यका लागि गुणवान् भएको छु । साधुहरूको रक्षाका निमित्त समर्थ भएको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधूनां रक्षणार्थाय यतस्त्वां शरणं गतम् ।
अतस्ते दत्तमभयं वरं वृणु यमिच्छसि ।।३६।।

मूषक उवाच

नाहं वृणे गजास्य ! त्वां त्वमेव वृणु वाञ्छितम् ।

क उवाच

इत्युक्तो मूषकेनासौ गर्वितेन गजाननः ।।३७।।

वाहतां मम याहि त्वं यदि सत्यं वचस्तव ।
तथेत्युक्ते स पिङ्गाक्षो रुरोहाक्रम्य तत्क्षणात् ।।३८।।

भारेण चूर्णयँस्तं तु पुनर्देवमयाचत ।
अहन्ते वाहनं जातो लघुभूतो भव प्रभो ।।३९।।

याचतस्तस्य वचसा लघुभारोऽभवद् विभुः ।
एतद् दृष्ट्वा महाश्चर्यं प्रणम्य मुनिरब्रवीत् ।।४०।।

न बाले पौरुषं क्वापि मया दृष्टं जगत्त्रये ।
यच्छब्दात् पर्वताः शीर्णा लोकपालाश्च्युतस्थलाः ।।४१।।

स त्वया क्षणमात्रेण नीतो वाहनतां बलात् ।
तत आगत्य माताऽस्य वत्सला गृह्य तं शिशुम् ।।४२।।

प्रस्नुतौ पाययामास स्तनौ माता मुदा युता ।
उवाच न च जाने ते स्वरूपञ्च पराक्रमम् ।।४३।।

जन्मजन्मान्तरीयेण पुण्येन नौ गृहं गतः ।
ततः स मूषकं बद्ध्वा चिक्रीडे प्राकृतो यथा ।।४४।।

एवं ते कथिता चास्य यथा मूषकवाहता ।।४५।।

तिमी मेरो शरणमा आएका छौ, मैले तिमीलाई अभयदान दिन्छु । अरू तिमी के चाहन्छौ ? वर माग ।।३४-३६।।

मूसाले भन्यो – 'हे भगवन् श्रीगणेश ! मलाई कुनै वरदान चाहिएको छैन । तपाईँलाई केही वरदान चाहिएको छ भने माग्नुहोस् । म तपाईँको कामना पूरा गर्दछु ।'

ब्रह्माजीले भन्नुभयो– घमण्डी मूसाले भगवान् श्रीगणेशलाई मलाई केही चाहिएको छैन, तपाईँलाई चाहिएको भए माग्नुहोस् भनेपछि श्रीगणेशले भन्नुभयो – 'हे मूसा ! अब उप्रान्त तिमी मेरा वाहन बन।' मूसाले हुन्छ भनेपछि भगवान् श्रीगणेश मूसामा आरोहण गर्नुभयो ।।३७-३८।। भगवान् श्रीगणेशका शरीरको ठूलो भारले च्याँपिएर आत्तिएको मूसाले उहाँसँग प्रार्थना गऱ्यो– 'हे भगवन्! हजुरले भने बमोजिम म हजुरको वाहन बनेको छु। अब हजुर सानो आकारका हुनुहोस्।' सर्वव्यापक श्रीगणेशले पनि मूसाको याचना सुनेर आफू सानो आकारका र हलुका पनि हुनुभयो । यो आश्चर्यजनक घटना देखेर श्रीगणेशलाई प्रणाम गर्दै पराशर मुनिले भने– 'हे बाबु! मैले तीनै लोकमा कहीं पनि तिमीजस्ता बालकको यस्तो पुरुषार्थ देखेको छैन । जसको गर्जनबाट पर्वतका चुचुराहरू टुक्रिएर झरे एवं लोकपालहरू भुइँमा खसे ।।३९-४१।। त्यस्तो भयङ्कर मूसालाई पनि तिमीले एकै छिनमा आफ्नो पराक्रमबाट वाहन बनायौ ।' त्यसपछि पराशर ऋषिकी पत्नी वत्सला माताले दूधको धारा बगाइरहेका आफ्ना स्तन आनन्दपूर्वक श्रीगणेशलाई चुसाइन् । दूध चुसाउँदा तिनले भनिन्– 'हे बाबु ! म तिम्रो स्वरूप र पराक्रमका विषयमा केही पनि जान्दिनँ ।।४२-४३।। जन्मजन्मान्तरका पुण्यले अहिले तिमीलाई हामीले छोराका रूपमा पायौं ।' त्यसपछि भगवान् श्रीगणेश सामान्य बालक हुनुभयो र मूसालाई बाँधेर त्योसँग खेल्न थाल्नुभयो । हे प्रह्लाद! तिमीलाई मैले भगवान् श्रीगणेशका वाहन मूसाको विषयमा बताएँ । त्यो कसरी श्रीगणेशको वाहन हुनपुग्यो भन्ने विषयलाई पनि स्पष्ट गरें ।।४४-४५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे मूषकवाहनरूपधारणं नाम चतुस्त्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'पराशरका घरमा रहनुभएका श्रीगणेशद्वारा मूसोलाई वाहनका रूपमा स्वीकार' शीर्षकान्वित चौंतीसौं अध्याय पूर्ण भयो ।।१३४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चत्रिंशदुत्तरशततमोऽध्यायः { १३५ अध्याय }

व्यास उवाच

किमनेन कृतं पूर्वं पुण्यं पापञ्च पद्मज !
येनायं मौषकं जन्म प्राप देवस्य वाहताम् ।।१।।

क उवाच

सम्यक् पृष्टं त्वया वत्स ! ममापि मनसः प्रियम् ।
ब्रवीमि सकलं तच्च तदिहैकमनाः शृणु ।।२।।

सुमेरुशिखरे रम्यः सौभरेराश्रमो महान् ।
अभूद् वृक्षसमाकीर्णो नानापक्षिगणान्वितः ।।३।।

वसिष्ठाद्या मुनिगणा देवा इन्द्रपुरोगमाः ।
आयान्ति सौभरेस्तस्य दर्शनार्थं दिने दिने ।।४।।

महत्तपोवृद्धिदीप्तेरत्यग्निरवितेजसः ।
ख्यातस्य सर्वलोकेषु ध्याननिष्ठस्य चेश्वरे ।।५।।

तस्य पत्नी महाभागा मनोमयीति विश्रुता ।
पतिव्रतासु सर्वासु विख्याता भर्तृवल्लभा ।।६।।

रम्यता तु रतेस्तस्या जिता रम्यतयाऽखिला ।
शचीप्रभृतयः सर्वा न प्रापुः समतालवम् ।।७।।

कदाचित् सौभरिर्होमशालायां प्रातरुत्थितः ।
कृत्वा होमं वनं यातः समिदर्थं गृहे स्थिता ।।८।।

मनोमयी सुशीला सा गृहकार्यरताऽभवत् ।
तदा दुष्टस्तु गन्धर्वः क्रौञ्चनामा समागतः ।।९।।

विश्रान्तिरभवत्तस्य दृष्ट्वाश्रममनुत्तमम् ।
नानाशालासमाकीर्णं बहुच्छायं सुशीतलम् ।।१०।।

एतादृशो रम्यतर आश्रमो यस्य स प्रभुः ।
धन्यं जपस्तपस्तस्य क्षणेनायं सुखप्रदः ।।११।।

व्यासले भन्नुभयो – 'हे लोकपितामह ! पहिले त्यस मूसाले कुन पुण्य र कुन पाप गरेको थियो ? जुन पाप र पुण्यका कारण मूसाको योनिमा जन्म लिन बाध्य भयो र भगवान् श्रीगणेशको वाहन हुने सौभाग्य पनि प्राप्त गऱ्यो' ।।१।।

ब्रह्माजीले भन्नुभयो – हे व्यास ! मैले मनले रुचाएको विषयमा तिमीले राम्रो प्रश्न गऱ्यो । म ती सबै कुराको उत्तर दिन्छु । एकाग्रचित्त भएर सुन ।।२।। सुमेरु पर्वतको शिखरमा सौभरि ऋषिको अत्यन्त राम्रो, वृक्षहरूबाट घेरिएको र विशाल आश्रम थियो । त्यहाँ अनेक थरि पक्षिगणहरू रहेका थिए । इन्द्र आदि देवता र वसिष्ठ ऋषिहरू दिनदिनै ठूलो तपस्याका कारण अत्यन्त दीप्तिमान्, सूर्य एवं अग्निको तेजभन्दा पनि चहकिलो तेज भएका, लोकविख्यात र ईश्वरको ध्यानमा तत्पर महात्मा सौभरिको दर्शन गर्न त्यहाँ आउँथे ।।३-४।। सौभरि ऋषिकी भाग्यवती पत्नी मनोमयीका नामबाट संसारमा प्रसिद्ध थिइन् । ती सबै पतिव्रता नारीहरूमा उत्तम थिइन् र आफ्ना पति सौभरिकी अत्यन्त प्यारी पनि थिइन् ।।५-६।। तिनले आफ्नो सौन्दर्यबाट कामदेवकी अर्धाङ्गिनी रतिको सौन्दर्यलाई पनि परास्त गरेकी थिइन् । इन्द्राणी आदि दिव्यनारीहरूले मनोमयीका अङ्ग-प्रत्यङ्गमा रहेको सौन्दर्यको लेशमात्र सौन्दर्य पनि पाएका थिएनन् ।।७।। कुनै एक दिनको कुरा हो, बिहान चाँडै उठेका सौभरिले होमशालामा गई होमसम्पन्न गरे । त्यसपछि ती समिधा जम्मा गर्न वनतर्फ गए । तिनकी पत्नी मनोमयी घरका कार्यमा व्यस्त भइन् । त्यस बेला दुष्ट स्वभावको क्रौञ्चनामक गन्धर्व त्यस आश्रममा आइपुग्यो ।।८-९।। शान्त, अनेक पर्णशालाहरूले शोभायमान, घना छाया भएको र अत्यन्त शीतल आश्रम देखेर त्यस गन्धर्वले शान्ति र विश्रान्तिको अनुभव गऱ्यो।।१०।। जसको यस्तो महिमामय आश्रम छ ती ऋषि साँच्चिकैका प्रभु हुन् ती महापुरुषको जप धन्य छ र तप पनि। यो सुखप्रद आश्रममा दीर्घकालसम्म बस्न पाएमा साधकले मुक्ति पनि प्राप्त गर्न सक्छ । यस्तो बयान गरी त्यो गन्धर्व सौभरिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिरस्थानान्मुक्तिदः स्यादित्युक्त्वा तद्गृहं ययौ ।
ददर्श मुखचन्द्रं स मनोमय्या मनोरमम् ।।१२।।

यस्या दर्शनमात्रेण हरोऽपि स्मरसाद् भवेत् ।
तस्याः कटाक्षपातेन मदनानलविह्वलः ।।१३।।

स बभूव तदासक्तो दधार सहसा करे ।
तत्करस्पर्शमात्रेण चकम्पे सा मुमूर्च्छ च ।।१४।।

मनोमयी न शशाप भर्तृस्मरणतत्परा ।
म्लाना च शुष्ककण्ठा च सस्वेदाक्षिस्त्रवज्जला।।१५।।

बभूव परमोद्विग्ना मुमोह च शुशोच च ।
कमद्य शरणं यामि कोऽस्माद् दुष्टात् प्रमोक्ष्यते ।।१६।।

न कृतं दुष्कृतं किञ्चिदिह जन्मनि संस्मरे ।
जन्मान्तरीयपापेन सुखदुःखमुपस्थितम् ।।१७।।

दुष्टभावं तु तं ज्ञात्वा सान्त्वयन्त्यब्रवीदिदम् ।
अहं दुहितृतुल्या ते जनकेन समोऽसि मे ।।१८।।

ज्ञानवानसि पापे त्वं मा वर्तस्व गतत्रपः ।
पापिनो यान्ति नरकं वर्षकोटिगणान् बहून् ।।१९।।

तस्मान्मुञ्च महाभाग कृपणां पुत्रिकोपमाम् ।
नो चेदहं करिष्यामि प्राणत्यागं न संशयः ।।२०।।

स्त्रीहत्यादोषसम्भूतं पापं ते स्यान्महत्तरम् ।
मम भर्ता महाभागो वनादायास्यतेऽधुना ।।२१।।

तस्य क्रोधानलस्त्वां हि भस्मत्वं नेष्यते क्षणात् ।
विनाज्ञां तस्य नो किञ्चित्कार्यं कार्यं मया लघु ।।२२।।

नो चेत्त्वां भस्मसात्कुर्यां सृष्टिञ्च ब्रह्मणोऽपि च ।
एवं वदन्त्यां तस्यां तु सौभरिः समुपागतः ।।२३।।

घरभित्र प्रविष्ट भयो । त्यहाँ त्यसले सौभरिकी धर्मपत्नी मनोमयीको चन्द्रमाझैं सुन्दर मुखमण्डलको दर्शन पायो ।।११-१२।। मनोमयीको सौन्दर्य भगवान् शङ्करलाई पनि कामातुर बनाउन समर्थ थियो । मनोमयीले दृष्टिपात गर्दा त्यो गन्धर्व कामविह्वल भयो । मनोमयीमा आसक्त भई त्यसले तिनको हात समात्यो। गन्धर्वले हातमा स्पर्श गर्नासाथ मनोमयी थर्थर काँपिन् र मूर्च्छित भइन् ।।१३-१४।। जागेपछि पतिको संझना गर्दै विह्वल भइन् तर तिनले गन्धर्वलाई सराप दिइनन् । ती ओइलाएसरि भइन्, तिनको घाँटी सुक्यो, पसिनाले शरीर ढाक्यो, आँखाबाट बर्बर आँसु बग्न थाले, अत्यन्त उद्विग्न र किंकर्तव्यविमूढ भएर पीर गर्न थालिन्- आज म कसका शरणमा जाऊँ ? यो कष्टबाट कसले मुक्त गर्ला ? यो जन्ममा मैले कुनै पाप गरेकी छैन, मलाई पूरापूर संझना छ । जन्म-जन्मान्तरका पापले सुख र दुःख उपस्थित हुने गर्दछ ।।१५-१७।। गन्धर्वको पापभावना बुझेर त्यसलाई संझाउँदै मनोमयीले भनिन् - 'हे गन्धर्व ! म तिम्री छोरीसमान छु र तिमी मेरा पितासमान छौ । हे निर्लज्ज पुरुष ! तिमीमा भगवान्ले दिएको अलिकति ज्ञान र अलिकति बुद्धि छ भने त्यसको सदुपयोग गर । पापमा नपर । पापीहरू कोटि-कोटि वर्षसम्म नरकमा वास गर्दछन् भन्ने कुरा ख्याल गर । हे महाभाग ! म तिम्री छोरीसमान हुँ, मलाई तिमीले छाडिदेऊ । छाड्दैनौ भने मैले यहीं तिम्रासामु प्राणत्याग गर्नेछु। यसमा कुनै सन्देह छैन ।।१८-२०।। त्यसबाट तिमीलाई नारीजातिको वध गरेको ठूलो पाप लाग्नेछ । अब मेरा पति वनबाट फर्किनु हुनेछ । उहाँको क्रोधको आगोले तिमीलाई खरानी बनाउन सक्छ । पतिको आज्ञाविना मैले कुनै सानो काम पनि गर्ने गरेकी छैन । अहिले उहाँ यहाँ हुनुहुन्न त्यस कारण मैले तिमीलाई सराप दिन सकिनँ । उहाँ यहाँ हुनुभएको भए उहाँको आज्ञा लिएर तिमीलाई मैले खरानी बनाइसक्ने थिएँ। तिमीलाई त के कुरा धर्मको विपरीत जाने ब्रह्माजीको सृष्टिलाई पनि मैले समाप्त पार्ने थिएँ ।' मनोमयी यस्ता कुरा गर्दै थिइन् त्यसै बेला सौभरि ऋषि पनि वनबाट घर आइपुगे।।२१-२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तं दृष्ट्वा स्वाङ्गणगतं मध्याह्नरविसन्निभम् ।
मुमोच तेजसा तत्र धर्षितोऽसौ करं तदा ।।२४।।

अधोऽपश्यच्चकम्पे च मम्लाय च बिभाय च ।
मुनिः प्रोवाच सहसा प्रलयाग्निरिव ज्वलन् ।।२५।।
उत्ससर्ज तदा शापं गन्धर्वं प्रति दुःसहम् ।

मुनिरुवाच

असमक्षं यतो मे त्वं पत्नीं धर्षितवानसि ।।२६।।
असमक्षचरो मूढ ! मूषकस्त्वं भविष्यसि ।
चौरवत् पृथिवीं दार्य स्वोदरं पूरयिष्यसि ।।२७।।

क्रौञ्च उवाच

न मया बुद्धिपूर्वं ते धर्षितेयं मनोमयी ।
प्रसङ्गादभवत् सङ्गो दृष्ट्वेमां चारुरूपिणीम् ।।२८।।
करमात्रधृता चेयं तावत् त्वमपि दृष्टवान् ।
तेजसा ते प्रभीतेन मया मुक्ताऽनघा मुने ।।२९।।
अतोऽपराधं मे क्षन्तुमर्हसि त्वं कृपानिधे !
कुरुष्वानुग्रहं मह्यं शरणागतवत्सल ।।३०।।
अहं त्वां शरणं यामि कृपां कुरु ममोपरि ।
त्रैलोक्ये नेदृशी दृष्टा पातिव्रत्यगुणान्विता ।।३१।।

मुनिरुवाच

प्लवते सागरे मेरुरुदियात् पश्चिमे रविः ।
न मे वचोऽन्यथा भूयाद् वह्निः शीतत्वमाप्नुयात्।।३२।।
अथापि प्रब्रवीम्यद्य दुष्ट ! तच्छृणु सादरम् ।
पराशरगृहे देवो द्वापरेऽवतरिष्यति ।।३३।।
गजानन इति ख्यातस्तस्य वाहत्वमेष्यसि ।
तदा ब्रह्मादयो देवा मानयिष्यन्ति सादरम् ।।३४।।
तस्य हस्तगतः स्वर्गं पुनरेष्यसि सत्वरम् ।
एवमाकर्ण्य तद्वाक्यं दुःखहर्षसमन्वितः ।।३५।।

मध्याह्नकालका सूर्यझैं तेजस्वी सौभरिलाई आश्रमको आँगनमा आइपुगेको देखेर क्रौञ्च गन्धर्व कान्तिहीन बन्यो र मनोमयीको हात छाडिदियो। लाजले भुइँमा हेर्‍यो, थर्थर काँप्यो, हतप्रभ भयो र साह्है भयभीत पनि। रीसले प्रलयको आगो झैं बलेका सौभरि ऋषिले सम्बोधन गर्दै त्यसलाई ठूलो र असह्य सराप दिए ।

सौभरिले भने – हे दुष्ट ! तैंले म नभएको बेला मेरो घरमा पसेर मेरी धर्मपत्नीमाथि बलात्कार गर्न खोजिस्, त्यस कारण हे मूर्ख ! तँ पनि जनसमूहसँग लुकेर बस्ने मूसाको रूपमा पैदा हुनेछस् । चोरले झैं पृथिवी खनेर आफ्नो पेट पाल्नेछस् ।।२४-२७।।

गन्धर्वले भन्यो – हे ऋषिवर ! मैले बुद्धिपूर्वक हजुरकी धर्मपत्नीलाई बलात्कार गर्न खोजेको होइन । घुम्दै आउँदा म हजुरको आश्रमभित्र पसें । हजुरकी श्रीमतीलाई अत्यन्त सुन्दरी देखेपछि मेरो होश गुम भयो । मैले सङ्गत गर्न खोजें तर कुनै पाप गरेको छैन। हातमा समातेको मात्र हो। हातमा समातिरहेको बेलामा हजुर आइपुग्नुभयो र देख्नुभयो । हे ऋषि ! हजुरको तेजबाट डराएर मैले यी निष्पाप नारीको हात छोडिदिएँ।।२८-२९।। हे कृपासिन्धु ! हजुरले मेरो अपराधलाई क्षमा दिनुहोस् । शरणागतमाथि कृपा गर्ने हे मुनि ! म माथि अनुग्रह गर्नुहोस् । म हजुरको शरणमा आएको छु, दया गर्नुहोस् । मैले तीनै लोकमा हजुरकी धर्मपत्नीसमान पतिव्रता अरू नारी देखेको छैन ।।३०-३१।।

मुनिले भने – सुमेरु सागरमा तैरिन सक्छ, सूर्य पश्चिममा उदाउन सक्छन्, आगो शीतल हुनसक्छ तर मेरो वचन अन्यथा हुँदैन ।।३२।। हे दुष्ट ! त्यसो हे तापनि मानवतापूर्वक म भन्छु तँ सुन् । भगवान् श्रीगणेश द्वापरयुगमा पराशरका घरमा पुत्र भएर अवतरित हुनुहुनेछ । उहाँ गजाननका नामबाट लोकमा विख्यात हुनुहुनेछ । तँ उहाँको वाहन बन्नेछस् । त्यसपछि तँलाई ब्रह्मा आदि देवताहरूले पनि आदर गर्नेछन् ।।३३-३४।। श्रीगणेशको अधीनमा रहेर तैंले उहाँको कृपाबाट स्वर्गमा जान पाउनेछस्। मुनिको वचन सुनेर त्यो गन्धर्व दुःख र हर्षले युक्त भयो ।।३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

पपात पृथिवीपृष्ठे महामूषकरूपधृक् ।
पराशरस्याश्रमे तु द्वापरे समुपस्थिते ।।३६।।

महाबलो महावीर्यो महापर्वतसन्निभः ।
मुनेराशीर्बलेनासौ गजाननसमीपगः ।।३७।।

अभवद् वाहरूपेण मूषकोऽसौ महाबलः ।
एतत् ते कथितं सर्वं यन्मे पृष्टं त्वयाऽनघ ।।३८।।

गजाननस्य वाहत्वं मूषकस्य यथाऽभवत् ।

मुनिरुवाच

सिन्दूरस्य वधं ब्रह्मन् ! कथं स कृतवान् विभुः ।।३९।।

गणेशस्तन्ममाचक्ष्व विस्तराच्चतुरानन !
श्रुत्वा वचो न मे तृप्तिर्जायतेऽमृतपानवत् ।।४०।।

भक्त्या शृणोमि देवेश ! सर्वज्ञस्त्वं वदस्व मे ।।४१।।

ब्रह्माजीले भन्नुभयो – त्यो गन्धर्व द्वापरयुग लागेपछि पराशर मुनिको आश्रममा विशाल शरीर भएको मूसाको रूपमा भुइँमा खस्यो । त्यस बेला त्यो मूसो महाबली, महापराक्रमी र महापर्वताकार देखिएको थियो । सौभरिको आशीर्वादका कारण त्यो भगवान् श्रीगणेशका समीपमा पुग्यो ।।३६–३७।। त्यसपछि उहाँको वाहनका रूपमा आश्रय पायो । हे व्यास ! मैले तिमीलाई सोधेका प्रश्नहरूको उत्तर दिएँ । भगवान् श्रीगणेश मूषकवाहन कसरी हुनुभयो भन्ने प्रश्नको उत्तर पनि बताएँ ।

व्यासले भन्नुभयो – भगवान् श्रीगणेशले दैत्यराज सिन्दूरको कसरी वध गर्नुभयो ? मलाई विस्तारपूर्वक उत्तर दिनुहोस् । श्रीगणेशसम्बन्धी चरित्र सुन्दा अमृतपानसरह आनन्द प्राप्त गर्दछु। तर तृप्ति भने हुँदैन। हे ब्रह्माजी ! हजुर सर्वज्ञ हुनुहुन्छ, मलाई मेरा प्रश्नको उत्तर दिनुहोस् । म परमभक्तिपूर्वक ती श्रीगणेशका चरित्रहरूको श्रवण गर्नेछु ।।३८–४१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे क्रौञ्चशापवर्णनं नाम पञ्चत्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'क्रौञ्चनामक गन्धर्वलाई चारित्रिक दोषका कारण मूसो हुने सराप परेको प्रसङ्ग' शीर्षकान्वित एक सय पैंतीसौं अध्याय पूर्ण भयो ।।१३५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्त्रिंशदुत्तरशततमोऽध्यायः { १३६ अध्याय }

क उवाच

एकस्मिन् दिवसे देवो जगाद मुनिसत्तमम् ।
पराशरं महाभाग्यं परदुःखप्रपीडितः ।।१।।

गजानन उवाच

सिन्दूरेण तु दुष्टेन पीडितं सकलं जगत् ।
स्वाहास्वधावषट्कारैर्वर्जितं वेदघोषतः ।।२।।
स्थानभ्रष्टा देवगणा भ्रष्टा ऋषिगणास्तथा ।
गजाननस्वरूपेण करिष्ये दुष्टनाशनम् ।।३।।
साधूनां पालनं चैव भूभारहरणं तथा ।
स्थापनं सर्वदेवानामानन्दं जगतोऽपि च ।।४।।
निधेहि मस्तके तात ! पाणिं मेऽभयदं शुभम् ।
अनुग्रहप्रसादात् ते हनिष्ये दुष्टदानवान् ।।५।।

मुनिरुवाच

आश्चर्यं परमं बाल ! बालभावात् प्रभाषसे ।
बालकः कौतुकाविष्टो याचते चन्द्रमण्डलम् ।।६।।
असाध्यं त्रिदशैः सर्वैः कर्म कर्तुं तथेच्छसि ।
यस्य श्वासेन गिरयः पतन्ति शतशो भुवि ।।७।।
पादाघातेन यस्याशु कम्पते भुवनत्रयम् ।
कथं त्वं युध्यसे तेन विसतन्तुशरीरवान् ।।८।।
चत्वारि तव वर्षाणि पूर्णानि खेलयाऽधुना ।
ममानुग्रहमात्रेण त्वं चेच्छक्तो भविष्यसि ।।९।।
तदाऽयं निहितो हस्तो मस्तकेऽभयदायकः ।

क उवाच

ततो हर्षयुतो देवो नमस्कृत्य मुनिं तदा ।।१०।।
जननीमपि दुर्गाञ्च श्रीहरिं हरमेव च ।
ययौ योद्धुं मूषकं तमारुह्य स गजाननः ।।११।।
अङ्कुशं परशुं पाशं कमलञ्च चतुर्भुजैः ।
दधानो गर्जनेनाशु कम्पयन् भुवनत्रयम् ।।१२।।

ब्रह्माजीले भन्नुभयो – एक दिन अरूका दुःखले दुःखित हुनुभएका भगवान् गजाननले भाग्यशाली मुनि पराशरसँग कुरा गर्नुभयो ।।१।।

श्रीगणेशले भन्नुभयो – हे पिता ! दुष्ट सिन्दूर दैत्यले संसारलाई साह्रै सतायो । अहिले संसार वैदिकमन्त्रघोषबाट शून्य छ । स्वधा, स्वाहा एवं वषट्कार कहीं हुँदैन । देवगणहरू स्थानच्युत भएका छन् र ऋषिगण कर्मभ्रष्ट भएका छन् । अब म गजाननस्वरूप लिएर दुष्टको नाश, सज्जनको रक्षा र पृथिवीको भारहरण गर्दै देवताहरूको प्रतिष्ठा र सम्पूर्ण संसारलाई आनन्दप्रदान गर्ने काम गर्नेछु ।।२-४।। हे पिता ! मेरो शिरमा हजुरले आफ्नो अभयदायक र मङ्गलमय हात राखिदिनुहोस् । हजुरको कृपा र प्रसन्नता भएपछि मैले दुष्ट दानवहरूको नाश गर्नेछु ।।५।।

मुनिले भने – हे बालक ! तिमी बालक भएर पनि ठूलो आश्चर्यका कुरा गरिरहेका छौ । कुनै कौतुकपूर्ण बालकले आफ्ना बाबु-आमासँग चन्द्रमण्डल मागेजस्तै कुरा भयो । सम्पूर्ण देवताले गर्न नसकेको काम तिमी गर्न चाहन्छौ, जुन दुष्ट दानवको श्वास-प्रश्वासबाट सयौं पर्वत धराशायी हुन्छन्, जसको पादप्रहारबाट त्रिलोकी नै काँप्दछ, त्यस्तो घोर दानवसँग कमलको तन्तुजस्तो कोमल शरीर भएका तिमी कसरी युद्ध गर्न सक्छौ ? ।।६-८।। तिमीले जीवनका चार वर्ष खेलेर बिताएका छौ । यदि मेरो आशीर्वादले मात्र तिमी युद्ध गर्न समर्थ हुन्छौ भने मैले तिम्रो शिरमा अभयदायक हात राखिदिन्छु।

ब्रह्माजीले भन्नुभयो – त्यसपछि खुसी हुनुभएका भगवान् गजाननले पराशरमुनि, आमा वत्सला, जगदम्बा भगवती, श्रीनारायण र श्रीशङ्करसमेतलाई प्रणाम गरी मूसामा सवार भई युद्धका लागि प्रस्थान गर्नुभयो ।।९-११।। आफ्ना चार हातमा अङ्कुश, परशु, पाश र कमल धारण गर्नुभएका,गर्जनद्वारा तीन भुवनलाई कम्पायमान गराइरहनुभएका, आफ्नो तेजबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रज्वलँस्तेजसा स्वेन प्रलयानलसन्निभः ।
क्षणेन प्राप सिन्दूरनगरं स गजाननः ।।१३।।

घुसृणेश्वरसान्निध्यात् सिद्धसिन्दूरवाडकम् ।
तत्रस्थः प्रशशासासौ सिन्दूरो भुवनत्रयम् ।।१४।।

तदुत्तरे स्थितो देवो जगर्ज गर्जयन् दिशः ।
चुक्षुभुः सागराः सप्त विशीर्णा गिरयोऽपि च ।।१५।।

श्रुत्वा निनादं तस्याशु सर्वे दैत्याश्चकम्पिरे ।
मुमूर्च्छुर्भीरवः सर्वे केचिन्मृत्युमुपाययुः ।।१६।।

सिन्दूरोऽपि मुमूर्च्छाशु क्षणेन प्रकृतिं ययौ ।
उवाच सेवकान् सर्वान् कोऽयं गर्जति दृश्यताम्।।१७।।

मूर्च्छा प्राप्ता मया कस्माद् यच्छब्देन पुरः कथम् ।
स्थास्यामि तत्पुरः स्थातुं कस्य शक्तिर्भविष्यति।।१८।।

ततस्ते सेवका जग्मुस्तदा बालसमीपतः ।
तद्रूपं ते निरीक्ष्यैव सिंहस्य करिणो यथा ।।१९।।

बिभ्युश्चैव चकम्पुश्च केचिद् धैर्यात् तमब्रुवन् ।
कस्य त्वं कुत आयातः किमर्थं तव नाम किम् ।।२०।।

सिन्दूरो विश्वसंहाररसिकः क्रोधसंयुतः ।
श्रुत्वा ते क्रन्दितं सर्वं कम्पितञ्च ससिन्दुरम् ।।२१।।

बालोऽपि बलवान् भासि चतुःपञ्चाद्विकोऽपि च ।
दृश्यसे सर्वसंहारकारणाय क्षमः क्षणात् ।।२२।।

एवमाकर्ण्य तद्वाक्यं प्रोवाच सं च तान् विभुः ।
अहं शिवसुतः ख्यातः पराशरगृहे वसन् ।।२३।।

दुष्टसंहाररसिको भक्तपालनतत्परः ।
नानावतारकुशलो ब्रह्मादीनामगोचरः ।।२४।।

गजाननेति मे नाम युद्धं कर्तुं समागतः ।
स्वामिनं वोऽथ गच्छन्तु तस्मै सर्वं ब्रुवन्तु च ।।२५।।

तस्मिन् हते मानसं मे तोषमेष्यति दुर्जये ।

क उवाच

ततस्ते निर्ययुः शीघ्रं सिन्दूरं प्राब्रुवन् वचः ।।२६।।

देदीप्यमान र प्रलयकालिक अग्निसमान ज्योतिर्मय भगवान् श्रीगणेश एकक्षणमा सिन्दूर दैत्यसमक्ष पुग्नुभयो ।।१२-१३।। घुसृणेश्वर ज्योतिर्लिङ्गको समीपमा रहेका कारण सिद्धिदायक मानिएको सिन्दूरबाडा भन्ने ठाउँमा रहेर सिन्दूर दैत्यले त्रिभुवनको शासन सञ्चालन गरिरहेको थियो ।।१४।। त्यसै सिन्दूरबाडाको उत्तर क्षेत्रमा पुगेर श्रीगणेशले दसै दिशा शब्दायमान गराउँदै गर्जन गर्नुभयो । त्यसबाट सात सागर क्षुब्ध भए । पर्वतहरू कम्पायमान भई चिरा-चिरा भए । श्रीगणेशको गर्जनका कारण दैत्यहरू काँप्न थाले, केही कातर दैत्य मूर्च्छित भए र केही निष्प्राण पनि भए।।१५-१६।। सिन्दूर दैत्य पनि एक क्षण मूर्च्छित भई जाग्यो । त्यसले आफ्ना सेवकहरूलाई यहाँ आएर कसले गर्जन गरिरहेको छ हेर भनी अह्राउँदै भन्यो - जसको गर्जन सुनेर मैले अकस्मात् मूर्च्छाको अनुभव गरें - त्यसका सामु म कसरी उभिने हो ? त्यसका सामु उभिएर युद्ध गर्ने कसको शक्ति होला ? त्यसपछि ती दैत्यका अनुचरहरू बालक श्रीगणेशका समीपमा पुगे । ती बालकको रूप हेरेर सिंहदर्शन गर्दा हात्तीझैं डराएर काँपे ।।१७-१९।। केही दैत्यले धैर्यपूर्वक भने - हे बालक ! तिमी कसका छोरा हौ ? कहाँबाट आएका हौ ? किन आएका हौ ? तिम्रो नाम के हो ? क्रोधी दैत्य सिन्दूर संसारको संहार गर्ने कलामा सिद्धहस्त र रसिक पनि छन् । तिम्रो गर्जन सुनेर संसार कम्पायमान भयो र ती सिन्दूर पनि कम्पायमान भए । तिमी चार वर्षका बालक भए पनि पराक्रमी र सबै संसारको संहार गर्न समर्थ पनि देखिन्छौ ।।२०-२२।। दैत्यदूतहरूका कुरा सुनेर श्रीगणेशले उत्तर दिनुभयो - म पराशरको घरमा बस्छु र शिवपुत्रका नामबाट प्रख्यात छु । म दुष्टको संहारमा रुचि राख्ने, भक्तको पालनमा तत्पर, अनेक अवतार लिन कुशल र ब्रह्मा आदि देवताहरूबाट पनि अगम्य गजानन हुँ । सिन्दूर दैत्यसँग युद्ध गर्न आएको छु । तिमीहरूले आफ्ना मालिकसँग गएर मेरा कुरा बताओ ।।२३-२५।। कसैले पनि जित्न नसकिने भनिएको सिन्दूर दैत्यको वध गरेपछि मेरो मनले सन्तोष अनुभव गर्नेछ।

ब्रह्माजीले भन्नुभयो - गजाननका कुरा सुनेर ती दैत्य तुरुन्तै सिन्दूर दैत्यका सामु गए । तिनले त्यहाँ आफूले देखेको र जानेको विषय निवेदन गरे ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूता ऊचुः

वयं शीघ्रतरं याताः पुरुषं भवदाज्ञया ।
कृतान्तसदृशं तं तु दृष्ट्वा सर्वे च कम्पिताः ।।२७।।
ततो भवत्प्रतापेन तदग्रे प्राब्रुवाम च ।
ततस्तेन समाख्यातं निजं सर्वं समासतः ।।२८।।
गजाननेति नामास्य शिवपुत्रत्वमेव च ।
दुष्टदैत्यविनाशाय साधूनां पालनाय च ।।२९।।
साम्प्रतं तु त्वया सार्द्धं युद्धाय समुपागतः ।
स चतुर्वार्षिको बालो वल्गते बहुविस्तरम् ।।३०।।
इदानीं स्वस्वभावेन जहि शत्रुं निजं लघुम् ।
तव तु श्वासमात्रेण दूरे गच्छेदयं शिशुः ।।३१।।
यस्य ते दर्शनात् स्वामिँश्चकम्पुः शिवकादयः ।
तस्य ते गणना कास्ति बालकस्याल्पमेधसः ।।३२।।

क उवाच

एवं दूतवचः श्रुत्वा सिन्दूरश्चिन्तयातुरः ।
बभूव म्लानतुण्डश्च क्रोधारुणविलोचनः ।।३३।।
उद्वमन् नयनाद् वह्निं प्रलयानलसन्निभम् ।
उवाच दूतान् क्रोधेन हर्षेण च समन्वितः ।।३४।।

स उवाच

आश्चर्यं परमं दूता भवद्वचसि मेऽभवत् ।
सिंहेन सह योद्धुं वै मशकः कथमेष्यति ।।३५।।
चतुर्वर्षेण बालेन योद्धव्यं किं मया सह ।
यूयं ततः कथं भीता न जाने तत्र कारणम् ।।३६।।
मयि क्रुद्धे जगन्नश्येत् तत्र का गणनाऽस्य ह ।
जगर्ज गर्जयन् व्योम दिशोऽपि विदिशोऽपि च ।।३७।।
धृत्वा शस्त्राणि चास्त्राणि निर्ययौ युद्धलालसः ।
तत ऊचुरमात्यास्तं नमस्कृत्यासुराधिपम् ।।३८।।
सत्सु बलेष्वमात्येषु कथं यासि स्वयं रणम् ।
वयं तं हि हनिष्यामः प्रतापात् तव दैत्यप ।।३९।।

दूतहरूले भने – हे महाराज ! हामी हजुरको आज्ञा पाएर अति शीघ्र यमराजसमान पुरुषका समक्ष गयौं । त्यसलाई देखेर डरले कम्पायमान भयौं ।।२७।। त्यसपछि हजुरका प्रतापले त्यसका सामु गई कुरा गऱ्यौं, सोध्यौं पनि । त्यसले आफ्नो सम्पूर्ण वृत्तान्त सङ्क्षेपमा बतायो । त्यो शिवजीको पुत्र गजानन रहेछ। दुष्ट दैत्यहरूको संहार र सज्जनको रक्षाका लागि अहिले हजुरसँग युद्ध गर्न आएको रहेछ । त्यो चार वर्षको बच्चा कुरा गर्न धेरै सिपालु छ ।।२८–३०।। अहिले हजुरले वीरभाव अँगाली त्यो सानो बच्चालाई मारिदिनुहोस् । हजुरको सासको स्पर्शले मात्र त्यो बच्चा टाढा उड्न सक्छ ।।३१।। हजुरको दर्शनबाट शिव आदि देवता पनि कम्पायमान भएका थिए भने त्यो दुर्बुद्धि सानो बालकको के गणना हुनसक्छ ? ।।३२।।

ब्रह्माजीले भन्नुभयो – दूतका ती कुरा सुनेर दैत्यराज सिन्दूर चिन्ताले व्याकुल भयो, त्यसको मुख ओइलायो, रीसले आँखा राता भए, आँखाबाट प्रलयको आगो ओकल्दै क्रोध र हर्षले युक्त भई त्यसले दूतहरूसँग कुरा गऱ्यो ।।३३–३४।।

सिन्दूरले भन्यो – हे दूतहरू ! तिमीहरूका कुरा सुनेर मलाई अचम्म लागेको छ । लामखुट्टे कीरो सिंहसँग युद्ध गर्न कसरी जान सक्छ ? त्यो चार वर्षको बालकले मसँग कसरी युद्ध गर्न सक्छ ? तिमीहरू त्यस बालकबाट किन डराएका छौ? मैले त्यसको कारण जान्न सकिनँ ।।३५–३६।। म रिसाउँदा संसारै सखाप हुनेछ भने त्यस बच्चाको के गणना हुन्छ ? यस्तो कुरा गरेर दैत्यराज सिन्दूर दिशा, विदिशा र आकाशलाई शब्दायमान गराउँदै गर्जन गर्न थाल्यो ।।३७।। त्यसपछि आफ्ना हातमा शस्त्र–अस्त्र धारण गरी युद्धको कामना गर्दै घरबाट बाहिर निस्क्यो । त्यस बेला असुराधिपति सिन्दूरलाई प्रणाम गर्दै त्यसका मन्त्रीहरूले भने– हे दैत्यराज ! हामीजस्ता पराक्रमी अमात्यहरू छँदाछँदै हजुर आफै युद्ध गर्न किन जानुहुन्छ? हे दैत्यपति ! हजुरको प्रतापबाट हामीले त्यसलाई मारिदिनेछौं ।।३८–३९।। यस्तै समयका लागि राज्यले ठूलो सेनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयार्थं महासैन्यं पाल्यते सोऽयमागतः ।
प्राणाँस्त्यक्ष्यामहे सर्वे तव हेतोर्महाप्रभो ।।४०।।

अनुजानीहि यास्यामो हन्तुं बालं रिपुं तव ।

सिन्दूर उवाच

यामि संर्वे प्रपश्यन्तु पौरुषं मम सैनिकाः ।।४१।।

इत्युक्त्वा प्रययौ शीघ्रं बालं हन्तुं सुमुत्सुकः ।
स प्राप क्षणमात्रेण यत्र बालः स्थितोऽभवत् ।।४२।।

जगेर्ना गरेको हुन्छ । अहिले सेना र सेनापतिको काम लिने बेला आइपुग्यो । हे महाप्रभु ! हजुरका लागि हामी प्राणत्याग गर्न तयार छौं । हामीलाई आज्ञा दिनुहोस् । हामी तुरुन्तै हजुरको बालशत्रुलाई मारिदिनेछौं ।

सिन्दूरले भन्यो - हे दूतगण ! म आफै युद्ध गर्न जान्छु। मेरा सैनिकहरूले पनि मेरो अद्भुत पराक्रम हेरून् ।।४०-४१।। यस्ता कुरा गरेर त्यस सिन्दूर दैत्यले बालक मार्न उत्कण्ठित भई युद्धभूमिका लागि प्रस्थान गर्‍यो । त्यो एकै छिनमा गजानन बालक रहनुभएको ठाउँमा पुग्यो ।।४२।।

ॐ

इति श्रीगणेशपुराणे उत्तरखण्डे सिन्दूरनिर्गमो नाम षट्त्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सिन्दूरासुरको युद्धयात्रा' शीर्षकान्वित एक सय छत्तीसौं अध्याय पूर्ण भयो ।।१३६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूता ऊचुः

वयं शीघ्रतरं याताः पुरुषं भवदाज्ञया ।
कृतान्तसदृशं तं तु दृष्ट्वा सर्वे च कम्पिताः ।।२७।।
ततो भवत्प्रतापेन तदग्रे प्राब्रुवाम च ।
ततस्तेन समाख्यातं निजं सर्वं समासतः ।।२८।।
गजाननेति नामास्य शिवपुत्रत्वमेव च ।
दुष्टदैत्यविनाशाय साधूनां पालनाय च ।।२९।।
साम्प्रतं तु त्वया सार्द्धं युद्धाय समुपागतः ।
स चतुर्वार्षिको बालो वल्गते बहुविस्तरम् ।।३०।।
इदानीं स्वस्वभावेन जहि शत्रुं निजं लघुम् ।
तव तु श्वासमात्रेण दूरे गच्छेदयं शिशुः ।।३१।।
यस्य ते दर्शनात् स्वामिँश्चकम्पुः शिवकादयः ।
तस्य ते गणना कास्ति बालकस्याल्पमेधसः ।।३२।।

क उवाच

एवं दूतवचः श्रुत्वा सिन्दूरश्चिन्तयातुरः ।
बभूव म्लानतुण्डश्च क्रोधारुणविलोचनः ।।३३।।
उद्वमन् नयनाद् वह्निं प्रलयानलसन्निभम् ।
उवाच दूतान् क्रोधेन हर्षेण च समन्वितः ।।३४।।

स उवाच

आश्चर्यं परमं दूता भवद्वचसि मेऽभवत् ।
सिंहेन सह योद्धुं वै मशकः कथमेष्यति ।।३५।।
चतुर्वर्षेण बालेन योद्धव्यं किं मया सह ।
यूयं ततः कथं भीता न जाने तत्र कारणम् ।।३६।।
मयि क्रुद्धे जगन्नश्येत् तत्र का गणनाऽस्य ह ।
जगर्ज गर्जयन् व्योम दिशोऽपि विदिशोऽपि च ।।३७।।
धृत्वा शस्त्राणि चास्त्राणि निर्ययौ युद्धलालसः ।
तत ऊचुरमात्यास्तं नमस्कृत्यासुराधिपम् ।।३८।।
सत्सु बलेष्वमात्येषु कथं यासि स्वयं रणम् ।
वयं तं हि हनिष्यामः प्रतापात् तव दैत्यप ।।३९।।

दूतहरूले भने – हे महाराज ! हामी हजुरको आज्ञा पाएर अति शीघ्र यमराजसमान पुरुषका समक्ष गयौं । त्यसलाई देखेर डरले कम्पायमान भयौं ।।२७।। त्यसपछि हजुरका प्रतापले त्यसका सामु गई कुरा गऱ्यौं, सोध्यौं पनि । त्यसले आफ्नो सम्पूर्ण वृत्तान्त सङ्क्षेपमा बतायो । त्यो शिवजीको पुत्र गजानन रहेछ। दुष्ट दैत्यहरूको संहार र सज्जनको रक्षाका लागि अहिले हजुरसँग युद्ध गर्न आएको रहेछ । त्यो चार वर्षको बच्चा कुरा गर्न धेरै सिपालु छ ।।२८-३०।। अहिले हजुरले वीरभाव अँगाली त्यो सानो बच्चालाई मारिदिनुहोस् । हजुरको सासको स्पर्शले मात्र त्यो बच्चा टाढा उड्न सक्छ ।।३१।। हजुरको दर्शनबाट शिव आदि देवता पनि कम्पायमान भएका थिए भने त्यो दुर्बुद्धि सानो बालकको के गणना हुनसक्छ ? ।।३२।।

ब्रह्माजीले भन्नुभयो – दूतका ती कुरा सुनेर दैत्यराज सिन्दूर चिन्ताले व्याकुल भयो, त्यसको मुख ओइलायो, रीसले आँखा राता भए, आँखाबाट प्रलयको आगो ओकल्दै क्रोध र हर्षले युक्त भई त्यसले दूतहरूसँग कुरा गऱ्यो ।।३३-३४।।

सिन्दूरले भन्यो – हे दूतहरू ! तिमीहरूका कुरा सुनेर मलाई अचम्म लागेको छ । लामखुट्टे कीरो सिंहसँग युद्ध गर्न कसरी जान सक्छ ? त्यो चार वर्षको बालकले मसँग कसरी युद्ध गर्न सक्छ ? तिमीहरू त्यस बालकबाट किन डराएका छौ? मैले त्यसको कारण जान्न सकिनँ ।।३५-३६।। म रिसाउँदा संसारै सखाप हुनेछ भने त्यस बच्चाको के गणना हुन्छ ? यस्तो कुरा गरेर दैत्यराज सिन्दूर दिशा, विदिशा र आकाशलाई शब्दायमान गराउँदै गर्जन गर्न थाल्यो ।।३७।। त्यसपछि आफ्ना हातमा शस्त्र-अस्त्र धारण गरी युद्धको कामना गर्दै घरबाट बाहिर निस्क्यो । त्यस बेला असुराधिपति सिन्दूरलाई प्रणाम गर्दै त्यसका मन्त्रीहरूले भने- हे दैत्यराज ! हामीजस्ता पराक्रमी अमात्यहरू छँदाछँदै हजुर आफै युद्ध गर्न किन जानुहुन्छ? हे दैत्यपति ! हजुरको प्रतापबाट हामीले त्यसलाई मारि-दिनेछौं ।।३८-३९।। यस्तै समयका लागि राज्यले ठूलो सेनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयार्थं महासैन्यं पाल्यते सोऽयमागतः ।
प्राणाँस्त्यक्ष्यामहे सर्वे तव हेतोर्महाप्रभो ।।४०।।

अनुजानीहि यास्यामो हन्तुं बालं रिपुं तव ।

सिन्दूर उवाच

यामि सर्वे प्रपश्यन्तु पौरुषं मम सैनिकाः ।।४१।।

इत्युक्त्वा प्रययौ शीघ्रं बालं हन्तुं सुमुत्सुकः ।
स प्राप क्षणमात्रेण यत्र बालः स्थितोऽभवत् ।।४२।।

जगेर्ना गरेको हुन्छ । अहिले सेना र सेनापतिको काम लिने बेला आइपुग्यो । हे महाप्रभु ! हजुरका लागि हामी प्राणत्याग गर्न तयार छौं । हामीलाई आज्ञा दिनुहोस् । हामी तुरुन्तै हजुरको बालशत्रुलाई मारिदिनेछौं ।

सिन्दूरले भन्यो – हे दूतगण ! म आफै युद्ध गर्न जान्छु। मेरा सैनिकहरूले पनि मेरो अद्भुत पराक्रम हेरून् ।।४०–४१।। यस्ता कुरा गरेर त्यस सिन्दूर दैत्यले बालक मार्न उत्कण्ठित भई युद्धभूमिका लागि प्रस्थान गर्‍यो । त्यो एकै छिनमा गजानन बालक रहनुभएको ठाउँमा पुग्यो ।।४२।।

ॐ

इति श्रीगणेशपुराणे उत्तरखण्डे सिन्दूरनिर्गमो नाम षट्त्रिंशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सिन्दूरासुरको युद्धयात्रा' शीर्षकान्वित एक सय छत्तीसौं अध्याय पूर्ण भयो ।।१३६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तत्रिंशदुत्तरशततमोऽध्यायः { १३७ अध्याय }

क उवाच

तं दृष्ट्वा बालकं प्राह सिन्दूरो मदगर्वितः ।
लज्जा मे जायते मन्द युध्यतो बालकेन ह ।।१।।

याहि शीघ्रं गृहं बाल ! पिब मातुः स्तनं मुदा ।
वृथा मच्छरपातेन सद्यो मृत्युमुपैष्यसि ।।२।।

पलायन्ते हि मां दृष्ट्वा केशाद्यास्त्रिदिवौकसः ।
मृते त्वयि तव स्नेहात् पितरौ ते मरिष्यतः ।।३।।

अतो गच्छ न मे स्वास्थ्यं दर्शयस्व किशोरक !
यस्य मे तलघातेन ब्रह्माण्डं शतधा भवेत् ।।४।।

देव उवाच

सत्यमुक्तं त्वया दुष्ट ! न चेतसि विचारितम् ।
न ज्ञातं मम सामर्थ्यं रूपं वा विविधं त्वया ।।५।।

यस्य मे क्रोधदृष्ट्यैव भ्रष्टाः स्युः सुरनायकाः ।
स्वेच्छयाऽहं सृजे भावैस्त्रिभिरेव हरामि च ।।६।।

विश्वं चराचरं नानारूपवाँस्तु युगे युगे ।
भूमिभारं महाघोरं हरामि दुष्टनाशनात् ।।७।।

न लघुर्लघुतामेति पराक्रमयुतोऽपि चेत् ।
अणुमात्रो दहेद् वह्निः सकलं नगरं महत् ।।८।।

जिजीविषुश्चेद् गच्छ त्वं नत्वा मां निजमन्दिरम् ।
मानिनो नैव निघ्नन्ति नतञ्च शरणागतम् ।।९।।

नो चेन्मच्छस्त्रपातेन स्वर्गलोकं गमिष्यसि ।
हते त्वयि सुखं यास्ये त्वया यत् पीडितं जगत् ।।१०।।

ब्रह्मणो वरदानेन मा गर्वं कुरु दैत्यराट् ।
विपरीतं भवेत् सर्वं विपरीतं यथा पुरा ।।११।।

स्तम्भेऽवतीर्णो न्यहनद्धिरण्यकशिपुं विभुः ।
सुग्रीवेण हतो बन्धू राममाश्रित्य कालतः ।।१२।।

ब्रह्माजीले भन्नुभयो – मदमत्त सिन्दूर दैत्यले बालकलाई देखेर भन्यो – हे बालक ! तिमीसँग युद्ध गर्दा मलाई लाज लागिरहेछ, छिटो घर जाऊ । आनन्दपूर्वक आफ्नी आमाको दूध चुस । यहाँ जोरी खोज्यौ भने लामखुट्टे मरेझैं छिट्टै मृत्युको मुखमा पुग्नेछौ।।१-२।। मलाई देखेर ब्रह्मा, शिव, विष्णु आदि देवता पनि डराएर भाग्छन् । तिमी अकार्थमा मर्‍यौ भने तिम्रा बाबु- आमा पनि पीरले मर्नेछन् । हे बालक! यस कारण तिमी फर्क, मलाई आफ्नो अनुहार नदेखाऊ । मैले थप्पड प्रहार गर्दा ब्रह्माण्ड पनि सय टुक्रा भएर समाप्त हुनेछ ।।३-४।।

श्रीगणेशले भन्नुभयो- हे दुष्ट! तैंले साँचो कुरा गरेको छस् तर मनमा मेरो स्वरूपको विचार गरेको छैनस् । मेरो सामर्थ्य थाहा पाएको छैनस् । मेरा विविध स्वरूपको विषयमा पनि तँलाई थाहा छैन ।।५।। मेरो क्रोधपूर्ण दृष्टि पर्दा देवताका नायकहरू पनि स्थानभ्रष्ट हुन्छन् । मैले अनेक रूपसम्पन्न भई आफ्नो इच्छाअनुसार सत्त्व, रज र तमोगुणको आश्रय लिएर जगत्को रचना र संहार गर्दछु । दुष्टहरूको वध गरेर पृथिवीको असह्य भार हरण गर्दछु ।।६-७।। कुनै मानिस पराक्रमसम्पन्न छ भने त्यसको आकार सानो हुँदैमा त्यो सानो हुँदैन । अणुपरिमाणको आगोले विशाल नगरलाई सम्पूर्णतया खरानी बनाउन सक्छ ।।८।। तँ बाँच्न चाहन्छस् भने मलाई प्रणाम गरी आफ्नो घरतर्फ लाग् । स्वाभिमानीहरूले शरणागत र विनीतमाथि प्रहार गर्दैनन् ।।९।। शरणमा आएमा म तेरो रक्षा गर्न तयार छु, अन्यथा मेरो शस्त्रप्रहारबाट छिटै स्वर्गमा पुग्नेछस् । तँलाई मारेपछि म सुखपूर्वक जानेछु । तैंले संसारलाई साह्रै सताएको छस् ।।१०।। हे दैत्यराज ! ब्रह्माजीको वरदानका कारण घमण्ड नगर, तैंले चिताएको भन्दा विपरीत फल पनि हुनसक्छ । जस्तै पहिले हिरण्यकशिपुले घमण्ड गर्दा विपरीत फल प्राप्त गरेको थियो । त्यस बेला भगवान् नारायणले स्तम्भमा प्रकट भएर हिरण्यकशिपुलाई मार्नुभएको थियो । समयचक्रका कारण सुग्रीवले रामको आश्रय लिएर आफ्नै बन्धुको हत्या गरेका थिए ।।११-१२।। तेरो पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विपरीता मतिर्जाता तवापि कालयोगतः ।
अतिस्थूलो लघुतरो भाससे मम साम्प्रतम् ।।१३।।
धृत्वा धैर्यञ्च लज्जाञ्च युद्धं कुरु मया सह ।

क उवाच

एवमुक्त्वा दधाराशु विराड्रूपं गजाननः ।।१४।।
ब्रह्माण्डादूर्ध्वमगमन्मस्तकश्चरणौ तथा ।
पातालानि च सप्तानि भित्त्वा यातौ श्रुती दिशः ।।१५।।
पश्यति स्म यदा दैत्यो बालं तं विश्वरूपिणम् ।
सहस्त्रशिरसं देवं सहस्त्राक्षं दिवो भुवम् ।।१६।।
सहस्त्रपादं व्याप्याशु स्थितं व्याप्य दिशो दश ।
दिव्याम्बरं दिव्यगन्धं दिव्यालङ्कारभूषितम् ।।१७।।
असङ्ख्यसूर्यसदृशमसङ्ख्यरूपिणं विभुम् ।
एवं दृष्ट्वा विराड्रूपं चकम्पे दैत्यमानसम् ।।१८।।
धृत्वा धैर्यं पुनर्दैत्यो ययौ देवस्य सन्निधौ ।
जगर्ज गर्जयन् व्योम दिशोऽपि विदिशोऽपि च ।।१९।।
उद्यम्य खड्गं सहसा देवं हन्तुमियेष सः ।
ययौ तत्पुरतः क्रोधात् पतङ्गो ज्वलनं यथा ।।२०।।

देव उवाच

नायं मूढो विजानीते स्वरूपं मम दुर्लभम् ।
अहमेव विमोक्ष्यामीत्युक्त्वा कण्ठे दधार तम् ।।२१।।
ममर्द सिन्दूरं तं स कराभ्यां बलवत्तरम् ।
ततस्तदसृजाङ्गानि विलिलिम्पारुणेन सः ।।२२।।
ततः सिन्दूरवदनः सिन्दूरप्रिय एव च ।
अभवज्जगतीख्यातो भक्तकामप्रपूरकः ।।२३।।
सिन्दूरे निहते देवा मुदा पुष्पाण्यवाकिरन् ।
अवाद्यञ्जयवाद्यानि ननृतुश्चाप्सरोगणाः ।।२४।।
आययुस्तत्र मुनयो वसिष्ठप्रमुखाः सुराः ।
ब्रह्माद्याः सकलाः शक्रपुरोगा वस्तुपाणयः ।।२५।।

कालचक्रका कारण बुद्धिविपरीत भएको छ । मलाई अहिले धेरै ठूलो वस्तु पनि साना लागिरहेको छ । तँलाई युद्ध गर्ने इच्छा छ भने धैर्य र लज्जा दुबै धारण गरी युद्ध गर् ।

ब्रह्माजीले भन्नुभयो – यसरी सिन्दूर दैत्यलाई संझाएपछि भगवान् गजाननले छिटै विश्वरूप धारण गर्नुभयो।।१३-१४।। उहाँको शिर ब्रह्माण्डभन्दा पनि माथि पुग्यो । दुबै पाउले सातै पाताल भेदन गरी त्यहाँभन्दा पनि भित्र प्रवेश गरे । कानहरूले विशालताका कारण दिशा र विदिशा पनि नाघे । त्यस दैत्यले विश्वरूपको दर्शन गर्दा भगवान् श्रीगणेशको त्यो विश्वरूप सहस्र शिरले सम्पन्न, सहस्र आँखाले युक्त, आकाशदेखि जमिनसम्म र दसै दिशा ढाकेर फैलिएका हजार पाउले सम्पन्न, दिव्य वस्त्र, दिव्य गन्ध र दिव्य अलङ्कारद्वारा अलङ्कृत, असङ्ख्य सूर्यसमान, असङ्ख्यरूपसम्पन्न, सर्वव्यापक र विराट् थियो । यस्तो रूप देखेर सिन्दूर दैत्यको मन काँप्न थाल्यो । त्यो धैर्य धारण गरी श्रीगणेशका सामु आयो । त्यसपछि आकाश र दिशालाई शब्दायमान गराउँदै गर्जन गऱ्यो।।१५-१९।। त्यसले हातमा तरबार लिएर गजाननमाथि प्रहार गर्ने चाहना गऱ्यो । त्यसपछि पतङ्ग अग्निका सामु गएझैं क्रोधले उहाँका सामु गयो ।।२०।।

भगवान्ले भन्नुभयो- हे मूर्ख! तैंले मेरो दुर्लभ स्वरूप चिनेको छैनस् । म आफै तँलाई मोक्ष प्रदान गर्छु भनी त्यसको घाँटीमा समाउनुभयो । उहाँले दुई हातले त्यसको घाँटी अठ्याउनु भयो र धेरै प्रयास गर्दागर्दै पनि आफ्नो रोकिएको सास खुलाउन नसकी त्यो श्वासावरोधका कारण मऱ्यो । त्यसपछि त्यसका शरीरबाट रगतका धारा बहँदा त्यस रगतले रगताम्मे हुनुभएका भगवान् श्रीगणेशका अङ्ग-प्रत्यङ्ग पनि रातै भए ।।२१-२२।। त्यसपछि भगवान् श्रीगणेश सिन्दूरवदन र सिन्दूरप्रियका नामबाट जगत्मा विख्यात हुनुभयो । यी नामबाट आराधना गर्दा भक्तका कामना पूरा हुन्छन् ।।२३।। सिन्दूर दैत्यको वधपछि हर्षित भएका देवताले पुष्पवर्षा गरे, विजयका बाजा बज्न थाले र अप्सरा नाच्न थाले । त्यस बेला भगवान् गजाननको दर्शन गर्ने वसिष्ठ आदि मुनि र ब्रह्मा आदि देवताले हातमा उपहार लिएर भगवान्का सामु टक्र्याए ।।२४-२५।। तिनीहरूको नमस्कार र जयकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जयशब्दैर्नमःशब्दैः पूरयन्तो दिशो दश ।
ततः सर्वे भूमिपाला ययुस्तत्र मुदान्विताः ।।२६।।

षोडशैरुपचारैस्तमानर्चुः परमेश्वरम् ।
गजाननं चतुर्बाहुं सर्वाभरणभूषितम् ।।२७।।

दिव्याम्बरं दिव्यगन्धमाखुवाहनमीश्वरम् ।
प्रार्थयामासुरिन्द्राद्याः स्तोतुं त्वां न हि शक्नुमः ।।२८।।

यत्र कुण्ठाश्चतुर्वेदा ब्रह्माद्याश्च मुनीश्वराः ।
त्वं कर्ता कारणं कार्यं रक्षकः पोषकोऽपि च ।।२९।।

संहर्ता मोहनश्चास्य विश्वस्य ज्ञानदः क्वचित् ।
सरितः सागरा वृक्षाः पर्वताः पशवोऽखिलाः ।।३०।।

वायुराकाशः पृथिवी वह्निर्वारि त्वमेव च ।
ब्रह्मा विष्णुः शिवः शक्रो मरुतो मुनयोऽपि च ।।३१।।

गन्धर्वाश्चारणाः सिद्धा यक्षराक्षसपन्नगाः ।
अप्सरःकिन्नरा देव ! त्वमेव स चराचरम् ।।३२।।

वयं धन्या यतो दृष्टः प्रत्यक्षं मोक्षसाधनः ।
सिन्दूरे तु हते देव ! सुखं प्राप्ताः सुरोत्तमाः ।।३३।।

राजानो मुनयो लोकाः स्वस्वकार्ये मुदा रताः ।
भविष्यन्ति स्वधास्वाहावषट्काराश्रिताः क्रियाः ।।३४।।

नानावतारैः कुरुषे पालनं त्वं विशेषतः ।
दुष्टानां नाशनं सद्यो भक्तानां कामपूरकः ।।३५।।

क उवाच

एवमुक्त्वा सुरास्तं तु व्यदधुः सर्व एव ते ।
प्रासादं रम्यशिखरं स्थापयित्वा गजाननम् ।।३६।।

यस्य दर्शनमात्रेण मुच्यते पातकाज्जनः ।
कुलानि तारयेत् सप्त स्मरणादस्य मानवः ।।३७।।

पूजयित्वा प्रणम्यैनं परितृप्तिं ययुः सुराः ।
ततस्तं मुनयः सर्वे पुपूजुः परमादरात् ।।३८।।

सिन्दूरहेति नामास्य चक्रुः सिन्दूरनाशनात् ।
अतिसन्तुष्टमनसो नत्वा जग्मुः स्वमाश्रमम् ।।३९।।

दसै दिशा भरिएर घन्किए । त्यसपछि पृथिवीका सबै राजाहरू पनि भगवान्को दर्शन गर्न हर्षपूर्वक त्यहाँ आइपुगे । तिनीहरूले षोडशोपचारबाट भगवान् श्रीगणेशको पूजा गर्दै गजानन, चतुर्बाहु, सर्वाभरणसम्पन्न, दिव्यवस्त्रधारी, दिव्यगन्धसम्पन्न, मूषकवाहन परमेश्वरलाई प्रणाम गरी प्रार्थना गर्दै भने - हे परमेश्वर ! हजुरको स्तुति गर्न हामी समर्थ छैनौं ।।२६-२८।। हे देवताका अधिपति ! चारै वेद पनि हजुरको तत्त्वबोध गरी स्तुति गर्ने कार्यमा कुण्ठित हुन्छन् । ब्रह्मा आदि देवता र मुनिहरू पनि सम्पूर्णतया स्तुति गर्न समर्थ छैनन् । हजुर कर्ता, कारण, रक्षक, पोषक, संहारक, सम्मोहक र ज्ञानदायक प्रभु हुनुहुन्छ । हजुर नदी, सागर, वृक्ष, पर्वत, पशु, वायु, आकाश, पृथिवी, अग्नि र जलका रूपमा पनि हुनुहुन्छ । हे देवदेव ! हजुर चराचरसहित ब्रह्मा, विष्णु, शिव, इन्द्र, मरुत्, मुनि, गन्धर्व, सिद्ध, यक्ष, चारण, राक्षस, सर्प, अप्सरा र किन्नर पनि हुनुहुन्छ । वास्तवमा हजुर चराचररूप हुनुहुन्छ ।।२९-३२।। हामी धन्य छौं, किनकि आज प्रत्यक्षरूपमा मोक्षका साधक देवताको दर्शन पायौं । सिन्दूरको वध भएपछि सबै देवता सुखी भएका छन् ।।३३।। लोकमा पनि राजा, मुनि र सर्वसाधारण मानिस अहिले हर्षपूर्वक आफ्नो कार्यमा लागेका छन् । अब पृथिवीमा स्वाहा, स्वधा र वषट्कारका कर्महरू निर्विघ्न सम्पन्न हुँदैछन् । हजुरले अनेक अवतारहरूद्वारा जगत्का प्राणीहरूको विशेषरूपमा रक्षा गर्नुहुन्छ, दुष्टको नाश गर्नुहुन्छ र छिटै प्रसन्न भई भक्तहरूको कामना परिपूर्ण गर्नुहुन्छ ।।३४-३५।।

ब्रह्माजीले भन्नुभयो - यसरी स्तुति गरेर देवताहरूले सुन्दर गजुर भएको भव्य मन्दिरको निर्माण गरे । तिनले त्यसमा भगवान् श्रीगणेशका प्रतिमाको प्रतिष्ठा गरे ।।३६।। जुन मन्दिरमा श्रीगणेश प्रतिमाको दर्शन गर्नाले दर्शकहरूका सबै पाप नष्ट हुन्छन् । कुनै पनि मानव श्रीगणेशको स्मरणमात्रले आफ्ना सात कुललाई तार्न समर्थ हुन्छ ।।३७।। गजानन भगवान्को पूजा र प्रणाम गर्नाले देवताहरू तृप्त भए । त्यसपछि त्यहाँ मुनिहरूले आई आदरपूर्वक श्रीगणेशको पूजा गरे । सिन्दूर दैत्यको नाश गरेका कारण त्यहाँ प्रतिष्ठा गरिएका श्रीगणेशलाई सिन्दूरहन्ता भनियो । दैत्यराज सिन्दूरको संहारका कारण मनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः सर्वे मुनिवरा नत्वा देवं स्वभक्तितः ।
पुपूजुः परमात्मानं नानाद्रव्यैरनेकशः ।।४०।।

राजसदनमिति ते क्षेत्रं ख्यातिमुपैष्यति ।
वरेण्यस्तं विलोक्यैव निजपुत्रमबुध्यत ।।४१।।

यतो राज्ञां पदान्याशु हत्वा दैत्यं सुदारुणम् ।
दत्तानि भवता नाथ ! सिन्दूरं लोककण्टकम् ।।४२।।

दैत्यविमर्दन इति नाम ख्यातिमुपैष्यति ।
पुपूज तनयं स्नेहात् तदा दृष्टपराक्रमम् ।।४३।।

मुमोच स्नेहजं चाश्रु न शशाक प्रभाषितुम् ।
अतिगद्गदकण्ठत्वाद् रुरोद भृशदुःखितः ।।४४।।

वरेण्य उवाच

मूढभावेन सन्त्यक्तो विघ्नभीतेन पापिना ।
यं त्वां पूजयितुं याता ब्रह्मशक्रपुरोगमाः ।।४५।।

अनन्तकोटिब्रह्माण्डनायकं त्वां न विद्महे ।
कामधेनुं निधिं कल्पवृक्षं मूढो यथा त्यजेत् ।।४६।।

मायया मोहितस्तेऽहमत्यजं त्वां तथा गृहात् ।

क उवाच

इति तच्छुचमाकर्ण्य कृपया परमेश्वरः ।।४७।।

आलिलिङ्ग वरेण्यं तं चतुर्बाहुभिरादरात् ।
उवाच परया भक्त्या वरेण्यनृपतिं विभुः ।।४८।।

देव उवाच

पुराकल्पे महारण्ये तपस्तप्तं सुदारुणम् ।
उभाभ्यां पक्वपर्णानि भक्षयित्वा वटस्य ह ।।४९।।

दिव्यवर्षसहस्रेण प्रसन्नोऽहं तदाऽभवम् ।
भवद्भ्यां हि वृतः पुत्रो न मोक्षो मूढभावतः ।।५०।।

सोऽहं पुत्रत्वमापन्नो भूभारहरणाय च ।
सिन्दूरस्य वधं कर्तुं साधूनां पालनं तथा ।।५१।।

ठूलो सन्तोषको अनुभूति गरिरहेका ती सबै देवता र ऋषिहरू गजाननलाई प्रणाम गरी आ-आफ्ना धामतर्फ गए ।।३८-३९।। त्यसपछि सबै मुनिहरूले परमात्मा श्रीगणेशलाई भक्तिपूर्वक प्रणाम गरी नानाद्रव्यले पूजा गरे । तिनीहरूले भने - यो क्षेत्र राजसदनका नामबाट संसारमा प्रसिद्ध हुनेछ । त्यस बेला वरेण्य राजाले पनि त्यहाँ आई भगवान्को दर्शन गरेर आफूले नचिनेका पुत्रलाई चिन्ने मौका पाए ।।४०-४१।। त्यस बेला वरेण्यले भने - हे भगवन् ! हजुरले लोककण्टक र निष्ठुर सिन्दूर दैत्यलाई मारेर राजाहरूलाई तिनका राज्य फिर्ता गराउनुभयो । अब हजुर संसारमा दैत्यविमर्दन नामबाट प्रसिद्ध हुनुहुनेछ । त्यसपछि ती वरेण्यले पराक्रम देखाउनु हुने आफ्ना बालक पुत्र श्रीगणेशको स्नेहपूर्वक पूजा गरे । प्रेमका आँसु बगाए । गला अवरुद्ध हुँदा ती धेरै बोल्न सकेनन् र अत्यन्त दुःखी भएर रोए ।।४२-४३।।

वरेण्यले भने - हे प्रभु ! अज्ञानका कारण विघ्नसँग डराएर म पापीले हजुरको परित्याग गरें । हजुरको पूजा गर्न ब्रह्मा, इन्द्र आदि देवताहरू पनि अग्रसर हुने थाहा पाएपछि मलाई पछुतो भयो । यस्ता महिमामय अनन्तकोटि ब्रह्माण्डका नायक प्रभुलाई पुत्रका रूपमा मेरो घरमा दर्शन पाएँ, तर चिन्न सकिनँ। मूर्खले कामधेनु, कल्पवृक्ष र चिन्तामणिलाई नचिनेर परित्याग गरेझैं मैले पनि हजुरको मायाद्वारा मोहित भएर हजुरलाई नै परित्याग गरें ।

ब्रह्माजीले भन्नुभयो - वरेण्यका शोकपूर्ण वचन सुनेर गजानन श्रीगणेशले कृपा गरी आफ्ना चार भुजाद्वारा वरेण्यलाई आलिङ्गन गर्नुभयो । त्यसपछि परम पितृभक्ति देखाउँदै अन्तर्यामी प्रभुले राजा वरेण्यसँग कुराकानी गर्नुभयो ।।४४-४८।।

श्रीगणेशले भन्नुभयो - पुरानो समयमा तपाइँहरू दुबै दम्पतीले महारण्यमा गई वरका सुकेका पात खाएर कठोर तपस्या गर्नुभयो ।।४९।। दिव्य हजार वर्षको तपस्यापछि म तपाइँहरूसँग प्रसन्न भएँ । तपाइँहरूले मलाई पुत्रको रूपमा प्राप्त गर्ने वरदान माग्नुभयो । अज्ञानका कारण मोक्ष भने माग्नुभएन । त्यस बेला वचन दिएको हुनाले पृथिवीको भारहरण, सिन्दूर दैत्यको वध र सज्जनहरूको पालनजस्ता कर्म म तपाइँहरूको पुत्रका रूपमा प्रकट भएको छु ।।५०-५१।। म निराकार एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यथा न शरीरं मे निराकारस्य साक्षिणः ।
वचनं तु कृतं सत्यं त्रैलोक्यस्यापि तोषणम् ।।५२।।
यास्येऽधुना निजं धाम न त्वं शोके मनः कृथाः ।।

सबैको साक्षी परमात्मा हुँ । मेरो शरीरसम्बन्ध हुने प्रश्न उठ्दैन। तर उक्त लक्ष्यको परिपूर्तिका लागि म निराकारबाट साकार भएको हुँ । मैले दिएको वचन पूरा गरें । यस अवतारबाट स्वर्ग, मर्त्य, पाताललाई पनि दुष्टबाट मुक्त र सन्तुष्ट गराउनु थियो सो पनि पूरा भयो ।।५२।। म अब आफ्नो धाममा जानेछु, तपाइँहरूले शोक नगर्नुहोस् ।

वरेण्य उवाच

संसारे बहुदुःखानि दृष्टानि दुःसहानि च ।।५३।।
इदानीं मोक्षमार्गं मे कृपया दिश दुःखहन् !
साक्षात्कारे कथं बन्धस्तव स्याद् द्विरदानन !।।५४।।
मुक्तिं येनोपदेशेन यास्यामि तद् वदस्व मे ।
योगं तं येन सन्त्यक्ष्ये कामं क्रोधं मृतेर्भयम् ।।५५।।

वरेण्यले भने – हे दुःखहर्ता प्रभु ! संसारमा अनेक दुःख देख्नमा आउँछन्, तसर्थ संसारबाट मुक्ति पाउन मलाई मोक्षमार्गको उपदेश गर्नुहोस्। हे गजानन! हजुरको प्रत्यक्ष दर्शन पाएपछि हामी बाबु-आमा किन बन्धनमा रहने?।।५३-५४।। जुन योगमार्गको उपदेशबाट हामी मुक्तिमार्गमा अग्रसर हुनसक्छौं त्यसको उपदेश गर्नुहोस्। जसबाट म काम, क्रोध र मृत्युको भय पन्छाएर मुक्तिमार्गमा अग्रसर हुन सकूँ त्यो योग मलाई बताउनुहोस् ।।५५।।

क उवाच

एवमाकर्ण्य तद्वाक्यं कृपया स गजाननः ।
उपवेश्य स्वासने तं हस्तं शिरसि चादधत् ।।५६।।
गणेशगीतां तस्मै स उपदेष्टुं प्रचक्रमे ।
निरस्य सर्वसन्देहान् विश्वरूपं प्रदर्श्य च ।।५७।।
गीतासारं ज्ञातवान् स गणेशस्योपदेशतः ।
स्थाप्य राज्यममात्येषु तपसे वनमाययौ ।।५८।।
अतिवैराग्यसंयुक्तो दध्यौ तञ्च गजाननम् ।
आवर्तयत् सदा गीतामनन्यविषयः कृती ।।५९।।
यथा जलं जले क्षिप्तं जलमेव हि जायते ।
तथा तद्ध्यानतः सोऽपि तन्मयत्वमुपाययौ ।।६०।।

ब्रह्माजीले भन्नुभयो – वरेण्यका यी कुरा सुनेर गजानन भगवान्ले कृपापूर्वक वरेण्यलाई आफ्नै आसनमा बसाई तिनको शिरमा हात राखिदिनुभयो ।।५६।। त्यसपछि भगवान्ले वरेण्यलाई विश्वरूप देखाई सबै सन्देह हटाएर श्रीगणेशगीताको उपदेश गर्नुभएको हो । श्रीगणेशका उपदेशबाट गीतातत्त्वको बोध गरी राज्यलाई आफ्ना मन्त्रीहरूका जिम्मा लगाएर वरेण्य तप गर्न वन गए ।।५७-५८।। अत्यन्त वैराग्यसम्पन्न भई तिनले गजाननको ध्यान गरे । सबै विषय परित्याग गरी एकाग्र भएर तिनले गीताको पाठ दोहोऱ्याई तत्त्वबोध गरे ।।५९।। जस्तै जलमा जल थप्दा जल नै हुन्छ त्यस्तै गरी मन श्रीगणेशको ध्यानमा तन्मय भएका कारण वरेण्य पनि गजाननमय भए।।६०।।

मुनिरुवाच

चतुरानन ! देवेश ! कृपया परया वद ।
गीतां तां तु गणेशस्य सर्वाऽज्ञानविनाशिनीम् ।।६१।।

व्यासले भन्नुभयो – 'हे चतुरानन ! हे देवदेव ! कृपया मलाई सबै प्रकारका अज्ञान नाश गरिदिने श्रीगणेशगीताको उपदेश गर्नुहोस्' ।।६१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे वरेण्योपदेशो नाम सप्तत्रिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशद्वारा घोर सङ्ग्राममा सिन्दूरासुरको संहार र वरेण्यलाई गीताको उपदेश' शीर्षकान्वित एक सय सैंतीसौं अध्याय पूर्ण भयो ।।१३५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टात्रिंशदुत्तरशततमोऽध्यायः { १३८ अध्याय }

क उवाच

एवमेव पुरा पृष्टः शौनकेन महात्मना ।
स सूतः कथयामास गीतां व्यासमुखाच्छ्रुताम् ।।१।।

सूत उवाच

अष्टादशपुराणोक्तममृतं प्राशितं मया ।
ततोऽतिरसवत् पातुमिच्छाम्यमृतमुत्तमम् ।।२।।

येनामृतमयो भूत्वा पुमान् ब्रह्मामृतं यतः ।
योगामृतं महाभाग ! तन्मे करुणया वद ।।३।।

व्यास उवाच

अथ गीतां प्रवक्ष्यामि योगमार्गप्रकाशिनीम् ।
निरुक्ता पृच्छते सूत राज्ञे गजमुखेन या ।।४।।

वरेण्य उवाच

विघ्नेश्वर ! महाबाहो ! सर्वविद्याविशारद !
सर्वशास्त्रार्थतत्त्वज्ञ ! योगं मे वक्तुमर्हसि ।।५।।

गजानन उवाच

सम्यग्व्यवसिता राजन् मतिस्तेऽनुग्रहान्मम ।
शृणु गीतां प्रवक्ष्यामि योगामृतमयीं नृप ।।६।।

न योगं योगमित्याहुर्योगो योगो न च श्रियः ।
न योगो विषयैर्योगो न च मात्रादिभिस्तथा ।।७।।

योगो यः पितृमात्रादेर्न स योगो नराधिप !
यो योगो बन्धुपित्रादेर्यश्चाष्टभूतिभिः सह ।।८।।

न स योगः स्त्रिया योगो जगदद्भुतरूपया ।
राज्ययोगश्च नो योगो न योगो गजवाजिभिः ।।९।।

योगो नेन्द्रपदस्यापि योगो योगार्थिनः प्रियः ।
योगो यः सत्यलोकस्य न स योगो मतो मम ।।१०।।

शैवस्य योगो नो योगो वैष्णवस्य पदस्य च ।
न योगो भूप ! सूर्यत्वं चन्द्रत्वं न कुबेरता ।।११।।

ब्रह्माजीले भन्नुभयो - 'हे व्यास ! अहिले तिमीले मसँग जसरी प्रश्न गरिरहेका छौ त्यसैगरी पहिले महात्मा शौनकले सूतजीसँग प्रश्न गर्दा तिनले आफ्ना गुरु व्यासका मुखबाट आफूले सुनेको श्रीगणेशगीता शौनकलाई उपदेश गरेका थिए' ।।१।।

सूतजीले भन्नुभयो - 'हे भगवन् व्यासदेव ! हजुरले मलाई अठार पुराणहरूले बताएको अमृत पियाउनुभयो । त्योभन्दा पनि रसिलो र उत्तम अमृत पिउन चाहन्छु । जुन अमृतपान गर्नाले मानिस अमृतमय बन्दछ र ब्रह्मामृत एवं योगामृत पान गर्ने सौभाग्य प्राप्त गर्दछ । हे भाग्यशाली व्यासदेव ! कृपया मलाई त्यस्तो अमृतमय कथा सुनाउनुहोस्' ।।२-३।।

व्यासले भन्नुभयो - 'हे सूतजी ! म तिमीलाई योगमार्ग प्रकाशित गराउने श्रीगणेशगीताको उपदेश गर्दछु । जुन गीतालाई जिज्ञासु वरेण्य राजाका निमित्त भगवान् श्रीगणेशले सुनाउनुभएको थियो' ।।४।।

वरेण्यले भने - 'हे विघ्नेश्वर ! हे महाबाहो ! हे सर्वविद्या-विशारद ! सबै शास्त्रका अर्थको सारवेत्ता हे भगवन् ! मलाई योगशास्त्रको उपदेश गर्नुहोस्' ।।५।।

श्रीगणेशले भन्नुभयो - हे राजा ! मेरो अनुग्रहबाट तपाईँ दृढ निश्चय गर्न सक्ने बुद्धिले सम्पन्न हुनुहुन्छ । म योगामृतले परिपूर्ण गीतातत्त्वको उपदेश गर्दछु सुन्नुहोस् ।।६।। अष्टाङ्गयोग योग होइन, श्रीसम्पत्तिको योग योग होइन, विषययोग योग होइन, रूप, रस, गन्ध आदि तन्मात्राहरूको योग योग होइन, माता, पिता, बन्धुहरूसँग हुने संयोग योग होइन र अणिमा आदि आठ विभूतिहरूका साथ हुने योग योग होइन ।।७-८।। जगत्मा अद्भुत मानिने सुन्दरी पत्नीका साथ हुने संयोग योग होइन, राज्यप्राप्ति योग होइन र हात्ती, घोडा आदिको प्राप्ति योग होइन।।९।। योगार्थीहरूका लागि इन्द्रपदको प्राप्ति प्रिय योग होइन र सत्यलोकको प्राप्ति योग होइन ।।१०।। कैलास लोकको सम्पर्क योग होइन र वैष्णवधाम वैकुण्ठको प्राप्ति योग होइन, सूर्यको रूपमा र चन्द्रमाको रूपमा प्राप्त हुनु योग होइन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानिलत्वं नानलत्वं नामरत्वं न कालता ।
न वारुण्यं न नैर्ऋत्यं योगो न सार्वभौमता ।।१२।।
योगं नानाविधं भूप ! युञ्जन्ति ज्ञानिनस्तु तम् ।
भवन्ति वितृषा लोके जिताहारा विरेतसः ।।१३।।
पावयन्त्यखिलाँल्लोकान् वशीकृतजगत्त्रयाः ।
करुणापूर्णहृदया बोधयन्ति च काँश्चन ।।१४।।
जीवन्मुक्ता ह्रदे मग्नाः परमानन्दरूपिणि ।
निमील्याक्षीणि पश्यन्तः परं ब्रह्म हृदि स्थितम् ।।१५।।
ध्यायन्तः परमं ब्रह्म चित्ते योगवशीकृतम् ।
भूतानि स्वात्मना तुल्यं सर्वाणि गणयन्ति ते ।।१६।।
येन केनचिदाच्छिन्ना येन केनचिदाहताः ।
येन केनचिदाकृष्टा येन केनचिदाशिताः ।।१७।।
करुणापूर्णहृदया भ्रमन्ति धरणीतले ।
अनुग्रहाय भूतानां जितक्रोधा जितेन्द्रियाः ।।१८।।
देहमात्रभृतो भूप ! समलोष्टाश्मकाञ्चनाः ।
एतादृशा महाभागाः स्युश्चक्षुर्गोचराः प्रिय ।।१९।।
तमिदानीमहं वक्ष्ये शृणु योगमनुत्तमम् ।
श्रुत्वा यं मुच्यते जन्तुः पापेभ्यो भवसागरात् ।।२०।।
शिवे विष्णौ च शक्तौ च सूर्ये मयि नराधिप !
याऽभेदबुद्धिर्योगः स सम्यग्योगो मतो मम ।।२१।।
अहमेव जगद् यस्मात् सृजामि पालयामि च ।
कृत्वा नानाविधं वेषं संहरामि स्वलीलया ।।२२।।
अहमेव महाविष्णुरहमेव सदाशिवः ।
अहमेव महाशक्तिरहमेवार्यमा प्रिय ।।२३।।
अहमेको नृणां नाथो जातः पञ्चविधः पुरा ।
अज्ञानान्मां न जानन्ति जगत्कारणकारणम् ।।२४।।
मत्तोऽग्निरापो धरणी मत्त आकाशमारुतौ ।
ब्रह्मा विष्णुश्च रुद्रश्च लोकपाला दिशो दश ।।२५।।
वसवो मनवो गावो मुनयः पशवोऽपि च ।
सरितः सागरा यक्षा वृक्षाः पक्षिगणा अपि ।।२६।।

वायुरूपता, कुबेररूपता, अग्निरूपता, देवरूपता, कालरूपता, वरुणरूपता, निर्ऋतिरूपता र सार्वभौम राजपदप्राप्ति पनि योग होइन ।।११-१२।। ज्ञानीहरूले अनेक आकारको यस योगलाई उपयोगमा ल्याउँछन् । योगको आनन्द प्राप्त गरेपछि ती निष्पाप ज्ञानीहरू भोक, प्यासबाट मुक्त हुन्छन् ।।१३।। ती ज्ञानीहरूले तीनै लोकलाई वशीभूत तुल्याउँछन् र संसारलाई पवित्र बनाउँछन्। करुणाकोमल हृदय भएका जीवन्मुक्त र परमानन्दसरोवरमा मग्न ती ज्ञानी पुरुषहरूले आँखा चिम्लिएर हृदयमा विराजमान परब्रह्मको दर्शन गर्दछन् ।।१४-१५।। तिनीहरूको चित्तमा योगद्वारा वशीकृत परब्रह्मको ध्यान गर्दै सबै प्राणीहरूलाई आफूसमान संझन्छन् । कसैद्वारा छेदन गरिएमा, कसैद्वारा आघात भएमा, कसैद्वारा आकृष्ट भएमा र कसैद्वारा आश्रित भएमा पनि ती समदृष्टि राखी हृदयलाई करुणामय बनाएर प्राणीहरूमा अनुग्रह गर्न पृथिवीमा भ्रमण गर्दछन् । क्रोधमाथि विजय प्राप्त गर्ने, इन्द्रियलाई आफ्नो अधीनमा तुल्याउने, शरीरमात्र धारण गर्ने तर भौतिक पदार्थमा कत्ति पनि आसक्ति नलिने ती ज्ञानी पुरुषहरूले माटाको ढेला, ढुङ्गा र सुवर्णमा पनि केही विभेद देख्दैनन् । यस्ता भाग्यशाली पुरुष जीवनमा कहिलेकाहीं मात्र दृष्टिपथमा आउन सक्छन् ।।१६-१९।। ती महापुरुषहरूले अङ्गीकार गर्ने उत्तम योगका विषयमा म तपाईंलाई बताउनेछु। जसलाई श्रवण गरेपछि मानिस पापबाट र भवसागरबाट पनि मुक्त हुन्छ ।।२०।। श्रीगणेशले भन्नुभयो- हे राजा वरेण्य ! शिव, विष्णु, शक्ति, सूर्य र म श्रीगणेशमा अभेदबुद्धि हुनु नै सम्यक् योग हो । मैले नै जगत्को सृष्टि गर्दछु, मैले नै अनेक किसिमका रूप लिएर जगत्को पालन गर्दछु र मैले नै आफ्नो लीलाद्वारा जगत्को संहार पनि गर्दछु ।।२१-२२।। म नै महाविष्णु र शिव पनि हुँ, म नै शक्ति र सूर्य पनि हुँ, मानिसहरूको आराध्य ईश्वर म एउटै थिएँ र मानिसहरूको रुचि र प्रकृतिलाई ध्यान राखेर पाँच रूपमा परिणत भएको हुँ। अज्ञानका कारण धेरै मानिसले कारणका पनि कारण मलाई चिन्दैनन् ।।२३-२४।। मबाट अग्नि, जल, पृथिवी, आकाश र पवन उत्पन्न भएका हुन् । मबाट नै ब्रह्मा, विष्णु, रुद्र, लोकपाल, दश दिशा, वसु, मनु, मुनि, गाई, पशुवृन्द, नदी, सागर, यज्ञ, वृक्ष, पक्षिगण, एक्काईस प्रकारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथैकविंशतिस्वर्गा नागाः सप्तवनानि च ।
मनुष्याः पर्वताः साध्याः सिद्धा रक्षोगणास्तथा ।।२७।।

अहं साक्षी जगच्चक्षुरलिप्तः सर्वकर्मभिः ।
अविकारोऽप्रमेयोऽहमव्यक्तो विश्वगोऽव्ययः ।।२८।।

अहमेव परं ब्रह्माव्ययानन्दात्मकं नृप ।
मोहयत्यखिलान् माया श्रेष्ठान् मम नरानमून् ।।२९।।

सर्वदा षड्विकारेषु तानियं योजयेद् भृशम् ।
हित्वाजापटलं जन्तुरनेकैर्जन्मभिः शनैः ।।३०।।

विरज्य बिन्दति ब्रह्म विषयेषु सुबोधतः ।
अच्छेद्यं शस्त्रसङ्घातैरदाह्यमनलेन च ।।३१।।

अक्लेद्यं पञ्च पवनैरशोष्यं मारुतेन च ।
अवध्यं वध्यमानेऽपि शरीरेऽस्मिन् नराधिप ।।३२।।

यामिमां पुष्पितां वाचं प्रशंसन्ति श्रुतीरिताम् ।
त्रयीवादरता मूढास्ततोऽन्यन्मन्वतेऽपि न ।।३३।।

कुर्वन्ति सततं कर्म जन्ममृत्युफलप्रदम् ।
स्वर्गैश्वर्यरताध्वस्तचेतना भोगबुद्धयः ।।३४।।

सम्पादयन्ति ते भूयः स्वात्मना निजबन्धनम् ।
संसारचक्रं युञ्जन्ति जडाः कर्मपरा नराः ।।३५।।

यस्य यद्विहितं कर्म तत्कर्तव्यं मदर्पणम् ।
ततोऽस्य कर्मबीजानामुच्छिन्नाः स्युर्महाङ्कुराः ।।३६।।

चित्तशुद्धिश्च महती विज्ञानसाधिका भवेत् ।
विज्ञानेन हि विज्ञातं परं ब्रह्म मुनीश्वरैः ।।३७।।

तस्मात् कर्माणि कुर्वीत बुद्धियुक्तो नराधिपः ।
न त्वकर्मा भवेत् कोऽपि स्वधर्मत्यागवाँस्तथा ।।३८।।

जहाति यदि कर्माणि ततः सिद्धिं न बिन्दति ।
आदौ ज्ञाने नाधिकारः कर्मण्येव स युज्यते ।।३९।।

स्वर्ग, सर्प, सात प्रकारका अरण्य, मनुष्य, पर्वत, साध्य, सिद्ध र राक्षसगण पनि उत्पन्न भएका हुन् । म साक्षी हुँ, संसारको चक्षु पनि म नै हुँ र कुनै पनि कर्मबाट म लिप्त हुँदिन । म अविकारी, अप्रमेय, अव्यक्त, विश्वव्यापक र अविनाशी छु ।।२५-२८।। म अविनाशी आत्मतत्त्वले परिपूर्ण परब्रह्म हुँ । मेरो मायाले यी सबै मानिसलाई मोहित बनाइरहेको छ । मायाले सर्वदा सबैलाई जन्म, वृद्धि, ह्रास, विकार, रुग्णता र मृत्युजस्ता ६ दोषद्वारा जेलिरहेको छ । मानिसले शनै-शनै उत्तम कर्मद्वारा मायाको पटललाई भेदन गरी विषयहरूबाट विरक्त भएपछि ब्रह्मबोध गर्दछ । ब्रह्मलाई शस्त्रले छेदन गर्न सक्दैन, अग्निले पोल्न सक्दैन, पानीले चीसो बनाउन सक्दैन, हावाले सुकाउन सक्दैन र त्यो ब्रह्म पञ्चभूत इन्द्रिय आदिद्वारा बाँधिएको शरीरमा रहेर पनि कसैको बन्धनमा पर्दैन ।।२९-३२।। वेदवादमा रत मूर्खहरूले श्रुतिनिर्दिष्ट यज्ञ-यागका फलको अनुशंसा गर्ने, वाणीको प्रशंसा गर्दै ज्ञानभन्दा कर्मलाई महत्त्व दिन्छन् । तिनले कर्मभन्दा माथि केही जानेका हुँदैनन् । तिनले निरन्तर जन्म र मृत्युको फल दिने कर्ममात्र गरिरहन्छन् । तिनको लक्ष्य स्वर्गीय ऐश्वर्यको प्राप्तिमात्र हुन्छ । कर्मजडताका कारण तिनको चेतना ध्वस्त भएको हुन्छ र तिनमा भोगबुद्धिको प्रबलता हुन्छ ।।३३-३५।। हे राजा वरेण्य ! तिनले आफ्नो आत्मालाई आफै बन्धनमा पारेका हुन्छन् । कर्मपरायण जड मानिसहरू सधैं संसारचक्रमा जोतिएका हुन्छन् । शास्त्रले जसका निमित्त जुन कर्मको विधान गरेको हुन्छ त्यो कर्म सम्पन्न गरी साधकले मलाई अर्पण गर्नुपर्दछ । कर्मको फल अर्पण गरेपछि त्यस कर्मको बीजको महान् अङ्कुरहरू छिन्नभिन्न हुन्छन् । त्यसबाट ज्ञानलाई सिद्ध गर्न सघाउने चित्तशुद्धि हुन्छ । मुनीश्वरहरूले चित्तशुद्धिपछि उदाउने ज्ञानद्वारा ब्रह्मदर्शन गरेका हुन् ।।३६-३७।। हे राजन् ! तसर्थ आफ्नो कल्याण चाहनेले उत्तम बुद्धिसम्पन्न भई कर्म-सम्पादन गर्नुपर्दछ । कुनै पनि कल्याणाकाङ्क्षी मानिसले स्वधर्मको त्याग र स्वकर्मको त्याग गर्नुहुँदैन । ।।३८।। यदि कसैले विहित कर्मको परित्याग गर्दछ भने त्यसले सिद्धि प्राप्त गर्न सक्दैन । साधकको सर्वप्रथम ज्ञानमा अधिकार हुँदैन त्यसको प्रथमकोटिको अधिकार कर्मसम्पादनमा मात्र हुन्छ ।।३९।। कर्मद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मणा शुद्धहृदयोऽभेदबुद्धिमुपैष्यति ।
स च योगः समाख्यातोऽमृतत्वाय हि कल्पते ।।४०।।

योगमन्यं प्रवक्ष्यामि शृणु भूप ! तमुत्तमम् ।
पशौ पुत्रे तथा मित्रे शत्रौ बन्धौ सुहृज्जने ।।४१।।

बहिर्दृष्ट्या च समया हृत्स्थया लोकयेत् पुमान् ।
सुखे दुःखे तथामर्षे हर्षे भीतौ समो भवेत् ।।४२।।

रोगाप्तौ चैव भोगाप्तौ जये वा विजयेऽपि च ।
श्रियोऽयोगे च योगे च लाभालाभे मृतावपि ।।४३।।

समो मां वस्तुजातेषु पश्यन्नन्तर्बहिः स्थितम् ।
सूर्ये सोमे जले वह्नौ शिवे शक्तौ तथाऽनिले ।।४४।।

द्विजे हृदे महानद्यां तीर्थे क्षेत्रेऽघनाशिनि ।
विष्णौ च सर्वदेवेषु तथा यक्षोरगेषु च ।।४५।।

गन्धर्वेषु मनुष्येषु तथा तिर्यग्भवेषु च ।
सततं मां हि यः पश्येत् सोऽयं योगविदुच्यते ।।४६।।

सम्परिहृत्य स्वार्थेभ्य इन्द्रियाणि विवेकतः ।
सर्वत्र समताबुद्धिः स योगो भूप ! मे मतः ।।४७।।

आत्मानात्मविवेकेन या बुद्धिर्दैवयोगतः ।
स्वधर्मासक्तचित्तस्य तद्योगो योग उच्यते ।।४८।।

धर्माधर्मौ जहातीह तया त्यक्त उभावपि ।
अतो योगाय युञ्जीत योगो वैधेषु कौशलम् ।।४९।।

धर्माधर्मफले त्यक्त्वा मनीषी विजितेन्द्रियः ।
जन्मबन्धविनिर्मुक्तः स्थानं संयात्यनामयम् ।।५०।।

यदा ह्यज्ञानकालुष्यं जन्तोर्बुद्धिः क्रमिष्यति ।
तदाऽसौ याति वैराग्यं वेदवाक्यादिषु क्रमात् ।।५१।।

त्रयीविप्रतिपन्नस्य स्थाणुत्वं यास्यते यदा ।
परात्मन्यचला बुद्धिस्तदा स योगमाप्नुयात् ।।५२।।

मानसानखिलान् कामान् यदा धीमाँस्त्यजेत्प्रिय !
स्वात्मनि स्वेन सन्तुष्टः स्थिरबुद्धिस्तदोच्यते ।।५३।।

हृदयलाई निर्मल तुल्याउने साधकका मनबाट भेदबुद्धि हट्दछ। त्यसलाई योग भनिएको छ । त्यो योग अमृतका रूपमा परिणत हुन्छ ।।४०।। हे वरेण्य ! मैले अर्को योग बताउँछु, त्यो सुन्नुहोस्- पशु, पुत्र, मित्र, शत्रु, बन्धु र अत्यन्त हित चिताउने आत्मीय जनमा आफ्नो हृदयमा स्थित आत्माको दर्शन गर्नुपर्दछ । सुख, दुःख, ईर्ष्या, हर्ष र भयमा समान चित्तवृत्ति धारण गर्नुपर्दछ । रोगप्राप्ति, भोगप्राप्ति, जय, विजय, लक्ष्मीको प्राप्ति र अप्राप्ति, लाभ र हानि, मृत्युमा समेत समान दृष्टि राखी सम्पूर्ण पदार्थहरूको भित्र र बाहिर समदृष्टिले मलाई हेर्नुपर्दछ । ब्राह्मण, चन्द्र, जल, अग्नि, शिव, शक्ति र वायुमा मेरो दर्शन गर्नुपर्दछ। ब्राह्मण, सरोवर, महानदी, तीर्थ, पापनाशक पुण्यचक्र, विष्णु, सबै देवी-देवता, यक्ष, सर्प, गन्धर्व, तिर्यक् जातिका प्राणीहरू र मानिसहरूमा समेत निरन्तर मेरो दर्शन गर्नुपर्दछ। यो समदर्शन पनि योग कहलाउँछ र समदर्शन गर्ने मानिस योगी कहलाउँछ ।।४१-४६।। हे राजन् ! विवेकपूर्वक इन्द्रियहरूलाई विषयहरूबाट खिंचेर सर्वत्र समताबुद्धि राख्नुलाई पनि मैले योग भनेको छु । स्वधर्मपालनमा नित्य लागिरहने साधकमा दैवको कृपाबाट आत्मा र अनात्माको विवेक गर्ने शक्ति पैदा हुन्छ । त्यसबाट जुन उत्तम बुद्धिको उदय हुन्छ त्यो योग कहलाउँछ ।।४७-४८।। त्यस्तो बुद्धि नभएको मानिसले यस संसारमा धर्म एवं अधर्मको परित्याग गर्दछ । त्यस कारण आत्म र अनात्मको विवेकमा तत्पर हुनुपर्दछ। विधिसम्मत कर्मको सम्पादनमा कुशलता पनि योग हो ।।४९।। इन्द्रियमाथि विजय गर्ने बुद्धिमान् साधक धर्म एवं अधर्मका फल परित्याग गरी जन्म-मृत्युको बन्धनबाट मुक्त हुन्छ र त्यो साधक निर्दोष, आधि-व्याधिविहीन स्थानमा प्राप्त हुन्छ ।।५०।। जब मानिसको बुद्धिले अज्ञानको अन्धकारलाई पार गर्दछ तब त्यो मानिस कर्मद्वारा कर्मतर्फ डोऱ्याउने वेदका वाक्यहरूबाट विरक्त हुन्छ ।।५१।। वेदवाक्यका कारण संशयात्मक बुद्धि भएको मानिसको कर्मजडता हटेपछि परमात्मामा निश्चल बुद्धिको उदय हुन्छ । त्यस बेला त्यसले सच्चा योग प्राप्त गर्दछ ।।५२।। हे प्रिय ! जुन बेला बुद्धिमान् पुरुषले मानसिक कामनाहरूको परित्याग गर्दछ र आफ्नो ज्ञानद्वारा आफैमा सन्तोष लिन्छ त्यस बेला त्यो मानिस स्थिरबुद्धि कहलाउँछ ।।५३।। सबै प्रकारका सुखदायक पदार्थहरूबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वितृष्णः सर्वसौख्येषु नोद्विग्नो दुःखसङ्गमे ।
गतसाध्वसरुड्रागः स्थिरबुद्धिस्तदोच्यते ।।५४।।

यथाऽयं कमठोऽङ्गानि सङ्कोचयति सर्वतः ।
विषयेभ्यस्तथा खानि सङ्कर्षेद् योगतत्परः ।।५५।।

व्यावर्तन्तेऽस्य विषयास्त्यक्ताहारस्य वर्ष्मिणः ।
विना रागश्च रागोऽपि दृष्ट्वा ब्रह्म विनश्यति ।।५६।।

विपश्चिद् यतते भूप ! स्थितिमास्थाय योगिनः ।
मन्थयित्वेन्द्रियाण्यस्य हरन्ति बलतो मनः ।।५७।।

युक्तस्तानि वशे कृत्वा सर्वदा मत्परो भवेत् ।
संयतानीन्द्रियाणीह यस्य स कृतधीर्मतः ।।५८।।

सञ्चिन्तयतो विषयान् सङ्गस्तेषूपजायते ।
कामः संवर्धते तस्मात् ततः क्रोधोऽभिवर्द्धते ।।५९।

क्रोधादज्ञानसम्भूतिर्विभ्रमस्तु ततः स्मृतेः ।
भ्रंशात् स्मृतेर्मतेर्ध्वंसस्तद्ध्वंसात् सोऽपि नश्यति ।।६०।।

विना द्वेषञ्च रागञ्च गोचरान् यस्तु खैश्चरेत् ।
स्वाधीनहृदयो वश्यैः सन्तोषं स समृच्छति ।।६१।।

त्रिविधस्यापि दुःखस्य सन्तोषे क्षेपणं भवेत् ।
प्रज्ञया संस्थितश्चायं प्रसन्नहृदयो भवेत् ।।६२।।

विना प्रसादं न मतिर्विना मत्या न भावना ।
विना तां न शमो भूप ! विना तेन कुतः सुखम् ।।६३।।

इन्द्रियाश्वान् विचरतो विषयाननुवर्तते ।
यन्मनस्तन्मतिं हन्यादश्वो नावं मरुद्यथा ।।६४।।

निवृत्त भएको, दुःख प्राप्ति हुँदा उद्विग्न नहुने र भय-रोग एवं रागबाट निवृत्त भएको पुरुष स्थिरबुद्धि कहलाउँछ।।५४।। जसरी कछुवाले चारैतिरबाट आफ्ना अङ्गहरूलाई सङ्कुचित बनाउँछ, त्यसैगरी योगसाधनामा तत्पर साधकले आफ्ना इन्द्रियहरूलाई विषयबाट खिंची संकुचित बनाउनुपर्दछ। क्रमिक रूपमा आहारलाई पनि परिहार गर्दै जाने र बुद्धिको कवच धारण गर्ने रागहीन साधक मनुष्यका विषयहरू आफै निवृत्त हुँदै जान्छन् ।।५५-५६।। त्यस्ता साधकको बाँकी-ताँकी राग-बीज पनि ब्रह्मदर्शनपछि नष्ट भएर जान्छ। हे राजन्! विद्वान् साधकले योगीको स्थितिमा रहेर योगसिद्धिका लागि प्रयत्न गर्दछ। इन्द्रियहरूले बलपूर्वक त्यसको मनलाई मन्थन गरेर तान्न खोज्दछन्। साधकले साधनामा तत्पर रहेर इन्द्रियलाई वशमा राखी परमात्माको ध्यान गर्नुपर्दछ। यस संसारमा जसले इन्द्रियलाई वशमा राख्दछ त्यसलाई बुद्धिमान् भन्नुपर्दछ ।।५७-५८।। जसले निरन्तर विषयचिन्तन गरिरहन्छ त्यसको विषयहरूमा आसक्ति भइरहन्छ । विषयसम्पर्कपछि त्यो आसक्ति तीव्र हुँदैजान्छ। विषयको प्राप्ति नहुँदा त्यसको मनमा रीस जागेर आउँछ । रीसबाट अज्ञान अथवा मूर्खता प्रकट हुन्छ । अज्ञानबाट भ्रान्ति उत्पन्न हुन्छ । त्यस भ्रान्तिबाट स्मरणशक्तिको विनाश हुन्छ । स्मरणशक्तिको विनाशपछि त्यो आफै नष्ट हुन्छ ।।५९-६०।। विनाराग र विनादोष जसले इन्द्रियहरूको माध्यमबाट पदार्थहरूको उपभोग गर्दछ त्यो स्वाधीन चित्त भएको साधक आफ्ना मन र इन्द्रिय वशीभूत भएका कारण सन्तोषी बन्दछ ।।६१।। सन्तोष-प्राप्त भएपछि आधिभौतिक, आधिदैविक र आध्यात्मिक दुःखहरूको विनाश हुन्छ। उत्तम बुद्धिद्वारा सम्पन्न साधकको हृदय प्रसन्न बन्दछ ।।६२।। प्रसन्नता नभएसम्म बुद्धि शुद्ध हुँदैन र बुद्धि शुद्ध नभएसम्म उत्तम भावना हुँदैन। भक्तिभावना अथवा अध्यात्मभावना नभएसम्म शान्ति प्राप्त हुँदैन । शान्तिविना सुख कसरी प्राप्त हुनसक्दछ अर्थात् प्राप्त हुँदैन ।।६३।। विषयहरूका पछि लाग्ने इन्द्रियरूप घोडाहरूको दौडमा मन पनि पछि-पछि लाग्दछ । त्यो घोडाजस्तो मनले बुद्धिको नाश गर्दछ। जस्तै पानीमा तैरिरहेको डुंगालाई हावाले यता-उति गराउँछ त्यसरी नै मनले पनि बुद्धिलाई विचलित बनाउँछ ।।६४।। सबै प्राणीहरूका लागि जुन रात्रि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या रात्रिः सर्वभूतानां तस्यां निद्राति नैव सः ।
न स्वपन्तीह ते यत्र सा रात्रिस्तस्य भूमिप ।।६५।।

सरितां पतिमायान्ति वनानि सर्वतो यथा ।
आयान्ति तं तथा कामाः स न शान्तिं सदा लभेत्।।६६।।

अतस्तानीह संरुद्ध्य सर्वतः खानि मानवः ।
स्वस्वार्थेभ्यः प्रधावन्ति बुद्धिरस्य स्थिरा तदा ।।६७।।

ममताऽहङ्कृती त्यक्त्वा सर्वान् कामाँश्च यस्त्यजेत्।
नित्यं ज्ञानरतो भूयाज्ज्ञानान् मुक्तिं प्रयास्यति ।।६८।।

एनां ब्रह्मधियं भूप ! यो विजानाति दैवतः ।
तुरीयावस्थां प्राप्यापि शीलान्मुक्तिं स ऋच्छति ।।६९।।

हुन्छ त्यस रात्रिमा संयमी पुरुष निदाउँदैन । सर्वसाधारण मानिस जसलाई दिन मानेर व्यवहार गरिरहेका छन् त्यो समय संयमीका निमित्त स्वप्नसमान हुनाले रात्रिसरह हुन्छ । वास्तवमा ब्रह्ममा लागिरहनु दिन हो भने प्रपञ्चमा लागिरहनु रात हो । योगी ब्रह्ममा लागिरहन्छन् भने अरू मानिसहरू प्रपञ्चमा लाग्दछन् ।।६५।। समुद्रमा जसरी खोला-नाला-झरना-सरोवर र नदीका जल जम्मा हुनआउँछन् त्यसैगरी जुन मानिसका मनमा अनेक प्रकारका कामनाहरू जम्मा हुन आउँछन्। त्यस कामी पुरुषले शान्ति प्राप्त गर्दैन ।।६६।। आ-आफ्नो विषयभोग प्राप्त गर्न चञ्चल भएका इन्द्रियहरूलाई राम्ररी कसेर जसले व्यवहार गर्दछ त्यो मानिस बुद्धिमान् हो र त्यसको बुद्धिलाई स्थिर बुद्धि भन्नुपर्दछ ।।६७।। ममता र अहङ्कारको त्याग गर्दै जसले सबै कामनाहरूको त्याग गर्दछ त्यो साधक नित्य ज्ञानसम्पन्न हुन्छ र त्यसले त्यसै ज्ञानबाट मुक्ति प्राप्त गर्दछ ।।६८।। दैवयोगबाट जसले ब्रह्मविद्या जान्दछ त्यसले तुरीय अवस्थामा प्राप्त भएपछि आफ्नो ब्रह्मविद्याको अनुशीलनका कारण मुक्ति प्राप्त गर्दछ ।।६९।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे (साङ्ख्ययोगसारार्थ) योगो नाम प्रथमोऽध्यायः ।।१।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे साङ्ख्योपदेशो नामाष्टात्रिंशदधिकशततमोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत साङ्ख्ययोगको उपदेश' शीर्षकान्वित एक सय अठ्तीसौं अध्याय पूर्ण भयो ।।१३६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनचत्वारिंशदुत्तरशततमोऽध्यायः { १३९ अध्याय }

वरेण्य उवाच

ज्ञाननिष्ठा कर्मनिष्ठा द्वयं प्रोक्तं त्वया विभो ।
अवधार्य वदैकं मे निश्रेयसकरं नु किम् ।।१।।

गजानन उवाच

अस्मिँश्चराचरे स्थित्यै पुरोक्ते द्वे मया प्रिय !
साङ्ख्यानां बुद्धियोगेन वैधयोगेन कर्मणाम् ।।२।।

अनारम्भेण वैधानां निष्क्रियः पुरुषो भवेत् ।
न सिद्धिं याति सन्त्यागात् केवलात् कर्मजान्नृप ।।३।।

कदाचिदक्रियः कोऽपि क्षणं नैवावतिष्ठते ।
अस्वतन्त्रः प्रकृतिजैर्गुणैः कर्म च कार्यते ।।४।।

कर्मकारीन्द्रियग्रामं नियम्यास्ते स्मरन् पुमान् ।
तद्गोचरान्मन्दचित्तो धिगाचारः स भण्यते ।।५।।

तद्ग्रामं सन्नियम्यादौ मनसा कर्म चारभेत् ।
इन्द्रियैः कर्मयोगं यो वितृष्णः स परो नृप ।।६।।

अकर्मणः श्रेष्ठतमं कर्मानिच्छाकृतं तु यत् ।
वर्ष्मणः स्थितिरप्यस्याकर्मणो नैव सेत्स्यति ।।७।।

असमर्प्य निबध्यन्ते कर्म तेन जना मयि ।
कुर्वीत सततं कर्माऽनाषङ्गो हि मदर्पणम् ।।८।।

मदर्थं यानि कर्माणि तानि बध्नन्ति न क्वचित् ।
सवासनमिदं कर्म बध्नाति देहिनं बलात् ।।९।।

वरेण्यले भने – हे अन्तर्यामी प्रभु ! हजुरले ज्ञाननिष्ठा र कर्मनिष्ठा दुबैको उपदेश गर्नुभएको छ । तीमध्ये कुन निष्ठा पारमार्थिकरूपमा कल्याणदायक छ ? मलाई निश्चयपूर्वक उपदेश गर्नुहोस् ।।१।।

श्रीगणेशले भन्नुभयो – यस चराचरात्मक विश्वमा आत्म-रूपको बोध गरी ब्रह्मरूपमा स्थिति लाभ गर्न मैले पहिले दुई उपाय बताएको छु । ती हुन् – साङ्ख्यशास्त्रका अनुयायीका लागि बुद्धियोग र कर्मयोगमा विश्वास गर्नेहरूका लागि कर्मयोग ।।२।। पुरुषले कर्मयोगको आरम्भ गर्दैन भने त्यो क्रियारहित यद्वा निष्क्रिय हुन्छ । हे राजन् ! त्यसले केवल कर्मत्यागबाट सिद्धि प्राप्त गर्न सक्दैन । कुनै पनि पुरुष कहिल्यै एकक्षणमात्र पनि क्रियारहित हुनसक्दैन । त्यो पुरुष प्रकृतिको वशमा रहेकाले स्वतन्त्र हुँदैन । त्यस कारण त्यसले नचाहँदा नचाहँदै पनि प्रकृतिका गुणहरूले कर्म गर्न लगाउँछन् ।।३-४।। कर्मशीलपुरुष इन्द्रियसमुदायलाई वशमा राखी ईश्वरको स्मरणमा तत्पर हुन्छ। ईश्वरमा इन्द्रियवृत्ति लाग्नाले त्यो उत्तम आचारसम्पन्न पुरुषका रूपमा परिचित हुन्छ । इन्द्रियगोचर पदार्थमा आसक्त र मन्दचित्त पुरुष अधमाचार कहलाउँछ । हे राजन् ! जुन पुरुषले सर्वप्रथम इन्द्रियसमूहलाई वशमा राखेर मनद्वारा कर्मप्रारम्भ गर्दछ र त्यसपछि इन्द्रियद्वारा ग्रहण गरिने पदार्थहरूमा तृष्णा नराखी कर्मयोगमा प्रवृत्त हुन्छ त्यो उत्तम कर्मयोगी साधक हो ।।५-६।। अकर्मभन्दा फलको कामना नराखी गरिएको कर्म उत्तम हुन्छ । जसले कर्म गर्दैन त्यसको शरीरयात्रा पनि चल्दैन । त्यस कारण कर्म गर्नु अनिवार्य नै हुन्छ । मानिसहरूले कर्म गरेपछि मलाई समर्पण गर्नुपर्दछ । मलाई समर्पण नगरी कर्म गर्दा फलाशा र फलप्राप्तिमा आफ्नो मात्र सम्बन्ध कायम गर्ने अहन्ता र ममताले जेलिएका मानिसहरू कर्मको बन्धनले जेलिन्छन्। त्यस कारण पुरुषहरूले निरन्तर कर्म गर्नुपर्दछ र त्यसमा अनासक्त भई त्यो कर्म मलाई अर्पण गर्नुपर्दछ ।।७-८।। मलाई समर्पण गरी जति कर्म गरिन्छन् तिनले कहिले पनि कर्म गर्ने साधकलाई बन्धनमा पार्दैनन् । ईश्वरमा अर्पण नगरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णान् सृष्ट्वाऽवदं चाहं सयज्ञाँस्तान् पुरा प्रिय !
यज्ञेन ऋध्यतामेष कामदः कल्पवृक्षवत् ।।१०।।

सुराँश्चानेन प्रीणध्वं सुरास्ते प्रीणयन्तु वः ।
लभध्वं परमं स्थानमन्योन्यप्रीणनात् स्थिरम् ।।११।।

इष्टा देवाः प्रदास्यन्ति भोगानिष्टान् सुतर्पिताः ।
तैर्दत्ताँस्तान्नरस्तेभ्योऽदत्त्वा भुङ्क्ते स तस्करः ।।१२।।

हुतावशिष्टभोक्तारो मुक्ताः स्युः सर्वपातकैः ।
अदन्त्येनो महापापा आत्महेतोः पचन्ति ये ।।१३।।

ऊर्जाद् भवन्ति भूतानि देवादन्नस्य सम्भवः ।
यज्ञाच्च देवसम्भूतिस्तदुत्पत्तिश्च वैधतः ।।१४।।

ब्रह्मणो वैधमुत्पन्नं मत्तो ब्रह्मसमुद्भवः ।
अतो यज्ञे च विश्वस्मिन् स्थितं मां विद्धि भूमिप ।।१५।।

संसृतीनां महाचक्रं क्रामितव्यं विचक्षणैः ।
स मुदा प्राणिति भूपेन्द्रियक्रीडोऽधमो जनः ।।१६।।

अन्तरात्मनि यः प्रीत आत्मारामोऽखिलप्रियः ।
आत्मतृप्तो नरो यः स्यात् तस्यार्थो नैव विद्यते ।।१७।।

कार्याकार्यकृतीनां स नैवाप्नोति शुभाशुभे ।
किञ्चिदस्य न साध्यं स्यात्सर्वजन्तुषु सर्वदा ।।१८।।

अतोऽसक्ततया भूप कर्तव्यं कर्म जन्तुभिः ।
सक्तोऽगतिमवाप्नोति मामवाप्नोति तादृशः ।।१९।।

आफ्नो वासनापूर्तिका लागि गरिने कर्मले पुरुषलाई बलपूर्वक बन्धनमा पार्दछ ।।९।। हे प्रिय राजा ! मैले सर्वप्रथम यज्ञसहित ब्राह्मण आदि वर्णको सृष्टि गर्दा भनेको थिएँ – तिमीहरूको यो कर्मयोग यज्ञद्वारा समृद्ध होस् र कल्पवृक्षसमान कामनापूरक बनोस् । यी यज्ञद्वारा तिमीहरूले देवताहरूलाई प्रसन्न तुल्याउनुपर्दछ। तिनीहरूले तिम्रो निमित्त प्रीतिजनक व्यवहार गर्नेछन् । मनुष्य र देवताले परस्परमा सद्भाव र प्रेम राखी व्यवहार गर्दा दुबैले उत्तम स्थान प्राप्त गर्नेछौ । अनुकूल र यज्ञद्वारा तृप्त भएका देवताहरूले आफूले चाहेका फल मनुष्यहरूलाई प्रदान गर्नेछन्। जुन मानिसले आफूले यज्ञ-याग कर्मद्वारा देवतालाई केही नदिएर देवताले दिएको फलमात्र भोग गर्दछ त्यो मानिस तस्कर हो।।१०-१२।। यज्ञमा हवन गरेपछि बाँकी रहेको पदार्थलाई प्रसादका रूपमा ग्रहण गर्ने मानिस पापहरूबाट मुक्त हुन्छन् । जसले घरमा आफ्नो तृप्तिका लागि मात्र अन्नपाक गर्दछन्, ती महापापीहरूले पापरूप भोजन खाइरहेका हुन्छन् ।।१३।। अन्नबाट प्राणीहरू पैदा हुन्छन्, मेघरूप देवताबाट अन्नको उत्पत्ति हुन्छ, यज्ञबाट मेघरूप देवताको उत्पत्ति हुन्छ । यज्ञ विधिमुखबाट प्रकाशित हुने वेदबाट उत्पन्न हुन्छ । वेदको उत्पत्ति विधिका चार मुखहरूबाट हुन्छ । विधिको उत्पत्ति मबाट हुन्छ । हे राजा! त्यस कारण तपाइँले मलाई विश्वमा व्याप्त यज्ञहरूमा विराजमान तत्त्वको रूपमा चिन्नुहोस् ।।१४-१५।। विद्वान् र बुद्धिमान् मानिसहरूले संसारको महाचक्रलाई नाघ्न सक्नु पर्दछ। इन्द्रियसँग क्रीडा गरिरहने अधम मानिस संसारको आवागमनलाई महत्त्व दिन्छ र त्यसमै रमाएर बस्छ ।।१६।। जुन मानिस अन्तरात्माको दर्शन गर्न लालायित हुन्छ र अन्तरात्मामा प्रीति राख्दछ त्यो सबैको प्यारो आत्माराम कहलाउँछ । जुन मानिस आत्मतत्त्वको दर्शन र अनुभव गरी तृप्त भएको हुन्छ त्यसको आवागमन चक्ररूप संसारसँग कुनै प्रयोजन बाँकी रहेको हुँदैन । त्यसले वेदविहित र अविहित कार्यद्वारा उत्पन्न शुभ र अशुभ परिणाम प्राप्त गर्दैन। त्यसका लागि सम्पूर्ण प्राणीहरूसँग सम्पर्क कायम गरी सिद्ध गर्नुपर्ने विषय कुनै पनि बाँकी रहँदैन ।।१७-१८।। हे राजन् ! त्यस कारण मानिसहरूले आसक्ति अथवा फलाशा नराखेर कर्म गर्नुपर्दछ । जसले आसक्ति राखेर कर्म गर्दछ त्यसले दुर्गति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमां सिद्धिमापन्नाः पुरा राजर्षयो द्विजाः ।
सङ्ग्रहाय हि लोकानां तादृशं कर्म चारभेत् ।।२०।।

श्रेयान् यत् कुरुते कर्म तत् करोत्यखिलो जनः ।
मनुते यत् प्रमाणं स तदेवानुसरत्यसौ ।।२१।।

विष्टपे मे न साध्योऽस्ति कश्चिदर्थो नराधिप !
अनालब्धश्च लब्धव्यः कुर्वे कर्म तथाप्यहम् ।।२२।।

न कुर्वेऽहं यदा कर्म स्वतन्त्रोऽलसभावितः ।
करिष्यन्ति मम ध्यानं सर्वे वर्णा महामते ।।२३।।

भविष्यन्ति ततो लोका उच्छिन्नाः सम्प्रदायिनः ।
हन्ता स्यामस्य लोकस्य विधाता सङ्करस्य च ।।२४।।

कामिनो हि सदा कामैरज्ञानात् कर्मकारिणः ।
लोकानां सङ्ग्रहायैतद्विद्वान् कुर्यादसक्तधीः ।।२५।।

विभिन्नत्वमतिं जह्याद‌ज्ञानां कर्मचारिणाम् ।
योगयुक्तः सर्वकर्माण्यर्पयेन्मयि कर्मकृत् ।।२६।।

अविद्यागुणसाचिव्यात् कुर्वन्कर्माण्यतन्द्रितः ।
अहङ्कारान्मन्दबुद्धिरहं कर्तेति योऽब्रवीत् ।।२७।।

यस्तु वेत्त्यात्मनस्तत्त्वं विभागाद् गुणकर्मणोः ।
करणं विषये वृत्तमिति मत्वा न सज्जते ।।२८।।

पाउँछ । जसले फलाशा नराखेर कर्म गर्दछ त्यसले मलाई प्राप्त गर्दछ ।।१९।। यसैगरी निष्काम कर्म गर्नाले पहिलेको समयमा राजर्षि र विद्वान् ब्राह्मणहरूले परम सिद्धि प्राप्त गरेका थिए । प्राणीहरूको हितका लागि ती राजर्षि र ब्रह्मर्षिहरूले जसरी अनासक्त भएर कर्म गरे त्यसैगरी अनासक्त भएर कर्म गर्नुपर्दछ ।।२०।। ठूला मानिसले जस्तो कर्म गर्दछन् त्यस्ता कर्मको सर्वसाधारणले अनुसरण गर्दछन् । जुन कुरालाई ठूला मानिसले प्रमाणका रूपमा लिन्छन् सर्वसाधारणले पनि तिनकै अनुसरण गरी त्यसलाई प्रमाण मान्दछन् ।।२१।। मैले श्रीगणेश-धाममा रहँदा फलप्राप्तिका लागि कुनै कर्म गर्नु आवश्यक छैन । मैले नपाएको विषय र पाउनुपर्ने विषय पनि केही छैन। त्यसो हो तापनि संसारलाई कर्मको मार्ग देखाउन म स्वयं कर्म गरिरहन्छु ।।२२।। जुन बेला म स्वतन्त्र र आलस्यपूर्ण भएर कर्म गर्ने छैन त्यस बेला सबै वर्णका मानिसहरूले मेरो गतिविधिलाई आधार मानेर कर्मत्याग गर्नेछन् ।।२३।। त्यस कर्मत्यागबाट विभिन्न सम्प्रदाय र जातजातिमा बाँडिएका ती कर्महीन मानिसहरू स्वतः समाप्त भएर जानेछन् । त्यस बेला त्यस परिस्थितिको कारणतत्त्व म लोकविघातक र वर्णसंकरको जनक पनि हुनेछु ।।२४।। कामनाका दास मानिसहरू अनेक इच्छाद्वारा युक्त भई अज्ञानबाट कर्म गर्दछन् । तर विद्वान् मानिसले अनासक्त बुद्धि लिएर लोकरक्षाका लागि मात्र कर्म गर्नुपर्दछ ।।२५।। अज्ञानी र कामनाका लागि कर्म गर्ने मानिसहरूमा हुने अथवा पाइने भेददृष्टिलाई हटाउनुपर्दछ । कर्म गर्ने मानिसले योगसम्पन्न भएर आफूले गरेका सम्पूर्ण कर्म मलाई अर्पण गर्नुपर्दछ ।।२६।। जसले परमात्मालाई बिर्सेर म कर्ता हुँ भन्ने अभिमान गर्दछ, त्यसको बुद्धि त्यसै अभिमानका कारण समाप्त भएको हुन्छ । त्यस्तो पुरुषले अविद्याका गुणलाई सहयोगी बनाएर निरालस्य भई स्वार्थकेन्द्रित कर्म गरिरहेको हुन्छ ।।२७।। जसले गुण र कर्मको विभाग गरी आत्मतत्त्वलाई जान्दछ, त्यसले इन्द्रियलाई विषयक्षेत्रमा आसक्त जान्दछ र इन्द्रियका व्यापार र फलमा आसक्त हुँदैन ।।२८।। सत्त्व, रज र तम यी तीन गुणद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुर्वन्ति सकलं कर्म गुणैस्त्रिभिर्विमोहिताः
अविश्वज्ञाः स्वात्मद्रुहो विश्वविन्नैव लङ्घयेत् ।।२९।।

नित्यं नैमित्तिकं तस्मान्मयि कर्मार्पयेद् बुधः ।
त्यक्त्वाऽहं ममताबुद्धिं परां गतिमवाप्नुयात् ।।३०।।

अनीर्ष्यन्तो भक्तिमन्तो ये मयोक्तमिदं शुभम् ।
अनुतिष्ठन्ति ये सर्वे मुक्तास्तेऽखिलकर्मभिः ।।३१।।

ये चैव नानुतिष्ठन्ति अशुभा हतचेतसः ।
ईर्ष्यमाणान् महामूढान्नष्टाँस्तान् विद्धि मे रिपून् ।।३२।।

तुल्यं प्रकृत्या कुरुते कर्म यज्ज्ञानवानपि ।
अनुयाति च तामेव ग्रहस्तत्र मुधा मतः ।।३३।।

कामश्चैव तथा क्रोधः खानामर्थेषु जायते ।
नैतयोर्वश्यतां यायादस्य विध्वंसकौ यतः।।३४।।

शस्तोऽगुणो निजो धर्मः साङ्गादन्यस्य धर्मतः ।
निजे तस्मिन्मृतिः श्रेयः परत्र भयदः परः ।।३५।।

वरेण्य उवाच

पुमान् यत् कुरुते पापं स हि केन नियुज्यते ।
अकाङ्क्षन्नपि हेरम्ब ! प्रेरितः प्रबलादिव ।।३६।।

श्रीगजानन उवाच

कामक्रोधौ महापापौ गुणद्वयसमुद्भवौ ।
नयन्तौ वश्यतां लोकान् विद्ध्येतौ द्वेषिणौ वरौ।।३७।।

आवृणोति यथा माया जगद्बाष्पो जलं यथा ।
वर्षामेघो यथा भानुं तद्वत् कामोऽखिलाँश्च रुट् ।।३८।।

मोहित भएका मानिसहरू फलका लागि कर्म गर्दछन्। तिनले परमात्मामा विश्वास गर्दैनन् र आफ्नै आत्मासँग द्रोह गर्दछन् । विश्ववेत्ता परमात्माले कर्मअनुसार फल प्रदान गर्नुहुन्छ, त्यस कारण ती आत्मद्रोहीहरूको कर्ममा कुनै व्यवधान खडा गर्नु हुँदैन ।।२९।। बुद्धिमान् मानिसले नित्य कर्म र नैमित्तिक कर्म दुबै मलाई अर्पण गर्नुपर्दछ । त्यसपछि मेरो कृपाबाट अहन्ता र ममता परित्याग गरी त्यसले परमगति प्राप्त गर्दछ । जुन मानिस ईर्ष्यारहित भई ममा भक्ति गर्दछन् र जुन मानिसले मैले बताएको उपदेशको पालन गर्दछन्, ती सबै कर्मबाट मुक्त भई परम पदमा प्राप्त हुन्छन् ।।३०-३१।। अशुभ कर्मद्वारा चित्तलाई विक्षिप्त बनाएका मानिसले मेरो उपदेश पालन गर्दैनन्। ती ईर्ष्याग्रस्त र नष्ट-भ्रष्ट मूर्खहरूलाई तपाइँले मेरा शत्रु हुन् भनेर बुझ्नुपर्दछ । ज्ञानवान् मानिसले यदि प्रकृतिकै अनुकूल भएर काम गर्दछ भने त्यो ज्ञानवान् पनि प्रकृतिकै पछि लाग्दछ। त्यसलाई आत्मातर्फ उन्मुख गराउन गरिने आग्रह व्यर्थ हुन्छ ।।३२-३३।। इन्द्रियद्वारा भोग्य पदार्थको भोगका लागि मानिसहरूका मनमा तीव्र आसक्ति र क्रोध पैदा हुन्छन् । त्यस्ता क्रोध र कामको वशमा पर्नुहुँदैन किनकि यी दुबै तत्त्व आत्माका विघातक हुन् ।।३४।। अरूको धर्ममा सम्बन्ध राख्नुभन्दा गुणहीन भए पनि आफ्नो धर्म महान् हुन्छ र कल्याण चाहने मानिसले स्वधर्मकै अनुसरण गर्नुपर्दछ । आफ्नो धर्म पालन गर्दा मृत्यु नै भए पनि त्यो कल्याणकारक हुन्छ। परधर्म इहलोक र परलोक दुबैमा भयदायक हुन्छ।।३५।।

वरेण्यले भने - 'हे हेरम्ब ! मानिसहरूले नचाहँदा नचाहँदै पनि अरूद्वारा बलपूर्वक अभिप्रेरित भएर जुन पाप गर्दछ त्यसमा त्यसलाई कसले नियुक्त गराउँछ ?' ।।३६।।

श्रीगणेशले भन्नुभयो - काम र क्रोध ठूला पापी तत्त्वहरू हुन्। यी दुबै रजोगुण र तमोगुणबाट पैदा हुन्छन् । यिनले मानिसलाई आफ्नो वशवर्ती बनाउँछन् । तपाइँले यी काम र क्रोधलाई ठूला वैरी भनी जान्नुपर्दछ ।।३७।। पानीले पोखरीलाई ढाकेझैं, वर्षाकालको बादलले सूर्य र मायाले संसारलाई ढाकेझैं काम र क्रोधले समस्त ज्ञानलाई ढाकिदिन्छन् ।।३८।। त्यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिपत्तिमतो ज्ञानं छादितं सततं द्विषा ।
इच्छात्मकेन तरसा दुष्पूरेण च शुष्मिणा ।।३९।।

आश्रित्य बुद्धिमनसी हीन्द्रियाणि स तिष्ठति ।
तैरेवाच्छादितप्रज्ञो ज्ञानिनं मोहयत्यसौ ।।४०।।

तस्मान्नियम्य तान्यादौ स मनांसि नरो जयेत् ।
ज्ञानविज्ञानयोः शान्तिकरं पापं मनोभवम् ।।४१।।

अतस्तानि पराण्याहुस्तेभ्यश्च परमं मनः ।
ततोऽपि हि परा बुद्धिरात्मा बुद्धेः परो मतः ।।४२।।

बुद्ध्वैवमात्मनात्मानं संस्तभ्यात्मानमात्मना ।
हत्वा शत्रुं कामरूपं परं पदमवाप्नुयात् ।।४३।।

बलवान् एवं वेगवान् र कहिले पनि तृप्त गराउन नसकिने कामरूप शत्रुले अग्निको रूप लिएर सम्पूर्ण ज्ञानलाई ढाकिदिन्छ र त्यो बुद्धि, मन र इन्द्रियको आश्रयमा रही प्राणीहरूमा चिरस्थायी बन्दछ । त्यस कामतत्त्वले बुद्धि, इन्द्रिय र मनको माध्यमबाट शास्त्रको अध्ययनबाट उत्पन्न प्रज्ञालाई ढाकिदिएर ज्ञानीलाई पनि मोहित बनाउँछ ।।३९-४०।। त्यस कारण सर्वप्रथम इन्द्रियलाई वशमा गरी मानिसले आफ्नो मनलाई जित्नु पर्दछ । मनबाट पैदा हुने पापले ज्ञान र विज्ञानलाई पनि समाप्त गर्दछ ।।४१।। तसर्थ इन्द्रिय महत्त्वपूर्ण हुन्छन् । इन्द्रियभन्दा मन महत्त्वपूर्ण हुन्छ । मनभन्दा बुद्धि महत्त्वपूर्ण हुन्छ । बुद्धिभन्दा आत्मा महत्त्वपूर्ण हुन्छ ।।४२।। यसरी आफैले आफैलाई चिनेर आफ्नो आत्मालाई विषयपराङ्मुख र स्थिर तुल्याई कामतत्त्वरूप शत्रुलाई निर्मूल गरेपछि साधकले परमपद प्राप्त गर्दछ ।।४३।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे 'कर्मयोगो'नाम द्वितीयोऽध्यायः ।।२।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कर्मयोगोपदेशो नामैकोनचत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत कर्मयोगको उपदेश' शीर्षकान्वित एक सय उनन्चालीसौं अध्याय पूर्ण भयो ।।१३९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चत्वारिंशदुत्तरशततमोऽध्यायः { १४० अध्याय }

श्रीगजानन उवाच

पुरा सर्गादिसमये त्रैगुण्यं त्रितनुरहम् ।
निर्माय चैनमवदं विष्णवे योगमुत्तमम् ।।१।।
अर्यम्णे सोऽब्रवीत् सोऽपि मनवे निजसूनवे ।
ततः परम्परायातं विदुरेनं महर्षयः ।।२।।
कालेन बहुना चायं नष्टः स्याच्चरमे युगे ।
अश्रद्धेये ह्यविश्वास्यो विगीतव्यश्च भूमिप ।।३।।
एनं पुराभवं योगं श्रुतवानसि मन्मुखात् ।
गुह्याद् गुह्यतमं वेदरहस्यं परमं शुभम् ।।४।।

वरेण्य उवाच

साम्प्रतं चावतीर्णोऽसि गर्भतस्त्वं गजानन !
प्रोक्तवान् कथमेनं त्वं विष्णवे योगमुत्तमम् ।।५।।

श्रीगजानन उवाच

अनेकानि च ते जन्मान्यतीतानि ममापि च।
संस्मरे तानि सर्वाणि न स्मृतिस्तव वर्तते ।।६।।
मत्त एव महाबाहो जाता विष्ण्वादयः सुराः।
मय्येव विलयं यान्ति प्रलयेषु युगे युगे ।।७।।
अहमेव परो ब्रह्मा महारुद्रोऽहमेव च
अहमेव जगत् सर्वं स्थावरं जङ्गमं च यत् ।।८।।
अजोऽव्ययोऽहं भूतात्माऽनादिरीश्वर एव च ।
आस्थाय त्रिगुणां मायां भवामि बहुयोनिषु ।।९।।
अधर्मोपचयो धर्मापचयो हि यदा भवेत् ।
साधून् संरक्षितुं दुष्टाँस्ताडितुं सम्भवाम्यहम् ।।१०।।
उच्छिद्याधर्मनिचयं धर्मं संस्थापयाम्यहम् ।
हन्मि दुष्टाँश्च दैत्याँश्च नानालीलाकरो मुदा ।।११।।
वर्णाश्रमान् मुनीन् साधून् पालये बहुरूपधृक् ।
एवं यो वेत्ति सम्भूतिं मम दिव्यां युगे युगे ।।१२।।
तत्तत्कर्म च वीर्यं च मम रूपं समासतः ।
त्यक्त्वाहंममताबुद्धिं न पुनर्भूः स जायते ।।१३।।

श्रीगणेशले भन्नुभयो– प्राचीन समयमा सृष्टिको आरम्भ हुँदा सत्त्व, रज र तमोगुणबाट निर्मित शरीर धारण गरी मैले त्रिगुणमय विश्वको निर्माण गरेपछि विष्णुलाई उत्तम योगविद्याको उपदेश गरेको थिएँ ।।१।। विष्णुले अर्यमालाई र अर्यमाले आफ्ना पुत्र मनुलाई बताएका थिए । त्यसपछि परम्परागत रूपमा त्यस योगशास्त्रलाई महर्षिहरूले पनि जान्दछन् ।।२।। हे राजन्! धेरै कालपछि कलियुगमा यो योग नष्ट हुनेछ । त्यस बेला यो योगशास्त्र अश्रद्धेय, अविश्वसनीय र अप्रशंसनीय पनि हुनेछ ।।३।। प्राचीन–कालमा मैले विष्णुलाई उपदेश गरेको यो योगशास्त्र अहिले तपाईँले मेरा मुखबाट सुन्नुभएको छ । यो गोपनीय पदार्थहरूमध्ये पनि अत्यन्त गोपनीय योगशास्त्र मङ्गलमय वेदको निष्कर्ष हो ।।४।।

वरेण्यले भने – 'हे गजानन ! तपाइँ भर्खरै गर्भबाट पैदा हुनुभएको छ । तपाईँले पहिले विष्णुलाई यो योगशास्त्रको उपदेश कसरी गर्नुभयो ?' ।।५।।

श्रीगणेशले भन्नुभयो – हे राजन् ! तपाइँका र मेरा अनेक जन्म बितिसकेका छन् । मैले ती सबै जन्मका घटना संझिरहेको छु तर तपाइँलाई तिनको संझना छैन।।६।। हे महाबाहु! मबाट नै विष्णु आदि देवता उत्पन्न भएका हुन् । युग–युगमा प्रलय हुँदा ती ममा नै विलीन हुने गर्दछन् ।।७।। म नै उत्तम देवता ब्रह्मा र महारुद्र शिव पनि हुँ। म नै जडात्मक र चेतनात्मक सम्पूर्ण संसार हुँ ।।८।। म अज छु, अव्यय छु, भूतात्मा छु र ईश्वरको रूपमा पनि रहन्छु । तीनवटा गुणबाट युक्त मायाको आश्रय लिएर म अनेक योनिमा पैदा हुन्छु ।।९।। जब संसारमा अधर्मको वृद्धि र धर्मको नाश हुन्छ, त्यस बेला सज्जनको रक्षा र दुर्जनको नाश गर्न म प्रकट हुन्छु ।।१०।। त्यस समयमा हर्षपूर्वक अनेक लीला गर्दै अधर्मको राशिलाई निर्मूलन गरेर धर्मको स्थापना गर्दछु । दुष्ट एवं दैत्यहरूको संहार पनि गर्दछु। अनेक रूप लिएर मैले वर्ण, आश्रम, मुनि र सज्जनहरूको रक्षा गर्दछु । जसले यसरी युग–युगमा धर्मरक्षाका लागि हुने मेरा दिव्य अवतारहरूका विषयमा जान्दछ र ती ती अवतारका कर्म र पराक्रमलाई समेत समग्रतया अवगत गर्दछ त्यो मानिस अहन्ताबुद्धि र ममताबुद्धिलाई परिहार गरी जन्म र मृत्युको चक्रमा पर्दैन ।।११–१३।। मेरा ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरीहा निर्भयारोषा मत्परा मद्व्यपाश्रयाः ।
विज्ञानतपसा शुद्धा अनेके मामुपागताः ।।१४।।

येन येन हि भावेन संसेवन्ते नरोत्तमाः ।
तथा तथा फलं तेभ्यः प्रयच्छाम्यव्ययः स्फुटम्।।१५।।

जनाः स्युरितरे राजन् ! मम मार्गानुयायिनः ।
तथैव व्यवहारं ते स्वेषु चान्येषु कुर्वते ।।१६।।

कुर्वन्ति देवताप्रीतिं वाञ्छन्तः कर्मणां फलम्
प्राप्नुवन्तीह ते लोके शीघ्रं सिद्धिं हि कर्मजाम् ।।१७।।

चत्वारो हि मया वर्णा रजःसत्त्वतमोंऽशतः ।
कर्मांशतश्च संसृष्टा मृत्युलोके मया नृप ।।१८।।

कर्तारमपि मां तेषामकर्तारं विदुर्बुधाः।
अनादिमीश्वरं नित्यमलिप्तं कर्मजैर्गुणैः।।१९।।

निरीहं योऽभिजानाति कर्म बध्नाति नैव तम् ।
चक्रुः कर्माणि बुद्ध्वैवं पूर्वं पूर्वं मुमुक्षवः।२०।।

वासनासहितादाद्यात् संसारकारणाद् दृढात् ।
अज्ञानबन्धनाज्जन्तुर्बुद्ध्वायं मुच्यतेऽखिलात् ।।२१।।

तदकर्म च कर्मापि कथयाम्यधुना तव।
यत्र मौनं गता मोहादृषयो बुद्धिशालिनः ।।२२।।

तत्त्वं मुमुक्षुणा ज्ञेयं कर्माकर्मविकर्मणाम् ।
त्रिविधानीह कर्माणि सुनिम्नैषां गतिः प्रिय! ।।२३।।

क्रियायामक्रियाज्ञानमक्रियायां क्रियामतिः।
यस्य स्यात् स हि मर्त्येऽस्मिँल्लोके मुक्तोऽखिलार्थदृक्।।२४।।

कर्माङ्कुरवियोगेन यः कर्माण्यारभेन्नरः।
तत्त्वदर्शननिर्दग्धक्रियमाहुर्बुधा बुधम् ।।२५।।

फलतृष्णां विहाय स्यात् सदा तृप्तो विसाधनः
उद्युक्तोऽपि क्रियां कर्तुं किञ्चिन्नैव करोति सः ।।२६।।

ती अवतार हुँदा कुनै किसिमको इच्छा नभएका, निर्भय, क्रोधहीन, ममा समर्पित र मेरै आश्रयमा रहेका विज्ञानमय र तपस्याद्वारा पवित्र अनेक भक्तहरू ममा नै समाहित भएका थिए ।।१४।। उत्तम मानिसहरूले मलाई जुन-जुन भावनाद्वारा भज्दछन् अव्ययरूप सम्पन्न मैले पनि ती ती भावअनुसारका फल प्रदान गर्दछु ।।१५।। हे राजन् ! जुन मानिस मेरो मार्गको अनुसरण गर्दछन् तिनले पनि आफन्त र अरू मानिसहरूमा मेरो मार्गअनुसार व्यवहार गर्दछन् ।।१६।। तिनले कर्मका फलको कामना गर्दै देवताको भक्ति गर्दछन् । यस लोकमा तिनले अतिशीघ्र ती ती कर्मका सिद्धि पनि प्राप्त गर्दछन् ।।१७।। हे निष्पाप राजा ! मैले संसारमा सत्त्व, रज, तम र कर्मको अंशबाट चार प्रकारका वर्णहरूको सृष्टि गरेको छु । विद्वान्हरूले म अनादि ईश्वरलाई ती चार वर्णको कर्ताका रूपमा स्वीकार गरेता पनि अकर्ता भनेर पनि चिन्दछन् । किनकि म ती कर्मका गुणबाट लिप्त हुँदिनँ । वास्तवमा जसले मलाई कुनै वासना वा इच्छा नभएको निरीह रूपमा जान्दछ त्यसलाई कर्मले आफ्नो बन्धनमा पार्न सक्दैन । यसैगरी जानेर पहिले मोक्षको कामना गर्ने साधकहरूले कर्म गरेका थिए ।।१८-२०।। यो कुरा जानेपछि कुनै पनि मानिस वासनामय संसारको बलियो कारण अज्ञानको बन्धनबाट मुक्त हुन्छ । अहिले म तपाइँलाई अकर्म र कर्मको विषयमा बताउनेछु । कर्म र अकर्मलाई छुट्ट्याउने सन्दर्भमा बुद्धिमान् ऋषिहरू पनि मोहित भएर मौन रहेका थिए ।।२१-२२।। मोक्षको कामना गर्ने साधकले कर्म, अकर्म र विकर्मको रहस्य बुझ्नुपर्दछ । यस संसारमा कर्म, अकर्म र विकर्म गरी कर्मका तीन भेद हुन्छन् । यी कर्महरूको गति गहन छ । जुन मानिसले कर्ममा अकर्मको ज्ञान गर्दछन् र अकर्ममा पनि कर्मको ज्ञान गर्दछन्, ती यस मर्त्यलोकमा रहेका पूर्णकाम महात्मा हुन् र मुक्त पनि हुन्छन् ।।२३-२४।। कर्मको अंकुर समाप्त पारेर सफा भएपछि जसले शरीरधर्मका लागि मात्र कर्म आरम्भ गर्दछ, त्यो ज्ञानको साक्षात्कारबाट कर्म निर्मूलनमा समर्थ उत्तम विद्वान् हो भनी मुनिहरूले बताएका छन् ।।२५।। फलको तृष्णा नराखेर सदा तृप्त र सन्तुष्ट अवस्थामा रहने र कुनै साधन-स्रोतको संग्रह नगर्ने उत्तम साधकले शरीरधर्मका लागि कुनै कर्म गरे पनि केही गरेको हुँदैन ।।२६।। ईच्छाशून्य, वश्यात्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरीहो निगृहीतात्मा परित्यक्तपरिग्रहः ।
केवलं वै गृहे कर्माचरन्नायाति पातकम् ।।२७।।
अद्वन्द्वोऽमत्सरो भूत्वा सिद्ध्यसिद्ध्योः समश्च यः ।
यथाप्राप्त्येह संतुष्टः कुर्वन् कर्म न बध्यते ।।२८।।
अखिलैर्विषयैर्मुक्तो ज्ञानविज्ञानवानपि ।
यज्ञार्थं तस्य सकलं कृतं कर्म विलीयते ।।२९।।
अहमग्निर्हविर्होता हुतं यन्मयि चार्पितम् ।
ब्रह्माप्तव्यं च तेनाथ ब्रह्मण्येव यतो रतः।।३०।।
योगिनः केचिदपरे दिष्टं यज्ञं वदन्ति च ।
ब्रह्माग्निरेव यज्ञो वै चेति केचन मेनिरे ।।३१।।
संयमाग्नौ परे भूप ! इन्द्रियाण्युपजुह्वति ।
खाग्निष्वन्ये तद्विषयान् शब्दादीनुपजह्वति ।।३२।।
प्राणानामिन्द्रियाणां च परे कर्माणि कृत्स्नशः ।
निजात्मरतिरूपेऽग्नौ ज्ञानदीप्ते प्रजुह्वति ।।३३।।
द्रव्येण तपसा वापि स्वाध्यायेनापि केचन।
तीव्रव्रतेन यतिनो ज्ञानेनापि यजन्ति माम् ।।३४।।
प्राणेऽपानं तथा प्राणमपाने प्रक्षिपन्ति ये ।
रुद्ध्वा गतीश्चोभयोस्ते प्राणायामपरायणाः ।।३५।।
जित्वा प्राणान् प्राणगतीरुपजुह्वति तेषु च ।
एवं नानायज्ञरता यज्ञध्वंसितपातकाः ।।३६।।
नित्यं ब्रह्म प्रयान्त्येते यज्ञाशेषामृताशिनः ।
अयज्ञकारिणो लोको नायमन्यः कुतो भवेत् ।।३७।।
कायिकादित्रिधाभूतान् यज्ञान् वेदे प्रतिष्ठितान्।
ज्ञात्वा तानखिलान् भूप! मोक्ष्यसेऽखिलबन्धनात् ।।३८।।
सर्वेषां भूप ! यज्ञानां ज्ञानयज्ञः परो मतः।
अखिलं लीयते कर्म ज्ञाने मोक्षस्य साधने ।।३९।।

र परिग्रहशून्य साधक केवल शरीरधर्मका लागि गृहकर्म गर्दछ भने त्यसलाई कर्मजनित कुनै पनि पाप लाग्दैन।।२७।। द्वन्द्वरहित र ईर्ष्यारहित भएर सिद्धि एवं असिद्धिमा समान अवस्थामा रहने र प्राप्त पदार्थमा सन्तुष्ट रहने साधक कर्म गरेर पनि कर्मको बन्धनमा पर्दैन ।।२८।। सम्पूर्ण विषयहरूबाट विरक्त र ज्ञानविज्ञान सम्पन्न साधकले ईश्वरीय यज्ञसम्पादनका लागि कुनै कर्म गर्दछ भने पनि त्यस कर्मको फलबाट त्यो बन्धनमा पर्दैन। त्यो कर्म त्यत्तिकै विलीन हुन्छ।।२९।। ब्रह्मयज्ञमा त्यस साधकले प्रार्थना गर्दछ – हे ईश्वर ! म स्वयं अग्नि हुँ, हवि पनि म हुँ, यजमान पनि म हुँ, जुन कुरा मैले यस यज्ञमा हजुरलाई अर्पण गरें त्यसबाट मैले केही प्रतिफल चाहेको छैन अपितु ब्रह्मतत्त्वमात्र मेरो लक्ष्य हो । किनभने म ब्रह्ममा नै निरत रहेको छु ।।३०-३१।। केही योगीहरूले दैवलाई यज्ञ मानेका छन् अरू कसैले ब्रह्माग्नि नै यज्ञ हो भनेका छन् । हे राजन् ! कुनै साधकले संयमको अग्निमा इन्द्रियलाई चरु बनाएर हवन गर्दछन् ।।३२।। कसैले इन्द्रियरूप अग्निमा शब्द, रूप, रस, स्पर्श र गन्धरूप विषयको हवन गर्दछन् । अन्य साधकहरूले प्राण र इन्द्रियका कर्मलाई ज्ञानद्वारा देदीप्यमान आत्मभक्तिरूप यज्ञमा हवन गर्दछन्।।३३।। केही योगीहरूले द्रव्यद्वारा मेरो यज्ञ गर्दछन् र कसैले तपस्याद्वारा त्यो यज्ञ सम्पन्न गर्दछन् । कोही स्वाध्याय यज्ञ गरिरहेका हुन्छन्। कोही कठोर व्रत धारण गरी त्यो यज्ञ गर्दछन् र कसैले ज्ञानद्वारा मेरो यज्ञ गर्दछन् ।।३४।। जुन साधकले प्राणवायुमा अपान वायु र अपानवायुमा प्राणवायुको प्रवेश गराउँछन् । फेरि दुबै वायुको गति अवरुद्ध गरी प्राणायाममा लागिरहन्छन् तिनले प्राणमाथि विजय गरी प्राणका गतिहरूको हवन गर्दछन् ।।३५।। यसरी अनेक थरि यज्ञमा लागिरहने यज्ञद्वारा सम्पूर्ण पापध्वंस गरेका र यज्ञमा शेष रहेको पदार्थलाई अमृत मानेर भोजन गर्ने महात्माहरू नित्यब्रह्ममा प्राप्त हुन्छन्। जसले कुनै यज्ञ गर्दैन त्यसका लागि यही पृथिवी लोक पनि आफ्नो हुँदैन भने अरू लोकको प्राप्ति र अन्य विशिष्ट प्राप्तिको कुरा कसरी सम्भव छ ?।।३६-३७।। हे राजन् ! कायिक, वाचिक र मानसिक यज्ञ जसको विषयमा वेदमा व्यापक प्रतिष्ठा छ ती ज्ञेय विषय हुन् । ती सबैलाई राम्ररी जानेर तपाइँ संसारबन्धनबाट मुक्त हुनुहुनेछ ।।३८।। हे राजन् ! सबै यज्ञहरूमा ज्ञानयज्ञ उत्तम मानिएको छ । मोक्षको साधन ज्ञानयज्ञमा सबै कर्महरू लीन हुन्छन्। हे पुरुषसिंह! त्यो ज्ञान नै जान्नुपर्ने विषय हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तज्ज्ञेयं पुरुषव्याघ्र ! प्रश्नेन नतितः सताम् ।
शुश्रूषया वदिष्यन्ति सन्तस्तत्त्वविशारदाः ।।४०।।

नानासङ्गान् जनः कुर्वन्नैकं साधुसमागमम् ।
करोति तेन संसारे बन्धनं समुपैति सः ।।४१।।

सत्सङ्गाद् गुणसम्भूतिरापदां लय एव च ।
स्वहितं प्राप्यते सर्वैरिहलोके परत्र च ।।४२।।

इतरत् सुलभं राजन् ! सत्सङ्गोऽतीव दुर्लभः ।
यज्ज्ञात्वा न पुनर्बन्धमेति ज्ञेयं ततो यतः ।।४३।।

ततः सर्वाणि भूतानि स्वात्मन्येवाभिपश्यति।
अतिपापरतो जन्तुस्ततस्तस्मात् प्रमुच्यते ।।४४।।

विविधान्यपि कर्माणि ज्ञानाग्निर्दहति क्षणात् ।
प्रसिद्धोऽग्निर्यथा सर्वं भस्मतां नयति क्षणात् ।।४५।।

न ज्ञानसमतामेति पवित्रमितरन्नृप !
आत्मन्येवावगच्छन्ति योगात् कालेन योगिनः।।४६।।

भक्तिमानिन्द्रियजयी तत्परो ज्ञानमाप्नुयात् ।
लब्ध्वा तत्परमं मोक्षं स्वल्पकालेन यात्यसौ ।।४७।।

भक्तिहीनोऽश्रद्दधानः सर्वत्र संशयी तु यः।
तस्य शं नापि विज्ञातमिह लोके न चापरे ।।४८।।

आत्मज्ञानरतं ज्ञाननाशिताखिलसंशयम् ।
योगास्ताखिलकर्माणं बध्नन्ति भूप ! तानि न ।।४९।।

ज्ञानखड्गप्रहारेण सम्भूतामज्ञतां बलात् ।
छित्त्वाऽन्तःसंशयं तस्माद् योगयुक्तो भवेन्नरः ।।५०।।

सज्जनहरूसँग प्रश्न गरेर सज्जनहरूलाई प्रणाम गरेर र सज्जनहरूको सेवा गरेर मात्र त्यो ज्ञान प्राप्त हुनसक्छ । प्रश्न, वन्दना र सेवा गरेपछि तपाईँलाई तत्त्ववेत्ता ज्ञानी पुरुषहरूले त्यही ज्ञानको उपदेश गर्नेछन् ।।३९-४०।। कुनै मानिसले जीवनमा विभिन्न प्रकृतिका मानिसहरूको सङ्गति गर्दछ तर सज्जनको सङ्गति गर्दैन भने त्यो मानिस संसारमा बन्धनमा प्राप्त हुन्छ ।।४१।। यो लोक र परलोकमा सत्सङ्गबाट गुणको वृद्धि हुन्छ, आपत्तिको विनाश हुन्छ र सबैले आफ्नो हित हुने अभीष्ट प्राप्त गर्दछन् । संसारमा अरू विषय सुलभ हुन्छन् तर सत्सङ्ग अत्यन्त दुर्लभ हुन्छ । सत्सङ्गबाट ज्ञान प्राप्त गरेपछि मानिस फेरि बन्धनमा पर्दैन । त्यसपछि फेरि जान्नुपर्ने परब्रह्म परमात्माको निकटमा प्राप्त हुन्छ ।।४२-४३।। परमात्माको सामीप्यबाट सम्पूर्ण प्राणीहरूलाई यसले आफैभित्र दर्शन गर्दछ । यस आत्मज्ञानबाट महापापी प्राणी पनि पापमुक्त बन्दछन् ।।४४।। लौकिक अग्निले एकै छिनमा सम्पूर्ण काठ आदि पदार्थलाई खरानी बनाएझैं ज्ञानाग्निले पनि पापराशिलाई एकै छिनमा भस्म गर्दछ ।।४५।। हे राजन् ! संसारमा ज्ञानसमान पवित्र वस्तु केही पनि छैन । योगीहरूले दीर्घकालसम्म साधना गरेर आफूभित्र नै ज्ञानोदय भएको अनुभव गर्दछन् ।।४६।। परमेश्वरमा भक्ति गर्ने, इन्द्रियमाथि विजय गर्ने र ज्ञानप्राप्तिका लागि नित्य प्रयत्नशील रहने साधकले अवश्य ज्ञान प्राप्त गर्दछ । पवित्र ज्ञान पाएपछि त्यो साधक छिटै परम मोक्षमा प्राप्त हुन्छ।।४७।। भक्तिहीन, श्रद्धाहीन र संशयात्मा मानिसले इहलोक र परलोकमा पनि सुख एवं विज्ञानको अमृत पनि पाउँदैन ।।४८।। आत्मज्ञानमा निरत, ज्ञानद्वारा सम्पूर्ण संशय नाश गर्ने, योगद्वारा सम्पूर्ण कर्म ध्वस्त गर्ने मानिसलाई कुनै पनि कर्मले बन्धनमा पार्दैन ।।४९।। त्यस कारण साधकले ज्ञानको तरबार नचाउँदै बलपूर्वक अज्ञानमाथि प्रहार गर्नुपर्दछ र त्यसबाट भित्री सन्देहलाई काटेर योगसम्पन्न बन्नुपर्दछ ।।५०।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीगदादिश्रीगन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे ब्रह्मार्पणयोगो नाम तृतीयोध्यायः ।।३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे ब्रह्मार्पणयोगोपदेशो नाम चत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत ब्रह्मार्पणयोगको उपदेश' शीर्षकान्वित एक सय चालीसौं अध्याय पूर्ण भयो ।।१४०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकचत्वारिंशदुत्तरशततमोऽध्यायः   { १४१ अध्याय }

वरेण्य उवाच

संन्यस्तिश्चैव योगश्च कर्मणां वर्ण्यते त्वया ।
उभयोर्निश्चितं त्वेकं श्रेयो यद् वद मे प्रभो ।।१।।

श्रीगजानन उवाच

क्रियायोगो वियोगश्चाप्युभौ मोक्षस्य साधने ।
तमोर्मध्ये क्रियायोगस्त्यागात्तस्य विशिष्यते ।।२।।
द्वन्द्वदुःखसहोऽद्वेष्टा यो न काङ्क्षति किञ्चन ।
मुच्यते बन्धनात् सद्यो नित्यं संन्यासवान् सुखम् ।।३।।
वदन्ति भिन्नफलकौ कर्मणस्त्यागसङ्ग्रहौ ।
मूढाल्पज्ञास्तयोरेकं संयुञ्जीत विचक्षणः ।।४।।
यदेव प्राप्यते त्यागात् तदेव योगतः फलम् ।
सङ्ग्रहं कर्मणो योगं यो बिन्दति स बिन्दति ।।५।।
केवलं कर्मणां न्यासं संन्यासं न विदुर्बुधाः ।
कुर्वन्ननिच्छया कर्म योगी ब्रह्मैव जायते ।।६।।
निर्मलो यतचित्तात्मा जितखो योगतत्परः।
आत्मानं सर्वभूतस्थं पश्यन् कुर्वन् न लिप्यते ।।७।।
तत्त्वविद् योगयुक्तात्मा करोमीति न मन्यते ।
एकादशानीन्द्रियाणि कुर्वन्ति कर्मसङ्ख्यया ।।८।।
तत्सर्वमर्पयेद् ब्रह्मण्यपि कर्म करोति यः ।
न लिप्यते पुण्यपापैरभ्रैर्भानुर्यथाभ्रगः ।।९।।
कायिकं वाचिकं बौद्धमैन्द्रियं मानसं तथा ।
त्यक्त्वाशां कर्म कुर्वन्ति योगज्ञाश्चित्तशुद्धये ।।१०।।
योगहीनो नरः कर्म फलेहया करोत्यलम् ।
बद्ध्यते कर्मबीजैः स ततो दुःखं समश्नुते ।।११।।

वरेण्यले भने – हे प्रभो ! कर्मयोग र कर्मसंन्यास दुबैको हजुरले वर्णन गर्नुभएको छ । ती दुबैमध्ये कुन श्रेयस्कर हुन्छ ? उपदेश गर्नुहोस् ।।१।।

श्रीगणेशले भन्नुभयो – कर्मयोग र कर्मवियोग दुबै मोक्षका साधन हुन् । तीमध्ये कर्मयोग नै कर्मवियोगभन्दा उत्तम मानिन्छ। द्वन्द्व र दुःखलाई सहने, द्वेष नगर्ने, कुनै पनि वस्तुको कामना नगर्ने, नित्य-संन्याससम्पन्न साधक छिट्टै आनन्दपूर्वक बन्धनबाट मुक्त हुन्छ ।।२-३।। मूढहरू नै अल्पज्ञानका कारण बन्धनमा पर्दछन् । कर्मयोग र कर्मसंन्यासका भिन्दाभिन्दै फल हुन्छन् भन्ने भनाइ मूर्खहरूको रहेको छ तर विद्वान् एवं बुद्धिमानले ती दुईमध्ये एउटा अँगालेर साधना गर्दछन् ।।४।। त्यस साधनाको फल एउटै हुन्छ । जुन फल कर्मसंन्यासबाट प्राप्त हुन्छ त्यही फल कर्मयोगबाट पनि प्राप्त हुन्छ । कर्महरूको संग्राहक कर्मयोगको रहस्य जसले बुझेको हुन्छ त्यसले परब्रह्मलाई प्राप्त गर्दछ ।।५।। केवल कर्मको त्यागरूप संन्यासलाई संन्यास भनिंदैन अपितु कर्मयोग पनि संन्यास नै कहलाउँछ। अनिच्छापूर्वक कर्म सम्पादन गर्ने कर्मयोगी ब्रह्मरूप नै हुन्छ ।।६।। निर्मल चित्त भएका, आत्मालाई वशमा राख्ने, इन्द्रियजयी, योगसाधनामा तत्पर रहने र सम्पूर्ण प्राणीहरूमा आत्माको दर्शन गर्ने साधक कर्म गरेर पनि कर्ममा लिप्त हुँदैन ।।७।। तत्त्ववेत्ताले अर्थात् आत्मालाई योगमा लगाउने साधकले कर्म गरेर पनि म गर्दछु भन्दैन । क्रमशः एघार इन्द्रियहरूले कर्म गर्दछन्, म तीभन्दा अलग छु भन्ने भावना राखेर साधकले आफूले गरेका सम्पूर्ण कर्मलाई ब्रह्ममा अर्पण गर्दछ भने त्यो साधक बादलका बीचमा रहेको सूर्य बादलले लिप्त नभएझैं पुण्य र पापद्वारा लिप्त हुँदैन ।।८-९।। योगका ज्ञाताहरू चित्तको शुद्धिका लागि फलाशापरित्याग गरेर शरीर, मन, वाणी, बुद्धि र इन्द्रियका कर्म गर्दछन् ।।१०।। योगहीन मानिस फलको आशा राखेर कर्म गर्दछ । योग नभएका कारण त्यसले कर्मका बीजहरूबाट बन्धनमा परी दुःखभोग गर्दछ ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनसा सकलं कर्म त्यक्त्वा योगी सुखं वसेत् ।
न कुर्वन् कारयन् वापि नन्दन् स्वभ्रे सुपत्तने ।।१२।।

न क्रिया न च कर्तृत्वं कस्यचित् सृज्यते मया ।
न क्रियाबीजसम्पर्कः शक्त्या तत् क्रियतेऽखिलम् ।।१३।।

कस्यचित् पुण्यपापानि न स्पृशामि विभुर्नृप !
ज्ञानमूढा विमुह्यन्ति मोहेनावृतबुद्धयः ।।१४।।

विवेकेनात्मनो ज्ञानं येषां नाशितमात्मना ।
तेषां विकाशमायाति ज्ञानमादित्यवत्परम् ।।१५।।

मन्निष्ठा मद्धियोऽत्यन्तं मच्चित्ता मयि तत्पराः ।
अपुनर्भवमायान्ति विज्ञाननाशितैनसः ।।१६।।

ज्ञानविज्ञानसम्पन्ने द्विजे गवि गजादिषु !
समेक्षणा महात्मानः पण्डिताः श्वपचे शुनि ।।१७।।

वश्यः स्वर्गो जगत् तेषां जीवन्मुक्ताः समेक्षणाः ।
यतोऽदोषं ब्रह्मसमं तस्मात् तैस्तद्वशीकृतम् ।।१८।।

प्रियाप्रिये प्राप्य हर्षद्वेषौ ये प्राप्नुवन्ति न ।
ब्रह्माश्रिता असम्मूढा ब्रह्मज्ञाः समबुद्धयः ।।१९।।

वरेण्य उवाच

किं सुखं त्रिषु लोकेषु देवगन्धर्वयोनिषु ।
भगवन् ! कृपया तन्मे वद विद्याविशारद ।।२०।।

गणेश उवाच

आनन्दमश्नुते सक्तः स्वात्मारामो निजात्मनि ।
अविनाश्यं सुखं तद्धि न सुखं विषयादिषु ।।२१।।

विषयोत्थानि सौख्यानि दुःखानां तानि हेतवः ।
उत्पत्तिनाशयुक्तानि तत्रासक्तो न तत्त्ववित् ।।२२।।

कारणे सति कामस्य क्रोधस्य सहते च यः ।
तौ जेतुं वर्ष्मविरहात् स सुखं चिरमश्नुते ।।२३।।

योगीले भने मनबाट सम्पूर्ण कर्मलाई परित्याग गरी सुखानुभूति गर्दछ। त्यसले निर्मल आवास अथवा नगरमा बसी न कर्म गर्छ, न त कर्म गर्न अभिप्रेरित गर्छ अपितु तटस्थ भावमा रही आत्मानन्दमा रमाउँछ ।।१२।। हे राजन् ! म अन्तर्यामी छु र मैले कसैका पुण्य र पापको स्पर्श गर्दिन । मोहद्वारा बुद्धि ढाकिएका अज्ञानी मूढहरू मेरो स्वरूप निर्णय गर्ने सम्बन्धमा मोहित हुन्छन् र आफ्नो मनअनुसार वर्णन गर्दछन्।।१३-१४।। आत्माको अनुसन्धान गर्ने क्रममा आफ्नै विवेकद्वारा जसले आत्मामा रहेको अज्ञान नाश गरेका छन् त्यस्ता साधकहरूको ज्ञान सूर्यझैं विकसित र ज्योतिर्मय हुन्छ । कर्मयोगद्वारा पाप नाश गरेका, ममा श्रद्धा राख्ने, ममा बुद्धि अर्पित गर्ने, ममा चित्त लगाउने र मेरै कार्य-सम्पादनमा तत्पर रहने योगीहरूले फेरि जन्म लिंदैनन्।।१५-१६।। ज्ञान र योगले सम्पन्न ब्राह्मण, गाई, हात्ती आदि विशालकाय प्राणी, चाण्डाल र कुकुरमा समेत समदृष्टि राख्ने महात्माहरू पण्डित कहलाउँछन् ।।१७।। ती समदृष्टि भएका विद्वान्हरू जीवन्मुक्त मानिन्छन् र जगत् एवं स्वर्ग दुबैलाई आफ्नो वशमा पार्दछन् ।।१८।। ब्रह्मजस्तो निर्दुष्ट तत्त्वमा अधिकार प्राप्त गरेका, ब्रह्ममा आश्रित, मोहहीन र समबुद्धिसम्पन्न ब्रह्मज्ञहरूले प्रिय र अप्रियको उपलब्धिमा हर्ष र विषादको अनुभव गर्दैनन् ।।१९।।

वरेण्यले भने - विद्याविशारद हे प्रभु ! स्वर्ग-मर्त्य र पातालका देव, गन्धर्व, मनुष्य, नाग आदि योनिहरूमा कस्तो सुख अनुभूतिको विषय बन्दछ ? कृपया उपदेश गर्नुहोस् ।।२०।।

श्रीगणेशले भन्नुभयो - आफ्नो आत्मामा रमाउने, आत्माराम योगीले जुन अविनाशी सुख प्राप्त गर्दछन् त्यो सुख विषयभोगबाट प्राप्त हुँदैन । विषयभोगबाट प्राप्त हुने सुख दुःखका कारण बन्दछन् । ती विषयसुख उत्पत्ति र विनाशले युक्त हुन्छन् । तिनमा आसक्त हुने मानिसले तत्त्वज्ञान गर्न सक्दैन ।।२१-२२।। क्रोध र कामका कारण उत्पन्न भएका अमूर्त प्रहारलाई शारीरिक दृष्टिबाट परास्त गर्न सकिंदैन। काम र क्रोधका प्रहारलाई सहनुबाहेक अथवा तदनुसार व्यवहार गर्नु बाहेक अर्को उपाय हुँदैन । जसले काम र क्रोधलाई सहन गर्दछ, त्यस मानिसले चिरसुख प्राप्त गर्दछ । त्यो साधक आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्निष्ठोऽन्तःप्रकाशोऽन्तःसुखोऽन्तोरतिर्लभेत् ।
असन्दिग्धोऽक्षयं ब्रह्म सर्वभूतहितार्थकृत् ।।२४।।

जेतारः षडरीणां ये शमिनो दमिनस्तथा ।
तेषां शमं ततो ब्रह्म स्वात्मज्ञानां विभात्यहो ।।२५।।

आसनेषु समासीनस्त्यक्त्वेमान् विषयान् बहिः ।
संस्तभ्य भृकुटीमास्ते प्राणायामपरायणः ।।२६।।

प्राणायामं तु संरोधं प्राणापानसमुद्भवम् ।
वदन्ति मुनयस्तं च त्रिधाभूतं विपश्चितः ।।२७।।

प्रमाणं भेदतो विद्धि लघु मध्यममुत्तमम् ।
दशभिर्द्वयधिकैर्वर्णैः प्राणायामो लघुः स्मृतः ।।२८।।

चतुर्विंशत्यक्षरो यो मध्यमः स उदाहृतः ।
षट्त्रिंशल्लघुवर्णो य उत्तमः सोऽभिधीयते ।।२९।।

सिंहं शार्दूलकं वापि मत्तेभं मृदुतां यथा ।
नयन्ति प्राणिनस्तद्वत् प्राणापानौ सुसाधयेत् ।।३०।।

पीडयन्ति मृगाँस्ते न लोकान् वश्यं गता नृप !
दहत्येनस्तथा वायुः संस्तब्धो न च तत्तनुम् ।।३१।।

यथा यथा नरः कश्चित्सोपानावलिमाक्रमेत् ।
तथा तथा वशीकुर्यात् प्राणापानौ हि योगवित् ।।३२।।

पूरकं कुम्भकं चैव रेचकं च ततोऽभ्यसेत् ।
अतीतानागतज्ञानी ततः स्याज्जगतीतले ।।३३।।

प्राणायामैर्द्वादशभिरुत्तमैर्धारणा मता ।
योगस्तु धारणे द्वे स्याद् योगीशस्तु सदाऽभ्यसेत्।।३४।।

आत्मामा आसक्त हुन्छ र आत्माको प्रकाशद्वारा प्रकाशित हुन्छ। त्यसले आत्माको अनन्त सुख प्राप्त गर्दछ। आफै आफ्नो आत्मतत्त्वलाई भज्दछ । यसमा कुनै सन्देह छैन । सबै प्राणीको हितमा समर्पित हुने त्यस साधकले अविनाशी ब्रह्मको परम सुख प्राप्त गर्दछ ।।२३-२४।। काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यनामक ६ प्रकारका शत्रुहरूका विजेता, शम-दमसम्पन्न ब्रह्मज्ञानीहरूका चारैतिर ब्रह्मतत्त्वमात्र शोभायमान हुन्छ ।।२५।। आसनहरूमा आसीन योगी विषयलाई बाहिर फ्याँकेर भृकुटी निश्चल गराई प्राणायाममा समर्पित हुन्छ ।।२६।। प्राणायामको अर्थ प्राणवायु र अपानवायुको निरोध नै हो । विद्वान् मुनिहरूले प्राणायामलाई तीन भेदमा वर्गीकरण गरेका छन् - लघुप्राणायाम, मध्यमप्राणायाम र उत्तमप्राणायाम । बाह्र अक्षरको उच्चारणमा लाग्ने जुन समय हो त्यस समयसम्म रहने प्राणायामलाई लघु-प्राणायाम भनिन्छ ।।२७-२८।। चौबीस अक्षरको उच्चारणमा लाग्ने समय बराबरको प्राणायामलाई मध्यमप्राणायाम भनिन्छ र छत्तीस वर्णको उच्चारणमा लाग्ने समय बराबरको प्राणायाम उत्तम प्राणायाम कहलाउँछ ।।२९।। जसरी मानिसहरूले सिंह, बाघ र मत्ता हात्तीलाई पनि युक्तिबाट पगालेर बशमा ल्याउँछन्। त्यसरी प्राण र अपानलाई वशमा ल्याउन साधकले निरन्तर अभ्यास गर्नुपर्दछ ।।३०।। युक्तिबाट वशमा आएका ती सिंह, हात्ती आदि प्राणीले मृग र अरू प्राणीहरूलाई जसरी सताउँदैनन् त्यसरी नै प्राणायाम साधनाबाट वशीभूत भएका प्राण र अपानले साधकलाई सताउँदैनन् । त्यसकारण साधकले प्राण र अपानलाई वशीभूत तुल्याउनुपर्दछ । प्राणायाम गर्दा रोकिने प्राणवायुले पापलाई डढाउँछ तर शरीरलाई केही पनि गर्दैन ।।३१।। जसरी मानिसहरू घर अथवा मन्दिर कतै आरोहण गर्दा क्रमशः सिंढीमा पाइला राख्दै अगाडि बढ्छन् । त्यसैगरी योगीले पनि प्राण र अपानलाई क्रमशः वशीभूत गर्नुपर्दछ ।।३२।। प्राण र अपानलाई वशीभूत गरेपछि पूरक, कुम्भक र रेचकको अभ्यास गर्नुपर्दछ। प्राणायाममा सफल भएपछि त्यो साधक जगत्मा भूत र भविष्यको ज्ञाताको रूपमा विख्यात हुन्छ ।।३३।। बाह्र उत्तम प्राणायाममा जुन समय लाग्दछ त्यो बराबरको समय लाग्ने योगको अङ्गलाई धारणा भनिन्छ। दुई धारणा बराबरको समयलाई योग भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं यः कुरुते राजँस्त्रिकालज्ञः स जायते ।
अनायासेन तस्य स्याद् वश्यं लोकत्रयं नृप ।।३५।।

ब्रह्मरूपं जगत्सर्वं पश्यति स्वान्तरात्मनि ।
एवं योगश्च संन्यासः समानफलदायिनौ ।।३६।।

जन्तूनां हितकर्तारं कर्मणां फलदायिनम् ।
मां ज्ञात्वा मुक्तिमाप्नोति त्रैलोक्यस्येश्वरं विभुम्।।३७।।

योगीले नित्य धारणा गर्नुपर्दछ ।।३४।। जसले यसरी योगको अभ्यास गर्छ त्यो भूत, भविष्य र वर्तमानको वेत्ता बन्दछ । त्यसले सहजरूपमा नै स्वर्ग, मर्त्य र पाताललाई वशवर्ती बनाउँछ ।।३५।। त्यसले आफ्नै आत्मामा ब्रह्मरूप जगत्को दर्शन गर्दछ । यसरी हेर्दा कर्मयोग र कर्मसंन्यास दुबै फलदायक सिद्ध हुन्छन् ।।३६।। योगसाधकले योगसाधना गर्दै प्राणीमात्रको हितकर्ता, कर्मको फलदाता र त्रिलोकीको स्वामी म श्रीगणेशरूप परमात्मालाई जानेर मुक्ति पद प्राप्त गर्दछ ।।३७।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे कर्मसंन्यासयोगो नाम चतुर्थोऽध्यायः ।।४।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कर्मसंन्यासयोगोपदेशो नामैकचत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत कर्मसंन्यासयोगको उपदेश' शीर्षकान्वित एक सय एकचालीसौं अध्याय पूर्ण भयो ।।१४१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विचत्वारिंशदुत्तरशततमोऽध्यायः { १४२ अध्याय }

श्री गजानन उवाच

श्रौतस्मार्तानि कर्माणि फलं नेच्छन् समाचरेत् ।
शस्तः स योगी राजेन्द्र ! अक्रियाद् योगमाश्रितात् ।।१।।

योगप्राप्त्यै महाबाहो ! हेतुः कर्मैव मे मतम् ।
सिद्धयोगस्य संसिद्ध्यै हेतू शमदमौ मतौ ।।२।।

इन्द्रियार्थांश्च सङ्कल्प्य कुर्वन् स्वस्य रिपुर्भवेत् ।
एताननिच्छन् यः कुर्वन् सिद्धिं योगी स सिद्ध्यति।।३।।

सुहृत्त्वे च रिपुत्वे च उद्धारे चैव बन्धने ।
आत्मनैवात्मनो ह्यात्माऽनात्मा भवति कश्चन ।।४।।

मानेऽपमाने दुःखे च सुखे सुहृदि साधुषु ।
मित्रेऽमित्रेऽप्युदासीने द्वेष्ये लोष्टे च काञ्चने ।।५।।

समो जितात्मा विज्ञानी ज्ञानीन्द्रियजयावहः ।
अभ्यसेत् सततं योगं तदा युक्ततमो हि सः ।।६।।

तप्तः श्रान्तो व्याकुलो वा क्षुधितो व्यग्रचित्तकः ।
कालेऽतिशीतेऽत्युष्णे वाऽनिलाग्न्यम्बुसमाकुले ।।७।।

सध्वनावतिजीर्णे गोस्थाने साग्नौ जलान्तिके ।
कूपकूले श्मशाने च नद्यां भित्तौ च मर्मरे ।।८।।

चैत्ये सवल्मीके देशे पिशाचादिसमावृते ।
नाभ्यसेद् योगविद् योगं योगी ध्यानपरायणः ।।९।।

स्मृतिलोपश्च मूकत्वं बाधिर्यमन्धता ज्वरः।
जडता जायते सद्यो दोषाज्ञानाद्धि योगिनः ।।१०।।

एते दोषाः परित्याज्या योगाभ्यसनशालिना ।
अनादरे हि चैतेषां स्मृतिलोपादयो ध्रुवम् ।।११।।

श्रीगणेशले भन्नुभयो - साधकले फलको इच्छा परित्याग गरी वेदसम्मत र धर्मशास्त्रसम्मत कर्म गर्नुपर्दछ । कर्मयोगमा संलग्न योगी क्रियाहीन संन्यासी अथवा योगीभन्दा उत्तम मानिन्छ ।।१।। हे राजन् ! योगप्राप्तिका लागि उत्तम कारण कर्मयोग नै हो । योगको सिद्धिका लागि शम र दमलाई कारण मानिएको छ ।।२।। इन्द्रियभोगको परिकल्पना गरी कर्म गर्ने मानिस आफ्नै लागि आफै शत्रु बन्दछ । इन्द्रियका विषयको कामना नगरी जसले कर्म गर्दछ, त्यो योगी सिद्धयोगी कहलाउँछ ।।३।। मित्रता, शत्रुता, उद्धार, बन्धन आदिमा आफ्नै आत्माद्वारा आत्मतत्त्वलाई चिन्नुपर्दछ । कुनै पनि प्राणी आत्माभन्दा भिन्न हुँदैन ।।४।। मान-अपमान, सुख-दुःख, आत्मीयजन, सज्जन, मित्र, शत्रु, तटस्थ, द्वेषी, सुवर्ण र ढेलामा समान व्यवहार गरी आफ्नो आत्मालाई वशमा राख्दै योगसम्पन्न ज्ञानी र इन्द्रियविजयी भई योगाभ्यास गर्ने साधक युक्तरूप योगी कहलाउँछ ।।५-६।। चिन्ताले सन्तप्त, परिश्रान्त, व्याकुल, भोकले पीडित, व्यग्रचित्त मानिसले योगाभ्यास गर्नु हुँदैन । धेरै चिसो भएको समयमा र धेरै गर्मी भएको समयमा पनि योगाभ्यास गर्नुहुँदैन । हावा, अग्नि र पानीको उग्रता भएको समयमा पनि योगाभ्यास गर्नु हुँदैन ।।७।। शब्द आइरहने ठाउँ, पुरानो गोठ, अग्नि भएको ठाउँ, जलको नजिकमा रहेको ठाउँ, कुवाको छेउ, मसानघाट, नदीको तीर, पुरानो भित्ताको आड, सुकेका पातको मर्मर ध्वनि भइरहने अशान्त स्थल, चैत्य, धमिराले माटो उठाएको ठाउँ र पिशाचबहुल क्षेत्रमा योग एवं ध्यानमा समर्पित योगवेत्ताले योगाभ्यास गर्नु हुँदैन । ती ठाउँमा अभ्यास गर्नाले स्मृतिनाश, लाटोपन, बहिरोपन, सुस्त मनस्थिति, ज्वर र जडताजस्ता दोष पैदा हुनसक्छन् । यी ठाउँमा सम्भावित दोषहरूको पहिचान नगरी अभ्यास गर्नाले साधकको साधनामा विघ्न आइलाग्छ । योगाभ्यासमा मन लगाउने योगीले उक्त दोषहरूको त्याग गरेरमात्र अभ्यास गर्नुपर्दछ । दोषको बेवास्ता गरी कसैले अभ्यास गर्दछ भने माथि बताएका स्मृतिनाशजस्ता दुष्परिणाम आइलाग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नातिभुञ्जन् सदा योगी नाभुञ्जन्नातिनिद्रितः ।
नातिजाग्रत् सिद्धिमेति भूप ! योगं सदाऽभ्यसन्।।१२।।

सङ्कल्पजाँस्त्यजेत् कामान् नियताहारजागरः ।
नियम्य खगणं बुद्ध्या विरमेत शनैः शनैः ।।१३।।

ततस्ततः कृषेदेतद् यत्र यत्रानुगच्छति ।
धृत्यात्मवशगं कुर्याच्चित्तं चञ्चलमादृतः ।।१४।।

एवं कुर्वन् सदा योगी परां निर्वृतिमृच्छति ।
विश्वस्मिन् निजमात्मानं विश्वञ्च स्वात्मनीक्षते ।।१५।।

योगेन यो मामुपैति तमुपैम्यहमादरात् ।
मोचयामि न मुञ्चामि तमहं मां स न त्यजेत् ।।१६।।

सुखे दुःखेतरे द्वेषे क्षुधि तोषे समस्तृषि ।
आत्मसाम्येन भूतानि सर्वगं मां च वेत्ति यः ।।१७।।

जीवन्मुक्तः स योगीन्द्रः केवलं मयि सङ्गतः ।
ब्रह्मादीनाञ्च देवानां स वन्द्यः स्याज्जगत्त्रये ।।१८।।

वरेण्य उवाच

द्विविधोऽपि हि योगोऽयमसम्भाव्यो हि मे मतः।
यतोऽन्तःकरणं दुष्टं चञ्चलं दुर्ग्रहं विभो ।।१९।।

श्री गजानन उवाच

यो निग्रहं दुर्ग्रहस्य मनसा सम्प्रकल्पयेत् ।
घटीयन्त्रसमादस्मान्मुक्तः संसृतिचक्रकात्।।२०।।

विषयैः क्रकचैरेतत् संसृष्टं चक्रकं दृढम् ।
जनश्छेत्तुं न शक्नोति कर्मकीलैः सुसंवृतम् ।।२१।।

अतिदुःखं च वैराग्यं भोगाद् वैतृष्ण्यमेव च ।
गुरुप्रसादः सत्सङ्ग उपायास्तज्जये अमी ।।२२।।

सक्छन् ।।८-११।। हे राजन् ! योगाभ्यास गर्ने योगीले धेरै खानु हुँदैन, खाँदै नखाई बस्नु पनि हुँदैन, अति निद्रा लिनु हुँदैन, अनिँदो रहनु हुँदैन र अति जागा पनि हुनुहुँदैन। ती ती अवस्थामा योगाभ्यास गर्दा सिद्धि प्राप्त हुँदैन ।।१२।। योगीले सङ्कल्पबाट जन्मिने कामनाहरूलाई मनबाट हटाउनु पर्दछ । निश्चित आहार र निश्चित जागरण गरी इन्द्रियलाई आफ्नो वशमा ल्याएर बुद्धिपूर्वक शनै शनै विश्राम गर्दै मन जहाँ जहाँ जान्छ त्यसलाई त्यहाँबाट खिंचेर आफ्नो ठाउँमा ल्याउनुपर्दछ । अत्यन्त सावधान भएर रहने योगीले चञ्चल मनलाई आफ्नो काबुमा ल्याउन सक्दछ ।।१३-१४।। यसरी साधना गर्ने योगीले परम आनन्द प्राप्त गर्दछ । त्यसले संसारमा आफ्नो आत्मालाई र आफ्नो आत्मामा संसारलाई देख्दछ ।।१५।। जुन साधक योगबाट मेरो समीपमा आउँछन्, तिनलाई म आदरपूर्वक भेट्ने गर्दछु । मैले तिनलाई आफूबाट टाढा गराउँदिनँ र कहिले पनि छोड्दिनँ । त्यस्ता साधकले पनि मलाई छोड्नु हुँदैन ।।१६।। सुख, दुःख, द्वेष, भोक, तिर्खा, सन्तोष आदिमा आफूसमान सबैसँग समान व्यवहार गर्दै जसले सर्वत्र मेरो दर्शन गर्दछ त्यो जीवन्मुक्त योगी हो । जीवन्मुक्त योगी ममामात्र आश्रित हुन्छ र तीन लोकमा ब्रह्मा आदि देवताहरूबाट पनि वन्दनीय हुन्छ ।।१७-१८।।

वरेण्यले भने - 'अन्तर्यामी हे प्रभु ! मलाई हजुरले दुई प्रकारका योगको विषयमा उपदेश गर्नुभयो । मैले भने दुबै योगको साधना असम्भव ठानेको छु किनकि मन दुष्ट, चञ्चल र ग्रहण गर्न कठिन पनि छ' ।।१९।।

श्रीगणेशले भन्नुभयो– जुन साधकले ग्रहण गर्न कठिन मनलाई घडीयन्त्रझैं घुमिरहने संसारचक्रबाट हटाएर आफू नजिक ल्याउन सक्छन् तिनले मुक्तिलाभ गर्न सक्दछन् ।।२०।। कर्मका कीलाले जेलिएको यो संसारचक्र विषयरूप आराले काटिरहँदा झन दृढ भएको हुन्छ त्यसलाई साधारण मानिसले काट्न सक्दैनन् ।।२१।। वैराग्य लिनु साधारण कुरा होइन । त्यो त अत्यन्त कष्टदायक विषय हो । भोगबाट तृष्णा हटाउने काम पनि सजिलो छैन । त्यस कारण मनको निग्रह, वैराग्यको प्राप्ति र तृष्णाको निवृत्तिका लागि गुरुको कृपा र सत्सङ्ग मुख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यासाद् वा वशीकुर्यान्मनो योगस्य सिद्धये ।
वरेण्य ! दुर्लभो योगो विनाऽस्य मनसो जयात् ।।२३।।

उपाय हुनसक्दछन् । अथवा साधकले योगको सिद्धिका लागि अभ्यासबाट मनलाई वशमा ल्याउनुपर्दछ । हे राजन् ! मनमाथि विजय नगरेसम्म योगसिद्धि दुर्लभ हुन्छ ।।२२-२३।।

वरेण्य उवाच

योगभ्रष्टस्य को लोकः का गतिः किं फलं भवेत् ।
विभो ! सर्वज्ञ ! मे छिन्धि संशयं बुद्धिचक्रभृत्।।२४।।

वरेण्यले भने - हे सर्वज्ञ प्रभु ! योगबाट भ्रष्ट हुने साधक कुन लोकमा जान्छ ? त्यसको कस्तो गति हुन्छ र त्यसले कस्ता फल प्राप्त गर्दछ ? मेरो बुद्धिचक्रमा रहेको यस संशयलाई काटिदिनुहोस् ।।२४।।

श्री गजानन उवाच

दिव्यदेहधरो योगाद् भ्रष्टः स्वर्भोगमुत्तमम् ।
भुक्त्वा योगिकुले जन्म लभेद् बुद्धिमतां कुले ।।२५।।

पुनर्योगी भवत्येष संस्कारात् पूर्वजन्मजात् ।
न हि पुण्यकृतां कश्चिन्नरकं प्रतिपद्यते ।।२६।।

ज्ञाननिष्ठः तपोनिष्ठः कर्मनिष्ठो नराधिप !
श्रेष्ठो योगी श्रेष्ठतमो भक्तिमान् मयि तेषु यः ।।२७।।

श्रीगणेशले भन्नुभयो - योगभ्रष्ट साधक दिव्य देह धारण गरी स्वर्गमा प्राप्त हुन्छ । स्वर्गको भोग सकेपछि पवित्र योगी एवं साधकहरूको कुलमा जन्म लिन्छ । त्यो योगी पूर्व कर्मका संस्कारले फेरि योगी नै हुन्छ। पुण्य गर्ने मानिस कहिले पनि नरकमा जाँदैन। ज्ञाननिष्ठ, तपोनिष्ठ र कर्मनिष्ठ साधकहरूभन्दा योगी श्रेष्ठ हुन्छ । योगीहरूमा पनि जुन योगीले मेरो भक्ति गर्दछ त्यो योगी उत्तम योगी कहलाउँदछ ।।२५-२७।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे योगावृत्तिप्रशंसनयोगो नाम पञ्चमोध्यायः ।।५।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे योगावृत्तिप्रशंसनयोगो नाम द्विचत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत योगावृत्ति प्रशंसा' शीर्षकान्वित एक सय बयालीसौं अध्याय पूर्ण भयो ।।१४२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिचत्वारिंशदुत्तरशततमोऽध्यायः { १४३ अध्याय }

श्रीगजानन उवाच

ईदृशं विद्धि मे तत्त्वं मद्गतेनाऽन्तरात्मना ।
यज्ज्ञात्वा मामसन्दिग्धं वेत्सि मोक्ष्यसि सर्वगम् ।।१।।

तत्तेऽहं शृणु वक्ष्यामि लोकानां हितकाम्यया ।
अस्ति ज्ञेयं यतो नान्यन्मुक्तेश्च साधनं नृप ।।२।।

ज्ञेया मत्प्रकृतिः पूर्वं ततः स्याज्ज्ञानगोचरः ।
ततो विज्ञानसम्पत्तिर्मयि ज्ञाते नृणां भवेत् ।।३।।

क्ष्वनलौ खमहङ्कारः कं चित्तं धीः समीरणः ।
रवीन्दू यागकृच्चैकादशधा प्रकृतिर्मम ।।४।।

अन्यां मत्प्रकृतिं वृद्धां मुनयः सङ्गिरन्ति च ।
तया त्रिविष्टपं व्याप्तं जीवत्वं गतयाऽनया ।।५।।

आभ्यामुत्पाद्यते सर्वं चराचरमयं जगत् ।
सङ्गाद्विश्वस्य संभूतिः परित्राणं लयोऽप्यहम् ।।६।।

तत्त्वमेतन्निबोद्धुं मे यतते कश्चिदेव हि ।
वर्णाश्रमवतां पुसां पुरा चीर्णेन कर्मणा ।।७।।

क्षितौ सुगन्धरूपेण तेजोरूपेण चाग्निषु ।
प्रभारूपेण पूष्णयब्जे रसरूपेण चाप्सु च ।।९।।

धीतपोबलिनां चाहं धीस्तपो बलमेव च ।
त्रिविधेषु विकारेषु मदुत्पन्नेष्वहं स्थितः ।।१०।।

न मां विन्दन्ति पापिष्ठा मायामोहितचेतसः ।
त्रिविकारा मोहयति प्रकृतिर्मे जगत्त्रयम् ।।११।।

यो मे तत्त्वं विजानाति मोहं त्यजति सोऽखिलम् ।
अनेकैर्जन्मभिश्चैवं ज्ञात्वा मां मुच्यते ततः ।।१२।।

श्रीगणेशले भन्नुभयो - हे राजन् ! तपाइँले आफ्नो अन्तरात्मालाई ममा लगाएर मैले बताएको यो तत्त्वलाई हृदयङ्गम गर्नुहोस् । जुन तत्त्वको ज्ञान गरेपछि सन्देह हटाएर शुद्ध रूपमा रही तपाइँले मेरो ज्ञान गर्नुहुनेछ । मेरो ज्ञान गरेपछि तपाइँ संसारबाट मुक्त हुनुहुनेछ ।।१।। संसारको र तपाइँको कल्याण चिताएर जुन ज्ञान विना मुक्ति पाउन सकिंदैन म त्यसको उपदेश गर्दछु । वास्तवमा ज्ञान नै मुक्तिको साधन हो । त्यो नै जान्नुपर्ने विषय हो। ज्ञानलाई प्राप्त गर्न साधकले सर्वप्रथम मेरो प्रकृतिको ज्ञान गर्नुपर्दछ । मेरो ज्ञान भएपछि सम्पूर्ण योगसम्पत्ति आफै प्रकाशित हुन्छन्।।२-३।। पृथिवी, अग्नि, जल, चित्त, आकाश, अहङ्कार, बुद्धि, वायु, सूर्य-चन्द्र र यजमान प्रकृतिका यी दश भेद छन्। केही मुनिहरूले मेरो अर्को प्रकृतिलाई पनि प्रकृतिको रूपमा लिएका छन् । हरेक प्राणीमा रहने त्यस प्रकृतिले जगत्लाई ढाकेको छ। दश प्रकारको प्रकृति र एक प्रकारको यो प्रकृति मिलेर जड र चेतनले भरिभराउ संसारको उत्पत्ति हुन्छ । यी प्रकृतिको सान्निध्यमा रहेर विश्वको उत्पत्ति, रक्षा र विलय गराउने काम म गर्दछु ।।४-६।। मेरो तत्त्वबोध गर्न कुनै कुनै साधकले मात्र प्रयत्न गर्दछ । वर्ण र आश्रमका धर्मको पालन गर्न निरन्तर लागिरहने पुरुषहरूमध्ये कुनैले मात्र पूर्वजन्ममा गरेको उत्तम कर्मद्वारा मेरो साक्षात्कार गर्दछ ।।७।। त्यस भाग्यशाली साधकले संसारमा मभन्दा बाहेक अरू केही देख्दैन। त्यसले ममा नै सबै कुराको दर्शन गर्दछ । पृथिवीमा सुगन्धको रूपमा, अग्निमा तेजको रूपमा, सूर्य र चन्द्रमामा प्रभाको रूपमा, जलमा रसको रूपमा र बुद्धिमान् व्यक्तिहरूमा बुद्धिको रूपमा त्यसले मेरो साक्षात्कार गर्दछ । बुद्धि, तपस्या र बलका रूपमा समेत त्यसले मेरो सर्वत्र दर्शन गर्दछ । मबाट उत्पन्न हुने सत्त्वगुण, रजोगुण र तमोगुणका विकारहरूमा पनि म नै रहेको हुन्छु ।।८-१०।। मायाले चित्तलाई मोहित बनाएका पापीहरूले मलाई चिन्न सक्दैनन् । सत्त्व, रज र तमको विकारले सम्पन्न जुन प्रकृति छ त्यसले तीनै लोकलाई मोहित बनाएको छ ।।११।। जसले मेरो तत्त्व जान्दछ र त्यसमा विश्वास गर्दछ त्यस मानिसले संसारका विकारले परिपूर्ण पदार्थहरू प्रति हुने मोहलाई त्याग गर्दछ। त्यसले अनेक जन्म लिएर भए पनि मेरो ज्ञान गरेर मात्र मुक्ति प्राप्त गर्दछ।।१२।। मबाहेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्ये नानाविधान् देवान् भजन्ते तान् व्रजन्ति ते ।
यथा यथा मतिं कृत्वा भजते मां जनोऽखिलः ।।१३।।

तथा तथाऽस्य तं भावं पूरयाम्यहमेव तम् ।
अहं सर्वं विजानामि मां न कश्चिद्धि बुध्यते ।।१४।।

अव्यक्तं व्यक्तिमापन्नं न विदुः काममोहिताः ।
नाहं प्रकाशतां यामि ह्यज्ञानां पापकर्मणाम् ।।१५।।

यः स्मृत्वा त्यजति प्राणानन्ते मां श्रद्धयान्वितः ।
स यात्यपुनरावृत्तिं प्रसादान्मम भूभूज ।।१६।।

यं यं देवं स्मरन् भक्त्या त्यजति स्वं कलेवरम् ।
तत्तत्सालोक्यमायाति तत्तद्भक्त्या नराधिप ।।१७।।

अतश्चाहर्निशं भूप ! स्मर्तव्योऽनेकरूपवान् ।
सर्वेषामप्यहं गम्यः स्रोतसामर्णवो यथा ।।१८।।

ब्रह्मविष्णुशिवेन्द्राद्याँल्लोकान् प्राप्य पुनः पतेत् ।
यो मामुपैत्यसन्दिग्धः पतनं तस्य न क्वचित् ।।१९।।

अनन्यशरणो यो मां भक्त्या भजति भूमिप !
योगक्षेमौ च तस्याहं सर्वदा प्रतिपादये ।।२०।।

द्विविधा गतिरुद्दिष्टा शुक्ला कृष्णा तथा नृप ।
एकया परमं ब्रह्म परया याति संसृतिम् ।।२१।।

अरू जुन देवताहरू छन् तिनीहरूको उपासना गर्ने मानिस ती ती देवताको समीपमा प्राप्त हुन्छन् । भक्तले जस्तो बुद्धि लिएर मेरो भजन गर्दछ, मैले त्यस साधकका बुद्धिमा प्रतिबिम्बित भई त्यसकै विचारअनुसार अथवा त्यसले चाहेको रूप लिएर त्यसका इच्छा पूर्ण गर्दछु । मैले सबै जानेको छु तर कसैले पनि मेरो विषयमा जान्दैनन् ।।१३-१४।। मेरा अव्यक्त, निर्गुण रूप र व्यक्त सगुण रूपलाई कामनाद्वारा मोहित भएका मानिसहरूले चिन्न सक्दैनन् । म कहिल्यै पनि मूर्ख र पापीहरूको दृष्टिमा आउँदिनँ ।।१५।। हे राजन् ! जुन साधकले जीवनको अन्त्यमा श्रद्धापूर्वक मलाई संझेर प्राणत्याग गर्दछ त्यो साधक मेरो कृपाबाट जन्म-मृत्युको चक्रमा पर्दैन ।।१६।। हे राजन् ! साधकले अन्तमा जुन देवताको भक्तिपूर्वक संझना गर्दै शरीरत्याग गर्दछ त्यो साधक देवताको भक्तिका कारण देवलोकमा प्राप्त हुन्छ ।।१७।। हे राजन् ! आत्मकल्याण चाहने भक्तले निरन्तर अनेक रूप धारण गर्ने म परमेश्वरको भजन गर्नुपर्दछ । नदीहरूको अन्तिम लक्ष्य सागर भएझैं सबै प्राणीहरूको अन्तिम लक्ष्य म नै हुँ ।।१८।। साधकहरू शिव, विष्णु, ब्रह्मा, इन्द्र आदि देवताहरूका लोकका पुगेर पुण्यअनुसार अनेक भोग गर्दछन् । पुण्य सकिएपछि फेरि धर्तीमा जन्म लिन्छन् । तर जुन साधक श्रद्धापूर्वक सन्देह हटाएर मेरो शरणमा आउँछन् ती साधक मेरो धाममा पुगेपछि त्यहाँबाट फर्कदैनन् ।।१९।। हे राजन् ! जुन साधकले अरू देवतालाई छाडेर अनन्यभावले मेरो शरण लिन्छन् र मेरो भक्ति गर्छन्, मैले तिनलाई योग र क्षेम दुबै कुरा प्रदान गर्दछु ।।२०।। हे राजन् ! मानिसहरूका सेता र काला अर्थात् शुक्ल र कृष्ण दुई प्रकारका गति हुन्छन् भनेर शास्त्रहरूमा बताइएको छ । शुक्लमार्गबाट जाने साधकहरू परब्रह्ममा प्राप्त हुन्छन् भने कृष्णमार्गबाट जाने साधकहरू संसारचक्रमा घुमिरहन्छन् ।।२१।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे योगावृत्तिबुद्धियोगो नाम षष्ठोऽध्यायः ।।६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे बुद्धियोगोपदेशो नाम त्रिचत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत बुद्धियोगको उपदेश' शीर्षकान्वित एक सय त्रिचालीसौं अध्याय पूर्ण भयो ।।१४३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुश्चत्वारिंशदुत्तरशततमोऽध्यायः { १४४ अध्याय }

वरेण्य उवाच

का शुक्ला गतिरुद्दिष्टा का च कृष्णा गजानन !
किं ब्रह्म संसृतिः का मे वक्तुमर्हस्यनुग्रहात् ।।१।।

गजानन उवाच

अग्निर्ज्योतिरहःशुक्लकर्मार्हमयनं गतिः ।
चान्द्रं ज्योतिस्तथा धूमो रात्रिश्च दक्षिणायनम् ।।२।।

कृष्णैते ब्रह्मसंसृत्योरवाप्तेः कारणं गतिः ।
दृश्यादृश्यमिदं सर्वं ब्रह्मैवेत्यवधारय ।।३।।

क्षरं पञ्चात्मकं विद्धि तदन्तरक्षरं स्मृतम् ।
उभाभ्यां यदतिक्रान्तं शुद्धं विद्धि सनातनम् ।।४।।

अनेकजन्मसम्भूतिः संसृतिः परिकीर्तिता ।
संसृतिं प्राप्नुवन्त्येते ये तु मां गणयन्ति न ।।५।।

ये मां सम्यगुपासन्ते परं ब्रह्म प्रयान्ति ते ।
ध्यानाद्यैरुपचारैर्मां तथा पञ्चामृतादिभिः ।।६।।

स्नानवस्त्राद्यलङ्कारसुगन्धधूपदीपकैः ।
नैवेद्यैः फलताम्बूलैर्दक्षिणाभिश्च योऽर्चयेत् ।।७।।

भक्त्यैकचेतसा चैव तस्येष्टं पूरयाम्यहम् ।
एवं प्रतिदिनं भक्त्या मद्भक्तो मां समर्पयेत् ।।८।।

अथवा मानसीं पूजां कुर्वीत स्थिरचेतसा ।
अथवा फलपत्राद्यैः पुष्पमूलजलादिभिः।
पूजयेन्मां प्रयत्नेन तत्तदिष्टफलं लभेत् ।।९।।

त्रिविधास्वपि पूजासु श्रेयसी मानसी मता।
साप्युत्तमा मता पूजाऽनिच्छया या कृता मम ।।१०।।

वरेण्यले भने - हे गजानन ! कसलाई शुक्ल गति भनिएको छ र कसलाई कृष्णगति ? ब्रह्म के हो ? र संसार के हो? यी प्रश्नहरूको विषयमा मलाई उपदेश गर्नुहोस् ।।१।।

श्रीगणेशले भन्नुभयो - अग्निको ज्योति दिन र शुक्ल कर्मको उपयोगी उत्तरायणलाई शुक्ल गति भनिन्छ । चन्द्रमाको ज्योति, धूँवा र रात्रिलाई कृष्णकर्मको उपयोगी दक्षिणायनलाई कृष्णगति भनिन्छ । यी दुबै गतिमध्ये एउटा गति ब्रह्मप्राप्तिको कारण हो भने अर्को जन्म-मृत्युको कारण । दृश्य पदार्थ र अदृश्य पदार्थ जति छन् ती सबै ब्रह्म नै हुन् भनी निधो गर्नुहोस्।।२-३।। पृथिवी, जल, तेज, वायु र आकाशबाट निर्माण गरिएको दृश्यलाई क्षर भनिन्छ । ती सबै तत्त्वभित्र रहने तत्त्वलाई अक्षर भनिन्छ। क्षर र अक्षरदेखि पर रहेको तत्त्वलाई सनातन शुद्ध तत्त्व भनी जान्नुपर्दछ ।।४।। जीवहरूको अनेक योनिहरूमा उत्पत्ति हुने प्रक्रियालाई संसृति भनिन्छ । हे वरेण्य! जसले मेरो वास्ता गर्दैनन् ती संसृतिमा प्राप्त हुन्छन्।।५।। जसले मेरो राम्ररी उपासना गर्दछन् ती परब्रह्ममा प्राप्त हुन्छन्। जुन साधकले भक्तिभावले भरिएको चित्तद्वारा पञ्चामृत, स्नान, सुगन्ध, धूप, दीप, फल, ताम्बूल, नैवेद्य, दक्षिणा, ध्यान आदि उपचारबाट मेरो अर्चना गर्दछ त्यसले चिताएको इच्छालाई मैले पुऱ्याउँछु । मेरो भक्त साधकले दिनदिनै आफ्नो शक्तिअनुसार माथि बताएका वस्तुहरू समर्पण गरी मेरो पूजा गर्नुपर्दछ, अथवा त्यसले स्थिर चित्त भई मानस पूजा गर्नुपर्दछ, अथवा पत्र; पुष्प; फल; कन्दमूल र जल आदि जुन कुरा सुलभ हुन्छ त्यसलाई समर्पण गरेर प्रयत्नपूर्वक मेरो पूजा गर्नुपर्दछ । भक्तले यसरी पूजा गर्दछ भने आफ्नो अभीष्ट फल प्राप्त गर्दछ ।।६-९।। शरीर, वाणी र मनले गरिने शारीरी पूजा, वाचिकी पूजा र मानसी पूजाहरूमध्ये मानसी पूजालाई मैले अत्यन्त मन पराउँछु । जुन साधकले कुनै इच्छा नराखीकन मेरो मानसी पूजा गर्दछ त्यसले गरेको पूजा पनि उत्तम पूजा मानिन्छ ।।१०।। ब्रह्मचारी, गृहस्थ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मचारी गृहस्थो वा वानप्रस्थो यतिश्च यः ।
एकां पूजां प्रकुर्वाणोप्यन्यो वा सिद्धिमृच्छति ।।११।।

मदन्यं देवं यो भक्त्या द्विषन्मामन्यदेवताम् ।
सोऽपि मामेव यजते परं त्वविधितो नृप ।।१२।।

यो ह्यन्यदेवतां मां च द्विषन्नन्यां समर्चयेत् ।
याति कल्पसहस्त्रं स निरयान्दुःखभाक् सदा ।।१३।।

भूतशुद्धिं विधायादौ प्राणानां स्थापनं तथा।
आकृष्य चेतसो वृत्तिं ततो न्यासमुपक्रमेत् ।।१४।।

कृत्वान्तर्मातृकान्यासं बहिश्चाथ षडङ्गकम् ।
न्यासं च मूलमन्त्रस्य ततो ध्यात्वा जपेन्मनुम् ।।१५।।

स्थिरचित्तो जपेन्मन्त्रं यथा गुरुमुखोद्गतम् ।
जपं निवेद्य देवाय स्तुत्वा स्तोत्रैरनेकधा ।।१६।।

एवं मां य उपासीत स लभेन्मोक्षमव्ययम् ।
य उपासनया हीनो धिङ्नरो व्यर्थजन्मभाक् ।।१७।।

यज्ञोऽहमौषधं मन्त्रोऽग्नी राज्यं च हविर्हुतम् ।
ध्यानं ध्येयः स्तुतिः स्तोत्रं नतिर्भक्तिरुपासना ।।१८।।

त्रयी ज्ञेयं पवित्रञ्च पिता च प्रपितामहः।
ओङ्कारः पावनः साक्षी प्रभुर्मित्रं गतिर्लयः ।।१९।।

उत्पत्तिः पोषको बीजं शरणं वास एव च।
असन्मृत्युः सदमृतमात्मा ब्रह्माहमेव च ।।२०।।

दानं होमस्तपो भक्तिर्जपः स्वाध्याय एव च ।
यद्यत्करोति तत्सर्वं स मे मयि निवेदयेत् ।।२१।।

योषितोऽथ दुराचाराः पापास्त्रैवर्णिकास्तथा ।
मदाश्रया विमुच्यन्ते किं मद्भक्त्या द्विजादयः ।।२२।।

वानप्रस्थ, संन्यास आश्रमका अनुयायी व्यक्तिहरू र अरू जोसुकैले पनि श्रद्धापूर्वक एक पटक पूजा गर्दामात्र सिद्धि प्राप्त गर्दछ ।।११।। जुन साधकले मसँग द्वेष गरी अरू कुनै देव अथवा देवीको भक्तिपूर्वक पूजा गर्दछ भने त्यसले पनि मेरो नै पूजा गरिरहेको हुन्छ । जसले अरू देवता र मसँग द्वेष गर्दछ त्यो कल्प - कल्पसम्म दुःखी भएर नरकमा बास गर्दछ।।१२-१३।। पूजामा सर्वप्रथम भूतशुद्धि गरेर प्राणप्रतिष्ठा गर्नुपर्दछ । त्यसपछि चित्तलाई विषयबाट खिंचेर न्यास आरम्भ गर्नुपर्दछ ।।१४।। अन्तर्मातृकान्यास र बहिर्मातृकान्यास गरी छ प्रकारका न्यास गरेर भगवान्‌को ध्यान गरी मूल मन्त्र जप्नु पर्दछ ।।१५।। जसरी गुरुबाट प्राप्त गरिएको छ त्यसैगरी नै त्यस मन्त्रलाई उच्चारण गरी जप गर्नुपर्दछ । जप सकेपछि आफ्ना आराध्य देवतालाई जप निवेदन गरी अनेक स्तोत्रहरूद्वारा स्तुति गर्नुपर्दछ ।।१६।। यसरी दिनदिनै जसले मेरो उपासना गर्दछ त्यसले अविनाशी मोक्षपद प्राप्त गर्दछ । जुन मानिस उपासनाविहीन छ त्यस मानिसको जन्म व्यर्थ छ र त्यसलाई धिक्कार पनि छ ।।१७।। म यज्ञ, औषधि, मन्त्र, अग्नि, राज्य, हवि र हवन-क्रिया पनि हुँ । ध्यान, ध्येय र ध्याता पनि म नै हुँ । स्तोत्र, नमस्कार, भक्ति र उपासना पनि म नै हुँ ।।१८।। वेद, ज्ञान, पिता र पितामह पनि म नै हुँ । म ॐकार स्वरूप हुँ, मैले जगत्‌लाई पवित्र बनाउँछु । म सबैका घट-घटमा रहने अन्तर्यामी हुँ । मलाई स्वामी, मित्र, गति र लय पनि मान्नुपर्दछ ।।१९।। म उत्पत्ति हुँ र सबैलाई पोषण गर्ने पोषणतत्त्व पनि म नै हुँ। म संसारको बीज हुँ र संसारको शरण एवं आधार पनि म नै हुँ । असत्-सत्, मृत्यु-जीवन र आत्मा-ब्रह्म पनि म नै हुँ ।।२०।। दान, होम, तपस्या, भक्ति, जप र स्वाध्याय पनि मेरै रूप हुन् । भक्तले जुन जुन कर्म गर्दछ ती कर्म पनि मेरा हुन् र त्यसले ती सबै कर्म मलाई अर्पण गर्नुपर्दछ ।।२१।। दुराचार गर्ने नारीहरू र पापलिप्त क्षत्रिय, वैश्य र शूद्रहरू पनि मेरो आश्रय लिएपछि पापमुक्त हुन्छन् । जसले निरन्तर ॐकारको ध्वनि जगाउँदै उच्चतम आचारमा रहेर वैदिक विधिबाट मेरो आराधना गर्दछन् तिनीहरूले पाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न विनश्यति मद्भक्तो ज्ञात्वेमा मद्विभूतयः।
प्रभवं मे विभूतीश्च न देवा ऋषयो विदुः।।२३।।

नानाविभूतिभिरहं व्याप्य विश्वं प्रतिष्ठितः ।
यद्यच्छ्रेष्ठतमं लोके सा विभूतिर्निबोध मे ।।२४।।

फलको त सीमा नै छैन ।।२२।। मेरा विभूतिहरूको परिज्ञान गर्ने भक्त कहिले पनि नष्ट हुँदैन । मेरो उत्पत्ति र मेरा विभूतिहरूलाई देवता एवं ऋषिहरूले पनि राम्ररी जान्दैनन् ।।२३।। म आफ्ना अनेक थरि विचित्र विभूतिहरूद्वारा संसारलाई व्याप्त गरेर प्रतिष्ठित रहेको छु । संसारमा जे-जति कुरा राम्रा र सुन्दर देखिन्छन् ती सबै मेरा विभूति हुन् । हे राजा वरेण्य ! तपाइँले यसरी बुझेर मेरो र मेरा विभूतिहरूको परिज्ञान गर्नुपर्दछ ।।२४।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे उपासनायोगो नाम सप्तमोध्यायः ।।७।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे उपासनायोगोपदेशो नाम चतुश्चत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत उपासनायोगको उपदेश' शीर्षकान्वित एक सय चवालीसौं अध्याय पूर्ण भयो ।।१४४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चचत्वारिंशदुत्तरशततमोऽध्यायः { १४५ अध्याय }

वरेण्य उवाच

भगवन्नारदो मह्यं तव नानाविभूतयः।
उक्तवांस्ता अहं वेद न सर्वाः सोऽपि वेत्ति ताः ।।१।।

त्वमेव तत्त्वतः सर्वा वेत्सि ता द्विरदानन !
निजं रूपमिदानीं मे व्यापकं चारु दर्शय ।।२।।

श्रीगजानन उवाच

एकस्मिन्मयि पश्य त्वं विश्वमेतच्चराचरम् ।
नानाश्चर्याणि दिव्यानि पुरा दृष्टानि केनचित् ।।३।।

ज्ञानचक्षुरहं तेऽद्य सृजामि स्वप्रभावतः ।
चर्मचक्षुः कथं पश्येन्मां विभुमजमव्ययम् ।।४।।

व्यास उवाच

ततो राजा वरेण्यः स दिव्यचक्षुरवैक्षत।
ईशितुः परमं रूपं गजास्यस्य महाद्भुतम् ।।५।।

असङ्ख्यवक्त्रं ललितमसङ्ख्याङ्घ्रिकरं महत् ।
अनुलिप्तं सुगन्धेन दिव्यभूषाम्बरस्रजम् ।।६।।

असङ्ख्यनयनं कोटिसूर्यरश्मिधृतायुधम् ।
तद्वर्ष्मणि त्रयो लोका दृष्टास्तेन पृथग्विधाः।।७।।

दृष्ट्वैश्वरं परं रूपं प्रणम्य स नृपोऽब्रवीत् ।

वरेण्य उवाच

वीक्षेऽहं तव देहेऽस्मिन् देवानृषिगणान्पितॄन् ।।८।।

पातालानां समुद्राणां द्वीपानां चैव भूभृताम् ।
महर्षीणां सप्तकं च नानार्थसङ्कुलं विभो ।।९।।

वरेण्यले भने – हे श्रीगणेश प्रभु ! एकदिन मलाई नारदजीले हजुरका अनेक थरि विभूतिहरूको विषयमा बताउनुभएको थियो । सम्पूर्ण विभूतिहरूको विषयमा म जान्दिनँ र स्वयं नारदजीलाई पनि थाहा छैन । ती विभूतिहरूको पूर्ण रहस्य त हजुरलाई मात्र थाहा छ । अब म हजुरको विराट् रूप हेर्ने इच्छाले प्रार्थना गरिरहेको छु । त्यस कारण त्यो दुर्लभ विराट् रूपको दर्शन गराउनुहोस् ।।१-२।।

श्रीगणेशले भन्नुभयो – म एउटै श्रीगणेशमा तपाईंले सम्पूर्ण जड र चेतन तत्त्वले भरिएको विश्वको दर्शन गर्नुहोस् । त्यहाँ दिव्य र आश्चर्यजनक रहस्य तपाईंले पाउनुहुनेछ । कुनै कुनै भाग्यशाली मानिसहरूले योभन्दा पहिले पनि मेरो विश्वरूपको दर्शन पाएका थिए।।३।। म अहिले आफ्नो प्रभावबाट विश्वरूप हेर्नसक्ने ज्ञानचक्षु तपाईँलाई प्रदान गर्दछु । छालाका आँखा भएको मानिसले मेरो विश्वव्यापी, अन्तर्यामी र अव्यय स्वरूपको दर्शन गर्न सक्दैन ।।४।।

व्यासले भन्नुभयो – राजा वरेण्यले भगवान् श्रीगणेशबाट ज्ञानचक्षु प्राप्त गरेपछि त्यस दिव्य चक्षुबाट जगत्का स्वामी भगवान् श्रीगणेशको अद्‌भुत, सहस्रमुख, सहस्रपाद, सहस्र शिरले सम्पन्न, सुगन्धमय, दिव्य वस्त्रले विभूषित, दिव्य विभूषणद्वारा अलङ्कृत, दिव्य मालाधारी, असंख्य आँखा भएको र करोडौं सूर्यका प्रकाशले सुहाएको विश्वरूप दर्शन गरे । वरेण्यले श्रीगणेशको विराट् शरीरमा स्वर्ग, मर्त्य र पातालको दर्शन गरे ।।५-७।। त्यसपछि परम रूपको दर्शन गरेर प्रसन्न भएका राजाले भगवान्सँग बिन्ती गरे ।

वरेण्यले भने – हे प्रभु ! मैले हजुरको यो विराट शरीरमा देवता, ऋषि, पितृ, पातालका दृश्यावली, सातै समुद्र, सात द्वीप, विश्वका विशाल पर्वत र सप्तऋषि यी सबैलाई हेरिरहेको छु । पृथिवी, अन्तरिक्ष र एक्काइस प्रकारका स्वर्गहरूको पनि दर्शन गरिरहेको छु । मानिस, सर्प, राक्षसहरू पनि त्यहाँ रहेको देखिरहेको छु । हजुरको विशाल शरीरमा ब्रह्मा, विष्णु, शिव, इन्द्र आदि देवताहरू पनि रहेका छन् । तीनै लोकमा पाइने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भुवोऽन्तरिक्षं स्वर्गांश्च मनुष्योरगराक्षसान् ।
ब्रह्मविष्णुमहेशेन्द्रान् देवान् जन्तूननेकधा ।।१०।।

अनाद्यनन्तं लोकादिमनन्तभुजशीर्षकम् ।
प्रदीप्तानलसङ्काशमप्रमेयं पुरातनम् ।।११।।

किरीटकुण्डलधरं दुर्निरीक्ष्यं मुदावहम् ।
एतादृशं च वीक्षे त्वां विशालवक्षसं प्रभुम् ।।१२।।

सुरविद्याधरैर्यक्षैः किन्नरैर्मुनिमानुषैः ।
नृत्यद्भिरप्सरोभिश्च गन्धर्वैर्गानतत्परैः ।।१३।।

वसुरुद्रादित्यगणैः सिद्धैः साध्यैर्मुदा युतैः।
सेव्यमानं महाभक्त्या वीक्ष्यमाणं सुविस्मितैः ।।१४।।

वेत्तारमक्षरं वेद्यं धर्मगोप्तारमीश्वरम्।
पातालानि दिशः स्वर्गान् भुवं व्याप्याखिलं स्थितम्।।१५।।

भीता लोकास्तथा चाहमेवं त्वां वीक्ष्य रूपिणम् ।
नानादंष्ट्राकरालं च नानाविद्याविशारदम् ।।१६।।

प्रलयानलदीप्तास्यं जटिलं च नभःस्पृशम् ।
दृष्ट्वा गणेश ! ते रूपमहं भ्रान्त इवाभवम् ।।१७।।

देवा मनुष्या नागाद्याः खिलास्त्वदुदरेशयाः।
नानायोनिभुजश्चान्ते त्वय्येव प्रविशन्ति च ।।१८।।

अब्धेरुत्पद्यमानास्ते यथा जीमूतबिन्दवः।
त्वमिन्द्रोऽग्निर्यमश्चैव निर्ऋतिर्वरुणो मरुत् ।।१९।।

गुह्यकेशस्तथेशानः सोमः सूर्योऽखिलं जगत् ।
नमामि त्वामतः स्वामिन् ! प्रसादं कुरु मेऽधुना ।।२०।।

दर्शयस्व निजं रूपं सौम्यं यत्पूर्वमीक्षितम् ।
को वेद लीलास्ते भूमन् ! क्रियमाणा निजेच्छया।।२१।।

अनुग्रहान्मया दृष्टमैश्वरं रूपमीदृशम् ।
ज्ञानचक्षुर्यतो दत्तं प्रसन्नेन त्वया मम ।।२२।।

अनेक जन्तुहरूलाई पनि हजुरको विराट शरीरभित्र हेरिरहेको छु ।।८-१०।। हजुरको यो स्वरूप अनादि, अनन्त, अनन्तबाहु, अनन्तशिरले सम्पन्न, अग्निको ज्वालाझैं देदीप्यमान, वर्णन गरेर नसकिने गुण र महिमा भएको, किरीट एवं कुण्डल धारण गर्ने र सामान्य दृष्टिबाट हेर्न नसकिने विशाल वक्षस्थलले सुहाएको छ । म त्यस रूपको दर्शन गरिरहेको छु ।।११-१२।। देवता, विद्याधर, यक्ष, किन्नर, ऋषि-मुनि र मनुष्यहरूका साथ नृत्य गरिरहेका अप्सरा, गाना गाइरहेका गन्धर्व, वसुगण, सूर्यगण, साध्यगण र सिद्धगणद्वारा प्रसन्नतापूर्वक सेवा गरिएका विश्वरूपको म दर्शन गरिरहेको छु ।।१३-१४।। ती सबैले चकित भई हजुरको सर्वज्ञ, अक्षर, वेद्य, धर्मरक्षक र सर्वशक्तिसम्पन्न विश्वरूपको दर्शन गरिरहेका छन्। हजुरको यस विश्वरूपमा सात पाताल, सम्पूर्ण दिशा र विशाल पृथिवी अटाएका छन् ।।१५।। नानाथरि रूप देखाउने विद्यामा कुशल हजुरको यस विशाल स्वरूपलाई देखेर संसारका प्राणीहरू भयभीत भएका छन् किनभने हजुरको यो रूप लामा-लामा दाह्राले सम्पन्न छ, प्रलयकालको अग्निझैं चहकिलो अनुहारले युक्त छ र यसमा पर्वताकार एवं आकाशस्पर्श गर्ने जटा पनि सुहाएको छ । हजुरको यो रूप देखेर म पनि भ्रान्तिमा परिरहेको छु ।।१६-१७।। देवता, मनुष्य, सर्प आदि हजुरको गर्भभित्र रहेका राम्रा र नराम्रा योनिका प्राणीहरू हजुरबाट नै पैदा हुन्छन् र अन्तमा हजुरमा नै विलीन हुन्छन् ।।१८।। जसरी समुद्रबाट मेघका थोपाहरू पैदा हुन्छन् त्यसैगरी हजुरबाट इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुबेर, ईशान, सूर्य र सम्पूर्ण लोक पैदा हुन्छन् । हे प्रभु ! म हजुरलाई प्रणाम गर्दछु, मप्रति दया गर्नुहोस् ।।१९-२०।। अब हजुरले मलाई पूर्वकालमा मैले दर्शन गरेको र दर्शन गर्न सकिने बालक रूप देखाउनुहोस् । हजुरले आफ्नो इच्छाले गर्नुभएका लीलाको रहस्य कसले बुझ्न सक्छ ? ।।२१।। ममाथि कृपा गरेर आज हजुरले मलाई ईश्वरीय गुणसम्पन्न विश्वरूपको दर्शन गराउनुभयो। मप्रति खुसी हुनुभएका हजुरले विश्वरूपको दर्शन गराउन मलाई दिव्य चक्षु पनि प्रदान गर्नुभयो ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगजानन उवाच

नेदं रूपं महाबाहो ! मम पश्यन्त्ययोगिनः।
सनकाद्या नारदाद्याः पश्यन्ति मदनुग्रहात् ।।२३।।

चतुर्वेदार्थतत्त्वज्ञाश्चतुःशास्त्रविशारदाः ।
यज्ञदानतपोनिष्ठा न मे रूपं विदन्ति ते ।।२४।।

शक्योऽहं वीक्षितुं ज्ञातुं प्रवेष्टुं भक्तिभावतः।
त्यज भीतिं च मोहं च पश्य मां सौम्यरूपिणम् ।।२५।।

मद्भक्तो मत्परः सर्वसङ्गहीनो मदर्थकृत् ।
निष्क्रोधः सर्वभूतेषु समो मामेति भूभुज ।।२६।।

श्रीगणेशले भन्नुभयो- हे महाबाहु वरेण्य! मैले जुन रूपको दर्शन तपाईँलाई गराएँ त्यो रूपको योगीहरूले पनि दर्शन गर्न पाउँदैनन् । मेरो कृपा भयो भने सनक आदि ब्रह्मज्ञानी ऋषि र नारायणका भक्त नारद आदि ऋषिहरूले मात्र यस रूपको दर्शन गर्न पाउँछन् ।।२३।। चार वेदको अर्थ जान्ने, चारै शास्त्रका ज्ञाता, यज्ञ दान एवं तपस्या गर्ने र मप्रति आस्था राख्ने साधकले पनि मेरा यस रूपको दर्शन पाउँदैनन् ।।२४।। मेरो भक्ति गर्ने मानिसले मात्र जुनसुकै अवस्थामा र जुनसुकै रूपमा पनि दर्शन गर्न पाउँछ । हे राजन् ! तपाईँले डर र मोह पन्छाउनुहोस् । तपाईँका लागि अब म दर्शन गर्न योग्य सानो रूप लिएर प्रकट भएको छु । यस सौम्य रूपको दर्शन गर्नुहोस्।।२५।। हे राजन् ! मलाई नै सर्वस्व ठान्ने, दुष्टहरूको सङ्गत नगर्ने, मेरा निमित्त आफ्नो महत्त्वपूर्ण समय सुम्पने, क्रोध नभएको, मेरा लागि जस्तोसुकै कर्म गर्न पनि तयार हुने र सबै प्राणीहरूमा समान दृष्टि राख्ने मेरो भक्त अन्तमा ममा नै विलीन हुन्छ ।।२६।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे विश्वरूपवीक्षणं नाम अष्टमोध्यायः ।।८।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे विश्वरूपवीक्षणं नाम पञ्चचत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत विश्वरूप दर्शन' शीर्षकान्वित एक सय पैंतालीसौं अध्याय पूर्ण भयो ।।१४५।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षट्चत्वारिंशदुत्तरशततमोऽध्यायः { १४६ अध्याय }

वरेण्य उवाच

अनन्यभावस्त्वां सम्यङ्मूर्तिमन्तमुपासते ।
योऽक्षरं परमं व्यक्तं तयोः कस्ते मतोऽधिकः ।।१।।

अप्ति त्वं सर्ववित् साक्षी भूतभावन ईश्वरः।
अतस्त्वां परिपृच्छामि वद मे कृपया विभो ।।२।।

श्रीगजानन उवाच

यो मां मूर्तिधरं भक्त्या मद्भक्तः परिसेवते ।
स मे मान्योऽनन्यभक्तिर्नियुज्य हृदयं मयि ।।३।।

खगणं स्ववशं कृत्वाऽखिलभूतहितार्थकृत् ।
ध्येयमक्षरमव्यक्तं सर्वगं कूटगं स्थिरम् ।।४।।

सोऽपि मामेत्य निर्देश्यं मत्परो य उपासते ।
संसारसागरादस्मादुद्धरामि तमप्यहम् ।।५।।

अव्यक्तोपासनादुःखमधिकं तेन लभ्यते ।
व्यक्तस्योपासनासाध्यं तदेवाव्यक्तभक्तितः ।।६।।

भक्तिश्चैवादरश्चात्र कारणं परमं मम ।
सर्वेषां विदुषां श्रेष्ठो ह्यकिञ्चिज्ज्ञोऽपि भक्तिमान्।।७।।

भजन् भक्त्या विहीनो यः स चाण्डालोऽभिधीयते ।
चाण्डालोऽपि भजन् भक्त्या ब्राह्मणेभ्योऽधिको मतः।।८।।

शुकाद्याः सनकाद्याश्च पुरा मुक्ता हि भक्तितः ।
भक्त्यैव मामनुप्राप्ता नारदाद्याश्चिरायुषः ।।९।।

अतो भक्त्या मयि मनो निधेहि बुद्धिमेव च।
भक्त्या यजस्व मां राजँस्ततो मामेव यास्यसि ।।१०।।

असमर्थोऽर्पितुं स्वान्तं ध्रुवं मयि नराधिप !
अभ्यासेन च योगेन ततो गन्तुं यजस्व माम्।।११।।

वरेण्यले भने – केही भक्तहरू तपाइँप्रति समर्पित भएर साकार अथवा मूर्तिमान् हजुरको उपासना गर्दछन् । कसैले निराकार र अक्षर तपाइँको आराधना गर्दछन् । ती दुबैथरिका साधकहरूमध्ये कुन साधक हजुरलाई मन पर्छ ? हजुर सर्वज्ञ, सबैका साक्षी र सबै प्राणीहरूमाथि करुणा गर्ने ईश्वर हुनुहुन्छ, त्यसै भएर म हजुरसँग नम्रतापूर्वक जिज्ञासा गर्दैछु । हे प्रभु ! मेरो जिज्ञासाको समाधान गर्नुहोस् ।।१-२।।

श्रीगणेशले भन्नुभयो – जुन मेरो भक्तले परम भक्तिका साथ मूर्तिधारी मेरो स्वरूपको सेवा गर्छ त्यो मलाई मान्य हुन्छ किनकि त्यसले ममा हृदय सुम्पेर आफ्नो सर्वस्व पनि सुम्पेको हुन्छ ।।३।। आफ्ना इन्द्रियहरूलाई वशमा राखेर सम्पूर्ण प्राणीको हितका लागि काम गर्ने अक्षर, अव्यक्त, सर्वव्यापक, अन्तर्यामी, स्थिर, निर्गुण, ध्यान गर्न योग्य, परमात्माको उपासना गर्ने साधक पनि मेरो समीपमा प्राप्त हुन्छ । यसरी मप्रति समर्पित भएर जसले उपासना गर्छ, त्यो साधक निर्गुण साधक होस् अथवा सगुण साधक त्यसको मैले उद्धार गर्छु ।।४-५।। अव्यक्तको उपासना व्यक्त अथवा साकार ईश्वरको उपासनाभन्दा कष्टकर हुन्छ । निर्गुणको साधना अथवा सगुणको साधना दुबैको लक्ष्य एउटै हो । जसमा भक्ति धेरै हुन्छ, त्यो भक्त मलाई प्यारो हुन्छ । त्यो निर्गुण साधक होस् अथवा सगुण साधक त्यसले मलाई कुनै प्रभाव पार्दैन । केही नजानेको मानिस पनि भक्तिभावनाले अनुप्राणित छ भने त्यो विद्वान्हरूभन्दा पनि श्रेष्ठ हुन्छ ।।६-७।। भक्तिहीन भई भजन गर्ने साधकलाई विद्वान् भए पनि चाण्डाल भन्नुपर्दछ । चाण्डाल जातिको मानिसले पनि भक्तिपूर्वक मेरो आराधना गर्छ भने त्यो ब्राह्मणभन्दा पनि उत्तम मानिन्छ ।।८।। प्राचीन समयमा उत्तम भक्ति गरेका कारण सनक आदि ब्रह्मर्षि र र शुकदेव आदि ज्ञानी पुरुष संसारसागरबाट मुक्त भएका थिए । दीर्घायु भएर बाँच्ने नारद आदि देवर्षिहरूले पनि भक्तिले नै मलाई प्राप्त गरेका हुन् ।।९।। त्यस कारण हे राजन् ! तपाइँले भक्तिपूर्वक ममा मन लगाउनुहोस् र बुद्धि पनि । भक्तिपूर्वक मेरा निमित्त यज्ञयाग गर्नुहोस् त्यसपछि तपाइँ ममा नै मिल्न आउनुहुनेछ ।।१०।। हे राजन् ! तपाइँ यदि निश्चित रूपमा आफ्नो मन मलाई अर्पण गर्न असमर्थ हुनुहुन्छ भने अभ्यास र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्रापि त्वमशक्तश्चेत् कुरु कर्म मदर्पणम् ।
ममानुग्रहतश्चैव परां निर्वृतिमेष्यसि ।।१२।।

अथैवमप्यनुष्ठातुं न शक्नोषि तदा कुरु।
प्रयत्नतः फलत्यागं त्रिविधानां हि कर्मणाम् ।।१३।।

श्रेयसी बुद्धिरावृत्तेस्ततो ध्यानं वरं मतम् ।
ततोऽखिलपरित्यागस्ततः शान्तिर्गरीयसी ।।१४।।

निरहंममताबुद्धिरद्वेषः करुणः समः।
लाभालाभे सुखे दुःखे मानामाने स मे प्रियः ।।१५।।

यं वीक्ष्य न भयं याति जनस्तस्मान्न च स्वयम् ।
उद्वेगभीकोपमुद्भी रहितो यः स मे प्रियः।।१६।।

रिपौ मित्रेऽथ गर्हायां स्तुतौ शोके समः समुत् ।
मौनी निश्चलधीर्भक्तो ह्यसङ्गः स च मे प्रियः ।।१७।।

संशीलयति यश्चैनमुपदेशं मया कृतम् ।
स वन्द्यः सर्वलोकेषु मुक्तात्मा मे प्रियः सदा ।।१८।।

अनिष्टाप्तौ च न द्वेष्टीष्टप्राप्तौ न च तुष्यति ।
क्षेत्रतज्ज्ञौ च यो वेत्ति स मे प्रियतरो भवेत् ।।१९।।

वरेण्य उयाच

किं क्षेत्रं कश्च तद्वेत्ति किं तज्ज्ञानं गजानन !
एतदाचक्ष्व मह्यं त्वं पृच्छते करुणाम्बुधे ।।२०।।

श्रीगजानन उवाच

पञ्चभूतानि तन्मात्राः पञ्चकर्मेन्द्रियाणि च ।
अहङ्कारो मनो बुद्धिः पञ्चज्ञानेन्द्रियाणि च
इच्छाऽव्यक्तं धृतिद्वेषौ सुखदुःखे तथैव च।।२१।।

योगद्वारा मलाई प्राप्त गर्न यजनशील हुनुहोस् ।।११।। योग र अभ्यास पनि गर्न सक्नुहुन्न भने तपाइँले आफूले मन, वचन र शरीरले गरेका कर्महरू मलाई अर्पण गर्नुहोस्। यसो गर्नुभयो भने तपाइँमाथि मेरो कृपा हुनेछ । त्यस कृपाबाट तपाइँले परम कल्याण र आनन्द प्राप्त गर्नुहुनेछ ।।१२।। हे वरेण्य! तपाइँले मलाई आफूले गरेका कर्महरूको अर्पण गर्न पनि सक्नुहुन्न भने तपाइँले गरेका शरीरका कर्म, मनका कर्म र वचनका कर्महरूको फलमा आशा नगर्नुहोस् । यसरी फलत्याग गर्दा पनि मेरो आराधना हुन्छ । मनको वृत्तिभन्दा बुद्धिवृत्ति उत्तम हुन्छ र बुद्धिवृत्तिभन्दा ध्यान उत्तम हुन्छ । ध्यानभन्दा कर्महरूको त्याग उत्तम हुन्छ। कर्महरूको त्यागबाट ठूलो शान्ति प्राप्त हुन्छ ।।१३-१४।। जुन भक्तको मनमा अहङ्कार हुँदैन, ममता रहँदैन, जुन भक्तले कसैसँग द्वेष गर्दैन र सबैको उपकार गर्दै दया-भावनाको विस्तार गर्छ, लाभ र हानिमा, सुख र दुःखमा एवं मान र अपमानमा एउटै भावना लिएर स्थिर रहन्छ त्यो भक्त पनि मेरो प्यारो हुन्छ।।१५।। जुन भक्तलाई देखेर कुनै मानिस पनि डराउँदैन, जुन भक्त अरू कसैसँग पनि डराउँदैन। आवेग, डर, रीस, हर्ष नभएको शान्त मनोवृत्तिको साधक पनि मलाई प्यारो लाग्छ ।।१६।। शत्रुमा, मित्रमा, निन्दामा, स्तुतिमा र शोकमा आनन्दपूर्वक समान मनोवृत्ति लिएर स्थिर रहने भक्त मलाई प्यारो लाग्छ । धेरैजसो मौन भएर रहने, बुद्धि स्थिर गराउने र नराम्रा मानिसको सङ्गत नगर्ने जुन साधक छ त्यो पनि मलाई प्यारो लाग्छ ।।१७।। जसले मैले गरेका यी उपदेशहरूको अभ्यास गर्दछ त्यो साधक संसारमा वन्दनीय हुन्छ, मुक्तात्मा बन्दछ र मेरो प्यारो भक्तको रूपमा प्रख्यात हुन्छ ।।१८।। जुन साधक आफूमाथि आपत्ति आइलाग्दा आत्तिँदैन, द्वेष गर्दैन र सम्पत्ति प्राप्त हुँदा गर्व गर्दैन, अत्यन्त उत्फुल्ल भएर मात्तिने काम पनि गर्दैन, शरीर र आत्माको अन्तर जान्दछ, त्यो साधक पनि मलाई अत्यन्त प्यारो लाग्छ।।१९।।

वरेण्यले भने - हे करुणासागर प्रभु ! क्षेत्र केलाई भन्दछन्? कसले त्यस क्षेत्रलाई जान्दछ ? ज्ञानको स्वरूप के हो ? मलाई आज्ञा होस् ।।२०।।

श्रीगणेशले भन्नुभयो - पृथिवी, जल, तेज, वायु, आकाश यी पञ्चमहाभूत; रूप, रस, गन्ध, शब्द, स्पर्श यी पाँच तन्मात्रा; पाँच कर्मेन्द्रिय; पाँच ज्ञानेन्द्रिय; अहङ्कार; मन; बुद्धि; इच्छा; चेतनासहित अव्यक्त; धैर्य; द्वेष; सुख र दुःखको समूहलाई क्षेत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेतनासहितश्चायं समूहः क्षेत्रमुच्यते ।
तज्ज्ञं त्वं विद्धि मां भूप ! सर्वान्तर्यामिणं विभुम्।।२२।।

अयं समूहोऽहं चापि यज्ज्ञानविषयौ नृप ।
आर्जवं गुरुशुश्रूषा विरक्तिश्चेन्द्रियार्थतः ।।२३

शौचं क्षान्तिरदम्भश्च जात्यादिदोषवीक्षणम् ।
समदृष्टिर्दृढा भक्तिरेकान्तित्वं शमो दमः।।२४।।

एतैर्यच्च युतं ज्ञानं तज्ज्ञानं विद्धि बाहुज ।
तज्ज्ञानविषयं राजन् ! ब्रवीमि त्वं शृणुष्व मे ।।२५।।

यज्ज्ञात्वैति च निर्वाणं मुक्त्वा संसृतिसागरम् ।
यदनादीन्द्रियैर्हीनं गुणभुग्गुणवर्जितम् ।।२६।।

अव्यक्तं सदसद्भिन्नमिन्द्रियार्थावभासकम् ।
विश्वभृच्चाखिलव्यापि एकं नानेव भासते ।।२७।।

बाह्याभ्यन्तरतः पूर्णमसङ्गं तमसः परम् ।
दुर्ज्ञेयं चातिसूक्ष्मत्वाद् दीप्तीनामपि भासकम् ।।२८।।

ज्ञेयमेतादृशं विद्धि ज्ञानगम्यं पुरातनम् ।
एतदेव परं ब्रह्म ज्ञेयमात्मा परोऽव्ययः ।।२९।।

गुणान् प्रकृतिजान् भुङ्क्ते पुरुषः प्रकृतेः परः ।
गुणैस्त्रिभिरियं देहे बध्नाति पूरुषं दृढम् ।।३०।।

यदा प्रकाशः क्षान्तिश्च बुद्धेः सत्त्वं तदाऽधिकम् ।
लोभोऽशमः स्पृहारम्भः कर्मणां रजसो गुणः ।।३१।।

मोहोऽप्रवृत्तिश्चाज्ञानं प्रमादस्तमसो गुणः ।
सत्त्वाधिकः सुखं ज्ञानं कर्मसङ्गो रजोधिकः ।।३२।।

भनिन्छ ।।२१।। हे राजन् ! तपाईंले मलाई क्षेत्रको ज्ञाता क्षेत्रज्ञको रूपमा जान्नुहोस् किनकि म सर्वव्यापक र अन्तर्यामी पनि छु । माथि बताएको विषयसमूह र म यी दुबै तत्त्व संसारमा जान्नुपर्ने विषय हुन् र विश्लेषण गर्नुपर्ने विषय हुन् । सरलता, गुरुको सेवा, विषयबाट वैराग्य, पवित्रता, क्षमा, पाखण्डहीनता, जन्म र मृत्युमा दोषदर्शन, सर्वत्र समान दृष्टि, भगवान्मा दृढ भक्ति, एकान्तसेवन, शम र दम यी गुणहरूले सम्पन्न भएको ज्ञानलाई मात्र ज्ञान भनिन्छ । ती ज्ञानका विषय पनि म तपाईँलाई बताउँछु, तपाइँ सुन्नुहोस् ।।२२-२५।। जुन ज्ञानलाई जानेर साधक संसारसागरलाई पार गरी मुक्तिधाममा प्राप्त हुन्छ । अनादि, इन्द्रिय र मनद्वारा जान्न नसकिने, अति सूक्ष्म, गुणभोक्ता, गुणवर्जित, अव्यक्त, सत्य र असत्यबाट भिन्न, इन्द्रियको प्रकाशक, विश्वको भर्ता, सर्वव्यापक एउटा परमात्मा आफ्नो इच्छाले अनेक रूपमा संसारमा रहनुहुन्छ । उहाँ बाहिर र भित्र दुबै दृष्टिकोणबाट परिपूर्ण हुनुहुन्छ । संसारलाई धारण गरेर पनि संसारदेखि पर हुनुहुन्छ । संसारको र विषयको सङ्गत गरेर पनि उहाँ असङ्ग हुनुहुन्छ । उहाँ अन्धकारभन्दा पर प्रकाशको राज्यमा विराजमान हुनुहुन्छ । अत्यन्त सूक्ष्म स्वरूपका हुनुभएकाले उहाँ अज्ञेय हुनुहुन्छ । सूर्य, चन्द्र र अग्नि आदि प्रकाश तत्त्वका पनि प्रकाशक हुनुहुन्छ । यस्ता ज्ञानगम्य सबैभन्दा प्राचीन ईश्वर सबैको ज्ञानद्वारा जानिने एकमात्र ज्ञेय विषय हुनुहुन्छ । उहाँलाई नै परब्रह्म, आत्मा, परात्पर र अव्यय भनिन्छ ।।२६-२९।। प्रकृतिदेखि पर रहेका पुरुष परमात्माले प्रकृतिका गुणहरूको भोग गर्नुहुन्छ । उहाँले सत्त्व, रज, तमनामक गुणहरूद्वारा जीवहरूलाई शरीरको बन्धनमा राखिदिनुहुन्छ ।।३०।। जब सत्त्वगुणको वृद्धि हुन्छ त्यस बेला मानिसको हृदयमा क्षमा, निर्मलता र प्रकाश पनि हुन्छ । रजोगुणको वृद्धि हुँदा लोभ, अशान्ति र कर्मका इच्छाका कारण जन्मिने छटपटीजस्ता गुणहरूको विकास हुन्छ । जुन बेला तमोगुणको वृद्धि हुन्छ; त्यहाँ मोह, आलस्य, अज्ञान र प्रमादजस्ता दुर्बलताहरू प्रकट हुन्छन् । जुन मानिसमा सत्त्वगुणको अधिकता हुन्छ; त्यहाँ सुख र ज्ञानका साथै सत्कर्ममा प्रवृत्ति पनि हुन्छन्। रजोगुणको अधिकता भएको मानिसमा कर्ममा प्रवृत्ति र अहङ्कार आदि विषय रहन्छन् । जुन मानिसमा तमोगुण धेरै हुन्छ, त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तमोधिकश्च लभते निद्रालभ्यं सुखेतरत् ।
एषु त्रिषु प्रवृद्धेषु मुक्तिसंसृतिदुर्गतीः ।।३३।।

प्रयान्ति मानवा राजँस्तस्मात् सत्त्वयुतो भव ।
ततश्च सर्वभावेन भज त्वं मां नरेश्वर ! ।।३४।।

भक्त्या चाव्यभिचारिण्या सर्वत्रैव च संस्थितम्।
अग्नौ सूर्ये तथा सोमे यच्च तारासु संस्थितम् ।।३५।।

विदुषि ब्राह्मणे तेजो विद्धि तन्मामकं नृप ।
अहमेवाखिलं विश्वं सृजामि विसृजामि च ।।३६।।

ओषधीस्तेजसा सर्वा विश्वं चाप्याययाम्यहम् ।
सर्वेन्द्रियाण्यधिष्ठाय जाठरञ्च धनञ्जयम् ।।३७।।

भुनज्मि चाखिलान् भोगान् पुण्यपापविवर्जितः।
अहं विष्णुश्च रुद्रश्च ब्रह्मा गौरी गुणेश्वरः ।।३८।।

इन्द्राद्या लोकपालाश्च ममैवांशसमुद्भवाः ।
येन येन हि रूपेण जनो मां पर्युपासते ।।३९।।

तथा तथा दर्शयामि तस्मै रूपं सुभक्तितः ।
इति क्षेत्रं तथा ज्ञाता ज्ञानं ज्ञेयं मयेरितम् ।।४०।।

अखिलं भूपते ! सम्यगुपपन्नाय पृच्छते ।।४१।।

दुःख, निद्रा र आलस्यद्वारा जेलिएको हुन्छ । यी तीन गुणहरूको वृद्धि हुँदा क्रमशः तीन प्रकारका फल प्राप्त हुन्छन् । सत्त्वगुणको वृद्धि हुँदा मुक्ति प्राप्त हुन्छ; रजोगुणको वृद्धि हुँदा जन्म र मृत्युको चक्रमा परिन्छ र तमोगुणको वृद्धि हुँदा नरक आदि भोगको कारण दुर्गति प्राप्त हुन्छ ।।३१-३३।। त्यस कारण आफ्नो स्वभावअनुसार मानिसले मुक्ति, संसारमा प्रवृत्ति र दुर्गतिजस्ता फलहरू प्राप्त गर्छन् । हे राजा वरेण्य! तपाइँ आत्मकल्याण चाहनुहुन्छ भने तपाइँले सत्त्वगुणको विकास गर्नुहोस्। त्यसपछि सबै कुरा समर्पण गरेर मेरो भजन गर्नुहोस् ।।३४।। मेरो भजन गर्ने क्रममा सर्वत्र मेरो अस्तित्वदर्शन गर्दै अग्नि, सूर्य, चन्द्रमा र ताराहरूमा चम्किरहेको प्रकाशरूपमा मलाई जान्दै विद्वान् र ब्रह्मज्ञानीमा तेजको रूपमा रहेको मेरो दर्शन गर्दै तपाइँ अखण्ड भक्तिद्वारा मेरो आराधना गर्नुहोस् । हे राजा वरेण्य! मैले नै सम्पूर्ण संसारको रचना र संहार गर्दछु, मैले नै तेज र औषधिहरूको विस्तार गरेर सम्पूर्ण संसारलाई आनन्दित पनि तुल्याउँछु । सबै मानिसहरूका इन्द्रियहरूमा रहेर पेटमा रहेको धनञ्जयनाम अग्निको सहायता लिई प्राणीहरूले खाएका भोजनहरूलाई पचाउने काम पनि मैले गर्दछु तर संसारका भोगहरूमा रहे पनि म पुण्य र पापसँग लिप्त हुँदिनँ । म विष्णु, रुद्र, ब्रह्मा, गौरी र श्रीगणेशका रूपमा रहन्छु।।३४-३८।। इन्द्र आदि लोकपालहरू पनि मेरै अंशबाट पैदा भएका हुन् । जुन मानिसले जस्तो रूप चिताएर मेरो ध्यान गर्छ, मैले त्यसलाई त्यस्तै रूपबाट दर्शन दिने गर्छु । तपाइँले मेरो शरणमा आएर नम्रतापूर्वक प्रश्न गर्नुभएकाले मैले तपाइँलाई क्षेत्र, क्षेत्रज्ञ, ज्ञाता र ज्ञेय पदार्थको विषयमा संक्षेपमा सबै कुरा बताएँ । किनभने नम्र शिष्यले नै गुरुबाट धेरै ज्ञान प्राप्त गर्न सक्छ ।।३९-४१।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषपर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे क्षेत्रक्षेत्रज्ञविवेकयोगो नाम नवमोध्यायः ।।९।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे क्षेत्रक्षेत्रज्ञविवेकयोगोपदेशो नाम षट्चत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत क्षेत्रक्षेत्रज्ञविवेक योगको उपदेश' शीर्षकान्वित एक सय छयालीसौं अध्याय पूर्ण भयो ।।१४६।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तचत्वारिंशदुत्तरशततमोऽध्यायः { १४७ अध्याय }

श्रीगजानन उवाच

दैव्यासुरी राक्षसी च प्रकृतिस्त्रिविधा नृणाम् ।
तासां फलानि चिह्नानि संक्षेपात् तेऽधुना ब्रुवे ।।१।।

आद्या संसाधयेन्मुक्तिं द्वे परे बन्धनं नृप !
चिह्नं ब्रवीमि चाद्यायास्तन्मे निगदतः शृणु ।।२।।

अपैशुन्यं दयाऽक्रोधाऽचापल्यं धृतिरार्जवम् ।
तेजोऽभयमहिंसा च क्षमा शौचममानिता ।।३।।

इत्यादिचिह्नमाद्याया आसुर्याः शृणु साम्प्रतम् ।
अतिवादोऽभिमानश्च दर्पोऽज्ञानं सकोपता ।।४।।

आसुर्या एवमाद्यानि चिह्नानि प्रकृतेर्नृप !
निष्ठुरत्वं मदो मोहोऽहङ्कारो गर्व एव च ।।५।।

द्वेषो हिंसा दया क्रोध औद्धत्यं दुर्विनीतता ।
आभिचारिककर्तृत्वं क्रूरकर्मरतिस्तथा ।।६।।

अविश्वासः सतां वाक्येऽशुचित्वं कर्महीनता ।
निन्दकत्वं च वेदानां भक्तानामसुरद्विषाम् ।।७।।

मुनिश्रोत्रियविप्राणां तथा स्मृतिपुराणयोः ।
पाखण्डवाक्ये विश्वासः सङ्गतिर्मलिनात्मनाम् ।।८।।

सदम्भकर्मकर्तृत्वं स्पृहा च परवस्तुषु ।
अनेककामनावत्त्वं सर्वदाऽनृतभाषणम् ।।९।।

परोत्कर्षासहिष्णुत्वं परकृत्यपराहतिः ।
इत्याद्या बहवश्चान्ये राक्षस्याः प्रकृतेर्गुणाः ।।१०।।

पृथिव्यां स्वर्गलोके च परिवृत्य वसन्ति ते ।
मद्भक्तिरहिता लोका राक्षसीं प्रकृतिं श्रिताः ।।११।।

तामसीं ये श्रिता राजन् ! यान्ति ते रौरवं ध्रुवम् ।
अनिर्वाच्यं च ते दुःखं भुञ्जते तत्र संस्थिताः ।।१२।।

दैवान्निःसृत्य नरकाज्जायन्ते भुवि कुब्जकाः ।
जात्यन्धाः पङ्गवो दीना हीनजातिषु ते नृप ।।१३।।

श्रीगणेशले भन्नुभयो – मानिसहरूका दैवी, आसुरी र राक्षसी गरी तीन प्रकारका प्रकृति हुन्छन् । तिनका फल र चिह्नहरूको विषयमा म तपाईंलाई संक्षेपमा बताउँछु ।।१।। दैवी प्रकृतिले मानिसहरूलाई मुक्ति प्रदान गर्दछ भने आसुरी र राक्षसी प्रकृतिले मानिसलाई बन्धनमा पार्दछन् । हे राजन् ! म तपाईंलाई सर्वप्रथम दैवी प्रकृतिको लक्षण बताउँछु, तपाईं सुन्नुहोस्।।२।। अपैशुन्य (चुक्ली नगर्ने काम), दया, अक्रोध, (रीस नगर्नु), अचपलता (चञ्चलताको अभाव), धैर्य, सरलता, तेज, निर्भयता, अहिंसा, क्षमा, पवित्रता र अहङ्कारविहीनता यी गुण दैवी प्रकृतिका हुन् । अब तपाईंले आसुरी प्रकृतिका लक्षण सुन्नुहोस् – बढाइचढाई गरी कुरा गर्ने बानी, अभिमान, दर्प, अज्ञान, क्रोध इत्यादि आसुरी प्रकृतिका लक्षण हुन् । अब म तपाईंलाई राक्षसी प्रवृत्तिका लक्षण बताउँछु – निष्ठुरता, मद, मोह, अहङ्कार, गर्व, द्वेष, हिंसा, निष्ठुरता, क्रोध, उद्दण्डता, अविनय, मारण; मोहन; वशीकरण; उच्चाटन एवं स्तम्भन आदि अभिचारमा प्रवृत्ति, क्रूर कर्ममा प्रीति, सज्जनका वाक्यहरूमा अविश्वास, अपवित्रता, कर्महीनता, वेद; ईश्वरका भक्त; देवता; मुनि; वेदका ज्ञाता ब्राह्मण; स्मृति र पुराणको निन्दा, पाखण्डवाक्यमा विश्वास, दुर्जनहरूको सङ्गति, अहङ्कारपूर्वक काम गर्ने बानी, अरूका पदार्थहरूमा लोभ, मनमा अनेक तृष्णा, असत्यभाषण, अरूको उन्नति नसहने बानी, अरूले गरेको उन्नतिबाट आफू हारेको संझने मनोवृत्ति इत्यादि अनेक राक्षसी प्रकृतिका गुणहरू रहेका छन् ।।३-१०।। यी प्रवृत्तिहरू पृथिवीमा र स्वर्गमा पनि पाइन्छन् । जसले मेरो भक्ति गर्दैनन् त्यस्ता मानिसहरू राक्षसी प्रवृत्तिको अधीनमा रहेका हुन्छन् ।।११।। यिनैलाई तामस प्राणी भनिन्छ र यस्ता प्रवृत्ति भएका मानिसहरू निश्चय नै रौरव नरकमा जान्छन् । त्यहाँ रहेर तिनीहरूले भन्नै नसकिने कष्टहरूको भोग गर्छन् ।।१२।। दैवको इच्छाले नरकबाट मुक्त भएपछि ती प्राणीहरू पृथिवीमा कुँजा, अन्धा, लङ्गडा, दीन-दुःखी, हीनजातिमा उत्पन्न मानिसका रूपमा देखापर्छन् । यस्तो परिस्थितिमा रहँदा पनि तिनलाई फेरि पापमात्र गर्न मनलाग्छ । त्यस कारण तिनले मेरो भक्ति गर्दैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः पापसमाचारा मय्यभक्ताः पतन्ति ते ।
उत्पतन्ति हि मद्भक्ता यां काञ्चिद् योनिमाश्रिताः ।।१४।।

लभन्ते स्वर्गतिं यज्ञैरन्यैर्धर्मैश्च भूमिप !
सुलभा सा सकामानां मयि भक्तिः सुदुर्लभा ।।१५।।

विमूढा मोहजालेन बद्धाः स्वेन च कर्मणा ।
अहं हर्ता अहं कर्ता अहं भोक्तेति वादिनः ।।१६।।

अहमेवेश्वरः शास्ता अहं वेत्ता अहं सुखी ।
एतादृशी मतिर्नृणामधः पातयतीह तान् ।।१७।।

तस्मादेतत् समुत्सृज्य दैवीं प्रकृतिमाश्रय ।
भक्तिं कुरु मदीयां त्वमनिशं दृढचेतसा ।।१८।।

सापि भक्तिस्त्रिधा राजन् ! सात्त्विकी राजसीतरा ।
यद्देवान् भजते भक्त्या सात्त्विकी सा मता शुभा।।१९।।

राजसी सा तु विज्ञेया भक्तिर्जन्ममृतिप्रदा ।
यद्यक्षाँश्चैव रक्षांसि यजन्ते सर्वभावतः ।।२०।।

वेदनाविहितं क्रूरं साहङ्कारं सदम्भकम् ।
भजन्ते प्रेतभूतादीन् कर्म कुर्वन्ति कामुकम् ।।२१।।

शोषयन्तो निजं देहमन्तस्थं मां दृढाग्रहाः ।
तामस्येतादृशी भक्तिर्नृणां सा निरयप्रदा ।।२२।।

कामो लोभस्तथा क्रोधो दम्भश्चत्वार इत्यमी ।
महाद्वाराणि वीचीनां तस्मादेताँस्तु वर्जयेत् ।।२३।।

मेरो भक्ति नगर्नाले फेरि रौरव आदि नरकमा पर्छन् । तर मेरा भक्तहरू भने जस्तोसुकै परिस्थितिमा पनि, जस्तोसुकै योनिमा जन्म लिए तापनि मेरो भक्तिका कारण ती दुःख, कष्ट र नरकबाट मुक्त भई यज्ञ र अन्य धार्मिक कर्महरू गरेर स्वर्गमा प्राप्त हुन्छन्। यसरी मेरो भक्ति गर्ने मानिसहरूले दुर्लभ कामनालाई पनि सुलभ तुल्याउँछन् ।।१३-१५।। मोहमा परेर किंकर्तव्यमूढ भएका मानिसहरू आफ्नै कर्मले समाप्त हुन्छन् । म कर्ता हुँ, म भोक्ता हुँ, म हन्ता हुँ भन्ने भावना लिने; म नै ईश्वर हुँ, म नै शासक हुँ, म नै ज्ञानी हुँ, म नै सुखी हुँ भन्ने मानिसहरूको बुद्धि भयो भने यस बुद्धिले ती मानिसहरूलाई नरकमा पुर्‍याउँछ ।।१६-१७।। हे राजा वरेण्य ! तपाईँले राक्षसी र आसुरी प्रकृतिका तामसी गुणहरूलाई पन्छाएर सात्त्विक प्रकृति अँगाल्नुहोस्, ममा निरन्तर आफ्नो मन दृढ गराएर भक्ति गर्नुहोस् ।।१८।। हे राजा वरेण्य! त्यो भक्ति पनि तीन प्रकारको छ - सात्त्विकी, राजसी र तामसी भक्ति । जुन भक्तिद्वारा श्रद्धापूर्वक देवताहरूको आराधना गरिन्छ त्यो भक्तिलाई सात्त्विकी भक्ति भन्दछन् । त्यो उत्तम भक्ति मानिन्छ । राजसी भक्ति भनेको जन्म र मृत्यु दिने भक्ति हो । यस्तो भक्तिलाई यक्ष र राक्षसले अँगालेका हुन्छन् । तिनले वेदले नगर्न भनेका काम गर्दछन् । क्रूरता, अहङ्कार, दम्भ अँगालेर तिनले भूत र प्रेतको आराधना गर्दछन् र आफूले केही पाउने आशाले मात्र आफ्ना आराध्यहरूको सेवा गर्दछन् ।।१९-२१।। कामना प्राप्तिका लागि तिनले शरीरलाई सुकाउँछन् । आफूभित्र रहेका म परमात्माको पनि बेवास्ता गर्छन् । अर्को भक्तिको नाम हो -तामसी । त्यसले मानिसहरूलाई नरक प्रदान गर्दछ ।।२२।। त्यसका साधक चार तत्त्व छन्- काम, क्रोध, लोभ र दम्भ । यी चारै तत्त्व संसारसागरका ढोका हुन् । त्यस कारण यिनलाई हटाउनु पर्दछ ।।२३।।

ॐ

ॐ तत्सदिति श्रीमद्गणेशगीतासूपनिषदर्थगर्भासु योगमृतार्थशास्त्रे श्रीमदादिश्रीन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे उपदेशयोगो नाम दशमोऽध्यायः ।।१०।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे उपदेशयोगो नाम सप्तचत्वारिंशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत उपदेशयोग' शीर्षकान्वित एक सय सतचालीसौं अध्याय पूर्ण भयो ।।१४७।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टचत्वारिंशदुत्तरशततमोऽध्यायः { १४८ अध्याय }

श्रीगजाननउवाच

तपोऽपि त्रिविधं राजन् कायिकादिप्रभेदतः ।
ऋजुतार्जवशौचानि ब्रह्मचर्यमहिंसनम् ।।१।।

गुरुविज्ञद्विजातीनां पूजनं चासुरद्विषाम् ।
स्वधर्मपालनं नित्यं कायिकं तप ईदृशम् ।।२।।

मर्मास्पृक्च प्रियं वाक्यमनुद्वेगं हितमृतम् ।
अधीतिर्वेदशास्त्राणां वाचिकं तप ईदृशम् ।।३।।

अन्तःप्रसादः शान्तत्वं मौनमिन्द्रियनिग्रहः ।
निर्मलाशयता नित्यं मानसं तप ईदृशम् ।।४।।

अकामतः श्रद्धया च यत्तपः सात्त्विकं तु तत् ।
विधिवाक्यप्रमाणार्थं सदम्भं राजसं तपः ।।५।।

तदस्थिरं जन्ममृती प्रयच्छति न संशयः ।
परात्मपीडकं यच्च तपस्तामसमुच्यते ।।६।।

विधिवाक्यप्रमाणार्थं सत्पात्रे देशकालतः ।
श्रद्धया दीयमानं यद् दानं तत् सात्त्विकं मतम् ।।७।।

उपकारं फलं वापि काङ्क्षद्भिर्दीयते नरैः ।
क्लेशतो दीयमानं वा भक्त्या राजसमुच्यते ।।८।।

अकालदेशतोऽपात्रेऽवज्ञया दीयते तु यत् ।
असत्काराच्च यद् दत्तं तद् दानं तामसं स्मृतम् ।।९।।

ज्ञानं च त्रिविधं राजन् ! शृणुष्व स्थिरचेतसा।
त्रिधा कर्म च कर्तारं ब्रवीमि ते प्रसङ्गतः ।।१०।।

नानाविधेषु भूतेषु मामेकं वीक्षते तु यः ।
नाशवत्सु च नित्यं मां तज्ज्ञानं सात्त्विकं नृप ।।११।।

तेषु वेत्ति पृथग्भूतं विविधं भावमाश्रितः ।
मामव्ययं च तज्ज्ञानं राजसं परिकीर्तितम् ।।१२।।

श्रीगणेशले भन्नुभयो - हे राजा वरेण्य ! कायिक, वाचिक र मानसिक भेदले तपस्या तीन प्रकारको मानिएको छ। सरलता, विनम्रता, पवित्रता, ब्रह्मचर्यधारण, अहिंसा, गुरुको, विद्वान्को, ब्राह्मणको र देवताहरूको अर्चना एवं नित्य स्वधर्मको पालन गर्नु यी शारीरिक तपस्याका लक्षण हुन् ।।१-२।। मर्ममा नबिझाउने, सुन्दा प्यारो लाग्ने, उद्वेगरहित, हितकारी, मधुर एवं सत्यवचन तथा वेद एवं शास्त्रहरूको अध्ययन यी वाचिक तपस्याका परिचायक हुन्।।३।। हृदयमा प्रसन्नता, शान्ति, मौन, इन्द्रियवशीकरण र हृदयमा नित्य निर्मलता यी मानसिक तपस्याका लक्षण हुन् ।।४।। निष्काम भावले श्रद्धाका साथ जुन तपस्या गरिन्छ त्यो सात्विक तपस्या कहलाउँछ । अरूको सत्कार गरेर आफ्नो नाम चलाउनका लागि दम्भपूर्वक गरिने तपस्यालाई राजस तपस्या भनिन्छ । यो राजस तपस्या अस्थिर, विनाशशील हुन्छ र मृत्युदायक हुन्छ । अरूको आत्मामा पीडा उत्पन्न गर्ने तपस्यालाई तामस तपस्या भनिन्छ ।।५-६।। वेदका विधिवाक्यलाई प्रमाण मानेर उत्तम पात्र, उत्तम देश र उत्तम कालमा श्रद्धापूर्वक दिइने दानलाई सात्त्विक दान भनिन्छ । उपकारका दृष्टिले अथवा फलको आकाङ्क्षा राखेर क्लेश सहन गर्दै दिइने दान राजस दान कहलाउँछ। अकालमा विधान नगरिएको देशमा र अपात्रमा अवज्ञापूर्वक एवं असत्कारपूर्वक दिइने दान तामस दान कहलाउँछ ।।७-९।। हे राजन् ! ज्ञान र कर्म पनि तीन तीन प्रकारका हुन्छन् । तपाइँले आफ्नो चित्त स्थिर गराएर सुन्नुहोस्। प्रसङ्गअनुसार मैले तीन प्रकारका कर्ताहरूको विषयमा पनि बताउनेछु । जसले अनेक प्राणीहरूमा एउटा मेरो मात्र दर्शन गर्दछ र नाशवान् पदार्थहरूमा पनि नित्य अविनाशी रूपमा रहने मलाई चिन्दछ त्यस व्यक्तिको ज्ञानलाई सात्त्विक ज्ञान भनिन्छ ।।१०-११।। जसले भेदभावना मनमा राखी अनेक प्राणीहरूभन्दा अलग रहेको ईश्वरतत्त्व हो भनी भिन्नै रूपमा मेरो दर्शन गर्दछ त्यसको भेदसहितको ज्ञानलाई राजस ज्ञान भनिन्छ ।।१२।। कारणरहित, अनित्य, शरीरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेतुहीनमसत्यं च देहात्मविषयञ्च यत् ।
असदल्पार्थविषयं तामसं ज्ञानमुच्यते ।।१३।।

भेदतस्त्रिविधं कर्म विद्धि राजन् ! मयेरितम् ।
कामनाद्वेषदम्भैर्यद्रहितं नित्यकर्म यत् ।।१४।।

कृतं विना फलेच्छां यत् कर्म सात्त्विकमुच्यते ।
यद् बहुक्लेशतः कर्म कृतं यच्च फलेच्छया ।।१५।।

क्रियमाणं नृभिर्दम्भात् कर्म राजसमुच्यते ।
अनपेक्ष्य स्वशक्तिं यदर्थक्षयकरं च यत् ।।१६।।

अज्ञानात् क्रियमाणं यत् कर्म तामसमीरितम् ।
कर्तारं त्रिविधं विद्धि कथ्यमानं मया नृप ।।१७।।

धैर्योत्साही समोऽसिद्धौ सिद्धौ चाविक्रियस्तु यः ।
अहङ्कारविमुक्तो यः स कर्ता सात्त्विको नृप ।।१८।।

कुर्वन् हर्षञ्च शोकञ्च हिंसाफलस्पृहाञ्च यः ।
अशुचिर्लुब्धको यस्तु राजसोऽसौ निगद्यते ।।१९।।

प्रमादाज्ञानसहितः परोच्छेदपरः शठः ।
अलसस्तर्कवान् यस्तु कर्ताऽसौ तामसो मतः ।।२०।।

सुखञ्च त्रिविधं राजन् ! दुःखञ्च क्रमतः शृणु ।
सात्त्विकं राजसं चैव तामसञ्च मयोच्यते ।।२१।।

विषवद् भासते पूर्वं दुःखस्यान्तकरञ्च यत् ।
इच्छ्यमानं तथा वृत्त्या यदन्तेऽमृतवद् भवेत् ।।२२।।

प्रसादात् स्वस्य बुद्धेर्यत् सात्त्विकं सुखमीरितम् ।
विषयाणां तु यो भोगो भासतेऽमृतवत् पुरा ।।२३।।

हालाहालमिवान्ते यद् राजसं सुखमीरितम् ।
तन्द्रिप्रमादसम्भूतमालस्यप्रभवञ्च यत् ।।२४।।

सर्वदा मोहकं स्वस्य सुखं तामसमीदृशम् ।
न तदस्ति यदेतैर्यन्मुक्तं स्यात् त्रिविधैर्गुणैः ।।२५।।

राजन् ! ब्रह्मापि त्रिविधमों तत्सदिति भेदतः ।।
त्रिलोकेषु त्रिधाभूतमखिलं भूप ! वर्तते ।।२६।।

आत्माको अवलोकन गर्ने र असत् एवं अल्पप्रयोजनमा आश्रित ज्ञानलाई तामस ज्ञान भनिन्छ ।।१३।। हे राजा ! तपाइँले तीन प्रकारका कर्मको विषयमा पनि सुन्नुहोस् – कामना, द्वेष एवं दम्भ नभएको र फलको आशा नराखी गरिएको कर्मलाई सात्त्विक कर्म भनिन्छ। जुन कर्म गर्दा अनेक कष्टहरूको सहन गरिन्छ र जुन कर्म फलको इच्छा राखेर दम्भपूर्वक गरिन्छ त्यस कर्मलाई राजस कर्म भनिन्छ। जुन कर्म आफ्नो शक्ति नहेरी गरिन्छ, जुन कर्म गर्दा धेरै धनको व्यय गरिन्छ र जुन कर्म अज्ञानपूर्वक गरिन्छ त्यसलाई तामस कर्म भनिन्छ । हे राजा वरेण्य! कर्मका साधक कर्ता पनि तीन प्रकारका हुन्छन् । तिनको विषयमा म बताउनेछु ।।१४-१७।। हे राजन्! जुन कर्ताले धैर्यपूर्वक उत्साहका साथ कर्म गर्दछ र जुन कर्ता समदृष्टिले सम्पन्न हुन्छ, जुन कर्ताको मनमा सफलता वा असफलताका कारण कुनै विकार पैदा हुँदैन, जुन कर्ता अहङ्काररहित हुन्छ त्यस कर्तालाई सात्त्विक कर्ता भन्नुपर्दछ ।।१८।। अपवित्र, लोभलालसाले युक्त, हर्ष र शोकले सम्पन्न, हिंसाबाट प्राप्त हुने फलको कामना गर्ने कर्तालाई राजस कर्ता भनिन्छ ।।१९।। प्रमाद र अज्ञानको पुञ्ज, अरूको वृत्ति व्यवस्था र सम्पत्ति हरण गर्ने, दुर्जन, अल्छी र धेरै तर्क गर्ने कर्तालाई तामस कर्ता भनिन्छ ।।२०।। सुख तीन प्रकारको हुन्छ र दुःख पनि तीन प्रकारको नै हुन्छ । म दुबैको विषयमा क्रमैले बताउनेछु, तपाइँ सुन्नुहोस् । पहिले विषसमान लाग्ने तर पछि गएर दुःखको नाश गराउने उत्तम कर्म गरेका कर्ताहरूद्वारा चाहना गरिने र प्राप्त गरेपछि आफ्नो बुद्धिको निर्मलताका कारण अमृतझैं लाग्ने सुखलाई सात्त्विक सुख भनिन्छ।।२१-२२।। पहिले विषयभोगका समयमा अमृतझैं लाग्ने र अन्तमा विषसमान प्रतीत हुने सुखलाई राजस सुख भनिन्छ । तन्द्रा, प्रमाद, आलस्यबाट पैदा हुने र आफूलाई सधैं मूढ अवस्थामा राख्ने सुखलाई तामस सुख भनिन्छ। संसारमा तीन गुणबाट मुक्त कोही पनि छैन ।।२३-२५।। ॐकाररूप ब्रह्म, ईश्वररूप ब्रह्म र जीवरूप ब्रह्म गरी ब्रह्म पनि तीन प्रकारको हुन्छ । हे राजन्! त्यो ब्रह्म तीन लोकमा नै तीन रूपमा व्याप्त भएर रहेको छ।।२६।। स्वभावैले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मक्षत्रियविट्शूद्राः स्वभावाद् भिन्नधर्मिणः ।
तानि तेषां तु कर्माणि संक्षेपात् तेऽधुना वदे ।।२७।।

अन्तर्बाह्येन्द्रियाणाञ्च वश्यत्वमार्जवं क्षमा ।
नानातपांसि शौचञ्च द्विविधं ज्ञानमात्मनः ।।२८।।

वेदशास्त्रपुराणानां स्मृतीनां ज्ञानमेव च ।
अनुष्ठानं तदर्थानां कर्म ब्राह्ममुदाहृतम् ।।२९।।

दार्ढ्यं शौर्यञ्च दाक्ष्यञ्च युद्धे पृष्ठाप्रदर्शनम् ।
शरण्यपालनं दानं धृतिस्तेजःस्वभावजम् ।।३०।।

प्रभुता मनऔन्नत्यं सुनीतिर्लोकपालनम् ।
पञ्चकर्माधिकारत्वं क्षत्रकर्म समीरितम् ।।३१।।

नानावस्तुक्रयो भूमेः कर्षणं रक्षणं गवाम् ।
त्रिधा कर्माधिकारित्वं वैश्यकर्म समीरितम् ।।३२।।

दानं द्विजानां शुश्रूषा सर्वदा शिवसेवनम् ।
एतादृशं नरव्याघ्र ! कर्म शौद्रमुदीरितम् ।।३३।।

स्वस्वकर्मरता एते मय्यर्प्याखिलकारिणः ।
मत्प्रसादात् स्थिरं स्थानं यान्ति ते परमं नृप ।।३४।।

इति ते कथितो राजन् ! प्रसादाद् योग उत्तमः।
साङ्गोपाङ्गः सविस्तारोऽनादिसिद्धो मया प्रिय ।।३५।।

युङ्क्ष्य योगं मयाख्यातं नाख्यातं कस्यचिन्नृप ।
गोपयैनं ततः सिद्धिं परां यास्यस्यनुत्तमाम् ।।३६।।

वर्णहरू भिन्नभिन्न कर्मका अधिकारी मानिएका छन् । ती ती वर्णहरूका लागि निर्धारित कर्महरूको विषयमा म तपाइँलाई अहिले संक्षेपमा बताउँछु।।२७।। इन्द्रियहरूलाई बाहिरी विषय र भावनाप्रधान आभ्यन्तर विषयहरूमा आसक्त हुन नदिनु, ऋजुता अवलम्बन गर्नु, क्षमा धारण गर्नु, अनेक थरि तपस्या गर्नु, आत्मालाई सर्वत्र दर्शन गर्नु तथा आफैभित्र पनि दर्शन गर्नु वेद, शास्त्र, पुराण र धर्मशास्त्रको ध्यान गर्नु, वेद, पुराण, शास्त्र र धर्मशास्त्रहरूले बताएका कर्महरूको पालन गर्नु यी ब्राह्मणहरूका कर्म भनी निर्धारण गरिएका विषय हुन्।।२८-२९।। दृढता, शूरता, चतुरता, युद्धमा पिठ्यूँ नफर्काई वीरता प्रदर्शन गर्नु, शरणागतको रक्षा गर्नु, दान गर्नु, धैर्यधारण गर्नु, क्षत्रिय स्वभाव-अनुसारको प्रताप धारण गर्नु, स्वामित्व वा ऐश्वर्य कायम गर्नु, विशाल मनको अधिपति हुनु, उत्तम नीति कायम गर्नु, जनताको सर्वतोभावेन रक्षा गर्नु र भूतयज्ञ, पितृयज्ञ, देवयज्ञ, ब्रह्मयज्ञ एवं मनुष्ययज्ञजस्ता पञ्चकर्महरूको साधिकार अनुष्ठान गर्नुजस्ता कर्म क्षत्रियका लागि निर्धारित छन् ।।३०-३१।। अनेक थरि वस्तुहरूको आयात गर्नु, खेती गर्नु, गोपालन गर्नु र यी तीनै कर्मको अधिष्ठाता भई राष्ट्रमा अरूलाई पनि त्यसतर्फ अभिप्रेरित गर्नुजस्ता वैश्यका कर्म भनी निर्धारित विषय हुन्।।३२।। हे राजन्! दान गर्नु, ब्राह्मण, क्षत्रिय र वैश्यका लागि आवश्यक वस्तुहरूको निर्माण गरी सेवा पुऱ्याउनु, शिवजीको आराधना गर्नुजस्ता कर्म शूद्रवर्णका लागि विधान गरिएका छन् ।।३३।। यी सबै वर्णहरू आ-आफ्नो धर्ममा निरत भई आफूले गरेका कर्म मलाई अर्पेर सबैको सेवा गरेका कारण मेरो कृपा प्राप्त गरी शाश्वत र परम धाममा प्राप्त हुन्छन् ।।३४।। हे राजन्! यसरी मैले तपाइँलाई अनादि परम्पराबाट प्राप्त उत्तम योगशास्त्र साङ्गोपाङ्ग रूपमा विस्तारपूर्वक बताएँ। हे राजा ! मैले बताएको योगशास्त्रमा आफूलाई प्रवृत्त गराउनुहोस् । मैले यस योगको उपदेश आजभन्दा अघि कसैलाई पनि गरेको छैन। यो गोपनीय विद्या हो । तपाइँले पनि यसलाई गोप्य बनाएर धारण गर्नुहोस्। यसबाट परम सिद्धि प्राप्त गर्नुहुनेछ।।३५-३६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क उवाच

इति तस्य वचः श्रुत्वा प्रसन्नस्य महात्मनः ।
गणेशस्य वरेण्यः स चकार च यथोदितम् ।।३७।।

त्यक्त्वा राज्यं कुटुम्बञ्च कान्तारं प्रययौ रयात् ।
उपदिष्टं यथायोगमास्थाय मुक्तिमाप्तवान् ।
इमं योगोत्तमं योगं शृणोति श्रद्धया तु यः ।।३८।।

सोऽपि कैवल्यमाप्नोति यथा योगी तथैव सः ।
य इमं श्रावयेद् योगं कृत्वाऽस्यार्थं सुबुद्धिमान् ।।३९।।

यथा योगी तथा सोऽपि परं निर्वाणमृच्छति ।
यो गीतां सम्यगभ्यस्य ज्ञात्वा चार्थं गुरोर्मुखाद् ।।४०।।

कृत्वा पूजां गणेशस्य प्रत्यहं पठते तु यः ।
एककालं द्विकालं वा त्रिकालं वापि यः पठेत् ।।४१।।

ब्रह्मीभूतस्य तस्यापि दर्शनान्मुच्यते नरः ।
न यज्ञैर्न व्रतैर्दानैर्नाग्निहोत्रैर्महाधनैः ।।४२।।

न वेदैः सम्यगभ्यस्तैः सम्यग्ज्ञातैः सहाङ्गकैः ।
पुराणश्रवणैर्नैव न शास्त्रैः साधुचिन्तनैः ।।४३।।

प्राप्यते ब्रह्म परममनया प्राप्यते नरैः ।
ब्रह्मघ्नो मद्यपः स्तेनो गुरुतल्पगमोऽपि यः ।।४४।।

चतुर्णां यस्तु संसर्गी महापातककारिणाम् ।
स्त्रीहिंसा गोवधादीनां कर्तारो ये च पापिनः ।।४५।।

ते सर्वे प्रतिमुच्यन्ते गीतामेतां पठन्ति चेत् ।
यः पठेत् प्रयतो नित्यं स गणेशो न संशयः ।।४६।।

चतुर्थ्यां यः पठेद् भक्त्या सोऽपि मोक्षाय कल्पते।
तत्तत् क्षेत्रं समासाद्य स्नात्वाऽभ्यर्च्य गजाननम्।।४७।।

सकृद् गीतां पठेद् भक्त्या ब्रह्मभूयाय कल्पते ।
भाद्रे मासे सिते पक्षे चतुर्थ्यां भक्तिमान् नरः ।।४८।।

ब्रह्माजीले भन्नुभयो - प्रसन्न हुनुभएका परमात्मा श्रीगणेशका वचन सुनेर वरेण्यले भगवान्ले आज्ञा गर्नु भएअनुसार योगशास्त्र धारण गरी अनुष्ठान गरे । त्यसपछि तिनले कुटुम्ब र राज्यसमेत परित्याग गरी वन जान तीव्र गतिमा प्रस्थान गरे । उपदेश गरिएको योगशास्त्रलाई धारण र प्रयोग गरी मुक्तिपद पनि प्राप्त गरे । योगशास्त्रहरूमा उत्तम यस योगशास्त्रलाई जसले श्रद्धापूर्वक श्रवण गर्दछ त्यसले योगीले झैं कैवल्यमुक्ति प्राप्त गर्दछ । जुन बुद्धिमान् मानिसले यसको अध्ययन गरी भक्तहरूलाई अर्थ सुनाउँछ त्यसले पनि योगीले झैं कैवल्यमुक्ति प्राप्त गर्दछ । जसले यस गीताको राम्ररी अभ्यास गरी गुरुबाट अर्थबोध गरेर दिनदिनै अध्ययन गर्दछ, दिनदिनै श्रीगणेशको पूजा गरी श्रीगणेशगीताको पाठ गर्दछ अथवा जसले दिनदिनै एक पटक, दुई पटक अथवा, तीन पटकसम्म पाठ गर्दछ त्यो ब्रह्मरूप हुन्छ । यस्ता ब्रह्मरूप पुरुषको दर्शन गर्ने मानिस पनि संसारको बन्धनबाट मुक्त हुन्छन् । मानिसहरूले श्रीगणेशगीताको अध्ययनद्वारा जुन परब्रह्मको साक्षात्कार गर्दछन् त्यो यज्ञद्वारा प्राप्त हुँदैन; दानबाट प्राप्त हुँदैन; अग्निहोत्रबाट प्राप्त हुँदैन; असंख्य धनराशि खर्च गरेर प्राप्त हुँदैन; वेद-वेदाङ्गको राम्रो अध्ययनबाट प्राप्त हुँदैन; पुराणश्रवणबाट पनि प्राप्त हुँदैन र शास्त्रहरूको गम्भीर अनुशीलनबाट पनि प्राप्त हुँदैन।।३७-४३।। श्रीगणेशगीताको राम्ररी अध्ययन गर्नाले ब्रह्महत्या गर्ने, मदिरापान गर्ने, चोरी गर्ने, आफ्नी गुरुकी पत्नीसँग व्यभिचार गर्ने र उक्त चार प्रकारका पापीहरूसँग बसउठ गर्ने समेत गरी यी पाँच प्रकारका महापातकीहरू यिनका साथै स्त्रीजातिको हत्या गर्ने र गोवध गर्ने पातकी पनि पापबाट मुक्त हुन्छन् ।।४४-४५।। जसले दिनदिनै श्रीगणेशगीताको पाठ गर्दछ त्यो ब्रह्म नै हो । जसले संयमित र शान्त भई दिनदिनै श्रीगणेशगीताको पाठ गर्दछ त्यो श्रीगणेश नै हो । यसमा कुनै सन्देह छैन ।।४६।। जसले चतुर्थी तिथिमा भक्तिपूर्वक श्रीगणेश-गीताको पाठ गर्दछ, त्यो मानिस पनि मोक्षधाममा प्राप्त हुन्छ। जुन श्रीगणेशभक्तले श्रीगणेशका विभिन्न तीर्थहरूमा गई स्नान र श्रीगणेशपूजा गरेर भक्तिपूर्वक एक पटकमात्र भए पनि श्रीगणेशगीताको पाठ गर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्वा महीमयीं मूर्तिं गणेशस्य चतुर्भुजाम् ।
सवाहनां सायुधाञ्च समभ्यर्च यथाविधि ।।४९।।

यः पठेत् सप्तकृत्वस्तु गीतामेतां प्रयत्नतः ।
ददाति तस्य तुष्टोऽसौ गणेशो भोगमुत्तमम् ।।५०।।

पुत्रान् पौत्रान् धनं धान्यं पशुरत्नादिसम्पदः ।
विद्यार्थिनो भवेद् विद्या सुखार्थी सुखमाप्नुयात् ।।५१।।

कामानन्याँल्लभेत् कामी मुक्तिमन्ते प्रयान्ति ते ।।५२।।

भने त्यो पनि ब्रह्मस्वरूप बन्दछ । भाद्र मासको शुक्लपक्षको चतुर्थी तिथिका दिन भक्तिमान् मानिसले भगवान् श्रीगणेशको चतुर्बाहु, सवाहन, सायुध, पार्थिव मूर्ति तयार गरी विधिपूर्वक प्रतिष्ठा र पूजा गरेर सात पटकसम्म श्रीगणेशगीताको मनोयोगले पाठ गर्दछ भने त्यसमाथि भगवान् श्रीगणेश प्रसन्न भई त्यसलाई उत्तम भोग प्रदान गर्नुहुन्छ ।।४७-५०।। उहाँले पुत्र, पौत्र, धनधान्य, पशु, रत्न आदि सम्पत्ति पनि प्रदान गर्नुहुन्छ । भक्त विद्यार्थी भए त्यसले विद्या प्राप्त गर्दछ । सुखार्थी भए सुख प्राप्त गर्दछ । कामार्थी भए नाना थरि भोग प्राप्त गर्दछ । अन्तमा ती सबै थरि साधकहरूले मुक्ति प्राप्त गर्दछन् ।।५१-५२।।

ॐ

ॐ तत्सदिति श्रीमणेशगीतासूपनिषदर्थगर्भासु योगामृतार्थशास्त्रे श्रीमदादिश्रीमन्महागाणेश्वरे महापुराणे क्रीडाखण्डे बालचरिते श्रीगजाननवरेण्यसंवादे गुणत्रयकृतियोगो नामैकादशोध्यायः ।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे गुणत्रयकृतियोगो नाम अष्टचत्वारिंशदधिकशततमोऽध्यायः

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशगीताअन्तर्गत गुणत्रयकृति योग' शीर्षकान्वित एक सय अठचालीसौं अध्याय पूर्ण भयो ।।१४८।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊनपञ्चाशदुत्तरशततमोऽध्यायः { १४९ अध्याय }

क उवाच

एवं पूजां संप्रगृह्य तत्रैव न्यवसद् विभुः ।
भक्तानां पूरयन् कामान् सदने राजपूजिते ।।१।।

मुनिरुवाच

विनायकस्य माहात्म्ये कथा भिन्ना निरूपिताः ।
अवतीर्य वरेण्यस्य गृहे विघ्नासुरो हतः ।।२।।

गजासुरमुखप्राप्तिर्वर्णिता चतुरानन !
अत्रैव पार्वतीगर्भादाविर्भावो निरूपितः ।।३।।

गजाननतया देव ! संशयोऽतो ममाभवत् ।
त्वदन्यः संशयच्छेत्ता नास्त्येव भुवनत्रये ।।४।।

क उवाच

न कार्यः संशयो व्यास ! नानाशक्तियुते विभौ ।
निजेच्छावशतोऽनेकरूपकः कल्पभेदतः ।।५।।

शम्भुवक्त्राच्च क्रोधाच्च प्रादुर्भूतो गजाननः ।
गौर्याश्च तेजसो जात उदराच्च क्वचिन्मुने ।।६।।

क्वचिद् गौरीमलाच्चापि द्विमुखो द्विकरः क्वचित् ।
क्वचित् पञ्चमुखः क्वापि षण्मुखो दशबाहुकः ।।७।।

क्वचिद् द्वादशहस्तश्च सहस्त्रभुजमण्डितः ।
आगमेषु समस्तेषु नानाध्यानानि सन्ति हि ।।८।।

न चात्र संशयः कार्यो विस्मयो वा मुने ! प्रभौ ।
शिवाद् ब्रह्मा च विष्णुश्च लैङ्गे जातौ निरूपितौ ।।९।।

ब्रह्माजीले भन्नुभयो – हे व्यास ! यसरी वरेण्यको राजभवनमा रहनुभएका प्रभु श्रीगणेश वरेण्यलाई योगशास्त्रको उपदेश गरेपछि राजपूजित भई त्यहीं राजभवनमा भक्तहरूद्वारा गरिएको पूजा ग्रहण गर्दै र तिनका कामनाहरू परिपूर्ण तुल्याउँदै निवास गर्नुभयो ।।१।।

व्यासले भन्नुभयो – हे विधाता ! हजुरले विनायक भगवान्को माहात्म्य संझाउन अनेक कथा सुनाउनुभयो । भगवान् विनायकले वरेण्यको घरमा अवतीर्ण भई विघ्नासुरको हत्या गर्नुभयो र भगवान् श्रीगणेशले गजासुरको हत्या गरी गजमुख धारण गरेको कथा पनि सुनाउनु भयो । फेरि वरेण्यको घरमा जानुभन्दा पहिले भगवान् श्रीगणेश पार्वतीको गर्भबाट गजाननका रूपमा अवतरित हुनुभएको कथा पनि हजुरले नै सुनाउनुभयो। श्रीगणेश पार्वतीका छोरा हुन् कि वरेण्यका ? मलाई ठूलो संशय भयो । स्वर्ग, मर्त्य र पातालमा हजुरभन्दा अर्को संशयछेदन गर्ने विद्वान् छैन । तसर्थ मेरो संशयछेदन गर्नुहोस्।।२–४।।

ब्रह्माजीले भन्नुभयो– हे व्यास! सर्वशक्तिसम्पन्न, अन्तर्यामी भगवान् श्रीगणेशका विषयमा तिमीले संशय नगर । उहाँले आफ्नो इच्छाले जतिबेला पनि र जहाँ पनि आफूलाई अनेक रूपमा प्रकट गराउन सक्नुहुन्छ । कल्पभेदले पनि कथाहरूमा फरक–फरक घटनाहरू देखाइएका हुन्छन् ।।५।। कहीं भगवान् गजाननलाई रिसाउनु भएका भगवान् शङ्करको मुखबाट पैदा हुनुभएको भनी वर्णन गरिएको छ, कहीं गौरीको तेजबाट प्रकट हुनुभएको कुरा लेखिएको छ, कहीं गौरीकै गर्भमा वास गरेर पैदा हुनुभएको भनिएको छ र कहीं गौरीको मयलबाट भगवान्को अवतरण भएको कुरा बताइएको छ ।।६।। कहीं उहाँलाई दुई मुख र दुई हात धारण गर्नुहुने भनिएको छ, कहीं उहाँलाई ६ मुख र १२ हात धारण गर्ने देवताका रूपमा वर्णन गरिएको छ, कहीं हजारौं मुख र हजारौं हात धारण गरी अवतरित हुनुभएको भन्ने बताइएको छ । यी सबै कुराका स्रोतका रूपमा निगम र आगम रहेका छन् ।।७–८।। हे व्यास! सर्वैश्वर्यसम्पन्न श्रीगणेश प्रभुका विषयमा तिमीले सन्देह र विस्मय पनि नगर । लिङ्गपुराणमा शिवजीबाट ब्रह्मा र विष्णु उत्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्कान्दे विधातुर्नेत्राच्च शिवोत्पत्तिर्निरूपिता ।
विष्णुः शिवं ध्यायति च शिवोऽपि विष्णुमेव च।।१०।।

पञ्चाक्षरं समन्त्रं च तारकं वदति प्रभुः ।
शतकोटिमितं रामचरितं च त्रिधाकृतम् ।।११।।

मर्त्यलोके तारकं स स्थापयामास शङ्करः ।
क्वचिच्छिवात् सृष्टिरुक्ता ब्रह्मणश्च क्वचिद्धरेः।।१२।।

भगवत्याः क्वचित् प्रोक्ता क्वचित् सूर्याद् गजाननात्।
क्वचिच्च ब्रह्मणः प्रोक्ता सर्वं तच्छास्त्रसम्मतम्।।१३।।

संशयं कुरुते यस्तु स याति नरकं ध्रुवम् ।

क उवाच

एवं त्रेतायुगकथा प्रोक्ता सर्वा मुने तव ।।१४।।

इदानीमभिधास्यामि कथां कलियुगाश्रिताम् ।
कलिप्रान्ते मुने ! लोका भ्रष्टाचारास्तथानृताः ।।१५।।

ब्राह्मणा वेदरहिताः स्नानसन्ध्याविवर्जिताः ।
यजनं याजनं दानं न करिष्यन्ति कर्हिचित् ।।१६।।

प्रतिग्रहं च दुष्टानां करिष्यन्ति सुदुर्लभम् ।
परापवादं तन्निन्दां परस्त्रीधर्षणं तथा ।।१७ ।।

करिष्यन्ति जनाः सर्वे विधिलोपञ्च सर्वशः ।
विश्वासघातं सर्वत्र कुर्वन्ति च जना ध्रुवम्।।१८।।

विधिलोपे च शपथं करिष्यन्ति धरातले ।
न करिष्यन्ति मेघाश्च वृष्टिं क्वापि मुनीश्वर ।।१९।।

महानदीतीरदेशे करिष्यन्ति कृषिं जनाः ।
यो बली सोप्यबलिनो हरिष्यति धनं बलात् ।।२०।।

हरिष्यतस्ततो द्वौ च त्रयस्ताभ्यां बलात् पुनः ।
शूद्रा वेदं पठिष्यन्ति ब्राह्मणाः शूद्रकर्मिणः ।।२१।।

भएको वर्णन गरिएको छ । स्कन्दपुराणमा शिवजीका आँखाबाट ब्रह्माजीको उत्पत्तिका साथै शिवजीले विष्णुको ध्यान गरेको प्रसङ्ग रहेको छ । शिवजीले पाँच अक्षर भएको तारकमन्त्र सुनाउने कुरा पनि त्यहाँ लेखिएको छ। एक सय करोड पद्यमा लेखिएको रामायणलाई तीन भागमा विभाजित गरेर तीन लोकमा प्रचार गरिएको कुरा पनि त्यहाँ रहेको छ । पुराणहरूका अनेक प्रसङ्गमा शिवजीबाट सृष्टि गरिएको बताइएको छ भने कहीं ब्रह्माजीबाट सृष्टि हुने कुरा लेखिएको छ। कहीं नारायणबाट सृष्टि गरिएको वर्णन पनि छ । कहीं भगवतीबाट सृष्टि गरिएको बयान छ भने कहीं श्रीगणेशबाट सृष्टि भएको वर्णन पनि छ । कहीं सूर्यलाई सृष्टिकर्ताको रूपमा देखाइएको छ, कहीं ब्रह्माजीबाट नै सृष्टि आदि सबै कुरा हुने खुलाइएको छ। यी भिन्न भिन्न तथ्य हुन् तापनि शास्त्रद्वारा अनुमोदित छन् । जसले सन्देह गर्दछ त्यो निश्चित रूपमा नरकमा पर्दछ ।

ब्रह्माजीले भन्नुभयो – हे व्यास ! यसरी मैले तपाईंलाई त्रेतायुगका सबै कथा सुनाएँ ।।९-१४।। अब म कलियुगसँग सम्बद्ध कथा बताउनेछु । हे मुनि ! कलियुगमा मानिसहरू असत्यवादी र भ्रष्टाचारी हुनेछन् ।।१५।। ब्राह्मणहरू वेदहीन र स्नान, सन्ध्या आदि कर्मरहित हुनेछन् । तिनले कहिल्यै पनि शास्त्रसम्मत यज्ञ गर्ने, गराउने एवं दान दिने र दान लिने काम गर्ने छैनन् ।।१६।। तिनले दुष्ट एवं भ्रष्टाचारीहरूका हातबाट दुर्लभ दान लिन पनि सङ्कोच मात्रै छैनन् । कलियुगमा सबै मानिसले अरूलाई आरोप लगाउने, अरूको निन्दा गर्ने र परस्त्रीको धर्म लुट्ने काम पनि गर्नेछन् ।।१७।। जहाँसुकै शास्त्रका विधिविधानको लोप देखिनेछ । निश्चित रूपमा मानिसहरूले आफ्नो स्वार्थका लागि इमानजमान बिर्सेर विश्वासघात गर्ने काम पनि गर्नेछन् ।।१८।। पृथिवीमा शास्त्रको विधिलोप गराउन शपथ खानेछन् । हे व्यास ! मानिसहरूले गरेका यस्तै अनेक थरि पापका कारण बादलले पानी बर्साउने छैनन् र मानिसहरूले ठूला-ठूला नदीका तीरमा गई खेती गर्न थाल्नेछन् । जुन मानिस बलवान् छ त्यसले निर्बल मानिसका धन-सम्पत्ति बलजफती लुट्नेछ।।१९-२०।। लुटेका धन-सम्पत्तिलाई पनि अरू लुटेरा-हरूलाई धपाएर बलिया दुई जना लुटेराले मात्र हस्तगत गर्नेछन्। पछि ती दुई बलिया लुटेरालाई जित्नसक्ने तीन जना लुटेराहरूले त्यस सम्पत्तिको भोग गर्नेछन् । शूद्रले वेदाध्ययन गर्नेछन् र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षत्रिया वैश्यकर्माणो वैश्याश्च शूद्रकर्मिणः।
प्रतिग्रहं करिष्यन्ति चाण्डालस्य द्विजातयः।।२२।।

दरिद्राश्च भविष्यन्ति हाहाभूता विचेतसः।
वदिष्यन्ति च न मया गृहीतं धनमण्वपि ।।२३।।

गृहीत्वापि च कृत्याय याचितारो धनं परात् ।
उत्कोचञ्च गृहीत्वैव वृथा साक्ष्यं ब्रुवन्ति च ।।२४।।

सतां निन्दां करिष्यन्ति मैत्रीं चासद्भिरेव च।
वृथा मांसस्य भक्ष्यञ्च करिष्यन्ति द्विजातयः ।।२५।।

उच्छेदः सज्जनानां स्यादितरेषां च वैभवम् ।
हित्वा देवान् भविष्यन्ति जनाः सर्वे तथैन्द्रियाः।।२६।।

भूतप्रेतपिशाचानां भजने सक्तमानसाः ।
वेषान्नानाविधान् कृत्वा भक्षयिष्यन्ति वाडवाः ।।२७।।

केचिच्च क्षत्रिया भिक्षां चरिष्यन्त्यकुलोचिताम् ।
व्रतानि नियमाँश्चापि नाचरिष्यन्ति कर्हिचित् ।।२८।।

वर्णसङ्करकारीणि कर्ता कर्माणि भूजनः।
पतिव्रता भ्रष्टव्रता भविष्यन्ति कलौ युगे ।।२९।।

म्लेच्छप्रायाः सर्वलोकाः परद्रव्यापहारिणः।
निर्दयाः कुपथासक्ताः सर्वदा सत्यवर्जिताः ।।३०।।

धरित्री सस्यहीना च रसहीना महीरुहाः।
पञ्चमे वाऽथ षष्ठे वा वर्षे कन्या प्रसूयते ।।३१।।

षोडशाब्दपरं चायुर्भविष्यति तदा युगे।
तीर्थानि गुप्तरूपाणि देवतायतनानि च ।।३२।

एवं पापे प्रवृद्धे तु धर्मो विश्वार्थमात्रकः।
भविष्यन्ति तदा देवा उपवासपरायणाः ।।३३।।

ब्राह्मणहरूले शूद्रका व्यवसाय र धन्दा अँगालेर जीविका चलाउनेछन् ।।२१।। क्षत्रियले वैश्यका काम गर्नेछन् र वैश्यले शूद्रका काम गर्नेछन् । ब्राह्मणहरूले चाण्डालहरूका घरमा गएर कर्मकाण्ड गराई दान लिने काम गर्नेछन् ।।२२।। गरीबहरू हाहाकार गर्दै शिक्षादीक्षाविहीन मूढ भएर रहनेछन् । सधैं दुःखी र सधैं उपेक्षित ती गरीबले अरूको धन लिएर पनि मैले कत्ति पनि धन लिएको छैन भनेर ढाँट्ने छन् । केही काम गर्न पर्‍यो भने अरूसँग धन लिएर मात्र गर्नेछन् । धेरै मानिसहरूले आफ्नो व्यवहार चलाउन घूसको लेनदन गर्नेछन्। पैसाका लागि मुद्दामामिलामा झुट्टा साक्षी बनेर आत्मा बेच्नेछन् ।।२३-२४।। धेरैजसो मानिसहरूले सज्जनको निन्दा गरी दुर्जनसँग मित्रता कायम गर्नेछन्। ब्राह्मण, क्षत्रिय र वैश्यले यज्ञबाहेकका अवसरमा स्वादका लागि जीवहत्या गरी मासु खानेछन् ।।२५।। सज्जनहरू क्रमशः दरिद्र हुँदै जानेछन् र तिनको उठिवास हुनेछ । दुर्जनहरूले प्रचुर ऐश्वर्य अर्जित गर्नेछन् । मानिसहरू देवताहरूको पूजाआजा छाडेर इन्द्रियको तृप्तिमा मात्र ध्यान दिनेछन् ।।२६।। धेरैजसो मानिसहरूले विभिन्न भाकल गरी भूत, प्रेत र पिशाचको आराधनामा मन लगाउनेछन् । ब्राह्मणहरूले ब्राह्मणको आचार-विचार परित्याग गरी अनेक थरि वेष बनाएर जे मनपरी खानेछन् र जे मनपरी गर्नेछन् ।।२७।। केही क्षत्रियहरूले कुलको मर्यादाविपरीत वृत्ति अँगालेर जीवन निर्वाह गर्नेछन् । तिनले कहीं पनि व्रत र नियमको परिपालन गर्ने छैनन् ।।२८।। पृथिवीमा छाडा यौनसम्बन्ध राख्ने मानिसहरूले वर्णसङ्करमात्र जन्माउनेछन् । कलियुगमा आफूलाई पतिव्रता भन्न चाहने नारीहरू पनि भ्रष्ट हुनेछन् ।।२९।। सबै मानिस म्लेच्छसमान हुनेछन् । तिनले परधनको अपहरण गर्नेछन् । ती निर्दय र कुमार्गगामी मानिसहरू सत्यको आचरणबाट रहित हुनेछन् ।।३०।। पृथिवी अन्नहीन हुनेछिन् । वृक्ष रसविहीन हुनेछन्। पाँच अथवा छ वर्षकी कन्याले गर्भधारण गर्नेछिन् । कलिको मध्य र उत्तरार्धमा मानिसको परम आयु १६ वर्षको हुनेछ । तीर्थ र देवमन्दिरका तत्त्वहरू गुप्त भएर रहनेछन् ।।३१-३२।। यसरी पापवृद्धि भएपछि संसारमा धर्मको नाममात्र शेष रहनेछ । त्यस बेला स्वाहा, स्वधा र वषट्कारका क्रिया नजान्ने मानिसहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वधास्वाहावषट्कारैर्वर्जिता भयविह्वलाः।
यास्यन्ति शरणं देवं गजाननमनामयम् ।।३४।।

स्तुतिं नानाविधां तस्य करिष्यन्ति नतिं बहु।
प्रार्थयिष्यन्ति देवेशं सर्वविघ्नविनाशनम् ।।३५।।

एवं सर्वं विचार्याऽसावाविर्भावं करिष्यति।
गजाननः शूर्पकर्णो धूम्रवर्णोऽपि नामतः।।३६।।

नीलमश्वं समारुह्य खड्गहस्तो रुषा ज्वलन् ।
कल्पयिष्यति सेनां स नानारूपां निजेच्छया ३७।।

शस्त्राणि च महास्त्राणि कल्पयिष्यत्ययत्नतः।
वधिष्यति महाम्लेच्छान् सेनया स्वेन तेजसा।।३८।।

म्लेच्छभूताँस्तथा लोकान् वधिष्यति तदाऽखिलान् ।
लीनान् कन्दरदेशेषु ब्राह्मणान् वन्यभक्षिणः ।।३९।।

समानाय्य प्रपूज्यैतान् भूमिं दास्यति देवराट् ।
सत्कर्मकारिणः सर्वान् विधास्यति च सज्जनान्।।४०।।

तदा धर्ममयं विश्वं भविष्यति कृते युगे ।
एवं कृत्वा धूम्रवर्णस्ततोऽन्तर्द्धानमेष्यति ।।४१।।

एवं चतुर्युगे व्यास ! विघ्नेशस्य महात्मनः।
कथितानि च नामाणि रूपाणि च तवानघ ।।४२।।

कर्माण्यद्भुतरूपाणि तस्य चोक्तानि सर्वशः।
येषां श्रवणमात्रेण मुच्यन्ते सर्वजन्तवः।।४३।।

अन्यान्यस्यापि रूपाणि न वक्तुं शक्तिरस्ति मे ।
यत्र वेदाश्च चत्वारो विकुण्ठास्तत्र का कथा ।।४४।।

मम वा मद्विधस्यापि महिम्नस्तस्य वर्णने ।
अनुष्ठानाय गच्छ त्वं व्यवसायं करोम्यहम् ।।४५।।

बाहुल्यका कारण निराश भएका देवताहरू भयभीत भई भोकै बस्नेछन् । त्यसपछि असह्य पीडा पाएका देवताहरू भगवान् श्रीगणेशको शरणमा जानेछन् ।।३३-३४।। त्यहाँ गई तिनले अनेक थरि स्तुति गरी वन्दना गर्नेछन् । सबै प्रकारका विघ्नहरूको विनाश गर्ने भगवान् श्रीगणेशको आर्तभावले पुकार गर्नेछन् ।।३५।। कलिका दोषलाई जान्नुहुने भगवान् श्रीगणेशले देवताको प्रार्थनालाई विचार गरी आफूलाई प्रकट गराउनुहुनेछ । हात्तीको जस्तो मुखमण्डलले सुहाउनुभएका, नाङ्लोझैं फैलिएका कान धारण गर्नुहुने, धूँवाको जस्तो वर्ण धारण गर्नुहुने र धूम्रवर्णका नामबाट प्रसिद्ध श्रीगणेशका हातमा तरबार रहनेछ । उहाँ हातमा तरबार लिई नीलो वर्णको घोडामा सवार भई अनेक थरि सेना पैदा गरेर तिनका बीचमा सुहाउनुहुनेछ । उहाँ इच्छानुसार आफूले पैदा गरेका सेनाहरूका साथ युद्धका लागि तयार हुनुहुँदा उहाँकै शक्तिबाट शस्त्र र महाअस्त्र पैदा हुनेछन् । यसरी युद्धका सम्पूर्ण आवश्यक अङ्गहरू परिपूर्ण भएपछि उहाँले आफ्नो तेज र सेनाद्वारा म्लेच्छहरूको वध गर्नुहुनेछ । त्यसैगरी म्लेच्छको जस्तो आचरण गर्ने दुर्जनहरूको पनि वध गर्नुहुनेछ। त्यस बेला श्रीगणेश भगवान्ले पर्वतका गुफामा गई लुकेका र वनका कन्दमूल खाएर शरीर धारण गरिरहेका ब्राह्मणहरूलाई फर्काएर ल्याई स-सम्मान भूमिदान गर्नुहुनेछ। त्यसपछि उहाँले सबै सज्जनलाई सत्कर्ममा प्रवृत्त गराउनुहुनेछ ।।३६-४०।। त्यस बेला संसारमा सत्ययुगको आरम्भ हुनेछ । सत्ययुगको आरम्भ भएपछि संसार धर्म र त्यसको प्रकाशबाट प्रकाशित हुनेछ । पृथिवीमा सत्यको स्थापना गर्नुभएपछि भगवान् श्रीगणेश अन्तर्धान हुनुहुनेछ ।।४१।। हे व्यास! मैले तिमीलाई भगवान् श्रीगणेशका चारै युगका स्वरूप र नाम पनि बताएँ साथै उहाँका अद्भुत महिमाको पनि वर्णन गरे। जुन कर्मको श्रवणमात्रले सबै प्राणी मुक्त हुन्छन् ।।४२-४३।। भगवान् श्रीगणेशका अनन्त रूप र लीलालाई बताउन मेरो शक्ति छैन । जुन श्रीगणेशको महिमा बताउने सम्बन्धमा चारै प्रकारका वेद कुण्ठित हुन्छन् त्यस्ता भगवान्का गुणकर्मको महिमा वर्णन गर्न म र मजस्ता मानिसहरूको के सामर्थ्य हुन्छ ? हे व्यास ! तिमी अब भगवान् श्रीगणेशको आराधना गर्न जाऊ र म पनि आफ्नो कर्तव्यतर्फ लाग्दछु ।।४४-४५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृगुरुवाच

एवं श्रुत्वा सोमकान्त ! व्यासो ब्रह्ममुखात् कथाम् ।
अतिप्रीतमनाः प्राह सर्वपापप्रणाशिनीम् ।।४६।।

मुनिरुवाच

न तृप्तिमधिगच्छामि श्रुत्वाख्यानं महाद्भुतम् ।
धन्योऽस्म्यनुगृहीतोऽस्मि यत्त्वया सर्वसंशयाः ।।४७।।

दूरीकृताः कथासङ्गाद् गणेशचरिताश्रयात् ।
अमृतस्येव मे तृप्तिः श्रुत्वा श्रुत्वा न जायते ।।४८।।

अस्य श्रवणमात्रेण जन्मजन्मान्तरार्जितम् ।
वृजिनं नाशमायाति सर्वे कामा भवन्ति च ।।४९।।

पूर्वपुण्यबलादस्य श्रवणं जायते नृणाम् ।
न श्राव्यं दुर्जनायेदं पुराणं सर्वसिद्धिदम् ।।५०।।

एवमुक्त्वा नमस्कृत्य परिक्रम्य स्वयम्भुवम् ।
गृहीत्वाज्ञां ययौ व्यासस्तपसे वनमुत्तमम् ।।५१।।

यत्र कन्दफलान्यासन्नुत्तमानि जलानि च ।
न वायुः प्रबलो यत्र नातपो नाग्निरेव च ।।५२।।

उपविश्यैकनिष्ठश्च जपन्नेकाक्षरं मनुम् ।
व्यतीयुर्द्वादशाब्दानि मुनेस्तस्य तपस्यतः ।।
ततः प्रादुरभूत्तस्य पुरतस्तु गजाननः ।।५३।।

भृगुले भन्नुभयो – हे सोमकान्त राजा ! व्यासले यसरी ब्रह्माजीबाट श्रीगणेशका कथा सुन्नुभयो र अत्यन्त प्रसन्न भएर ब्रह्माजीलाई निवेदन गर्नुभयो ।।४६।।

व्यासले भन्नुभयो- हे ब्रह्माजी ! अद्भुत श्रीगणेशको उपाख्यान सुनेर म तृप्त भएको छैन । म धन्य र अनुगृहीत छु। किनकि हजुरले श्रीगणेशका पावन चरित्रसँग सम्बद्ध कथाको आश्रय लिएर मेरा सबै सन्देह हटाइदिनुभएको छ ।।४७।। जति कथा सुने पनि अमृतपान गर्दा तृप्त नभई फेरि पिउन मन लागेझैं मलाई पनि पटक-पटक कथा सुन्ने उत्कण्ठा भइरहेको छ। यस कथाको श्रवणमात्रले जन्म-जन्मका पाप नष्ट हुन्छन् र सबै कामना परिपूर्ण हुन्छन् ।।४८-४९।। पूर्वजहरूको यो कथा पुण्यका कारण श्रवण गर्न पाइन्छ । यो सिद्धि दिने श्रीगणेशपुराणलाई जो कोहीसमक्ष सुनाउन हुँदैन । यसरी भावनिवेदन गरी ब्रह्माजीको वन्दना र प्रदक्षिणासमेत गरेर आज्ञा लिई व्यास तपस्या गर्न वनतर्फ गए। व्यास त्यस वनमा गए जहाँ उत्तम फलफूल, कन्दमूल र जल सुलभ थिए, मन्दवायुको सञ्चार थियो, सूर्य समशीतोष्ण थिए र अग्निको पनि मन्दतापले सम्पन्न थिए । अद्वैतमूर्ति गजाननरूप परब्रह्ममा निष्ठा राखी एकान्तमा मन्त्र जप्दै तप गरिरहेका व्यासका १२ वर्ष बिते । त्यसपछि तिनका सामु भगवान् श्रीगणेश प्रकट हुनुभयो ।।५०-५३।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे कलिदोषनिरूपण-मुनिविसर्जनं नामैकोनपञ्चाशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'कलिदोष निरूपण, मुनि विसर्जन र भावी धूम्रकेतु अवतारको शंसन' शीर्षकान्वित एक सय उनन्चासौ अध्याय पूर्ण भयो ।।१४९।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चाशदुत्तरशततमोऽध्यायः { १५० अध्याय }

सोमकान्त उवाच

कथं प्रादुरभूद् देवःपुरस्तस्य महात्मनः ।
भृगो ! तत् सर्वमाख्याहि श्रुत्वा पापक्षयो यतः ।।१।।

भृगुरुवाच

यथा तत्पुरतः प्रादुरासीद् देवो गजाननः ।
तत्सर्वं कथयिष्येऽहं सादरं शृणु भूमिप ।।२।।

रक्तमाल्याम्बरधरो रक्तगन्धानुलेपनः ।
गजाननोऽब्जनयनः सिन्दूरारुणमस्तकः ।।३।।

अनेकसूर्यसंकाशो दिव्यकुण्डलमण्डितः ।
अङ्गदे मुकुटं बिभ्रत् कङ्कणे शेषमेव च ।।४।।

मुनिरित्थं निरीक्ष्यैनं निमील्य नयने पुनः ।
चकम्पे भयसंत्रस्तः स्मृत्वा मन्त्रं मुमूर्च्छ च ।।५।।

ततोऽब्रवीन्नागमुखो मा भैस्त्वं मुनिसत्तम !
यं ध्यायसि दिवारात्रौ सोऽहं त्वां समुपागतः ।।६।।

ब्रह्मादीनामगम्यो यो वरं दातुं मुने ! तव ।

भृगुरुवाच

श्रुत्वेत्थं मधुरां वाणीं जहर्ष मुनिपुङ्गवः ।।७।।

मूर्द्धानं न्यस्य तत्पादे धन्योऽहं पितरौ तपः ।
धन्योऽहं धरणी वृक्षाः पुनः पुनरवीवदत् ।।८।।

सोमकान्तले भने - हे भृगु महर्षि ! ती महात्मा वेदव्यासका सामु भगवान् गजानन कसरी प्रकट हुनुभयो ? मलाई बताउनुहोस् । भगवान् गजाननको प्रादुर्भावको कथा सुनेर अवश्य पनि पापको नाश हुनेछ ।।१।।

भृगुले भन्नुभयो - हे राजा ! तपाईंले आदरपूर्वक सुन्नुहोस्। म तपाईँलाई कसरी भगवान् श्रीगणेश व्यासका सामु प्रकट हुनुभयो? ती सबै कुरा बताउनेछु ।।२।। जुन बेला भगवान् प्रकट हुनुभयो त्यस बेला उहाँले रातो वर्णको माला धारण गर्नुभएको थियो । रातै वस्त्र लगाउनुभएको थियो । शरीरका अङ्ग-प्रत्यङ्गमा रातो चन्दनको लेपन गर्नुभएको थियो । उहाँ हात्तीजस्तो अत्यन्त आकर्षक मुखमण्डलले सुहाउनुभएको थियो। उहाँका आँखा कमलजस्ता राम्रा देखिन्थे । मस्तक सिन्दूरझैँ रातो थियो ।।३।। असंख्य सूर्यको झैं दिव्य प्रभाले प्रकाशित हुनुहुन्थ्यो। उहाँका कानमा सुन्दर कुण्डल झुण्डिरहेका थिए । दुई भुजामा केयूर टल्किएका थिए । मस्तकमा मुकुट थियो र हातमा शेषनाग बाला बनेर बेरिएका थिए । हे राजन् ! त्यस बेला वेदव्यासले भगवान् श्रीगणेशको यस्तो ज्योतिर्मय, दिव्य र भव्य रूप हेर्न सकेनन् र आँखा चिम्लिए । उनी भयले थर्थर काँप्न थाले र भगवान्‌को मन्त्र संझी संझी जप्न थाले। तिनलाई के गरूँ के गरूँ भयो र मूर्च्छामा परेजस्ता देखिए । व्यासको यस्तो अवस्था देखेर भगवान् श्रीगणेशले भन्नुभयो - हे व्यास! नडराउनुहोस् । तपाईँले रातदिन जसको ध्यान गरिरहनु भएको थियो त्यो तपाईँको ध्येय पुरुष गजानन श्रीगणेश म तपाईँलाई दर्शन दिन आएको छु ।।४-६।। ब्रह्मा आदि देवताहरूका लागि पनि म अगम्य छु तर तपाईँको तपस्याबाट प्रसन्न भई वर दिन यहाँ प्रकट भएको छु ।

भृगुले भन्नुभयो - भगवान् गजाननको मधुर वाणी सुनेर उत्तम ऋषि वेदव्यास साह्रै प्रसन्न हुनुभयो र गजाननका चरणमा शिर राखेर बिन्ती गर्नुभयो - हे प्रभु! म धन्य भएँ, मेरा माता-पिता धन्य हुनुभयो, मेरो तपस्या धन्य भयो, म फेरि पनि धन्य भएँ, पृथिवी धन्य भइन्, तपोवनका यी वृक्ष र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतो दृष्टः सर्वरूपो गुणातीतोऽखिलाश्रयः ।
चिदानन्दघनोऽनन्तोऽखिलकारणकारणम् ।।९।।

एवं स्तुत्वा प्रार्थयन् स वरदं तं गजाननम्

मुनिरुवाच

निरस्य भ्रान्तिं सर्वां मे यच्छ भक्तिं दृढां त्वयि ।।१०।।

अष्टादशपुराणानां यथा स्यां करणे क्षमः ।
तवापि स्तवने शक्तिः स्याद् यथा तत् कुरुष्व भोः ।।११।।

हृदये वस देवेश ! प्रसन्नश्चेन्ममानघ ।

गजानन उवाच

त्वया यत्प्रार्थितं वत्स ! सर्वमद्य भविष्यति ।।१२।।

सर्वमान्यो व्यासनामा सर्वपावनपावनः ।
अपरोक्षज्ञानवाँश्च भविष्यसि गुरोर्गुरुः ।।१३।।

नारायणपरः ख्यात्या गुणैः कीर्त्या श्रियापि च ।
अष्टादशपुराणानां कर्ता त्वं हि भविष्यसि ।।१४।।

तथैवोपपुराणानां तावतां च मुनीश्वर !
त्वया पूर्वं दम्भवशान्न कृतं मम पूजनम् ।।१५।।

स्मरणं वा ततः स्तम्भो जातो वाण्या महाद्भुतः ।
धातुर्मुखाच्छ्रुतो यस्मान्महिमा तेन मेऽनघ ।।१६।।

विलीनं सर्वमधुना प्रविशामि तवोदरम् ।

भृगुरुवाच

एवमुक्त्वा प्राविशत् स तन्मुनेरुदरं विभुः ।।१७।।

प्रकाशमतुलं लेभे सूर्यकोटिसमं मुनिः ।
दीपयामास ककुभस्ततो मूर्तिं विधाय सः ।।१८।।

गजाननस्य महतीं प्रासादेऽस्थापयच्च सः ।
पूजयामास विविधैरुपचारैः पृथक् पृथक् ।।१९।।

लहरा पनि धन्य भए । किनकि मैले विश्वरूप, गुणातीत, सच्चिदानन्दघन र सकल कारणका पनि कारण भगवान् गजाननको दर्शन पाएँ ।।७-९।। यसरी स्तुति गरेर वेदव्यासले वरदायक श्रीगणेशको प्रार्थना गर्नुभयो।

व्यासले भन्नुभयो - हे भगवन् ! मेरा सबै प्रकारका भ्रान्ति हटाई मलाई हजुरको अचल भक्ति दिनुहोस् । म अठार पुराणको रचना गर्न समर्थ कसरी हुन्छु ? हजुरको स्तुति गर्न पनि कसरी समर्थ हुन्छु ? त्यो शक्ति प्रदान गर्नुहोस् ।।१०-११।। हे देवताहरूका स्वामी प्रभु ! हजुर मप्रति प्रसन्न हुनुहुन्छ भने मेरो हृदयमा वास गर्नुहोस्।

श्रीगणेशले भन्नुभयो - हे व्यास ! तपाइँले जुन जुन कुराको प्रार्थना गर्नुभएको छ ती सबैका फल पाउनुहुनेछ ।।१२।। तपाइँ गुरुका पनि गुरु, सर्वमान्य, सबै पवित्रतम पदार्थहरूभन्दा पनि अति पवित्र र प्रत्यक्ष ज्ञानसम्पन्न विद्वान् हुनुहुनेछ ।।१३।। ख्याति, गुण, नीति, शोभा र सम्पत्तिद्वारा नारायणको आराधनामा तत्पर हुनुहुनेछ । फेरि तपाइँ निश्चय नै अठार पुराणका रचयिता पुराणकार वेदव्यासका रूपमा पनि प्रख्यात हुनुहुनेछ ।।१४।। अठार पुराणको रचनापछि त्यस्तै र त्यति संख्यामा नै उपपुराणहरूको पनि रचना गर्नुहुनेछ । तपाइँले पहिले अहङ्कारका कारण मेरो पूजा र स्मरण गर्नुभएन ।।१५।। त्यसैले तपाइँको वाणीमा अद्भुत अवरोध भयो । हे निष्पाप वेदव्यास ! तपाइँले ब्रह्माजीको मुखबाट मेरो महिमा सुन्नुभएको छ । अब तपाइँका सबै पाप विलीन भएर गएका छन् । यो संवादपछि म तपाइँको उदरभित्र प्रवेश गर्नेछु ।

भृगुले भन्नुभयो - हे राजा सोमकान्त ! भगवान् श्रीगणेशले व्यासलाई यसरी वरदान दिएपछि उहाँ व्यासको पेटभित्र प्रवेश गर्नुभयो ।।१६-१७।। श्रीगणेश भगवान् हृदयमा बस्नुभएपछि वेदव्यासले करोडौं सूर्यसमान र कसैसँग दाँज्न नसकिने प्रकाश अथवा ज्योति प्राप्त गरे । व्यासको शरीरको प्रभाबाट चारै दिशा ज्योतिर्मय भए । त्यसपछि व्यासले गजानन प्रभुको मूर्ति निर्माण गरे । त्यो विशाल मूर्तिलाई तिनले मन्दिर बनाई प्रतिष्ठा गरे । त्यसपछि तिनले नाना थरि उपचारबाट पृथक्-पृथक् पूजा गरे।।१८-१९।। यो ठाउँ संसारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धिक्षेत्रमिदं सर्वलोकानां पावनं दृशोः ।
अनुष्ठानवतां मन्त्रनानासिद्धिप्रदं शुभम् ।।२०।।

एवमुक्त्वाप्यनुज्ञाप्य व्यासो नारायणस्तदा ।
पुराणं तद्गणेशस्य यच्छ्रुतं ब्रह्मणो मुखात् ।।२१।।

प्राह वैशम्पायनाय ततस्तद् भुवि पप्रथे ।
तदेतदखिलं तेऽद्य मयापि कथितं नृप ।।२२।।

नानेन सदृशं किञ्चित् पावनं त्रिषु विद्यते ।
लोकेषु परमानन्ददायकं नृपसत्तम ।।२३।।

सोमकान्त ! न चाख्येयमिदं दुष्टजने त्वया ।
विनीतेषु च भक्तेषु त्वयाख्येयं प्रयत्नतः ।।२४।।

मया निरन्तरमिदं जप्यते स्मर्यतेऽपि च ।
तवापि करुणायोगात् कथितं राजसत्तम ।।२५।।

गजाननध्यानपरो नित्यं जपपरो भव ।।२६।।

मानिसहरूको आँखालाई पवित्र गर्ने सिद्धिक्षेत्रका नामबाट प्रसिद्ध र जपानुष्ठान गर्नेहरूलाई अनेक थरि मन्त्रसिद्धि प्रदान गर्ने सिद्धिदायक तीर्थ हुनेछ भनी सबैसँग आज्ञा लिएर नारायणस्वरूप व्यासमुनि आफ्नो आश्रमतर्फ लागे । व्यासले ब्रह्माजीको मुखबाट जुन श्रीगणेश पुराण सुनेका थिए, त्यो उनले आफ्ना शिष्य वैशम्पायनलाई सुनाए । त्यसपछि श्रीगणेशपुराण पृथिवीमा फैलियो । हे सोमकान्त! यी सबै विषय मैले तपाईँलाई सुनाएँ। तीनै लोकमा योभन्दा पवित्र, पावन र परम आनन्द दिने विषय अरू केही पनि छैन ।।२०-२३।। हे सोमकान्त ! तपाईँले यो पुराण दुष्ट प्राणीलाई सुनाउनु हुँदैन । तर तपाईँले नम्र स्वभावका श्रीगणेशभक्तहरूलाई भने प्रयत्नपूर्वक सुनाउनु पर्नेछ । हे सोमकान्त! मैले फेरि गएर श्रीगणेशको मन्त्र जप गर्छु र श्रीगणेशपुराणको पनि पाठ गर्छु । करुणा जागेका कारण मैले तपाईँलाई सुनाएको हुँ । हे सोमकान्त! तपाईँ नित्य श्रीगणेश प्रभुको ध्यानमा लीन हुनुहोस् र नित्य गजानन भगवान्को नामजपमा तत्पर हुनुहोस् ।।२४-२६।।

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे व्यासानुग्रहसिद्धिक्षेत्रवर्णनं नाम पञ्चाशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'श्रीगणेशको वेदव्यासमाथि अनुग्रह र सिद्धिक्षेत्रको वर्णन' शीर्षकान्वित एक सय पचासौं अध्याय पूर्ण भयो ।।१५०।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकपञ्चाशदुत्तरशततमोऽध्यायः　{ १५१ अध्याय }

सूत उवाच

एवं श्रुत्वा कथां नित्यं सोमकान्तो मुनीश्वरात् ।
शुष्काम्रमूले तत्पुण्यं न्यक्षिपज्जलतो नृपः ।।१।।

गते संवत्सरे चूतः पल्लवैः कुसुमैः फलैः ।
शुशुभेऽतीवरुचिरः पुराणश्रुतिपुण्यतः ।।२।।

सोमकान्तो दिव्यकान्तिस्त्यक्त्वा कुष्ठभवां रुजम् ।
अक्षतश्चाभवत् पूतिगन्धं त्यक्त्वा सुगन्धवान् ।।३।।

निःखेदः सुरभेर्गन्धाद् दशदिक्षु प्रसारिणः ।
दिव्यदेहं सूर्यकान्तिं कोटिचन्द्रनिभं नृपम् ।।४।।

दृष्ट्वा विसिस्मिरे लोकाः कथमीदृक् च तादृशः ।
गणेशाख्यपुराणस्य महिम्ना दोषहारिणा ।।५।।

भृगुरुवाच

सिद्धिस्ते नृपशार्दूल ! पुराणश्रवणादभूत् ।
व्रजेदानी निजं पुत्रं सामात्यं जनमेव च ।।६।।

चिरोत्कण्ठं वर्षमध्ये दृष्ट्वा हर्षमवाप्स्यसि ।

सूत उवाच

एवमाकर्ण्य तद्वाक्यं पादयोर्न्यपतन्मुनेः ।।७।।

आनन्दार्णवमग्नः स सोमकान्तोऽवदद् भृगुम् ।

राजोवाच

अद्भुतस्तपसस्तेऽद्य महिमैक्षि मया मुने ।।८।।

पुराणश्रवणस्यापि येनाहं पतितोऽपि च ।
गलत्कुष्ठो दिव्यदेहो जातो माता पिता मम ।।९।।

सूतजीले भन्नुभयो – हे शौनक आदि ऋषिसमूह ! यसरी दिनदिनै भृगु मुनिबाट पवित्र कथा सुनेर प्रसन्न भएका सोमकान्तले सुकेको आँपको फेंदमा जल चढाउँदै आफूले कमाएको पुण्य समर्पण गरे।।१।। एक वर्ष बितेपछि राजा सोमकान्तले श्रीगणेशपुराण श्रवण गरेको पुण्यबाट त्यो सुकेको आँपको वृक्ष अत्यन्त रमणीय रूपमा सबैका दृष्टिपथमा चमत्कार-जनक बनेर सुहाएको थियो ।।२।। त्यस पुण्यका कारण सोमकान्त पनि कुष्ठरोगलाई निराकरण गरी दिव्य कान्तिद्वारा शोभायमान भए । तिनका शरीरबाट प्रवाहित हुने दुर्गन्ध हरायो र सुगन्धको प्रसार हुनथाल्यो ।।३।। तिनको शरीरबाट प्रवाहित र दसै दिशामा प्रसारित सुगन्धबाट मानिसहरू र प्राणीहरू आनन्दित भए । त्यस्ता रोगी दुर्गन्धित एवं घृणित राजा सोमकान्तलाई करोडौं चन्द्रसमान सुन्दर र सूर्यसमान तेजस्वी एवं दिव्य देहले सम्पन्न देखेर मानिसहरू अचम्म परे । श्रीगणेशपुराणको पापनाशक महिमाकै प्रतापबाट आज सोमकान्त राजा यति भव्य र दिव्य देखिएका हुन् भन्ने अनुमान गरे ।।४-५।।

भृगुले भन्नुभयो – हे सोमकान्त ! हे उत्तम राजा ! तपाईंले श्रीगणेशपुराण श्रवण गरेका कारण सिद्धि प्राप्त गर्नुभएको छ । अब तपाईं आफ्ना मन्त्रीहरू र परिवारिक मानिसहरूका साथ रहेका छोरासामु जानुहोस् ।।६।। ती छोरा तपाईंको दर्शनका लागि अत्यन्त उत्कण्ठित छन् । तिनको दर्शन गरेर तपाईंले पनि हर्ष र आनन्द प्राप्त गर्नुहुनेछ ।

सूतजीले भन्नुभयो – सोमकान्तले भृगु ऋषिका उक्त वचन सुनेर अत्यन्त हर्षित भई आनन्दको सागरमा गोता लगाउँदै मुनिको पाउमा प्रणाम गरी हात जोडेर कृतज्ञता व्यक्त गरे ।

सोमकान्तले भने – हे ऋषिवर ! आज मैले हजुरको तपस्याको अद्भुत महिमा देख्ने अवसर पाएँ ।।७-८।। मैले श्रीगणेशपुराणको विचित्र महिमा पनि अनुभव गरें । मजस्तो पतितको पनि पुराणश्रवणबाट उद्धार भएको छ । मेरो शरीरमा कुष्ठरोग थियो, म दुर्गन्धित थिएँ, आज म दिव्य शरीरले शोभायमान भएको छु । हजुर नै आज मेरा लागि माता-पिता हुनुभएको छ । किनकि यस दिव्य शरीरको निर्माता हजुर नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्य देहस्य निर्माता त्वमेव मुनिसत्तम ।
नीरसश्चूतवृक्षोऽपि फलपुष्पयुतोऽभवत् ।।१०।।

त्यक्तुं नेच्छाम्यतोऽहं त्वां किं मे पुत्रजनैर्भवेत् ।
एवं निशम्य तद्वाक्यं भृगुः पुनरथाऽब्रवीत् ।।११।।

भृगुरुवाच

जन्मान्तरीयपुण्येन पुराणश्रवणं तव ।
सञ्जातं मन्मुखाद् धन्यं दुरितं येन तेऽनशत् ।।१२।।

गणेशस्य पुराणस्य महिमा केन वर्ण्यते ।
न मां विस्मर गच्छ त्वं जनेश ! नगरं निजम् ।।१३।।

एवं तयोः संवदतोस्तेजसा ज्वलदद्भुतम् ।
विमानं ददृशे ताभ्यां सूर्यकोटिनिभं महत् ।।१४।।

भृगुरुवाच

त्वदर्थं यानमायातमिदं नृप ! महाद्भुतम् ।
इदमारुह्य गच्छ त्वं गणनाथस्य सन्निधिम् ।।१५।।

न प्राप्नुवन्त्यनुष्ठानाद् विमानं यन्मुनीश्वराः ।
तत्पुराणश्रवाद् राजँस्त्वया प्राप्तं गणेश्वरात् ।।१६।।

विमानं वदतोरेवं भूमण्डलमगात् क्षणात् ।
विनायकगणैर्युक्तं चतुर्बाहुविराजितैः ।।१७।।

मुकुटाङ्गदहारादिभूषणैरुपशोभितैः ।
दिव्यचन्दनवस्त्रादिपद्मपरशुशोभिभिः ।।१८।।

नृत्यत्किन्नरकन्याभिर्मृदङ्गतालपाणिभिः ।
किन्नरैर्गायनैर्युक्तं दृष्ट्वा राजाऽब्रवीत्पुनः ।।१९।।

राजोवाच

श्रुतासीद् बहुधा वार्ता विमानानां मुनीश्वर !
तद् दृष्टं पुरतो ब्रह्मन् ! तपोवीर्यबलात् तव ।।२०।।

हुनुहुन्छ । हजुरको कृपाबाट श्रीगणेशपुराण श्रवण गरी पुण्यदान गर्दा आज सुकेको आँपको रूख हरियो भएको छ । त्यसमा सुन्दर पालुवा, फूल र फल लागेका छन् । मलाई नरकबाट उद्धार गरी यस रूपमा ल्याउनुहुने हजुरलाई छोडेर म कहाँ जाऊँ ? म हजुरको पाउको आश्रय छोड्न चाहन्नँ । मेरा छोरा, मित्र र सेवकबाट मैले के पाउन सक्छु र ? राजाका यी कुरा सुनेर मुनि भृगुले संझाए ।।९-११।।

भृगुले भन्नुभयो – हे राजन् ! जन्म-जन्मान्तरका पुण्यले गर्दा तपाइँले आज मेरा मुखबाट श्रीगणेशपुराण श्रवणको अवसर पाउनुभएको हो। श्रीगणेशपुराण धन्य छ र तपाइँ पनि धन्य हुनुभएको छ । किनभने पुराणश्रवणबाट तपाइँका पापराशि डढेर खरानी भएका छन् ।।१२।। श्रीगणेशको महिमा र श्रीगणेशपुराणको महिमा कसले बयान गरेर सक्छ ? हे राजा! तपाइँले मलाई नबिर्सनु होला । तपाइँ त अरू मुनिहरूको कल्याणका लागि आफ्नो नगरमा जानुपर्छ । यसरी भृगु ऋषि र सोमकान्तको बीचमा संवाद भइरहेको बेला एउटा तेजोमय र करोडौं सूर्यको कान्ति भएको विमान आइरहेको ती दुबै महानुभावले देखे ।।१३-१४।।

भृगुले भन्नुभयो - हे राजा ! तपाइँका लागि अद्भुत विमान आइसकेको छ । तपाइँ त्यसमा सवार भएर भगवान् श्रीगणेशको धाममा जानुहोस् । ठूला-ठूला ऋषिमुनिहरूले हजारौं वर्षसम्म तपस्या गरेर पनि जुन विमानको दर्शन पाउँदैनन् त्यसको दर्शन तपाइँले श्रीगणेशपुराण श्रवणको पुण्यबाट पाउनुभएको छ । यसरी कुरा गरिरहेकै समयमा ती दुबैका सामु विमान आई भुइँमा ओर्लियो । चतुर्बाहु, मुकुट, केयूर आदि अलङ्कारद्वारा अलङ्कृत, दिव्य चन्दन, वस्त्र, कमल आदि सुन्दर पदार्थहरूद्वारा सुशोभित; हातमा मादल एवं ताल धारण गर्ने, सुन्दरीहरूको नृत्यले आह्लादक; किन्नरहरूको गायनद्वारा मनोहर र श्रीगणेशका गणहरूद्वारा सञ्चालित विमानलाई देखेर सोमकान्तले जिज्ञासा व्यक्त गरे ।।१५-१९।।

सोमकान्तले भने – हे मुनिश्रेष्ठ ! विमानहरूका विषयमा धेरै पटक कुरा सुनेको थिएँ । अहिले हजुरको तपस्याको शक्तिबाट आफ्नैसामु विमान हेर्न पाएँ । धेरैपटक धेरैका मुखबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिमा श्रूयते कर्णैर्बहुधा बहुवक्त्रतः ।
अनुभूतो मया सोऽपि पुराणश्रवणात् तव ।।२१।।

एवं ब्रुवति भूपे तु दूता उत्तीर्य यानतः ।
प्रणिपत्याखिलाः प्रोचुः सोमकान्तं नृपं तदा ।।२२।।

परात्परेण देवेन तव पुण्यात् स्मृतिः कृता ।
गजाननेन शुद्धात्मन् ! पुराणश्रवणादिना ।।२३।।

वयं दूता आज्ञयाऽस्य विमानेन समागताः ।
नेतुं त्वां पुण्यकीर्तिञ्च याहि लोकमनुत्तमम् ।।२४।।

तद्दर्शनाज्जन्ममृतेर्मुक्तस्तत्सन्निधिं गतः ।
सुखमात्यन्तिकं तत्र प्राप्स्यसे तत्प्रसादतः ।।२५।।

निशम्य दूतवाक्यं तद् देहातीत इवाभवत् ।
रोमाञ्चाञ्चितसर्वाङ्गः प्राह गद्गदया गिरा ।।२६।।

परात्परेण देवेन चराचरकृताऽमुना ।
निर्गुणेन गुणक्षोभकारिणा विश्वयोनिना ।।२७।।

दीननाथेन भो दूताः स्मृतोऽहं कृपयाऽनघाः ।
ब्रह्माद्या न विदुर्यं हि ध्यात्वा च सनकादयः ।।२८।।

अनन्तगुणपूर्णः सोऽप्रेषयद् यानमुत्तमम् ।
नानावतारवान् नानारूपी परममायिकः ।।२९।।

तेन मे स्मरणं कस्मात् कृतमाश्चर्यकारकम् ।
एवमुक्त्वा नमस्कृत्य भृगुं तं प्राह भूमिपः ।।३०।।

आज्ञया ते गमिष्यामि दूतैः सह विमानगः ।
प्रसादात् ते च देवस्य न मां विस्मर्तुमर्हसि ।।३१।।

विमानको महिमा सुनिन्छ । तपाइँका मुखबाट पुराण सुनेपछि मैले भगवान् श्रीगणेश, उहाँका गण र ती गणद्वारा सञ्चालित विमानलाई प्रत्यक्ष अनुभव गर्न पाएँ ।।२०-२१।। यसरी राजाले भनिरहेकै समयमा दूतहरू विमानबाट ओर्लेर तिनीहरू भएको ठाउँमा आई नमस्कार गरेर सोमकान्त राजालाई भने- हे राजा! परब्रह्मस्वरूप भगवान् श्रीगणेशले तपाइँले गरेको पुण्यका कारण तपाइँलाई संझनु भएको छ किनकि तपाइँले श्रीगणेशपुराणको विधिपूर्वक श्रवण गर्नुभएको छ । हामी त भगवान् श्रीगणेशका दूत हौं। उहाँको आज्ञाले विमान लिएर तपाइँका समीपमा आएका छौं । हाम्रो आगमनको उद्देश्य पुण्यकीर्ति बन्नुभएका तपाइँलाई विमानमा सवार गराई सर्वोत्तम श्रीगणेशधाममा पुऱ्याउनु हो । अब हिंड्नुहोस् र विमानमा सवार हुनुहोस् ।।२२-२४।। त्यसबाट तपाइँ पवित्र श्रीगणेशधाममा पुग्नुहुनेछ । भगवान् श्रीगणेशको दर्शन पाएपछि तपाइँ जन्म र मृत्युको चक्रबाट मुक्त हुनुहुनेछ। उहाँको नित्य दर्शन र कृपाका कारण तपाइँले संसारमा कहीं नपाइने अत्यन्त उत्तम आत्माको सुख पाउनुहुनेछ ।।२५।। दूतहरूका ती कुरा सुनेर सम्पूर्ण शरीरमा रोमाञ्च अनुभव गर्ने राजा भावावेशमा पुगे र आफैलाई बिर्सेजस्ता भए । प्रसन्नताले सीमा नाघ्यो । केही होशमा आएर उनले गद्गद वाणीबाट भने- हे निष्पाप दूतगण ! सम्पूर्ण चराचरका सृष्टिकर्ता, निर्गुण, गुणहरूमा क्षोभ उत्पन्न गर्ने, विश्वयोनि, दीन-दुःखीहरूका स्वामी, परब्रह्मस्वरूप भगवान् श्रीगणेशले आज मलाई संझनुभयो । ब्रह्मा आदि देवता र सनक आदि महर्षिहरूले दीर्घकालसम्म ध्यान गर्दा पनि जसको दर्शन पाउन सक्दैनन् त्यस्ता अनन्त गुणका खानी भगवान् श्रीगणेशले आज मेरा लागि उत्तम यान पठाउनुभयो । भगवान् श्रीगणेश अनेक अवतार लिन सक्नुहुन्छ, अनेक थरि रूप धारण गर्नुहुन्छ र मायालाई वशमा राख्ने ठूला मायावी हुनुहुन्छ । त्यस्ता देवताले पनि मजस्तो साधारण मानिसलाई कसरी संझिनुभयो? मलाई अचम्म लागिरहेको छ। यसरी आफ्ना मनका भावनाहरू पोखेर भृगु ऋषिलाई प्रणाम गर्दै राजा सोमकान्तले निवेदन गरे- हे गुरुदेव! हजुरले आज्ञा दिनुहोस् म अब दूतहरूका साथमा विमानमा सवार भई श्रीगणेशधाम जानेछु। यसो हुनुमा हजुरको र भगवान् श्रीगणेशको समान रूपमा कृपा र आशीर्वाद भएको छ । हे गुरुदेव ! मलाई नबिर्सनुहुनेछ ।।२६-३१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच

निशम्य गदितं तस्य भृगुः सम्भ्रमविह्वलः ।
आनन्दाश्रुः सरोमाञ्चः कण्ठे धृत्वा नृपस्य सः ।।३२।।

प्राहाहं नृपते ! विप्रो भाग्यवाँस्त्वं महाफलः ।
गणेशपुरगो भूत्वा न मां विस्मर कर्हिचित् ।।३३।।

एवमुक्त्वा बहिर्यातौ धृत्वा हस्तावुभावपि ।
नमस्कृत्य विमानं तन्नृपो मुनिवरञ्च तम् ।।३४।।

आरुहत् परमप्रीतो दूतवाक्यात् त्वरान्वितः ।
द्वावमात्यौ सुधर्मा च रुरुहुर्यानमुत्तमम् ।।३५।।

ततो दूताश्च वाद्यानां घोषैर्व्याप्तं दिगन्तरम् ।
विमानशोभां वीक्ष्यैव सोमकान्तो ननन्द ह ।।३६।।

जन्मान्तरीयपुण्येन प्राप्तमेतदमन्यत ।
ततोऽस्मिन् पश्यति भृगौ विमानं यातमम्बरे ।।३७।।

सर्वोत्तमपदं प्राप्तं मर्त्यदेहेन वीक्ष्य च ।
विस्मयं परमं प्राप नत्वा दूतान् ययौ पदम् ।।३८।।

सूतजीले भन्नुभयो – राजा सोमकान्तले भनेको सुनेर भृगु ऋषिलाई कस्तो कस्तो लाग्यो । विरहको क्षण संझिँदा विह्वल हुनुभयो । एउटा मानिसको उद्धार गर्न पाउँदा हर्ष पनि भयो। हर्षका आँसु बगे र शरीरमा रोमाञ्च छुट्यो । राजालाई अङ्कमाल गर्दै उहाँले भन्नुभयो – हे राजा ! आज मैले आफूलाई भाग्यशाली ब्राह्मणको रूपमा पाएको छु । तपाइँले पनि ठूलो फल प्राप्त गर्नुभएको छ । श्रीगणेशको धाममा पुगेपछि कहिल्यै पनि मलाई नबिर्सनुहोला । यसरी आपसमा कुरा गर्दै ती दुबै आश्रमदेखि बाहिर आए । दुबै एक–अर्काका हात समातेर उँभिए। त्यसपछि राजा सोमकान्तले विमानलाई र मुनिलाई पनि प्रणाम गरे । श्रीगणेशका दूतहरूको आज्ञा पाएर सोमकान्त प्रसन्न भई शीघ्रतापूर्वक विमानमा सवार भए । सोमकान्त आफ्नी रानी सुधर्मा र २ मन्त्रीसमेत विमानमा सवार भए ।।३२–३५।। त्यसपछि श्रीगणेशका दूतहरू पनि सवार भए । त्यस बेला वाद्यघोष भयो। त्यसले चारै दिशा ढाक्यो । विमानको विचित्र शोभा देखेर सोमकान्त अत्यन्त खुसी भए । मैले जन्मजन्मान्तरका पुण्यबाट यो विमानमा आरोहण गर्ने अवसर प्राप्त गरें भन्ने विचार गरे । त्यसपछि भृगु ऋषिले हेर्दाहेर्दै त्यो विमान आकाशमा उड्न थाल्यो ।।३६–३७।। मानिसकै शरीरबाट पनि यसरी श्रीगणेशको कृपा भई विमानमा आरोहण गरेर श्रीगणेशधाम जानसकिंदो रहेछ भन्ने कुरा प्रत्यक्ष दर्शन गर्नका पाएका भृगुले ठूलो आश्चर्य माने । त्यसपछि भृगु ऋषि ती दूतहरूलाई नमस्कार गरी आफ्नो आश्रमभित्र प्रवेश गरें ।।३८।।

ॐ

इति श्रीगणेशपुराणे उत्तरखण्डे सोमकान्तविमानप्राप्तिवर्णनं नाम एकपञ्चाशदधिकशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सोमकान्तको विमानारोहण' शीर्षकान्वित एक सय एकाउन्नौं अध्याय पूर्ण भयो ।।१५१।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विपञ्चाशदुत्तरशततमोऽध्यायः { १५२ अध्याय }

सूत उवाच

उपरिष्टाद् ददर्शाऽथ नृपो दैवपुरं निजम् ।
जहर्ष गोपुराट्टालशोभां दृष्ट्वाथ काञ्चनीम् ।।१।।

ततः सुधर्मा सस्मार सभां रम्यां समीक्ष्य ह ।
निजं पुत्रं स्नेहवशात् प्राह गद्गदभाषिणी ।।२।।

हेमकण्ठो मम सुतो भद्रासनगतो भवेत् ।
पित्रोर्मार्गं प्रतीक्षन् स जाते संवत्सरेऽधुना ।।३।।

स्वामिन् ! कृपानिधे ! तस्य दर्शनं दातुमर्हसि ।
स्त्रियो वाक्यं निशम्यैवं शुशोच नृपतिस्तदा ।।४।।

नृप उवाच

हेमकण्ठो मम सुतो जीवन् स्याद् वा मृतो भवेत् ।
उक्तमासीन्मया चास्मै वत्सराद् दर्शनं भवेत् ।।५।।

अनृतात् कुत्र गच्छेयं नोक्तमासीत् कदाचन ।
न तत्र गन्तुं नो हातुं शक्तोऽहं परमं पदम् ।।६।।

विरुद्धं कथमेतद्धि घटेतेत्यरुदद् भृशम् ।
दृष्ट्वा दूतास्तयोः शोकमब्रुवन् राजसत्तमम् ।।७।।

युवयो रोदनं श्रुत्वा कृपा नः समुपागता ।
क्षणमुत्तारयामोऽत्र दृष्ट्वा तं यात सत्वरम् ।।८।।

सूतजीले भन्नुभयो – विमानमा सवार भएका राजा सोमकान्तले आकाशबाट तल आफ्नो राजधानी र त्यहाँका वरिपरिका प्यारा दृश्यहरू नजर गरे । आफ्नो राजधानीको सौन्दर्य, त्यहाँ बनेका सुवर्णमय दरबार, भवनहरू र गोपुरहरूको शोभा देखेर ती अत्यन्त प्रसन्न भए।।१।। रानी सुधर्माले पनि आफ्नो राजधानीको बीचमा रहेको राजभवन देखेपछि आफ्ना पुत्र हेमकण्ठलाई याद गरिन्। स्नेहले व्याकुल भएर गद्गद स्वरमा भनिन् – 'हे राजन् ! मेरा प्यारा छोरा हेमकण्ठ अहिले सिंहासनमा बसिरहेका होलान् । वनबाट मेरा माता–पिता कहिले फर्कनुहुन्छ भनेर हाम्रो बाटो हेरिरहेका होलान् । हामीले राजधानी छाडेको पनि एक वर्ष पूरा भयो । वर्ष दिनपछि भेट हुने हामीले कुरा गरेका थियौं । हामी त्यहाँ गएनौं भने उनीहरूले पीर मान्नेछन् ।।२–३।। हे दयालु राजा! मलाई मेरा छोरासँग भेट गराउने व्यवस्था मिलाउनुहोस् ।' आफ्नी प्यारी रानीका यी कुरा सुनेर राजा चिन्तामा परे ।।४।।

सोमकान्तले भने – 'मेरा छोरा हेमकण्ठ जिउँदै छन् कि अथवा दिवङ्गत भइसके । मैले तिनलाई एक वर्षपछि हाम्रो भेट हुन्छ भनेको थिएँ । अहिले श्रीगणेशका गणहरू आएपछि तिनको संझना नगरी हामी श्रीगणेशधामतर्फ जान भनी प्रस्थान गर्‍यौं । वचन दिएको कुरा बिर्सेजस्तो भयो । अहिलेसम्म झुट्टा व्यवहार कहिले पनि गरेको छैन । छोरालाई भेट गर्न खोज्ने हो भने श्रीगणेशका गण रिसाउलान् भेट नगरौं भने छोरालाई दिएको वचन असत्य हुनेभयो । के गरूँ के नगरूँ भएँ । न म श्रीगणेशधाम छोड्न सक्छु न छोरासँग जान सक्छु । यस्तो बीचको परिस्थितिमा परें । कसरी मेरो जीवनमा यो विरुद्ध घटना आइलाग्यो ।' यसरी चिन्तामा परेर राजा आँखाबाट आँसुका धारा बगाउन थाले । श्रीगणेशका दूतहरूले राजा र रानीको चिन्तित मुद्रा र आँखाका आँसु देखेर भने ।।५–७।। 'हे राजन्! हे रानी! तपाइँहरू दुबैको आँखामा आँसु देखेर एवं तपाइँहरूको क्रन्दन सुनेर हामीलाई दया लागेको छ । तपाइँहरूको काम पूरा गर्नका लागि हामीले केही बेर विमान भुइँमा ओह्राल्छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाते भवत्समाधाने सन्तोषो नः परो भवेत् ।
तत उत्तारयामासुर्दूता देवपुरादुदक् ।।९।।

विमानं तद् गणेशस्य पुराणश्रवणागतम् ।
नगरं प्रभया व्याप्तं वाद्यघोषैश्च नादितम् ।।१०।।

सुबलो ज्ञानगम्यश्च नमस्कृत्य नृपं गणान् ।
ईयतुर्हेमकण्ठं तं सर्ववृत्तान्तमीरितुम् ।।११।।

क्षणाद् भद्रासनगतं हेमकण्ठमपश्यताम् ।
सन्नद्धैर्वीरमुख्यैश्च परिवीतं महाबलैः ।।१२।।

अमात्यनागरैर्युक्तमीक्षन्तं नृत्यमुत्तमम् ।
तदमात्यौ ज्ञानगम्यं सुबलं समपश्यताम् ।।१३।।

उत्तस्थुः सर्ववीराश्च सामात्यो हेमकण्ठकः ।
आलिङ्गनाय ते सर्वे तयोः प्रापुः सुसम्भ्रमम् ।।१४।।

तेषामालिङ्गने जाते ततो नृपसुतो ययौ ।
हर्षेण महता युक्तः सरोमाञ्चोऽब्रवीच्च तौ ।।१५।।

मम माता पिताऽमात्यौ क्षेमयुक्तौ न वा क्वचित् ।
त्यक्त्वा तौ पितरौ यातौ युवामेकाकिनौ कथम्।।१६।।

एवमुक्त्वा स्वासने तावुपवेश्य प्रपूज्य च ।
वस्त्रचन्दनभूषादिफलताम्बूलकाञ्चनैः ।।१७।।

तयोर्विना मम प्राणाः कण्ठमात्रावलम्बिनः ।
अहर्निशं तयोर्ध्यानं नान्यस्य मम मानसे ।।१८।।

पिता मे प्रावदत् पूर्वमेकदा दर्शनं पुनः ।
दास्यामीति कथं तच्चानृतं वाक्यं करिष्यति ।।१९।।

तावूचतुः

मा कुरुष्व वृथा चिन्तां पित्रोस्ते कुशलं नृप !
तयोः पुण्यप्रभावं को जानाति भुवनत्रये ।।२०।।

तपाइँहरूले आफ्ना छोरासँग भेट गर्नुहोस् । त्यसपछि तुरुन्तै हामी श्रीगणेशधाम जानेछौँ ।।८।। तपाइँहरूले छोराको दर्शन पाएपछि हामीलाई पनि ठूलो सन्तोष लाग्नेछ ।' यसो भनेर श्रीगणेशका दूतहरूले देवपुरदेखि उत्तरपट्टि लगेर विमानलाई भुइँमा ओह्राले ।।९।। श्रीगणेशपुराणका श्रवणका कारण सोमकान्तलाई लिन आएको त्यो विमान सोमकान्तको राजधानीमा ओर्लियो। त्यो राजधानी विमानको कान्तिले चहकिलो भयो । विमानभित्र बजेका वाद्यघोषले राजधानी पनि शब्दायमान भयो । त्यसपछि सुबल र ज्ञानगम्यनामक दुईजना सोमकान्तका साथमा रहेका मन्त्रीहरू तुरुन्तै राजा हेमकण्ठलाई भेट्न दरबारमा गई वनमा घटेको र विमानमा सवार भई श्रीगणेशधाम जान लागेको समाचार सुनाउन तत्पर भए ।।१०-११।। तिनले सिंहासनमा बसेका हेमकण्ठको दर्शन गरे। ती हेमकण्ठ महाबली वीरहरूद्वारा घेरिएका थिए। तिनका वरिपरि उत्तम नागरिक र अमात्यहरू थिए । हेमकण्ठले ती सबैका साथ बसेर राजकीय नृत्य हेरिरहेका थिए । ज्ञानगम्य र सुबलले त्यहाँ पुगेर राजाको दर्शन गरे । ती मन्त्रीहरूलाई आएको देखेर हेमकण्ठ र तिनका साथमा रहेका वीरहरू स्वागत गर्न उभिए । सबैले परस्परमा अङ्कमाल गरे ।।१२-१४।। अङ्कमाल गरेपछि अत्यन्त हर्षित भएका हेमकण्ठले आफ्ना माता-पिताको विषयमा सोधे । त्यसपछि तिनले भने- हे मन्त्रीहरू! तपाइँहरूले मेरा माता-पितालाई एक्लै किन छाड्नुभयो ? त्यसपछि तिनले आएका मन्त्रीहरूको सम्मान गरे, आफ्नै आसनमा राखे । वस्त्र, चन्दन, फल, पान, सुवर्ण टक्र्याए । मन्त्रीहरूलाई सम्बोधन गर्दै भने - हे मन्त्रीहरू ! माता-पिताबिना मेरा प्राण घाँटीघाँटीमा आएर अडिएका छन्। रातदिन म माता-पिताको ध्यान गरिरहन्छु अरू कुरा मेरो मनमा केही पनि रहँदैन । मेरा पिताले भन्नुभएको थियो म एक पटक तिमीलाई दर्शन दिनेछु तर दर्शन दिनुभएन । के मेरा सम्मान्य पिताले आफ्नो वचन झुट्टा गराउनुहुनेछ ? ।।१५-१९।।

मन्त्रीहरूले भने- हे राजन्! तपाईंले आफ्ना माता-पिताको विषयमा व्यर्थ चिन्ता नगर्नुहोस् । तपाइँका माता-पिताको पुण्यको प्रभाव स्वर्ग, मर्त्य, पाताल तीनै लोकमा कसैले पनि जान्दैन।।२०।। तपाइँसँग आज्ञा लिएर हामी नगरदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुज्ञां भवतो गृह्य निर्गता नगराद् वयम् ।
चत्वारोऽपि पितुस्तेऽभूत् सौकुमार्यादिकं महत् ।।२१।।

क्षुधया पीडितोऽत्यन्तं रक्तस्त्रावि पदाम्बुजम् ।
कन्दमूलैः फलैस्तृप्तिर्न चासीत् तस्य भूपतेः ।।२२।।

मातुस्तेऽपि यथावस्था चेलतुर्न पदं तदा ।
भ्रमद्भिर्बहुधा पश्चाद् दृष्टं चारु सरो महत् ।।२३।।

शीतलं वृक्षवल्लीभिस्तत्र सुष्वाप भूमिपः ।
सुधर्मा पादसंवाहं चकार श्रमकर्षिता ।।२४।।

आवां तु कन्दमूलार्थे यातस्तत्रायया मुनिः ।
च्यवनो मुनिशार्दूलो जलार्थे तौ ददर्श ह ।।२५।।

तयोर्हार्दं स गृह्यैव निजमाश्रममाययौ ।
तत आवां समायातौ गृह्य मूलफलं बहु ।।२६।।

सर्वे तदाश्रमे याता मुनिना पूजिता भृशम् ।
भोजिताः षड्रसैश्चान्नैर्विश्रान्तिं परमां गताः ।।२७।।

ततः कथाप्रसङ्गोऽभून्मुनिना च नृपेण च ।
सर्वं चाकथयद्राजा वृत्तान्तं मुनये तदा ।।२८।।

ततो मुनिर्ध्यानबलात् सर्वं जन्मास्य सञ्जगौ ।
दुरितं तच्छमोपायमब्रवीत् करुणायुतः ।।२९।।

दुरितश्रवणे चास्य सन्त्रासो नौ नृपाभवत् ।
स सन्दिग्धमना यावत् तावद् देहाद् विनिर्गताः ।।३०।।

प्रस्थान गरेका थियौं । वनमा गई हामीले धेरै दुःख पायौं । हामी भोकले व्याकुल भयौं । हिंड्दा हिंड्दा हाम्रा खुट्टाबाट रगतका धारा बग्न थाले। तपाइँका पिता कुष्ठरोगले अत्यन्त घृणित अवस्थामा हुनुहुन्थ्यो। कन्दमूल र फल खाएर पनि उहाँलाई कहिल्यै तृप्ति भएन। दुःख नगरेकी तपाइँकी माताले पनि साह्रै पीडा व्यहोर्नुपर्‍यो । हिंड्ने बानी नभएकी तपाइँकी आमालाई जङ्गलमा हिंड्दा थकाइ लाग्यो, खुट्टा दुखे। एक दिन उहाँ थाकेर एक पाइला पनि हिंडन नसक्ने स्थितिमा पुग्नुभयो । यस्ता दुःखका दिन हामीले धेरै देख्यौं, धेरै व्यहोर्‍यौं । एक दिन भगवान्‌को कृपा भयो र घुम्दाघुम्दा हामीले एउटा सुन्दर सरोवर देख्यौं ।।२१-२३।। त्यो सरोवर रूख र लहराले ढाकिएको थियो । अत्यन्त शीतल थियो । त्यहाँ शान्ति अनुभव गर्दै तपाइँका पिता सोमकान्ता राजा जिउको वास्ता नगरी भुइँमा सुत्नुभयो । त्यस अवस्थामा पनि कत्ति घृणा नमानी तपाइँकी आमाले आफू थाकेकी भए तापनि आफ्ना पति सोमकान्तको पाउ दबाएर सेवा गर्नुभयो ।।२४।। तपाइँकी आमाले राजा सोमकान्तको पाउ दबाइरहँदा हामी दुईजना मन्त्रीहरू कन्दमूल खोज्न भनी जङ्गलतर्फ लाग्यौं । त्यस बेला एकजना ऋषि त्यहाँ आइपुगे । ती उत्तम ऋषिको नाम च्यवन थियो । पानीका निमित्त ती आएका थिए । तिनले तपाइँका माता-पितालाई भेटेर भलाकुसारी गरे। राजा-रानीको प्रेम र श्रद्धा अनुभव गरी ती ऋषि आफ्नो आश्रममा फर्के । त्यसै बेला हामी दुईजना मन्त्रीहरू पनि वनमा भेटाएका कन्दमूल लिएर त्यहाँ फर्क्यौं।।२५-२६।। त्यसपछि च्यवन ऋषिको आग्रहबाट राजा-रानी र हामीहरू दुबै ऋषिको आश्रममा पुग्यौं। ऋषिले हाम्रो स्वागत गर्नुभयो । ६ प्रकारका रसले युक्त भोजन एवं व्यञ्जन टक्र्याउनुभयो । हामीले त्यहाँ परम आनन्दपूर्वक भोजन गरेपछि केही बेर आराम गर्‍यौं ।।२७।। आरामपछि राजा र मुनिको आपसमा संवाद भयो । राजाले मुनिका सामु आफ्ना सबै कुरा राख्नुभयो । त्यसपछि मुनिले ध्यान गर्दै आँखा चिम्लनुभयो । आँखा खोलेपछि मुनिले भन्नुभयो- हे राजन् ! मैले ध्यानदृष्टिबाट तपाइँको भूत र वर्तमान सबै हेरें। तपाइँबाट पूर्वजन्ममा ठूलो पाप भएको रहेछ । राजाको पूर्वजन्मको पापका विषयमा सुनेर हामी भयभीत भयौं । राजाको मनमा भने पूर्वजन्मका घटना सुनेर सन्देह पैदा भयो । त्यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्षिणः श्वेतवर्णास्तमारब्धा भक्षितुं नृपम् ।
तेषां चञ्चुप्रहारेण विह्वलः पतितो नृपः ।।३१।।

रक्ष रक्षेति कारुण्यात् प्रोक्तः प्रार्थनया मुनिः ।
तस्य प्रेक्षणमात्रेण पक्षिणोऽन्तर्दधुः क्षणात् ।।३२।।

स तु हस्तयुगं बद्ध्वा तस्थौ मुनिमुखो नृपः ।
महज्ज्ञात्वा नृपैनः स श्रावयामास भक्तितः ।।३३।।

गणेशस्य पुराणं यद् वर्षमात्रं कृपानिधिः ।
अष्टोत्तरशतेनादौ देवनाम्ना प्रसिच्य च ।।३४।।

तदङ्गात् पुरुषं घोरं निष्कास्य तपसो बलात् ।
व्योमकेशो ललज्जिह्वो व्याकुलः क्षुधया भृशम् ।।३५।।

भक्ष्यं ययाचे स भृगुं सोऽवदत् तं पुरस्थितम् ।
भक्षयस्वाम्रवृक्षं त्वं महान्तं शुष्कमेव च ।।३६।।

तेन स्पृष्ट आम्रवृक्षो भस्मसादभवत् क्षणात् ।
ततस्तं धीवरं प्राह भक्षयस्वेत्यसौ मुनिः ।।३७।।

ततो नृपं मुनिः प्राह पुराणश्रवणं महत् ।
श्रेयो निक्षिप नित्यं त्वमस्मिन् भस्मनि भूमिप ।।३८।।

यावच्चूतस्य वृक्षोऽत्र भवेदन्यो यथा पुरा ।
ततस्त्वमपि राजेन्द्र ! दिव्यदेहो भविष्यसि ।।३९।।

तथैव स नृपश्चक्रे स्नात्वा श्रुत्वा कथां बहु ।
न्यक्षिपत् प्रत्यहं श्रेयस्तस्मिन् भस्मनि भक्तितः ।।४०।।

संवत्सरान्ते वृक्षोऽसावभून्नृप ! यथा पुरा ।
गणेशस्य पुराणे तु समाप्ते फलपुष्पवान् ।।४१।।

सेतो रङ्गका चराहरू त्यहाँ आए । तिनले राजाको रोगी शरीरबाट रगत र पीप बगेको देखे । त्यो देखेर आफ्नो ठूँडले शरीरमा प्रहार गरी मासु लुछ्न थाले । यसरी चराको प्रहारबाट घाइते भएका राजा बस्न नसकेर भुइँमा लड्नुभयो । उहाँले मुनिलाई सम्बोधन गर्दै भन्नुभयो – हे मुनिवर ! म विपत्तिमा परेँ, कृपा गरी मेरो रक्षा गर्नुहोस् । मुनिले हेर्नासाथ राजाको शरीरमा प्रहार गरिरहेका ती सेता चराहरू तत्कालै अन्तर्धान भए ।।२८-३२।। यताउति कहीं पनि देखिएनन् । राजाले हात जोडेर मुनिको मुखमा हेरिरहनुभएको थियो । मुनिले पनि राजाले पूर्वजन्ममा गरेको ठूलो पाप थाहा पाएर राजालाई अवगत गराए । त्यसपछि उनले एक वर्षसम्म भक्तिपूर्वक राजालाई श्रीगणेशपुराण सुनाए ।।३३।। मुनिले आफ्नो तपस्याको बलबाट शुरुमा १०८ श्रीगणेश नामको जप गरी जलले अभिमन्त्रित गरेर राजाको शरीरबाट डरलाग्दो पापपुरुषलाई बाहिर निकाले । बाहिर आएको पापपुरुष आकाश छोलाजस्तो अग्लो थियो । त्यसको लामो जिब्रो बाहिर निस्केको थियो । त्यो साह्रै भोकले व्याकुल अवस्थामा थियो । त्यसले भृगु ऋषिलाई हात जोडेर भन्यो- मलाई खानेकुरा दिनुहोस्। ऋषिले भने हे पापपुरुष ! तैंले आश्रम नजिकै एउटा सुकेको आँपको रूख छ त्यसलाई खाएर आफ्नो भोक निवारण गर । त्यसपछि पापपुरुषले गएर आँपको रूखलाई छोयो । छुनासाथ त्यो रूख डढ्यो र खरानीमा परिणत भयो । त्यसपछि पापपुरुषलाई त्यही खरानी खान मुनिले अह्राउनुभयो ।।३४-३७।। राजालाई सम्बोधन गर्दै मुनिले भन्नुभयो- हे राजा ! तपाईँले एक वर्षसम्म श्रीगणेशको पुराण सुन्नुभएको छ । त्यसबाट तपाईँले ठूलो पुण्य कमाउनुभएको छ । त्यो पुण्य तपाईँले खरानी भएको आँपको वृक्षका निमित्त दान गर्नुहोस् । त्यसबाट त्यहाँ एउटा आँपको वृक्ष तुरुन्तै पैदा हुनेछ र तपाइँको रोगले जीर्ण र घृणित शरीर दिव्य शरीरका रूपमा परिणत हुनेछ ।।३८-३९।। मुनिको आज्ञा पाएर तपाइँका पिता सोमकान्तले त्यसै गर्नुभयो । उहाँले स्नान गर्नुभयो, कथा सुन्नुभयो, दिनदिनै पुराण श्रवण गरी त्यसको पुण्य भक्तिपूर्वक खरानीमा अर्पण गर्नुभयो ।।४०।। एक वर्ष बितेपछि त्यसै खरानीबाट एउटा विशाल वृक्ष खडा भयो । श्रीगणेशपुराणको साङ्गता गरेपछि त्यो वृक्ष फलफूलले लटरम्म भयो । यता राजा पनि चन्द्रमा र सूर्यझैं कान्तिसम्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृपोऽपि दिव्यकान्तिः स शशिसूर्यनिभोऽभवत् ।
यावन्नृपो मुनिं स्तौति विमानं तावदागतम् ।।४२।।

नृत्यगीतसमायुक्तं वाद्यघोषनिनादितम् ।
गणेशदूतसंयुक्तमाश्रमान्तिकमास्थितम् ।।४३।।

यच्छोभां पश्यतोर्नाथ ! दृशो नौ सफलाः किल ।
अतिपुण्यात् पितुस्ते ते दूता देवाज्ञया नृपम् ।।४४।।

न्यक्षिपन् यानमध्ये नौ नृपेक्षणप्रणोदिताः ।
सुधर्मा च मुनेराज्ञां गृह्य याता विमानगा ।।४५।।

दृष्टं देवपुरं यावत् तावत् त्वत्स्मृतिरागता ।
अत उत्तारितं यानमुत्तरे नगरान्नृप ।।४६।।

दिदृक्षया पितृभ्यां ते तौ यातौ त्वां निवेदितुम् ।
तयोः शीघ्रं दर्शनाय याहि नो चेद् गमिष्यति ।।४७।।

तयोर्वाक्यं निशम्येत्थं हेमकण्ठस्त्वरान्वितः ।
रोमाञ्चाश्रुसमायुक्तो धावमानः श्रुताखिलः ।।४८।।

ययौ तद्दर्शनौत्सुक्यात् पुरस्कृत्य तदा तु तौ ।
विशीर्णभूषणगणो नागरैः सेवकैर्वृतः ।।४९।।

गलदश्रुः क्षणात् प्राप विमानं गणसङ्कुलम् ।।५०।।

हुनुभयो । यसरी आफ्नो शरीरमा आएको परिवर्तन र मनमा आएको प्रसन्नताबाट प्रभावित भएका तपाइँका पिता सोमकान्तले मुनिको स्तुति गर्नुभयो । त्यसै बेला श्रीगणेशधामबाट त्यो आश्रममा एउटा विमान आइपुग्यो ।।४१-४२।। विमानभित्र स्वर्गीय नृत्य र गान चलेको थियो, स्वर्गका बाजा बजेका थिए। त्यसमा श्रीगणेशका गणहरू विराजमान थिए । त्यो विमान आश्रमको नजिकमा उभिएको थियो । त्यसको शोभा हेरेर हामी दुबै मन्त्रीहरू पनि छक्क परेका थियौं । हाम्रा आँखाले त्यस्तो दृश्य कहिल्यै पनि देखेका थिएन। तपाइँका पिताको पुण्यका प्रतापले त्यो विचित्रको घटना घट्यो। ती श्रीगणेशका दूतले तपाइँको पितालाई विमानमा सवार हुन अनुरोध गरे । त्यसपछि हामी सबै विमानमा आरोहण गऱ्यौं । तपाइँकी माता सुधर्मा पनि मुनिहरूबाट आज्ञा प्राप्त गरी त्यसमा सवार हुनुभयो ।।४३-४५।। जुन बेला विमान तपाइँको राजधानी माथि आकाशमा उड्दै थियो त्यस बेला तपाइँकी आमाले यहाँको दृश्य देखेर तपाइँको संझना गर्नुभयो। श्रीगणेशका दूतहरूको कृपाबाट त्यो विमानलाई एकछिनका निमित्त देवपुरको उत्तरमा ओह्रालिएको छ।।४६।। हजुरका माता-पिताद्वारा हजुरको दर्शन गर्ने तीव्र इच्छा व्यक्त गरिएपछि उहाँहरूका मन्त्री हामी हजुरका समक्ष निवेदन गर्न आएका छौं । छिटै उहाँहरूको दर्शनार्थ प्रस्थान गर्नुहोस् अन्यथा उहाँ गइसक्नुहुनेछ ।।४७।। तिनका यी कुरा सुनेर हेमकण्ठ पनि हतार गर्दै रोमाञ्चित भएर हर्षका आँसुका बगाउँदै माता-पिताको दर्शन गर्ने उत्सुकताका साथ गहना र वस्त्रको पनि ख्याल नगरी आफ्ना नगरवासी भद्र नागरिक र विश्वासपात्र सेवकहरूलाई साथमा लिएर माता-पिताको सामुमा पुगे। त्यहाँ गएर तिनले श्रीगणेशका गणले भरिएको सुन्दर विमान नजर गरे ।।४८-५०।।

ॐ

इति श्रीगणेशपुराणे उत्तरखण्डे हेमकण्ठदर्शनं नाम द्विपञ्चाशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'हेमकण्ठदर्शन' शीर्षकान्वित एक सय बाउन्नौं अध्याय पूर्ण भयो ।।१५२।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिपञ्चाशदुत्तरशततमोऽध्यायः { १५३ अध्याय }

सूत उवाच

तदमात्याश्च चत्वारः सोमकान्तं पुरो ययुः ।
प्रणिपत्याखिलान् प्रोचुरागतस्ते सुतो नृप ।।१।।

सर्ववीरैर्नागरिकैरिन्द्रः सुरगणैरिव ।
वृतो हर्षेण शोकेन दृष्ट्वा नृयानमेव च ।।२।।

एवं निवेदितोऽमात्यैः सोऽपि शीघ्रं समागतः ।
आबालवनितावृद्धैः सेवकैश्च समन्वितः ।।३।।

दृष्ट्वा शोभां विमानस्य सर्व आनन्दनिर्भराः ।
तन्मध्ये सोमकान्तं ते दृष्ट्वा नेमुर्धरातले ।।४।।

युक्तं दूतैर्गणेशस्य कान्तयाप्यतिकान्तया ।
तत उत्तीर्य यानात् स आलिलिङ्ग सुतं मुदा ।।५।।

आनन्दाश्रूणि मुञ्चन्तौ सरोमाञ्चावुभावपि ।
विदेहाविव सञ्जातौ न किञ्चिदूचतुः क्षणम् ।।६।।

{ तत ऊचे पिता पुत्रं स्नेहेन वत्सरागतम् ।
त्वामेव नित्यं ध्यायामि सत्पुत्रं वंशभूषणम् ।।
न त्वया सदृशं पश्ये पुत्रैषु जनवर्तिषु ।
ततः सुधर्मा स्नेहेन धावमाना सुतं ययौ ।।
आलिलिङ्ग मुदा युक्ता गलदश्रू उभावपि ।
तत ऊचे सुतं माता चिरदृष्टोऽसि बालकः ।।
न मे सुखं किञ्चिदभूत् त्वदुत्कण्ठितचेतसः ।
इदानीं ते मुखं दृष्ट्वा सानन्दं मे मनोऽभवत् ।।
वियोगेन च ते देहो मम जातः कृशो भृशम् ।
तत आलिङ्गनं चक्रुर्नागरा नामधारकाः ।।

सूतजीले भन्नुभयो - यसरी राजा हेमकण्ठ आफ्ना पिताको दर्शन गर्न जाँदा तिनका चारजना मन्त्रीहरू पनि सँगै गएका थिए। त्यहाँ मानिसहरूले राजा सोमकान्तलाई भने- हे राजन्! हजुरका छोरा हजुरलाई भेट्न आउनुभएको छ। आफ्ना साथमा वीरजन र नागरिकहरू पनि लिएर आउनुभएको छ। देवताहरूलाई लिएर इन्द्र जसरी कहीं जान्छन् त्यसैगरी तपाइँका छोरा पनि आफन्तहरूका साथ यहाँ आउनुभएको छ । उहाँले हर्ष र शोकपूर्वक तपाइँ बस्नुभएको विमानको दर्शन गरिसक्नुभएको छ ।।१-२।। यसरी मानिसहरूबाट सुनेपछि राजा सोमकान्त र रानी सुधर्मा दुबै प्रसन्न भए । हेमकण्ठ पनि तुरुन्तै नर-नारीहरूका माता-पिताका सामु हाजिर भए । ती सबैले विमानको शोभा देखेर ठूलो आनन्दको अनुभव गरे । विमानको बीचमा रहेका आफ्ना पिता सोमकान्तको दर्शन पाएर हेमकण्ठलगायत सबै आगन्तुकहरूले भूइँमा उभिई शिर झुकाएर वन्दना गरे ।।३-४।। आफ्ना छोराले आएर वन्दना गरेपछि विमानबाट ओर्लेर सोमकान्तले पनि तिनलाई आलिङ्गन गरे । आलिङ्गनपाशमा आबद्ध दुबै बाबुछोराले आनन्दका आँसु खसालिरहेका थिए, रोमाञ्चित थिए र भावावेशका कारण शरीरलाई बिर्सेर आत्माको आनन्दमा निमग्न थिए । ती दुबै केही बोल्न सकेका थिएनन् ।।५-६।। त्यसपछि पिता सोमकान्तले पुत्र हेमकण्ठलाई भने - बाबु ! म एक वर्षपछि यहाँ आइपुगें । बाह्र महिनामा प्रत्येक रातमा मैले तिमीलाई संझिरहन्थें । तिमी मेरो कुलका गहना हौ । धेरै मानिसका छोराहरू हुन्छन् तर तिमीजस्ता बाबु-आमाको सेवा गर्ने र बाबु-आमाप्रति श्रद्धा गर्ने छोरा कमै हुन्छन् । त्यसपछि आमा सुधर्मा आफ्ना छोरासामु आइपुगिन् । तिनले पनि आँखाबाट आँसुका धारा बगाउँदै छोरालाई आलिङ्गन गरिन् । केहीबेर दुबै आमा-छोरा रोइरहे । त्यसपछि आमाले भनिन् - बाबु ! मैले धेरै दिनमा तिमीलाई देख्न पाएँ । एक वर्षसम्म तिम्रो संझनाले गर्दा मैले सुखशान्ति कहिल्यै पनि पाइनँ। अहिले तिम्रो अनुहार देख्न पाउँदा मेरो मन अत्यन्त आनन्दित भएको छ। हेर त तिम्रो वियोगका कारण म कति दुर्बल भएकी छु । आमा-छोराको कुराकानीपछि ती राजा र रानीले त्यहाँ भेला भएका प्रत्येक नगरवासीको नाम पुकारेर प्रत्येकसँग भलाकुसारी गरे । खुसी भएका केही नागरिकहरूले राजारानीको प्रदक्षिणा गरे। कसैले पाउ छोए, केही दर्शन गरेर धन्य भयौं भन्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केचित् प्रदक्षिणां चक्रुः केचित् पादौ तदाऽस्पृशन् ।
केचिच्च दर्शनादेव प्रतियाताः पुरं प्रति ।।}

तत ऊचे नृपः सर्वान् भृगुणाऽनुग्रहान्मम ।
गणेशस्य पुराणं यच्छ्रावितं पापनाशनम् ।।७।।

अभवं तेन निष्पापो दिव्यदेहो विमानगः ।
सर्वेषां दर्शनं जातं पुनर्यास्यामि यानगः ।।८।।

कृपावता गणेशेन यानं मे प्रेषितं भुवि ।
राज्यञ्च परिभुक्तं मे स्वेच्छया सम्पदः सुत ।।९।।

धाम यास्यामि परमं प्रसादाद् भृगुसम्भवात् ।
एवं ते शुश्रुवुर्वाणीं सोमकान्तसमीरिताम् ।।१०।।

रुरुदुः सुस्वरं सर्वे पतिता भुवि केचन ।
श्रेणीमुख्यास्ततः प्रोचुः सोमकान्तं कृपानिधिम्।।११।।

नो विना जगतीपाल ! कथं यास्यसि धाम तत् ।
प्राणाँस्त्यक्त्वा वयं सर्वे यास्यामोऽप्यनु ते नृप ।।१२।।

हत्या त्वन्मस्तके राजन् ! सर्वेषां नो भविष्यति ।
न नः पुण्यं तथा येन द्रक्ष्यामस्तं गुणेश्वरम् ।।१३।।

तव प्रसादाद् देवस्य यास्यामो लोकमुत्तमम् ।
न संसारे सुखं किञ्चिदायुर्नाशो वृथाऽत्र हि ।।१४।।

अस्माकं न भवेत् किञ्चित् साधनं धामसाधनम् ।
ततोऽवदद् हेमकण्ठो जनकं वाक्यमादृतः ।।१५।।

कथं त्यक्त्वाऽर्भकं तात ! यासि द्रष्टुं गजाननम् ।
मम राज्येन को हेतुराज्ञया तव वत्सरम् ।।१६।।

पालितं राज्यमखिलं नेच्छेदानीं ममापि च ।
शपथस्ते तथा राजन्नतो नेतुं ममार्हसि ।।१७।।

नगरतर्फ फर्के । त्यहाँ रहेका जनतालाई सम्बोधन गर्दै राजा सोमकान्तले भने- हे प्यारा प्रजाहरू! ममाथि भृगु ऋषिको ठूलो कृपा भयो। उहाँकै कृपाबाट मैले पापनाशक श्रीगणेशपुराण सुन्ने अवसर पाएँ ।।७।। एक वर्षसम्म श्रीगणेशपुराणको श्रवणबाट म निष्पाप भएँ र दिव्य शरीर पनि प्राप्त गरें । अहिले म त्यसै दिव्यशरीरमा रहेर विमानमा बसी तिमीहरूका समीपमा आएको छु । भगवान्को कृपाले छोरा, मन्त्री, सेवक र नर-नारीहरू सबैसँग भेट भयो । अब म छिट्टै विमानमा सवार भई जानेछु।।८।। कृपालु भगवान् श्रीगणेशले मेरा निमित्त विमान पठाउनुभएको छ । मैले राज्यसुख पनि पाइसकेको छु, सम्पत्तिको सुख पनि भोगिसकेको छु र अब मेरो कुनै कुरामा इच्छा छैन । मुनिवर भृगुको कृपाबाट श्रीगणेशपुराणको श्रवण गरी संसारका स्वामी श्रीगणेशको पनि ठूलो कृपा पाएँ । अब म श्रीगणेशधाम जानेछु। राजा सोमकान्तले भनेका यी कुरालाई त्यहाँ रहेका सबैले श्रद्धापूर्वक सुने ।।९-१०।। राजा-रानी श्रीगणेशधाम जाने कुरा थाहा पाएपछि भोलिको वियोगको कल्पना गरेर तिनीहरू चिच्याउँदै रुन थाले । कोही बेहोश भएर भुइँमा लडे, केही जनप्रतिनिधिहरूले कृपालु राजालाई निवेदन गरे - हे संसारका स्वामी! प्रजाका पालक! तपाइँ हामी सबैलाई छाडेर श्रीगणेशधाम जान चाहनुहुन्छ ? हामी त प्राणत्याग गरेर पनि तपाइँका पछि लाग्नेछौं ।।११-१२।। यसरी अकालमा आफैले प्राणत्याग गर्‍यौं भने त्यो हत्याको दोष तपाइँलाई लाग्नेछ । हामीले त्यस्तो कुनै पुण्य नगरेका कारण हामीलाई भगवान् श्रीगणेशले लैजानु हुँदैन। तपाइँको कृपा भएमा मात्र हामी पनि तपाइँका साथ श्रीगणेशधाम जान सक्छौं । संसारमा के सुख छ र ? सुखका लागि मान्छेले दुःख नै गरिरहेको छ परन्तुमा सुख कसैले पनि पाउँदैन । यहाँ त बाँच्नु र आयुको नाश गर्नु यही त काम हो ।।१३-१४।। त्यस कारण हामीलाई संसारप्रति कुनै आसक्ति र माया छैन । तर पुण्य नभएकाले श्रीगणेशधाम जाने उपाय पनि छैन । त्यसपछि हेमकण्ठले आफ्ना पितालाई सम्बोधन गर्दै भने- हे पिताजी ! आफ्नो बालकलाई यसै छाडेर हजुर भगवान् श्रीगणेशको दर्शन गर्न जानुहुन्छ ? मलाई त राज्यमा कुनै माया-मोह छैन । मैले त हजुरको आज्ञा पालन गर्न मात्र एक वर्षका लागि यो राज्य जिम्मा लिएको थिएँ। एक वर्ष हजुरको आज्ञाले सम्पूर्ण राज्यको शासन सञ्चालन गरें । अब मलाई राज्य सञ्चालन गर्ने इच्छा छैन । मैले शपथ खाएर भन्छु- अब म राज्य गर्न चाहन्नँ। तसर्थ मलाई पनि सँगै लिएर जानुहोस् ।।१५-१७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोमकान्त उवाच

सर्वेषामेव संद्रष्टुमिच्छा देवपदाम्बुजम् ।
अहञ्च परवानत्र कथं कार्यं मया जनाः ।।१८।।

भवत्स्नेहेन शोचामि पुत्रस्नेहाद् विशेषतः ।
अत एवोर्ध्वगं यानमुत्तार्य द्रष्टुमागतः ।।१९।।

सूत उवाच

ततः शोचत्सु लोकेषु सोमकान्ते रुदत्यपि ।
पुत्रे च देवदूतानां दया प्रादुरभूत् तदा ।।२०।।

ते ऊचुः सोमकान्तं तं धन्यो राजन् ! यतो जनाः ।
त्वयि सङ्कल्पितप्राणा यथा त्वं जगदीश्वरे ।।२१।।

अतः सर्वान् गृहीत्वैव यामः शीघ्रं गजाननम् ।

राजोवाच

यदि सर्वा पुरी नीता तदा कीर्तिर्दृढा मम ।।२२।।

भविष्यति रसायां मे नान्यथा तु भविष्यति ।

सूत उवाच

एवमुक्त्वा पुराणस्य गणेशस्य श्रवोद्भवम् ।।२३।।

पुण्यं हस्ते जलेनैषां ददौ राजा तदाज्ञया ।
तोये हस्ते गते लोका निष्पापाः पुण्यमूर्तयः ।।२४।।

आबालवनितावृद्धा रुरुहुर्यानमुत्तमम् ।
गणेशस्य तु ये दूतास्ततोऽगुरूर्ध्वमार्गतः ।।२५।।

ततः केचिन्नराः पापा यैर्नापि च जलं करे ।
ते पुनर्नगरे याताः शशंसुः शेषितं जनम् ।।२६।।

ततो ददृशिरे सर्वे उर्ध्वगं नगरं बहु ।
ऊचुः परस्परं शेषा द्रव्यलाभेन तोषिणः ।।२७।।

सोमकान्तले भने – तिमीहरू सबैको भगवान् श्रीगणेशका पाउको दर्शन गर्ने तीव्र इच्छा रहेछ । म पराधीन छु । तिमीहरूप्रति र विशेषगरी छोराका प्रति स्नेहका कारण म चिन्तित छु । त्यस कारण आकाशमा उडिरहेको यानलाई यहाँ ओरालेर जनता र छोरासँग भेट गर्न भनी आएको हुँ ।।१८-१९।।

सूतजीले भन्नुभयो – यो कुरा सुनेर त्यहाँका सबै श्रोताहरू जिल्ल परे । सोमकान्त आफ्ना प्रजाका लागि केही गर्न नसकेका कारण रुन थाले । छोरा हेमकण्ठ पनि बाबुआमाको वियोगको कल्पना गरेर क्रन्दन गर्न थाले । त्यस बेला भगवान् श्रीगणेशका दूतहरूको हृदयमा करुणा जाग्यो । तिनले सोमकान्तलाई सम्बोधन गर्दै भने – हे राजा ! तपाइँ धन्य हुनुहुन्छ । हेर्नुहोस् त तपाइँका प्रजाहरू तपाइँमै प्राण अड्याएर बसेका रहेछन् । जसरी भगवान्का भक्तले आफ्ना प्राण भगवान्लाई नै अर्पित गरेका हुन्छन् त्यसैगरी तपाइँका प्रजा, परिवार र मन्त्रीगणको पनि तपाइँप्रति ठूलो भक्ति रहेछ ।।२०-२१।। त्यस कारण हामी तपाइँहरू सबैलाई लिएर भगवान् श्रीगणेशधाममा जानेछौं।

राजाले भने – हे भगवन् श्रीगणेशका गणहरू ! यदि तपाइँहरूले कृपा गरेर मेरो सम्पूर्ण राजधानीलाई श्रीगणेशधाममा पुऱ्याउनुहुन्छ भने मेरो ठूलो कीर्ति हुनेछ अन्यथा म दुःखी हुनेछु।

सूतजीले भन्नुभयो – यसरी निवेदन गरेपछि राजा सोमकान्तले आफूले श्रीगणेशपुराणको श्रवणबाट प्राप्त सम्पूर्ण पुण्य चिताएर हातमा जल लिए । त्यसपछि तिनले सङ्कल्प गर्दै भने – मैले श्रीगणेशपुराण सुनेको पुण्य यी सबै प्रजा, परिवार र सेवकहरूलाई श्रीगणेशधाम पुऱ्याउनका निमित्त दान गर्दछु । राजाको हातबाट सङ्कल्पको जल आ-आफ्नो हातमा परेपछि ती सबै उनका आफन्तहरू निष्पाप र पुण्यमूर्ति बने ।।२२-२४।। त्यसपछि बालक-बालिका, युवक-युवती, प्रौढ-प्रौढा, वृद्ध-वृद्धा सबै श्रीगणेशका दूतहरू रहेको यानमा सवार भए । श्रीगणेशका दूतहरूले सबै त्यहाँ सवार भएपछि विमानलाई भुइँबाट आकाशतर्फ उडाउन थाले । सङ्कल्पको जल हात पार्न नपाएका केही अत्यन्त उग्र पापी मानिसहरू मात्र विमानमा आरोहण गर्न पाएनन् । फर्केर नगरमा आएका मानिसहरूले नगरमा रहेका अरू मानिसहरूसँग यस घटनाको बयान गरे । बयान गर्ने र बयान सुन्ने क्रममा ती सबैले त्यो विमानलाई धर्ती छाडेर आकाशतर्फ उडेको देखे । नगरमा बाँकी रहेका नर-नारीहरूले पनि राजाको पुण्यका कारण प्रशस्त द्रव्य प्राप्ति हुँदा सन्तोषको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानाव्यवसायरता बभूवुर्हृष्टमानसाः ।
काँश्चित् पलायनपरान् दूता दण्डप्रहारिणः ।।२८।।

बलाद् गृहीत्वा प्राक्षिपन् यानमध्येति कौतुकात् ।
नानामिषेण जग्मुर्ये ताँस्तथैव निचिक्षिपुः ।।२९।।

उपविष्टा मध्यदेशे राजपत्नीसुतादयः ।
अमात्याः परितो लोका नागरा विविशुः सुखम् ।।३०।।

मयूरेश ! मयूरेश ! जय त्वमिति घोषिणः ।
वाद्यत्सु देववाद्येषु नृत्यत्यप्सरसां गणे ।।३१।।

प्रतिनादेन गर्जन्ति मण्डलानि दिशामपि ।
अतिवेगेन ते प्राप्ता गणेशस्य पदं शुभम् ।।३२।।

सुषमां परिपश्यन्तो विस्मयेनाब्रुवन्निति ।
अहो महत् पुण्यमस्य येन दृष्टो गजाननः ।।३३।।

समीपतां ययुः सर्वे राजा सायुज्यमाप च ।

सूत उवाच

एवं वः कथिता विप्रा गणेशस्य पुराणजा ।।३४।।

कथा सर्वजनस्यापि श्रवणात् पापनाशिनी ।
शृणुध्वं देवदूतेभ्यो विमाने पृष्टवान् नृपः ।
तत्सर्वं भवतां विप्राः कथयामि कथानकम् ।।३५।।

अनुभव गरे । विभिन्न व्यवसायमा लागेका मानिसहरू पनि व्यवसायमा उन्नतिका कारण प्रसन्न देखिन्थे। उता, यानमा सवार भएका नर-नारीहरूमध्ये केही विमानबाट भाग्न खोज्दै थिए । तिनलाई श्रीगणेशका दूतहरूले लौरो हानेर बलपूर्वक विमानको बीचमा लगेर राखिदिए । अरू पनि अनेक निहुँ गरी विमानबाट बाहिर जान खोज्ने नर-नारीहरूलाई श्रीगणेशका दूतहरूले यथा स्थानमा ल्याई बसाउने काम गरे । त्यस विमानको मध्य भागमा राजा, रानी, राजपुत्र र अमात्यगण विराजमान थिए। तिनीहरूका वरिपरि सामान्य नर-नारीहरू सुखपूर्वक बसेका थिए।।२५-३०।। ती सबैले त्यहाँ एक स्वरले भनिरहेका थिए - भगवान् मयूरेश श्रीगणेशको जय होस् । त्यस जयजयकारबाट त्रिलोकी घन्किएको थियो । देवताहरूका बाजा बजेका थिए । त्यस बेला अप्सरा नाचिरहेका थिए । सङ्गीत, वाद्यवादन र नृत्यको ध्वनिबाट दिशा र आकाश निनादित भए । ती सबै अत्यन्त छिटो भगवान् श्रीगणेशको धाममा प्राप्त भए । त्यहाँको दिव्य शोभाको दर्शन गरेर चकित भई भन्न थाले - अहा! राजा सोमकान्त कति पुण्यवान् रहेछन्, कति भाग्यशाली रहेछन् आज भगवान् श्रीगणेशको दर्शन पाउने राजा सोमकान्त कति पुण्यवान् र कति भाग्यशाली रहेछन् । तिनले आफैले मात्र दर्शन पाएनन् अपितु आफ्ना धेरै प्रजालाई पनि भगवान्को दर्शन गराए।।३१-३३।। यसरी श्रीगणेशका नजिकमा पुगेका प्रजाहरू खुसी भए भने राजा सोमकान्त आफ्नो पुण्यप्रतापका कारण भगवान् श्रीगणेशमै मिल्न गई श्रीगणेशस्वरूप भए।

सूतजीले भन्नुभयो- हे शौनक आदि ऋषिगण! मैले तपाइँहरूलाई श्रीगणेशपुराणको यो दिव्य कथा सुनाएँ ।।३४।। यस कथाले श्रवणमात्र बाट पनि ठूलाठूला पापलाई नाश गरिदिन्छ । राजा सोमकान्तले विमानमा सवार भई श्रीगणेशधाम जाने समयमा श्रीगणेशका दूतहरूले प्रश्न गर्दा विमानभित्र नै भगवान् श्रीगणेशको कथा सुनाएका थिए । मैले तपाइँहरूलाई ती ती कथाहरू पनि सुनाउनेछु ।।३५।।

ॐ

इति श्रीगणेशपुराणे उत्तरखण्डे सोमकान्तस्य देवपदप्राप्तिवर्णनं नाम त्रिपञ्चाशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'सोमकान्तको देवपद प्राप्ति वर्णन' शीर्षकान्वित एक सय त्रिपन्नौं अध्याय पूर्ण भयो ।।१५३।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुःपञ्चाशदुत्तरशततमोऽध्यायः { १५४ अध्याय }

ऋषय ऊचुः

किं पृष्टं सोमकान्तेन विमानवर्तिनाऽनघ ।
तद् वयं श्रोतुमिच्छामो वद सर्वमशेषतः ।।१।।

सूत उवाच

गच्छता व्योममार्गेण पृष्टा दूता महात्मना ।
वाराणसीस्थितानां तु गणेशानां महात्मनाम् ।।२।।
नामानि परिवाराणां तानि नः शृणुतानघाः ।

राजोवाच

दूता वदन्तु कृपया विश्वेशपरिवारगान् ।।३।।
गणेशान् मम कार्त्स्न्येन स्मरणात् सर्वसिद्धिदान् ।

दूता ऊचुः

कथयामः समासेन विश्वेशावरणे गतान् ।।४।।
गणेशान् क्रमशो राजन् ! शृणु सर्वभयापहान् ।
दुर्गविनायकोऽथार्कभीमचण्डविनायकौ ।।५।।
देहलीगणपश्चाथ तथोद्दण्डविनायकः ।
पाशपाणिः सर्वविघ्नहरणोऽथ विनायकः ।।६।।
प्रथमावरणे सिद्धसिद्धिरूपो विनायकः ।
लम्बोदरः कूटदन्तः शालटङ्कविनायकः ।।७।।
कूष्माण्डाख्यश्चतुर्थश्च पञ्चमो मुण्डसंज्ञकः ।
विकटद्विजसंज्ञस्तु राजपुत्रविनायकः ।।८।।
प्रणवाख्योऽथापरश्च द्वितीयावरणे स्थिताः ।
वक्रतुण्ड एकदन्तस्त्रिमुखश्च विनायकः ।।९।।
विघ्नराजश्चतुर्थोऽथ वरदश्च विनायकः ।
पञ्चास्यश्चापरश्चात्र हेरम्बश्च विनायकः ।।१०।।
मोदकप्रिय इत्येव तृतीयावरणे स्थिताः ।
विनायकोऽभयप्रदः सिंहतुण्डविनायकः ।।११।।
कूणिताक्षश्चापरश्च क्षिप्रप्रसादसंज्ञकः ।
चिन्तामणिरिति ख्यातो दन्तहस्तविनायकः ।।१२।।

ऋषिहरूले भने- विमानमा रहेका सोमकान्तले श्रीगणेशका दूतहरूसँग कस्तो प्रश्न गरे ? त्यो हामी सुन्न चाहन्छौं ती सबै कुरा सुनाउनुहोस् ।।१।।

सूतजीले भन्नुभयो - आकाशमार्गबाट गइरहेका महात्मा सोमकान्तले सोधेपछि श्रीगणेशका दूतहरूले वाराणसी पुरीमा विश्वनाथको परिवारका रूपमा रहेका प्रभावशाली श्रीगणेशहरूको विषयमा बताएका थिए। हे निष्पाप ऋषि हो! म त्यसबारे तपाइँहरूलाई सुनाउँछु।।२।।

राजाले भने - हे श्रीगणेशका दूतहरू ! काशी विश्वनाथका परिवारमा रहेका र ध्यान गर्नासाथ सबैथरिका सिद्धि प्रदान गर्ने श्रीगणेशहरूको विषयमा मलाई सुनाउनुहोस् ।

दूतहरूले भने - हे राजा सोमकान्त! भगवान् विश्वनाथको आवरणमा रहेका काशीका विभिन्न स्थानहरूमा प्रतिष्ठित सबै प्रकारका भयनाश गर्ने श्रीगणेशहरूको विषयमा क्रमशः हामी बताउँछौं तपाइँ सुन्नुहोस् । दुर्गविनायक, अर्कविनायक, भीमचण्डविनायक, देहलीविनायक, उद्दण्डविनायक, पाशपाणिविनायक, सर्वविघ्नहरविनायक र सिद्धसिद्धिविनायक गरी ८ विनायक भगवान् विश्वनाथको प्रथम आवरणमा रहेका छन् । लम्बोदरविनायक, कूटदन्तविनायक, शालटङ्कविनायक, कूष्माण्डविनायक, मुण्डविनायक, विकटदन्तविनायक, राजपुत्रविनायक र प्रणवविनायक गरी ८ विनायक भगवान् विश्वनाथको द्वितीय आवरणमा रहेका छन् । वक्रतुण्डविनायक, एकदन्तविनायक, त्रिमुखविनायक, विघ्नराजविनायक, वरद-विनायक, पञ्चास्यविनायक, हेरम्बविनायक र मोदकप्रियविनायक गरी ८ विनायक भगवान् विश्वनाथको तृतीय आवरणमा रहेका छन् । अभयप्रदविनायक, सिंहतुण्डविनायक, कूणिताक्षविनायक, क्षिप्रप्रसादविनायक, चिन्तामणिविनायक, दन्तहस्तविनायक, प्रचण्डविनायक र उद्दण्डमुण्डविनायक गरी ८ विनायक भगवान् विश्वनाथको चतुर्थ आवरणमा रहेका छन् । स्थूलदन्तविनायक, कलिप्रियविनायक, चतुर्दन्तविनायक, द्वितुण्डविनायक, ज्येष्ठविनायक, गजविनायक, कालविनायक र नागेशविनायक गरी ८ विनायक भगवान् विश्वनाथका पाँचौं आवरणमा रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचण्डश्चाप्यपरश्चोद्दण्डमुण्डविनायकः ।
चतुर्थावरणे ज्ञेया अष्टावेते विनायकाः ।।१३।।
स्थूलदन्तो द्वितीयस्तु कलिप्रियविनायकः ।
चतुर्दन्तो द्वितुण्डश्च ज्येष्ठो गजविनायकः ।।१४।।
कालाख्यश्च तथा ज्ञेयो नागेशाख्योऽपरोऽपि च ।
पञ्चमावरणे ज्ञेया अष्टावेते विनायकाः ।।१५।।
मणिकर्णविनायक आशासृष्टिविनायकौ ।
यक्षाख्यो गजकर्णाख्यश्चित्रघण्टविनायकः ।।१६।।
सुमङ्गलश्च मित्राख्य एते षष्ठे विनायकाः ।
मोदः प्रमोदः सुमुखो दुर्मुखश्च विनायकः ।।१७।।
गणपाख्योऽथापरश्च तथा ज्ञानविनायकः ।
सप्तमावरणे ज्ञेयास्तथा द्वारविनायकः ।।१८।।
अविमुक्तोऽष्टमो यत्र मोक्षदोऽथ विनायकः ।
अन्यो भगीरथाख्यो हि हरिश्चन्द्रविनायकः ।।१९।।
कपर्दीति परो ज्ञेयस्तथा बिन्दुविनायकः ।
एतेषां स्मरणं नित्यं सर्वकामफलप्रदम् ।।२०।।
प्रातरुत्थाय यश्चैतान् पठते शुद्धमानसः ।
न तस्य विघ्ना विघ्नं हि कुर्वन्ति सर्वकर्मसु ।।२१।।
एकैकनाम्ना राजेन्द्र ! दूर्वाभिस्तण्डुलैरपि ।
तिलैः शमीदलैश्चैतान् पूजयेद् भक्तिमान् नरः ।।२२।।
असाध्यं साधयेत् कार्यं सर्वत्र विजयी भवेत् ।
आयुष्यं पुष्टिमारोग्यं प्राप्नुयाद्धनमुत्तमम् ।।२३।।
इदं ते कथितं सर्वं यद्धि पृष्टं त्वया नृप !
तूर्ष्णीं ययुर्देवदूतास्ततो धाम निजं मुदा ।।२४।।

सूत उवाच

इदं तत् कथितं विप्रा विश्वेशावरणं मया ।
इदानीं कथयिष्यामि पुराणस्य फलश्रुतिम् ।।२५।।

मणिकर्णविनायक, आशाविनायक, सृष्टिविनायक, यक्षविनायक, गजकर्णविनायक, चित्रघण्टविनायक, सुमङ्गलविनायक र मित्रविनायक गरी ८ विनायक विश्वनाथको छैठौं आवरणमा रहेका छन्। मोदविनायक, प्रमोदविनायक, सुमुखविनायक, दुर्मुखविनायक, गणपविनायक, ज्ञानविनायक, द्वारविनायक र मुक्तिदाता अविमुक्तविनायक गरी ८ विनायक विश्वनाथका सातौं आवरणमा रहेका छन् । यसरी काशीमा विश्वनाथका आवरणका रूपमा ५६ विनायकहरूको अवस्थिति छ। आवरणमा रहेका विनायकहरूका अतिरिक्त काशीमा भगीरथविनायक, हरिश्चन्द्रविनायक, कपर्दि-विनायक र बिन्दुविनायक पनि रहेका छन् । यी सबै विनायकहरूको स्मरणबाट साधकले सम्पूर्ण चिताएका कुरा प्राप्त गर्दछ।।३-२०।। जुन मानिसले बिहान जाग्नेबित्तिकै आफ्नो मनलाई शुद्ध बनाएर यी विनायकहरूको नामस्मरण गर्दछ त्यसको कुनै पनि कार्यमा विघ्न आइलाग्दैन । हे राजन् ! भक्तिमान् मानिसले दूबो, अक्षता, तिल र शमीका पात हातमा लिएर यी विनायकहरूका प्रत्येक नामको जप गर्दै ती पदार्थहरूले पूजा गर्दछ भने त्यसका असम्भव कार्य पनि सिद्ध हुन्छन् र त्यसले जहाँसुकै सफलता प्राप्त गर्दछ। त्यस भक्तको आयु वृद्धि हुन्छ र शरीर एवं मनमा पुष्टि हुन्छ । आजीवन त्यो स्वस्थ, निरोगी रहन्छ र आवश्यकता-अनुसार उत्तम धनसम्पत्ति प्राप्त गर्दछ।।२१-२३।। हे राजा सोमकान्त ! तपाईंले जसरी सोध्नुभएको थियो त्यसरी नै हामीले बतायौं ।

सूतजीले भन्नुभयो - हे शौनकादि ऋषिवृन्द ! ती दूतहरूले वाराणसीका विनायकहरूको नाम र तिनको महिमा बताएपछि तिनका साथ राजा सोमकान्त श्रीगणेशधाममा प्राप्त भए । मैले तपाईंहरूलाई श्रीगणेशका दूतहरू र सोमकान्तको संवादको माध्यमबाट भगवान् विश्वनाथको आवरणमा रहेका विनायकहरूको विषयमा बताएँ। अब मैले आगामी अध्यायमा तपाईंहरूलाई श्रीगणेशपुराणश्रवणको महिमा सुनाउनेछु ।।२४-२५।।

ॐ

इति श्रीगणेशपुराणे उत्तरखण्डे षट्पञ्चाशद्विनायकवर्णनं नाम चतुःपञ्चाशदुत्तरशततमोऽध्यायः

प्रा.डा. वेणीमाधव ढकालद्वारा नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको '५६ विनायकहरूको वर्णन' शीर्षकान्वित एक सय चौवन्नौं अध्याय पूर्ण भयो ।।१५४।।

ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चपञ्चाशदुत्तरशततमोऽध्यायः { १५५ अध्याय }

सूत उवाच

जन्ममृती न च स्यातां पुराणस्यास्य संश्रयात् ।
एकशो बहुशश्चेत् स्याद् यद्यस्य श्रवणं द्विजाः ।।१।।

न शक्नुतामलं वक्तुं शेषपद्मासनावपि ।
यो ददाति कुरुक्षेत्रे सोमसूर्यग्रहे नरः ।।२।।

हेमभारसहस्राणि विप्रेभ्यो भक्तिभावतः ।
तदस्य श्रवणात् पुण्यं प्राप्नुयाद् भक्तिमान् नरः ।।३।।

यज्ञानां साङ्गजातानां सर्वेषां दक्षिणावताम् ।
फलं कस्तुलयामास पुराणश्रवणस्य च ।।४।।

पुराणश्रवणस्यास्य पुण्यं तस्माद् विशेषवत् ।
व्रतानां जलदानानां तत्र का गणना मता ।।५।।

कोटिकन्याप्रदानानां गोदानानां सहस्रशः ।
तत्पुण्यं कोटिगुणितं श्रवणादस्य जायते ।।६।।

चतुर्णामपि वेदानां साङ्गानां पठनात् सदा ।
शास्त्राणां व्याकृतेर्वापि सदा सत्सेवनादपि ।।७।।

तत्पुण्यं कोटिगुणितं तदस्य श्रवणाद् भवेत् ।
भारतस्य पुराणस्य सम्पूर्णस्य श्रवादपि ।
यत् पुण्यं कोटिगुणितं तदस्य श्रवणाद् भवेत् ।।८।।

यस्य गेहे गणेशस्य पुराणं लिखितं भवेत् ।
न तत्र राक्षसा भूताः प्रेताश्च पूतनादयः ।।९।।

ग्रहा बालग्रहा नैव पीडां कुर्वन्ति कर्हिचित् ।
तद् गृहं हि गणेशेन रक्ष्यते सर्वदा स्वयम् ।।१०।।

इदं पुराणं शृणुयात् पूजयेद् वा समाहितः ।
तस्य दर्शनतः पूता भवन्ति पतिता नराः ।।११।।

ब्रह्मादीनां मुनीनां स मान्यो भवति मानवः ।
क्रुद्धो दहेत् स भुवनं तुष्टो दद्यान्महत् पदम् ।।१२।।

सूतजीले भन्नुभयो - हे शौनक आदि ऋषिवृन्द ! श्रीगणेशपुराणको आश्रय लिने साधकको फेरि जन्म र मृत्यु हुँदैन । एक पटक र अनेक पटक श्रीगणेशपुराणको श्रवण गर्ने साधकको महिमा बताउन शेषनाग र ब्रह्माजी पनि समर्थ हुँदैनन्। जसले कुरुक्षेत्रमा गई चन्द्रग्रहण र सूर्यग्रहणका अवसरमा ब्राह्मणहरूलाई भक्ति-पूर्वक एक हजार भारी सुनदान गर्दछ त्यसले प्राप्त गर्ने पुण्य श्रीगणेशपुराणको श्रवणबाट साधकले प्राप्त गर्न सक्दछ ।।१-३।। दक्षिणा आदिसहित साङ्गोपाङ्ग यज्ञ सम्पन्न गर्दा प्राप्त हुने फल र श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुने फलसँगै राखेर एक दिन ब्रह्माजीले तुलामा जोख्ने काम गर्नुभयो । त्यस बेला श्रीगणेशपुराण सुनेको फल भारी भएको थियो । व्रतसम्पादन र जलदानबाट प्राप्त हुने फलको श्रीगणेशपुराणको श्रवणको फलसँग दाँजिने सम्भावना नै छैन अर्थात् तिनको कुनै गणना नै हुँदैन। कोटि-कन्यादान गरेको जुन फल र हजार गाई दान गरेको जुन फल हुन्छ त्यसको कोटिगुना फल श्रीगणेशपुराणको श्रवण गर्दा प्राप्त हुन्छ ।।४-६।। अङ्गसहित चारै वेदको निरन्तर पाठ, अध्ययन र व्याख्याको फल एवं सदा सत्सङ्ग गर्दा प्राप्त हुने फलभन्दा पनि करोडौं गुना धेरै फल श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुन्छ। महाभारत र सम्पूर्ण पुराणहरूको श्रवण गर्नाले जुन पुण्य प्राप्त हुन्छ त्योभन्दा करोडौं गुना धेरै फल श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुन्छ ।।७-८।। जसका घरमा श्रीगणेशपुराणका पाण्डुलिपि अथवा पुस्तक रहेका हुन्छन् त्यहाँ राक्षस, भूत, प्रेत, पूतना आदि बालघाती ग्रह र बालग्रहले कुनै समयमा पनि पीडा दिंदैनन् । वास्तवमा श्रीगणेशले त्यस घरको स्वयं रक्षा गर्नुहुन्छ । सावधान, धीर, संयमित र अचल भएर जसले श्रीगणेशपुराणको श्रवण गर्दछ त्यस मानिसको दर्शनबाट पतित मानिसहरू पनि पवित्र हुन आउँछन् ।।९-११।। श्रीगणेशपुराणको श्रवण गर्ने श्रोता ब्रह्मा आदि देवता र मुनिहरूको पनि आदरणीय पुरुष बन्दछ । श्रीगणेशपुराणको पुण्यवान् श्रोता रिसाएमा त्यसले सम्पूर्ण भुवनहरूमा आगो लगाउन सक्छ। त्यो प्रसन्न भयो भने इन्द्र आदि पद पनि प्रदान गर्नसक्छ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टसिद्धीः समाप्नोति श्रवणात् प्रत्यहं नरः ।
न दारिद्र्यं समाप्नोति न सङ्कष्टं नरः क्वचित् ।।१३।।

ईप्सितं समवाप्नोति पद्मादींश्च निधीनपि ।
कल्पद्रुमः कामधेनुर्निधिश्चिन्तामणिस्तथा ।।१४।।

तस्य वश्यत्वमभ्येति सोऽपि वन्द्यो भवत्यपि ।
जारणं मारणं स्तम्भ उच्चाटनमथापि च ।।१५।।

अस्य स्मरणमात्रेण निरस्तं स्यात् क्षणेन ह ।
गणेशनिकटे स्थित्वा पुराणं शृणुयान् नरः ।।१६।।

महापापाद् विनिर्मुक्तः स्त्रीबालहत्ययापि च ।
सान्निध्यमाप्नुयादन्ते गणेशस्य न संशयः ।।१७।।

शूद्रोऽपि मध्ये संस्थाप्य ब्राह्मणान् शृणुयादिदम् ।
क्रमेण लभते वर्णान् वैश्यक्षत्रद्विजाह्वयान् ।।१८।।

नित्यनैमित्तकर्मभ्यश्च्युतो यः शृणुयादिदम् ।
कर्मसाद्गुण्यमाप्नोति गणेशस्य प्रसादतः ।।१९।।

भाद्रशुक्लचतुर्थ्यां यः कृत्वा मूर्तिं महीमयीम् ।
मण्डपे तोरणे रम्ये सम्पूज्य परमादरात् ।।२०।।

पुराणं शृणुयात् सद्यस्तस्य तुष्टो विनायकः ।
ददाति निखिलान् कामानन्ते मोक्षञ्च विघ्नपः ।।२१।।

स्तोत्राण्यत्र च यावन्ति तावन्ति प्रत्यहं नरः ।
पठते यदि यो भक्त्या स सिद्धः स्यान्न संशयः ।।२२।।

असाध्यमपि यत् किञ्चित् तेषां पाठाल्लभेन्नरः ।
अनुष्ठानविधानेन मासमात्रं जपेत् तु यः ।।२३।।

ब्राह्मणान् भोजयेद् भक्त्या सोऽपि तन्मयतामियात्।

मानिसले दिनदिनै श्रद्धापूर्वक श्रीगणेशपुराणको श्रवण गर्दछ भने त्यसले अणिमा, महिमा, गरिमा आदि आठ प्रकारका सिद्धि प्राप्त गर्न सक्छ । त्यस मानिसले दरिद्रता भोग्नुपर्दैन र कहीं पनि त्यसले सङ्कट व्यहोर्नु पर्दैन ।।१३।। त्यसले मनले चिताएको विषयभोग र पद्म आदि निधि पनि प्राप्त गर्दछ । कल्पवृक्ष, कामधेनु र चिन्तामणिजस्ता चिताएका फल दिने र पुऱ्याउने तत्त्व त्यसका वशमा आउँछन् र त्यो आफै पनि सबैको वन्दनीय बन्दछ । श्रीगणेशपुराणको श्रवण गर्नाले अग्निदाह, मृत्यु, स्तम्भन, उच्चाटन-जस्ता विपत्तिहरू एक क्षणमा नाश भएर जान्छन् । भगवान् श्रीगणेशको मन्दिर र प्रतिमाको नजिकै रहेर श्रीगणेशपुराण श्रवण गर्ने मानिस महापाप, स्त्रीहत्या एवं बालहत्याको पापबाट पनि मुक्त हुन्छ। अन्तमा त्यसले भगवान् श्रीगणेशको सान्निध्यमा बस्ने सौभाग्य प्राप्त गर्दछ । यसमा कुनै सन्देह छैन ।।१४-१७।। शूद्र जातिको मानिसले पनि माझमा ब्राह्मणहरूलाई राखी श्रीगणेशपुराणको श्रवण गरोस्। यसो गर्दा त्यसले क्रमैसँग वैश्य, क्षत्रिय एवं ब्राह्मणवर्णमा जन्म लिने सौभाग्य प्राप्त गर्दछ । नित्य कर्म र नैमित्तिक कर्मबाट चुकेको मानिसले यदि श्रीगणेशपुराण श्रवण गर्दछ भने त्यसले श्रीगणेशको कृपाद्वारा उत्तम फलभोग गर्न पाउँछ र कर्मच्युतिबाट भएको दोषलाई पन्छाउँछ ।।१८-१९।। भाद्र महिनाको शुक्लपक्षको चतुर्थी तिथिमा जसले भगवान् श्रीगणेशको पार्थिव प्रतिमा तयार गरी मण्डप र रमणीय द्वारमा समेत परम आदरका साथ पूजा गरी पुराण श्रवण गर्दछ, भगवान् श्रीगणेश त्यसमाथि तुरुन्तै प्रसन्न हुनुहुन्छ । प्रसन्न हुनुभएका भगवान् श्रीगणेशले त्यस भक्तका सम्पूर्ण इच्छाहरू परिपूर्ण तुल्याइदिनुहुन्छ । अन्तमा भगवान् श्रीगणेशले त्यसलाई मोक्षको धाम पनि प्रदान गर्नुहुन्छ । श्रीगणेशपुराणभित्र जति स्तोत्रहरू छन् ती सबैको दिनदिनै पाठ गर्ने साधक सिद्धपुरुष बन्दछ । यसमा कुनै सन्देह छैन ।।२०-२२।। संसारमा असाध्य मानिएको जुनसुकै विषय पनि श्रीगणेशका स्तोत्रहरूको पाठबाट प्राप्त हुन्छ । अनुष्ठानविधि अँगालेर जसले एक महिनासम्म श्रीगणेशका स्तोत्रहरूको पाठ एवं श्रीगणेशका मन्त्रहरूको जप गर्दछन् र भक्तिपूर्वक ब्रह्मभोज गराउँछन् ती साधकहरू पनि श्रीगणेशमा तन्मय हुन्छन् अर्थात् श्रीगणेशमय बन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषय ऊचुः

कथमस्य श्रवात् पुण्यं केन प्राप्तं पुराऽनघ ।।२४।।

तन्नः शंस महाभाग ! पृच्छतां सूतनन्दन !

सूत उवाच

शृण्वन्तु मुनयः पूर्वं कश्चिन्मूकोऽभवन्मुनिः ।।२५।।

ब्रह्मलोकं गतोऽकस्माल्लोमशोऽपि यदृच्छया ।
नमस्कृत्य च लोकेशमुपविष्टस्तदाज्ञया ।।२६।।

पूजितः परया भक्त्या लोमशोऽथाऽब्रवीद् विधिम् ।

लोमश उवाच

व्यासाय कथितं देव ! पुराणं पुण्यवर्द्धनम् ।।२७।।
गणेशस्य महाभाग ! तन्मे वक्तुमिहार्हसि ।

ब्रह्मोवाच

शृणु लोमश ! यत्नेन सर्वपापहरं शुभम् ।।२८।।

पुराणं हि गणेशस्य काममोक्षप्रदं नृणाम् ।

सूत उवाच

ततः स कथयामास ब्रह्मा स्वीयेन यामतः ।।२९।।

लोमशाय गणेशस्य पुराणं काममोक्षदम् ।
मूकेन नादलुब्धेन श्रुतं भक्त्याऽखिलं तु तत् ।।३०।।

ततः स वागीश्वरवत् प्रोवाच भारतीं मुनिः ।
अधीत्य पाठतः कृत्वा श्रावयामास चेतरान् ।।३१।।

भुक्त्वा भोगान् यथाकामान् पुत्रान् पौत्रानवाप्य च ।
अन्ते जगाम परमं धाम गाणेश्वरं शुभम् ।।३२।।

पुनः शृण्वन्तु मुनय इतिहासं पुरातनम् ।
इक्ष्वाकुकुलसम्भूतो राजा शुद्धात्मकः शुचिः ।।३३।।

शौनक आदि ऋषिहरूले भने – हे निष्पाप महाभाग! श्रीगणेशपुराणको श्रवणबाट के कस्ता पुण्य प्राप्त हुन्छन् र ती पुण्य क-कसले प्राप्त गरे ? हाम्रा प्रश्नहरूको उत्तर दिनुहोस् ? हामी श्रद्धापूर्वक श्रवण गरिरहेका छौं ।

सूतजीले भन्नुभयो – हे शौनक आदि ऋषिवृन्द ! प्राचीन समयमा कुनै एक मूकनामक लाटा मुनि थिए ।।२३-२५।। एक दिन ती अकस्मात् ब्रह्माजीको दर्शन गर्न ब्रह्मलोकमा पुगेका थिए। ती त्यहाँ गएको बेला घुम्दैघुम्दै लोमश ऋषि पनि ब्रह्माजीको धाममा आइपुगे । लोमश ऋषिले ब्रह्माजीलाई प्रणाम गरेपछि ब्रह्माजीको आज्ञाअनुसार ती ब्रह्माजीका सामु आसनमा बसे ।।२६।। ब्रह्माजीले भक्तिका साथ लोमशको सम्मान गर्नुभयो । लोमशले ब्रह्माजीसँग निवेदन गरे ।

लोमशले भने– हे पितामह ! हजुरले महामुनि व्यासलाई जुन श्रीगणेशपुराण सुनाउनुभयो त्यो पुराण कृपया मलाई पनि सुनाउनुहोस् ।

ब्रह्माजीले भन्नुभयो – हे लोमश ! सम्पूर्ण पापनाशक, मङ्गलदायक, काम र मोक्ष प्रदान गर्ने श्रीगणेशपुराण प्रयत्नपूर्वक तिमीले श्रवण गर ।

सूतजीले भन्नुभयो– त्यसपछि ब्रह्माजीले आफ्नो प्रहरार्धमा लोमश ऋषिलाई काम र मोक्ष प्रदान गर्ने श्रीगणेशपुराण सुनाउनुभयो । त्यस बेला त्यहीं बसिरहेका लाटा मुनि मूकले पुराणको कथा नबुझे पनि श्लोक उच्चारण गरेको ध्वनि कानमा पर्दा अत्यन्त आनन्दित हुँदै भक्तिपूर्वक श्रीगणेशपुराण श्रवण गरे ।।२७-३०।। श्रीगणेशपुराणको श्रवण गरेको पुण्यले ती लाटा ऋषि बृहस्पतिझैं बोल्नसक्ने वाणीका स्वामी बने । तिनले आफै श्रीगणेशपुराण पढे र कण्ठस्थ गराए । पछिबाट आफूले पढेको र कण्ठस्थ गराएको श्रीगणेशपुराणलाई आँखा चिम्लेर जस्ताको तस्तै अरूलाई सुनाउन सक्ने पनि भए ।।३१।। त्यसपछि आफ्नो इच्छाअनुसार संसारका सुख भोगेर छोरा एवं नाति प्राप्त गरी अन्तमा ती मूक ऋषि श्रीगणेशको मङ्गलमय धाममा प्राप्त भए ।।३२।। हे ऋषिहरू ! यस सम्बन्धमा अर्को पनि प्रसिद्ध इतिहास छ, त्यो सुन्नुहोस् । इक्ष्वाकुकुलमा उत्पन्न, पवित्र, शुद्धात्मा, यज्ञशील, दानपरायण, नित्य स्वाध्यायसम्पन्न, शत्रुहन्ता, सबै धर्मका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्वा दानप्रदो नित्यं स्वाध्यायपरमोऽरिहा ।
आख्याता सर्वधर्माणां प्रजानां पालने रतः ।
षष्ठांशभागी लोकानां मान्यः प्रियतरोऽपि च ।।३४।।

विख्यातस्त्रिषु लोकेषु गोप्ता संवरणाभिधः ।
अनपत्यः स पुत्रार्थे पुत्रीयामिष्टिमाहरत् ।।३५।।

साङ्गां सदक्षिणामन्नदानैः सुविहितां ततः ।
न लेभे सन्ततिं राजा हरिवंशमथाशृणोत् ।।३६।।

पूजयित्वा द्विजानन्ते वाचकं परितोष्य च ।
वस्त्रधेनुहिरण्याद्यै रत्नमूलफलादिभिः ।।३७।।

ततोऽपि नाभवत् पुत्रो दैवान्मूकस्तु तद्गृहम् ।
समायातस्तु विख्यातो गणेशाख्यपुराणवित् ।।३८।।

स्थापितः प्रार्थयित्वा च राज्ञा संवरणेन सः ।
श्रुत्वा पुराणं तद्वक्त्राद् गणेशाख्यं मुदा नृपः ।।३९।।

तदन्ते तोषयामास मूकं तं द्विजपुङ्गवम् ।
रत्नमुक्ताफलैर्वस्त्रैर्भूषणैर्हेमनिर्मितैः ।।४०।।

लेभे ततः कुमारं स गणेशे तत्परोऽभवत् ।
भुक्त्वानेकसुखान् प्राप गाणेशं पदमुत्तमम् ।।४१।।

भगिनी तस्य बन्ध्यासीत् त्रिंशद्वर्षा रजस्वला ।
यथाकालं भवत्येव श्रुत्वा तस्याथ सन्ततिम् ।।४२।।

गणेशाख्यपुराणस्य श्रवाज्जाताञ्च तं मुनिम् ।
आकार्य परिशुश्राव पुराणं तन्मुखाच्छुभम् ।।४३।।

लेभे पुत्रं महाशूरं गणेशभजने रता ।
पुत्रान् पौत्रान् समावाप्य भुक्त्वा भोगान् मनोहरान्।।४४।।

जगाम सा गणेशस्य निजधामावसानतः ।
सगरस्य तु पुत्राणामेकः पङ्गुरभूत् सुतः ।।४५।।

तेनापीदं श्रुतं पुण्यं पुराणं लोमशात् पुरा ।
भक्त्या द्वादशवर्षेण विनीतेनाथ भक्तितः ।।४६।।

व्याख्याता, प्रजापालनमा तत्पर, जनताबाट आम्दानीको ६ प्रतिशत कर लिएर जनताको पालन गर्ने, सबैका मान्य, सबैका प्यारा, तीनै लोकमा विख्यात र सबैका रक्षक संवरण राजा भए । दैवसंयोगले तिनलाई छोरा भएनन् । पुत्रप्राप्तिका लागि तिनले अङ्ग पुऱ्याएर पुत्रेष्टि गरे ।।३३-३५।। त्यसमा दक्षिणाका साथै प्रचुर मात्रामा अन्नदान पनि गरे । त्यसो गर्दा पनि तिनलाई पुत्र प्राप्त भएन । त्यसपछि राजा संवरणले पुत्रप्राप्तिका लागि हरिवंशपुराण श्रवण गरी ब्राह्मणपूजन गरे । वस्त्र, गाई, सुवर्ण, रत्न, कन्दमूल, फल आदि दिएर पुराणका वक्तालाई सन्तुष्ट बनाए। त्यति गर्दा पनि पुत्रलाभ भएन । त्यसपछि कुनै दिन दैवसंयोग श्रीगणेशपुराणका वक्ताका रूपमा संसारमा विख्यात मूकनामक उत्तम ऋषि आइपुगे ।।३६-३८।। राजा संवरणले मूक ब्राह्मणसँग प्रार्थना गरी तिनलाई वाचक बनिदिन प्रार्थना गरी तिनका मुखबाट सहर्ष श्रीगणेशपुराण श्रवण गरे । पुराणको साङ्गताको दिन मूक ब्राह्मणलाई रत्न, वस्त्र, मोती र सुवर्णले बनेका गहना दान गरेर सन्तुष्ट तुल्याए । त्यसपछि तुरुन्तै राजा संवरणले पुत्रलाभ गरेका थिए । त्यसपछि ती राजा श्रीगणेशका परम भक्त भई श्रीगणेशको आराधनामा तत्पर भए । यस संसारका थरिथरि सुखभोग गरी अन्तमा तिनले उत्तम श्रीगणेशधाम प्राप्त गरे ।।३९-४१।। राजा संवरणकी ३० वर्षको उमेरमा लागेकी एउटी बहिनी थिइन् । समयअनुसार रजस्वला पनि हुने गर्थिन् तर कत्ति उपाय गर्दा पनि तिनलाई सन्तान भएनन् । तिनले आफ्ना दाजु संवरणले श्रीगणेशपुराण सुनेर पुत्र प्राप्त गरेको विषयमा थाहा पाइन्। त्यसपछि तिनले पनि मूक ऋषिलाई बोलाएर तिनका मुखबाट मङ्गलमय श्रीगणेशपुराणको श्रवण गरिन् ।।४२-४३।। श्रीगणेशको आराधनामा निरत ती भक्तिमती नारीले श्रीगणेशपुराणको श्रवण र आराधनाजनित पुण्यबाट पराक्रमी पुत्र प्राप्त गरिन् । त्यसपछि अनेक पुत्र-पौत्र प्राप्त गरी मनोहर र मङ्गलमय संसारका सुख भोगेर अन्तमा श्रीगणेशको धाममा प्राप्त भइन् ।।४४-४५।। सगर राजाका धेरै पुत्रहरूमध्ये एउटा पुत्र लंगडा थिए । तिनले पनि भक्तिपूर्वक लोमश ऋषिका मुखबाट श्रीगणेशपुराणको श्रवण गरे । १२ वर्षसम्म विनम्रता र पवित्रताका साथ अखण्ड रूपमा श्रीगणेशको भक्तिमा डुबेर तिनले श्रीगणेशपुराणको श्रवण गरेका थिए । पुराण श्रवणपछि अनेक द्रव्य अर्पण गरी तिनले लोमश ऋषिलाई सन्तुष्ट बनाए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तोष्य लोमशं द्रव्यैस्ततोऽङ्घ्रिं समवाप सः ।
विजयं पुष्टिमायुष्यं प्राणान्ते धामतत्परः ।।४७।।

अष्टादशपुराणानां श्रवणे यत् फलं लभेत् ।
तदेकस्य पुराणस्य गणेशस्य श्रुतेर्भवेत् ।।४८।।

काकबन्ध्या बहुसुता श्रवणादस्य जायते ।
स्रवद्गर्भा भवेद् विप्रा दृढगर्भा भवत्यपि ।।४९।।

मूको वागीशतां याति श्रवणान्मुनिपुङ्गवाः ।
वेदाध्ययनसम्पन्नो मान्योऽपि द्विजपुङ्गवः ।।५०।।

शूद्रो वैश्यत्वमाप्नोति वैश्यः क्षत्रियतामियात् ।
क्षत्रियो द्विजतां याति स्मरणादप्यमुष्य हि ।।५१।।

कन्या तु लभते चास्याप्येकाध्यायस्य संश्रवात् ।
गुणवन्तं कुलीनञ्च पतिं साधुं धनान्वितम् ।।५२।।

जात्यन्धो लभते दृष्टिं पुराणस्यास्य संश्रयात् ।
सर्वतीर्थेषु यः स्नायाद् दद्याद् दानानि सर्वशः ।।५३।।

तत्फलं समवाप्नोति भक्त्या यः शुणुयादिदम् ।
पञ्चाग्निसाधनं ग्रीष्मे हेमन्ते जलवासनम् ।।५४।।

वर्षास्वाकाशवासं यः कुरुते बहुवत्सरम् ।
तत् फलं प्राप्नुयान्मर्त्यः संश्रुतेऽध्यायपञ्चके ।।५५।।

अग्निहोत्रं सदा यस्तु सेवते भक्तिमान् नरः ।
तत् फलं हि पुराणस्य श्रवणादस्य जायते ।।५६।।

एकाङ्गुष्ठेन यस्तिष्ठेद् वर्षाणामयुतं नरः ।
दशाध्यायश्रुतेरस्य पुराणस्य तथा फलम् ।।५७।।

श्रीगणेशपुराणको पुण्यबाट ती लङ्गडा ती सगरपुत्रले खुट्टा प्राप्त गरेका थिए। त्यतिमात्र होइन, तिनले विजय, पुष्टि र आयुसमेत पनि प्राप्त गरे । अन्तमा श्रीगणेशको साधनामा तत्पर हुँदै ती पनि श्रीगणेशधाममा गए।।४६-४७।। अठार महापुराणहरूको श्रवणबाट जुन फल प्राप्त गर्न सकिन्छ त्यो फल एउटै श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुन्छ ।।४८।। एक पटकमात्र सन्तान जन्माउने काकबन्ध्या नारीले यो पुराण श्रवण गरेमा ती पनि अनेक पुत्रकी आमा बन्न सक्दछिन् । पटक-पटक गर्भस्रावका कारण दुःखी भएकी नारी पनि यस पुराणको श्रवणबाट गर्भस्रावको दोषबाट मुक्त भई गर्भरक्षा गर्न समर्थ हुन्छिन् ।।४९।। हे मुनिहरू! श्रीगणेशपुराणको श्रवणबाट लाटो मानिस पनि बृहस्पतिसमान वाणीको अधिपति हुन्छ । श्रीगणेशपुराणको श्रवण गर्ने ब्राह्मण उत्तम ब्राह्मण बन्दछ, मान्य हुन्छ र वेदाध्ययन सम्पन्न पनि हुन्छ । श्रीगणेशपुराणको श्रवण गर्ने शूद्र वैश्यजातिमा परिणत हुन्छ। यसैगरी वैश्यले श्रीगणेशपुराण श्रवण गरेमा त्यो क्षत्रिय जातिका रूपमा परिणत हुन्छ । श्रीगणेशपुराणको एउटा अध्यायमात्र श्रवण गर्नाले अविवाहित कन्याले गुणवान्, कुलीन, सज्जन र धनी पति प्राप्त गर्न सक्दछिन् ।।५०-५२।। श्रीगणेशपुराणको श्रवण गर्नाले जन्मान्धहरूले पनि दृष्टिशक्ति प्राप्त गर्दछन् । जसले भक्तिपूर्वक श्रीगणेशपुराणको श्रवण गर्दछ, त्यसले सबै तीर्थमा स्नान र दान गरेको पुण्य प्राप्त गर्दछ । ग्रीष्म (जेठ, असार)मा पञ्चाग्नि साधना, हेमन्त (मंसिर, पुष)मा पानीमा बसी जलसाधनां, वर्षा (श्रावण, भदौ)मा खुला जमिनमा बसी वर्षासाधना जसले गर्दछ त्यसले गरेका ती सम्पूर्ण तपस्याको फल श्रीगणेशपुराणका पाँच अध्यायमात्र भक्तिपूर्वक पाठ र श्रवण गर्ने भक्तले प्राप्त गर्दछ ।।५३-५५।। जुन भक्तिमान् मानिसले दिनदिनै अग्निहोत्र गर्दछ त्यसले प्राप्त गर्ने पुण्य भक्ति-पूर्वक श्रीगणेशपुराण श्रवण गर्ने मानिसले पनि प्राप्त गर्दछ ।।५६।। कुनै मानिसले खुट्टाको बूढी औंलाले टेकेर उभिई दश हजार वर्षसम्म तपस्या गरी जुन फल प्राप्त गर्दछ त्यो फल श्रीगणेश-पुराणको श्रद्धापूर्वक दश अध्यायमात्र श्रवण गर्ने मानिसले प्राप्त गर्न सक्दछ । यस कुरामा कुनै सन्देह छैन।।५७।। मानिसले जन्मदेखि मृत्युसम्म नित्य श्रीगणेशपुराणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लभते मानवो भक्त्या निश्चितं नात्र संशयः ।
आजन्ममरणान्नित्यं शृणुयान्मानवो भुवि ।।५८।।
पुराणन्तु गणेशस्य चक्रवर्ती भवेत् तु सः ।
आजन्ममरणाद् यस्तु काशीवासं करोति च ।।५९।।
तत्पुण्यं लभते मर्त्यो गणेशस्य पुराणतः ।
सहस्रं माघमासान् यः प्रयागे स्नाति मानवः ।।६०।।
तत्फलं लभते मर्त्यः पुराणस्यास्य संश्रवात् ।
गोमतीसङ्गमे तद्वत् स्नानं भक्त्या करोति यः ।।६१।।
तत्फलं कोटिगुणितं लभते चास्य संश्रवात् ।
गणेशस्य पुराणं यः शृणुयाद् भक्तिमान् नरः ।।६२।।
न भयं तस्य शूलात् तु वज्राच्च चक्रिचक्रतः ।
इदं वः कथितं सर्वं पुराणञ्च सविस्तरम् ।।६३।।
सम्पूर्णो महिमा वक्तुं न शक्यो वर्षकोटिभिः ।
ब्रह्मणा षणमुखेनापि शेषेणापि मुनीश्वराः ।।६४।।
युष्माभिः परिपृष्टं यत् सर्वपापप्रणाशनम् ।
सर्वकामप्रदं भुक्तिमुक्तिदं पुण्यवर्धनम् ।।६५।।
गणेशस्य परेशस्य नानालीलाधरस्य च ।
वक्तृश्रोत्रोरघहरं किमन्यच्छ्रोतुमिच्छथ ।।६६।।

श्रवण गर्नुपर्दछ। जसले त्यसो गर्दछ त्यो मानिस चक्रवर्ती राजा हुन्छ। जन्मदेखि मरणसम्म जुन मानिसले काशीवास गरी पुण्य आर्जन गर्दछ त्यसले प्राप्त गर्ने पुण्य श्रीगणेशपुराणको श्रवण गर्ने मानिसले पनि प्राप्त गर्दछ । कुनै मानिसले प्रयाग तीर्थमा रहेर एक हजार माघ महिनामा नुहाउँदा जुन फल प्राप्त गर्छ त्यो फल श्रीगणेशपुराण श्रवण गर्ने मानिसले पनि प्राप्त गर्छ। गङ्गा र गोमती नदीको सङ्गममा नुहाएर जुन फल प्राप्त हुन्छ त्यो फलभन्दा करोडौं गुना धेरै फल श्रीगणेशपुराणको श्रवणबाट प्राप्त हुन्छ । जुन भक्तिमान् मानिसले श्रीगणेशपुराणको श्रवण गर्दछ त्यसलाई शिवजीको त्रिशूल, इन्द्रको वज्र र नारायणको चक्रबाट पनि भय हुँदैन । हे ऋषिवृन्द ! मैले तपाइँहरूलाई विस्तारपूर्वक यस्तो अपूर्व महिमा भएको भगवान् श्रीगणेशको प्यारो श्रीगणेशपुराण सुनाएँ ।।५८-६३।। हे मुनिहरू! श्रीगणेशपुराणको श्रवणको सम्पूर्ण महिमा ब्रह्मा, स्कन्द र शेषनागले करोडौं वर्ष लगाएर पनि बताउन सक्दैनन् । हे मुनिहरू ! तपाइँहरूले सबै पापलाई नाश गर्ने, सम्पूर्ण कामना परिपूर्ण गराउने, भुक्ति र मुक्ति दिने र पुण्यको वृद्धि गराउने परमात्मा अनेक लीलाधारी भगवान् श्रीगणेशको विषयमा सोध्नुभएअनुसार मैले तपाइँहरूलाई वक्ता र श्रोता दुबैका पापहरूको विनाश गर्ने श्रीगणेशपुराण सुनाएँ। अब के सुन्न चाहनुहुन्छ भन्नुहोस् ?।।६४-६६।। जय श्रीगणेश!

ॐ

इति श्रीगणेशपुराणे क्रीडाखण्डे फलश्रुतिनिरूपणं नाम पञ्चपञ्चाशदुत्तरशततमोऽध्यायः

卐 श्रीगजाननार्पणमस्तु 卐 शुभं भवतु 卐 इति श्रीगणेशपुराणं पूर्णतामगमत् 卐

सतीशिरोमणि माताश्री दिव्यलक्ष्मी र सज्जनमुकुटमणि पिताश्री चूडामणि ढकालका सुपुत्र पाल्पा पोरकनी निवासी प्रा.डा. वेणीमाधव ढकालद्वारा परमकरुणामयी भगवती त्रिशक्तिको ऊर्जस्वल अभिप्रेरणा र अमोघ आशीर्वादबाट नेपाली भाषामा अनूदित श्रीगणेशपुराण क्रीडाखण्डको 'फलश्रुतिनिरूपण' शीर्षकान्वित एक सय पचपन्नौं अध्याय पूर्ण भयो ।।१५५।।

ॐ

卐 श्रीगजाननार्पणमस्तु 卐 शुभं भवतु 卐
卐 इति श्रीगणेशपुराणं समाप्तिमगमत् 卐
卐 ॐ 卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशपुराण
परिशिष्टखण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट खण्डका सन्दर्भ

१. **गणेशमन्दिर, मूर्ति एवं तीर्थपरिचय सन्दर्भ**

श्रीगणेशको संसारमा विलक्षण आराध्य देवताका रूपमा प्रसिद्धि रहेको कुरा हृदयङ्गम गरी प्राप्त सूचनाको आधारमा गणेशमन्दिर, मूर्ति एवं तीर्थहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

२. **उपनिषत्सन्दर्भ**

उपनिषत्सन्दर्भमा गणेशका भक्तहरूमा साह्रै लोकप्रिय गणपत्यथर्वशीर्षोपनिषद्को नेपाली अनुवाद गरी प्रस्तुत गरिएको छ ।

३. **पूजाविधिसन्दर्भ**

पूजाविधिसन्दर्भमा गणेशपुराणअन्तर्गतका गणेशपार्थिवपूजनविधि र सङ्कष्टचतुर्थीव्रतपूजनविधिका साथै पुराणहरूमा प्रसिद्ध सिद्धिविनायकपूजाविधिसमेत प्रस्तुत गरिएको छ ।

४. **यन्त्रादिसहस्रनामान्तसन्दर्भ**

यन्त्रादिसहस्रनामान्त सन्दर्भमा गणेशका भक्तहरूलाई अत्यन्त आवश्यक गणेशयन्त्र, गणेशमन्त्र, गणेशध्यान, गणेशन्यास, गणेशगायत्री, गणेशकवच, गणेशशतनामस्तोत्र र गणेशसहस्रनामस्तोत्र प्रस्तुत गरिएको छ

५. **गणेशगीतासन्दर्भ**

गणेशगीता सन्दर्भमा गणेशपुराणअन्तर्गत क्रीडाखण्डको उत्तरार्द्धमा रहेको अमृतमय गणेशगीता प्रस्तुत गरिएको छ ।

६. **स्तोत्रसन्दर्भ**

स्तोत्रसन्दर्भमा गणेशपुराणअन्तर्गतका महत्त्वपूर्ण स्तोत्र र पुराणान्तरहरूबाट संग्रह गरिएका श्रीगणेशका प्रसिद्ध स्तोत्रहरू प्रस्तुत गरिएको छ ।

७. **श्लोकानुक्रमणिकासन्दर्भ**

श्रीगणेशपुराणका अध्येता एवं अनुसन्धाताहरूलाई अध्ययन एवं अनुसन्धानमा सघाउ पुऱ्याउने उद्देश्यले निकै मेहनत गरी श्लोकानुक्रमणिका तयार गरी प्रस्तुत गरिएको छ ।

८. **सन्दर्भ-ग्रन्थसूची**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद - एक

गणेशमन्दिर, मूर्ति एवं तीर्थपरिचय सन्दर्भ*

१.१ नेपालका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्ति

भूमिकाखण्डको परिच्छेद सातमा नेपाल एवं भारतका प्रमुख गणेशमन्दिर तथा मूर्तिहरूको परिचय दिइएको छ, भारतका २१ गणेशक्षेत्रको मात्र सामान्य परिचय प्रस्तुत गरिएको छ र नेपाल - भारत बाहिरका गणेशमन्दिर एवं मूर्तिहरूको सम्बन्धमा सामान्य सूचनामात्र दिइएको छ । यस परिशिष्ट खण्डमा नेपाल, भारत एवं नेपाल–भारत बाहिरका उपलब्ध गणेशमन्दिर एवं मूर्तिहरूको वर्णन प्रस्तुत गरिँदैछ । यसबाट गणेशभक्त र गणेशसम्बन्धी अनुसन्धानमा अभिरुचि राख्ने सबै किसिमका पाठकहरू लाभान्वित हुने छन् । यो प्रयास अवश्य पूर्ण छैन । तर यसले अनुसन्धाताहरूलाई पूर्णतातर्फ अग्रसर गराउन दिग्दर्शन गर्नेछ ।

क) ताप्लेजुङ

१. **पाथीभराका गणेशमूर्ति** – ताप्लेजुङ जिल्लाको तापेथोक गा.वि.स.मा पाथीभरा भगवतीको अथवा अन्नपूर्णा भगवतीको प्राकृतिक मन्दिर रहेको छ । पश्चिमाभिमुख यस मन्दिरको बीचको खोपामा श्रीगणेशको मूर्ति रहेको छ ।

२. **पुरुम्बा शिवमन्दिरका गणेश** – ताप्लेजुङ जिल्लाको पुरुम्बा गा.वि.स. वडा नं. ९ को मितलुङ गाउँमा रहेको शिवमन्दिरभित्र श्रीगणेशको प्रतिमा पनि रहेको छ ।

का) पाँचथर

१. **सिद्धकाली मन्दिरको गणेशमूर्ति** – पाँचथरको सदरमुकाम फिदिमबाट धानको थुप्राको आकारमा देखिने गढी डाँडामा पाल्पाली सेनवंशका राजाद्वारा स्थापित सिद्धकालीको मन्दिर रहेको छ । सिद्धकाली मूर्तिको दायाँ भागमा गणेशमूर्ति पनि रहेको छ ।

२. **थाक्लेको सिद्धिविनायक मन्दिर** – थाक्ले–चुलीढुङ्गाको उत्तर मोहडामा रहेको विश्वेश्वर महादेवको मन्दिरको पूर्वतर्फ सिद्धिविनायक गणेशको मन्दिर रहेको छ ।

---

* डा. जगदीशचन्द्र रेग्मीको शोधपूर्ण निबन्ध 'श्रीगणेश नेपालको धार्मिक परम्परामा', डा. गोविन्द टण्डनको 'काठमाडौं अधित्यकाका गणेशमूर्तिहरू' शीर्षकान्वित शोधप्रबन्ध, पुरुषोत्तम ढकालको 'मन्दिरै मन्दिरको देश', गीताप्रेस गोरखपुरबाट प्रकाशित हुने कल्याण पत्रिकाको 'गणेशविशेषाङ्क' र सम्बद्ध क्षेत्रका स्रोत व्यक्तिहरूको सहयोगमा यस प्रथम परिशिष्ट खण्डका मन्दिरहरूको वर्णन प्रस्तुत गरिएको छ । प्रस्तुतिको क्रममा काठमाडौं उपत्यकाका प्रसिद्ध विनायक मन्दिर एवं अन्य मन्दिरहरूका साथै नेपाल राष्ट्रका विभिन्न भागमा रहेका प्रसिद्ध गणेशमन्दिर एवं मूर्तिहरूको सङ्क्षिप्त परिचय सातौं परिच्छेदमा प्रस्तुत गरिएको हुँदा यहाँ सङ्क्षेपमा सामान्य परिचयमात्र प्रस्तुत गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कि) इलाम

१. **माईस्थानको गणेशमन्दिर** – इलाम नगरपालिकाअन्तर्गत बजारको बीचमा रहेको माईस्थान नजिकै गणेशको मन्दिर अवस्थित छ ।

२. **नारायणस्थानको गणेशमूर्ति** – इलाम बजारमा रहेको नारायणस्थानभित्र काठको खटमा विभिन्न देवीदेवताका मूर्तिका साथै गणेशको मूर्ति पनि रहेको छ ।

की) झापा

१. **अर्जुनधाराको गणेशमन्दिर** – अर्जुनधारा जलेश्वरधामलाई पूर्वको पशुपतिक्षेत्र मानिएको छ । यहाँका शिव पाञ्चायनका पाँच मन्दिरमध्ये श्रीगणेशको मन्दिर पनि एक हो ।

२. **सुरुङ्गाको गणेशमन्दिर** – झापाअन्तर्गत सुरुङ्गाको देवीपाञ्चायनमन्दिर नजिकै श्रीगणेशमन्दिर पनि रहेको छ ।

३. **भद्रगढीको गणेशमूर्ति** – झापाअन्तर्गत भद्रगढीमा रहेको शिवपाञ्चायनमन्दिरमा श्रीगणेशमूर्तिको पनि प्रतिष्ठा गरिएको छ ।

कु) संखुवासभा

१. **चैनपुरको सिद्धकाली मन्दिरअन्तर्गतका गणेशमन्दिर र मूर्तिहरू** – चैनपुरको सिद्धकाली गा.वि.स. वडा नं. १ मा रहेको सिद्धकालीमन्दिरको परिसरमा शिलामय गणेशमूर्ति र पित्तलनिर्मित गणेशमूर्ति पनि रहेका छन् । सिद्धकाली–परिसरमा नै छुट्टै गणेशमन्दिर पनि रहेको छ ।

२. **भीरेश्वरगुफाको गणेशस्थान** – संखुवासभा जिल्लाको मनकामना गा.वि.स.अन्तर्गत चैनपुर बजार नजिकै भीरेश्वरगुफा रहेको छ । त्यसभित्र अरू देवताका स्थानहरूका साथै गणेशस्थान पनि रहेको छ । यहाँ रहेको गणेशमूर्तिलाई इन्द्रजात्राको समयमा बजार घुमाउने गरिन्छ ।

३. **पार्वतीगुफाको गणेशमूर्ति** – संखुवासभाको सदरमुकाम खाँदबारीबाट १०० किमि जति उत्तर भागमा रहेको पार्वतीगुफा जाने मार्गमा गणेशमूर्ति पनि रहेको छ ।

४. **गुप्तेश्वरगुफाको गणेशमूर्ति** – संखुवासभाको वाना गा.वि.स.अन्तर्गत पर्ने गुप्तेश्वरगुफाभित्र शिव–पार्वतीका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

५. **मनकामना गा.वि.स.को गणेशमूर्ति** – संखुवासभाको मनकामना गा.वि.स.मा रहेको राधाकृष्ण मन्दिरमा ढलोटको गणेशप्रतिमा स्थापित गरिएको छ ।

कू) तेह्रथुम

म्याङलुङको भगवतीमन्दिरको गणेशमूर्ति – सदरमुकाम म्याङलुङ बजारको बीच भागमा रहेको भगवतीमन्दिरमा श्रीगणेशमूर्ति पनि रहेको छ । यसैगरी जिल्लाका अनेक मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशमूर्ति रहेका छन् ।

के) धनकुटा

१. **मतेश्वर महादेवस्थानको गणेशमूर्ति** – धनकुटा जिल्लाको परेवा गा.वि.स. वडा नं. ८ बोक्रेमा रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतेश्वर महादेव मन्दिरभित्र गणेशमूर्ति पनि रहेको छ ।

२. **गणेशपाटीको गणेशमूर्ति** – धनकुटा बजारको गणेशपाटीमा गणेशमूर्ति पनि रहेको छ।

३. **ज्ञानमन्दिरको गणेशमूर्ति** – धनकुटा नगरपालिका वडा नं. ५ मटुण्डिखेलको समीपमा रहेको तल्लाकोप्चे भन्ने ठाउँमा ज्ञानमन्दिर रहेको छ । यहाँ धार्मिक प्रवचन गर्ने गरिन्छ । ज्ञानमन्दिर अगाडिको सानो गणेशमन्दिरमा पित्तलको गणेशमूर्ति रहेको छ ।

४. **नरपतेश्वर महादेव मन्दिरको गणेशमूर्ति** – धनकुटा नगरपालिका वडा नं. ७ को हुलाक टोलमा रहेको नरपतेश्वर महादेवमन्दिरमा अन्य देवताहरूका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

कै) सुनसरी

१. **दन्तकाली-परिसरको गणेशमन्दिर** – धरानको विजयपुरमा रहेको प्रसिद्ध दन्तकाली मन्दिरको परिसरमा सानो आकारको गणेशमन्दिर रहेको छ ।

२. **पिण्डेश्वरको गणेशमूर्ति** – धरानको पिण्डेश्वर महादेव मन्दिर परिसरमा गणेशको सानो तर सुन्दर मूर्ति रहेको छ ।

को) मोरङ

१. **कालिकामन्दिरको गणेशमूर्ति** – विराटनगरको मुख्य बजारको छेउमा रहेको कालिका मन्दिर शक्तिपीठका रूपमा प्रसिद्ध छ । त्यसभित्र अनेक देवीदेवताका मूर्तिहरूका साथै स्थानक मुद्राको पित्तलको गणेशमूर्ति पनि रहेको छ ।

२. **सत्यनारायण मन्दिरको गणेशमूर्ति** – विराटनगरको मुख्य बजार नजिकै अतिथिसदन अगाडि रहेको सत्यनारायणमन्दिरमा सिंहमर्मरनिर्मित गणेशमूर्ति रहेको छ ।

३. **विराटनगरको गणेशमूर्ति** – विराटनगर वडा नं. १४ मा सानो र सुन्दर गणेशमन्दिर रहेको छ ।

कौ) भोजपुर

१. **सिद्धकाली-परिसरको गणेशमन्दिर र मूर्ति** – भोजपुरको सिद्धकाली मन्दिर अत्यन्त प्रसिद्ध छ । यस मन्दिरको नजिकमा सुन्दर श्रीगणेशमन्दिर रहेको छ ।

२. **भीमसेनमन्दिरको गणेशमूर्ति** – भोजपुर जिल्लाको आदर्श गा.वि.स. वडा नं. ५ मा रहेको भीमसेन मन्दिरभित्र महाकाल र गणेशका मूर्ति रहेका छन् ।

३. **शिवराम मन्दिर दिङ्लाका गणेशमूर्ति** – आबाल ब्रह्मचारी षडानन्दद्वारा वि.सं. १९५६ मा दिङ्लामा निर्मित शिवराममन्दिरका विभिन्न कोणहरूमा श्रीगणेशका अनेक मूर्ति रहेका छन् ।

कं) खोटाङ

१. **सप्तकन्या कालिकास्थानको गणेशमूर्ति** – खोटाङ जिल्लाको लफ्याङ गा.वि.स. वडा नं. ९ को जङ्गलमा रहेको विशेष रूखको फेदलाई नै सप्तकन्या कालिकास्थान भनिन्छ । त्यसमा प्रतीकस्वरूप सात वटा शिला रहेका छन् । तीमध्ये एउटा शिलालाई गणेशमूर्ति मानिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. **बूढेश्वर महादेवस्थानको गणेशमूर्ति** – लफ्याङ गा.वि.स.मा रहेको प्राकृतिक गुफामा रहेका विभिन्न शिलाहरूमध्ये एउटा शिलालाई बूढेश्वर महादेव मानिएको छ । यसैगरी अर्को शिलालाई गणेश मानी पूजा गर्ने परम्परा रहिआएको छ ।

३. **हलेसी महादेव मन्दिरपरिसरको गणेशमन्दिर** – हलेसी महादेवको तीर्थस्थल सिद्धभूमि मानिन्छ । यसै सिद्धभूमिमा पार्वती र परमेश्वरका प्यारा पुत्र श्रीगणेशको मन्दिर नभएको तथ्यलाई महसुस गरी खोटाङ जिल्लाकै निवासी श्रीमीनबहादुर गुरुङद्वारा गणेशमन्दिर बनाई श्रीगणेशको विशाल प्रतिमा प्रतिष्ठापित गरिएको छ ।

कः) सोलुखुम्बु

बालेश्वरमन्दिरको गणेशमूर्ति – सोलुखुम्बुको सदरमुकाम सल्लेरीबाट १७ किमि दक्षिण–पश्चिममा रहेको बालेश्वरमन्दिर–परिसरमा श्रीगणेशमूर्ति पनि रहेको छ । यस जिल्लामा रहेका अन्य मन्दिरहरूमा श्रीगणेशका मूर्ति रहेका छन् ।

ख) ओखलढुङ्गा

१. **नर्मदेश्वरमन्दिर-परिसरका गणेशमूर्ति र मन्दिर** – ओखलढुङ्गाको नर्मदेश्वर गा.वि.स. वडा नं. २ लिखे खोलाको किनारमा रहेको कुवावेंसी भन्ने ठाउँमा नर्मदेश्वर महादेवमन्दिर रहेको छ । यस मन्दिरभित्र अरू देवताका साथै गणेशमूर्ति पनि रहेको छ । यस मन्दिरको बाहिरपट्टि छुट्टै गणेशमन्दिर पनि छ।

२. **ओखलढुङ्गाको गणेशमन्दिर** – ओखलढुङ्गा गा.वि.स. वडा नं. ६ मा रहेको बजारमा गणेशमन्दिर अवस्थित छ । प्यागोडा शैलीको दुइतले यस मन्दिरमा गणेशको प्रतीकस्वरूप प्राकृतिक शिला रहेको छ । त्यसलाई नै गणेश मानी पूजा गर्ने गरिन्छ ।

खा) उदयपुर

१. **देवी-गणेशमन्दिर** – उदयपुरअन्तर्गत त्रियुगा नगरपालिकाको महत्त्वपूर्ण मन्दिरका रूपमा देवी–गणेशमन्दिर प्रसिद्ध छ ।

२. **उदयपुर गाईघाटको गणेशमन्दिर** – उदयपुरअन्तर्गत गाईघाटमा उदयपुर जिल्लाको एउटा प्रसिद्ध मन्दिरको रूपमा गणेशमन्दिर रहेको छ ।

खि) सप्तरी

१. **कङ्कालिनीमन्दिरको गणेशमूर्ति** – सप्तरी जिल्लाको भारदाह गा.वि.स.अन्तर्गत कोशी नदीको पश्चिमी किनारमा रहेको कङ्कालिनीमन्दिरको परिसरमा श्रीगणेशमूर्ति पनि रहेको छ ।

२. **लक्ष्मीनारायण मन्दिरको गणेशमूर्ति** – सप्तरी जिल्लाको मौबाहा गा.वि.स.अन्तर्गत मौबाहा गाउँमा लक्ष्मीनारायण मन्दिर रहेको छ । विक्रम संवत् १९०१ मा जङ्गबहादुरको सेनाका कप्तान शङ्करदत्त झाद्वारा स्थापित यस मन्दिरमा लक्ष्मीनारायणको मूल मूर्तिका साथ श्रीगणेशमूर्ति पनि रहेको छ ।

३. **भजनेश्वर महादेवमन्दिरको गणेशको नृत्यमूर्ति** – सप्तरी जिल्लाको कञ्चनपुरबाट उत्तरतर्फ घोघनेश्वर गा.वि.स. वडा नं. १ मा भजनेश्वर महादेवको मन्दिर रहेको छ । भजना चौधरीले खेत खन्दा प्राप्त गरेको शिव–पार्वतीको मूर्ति भजनेश्वर महादेवको नामबाट प्रसिद्ध छ । यस मन्दिरमा गणेशको नृत्यमूर्ति प्रतिष्ठापित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. **हरिनन्देश्वर-महादेवमन्दिर-परिसरको गणेशमन्दिर** – राजविराज नगरपालिका वडा नं. १ मा पञ्चमुखी महादेवको मन्दिर रहेको छ । यसलाई हरिनन्देश्वर महादेवको मन्दिर भनिन्छ । यसको समीपमा नै श्रीगणेशमन्दिर पनि रहेको छ ।

खी) सिराहा

सिराहा जिल्लामा छुट्टै गणेशका मन्दिर रहेका छैनन् । तर ठाउँ ठाउँमा रहेका महादेवमन्दिर,, लक्ष्मीनारायणमन्दिर र देवीमन्दिरहरूभित्र गणेशका मूर्तिहरू भेटिन्छन् ।

खु) दोलखा

कालिञ्चोक माईस्थानको गणेशमूर्ति – दोलखा बजारबाट ९ कि.मि. टाढा सुप्पा गाउँमा कालिञ्चोक माईको मन्दिर छ । पर्वतको टाकुरामा रहेको यस स्थानमा एउटा कुण्ड छ । त्यसै कुण्डलाई कालिञ्चोक माई मानेर पूजा गरिन्छ । त्यस कुण्डमा अन्य देवताका मूर्तिका साथै गणेशमूर्ति पनि रहेको छ । दोलखा जिल्लाका अनेक देवीदेवताका मन्दिरहरूमा गणेशमूर्ति पनि पाइन्छन् ।

खू) रामेछाप

खाँडादेवीस्थानको गणेशमन्दिर – खाँडादेवी गा.वि.स.को वडा नं. ७ मा प्यागोडा शैलीको खडादेवीको मन्दिर रहेको छ । त्यसभित्र देवीको प्रतीकस्वरूप त्रिशूल र घण्टा रहेका छन् । मन्दिर परिसरमा अन्य मन्दिरका साथै गणेशमन्दिर पनि रहेको छ । रामेछाप जिल्लाका अनेक देवीदेवताका मन्दिरहरूमा गणेशमूर्ति पनि पाइन्छन्।

खे) सिन्धुली

१. **दुम्जा कुशेश्वर महादेवस्थानको गणेशमूर्ति** – दुम्जा गा.वि.स.को वडा नं. १ रोशी खोला र कोशी खोलाको दोभानमा कुशेश्वर महादेवमन्दिर रहेको छ । मन्दिरमा प्राकृतिक शिलाको शिवलिङ्ग छ । मन्दिरका चार सुरमा नारायण, भगवती र सूर्यका साथै गणेशमूर्ति रहेको छ ।

२. **झाँगाझोलीको गणेशमूर्ति** – झाँगाझोली गा.वि.स. वडा नं. १ मा खुला स्थानमा वरको वृक्षमुनि प्राकृतिक गणेशमूर्ति रहेको छ । यहाँ शनिवार र मङ्गलवार दर्शनार्थीहरूको घुइँचो लाग्दछ ।

खै) धनुषा

१. **जनकमन्दिरको गणेशमूर्ति** – जनकपुरमा रहेको जनकमन्दिरमा ३६५ शालिग्राम र जनकपरिवारका मूर्तिहरूका साथै श्रीगणेशमूर्ति पनि रहेको छ ।

२. **उदयेश्वर महादेव मन्दिरको गणेशमूर्ति** – धनुषा जिल्लाअन्तर्गत धनौजी गा.वि.स. वडा नं. ५ मा उदयेश्वर महादेवमन्दिर रहेको छ । त्यहाँ शिवको मूलमूर्तिका साथै सूर्य, विष्णु, दुर्गा र गणेशका मूर्ति पनि रहेका छन् ।

३. **स्वर्णशिखर राममन्दिरको गणेशमूर्ति** – जनकपुरमा रहेको स्वर्णशिखरसम्पन्न राममन्दिर देश-विदेशमा प्रसिद्ध छ । यसै राममन्दिरको बाहिरपट्टि श्रीगणेशको सिद्धप्रतिमा रहेको छ ।

४. **फूलहरको गणेशमूर्ति** – जनकपुरदेखि करीब १५ कि.मि. दक्षिणतर्फ रहेको फूलहरनामक पौराणिक स्थानमा गणेशमन्दिर रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खो) महोत्तरी

१. **जलेश्वरको गणेशमन्दिर** – जलेश्वर बजारको बीचभागमा रहेको जलेश्वर महादेवमन्दिरको दक्षिणतर्फ छुट्टै गणेशमन्दिर रहेको छ ।

२. **सोनामाईको गणेशमूर्ति** – सोनामाई गा.वि.स. वडा नं. ५ मा रहेको सोनामाई स्थानमा अरू देवी-देवताका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

३. **रतवा मठको गणेशमूर्ति** – महोत्तरी जिल्लाको रतवा मठमा विष्णुमन्दिर रहेको छ । त्यसमा राधा-कृष्ण र गणेशका शिला एवं मूर्ति रहेका छन् ।

खौ) सर्लाही

सर्लाहीका विभिन्न शिवमन्दिर, विष्णुमन्दिर एवं शक्तिमन्दिरहरूमा अङ्गदेवताका रूपमा श्रीगणेशका मूर्तिहरू पनि रहेका छन् ।

खं) सिन्धुपाल्चोक

१. **चौताराको गणेशमन्दिर** – सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा बजारमा रहेको श्रीकृष्णमन्दिरको छेउमा छुट्टै सुन्दर गणेशमन्दिर रहेको छ ।

२. **भीमसेनस्थानको गणेशमूर्ति** – नवलपुर गा.वि.स. वडा नं. ७ को पारङ्घोर टोलमा रहेको भीमसेन मन्दिरभित्र गणेशका केही मूर्ति रहेका छन् ।

३. **फुल्पिङसेराको गणेशमन्दिर** – सिन्धुपाल्चोक जिल्लाको फुल्पिङसेरा नामक स्थानमा प्राचीन गणेशमन्दिर रहेको छ ।

४. **सिन्धुपाल्चोकको गणेशकुण्ड** – सिन्धुपाल्चोक जिल्लामा सरस्वतीकुण्ड, इन्द्रकुण्ड, नौलिङ्गकुण्ड र बगामकुण्ड रहेंजस्तै गणेशको नामबाट गणेशकुण्ड पनि रहेको छ ।

खः) काभ्रेपलाञ्चोक

१. **धूलिखेलको गणेशमन्दिर** – धूलिखेल बजारमा सुन्दर श्रीगणेशमन्दिर रहेको छ । प्रत्येक मङ्गलवार र माघ महिनामा त्यहाँ दर्शनार्थीहरूको भीड लाग्ने गर्छ ।

२. **गोखुरेश्वर महादेवमन्दिरको गणेशमूर्ति** – धूलिखेल बजारको पूर्वतर्फ डाँडाको बीच फेदीमा गोखुरेश्वर महादेवको मन्दिर रहेको छ । त्यसभित्र अरू देवताका मूर्तिहरूका साथै श्रीगणेशमूर्ति पनि रहेको छ ।

३. **बनेपाको द्वारगणेशमूर्ति** – बनेपा नगरपालिकाभित्र पस्ने मूलढोकाको तोरणमा श्रीगणेशमूर्ति कुँदिएको छ।

४. **भोलखा टोलको गणेशमन्दिर** – बनेपाको भोलखा टोलमा राजा हरिसिंहले सिम्रौनगढबाट ल्याएको गणेशमूर्तिलाई स्थापना गरी निर्माण गरिएको श्रीगणेशमन्दिर रहेको छ ।

५. **त्रिवेणीघाटको गणेशमूर्ति** – पनौतीको रोशी र पुण्यमाता खोलाको सङ्गमलाई शचीतीर्थ अथवा त्रिवेणीघाट पनि भनिन्छ । त्यहाँ राममन्दिरकै छेउमा श्रीगणेशमूर्ति रहेको छ ।

६. **पलाञ्चोक भगवतीमन्दिरको गणेशमूर्ति** – पाँचखालदेखि सात कि.मि. उचाइमा पर्वतको डाँडामा रहेको पलाञ्चोक भगवतीको मन्दिर निकै प्राचीन मन्दिरका रूपमा विख्यात छ । त्यहाँ भगवतीमूर्तिको उत्तरतर्फ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेशमूर्ति स्थापना गरिएको छ ।

७. **उग्रतारामन्दिर-परिसरको गणेशमन्दिर** – नाला गा.वि.स. वडा नं. ४ लगनटोलमा रहेको उग्रतारामन्दिरको परिसरमा गणेशमन्दिर पनि रहेको छ ।

८. **नालाको गणेशमन्दिर** – नालाको इपाटोलमा सानो तर भव्य गणेशमन्दिर रहेको छ ।

९. **साँगाको गणेशमन्दिर** – साँगा गा.वि.स.को ढुङ्गेधारा नजिकै श्रीगणेशमन्दिर रहेको छ ।

१०. **साँगाको सिद्धिविनायकमन्दिर** – साँगा गा.वि.स. वडा नं. ४ मा सुन्दर एवं कलात्मक सिद्धिविनायकमन्दिर रहेको छ । यस मन्दिरमा लक्ष्मीनारायण, अर्धनारीश्वर उमामहेश्वर एवं भीमसेनका मूर्तिहरूका साथै श्रीगणेशका साना-साना मूर्ति पनि रहेका छन् ।

११. **जगन्नाथदेवलको गणेशमूर्ति** – साँगा गा.वि.स. वडा नं. ४ मा रहेको जगन्नाथ देवलमा अन्य देवी-देवताका मूर्तिहरूका साथै श्रीगणेश र रक्तगणेशका मूर्तिहरू पनि रहेका छन् ।

१२. **नासिकास्थानको गणेशदेवल र गणेशपोखरी** – नासिकास्थान गा.वि.स. वडा नं. ६ मा नासिका देवीको स्थान रहेको छ । त्यसको पश्चिमतर्फ गणेशमन्दिर र गणेशपोखरी रहेका छन् ।

१३. **नारायणमन्दिरको गणेशमूर्ति** – नासिकास्थान गा.वि.स.को वडा नं. ५ मा रहेको नारायणस्थानको नारायणमूर्तिको दायाँ भागमा गणेशमूर्ति रहेको छ ।

१४. **कुशादेवीको गणेशमन्दिर** – कुशादेवी नामक स्थानमा प्राचीन गणेशमन्दिर रहेको छ । पनौती अथवा लुभु लामाटार भएर त्यहाँ जान सकिन्छ ।

१५. **चलालको गणेशस्थान** – काभ्रेपलाञ्चोक जिल्लाको चलाल नामक स्थानमा गणेशस्थान रहेको छ ।

१६. **बनेपा बजारको गणेशमूर्ति** – सोह्रौं शताब्दीताका निर्माण गरिएको अहिले भग्न अवस्थामा रहेको एउटा गणेशमूर्ति बनेपा बजारमा रहेको छ ।

१७. **बनेपाको गणेशमन्दिर** – बनेपा बजारको मध्य भागमा प्राचीन गणेशमन्दिर रहेको छ । उक्त गणेशमन्दिरको तोरणमा पनि गणेशको मूर्ति कुँदिएको छ ।

ग) नुवाकोट

नुवाकोटको चतुराल गा.वि.स.मा रहेको गणेशमन्दिर जगात गणेशमन्दिरको नामबाट प्रसिद्ध छ । यहाँको गणेशमूर्ति आफ्नो वाहन छुचुन्द्रोमाथि सवार छ ।

गा) रसुवा

१. **लौरीविनायक गणेशमन्दिर** – रसुवाको प्रसिद्ध स्थान लौरीविनायकमा भगवान् विनायकको मन्दिर रहेको छ।

२. **रसुवागढीको गणेशमन्दिर** – रसुवागढीमा देवीको मन्दिर सँगसँगै गणेशमन्दिर पनि रहेको छ । त्यस मन्दिरभित्र त्यहीँको बगरबाट ल्याई स्थापना गरिएको गणेशमूर्ति रहेको छ ।

गि) धादिङ

१. **गुप्तेश्वर गुफाको गणेशमूर्ति** – धादिङ जिल्लाको सदरमुकाम धादिङबेसीबाट तीनघण्टा पैदल यात्रा गरेपछि पुगिने गुप्तेश्वरगुफाको धार्मिक महत्त्व रहेको छ । यस गुफाका मूल देवता महादेव हुन् । त्यहाँ रहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक आकृतिमध्ये एउटा आकृति गणेशको पनि छ ।

२. **भीमसेनमन्दिरको गणेशमूर्ति – मैदी गा.वि.स.** वडा नं. ३ ऊँखुबारीमा रहेको भीमसेनमन्दिरमा अनेक देवी–देवताहरूका मूर्तिका साथै गणेशमूर्ति पनि रहेको छ ।

३. **धार्केका कार्यविनायक –** धादिङ जिल्लाको महादेवबेँसी नजिकै धार्केमा कार्यविनायकको मन्दिर रहेको छ।

४. **गजुरीको गणेशमन्दिर –** धादिङ जिल्लाको गजुरी बजारमा सानो तर सुन्दर गणेशमन्दिर रहेको छ ।

गी) काठमाडौं

१. **अशोकविनायकमन्दिर –** अशोकविनायक काठमाडौं उपत्यकाका चार विनायक एवं आठ विनायकभित्र पर्दछन् । अशोकविनायकको मन्दिर काष्ठमण्डप मन्दिरअगाडि मरुटोलमा पर्दछ । यस मन्दिरको अशोकविनायकको मूर्ति आसनमुद्रामा रहेको छ ।

२. **काष्ठमण्डपका चार सुरका गणेश –** काष्ठमण्डप एउटै रूखका काठबाट बनाइएको हो भन्ने विश्वास गरिन्छ । यसको अर्को नाम मरुसत्तल हो । यसका चार सुरका चार खाँबामा अशोकविनायक, सूर्यविनायक, जलविनायक र कार्यविनायकका मूर्ति कुँदिएका छन् ।

३. **तलेजुभवानीको गणेशमूर्ति –** काठमाडौं हनुमानढोका–परिसरमा रहेको तलेजुभवानी मन्दिरका छेउ–छेउमा अन्य देवी–देवताका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

४. **असनको गणेशमन्दिर –** असनको अन्नपूर्णामन्दिर–परिसरमा उत्तरतर्फ दुई छत भएको गणेशमन्दिर छ । त्यसमा गणेशको विशाल प्रतिमा रहेको छ ।

५. **कमलाक्षी गणेशमूर्ति –** कमलाक्षीमा हाल रानीपोखरी राष्ट्रिय नाचघरबाट असनतिर जाँदा सडकको देब्रेतिर पर्खालमा अड्याएर राखिएको एक गणेशमूर्ति रहेको छ । यस मूर्तिमा बलि नचढ्ने हुँदा शाकाहारी भक्तहरूले यहीँ आएर श्रीगणेशको पूजा–आराधना गर्दछन् ।

५. **चिकंअटको श्वेतगणेशमन्दिर – काठमाडौं** अन्नपूर्णामन्दिरदेखि दक्षिणतर्फ चिकंअटमा सेता गणेशमन्दिर रहेको छ । यसमा रहेका गणेशलाई श्वेतगणेश भनी पूजा गर्ने परम्परा रहिआएको छ । अर्धपर्यङ्कासनमा रहेको श्वेतगणेशका मूर्तिका चार हात, तीन आँखा छन् । यस मन्दिरमा रहेको गणेशमूर्तिको टाउकोमा मुकुटको आकार रहेको छ । मूर्ति सुन्दर र स्पष्ट छ ।

६. **इन्द्रायणीको गणेशमूर्ति –** क्षेत्रपाटी धोबीधारादेखि पश्चिम विष्णुमतीको तटमा इन्द्रायणीमन्दिर रहेको छ। यस मन्दिरभित्र मनकामना, वाराही, चामुण्डा, महालक्ष्मी, मनमैजु, व्याघ्रिणी, सिंहिनी, ब्रह्मायणी, वैष्णवी र कुमारीका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

७. **भद्रकालीमन्दिरको गणेशमूर्ति –** काठमाडौं शहीदगेटअगाडि सिंहदरबार जाने बाटोमा भद्रकालीको मन्दिर रहेको छ । खुला आकाशमा रहेको यस मन्दिरको उत्तरतर्फको भित्तामा सिंहिनी, कुमार, भैरव, विष्णु र कुमारीका मूर्तिहरूका साथै गणेशको मूर्ति पनि रहेको छ । मन्दिरपरिसरमा छिर्नासाथ गुम्बज आकारको मन्दिरभित्र एक ठूलो भूँडे चतुर्भुज गणेशमूर्ति पनि रहेको छ । दर्शनार्थीहरू भद्रकालीपरिसरमा पुग्नासाथ सर्वप्रथम भूँडे गणेशको परिक्रमा गरी देवीको दर्शन गर्दछन् ।

८. **रानीपोखरीको सोह्रहाते कालागणेशको मन्दिर –** रानीपोखरीको ऐशान्यकुनामा भैरव, आग्नेय कुनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महालक्ष्मी, नैर्ऋत्य कुनामा सोह्र हाते भुँडे गणेश र वायव्य कुनामा भैरवका मन्दिर रहेका छन् । यी गणेशलाई काला गणेश पनि भन्ने गर्दछन् ।

९. **सुन्धाराको गणेशमूर्ति** – प्रसिद्ध सुन्धारा धराहराको फेंदीमा पर्दछ । यस धाराको निर्माण त्रिपुरासुन्दरीबाट भएको हुँदा यसको प्राचीन नाम त्रिपुरधारा हो । यस धाराको भित्तामा गणेश, सूर्य र गङ्गाको मूर्तिसमेत भएकाले यहाँका तीन धारालाई गङ्गा, यमुना र सरस्वतीको प्रतीक मानिएको छ ।

१०. **पशुपतिनाथ परिसरका गणेशमन्दिर र मूर्तिहरू** – नेपालको प्रसिद्ध पशुपतिनाथमन्दिरको उत्तरतर्फ ब्रह्मा, शिव-पार्वती, विष्णु र कुमारका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ । आर्यघाटको अलिकति दक्षिणतर्फ पुलकै मुखमा पञ्चगणेशको मन्दिर रहेको छ । यज्ञेश्वर शिवलिङ्गको परिक्रमा गर्दै त्यहाँबाट बाहिर निस्कँदा भित्तामा दक्षिणकाली, नवदुर्गा र भैरवको मूर्तिका साथै गणेशको मूर्ति पनि कुँदिएको देख्न सकिन्छ। पशुपति मन्दिरको गर्भगृहमा लालगणेशको दुर्लभ मूर्ति रहेको छ । पूजारीबाहेक अरू कसैको दृष्टि नपर्नाले त्यति प्रसिद्ध नभए तापनि लालगणेश भगवान् पशुपतिसरह नै प्रभावकारी, सद्यफलदाता र विघ्नहर्ता मानिएका छन् । पशुपति मन्दिरको दक्षिणतर्फ सिनामङ्गलमा भगवान् पशुपतिनाथसँग सम्बद्ध सिद्धिविनायकको मन्दिर रहेको छ ।

प्राचीन राजा शिवदेवले देउपाटनमा नौ टोल बनाई अनेक देवी-देवताको स्थापना गर्दा प्रत्येक टोलमा एक-एक गणेशमूर्तिको स्थापना गरेको विषय वंशावलीहरूमा प्रकाश पारिएको छ । उनैले देउपाटनको पश्चिमी भेगमा पनि चार वटा गणेशमूर्तिको स्थापना गरेको उल्लेख गरिएको छ । प्राचीन राजा शिवदेवले पशुपति वनकालीको स्थापना गरेपछि त्रिनेत्र र विशालकाय मूर्ति बनाई वनकालीमन्दिर र वर्तमान वनकाली धर्मशालाको बीचमा वचनविनायकको मन्दिर बनाई मूर्ति प्रतिष्ठा गरेको कुरा भाषा वंशावली भाग – एकमा उल्लेख गरिएको छ ।

११. **गोरखनाथमन्दिर-परिसरको गणेशमूर्ति** – गोरखनाथमन्दिर-परिसरमा विभिन्न शिखरशैलीका बद्रीनाथ, केदारनाथ आदि देवताहरूका पन्ध्रवटा जति मन्दिर रहेका छन् । गोरखनाथबाट राममन्दिर र पशुपतिनाथ जाने ओरालाको मुखमा नै गणेशको मूर्ति रहेको छ ।

१२. **जयवागीश्वरी मन्दिरको गणेशमूर्ति** – पशुपतिनाथको मन्दिरबाट पश्चिम गौशालाबाट चाबहिल जाने बाटाको बीचमा जयवागीश्वरी सरस्वतीमूर्ति रहेको छ । त्यहाँ गणेशको अनौठो मूर्ति छ, किनकि त्यस मूर्तिमा हात्तीको शिर छैन । तसर्थ यो मूर्ति गणेशको अवतरणसम्बन्धी पौराणिक कथाहरूभन्दा पहिले वैदिक कालसँद्ध सम्बद्ध छ भन्न सकिन्छ ।

१३. **विरूपाक्षको गणेशमूर्ति** – वाग्मती नदीको किनार आर्यघाटमा किरातकालीन विरूपाक्षको मूर्ति रहेको छ। त्यस मूर्तिका अगल-बगलमा मृगेश्वर र कालिकाका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

१४. **चन्द्रविनायकमन्दिर** – चाबहिल चोकबाट दक्षिण-पश्चिमको एक सानो चोकमा चन्द्रविनायकमन्दिर रहेको छ । त्यसको माथिल्लो छानामा सुनको मोलम्बा लगाइएको छ । दुइतले पित्तलको छाना भएको प्यागोडाशैलीको चन्द्रविनायकमन्दिरभित्र दुइहाते नागासनमा आसीन गणेशको सानो कालो वर्णको पाषाणमूर्ति रहेको छ । चन्द्रविनायकलाई चाबेलगणेश, ह्वोशलागणेश, रक्तविनायक र श्वेतविनायक पनि भनिन्छ ।

१५. **नीलसरस्वतीमन्दिर लाजिम्पाटको गणेशमूर्ति** – काठमाडौंको लाजिम्पाटदेखि पूर्वतर्फ गैरीधारामा नीलसरस्वतीमन्दिर रहेको छ । नीलसरस्वती मूर्तिको बायाँपट्टि पादपीठमा श्रीगणेशमूर्ति कुँदिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५. **ईचङ्गुनारायणको गणेशमूर्ति** – काठमाडौं स्वयम्भूबाट करीब ३ किमि पश्चिमतर्फ सानो पर्वतको फेंदीमा ईचङ्गुनारायणमन्दिर रहेको छ । उपत्यकाका चार नारायणमध्येका एक नारायण ईचङ्गुनारायण मानिएका छन् । ईचङ्गुनारायणमन्दिरमा प्रवेश गर्नुभन्दा पहिले भित्तामा श्रीगणेशमूर्ति कुँदिएको देख्न सकिन्छ ।

१६. **दक्षिणकालीको गणेशमूर्ति** – काठमाडौं रत्नपार्कबाट १८ कि.मि. दक्षिणतर्फ फर्पिङ बजार नजिकै पूर्णावती गङ्गा र उद्धारवती गङ्गाको सङ्गमस्थलमा दक्षिणकालीमन्दिर रहेको छ । दक्षिणकालीमन्दिरमा रहेका मूर्तिको उत्तरतर्फ वारुणी र गणेशका मूर्ति रहेका छन् भने दक्षिणतर्फको भित्तामा सप्तमातृका, कुमार र भैरवका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

१७. **मत्स्यनारायण मन्दिरको गणेशमूर्ति** – कीर्तिपुरबाट करीब ४ कि.मि. दक्षिणतर्फ पर्ने मच्छेगाउँमा मच्छेनारायणमन्दिर रहेको छ । यस मन्दिरका वरपर सरस्वती, महादेव र हनुमान्का मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

१८. **जलविनायक मन्दिर चोभार** – काठमाडौंदेखि दक्षिणतर्फ दक्षिणकाली जाने मूल बाटाको बीचमा हिमाल सिमेन्ट कारखाना नजिकै वाग्मतीको किनारमा प्रसिद्ध जलविनायकमन्दिर रहेको छ । यी जलविनायक चार विनायकमध्येका एक मानिन्छन् ।

१९. **मातातीर्थको गणेशमूर्ति** – ऐतिहासिक एवं धार्मिक तीर्थ मातातीर्थ महादेवस्थान गा.वि.स. वडा नं. ३ अन्तर्गत चन्द्रागिरि पर्वतमालाको फेंदीमा पर्दछ । यहाँ मल्लकालीन शिवलिङ्ग रहेको छ । यसलाई चन्द्रेश्वर महादेव भनिन्छ । यहाँ शिवलिङ्ग नजिकै सुन्दर तोरण भएको गणेशमन्दिर रहेको छ ।

२०. **बूढानीलकण्ठको गणेशमन्दिर** – शिवपुरी पहाडको फेंदीमा रहेको बूढानीलकण्ठ मन्दिर-परिसरमा पश्चिमतर्फ एउटा गणेशमन्दिर रहेको छ ।

२१. **महामाया बगलामुखी मन्दिरको गणेशदेवल** – काठमाडौं सहरबाट उत्तरपूर्व कपन गा.वि.स.मा महामाया बगलामुखीको भव्य मन्दिर रहेको छ । यस मन्दिरको परिसरमा सिद्धिगणेशको देवल रहेको छ ।

२२. **आदेश्वर महादेवको गणेशमूर्ति** – सीतापाइला गा.वि.स. वडा नं. ५ आदेश्वरमा आदेश्वर महादेवमन्दिर छ। यस मन्दिरभित्र दायाँ-बायाँ गणेशका अनेक मूर्तिहरू रहेका छन् । मन्दिरभित्र पस्ने ढोकाको दायाँ-बायाँ भित्तामा पनि गणेश र कुमारका मूर्ति रहेका छन् ।

२३. **रुद्रेश्वर मन्दिरको गणेशमूर्ति** – काठमाडौंबाट १० कि.मि. उत्तर गोलढुङ्गा गा.वि.स.अन्तर्गत नागार्जुन पहाडमा रुद्रेश्वर महादेवमन्दिर रहेको छ । रुद्रेश्वर लिङ्गको बायाँ भागमा सरस्वतीका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

२४. **कमलादी गणेशमन्दिर** – कमलादीमा रहेको प्राचीन गणेशमन्दिर घण्टाघरदेखि पूर्वतर्फ पर्दछ । कमलादी गणेशलाई काठमाडौंका प्रसिद्ध गणेशमध्येका एक गणेश मानिन्छ । यी गणेशलाई श्वेतगणेश पनि भनिन्छ ।

२५. **इन्द्रदहतीर्थमा रहेको गणेशमूर्ति** – काठमाडौंको पश्चिमी भेग चन्द्रागिरिको पूर्वपट्टि वायव्यकोणमा दहचोक गा.वि.स. वडा नं. ६ अन्तर्गत इन्द्रदहतीर्थ रहेको छ । यहाँ अनेक मन्दिरहरू रहेका छन् । दक्षिणतर्फको बाहिरी गाह्रोको भित्तामा गणेशमूर्ति रहेको छ ।

२६. **पिङ्गलास्थानको गणेशमूर्ति** – पशुपतिक्षेत्रको दक्षिणपट्टिको सीमानामा प्राचीन पिङ्गलास्थान रहेको छ । त्यहाँ करीब ३५ से.मि. उचाइको भग्न गणेशमूर्ति रहेको छ । यस मूर्तिको बनोट र शैलीबाट हेर्दा यो मूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको प्राचीन गणेशमूर्ति हो भन्न सकिन्छ ।

२७. **गैरीधारा, देवपाटन, ज्ञानेश्वर र साँखुका प्राचीन गणेशमूर्तिहरू** – उक्त स्थानहरूका गणेशमूर्ति साधारण र सरल भावभङ्गीमा छन् । मुकुटविहीन यी गणेशमूर्तिहरू ईशाको चौथो शताब्दीदेखि छैटौं शताब्दीभित्र स्थापित हुन सक्छन् । यस्ता दुइहाते गणेशमूर्तिहरू भारतको उदयगिरि गुफामा प्राप्त भएका छन्। यी मूर्तिहरूमा यज्ञोपवीतका रूपमा कलात्मक सर्प देब्रेबाट दाहिनेतिर काँधमा लगाएको देखिन्छ ।

२८. **धूमवाराहीका धनविनायक** – धूमवाराहीको धनविनायकमन्दिरमा रहेको गणेशमूर्ति धेरै भग्न भएकाले यस मूर्तिमा के के आभूषण र आयुधहरू थिए भन्न सकिंदैन । आयताकार आसनमाथि धनविनायकमूर्ति कुँदिएको छ ।

२९. **यङ्गालटोलको गणेशमूर्ति** – यङ्गालटोलको गणेशमूर्ति चारहाते, मुकुटरहित र अर्धगोलाकार छ । कालक्रमले खिइसकेको भएतापनि यस मूर्तिको पेटमा यज्ञोपवीतको चिह्न देखिन्छ । यो मूर्ति आठौं शताब्दीताकाको मानिएको छ ।

३०. **चाँगुनारायण-छिन्नमस्ताको गणेशमूर्ति** – चाँगुनारायणस्थित छिन्नमस्तामन्दिरको पूर्वी भित्तामा प्राचीन गणेशमूर्ति रहेको छ । अर्धपर्यङ्कासनमा बसेको यस गणेशमूर्तिमा चार हात रहेका छन् ।

३१. **कमलाक्षी षड्भुज गणेशमूर्ति** – कमलाक्षीमा षड्भुज गणेशको मूर्ति रहेको छ । बीसौं शताब्दीमा स्थापित यो मूर्ति सर्पासनमा रहेको छ । अर्धचन्द्रद्वारा सुसज्जित मुकुट छ । नागासनमुनि स्थानक अवस्थामा मुसो रहेको छ । टाउकोमा नागका सात फणा रहेका छन् । मूर्तिको पादपीठमा ॐ जय सर्वसिद्धि विनायक लेखिएको छ ।

३१. **राष्ट्रिय-सङ्ग्रहालय छाउनीमा रहेको गणेशमूर्ति** – राष्ट्रिय-सङ्ग्रहालय छाउनीमा एक कालो ढुङ्गाको करीब ४२ इञ्च लम्बाइ भएको फलक रहेको छ । फलकको माथिल्लो भागमा दुई हात भएकी देवीलाई कमलमाथि सुखासनमा बसेको अवस्थामा उत्कीर्ण गरिएको छ । देवीको ठीक मुन्तिर तल्लो भागमा अर्धपर्यङ्कासनमा गणेशमूर्ति रहेको छ । चारहाते यस मूर्तिको शिरमा अर्धाकार मुकुट छ ।

३२. **जयवागीश्वरी नजिकैको गणेशमन्दिर** – जयवागीश्वरी मूल सडकको पूर्वपट्टि एउटा सानो मन्दिरभित्र दुई प्रतिहारहरूका साथ गणेशमूर्ति उत्कीर्ण गरिएको छ । मूर्तिका चार हातहरूमध्ये दाहिने माथिल्लो हातमा अक्षमाला र तल्लो हातमा मूला समातेको देखाइएको छ । देब्रेपट्टिको माथिल्लो हातमा बञ्चरो र तल्लो हातमा लड्डूसहितको कचौरा देखाइएको छ । गणेशको दायाँ भागमा गजकर्ण-अञ्जलीमुद्रामा रहेका छन्। यस मूर्तिलाई नवौं-दसौं शताब्दीतिरको मानिएको छ ।

३३. **टोखाको गणेशमूर्ति** – प्रभामण्डलरहित गणेशमूर्ति टोखामा रहेको छ । दायाँ-बायाँ वाहनका रूपमा रहेको मूसाको टाउको देखिन्छ । यस शैलीका गणेशका मूर्तिहरू काठमाडौं, ललितपुर र भक्तपुरमा पनि पाइन्छन् । हनुमान्घाट भक्तपुरको पाटी नजिकको ठूलो गणेशमूर्ति, टोखा नारायणमन्दिरको पूर्वपट्टिको पाटीको गणेशमूर्ति, साँगा उकालोको गणेशमूर्ति, वज्रयोगिनी जाने बाटोको गणेशमूर्ति, बनेपा बजारको गणेशमूर्ति, चोखाछें टोलको गणेशमूर्ति, भक्तपुर तोलाछेंको गणेशमूर्ति, झङ्केश्वरी फर्पिङको गणेशमूर्ति र आर्यघाट जाने बाटोको देब्रेपट्टि रहेको गणेशमूर्तिसँग **टोखा**को गणेशमूर्तिको आकृति र प्रकृति मिल्दछ ।

३४. **फर्पिङका गोरे गणेश र शेरकलि गणेश** – फर्पिङमा रहेको गोरे गणेशमन्दिर प्रसिद्ध छ । चार हातमा चार प्रकारका आयुधले सम्पन्न यस गणेशमूर्तिको सूँढ शरीर सुहाउँदो छैन । घाँटीमा हार र हात-खुट्टामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्पको गहना उत्कीर्ण गरिएको छ । मूर्तिको वनावट र शैली हेर्दा यो मन्दिर पन्ध्रौं–सोह्रौ शताब्दीको हो भन्न सकिन्छ । भाषावंशावलीमा फर्पिङस्थित शेषनारायणमन्दिरमा अवस्थित शेरकलि गणेशमूर्तिको वर्णन गरिएको छ । प्राचीन समयमा यो स्थान ठूलो गणेशपीठका रूपमा प्रसिद्ध रहेको वर्णन पाइन्छ ।

३५. **धोबीचौरको गणेशमूर्ति** – काठमाडौं धोबीचौरमा भोंडे गणेशको प्राचीन मूर्ति रहेको छ । यो मूर्ति कलात्मकताभन्दा स्वाभाविकतामा आश्रित छ ।

३०. **जोर गणेशमन्दिर** – काठमाडौंमा अवस्थित जोरगणेशको मन्दिर निकै प्रसिद्ध छ । यसलाई काठमाडौं उपत्यकाका प्रसिद्ध गणेशपीठहरूमध्ये एउटा पीठ मानिएको छ ।

३०. **गोमा गणेशमन्दिर** – नक्साल गैह्रीधारानिर गोमा गणेशको भव्य मन्दिर रहेको छ। यस मन्दिरमा श्रीगणेशको धातुमूर्ति स्थापना गरिएको छ ।

३६. **देवपाटनका पाँचु गणेश** – काठमाडौं देवपाटनमा पाँचुगणेशको नामबाट एउटा गणेशमूर्ति रहेको छ ।

३७. **चिकंअट शिवमन्दिरको गणेशमूर्ति** – चिकं अट शिवमन्दिरको दक्षिणपूर्व भागमा प्रस्तरनिर्मित गणेशमूर्ति रहेको छ ।

३८. **चिकंमुगल टोलको गणेशमूर्ति** – चिकंमुगल टोलमा अठारौं शताब्दीताका निर्मित प्रस्तरको चतुर्भुज गणेशमूर्ति रहेको छ ।

३९. **टुकबहालको गणेशमूर्ति** – काठमाडौं टुकबहालमा कलाको दृष्टिबाट निम्नकोटिको चतुर्भुज गणेशमूर्ति रहेको छ ।

४०. **भाटभटेनीको साईगणेशमन्दिर** – काठमाडौं प्रसिद्ध भाटभटेनी मन्दिर नजिकै मीनबहादुर गुरुङद्वारा हालै साईगणेशमन्दिरको स्थापना गरिएको छ ।

४०. **हाँडीगाउँको, गणेशमूर्ति** – हाँडीगाउँमा रहेको कार्तिकेयमूर्तिको फलकमा देब्रेपट्टि चतुर्भुज गणेशमूर्ति कुँदिएको छ । यसको आकृति हेर्दा यसलाई लिच्छविकालीन भन्न सकिन्छ ।

४१. **इन्द्रचोक वंशेश्वरमन्दिरको गणेशमूर्ति** – काठमाडौं इन्द्रचोकमा वंशेश्वरमन्दिर छेउ उभिएको दुइहाते गणेशमूर्ति रहेको छ ।

४२. **नयाँ नैकापको आद्यकालिका मन्दिरको गणेशमूर्ति** – काठमाडौं नयाँ नैकापमा रहेको आद्यकालिका मन्दिरमा गणेशको मूर्ति पनि स्थापित छ । उक्त आद्यकालिका मन्दिरको स्थापना एउटा सिद्धबाबाले गरेका थिए । तिनले दक्षिणकालीबाट मूर्ति ल्याएर आद्याभगवतीको प्रतिष्ठा गराएका हुन् ।

४३. **काठमाडौंका अनेक गणेशमन्दिर** – काठमाडौंमा क्षेत्रपाटीको श्वेतगणेशमन्दिर, सतुङ्गलको गणेशमन्दिर, गुर्जुधारा चोकको गणेशमन्दिर, टङ्गालको गणेशमन्दिर, पकनाजोलको गणेशमन्दिर, गैरीधाराको गणेशमन्दिर, हाडिगाउँको गणेशमन्दिर, कुलेश्वरको गणेशमन्दिर, गोंगबुको गणेशमन्दिर, सामाखुसीको गणेशमन्दिर, थानकोटको गणेशमन्दिर, थानकोट चेकपोष्टको गणेशमन्दिर, मातातीर्थको गणेशमन्दिर, टेङ्गलकोगणेशमन्दिर, कुलेश्वरको गणेशमन्दिर आदि टोल–टोलमा, गल्ली–गल्लीमा स्थानगणेशका रूपमा सैकडौं गणेशमन्दिर र मूर्ति रहेका छन्।

गु) ललितपुर

१. **कुम्भेश्वर मन्दिरको गणेशमूर्ति** – पाटन मङ्गलबजारबाट शङ्खमूल जाने बाटामा रहेको कुम्भेश्वरमन्दिरको परिसरमा शिलाको विशाल गणेशमूर्ति रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. **बगलामुखीमन्दिर-परिसरका गणेशमन्दिर र मूर्तिहरू** – पाटन कुम्भेश्वर परिसरमा दशमहाविद्यामध्ये प्रसिद्ध बगलामुखी भगवतीको मन्दिर रहेको छ । यिनलाई महात्रिपुरसुन्दरी पनि भनिन्छ । बगलामुखी मन्दिरको परिसरमा अरू देवी–देवताका साना–साना मन्दिरका साथै गणेशको मन्दिर पनि रहेको छ । यहाँ नै मनकामना मूर्तिका साथ गणेशमूर्ति पनि रहेको छ ।

३. **पाटन दरबारको सिद्धिविनायक गणेशको मूर्ति – पाटनको** मङ्गलबजारमा रहेको पाटन दरबारमा सिद्धिनरसिंह मल्ल राजाको नामलाई सार्थक बनाउने उद्देश्यले सिद्धिको अर्थमा सिद्धिविनायकको मूर्ति नरसिंह भनेको विष्णुको मूर्ति र मल्ल भनेको हनुमान् भन्ने अर्थ गरी उक्त तीन देवताका मूर्तिहरू राखिएका छन् ।

४. **जगन्नारायणको गणेशमूर्ति – वाग्मती**को तट शङ्खमूलमा रहेको जगन्नारायणमन्दिरअगाडि प्रस्तरको कलात्मक, भव्य र विशाल गणेशमूर्ति रहेको छ । यस मूर्तिलाई काठमाडौं उपत्यकाको सबभन्दा विशाल मूर्ति मानिएको छ । जङ्गबहादुर राणाका भाइ जगतशमशेरले जगतनारायण मन्दिरअगाडि गणेश र हनुमान्का विशाल मूर्ति बनाई प्रतिष्ठा गरेको तथ्यलाई त्यहाँ रहेको स्तम्भलेखले प्रमाणित गर्दछ ।

५. **महालक्ष्मीस्थानको गणेशमूर्ति – ललितपुर उपमहानगरपालिका**अन्तर्गत वडा नं. ५ थसिखेलमा रहेको महालक्ष्मीस्थानमा पर्खालको आडमा गणेशमूर्ति रहेको छ । ५ नं. वडामा नै दक्षिणकालीमन्दिरको परिसरमा गणेशमन्दिर पनि छ । मन्दिरभित्र रहेको शिलालाई नै गणेश मानी पूजा गरिन्छ । लगनखेल पाटन अस्पतालअगाडि एउटा गणेश मन्दिर छ । यसैगरी त्यहाँ कुमारीपाटी गणेशमन्दिर, तफाले गणेशमन्दिर एवं सिद्धिविनायकका मन्दिर पनि रहेका छन् ।

६. **पञ्चेश्वरमन्दिरको गणेशमूर्ति – ललितपुर उपमहानगरपालिका** वडा नं. १३ कुसुन्तीको पाँचथलीमा पञ्चेश्वर महादेवको मन्दिरका चार सुरमा अरू देवताका साथै गणेशमूर्ति पनि रहेको छ । मन्दिर–परिसरको दायाँ–बायाँ भित्तामा पनि गणेशमूर्ति स्थापित छ ।

७. **नारायणमन्दिरको गणेशमूर्ति** – पाटन भीमसेनस्थानबाट बगलामुखी जाने बाटोमा रहेको स्वःटोलमा नारायणमन्दिर छ । त्यसको नजिकै गणेशमूर्ति प्रतिष्ठापित छ ।

८. **सेंठू गणेशमन्दिर** – पाटनको शिखबहिलटोलमा प्यागोडा शैलीको दुइतले गणेशमन्दिर रहेको छ । यसभित्र गणेशको रूप आउने कालो चिल्लो शिलाको प्रतीकमूर्ति रहेको छ ।

९. **पूर्णचण्डीको गणेशमूर्ति** – पाटनको गाःबहालनजिकै रहेको पूर्णचण्डीनामक स्थानमा पूर्णचण्डी अथवा सिद्धिलक्ष्मीको मन्दिर छ । यस मन्दिरको तोरणमा गणेशमूर्ति कुँदिएको छ । यी पूर्णचण्डीलाई दशमहाविद्यामध्येकी कमलासिद्धलक्ष्मी पनि भनिन्छ । यी सिद्धिलक्ष्मी कुलमार्तण्ड, भैरव, गणेश एवं कुमारीका साथ रहेकी छिन् ।

१०. **कार्यविनायकमन्दिर** – उपत्यकाका चार विनायक र आठ विनायकमध्येका एक विनायक कार्यविनायक हुन् । कार्यविनायकमन्दिर बुँमती गा.वि.स.मा अवस्थित छ । दक्षिणाभिमुख, कलात्मक तोरणले सजाइएको, प्यागोडा शैलीको एकतले कार्यविनायक मन्दिरको अगाडि गणेशको वाहन छुचुन्द्रो रहेको छ । मन्दिरमा चाँदीको विनायकमूर्ति छ ।

११. **पाटन कोटलाक्षीको गणेशमूर्ति** – पाटन कोटलाक्षीमा अर्धपर्यङ्कासनमा रहेको प्राचीन गणेशमूर्ति अवस्थित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२. **पाटन मणिछें आगमको गणेशमूर्ति** – पाटन मणिछें आगममा फूलबुट्टे आसनमाथि प्राचीन गणेशमूर्ति रहेको छ ।

१३. **पाटन इलाननीको गणेशमूर्ति** – पाटन इलाननीमा १८ औं शताब्दीताका निर्मित त्रिभङ्ग अवस्थाको चतुर्भुज गणेशमूर्ति रहेको छ ।

१४. **पाटन पिलाछेंको गणेशमूर्ति** – पाटन पिलाछेंमा नृत्यरत चतुर्भुज गणेशमूर्ति रहेको छ । उक्त मूर्तिमा श्रीगणेशले सूँडद्वारा लड्डू खाइरहेको देखाइएको छ ।

१५. **चुनदेवीको गणेशमूर्ति** – बुँमतीबाट दक्षिणतर्फ चुनिखेलको चुनदेवी भन्ने ठाउँमा चुनदेवीमन्दिर रहेको छ। सिंहवाहिनी भगवती चुनदेवीको मूर्तिको दायाँपट्टि पश्चिममा अन्य देवी–देवताका मूर्तिका साथै गणेशमूर्ति पनि रहेको छ ।

१६. **वज्रवाराहीको गणेशमूर्ति** – उपत्यकाका चार वाराहीहरू (धुंवाराही, नीलवाराही, श्वेतवाराही र वज्रवाराही) प्रसिद्ध छन् । तीमध्ये वज्रवाराहीमन्दिर चापागाउँ र झरुवारासीको सीमामा रहेको छ । यस मन्दिरको भित्तामा गणेशमूर्ति पनि छ ।

१७. **सिद्धेश्वर महादेवमन्दिरको गणेशमूर्ति** – गोदावरी कुण्डको दक्षिण–पश्चिमतर्फको भित्ताको गुफामा सिद्धेश्वरमहादेवको लिङ्ग रहेको छ । त्यस ठाउँमा शिलामय गणेशमूर्ति पनि छ । त्यहाँ भक्तहरूले अनेक देवी–देवताका मूर्तिहरूका साथै गणेशमूर्तिको पनि प्रतिष्ठा गरेका छन् ।

१८. **लुभु महालक्ष्मीस्थानको गणेशमूर्ति** – लुभुको महालक्ष्मीस्थान निकै प्रसिद्ध छ र यहाँको महालक्ष्मी यात्रा पनि उत्तिकै प्रसिद्ध छ । वैशाखशुक्ल तृतीयादेखि दशमीसम्म महालक्ष्मीयात्रा गरिन्छ । त्यसबेला गणेशमूर्ति पनि राखेर यात्रा चलाइन्छ । महालक्ष्मीमन्दिर–परिसरमा सूर्यविनायक गणेश र अन्य गणेशका मूर्तिहरू पनि रहेका छन् ।

१९. **गोभराटेश्वरको गणेशमन्दिर** – लुभु बजारको पूर्वपट्टि गोभराटेश्वर महादेवको प्रसिद्ध मन्दिर रहेको छ । यस मन्दिरको परिसरमा गणेशमन्दिर पनि छ ।

२०. **ललितपुरका अन्य गणेशमन्दिरहरू** – ललितपुर सानेपाको हातोपोताको गणेशमन्दिर, सत्सङ्गपरिवारको गणेशमन्दिर, भैंसेपाटीको ध्रुवविनायकमन्दिर, कुमारीपाटीको गणेशमन्दिर, तफालोको गणेशमन्दिर, सिद्धिविनायकमन्दिर आदि टोल–टोलमा, गल्ली–गल्लीमा स्थानगणेशका रूपमा सैकडौं गणेशमन्दिर र मूर्ति रहेका छन् ।

ग) भक्तपुर

१. **भागुटोल महालक्ष्मीमन्दिरको गणेशमूर्ति** – ठिमी, बोडेको भागुटोल बजारमा रहेको महालक्ष्मीमन्दिरको तोरणमा गणेशमूर्ति कुँदिएको छ ।

२. **कमलविनायकमन्दिर** – भक्तपुर नगरपालिकाको पूर्वीभागको बजारक्षेत्रमा कमलविनायकको मन्दिर रहेको छ । यो मन्दिर ठूलो पोखरीको डिलमा अवस्थित छ । कमलविनायकलाई उपत्यकाका आठ विनायक र चार विनायकमध्येका एक विनायक पनि मानिन्छ ।

३. **सूर्यविनायकमन्दिर** – भक्तपुर बजारबाट करीब १ कि.मि. टाढा कोदारी राजमार्गको दक्षिणतर्फको जङ्गलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेदीमा सूर्यविनायक गणेशको मन्दिर रहेको छ । त्यहाँ खुला आकाशको भित्तामा गणेशको आकार देखिने प्राकृतिक शिलामूर्ति पूर्वाभिमुख अवस्थामा रहेको छ । गणेशको अगाडि शिलास्तम्भमा गणेशको वाहन मूसो रहेको छ । यहाँ दर्शनका लागि प्रत्येक मङ्गलवार, माघ महिना, गणेशचतुर्थी र श्रीपञ्चमीमा ठूलो भीड लाग्दछ । यस स्थानबाट केहीमाथि डाँडामा गणेशकी माता पार्वतीको मन्दिर छ । सूर्यविनायकको आराधना गर्नाले आयु र सन्तानको वृद्धि हुने जनविश्वास रहेको छ ।

४. **अनन्तलिङ्गेश्वरको गणेशमूर्ति** – भक्तपुर बजारबाट करीब ६ कि.मि. उत्तर–पूर्व दधिकोट गा.वि.स. वडा नं. ४ मा अनन्तलिङ्गेश्वर महादेवको मन्दिर रहेको छ । भक्तपुरका राजा यक्षमल्लद्वारा निर्मित यस मन्दिरमा अनेक देवी–देवताका मूर्तिहरूका साथै गणेशको मूर्ति पनि प्रतिष्ठापित छ ।

५. **सिद्धिविनायक अथवा सिद्धिगणेशको मन्दिर** – भक्तपुर जिल्लाको मध्यपुर नगरपालिका वडा नं. ४ नकदेशमा सिद्धिविनायकमन्दिर रहेको छ । यो मन्दिर कला र धर्म दुवै दृष्टिकोणबाट महत्त्वपूर्ण मानिन्छ। यस स्थानमा श्रीगणेशको उपासना गरी साधकहरूले सिद्धि प्राप्त गरेका कारण यो मन्दिर सिद्धिविनायकका नामबाट प्रसिद्ध छ ।

५. **तोलाछें टोलको गणेशमूर्ति** – भक्तपुर बजारको पूजारी मठभन्दा पूर्वपट्टि तोलाछें टोलमा भग्न तर मुकुटले युक्त गणेशमूर्ति रहेको छ । यो मूर्ति महाराजलीलासनमा विराजमान छ ।

६. **भद्रकालीमन्दिरको गणेशमूर्ति** – भक्तपुरको भद्रकाली स्थानमा सर्पको यज्ञोपवीत र मुकुट धारण गर्ने श्रीगणेशमूर्ति रहेको छ ।

७. **भक्तपुर हनुमान्घाटका गणेशमूर्तिहरू** – भक्तपुर हनुमान्घाटमा अठारौं शताब्दीताका निर्मित दुई ठूला गणेशमूर्ति रहेका छन् । सम्पूर्ण आयुध, अनेक शिर र अनेक भुजाले समन्वित यी दुवै मूर्तिहरू काठमाडौं रानीपोखरीका,सोह्रहाते गणेशकै आकार–प्रकारका छन् । त्यहाँ रहेको अभिलेखअनुसार यी मूर्तिहरूको स्थापना राजा भूपतीन्द्र मल्लले गरेको तथ्य स्पष्ट हुन्छ ।

८. **भक्तपुर भगवतीमन्दिरको गणेशमूर्ति** – भक्तपुर भगवती मन्दिरमा रहेको उमामहेश्वर फलकमा नृत्यमुद्राको गणेशमूर्ति रहेको छ ।

९. **भक्तपुर गैरीधाराको गणेशमूर्ति** – भक्तपुर गैरीधारामा रहेको उमामहेश्वर फलकमा पनि नृत्यमुद्राको गणेशमूर्ति रहेको छ ।

१०. **पनौतीको गणेशमूर्ति** – पनौती बजारदेखि दक्षिण–पूर्वतर्फ सर्पयज्ञोपवीत धारण गर्ने श्रीगणेशको मूर्ति रहेको छ ।

११. **नीलवाराहीमार्गको गणेशमन्दिर** – बोडेको नीलवाराहीतर्फ जाने बाटोमा सानो गणेशमन्दिर रहेको छ ।

१२. **वाराहीमन्दिरको गणेशमूर्ति** – हनुमन्ते खोलाको पारिपट्टि रहेको वाराहीमन्दिरमा वाराहीमूर्तिको दायाँ भागमा गणेशमूर्ति रहेको छ ।

१३. **भक्तपुरका अष्टगणेश** – भक्तपुरमा अष्टगणेश, अष्टभैरव र अष्टमातृकाको तान्त्रिकविधिअनुसार पूजा गर्ने परम्परा रहिआएको छ । डा. पुरुषोत्तमलोचन श्रेष्ठद्वारा प्रणीत **भक्तपुरको नवदुर्गा गण** शीर्षककान्वित पुस्तकको १५७–१५८ पृष्ठमा वर्णन गरिएअनुसार अष्टगणेशका नेवारी भाषामा आधारित नाम यसप्रकार छन्– १) खाँचो गणेश, २) जेंला गणेश, ३) पं भो गणेश, ४) कवँत्व गणेश, ५) मः चो ग णेश, ६) चोङ्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेश, ७) लाटा गणेश र ८) क्वाठण्डौ गणेश । ब्रह्मवैवर्तपुराण (३/४४/८५)मा गणेश एकदन्त, हेरम्ब, विघ्ननायक, लम्बोदर, शूर्पकर्ण, गजवक्त्र र गुहाग्रजका नामबाट अष्टगणेशको वर्णन गरिएको छ । यसैगरी अमरकोष प्रथमकाण्डमा विनायक, विघ्नराज, द्वैमातुर, गणाधिप, एकदन्त, हेरम्ब, लम्बोदर, गजाननका रूपमा गणेशका आठ नामहरूको उल्लेख गरिएको छ । भक्तपुरका अष्टगणेश र यी नामहरूको एकरूपता छ वा छैन भन्ने विषय अनुसन्धेय छ । भक्तपुरमा माथि बताइएका अष्टगणेशसँग मल्दाजुल्दा नाम भएका निम्नानुसारका अष्टगणेश पनि रहेका छन् – १. जेंला गन्धः – जैलाटोलको मन्दिरसामु, २. पातिङ्गन्धः – इनाचोटोल माहेश्वरी पीठसामु, ३. तमाहीगन्धः – टौमडीटोल, पाँचतले मन्दिरको नैऋत्यकोणमा, ४. पातालगन्धः – गहिटीटोलमा, ५. मूलाखुगन्धः – तेखाचोटोलमा, ६. खौपागन्धः – खौपाटोलमा, ७. लाटागन्धः – महाकालीपीठमा, ८. थालाछें गन्धः – थालाछें टोलमा ।

१४. त्रिकुण्डगणेश – भक्तपुरमा १) याछें गणेश, २) चोछें गणेश, ३) अतिबुक्छे गणेश गरी यी तीन गणेशलाई त्रिकुण्डगणेश भनिन्छ । उक्त गणेशहरूलाई नवदुर्गा गणले आरति प्रदान गर्ने विधान रहेको छ ।

१५. गणेशको मुकुण्डो लगाई नृत्य गर्ने परम्परा – उपत्यकाका चार वाराहीमध्ये एक नीलवाराही हुन् । यिनको मन्दिर बोडे गाउँको जङ्गलमा रहेको छ । नीलवाराही नाचमा १९ जनाले गणेशको मुकुण्डो लगाई नृत्य गर्ने परम्परा रहिआएको छ ।

१६. भक्तपुरका अन्य गणेशमन्दिर र मूर्तिहरू – भक्तपुर जिल्लामा हनुमान्घाट ओह्रालोको पम्भो गणेशमन्दिर, बसिकचाको सिद्धिविनायकमन्दिर, गहिटीको तीन तले गणेशमन्दिर, चोर्चाभाको गणेशमन्दिर, गकागचाको गणेशमन्दिर, बालकुमारीको गणेशमूर्ति, चपाचोको गणेशमन्दिर, बालकोटको गणेशमन्दिर आदि टोल-टोलमा, गल्ली-गल्लीमा स्थानगणेशका रूपमा सैकडौं गणेशमन्दिर र मूर्ति रहेका छन् ।

गे) मकवानपुर

१. **टिष्टुङको गणेशमन्दिर** – टिष्टुङको वडा नं. ५ को कुन्छाल भन्ने ठाउँमा प्यागोडा शैलीको मन्दिरभित्र प्राकृत शिलाको गणेशको प्रतीक मूर्ति छ । यहाँ शनिवार र मङ्गलवार दर्शनार्थीहरूको ठूलो भीड लाग्दछ ।

२. **शङ्खमूलको गणेशमूर्ति** – पालुङ बजारको नजिकै सोटु, हात्तिपाइला र महादेव यी तीन खोलाको सङ्गमलाई शङ्खमूल भन्दछन् । त्यहाँको चौरमा जनैपूर्णिमाको दिन हिलेजात्रा मनाइन्छ । त्यहाँ इन्द्रायणी, भैरव र गणेश आदिको खटजात्रा पनि गरिन्छ । यस ठाउँमा अन्य धेरै देवताका मूर्तिहरूका साथै श्रीगणेशमूर्ति पनि रहेको छ ।

३. **इन्द्रायणी माईस्थानको गणेशमूर्ति** – इन्द्रायणी माईको स्थान पालुङ गा.वि.स. वडा नं. ३ पालुङनदीको किनार नजिकै नेपाली गाउँमा पर्दछ । यस मन्दिरमा शिलाको देवीको मूर्ति रहेको छ । त्यसको दायाँ-बायाँ वाराही भगवती, भैरव, नारायण र भैरवीका स-साना शिलाका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ।

४. **पाल्चोक र खोन नदी दोभानको गणेशमन्दिर** – यो गणेशमन्दिर टिष्टुङ गा.वि.स. वडा नं. १ को पाल्चोक र खोन नदीको दोभानमा पर्दछ । यो प्यागोडा शैलीको एकतले मन्दिरभित्र गणेशको प्रतीक प्राकृतिक शिलाको मूर्ति छ ।

५. **पाण्डुकेश्वर महादेवस्थानको गणेशमूर्ति** – यो महादेवको मन्दिर पालुङ गा.वि.स. वडा नं. ४ को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्गारे भन्ने ठाउँमा सरस्वती नदीको किनारमा पर्दछ । प्यागोडा शैलीको तीनतले यस मन्दिरभित्र प्राकृतिक शिलाको शिवलिङ्ग रहेको छ । यस मन्दिरभित्र चार कुनामा नारायण, गणेश आदि देवताहरूका मूर्ति छन्।

गै) रौतहट

रौतहट जिल्लाको राजदेवीमा प्यागोडा शैलीको मन्दिरमा खुँडाको आकारको एक शिला छ । त्यसैलाई राजदेवी भनेर दैनिक पूजा गरिन्छ । राजदेवी मन्दिरको दायाँपट्टि सानो गणेशमन्दिर पनि रहेको छ। यस जिल्लाका अन्य मन्दिरहरूमा गणेशका मूर्तिहरू स्थापित गरिएका छन् ।

गो) बारा

कलैया नगरपालिका वडा नं. ४ मा राजदेवीको मन्दिर रहेको छ । यस मन्दिरको अगाडि भित्तामा सरस्वती आदि देवी–देवताहरूका मूर्तिहरूका साथै श्रीगणेशमूर्ति पनि रहेको छ । यस जिल्लाका अन्य मन्दिरहरूमा पनि गणेशका मूर्ति पाइन्छन् ।

गौ) पर्सा

पर्सा जिल्लामा स्वतन्त्र रूपमा गणेशमन्दिर रहेको विवरण प्राप्त छैन । विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

गं) चितवन

१. **भरतपुर बजारको गणेशमन्दिर –** भरतपुर बजारमा नवनिर्मित गणेशमन्दिर रहेको छ ।

२. **नारायणघाटको गणेशमन्दिर –** नारायणघाट बजारमा गणेशभक्तहरूको आस्थाकेन्द्र गणेशमन्दिर रहेको छ । यसरी नै विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन्।

३. **गण्डकीनगरको श्रीगणेशमन्दिर –** चितवन जिल्लाको रामनगरदेखि दक्षिणतर्फ जाँदा भरतपुर र नारायणगढ जाने चोकमा पुगिन्छ । त्यहाँबाट भरतपुर जाने बाटोमा लागेपछि बीचमा अत्यन्त प्राचीन गण्डकीनगरको गणेशमन्दिर देख्न सकिन्छ । यो मन्दिर गणेशपुराणको क्रीडाखण्डमा वर्णन गरिएको गण्डकीनगरमा स्थापित गणेशमूर्ति हो भन्ने जनविश्वास रहेको छ ।

गः) गोरखा

१. **मनकामना मन्दिरको गणेशमूर्ति –** गोरखा जिल्लामा रहेको मनकामनामन्दिर निकै प्रसिद्ध छ । यस मन्दिरभित्र अनेक देवीदेवताका प्रतिमा र शिलामय प्रतीक मूर्तिहरूमध्ये गणेश र भैरवका मूर्तिहरू पनि छन्।

२. **सत्यरूपेश्वर सिद्धिविनायकमन्दिर –** सिद्धिविनायक गणेशको मन्दिर गोरखा दरबारको नजिकै रहेको छ। यस मन्दिरको निर्माण वि.सं. १९७९ मा उद्योत शाहले गरेका हुन् ।

३. **गोरखनाथमन्दिर समीपको गणेशमन्दिर –** गोर्खा जिल्लाको सदरमुकाम गोरखा बजारमा गुरु गोरखनाथ मन्दिरको नजिकै गणेशको प्रसिद्ध मन्दिर रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घ) मनाङ

मनाङ जिल्लामा स्वतन्त्र रूपमा गणेशको मन्दिर रहेको विवरण प्राप्त भएको छैन । विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

घा) लमजुङ

कालिकामन्दिरमा रहेको गणेशमूर्ति – सदरमुकाम बेँसीसहरबाट पश्चिम–दक्षिणतर्फ गाउँसहर भन्ने ठाउँमा कालिकामन्दिर रहेको छ । कालिकामन्दिरको नजिकमा हनुमान् र गणेशका मूर्तिहरू रहेका छन् । यसैगरी विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गरूपमा गणेशका स–साना मूर्तिहरू भेटिन्छन् ।

घि) तनहुँ

१. **देवघाटको सिद्धिगणेशमूर्ति** – तनहुँको देवघाट आदिप्रयागका रूपमा प्रसिद्ध छ । यहाँ विभिन्न मठ र मन्दिरहरू रहेका छन् । यहाँ गौरीगणेशमन्दिर रहेको छ ।

२. **हरिहरमन्दिरको गणेशमूर्ति** – देवघाटको पारिपट्टि हरिहरमन्दिर रहेको छ । हरिहरमन्दिरको शिवलिङ्गदेखि बायाँतर्फको अर्को कोठामा गणेश र हनुमान्का मूर्तिहरू रहेका छन् ।

३. **केदारनाथमन्दिरको गणेशमूर्ति – देवघाट**मा रहेको केदारनाथमन्दिरमा मूल मूर्तिका सामु गणेशमूर्ति पनि रहेको छ ।

४. **बद्रीनारायणमन्दिरको गणेशमूर्ति** – देवघाटक्षेत्रमा रहेको बद्रीनारायणमन्दिर प्रसिद्ध छ । यस मन्दिरको मूलद्वारको दायाँ–बायाँ भागमा जय–विजयका मूर्ति रहेका छन् भने मन्दिरभित्र आग्नेयकोणमा ब्रह्मा र नैर्ऋत्यकोणमा गणेशमूर्ति रहेको छ ।

५. **पाञ्चायनमन्दिरअन्तर्गत गणेशमन्दिर** – दमौली नगरपालिका क्षेत्रमा पाञ्चायन देवताका पाँच मन्दिर रहेका छन् । तीमध्ये गणेशमन्दिर पनि एक हो । यस मन्दिरमा गणेशको शिलामूर्ति रहेको छ ।

घी) कास्की

१. **विन्ध्यवासिनीमन्दिर–परिसरको गणेशमन्दिर** – पोखरा उपमहानगरपालिका वडा नं. २ मा महेन्द्रपुलदेखि उत्तरतर्फ मोहरिया टोलमा विन्ध्यवासिनी भगवतीको मन्दिर रहेको छ । यस मन्दिरअन्तर्गत सानो गणेशमन्दिर पनि रहेको छ ।

२. **गणेशटोलको गणेशमन्दिर** – पोखरा उपमहानगरपालिकाअन्तर्गत गणेशटोलमा गणेशमन्दिर रहेको छ । धातुको छानामा सुवर्णको गजुर राखिएको एकतले यस मन्दिरमा गणेशको प्रतीकात्मक एउटा कालो शिलामा पूजा गरिन्छ । त्यहाँ एउटा शिलामय गणेशमूर्ति र अर्को धातुमय चतुर्बाहु गणेशमूर्ति पनि स्थापना गरिएका छन्। यस मन्दिरमा प्रत्येक मङ्गलवार र गणेशचौथीका दिन दर्शनार्थी भक्तजनहरूको भीड लाग्दछ।

३. **हरिहरआश्रमको गणेशमूर्ति** – कास्की जिल्लाको भलाम गा.वि.स.अन्तर्गत बाबाजीवन भन्ने ठाउँमा पहाडको टुप्पोमा हरिहर आश्रम रहेको छ । यहाँ शिव, गणेश र हनुमान्का मूर्ति छन् ।

घु) स्याङ्जा

१. **गणेशपुरको गणेशमन्दिर** – स्याङ्जा जिल्लाको गणेशपुर गाउँमा गणेशमन्दिर रहेको छ । यसै मन्दिरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामबाट त्यस गाउँको र गा.वि.स.समेतको नामकरण भएको छ ।

२. **भृगुतुङ्गेश्वरको गणेशशिला** – स्याङ्जा जिल्लामा पर्ने तर पाल्पा र गुल्मी ज्यादै निकट रुरुक्षेत्र पारिपट्टि कालिपारमा रहेको भृगुतुङ्गेश्वर मन्दिर सिद्धक्षेत्रका रूपमा प्रख्यात छ । त्यस प्राकृतिक मन्दिरमा श्रीगणेशको प्राकृतिक भव्य शिलामय मूर्ति रहेको छ ।

३. **मालुङ्गाको गणेशमन्दिर** – राम्दी नजिकै रहेको मालुङ्गा गाउँमा भक्तहरूद्वारा केही वर्षअघि स्थापना गरिएको सुन्दर गणेशमन्दिर रहेको छ ।

यसै गरी स्याङ्जा जिल्लाका विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् । यहाँको एउटा गाउँको नाउँ गणेशपुर र त्यसै नामको आधारमा गा.वि.स.को नाम गणेशपुर रहनुले पनि यहाँका नरनारीहरूमा गणेशप्रति अत्यधिक भक्तिभाव रहेको प्रमाणित हुन्छ।

घू) पर्वत

धनेश्वर शिवालयमन्दिरको गणेशमूर्ति – शिवालय गा.वि.स. वडा नं. ४ को माझ गाउँमा धनेश्वर महादेवमन्दिर रहेको छ । यस मन्दिरका चार सुरमा क्रमशः गणेश, भैरव, भगवती र विष्णुका मूर्तिहरू रहेका छन्। यस जिल्लाका अन्य देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

घे) मुस्ताङ

मुस्ताङ जिल्लामा स्वतन्त्र रूपमा गणेशमन्दिर रहेको विवरण प्राप्त छैन । विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

घै) म्याग्दी

बालमुक्तेश्वर'मन्दिरको गणेशमूर्ति – म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा बालमुक्तेश्वरमन्दिर रहेको छ। यस मन्दिरका चार सुरमा गणेश, भगवती, नारायण र सूर्यका मूर्तिहरू रहेका छन् । यसैगरी यस जिल्लाका अनेक देवीदेवताका मन्दिरहरूमा पनि अङ्गदेवताका रूपमा गणेशका मूर्तिहरू पाइन्छन् ।

घो) बाग्लुङ

कालिकादेवीस्थानको गणेशमूर्ति – कालिका भगवतीको मन्दिर बाग्लुङ बजारको नजिकै काली गण्डकी र काठेखोलाको दोभानमा पर्दछ । यस मन्दिरमा गणेशमूर्ति पनि रहेको छ । साथै यस मन्दिर-परिसरमा सानो गणेशमन्दिर पनि रहेको छ । बाग्लुङ नगरपालिकाभित्र बजारमा भीरगणेश र ढुण्ढिगणेशका मूर्तिहरू रहेका छन्।

घौ) पाल्पा

१. **श्रीनगरको गणेशमन्दिर** – तानसेनको शिरमा रहेको श्रीनगर डाँडामा श्रीनगर-गणेशमन्दिर रहेको छ ।

२. **तानसेन बजारको गणेशमन्दिर** – तानसेन बजारमा स्थानीय श्रद्धालुहरूद्वारा निर्मित गणेशस्थान रहेको छ। यहाँ प्रत्येक मङ्गलवार दर्शनार्थीहरूको भीड लाग्दछ ।

३. **अमरगणेशको मन्दिर** – तानसेनको भगवतीमन्दिरको परिसरमा वीर अमरसिंह थापाद्वारा निर्मित अमरगणेशमन्दिर रहेको छ ।

४. **रण-उजिरेश्वरी भगवतीमन्दिरको गणेशमूर्ति** – पाल्पा जिल्लाको तानसेन नगरपालिका वडा नं. ८ को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवती टोलको दरबार–परिसरमा रण–उजेश्वरी भगवतीमन्दिर रहेको छ । अठार हात भएकी भगवतीलाई महिषासुरमर्दिनी भगवतीका रूपमा मानिन्छ । कुशल योद्धा कर्णेल उजीरसिंह थापाले गोरखपुरको बाटो हुँदै युद्ध गर्न आउने अंग्रेजको फौजलाई बुटवल नजिकको जितगढीमा हराएकोले सोही खुसियालीको अवसरमा आफ्नो विजयको प्रतीकका रूपमा सन् १८७२ मा यस मन्दिरको निर्माण गरेका हुन् । यहाँ श्रीगणेशमूर्ति पनि रहेको छ।

५. **अमरनारायणमन्दिरको गणेशमूर्ति**– तानसेन नगरपालिका वडा नं. २ अमरगञ्जमा रहेको अमरनारायणमन्दिरमा नारायणको भव्य प्रतिमा रहेको छ । उक्त प्रतिमाको दायाँ भागमा गणेशमूर्ति रहेको छ।

६. **रिडी ऋषिकेशवमन्दिर, रिडीको गणेशमूर्ति** – रिडीको ऋषिकेशवमन्दिर ज्यादै प्रसिद्ध छ । यसको निर्माण पाल्पाली राजा मुकुन्द सेनले गरेका हुन् । यहाँ भगवान् नारायणको प्रतिमाका सामु अन्य देवीदेवताका मूर्तिहरूका साथै श्रीगणेशमूर्ति पनि रहेको छ ।

७. **राम्दी सिद्धगुफाको गणेशमूर्ति** – काली गण्डकीको तट राम्दीघाट नजिकै पहराको बीचमा सिद्धगुफा रहेको छ । यहाँ पौराणिक कालमा कपिलमुनिले तपस्या गरेका थिए । यस गुफामा सिद्ध, गणेश र सरस्वतीका स्वयम्भू प्रतिमाहरू छन् ।

९. **अर्गलीको गणेशमूर्ति** – पाल्पा जिल्लाको अर्घलीनामक स्थानमा कालीगण्डकीको तीरमा सत्येश्वर महादेवको मन्दिरभित्र श्रीगणेशको मूर्ति पनि रहेको छ ।

१०. **रिब्दीकोट जलेश्वरमन्दिरको गणेशमूर्ति** – पाल्पाको ऐतिहासिक राजधानी रिब्दीकोटमा जलेश्वर महादेवको मन्दिरको गर्भगृह एवं परिसरमा गणेशका मूर्ति रहेका छन् ।

११. **सिद्धबाबा मन्दिरको गणेशमूर्ति** – पाल्पा र रूपन्देहीको सीमामा पर्ने दोभान क्षेत्रमा सिद्धबाबा मन्दिर रहेको छ । त्यसमा अनेक देवी–देवताका मूर्तिहरूका साथै श्रीगणेशको मूर्ति पनि रहेको छ ।

१२. **रानीघाटको गणेशमूर्ति** – पाल्पा र स्याङ्जाको मध्यवर्ती कालीगण्डकीको तीरमा पाल्पातर्फ रहेको रानीघाट मन्दिरमा श्रीगणेशको मूर्ति रहेको छ ।

घं) गुल्मी

१. **रुरुक्षेत्रको गणेशमन्दिर** – यो गणेशको मन्दिर रुरु गा.वि.स. वडा नं. ५ मा पर्दछ । त्यहाँ गुम्बज शैलीका दुई मन्दिर छन् । तीमध्ये पश्चिमपट्टिको मन्दिरभित्र रिडीखोलाको पुरानो मन्दिर बगाएपछि त्यहाँकै पुरानो मूर्ति ल्याई गणेशको स्थापना गरिएको हो । पूर्वपट्टिको मन्दिरमा भैरवमूर्ति रहेको छ ।

२. **मानकोटको आत्मविनायक मन्दिर** – मानकोटक्षेत्रमा आत्मविनायक नामक गणेशमन्दिर रहेको छ । यस मन्दिरमा बिहान–बेलुकी पञ्चैबाजासहित पूजाअर्चना र आरती हुन्छ ।

३. **रुरुक्षेत्रका गणेशमूर्ति** – रुरुक्षेत्रका अनेक मन्दिरहरूमा गणेशका मूर्तिहरू पाइन्छन् ।

४. गुल्मी हुँगानामक स्थानमा अवस्थित श्रीशक्तिधाममा श्रीलोकेश्वर महादेव मन्दिरको गर्भगृहमा श्रीगणेशको मूर्ति पनि रहेको छ ।

४. **त्रिपुरासुन्दरी माईस्थानको गणेशमूर्ति** – वामीटक्सार गा.वि.स. वडा नं. २ मा रहेको त्रिपुरासुन्दरी माईको स्थानमा मूर्तिको दायाँ भागमा गणेशमूर्ति पनि रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घः) अर्घाखाँची

मथुराबैंसी तीर्थको गणेशमन्दिर – रिडी बजारबाट करीब १० कि.मि. पश्चिममा मथुराबैंसी तीर्थ रहेको छ । यहाँ अनेक देवीदेवताका मन्दिरहरूका साथै गणेशमन्दिर पनि रहेको छ।

२. **सुपादेउरालीको गणेशमूर्ति** – अर्घाखाँचीको खाँचीकोट गा.वि.स.अन्तर्गत सुपाखोलामा सुपादेउरालीमन्दिर रहेको छ । त्यहाँको एक शिलालाई देवीको रूपमा पूजिन्छ । प्यागोडा शैलीको यस मन्दिरभित्र देउरालीको शिला, गणेश र नवदुर्गाका प्रतिमाहरू रहेका छन् ।

ङ) नवलपरासी

१. **गैंडाकोटको गणेशमन्दिर** – नवलपरासी जिल्लाको गैंडाकोटमा विभिन्न देवी–देवताहरूका मन्दिरका साथै श्रीगणेशमन्दिर पनि रहेको छ । यस जिल्लाका विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

ङ) रूपन्देही

१. **तिनाउपारिको जलविनायक मन्दिर** – बुटवल नगरपालिका तिनाउपारि गणेशटोलमा प्राचीन गणेशमन्दिर रहेको छ ।

२. **विर्नीको गणेशमन्दिर** – छिपागड गा.वि.स. वडा नं. ९ विर्नी भन्ने ठाउँमा गणेशमन्दिर रहेको छ । पश्चिमाभिमुख यस मन्दिरमा सिंहमर्मरको आसनमा भव्य गणेशमूर्ति छ ।

३. **गोनहा गा.वि.स.को गणेशमन्दिर** – रूपन्देही जिल्लाको गोनहा गा.वि.स.मा प्राचीन गणेशमन्दिर रहेको छ ।

४. **सिद्धबाबा मन्दिरको गणेशमूर्ति** – बुटवल नगरपालिकादेखि उत्तरतर्फ चिडियाखोलाको तीरमा सिद्धबाबामन्दिर रहेको छ । यस मन्दिरलाई यस क्षेत्रको पवित्र धामका रूपमा लिइन्छ । यस मन्दिरभित्र श्रीगणेशमूर्ति पनि रहेको छ ।

५. **नारायणमन्दिरको गणेशमूर्ति** – नारायणमन्दिर बुटवलको पुरानो बजारमा रहेको छ । यस मन्दिरमा नारायणमूर्तिका साथै शिलामय गणेशमूर्ति पनि रहेको छ ।

६. **कृष्णेश्वर महादेवमन्दिरको गणेशमूर्ति** – तिनाउपारि गणेशटोलमा रहेको कृष्णेश्वर महादेवमन्दिरमा श्रीगणेशमूर्ति पनि रहेको छ ।

७. **पर्रोहापरमेश्वर मन्दिरको गणेशमूर्ति** – पर्रोहा गा.वि.स.अन्तर्गत रानीवगियाबाट २ कि.मि. दक्षिणमा पर्रोहापरमेश्वरको नामबाट प्रसिद्ध शिवलिङ्ग रहेको छ । यहाँ पार्वतीको मूर्ति एवं शिवलिङ्गका साथै प्राचीन गणेशमूर्ति पनि रहेको छ ।

८. **वसडिलवा शिवमन्दिरको गणेशमूर्ति** – सिद्धार्थ नगरपालिका वडा नं. ८ को वर्मेली टोलमा शिवमन्दिर रहेको छ । यस मन्दिरमा गणेशमूर्ति पनि छ ।

९. **भैरहवा नारायणमन्दिरको गणेशमूर्ति** – सिद्धार्थ नगरपालिका वडा नं. ८ मा रहेको नारायणमन्दिरमा नारायणमूर्तिका साथै गणेशमूर्ति पनि रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ङि) कपिलवस्तु

तौलिहवाको कालीमाईमन्दिरको गणेशमूर्ति – कपिलवस्तु जिल्लाको तौलिहवा नगरअन्तर्गत रहेको कालीमाईमन्दिरमा मूल कालीमूर्तिको पूर्वतर्फ गणेशमूर्ति रहेको छ । भक्तहरूले श्रीगणेशको पूजा-अर्चना गरेपछि मात्र कालीमाईको पूजा गर्दछन् । बडादशैंमा हुने कालीको रथयात्रामा गणेशको विशेष पूजनपछि मात्र रथयात्रा आरम्भ गरिन्छ । यस जिल्लामा विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

ङी) रुकुम

१. **मुरूको गणेशमन्दिर** – रुकुम जिल्लाको मुरूनामक स्थानमा प्राचीन गणेशमन्दिर रहेको छ । अरू देवताका मन्दिरहरूमा अङ्गदेवताका रूपमा गणेशका मूर्ति रहेका छन् ।

२. **पाञ्चायन देवतामन्दिरको गणेशमूर्ति** – खलङ्गा गा.वि.स. वडा नं. १ मा पाञ्चायन देवतामन्दिर रहेको छ। गणेश पनि पाञ्चायन देवतामध्ये एक देवता भएकाले उहाँको पनि मूर्ति रहेको छ ।

ङु) रोल्पा

कालिकामन्दिरको गणेशमूर्ति – रोल्पा जिल्लाको सदरमुकाम लिवाङ् गा.वि.स. वडा नं. ६ मा कालिकामन्दिर रहेको छ । कालिकामूर्तिको बायाँतर्फ धातुको गणेशमूर्ति रहेको छ । यसैगरी रोल्पामा रहेका अन्य देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्ति पनि रहेका छन् ।

ङू) प्यूठान

१. **खलङ्गाको गणेशमन्दिर** – यो मन्दिर जिल्ला सदरमुकाम खलङ्गा वडा नं. ४ को गणेशटोलमा पर्दछ । यस मन्दिरको निर्माण वि.सं. १९४४ भाद्र महिनामा भएको हो । पित्तलको गजुर भएको ५ तले प्यागोडा शैलीको यस मन्दिरमा गणेशको मुख्य मूर्तिका साथै भैरवका मूर्तिहरू पनि छन् । यस मन्दिरमा शनिवार, मङ्गलवार, बडादसैं, चैतेदसैंमा विशेष पूजाआजा हुन्छ भने ऋषितर्पणी पछिको पञ्चमीका दिन भने जात्रा पनि लाग्दछ ।

२. **स्वर्गद्वारीको गणेशपाञ्चायनमन्दिर** – प्यूठान जिल्लाको स्वर्गद्वारी आश्रममा शिवपाञ्चायन, देवीपाञ्चायन, विष्णुपाञ्चायन, सूर्यपाञ्चायन र गणेशपाञ्चायनका मन्दिर रहेका छन् ।

३. **स्वर्गद्वारी आश्रमको गणेशमूर्ति** – प्यूठानको सदरमुकाम खलङ्गाबाट २६ कि.मि. पश्चिम स्वर्गद्वारी गा.वि.स. वडा नं. १ मा स्वर्गद्वारी आश्रम रहेको छ । स्वर्गद्वारी आश्रम महाप्रभु हंसानन्द सरस्वतीद्वारा वि.सं. १९५२ मा स्थापित भएको हो । यहाँ दैनिक हवन गर्ने कुण्ड छ । यसै कुण्डलाई अखण्डधुनि मानिएको छ । नवग्रहको हवनकुण्डका चार सुरमा भगवती, शिव र शालिग्रामका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

४. **कालिकादेवीस्थानको गणेशमूर्ति** – विजयवार गा.वि.स. वडा नं. ३ को माथिल्लो बजारमा रहेको कालिकादेवी मन्दिरमा अन्य देवीदेवताका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. **सिद्धफलारी देवतास्थानको गणेशमूर्ति** – दाखाकाडी गा.वि.स. वडा नं. ६ मा रहेको श्रीसिद्धफलारी देवतास्थानमा गणेशमूर्ति पनि रहेको छ ।

६. **भगवतीमन्दिरको गणेशमूर्ति** – मिग्री गा.वि.स. वडा नं. १ मा रहेको भगवतीमन्दिरमा गणेशमूर्ति पनि रहेको छ ।

७. **जाल्पादेवीमन्दिरको गणेशमूर्ति** – विजयवार गा.वि.स. टाहारीमा रहेको जाल्पादेवीमन्दिरमा गणेशमूर्ति रहेको छ ।

ङ) सल्यान

सल्यानको गणेशस्थान – यो गणेशस्थान सदरमुकाम खलङ्गा बजारको बीच भागमा पर्दछ । यहाँ दैनिक पूजाका साथै मङ्गलवारका दिन भक्तजनहरूको विशेष भीड लागेको हुन्छ । यो मन्दिर निकै पुरानो मानिएको छ । सल्यान जिल्लामा रहेका विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्तिहरू पनि पाइन्छन् ।

ङै) दाङ

१. **दाङ बेलभुण्डीको गणेशमन्दिर** – दाङ जिल्लाको बेलभुण्डीमा त्रिलोकेश्वर–महादेवमन्दिर रहेको छ। त्यसैको बगलमा शिलामय मूर्तिसहितको सानो गणेशमन्दिर रहेको छ ।

२. **छिल्लीकोटको गणेशमन्दिर** – दाङ जिल्लाको उत्तरी भेगमा रहेको पर्वतशिखरमा कालिकामन्दिर र मालिकामन्दिरको मध्यभागमा विशाल प्राकृतिक शिलामूर्तिसहितको गणेशमन्दिर रहेको छ ।

३. **बिजौरी गणेशमन्दिर** – दाङ जिल्लाको बिजौरीनामक स्थानमा सूदयरामेश्वर मन्दिरको छेउमा सानो तर सुन्दर गणेशमन्दिर रहेको छ ।

४. **सिरडी साईमन्दिर परिसरको गणेशमन्दिर** – दाङ घोराहीमा सिरडी साईमन्दिर परिसरमा रहेको गणेशमन्दिरमा कालो पत्थरसहितको विशाल गणेशमूर्तिको स्थापना गरिएको छ ।

५. **घोराही क्याम्पस नजिकको गणेशमन्दिर** – दाङ घोराही क्याम्पस नजिकै सार्वजनिक गणेशमन्दिर रहेको छ । यहाँ मङ्गलवार एवं शनिवार दर्शनार्थीहरूको घुइँचो लाग्दछ भने साप्ताहिकरूपमा भजन–कीर्तन गर्ने परम्परा पनि रहिआएको छ ।

६. **अम्बिकेश्वरीमन्दिर परिसरको गणेशमन्दिर** – दाङको सदरमुकाम घोराहीमा रहेको अम्बिकेश्वरीमन्दिरको समीपमा गणेशमन्दिर पनि रहेको छ ।

७. **त्रिसिद्धेश्वरीमन्दिर तुलसीपुरको गणेशमूर्ति** – दाङको तुलसीपुरमा रहेको त्रिसिद्धेश्वरीमन्दिरको गर्भगृहमा श्रीगणेशको मूर्ति पनि रहेको छ ।

८. **पाण्डवेश्वर महादेवमन्दिरको गणेशमूर्ति** – दाङको डुरुवा पहाडको काखमा बबै (सरयू) नदीको तीरमा पाण्डवेश्वरमन्दिरभित्र स्वयम्भूलिङ्गसमीपमा गणेशको मूर्ति पनि रहेको छ ।

ङो) हुम्ला

हुम्ला जिल्लाका विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ङौ) मुगु

मुगु जिल्लाका विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

ङं) जुम्ला

जुम्लाको गणेशगुफा – यो गुफा जुम्लाबाट ५ कि.मि. दक्षिण ठाकुरनाथ जाने बाटोमा बोहरा गाउँको डाँडामाथि पर्दछ । यस गुफाभित्र चुनढुङ्गा जस्तै सेतो गणेशमूर्ति रहेकाले यस गुफालाई गणेशगुफा भनिएको हुनुपर्दछ ।

ङः) डोल्पा

डोल्पा जिल्लाका विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

च) कालिकोट

पञ्चदेवलको गणेशमन्दिर – कालिकोटको पञ्चदेवल भन्ने ठाउँलाई पाँचवटा मन्दिर भएका कारण पञ्चदेवल भनिन्छ । यहाँका पञ्चदेवलमध्ये एउटा गणेशदेवल पनि हो । यस जिल्लाका अन्य देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका प्रतिमा रहेका छन् ।

चा) जाजरकोट

खलङ्गाको गणेशमन्दिर – जाजरकोट जिल्लाको सदरमुकाम खलङ्गामा गणेशमन्दिर रहेको छ । यसैगरी खलङ्गा गा.वि.स.कै शिवालय भन्ने ठाउँमा शिवलिङ्गका सामु गणेशमूर्ति रहेको छ । यस जिल्लाका अनेक देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्ति रहेका छन् ।

चि) दैलेख

१. **दैलेखनगरको गणेशमन्दिर** – दैलेखनगरमा प्राचीन कालमा स्थापित गणेशमन्दिर रहेको छ ।

२. **धूलीश्वर मन्दिरको गणेशमूर्ति** – बडलम्जी गा.वि.स. वडा नं. ८ अन्तर्गत लाहोरे खोलाको दोभानमा धूलीश्वर महादेवमन्दिर रहेको छ । यहाँ शिव–पार्वतीका मूर्तिहरूका साथै गणेशमूर्ति पनि रहेको छ ।

३. **सिद्धेश्वर महादेवमन्दिरको गणेशमूर्ति** – नाउले कटुवाल गा.वि.स. वडा नं. ९ दुङ्गेश्वर खोलाको किनारमा सिद्धेश्वर–महादेवमन्दिर रहेको छ । यस मन्दिरको बाहिर गणेशमूर्ति रहेको छ ।

ची) सुर्खेत

१. **चिसापानीको गणेशमन्दिर** – यो मन्दिर वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ को चिसापानी भन्ने ठाउँमा पर्दछ । यसको निर्माण हालै मात्र जनसहभागिताबाट भएको हो । यस मन्दिरमा गणेशपाञ्चायनको शिलामय मूर्ति स्थापना गरिएको छ । यस मन्दिरमा दैनिक नित्य पूजाआराधना गरिन्छ ।

२. **लाटीकोइली मन्दिरको गणेशमूर्ति** – लाटीकोइली गा.वि.स. वडा नं. १ मा लाटीकोइलीमन्दिर रहेको छ। यसलाई शक्तिपीठ पनि मानिन्छ । मन्दिरको दायाँबायाँ भागमा सरस्वती, शिव र गणेशका मूर्तिहरू पनि रहेका छन् । यसैगरी यस जिल्लाका अनेक मन्दिरहरूमा गणेशका मूर्तिहरू पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चु) बाँके

आदर्शनगरको गणेशमन्दिर – बाँकि जिल्ला आदर्श नगरमा गणेशमन्दिर रहेको छ । यहाँ प्रत्येक शनिवार तथा मङ्गलवार दर्शनार्थीहरूको घुइँचो लाग्दछ । यस जिल्लाका अनेक मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्तिहरू पाइन्छन् ।

चू) बर्दिया

१. **गणेशबाबामन्दिर** – गणेशबाबामन्दिर राजापुर बजारदेखि दक्षिणपूर्वी भागमा रहेको छ । गुम्बज शैलीको पश्चिम फर्केको र गजुर भएको यस मन्दिरभित्र पहिले गणेशको शिरको आकार बन्न गएको पीपलको जरा रहेको छ । त्यसैलाई गणेश मानी पूजा गर्दै आएको पाइन्छ । यस मन्दिरमा श्रीपञ्चमीका दिन दर्शनार्थीहरूको भीड लाग्ने गर्दछ ।

२. **राजापुरको गणेशमन्दिर – बर्दिया** जिल्लाको राजापुर बजारमा गणेशमन्दिर रहेको छ । यसैगरी यस जिल्लाका अनेक मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्ति पाइन्छन् ।

चे) बझाङ

सहस्त्रलिङ्गको गणेशमन्दिर – बझाङको सहस्रलिङ्ग भन्ने स्थानमा गणेशमन्दिर रहेको छ । यसैगरी यस जिल्लाका अनेक देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्ति रहेका छन् ।

चै) बाजुरा

बाजुरा जिल्लाका विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

चो) अछाम

१. **विनायक गणेशमन्दिर** – अछाम जिल्लाको घोडाकन्ने भन्ने स्थानदेखि उत्तरतर्फ भव्य एवं विशाल विनायक-गणेशमन्दिर रहेको छ ।

२. **गणेश पञ्चदेवल** – यो पञ्चदेवलमन्दिर अछाम जिल्लाको घोडाकन्ने भन्ने डाँडामा रहेको छ । वरिपरि चारवटा देवल र बीचमा चारैतिर चौतारी बनाएर गणेशदेवल निर्माण गरिएको छ । यस पञ्चदेवलको निर्माण सिञ्जाली राजाका छोरा अक्षय मल्लले वि.सं. १३३९ मा गरेका हुन् ।

३. **वैजनाथ शिवालयका गणेशमूर्तिहरू** – वैजनाथ शिवालयमा लक्ष्मी, दुर्गा, गणेश र सूर्यका मूर्तिहरू छन्। फलकमूर्तिहरूमध्ये भैरव र गणेशका मूर्ति एउटै फलकमा रहेका छन् ।

४. **विष्णुमन्दिरको गणेशमूर्ति** – वैजनाथ गा.वि.स.को वैजनाथ धाममा रहेको विष्णुमन्दिरमा भैरवसहित गणेशको आसनमूर्ति रहेको छ । यस अतिरिक्त यस जिल्लाका अनेक मन्दिरहरूमा गणेशका मूर्तिहरू पाइन्छन् ।

चौ) डोटी

शैलेश्वरीमन्दिर-परिसरको गणेशमन्दिर – डोटी जिल्लाको सदरमुकाम दिपायलको सिलगढी बजारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिलाको मूर्तिले सम्पन्न श्रीगणेशमन्दिर रहेको छ । यस जिल्लाका अनेक मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्तिहरू रहेका छन् ।

चं) कैलाली

कैलासेश्वर-परिसरको गणेशमन्दिर – टीकापुर नगरपालिकाअन्तर्गत टीकापुरमा कैलासेश्वर महादेवमन्दिरको परिसरमा गणेशमन्दिर रहेको छ । यस जिल्लाका शिवमन्दिर आदि अनेक देवस्थलहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्तिहरू पनि पाइन्छन् ।

चः) दार्चुला

१. **गोकुलेश्वरको गणेशमूर्ति** – दार्चुलाको सदरमुकामबाट करीब ६१ कि.मि. टाढा गोकुले भन्ने ठाउँमा गोकुलेश्वर-महादेवमन्दिर छ । यस मन्दिरमा शिव-पार्वतीका साथै गणेशमूर्ति पनि रहेको छ ।

२. **लटीनाथ मन्दिरको गणेशमूर्ति** – लटीनाथ गा.वि.स. वडा नं. ७ मा चौलानी नदीको पूर्वी किनारमा लटीनाथ महादेवको मन्दिर छ । यस मन्दिरभित्र शिवलिङ्ग र गणेशमूर्ति रहेको कुरा स्थानीयहरूको भनाइ छ ।

छ) बैतडी

बैतडी जिल्लाका विभिन्न देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्तिहरू पाइन्छन् ।

छा) डडेलधुरा

गन्यापधुरा (गणेशमन्दिर) – गणेशमन्दिरको रूपमा मानिने यो मन्दिर सदरमुकामबाट करीब १५ कि.मि. पूर्व गणेशपुर गा.वि.स.अन्तर्गत पर्दछ । गणेशमूर्तिको रूपमा रहेको शिलालाई ताम्रपत्रले छोपेको छ । यहाँ सदा सर्पले रक्षा गर्ने र त्यहाँको ढुङ्गा झिक्न खोजेमा सर्पले झिक्न नदिने भन्ने भनाइ छ । यस जिल्लामा रहेका अन्य मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा गणेशका मूर्ति रहेका छन् ।

छि) कञ्चनपुर

सिद्धनाथ मन्दिरको गणेशमूर्ति – महेन्द्रनगर नगरपालिका वडा नं. ४ ब्रह्मदेव बजारमा रहेको सिद्धनाथमन्दिरमा पित्तलको श्रीगणेशमूर्ति रहेको छ । यस जिल्लाका अनेक देवीदेवताका मन्दिरहरूमा अङ्गमूर्तिका रूपमा श्रीगणेशका मूर्ति रहेका छन् ।

१.२ भारतका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्ति

भारतमा अनेक गणपतितीर्थ , गणपतिमन्दिर र गणपतिमूर्ति रहेका छन् । तीमध्ये प्रमुख तीर्थ, मन्दिर एवं मूर्तिहरूको नाम निरूपणका लागि यो प्रकरण प्रारम्भ गरिएको छ ।

१. मङ्गलमूर्ति गणेश

पूनाभन्दा एघार माइल टाढा रहेको मङ्गलमूर्ति क्षेत्रमा मङ्गलमूर्ति भगवान् श्रीगणेशको मूर्ति छ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिर ज्यादै प्रसिद्ध भएकाले यहाँ दर्शनार्थी यात्रीहरूको घुइँचो लाग्ने गर्दछ । यो गणेशमन्दिर महाराष्ट्रका अष्टविनायकहरूमध्ये एक हो ।

२. श्रीवरदविनायक

वैनायक सम्प्रदायका प्रवर्तक महर्षि गृत्समदद्वारा स्थापित श्रीवरदविनायक महाराष्ट्रका अष्टविनायकमध्ये एक हुन् । गृत्समदले यहाँ रहेर गणेशको आराधना गरी ब्रह्मत्व र ऋषित्व प्राप्त गरेका कारण यो क्षेत्र वरदविनायक क्षेत्रका रूपमा ज्यादै प्रसिद्ध छ ।

३. वरविनायक अथवा विवाहविनायक

महर्षि कण्वद्वारा स्थापित वरविनायक अथवा विवाहविनायकको प्रतिमा टिटवालानामक स्थानमा रहेको छ । यिनै विनायकको अनुग्रहबाट शकुन्तलाले राजा दुष्यन्तलाई पतिका रूपमा प्राप्त गरेकी थिइन् । यस कारण यी गणेशलाई वरविनायक अथवा विवाहविनायक भनिन्छ ।

४. ढोल्या गणेश अथवा विशाल गणेश

सतारा जिल्लाअन्तर्गत 'बाई' नामक स्थानमा ढोल्या गणेशको विशाल मन्दिर रहेको छ । यस मन्दिरको पछिल्लो भाग माछाको आकारको छ । मूर्तिको विशालताका कारण यहाँका गणेशलाई ढोल्या गणेश भनिन्छ ।

५. चित्रकूट-गणेश

चित्रकूट गणेशको मन्दिर मराठवाडाका सिद्ध स्थानहरूमध्ये एक हो । महाराष्ट्रका अष्ट विनायकहरूसमान यसको महिमा बताइएको छ । यहाँ शिवलिङ्गमाथि श्रीगणेशको स्वयम्भू प्रतिमा रहेको छ । यो प्रतिमा सिन्दूरचर्चित छ । मानिसहरू प्रतिदिन यस प्रतिमाको तिलबराबर वृद्धि हुने कुरा बताउँछन् ।

६. विरूपाक्षमन्दिर र विशाल गणेशमूर्ति

विजयनगरको प्राचीन राजधानी हम्पीमा रहेको विरूपाक्ष मन्दिरको आग्नेय कोणमा एउटा विशाल मण्डप छ । त्यसमा श्रीगणेशको बाह्र हात अग्लो विशाल प्रतिमा रहेको छ । त्यहाँ श्रीगणेशको दर्शनका लागि यात्रीहरूको घुइँचो लाग्ने गर्दछ ।

७. हेरम्ब गणपति

गणेशको पहिले विवाह भएका कारण स्वामी कार्तिकेय र श्रीगणेशमा विवाद भयो । रुष्ट भएका कार्तिकेय कैलासवास त्याग गरी दक्षिण भारततर्फ आए । त्यहाँ तिनले क्रौञ्चपर्वतमा आफ्नो आवास बनाए। यो स्थान सुण्डूरभन्दा ६ माइल टाढा रहेको छ । यहाँ हेरम्ब गणपति र स्वामी कार्तिकेयका बेग्लाबेग्लै मन्दिर रहेका छन् ।

८. सिद्धगणपति महाबलेश्वर मन्दिर

हुबलीभन्दा सय माइल टाढा गोकर्ण क्षेत्रका साना-साना पर्वतहरूको माझमा भगवान् शङ्करको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मत्त्व लिङ्ग रहेको छ । गर्भगृहबाहिर सभामण्डपमा पार्वती र गणेशका प्रतिमाहरू छन् । त्यहीं नै सिद्धगणेशको विशाल प्रतिमा रहेको छ । यस प्रतिमाको मस्तकमा रावणद्वारा गरिएका प्रहारका चिह्न रहेका छन् । सिद्ध गणेशको दर्शनपछि मात्र भगवान् शङ्करको आत्मतत्त्वलिङ्गको दर्शन गर्ने विधान रहेको छ ।

९. जय सिद्धविनायक

जहिरावाद रोड नजिकै रेजंतलमा जय सिद्धविनायकमन्दिर रहेको छ । यो मन्दिर पर्वतको फेंदीमा छ। स्थानीय मान्यताअनुसार वि.सं. १७२३ पौषशुक्ल विनायकी चतुर्थीका दिन गणेशभक्त श्रीशिवराम महाराज चञ्चल गिरिले पूजा गर्दा जय सिद्धविनायक भनी भुइँमा हात राखेका थिए । तत्काल नै त्यहाँ भुइँ फुटेर जय सिद्धविनायक महागणपतिको मूर्ति प्रकट भएको थियो । यस मन्दिरलाई सिद्धि प्रदान गर्ने गणेशमन्दिरको रूपमा लिइन्छ ।

१०. स्वयम्भू श्रीमहागणपति

केरल प्रान्तको मद्रास-मङ्गलौर रेलवेलाइनमा मसरागोड स्टेशन नजिकै रहेको माधुरेनामक स्थानमा विशाल स्वयम्भू-श्रीमहागणपतिमन्दिर छ । यस मन्दिरमा रहेको गणेशप्रतिमालाई स्वयम्भूप्रतिमा मानिएको छ । आजभन्दा लगभग ८ सय वर्षअघि एउटी अनुसूचित जातिकी महिलाले घाँस काटिरहेको समयमा अचानक तिनको हँसिया त्यहीं दबेर रहेको प्रतिमामा ठोकिन पुग्यो। त्यसबाट रगतका धारा बग्न थाले । ती महिला चकित भइन् । मानिसहरू जम्मा भए र त्यहाँ श्रीगणेशको त्यस प्रतिमालाई विधिपूर्वक स्थापना गरियो । कालान्तरमा त्यहाँ विशाल मन्दिर निर्माण गरी आराधना गर्न थालियो । स्थानीय मानिसहरू त्यस बेलादेखि अहिलेसम्म निरन्तर प्रतिमाको आकार बढ्दै गएको कुरा बताउँछन् । केरलक्षेत्रमा यस मन्दिरको ठूलो महिमा रहेको छ।

११. फलदाता गणेश

गोदावरी नदीको तटमा फलदाता गणपतिको दक्षिणाभिमुख मन्दिर रहेको छ । यहाँ स्थापित श्रीगणपति प्रत्यक्ष फलदाताका रूपमा प्रसिद्ध र लोकवन्दित हुनुहुन्छ ।

१२. महागणपति

कर्नाटक प्रान्तको कुरुमडे स्थानमा एउटा विशाल गणेशमन्दिर रहेको छ । यसमा श्रीगणपति र सुब्रह्मण्यम्का विशाल प्रतिमा रहेका छन् । गणेशको प्रतिमासामु उहाँको वाहन मूसाको पनि विशाल प्रतिमा रहेको छ ।

१३. बालब्रह्मचारी गणेश

कर्नाटकको इडगुञ्जीमा महागणपतिको दुई हाते र सर्पहरूद्वारा बेरिएको विलक्षण प्रतिमा रहेको छ । यस प्रतिमालाई बालब्रह्मचारी गणेशको प्रतिमा भनी आराधना गरिन्छ ।

१४. गणेशमन्दिर

वेचराजीबाट अठार माइल टाढा मोढेरा गाउँको दक्षिण भागमा श्रीगणेशको मन्दिर रहेको छ । यहाँ सिद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र बुद्धिनामक आफ्ना अर्धाङ्गिनीहरूका प्रतिमाहरूका साथ श्रीगणेशको आकर्षक र भव्य प्रतिमा रहेको छ ।

१५. ढुण्ढिराज गणेश

बडौदामा श्रीगणेशका अनेक मन्दिर रहेका छन् । तीमध्ये ढुण्ढिराज गणपति गणेशको मन्दिर शिल्पकला, वैभव र प्रभावको दृष्टिबाट अत्यन्त प्रसिद्ध छ । यसका साथै त्यहाँ नजिकै रहेको सिद्धनाथ-गणपतिमन्दिर पनि प्रसिद्ध छ ।

१६. गणेशवट

गुजरातमा नवसारी सहर नजिकै ठूला-ठूला वरका वृक्षहरूको झाडी रहेको छ । त्यसैको माझमा श्रीगणेशमन्दिर छ । त्यसमा उहाँको एक फूट अग्लो प्रतिमा रहेको छ । प्रतिमाको सूँढ बायाँतर्फ फर्किएको छ ।

१७. फणी गणपति

खम्भातको गणेशमन्दिरमा एउटा भव्य र अग्लो गणेशमूर्ति रहेको छ । यो मूर्ति विलक्षण छ । चार हाते मूर्तिका चारैतर्फ फणधारी सर्पहरू रहेका छन् । यस मन्दिरलाई ज्यादै प्राचीन मन्दिर मानिन्छ ।

१८. चिन्तामनगणपति

उज्जैन नजिकै एउटा प्राचीन श्रीगणेशमन्दिर रहेको छ । मनले चिताएका कुरा पुऱ्याउने गणपतिका रूपमा यहाँका गणेश प्रसिद्ध हुनुहुन्छ । यहाँ चैतको प्रत्येक बुधबारका दिन मेला लाग्दछ ।

१९. सिद्धविनायक

शोण-नर्मदाको उद्गमक्षेत्र अमरकण्टकको गहन वनमा महर्षि भृगुको आश्रम रहेको छ । त्यहाँ रहेको गणेशमन्दिरमा सिद्धविनायकको दुई हाते प्रतिमा रहेको छ । उक्त प्रतिमाका दायाँ-बायाँ ऋद्धि र सिद्धि रहेका छन् ।

२०. उज्जैनका महागणपति र षड्विनायक

द्वादश ज्योतिर्लिङ्गहरूमा प्रसिद्ध महाकालेश्वर ज्योतिर्लिङ्गको समीपमा भगवान् गणेशको विशाल मूर्ति रहेको छ । ती गणेशलाई महागणपति भनिन्छ । यसैगरी उज्जैन क्षेत्रका ६ विनायक पनि अत्यन्त प्रसिद्ध छन् । तिनीहरूको नामावली यसप्रकार छ – १. मोदीविनायक, २. प्रमोदविनायक (लड्डूविनायक), ३. सुमुखविनायक (स्थिरविनायक अथवा थलगणपति), ४. दर्मुखविनायक, ५. अविघ्नविनायक र ६. विघ्नविनायक ।

२१. चमत्कारी श्रीगणेश

जोधपुरअन्तर्गत विलाडानगरको उत्तरी भूभागमा प्राचीन ऐतिहासिक स्थान रहेको छ । यहाँ प्राचीन समयमा विशाल गणेशमन्दिर रहेको थियो । इतिहासको कुनै कालखण्डमा त्यो मन्दिर ध्वस्त भयो । अहिले त्यसका भग्नावशेष यत्र तत्र छरिएर रहेका छन् । यसो हो तापनि मानिसहरू यहाँ भगवान् गणेशको आराधना गर्न जान्छन् । यहाँका गणेश फलदाता र चमत्कारी मानिनुहुन्छ । यहाँ प्राय: रात्रिजागरण र गणेशाराधना हुने गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२. गणेशस्तम्भका श्रीगणेश

जोधपुर नजिकै घटियालानामक स्थानमा एउटा प्राचीन शिलास्तम्भ रहेको छ । यसमा श्रीगणेशको स्तुति उत्कीर्ण छ । यो ई. ८६२ को अभिलेख हो । स्तम्भको शिखरमा ४ दिशातर्फ फर्किएर रहेका गणेशका चार मूर्तिहरू छन् ।

२३. सिद्ध गणेशमन्दिर

मेवाडका इतिहासप्रसिद्ध राणा हम्मीरद्वारा आराधित सिद्ध गणेशमन्दिर सवाई माधोपुरको पर्वतशिखरमा रहेको छ ।

२४. सिद्धिप्रद भगवान् गणेश

रणथम्भोर दुर्गमाथि सिद्धिदाता भगवान् गजाननको प्रसिद्ध तीर्थ रहेको छ । मुस्लिम शासनकालमा यहाँ रहेको गणेशमन्दिरको प्रतिमा छिन्नभिन्न पारिए तापनि भगवान् गजाननको श्रीविग्रहको सूँढ भने अक्षुण्ण छ । हातमा चमर लिएका ऋद्धि र सिद्धिका प्रतिमाहरू साबुत छन् । यहाँ लाखौं तीर्थयात्री दर्शन गर्न आउँछन् । यहाँ आउने भक्तहरूका मनका कामना पूर्ण हुन्छन् भन्ने प्रबल जनमान्यता रहेको छ ।

२५. नागौर गणपति

नागौर दुर्गमा सातौं शताब्दीमा निर्मित गणपतिको विशाल एवं सुन्दर मूर्ति रहेको छ । यहाँ प्राचीन कालदेखि नै श्रीगणपतिको आराधना गर्ने परम्परा रहिआएको छ ।

२६. लीलागणेश

अमृतसर-पठानकोट लाइनमा बटालाभन्दा चार माइल टाढा प्रसिद्ध गणेशमन्दिर रहेको छ । यस स्थानलाई श्रीगणेशको लीलाभूमि मानिन्छ । स्वामी कार्तिकेय र श्रीगणेशमा श्रेष्ठताको विवाद हुँदा शङ्करले श्रेष्ठता प्रमाणित गर्न पृथिवीभ्रमणको आदेश दिनुभयो । त्यस बेला श्रीगणेशले यसै क्षेत्रमा रहेर आफ्ना माता-पिता पार्वती र शङ्करको परिक्रमा गर्नुभएको थियो । यसै कारण उहाँ विजयी हुनुभयो । स्थानीय मान्यताअनुसार यस क्षेत्रमा नै श्रीगणेशको त्यो लीला सम्पन्न भएको थियो ।

२७. छिन्नमस्तक गणपति

भारतको उत्तराञ्चलको केदारनाथ मार्गमा त्रियुगी नारायण नजिकै छिन्नमस्तक-गणपतिमन्दिर रहेको छ । महादेवले यहीं नै गणेशको शिर छिन्न गराउनुभएपछि हात्तीको शिर जोडेर जीवित गराउनु भएको थियो भन्ने मान्यता रहेको छ ।

२८. गणेशगुफा

बदरीनाथभन्दा दुई माइल टाढा माणा गाउँ नजिकै व्यासगुफाको समीपमा गणेशगुफा रहेको छ । यहाँ श्रीगणेशको प्राकृतिक पाषाणमूर्ति रहेको छ । विद्वान्हरूको भनाइअनुसार यस गुफामा रहेर श्रीगणेशले व्यासोक्त महाभारतलाई लिपिबद्ध गर्नुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९. मोटा गणेश

वृन्दावनमा कात्यायनी मन्दिर नजिकै श्रीगणेशको अत्यन्त सुन्दर एवं भव्य श्रीविग्रह रहेको छ । यो श्रीविग्रह सिद्धविनायकका नामबाट प्रसिद्ध छ ।

३०. बडा गणेश

ओङ्कार क्षेत्र मानिएको प्रयागमा गङ्गातटमा रहेको कमलनाल तीर्थ र दशाश्वमेध महादेवको समीपमा प्राचीन विशाल गणेशप्रतिमा रहेको छ । यो प्रतिमा बडा गणेशको नामबाट प्रसिद्ध छ ।

३१. बडा मन्दिरका बडा गणेश

विहार शरीफको बडा मन्दिरमा भगवान् गणेशको सङ्गमरमरद्वारा निर्मित आकर्षक एवं विशाल मूर्ति रहेको छ । यी गणेशलाई अत्यन्त प्रभावशाली मानिएकाले यहाँ दर्शनार्थीहरूको घुइँचो लाग्ने गर्दछ ।

३२. महाविनायक मन्दिर

कटक जिल्लामा प्राचीन महाविनायकमन्दिर र प्राचीन तीर्थ रहेका छन् । भगवान् शङ्करको विश्रामभूमि मानिएको यस तीर्थको पौराणिक महत्त्व छ ।

३३. षड्गणपति विग्रह

जगन्नाथ पुरीमा अनेक गणेश विग्रह छन् । तीमध्ये ६वटा गणपति विग्रहको अत्यन्त अधिक मान्यता रहेको छ । ती यस प्रकार छन् – १. कर्नाटकगणपति, २. नृत्यगणपति, ३. कल्पगणपति, ४. चारगणपति, ५. पञ्चविनायक र ६. मणिकर्णिकागणेश।

३४. सिद्धविनायक

कटकदेखि पूर्व दिशामा नाभिगया क्षेत्रअन्तर्गत याजपुर अथवा यागपुर रहेको छ । यहाँ प्राचीन समयमा ब्रह्माले यज्ञ गरेका कारण यसलाई यागपुर भनिन्छ । यहाँ वैतरणीनदीको दशाश्वमेध घाटमा रहेको एउटा मन्दिरमा सिद्धविनायकप्रतिमा रहेको छ ।

३५. काशीका छपन्न विनायक

काशीमा श्रीगणेशका विभिन्न नामबाट ५६ श्रीविग्रह रहेका छन् । तिनीहरूको पुराणमा गणेश शीर्षकअन्तर्गत स्कन्द पुराणको वर्णन गर्दा नामावली उल्लेख गरिसकिएको छ । यहाँ भारतका केही प्रसिद्ध गणपतिक्षेत्र, तीर्थ, मन्दिर एवं मूर्तिहरूको विवरण प्रस्तुत गरिएको छ । कन्याकुमारीदेखि काश्मीरसम्म र कच्छदेखि कामरूपसम्म फैलिएको भारतमा हजारौं साना-ठूला गणेशमन्दिर र गणेशमूर्ति रहेका छन् । भारतमा शिव, शक्ति, विष्णु आदि देवताहरूका मन्दिरहरूमा अङ्गरूपमा रहेका अनगिन्ती गणेशप्रतिमाहरूको वर्णन सम्भव छैन । भारतमा ईसाको प्रथम शताब्दीदेखि यता निर्माण गरिएका प्रतिमाहरूको बाहुल्य छ । वास्तवमा भारतको दक्षिण प्रान्तमा श्रीगणेश परब्रह्मरूप मानिनु भएकाले उहाँका अनगिन्ती मन्दिर र प्रतिमा रहेका छन्। त्यहाँ उच्चकोटिको गणेशाराधनाका साथै विशिष्ट शैलीमा गणेशोत्सवको आयोजना पनि गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.३ नेपाल-भारतबाहिरका गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्ति

श्रीगणेश नेपाल, भारत एवं जम्बूद्वीपका मात्र देवता नभई विश्वका नै चमत्कारी देवता हुनुहुन्छ । उहाँ कुनै धर्म, जाति र देशका मात्र देवता नभई मानव, असुर एवं देवताका पनि देवता हुनुहुन्छ । भारतलगायत विश्वका विभिन्न देशहरूमा पाइने गणेशमन्दिर, गणेशतीर्थ र गणेशमूर्तिहरूले उहाँलाई वर्ग, वर्ण, जाति, देश र कालको सीमाबाहिर रहनुभएका विश्वदेवताका रूपमा चिनाउँछन् । सन् १९४७ मा भारतबाट अलगिएका देशहरू बङ्गलादेश र पाकिस्तानमा पनि गणेशमन्दिर र मूर्तिहरूको व्यापक अस्तित्वलाई नकार्न सकिंदैन । यहाँ विभिन्न देशमा रहेका प्रमुख मन्दिर र मूर्तिको विषयमा मात्र विवरण प्रस्तुत गरिँदैछ तापनि यसले ओङ्काररूप श्रीगणेशको सार्वदेशिक र सार्वकालिक महत्त्व उजागर हुनेछ ।

१. मलयद्वीपपुञ्ज

मलयद्वीप पुञ्जमा श्रीगणेशका धातुनिर्मित र प्रस्तरनिर्मित सयौं गणेशप्रतिमाहरू प्राप्त भएका छन् ।

२. बालीद्वीप

बालीको जमवरननामक स्थानमा गणेशका उभिएका मूर्तिहरू पाइएका छन् । यहाँ गणेशलाई विघ्नेशको सट्टा पिएन भनिन्छ ।

३. थाइल्याण्ड

थाइल्याण्ड(श्याम) देशमा गणेशका अनेक मूर्ति प्राप्त भएका छन् । ती मूर्तिहरू कलात्मक र सुन्दर छन् ।

४. कम्बोडिया अथवा हिन्दचीन

कम्बोडियामा गणेशलाई केनेश भनिन्छ । यहाँको आसनमुद्राको कांस्यमूर्ति विख्यात छ । यहाँ अनेक गणेशमूर्ति पाइन्छन् ।

५. चीन

चीनमा विनायकका रूपमा श्रीगणेशको प्रवेश भएको थियो । त्यहाँ गजमुख गणेशका अनेक प्रतिमा उपलब्ध छन् । चीनको जुनहु प्रान्तमा गुफाको भित्तामा अजन्ता शैलीमा गणेशका मूर्ति कुँदिएका छन् । कुङ्ग हिस एन गुफामा सं. ५८८ मा निर्मित विनायकमूर्ति रहेको छ । त्यसमा हस्तिराजको अमानुष मूर्ति भन्ने वाक्य कोरिएको छ । चीनमा गणेश विनायक र मागितेनका नामबाट चिनिनु हुन्छ । तिब्बतमा प्रत्येक मठका अधीक्षकका रूपमा विनायकको पूजा गर्ने परम्परा रहिआएको छ ।

६. अमेरिका

अमेरिकामा लम्बोदर गणेशको मूर्ति प्राप्त भएको छ । कोलम्बसद्वारा अमेरिकाको आविष्कारभन्दा पहिले नै यहाँ गणेशका मूर्तिहरू प्राप्त भएको कुरा बताइएको छ । अमेरिकाको टेक्सास नगरमा हालै नेपालीहरूद्वारा गणेशमन्दिरको निर्माण गरिएको छ ।

७. यूनान

यूनानमा ओरेनसको नामबाट गणेशको आराधना गरिन्छ । हिन्दू धर्ममा प्रतिपादित अरुणास्य र ओरेनसको समानता प्रतीत हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. इरान

इरानमा पारसीहरूले अहुरमजदा नामबाट गणेशको उपासना गर्दछन् । अहुरमजदाको लोकोत्तर शक्तिको विषयमा जेन्दावस्ताका आयतहरूमा प्रकाश पारिएको छ । वास्तवमा अहुरमजदा असुरमदहा शब्दको अपभ्रंश हो।

९. मिश्र

मिश्रका ऐतिहासिक विद्वान् हर्मिजको भनाइअनुसार एकटोन देवता बुद्धिका अधिष्ठाता हुन् र सबै देवताहरूमा प्रथम देवता हुन् । एकटोन शब्दको प्रकृति र एकटोनको विशेषतालाई मनन गर्दा एकटोन शब्द हिन्दूधर्ममा प्रतिपादित गणेशको एकदन्त नामको अपभ्रंश हो भन्न सकिन्छ ।

१०. जापान

जापानमा परापूर्वदेखि गणेशपूजनको परम्परा रहिआएको छ । त्यहाँको जिङ्गोजी विहारमा गणेशको मूर्ति रहेको छ । प्रत्येक वर्ष त्यहाँ आई जापानीहरूले पूजा गर्दछन् । यसैगरी मन्त्रयानी विहारहरूमा पनि अनेक गणेशमन्दिर रहेका छन् । जापानी बौद्धसाहित्यमा गणेशको स्वरूप र उपासनाका विषयमा विस्तृत प्रकाश पारिएको छ । जापानको कोवो दाइशी नाम विद्वान्ले १९ औं शताब्दीमा चीनका बौद्धाचार्यहरूसँग शिक्षा लिएर विनायकपूजनको परम्परा बसाएका हुन् । अहिले जापानको शिङ्गवैन सम्प्रदायमा पनि विनायकपूजाको प्रचलन रहेको छ ।

११. जावा

जावामा नदीहरूका घाटी र अन्य प्रसिद्ध स्थानहरूमा गणेशका मूर्तिहरू स्थापित छन् ।

१२. बेलायत

वर्तमान युगमा बेलायतमा बसोबास गर्ने हिन्दूहरूले बेलायतमा गणेशमन्दिर बनाई गणेशोत्सव मनाउने गरेका छन् । महाराष्ट्रमा गणेशोत्सव हुँदा बेलायतमा पनि लगभग दुई हप्ता गणेशपूजन गरी गणेशोत्सव मनाउँदै त्यहाँको टेन्स नदीमा गणेशमूर्तिहरूलाई विसर्जित गर्ने परम्परा बसाइएको छ ।

१३. अन्य बाहिरी देश

माथि बताइएका देशहरूमा जस्तै तुर्किस्तान, बोर्नियो, उत्तरी मङ्गोलिया, श्रीलङ्का र बर्मामा पनि गणेशका मूर्ति पाइन्छन् । यसका साथै हिन्दूहरूको स्थायी बसोबास भएका सबै मुलुकहरूमा अहिले आएर गणेशपूजा प्रचलित भएको छ ।

श्रीगणेशको व्यापक वन्दनीयता स्पष्ट गर्न नेपाल, भारत र अन्य देशहरूमा रहेका गणेशमन्दिर एवं मूर्तिहरूको प्राप्त सूचनाको आधारमा सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ । यतिमात्रले पनि श्रीगणेश लोकप्रसिद्ध विश्वव्यापी देवता हुनुहुन्छ भन्ने कुरा प्रमाणित हुन्छ । सनातनेतर जैन र बौद्धधर्मका अनुयायीहरूले सनातनीहरूसरह गणेशको आराधना गर्दछन् भने अन्य कतिपय धर्मावलम्बीहरूले पनि गणेश, असुरमदहाजस्ता नामहरूलाई क्यानेट, अहुरमज्दा आदि नामबाट गजवदन र सिद्धिसदन श्रीगणेशको आराधना गर्ने गरेको तथ्य पनि स्मरणीय छ । उक्त विवरणबाट उत्तरी मङ्गोलियादेखि दक्षिण वालीसम्म र पूर्वको जापानदेखि पश्चिम अमेरिकासम्म विश्वका अनेक भागमा भिन्न भिन्न रीतिबाट गणेशपूजनको परम्परा रहेको तथ्य प्रमाणित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट - दुई

नेपालीभाषानुवादसहित गणपति-अथर्वशीर्षउपनिषत्-सन्दर्भ

गणेश अथर्वशीर्ष सद्य उपकारक वैदिक मन्त्रमाला हो । महापापबाट मुक्ति, सुखप्राप्ति, विघ्नविहति, विद्याप्राप्तिजस्ता उद्देश्यपूर्तिका लागि साधकले यस मन्त्रमालाको नित्य पाठ अथवा जप गर्नुपर्दछ । यस मन्त्रमालाको उच्चारण गर्दै दूर्वाङ्कुर, लावा, लड्डू र साज्य समिधाद्वारा हवन गर्ने साधकका इच्छाहरू पूर्ण हुन्छन् । यो अमोघ मन्त्र हो । सदाचारी, सुपात्र व्यक्तिले सद्गुरुबाट दीक्षा लिएपछिमात्र यसको उपयोग गर्नुपर्दछ ।

ॐ भद्रं कर्णेभिः श्रृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवाँसस्तनूभिर्व्यशेम हि देवहितं यदायुः ।।

हे देवतागण ! हामीहरूले व्रत साधकका रूपमा आफ्ना कानद्वारा मङ्गलमय शब्दको श्रवण गरौं, यज्ञका साधक भई मङ्गलमय रूपको दर्शन गरौं र हामीहरू सुस्थिर अङ्ग-प्रत्यङ्ग एवं शरीरद्वारा तपाईंहरूको स्तुति गर्दै तपाईंहरूकै हितसाधक आयुको उपभोग गरौं ।

स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्तार्क्ष्योऽरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ।।
ॐ शान्तिः शान्तिः शान्तिः ॐ

चारैतिर कीर्ति फैलाउने इन्द्र हाम्रा लागि मङ्गलदायक होऊन्, सर्वज्ञ सूर्य हाम्रा लागि मङ्गलदायक होऊन् । जसको शक्ति कसैद्वारा परास्त हुँदैन ती विनतानन्दन गरुड हाम्रा लागि मङ्गलदायक होऊन् र विद्यापति बृहस्पति हाम्रा लागि मङ्गलदायक होऊन्। हाम्रा तीन प्रकारका तापहरूको शमन होस् ।

अथ गणेशाथर्वशीर्षं व्याख्यास्यामः

अब हामी गणेश-अथर्वशीर्षको व्याख्या गर्नेछौं ।

ॐ नमस्ते गणपतये । त्वमेव प्रत्यक्षं तत्त्वमसि । त्वमेव
केवलं कर्तासि । त्वमेव केवलं धर्तासि । त्वमेव केवलं हर्तासि ।
त्वमेव सर्वं खल्विदं ब्रह्मासि । त्वं साक्षादात्मासि नित्यम् ।।१।।

म तपाईं गणपतिलाई नमस्कार गर्दछु । तपाईं प्रत्यक्ष तत्त्व हुनुहुन्छ । तपाईंमात्र कर्ता हुनुहुन्छ । तपाईंमात्र धर्ता हुनुहुन्छ। तपाईंमात्र संहारक हुनुहुन्छ । तपाईंमात्र यो विश्वप्रपञ्चका रूपमा हुनुहुन्छ । तपाईं साक्षात् नित्य आत्मा हुनुहुन्छ ।

ऋतं वच्मि । सत्यं वच्मि ।।२।।

म मधुर यथार्थ भन्दछु । म सत्य भन्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अव त्वं माम् । अव वक्तारम् । अव श्रोतारम् । अव दातारम् ।
अव धातारम् । अवानूचानमव शिष्यम् । अव पश्चात्तात् ।
अव पुरस्तात् । अवोत्तरात्तात् । अव दक्षिणात्तात् । अव चोर्ध्वात्तात् ।
अवाधस्तात् । सर्वतो मां पाहि पाहि समन्तात् ।।३।।

हे गणपति ! तपाईंले मेरो रक्षा गर्नुहोस् । तपाईंले वक्ताको रक्षा गर्नुहोस् । तपाईंले श्रोताको रक्षा गर्नुहोस् । तपाईंले दाताको रक्षा गर्नुहोस् । तपाईंले धाताको रक्षा गर्नुहोस् । तपाईंले षडङ्गसहित वेदका ज्ञाता आचार्यको रक्षा गर्नुहोस् । तपाईंले शिष्यको रक्षा गर्नुहोस् । तपाईंले पछाडिबाट रक्षा गर्नुहोस् । तपाईंले अगाडिबाट रक्षा गर्नुहोस् । तपाईंले बायाँ भागबाट रक्षा गर्नुहोस् । तपाईंले दायाँ भागबाट रक्षा गर्नुहोस् । तपाईंले माथिबाट रक्षा गर्नुहोस् । तपाईंले तलबाट रक्षा गर्नुहोस् । तपाईंले सबै दिशाबाट र चारैतिरबाट मेरो रक्षा गर्नुहोस् ।

त्वं वाङ्मयस्त्वं चिन्मयः । त्वमानन्दमयस्त्वं ब्रह्ममयः । त्वं सच्चिदा-
नन्दाद्वितीयोऽसि । त्वं प्रत्यक्षं ब्रह्मासि । त्वं ज्ञानमयो विज्ञानमयोऽसि ।।४।।

तपाईं वाङ्मय र चिन्मय हुनुहुन्छ । तपाईं आनन्दमय र ब्रह्ममय हुनुहुन्छ । तपाईं सच्चिदानन्दरूप अद्वितीय परमात्मा हुनुहुन्छ । तपाईं प्रत्यक्ष ब्रह्म हुनुहुन्छ । तपाईं ज्ञानमय र विज्ञानमय पनि हुनुहुन्छ ।

सर्वं जगदिदं त्वत्तो जायते । सर्वं जगदिदं त्वत्तस्तिष्ठति ।
सर्वं जगदिदं त्वयि लयमेष्यति । सर्वं जगदिदं त्वयि प्रत्येति ।
त्वं भूमिरापोऽनलोऽनिलो नभः । त्वं चत्वारि वाक्पदानि ।।५।।

यो सम्पूर्ण संसार तपाईंबाट पैदा हुन्छ । यो सम्पूर्ण संसार तपाईंबाट पालित हुन्छ । यो सम्पूर्ण संसार तपाईंमा लीन हुनेछ। यो सम्पूर्ण संसार तपाईंमा प्रतीत हुन्छ । तपाईं नै पृथिवी, जल, अग्नि, वायु र आकाश हुनुहुन्छ । तपाईं नै परा, पश्यन्ती, मध्यमा र वैखरीका भेदले चार प्रकारको वाणीका रूपमा हुनुहुन्छ ।

त्वं गुणत्रयातीतः । त्वं देहत्रयातीतः । त्वं कालत्रयातीतः ।
त्वं मूलाधारस्थितोऽसि नित्यम् । त्वं शक्तित्रयात्मकः । त्वां योगिनो
ध्यायन्ति नित्यम् । त्वं ब्रह्मा त्वं विष्णुस्त्वं रुद्रस्त्वमिन्द्रस्त्वमग्निस्त्वं
वायुस्त्वं सूर्यस्त्वं चन्द्रस्त्वं ब्रह्म भूर्भुवः स्वरोम् ।।६।।

हे गणपति ! तपाईं सत्त्व, रज र तमो गुणभन्दा पर हुनुहुन्छ । तपाईं स्थूल, सूक्ष्म र कारणशरीरभन्दा पर हुनुहुन्छ । तपाईं भूत, भविष्य र वर्तमानकालभन्दा पर हुनुहुन्छ । तपाईं सधैं मूलाधार चक्रमा विराजमान हुनुहुन्छ । तपाईं प्रभुशक्ति, उत्साहशक्ति र मन्त्रशक्तिले सम्पन्न हुनुहुन्छ । योगीहरूले नित्य तपाईंको नै ध्यान गर्दछन् । तपाईं ब्रह्मा हुनुहुन्छ । तपाईं विष्णु हुनुहुन्छ । तपाईं रुद्र हुनुहुन्छ । तपाईं अग्नि हुनुहुन्छ । तपाईं वायु हुनुहुन्छ । तपाईं सूर्य हुनुहुन्छ । तपाईं चन्द्रमा हुनुहुन्छ । तपाईं सगुण ब्रह्म हुनुहुन्छ । तपाईं निर्गुण त्रिपाद भूः, भूवः, स्वः र प्रणव हुनुहुन्छ ।

गणादिं पूर्वमुच्चार्य वर्णादिं तदनन्तरम् । अनुस्वारः परतरोऽर्द्धेन्दुलसितं तारेण
रुद्धम् एतत्तव मनुस्वरूपम् । गकारः पूर्वरूपम् । अकारो मध्यमरूपम् । अनुस्वार-
श्चान्त्यरूपम् । बिन्दुरुत्तररूपम् । नादः संधानम् । संहिता सन्धिः । सैषा गणेशविद्या ।
गणक ऋषिः, निचृद् गायत्रीच्छन्दः, गणपतिर्देवता । ॐ गं गणपतये नमः ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वप्रथम गणशब्दको प्रथमाक्षर गकारको उच्चारण गरेपछि वर्णहरूमा प्रथम वर्ण अकारको उच्चारण गर्नुपर्दछ । त्यसपछि अनुस्वारको उच्चारण गर्नुपर्दछ । यसरी अर्धचन्द्रद्वारा सुहाएको जुन 'गं' शब्द तयार भएको छ त्यसलाई अघि र पछिबाट ॐकारले घेरिदिनुपर्दछ । दुबैतिरबाट ॐकारले घेरिएको ॐ गं ॐ जुन स्वरूप छ यही तपाईंको मन्त्रको रूप हो । यस मन्त्रको गकार पूर्व रूप हो। अकार मध्यम रूप हो । अनुस्वार अन्तिम रूप हो । बिन्दु उत्तर रूप हो । नाद सन्धान हो र संहिता सन्धि हो । यसप्रकारको गणेशविद्या रहेको छ । यस विद्याका ऋषि गणक हुन् । छन्द निचृद् गायत्री हो, देवता गणपति हुनुहुन्छ र मन्त्र **गं गणपतये नमः** हो।

एकदन्ताय विद्महे वक्रतुण्डाय धीमहि । तन्नो दन्ती प्रचोदयात् ।।८।।

हामीले एकदन्तलाई राम्ररी जान्दछौं र वक्रतुण्डको ध्यान गर्दछौं । भगवान् दन्ती (गणेश) ले हामीलाई त्यस ज्ञान र ध्यानतर्फ प्रवृत्त गराऊन् ।

एकदन्तं चतुर्हस्तं पाशमङ्कुशधारिणम् । रदं च वरदं हस्तैर्बिभ्राणं मूषकध्वजम् ।।
रक्तं लम्बोदरं शूर्पकर्णकं रक्तवाससम् । रक्तगन्धानुलिप्ताङ्गं रक्तपुष्पैः सुपूजितम् ।।
भक्तानुकम्पिनं देवं जगत्कारणमच्युतम्। आविर्भूतं च सृष्ट्यादौ प्रकृतेः पुरुषात् परम्।।
एवं ध्यायति यो नित्यं स योगी योगिनां वरः ।।९।।

एकदन्त, चतुर्बाहु, आफ्ना चार हातहरूमा पाश; अङ्कुश; दन्त र वरमुद्रा धारण गर्ने, मूषक चिह्नद्वारा चिह्नित ध्वजाधारी, रक्तवर्ण, लम्बोदर, शूर्पकर्ण, रक्तवस्त्रधारी, अङ्ग-प्रत्यङ्गमा रक्तचन्दनको लेपन गर्ने, राता पुष्पहरूद्वारा पूजित, भक्तकामनापूरक, ज्योतिर्मय, जगत्का कारण, अच्युत, प्रकृति एवं पुरुषभन्दा पर विराजमान, सृष्टिको प्रारम्भमा प्रादुर्भूत पुरुषोत्तम श्रीगणेशको नित्य ध्यान गर्ने योगी योगीहरूमा उत्तम हुन्छ ।

नमो व्रातपतये, नमो गणपतये, नमः प्रमथपतये, नमस्ते अस्तु
लम्बोदरायैकदन्ताय विघ्नविनाशिने शिवसुताय श्रीवरदमूर्तये नमः ।।१०।।

म व्रातपतिलाई नमस्कार गर्दछु । म गणपतिलाई नमस्कार गर्दछु । म प्रमथपतिलाई नमस्कार गर्दछु । म लम्बोदर र एकदन्तलाई नमस्कार गर्दछु । म विघ्ननाशक, शिवपुत्र वरदमूर्ति श्रीगणेशलाई नमस्कार गर्दछु ।

एतदथर्वशीर्षं योऽधीते । स ब्रह्मभूयाय कल्पते । स सर्वतः सुखमेधते ।
स सर्वविघ्नैर्न बाध्यते । स सर्वमहापापात्प्रमुच्यते । सायमधीयानो दिवसकृतं
पापं नाशयति । प्रातरधीयानो रात्रिकृतं पापं नाशयति । सायं प्रातः प्रयुञ्जानोऽ-
पापो भवति । सर्वत्राधीयानोऽपविघ्नो भवति धर्मार्थकाममोक्षं च विन्दति ।
इदमथर्वशीर्षम् अशिष्याय न देयम् । यदि मोहाद् दास्यति, स पापीयान् भवति ।
सहस्त्रावर्तनाद् यं यं काममधीते तं तमनेन साधयेत् ।।११।।

जसले यस गणेशाथर्वशीर्षको पाठ गर्दछ त्यो ब्रह्ममय बन्दछ, त्यो सबै प्रकारबाट सुखी हुन्छ, त्यो कुनै प्रकारका विघ्नहरूबाट पनि बाधित हुँदैन र त्यो समस्त पातकहरूबाट मुक्त हुन्छ । सायंकालमा अध्ययन गर्ने अध्येताका दिउँसो गरेका पापहरू नष्ट हुन्छन् । प्रातःकालमा अध्ययन गर्ने अध्येताका रातमा गरेका पापहरू नष्ट हुन्छन् । सायं र प्रातः दुबै समयमा अध्ययन गर्ने अध्येता निष्पाप बन्दछ । सर्वत्र र सबै कालमा अध्ययन गर्ने अध्येता विघ्नरहित हुन्छ र त्यसले धर्म, अर्थ, काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं मोक्षनामक पुरुषार्थ प्राप्त गर्दछ । यो अथर्वशीर्ष अशिष्यलाई दिनुहुँदैन । जसले मोहका कारण अशिष्यलाई दिनेछ त्यो महापापी हुनेछ । यसको एक हजार आवृत्ति गर्ने साधक आफूले चाहेका सबै विषय प्राप्त गर्न समर्थ हुनेछ ।

अनेन गणपतिमभिषिञ्चति स वाग्मी भवति । चतुर्थ्यामनश्नन् जपति स विद्यावान् भवति । इत्यथर्ववाक्यम् । ब्रह्माद्यावरणं विद्यान् न बिभेति कदाचनेति ।।१२।।

जसले यस अथर्वशीर्षमन्त्रको पाठ गर्दै गणपतिको अभिषेक गर्दछ त्यो वाग्मी (विद्वान्) हुन्छ । जसले चतुर्थी तिथिमा निराहार रही पढ्दछ त्यो आत्मविद्यासम्पन्न बन्दछ । यो अथर्वशीर्ष वेदको वचन हो । जसले ब्रह्मतत्त्वको आवरण जान्दछ त्यसलाई कहिले पनि कुनै तत्त्वबाट भय हुँदैन ।

यो दूर्वाङ्कुरैर्यजति स वैश्रवणोपमो भवति । यो लाजैर्यजति स यशोवान् भवति, स मेधावान् भवति । यो मोदकसहस्रेण यजति स वाञ्छितफलमवाप्नोति । यः साज्यसमिद्भिर्यजति स सर्वं लभते स सर्वं लभते । अष्टौ ब्राह्मणान् सम्यग् ग्राहयित्वा सूर्यवर्चस्वी भवति । सूर्यग्रहे महानद्यां प्रतिमासन्निधौ वा जप्त्वा सिद्धमन्त्रोभवति। महाविघ्नात्प्रमुच्यते। महादोषात् प्रमुच्यते। महाप्रत्यवायात् प्रमुच्यते । स सर्वविद्भवति । स सर्वविद्भवति । य एवं वेद । इत्युपनिषद् ।।१३।।

जसले दूर्वाङ्कुर अर्पण गरी गणेशको अर्चना गर्दछ त्यो कुबेरसमान वैभवशाली बन्दछ । जसले लावा अर्पण गरी अर्चना गर्दछ त्यो यशस्वी र मेधावी बन्दछ । जसले एक हजार लड्डू समर्पण गरी अर्चना गर्दछ त्यसले चिताएका कामना पूर्ण हुन्छन्। जसले घिउले भिजेका समिधा हवन गरी गणेशको आराधना गर्दछ त्यसले सबै कुरा पाउँछ, त्यसले सबै कुरा पाउँछ । जसले आठ जना ब्राह्मणलाई गणेशाथर्वशीर्ष राम्ररी पढाई ग्रहण गराउँछ त्यो सूर्यसमान तेजस्वी बन्दछ । जसले सूर्यग्रहणमा महानदीका तीरमा अथवा गणेशमूर्तिका सामु गणेशाथर्वशीर्ष पाठ गर्दछ त्यो सिद्धमन्त्र बन्दछ, त्यो सबै विघ्नहरूबाट मुक्त हुन्छ, त्यो ठूला अपराधबाट मुक्त हुन्छ, त्यो महान् पातकबाट मुक्त हुन्छ र त्यो सर्वज्ञ बन्दछ । जसले यस अथर्वशीर्षलाई राम्ररी जान्दछ त्यो पनि सर्वज्ञ बन्दछ ।

इति गणपत्यथर्वशीर्षं सम्पूर्णम्

ॐ सह नाववतु सह नौ भुनक्तु सह वीर्यं करवावहै । तेजस्वि नावधीतमस्तु मा विद्विषावहै ।।

हे परमात्मा ! तपाईंले हामी दुबै शिष्य र आचार्यको एकसाथ रक्षा गर्नुहोस् । हे परमात्मा तपाईंले हामी दुबै शिष्य र आचार्यलाई आफ्नो अभेदमय आनन्दभोग प्राप्त गराउनुहोस् । हे परमात्मा तपाईंले हामी दुबैलाई निदिध्यासन, ध्यान र समाधिको सामर्थ्य प्रदान गर्नुहोस् । हामीद्वारा अध्ययन गरिएको विद्या तेजोमय बनोस् । हामी दुबै आचार्य र शिष्यका बीचमा कहिल्यै पनि द्वेष नहोस् । हाम्रा तीनै प्रकारका दुःख शान्त होऊन् ।

ॐ भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवाँसस्तनूभिर्व्यशेम हि देवहितं यदायुः ।।
स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्तार्क्ष्योऽरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ।।
ॐ शान्तिः शान्तिः शान्तिः । हरिः ॐ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट - तीन

पूजाविधिसन्दर्भ

३.१ गणेशपार्थिवपूजनविधिः

पहेंलो माटो मुछेर गणेशको सुन्दर पार्थिवमूर्ति तयार गरी पूजा गर्नाले साधकले सबै प्रकारका सिद्धि प्राप्त गर्दछ । विशेष गरेर आफन्तहरूको बिछोड हुँदा तिनीहरूसँग भेट गर्न, ऋणबाट मुक्ति पाउन, कष्टहरूको निवारण गर्न र भगवान् गणेशको कृपा प्राप्त गर्न साधकहरूले शिवले पार्वतीलाई बताउनुभएको यस पार्थिवपूजनविधिबाट भगवान् श्रीगणेशको पूजा गर्नुपर्दछ ।

पार्वत्युवाच

दयानिधे गिरीन्द्र त्वं पितर्मे वद सत्वरम् । उपासनां गणेशस्य सर्वेशस्य जगद्गुरो ।।
यया शिवं समभ्येत्य शिवं प्राप्स्यामि शाश्वतम् । मर्त्यलोकेऽपि लोकानामुपकारो भविष्यति ।।

हिमवानुवाच

तव स्नेहवशाद् देवि ! रहस्यं परमं शुभम् । लोकानां चोपकाराय वक्ष्ये शृण्वेकचेतसा ।।
प्रत्यूषकाल उत्थाय नैर्ऋतीं दिशमाव्रजेत् । आच्छाद्य धरणीं पूर्वं तृणकाष्ठदलैरपि ।।
उर्वरां वर्जयेत्तिष्ठन्नुत्सर्पन्न च बुद्धिमान् । त्यक्त्वा मूत्रपुरीषे तु यथोक्तं शौचमाचरेत् ।।
दन्तजिह्वाविशुद्धिञ्च कृत्वा स्नातुं ततो व्रजेत् । नदीं तडागं वापी वा सरः कूपमथापि वा ।।
कृत्वा पूर्वं मलस्नानं मन्त्रस्नानं ततश्चरेत् । मृदा वा चन्दनेनापि तिलकं कुङ्कुमेन वा ।।
कुर्याद्धौते वाससी वा परिधाय शुभासने । उपविश्यैकचित्तस्तु सर्वं नित्यं समाप्य च ।।
मृत्तिकां सुन्दरां स्निग्धां क्षुद्रपाषाणवर्जिताम् । सुविशुद्धामवल्मीकां जलसिक्तां विमर्दयेत् ।।
कृत्वा चारुतरां मूर्तिं गणेशस्य शुभां स्वयम् । सर्वावयवसम्पूर्णां चतुर्भुजविराजिताम् ।।
परश्वादिस्वायुधानि दधतीं सुन्दरां घनाम् । स्थाप्य पीठे ततः पाणी प्रक्षाल्य मेलयेत् सुधीः ।।
पूजाद्रव्याणि सर्वाणि जलादीनि प्रयत्नतः । अष्टगन्धानक्षतांश्च रक्तपुष्पाणि गुग्गुलुम् ।।
त्रिपञ्चसप्तभिः पत्रैर्युतान् दूर्वाङ्कुरान् शुभान् । अष्टोत्तरशतं नीलान् श्वेतानानीय सुन्दरान् ।।
घृतदीपं तैलदीपं नैवेद्यं विविधं शुभम् । मोदकापूपलड्डूकान् पायसं शर्करायुतम् ।।
सूक्ष्मञ्च तन्दुलान्नञ्च व्यञ्जनानि बहूनि च । सचन्द्रपूगचूर्णाढ्यं खाद्यखादिरसंयुतम् ।।
एलालवङ्गसम्मिश्रं ताम्बूलं केसरान्वितम् । जम्बाम्रपनसादीनि द्राक्षारम्भाफलानि च ।।
तत्तदृतुभवानीशे नारिकेलानि चानयेत् । बहुप्रकारमार्तिक्यं काञ्चनीं दक्षिणां तथा ।।
एवं सम्भृतसम्भार एकान्तस्थलमास्थितः । चैलाजिने कुशमये आसने च कृतासनः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूतशुद्धिं प्रकुर्वीत प्राणानां स्थापनं तथा । दिग्बन्धपूर्वं देवाँश्च गणेशादीन् नमेत् पुरा ।।
अन्तर्बहिर्मातृकाश्च न्यसेदागममार्गतः । सन्निधानादिका मुद्रा दर्शयेद् गुरुमार्गतः ।
मन्त्रन्यासं ततः कृत्वा षडङ्गन्यासमेव च ।।

ध्यानम् - पूजाद्रव्याणि संशोध्य ततो ध्यायेद् गजाननम् । एकदन्तं शूर्पकर्णं गजवक्त्रं चतुर्भुजम् ।।
पाशाङ्कुशधरं देवं मोदकान् बिभ्रतं करैः। रक्तपुष्पमयीं मालां कण्ठे हस्ते परां शुभाम् ।।
भक्तानां वरदं सिद्धिबुद्धिभ्यां सेवितं सदा । सिद्धिबुद्धिप्रदं नृणां धर्मार्थकाममोक्षदम् ।
ब्रह्मरुद्रहरीन्द्राद्यैः संस्तुतं परमर्षिभिः ।।

आवाहनम् - आगच्छ जगदाधार सुरासुरवरार्चित । अनाथनाथ सर्वज्ञ गीर्वाणपरिपूजित ।।

आसनम् - स्वर्णसिंहासनं दिव्यं नानारत्नसमन्वितम् । समर्पितं मया देव तत्र त्वं समुपाविश ।।

पाद्यम् - देवदेवेश सर्वेश सर्वतीर्थाहृतं जलम् । पाद्यं गृहाण गणप ! गन्धपुष्पाक्षतैर्युतम् ।।

अर्घ्यम् - प्रवालमुक्ताफलपूगरत्नताम्बूलजाम्बूनदमष्टगन्धम् ।
पुष्पाक्षतायुक्तममोघशक्ते ! दत्तं मयाऽर्घ्यं सफलीकुरुष्व ।।

आचमनीयम्- गङ्गादिसर्वतीर्थेभ्यः प्रार्थितं तोयमुत्तमम् । कर्पूरैलालवङ्गादिवासितं स्वीकुरु प्रभो ।।

तैलम् - चम्पकाशोकबकुलमालतीमोगरादिभिः । वासितं स्निग्धताहेतु तैलं चारु प्रगृह्यताम् ।।

पयः - कामधेनुसमुद्भूतं सर्वेषां जीवनं परम् । पावनं यज्ञहेतुस्ते पयः स्नानार्थमर्पितम् ।।

दधिः - धेनुदुग्धसमुद्भूतं शुद्धं सर्वजनप्रियम् । मयाऽऽनीतं दधिवरं स्नानार्थं प्रतिगृह्यताम् ।।

घृतम् - नवनीतसमुत्पन्नं सर्वसन्तोषकारणम् । यज्ञाङ्गं देवताहारो घृतं स्नातुं समर्पितम् ।।

मधु - पुष्पसारघसम्भूतं सर्वतेजोविवर्धनम् । सर्वपुष्टिकरं देव ! मधु स्नानार्थमर्पितम् ।।

शर्करा - इक्षुसारसमुद्भूतां शर्करां सुमनोहराम् । मलापहारिणीं स्नातुं गृहाण त्वं मयाऽर्पिताम् ।।

गुडः - सर्वमाधुर्यसद्हेतुः स्वादुः सर्वप्रियङ्करः । पुष्टिकृत् स्नातुमानीत इक्षुसारभवो गुडः ।।

मधुपर्कः - कांस्ये कांस्येन पिहितो दधिमध्वाज्यपूरितः। मधुपर्को मयाऽऽनीतः पूजार्थं प्रतिगृह्यताम् ।।

स्नानीयम् - सर्वतीर्थाहृतं तोयं मया प्रार्थनया विभो ! । सुवासितं गृहाणेदं सम्यक् स्नातुं सुरेश्वर ।।

वस्त्रम् - रक्तवस्त्रयुगं देव ! लोकलज्जानिवारणम् । अनर्घ्यमतिसूक्ष्मञ्च गृहाणेदं मयार्पितम् ।।

ब्रह्मसूत्रम् - राजतं ब्रह्मसूत्रञ्च काञ्चनं रत्नसंयुक्तम् । भक्त्योपपादितं देव ! गृहाण परमेश्वर ।।।

आभूषणम् - अनेकरत्नयुक्तानि भूषणानि बहूनि च। तत्तदङ्गे काञ्चनानि योजयामि तवाज्ञया ।।

चन्दनम् - अष्टगन्धसमायुक्तं रक्तचन्दनमुत्तमम् । द्वादशाङ्गेषु ते देव ! लेपयामि कृपां कुरु ।।

तण्डुलाः - रक्तचन्दनसम्मिस्रास्तण्डुलास्तिलकोपरि । शोभायै सम्प्रदास्यामि गृहाण जगदीश्वर ।।

पुष्पाणि - पाटलं कर्णिकारञ्च बन्धूकं रक्तपङ्कजम् । मोगरं मालतीपुष्पं गृह्यतां परमेश्वर ।।

माल्यम् - नानापङ्कजपुष्पैश्च ग्रथितां पल्लवैरपि । बिल्वपत्रयुतां मालां गृहाण सुमनोहराम् ।।

धूपः - दशाङ्गं गुग्गुलं धूपं सर्वसौगन्ध्यकारकम् । सर्वपापक्षयकरं त्वं गृहाण मयाऽर्पितम् ।।

दीपः - सर्वज्ञ ! सर्वलोकेषु तमोनाशनमुत्तमम् । गृहाण मङ्गलं दीपं देवदेव ! नमोऽस्तु ते ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैवेद्यम् - नानापक्वान्नसंयुक्तं पायसं शर्करान्वितम् । नानाव्यञ्जनशोभाढ्यं शाल्योदनमनुत्तमम् ।।
दधिदुग्धघृतैर्युक्तं लवङ्गैलासमन्वितम् । मरीचिचूर्णसहितं क्वथिकावटकान्वितम् ।।
राजिकाधान्यसंयुक्तं मेथीपिष्टं सतक्रकम् । हिङ्गुजीरककूष्माण्डमरीचिमाषपिष्टकैः ।।
सम्पादितैः सुपक्वैश्च भर्जितैर्वटकैर्युतम् । मोदकापूपलड्डूकशष्कुलीमण्डकादिभिः ।।
पर्पटैरपि संयुक्तं नैवेद्यममृतान्वितम् । हरिद्राहिङ्गुलवणसहितं सूपमुत्तमम् ।।
ससामुद्रं गृहाणेदं भोजनं कुरु सादरम् । सुतृप्तिकारकं तोयं सुगन्धञ्च पिबेच्छया ।।

उत्तरापोशनम्- त्वयि तृप्ते जगत्तृप्तं नित्यतृप्ते महात्मनि । उत्तरापोशनार्थं ते दद्मि तोयं सुवासितम् ।।

जलम् - मुखपाणिविशुद्ध्यर्थं पुनस्तोयं ददामि ते । दाडिमं मधुरं निम्बुजम्ब्वाम्रपनसादिकम् ।।

फलम् - द्राक्षारम्भाफलं पक्वकर्कन्धूखार्जुरं फलम् । नारिकेलं च नारिङ्गमाञ्जिरं जम्बिरं तथा ।।
उर्वारुकञ्च देवेश ! फलान्येतानि गृह्यताम् । मुखपाणिविशुद्ध्यर्थं पुनस्तोयं ददामि ते ।।

उद्वर्तनम्- गृहाण चन्दनं चारु कराङ्गोद्वर्तनं शुभम् । नानापरिमलद्रव्यैर्निर्मितं चूर्णमुत्तमम् ।।
सुगन्धिनामकं पुण्यगन्धि चारु प्रगृह्यताम् । चारुशालूरसम्भूतं वंशसारसमुद्भवम् ।।

चूर्णम् - सीमन्तभूषणं चूर्णं लाक्षारञ्जितमस्तु ते । सचन्द्रपूगचूर्णाढ्यं खाद्यखादिरसंयुतम् ।।

ताम्बूलम् - एलालवङ्गसम्मिश्रं ताम्बूलं केसरान्वितम् । न्यूनातिरिक्तपूजायाः सम्पूर्णफलहेतवे ।।

दक्षिणा - दक्षिणां काञ्चनीं देव ! स्थापयामि तवाग्रतः । सितपीतैस्तथारक्तैर्जलजैः कुसुमैः शुभैः ।।

माल्यम् - ग्रथितां सुन्दरां मालां गृहाण परमेश्वर । हरिताः श्वेतवर्णा वा पञ्चत्रिपत्रसंयुताः ।।

दूर्वाङ्कुराणि- दूर्वाङ्कुरा मया दत्ता एकविंशतिसम्मिताः । एकविंशतिसङ्ख्याकाः कुर्वे देवप्रदक्षिणाः ।।
पदे पदे ते देवेश ! नश्यन्तु पातकानि मे । औदुम्बरे राजते वा कांस्ये काञ्चनसम्भवे ।।

आरार्तिकम्- पात्रे प्रकल्पितान् दीपान् गृहाण चक्षुरर्पकान् । पञ्चारार्तिं पञ्चदीपैर्दीपितां परमेश्वर ।।

कर्पूरदीपः - चारुचन्द्रनिभं दीपं गृहाण वीचिवारणम् । यथाऽस्य नेक्ष्यते भस्म तथा पापं विनाशय ।।

स्तुतिः - स्तोत्रैर्नानाविधैः सूक्तैः सहस्रनामभिस्ततः । उपविश्य स्तुवीतैनं कृत्वा स्थिरतरं मनः ।।
दीनाधीश ! दयानिधे ! सुरगणैः संसेव्यमान ! द्विज !
ब्रह्मेशानमहेन्द्रशेषगिरिजागन्धर्वसिद्धैः स्तुत !
सर्वारिष्टनिवारणैकनिपुण ! त्रैलोक्यनाथ प्रभो !
भक्तिं मे सफलां कुरुष्व सकलां क्षान्त्वाऽपराधान् मम ।।
इति मूर्तिं समभ्यर्च्य दण्डवत् प्रणिपत्य च । जपेन्मन्त्रं ततो देवि ! सर्वसिद्धिप्रदायकम् ।।

(ग.पु. १/४९)

३.२ सङ्कष्टचतुर्थीव्रतपूजनविधि

विशेषतः माघकृष्ण चतुर्थी तिथिमा सङ्कष्टचतुर्थीव्रत गरी निम्नअनुसारको पूजाविधि अँगालेर श्रीगणेशको आराधना गर्ने शास्त्रीय विधान रहेको छ । यसकारण माघकृष्ण चतुर्थी तिथिलाई सङ्कष्टहरचतुर्थी तिथि पनि भनिन्छ । यस तिथिमा गणेशपूजनको विशेष महत्त्व रहेको छ । सामान्यतः भक्तहरूले कुनै पनि महिनाको कृष्णपक्षको चतुर्थी तिथिको रातमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रोदयपछि सङ्कष्टचतुर्थीव्रत लिएर गणेशपूजा गर्ने प्रचलन पनि रहेको छ । सङ्कष्टचतुर्थीव्रतसँग सम्बद्ध गणेशपूजनबाट दुर्लभ वस्तुहरूको प्राप्ति, गम्भीर सङ्कटबाट मुक्ति, हराएका आफन्तहरूसँग भेटघाट, अपहरणमा परेका आफन्तहरूको उद्धार, गम्भीर रोग, ऋणबाट निवृत्ति, धर्म, अर्थ, काम एवं मोक्षजस्ता पुरुषार्थको प्राप्ति र मृत्युपाशबाट मुक्तिजस्ता फल प्राप्त हुन्छन् । भक्तजनहरूले गम्भीर विपत्ति र घोर सङ्कटका समयमा सङ्कष्टचतुर्थीव्रत लिएर श्रीगणेशको पूजन गर्दा अवश्य इच्छित फल प्राप्त हुन्छ ।

शूरसेन उवाच

ब्रह्मणा कथमादिष्टं कृतवीर्याय सिद्धिदम् । तन्ममाचक्ष्व सङ्कष्टचतुर्थीव्रतमुत्तमम् ।।

इन्द्र उवाच

सत्यलोके सुखासीनं सर्वज्ञं चतुराननम् । कृतवीर्यपिता गत्वा पप्रच्छ प्रणतो नृपः ।।

कृतवीर्यपिता उवाच

देवदेव ! जगद्धातः ! प्रणतार्तिनिवारण ! । वर्तते हृदये यन्मे पृच्छामि त्वां वदस्व तत् ।।
आपत्सु वर्तमानानां नृणां व्याकुलचेतसाम् । चिन्तया व्यग्रमनसां वियोगे सुहृदां तथा ।।
दुर्लभप्राप्तये नृणां कार्यसिद्धिः कथं भवेत् । अर्थसिद्धिः कथं नित्यं पुत्रसौभाग्यसम्पदाम् ।।
सर्वसङ्कष्टनाशार्थं कार्यं किं मानवैः प्रभो ! ।

ब्रह्मा उवाच

शृणु राजन् ! प्रवक्ष्यामि सर्वसिद्धिप्रदं व्रतम् ।।
यस्यानुष्ठानमात्रेण चिन्तितं प्राप्नुयान्नरः । ओषधीभिः शुक्लतिलैर्दिवा स्नायात् प्रसन्नधीः ।।
सङ्कल्पं कारयेत् सम्यग् ध्यात्वा देवं गजाननम् । गणेशं पूजयेद् भक्त्या मन्त्रैरागमसम्भवैः ।।
कृष्णपक्षे चतुर्थ्याञ्च निशि चन्द्रोदयेऽपि च ।

नृप उवाच

कथं सम्पूजयेद् ब्रह्मन् ! देवदेवं गजाननम् ।। विस्तरेण मम ब्रूहि प्रणयात् परिपृच्छते ।

ब्रह्मोवाच

नित्यकर्म समाप्याऽथ निशायामुदये विधोः ।।
शुचौ देशे गोमयेन लिप्ते मण्डपिकान्विते । तत्र पीठं गणेशस्य पूजयेत् कुङ्कुमाक्षतैः ।।
स्थापयेत् कलशं तत्र पञ्चरत्नसमन्वितम् । तस्योपरि न्यसेत् पात्रं सौवर्णं कलशान्वितम् ।।
तदभावे तु रौप्यं वा ताम्रं वैणवमेव च । तस्योपरि न्यसेद् वस्त्रं क्षौमं वा शक्तिसंयुतः ।।
तस्योपरि लिखेद् यन्त्रमागमोक्तविधानतः । तत्र मूर्तिं गणेशस्य सौवर्णीं लक्षणान्विताम् ।।

ध्यानम्- एकदन्तं महाकायं तप्तकाञ्चनसन्निभम् । लम्बोदरं विशालाक्षं ज्वलत्पावकलोचनम् ।।
आखुपृष्ठसमारूढं चामरैर्वीजितं गणैः । शेषयज्ञोपवीतञ्च चिन्तयेत् तं गजाननम् ।।

आवाहनम् - आगच्छ देवदेवेश ! सङ्कटान्मां निवारय । यावद् व्रतं समाप्येत तावत् त्वं सन्निधौ भव ।।
अथवा सहस्रशीर्षा० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसनम् - गणाधीश ! नमस्तेऽस्तु सर्वसिद्धिप्रदायक ! । आसनं गृह्यतां देव ! सङ्कटान्मां निवारय ।।
अथवा पुरुष एव० ।

पाद्यम् - उमापुत्र! नमस्तेऽस्तु नमस्ते मोदकप्रिय ! । पाद्यं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।
अथवा एतावानस्य० ।

अर्घ्यम् - लम्बोदर ! नमस्तेऽस्तु रत्नयुक्तं फलान्वितम् । अर्घ्यं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।
अथवा त्रिपादूर्ध्व० ।

आचमनीयम् - गङ्गादिसर्वतीर्थेभ्य आहृतं तोयमुत्तमम् । गृहाणाऽऽचमनीयार्थं सङ्कटं मे निवारय ।।
अथवा तस्माद् विराडजायत० ।

पञ्चामृतम् - पयो दधि घृतञ्चैव शर्करामधुसंयुतम् । पञ्चामृतं गृहाणेदं सङ्कटं मे निवारय ।।
अथवा पयः पृथिव्याम्० ।

स्नानम् - चन्द्रभागानर्मदयोर्गङ्गासङ्गमजैर्जलैः । स्नापितोऽसि मया भक्त्या सङ्कटं मे निवारय ।।
अथवा यत्पुरुषेण० ।

वस्त्रयुग्मम् - इभवक्त्र ! नमस्तुभ्यं गृहाण परमेश्वर ! । वस्त्रयुग्मं गणाध्यक्ष ! सङ्कटं मे निवारय ।।
अथवा तं यज्ञम्० ।

यज्ञोपवीतम् - विनायक ! नमस्तुभ्यं नमः परशुधारिणे ! । उपवीतं गृहाणेदं सङ्कटान्मे निवारय ।।
अथवा तस्मा० ।

चन्दनम् - ईशपुत्र ! नमस्तुभ्यं नमो मूषकवाहन ! । चन्दनं गृह्यतां देव ! सङ्कटं मे निवारय ।।
अथवा तस्माद्यज्ञात्० ।

अक्षताः - घृतकुङ्कुमसंयुक्तास्तन्डुलाः सुमनोहराः । अक्षतास्ते नमस्तुभ्यं सङ्कटं मे निवारय ।।
अथवा अक्षन्नमीमदन्त० ।

पुष्पम् - चम्पकं मल्लिका दूर्वाः पुष्पजातीरनेकशः । गृहाण त्वं गणाध्यक्ष ! सङ्कटं मे निवारय ।।
अथवा तस्मादश्वा० ।

धूपः - लम्बोदर ! महाकाय ! धूम्रकेतो ! सुवासितम् । धूपं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।
अथवा यत्पुरुषम्० ।

दीपः - विघ्नान्धकारसंहारकारक! त्रिदशाधिप ! । दीपं गृहाण देवेश ! सङ्कटं मे निवारय ।।
अथवा ब्राह्मणोऽस्य० ।

